# प्रस्तावना

नयाँ करारको यो अनुवाद साधारण मानिसहरूको, साथै केटाकेटीहरूको विशेष अवश्यक्तालाई पूरा गर्नको निम्ति प्रस्तुत गरिएको छ। साथै जसले भर्खरै मात्र लेख्न र पढन शुरु गरेका छन् तिनीहरूको अवस्थालाई ध्यानमा राखेर सरल अनि छोटो वाक्यहरूको प्रयोग गरि अनुवाद गरिएको छ। यो अनुवाद एक मार्गदर्शनको निम्ति एउटा संचार माध्यम हुन सकोस। अनुवादकले पाठकहरूको विशेष ध्यान राखी बाइबलको लेखकहरूको सन्देश स्वभाविक र वास्तविक तबरले प्रस्तुत गरे जस्तै कि मुख्य भाषामा पुरानो समयमा मानिसहरूको सम्मुख प्रस्तुत गरेका थिए। केटा-केटीहरू, मानिसहरू जो नेपाली भाषालाई विदेशी भाषाको रूपमा सिक्छन् अनि अन्य धेरैले पढ्नमा यस्तै कठिनाइँहरूको सामना गर्नुपर्छ। यो विशिष्टिकृत नेपाली अनुवाद यस्ता मानिसहरूलाई बुझेर पढ्नमा हुने सामान्य वाधाहरू पार गर्नमा सहायता होस् भन्ने दृष्टिकोणले तयार गरिएकोछ।

धर्म-शास्त्रको यो अनुवादको कार्यमा उत्तम अनुवाद नै  उत्तम संचार हो भन्ने धारणाले मार्ग-प्रदर्शन गरेको छ। पाठकहरूको समक्ष बाइबलका लेखकहरूको सन्देश त्यस्तै स्वाभाविकता अनि वास्तविकतासित प्रस्तुत गर्ने अनुवाद कर्ताहरूले विशेष ध्यान दिएका छन् जस्तो मूल भाषामा पुराना समयका मानिसहरूका समक्ष प्रस्तुत गरिएका थिए। विश्वासनीय अनुवादको मतलब शब्दहरूलाई शब्दकोषसित मिलाउनु मात्र होइन। यो एक यस्तो प्रक्रिया हो जसद्वारा यस्तो प्रकारले मूल सन्देशलाई प्रस्तुत गरिन्छ कि त्यसको अर्थ केवल एकै मात्र न भएर सुन्नमा पनि त्यो त्यस्तै ठीक अनि त्यस्तै आकर्षक पनि होस अनि प्रभाव पनि त्यस्तै होस् जस्तो हजारौं वर्ष अघि थियो।

यो मूल-ग्रन्थको अनुवादकहरूका निम्ति प्रभावशाली संचारको विशेष महत्व छ। संसारको इच्छाले शुद्धता (सठीक पना) को महत्वलाई कम पारेको छैन। तर विचारहरूलाई विश्वसनीयरूपले प्रकाश गर्नुलाई शुद्धता सम्झिएको छ, त्यसको रूपात्मक विशेषतालाई ठीक सामंजस्य गर्नु होइन।

विशेषगरी नयाँ नियमको रचना प्रकाशित गर्ने, धर्मशास्त्रका लेखकहरूले संचार प्रति विशेष ध्यान दिएर भाषा अनि शैलीका प्रयोग गरेका देखिन्छन्। यो नेपाली अनुवादका अनुवादकहरूले यसलाई तयार गर्नमा यो कुरालाई अनुसरण गर्ने प्रमुख उदाहरण ठाने। यसर्थ आफ्ना विशेष श्रोताहरूलाई बाइबल धर्मशास्त्रको अर्थ सरल अनि स्वाभाविक रूपमा पुर्‍याउने तिनीहरूले परिश्रम गरे। बुझ्नमा बाधा सृष्टि गर्नको सट्टा नेपाली भाषाका विशाल अंशका निम्ति धर्मशास्त्रको सत्यता प्रकट गर्ने कुञ्जीको प्रबन्ध गर्ने गरी तिनीहरूले भाषाको प्रयोग गरेका छन्।

बुझ्नमा सहायता होस भन्ने हेतुले यो अनुवादमा अनेक विशेषताहरूको प्रयोग गरिएका छन्। शास्त्रमा भएका कठिन अनि अस्पष्ट शब्दहरू पछि कहीँ कहीँ संक्षिप्त व्यख्या अनि समार्थी शब्दहरू दिइएका

छन्। यस्ता व्याख्यात्मक शब्दहरू नियर्ग अक्षरमा लेखिएका छन्। शब्द अनि मुहावशा वाक् पद्धतिहरूलाई आवश्यक विस्तृत व्याख्याको पछि तारा चिह्न दिइएका छन् अनि पृष्ठको फेदमा पादटिप्पणी (संकेत) दिइएका छन्। त्यस माथि शास्त्रीय उद्धरणहरूको परिचय अनि परिवर्त्तित पठन पनि पाद-टिप्पणीमा दिइएका छन्। कहीँ कहीँ शब्द वा वर्णनहरू, जो सन्दर्भमा निहित छन्, जसलाई अर्थ स्पष्ट पार्न शास्त्रमा दिइएका छन्। यस्ता व्याख्यात्मक शब्द अनि वाक् पद्धतिहरूलाई अर्द्ध-कोष्टकद्वारा चिह्नित गरिएका छन्।

यो सुसमाचारमा, नयाँ नियमका प्रथम चार पुस्तकहरूमा, अंशका शीर्षकहरूको पछिबाट पार-निर्देश (क्रस-रेफरेन्स) दिइएका छन्। यिनीहरूले जहाँ एउटै वस्तु वा पदार्थ एक अथवा अन्य अनेक सुसमाचारहरूमा पाइन्छ त्यसको परिचय गराउँछ।

# भूमिका

नयाँ करार त्यो नाउँ हो जसलाई अनेक शताब्दीदेखि बाइबलको अन्तिम भाग निर्माण गर्ने लेख वा रचनाहरूको समूहको वर्णन गर्नमा प्रयोग गरिएको छ। यसर्थ बाइबल यथार्थमा पुस्तकहरूको दुइ समूह हो। वास्तवमा बाइबल शब्द "पुस्तकहरू" अर्थ भएको ग्रीक शब्दबाट आएको हो। अनुवाद गरिएको "टेस्टमेण्ट" शब्दलाई "करार" वा सम्झौताको अर्थमा प्रयोग गरिएको छ। यसले आफ्ना मानिसहरूलाई आशीर्वाद दिने परमेश्वरको वचनलाई निर्देश गर्छ। पुरानो करार लेख वा रचनाहरूको त्यो समूह हो जो मोशाको समयमा परमेश्वरले यहूदी मानिसहरूसित बाँध्नु भएको करारसित सम्बन्धित छ। नयाँ करार लेख वा रचनाहरूको त्यो समूह हो जसले येशू ख्रीष्ट प्रति विश्वास राख्ने मानिसहरूसित परमेश्वरले बाँध्नु भएको करारसित सम्बन्ध राख्छ।

पुरानो करारका लेख वा रचनाहरूले, परमेश्वरले गर्नु भएका महान कार्यहरूको विवरण दिन्छ जसले यहूदीहरू प्रति भएको परमेश्वरको व्यवहार बताउँछ अनि परमेश्वरको त्यस योजनाको बारेमा पनि बताउँछ जसद्वारा यी मानिसहरूलाई सारा संसारलाई आशीर्वाद ल्याउनका निम्ति प्रयोग गरिए। ती लेख वा रचनाहरूले आउनेवाला मुक्तिदाता (मसीह) तर्फ ईशारा गर्दछ जसलाई परमेश्वरले आफ्ना योजना प्राप्त गर्न पठाउने वाला थियो। नयाँ करारका लेखहरू पुरानो करारका कथाहरूका परिणाम हुन्। यिनीहरूले आउनेवाला मुक्तिदाता (येशू ख्रीष्ट)-को अनि सम्पूर्ण मानव जातिलाई उहाँको आगमनको मतलब वर्णन गर्नेछन्। पुरानो करार, नयाँ करार बुझ्नलाई आवश्यक छ किनभने पुरानो करारले आवश्यक पृष्ठ-भूमि प्रबन्ध गर्छ। अनि पुरानो करारमा प्रारम्भ भएको मुक्तिको कथालाई नयाँ करारले पूर्ण गर्दछ।

**पुरानो करार**

पुरानो करारका लेखहरू अनेक विभिन्न लेखकहरूले प्रकाशित गरेका ३९ विभिन्न पुस्तकहरूका संग्रह हुन्। ती विशेष रूपले प्राचीन इस्राएलको भाषा हिब्रूमा लेखिएका छन्। केही अंश बेबिलोन साम्राज्यको सरकारी भाषा आरमेइकमा लेखिएका छन्। पुरानो करारका अंशहरू ३,५०० वर्ष भन्दा अधिक अघि लेखिएका थिए अनि प्रथम पुस्तकको रचना अनि आखिरी पुस्तकको रचना माझ १,००० भन्दा अधिक वर्षको अन्तर छ। यो संग्रहमा व्यवस्था, इतिहास, गद्य, गीत, पद्य अनि ज्ञानी मानिसहरूका उपदेशका पुस्तकहरू संग्रहित छन्।

पुरानो करारलाई तीन प्रमुख अंशमा विभाजन गरिएको छ। व्यवस्था, अगमवक्ताहरु अनि पवित्र लेखहरू। व्यवस्थामा पाँच पुस्तकहरू छन् जसलाई "मोशाका पाँच पुस्तकहरू" भनिन्छ। प्रथम पुस्तक उत्पत्ति हो। यसले हामीले जाने झैं संसारको प्रारम्भ, प्रथम पुरूष अनि स्त्री, अनि तिनीहरूको प्रथम परमेश्वर विरूद्धको पापको बारेमा बताउँछ। यसले महा-जल-प्रलय अनि त्यस प्रलयबाट परमेश्वरले

बचाउँनु भएको परिवारको विषयमा बताउँछ अनि इस्राएल राष्ट्रको आरम्भ, विशेष उद्देश्यका निम्ति उपयोग गर्नलाई परमेश्वरले छान्नु भएका मानिसहरूको बारेमा बताउँछ।

**अब्राहामको कथा**

परमेश्वरले एक विश्वासपूर्ण व्यक्ति अब्राहामसित एक करार बाँधे। करारमा परमेश्वरले अब्राहामलाई एक महान राष्ट्रका पिता तुल्याउने अनि उनी र उनका सन्तानहरूलाई कनान-देश दिने वचन दिनुभयो। उनले करार स्वीकार गरे भनी देखाउनका निम्ति अब्राहामको खतना गरियो अनि खतना गराई परमेश्वर अनि उनका मानिसहरू माभ्र बाँधिएको करारको साक्षी वा प्रमाण बन्यो। परमेश्वरले बचन दिनुभएका कुराहरू कसरी गर्नु हुनेछ सो अब्राहामलाई थाहा थिएन तर अब्राहामले परमेश्वरलाई विश्वास गरे। यसले परमेश्वरलाई अत्यन्त खुशी तुल्यायो।

परमेश्वरले अब्राहामलाई मेसोपोटामीयाका हिब्रूहरू माभ्रको आफ्नो घर छाड्नु भन्नुभयो अनि उनलाई वचन दिएको कनान देश (प्यालेसटाइन पनि भनिन्छ)-मा लानुभयो। आफ्नो बृद्ध अवस्थामा अब्राहामको इसहाक नाउँका एक पुत्र भए। इसहाकका याकूब नाउँका छोरा भए। याकूब (इस्राएल पनि भनिन्छ)-का बाह्र जना छोराहरू अनि एक जना छोरी थिए। त्यो परिवार इस्राएल राष्ट्र बन्यो, तर यसले कहिले पनि आफ्नो जन-जातीय मूललाई बिर्सेन। यसले स्वयंलाई इस्राएलका बाह्रजन जाती (वा परिवार समूह) हो भनी निर्देश गर्दै रहे - याकूबका बाह्रजना छोराहरूका सन्तानहरू: रूबेन, शिमियोन, लेवी, यहूदा, दान, नप्ताली, गाद, आशेर, इस्साकार, जबुलोन, यूसुफ अनि बिन्यामीन। तीन मुख्य पूर्वजहरू-अब्राहाम, इसहाक अनि याकूब (इस्राएल)-लाई इस्राएलका पिताहरू वा पितृ प्रधानहरू भनी भनिन्थ्यो।

अब्राहाम एक अन्य प्रकारका पिता पनि थिए। धेरै पल्ट प्राचीन इस्राएलमा आफ्ना निम्ति बोल्नका निम्ति परमेश्वरले केही मानिसहरूलाई बोलाउनु भयो। यी विशेष मानिसहरू वा अगमवक्ताहरू उहाँका अन्य मानिसहरूका निम्ति परमेश्वरका प्रतिनिधिहरू थिए। अगमवक्ताहरूद्वारा परमेश्वरले इस्राएलका मानिसहरूलाई वचनहरू, चेतावनीहरू, व्यवस्थाहरू, शिक्षाहरू, विगत अनुभवहरूबाट प्राप्त पाठहरू अनि भावी घटनाहरूको आधारमा आधारित पाठहरू प्रदान गर्नु भयो। धर्म शास्त्रमा बताइएका प्रथम अगमवक्ता "हिब्रू" अब्राहाम हुन्।

**दासत्वबाट मुक्त इस्राएल**

याकूब (इस्राएल)-का परिवार बढ़ेर गए अनि त्यसमा प्राय: उनका सत्तरी सन्तानहरू संलग्न भए। उनका एक जना छोरा, यूसुफ मिश्र देशका एक उच्च अधिकारी बने। समय कठिन थियो, यसर्थ यूसुफ अनि तिनका परिवार मिश्रदेशमा सरे जहाँ खाद्य आहार प्रशस्त थियो अनि जीवन सुगम थियो। हिब्रूहरूको यो जन जाति एक सानो राष्ट्रमा बढ़े अनि फिरऊन (मिश्रदेशका राजा)-ले यी मानिसहरूलाई दास तुल्याए। निर्गमनको पुस्तकले हामीलाई बताउँछ कि दासत्वको चारसय वर्षपछि इस्राएलका मानिसहरूलाई आखिरमा छुटकारा दिन र तिनीहरूलाई प्यालेष्टाइन फर्काएर लान परमेश्वरले कसरी अगमवक्ता मोशाको उपयोग गरे। छुटकाराको मूल्य भारी पर्‍यो तर त्यो मूल्य मिश्रवासीहरूले तिर्नु पर्‍यो। फिरऊन अनि मिश्रदेशका सबै परिवारहरूले, मानिसहरूलाई मुक्त अनि जानदिन फिरऊनले स्वीकार गर्न अधिनै, आफ्ना प्रथम पुत्रहरू गुमाउनु पर्‍यो। पहिलो जन्मेकोहरू मर्नु पर्‍यो जसद्वारा मानिसहरू मुक्त भई जान सके अनि पछि इस्राएलका मानिसहरूले आफ्ना आराधना अनि बलिदानहरूमा धेरै प्रकारले संभ्रना गर्दथे।

इस्राएलका मानिसहरू स्वतंत्रताको आफ्नो यात्राका निम्ति तयार थिए। मिश्र देशबाट उम्कनका निम्ति तिनीहरूले वस्त्र पहिरेका थिए। प्रत्येक परिवारले  एक एक वटा थुमा मारेर पोलेका थिए। तिनीहरूले थुमाको रगत आफ्ना ढोकाको खम्बामा परमेश्वरका निम्ति विशेष चिन्हको रूपमा लगाए। तिनीहरूले हतारसित अखमिरी रोटी पोले अनि आफ्ना भोजनखाए। त्यस रात प्रभुका स्वर्गदूत त्यो देश भएर गए। जसको ढोकाको खम्बामा थुमाको रगत लगाएको थिएन त्यस परिवारको प्रथम जन्मको मृत्यु भयो। इस्राएलका मानिसहरूलाई मुक्त गरियो। तर जसै ती दासहरू मिश्रदेश छाड्न आँटेका थिए। फिरऊनले आफ्नो मन परिवर्त्तन गऱ्यो। तिनले इस्राएली दासहरूलाई समातेर तिनीहरूलाई फर्काइ ल्याउन भनी आफ्ना सेना पठाए, तर परमेश्वरले आफ्ना मानिसहरूलाई बँचाउनु भयो। परमेश्वरले लाल सागरलाई चिर्नु (फ्याँक पार्नु) भयो, आफ्ना मानिसहरूलाई छुटकारा दिनका निम्ति तिनीहरूलाई अर्कोतिर पुऱ्याउनु भयो अनि पिछा गर्ने मिश्री सेनाहरूलाई नष्ट गरिदिनु भयो। तब अरबी उपद्वीपको कुनै स्थानमा, सिनाइ सीनै मरूभूमिको एक पर्वतमा परमेश्वरले ती मानिसहरूसित विशेष करार बाँध्नु भयो।

**मोशाको व्यवस्था**

परमेश्वरद्वारा इस्राएलका मानिसहरूको उद्धार गराइ अनि सीनैमा तिनीहरूसित उहाँका करार बँधाइले यो जातिलाई अन्य सबै देखि अलग तुल्याए। यो करारमा इस्राएलका मानिसहरूका निम्ति बचनहरू अनि व्यवस्थाहरू निहित छन्। दश आदेशको रूपमा जानिने यो करारको अंश परमेश्वरले दुइवटा शिला-पटमा लेख्नु भएको थियो अनि मानिसहरूलाई दिनु भएको थियो। यी आदेशहरूमा ती मूल सिद्धान्तहरू निहित थिए जसद्वारा परमेश्वरको इच्छा अनुसार इस्राएलका मानिसहरूले आफ्नो जीवन विताउनु पर्ने थियो। ती सिद्धान्तहरूमा भए अनुसार इस्राएलीहरूले आफ्ना परमेश्वर, आफ्ना परिवार एवं आफ्ना जीवनका अन्य मानिसहरू प्रति आफ्नो कर्त्तव्य पालन गर्नु थियो।

दश आदेश अनि शेष करारहरू अनि सीनै पर्वतमा दिएका उपदेश “मोशाका व्यवस्था” अथवा “व्यवस्था” का नाउँमा जानिन लागिए। धर्म शास्त्रका प्रथम पाँच पुस्तकहरूलाई निर्देश गर्न धेरै पल्ट अनि प्राय: सम्पूर्ण पुरानो करारलाई निर्देश गर्न यी शब्दहरूको व्यवहार भएका छन्।

दश-आदेश अनि जीवन चरित्रका अन्य करारहरू बाहेक मोशाको व्यवस्थामा पूजाहारीहरू, बलिदानहरू, उपासना अनि पवित्र दिवसहरू सम्बन्धित करारहरू निहित छन्। यी करारहरू “लेवी” को पुस्तकमा पाइन्छ। मोशाको व्यवस्था अनुसार समस्त पूजाहारीहरू अनि तिनीहरूका सहायकहरू लेवी वंशबाट आएका हुन्। यी सहायकहरूलाई लेवाती भनिन्थ्यो। सर्व प्रमुख पूजाहारीलाई प्रधान पूजाहारी भनिन्थ्यो।

व्यवस्थामा इस्राएलका मानिसहरू परमेश्वरको आराधना गर्न जाने स्थान, पवित्र तम्बू वा भेट हुने तम्बूको निर्माण गर्ने निर्देश संलग्न छ। यसमा आफ्ना आराधनामा चाहिने समस्त चीजहरू बनाउने निर्देशहरू पनि थिए। यसले इस्राएलीहरूलाई यरूशलेममा सियोन पर्वतमा मन्दिर निर्माण गर्नमा तयार पारे जहाँ पछि तिनीहरू परमेश्वरको आराधना गर्न जानेछन्। बलिदान अनि आराधना सम्बन्धित करारहरूले इस्राएलीहरूलाई तिनीहरू एक अर्का प्रति अनि परमेश्वरको विरुद्धमा पाप गरिरहेछन् भनेर जान्न वाध्य तुल्याए। तर ती करारहरूले तिनीहरूलाई क्षमागर्ने अनि एकअर्कासित एवं परमेश्वरसित फेरि एकहुने मार्ग पनि देखाए। यी बलिदानहरूले, संसारका सम्पूर्ण मानिसहरूलाई दिन परमेश्वरले तयार गरिरहनु भएको बलिदानलाई राम्ररी बुझ्ने मार्ग प्रस्तुत गरे।

त्यो व्यवस्थामा केही पवित्र दिवसहरू वा उत्सवहरू मनाउने निर्देशहरू निहितछन्। प्रत्येक उत्सवको त्यसको आफ्नै विशेष अर्थ थिए। कोही उत्सवहरू वर्षका विशेष समयको उत्सव मनाउने खुशीका अवसरका थिए जस्तै प्रथम फलका फसल कटाइ उत्सव, शबाथ (पेन्तेकस्ट वा सप्ताहका उत्सव) अनि सुक्कोथ (आश्रयको उत्सव)।

केही उत्सवहरू परमेश्वरले आफ्ना मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको संझना गर्नका निम्ति थिए। निस्तार पर्व यस्तो एक उत्सव थियो। हरेक परिवार मिश्रदेशबाट उम्केको कुरा संझन्थे। मानिसहरू परमेश्वरको स्तुतिका गानाहरू गाउँथे। एउटा थुमा मार्थे अनि भोजन तयार गर्थे। दाखरसका हरेक प्याला, अनि भोजनले मानिसहरूलाई, परमेश्वरले कसरी तिनीहरूलाई पीढ़ा अनि कष्टको जीवन देखि छुटकारा दिनु भएको थियो त्यसको संझना गराउँद थियो।

अन्य उत्सवहरू अत्यन्त गम्भीर थिए। हरेक वर्ष, प्रायश्चितको दिन मानिसहरूले, तिनीहरूले अरूहरू प्रति गरेका अनि परमेश्वर प्रति गरेका अनेक दुष्कर्महरू सम्झन्थे। यो दिन अफसोसको दिन हुन्थ्यो अनि मानिसहरूले खानपिन गर्दैन थिए। तर त्यसदिन उच्च पूजाहारीले तिनीहरूका सबै पापलाई क्षमा प्रदान गर्नका निम्ति विशेष बलिदान चढाउँद थिए।

परमेश्वर अनि इस्राएल माझको करार पुरानो करारका लेखकहरूका निम्ति खूबै महत्वपूर्ण थियो। प्राय: समस्त अगमवक्ताहरूका पुस्तक अनि पवित्र लेखहरू इस्राएल राष्ट्र अनि इस्राएलका हरेक नागरिकहरूले "परमेश्वरसित बाँधेका विशेष करार" वा समान्यरूपले "करार" भन्दछन्। तिनीहरूका इतिहास पुस्तकले घटनाहरूलाई करारको प्रकाशमा नै व्यख्या गर्दछ। यदि व्यक्ति अथवा राष्ट्र परमेश्वर अनि करार प्रति विश्वासी भए परमेश्वरले तिनीहरूलाई पुरस्कार दिनु हुन्थ्यो। यदि मानिसहरूले करार त्याग गरे तब परमेश्वरले तिनीहरूलाई दण्डित तुल्याउनु हुन्थ्यो। परमेश्वरले परमेश्वरसित तिनीहरूको करार संझाउनलाई आफ्ना अगमवक्ताहरू पठाउनु भयो। इस्राएलका कविहरूले परमेश्वरले आफ्ना आज्ञाकारी मानिसहरूका निम्ति गर्नु भएका अद्भूत कुराहरूको गाना गाए अनि परमेश्वरको आज्ञा उलङ्घन गर्नेहरू माथि आइपरेको पीढ़ा अनि दण्ड प्रति अफसोस प्रकट गरे। यी लेखकहरूले आफ्ना सही अनि गलत धारणा करारको शिक्षामा आधारित गरे। अनि जब निर्दोष मानिसहरूले यातना भोगे तब त्यसो किन भयो भनी बुझ्न कविहरूले संघर्ष गरे।

**इस्राएलको राज्य**

प्राचीन इस्राएलको कथा परमेश्वरलाई परित्याग गर्ने मानिसहरूको, परमेश्वरले मानिसहरूको उद्धार गर्नु भएको परमेश्वर तर्फ फर्केर आउने अनि आखिरमा फेरि परमेश्वरको परित्याग गर्ने मानिसहरूको कथा हो। यो चक्र मानिसहरूले परमेश्वरको करार स्वीकार गरेको तुरन्तबाद शुरू भयो अनि यसको पुनरावृत्ति घरि घरि भइ रह्यो। सियोन पर्वतमा इस्राएलका मानिसहरूले परमेश्वरको अनुसरण गर्ने कुरा स्वीकार गरेका थिए अनि त्यसपछि तिनीहरूले विद्रोह गरे अनि ४० वर्षसम्म तिनीहरू मरूभूमिमा भटकिन वाध्य भए। अन्तमा मोशाका सहायक यहोशूले मानिसहरूलाई प्रतिज्ञा गरिएको देशमा पुर्‍याए। यो एक विजयको प्रारम्भ थियो अनि इस्राएल देशको आंशिक बन्दोबस्त थियो। बन्दोबस्तको प्रथम केही शताब्दी सम्म मानिसहरूलाई न्यायधीश कहलाइने स्थानीय अगुवाहरूले शासन गरे।

आखिरमा (परिणाममा) मानिसहरू एक राजा चाहन्थे। प्रथम राजा शावल थिए। शावलले परमेश्वरको आज्ञा पालन गरेनन् यसर्थ परमेश्वरले दाऊद नाउँको एक भेंड़ा-गोठालालाई नयाँ राजा चुन्नु भयो।

अगमवक्ता शामूएल आएर तिनलाई इस्राएलको राजाको रूपमा अभिषेक गर्दै तिनको शिरमा तेल खन्याए। इस्राएलका भावी राजाहरू यहूदाका जनजातिका तिनका सन्तानहरू हुनेछन् भनी परमेश्वरले दाऊदलाई बचन दिनुभयो। दाऊदले यरूशलेम नगरलाई विजय गरे अनि त्यसलाई आफ्नो राजधानी अनि भावी मन्दिरको स्थल बनाए। तिनले पूजाहारीहरू, अगमवक्ताहरू, गीतलेखकहरू, सङ्गीतकारहरू, गायकहरूलाई मन्दिरको आराधनाका निम्ति व्यवस्थित तुल्याए। दाऊदले स्वयं अनेक गीतहरूको रचना गरे, तर परमेश्वरले तिनलाई मन्दिर निर्माण गर्न दिनु भएन।

जब दाऊद बृद्ध भए अनि मरण अवस्थामा थिए तिनले आफ्ना छोरा सुलेमानलाई इस्राएलका राजा बनाए। दाऊदले आफ्ना छोरालाई सर्वदा परमेश्वरको अनुसरण गर्नु अनि करारको पालन गर्नु भनी सावधान गराए। राजाको रूपमा सुलेमानले मन्दिर निर्माण गरे अनि इस्राएलको सीमाना विस्तार गरे। यी सम्पूर्ण समयमा इस्राएल आफ्नो गौरवको उच्च शिखरमा थियो। सुलेमान प्रसिद्ध भए अनि इस्राएल सुदृढ़ बन्यो।

**यहूदा अनि इस्राएल - विभाजित राज्य**

सुलेमानको मृत्युपछि नागरिक-विवाद उत्पन्न भयो। अनि राष्ट्र विभाजित भयो। उत्तरी दशजना जातिले स्वयंलाई इस्राएल कहलाउन थाले। दक्षिणी जनजातीले स्वयंलाई यहूदा भन्न थाले। (आधुनिक शब्द “यहूदी” यही नाउँबाट आएको हो।) यहूदा करार प्रति विश्वासी रहे अनि यहूदालाई पूर्णरूपले विजय नगरे सम्म अनि यसका मानिसहरूलाई बेबिलोनहरूले देश निकाला गरेर नलगे सम्म दाऊदका बंश (राजाहरूका परिवार)ले यरूशलेममा शासन चलाइरहे।

उत्तरीराज्य (इस्राएल)मा अनेक वंशहरू आए अनि गए, किनभने मानिसहरूले करारको पालन गरेनन्। इस्राएलका राजाहरूको निम्ति भिन्न समयमा अनेक राजधानी नगरहरू भए जुन मध्ये आखिरी सामरिया थियो। मानिसहरूमाथि तिनीहरूको अधिकारलाई मजबुत तुल्याउनका निम्ति इस्राएलका राजाहरूले परमेश्वरको आराधना गर्ने तरिका परिणत गरे। तिनीहरूले नयाँ पूजाहारीहरू छाने अनि तिनीहरूले दुइवटा नयाँ मन्दिरहरू निर्माण गरे: एउटा मन्दिर दानमा (इस्राएलको उत्तरी सीमानामा) अनि अर्को मन्दिर बेथेलमा (इस्राएलको यहूदा सितको सीमानामा)। इस्राएल अनि यहूदा माझ अनेक युद्धहरू भए।

नागरिक युद्ध अनि विपत्को समयमा परमेश्वरले यहूदा अनि इस्राएलमा अनेक अगमवक्ताहरू पठाउनु भयो। कोही अगमवक्ताहरू, पूजाहारीहरू, कोही कृषकहरू थिए। कोही राजाका परामर्शदाताहरू थिए, अन्यहरू सामान्य जीवन बिताउनेहरू थिए। केही अगमवक्ताहरूले आफ्ना उपदेशहरू अथवा अगमवाणीहरू लेखे, अरू धेरैले लेखेनन्। तर समस्त अगमवक्ताहरूले न्याय, उचितता अनि सहायताको निम्ति परमेश्वरमा भर पर्ने कुराहरू प्रचार गरे।

धेरै अगमवक्ताहरूले यो चेतावनी दिए कि मानिसहरू परमेश्वर तर्फ फर्केनन् भने तिनीहरू परस्त हुनेछन् अनि छरपष्ट हुनेछन्। यी अगमवक्तहरू मध्ये कतिले भविष्यको गौरव अनि साथै भविष्यको दण्डका दर्शन पाएका छन्। यिनीहरू मध्ये धेरैले त्यो समयलाई हेरि रहेका छन् जब राज्यको शासन गर्न नयाँ राजा आउने छन्। कसैले यो राजालाई दाऊदका सन्तानको रूपमा देखेका छन् जसले परमेश्वरका मानिसहरूलाई एक नयाँ सुनौलो युगमा लानेछन्। यो राजाले सदा सर्वदा एक अनन्त राज्यमा शासन गर्नेछ भनी कतिजना भन्छन्। अरूहरूले तिनलाई एक सेवकको रूपमा देखेका छन्

जसले आफ्ना मानिसहरूलाई परमेश्वर तर्फ फकाई ल्याउनलाई अनेक कुराको यातना भोग्ने छन्। तर ती सबैले तिनलाई एक मसीहको रूपमा, नयाँ युग ल्याउनलाई परमेश्वरद्वारा चुनिएका एक को रूपमा देखेका छन्।

## इस्राएल अनि यहूदाको ध्वंश

इस्राएलका मानिसहरूले परमेश्वरको चेतावनी सुनेनन्, यसर्थ ७२२ वा ७२१ ख्रीष्ट पूर्व मा सामरिया अस्सिरीयाको आक्रमणकारीहरूको हातमा पर्‍यो। इस्राएलका मानिसहरूलाई तिनीहरूका घरबाट लगिए अनि अस्सिरीया साम्राज्य भरि छरपष्ट पारिदिए, तिनीहरू यहूदाका आफ्ना भाइ बहिनीहरूद्वारा गुमिए। अस्सिरीयाहरूले, त्यसपछि, इस्राएल देशमा पुनः बसाउन विदेशीहरू ल्याए। यी मानिसहरूलाई यहूदा अनि इस्राएलका धर्मका बारेमा सिकाइए अनि तिनीहरू मध्ये धेरैले करारको अनुसरण गर्ने प्रयास गरे। यी मानिसहरू सामरीया भनेर जानिन थालिए। अस्सिरीयाहरूले यहूदा माथि विजय प्राप्त गर्ने कोशिश गरे। धेरै नगरहरू आक्रमणकारीहरूको हातमा पर्‍यो तर परमेश्वरले येरूशलेमलाई बचाँउनु भयो। अस्सिरीयाका पराजित राजा आफ्ना देशमा फर्के अनि त्यहाँ तिनका दुइजना छोराहरूले तिनको हत्या गरे। यसरी यहूदालाई बचाईंयो। यसरी यहूदा बाँच्यो।

अल्प समयको निम्ति यहूदाका मानिसहरू परिवर्त्तन भए। तिनीहरूले अल्प समयको निम्ति परमेश्वरको आज्ञा पालन गर्न थाले तर तिनीहरूलाई पनि आखिरमा परास्त गरियो अनि छरपष्ट परियो। बेबीलोन राष्ट्र शक्तिमा आयो अनि यहूदा माथि आक्रामण गर्‍यो। पहिला तिनीहरूले केही कम प्रमुख मानिसहरूलाई कैदी बनाएर लगे। तर केही वर्ष पछि ५८७ वा ५८६ ख्रीष्ट पूर्व मा यरूशलेम अनि मन्दिरलाई नष्ट गर्न तिनीहरू फर्केर आए। केही मानिसहरू मिश्रदेश तिर उम्के तर धेरै जस्तो तिनीहरूलाई दासको रूपमा बेबीलोनमा लगियो। परमेश्वरले फेरि मानिसहरूकहाँ अगमवक्ताहरू पठाउनु भयो अनि तिनीहरूले सुन्न थाले। यस्तो लाग्थ्यो कि मन्दिर अनि यरूशलेमको ध्वंश अनि बेबीलोनमा देश निकालाले मानिसहरूमा वास्तविक परिवर्त्तन ल्यायो। अगमवक्ताहरूले नयाँ राजा अनि तिनको राज्यको बारेमा अधिक भन्दा अधिक बोल्नलागे। एक जना अगमवक्ता, यर्मियाले एक नयाँ करारको कुरा धरी गरे। यो नयाँ करार शिला-पटमा लेखिने छैन तर परमेश्वरका मानिसहरूको हृदयमा हुनेछ।

## यहूदीहरू प्यालेष्टाइन फर्कन्छन्

त्यतिबेला मेदो-पारसी साम्राज्यमा साइरस शक्तिमा आए अनि बेबीलोन विजय गरे। साइरसले मानिसहरूलाई आफ्नो देश फर्कन दिए। यसरी ६० वर्षको देश निकाला पछि यहूदाका धेरै मानिसहरू घर फर्की गए। मानिसहरूले आफ्नो राष्ट्रको पुनः निर्माण गर्ने प्रयास गरे, तर यहूदा सानो अनि कमजोर नै रह्यो। मानिसहरूले मन्दिर फेरि निर्माण गरे तथापि त्यो सुलेमानले निर्माण गरेको जतिको सुन्दर भएन। धेरै जस्ता मानिसहरू साँच्चै नै परमेश्वर तर्फ फर्किए अनि व्यवस्था, अगमवक्ताहरूको लेखहरू अनि अन्य पवित्र लेखहरूको अध्ययन गर्न लागे। धेरै मानिसहरू शास्त्री (विशेष विद्वान) हरू भए, जसले धर्म शास्त्रका प्रति लिपिहरू बनाए। मानिसहरू अध्ययन गर्न, प्रार्थना गर्न अनि साथमा परमेश्वरको आराधना गर्न शबाथमा भेट गर्न थाले। तिनीहरूको सभाहरूमा तिनीहरूले धर्म-शास्त्रहरूको अध्ययन गर्थे अनि धेरै मानिसहरू मसीह आउने बाटो हेर्न थाले।

पश्चिममा महान अलेक्जाण्डरले ग्रीसको नियन्त्रण प्राप्त गरे अनि शीघ्र संसार जिते। तिनले ग्रीक भाषालाई, दस्तुर अनि ग्रीक संस्कृतिलाई संसारको विभिन्न भागमा फैलाए। जब तिनको मृत्युभयो

तिनको राज्य विभाजित भयो अनि चाँडै अर्को साम्राज्य खडाभयो अनि जानिएको वा थाहा भएको संसारको विशाल भागको, प्यालेष्टाइन सहित, जहाँ यहूदाका मानिसहरू बस्थे, अधिकार लाभ गर्‍यो।

नयाँ शासक रोमीहरू प्राय: निष्ठुर अनि कठोर थिए अनि यहूदीहरू गर्विला अनि विद्रोही थिए। यी आपदका समयमा त्यहाँ धेरै यहूदीहरू थिए जो तिनीहरूको आफ्नै जीवन कालमा मसीहको आगमन पर्खिरहेका थिए। यहूदीहरू केवल परमेश्वरले, अनि परमेश्वरले तिनीहरूलाई पठाइदिन्छु भन्नु भएको मसीहद्वारा शासन भएको चाहन्थे। परमेश्वरले मसीहद्वारा संसारलाई बँचाउने योजना गर्नु भएको कुरा तिनीहरूले बुझेका थिएनन्। परमेश्वरको योजना संसारबाट यहूदीहरूलाई बँचाउने थियो भनी तिनीहरूले सोचेका थिए। केही यहूदीहरू परमेश्वरले आफ्ना मसीह पठाउनु भएको समय पर्खनमा सन्तुष्ट थिए। तर अरूहरूले परमेश्वरले आफ्ना नयाँ राज्य स्थापना गर्नु हुने कुरामा सहायता गर्ने निश्चय गरेका थिए। यी यहूदीहरूलाई “जिलौती” भनिन्थ्यो। जिलौतीहरूले रोमीहरूको विरूद्ध लड्ने प्रयास गरे अनि प्राय: रोमीहरूसँग सहयोगिता गर्ने अन्य यहूदीहरूलाई मारे।

**यहूदी धार्मिक समूहहरु**

ख्रीष्ट पूर्व प्रथम शताब्दी सम्ममा मोशाको व्यवस्था यहूदीहरूका निम्ति अत्यन्त महत्वपूर्ण हुन गयो। मानिसहरूले व्यवस्थाको अध्ययन गरे अनि त्यसमाथि बहस गरे। मानिसहरूले विभिन्न प्रकारले व्यवस्थालाई बुझे, तर धेरै यहूदीहरू त्यो व्यवस्थाको निम्ति मर्न तयार थिए। यहूदीहरू माझ तीन प्रमुख धार्मिक समूह थिए अनि प्रत्येक समूहमा शास्त्री वा लेखा-पाल (न्यायवेत्ता वा विद्वान)हरू थिए।

**सदूकीहरू**

एक समूहलाई सदूकी भनिन्थ्यो। यो  नाउँ शायद सादोक नाउँबाट आएको हो जो राजा दाऊदको समयमा प्रधान पूजाहारी थियो। धार्मिक विषयमा आफ्ना अधिकारी स्वरूप यी मानिसहरूले केवल व्यवस्था (मोशाका पाँच पुस्तकहरू)लाई स्वीकर गरेका थिए। व्यवस्थाले पूजाहारी अनि बलिदानहरू बारे धेरै कुरा सिकाएका थिए, तर यसले मृत्यु पछिको जीवनबारे केही सिकाएन। यसर्थ सदूकीहरू मानिसहरू बौरी उठेको कुरामा विश्वास गर्दैन थिए।

**फरिसीहरू**

अर्को समूहलाई फरिसी भनिन्थ्यो। यो शब्द “व्याख्यागर्नु” वा “पृथक गर्नु” अर्थ भएको हिब्रू शब्दबाट आएको हो। यी मानिसहरूले मोशाको व्यवस्था सामान्य मानिसहरूलाई सिकाउने वा व्याख्या गर्ने कोशिश गरे। फरिसीहरूले मोशाको समयतिर एक मौखिक परम्परा थियो भनी विश्वास गर्थे। तिनीहरूको विश्वास थियो कि हरेक पुस्ताका मानिसहरू मोशाको व्यवस्थालाई यस्तो प्रकारले व्याख्या गर्न सक्थे जो त्यस पुस्ताका मानिसहरूको आवश्यकतालाई पूरा गर्दछ। यसको मतलब फरिसीहरूले आफ्ना अधिकार स्वरूप मोशाको व्यवस्थालाई मात्र स्वीकार नगरेर अगमवक्ता, पवित्र लेखहरू अनि आफ्ना परम्परालाई पनि स्वीकार गर्दथिए। यी मानिसहरूले व्यवस्था अनि आफ्ना परम्परालाई अनुसरण गर्न खूबै कठिन प्रयास गरे। यसर्थ तिनीहरूले के खाए अनि तिनीहरूले के स्पर्श गरे त्यसबारे तिनीहरू अत्यन्त होशियार थिए। तिनीहरू आफ्ना हात धुनु अनि स्नान गर्नुमा सावधान थिए। तिनीहरूले यो पनि विश्वास गर्थे कि मानिसहरू बौरी उठ्छन् किनभने तिनीहरू सम्झन्थे कि धेरै अगमवक्ताहरूले यो भनेका छन् कि यो बौरी उठ्ने काम हुन्छ भनी।

**एस्सेनहरू**
तेस्रो समूह एस्सेनहरू थिए। यरूशलेममा धेरै जस्ता पूजाहारीहरू त्यस प्रकारले जीवन जिउँदैन थिए जुन प्रकारले परमेश्वर तिनीहरू बाँचेको चाहनु हुन्थ्यो। फेरि, रोमीहरूले धेरै प्रधान पूजाहारीहरूलाई नियुक्त गरेका थिए अनि यी केही मानिसहरू मोशाको व्यवस्था अनुसार पूजाहारी हुन योग्यका थिएनन्। यसले गर्दा यरूशलेममा आराधना अनि बलिदानहरू ठीक सितले गरिन्थ्यो भनी एस्सेनहरूले सोचेका थिएनन्। यसर्थ एस्सेनहरू निस्केर यहूदीय-मरूभूमिमा बस्न हिँड़े। तिनीहरूले तिनीहरूका आफ्नै समुदाय गठन गरे जहाँ केवल अन्य एस्सेनहरू आउन अनि बस्न सक्थे। एस्सेनहरूले परमेश्वरले मसीह पठाउनु हुनेछ अनि मन्दिर एवं पूजाहारीपनलाई पवित्र तुल्याउनु हुनेछ भनी उपवास बसे, प्रार्थना गरे अनि प्रतिक्षा गरे। धेरै विद्वानहरू यो विश्वास गर्छन् कि एस्सेनहरू कुनै प्रकारले कुमरान समुदायसित अनि कुमरान एवं यहूदीय मरूभूमि क्षेत्रका अन्य स्थानहरूमा पाइएका अनेक प्राचीन लेखहरूसित सम्बन्धित छन्।

**नयाँ करार**
परमेश्वरले आफ्ना योजना शुरूगर्नु भयो। उहाँले एक विशेष राष्ट्र चुन्नु भयो। उहाँले ती मानिसहरूसित एक करार बाँध्नु भयो जसले तिनीहरूलाई उहाँको न्याय अनि भलापनलाई बुझ्नका निम्ति प्रस्तुत गर्नेछन्। उहाँले अगमवक्ताहरू अनि कविहरूद्वारा नयाँ अनि अन्य भन्दा असल करारको आधारमा आधारित एक पूर्ण आध्यात्मिक “राज्य”को स्थापना गरी संसारलाई आशीष प्रदान गर्ने योजना बताउनु भएको थियो। यो योजना प्रतिज्ञा गरिएको मसीहको आगमन साथै प्रारम्भ हुनेछ। उहाँको आगमनको कुरा अगमवक्ताहरूले विशालरूपले विस्तारसित बताएका थिए। तिनीहरूले मसीहको जन्म कहाँ हुन्छ, कस्तो किसिमको व्यक्ति उनी हुन्छन् अनि उनले गर्नु पर्ने कार्यको विषयमा भनेका थिए। अब त्यो समय आइसकेको थियो मसीह आउने अनि नयाँ करार शुरूहुने।

नयाँ करारका लेखहरूले यो वर्णन गर्छ कि कसरी परमेश्वरको नयाँ करार प्रकट भयो अनि येशू जो ख्रीष्ट थिए (मतलब “एक अभिषेककृत” मसीह)ले कार्यान्वित गरेका थिए। तिनीहरूले यो सिकाउँछ कि यो नयाँ करार समस्त मानिसहरूका निम्ति थिए। अनि तिनीहरू भन्छन् कि प्रथम शताब्दीमा मानिसहरूले कसरी परमेश्वरको प्रेमको दयापूर्ण उपहारलाई ग्रहण गरे अनि नयाँ करारको एक अङ्ग बने। यी लेखहरूले परमेश्वरका मानिसहरूलाई यो संसारमा कसरी जिउनु त्यसबारे निर्देश दिन्छ। ती लेखहरूले ती आशीर्वादको पनि विवरण दिन्छ जो परमेश्वरले आफ्ना मानिसहरूसित एक पूर्ण अनि सार्थक जीवन यहाँ अनि मरण पछि उहाँसँगको जीवनको प्रतिज्ञा गर्नु भएको छ।

नयाँ करारका लेखहरूमा कमसेकम आठ भिन्न भिन्न लेखकहरूद्वार लेखिएका सत्ताईस भिन्नभिन्न पुस्तकहरू संलग्न छन्। ती सबैले ग्रीक भाषामा लेखे जो प्रथम शताब्दीमा-संसारमा सर्वत्र बोलिन्थ्यो। सम्पूर्ण लेखहरूको आधा भन्दा अधिक लेखहरू येशूले आफ्ना विशेष प्रतिनिधि वा सहायक हुनका निम्ति चुनेका चारजना “प्रेरित” व्यक्तिहरूले लेखेका थिए। यी मध्ये मत्ती, यूहन्ना अनि पत्रुस तीनजना पृथ्वीमा येशूका जीवनकालमा रहेका नजिकका बाहजना चेलाहरू मध्येका थिए। अर्को लेखक पावललाई येशूले अद्‌भूत प्रकारले दर्शन दिए पछि एक प्रेरितकोरूपमा चुनेका थिए।

“सुसमाचार” कहलाइने प्रथम चार पुस्तकहरूमा येशू ख्रीष्टका जीवन अनि मृत्युको अलग अलग विवरण छ। साधारणत: यी पुस्तकहरूले येशूका शिक्षा। पृथ्वीमा प्रकट हुनको उनको उद्देश्य अनि उनको मृत्युको विशेष महत्वलाई उनको सामान्य ऐतिहासिक विवरणलाई भन्दा अधिक जोर दिइएको

छ। चौथो पुस्तक यूहन्नाको सुसमाचारको यो कुरा विशेषरूपले साँचो हो वा यी चार पुस्तकहरूमा यूहन्नाको सुसमाचारको विशेष सत्यता छ। प्रथम तीन सुसमाचारहरू विषय-वस्तुमा प्राय: एकै छ। वास्तवमा एक पुस्तकको ज्यादा जस्ता सामग्री (लेख)हरू एक वा दुवै अन्यमा प्राय: एकै पाइन्छ। यद्यपि प्रत्येक लेखकहरूले विभिन्न श्रोतावर्गका निम्ति लेखिरहेछन् अनि प्रत्येक लेखकको दृष्टिमा केही भिन्न लक्ष्य भएको आभास पाइन्छ।

ती चार सुसमाचारहरूको पछि "कार्य" (प्रेरितका कार्य), येशूको मृत्यु पछिको घटनाहरूको इतिहास, आउँछ। यसले येशूका चेलाहरूले परमेश्वरको प्रेमको उपहार, जो समस्त मानिसहरूका निम्ति थियो, कसरी सम्पूर्ण संसारमा घोषित गरियो, सो बताएको छ। यसले बताउँछ कि यो "गोस्पेल" वा "सुसमाचार" को घोषणाले समस्त प्यालेष्टाइन अनि रोमन साम्राज्यमा ख्रीष्टीय धर्म (विश्वास) कसरी आपनाइयो। त्यो "कार्य" (प्रेरितका कार्य)को पुस्तक लूकाले लेखेका थिए जो आफूले लेखेका अधिकांश सामग्रीका (कुराका) प्रत्यक्षदर्शी थिए। लूका तेस्रो सुसमाचारका पनि लेखक थिए। तिनका दुइ पुस्तकमा तर्क-पूर्ण संगती छ किनभने येशूको जीवन बृत्तान्तको स्वाभाविक परिणती नै प्रेरितको काम हो।

"प्रेरितका काम" पछि व्यक्ति-व्यक्ति वा ख्रीष्टीयहरूका समूहहरूलाई लेखिएका पत्रहरूको संग्रह छ। यी पत्रहरू पावल अनि पत्रुस जस्ता येशूका दुइ प्रेरित ख्रीष्टीय अगुवाहरूबाट पठाइएका थिए। यी पत्रहरू त्यस समयका मानिसहरूलाई तिनीहरूले सामना गर्नु परिरहेका समस्याहरू निम्टाउनमा सहायताका निम्ति लेखिएका थिए। यी पत्रहरूले ती मानिसहरूलाई सुचनादिन, सुधार्न, सिकाउन अनि उत्साह दिन मात्र होइन तर समस्त ख्रीष्टीय मानिसहरूलाई तिनीहरूको विश्वास, पास्परिक जीवन अनि संसारमा तिनीहरूको जीवन सम्बन्धी तिनीहरूलाई सहायता प्रदान गर्न पनि लेखिएका थिए।

नयाँ करारका अन्तिम पुस्तक "प्रकाशित वाक्य" (प्रकाश) अन्य सबै पुस्तकहरू भन्दा भिन्नैछ। यसमा अति अलङ्कृत भाषा प्रयोग गरिएका छन् अनि यसका लेखक प्रेरित यूहन्नाले देखेका दिव्य-दर्शनको बारेमा तिनले बताएका छन्। यसका अनेक अलङ्कार अनि बिम्ब वा छाया पुरानो करारबाट लिइएका छन् अनि पुरानो करार पुस्तकसित तुलना गरे पछि मात्र त्यसलाई राम्रो सित बुझ्न सकिन्छ। यो अन्तिम पुस्तकले आफ्ना-प्रदर्शक अनि सहायक येशू-ख्रीष्ट तथा परमेश्वरको शक्तिद्वारा नराम्रो शक्ति माथि अन्तिम विजय प्राप्त गर्नका निम्ति विश्वासीहरूलाई उत्साहित गराउँछ।

## नयाँ नियमका पुस्तकहरू

नयाँ नियमका निम्नलिखित विवरण प्रत्येक पुस्तक पढ्ने तयारीमा सहायक हुनेछ:

**मत्ती:** येशूका बाह्रजना नजिकका अनुयायीहरू मध्ये एक जनाको नाउँ मत्ती हो। मत्ती एक यहूदी तिरो संग्रह कर्त्ता थिए, जब तिनलाई येशूले उहाँका एक प्रेरितको रूपमा चुन्नु भयो। मत्तीको लेखहरूले तिनका आफ्ना यहूदी पृष्ठ-भूमि अनि अभिरूची प्रदर्शन गर्छ। तिनी विशेषरूपले येशूको जीवन कालमा नै पुरानो नियमका भविष्यवाणी पूर्ण भए कहाँ वा हुनुमा अभिरूची भए झै प्रतीत हुन्थ्यो। मत्तीको पुस्तक वास्तवमा येशूका शिक्षाहरूमा केन्द्रित छ।

**मर्कूस:** जोन मर्कूस केही प्रेरितहरूका जवान सङ्गी थिए। मर्कूसको लेखन शैली संक्षिप्त अनि गती पूर्ण छ। मत्ती अनि लूकाले जस्तै तिनले येशूका शिक्षाहरू प्रति त्यति ध्यान दिएनन्। मर्कूसको लेख्ने उद्देश्य

रोम अयहूदी बुद्धिजीवी प्रति राखेका थिए अनि येशूका कार्यहरू प्रति केन्द्रित थियो जसले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाण गर्थ्यो। मर्कूसले विशेषगरी पापको परिणामबाट तिनीहरूलाई बचाउँन येशू पृथ्वीमा आउनु भएको हो भन्ने कुरा मानिसहरूले जान्नु पर्छ भन्ने कुरामा अभिरूची राखे झैं प्रतीत हुन्थ्यो।

**लूका:** प्रेरित पावलका यात्री-सङ्गीले लेखेका दुइ पुस्तकहरू मध्ये यो एउटा हो। लूका एक उत्तम शिक्षित डाकटर अनि प्रतिभाशाली लेखक थिए। तिनी मर्कूसका सुसमाचार अनि मत्तीका सुसमाचारका अनेक सामग्रीहरूसित परिचित देखिन्थे, तर तिनले तिनका अयहूदी श्रोतावर्गलाई आकर्षक लाग्ने अनि तिनीहरूले बुझ्न सक्ने विशेष अंशमात्र संलग्न गर्न चुने। अन्य सुसमाचारका लेखकहरूले भन्दा, येशूको जीवनीको विवरणको क्रमबद्धता अनि एक ऐतिहासिक वास्तविकता प्रस्तुत गर्न लूका अधिक चाहन्थे। यद्यपि येशूको जीवनका घटनामा जोर नदिएर, प्रेममय, वास्ता गर्ने व्यक्ति, मानिसहरूलाई जीवनको वास्तविक अर्थ सिकाउने अनि सबै मानिसहरूको  आवश्यकतामा सहायता गर्ने अनि बँचाउने शक्ति सहित पुग्ने स्वयं येशूमा (जोर) दिइएको छ।

**यूहन्ना:** यो सुसमाचार प्रथम तीन भन्दा अति भिन्न छ। यसलाई यसको सुन्दर तर गम्भीर भूमिकाबाट नै तुरन्त देख्न सकिन्छ। यूहन्नाले अन्य सुसमाचारहरूमा नपाइने अनेक सामग्रीहरू प्रस्तुत गरेका छन्। तिनको मुख्य रूची येशूलाई दैविक मसीह (ख्रीष्ट), “परमेश्वरका पुत्र” अनि संसारका “उद्धारक” भनी प्रमाणित गर्नु हो।

**प्रेरित:** लूकाले लेखेको यो पुस्तक तिनको पहिलो पुस्तकको अन्त भएको ठाउँ देखि शुरू हुन्छ। यो येशूले आफ्ना शिष्यहरूलाई, सुसमाचार, समस्त मानिसहरू प्रति परमेश्वरको प्रेमको सन्देशको घोषणा गर्दै सारा संसारभरि जानु भन्ने  आदेशबाट शुरू हुन्छ। येशू चाहनु हुन्छ कि उहाँको दिब्य-प्रचार जसद्वारा मानिसहरूलाई तिनीहरूको पापको परिणामबाट बचाइन्छ त्यसको विषयमा आफ्नो ज्ञान अरूहरूलाई बताउनु भनी। लूकाले, पत्रुस अनि पावल जस्ता दुइ मुख्य व्यक्तिहरूद्वारा यो कार्य पूर्ण गरिने उत्तेजनात्मक घटनाहरू प्रस्तुत गरेका छन्। तिनले यो पनि बताउँछ कि ईसाई धर्म येरूशलेममा एक सानो रूपमा प्रारम्भ भएर यहूदीया अनि सामरीयाका चारैतर्फको क्षेत्र भएर अन्तमा रोम साम्राज्यसम्म कति छिट्टो फैलिएर गयो।

नयाँ नियमका अर्कोलेख संग्रह अन्तर्गत पावलका पत्रहरू आउँछन्। प्रेरित पावल (खास नाउँ साऊल) सिलिसिया (दक्षिण पूर्ब तुर्की) को तार्ससका एक उत्तम शिक्षित यहूदी थिए। येरूशलेममा शिक्षित तिनी फरिसीहरू माझका एक अगुवा थिए अनि आफ्ना प्रारम्भिक उमेरमा तिनी ख्रीष्टीय आन्दोलनका घोर विरोधी थिए। यद्यपि येशू तिनको दर्शनमा प्रकट हुनु भयो अनि तिनको जीवनको सम्पूर्ण दिशा परिवर्त्तन भयो। प्राय: दशवर्ष पछि ख्रीष्टका सन्देशको घोषणा वा प्रचार गर्न विस्तृत यात्रा शुरू गरे। यसै अवधिमा तिनले मण्डलीहरूलाई (ख्रीष्टीयहरूका समूह) अनि व्यक्ति-व्यक्तिलाई अन्गान्ती पत्रहरू लेखे। नयाँ नियममा यी मध्ये तेह्र पत्रहरू संलग्न छन्।

**रोमी:** पावलले रोमहरूलाई लेखेको पत्र सबै भन्दा लामो अनि उनका सबै पत्रहरू भन्दा पूर्ण छ। यी मध्ये अधिकांश पत्रहरू ती नगरहरूका ख्रीष्टीय समूहहरूलाई लेखिएका हुन् जसमा येशूका सन्देश अनि मण्डलीहरूको गठन गर्ने कार्य शुरू गरे। यद्यपि जब तिनले रोममा बस्ने ख्रीष्टीयहरूलाई यो पत्र लेखे तिनी त्यहाँ कहिले गएका थिएनन्। ५७ ख्रीष्टाब्दमा तिनी ग्रीसमा थिए।  आफूले चाहे झै

रोमको यात्रा गर्ने असमर्थ भएको हुँदा तिनले आफ्ना साविक शिक्षा यो पत्रमा लेखे। यो एक सावधानी पूर्वक लेखिएको ख्रीष्टीय धर्ममतका मौलिक सत्यताको प्रस्तुति थियो।

दक्षिण ग्रीसका नगर कोरिन्थका ख्रीष्टीयहरूलाई पावलले लेखेका अनेक पत्रहरू मध्ये **१ कोरिन्थी** अनि **२ कोरिन्थी** दुइ पत्रहरू हुन्। यी दुइ मध्ये प्रथम पत्रमा पावलले केही समस्याहरूको समाधानको जो त्यहाँ भएका ख्रीष्टीयहरू माझ उत्पन्न भएका थिए अनि तिनीहरू मध्ये केहीले तिनलाई पठाएका प्रश्नहरूका उत्तर सम्बन्धी कार्य गरेका कुरा थिए। यो विषयहरूमा ख्रीष्टीय एकता, विवाह, यौन-पाप, विच्छेदन, यहूदी दस्तुर आदि संलग्न थिए। अध्याय तेह्र विशेष रूचीको छ। यसमा पावलको प्रेम विषयमा प्रसिद्ध लेख छ जहाँ तिनले तिनीहरूका समस्त समस्याहरूका समाधान देख्छन्। दोस्रो पत्रले प्रथम पत्रको कोरिन्थीयहरूको प्रत्युत्तर पछ्याएको छ।

**गलाती:** गलातीयहरूलाई पावलको पत्रले गलातीयाका ख्रीष्ट्रीयहरू माझ भएको भिन्न समस्यासित सम्बन्ध राख्छ। पावलले त्यहाँ ख्रीष्टीय सन्देश घोषणा गरेका थिए अनि केही मण्डलीहरूको गठन गरेका थिए। त्यसपछि एकदल यहूदी शास्त्रीहरू त्यहाँ गए अनि केही विचारधारणाहरू सिकाए जो ख्रीष्टका साँचो शिक्षा भन्दा धेरै भिन्न थिए। समस्या जटिल थियो किनकि त्यसमा परमेश्वरसित व्यक्तिको असल सम्बन्धको आधार निहित भएको थियो। त्यस समय गलातीया जान असमर्थ भएको हुनाले पावलले दृढ़तापूर्वक त्यस समस्या प्रति यो पत्रद्वारा आफ्नो विरोध जनाए। तिनले रोमहरूलाई लेखेको पत्र जस्तै यसले ख्रीष्टीय धर्ममतको आधार वा भित्तीसित सम्बन्ध राख्छ तर अर्कै वा भिन्दै कारणका निम्ति।

**एफिसी:** पावलले आफू कैदमा हुँदा एफिसीयहरूलाई पत्रलेखे तर कहाँ अनि कहिले यो निश्चित छैन। यो पत्रको विषय-बस्तु ख्रीष्टको शासनको अधीनमा सबै मानिसहरूलाई एकत्र ल्याउने परमेश्वरको योजना रहेको छ। पावलले ख्रीष्टीयहरूलाई एक अर्कासित मेल मिलापमा आफ्नो जीवन जिउनु अनि परमेश्वरको उद्देश्य प्रति पूर्णरूपले समर्पित रहनु भनी उत्साह दिए।

**फिलिप्पी:** फिलिप्पीयहरूलाई पावलको पत्र पनि कारावासबाट लेखिएको थियो सायद रोमबाट। त्यस समय पावलले अनेक विपदहरूको सामना गरि रहेका थिए। तर तिनले परमेश्वर माथि विश्वास राखे अनि यो पत्र विश्वास अनि आनन्दले परिपूर्ण छ। फिलिप्पीका ख्रीष्टीयहरूलाई उत्साह दिन अनि तिनलाई तिनीहरूले पठाएका केही वित्तीय सहायताका निम्ति धन्यवाद ज्ञापन गर्न पावलले तिनीहरूलाई पत्र लेखे।

**कलस्सी:** पावलले कलस्सीयहरूलाई केही झूँठो शिक्षा प्रति विरोध जनाउन पत्र लेखे, जसले गर्दा एशिया माइनर (तुर्की) को एक नगर कलस्सीयको मण्डलीलाई विपत् परिरहेथ्यो। यो पत्रका अंशहरू एफिसीयलाई लेखिएको पत्रको जस्तै छ। पावलले ख्रीष्टीयहरूले जीवन यापन गर्ने तरिकाका केही व्यवहारिक पाठ दिएका छन्।

**१ थिस्सलोनिकी** अनि **२ थिस्सलोनिकी**हरूलाई पठाएका पत्र सम्भवत: पावलका प्रथम पत्रहरू मध्येका हुन्। पावलको मेसिडोनिया (उत्तरी ग्रीस) तर्फको प्रथम यात्रामा तिनले थिस्सलोनिका मानिसहरूलाई ख्रीष्टीय सन्देश सुनाएका थिए। धेरै मानिसहरूले विश्वास गरे तर अल्प समय पछि नै तिनले छाड़ेर हिंडनु पर्‍यो। पावलले मानिसहरूलाई तिनीहरूको नयाँ धर्ममत प्रति उत्साह प्रदान गरे।

तिनले मानिसहरूले नबुझेका केही कुराहरू, विशेष गरी येशूको प्रत्याशित प्रत्यागमनको सम्बन्धमा बहस-विमर्श गरे। दोस्रो पत्रले यही बहस-विमर्शलाई लगातार राखेको छ।

**१ तिमोथी**, **२ तिमोथी** अनि **तीतस**लाई पत्र पावलको जीवनको अन्ततिर तिनका नजिकका दुइजना साथीहरूलाई लेखिएका थिए। पावलले तिमोथीलाई एफिससमा छाड़ेका थिए अनिलाई क्रीटमा छाड़ेका थिए त्यहाँका मण्डलीहरूको व्यवस्था (संगठन) अनि कार्यावली सम्बन्धित केही समस्या समाधानमा सहायता गर्नु भनी। जाहेर थियो कि तिमोथी अनि तीतसको काम यी स्थानहरूका मण्डलीलाई स्वतंत्र अगुवाई अनि सञ्चालनको निम्ति तयारी गर्नमा सयाहता गर्नु थियो। तिमोथीलाई प्रथम पत्रमा अनि तीतसलाई पत्रमा पावलले अगुवाहरूको चयन अनि विभिन्न समस्या अनि स्थितिहरूको समाधान गर्ने विषयमा निर्देशनको केही मार्ग प्रदर्शिका दिएका छन्। तिमोथीलाई दोस्रो पत्र कारावासबाट लेखेका अत्यन्त व्यक्तिगत पत्र थियो जब तिनलाई आफ्नो जीवनको अन्तको अनुभव हुन लागेको थियो। त्यो पत्र परामर्श अनि उत्साहले परिपूर्ण थियो जसै तिनले तिमोथीलाई विश्वास, साहस अनि सहनशीलताको आफ्नै उदाहरण अनुसरण गर्नु भनी निवेदन गरेका थिए।

**फिलेमोन** पावलले कोलोस्सियहरूलाई पत्र लेखेकै समयमा लेखेको पत्र थियो। फिलेमोन कोलोसीयाका एक ख्रीष्टीय भागेको दास ओनेसिमसका मालिक थिए, जो पावलको प्रभावले ख्रीष्टीय बनेका थिए। त्यो पत्र ओनेसिमसलाई क्षमा दिने अनि त्यसलाई फिर्ता स्वागत गर्ने भनी फिलेमोनलाई निवेदन थियो। पावलको पत्रहरूको अतिरिक्त येशूका अन्य अनुयायीहरूले लेखेका आठवटा पत्रहरू छन्।

**हिब्रू** का ग्रन्थकर्त्ता अज्ञात छन् तर यो स्पष्ट छ कि त्यो ख्रीष्टमा विश्वास गर्ने यहूदीहरूलाई लेखिएको हो। तिनीहरूलाई येशूमा आफ्ना विश्वासबाट तानिइनेछ भन्ने विपदमा तिनीहरू थिए। यो पत्र यी ख्रीष्टीयहरूको विश्वासलाई उत्साहित अनि सुदृढ़ तुल्याउनलाई लेखिएको थियो। लेखकले सम्पूर्ण अन्य जीवन अनि व्यक्तिहरू माथि येशूको महानतामा जोर दिएका छन् । तिनले यो सिकाएका छन् कि येशू ख्रीष्टका अनन्त पुजारीत्व अननि “अन्य भन्दा उत्तम करार” पुरानो नियम-पुजारित्व अनि “प्रथम करार” भन्दा श्रेष्ठ छ। परमेश्वरमा विश्वास राख्नु अनि उहाँका निम्ति बाँच्नु भनी प्रेरणा दिएर लेखकले लेखाइ बन्द गरेका छन्।

परमेश्वर अनि येशूका एक सेवक **याकूब**को पत्रको वर्णनमा प्राय: नै “व्यावहारिक” शब्द प्रयोग भएको छ। कोही मानिसहरू तिनलाई येशूका एक भाइ सम्झन्छन्। याकूबको यहूदी पृष्ठ भूमि तिनले सिकाएका निष्पक्षता अनि न्याय, गरीबलाई सहायता, विश्वासित मित्रता, बुद्धि, आत्म संयम, अजमाइस अनि कमजोरी (लोभ) गर्ने अनि सुन्ने अनि विश्वास वा धर्म अनि कार्यँबाट स्पष्ट झल्कन्छ। तिनले मानिसहरूलाई प्रार्थना गर्न अनि धीर बन्न पनि प्रोत्साहन दिएका छन्।

**१ पत्रुस** अनि **२ पत्रुस**का पत्रहरू प्रेरित पत्रुसले ख्रीष्टीयहरूलाई लेखेका थिए जो अनेक विभिन्न स्थानमा बसेका थिए। पत्रुसले यस्ता ख्रीष्टीयहरूलाई तिनीहरूका सजीव आशा अनि स्वर्गमा तिनीहरूका वास्तविक घरको बारेमा शिक्षा दिए। तिनीहरूले सामना गरि रहेका कठिन समयको कारणले पत्रुसले तिनीहरूलाई परमेश्वरले त्याग गर्नु भएको छैन भनी आश्वासन दिन्छन्। तिनीहरूको यातनाको कारणले तिनीहरू उत्तम हुनेछन्। तिनले तिनीहरूलाई परमेश्वरले तिनीहरूलाई आशीर्वाद दिनु भएको छ अनि येशू ख्रीष्टद्वारा तिनीहरूको पापलाई क्षमा प्रदान गर्नु भएको छ भनी स्मरण गराउँछन्।

तिनीहरूले उचितसित बाँचेर प्रत्युत्तर दिनु पर्छ। पत्रुस २मा भूँठो शिक्षा प्रति पत्रुस प्रेरितले विरोध प्रकट गर्छन्। तिनले सत्य ज्ञान अनि ख्रीष्टको दोस्रो आगमन बारे शिक्षा दिन्छन्।

**१ यूहन्ना**, **२ यूहन्ना** अनि **३ यूहन्ना** का पत्रहरू प्रेरित यूहन्नाद्वारा लेखिएका थिए। यूहन्नाका प्रेमका पत्रहरूले, विश्वासीहरूलाई, परमेश्वरले तिनीहरूलाई सदैव स्वीकार गर्नु हुने छ भनी विश्वास दिलाउँछन्। यूहन्नाले यो शिक्षा दिन्छन् कि आफ्ना वरिपरिका मानिसहरूलाई प्रेम गरेर परमेश्वर प्रतिको तिनीहरूको प्रेम दर्शाउनु अनि परमेश्वरले चाहेको कामहरू गर्नु भनी। दोस्रो अनि तेस्रो पत्रहरूले ख्रीष्टीयहरूलाई एक-अर्का प्रति प्रेम गर्नु भनी निवेदन गर्छ अनि भूठो शिक्षा र अनईश्वरीय व्यवहार विरूद्ध तिनीहरूले (पत्रहरूले) चेतावनी दिन्छ।

**यहूदा** पत्रका लेखक याकूबका भाइ शायद येशूका एक भाइ हुन्। यो पत्रले विश्वासीपनाको प्रोत्साहन दिन्छ अनि विपद सृष्टि गर्ने र भूँठो शास्त्री (शिक्षक)हरू विरूद्ध बोल्छ।

प्रेरित यूहन्नाको प्रकाशित वाक्य वा **प्रकाश** नयाँ नियमका सबै अन्य पुस्तकहरू भन्दा भिन्दै छ। यो पुस्तकले अत्यन्त अलङ्कृत भाषाको प्रयोग गरेर यूहन्नाले देखेको दिव्य दर्शनको बारे बताउँछ। अनेक आकृति अनि प्रतिबिम्बहरू पुरानो निमयबाट लिइएका छन् अनि त्यसलाई पुरानो नियमका लेखहरू सँग तुलना गरेर राम्रोसित बुझ्न सकिन्छ। यो पुस्तकले ख्रीष्टीयहरूलाई परमेश्वर अनि येशू ख्रीष्ट, तिनीहरूका अगुवाहरू अनि सहायकहरूका पराक्रमद्वारा नराम्रा-शक्तिहरू माथि अन्तिम विजय प्राप्तिको विश्वास दिलाउँछ।

## बाइबल अनि आधुनिक पाठक

बाइबलका आजका पाठकहरूले यो मनमा राख्नु पर्दछ कि यी पुस्तकहरू हजारौं वर्ष अघि लेखिएका थिए ती मानिसहरूका निम्ति जो हामीहरूको भन्दा अत्यन्त भिन्नै संस्कृतिमा बाँचेका थिए। साधारणत: यी लेखहरू ती सिद्धान्तहरूमा केन्द्रित छन् जो शाश्वतरूपले सत्य छ। यद्यपि तिनीहरूलाई बुझ्नका निम्ति तिनीहरूको तुलना, तिनीहरूले प्रयोग गरेका ऐतिहासिक विवरण, उदाहरण अनि उद्धरण, त्यस युगको संस्कृति अनि त्यस युगको केही ज्ञान, जुन युगका ती मानिसहरू थिए, द्वारा मात्र सम्भव हुन्छ। उदाहरणको निम्ति येशूले एक मानिसको कथा सुनाउनु हुन्छ जो एक यस्तो खेतमा अन्न रोपिरहेछ जहाँ माटोको अवस्था भिन्न-भिन्न छ। वास्तवमा ती अवस्थाहरूसित आजका मानिसहरू परिचित नहोला, तर यो उदाहरणद्वारा येशूले जो शिक्षा प्रदान गर्नुहुन्छ त्यो प्रत्येक समय (काल) अथवा स्थानका मानिसहरूमा उपयुक्त जँचिन्छ।

आजका वा आधुनिक पाठकहरूले बाइबलको दुनियालाई केही अनौठो पाउन सक्छन्। त्यस समयका दस्तुर, प्रबृत्ति, मानिसहरूको बात गर्ने तरिका अपरिचित लाग्न सक्छ तर यो तर्क संगत छ कि यी कुराहरूलाई आधुनिक माप-दण्डद्वारा होइन, त्यस समय अनि स्थानको मापदण्ड अनुसार मुल्याङ्कन गर्नु पर्छ। यो कुराको पनि ध्यान राख्नु पर्छ बाइबल विज्ञानको पुस्तकको रूपमा लेखिएको होइन। समस्त मानिसहरूका निम्ति ऐतिहासिक घटनाहरूको वर्णन गर्नु अनि ती घटनाहरूको महत्व प्रस्तुत गर्नुलाई यो विशेषरूपले लेखिएको हो। यसको शिक्षामा विश्व-व्यापी सत्यसित संलग्न वा आधारित छ जो विज्ञानको सीमा देखि बाहिर छ। यो आधुनिक युगमा पनि प्रासङ्गिक रहेको छ किनभने यसले ती बुनियादी आध्यात्मिक आवश्यकतासित सम्बन्धित छ जो कहिल्यै परिवर्त्तन हुँदैन।

कुनै पनि व्यक्ति जसले प्रत्यक्ष वा वस्तुनिष्ठ रूपले बाइबलको पाठ गर्छ उसले अनेक लाभको अपेक्षा गर्न सक्छ। तिनीहरूले प्राचीन संसारको इतिहास अनि संस्कृतिको बारे ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले येशू ख्रीष्टको जीवन, शिक्षा अनि उहाँका विश्वासीहरूलाई त्यसको मतलब के थियो त्यसको बारे शिक्षा पाउने छन् वा जान्ने छन्। तिनीहरूले बुनियादी आध्यात्मिक अन्तर-दृष्टि प्राप्त गर्नेछन् अनि सशक्त आनन्दमय जीवन बाँच्ने व्यवहारिक ज्ञान प्राप्त गर्नेछन्। तिनीहरूले जीवनको अत्यन्त कठिन प्रश्नहरूको उत्तर पाउने छन्। यसर्थ यो पुस्तकको पाठ गर्नमा अनेक असल कारणहरू छन्, अनि व्यक्ति जसले यसलाई खुल्ला हृदय अनि जिज्ञासासाथ पाठगर्छ उसले तिनीहरूको जीवनका निम्ति परमेश्वरको उद्देश्य आविष्कार गर्न (जान्न) सक्ने छ।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html

# उत्पत्तिको पुस्तक

## संसारको शुरु
### पहिलो दिन - प्रकाश

१ आरम्भमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नु
भयो। २पृथ्वी शून्य थियो, पृथ्वीमा केही पनि
थिएन। समुद्रलाई अँध्यारोले ढाकेको थियो अनि
परमश्वरको आत्मा पानीमाथि परिभ्रमण गरिरहन्थ्यो।
३तब परमेश्वरले भन्नुभयो, “उज्यालो होस्!” अनि
उज्यालो चम्कन थाल्यो। ४परमेश्वरले उज्यालो देख्नु
भयो अनि त्यसलाई असल मान्नु भयो। तब परमेश्वरले
उज्यालो र अंध्यारोलाई छुट्याउनु भयो। ५परमेश्वरले
उज्यालोलाई “दिन” र अँध्यारोलाई “रात” नाउँ दिनु
भयो।

साँझ पर्‍यो अनि बिहान भयो। यो पहिलो दिन
थियो।

### दोस्रो दिन - आकाश

६तब परमेश्वरले भन्नुभयो, “पानीलाई दुइ भाग पार्न
त्यहाँ बतास होस!” ७यसर्थ परमेश्वरले त्यहाँ बतास
सृष्टि गर्नुभयो अनि पानी छुट्टियो। केही पानी बतासमाथि
रह्यो अनि केही पानी बतास मुनि। ८परमेश्वरले त्यस
बतासलाई “आकाश” नाउँ दिनु भयो। साँझ पर्‍यो अनि
बिहान भयो। यो दोस्रो दिन थियो।

### तेस्रो दिन - सुखा भूमि र उद्भिद

९तब परमेश्वरले भन्नुभयो, “आकाश मुनिको पानी
एकै ठाउँमा जम्मा होस्, र त्यहाँ सुखा भूमि देखियोस्।”
अनि त्यस्तै भयो। १०त्यो सूखा भूमिलाई परमेश्वरले
“पृथ्वी” नाउँ राख्नु भयो। अनि एकै ठाउँमा जम्मा
भएको पानीलाई “समुद्र” नाउँ राख्नु भयो। परमेश्वरलाई
यस्तो भएकोमा असल लाग्यो।

११तब परमेश्वरले भन्नुभयो, “पृथ्वीमा घाँस, अन्न
उत्पन्न गर्ने उद्भिद तथा फल हुने बोटहरू उम्रियोस।
फल-रुखहरूले बीउ भएका फल फलाउने छन। अनि
प्रत्येक रुखले आफ्नै जातिका बीउ उब्जाउनेछ। यी
उद्भिदहरू पृथ्वीमा उम्रिउन।” अनि यस्तै भयो। १२पृथ्वीमा
घाँस र उद्भिदहरू उम्रे अनि अन्नहरू फले। अनि
पृथ्वीमा फलभित्र बीउहरू हुने फल फल्ने रुखहरू
उम्रिए। प्रत्येक उद्भिदले आफ्नै प्रकारको बीउहरू
सिर्जना गरे। अनि परमेश्वरले यिनलाई देखेर असल
मान्नु भयो।

१३साँझ पर्‍यो अनि बिहान भयो। यो तेस्रो दिन
थियो।

### चौथो दिन - सूर्य, चन्द्रमा र ताराहरू

१४तब परमेश्वरले भन्नुभयो, “आकाशमा उज्यालो
होस्। यी उज्यालाहरूले दिनहरूबाट रातहरूलाई
छुट्याउनेछन्। यो उज्यालाहरूलाई विशेष चिन्हहरूको
निम्ति प्रयोग गरिनेछन् र यिनीहरूले सभाहरू कहिले
हुने बताउनेछन्। अनि यिनीहरूलाई दिनहरू र वर्षहरू
बताउनमा प्रयोग गरिनेछ। १५यी उज्यालाहरू पृथ्वीमा
ज्योति चम्काउनको निम्ति आकाशमा रहनेछन्।” अनि
यस्तै भयो।

१६यसर्थ परमेश्वरले दुईवटा ठूला-ठूला प्रकाश
पुञ्जहरू निर्माण गर्नुभयो। दिनमा प्रयोग गर्नको निम्ति
परमेश्वरले ठूलो प्रकाश-पुञ्ज बनाउनु भयो अनि
रातको निम्ति सानो प्रकाश-पुञ्ज बनाउनु भयो। परमेश्वरले
ताराहरू पनि सृष्टि गर्नु भयो। १७पृथ्वीलाई उज्यालो
पार्नको निम्ति यी प्रकाश-पुञ्जहरू परमेश्वरले आकाशमा
राख्नु भयो। १८यसकारण उहाँले तिनीहरूलाई आकाशमा
दिन र रातमाथि शासन गराउनु भयो। यी प्रकाश
पुञ्जहरूले अँध्यारोबाट उज्यालो छुट्याए अनि परमेश्वरलाई
यो असल लाग्यो।

१९त्यहाँ साँझ पर्‍यो र फेरि अर्को बिहान भयो। यो
चौथो दिन थियो।

### पाँचौ दिन - माछा र चराहरू

२०तब परमेरवरले भन्नुभयो, “पानी धेरै धेरै प्राणीहरूले
भरियोस। अनि पृथ्वीमाथि आकाशको फैलावटमा चरा
चुरुङ्गीहरू उडून् थाले ।” २१यसर्थ परमेश्वरले सामुद्रिक
ठूला-ठूला प्राणीहरू र पानीमा पौड़िने विभिन्न प्रकारका
जीव जन्तुहरू सृष्टि गर्नुभयो। परमेश्वरले आकाशमा
उड़ने जाति-जातिका प्राणीहरू सृष्टि गर्नुभयो। पृथ्वीमा
जलचर र थलचर विभिन्न प्रकारका प्राणीहरू परमेश्वरले
सृष्टि गरी हेर्नु भयो र ती सबैलाई असल लाग्यो।

२२परमेश्वरले यी सबै प्राणीहरूलाई आशीर्वाद दिएर
भन्नुभयो, पानीका प्राणीहरूले धेरै बच्चाहरू जन्माएर
समुद्र भरियोस् अनि भूमिमा पनि चरा-चुरुङ्गीहरूले धेरै
धेरै बच्चाहरू जन्माएर पृथ्वी भरियोस्।

२३त्यहाँ साँझ पर्‍यो र फेरि अर्को बिहान भयो। यो
पाँचौ दिन थियो।

### छैटौं दिन-स्थल-चर र मानिसहरू

२४परमेश्वरले भन्नुभयो, "पृथ्वीले धेरै प्रकारका जीवित चीजहरू बनाओस। त्यहाँ घरेलु पशुहरू, घस्रने जन्तुहरू अनि सबै प्रकारको जंङ्गली जनावरहरू रहोस्। अनि परमेश्वरले इच्छा गर्नु भएझैं नै यी सबै भए।"

२५यसर्थ परमेश्वरले जंङ्गली जनावरहरू, पाल्तू जनावर साना साना घस्रने जनावर विभिन्न प्रकारका प्राणीहरू सृष्टि गरेर हेर्दा उहाँलाई राम्रो लाग्यो।

२६तब परमेश्वरले भन्नुभयो, "अब हामी मानिस सृष्टि गरौं। हामी मानिस हाम्रै स्वरूप बनाउनेछौं र मानिस हामी जस्तै हुनेछन्। तिनीहरूले जलचर, नभचर, स्थलचरमा ठूला साना अनि घस्रने सबै प्राणीहरूमाथि शासन गर्नेछन्।"

२७यसर्थ परमेश्वरले आफ्नै प्रतिरूपमा मानिसलाई सृष्टि गर्नुभयो। परमेश्वरले आफ्नै स्वरूपमा मानिसलाई सृष्टि गर्नु भयो। उहाँले पुरूष र स्त्री सृष्टि गर्नुभयो।
२८परमेश्वरले तिनीहरूलाई आशीर्वाद दिंदै भन्नुभयो, "धेरै सन्तानहरू उत्पत्ति गराऊ र पृथ्वी भरेर तिनीहरूको हेरचाह गर। समुद्रका माछाहरू, आकाशमा उड़ने चराहरू अनि पृथ्वीमा हिड्डुँल गर्ने, सबै प्राणीहरूमाथि शासन गर।

२९"म तिमीहरूलाई अन्न हुने उद्भिद र फल फल्ने रुखहरू दिन्छु। ती रुखहरूले आफै भित्र फेरि उम्रने बीउ भएका फलहरू दिनेछन् र यी अन्न र फलहरू तिमीहरूको निम्ति खाद्य-पदार्थ हुनेछन्। ३०म फेरि
पशुहरूलाई खानका निम्ति हरियो घाँस तथा उद्भिद दिनेछु र पृथ्वीमा भएका प्रत्येक साना-साना घस्रने प्राणीहरू, आकाशमा उड़ने चराहरू अनि पृथ्वीका सबै जनावरहरूले, यी चीजहरू खानेछन्।" अनि यस्तै भयो।
३१परमेश्वरले आफूले सृष्टि गरेका प्रत्येक चीजको निरीक्षण गर्नु भयो अनि सबै असल लाग्यो।

त्यहाँ साँझ पर्‍यो र फेरि अर्को बिहान भयो। यो छैटौं दिन थियो।

### सातौं दिन-विश्राम

२ यसरी पृथ्वी, आकाश र तिनीहरूभित्र प्रत्येक वस्तुको सृष्टि पूरा भयो। २परमेश्वरले आफूले गर्दै
गरेको काम पूरा गर्नुभयो। यसर्थ, सातौं दिनमा परमेश्वरले आफ्ना कामहरूबाट विश्राम लिनुभयो। ३परमेश्वरले
सातौं दिनलाई आशीर्वाद दिनुभयो र एउटा पवित्र दिन बनाउनु भयो, परमेश्वरले यस दिनलाई एक विशेष दिन मान्नुभयो कारण त्यस दिन उहाँले संसार सृष्टि गर्ने कार्यबाट विश्राम लिनु भयो।

### मानव जातिको शुरु

४आकाश र पृथ्वीको इतिहास यही हो। परमेश्वरले पृथ्वी र आकाश सृष्टि गर्दा भएका घटनाहरूको कुरा यही नै हो। ५पृथ्वीमा उद्भिदहरूको उम्रनु अघिका कुरा यही हुन्। भूमिहरूमा केही पनि उम्रेको थिएन, किनभने परमप्रभुले पृथ्वीमा यतिञ्जेल पानीसम्म वर्षाउँनु भएको थिएन। त्यहाँ उद्भिदहरू हेरचाह गर्नलाई कुनै व्यक्ति पनि थिएन। ६पृथ्वीबाट पानी निस्कियो अनि
मैदानमा फैलियो।

७तब त्यसपछि परमप्रभु परमेश्वरले भूँईबाट माटो उठाउनु भयो अनि मानिस सृष्टि गर्नु भयो। परमप्रभुले मानिसको नाकबाट सास हालिदिनु भयो र यसलाई जिउँदो बनाउनु भयो। ८परमप्रभु परमेश्वरले अदन नाउँ
भएको ठाउँमा पूर्वपट्टि एउटा बगैंचा बनाउनु भयो र उहाँले सृष्टि गर्नु भएको मानिसलाई त्यहाँ राख्नु भयो।
९परमेश्वरले भूमिबाट राम्रा-राम्रा रुखहरू अनि खान योग्य फलहरू लाग्ने रूखहरू उमार्नु भयो। उहाँले बगैंचाको बीचमा जीवनको रूख अनि असल र खराबको ज्ञान दिन योग्य रूख पनि रोप्नु भयो।

१०बगैंचा भिजाउनलाई अदनबाट एउटा नदी बग्यो र पछि त्यो नदी चारवटा शाखाहरूमा विभाजन भयो।
११ती शाखाहरूमध्ये पहिलो शाखा नदीको नाउँ पीशोन हो। यो त्यही नदी हो जुन हवीलाको सम्पूर्ण भूमिमा बग्छ र त्यहाँ सुन पाइन्छ। १२यस प्रदेशको सुन राम्रो
दर्जाको छ। धूप गोमेद र पत्थर पनि पाइन्छन्।
१३दोस्रो नदीको नाउँ गीहोन हो र कूश देशको सम्पूर्ण भूमिमा बग्ने नदी पनि यही हो। १४तेस्रो शाखा नदीको
नाउँ हिद्देकेल हो र यो नदी अश्शूरको पूर्वतिर बग्छ। चौथो शाखा नदीको नाउँ यूफ्रेटिस हो।

१५तब परमप्रभु परमेश्वरले मानिसलाई लानु भयो अनि बगैंचा खन-जोत अनि हेरचाह गर्न उसलाई राख्नु
भयो। १६परमप्रभु परमेश्वरले त्यस मानिसलाई आज्ञा दिनु भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमीले कुनै चिन्ता बिना यस बगैंचाको कुनै पनि रुखबाट फलहरू खान सक्छौ।" १७तर तिमीले त्यस रूखको कुनै फल
खानु हुँदैन जसले असल र खराबको ज्ञान दिन्छ, किनभने जुन दिन तिमी त्यस रुखको फल खान्छौ निश्चयनै त्यस दिन तिमी आफै मर्नेछौ।"

### पहिलो स्त्री

१८तब फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिसको लागि एक्लो बस्नु राम्रो होइन। म उसको लागि एकजना सहयोगी बनाउनेछु जो उ जस्तै नै हुनेछे।"

१९यसर्थ परमप्रभु परमेश्वरले जमीनका सबै पशुहरू र आकाशमा चरा-चुरुङ्गीहरू सृष्टि गरी तिनीहरूको के के नाउँ राख्दा रहेछन् भनी मानिसकहाँ पठाउनु भयो। अनि मानिसले तिनीहरूलाई जे भने तिनीहरूको त्यही
नाउँ रह्यो। २०अनि मानिसले पाल्तू गाई वस्तु, आकाशमा उड्ने चरा-चुरुङ्गीहरू र जङ्गली जनावरहरूको नाउँ राख्यो। तर मानिसको निम्ति कुनै सहयोगी साथी

पाएन। २१त्यसपछि परमप्रभु परमेश्वरले मानिसलाई गहिरो निंद्रामा सुताउनु भयो। जब त्यो मानिस गहिरो निंद्रामा पर्‍यो उहाँले एउटा करङ्ग त्यस मानिसबाट निकाल्नु भयो तब परमेश्वरले करङ्ग निकालेको ठाउँमा मासुले पुरिदिनुभयो। २२त्यस मानिसबाट निकालिएको करङ्गबाट उहाँले एउटी स्त्री मानिस सृष्टि गरी तिनलाई त्यस मानिस कहाँ ल्याउनु भयो। २३तब त्यस मानिसले भने,

"आखिरमा म जस्तै अर्को एउटा व्यक्ति उसको हड्डी मेरो हड्डी बाट आयो अनि उसको शरीर मेरो शरीरबाट आयो। किनभने तिनी एउटा मानिसबाट निकालिएकी हुनाले म तिनलाई स्त्री मानिस भन्नेछु।"

२४यसकारण, एकजना मानिसले आफ्नो आमा-बाबुलाई छोड़ेर आफ्नी पत्नीसित सम्बन्ध राख्छ। यसरी दुइजना मानिसहरू एउटै बनिन्छन्।

२५त्यो मानिस र तिनकी पत्नी नाङ्गै भएता पनि तिनीहरूमा लाज भन्ने थिएन।

## पापको शुरु

३ परमप्रभु परमेश्वरले सृष्टि गर्नु भएको सबै जन्तुहरू मध्ये सर्प अत्यन्त धूर्त थियो। सर्पले उसलाई सोध्यो, "हे नारी! के परमेश्वरले बँगैचामा कुनै पनि रुखबाट फल खानु हुँदैन भनी मनाही गर्नु भएको छ?"

२त्यस स्त्रीले सर्पलाई उत्तर दिईन्, "होइन! परमेश्वरले त्यसो भन्नु भएन। हामीले बगैंचामा भएका रुखहरूको फल खान सक्छौं। ३तर परमेश्वरले भन्नुभयो, 'तिमीहरूले बगैंचाको बीचमा भएको रुखको फल खानु हुँदैन, तिमीहरूले छुनु पनि हुँदैन, नत्र तिमीहरू मर्नेछौ।'"

४तर सर्पले स्त्रीलाई भने, "तिमीहरू निश्चय मर्ने छैनौ। ५परमेश्वरले पनि जान्नु हुन्छ जब तिमीहरूले त्यस रुखको फल खान्छौ तिमीहरूको ज्ञान खोलिन्छ अनि तिमीहरू कुन असल कुन खराब जान्ने ज्ञानी भई परमेश्वर जस्तै हुनेछौ।"

६तब त्यो स्त्रीले त्यस रुखको फल हेर्नमा राम्रो र खानमा पनि असल बुझिन् कारण त्यस रुखको फलले ज्ञान दिन्थ्यो त्यस रुखबाट केही फलहरू टिपेर खाई अनि आफूसँग भएको मानिसलाई पनि खान दिई र उसले पनि खायो।

७तब तिनीहरूले केही अनौठो अनुभव गरे। तिनीरूले देखे तिनीहरू नाङ्गै थिए। यसर्थ तिनीहरूले नेभाराको पात गाँसे अनि आफ्ना निम्ति लुगाहरू बनाए।

८जब साँझको हावा बहिरहेको थियो परमप्रभु परमेश्वर बगैंचामा घुमिरहनु हुँदा ती पुरुष र स्त्रीले परमप्रभु परमेश्वरको आवाज चाल पाएर तिनीहरू बगैंचाको रूखहरूमाझ लुके।

९परमप्रभु परमेश्वरले त्यस पुरुष मानिसलाई बोलाउनु भयो अनि सोध्नु भयो, "तिमी कहाँ छौ?"

१०तब त्यस पुरुष मानिसले उत्तर दियो, "तपाईंको आवाज मैले बगैंचा भित्र चाल पाएर म नाङ्गै रहेको हुँदा डराए र म लुकेँ।"

११तब परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमी नाङ्गो छौ भनी कसले भन्यो? के तिमीले मैले जुन रुखबाट फल नखानु भनी आज्ञा दिएको थिएँ त्यसैको फल त खाएनौ?"

१२त्यस मानिसले भने, "स्त्री जो तपाईंले मसित बस्न दिनु भयो, उसैले मलाई रूखको फल दिईन् अनि मैले खाएँ।"

१३तब परमप्रभु परमेश्वरले त्यस स्त्री मानिसलाई भन्नुभयो, "तिमीले किन यस्तो काम गर्‍यौ?" तब त्यस स्त्रीले भनी, "सर्पले मलाई धोका दियो र मैले त्यो फल खाँए।"

१४तब परमप्रभु परमेश्वरले सर्पलाई भन्नुभयो,

"तैंले यस्तो काम गरेको हुनाले तलाईं अन्य पशुहरू गाई-वस्तु र अरु सबै जंङ्गली पशुहरूलाईभन्दा अझै ज्यादा सराप दिनेछु। तैंले तेरो जीवन भरी आफ्नो पेटले घस्रनु र माटो खाएर बस्नु परोस्।

१५म तँ र त्यस स्त्रीमाझ शत्रुता सृष्टि गर्नेछु। तेरो सन्तान र त्यस स्त्रीका सन्तानमाझ पनि शत्रुता सृष्टि गर्नेछु जसले गर्दा त्यसका सन्तानहरूले तेरो टाउको किच्याउनेछन् अनि तेरो सन्तानहरूले पनि तिनीहरूको कुर्कुचामा डस्नेछन्।"

१६त्यसपछि परमप्रभु परमेश्वरले त्यस स्त्रीलाई भन्नुभयो,

"जब तिमी गर्भ धारण गर्नेछौ त्यस अवस्थामा म तिमीलाई अति कष्ट दिनेछु र आफ्नो सन्तान जन्माउने बेलामा तिमीले साह्रै नै प्रसव वेदना सहनु पर्नेछ। तिमी आफ्नो पतिको चाहना गर्नेछौ। तर उनले तिमीलाई शासन गर्नेछ।"*

१७त्यसपछि परमप्रभु परमेश्वरले त्यस मानिसलाई भन्नुभयो,

"जब तिमीले तिम्री पत्नीको कुरा मानेर मैले नखानु भनी आज्ञा दिएको रुखको फल खायौ र म तिम्रो कारणले भूमिलाई सराप्ने छु जुन खाद्य पदार्थ भूमिबाट तिमीले पाउनेछौ त्यसको निम्ति तिमीले तिम्रो सारा जीवन भरि मेहनत गर्नु पर्नेछ।

१८त्यो भूमिले तिम्रो निम्ति जंङ्गली घाँस र काँढ़ाहरू उमार्नेछ अनि तिमीले जंङ्गलमा उम्रेको सागपात खानु पर्नेछ।

१९तिमीले आफ्नो आहारको निम्ति आफ्नो अनुहार पसीनाले छयापछयाप्ती नहुञ्जेलसम्म मेहनत गर्नु पर्नेछ,

---

**तिमी … शासन गर्नेछ** तिमी आफ्नो पतिलाई नियन्त्रण गर्न चाहन्छौ यो हिब्रूमा उत्पत्ति ५:१ मा जस्तै छ। तर उनले तिमीलाई शासन गर्नेछ।

मरुञ्जेलसम्म नै तिमीले मेहनत गर्नु पर्नेछ। त्यसपछि तिमी फेरि माटोमा मिल्नेछौ। मैले तिमीलाई बनाउदा माटोको प्रयोग गेरको थिएँ र जब तिमी मर्ने छौ फेरि माटोमा मिल्नेछौ।"

२०त्यस आदमले आफ्नी पत्नीको नाउँ हव्वा राख्यो किनभने सबै मानिसहरूकी तिनी आमा हुन्।

२१परमप्रभु परमेश्वरले पशुको छालाको लुगा बनाउनु भयो र त्यो मानिस र उसकी पत्नीलाई लगाउन दिनु भयो।

२२परमप्रभु परमेश्वरले भन्नुभयो, "हेर, त्यो मानिस हामी जस्तै भएको छ उनले राम्रो अनि नराम्रो विषयमा जान्दछ र अब जीवनको रूखबाट उनले फल खान सक्छ यदि उनले त्यो फल खायो भने, ऊ सधैंको निम्ति बाँच्नेछ।"

२३परमप्रभु परमेश्वरले आदमलाई बलपूर्वक जमीन जोत्नु निकाल्नु भयो जहाँबाट उसलाई सिर्जना गरिएको थियो। २४उहाँले मानिसलाई टाढ़ो खेद्नुभयो अनि अदनको बगैंचाको पूर्वतिर प्रवेशद्वारमा उहाँले एक जना स्वर्गदूत अनि एउटा प्रज्वलित तरवार जो जीवनको रूखतिर जाने बाटोको सुरक्षा गर्दै चारैतिर घुमिरहन्थ्यो।

## पहिलो परिवार

४ आफ्नी पत्नी हव्वासँग आदमको सहवास भयो अनि तिनी गर्भवती भएर एउटा छोरो कयिनलाई जन्माइन। तिनले भनिन, "परमप्रभुको सहायताद्वारा मैले एउटा मानिसलाई जन्म दिएँ।"

२तिनले फेरि अर्को छोरो हाबिललाई जन्माइन। हाबिल भेड़ा गोठालो भयो अनि कयिन खेतीवाला भयो।

## पहिलो हत्या

३केही समय पश्चात कयिनले भूमिको उब्जनीबाट केही खाने कुरो परमप्रभु कहाँ भेटीस्वरुप चढ़ाउन ल्यायो। ४हाबिलले पनि आफ्नो भेड़ाको बथानबाट पहिले जन्मेको भेड़ाको उत्तम भाग चढ़ाउन ल्यायो।

अनि हाबिलले ल्याएको भेटी परमप्रभुले स्वीकार गर्नुभयो। ५तर परमप्रभुले कयिन र उनले चढ़ाएको भेटी स्वीकार गर्नु भएन। यसर्थ कयिन साहै रिसायो र दुःखी भयो।

६-७परमप्रभुले कयिनलाई सोध्नु भयो, "तँ किन रिसाएको छस्? तँ किन आफ्नो अनुहार अँध्यारो पार्दछस्? यदि तैंले राम्रो काम गरिस् भने म तलाईं स्वीकार गर्छु अनि तैंले नराम्रो काम गरिस् भने पापले तलाईं एकदमै नियन्त्रण गर्नेछ तर तँ यसको मालिक हुनै पर्छ।"

८कयिनले उसको भाइलाई भने, "हामी खेतमा जाऔं!" अनि तिनीहरू खेतमा गएका थिए, कयिनले उसको भाइलाई आक्रमण गरी तिनलाई मार्‍यो।

९तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तेरो भाइ हाबिल कहाँ छ?"

तब कयिनले उत्तर दियो, "म जान्दिन, मेरो भाइको हेरचाह गर्ने काम मेरो हो र?"

१०त्यसपछि, परमप्रभुले कयिनलाई सोध्नु भयो, "तैंले उसलाई के गरिस? कारण भूमिबाट उसको रगत मसँग कराउँदैछ। ११तैंले तेरो भाइको हत्या गरिस र तेरो हातबाट रगत पिउनलाई भूमिले मुख बाही रहेकोछ। यसकारण अब म त्यस भूमिमा नराम्रो कुराहरू हुने बनाइदिनेछु। १२जब तैंले त्यो भूमिमा केही रोप्छस तेरो निम्ति त्यस भूमिले केही फसल दिने छैन। पृथ्वीमा तेरो एउटा घर पनि हुने छैन, तँ एक ठाउँदेखि अर्को ठाउँ घुमिहिँड़ने छस्।"

१३तब कयिनले परमप्रभुलाई भने, "यो दण्ड चाँहि मैले सहन सक्नेभन्दा धेरै भयो। १४हेर्नोहोस, आज तपाईंले मलाई जमीनबाट निकालिदिनु भयो अनि म तपाईंको नजरबाट बाहिर रहनु पर्‍यो, यस पृथ्वीमा बेघरबारे घुमिहिँड़ने हुने भएँ र जसले पनि मलाई भेट्छ मलाई मार्नेछन्।"

१५तब परमप्रभुले उसलाई भन्नुभयो, "यस्तो हुन पाउने छैन! यदि कसैले तलाईं मार्छ भने त्यसलाई म कठोर दण्ड दिनेछु।" तब परमप्रभुले कयिनमाथि यस्तो एउटा चिन्ह लगाउनु भयो जसले गर्दा त्यो देखेपछि कसैले कयिनलाई मार्ने छैन।"

## कयिनको परिवार

१६तब कयिन परमप्रभुको सामुन्नेबाट टाढ़ा गएर अदनको पूर्वपट्टि नोद देशमा बस्न थाल्यो।

१७कयिनको उसकी पत्नीसित सहवास भयो र तिनी गर्भवती भईन र हनोक नाउँ भएको एउटा छोरा जन्माइन्। अनि कयिनले एउटा शहर बनायो र त्यो शहरको नाउँ हनोक राख्यो।

१८हनोकको ईराद नाउँको छोरा जन्म्यो। ईरादको एउटा छोरो भयो र उसको नाउँ महूयाएल राखियो। महूयाएलको पनि मतूशाएल नाउँको छोरो भयो अनि मतूशाएलको पनि लेमेक नाउँको छोरो भयो।

१९लेमेकले दुइवटी स्त्रीहरूसित विवाह गर्‍यो, तिनीहरूको नाउँ आदा र सिल्ला थियो। २०आदाले याबाल नाउँको छोरोलाई जन्म दिइन्। याबाल पालमा बस्ने र गाई-वस्तुहरू पाल्नेहरूको पुर्खा थिए। २१याबालको भाइको नाउँ यूबाल थियो अनि तिनी नै वीणा र बाँसुरी बजाउनेहरू सबैका पुर्खा थिए। २२सिल्लाले तूबल कयिनलाई जन्माइन् जो सबै प्रकारका पीतल र फलामको हतियारहरू बनाउथ्यो। तूबल कयिनका बहिनीको नाउँ नामा थियो।

२३लेमेकले आफ्ना पत्नीहरूलाई भने, "हे आदा र सिल्ला! मेरा कुरा सुन! लेमेकका पत्नीहरू हो, म के

भन्छु, सुन। मलाई चोट पुर्‍याउने मानिसलाई मैले मारेँ,
त्यस जवान केटोले मलाई हिर्कायो मैले उसलाई मारेँ।
२४यदि कयिनलाई मारेकोमा सात गुणा बढी दण्ड
भयो भने, लेमेकलाई मारेकोमा सतहत्तर गुणा बढ़ी दण्ड
हुनेछ।”

## आदम र हव्वाको नयाँ पुत्र भए

२५आदमको फेरि आफ्नी पत्नीसित सहवास भयो र
तिनले फेरि एउटा छोरो जन्माइन जसको नाउँ सेत
राखियो। तिनले भनिन्, “कयिनले हाबिललाई मारेकोले
उसको सट्टामा परमेश्वरले मलाई अर्को बालक दिनु
भयो।” २६सेतको पनि एउटा छोरो भयो जसको नाउँ
एनोश थियो। यही समयदेखि मानिसहरूले परमप्रभुलाई
विश्वास गर्न थाले।

## आदमको पारिवारिक इतिहास

५ आदमको परिवारको विषयमा लेखिएको इतिहास
यही हो। परमेश्वरले मानिसको सृष्टि गर्दा आफ्नै
प्रतिरुपमा मानिसको सृष्टि गर्नुभयो। २परमेश्वरले
मानिसलाई पुरुष र स्त्री दुई रूपमा सृष्टि गर्नुभयो। जब
उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो तिनीहरूलाई आशिष
दिनु भयो अनि तिनीहरूलाई “मानिसजाति’* भन्नुभयो।
३जब आदम १३० वर्षको वृद्ध भएका थिए,
तिनको फेरि अर्को एउटा छोरो जन्मियो र उनले
छोरोको नाउँ सेत राखियो। ४सेतको जन्म भएपछि
आदम अझ ८०० वर्ष सम्म जीवित रहे अनि उनको
अरु पनि छोरा-छोरीहरू भए। ५आदम ९३० वर्षसम्म
बाँचेर मरे।
६जब सेत १०५ वर्षको भए तब उनको एउटा
छोरो जन्मियो जसको नाउँ उनले एनोश राखे। ७एनोश
जन्मेपछि सेत ८०७ वर्षसम्म जीवित रहे र यो समयमा
सेतका अरु छोरा-छोरीहरू जन्मे। ८यसर्थ सेत जम्मा
९१२ वर्षसम्म बाँचेर मरे।
९एनोशको उमेर ९० वर्षको भएपछि उनको एउटा
छोरो जन्मियो जसको नाउँ केनान राखियो। १०केनान
जन्मेपछि एनोश ८१५ वर्ष सम्म बाँचे। यो समयमा
एनोशका अरु छोरा-छोरीहरू पनि जन्मे ११यसर्थ एनोश
जम्मा ९०५ वर्ष बाँचरे मरे।
१२केनान ७० वर्ष पुगेपछि उसको एउटा छोरा
जन्मियो, उनले छोरोको नाउँ महलेल राखे। १३महलेलले
जन्म लिएपछि केनान ८४० वर्ष उमेरसम्म बाँचे। त्यस
समयमा केनानका आठ छोरा-छोरीहरूले पनि जन्म
लिए। १४यसर्थ केनान ९१० वर्ष सम्म बाँचेर मरे।

**मानिसजाति** को अर्थ यस नाउँको अर्थ हुन्छ “मान्छे” अथवा “मानिस” यो “पृथ्वी” अथवा रातो “माटो” शब्दको अर्थ जस्तै छ।

१५जब महलेल ६५ वर्षको भयो उसको एउटा
छोरो जन्मियो जसको नाउँ येरेद राखियो। १६येरेद
जन्मेपछि महलेल ८३० वर्ष सम्म बाँचे र त्यस
अवधिमा उसका थेरै छोरा-छोरीहरू जन्मे। १७यसर्थ
महलेल जम्मा ८९५ वर्ष सम्म बाँचे।
१८जब येरेद १६२ वर्ष पुगे उनको एउटा छोरो
जन्मियो जसको नाउँ हनोक राखियो। १९हनोक जन्मिएपछि
येरेद ८०० वर्ष सम्म बाँचे। यस अवधिमा येरेदका
अरु छोरा-छोरीहरू भए। २०यसर्थ येरेद जम्मा ९६२
वर्षसम्म बाँच।
२१जब हनोक ६५ वर्ष पुगे उनको एउटा छोरो
जन्मियो जसको नाउँ मतूशेलह राखियो। २२मतूशेलह
जन्मेपछि हनोक ३०० वर्ष सम्म परमेश्वरको पछि-पछि
हिँड्रिहे। यस अवधिमा उसको अरु छोरा-छोरीहरू
जन्मे। २३यसर्थ हनोक ३६५ वर्ष सम्म बाँचे।
२४एक दिन हनोक परमेश्वरसित हिँड्रिहेको समयमा
हनोक हराए। परमेश्वरले उसलाई जिउँदै स्वर्ग लानु
भयो।
२५जब मतूशेलह १८७ वर्षको थिए उनको एउटा
छोरो जन्मियो जसको नाउँ लेमेक राखियो। २६लेमेक
जन्मेपछि मतूशेलह ७८२ वर्षसम्म बाँचे। यस अवधि-मित्र
तिनको अन्य छोरा छोरीहरू पनि जन्मे। २७यसर्थ
मतूशेलह ९६९ वर्षसम्म बाँचे।
२८जब लेमेक १८२ वर्षको थिए उनको एउटा
छोरा जन्मियो। २९उनले आफ्नो छोरोको नाउँ नूह
राखे। उनले भने, “यसले हाम्रो काममा विश्राम दिओस।
परमेश्वरले भूमिलाई सराप दिनु भएकोले हामी खेतीको
लागि कठिन परिश्रम गर्छौं। तर नूहले हामीलाई विश्राम
दिनु हुनेछ।”
३०नूह जन्मेपछि लेमेक ५९५ वर्षसम्म जीवित रहे।
त्यस अवधिमा उनका अरु छोरा छोरीहरू जन्मे।
३१लेमेक जम्मा ७७७ वर्षसम्मा बाँचे।
३२नूह ५०० वर्ष पुगेपछि उनको शेम, हाम र
येपेत छोराहरू जन्मे।

## मानिसहरू दुष्ट हुन्छन्

६ पृथ्वीमा जब मानिसहरूको संख्या बढ़दै गयो,
तिनीहरूले कन्याहरूलाई जन्म दिए। २परमेश्वरका
छोराहरूले ती मानव कन्याहरूलाई मन पराए। यसकारण
परमेश्वरका छोराहरूले आफूले रोजेका केही कन्याहरूलाई
विवाह गरे। ३तब परमेश्वरले भन्नुभयो,
“तिनीहरू मरणशील भएकाले मानव रुपमा लामो
समयसम्म बाँच्ने छैनन्। ३तिनीहरूको आयु केवल
१२० वर्षसम्म मात्र हुने छ।”
४यस पृथ्वीमा नपील मानिसहरू त्यस समय र
त्यसपछि पनि थिए। परमेश्वरका छोराहरूले जब मनुष्य
कन्याहरूसित शारीरिक सम्बन्ध राखे तिनीहरूले

परमेश्वरका छोराहरूका नानीहरू जन्माए। तिनीहरू
प्राचीन समयबाट नै प्रसिद्ध लड़ाकुहरू थिए।
५परमप्रभुले देख्नु भयो पृथ्वीका मानिसहरूमा दुष्टता
अत्यन्तै धेरै थियो अनि तिनीहरूले मनमा जे चिताउँद
थिए सधैँ विचारहरू नै दुष्टपूर्ण हुन्थ्यो। ६अनि परमप्रमु
पृथ्वीमा मनुष्य जाति सृष्टि गरेकोमा दुःखी हुनु भयो।
त्यसले परमप्रभुलाई हृदयबाट नै दु;खी तुल्यायो। ७तब
परमप्रभुले भन्नुभयो, "पृथ्वीबाट नै यी मानिसहरूलाई म
ध्वंश पार्ने छु। म मानिस, घस्रने र अन्य पशुहरू अनि
आकाशमा उड़ने चराहरू जे मैले सृष्टि गरे म सबैलाई
ध्वंश पार्नेछु।"
८तर नूहले परमप्रभुलाई खुशी तुल्याए।

## नूह र महा जलप्रलय

९यो नूहको पारिवारीक इतिहास हो। नूह उसको
जीनवनभरि एकजना असल व्यक्ति थिए। नूहले सधैँ
परमेश्वरको अनुसरण गर्द थिए। १०नूहका तीन छोराहरू
शेम, हाम र येपेत नाउँ भएका थिए।
११परमेश्वरको नजरमा पृथ्वी भ्रष्ट थियो। मानिसहरूले
पृथ्वीमा हिंसा व्याप्त पारेका थिए। १२परमेश्वरले
पृथ्वीमा देख्नु भयो पृथ्वीका मानिसहरूले आफ्नो
जीवन भ्रष्ट पारेकोले पृथ्वी नै नष्ट भएको थियो।
१३तब परमेश्वरले नूहलाई भन्नुभयो, "मानिसहरूको
हिंसाले पृथ्वी भरिएकोले यसमा भएका सबै प्राणीहरूलाई
नष्ट पार्न मैले निर्णय लिएँ। यसर्थ पृथ्वीसितै तिनीहरू
सबैलाई म भट्टै नष्ट पार्नेछु। १४तैँले खोपेर काठको
एउटा जहाज बनाउनु र त्यसमा कोठाहरू बनाउनु र
त्यसको भिंत्री र बाहिर पट्टि अलकत्राले लिप्नु।
१५"त्यो जहाज ३०० हात लामो, ५० हात चौड़ा र
३० हात अल्गो बनाउनु र १६त्यसमा छाना लगाउनु।
जब छानाको एक हात तल भ्याल बनाउनु। त्यस
जहाजको एकापट्टि एउटा ढोका राख्नु र त्यसमा पहिलो,
दोस्रो र तेस्रो तला बनाउनु।
१७"मेरो भागमा म यस धरतीका सबै प्राणीहरूको
सर्वनाश पार्न खतरनाक बाढ़ी ल्याइरहेको छु। सजीव
वस्तुहरू मर्नेछन्। १८तर म तँसँग एउटा करार गर्नेछु।
त्यो जहाजभित्र पस्दा तैँले आफूसँग आफ्नो छोराहरू,
पत्नी, अनि बुहारीहरू लानु। १९अनि आफूसँग प्रत्येक
जोड़ी जीवित प्राणी जहाजभित्र लानु, ती जीवित प्राणीहरू
सबै भाले पोथीको जोड़ी होस् र तिनीहरू पनि
तिमीहरूसितै बाँचिरहुन्। २०जीवन रक्षाको निम्ति प्रत्येक
जातका पशु चरा र घस्रने प्राणीहरू त्यहाँ तिमीहरूसित
रहनेछन्। २१अनि तेरो भागमा सबै प्रकारको खाद्य
सामग्री भोजनको लागि जम्मा गर। तेरो र ती सब
प्राणीहरूका निम्ति भोजन हुनेछ।"
२२परमेश्वरको आज्ञा अनुसार नूहले प्रत्येक काम
पूरा गऱ्यो।

## जलप्रलय प्रारम्भ

७ त्यसपछि परमप्रभुले नूहलाई भन्नुभयो, "आफ्नो
पुरै परिवारसित जहाजमा पस किनभने पृथ्वीमा
अहिले जीवित रहेका मानिसहरूमा तँ मात्र असल
मानिस भनी मैले देखेँ। २सात जोड़ी, सातवटा भाले र
सातवटा पोथी शुद्ध पशुहरू र एक जोड़ी एउटा भाले र
एउटा पोथी अशुद्ध पशु। ३अनि सबै जातका चराहरूबाट
पनि सातवटा भाले र सातवटा पोथी लिएर जहाजभित्र
पसा। यी पशु-चराहरू अरु सबै ध्वंश गरिए पछि
यिनीहरूका जातिहरूलाई पृथ्वीमा बचाई राख्नु यी सब
तैँले लानु पर्छ। ४अबदेखि सातौं दिनमा म यस पृथ्वीमा
चालीस दिन चालीस रात पानी पार्नेछु अनि यस
पृथ्वीबाट मैले सृष्टि गरेका सबै जीवित प्राणीहरू ध्वंश
पार्नेछु।" ५अनि परमप्रभुबाट भएको आज्ञा नूहले पूर्ण
रुपले पालन गरे।
६जब पृथ्वीमा प्रलय आयो नूह ६०० वर्ष पुगेका
थिए ७प्रलयबाट बाँच्नको निम्ति नूह आफ्नो छोराहरू
अनि पत्नी र बुहारीहरू लिएर जहाजभित्र पसे। ८-९तब
प्राणीहरू, नर र नारी, जोड़ी नूहकहाँ जहाजमा आए।
परमेश्वरले आज्ञा गर्नु भए अनुसार धरतीमा सबै
स्वच्छ, अस्वच्छ प्राणीहरू तथा घस्रिने प्राणीहरू
आए। १०अनि ठीक सात दिनपछि पृथ्वीमा जल-प्रलयको
पानी पर्नलाग्यो।
११नूहको जीवनको ६०० वर्षको दोस्रो महीनाको
सातौं दिनमा जमीनबाट मूल फुट्यो अनि आकाशमा
ठूला-ठूला प्वालहरू बनिए। १२अनि पृथ्वीमा मूसलधारे
पानी चालीस दिन चालीस रात एकोहोरो परिरह्यो।
१३त्यही दिन नूह, उसकी पत्नी, छोराहरू शेम, हाम र
येपेत अनि बुहारीहरू जहाज भित्र गए। १४ती मानिसहरू,
प्रत्येक जातका भाले पोथी गरी जोड़ी जोड़ी वन
पशुहरू, घरमा पालिने पशुहरू, भूँईमा घस्रने जन्तुहरू
अनि प्रत्येक जातका चराहरू जहाजमा पसे। १५यी सबै
पशु-चराहरू नूहसँगै जहाजमा पसे। सास फेर्ने सबै
जीवित प्राणीहरू भाले र पोथीको जोड़ीको दलमा ती
पशु चराहरू जहाजमा आए। १६यी सबै पशुहरू
परमेश्वरले नूहलाई दिनु भएको आज्ञा अनुसार जोड़ी
जोड़ी भएर आए। त्यसपछि परमप्रभुले जहाजको ढोका
बन्द गरिदिनु भयो।
१७जल प्रलय पृथ्वीमा चालीस दिन चालीस रातसम्म
भयो। पानी बढ़ेर जहाजलाई जमीनबाटमाथि उचाल्न
थाल्यो। १८पानीको स्तर माथि उठ्यो अनि नाव
पानीमा तैरिन थाल्यो। १९पानी यति साहो बढ़्यो
अग्लो-अग्लो पहाड़हरू पनि पानीले ढाकिए। २०एकोहोरो
पानी परिरहेकोले पृथ्वीमा यति धेरै पानी भयो अग्ला
पहाड़हरू पनि पानीमा बीस फिट डुबे।
२१-२२पृथ्वीमा बस्ने सबै पुरुष र स्त्रीहरू घरेलु
पशुहरू, र जंङ्गली पशुहरू, पृथ्वीमाथि उड्ने सबै

प्राणीहरू अनि सबै सजीव वस्तुहरू जो सुखा भूमिमा थिए मरे। २३यसर्थ पृथ्वीको सतहमा रहने मानिसहरू, पशुहरू, घस्रिने जन्तुहरू अनि आकाशमा उड्ने प्राणीहरू परमेश्वरले नष्ट पार्नु भयो। यी सब प्राणीहरूलाई पृथ्वीबाट नष्ट गरियो। केवल नूह र उनीसँगै जहाजमा भएका मानिसहरू र अन्य प्राणीहरू मात्र जीवित रहे। २४एक सय पचास दिनसम्म परेको पानी पृथ्वीमाथि बगिरह्यो।

## जल प्रलयको अन्त

८ नूह र उनीसित जहाजमा जो मानिस पशु र चराहरू थिए, तिनीहरूलाई परमेश्वरले सम्झनु भयो। परमेश्वरले पृथ्वीमा हावा बगाउनु भयो। र पानी बिस्तारै घट्न थाल्यो।

२आकाशबाट पानी पर्न छोड़े पछि भूमिमुनिबाट पनि पानी बग्न छोड़्यो। ३त्यसपछि बिस्तारै जमीनमा पानी घट्न थाल्यो। १५० दिन पुगेपछि पानी घटेको थियो ४अनि सातौं महीनाको सत्रौं दिन अरारात पर्वतमा जहाज अड़ियो। ५यसरी पानी दशौं महीना नपुगुञ्जेलसम्म घटिरह्यो महीनाको पहिला दिन पर्वतको चुचुराहरू देखिए।

६त्यसपछि चालीसौ दिनको अन्तमा नूहले जहाजको ढोका खोलेर एउटा कागलाई उड़ाई दिए। ७अनि त्यो काग पृथ्वीमा पानी नसुकुञ्जेलसम्म उड़ेर जादै फर्कदै गरिरह्यो। ८त्यसपछि उनले फेरि पृथ्वीको सतहमा पानी सुकी सकेको छ छैन जान्न जहाजबाट एउटा ढुकुर उड़ाइ दिए।

९तर त्यस ढुकुरले पृथ्वीमा कतै आफ्नो पाऊ राख्ने ठाउँ पाएन। जमीनमा कतै पाऊ राख्ने ठाउँ नपाएर त्यो ढुकुर फर्केपछि नहुले हात फिजाएर त्यसलाई समाती जहाजभित्र पसाए।

१०नूहले अझै सात दिन पर्खेर फेरि त्यस ढुकुरलाई जहाजबाट बाहिर उडाइदिए, ११अनि त्यो ढुकुर साँझमा फेरि जहाजमा नै फर्किएर आयो। यस पल्ट नूहले पृथ्वीको सतहबाट पानी सुकेको चाल पाए कारण यस पल्ट त्यस ढुकुरले आफ्नो चुच्चोमा एउटा भद्राक्षको पात चेपेर ल्याएको थियो। १२त्यसपछि नूहले फेरि सात दिनसम्म पर्खे र त्यही ढुकुरलाई जहाजबाहिर उड़ाइ दिए तर यस पल्ट त्यो ढुकुर फर्केर नूह भएको जहाजमा आएन।

१३नूहको उमेरको ६०१ वर्ष भएको थियो पहिलो महीनाको पहिलो दिन पृथ्वीको सतहमाथि पानी पूर्णरुपले सुक्यो। यसर्थ नूहले जहाजको ढोका खोलेर हेर्दा देख्यो पृथ्वीको सतहमा पानी सुकिसकेको थियो। १४दोस्रो महीनाको सताइसौँ दिनमा पृथ्वीको सतहबाट सम्पूर्ण रुपले पानी सुकेको थियो।

१५तब परमेश्वरले नूहलाई भन्नुभयो, १६“तँ, तेरी पत्नी, तेरा छोराहरू र बुहारीहरू लिएर जहाज बाहिर आइज। १७जहाजमा तँसँग जे जति चराहरू, पाल्तू जनावर, वनका जनावार भूमिमा घस्रने जन्तुहरू ती सब भूमिमा ओह्राल जसले गर्दा तिनीहरूले पृथ्वीमा आफ्नो सन्तान बढ़ाउन, पशुहरूले तिनीहरूको संख्या पृथ्वीमा बढ़ाउन्।”

१८यसर्थ, नूह, उनका छोराहरू, उनकी पत्नी तथा बुहारीहरू जहाजबाट बाहिर भूमिमा निस्के। १९आफ्नो-आफ्नो परिवार, प्रत्येक जनावर, घस्रने प्राणीहरू, प्रत्येक चरा जो पनि पृथ्वीमाथि हिँड़डुल गर्छन तथा आकाशमा उड़्छन् पृथ्वीमा ओर्लिए।

२०त्यसपछि नूहले परम्मप्रभुको निम्ति एउटा वेदी उभ्याए र उनले केही पवित्र पशुहरू र पवित्र चराहरू परमप्रभुको निम्ति वेदीमा होमबलि चढ़ाए।

२१परमप्रभुले त्यस बलिदानहरूको बास्ना लिएपछि मनमा भन्नुभयो, “फेरि पृथ्वीलाई कहिल्ये पनि सराप दिने छैन। यसर्थ अब उसो कहिले पनि यस प्रकारका जीवित प्राणीहरूलाई नष्ट पार्ने छैन। २२जहिलेसम्म पृथ्वी रहन्छ, बिउ छर्ने र फसल काट्ने समय, जाड़ो र गर्मी, ग्रीष्म र शिशिर, दिन अनि रातको कहिल्यै अन्त हुनेछैन।”

## नयाँ शुरू

९ परमेश्वरले नूह र उसका छोराहरूलाई आशीर्वाद दिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूका सन्तानहरूको संख्या यति सम्म बढ़ोस धरती फेरि मानिसहरूले भरियोस्। २यस पृथ्वीको प्रत्येक पशु, आकाशको प्रत्येक चरा, प्रत्येक जन्तु जो भूइँमा घस्रन्छ र समुद्रका प्रत्येक माछा तिमीसित डराउने छन्। तिनीहरू सबै तेरो नियन्त्रणमा बसन्। ३कुनै पनि गतिशील चीज तेरो आहारको निम्ति होस्, जस्तो मैले पहिले हरियो उद्भिदहरू खाद्यको निम्ति दिएँ अहिले तलाईं प्रत्येक चीज खानको निम्ति दिन्छु। ४जिउँदो पशुहरूको मासुमा जतिञ्जेलसम्म रगत रहन्छ त्यो चाँहि नखानु। ५अब उसो, यदि कुनै सजीवले एकजना मानिसलाई मार्छ भने, यसले त्यसको लागि आफ्नो जीवन दिनु पर्छ। यदि एकजना मानिसलाई अर्को मानिसले मार्छ भने म उसको जीवन लिनेछु।

६“यदि कसैले एउटा मानिसलाई मार्छ त्यसलाई अर्को मानिसले प्राणदण्ड दिनु पर्छ कारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नु भएको छ।

७“अनि तिमीले धेरै सन्तानहरू पाउनेछौ जसले गर्दा तिम्रो जनसंख्या बढ़नेछ अनि धरती भर्नेछ।”

८तब परमेश्वरले नूह र उनका छोराहरूलाई भन्नुभयो, ९“म तिमी, तिम्रा भावी सन्तान अनि तिमीसित भएको प्रत्येक सजीव वस्तुसित विशेष सम्झौता तयार गर्दै छु। १०म मेरो करार सबै चराहरू अनि पाल्तू पशुहरू अनि

पृथ्वीमा भएका सबै जनावरहरूसित जो तिमीहरूसित
जहाजभित्र थिए, पृथ्वीको सबै जीवित प्राणीहरूसित
गर्नेछु। ११तिमीहरूसित म यो करार गर्दैछु अब उसो
कहिल्यै पनि जल प्रलयद्वारा प्राणीहरू नष्ट हुने छैनन्
अनि अब फेरि पृथ्वीलाई नष्ट पार्न जल-प्रलय कहिल्यै
हुनेछैन।"

१२अनि परमेश्वरले भन्नुभयो, "यो चाँहि मैले
तिमीहरू र तिमीहरूसित भएका प्राणीहरूसित गरेको
करारको चिन्ह हो। यो करार पृथ्वीमा तिमीहरूका
सन्तान जति पनि जन्मन्छन् सबैसित सधैँ रही रहनेछ।
१३तिमीहरूसित मैले स्थापित गरेको करारको चिन्ह
स्वरुप बादलमा इन्द्रेणी बनिए त्यो इन्द्रेणी म र पृथ्वीको
करारको प्रमाण हो। १४जब म पृथ्वीमाथि बादल
ल्याउछु बादलमा इन्द्रेणी देखा पर्छ। १५म मेरो करार
सम्भनेछु ताकि कहिले पनि फेरि बाढ़ीले पृथ्वीका
सजीव प्राणीहरूलाई नष्ट गर्ने छैन। १६जब म इन्द्रेणीलाई
देख्छु म त्यो करार सधैँ सम्भना गर्नेछु म अनि
पृथ्वीमा भएको प्रत्येक जीवित प्राणीहरू बिचमा भएको
करार सम्भना गर्नेछु।"

१७अनि परमेश्वरले नूहलाई भन्नुभयो, "यही नै म
र पृथ्वीमा भएका सबै जीवित प्राणीहरूसित स्थापित
गरिएको करारको चिन्ह हो।"

### कष्टहरूको प्रारम्भ

१८जहाजबाट निस्केका नूहका छोराहरू शेम, हाम र
येपेत थिए (हाम कनानका पिता थिए) १९यी तीनै जना
नूहका छोराहरू थिए र यी तीन जनाका सन्तानहरूले नै
यो पृथ्वी भरियो।

२०नूह नै दाखको खेती गर्ने पहिलो खेतीवाला
थिए। २१नूहले दाखरस बनाएर पिए अनि माते र उनी
पालभित्र सुतिरहे। नूहले कुनै लुगा लगाएका थिएनन्।
२२कनानका बाबु हामले आफ्नो बाबु नूहलाई नाङ्गै
सुतिरहेको देख्यो र त्यो बाहिर आएर आफ्नो दुवै
दाज्यूहरूलाई बाबु नाङ्गै सुतिरहेको कुरो सुनायो। तब
शेम र येपेतले एउटा कोट लिएर दुबैजनाको कुममा
राखी पछिल्तिरवाट हिँड़ेर आफ्नो बाबुको नाङ्गो शरीर
ढाकिदिए। २३तिनीहरू पछिल्तिर फर्केका थिए र
तिनीहरूले बाबुलाई नाङ्गो देखेनन्।

२४जब नूह मद्य निद्राबाट बिउँभिए उसको
कान्छो छोरोले के गरेको थियो थाहा पाए। २५तब
नूहले भने,

"कनानलाई सराप लागोस्, उ आफ्ने दाज्यू-भाइहरूको
कमारो हुनेछ।"

२६तब नूहले भने,

"शेमका परमप्रभु परमेश्वर, धन्यका होऊन् कनान
उनको दास बनियोस्।

२७परमेश्वरले येपेतको विकास गराई दिऊन, अनि
येपेत शेमको पालहरूमा बसोस् अनि कनान उसको
कमारा होस्।"

२८नूह जल प्रलयपछि ३५० वर्ष बाँचेर मरे।
२९यसर्थ नूह जम्मा ९५० वर्ष बाँचेर मरे।

### राष्ट्रहरू बढ्दै गए अनि फिँजिए

१० नूहका छोराहरू शेम, हाम र येपेत थिए र
यिनीहरूको पारिवारिक इतिहास यही हो।
नूहको छोराहरूका घेरै धेरै सन्तानहरू भए।

### येपेतका सन्तानहरू

२येपेतका छोराहरू थिए गोमेर, मागोग, मादे, यावान,
तूबल, मेशेक र तीरास।

३गोमेरका छोराहरू थिए अशकनज, रीपत र तोगर्मा
४याबानका छोराहरू थिए -एलीशा, तर्शीश, कित्तीम
र दोदानीम।

५तिनीहरूबाटै समुद्रतट वासीहरू फिँजिए। तिनीहरूको
देशभित्र आफ्नो भाषा र जाति अनुसार फिँजिए। यी सबै
येपेतका छोराहरू थिए।

### हामका सन्तानहरू

६हामका छोराहरू थिए कूश, मिश्र, पूत र कनान।
७कूशका छोहरू थिए -सबा, हवीला, सबता, रामा
र सबतका। रामाका छोराहरू थिए-शबा र ददान।
८निम्रोद कूशको छोरा थियो। निम्रोद ज्यादै शक्तिशाली
योद्धा बनिने पहिलो मानिस थिए।

९परमप्रभुको महान योद्धा शिकारीहरू मध्य एकजना
थिए। त्यसकारण मानिसहरू निम्रोदसित तुलना गर्छन्
अनि भन्दछन्, "यो मानिस परमप्रभुको दृष्टिमा निम्रोद
जस्तै राम्रो शिकारी हो।"

१०शुरुमा तिनको राज्य शिनारको बाबेल, एरेक,
अक्कद र कल्ने थियो। ११यहाँबाट तिनी अश्शूर गए
अनि नीनवे, रहोबोतीर र कालह शहरहरू बनाए।
१२कालह र नीनवे माभ तिनले शहर रेसेन बनाए। ती
शहरहरू मध्ये कालह सबै भन्दा ठूलो थियो।

१३मिश्र लूद, अनाम, लहाब, नप्तूह, १४पत्रुस,
कसलू अनि कपतोर मानिसहरूका पिता थिए। (पलिश्ती
मानिसहरू कसलूका सन्तान थिए।)

१५कनान सीदोनका पिता थिए र त्यो नै कनानका
जेठो छोरो थियो। कनान हेत मानिसहरूका पिता थिए।
१६कनानबाट हित्ती, यबूसी, एमोरी, गिर्गाशी, १७हिब्बा,
अर्कीत र सिनीत मानिसहरू, १८अर्वादी, समारी र
हमाती मानिसहरू उत्पन्न भए। यसरी कनानका सन्तानहरू
संसारका जतासतै फिँजिए।

१९कनानी मानिसहरूको भूमिको सिमाना उत्तरमा
सीदोनदेखि दक्षिणमा गरारसम्म, पश्चिममा गाजादेखि

सदोमसम्म र पूर्वमा गमोरा, अदाम र सबोयीमदेखि
लाशासम्म थियो।
२०ती सब मानिसहरू हामका सन्तान थिए र ती सबै
मानिसहरूको आफ्नो-आफ्नो भाषा र आफ्नै भूमि थियो
र तिनीहरूको एउटा अलगै राज्य थियो।

### शेमका सन्तानहरू

२१शेम येपेतका जेठा दाज्यू थिए। शेमका सन्तानहरूमा
एक जना एबेर सबै हिब्रु मानिसहरूका पिता थिए।
२२शेमका छोराहरू एलाम, अश्शूर, अर्पक्षद, लूद
अराम थिए।
२३अरामका छोराहरू ऊज, हुल, गेतेर अनि मश
थिए।
२४अर्पक्षद शेलहका पिता थिए, शेलह एबेरका पिता
थिए थिए, २५एबेर दुइजना छोराहरूका पिता थिए
जसमा एकजनाको नाउँ पेलेग थियो। उसलाई पेलेग
नाउँ राखिएको कारण उसकै जीवनकालमा पृथ्वी
विभक्त भएको थियो। अर्को छोरोको नाउँ योक्तान
थियो।
२६योक्तान अल्मोदाद, शेलेप, हसर्मवित र येरह,
२७हदोराम, ऊजाल, दिक्ला, २८ओबाल, अबमाएल,
शबा, २९ओपीर, हवीला अनि योबाबको पिता थिए।
यी सबै मानिसहरू योक्तानका छोराहरू थिए। ३०ती सबै
मानिसहरू मेशा र पूर्वमा पहाड़ी भूमि इलाकामा बसो
बास गर्थे। मेशा सापारा भूमितिर पर्थ्यो।
३१ती मानिसहरू शेमको परिवारका थिए। तिनीहरू
आफ्नो वंश, परिवार, भाषा, भूमि र राष्टमा गठित
थिए।
३२नूहका सन्तानको वंश अनुसार तिनीहरूका जातिहरू
यी नै थिए। यिनीहरू आफ्ना आफ्ना राष्ट्रमा गठित
थिए अनि जल-प्रलय पछि तिनीहरूबाट नै पृथ्वीमा सबै
मानिसहरू फिँजिएका थिए।

### संसारको विभाजन

११ यतिबेला समस्त पृथ्वीमा एउटै भाषा थियो
अनि थोरै शब्दहरू थिए। २जब मानिसहरू
पूर्वबाट बसाइँ सर्न थाले शिनार देशमा तिनीहरूले
समतल भूमि भेटे अनि तिनीहरूले त्यहाँ बसोबास शुरु
गरे।
३तिनीहरू आपसमा कुरा गरे, "हामीले ईंटा बनाउनु
पर्छ अनि त्यसलाई कड़ा बनाउनको लागि आगोमा
पोल्नु पर्छ।" यसर्थ तिनीहरूको घर बनाउदा ढुङ्गाको
सट्टामा ईंटालाई प्रयोग गरे अनि ईंटा जोड्न माटोको
सट्टामा मसला प्रयोग गरे।
४तिनीहरूले भने, "आऊ, हामी आफ्नो निम्ति एउटा
शहर बनाऔं अनि एउटा धरहरा बनाऔं जसको
शिखर स्वर्ग पुग्छ। हामी प्रख्यात हुनु पर्छ र यसले
हामीलाई संगठित राख्नेछ। नत्र हामी संसारभरि छरपष्ट
हुनेछौं।"
५परमप्रभु मानिसहरूले बनाउदै गरेको किल्ला र
शहर हेर्न तल आउनु भयो। ६तब परमप्रभुले भन्नुभयो,
"हेर, तिनीहरू मिलेर एक भएका छन्, तिनीहरूले
एउटै भाषा बोल्दैछन्। तिनीहरूले के गर्ने छन् यो एउटा
शुरु मात्र हो, अब चाँड़ै तिनीहरूले के गर्न खोज्छन्
त्यही गर्न सक्ने हुन्छन्। ७यसर्थ हामी तिनीहरूको
माझमा जाऔं र तिनीहरूको भाषामा खलबल पारिदिऔं
जसले गर्दा तिनीहरू एक-अर्कालें बोलेको भाषा बुझ्न
नसकून।"
८यसरी परमप्रभुले तिनीहरूलाई पृथ्वीको सम्पूर्ण
सतहभरि छरपष्ट पारिदिनु भयो। यसर्थ उहाँले भवन
निर्माणको काम रोकिदिनु भयो। ९त्यसकारण यो शहरको
नाउँ बाबेल राखियो। यसप्रकार त्यस ठाउँबाट परमप्रभुले
मानिसहरूलाई पृथ्वीको सतहभरि छरपष्ट पार्नु भएको
थियो।

### शेमको पारिवारिक इतिहास

१०शेमको पारिवारिक इतिहास यही हो। जल प्रलय
भएको दुइ वर्षपछि शेम जब एक सय वर्ष पुगेका थिए
तिनी अर्पक्षदका पिता भए। ११अर्पक्षद जन्मेपछि शेम
पाँच सय वर्षसम्म बाँचे अनि तिनका अन्य छोरा-छोरीहरू
पनि जन्मे।
१२जब अर्पक्षद पैतीस वर्षका भए तिनको एउटा
छोरो जन्मयो जसको नाउँ शेलह थियो। १३शेलह पछि
अर्पक्षद चार सय तीन वर्ष सम्म बाँचे अनि त्यस
अवधिमा तिनका अन्य छोरा-छोरीहरू पनि भए।
१४शेलह तीस वर्ष पुगेपछि तिनको एउटा छोरो
जन्मियो जसको नाउँ एबेर थियो। १५एबेर जन्मेपछि
शेलह चार सय तीन वर्षसम्म जीवित रहे। त्यस
अवधिमा शेलहका अन्य छोरा-छोरीहरू पनि जन्मे।
१६एबेर चौंतीस वर्षको भएपछि तिनको एउटा पेलेग
नाउँका छोरो जन्मियो। १७पेलेग जन्मेपछि पनि एबेर
चार सय तीस वर्षसम्म बाँचे अनि त्यस अवधिमा
तिनका अन्य छोरा-छोरीहरू जन्मे।
१८पेलेगको उमेर तीस वर्ष पुग्दा तिनको रऊ
नाउँका छोरो जन्मियो। १९रऊ जन्मेपछि पेलेग अर्को
दुइ सय नौ वर्षसम्म बाँचे अनि यस अवधिमा तिनका
अरु छोरा-छोरीहरू पनि जन्मिए।
२०रऊको उमेर बत्तीस वर्ष पुग्दा तिनको सरूग
नाउँका छोरो जन्मियो।
२१सरुगको जन्म पछि रऊ अर्को दुई सय सात
वर्षसम्म बाँचे अनि त्यस अवधिमा तिनका अरु छोरा-
छोरीहरू पनि जन्मिए।
२२सरूगको उमेर तीस वर्ष पुग्दा तिनको नाहोर
नाउँको छोरो जन्मियो। २३नाहोर जन्मेपछि पनि सरूग

दुइ सय वर्षसम्म बाँचे अनि त्यस अवधिमा तिनका अरु छोरा-छोरीहरू जन्मे।

२४नाहोरको उमेर उन्तीस वर्ष पुग्दा तिनको तेरह नाउँको छोरो जन्मियो। २५तेरह जन्मेपछि पनि नाहोर एक सय उन्नाइस वर्षसम्म बाँचे अनि त्यस अवधिमा तिनका अरु छोरा-छोरीहरू जन्मे।

२६तेरहको उमेर सत्तरी वर्ष पुग्दा तिनका अब्राम, नाहोर र हारान नाउँका छोराहरू जन्मे।

## तेरहको पारिवारिक इतिहास

२७तेरह परिवारको इतिहास यही हो। तेरह अब्राम, नाहोर र हारानका बुबा थिए। हारान लूतका बुबा थिए।
२८हारान बाबेलको ऊरमा मरे अनि त्यस समय तिनका बुबा तेरह जीवित नै थिए। २९अब्राम र नाहोरले विवाह गरे, अब्रामको पत्नीको नाउँ साराई र नाहोरकी पत्नीको नाउँ मिल्का थियो। मिल्का हारानकी छोरी थिईन र हारान मिल्का र इस्काका बुबा थिए।
३०साराईबाट कुनै सन्तान भएन कारण ऊ बाँझी थिईन।

३१तेरहले आफ्नो छोरो अब्राम, उसको नाति लूत, बुहारी सराई-अब्रामकी पत्नी, लिएर कल्दीहरूको ऊर शहर छाड़ी कनान देशमा जान हिँड़े। तर तिनीहरू हारानसम्म गई त्यही बसो-बास गर्न थाले। ३२तेरह दुइ सय पाँच वर्षसम्म बाँचरे हारानमा मरे।

## परमेश्वर अब्रामलाई बोलाउनु हुन्छ

**१२** परमप्रभुले अब्रामलाई भन्नुभयो, “तिम्रो देश र तिम्रा मानिसहरूलाई छोड़ र मैले देखाएको देशमा जाऊ।

२म तिमीलाई आशीर्वाद दिनेछु, तिमीबाट महान् राष्ट्र बनाएर प्रसिद्ध बनाउनेछु। तब मानिसहरूले अरुलाई आशीर्वाद दिदाँ तिम्रो नाउँ लिनेछन्।

३म तिमीलाई आशीर्वाद दिने मानिसहरूलाई आशीर्वाद दिनेछु अनि तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। पृथ्वीमा सबै मानिसहरूलाई आशीर्वाद दिनका लागि म तिम्रो नाउँ प्रयोग गर्नेछु।”

## अब्राम कनान जान्छन्

४यसर्थ अब्रामले परमप्रभुले भन्न भने अनुसार नै हारान छोड़े अनि लूत तिनीसित गए। जब अब्रामले हारान छोड़े त्यस समय तिनी पचहत्तर वर्ष पुगेका थिए।
५अब्रामले आफ्नी पत्नी साराई, उसको भतिजो लूत, आफूसित भएका कमारा-कमारीहरू र हारानमा आफ्नो जे जति थियो लिएर कनान गए। ६अब्राम कनान देशको शकेमसम्म गए अनि मोरेमा ठूलो रुख भएको ठाउँ सम्म पुगे। त्यस समयमा कनानी मानिसहरू त्यस ठाउँमा बस्थे।

७त्यहाँ परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, “म तेरो सन्तानहरूलाई (अनि अरु कसैलाई पनि होइन) यो भूमि दिनेछु।”

अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति वेदी बनाए।
८त्यसपछि अब्रामले त्यस ठाउँ छाड़ी बेतेलको पूर्वको पहाड़तिर यात्रा गरे अनि तिनले त्यहीँ आफ्नो पाल बनाए। त्यस ठाउँबाट बेतेल पश्चिममा थियो र यो शहर पूर्वमा पर्थ्यो। तिनले त्यस ठाउँमा परमप्रभुको निम्ति वेदी बनाए अनि परमप्रभुको उपासना गरे। ९तब अब्रामले यहूदाको दक्षिणी मरुभूमि इलाका नेगेबपट्टि आफ्नो यात्रा शुरु गेर।

## अब्राम मिश्रमा

१०त्यस समय त्यहाँ अनिकाल चलिरहेको थियो। त्यहाँ अनिकाल अत्यन्तै भएकोले तिनी केही समयको निम्ति मिश्र देशतिर लागे। ११तिनी मिश्र देशमा पस्न मात्र लागेका थिए, तिनले आफ्नी पत्नी साराईलाई भने, “हेर, म जान्दछु तिमी सुन्दरी नारी हौं। १२जब मिश्र देशीहरूले तिमीलाई देख्नेछन् तिनीहरूले भन्नेछन त्यो स्त्री मानिस मेरी पत्नी हुनु पर्छ र तिनीहरूले मलाई मार्नेछन्। तर तिमीलाई जीवित राख्नेछन्। १३यसकारण दया गरी तिनीहरूलाई भनी देऊ तिमी मेरी बहिनी हौ, यदि तिमीले यसो भन्यौ भने, त्यो मेरो निम्ति राम्रो हुन सक्छ अनि तिम्रो कारणले म बाँच्नेछु।”

१४अब्राम मिश्र देश भित्र पसे अनि त्यहाँका मानिसहरूले साराईलाई सुन्दरी देखे। १५केही मिश्र देशी अधिकारीहरूले राजा फिरऊनलाई साराईको सुन्दरताको विषयमा सुनाए। तिनीहरूले साराईलाई फिरऊनकहाँ लगे। १६फिरऊनले अब्रामसित राम्रो व्यवहार गरे कारण तिनलाई फिरऊनले साराईको भाइ सम्झे अनि उनले अब्रामलाई भेड़ा, गाई-वस्तु गधा तथा पुरुष अनि महिला सेवकहरू र ऊँठहरू पनि दिए।

१७फिरऊनले अब्रामकी पत्नी साराईलाई राखेकोले परमप्रभुले फिरऊन र उसको परिवारमाथि कष्टदायक रोगहरू पठाउनु भयो। १८यसर्थ फिरऊनले अब्रामलाई बोलाएर भने, “तिमीले मेरो निम्ति एकदमै नराम्रो काम गर्‍यौ तिमीले साराईलाई तिम्री पत्नी भनी बताएनौ। किन? १९तिमीले तिम्री बहिनी भन्यौ। किन तिमीले त्यस्तो कुरा गर्‍यौ। यसैकारण मैले साराईलाई आफ्नी पत्नी होस् भनेर राखे। तर अब म तिम्री पत्नी तिमीलाई नै फर्काउछु र उसलाई लिएर तिमी जाऊ।”
२०त्यसपछि फिरऊनले आफ्ना मानिसहरूलाई अब्रामलाई मिश्रदेशबाट बाहिर पठाउने आज्ञा दिए। यसर्थ अब्राम र तिनकी पत्नी तिनीहरूसित भएका सबै मानिसहरू नयाँ अरु कुराहरू लिएर त्यहाँबाट प्रस्थान गरे।

### अब्राम कनान फर्के

**१३** अब्रामले उसकी पत्नी, भतिजो लूत अनि तिनीसंग भएका अन्य सबै वस्तुहरू लिएर नेगेब हुँदै मिश्र देश छोड़े। २यस समय अब्राम निकै धनी थिए कारण तिनीसँग घेरै गाई-वस्तु र घेरै सुन-चाँदीहरू थिए।

३अब्रामले नेगेब पार गरे अनि बेतेल गए अनि त्यो स्थान बेतेल अनि ऐ शहरहरूको बीचमा आइपुगे। ४त्यहाँ पाल बनाएका थिए अनि वेदी पनि बनाएका थिए। यसर्थ अब्रामले त्यहाँ परमप्रभुलाई उपासना गरे।

### अब्राम अनि लूत छुट्टिए

५त्यस समयमा लूत पनि अब्रामसित यात्रा गरिरहेको थियो अनि तिनीसँग पनि पशुहरू र पालहरू धेरै नै थिए।

६अब्राम र लूतसित यति धेरै पशुहरू र सरसमानहरू भएकाले जग्गाको अभावले तिनीहरूलाई एकैठाउँ सँगै बस्न असम्भव भयो। ७त्यसै समयमा त्यस भूमिमा कनानी परिज्जी मानिसहरू पनि बस्थे। अब्राम र लूतका गोठालाहरू एक अर्कासँग झगड़ा गर्न थाले।

८यसर्थ अब्रामले लूतलाई भने, "हामीहरू सबै दाज्यू-भाइहरू हौ, यसर्थ तँ र म अथवा तेरा मानिसहरू र मेरा मानिसहरू भनेर झगड़ा हुनु हुँदैन। ९हामी अलग-अलग बसौं र तँ आफ्नो इच्छा अनुसार ठाउँ रोज, यदि तँ देब्रेतिर गइस् भने म दाहिने तिर जानेछु र यदि तँ दाहिनेतिर गइस् भने म देब्रेतिर जानेछु।"

१०लूतले भूमि खोजे अनि यर्दन नदीको बेंसीमा चाँहि पानी प्रशस्त भएको पाए। (यो परमप्रभुले सदोम र गमोरा ध्वंश पार्नु भन्दा अधिको कुरो हो। त्यस समयमा सोअरपट्टि यर्दनको बेंसी परमप्रभुको बगैंचा जस्तै थियो। यो भूमि मिश्रदेशको झैँ राम्रो थियो।) ११यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टिए अनि लूतले पूर्वतिर यात्रा शुरु गरे। १२अब्राम कनान भूमिमा रहे भने लूत बेंसीको शहरहरूमाझ बसे। लूत सदोमतिर निकै पर दक्षिणपट्टि गए अनि त्यही आफ्नो पाल बनाए। १३सदोमका मानिसहरू परमप्रभुको नजरमा अत्यन्तै दुष्ट थिए।

१४लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर। १५किनभने म तिमीलाई सम्पूर्ण भूमि दिनेछु जो तिम्रो आफ्नो आउँदो पुश्ताकोलागि हुनेछ अनि यो सदाका लागि तिम्रो भूमि हुनेछ। १६म तिम्रो सन्तानहरूलाई पृथ्वीको धूलो जस्तै गन्न नसकिने बनाउनेछु जस्तै। जसरी पृथ्वीमा धूलो गन्न सकिँदैन अनि त्यस्तै प्रकारले तिम्रो सन्तानहरूलाई गन्न सकिने छैनन्। १७यसर्थ अघि बढ़, आफ्नो सम्पूर्ण भूमिमा हिँड़ किनभने मैले यो तलाईं दिएको छु।"

१८यसरी अब्रामले आफ्नो पालहरू हटाए अनि हेब्रोनमा माम्रे फँलाटका रूखहरू भएकहाँ गए। अब्रामले त्यस ठाउँमा परमप्रभुको आराधना गर्नको लागि एउटा वेदी बनाए।

### लूतको कैद

**१४** शिनारका राजा अम्रापेल, एल्लासारका राजा अर्योक, एलामका राजा कदोर्ला ओमेर, तिदाका राजा गोयीम थिए। २यी सबै मिलेर सदोमका राजा बेरा, गमोराका राजा विर्शा अदमाका राजा शिनाब, सबोयीमका राजा शेमेबेर र बेलाका राजासित युद्ध लड़े। (बेलालाई सोअर पनि भनिन्छ)।

३यी सब राजाहरूले आफ्ना-आफ्ना सेनाहरू सिद्दीमको बेंसीमा भेला पारे। (वर्तमान खाराको समुद्र नै सिद्दीमको बेंसी हो)। ४यी राजाहरूले राजा कदोर्लाओमेरलाई बाह्र वर्षसम्म सेवा गरेका थिए तर तेह्रौं वर्षमा यी सब राजाहरूले तिनको विरुद्ध विद्रोह गरे। ५यसर्थ राजा कदोर्लाओमेर अरु राजाहरूसित मिले जो उनको समर्थनमा थिए, तिनीहरूसित युद्ध गर्न आए। राजा कदोर्लाओमेर र तिनका सहयोगीहरूले अस्तरो कर्णोममा रपाईलाई पराजित गरे। तिनीहरूले हाममा जूजी मानिसहरू, शावे-किर्यामा एमीमका मानिसहरूलाई परास्त गरे। ६अनि तिनीहरूले सेईर एल्पारान पहाड़ी इलाकामा बसो-बास गर्ने होरीत मानिसहरूलाई पराजित गरे। (एल्पारान मरुभूमि नजिक छ)। ७त्यसपछि राजा कदोर्लाओमेर एनमिशपात (कादेश) फर्किए अनि हस्सोन्तामारमा बोसो-बास गर्ने अमालेकी अनि अमोरीहरूलाई परास्त गरे।

८त्यस वेला सदोम, गमोरा, अदमा, सबोयीम र बेलाका राजाहरू मिले अनि तिनीहरूको शत्रुसित सिद्दीमको बेंसीमा युद्ध गर्न भनी गए। ९तिनीहरूले एलामका राजा कदोर्लाओमेर, गोइमका राजा तिदाल, शिनारका राजा अम्रापेल अनि एल्लासारका राजा अर्योकसित युद्ध लड़े। अत: पाँच जना राजाहरूको विरुद्धमा चार जना राजाहरू थिए।

१०सिद्दीमको उपत्यकामा धेरै अलकत्राका खाल्डाहरू थिए। सदोम र गमोरका राजाहरू आफ्नो सेनाहरू समेत भागे। धेरै सेनाहरू ती खाल्डाहरूमा परे। तर रहेका सेनाहरू पहाड़ी अञ्चलतिर भागे।

११शत्रुहरूले सदोम अनि गोमराको सबै सम्पत्ति अनि तिनीहरूको सबै खाद्य पनि लगे गए। १२तिनीहरूले अब्रामको दाज्युको छोरा लूतसँगै उसको सबै सम्पत्ति लगे १३लूतका मानिसहरूमा एकजना जो कैद भएको थिएन र हिब्रू अब्राम भएको ठाउँमा गएर के भएको थियो वृतान्त दियो। त्यस समय अब्राम एश्कोल र अनेर एमोरीको मम्रेको फलाँटको रुखहरू नजिकै बसेका थिए। तिनीहरूले एकअर्कामा सहायता गर्नु भनी

एउटा सम्झौतामा सही गरेका थिए। अनि तिनीले
अब्रामलाई पनि सहायता गर्ने सम्झौता सही
गरे।

### लूतको छुटकारा

१४जब अब्रामले लूत पक्राउ परेको समाचार पाए
तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो
परिवार भित्रका तीन सय अठाह जना प्रशिक्षित सेनाहरू
लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए। १५शत्रुहरूमाथि
आक्रमण गर्न तिनले आफ्नो सेनाहरूलाई राती दल
दलमा भाग गरी दमीसकसको उत्तर दिशामा पर्ने
होबासम्म खेदेर तिनीहरूलाई परास्त पारे। १६अब्रामले
आफ्नो भतिजो लूत र उसको सम्पत्ति, स्त्रीहरू र अरु
कैदीहरू दुबै फर्काएर ल्याए।

१७कदोर्लाओमेर र तिनीसित मिलेका राजाहरूलाई
पराजित गेरपछि अब्राम आफ्नो घर फर्के। जब तिनी
घर आए सदोमका राजा तिनलाई भेटन शाबेको
बेंसीमा आए। यस ठाउँलाई ऐले राजाको बेंसी
भनिन्छ।

### मल्कीसेदेक

१८शालेमका राजा पनि मल्कीसेदेक रोटी र दाखरस
लिएर अब्रामसित भेट्न आए। तिनी सर्वोच्च परमेश्वरको
पूजाहारी थिए। १९मल्कीसेदेकले अब्रामलाई आशीर्वाद
दिएर भने:

"जुन परमेश्वरले पृथ्वी र स्वर्ग बनाउनु भयो,
सर्वोच्च परमेश्वरले अब्रामलाई आशीर्वाद दिऊन्।
२०अनि हामी सर्वोच्च परमेश्वरलाई धन्यवाद दिन्छौं।
परमेश्वरले तिम्रा शत्रुहरूलाई परास्त पार्न तिमीलाई
सहायता गर्नु भयो।"

अब्रामले आफूले युद्धमा पाएको प्रत्येक चीजको
एक-दशांश मल्कीसेदेकलाई दिए। २१तब सदोमका
राजाले अब्रामलाई भने, "तिमीले सब चीजहरू आफ्नै
निम्ति राख्न सक्छौं। मलाई केवल कैद गरिएका
शत्रुहरू फर्काइ देऊ।"

२२तर अब्रामले सदोमका राजालाई भने, "म सर्वोच्च
परमप्रभु परमेश्वरसित जसले स्वर्ग र पृथ्वी बनाउनु
भयो, प्रतिज्ञा गरेको छु। २३मैले प्रतिज्ञा गरेको छु कुनै
पनि चीज जो तिम्रो हो म लिँदिन, यहाँसम्म एक टुक्रा
धागो अथवा जुत्ताको फिता पनि म लिँदिन-म तिमीलाई
भन्ने मौका दिँदिन, 'अब्रामलाई मैले धनी बनाए।' २४म
मात्र त्यो ग्रहण गर्नेछु जो ती जवान मानिसहरूले खाए।
तर तिमीले ती अन्य मानिसहरूको भाग तिनीहरूलाई नै
दिनु पर्छ। हामीले युद्धमा जितेर ल्याएका चीजहरू ग्रहण
गर अनि त्यसबाट अनेर, एरकोल र मम्रेलाई तिनीहरूको
हिस्सा देऊ। तिनीहरूले मलाई युद्धमा सहायता गरेका
थिए।"

### अब्रामलाई परमेश्वरको करार

१५ यी सब कुराहरू भई सकेपछि अब्रामलाई
परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए।
परमप्रभुले भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो
ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।"

२अब्रामले भने, "हे परमप्रभु परमेश्वर! हजुरले
मलाई के दिनुहुन्छ? यस्तो हजुरले दिँदा मलाई खुशी
पार्ने केही छैन। किन? किनभने, मसित छोरा छैन।
यसर्थ मेरो घरमा जन्मेको कमारा दमीसकको एलीएजरले
मेरो मृत्यु पछाड़ी मसँग भएका सबै सम्पत्ति पाउँनेछ।"
३अब्रामले भने, "तपाईंले मलाई एउटा छोरा दिनुभएको
छैन, अत: मेरो घरमा जन्मेको कमाराले मेरो जम्मै
सम्पत्ति पाउनेछ।"

४त्यसपछि परमप्रभुले अब्रामसित कुरा गर्नु भयो।
परमेश्वरले भन्नुभयो, "तिमीसँग भएको सम्पत्ति त्यो
कमारोले पाउँदैन। तिम्रो आफ्नै छोरो जन्मनेछ। अनि
तिम्रो सम्पत्तिको उत्तराधिकारी उही तिम्रो छोरो हुनेछ।"

५त्यसपछि परमेश्वरले अब्रामलाई बाहिर लानु भयो र
भन्नुभयो, "आकाशमा हेर, तिमीले त्यहाँ यति धेरै
ताराहरू देख्नेछौ गन्नु सक्तैनौ। भविष्यमा तिम्रा पनि
त्यति धेरै सन्तानहरू हुनेछन्।"

६अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले
अब्रामको विश्वासलाई विचार गर्नुभयो कि उसले
वास्तवमा के गराउन चाहन्थे। ७परमेश्वरले अब्रामलाई
भन्नुभयो, "म उही परमप्रभु हुँ जसले तिमीलाई
कल्दीहरूको ऊरबाट ल्यायो। मैले यसो गर्नुको तात्पर्य
तिमीलाई यो भूमि दिनु हो, यो भूमि तिमीले ग्रहण
गर्नेछौ।"

८तर अब्रामले भने, "हे परमप्रभु मेरा मालिक, यो
भूमि मैले नै पाउनेछु भनी म कसरी थाहा पाउन
सक्छु?"

९परमेश्वरले अब्रामलाई भन्नुभयो, "हामी एउटा
करार गर्नेछौं। एउटा तीन वर्षको कोरली, त्यसरी नै
तीन वर्ष पुगेको बाख्रा अनि तीन वर्ष पुगेको एउटा
भेड़ा ल्याऊ। अनि एउटा ढुक्कुर र एउटा परेवाको
बच्चा पनि ल्याऊ।"

१०परमेश्वरको निम्ति अब्रामले यी सबै कुराहरू
ल्याएर यी सबै कुराको बलि चढ़ाई ती सबलाई दुई-दुई
टुक्रा पारे। तब अब्रामले प्रत्येक आधा भागलाई अर्को
आधा भाग माथि तेर्स्याए। तर तिनले पक्षीहरूलाई टुक्रा
पारेनन्। ११पछि, ती पशुको मासु खान ठूला-ठूला
पक्षीहरू उड़ेर आए तर अब्रामले तिनीहरूलाई धपाए।

१२पछि सूर्य अस्ताउन लाग्दा अब्रामलाई साह्रै निद्रा
लाग्यो। चुक झैँ कालो अन्धकारले उसलाई चारै
तिरबाट घेर्‍यो। १३तब परमप्रभुले अब्रामलाई भन्नुभयो,
"तैले यो निश्चय जान्नु पर्छ, तिम्रा सन्तानहरू विदेशी
हुनेछन्, तिनीहरू त्यस धरतीमा जानेछन् जो तिनीहरूको

होइन, तिनीहरू त्यहाँ कमारा-कमारीको रूपमा चार सय वर्षसम्म सेवा गर्नेछन् अनि तिनीहरूसित धेरै खराब व्यवहार गरिनेछ। चार सय वर्षसम्म तिनीहरूले धेरै दुर्व्यवहार र अन्याय सहनु पर्नेछ। १४म त्यो जाति जसले तिम्रा सन्तानहरूलाई कमारा-कमारी बनाए तिनीहरूको न्याय गर्नेछु अनि जब तिमीपछि आउँने तिम्रा सन्तानहरूले त्यो देश छोड्नेछन्, तिनीहरूले आफूसित धेरै राम्रा चीजहरू ल्याउँछन्।

१५"तर जहाँसम्म तेरो कुरा छ, तँ मनग्गे बाँच्नेछस्। तँ शान्तिपूर्वक मर्नेछस अनि तँ त्यहीँ गाड़िनेछ्य् जहाँ तेरा पिता-पुर्खाहरूलाई गाड़िएको थियो। १६चार पुस्तापछि तिम्रा सन्तानहरू यही देशमा फर्केर आउनेछन् र तिनीहरूले एमोरीहरूलाई हराउँनेछन्। यहाँ बस्ने एमोरीहरूलाई सजाय भोग्न लगाउन म ती तिम्रा सन्तानहरूलाई प्रयोगमा ल्याउनेछु। यी सब कुराहरूपछि हुन्छ कारण ती एमोरीहरू अहिले सजाय पाउनुको निम्ति त्यति नराम्रो भई सकेका छैनन्।"

१७जब सूर्य अस्तायो, अत्यन्तै अन्धकार छायो। बलि चढ़ाई मारिएका पशुहरू दुइ- दुइ टुक्रामा अहिलेसम्म जमीनमा लड़िरहेको थिए। त्यही समयमा धुँवाको मुस्लो जसमा बल्दै गरेको ज्वाला थियो ती मारेर टुक्रा पारिएको पशुहरू बीचबाट गए।

१८यस प्रकारले त्यसै दिन परमप्रभुले अब्रामसित एउटा सम्झौता गर्नु भयो अनि भन्नुभयो, "तेरा सन्तानहरूका लागि मात्र म यो घरती दिनेछु। १९तिनीहरूलाई म मिश्रको नदीदेखि यूफ्रेटिस महानदीसम्म केनी कदमोनी, कनज्जी, २०हित्ती, परिज्जी, रपाई, २१एमोरी कनानी, गिर्गाशी तथा यबूसी दिनेछु। यो सम्पूर्ण भूमि मिश्रको नदी अनि यफ्रेटिस नदीको माझमा पर्छ।"

## हागार कमारी स्त्री

**१६** साराई अब्रामकी पत्नी थिइन, तर ती दुइ जनाको कुनै सन्तान भएन। साराईकी एउटी कमारी थिई, जसको नाउँ हागार थियो त्यो मिश्रकी थिई। २साराईले आफ्नो लोग्नेलाई भनी, "परमप्रभुले मलाई कुनै सन्तान दिनु भएन। यर्सथ मेरी कमारीसित तपाईंले सहवास गर्नुहोस् अनि म त्यस कमारीबाट जन्मेको नानीलाई मेरो आफ्नै नानी मान्नेछु।"

अब्रामले आफ्नी पत्नीको सल्लाह माने। ३यो घटना अब्राम कनानमा दशवर्षसम्म बसे पछिको हो। साराईले अब्रामलाई आफ्नो कमारी राख्ने अनुमति दिई हालिन। (हागार साराईको मिश्र देशकी कमारी थिई)

४हागारले अब्रामको गर्भ धारण गरी। जब उनले चाल पाई उनले गर्भ धारण गरी ऊ घमण्डले फुलिइ अनि अनुभव गरी ऊ साराई उसको मालिकनीभन्दा असल हो। ५तर साराईले अब्रामलाई भनिन्, "मेरी कमारीले मलाई घृणा गर्छे। यसको निम्ति म तपाईंलाई जिम्मावार ठहराउँछु। मैले तपाईंलाई आफ्नी कमारी दिएँ र त्यसले गर्भ धारण गरी। तब उनले आफूलाई म भन्दा असल हुँ भन्ने गर्छे। म चाहन्छु परमप्रभुले हामी दुइ बीच ठीक न्याय गरुन।"

६तर अब्रामले साराईलाई भने, "तिमी हागारकी मालिकनी हौ र तिमीले उसलाई जे इच्छा लाग्छ त्यही गर्न सक्छौ।" यसर्थ साराईले हागारलाई सजाय दिई अनि हागार भागी।

## हागारको छोरो इश्माएल

७परमप्रभुको स्वर्ग दूतले हागारलाई मरुभूमिमा पानीको स्रोतनेर भेटे। त्यो पानीको स्रोत शूर जाने बाटोनिर थियो। ८स्वर्गदूतले हागारलाई भने, "हागार तिमी साराईकी दासी हौ, तिमी किन यहाँ छौ? तिमी कहाँ जाँदैछौ?"

हागारले भनी, "म साराईदेखि भाग्दैछु।"

९परमप्रभुका स्वर्गदूतले हागारलाई भने, "साराई तिम्री मालिक्नी हुन, जाऊ फर्केर अनि तिनको आज्ञा पालन गर।" १०स्वर्गदूतले पनि भने, "म तिम्रा सन्तानहरू यति सम्म बढ़ाउनेछु तिनीहरूलाई गन्न सकिँदैन।"

११परमप्रभुका दूतले यसो पनि भने,

"हागार अहिले तिमी गर्भवती छौ। अनि तिमीले छोरो जन्माउने छौ। तिमीले उसको नाउँ इश्माएल राख्ने छौ किनभने तिमीलाई कुव्यवहार गरिएको छ जो परमप्रभुले सुन्नु भएको छ र उहाँले तिमीलाई सहायता गर्नु हुनेछ।

१२इश्माएल स्वतन्त्र जंङ्गली गधा झैँ हुनेछ, ऊ सबैको विरुद्धमा जानेछ, अनि सबै व्यक्तिहरू उसको विरुद्धमा आउनेछन्। ऊ एउटा भूमिबाट अर्को भूमिमा जानेछ उनले आफ्नो आफन्तहरूको नजिक पाल हाल्नेछ तर तिनीहरूको विरुद्धमा जानेछ।"

१३परमप्रभुले हागारसित कुरा गर्नु भयो। हागारले परमेश्वरलाई अर्कै नाउँले सम्बोधन गरेर भनिन्, "'तपाईं परमेश्वर हुनुहुन्छ जसले मेरो हेरचाह गर्नु हुन्छ।'" यसैकारण उनले भनिन्, किनभने उनले विचार गरिन्, उनले साँच्चै त्यहाँ परमप्रभुलाई देखिन् जसले उसको हेरचाह गर्नु हुदै थियो। १४यसैले त्यस पानीको स्रोतको नाउँ बेर-लहै-रोइ राखियो। त्यो स्रोत कादेश र बेरेदको बीचमा छ।

१५हागारले अब्रामको छोरो जन्माइन अनि अब्रामले छोरोको नाउँ इश्माएल राखे। १६इश्माएललाई हागारले जन्म दिँदा अब्राम छयासी वर्ष पुगेका थिए।

## खतना करारको प्रमाण

**१७** जब अब्राम ९९ वर्ष पुगे परमप्रभु तिनी सामु प्रकट हुनुभयो। परमप्रभुले भन्नुभयो, "म

सर्वशक्तिमान परमेश्वर हुँ। मसित सही पथ अनुशरण
गर। २यदि तिमीले यसो गर्छौ, म हामीबीच एउटा
करार तयार पार्नेछु। म तिम्रा सन्तानहरू व्यापक
संख्यामा बढ़ाउनेछु।"
३तब अब्राम परमेश्वरअघि नतमस्तक भए र परमेश्वरले
तिनलाई भन्नुभयो। ४"यो हाम्रो करारमा मेरो भाग हो।
म तिमीलाई धेरै-धेरै जाति-समूहहरूको पिता बनाउनेछु।
५तिम्रो नाउँ अब्राम रहने छैन-तिम्रो नाउँ अब्राहाम
हुनेछ। म तिमीलाई यो नाउँ राख्दैछु कारण तिमीलाई म
धेरै-धेरै जाति-समूहहरूको पिता बनाउँदैछु। ६म तिमीलाई
धेरै-धेरै सन्तानहरू दिनेछु। नयाँ राष्ट्र र राजा तिमीबाट
नै बनिनेछन्। ७म तिम्रो र मेरो बीचमा एक करार तयार
बनाउँछु जुन करार तिम्रा सन्तानहरूको निम्ति पनि
हुनेछ। म तिम्रो र तिम्रा सबै सन्तानहरूको परमेश्वर
रहनेछु। यो करार सधैँको निम्ति रही रहनेछ। ८अनि म
तँ र तेरा सन्तानहरूलाई यो भूमि दिनेछु। म तलाई
कनानको सम्पूर्ण भूमि दिनेछु जसमा तँ अहिले विदेशी
छस्। म यो भूमि सधैँका लागि दिँदैछु अनि तेरो
परमेश्वर हुन्छु।"
९अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "अब,
यो चाहिँ करारको तिम्रो भाग हो। अनि तिम्रा सन्तानहरूले
यो मेरो करार पालन गर्नेछन्। १०तेरो र मेरो बीचको
करार यही हो अनि यो सब तिम्रा सन्तानहरूको निम्ति
हो। सबै छोरालाई खतना गराउनु पर्छ। ११तेरो र मेरो
बिचमा भएको करार तैले पालन गरेको देखाउनका
लागी छाला काट्नेछस। १२जब केटो आठ दिनको
हुन्छ, तैले उसको खतना गर्नु पर्छ। तेरो घरमा जन्मिने
कमाराको प्रत्येक केटो अनि विदेशीहरूबाट किनेका
सबै पुरुष कमाराहरूलाई पनि खतना गर्नु पर्छ।
१३यसरी तिम्रो जातिमा जन्मेको प्रत्येक केटाहरूको
खतना भएको हुनु पर्छ। प्रत्येक केटो जो तिम्रो
जाति-समूहमा जन्मिन्छ र प्रत्येक कमारा जो तिम्रो
जाति-समूहमा ल्याइन्छ उसको खतना गरिनु पर्छ।
१४जुन मानिसको खतना गरिँदैन, त्यसलाई बहिस्कृत
गरिनु पर्छ किनभने यो मेरो करार हो जसलाई उनले
उल्लंघन गरेको छ।"

### इसहाक-प्रतिज्ञाका पुत्र

१५परमेश्वरले अब्राहामलाई भन्नुभयो, "म साराईलाई
नयाँ नाउँ दिनेछु अनि तिम्री पत्नि साराईको नयाँ नाउँ
सारा हुनेछ। १६म उसलाई आशीर्वाद दिनेछु। म
उसलाई एउटा छोरा पनि दिनेछु अनि तँ छोराको बुबा
हुनेछस्। तिनि धेरै राष्ट्रहरूको आमा हुनेछिन् अनि
उबाट धेरै राजाहरू जन्मिनेछन्।"
१७परमेश्वरलाई सम्मान दर्शाउन अब्राहाम जमीनतिर
मुख गरी घोप्टो भए। तर तिनले हाँस्दै आफैसित भने,
"म एक सय वर्षको भएँ, अब म छोरो जन्माउन
सक्तिन। अनि सारा पनि नब्बे वर्षकी भई र उनले नानी
जन्माउन सक्तिन।"
१८तब अब्राहामले परमेश्वरलाई भने, "म आशा
गर्छु इश्माएल जीवित रही तपाईंको सेवा गर्नेछ।"
१९परमेश्वरले भन्नुभयो, "होइन! मैले भनी सकेँ
तिम्री पत्नी साराले एउटा छोरो जन्माउनेछिन् जसको नाउँ
तिमीले इसहाक राख्नेछौ। म त्योसित करार गर्नेछु। त्यो
करार त्यस्तो हुनेछ उसका सबै सन्तानहरूसित सधैँको
निम्ति बाँचिरहने छ।
२०"तैले इश्माएलको कुरा गरिस अनि मैले त्यो
सुनें। म उसलाई आशीर्वाद दिन्छु। उसको धेरै सन्तानहरू
हुनेछन् अनि तिनी बाहजना महान राजकुमारहरूको पिता
हुनेछन् र तिनको परिवारहरूबाट एउटा महान् राष्ट्र
बनिनेछ। २१म मेरो करार इसहाकसित गर्नेछु। इसहाक
साराको छोरो हुनेछ। त्यो छोरो अर्को वर्ष यही समयमा
जन्मिनेछ।"
२२परमेश्वर अब्राहामसित कुरा गरिसकेपछि स्वर्गमा
जानु भयो। २३परमेश्वरले अब्राहामलाई सबै पुरुष
मानिसहरूको खतना गर्नु भनेको हुनाले तिनले इश्माएल
र तिनको घरमा भएका सबै कमाराहरूलाई सँगै भेला
गराए। अब्राहामले बाहिरबाट किनेर ल्याइएका
कमाराहरूलाई पनि सँगै भेला गराए। अब्राहामको घरमा
भएका सबै पुरुषहरूलाई भेला गराए अनि तिनीहरूको
खतना गरियो। अब्राहामले तिनीहरूलाई त्यही दिन
खतना गराए जुन दिन परमेश्वरले भन्नु भएको थियो।
२४जब खतना गरियो अब्राहाम उनान्सय वर्षका र
२५तिनको छोरो इश्माएल तेह वर्षका थिए। २६तिनको
छोरो इश्माएल र तिनको एकै दिन खतना गरियो।
२७त्यही दिन अब्राहामको घरमा जन्मेका कमाराहरू र
किनेर ल्याइएका कमाराहरूको पनि खतना गरियो।

### तीनजना पाहुनाहरू

१८ पछि फेरि परमप्रभुले अब्राहामलाई दर्शन दिनु
भयो। अब्राहाम मम्रेको फलाँटको रूखको
नजिक बस्दै थिए। एकदिन, दिउँसो एकदमै गर्मीको
समयमा अब्राहाम पालको ढोकामा बसेका थिए।
२अब्राहामले आँखा उठाएर हेरे र उनले तीन जना
पुरुषहरूलाई आफ्नो अगाड़ि उभिएको देखे। जब तिनले
तिनीहरूलाई देखे तिनी तिनीहरूको सामु गए अनि
नमस्कार गरे। ३अब्राहामले तिनीहरूलाई भने, "हे मेरा
महाशय म हजूरको दाससित केही बेर बस्नु
होस्। ४म तपाईंको पाउ धुनको निम्ति पानी लिएर
आउँछु। तपाईंहरू रुखमुनि विश्राम गर्नुहोस्। ५म
तपाईंहरूको निम्ति केही रोटी ल्याउनेछु र
तपाईंहरूको इच्छा अनुसार खान सक्नु हुन्छ। त्यसपछि
तपाईंहरू आफ्नो गन्तव्य स्थानतिर प्रस्थान गर्न सक्नु
हुन्छ।"

तीनैजनाले भने, "यो अति नै असल कुरो हो र तपाईं जस्तो ठीक सम्झनु हुन्छ त्यही गर्नुहोस्।"

६अब्राहाम लगतै पालभित्र पसे र सारालाई भने, "चाड़ो गरी मिहिन पीठोको तीनवटा रोटी बनाऊ।" ७तब फेरि अब्राहाम झट्टारिएर गाई-गोरुहरूको बथानतिर गई एउटा खाईलाग्दो असल बाछो ल्याएर झट्टै त्यसलाई मारी भोजन बनाउन नोकरलाई अह्राए। ८अब्राहामले ती तीनै जनालाई मासुको परिकार, केही दही र दूध टक्रायाए। जब तिनीहरू रुखमुनि बसेर खान लागे अब्राहाम तिनीहरूको नजिक त्यही उभिरहे।

९ती तीनजना मानिसहरूले अब्राहामलाई सोधे, "तिम्री पत्नी सारा कहाँ छिन्?"

अब्राहामले उत्तर दिए, "तिनी भित्र पालमा छिन्।"

१०तब परमप्रभुले भन्नुभयो, "म फेरि वसन्त ॠतुमा आउनेछु। त्यस समयमा तिम्री पत्नी साराले छोरो जन्माएकी हुनेछिन्।"

साराले पालबाट यी सब कुराहरू सुनिरहेकी थिइन। ११अब्राहाम र सारा निकै वृद्ध भइसकेका थिए। साराको सन्तान जन्मिने समय बितिसकेको थियो। १२यसर्थ उनले जे सुनिन त्यो विश्वास गरिनन्। तिनी आफू एक्लै हाँसिन र भनिन्, "म र मेरा पति दुवै वृद्ध भइसकेका छौं, मेरो गर्भ धारण गर्ने समय बितिसकेको छ।"

१३तब परमप्रभुले अब्राहामलाई भन्नुभयो, "किन सारा हाँस्छिन् र भन्छिन् उमेरले गर्दा तिनी गर्भधारण गर्न असमर्थ भएकी छिन। १४के परमप्रभुको निम्ति केही चीज गर्न गाह्रो छ? होइन! जब म वसन्तमा आउनेछु अनि तिम्री पत्नी साराले छोरो जन्माउनेछिन।"

१५तर साराले आफू, "नहाँसेको कुरो भनिन्।" तिनले डराएर त्यसो भनेकी हुन्।

तर परमप्रभुले भन्नुभयो, "होइन। तिमीले जे भन्यौ त्यो साँचो होइन। तिमी साँच्चै हाँस्यौ।"

१६तब ती मानिसहरू जानका लागि तर्खरमा उठे। तिनीहरूले सदोमतर्फ हेरे अनि त्यही दिशातर्फ हिँड़े। अब्राहाम तिनीहरूलाई बाटो देखाउन केही परसम्म गए।

### परमेश्वरसित अब्राहामको अन्तर्बिन्ती

१७परमप्रभुले आफैलाई भन्नुभयो, "के म अब के गर्नेछु अब्राहामलाई भनुँ? १८अब्राहाम एउटा महान र शक्तिशाली जाति बनिनेछन् अनि पृथ्वीका सबै मानिसहरू तिनको कारणले आशिष् पाउनेछन्। १९म अब्राहामसित राम्रो सम्बन्ध राख्न आएकोछु जसले गर्दा उ आफ्ना नानीहरू अनि सन्तानहरूलाई सही र स्वच्छ के हो त्यो गर्न सिकाउन सवछ ताकि तिनीलाई जे प्रतिज्ञा गरेको छ त्यो हुन दिन्छु।"

२०तब परमप्रभुले भन्नुभयो, "मैले धेरै पल्ट सुनेकोछु सदोम र गमोराका मानिसहरू साह्रै दुष्ट छन्। २१म त्यहाँ जान्छु अनि हेर्छु मानिसहरू जस्तो मैले सुनेकोछु त्यस्तै छन् छैनन्। तब म पक्का जान्नेछु।"

२२तब ती मानिसहरू फर्के अनि सदोम तर्फ हिँड्न थाले। तर अब्राहाम परमप्रभुकोअघि उभिए। २३तब अब्राहामले परमप्रभुतर्फ बढ़ेर सोधे, "परमप्रभु, के दुष्ट मानिसहरूलाई ध्वंश पार्दा धर्मी मानिसहरूलाई पनि ध्वंश पार्नु हुन्छ? २४यदि त्यहाँ पचास धर्मी मानिसहरू छन् भने त्यो शहरलाई नाश गर्नु हुन्छ? २५साँच्ची नै, तपाईंले शहर नष्ट पार्नु हुनेछैन। दुष्ट मानिसहरूलाई सर्वनाश पार्दा ती पचास जना मानिसहरूलाई ध्वंश पार्नु हुँदैन। यदि त्यस्तो भयो भने दुष्ट र राम्रा मानिसहरू एकै हुन्छन दुवै वर्गले सजाय भोग्ने छन निश्चय ब्रमाण्डका न्यायधिशले जे सही त्यही गर्नुहुन्छ।"

२६तब परमप्रभुले भन्नुभयो, "यदि मैले सदोममा पचास जना असल मानिसहरू पाएँ भने म सम्पूर्ण शहरलाई माफ गर्नेछु।"

२७तब अब्राहामले भने, "तपाईंको तुलनामा परमप्रभु म धूलो, र खरानी बराबर मात्र हुँ। तर तपाईंलाई विरक्त बनाउदै म एउटा प्रश्न फेरि गर्न पाउँ २८के यदि पाँच जना धर्मी मानिसहरू हराए अनि पैतालीस जना मानिसहरू असल छन भने पनि के ती पाँच जानले गर्दा सारा शहर नाश पार्नुहुन्छ?"

परमप्रभुले भन्नुभयो, "यदि मैले पैतालीस जना धर्मी व्यक्तिहरू पाए भने त्यो शहर नाश पार्ने छैन।"

२९अब्राहामले फेरि भने, "के यदि चालीसजना त्यहाँ असल भेटीए त्यो शहर नष्ट पार्नु हुन्छ?"

परमप्रभुले भन्नुभयो, "यदि मैले चालीस जना व्यक्तिहरू असल भेटे त्यो शहर नाश पार्नेछैन।"

३०तब अब्राहामले भने, "परमप्रभु दया गरी मसँग नरिसाउनु होस्। मलाई यो जान्न दिनु होस् यदि त्यस शहरमा तीस जना व्यक्तिहरू असल भेटे तपाईं के त्यो शहर नष्ट पार्नु हुन्छ?"

परमप्रभुले भन्नुभयो, "यदि मैले तीस जना व्यक्तिहरू असल भेट त्यो शहर नष्ट पार्ने छइन।"

३१तब अब्राहामले सोधे, "म मेरा परमप्रभुलाई विरक्त पार्दै फेरि प्रश्न गर्छु, यदि बीस जना मात्र असल मानिसहरू भेटे के गर्नु हुन्छ?"

परमप्रभुले उत्तर दिनु भयो, "यदि मैले बीस जना मात्र असल मानिसहरू भेटे म त्यो शहर नष्ट पार्ने छैन।"

३२तब अब्राहामले भने, "परमप्रभु, दया गरी मसँग नरिसाउनु होला, तर अन्तिम पटक तपाईलाई विरक्त पार्दै फेरि म प्रश्न राख्न चाहन्छु। यदि तपाईंले दश जना मात्र असल मानिसहरू भेटे के गर्नु हुन्छ?"

परमप्रभुले भन्नुभयो, "यदि दश जना मात्र पनि असल मानिसहरू भेटे म नाश पार्ने छैन।"

३३जब परमप्रभुले अब्राहमसित कुरा गरि सक्नु भयो
अनि जानु भयो। अनि अब्राहाम आफ्नो घर गए।

## लूतका पाहुनाहरू

१९ साँझमा दुइजना स्वर्गदूतहरू सदोम शहरमा
आए। त्यस बेला लूत सदोमको फाटकमा
बसिरहेका थिए। लूतले स्वर्गदूतलाई देखेर भेटन गए।
तब लूतले तिनीहरूको सामुन्ने निहुरेर दण्डवत गरे।
२तिनले भने, "महाशय, कृपा गरी तपाईंहरूको दासको
घरमा गई हात पाउ धोई रात त्यही बिताउनु होस र
बिहान चाँड़ै उठी आफ्नो स्थानको लागि बाटोतर्फ
प्रस्थान गर्नु होस्।"
ती स्वर्गदूतहरूले भने, "अहँ हामी बाटोमै रात
बिताउनेछौं।"
३तर लूतले तिनीहरूलाई आफ्नो घर लैजान अत्यन्तै
बिन्ती गरे, यसर्थ स्वर्गदूतहरू लूतको घरमा गए। तब
लूतले स्वर्गदूतहरूको निम्ति खाना तयार गरे अनि
खमीर नहालेको रोटी बनाए। र तिनीहरूले खाए।
४तिनीहरू सुत्न जानुअघि सदोम शहरका सबै मानिसहरू
आएर लूतको घर घेरे। ५तिनीहरूले उनलाई बोलाए
अनि भने, "राती तिम्रो घरमा आएका दुइ मानिसहरू
कहाँ छन्? तिनीहरूलाई बाहिर हामी भएकोमा ल्याऊ
जसले गर्दा तिनीहरूसित हामी संभोग गर्न चाहन्छौँ।"
६तब लूत बाहिर निस्केर घरको ढोका लगाए।
७त्यसपछि उनले भने, "हे मेरा साथीहरू, कृपा गरी
तिनीहरूसित नराम्रो व्यवहार नगर। ८सुन, कुनै पुरुषसित
सहवास नगरेका मेरो दुइ जना छोरीहरू छन्। म
तिमीहरूलाई सुम्पिदिनेछु र आफ्नो इच्छा अनुसार जे
गर्न मन लाग्छ तिनीहरूसित गर। तर यी मानिसहरू जो
मेरो घरमा आएका छन तिनीहरूलाई केही नगर,
तिनीहरूको रक्षा मैले गर्नु नै पर्छ।"
९घेरेका मानिसहरूले भने, "हामीलाई बाटो देऊ!
हाम्रो बाटोबाट पर सर।" तब सदोमका ती मानिसहरूले
भने, "यी मानिस हाम्रो शहरमा पाहुना भएर आएका हुन
अनि अहिले हाम्रो न्यायाधीश यी को हुन?" "अब हामी
तिमीसित तिनीहरूसित भन्दा अशिष्ट व्यवहार गर्ने
छौं।" त्यो भीड़ले लूतमाथि एकसाथ घचेटेर ढोका
भत्काएर खोल्ने चेष्टा गरे।"
१०तब ती भित्र भएका मानिसहरूले ढोका उघारे र
लूतलाई भित्र ताने र ढोका थुने। ११त्यसपछि तिनीहरूले
ती बाहिर घर घेरेर बस्ने सबै बूढ़ा-जवानहरूलाई अन्धा
बनाइ दिए। तब तिनीहरूले ढोका खोल्न असमर्थ भए।

## सदोमबाट भागे

१२तब ती भित्र भएका दुइजना मानिसहरूले लूतलाई
भने, "तिम्रो घरमा अरु कोही मानिसहरू छन्? तिम्रा
ज्वाँईहरू, छोरा-छोरीहरू अनि जो पनि यस शहरमा छन्
भने तिनीहरूलाई शहर छोड़्नु भनीदेऊ, १३शहर छोड़,
किनभने हामी यसलाई नाश गर्न लागेका छौं। परमप्रभुलाई
यो थाह भएकोछ यो शहर दुष्टहरूले भरिएको छ अनि
उहाँले हामीलाई यो शहर नाश गर्न पठाउनु भएको
छ।"
१४तब लूत बाहिर गए अनि आफ्नो ज्वाँईहरूलाई
भने, "उठ अनि यो शहर छोड़िदेऊ किनभने परमप्रभुले
यस शहरलाई नष्ट पार्नु हुँदैछ।" तर उसका ज्वाँईहरूले
सोचे उनी ठट्टा गरिरहेका छन्।
१५अर्को बिहानै उज्यालो हुन लाग्दा ती स्वर्गदूतहरूले
लूतलाई चाँड़ो गर्न लगाए। तिनीहरूले भने, "हेर, यो
शहरलाई दण्ड दिइन्छ। यसर्थ तिम्री पत्नी अनि छोरीहरू
जो यहाँ छन् तिनीहरूलाई लिएर शहरबाहिर जाऊ। यसो
गरे तिमीहरू यो शहरसितै नष्ट हुने छैनौ।"
१६तर लूतले शहर छोड्न आनाकानी गरे। उनी
दोमनमा परे। यसर्थ दुइजना स्वर्गदूतले उनलाई, उनकी
पत्नी र छोरीहरूलाई आफ्नो हातले समाते अनि
उनीहरूलाई सुरक्षित ठाउँमा लगे। परमप्रभु लूत अनि
उनको परिवारप्रति दयालु हुनु हुन्थ्यो। १७यसर्थ ती दुइ
स्वर्गदूतहरूले लूत र उनको परिवारलाई शहरदेखि बाहिर
पुऱ्याए। तिनीहरू शहरबाहिर आएपछि एकजना स्वर्गदूतले
भने, "अब तिमीहरूले शहरतिर फर्केर नहेर्नु, जीवन
सुरक्षाको निम्ति भाग, अनि कुनै ठाउँमा पनि नथामिनु
बेंसीमा कतै पनि नअड़िनु। जबसम्म पर्वतमा पुग्दैनौ
तिमीहरू भाग यदि थामियौ भने तिमीहरू शहरसितै
नष्ट हुनेछौ।"
१८तर लूतले ती दुई स्वर्गदूतहरूलाई भने, "महाशयहरू
हो, यति टाड़ासम्म भाग्न मलाई कर नलगाउनु होस्।
१९म तपाईंको दासप्रति तपाईंहरू मेरो बचाऊको निम्ति
अत्यन्तै दयालु हुनुहुन्छ। तर म यहाँदेखि पर्वतसम्म
भागेर जान सक्तिन। यदि म अत्यन्तै ढिलो भएर
पर्वतमा पुग्नु नसकेर केही हुनु गए भने? म मर्ने छु।
२०हेर्नुहोस! यस ठाउँको नजिकै एउटा एकदमै सानो
शहर छ र मलाई त्यहाँसम्म मात्र जानु दिनुहोस्। म
त्यस शहरसम्म भाग्नु सक्छु र सुरक्षित रहन्छु।"
२१स्वर्गदूतले लूतलाई भने, "हेर, म तिमीलाई त्यसो
गर्नु दिनेछु। म त्यो शहरलाई नाश पार्दिन। २२तर त्यहाँ
छिटो पुग। तिमीहरू त्यस शहर नपुगुन्जेलसम्म म
सदोम नाश पार्न सक्तिन।" (सानो शहर हुनाले यसको
नाउँ सोअर हो।)

## सदोम र गमोराको विनाश

२३घाम झुल्कदै गर्दा लूत सोअर शहरभित्र पस्दै
थिए। २४त्यति बेलै परमप्रभुले सदोम र गमोरालाई
नष्ट गर्न शुरु गर्नु भयो। परमप्रभुले आकाशबाट आगो
र जल्दै गरेको गन्धक त्यहाँ खसाल्नु भयो। २५यसरी
परमप्रभुले ती शहरहरू नष्ट पार्नु भयो। परमप्रभुले

समस्त बेंसी उद्भिदहरू र मानिसहरू सबै नष्ट
पार्नुभयो।
२६जब तिनीहरू भाग्दै थिए, लूतकी पत्नीले पछाड़ी
फर्केर शहरलाई हेरिन्। जब उनले फर्केर हेरिन तिनी
नूनको थुप्रोमा परिणत भइन्।
२७त्यसै दिन बिहानै अब्राहाम त्यस ठाउँमा गए जहाँ
तिनी परमप्रभुको सामुन्ने उभिएका थिए। २८अब्राहामले
सदोम र गमोरा शहरहरूतर्फ नजर डुलाएर त्यस बेंसीको
सम्पूर्ण भूमिलाई हेरे। त्यो प्रान्तबाट धूवाँको मुस्लो
गइरहेको तिनले देखे अनि त्यो तिनलाई भयंकर
आगोबाट निस्किएको धूवाँ जस्तो लाग्यो।
२९त्यस बेंसीको शहरहरूलाई परमेश्वरले नाश पार्नु
भयो। तर परमेश्वरले जब यस्तो गर्नु भयो उहाँले
अब्राहामलाई सम्भनु भयो र तिनको भतिजोलाई बचाउँनु
भयो। लूत बेंसीको शहरहरूमा बसो-बास गर्दथिए तर
शहरहरू नष्ट पार्नुअघि परमेश्वरले त्यहाँबाट बाहिर
भगाउनु भयो।

### लूत अनि तिनका छोरीहरू

३०लूत सोअरमा बस्न डराए र आफ्नी दुवै छोरीहरू
लिएर पर्वतको ओड़ारमा बस्न गए। ३१एक दिन
उनका जेठी छोरीले आफ्नो बहिनीलाई भनी, "संसारमा
कही पनि पुरुष र स्त्रीहरू विवाह गरेर आफ्नो सन्तान
उत्पन्न गर्छन। तर हाम्रा पिता वृद्ध भई सकेका छन्
अनि यहाँ वरिपरि हामीलाई सन्तान उत्पन्न गर्नका लागि
समर्थन गर्ने कोही छैन। ३२यसर्थ हामीले हाम्रो पितालाई
दाखरस पियाएर मताऊँ र तिनीसित सम्बन्ध गरौं। यसरी
हाम्रो परिवारलाई जीवित राख्न आफ्नो पितालाई प्रयोग
गर्न सक्छौ।"
३३त्यस रात यी दुइ दिदी-बहिनीहरूले आफ्नो पितालाई
मद्य दिएर पूरा मताए। तब दिदी चाहिँ आफ्नो पिताको
ओछ्यानमा गई अनि उनीसित सहवास गरी। लूत यति
मातेका थिए कति बेला छोरी आई र गई उनलाई
थाहा भएन।
३४अर्को दिन दिदीले आफ्नी बहिनीलाई भनिन्,
"हिजो राती, म हाम्रा पितासित सुतें। आज राती, फेरि
उनलाई मताऊँ अनि तिमी उनको ओछ्यानमा जान
सक्छौ अनि उनीसित शारीरिक सम्पर्क राख। यस
प्रकार हामी आफ्नो परिवारलाई नि:सन्तान हुनबाट
बचाउन सक्छौं।" ३५त्यस राती ती दुइ बहिनीहरूले
आफ्नो पितालाई दाखरस पियाएर मताए अनि सानी चाँहि
छोरी उनको ओछ्यानमा गई र सहवास गरी। तर फेरि
लूत यति साह्रो मातेका थिए कति बेला को केटी
उनको ओछ्यानमा सुत्न आई अनि उठेर गई उनलाई
पत्तै भएन।
३६लूतका दुबै छोरीहरू गर्भवती भए अनि तिनीहरूका
पिता तिनीहरूको नानीहरूका पिता थिए। ३७जेठी
छोरीले छोरो जन्माई र उसको नाउँ मोआब राखी।
मोआब आजका सबै मोआबी मानिसहरूको पिता हुन्।
३८सानी छोरीले पनि छोरो जन्माई र उसको नाउँ
बेनअमी राखी। बेनम्मी आजका सबै अम्मोनी मानिसहरूका
पिता हुन्।

### अब्राहाम गरार तिर जान्छन्

२० अब्राहामले त्यस ठाउँ छाड़ी नेगेब गए। अनि
तिनी गरार शहरमा बसे। यो शहर कादेश र
शूरको बिचमा पर्छ। २जब अब्राहाम गरार गए, तिनले
मानिसहरूलाई भने सारा तिनकी बहिनी हुन्। गरारका
राजा अबीमेलेकले यो सुने अनि सारालाई पत्नी बनाउनु
आफ्ना सेवकहरूलाई लिन पठाए। ३तर एक रात
परमेश्वर उनको सपनामा आउनु भयो अनि भन्नुभयो,
"हेर, तँ मरे जस्तै नै छस् किनभने जुन स्त्रीलाई तैंले
पत्नी बनाएको छस् तिनको पहिले विवाह भएको हो।"
४तर अबीमेलेक अझ सारासित सुतेका थिएनन्।
यसर्थ अबीमेलेकले भने, "हे परमप्रभु, म दोषी छैन।
के तपाईंले एक निर्दोष व्यक्तिलाई मार्नुहुन्छ? ५अब्राहाम
आफैले मलाई भने, 'ती स्त्री उनकी बहिनी हुन' अनि
स्त्रीले पनि भनिन्, 'त्यो मानिस तिनको दाज्यु हुन्।'
यस कारण म पूर्णत: निर्दोष छु अनि जे मैले गरे म
दोषी हुने छैन।"
६त्यसपछि परमेश्वरले अबीमेलेकलाई सपनामा
भन्नुभयो, "हो, म जान्दछु तिमी निर्दोष छौ। अनि म
यो पनि जान्दछु तिमीलाई थाहा थिएन तिमी के
गरिरहेका थियौ। तिमीलाई मैले बचाएँ। मैले तिमीलाई
मेरो विरुद्ध पाप गर्न दिइन। त्यो म नै हुँ जसले
तिमीलाई त्यस स्त्रीसित सुत्ने अनुमति दियो। ७यसर्थ
अब्राहामलाई उसकी पत्नी फर्काइ देऊ। अब्राहाम एक
अगमवक्ता हुन्। उनले तिम्रो निम्ति प्रार्थना गर्नेछन र
तिमी जीवित रहनेछौ। तर यदि तिमीले अब्राहामलाई
सारा फर्काएनौ भने म प्रतिज्ञा गर्छु तिमी मर्नेछौ। अनि
तिम्रा सबै परिवार तिमीसितै मर्नेछन्।"
८यसर्थ भोलिपल्ट एकाबिहानै अबीमेलेकले आफ्ना
सबै सेवकहरूलाई बोलाए अनि तिनीहरूलाई आफ्नो
सपनाको विषयमा बताए। उनका सेवकहरू साह्रैनै
भयभीत भए। ९त्यसपछि अबीमेलेकले अब्राहामलाई
बोलाएर भने, "तिमीले हाम्रो निम्ति किन यस्तो गरेका
छौ? मैले तिमीलाई के अनिष्ट गरेको थिएँ? तिमीले
मेरो राज्यमा निकै कष्ट ल्यायौ? तिमीले मसित यस्तो
नर्गनु पर्ने थियो। १०तिमी किन डराएका हौ? र किन
मसित तिमीले यस्तो व्यवहार गर्‍यौ?"
११तब अब्राहामले भने, "म डराएको थिएँ। मैले
सोचे यस भूमिमा कसैले पनि परमेश्वरको डर मान्दैन
होला यसर्थ मैले सोचें तिमीहरूले सारालाई पाउनका
निम्ति मलाई मार्ने छौ। १२त्यसमाथि, सारा मेरो बहिनी

पनि हुन्। तिनी मेरा पिताकी छोरी हुन् तर मेरी आमाकी
होइनन्। १३परमेश्वरले मलाई पिताको घरबाट टाढ़ो
पठाउनु भयो। उहाँले मलाई धरै अञ्चलहरूमा भ्रमण
गराउनु भयो। यही कारणले मैले सारालाई भने, 'यसरी
नै तिमीले मलाई यो दया गर्न सक्छौ मानिसहरूलाई
तिमी मेरी बहिनी हौ भन्नु।'"
१४तब अबीमेलेकले बुझे के भएको थियो। यसकारण
उनले सारा अब्राहामलाई फकाई दिए। अबीमेलेकले
अब्राहामलाई भेड़ा, बाख्रा गाई-गोरु तथा कमारा-कमारीहरू
पनि दिए। १५अबीमेलेकले भने, "यो मेरो देश हो।
तिम्रो वरिपरि हेर, तिमी जहाँ इच्छा गर्छौ त्यही बस्न
सक्छौ।"
१६सारालाई अबीमेलेकले भने, "मैले तिम्रो दाज्यू
अब्राहामलाई एक हजार चाँदीको टुक्राहरू दिएकोछु।
मैले यो देखाउन दिएको हुँ जो घट्ना भयो त्यसको
निम्ति म साहै नै दु:खी छु। प्रत्येकले जानून् तिमीले
कुनै भूल गरेकी छैनौ।"
१७त्यसपछि अब्राहामले परमप्रभुलाई प्रार्थना गरे,
अनि परमेश्वरले अबीमेलेक, उसकी पत्नी अनि उनकी
कमारीहरू सबैलाई स्वस्थ पार्नु भयो। १८किनभने
परमप्रभुले अब्राहमकी पत्नी सारासित भएको घटनाले
अबीमेलेकको घरमा भएका जम्मै महिलाहरूको गर्भ
बन्द गराएर तिनीहरूलाई सन्तान उत्पन्न गर्न अयोग्य
बनाइएको थियो।

## अन्तमा साराको निम्ति एउटा बालक

२१ परमप्रभुले सारालाई दया गर्ने प्रतिज्ञा गर्नु
भएको थियो। परमप्रभु आफ्नो प्रतिज्ञा अनुसार
साराप्रति दयालु हुनुभयो। २सारा गर्भवती भइन अनि
तिनले वृद्धावस्थामा अब्राहामको निम्ति एउटा छोरा
जन्माइन्। ठीक समयमा परमेश्वरले जे वचन दिनु
भएको थियो त्यो पुरा भयो। ३साराले तिनको निम्ति
एउटा छोरो जन्माएकी थिइन् उसको नाउँ
अब्राहामले इसहाक राखे। ४परमेश्वरको आज्ञा अनुसार
त्यो बालक आठ दिनको हुँदा अब्राहामले उसको खतना
गराए।
५अब्राहाम एक सय वर्ष पुग्दा उसको छोरो इसहाक
जन्मियो। ६अनि साराले भनिन्, "परमेश्वरले मेरो निम्ति
हाँसो ल्याउनु भएको छ, प्रत्येक मानिस जसले यो
सुन्छ मसँग हाँस्नेछ। ७कसैले पनि त्यो सोचेको थिएन
अब्राहामको बुढ़ेसकालमा साराले तिनलाई एउटा छोरो
जन्माउनेछिन्। तर मैले बूढ़ो अब्राहामको निम्ति छोरो
जन्माइ दिएँ।"

## घरैमा कष्ट

८इसहाक लगातर बढ़ी रह्यो र चाँड़ै खँदिलो खाना
खान शुरु गर्ने भयो। यसर्थ अब्राहामले एउटा ठूलो
भोज खुवाए। ९एकजना मिश्रकी कमारी हागारले
अब्राहामको पहिलो छोरो जन्माएकी थिइन्। सारा
दिक्क भइन जब उनले हागारको छोरासित आफ्नो छोरा
इसहाकलाई खेल्दै गरेको देखिन्। १०साराले अब्राहामलाई
भनी, "त्यो कमारी स्त्री र उसको छोरोलाई खेदि दिनु
होस, तिनीहरूलाई टाढ़ा पठाउनु पर्छ। जब हामी मर्छौ
हामीसँग जे छ हाम्रो छोरो इसहाकले पाउनेछ। म
चाहदिन कमारी स्त्रीको छोरो हाम्रा छोरो इसहाकको
अंशको हकदार होस्।"
११यसले अब्राहामलाई अत्यन्तै दु:खी बनायो र तिनी
आफ्नो छोरा इश्माएलको निम्ति चिन्तित भए। १२तर
परमेश्वरले अब्राहामलाई भन्नुभयो, "त्यो केटा र कमारी
स्त्रीको विषयमा तिमी चिन्ता नगर। जे साराले चाहन्छे
त्यही गर, इसहाक मात्र तिम्रो उत्तराधिकारी हुनेछ।
१३तर म तिम्रो कमारी स्त्रीको छोरालाई पनि आशीर्वाद
दिनेछु। उ पनि तिम्रो पुत्र हो। र उनले पनि आफ्नो
परिवारबाट एउटा विशाल राष्ट्र बनाउने छ।"
१४अर्को दिन बिहानै अब्राहामले केही खाने कुरा र
पानी ल्याए र हागारलाई दिए। हागारले ती कुराहरू
लिई अनि आफ्नो छोरा लिएर हिँड़ी। हागारले त्यो ठाउँ
छोड़ी अनि बेर्शेबाको मरुभूमिमा यता उता घुमी हिँड्न
थालिन्।
१५केही समयपछि मशकको पानी सिद्धियो र पिउने
पानी पनि थिएन। यसर्थ उनले आफ्नो छोरोलाई
पोथ्रोमुनि राखिन्। १६तब तिनी गइन् अनि आफ्नो
छोरादेखि केही पर बसिन्। तिनले आफैलाई यस्तो
भनिन्, म मेरो छोरालाई तिर्खाले मर्दै गरेको देख्न
चाहन्न। आफ्नो छोराको मृत्यु शोक सही नसक्नु
हुनेवाला थियो, तिनी आफ्नो छोराको लागि नराम्रो
घतले रून थालि।
१७परमेश्वरले हागारको छोरो रोएको सुन्नु भयो।
अनि स्वर्गबाट परमेश्वरका स्वर्गदूत हागार कहाँ आए।
उनले सोधे, "हागार तिमीलाई के कष्ट छ? परमेश्वरले
बालक रोएको सुन्नुभयो। १८जाऊ, अनि बालकलाई
सहायता गर उसको हात समात अनि सगँ-सँगै
हिँड़ाऊ। म उसलाई धेरै धेरै मानिसहरूको पिता
बनाउनेछु।"
१९परमेश्वरले हागारको आँखा यसरी उघारी दिनु
भयो उनले एउटा पानीको कूवा देखिन्। यसर्थ पानीको
कूवामा तिनी गइन् अनि पानीको मशक पहिले भरिन्,
त्यसपछि छोरोलाई पानी पिउन दिइन्।
२०जबसम्म हागारको छोरो ठूलो भएन परमेश्वर
ऊसँग नै रहनु भयो। इश्माएल मरुभूमिमा नै बस्यो र
त्यहाँ एक शिकारी भयो। उनले तीर चलाउन राम्ररी
सिकेको थियो। २१उसको आमाले मिश्र देशबाट उसको
निम्ति एउटी दुलही ल्याई दिइन्। इश्माएल पारान
मरुभूमिमा बसो-बास गर्न थाल्यो।

### अबीमेलेकसित अब्राहामको सन्धि

२२त्यही समय अबीमेलेक र उसको सेनापतिले
अब्राहामसित कुरा गरे। तिनीहरूले अब्राहामलाई भने,
"तिमी जे पनि गर्छौ परमेश्वरले तिमीलाई सघाउनु
हुन्छ। २३यसर्थ परमेश्वरको नाउँमा मलाई वचन देऊ
तिमी म र मेरा नानीहरूसित राम्रो व्यवहार गर्नेछौ।
वचन देऊ तिमी म अनि धरती प्रति जहाँ तिमी
बाहिरको मानिस जस्तो भएर बसेका छौ दयालु हुने
छौ। कसम पनि खाऊ तिमी म प्रति दयालु हुने छौ
जस्तो म तिमीप्रति छु।"

२४अब्राहामले भने, "म शपथ दिन्छु तिमीले मसित
जस्तो व्यवहार गरेका छौ त्यही व्यवहार म पनि
तिमीसित गर्नेछु।" २५तब अब्राहामले अबीमेलेकसित
नालिश गरे। उनले नालिश गरे कारण अबीमेलेकका
नोकरहरूले एउटा पानीको कूवा खोसेका थिए।

२६तर अबीमेलेकले भने, "म जान्दिन कसले यस्तो
काम गर्‍यो, तिमीले यस विषयमा मलाई भनेका
थिएनौ, नत्र मैले आज भन्दा पहिला नै थाहा पाएँ।"

२७यसकारण अब्राहाम र अबीमेलेकले एउटा सम्झौता
गरे। यस सम्झौताको चिन्ह स्वरुप अब्राहामले
अबीमेलेकलाई केही भेड़ाहरू र गाई वस्तुहरू दिए।
२८अब्राहामले सातवटा पाठी अबीमेलेकअघि राखि
दिए।

२९अबीमेलेकले अब्राहामलाई सोधे, "तिमीले यी
सातओटा पाठीहरू चाँहि किन अलग्गै राखेका छौ?"

३०अब्राहामले भने, "जब तिमीले मबाट यी सातवटा
पाठीहरू लिन्छौ तब यो प्रमाण हुन्छ त्यो कूवाँ मैले
खनाएको हो।"

३१यसकारण यस घटनापछि त्यस कूवाको नाउँ
बर्शेबा भयो। तिनीहरूले यस कूवाको नाउँ यस्तो राखे
किन भने यस भूमिमा जहाँ तिनीहरूले एक अर्कालाई
वचन दिएका थिए।

३२यस प्रकारले अब्राहाम र अबीमेलेकले बर्शेबामा
सम्झौता गरेका थिए। त्यसपछि अबीमेलेक अनि
उनको सेनापति पलिश्तीहरूको देशतिर फर्किए।

३३अब्राहामले बर्शोबामा एक विशेष रुख रोपे। त्यस
भूमिमा अब्राहामले परमप्रभु परमेश्वर जो सधैँ जीवित
हुनुहुन्छ उहाँसित प्रार्थना गरे। ३४अनि अब्राहाम बाहिरको
मानिस जस्तो भएर धेरै वर्षसम्म पलिश्तीहरूको देशमा
बसे।

### अब्राहाम, तेरो छोरोलाई मार

२२ ती कुराहरू भइसकेपछि परमेश्वरले अब्राहामको
जाँच लिने निर्णय लिनु भयो। परमेश्वरले
तिनलाई भन्नुभयो, "अब्राहाम!"

अनि अब्राहामले भने, "हजुर!"

२तब परमेश्वरले भन्नुभयो, "मोरीयाह भूमिमा तिम्रो
छोरोलाई लैजाऊ। मोरीयामा मेरो निम्ति बलिदान स्वरुप
तिम्रो छोरो बलि देऊ। तिम्रो छोरो चाँहि इसहाक हुनु
पर्छ तिम्रो एउटा छोरा जुन छोरालाई तिमी बढ़ी माया
गर्छौ। त्यहाँको कुनै एउटा पर्वतमा तिम्रो छोरोलाई
होमबलि चढ़ाऊ। कुन चाँहि पर्वतमा बलिदान चढ़ाउनु
पर्छ त्यो म बताउनेछु।"

३बिहान अब्राहाम उठे अनि गधामा लगाम कसे।
अब्राहामले आफूसँग छोरो इसहाक र दुइ जना नोकरहरू
पनि लगे। तिनले बलिको निम्ति दाउरा काटे अनि
परमेश्वरले बताउनु भएको ठाउँमा गए। ४तीन दिनसम्म
यात्रा गरेपछि अब्राहामले माथितिर हेरे अनि तिनीहरू
जानु पर्ने ठाउँ देखे। ५त्यसपछि अब्राहामले कमाराहरूलाई
भने, "गधासित यही पर्ख। म छोरोसित त्यस ठाउँमा
जानेछु, अनि उपासना गर्नेछौ। अनि केही बेरपछि
तिमीहरू भएको ठाउँमा हामी फर्कन्छौ।"

६अब्राहामले होमबलिको निम्ति दाउरा उठाएर छोरोको
काँधमा राखि दिए। तिनले एउटा विशेष काट्ने हतियार
र आगो पनि लगे। त्यसपछि अब्राहाम र तिनको छोरो
आराधना गरिने ठाउँमा गए।

७इसहाकले आफ्नो पिता अब्राहामलाई सोध्यो, "बुबा!"

अब्राहामले उत्तर दिए, "भन, छोरा।"

इसहाकले भने, "म दाउरा र आगो देख्छु तर होम
बलिको निम्ति दिनु पर्ने थुमाचाँहि कहाँ छ?"

८अब्राहामले उत्तर दियो, "छोरो परमेश्वर आफैले
बलिदानको निम्ति थुमा बन्दोबस्त गरिदिनु हुँदैछ।"

### इसहाक बाँच्यो

यसरी अब्राहाम र तिनको छोरो इसहाकसँगै बलि
दिने ठाउँमा पुगे। ९तिनीहरू त्यही निर्दिष्ट जग्गामा पुगे
जहाँ परमेश्वरले अह्राउनु भएको थियो। त्यहाँ अब्राहामले
वेदी बनाए अनि त्यसपछि वेदी माथि दाउरा राखेर
आफ्नो छोरोलाई बाँधी वेदीमाथि राखिएको दाउरामाथि
राखे। १०तब तिनले काट्ने हतियार लिएर इसहाकलाई
मार्न तत्पर भए।

११तर अब्राहामलाई परमप्रभुका स्वर्गदूतले बाधा दिए।
स्वर्गबाट स्वर्गदूतले बोलाए अनि भने, "अब्राहाम,
अब्राहाम!"

अब्राहामले उत्तर दिए, "हजूर।"

१२स्वर्गदूतले भने, "तिम्रो छोरोलाई नमार। उसलाई
कुनै प्रकारको चोट पनि नलागोस्। मैले साँच्चै नै थाहा
पाएँ तिमीले परमेश्वरलाई सम्मान गर्छौ अनि उहाँको
आज्ञा पालन गर्छौ। तिमीले आफ्नो एक मात्र छोरोलाई
मेरो निम्ति मार्न तयार भएको पनि मैले देखेँ।"

१३तब अब्राहामले त्यहाँ एउटा थुमा देखे। त्यो
भेड़ाको पाठाको सिँग पोथ्रामा अड्किएको थियो।
यसर्थ अब्राहामले त्यो थुमालाई मारे अनि आफ्नो
छोराको बलिको सट्टामा त्यसलाई परमेश्वरको बलिदानको

रूपमा चढ़ाए। १४यसकारण अब्राहामले त्यस ठाउँको
नाउँ, "यहोवा यिरे" राखे। आज पनि मानिसहरूले
भन्छन, "यस पर्वतमाथि परमप्रभुलाई देखिन सकिन्छ।"
१५परमप्रभुका स्वर्गदूतले दोस्रो पल्ट अब्राहामलाई
बोलाए। १६ती स्वर्गदूतले भने, "तिमीले मेरो निम्ति
आफ्नो छोरो मार्न तत्पर थियौ, यसर्थ तिमीले यस्तो
गरेको हुनाले म यो प्रतिज्ञा गर्छु। १७म तिमीलाई साँचो
रुपले आशीर्वाद दिन्छु। म तिमीलाई आकाशका ताराहरू
भन्दा धेरै सन्तान दिन्छु। तिम्रा मानिसहरू समुद्रको
किनारमा भएको बालुवाको कणभन्दा पनि वेशी हुनेछन्।
अनि ती तिम्रा मानिसहरू आफ्ना आफ्नो शत्रुहरूका
शहरहरू जितेर बस्नेछन्। १८अनि तिम्रा सन्तानहरूले
संसारका सबै राष्ट्रहरूले आफ्ना निम्ति आशीर्वादको
रूपमा पाउनेछन्। म यसै गर्नेछु किनभने तिमीले मेरा
आज्ञाहरू मानेकाछौ।"
१९त्यसपछि अब्राहाम आफ्नो नोकरहरू भएको ठाउँमा
गए। तिनीहरू सबै बर्शेबा फर्के अनि अब्राहाम त्यहाँ
धेरै समयसम्म बसे।
२०तब अब्राहामले खबर पाए, "उनको भाइ नाहोर
र उनकी स्वास्नी मिल्कासित पनि नानीहरू थिए।
२१तिनीहरूको जेठो छोराको नाउँ ऊज, माहिलो छोराको
नाउँ बूज र साइलोको नाउँ कमूएल थियो। कमूएल
आरामका पिता हुन्। २२तब त्यहाँ केसेद, हजो,
पिलदाश यिदलाप र बतूएल थिए।" २३बतूएल रिबेकाको
पिता थिए। मिल्काह यी आठजना छोराहरूकी आमा
थिइन्, अनि नाहोर पिता थिए। नाहोर अब्राहामको भाइ
थिए। २४नाहोरको उसकी नोकर्नी रूमबाट पनि अन्य
चार छोराहरू थिए, ती छोराहरू तेबह, गहम, तहस र
माका थिए।

## साराको मृत्यु

२३ सारा एक सय सत्ताइस वर्षसम्म बाँचिन्।
२अनि कनान देशको किर्यतअर्बा (हेब्रोन)
शहरमा मरिन्। अब्राहाम आफ्नी पत्नीको मृत्युमा दुःखी
भए अनि उनको निम्ति रोए। ३त्यसपछि अब्राहामले
आफ्नी मरेकी स्वास्नीलाई छोड़ेर हित्ती मानिसहरूसित
कुरा गर्न गए। ४उनले भने, "म यस प्रदेशको बासिन्दा
होइन। यहाँ त म केवल यात्री हुँ यसर्थ मेरी पत्नीको
लाश गाड्नुको निम्ति कही जग्गा छैन, म अलिकति
जग्गा चाहन्छु म त्यो लाश गाड़न सकूँ।"
५ती हित्ती मानिसहरूले अब्राहामलाई उत्तर दिए,
६"महाशय सुन्नु होस, तपाईं हामीहरूमाझ परमेश्वरका
एकजना मानिस हुनुहुन्छ यसर्थ हाम्रो चिहान घारीमा
तपाईं जहाँ मन पराउनु हुन्छ त्यहाँ फिक्री नगरी आफ्नो
पत्नीको लाश गाड़न सक्नु हुन्छ। तपाईंकी पत्नीको
लाश गाड़न यहाँ हामी मध्ये कसैले पनि बाधा दिन
सक्तैनौ।"
७अब्राहाम उठे अनि मानिसहरूको सामुन्ने शिर
निहुराए। ८तिनले तिनीहरूलाई भने, "यदि तपाईंहरू
साँच्चै मेरी पत्नीको लाश गाड़नको निस्ति सहायता गर्नु
हुन्छ भने मेरो कुरा सुन्नु होस र सोअरको छोरो
एप्रोनसित मेरो निम्ति कुरा गरिदिनु होस्। ९उसलाई
भन्नु होस उसको खेतको आखिरमा मक्पेलाको ओड़ार
छ र उनले मलाई त्यो मेरो दाममा चिहान बनाउन
दियोस्।"
१०एप्रोन तिनीहरू कै बीचमा थियो। उनले अब्राहामलाई
उत्तर दियो। ११"होइन, महाशय। म तपाईंलाई जमीन
दिनेछु। यी सब मानिसहरूकोअघि म तपाईंलाई ओड़ार
दिनेछु जसको फलस्वरूप तपाईंले त्यस जग्गामा आफ्नी
पत्नीको लाश गाड्न सक्नु हुन्छ।"
१२तब अब्राहामले हित्ती मानिसहरूको अघि शिर
निहुराए। १३ती सबै मानिसहरूको सम्मुख अब्राहामले
एप्रोनसित भने, "तर म त खेतको पुरै मोल दिन
चाहन्छु। मैले दिएको दाम स्वीकार गर्नु होस्। म मेरा
मर्नेहरूलाई त्यहाँ गाड्छु।"
१४एप्रोनले अब्राहामलाई उत्तर दियो, १५"हे महाशय
मेरो कुरा सुन्नु होस्। त्यस जग्गाको दाम त चार सय
चाँदीको शेकेल हुन सक्छ जो तपाईं र मेरो निम्ति यो
कुनै ठूलो कुरा होइन। तपाईंले आफ्नी पत्नीको मृत
देह त्यहाँ गाड़नु होस्।"
१६अब्राहामले एप्रोनको कुरा माने अनि हित्ती
मानिसहरूको सामुन्ने तिनले चार सय सिक्का चाँदी
तौलीएर जमीनको धन्धा गर्ने व्यापारीको हातमा थमाई
दिए।
१७-१८यसरी एप्रोनको खेतको मालिक बद्लिएर
अब्राहाम बनिए। त्यो जग्गा मम्रेको पूर्व मक्पेलामा
थियो र त्यसभित्र भएका ओड़ार र रूखहरू थिए।
शहरका सबै मानिसहरू जो शहरको फाटकमा भेला
भएका थिए, तिनीहरूले एप्रोन र अब्राहाम बीच भएको
सौदा देखे। १९तब अब्राहामले उनकी पत्नीको मृत
शरीरलाई मक्पेलाको चउरमा कनान देशको हेब्रोन
(मम्रे) को छेऊमा गुफामा गाड़े। २०अब्राहामले त्यो
जमीन र ओड़ार हित्ती मानिसहरूको अघि किने अनि
त्यो तिनको कानूनी रुपले भयो अनि तिनले त्यो जमीन
चिहान घारीको निम्ति प्रयोग गरे।

## इसहाककी पत्नी

२४ अब्राहाम दीर्घ जीवन बाँचे अनि अत्यन्तै
वृद्धा भएका थिए र त्यो समय भरि तिनले
गरेका प्रत्येक कुरालाई परमप्रभूले आशीर्वाद दिनु भयो।
२अब्राहामको सबभन्दा पुरानो अनि प्रमुख सेवक तिनको
प्रत्येक चीजको जिम्मेवार थियो। अब्राहामले उसलाई
आफू भएको ठाउँमा बोलाए अनि भने, "तेरो हात मेरो
तिघ्रामुनि राख। ३अब म चाहन्छु तैले मलाई एउटा

वचन दे। पृथ्वी अनि स्वर्गका परमप्रभु परमेश्वरको
अघि तैले मलाई वचन दे कनान देशकी कुनै पनि
कन्यासित मेरो छोरोको विवाह हुन दिने छैनस्। हामी
तिनीहरूको वीचमा बस्छौं तर तैले कनानी कन्यासित
उसलाई विवाह गर्न दिने छैनस्। ४तँ तेरो आफ्नै देशमा
गएर मेरो छोरो इसहाकको निम्ति एउटी कन्या लिएर
आइज।"
५त्यस नोकरले अब्राहामलाई भने, "हुन सक्छ
कन्याले मसँग यहाँ आउने इच्छा गरिनन् भने के म
तपाईंको छोरोलाई मेरो देशमा लैजाऊँ?"
६अब्राहामले उसलाई भने, "होइन, तैले मेरो छोरोलाई
त्यस देशमा नलैजा। ७परमप्रभु, स्वर्गका परमेश्वरले
मलाई मेरो जन्म थलोबाट यस भूमिमा ल्याउनुभयो।
त्यो देश मेरो पिता अनि उनको परिवारको निम्ति
थियो। तर परमप्रभुले म र मेरो परिवारलाई यो नयाँ
भूमि दिने प्रतिज्ञा गर्नु भयो। परमप्रभु आफैले तिमीलाई
लिएर जानका लागि एकजना स्वर्गदूत पठाउनु ताकि
मेरो छोरोले बेहुली रोज्न सक्छ अनि यहाँ ल्याउछ।
८तर यदि केटीले तिमीसँग आउन अस्वीकार गर्छे भने
तिमी आफ्नो वचन पूरा गर्नका लागि बाध्य हुनु पर्ने
छैन्। "त्यहाँ मेरो छोरालाई न लैजाऊ।"
९यसर्थ त्यो नोकरले आफ्नो हात आफ्ना मालिक
अब्राहामको तिध्रा मुनि राखेर कसम खाए।

## खोज शुरू हुन्छ

१०त्यो नोकरले अब्राहामबाट दशवटा ऊँट लियो
अनि ऊ त्यस ठाउँबाट हिँड्यो। नोकरले धेरै प्रकारको
राम्रा-राम्रा उपहारहरू लिएर गयो। ऊ नाहोरको शहर
मेसोपोटामिया गयो। ११त्यो नोकर शहर बाहिरको
कूवामा गयो जहाँ साँझमा स्त्रीहरू पानी लिन घरबाट
बाहिर आउँथे। त्यस नोकरले त्यहाँ ऊँटहरूलाई घुँडा
टेकाएर बसायो।
१२त्यस नोकरले भने, "हे परमप्रभु! तपाईं मेरा
मालिक अब्राहामको परमेश्वर हुनुहुन्छ। आज उनको
छोरोको निम्ति मलाई एउटी दुलही हासिल गराई दिनु
होस्। कृपा गरी मेरा मालिक अब्राहामको निम्ति यति
गरिदिनु होस्। १३म यहाँ पानीको कूवाको छेउमा बस्छु
अनि पानी लिनको निम्ति कन्याहरू शहरबाट आइरहेका
छन्। १४म विशेष एउटा चिन्हको निम्ति हेरिरहनेछु
जसद्वारा म जान्न सकू कुन चाँहि केटी इसहाकको
निम्ति असल हुन सक्छे। यो एउटा विशेष चिन्ह हो:
म कन्यालाई भन्नेछु 'दया गरी पानीको गांग्री तल राख
म पानी पिउन सकू।' जब त्यस कन्याले भन्छिन, 'लौ
पानी खाऊ, म तपाईंको ऊँटलाई पनि पानी दिन्छु,' तब
मलाई यो पक्का हुन्छ त्यो कन्या इसहाकको निम्ति
योग्य छे। यदि यस्तो भयो भने तपाईंले प्रमाणित गराई
दिनु हुन्छ त्यो कन्या इसहाकको निम्ति योग्य हुन्छे
अनि म पनि यो सम्झनेछु तपाईंले मेरा मालिक
अब्राहामको निम्ति दया गर्नु भयो।"

## एउटी दुलही पाइयो

१५तब नोकरको प्रार्थना शेष हुनअघि नै रिबेका नाउँ
भएकी एउटी कन्या त्यहाँ आई। रिबेका बतूएलकी
छोरी थिइ। बतूएल अब्राहामको भाइ नाहोर अनि
मिल्काको छोरो थियो। रिबेका आफ्नो काँधमा पानीको
गाग्रो लिएर कूवामा आएकी थिइन। १६तिनी अत्यन्तै
सुन्दरी तरुणी थिइन जो सँग कुनै मानिस सुतेका
थिएनन्। तिनी आफ्नो गाग्रीमा पानी भर्न कूवाको
नजिक आइन्। १७तब त्यो नोकर त्यस केटी भएकोमा
दगुरेर पुग्यो अनि भने, "दया गरी तिम्रो गाग्रीबाट मलाई
पानी पिउन देऊ।"
१८रिबेकाले तुरन्तै काँधबाट गाग्री तल राखेर उसलाई
पानी पिउन दिइ। उनले भनी, "महाशय, पानी पिउनुहोस्।"
उनले त्यस नोकरलाई केही पानी पिउन दिइ शेष मात्र
गरेकी थिइ। १९उनले भनी हालीन, "म तपाईंको
ऊँटहरूको निम्ति पनि केही पानी दिन्छु।" २०त्यसपछि
रिबेकाले गाग्रीमा रहेको पानी सबै ऊँटहरूको निम्ति
पिउन राखिएको द्रोणिकामा खन्याई। तब ऊ पानी
ल्याउनु कूवामा गई अनि सबै ऊँटहरूलाई पानी खुवाई।
२१त्यस नोकरले रिबेकालाई राम्ररी हेर्‍यो। त्यो
निश्चित हुन चाहन्थ्यो परमप्रभुले उसको प्रार्थना सुन्नुभयो
र उसलाई उत्तर दिनु भयो अनि उसको यात्रा सफल
पारिदिनु भयो। २२ऊँटहरूले पानी खाईसके पछि उनले
रिबेकालाई आधा शेकेल तौलको सुनको एउटा नत्थी र
दश शेकेल तौलको सुनको दुइवटा बालाहरू पनि
दियो। २३त्यस नोकरले उसलाई सोध्यो, "तिम्रा पिता
को हुनुहुन्छ? अनि के उहाँको घरमा मेरो दललाई बास
बस्ने ठाउँ छ?"
२४रिबेकाले उत्तर दिइ, "मेरा बुबा बतूएल हुनुहुन्छ।
उहाँ मिल्का र नाहोरका छोरा हुनुहुन्छ। तपाईंका
ऊँटहरूको निम्ति पराल र तपाईंको निम्ति बास बस्ने
ठाउँ छ।" २५उनले फेरि भनिन्, "हजुर हामीसंग पराल
र चारो दुवै अनि तपाईंहरूको लागि सुत्न एउटा कोठा
पनि छ।"
२६त्यो नोकर निहुरियो अनि परमप्रभुको उपासना
गर्‍यो। २७त्यसले भने, परमप्रभु मेरा मालिकका परमेश्वर,
तपाईं धन्य हुनुहुन्छ। परमप्रभु मेरा मालिकको निम्ति
दयालु तथा विश्वस्त हुनु भएको छ। मेरा मालिकको
छोरोको निम्ति योग्य केटी भएकोले मलाई परमप्रभुले
डोर्‍याएर ल्याउनु भयो।"
२८तब रिबेका दगुरेर गई अनि आफ्नो परिवारलाई
यो विषय वृतान्त बताई। २९रिबेकाको दाज्यू थियो।
उसको नाउँ लाबान थियो। रिबेकाले त्यस मानिसले
भनेको सबै कुरा सुनाई। ३०लाबानले उनले भनेको

सुनिरहेको थियो अनि जब उनले रिबेकाको नाकमा
सुनको नत्थ र हातमा बालाहरू देख्यो ऊ कूवामा दगुर्दै
गए। अनि त्यहाँ कूवामा त्यो मानिस आफ्नो ऊँटहरूको
नजिक उभिरहेको थियो।

**३१**लाबानले भने, "महाशय, तपाईं यहाँ बाहिर
नउभिनुहोस, तपाईंलाई हाम्रो घरमा स्वागत छ। विश्राम
गर्न मैले तपाईंको निम्ति एउटा कोठा र ऊँटहरूलाई
बस्ने ठाउँ ठीक पारेकोछु।"

**३२**यसर्थ अब्राहामको सेवक लबनानको घरभित्र गए
अनि ऊँटहरूबाट भारी झार्न सगायो। उसले ऊँटहरूका
लागि पराल ल्यायो। उनले पानी पनि तयार राख्यो
ताकि सेवक अनि मानिसहरू जो उनीसँग थिए आफ्नो
गोड़ा धुन सकुन। **३३**लाबानले त्यस नोकरलाई खानु
पनि दियो तर उनले खानु मानेन र भने, "म यहाँ किन
आएको हुँ, जबसम्म म त्यो बताउँदिन, म खाने छैन।"
यसकारण लाबानले भने, "तब हामीलाई भन्नुहोस्,
किन आउनु भएको हो?"

## रिबेकाको विषयमा कुराकानी

**३४**त्यस नोकरले भने, "म अब्राहामको एकजना
नोकर हुँ। **३५**परमप्रभुले मेरा मालिकलाई धेरै आशीर्वाद
दिनुभएको छ। मेरा मालिक महान मानिस हुनु भएकोछ।
परमप्रभुले अब्राहामलाई धेरै बगाल बाख्राहरू र धेरै
बथान गाई-वस्तु दिनु भएकोछ। अब्राहामको धेरै धेरै
ऊँटहरू र गधाहरू छन् दास-दासी र सुन-चाँदीहरू पनि
निकै नै छन्। **३६**सारा मेरा मालिक अब्राहामकी पत्नी
थिइन अनि तिनले वृद्धावस्थामा एउटा छोरो जन्माइन र
मेरा मालिकले उनीसँग भएका प्रत्येक चीज आफ्नो
छोरोलाई दिएका छन्। **३७**मेरा मालिकले मलाई एउटा
शपथ गर्न कर लाउनु भयो। मेरो मालिकले मलाई
भन्नुभयो, 'तिमीले मेरो छोरोलाई कनानी केटी विवाह
गर्न नदिनु। हामी यद्धपि तिनीहरूकै माझमा बस्छौं तर
म छोरोले कनानी केटी विवाह नगरोस भन्ने चाहन्छु।
**३८**यसर्थ तिमी मेरो आफ्नो पिताको भूमिमा जानेछौ र
हाम्रो सन्तान भित्रबाट उसको निम्ति एउटी कन्या केटी
रोजेर ल्याउने छौ।' **३९**मैले मालिकलाई भने, 'हुन
सक्छ कन्या मसित यो देशमा नआउलीन।' **४०**तर मेरा
मालिकले मलाई भन्नुभयो, 'म परमप्रभुको सेवा गर्छु,
अनि परमप्रभुले आफ्नो स्वर्गदूत तँसित पठाउनु हुन्छ
अनि तलाईं सहायता गर्नु हुन्छ। मेरो मानिसहरूबीच नै
तैले मेरो छोरोको निम्ति एउटी दुलही पाउनेछस्। **४१**तर
मेरो पिताको देशमा मेरा मानिसहरूले यदि मेरो छोरोको
निम्ति दुलही दिन अस्वीकार गरे भने तँ यो शपथबाट
मुक्त हुनेछस्।'

**४२**"आज मैले यो कूवामा आएर परमप्रभुसित बिन्ती
गरेँ 'हे परमप्रभु, मेरा मालिकका परमेश्वर, दया गरी
मेरो यो यात्रा सफल तुल्याइदिनु होस्। **४३**म यहाँ यस
कूवा नजिक उभिएर पानी भर्न आउने केटीलाई पर्खिनेछु।
तब म भन्नेछु, "मलाई तपाईंको गाग्रोबाट पानी पिउन
दिनु होस्।" **४४**योग्य केटीले विशेष प्रकारले उत्तर
दिन्छे। उनले भन्छे, "यो पानी पिउनु होस-अनि म
तपाईंका ऊँटलाई पनि पानी दिन्छु।" त्यस प्रकारले म
चाल पाउनेछु परमप्रभुले मेरा मालिकको छोरोको निम्ति
रोज्नु भएको दुलही यही केटी हुनु पर्छ।'

**४५**"मेरो प्रार्थना शेष हुनु अघि अचम्म हेर; रेबेका
कूवामा पानी भर्न आइन्। कूवामा पानी भर्न आउँदा
उनको काँधमा एउटा गाग्री थियो। मैले उनलाई
अलिकति पानी मागेँ। **४६**उनले झट्टै आफ्नो काँधबाट
गाग्रो तल झारिन अनि मलाई पानी दिइन्। तब उसले
भनिन्, 'यो पिउनु होस् अनि तपाईंका ऊँटहरूको निम्ति
केही अरु पनि पानी दिइ।' **४७**त्यसपछि मैले उनलाई
सोधेँ, 'तिम्रा बाबु को हुन्?' तिनले भनिन्, 'मेरा बाबु
बतूएल हुन्, मिल्का र नाहोरका छोरा।' तब मैले
उनलाई नत्थी र पाखुरामा लाउने बालाहरू दिएँ।
**४८**मैले मेरो शिर झुकाएर परमप्रभुलाई धन्यवाद चढ़ाएँ,
मैले परमप्रभु मेरा मालिकका परमेश्वरलाई धन्यवाद
दिएँ। मलाई सोझै मेरा मालिकको भाइकी नातिनीकोमा
पुर्‍याइदिनु भएकोमा मैले परमप्रभुलाई धन्यवाद दिएँ।
**४९**अब भन्नु होस, के तपाईं मेरा मालिकप्रति कृपालु
अनि विश्वासी भई उनका छोरोलाई तपाईंकी छोरी दिनु
हुन्छ? अथवा उसलाई तपाईंकी छोरी दिनु हुन्छ? भन्नु
होस मलाई त्यसपछि मैले के गर्नु पर्छ म बुझ्नेछु।"

**५०**त्यसपछि लाबान र बतूएलले उत्तर दिए, "हामीले
थाहा पायौ यो सब परमप्रभुबाट नै भइरहेकोछ, यसर्थ
यसकुरालाई बदली गर्ने विषयमा हामी केही पनि भन्न
सक्तैनौ। **५१**रिबेका यहीँ छे, यसलाई लिएर जाऊ।
उनले तिम्रा मालिकका छोरोसित विवाह गरोस्। परमप्रभु
यही चाहनु हुँदोरहेछ।"

**५२**जब अब्राहामको नोकरले त्यो सुन्यो ऊ परमप्रभुअघि
भूइँमा निहुरियो। **५३**त्यसपछि उनले ल्याएका उपहारहरू
रिबेकालाई दियो। उनले राम्रो लुगाहरू र सुन चाँदीका
गहनाहरू दियो। उनले रिबेकाको आमा र दाज्यूलाई
पनि बहुमूल्य उपहार दियो। **५४**त्यसपछि त्यो नोकर र
ऊसँगै पुगेको मानिसले खाइपिइ गरेर त्यहीँ रात
बिताए। बिहान मात्र चाँड़ै उठेर तिनीहरूले भने, "अब
हामी मालिककहाँ जानै पर्छ।"

**५५**रिबेकाकी आमा र दाज्यूले भने, "रिबेका हामीसितै
केही समयको निम्ति बसोस। हामीसित त्यो दश
दिनसम्म बसोस् र त्यसपछि जान सक्छे।"

**५६**तर नोकरले तिनीहरूलाई भने, "मलाई पर्खनु
नलाउनु होला। परमप्रभुले मेरो यात्रा सफल पार्नु
भएकोछ। मलाई मेरा मालिककहाँ फर्केर जानु दिनुहोस्।"

**५७**रिबेकाको दाज्यू र आमाले भने, "हामी रिबेकालाई
बोलाउनेछौ र उनले के गर्न चाहन्छे सोध्नेछौं।"

५८तिनीहरूले रिबेकालाई बोलाएर भने, "के तँ यी मानिसहरूसँगै अहिले नै जान चाहन्छेस्?"

रिबेकाले भनिन्, "अँ, म जानेछु।"

५९यसकारण तिनीहरूले रिबेकालाई अब्राहामको नोकर अनि उसका साथीहरूसित जान दिए। रिबेकाकी सहेली पनि उसैसँग लागीन। ६०जब तिनीहरू जानु तत्पर भए तब तिनीहरूले भने,

"ए हाम्री बहिनी, तिमी हजारौं हजार जनको जननी बन, र तिम्रो सन्तानले शत्रुहरूलाई हराओस्, अनि तिनीहरूको शहरहरू कब्जा गरुन्।"

६१त्यसपछि रिबेका र उसको सहेलीहरू ऊँटमा चढ़ेर अघि लागे अनि अब्राहामको नोकर र उसको साथीहरू तिनीहरूको पछि लागे। यसरी त्यो नोकरले रिबेकालाई आफूसँगै लिएर घर फर्कने यात्रा शुरु गरे।

६२त्यस बेला इसहाकले बेर-लहै-रोई छोड़ेर नेगेवमा बस्न शुरु गरेको थियो। ६३एक साँझ इसहाक मैदानमा घूमि रहेको थियो। इसहाकले आँखा उठाएर हेऱ्यो अनि धेरै टाड़ोमा ऊँटहरू आउँदै गरेको देख्यो।

६४रिबेकाले नजर घुमाई अनि इसहाकलाई देखी। तब तिनी ऊँटबाट ओर्लिन। ६५उनले नोकरलाई सोधी, "हामीहरूसित भेट गर्न त्यहाँ मैदानमा घूमिरहने जवान केटो को हो?"

त्यो नोकरले भने, "यो मेरो मालिकको छोरो हो।" यति सुनेपछि रिबेकाले आफ्नो अनुहार छोपिन्।

६६जुन कुराहरू भएका थिए नोकरले इसहाकलाई सबै वृतान्त बतायो। ६७तब इसहाकले केटीलाई आफ्नो आमाको पालमा लग्यो। त्यही दिन इसहाकले रिबेकालाई विवाह गऱ्यो। ऊ रिबेकालाई अत्यन्तै प्रेम गर्थ्यो। यसकारण आफ्नी आमाको मृत्यु पछि उनले धेरै सान्त्वना पायो।

## अब्राहामको परिवार

२५ अब्राहामले फेरि विवाह गरे अनि तिनकी नयाँ पत्नीको नाउँ कतुरा थियो। २कतुराले जिम्रान, योक्षान, मदान, मिद्यान यिशबाक र शूहालाई जन्माइन। ३योक्षान, शबा अनि ददानका बुबा थिए। ददानका सन्तानहरू, अश्शूरी, लतूशी अनि लऊम्मी हुन। ४एपा, एपेर, हनोक अबीदा अनि एल्दा मिद्यानका छोराहरू थिए। अब्राहाम र कतुराको विवाहबाट यी नानीहरू भए। ५-६अब्राहामको मृत्यु हुनु अघि नै आफ्नो नोकर्नीहरूका छोराहरूलाई केही उपहारहरू दिए अनि तिनीहरूलाई पूर्वतिर पठाइदिए। तिनीहरूलाई इसहाकदेखि टाढ़ा पठाइदिए। त्यसपछि आफूसँग जे जति थियो अब्राहामले इसहाकलाई दिए।

७अब्राहाम एक सय पचहत्तर वर्षसम्म स्वस्थ थिए। ८त्यसपछि तिनी दुर्बल भए अनि मरे। तिनी धेरै वर्षसम्म आनन्दपूर्वक बाँचे। तिनलाई तिनका पुर्खाहरूसितै गाड़ियो। ९तिनका छोराहरू इसहाक अनि इश्माएलले तिनलाई मक्पेलाको ओड़ारमा गाड़े। यो ओड़ार सोअरको छोरो एफ्रोनको खेतमा थियो। यो मम्रेको पूर्वमा थियो। १०यो त्यही ओड़ार थियो जुन अब्राहामले हित्ती मानिसहरूबाट किनेका थिए। अब्राहाम र तिनकी पत्नी सारालाई त्यही ओड़ारमा गाड़े। ११अब्राहामको मृत्यु भएपछि परमेश्वरले इसहाकलाई आशीर्वाद दिनुभयो अनि तिनी बेर-लहै-रोईमा बसिरहे।

१२इश्माएलको परिवारको सूची यही हो। इश्माएल अब्राहाम र हागारको छोरो थिए। हागार साराकी मिश्र देशी कमारी थिइन् १३इश्माएलका छोराहरूको नाउँ यस प्रकार थियो। पहिलो छोरो नबायोत थियो। त्यसपछि जन्मनेहरू सूची अनुसार केदार, अबदेल, मिब्साम, १४मिश्मा, दुमा, मस्सा, १५हदद, तेमा, यतूर, नपीश अनि केदमा थिए। १६तिनीहरूको पर्खालभित्र र बाहिरको सम्झौता अनुसार यिनीहरू इस्राएलका छोराहरू थिए। १७इश्माएल एक सय सैंतीस वर्षसम्म बाँचे। त्यसपछि उनको मृत्यु भयो। अनि उनलाई उनका आफन्तहरू गाड़ेको ठाउँमा गाड़ियो। १८इश्माएलका सन्तानहरू समस्त मरुभूमिको इलाकामा बसे। यिनीहरूको इलाका हवीलादेखि शूरको नजिक मिश्रको सीमा र यसको पनि अघि अश्शूरको किनारसम्म थियो। तिनीहरू घुमी हिंड़े अनि आफ्नो दाज्यू-भाइ, सन्तानहरू र भूमिमाथि आक्रमण गरिरहे।

## इसहाकको परिवार

१९इसहाक अब्राहामको छोरो थियो र यो तिनको वृत्तान्त कथा हो। २०जब इसहाक चालीस वर्षका भए उनले रिबेका नाउँकी कन्यासित विवाह गरे। रिबेका पद्दन-आराम भनिने ठाउँकी थिइन् अनि अरामी बतूएलकी छोरी र अरामी लाबानकी बहिनी थिइन्। २१इसहाककी पत्नी रिबेका बाँझी थिई। यसर्थ इसहाकले आफ्नी पत्नीका निम्ति परमप्रभुसित प्रार्थना गरे। परमप्रभुले तिनको प्रार्थना सुन्नु भयो अनि रिबेका गर्भवती भइन्।

२२जब रिबेका गर्भवती भएकी भइन्, उनले आफ्नो गर्भमा भएको शिशुबाट अत्यन्तै कष्ट सहनु पऱ्यो। उनको गर्भमा भएको शिशुहरू गर्भभित्रै आपसमा एका-अर्कामा लड़ाइँ गर्थे। रिबेकाले परमप्रभुसित प्रार्थना गरिन् अनि भनिन्, "मसित यस्तो किन भइरहेकोछ?" २३परमप्रभुले उनलाई भन्नुभयो, "तिम्रो कोखमा दुइवटा राष्ट्रहरू छन्। दुइवटा राष्ट्रका राजाहरू तिमीबाट जन्मनेछन् र तिनीहरू छुट्टिनेछन्। एउटा छोरो अर्को छोरोभन्दा शक्तिशाली हुनेछ अनि जेठाले कान्छाको सेवा गर्नेछ।" २४अनि जब समय पूरा भयो त रिबेकाले जुमल्याहा छोरा जन्माइन्। २५पहिलो छोरो रातो वर्णको थियो अनि उसको छाला भुत्लाले बनिएको लुगा जस्तो थियो।

यसर्थ उसको नाउँ एसाव राखियो। २६जब दोस्त्रो छोरो जन्म्यो। उनले पहिलो छोरो एसावको कुर्कुच्चा बलियोसित समातेको थियो। यसैले उसको नाउँ याकूब राखियो। एसाव र याकूब जन्मदा इसहाक साठी वर्ष पुगेका थिए।

२७केटाहरू हलहली बढ़े। एसाव एकजना सिपालु शिकारी भयो अनि ऊ मैदानतिरै बस्न मन पराउँथ्यो। तर याकूब शान्त स्वभावको थियो अनि पाल भित्रै बस्थ्यो। २८इसहाकले एसावलाई मन पराउँथिए अनि उनले मारेको जनवारहरूको मासु खान रुचाउँथिए। तर रिबेकाले याकूबलाई माया गर्थीन्।

२९एकदिन एसाव शिकारबाट थाकेर भोकले हत्तु भएर फर्केर आयो। याकूब एक भाँड़ा सिमी उसिनिरहेको थियो। ३०यसर्थ एसावले याकूबलई भने, "म भोकले दुर्बल भइरहेकोछु। मलाई त्यो केही रातो सिमी खान देऊ। (यही कारणले मानिसहरूले उसलाई एदोम भन्ने गर्द थिए।)

३१तर याकूबले उनलाई भने, "पहिला तिमीले मलाई जेठा छोराको जन्म अधिकार बेच्नु पर्छ।"

३२एसावले भने, "म भोकले मर्न आँटिकोछु। यदि म मरेँ भने मेरो बाबुको सबै सम्पत्तिले पनि केही सहायता गर्न सक्तैन। यसर्थ मँ मेरो अंश दिइहाल्छु।"

३३तर याकूबले भने, "पहिले मलाई वचन दे तैंले मलाई त्यो दिन्छस।" यसकारण एसावले याकूबलाई वचन दियो। एसावले आफ्नो बाबुको सम्पत्तिको आफ्नो ज्येष्ठ-अधिकार याकूबलाई बेचि दियो। ३४तब याकूबले एसावलाई रोटी र भोजन दियो। एसावले खायो, र हिड़्यो। यस प्रकारले एसावले यो देखायो आफू पहिलो छोरो भएकोमा उसलाई आफ्नो ज्येष्ठ-अधिकारको कुनै पर्वाह छैन।

## इसहाकले अबीमेलेकसित भूटो कुरा गर्छन

२६ एकपल्ट त्यहाँ अनिकाल भयो। यो अनिकाल पनि तस्तै प्रकारको थियो जुन अब्राहामको समयमा भएको थियो। यसर्थ इसहाक गरार शहरमा पलिश्ती राजा अबीमेलेककहाँ गए। २परमप्रभुले इसहाकसित कुरा गर्नु भयो। उहाँले इसहाकलाई भन्नुभयो, "मिश्र देश नजाऊ, त्यस ठाउँमा जाऊ जुन म तिमीलाई देखाउनेछु। ३त्यही देशमा बस तब म तलाईं सहायता गर्नेछु। म तलाईं आशिर्वाद दिनेछु। तेरो परिवार र तलाईं यो सबै देश दिनेछु। म त्यही गर्नेछु जुन मैले तेरो बाबु अब्राहामलाई वचन दिएको थिएँ। ४म तेरो परिवारलाई आकाशका ताराहरू जस्तै बनाउनेछु। अनि यी सबै भूमिहरू तेरो परिवारहरूलाई दिनेछु? पृथ्वीका सबै राष्ट्रहरूले तेरा सन्तानहरूद्वारा आशीर्वाद पाउँनेछन्। ५म यस्तो यसैले गरिरहेकोछु किनभने तेरो बाबु अब्राहामले मेरो आज्ञा पालन गरे अनि मैले जे जे भने ती सब गरे। अब्राहामले मेरो आज्ञा, मेरो विधिहरू र मेरो नियमहरूको पालन गरे।"

६इसहाक गरारमै बसे। ७इसहाककी पत्नी रिबेका अत्यन्तै सुन्दरी थिइन। त्यस ठाउँका मानिसहरूले इसहाकलाई रिबेकाको विषयमा सोधे। इसहाकले भने, "यो मेरो बहिनी हो।" इसहाकले रिबेकालाई आफ्नो पत्नी हो भन्न डरायो। इसहाक रिबेकालाई पाउँनुको निम्ति मानिसहरूले उसलाई मार्न सक्छन् भनेर डराउँथ्यो।

८जब इसहाक त्यहाँ धेरै दिनसम्म बसे तब एक दिन अबीमेलेकले आफ्नो झ्यालबाट हेरे अनि इसहाक रिबेकासित जिस्की रहेको देखे। ९अबीमेलेकले इसहाकलाई बोलाए अनि भने, "यो आइमाई तेरी पत्नी रहेछ, तर तैंले हामीलाई किन तेरो बहिनी हो भनेर भनिस्?"

इसहाकले उसलाई भने, "म डराएँ कतै तिमीले उसलाई आफ्नो बनाउनुको निम्ति मलाई मार्नेछौ।"

१०अबीमेलेकले भने, "तिमीले हाम्रो निम्ति नराम्रो काम गऱ्यौ। हाम्रा कोही पनि मानिस तिम्री पत्नीसित सुत्न सक्थ्यो। तब त्यो मानिस ठूलो पापको दोषी हुने थियो।"

११तब अबीमेलेकले सबै मानिसहरूलाई चेतावनी दिए अनि भने, "तिनीहरूले त्यस मानिस र तिनकी पत्नीलाई नोक्सान नपुऱ्यानु। यदि कसैले तिनीहरूलाई नोक्सान पुऱ्याउँछ भने उसलाई निश्चय नै मारिनेछ।"

## इसहाक धनी बनिन्छन्

१२इसहाकले त्यस भूमिमा खेती गरे अनि त्यस वर्ष धेरै नै फसल उब्जाए। परमप्रभुले उसलाई धेरै आशिष दिनु भयो। १३इसहाक धनी भए। उनले त्यस बेलासम्म सम्पत्ति बटुली बसे जब सम्म उसँग धेरैभन्दा धेरै सम्पत्ति भएन। १४ऊसित धेरै बगाल अनि हूल गाई बस्तुहरू थिए। कमारा-कमारीहरू पनि उनकोमा धेरै नै थिए। सबै पलिश्तीहरू ऊ सँग आरीस गर्थे। १५यसैले धेरै वर्ष अघि इसहाकका बाबु अब्राहाम र तिनका नोकरहरूले बनाएका कूवाहरू पलिश्तीहरूले ध्वंश पारिदिए। पलिश्तीहरूले कूवाहरूमा मैला हालेर भरिदिए। १६अनि अबीमेलेकले इसहाकलाई भने, "हाम्रो देश छोड़ी देऊ। तिमी हामी भन्दा धेरै शक्तिशाली भएकाछौ।"

१७यसर्थ इसहाकले त्यो भूमि छोड़िदिए अनि गरारको उपत्यकामा बसे। १८त्यस समयभन्दा धेरै अघि अब्राहामले धेरै कूवाँहरू खनाएका थिए। जब अब्राहामको मृत्यु भयो, पलिश्तीहरूले सबै कूवाहरूमा माटो हालेर पुरिदिए। यसर्थ इसहाक त्यहाँ गएर फेरि ती कूवाहरू खानाए अनि उनका बाबु अब्राहामले जे जे नाउँ ती कूवाहरूको राखेका थिए तीनै नाउँ राखे। १९इसहाकका नोकरहरूले पनि त्यो सानो नदीको नजिक एउटा कूवा खने। त्यस कूवाबाट पानीको एउटा मूल बग्न थाल्यो। २०तर जो

मानिसहरूले गरार बेंसीमा भेड़ा चराउँथे, तिनीहरूले इसहाकका गोठालासित झगड़ा गरे। तिनीहरूले भने, “यो पानी हाम्रो हो।” यसर्थ इसहाकले त्यस कूवाको नाउँ एसेक राखे। उनले त्यस कूवाको नाउँ त्यस कारण राखे किनभने त्यही जग्गामा ऊसित ती मानिसहरूले झगड़ा गरेका थिए।

२१त्यसपछि इसहाकका नोकरहरूले अझ अर्को एक कूवा खने। त्यस जग्गाका मानिसहरूले पनि त्यस कूवाको निम्ति झगड़ा गरे। यसर्थ इसहाकले त्यस कूवाको नाउँ पनि सित्ना राखे।

२२इसहाक त्यहाँबाट गए अनि फेरि अर्को कूवा खनाए। तर त्यहाँ कूवाको विषयमा कोही पनि झगड़ा गर्न आएनन्। यसर्थ इसहाकले त्यस कूवाको नाउँ रहोबोत राखे। इसहाकले भने, “अहिले परमप्रभुले हाम्रो निम्ति स्थान पाउनु भएछ।” हामी अघि बढ़नेछौ अनि सफल हुनेछौं।”

२३त्यस भूमिबाट इसहाक बेर्शेबा गए। २४त्यस रात परमप्रभुले इसहाकसित कुरा गर्नु भयो। परमप्रभुले भन्नुभयो, “म तेरो बाबु अब्राहामका परमेश्वर हुँ। नडरा, म तँसित छु र म तलाईं आशीर्वाद दिनेछु। मेरो दास अब्राहामको कारणले म तेरो परिवारलाई विशाल बनाउनेछु।” २५यसर्थ त्यस ठाउँमा इसहाकले एउटा वेदी बनाए अनि परमप्रभुको आराधना गरे। इसहाकले त्यहाँ एउटा पाल अनि त्यहाँ उसका नोकरहरूलाई एउटा कूवा पनि खनाए।

२६अबीमेलेक इसहाकलाई भेट्न गरारबाट आए। तिनीसँग आफ्नो सल्लाहकार अहुज्जत र सैन्य सेनापनि पीकोललाई पनि ल्याएको थिए।

२७इसहाकले सोध्यो, “तिमी मलाई भेट्न किन आयौ? तिमी त मसित मैत्री सम्बन्ध राख्दैन थियौ। तिमीले मलाई आफ्नो देश त्याग्नु पनि बाध्य गराएको थियौ।”

२८उसले उत्तर दियो, “अब हामीले बुझ्यौ परमप्रभु तिमीसित हुनुहुन्छ। हामी चाहन्छौ तिमीसित हाम्रो एउटा सम्झौता होस्। हामी चाहन्छौं तिमीले हामीलाई एउटा वचन देऊ। २९हामीले तिमीलाई कुनै नोक्सान गरेका थिएनौ र अब तिमीले वचन दिनु पर्छ तिमीले पनि हाम्रो केही नोक्सान गर्ने छैनौ। हामीले तिमीलाई पठायौ तर हामीले शान्तिसितै पठायौं। अब यो निश्चित छ परमप्रभुले तिमीलाई आशीर्वाद दिनु भएको छ।”

३०त्यसकारण इसहाकले तिनीहरूलाई उधुय-भोज दिए। तिनीहरू सबैले खाए अनि पिए। ३१अर्को दिन बिहान तिनीहरू प्रत्येक मानिसले कसम खाए अनि त्यसपछि इसहाकले तिनीहरूलाई शान्तिसित विदा दिए अनि तिनीहरू पनि सकुशल फर्के।

३२त्यसदिन इसहाकका नोकरहरू आए तिनीहरूले खनेको कूवाहरूको विषयमा बताए। नोकरहरूले भने, “हामीहरूले ती कूवाहरूबाट पानी पियौ।” ३३यसकारण इसहाकले त्यसको नाउँ शिबा राखे र अहिले पनि त्यस शहरको नाउँ बेर्शेबा भनिन्छ।

### एसाव र उनका पत्नीहरू

३४जब एसाव चालीस वर्ष पुगे उनले हित्ती स्त्रीहरूसित विवाह गरे। एक जना बेरीकी छोरी यहूदीत थिइन् अर्की एलोनकी छोरी बासमत थिइन्। ३५यी विवाहले इसहाक अनि रिबेकाको मन दुःखले भरिदियो।

### पैतृकधनखी समस्या

२७ इसहाक बूढ़ा भइसकेका थिए र उनका आँखा यति कमजोर भएका थिए उनले राम्ररी देख्न सक्तैन थिए। एक दिन आफ्नो जेठा छोरा एसावलाई बोलाएर भने, “हे मेरो छोरा।”

एसावले उत्तर दिए, “भन्नु होस, बाबु।”

२इसहाकले भने, “हेर, म बूढ़ा भइसकेकोछु। हुन् सक्छ अब म चाँड़ै मर्नेछु। ३अब तँ मेरो निम्ति धनु काँड़ लिएर शिकार खेल्न जा र एउटा जनावर मारेर। ४मेरो निम्ति स्वादिष्ट भोजन बनाएर मलाई दे, म खान्छु। तब म मर्नुभन्दा पहिले तलाईं आशीर्वाद दिन्छु।” ५यसर्थ एसाव शिकार खेल्न गए।

### याकूबले चलाखी गर्छ

जति बेला इसहाकले एसावसँग ती कुराहरू गरे रिबेकाले सुनिरहेकी थिइ। ६रिबेकाले आफ्नो छोरो याकूबलाई भनिन्, “सुन! तेरो बाबु र दाज्यू कुरा गरिहेको मैले सुनें। ७तेरो बाबुले भने, ‘मेरो निम्ति एउटा जनावर मार। मेरो निम्ति भोजन बना र म खानेछु। त्यसपछि म मर्नुभन्दा पहिले तलाईं आशीर्वाद दिनेछु।’ ८यसर्थ मेरा कुरा सुन छोरो, र म जसो भन्छु त्यसै गर। ९आफ्ना बाख्राहरू भएको ठाउँमा जा र दुइवटा मजाका बाख्राहरू लिएर आइज। म तिनीहरूबाट यस्तो स्वादिष्ठ भोजन तयार पार्नेछु जस्तो तेरो बाबुले मन पराउँछन्। १०त्यसपछि तैले तेरो बाबुलाई भोजन पुऱ्याउन र उनको मृत्युअघि तलाईं आशीर्वाद दिनेछन्।”

११तर याकूबले आफ्नी आमालाई भने, “मेरा दाज्यू रौ नै रौ भएको मानिस हुन् म तिनी जस्तो रौं नै रौं भएको मानिस होइन। १२यदि मेरा बुबा मलाई छुनु हुन्छ, तब उनीले थाह पाउनेछन्, म एसाव होइन। उनले मलाई आशिर्वाद दिने छैनन्। किनभने मैले उनीसँग हिंडने प्रयत्न गरें।”

१३यसर्थ रिबेकाले उसलाई भनिन्, “यदि केही झमेला उब्जेको खण्डमा म त्यसको दोष स्वीकार्नेछु। मैले भनेको मान अनि गएर दुइवटा छिप्पिएका बाख्राहरू लिएर आइज।”

१४यसर्थ याकूब बाहिर गए अनि दुइवटा बाख्राहरू
समाते अनि आमाकहाँ ल्याए। उनकी आमाले मासुको
उसका बुबाले मन पराउने तरकारी पकाइन। १५त्यसपछि
रिबेकाले उसको जेठा छोरोले लगाउन मन पराउँने
पोशक ल्याईन। उनले आफ्नो कान्छो छोरो याकूबलाई
त्यो पशोक लगाउन दिईन। १६रिबेकाले बाख्राको
पाठाका छालाहरू याकूबको गाला अनि हातमा बाँधिदिई।
१७तब उनले याकूबलाई आफूले पकाएको स्वादिष्ट
भोजन अनि पोलेको रोटी दिईन।

१८याकूबले आफ्नो बाबुको नजिक गएर भने,
"बुबा।"

अनि उसको बाबुले सोधे, "के छोरो, तँ को होस्?"

१९याकूबले आफ्नो बुबालाई भने, "म तपाईंको
जेठो छोरो एसाव हुँ। तपाईंले जे भन्नुभयो मैले त्यही
गरेँ। अब उठनुहोस् अनि मैले शिकार गरी मारेको
मृगको मासुको स्वाद चाख्नु होस् ताकि तपाईंले मलाई
आशिष दिनुहुन्छ।"

२०तर इसहाकले आफ्नो छोरालाई भने, "तैंले यति
चाँड़ो शिकार खेली कसरी जनावरहरू मारिस्?"

याकूबले भने, "किनभने परमप्रभु परमेश्वरले मलाई
झट्टै नै शिकार फेला पारिदिनु भयो।"

२१तब इसहाकले याकूबलाई भने, "मेरो छोरो, मेरो
छेऊमा आइज त, यदि मैले छोएँ भने म जान्न सक्छु
साँच्चै तँ मेरो छोरो एसाव नै होस्।"

२२यसर्थ याकूब आफ्नो बाबु इसहाक छेऊमा गए।
इसहाकले छोए अनि भने, "तेरो आवाज याकूबको
जस्तो सुनिन्छ, तर तेरा पाखुराहरू रौले भरिएकोले
एसाव जस्तै लाग्छ।" २३इसहाकले यो याकूब नै हो
भनी चिन्न सकेनन् किनभने उसको पाखुराहरू एसावको
झैँ थियो। यसर्थ इसहाकले याकूबलाई आशीर्वाद दिए।

२४इसहाकले सोधे, "के तँ साँच्चै मेरो छोरो एसाव
होस्?"

याकूबले उत्तर दिए, "हो, म एसाव नै हुँ।"

## याकूबको निम्ति आशीर्वाद

२५तब इसहाकले भने, "मलाई खाने कुरो ल्याइदे।
म त्यो खानेछु अनि तलाईं आशीर्वाद दिनेछु।" याकूबले
इसहाकलाई खान दिए अनि तिनले खाए। त्यसपछि
याकूबले तिनलाई केही दाखरस पनि दिए अनि उनले
पिए।

२६त्यसपछि इसहाकले उनलाई भने, "मेरो छोरो,
मेरो नजिके आएर मलाई चुम्बन गर"। २७तब याकूबले
आफ्नो बाबुको नजिक गएर चुम्बन गरे। इसहाकले
तिनका लुगाहरूको गन्ध सुँघे र उनलाई आशीर्वाद
दिए। इसहाकले भने,

"मेरो छोरो परमप्रभुबाट आशीर्वाद पाएको खेतको
सुगन्ध झैँ होस्।

२८परमप्रभुले तलाईं धेरै वर्षा दिऊन जसले गर्दा
तलाईं धेरै अन्न र दाखरसहरू प्राप्त होस्।

२९सबै मानिसहरूले तेरो सेवा गरुन। राष्ट्र तेरो अघि
झुकोस्। तँ आफ्नो दाज्यू-भाइहरूको शासक हुनेछस्।
तेरी आमाका छोराहरू, तँ अघि झुक्नेछन् अनि तेरो
आज्ञा पालन गर्नेछन्। प्रत्येक मानिस जसले तलाईं सराप
दिन्छ उसले सराप पाउँछ, अनि प्रत्येक मानिस जसले
तलाईं आशीर्वाद दिन्छ, उसले आशीर्वाद पाउँछ।"

## एसावलाई "आशीर्वाद"

३०इसहाकले याकूबलाई आशीर्वाद दिने काम पूरा
गरे। याकूबले आफ्नो बाबु इसहाकलाई छोड़ेर गएको
मात्र थिए एसाव शिकारबाट फर्केर आए। ३१एसावले
आफ्नो बुबाले मन पराउने परिकारको मासु तयार पारे
अनि बुबाकहाँ ल्याए। उनले आफ्नो बुबालाई भने,
"बुबा" म तपाईंको छोरो हुँ। उठ्नु होस अनि मृगको
मासु चाख्नु होस ताकि तपाईं मलाई आशिष दिनु सक्नु
हुन्छ।

३२तर इसहाकले उसलाई सोधे, "तँ को होस?"

उनले उत्तर दिए, "म तपाईंको छोरो हुँ, एसाव।
तपाईंको जेठो छोरो।"

३३तब इसहाक छक्क परेर कामे अनि भने, "त्यो
को थियो जसले तँ आउनु भन्दा अघि नै मासु ल्यायो?
मैले सबै खाँए अनि त्यसलाई आशीर्वाद दिएँ। अब
आशीर्वाद फर्काउन अत्यन्तै ढिलो भयो।"

३४एसावले आफ्नो बाबुको कुरा सुने। तिनी अत्यन्तै
क्रोधित भए अनि दु:खी भए। तिनी चिच्याए अनि
बाबुलाई भने, "बुबा, तब मलाई पनि आशीर्वाद
दिनुहोस्।"

३५इसहाकले भने, "तेरो भाइले मसित धूर्त्याइँ गर्‍यो।
त्यो आयो अनि तैलेँ पाउने आशीर्वाद लिएर गए।"

३६एसावले भने, "उसको नाउँ याकूब हो। यो नाउँ
उसको निम्ति उपयुक्त छ। उनले मसित दुइ पल्ट
चलाखी गर्‍यो। उनले मबाट जेठो छोरोको अधिकार
खोस्यो अनि अहिले मैले पाउँने आशीर्वाद लग्यो।"
त्यसपछि एसावले भने, "मेरो निम्ति केही आशीर्वाद
साँच्नु भएको छ?"

३७इसहाकले उत्तर दिए, "छैन, अब एकदमै ढिलो
भयो। मैले याकूबलाई तँमाथि शासन गर्ने शक्ति दिएँ।
उसका सबै दाज्यू-भाइहरू उसको नोकर हुनेछन् पनि
भनेँ। अनि मैले उसको निम्ति धेरै अन्न फलोस् अनि
दाखरस होस् भनेर आशीर्वाद दिएँ। अब तेरो निम्ति
मेरोमा केही छैन।"

३८तर एसावले आफ्नो बाबुलाई आशीर्वाद मागिरह्यो।
"के तपाईंसित खाली एउटै मात्र आशीर्वाद छ, बुबा?
बुबा! मलाई पनि आशीर्वाद दिनुहोस!" एसाव रुन
थाले।

३९तब इसहाकले उनलाई भने, “तँ मलिलो भूमिमा
बस्न पाउने छैनस्। तैले आकाशबाट शीत सम्म पनि
पाउने छैनस्।
४०तैंले बाँच्नको निम्ति संघर्ष गर्नु पर्छ। अनि तँ
आफ्नो भाइको कमारा बनिनेछस्। तर तैले स्वाधीन हुन
युद्ध गर्ने छस्। तैले उसको नियन्त्रणलाई भत्काउने
छस्।”
४१यस आशीर्वादको कारणले त्यसपछि एसावले
याकूबलाई घृणा गर्न थाले। एसावले मनमा सोचे, “मेरा
बाबु अब चाँडै मर्नु हुन्छ, अनि त्यसपछि उनको शोक
गर्ने समय आउनेछ, तर त्यसपछि म उसलाई मार्नेछु।”
४२एसावको याकूबलाई मार्ने योजना रिबेकाले सुनिन्।
उनले याकूबलाई बोलाइन अनि भनिन्, “सुन, तेरो
दाज्यू एसावले तलाईं मार्ने षड्यन्त्र रचिरहेको छ।
४३यसर्थ, छोरो, म जे भन्छु त्यही गर। मेरो दाज्यू
लाबान हारानमा छ, तँ त्यहाँ जा अनि लुक। ४४त्यहाँ
उसित केही समयको निम्ति बस। जब सम्म दाज्यू
रिसाउन छाड्दैन त्यतिञ्जेल तँ त्यही बस। ४५केही
समयपछि तेरो दाज्यूले तैंले उनलाई के गरिस भुल्नेछ।
त्यसपछि तलाईं लिन म नोकरहरू पठाउनेछु। म एकै
दिनमा दुइवटा छोराहरू हराउनु चाहदिनँ।”
४६तब रिबेकाले इसहाकलाई भनिन्, “तिम्रो छोरो
एसावले हित्ती आइमाईहरू विवाह गरेको छ। म यी
आइमाईहरूसित विरक्त भइसकेकी छु, कारण यी
आइमाईहरू हाम्रा समाजका होइनन्। यदि याकूबले पनि
ती आइमाईहरूबाट नै कसैसित विवाह गरे, म पनि
मरिहाल्नेछु।”

## याकूब पत्नीको खोजीमा

२८ इसहाकले याकूबलाई बोलाए अनि उनलाई
आशीर्वाद दिए। त्यसपछि इसहाकले उनलाई
आज्ञा दिए। उनले भने, “तैंले कनानी आइमाईहरू
विवाह गर्ने छैनस्। २यसर्थ यस ठाउँलाई छाड़ेर पद्दन-
आराममा। तेरी आमाको माइती घर जा। तेरी आमाको
दाज्यू लाबान त्यहाँ बस्छन्। उनको छोरीहरू मध्ये एक
जनासित विवाह गर। ३म प्रार्थना गर्छु जसले गर्दा
सर्वशक्तिमान परमेश्वरले तलाईं आशीर्वाद दिनु हुनेछ
अनि तेरो घेरै सन्तान हुनेछन्। म प्रार्थना गर्छु तँ एउटा
महान राष्ट्रको पिता हुनेछस्। ४म प्रार्थना गर्छु, परमेश्वरले
अब्राहामलाई झैँ तलाईं अनि तेरा सन्तानलाई आशीर्वाद
दिनु हुनेछ। अनि म प्रार्थना गर्छु तँ जहाँ बसेको छस्
त्यही भूमि तेरो हुनेछ। परमेश्वरले अब्राहामलाई दिनु
भएको भूमि त्यही हो।”
५यसर्थ इसहाकले याकूबलाई रिबेकाको दाज्यूको
घरमा पठाए। यसर्थ याकूब अरामी बतूएलको छोरो
लाबान कहाँ गए। लाबान रिबेकाको दाज्यू थिए।
रिबेका एसाव र याकूबकी आमा थिइ।
६एसावले बुझे उसका बाबु इसहाकले याकूबलाई
आशीर्वाद दिए। अनि एसावले बुझे विवाह गर्नको
निम्ति याकूबलाई इसहाकले पद्दन-आराम पठाए। एसावले
बुझे इसहाकले याकूबलाई कनानी आइमाई विवाह
नगर्नु भनी आदेश दिएका छन्। ७अनि एसावले बुझे
याकूबले आमा-बाबुको कुरा मानेर पद्दन-आराम गए।
८एसावले बुझे उनका छोराहरूले कनानी आइमाईहरू
विवाह गरेको मन पराउँदैनन्। ९एसावकी दुइ पत्नीहरू
थिए। तर एसाव इश्माएलकहाँ गए र उनकी छोरी
महालथसँग विवाह गरे। इश्माएल अब्राहामका छोरा
थिए र महलथ नबायोतकी बहिनी थिइन्।

## परमेश्वरको घर-बेतेल

१०याकूब बर्शेबा छोड़ेर हारानतिर लागे। ११याकूबले
आफ्नो यात्रा शुरु गर्दा घाम डुबि सकेको थियो। यसर्थ
रात बिताउनको लागि याकूब एउटा ठाउँमा गए।
याकूबले त्यहाँ एउटा चिहान देखे अनि सुत्नको लागि
त्यसैमा आफ्नो शिर राखे। १२याकूबले सपना देखे।
एउटा सिड़ी पृथ्वीदेखि स्वर्गलोक सम्म पुगेको थियो।
याकूबले स्वर्गदूतहरू त्यस सिँढ़ीमा तल र माथि
गरिरहेको देखे। १३याकूबले स्वर्गदूतहरूलाई यस लिस्नुमा
चढ़ेको र ओर्लेको देखे। उनले परमप्रभुलाई आफ्नो
छेऊमा उभिएको देखे। परमप्रभुले भन्नुभयो, “म तिम्रो
बाजे अब्राहामको परमेश्वर हुँ। म इसहाकको परमेश्वर
हुँ। म तिमीलाई त्यो भूमि दिनेछु जहाँ तिमी सुतिरहेका
छौ। म त्यो भूमि तिमी र तिम्रा सन्तानहरूलाई दिनेछु।
१४तेरा सन्तानहरू त्यति विध्न हुनेछन जति पृथ्वीमा
धूलोको कण छ। तिनीहरू पूर्व, पश्चिम, उत्तर अनि
दक्षिणतिर फैलिएर बस्नेछन्। पृथ्वीमा बस्ने सबै जातिले
तेरा सन्तानहरूको कारण आशीर्वाद पाउनेछन्।
१५“म तेरो साथमा रहनेछु र तेरो रक्षा गर्नेछु तँ जहाँ
गए पनि तलाईं म यहाँ फर्काएर ल्याउनेछु। म तलाईं
त्यसबेलासम्म छोड़ने छैन जबसम्म तेरो सन्तानहरूलाई
म दिएको प्रतिज्ञा मैले पूरा गर्दिन।”
१६तब याकूब ब्यूँझेर उठे अनि भने “म जान्दछु
परमप्रभु यही ठाउँमा हुनुहुन्छ। तर जबसम्म म सुतेको
थिइन तबसम्म मलाई थाहा थिएन परमप्रभु यहाँ
हुनुहुन्छ।”
१७याकूब डराए। उनले भने, “यो एउटा दु:खदायी
ठाउँ हो। यो केही पनि होइन तर अवश्य नै
परमेश्वरको घर हो। यो स्वर्गको द्वार हो।”
१८अर्को दिन बिहान याकूब चाड़ै उठे। उनले त्यस
चट्टानलाई उठाए अनि त्यसलाई एक छेऊमा खड़ा पारेर
राखे। तब उनले त्यसमा तेल दले। यस प्रकार उनले
त्यस चट्टानलाई परमेश्वरलाई स्मरण गराउने स्तम्भ
बनाए। १९पहिला त्यस ठाउँको नाउँ लूज थियो तर
याकूबले त्यसको नाउँ बेतेल राखे।

२०तब याकूबले एउटा प्रतिज्ञा गरे। उनले भने, “यदि परमेश्वर मसँगै रहनु भयो अनि म जहाँ जान्छु त्यहाँ मेरो रक्षा गर्नु भयो भने अनि परमेश्वरले मलाई खान भोजन र लगाउन लुगाहरू दिनु भयो भने। २१यदि म आफ्नो बुबाकहाँ सुरक्षित र शान्तिसित फर्किन सकेँ, यदि परमेश्वरले यी सबै कामहरू मेरो लागि गर्नु भयो भने तब परमप्रभु मेरो परमेश्वर हुनु हुनेछ। २२त्यो ठाउँ जहाँ मैले त्यो ढुङ्गा उम्भयाएँ परमेश्वरको पवित्र स्थान हुनेछ अनि परमेश्वरले मलाई जे दिनुहुन्छ त्यसको एक दशांश म तपाईंलाई चढ़ाउनेछु।

### याकूब राहेललाई भेट्छन्

२९ तब याकूबले आफ्नो यात्रा जारी नै राख्यो। त्यो पूर्व तिरको प्रान्तमा गए। २याकूबले हेर्‍यो अनि उनले मैदानमा एउटा कूवा देख्यो। त्यहाँ त्यो कूवाको छेउमा तीन बगाल भेड़ाहरू बसिरहेका थिए। ती भेड़ाहरूले त्यस कूवामा पानी खान्थे। त्यहाँ एउटा ठूलो ढुङ्गाले त्यो कूवालाई ढाकेको थियो। ३जब सबै भेड़ाहरू त्यहाँ भेला हुन्थे गोठालाहरूले त्यो कूवा माथिको ढुङ्गा पल्टाई दिन्थे। त्यसपछि सबै भेड़ाहरूले पानी खान्थे र फेरि ती गोठालाहरूले त्यो ढुङ्गाले कूवाँ छोपिदिन्थे।

४याकूबले त्यस गोठालाहरूलाई भने, “हे मेराभाइ हो, तिमीहरू कहाँका हौ?”

तिनीहरूले उत्तर दिए, “हामी हारानका हौ।”

५फेरि याकूबले भने, “के तिमीहरूले नाहोरको लाबानलाई चिन्छौ?”

गोठालाहरूले उत्तर दिए, “अँ हामी तिनलाई चिन्छौ।”

६तब याकूबले भने, “तिनी कुशलै त होलान्?”

तिनीहरूले भने, “तिनी कुशलै छन्। अनि सबै कुराहरू राम्रै छन्। हेर, उनकी छोरी राहेल भेड़ाहरू लिएर आइरहेकीछिन्।”

७याकूबले भने, “हेर, अहिले दिउँसो नै छ अनि घाम डुब्नु अझै धेरै समय बाँकी नै छ। अझै, रात पर्छ भनेर तिम्रो लागि भेड़ाहरू जम्मा गर्ने समय भएको छैन्। यसर्थ ती भेड़ाहरूलाई पानी खान देऊ अनि चर्न मैदानमा जान देऊ।”

८तर ती भेड़ा गोठालाहरूले भने, “जबसम्म सबै भेड़ाहरू भेला हुँदैनन हामी त्यसो गर्न सक्तैनौ। भेड़ाहरू भेला भइसकेपछि मात्र हामी कूवाँबाट ढुङ्गा पल्टाउँछौ र भेड़ाहरूले पानी खान्छन्।”

९याकूब भेड़ा गोठालाहरूसित कुरा गरीरहेको बेला नै राहेल आफ्नो बाबुका भेड़ाहरू लिएर आई। (आफ्नो बाबुका भेड़ाहरूको हेरचाह गर्ने काम राहेलको थियो।) १०राहेल लाबानको छोरी थिइन्। रिबेका लाबानकी बहिनी अनि याकूबकी आमा थिइन्। जब याकूबले राहेललाई देख्यो, तिनी गए अनि कूवाबाट ढुङ्गा पल्टाएर भेड़ाहरूलाई पानी खान दियो। ११त्यसपछि उनले राहेललाई चुम्बन गर्‍यो अनि रोयो। १२याकूबले उसलाई बतायो त्यो उसको बाबुको परिवारबाट जन्मेको हो। उनले आफूलाई रिबेकाको छोरो भनी चिनायो। यसर्थ राहेल घरतिर दौड़िन् अनि आफ्नो बाबुलाई भनिन्।

१३लाबानले आफ्नी बहिनीको छोरोको विषयमा सुने। यसर्थ लाबान उसलाई भेटन हिँड्यो। लाबानले उसलाई जोड़ले अँगाल्यो, चुम्यो अनि घरमा लिएर गए। याकूबले के भएको थियो सम्पूर्ण घटनाको विवरण दियो।

१४त्यसपछि लाबानले भने, “यो आश्चर्य हो! तिमी हाम्रो आफ्नै परिवारको रहेछौ।” यसकारण याकूब त्यहाँ एक महिना बस्यो।

### याकूबसित लाबानको चलाखी

१५एक दिन लाबानले याकूबलाई भने, “तिमी मेरो घरमा बिना तलब काम गर्न उचित होइन कारण तिमी आफन्त हौ, तर कमारा होइनौ मैले तिमीलाई के दिनु पर्छ?”

१६लाबानकी दइवटी छोरीहरू थिए। जेठीको नाउँ लेआ अनि सानी चाँहि राहेल थिइन्।

१७लेआका आँखाहरू सुन्दर थिए तर राहेल मनमोहक र सुन्दरी थिइन्। १८याकूबले राहेललाई माया गर्दथ्यो। याकूबले लाबानलाई भने, “म सात वर्ष सम्म तपाईंको सेवा गर्छु यदि तपाईंले आफ्नी छोरी राहेलसित मेरो विवाह गर्ने अनुमति दिनु भयो भने।”

१९लाबानले भने, “अरु मानिससित विवाह गर्नुभन्दा तिमीसितै विवाह गर्नु उसको निम्ति राम्रो हुनेछ। यसर्थ मसित बस।”

२०याकूबले सात वर्षसम्म लाबानको सेवा गर्‍यो तर उनले राहेललाई अत्यन्तै माया गरेकोले सात वर्ष समय बिताउन केही गाह्रो परेन।

२१सात वर्ष सेवा गरेपछि याकूबले लाबानलाई भने, “राहेल मलाई दिनुहोस म उसलाई विवाह गर्न सकुँ। मैले तपाईंलाई गर्नु पर्ने सेवाको अवधि-शेष भयो।”

२२यसर्थ त्यस ठाउँको सबै मानिसहरूको लागि लाबानले भोज गराए अनि २३त्यस रात उनकी छोरी लेआ याकूबलाई दिए। याकूब र लेआले त्यस रात सहवास गरे। २४(लाबानले आफ्नी कमारी जिल्पालाई आफ्नी छोरी लेआकी कमारीको रूपमा दिए।) २५बिहान याकूबले चाल पायो राती ऊसित सुत्ने स्त्री लेआ थिइन्। याकूबले लाबानलाई भने, “तपाईंले मलाई किन झुक्याउनु भयो। मैले तपाईंको धेरै सेवा गरेँ जसले गर्दा म राहेललाई विवाह गर्न पाऊँ। तपाईंले मलाई किन झुक्याउनु भयो?”

२६लाबानले भने, "हाम्रो देशमा हामी जेठी छोरीको विवाह नभई सानीको विवाह हुन दिँदैनौ। २७विवाह-भोजको हप्ताहभरि उसित बस अनि तब तिमीलाई राहेलसित पनि विवाह गर्ने अनुमति दिन्छु। तर तिमीले अझै सात वर्ष मेरो सेवा गर्नु पर्छ।"

२८यसर्थ याकूबले त्यसै गरे र एक हप्ता पूरा भयो। तब लाबानले आफ्नो छोरी राहेललाई पनि याकूबको पत्नीको रुपमा दिए। २९(लाबानले आफ्नी कमारी बिलहालाई आफ्नी छोरी राहेलकी कमारीको रुपमा दिए)। ३०यसर्थ याकूबले राहेलसित पनि सहवास गरे अनि उनले लेआलाई भन्दाराहेललाई बढ़ी प्रेम गर्थे उनले लाबानको निम्ति अरु सात साल सेवा गरे।

### याकूबको परिवार बढ़्छ

३१परमप्रभुले जान्नु हुन्थ्यो, याकूबले राहेललाई लेआ भन्दाबेशी माया गर्थे। यसर्थ परमप्रभुले लेआलाई एउटा नानी जन्माउन सक्ने योग्य बनाउनु भयो तर राहेल बाँझी रहिन्।

३२लेआले छोरो जन्माई अनि त्यसको नाउँ रूबेन राखीन्। लेआले छोरोको नाउँ यस्तो राखी किनभने उनले भनीन्, "मेरो दुःख परमप्रभुले देख्नु भएको छ। मेरा पतिले मलाई प्रेम गर्दैनन्, यसर्थ, अब हुनु सक्छ उनले मलाई प्रेम गर्नेछन्।"

३३लेआ फेरि गर्भवती भइन् अनि अर्को छोरो जन्माई। उनले त्यस छोरोको नाउँ शिमोन राखीन्। लेआले भनीन्, "परमप्रभुले सुन्नु भयो मैले प्रेम पाइन, यसर्थ उहाँले यो छोरो दिनुभयो।"

३४लेआ फेरि गर्भवती भई र छोरो जन्माई। उनले यो छोरोको नाउँ लेवी राखी। लेआले भनी, "अब, निश्चय मेरा पतिले मलाई प्रेम गर्नेछन्। मैले तिनलाई तीनवटा छोराहरू दिएँ।"

३५त्यसपछि लेआले अझ अर्को छोरो जन्माई र उसको नाउँ यहुदा राखी। लेआले चौथो छोरोको नाउँ यहूदा राखीन् कारण उनले भनीन्, "अब म परमप्रभुको प्रशंसा गर्नेछु।" त्यसपछि लेआले नानीहरू जन्माउनु छोड़ी।

३० राहेलले अनुभव गरिन् उनले याकूबको निम्ति कुनै नानी जन्माउनु सकेकी थिइन। यसर्थ ऊ आफ्ना दिदीसित डाही भई। यसर्थ राहेलले याकूबलाई भनी, "मलाई नानी दिनु होस् नत्र म मर्नेछु।"

२याकूब राहेलसित साहै क्रोधित भयो। उनले भन्यो, "म परमेश्वर होइन। परमेश्वर नै एकजना हुनहुन्छ जसले तिमीलाई बाँझी बनाउनु भयो।"

३त्यसपछि राहेलले भनी, "तिमीले मेरी कमारी बिल्हालाई राख्न सक्छौ। त्यससित सहवास गर्नुहोस् अनि उनले मेरो निम्ति नानी जन्माउनेछे। तब उनले गर्दा म आमा हुन सक्छु।"

४यसर्थ राहेलले आफ्नी कमारी बिल्हा आफ्नो पतिलाई दिइ। याकूबले त्यस कमारीसित सहवास गरे। ५बिल्हा गर्भवती भइन् अनि याकूबको निम्ति एउटा छोरो जन्माई।

६राहेलले भनी, "परमेश्वरले मेरो प्रार्थना सुन्नु भयो र उहाँले मलाई एउटा छोरो दिने निर्णय गर्नु भयो।" यसर्थ राहेलले छोरोको नाउँ दान राखीन्।

७बिल्हा फेरि गर्भवती भइन् अनि याकूबको अर्को छोरो जन्माई। ८राहेलले भनीन्, "मैले मेरी दिदीसित साह्रै कठिन प्रतियोगिता गर्नु पर्‍यो अनि अन्तमा मैले उसलाई जितेँ।" यसर्थ उनले त्यस छोरोको नाउँ नप्तालि राखीन्।

९लेआले थाहा पाइन, उनले नानी पाउन छोड़िन। यसर्थ उनले याकूबलाई आफ्नी नोकर्नी जिल्पा दिइन्। १०तब जिल्पाले एउटा छोरो जन्माई। ११लेआले भनीन्, "म भाग्यमानी हुँ।" यसर्थ उनले छोरोको नाउँ गाद राखीन्। १२लेआकी कमारी जिल्पाले फेरि अर्को छोरो पाई। १३लेआले भनीन्, "म एकदमै खुशी छु, अब स्त्री जातिहरूले मलाई सुखी भन्नेछन्।" यसर्थ उनले त्यस छोरोको नाउँ आशेर राखीन्।

१४गहूँको फसल काटने समयमा रूबेन खेतमा गए अनि विशेष प्रकारको फूलहरू* पायो। उसले ती फूलहरू आफ्नी आमा लेआका लागि ल्यायो। तर राहेलले लेआलाई भनी, "तिम्रो छोरोले ल्याएको केही फूलहरू मलाई देऊ।"

१५लेआले भनीन्, "तिमीले पहिले मेरा पतिलाई लगिसकेकी छौ, अब मेरो छोरोको विशेष फूलहरू लिने चेष्टा गरिरहेकी छौ।"

तर राहेलले उत्तर दिई, "यदि तिमीले मलाई तिम्रो छोरोले ल्याएको विशेष फूलहरू दियौ भने तिमी आज राती याकूबसित सुत्न सक्छौ।"

१६त्यस राती याकूब खेतबाट घरमा फर्कियो। लेआले उसलाई देखिन् अनि भेट्न गइन्। उनले भनिन्, "तपाईं आज राती मसित सुत्नु पर्छ। म तपाईंसित सुत्नु पूर्ण तयार भएकी छु। मैले मेरो छोराले ल्याएको फूलहरू राहेललाई दिएकी छु।" यसर्थ याकूब त्यस राती लेआसित सुते।

१७तब परमेश्वरले लेआलाई फेरि गर्भवती हुन दिनु भयो, उनले पाँचौं छोरो जन्माइन्। १८लेआले भनिन्, "परमेश्वरले मलाई इनाम दिनु भएकोछ कारण मैले

**विशेष प्रकारको फूल** हिब्रू भाषामा यसको अर्थ हुन्छ 'प्रेम बिरुवा' मानिसहरूले विश्वास गर्छन यो विरुवाले स्त्रीहरूलाई गर्भवती हुन सहायता गर्छन।

मेरा पतिलाई आफ्नी कमारी दिएकीछु।" यसर्थ लेआले
आफ्नो त्यो छोरोको नाउँ इस्साखार राखीन्।
१९लेआ फेरि गर्भवती भइन् अनि छैटौं छोरो
जन्माइन्। २०लेआले भनिन्, "परमेश्वरले मलाई एकदम
अमूल्य उपहार दिनु भयो। अब निश्चय याकूबले
मलाई ग्रहण गर्नेछन् कारण उनलाई मैले छवटा छोराहरू
जन्माइदिएँ।" यसर्थ उनले त्यस छोरोको नाउँ जबूलून
राखीन्। २१पछि लेआले एउटी छोरी जन्माई अनि त्यस
छोरीको नाउँ दीना राखीन्।
२२त्यसपछि परमेश्वरले राहेलको प्रार्थना सुन्नु भयो
अनि राहेललाई नानीहरू जन्माउनु सम्भव गराई दिनु
भयो। २३-२४राहेल गर्भवती भई अनि एउटा छोरो
जन्माई। राहेलले भनिन्, "परमेश्वरले मेरो अपमान
हटाइ दिनुभयो अनि मलाई एउटा छोरो दिनु भयो।"
यसैकारण राहेले उसको नाउँ यूसुफ यसो भन्दै राखीन,
परमेश्वरले मलाई अझै अर्को छोरो दिऊन।

## लाबानसित याकूबले चलाखी गर्छ

२५यूसुफ जन्मेपछि याकूबले लाबानलाई भन्यो, "अब
मलाई आफ्नै घर फर्की जान दिनु होस्। २६मेरा
नानीहरू र पत्नीहरू दिनु होस, तपाईंको निम्ति चौध
वर्षसम्म कठोर सेवा गरेर तिनीहरूलाई पाएको हुँ।
तपाईं जान्नु हुन्छ मैले तपाईंको निम्ति राम्रो सेवा
गरेकोछु।"
२७लाबानले उसलाई भने, "मलाई केही भन्न देऊ।
म जान्दछु तिमीले गर्दा नै परमेश्वरले मलाई आशीर्वाद
दिनु भएकोछ। २८भन मैले तिमीलाई के दिनु पर्ने अनि
म तिमीलाई त्यो दिनेछु।"
२९याकूबले उत्तर दियो, "तिमीलाई थाहा छ मैले
तिम्रो निम्ति कठोर परिश्रम गरेकोछु। मैले हेरचाह
गरेकोले तिम्रा पशुहरू पनि बढ़ेका छन् अनि यो असल
भएको छ। ३०म आउँदा तिमीसित अलिकति मात्र
थियो। तर अहिले घेरै भएका छन्। मैले जे पनि गरे
तपाईंको निम्ति, त्यसमा परमप्रभुले आशीर्वाद दिनु
भएकोछ। अब आफ्नो निम्ति मैले केही गर्नु पर्ने समय
आएको छ र मैले आफ्नो घर बनाउनु पर्छ।"
३१लाबानले सोध्यो, "तब मैले तिमीलाई के दिनु
पर्ने?"
याकूबले उत्तर दियो, "तपाईंले मलाई केही दिनु
पर्दैन। मैले गरेको कामको निम्ति तपाईंले मलाई
ज्याला देऊ म चाहन्छु खाली यही एउटा कुरा मलाई
देऊ। म फर्केर जान्छु अनि तपाईंका भेड़ाहरूको
हेरचाह गर्नेछु। ३२तर मलाई आज तपाईंका सबै
भेड़ाहरूको माझबाट जान देऊ अनि थोप्ले या सिँगारे
प्रत्येक थुमा मलाई लान देऊ, कालो नयाँ बाख्रा अनि
प्रत्येक थोप्ले अनि सिँगारे बाख्रा लान देऊ। यही मेरो
ज्याला हुनेछ। ३३भविष्यमा तपाईंले चाल पाउनु हुनेछ
म इमानदार छु। तपाईं मेरो भेड़ाहरू हेर्न आउन
सक्नुहुन्छ। यदि कोही भेड़ा अथवा बाख्रा थोप्ले अथवा
सिँगारे नभए तपाईं जान्न सक्नुहुन्छ ती मैले चोरेको हो।"
३४लाबानले उत्तर दिए, "तिम्रो कुरा म मान्छु।
तिमीले जे भन्यौ हामी त्यही गर्नेछौ।" ३५अनि यसैकारण
त्यस दिन लाबानले सबै टाटेपाटे बाख्रा र बाख्रीहरू ती
सबै सेतो टाटा भएका अनि प्रत्येक काला भेड़ाका
पाठाहरू आफ्नो बथानबाट निकाले। उनले आफ्नो
छोरोलाई तिनीहरूलाई हेरचाह गर्नु भने। ३६यसर्थ छोरो
चाँहिले सबै दाग भएका भेड़ा बाख्राहरू लिएर
अर्कै भूमिमा गए। तिनीहरू तीन दिनसम्म यात्रा गरे।
याकूब बसे अनि रहेको वस्तुहरूको हेरचाह गरे। तर
त्यहाँ थोप्ले तथा कालो भेड़ा बाख्राहरू कुनै पनि
थिएन।
३७यसर्थ याकूबले बदाम र पहाड़ी पिपलका काँचो
हाँगाहरू काटेर बोक्रा ताछ्यो जसले गर्दा ती हाँगाहरूमा
सेतो धर्काहरू भए। ३८याकूबले ती हाँगाहरू पानी
भएको ठाउँमा भेड़ा-बाख्राहरूको अघि राख्यो। जब
पशुहरू पानी पिउन आए तब त्यहाँ तिनीहरूले प्रजनन
क्रीड़ा पनि गरे। ३९जब ती पशुहरू ती हाँगाहरूको
सामुनो प्रजनन क्रीड़ामा लागे तब तिनीहरूले जो पाठाहरू
जन्माए कालो, सिँगारे अनि थोप्ले थिए।
४०याकूबले ती कालो, सिँगारे अनि थोप्ले पशुहरूलाई
अरुबाट बेग्लै राख्यो। उनले यसरी आफ्नो पशुहरू
लाबानको पशुहरूबाट बेग्लै गर्‍यो अनि तिनीहरूलाई
लाबानको भेड़ा बाख्राहरूसित मिसिन दिएन। ४१जहिले
पनि कुनै स्वस्थ भेड़ाहरू प्रजनन क्रीड़ामा लाग्थे तब
याकूबले ती दागवाला हाँगाहरू तिनीहरूको नजरअघि
राखि दिन्थ्यो। ती हाँगाहरूको सामुन्ने ती भेड़ा बाख्राले
प्रजनन क्रीड़ा गर्थे। ४२तर जब कमजोर भेड़ा बाख्राहरू
प्रजनन क्रीड़ामा लाग्थे तब याकूबले ती हाँगाहरू
तिनीहरूको सामुन्नेमा राख्दैनथ्यो। यसरी कमजोर
पशुहरूबाट जन्मेका पाठाहरू लाबानको हुन्थे। स्वस्थ
पशुहरूबाट जन्मेका पाठाहरू सबै याकूबको हुन्थे।
४३यसरी याकूब घरै धनी भयो। उसित धेरै भेड़ा बाख्रा,
धेरै नोकरहरू ऊँट र गधाहरू थिए।

## विदाइको बेला याकूब भाग्छन

३१ एकदिन याकूबले लाबानको छोराहरू कुरा
गरिरहेको सुन्यो। तिनीहरूले भने, "हाम्रा
बाबुसित भएको सम्पत्तिहरू याकूबले सबै लग्यो।
याकूब धनी मानिस भयो। अनि उनले हाम्रा बाबुको
सबै सम्पत्तिहरू लग्यो।" २याकूबले तब महसूस गरे
लाबानसित उसको सम्बन्ध निश्चय नै पहिले जस्तो
छैन्। ३परमप्रभुले याकूबलाई भन्नुभयो, "तिम्रा पुर्खाहरू
जहाँ थिए, त्यही तिम्रो भूमिमा जाऊ म तिमीसँग
हुनेछु।"

४यसर्थ याकूबले राहेल र लेआलाई भेड़ा बाख्राहरू
राख्ने खेतमा भेटनु भन्यो। ५राहेल र लेआलाई याकूबले
भने, "मैले थाहा पाएँ तिम्रा बाबु मसित रिसाएका छन्।
तिनी मसित सधैँ पहिले जस्तो राम्रो कुरा गर्दैनन्।
६तिमीहरू दुवैजनालाई थाहा छ तिम्रा बाबुको निम्ति
त्यति मेहनत गरेँ जति मैले गर्न सक्थेँ। ७तर तिमीहरूका
बाबुले मलाई धोका दिए। उनले मेरो ज्याला दश पल्ट
बदली गरे। तर यी सबै समयमा परमेश्‍वरले मलाई
उनको धोकाबाट बचाउनु भयो।

८"एक पल्ट लाबानले भने, 'तिमीले थोप्ले जति
सबै बाख्राहरू राख्न सक्छौ, यही तिम्रो ज्याला हुनेछ।'
जब उनले त्यसो भने, तब सबै पशुहरूले सिँगारे
पाठाहरू बियाए। यसर्थ ती सबै मेरा थिए। तर
लाबानले भने, 'म थोप्ले बाख्राहरू राख्छु। सबै सिगारे
बाख्राहरू तिमी राख्न सक्छौ। त्यही तिम्रो ज्याला
हुनेछ।' तिनले त्यसो भनेपछि सबै पशुहरूले सिंगारे
पाठाहरू बियाए। ९यसर्थ परमेश्‍वरले सबै पशुहरू तिम्रो
बाबुबाट लिएर मलाई दिनु भएको छ।

१०"पशुहरू जब प्रजनन क्रीड़ामा थिए मैले एउटा
सपना देखेँ। मैले देखेँ ती सबै नर पशुहरू जो प्रजनन
क्रीड़ामा लागेका थिए तिनीहरू मात्र थोप्ले र सिंगारे
थिए। ११परमेश्‍वरका स्वर्गदूतले सपनामा मसित कुरा
गरे। स्वर्गदूतले भने, "याकूब"। "मैले भनेँ, 'हजुर।'

१२"त्यो स्वर्गदूतले भने, 'हेर, खाली थोप्ले र
सिँगारे बाख्राहरू मात्र प्रजनन क्रीड़ामा छन्। म यस्तै
गराउँदै छु। लाबान तिमीसित सबै भूल काम गरिरहेका
छन्। सबै नयाँ जन्मेका पाठा-पाठीहरू तिम्रा हुन् भनेर
म यस्तो गरिरहेको छु। १३म तिमी कहाँ बेतेलमा
आउने परमेश्‍वर हुँ। त्यस ठाउँमा तिमीले एउटा वेदी
बनायौ। तिमीले त्यस वेदीमा भद्राक्षको तेलले अभिषेक
गर्‍यौ अनि त्यस ठाउँमा तिमीले मसित भाकल गरेका
थियौ। अब म चाहन्छु तिमी आफ्नो भूमि जहाँ तिमी
जन्मेका थियो त्यहाँ जान तयार होऊ।'"

१४-१५राहेल अनि लेआले याकूबलाई उत्तर दिए,
"हामीले हाम्रो बुबाबाट उनको मृत्युपछि पाउने केही
छैन। उनले हामीसित पराइ जस्तो व्यवहार गरे। उनले
हामीलाई तिमीकहाँ बेचिदिए। अनि त्यो बाहेक उनले
पैसाको प्रत्येक भाग खर्च गरे जो हाम्रो कारण पाएका
थिए। १६परमेश्‍वरले हाम्रो बाबुबाट सबै सम्पति लिनु
भयो अनि अहिले त्यो हाम्रो र हाम्रो नानीहरूको निम्ति
भयो। यसर्थ तिमीले त्यही गर्नु पर्छ, जुन परमेश्‍वरले
गर्नु भन्नु हुन्छ।"

१७यसर्थ याकूब आफ्नो यात्राको निम्ति तयार भयो।
उनले आफ्नो पत्नीहरू र नानीहरूलाई ऊँटमाथि राख्यो।
१८तब तिनीहरूले कनान भूमिमा जहाँ उसको बाबु
बस्ने गर्दथिए त्यहाँबाट फर्कनुको निम्ति यात्रा शुरु गरे।
याकूब आफ्ना सबै पशुहरू तिनीहरूको अघि अघि
हिँड्यो। पद्दनराममा हुँदा जे जति तिनले हासिल गरेका
थिए प्रत्येक चीज उनले लग्यो।

१९त्यस समय लाबान आफ्नो भेड़ाहरूको ऊन
काट्न गएका थिए। जब ती गएका थिए, राहेल उनको
घरमा गइन् अनि आफ्नो बाबुको भूटो देवता चोरेर
ल्याईन्।

२०याकूबले अरामी लाबानलाई धोका दिए। उनले
आफू जाने कुरो लाबानलाई भनेनन्। २१याकूबले आफ्नो
जहान परिवार र आफ्ना सबै चीज बीजहरू लग्यो अनि
चाँड़ै हिँड्यो। तिनीहरूले यूफ्रेटिस नदी पार गरी गिलादको
पहाड़ी भूमितिर यात्रा गरे।

२२तीन दिनपछि मात्र याकूब भागेको कुरा लाबानले
थाहा पाए। २३यसैकारण लाबानले आफ्ना मानिसहरू
भेला गरे अनि याकूबलाई पछ्याउन शुरू गरे। सात
दिनपछि लाबानले याकूबलाई गिलादको पहाड़ी क्षेत्रमा
भेटे। २४त्यस रात परमेश्‍वर लाबानको सपनामा देखा
पर्नु भयो। परमेश्‍वरले भन्नुभयो, "होशियार हुनु, याकूबलाई
जे भन्छौ प्रत्येक शब्दको निम्ति होशियार हुनु।"

### चोरिएका देवताहरूको खोजी

२५अर्को दिन बिहानै लाबानले याकूबलाई पक्रिए।
याकूबले पर्वतमाथि आफ्नो पाल लगाएको थियो। यसर्थ
लाबान अनि उनका मानिसहरूले पनि गिलादको पहाड़ी
ठाउँमा पाल हाले।

२६लाबानले याकूबलाई भने, "मलाई किन धोका
दिइस्? मेरो छोरीहरूलाई तैँले लडाइँमा कैदी जस्तो
बनाएर किन लगिस्? २७मलाई नभनी किन भागिस्?
यदि मलाई भनेको भए म भोज गराउने थिएँ। त्यहाँ
नाच गान हुनेथ्यो। २८तैले मेरा नातिहरूलाई म्वाइँ खान
अनि छोरीहरूलाई विदा दिन पनि दिइनस्। यो सब गरेर
तँ साह्रै मूर्ख भइस्। २९वास्तवमा तलाईं चोट पुर्‍याउने
शक्ति मसँग छ, तर हिजो राती तेरो बाबुको परमेश्‍वर
मेरो सपनामा देखा पर्नु भयो। कुनै प्रकारले पनि तलाईं
चोट नपुर्‍याउनु भनी मलाई चेतावनी दिनु भयो। ३०म
जान्दछु तँ तेरो घर जान चाहन्छस र त्यसकै निम्ति तँ
हिँड़िस्। तर मेरो घरबाट देवताहरू किन चोरिस?"

३१याकूबले भन्यो, "म डराएको हुनाले तिमीलाई
नभनी म हिँड़े। मैले सोचे तिमीले तिम्री छोरीहरू मबाट
खोस्नेछौ, ३२तर मैले तिम्रा देवताहरू चोरेको छैन।
यहाँ मसित हुनेहरू जोसित तिम्रो देवताहरू पाइन्छन्
त्यस मानिसको हत्या गरिनेछ। तिम्रा मानिसहरू मेरा
गवाहीहरू हुनेछन्। तिमीले तिम्रा चीजहरू तलाश गर्न
सक्छौ र यदि तिम्रो केही पाइयो भने लान सक्छौ।"
(राहेलले लाबानको घरबाट देवताहरू चोरी ल्याएको
याकूबलाई थाहा थिएन)।

३३लाबान याकूबको छाउनीभित्र गएर खोज-तलाश
गरे। उनले पहिले याकूबको अनि लेआको पालको

तलाश गरे। त्यसपछि दुइ कमारी आइमाईहरू बसेका पालको तलाश गरे। तर ती पालहरूमा उनले खोजका देवताहरू पाइएनन्। त्यसपछि लाबान राहेलको पालमा गए। ३४राहेलले ती देवताहरू ऊँटको जीनमुनि लुकाएकी थिइन् अनि त्यसैमाथि बसेकी थिइन्। लाबानले सम्पूर्ण पाल चहारे र उनले देवताहरू भेट्न सकेनन्।

३५अनि राहेलले आफ्नो बाबुसित भनिन्, "बुबा मसित नरिसाउनु है, म तपाईंको अघि उभिन असमर्थ छु कारण अहिले मेरो मासिक धर्म चलिरहेको छ।" यसर्थ लाबानले पालमा खोजी गरे तर उनले देवताहरू कही पाएनन्।

३६तब याकूब अत्यन्तै क्रोधित भएर भने, "मैले के कसूर गरेको छु? मैले कुन कानून भङ्ग गरेको छु? मलाई खेदने र रोक्ने अधिकार तिमीले कसरी पायौ? ३७मेरो माल समान जे जति छ, सब तलाश गर्‍यौ तर कही केही पाएनौ, जो तिम्रो हो। यदि तिमीले केही पायौ भने तब मलाई देखाऊ।' यहाँ राख मेरा मानिसहरूले देख्न सकून। मेरा मानिसहरूले निर्णय लिन सकून हामी माझ को सही छ। ३८मैले बीस वर्ष तिम्रो सेवा गरेँ। मेरो सेवाकालमा तिम्रो कुनै पनि भेड़ी र अरु बाख्रीको गर्भपात भएन। अनि मैले तपाईंका भेड़ोहरूबाट कुनैलाई खाइनँ। ३९जहिले पनि जंङ्गली जनावरले कुनै भेड़ा अनि बाख्रा खाए, त्यो जंङ्गली जनावारले मारेको भेड़ा अथवा बाख्रको अवशेष मात्रै तिमीकहाँ कहिल्यै ल्याईन। मसधैं तिमीले मलाई मागेको पूरा दाम तिरें। म दिन रात लुटिएका थिए। ४०दिउँसोको घामले मेरो शक्ति नष्ट गर्‍यो अनि रातको चिसोले निद्रा लग्यो। ४१बीस वर्षसम्म कमारा झैँ तिम्रो सेवा गरेँ। पहिलो चौध वर्ष तिम्री दुइवटी छोरीहरूको निम्ति अनि पछिको छः वर्ष तिम्रो वस्तुहरू पाउनको निम्ति खटेँ। अनि त्यस समयमा तिमीले मेरो ज्याला दश पल्ट हेरफेर गर्‍यौ। ४२तर मेरा पुर्खाहरूका परमेश्वर, अब्राहामका परमेश्वर अनि इसहाकको परमेश्वरको डर मसित थियो। यदि परमेश्वर मसित नहुनु भएको भए तिमीले मलाई रित्तो हात फर्काइ दिनेथ्यौ। मैले भोगेको कष्ट परमेश्वरले देख्नु भयो, मैले गरेको काम परमेश्वरले देख्नु भयो। अनि हिजो राती परमेश्वरले प्रमाण गर्नु भयो म सही छु।"

### याकूब र लाबानको सन्धि

४३लाबानले याकूबलाई भने, "यी स्त्रीहरू मेरी छोरीहरू हुन्। यी नानीहरू मेरा हुन्। अनि यी पशुहरू सब मेरा हुन्। यहाँ तिमी जे पनि देख्छौ सबै मेरो हुन्। तर म मेरी छोरीहरू र नानीहरूको विषयमा केही गर्न सक्तिनँ। ४४यसर्थ म तिमीसित एक सम्झौता गर्न तयार छु। हामीबीच सम्झौता भएको प्रमाणको रूपमा ढुङ्गाको एउटा थुप्रो बनाऊ।"

४५उनले सम्झौता गरेको हो भनी देखाउन याकूबले एउटा ठूलो ढुङ्गा ल्याएर त्यहाँ राख्यो। ४६उनले आफ्नो मानिसहरूलाई केही ढुङ्गाहरू ल्याएर थुपार्न लगायो। तब तिनीहरूले त्यो ढुङ्गाको थुप्रो नजिक बसेर खाए। ४७लाबानले त्यस ठाउँको नाउँ "यगर्सहदूता" राखे। तर याकूबले त्यस ठाउँको नाउँ गलेद राख्यो।

४८लाबानले याकूबलाई भने, "यो ढुङ्गाको थुप्रोले हामी दुवैलाई हामीबीचको 'सम्झौता' सम्झना गराउनमा सहायता गर्नेछ।" यस कारण उसले त्यस ठाँउको नाउँ गलेद राख्यो।

४९लाबानले भने, "हामी एक अर्कामा छुट्टिँदा परमेश्वरले हामीलाई हेरुन्।" यसकारण त्यस खाँमोको नाउँ मिस्पा राखियो।

५०त्यसपछि लाबानले भने, "यदि मेरी छोरीहरूलाई कतै चोट पार्‍यौ भने, याद राख, परमेश्वरले तिमीलाई सजाय दिनु हुनेछ। यदि तिमीले अर्की आइमाई विवाह गरे, याद राख परमेश्वरले हेरि रहनु भएको छ। ५१यहाँ यी ढुङ्गाहरू छन् जसले बताउछन् हामीबीच सम्झौता भएको छ। ५२ढुङ्गाहरूको थुप्रो र विशेष ढुङ्गाहरूले हामीलाई आफ्नो सन्धि सम्झना गराउन सहायता पुर्‍याउछ। तिमीसित लड्न यस ढुङ्गाको पल्लो पटि म कहिल्यै जाने छैन र त्यसरी नै मसित लड्नु तिमी कहिल्यै यो ढुङ्गाबाट यता अघि आउने छैनौ। ५३यदि हामीले यो सम्झौता भङ्ग गर्‍यौं भने अब्राहामका परमेश्वर, नाहोरका परमेश्वर र उनीहरूको पुर्खाहरूका परमेश्वरले हाम्रो न्याय गर्नुहुनेछ।"

याकूबका बाबु इसहाकले परमेश्वरलाई "भय" नाउँले बोलाए। यसर्थ याकूबले सम्झौतामा त्यो नाउँ प्रयोग गरे। ५४त्यसपछि याकूबले एउटा पशु मार्‍यो र पहाड़मा बलिदान स्वरुपमा चढ़ायो अनि उनले आफ्नो पुरुष मानिसहरूलाई भोजमा भाग लिन निम्तो दियो। खाना शेष भएपछि तिनीहरूले त्यस रात त्यही पर्वतमा बिताए। ५५अर्को दिन बिहानै लाबानले आफ्नो नाति-नातिनीहरूलाई म्वाइँ खाए अनि छोरीहरूलाई विदा दिए। उनले तिनीहरूलाई आशीर्वाद दिए अनि घरतिर फर्किए।

### एसावसित फेरि भेट

**३२** याकूबले पनि त्यो ठाउँ छोड्यो। जब ऊ यात्रा गरिरहेको थियो उनले परमेश्वरको स्वर्गदूतहरूलाई देख्यो। २जब याकूबले तिनीहरूलाई देख्यो, उसले भन्यो, "यो परमेश्वरको शिविर हो।" यसैकारण उसले त्यस ठाउँको नाउँ 'महनोम' राख्यो।

३याकूबको दाज्यू एसाव सईर नाउँको प्रान्तमा बस्दै थियो। त्यो इलाका एदोमको पहाड़ी भूमिमा थियो। याकूबले एसावकहाँ दूतहरू पठायो। ४याकूबले आफ्ना दूतहरूलाई भन्यो, "यी कुराहरू मेरा मालिक एसावलाई भन। 'तपाईंका सेवक याकूब भन्छन्, म लाबानसँग

यति लामो समय सम्म बसिरहेकोछु। ५मसित गाई,
गधा, भेड़ाहरू र नोकर-नोकर्नी छन्। महाशय, तपाईंले
हामीलाई ग्रहण गर्नु होस् भनी यो समाचार पठाउँदैछु।'"

६ती दूतहरू याकूबकहाँ फर्केर आए अनि भने,
"हामी तपाईंका दाज्यू एसावकहाँ गयौं। उनी तपाईंलाई
भेट्न चार सय मानिसहरू सहित आउँदैछन्।"

७त्यस समाचारले याकूबलाई आतंकित बनायो। उनले
आफूसित भएका मानिसहरूलाई दुई भागमा बाँड्यो।
उनले गाई-वस्तु, भेड़ा बाख्राहरू, गाई ऊँटहरू दुई
भाग पार्‍यो। ८याकूबले सोच्यो, "एसाव आएर ध्वंश
पारे पनि एक भाग चाँहि भागेर बाच्न सक्छ।"

९याकूबले भने, "हे मेरा पिता अब्राहामका परमेश्वर,
मेरा पिता इसहाकका परमेश्वर! परमप्रभु तपाईंले मलाई
आफ्नो भूमि र परिवार भएको ठाउँमा जान भन्नुभयो।
तपाईंले भन्नुभयो तपाईंले मलाई राम्रो गर्नु हुनेछ।
१०तपाईं मेरो निम्ति अति दयालु हुनु हुन्छ। अनि
तपाईंले मेरो निम्ति धेरै असल कार्यहरू गर्नु भएको
छ। म पहिलो चोटी यर्दन नदी पारी यात्रा गर्दा मसँग
टेक्ने लट्ठी बाहेक केही थिएन। तर अहिले मसित यति
धेरै चीजहरू छन् म ती चीजहरू दुइ भागमा पूरै बाँड्न
सक्छु। ११म तपाईंसित प्रार्थना गर्छु कृपा गरेर मलाई
मेरो दाज्यू एसावबाट बचाउनु होस्। म ऊसित डराएको
छु। म डराएको छु किनभने ऊ आउँछ अनि मार्नेछ,
उनले नानीहरूको आमा तथा नानीहरू पनि मार्नेछ।
१२तर तपाईं आफैले भन्नुभयो, 'म निश्चय नै तिम्रो
उन्नति गराउने छु अनि तिम्रा सन्तानहरू संख्यामा यति
धेरै बनाउने छु तिनीहरू समुद्रको बालुकाका कणभन्दा
बढ़ी हुनेछन् अनि तिनीहरूलाई गन्ती गर्न सकिन्न।'"

१३अनि याकूबले त्यो रात त्यही बितायो। उनले
उसको दाज्यू एसावको निम्ति केही उपहार तयार
पार्‍यो। १४-१५याकूबले दुइ सयवटा बाख्रा, बीसवटा
बोका, दुइ सयवटा भेड़ा, बीसवटा ठूलो भेड़ा, तीसवटा
दुधारु ऊँट माऊहरू बाछाहरू समेत एकतिर छुट्यायो।
१६याकूबले प्रत्येक बथान पशुहरू आफ्नो नोकरहरूलाई
दियो। तब उनले नोकरहरूलाई भने, "पशुहरूको
प्रत्येक हुललाई छुट्याऊ। मभन्दा अघि जाऊ अनि
प्रत्येक हुलको बीचमा केही दूरी होस्।" १७याकूबले
तिनीहरूलाई आदेश दियो। पशुहरूको पहिलो हुलको
नोकरलाई उनले भने, "मेरो दाज्यू एसाव जब तेरो अघि
आएर सोध्छ, 'यी कसका पशुहरू हुन्? तँ कहाँ
जादैछस्? तँ कसको नोकर होस्?' १८तैंले उत्तर दिनु,
'यी पशुहरू तपाईंको दास याकूबका हुन्। उनले यी
सब पशुहरू आफ्नो मालिक एसावलाई उपहार दिन
पठाएका हुन्। याकूब पनि हाम्रोपछि आउँदै हुनुहुन्छ।'"

१९याकूबले दोस्रो तेस्रो नोकरहरू र सबै अरु
नोकरहरूलाई पनि यही कुरा गर्नु भनी आज्ञा दियो।
उनले भने, "जब तिमीहरूले एसावलाई भेट्छौ तब यही
कुरा गर्नु। २०तिमीहरूले भन्ने छौ, 'यो तपाईंलाई
उपहार हो, अनि तपाईंको दास याकूब पनि मानिसहरूको
पछि-पछि आउँदैछन्।'"

याकूबले सोच्यो, "यदि यी उपहारहरूसँगै मानिसहरूलाई
पठाएँ भने हुनसक्छ एसावले मलाई क्षमा गर्ला
अनि मलाई स्वीकार गर्नेछ।" २१यसकारण उसले
पहिला उपहार पठायो अनि ऊ त्यस राती शिविरमा नै
बस्यो।

२२त्यसपछि राती उठेर उनले त्यो ठाउँ छोड्यो।
उसले आफूसँग दुइ पत्नी, दुइ कमारी अनि आफ्नो
एघारजना छोराहरूलाई लिएर हिँड्यो। घाटमा पुगेर
याकूबले यब्बोक नदी पार गर्‍यो। २३उसले आफ्नो
परिवारलाई नदी पारी पठायो अनि ऊसँग भएका प्रत्येक
चीज नदी पारी पठायो।

## परमेश्वरसित लड़ाईँ

२४याकूब नदी तर्ने अन्तिम मानिस थियो। तर नदी
तर्नुअघि जब याकूब एक्लै थियो, एकजना मानिस आयो
अनि ऊसित कुश्ती लड़न थाल्यो। त्यस मानिसले घाम
झुल्किञ्जेलसम्म कुश्ती लड्यो। २५त्यस मानिसले
थाहा पायो ऊ याकूबलाई जित्नु योग्य छैन। यसैकारण
उनले याकूबको नितम्बको खोपिल्टामा हिर्कायो। याकूबको
नितम्ब जोर्नीबाट फूस्कियो जब ऊ त्यस मानिससँग
कुश्ती लड़दै थियो।

२६तब त्यस मानिसले याकूबलाई भने, "मलाई जान
देऊ। सूर्योदय भइरहेको छ।"

तर याकूबले भन्यो, "जबसम्म तिमी मलाई आशीर्वाद
दिदैनौ म तिमीलाई जान दिने छैन।"

२७अनि त्यस मानिसले उसलाई भन्यो, "तिम्रो नाउँ
के हो?"

अनि याकूबले उत्तर दियो, "मेरो नाउँ याकूब हो।"

२८तब त्यो मानिसले भने, "तिम्रो नाउँ याकूब रहने
छैन। अब तिम्रो नाउँ 'इस्राएल' हुनेछ। म तिमीलाई यो
नाउँ दिन्छु किनभने तिमीले परमेश्वर र मानिससित युद्ध
गरेका छौ अनि तिनीहरू तिमीलाई जित्न अयोग्य
भए।"

२९तब याकूबले उनलाई सोधे, "दया गरी मलाई
तँपाइको नाउँ बताउनु होस्।"

तर त्यस मानिसले भने, "तिमीले मेरो नाउँ किन
सोध्नु पर्‍यो?" त्यस बेला त्यस मानिसले याकूबलाई
आशीर्वाद दियो।

३०यसर्थ याकूबले त्यस ठाउँको नाउँ पनीएल राख्यो।
याकूबले भन्यो, "मैले यस ठाउँमा परमेश्वरलाई मुखा-मुख
देखेको थिएँ तर अझै मेरो जीवन सुरक्षित थियो।"
३१उनले जब त्यो ठाउँ छोड़्यो, सूर्य उदायो। याकूब
आफ्नो खुट्टाले गर्दा खोच्याङ्ग-खोच्याङ्ग गर्दै हिँड़दैथ्यो।
३२यसर्थ आजसम्म पनि इस्राएलका मानिसहरूले कम्मरको

जोड़नीको मासु खाँदैनन् कारण त्यही मांसपेशी हो
जसमा याकूबलाई चोट लागेको थियो।

## याकूबको साहस प्रदर्शन

**३३** याकूबले हेर्‍यो अनि एसाव आउँदैगरको
देख्यो। एसाव आइरहेको थियो अनि चार
सय मानिसहरू ऊसँग थिए। याकूबले आफ्नो परिवारलाई
चार दलमा बाँड्यो। लेआ र उसको नानीहरू एउटा
दलमा अनि राहेल र यूसुफ अर्को एक दलमा अनि
दुइवटी कमारीहरू र तिनीहरूका नानीहरूलाई दुइ दलमा।
२याकूबले कमारीहरू र तिनीहरूका नानीहरूलाई अगाड़ि
राख्यो। त्यसपछि तिनीहरूको पछि उनले लेआ र
उसका नानीहरूलाई राख्यो। अनि अन्तमा याकूबले
राहेल र यूसुफलाई राख्यो।

३याकूब आफै तिनीहरूको अगि गए अनि उसको
आफ्नो दाज्यूको नजिक नपुगुञ्जेल सम्म सात पल्ट
भूइँतिर घोप्ट्यो।

४एसाव उसलाई भेटन दगुर्‍यो अनि उसलाई अँगालो
हाल्यो। उनले आफ्नो भाइको छातीमा हात राख्यो र
उसलाई म्वाइँ खायो अनि तिनीहरू रोए। ५त्यसपछि
एसावले हेर्‍यो अनि स्त्रीहरू र नानीहरूलाई देखेर भने,
"तँसित यी को हुन्?"

याकूबले भने, "यी नानीहरू परमेश्वरले तिम्रा दासलाई
दिनु भएका हो। परमेश्वरले मलाई दया गर्नु भएको
छ।"

६त्यसपछि ती दुइ कमारीहरू र नानीहरू एसाव
नजिक पुगे अनि उसकोअघि निहुरिए। ७त्यसपछि लेआ
र तिनका नानीहरू एसावकहाँ गए अनि तिनलाई
निहुरिएर ढोगे। राहेल र यूसुफले पनि त्यसै गरे।

८एसावले भने, "आउँदा बाटोमा मैले जो मानिसहरू
देखें तिनीहरू को हुन? अनि ती सब पशुहरू के को
निम्ति हुन्?"

याकूबले उत्तर दियो, "तिनीहरू सब तिमीलाई मेरो
उपहार हुन जसले गर्दा तिमीले मलाई स्वीकार गर्छौ।"

९तर एसावले भने, "भाइ, तैंले मलाई केही दिनु
पर्दैन कारण मसँग प्रशस्त छ।"

१०याकूबले भने, "होइन, म तिमीलाई बिन्ती गर्छु,
यदि तिमीले मलाई स्वीकार गर्छौ भने यो मेरो उपहार
पनि दया गरी स्वीकार गर्नु पर्छ। तिमीलाई दोस्रो पल्ट
देख्न पाउँदा म अत्यन्तै आनन्दित छु। मलाई परमेश्वरले
अनुग्रहले मिलाए जस्तै लागेको छ। म अन्यन्तै खुशी
छु तिमीले मलाई स्वीकार्‍यौ। ११यसकारण म बिन्ती
गर्छु जो उपहार म दिदैछु त्यो स्वीकार गर। परमेश्वर
ममाथि अत्यन्तै दयालु हुनुहुन्छ। मसँग मेरो आवश्यकताभन्दा
बेशी छ।" यसरी याकूबले एसावसित उपहार स्वीकार
गर्न विन्ती गर्‍यो। यसकारण एसावले याकूबको उपहार
स्वीकार गर्‍यो।

१२त्यसपछि एसावले भने, "अब तैंले आफ्नो यात्रा
जारी राख्न सक्छस र म तँसँगै जानेछु।"

१३तर याकूबले भने, "तिमीलाई थाहा भयो कि
अहिले मेरा नानीहरू एकदमै दुर्बल छन् अनि मैले मेरा
भेड़ाहरू तथा तिनका थुमाहरूको पनि हेरचाह गर्नु पर्छ।
यदि मैले तिनीहरूलाई दिउँसो धेरै बेरसम्म हिंड़ाएँ भने
हुन सक्छ ती पशुहरू मर्छन्। १४यसकारण तिमीअघि
जाऊ र म बिस्तारै-बिस्तारै तिम्रोपछि आउँछु। म
पशुहरू अनि तिनीहरूका बच्चाहरू बचाऊँको लागि
बिस्तारैसित आउँछु, अनि म अत्यन्तै बिस्तार आउँछु
कारण मेरा नानीहरू धेरै नथाकून म तिमीलाई सेइरमा
भेट्नेछु।"

१५यसकारण एसावले भने, "तब म मेरा केही
साथीहरूलाई तेरो सहायताको निम्ति छोड़ी दिन्छु।"

तर याकूबले भन्यो, "यो तिम्रो विशेष दया हो। तर
यसो गर्नु कुनै आवश्यकता छैन।" १६यसकारण त्यो
दिन एसाव सेइर फर्क्यो। १७तर याकूब सुक्कोत गए
अनि त्यहाँ उनले एउटा घर र पशुहरूको निम्ति सानो
खोर बनायो। यही कारणले यस ठाउँको नाउँ सुक्कोत
राखियो। १८यसर्थ याकूब पद्दन-आरामबाट कनान देशको
शेकेमसम्म सुरक्षित यात्रा गरेर आयो। उनले शहरको
पूर्वमा आफ्नो पाल हाल्यो। १९उनले जहाँ आफ्नो पाल
हालेको थियो त्यस ठाउँ शकेमको बाबु हमोरको
परिवारबाट किनेको थियो। त्यसको निम्ति याकूबले एक
सय चाँदीका सिक्का दियो। २०त्यहाँ उसले एउटा वेदी
बनायो अनि त्यसको नाउँ "एल" इस्राएलका परमेश्वर'
राख्यो।

## दीनाको बलात्कार

**३४** दीना याकूब र लेआकी छोरी थिइन्। एक
दिन दीना त्यस देशकी स्त्रीहरू हेर्न बाहिर
गइन्। २त्यस देशका राजा हामोरका छोरा शकेमले
दीनालाई देख्यो। उसले उनलाई पक्रेर उनीसित बलात्कार
गर्‍यो। ३शकेम दीनासित प्रेम गर्न थाल्यो अनि उनीसित
विवाह गर्ने इच्छा गर्‍यो। ४शकेमले आफ्नो बाबुलाई
भने, "दया गरी यस केटीलाई हासिल गर्नु होस् म
यससित विवाह गर्नु सकूँ।"

५याकूबले थाहा पायो शकेमले उसकी छोरीसित खुबै
नराम्रो व्यवहार गर्‍यो। तर याकूबका सबै छोराहरू
गाई-वस्तुहरूसित मैदानमा थिए। यसर्थ तिनीहरू
नफर्कुञ्जेल केही गरेनन्। ६त्यस समय शकेमका बाबु
हमोर याकूबसित कुरा गर्न गए।

७जब याकूबका छोराहरूले यस बारे सुने तिनीहरू
खेतबाट आए। तिनीहरू उत्तेजित भएर धेरै रिसाए
किनभने शकेमले यस्तो कामगरेका थियो जो इस्राएलमा
गर्नु हुँदैन थियो। शकेमको घृणाजनक कार्य सुनेर सबै
दाज्यू-भाइहरू खेतबाट बाहिर निस्किए।

८तर हमोरले ती दाज्यू-भाइहरूसित कुरा गर्‍यो।
उनले भने, "मेरो छोरो शकेमले दीनालाई खुबै चाहन्छ।
दया गरी उसलाई विवाह गर्न दिनुहोस्। ९यस विवाहले
बुझाउँछ हामीमाझ एउटा विशेष सम्झौता भएको छ।
त्यसपछि हाम्रा मानिसहरूले तिमीहरूका छोरीहरू विवाह
गर्न सक्छन् अनि त्यसरी नै तिम्रा मानिसहरूले हाम्रा
छोरीहरू विवाह गर्न सक्छन्। १०तिमीहरू हामीसितै
यसै भूमिमा बस्न सक्छौ। तिमीहरू जमीनको मालिक
हुन सक्छौ र स्वतत्र रुपले व्यापार गर्न सक्छौ।"
११शकेमले पनि याकूब अनि तिनका छोराहरूसित
कुरा गर्‍यो। उनले भने, "दया गरी मलाई ग्रहण गर्नु
होस् अनि तपाईहरूले भनेका कुरा म जेपनि गर्नेछु।
१२यदि तपाईहरूले दीनालाई मसित विवाह गर्न दिनु
भयो भने म तपाईहरूले मागेको उपहार दिनेछु।
तपाईहरू जे चाहनु हुन्छ त्यही दिनेछु तर मलाई
दीनासित विवाह गर्न दिनुहोस्।"
१३शकेम र उसको बाबु हमोरसित याकूबका छोराहरूले
झुटो बोल्ने निर्णय गरे। तिनीहरू अझै पनि बौलाहा
जस्तै थिए किनभने शकेमले आफ्नी बहिनी दीनासित
साह्रै घिनलाग्दो कुकर्म गरेको थियो। १४यसर्थ ती
दाज्यू-भाइहरूले शकेमलाई भने, "हामी हाम्री बहिनीसित
तिमीलाई विवाहको अनुमति दिन सक्तैनौ कारण तिमी
अझसम्म खतना गरिएका छैनौ। हाम्री बहिनीको तिमीसित
विवाह गर्नु एउटा भूल कर्म हुनेछ। १५तर हामी हाम्री
बहिनीसित विवाह गर्न अनुमति दिन सक्छौ यदि तिमीले
यो काम गर्‍यौ भने तिम्रा शहरका प्रत्येक पुरुषहरू
हामी जस्तै खतना गरिनु पर्छ। १६त्यसपछि तिम्रा
पुरुषहरूले हामीहरूका छोरी विवाह गर्न सक्छन् अनि
हाम्रा पुरुषहरूले पनि तिमीहरूका छोरीसँग विवाह गर्न
सक्छन्। तब हामी एक हुनेछौ। १७यदि खतना गराउन
अस्वीकार गरे दीनालाई हामी लैजानेछौं।"
१८त्यस सम्झौतामा हमोर र शकेम दुवै खुशी भए।
१९दीनाका दाज्यूहरूले भनेको कुरामा शकेम साह्रै खुशी
भयो।

## वैर साधन

आफ्नो परिवारमा शकेम अति आदरणीय मानिस
थियो। २०हमोर र शकेम शहरको समावेश स्थलमा
गए। तिनीहरूले शहरवासीहरूसित कुरा गरे र भने,
२१"यी मानिसहरू हामीसित मैत्रीपूर्ण छन्, तिनीहरूलाई
हामीहरूमाझ बस्न अनि व्यापार गर्न दिऊ। जहाँसम्म
भूमिको कुरा छ, हेर, हामी सबैको लागि यो धेरैनै छ।
हामी तिनीहरूकी छोरीहरूलाई हाम्री पत्नीहरू बनाऔ
अनि हाम्री छोरीहरूलाई तिनीहरूका छोराहरूसित विवाह
गर्न दिऊ। २२तर एउटा कुरो छ जो हाम्रा सबै
मानिसहरूले मान्नु पर्छ। हाम्रा सबै मानिसहरू इस्राएलीहरू
जस्तै खतना गराउनु राजी हुनु पर्छ। २३यदि हामीले
यसो गरे तिनीहरूका गाई वस्तुले गर्दा हामी धनी
हुनेछौं। यसर्थ हामीले तिनीहरूसित यस्तो सम्झौता गर्नु
पर्छ जसले गर्दा तिनीहरू यहाँ हामीसित बस्न सकुन्।"
२४सबै मानिसहरू जसले हमोर र शकेमबाट त्यस
समावेश स्थलमा ती कुरा सुने, सबैले माने। अनि सबै
मानिसहरूको खतना गरियो।
२५तीन दिन पछि खतना गरिएका मानिसहरूको घाउ
भयो। याकूबका दुइजना छोरा, शिमोन अनि लेवीले
बुझे तिनीहरू दुर्वल भएका छन्। यसर्थ तिनीहरूले
शहरमा गए अनि सबै मानिसहरूलाई मारिदिए। २६दीनाका
दाज्यूहरू शिमोन र लेवीले हमोर र उसको छोरो
शेकमलाई पनि मारे अनि शेकमको घरबाट दीनालाई
निकाले अनि लिएर गए। २७याकूबका छोराहरू शहरमा
गए अनि त्यहाँ भएको प्रत्येक चीज चोरे। शकेमले
तिनीहरूकी बहिनीमाथि गरेको कुरोले तिनीहरूको अझै
रीस मरेको थिएन। २८यसर्थ ती दाज्यू-भाइहरूले
तिनीहरूका सबै पशुहरू, गधाहरू तथा शहरमा र
खेतमा जे जति थिए प्रत्येक चीज लगे। २९ती
दाज्यू-भाइहरूले तिनीहरूको पत्नी छोरा-छोरी तथा
तिनीहरूसँग भएको प्रत्येक चीज लगे।
३०तर याकूबले शिमोन र लेवीलाई भने, "तिमीहरूले
मलाई साह्रै कष्ट दियौ। यहाँ सबै मानिसहरूले मलाई
घृणा गर्नेछन्। सबै कनानी र परिज्जी मानिसहरू मेरो
विरुद्धमा हुनेछन। हामीहरूको संख्या यहाँ कम्ती छ,
यदि यहाँका मानिसहरू हामीसित लड्न भेला भए भने
हामीहरू ध्वंश हुनेछौ। अनि मसँग भएका सबै हाम्रा
मानिसहरू ध्वंश हुनेछन्।"
३१तर ती दाज्यू-भाइहरूले भने, "के तिनीहरूले
हाम्री बहिनीलाई वेश्या जस्तै व्यवहार गरुन्? अहँ, हाम्री
बहिनीलाई त्यस्तो व्यवहार गर्नु तिनीहरूको अन्याय
थियो।"

## याकूब बेतेलमा

३५ परमेश्वरले याकूबलाई भन्नु भयो, "बेतेल
शहरमा जाऊ, त्यहाँ बस अनि पूजा गर्नलाई
त्यहाँ एउटा वेदी बनाऊ। 'एल' लाई स्मरण गर, ती
परमेश्वर जो तिमी दाज्यू एसावदेखि बाँच्नको लागि
भाग्दै थियौ, त्यस समय तिमीलाई परमेश्वरले दर्शन
दिनु भएको थियो। तिमीले आराधना गर्नको निम्ति
त्यहाँ एउटा वेदी बनाऊ।"
२यसकारण, याकूबले आफ्नो परिवार तथा आफ्ना
सबै सेवकहरूलाई भने, "काठ र धातुले बनिएका जे
जति झूटा देवताहरू तिमीहरूसित छन् ती सब नष्ट
गरिरेऊ। आफूलाई पवित्र बनाऊ अनि सफा लुगाहरू
लगाऊ। ३हामीहरू यो ठाउँ छोड़ेर बतेल जानेछौ, अनि
त्यहाँ आफ्नो परमेश्वरको निम्ति एउटा वेदी बनाउनेछौं।
उहाँ मेरो उही परमेश्वर हुनुहुन्छ जसले मेरो प्रत्येक

कष्टमा सहायता गर्नुहुन्छ, अनि म जहाँ जान्छु मसँगै हुनुहुन्छ।"

४यसर्थ मानिसहरूसित भएका झूटा देवताहरू तिनीहरूले सबै याकूबलाई दिए। तिनीहरूले आफ्नो कानमा लगाएका कुण्डलहरू पनि याकूबलाई दिए। याकूबले शकेम नाउँको शहरको नजिक एउटा फलाँटको रुखको नजिक ती सब चीजहरू गाड़ि दिए।

५याकूब र तिनका छोराहरूले त्यो ठाउँ छोड़े। त्यस ठाउँका मानिसहरूले तिनीहरूलाई लखेटेर मार्न चाहन्थे। तर तिनीहरूले त्यसो गरेनन् किनभने तिनीहरू परमेश्वरसित आत्यन्तै डराएका थिए। ६यसर्थ याकूब अनि उसका मानिसहरू लूज पुगे। आज लूजलाई बेतेल भनिन्छ। यो कनान भूमिमा पर्छ। ७याकूबले त्यहाँ एउटा वेदी बनाएर त्यस ठाउँको नाउँ "एल-बेतेल" राख्यो। याकूबले त्यस ठाउँको नाउँ त्यही रोजे कारण जति बेला ऊ आफ्नो दाज्यूदेखि भाग्दै थियो परमेश्वरले त्यही दर्शन दिनु भएको थियो।

८रिबेकाकी धाई दबोराह त्यहाँ मरी, तिनीहरूले त्यसलाई बेतेलमा फलाँटको रूखमुनि गाड़े। तिनीहरूले त्यस ठाउँको नाउँ अल्लोन बकुत राखे।

## याकूबको नयाँ नाउँ

९याकूब जब पद्दनआरामबाट फर्क्यो परमेश्वरले फेरि उसलाई दर्शन दिनु भयो। परमेश्वरले याकूबलाई आशीर्वाद दिनुभयो। १०परमेश्वरले याकूबलाई भन्नुभयो, "तिम्रो नाउँ याकूब हो, तर म तिम्रो नाउँ बदली गरी दिनेछु। अब उसो तिमीलाई याकूब भनिने छैन र तिम्रो नयाँ नाउँ इस्राएल हुनेछ।" यसर्थ परमेश्वरले उसको नाउँ इस्राएल राख्नु भयो।

११परमेश्वरले उसलाई भन्नु भयो, "म सर्वशक्तिमान परमेश्वर हुँ अनि म तिमीलाई आशीर्वाद दिन्छु। फल, फूल अनि बढ़दै जाऊ। तिम्रा सन्तानहरूबाट धेरै राष्ट्र अनि राजाहरू बनिनेछन्। १२मैले अब्राहाम र इसहाकलाई विशेष भूमि दिएँ र अब तिमीलाई त्यो भूमि दिनेछु। अनि त्यो भूमि तिमीपछि आउने तिम्रा सन्तानलाई पनि दिनेछु।" १३त्यसपछि परमेश्वर त्यहाँबाट जानु भयो। १४-१५त्यस ठाउँमा याकूबले एउटा स्मारक ढुङ्गा राख्यो। उनले दाखरस र तेलले अभिषेक गरी त्यस ढुङ्गालाई पवित्र पार्यो। यो ठाउँ एउटा विशेष ठाउँ भयो किनभने यहाँ परमेश्वरले याकूबसित कुरा गर्नु भएको थियो। याकूबले यस ठाउँको नाउँ बेतेल राख्यो।

## राहेल प्रसुति पीड़ामा मरी

१६याकूब अनि उसको दलले बेतेल छोड़े। तिनीहरू ठीक एप्रात आई पुग्नअघि राहेल प्रसुति वेदना भोग्न थाली। १७तर यसपल्ट राहेललाई सही नसक्नु वेदना भइरहेको थियो। राहेलकी कमारीले हेरि र भनी "नडराऊ राहेल तिमीले अर्को छोरो जन्माउदैछौ।"

१८छोरो जन्मदा-जन्मदै राहेल मरी। मृत्युअघि आफ्नो त्यस छोरोको नाउँ तिनले बेन-ओनी राखीन्। तर याकूबले उसको नाउँ बिन्यामीन राख्यो।

१९राहेललाई एप्रात जाने बाटोमा नै गाड़ियो। (एप्रात नै बेतलेहेम हो)। २०राहेलको सम्मानमा याकूबले उसको चिहानमाथि एउटा खामो उभ्यायो। त्यो खामो अझ पनि त्यही खड़ा छ। २१त्यसपछि इस्राएलले आफ्नो यात्रा जारी राख्यो। उनले एदेर स्तम्भकै दक्षिणमा आफ्नो पाल हाल्यो।

२२इस्राएल त्यस ठाउँमा छोटो समयको निम्ति बस्यो। जब ऊ त्यहाँ थियो, रूबेन इस्राएलको सेविका बिल्हासित सुत्यो। इस्राएल यो सुनेर साहै क्रोधित भए।

## इस्राएलको परिवार

याकूब (इस्राएल)का बाह्र जना छोराहरू थिए।

२३लेआका छोराहरू हुनः रूबेन (याकूबको पहिलो छोरो), शिमोन, लेवी, यहूदा, इस्साकार अनि जबूलून।

२४राहेलका छोराहरू: यूसुफ र बिन्यामीन।

२५राहेलकी कमारी बिल्हाबाट जन्मिएका छोराहरू दान र नप्ताली थिए।

२६लेआकी कमारी जिल्पाबाट जन्मिएका छोरीहरू गाद र आशेर थिए। यी तिनका नानीहरू तब जन्मिएका थिए जब तिनी पद्दमआराममा थिए।

२७याकूब आफ्ना बुबा इसहाककहाँ किर्यतर्बा (हेब्रोन)मा गए। यो त्यही ठाउँ हो जहाँ अब्राहाम र इसहाकले बसो-बास गरेका थिए। २८इसहाक एक सय असी वर्ष बाँचे। २९इसहाक जब मरे तिनीहरू अत्यन्त वृद्ध भएका थिए अनि सम्पूर्ण जीवन उपभोग गरे। उसको छोरा एसाव अनि याकूबले तिनलाई तिनका पिताको ठाउँमै गाड़े।

## एसावको परिवार

**३६** एसावको पारिवारिक इतिहास यही हो। २एसावले कनानी स्त्रीहरूसित विवाह गरे। तिनीहरू थिए: हित्ती एलोनकी छोरी आदा, अन्नाकी छोरी ओहोलीबामा अनि हिव्वी सिनीकी नातिनी अनि ३बासमत-इश्माएलकी छोरी अनि नबायोतकी बहिनी। ४एसाव अनि आदाले एलीपज नाउँको छोरो जन्माए। बासमतले रूएल नाउँको छोरो जन्माइन्। ५अनि ओहोलीबामाका तीन जना छोराहरू थिए: तिनीहरूको नाउँ-यऊश, यालाम अनि कोरह। तिनीहरू एसावका छोराहरू थिए जो कनान भूमिमा जन्मे।

६-८याकूब अनि एसावाका परिवारहरू अत्यन्तै विशाल भए जसले गर्दा कनान भूमिको अन्नले तिनीहरूलाई पुग्न असम्भव भयो। यसर्थ एसावले आफ्नो भाइ

याकूबलाई छोड़ेर धेरै टाढ़ा देशमा गए। एसावले आफ्ना
सबै चीजहरू आफूसँग लिएर गए। कनानमा हुँदा उनले
यी सब चीजहरू प्राप्त गरेको थियो। यसर्थ एसावले
आफूसंग पत्नीहरू छोराहरू, छोरीहरू, सबै नोकरहरू,
पशुहरू लग्यो। एसाव र याकूबको परिवारहरू यति
बढ़दै गए, तिनीहरूलाई एकै ठाउँमा बस्न असम्भव
भयो। त्यस भूमिबाट दुइ परिवारहरूलाई जीवन निर्वाह
गर्न मुश्किल थियो। तिनीहरूसित धेरै गाई-वस्तुहरू
थिए। एसाव पहाड़ी भूमि सेइरतिर लागे (एसावको नाउँ
एदोम अनि सेइर पनि हो।)
९एसाव एदोमी मानिसहरूका पिता थिए। सेईर एदोमको
पहाड़ी भूमिमा बस्ने एसावका परिवारहरूको नाउँ यी नै
हुन्:
१०एसाव र आदाको छोरोको नाउँ एलीपज हो।
एसाव र बासमतको छोरोको नाउँ रूएल हो।
११एलीपजका पाँचजना छोराहरूको नाउँ थियो :
तेमान, ओमार, सपो, गोताम अनि कनज। १२एलीपजकी
पनि एउटी दासी थिइ। उसको नाउँ तिम्ना
थियो अनि तिम्ना र एलीपजको अमालेक नाउँका छोरो
थियो।
१३रूएलका चारजना छोराहरू थिए। तिनीहरू: नहत,
जेरह, शम्मा र मिज्जा थिए।
यिनीहरू एसावकी पत्नी बासमत पट्टिका नातिहरू नै
हुन्।
१४एसावकी साइँली पत्नी सेबोनकी छोरी अन्नाकी
छोरी ओहोलीबामा थिइन। एसाव र ओहोलीबामाकी
छोरीहरू यऊश, यालाम र कोरह थिए।
१५यी परिवार एसावबाट आएका हुन्।
एसावको जेठा छोरो एलीपज थियो। एलीपजबाट
यिनीहरू आए-तेमान, गोमार, सपो, कनज, १६कोरह,
गाताम अनि अमालेक।
ती सबै परिवारिक मुखियाहरू एसावकी पत्नी आदाबाट
जन्मेका हुन्।
१७एसावको छोरो रूएल यी परिवारहरूको पहिलो
बाबु थियो। नहत, जेरह, शम्मा अनि मिज्जा।
ती सब परिवाहरू एसावकी पत्नी बासमतबाट आएका
हुन्।
१८एसाव को पत्नी र अनाकी छोरी ओहोलीबामाबाट
जन्मेका छोराहरू हुन्-यऊश यालाम अनि कोरह। ती
तीन जना मानिसहरू तिनीहरूको परिवारहरूका बाबु
हुन्। १९यी मानिसहरू एसाव (एदोम)बाट आएका
परिवाका प्रमुखहरू थिए।
२०एसावभन्दा अघि एदोममा सेइर नाउँको एक होरी
मानिस बस्थ्यो। सेइरका छोराहरू थिए लोतान, शोबाल,
सिओन, अना, २१दीशोन, एसेर, दीशान। यी छोराहरू
एदोममा सेईरबाट आएका छोरी पारिवार मुखियाहरू
थिए।
२२लोतान होरी र हेमानको बाबु थियो। (तिम्ना
लोतानकी बहिनी थिई।)
२३शोबाल: अल्बान, मानहत, एबाल, सपो अनि
ओनामका बाबु थियो।
२४सिबोनका अय्या र अना नाउँका दुइ छोराहरू
थिए। (अना त्यही मानिस थियो जसले पहाड़मा आफ्नो
बाबुका गधाहरूको हेरचाह गर्दा तातो पानीको मुहान
भेट्टाएको थियो।)
२५दीशोन र ओहोलीबामाका बाबु अना थिए।
२६दीशोनका चार छोराहरू हेमदान, एश्बान, यित्रान
र करान थिए।
२७एसेरका तीन जना छोराहरू बिल्हान, जावान र
अकान थिए।
२८दीशोनका दुइ छोराहरू ऊज र आरान थिए।
२९होरी परिवाहरूका प्रमुखहरू थिए-लोतान, शोनान,
सिबोन, अना, ३०दीशान, एसेर, अनि दीशान। जो
सेइर भूमिमा बसे तिनीहरूको पारिवारिक प्रमुखहरू ती
मानिसहरू नै थिए। ३१त्यस समयमा एदोममा राजाहरू
थिए। इस्राएल राजा हुनुभन्दा धेरै समयअघि एदोममा
राजाहरू थिए।
३२बओरको छोरो बेला राजा थियो जसले एदोममा
शासन गर्‍यो। उनले दिन्हारा शहरमाथि शासन गर्‍यो।
३३जब बेला मर्‍यो योबाब राजा भयो। योबाब बोज्रामाको
जेरहको छोरो थियो। ३४जब योबाब मर्‍यो, हूशामले
शासन गर्‍यो। हूशाम तेमानी मानिसहरूको देशको
थियो। ३५जब हूशाम मर्‍यो हददले त्यस इलाकाको
शासन गर्‍यो। हदद बेदादको छोरा थियो (हदद ऊ थियो
जसले माओबको भूमिमा मिद्यानीहरूलाई जितेको थियो।)
हदद अबीत शहरको थियो। ३६जब हदद मर्‍यो
सम्लाले देशमा शासन चलायो। सम्ला मसेकामाको
थियो। ३७जब सम्ला मर्‍यो त्यो इलाकामा शावलले
शासन चलायो। शावल फरात नदीको किनारमा रहोबोतको
थियो। ३८जब शावल मर्‍यो त्यो देशमा बाल्हनानले
शासन चलायो। बाल्हनान अकबोरको छोरो थियो।
३९जब बाल्हनान मर्‍यो, हदरले त्यहाँ शासन गर्‍यो।
हदर पाऊ शहरको थियो। हदरकी पत्नीको नाम
महेतबेल थियो, तिनी मत्रेदकी छोरी थिइन। (मेजाहाब
मत्रेदको बाबु थियो।)
४०-४३एसाव एदोमी परिवारहरू: तिम्ना, अल्वा,
यतेत, ओहोलीबामा, एला, पीनोन, कनज, तेमान,
मिब्सार, मग्दीएल अनि ईरामको बुबा थियो। यी
परिवारहरू प्रत्येक नै त्यस इलाकामा बसो-बास गरे जुन
इलाकाको नाउँ र पारिवारको नाउँ एकै थियो।

## सपना दर्शी यूसुफ

३७ याकूब रोकियो अनि कनान देशमा बस्न
थाल्यो। यो त्यही देश हो जहाँ उसको बाबु

बसेको थियो। २याकूबको परिवारको कथा यही हो।
यूसुफ सत्रह वर्षको युवक थियो। उसको काम
भेड़ा-बाख्रा हेरचाह गर्नु थियो। उनले यो काम आफ्नो
दाज्यू-भाइ र जिल्पा र बिल्हाका छोराहरूसित गर्‍यो।
(जिल्पा र बिल्हा उसको बुबाकी उप पत्नीहरू थिए।)
यूसुफ आफ्नो बुबालाई उसका दाज्यूहरूले गरेका सबै
दुष्टकर्मको विषयमा जानकारी दिने गर्दथ्यो। ३इस्राएल
बूढ़ो भइसकेपछि यूसुफ जन्मेको थियो। यसकारण
इस्राएलले यूसुफलाई अरु छोराहरूलाई भन्दा बढ़ी माया
गर्थ्यो। याकूबले आफ्नो छोरोलाई एक विशेष लामो र
अत्यन्तै राम्रो कोट दियो। ४यूसुफका अरु दाज्यू-भाइहरूले
जब यो थाहाँ पाए कि तिनीहरूका बुबा उनीहरूलाई
भन्दा बढ़ी यूसुफलाई माया गर्थे। यसैकारण तिनीहरू
आफ्नो भाइलाई घृणा गर्थे। तिनीहरू उसित राम्रो
प्रकारले कुरा गर्न अप्ठयारो मान्ने गर्द थिए।

५एकपल्ट यूसुफले एउटा विशेष सपना देख्यो। पछि
उनले आफ्नो दाज्यू-भाइहरूलाई त्यस सपनाको बारेमा
भन्यो। त्यसपछि उसका दाज्यू-भाइहरूले झन् वेशी
घृणा गर्न थाले।

६यूसुफले भने, "मैले एउटा सपना देखेँ। ७हामीहरू
सबै खेतमा काम गर्दैथियौं। हामीहरू सबैले मिलेर
गहुँको बिटा बाँध्दै थियौँ। मैले बाँधेको बिटा अनि
तिमीहरूले बाँधेको बिटाहरूले मेरो बिटालाई चारै तिरबाट
घेर्‍यो। त्यसपछि तिमीहरूको बिटाले मेरो बिटालाई
निहुरिएर ढोग्यो।"

८यूसुफका दाज्यू-भाइहरूले भने, "के यसको अर्थ,
तँ राजा हुन्छस् अनि हामीहरू सबैलाई शासन गर्छस्?"
उसको दाज्यू-भाइहरूलेऊ माथि अझै धेरै घृणा गर्न
थाले, कारण तिनीहरूको विषयमा उसले सपना देखेको
थियो।

९तब फेरि यूसुफले अर्को सपना देख्यो। यूसुफले
यस सपना बारेमा पनि आफ्नो दाज्यू-भाइहरूलाई बतायो।
उनले भने, "मैले अर्को सपना देखेँ। मैले घाम, जुन र
एघार नक्षत्रहरूले मलाई ढोग गर्दै गरेको देखेँ।"

१०उनले आफ्नो बाबुलाई पनि त्यस सपना बारे
भन्यो। तर उसको बाबुले त्यो सपनाको विषयमा
आलोचना गरे। उसका बाबुले भने, "यो कस्तो प्रकारको
सपना हो? के तलाईं विश्वास हुन्छ तेरी आमा, तेरो
दाज्यू-भाइहरू अनि म तँलाई ढोग्छौ।" ११यूसुफका
दाज्यू-भाइहरूले साहै ईर्ष्या गरिरहे। तर उसको बाबुले
यी विषयमा धेरै गहिरिएर सोचे अनि विचार गरे यो
सबको अर्थ के हुन सक्छ?

१२एक दिन यूसुफका आफ्ना दाज्यू-भाइहरू आफ्ना
बाबुका भेड़ाहरूको हेरचाह गर्न शकेम गए। १३याकूबले
यूसुफलाई भने, "शकेम जा! तेरा दाज्यू-भाइहरूले मेरो
भेड़ाहरू हेरचाह गर्दैछन्।"

यूसुफले भने, "म जानेछु।"

१४यूसुफका बाबुले भने, "तेरा दाज्यू-भाइहरू सुरक्षित
छन् या छैनन् यसो हेर। फर्की आएर मलाई भन मेरा
भेड़ाहरू राम्रै छन् या छैनन्।" यसर्थ यूसुफका बाबुले
उसलाई हेब्रोन बेंसीबाट शकेम पठाए।

१५शकेममा यूसुफ हरायो। एक जना मानिसले
उसलाई खेतमा हिंडिरहेको भेट्टायो। त्यस मानिसले भने,
"के खोजिरहेको छस्?"

१६यूसुफले उत्तर दियो, "म मेरा दाज्यू-भाइहरू
खोज्दैछु। के तिमीले भन्न सक्छौ तिनीहरू भेड़ाहरूसित
कहाँ छन्?"

१७त्यस मानिसले भने, "तिनीहरू गईसके। तिनीहरू
दोतान जाँदै गरेको कुरा मैले सुने।" यसर्थ यूसुफ
उनीहरू गए तिरै गए अनि तिनीहरूलाई दोतानमा
भेटायो।

### यूसुफ कमारोको रुपमा बेचियो

१८यूसुफका दाज्यू-भाइहरूले उसलाई टाढ़ाबाट आउँदै
गरेको देखे। उनीहरूले उसलाई मार्ने निश्चय गरेर
एउटा योजना बनाए। १९उनका दाज्यू-भाइहरूले एक-
अर्कालाई भने, "हेर, सपनादर्शी यूसुफ आउँदैछ।
२०यदि हामीले सक्छौ भने उसलाई अवश्य मार्नु पर्छ।
हामीले उसको शरीर एउटा रित्तो कुवामा फ्याक्नु पर्छ।
तब हामी आफ्नो बुबालाई भन्न सक्छौ, जंङ्गली
जनावरले उसलाई मार्‍यो। तब हामी हेरौं उसको सपना
के हुन्छ।"

२१तर रूबेनले यूसुफलाई बचाउन चाहन्थ्यो। रूबेनले
भने, "त्यसलाई हामी नमारौं। २२हामी त्यसलाई चोट
नलगााई कूवामा हाल्न सक्छौं।" रूबेन उसलाई बचाउन
अनि बाबु भएको ठाउँमा फिर्ता पठाउन चाहन्थ्यो।
२३जब यूसुफ आफ्नो दाज्यूहरू कहाँ पुग्यो,
तिनीहरूले उसलाई एक्कसी समाते अनि उसको
लामो अनि सुन्दर कोट च्यातच्यूत पारे। २४त्यसपछि
तिनीहरूले उसलाई एउटा खाली सूख्खा कूवामा
फ्याँकि दिए।

२५जब यूसुफ कूवाभित्र थियो उसका दाज्यू-भाइहरू
खान बसे। तिनीहरूले हेरे अनि एक हुल व्यापारीहरू
गिलाददेखि मिश्रतिर यात्रा गर्दै गरेको देखे। तिनीहरूले
ऊँटहरूमाथि धेरै प्रकारका मसला र धन-दौलत लँदै
थिए। २६यहूदाले दाज्यू-भाइहरूलाई भने, "हामीले
आफ्नो भाइ मारेर त्यसको मृत्यु लुकाएर के पाउँछौ?
२७बरु हामीहरूले त्यसलाई ती व्यापारीहरूलाई बेच्दा
लाभ हुन्छ। हामीले आफ्नो भाइलाई मारेकोमा दोषी
पनि हुँदैनौ।" अरु दाज्यू-भाइहरू सहमत भए। २८जब
ती मिद्यानी व्यापारीहरू नजिक आए, तिनीहरूले यूसुफलाई
कूवाबाट बाहिर निकाले। तिनीहरूले यूसुफलाई बीसवटा
चाँदीका टुक्रामा बेचे। ती व्यापारीहरूले यूसुफलाई मिश्र
लिएर गए।

२९यी सब घटना हुँदा रूबेन त्यहाँ आफ्नो दाज्यू-
भाइहरूसित थिएन। तिनीहरूले यूसुफलाई बेचेको उनले
थाहा पाएन। जब रूबेन कूवामा आयो उनले त्यहाँ
यूसुफलाई देखेन। शोक प्रकट गरेर उनले आफ्नो
लुगाहरू च्यात्यो। ३०रूबेनले आफ्ना दाज्यू-भाइहरू
भएको ठाउँमा गएर भने, "त्यो केटो कूवाँमा छैन। मैले
के गर्नु?" ३१ती दाज्यू-भाइहरूले एउटा बोका मारे
अनि त्यसको रगत त्यो राम्रो लबेदामा लगाए। ३२तब
तिनीहरूले त्यो लबेदा आफ्नो बाबुलाई देखाए। अनि
तिनीहरूले सोधे, "हामीले यो लबेदा पायौं, के यो
लबेदा यूसुफको हो?"
३३तिनीहरूका बुबाले कोट देखे अनि बुझे, कि यो
यूसुफको कोट थियो, तिनीहरूका बुबाले भने, "हो, यो
उसको कोट हो। जंङ्गली जनावरले मेरो छोरा यूसुफलाई
मारेर खाएको हुनुपर्छ।" ३४याकूब आफ्नो छोरोको
निम्ति यति शोकाकुल भयो उसले आफ्नो लुगाहरू
च्यात्यो। तब उनले आफ्नो शोक प्रकट गर्न एक खास
प्रकारको लुगा लगायो। याकूबले छोरोको शोक धेरै
लामो समयसम्म मनायो। ३५उसका सबै छोरा-छोरीहरूले
तिनलाई सान्त्वना दिने प्रयास गरे। तर याकूब कहिल्यै
शोकबाट मुक्त भएन। उनले भने, "मेरो छोरोको निम्ति
म नमरुञ्जेलसम्म शोकमा रहनेछु।" यसर्थ याकूब पुत्र
शोकमा परिरह्यो।
३६ती मिद्यानी व्यापारीहरूले मिश्र देशमा यूसुफलाई
बेचे। फिरऊनका रक्षकहरूका कप्तान पोतीफरलाई
तिनीहरूले यूसुफलाई बेचे।

## यहूदा र तामार

३८ त्यस समय यहूदा आफ्नो दाज्यू-भाइहरूलाई
छोड़ी हीरा नाउँको मानिससित बस्न गए।
हीरा अदुल्लाम शहरको थियो। २यहूदाले त्यहीँ कनानी
केटीलाई भेट्यो अनि उसलाई विवाह गर्‍यो। त्यस
केटीको बाबुको नाउँ शूआ थियो। ३त्यस कनानी
केटीले एउटा छोरो जन्माई। उनले उसको नाउँ एर
राखी। ४पछि फेरि अर्को छोरो पाई र उसको नाउँ
ओनन राखी। ५पछि फेरि उनले अर्को छोरो जन्माई
अनि उसको नाउँ उनले शेलह राखीन्। उसको तेस्रो
छोरो जन्मदा यहूदा कजीबामा थियो।
६यहूदाले आफ्नो छोरो एरको विवाह गराउँनको
निम्ति एउटी केटीलाई रोज्यो। त्यस केटीको नाउँ
तामार थियो। ७तर एरले अत्यन्तै नराम्रो काम गर्‍यो।
परमप्रभु ऊसंग प्रसन्न हुनुभएन। यसकारण परमप्रभुले
उसलाई मार्नु भयो। ८त्यसपछि यहूदाले एरको भाइ
ओनानलाई भने, "जा अनि मरेको दाइको पत्नीसित
सुत। तँ उसको लोग्ने जस्तै बनिनु। यदि नानीहरू जन्मे
ती तेरो दाइ एरका नानीहरू हुन्छन्।"
९ओनानलाई थाहा थियो तामार र ऊबाट जो नानीहरू
हुन्छन् ती सबै उसका हुँदैनन्। ओनानले तामारसित
सहवास गर्‍यो। तर उनले आफ्नो गर्भ धारण हुन
दिएन। १०यस विषयमा परमप्रभु क्रोधित हुनु भयो।
यसकारण परमप्रभुले ओनानलाई पनि मार्नु भयो।
११त्यसपछि आफ्नी बुहारी तामारलाई यहूदाले भन्यो,
"तँ आफ्नो बाबुको घर फर्केर जा, त्यही बस अनि
तबसम्म विवाह नगर्नु जबसम्म मेरो छोरा शेलह ठूलो
हुँदैन।" यहूदालाई डर थियो कतै शेलह पनि उसको
दाज्यूहरू झैं मारिन्छ। तामार आफ्नो बाबुको घरमा
फर्केर गइन्।
१२पछि शूआकी छोरी यहूदाकी पत्नी मरी। यहूदाको
शोक समय बितेपछि, त्यो अदुल्लामबाट आफ्नो साथी
हीरासित तिम्ना गए। भेड़ाबाट काटिएको ऊन लिन
यहूदा तिम्ना गए। १३उसको ससुरा यहूदा भेड़ाको ऊन
लिन तिम्ना गएको कुरा तामारले चाल पाई। १४तामारले
सधैँ विधवाले लगाउने लुगा लाउने गर्द थिइ। यसर्थ
उनले भिन्दै केही लुगा लगाई अनि आफ्नो अनुहार
पर्दाले छोपी। त्यसपछि तिम्ना शहरको नजिक एनैम
जाने बाटोको मुन्तिर बसी। तामारले थाहा पाई यहूदाको
छोरो शेलह अब ठूलो भइसकेको छ। तर यहूदाले
ऊसित विवाह गर्ने कुनै योजना बनाउने छैन।
१५यहूदा त्यही बाटो हिँड़ेर गए। उनले तामारलाई
देख्यो तर त्यो वेश्या हो भनेर सोच्यो। उनले आफ्नो
अनुहार वेश्याहरूले जस्तै पर्दाले ढाकेकी थिई। १६यसर्थ
यहूदा तिनी भएको ठाउँमा गए अनि भन्यो, "तँसित
शारीरिक सम्बन्ध गर्नदे।" यहूदाले थाहा पाएन ऊ
आफ्नी बुहारी तामार थिई।
उनले भनी, "तिमीले मलाई के दिन्छौ?"
१७यहूदाले उत्तर दियो, "म मेरो भेड़ाको हुलबाट
एउटा भेड़ा पठाइ दिनेछु।"
उनले उत्तर दिई, "यसमा म राजी छु। तर तिमीले
मलाई भेड़ा नपठाउञ्जेलसम्म राख्नलाई केही दिनु
पर्छ।"
१८यहूदाले सोध्यो, "मैले बाख्रा नपठाउञ्जेलसम्म के
बन्धक राख्न चाहन्छौ?"
तामारले उत्तर दिई, "तिमीले आफ्नो चिट्ठी पठाउँदा
प्रयोग गर्ने मोहर र डोरी देऊ। अनि तिमीले
टेक्ने लट्ठी पनि देऊ।" यहूदाले यी सब चीजहरू
उसलाई दिएर तामारसित सहवास गरे। तामार गर्भवती
भइन्। १९तामार घर गई अनि उनले आफ्नो मुखबाट
पर्दा हटाएर फेरि त्यही आफूलाई विधवा देखाउने लुगा
पहिरीन।
२०त्यसपछि यहूदाले वेश्यासित प्रतिज्ञा गरे अनुसार
हीरालाई एउटा सानो बाख्रा दिएर एनैम पठाए। यहूदाले
उसलाई आफ्नो मोहर र लठ्ठी फर्काएर ल्याउनुँ भन्यो।
तर हीराले तामारलाई भेट्न सकेन। २१हीराले एनैम
शहरका केही मानिसहरूलाई सोधी, "बाटोको छेऊमा

बस्ने वेश्या कहाँ छे?" मानिसहरूले जवाफ दिए, "यहाँ
कोही वेश्या थिइन।"
२२यसर्थ यहूदाको साथी तिनीकहाँ गए र भने, "मैले
आइमाईलाई भेट्न सकिन। जब मैले त्यस ठाउँका
मानिसहरूलाई सोधें, तिनीहरूले मलाई बताए त्यस
ठाउँमा कोही वेश्या थिइन।"
२३यसकारण यहूदाले भने, "त्यसलाई ती चीजहरू
राख्न देऊ। म चाहदिन मानिसहरू ममाथि हाँसून। मैले
त्यसलाई बाख्रा दिन खोजे तर उसलाई भेटिएन, त्यही
नै पर्याप्त छ।"

## तामार गर्भवती भई

२४प्राय: तीन महीनापछि कसैले यहूदालाई भने,
"तिम्रो बुहारीले वेश्याले जस्तै काम गरी। अनि अहिले
उ वेश्यावृतिले गर्दा गर्भवती छे।"
तब यूहदाले भन्यो, "उसलाई बाहिर निकाल, उसलाई
मार अनि उसको शरीर जलाई दे।"
२५यहूदाका मानिसहरू तामारलाई मार्न गए। तर
तामारले आफ्नो ससुरालाई समाचार पठाई। तामारले
भनी, "जुन मानिसले मलाई गर्भवती बनायो त्यसैका यी
चीजहरू हुन्। तब उनले मोहर, डोरी अनि टेक्ने लट्ठी
देखाई। यी चीजहरू हेर यी सब कसका हुन्? यी
कसका विशेष मोहर, डोरी र टेक्ने लट्ठी हो?"
२६यहूदाले ती चीजहरू चिन्यो अनि भने, "उनले
ठीक भनी। म नै भूलमा थिएँ। मैले आफ्नो प्रतिज्ञा
अनुसार उसको विवाह आफ्नो छोरा शेलहसित गर्न
दिइनँ।" अनि यहूदा फेरि तिनीसित सुतेनन्।
२७तामारको सुत्केरी हुने समय आइ पुग्यो अनि
उनले थाहा पाई जुम्ल्याह नानीहरू हुनेछन्। २८जुन
समयमा उनले नानी जन्माँउदै थिई एउटा नानीको एउटा
हात बाहिर निसक्यो। सुँडेनीले त्यो नानीको हातमा रातो
धागो बाँधेर भनी, "यो नानी पहिले जन्मन्छ।" २९तर
त्यस नानीले आफ्नो हात फेरि भित्र पसायो। त्यसपछि
दोस्रो नानी पहिले जन्म्यो। त्यस बखत सुँडेनीले भनी,
"ताँ नै पहिले बाहिर आउन समर्थ भइस्।" त्यसकारण
उनले त्यस नानीको नाउँ पेरेस राखी। ३०त्यसपछि
अर्को नानी जन्म्यो। त्यस नानीको हातमा रातो धागो
थियो। उनले त्यस नानीको नाउँ जेरह राखियो।

## यूसुफ मिश्र देशको पोतीफरलाई बेचियो

३९ जुन व्यापारीले यूसुफलाई किन्यो उनले यूसुफलाई
मिश्र देशमा लिएर गए। उनले यूसुफलाई
फिरऊनको अगंरक्षकहरूको सेनापतिलाई बेचिदियो। २तर
परमप्रभुले यूसुफलाई सहायता गर्नु भयो। यूसुफ एउटा
सफल मानिस भयो। यूसुफ आफ्नो मिश्री मालिक
पोतीफरको घरमा बस्यो।
३पोतीफरले थाहा पायो परमप्रभुले यूसुफलाई सहायता
गर्नु भएको छ। उनले यो पनि थाहा पायो यूसुफले जे
गर्छ त्यसमा उसलाई सफल पार्न परमप्रभुले सहायता
गर्नु भएको हुन्छ। ४यसकारण यूसुफलाई पाएर पोतीफर
अत्यन्तै खुशी थियो। पोतीफरले उसलाई आफ्नो काम
गराउन तथा घरमा व्यवस्था मिलाउने काममा लगायो।
पोतीफरको प्रत्येक कुरोमा उसको अधिकार थियो।
५जब यूसुफ पोतीफरको घरमा प्रत्येक चीजको अधिकारी
बनियो तब परमप्रभुले पोतीफरको घरमा रहेको प्रत्येक
चीजमा आशीर्वाद दिनुभयो। परमप्रभुले यूसुफको कारणले
यसो गर्नु भयो अनि पोतीफरको खेतीमा उब्जने प्रत्येक
चीजलाई परमप्रभुले आशीर्वाद दिनु भयो। ६यसैले
पोतीफरले यूसुफलाई आफ्नो घरको प्रत्येक चीजको
जिम्मावारी लगायो। पोतीफरले कुनै कुराको चिन्ता
गर्दैनथ्यो ऊ खाली आफ्नो भोजनको विषयमा मात्र
चिन्ता गर्दथ्यो।

## पोतीफरकी पत्नी अनि यूसुफको अस्वीकृति

यूसुफ अत्यन्तै सुन्दर र राम्रो थियो। ७केही समयपछि
यूसुफको मालिककी पत्नीले उसलाई प्रेम गर्न थालीन्।
एकदिन उनले भनिन्, "मसँग सुत्।"
८तर यूसुफ मानेन। उनले भने, "मेरो मालिक यस
घरको प्रत्येक चीजको निम्ति मलाई विश्वास गर्छन।
उनले यस घरको प्रत्येक चीजको लागि मलाई जिम्मावारी
दिएका छन्। ९मेरा मालिकले मलाई आफू समान
सम्झन्छन्। तर मैले उसकी पत्नीसित सुत्नु हुँदैन। यो
उचित होइन। यो परमेश्वरको बिरुद्धमा पाप हो।"
१०त्यो स्त्रीले प्रत्येक दिननै यूसुफसित कुरा गर्थी।
तर यूसुफले ऊसित सुत्न अस्वीकार गर्दथियो। ११एक
दिन यूसुफ आफ्नो कामको निम्ति घरभित्र पसेको
थियो। त्यस बेला लोग्ने मानिस त्यस घरमा ऊ मात्रै
थियो। १२उसका मालिककी पत्नीले यूसुफको लुगा
समाती अनि उसलाई भनी, "तिमी मसित
ओछ्यानमा आउँ।" तर यूसुफ त्यहाँबाट यति चाँडै
भाग्यो अनि उसको लुगा मालिककी पत्नीको हातमा नै
रह्यो।
१३त्यस पत्नी मानिसले देखी उसको लुगा उसैको
हातैमा थियो अनि यूसुफ घरदेखि बाहिर भागेर गए।
यसर्थ उनले निश्चय गरी जे भएको थियो त्यस
विषयमा झूटो प्रचार गर्नुपर्छ। १४ऊ बाहिरका
मानिसहरूलाई बोलाउन गई। उनले भनी, "हेर, यो
हिब्रू कमारा हाम्रो बेइज्जत गर्न यहाँ आएको थियो। ऊ
भित्र आयो अनि मसित सुत्ने कोशिश गर्‍यो, तर म
साह्रै चिच्याएँ। १५म चिच्चाएकोले गर्दा त्यो डरायो
अनि यहाँबाट भाग्यो। तर उनले आफ्नो कोट मसितै
छोडेर गयो।" १६यसकारण उनले आफ्नो लोग्ने घर
फर्कुन्जेलसम्म त्यो लुगा आफूसँगै राखी। १७अनि
उनले आफ्नो लोग्नेलाई त्यही कथा सुनाई। उनले

भनिन, "तिमीले ल्याएको हिब्रू दासले मसित ब्यभिचार गऱ्यो र लज्जित पाऱ्यो। १८जब ऊ मकहाँ आयो म चिच्चाएँ अनि त्यो भाग्यो तर त्यसले आफ्नो लुगा छोड़ेर गयो।"

### यूसुफ झ्याल खानामा

१९जति बेला यूसुफको मालिकले कथा सुने, तिनी साहै नै रिसाए। २०त्यहाँ एउटा झ्यालखाना थियो अनि त्यसमा राजाका शत्रुहरूलाई राखिन्थ्यो। पोतीफरले यूसुफलाई त्यही झ्याल खानामा राख्यो अनि यूसुफ त्यही बसिरह्यो।

२१तर परमप्रभु यूसुफसित हुनुहुन्थ्यो। उहाँ सधैँ ऊसँग दयालु हुनुहुन्थ्यो। २२उहाँले अरु कैदीहरूको प्रमुख यूसुफलाई बनाए अनि एक रक्षकबाट गरिनु पर्ने प्रत्येक कुरो तिनलाई गर्न लगाए। २३रक्षकहरूका अधिकारीले झ्यालखानको सबै कुराहरूमा यूसुफमाथि विश्वास गर्थे। यस्तो यस कारण हुने भयो कारण परमप्रभुले यूसुफलाई सहायता गर्नुहुन्थ्यो। यूसुफले जे गर्थ्यो परमप्रभुले उसलाई सफल गराउनु हुन्थ्यो।

### यूसुफले दुइवटा सपना व्याख्या गर्छ

४० पछि, फिरऊनका दुइजना नोकरहरूले फिरऊनप्रति केही गल्ती गरे। तिनीहरूमध्ये एकजना फिरऊनका लागि रोटी पकाउने अनि अर्को उनको दाखरस दिने नोकर थिए। २फिरऊन यी रोटी पकाउने र दाखरस सेवा गर्ने मानिसहरूसित क्रोधित भए। ३उनले तिनीहरूलाई फिरउनले यूसुफलाई जस्तै फोतिफरलाई झ्यालखानाम पठाए जसको मुख्य अङ्गरक्षकको घरमा जहाँ यूसुफ थियो। ४प्रमुखले ती दुइजनालाई यूसुफको हेरचाहमा राखि दिनुभयो। तिनीहरू यस झ्यालखानामा केही दिन थिए।

५एक दिन राती ती दुइजनाले सपना देखे। ती दुइजना नोकरहरू, एकजना रोटी पकाउने र अर्को दाखरस सेवा गराउने मिश्र देशका राजाका नोकरहरू थिए। प्रत्येक कैदीको आ-आफ्नो सपना थियो। अनि प्रत्येक सपनाको अलग्गै अर्थ थियो। ६यूसुफ भोलिपल्ट बिहानै तिनीहरूकहाँ गए। उनले तिनीहरूलाई साहै कष्टमा परेको भेट्‌ए। ७यूसुफले सोध्यो, "आज तिमीहरू किन चिन्तित देखिन्छौ?"

८ती दुइजना मानिसहरूले उत्तर दिए, "हामीले राती सपना देख्यौं तर के सपना देख्यौं बुझ्नु सकेनौं। त्यो सपनाको अर्थ हामीलाई बुझाउने अथवा व्याख्या गर्ने मानिस यहाँ कोही पनि छैन।"

यूसुफले तिनीहरूलाई भने, "परमेश्वर नै एकजना हुनुहुन्छ जसले सपना बुझाउनु अथवा व्याख्या गर्न सक्नु हुन्छ। यसर्थ म बिन्ती गर्छु मलाई तिमीहरूको सपना बताऊ।"

### दाखरस सेवकको सपना

९यसर्थ दाखरस सेवकले यूसुफलाई आफ्नो सपना बतायो। त्यसले भने, "मैले मेरो सपनामा दाखको बोट देखेँ। १०त्यस बोटमा तीनवटा हाँगाहरू थिए। कोपिला लागेपछि लगत्तै यसका फूलहरू प्रस्फूटित भए अनि पाकेको अङ्गुरको गुच्छा भयो। ११मैले फिरऊनको प्याला समातेको थिए यसर्थ दाख टिपेर त्यो प्यालामा निचोरेर त्यो प्याला फिरऊनलाई दिए।"

१२तब यूसुफले उत्तर दियो, "म सपनाको व्याख्या तिमीलाई दिनेछु। ती तीनवटा हाँगाहरूको अर्थ तीन दिन हो। १३तीन दिन शेष हुनुअघि फिरऊनले यहाँ आएर तिमीलाई आफ्नो काममा जान अनुमति दिनेछन। तिमीले त्यही काम गर्नेछौ जुन काम तिमीले फिरऊनसित पहिले गरिरहेका थियौ। १४तर जब तिमी यहाँबाट मुक्ति पाउँछौ मलाई पनि सम्झना गर्नू। मलाई सहायता अनि मेरो भलाई गर। मेरो विषयमा फिरऊनलाई भन जसले गर्दा म यहाँबाट निस्कन सकुँ। १५मलाई हिब्रूहरूको भूमि, मेरो देशबाट बल प्रयोग गरेर निकालियो। अनि त्यस समयमा मैले कुनै भूल गरेको थिइनँ जसले गर्दा म कैदमा पर्नु पर्ने थियो।"

### रोटी पकाउनेवालाको सपना

१६त्यस रोटी पकाउनेले थाहा पायो अर्को नोकरको सपना राम्रो थियो। यसर्थ मुख्य रोटी पकाउनेले यूसुफलाई भने, "मैले पनि सपना देखे। मैले सपनामा देखेँ मेरो टाउको माथि रोटीले भरिएको तीनओटा डालाहरू थिए। १७सब भन्दा माथिको डालामा सबै प्रकारको पकाएको भोजन थियो। यो भोजन राजाको निम्ति थियो। तर भोजन चराहरूले खाइरहेका थिए।"

१८यूसुफले उत्तर दियो, "सपनाको अर्थ के हुन्छ म बताउने छु। ती तीन डालाहरूको अर्थ तीन दिन हो। १९तीन दिनभित्र राजा यहाँ आउनु हुनेछ अनि तिमी कैदबाट मुक्त हुनेछौ। तब राजाले तिम्रो टाउको छिनाउनु हुनेछ अनि तिम्रो शरीर खुट्टामा झुण्डयाउनु हुनेछ अनि तिम्रो शरीरको मासु चराहरूले खानेछन्।"

### यूसुफलाई बिर्सिन्छन्

२०तीन दिनपछि फिरऊनको जन्म दिन थियो। फिरऊनले आफ्नो सबै नोकरहरूलाई भोज दिए। भोजमा फिरऊनले मुख्य दाखरस दिने र मुख्य रोटी पकाउने नोकरहरूलाई झ्यालखानाबाट निकाल्ने अनुमति दिए। २१फिरऊनले दाखरस दिने सेवकलाई मुक्त गऱ्यो अनि उसलाई आफ्नो पुरानो काममा नै लगायो। अनि दाखरस दिने सेवकले फिरऊनको हातमा दाखरसको प्याला राखिदियो। २२तर फिरऊनले मुख्य रोटी पकाउनेलाई फाँसी दियो अनि यूसुफले जे जे हुन्छ भनी बताएको थियो त्यही भयो। २३तर मुख्य दाखरस दिने सेवकले

यूसुफलाई सहायता गर्न पनि बिर्स्यो उसले यूसुफको विषयमा फिरऊनलाई केही पनि भनेन। यूसुफको विषयमा उनले सबै बिर्स्यो।

### फिरऊनको सपना

**४१** दुइवर्ष पछि फिरऊनले एउटा सपना देख्यो। उनले आफैलाई नील नदीको किनारमा उभिरहेको सपना देख्यो। २सपनामा उनले देख्यो सातवटा गाईहरू नदीबाट निस्केर घाँस खाँदै उभिएका थिए। ती गाईहरू हेर्दा राम्रा र स्वस्थ थिए। ३त्यसपछि अझ सातवटा गाईहरू नदीबाट निस्के अनि ती स्वस्थ गाईहरूको नजिकमा नदीको किनारमा उभिए। तर गाईहरू दुब्लो र बिमारी जस्ता थिए। ४आफ्नो सपनामा उनले यी सातवटा रोगी गाईहरूले सतावटा स्वस्थ गाइहरूलाई खाँदै गरेको देख्यो। तब फिरऊन ब्यूँझ्यो।

५फिरऊन फेरि सुत्यो र सपना देख्यो। उनले सपनामा एउटा अन्नको बोटमा सातवटा बाला लागेको देख्यो। अन्नको बालाहरू मोटा र राम्रा थिए। ६अनि पछि अझ सातवटा अन्नहरू भएको उसले देख्यो। तर तिनीहरू पातलो र बाफिलो हावाले सुकेका थिए। ७ती पातला सातवटा अन्नका बालाहरूले ती राम्रा र भरिला अन्नका बालाहरू खाए। त्यसपछि फिरऊन बिउँझ्यो अनि सोच्यो त्यो सब एउटै सपना मात्र थियो। ८र अर्को बिहान यी सपनाहरूको विषयमा फिरऊन एकदमै चिन्तित भयो। यसर्थ उनले मिश्र देशका सबै जादूगर अनि सबै ज्ञानी मानिसहरूलाई बोलायो। फिरऊनले ती सबै मानिसहरूलाई आफ्नो ती सपनाहरूको विषयमा बतायो तर कसैले पनि त्यस विषयमा व्याख्या गर्न सकेनन्।

### नोकरले यूसुफको विषयमा फिरऊनलाई भन्छ

९तब त्यो दाखरस पुर्‍याउने सेवकले यूसुफलाई सम्झिए अनि फिरऊनलाई भने, "आज म मेरो अतीतका भूलहरू सम्झना गराइरहेको छु। १०तपाईं म र रोटी पकाउनेसित दिक्कहुनु भएको थियो अनि हामीलाई प्रमुख रक्षकको घरमा कैदी बनाउनु भयो। ११त्यसपछि एक रात उनले र मैले सपना देख्यौं। प्रत्येक सपनाको भिन्दा भिन्दै अर्थ थियो। १२हामीसित झ्यालखानामा एक जना हिब्रू मानिस थियो। त्यो अंगरक्षकहरूको कप्तानको नोकर थियो। उसलाई हामीले आफ्नो सपना बतायौं र ती सपनाहरूको विषयमा उनले हामीलाई व्याख्या गर्‍यो। हामीलाई उनले प्रत्येक सपनाको अर्थ बतायो। १३उसले जे भनेको थियो म झ्यालखानबाट मुक्त हुनेछु अनि मेरो आफ्नै नोकरी पाउनेछु, त्यो सही भयो। उनले त्यो रोटी पकाउने मानिस मर्छ भनेको थियो अनि त्यो मर्‍यो। यसर्थ उनले जे जे भनेको थियो सत्य भयो।"

### यूसुफलाई सपना व्याख्या गर्न बोलाइयो

१४यसर्थ यूसुफलाई फिरऊनले झ्यालखानबाट झिकायो र अंग-रक्षकहरूले उसलाई लगत्तै झ्यालखानबाट ल्याए। यूसुफले दाही काट्यो अनि केही सफा लुगाहरू लगाएर फिरऊनलाई भेट्न गयो। १५फिरऊनले यूसुफलाई भन्यो, "मैले थाहा पाएँ कसैले तिमीलाई आफ्नो सपना बताए तिमी त्यसको बारेमा व्याख्या दिन सक्छौ अरे। मैले पनि एउटा सपना देखेको छु अनि त्यस सपनाको विषयमा यहाँ कसैले व्याख्या दिन सकेन।"

१६यूसुफले उत्तर दिए, "म त व्याख्या दिन सक्तिनँ, तर हुनसक्छ परमेश्वरले तिमीलाई सपनाको विषयमा बताउनु हुनेछ।"

१७त्यसपछि फिरऊनले यूसुफलाई भने, "मेरो सपनामा म नील नदीको किनारमा अभिरहेको थिएँ। १८त्यहाँ नदीबाट सातवटा गाईहरू निस्किए अनि किनारमा घाँस खाँदै उभिए। तिनीहरू हेर्दा स्वस्थ र राम्रा देखिने जनावर थिए। १९तब फेरि नदीबाट अरु सातवटा गाईहरू निस्किए तर यी हेर्दा दुर्बल र नराम्रा थिए। सम्पूर्ण मिश्रमा मैले देखेको गाईहरूभन्दा ती गाईहरू नराम्रा थिए। २०त्यसपछि ती दुब्ला र घिनलाग्दा गाईहरूले पहिलेका राम्रा र स्वस्थ गाईहरूलाई खाए। २१तर तिनीहरू अझ पनि दुब्ला र नराम्रा देखिए। तर सातवटा गाईहरू खाई सकेपछि पनि तिनीहरू दुब्ला र कुरुप नै देखिन्थे। तिनीहरूलाई हेरेर तिमीलाई भन्न सक्ने थिएनौ ती गाईहरूले सातवटा बलिया बलिया गाईहरू खाए। शुरुमा तिनीहरू जति कुरुप र दुब्ला थिए पछि पनि तिनीहरूलाई त्यस्तै देखिन्थे। तब म बिउँझे।

२२"मेरो फेरि अर्को सपनामा मैले एउटा अन्नको बोटमा सातवटा बालाहरू फल्दै गरेको देखेँ। ती सातवटा बालाहरू बाक्ला र अन्नले भरिएका थिए। २३अनि पछि अरु सातवटा बालाहरू तिनीहरूपछि पलाए। तर ती पछि पलाएका बालाहरू पातला र गरम हावाले नष्ट भएका थिए। २४त्यसपछि ती पातला बालाहरूले पहिलेको बाक्ला सातवटा बालाहरूलाई खाए।

"मैले ती सपनाहरू मेरो जादूगरहरूलाई भनेँ तर कसैले पनि ती सपनाहरूको विषयमा व्याख्या गर्न सकेनन्। तिनीहरूको अर्थ के हुन्छ त?"

### यूसुफले सपनाको विषयमा व्याख्या गर्छ

२५तब यूसुफले फिरऊनलाई भन्यो, "ती दुवै सपनाहरू एउटै विषयका हुन्। परमेश्वरले अब चाँडै के घट्न लागेको छ। त्यस विषयमा भनी रहनु भएको छ। २६दुवै सपनाहरूको अर्थ वास्तविक रुपमा एउटै हो। सातवटा राम्रा-राम्रा गाईहरू र सातवटा राम्रा-राम्रा अन्नको बालाहरूको अर्थ राम्रा सात वर्षहरू हुन्। २७ती सातवटा बिमारी गाईहरू र सातवटा अन्नको पातला

बालाहरूले यस इलाकामा सात वर्षसम्म अनिकाल लाग्छ भन्ने बोध हुन्छ। यी खराव सात वर्ष राम्रो सात वर्षपछि आउँछ। २८यो ठीक मैले तिमीलाई भने जस्तै नै हो। परमेश्वरले फिरऊनलाई बताउनु भएको छ उहाँ के गर्नु हुँदैछ? २९मिश्र देशमा सात वर्ष प्रचूर अन्न हुने छ। ३०तर त्यसपछि फेरि सात वर्ष अनिकाल लाग्ने छ। मिश्र देशका मानिसहरूले अतीतमा कति अन्न उब्जनी गरेका थिए बिर्सनेछन्। अन्न र पानीको अभावले देश नष्ट हुने छ। ३१त्यो अनिकाल त्यति भयंकर हुनेछ मानिसहरूले प्रशस्त खाने कुरा खाँदा कस्तो हुन्छ भूल्नेछन्।

३२"हे फिरऊन, तपाइले एउटै अर्थ भएका दुइवटा सपना देख्नु भयो। यस्तो यो अर्थ बुझाउनको निम्ति भयो ताकि परमेश्वरले यो निश्चय गराउनु हुनेछ अनि चाँड़ै गराउनु हुनेछ। ३३यसैकारण, हे फिरऊन, तपाईंले यस्तो बुद्धिमान र ज्ञानी मानिस हेर्नुहोस् अनि उनलाई मिश्र देशको राज्यपाल बनाउनुहोस्। ३४तब जनताबाट अन्न उठाउनको निम्ति अरु मानिसहरू छान्नु होस्। प्रत्येक मानिसले असल सात वर्षमा जे जति अन्न उब्जाउँछ, त्यसबाट पाँचौ भाग बुझाओस्। ३५तिनीहरूलाई आज्ञा दिनु होस् जो असल वर्षहरू आउँदैछन् त्यसबेला प्रशस्त अनाजहरू जम्मा गरुन्। मानिसहरूलाई घोषणा गरी दिनु होस् ती छानिएका मानिसलाई शहरहरूमा अनाजहरू जम्मा गर्ने अधिकार होस्। तब तिनीहरूले त्यति समयसम्म अन्न बचाएर राख्नेछन् जबसम्म त्यसको आवश्यक रहन्छ। ३६त्यो जम्मा गरिएको अन्न अनिकालको समय मिश्रमा उपयोग हुनेछ, यसर्थ मानिसहरू सात वर्ष अनिकालमा भोकले मर्ने छैनन्।"

३७फिरऊन र तिनका सबै पदाधिकारीहरूलाई यो योजना राम्रो लाग्यो। ३८त्यसपछि उनले तिनका सबै पदाधिकारीहरूलाई सोधे, "के परमेश्वरको आत्मा त्यो व्यक्तिभित्र रहेको कुनै व्यक्ति हामी भेटन सक्छौ? सक्दैनौ?"

३९यसर्थ फिरऊनले यूसुफलाई भने, "जब परमेश्वरले तिमीलाई यी सबै कुराहरू बुझ्ने बनाउनु भयो, यस ठाउँमा तिमी जस्तो ज्ञानी तथा बुद्धिमानी कोही पनि छैन। ४०तिमी नै एक जना हौ जो यस देशको राज्यपाल हुन सक्ने अनि मेरा सबै मानिसहरूले तिम्रो कुरा सुन्ने छन् तिमी जे भन्छौ, आज्ञा पालन गर्नेछन्। म मात्र एकजना व्यक्ति हुनेछु जो तिमी देखि माथि रहनेछु।"

४१तब फिरऊनले यूसुफलाई फेरि भने, "मैले तिमीलाई समस्त मिश्र देशको राज्यपाल बनाएको छु।" ४२अनि फिरऊनले आफ्नो राजकीय मुकुटको छाप भएको औठी यूसुफलाई दिए, उसलाई राम्रो रेशमी लुगा लगाई दिए अनि फिरऊनले उसको गलामा सुनको एउटा सिक्री लगाई दिए। ४३जब तिनिहरू रथको परेडमा चढ़े। फिरऊनले यूसुफलाई आफ्नो रथको पछाड़ी राखे अनि "यूसुफलाई बाटो देऊ" भन्दै कराउँदै हिड़े त्यसरी फिरऊनले यूसुफलाई सम्पूर्ण मिश्रदेशको राज्यपाल बनाए। ४४राजा फिरऊनले तिनलाई भने, "म फिरऊन राजा हुँ। तिम्रो अनुमति बिना मिश्र देशको भूमिमा कसैले पनि हात अथवा खुट्टा हाल्न पाउने छैन।"

४५त्यसपछि फिरऊनले उनलाई अर्को नाउँ साप्नत-पानेह दिए। फिरऊनले उसको विवाह आसनत नाउँ भएकी आइमाईसित गराए जो 'ओन' शहरका पूजाहारी पोतीफरकी छोरी थिइ। यस प्रकार यूसुफ समस्त मिश्र देशका राज्यपाल भए।

४६मिश्र देश भरी भ्रमणमा निस्के। जब यूसुफले मिश्रका राजाको सेवा गर्न शुरु गरे। यूसुफ तीस वर्षका हुँदा निस्के अनि सारा मिश्र देशको भ्रमण गरे। ४७सहकालको सात वर्षको समयसम्म देशमा राम्रो उब्जनी भयो। ४८अनि तिनले ती वर्षहरूमा अन्नहरू जोगाएर शहरहरूमा जम्मा गरे। प्रत्येक शहरमा त्यस शहरको वरिपरिको भूमिबाट उब्जिएको अन्न जम्मा गराए। ४९समुद्रको बालुवाको थुप्रो झैँ अन्न यूसुफले थुपारे। तिनले थुपारेको अन्न यति विघ्न थियो ओजन गर्न असम्भव थियो।

५०यूसुफकी पत्नी आसनत थिइन् अनि तिनी ओन शहरका पूजाहारी पोतीफेराकी छोरी थिइन। अनिकाल लाग्न दुइ वर्ष अघाड़ि यूसुफ र आसनतका दुइ छोराहरू जन्मे। ५१यूसुफले आफ्नो पहिलो छोरोको नाउँ मनश्शे राखे। यूसुफले उसको यस्तो नाउँ राखे कारण उनले भने, "मैले जति कष्ट पाएको थिएँ परमप्रभुले सबै देख्नु भयो र मेरो घरको सम्झना पनि विर्साइ दिनु भयो।" ५२तिनले आफ्नो दोस्रो छोरोको नाउँ एप्रैम राखे। तिनले उसको नाउँ यस्तो राखेको कारण बताए, "परमेश्वरले मलाई सफल तुल्याउनु भयो, जुन ठाउँमा मैले कष्ट भोगेँ।"

### अनिकालको समय शुरु हुन्छ

५३सात वर्षसम्म मानिसहरूले जति चाहान्थे खाने अन्न पाए तर त्यसपछि ती वर्षहरू बिते। ५४अनि यूसुफको भविष्यवाणी अनुसार नै सात वर्षको अनिकाल शुरु भयो। यस अञ्चलका सबै देशहरूमा खाद्यको अभाव भयो। तर मिश्रमा अन्न प्रचूर थियो। यस्तो भएको कारण यूसुफले अन्न जम्मा गरेर राखेका थिए। ५५जब अनिकाल शुरु भयो मिश्रका मानिसहरूले फिरऊनलाई अन्नको दावी गरे अनि तिनले आफ्नो देशका मानिसहरूलाई भने, "यूसुफकहाँ जाऊ अनि सोध के गर्नु पर्छ।"

५६प्रत्येक ठाउँमा अनिकाल चलिरहेको थियो। यसर्थ यूसुफले मानिसहरूलाई गोदामबाट अन्न दिए। तिनले जोगाएर राखेको अन्न मिश्र देशका मानिसहरूलाई बेचे।

मिश्र देशमा नै घोर अनिकाल लाग्यो। ५७प्रत्येक यूसुफकहाँ अन्न किन्न आए, किनभने अनिकाल सबै ठाउँमा भयंकर थियो।

### सपना साँचो भयो

४२ कनानमा पनि खराब प्रकारले नै अनिकाल लाग्यो। तर याकूबले मिश्र देशमा अन्न छ भनी थाहा पाए। यसर्थ याकूबले आफ्नो छोराहरूलाई भने, "हामी यहाँ किन केही यसरी बसिरहेका छौं। २बेच्नको निम्ति मिश्र देशमा अन्न राखिएको छ भनी मैले सुनेको छु। यसर्थ अन्न किन्नको निम्ति हामी त्यहाँ जाऊँ जसले गर्दा हामी आफैलाई अनिकालबाट बचाउनेछौ।"

३यसर्थ मिश्रमा अन्न किन्न यूसुफका दाजुहरू मध्ये दश जना गए। ४याकूबले बिन्यामीनलाई पठाएनन्। (यूसुफका भाइहरूमा बिन्यामीन मात्र आफ्नै भाइ हो।) बिन्यामीनलाई केही नराम्रो होला भनेर याकूब डराए।

५कनानमा अनिकाल औधी नै लागेको थियो, मिश्र देशमा अन्न किन्न जानेहरूमा कनानबाट धेरै मानिसहरू थिए। तिनीहरू मध्ये इस्राएलका छोराहरू पनि थिए।

६त्यस समयमा मिश्र देशका प्रशासक यूसुफ थिए। त्यहाँ यूसुफ मात्र एकजना मानिस थिए, जसले मिश्र देशमा मानिसहरूलाई अन्न बेच बिखान गारिएको निरीक्षण गर्थे। यसर्थ तिनका दाज्यू-भाइहरू तिनीकहाँ आए अनि शिर निहुस्याएर नमस्कार गरे। ७यूसुफले आफ्नो दाज्यू-भाइहरूलाई देखे अनि चिने। तर तिनले आफ्नो दाज्यू-भाइहरूलाई नचिने झैँ गरे। तिनले तिनीहरूसित निष्ठूरतापूर्ण शब्दहरूमा कुरा गरे। तिनले भने, "तिमीहरू कहाँबाट आएका हौ?"

ती दाज्यू-भाइहरूले उत्तर दिए, "हामी कनान देशबाट आएका हौँ। यहाँ हामी अन्न किन्न आएका हौँ।"

८यूसुफले चिने तिनीहरू तिनका दाज्यू-भाइहरू हुन् तर तिनी को हुन् तिनीहरूले चिनेनन्। ९यूसुफले आफ्नो दाज्यू-भाइहरूको विषयमा देखेको सपना सम्झे।

### यूसुफ आफ्नो दाज्यू-भाइहरूलाई जासूस भन्छन्

यूसुफले आफ्नो दाज्यू-भाइहरूलाई भने, "तिमीहरू जासूसहरू हौ, अन्न किन्न आएकाहरू होइनौ। हामी कहाँ दुर्बल छौं त्यो जान्न आएका हौ।"

१०तिनीहरूले उत्तर दिए, "हे महाशय तपाईंका सेवकहरू यहाँ खाद्यान्न किन्न मात्र आएका छन्। ११हामीहरू सबै दाज्यू-भाइहरू हौ, हामी सबैका बाबु एउटै हुन्। हामी ईमानदार मानिसहरू हौ। हामी खाली अन्न किन्न आएका छौँ।"

१२तब यूसुफले तिनीहरूलाई भने, "होइन। हामी कहाँ दुर्बल छौँ त्यो जान्न तिमीहरू आएका हौ।"

१३अनि तिनीहरूले उत्तर दिए, "होइन, हामी सबै दाज्यू-भाइहरू हौं। हाम्रो परिवारमा हामी बारहजना दाज्यू-भाइहरू छौं। हामीहरू सबैको एकजना बुबा हुनुहुन्छ। हाम्रो कान्छो भाइ घरमा बुबासित छ। एकजना भाइ धेरैअघि मर्‍यो। हामी, तपाईंका दासहरू, कनानको भूमिबाट आएका हौं।"

१४तर यूसुफले भने, "होइन। म बुझ्न सक्छु म भूलमा छैन। तिमीहरू जासूसहरू हौ। १५तर म तिमीहरूलाई आफू सत्य भएको प्रमाण गर्ने मौका दिन्छु। म राजा फिरऊनको नाउँमा शपथ खान्छु जबसम्म तिमीहरूको कान्छो भाइ यहाँ आउँदैन त्यतिञ्जेलसम्म तिमीहरूलाई जान दिने छैन। १६तिमीहरू मध्ये एक कान्छो भाइलाई यहाँ म भएकोमा ल्याउन जान दिन्छु अनि अरु दाज्यू-भाइहरूलाई झ्यालखानामा राख्नेछु। तिमीहरूले साँचो कुरो गरेको हो होइन हामी हेर्नेछौं तर म विश्वास गर्छु तिमीहरू जासूसहरू हौ।" १७त्यसपछि यूसुफले तिनीहरूलाई तीन दिनसम्म झ्यालखानामा राखे।

### शिमोनलाई बन्धक झैँ राखियो

१८तीन दिनपछि यूसुफले तिनीहरूलाई भने, "म परमेश्वरको डर मान्ने मानिस हुँ। मैले भनेको मान तब म तिमीहरूलाई बाँच्ने मौका दिन्छु। १९यदि तिमीहरू साँच्चै नै इमानदार मानिसहरू हौ भने, तिमीहरू मध्ये एक भाइ यही झ्यालखानामा रहन सक्छ। अनि अन्य भाइहरू तिमीहरूका मानिसहरूको निम्ति अन्न लिएर फर्किन सक्छन्। २०तर तिमीहरूको कान्छो भाइ लिएर तिमीहरू फर्की आउनै पर्छ। तब मात्र म थाहा पाउने छु तिमीहरूले साँचो बोलिरहेका छौ अनि तिमीहरूले मर्नु पर्ने छैन।"

दाज्यू-भाइहरू यसमा सहमत भए। २१"तिनीहरूले एकार्कामा कुरा गरे, "हामीले हाम्रो भाइ यूसुफलाई नराम्रो कुरा गरेकोले दण्ड भोगिरहेका छौँ। उनले भोगेको कष्ट हामीले देख्यौं, उनले आफ्नो बचाऊको निम्ति हामीसित प्रार्थना गर्‍यो तर हामीले उसको प्रार्थना अस्वीकार गर्‍यौ। यसर्थ अहिले हामीहरूले कष्ट भोगिरहेका छौं।" २२त्यसपछि रूबेनले तिनीहरूलाई भने, "मैले त्यस केटोलाई नराम्रो केही नगर्नु भनी तिमीहरूलाई भनेको थिए। तर तिमीहरूले मेरो सल्लाह मानेनौ। यसर्थ अहिले उसको मृत्युको सट्टामा हामी दण्ड भोगिरहेका छौं।"

२३आफ्ना दाज्यू-भाइहरूसित कुरा गर्नको निम्ति यूसुफले एकजना दोभाषे राखेका थिए। यसर्थ उनका भाइहरूले तिनीहरूको भाषा बुझ्झे भनी जान्न सकेनन्। तर तिनीहरूले के के कुरा गरे तिनले सुने र बुझ्झे। २४तिनीहरूको कुराले यूसुफ अत्यन्तै दु:खी भए। यसर्थ उनी तिनीहरूबाट अलग भए अनि रोए। केही क्षणपछि यूसुफ तिनीहरू समक्ष गए। उनले शिमोनलाई

समाते अनि बाँधे तर अरु दाज्यू भाइहरूले हेरिरहे।
२५यूसुफले केही नोकरहरूलाई तिनीहरूका बोरामा
अन्न भर्न लगाए। ती दाज्यू-भाइहरूले यूसुफलाई
अन्नको दाम दिए। तर यूसुफले तिनीहरूले तिरेको
अन्नको पैसा तिनीहरूकै अन्नको बोरामा हालिदिए।
त्यसपछि यूसुफले तिनीहरूलाई घर फर्कदा बाटोमा
आवश्यक पर्ने चीजहरू दिए।

२६यसर्थ ती दाज्यू-भाइहरू अन्नको बोरा गधामा
लादेर त्यहाँबाट हिँड़े। २७त्यस रात तिनीहरू एक
ठाउँमा बास बसे। तिनीहरू मध्ये एकजनाले गधालाई
खुबाउनु आफ्नो थैलो खोल्यो। अनि त्यस थैलोमा
उनले तिरेको पैसा पायो। २८उनले आफ्नो दाज्यू-
भाइहरूलाई भने, "हेर, मैले अन्नको निम्ति दिएको
पैसा यहाँ छ। कसैले मेरो थैलोमा पैसा राखेको हुन
सक्छ।" त्यस समय ती दाज्यू-भाइहरूको साहस हरायो
अनि डराए। तिनीहरू एक-अर्कातिर फर्किए अनि भने,
"परमेश्वर हामीमाथि के गर्नु हुँदैछ?"

## दाज्यू-भाइहरूले याकूबलाई बताए

२९कनानका ती दाज्यू-भाइहरू आफ्ना बाबु याकूबकहाँ
पुगे। तिनीहरूले याकूबलाई के भएको थियो प्रत्येक
कुरो बताए। ३०तिनीहरूले भने, "त्यस देशका शासकले
हामीसित निष्ठुर शब्दमा कुरा गरे। तिनले हामी जासूस
हौ पनि भने। ३१तर तिनलाई हामीले भन्यौं हामी
जासूस होइनौ, हामी इमानदार मानिसहरू हौ। ३२हामीले
तिनलाई भन्यौ हामीहरू बाह्र भाइ छौं। हामीले आफ्ने
बुबाको विषयमा भन्यौ र यो पनि भन्यौं हाम्रो सब
भन्दा कान्छो भाइ कनान देशमा नै छ।

३३"तब ती प्रशासकले हामीलाई भने, 'तिमीहरू
इमानदार मानिसहरू हौ भनी प्रमाण गर्ने एउटा उपाय
छ। तिमीहरू मध्ये एकजनालाई मसित छोड़ अनि अरु
भाइहरू आफ्ना मानिसहरूको निम्ति अन्न लिएर फर्क।
३४त्यसपछि तिमीहरूको कान्छो भाइ लिएर मकहाँ
आऊ, तब म बुझ्ने छु तिमीहरू साँच्चै इमानदार
मानिसहरू हौ अथवा हामीलाई नष्ट पार्ने सेनाको पक्षका
तिमीहरू एउटा सेनाद्वारा हामीहरूलाई नष्ट पार्नु पठाएका
हौ। यदि तिमीहरूले साँचो भनेका रहेछौ र इमानदार
ठहरियौ भने आफ्नो भाइ फिर्ता पाउनेछौ। म उसलाई
दिनेछु र तिमीहरू पनि हाम्रो देशमा अन्न किन्न स्वतन्त्र
हुनेछौ।"'

३५त्यसपछि ती दाज्यू-भाइहरूले आफ्नो आफ्नो
बोराहरूबाट अन्न बाहिर निकाल्न शुरु गरे अनि
प्रत्येकले आफ्नो पैसाको थैलो आफ्नो अन्नको बारामा
पाए। ती दाज्यू-भाइहरू र तिनीहरूका बाबुले पैसा देखे
र खुबै डराए।

३६याकूबले तिनीहरूलाई भने, "के तिमी मैले मेरा
सबै नानीहरू गुमाएको चाहन्छौ? यूसुफ गए, शिमोन
पनि गए अनि अहिले तिमी मबाट बिन्यामीनलाई पनि
छुट्याउन चाहन्छौ।"

३७तर रूबेनले आफ्नो बाबुलाई भने, "बुबा! यदि
मैले बिन्यामीनलाई फर्काएर तपाईंकहाँ नल्याए मेरा दुवै
छोराहरू मारिदिनु होस्। विश्वास गर्नु होस्, म बिन्यामीनलाई
फर्काएर ल्याउँने नै छु।"

३८तर याकूबले भने, "म बिन्यामीनलाई तिमीहरूसित
जान दिंदिन। उसको दाज्यू मर्‍यो अनि मेरी पत्नी
राहेलबाट जन्मेको छोरो यो मात्र छ। मिश्र देश जाँदा
यसलाई बाटोमा केही भए त्यस घटनाले मेरो मृत्युलाई
निम्त्याउने छ। एक अति शोकाकुल बूढ़ो मानिसलाई
तिमीहरूले चिहानमा गाड्नेछौ।"

## याकूबले बिन्यामीनलाई मिश्रदेश जान दिन्छन्

**४३** त्यस देशमा अनिकालको प्रकोप साह्रै थियो।
२मानिसहरूले मिश्र देशबाट ल्याएको सबै
अन्न खाइसके। जब अन्न सकियो, याकूबले आफ्ना
छोराहरूलाई भने, "हामीले खानुको निम्ति अझ केही
अन्न किन्न मिश्र देश जानु पर्छ।"

३तर यहूदाले याकूबलाई भने, "तर त्यस देशको
शासकले हामीलाई चेताउनी दिएकाछन्। उनले भने,
'यदि तिमीहरूले आफ्नो भाइ मकहाँ लिएर आएनौ भने
म तिमीहरूसित कुरा गर्ने छैन।' ४यदि तपाईं बिन्यामीनलाई
हामीसित पठउनु हुन्छ भने, मात्र हामीहरू अन्न किन्नु
जान सक्छौ। ५तर यदि तपाईं उसलाई पठाउन अस्वीकार
गर्नु भयो भने तब हामी जानेछैनौ। त्यस मानिसले बिना
बिन्यामीन हामीलाई त्यहाँ जानु होशियारी गराएकाछन्।"

६इस्राएलले भने, "उसलाई तिमीहरूले अर्को पनि
भाइ छ भनी किन भन्यौ? तिमीहरूले मेरो निम्ति यस्तो
नराम्रो काम किन गर्‍यौ?"

७ती दाज्यू-भाइहरूले जवाफ दिए, "उनले हामी र
हाम्रा कुटुम्बका विषय धेरै जान्न खोज्थ्यो र उनले
हामीलाई थुप्रै प्रश्नहरू गर्‍यो। उनले हामीलाई सोध्यो,
'के तिम्रा दाज्यू-भाइहरू अझ बाँचेका छन्? घरमा
अझ कोही भाइहरू छन छैनन्?' हामीले खाली उसको
प्रश्नहरूको उत्तर मात्र दियौं। हामीले जानेका थिएनौ
उनले भाइ लिएर मात्र आइज भन्छ।"

८त्यसपछि यहूदाले आफ्नो बाबु इस्राएललाई भने,
"बिन्यामीन मसित जाओस। म उसको हेरचाह गर्नेछु।
हाम्रो निम्ति अन्न लिनु हामी मिश्र देश जानै पर्छ। यदि
हामी गएनौ भनी हाम्रा नानीहरू हामीहरूसँगै मर्नेछन्।
९म तिमीलाई विश्वास दिलाउँछु हाम्रो भाइ सुरक्षित
रहनेछ। यसको लागि म सम्पूर्ण दायित्व लिने छु। यदि
मैले उसलाई फर्काउन सकिन भने तिमीले मलाई सधैं
दोष दिन सक्छौ। १०यदि तपाईं हामीलाई अघाड़ी नै
जान दिएको भए, अहिलेसम्म दुइ चोटी अन्न लिएर
आई सक्ने थियौं।"

११त्यसपछि तिनीहरूका बाबु इस्राएलले भने, "यदि
यो सही रुपमा नै साँचो हो भने, तब बिन्यामीनलाई
तिमीहरूसँगै लिएर जाऊ। तर त्यस शासकको निम्ति
केही उपहारहरू लैजाऊ। हामीले आफ्नो भूमिमा उब्जाएका
चीजहरूबाट केही लिएर जाऊ। केही सुगन्धित मसला,
अलिकती मह, अलिकता, सुगन्धित लेप, मूर्र, पेक्ता,
र हाड़े-बदाम लिएर जाऊ। १२यसपाली तिमीहरूसँग
भएको पैसा भन्दा पनि दुइ गुणा वेशी लिएर जाऊ।
हुन सक्छ शासकले भूल गरे होलान, यसर्थ तिमीहरूलाई
फर्काई दिएको पैसा पनि लिएर जाऊ। १३बिन्यामीनलाई
त्यस मानिसकहाँ लिएर जाऊ। १४म प्रार्थना गर्छु जब
तिमी त्यो प्रशासकअघि उभिन्छौ सर्वशक्तिमान परमेश्वरले
सहायता गर्नु हुनेछ। म प्रार्थना गर्छु उनले बिन्यामीन र
शिमोनलाई सुरक्षित फर्कन दिनेछन। यदि यस्तो भएन
भने, म फेरि पुत्र शोकले व्याकुल हुनेछु।"
१५यसर्थ ती दाज्यू-भाइहरूले शासकलाई दिनको
निम्ति उपहार लगे। तिनीहरूले पहिलो पाली लगेको
भन्दा दोबर रकम पनि लिएर गए। यस पल्ट बिन्यामीन
आफ्नो दाज्यूहरूसँग मिश्र देश गए।

## दाज्यू-भाइहरूलाई यूसुफको घरमा निम्त्याइयो

१६मिश्र देशमा यूसुफले तिनीहरूसँग बिन्यामीनलाई
देखे। यूसुफले आफ्ना नोकरलाई भने, "ती मानिसहरूलाई
मेरो घरमा लिएर जाऊ। एउटा पशु मार अनि पकाऊ,
यिनीहरू आज दिउँसो मसित भोजन खानेछन्।" १७उसलाई
जे भनिएको थियो नोकरले त्यही गऱ्यो। उनले ती
मानिसहरूलाई यूसुफको घरमा ल्यायो।
१८जब ती दाज्यू-भाइहरूलाई यूसुफको घरमा लगियो
तिनीहरू डराए। तिनीहरूले भने, "अस्तिको पाली हाम्रो
बोराहरूमा पैसा हालेर फर्काइएको थियो त्यसैकारण
हामीलाई यहाँ ल्याइयो। त्यो तिनीहरूले हाम्रो विरुद्धमा
अस्त्र बनाउने छन्। अनि तिनीहरू हाम्रो गधाहरू चोरेर
लगी हामीलाई कमारा बनाउनेछन्।"
१९यसर्थ ती दाज्यू-भाइहरू यूसुफको घरको
नोकरहरूको मुखियाकहाँ गए। २०तिनीहरूले भने,
"महाशय, म प्रतिज्ञा गर्छु यो सत्य हो, अस्तिको पाली
हामी अन्न किन्न आयौं। २१तर जब हामीहरूले रात
बिताउनु पर्ने ठाउँमा आई पुग्यौं, हामीले आफ्नो बोरा
खोल्यौं तब बोराको मुखमा नै हामीहरूले तिरेको पुरै
रकम पायौं। अहिले हामीले यहाँ ल्याएका छौं। २२अनि
अहिले फेरि पनि अन्न किन्नको निम्ति अरु रकम
ल्याएका छौं। हामी जान्दैनौ कसले त्यो रकम हाम्रो
बोरामा राख्यो।"
२३तब नोकरले उत्तर दियो, "तिमीहरू शान्तिसित
बस। नडराऊ। तिमीहरूका परमेश्वर, तिमीहरूको बाबुका
परमेश्वरले नै तिमीहरूको निम्ति बोरामा धन राखिदिएको
हुनसक्छ। तिमीहरूले तिरेको रकम मैले पाएकै हुँ।"
त्यसपछि त्यस नोकरले तिनीहरू भएको ठाउँमा
शिमोनलाई ल्यायो। २४तब उनले तिनीहरूलाई यूसुफको
घरमा ल्याए अनि पानी दिए। तिनीहरूले तिनको खुट्टा
धोए। उसले तिनीहरूको गधाहरूलाई पनी खुवायो।
२५यूसुफले पनि मध्य दिनको भोजन तिनीहरूसित
खानेछन् भनी सुनेकोले त्यसपछि तिनीहरूले यूसुफलाई
दिइने उपहार तयार राखे।
२६यूसुफ घरमा आए अनि दाज्यू-भाइहरूले तिनीहरूसित
ल्याएको उपहारहरू तिनलाई दिए। त्यसपछि तिनीहरू
तिनको अगाड़ी भूइँमा निहुरिए।
२७यूसुफले तिनीहरूलाई आफ्नो भलोकुशल सोधपूछ
गरे। यूसुफले भने, "तिमीहरूले आफ्नो बूढ़ो बाबुको
बारेमा बताएका थियौ, तिनी अझै जीवित अनि स्वस्थ
हुनुहुन्छ?" २८ती दाज्यू-भाइहरूले जवाफ दिए, "ज्यु
हजुर, उहाँ जीवित हुनु हुन्छ।" अनि तिनीहरू फेरि
यूसुफअघि निहुरिए।

## यूसुफले आफ्नो भाइ बिन्यामीनलाई देख्छन्

२९त्यसपछि यूसुफले आफ्नो भाइ बिन्यामीनलाई
देखे। (बिन्यामीन र यूसुफकी एउटै आमा हुन्) यूसुफले
भने, तिमीहरूले मलाई बताएको कान्छो भाइ यही हो?"
त्यसपछि यूसुफले बिन्यामीनलाई भने, "हे बाबू, परमेश्वरले
तिमीलाई आशीर्वाद दिनु हुनेछ।"
३०तब यूसुफ हतारिएर कोठा छोड़े, किनभने तिनी
आफ्ना दाज्यू-भाइहरूको मनोभावले व्याकुल भएका
थिए अनि रून चाहन्थे। तिनी आफ्नो कोठाभित्र पसे
अनि रोए। ३१त्यसपछि यूसुफ मुख धोएर बाहिर आए।
तिनले आफैलाई वशमा राखेर भने, "अहिले भोजन गर्ने
समय हो।"
३२यूसुफले एक्लै एउटा टेबलमासँगै भोजन खाए।
उनका भाइहरूले अर्को एउटा टेबलमा भोजन खाए।
मिश्र देशबासीहरूले अर्को टेबलमा सँगै भोजन खाए।
तिनीहरूको विश्वास थियो हिब्रू मानिसहरूसँगै बसेर
खानु राम्रो होइन। ३३यूसुफका दाज्यूभाइहरू तिनकै
टेबल अघि बसेका थिए। तिनीहरू जेठादेखि कान्छासम्म
उमेर अनुसार लहरै बसेका थिए। के भइरहेको छ सबै
दाज्यूभाइहरूले एका-अर्कामा आश्चर्यमानी हेरिरहेका थिए।
३४नोकरहरूले यूसुफको टेबलबाट भोजन ल्याएर
तिनीहरूलाई दिन्थे। तर ती नोकरहरूले बिन्यामीनलाई
अरु दाज्यूभाइहरूलाई भन्दा पाँच गुणा वेशी दिन्थे। ती
दाज्यूभाइहरू नघाउञ्जेलसम्म यूसुफसँगै खाए।

## यूसुफले जाल फिजाउँछ

**४४** तब यूसुफले आफ्नो नोकरलाई हुकुम गरे!
यूसुफले भने, "यी मानिसहरू बोराहरूमा
जति अन्न लिएर जान सक्छन् त्यति धेरै अन्न हालिदेऊ।
अनि प्रत्येक मानिसको पैसा उसको अन्नको बोराभित्र

हालिदेऊ। २कान्छो भाइको थैलोमा पैसा हालिदेऊ। तर
उसको थैलोमा मेरो चाँदीको कचौरा पनि हालिदेऊ।"
यूसुफको सेवकले उसलाई जस्तो गर्नु भनिएको थियो
त्यस्तै गर्‍यो।
३अर्कोदिन, एका बिहानै, सबै दाज्यू-भाइहरूलाई
तिनीहरूको गधा समेत फर्काई आफ्नो देशतिर पठाइयो।
४जब तिनीहरूले शहर नाघेका थिए यूसुफले आफ्नो
नोकरलाई भने, "जाऊ अनि तिनीहरूलाई पछ्याऊ।
तिनीहरूलाई रोकेर भन, 'हामी तिमीहरूसित राम्रो
थियौं, तर किन तिमीहरू हाम्रो निम्ति नराम्रो भयौ? मेरा
मालिकको चाँदीको कचौरा किन चोर्‍यौ? ५मेरा मालिकले
यसै कचौराबाट पिउँछन् अनि गुप्त कुराहरू जान्नुको
लागि यसलाई उपयोग गर्छन। तिमीहरूले जे गर्‍यौ त्यो
साँच्चै धेरै नराम्रो हो।'" ६यसर्थ त्यस नोकरले यूसुफको
आज्ञा मानी सवारमा चढ़ेर गयो अनि ती दाज्यू-भाइहरूलाई
रोक्यो। यूसुफले तिनीहरूलाई जे भन्न लगाएको थिए
त्यही उसले भन्यो।
७तर ती दाज्यू-भाइहरूले त्यस नोकरलाई भने,
"किन हजूरका, शासकले यी कुराहरू गर्छन्। हामीले
त्यस्तो केही गर्दैनौ। ८हामीले अघिल्लो पल्ट हाम्रो
बोराहरूमा जुन पैसा पाएका थियो त्यो पनि फर्काएर
ल्यायौं। यसर्थ हामीले तिम्रो मालिकको घरबाट कुनै
सुन अथवा चाँदी चोरेका छैनौं। ९यदि त्यो चाँदीको
कचौरा हामी मध्ये कसैको थैलामा भेटियो भने त्यो
मरोस्। तिमीहरू आफैले उसलाई मार्न सक्छौ अनि तब
हामी तिमीहरूको कमारा हुनेछौं।"
१०नोकरले भने, "तिमीहरूले भने भैं गर्नेछौं। तर
म मानिसको हत्या गर्दिन। जुन मानिससँग म चाँदीको
कचौरा भेटछु त्यो मानिस मेरो कमारा हुनेछ, तर अरु
मानिसहरू स्वतन्त्र भएर जानेछन्।"

## फिँजाइएको जालमा बिन्यामीन पर्‍यो

११तब प्रत्येक भाइले आफ्नो थैलो छिटो-छिटो
भूइँमा राखे। १२त्यस नोकरले बोराहरू निरीक्षण गर्न
थाल्यो। उनले सबभन्दा जेठोबाट शुरु गरेर कान्छोसम्म
निरीक्षण गर्‍यो। उनले बिन्यामीनको बोरामा चाँदीको
कचौरा भेट्यो। १३ती दाज्यू-भाइहरू अत्यन्तै दु:खी
भए। तिनीहरूले आफ्नो दु:ख प्रदर्शन गर्न आफ्ना
लुगाहरू च्याते। तिनीहरूले बोराहरू आफ्नो-आफ्नो
गधामा चढ़ाएर शहरतिर फर्के।
१४यहूदा अनि उसका दाज्यू-भाइहरू यूसुफको घरमा
गए। यूसुफ त्यतिञ्जेल त्यही थिए। ती दाज्यू-भाइहरू
भूइँमा उनी अघि निहुरिए। १५यूसुफले तिनीहरूलाई
भने, "तिमीहरूले किन यस्तो कुरा गर्‍यो? के
तिमीहरूलाई थाह छैन म जस्तो मानिससित अगमवाणी
गर्ने अभ्यास अनि यस्तो वस्तु पत्तो लगाउने
क्षमता छ?"
१६यहूदाले भने, "व्याख्या गर्ने कुनै बाटो छैन।
हामी दोषी छैनौ भनी साबित गर्ने हामीसित कुनै सबूत
नै छैन्। परमेश्‍वरले मात्र दोषी मानिस पत्तो लगाउनु
भएको छ। यसर्थ हामी दुवै अनि जसको थैलामा
कचौरा भेटियो कमारा कै रूपमा सेवा गर्न तयार छौ।"
१७तर यूसुफले भने, "म तिमीहरू सबैलाई कमारा
बनाउदिन। त्यही मानिस मात्र कमारा हुनेछ जसले
कचौरा चोरी गरेको छ। अरु तिमीहरू शान्तिसितै
आफ्ना बाबु भएको भूमिमा जान सक्छौ।"

## यहूदाले बिन्यामीनको निम्ति विन्ती गरे

१८त्यसपछि यहूदा यूसुफको नजिक गए अनि भने,
"महाशय, दया गरी मलाई स्पष्टसित केही भन्न दिनु
होस्। दया गरी मसित नरिसाउनु होस्। म जान्दछु तपाईं
फिरऊन राजा सरह हुनुहुन्छ। १९हामी अघिल्लो पाली
यहाँ हुँदा तपाईंले सोध्नु भयो, 'के तिम्रो बाबु अथवा
दाज्यू-भाइहरू छन्?' २०हामीले उत्तर दियौं, 'हाम्रा बाबु
हुनुहुन्छ, उहाँ बूढ़ो मानिस हुनुहुन्छ। अनि हाम्रो सानो
भाइ पनि छ। हाम्रा बाबुले त्यसलाई खुबै प्रेम गर्नु हुन्छ
कारण त्यो उहाँको वृद्ध अवस्थामा जन्मेको हो। त्यस
सानो छोराको दाज्यू पनि मर्‍यो। यसर्थ त्यस आमाबाट
जन्मेर बाँचेको छोरो त्यो मात्र हो। हाम्रा बाबुले उसलाई
खुबै माया गर्नुहुन्छ।' २१तब तिमीले हामीलाई भनेका
थियौ, 'त्यसो भए त्यस भाइलाई मकहाँ लिएर आऊ।'
म उसलाई हेर्न चाहन्छु। २२अनि हामीले तपाईंलाई
भनेका थियौं, 'त्यो भाइ आउन सक्तैन। उनले बाबुलाई
छोड़न सक्तैन। यदि उसको बाबुले यसलाई पनि गुमाउनु
परे तिनी अत्यन्तै शोकाकुल हुनेछन्। तिनी त्यही
शोकमा मर्न पनि सक्छन्।' २३तपाईंले भन्नु भएको
थियो, 'तिमीले आफ्नो कान्छो भाइलाई मकहाँ अवश्य
ल्याउनु पर्छ, होइन भने तिमीहरूले अन्न पाउँनै छैनौ।'
२४यसर्थ हामी आफ्ना बाबु भएको ठाउँमा गयौं अनि
तपाईंले बताउनु भएका कुराहरू सबै उनलाई बतायौं।
२५"पछि हाम्रा बाबुले भन्नुभयो, 'हाम्रो निम्ति तिमीहरू
फेरि गएर अन्न किन।' २६अनि हामीले आफ्नो
बाबुलाई भन्यौ, 'हामी आफ्नो कान्छो भाइ नलिइ जान
सक्तैनौ। शासकले भनेका छन् जबसम्म उनी हाम्रा
कान्छो भाइलाई देख्दैनन् तबसम्म हामीलाई अन्न बेच्ने
छैनन्।' २७तब हाम्रा बाबुले हामीलाई भन्नुभयो,
'तिमीहरूलाई थाहा छ मेरी पत्नी राहेलले मेरो निम्ति
दुइवटा छोरा जन्माइन। २८एकजनालाई मैले टाढ़ा पठाएँ
अनि जंङ्गली पशुहरूले उसलाई मार्‍यो। अनि अहिलेसम्म
मैले उसलाई देखेको छैन। २९अनि यदि अर्को छोरो
पनि तिमीहरूले लगेर यदि उसलाई केही खतरा भए,
तब मैले मेरो काल पर्खनु पर्दैन, त्यो मेरो निम्ति मृत्यु
नै हुनेछ।' ३०अब, सोच्नु होस यदि हामी त्यसलाई
नलिई गए के हुन्छ होला। हाम्रा बाबुको जीवनको

महत्व पूर्ण अङ्ग नै यही केटो हो। ३१यदि हाम्रा बाबुले
त्यस केटोलाई हामीसित नदेखी तिनी मर्नेछन् र त्यसमा
हामी दोषी हुनेछौं। हामी आफ्ना शोकाकुल बाबुलाई
चिहान भित्र पठाउने छौं।

३२"त्यस केटोको जिम्मादारी मैले लिएँ। मैले मेरो
बाबुलाई भनेँ, 'यदि मैले त्यस केटोलाई फर्काई ल्याइन
भने तपाईंले मलाई सारा जीवनभरि दोष दिन सक्नु
हुन्छ।' ३३यसर्थ म तपाईंसित बिन्ती गर्छु, त्यस
केटोलाई आफ्नो दाज्यूहरूसित फर्कन दिनु होस, अनि
म बस्छु र तपाईंको कमारो बनिन्छु। ३४यदि केटो
मसँगै फर्किदैन भने म आफ्नो अनुहार बुबालाई
देखाउन सक्दिनँ। यसले के आपत्ति मेरो बुबामाथि
आउनेछ, म हेर्न भयभीत छु।"

## यूसुफ भन्छ ऊ को हो

४५ यूसुफले अब केही क्षण पनि आफूलाई
नियन्त्रणमा राख्नु सकेन। तिनी त्यहाँ भएका
सबै मानिसहरूको अघाड़ी रोए। यूसुफले भने, "प्रत्येकलाई
यो ठाउँ छोड़ी जानु भन।" यसर्थ मानिसले त्यो ठाउँ
छोड़ी दिए। खाली ती दाज्यू-भाइहरू मात्र यूसुफसित
बसे। त्यसपछि यूसुफले तिनी को हुन् भने। २यूसुफ
रोइरहे अनि फिरऊनको घरमा भएका जन्मै मिश्र
देशीहरूले सुने। ३यूसुफले उनका दाज्यू-भाइहरूलाई
भने, "म तिमीहरूका भाइ यूसुफ हुँ। के मेरा बाबु
कुशल हुनुहुन्छ?" तर दाज्यू भाइहरूले तिनलाई उत्तर
दिएनन्। तिनीहरू अलमल्ल परे अनि घबराएका थिए।

४यसर्थ यूसुफले आफ्ना दाज्यू-भाइहरूलाई फेरि
भने, "मकहाँ आऊ। म बिन्ती गर्छु, तिमीहरू मेरो
नजिक आओ" यसर्थ तिनीहरू यूसुफको नजिकमा गए।
अनि उनले तिनीहरूलाई भने, "म तिमीहरूको भाइ हुँ।
म त्यही भाइ हुँ जसलाई तिमीहरूले मिश्र देशमा
कमारोको रूपमा बेचेका थियौ। ५अहिले चिन्ता नगर्।
तिमीहरू आफैसित आफूले गरेको कार्यको निम्ति
नरिसाऊ। मलाई यहाँ ल्याउनमा परमेश्वरको एउटा
योजना हो। म यहाँ तिमीहरूको जीवन बचाउनुको
निम्ति छु। ६यस भयंकर अनिकाल दुइ वर्षसम्म चल्यो
अनि अझै पाँच वर्षसम्म कुनै अन्न-बाली तथा उद्भिदको
उब्जाऊ बिना अनिकाल चलिरहने छ। ७यसर्थ तिमीहरूका
मानिसहरूलाई बचाउनको निम्ति परमेश्वरले मलाई यस
देशमा तिमीहरूभन्दा अगि पठाउनु भयो। ८यसर्थ मलाई
यहाँ पठाएकोमा तिमीहरूको कुनै दोष छैन्। यो
परमेश्वरको इच्छा थियो। परमेश्वरले मलाई फिरऊनको
बुबा जस्तै बनाउनु भयो। म मिश्रको सम्पूर्ण भूमि अनि
फिरऊनको घरको राज्यपाल हुँ।"

## मिश्रमा इस्राएललाई निम्तो

९यूसुफले भने, "चाँड़ो गर अनि मेरा बाबुकहाँ
जाऊ। उनलाई भन उनका छोरो यूसुफले यो समाचार
पठाएको छ।"

परमेश्वरले मलाई मिश्रदेशको शासक बनाउनु
भएको छ। यसर्थ मकहाँ आउनु। अबेर नगरी।
अहिले नै आउनु। १०तिमीहरू गोशेनमा मेरो
नजिकै बस्न सक्छौ। तिमी, तिमीहरूका बाल-
बच्चाहरू, नाति-नातिनाहरू साथै सबै तिम्रा
पशुहरूलाई यहाँ स्वागत गरिन्छ। ११म आउँदो
पाँच वर्षसम्म हुने अनिकालमा तिमीहरूको हेरचाह
गर्नेछु। यसर्थ तिमीहरू र तिमीहरूका परिवारहरूले
आफूसँग भएका कुनै चीज पनि हराउने छैनौ।

१२यूसुफले आफ्ना दाज्यू-भाइहरूसित कुरा गरी रहे।
उनले भने, "अब तिमीहरू जान्नेछौ म साँच्चै नै यूसुफ
हुँ र तिमीहरूको भाइ बिन्यामीनले जान्दछ म यूसुफ नै
हुँ। म तिमीहरूको भाइं तिमीहरूसितै बात गरी रहेको
छु। १३यसर्थ मेरा बुबालाई मैले मिश्र देशमा पाएको
सम्मानको विषयमा भनिदेऊ। तिमीहरूले यहाँ देखेको
प्रत्येक कुरा सुनाई देऊ। अब झट्टै जाऊ अनि मेरा
बुबालाई यहाँ लिएर आऊ।" १४त्यसपछि तिनको भाइ
बिन्यामीनसित यूसुफले आलिङ्गन गरे अनि तिनीहरू दुवै
जना रुन शुरु गरे। १५त्यसपछि यूसुफले आफ्ना सबै
दाज्यू-भाइहरूलाई म्वाइ खाए अनि तिनीहरूको निम्ति
रोए। त्यसपछि उनका दाज्यू-भाइहरू उनीसँग कुरा गर्न
थाले।

१६फिरऊनले थाहा पाए यूसुफका दाज्यू-भाइहरू
त्यहाँ आएका थिए। फिरऊको राजमहलमा प्रत्येकले यो
खबर चाल पाए। फिरऊन र उनका सेवकहरू यो
खबर सुनेर खुशी भए। १७यसकारण फिरऊनले यूसुफलाई
भने, "तिम्रो दाज्यू-भाइहरूलाई भन तिनीहरूलाई जति
अन्न चाहिन्छ लिएर कनान देशमा जाऊन। १८आफ्ना
दाज्यू भाइहरूलाई भन तिनीहरू आफ्नो बाबु र परिवारहरू
लिएर यहाँ मकहाँ आउँन। जीवन निर्वाहको निम्ति म
तिनीलाई यहाँको सब भन्दा असल भूमि दिनेछु अनि
तिनीहरूले सबभन्दा असल भोजन गर्ने छन्।" १९त्यसपछि
फिरऊनले भने, "तिम्रा दाज्यू-भाइहरूलाई यहाँ भएका
गाड़ीहरू मध्ये सबभन्दा असल चाँहि दिनु। तिनीहरूलाई
भन ती गाड़ीहरूमा तिनीहरू कनान गएर आफ्ना बाबु र
जहान छोरा छोरीहरू लिएर आउनु। २०आफ्ना ती
सर-समानहरूको फिक्री नगर जो तिमी आफूसंगै ल्याउन
सक्दैनौ किनभने मिश्रका सर्वोत्तम वस्तुहरू तिनीलाई
दिइनेछ।"

२१यसर्थ इस्राएलका छोराहरूले यसो गरे। फिरऊनले
प्रतिज्ञा गरे झैँ यूसुफले तिनीहरूलाई गाड़ीहरू दिए।
तिनीहरूको यात्राको निम्ति प्रशस्त भोजन पनि दिए।
२२यूसुफले तिनीहरू प्रत्येकलाई सुन्दर लुगाको जोड़ा
दिए। तर बिन्यामीनलाई चाँहि तिनले राम्रो लुगाले

बनिएको पाँच जोड़ा दिए। बिन्यामीनलाई तिनले चाँदीको
तीन सय सिक्का पनि दिए। २३यूसुफले आफ्ना बाबुको
निम्ति उपहारहरू पनि पठाए। तिनले दश गधामा लदाएर
मिश्र देशको राम्रा-राम्रा समानहरू पठाइ दिए अनि
आफ्ना बाबु लिएर आउनको लागि दशवटा छाउरी
गधामा अन्न, रोटी र अरु भोजनहरू पूरा लादेर पठाए।
२४त्यसपछि यूसुफले आफ्ना दाज्यू-भाइहरूलाई जाने
अनुमति दिए। अनि जब तिनीहरू जान लागेका थिए
यूसुफले तिनहरूलाई भने, "सरासरी घर जानु बाटोमा
कतै लड़ाइँ नगर्नु।"

२५यसर्थ ती दाज्यू-भाइहरू मिश्र देश छोड़ी तिनीहरूका
पिता भएका देश कनानमा गए। २६दाज्यू-भाइहरूले
उनलाई भने, "बाबु, यूसुफ अझसम्म जीवित छ। अनि
त्यो समस्त मिश्र देशको शासक छ।"

तिनीहरूका बाबुले के सोच्नु पर्ने केही जानेन। प्रथम
त, तिनले आफ्ना छोराहरूको कुरामा विश्वास गरेनन्।
२७तर तिनीहरूले उनलाई यूसुफले भनेको प्रत्येक कुरा
बताए। अनि यूसुफले आफ्नो बाबुलाई मिश्र देश लिएर
आउनु भनी पठाएको गाड़ीहरू याकूबले देखे। तिनी
उत्तेजित र अत्यन्तै खुशी भए। २८इस्राएलले भने,
"अब म तिमीहरूलाई विश्वास गर्छु। मेरो छोरो यूसुफ
अझ जीवित छ। मेरो मृत्युअघि म उसलाई भेट्न
जानेछु।"

## इस्राएललाई परमेश्वरको विश्वसनीयता

४६ यसर्थ इस्राएलले मिश्र देशको यात्रा शुरु
गरे। पहिला तिनी बेर्शबा गए। त्यहाँ तिनले
आफ्नो बुबा इसहाकका परमेश्वरलाई बलि चढ़ाए।
उनले परमेश्वरको आराधना गरे। २त्यस रात परमेश्वर
इस्राएलसित सपनामा बोल्नु भयो। परमेश्वरले भन्नुभयो,
"याकूब, याकूब।"

अनि इस्राएलले उत्तर दिए, "म यहाँ छु।"

३तब परमेश्वरले भन्नुभयो, "म परमेश्वर हुँ, तिम्रा
बाबुको परमेश्वर। मिश्रमा जान नडराऊ मिश्रमा म
तिमीलाई ठूलो जातिहरू बनाउनेछु। ४म तिमीसँगै मिश्र
जानेछु, तर म आफैले निश्चय नै मिश्रबाट तिमीलाई
फर्काएर ल्याउनेछु। जब तिमी मर्छौ तिम्रो आँखा
आफ्नो हातले बंद गरिदिने यूसुफ हुनेछ।"

## इस्राएल मिश्र जान्छन्

५त्यसपछि याकूबले बेर्शेबा छोड़े र मिश्रको यात्रा
गरे। उसका छोराहरू, पत्नीहरू र तिनीहरूका सबै
नानीहरू मिश्रमा ल्याए। फिरऊनले पठाएको गाड़ीहरूमा
तिनीहरूले यात्रा गरे। ६तिनीहरूसित गाई-वस्तुहरू र
मिश्रमा तिनीहरूसित भएका सबै चीजबीजहरू थिए।
यसर्थ आफ्नो सबै नानीहरू र परिवारसित मिश्र गए।
७तिनीसित तिनका छोरा-छोरीहरू र नाती-नातिनीहरू
थिए। तिनका सबै परिवार तिनीसित मिश्रमा गए।

## याकूबको परिवार

८तिनीसित मिश्र जाने छोरा-छोरी तथा परिवार यिनै
हुन:

रूबेन याकूबका जेठा छोरो थिए। ९रूबेनका छोराहरू:
हनोक, पल्लु, हेस्रोन अनि कर्मी थिए।

१०शिमोनका छोराहरू : यमूएल, यामीन, ओहद,
याकीन अनि सोहर र कनानी पनि थिए। (शाओल
कनानी पत्नीबाट जन्मेका शिमोनका थिए।)

११लेवीका छोराहरू: गेर्शोन, कहात र मरारी थिए।

१२यहूदाका छोराहरू: एर, ओनान, शेला, पेरेस
अनि जेरह थिए। (एर र ओनान कनानमा हुँदै मरे।)
पेरेसका छोराहरू: हेस्रोन, अनि हामूल थिए।

१३इस्साकारका छोराहरू: तोला, पुवा, योब र
शिम्रोन थिए।

१४जबूलूनका छोराहरू: सेरेद, एलोन अनि यहलेल
थिए।

१५रूबेन, शिमोन, लेवी, यहूदा, इस्साकार अनि
जबूलून याकूबकी पत्नी लेआबाट जन्मेका छोराहरू
थिए। लेआले यी छोराहरू पद्दानआराममा जन्माएकी
थिइन्। तिनकी एउटी दीना नाउँ भएकी छोरी पनि
थिइन्। यस परिवारमा तेत्तीस जना मानिसहरू थिए।

१६गादका छोराहरू: सिप्योन, हाग्गी, शूनी, यसबोन,
एरी, अरोदो र अरेली थिए।

१७अशेरका छोराहरू: यिम्ना, यिश्वा, यिश्वी, र
बरीआ थिए। तिनीहरूकी बहिनी सेरह, तिनीहरूसित
बरीआका हेबेर र मलकियल नाउँ भएका छोराहरू पनि
थिए।

१८यी सब याकूबकी पत्नी लेआकी कमारी जिल्पाबाट
जन्मिएका थिए। (जिल्पा लाबानले आफ्नी छोरी लेआलाई
दिएको कमारी हो।) त्यस परिवारमा सोह्र जना मानिसहरू
थिए।

१९याकूबसित उसकी पत्नी राहेलबाट जन्मेको छोरो
बिन्यामीन थियो। (यूसुफ पनि राहेलबाट नै जन्मेको हो
तर ऊ अघिदेखि नै मिश्र देशमा थियो।)

२०मिश्रमाहुँदा यूसुफको दुइवटा छोराहरू जन्मिए:
मनश्शे अनि एप्रैम थिए। ओन शहरका एक जना
पूजाहारी पोतीफेराकी छोरी आसनतले यूसुफका लागि
यी छोराहरू जन्माइन्।

२१बिन्यामीनका छोराहरू: बेला, बेकेर, अश्बेल,
गेरा, नामान, एही, रोश, मुप्पीम, हुप्पीम अनि आर्द
थिए।

२२यिनीहरू याकूबकी पत्नी राहेलबाट जन्मेका छोराहरू
थिए। यस परिवारमा चौध जना मानिसहरू थिए।

२३हुशीम दानका छोरो थियो।

२४नप्तालीका छोराहरू: यहसेल, गुनी, येसेर अनि शिल्लेम थिए।

२५याकूब र बिल्हाबाट जन्मेका छोराहरू तिनीहरू नै थिए। (बिल्हा लाबानले आफ्नी छोरी राहेललाई पठाएको कमारी थिइ।) यस परिवारमा सात जना मानिसहरू थिए।

२६याकूबका सन्तानहरू जम्मा छयसठ्ठी जना थिए जो तिनीसित मिश्र देश गएका थिए। (यस संख्यामा याकूबका छोरा बुहारीहरू परेका छैनन्।)

२७त्यसमा यूसुफका दुइजना छोराहरू पनि थिए जो मिश्र देशमा जन्मेका थिए। यसर्थ मिश्र देशमा याकूब परिवारका मानिसहरू जम्मा सत्तरी जना थिए।

## इस्राएल मिश्रमा पुग्छ

२८याकूबले यूसुफसित कुराकानी गर्न यहूदालाई पहिले पठाए। गोशेन भूमिमा यहूदा यूसुफसित कुरा गर्न गयो। त्यसपछि याकूब र उनका अन्य मानिसहरू त्यस भूमिमा गए। २९यूसुफले थाहा पाए तिनका बाबु आउँदै हुनु हुन्छ। यसर्थ यूसुफले इस्राएल तथा तिनका बाबुलाई गोशेनमा भेट्न जान रथ तयार पारे। जब यूसुफले आफ्नो बाबुलाई भेटे र धेरै बेरसम्म आलिगन गरे र धेरै बेरसम्म रोए।

३०तब इस्राएलले यूसुफलाई भने, “अब म शान्तिसित प्राण त्याग्न सक्छु। मैले तेरो मुख देखें अनि बुझें तँ जिउँदै छस्।”

३१यूसुफले आफ्नो दाज्यू-भाइ तथा बाबुका अरु परिवारलाई भने, “म जान्छु र फिरऊनलाई तिमीहरू यहाँ आएको कुरा गर्छु। म फिरऊनलाई भन्छु ‘मेरा दाज्यू-भाइ र मेरो बाबुका अरु सन्तानहरूले कनान देश छोड़ेर यहाँ मकहाँ आएका छन्। ३२यी परिवारहरू गोठालाहरू थिए। तिनीहरूले सधैं भेड़ा र गाई-गोरुहरू पाल्थे। तिनीहरूसित भएका गाई-वास्तुहरू सबै लिएर आएका छन्।’ ३३जब फिरऊनले बोल्ने छन् र तिमीहरूलाई तिनले सोध्ने छन्, ‘तिमीहरूले के काम गर्छौ?’ ३४तिमीहरूले उनलाई भन्नु, ‘हामी भेड़ा गोठालाहरू हौ। जीवनभरि हामी भेड़ा गोठाला थियौं। अनि हामी भन्दाअघि हाम्रा पुर्खाहरू पनि भेड़ागोठाला नै थिए।’ तब फिरऊनले तिमीहरूलाई गोशेन भूमिमा बस्ने अनुमति दिनेछन्। मिश्र देशीहरूले गोठालाहरू मन पराउँदैनन्, यसर्थ तिमीहरू गोशेनमा बस्दा राम्रो हुन्छ।’

## इस्राएल गोशेनमा बस्छन्

४७ यूसुफ फिरऊनकहाँ गए अनि भने, “मेरा बाबु, दाज्यू-भाइहरू र सबै तिनीहरूका परिवारहरू कनान देश छोड़ेर तिनीहरूसित भएका सबै पशुहरू तथा प्रत्येक चीज लिएर यहाँ मकहाँ आएका छन्। अहिले तिनीहरू गोशेन भूमीमा छन्।” २फिरऊनकहाँ जान यूसुफले अरु आफ्ना पाँच दाज्यू-भाइहरूलाई रोजे।

३फिरऊनले ती दाज्यू-भाइहरूलाई भने, “तिमीहरूको काम धन्धा के हो?” तिनीहरूले फिरऊनलाई भने, “हजूर, हामीहरू भेड़ा गोठालाहरू हौँ।अनि हाम्रा अघिका पिता-पुर्खाहरू पनि भेड़ा गोठालाहरू नै थिए।” ४तिनीहरूले फिरऊनलाई भने, “कनान देशमा अनिकालको घोर प्रकोप परेको छ। हाम्रा पशुहरूको निम्ति त्यहाँ कुनै भूमिमा घाँस छैन। यसर्थ हामी यस भूमिमा बस्न भनी आएका छौ र तपाईंलाई अनुमतिको निम्ति बिन्ती गर्छौं।”

५तब फिरऊनले यूसुफलाई भने, “तिम्रा बाबु अनि दाज्यू-भाइहरू तिमी कहाँ आएका छन्। ६तिनीहरूका लागि बस्ने कुनै ठाउँ मिश्रमा तिमी छान्न सक्छौ। आफ्ना बुबा र भाइहरूको लागि असल ठाउँ छानिदेऊ। गोशेनको भूमिमा तिनीहरूलाई बस्ने अनुमति देऊ। यदि तिनीहरूमध्ये कोही राम्रा गोठाला छन् भनी तिमीलाई थाहा छ भने तिनीहरूलाई मेरा पशुहरू हेर्ने जिम्मा देऊ।”

७तब यूसुफले आफ्ना बाबु याकूबलाई फिरऊनसित भेट गर्न बोलाए। याकूबले फिरऊनलाई आशीर्वाद दिए। ८अनि फिरऊनले उनलाई भने, “तिम्रो उमेर कति हो?”

९याकूबले फिरऊनलाई भने, “मेरो जीवन छोटो अनि दु:खले भरिएको छ। म केवल एक सय तीस वर्ष पुगेको छु। यो मेरा पुर्खाहरूसित तुलना गर्दा केही होइन जब तिनीहरू यस धरतीमा बाँचेका थिए।”

१०याकूबले फिरऊनलाई आशीर्वाद दिए अनि उनले फिरऊनबाट विदा लिए। ११यूसुफले फिरऊनको निर्देशन अनुसार आफ्ना बुबा र दाज्यू-भाइहरूलाई मिश्रको सबै भन्दा मलिलो भूमि रामसेसेमा राखे। १२यूसुफले आफ्ना बाबु, दाज्यू-भाइ तथा तिनीहरूका मानिसहरूलाई चाहिएको खाद्य पदार्थहरू पनि दिए।

## यूसुफ फिरऊनको निम्ति भूमि किन्छन्

१३अनिकालको समयले अझ भयंकर रुप धारण गऱ्यो। त्यस भूमिमा कतै खाद्य वस्तुहरू थिएन। अनिकालको समयले गर्दा मिश्र र कनानको अवस्था सोचनीय भयो। १४त्यस भूमिका मानिसहरूले धेरै भन्दा धेरै अन्न किन्न थाले, यूसुफले रुपियाँ जम्मा गरे अनि फिरऊनको महलमा ल्याए। १५केही समय पछि मिश्र र कनान देशका मानिसको पैसा सकियो। तिनीहरूले आफ्नो सबै पैसा अन्न किनेरै खर्च गरे। यसर्थ मिश्रका मानिसहरूले यूसुफलाई भने, “हाम्रो पैसा सकियो हामीलाई खाने कुरा दिनुहोस्। यदि हामीले खान पाएनौ भने तपाईंको अघि नै हामी मर्नेछौं।”

१६तर यूसुफले भने, “तिमीहरूले आफ्नो गाई-वस्तुहरू मलाई देऊ तब म अन्न दिनेछु।” १७यसर्थ मानिसहरूले

आफ्नो सबै पशुहरूको बदलीमा खाद्यान्न किने। त्यस वर्ष यूसुफले मानिसहरूबाट भेड़ा, बाख्रा, घोड़ा र गधा लिए अनि तिनीरूलाई खाद्यान्न दिए।

१८तर अर्को वर्ष मानिसहरूसित अन्न किन्ने पैसा तथा पशुहरू केही थिएन। यसर्थ मानिसहरू यूसुफकहाँ गए अनि भने, "तपाईं जान्नु हुन्छ हामीसित पैसा छैन अनि पशुहरू पनि तपाईंकै भए। यसर्थ हामीसित यस घड़ी हाम्रो जीवन र जग्गा जमीनबाहेक केही छैन।
१९अब हामी तपाईंको नजरको सामुन्ने मर्नेछौं। तर यदि तपाईंले हामीलाई अन्न दिनु भयो भने हामी फिरऊनलाई जमीन दिनेछौ र उनको कमारा कमारी हुनेछौं। हामीलाई अन्नको बीउ दिनोस् त्यसलाई छरेर हामी अन्न उब्जाउन सक्छौं। त्यसो भए हामी मर्दैनौ र बाँच्छौ" अनि हाम्रो निम्ति भूमिले फसल फेरि उब्जाउनेछ।"

२०यसर्थ यूसुफले फिरऊनको निम्ति मिश्र देशको सबै भूमि किने। सबै मानिसहरूले यूसुफलाई भूमि बेचे। अनिकाल लागेको हुनाले तिनीहरूले त्यसो गरे।
२१जहाँ सम्म साधारण मानिसहरूको कुरा छ, उनले तिनीरूलाई सम्पूर्ण मिश्रका शहरहरूमा घुमफिर गर्ने अनुमति दिए। २२पूजाहारीहरूको भूमि मात्र यूसुफले फिरऊनको निम्ति किनेनन्। पूजाहारीहरूले आफ्नो भूमि बेच्न परेन कारण तिनीहरूको कार्यको निम्ति फिरऊनले तिनीहरूलाई पैसा दिन्थे। यसर्थ अन्न किन्दा तिनीहरूले त्यही पैसा खर्च गरे।

२३यूसुफले मानिसहरूलाई भने, "मैले फिरऊनका निम्ति तिमीहरूको भूमि ल्याएँ। यसर्थ म तिमीहरूलाई बीउ दिन्छु जसले गर्दा तिमीहरू त्यसलाई खेतमा छर्न सक्छौ।

२४"फसल उठाउँदा तिमीहरू उब्जनीको पाँचौ हिस्सा फिरऊनलाई दिनु पर्छ। आफ्नो निम्ति तिमीहरूले अर्को फसलको निम्ति बीउ चार भाग राख्न सक्छौं। आफ्नो खेतमा र अन्न उब्जाउन सक्छौ। अब तिमीहरू आफ्नो परिवार र नानीहरूलाई खुवाउन सक्छौ।"

२५मानिसहरूले भने, "हामी फिरऊनको कमारा हुन खुशी छौं। कारण तपाईंले हामीलाई हाम्रो जीवन दान दिनु भयो।"

२६यसर्थ यूसुफले त्यस समयमा एउटा नियम बनाए जुन आजसम्म चलिरहेको छ। त्यस नियमले यसो भन्छ भूमिबाट उब्जेको प्रत्येक चीजको पाँच भागमा एक भाग चाहि फिरऊनको हो। पूजाहारीहरूले राखेको भूमि मात्र फिरऊनको होइन नत्र मिश्र देशको पुरै भूमि फिरऊनको हो।

### "मिश्र देशमा मलाई नगाड़"

२७इस्राएल मिश्र देशको गोशेन भूमिमा बसे। तिनका परिवारहरू बढेर अति विशाल भयो। तिनीहरूले मिश्रमा भूमि पाए अनि राम्रो जीवन बिताए।

२८याकूब मिश्र देशमा सत्र वर्षसम्म बसे। यसर्थ तिनी एक सय सैंतालीस वर्षका भए। २९इस्राएलले आफ्नो मृत्युको समय आयो भनी थाहा पाए। यसर्थ तिनले आफ्नो छोरो यूसुफलाई बोलाएर भने, "यदि तैंले मलाई साँच्चै प्रेम गर्छस भने आफ्नो हात मेरो तिघ्रामुनि राखेर कसम खा। मलाई वचन दे जे म भन्छु त्यही मान्छु भनेर म प्रति तँ साँचो हो। जब म मर्छु मलाई मिश्र देशमा नगाड़। ३०मलाई त्यही जग्गामा गाड़नु जहाँ मेरा पिता-पुर्खाहरू गाड़िएका छन्। मलाई मिश्र देशबाट बाहिर लगेर हाम्रा परिवारको चिहान घारीमा गाड़नु।"

यूसुफले भने, "तपाईंले जे भन्नु हुन्छ म त्यही गर्छु म वचन दिन्छु।"

३१तब याकूबले भने, "कसम खाऊ।" तब यूसुफले कसम खाए अनि भने उनले त्यही गर्नेछन् जे उनले गर्नु भनि कसम खाए। तब इस्राएल आफ्नो लट्ठीमाथि* अड़ेसिएर शिर निहुराए।

### मनश्शे अनि एप्रैमको लागि आशीर्वाद

४८ केही समय पछि यूसुफले थाहा पाए उनका बाबु सिकिस्त बिमार थिए। यसर्थ यूसुफले आफ्ना छोराहरू मनश्शे र एप्रैमलाई लिएर बाबुकहाँ गए। २जब त्यहाँ यूसुफ पुगे कसैले इस्राएललाई भने, "तिम्रो छोरो यूसुफ तपाईंलाई भेट्न आएका छन्।" इस्राएल खुबै दुर्बल भएका थिए तापनि तिनले आफ्नो ओछ्यानबाट उठेर बस्ने चेष्टा गरे।

३तब इस्राएलले यूसुफलाई भने, "सर्वशक्तिमान परेमश्वरले कनान देशको लूजमा मलाई दर्शन दिनु भयो। परमेश्वरले त्यहाँ मलाई आशीर्वाद दिनु भयो।
४परमेश्वरले भन्नुभयो, 'म तिम्रो एउटा विशाल परिवार बनाउनेछु। म तिमीलाई धेरै नानीहरू दिनेछु अनि तिमी महान व्यक्ति हुने छौ। तिम्रा परिवारले यो भूमिमा सधैंको निम्ति अधिकार जमाउनेछन्।' ५अनि अहिले तिम्रा दुइ छोराहरू छन्। यी छोराहरू म मिश्रमा आउनुभन्दा अघि नै यहाँ जन्मेका हुन्। तिम्रा एप्रैम र मनश्शे छोराहरू मेरो निम्ति रूबेन र शिमोन जस्तै हुन्।
६यसर्थ यी दुइ भाइ मेरा छोराहरू हुनेछन्। मेरो प्रत्येक चीजमा नै तिनीहरूले अंश पाउनेछन्। तर यदि अब तिम्रा अरु छोराहरू जन्मे, ती तिम्रा छोराहरू हुनेछन्, र तिनीहरू एप्रैम र मनश्शेका छोराहरू भैं भएर भविष्यमा एफ्रेम र मनश्शेको सम्पत्तिको हकदार हुनेछन्। ७पद्दन-आरामबाट यात्रा गरेपछि राहेलको मृत्यु भयो जसले मलाई अत्यन्तै शोकाकुल पार्‍यो। तिनी कनानमा मरिन् हामीहरू अझै एप्रातपट्टि यात्रा जारी राख्यौ। मैले

**लट्ठी** "इस्राएलले आफ्नो ओछ्यानको सिरानमा टाउको निहुराए।"

तिनलाई एप्राततिर जाने बाटो छेउमा गाडेँ। (एप्रात नै बेतलेहेम हो)"

८तब इस्राएलले यूसुफका छोराहरूलाई देखे। इस्राएलले भने, "यी केटाहरू को हुन्?"

९यूसुफले आफ्नो बाबुलाई भने, "यिनीहरू मेरा छोराहरू हुन। परमेश्वरले यी छोराहरू नै मलाई दिनु भएको हो।"

इस्राएलले भने, "ती तिम्रा छोराहरूलाई मकहाँ ल्याऊ, म तिनीहरूलाई आशीर्वाद दिन्छु।"

१०इस्राएल बूढो भइसकेकोले आखाँ राम्रो देख्दैनन् थिए। यसर्थ यूसुफले ती छोराहरूलाई आफ्ना बाबु नजिक ल्याए। इस्राएलले ती केटाहरूलाई चुम्बन दिँदै अङ्गालो हाले। ११तब इस्राएलले यूसुफलाई भने, "म तँलाई हेर्न पाउँछु भनी कहिल्यै सोचेको थिइन, तर हेर, परमेश्वरले तँ र तेरा छोराहरूसमेत मलाई भेट गराउँनु भयो।"

१२यूसुफले ती केटाहरूलाई आफ्ना बाबुको घुँडाबाट हटाए अनि तिनीहरू सबै आफ्नो बाबुअघि निहुरिए। १३यूसुफले एप्रैमलाई दाहिने तिर र मनश्शेलाई आफ्नो देब्रेतिर राखे। (यसरी एप्रैम याकूबको देब्रे र मनश्शे दाहिने पट्टि थिए।) १४तर इस्राएलले हात लम्काएर आफ्नो दाहिने हात सानो नानी एप्रैमको शिरमा राखे। त्यसपछि उनले आफ्नो देब्रे हात ठूलो चाँहि नानी मनश्शेको शिरमा राखे। मनश्शे पहिले जन्मेको र एप्रैमभन्दा जेठो भएता पनि इस्राएलले त्यसको शिरमा देब्रे हात राखे। १५अनि इस्राएलले यूसुफलाई आशीर्वाद दिँदै यसो भने:

"मेरो पिता-पुर्खाहरू अब्राहाम र इसहाकले हाम्रा परमेश्वरलाई आराधना गरे, अनि परमेश्वरले नै मेरो जीवन भरि डोऱ्याउनु भयो।

१६उहाँ एकजना स्वर्गदूत हुनु हुन्थ्यो जसले मलाई मेरो जीवनका सबै कष्टहरूबाट मुक्त गर्नु भयो। अनि म प्रार्थना गर्छु, उहाँले यी केटाहरूलाई पनि आशीर्वाद दिनु हुनेछ। मेरा अनि मेरो पुर्खाहरू अब्राहाम अनि इसहाकको नाउँ यी केटाहरूले बढ़ाउने छन्। तिनीहरू बढ्न अनि बहुसंख्यक मानिसहरू राष्ट्र होउन।"

१७यूसुफले आफ्ना बाबुले एप्रैमको शिरमा दाहिने हात राखेको देखे र यस मा यूसुफ खुशी भएनन्। उनले इस्राएलको दाहिने हात एप्रैमको शिरबाट हटाएर मनश्शेको शिरमाथि राख्न चाहन्थे, र तिनले आफ्नो बाबुको हात समाते। १८यूसुफले आफ्नो बाबुलाई भने, "तपाईंको दाहिने हात एप्रैमको शिरमा पऱ्यो तर त्यो राम्रो भएन कारण मनश्शे पहिले जन्मेको हो। यसर्थ तपाईंको दाहिने हात उसको शिरमा राख्नु होस्।"

१९तर तिनका बुबाले तर्क गर्नुभयो अनि भन्नुभयो, "मेरा छोरा, म जान्दछु। म जान्दछु, मनश्शे जेठो छोरो हो अनि उ महान् हुनेछ। मनश्शे ठूलो परिवारहरूको बुबा पनि हुनेछ। तर कान्छो छोरा जेठाभन्दा अझै महान् हुनेछ। अनि कान्छोका सन्तानहरू बढ़नेछन् अनि देशमा महान् हुनेछन्।"

२०यसर्थ इस्राएलले तिनीहरूलाई त्यस दिन आशीर्वाद दिए। उनले भने,

जहिले पनि इस्राएलका मानिसहरूले आशीर्वाद दिँदा, तिमीहरूको नाउँ उच्चारण गर्नेछन्। तिनीहरूले भन्नेछन्, परमेश्वरले तिमीहरूलाई पनि एप्रैम र मनश्शे झैँ महान बनाउन।"

यसरी इस्राएलले एप्रैमलाई मनश्शेभन्दा महान् बनाए।

२१तब इस्राएलले यूसुफलाई भने, "हेर, मेरो आन्तिम समय आइसकेको छ। तर परमेश्वरले तिमीलाई सधैं सघाउनु हुनेछ। उहाँले तिमीहरूलाई तिमीहरूको पिता-पुर्खाहरूको भूमिमा लैजानु हुनेछ। २२जुन कुरो तिम्रा दाज्यू-भाइहरूलाई दिइनँ त्यो तिमीहरूलाई दिएको छु। मैले एमोरीहरूबाट जितेको पहाड़ तिमीलाई दिन्छु। यस पहाड़लाई जित्नको निम्ति मैले तरवार र धनु-काँड़ चलाएँ, अनि जिते।"

## याकूबले छोराहरूलाई आशीर्वाद दिन्छन्

**४९** तब याकूबले सबै छोराहरूलाई बोलाए। उनले भने, "मेरा सबै छोराहरू मकहाँ आऊ। भविष्यमा के हुनेवाला छ म त्यो भन्ने छु।

२"हे याकूबका छोराहरू, तिमीहरू सँगै आऊ अनि तिम्रा बाबु इस्राएलले भनेको सुन।"

### रूबेन

३"रूबेन तँ मेरो जेठो छोरो होस, तँ मेरो जेठो छोरो साथै मेरो शक्तिको पहिलो प्रमाण होस्। तँ मेरो छोराहरू मध्ये सबैभन्दा गौरवशाली अनि शक्तिशाली हुन्छस्।

४तर तेरो महत्वपूर्ण शक्ति बाढ़ीको पानी जस्तै शक्तिशाली थियो तर तैंले त्यसलाई बचाई राख्न सकिनस्। यहीकारण तँ अरु छोराहरूभन्दा महत्वपूर्ण छैनस्। तँ आफ्नो बुबाको ओछ्यानमा चढ़िस् अनि उनकी एउटी पत्नीसित सुतिस्। तँ मेरो ओछ्यानमा गइस अनि त्यसलाई भ्रष्ट पारिस्।"

### शिमोन र लेवी

५"शिमोन र लेवी दाज्यू-भाइ हुन्। तिनीहरू आफ्नो तरवार लिएर खेल्न रुचाउँछन्।

६तिनीहरूको दुष्ट योजनामा म भाग लिनु चाहदिन अनि तिनीहरूको सभामा उपस्थित हुनु चाँहदिन किनभने तिनीहरू आफू रिसाउँदा मानिसहरू मार्छन्। अनि आफ्नो आनन्दका लागि तिनीहरू प्राणीहरूलाई दुख दिन्छन्।

७तिनीहरूलाई रिसको सराप परेको छ किनभने यो साह्रै उग्र हुन्छ। जब तिनीहरू रिसले बौलाहा भए,

तिनीहरू साह्रै निर्दयी भए। तिनीहरू याकूबको भूमिमा
आफ्नो अंश पाउने छैनन्। तिनीहरू याकूबको भूमिमा
छरपस्ट हुनेछन्।"

### यहूदा

८"हे यहूदा, तेरा दाज्यू-भाइहरूले तेरो प्रशंसा गर्नेछन्।
तैले तेरा शत्रुहरूलाई ध्वंश पार्नेछस्। तेरा दाज्यू-भाइहरू
तेरो अघि नतमस्तक हुनेछन्।
९यहूदा तँ सिंह जस्तै छस्। मेरो छोरा, तँ त्यो सिंह
जस्तो देखिन्छस् जो आफुले मारेको जनावरमाथि उभिँदा
देखिन्छ। तँ जब आराम गर्न ढल्किन्छस तँ सिंह जस्तै
देखिन्छस् अनि कसैले तेरो विरोध गर्ने साहस गर्दैन।
१०यहूदाको परिवारबाट राजाहरू हुनेछन्। राजत्वको
प्रतीक यस परिवारबाट हराउने छैन जबसम्म एकजना
वास्तविक राजा आउनु हुँदैन।* तब उनको आज्ञाहरू
पालन गर्न र उहाँलाई सेवा पुर्‍याउनु धेरै मानिसहरू
आउनेछन्।
११उसले आफ्नो गधा दाखको बोटमा बाँध्नेछ।
उनले उसको जवान गधा सबभन्दा असल दाखको
बोटमा बाँध्नेछ। सबभन्दा असल अङ्कुरको रसमा उनले
आफ्नो लुगाहरू धुनेछ।
१२उसका आँखाहरू मद्यले गर्दा राता हुनेछन् उसका
दाँतहरू दूधले गर्दा सेता छन्।"

### जबूलून

१३"जबूलून समुद्रको किनारमा बस्नेछ। समुद्रको
किनार जहाजहरूको निम्ति सुरक्षित ठाउँ हुनेछ। उसको
भूमि सीदोन शहरसम्म विस्तृत रहनेछ।"

### इस्साखार

१४"इस्साखार आफ्नो जीन थैलोको बीचमा आराम
गर्न ढल्किएको बलियो गधा जस्तो हो।
१५ऊ हेर्छ उसको विश्राम गर्ने ठाउँ राम्रो छ। ऊ
हेर्छ उसको जग्गा राम्रो छ। त्यसपछि ऊ गरूङ्गो भारी
बोक्न राजी हुने छ। ऊ कमारा जस्तै खट्न राजी हुने
छ।"

### दान

१६"दानले इस्राएलका अरु कुलहरूले झैँ आफ्ना
मानिसहरूको न्याय गर्ने छ।
१७दान बाटोको किनारमा बसेको सर्प झैँ हुनेछ।
दान बाटो छेउमा सुतिरहेको सर्प झैँ भयानक हुनेछ।
त्यो सर्पले घोड़ाको खुट्टामा डस्नेछ र घोड़ामाथि सवार
हुने भूइँमा लड़नेछ।
१८"परमप्रभु, म तपाईंको उद्धारको प्रतीक्षामा
पर्खिरहेको छु।"

### गाद

१९"एक हुल डाकुहरूले गादमाथि आक्रमण गर्नेछन,
तर गादले तिनीहरूलाई धपाउने छ।"

### आशेर

२०"आशेरको भूमिमा राम्रो उब्जनी हुनेछ। त्यसले
राजाका लागि उत्तम उपयोगी खाद्य प्रदान गर्ने छ।"

### नप्ताली

२१"नप्ताली स्वतन्त्र दगुर्ने मृग जस्तै हो। अनि
उसका शब्दहरू मृगका पाठा-पाठीहरू भन्दा सुन्दर
छन।"

### यूसुफ

२२"यूसुफ अत्यन्त सफल भएको छ। यूसुफ फलले
लादिएको बोट जस्तै वसन्तमा बढ़ने बोट जस्तै अनि
यस्तो बोट हो जसका हाँगाहरू भित्तामा चढ्छन्।
२३धेरै मानिसहरू तिनको विरोधी भए अनि तिनीसित
युद्ध गरे। काँड़हरू लिएका मानिसहरू तिनका शत्रु
भए।
२४दक्षतार बहादूरी अनि बलियो धनुले गर्दा लडाँई
जित्यो। याकूबको परमेश्‍वर गोठालाबाट साहस र शक्ति
प्राप्त गर्नेछन्।
२५आफ्ना बाबुका परमेश्‍वरबाट शक्ति पाउनेछन्।
सर्वशक्तिमान परमेश्‍वरले तिमीलाई आशीर्वाद दिऊन,
अनि स्वर्गबाट तिमीलाई आशीर्वाद दिऊन, अनि अगाध
गहिरो समुद्रबाट तिमीलाई आशीर्वाद दिऊन। उहाँले
तिमीलाई स्तन र गर्भबाट आशीर्वाद दिऊन।
२६मैले प्राप्त गरेको आशीर्वादहरू मेरा माता-पिताले
प्राप्त गरेको आशीर्वादभन्दा धेरै छन्। ती पुराना
पर्वतहरू जस्तै थुपारिएका यूसुफका यस्ता आशीर्वादहरू
उनका दाज्यू-भाइहरू मध्ये राजकुमारको शिरमा परून।"

### बिन्यामीन

२७"बिन्यामीन एउटा भोकाएको ब्वाँसो जस्तै हो।
बिहान ऊ शिकार गर्छ, जनावर मार्छ अनि खान्छ।
अनि राती उ लुटेका वस्तुहरू भाग लगाउँछ।"
२८यिनीहरू इस्राएलका बाह्र कुलहरू थिए। यो नै
तिनका बुबाले भन्नु भएको थियो जब उहाँले तिनीहरूलाई
आशीर्वाद दिनु भयो। उहाँले प्रत्येकलाई उचित आशीर्वाद
दिनु भयो। २९तब इस्राएलले तिनीहरूलाई आज्ञा दिए
अनि भने, "म मर्न आँटेको छु। मलाई मेरो पिता-
पुर्खाहरूसँग गाड्नू। एप्रोन हित्तीको क्षेत्रको ओड़ारमा
गाड़िन चाहन्छु जहाँ पुर्खाहरू गाड़िएका छन। ३०कनानमा

---

**वास्वविक... हुँदैन** अथवा जबसम्म सिलोह आउँछ अवथवा जबसम्म यसको सम्बन्धित मानिस आउँछ अथवा "जबसम्मा उसको उपहार आउँछ।"

माम्रेको छेउ मकपेलाको मैदानमा भएको ओड़ार यही
हो। यो त्यो ओड़ार हो जसलाई मेरा बुबा अब्राहामले
एप्रोन हित्तीबाट इलाकासमेत आफ्नो गाड़ने चिहानको
लागि किनेका थिए। ३१त्यही ओड़ार हो जहाँ अब्राहाम
र उसको स्वास्नी सारालाई गाड़िएको थियो। इसहाक र
उसकी पत्नी रिबेकालाई पनि त्यस ओड़ारमा गाड़िएको
थियो। मैले मेरी पत्नी लेआलाई पनि त्यहाँ गाड़ेँ।
३२त्यो ओड़ार हित्ती मानिसहरूबाट किनेको भूमि हो।"
३३आफ्ना छोराहरूसित कुरा गरिसके पछि याकूबले
आफनो खुट्टा ओछ्यानमा राखे अनि अन्तिम सास
फेरे।

## याकूबको दाह-सँस्कार

५० जब याकूबको मृत्यु भयो यूसुफ खुबै दुःखी
भए। तिनले आफ्नो बाबुलाई अँगालो हालेर
रुदै म्वाई खाए। २यूसुफले आफ्ना सेवकहरूलाई
आफ्नो बाबुको अन्तिम संस्कारको निम्ति तयार पार्न
आज्ञा दिए। (ती सेवकहरू वैद्यहरू थिए।) ती वैद्यहरूले
याकूबको शरीर अन्तिम संस्कारको निम्ति तयार पारे।
तिनीहरूले याकूबको मृत शरीर मिश्र देशवासीहरूका
विशेष नियम अनुसार तयार पारे। ३मिश्रीहरूले इस्राएलको
लागि ७० दिन सम्म शोक गरे। तिनको शरीर तयार
गर्ने समय ४० दिन भित्र पूरा भयो। शोकको पूरा
समय पछि। यूसुफ फिरऊन कहाँ गए।

४सत्तरी दिनपछि शोक समय सकियो र यूसुफले
फिरऊनका अधिकारीहरूसंग कुरा गरे। यूसुफले भने,
"फिरऊनलाई यो कुरो भनीदिनु। ५'मेरा बाबुको मृत्यु
हुनअघि, मैले तिनलाई एउटा वचन दिएको थिएँ। मैले
प्रतिज्ञा गरेको थिएँ म तिनलाई कनान भूमिमा दफन
गर्नेछु। त्यो उनले आफ्नो निम्ति तयार पारेको ओड़ार
हो। यसर्थ मेरा बाबुको अन्तिम संस्कार गर्न मलाई
त्यहाँ जानु दिनु होस्। त्यसपछि म तपाईं कहाँ फर्केर
आउने छु।'"

६फिरऊनले उत्तर दिए, "आफ्नो प्रतिज्ञा पालन गर।
जाऊ अनि बाबुको अन्तिम संस्कार गर।"

७यसकारण यूसुफ आफ्नो बाबुको अन्तिम संस्कार
गर्न गए। फिरऊनका अधिकारीहरू, फिरऊनका अग्रजहरू
अनि मिश्रका अग्रजहरू समस्त यूसुफसित गए। ८तिनीसित
आफ्ना सबै दाज्यू-भाइहरू अनि तिनका बाबुका समस्त
परिवारका मानिसहरू गए। गोशेन भूमिमा खाली नानीहरू
र पशुहरू मात्र थिए। ९मानिसहरूको त्यहाँ एउटा
विशाल घुइँचो भयो। त्यहाँ रथहरूमा र घोड़सवार
भएका सिपाहीहरू पनि थिए।

१०तिनीहरू यर्दन नदीको पूर्व गोरेन आतादमा गए।
तब तिनीहरू यर्दन नदीको पूर्वतिर आतादको खलामा
पुगे। तिनीहरूले एउटा ठूलो अनि शोकपूर्ण अन्तिम
संस्कार गरे। अनि त्यहाँ यूसुफले सात दिनसम्म आफ्नो
बुबाको मृत्यु शोक पालन गरे। ११जब कनान देशका
मानिसहरू जो त्यस आताद खलामा थिए, तिनीहरूले
भने, "मिश्र देशवासीहरू कति गहिरो शोक पालन
गरिरहेका छन्।" यसर्थ तिनीहरूले त्यस भूमिको नाउँ
हाबिल-मिश्रइम राखे।

१२यसर्थ याकूबका छोराहरूले आफ्ना बाबुले जे
भनेका थिए त्यही गरे। १३तिनीहरूले बुबाको मृत
शरीर कनान देशमा ल्याए अनि उसलाई त्यस ओड़ारमा
गाड़े जो मकपेला क्षेत्रमा छ अनि जसलाई अब्राहामद्वारा
माम्रे नजिक हित्ती, एप्रोनबाट आफ्नो चिहानको लागि
उपयोग गर्न किनिएको थियो। १४आफ्नो बुबाको मृत
शरीर गाड़े पछि यूसुफ सबै मानिसहरूसँगै मिश्र फर्किए
जो तिनीसँग गएका थिए।

## दाज्यू-भाइहरू यूसुफसित अझै डराइरहे

१५याकूबको मृत्यु पछि यूसुफका दाज्यू-भाइहरू
चिन्तित भए। तिनीहरूले धेरै वर्षअघि यूसुफसित गरेको
कर्मको निम्ति तिनीहरू डराए। तिनीहरूले भने, "हुन
सक्छ, हामीले गरेको कर्मको निम्ति यूसुफले अझसम्म
हामीलाई घृणा गर्छ।" १६यसर्थ उसका दाज्यू-भाइहरूले
उसलाई यो संदेश पठाए:

तिम्रो बुबा मर्नु अघि उहाँ आफैले यो संदेश
तिमीलाई दिनु भनी हामीलाई भन्नु भएको थियो।
१७उनले भने, "दाज्यू-भाइहरूले तिमीसित गरेको
कुकर्मको निम्ति क्षमा दिनु भनी म बिन्ती गर्दछु।
यसर्थ, यूसुफ, हामीले तिमीसित गरेको कुकर्मको
निम्ति दया गरी हामीलाई क्षमा गर। हामी
तपाईंका बुबाको परमेश्वरका दासहरू हौं।"

त्यस समाचारले यूसुफलाई साह्रै दुःखी तुल्यायो, अनि
तिनी खुबै रोए। १८तिनका दाज्यू-भाइहरू तिनीकहाँ गए
अनि तिनी अघि निहुरिएर भने, "हामी तपाईंका दास
हुनेछौं।"

१९तब यूसुफले तिनीहरूलाई भने, "नडराओ। म
परमेश्वर होइन। तिमीहरूलाई दण्ड दिने मेरो कुनै
अधिकार छैन। २०यो सत्य हो तिमीहरूले मेरो विरुद्धमा
हानि गर्ने योजना गरेका थियौ। तर वास्तवमा, परमेश्वरले
राम्रोको निम्ति योजना बनाउनु भएको थियो। परमेश्वरको
योजना अनुसार धेरै मानिसहरूको जीवन बचाउँन मलाई
प्रयोग गर्नु थियो। अनि उहाँको योजना जस्तो थियो
त्यस्तै भयो। २१यसर्थ तिमीहरू नडराओ। म तिमीहरू
र तिमीहरूका नानीहरूको हेरचाह गर्नेछु।" यसरी यूसुफले
आफ्ना दाज्यू-भाइहरूलाई राम्रा कुराहरू भने। यसले
दाज्यू-भाइहरूले धेरै शान्ति पाए।

२२यूसुफ उनको परिवारसित मिश्रमा बसे। यूसुफ
एक सय दश वर्ष पुगेर मरे। २३यूसुफकै जीवन
कालमा एप्रैमको छोरा-छोरी तथा नाता-नातिनीहरू जन्मेका

थिए। अनि तिनको छोरो मनश्शेबाट छोरो जन्मियो जसको नाउँ माकीर थियो। यूसुफ माकीरका नातीहरूको मुख हेर्न बाँचिरहे।

### यूसुफको मृत्यु

२४जब यूसुफको मर्ने बेला भएको थियो, उनले आफ्ना दाज्यू-भाइहरूलाई भने, "प्रायः मेरो मृत्युको समय भयो। तर म जान्दछु परमेश्वरले तिमीहरूको हेरचाह गर्नु हुनेछ, अनि यस देशबाट बाहिर लैजानु हुनेछ। परमेश्वरले अब्राहाम, इसहाक र याकूबलाई दिन्छु भनी प्रतिज्ञा गर्नु भएको भूमिमा तिमीहरूलाई लैजानु हुनेछ।"

२५तब यूसुफले मानिसहरूलाई एउटा प्रतिज्ञा गर्नु लगाए। उनले भने, "जब परमेश्वरले तिमीहरूलाई त्यो नयाँ भूमिमा लानु हुनेछ त्यस बेला मेरा अस्थिहरू तिमीहरूसित लिएर जानेछौं भनी प्रतिज्ञा गर।"

२६यूसुफ जब एक सय दश वर्ष पुगेपछि तिनको मृत्यु भयो। अन्तिम संस्कारको निम्ति वैद्यहरूले तिनको लाश तयार पारे अनि तिनको शरीरलाई मिश्रमा एउटा कफीनमा राखे।

# मलाकीको पुस्तक

१ एउटा वचन परमेश्वरबाट। यो वचन परमप्रभुदेखि
इस्राएललाई हो। परमेश्वरले मलाकीलाई यो वचन
दिन उपयोग गर्नुभयो।

### इस्राएल प्रति परमेश्वरको प्रेम

२परमप्रभु भन्नुहुन्छ, "मानिसहरू, म तिमीहरूलाई
प्रेम गर्छु।"
तर तिमीहरूले भन्यौ, "तपाईंले हामीलाई प्रेम गर्नुहुन्छ
भनेर कसरी थाहा पाउँनु?"
परमप्रभुले भन्नुभयो, "एसाव याकूबको दाज्यु थियो,
सही? तर मैले याकूबलाई चुनें। ३अनि मैले एसावलाई
स्वीकार गरिन। मैले एसावको पहाड़ी देश उजाड़
पारिदिएँ। एसावको देश नष्ट गरिएको थियो अनि अब
त्यहाँ जंगली स्यालहरू मात्र बस्छन्।"
४यो सम्भव छ कि एदोमका मानिसले भन्न सक्छन्,
"ठीकै छ हामी नष्ट भएका छौं, तर हामीहरू हाम्रो
शहर फेरि निमार्ण गर्छौं।"
तर सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "यदि तिनीहरूले
तिनीहरूको शहरहरू पुन:निर्माण गरे तापनि म त्यसलाई
फेरि भत्काई दिनेछु।" यसैकारण मानिसहरूले एदोमलाई
नराम्रो देश भन्छन्। मानिसहरू भन्छन् कि परमप्रभु
तिनीहरू सित सधैं क्रोधित हुनुहुन्छ।
५मानिसहरूले यी सबै कुराहरू आँखाले देखे र
भने, "इस्राएलको सीमाना भन्दा बाहिर पनि परमप्रभु
महान हुनुहुन्छ।"

### मानिसहरूले परमेश्वरलाई सम्मान गर्दैनन्

६सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "नानीहरूले
तिनीहरूका बाबुलाई आदर गर्दछन्। सेवकहरूले
तिनीहरूको मालिकहरूलाई सम्मान गर्छन। म तिमीहरूको
बाबु हुँ, यसकारण तिमीहरूले मलाई किन सम्मान
गर्दैनौ? म तिमीहरूको मालिक हुँ, यसकारण मलाई
किन सम्मान गर्दैनौ? पूजाहारीहरू तिमीहरूले मेरो
नाउँलाई सम्मान गर्दैनौ।"
तर तिमीहरू भन्छौ, "हामीहरूले के गर्‍यो? जो
तपाईंले भन्नु हुन्छ हामीहरूले तपाईंलाई सम्मान गरेनौं।"
७परमप्रभु भन्नुहुन्छ, "तिमीहरू मेरो वेदीमा अशुद्ध
रोटी ल्याउछौ।"
तर तिमीहरू भन्छौ, "त्यो रोटी कसरी अशुद्ध
भयो?"
परमप्रभु भन्नुहुन्छ, "तिमीहरूले मेरो वेदीलाई सम्मान
गर्दैनौ। ८तिमीहरूले बलिको निम्ति अन्धा पशुहरू
ल्याउँछौ त्यसो गर्नु गल्ती हो। तिमीहरूले बलिको
लागि बीमारी अनि लङ्गड़ा पशुहरू लिएर आउँदछौ, यो
गल्ती हो। तिमीहरूले आफ्ना शासकलाई ती रोगी
पशुहरू भेटी चढ़ाउने चेष्टा गर्छौ! के तिनी तिमीहरूसित
खुशी हुन्छन्? के तिनीले तिमीहरूलाई दया देखाँउछन?"
सर्वशक्तिमान परमप्रभुले यी सब भन्नुभयो।
९"पूजाहारीहरू, तिमीहरूले परमप्रभुसंग हाम्रो असल
हुनको निम्ति बिन्ती गर्नुपर्छ। तर उनले तिम्रो बिन्ती
सुन्ने छैनन् अनि यी सबै दोषहरू तिम्रो हुनेछ।"
सर्वशक्तिमान परमप्रभुले यो सबै कुरा भन्नुभयो।
१०"साँच्चै नै तिमीहरू मध्ये कसैले मन्दिरको ढोकाहरू
बन्द गर्छ अनि सही जग्गामा दीयो बाल्छ, तर म
तिमीहरूसंग प्रसन्न हुनेछैन। म तिम्रो भेटी स्वीकार
गर्नेछैन।" सर्वशक्तिमान परमप्रभुले यी सबै कुराहरू
भन्नुभयो।
११"सूर्योदयदेखि सूर्यास्त सम्म मानिसहरूले मेरो
सम्मान गर्छन्, ती सबैले मेरा निम्ति राम्रा-राम्रा भेटीहरू
ल्याउँछन्। तिनीहरूले मेरो भेटीको रूपमा राम्रा धूप
बाल्छन्। किन? किनभने मेरो नाउँ ती सम्पूर्ण मानिसहरूको
निम्ति महत्वपूर्ण छ।" सर्वशक्तिमान परमप्रभुले यी सबै
कुराहरू भन्नुभयो।
१२"तर तिमीहरूले यो देखाउँछौ कि तिमीहरूले मेरो
नाउँलाई सम्मान गरेनौ। तिमीहरू भन्छौ परमप्रभुको
टेबल पवित्र छैन्। १३अनि तिमीहरू त्यो टेबलबाट
भोजन लिन मन पराउँदैनौ तिमीहरूले त्यो खाने कुरा
सुघँछौ तर खान अस्वीकार गर्छौ। तिमीहरू भन्छौ यो
राम्रो छैन्। तर यो साँचो होइन्। तब तिमीहरूले रोगी,
खोरन्डा अनि चोट लागेको पशुहरू मेरा निम्ति ल्याउँछौ।
तिमीहरूले रोगी पशुहरू मलाई बलिदान दिने चेष्टा
गर्छौ। तर म ती रोगी पशुहरू स्वीकार गर्दिन।
१४कति मानिसहरूसित राम्रो पशुहरू छन्, जुन
उनीहरूले बलिदान स्वरूप चढ़ाउन सक्छन्। तर उनीहरूले
ती राम्रो पशुहरू मलाई चढ़ाउँदैनन्। केही मानिसहरूले
राम्रो पशुहरू मकहाँ ल्याउँछन। तिनीहरूले स्वस्थ
पशुहरू ल्याउने प्रतिज्ञा गर्दछन् तर गुप्तरूपमा त्यो राम्रो
स्वस्थ पशुहरूलाई रोगी पशुहरूसंग साटेर मलाई रोगी
पशु चढ़ाउँछन्। तिनीहरूमाथि आपद आइलाग्नेछ। किनभने
म महान राजा हुँ। तिमीले मलाई सम्मान गर्नु पर्ने हो।

सारा पृथ्वीका मानिसहरूले मेरो सम्मान गर्छन।"
सर्वशक्तिमान परमप्रभुले ती सबै कुराहरू भन्नुभयो।

## पूजाहारीहरूका निम्ति विधिहरू

२ "हे पूजाहारीहरू हो, यो नियम तिमीहरूको निम्ति
हो। मेरो कुरा सुन। जे म भन्छु त्यसमाथि ध्यान
देऊ। मेरो सम्मान गर। २यदि तिमीले सुन्दैनौ अनि मेरो
नाउँलाई सम्मान गर्दैनौ भने तिमीलाई खराब हुनेछ।
तिमीले आशीर्वाद भन्नेछौ तर त्यो श्रापमा परिणत
हुनेछ। यदि तिमीले मेरो नाउँमा सम्मान गरेनौ भने म
खराब गर्नेछु।" सर्वशक्तिमान परमप्रभुले यी सबै कुराहरू
भन्नुभयो।
३"हेर, म तिमीहरूको कुललाई दण्ड दिनेछु। पवित्र
दिनहरूमा पूजाहारीहरू तिमीहरूले मलाई बलिदाहरू
चढ़ाउँछौ। तिमीले गोबर अनि मरेको पशुको भित्री
भाग लिएर आउँछौ अनि फ्याँकि दिन्छौ। तर म त्यो
गोबर तिम्रो मुखमा दलिदिनेछु र तिमीहरूलाई पनि
त्योसितै फ्याँकिनेछौ। ४तब तिमीहरूले बुझ्छौ मैले यी
आदेश तिमीहरूलाई किन दिँदैछु? मैले तिमीहरूलाई यी
कुराहरू किन बताउँदैछु कारण लेवीहरूसित मेरो करार
चलिरहनेछ।" सर्वशक्तिमान परमप्रभुले यी सबै कुराहरू
भन्नुभयो।
५परमप्रभुले भन्नुभयो, "मैले यो करार लेवीहरूसंग
गरें। मैले उनीहरूलाई शान्तिपूर्ण जीवन दिने प्रतिज्ञा
गरें, अनि मैले दिएँ। लेवीहरूले मेरो सम्मान गरें।
तिनीहरूले मेरो नाउँको सम्मान गरे। ६लेवीहरूले साँचो
शिक्षा दिए। लेवीहरूले झूटो उपदेशहरू दिएनन्!
लेवीहरू ईमानदार र शान्ति प्रिय मानिस थिए। लेवीहरूले
मेरो अनुसरण गरे अनि धेरै मानिसहरूलाई अपराध
गर्नबाट बचाए। ७पूजाहारीहरूले परमप्रभुको शिक्षा
जान्नु पर्छ। मानिसहरू पूजाहारीको छेउमा जाने योग्यको
हुनु पर्छ अनि परमप्रभुको शिक्षा सिक्नु पर्छ। पूजाहारीहरू
मानिसहरूका निम्ति परमप्रभुको समाचार-वाहक हुनु
पर्छ।"
८परमप्रभुले भन्नुभयो, "पूजाहारीहरूले मेरो अनुसरण
गर्न छोड़िदिए। तिमीहरूले नराम्रो कामको निम्ति
मानिसहरूलाई शिक्षा दियौ। तिमीहरूले लेवीहरूसंग
गरेको करार भङ्ग गर्‍यौ।" सर्वशक्तिमान परमप्रभुले यी
सबै कुरा भन्नुभयो।
९"तिमीहरू मैले भनेको जस्ता भएनौ! तिमीहरूले
हाम्रो शिक्षा स्वीकार गरेनौ। यसकारण म तिमीहरूलाई
महत्वहीन बनाउँनेछु। मानिसहरूले तिमीहरूलाई आदर
गर्ने छैनन्।"

## यहूदा इस्राएल प्रति साँचो भएन

१०हामी सबैको एउटै पिता हुनुहुन्छ। उनै परमेश्वरले
हामीहरू सबैलाई बनाँउनु भयो। यसकारण मानिसहरूले
आफ्नो भाइहरूलाई किन ठग्छन्? उनीहरूले करारको
पालन नगरेको प्रकट गर्छन्। उनीहरूले त्यो करारलाई
लागु गर्दैनन् न त हाम्रा पिता-पुर्खाहरूले परमेश्वरसंग
गरे। ११यहूदाका मानिसहरूले अरू मानिसहरूलाई
ठगे। यरूशलेम अनि इस्राएलका मानिसहरूले घिनलाग्दा
कामहरू गरे। परमेश्वरले मन्दिरलाई प्रेम गर्नुहुन्छ। तर
यहूदाका बासिन्दाले परमप्रभुको पवित्र मन्दिरको सम्मान
गरेनन्। यहूदाको मानिसहरूले विदेशी देवताहरूको पूजा
गर्न थाले। १२परमप्रभुले ती मानिसहरूलाई यहूदाका
कुलबाट अलग गर्नु हुन्छ। ती मानिसहरूले परमप्रभुलाई
भेटीहरू ल्याउँन सक्लान् तर यसले कुनै सहायता गर्ने
छैन। १३तिमीहरूले रोएर परमप्रभुको वेदी आँसुले
भिजाउन सक्छौ, तर परमप्रभुले तिमीहरूको भेटी
स्वीकार गरिनेछैन्। परमप्रभु ती चीजहरूबाट प्रसन्न
हुनुछैन जे तिमीहरूले लिएर आउँछौ।
१४तिमीहरू सोध्छौ, "हाम्रो भेटीहरू परमप्रभुले किन
स्वीकार गर्नु भएन?" किन? किनभने तिमीहरूले गरेको
नराम्रा कामहरू परमप्रभुले देख्नु भएकोछ, उहाँ तिमीहरूको
विरुद्ध साक्षी हुनुहुन्छ। उहाँले देख्नु भएको छ तिमीहरूले
आफ्नो पत्नीलाई ठगि रहेछौ। तिमीहरूले त्यस स्त्रीसित
तिमी जवान हुदा नै विवाह गरेको थियौ। उ तिम्रो
प्रियसी थिई। त्यस समय तिमीहरूले वैवाहिक करार
गर्‍यौ अनि उ तिम्री पत्नी भई। तर तिमीले उसलाई
ठग्यौ। १५परमेश्वर चाहनु हुन्छ पत्नीहरू एक शरीर
अनि एक आत्मा हुन्। किन? जसबाट उसको नानीहरू
पवित्र होस् यसकारण त्यो आत्मीय एकताको रक्षा गर।
आफ्नी पत्नीलाई नठग। त्यो तिम्री पत्नी त्यही बेलादेखि
भई जति बेला तिमी जवान थियौ।
१६परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, "म
विवाह विच्छेद घृणा गर्छु। म पुरूषहरूको क्रूर कामहरू
घृणा गर्छु। यसकारण आफ्नो आत्मिक एकताको
सुरक्षा गर। आफ्नो पत्नीलाई धोका नदेऊ।"

## न्यायको विशेष समय

१७तिमीहरूले परमेश्वरलाई शिक्षादेखि चिन्तित
बनाएकाछौ अनि त्यो झूटो शिक्षाले परमप्रभुलाई अत्यन्तै
कष्ट दिएकोछ। तिमीहरूले सोच्यौ कि परमेश्वर एउटा
मानिस जस्तै हो जसले खराब काम गर्छ। तिमीहरूले
भन्यौ कि परमेश्वरले उनीहरूलाई राम्रो सम्झनु हुन्छ
अनि तिमीहरूले सोच्यौ कि परमेश्वरले नराम्रो कामको
लागि दण्ड दिनु हुँदैन।

३ सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "हेर, म मेरो
समाचार-वाहकलाई पठाउँदैछु। उसले मेरो निम्ति
बाटो तयार पार्नेछ। मालिक तपाईं जसको खोजीमा
हुनुहुन्छ त्यो अचानक उसको मन्दिरमा आउँनेछ।
करारको समाचार वाहक साँच्चै आउँदैछ।

२"कुनै पनि मानिस त्यस समयको निम्ति तयार पर्न
सक्नेछैन्। कुनै मानिसहरू उहाँको विरूद्धमा उभिन
सक्नेछैन जब उहाँ आउँनुहुन्छ। उहाँ त्यो बल्दै गरेको
आगो जस्तै हुनुहुनेछ। उहाँ त्यो धोवीको साबुन जस्तै
हुनुहुन्छ जसलाई मानिसहरूले लुगा धुने कामका
लगाउँछन्। ३उहाँले लेवी कुलहरूलाई पवित्र पार्नु
हुनेछ। उहाँले लेवी कुलहरूलाई यस्तो शुद्ध पार्नुहुन्छ
जस्तो आगोले चाँदीलाई शुद्ध पार्छ। उहाँले तिनीहरूलाई
शुद्ध सुन र चाँदी जस्तै बनाउँनु हुनेछ। तब उनीहरूले
परमप्रभुकहाँ भेटी लिएर आउँनेछन् अनि ती कामहरू
पनि ठीकसंग गर्नेछन्।

४"त्यसपछि परमप्रभुले यहूदा अनि यरूशलेमको भेटी
स्वीकार गर्नुहुनेछ। यो पहिला समयको जस्तै हुनेछ। यो
पहिलाको लामो समय जस्तै हुनेछ। ५तब म तिमीहरूकहाँ
आउँनेछु। तब म ठीक काम गर्नेछु। म त्यो साक्षी
जस्तै हुनेछु जुन मानिसहरू द्वारा गरेको नराम्रो कामको
निम्ति न्यायकर्त्ताहरूले गर्ने गर्छन। कति मानिसहरूले
नराम्रो जादु गर्छन। कतिले व्यभिचारी पाप गर्छन,
कतिले भूटा गवाहीहरू दिन्छन, कतिले आफ्नो
मजदूरहरूलाई ठग्छन्। उनीहरू आफैले तोकेको रकम
दिदैनन्। विधवाहरू र टुहुरा-टुहुरीहरूलाई सहायता गर्दैनन्
अनि परदेशीहरूलाई सहायता गर्दैनन्। मानिसहरूले मेरो
सम्मान गर्दैनन्।" सर्वशक्तिमान परमप्रभुले यो सबै
कुराहरू भन्नुभयो।

## परमेश्वरलाई लुट्नु

६"म परमप्रभु हुँ अनि म परिवर्त्तन हुने छैन।
तिमीहरू याकूबका सन्तान हौ, यसकारण; तिमीहरूलाई
पूर्णरूपले नष्ट गरियो। ७तर तिमीहरूले मेरा नियमहरू
कहिल्ये पनि पालन गरेनौ। यहाँ सम्म कि तिमीहरूका
पिता-पुर्खाहरूले पनि मेरो अनुसरण गरेनन्। मकहाँ
आऊ अनि म तिमीहरूकहाँ आउँनेछु।" सर्वशक्तिमान
परमप्रभुले यी सबै कुराहरू भन्नुभयो।

तिमीहरू भन्छौ, 'हामी फेरि कसरी फर्कनु?'

८"परमेश्वरलाई लुट्न बन्द गर। मानिसहरूले
परमेश्वरको चीजहरू चोर्नु हुँदैन तर तिमीहरूले मेरो
भागहरू चोर्‍यौं!

"तिमीहरू भन्छौ, 'हामीले तपाँइको के चोर्‍यौ?'

"तिमीहरूले मलाई तिमीहरूको चीजको दशांशकप
दिनुपर्ने थियो। तिमीहरूले मलाई विशेष भेटी दिनुपर्थ्यो।
तर तिमीहरूले मलाई ती चीजहरू दिएनौ। ९यस्तै
प्रकारले तिमीहरूका सबै देशले मेरो चीजहरू चोर्‍यो।
तिमीहरू श्रापमा छौं।" सर्वशक्तिमान परमप्रभुले यो सबै
कुराहरू भन्नुभयो।

१०सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "यो परीक्षाको
जाँच गर। आफ्नो चीजको दशमांश भाग मलाई देऊ।
ती चीजहरू ढुकुटीमा राख। मेरो घरमा खाने कुरा
लिएर आऊ। यसरी मलाई जाँचेर हेर! यदि तिमीहरूले
यो सबै कामहरू गर्‍यौ भने म आशीर्वाद दिनेछु।
तिमीहरूसंग राम्रो चीजहरू जस्ताको त्यस्तै हुनेछन जस्तो
आकाशबाट पानी पर्छ। तिमीहरूले हरेक चीज आवश्यकता
भन्दा ज्यादा पाउनेछौ। ११म किराहरूलाई तिम्रो फसल
नष्ट पार्न दिनेछैन्। तिमीहरूको सवै दाखको बोटले
फल फलाउँनेछ।" सर्वशक्तिमान परमप्रभुले यी सबै
कुराहरू भन्नुहुन्छ।

१२"अन्य जातिहरूले पनि तिमीहरूलाई खुसी छौ
भन्ने छन्। तिमीहरूका देश साँच्चै नै आश्चर्यजनक
देश हुनेछ।" सर्वशक्तिमान परमप्रभु भन्नु हुन्छ।

## न्यायको विशेष समय

१३परमप्रभु भन्नुहुन्छ, "तिमीहरूले मेरो विषयमा
कुराहरू गर्‍यौ।"

तर तिमीहरू सोच्छौ, "हामीले तपाईंको विषयमा के
भन्यौ?"

१४तिमीहरूले भन्यौ, "परमप्रभुको उपसना गर्नु व्यर्थ
छ। हामीले ती कामहरू गर्‍यौ जुन परमप्रभुले गर्नु
भन्नुभयो, तर हामीले केही पनि पाएनौ। हामीहरू
आफ्नो पापको निम्ति त्यति नै दुःखी छौं जति शोकमा
परेको मानिस दुःखी हुन्छ। यसबाट केही पनि काम
भएन्।

१५"हामीहरूले सोच्यौ अहंकारी मानिसहरू सुखी
हुन्छन्। दुष्टहरू सफल हुन्छन्। उनीहरू परमेश्वरको
धैर्यको परिक्षा लिनको निम्ति नराम्रो काम गर्छन् अनि
परमेश्वरले उनीहरूलाई दण्ड दिनुहुदैन।"

१६परमेश्वरका भक्तहरूले एक-अर्कामा कुरा गरे
जुन परमप्रभुले सुन्नु भयो। उहाँसंग एउटा पुस्तक छ
जुन पुस्तकमा परमेश्वरका भक्तहरूको नाउँ छन् उनीहरू
नै हुन् जसले परमप्रभुको नाउँको सम्मान गर्छन्।

१७परमप्रभुले भन्नुहुन्छ, "ती मानिसहरू मेरो हुन्।
म उनीहरू प्रति कृपा दर्शाउँछु। मानिसहरूले ती
नानीहरूमाथि ज्यादा दया राख्छन् जसले आज्ञा पालन
गर्छन्। यस्तै प्रकारले म आफ्नो भक्तहरूमाथि कृपा
राख्छु। १८मानिसहरू मकहाँ फर्केर आऊ अनि राम्रो
नराम्रो कामको बारेमा सम्झ। तिमीहरूले परमेश्वरका
भक्त र अन्य मानिसहरू बीचको अन्तर सम्झ।

४ "त्यो न्यायको समय आउँदैछ। यो दन्केको आगोको
भट्टी जस्तै हुनेछ। ती सबै अहंकारी मानिसहरूलाई
दण्ड दिइनेछ। ती सबै पापी मानिसहरू सुक्खा घाँस
जस्तै जल्ने छन्। त्यससमय त्यो आगोमा बल्दै गरेको
पराल जस्तै हुनेछ जसको कुनै हाँगा अथवा जरा बाँच्ने
छैन्।" सर्वशक्तिमान परमप्रभुले यो सबै कुराहरू भन्नुभयो।

२"तर मेरा शिष्यहरूको निम्ति म धार्मिकताको सूर्यो
जस्तो चम्कनेछु, अनि यसले सूर्यको किरणले जस्तो

फूर्ति ल्याउँछ। गोठबाट बाछा स्वतंत्र भए झैं तिमीहरू
स्वतंत्र अनि खुशी हुनेछौ। ३त्यस समय तिमीले ती
नराम्रा मानिसहरूलाई कुल्चनेछौ। तिनीहरू तिम्रो पैताला
मुनिको धूलो जस्तै हुनेछन्। म न्यायको समयमा यो
घटनाहरू घटाउँने छु।" सर्वशक्तिमान परमप्रभुले यी सबै
कुराहरू भन्नुभयो।

४"मोशाको व्यवस्था सम्झ अनि पालन गर। मोशा
मेरो दास थियो। मैले होरेब पहाड़मा उनीहरूलाई त्यो
नियम पालन गर्ने विधिहरू बनाएँ। त्यो नियम इस्राएलका
सबै बासिन्दाहरूको निम्ति हो।"

५परमप्रभुले भन्नुभयो, "हेर म अगमवक्तालाई तिमीकहाँ
पठाउँनेछु। परमप्रभुबाट त्यो महान अनि भंयकर न्यायको
पहिला नै आउनेछ। ६एलियाले माता-पितालाई आफ्नो
नानीहरू ल्याउँनमा सहायता गर्नेछ। यो अवश्य घट्नेछ
र म आउँनेछु अनि सम्पूर्ण रूपले तिम्रो देशलाई नष्ट
पार्नेछु।"

# जकरियाको पुस्तक

### परमप्रभु आफ्ना मानिसहरूलाई फेरि फर्काउन चाहनु हुन्छ

**१** बेरेक्याहका छोरा जकरियाले परमप्रभुबाट यो वचन प्राप्त गरे जुन फारसका राजा दाराको दोस्रो वर्षको आठौं महीनामा आएको थियो। जकरिया बेरेक्याहका छोरा थिए। बेरेक्याह इद्दो अगमवक्ताका छोरा थिए। वचन यस प्रकार छ:

२परमप्रभु तिमीहरूका पिता-पुर्खाहरू प्रति क्रोधित हुनुभयो। ३यसर्थ तिमीले मानिसहरूलाई यो सबै कुराहरू बताउनु पर्छ। सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "मकहाँ आऊ अनि म फेरि तिमीहरूकहाँ फर्केर आउनेछु।" सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ।

४परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका पिता-पुर्खाहरू जस्तो नबन बितेको समयमा अगमवक्ताहरू तिनीहरूसित कुरा गर्थे। तिनीहरूले भने, 'सर्वशक्तिमान परमप्रभुको इच्छा छ, तिमीहरूले आफ्नो नराम्रो कु-कर्महरू छोड़िदेऊ।' तर तिम्रा पिता-पुर्खाहरूले मेरो एक शब्द पनि सुनेन्।" परमप्रभुले यो कुरा भन्नुभयो।

५परमेश्वरले भन्नुभयो, "तिमीहरूका पिता-पुर्खाहरू मरिसके अनि अगमवक्ताहरू सधैं बाँचिरहदैनन्। ६अगमवक्ताहरू मेरा सेवकहरू थिए। मैले उनीहरूलाई तिमीहरूका पिता-पुर्खाहरूलाई मेरो व्यवस्था अनि शिक्षाहरूको विषयमा भन्न प्रयोग गरें। अनि तिमीहरूका पिता-पुर्खाहरूले शिक्षाहरू ग्रहण गरे। तिनीहरूले भने, 'सर्वशक्तिमान परमप्रभुले जे जे गर्छु भन्नु भएको थियो ती सब गर्नुभयो। उहाँले हामीलाई सबै हाम्रो नराम्रो रहन्-सहन् अनि हाम्रो नराम्रो कर्मका निम्ति दण्ड दिनुभयो।' यसरी तिनीहरूले पश्चात्ताप गरे अनि परमेश्वरकहाँ फर्केर गए।"

### घोड़ाहरूको दर्शन

७जकरियालाई फारसमा दाराको शासनकारलको दोस्रो वर्षको शबाथको महिना, एघारौं महीनाको चौबिसौं दिनमा परमप्रभुबाट यो समाचार प्राप्त भयो। जकरिया बेरेक्याहका छोरा थिए अनि बेरेक्याह इद्दो अगमवक्ताका छोरा थिए। समाचार यो थियो:

८राती मैले एउटा मानिसलाई रातो घोड़ामा चढ़िरहेको देखें। त्यो बेंसीमा मेहेंदीको रूखहरूको बीचमा उभिरहेको थियो। त्यसको पछि राता, फूस्रो अनि सेता घोड़ाहरू पनि थिए। ९मैले सोधें, "यी घोड़ाहरू के को निम्ति, परमप्रभु?"

त्यस समय मसंग कुरा गर्ने स्वर्गदूतले भने, "म तिमीलाई देखाउनेछु यी घोड़ा के को निम्ति हुन।"

१०त्यसपछि मेहेंदीको रूखहरूको बीचमा उभिएको मानिसले भन्यो, "परमप्रभुले यी घोड़ाहरू पृथ्वीमा यता-उता घम्नको लागि पठाउनु भएको हो।"

११त्यतिबेला घोड़ाहरूले मेहेंदी रूखहरूको बीचमा उभिएको परमप्रभुका स्वर्गदूतसंग कुरा गरे। उनीहरूले भने, "हामी पृथ्वीमा यता उता घुमिसक्यौं अनि सबै शान्त र आराम छ।"

१२तब परमप्रभुका स्वर्गदूतले भने, "परमप्रभु तपाईंले यरूशलेम अनि यहूदाको शहरहरूलाई कहिले सम्म सान्त्वना दिनु हुन्छ? अहिले तपाईंले यी शहरहरूलाई सत्तरी वर्ष सम्म क्रोध देखाउँनु भयो।"

१३तब परमप्रभुले त्यो स्वर्गदूतलाई उत्तर दिनुभयो जो मसंग कुरा गरिरहेको थियो।" परमप्रभुले सान्त्वना पूर्ण वचनहरू भन्नुभयो। १४त्यस समय परमप्रभुका एकजना स्वर्गदूत जो मसंग कुरा गरिरहेको थिए उनले मलाई भने, मानिसहरूलाई यी सबै कुराहरू बताउँनु:

सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "यरूशलेम अनि सियोनका निम्ति मेरो विशेष प्रेम छ।"

१५म यी राष्ट्रहरू प्रति अत्यन्तै क्रोधित छु जसले आफूलाई अति सुरक्षित अनुभव गर्छु, म अधिक क्रोधित भएको थिएँ, अनि ती जातिहरूको प्रयोग आफ्नो मानिसहरूलाई दण्ड दिनको लागि गरें। तर ती जातिहरूले ज्यादा भन्दा ज्यादा नोक्शान गरे।"

१६यसकाण, परमप्रभु भन्नुहुन्छ, "म यरूशलेममा कृपासहित जान्छु।" सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "मेरो मन्दिर त्यहाँ पुन: निमार्ण गरिनेछ अनि नाप्ने डोरी यरूशलेममाथि तन्काइनेछ।"

१७स्वर्गदूतले भने, "मानिसहरूलाई यो पनि भन, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, 'मेरो शहरमा फेरि उन्नति हुनेछ, परमप्रभुले सियोनलाई आराम दिनुहुनेछ, उहाँले यरूशलेमलाई फेरि चुन्नु हुनेछ।'"

### सीङ्गीहरूको दर्शन

१८तब मैले माथि हेरें अनि चारवटा सीङ्गको दर्शन पाए। १९अनि मैले मसंग कुरा गर्ने स्वर्गदूतलाई सोधें, "यो सीङ्गहरूको अर्थ के हो?"

उनेल भने, "यी ती सीङ्गहरू हुन जसले इस्राएल यहूदा अनि यरूशलेमका मानिसहरूलाई छरपष्ट पारेका थिए।"

२०त्यसपछि परमप्रभुले मलाई चारजना कारीगरहरू देखाउँनु भयो। २१मैले उहाँलाई सोधें, "यी चारजना कारीगरहरू किन आएकाछन्?" उहाँले भन्नुभयो, "यी सीङ्गहरू जसले यहूदालाई तितरबितर बनाए ताकि एउटै मानिसले पनि आफ्नो शिर खड़ा गर्दैन्, तर यी कारीगरहरू ती देशहरू जसले यहूदा भूमिलाई छरपष्ट पार्न सिङ्गहरू खड़ा पारे ती देशहरूलाई डर देखाउन अनि तिनीहरूको सिङ्गहरू फ्याँकिदिन आएका हुन्।"

## यरूशलेमलाई नाप्ने मानिसको दर्शन

२ तब मैले माथि हेरें अनि एउटा मानिसलाई हातमा नाप्ने फिता लिएको देखें। २मैले उसलाई सोधें, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?"

उसले मलाई उत्तर दिए, "म यरूशलेम नाप्न जाँदैछु, त्यसको लमाइ र चौड़ाइ कति छ।"

३त्यस समयमा मसित कुरा गरिरहेका स्वर्गदूत बाहिर गए अनि अर्को एकजना स्वर्गदूत उसित कुरा गर्न गए। ४उनले तिनलाई भने, "कुदेर जाऊ अनि त्यो जवान मानिसहरूलाई भन:

'यरूशलेम पर्खाल बिनाको शहर हुनेछ। किन? किनकि त्यहाँ असंख्य मानिसहरू र पशुहरू बस्छन्।'

५परमप्रभु भन्नुहुन्छ, 'म रक्षाको लागि यसको वरिपरि आगोको पर्खाल हुनेछु: म तिमीहरूको महिमा हुनेछु।'"

## परमेश्वरले मानिसहरूलाई घरमा बोलाउँनु हुन्छ

६परमप्रभु भन्नुहुन्छ, "छिट्टो उठ! अनि उत्तर देश छोड़ जहाँ मैले तिमीहरूलाई सबै दिशाहरूमा छरपष्ट पारें।

७हे सियोनका मानिसहरू! जो बाबेलमा कैदी छौ, दुगुर।" ८सर्वशक्तिमान परमप्रभुले यसो भन्नु भयो। उहाँले मलाई त्यस देशहरूको विरुद्ध पठाउँनु भएकोछ जसले तिमीलाई लगे। किनभने यदि उसले तिमीलाई चोट पुरायो भने परमप्रभुको आखाँको नानीमा चोट पुराए भैं हुनेछ।

९अनि म ती मानिसहरूको विरुद्धमा आफ्नो हात उठाउँछु। तिनीहरूका दासहरूले सम्पत्ति लिने छन। तब तिमीहरूले सम्भनेछौ, सर्वशक्तिमान परमप्रभुले मलाई यहाँ पठाउनुभएको हो।"

१०परमप्रभु भन्नुहुन्छ, "आनन्दपूर्ण भई कराऊ अनि खुशी होऊ, सियोन। किन? किनकि म आउँदैछु अनि तिमीहरूको बीचमा रहनेछु।

११त्यससमय धेरै जातिका मानिसहरू परमप्रभुकहाँ आउँनेछन, अनि तिनीहरू मेरा मानिस हुनेछन। म तिमीहरूको बीचमा बस्नेछु। अनि तिमीले जान्नेछौ। कि सर्वशक्तिमान परमप्रभुले मलाई तिनीहरू कहाँ पठाउनु भएको हो।"

१२परमप्रभुले यरूशलेमलाई फेरि आफ्नो शहर बनाउँनु हुनेछ, अनि यहूदाको पवित्र भूमि उहाँको भाग हुनेछ।

१३तिमी सबै मानिसहरू परमप्रभुको सामुने चूपचाप बस! आफ्नो पवित्र घरबाट परमप्रभु बाहिर आउँनु हुँदैछ।

## प्रधान पूजाहारीको बारेमा दर्शन

३ त्यसपछि स्वर्गदूतले मलाई प्रधान पूजाहारी यहोशू देखाए। यहोशू परमप्रभुको स्वर्गदूतको सामुन्ने उभिएका थिए अनि शैतान यहोशूको दाहिने पट्टि उभिरहेका थिए। शैतान त्यहाँ यहोशुलाई दोष लगाउँन उभिरहेको थियो। २त्यस समय परमप्रभुका स्वर्गदूतले भने, "ए शैतान परमप्रभुले तँलाई हकारून्। परमप्रभुले तँलाई अपराधी घोषित गरून्। परमप्रभुले यरूशलेमलाई आफ्नो विशेष शहर चुन्नु भएकोछ। यो एउटा जल्दै गरेको आगोबाट निकालिएको अगुल्टो होइन र?"

३यहोशू स्वर्गदूतको छेउमा उभिएको थियो अनि यहोशूले मैला लुगा लगाएको थियो। ४त्यतिबेला स्र्वगदूतले उसको छेउमा उभिएका अरू स्र्वगदूतहरूलाई भने, "यहोशूको मैला लुगा खोलिदेऊ।" तब स्वर्गदूतले यहोशूसंग कुरा गरे। उसले भने, "हेर मैले तिम्रो अपराधहरू टाढ़ा गरिदिएँ अनि म तिमीलाई नयाँ लुगा लगाउँन दिइरहेछु।"

५त्यस पछि मैले भनें, "त्यसको शिरमा एउटा नयाँ फेटा बाँधिदेऊ।" यसकारण, तिनीहरूले उसको टाउको वरिपरि नयाँ फेटा बाँधिदिए। जति बेला स्वर्गदूत उसको नजिक उभिएरहेका थिए, तिनीहरूले उसलाई नयाँ लुगा लगाइदिए। ६त्यसपछि परमप्रभुका स्वर्गदूतले यहोशूसंग यसो भने:

७सर्वशक्तिमान परमप्रभुले यी सबै कुरा भन्नुभयो, "यदि तिमीले मैले भने जस्तै गरी बस्यौ अनि मेरो सेवा गर्‍यौ भने, तिमीले मेरो मन्दिरमा न्याय गर्नेछौ। तिमीले यसको आँगनको हेरचाह गर्नेछौ अनि म तिमीलाई यहाँ उभिरहेका स्वर्गदूतहरूलाई भैं स्वतन्त्रसित हिड्डुल गर्नुदिनेछु।

८प्रधान पूजाहारी यहोशू, सुन्। तिमी अनि तिम्रा साथीहरू जो तिम्रो अघि बसिरहेकाछन्, चिह्न हौ। अनि म मेरो दासलाई पनि ल्याउँदैछु। उसलाई "हाँगा" भनिन्छ।

९हेर! मैले एउटा विशेष ढुङ्गा यहोशूको छेउमा राखें। त्यस ढुङ्गाको सातवटा आँखाहरू छन् अनि म त्यस ढुङ्गामा विशेष समाचार खोप्नेछु, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ। "म एकै दिनमा यो भूमिका सबै पापहरू निकालिदिनेछु।"

१०त्यस दिन प्रत्येक मानिसले तिनीहरूको
छिमेकीहरूलाई तिमीहरूको दाखको बोट मनि अनि
नेभाराको बोटमनि शान्ति र आनन्दले बस्नका निम्ति
बोलाउनेछन्।"

## सुनौलो सामदान अनि दुइवटा भद्राक्षेका रूखहरू

४ तब मसित कुरा गरिरहेको स्वर्गदूत मकहाँ फर्केर
आए अनि उनले मलाई निद्राबाट जगाए झैं
जगाए। २तब स्वर्गदूतले सोधे, "तिमी के देख्दैछौ?"
मैले भनें, "म सुनको एउटा सामदान देख्दैछु, त्यो
सामदानमा सातवटा बत्ती छन् अनि त्यसको माथिल्लो
भागमा एउटा प्याला छ। प्यालाबाट सातवटा नलीहरू
निक्लिँदैछन, प्रत्येक दिशा तिर बत्ती जाँदैछन, त्यो दिशा
तेल हरेक दियोको प्याला सम्म जाँदै छन्। ३त्यहाँ
दुइवटा भद्राक्षका रुख प्यालाको छेउमा थिए। एउटा
दाहिने पट्टि अनि अर्को देब्रे पट्टि, यी रुखहरूले
दिपहरूको निम्ति तेल उत्पन्न गर्थे।" ४तब मैले त्यो
स्वर्गदूतलाई सोधें, जो मसित कुरा गरिरहेका थिए,
"महोदय यी सबको अर्थ के होला?"
५मसंग कुरा गरिरहेका स्वर्गदूतले भने, "के तिमीलाई
थाहा छैन् यो सब चीज के हुन?"
मैले भने, "थाहा छैन महाशय।"
६तब उनले मलाई भने, "यो समाचार परमप्रभुबाट
यरूबाबेललाई दिनु भएको हो, 'तिम्रो सहायता तिम्रो
बल अनि शक्तिबाट आउँदैन। तर सहायता मेरो आत्माबाट
आउँनेछ,' सर्वशक्तिमान परमप्रभुले भन्नुभयो। ७'त्यो
अग्लो पर्वत यरूबाबेलका निम्ति समतल भूमि जस्तै
हुनेछ, त्यहाँ मन्दिर बनिने छ। जब अन्तिम ढुङ्गा त्यहाँ
राखिनेछ तब मानिसहरू चिच्याएर कराउँनेछन्, 'सुन्दर!
अति सुन्दर।"
८तब परमप्रभुको समाचार मकहाँ यसो भन्दै आयो,
९"यरूबाबेलले मेरो मन्दिरको जग बसाल्नेछ अनि
यरूबाबेले नै निमार्ण गरिसक्नेछ। तब तिमीहरूले बुझ्नेछौ
कि परमप्रभुले मलाई तिमीहरू कहाँ पठाउँनु भएको
हो। १०मानिसहरू त्यो साधारण आरम्भबाट लज्जित
हुनेछैनन्, अनि उनीहरू साँच्चै प्रशन्न हुनेछन्। जब
उनीहरू यरूबाबेलले बनाएको मन्दिर साहुलले नाप्दै
जाँच गर्दै गरेको देख्नेछन्। यसकारण पत्थरहरू जुन
तिमीले देख्यौ ती परमप्रभुको आँखाहरू हुन, जुन
आँखाले हर दिशामा देखिर हनु भएकोछ। उहाँले
पृथ्वीका सबै थोक देख्नुहुन्छ।"
११त्यसपछि मैले उनलाई भनें, "सामदानको दाहिने
अनि देब्रे पट्टि भएका ती दुइवटा भद्राक्षको बोटाहरूले
के अर्थ बुझाउँछ?"
१२मैले उनलाई यो पनि सोधें, "दुइवटा भद्राक्षको
हागाँको अर्थ के हो जो दुइवटा सुनका नलीहरूको
छेऊ सुनको रंगको तेलसंग छ।"
१३तब स्वर्गदूतले मलाई भने, "के तिमीलाई थाहा
छैन् यो चीजको अर्थ के हो?"
मैले भनें, "छैन् महाशय।"
१४यसकारण उनले भने, "यो ती दुई मानिसको
प्रतीक हो, जुन सारा संसारमा परमप्रभुको सेवाका
निम्ति चुनिएका छन्।"

## उड्रिहेको पत्रको दर्शन

५ तब म उँभो हेर्दै फर्किएँ अनि मैले एउटा उड्दै
गरेको पत्रको मुट्ठो देखें। २स्वर्गदूतले मलाई सोधे,
"तिमीले के देख्यौ?"
मैले भनें, "मैले एउटा उड्दै गरेको पत्रको मुट्ठो
देखें, यो मुट्ठो बीस हात लामो अनि दश हात चौड़ादार
छ।"
३त्यसपछि स्वर्गदूतले मलाई भने, "त्यहाँ पत्रको
मुट्ठोमा एउटा सराप लेखिएकोछ। मुट्ठाको एकापट्टि
चोरहरूको बिषयमा सराप लेखिएकोछ अनि अर्कोपट्टि
ती भुटो बोल्ने मानिसहरूको विषयमा सराप लेखिएको
छ जब तिनीहरूले शपथ लिन्छ। ४सर्वशक्तिमान परमप्रभु
भन्नुहुन्छ, 'म यो पत्रलाई चोरहरूको घर अनि भूटा
मानिसहरूको घरमा पठाउनेछु जसले झुटो शपथ
खानेको मेरो नाउँको उपयोग गर्छन। यो मुट्ठो त्यहीँ
बस्नेछ अनि ती घरहरू नष्ट पार्नेछ, यहाँ सम्म कि
ढुङ्गा र काठको खम्बा पनि नष्ट भएर जानेछ।"

## स्त्री अनि बाल्टी

५त्यस समयमा मसंग कुरा गरिरहेका स्वर्गदूत बाहिर
गए। उनले मलाई भने, "हेर! अनि निरीक्षण गर के
भइरहेकोछ।"
६मैले भनें, "यो के हो?" उनले भने, "त्यो एउटा
नाप्ने बाल्टी हो जो उनले बढ़िरहेकोछ।" उहाँले यसो
पनि भने, "यो बाल्टी सम्पूर्ण भूमिको पापहरू नाप्न
बनिएको हो।"
७बाल्टीको ढकनी सीसाले बनाएको थियो। जब त्यो
खोलियो एउटा स्त्री त्योभित्र बसिरहेकी भेटाँए। ८तब
स्वर्गदूतले भने, "यो स्त्री दुष्ट हो।" तब उनले
त्यसलाई बाल्टीभित्र फ्याँकि दिए अनि सीसाले छोपी
दिए। ९तब मैले मेरो आँखा खोलें अनि दुईजना
स्त्रीहरू तिनीको पखेटाले हावामा बाहिर उड्दै गरेको
देखें। तिनीहरूको पखेटाहरू सारसको जस्तै थिए।
तिनीहरूले बाल्टी उठाए अनि यसैसित तिनीहरू निरन्तर
हावामा उड्रिहे। १०तब मैले कुरा गरिरहेको ती
स्वर्गदूतलाई सोधें, "त्यो बाल्टीलाई कहाँ लिएर गइरहेका
छन्?"
११स्वर्गदूतले मलाई भने, "तिनीहरू शिनारमा त्यसको
निम्ति एउटा मन्दिर बनाउन गईरहे छन्। जब त्यो
मन्दिर तयार हुन्छ त्यो बाल्टी उसकै आधारमा राखिनेछ।"

## चारवटा रथहरू

६ तब म चारै पट्टि घुमें। मैले माथि हेरें अनि
चारवटा रथ दुइवटा काँसको पर्वतहरूको बीचबाट
जाँदै गरेको देखें। २पहिलो रथ रातो घोड़ाहरूले
तानिरहेको थिए, दोस्रो रथ काला घोड़ाले तानिरहेको
थिए, ३तेस्रो रथ सेता घोड़ाहरूले तानिरहेको थिए,
अनि चौथो रथ पाङ्ग्रे घोड़ाहरूले तानिरहेको थिए।
४तब मैले कुरा गरिरहेका ती स्वर्गदूतलाई सोधें,
"महाशय, यी सबको अर्थ के होला?"
५स्वर्गदूतले भने, "तिनीहरू स्वर्गका चार हावाहरू
हुन्। तिनीहरू सम्पूर्ण पृथ्वीका मालिकबाट आइरहेका
छन्। ६काला घोड़ाहरू उत्तरतिर जानेछन्, सेता घोड़ाहरू
तिनीहरूलाई पछ्याउदै पश्चिम जानेछन् र पाङ्गे घोड़ाहरू
दक्षिण जानेछन्।"
७बलियो घोड़ाहरू पृथ्वीमाथि जानलाई तम्सिरहेका
छन्। यसकारण स्वर्गदूतले तिनीहरूलाई भने, "जाऊ,
पृथ्वीको चारै तिर घुम।" यसकारण, तिनीहरू पृथ्वी
भरी गए।
८तब परमप्रभुले मलाई जोड़संग बोलाउनु भयो।
उहाँले भन्नुभयो, "हेर त्यो घोड़ा जुन उत्तर तिर गए
तिनीहरूले आफ्नो काम गरेर मेरो आत्मालाई त्यहाँ
आराम दिएकोछ। अब म उत्तर भूमिसित क्रोधित छैन!"

## पूजाहारी यहोशूले एउटा मुकुट पाउँछन्

९तब मैले परमप्रभुबाट अझै अर्को वचन प्राप्त
गरें। उहाँले भन्नुभयो, १०"निर्वासित हेल्दै, तोबियाह,
अनि यदायाह बाबेलको कैदबाट आएकाछन्। तिनीहरूलाई
आज नै लैजाऊ अनि सपन्याहको छोरा योशियाहको
घरमा जाऊ। ११त्यो सुन र चाँदी मुकुट बनाउँन प्रयोग
गर। मुकुट यहोशूको शिरमाथि लगाई देऊ। यहोसादाको
छोरा यहोशू प्रधान पूजाहारी हुन। तब यहोशूलाई यसो
भन।
१२उसलाई भन, 'सर्वशक्तिमान परमप्रभुले भन्नु
भएकोछ: "त्यहाँ एकजना 'हाँगो' भनिने मानिस छ
जसलाई हाँगो भनिन्छ। त्यो हाँगो जहाँ छ त्यहाँबाट
निकाले छ र त्यसले परमप्रभुको मन्दिर निमार्ण गर्नेछ।
१३हो, उसले परमप्रभुको मन्दिर निमार्ण गर्नेछ अनि
सम्मान गरिनेछ। त्यो आफ्नो सिंहासनमा बस्नेछ अनि
उ शासन गर्नेछ। ऊ उसको सिंहासनमा पूजाहारी हुनेछ
र उसले तिनीहरू बीचमा शान्तिको कार्य गर्नेछ।'
१४"त्यो मुकुट मन्दिरमा राखिनेछ जसले मानिसहरूलाई
याद राख्न सहायता हुनेछ। त्यो मुकुटले हेल्दै, तोबियाह,
यदायाह अनि सपन्यहको छोरा योशियाहलाई सम्मान
दिनेछ। १५टाढ़ा-टाढ़ाका मानिसहरू आएर परमप्रभुको
मन्दिर बनाउँनेछन्। तब मानिसहरूले जान्नेछन् कि
सर्वशक्तिमान परमप्रभुले मलाई तिमीहरूकहाँ पठाउनु
भएको हो। अनि परमप्रभु परमेश्वरले तिमीहरूलाई जे
अह्राउनु हुन्छ त्यो गर्‍यौ भने यी सबै कुराहरू हुनेछ।"

## परमप्रभु दया र करूणा चाहनु हुन्छ

७ फारसमा दाराको राज्यकालको चौथो वर्ष
जकरियालाई परमप्रभुबाट एउटा वचन प्राप्त भयो।
यो नवौ महीनाको चौथो दिन किसलेवको महीना
थियो। २बेतेलका मानिसहरूले शरेशेर, रेगेम-मेलेक
अनि आफ्नो मानिसहरू समेतलाई परमप्रभुसंग एउटा
प्रश्न सोध्न पठाए। ३तिनीहरू सर्वशक्तिमान परमप्रभुको
मन्दिरमा अगमवक्ताहरू अनि पूजाहारीहरू कहाँ गए।
उनीहरूले प्रश्न सोधे, "हामीले कति वर्ष सम्म मन्दिर
ध्वंस भएकोमा शोक मनाउने। अहिले गरिरहे झैं मैले
प्रत्येक वर्षको पाँचौं महीनामा रुनु अनि उपवास बस्नु
पर्छ?"
४सर्वशक्तिमान परमप्रभुको वचन मकहाँ आयो।
५"पूजाहारी अनि देशका सबै मानिसहरूलाई भन:
उपवास र विलाप तिमीहरूले सत्तरी वर्षदेखि वर्षको
पाँचौं अनि साँतौं महीनामा गर्दै आइरहेकाछौ, के त्यो
उपवास साँच्चै नै मेरो निम्ति हो? होइन! ६जब
तिमीहरूले खायौ अनि दाखरस पियौ के त्यो मेरो
निम्ति हो? होइन! यो तिमीहरूको आफ्नो भलाईका
निम्ति हो।
७"यी वचनहरू परमप्रभुले अगमवक्ताहरूद्वारा घोषणा
गर्नु भएको थियो होइन? उहाँले त्यो वचन त्यति बेला
भन्नु भएको थियो जति बेला यरूशलेम मानिसहरूले
भरिएको पूरै उन्नति भएको शहर थियो। परमेश्वरले
यो कुरा त्यस बेला भन्नुभयो जब यरूशलेमको चारैतिरका
शहरमा अनि नेगव तथा पश्चिमी पहाड़को तराईका
मानिसहरू शान्ति पूर्वक बस्थे।"
८जकरियालाई परमप्रभुको यो वचन दिनु भयो:
९"सर्वशक्तिमान परमप्रभुले यो कुरा भन्नुभयो,
'तिमीहरूलाई जे सत्य र उचित लाग्छ त्यही गर्नु पर्छ।
तिमीहरूमा एका-अर्का प्रति दयालु र करूणापूर्ण हुनु
पर्छ।
१०विधवाहरू, टुहुरा-टुहुरी, विदेशी अथवा गरीब
मानिसहरूलाई चोट पुर्‍याउनु हुँदैन्। एक-अर्कालाई
नराम्रो गर्ने विचार पनि मनमा ल्याउनु हुँदैन्।"
११तर ती मानिसहरूले सुन्न अस्वीकार गरे जे
उहाँले गर्न चाहनु हुन्थ्यो। तिनीहरूले आफ्नो कान बन्द
गरे जसले गर्दा परमेश्वरले भनेको कुरा सुनेनन्।
१२तिनीहरू हठी थिए। तिनीहरूले परमेश्वरको
व्यवस्था पालन गर्न अस्वीकार गरे। आफ्नो
आत्माशक्तिद्वारा सर्वशक्तिमान परमप्रभुले अगमवक्त माध्यम
आफ्ना मानिसहरूलाई वचन पठाउनुभयो। तर मानिसहरूले
त्यो सुनेनन्, यसकारण सर्वशक्तिमान परमप्रभु साहै
क्रोधित हुनु भयो।

१३यसकारण सर्वशक्तिमान परमप्रभुले भन्नुभयो, “मैले तिनीहरूलाई तर तिनीहरूले उत्तर दिएनन्, यसकारण अब मलाई तिनीहरूले बोलाए पनि म उत्तर दिनेछैन।

१४म अब तिनीहरूलाई एउटा आँधी बेहरीले झैं तिनीहरूले नचिनेको अन्य देशहरूमा छरपष्ट गरिदिनेछु। जब तिनीहरू त्यो देश भएर जान्छन तिनीहरूले छोड़ेको भूमि उजाड़ हुनेछ। त्यो सुन्दर भूमि ध्वंश हुनेछ।”

### परमप्रभुबाट यरूशलेममलाई आशीर्वाद दिने प्रतिज्ञा

८ यो वचन सर्वशक्तिमान परमप्रभुको हो। २सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “म साँच्चै नै सियोन पर्वतलाई प्रेम गर्छु। म तिनलाई यति साह्रो प्रेम गर्छु, तर तिनी मेरो विश्वासनीय भइनन् अनि म तिनीसंग क्रोधित भएँ।” ३परमप्रभु भन्नुहुन्छ, “म सियोनमा फेरि फर्केर आएँ। म यरूशलेममा बसिरहेको छु। यरूशलेम सत्यको विश्वासी शहर भनिनेछ। सर्वशक्तिमान परमप्रभुको पर्वतलाई चाहिं पवित्र पर्वत भनिनेछ।”

४सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “यरूशलेमका बूढ़ा-बूढ़ीहरू फेरि गल्लीहरूमा देखिनेछन्। मानिसहरू यति लामो समयसम्म बाँच्नेछन् कि उनीहरूले टेक्ने लौरोको आवश्यकता पर्नेछ। ५अनि शहरका बाटोहरू नानीहरूले भरिनेछ।

६सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “जीवित मानिसहरूले सोच्लान्, यो एकदमै गाह्रो छ अनि म पनि सोच्छु यो एकदमै गाह्रो छ।”

७सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “हेर, म पूर्व र पश्चिमका देशहरूबाट मानिसहरू बचाइरहेछ अनि मेरो मानिसहरूलाई डोह्याउनेछु। ८म त्यहाँ फर्केर फेरि आउँछु अनि यरूशलेममा बस्नेछु। तिनीहरू मेरो मानिस हुनेछन म राम्रो विश्वासनीय परमेश्वर हुनेछु।”

९सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “शक्तिशाली होऊ! तिमीहरू आज त्यही सन्देश सुनिरहेकाछौ, जुन अगमवक्ताले पहिलाबाटै भन्दै थिए जब सर्वशक्तिमान परमप्रभुले आफ्नो मन्दिर बनाउँनका निम्ति फेरि जग बसाल्नु भएको थियो। १०त्यो समय मानिसहरूसंग श्रमिकहरूलाई मजदूरी बापत दिने पैसा थिएन अथवा पशु र शुत्रहरूको कारणले मानिसहरूको आवागमन सुरक्षित थिएन। मैले हरेकलाई आफ्नो छिमेकोको विरोधी बनाइदिएँ। ११सर्वशक्तिमान परमप्रभुले यसो भन्नुभयो। तर अब जीवित मानिसहरूका निम्ति यस्तो हुनेछैन्।”

१२“ती मानिसहरूले शान्ति संग खेती लगाउँनेछन्। दाखको बोटले फलहरू दिनेछ। भूमिले राम्रो उब्जनी दिनेछ तथा आकाशबाट पानी पर्नेछ। म यी सबै चीजहरू मेरा ती मानिसहरूलाई दिनेछु।

१३“मानिसहरू आफ्नो अभिशापको निम्ति यरूशलेम अनि यहूदाको नाउँ लिनेछन्। तर म इस्राएल र यहूदालाई बचाउँनेछु अनि उनीहरूको नाउँ आशिषको रूपमा प्रमाणित हुन थाल्नेछ। यसकारण नडराऊ! बलिया होऊ!”

१४सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “तिमीहरूका पिता-पुर्खाहरूले मलाई क्रोधित पारे। यसकारण मैले उनीहरूलाई नष्ट गर्ने निर्णय लिएँ। मैले आफ्नो विचार बदली गर्ने निश्चय गरें।” सर्वशक्तिमान परमप्रभुले यी सबै कुरा भन्नुभयो। १५“तर अब मैले विचार बद्ली सकें अनि त्यस्तै प्रकारले मैले यरूशलेम र यहूदाका मानिसहरू प्रति वास्ता गरी रहने निश्चय गरेकोछु। १६यसकारण नडराऊ तर तिमीहरूले यो गर्नुपर्छ कि आफ्नो छिमेकीहरूसित सत्य बोल, जब तिमीहरू आफ्नो शहरमा निर्णय लिन्छौ त्यसबेला साँचो, ठीक र शान्ति ल्याउने निर्णय होस्। १७तिम्रो छिमेकीहरूलाई चोट पुर्‍याउने गुप्त योजनाहरू नबनाऊ। भूटो कसम नखाऊ। किन? किनकि म ती कुराहरूलाई घृणा गर्छु।” परमप्रभुले यसो भन्नु भयो।

१८मैले सर्वशक्तिमान परमप्रभुको यो वचन पाएँ। १९सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “तिम्रो शोक मनाउँने अनि उपवासको विशेष दिन चौथो महीना, पाँचौ महीना, साँतौं महीना अनि दशौं महीनामा हो। त्यो शोकको दिनलाई खुशीको दिनमा बद्ली गर। ती दिन हर्ष अनि आनन्दको उत्सवहरू र पवित्र विदाका दिनहरू हुनेछन्, र तिमीहरूले सत्य शान्तिलाई प्रेम गर्नु पर्छ।”

२०सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “भविष्यमा विभिन्न शहरहरूबाट मानिसहरू यरूशलेम आउँनेछन्।

२१एउटा शहरका मानिसहरूले अर्को शहरका मानिसहरूलाई भन्नेछन्, ‘हामीहरू परमप्रभुको सामने उपासना गर्नु सर्वशक्तिमान परमप्रभुलाई खोज्न जाँदैछौ, ‘हामी सित आऊ।’”

२२धेरै मानिसहरू अनि धेरै शक्तिशाली जातिहरू परमप्रभु सर्व शक्तिमानलाई खोज्न यरूशलेम आउँनेछन्। तिनीहरू यहाँ परप्रभुको सामुने उपासना गर्न आउने छन्। २३सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “त्यस समय, विभिन्न जातिहरूबाट विभिन्न भाषाहरू बोल्ने दशजना मानिसहरूले एकजना यहूदी मानिसको लुगाको छेउ समात्नेछ अनि भन्नेछ, ‘हामीले सुनेकाछौं कि परमेश्वर तिम्रो साथमा हुनुहुन्छ, के हामी उहाँको उपासना गर्न तिमी सित आउँन सक्छौं?’”

### अन्य जातिहरूको विरुद्ध न्याय

९ एउटा दु:खपूर्ण समाचार! यो परमप्रभुको वचन हद्राक देशको अनि त्यसको राजधानी दमीशकको विषयमा छ: “मानिसहरू अनि सबै इस्राएली कुलहरूको आँखाहरू परमप्रभुमाथि छन्। २यो समाचार हुद्रकको सीमाना हमातका निम्ति हो अनि सोर र सीदोनका निम्ति पनि हो यद्यपि तिनीहरू ज्ञानी छन्। ३सोर एउटा

किल्ला जस्तै छ। त्यहाँ मानिसहरूले चाँदी यति धेरै
जम्मा गरेका छन् त्यो धूलो बराबर छ, अनि सुन माटो
समान छ। ४तर परमप्रभुले, यी सबै लिनुहुनेछ। उहाँले
त्यसको धन सम्पत्ति समुद्रमा फ्याँकि दिनुहुनेछ अनि यो
शहर आगोद्वारा नष्ट गराइनेछ।
५“अश्कलोनमा बस्ने मानिसहरूले ती घटनाहरू
देख्नेछन् अनि डराउँनेछन्। गाजाका मानिसहरू डरले
काम्नेछन् अनि एक्रोनका मानिसहरूको आशा सड़नेछ।
गाजामा कुनै पनि राजा बाँच्नेछैन्। अब एउटै मानिस
पनि अश्कलोनमा रहने छैन्। ६अश्दोदका मानिसहरूलाई
थाहा छैन् उनीहरूको पिताको हुन? म अहंकारी
पलिश्ती मानिसहरूलाई सम्पूर्ण रूपले नष्ट गरिदिनेछु।
७म उसको मुखबाट रगत र उसको दाँतहरूबाट
घृणापूर्ण वस्तुहरू निकाल्नेछु। बाँचेका कुनै पनि
पलिश्तीहरू हाम्रो जातिको एक अंग बन्नेछन्। तिनीहरू
यहूदाको एउटा नयाँ कुल हुनेछन्। एक्रोनका मानिसहरू
हाम्रा मानिसहरूका एक भाग हुनेछन्, यबूसीहरू बनिए
जस्तै। ८म शत्रुका सेनाहरूलाई यहाँबाट जान दिने छैन्,
अब उसो म तिनीहरूलाई मेरा मानिसहरू प्रति चोट
पुऱ्याउनु दिनेछैन। मैले मेरो आफ्ना आँखाले देखेकोछु
कि बितेका दिनहरूमा मेरो मानिसहरूले कति कष्ट
भोगेकाछन्।”

## भविष्यको राजा

९हे सियोन, आनन्दित होऊ! यरूशलेमका मानिसहरू
खुशीले कराऊ। हेर! तिमीहरूका राजा तिमीहरूकहाँ
आइरहेछन्। उहाँ धर्मी हुनुहुन्छु अनि उहाँले मुक्ति
ल्याउँनुहुन्छ। उहाँ नम्र हुनहुन्छ अनि उहाँ गधामा चढ़ेर
आउँदै हुनुहुन्छ उहाँ एउटा जवान गधामा चढ़ेर आउँदै
हुनुहुन्छ।
१०राजा भन्नुहुन्छु, “मैले एप्रैममा रथहरू ध्वंश पारें
अनि यरूशलेममा घोड़सवारहरू ध्वंश पारें। मैले युद्धमा
प्रयोग गरेको धनुहरू ध्वंश पारे।” उहाँले जातिहरू
सित शान्ति वार्ता गर्नु हुनेछ। त्यो राजाले समुद्र देखि
समुद्रसम्म राज्य गर्नुहुनेछ। उनले नदी देखि पृथ्वीको
अन्त भूमिसम्म राज्य गर्नुहुनेछ।

## परमप्रभुले उहाँका मानिसहरूलाई रक्षा गर्नुहुन्छ

११यरूशलेम, तिमी सित मेरो रगतको करार रहेकोले
म रित्तो खाड़लबाट तिम्रा कैदीहरूलाई मुक्त गरिदिनेछु।
१२तिमीहरूका किल्ला तर्फ जाऊ हे आशावादी
कैदीहरू। अब म तिमीहरूलाई भन्दैछु कि तिमीहरूले
जति गुमाएका छौ त्यसको दुई गुणा ज्यादा म
तिमीहरूलाई दिनेछु।
१३यहूदा, म तिमीहरूलाई धनु जस्तै प्रयोग गर्नेछु।
एप्रैम म तिमीहरूलाई काँड़ जस्तै प्रयोग गर्नेछु। सियोन
म तिमीलाई युनानीहरू विरुद्ध युद्धको बलियो तलवार
जस्तै प्रयोग गर्नेछु।
१४परमप्रभु तिनीहरू अघि प्रकट हुनुहुनेछ अनि
आफ्नो काँड़ बिजुली चम्के जस्तै चलाउँनु हुनेछ।
परमप्रभु परमेश्वरले तुरही बजाउँनुहुनेछ अनि सेनाहरू
मरुभूमिमा आँधी जस्तै अघाड़ी बढ़नेछन्।
१५सर्वशक्तिमान परमप्रभुले तिनीहरूको रक्षा गर्नुहुनेछ।
सैनिकहरूले ढुङ्गा र घुँयेत्रोको प्रयोग गरेर शत्रुहरूलाई
पराजित गर्नेछन्। उनीहरूले आफ्नो शत्रुको रगत बगाउने
छन्, यो दाखरस जस्तै बग्नेछ। यो वेदीको कुना
कुनामा फ्याकिएको रगत जस्तै हुनेछ।
१६त्यससमय, परमप्रभु तिनीहरूका परमेश्वरले उहाँका
मानिसहरूलाई गोठालाहरूले आफ्नो भेड़ा बचाए झैं
बचाउँनुहुनेछ। तिनीहरू उहाँको निम्ति अत्यन्तै मूल्यवान
हुनेछन्। त्यो उहाँको हातमा चम्कने रत्न जस्तै हुनेछ।
१७प्रत्येक चीज असल अनि सुन्दर हुनेछन्! त्यहाँ
आश्चर्यचकित बाली कटानी हुनेछ। त्यो केवल अन्न र
दाखरसको नभएर नयाँ केटा-केटीहरूको हुनेछ।

## परमप्रभुको प्रतिज्ञा

१० वसन्त ऋतुमा वर्षाको निम्ति परमप्रभुसंग प्रार्थना
गर। परमप्रभुले बिजुली पठाउनुहुनेछ अनि
पानी बर्षाउनु हुनेछ। परमेश्वरले प्रत्येकको विरूवाहरू
जमीनमा उत्पन्न गर्नु हुनेछ।
२मानिसहरूले तिनीहरूको आफ्नो सानो मूर्ति अनि
तन्त्र-मन्त्र भविष्यमा के हुने हो भनि जान्न प्रयोग
गर्छन! तर त्यो सब व्यर्थ हुनेछ। तिनीहरूले भूटो चीज
देख्छन, तिनीहरूले भूटो सपना भन्छन्। तर ती सबै
भूटो हुनेछ। यसकारण, मानिसहरू भेड़ा जस्तै सहायताको
निम्ति यता उता भट्की हिड़छन्। तर तिनीहरूलाई बाटो
देखाउने कुनै गोठाला हुँदैन।
३परमप्रभु भन्नुहुन्छ, “म गोठालाहरूप्रति एकदमै
क्रोधित छु। म अगुवाहरूलाई दण्ड दिनेछु।” (यहूदाका
मानिसहरू परमेश्वरका निम्ति बगाल हुन् अनि सर्वशक्तिमान
परमप्रभुले साँच्चै नै बगालको हेरचाह गर्नु हुन्छ।
उहाँले त्यसको हेरचाह गर्नु हुन्छ, जस्तै कुनै सैनिकले
आफ्नो घोड़ाको गर्छ।)
४“कुनाको ढुङ्गा पालको खाँबो, युद्धको धनु अनि
अघि बढ़िरहेका सैनिक पनि यहूदाकोमा आउनेछ।
५तिनीहरू शक्तिशाली मानिसहरू जस्तै हुनेछन्। तिनीहरूले
युद्धमा आफ्नो शत्रुलाई गल्लीहरूको हिलो जस्तै कुल्ची-
मिल्ची पारी पराजित गर्नेछन्। उनीहरूले युद्ध गर्नेछन्
किनभने परमप्रभुले उनीहरूलाई साथ दिनुहुनेछ अनि
उनीहरूले शत्रुको घोड़-सवारलाई पनि पराजित गर्ने
छन्। ६म यहूदाका कुललाई शक्तिशाली बनाउँने छु। म
यूसुफको कुललाई बचाउनेछु। म तिनीहरूलाई फर्काएर
ल्याउँनेछु किनभने तिनीहरूमाथि मेरो दया जागेकोछ।

यो यस्तो हुनेछ मानौं मैले तिनीहरूलाई कहिल्यै छोड़को
छैन। म परमप्रभु तिनीहरूको परमेश्वर हु अनि म
तिनीहरूलाई सहयोग गर्नेछु। ७एप्रैमका मानिसहरू
शक्तिशाली हुनेछन अनि प्रसन्न हुनेछन्। ती सैनिकहरू
जस्तै जसले अत्यन्तै ज्यादा खाना पानी पाए। उनीहरूका
छोरा-छोरीहरूले आनन्द मनाउँनेछन् अनि प्रसन्न हुने
छन्। उनीहरू सबैले एकै साथ परमप्रभु संग आनन्द
मनाउँनेछन्।

८"म इशाराले सबैलाई एकै साथ बोलाउँनेछु। म
साँच्चै उनीहरूलाई बचाउँनेछु, उनीहरूको सख्या अघिको
जस्तै असंख्य हुनेछ। ९हो, मैले सबै मानिसहरूलाई
आफ्ना देशहरूमा छरपष्ट पारे तर ती देशहरूले मलाई
याद गर्नेछन्। अनि उनीहरूका सन्तानहरू बाँचिरहनेछन्
अनि फर्केर आउँनेछन्। १०म तिनीहरूलाई मिश्र र
अश्शूरबाट फर्काएर ल्याउँनेछु। म तिनीहरूलाई गिलाद
र लबानोनको इलाकामा ल्याउनेछु किनभने त्यहाँ प्रशस्त
ठाउँ हुनेछैन्।" ११यो पहिले कै भैं हुनेछ जब
परमेश्वरले तिनीहरूलाई मिश्रबाट ल्याउनु भएको थियो।
उहाँले समुद्रको छालमा हिर्काउनु भयो, समुद्र छुट्टियो
अनि मानिसहरू दु:खको समुद्रमा पैदल हिड़ेर पार गरे।
परमप्रभुले नदीको बहावलाई सुकाई दिनु हुनेछ। उहाँले
अश्शूरको घमण्ड अनि मिश्रको शक्ति ध्वंश गरिदिनुभयो।
१२परमप्रभुले आफ्ना मानिसहरूलाई शक्तिशाली बनाउँनु
हुनेछ अनि तिनीहरू उहाँको नाउँको लागि जीवित रहने
छन्। परमप्रभुले यी सबै कुराहरू भन्नुभयो।

## परमेश्वरले यहूदाको चारैतिर भएका देशहरूलाई दण्ड दिनेहुनेछ

११ लबानोन, आफ्नो दैलोहरू खोल, किनभने
आगो भित्र आउँछ अनि तिमीहरूका देवदारुका
रूखहरू भस्म पारिदिन्छ।

२बाशानका सल्लोको रूखहरू रूनेछन किनकि
देवदारुका रूखहरू लड़े। महान रुखहरू ध्वंश गराइए।
बाशानको फँलाटका रूखहरू त्यो जंगलको निम्ति रोऊ
जुन काटिएकाछन्।

३गोठालाहरू रुएको सुन! तिनीहरूको महिमा ध्वंश
भएकोछ। जवान सिंहहरूको गर्जन सुन, यर्दन नदीको
किनारको तिनीहरूको बाक्लो जंगल उजाड़ गराइएकोछ।

४परमप्रभु मेरा परमेश्वर भन्नुहुन्छ, "ती भेड़ाँहरूको
रक्षा गर, जसलाई मार्नका निम्ति पालिएकोछ। ५तिनीहरू
जसले भेड़ाँ किन्छन् तिनीहरूले भेड़ाँलाई मार्छन्, अनि
तिनीहरू दण्डित हुँदैनन्। व्यापारीले भेड़ाँलाई बेच्छ अनि
भन्छ, 'परमप्रभुको प्रशंसा होस् किनभने म धनी भएँ।'
गोठालाहरू आफ्नो भेड़ाका निम्ति शोक मनाउँदैनन्।
६अनि म यो देशका बासिन्दाको निम्ति दु:खी हुने
छैन।" परमप्रभुले यो सबै भन्नुभयो, "हेर म प्रत्येकलाई
उसको छिमेकी अनि राजाको हातमा सुम्पिदिने छु। म
तिनीहरूलाई उनीहरूको देशमा नष्ट पार्न दिनेछु, म
तिनीहरूलाई रोक्नेछैन्।"

७त्यसरी मैले ती भेड़ाहरूको रेखदेख गरें, विशेष
कष्टमा परेका बथान जसलाई मार्नको लागि पालिएको
थियो। मैले दुइवटा लौरा लिएँ। मैले एउटा लौरोको
नाउँ अनुग्रह राखें अनि अर्कोको नाउँ एकता अनि मैले
भेड़ाहरूको रेखदेख आरम्भ गरें। ८मैले तीनजना
गोठालाहरूलाई एकै महीनामा नष्ट गरिदिएँ। म भेड़ाँहरू
प्रति क्रोधित भएँ अनि तिनीहरूले मलाई घृणा गर्न
थाले। ९त्यसपछि मैले भनें, "म तिमीहरूको हेरचाह
गर्दिन! म तिनीहरूलाई मर्न दिन्छु जो मर्न चाहन्छन।
अनि तिनीहरू जो ध्वंश हुन चाहन्छन, तिनीहरू ध्वंश
हऊन। अनि जो बाँच्छ तिनीहरूले एका-अर्काको मासु
खानेछन्।" १०त्यसपछि मैले अनुग्रह नाउँको लौरो लिएँ
अनि त्यसलाई टुक्रा-टुक्रा पारिदिएँ। मैले सबै मानिसहरूसित
मेरो करार रद्द गर्नलाई यसो गरें। ११यसकारण त्यस
दिन करार भङ्ग भयो अनि पीड़ीत बगाल जसले मतिर
हेरिरहेका थिए, उनीहरूले पनि बुझे, यो परमप्रभुको
समाचार थियो।

१२तब मैले तिनीहरूलाई भनें, "यदि तिमी ज्याला
दिन चाहन्छौ भने देऊ। यदि चाहँदैनौ भने नदेऊ!"
यसैले उनले मलाई तीसवटा चाँदीका टुक्रा दिए।
१३त्यसपछि परमप्रभुले मलाई भन्नु भयो, "त्यसलाई
कोषागारमा फ्याँकिदेऊ। तिनीहरूले सोच्छन् कि त्यो
महत्वपूर्ण रकमको लागि म योग्य छु। त्यो पैसालाई
परमप्रभुको मन्दिरको भण्डारमा हालिदेऊ।" यसकारण
चाँदीको तीसवटा टुक्रालाई परमप्रभुको मन्दिरको भण्डारमा
हालिदिए। १४तब मैले एकता नाउँको लौरोलाई दुई
टुक्रा पारें मैले यी कुरा सावित गर्नको लागि गरें कि
इस्राएल अनि यहूदाको बीचको एकता समाप्त भयो।

१५तब परमप्रभुले मलाई भन्नुभयो, "अब मूर्ख
गोठालाको लौरोको खोजी गर। १६म यस भूमिमा
एउटा नयाँ गोठालो उठाउनेछु। उसले नष्ट भइसकेको
भेड़ाँहरूको हेरचाह गर्नेछैन् उसले चोट लागेको भेड़ाँहरूलाई
निको पार्नेछैन्। उसले ती जो ऐले जिउँदो छन्
तिनीहरूलाई खुवाउँनेछैन्। अनि सबै स्वस्थ भेड़ोहरू
खाइसकिन्छ र खूरहरू मात्र बाँकी रहनेछ।"

१७हे मेरो बेकामको गोठालो तिमीले मेरो भेड़ाहरूलाई
त्यागिदियौ। एउटा तरवारले उसको पाखुरामा अनि
उसको दाहिने आँखामा हिर्काउनेछ। उसको पाखुरा
बेकामको हुनेछ अनि उसको दाहिने आँखा अन्धा
हुनेछ।

## यहूदाको चारैतिरको देशहरूको विषयमा दर्शन

१२ इस्राएलको विषयमा परमप्रभुको दु:खको वचन।
परमप्रभुले पृथ्वी र आकाश बनाउनु भयो।
उहाँले मानिसको आत्मा रच्नु भयो अनि यी कुराहरू

भन्नुभयो, २“हेर, म यरूशलेमलाई चारैतिरको राज्यहरूका
निम्ति यसलाई विषको बटुको जस्तो बनाउँछु अनि
सम्पूर्ण यहूदा यरूशलेम झैं घेरामा पर्नेछ। ३तर
त्यसदिन, म यरूशलेमलाई सबै जातिहरूको लागि गह्रौ
ढुङ्गा जस्तो बनाइदिनेछु अनि जसले त्यसलाई उठाउँने
कोशिश गर्छ त्यो नै घाइते हुनेछ। तर पृथ्वीका सबै
जातिहरू एकै साथ आउँनेछन् अनि यरूशलेमको
विरुद्धमा लड्नेछन्। ४तर म घोड़ाहरूलाई भयभीत
पारिदिनेछु अनि घोड़सवारहरू डराउनेछन्। म शत्रुहरूका
सबै घोड़ाहरूलाई अन्धा बनाइदिनेछु तर मेरो आँखा
अन्धा हुनेछैन अनि म यहूदाका कुलका मानिसहरूलाई
रक्षा गर्नेछु। ५तब यहूदाका आगुवाहरूले आफैलाई
भन्नेछन्, ‘यरूशलेमका बासिन्दा, म परमप्रभु परमेश्वर
सर्वशक्तिमानमा शक्ति पाउनेछु।’ ६त्यस समयमा यहूदाका
परिवारहरूलाई जंगलमा लागि रहेको डढेलो जस्तै
बनाउँनेछु, मुठ्ठाहरूको बीचमा बल्दै गरेको राँकोहरू
जस्तै। तिनीहरूले चारैतिरका शत्रुहरूलाई नष्ट गर्नेछन्
अनि यरूशलेमका बासिन्दाहरू फेरि बस्ने अनि आराम
गर्ने स्थितिमा हुँनेछन्।”

७परमप्रभुले पहिला यहूदाका मानिसहरूलाई बचाउँनु
हुनेछ यसकारण यरूशलेमका बासिन्दाहरूले शेखी गर्ने
छैनन्। दाऊदको घरानाको अनि यरूशलेममा बस्ने
अन्य मानिसहरूको गौरव यहूदा को भन्दा बढ़ी नहोस्।
८तर त्यसदिन परमप्रभुले यरूशलेमका मानिसहरूको
साह्रै रक्षा गर्नुहुनेछ, यहाँ सम्म कि कमजोर मानिसहरू
पनि दाऊद जस्तै योद्धा बन्नेछन् अनि दाऊदका परिवारहरू
परमप्रभुको आफ्नो स्वर्गदूत जस्तै पथ प्रदर्शक हुनेछन्।

९परमप्रभु भन्नुहुन्छ, “त्यस समय म ती यरूशलेमको
विरुद्धमा आउने सारा जातिहरूलाई नष्ट गर्नेछु। १०म
दाऊदको घर अनि यरूशलेमका बासिन्दाहरूको हृदयमा
अनुग्रह र करूणाको भावना भरिदिनेछु। तिनीहरूले म
पट्टि हेर्नेछन् जसलाई छेड़ बनाएकाथिए अनि दुःखी
हुनेछन्, जो एउटै मात्र पुत्रको निम्ति विलाप गर्छ
अथवा उसको पहिला जन्मेको पुत्रको मृत्युको निम्ति
विलाप गर्छ। तिनीहरू त्यसै दुःखी मानिस झैं हुनेछन्।
११त्यस दिन यरूशलेममा ठूलो दुःख अनि कष्ट
आइपर्नेछ, त्यो यस्तो हुने छ जुन मगिद्दोको बेंसीमा
हदद-रिम्मोनको मृत्युमा मानिसहरू रोएका थिए। १२भूमिले
शोक मनाउनेछन् प्रत्येक घराना रूनेछ। दाऊदका
घरानाका मानिसहरू आफैले शोक मनाउनेछन् अनि
उनीहरूका पत्नीले शोक मनाउनेछन्। नातान घरानाको
मानिसहरू आफै रुनेछन् अनि तिनीहरूका पत्नी पनि
अलग-अलग रूनेछन्। १३लेवी कुलका मानिसहरू
अनि पत्नीहरू पनि अलग अलग एक्लै- एक्लै रूनेछन्।
शिमी घरानाको मानिसहरू र पत्नीहरू पनि अलग-अलग
रूनेछन्। १४अनि यही घटना सबै वंशमा हुनेछ।
मानिसहरू एक्लै हुनेछन् अनि स्त्रीहरू एक्लै रूनेछन्।

१३ तर त्यस समय, पानीको एउटा कुलो दाऊदको
घराना तथा यरूशलेमको बासिन्दाहरूको निम्ति
मूल फुटेर आउँनेछ। त्यो मूलले तिनीहरूको पापलाई
धोएर शुद्ध गरिदिनेछ।”

## झूटा अगमवक्ता ज्यादा छैनन्

२सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “त्यस समयमा
पृथ्वीबाट सबै मूर्तिहरू हटाइदिनेछु। मानिसहरूले
तिनीहरूको नाउँ पनि याद राख्ने छैनन्, म झूटा
अगमवक्ता अनि अशुद्ध आत्मालाई पृथ्वीबाट हटाई
दिनेछु। ३यदि कुनै मानिसले अगमवाणी गरे त्यसले
दण्ड पाउँनेछ। यहाँ सम्म कि त्यसको आफ्नो आमा
बाबुले पनि भन्नेछन्, ‘तैले परमप्रभुको नाउँमा झूटो
बोलिस्। यसकारण त मर्नु पर्नेछ।’ त्यसका आफ्ना
आमा बाबुले अगमवाणी गरेकोमा त्यसलाई छुराले
रोपिदिनेछ। ४त्यस समय अगमवक्ता आफ्नो अगमवाणी
र दर्शनको निम्ति लज्जित हुनेछ। मानिसहरूलाई झूटो
अगमवाणी भनेर धोका दिनलाई तिनीहरूले त्यस प्रकारको
बाक्लो पोषाक लगाउने छैनन्। ५तिनीहरूले भन्नेछन्,
‘म अगमवक्ता होइन, म एउटा किसान हुँ किनभने
एउटा मानिसले मलाई मेरो बाल्यावस्थामा नै दासलाई
जस्तै बेच्यो।’ ६अरू मानिसहरूले भन्नेछन्, ‘तिम्रो
हातहरूको यो चोट के हो?’ उसले भन्नेछ, ‘यो मेरो
साथीको घरमा लागेको चोट हो।’”

७सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, “तरवार मेरो
गोठालालाई हिर्काऊ, मेरो साथीलाई हिर्काऊ। मेरो
गोठालालाई अनि भेड़ाँलाई प्रहार गर! भेड़ाँ भागेर
जानेछ र साना-सानाहरूलाई म दण्ड दिनेछु। ८परमप्रभु
भन्नुहुन्छ, “देशका दुई तिहाई मानिसहरूलाई चोट
लगाइनेछ अनि मारिने छ। तर एक तिहाई बाँच्नेछन्।
९त्यसपछि म ती बाँचेकाहरूलाई जाँच्नेछु। म तिनीहरूलाई
अत्यन्तै कष्ट दिनेछु। त्यो कष्ट आगो जस्तै हुनेछ जुन
आगोले चाँदीको शुद्धता जाँच्छ। म तिनीहरूको जाँच
त्यसरी नै गर्नेछु जसरी मानिसहरूले सुनको शुद्धता जाँच
गर्छन। तब तिनीहरूले मलाई सहायताको निम्ति बोलाउँनेछन्
अनि म सहायता गर्नेछु। म भन्नेछु, ‘तिमीहरू मेरो
प्रजा हौ।’ अनि उनीहरूले भन्नेछन्, ‘परमप्रभु हाम्रा
परमेश्वर हुनुहुन्छ।’”

## न्यायको दिन

१४ हेर, परमप्रभुको न्यायको विशेष दिन आउदैछ,
अनि जुन धन तिमीहरूबाट लिएको थियो त्यो
धन तिम्रो शहरमा बाँड़िनेछ। २म सबै देशहरूलाई
यरूशलेमको विरुद्धमा युद्ध गर्नको निम्ति एकै ठाँउमा
भेला पार्नेछु। तिनीहरूले शहरमा अधिकार जमाउनेछन्
तथा घरहरू नष्ट गरिदिनेछन्। स्त्रीहरूलाई भ्रष्ट पारिनेछ
अनि आधा मानिसहरूलाई कैदमा लगिनेछन्। तर बाँकी

रहेकाहरूलाई शहरबाट बाहिर लगिनेछैन्। ३त्यसपछि
परमप्रभुले ती देशहरूको विरूद्ध युद्ध गर्नुहुनेछ। यो
एउटा साँचो युद्ध हुनेछ। ४त्यस समय उहाँ भद्रक्षे
पर्वतमा उभिरहनु हुनेछ। त्यो पहाड़ यरूशलेमको पूर्वपट्टि
अवस्थित छ। जैतूनको पर्वत बिष्पोटन हुनेछ। पर्वतको
एउटा भाग उत्तरपट्टि जानेछ, अनि अर्को भाग दक्षिणपट्टि
जानेछ। एउटा गहिरो बेंसी पूर्वदेखि पश्चिम सम्म
फैलिएर जानेछ। ५अनि तिमी पर्वतहरूका भञ्ज्याङ
हुँदै भाग्नेछौ जुन ओजेल सम्म जान्छ जसरी उज्जियाह
यहूदाको राजा भएको वेलामा भूकम्प आउँदा तिमी
भागेका थियौ। तर परमप्रभु, मेरा परमेश्वर आउँनुहुनेछ
अनि उहाँका सबै पवित्र मानिसहरू उहाँको साथमा
आउँनेछन्।

६-७त्यो अत्यन्तै महत्वपूर्ण दिन हुनेछ। त्यसदिन
प्रकाश, शीत अनि तुषारो केही हुनेछैन्। परमप्रभुले
मात्र जान्नु हुनेछ यो कस्तो हुन्छ, तर कुनै दिन रात
हुनेछैन्, जब सामान्य रूपमा आँन्ध्यारो हुन थाल्छ,
अनि उज्यालो पनि हुन्छ। ८त्यससमयमा यरूशलेमबाट
पानी लगातार* बगिरहनेछ। पानी विभाजन हुनेछ अनि
एउटा भाग पूर्व तिर बग्नेछ अनि अर्को भाग पश्चिमको
भूमध्य सागरसम्म जानेछ अनि यो पुरै पानी वर्ष भरी
ग्रीष्म अनि शीत ऋतु दुवैमा बगिरहन्छ। ९त्यस समय
परमप्रभु, समस्त पृथ्वीका राजा हुनुहुनेछ। परमप्रभु
एकमात्र हुनुहुन्छ। उहाँको नाउँ एउटै हो। १०त्यससमय
यरूशलेमको चारैतिर अराबा समतल जस्तै हुनेछ।
गिबाबाट भएर नेगवमा रिम्मोन जमीनसम्म मरुभूमि
जस्तै हुनेछ। तर यरूशलेमको पूरै शहर फेरि बिन्यामीनको
फाटकदेखि प्रथम फाटक सम्म अनि हननेलको धरहरादेखि
राजाको दाखको कोल सम्म फेरि बग्नेछ। ११तिनीहरू
त्यहाँ बस्नेछन् अनि शहर फेरि कहिल्यै पनि नाश
हुनेछैन अनि मानिसहरू यरूशलेममा सुरक्षित बस्नेछन्।

१२तर जो कोही जाति यरूशलेमको विरुद्धमा युद्ध
लड़े, परमप्रभुले ती राष्ट्रहरूलाई दण्ड दिनुहुनेछ। उहाँले
तिनीहरूलाई डरलाग्दो बीमारद्वारा आक्रमण गर्नुहुनेछ।
तिनीहरू उभिरहको बेला तिनीहरूको शरीर सड़नेछ।
तिनीहरूका आँखा तिनीहरूकै खोपिल्टाम कुहिनेछ अनि
जिब्रो तिनीहरूको मुखमा नै कुहिने छ। १३-१५त्यो
भंयकर डरलाग्दो महामारी शत्रुहरूको छाउनीमा हुनेछ
अनि तिनीहरूका घोड़ाहरू, खच्चरहरू, ऊँटहरू, र
गधाहरूलाई त्यो डरलाग्दो रोग लाग्नेछ।

त्यससमय तिनीहरू साँच्चै परमप्रभुसंग डराउँनेछन्
तिनीहरूले एक-अर्काको घाँटी निमोट्नेछन्, तिनीहरूले
एक-अर्कामाथि प्रहार गर्नको निम्ति हात उठाउनेछन्।
यहूदाका मानिसहरूले यरूशलेममा युद्ध गर्नेछन्। तर
तिनीहरूले शहरको चारै तिरका जातिहरूबाट धन प्राप्त
गर्नेछन्। उनीहरूले एकदमै ज्यादा सुन, चाँदी अनि
लुगाफाटाहरू प्राप्त गर्नेछन्। १६यरूशलेमको विरुद्ध
युद्ध गर्नेहरू जति बाँचेकाछन् तिनीहरूले प्रत्येक वर्ष
केही मानिसहरू जो यरूशलेमको विरूद्ध लड्न आउनेछन्
र बाँचछन् प्रत्येक वर्ष राजा, सर्वशक्तिमान परमप्रभुको
आराधना गर्न आउँनेछन्। तिनीहरू छाप्रो-वासको चाड़
मनाउँन आउनेछन्। १७अनि यदि पृथ्वीका कुनै
परिवारहरूका मानिस राजा, सर्वशक्तिमान परमप्रभुको
आराधना गर्नको लागि यरूशलेम गएनन् भने परमप्रभुले
तिनीहरूलाई वर्षा पनि बन्द गरिदिनु हुनेछ। १८यदि
मिश्रदेशका कुनै परिवारका मानिस छाप्रो-वासको चाड़
मान्न आएन भने तिनीहरू डरलाग्दो रोगको शिकार
हुनेछन्, जस्तो परमप्रभुले अरू शत्रु देशहरूलाई लगाई
दिनु भएको थियो। १९मिश्रको निम्ति त्यही दण्ड हुने
छ अनि अरु देशको निम्ति जसले छाप्रो-बासको चाड़
मनाउँन आँउदैन।

२०त्यससमय प्रत्येक सर-सामान परमेश्वरको हुनेछ।
यहाँ सम्म कि घोड़ाहरूको घण्टीमा परमप्रभुको निम्ति
पवित्र भनी लेखिएको हुन्छ। अनि परमप्रभुको मन्दिरमा
उपयोग गरिने सबै भाँड़ाहरू पनि त्यस्तै महत्वपूर्ण हुन्छन्
जस्तो वेदीमा प्रयोग गरिने कचौराहरू महत्वपूर्णहुन्छ।
२१निश्चय, यहूदा अनि यरूशलेमका प्रत्येक भाँड़ाहरूमा
सर्वशक्तिमान परमप्रभुको निम्ति पवित्र भनी लेखिएको
हुन्छ। अनि प्रत्येक मानिस जसले परमप्रभुको आराधना
गर्छ उसैले ती भाँड़ाहरूमा खाना पकाउँने र खाने
अधिकार पाउँनेछ।

अनि त्यससमय सर्वशक्तिमान परमप्रभुको मन्दिरमा
चीज-बीजहरू किन-बेच गर्ने कुनै पनि व्यापारी हुने
छैनन्।

---

**लगातार … पानी** अथवा “जिउँदो पानी यरूशलेमबाट बगिरहनेछ” अथवा “यरूशलेमबाट जीवनको पानी वग्नेछ।”

# हाग्गैको पुस्तक

### यो मन्दिर निर्माणको समय हो

१ फारसको राजा दाराको दोस्रो बर्षको छैटौं महिनाको
पहिलो दिन हाग्गैलाई परमप्रभुबाट एउटा वचन
प्राप्त भयो। यो वचन यरूबाबेल शालतीएलका छोरा
अनि यहोशू यहोसदाकका छोराका निम्ति थियो। शालतीएल
यहूदाको राज्यपाल थिए अनि यहोशू प्रधान पूजाहारी
थिए। वचन यस प्रकार थियो। २सर्वशक्तिमान परमप्रभु
भन्नुहुन्छ, "मानिसहरू भन्छन्, परमप्रभुको मन्दिर निर्माण
गर्ने यो सही समय होइन।"

३फेरी परमप्रभुको वचन अगमवक्ता हाग्गैबाट आयो,
जसमा भनिएको थियो, तिमीहरू सोच्छौ तिम्रो सही
समय आइ सक्यो। ४"परमप्रभुको मन्दिर नष्ट भएको
समयमा के तिनीहरू काठको घर निर्माण गरेर बस्ने
सही समय आएकोछ भनी सम्झन्छौ? ५यसकारण
सर्वशक्तिमान परमप्रभु भन्नु हुन्छ, 'जुन कुरा तिमी
माथि घटिरहेछ, त्यसको विषयमा सोच्न छोड़। ६तिमीहरूले
रोप्न त धेरै रोप्छौ, तर कट्नी चाँहि कम्ती गर्दछौ।
तिमीहरूले खाना त खान्छौ तर भोकै हुन्छौ। तिमीहरूले
मद्यपान पनि गर्छौ तर नशा लाग्दैन्, तिमीहरू लुगा
पनि लगाउँछौ तर सम्पूर्ण रूपमा तिमीहरूलाई तातो
हुँदैन्, तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तिमीहरूलाई
थाहा हुँदैन् त्यो कहाँ खर्च हुन्छ, तिमीलाई लाग्छ कि
गोजीमा छेड़ परेकोछ।'"

७सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "जे जति
तिमीहरूमाथि घटिरहेछ त्यसको बारेमा सोच! ८पहाड़मा
चढ़, काठ ल्याऊ अनि मन्दिर बनाऊ। त्यस समय म
मन्दिरबाट प्रसन्न हुन्छु र सम्मानित हुन्छु।" परमप्रभुले
यी सबै कुराहरू भन्नुहुन्छ।

९सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "तिमीहरूले धैरे-
बाली पाउने आशा गर्छौ, तर थोरै मात्र प्राप्त गर्नेछौ।
जे जत्ति तिमीहरूले कमाउँछौ अनि घरमा राख्छौ,
त्यसलाई म उड़ाईदिनेछु। किन? किनकि मेरो मन्दिर
नष्ट भएकोछ, तर तिमीहरूलाई आफ्नो आफ्नो घरको
मात्र चिन्ता छ। १०यसकारण, आकाशबाट शीत झर्न
बन्द भएकोछ, र यही कारण भूमिले अन्न उब्जाउन
बन्द गरेकोछ, यी सबै तिमीहरूको कारणले भएको
हो।" ११परमप्रभु भन्नुहुन्छ, "मैले पृथ्वी, पहाड़हरू,
अन्न, नयाँ दाखरस, भद्राक्षको तेल अनि सबै ती
चीजहरू जुन पृथ्वीमा उम्रन्छन् मानिसहरूका र
परिश्रमीमाथि खड़ेरी पर्न आदेश दिएको छु।"

### नयाँ मन्दिरको कार्य आरम्भ

१२तब शालतीएलका छोरा यरूबाबेल अनि
यहोसादाकको छोरा महायाजक यहोशूले सबै बाँचेका
मानिसहरूसंग आफ्नो परमप्रभु परमेश्वरको सन्देश अनि
उहाँले पठाएउनु भएको अगमवक्ता हाग्गैको वचन
स्वीकार गरे अनि मानिसहरू आफ्नो परमेश्वर परमप्रभुसंग
डराउन थाले।

१३परमप्रभु परमेश्वरको सन्देशवाहक हाग्गैले
मानिसहरूलाई परमप्रभुको सन्देश सुनाए। परमप्रभुले
भन्नुभयो, "म तिम्रो साथमा छु।"

१४तब परमप्रभु परमेश्वरले शालतीएलका छोरा
यहूदाका राज्यपाल यरूबाबेललाई उत्तेजित गर्नुभयो
अनि परमेश्वर परमप्रभुले यहोसादाकका छोरा यहोशूलाई
पनि आत्मामा उत्तेजित गर्नुभयो अनि परमप्रभु परमेश्वरले
बाँकी सबै मानिसहरूलाई प्रेरित गर्नुभयो। तब तिनीहरू
आए अनि तिनीहरूका सर्वशक्तिमान परमप्रभु परमेश्वरको
मन्दिर निमार्णको काम गर्न थाले। १५उनीहरूले यो
कार्य राजा दाराको दोस्रो बर्षको छैठौं महिनाको
चौबिसौं दिनमा शुरु गरे।

### परमप्रभुले मानिसलाई उत्तेजित पार्न थाल्नुभयो

२ सातौं महिनाको एक्कइसौं दिनमा परमप्रभुबाट यो
वचन हाग्गैकहाँ आयो। २वचनमा भनिएको थियो,
"अब यहूदाका शासक शालतीएलका छोरा यरूबाबेल,
यहोसादाकका छोरा महायाजक यहोशू अनि जो जति
मानिसहरू बाँचेका छन्। उनीहरूसंग कुरा गर अनि
भन: ३'के तिमीहरू मध्ये कोही त्यस्तो मानिस बाँचेकोछ,
जसले त्यस मन्दिरको आफ्नो पहिलाको महिमा देखेको
थियो। अब तिमीलाई कस्तो लागिरहेछ? यो क भयो,
यो मन्दिर पहिलाको खण्ड जस्तो देखिन्छ! वा तुलना
गर्न सकिन्छ? ४तर यरूबाबेल, 'अब तिमी साहसी
बन!' परमप्रभु यसो भन्नु हुन्छ, 'यहोसादाकका छोरा
महायाजक यहोशू, तिमी पनि साहसी बन अनि सबै
जातिका मानिसहरू तिमीहरू पनि साहसी बन!' परमप्रभु
यसो पनि भन्नु हुन्छ। काम गर! किनभने म तिमीहरूसंग
छु।" परमप्रभु सर्वशक्तिमान यसो भन्नुहुन्छ।

५परमप्रभु भन्नुहुन्छ, "जहाँ सम्म मेरो भाकलको
कुरा छ, जुन मैले तिमीहरूसंग मिश्र देशबाट बाहिर
निस्केको समयमा भनेको थिएँ, नडराऊ मेरो आत्मा

तिमीसित छ। ६किन? किनभने सर्वशक्तिमान परमप्रभु
यसो भन्नुहुन्छ, एकपल्ट फेरि म चाँड़ै नै पृथ्वी अनि
आकाश, समुद्र अनि सुक्खा जमीन सबैलाई थर्रथर
कमाउनेछु। ७म सबै जातिहरूलाई कमाईदिन्छु अनि ती
सबै जातिहरू आफ्नो धन सम्पत्तिसंगै तिमीकहाँ आउनेछन्।
तब म यो मन्दिर गौरवले भरिदिनेछु। सर्वशक्तिमान
परमप्रभु यसो भन्नुहुन्छ। ८तिनीहरूको चाँदी मेरो हो,
तिनीहरूको सुन मेरो हो। सर्वशक्तिमान परमप्रभु यसो
भन्नुहुन्छ, ९यस मन्दिरको गौरव पहिलाको गौरव भन्दा
ज्यादा हुनेछ। सर्वशक्तिमान परमप्रभुले यसो भन्नुहुनेछ;
यस ठाँउमा म शान्ति स्थापित गर्नेछु, सर्वशक्तिमान
परमप्रभु यसो भन्नुहुन्छ।"

## कार्य आरम्भ भयो आशीर्वाद आउँनेछ

१०फारसका राजा दाराको दोस्रो वर्षको नवौं महिनाको
चौबिसौं दिनमा यो वचन परमप्रभुबाट अगमवक्ता हाग्गै
कहाँ आयो। ११सर्वशक्तिमान परमप्रभुले तिमीहरूलाई
आज्ञा गर्नुहुन्छ, पूजाहारीहरूलाई सोध, व्यवस्थाले यस
विषयमा के भन्छ। १२"मानिलेऊ, एउटा मानिसले
उसको लपेटामा पवित्र मासु लिएर गयो, यो मासु
बलिको भाग हो, यसकारण यो संभव छ जसको
लपेटामा पवित्र मासु छ, के यदि ती लुगाले रोटी या
पाकेको भोजन, दाखरस, तेल अथवा कुनै अन्य
भोजनलाई छुयो भने, ती चीजहरू पवित्र हुन्छ?"

पूजाहारीले उत्तर दियो, "अँह।"

१३त्यसबेला हाग्गैले भने, "यदि एउटा मानिसले
मुर्दालाई छुयो भने के त्यो अशुद्ध हुन्छ?"

अनि ती पूजाहारीहरूले उत्तर दिए, "त्यो अशुद्ध
हुनेछ।" १४तब हाग्गैले भने, "परमप्रभु परमेश्वर भन्नु
हुन्छ, 'मेरो सामने यी मानिसहरू प्रति अनि यो राष्ट्र
प्रति त्यही नियम छ। तिनीहरूले जे गर्छन अनि आफ्नो
हातले जे दिन्छन् त्यो अशुद्ध हो।

१५तर अब विचार राम्ररी सोच्नु होस, परमप्रभुको
मन्दिरमा अघि एउटा ढुङ्गा माथि अर्को ढुङ्गा राखिएको
थियो? १६त्यस समय बीस मुरी लिन आउने मानिसले
दश मुरी मात्र पाउँथ्यो। दाखरसको कोलबाट पचास
पाथी झिक्न आउनेले बीस पाथी मात्र पाउँथ्यो।
१७मैले तिमीहरूका उद्धिदहरूमा ल्याएँ तिमीहरूको
हातले बनाएको चीजहरू नष्ट पार्न असिना पठाएँ, तरै
पनि तिमीहरू म तिर फर्केनौ।' परमप्रभुले यसो भन्नु
भयो।"

१८परमप्रभु भन्नुहुन्छ, "अबदेखि उसो विचार गर
अर्थात नवौं महिनाको चौबिसौं दिन देखि जुन दिन
मन्दिरको जग बसालेको थियो सोच।

१९"के बीउहरू अब भकारीमा छन्? के दाखको
बोट, नेभाराको बोट, दारिम र भद्राक्षको बोटले अहिले
सम्म फल दिएको छैन? अहँ! तर आजदेखि म
तिमीलाई आशिष दिनेछु।"

२०अनि त्यही महिनाको चौबिसौं दिनमा हाग्गैलाई
दोस्रो पल्ट परमप्रभुको वचन प्राप्त भयो। वचनमा
भनिएको थियो,

२१"यहूदाका राज्यपाल यरूबाबेललाई भन, म
आकाश अनि पृथ्वीलाई हल्लाउनेछु।

२२अनि म राज्यहरू र सिंहासन उठाएर फ्याँकि
दिनेछु। म राजधानीहरूको शक्ति ध्वंश पार्नेछु अनि
रथहरू र सारथीहरूलाई पल्टाइदिनेछु। घोड़ा अनि
त्यसको घोड़सवार पनि लड़नेछन्, अनि दाज्यू-भाइमा
दुश्मनी हुनेछ। तिनीहरू एक अर्कामा तरवारहरूले
मारिनेछन्।

२३सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, म त्यस दिन
शालतीएलका छोरा, आफ्नो सेवक यरूबाबेललाई लिन्छु।
परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, "अनि म तिमीलाई
छाप लगाउने औंठी बनाउने छु। किन? किनभमे मैले
तिमीलाई रोजेकोछु।"

सर्वशक्तिमान परमप्रभुले यी सबै कुरा भन्नु भयो।

# सपन्याहको पुस्तक

१ यो वचन परमप्रभुद्वारा सपन्याहलाई प्राप्त भयो। सपन्याहले यो वचन जुन बेला प्राप्त गरे त्यस बेला अमोनको छोरा योशियाह यहूदाका राजा थिए। सपन्याह कूशीका छोरा थिए। कूशी गदल्याहका छोरा थिए। गदल्याह अमर्याहका छोरा थिए। अमर्याह हिजकियाहका छोरा थिए।

### मानिसहरूलाई न्याय गर्नका निम्ति परमप्रभुको दिन

२परमप्रभु भन्नुहुन्छ, "म पृथ्वीका प्रत्येक चीज नष्ट
गरिदिन्छु। ३म सबै मानिसहरू अनि सबै पशुहरूलाई
नष्ट पार्नेछु। म आकाशमा उड्ने चराहरू अनि समुद्रका सबै माछालाई नष्ट गरिदिन्छु। दुष्ट मानिसहरू र सबै कुराहरू नष्ट गरिदिनेछु जसले तिनीहरूलाई पाप गराउँछ। यो पृथ्वीबाट मानिसहरूको अस्तित्व नै मेटाई दिनेछु," परमप्रभुले भन्नुभयो।

४परमप्रभु भन्नुहुन्छ, "म यरूशलेम अनि यहूदाका बासिन्दाहरूलाई दण्ड दिनेछु! म ती सबै चीजहरू त्यस स्थानबाट हटाउँनेछु। म बाल पूज्ने अन्तिम चिन्ह हटाउँनेछु। म पूजारीहरूलाई हटाई दिनेछु अनि ती मानिसहरू जसले नक्षत्रहरू पूज्नलाई तिनीहरूको घरको
छाना माथि जान्छन्। ५मानिसहरूले ती झूटा
पूजाहारीहरूलाई बिर्सनेछन्। कतिले भन्ने छन् तिनीहरूले मेरो पूजा गर्थे भनेर, तर तिनीहरूले मेरो पूजा गर्ने प्रतिज्ञा गरे तापनि अब तिनीहरूले झूटो देवता मल्कामको पूजा गर्न थाले। यसकारण म तिनीहरूलाई त्यो स्थानबाट हटाउँछु।

६कतिपय मानिसहरू परमप्रभुबाट टाढिए। तिनीहरूले परमप्रभुको अनुसरण गर्न छोड़े। तिनीहरूले परमप्रभु संग सहायता माग्न पनि छोड़े। यसकारण म तिनीहरूलाई त्यस स्थानबाट हटाउँनेछु।"

७मेरो मालिक परमप्रभुको अघि चूपचाप बस! किन? किनभने मानिसहरूलाई न्याय गर्ने परमप्रभुको दिन नजिक आउँदैछ। परमप्रभुले उहाँको बलि तयार पार्नु भएकोछ अनि उहाँको पाहुनाहरूलाई तयार रहनु भन्नु भएको छ।

८परमप्रभु भन्नुहुन्छ, "परमप्रभुको बलिदानको दिन, म राजाका छोराहरू अनि अन्य भारादारहरूलाई दण्ड दिनेछु। म अरू देशको लुगा लगाउँने सबै मानिसहरूलाई
पनि दण्ड दिनेछु। ९त्यसदिन म त्यो सँघारमाथि
उफ्रने सबै मानिसहरूलाई दण्ड दिनेछु,* अनि ती जसले तिनीहरूका स्वामीको घर झूटो अनि हिंसाले भरिदिन्छन्।"

१०परमप्रभु यसो भन्नुहुन्छ, "त्यस समय मानिसहरू यरूशलेमको माछा ढोकामा सहायताको निम्ति रूदैं बोलाई रहेका हुनेछन्। तिनीहरू शहरको अरू भागमा पनि रोइरहेका हुनेछन्। अनि सामानहरू भत्किरहेको भयानक आवाज जस्तै पहाड़बाट शहर वरिपरि सुनिने
छ। ११शहरको तल्लो भागमा बस्ने मानिसहरू पनि
चिच्याउनेछन्। किन? किनकि व्यापारीहरू अनि धनी व्यापारी नष्ट हुनेछन्।

१२"त्यस समय, म एउटा लिएर यरूशलेममा गएर खोज्नेछु। म ती सबैलाई खोज्नेछु जो आफ्नो तरीकाले बाँच्नमा सन्तुष्टछन्। उनीहरू भन्छन्, 'परमप्रभुले केही गर्नु हुन्न। उहाँले न त सहायता नै गर्नु हुन्छ न चोट नै पुऱ्याउनु हुन्छ।' म तिनीहरूको खोजिगर्नेछु, उहाँले ती सबैलाई दण्ड दिनु हुन्छ।

१३तब तिनीहरूको सबै सम्पत्ति लुटिनेछन्, अनि घरहरू नष्ट हुनेछन्। तिनीहरूले घर बनाए तापनि त्यसमा बस्न पाउँने छैनन्। तिनीहरूले दाखको बोट रोपे पनि त्यसको दाखरस खान पाउने छैनन्।"

१४परमप्रभुको न्यायको दिन चाँड़ै आउँदैछ। त्यो दिन नजिकै छ र झट्टै आउँदैछ। परमप्रभुको न्यायको विशेष दिनमा मानिसहरूको रूवाबासीको आवाज सुनिने छ। यहाँ सम्म कि वीर योद्धाहरू पनि रूनेछन्।
१५त्यसदिन परमेश्वरले उहाँको क्रोध प्रकट गर्नु हुनेछ।
यो अत्यन्तै दु:खको दिन हुनेछ, यो विध्वंसको दिन हुनेछ। यो अँध्यारो र विरक्तको दिन हुनेछ। यो एउटा कालो, अँध्यारो, धुमिएको अनि आँधी चलिरहेको दिन
हुनेछ। १६यो युद्धको समय यस्तो जस्तो हुनेछ, जब
मानिसहरूले सिङ्गहरू अनि तुरहीहरूको आवाज सुरक्षित किल्लाहरू अनि सुरक्षित शहरहरूमा सुन्नेछन्।

१७परमप्रभु भन्नुहुन्छ, "म मानिसहरूको जीवन संकटमय बनाई दिनेछु। मानिसहरू अन्धा जस्तै जता ततै जानेछन् तिनीहरूकहाँ गइरहेकाछन् तिनीहरू आफै जान्नेछेनन्। किन? किनभने मानिसहरूले परमप्रभुको

---

**त्यो संघारमाथि ... दिनेछु** यिनीहरू ती मानिसहरू अनि पूजाहारीहरू हुन सक्छन् जसले विदेशी देवताहरूको पूजा गर्छन जस्तै डयागन अथवा ती मानिसहरू जसले तिनीहरूको पूजा गर्ने तरिकाहरू अनुशरण गर्छन।

विरुद्ध पाप गरेकाछन्। धेरै मानिसहरू मारिने छन्।
तिनीहरूको रगत जमीनमा बग्नेछ अनि लाश गोबर
जस्तै जमीनमा छरिएर सड्नेछ। १८जब परमप्रभुले
उहाँको रिस धेरै देखाउनुहुनेछ तिनीहरूको सुन र
चाँदीले तिनीहरूलाई सहायता गर्ने योग्य हुने छैन्। त्यस
समय परमप्रभु एकदमै क्रोधित हुनुहुनेछ। परमप्रभुले
उहाँको रिसको आगोद्वारा सारा संसारलाई जलाई दिनुहुनेछ।
परमप्रभुले पृथ्वीका सम्पूर्ण चीज-बीज नष्ट गरिदिनु
हुनेछ।"

## परमेश्वरले मानिसहरूको जीवन बदलि भन्नु हुन्छ गर

२ हे लाज नभएका मानिस हो! तिमीहरूको जीवन
परिर्वतन गर। २तिमीहरूको जीवन शैली परिवर्तन
गर! दिउँसो गर्मीमा केही फूलहरू ओइलाएर मर्छन,
तिमीहरू पनि त्यस्तै हुनेछौ, जब परमप्रभुले आफ्नो
भयंकर क्रोध प्रकट गर्नुहुनेछ। यसकारण परमेश्वरको
महान क्रोध तिमीहरूको अघि प्रकट हुनु अघि नै
आफ्नो जीवन बदलि गर। ३सबै नम्र मानिसहरू
परमप्रभुकहाँ जाऊ। उहाँका नियमहरू पालन गर, राम्रो
कुराहरू सिख, नम्रता खोज। तब मात्र तिमीहरू
सुरक्षित रहनसक्छौ जुन समय परमप्रभुले क्रोध प्रकट
गर्नुहुन्छ।

## परमप्रभुले इस्राएलका छिमेकीहरूलाई दण्ड दिनुहुनेछ

४गाजा शहरमा कोही पनि बाँच्नेछैन्। अश्कलोन
नष्ट हुनेछ। मानिसहरूलाई अशदोद मध्य दिनमा त्याग्न
विवश गरिनेछ। एक्रोन चाहिँ उजाड़ हुनेछ। ५पलिश्तीको
उपकुलमा क्रेटबाट आएर बस्ने मानिसहरू हो! यो
परमप्रभुको संदेश तिमीहरूको लागि हो। कनानका
भूमिहरू र पलिश्तीका भूमिहरू अनि तिनीहरू ध्वंश
हुनेछन् त्यहाँ कोही मानिस पनि बाँच्ने छैनन्। ६समुद्रको
किनारको तिम्रो जमीन गोठालाहरू अनि तिनीहरूको
भेड़ाको निम्ति खालि भूमि बनिनेछ। ७तब त्यो भूमि
यहूदामा बाँचेका मानिसहरूको निम्ति हुनेछ। परमप्रभुले
यहूदाका ती मानिसहरूलाई याद गर्नु हुनेछ। ती मानिसहरू
विदेशमा बन्दी छन्, तर परमप्रभुले तिनीहरूलाई फर्काई
ल्याउनु हुनेछ। तब यहूदाबाट मानिसहरूले तिनीहरूका
भेड़ालाई घाँस खान ती भूमिमा डोर्‍याउँने छन्। अनि
साँझमा तिनीहरू अश्कलोनको खालि घरहरूमा सुत्नेछन्।
८परमप्रभु भन्नुहुन्छ, "मलाई थाहा छ मोआब अनि
अम्मोनका मानिसहरूले के गरे? तिनीहरूले मेरा
मानिसहरूलाई खिसी गरे अनि आफ्नो देश अझ
विशाल बनाउँनको निम्ति उनीहरूको भूमि लिए।
९यसकारण जस्तो जीवित छु, मोआब अनि अम्मोनका
मानिसहरूलाई सदोम अनि गमोरा झैँ ध्वंश गरिदिनेछु।
म सर्वशक्तिमान परमप्रभु, इस्राएलको परमेश्वर हुँ। म
त्यो प्रतिज्ञा गर्छु कि ती देशहरू सदा सर्वदाको निम्ति
सम्पूर्ण रूपले नष्ट गरिनेछ। तिनीहरूको भूमिमा घाँस
उम्रनेछ। तिनीहरूको जमीन नूनको खानी जस्तै हुनेछ।
मेरो मानिसहरू मध्ये बाँचेकाहरूले त्यो जमीन अनि
त्यसमा भएको चीज-बीजहरूको प्रयोग गर्नेछन्।"
१०तिनीहरूको घमण्डको कारण अनि तिनीहरूले
सर्वशक्तिमान परमप्रभुका मानिसहरूलाई अपमान अनि
गिल्ला गरेको कारण मोआब अनि अम्मोनका मानिसहरूले
यो कष्ट भोग्नु पर्नेछ। ११ती मानिसहरू परमप्रभुसंग
डराउनेछन्। किन! किनभनि परमप्रभुले तिनीहरूको
देवताहरू नष्ट पार्नु हुनेछन्। त्यस समय सबै टाढ़ा
टाढ़ाका मानिसहरूले परमप्रभुको आराधना गर्नेछन्।
१२हे कुशका मानिसहरू! यी कुराहरू बुझ कारण
तिमीहरू पनि परमप्रभुको तरवारले काटिनेछौ। १३अनि
परमप्रभुले उत्तर पट्टि आफ्नो हात बढ़ाउँनु हुनेछ र
अश्शूरलाई दण्ड दिनुहुनेछ। उहाँले नीनवे शहर नष्ट
पार्नु हुनेछ, त्यो शहर केवल सुक्खा उजाड़ मरुभूमि
जस्तै हुनेछ। १४भेड़ा अनि जंगली जनावरहरू मात्र त्यो
जमीनमा बस्नेछन्। लाटोकोसेरोहरू अनि कागहरू त्यो
किल्लाहरूमा बस्नेछन् जुन वेकामे भएका छन्। तिनीहरूको
स्वर खिड़कीबाट आए जस्तो सुनिने छ। कागहरू
ढोकामा बस्नेछन्। कालो चरा ती खालि घरहरूमा
बस्नेछन्। १५नीनवे अहिले एकदमै घमण्डी भएकोछ।
यो यस्तो आनन्दित शहर हो, मानिसहरू सम्झन्छन् कि
तिनीहरू सुरक्षित छन्। तिनीहरू सम्झन्छन् कि नीनवे
संसारको सबै भन्दा ठूलो शहर हो तर त्यो शहर नष्ट
गरिनेछ। यो उजाड़ हुनेछ। जहाँ खाली जंगली जनवारहरूले
मात्र बास गर्नेछन्। जब मानिसहरू यो बाटो भएर
जान्छन् त्यति बेला तिनीहरूले देख्नेछन् कि कति नराम्रो
प्रकारले शहर नष्ट गरिएकोछ, तब तिनीहरू टाउको
हल्लाउँदै खुट्टा ठटाउनेछन्।

## यरूशलेमको भविष्य

३ यरूशलेम तिम्रा मानिसहरू परमेश्वरको विरूद्धमा
लड़नेछन्। तिम्रा मानिसहरूले अरू मानिसहरूलाई
चोट पुर्‍याएकाछन् अनि तिमी पापले कलङ्कित छौ।
२तिम्रो मानिसहरूले मेरा वचन सुनेनन्। तिनीहरूले मेरो
शिक्षा स्वीकार गरेनन्। यरूशलेमले परमप्रभुमा भरोसा
गरेन। यरूशलेम उसको परमप्रभुको नजिक आएन।
३यरूशलेमका प्रमुखहरू गर्जिरहने रहेन सिंह झैं छन्।
त्यसका न्यायाकर्त्ताहरू भोका ब्वाँसोहरू जस्ता छन् जो
साँझमा आउँछन् अनि भेड़ाहरूलाई आक्रमण गर्न
आउँछन् अनि बिहान केही पनि छोड़ेको हुँदैन्। ४त्यसका
अगमवक्ताहरूले धेरै प्राप्त गर्न सधैँ गुप्त योजना
बनाउँछन्। त्यसका पूजाहारीहरूले पवित्र चीजहरू अशुद्ध
बनाउँछन्। तिनीहरूले परमेश्वरको शिक्षाहरूप्रति गर्छन्।
५तर परमेश्वर अझै तिनीहरूको शहरमा हुनुहुन्छ अनि
तिनीहरूलाई न्याय गर्नुहुन्छ। परमेश्वरले केही पनि

नराम्रो गर्नुहुन्न। उहाँले सधैँ उहाँका मानिसहरूको भलाई गर्नु हुन्छ। प्रत्येक बिहान परमेश्वरले उहाँका मानिसहरूलाई असल निर्णयहरू लिन सहायता गर्नुहुन्छ, तर दुष्ट मानिसहरू तिनीहरूले गरेका गल्तीहरूको निम्ति लज्जित हुनुपर्छ भन्ने पनि जान्दैनन्।

६परमेश्वर भन्नुहुन्छ, "मैले जातिहरूलाई ध्वंश गरेकोछु। मैले तिनीहरूको रक्षा धरहराहरू नष्ट गरिदिएकोछु। मैले तिनीहरूको बाटोहरू नष्ट गरिदिएको छु अनि अहिले त्यहाँ कोही पनि जादैनन्। तिनीहरूका शहरहरू उजाड़ छन्, त्यहाँ कोही पनि बस्दैनन्। ७मैले
तिमीलाई यो यसकारण भनिरहेछु कि तिमीहरूले यसबाट शिक्षा लेऊ। म चाहन्छु तिमी मसित डराऊ अनि मेरो इज्जत गर। यदि तिमीले यस्तो गर्‍यौ भने तिमीहरूको घर नष्ट हुनेछैन्। यदि तिमीहरूले यस्तो गर्‍यौ भने मैले बनाएको योजना अनुसार तिमीलाई दण्ड दिने छैन।" ती अपराधी मानिसहरूले अझैं अपराध मात्र गर्न चाहन्छन् जुन तिनीहरूले पहिला देखि नै गर्दै आएका थिए।

८परमप्रभु भन्नुहुन्छ, "यसकारण, म उठुन्जेल अनि तिम्रो न्याय गरिन्जेल पर्ख। धेरै जातिहरूका मानिसहरू ल्याउने अनि तिमीलाई दण्ड दिनको निम्ति तिनीहरूलाई प्रयोग गर्ने निणर्य मेरो हो। तिमीहरूको विरुद्ध मेरो क्रोध देखाउँन म तिनीहरूलाई प्रयोग गर्नेछु। म कति रिसाएको छु त्यो देखाउनु र समस्त देश नष्ट गराउनु म तिनीहरूलाई प्रयोग गर्नेछु।

९त्यस समय म अरू जातिहरूका मानिसहरूलाई परिवर्तन गर्नेछु ताकि तिनीहरूले स्पष्ट भाषा बोल्न सक्छन्। तिनीहरूले परमप्रभुको नाउँ पुकार गर्नेछन्। तिनीहरू सबैले एक साथ मेरो आराधना गर्नेछन्।
१०मानिसहरू आफ्नो बलिहरू लिएर मेरो लागि नदीपारिबाट यहाँ इथोपियामा आउनेछन्।

११"यरूशलेम, तिम्रा मानिसहरूले मेरो बिरुद्ध गरेका दुष्ट कुराहरूको लागि अब लाज मान्न पर्नेछैन। किन? किनभने म ती सबै नराम्रा काम गर्नेहरूलाई यरूशलेमबाट बाहिर ल्याउनेछु। म ती सबै घमण्डीहरूलाई टाढ़ा पठाउँनेछु। त्यहाँ कोही पनि घमण्डी मानिसहरू मेरो
पवित्र पहाड़मा हुने छैनन्। १२म शान्त अनि नम्र
मानिसहरूलाई यरूशलेममा बस्नदिनेछु, अनि तिनीहरूले
परमप्रभुको नाउँमा भरोसा राख्नेछन्। १३इस्राएलमा
बाँचेका मानिसहरूले नराम्रो काम गर्ने छैनन्, तिनीहरूले भूटो बोल्ने छैनन्। तिनीहरूले भूटो बोलेर मानिसहरूलाई ठग्ने छैनन्। तिनीहरू त्यो भेड़ा जस्तै हुनेछन् जुन खाए पछि शान्तसंग सुतिबस्छ, कसैले पनि तिनीहरूलाई सताउँने छैन।"

### एउटा खुशीको गीत

१४हे यरूशलेम! खुशी होऊ अनि गीत गाऊ। हे इस्राएल! आनन्दले कराऊ, यरूशलेम खुशी होऊ, अनि आनन्द मनाऊ।

१५किन! किनभने परमप्रभुले तिम्रो दण्ड रोकिदिनु भयो। उहाँले तिम्रो शत्रुहरूको दृढ़ किल्लाहरू नष्ट गरिदिनु भयो। इस्राएलका राजा परमप्रभु तिम्रो साथमा हुनुहुन्छ। तिमीले कुनै नराम्रो घटनाको बारेमा चिन्ता गर्नु पर्ने आवश्यकता छैन्।

१६त्यसबेला यरूशलेमलाई भनिनेछ, "नडराऊ, बलवान होऊ।

१७परमप्रभु तिम्रो परमेश्वर तिमीसित हुनुहुन्छ। उहाँ एकजना शक्तिशाली सैनिक जस्तै हुनुहुन्छ। उहाँले तिम्रो रक्षा गर्नु हुनेछ। उहाँले तिमीलाई कति प्रेम गर्नु हुन्छ उहाँले देखाउनु हुन्छ। तिमीसित उहाँ कति प्रसन्न हुनुहुन्छ। उहाँ हाँस्नु हुनेछ अनि तिम्रो विषयमा अति नै प्रसन्न रहनुहुनेछ।

१८चाड़को दिनमा मानिसहरू आनन्दित भए झैं खुशी हुनु हुनेछ।" परमप्रभुले भन्नुभयो, "म तिम्रो लाज निकाली दिनेछु। म तिमीहरूलाई घात गर्नदेखि ती मानिसहरूलाई रोकिने बनाउँछु।

१९त्यस समय, म ती मानिसहरूलाई दण्ड दिनेछु जसले तिमीलाई चोट पुर्‍याए। मानिसहरू जो घायल छन् म तिनीहरूलाई बचाँउछु। म छरपष्ट भएका मेरो मानिसहरूलाई जम्मा गर्नेछु अनि म तिनीहरूलाई प्रसिद्ध बनाउँनेछु जता-ततैका मानिसहरूले तिनीहरूको प्रशंसा गर्नेछन्।

२०त्यस समय म तिमीहरूलाई फर्काएर ल्याउनेछु, म तिमीहरू सबैलाई एकै साथमा फर्काएर ल्याउनेछु, म तिमीहरूलाई प्रसिद्ध बनाउँनेछु। प्रत्येक ठाउँका मानिसहरूले तिम्रो प्रशंसा गर्नेछन्। यो त्यस बेला हुनेछ जब म तिम्रो आँखाको अघाड़ी ती कैदीहरूलाई फर्काएर ल्याउँनेछु।" परमप्रभुले यी सबै कुराहरू भन्नुभयो।

# हबकूकको पुस्तक

## हबकूक द्वारा परमेश्वरलाई उजूरी

१ यो यही वचन हो जुन हबकूक अगमवक्तलाई
दिइएको थियो।
२हे परमप्रभु, म निरन्तर तपाईं संग सहायता मागी
रहेकोछु। तपाइले मेरो बिन्ति कहिले सुन्नु हुन्छ? म यो
उपद्रवको कारण तपाईं संग पुकार गरिरहेछु, तर
तपाईंले यस विषयमा केही पनि गर्नु भएन? ३मानिसहरूले
सामानहरू लुट्छन् अनि अरू मानिसहरूलाई चोट
पुर्‍याउँछन्। मानिसहरू लड़ाईं अनि झगड़ा गरिरहेकाछन्।
किन तपाईंले मलाई यस्तो भयानक कुराहरू देखाउनु
हुँदैछ। ४व्यवस्था कानून व्यर्थ भई सकेकोछ अनि
मानिसहरूको न्याय गर्दैनन। दुष्टहरूले धर्मीहरूलाई
लड़ाइँमा जितिरहेछन्। यसकारण, न्याय निष्पक्ष छैन।
न्यायले जित्दैन।

## हबकूकलाई परमेश्वरको उत्तर

५परमप्रभुले उत्तर दिनुभयो, "अन्य जातिहरूलाई हेर,
तिनीहरूलाई हेरेर छक्क पर्नेछौ! म तिम्रो जीवनकालमा
यस्तो गर्नेछु त्यसले तिमीलाई छक्क पार्नेछ। तिमीले
यसलाई हेर्नु पर्छ अनि विश्वास गर्नु पर्छ। यदि
तिमीलाई यस विषयमा बताए ता पनि तिमीले विश्वास
गर्ने छैनौ।
६म बाबेलका मानिसहरूलाई शक्तिशाली बनाउँनेछु।
तिनीहरू नीच अनि एकदमै शक्तिशाली लड़ाकुहरू छन्।
तिनीहरू पृथ्वीका सबै ठाउँमा छरिनेछन् अनि अघि
बढ़िरहनेछन्। तिनीहरूले त्यो घरहरू अनि शहरहरूमा
दखल गर्ने छन् जुन तिनीहरूका होइनन्। ७कल्दी
मानिसहरूले अन्य जातिहरूलाई भयभीत पार्ने छन्।
कल्दी मानिसहरू आफूले जे सोच्दछन् त्यही गर्नेछन्,
अनि जहाँ जान इच्छा लाग्छ त्यही जानेछन्। ८तिनीहरूका
घोड़ाहरू चितुवा भन्दा पनि छिट्टो दौड़ने हुन्छन। अनि
सूर्य अस्ताए पछि निस्कने ब्वाँसाहरू भन्दा पनि डर
लाग्दा हुन्छन्। उनीहरूका घोड़सवार सैनिक सुदूर
स्थानबाट आउँछन्। तिनीहरूले तिनीहरूको शत्रुमाथि
यस्तो आक्रमण गर्छन जस्तो कि आकाशबाट चील
शिकारमाथि हानिन्छ। ९तिनीहरू सबै लड़ाई गर्न उत्सुक
छन्। तिनीहरूका सैन्य मरुभूमिको हुरी जस्तै छिटो
अघि बढ़्छन्। बाबेलका सेनाहरूले धेरै कैदीहरूलाई,
जो बालुवाको कण जस्तै गनी नसक्ने संख्यामा टाड़ा
लैजाने छन्।
१०"तिनीहरूका सैनिकरूले अन्य देशका राजाहरूको
हाँसो उढ़ाउनेछन्। अन्य देशका राजाहरू उनीहरूका
निम्ति तमाशा बन्नेछन्। तिनीहरूको सैनिकहरू अग्लो
किल्ला भएको शहरमा गएर हाँस्नेछन् किनकि ती
सैनिकहरूले माटोको दलदल परेको बाटो बनाएर
तिनीहरूलाई सजिलै हराउँनेछन्। ११फेरि उनीहरू अर्को
स्थानमा युद्धका निम्ति पहिलो स्थान छोड़ेर आउनेछन्
जसरी आँधी आउँछ अनि अघाड़ी बढ़ेर जान्छ, कल्दी
मानिसहरू आफ्नो शक्तिको पूजा गर्नछन्।"

## परमेश्वरलाई हबकूकको दोस्रो उजुर

१२हबकूकले फेरि भने, "हे परमप्रभु, तपाईं अमृत
हुनुहुन्छ, परमप्रभु तपाईं मेरो परमपवित्र परमेश्वर
हुनुहुन्छ जो कहिल्यै मर्नु हुँदैन। हे परमप्रभु! तपाईंले
बाबेलका मानिसहरूलाई न्याय गराउन सृष्टि गर्नु भयो।
हे हाम्रो चट्टान! तपाईंले अरु राष्ट्रहरूलाई सजाय दिन
तिनीहरूलाई नियुक्त गर्नुभयो।
१३तपाईंको आँखाहरूले दुष्ट कुरा हेर्न सक्तैनन्।
तपाईंले ती मानिसहरूले पाप गरिरहेका हेर्न सक्नु हुन्न।
यसकारण तपाईंले ती पापीहरूको विजय कसरी हेर्नु
हुन्छ? दुष्टहरूले धर्मी मानिसहरूलाई जितेको देख्दा
तपाईंले प्रतिक्रिया किन गर्नु हुन्न?
१४"तपाईंले मानिसहरूलाई यस्तो बनाउनु भयो जस्तो
समुद्रमा अनगन्ती माछाहरूछन, तिनीहरू समुद्रको जीव
जन्तु जस्तै छन् जसको कुनै शासक छैन्।"
१५शत्रुहरूले तिनीहरूलाई बल्छी अनि जाल लगाएर
पक्रिन्छन्। तिनीहरूले तिनीहरूलाई जालमा पक्रिन्छन
अनि शुत्र त्यसरी पक्रिएकोमा एकदमै खुशी हुन्छन्।
१६बल्छी अनि जालले माछा मार्छ त्यसको कामाईले
उसलाई मिठो खान र धनी हुन सहायता गर्छ।
यसकारण ती शुत्रहरूले जालहरूको पूजा गर्छन्।
तिनीहरूले जालका निम्ति बलिदान चढ़ाउँछन् अनि ती
चीजहरूको सम्मानमा धूप जलाउँछन्।
१७के यसरी तिनीहरू आफ्ना जालहरूले धन कमाई
रहनेछन्? के तिनीहरू लगातार कुनै दया नदेखाई
मानिसहरूलाई ध्वंश पारिरहने छन्?
२ "म एउटा प्रहारी झैं उभिन्छु र हेर्छु। परमप्रभुले
मलाई के भन्नु हुन्छ म पर्खेर सुन्नेछु। म प्रतिक्षा
गर्नेछु अनि म जान्नेछु कि उहाँले मेरो प्रश्नको के
उत्तरहरू दिनुहुन्छ।"

## हबकूकलाई परमेश्वरको जवाफ

२परमप्रभुले मलाई उत्तर दिनुभयो, "तिमीलाई जुन
कुरा दर्शाउँछु त्यसलाई राम्रोसित लेख। यो बचन सफा
र प्रष्ट संग लेख कारण अरू मानिसहरूले पनि हेरर
पढ़न सकुन्। ३यो समाचार त्यो एउटा विषेश भविष्यको
विषयमा छ। यो समाचार अन्तको समयको विषयमा हो
अनि यो सत्य हुन आउँनेछ। यस्तो लाग्नेछ त्यस्तो समय
कहिल्यै आउँनेछैन। तर धीरजसंग त्यसको समय प्रतिक्षा
गर। त्यो समय आउनेछ त्यो आउन ढिलो लाग्नेछैन्।
४यो समाचारले ती मानिसहरूलाई सहायता गर्ने छैन
जसले यसमाथि कान थाप्न अस्वीकार गर्नेछन्। तर
धर्मी मानिसहरूले यो समाचारमाथि विश्वास गर्नेछन्
अनि तिनीहरूलाई आफ्नो विश्वासको कारणले बाँच्न
दिइनेछ।"

५परमेश्वर भन्नुहुन्छ, "दाखरसले मानिसलाई धोखा
दिन सक्छ त्यस्तै प्रकाले एउटा शक्तिशाली मानिसको
घमण्डले उसलाई मूर्ख बनाउँछ। त्यो मानिसले शान्ति
पाउनेछैन्। उ एउटा मृत्यु जस्तै हो-उसले सधैं धेरै धेरै
इच्छा गर्छ। मृत्यु झैं उ कहिल्यै पनि तृप्त हुदैनँ।
उसले अर्को देशहरूलाई सधैँ हराई रहनेछ। उसले
अन्य सबै राष्ट्रहरूलाई कैदी जस्तै लगिरहनेछ। ६निश्चय
नै यी मानिसहरूले उसको हाँसो उड़ाउनेछन् अनि
भन्छन, 'अर्काको धन खोसेर धनी हुनेलाई धिक्कार
होस्, त्यसले कहिल्यै सम्म त्यसो गर्छ? त्यसलाई
धिक्कार होस् जो अर्काको धन खोसेर धनी हुन्छ।'

७"हे मानिस, तिमीले मानिसहरूको धेरै धन खोसेका
छौ। जे जति भइरहेछ त्यसको विरोधमा एक दिन ती
मानिसहरू उठ्नेछन्। उनीहरूले चाल पाउने छन् अनि
तिम्रो विरोधमा खड़ा हुनेछन्। त्यस समय तिनीहरूले ती
सबै कुराहरू तिमीबाट लिनेछन्। अनि तिमी भयभीत
हुने छौ। ८तिमीले धेरै देशहरू लुट्यौ। तर बाँकी
रहेका जातिहरूले तिमीलाई लुट्नेछन्। तिमीले धेरै
मानिसहरूको हत्या गर्‍यौ तिमीले खेतहरू र शहरहरू
नष्ट पार्‍यौ र बासिन्दाहरूलाई मार्‍यौ। ९हो, जो
मानिसले नराम्रो कर्म द्वारा धन कमाउँछ, उमाथि नराम्रो
कुराहरू हुनेछ। सुरक्षासित बाँच्नको लागि उसले त्यसो
गर्छ। उसले सोच्छ कि अरु मानिसहरूले उसको धन
लुटन सक्तैन, तर नराम्रो कुराहरू उमाथि घट्नेछ।

१०"तिमीले धेरै मानिसहरूको सर्वनाशको योजना
बनाएर राखेको छौ। तर ती योजनाहरूले तिम्रो घरमा
लाज-ल्याउनेछन्। तिमीले दुष्टयाँई गर्‍यौ यसकारण
तिमीले तिम्रो जीवन गुमाउनेछस्। ११तिम्रो घरको
पर्खालहरू तिम्रो विरुद्धमा चिच्याई चिच्याई बोल्नेछन।
तिम्रो घरका काठका घामहरूले पनि तिम्रो दुष्ट्याँईको
गवाई दिनेछ कि तिमीले दुष्ट कार्य गर्‍यौ। १२ती दुष्ट
शासकहरूलाई नराम्रो हुनेछ जसले निर्दोष मानिसहरूलाई
मारेर शहरहरूको निर्माण गर्छन अनि दुष्टाँईद्वारा शहरहरू
स्थापित गर्छन् तिनीहरूलाई नराम्रो हुनेछ। १३सर्वशक्तिमान
परमप्रभुले निर्णय लिनुभएको छ कि ती मानिसहरूले
निमार्ण गरेका शहरहरू सबै आगोले जलाएर खरानीमा
परिणत गर्ने। तिनीहरूको सबै मेहनत बेकामको भएर
जानेछ। १४तब सबैतिर मानिसहरूले परमप्रभुको महिमा
जान्नेछन् अनि यो खबर समुद्रमा पानी जसरी फिजिन्छ
त्यसरी नै फिजिनेछ। १५हाय! तिमीलाई हेर! जसले
आफ्ना साथीहरूलाई तिनीहरूलाई घर्खराउञ्जेल र चूर
भई मातेर लड़े झैँ नहुञ्जेल सम्म कुरछौ र जब
तिनीहरू नाङ्गो लड्छन तब हेर्छौ।*

१६"तर त्यसलाई परमप्रभुको क्रोधको विषयमा ज्ञान
हुन्छ। त्यो क्रोध विष को एउटा बोटुको समान हुन्छ
जुन परमप्रभुले आफ्नो दाहिने हातमा लिनु भएकोछ।
त्यस मानिसले त्यो क्रोधको विष चाख्नु पर्छ। तब त्यो
कुनै मातेको मानिस जस्तै मैदानमा लड़नेछ।

"हे दुष्ट शासक तिमीले विष को त्यो बोटुको
पिउनेछौ। तिमीले इज्जत होइन लाज पाउँनेछौ।
१७लबानोनमा तिमीले धेरै मानिसहरूको हत्या गरेको
छौ। तिमीले त्यहाँ धेरै पशुहरू लुटेको छौ। तिमीले
लबानोनमा गरेको हिँसाले तिमीलाई अत्याउनेछ। तिम्रो
पशुहरू अनि मानिसहरूको वृहत हत्याले तिमी भयले
आघातित हुनेछस्। ती शहरहरू अनि त्यहाँका
मानिसहरूलाई नराम्रो काम गरेकोले तिमी डराउँने छौ।"

## मूर्तिहरूको विषयमा समाचार

१८उसका झूटो देवताले उसलाई बचाउन सक्तैन।
किनकि त्यो त एउटा मानव निर्मित मूर्ति मात्र हो, जो
धातुले मोहरेर बनाइएकोछ। यसकारण मूर्ति निमार्ण-कर्तले
यसबाट सहायता पाउने अपेक्षा गर्न सक्तैन। त्यो मूर्ति
बोल्न सक्तैन। १९जसले एउटा काठको मूर्तिलाई भन्छ,
"हे देवता जाग उठ!" उसलाई अत्यन्तै नराम्रो हुनेछ।
त्यो मानिसलाई धिक्कार जसले एउटा ढुङ्गाको मूर्ति जो
बोल्न सक्तैन त्यसलाई भन्छ, "हे परमेश्वर! उठ,
जाग।" त्यो मूर्तिले सहायता गर्न सक्दैन अथवा मार्ग
दर्शन् दिन सक्तैन। मूर्ति सुन अथवा चाँदी द्वारा
मोहोरिएको छ, तर त्यसभित्र जीवन छैन्।

२०तर परमप्रभु, मूर्ति भन्दा भिन्दै हुनुहुन्छ। परमप्रभु
उहाँको पवित्र मन्दिरमा बस्नुहुन्छ। यसकारण परमप्रभुको
सामुने सम्पूर्ण पृथ्वी चुप बसेर उहाँ प्रति सम्मान प्रकट
गर्नु पर्छ।

## हबकूकको प्रार्थना

३ शिगिओनोथ* रागमा हबकूक अगमवक्ताले प्रार्थना
गर्छन्।

---

**हाय … हेर्छौ** जुन व्यक्तिले आफ्नो साथीहरूलाई दाखरसमा
विष थपेर मताउँछ अनि तिनीहरूको नाङ्गो अवस्था हेर्छ त्यो
अत्यन्तै नराम्रो हुनेछ।

२हे परमप्रभु, मैले तपाईंको विषयमा सुनें अनि आश्चर्यले पूर्ण भए। हे परमप्रभु! विगतमा जुन महान कार्यहरू गर्नुभयो म त्यसमा छक्क परें। अब म तपाईंलाई हाम्रो समयमा पनि यस्तो महान कार्यहरू गर्न होस् भनी प्रार्थना गर्छु। म तपाईंसित बिन्ती गर्छु कि यो हाम्रो दिनहरूमा ती कुराहरू हुन दिनुहोस् तर जब तपाईं क्रोधित हुनुहुन्छ तब पनि हामीमाथि दया देखाउँनु याद राख्नु होस्।

३परमेश्वर तेमानबाट आउँनु हुँदैछ। पारान पर्वतबाट एक पवित्र आउँनु हुदैछ आकाशमा उहाँको महिमाले स्वर्ग ढाक्यो, अनि पृथ्वी उहाँको प्रशंसाले भरियो।

४उहाँको गौरव चम्कन्छ। उहाँको हातबाट ज्योतिको किरणहरू निस्कियो अनि ती हातहरूमा उहाँको शक्ति लुकेको छ।

५उहाँको अघि रूढ़ी फैलिंदै गयो अनि विनाशक उहाँको पछि-पछि गयो।

६परमप्रभुले उभिएर पृथ्वीको नाप गर्नु भयो। उहाँले सबै जातिका मानिसहरूलाई तीब्र दृष्टिले हेर्नु भयो र तिनीहरू डरले काम्न थाले अनि प्राचीन पहाड़हरू ढलेर टुक्रा-टुक्रा भएर फुटे। अति प्राचीन पहाड़हरू ढले परमेश्वर सदा यस्तै हुनुहुन्छ।

७मैले कूशनका शहरहरूलाई संकष्टमा परेको देखें। मैले मिद्यानका घरहरू डरले कामिरहेको देखें।

८हे परमप्रभु, के तपाईं नदीहरूको विरुद्धमा क्रोधित हुनुभयो? के समुद्र तपाईंको क्रोधको पात्र बन्यो? के खोलाहरू प्रति तपाईं क्रोधित हुनुभयो जब तपाईंको विजयमा घोड़ाहरू अनि रथहरूमा सवार हुनु भयो, के तपाईं क्रोधित हुनुहुन्थ्यो?

९तैपनि तपाईंले तपाईंको इन्द्रधनुष देखाउँनु भयो। यो तपाईंको पृथ्वीको परिवारहरूका निम्ति प्रमाण थियो तपाईंले पृथ्वीलाई नदीहरूले छुट्याउनु भयो।

१०तपाईंलाई देखेर पहाड़हरू काम्न थाले; पानीले पृथ्वीमा बग्न शुरु गर्‍यो। जब गहिरो समुद्र भूमिबाट झर्‍यो यसले ठूलो हल्ला गर्‍यो।

११सूर्य अनि चन्द्रमाले आफ्नो प्रकाश दिन छाड्यो। जब तिनीहरूले तपाईंको उज्वल प्रकाश देखे, तिनीहरूले तिनीहरूको प्रकाश दिन बन्द गरे। त्यो बिजुली चम्किएको हावामा हिर्काएको भालाहरू अथवा काँड़हरू जस्तै थियो।

१२क्रोधमा तपाईं पृथ्वीमा हिड़नुभयो, अनि देशहरूलाई दण्ड दिनुभयो।

१३तपाईं आफैले आफ्नो मानिसहरूलाई बँचाउनु आउनु भयो। जसलाई तपाईंले विजयी बनाउनु रोज्नु भएको थियो त्यो राजालाई अगुवाई गर्नु आफै आउनु भयो। पृथ्वीको महत्वपूर्ण परिवारदेखि लिएर परिवारका प्रत्येक दुष्ट अगुवालाई तपाईंले मार्नु भयो।

१४शत्रुका सेनाहरू जसले हामीलाई शक्तिशाली आँधीले झैं पछ्याए। हामीलाई मार्ने चेष्टा गरे तिनीहरूलाई रोक्न तपाईंले मोशाको लौरो प्रयोग गर्नु भयो। गुप्त रूपले गरीबलाई लुटे झैं तिनीहरूले सोचे कि हामीलाई सजिलै जित्न सक्नेछौं।

१५तर तपाईं गहिरो समुद्रमा तपाईंको आफ्नै घोड़ाबाट माटोलाई घोल्दै तर्नु भयो। माटोलाई घोल्दै तर्नु भयो।

१६मैले यी कुराहरू सुनें, अनि मेरो शरीर काम्न थाल्यो। मैले जोड़संग सुस्केरा हालें। मैले मेरो हड्डीहरू एकदमै कमजोरी भएको अनुभाव गरें। म त्यहाँ थर थर काम्दै उभिरहे। यसकारण जब शत्रुहरू मानिसहरूलाई आक्रमण गर्न आउँछन् म विनाशको दिन धैर्यता साथ पर्खिरहनेछु।

### परमप्रभुमा संधै आनन्दित बस

१७चाहे नेभाराको रूखहरूमा फल लागोस् अथवा नलागोस्, दाखको बोटमा फलहरू लागोस् अथवा नलागोस् भद्राक्षको बोटमा फल लागोस् या नलागोस् अन्न भूमिमा उमियोस् अथवा नउम्रियोस् खोरहरूमा केही भेड़ाहरू होस् अथवा नहोस् गोठहरूमा केही गाईहरू होस् अथवा नहोस्।

१८तर म अझै परमप्रभुमा आनन्दित रहने छु। म मेरो उद्धारकर्ता परमेश्वरमा रमाउनेछु।

१९परमप्रभु जो मेरा मालिकले मलाई बल दिनुहुन्छ, उहाँले मलाई हरिण जस्तै दगुर्नमा सहायता गर्नुहुन्छ। उहाँले मलाई सुरक्षासंग पहाड़मा चढ़ाउनु हुन्छ।

*संङ्गीत - निर्देशकको निम्ति मेरो*
*तार - वाद्यहरूमा बजाइने राग।*

---

**शिग्गिओनोथ** एक किसिमको भजन हो!

# नहूमको पुस्तक

१ निनवेशको शहरको विषयमा यो दु:खको वचन हो। यो पुस्तक नहूमको दर्शनको पुस्तक हो। नहूम एल्कीशीका थिए।

### परमप्रभु निनवे प्रति क्रोधित हुनुहुन्छ

२परमप्रभु ईर्षालु र बदला लिने परमेश्वर हुनुहुन्छ। परमप्रभुले दोषीहरूलाई दण्ड दिनुहुन्छ। परमप्रभुले उहाँको विरोधी मानिहरूलाई दण्ड दिनुहुन्छ र एकदमै क्रोधित हुनुहुन्छ। परमप्रभुले उहाँका शुत्रहरूलाई दण्ड दिनुहुन्छ र उनीहरूसंग एकदमै क्रोधित हुनु हुन्छ।

३परमप्रभु धैर्यशील हुनुहुन्छ, तर उहाँ अत्यन्तै शक्तिशाली पनि हुनुहुन्छ अनि परमप्रभुले दोषीलाई दण्ड दिनु हुन्छ। उहाँले तिनीहरूलाई भाग्न दिनुहुँदैन्। हेर, परमप्रभु दुष्टजनहरूलाई दण्ड दिन आउँनुहुँदैछ। उहाँले आफ्नो शक्ति देखाउँनका निम्ति भुवरी र आँधी ल्याउनु हुनेछ। मानिसहरू यो पृथ्वीमा माटोमाथि हिड़छन् तर परमप्रभु बादलमा हिड़नुहुन्छ।

४परमप्रभु समुद्रसित कर्कश शब्दमा बोल्नु हुन्छ अनि त्यो समुद्र सुक्छ। सबै नदीहरू सुक्नेछ। बाशान र कर्मेलको हरियाली सुक्खाले मार्नेछ। लबानोनको फूलहरू ओइलिनेछन्।

५परमप्रभुको आगमन हुनेछ अनि पहाड़हरू डरले काम्नेछन्, अनि पहाड़हरू पग्लेर बग्नेछन्। परमप्रभुको आगमन हुनेछ र पृथ्वी डरले काम्नेछ। यो संसार अनि यसमा रहने सबै डरले काम्नेछन्।

६परमप्रभुको भयानक रिसको अघि कोही पनि उभिन सक्तैन्। कसैले पनि परमप्रभुको भयानक रिस सहन सक्तैन्। उहाँको क्रोध आगो झैं हुन्छ। जब उहाँ आउनुहुन्छ तब चट्टानहरू समेत टुक्रा-टुक्रा हुन्छन्।

७परमप्रभु असल हुनुहुन्छ! उहाँ कष्टको समयमा सुरक्षित स्थान हुनुहुन्छ। उहाँमाथि भरोसा गर्नेहरूको उहाँले हेरचाह गर्नुहुन्छ।

८तर उहाँले आफ्नो शत्रुहरूलाई पुरै ध्वंश पार्नु हुन्छ। उहाँले शत्रुलाई बाढ़ीको पानीले बगाए जस्तै बगाउँनु हुन्छ। अँध्यारोको बीचमा उहाँले आफ्नो शत्रुहरूलाई लखेट्नु हुन्छ।

९के तिमीले परमप्रभुको विरुद्धमा षड्यन्त्र रच्दैछौ? परमप्रभुले तिमीलाई समाप्त पारिदिनु हुनेछ अनि अरु धेरै कष्ट पैदा गर्न सक्षम हुने छैनौ।

१०भाड़ाँ भित्र अड़किएर जलिरहको काँड़ाहरू जस्तौ तिमीहरू ध्वंश हुनेछौ। सुकेको बल्ने घाँसहरू जस्तौ तिमी भूटै ध्वंश हुनेछौ।

११हे अशशूर! एउटा मानिस तिमीहरूबाट आएकोछ। त्यसले परमप्रभुको विरूद्धमा षड़यन्त्र रचेकोछ अनि खराब सल्लाहहरू दिएकोछ।

१२परमप्रभुले यहूदासंग भन्नु हुन्छ, "अश्शूरका मानिसहरू अत्यन्तै शक्तिशाली छन्। तिनीहरूका सैनिकहरू अनगन्ती छन्, तर तिनीहरू सबै काटिनेछन् अनि फ्याँकिनेछन्। प्रत्येकलाई शेष गरिनेछ। हे मेरो मानिसहरू! मैले तिमीहरूलाई धेरै कष्टहरू दिएँ, तर म अब तिमीहरूलाई अरु वेशी कष्ट पैदा गर्नेछैन्।

१३म अब तिमीहरूलाई अश्शूरको शक्तिबाट मुक्त गर्नेछु। म तिमीहरूको गर्दनबाट त्यो जुवा फुकालि दिनेछु। त्यसलाई म चकनाचुर पार्नेछु। जुन साङ्गलोले तिमीहरू बाँधिएका छौ त्यसलाई टुक्रयाउनेछु।"

१४हे, अश्शूरको राजा! तिम्रो सम्बन्धमा परमप्रभुले यो आज्ञा दिनुभएकोछ, "तिम्रो नाउँ राख्नलाई तिम्रो कुनै सन्तान रहनेछैन्। तिम्रो खोपेको अनि धातुले बनाएको मूर्तिहरू जुन तिम्रो देवताहरूको मन्दिरमा राखिएकाछन् म सबै ध्वंश पार्नेछु। म तिम्रा निम्ति चिहान बनाउँदैछु किनकि तिम्रो अन्तिम क्षण आउँदैछ।

१५हेर यहूदा! पहाड़माथिबाट त्यहाँ कोही आउँदैछ। हेर, कसैले सुसमाचार लिएर आउँदैछ। हेर, त्यसले भन्दैछ, 'त्यहाँ शान्ति छ।' यहूदा तिमीले आफ्नो विशेष भोज मनाऊ। यहूदा तिमी आफ्नो भाकल पुरा गर। फेरि दुष्टले तिमीमाथि आक्रमण गर्नेछैनन्। ती सबै दुष्टहरू ध्वंश पारिनेछन्।

### निनवे नष्ट हुनेछ

२ हे निनवे, तिम्रो विरूद्धमा युद्ध गर्न शत्रुहरू आउँदैछन्। यसकारण तिमीले आफ्नो शहर शक्तिशाली भूमिहरू सुरक्षित राख। बाटोमा रक्षा गर युद्धको निम्ति तयार होऊ। लड़ाइँका निम्ति तत्पर होऊ।

२किनभने परमप्रभुले इस्राएलको महिमा जस्तै याकूबको महिमा फर्काएर ल्याँउदै हुनुहुन्छ। शत्रुले तिनीहरूलाई ध्वशं पारेकोछ अनि तिनीहरूको दाखबारी नष्ट पारेकोछ।

३ती सैनिकहरूको ढालहरू राता छन्। तिनीहरूको पोशाक रातो चहकिलो छ। उनीहरूको रथहरू लड़ाइँको लागि पंक्तिमा राखिएकाछन् अनि आगोको ज्वाला झैं

चम्किरहेकाछन्। तिनीहरूका भालाहरू ठाड़ो राखिएका
छन्।
४तिनीहरूका रथहरू बाटोमा अत्यन्तै बेगसित
दौड़िन्छन्। तिनीहरू खूल्ला मैदानमा यता उता गरिरहन्छन।
तिनीहरू बलिरहेको राँकोहरू जस्तो, ठाउँ ठाउँबाट
बिजुली चम्किरहे जस्तो देखिन्छन।
५शत्रुले आफ्नो सर्वोत्तम सेनाहरूलाई बोलाइ रहेकाछन।
तर जब तिनीहरू बाटोमा कदम मिलाएर अघि बढ़छन्
तब तिमीनरू धर्मराउँछन। तिनीहरू भित्ता तिर आतुरिँदै
अघि बढ्छन् अनि तिनीहरूको रक्षा ढाल भित्ता भत्काउने
यन्त्रमाथि राख्छन्।
६तर बाढ़ीका फाटकहरू खुल्ला छन्। शत्रुहरू
बाढ़ी झैं भित्र पसिरहेकाछन् अनि राजाको महल ध्वंश
पारिदैछ।
७हेर, शत्रुहरूले रानीलाई लाँदैछन् अनि तिनका
नोकर्नीहरू छाती पिट्दै ढुकुरहरू झैं विलाप गर्दैछन।
८निनवे पानीको तलाउ जस्तै छ जसको पानी बगरे
गइरहेकोछ। मानिसहरू चिच्याउँदै भन्दैछन, "पर्ख!
पर्ख! भागेर नजाऊ।" तर नत कोही रोकिए न त
कसैले त्यसको वास्ता नै गरे।
९हे, सैनिकहरू ज-जसले निनवेको विनाश गरिरहेकाछौ
तिमीहरूले चाँदी लैजाऊ। तिमीहरूले सुन लैजाऊ। यहाँ
सुन र चाँदीका धेरै वस्तुहरू छन्। यहाँ धेरै बहुमूल्य
वस्तुहरू छन्।
१०अब निनवे रित्तियो। प्रत्येक चीज चोरियो। शहरको
विनाश भयो। मानिसहरूको साहस हरायो। तिनीहरूको
हृदय डरले गलेकोछ। तिनीहरूको घुँड़ाहरू काम्दैछन
तिनीहरूको शरीरहरू काम्छ, तिनीहरूको अनुहारहरू
डरले पहेंलो भएकाछन्।
११सिंहहरूका गुफा अब खोई? जहाँ सिंह अनि
सिंहनीहरू बस्थे। उनीहरूको डमरूहरू निर्भय साथ
रहन्थे।
१२जुन सिंहहरूले आफ्नो डमरूहरू र सिंहनीहरूको
निम्ति कति शिकार मारेका थिई, अनि आफ्नो गुफा
भरेको थिई। त्यसले आफ्नो ओड़ारमा शिकार गरेर
ल्याएका पशुहरूले र चिथोरेका मासुहरूले भरपूर
पर्दाथी।
१३सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ: "निनवे, म तिम्रो
विरूद्धमा छु। म तिम्रा रथहरू जलाई दिनेछु। म तिम्रो
जवान सिंहहरूलाई तरवारले मारिदिने छु। तिमीले
कसैलाई पनि पृथ्वीमा शिकार गर्ने छैनस्। मानिसहरूले
फेरि कहिले पनि तिम्रो वचनबाट नराम्रो समाचारहरू
सुन्ने छैन।"

## निनवेको निम्ति नराम्रो समाचार

३ यो हत्याराहरूको शहरलाई एकदमै नराम्रो हुनेछ!
निनवे शहर झूटले भरिएको छ। यो अन्य
देशहरूबाट ल्याएको छनले भरिएकोछ। यो सधैं भरि
शिकारहरूले भरिएकोछ।
२तिमीहरूले कोर्राहरूको आवाज, पाङग्राहरूको
आवाज, घोड़ाहरूका दौड़ अनि रथहरू दगुर्दै गरेको
आवाज सुन्दैछौ।
३घोड़-सवारहरूले आक्रमण गरिरहेकाछन् र तिनीहरूको
तरवारहरू चम्किरहेकाछन्, तिनीहरूका भाला चम्किरहेको
छ। त्यहाँ लाशहरूको थुप्रो छ, अनगन्ती लाशहरू
छरिएका छन् मानिसहरू ती लाशमा ठेस लागी
लवराइरकाछन्।
४यी सबै निनवेको कारणले भएको हो। निनवे
वेश्या जस्तै छे जो कहिल्यै पनि तृप्ति हुदिँन। त्यसलाई
अझैं धेरै धेरै चाहिन्छ। उसले आफूलाई धेरै अरू
देशमा बेच्यो अनि त्यसले उसलाई आफ्नो दास बनाउँन
टुना-मुना गऱ्यो।
५सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "हे निनवे म
तिम्रो विरूद्धमा छु। म तिम्रो पोषाक तिम्रो अनुहारमाथि
उठाउनेछु। सबै राष्ट्रहरूलाई तिम्रो नग्न शरीर देखाइ
दिनेछु। ती राज्यहरूले तिम्रो लाज हेर्नेछन्।
६म तिमी माथि घृणा लाग्दा चीजहरू फ्याँकिदिनेछु।
म तिमीलाई घृणित व्यवहार गर्नेछु। मानिसहरूले तिमीलाई
देख्नेछन्, अनि तिमीलाई देखेर हाँस्ने छन्।
७प्रत्येक जसले तिमीलाई देख्नेछ छक्क पर्नेछन।
तिनीहरूले भन्ने छन्, 'नीनवे ध्वंश भयो! उसका निम्ति
को रून्छ?' म जान्दछु कि तिमीलाई सान्तवना दिने म
कोही पनि भेट्ने सक्दिन निनवे।"
८निनवे, के तिमी नील नदीको किनारमा अवस्थित
अमोन शहर भन्दा असल छौ? होइन, अमोनको
चारैतिर पानी थियो अनि ओमनले यो पानी स्वंयलाई
उनका शत्रुहरूबाट बचाउनका निम्ति प्रयोग गर्थ्यो।
उसले यो पानी सुरक्षित पर्खालको रूपमा प्रयोग गऱ्यो।
९कूश र मिश्रले अमोनलाई धेरै शक्ति दिए। त्यसलाई
पूत अनि लिबियाको पनि समर्थन प्राप्त थियो। १०तर
अमोन पराजित भयो। तिनका मानिसहरूलाई कैदी
बनाएर अर्को देशमा लगियो। गल्लीहरूको कुनामा
शत्रुका सैनिकहरूले उसका साना नानीहरूलाई पछारेर
टुक्रा-टुक्रा पाऱ्यो। कुन मानिसले उसका कुन महत्वपूर्ण
मानिसहरूलाई कमरा बनाउन सक्छ, त्यो हेर्न चिठ्ठा
हाले। आमोनको सबै महत्वपूर्ण मानिसहरूलाई उनीहरूले
साङलोले बाँधे।
११यसकारण निनवे, एउटा मातेको मानिस जस्तै
लड़ने छौ। तिमी लुक्ने चेष्टा गर्ने छौ। शत्रुबाट टाढ़ा
सुरक्षित स्थान खोज्दै हिड़ने छौ। १२तर निनवे, तिम्रो
सबै बलियो ठाउँहरू नेभाराको रुखहरू जस्तै हुनेछन।
नयाँ नेभाराको फल पाक्नेछ, कुनै एउटा मानिस आएर
बोट हल्लाई दिन्छ र सबै नेभारा त्यो मानिसको मुखमा
खस्छ। त्यसले सबै खान्छ र सबै सकिन्छ।

**१३**निनवे तिम्रो सबै मानिसहरू, स्त्रीहरू जस्तै छन्
अनि तिनीहरूलाई लान शत्रुका सैनिकहरू तयार छन्।
तिम्रो भूमिका फाटकहरू तिम्रो शत्रुहरूका निम्ति खुल्ला
छन् अनि तिनीहरू भित्र पस्दै छन्। तिम्रो फाटकका
काठका बारहरू जलाएर ध्वंश पारेकाछ।

**१४**तिमी पानी जम्मा गर, आफ्नो शहरभित्र जमा
राख। किनकि शत्रुका सेनाहरूले तिम्रो शहर घेर्नेछन्।
तिनीहरूले शहरभित्र कसैलाई पनि खाना अथवा पानी
ल्याउन दिनेछैनन्। आफ्नो सुरक्षा बलियो बनाऊ। अनि
धेरै इटाँ बनाउँनको लागि माटो जमा गर। ईटाँ
बनाउनको लागि मसला मिसा अनि साँचो ठीक पार।
**१५**तिमी यी सबै कामहरू गर्न सक्छौ तर फेरि आगोले
तिमीलाई पूर्ण रूपले ध्वंश पार्नेछ। अनि तरवारले
तिमीलाई मार्नेछ। तिम्रो केहिहरू भूमि यस्तो देखा पर्नेछ
मानौं केही सलहहरू आएकाछन र यसको हर चीज
खाइदिएका छन्। नीनवे तिमी लगातार बढ्दै गयौ तिमी
फटेग्रोको हूल झैं भइस्। तिमी सलहको हूल झैं
थियौ।

**१६**तिम्रो व्यापारीहरूको जो विभिन्न ठाँउहरूमा गएर
सामानहरू किन्छन् तिनीहरूको संख्या बढ़ेकोछ। तिनीहरू
आकाशका ताराहरू जस्तै धेरै भएकाछन्। तिनीहरू
सलहको हूल जस्तै भएकाछन् जसले प्रत्येक वस्तु
समाप्त नहुञ्जेल सम्म खान्छन् अनि त्यस पछि
जान्छन्। **१७**अनि तिम्रो राज्यका अधिकारीहरू, सलहहरू
जस्तै छन्। यी ती सलहहरू जस्तै छन् जो
जाड़ोको दिनमा चट्टानमाथि बस्छन् तर सूर्य उदाए पछि
चट्टानमा गर्मी हुन थाल्छ अनि ती उड़ेर कता जान्छन्
कसैलाई पनि थाहा हुँदैन्। तिम्रो अधिकारीहरू पनि
यस्तै छन्।

**१८**हे अश्शूरका राजा, तिम्रो गोठालाहरू निदाइरहेका
छन्। ती शक्तिशाली मानिसहरू आराम गरिरहेका छन्
अनि तिम्रो मानिसहरू पर्वतहरूमा घुमिरहेकाछन्।
तिनीहरूलाई फर्काएर ल्याउने कोही छैन। **१९**निनवे,
तिमी नराम्रो प्रकारले घायल भएको छौ, अनि त्यस्तो
कुनै चीज छैन् जसले तिम्रो घाउलाई निकोपार्छ।
जस-जसले तिम्रो विनाशको समाचार सुन्छ तिनीहरू
सबैले ताली बजाउँछन्। उनीहरू सबै प्रसन्न हुन्छन्।
किन? किनभने उनीहरू सबैले त्यो पीड़ा अनुभव
गरेकाछन् जुन तिमीले उनीहरूलाई सधैं दुःख दिने
गर्थ्यौ।

# मीकाको पुस्तक

### सामरिया र इस्राएललाई दण्ड दिनेछ

**१** परमप्रभुको यो वचन मीकाकहाँ आयो। यो राजा यताम, आहाज र हिजकियाहका समयमा भएको थियो। यी मानिसहरू यहूदाका राजाहरू थिए। मीका मोरेशेत बाट आएका थिए। मीकाले यो दर्शन सामरिया र यरुशलेमको विषयमा देखे।

२हे जाति-जातिका मानिसहरू हो! तिमीहरू सबैले सुन, हे पृथ्वी र त्यसमा बस्ने मानिसहरू सुन। मेरा मालिक, परमप्रभु उहाँको पवित्र मन्दिरबाट आउँदै हुनुहुन्छ। मेरा मालिक तिमीहरूको विरुद्धमा एकजना साक्षी भई आउँनु हुनेछ।

३हेर, परमप्रभु आफ्नो वास स्थानबाट बाहिर जाँदै हुनुहुन्छ। उहाँ पृथ्वीको अग्लो ठाँउमा जानको निम्ति उभिएर तल आउँदै हुनुहुन्छ।

४परमप्रभु परमेश्वरको चरणमुनि पर्वत पग्लेर जाने छ जसरी आगोमा मैन पग्लिने छ जसरी पहाड़बाट पानी बगेर झर्नेछ।

५यो किन भएकोछ? यस्तो भयो किनभने याकूबले पाप गरेको थियो। किनभने इस्राएलका कुल समूहहरूले पाप गरेका थिए। याकूबको पाप के हो? यो सामरीया हो। यहूदाका अग्लो स्थान कुन हो? यो यरूशलेम हो।

### सामरिया पापको कारण

६यसकारण म सामरियालाई खाली मैदानमा भग्नावशेषको थुप्रोमा परिणत गरिदिनेछु। त्यो यस्तो स्थान हुनेछ जहाँ दाख रोपिनेछ। म सामरियाका ढुङ्गाहरूलाई बेंशीमा फालिदिनेछु र त्यसका जगहरू सतहमा पुर्‍याइदिनेछु।

७म त्यसका सबै मूर्तिहरू टुक्रा-टुक्रा पारिदिनेछु। सबै धनहरू जे त्यसले कमाएको छ भस्म पारिदिनेछु र म तिनीहरूका झूटा देवताहरूको मूर्तिहरू सबै ध्वंश गरिदिनेछु, जबकि यी मूर्तिहरू वश्यावृति मार्फत बनिएका थिए? ती मूर्तिहरू फेरि वेश्याहरूलाई तिर्न नै प्रयोग हुनेछन्।

### मीकाको ठूलो दुःख

८म चाँडै विनाशको विषयमा अति शोकाकुल हुनेछु र म प्रलाप गर्नेछु। म खालि खुट्टा र नाङ्गै हिड़नेछु। म स्याल जस्तै साह्रो कराउँनेछु र शतुमुर्ग झैं विलाप गर्नेछु।

९सामरियाको घाऊ निको हुनेछैन। त्यसको पाप यहूदासम्म फैलनेछ। यो मेरा मानिसहरूको शहरको प्रवेशद्वार सम्म जानेछ, किनकि यो त यरूशलेम सम्म आइपुगेको छ।

१०यो कुरा गातमा नभन। त्यसका निम्ति रूदैं नरोऊ, विलाप गर्दै बेत-लाप्रामा धुलोमा लड़ीबाड़ी गर।

११हे शाफीरका बासिन्दाहरू हो, तिमीहरू आफ्नो बाटोमा नाङ्गो र लज्जित भएर जाऊ। ती मानिसहरू जो सानानको बासिन्दा हुन बाहिर आउने छैनन्। बेतेसेलमा मानिसहरूको रुवाबासीले तिमीबाट सहायता लिनेछ।

१२मारोतका बासिन्दाहरूले केही राम्रो कुरा होस् भनी व्याकुलतापूर्वक पर्खिरहेकाछन्। किन? किनभने कष्ट परमप्रभुबाट यरूशलेमको मूलढोकामा आएको छ।

१३हे लाकीशका वासिन्दाहरू हो! तिमीहरूले वेगवान घोड़ाहरू रथमा बाँध। सियोनको पाप रथहरूबाट नै शुरू भएको थियो। जसको मार्फत तिनीहरूले इस्राएलले गरे जस्तै पाप गरे।

१४यसकारण मोरशेत गातमा तिम्रो बिदाको सौगात तिमीले दिनु पर्नेछ। अकजीबका घरहरूले इस्राएलका राजालाई धोका दिनेछन्।

१५हे मोरेशाका वासिन्दाहरू! तिमीहरूको विरूद्ध म एकजना मानिस पठाउनेछु जसले तिमीहरूबाट सबै चीजहरू खोस्नेछ। इस्राएलको महिमा अदुल्लाम सम्म आउनेछ।

१६यसकारण तिमीले आफ्नो केश काट, चिण्डे* होऊ। किन? किनकि तिमी आफ्नो छोरा-छोरी जसलाई तिमी माया गर्छौ तिनीहरूका निम्ति रूनेछौ अनि तिम्रो शोक दर्शाउनका निम्ति एउटा गिद्ध झैं चिण्डे होऊ। किन? किनकि तिम्रो नानीहरूलाई कैदी झैं लगिनेछ।

### मानिसहरूका दुष्ट योजना

**२** मानिसहरूमाथि यस्तो विपत्ति आइपर्नेछ, जो पापपूर्ण योजनाहरू बनाउछन्। यस्ता मानिसहरू ओछ्यानमा सुति-सुति षड्यन्त्र रच्दछन्, अनि बिहान उज्यालो हुने बित्तिकै आफ्नो षड्यन्त्रमा हिड्न थाल्छन्। किन? किनकि त्यसो गर्ने सामर्थ तिनीहरूसँग छ।

---

**चिण्डे** मानिसले शोक देखाउन उनीहरुको केश मुण्डन गरे।

२तिनीहरूले जमीनहरूको चाहना गर्छन भने तिनीहरूलाई लिन्छन। तिनीहरूले घरहरू लिने इच्छा गर्छ भने यसलाई लिन्छन्। तिनीहरूले कुनै पनि मानिसलाई धोका दिन्छन र उसको घर लान्छन। तिनीहरूले एउटा मानिसलाई धोका दिन्छन र उसको सबै चिजहरू लिनेछन।

## मानिसहरूलाई सजाय दिने परमप्रभुको योजना

३यसकारण परमप्रभु यी कुराहरू भन्नुहुन्छ, "हेर म तिनीहरूमाथि विपत्ति ल्याउने योजना बनाउँदैछु। तिमी आफ्नो सुरक्षा गर्न सक्तैनौ। तिमीले आफूले आफैलाई यो कष्टमा सहायता गर्न सक्तैनौ। किन? किनभने नराम्रो समय आउँदैछ!

४त्यस समय मानिसहरू तिमीमाथि हाँस्नेछन्। तिम्रो विषयमा विलापको गीत तिनीहरूले गाउनेछन। अनि भन्नेछन्: 'हामी नष्ट भयौ, परमप्रभुले हाम्रा मानिसहरूको जमीन खोसेर अरू मानिसहरूलाई दिनु भयो। हो उहाँले मेरो जमीन हाम्रो शत्रुहरूलाई बाड़िदिनु भयो।

५जब त्यो भूमि परमप्रभुका मानिसहरूको सभामा चिठ्ठा हालेर बाढ़िन्छ प्रतिनिधिको रुपमा सेवा गर्ने तिम्रो कोही हुनेछैन।'"

## मीकालाई उपदेश दिन दिएनन्

६मानिसहरू भन्छन्, "तिमीले हामीलाई उपदेश नदेऊ उनीहरूले यस्तो गर्नु हुँदैन थियो, हामीमाथि कुनै नराम्रा कुरा आईपर्ने छैन्।"

७याकूबका मानिसहरूले भन्छन, "के परमप्रभु रिसाउनु भएको छ? के उहाँका कर्महरू यी हुन्? के धार्मिक जीवन जिउनेहरूको लागि उहाँले असल चीजहरू गर्नुहुन्न र?

८तर ऐले मेरो आफ्नै मानिसहरू मेरो शत्रु भएका छन्, जसले आफू सुरक्षित छौं भनी सम्झन्छन तिमीहरू उनीहरूको खाष्टो चोर्छौ जस्तो कि तिनीहरू युद्ध बन्दीहरू हुन्।

९मेरो मानिसहरूका स्त्रीहरूलाई तिमीहरूले घरबाट निकालेर जानको निम्ति विवश बनायौ, जुन घरहरू राम्रो र आराममय थिए तिमीले उनीहरूको साना-साना नानीहरूलाई मेरो आशिष देखि वंचित गरायौ।

१०उठ, अनि यहाँबाट भाग! त्यो विश्राम गर्ने ठाँउ होइन। किनभने यो ठाँउ पवित्र छैन् यो नष्ट भएर गयो, यो डरलाग्दो विनाश हो।

११यो सम्भव हुन्छ कि एकजना भुटा-अगमवक्ता आउँछ अनि भूटो बोल्छ। उसले भन्छ सक्छ, "यस्तो एउटा समय आउनेछ जब त्यहाँ प्रशस्त मद हुनेछ।" यस प्रकारका अगमवक्ता तिनीहरू चाहन्छन्।

## परमप्रभुले उहाँका मानिसहरूलाई एकसाथ ल्याउनुहुन्छ

१२हो, हे याकूब म निश्चयनै तिमीहरू सबैलाई भेला गर्नेछु। म इस्राएलका बाँचेका सबैलाई भेला पार्नेछु। म तिमीलाई गोठमा भेड़ा बाख्राहरू र खर्कका बीचमा बथान झैं एकै ठाँउमा राख्नेछु। फेरि त्यो स्थान धेरै मानिसहरूको भीड़ले खचाखच र हल्ला-खल्ला हुनेछ।

१३तिनीहरू मध्ये एकजना आउनेछ, जसले पर्खाल भत्काएर जान सक्नेछ। उसले पर्खाल भत्काएर मानिसहरूको अघि बाटो बनाउनेछौं र मानिसहरूको अघि बाटो तयार पारिनेछ। तिनीहरू मोक्ष प्राप्त गरेर त्यो शहर छोड़ेर जानेछन्। तब राजा तिनीहरूसँग जानेछन। परमप्रभु मानिसहरूसँग हुनुहुनेछन्।

## इस्राएलको अगुवाहरू दुष्टको अपराधी

**३** फेरि मैले भनें, "हे याकूबका अगुवाहरू, अब सुन। इस्राएलको शासकहरू तिमीहरूले न्याय के हो जान्नु पर्छ।

२तर तिमीहरूले मलाई घृणा गरेर खराबलाई प्रेम गर्छौ। तिमीले मानिसहरूको छाला काढ़छौ। तिमीहरूले तिनीहरूका हड्डीहरूबाट मासु निकाल्दछौ।

३तिमीहरूले मेरा मानिसहरूलाई ध्वंश पारिरहेका छौ। तिमीहरूले उनीहरूको छाला सम्म काढ़ी रहेकोछौ। तिनीहरूको हड्डीहरू भाँचेर अनि तिनीहरूलाई भाँड़ामा पकाइने मासुको टुक्राहरू जस्तै बनाउँदै तिनीहरूको छाला काढ़िरहेकाछौ।

४तिमीहरूले परमप्रभुको प्रार्थना गरिरहेकाछौ तर परमप्रभु जवाफ दिनुहुन्न। परमप्रभुले आफ्नो मुख तिनीहरूदेखि लुकाइरहनु भएकोछ। किन? किनकि तिमीहरूले नराम्रो कर्म गरेकाछौ।"

## भूटो अगमवक्ताहरू

५परमप्रभु भूटा अगमवक्ताहरूको विषयमा भन्नुहुन्छ जसले मेरा मानिसहरूलाई पाप गर्न लगाए।

"यदि मानिसहरूले यी भूटो अगमवक्ताहरूलाई खान दियो भने, "तिमीलाई शान्ति होस भन्छन्, यदि ती मानिसहरूले खान दिएनन् भने तिनीहरूको विरूद्ध सेनाहरू भड़काउँछन्।

६यसकारण यो तिम्रो निम्ति रात झैं हुनेछ, तिमीले कुनै दर्शन देख्न पाउनेछैनौ। भविष्यको गर्वमा जे लुकेकोछ, तिमीले बताउँन सक्तैनौ। यसकारण तिमीहरूलाई अँध्यारो जस्तै लाग्नेछ। अगमवक्ताहरूमाथि सूर्य अस्ताउनेछ। अनि उनीहरूलाई दिने पनि रात जस्तो हुनेछ।

७दर्शन देख्नेहरूलाई लज्जित पारिनेछ। एकजना मानिस जो अगमवक्ता हो उसलाई झमेलामा पारिन्छ। तिनीहरूले

आफ्नो अनुहार छोप्छन्। किन? किनभने परमेश्वरबाट
त्यहाँ उत्तर आउनेछैन्।"

### मीका परमेश्वरका साँचो अगमवक्ता हुन

८तर परमप्रभुको आत्माले मलाई शक्ति, न्याय, अनि
सामर्थ्य दिनुभएको छ। म याकूबलाई उसको अपराध
बताउँनेछु। हो, म इस्राएललाई त्यसको पापको बिषयमा
भन्नेछु।"

### इस्राएलको अगुवाहरू दोषी छन्

९हे याकूबका अगुवाहरू, इस्राएलका शासकहरू,
तिमीहरू मेरो कुरा सुन। तिमीहरू न्यायलाई घृणा
गर्छौ। यदि कुनै वस्तु सोझो बाटोमा छ भने, तिमीहरूले
त्यसलाई बाङ्गो पारिदिन्छौ।
१०तिमीहरूले सियोनको निर्माण गर्दा मानिसहरूको
हत्या गर्‍यौ। तिमीहरूले यरूशलेमलाई पापको मूलढोका
बनाउँछौ।
११यरूशलेमका न्यायधीशले घुस लिएर न्याय गर्दछन्।
यरूशलेमका पूजाहारीहरूले ज्याला लिएर व्यवस्था
सिकाउँछन्। मानिसहरूले अगमवक्तालाई पैसा दिनुपर्थ्यो,
अनि मात्र उनीहरूले कुनै दण्ड पाउँदैनथिए। उनीहरूले
सोच्थे, परमप्रभुले उनीहरूलाई बचाउँछन् अनि भन्छन्,
"परमप्रभुले हामीलाई साथ दिनुहुन्छ, यसैकारण हामीमाथी
कुनै विपत्ति आउन सक्तैन्।"
१२हे अगुवाहरू! तिमीहरूको कारणले सियोनको
विनाश भयो। यसैकारण यो खेत झैं जोतिनेछ।
यरूशलेम ढुङ्गाको थुप्रो बनिनेछ अनि मन्दिरको डाँड़ा
जंगलले ढाकिएको पहाड़ जस्तै सुनसान हुनेछ।

### व्यवस्था यरूशलेमबाट आउने छ

४ अब पछिल्लो दिनमा परमप्रभुको मन्दिर, डाँड़ा
चाँहि पहाड़हरूमा सर्वोच्च बनाइनेछ, अनि त्यो
पहाड़हरू भन्दा उच्च पारिनेछ अनि अरू जातिहरू
त्यसमा ओइरिएर आउनेछन्।
२धेरै मानिसहरू त्यहाँ आएर भन्नेछन् "आऊ,
हामीहरू परमप्रभुको पहाड़, याकूबको परमेश्वरको
मन्दिरमा जाउँ, र उहाँले हामीलाई आफ्नो मार्ग सिकाउँनु
हुनेछ। हामीहरू उहाँको मार्गमा हिड्नेछौ।" किनभने
व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट
निस्कने छन्।
३उहाँले देशमा विभिन्न मानिसहरूका बीच इन्साफ
गर्नु हुनेछ र टाढ़ा सशक्त सामर्थी जातिहरूको झगड़ाको
फैसला गर्नु हुनेछ। तिनीहरूले आफ्ना तरवार पिटेर
हलोको फाली र भालाहरू चाँहि हँसिया बनाउनेछन्।
जाति-जातिहरूले एका-अर्काको विरूद्धमा तरवार चलाउने
छैनन्, नता तिनीहरूले फेरि कहिल्यै लड़ाई गर्न
सिक्नेछन्।
४तर प्रत्येक मानिसहरू तिनीहरूको आफ्नो-आफ्नो
दाखको बोट र नेभाराको बोटमुनि बस्नेछ। कसैले
तिनीहरूलाई डर देखाउने छैन, किनभने सर्वशक्तिमान
परमप्रभुको मुखले नै यी कुरा भन्नु भएकोछ।
५सबै जातिका मानिसहरू चाँहि आफ्नो-आफ्नो,
देवताको नाउँमा हिड़ँनेछन्। तर हामी चाँहि सदा-सर्वदै
परमप्रभु हाम्रा परमेश्वरको नाउँमा हिड़नेछौ।

### राज्य फर्काएर ल्याइन्छ

६परमप्रभु भन्नुहुन्छ, "लङ्गड़ाहरूलाई म त्यसदिन
जम्मा गर्नेछु अनि धपाइएकाहरूलाई र तिनीहरू जसलाई
मैले दण्ड दिएको थिएँ, म भेला गर्नेछु।
७'लङ्गड़ाहरूलाई' एउटा बेचेको भाग र टाढ़ा
फेक्याएकाहरूलाई एउटा सामर्थी जाति तुल्याउनेछु।"
तिनीहरूमाथि सियोनमा परमप्रभुले अब देखि सदा सर्वदै
राज्य गर्नुहुनेछ।
८अनि तिमी, हे एदेरको धरहरा, सियोनकी छोरीको
डाँडा। पहिलेको शासक तिमीकहाँ आउनेछन् र
यरूशेलेमकी छोरीको अधिराज्य कायम हुनेछ।"

### किन इस्राएलीहरू बाबेल अवश्यै जानुपर्छ?

९अब तिमी किन चिच्याई चिच्याई रुन्छ्यौ? के
तिमी माथि राज्य गर्ने कुनै राजा छैन्? के तिम्रो
सल्लाहकार नष्ट भयो र प्रसववेदनामा परेकी स्त्रीलाई
जस्तै तिमीलाई पीड़ाले सताएकोछ?
१०हे सियोन छोरी, सुत्केरी वेदनामा परेकी आईमाइको
पीड़ामा रऊ। किनकि अब तिमी शहरबाट बाहिर
जानेछै र मैदानमा बस्नेछौ र माथि बाबेलमा जानेछौ
त्यहाँ तिमी सुरक्षित रहनेछौ। परमप्रभुले तिम्रा शत्रुको
हातबाट तिम्रो उद्धार गर्नुहुनेछ।

### परमप्रभुले अन्य राज्यहरूलाई नाश गर्नुहुनेछ

११अनि अब धेरै जातिहरू भेला भएर, तिम्रो
विरूद्धमा भन्नेछन्, "त्यो अशुद्ध होस् र सियोनलाई
हाम्रो आँखाले नियालेर हेर्न पाइयोस।"
१२तर तिनीहरूले परमप्रभुको विचारलाई जान्दैनन्।
नता तिनीहरू उहाँको युक्तिलाई बुझ्दछन्। किनभने
उहाँले खलामा बिटाहरू जम्मा गरे झैं तिनीहरूलाई
जम्मा गर्नु भएकोछ।

### इस्राएलले त्यसको शत्रुहरूलाई पराजित गर्ने छ

१३"हे सियोन छोरी, उठ अनि दाइँ गर, किनभने म
तिम्रा सीङहरूलाई फलामको र तिम्रो खूरहरू पीतलको
बनाउनेछु। तिमीले धेरै जातिहरूलाई चूर-चूर पार्नेछौ र
तिनीहरूको धन सम्पत्ति सारा पृथ्वीका परमप्रभुमा
अर्पण गर्नेछौ।"

५ अब तिमी पर्खालले घेरिय! हामी घेरामा पर्‍यौ।
तिनीहरूले इस्राएलका न्यायकर्तालाई फकामको
लौरोले गालामा हिर्काउनेछन्।

### मसीह बेतलेहेममा जन्मनेछन्

२तर हे बेतलेहेम एप्राता, तिमी जो यहूदाका हजारौंका
बीचमा सानो छौ, तर तिमीबाट एउटा "इस्राएलको
शासक" मेरो निम्ति आउँनेछन्। उहाँको शुरुवात
प्राचीनकाल देखिनै छ धेरै अघि देखि।

३यसकारण जब सम्म जन्मको कष्टमा पर्नेले जन्माउँदैन्
तबसम्म उहाँले सियोनलाई त्यागिदिनुहुनेछ। तब तिनका
बचेका दाज्यू-भाइहरूचाँहि इस्राएलीहरूकहाँ फर्केर
आउनेछन्।

४अनि उ खड़ा हुन्छ आफ्नो भेड़ोको बथानलाई
परमप्रभुको शक्तिले अनि उसका परमप्रभु परमेश्वरको
महिमाले खुवाउँछ। तिनीहरू सुरक्षित हुनेछन् किनभने उ
पृथ्वीको अर्को अन्त सम्म महान रहनेछ।

५शान्ति यहीँ हुनेछ जब अश्शूरी हाम्रो देशमा
आउँछ र त्यसले हाम्रो भूमिमा खुट्टा टेक्छ तब हामी
त्यसको विरूद्धमा सात गोठाला र आठ अगुवाहरू
खड़ा गर्नेछौ।

६अनि तिनीहरूले अश्शूरमाथि तरवारले र निम्रोदको
भूमिमाथि नाङ्गो तरवारले शासन गर्नेछन्। जब अश्शूरीहरू
हाम्रो देशभित्र पस्छन् र हाम्रो सीमानामा पाइला टेक्छन्
तब उहाँले हामीलाई अश्शूरीहरूको हातबाट बचाउनुहुनेछ।

७अनि याकूबका बाँकी रहेकाहरू चाँहि धेरै
मानिसहरूका बीचमा परमप्रभुबाट आएको शीत र
घाँसमाथि पर्ने झरी झैं हुनेछन्, जसले नत कुनै
मानिसहलाई न मानिसहरूका कुललाई पर्खनेछ।

८अनि याकूबका बाँकी रहेकाहरू चाहिँ धेरै जनताको
बीचमा जङ्गलका पशुहरूका बीच सिंह र जीव-जन्तुहरूको
बीच, सिंहको बच्चा जस्तो हुनेछन् जो तिनीहरूका
बीचमा कुल्चँदै र तिनीहरूलाई टुक्रा पार्दै जानेछन्, र
बचाँउने कोही पनि हुनेछैन।

९तपाईंका बाहुली तपाईंका विरोधीहरू माथि रहोस् र
तपाईंका सबै शत्रुहरू ध्वंश हुनेछन्।"

### मानिसहरूले परमेश्वरमाथि भरोसा गर्नेछन

१०परमप्रभु भन्नुहुन्छ, "त्यसदिन म तिम्रा घोड़ाहरू
खोज्नेछु, तिम्रा रथहरू नष्ट गरिदिनेछु।

११म तिम्रो देशको सबै शहरहरू उजाड़ी पारिदिनेछु।
म तिम्रो सबै गढ़ीहरू भत्काई दिनेछु।

१२फेरि तिमीले जादू चलाउने प्रयत्न गर्नेछौ फेरि
तिमी ती मानिसहरूको भविष्य बताउँने प्रयत्न गर्ने
छैनौ।

१३म तिम्रा भूटा देवताहरूको, मूर्तिहरू नष्ट गरिदिनेछु।
ती भूटा देवताहरूको ढुङ्गाको मूर्ति, स्मृति, स्तम्भहरू
सबै उखालेर फ्याकिदिनेछु जसलाई तिमीहरू स्वंयले
आफ्नो हातले बनाएका थियौ, तिमीहरू त्यसको पूजा
गर्न पाउनेछैनौ।

१४म अशेरा देवीका पूजाको खम्बाहरू नष्ट गरिदिनेछु
अनि म सबै तिम्रो भूटो देवताहरू नष्ट गरिदिनेछु।

१५त्यहाँ केही जातिहरू छन् जसले मेरो कुरा
सुन्दैनन्। म तिनीहरूसित क्रोधित हुनेछु र म तिनीहरूसंग
बदला लिनेछु।"

### परमप्रभुको आरोप

६ परमप्रभु जे भन्दै हुनुहुन्छ त्यसलाई ध्यान देऊ,
"उठ अनि पहाड़हरूको सामने खड़ा हौ। अनि
फेरि उहाँलाई आफ्नो कथाको पक्ष सुनाऊ। पहाड़हरूलाई
आफ्नो कथा सुनाऊ।

२परमप्रभु आफ्ना मानिसहरूलाई आरोप गर्नुहुन्छ।
पहाड़हरू आफ्ना परमप्रभुको आरोप सुन। अटल रहने
पृथ्वीका जगहरू हो, परमप्रभुको आरोप सुन, उहाँले
प्रमाण गर्नुहुनेछ कि इस्राएल दोषी छ।"

३परमप्रभु भन्नुहुन्छ, "हे, मेरो मानिसहरू! के मैले
कुनै दिन तिमीलाई नराम्रो गरें? मैले कसरी तिम्रो जीवन
कठिन बनाइदिँए? मलाई भन! मैले तिमीलाई के गरे?

४म तिमीलाई भन्दैछु, मैले तिमीलाई जे गरे, मैले
तिमीलाई मिश्रदेशबाट निकालेर ल्याएँ! मैले तिमीलाई
तिम्रो दासत्वको जीवनबाट मुक्त गराए। मैले
तिम्रो अगुवाका निम्ति मोशा, हारून अनि मरियमलाई
पठाँए।

५हे मेरा मानिसहरू, मोआबको राजा बालाकको
दुष्ट योजनाहरूलाई याद गर। ती कुराहरू याद गर जो
बओरको छोरा बिलामले बालाकलाई भनेको थियो। ती
कुराहरू स्मरण गर जो शित्तीमाबाट गिलगाल सम्म
घटेको थियो। तब मात्र बुझ्नेछौ, परमप्रभुमा उद्धार
छ।"

### परमेश्वरले हामीबाट के चाहानु हुन्छ?

६जब म परमप्रभुको छेउमा जान्छु अनि प्रमाण गर्छु
तब परमेश्वरको छेउमा आफूसंग के लिएर जाऊँ? के
परमप्रभुको छेउमा एक वर्षको बाछो होमबलि चढ़ाउँन
लिएर जाँऊ?

७के परमप्रभु एक हजार भेड़ाहरू र तेलका दश
हजार नदीसित प्रसन्न हुनुहुन्छ? के म आफ्नो अपराधका
निम्ति आफ्नो जेठा छोरा जो आफ्नो शरीरको अंग हो,
त्यो अपर्ण गरूँ?

८हे मानिस! परमप्रभुले तिमीलाई के असल छ त्यो
भन्नु भएकोछ। परमप्रभुले तिमीलाई उहाँले के चाहनु
हुन्छ त्यो बताउनु भएकोछ। मानिसहरूसंग तिमी साँचो
बन, अरूसंग प्रेम गर, तिम्रो परमेश्वरको अघि नम्र
भएर बस।

### इस्राएलका मानिसहरू के के गरिरहेका छन?

९परमप्रभुको आवाजले यरूशलेम शहरलाई बोलाउँदैछ:
उहाँ भन्नुहुन्छ; ज्ञानी मानिसले परमप्रभुको नाउँलाई सन्मान गर्छ। यसकारण तिमी जातिहरू र तिमीहरू जो यहाँ जम्मा भएकाहरू हो ध्यान देऊ।
१०के अझैं पनि दुष्टहरूले चोरेको धन सम्पत्तिहरू
लुकाएर राखेको छ? के दुष्टहरूले अझैं पनि मानिसहरूलाई टोकरीहरूले धोका दिइ रहेकोछ जुन टोकरीहरू सानो छ?
११के मैले ती दुष्ट मानिसहरूलाई बेवास्ता गर्ने?
जसले अझैं पनि कपट तराजु र छलको ढकले मानिसहरूलाई ठगिरहेकाछन्?
१२त्यस शहरका धनी मानिसहरू निर्दयी काम गर्छन।
त्यस शहरका मानिसहरू अझैं पनि भूटो बोल्छन्। हो! ती मानिसहरू तिनीहरूको भूटो कुराहरू गर्छन्।
१३यसकारण मैले तिमीहरूलाई दण्ड दिन शुरु गरें।
म तिमीहरूलाई तिमीहरूको पापहरूको कारण नष्ट गरिदिनेछु।
१४तिमीले भोजन गर्नेछौ। तर तिम्रो पेट भरिनेछैन्।
अनि फेरि तिमी भोकै हुनेछौ। तिमीहरूले मानिसहरूलाई बचाउँने कोसिस गर्छौ। तर तिमीहरूले जसलाई बचाउँछौ म त्यसलाई तरवारले काटिदिनेछु।
१५तिमीहरू आफ्नो बीऊ छर्छौ, तर तिमीहरू बाली
काट्नेछैनौ। तिमीले कोलामा जैतून पेलेर तेल निकाल्छौ तर तिमीले आफ्नो शिरमा घस्न पनि तेल प्रशस्त मात्रामा पाउँदैनौ। तिमीहरू दाख पेलेर दाखरस त निकाल्छौ तर पिउन पर्याप्त हुँदैन्।
१६यस्तो किन हुन्छ? किनकि तिमीहरू ओम्रीको
कानूनहरू पालन गर्छौ। तिमीहरू ती नराम्रा कुराहरू भन्छौ जुन कुराहरू आहाबका घरानामा गर्छन्। तिमीहरू उनीहरूको शिक्षा अनुसार चल्छौ। यसकारण म तिमीहरूलाई नष्ट पार्नेछु। तिम्रो शहरका मानिसहरू हाँसोको पात्र हुनेछन्। तिमीहरू अन्य राज्यहरूको घृणाको पात्र बनिनेछौ।"

### मानिसहरूको आचरणले मीका व्याकुल

७ म व्याकुल छु: किन? किनकि, म ग्रीष्म ऋतुको
त्यो फल जस्तै भएकोछु जो टिपिडसकेकोछ। म त्यो दाख जस्तै छु जुन टिपिसकेको छ। अब त्यहाँ एउटा पनि दाख रहेकोछैन्। पहिले फलेको नेभारा नै छैन् जुन मलाई मन पर्थ्यो, एउटा पनि रहेको छैन्।
२यसको अर्थ हुन्छ: यो सबै राम्रा मानिसहरू
गइसकेकाछन्, एउटै पनि धर्मी मानिस यो भूमिमा रहेनन। हरेक मानिस एका-अर्कालाई मार्नको निम्ति ढुकी बस्छन्। हरेक मानिस आफ्नो भाइलाई जालमा फसाउँन षड्यन्त्र रचिबस्छन्।
३मानिसहरूको दुवै हात नराम्रो काम गर्न तयार
छन्। शासकहरू काम गर्नलाई घुस माग्छन्। न्यायकर्ताले पैसा लिएर न्यायलयमा फैसला बदलि गर्छन्। "मुख्य अगुवाहरू" साँचो र निष्पक्ष निर्णय लिदैनन्। तिनीहरूलाई आफूलाई जस्तो मन पर्छ, त्यस्तै काम गर्छन।
४तिमीहरूका अगमवक्ताले भनेका थिए, यस्तो दिन
आउनेछ, तिमीहरूका प्रहरीहरूको दिन आउँदैछ। अब तिमीहरूलाई सजाय दिनेछन्। तिमी अन्योलमा पर्नेछौ।

### दण्डको दिन आइरहेछ

५तिमी आफ्नो छिमेकीमाथि भरोसा नगर। तिमी
आफ्नो साथीलाई विश्वास नगर। आफ्नो पत्नीसित पनि खुलेर कुरा नगर।
६मानिसको आफ्नै घरभित्र शत्रु हुन्छ। छोराले
बाबुको आदर गर्दैन्। छोरी आफ्नो आमाको विरूद्धमा जानेछ। बुहारी आफ्नो सासुको विरूद्धमा जानेछ।

### परमप्रभु राक्षा गर

७म सहायताको निम्ति परमप्रभुलाई हेर्नेछु। म
परमेश्वरको प्रतिक्षा गर्नेछु उहाँले मलाई बचाउनु भएकोछ। मेरा परमेश्वरले मेरो कुरा सुन्नुहुनेछ।
८म लड़ेकोछु। तर हे, मेरो शत्रु! मेरो हाँसो
नउड़ाऊ। म फेरि खड़ा हुनेछु। यद्यपि आज अँध्यारोमा बसेकोछु, परमप्रभुले ममा ज्योति ल्याउनुहुनेछ।

### परमप्रभुले क्षमा गर्नुहुन्छ

९मैले परमप्रभको विरूद्धमा पाप गरेको थिएँ।
यसकराण, उहाँ मसित रिसाउनुभएको थियो। तर न्यायलयमा उहाँले मेरो निम्ति मुद्दा लड़ी इन्साफ गर्नुहुनेछ। उहाँले त्यही काम गर्नुहुनेछ जुन काम मेरा निम्ति उचित छ। फेरि उहाँले मलाई बाहिर उज्यालोमा ल्याउनुहुनेछ अनि म उहाँको उद्धार हेर्नेछु।
१०फेरि मेरो शत्रुहरूले यो देखेर लज्जित हुनेछन।
मेरो शत्रुले मलाई सोधेको थियो, "तेरो परमप्रभु परमेश्वर कहाँ?" त्यस समय, म उमाथि हाँस्नेछु। मानिसहरूले उसलाई हिलो मैलोले कुल्चेको जस्तै कुल्चने छन्।

### यहूदी फर्कनेछन्

११त्यो समय आउनेछ जुन दिन तिम्रा पर्खाल फेरि
निर्माण हुनेछ, त्यस समयमा तिम्रो देश विशाल हुनेछ।
१२तिम्रा मानसिहरू तिम्रो भूमिमा फर्केर आउनेछन्।
तिनीहरू अश्शूर र मिश्रदेशदेखि आउनेछन्। तिम्रा मानिसहरू मिश्र र यूफ्रेटिस नदीको अर्को भूमिबाट आउनेछन्, समुद्रदेखि लिएर समुद्रसम्मका र पर्वतदेखि पर्वत सम्मका मानिसहरू आउनेछन्।

१३पृथ्वी ती मानिसहरू जो यस पृथ्वीका निवासी थिए तिनीहरूको कर्महरू जुन तिनीहरूले गर्थे ती कारणले बबार्द भएको थियो।

१४यसकारण आफ्नो राजदण्डले तिमी शासन गर। तिमी ती बथानहरूलाई शासन गर जुन तिम्रो आफ्नो हो। मानिसहरूको बथान कर्मेलको पहाड़मा एक्लै बस्थे। यो बथान बाशानमा छ अनि गिलादमा छ जसरी त्यो पहिला बसेको थियो।

## इस्राएलले आफ्नो शत्रुलाई हराउने छ

१५जब मैले तिमीलाई मिश्रबाट निकालेर ल्याएको थिएँ मैले धेरै अचम्मका कामहरू गरेको थिए। त्यस्तै अचम्भका कामहरू म तिमीलाई देखाउँनेछु।

१६ती अचम्भका कामहरू अन्य जातिहरूले देख्ने छन्, अनि लज्जित हुनेछन्। ती जातिहरूले देख्नेछन्, तिनीहरूको शक्ति मेरो छेउमा केही पनि होइन। उनीहरू छक्क पर्नेछन् अनि आफ्नो मुख हातले थुन्नेछन् अनि कान बन्द गर्नेछन् केही पनि सुन्ने छैनन्।

१७तिनीहरूले जमीनमा घस्रने साँपले झैं धूलो चाट्नेछन्, र तिनीहरू डरले काम्नेछन्। तिनीहरू परमप्रभु हाम्रा परमेश्वरकहाँ घस्रने किरा झै तिनीहरूका किल्लाहरूबाट आउँनेछन्। तिनीहरू तिमीहरूसित डराउँनेछन्।

## परमप्रभुको निम्ति स्तुति

१८तपाईं जस्तो परमेश्वर अर्को छैन्। तपाईंले पापीहरूलाई क्षमा गरिदिनुहुन्छ। तपाईंले आफ्नो बाँचेका मानिसहरूको पाप क्षमा गरिदिनुहुन्छ। तपाईंले आफ्नो रिसलाई राखिराख्नु हुन्न किनकि तपाईं सँधै दया गर्नु रूचाउनु हुन्छ।

१९हे परमप्रभु! हाम्रा पापहरू टाढ़ा फ्याँकि दिनुहोस, फेरि हामीलाई सुख चैन दिनुहोस्; हाम्रा पापहरू तपाईंले टाढ़ा गहिरो समुद्रमा फ्याँकि दिनुहुनेछ।

२०तपाईं याकूबप्रति साँचो हुनुहुन्छ अब्राहामप्रति दयालु हुनुहुन्छ। तपाईंले यस्तो शपथ धेरै अघाड़ि हाम्रो पिता-पुर्खाहरूसंग गर्नुभएको थियो।

# योनाको पुस्तक

### परमेश्वरको बोलावट अनि योनाको भगाई

१ परमप्रभु अमित्तैको छोरा योनासंग बोल्नुभयो। परमप्रभु
भन्नुहुन्छ; २"निनवे एउटा ठूलो शहर हो, त्यहाँका
मानिसहरूले दुष्ट कर्महरू गरिरहेको विषयमा मैले
सुनेकोछु। यसकारण, तिमी त्यो शहरमा जाऊ, अनि
त्यहाँका मानिसहरूलाई ती नराम्रा कामहरू छोड्दिऊ
भनी भन।"

३योनाले परमेश्वरको कुरा मानेन्। यसैकारण योनाले
परमप्रभुबाट टाढ़ा कतै भाग्ने प्रयास गरे। त्यसैले उनी
यापो तिर गए। योना एउटा जहाजमा चढ़े जुन तर्शीश
शहर तिर जादैं थियो। योनाले आफ्नो यात्राका निम्ति
पैसा दियो अनि जहाजभित्र गएर बस्यो। योनाको इच्छा
थियो कि उनी त्यो जहाजमा अरू मानिसहरूसितै
तर्शीश जाने अनि परमप्रभुबाट कतै टाड़ा भाग्ने।

### भयंकर तूफान

४तर परमप्रभुले समुद्रमा भयानक तूफान उठाउनु
भयो, समुद्रमा प्रचण्ड आँधी उठेर जहाजलाई त्यसले
नाश गर्ला जस्तो भयो। ५मानिसहरू चाहन्थे कि त्यो
जहाज बचाउँनको निम्ति त्यसलाई हलुका बनाउँ,
त्यसैले जहाजको सबै सामानहरू उठाएर समुद्रमा फ्याक्न
थाले। मल्लाहहरू धेरै डराएका थिए, प्रत्येक मानिसले
आ-आफ्नो देवतालाई प्रार्थना गर्न थाले।

योना सुत्नका निम्ति जहाजको भित्र भागमा गए
अनि सुतिरहेका थिए।

६त्यसैले जहाजका कप्तान तिनीकहाँ आए र भने, ए
सुतुवा, तिमी के गर्दैछौ? "उठेर तिम्रा परमेश्वरलाई
पुकार, सायद परमेश्वरले हाम्रो प्रार्थना सुन्नु हुनेछ र
हामी नष्ट हुने छैनौ।"

### यो तूफान के कारण?

७अनि तिनीहरू आपसमा भन्नलागे, "कसको कारणले
गर्दा यो आपद हामी माथि पर्नआएको होला त्यो थाहा
पाउँनलाई हामी चिठ्ठा हालेर हेरौं।"

यसो भनेर तिनीहरूले चिठ्ठा हाले, चिठ्ठा योनाको
नाउँमा पऱ्यो। ८तब मानिसहरूले योनालाई भने, "तिम्रो
कारणले गर्दा यस्तो ठूलो आपत हामीमाथि आयो!
यसकारण हामीले के गऱ्यौ? तिम्रो काम के हो? तिमी
कहाँबाट आएका हौ? तिम्रो देश कुन हो? अनि तिमी
कुन जातिका हौ?"

९अनि योनाले मानिहरूलाई भने, "म हिब्रू हुँ।
स्वर्गका परमप्रभु परमेश्वरको आराधना गर्छु। उहाँ
परमेश्वर हुनुहुन्छ जसले समुद्र अनि पृथ्वी सृष्टि गर्नु
भयो।"

१०योनाले मानिसहरूसंग भने, मानिसहरूले यो कुरा
थाहा पाए कि तिनी परमप्रभुबाट टाड़ा भाग्दैछन्। तब
तिनीहरू अत्यन्तै डराए। अनि मानिसहरूले योनालाई
सोधे, "तिमीले आफ्नो परमेश्वरको विरुद्धमा किन
नराम्रो काम गऱ्यौ?"

११उता आँधी तुफान र समुद्रको छाल झन-झन
बढ़दै थियो। त्यसैकारण योनासंग मानिसहरूले भने,
"हामीले आफ्नो सुरक्षाको निम्ति के गर्नुपर्छ? समुद्रलाई
शान्त गर्नको निम्ति हामीले तिमीसंग के गर्नुपर्छ?"

१२योनाले मानिसहरूलाई भने, "म जान्दछु मेरो
कारणले नै समुद्रमा तुफान आएको हो, यसकारण
तिमीहरूले मलाई समुद्रमा फ्याँकिदेऊ अनि तुफान
शान्त भइहाल्छ।"

१३तर मानिसहरूले योनालाई समुद्रमा फ्याँक्न चाहँदैनन
थिए। उनीहरूले जहाज किनारमा ल्याउन खुबै कोसिस
गरे तर त्यो हुन सकेन। आँधी तूफान र समुद्रको छाल
अझ बढ़दै गयो।

### योनालाई दण्ड

१४यसकारण, मानिसहरूले परमप्रभुलाई पुकारे, "विन्ती
छ, हे परमप्रभु बिन्ती छ, यस मानिसको ज्यानको
सट्टामा हामी नष्ट हुन् नपरोस्, र हामीमाथि निर्दोषमाथि
हत्याको दोष नलागोस्, किनकि हे परमप्रभु! तपाईंलाई
जस्तो इच्छा लागेको थियो, सो गर्नु भएको छ।"

१५तब तिनीहरूले योनालाई उचालेर समुद्रमा फालिदिए
र समुद्र शान्त भयो। १६तब ती मानिसहरूले परमप्रभुको
अत्यन्तै डर मान्न थाले र परमप्रभुको निम्ति भाकल
गरे अनि बलिदान चढ़ाए।

१७अनि योनालाई निल्न परमप्रभुले एउटा ठूलो
माछालाई खटाउनु भयो, र तीन दिन तीन रात योना
त्यस माछाको पेटभित्र रहे।

### तब योनाले छुटकारको निम्ति प्रार्थना गरे

२ योनाले माछाको पेटभित्रबाट परमप्रभु आफ्ना
परमेश्वरलाई प्रार्थना गरे।

२"उनले भने, "मेरो कष्टको कारणले मैले परमप्रभुलाई

प्रार्थना गरें अनि उहाँले मलाई उत्तर दिनुभयो। मृत्युको
संसारदेखि म कराएँ, र तपाईंले मेरा विन्ति सुन्नुभयो।
३"तपाईंले मलाई गहीरोभित्र, समुद्रको मुटुमै
फालिदिनुभएको थियो, र मेरो चारैतिर छालहरू थिए।
तपाईंका भयंकर छालहरूले मलाई डुबायो।
४तब मैले भने, 'म त तपाईंको दृष्टिबाट निकालिएको
छु,' तैपनि म फेरि तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु।
५"पानीले मलाई मेरो प्राण सम्मै घेर्‍यो, गहिरो
सागर मेरो चारैतिर थियो,' मेरो टाउकोभरि समुद्रका
झ्याऊहरू बेहेरिएका थिए।
६म त पर्वतहरूको फेद सम्मै पुगे। पृथ्वीले मलाई
सदाका निम्ति थुनिदियो। तै पनि हे परमप्रभु! मेरा
परमेश्वर, तपाईंले खाड़लबाट उठाएर मलाई जीवन दिनु
भयो।
७"मेरो प्राणले सबै आशा गुमाए। तब मैले परमप्रभुको
सम्झना गरे। परमप्रभु मैले तपाइलाई प्रार्थना गरें।
अनि तपाईंले मेरो प्रार्थना तपाईंको पवित्र मन्दिरबाट
सुन्नु भयो।
८"ज-जसले व्यर्थका मूर्तिहरू तिर मन लगाउँछन्।
तिनीहरूले गर्नु पर्ने साँचो भक्तिलाई त्याग्द छन्।
९तर म त धन्यवादको स्तुति सहित तपाईंमा बलिदान
चढ़ाउने छु, मैले जे कुराको भाकल गरेको छु सो पुरा
गर्नेछु। "उद्धार परमप्रभुबाटै हुन्छ।"
१०तब परमप्रभुले माछालाई आज्ञा गर्नुभयो, र
त्यसले योनालाई किनारामा उगेलिदियो।

## परमेश्वरको बोलावट अनि योनाको आज्ञा पालन

३ त्यसपछि परमप्रभुले योनालाई फेरि भन्नुभयो, २"तिमी
निनवेको ठूलो शहरमा जाऊ अनि म जे कुरा
तिमीलाई बताउँछु सो त्यहाँ प्रचार गर।"
३त्यसैले योना उठे अनि परमप्रभुको आज्ञा पालन गर्दै
निनवेमा गए। निनवे साह्रै ठूलो शहर थियो, त्यो पार
गर्न तीन दिन लाग्थ्यो। ४योना शहरको मध्य भागमा
गए अनि मानिसहरूलाई प्रचार गर्न शुरु गरे। योनाले
भने, "चालिस दिन पछि निनवे शहर नाश हुनेछ।"
५परमेश्वरबाट त्यस्तो संदेश आएपछि निनवेका
मानिसहरूले परमेश्वरमाथि विश्वास गरे। अनि तिनीहरूले
उपवास बसेर तिनीहरूले गरेको पापका निम्ति सोच्न
थाले। मानिसहरूले आफ्नो दु:ख व्यक्त गर्नका निम्ति
विशेष प्रकारको वस्त्र धारण गरे। शहरको सबै
साना-ठूलाहरूले यसै गर्न थाले।
६निनवेका राजाले यो समाचार सुने अनि उनले पनि
आफ्नो नराम्रो कर्मका निम्ति शोक मनाए। यसको
निम्ति राजाले आफ्नो सिंहासन त्यागे। उनले आफ्नो
राज वस्त्र त्यागे र आफ्नो दु:ख व्यक्त गर्न शोक वस्त्र
लगाए। त्यसपछि राजा धुलोमा बसे। ७त्यसपछि राजाले
एउटा वचन लेख्न लगाए र शहरमा घोषणा गरे:

राजा अनि उनको ठूलो शासकहरूको आदेश
यो थियो:
केही समयको निम्ति कुनै पनि मानिस अथवा
पशु गाई-गोरू अथवा भेड़ा-बाख्रा, कसैले केही
खाने कुरा नखानु। कुनै पनि सजिव प्राणीले
नीनवेमा केही पनि खाने पिउनेछैन्। ८तर प्रत्येक
मानिस र पशुपनि विशेष वस्त्र धारण गरुन,
जसबाट यो देखियोस् कि तिनीहरू सबै दु:खी छन।
मानिसहरूले परमेश्वरलाई ठूलो स्वरले बोलाउनेछन्।
अनि प्रत्येक मानिसले आफ्नो जीवन शैली बदली
गर्नु पर्नेछ, अनि उसले नराम्रो कर्म छोड़नु पर्नेछ।
९त्यसपछि हुन् सक्छ, परमेश्वरले आफ्नो मन
परिवर्तन गर्नु हुनेछ। अनि जुन योजना गर्नु भयो
त्यो नगर्न पनि सक्नु हुन्छ। परमेश्वर क्रोधित हुन
रोकिनु होला र हामीहरू ध्वंश नहौंला।
१०मानिसहरूले जुन कुरा गरेका थिए त्यो परमेश्वरले
देख्नु भयो। कसरी तिनीहरू आफ्ना कुकर्मबाट फर्केर
आए। त्यसैले परमेश्वरले आफ्नो इच्छा बद्धलिनुभयो,
अनि तिनीहरूमाथि जुन आपत्ति ल्याउन सोच्नु भएको
थियो गर्नु भएन्। परमेश्वरले मानिसहरूलाई दण्ड दिनु
भएन्।

## परमेश्वरको दयाले योनालाई क्रोधित बनाए

४ योनालाई यो साह्रै मन परेन कारण परमेश्वरले
शहर बचाउनु भयो। त्यसैले योनालाई रिस उठ्यो।
२उनले परमप्रभुलाई आरोप गर्दै भने, "मलाई थाहा
थियो तपाईंले यो पापी शहरलाई बचाउनु हुनेछ। म त
आफ्नो देशमा थिएँ, तपाईंले नै यहाँ बोलाएर ल्याउनु
भयो। त्यसै समय मलाई थाहा थियो, तपाईंले यो पापी
शहरलाई बचाउनु हुनेछ। मैले त्यसैबेला तर्शीश तिर
भागेर जाने कोशिश गरेको थिए। मलाई थाहा थियो
तपाईं एक दयालु परमेश्वर हुनुहुन्छ भनेर। म जान्देथें
तपाईं करुणामय हुनुहुन्छ भनेर अनि मानिसहरूलाई
दण्ड दिन चाहानु हुन्न। मलाई थाहा थियो कि तपाईं
दयापूर्ण हुन्छ। मलाई ज्ञान थियो यदि यिनीहरूले पाप
गर्न छोड़े भने तपाईंले यिनीहरूको विनाशको योजना
बद्ली गर्नु हुन्छ। ३यसकारण हे परमप्रभु, म तपाईंलाई
यही माग्छु कि तपाईंले मलाई मार्नु होस। मेरो निम्ति
बाँच्नु भन्दा मर्नु राम्रो छ।"
४तब परमप्रभुले भन्नुभयो, "मैले ती मानिसहरूलाई
नष्ट गरिन भनेर तिमी रिसाउनु सही हो र?"
५यी सबै कुराहरूले योना अझै पनि रिसाई रहेका
थिए। यसकारण उनी शहरबाट बाहिर गए। योना यस्तो
शहरमा गए जुन शहर पूर्वी प्रदेशको नजिकमा थियो।
योनाले त्यहाँ आफ्ना निम्ति छाप्रो बनाए। फेरि त्यसको
छायामा बसि-बसि यस्तो कुरा सोच्न थाले कि अब
शहरमा के घट्ने हो?

## लौकाको बोट र किरा

६परमप्रभु परमेश्वरले एउटा लौकाको बोट उर्मानु
भयो अनि त्यसलाई छिटो-छिटो ठूलो पार्नुभयो अनि
योनामाथि छाया दिनुभयो जसले योनालाई शितल स्थान
बनायो। योनाले यसबाट अत्यन्तै आराम पाए। यो
बोटको कारण योना अत्यन्तै प्रसन्न भए।

७अर्को दिन बिहानै बोटको एक भाग खानको निम्ति
परमेश्वरले एउटा किरा पठाउनु भयो, किराले त्यो बोट
खायो अनि त्यो बोट ओइलाई हाल्यो। ८सूर्य उदाए
पछि परमेश्वरले पूर्वीय हावा चलाई दिनुभयो र घाम
टनटलापुर सित योनाको टाउकोमा पऱ्यो र तिनी हैरान
भए। मरिने रहेछ भनेर परमेश्वरसति विन्ति गर्न थाले,
"मेरा निम्ति बाँच्नु भन्दा मर्नु नै उचित छ।"

९अनि परमेश्वरले भन्नुभयो, "के लौकाको बोटको
निम्ति रिसाउनु असल कुरो हो?"

योनाले उत्तर दिए, "हो मेरो निम्ति रिसाउनु नै उचित
हो, मलाई यस्तो रिस उठिरहेकोछ कि म मरिहालौं।"

१०तब परमप्रभूले भन्नुभयो, "हेर, त्यो बोटका निम्ति
तैले केही पनि गरिनस्। तैले रोपेको पनि होइन्। त्यो
एकै रातमा उम्रियो र एकै रातमा ओइलाईहाल्यो अनि
त त्यो बोटको निम्ति तँ सहानुभूति अनुभव गर्छस्।
११यदि तँ त्यो बोटको निम्ति व्याकुल हुन् सक्छस् भने
के यति ठूलो शहर निनवे, जसमा धेरै मानिसहरू अनि
वस्तुहरूछन्। त्यस शहरमा १,२०,००० भन्दा बेंशी
मानिसहरू छन, तिनीहरूले जान्दैनन कि तिनीहरूले
भूल गरिरहेका छन्।"

# ओबदियाको पुस्तक

### एदोम दण्डित हुनेछ

यो ओबदियाको दर्शन हो। परमप्रभु मेरा मालिकले
एदोमको विषयमा यसो भन्नुहुन्छ:
हामीले परमप्रभु परमेश्वरबाट एउटा विवरण सुन्यौ।
देशहरूमा एउटा राजदूत पठाइएको थियो। उनले भने,
"आऊ, एदोमको बिरुद्ध युद्ध गरौ।"

### परमप्रभु एदोमसंग कुरागर्नु हुन्छ

२"एदोम, म तिमीलाई सब भन्दा सानो देश बनाई
दिनेछु। मानिसहरूले तिमीलाई घृणा गर्नेछन्।
३तिम्रो आफ्नो घमण्डले तिमीलाई धोका दिएकोछ।
तिमी अग्लो पहाड़हरूको गुफामाहरू बस्नेछौ। तिम्रो
घर पहाड़को अग्लाईमा छ र तिमी आफ्नो मनमा
भन्छौ कि 'मलाई कसैले पनि तल जमीनमा खसाल्न
सक्तैंन्।'"

### एदोमलाई तल झारिनेछ

४परमेश्वर परमप्रभु भन्नुहुन्छ: "यद्यपि तिमीले चील
जस्तै माथि उढ्यौ, अनि आफ्नो गुँड़ ताराहरूको बीचमा
बनायौ भने पनि, म तिमीलाई त्यहाँबाट तल ल्याउनेछु।"
५तिमी साँच्चै नै सर्वनाश हुनेछौ! हेर यदि कुनै चोर
तिमी कहाँ आए, जब राती डाकु आए, तिनीहरू
आफ्नो निम्ति यथेष्ट हुने मात्र लुटेर जानेछ। यदि तिम्रो
दाखको बारीमा दाख चोर्न आए दाख टिपी सकेपछि
उसले पनि आफ्नो पछाड़ी केही नकेही छोड़ेर जान्छ।
६तर हे एसाव! तिमीबाट तिम्रो सबै कुरो खोसिनेछ।
मानिसहरूले लुकाएको सबै भण्डार खोजेर निकाल्नेछन्,
अनि सबै भेट्याउनेछन्।
७तिम्रा मित्रराष्ट्रहरूले तिमीलाई आक्रमण गर्छन् र
सिमानाबाट तिमीलाई तान्छन्। तिनीहरू तिम्रा मित्रहरू
हुनु भनी मानिएका छन्। तर तिनीहरूले तिमीलाई धोका
दिन्छन् र तिमीलाई पराजय गर्छन्। ती जसले तिम्रो रोटी
तिमीसित मिलेर खान्छन् तिनीहरूले तिम्रो विरुद्ध पड्यन्त्र
गरिरहेका छन्। र तिमीलाई त्यो थाहासम्म पनि
हुँदैन।'"
८परमप्रभु भन्नुहुन्छ: "त्यस दिन एदोमको बुद्धिमानी
मानिसहरूलाई नष्ट पार्नेछु अनि एसावको पहाड़बाट
समझदार मानिसहरूलाई नष्ट पार्नेछु।
९त्यससमय तेमान, तिम्रो शक्तिशाली मानिसहरू डराउँने
छन्। अनि एसाव पहाड़को प्रत्येक मानिस नष्ट हुनेछन।
१०तिमी लाजले पूरिने छौ अनि तिमी सधैंको निम्ति
नष्ट हुनेछौ। किनकि आफ्नो भाइ याकूब प्रति तिमी
अत्यन्तै निर्दयी भयौ।
११त्यससमय तिमी सहायता बिना अर्को पट्टि हुनेछौ।
अपरिचितले याकूबको भण्डार लिएर गयो। विदेशीहरू
इस्राएल शहरको दैलोबाट पस्यो, ती विदेशीले चिट्ठा
राखेर निश्चय गरे कि तिनीहरूले यरूशलेमको कुन
चाँहि भाग लिने। त्यससमय तिमी चाँहि अर्को तिर
उभिरहेको थियौ।
१२तिमी आफ्नो भाइको विपत्तिमा, त्यो प्रति हाँस्यौ।
तिमीले यसो गर्नुहुँदैन थियो। तिमी त्यससमय खुशि
थियौ। जब मानिसहरूले यहूदालाई नष्ट पारे। तिमीले
त्यसो गर्नु हुँदैन थियौ। उनिहरूको विपत्तिको समयमा,
तिमीले तिनीहरूको खिल्ली उड़ायौ। तिमीले त्यसो गर्नु
हुँदैन थियो।
१३तिमी मेरो शहरको दैलोबाट भित्र पसेर अनि
उनीहरूको समस्यामा हास्यौ। तिमीले त्यसो गर्नु हुँदैन
थियो। उसको त्यस्तो विपत्ति उनीहरूको धनको भण्डार
लियौ तिमीले त्यस्तो गर्नु हुँदैन थियो।
१४तिमी दोबाटोहरूमा उसको जीवन बचाउँने चेष्टा
गर्दै भगुवालाई रोक्न अभिनु हुँदैन थियो, तिमीले
उसको बाँचेकाहरूलाई दु:खको दिनमा उसको हातमा
सुम्पिनु हुँदैन थियो।

### देशहरूको न्याय हुनेछ

१५सबै देशहरूमा चाड़ैनै परमप्रभु आउने हुने दिन
आउँदैछ। तिमीले अन्य मानिसहरूसंग नराम्रो काम
गरेकाछौ। त्यही नराम्रो काम तिमीले भोग्नु पर्ने छ।
सबै नराम्रो कर्महरूको फल थाप्लोमा पर्नेछ।
१६किनकि जसरी तिमीले पवित्र पहाड़मा दाखरस
पिएर खुशी मनायौ, त्यसरी नै सबै अन्य जातिहरूले
निरन्तर मेरो दण्ड पिउँनेछन् अनि उनीहरू सबै लोप
भएर जानेछन्।
१७तर सियोन पहाड़मा केही जीवितहरू हुनेछन्। र
सियोन पवित्र हुनेछ। याकूबको देशले सबै चीजहरू
फेरि पाउनेछ जुन त्यसको थियो।
१८याकूबको कुल बल्दै गरेको आगो जस्तै हुनेछ।
यूसुफको घर आगोको ज्वाला जस्तै हुनेछ। तर
एसावको देश चाहिँ अंगार जस्तै हुनेछ। यहूदाका
मानिसहरूले एदोमको मानिसहरूलाई नष्ट पार्नेछन्।

एसावको राष्ट्रमा कोही पनि बाँच्नेछैन्।" किनभने
परमप्रभु परमेश्वरले यसो भन्नु भएकोछ।
१९तब नगेवका मानिसहरूले एसावको पहाड़हरू
अधिकार गर्नेछन् र बेंसीकाहरूले पलिश्तीको भूमिहरूमा
अधिकार गर्नेछन्। यहूदाका मानिसहरूले एप्रैम र
सामरियाको भूमिहरूमा अधिकार गर्नेछन् र बिन्यामीनले
गिलादलाई अधिकार गर्नेछ।
२०इस्राएलीहरूका निर्वासितहरूले कनानीहरूको भूमि
सपाराद सम्म आफ्नो बनाउनेछन्। यहूदाका मानिसहरूलाई
यरूशलेम छोड़नु र सपारादमा बस्न विवश पारिएको
थियो। तर उनीहरूले नेगव शहरलाई अधिकार गर्नेछन।
२१विजयीहरू सियोन पर्वतमा हुनेछन। ती मानिसहरूले
एसाव पर्वतका बासिन्दाहरूमाथि शासन गर्नेछन् र राज्य
परमप्रभुको हुनेछ।

# आमोसको पुस्तक

### परिचय

१ आमोसको वचन! आमोस तको देशको एकजना
भेड़ा गोठालो थिए। यहूदाका राजा उज्जियाह र
योआशका छोरा इस्राएलका राजा यारोबामको पालामा
भुइँचालोको दुइ वर्ष अघि इस्राएलको विषयमा आमोसले
दर्शन पाएका थिए।

### अरामको निम्ति सजाय

२आमोसले भने; "परमप्रभु सियोनमा सिंह जस्तै
गर्जनु हुनेछ। परमप्रभुको ठूलो गर्जन यरूशलेमबाट
हुनेछ। यस समय गोठालाहरूको हरियो मैदान सुक्ने
छ। यहाँ सम्म कि कर्मेलको टाकुरा समेत
ओइलिनेछ।

३तिनीहरूले धेरै अपराधहरू गरेको कारण, "म
निश्चय नै दमीशकलाई दण्ड दिनेछु। किन? किनभने
तिनीहरूले गिलादका मानिसहरूलाई फलामको दाँदेले
धुलो पारेको छ। ४यसकारण म हजाएलको घरमा
आगो लगाई दिनेछु अनि त्यो आगोले बेनहददका
पर्खालहरू भस्म पार्नेछ।

५"म दमीशकका बलिया ढोकाहरू पनि भाँचिदिनेछु।
र आवेनको बेसीको सिंहासनमा बस्ने मानिसलाई पनि
नष्ट पारिदिनेछु। अनि बेथ-एदेनमा राजदण्ड लिने राजालाई
पनि नष्ट पारिदिन्छु। अरामका मानिसहरू पराजित
हुनेछन्। अनि उनीहरूलाई बन्दी बनाएर किर देशमा
लगिने छ।" यो सबै परमप्रभुले भन्नु भएको हो।

### पलिश्तिीहरूले सजाय पाउने

६परमप्रभु भन्नुहुन्छ, "म गाजाका बासिन्दाहरूलाई
उनीहरूले गरेको अपराधको विरूद्ध निश्चय नै सजाय
दिनेछु। किन? किनभने उनीहरूले सम्पूर्ण देशको
बासिन्दाहरूलाई कैद गरेर दासहरूलाई बनाएर एदोमको
हातमा सुम्पिदिए। ७यसकारण म गाजा देशको
पर्खालहरूमा आगो लगाइदिनेछु। यो आगोले गाजाका
सबै किल्लाहरू जलाइदिनेछ। ८म अश्दोदबाट
राजसिंहासनमा बस्ने मानिसलाई नष्ट गरिदिनेछु। म
अश्कलोनबाट राजदण्ड लिने राजालाई पनि ध्वंश
पारिदिनेछु, म एक्रोनका मानिसहरूलाई सजाय दिनेछु।
अहिले सम्म बाँचेको पलिश्तीहरू मर्नेछन्।" परमप्रभु
परमेश्वरले यो सबै कुराहरू भन्नुहुन्छ।

### फनूशियालाई सजाय

९परमप्रभुले सबै कुरा भन्नुहुन्छ, "म यो सोरका
मानिसहरूलाई तिनीहरूले गरेको अपराधका निम्ति
निश्चयनै सजाय दिनेछु। किन? किनभने तिनीहरूले
देशका सम्पूर्ण मानिसहरूलाई कैद गरी एदोमको दास
बनाएर पठाइ दिए। तिनीहरूले तिनीहरूका दाज्यू-भाइहरू
संग गरेको सम्झौताको सम्झना पनि गरेनन्। १०त्यस
आगोले सोरको किल्लाहरू पनि ध्वंश पार्नेछ।"

### एदोमहरूको निम्ति सजाय

११परमप्रभु भन्नुहुन्छ: "म एदोमका मानिसहरूलाई
तिनीहरूले गरेको अपराधहरूका निम्ति निश्चय दण्ड
दिनेछु। किन? किनकि एदोमले आफ्नो दाज्यु-भाइ
इस्राएललाई पछाड़ीबाट तरवारले रोपेकोछ। एदोमले
अलिकति पनि दया देखाएन। एदोम रिसाइ नै रह्यो
अनि केही सहानुभुति पनि देखाएनन्। उ जगंली जनावर
सरह लगातार इस्राएललाई च्यातिरह्यो। १२यसकारण,
म तेमानमा आगो लगाई दिनेछु। त्यो आगोले बोज्राको
किल्लाहरू पनि ध्वंश पारिदिनेछ।"

### अम्मोनियाको निम्ति सजाय

१३परमप्रभु भन्नु हुन्छ, "म अम्मोनका मानिसहरूलाई
तिनीहरूले गरेको अपराधका निम्ति निश्चय नै दण्ड
दिनेछु। किन? किनभने तिनीहरूले गिलादमा आफ्नो
लागि अधिक जमीन प्राप्त गर्न गर्भवती महिलाहरूलाई
मारे। १४यसकारण, अब म रब्बाको पर्खालमा आगो
लगाई दिनेछु। यो आगोले रब्बाको अग्लो पर्खाल नष्ट
पार्नेछ। कष्ट तिनीहरूमाथि आँधी बेरी जस्तै तिनीहरूको
देशमा आईलाग्नेछ। १५त्यस समय तिनीहरूको राजा
कैदमा पर्नेछ, राजा र भारादारहरूलाई एकै साथमा
बन्दी बनाइनेछ।" परमप्रभुले यी सबै कुरा भन्नुभयो।

### मोआबको निम्ति सजाय

२ परमप्रभुले यी कुराहरू भन्नुहुन्छ "म मोआबको
मानिसहरूलाई तिनीहरूले गरेको अपराधका निम्ति
निश्चय नै दण्ड दिनेछु। किन? किनभने मोआबले
एदोमको राजाको हड्डीहरू जलाएर चुना बनायो। २यसकारण
अब म मोआबमा आगो लगाइ दिनेछु, अनि त्यो
आगोले करियोतका पर्खालहरू भस्म पार्नेछु र त्यहाँ
खैलाबैला, चिच्चाइ, र तुरहीको आवाज आउँनेछ अनि

मोआब मर्नेछ। ३यसकारण म मोआबका राजालाई
उनको सबै अगुवाहरूसितै मार्नेछु।" परमप्रभु यसो भन्नु
हुन्छ।

## यहूदाको निम्ति सजाय

४परमप्रभु भन्नुहुन्छ, "म यहूदालाई उनीहरूले गरेको
विभिन्न अपराधहरूका निम्ति निश्चय नै दण्ड दिनेछु।
किन? किनभने तिनीहरूले परमप्रभुको आज्ञाहरू मान्न
अस्वीकार गरे। तिनीहरू आफ्ना बाबुहरूले मानेका
भूटो देवाताहरूलाई मानेर पथभ्रष्ट भएका छन्।
५यसैकारण म यहूदामा आगो लगाइदिनेछु अनि त्यो
आगोले यरूशलेमको किल्लाहरूलाई खरानीमा परिणत
गर्नेछ।"

## इस्राएलको निम्ति सजाय

६परमप्रभु भन्नुहुन्छ, "म इस्राएललाई तिनीहरूले
गरेका विभिन्न अपराधहरूका निम्ति दण्ड दिनेछु।
किन? किनकि तिनीहरूले धर्मी र गरीब मानिसहरूलाई
एक जोड़ी जुत्ताको मूल्यमा बेचे।

७"तिनीहरूले ती गरीब मानिसहरूलाई कुल्चिए अनि
पीड़ित मानिसहरूको कुरा सुनेन। ८तिनीहरूले गरीब
मानिसहरूबाट उनीहरूको लुगा बन्धक लिए अनि ती
लुगाहरू तिनीहरूले मूर्ति आराधना गर्दा लगाए। तिनीहरूले
मानिसहरूलाई जरिमाना तिर्न बाध्य गराए र त्यस
पैसाबाट तिनीहरूले दाखरस किने र तिनीहरूका देव-
मन्दिरमा पिए।

९"तर मैले एमोरीहरूलाई तिनीहरूको अघाड़ी ध्वंश
गरिदिएँ। मैले त्यसको फलहरू माथिदेखि र त्यसका
जरा तलै सम्म ध्वंश गरिदिएँ।

१०"मैले तिमीहरूलाई मिश्रदेखि बाहिर निकालेर
ल्याएँ र मरुभूमिका उजाड़ स्थानहरूमा चालीस वर्ष
सम्म डोर्‍याएँ। मैले तिमीहरूलाई एमोरीको भूमि दिएँ।
११मैले तिमीहरूका कतिपय नानीहरूलाई अगमवक्ताहरू
बनाए। अनि मैले कतिपय युवकहरूलाई नाजिरी बनाएँ।
हे इस्राएलीहरू हो! के यो कुरा सत्य होइन?" परमप्रभु
भन्नुहुन्छ।

१२"तर तिमीहरूले नाजिरीहरूलाई दाखरस खुवायौ।
तिमीहरूले अगमवक्ताहरूलाई अगमवाणी गर्न रोक
लगायौ। १३हेर, म तिमीहरूलाई अन्न ठेलागाड़ी
लादिएको जस्तै दबाउनेछु। १४कुनै पनि मानिस बाँच्ने
छैन्, यहाँ सम्म कि बेगसित दगुर्नेलाई पनि छाड़िने
छैन्।

१५धनु-काँड़ चलाउँने पनि युद्धमा बाँच्न योग्य हुने
छैन। वेगसित दुगर्ने पनि उम्कनसक्ने छैन। घोड़सवारले
पनि आफ्नो प्राण बचाउँन योग्यहुन सक्तैन्। १६परमप्रभुले
न्याय गर्ने दिनमा सब भन्दा साहसी पनि युद्धबाट नाङ्गै
भाग्नेछ।"

## इस्राएललाई चेतावनी

३ हे इस्राएलीहरू हो! यो समाचार जो परमप्रभुले
मिश्रबाट उहाँले ल्याउनु भएका तिम्रा परिवारहरू र
तिमीहरूको विरुद्ध भन्नु भएको छ। २"विभिन्न धेरै
परिवारका मानिसहरूले पृथ्वी भरिनेछ। तर ती मध्ये
केवल तिनीहरूलाई मैले चिनेकोछु र विशेष ध्यान
दिएको तर तिमीहरू मेरो विरुद्धमा खड़ा भयौ। यसकारण,
म तिमीहरूका सबै पापहरूका निम्ति तिमीहरूलाई दण्ड
दिनेछु।"

## इस्राएलले सजाय पाउने कारणहरू

३दुइ जनाको आपसमा सहमत् नभए सम्म सँग-सँगै
हिड़न् सक्तैनन्।

४के बुढ़ो सिंह जंगलमा आफ्नो शिकार पाउनु अधि
गर्जन्छ? के जवान सिंह शिकार नसमातिकन गुफाभित्र
गर्जन्छ? ५जब सम्म तिमीले जालमा चोरा हाल्दैनौ चरा
पक्रिनु सक्तैनौ। अनि जब जाला माथि उठछ यसले
चराहरू पक्रनेछ। ६के युद्धको तुरहीको ध्वनि सुनेर
मानिसहरू डराउँनेदैनन्? अनि यदि शहरमा कष्टहरू
आउँछ भने त्यो परमप्रभुद्वारा पठाइएको हो। ७मेरा
स्वामी परमप्रभुले सबै कुराहरू गर्न सक्नुहुन्छ। तर
केही गर्नु अघाड़ी उहाँले आफ्नो सेवक अगमवक्तालाई
योजना देखाउनु हुन्छ। ८यदि कुनै सिंह गर्जयो भने
मानिस अवश्य नै डराउँछ भने यदि परमप्रभु बोल्नु
हुन्छ भने, उहाँको सूचना घोषणा गर्न कसले उहाँलाई
रोक्न सक्छ?

९अश्दोद र मिश्रका किल्लाहरूमा जाऊ अनि यो
वचन धोषणा गर। "सामरियाका पहाड़हरूमा आऊ।
त्यहाँ तिमीले गोलमाल पाउँनेछौ। किन? किनभने त्यहाँ
अपराध गरिएको छ। १०तिनीहरू एकअर्कामा कसरी
सही तरिकाले बाँच्न जान्दैनन्। तिनीहरूले तिनीहरूको
किल्लाहरूमा डकैती र लुटेका मालहरू थुपार्छन।"

११यसकारण परमप्रभु भन्नुहुन्छ, "त्यो देशमा एकजना
शत्रु आउनेछ, त्यो शत्रुले तिमीहरूको सुरक्षा कुल्चिन्छ।
उसले तिमीहरूको चीजहरू लिएर जानेछ जुन आफ्नो
किल्लामा लुकाएर राखेकाछौ।"

१२परमप्रभु भन्नुहुन्छ, "जसरी गोठालोले सिंहको
मुखबाट थुमा बचाँउदा उसको दुइ खुट्टा र एउटा कान
मात्र बचाउनु सक्ला, त्यसरी नै विलासीपूर्ण सोफामा र
रेशमी ओछ्यानहरूमा सुत्ने सामरियामा बस्ने इस्राएली
मानिसहरू मध्ये केही मात्र सुरक्षित रहनेछन्।

१३मेरा स्वामी सर्वशक्तिमान परमप्रभु परमेश्वर, यो
कुरा भन्नुहुन्छ। "याकूबको घरानाका मानिसहरूलाई यी
कुराहरूको चेतावनी देऊ। १४परमप्रभुले न्याय दिने
दिनमा म इस्राएललाई उसका पापहरूको लागि दण्ड
दिनेछु। म बेतेलका वेदी ध्वंश गरिदिनेछु र समस्त वेदी
भूइँमा खस्ने बनाउँछु। १५म गर्मीमा बस्ने निवास

स्थान साथै शीतकालिन निवासस्थान पनि नष्ट पारिदिनेछु।
अनि हातीको दाँतले बनाएका घरहरू पनि नष्ट पारिदिनेछु,
धेरै घरहरू नष्ट गरिने छ।” परमप्रभु भन्नु हुन्छ।

## आनन्दप्रिय स्त्रीहरू

४ हे सामरियाको डाँडामा बस्ने बाशानका गाईहरू
हो, मेरो वचनहरू सुन। तिमीले गरीब मानिसहरूलाई
दुःख दियौ र दरिद्रिहरूलाई कुल्चियौ। तिमीहरूले आफ्नो
पतिहरूलाई भन्छौ, “हामीहरूका निम्ति नयाँ दाखरस
पिउँनको निम्ति ल्याऊ।”
२परमप्रभु मेरो स्वामीले यो प्रतिज्ञा गर्नु भयो: उहाँले
आफ्नो पवित्रताको शपथ खानुभयो अनि भन्नुभयो: हेर
यस्तो दिन आइलाग्नेछ तिनीहरूले तिमीहरूलाई अङ्कुसेले
समातेर र बाँकी रहेकाहरूलाई बल्छीले अल्झाएर
लानेछन्। ३तिमीहरू सबै देवालका दूलोबाट बाहिर
जानेछौ, तिमीहरू सबै हर्मोनको क्षेत्रपट्टि फ्याकिनेछौ,”
परमप्रभु भन्नुहुन्छ। ४“बेतेलको पवित्र स्थानमा जाऊ
अनि पाप गर। गिलगालमा जाऊ अनि अझ पाप
गर। दिनैपर्छ भने तिमीहरूले हरेक बिहान भेटी चाँडै
चढ़ाऊ। तीन दिन चाढ़को लागि तिमीहरूको फसलको
एक दशांश चढ़ाऊ।
५धन्यवादको भेटी खमीर हालेको रोटी चढ़ाऊ अनि
स्वेच्छा भेटीको घोषणा गर, किनभने हे इस्राएलीहरू
हो। तिमीहरू यसो गर्न मन पराउँछौ।”
६“म नै हुँ जसले तिमीहरूलाई अनिकाल र भोक
ल्याइदिएँ। मैले तिमीहरूलाई कुनै खाने कुरा दिइन।
तिमीहरूका सबै शहरहरूमा अन्न थिएन् तर तिमीहरू
फर्किएनौ,” परमप्रभु यसो भन्नुहुन्छ।
७“मैले वर्षा रोकिदिएँ अनि यो फसल पाक्नु भन्दा
तीन महिना अघि थियो। मैले एउटा शहरमा पानी पर्न
दिए तर अर्कोमा दिइँन। त्यसपछि मैले एउटा खेतमा
पानी पर्ने गराएँ तर अर्को खेत सुक्यो। ८त्यसकारण
त्यस दुइ या तीन शहरका मानिसहरू पानीको निम्ति
अर्को शहर तिर डुलिहिंड़े तर त्यहाँ प्रत्येक मानिसको
निम्ति प्रशस्त पानी थिएन। तर पनि तिमीहरू सहायताको
निम्ति मकहाँ आएनौ।” परमप्रभुले यी कुराहरू भन्नुभयो।
९“मैले तिम्रो फसलहरू ज्यादै गर्मी र किराहरूद्वारा
मारिदिए। जम्मै बशैया र दाखका बोटहरू मारिदिए।
सलहले नेभाराको बोट र भद्राक्षेको बोटहरू सबै नष्ट
पारिदियो। तर पनि तिमीहरू मकहाँ सहायताका निम्ति
आएनौ।” परमप्रभु भन्नुहुन्छ।
१०“मैले तिमीहरूका विरूद्ध महामारी फैलाई दिएँ
जस्तो मिश्र देशमा फैलाएको थिएँ। मैले तिमीहरूका
युवाहरूलाई तलवारहरूले काटेर मारें। मैले तिमीहरूका
घोड़ाहरू लगे। मैले तिमीहरूको घरमा मृत्युको दुर्गन्ध
फैलाई दिए, तर पनि तिमीहरू मकहाँ सहायताको
निम्ति आएनौ।” परमप्रभु यी कुराहरू भन्नुहुन्छ।
११“मैले जसरी सदोम र गमोरालाई नष्ट पारेको
थिएँ। त्यसरी नै तिमीहरूलाई नष्ट पारें। तिमीहरू
आगोबाट निक्लेको धुवाँसित बल्दै गरेको दाउरा जस्तै
छौ। तर पनि तिमीहरू मकहाँ सहायताको निम्ति
आएनौ।” परमप्रभु भन्नुहुन्छ।
१२“यसकारण, इस्राएल! म तिमीहरूलाई दण्ड दिन
जाँदैछु। इस्राएल, तिनीहरू परमेश्वरको दण्ड सामना
गर्न तयार हुनु नै पर्छ।
१३“परमेश्वर नै एकजना हुनुहुन्छ जसले पहाड़ र
बतास सृजना गर्नुहुन्छ। उहाँले मानिसहरूलाई आफ्नो
विचार भन्नु हुन्छ। उहाँ नै एक हुनुहुन्छ जसले
विहानलाई अँध्यारोमा परिणत गर्नुहुन्छ अनि पृथ्वीका
पहाड़हरूमाथि चढ़नु हुन्छ। उहाँको नाउँ यहोवा हो,
सर्वशक्तिमान परमप्रभु।”

## इस्राएलको निम्ति दुःखको गीत

५ हे इस्राएल, यी शोक गीतहरू सुन जुन मैले
तिमीहरूको बारेमा गाँउछु।
२इस्रायलकी कन्या, सामरिया फेरि कहिल्यै नउठने
गरी लड़ेकीछिन्। उनी आफ्नो भूमिमा कसैले नउठाउने
गरी परित्यक्त छिन्।
३मेरा स्वामी परमप्रभु यो भन्नुहुन्छ, “शहरबाट एक
हजार मानिसहरू गए र एक सय मात्र फर्केर आए।
शहरबाट एक सय मानिसहरू गए र केवल दशजना
मात्र इस्राएल राष्ट्रमा फिर्ता आए।

## परमप्रभु इस्रायललाई आफू तर्फ फर्काउन प्रोत्साहित गर्नु हुन्छ

४परमप्रभु इस्राएलका मानिसहरूसित यसो भन्नुहुन्छ,
“मेरो खोजी गर्दै आऊ अनि बाँच्नेछौ।
५तर बेतेललाई नखोज; गिलगालमा नजाऊ; सीमाना
पार नगर। अनि बेर्शेबामा नजाऊ। गिलगालका
मानिसहरूलाई कैदमा लगिनेछ। अनि बेतेललाई नष्ट
पारिदिनेछ।
६परमप्रभुकहाँ आऊ र तिमीहरू बाँच्नेछौ। यदि
तिमी परमप्रभुकहाँ गएनौ भने उहाँले इस्राएल राष्ट्रमाथि
आगोले भैं झम्टनु हुनेछ। इस्राएल राष्ट्र आगोले
ध्वस्त पारिनेछ र परमेश्वरको घर समेत कोही सुरक्षित
हुनेछैन।
७हे मानिसहरू हो! तिमीहरू किन न्यायलाई तिक्ततामा
र धर्मलाई घृणा सरह व्यवहार गर्छौ?
८-९उहाँ जसले कृतिका र मृगशिरा नक्षत्रहरू
बनाउनु भयो, उहाँ नै हुनुहुन्छ जसले बिहानलाई गहिरो
अन्धकारमा र दिनलाई रातमा परिवर्तन गर्नु हुन्छ।
उहाँले समुद्रको पानीलाई बोलाउनुहुन्छ र पृथ्वीमा
खन्याउनु हुन्छ। यहोवा उहाँको नाउँ हो। उहाँले बलिया
सेनाहरू र किल्लाहरूलाई ध्वंश पार्नु हुन्छ।”

### इस्राएलीहरूले गरेका दुष्ट कामहरू

१०तिमी मानिसहरू, अगमवक्तालाई घृणा गर्छौ जो
तिमीहरूका अन्यायलाई लल्काछौं र मानिसहरूसित सत्य
बोल्छ।
११अत्याचार र लुटद्वारा तिमीहरूले गरीबलाई
कुल्चेकाछौ। तिमीहरूले तिनीहरूको खाना लुटेकाछौ।
कुँदिएका ढुङ्गाका घरहरू बनाउन त्यो बेचेकाछौ। तर
तिमीहरू यी राम्रा घरहरूमा बस्नेछैनौ, तिमीले राम्रा-राम्रा
दाखका बोटहरू लगाएकाछौ तर तिमीले त्यसबाट
बनेको दाखरस पिउने छैनौ।
१२मलाई थाहा छ तिमीहरूका धेरै डरलाग्दा पापहरू
र ठूलो अपराध विजयमा मलाई थाहा छ। तिमीहरूले
धर्मीहरूको विरोध (खेदो) गर्‍यौ र गरीबहरूलाई अत्याचार
गर्न घुस लियौ।
१३त्यस समयमा बुद्धिमानहरू चूप लाग्नेछन्। किन?
किनभने यो समय खराब छ।
१४नराम्रो होइन राम्रो गर्ने लक्ष्य बनाऊ ताकि
तिमीहरू बाँच्नेछौ। तब परमप्रभु परमेश्वर सर्वशक्तिमान
तिमीहरूसंगै हुनुहुनेछ जसरी तिमीहरूले तिमीहरूसित
उहाँ हुनुहुन्छ भनेकाछौ।
१५खराबीलाई घृणा गर अनि भलाईलाई प्रेम गर।
न्यायलयमा न्यायमा फर्काई ल्याऊ, तब संभव छ कि
सर्वशक्तिमान परमप्रभु परमेश्वरले यूसुफको कुलमा
बाँचेका मानिसहरूलाई राम्रो गर्नुहुनेछ।

### एउटा ठूलो शोकको दिन आउँदैछ

१६त्यसकारण परमप्रभु परमेश्वर सर्वशक्तिमान
भन्नुहुन्छ, "सबै सार्वजनिक स्थानहरूमा रोइरहने छन् र
सबै गल्लीहरूमा मानिसहरूले परमेश्वरलाई पुकारिरहेका
हुनेछन्। तिनीहरूले किसानहरूलाई रूनु र विलाप गर्नु
बोलाउनेछन्। तिनीहरूले शोक गर्नेहरूलाई ज्यालामा
ल्याउनेछन्।
१७मानिसहरू दाखका सबै खेतहरूमा रूनेछन्। किन?
किनकि तिमीहरूको धार्मिक मण्डलीबाट जानेछु र
तिमीहरूलाई दण्ड दिनेछु।" परमप्रभु यसो भन्नुहुन्छ।
१८अहा, परमप्रभुको विशेष दिनलाई पर्खिरहेका
तिमीहरू आफैलाई हेर। तिमीहरू किन परमप्रभुको
न्यायको दिन चाहन्छौ? यो एउटा गहिरो। अन्धकारको
दिन हुनेवाला छ उज्यालो होइन।
१९तिमीहरू भालूको सम्मुख नहुनलाई भाग्दा कुनै
सिंह अघि पुगेको मानिस जस्तै हुनेछौ; अथवा तिमीहरू
एकजना मानिस आफ्नो घरमा जान्छ र आराम गर्नु
भित्तामा अडेसिएको बेला साँपले डसेको मानिस झैं
हुनेछौ।
२०यसर्थ, परमप्रभुको विशेष दिन अँध्यारो हुनेछ
उज्यालो होइन, यो शोकको समयमा हर्ष र उल्लास
हुनेछैन्।

### परमप्रभुबाट इस्राएलीको आराधाना अस्वीकार

२१"म तिमीहरूको पवित्र दिनलाई घृणा गर्छु। म
त्यो स्वीकार गर्दिन्। म तिमीहरूको धार्मिक सभाको
आनन्द लिनेछैन्।
२२तिमीहरूले होमबलि र अन्नबलि चढ़ाए ता पनि
म स्वीकार्ने छैन्। तिमीहरूले अन्न खुवाएर बलियो
पारेको जनावरको शान्तिबलि पनि म स्वीकार गर्नेछैन।
२३तिमीहरूका हल्लै गीतहरू हल्लाको मबाट टाड़ो
राख, म तिमीहरूका वीणाबाट आएको धुन सुन्ने छैन।
२४तर न्याय बगोस पानी सरह र बगोस धर्म कहिले
पानी शेष नहुने खोला झैं।
२५हे इस्राएल! के तिमीहरूले जब तिमीहरू चालीस
वर्ष सम्म मरुभूमिमा थियौ मलाई भेटी चढ़ायौ?
२६तिमीहरूले मूर्तिहरूका राजा सिक्कुतलाई तिमीहरूका
राजा अनि तारा देवता कीयूनलाई देवाता झैं मानेकाछौ।
जो तिमीहरूले आफ्नै लागि बनायौ।
२७यसकारण म तिमीहरूलाई दमीशकस भन्दा पर
निर्वासित पार्नेछु।" परमेश्वर सर्वशक्तिमान उहाँको नाउँ
हो।

### इस्राएलबाट राम्रो समय लिइनेछ

६ हाय! तिमीहरू आफैलाई हेर, जो सियोनमा
आरामको जीवन मनाइरहेकाहरू अनि सामरिया
पर्वतमाथि बचाऊ अनुभव गरिरहेकाहरू। तिमी 'महत्वपूर्ण'
मानिसहरू जसकहाँ 'इस्रायलका राजपरिवार' सल्लाहको
लागि जान्छन, तिमीहरूका निम्ति अनिष्ट हुनेछ।
२कल्नेह, हमात अनि पलिश्ती शहर र गात शहर
हेर, के इस्राएल यी शहरहरू भन्दा राम्रो छ? होइन!
के यी शहरहरूका सीमाना इस्राएलका सीमान भन्दा
ठूला छन? होइन।
३हाय! तिमीहरू आफैलाई हेर, तिमीहरू जसले
खराब दिन जम्मा गर्छौ अनि हिंसाको दिन नजिक
ल्याउछन।
४हाय! हेर तिमीहरू आफैलाई हेर, तिमीहरू जो
आरामदायी पलंगमा सुत्छौ अनि सोफामा आफै तन्कन्छौ।
यिनीहरू नै हुन् जो बथानबाट थुमाहरू खान्छन् र
गाईको बथानबाट बाछो खान्छन्।
५तिमीहरू गरीबका दयनीय अवस्थाको वास्ता गर्दैनौ।
तिमीहरू अल्छी गरी वीणा बजाउँछौ, तिमीहरू दाऊद
जस्तै आफ्नै निम्ति वाद्यहरूको आकार बनाउँछौ*
जसमा आफ्ना गीतहरू बजाउँछौ।
६तिमीहरू सुन्दर-सुन्दर कचौरामा दाखरस पिउछौं।
तिनीहरू उच्चस्तरीय तेलले आफू मालिस गर्छौ। अनि

---

**आकार बनाउँछौ** अथवा आविस्कार गर्छौ - हिब्रु शब्दमा सोच्नुको अर्थ हस्त कार्यमा निपुण हुनु।

तिमीलाई यसको निम्ति चिन्ता छैन् कि यूसुफको
परिवार नष्ट गरिदैछ भन्ने।
७यसकारण तिनीहरू निष्कासित हुनेछन्। हो, तिनीहरू
बन्द बनाई लगिनेहरूमा प्रथम हुनेछन्। तिनीहरू मर्नमा
पहिलो हुनेछन्। तिनीहरूका भोजनहरू र मोज मज्जाको
अन्त हुनेछन। ८परमप्रभु मेरो मालिकले उहाँले आफ्नो
नाउँ सर्वशक्तिमान परमेश्वर भनेर यो प्रतिज्ञा गर्नु भयो:
“म त्यो कुराहरूलाई घृणा गर्छु, जसमा याकुबले
घमण्ड गर्छ। म उसको अट्टालिकाहरूलाई घृणा गर्छ।
यसकारण म शत्रुलाई शहर र यसमा भएकोँ प्रत्येक
कुरा लिन दिनेछु।”

### त्यहाँ केही इस्राएलीहरू मात्र जीवित छोड्निन्छ

९यस्तो हुनेछन् यदि दशजना मानिसहरू घरभित्र छन
भने, तिनीहरू सबै मर्नेछन्। १०जब उनका मानिसहरू
उसको लाश जलाउनु लिन आउँछन्, तिनीहरूले उसको
हड्डी बाहेक केही पाउँदैनन। तब उसले ती घरभित्र
लुक्नेहरूलाई सोध्छ, “तिमीसित अन्य लाशहरू छन्?”
तिनीहरूले जवाफ दिनेछन्, “छैन!” त्यस समयमा त्यस
आफन्तले भन्नेछ, “चुप लाग, यहाँ हामीले परमप्रभुको
नाउँ लिनु हुँदैन्।”
११हेर, परमप्रभु परमेश्वरले आज्ञा दिनुहुन्छ कि
विशाल महल टुक्रा-टुक्रा पारिनु पर्छ र सानो घरहरू
अझ सानो-सानो टुक्रा पारेर भत्काउनु पर्छ।
१२के घोड़ाहरू चट्टानमाथि दर्गुछ? अँह के कुनै
मानिसले समुद्रमा गोरू जोत्छ? अँह, तर पनि तिमीहरूले
प्रत्येक चीज उल्टा पुल्टा पारिदिन्छौ। तिमीले त राम्रो
अनि न्यायलाई विषमा परिणत गरिदिन्छौ र धर्मलाई
तितेपाती जस्तै तितो बनाइदिन्छौ।
१३तिमीहरू लो-देबारको पराजयमा खुशी हुन्छौ।
तिमी भन्छौ, “हामीले कार्नेमलाई आफ्नो शक्तिले जितेका
हौ।”
१४“इस्राएल हेर! म तिम्रो विरोधमा एउटा राज्य
खड़ा गर्नेछु। अनि तिनीहरूले तिमीहरूलाई हमातको
प्रवेशद्वारदेखि अराबाको खोलो सम्म अत्याचार गर्नेछन्।”
सर्वशक्तिमान परमप्रभु परमेश्वरले यो कुरा भन्नुभएको
हो।

### दर्शनमा सलह

७ परमप्रभुले मलाई यो दर्शन देखाउनु भयो। यस
दर्शनमा राजाको अंश अन्न भित्र लगिए पछि
नयाँ अन्न उप्जँदै गरेकोमा उहाँले सलहहरू बनाउँदै
गर्नु भएको मैले देखें। २सलहले देशको सारा घाँसहरू
खायो। त्यसपछि मैले भने, “मेरा स्वामी परमप्रभु, म
बिन्ती गर्छु, हामीलाई क्षमा गर्नुहोस! याकूब बाँच्न
सक्तैन्। त्यो अत्यन्तै सानो छ।”
३त्यसपछि परमप्रभुले यसको विषयमा आफ्नो विचार
बद्ल्नु भयो। परमप्रभुले भन्नुभयो, “यस्तो हुने छैन्।”

### आगोमा दर्शन

४मेरा स्वामी परमप्रभुले मलाई उहाँको भयानक
न्याय, परेको पानी पोखिए जस्तै देखाउनु भयो। आगोले
विशाल समुद्र जलायो आगोले जमीन नष्ट पारिदियो।
५तब मैले भने, “हे परमप्रभु परमेश्वर, म तपाईसित
बिन्ती गर्छु: “याकूब बाँच्न सक्तैन्, त्यो एकदमै सानो
छ।”
६त्यसपछि यसको विषयमा परमप्रभुले विचार बद्ल्नु
भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, “यस्तो हुने छैन्।”

### साहुलको दर्शन

७तब परमप्रभुले मलाई यो दर्शन देखाउनु भयो: यस
दर्शनमा उहाँ साहुलले चिन्ह लगाएर बनाएको पर्खाल
नजिक खड़ा हुनुहुन्थ्यो। अनि उहाँले आफ्नो हातमा
साहुल समातिरहनु भएका थियो। ८परमप्रभुले मलाई
सोध्नु भयो, “आमोस तँ के देख्दैछस्?” मैले भनें,
“मैले एउटा साहुल देख्दैछु।” त्यसपछि मेरा मालिकले
भन्नुभयो, “हेर, म मेरा इस्राएलको मानिसहरू विरुद्ध
साहुल प्रयोग गर्नेछु। म तिनीहरूको ‘दुष्टाँई’ फेरि
कहिल्यै वेवास्ता गर्ने छैन्। ९इसहाकको अग्ला ठाउँहरू
नष्ट गरिनेछ। इस्राएलको पवित्र स्थानहरू उजाड़
हुनेछन। म खड़ा हुनेछु र यरोबामको परिवारलाई
तलवार लिएर आक्रमण गर्नेछु।”

### अमस्याहले आमोसलाई रोक्ने कोसिस

१०बेतेलको पूजाहारी अमस्याहाले इस्राएलका राजा
यारोबामकहाँ यो संदेश पठायो: “आमोसले तिमीहरूको
विरूद्ध षड़यन्त्र रच्दैछ। उसले इस्राएलका मानिसहरूलाई
तिम्रो विरूद्ध युद्ध गर्नका निम्ति कोसिस गरिरहेकोछ।
उसले यति ज्यादा गर्दैछ कि उसको शब्दले पुरै देशमा
खपिनसक्नु भएकोछ। ११आमोसले भन्यो, ‘यारोबामलाई
तरवारले काटिनेछ र इस्राएलका मानिसहरूलाई तिनीहरूको
देशबाट निर्वासित गरिनेछन।’”
१२अमस्याहले आमोसलाई भन्यो, “हे भविष्यवक्ता
यहूदा तर्फ दक्षिणतिर दुगुर अनि त्यहाँ अगमवाणी दिएर
आफ्नो भोजन कमाऊ। १३तर यहाँ बेतेलमा ज्यादा
उपदेश नदेऊ। यो यारोबामको पवित्र स्थान हो। यो
इस्राएलको मन्दिर हो।”
१४तब आमोसले आमस्याहलाई जवाफ दियो, “म
पेशागत अगमवक्ता होइन र म राजाको अगमवक्ता
होइन। म एउटा गोठाला हुँ अनि अंजीर र नेभाराका
रुखहरू रुँग्ने मानिस हुँ।
१५परमप्रभुले मलाई भेड़ा बाख्राहरू चराउँदै गर्दा
ठाउँबाट बोलाउनु भयो अनि भन्नुभयो, ‘जा मेरा

मानिसहरू इस्राएललाई अगमवाणी गर।' १६यसैकारण
परमप्रभुको वचन सुन, तिमीहरू मलाई भन्छौ, 'इस्राएलको
विरूद्ध अगमवाणी नगर। इस्राएलको कुलको विरुद्ध
उपदेश नदेऊ।' १७परमप्रभुले यसो भन्नुहन्छ। तिम्रो
पत्नी यो शहरमा एकजना वेश्या हुनेछ। अनि तिम्रो
छोराहरू र छोरीहरू अपवित्र भूमिमा तरवारले मारिन्छिन्।
तिम्रो भूमि, नाप्ने डोरीले भाग गरिनेछ अनि तिमी
आफैले भूमि अपवित्र पार्नेछौ। इस्राएल निश्चय नै
आफ्नो भूमिबाट बन्दीको रुपमा लगिनेछ।'"

## पाकेको फलको दर्शन

८ परमप्रभुले मलाई यो देखाउनु भयो। मैले ग्रीष्म
ऋतुमा पाकेको फलको डाला देखे। २परमप्रभुले
मलाई सोध्नु भयो, "आमोस तिमीले के देख्दै छौ?"
मैले भने, "ग्रीष्म ऋतुमा पाकेको फलको एउटा
डालो देखें।"
तब परमप्रभुले म सित भन्नुभयो, "मेरा मानिसहरू
इस्राएलको अन्त आयो। म तिनीहरूको पापलाई अझ
नदेखे झैं गर्न सक्तिन्। ३अन्तिम दिनमा परमप्रभुको
भवनमा शोकपूर्ण गीतहरू गाइन्छ, "मेरा परमप्रभु
मालिक भन्नु हुन्छ। लाशहरू प्रत्येक ठाँउमा हुनेछन् र
नीखतामा लाशहरू लगिनेछ।"

## इस्राएलका व्यापारीहरू केवल पैसाको पछि लागिरहन मन पराउँछन्

४सुन! मानसिहरूले असहाय मानिसहरूलाई थिचोमिचो
गर्छन्। तिमीहरूले यस देशको गरीबहरू नष्ट पार्न
चहान्छौ।
५हे व्यापारीहरू हो! तिमीहरू भन्छौ, "औंसी कहिल्ये
बित्छ ताकि हामी गहुँ बेच्नु सक्छौं। कहिले शबाथ
बित्ला र हामीले बेच्न शरु गर्ने? तब हामीहरूले खोटो
तराजु प्रयोग गरेर ठग्न सक्छौ र हाम्रा ग्राहकहरूलाई
धोका दिन सक्छौ।
६तिमीले आफैलाई भन्छौ, "हामीले गरीबलाई चाँदीले
किन्छौ अनि दरिद्रलाई एक जोड़ी जुत्ताले किन्छौ। हामी
सड़ेको गहुँ पनि बेच्छौ।"
७परमप्रभुले 'याकूब गर्व नामक आफ्नो नाम प्रयोग
गर्नु भयो र शपथ लिनु भयो, "म उसको कर्म कदापि
भुल्ने छैन।"
८किनभने यी कार्यहरूको कारण सम्पूर्ण भूमि
काम्नेछ। यस देशमा बस्ने प्रत्येक मानिस मृत्य भएको
मानिसहरूको निम्ति रुनेछ। मिश्रको नील नदी जस्तै
सम्पूर्ण भूमि उठ्नेछ र तल झर्नेछ। भूमि यता उत्ता
फ्यकिनेछ।"
९परमप्रभुले भन्नुभयो: "म सूर्यलाई मध्य दिनमा
अस्ताउने बनाइदिनेछु अनि पृथ्वीको दिनको उज्यालोलाई
अँध्यारो बनाइदिनेछु।
१०म तिमीहरूका चाड़को दिनहरूलाई शोक मनाउने
दिनहरूमा र खुशीको सबै गीतहरूलाई दु:खको गीतमा
परिवर्तन गरिदिनेछु। म तिमीहरूलाई वस्त्रहरू शोक
लगाएका बनाउनेछु र टाउको खौराउनेछु। म तिमीहरूले
जन्माएको एउटै मात्र छोरो मर्दा शोक गरे जस्तो
पारिदिन्छु अनि यो तिक्त दिन हुनेछ।"

## परमप्रभुको वचनको एउटा डरलाग्दो अनिकाल आउँदैछ

११परमप्रभु भन्नुहुन्छ: "हेर, त्यो दिन नजिक आउँदै
छ जब म देशमा अनिकाल ल्याउने छु। मानिसहरू
रोटी र पानीको निम्ति भोकाउने छैनन। तर मानिसहरू
परमप्रभुको वचनको निम्ति भोकाउने छनन।
१२तिनीहरू परमप्रभुको वचन सुन्न देशमा मृत्य
सागर देखि महा सागर सम्म यता-उता जाने छन। अनि
देशको उत्तर भाग देखि पूर्वसम्म, मानिसहरू परमेश्वरको
वचनको निम्ति यताउता गर्नेछ तर तिनीहरूले पाउने
छैनन।
१३त्यस समय सुन्दर युवक र युवतीहरू तिर्खाले
मुर्च्छा पर्नेछन।
१४तिनीहरूले सामरियाका मूर्तिहरूद्वारा शपथ खान्छन्
तिनीहरूले भन्छन्, 'दानको मूर्तिहरूद्वारा अथवा बेर्शेबाको
मूर्तिहरू द्वारा।' तर यी मानिसहरू लड़नेछन र कहिल्यै
पनि उठ्ने छैनन्।"

## वेदीको छेउमा उभिनु भएको परमप्रभुको दर्शन

९ मैले परमप्रभुलाई वेदीको छेउमा उभिरहेको देखें।
उहाँले भन्नुभयो, "संधार हल्लिञ्जेल र मानिसहरूको
टाउकोहरू चुर हुञ्जेल खम्बामाथि ठोकाऊ। ती
बाँचेकाहरूलाई तरवारले मार। भाग्नेहरू मारिनेछन्।
कुनै मानिस पनि मेरो रिसबाट उम्कनेछैन।
२यद्यपि तिनीहरूले पातालभित्र खने पनि तिनीहरू
भएकहाँ मेरो हात पुग्नेछ अनि यदि तिनीहरूले स्वर्गमा
चढ़े पनि म तिनीरूलाई त्यहाँबाट तल झार्नेछु।
३यद्यपि तिनीहरू कमेल पर्वतको टाकुरामा लुके पनि
र मेरो दृश्यबाट लुके पनि म तिनीहरूलाई भेट्नेछु। म
तिनीहरूलाई मेरो छेउमा ल्याउनेछु। यदि तिनीहरू
समुद्रको फेदमा लुके तापनि म सर्पलाई आज्ञा गर्नेछु र
त्यसले तिनीहरूलाई डस्नेछ।
४यद्यपि तिनीहरू तिनीहरूको शुत्रहरूको कब्जामा
गए पनि म तरवारलाई आज्ञा गर्नेछु अनि त्यसले
तिनीहरूलाई मार्नेछ। मैले तिनीहरूलाई नोक्सान गर्ने नै
निश्चय राम्रो गर्ने होइन गरें।"

## दण्डले मानिसहरूलाई नष्ट गर्नेछ

५मेरो मालिक सर्वशक्तिमान परमप्रभुले भूमिलाई
छुनुहुन्छ अनि त्यो भूमि पग्लन्छ। तब त्यस भूमिमा

भएको सबै मानिसहरू मृतकहरूका निम्ति रूनेछन्।
त्यो प्रदेश मिश्रको नील नदि जस्तै माथि उर्लन्छ अनि
तल झर्छ।
६परमप्रभुले आफ्नो स्थान आकाशमाथि बनाउँनु
भयो। उहाँले आफ्नो आकाश पृथ्वीमाथि राख्नुभयो।
उहाँले समुद्रको पानीलाई बोलाउँनु हुन्छ। अनि देशमाथि
खन्याउनु हुन्छ। उहाँको नाउँ परमप्रभु हो।

## परमप्रभुको इस्राएललाई नष्ट गर्ने प्रतिज्ञा

७परमप्रभु भन्नुहुन्छः "हे इस्राएली, तिमीहरू मेरा
निम्ति कुश जस्तै हौ। मैले इस्राएललाई मिश्रबाट
निकालेर ल्याएँ। मैले पलिश्तीहरूलाई करतोरबाट ल्याएँ।
अनि अरामीहरूलाई कोरबाट।"
८हे परमप्रभु मेरा मालिकको! आँखाहरू पापपूर्ण
राज्यमाथि छन्। परमप्रभुले भन्नु भयो, "म इस्राएललाई
पृथ्वीबाट सम्पूर्ण रूपले ध्वंश पार्नेछु। हुँ न त म
याकूबको घरलाई ध्वंश गर्ने छैन।"
९हेर! वेकारका मानिसहरूलाई अलग गराउनु
इस्रायलका मानिसहरूलाई चालनीमा आँटा चाले झैं
हल्लाउनु म आज्ञा दिनेछु।
१०मेरा मानिसहरू मध्येका पापीहरू तरवारले मारिन्छन्।
तिनीहरूले भन्दैछन्, 'हामीमा नराम्रो आउने छैन्।'
अथवा हामीलाई जित्ने छैन्।"'

## परमेश्वर राज्यको पुनस्थापनाको शपथ लिन्छन्

११"त्यसदिन म दाऊदको ढलेको पाललाई उठाउनेछु,
म चर्केकाहरू र नष्ट भएका भवनहरू मरमत गर्नेछु।
म त्यसलाई पहिलेको जस्तै पुनः निमार्ण गर्नेछु।
१२ताकि एदोममा बाँकी रहेका मानिसहरू र राष्ट्रहरू
जो मेरो नाउँले (यहोवा) कहलाइन्छन तिनीहरू लिनलाई
परमप्रभु जसले यी सब गर्नु हुन्छ। घोषणा गर्नु हुन्छ।"
१३परमप्रभु भन्नुहुन्छः "त्यो समय आइरहेछ जब
प्रत्येक प्रकारको भोजन ज्यादा हुन्छ। अब मानिसहरूले
आफ्नो फसल काटी सकेको हुँदैन, हलो जोत्ने समय
आई हाल्छ, मानिसहरू अहिले दाखरस निकाल्नको
लागि बसेका हुन्छन फेरि दाखको रोप्ने समय आइहाल्छ।
पहाड़हरूबाट दाखरसको धारा बग्नेछ अनि त्यो पहाड़हरूबाट
झर्नेछ।
१४मेरा मानिस इस्राएलीहरूलाई कैदबाट फर्काएर
ल्याउनेछु। तिनीहरूले त्यो नष्ट भएको शहरहरू फेरि
बनाउँनेछन् अनि तिनीहरू ती शहरहरूमा बस्नेछन्
उनीहरूले दाख बारीहरू लाउनेछन् अनि तिनीहरूले
उब्जाऊ गरेको दाखरस पिउनेछन् उनीहरूले बगैचाहरू
रोप्नेछन् अनि त्यसबाट फलेको फलहरू खानेछन्।
१५म उनीहरूलाई उनीहरूकै जमीनमा बसाउँछु अनि
उनीहरू फेरि त्यो देशबाट निकालिने छैनन्। जुन मैले
उनीहरूलाई दिए।" परमप्रभु तिमीहरूका परमेश्वरले यी
कुराहरू भन्नुभयो।

# योएलको पुस्तक

### सलहहरूले देशलाई उजाड़ पारे

**१** पतुएलको छोरा योएलले परमप्रभुको यो वचन
प्राप्त गऱ्यो।
२हे अगुवाहरू हो यो वचन सुन! हे यो देशका सबै
बासिन्दाहरू हो! तिमीहरू मेरो कुरामा ध्यान देऊ। के
तिमीहरूको जीवनकालमा पहिला कहिले यस्तो भएको
थियो? होइन! के तिमीहरूका पिता-पुर्खाहरूको समयमा
कहिले यस्तो घटना घटेको थियो? होइन!
३तिमीहरूका छोरा-छोरीहरूलाई यो कुरा बताऊ,
अनि तिम्रो छोरा-छोरीहरूले उनिहरूका छोरा छोरीलाई
बताउँनेछन्। तिमीहरूको नाति-नातिनाले आफ्ना आउने
पुस्तालाई बताउनेछन्।
४जे कुरो काट्ने सलहहरूले छोड़ेका थिए सबै
बगाले सलहहरूले खाए। अनि जे कुरा बगाले सलहहरूले
छोड़ेका थिए, ती सबै उफ्रने सलहहरूले खाए। जे
उफ्रने सलहहरूले छोड़ेका थिए, ती सबै विनाशकारी
भुसुले सलहहरूले खाए।

### सलहहरू आइपुग्न थाले

५हे मतवालाहरू! जाग अनि रोऊ! तिमीहरू सबै
दाखरस पिउनेहरू हौ, जोड़सित रोऊ। किनभने तिमीहरूको
मिठो दाखरस अब छैन्। अब तिमीहरूले मिठो नँया
दाखरस पाउनेछैनौ।
६एउटा ठूलो अनि शक्तिशाली जातिले मेरो देशलाई
आक्रमण गरेकाछन्।* तिनीहरूका दाँतहरू सिंहका
जस्तै छन्। तिनीहरूका दाह्राहरू सिंहनीका जस्तै छन्।
७ती मानिसहरूले मेरो दाख बारीहरू नष्ट पारिदिए।
दाखको बारी ओइलायो त्यसपछि मऱ्यो। ती मानिसहरूले
मेरो राम्रो नेभाराका बोटहरू नष्ट पारिदिए। बोटको
बोक्रा समेत उप्काई नभाएको नाङ्गो पारेर फालिदिए।

### मानिसहरू रून्छन

८कन्ये केटी झैं विलाप गर जसको विवाह हुन
लागेको छ। जसले लोग्नेको निम्ति भाङ्ग्रा लगाएकोछे
जसको हुनलागेको लोग्ने विवाह हुनुभन्दा पहिला नै
मारिएको छ।
९पूजाहारीहरू परमप्रभुका सेवकहरू रोऊ। किनभने
अब अन्नबलि, र अर्घबलि परमप्रभुलाई चढ़ाइनेछ।

१०खेत उजाड़ पारिएकोछ। यहाँ सम्म कि खेत पनि
रूँदैछ। किन? किनभने अन्नहरू सबै नष्ट भयो नँया
दाखरस सुक्खा भयो अनि भद्राक्षेको तेल पनि समाप्त
भयो।
११हे किसानहरू! निराश हौ। हे दाखवारीका किसानहरू
अच्काली विलाप गर! गहुँ र जौको निम्ति विलाप गर
किनकि खेतको फसलहरू नष्ट भएकोछ।
१२दाखको बोट सुकाइयो अनि नेभाराको बोट
ओइलोएकोछ। अनार, खजूर अनि स्याउका बोटहरू
सुकाइयो। बारीका सबै रूखहरू सुकेकाछन्। मानिसहरूको
बीचमा भएको आनन्द अन्त भएकोछ।
१३हे पूजाहारीहरू! भाङ्ग्रा लगाऊ अनि साहै
विलाप गर। हे वेदीका सेवकहरू हो! विलाप गर। हे
मेरा परमेश्वरका सेवकहरू! तिमीहरू भाङ्ग्रा लाएर
सुत। किनकि अन्नबलि र अर्घबलि तिम्रा परमेश्वरको
मन्दिरमा हुने छैन।

### सलहहरूद्वारा डरलाग्दो विनाश

१४उपवासको समय निश्चित गर। विशेष सभाका
निम्ति मानिसहरूलाई बोलाऊ। सभामा अगुवाहरू र यो
देशका सबै बासिन्दाहरूलाई भेला गराऊ। उनीहरूलाई
परमप्रभु तिमीहरूका परमेश्वरको भवनमा ल्याऊ अनि
परमप्रभुलाई पुकार गर।
१५त्यस दिनको लागि यो एकदमै नराम्रो दिन हुनेछ।
किनकि परमप्रभुको एक विशेष दिन नजिकै आउँदैछ।
त्यस समय यस्तो सर्वनाश हुनेछ कि सर्वशक्तिमान
परमेश्वरले आक्रमण गरिरहनु भएकोछ जस्तै। १६हाम्रो
खाने भोजन हाम्रो आँखाले हेर्दा हेर्दै हरायो। हाम्रो
परमेश्वरको भवनबाट आनन्द र हर्ष हराएर गयो।
१७हामीले बिऊहरू त रोपेको थियौं तर जमीनमै सुकेर
मऱ्यो। हाम्रो बोट बिरूवा सुकेर मऱ्यो। हाम्रा अन्नको
भण्डारहरू खाली भयो अनि नष्ट भएर गयो।
१८हाम्रा पशुहरू भोकले कराइरहेकाछन्। हाम्रा गाई
गोरूका बथान यता-उता छरपष्ट भए। तिनीहरूले घाँस
खान पाउँदैनन। भेड़ाहरू पनि मरिरहेकाछन्। १९हे
परमप्रभु! म तपाईंलाई सहायताको निम्ति प्रार्थना गर्दैछु।
किनकि हाम्रो हरियो मैदानहरू आगोले मरुभूमि बनाइदियो।
मैदानका सबै रूखहरू आगोको ज्वालाले जलाईदिए।
२०वन पशुहरू पनि तपाईंको सहायता चाहन्छन।
नदीहरू सुकी सके, कतै पनि पानीको नाउँ निशान

---

**एउटा … छन्** सम्भवत सलहहले विनाश गेर झैं।

छैन्। आगोले हाम्रो हरियाली मैदानलाई मरुभूमि बनाई दियो।

## परमप्रभुको आउने समय

२ सियोनमा तरही फुक, मेरो पवित्र पर्वतमा चेतावनीको ध्वनि बजाऊ। ती सबै मानिसहरूलाई जो यो देशमा बस्छन् डरले थरथर कामुन्? परमप्रभुको विशेष दिन आउँदैछ। परमप्रभुको विशेष दिन नजिकै छ।

२त्यो दिन अन्धकार उदासी दिन हुनेछ। त्यो दिन धेरै अँध्यारो र बादलले ढाकेको हुनेछ। तिमीहरू विशाल र शक्तिशाली मानिसहरू पर्वतमा अन्धकार झैं फैलिँदै गरेको देख्नेछौ। तिनीहरू जस्ता धेरै संख्यामा मानिसहरू पहिले त्यहाँ कहिल्यै पनि आएका थिएनन् अनि न त भविष्यमा यस्तो हुनेछ।

३तिनीहरूको अघाड़ी आगोले भस्म पार्छ। तिनीहरूको पछाडी आगोको ज्वाला दन्कन्छ। भूमि मानिसहरूको सामुने अदनको बगैँचा जस्तै हुनेछ अनि मानिसहरूको पछि उजाड़ मरुभूमि जस्तै हुनेछ। त्यहाँ केही पनि रहने छैन्।

४सलहहरू घोड़ा जस्तै देखिन्छ अनि तिनीहरू युद्धको घोड़ा जस्तै दौड़न्छन्।

५तिनीहरूलाई सुनु! तिनीहरूको ध्वनि युद्धको समयमा रथ पहाड़मा चढ़दा भएको खैलाबैला जस्तै हुन्छ। त्यो आवाज भुस जलेर निस्केको आगोको ज्वाला जस्तै छ। एक हुल शक्तिशाली मानिसहरू युद्धका निम्ति तत्पर हुदाँको जस्तै हुनेछ।

६मानिसहरू तिनीहरूको अघि डरले थर थर काम्छन्। तिनीहरूको अनुहार डरले पहेँलो हुन्छ।*

७तिनीहरू योद्धाहरू झैं दर्गुछन। तिनीहरू युद्धका मानिसहरू झैं पर्खालमाथि चढ़छन्। प्रत्येक मानिस सोझो अघाड़ी बढ़छन्। तिनीहरू पंक्ति नबिगारी हिड़छन्।*

८उनीहरू एका अर्कामाथि ठेलाठेल गर्दैनन्। प्रत्येक सेना आफ्नो बाटोमा हिड़छन्। यदि कुनै सेनालाई चोट लागेर लड़े पनि अरू सेनाहरू अघि बढ़ि रहन्छन्।

९तिनीहरू कुदेर शहरमा पस्नेछन् अनि चाँडै पर्खाल माथि कुद्नेछन्। तिनीहरू घरमाथि चढ़छन् अनि झ्यालबाट चोरहरू जस्तै भित्र पस्छन्।

१०तिनीहरूको अघाड़ी पृथ्वी हलिन्छ, आकाश काम्छ। सूर्य र चन्द्रमा पनि अँध्यारो हुन्छ। अनि तारा चम्कन छोड़छ।

११परमप्रभुले आफ्नो सेनाहरूलाई ठूलो स्वरले बोलाउँनु हुन्छ। उहाँको छाउनी अत्यन्त विशाल छ। ती जसले परमप्रभुको आज्ञा पालन गर्छन तिनीहरू धेरै संख्यामा छन्। परमप्रभुको विशेष दिन महान् अनि डर लाग्दो हुनेछ। यो कसले सहन सक्छ र?

## पमरमप्रभुले मानिसहरूलाई परिर्वतन हुनु भन्नुहन्छ

१२परमप्रभु भन्नु हुन्छ: "अहिले पनि तिमीहरू सर्म्पूण हृदयले उपवास बसेर रूँदै र शोक गर्दै म तिर फर्क।

१३लुगा होइन, तिमीहरूको हृदय फटाएर"* परमप्रभु तिमीहरूका परमेश्वरकहाँ फर्केर आऊ। उहाँ दयालु अनि करूणामय हुनुहुन्छ। उहाँ चाँड़ै रिसाउनु हुन्न। उहाँको प्रेम महान छ, दण्ड दिने विषयमा उहाँले जो निणर्य लिनु भएको छ त्यो उहाँले परिवर्तन गर्नु सक्नु हुन्छ।

१४'कसले जान्दछ, हुन सक्छ परमप्रभुले आफ्नो मन बद्लिनु सक्नु हुन्छ। यो पनि हुन सक्छ उहाँले तिमीहरूलाई आशिष दिनुहुन्छ। अनि फेरि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई अन्नबलि र अर्घबलि चढ़ाउन योग्यका हुनेछौ।

## परमप्रभुलाई प्रार्थना गर

१५सियोनमा तुरही फुक, महापवित्र सभा बोलाऊ। उपवासको विशेष समयलाई बोलाऊ।

१६मानिसहरूलाई भेला गर। त्यो विशेष सभाको लागि उनीहरूलाई बोलाऊ। तिमीले बूढ़ा-प्रधानहरू अनि नानीहरूलाई भेला गर। त्यो दूधे-बालकहरूलाई पनि लिएर आऊ, नयाँ दुलहा-दुलहीलाई सिंधै तिनीहरूको कोठाबाट बोलाऊ।

१७पूजाहारीहरू, परमप्रभुका सेवकहरू मन्दिरको दलान वेदीको बीचमा रहुन। तिनीहरूले भनुन्: "हे परमप्रभु तपाईंका मानिसहरूलाई दया देखाउनु होस्। तपाईंका मानिसहरूलाई लज्जित हुन नदिनु होस्। तिनीहरूलाई राष्ट्रहरूको बीचमा हाँसोको पात्र नबनाउनु होस्। तपाईंले अन्य देशहरूलाई हाँस्दै भन्ने अवसर नदिनुहोस्, 'तिनीहरूका परमेश्वर कहाँ हुनु हुन्छ?'"

## परमप्रभुले तिम्रो देश फिर्ता दिनु हुन्छ

१८तब परमप्रभु आफ्नो भूमिको निम्ति अत्यन्तै जोशिलो हुनुभयो। उहाँ आफ्ना मानिसहरूमाथि करुणामय हुनुभयो।

१९परमप्रभुले आफ्ना मानिसहरूलाई उत्तर दिनुभयो। उहाँले भन्नुभयो, "म तिमीहरूका निम्ति अन्नहरू, नयाँ दाखरस र तेल पठाउँनेछु। तिमीहरूका निम्ति प्रशस्त

---

**मानिसहरू...हुन्छ** यो पद हिब्रूमा अनिश्चित छ।

**तिनीहरू... हिड़छन्** यो पद हिब्रूमा अनिश्चित छ।

**लुगा होइन ... हृदय फटाउ** आफ्नो दु:ख प्रकट गर्न मानिसहरू आफ्ना लुगा च्यात्थे। यहाँ परमेश्वरले चाहानुहुन्छ कि मानिसहरूले गरेका दुष्ट कामहरूको बारेमा तिनीहरू साँचो रितले दु:खीत होउन।

हुनेछ। म तिमीहरूलाई अन्य जातिहरूको बीचमा हाँसोको पात्र बनिन दिनेछैन्।

२०त्यहाँ आएका उत्तरवासीहरूलाई* तिमीहरूको देशबाट हटाइदिनेछु। उनीहरूलाई बाँझो र उजाड़ देशमा पठाइदिनेछु, त्यसमध्ये आधिलाई पूर्वको समुद्रपट्टि पठाई दिनेछु अनि फेरि आधीलाई पश्चिमको समुद्रतर्फ पठाई दिनेछु। उनीहरूले यस्तो घृणित कर्म गरेका छन्, उनीहरू सेड़ेको दुर्गन्धमाथि उठ्नेछन्। तिनीहरूको नराम्रो गन्ध उभो जानेछ।" तिनीहरूले धेरै घिनलाग्दा कामहरू गरेकाछन्।

## फेरि देशलाई नयाँ बनाईने छ

२१हे देश नडरा! तँ खुशी भएर रमाईलो गर, किनकि परमप्रभुले ठूला-ठूला काम गर्नु हुनेछ।

२२हे जंगलका पशुहरू! नडराऊ, बनको उजाड़ खर्कहरूमा हरियाली आउँनेछ। रूखहरूले फल दिन थाल्नेछन्। नेभाराको बोटहरू र दाखको बोटहरूले प्रशस्त फल दिनेछ।

२३हे सियोनका मानिसहरू हो! खुशी होऊ। परमप्रभु, तिमीहरूका परमेश्वरसंग रमाऊ। किनभने उहाँले तिमीहरूलाई राम्रो गर्नुहुनेछ। उहाँले तिमीहरूलाई अघिल्लो र पछिल्लो दुवै झरी पहिले झैं पठाई दिनुहुन्छ।

२४अब खलाहरू गहुँले भरिपूर्ण हुनेछन्। अनि दाखकुण्डहरू नयाँ दाखरस र तेलले भरिनेछन्।

२५"म परमप्रभुले मेरो शक्तिशाली सेना तिमीहरूको विरूद्धमा पठाएको थिएँ। ती काट्ने सलहहरू, ती बगाले सलहहरू अनि उफ्रने सलहहरूले तिम्रा सबै अन्नहरू खाइदिए। तर म परमप्रभु ती सबै नोक्सान भएको फेरि भरपुर गरिदिनेछु। तिमीहरू फेरि भरिभराऊ हुनेछौ।

२६फेरि तिमीहरूसंग प्रशस्त खानेकुरा हुनेछ। तिमीहरू सन्तुष्ट हुनेछौ र तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको प्रशंसाको गीत गाउनेछौ। उहाँले तिम्रा निम्ति आश्चर्यचकित कामहरू गर्नु भएकोछ। अब मेरा मानिसहरू फेरि कहिल्यै लज्जित हुने छैनन्।

२७अनि तिमीले थाहा पाउँनेछौ म इस्राएलको बीचमा छु। अनि फेरि तिमीले जान्नेछौ म परमप्रभु तिमीहरूको परमेश्वर हूँ र म वाहेक अर्को कुनै परमेश्वर छैन्। मेरा प्रजाहरू फेरि कहिल्यै लज्जित हुनेछैनन्।"

## परमेश्वरले उहाँको आत्मा सबै मानिसहरूलाई दिनुहुन्छ

२८"त्यसपछि म तिमीहरू सबैमाथि मेरो आत्मा खन्याउनेछु। तिमीहरूका छोरा-छोरीहरूले अगमवाणी गर्नेछन्। तिमीहरूका बूढ़ा मानिसहरू स्वप्न-दर्शी हुनेछन्। तिमीहरूका जवानहरूले दर्शन देख्नेछन।*

२९त्यस समय म आफ्ना आत्मा मेरा दास र दासीहरूमाथि खन्याउनेछु।

३०पृथ्वी अनि आकाशमा म अद्भुत चिह्न देखाउनेछु। त्यहाँ रगत, आगो र धुवाँको खम्बाहरू हुनेछन्।

३१सूर्य अँध्यारोमा बद्लिने छ। चन्द्रमाको रंग रगतमा बद्लिने छ। अनि परमप्रभुको महान् र डरलाग्दो दिन आउनेछ।

३२अनि हरेक मानिस जसले परमप्रभुको नाउँ पुकार्छ उसलाई बचाइनेछ। किनकि परमप्रभुले भन्नु भए अनुसार त्यहाँ बाँचेकाहरू सियोन डाँडा र यरूशलेममा हुनेछन्। यो ठीक परमप्रभुले भन्नु भए जस्तै हुनेछ। बाँचेकाहरूको बीचमा तिनीहरू हुनेछन् जसलाई परमेश्वरले बोलाउनु हुनेछ।

## यहूदाको शत्रुहरूलाई दिइनेछ सजाय

३ "हो, ती दिनहरूमा अनि त्यस समयमा म यहूदा र यरूशलेमलाई कैदबाट मुक्त पार्नेछु अनि देशबाट निर्वासितहरूलाई फर्काएर ल्याउनेछु।*
२म सबै जातिहरूलाई भेला गर्नेछु। यो सबै जातिहरूलाई यहोशापातको बेंसीमा भेला पार्छु, अनि त्यहाँ नै म उनीहरूलाई न्याय गर्नेछु। तिनीहरूले नै मेरो इस्राएलका मानिसहरूलाई तितर-बितर पारेका थिए। अन्य जातिहरूको बीचमा बस्नका निम्ति बाध्य तुल्याएको थिए। यसैकारण म तिनीहरूलाई दण्ड दिनेछु। तिनीहरूले मेरो भूमिलाई भाग-भाग गरेकाछन्।
३तिनीहरूले मेरो मानिसहरूको निम्ति चिट्ठा हाले। तिनीहरूले एउटा केटालाई वेश्यागमनको निम्ति बिक्री गरे अनि एउटा केटीलाई दाखरसको निम्ति बेचे अनि मद पिए।

४"हे सोर र सिदोन, पलिश्तीका सम्पूर्ण भूमि हो। मलाई तिमीहरूको वास्ता छैन्? के तिमीहरू मैले गरेको कुनै कर्मका निम्ति सजाय दिइरहेछौ! हुनसक्छ तिमीहरूले यो सोचिरहेका होलाऊ कि तिमीहरूले मलाई दण्ड दिई रहेछौ, तर चाँड़ै म नै तिमीहरूलाई दण्ड दिनेछु।
५तिमीहरूले मेरो सुन र चाँदी चोर्‍यौ। मेरो बहुमूल्य रत्नहरू चोरेर तिमीहरूले तिम्रा आफ्नो मन्दिरहरूमा राख्यौ।

६"तिमीहरूले यहूदा र यरूशलेमका बासिन्दाहरूलाई यूनानीहरूको हातमा बेचिदियौ ताकि तिनीहरू आफ्नो भूमिबाट टाढ़ा लगिनेछन्।
७तिमीहरूले मेरा मानिसहरूलाई तिनीहरूका देशबाट टाढ़ा पठायौ। तर म तिनीहरूलाई फर्काएर ल्याउन लागेकोछु अनि तिमीहरूले जे गर्‍यौ

---

**उत्तरवासीहरूलाई** बाबेल सेना यहूदामा आक्रमण गर्न उत्तर दिशाबाट आउथे। अरु राष्ट्रहरूबाट सेनाहरू इस्राएलको दक्षिण र पूर्वका सेनाहरू यहूदा र इस्राएललाई आक्रमण गर्न यस दिशाबाट आउथे।

**पद२८** हिब्रूमा यो पद अध्याय ३:१ हो।

**पद१** हिब्रूमा अध्याय ४:१ हो।

त्यसका निम्ति म तिमीलाई दण्ड दिनेछु। ८म तिमीहरूका
छोरा-छोरीहरूलाई यहूदाहरूकै हातमा बेचिदिनेछु। अनि
उनीहरूले फेरि तिनीहरूलाई एउटा टाढ़ा देशमा बस्ने
शबाहरूको हातमा बेचिदिनेछन्।" यो कुरा परमप्रभुले
भन्नुभएकोछ।

## युद्धको निम्ति तयार होऊ

९जाति-जातिहरूलाई यो बताई देऊ; युद्धको निम्ति
तयारी बस! शुरवीरहरूलाई बोलाऊ, सम्पूर्ण योद्धाहरूलाई
भेला गर। उनीहरूलाई जगाऊ!
१०तिनीहरूको हलोको फालीहरू पिटेर तलवार बनाऊ।
हँसियाहरूबाट तिमीहरूका भाला बनाऊ। ती कमजोरी
मानिसले भनुन्, "म एउटा योद्धा हुँ!"
११हे सबै देशका जातिहरू! छिटो गर! त्यहाँ भेला
होऊ। हे परमप्रभु तपाईं पनि आफ्नो शक्तिशाली
बीरहरू लिएर आउनु होस्।
१२हे देशबासीहरू! उठ! यहोशापातको बेंसीमा आऊ!
म त्यँही बसेर सबै जातिहरूको न्याय गर्नेछु।
१३तिमी हँसिया लिएर आऊ! किनकि फसल काट्ने
समय भइसकेको छ। आऊ! दाखहरू कुल्च, किनकि
दाखरसको घड़ा भरिसकेकोछ। घड़ा भरिन्छ अनि उभ्रेर
बाहिर आउँछ। किनकि उनीहरूले ज्यादै दुष्टता देखाएका
छन्।
१४निर्णय गरिने बेंसीमा मानिसको धुइरो छ, किनकि
फैसला गर्ने बेंसीमा परमप्रभुको विशेष दिन नजिकै
आएको छ।
१५सूर्य, चन्द्रमा अँध्यार हुनेछन्। ताराहरू चम्कने
छैन्।
१६परमप्रभु परमेश्वर सियोनबाट गर्जनु हुनेछ। उहाँ
यरूशलेमबाट गर्जनु हुनेछ। आकाश र पृथ्वी थर्थर
काम्नेछ, तर परमप्रभु उहाँका मानिसहरूका निम्ति
शरणस्थान हुनुहुनेछ। एउटा सुरक्षित स्थान इस्राएलका
बासिन्दाका निम्ति हुनुहुनेछ।
१७"त्यससमय तिमीहरूले जान्नेछौ कि म नै परमप्रभु
तिमीहरूको परमेश्वर हुँ। म सियोनमा बस्छु, जुन चाँहि
मेरो पवित्र पर्वत हो। यरूशलेम पवित्र बन्नेछ र
त्यहाँबाट कुनै विदेशीहरू फेरि कहिल्यै जाने छैन।"

## यहूदालाई जीवनका निम्ति नयाँ प्रतिज्ञा

१८"त्यसदिन मिठो दाखरस पहाड़हरूमा चुहिनेछ।
ड़ाँड़ाहरूबाट दूधको नदी बग्नेछ। यहूदाका सबै
खोल्साहरूमा पानी बग्न थाल्नेछ। परमप्रभुको मन्दिरबाट
एउटा मूल फुटेर शित्तीमको बेंसीलाई भिजाउनेछ।
१९मिश्रदेश मरुभूमि झैं हुनेछ अनि एदोम पनि
उजाड़ भूमि हुनेछ। किनकि तिनीहरू यहूदाका
मानिसहरूप्रति निष्ठुर थिए। तिनीहरूले तिनीहरूकै देशको
निर्दोष मानिसहरूको हत्या गेरकाछन्।
२०यहूदाका मानिसहरू सदा-सर्वदा रहनेछन् अनि
यरूशलेम पुस्तौं-पुस्तौंसम्म मानिसहरूका वासस्थान हुनेछ।
२१तिनीहरूले मेरो मानिसहरको हत्या गरे। यसकारण
म उनीहरूलाई सजाय दिनेछु।" किनकि परमप्रभु परमेश्वर
सियोनमा बास गर्नुहुन्छ।

# होशेको पुस्तक

### होशे द्वारा परमप्रभु परमेश्वरको वचन

**१** परमप्रभुको यो वचन बेरीको छोरा होशेकहाँ आयो। यो वचन उज्जियाह, योनाम, आहाज र हिजकियाह यइदाका राजा भएको समयमा प्राप्त भएको थियो। यो त्यस समयको कुरा हो जुन समय योआशका छोरो यारोबाम इस्राएलका राजा थिए।

२परमप्रभुबाट होशेलाई नै यो पहिलो वचन थियो। परमप्रभुले भन्नुभयो, "जाऊ, गएर एउटी वेश्यालाई पत्नी बनाऊ र त्यसको वेश्यावृतिबाट जन्मिएको सन्तानलाई आफ्नो बनाऊ किन? किनभने यस देशका मानिसहरूले वेश्याहरू जस्तै काम गर्छन। तिनीहरू परमप्रभुदेखि अविश्वासी भइरहेका छन।"

### यिज्रेलको जन्म

३यसकारण होशेले दिब्लैमकी छोरी गोमेरलाई विवाह गरे। गोमेर गर्भवती भई र होशेका लागि एउटा छोरा जन्माई। ४परमप्रभुले होशेलाई भन्नुभयो, "उसको नाउँ यिज्रेल राख। किन? किनभने म चाँडै नै यिज्रेल गल्छिमा भएको हत्याको निम्ति येहूको परिवारलाई सजाय दिनेछु र इस्राएलको परिवारको राज्य अन्त गरिदिनेछु। ५त्यस समय यिज्रेलको बेंसीमा म इस्राएलको धनु भाँचिदिनेछु।"

### लो-रूहामको जन्म

६तब फेरि गोमेर गर्भवती भई र एउटी छोरी जन्माई। परमप्रभुले होशेलाई भन्नुभयो, "छोरीको नाउँ लो-रूहाम" राख्नु। किन? किनभने म अब इस्राएलको जाति प्रति दया देखाउने छैन। न त म तिनीहरूलाई क्षमा नै प्रदान गर्नेछु। ७बरु, म यहूदाको सन्तानलाई दया देखाउँनेछु। यहूदाको सन्तानलाई रक्षा गर्नेछु। तिनीहरूको रक्षा गर्न म न धनु-काँडहरू न तरवारहरू, न घोड़ाहरू न घोड़ामा चढ़ने सैनिकहरूकै उपयोग गर्नेछु। म तिनीहरूलाई आफ्नो शक्तिले बचाउँनेछु।

### लो-अम्मीको जन्म

८गोमेरले लोरूहामलाई दूध छोड़ाएकी मात्र थिई फेरि गर्भवती भएर एउटा अर्को छोरा जन्माई। ९तब परमप्रभुले भन्नुभयो, "यसको नाउँ लोअम्मी राख्नु। किन? किनभने त्यो मेरो मानिस होइन। म तिमीहरूको परमेश्वर होइन।"

### परमप्रभु परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ कि त्यहाँ धेरै इस्राएलीहरू हुनेछन

१०"भविष्यमा इस्राएली मानिसहरूको संख्या समुद्रको बालुबा झैं हुनेछ, तिमीहरूले बालुवालाई तौलन सक्तैनौ अथवा गन्ती गर्न सक्तैनौ। 'तिमीहरू मेरो मानिस होइनौ' भन्नु को सट्टामा, 'तिनीहरूलाई यो भनिने छ, तिमीहरू जीवित परमेश्वरको छोरा-छोरीहरू हौ।'

११तब यहूदाका अनि इस्राएलका मानिसहरू एकैसाथ भेला हुनेछन। तिनीहरूले आफ्ना निम्ति एकजना शासक रोज्नेछन। तिनीहरू त्यस जग्गाबाट फर्किनेछन जहाँ तिनीहरू कैद थिए। साँचै नै यिज्रेलका निम्ति महान कार्य हुनेछ।"

**२** "तब तिमीले आफ्ना दाज्यू-भाइहरूलाई भन्नेछौ, 'तिमीहरू मेरो मानिसहरू हौ।' अनि आफ्ना दिदी बहिनीहरूलाई पनि भन्नेछौ 'उहाँले ममाथि धेरै दया गर्नु भयो।'"

### परमप्रभुले इस्राएलका जातिहरूलाई भन्नुहुन्छ

२"तिम्री आमासित तर्क गर, किनभने तिनी मेरी पत्नी होइनन अनि म तिनको लोग्ने होइन। तिनलाई भन 'वेश्या जस्तो हुन छाड़। उसलाई आफ्नो स्तनबाट प्रेमीहरूदेखी टाड़ा राख्नु भन। ३यदि यस्तो कुकर्म गर्न छाड़िन भने म तिनलाई नाङ्गो बनाउँनेछु। म तिनीलाई तिनी जन्मेको क्षणको अवस्थामा पुऱ्याई छोड़िदिनेछु। म तिनका मानिसहरूलाई खोस्नेछु र तिनलाई रित्तो मरुभूमि जस्तै बनाउँनेछु। म तिनलाई तिर्खाले मारिदिनेछु। ४म उसका नानीहरूलाई कुनै दया देखाउँने छैन, कारण तिनीहरू सबै वेश्यावृतिबाट जन्मिएका नानीहरू हुन्। ५तिनकी आमाले वेश्यागमन देखाई। आफ्ना कुकर्ममा तिनीहरूकी आमाले शरम मान्नुपर्छ। तिनले भनिन्, 'म मेरा प्रेमीहरू* कहाँ जान्छु। मेरा प्रेमीहरूले खाना पिउन दिन्छन्। तिनीहरूले मलाई ऊनी कपड़ाहरू दिन्छन्। तिनीहरूले दाखमध भद्राक्षको तेल दिन्छन।'

६"यसकारण, म तिम्रो बाटो काँड़ाले बन्द गरिदिने छु। म पर्खाल पनि खड़ा गर्नेछु तब तिनले तिनको बाटो पाउन सक्ने छैनन। ७तिनी आफ्ना प्रेमीहरूको पछि लाग्ने छिन, तर तिनले उनीहरूलाई भेट्‌उने

**प्रेमीहरू** यसको अर्थ इस्राएलीहरूका झुटो भगवान्।

छैनन। तिनले उनीहरूलाई खोजी गर्ने छिन तर तिनले
भेट्ने छैनन। तब तिनले भन्नेछिन, 'अब म मेरो पहिलो
लोग्नेकहाँ फर्किनेछु। जब म उसित थिएँ मेरो जीवन
असलकी थियो। अहिले जीवन भन्दा असल थियो।'
८"त्यो तिनीहरूलाई थाहा छैन म नै अन्न दाखरस र
तेल दिने हुँ। मैले तिनलाई धेरै सुन र चाँदीहरू दिइहे।
तर इस्राएलीहरूले मैले दिएकै सुन र चाँदीबाट बालका
मूर्तिहरू बनाउँन थाले। ९यसकारण म फेरि फर्केर
आउँछु अन्न पाक्ने समयमा र म सबै लान्छु। अंगुर
पाक्ने समयमा म दाखरस फिर्ता लान्छु। म ऊनी र
कपास लान्छु। मैले तिनीहरूलाई आफ्नो नाङ्गोपन
ढाक्नेछन भनेर ती सब दिएको थिएँ। १०अब म
तिनलाई नाङ्गो बनाउँनेछु। तिनी सर्वांग नाङ्गो हुनछिन, र
तिनका प्रेमीहरूले देख्नेछन्। मेरो शक्तिको अघि कसैले
तिनलाई बचाउन सक्नेछैन। ११म परमेश्वर, तिनको
जम्मै आनन्द र खुशीहरू खोस्नेछु। म तिनको विश्रामका
दिनहरू, पूर्णेका उत्सव र पार्थिव चाड़हरू बन्द गरिदिनेछु।
१२दाख र नेभाराका रूखहरू नष्ट गरिदिनेछु। तिनले
भन्थिन, 'मेरो प्रेमीहरूले यी सब दिन्छन।' तर म
तिनको उद्यान जंगलमा परिणत गरिदिनेछु। जंगली
पशुहरू आएर त्यस जंगलमा चर्नेछन।
१३"तिनले बालको देवताहरूको सेवा गर्छिन। यसैले
म तिनलाई सजाय दिनेछु। तिनले बाल देवताको अघि
धूप जलाउँछिन्। गर गहना लगाएर तिनले चिटिक्क पर्दै
आफ्ना प्रेमीहरूसँग जाँदा मलाई भूल्थिन। परमप्रभुले
यसो भन्नुभयो।
१४"यसकारण म तिनलाई मायालु शब्दहरू भन्ने
छु। म तिनलाई मरूभुमिमा पुर्‍याउँछु र दयापूर्वक
कुराहरू गर्छु। १५त्यहाँ तिनलाई दाखबारीहरू दिनेछु।
म तिनलाई आशाको द्वार जस्तै आकोरको बेंसी दिनेछु।
तब मलाई तिनले त्यस्तै जवाफ दिनेछन जस्तो मिश्रबाट
आउँदा दिएका थिए।" १६परमप्रभु भन्नुहुन्छ।
"त्यस समयमा तिमीले मलाई 'मेरो लोग्ने भनी'
बोलाउँनेछौ। तर तिमी मलाई 'मेरो बाल देवता' भन्ने
छैनौ। १७म तिनको मुखबाट बाल नाउँलाई छिन्नेछु।
त्यसपछि मानिसहरूले फेरि बालको नाउँ उच्चारण
गर्नेछैनन।
१८"त्यस समय म इस्राएलीहरूका निम्ति एउटा
करार गर्नेछु। जंगलका पशुहरूसित, आकासमा उड़िहिँड्ने
चराहरूसित र जमीनमा घस्रिहिड़ने प्राणीसित। म युद्धका
सम्पूर्ण धनु तरवार र हातहतियार नष्ट गरिदिनेछु। कुनै
हतियार पनि यहाँ रहने छैन। म धरतीलाई सुरक्षित
पार्नेछु यसर्थ इस्राएलका मानिसहरू शान्तिसित विश्राम
गर्न सकुन। १९अनि म (परमेश्वर) तिमीलाई सधैँको
निम्ति दुलही बनाउँनेछु। म तिमीलाई धर्म र न्यायपूर्वक
दृढ़ प्रेम र माया गरेर दुलही बनाउँनेछु। २०म तिमीलाई
मेरी विश्वास योग्य दुलही बनाउँनेछु। त्यसपछि तिमी
साँचो अर्थमा परमप्रभुलाई जान्नेछौ। २१अनि त्यस
समयमा म तिमीलाई उत्तर दिनेछु।"
परमप्रभु भन्नुहुन्छ, "म आकाशलाई भन्नेछु अनि
उसले धरतीलाई पानी दिनेछ।
२२पृथ्वीले अन्न, दाखरस अनि तेल उप्जाउनेछ
अनि यिज्रेलको आवश्यकताहरू पूरा गरिदिनेछ।
२३म तिनको धरतीमा धेरै बिऊहरू छर्नेछु अनि
लोरूहामालाई म दया देखाउने छु। अनि लो-अम्मीलाई
म भन्नेछु, 'तिमीहरू मेरा मानिसहरू हौ।' अनि
तिनीहरूले मलाई भन्ने छन्, 'तपाईं हाम्रो परमेश्वर
हुनुहुन्छ।'"

## होशेले गोमेरलाई दासत्वबाट मुक्त गर्ने

३ त्यसपछि परमप्रभुले मलाई फेरि भन्नुभो, "गोमेरका
धेरै प्रेमीहरू छन। तर तिमीले उसलाई प्रेम
गरिरहनु पर्छ। किन? किनभने तिम्रो व्यवहार परमप्रभुको
जस्तो हुनु पर्छ। परमप्रभुले इस्राएलका मानिसहरूलाई
माया गर्नु हुन्छ अनि गरिरहनु हुन्छ। तर तिनीहरू चाहिँ
अरू देवताहरूलाई पूजा गरिरहन्छन। अनि तिनीहरू
दाखको रोटी खानु रूचाउँछन्।"
२यसैकारण मैले गोमेरलाई पन्ध्र सिक्क चाँदी र नौ
बुशल* जौ दिएर किनेर ल्याएँ। ३तब मैले उसलाई
भने, "तिमी मेरो घरमा धेरै दिन बस्नेछौ। तिमी वेश्या
जस्तो हुनेछैनौ। तिमी अर्को लोग्ने मानिससित बस्नेछैनौ।
अनि म तिम्रो पती हुनेछु।"
४यही प्रकारले, इस्राएलका मानिसहरू धेरै दिनसम्म
राजा र नेता बिना रहनेछन। तिनीहरू बिना बलि र
बिना स्मृति-पत्थर नै रहनेछन। तिनीहरूसित न एपोद न
कुलदेवता नै रहनेछन। ५त्यसपछि इस्राएलका मानिसहरू
फर्किने छन। तब परमप्रभु आफ्ना परमेश्वरको र राजा
दाऊदको खोजीमा लाग्नेछन। अन्तमा तिनीहरू परमप्रभु
र उहाँको उदारतातिर आउनेछन।

## परमप्रभु इस्राएलको विरुद्धमा क्रोधित हुनुहुन्छ

४ हे इस्राएलका मानिसहरू! परमप्रभुको सन्देश
सुन। परमप्रभुले यस देशमा बस्ने मानिसहरूलाई
आफ्नो तर्क राख्नुहुन्छ, "यस देशमा मानिसहरूले साँचो
अर्थमा परमेश्वरलाई चिन्दैनन। परमेश्वर प्रति सत्य र
निष्ठावान पटक्कै छैनन। २मानिसहरू झूटो कसम
खान्छन, असत्य बोल्छन्, हत्या र चोरी गर्छन। तिनीहरू
व्यभिचारी छन् र जहीँ तहीँ सन्तानहरू जन्माई हिड़दछन्।
हत्या माथि हत्या गरिरहन्छन। ३देश मृत मानिसको
लागि विलौना गर्ने मानिस जस्तो भएकोछ यो देश अनि
यसका सबै मानिसहरू कमजोर भएका छन्। वनका
जनावरहरू, आकाशका चराहरू अनि समुद्रका माछाहरू

---

**नौ बुशल** अढ़ाई मुरी अर्थात 200 किलोग्राम जौ।

सम्म मरिरहेका छन। ४कसैले अरु मानिसलाई दोष
दिनु अथवा अर्काको दोष देखाउनु पर्दैन। हे पूजाहारी!
मेरो तिमीसित असहमति छ। ५तिमीहरूको पतन दिउँसो
हुनेछ। अनि राति, तिमीहरूसित अगमवक्ताहरूको पतन
हुन्छ। त्यसपछि म तिमीहरूकी आमालाई नष्ट गर्नेछु।
६“मेरा मानिसहरू ज्ञानको कमीले नष्ट भए, तर
तिमीहरूले सिक्ने इच्छा पनि राखेनौ। यसर्थ म तिमीहरूलाई
मेरा पूजाहारी बन्न दिंदिन। तिमीहरूले तिमीहरूका
परमेश्वरको व्यवस्था नै भूल्यौ। यसर्थ म तिम्रा
कुलहरूलाई भूलिदिनेछु। ७तिनीहरू अंहकारी भए।
मेरो विरूद्धमा तिनीहरूले पाप माथि पाप गर्दै नै रहे।
यसैले म तिनीहरूको महिमालाई लाजमा परिवर्तन
गरिदिनेछु।
८“पूजाहारीहरूले मानिसहरूले पाप गरे पछि चढ़ाएका
बलिहरू खान चाहन्छन्। यसैकारण तिनीहरू मानिसहरूले
धेरै-धेरै पाप गरून भन्ने चाहन्छन्। ९यसैले पूजाहारीहरू
र साधारण मानिसहरूमा केही भिन्नता छैन। म तिनीहरूलाई
तिनीहरूको कर्मका निम्ति सजाय दिनेछु। तिनीहरूले
जुन नराम्रो काम गरेका छन् त्यसको बदला चुकाएर
छोड़नेछु। १०तिनीहरूले खान त खान्छन तर त्यसमा
तिनीहरूलाई सन्तुष्टि हुँदैन। तिनीहरू संभोग त गर्छन
तर तिनीहरूको संतान हुँदैन। यो किन? किनकि
तिनीहरूले यहोवालाई त्यागे र वेश्याहरू जस्तै भए।
११“व्यभिचार, नयाँ दाखरस र दासत्वले कुनै पनि
मानिसको राम्रो सोच्ने शक्ति नष्ट पारिदिन्छ। १२हेर!
मेरा मानिस दाउराको टुक्रा काठको मूर्तिबाट सम्पति
माँग्दैछन्। तिनीहरू यो सोच्छन कि यही छड़ीले उत्तर
दिन्छ। यस्तो किन भयो? यस्तो यसकारण भयो कि
तिनीहरू वेश्याहरू समान झूटा देवताहरूको पछि लागी
रहन्छन। तिनीहरूले आफ्नो परमेश्वरलाई त्यागे अनि
वेश्याहरू जस्तै बनिए। १३तिनीहरू पहाड़को टाकुरामा
बलि चढ़ाउँछन। पहाड़को टाकुरामा तिनीहरू फलाँट र
पहाड़ी पिलपलको रूखमुनि धूप बलि चढ़ाउँछन्। ती
रूखहरू मुनि शीतल छाया हुन्छ। यसैकारण, तिम्रा
छोरीहरू वेश्याहरू जस्तै ती रूखहरू मुनि सुत्छन् अनि
तिम्रा बुहारीहरूले व्यभिचार गर्छन।
१४“म तिम्रा छोरीहरूलाई दण्ड दिनेछैन जब तिनीहरू
वेश्या जस्तो व्यवहार गर्छन अथवा तिम्रा बुहारीहरू
व्यभिचार गर्छन। किनभने मानिसहरू आफै मन्दिरका
देवदासीसंग बलि चढ़ाउँदछन। यसकारण ती मूर्ख
मानिसहरू नष्ट हुनेछन।

## इस्राएलको लज्जापूर्ण पापहरू

१५“हे इस्राएल! तैंले एक वेश्या समान व्यवहार गरे
तापनि यहूदा दोषी नहुन, न तर तिमीहरू गिलगालमा
आऊ, न वेतावनमा आऊ, ‘न परमप्रभुको जीवनको
शपथ खाऊ।’ १६इस्राएल साह्रै अट्टेरी छ। यसर्थ, के
परमप्रभुले तिनीहरूलाई खुल्ला खर्कमा भेड़ा झैं खुवाउनु
पर्छ? होइन! १७एप्रैम मूर्तिहरूको साथी भएको छ।
त्यसलाई एक्लै छोड़िदेऊ।
१८“एप्रैम जँड़ियाहरूको दलमा सामेल भयो।
तिनीहरूलाई वेश्यावृति गर्नु दिऊँ। तिनीहरू लाजमर्दो
रक्षाकहरूलाई रुचाउँछन।
१९तिनीहरू सुरक्षाको लागि ती देवताहरूकहाँ गए र
तिनीहरूले सोच्ने क्षमता गुमाएकाछन।* तिनीहरूको
वलिदानले तिनीहरूलाई लज्जित उत्पन्न गरायो।”

## अगुवाहरूले इस्राएल अनि यहूदालाई पाप गर्न लगाए

५ “हे पूजाहारीहरू! हे इस्राएलका कुलहरू! तथा
राजाका कुल हो! मेरो कुरा ध्यान दिएर सुन,
किनभने न्यायको फैसला तिमीहरूको विरूद्धमा छ।
“किनभने तिमीहरू मिस्पामा पासो र ताबोरका जाल
भएकाछौ। २शित्तीमका खाल्डाहरू तिनीहरूले खुब
गहीरा पारेकाछन। तर म तिनीहरू सबैलाई दण्ड
दिनेछु।
३म एप्रैमलाई चिन्दछु औ इस्राएल मबाट लुकेको
छैन। हे एप्रैम! तैले व्यभिचार गरिस। इस्राएल अशुद्ध
भएकोछ।
४तिनीहरूका कामले तिनीहरूलाई आफ्ना परमेश्वर
तिर फर्कन दिनेछैन, किनकि व्यभिचारी मन तिनीहरूको
बीचमा छ र तिनीहरूले परमप्रभुलाई चिन्दैनन। ५इस्राएलको
अहंकारले आफ्नै विरूद्धमा सबूत दिन्छ। यसकारण,
एप्रैम र यहूदा दुवै आ-आफ्नो दोषसित ठोकिनेछन।
६“तिनीहरू आफ्ना ‘भेड़ा-बाख्रा’ र ‘गाई गोरू’ लिएर
परमप्रभुलाई खोज्न आउँछन्, तर तिनीहरूले उहाँलाई
पाउनेछैनन्। उहाँ तिनीहरूदेखि हट्नु भएको छ।
७तिनीहरूले परमप्रभुको विरूद्धमा विश्वासघात गरेकाछन।
किनकि तिनीहरूले बतासे छोरा-छोरीहरू जन्माएका
छन्। यसर्थ उसले तिनीहरू र तिनीहरूका जमीनहरू
नष्ट पार्नेछ।

## इस्राएलीहरूको पतन हुने अगमवाणी

८“गिबामा सिंग अनि रामामा तुरही फुक। बेतावनमा
खतराको घन्टी बजाऊ। हे बिन्यामीन, थरथर होऊ।
९दण्डको दिनमा एप्रैम उजाड़ हुनेछ। जे कुरो
निश्चय हुनेवाला छ त्यो इस्राएलका सारा कुलहरूलाई
मैले जनाएको छु।
१०यहूदाका शासकहरू ती मानिसहरू जस्तै हुन जो
आफ्नो सीमा रेखा बढ़ाउछन्। म मेरो रिस तिनीहरूमाथि
पानी झैं खन्याउनेछु।

---

**तिनीहरु … छन** हावाले तिनीहरूलाई त्यसको पखेचमा बोकेको छ। अथवा हावाले तिनीहरूलाई यसको पखेचामा जोड़ले समातेर राख्यो। यो श्लोक हिब्रूमा बुझ्नु गाह्रो छ।

११एप्रैम कष्टमा परेको छ, मेरो न्यायमा त्यो चूर्ण भएको छ, किनभने व्यर्थका कुरा पछि लाग्न त्यसले निश्चय गर्‍यो।

१२अत: म एप्रैमलाई नाश पार्ने एउटा कीरा अनि यहूदाको घरको निम्ति क्षय जस्तो हुँ।

१३जब एप्रैमले आफ्नो रोग देख्यो र यहूदाले आफ्ना चोट देख्यो तब एप्रैम अश्शूरकहाँ गयो, त्यसले ठूलो राजाकहाँ मानिस पठायो। तर त्यसले तिमीलाई निको पार्न सक्तैन। न त त्यसले तिम्रो चोटलाई जाती पार्न सक्नेछ ।

१४किनभने म एप्रैमका निम्ति एउटा सिंह अनि यहूदाको घरको निम्ति एउटा सिंहको बच्चा जस्तो हुनेछु। म आफै तिनीहरूलाई टुक्रा-टुक्रा पार्नेछु। म तिनीहरूलाई उठाएर लानेछु। अनि तिनीहरूलाई बचाउँने कोही हुनेछैन।

१५जबसम्म तिनीहरूले आफ्ना अपराध स्वीकार गरेर मेरो उपस्थितिको खोजी गर्दैनन तब सम्म म फर्केर आफ्नै ठाँउमा जानेछु। आफ्नो कष्टमा तिनीहरूले मलाई यसो भन्दै खोज्नेछन।"

## परमप्रभु तर्फ फर्कि आउँनेको पुरस्कार

६ "आऊ, हामी परमप्रभुतिर फर्कौं किनभने उहाँले हामीलाई घायल पार्नु भएकोछ र उहाँले नै हामीलाई निको पार्नुहुनेछ। उहाँले चोट पार्नु भएकोछ, र उहाँले नै हामीलाई मलहम पट्टी बाँध्नु हुनेछ।

२दुई दिनपछि उहाँले हामीलाई पुनर्जीवित पार्नु हुनेछ अनि तेस्रो दिन उहाँले हामीलाई माथि उठाउनु हुनेछ। हामी उहाँकै अघि जिउँदो हुनेछौं।

३आऊ, हामी परमप्रभुलाई चिनौ, हामी परमप्रभुलाई चिन्ने प्रयन्त गरिरहौं। उहाँको आगमन प्रभात झैं निश्चय छ। उहाँ हामीकहाँ जमीनलाई भिजाउने आखिरी वर्षा झैं आउन हुनेछ।"

## मानिसहरू विश्वास योग्य छैनन

४"ए एप्रैम, म तिमीलाई के गरूँ? ए यहूदा म तिमीलाई के गरूँ? किनकि तेरो प्रेम बिहानको कुइरो जस्तै र बिलिने शीत जस्तै छ।

५यसैकारण मैले तिनीहरूमाथि अगमवक्ताद्धारा बञ्चरो चलाएकोछु। मैले तिनीहरूलाई मेरो मुखको वचनद्वारा घात गरेकोछु। मेरो न्यायहरू ज्योति झैं प्रकट हुनेछन।

६किनभने म अमर प्रेम चाहन्छु बलिदान होइन अनि म चाहन्छु मानिसहरूले बल्दै गरेको बलि ल्याउनु भन्दा परमेश्वरलाई बेशी जानुन।

७तर तिनीहरूले ता आदमले जस्तै करार भङ्ग गरे। त्यसैमा तिनीहरूले मेरो विरूद्धमा विश्वासघात व्यवहार देखाए।

८गिलाद अधर्मीहरूको शहर हो। त्यो रगतले भरिएको छ।

९जसरी डाँकूहरूले मानिसलाई ढुकिबस्छन त्यसरीनै पूजाहरीहरूले गट्ठा बाँधेका छन्। तिनीहरूले शकेम जाने बाटोमा हत्या गर्दछन। निश्चय तिनीहरूले महा-अपराध गरेकाछन।

१०इस्राएलको कुलमा मैले घिनलाग्दो कुरो देखेको छु, एप्रैमको वेश्यावृत्ति त्यहाँ छ। इस्राएल अशुद्ध भएको छ।

११ए यहूदा तिम्रा निम्ति पनि कटनीको समय तोकिएको छ। त्यो हुनेछ जब म मेरो प्रजाको सुदिन फर्काउनेछु।"

७ "जब म इस्राएललाई निको पार्छु, तब एप्रैमको दुष्टता र सामरियाको कुकर्म उदाङ्गो हुनेछन, किनभने तिनीहरूले दुर्व्यवहार गरे। चोरहरूले घर फोर्छन अनि लुटेराहरू बाटोमा लुटपाट गर्छन।

२तर म तिनीहरूका सबै दुष्टकाम याद राख्दछु भनी तिनीहरू आफ्ना हृदयमा विचार गर्दैनन। अब तिनीहरूको आफ्नै कालले तिनीहरूलाई घेरेर राखेको छ। ती कामहरू मेरै सामने छन।

३तिनीहरू आफ्ना दुष्ट कामले राजालाई र मालिकहरूलाई झूटा कुराले खुशी तुल्याउँछन।

४तिनीहरू सबै व्यभिचारी हुन। तिनीहरू रोटी पकाउनेले तातो पारेका तावा जस्तै छन। त्यसले पीठो मुछेको समयदेखि त्यो रोटी नपाकुन्जेल आगो चलाउँदै मिलाउँदै चलाउँदै गर्छ।

५हाम्रा राजाको उत्सवको दिनमा अगुवाहरू ज्यादै पिएर मात्छन। अनि राजा गिल्ला गर्नेहरूसित मिल्नु हुन्छ।

६ढुकेर बस्दा तिनीहरूको मन चुलो जस्तै जल्दछ, किनकि चुलो जस्तै तिनीहरूका हृदय छल-युक्तिले जल्दछ। रातभरि तिनीहरूका रिस दन्किरहन्छ, बिहान त्यो जल्दै गरेको आगोझैं हुन्छ।

७तिनीहरू सबै चुलो झैं तातिन्छन र आफ्ना शासकहरूलाई भस्म पार्छन। तिनीहरूका सबै राजाहरू मारिए। तिनीहरू मध्ये कसैले पनि मेरो दोहाई गर्दैन।"

## इस्राएलले जान्दै यो नष्ट हुनेछ

८"एप्रैम चाँहि अन्यजातिका बीचमा मिसिन्छ। एप्रैम एकापटि मात्र पाकेको रोटी जस्तै छ।

९पराई मानिसहरूले त्यसको बललाई नाश पारे, तर त्यसलाई यो याद छैन। त्यसका टाउकोमा फाट-फूट फूलेका केश देखिनलागे, तर त्यसलाई त्यो थाहा छैन।

१०इस्राएलको अहंकारले आफ्नै विरूद्धमा साक्षी दिन्छ, तापनि तिनीहरू परमप्रभु आफ्ना परमेश्वर तिर फर्कदैनन न उहाँको खोजी गर्दछन।

११एप्रैम बुद्धि नभएको मूर्ख ढुकुर जस्तै छ।
मिश्रदेशलाई तिनीहरू पुकारा गर्छन, अश्शूरमा तिनीहरू
जान्छन्।
१२जब तिनीहरू जान्छन, म तिनीहरूमाथि आफ्नो
जाल फिजाउँनेछु, म तिनीहरूलाई आकाशका चराहरूलाई
जस्तै तल झार्नेछु। अरू राष्ट्रहरूसंग सन्धि गरेकोमा म
तिनीहरूलाई दण्ड दिनेछु।
१३तिनीहरूलाई धिक्कार! किनभने तिनीहरू मबाट
तर्किएर गए। तिनीहरूमाथि विनाश आवोस। किनभने
तिनीहरू मेरो विरूद्धमा गए। मैले तिनीहरूलाई बचाउँने
थिएँ, तर तिनीहरू मेरो विरूद्धमा ढाट्न्छन।
१४तिनीहरू हृदयबाट मलाई बोलाउँदैनन, तर तिनीहरू
आफ्नो ओछ्यानमा विलाप गर्दछन। तिनीहरू अन्न र
दाखरसका निम्ति भेला हुन्छन् तर तिनीहरू मदेखि टाड़ा
भाग्छन।
१५यद्यपि मैले तिनीहरूलाई शिक्षा दिएँ र तिनीहरूका
पाखुरा बलियो बनाएँ, तापनि तिनीहरू मेरो विरूद्धमा
युक्ति गर्दछन।
१६तिनीहरू "देवताहरूपट्टि फर्कन्छन् जो वास्तविक
देवताहरू होइनन। "तिनीहरू काठको प्रत्यावर्ती क्षेप्यास्त्र
जस्तै हुन। तिनीहरूका अगुवाहरू तिनका क्रोघ पूर्जा
वचनले गर्दा तरवारले मारिनेछन्। मिश्रदेशमा तिनीहरूलाई
खिसी गरिइएको" कारण यही हो।

## मूर्ति पूजाले नाश गराउँछ

८ "तुरही फुक! परमप्रभुको मन्दिरमाथि एउटा चील
उड़िरहेकोछ। किनभने तिनीहरूले मेरो करार भङ्ग
गरे र मेरो सम्झौताको विरूद्धमा अपराध गरे। २तिनीहरूले
मसित चिच्याएर भन्छन, 'हे हाम्रा परमेश्वर हामी
इस्राएलीहरूले तपाईंलाई चिन्दछौं।' ३जे भलो छ त्यो
इस्राएलले फालिदिएकोछ। बैरीले त्यसलाई खेद्नेछ।
४तिनीहरूले राजाहरू नियुक्त गरे, तर मेरा अनुमोदन
लिएनन। तिनीहरूले राजकुमारहरू नियुक्त गरे, तर
मानिसहरूलाई म चिन्दिन। तिनीहरूले सुन र चाँदीका
मूर्तिहरू आफ्ना निम्ति बनाए, अत: तिनीहरूलाई ध्वंश
गरिनेछ। ५ए सामारिया, मैले तिम्रो बाछा मिल्काइ
दिएँ! 'मेरो रीस तिनीहरूको विरूद्धमा दन्केको छ!'
तिनीहरू कहिलेसम्म अशुद्ध रहनेछन? ६एकजना इस्राएली
कारीगरले बाछा बनायो। त्यो परमेश्वर होइन। निश्चय
नै सामरियाको बाछालाई टुक्रा-टुक्रा पारिनेछ। ७तिनीहरू
बतास छर्दछन र तिनीहरूले भवँरी कटनी गर्नेछन।
तिनीहरूको फसल केही रहनेछैन। त्यसको डाँठमा केही
दाना लाग्नेछैन। पसाइहाले तापनि विदेशीहरूले
खाइहाल्नेछन्।
८इस्राएल नष्ट भयो। अब तिनीहरू जाति-जातिहरूका
बीचमा बेकामको भाँड़ा जस्तै भएका छन।
९वन-गधा आफै एक्लै हिंड़िरहे झैं तिनीहरू अश्शूरमा
गए। एप्रैमले आफ्नो निम्ति 'ज्यालामा' नाठाहरू राखेको
छ।
१०अन्य जातिहरूलाई तिनीहरूले 'ज्यालामा' राखे
तापनि म तिनीहरूलाई अब चाँड़ै जम्मा गर्नेछु, राजा र
भारादारहरूलाई अभिषेक गर्न केही समयका निम्ति
तिनीहरू रोकिन्छन।

## इस्राएलले परमेश्वरलाई भूले र मूर्तिहरूलाई पूजे

११एप्रैमले पाप गर्नलाई वेदीको संख्या बढ़ायो। ती
त्यसको निम्ति पाप गर्ने वेदीहरू भए।
१२मैले त्यसका निम्ति मेरो व्यवस्थामा लाखौं विधिहरू
लेखें तापनि ती कुरा बीराना ठानिनेछन।
१३मेरो भेटीको लागि तिनीहरूले मासु चढ़ाउँछन र
खान्छन, तर परमप्रभुले तिनीहरूलाई ग्रहण गर्नुहुन्न।
अब उहाँले तिनीहरूलाई तिनीहरूको पापको निम्ति
दण्ड दिनुहुनेछ। तिनीहरूलाई मिश्रमा नै फर्काइँनेछ।
१४किनभने इस्राएलले आफ्ना सृष्टिकर्त्तालाई बिर्सेर
महलहरू बनायो औ यहूदाले चाँहि पर्खाल भएका
शहरहरूको संख्या बढ़ायो। तर म तिनीहरूका शहरहरूमा
आगो लगाइदिनेछु र त्यसले त्यसका महलहरू भस्म
पार्नेछ।"

## निर्वासितको निम्ति खिन्नता

९ हे इस्राएल, तिमी अरू देशका मानिसहरूले मनाए
जस्तै खुशी नमनाऊ। तिमी खुशी न हौ किनभने
तिमीले आफ्ना परमेश्वरलाई त्यागेर वेश्यावृत्ति गर्न
लागेको छौ। तिमीले प्रत्येक खलोमा* वेश्यावृत्ति गरेको
छौ। २किनकि त्यो खेतमा उब्जेको अन्नले इस्राएललाई
प्रर्याप्त भोजन दिन सक्दैन। इस्राएलका निम्ति दाखरस
पनि प्रर्याप्त छैन।
३इस्राएलका मानिसहरू परमप्रभुको देशमा बस्ने
छैनन्। एप्रैम मिश्रदेशमा फर्किजानेछ। अश्शूरमा उनीहरूले
यस्तो खाना खाने छन् जुन खाना उनीहरूले नखानु
पर्नेथियो। ४इस्राएलका मानिसहरूले परमप्रभुलाई अर्धको
रूपमा दाखरस चढ़ाउने छैनन। न त उनीहरूले बलि नै
चढ़ाउँन पाउनेछन। यो बलिदान उनीहरूको निम्ति
मरेकाहरूका निम्ति शोक गर्ने रोटी जस्तै हुनेछ। त्यो
खानेहरू सबै अशुद्ध हुनेछन। परमप्रभुको मन्दिरमा
उनीहरूको त्यो रोटी जान पाउँदैन। उनीहरूसंग त्यति
मात्र रोटी हुन्छ जसले उनीहरू मात्र जीवित रहन
सक्छन। ५महापरमप्रभुको पवित्र सभाको दिन अनि
परमप्रभुको चाड़ मनाउँदा तिमी के गर्न जाँदैछौ?
६इस्राएलीहरू पूर्ण रूपले ध्वंश हुने डरले भाग्नेछन,
तर मिश्रदेशले तिनीहरूलाई बटुल्नेछ। अनि मोपका
मानिसहरूले तिनीहरूलाई गाड्नेछन्। तिनीहरूको बहुमूल्य

---

**खलो** खेतमा धान दाईगर्ने ठाउँ।

चाँदीका वस्तुहरूको वरिपरि झारपात उम्रनेछ। तिनीहरूका
पालहरूमा काँढ़ा उम्रनेछ।

## इस्राएलले साँचो अगमवक्तालाई नकारे

७अगमवक्ता भन्छन, "हे इस्राएल यो कुराहरूलाई
बुझि राख, दण्ड दिने समय आएको छ। जुन नराम्रो
कामहरू तिमीले गरेको छौ त्यसको भोग गर्ने समय
आएको छ।" किनकि इस्राएलीहरू भन्छन, "अगमवक्ता
मूर्ख छ र परमेश्वरको आत्मा भएको मानिस चाँहि
बौलाह सरह छ।" अगमवक्ता भन्छन तिम्रो नराम्रो
कामको लागि तिमीलाई दण्ड दिइनेछ। तिम्रो धृणित
कामको निम्ति तिमीलाई दण्ड दिईनेछ।" ८परमेश्वर र
अगमवक्ताको प्रजामाथिबाट एप्रैमको रखवाली गर्ने हो।
किनकि उसको सबै बाटोमा शिकारी पासो थापिएकोछ,
अनि उसको परमेश्वरको भवनमा त्यसप्रति दुश्मनी छ।
९गिबाका दिनमा झैं तिनीहरू आफैले आफैलाई
साह्रै भ्रष्ट पारेकाछन। परमप्रभुले इस्राएलीहरूको पापको
सम्झना गर्दै तिनीहरूको पापकोलागि दण्ड दिनुहुन्छ।

## मूर्ति पूजा द्वारा इस्राएलको विनाश

१०उजाड़ जमीनमा कसैले अँगूर पाए झैं मलाई
इस्राएल पाउनु थियो। तिमीहरूको पिता-पुर्खा मैले
यसरी भेट्टाए जसरी पहिलो ऋृतुमा कसैले नेभाराको
पहिलो फल प्राप्त गर्छ। तर तिनीहरू बाल पोरकोमा
गए र बाल देवताकहाँ आफूलाई अर्पण गरे। कुनै
सड़ेको घिनलाग्दो सामान जस्तो भए। उनीहरूले जुन
भयानक वस्तुलाई प्रेम गर्थे त्यस्तै भए।

## इस्राएलीहरूका छोरा-छोरीहरू

११इस्राएलको वैभव कतै त्यसरी उड़िजाने छ जसरी
जुनै पक्षी उड़िजान्छ। तिनीहरूमा न त कुनै जन्म न
कोही गर्भवती न गर्भधारण हुनेछ। १२तर इस्राएलीले
छोरा-छोरी पाएर हुर्काए तापनि एउटै बालक पनि नरहने
गरि म तिनीहरूलाई निसन्तान तुल्याउने छु, म उनीहरूलाई
त्यागिदिने छु अनि विवादमा फसाउँनेछु।
१३एकसमय एप्रैमको विषयमा मैले हरियो चौरमा
रोपेको कलिलो खुजूरको रूख जस्तौ सोचेको थिएँ।
तर अहिले एफ्रैमले छोराहरूलाई मार्नको लागि डोर्‍याउनेछ।
१४हे परमप्रभु! तपाईले उनीहरूलाईं जे चाहनुहुन्छ त्यो
उनीहरूलाई दिनुहोस। उनीहरूलाई एउटा यस्तो गर्भ
दिनुहोस् जुन तुयोस् र स्तन पनि यस्तो दिनुहोस जसद्वारा
दूध खुवाउनु नसकोस्।
१५तिनीहरूको सबै दुष्टता गिगालमा छ। त्यही मैले
तिनीहरूलाई धृणा गर्न शुरू गरें। म तिनीहरूलाई
तिनीहरूको कुकर्मले गर्दा मेरो राजमहलबाट मिल्काई
दिनेछु। म तिनीहरूलाई फेरि कहिल्यै पनि प्रेम गर्ने
छैन। तिनीहरूका सबै अगुवाहरू बागी भए।
१६एप्रैमलाई दण्ड दिइनेछ, तिनीहरूको जरा सुकि
हाल्यो। तिनीहरूमा फल लाग्नेछैन उनीहरूको अब धेरै
सन्तान हुने छैनन। यदि तिनीहरूले सन्तान जन्माए पनि
म तिनीहरूका प्रिय बालकहरूको हत्या गरिदिने छु, जो
तिनीहरूबाट जन्मलिनेछन।
१७मेरा परमेश्वरले तिनीहरूलाई अस्वीकार गर्नुहुनेछ,
किनभने तिनीहरूले उहाँलाई सुनेन्। तिनीहरू फेरि अरु
देशहरूमा बरालिनेछन्।

## इस्राएलको सम्पत्तिले तिनीहरूलाई मूर्ति पूजा गरायो

१० इस्राएल त्यो दाख जस्तै छ जसले प्रशस्त
मात्रमा फल दिन्छ। तर इस्राएलले झूटा
देवत्हरूको निम्ति विभिन्न प्रकारको वेदीहरू बनाइरह्यो।
भूमि जति राम्रो बनियो त्यति नै तिनीहरूले अपवित्र
आफ्ना झूटो देवताहरूका निम्ति पत्थरहरू लगाए।
२इस्राएलको मानिसहरूको हृदय झूटो छ। अब
तिनीहरूले आफ्नो अपराधको दण्ड भोग्नै पर्छ। परमप्रभुले
तिनीहरूका स्मारक-ढुङ्गाहरू नाश पार्नु हुनेछ। उहाँले
तिनीहरूका वेदीहरू भत्काउनु हुनेछ।

## इस्राएलीहरूका दुष्ट निर्णयहरू

३अब इस्राएलीहरूले भन्नेछन्, "न त हाम्रो कुनै
राजा छ न त हामी परमप्रभुलाई मान्छौ अनि उनका
राजाले हामीलाई केही पनि गर्न सक्नुहुन्न।"
४तिनीहरू प्रतिज्ञा गर्छन। तर तिनीहरू केवल झूटो
बोल्छन। तिनीहरू आफ्नो प्रतिज्ञा पूरा गर्दैनन। अत:
तिनीहरूले जोतेका खेतमा उम्रिएको विषालु झारपात
जस्तै विवाद बढ्छ।
५सामरियाका बासिन्दाहरू बेतावनमा डराउँदै बाछाको
पूजा गर्छन। यस्ता मानिसले वास्तवमा विलाप गर्नुपर्छ।
यस्ता पूजाहारीहरू वास्तवमा विलाप गर्छन, किनकि
उसको राम्रो मूर्ति हराएको हुन्छ। कसैले उठाएर
लगेको हुन्छ। ६त्यस मूर्तिलाई अश्शूरको महान राजालाई
उपहारका निम्ति लगिएको हुन्छ। एप्रैमको लज्जित मूर्ति
वहाँ लगिने छ। इस्राएल चाँहि आफ्नै मूर्तिमा लज्जित
हुनुपर्नेछ। ७सामरियाका राजाहरूलाई नष्ट गरीर्नेछु। उ
पानीमाथि बग्ने काठको टुक्रा जस्तै हुनेछन।
८इस्राएलले पाप गर्‍यो अग्लो अग्लो स्थानमा मूर्ति
निर्माण गर्‍यो। आवेनको अग्लो स्थान नष्ट गरिदिइनेछ।
त्यसको वेदीहरूमाथि काँढ़ा र बनमाराहरू उम्रनेछन् र
त्यही बेला तिनीहरूले पर्वतहरूलाई भन्नेछन, "हामीलाई
ढाक!" अनि डाँड़ाहरूलाई भन्नेछन, "हामीमाथि खस।"

## इस्राएलाई पापको निम्ति तिर्नेछ

९हे इस्राएल, तिमीले गिबाको समयदेखि पाप गर्न
शुरू गर्‍यौ अनि तिनीहरू अझै त्यहाँ पाप गरिरहेका
छन्। गिबाले अहिले पनि त्यही दुष्टकाम र पाप

गर्दैछ। १०तिनीहरूलाई दण्ड दिन 'म' आउनेछु। तिनीहरूको
विरूद्ध सेनाहरू एक भएर आउनेछन। इस्राएलले
आफ्नो दुइवटा पापको निम्ति दण्ड भोग्नु पर्नेछ।
११एप्रैम एउटा तालिम पाएको बाछा जस्तै थियो जो
खलाको अन्नमाथि हिड्न मन पराउँछ। म त्यसको
काँधमा राम्रो जुवा राख्नेछु। म एप्रैमलाई डोरीले बाँध्नेछु
अनि यहूदाले हलो जोत्नेछ। याकूबले स्वंय डल्लाहरू
फोर्नेछ। १२धर्म रोप तब तिमीले स्थिर मायाको बाली
उठाउनेछौ। खेत आफैले जोत। यो परमप्रभुलाई खोज्ने
समय हो। उहाँ आउनु हुनेछ अनि तिमीमाथि धर्म
बर्साउनु हुनेछ।
१३तर तिमीहरूले दुष्टताको बीऊ रोपेकाछौ अनि
तिमीहरूले अन्यायको बाली उठाएकाछौ। तिमीहरूले
झूटो फल खाएकाछौ किनभने तिमीहरूले आफ्नै
योजना र आफ्नो विशाल संख्याका योद्धाहरूमाथि
भरोसा राख्यौ। १४यसैकारण तिमीहरूका सेनाहरूको
बीच युद्धका निम्ति खैलाबैलाको स्वर सुनिनेछ, अनि
तिम्रो सेनाको किल्लाहरू नष्ट हुनेछन। यो त्यस्तै हुनेछ
जस्तो बेतबेल नगरमा युद्धको समय शल्मनले नष्ट
पारिदिएको थियो। युद्धको समयमा आफ्ना नानीहरूसंगै
आमाहरूको पनि हत्या गरिदिएको थियो। १५बेतेलमा
तिमीहरूलाई पनि यस्तै हुनेछ किनकि तिमीले धेरै नै
कुकर्महरू गरेकाछौ। त्यस दिनको शुरूवात हुँदा हुँदै
इस्राएलको राजा पुरै नष्ट हुनेछन्।"

## इस्राएलहरूले परमप्रभुलाई भल्यो

११ परमप्रभुले भन्नुभयो, "जब इस्राएल बालक
थियो मैले त्यसलाई प्यारो गरें। तब मैले
आफ्नो छोरालाई मिश्रदेशबाट बोलाएँ।
२तर जति जति मैले इस्राएलीहरूलाई बोलाएँ, त्यति
त्यति तिनीहरू मबाट टाढ़ा भए। तिनीहरूले बाल
देवताहरूलाई बलि चढ़ाँइरहे। उनीहरूले मूर्तिको अगाड़ी
धूप जलाए।
३"एप्रैमलाई मैले हिड्न सिकाए। इस्राएललाई मैले
आँगमा बोकें अनि मैले नै तिनीहरूलाई निको पारें।
तर यी सबै कुरा तिनीहरू जान्दैनन।
४मैले तिनीहरूलाई प्रेमको डोरी मायाको
बन्धनले बाँधेर डोर्‍याएँ। म त्यस्तो व्याक्ति थिए जसले
उनीहरूलाई स्वतंत्र गराएँ, म निउरेर उनीहरूलाई खाना
खुवाए।
५"तर इस्राएलीहरूले परमेश्वर तर्फ जान अस्वीकार
गरे। तिनीहरू फर्किएर मिश्र जाने छैनन, सट्टामा
अश्शूरका राजा नै तिनीहरूका राजा हुनेछन। ६उनीहरूका
शहरमाथि तरवार झुण्डाई दिइनेछ। यही तरवारद्वारा
उनीहरूका शक्तिशाली मानिसहरूलाई वध गरिनेछ।
उनीहरूको मुखियाहरूको काम नष्ट गरिइन्छ।
७"मेरो प्रजाहरू फर्कने आशा गर्छन उनीहरू माथिका
परमेश्वरलाई पुकार्छन तर परमेश्वरले उनीहरूलाई सहायता
गर्नु हुँदैन।"

## परमप्रभुले इस्राएललाई नष्ट गर्न चहानुहुन्न

८"हे एप्रैम म तिमीलाई कसरी छोड़िदिऊँ? ए
इस्राएल म तिम्रो रक्षा गर्न चाहँन्छु। म तिमीलाई कसरी
अदमा जस्तै तुल्याऊँ! म चाहँदिन कि तिमीलाई
सबोयीम जस्तै बनाऊँ। म आफ्नो मन बद्‌ली रहेछु,
तिमी प्रति दयाले मन पग्लिरहेछ।
९म मेरो प्रचण्ड रिसलाई जित्न दिनेछैन्। म फेरि
एप्रैमलाई नष्ट पार्नेछैन। म त परमेश्वर हुँ, म कुनै
मानिस होइन्। म तिनीहरू माझ एक पवित्र छु। म
आफ्नो रिस देखाउँनेछैन।
१०म सिंह जस्तै गर्जने छु, म गर्जन्छु अनि मेरा
संन्तान मसंग आउने छन्, र मेरो पछि पछि हिड़नेछन्।
मेरा सन्तानहरू डरले थर-थर काम्दै पश्चिमबाट आउनेछन्।
११तिनीहरू चरा जस्तै वेगसित मिश्र देशबाट आउनेछन।
तिनीहरू अश्शूरको भूमिबाट ढुकुर जस्तै आउनेछन
अनि म तिनीहरूलाई घरमा पठाउनेछु।" परमप्रभुले यो
भन्नु भयो।
१२"एप्रैमले मलाई झूटो देवताहरूले छोपिकोछ।
इस्राएलका मानिसहरूले मेरो विरोधमा षड्यंत्र रचे। तर
यहूदा अहिले सम्म परमेश्वरसँग छ। यहूदा पवित्र र
साँचो छ।"

## परमप्रभु इस्राएलको विरुद्धमा हुनुहुन्छ

१२ एप्रैमले आफ्नो समय नष्ट गर्छ। "इस्राएल
दिनभरि हावाको पछि पछि भागिहिड्छ। प्रजाहरू
ज्यादा भन्दा ज्यादा झूटो बोल्छन, र चोरी गर्छन।
तिनीहरूले अश्शूरहरूसंग सन्धिगर्छन अनि आफ्नो
भद्राक्षको तेल मिश्र देश लिएर जान्छन।
२परमप्रभु भन्नुहुन्छ, "मेरो तर्क यहूदाको विरुद्धमा
छ। याकुबलाई उसले गरेको कार्मका निम्ति दण्ड
दिनुपर्छ। उसलाई उसले गरेको कुकर्मका निम्ति निश्चय
नै दण्ड दिनुपर्छ। ३जब याकूब आफ्नो आमाको गर्भमा
थियो, अनि गर्भमा हुँदै उसले आफ्नो दाज्यूलाई छल्न
शुरू गर्‍यो। याकूब एकजना शक्तिशाली युवक थियो
अनि त्यसै समय उसले परमेश्वरसँग कुश्ती लड्यो।
४याकूबले परमेश्वरका स्वर्गदूतसित युद्ध गर्‍यो अनि उ
विजय भयो। उ रोयो अनि दयाको निम्ति विन्ति गर्‍यो।
यो घटना बेतेलमा भएको थियो, त्यहाँ उसले परमेश्वरसंग
बातचीत गर्‍यो। ५यहूवा सेनाहरूका परमेश्वर हुनुहुन्छ।
उहाँको नाउँ यहूवा हो। ६यसकारण आफ्नो परमेश्वरतिर
आऊ। उहाँ प्रति साँचो होऊ। राम्रो कर्म गर।
परमेश्वरमाथि सधैं निर्भर गर।
७"याकूब एक व्यापारी हो। उ आफ्नो साथीहरू
समेतलाई ठग्छ। उसको तराजु झूटो छ। ८एप्रैम

भन्छ, 'म धनी छु। मैले साँचो धन प्राप्त गरेको छु।
मेरो अपराधको बिषयमा कसैले पनि थहा पाउने छैन।'
९"तर जबदेखि तिमी मिश्रदेशमा थियौ म त त्यही
समयदेखि नै परमप्रभु तिम्रो परमेश्वर हुँ। म तिमीलाई
भेट हुने पालका दिनहरूमा जस्तै पालमा राख्नेछु।
१०मैले अगमवक्तासित कुरा गरेकोछु र बारम्बार दर्शन
दिएकोछु। मैले अगमवक्तालाई तिमीहरूको आफ्नो पाठ
पढ़ाउन धेरै तरीका पनि दिएकोछु। ११तर गिलादमा
फेरि पनि पाप छ। अनुपयोगी मूर्तिहरू धेरै छन।
गिलगालमा तिनीहरू गोरुहरू बलिको रूपमा चढ़ाउँछन्।
तिनीहरूका धेरै जस्ता वेदीहरू जोतेको खेतमा थुपारेको
ढुङ्गाका थुप्राहरू जस्ता छन।

१२"याकूब आरामको खेतमा भागेर गए। यस
जग्गामा इस्राएलले पत्नीको निम्ति काम गरेको थियो।
स्वास्नी पाउनको निम्ति उसले भेड़ाहरूको हेरचाह
गऱ्यो। १३तर परमप्रभुले एउटा अगमवक्ताद्वारा इस्राएललाई
मिश्र देशबाट लिएर आउनुभयो। परमप्रभुले एकजना
अगमवक्तद्वारा इस्राएललाई सुरक्षित राख्नुभयो। १४तर
एप्रैमले परमप्रभुलाई धेरै रिस उठाइदियो। एप्रैम मृत्यु-दण्ड
पाउने अपराधको दोषी छ। यसैकारण उसलाई उसको
अपराधको निम्ति दण्ड दिइनेछ। उसको मालिकले
उसलाई लज्जित पार्नुहुनेछ।"

## इस्राएल आफै नष्ट भयो

१३ "एप्रैम आफैले इस्राएलमा आफूलाई महान
बनायो। एप्रैम जब बोलथ्यो मानिसहरू डरले
थर-थर काम्थे। तर एप्रैमले पापकर्म गऱ्यो। उसले
बाल देवताहरूको पूजा गर्न थाल्यो। त्यसैकारण मर्नेछ।
२इस्राएलले धेरै पाप गर्न थाल्यो। तिनीहरूले आफ्नो
निम्ति मूर्तिहरू बनाए। कारीगरले चाँदीको सुन्दर मूर्तिहरू
बनाउन थाले अनि आफ्ना मूर्तिहरूसित कुरा गरे।
तिनीहरूले ती मूर्ति सामु बलि चढ़ाउन अनि बाछाहरूलाई
चुम्बन गर्न शुरु गरे। ३अत: तिनीहरू चाँड़ै विलीन
हुनेछन। तिनीहरू कुइरो जस्तै हुनेछन विहानको शीत
जुन पर्छ तर चाँड़ै नै हराउँछ। इस्राएलीहरू हावाले
उड़ाउने भुस जस्तै हुन। तिनीहरू चिम्लीबाट बाहिर
निस्के पछि हराउने धुँवा जस्तै हुन।

४"मिश्रदेशमा जब तिमीहरू थियौ, त्यहि समयदेखि
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। म बाहेक
तिमीहरूले अन्य कुनै परमेश्वरलाई चिन्दैनौ। त्यो म नै
हुँ जसले तिमीहरूलाई बचायो। ५उजाड़ भूमि तथा
खड़ेरी परेको देशमा म तिमीहरूलाई चिन्थे। ६मैले नै
इस्राएलीहरूलाई खान दिएँ। उनीहरूले त्यो भोजन
खाए। आफ्नो पेट भरिए पछि उनीहरू तृप्त भए।
उनीहरू धमण्डी भए अनि मलाई उनीहरूले भुलिहाले।

७"यसैकारण म तिनीहरूको निम्ति सिंह जस्तै हुनेछु।
बाटोको किनारमा म चितुवा जस्तै ढुकिबस्नेछु। ८म
उनीहरूसँग माऊ भालू झैं झम्टनेछु जसले उसका
छाउराहरू खोसिदिएकोछ। म उनीहरूमाथि हमला गर्छु।
म उनीहरूको छाती चिरीदिन्छु। म त्यो सिंह अथवा
अन्य कुनै हिंस्रक जनवार जस्तै हुनेछु जसले आफ्नो
शिकार लुछी-लुछी खाई रहेको हुन्छ।"

## परमेश्वरको क्रोधबाट कसैले इस्राएललाई बचाउँनु सक्तैन

९"हे इस्राएल, मैले तिम्रो रक्षा गरें तर तिमीले मेरो
विरोध गऱ्यौ। यसकारण म तिमीलाई नष्ट गर्नेछु।
१०कहाँ हुनुहुन्छ तिम्रो राजा? उहाँले तिम्रो सबै शहरहरूमा
तिमीलाई सधाऊ पुऱ्याउनु हुनेछैन। कहाँ हुनुहुन्छ तिम्रा
न्यायधीश? 'मलाई एउटा राजा अनि धेरै राजकुमारहरू
दिनुहोस्,' भनी विन्ती गरेको थियौ। ११म क्रोधित भएँ
अनि मैले तिमीहरूलाई एउटा राजा दिए। म अझ
अधिक क्रोधित भएँ अनि मैले उसलाई तिमीहरू देखि
छुटाएँ।

१२"एफ्रैमको दोष एउटा बिटोमा बाँधिएकोछ, उसको
पाप अभिलेखमा राखिएको छ। उ दण्डित हुनेछ।

१३उसलाई प्रसव वेदना हुनेछ। उ एउटा अज्ञानी
शिशु जस्तै हो चुनौति सामना गर्ने ठीक समयमा उ
आउँदैन।

१४"के म उनीहरूलाई पातालको शक्तिदेखि बचाऊँ?
के म उनीहरूलाई मृत्यु देखि मुक्त गराऊँ? हे मृत्यु!
तेरो विंध्वसक प्रकोप कहाँ छ? हे चिहान तेरो शक्ति
कहाँ छ? मेरो आखाँबाट अब दया लुकेकोछ।

१५इस्राएल आफ्नो दाज्यू-भाइहरूको बीच बढ़ी
रहेको छ तर पूर्वीय बतास आउनेछ। परमप्रभुको बतास
उजाड़ मरूभुमिबाट आउनेछ अनि इस्राएलको कुवाहरू
सुक्ने छन्। त्यसको पानीको मूल सुख्नेछ। त्यो आँधीले
इस्राएलका सबै बहुमूल्य बस्तुको भण्डार रित्तो पारिदिने
छ।

१६सामायिराले दण्ड भोग्नेछ किनकि उसले आफ्नो
परमेश्वरदेखि मुख बटारेको छ। इस्राएलीहरूलाई
तलवारद्वारा मारिने छ, उनीहरूको सन्तानलाई पछार्दै
मारिनेछ अनि तिनीहरूका गर्भवती स्त्रीहरूको पेट
निचोरिनेछ।"

## परमप्रभु तिर फर्क

१४ हे इस्राएल! तिम्रो पापले तिमीलाई धर्मराउने
बनाएकोछ। यसैकारण अब परमप्रभु आफ्नो
परमेश्वर तिर फर्केर आऊ। २जुन कुरा तिमीले
भन्नुछ, त्यसको विषयमा सोंच, अनि परमप्रभु तिर
फर्केर आऊ, उहाँलाई भन,

"हाम्रा सबै पापहरू टाढ़ा गरेर जे कुरा राम्रो छ
त्यसलाई ग्रहण गर जुन हामीले भनिरहेकाछौ।। हामी
हाम्रो मुखले तपाईंको स्तुति गाउँछौ।"

३"अश्शूरले हामीलाई बचाउँन सक्तैंन। हामी घोड़हरूमाथि सवार हुनेछैनौ। न त हामी आफ्नो हातले बनाएको कुरालाई 'हाम्रो परमेश्वर' भन्नेछौ। किन? किनकि बिना आमा बाबुका संतानहरूप्रति दया गर्ने केवल तपाईं मात्र हुनुहुन्छ।"

### परमप्रभुले इस्राएललाई क्षमा गर्नुहुन्छ

४परमप्रभु भन्नुहुन्छ, "उनीहरूले मलाई त्यागे। म उनीहरूलाई यसको निम्ति क्षमा दिन्छु। म उनीहरूलाई मुक्त भावले प्रेम गर्नेछु। म अब उनीहरू प्रति क्रोधित हुनेछैन।

५म इस्राएलको निम्ति शीत झैं बन्नेछु। इस्राएल लिली फूल झैं फुल्नेछ। लबानोन झैं त्यसको जरा फैलनेछ।

६त्यसका हाँगाहरू भद्राक्षको रूख झैं हुनेछन। त्यो सुन्दर हुनेछ। त्यो त्यस सुगन्ध झैं हुनेछ जुन लबानोनको रूखको जराबाट आउँछ।

७इस्राएलका मानिसहरू फेरि मेरो संरक्षणमा हुनेछन। तिनीहरू अन्न झैं बढ़नेछन। तिनीहरू अगुंरका लहरा झैं फल्ने र फूल्ने छन। अनि तिनीहरूको सुगन्ध लबानोनको दाखरस जस्तै हुनेछ।"

### परमप्रभुले इस्राएललाई मूर्तिको विषयमा चेतावनी दिनुभयो

८"हे एप्रैम मैले मूर्तिहरूसित गर्नुपर्ने बढ़ी केही छैन। म नै एकजना हुँ जसले तिम्रो प्रार्थनाहरूको उत्तर दिन्छु। म नै एकजना हुँ जसले माथिबाट तिम्रो रक्षा गर्छु। म सधैं हरियो रहने सल्लाहको रूख जस्तै हुँ। त्यसको फल मबाट नै आउँछ।"

### अन्तिम सल्लाह

९यी कुराहरू ज्ञानी मानिसले बुझ्नु पर्छ। यो कुराहरू कुनै बुद्धिमान मानिसले जान्नु पर्छ। परमप्रभुको बाटो ठीक छ। असल मानिसहरू तिनीहरूद्वारा बाच्छन। पापीहरू तिनीहरूद्वारा मर्छन्।

# दानियलको पुस्तक

### दानियललाई बाबेलमा लगियो

**१** तेस्रो वर्षमा यहूदाका राजा यहोयाकीमको
शासनकालमा बाबेलका राजा नबूकदनेस्सरले
यरूशलेममा आफ्ना सेनाद्वारा चारै तिर घेरेर त्यस माथि
आक्रमण गरे। २परमप्रभुले उसलाई यहूदाको राजा
यहोयाकीमलाई पराजित गर्ने शक्ति दिनुभयो अनि
परमेश्वरको मन्दिरबाट सबै भाँड़ा-कुँड़ाहरू लाने अनुमति
दिनुभयो। नबूकदनेस्सरले ती चीजहरू शिनारको भूमि
बाबेलमा ल्याए अनि उनका देवताहरूका मन्दिरमा
राखे। ३त्यसपछि राजा नबूकदनेस्सरले अशपनजलाई
आदेश दिए। अशपनज राजाका सेवकहरूको अगुवा
थियो। राजाले अशपनजलाई राजकीय परिवारका केही
यहूदीहरू अनि उच्च श्रेणीका इस्राएलीहरूलाई ल्याउनु
भने। ४ती मानिसहरू हट्टा कट्टा, सुन्दर, शरीरमा कुनै
चोट नभएका, सारा बुद्धिमा निपुण, साहित्य र विज्ञानको
ज्ञानले परिपूर्ण, समझदार राजदरवारको सेवा गर्न सक्ने
योग्य कल्दीहरूका भाषा र साहित्य सिकाउन भनी
नपुंसकहरूका प्रधान अशपनजलाई हुकूम गरे।

५राजा नबूदकनेसरले आफ्नो भोजन र मदको एक
भाग तिनीहरूलाई दिए। राजाले तिनीहरूलाई तीन
वर्षसम्म तालिम दिन र त्यसपछि उनको सामु प्रस्तुत
गर्ने निर्देश दिए। ६यहूदाका ती नानीहरूमा दानियल,
हनन्याह, मीशाएल अनि अजर्याह सामेल थिए।

७अशपनजले (नपुंसक) नाउँ राखिदिए। तिनीहरूले
दानियलको नाउँ बेलतसजर राखिदिए। तिनीहरूले
हनन्याहको नाउँ शद्रक राखिदिए। अनि मीशाएललाई
मेशेक अनि अजर्याहलाई अबेद्नगो नाउँ राखिदिए।

८तर राजाले उनीहरूलाई दिनु भनी पठाएको भोजन
र दाखरस खाएर आफूलाई अशुद्ध नपार्ने दानियलले
निश्चय गरे। यसैले आफूलाई अशुद्ध हुन नदिनुहोस्
भनी नपुंसकहरूका प्रधानलाई बिन्ति गरे।

९परमेश्वरले नपुंसकहरूका प्रमुखको मनमा दानियल
प्रति करुणा र दया भरिदिनु भयो। १०नपुंसकहरूका
प्रमुखले दानियललाई भने, "मलाई डर लाग्छ, किनभने
मेरा परमप्रभु राजाले मलाई तिमीले यो भोजन खाएको
अनि यो दाखरस पिएको हेर्नु भनी आदेश दिनु भएको
छ। यदि तिमीले यो भोजन खाएनौ भने तिमी बिमार
अनि दुर्बल हुनेछौ। राजाले यो देख्नु हुनेछ र मसित
रिसाउनु हुनेछ। हुन सक्छ, मेरो टाउको काटिइनेछ
अनि यो दोष तिम्रो हुनेछ।"

११यसपछि दानियलले आफूलाई हेरचाह गर्ने
कारिन्दालाई भने। अशपनजको त्यो कारिन्दालाई दानियल,
हनन्याह, मीशाएल अनि अजर्याहमाथि ध्यान देऊ।
१२दानियलले त्यो कारिन्दासँग भने, "दया गरेर दश
दिन सम्म हाम्रो परीक्षा लेऊ, हामीलाई खान साग-सब्जी
अनि पिउने पानी बाहेक केही नदेऊ। १३त्यसपछि
तिमीले हाम्रो तुलना अरु जवान मानिसहरूसँग गर,
जसले राजाको खाना खान्छन। त्यस पछि तिमीले
देख्छौ कि को धेरै स्वस्थ छ, अनि आफै निर्णय गर,
हामीसँग कस्तो व्यवहार गर्नु पर्छ, हामी तिम्रो सेवक
हौं।"

१४उनी राजी भए अनि दश दिन सम्म जाँच गरे।
१५दश दिनको अन्तमा तिनीहरू राम्रा र हट्टा-कट्टा
देखिन थाले उनीहरू भन्दा, जसले राजाको खाना
खान्थे। १६त्यसपछि त्यो रखवालाले उनीहरूलाई राजाको
खाना र दाखरस दिन बन्द गरे। अनि तिनीहरूलाई
साग-सब्जी नै दिनलागे।

१७परमेश्वरले ती चारजनालाई, ज्ञान, बुद्धि प्रदान
गर्नुभयो, अनि हेरक प्रकारको लिपि, विज्ञानहरू जान्ने
योग्यता दिनुभयो। दानियलले हरेक प्रकारको दिव्य
दर्शन अनि सपनाहरू बुझ्न थाले।

१८त्यस अवधिको अन्तमा राजाको आदेश अनुसार
नपुंसकहरूका अगुवाले तिनीहरूलाई राजा नबूकदनेस्सर
अघि उपस्थित गराए। १९राजाले सबै मानिसहरूको
अन्तवार्ता लिए तर उनले ती मध्ये कसैलाई पनि
दानियल, हनन्याह, मीशाएल अनि अजर्याह जस्तो
सर्वोत्तम पाएनन्। यसकारण उनले तिनीहरूलाई आफ्नो
कार्यमा लिए। २०राजाले यी चारजनासित सबै महत्वपूर्ण
विषयमा सरसल्लाह लिए अनि तिनीहरूले आफ्नो ज्ञान
र सुझबुझको प्रमाण दिए। राजाले देखे कि यी
चारजना उनको राज्यका सबै ज्ञानी अनि जादुगरहरू
भन्दा दश गुणा राम्रा छन्। २१दानियलले कोरेसको
शासन कालको पहिलो वर्ष सम्म राजाको सेवा गरिबसे।

### नबूकदनेस्सरको सपना

**२** आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेस्सरले
एउटा सपना देखे। सपनाले उनलाई भयभीत
बनायो अनि उनी सुत्न सकेनन्। २राजाले आफ्ना ज्ञानी
मानिसहरूलाई बोलाए तिनीहरू जादु-टुना गर्थे। सपनाको
फल व्याख्या गर्न ताराहरू हेरे। तिनीहरू त्यसो गर्थे

किनभने भविष्यमा जे घट्नेवाला छ, त्यो पहिले नै संकेत दिन सक्थे। राजाले तिनीहरूबाट यही चाहन्थे कि उनले देखेको सपनाको अर्थ तिनीहरूले भन्न सकुन। तिनीहरू आए र राजाको सामु उभिए।

३त्यस पछि राजाले तिनीहरूलाई भने, "मैले एउटा सपना देखेँ, जसले गर्दा म एकदमै व्याकुल छु। म यो जान्न चाहन्छु कि त्यो सपनाको अर्थ के हो?"

४त्यस विषयमा कल्दीहरूले अरामी भाषामा बोल्दै उत्तर दिए, "महाराज अमर रहुन! हामी तपाईंका सेवकहरू हौं। तपाईंले आफ्नो सपना हामीलाई बताउनु होस् अनि हामी तपाईंलाई त्यसको अर्थ बताउँछौं।"

५यसपछि राजाले कल्दीहरूलाई भने, "होइन! त्यो सपना के थियो, यो पनि तिमीले बताउँनु पर्छ अनि त्यो सपनाको अर्थ के हो, यो पनि तिमीले बताउँनु पर्छ। यदि तिमीले यस्तो गर्न सकेनौ भने म तिमीलाई टुक्रा टुक्रा पार्नेछु अनि तिम्रो घर भत्काएर जनताको शौचालय बनाउनेछु। ६तर तिमीले मेरो सपना बताएर त्यसको व्याख्या गरिदियौ भने म तिमीलाई धेरै उपहारहरू, आदार मान प्रदान गर्नेछु। अब मलाई मेरो सपना र त्यसको व्याख्या गर।"

७ती बुद्धिमानहरूले फेरि उत्तर दिए, "हे राजा, कृपया हामी तपाईंका दासहरूलाई सपना बताई दिनु होस् र हामी त्यसको अर्थ व्याख्या गरिदिन्छौं।"

८राजाले जवाफ दिए, "म जान्दछु, कि तिमीहरूले समय नाश गरिरहेकाछौ। किनभने तिनीहरू जान्दछौ मेरो हुकुम त्यस्तै रहनेछ। ९जस्तो कि यदि तिमीहरूले मेरो सपनाको बारेमा बताउँदैनौ भने म तिमीहरू प्रत्येकलाई दण्ड दिनेछु। यसकारण तिमीहरू मलाई सपना पक्कै भन्नेछौ ताकि म जान्नेछु कि तिमीहरू सपनाको व्याख्या सही तरिकाले गर्न सक्षम छौ।"

१०कल्दीहरूले राजालाई उत्तर दिँदै भने, "हे महाराज, तपाईंले जे भन्नु हुँदैछ त्यो गर्न सक्ने मानिस यस पृथ्वीमा केही छैन्। कुनै पनि राजा, ऊ जति नै महान अथवा शक्तिशाली होस् उसले कहिले पनि ज्ञानी अथवा जादुवाला अथवा कल्दीहरूलाई यस्तो कर्म गर्न लगाएको छैन। ११राजाले केही कुरा रोधि रहेका छन त्यो गर्न एक्दमै अपठ्यारो छ। देवताहरूले मात्र राजाको सपना अनि यसको अर्थ के हो भन्न सक्नेछन। तर देवताहरू मानिसहरूसित बस्दैनन्।"

१२जब राजाले यो कुरा सुने, तिनी साह्रै रिसाए अनि बाबेलका सबै ज्ञानी मानिसहरूलाई ध्वंश गरिनु पर्ने आदेश दिए। १३यसकारण राजा नबूदकनेसरको आज्ञा घोषणा गरियो कि सबै ज्ञानी मनिसहरूलाई मार्नु पर्छ! राजाका मानिसहरूले दानियल र उसका साथीहरूलाई पनि मार्नु भनी हल्ला गरे अनि खोजी गर्न पठाए।

१४अर्योक बाबेलका बुद्धिमानी मानिसहरूलाई मार्न तयार थिए। तर दानियलले राजाका सेनापति अर्योकसित कुरा-कानी गरे। दानियलले अर्योकसित बुद्धिमानी कुरा गरे। १५दानियलले अर्योकलाई सोधे, "राजाले यति कठोर दण्डको आदेश किन दिनुभएकोछ?"

उत्तरमा अर्योकले राजाको सपनाको सम्पूर्ण कथा बताए अनि दानियलले बुझे। १६जब दानियलले यो कुरा सुने उनले राजासँग गएर बिन्ति गरे कि अधिक समय दिइयोस्। त्यस पछि उनले राजालाई उनको सपना र त्यसको अर्थ बताई दिनेछन्।

१७त्यसपछि दानियल आफ्नो घर गए अनि उसका साथीहरू, हनन्याह, मीशाएल अनि अजर्याहलाई सम्पूर्ण कुराहरू सुनाए। १८दानियलले आफ्ना साथीहरूलाई स्वर्गका परमेश्वरसँग प्रार्थना गर्नुभने। दानियलले उनीहरूलाई भने कि स्वर्ग परमेश्वरलाई प्रार्थना गर्दा उनीहरूमाथि दयालु हुनु अनि यो रहस्य बुझ्नमा सहायता गर्नु जसबाट बाबेलको दोस्रो बुद्धिमानी पुरुषहरूसँग दानियल र उसका साथीहरू नमारिउन।

१९रातको समय परमेश्वरले दानियललाई दर्शनको गुप्त बताई दिनुभयो। त्यसपछि स्वर्गका परमेश्वरको स्तुति गरे। २०दानियलले भने:

"परमेश्वरको नाउँको सदा-सर्वदा प्रशंसा गर! शक्ति र ज्ञान उहाँमा हुन्छ।

२१उहाँले नै समय परिवर्त्तन गर्नुहुन्छ उहाँले नै सालमा ऋतुहरू परिवर्त्तन गर्नुहुन्छ। उहाँले नै राजाहरू परिवर्त्तन गर्नुहुन्छ। उहाँले नै राजाहरूलाई शक्ति प्रदान गर्नुहुन्छ र उहाँले नै खोस्नुहुन्छ। उहाँले नै बुद्धि दिएर मानिसहरू बुद्धिमानी बन्छन् उहाँले मानिसहरूलाई ज्ञान दिनुहुन्छ अनि मानिसहरू ज्ञानी हुन्छन्।

२२उहाँले गहिरो अनि गुप्त रहस्यहरू प्रदर्शित गराउनु हुन्छ। उहाँले जान्नु हुन्छ अन्धकारमा के छ अनि ज्योति उहाँसँगै छ।

२३हे मेरो पिता-पुर्खाहरूका परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, अनि तपाईंको गुणगान गाँउछु। तपाईंले नै मलाई ज्ञान र शक्ति दिनुभयो। जुन कुरा हामीले सोध्यौं त्यसको रहस्य तपाईंले नै बताउँनु भयो। तपाईंले हामीलाई राजाको सपनाको विषयमा बताउँनु भयो।"

## दानियलले सपनाको अर्थ के हो भन्छन्

२४त्यसपछि दानियल अर्योककोमा गए। राजाले उसलाई बाबेलका ज्ञानी मानिसहरूलाई मार्नु भनी आज्ञा दिएका थिए। दानियलले अर्योकलाई भने, "बाबेलका ज्ञानी मानिसहरूको हत्या नगर। मलाई राजा भएकोमा लिएर जाऊ, म उहाँलाई उहाँको सपना अनि अर्थको व्याख्या गरिदिन्छु।"

२५अर्योकले तुरन्तै दानियललाई राजाकहाँ लिएर गयो अनि राजालाई भन्यो, "यहूदाको बन्दीहरू मध्ये मैले एकजना यस्तो मानिसलाई खोजेँ जसले राजाको सपनाको अर्थ बताउँन सक्छ।"

२६राजाले दानियललाई (बेलतसजर) जवाफमा प्रश्न
गरे, "के तिमीले साँच्चै मेरो सपनाको अर्थ र त्यसको
व्याख्या गर्न सक्छौ?"

२७दानियलले राजालाई उत्तर दिए, "हे राजा
नबूकदनेस्सर, कुनै पनि ज्योतिषीहरू बुद्धिमानी मानिस,
मंत्रतंत्र जान्नेहरू अनि कल्दीहरूले राजाको सपनाको
गुप्त कुराहरू बताउँन सकेनन। २८तर स्वर्गमा एउटा
यस्तो परमेश्वर हुनुहुन्छ, जसले गुप्त रहस्यहरू बताउँन
सक्नुहुन्छ। परमेश्वरले राजा नबूकदनेस्सरलाई अब के
हुनेवाला छ यो दर्शाउनको लागि सपना देखाई दिनुभयो।
आफ्नो ओछ्यानमा सुतेर तपाईंले सपनामा जे कुराहरू
देख्नुभयो, त्यो यो हो। २९हे राजा, तपाईं आफ्नो
ओछ्यानमा सुतिरहनु भएको थियो। तपाईंले भविष्यमा
घट्ने घटनाको विषयमा सोचिरहनु भएको थियो।
परमेश्वरले मानिसहरूलाई रहस्यपूर्ण विषयमा बताउन
सक्नुहन्छ। त्यसैकारण उहाँले भविष्यमा जे घट्नेवाला
छ, त्यो दर्शाई दिनु भयो। ३०परमेश्वरले यो रहस्य
मलाई बताउँनु भयो। यो यसकारण भयो कि मेरोमा
अरु मानिसहरू भन्दा ज्यादा बुद्धि छ। तर परमेश्वरले
मलाई यो भेद यसकारण बताउनु भयो कि राजालाई
उसको सपनाको अर्थ थाहा होस्। हे राजा यस्तो
प्रकारले, तपाईंको मनमा जुन विचारहरू आउँदैछ
त्यसलाई सम्झनु होस।

३१"हे राजा, तपाईंको सपनामा एउटा ठूलो मूर्ति
आफ्नो छेउमा उभिएको देख्नु भयो जो चम्किरहेको
थियो अनि साह्है आकर्षक थियो। यसको रूप डरलाग्दो
थियो। ३२त्यो मूर्तिको टाउको निक्खुर सुनले बनिएको
थियो। त्यसको छाती र हातहरू चाँदीका थिए। त्यसको
पेट र फिला काँसाका थिए। ३३यसको गोड़ाहरू
फलामका थिए। त्यसको खुट्टाका केही भाग फलामको
र तल्लो केही भाग माटोका थिए। ३४जब तपाईंले
त्यस मूर्तिलाई हेरिरहनु भएको थियो तपाईंले एउटा
चट्टान देख्नुभयो। चट्टान मानिसद्वारा काटिएको थिएन।
चट्टानले फलाम र माटोले बनिएका मूर्तिको खुट्टाहरूलाई
टुक्रा-टुक्रा पार्‍यो। ३५त्यो फलाम, माटो, काँसा, चाँदी
र सुन सबै चक्नाचूर भए, अनि ग्रीष्म ऋतुमा खलाबाट
भूस उड़ाए झैं नाउँ निशानै नराखी हावाले उड़ाएर
लग्यो। तर त्यस मूर्तिमा लाग्ने त्यो ढुङ्गा बढ़दै गयो
अनि एउटा ठूलो पहाड़ बनिएर पृथ्वीलाई ढाक्यो।

३६"सपना यही थियो। अब हामी राजालाई त्यसको
अर्थ खोलिदिनेछौं। ३७हे राजा! तपाईं महान राजा,
राजाहरूको पनि राजा हुनुहुन्छ, जसलाई स्वर्गका परमेश्वरले
राज्य, सामर्थ्य, अधिकार अनि मान दिनु भएको छ।
३८तपाईंलाई परमेश्वरले मानिसका सन्तान, जङ्गलका
पशुहरू र आकाशका पक्षीहरू माथि अधिकार गर्न
दिनु भएको छ। तपाईं नै त्यो सुनको टाउको हुनुहुन्छ।

३९"तपाईं पछि तपाईंको भन्दा कमजोर राज्य खड़ा
हुनेछ अनि त्यसपछि अर्को एउटा तेस्रो राज्य काँसाको
राज्यजस्तै खड़ा हुनेछ, जसले सारा पृथ्वीमाथि अधिकार
जमाउँनेछ। ४०त्यस पछि चौथो राज्य फलाम जस्तै
बलियो हुनेछ। फलामले सबै थोकलाई चूर-चूर गरि
नष्ट पारे झै त्यसले सारा पृथ्वीलाई टुक्रा टुक्रा पारेर
तितर-बितर पार्नेछ! ४१अनि तपाईंले खुट्टा र औंलाको
केही भाग फलामको देख्नु भए झै त्यो एउटा
विभाजित राज्य हुनेछ। तर पनि दर्शनमा तपाईंले फलाम
र गिलो माटो मिसिएको देख्नु भए झैं त्यसमा फलाम
बलियो रहने छ। ४२अनि खुट्टाको औंलाहरू केही
भाग फलाम र केही भाग माटो मिसिए झैं त्यो राज्य
केही शक्तिशाली र केही सजिलै टुक्रा टुक्रा हुने
कमजोर राज्य हुनेछन। ४३तपाईंले फलाम र गिलो
माटो मिसिएको देख्नु भए झैं ती राज्यहरू अन्तर
जातीय वैवाहिक सम्बन्ध गरेर मिसिनेछ र फलाम र
माटोसित मिसिनेछ अनि फलाम र माटोसित मिल्न
नसके झैं ती राज्यहरू एकसाथ अड़िन सक्ने छैनन्।

४४"ती राज्यहरूको समयमा स्वर्गका परमेश्वरले
एउटा राज्य बनाउनु हुनेछ जुन कहिल्यै नाश हुने छैन
न त त्यो राज्य कुनै अरु मानिसको हातमा दिइनेछ।
यसले अन्य सबै राज्यहरूलाई ध्वंश पार्नेछ र तिनीहरूको
अन्त्य गरिदिनेछ। तर त्यो राज्य सदा-सर्वदा रहनेछ।

४५"यो राज्य चाहिँ तपाईंले देख्नु भएको त्यो चट्टान
हो जुन कसैले नहटाई कन पहाड़बाट आफै काटियो
अनि त्यो चट्टान फलाम, पित्तल, चाँदी, माटो र
सुनलाई टुक्रा टुक्रा पार्‍यो। यस प्रकार महान् परमेश्वरले
तपाईंलाई भविष्यमा के हुनेछ देखाउनु भयो। यो सपना
साँचो छ र तपाईं यसको व्याख्यामा भर पर्न सक्नुहुन्छ।"

४६यसपछि राजा नबूकदनेस्सरले दानियललाई निहुरिएर
दण्डवत गरे। राजाले दानियलको प्रशंसा गरे। राजाले
आज्ञा दिए कि दानियलको सम्मानमा भेटी स्वरूप
सुगन्धित धूप प्रदान गरियोस्। ४७राजाले फेरि दानियललाई
भने, "मलाई निश्चिन्त पूर्वक ज्ञान भएकोछ कि तिम्रो
परमेश्वर सर्वाधिक महत्वपूर्ण अनि शक्तिशाली हुनुहुन्छ।
उहाँ सबै राजाहरूको परमप्रभु हुनुहुन्छ। अनि जुन कुरा
कसैले बताउँन सक्तैन त्यो गुप्त कुरा पनि उहाँले बताई
दिनुहुन्छ।"

४८त्यसपछि राजाले दानियललाई सम्मान पूर्वक आफ्नो
राज्यको महत्वपूर्ण पदमा नियुक्ती गरे अनि धेरै बहुमूल्य
उपहारहरू पनि दानियलाई दिए। दानियललाई सम्पूर्ण
बाबेल प्रदेशको शासक नियुक्ती गरे अनि दानियललाई
बाबेलको सबै ज्ञानी मानिसहरूको प्रधान बनाइदिए।
४९दानियलले राजालाई विन्ति गरे अनि उनले शद्रक,
मेशक अनि अबेद्नगोलाई बाबेल प्रदेशको महत्वपूर्ण
हाकिम बनाई मागे। दानियलले भने जस्तै राजाले त्यस्तै
गरे। दानियल स्वंय ती महत्वपूर्ण मानिसहरू मध्ये एक
भए जुन राजाको साथमा रहन्थे।

## सुनको मूर्ति र तातो भट्टी

३ राजा नबूकदनेस्सरले सुनको मूर्ति बनाए। मूर्ति ६०
हात अग्लो अनि ६ हात चौड़ा थियो। उनले त्यो
मूर्ति बाबेल प्रदेशको दुरा मैदानमा स्थापित गरे। २तब
राजा नबूकदनेस्सरले विभिन्न प्रान्तका सबै राज्यपाल,
शासक, सल्लाहकार, कोषाध्यक्ष, न्यायधीशहरू,
अधिकारीहरू र प्रान्तका सबै राज-कर्मचारीहरूलाई
उनले स्थापित गरेको मूर्ति समक्ष समर्पण हुन भेला हुनु
भनी आदेश दिए।

३ती सबै प्रान्तका बड़ा हाकिम, न्यायधीश, राज्यपाल,
सल्लाहकार, खजाञ्ची, पुलिस प्रमुख अनि सबै अरु
हाकिम, राजकर्मचारीहरू भेला भए अनि राजा
नबूकदनेस्सरले स्थापना गरेको मूर्तिको अघाड़ी उभिए।
४त्यसपछि प्रवक्ताहरूले ठूलो स्वरमा कराएर भने, "हे
विभिन्न राष्ट्र र विभिन्न भाषाका मानिसहरू ध्यान
देऊ। ५जब तिमीहरू विभिन्न वाध्ययन्त्र- नरसिङ्ग,
बाँसुरी, वीणा, सारङ्गी, सितार, मसकहरू बाजाहरू
बजेको सुन्छौ, तिमीहरू सबै निहुरिनु पर्छ अनि राजा
नबूकदनेस्सरले उभ्याएको सुनको मूर्तिको पूजा गर्नु
पर्छ। ६यदि कसैले यो सुनको मूर्तिलाई निहुरेर दण्डवत्
गर्दैन अनि पूजा गर्दैन भने त्यस मानिसलाई तुरन्तै
दनदन बल्दै गरेको आगोको भट्टीमा फ्याँकिदिइनेछ।"
७यसकारण जब तिनीहरूले नरसिङ्ग, बाँसुरी, सितार,
सारङ्गी, मसक र अरु बाजा बजेको सुने, तिनीहरू
निहुरिए अनि सुनको मूर्तिको पूजा गरे।

८त्यस घटना पछि तुरन्तै कल्दीहरू राजाकहाँ आए,
ती मानिसहरूले यहूदीहरूको विरुद्धमा बोले। ९तिनीहरूले
राजा नबूकदनेस्सरलाई भने, "हे राजन, तपाईं अमर
हुनुहुन्छ। १०महाराज, तपाईंले यस्तो आदेश दिनु भएकोछ
कि प्रत्येक जसले नरसिङ्ग, बाँसुरी, सारङ्गी, सितार,
मसक र अरु सबै किसिमका बाजाहरूको स्वर सुन्छ,
त्यसले निहुरिएर सुनको मूर्तिलाई पूजा गर्नुपर्छ। ११अनि
जसले घोप्टो परेर पूजा गर्दैन त्यसलाई दन्किरहेको
आगोको भट्टीमा फ्याँकिनेछ। १२यहाँ केही यस्तो
यहूदीहरू छन् जसले तपाईंको यो आदेशलाई पालन
गर्दैनन्। तपाईंले ती यहूदीहरूलाई बाबेल प्रदेशमा
महत्वपूर्ण हाकिम बनाउनु भएको छ। यिनीहरूको नाउँ
यस प्रकार छ शद्रक, मेशक अनि अबेदनगो। यिनीहरूले
तपाईंका देवताको पूजा गर्दैनन् अनि जुन सुनको मूर्ति
तपाईंले स्थापित गर्नु भएको छ उनीहरू न त त्यस
मूर्तिको सामने झुक्छन् न त पूजा नै गर्छन्।"

१३यो सुन्ने बित्तिकै नबूकदनेस्सर रिसले चूर भएर
भने शद्रक, मेशक, अबेदनगोलाई लिएर आऊ। त्यस
पछि उनीहरू राजाको सामुन्ने हाजिर भए।
१४नबूकदनेस्सरले भने, "शद्रक, मेशक र अबेद्नगो
के यो कुरा साँच्चो हो, तिमीहरूले मेरो देवताको पूजा
गर्दैनौ अनि मैले स्थापित गरेको सुनको मूर्तिलाई
निहुरिएर पूजा गर्दैनौ? १५अब हेर, तिमीहरूले जब
नरसिङ्ग, बाँसुरी, सितार, सात वटा तार भएको बाजा,
वीणाहरू, मसक तथा प्रत्येक प्रकारको अर्को वाद्य
यन्त्रहरूको ध्वनी सुन्यौ अनि सुनको मूर्तिको साम्ने
झुकेर पूजा गर्नु पर्नेछ। यदि तिमीहरूले मैले बनाएको
सुनको मूर्तिको पूजा गर्न तयार भयौ भने राम्रो हो तर
यदि त्यसको पूजा गर्न अस्वीकार गर्‍यौ भने तिमीहरूलाई
तुरन्तै दनदन् बल्दै गरेको आगोको भट्टीमा हालिनेछ।
त्यस पछि तिमीहरूलाई कुनै पनि अरु देवताहरूले
बचाउँन सक्ने छैन।"

१६शद्रक, मेशक अनि अबेदनगोले जवाफमा भने,
"महाराज नबूकदनेस्सर, हामीलाई अझै व्याख्या गर्ने
आवश्यक्ता छैन; हामी आफ्नो मन परिवर्तन गर्ने छैनौं।
१७यदि, हाम्रो परमेश्वर जसको हामी उपसना गर्छौं
उहाँको अस्तित्व छ भने, दन्किरहेको आगोको भट्टीबाट
हामीलाई बचाउँने उहाँको सामर्थ छ। यसैले हे राजा
उहाँले हामीलाई तपाईंको शक्तिदेखि बचाउँनुहुन्छ। १८तर
राजा तपाईंले यो जान्नु पर्ने छ, हामी तपाईं को
देवताहरूलाई पूजा गर्ने छैनौ अथवा सुनको मूर्तिको
अघाड़ी झुकेर दण्डवत पनि गर्ने छैनौं।"

१९यस कुरामा नबूकदनेस्सर राजा शद्रक, मेशक
अनि अबेद्नगोथिमाथि साह्रै रिसाए। उनको अनुहार
रातो भयो। २०त्यस पछि उनले आफ्ना केही सैनिकहरूलाई
हुकूम गरे, ती शद्रक, मेशक अनि अबेद्नगोलाई
कँसेर बाँध अनि बल्दै गरेको आगोको भट्टीमा फ्याँकिदेऊ।
२१सैनिकहरूले शद्रक, मेशक अनि अबेदनगोलाई
बाँधे अनि आगोमा फ्याँकिदिए। तिनीहरूले आफ्नो
पोशाकहरू, सुरुवाल, टोपी लगाएका थिए। २२रिसाएका
राजा द्वारा दिइएको कठोर आदेशको कारणले ती
सेनाहरूले भट्टी यथारीति भन्दा सात गुणा बेशी तताए
अनि ती सेनाहरू जब शद्रक, मेशक अनि अबेद्नगोलाई
आगोमा हाल्न नजिक गए त्यसको तातोले ती सेनाहरू
मारिए। २३ती तीनजना शद्रक, मेशक अनि अबेद्नगोलाई
कँसेर बाँधी दन्किरहेको आगोमा फ्याँकिदिए।

२४त्यस पछि राजा नबूकदनेस्सर छक्क परे र साह्रै
उत्तेजित भएर उभिए अनि आफ्ना सल्लाकारहरूलाई
भने, "के हामीले आगोमा तीन जनालाई बाँधेर हालेको
होइनौ?"

तिनीहरूले उत्तर दिए, "हो, अवश्य हो महाराज!"

२५तब राजाले भने, "तब कसरी म चार जना
मानिसहरू खुल्ला भएर आगोमा हिँड़को देख्दैछु। त्यो
चौथौ मानिस परमेश्वरको पुत्र जस्तै छ।"

२६त्यस पछि नबूकदनेस्सरले त्यस दन्किरहेको भट्टीको
ढोका नजिक आएर भने, "हे शद्रक, मेशक अनि
अबेद्नगो सर्वोच्च परमेश्वरका सेवक हो, निस्केर
आऊ।" त्यस पछि शद्रक, मेशक र अबेदनगो आगोबाट
निस्केर आए। २७प्रान्त, प्रान्तका बड़ा हाकिम, राज्यपाल,

सल्लाहकार र भारदारहरू जम्मा भए अनि आगोले यी
मानिसहरूको शरीरमा हानी गर्न नसकेको देखे। तिनीहरूको
टाउकाको केश पनि खुइलेको थिएन। तिनीहरूको
लुगा पनि आगोले डढ़ेन र तिनीहरूमा आगोको रापसम्म
पर्न पाएन।

२८त्यस पछि नबूकदनेस्सरले भने, "शद्रक, मेशक
र अबेद्नगोका परमेश्वर धन्य होऊन जसले उहाँ
माथि विश्वास गर्ने र राजाको हुकुमलाई आफ्नै
परमेश्वर बाहेक हामी अरु देवताको सेवा गर्ने छैनौं
भनी आफूलाई आगोमा फ्याँकिदिने आफ्ना यी दासहरूलाई
बचाउन आफ्नो स्वर्ग दूतहरू पठाउँनु भयो। २९अब म
हुकुम गर्दैछु, कुनै पनि मानिस जुन सुकै जाति वा राष्ट्र
अथवा जुनसुकै भाषा बोल्ने होस, जसले शद्रक मेशक
अनि अबेद्नगोको परमेश्वरको निन्दा गर्ला त्यसलाई
टुक्रा-टुक्रा बनाइनेछ र त्यसको घर उजाड़ पारिनेछ।
किनभने यस किसिमले उद्धार गर्ने अरू कुनै पनि
देवता छैनन्।" ३०त्यस पछि राजाले बाबेलको प्रान्तमा
शद्रक, मेशक र अबेद्नगोको मान बढ़ाई दिए।

## वृक्षको विषयमा नबूकदनेस्सरको सपना

४ सारा संसारमा बस्ने विभिन्न भाषा बोल्ने जाति-
जातिहरूका मानिसहरूलाई राजा नबूकदनेस्सरबाट
तिमीहरूको भलो होस। भनि पठाए।

२सर्वोच्च परमेश्वरले मेरो निम्ति गर्नु भएको
अद्‌भूत अनि छक्क-पर्दो चीजहरूको विषयमा
तिमीलाई भन्न म अति खुशी छु।

३उहाँका चिन्हहरू महान छ। उहाँका आश्चर्यपूर्ण
कर्महरू शक्तिशाली छन्। उहाँको राज्य सदा-सर्वदा
रहिरहने छ। राज्यमा उहाँको प्रभुत्व पुस्तौं पुस्तासम्म
रहिरहन्छ।

४म, नबूकदनेस्सर आफ्नो महलमा खुशी र
सफल थिएँ।

५मैले यस्तो सपना देखें, मलाई भयभीत बनायो।
म मेरो ओछ्यानमा ढल्किरहेको थिएँ अनि मैले
मेरो मनमा दिव्य दर्शन् देखे, ती कुराहरूले मलाई
एकदमै दुखित बनायो।

६यसकारण मैले बाबेलका सबै ज्ञानी पुरुषहरूलाई
सपनाको अर्थ खोलि दिनलाई मकहाँ आउन भनी
हुकुम गरें।

७जब जादुगर, तंत्र-मंत्र जान्ने कल्दी र ज्योतिषीहरू
आए, मैले तिनीहरूलाई सपना बताई दिएँ, तर
तिनीहरूले मलाई त्यसको अर्थ बताउँन सकेनन्।
८तब अन्तमा दानियल मेरो अघि आए। मैले
दानियललाई मेरा देवताको सम्मानमा बेलतसजर
नाउँ राखें। उसित देवताहरूको आत्मा थियो।
यसकारण मैले आफ्नो सपना उसलाई बताएँ।

९"बेलतसजर (दानियल) तिमी सबै तांत्रिकहरूमा
सर्वश्रेष्ट हौ, मलाई थाहा छ कि तिमीमा ईश्वरीय
आत्मा बास गर्छ, अनि कुनै पनि रहस्य बुझ्न
तिमीलाई अपठ्यारो पर्दैन। मलाई यसको अर्थ
भन, जुन सपना मैले देखें। १०म ओछ्यानमा
सुतिरहेको थिएँ। त्यति बेला मैले एउटा दिव्य
दर्शनमा, अचानक, मेरो छेउमा पृथ्वीको बीचमा
एउटा अग्लो रूख देखें, त्यो बृक्ष एकदमै अग्लो
देखेँ। ११यो रुख एकदमै ठूलो अनि शक्तिशाली
थियो। यसको अग्लाईले आकाश छुन आँटेको
थियो। अनि यो रुख पृथ्वीको कुनै पनि कुनाबाट
देखिन्थ्यो। १२यसका पातहरू सुन्दर थिए। यसको
फलहरू प्रशस्तै थिए र यो फलले सबैलाई खान
पुग्थ्यो। जंगली पशुहरू त्यो रुखको छहारीमुनि
बस्थे। यसका हाँगामा चराहरूले गुँड बनाउँथे,
अनि सबै जीवित प्राणीहरूले त्यसबाट आहार
पाउँथे।

१३"ओछ्यानमा सुतिरहेको बेलामा मैले त्यो
दर्शन हेरिरहेको थिएँ, त्यसै बेला स्वर्गबाट एउटा
पवित्र दूत तल आउँदै गरेको मैले देखें। १४उसले
ठूलो स्वरमा कराएर भन्यो, 'रूखलाई काट!
त्यसको हाँगाहरू काट। पातहरू झारिदेऊ। यसको
फलहरू चारैतिर छरपस्ट पारिदेऊ। जङ्गली पशुहरू
त्यसको छहारी मुनिबाट अनि चराहरू त्यसको
हाँगाबाट भागोस्। १५तर त्यसको ठुटो चाँहि
जरासितै जमीनमा नै रहोस्। अनि त्यही अवस्थामा
फलामको अनि काँसको साङ्‌लाले बाँधिएको होस
जंगली घाँसले पेट भरोस् आकाशको शीतले त्यसलाई
भिजावोस् र खर्कमा बस्ने पशुहरूसित र रूखका
पातसँग खेतमा रहोस्। १६त्यस मानिसको मन
बदलिएर पशुहरूको जस्तै होस्। सात काल त्यसमाथि
त्यस्तै बितोस्।'

१७"एकजना पवित्र स्वर्गदूतले यो दण्डको घोषणा
गरे। पृथ्वीको सबै मानिसहरूलाई थाहा होस कि,
मानिसहरूको राज्यहरूमाथि सर्वोच्च परमेश्वरले शासन
गर्नुहुन्छ। परमेश्वरले जसलाई चाहनु हुन्छ यी
राज्यहरू उसलाई दिनुहुन्छ अनि परमेश्वरले ती
राज्यहरू माथि शासन गर्नको निम्ति विनम्र मानिसलाई
छान्नु हुन्छ।

१८"नबूकदनेस्सरले भने, मैले देखेको सपना
यही हो। म राजा नबूकदनेस्सरले अब तिमी
बेलतसजरले (दानियल), सपनाको अर्थ भन कारण
मेरो राज्यको कुनै पनि बुद्धिमानी मानिसले यो
सपनाको अर्थ व्याख्या गर्न सक्ने छैन। तर
बेलतसजर (दानियल) तिमीले यो सपनाको अर्थ
व्याख्या गर्न सक्छौ कारण तिमीमा देवताहरूको
आत्मा रहेकोछ।"

१९“त्यसपछि दानियल केही समय सम्म चुपचाप
बसे। उसले केही कुरा सोची रहेको थिए, त्यसले
उसलाई व्याकुल बनाइरहेको थियो। तब राजाले भने,
“बेलतसजर (दानियल), तिमी त्यो सपना अथवा त्यो
सपनाको अर्थदेखि भयभीत नहोउ।”

यसमा बेलतसजरले (दानियल) उत्तर दिए, “मेरा
स्वामी, खाश यो सपना तपाईंका शत्रुहरूमाथि आवोस्
अनि यसको अर्थ जो तपाईंको विरोधी छन् उनीहरूले
प्राप्त गरून। २०जुन रुख तपाईंले देख्नुभयो त्यो रुख
ठूलो अनि शक्तिशाली भयो। रुखको टुप्पो आकाश
सम्मै पुग्यो। त्यो रूख पृथ्वीको प्रत्येक कुनाबाट
देखिन्थ्यो। २१त्यसका पातहरू सुन्दर थिए, त्यसमा
फल प्रशस्तै थियो, त्यसको हाँगामा फलेको फलले
सबैका लागि खान पुग्थ्यो अनि त्यसको छहारी मुनि
सबै जङ्गली पशुहरू बस्थे। अनि त्यसको हाँगामा
चराले गुँड़ बनाएको थियो।

२२“हे राजा त्यो रुख तपाईं नै हो। तपाईं बढ़ेर
शक्तिशाली हुनु भयो। तपाईंको धन सम्पत्ति बढ्यो।
तपाईंको शक्ति बढ़ेर स्वर्ग सम्म पुग्यो। तपाईंको प्रभुत्व
बढ़ेर पृथ्वीको पल्लो छेउ सम्म छ।

२३“अब तपाईंले एकजना पवित्र स्वर्गबाट स्वर्गदूत
तल झर्दै गरेको देख्नु भयो? त्यसले भन्यो, ‘त्यस
रुखलाई काटेर नष्ट गरिदेऊ, तर त्यसको ठुटा जरा
सँगै भूइँमानै छोड़िदेऊ जुन तिमीले भूइँमा छोड़ेको थियौ
त्यसलाई फलाम र काँसाको साङ्लोले बाँध अनि
खेतमा घाँसहरूको बीच छोड़िदेऊ। आकाशको शीतले
भिजोस र त्यसको भाग जङ्गलको पशुहरूसँग होस्। यो
हालतमा सात साल बित्नेछ।’

२४“राजा, तपाईंको सपनाको व्याख्या यही हो।
सर्वोच्च परमेश्वरले मेरो स्वामी राजा प्रति यी घटनाहरू
घट्ने आदेश दिनुहुन्छ। २५राजा नबूकदनेस्सरले तपाईंलाई
तपाईंको मानिसहरूबाट जबर्जस्ती टाड़ो पठाउनेछ, तपाईं
जंगली जनावरहरूको बीचमा बस्नु हुनेछ। तपाईंले गाई
गोरूले जस्तो घास खानु हुनेछ अनि तपाईं शीतले
भिज्नु पर्नेछ। सात वर्ष सम्म यही प्रतिक्रिया दोहोरिनेछ।
जब सम्म तपाईंले यो कुरा बुझ्नुहुने छैन, कि सर्वोच्च
परमेश्वरले मानिसहरूमाथि सर्वधिकार गर्नुहुन्छ उहाँले
जसलाई इच्छा गर्नु हुन्छ उसैलाई नै राज्य दिनुहुन्छ।

२६“जरा सहित ठुटोलाई भूइँमा छोड़िदिने आज्ञा यो
हो: तपाईंको राज्य तपाईंलाई फेरि फिर्ता दिनुहुनेछ। यो
तब हुनेछ जब त्यो सर्वोच्च परमेश्वरले तपाईंको
राज्यमा शासन गर्नुहुन्छ भन्ने तपाईंले जान्नु हुन्छ।
२७यसकारण, राजा, दया गरेर मेरो सल्लाह स्वीकार्नु
होस् आफ्नो पाप त्यागेर धर्म पट्टि लाग्नुहोस्, अत्यचारमा
परेकाहरूलाई दया देखाएर गरीब मानिस प्रतिको अधर्म
त्याग्नु होस्, त्यसो गर्नाले लामो समय सम्म सफल र
शान्ति प्रिय हुनुहुनेछ।”

२८यो सबै सत्य घटना राजा नबूकदनेस्सरमाथि
घट्यो। २९बाह्र महिना पछि राजा आफ्नो महलको
कौसीमा घुमिरहेका थिए। ३०जब राजाले भने, “बाबेललाई
हेर, यो महान शहरको निर्माण मैले आफ्नो शक्तिले
गरेको हो। शहरको राजधानी मेरो राज्यले मेरो महोत्तमको
गौरव प्रदान गरेकोछ।”

३१राजाको मुखबाट यो कुरा निस्की नसक्दै स्वर्गबाट
यसो भन्ने आवाज आयो, “यो घटनाहरू तपाईंमाथि
घट्नेछ, राजा नबूकदनेस्सर तपाईंको राज्य तपाईंबाट
खोसिनेछ। ३२तपाईंलाई मानिसहरूबाट निस्कासित
गरिनेछ। तपाईं जङ्गली पशुहरूसँग बस्नु पर्नेछ अनि
गाईले झैं घाँस खानुहुनेछ। सात वर्ष सम्म यो
चलिरहनेछ जब सम्म तपाईंले यो बुझ्नुहुँदैन कि
सर्वोच्च परमेश्वरले मानिसहरूमाथि शासन गर्नुहुन्छ।
अनि उहाँले जसलाई चाहनुहुन्छ उसलाई राज्य दिनुहुन्छ।”

३३फेरि तुरन्तै यो घटना घट्यो, नबूकदनेस्सर
मानिसहरूबाट निकालिए, उनले गाईले जस्तो घाँस खान
थाले र उनको शरीर आकाशको शीतले भिज्यो,
उनको कपाल लामो, गीद्धको प्वाख जस्तो भयो अनि
उनको नङ्गहरू चीलका नङ्गा जस्तै लामा लामा भए।

३४तब त्यो अन्तको समयमा म नबूकदनेस्सरले
आँखा उठाएर स्वर्गतिर हेरैं, अनि मैले सही तरिकाले
सोच्न थालेको थिए मैले सम्मान र महिमा दिएँ जो
सदा-सर्वदा जीवित हुनुहुन्छ।

परमेश्वरले सदा सर्वदा शासन गर्नुहुन्छ। उहाँको
राज्य पुस्तौं पुस्ता सम्म चलिरहन्छ।
३५यो पृथ्वीका मानिसहरू साँच्चै ठूला छैनन्
परमेश्वरले मानिसहरूसँग जे चाहनुहुन्छ त्यति गर्नुहुन्छ
स्वर्गको शक्ति भन्दा ठूला कोही पनि छैनन् उहाँले
भन्नुहुन्छ, स्वर्गको शक्तिलाई कसैले पनि रोक्न
सक्तैनन् उहाँको सशक्त हातले जे गर्छ यसमाथि
कुनै प्रश्न नै उठ्दैन्।

३६त्यस समयमा परमेश्वरले मेरो बुद्धि मलाई
फेरि दिनु भयो। अनि एउटा राजाको रुपमा मेरो
मान, सम्मान अनि शक्ति फेरि फर्काई दिनुभयो।
मेरो सल्लाहकार अनि राजकीय मानिसहरू फेरि
मकहाँ आए। म फेरि पहिलाको भन्दा पनि महान
अनि शक्तिशाली राजा भएँ। ३७त्यस पछि म
नबूकदनेस्सर स्वर्गको राजाको स्तुति गर्छु तथा
उहाँलाई सम्मान अनि महिमा प्रदान गर्छु। उहाँले
जे भन्नुहुन्छ ठीक भन्नुहुन्छ, उहाँ सँधै न्यायपूर्ण
हुनुहुन्छ, उहाँमा अहँकारहरूलाई विनम्र प्रदान गर्ने
क्षमता छ।

## भित्तामा लेखिरहेको

५ राजा बेलसजरले आफ्ना १,००० अधिकारीहरूलाई
राजकीय भवनमा ठूलो भोज दिए अनि ती

अधिकारीहरूले दाखरस पिउन थाले। २दाखरस पिउरहेको
बेला बेलसजरले आफ्नो सेवकहरूलाई सुन र चाँदीको
प्याला ल्याउन हुकुम गरे जुन प्याला उनका बाजेले
यरूशलेमको मन्दिरबाट ल्याएका थिए। नबूकदनेस्सरले
चाहन्थे कि शासकहरू, तिनका पत्नीहरू, तथा दासीहरूले
यो प्यालामा दाखरस पिउन। ३जब तिनीहरूले त्यो
सुनको प्याला ल्याए जुन यरूशलेमको परमेश्वरको
मन्दिरबाट ल्याइएको थियो। राजा अनि उसका
अधिकारीहरू, पत्नीहरू तथा दासीहरूले त्यो प्यालामा
दाखरस हालेर पिए। ४तिनीहरूले दाखरस पिए त्यस
पछि उनीहरूले पूजा गर्ने सुन, चाँदी काँसा, फलाम,
काठ र ढुङ्गाका देवताहरूको प्रशंशा गर्न थाले।

५त्यस समयमा अचानक एकजना मानिसको हातको
औंलाले सामदानको अघि महलको भित्तामा केही लेखि
रहेको देखियो। राजाले भित्तामा लेखिरहेको हात देखे।

६यो देखेर राजा बेलसजर भयभीत भए र तिनको
अनुहारको रङ्ग पहेँलो भयो र हात खुट्टा गलेर थरथर
काम्न थाले। ७अनि राजा चिच्याएर बाबेलका तंत्र-मंत्र
जान्ने कल्दी र ज्योतिषीहरूलाई ल्याउन पठाए। तिनले
बाबेलको ज्ञानी पुरुषहरूलाई भने, "जसले यो लेखोट
पढेर मलाई त्यसको अर्थ खोलिदिन्छ, त्यसलाई बैजनी
लुगा र सुनको हार पहिराइनेछ र यस राज्यको दर्जामा
त्यो तेस्रो गनिने छ।"

८त्यस पछि सबै ज्ञानी पुरुषहरू राजाकहाँ आए, तर
कसैले पनि त्यो लेखोट पढ्न सकेनन्। ९यसकारण
राजा बेलसजर साहै डराए अनि चिन्तित भए। अनि
उनका सबै हाकिमहरू पनि चिन्तित भए।

१०राजा र अधिकारीहरूको हल्ला-खल्ला सुनेर
राजमाता भोजमा आइन् र राजमाताले भनिन्, "राजा
अमर रहुन। नडराऊ। ११तपाईंको राज्यमा एउटा यस्तो
मानिस छ, जसमा पवित्र देवताहरूको आत्मा छ।
तपाईंको पितामहको पालामा तिनमा उत्तम समझ र
देवताको झैं ज्ञान भएको पाइयो। यसैले तपाईंको
पितामह नबूकदनेस्सरले तिनलाई जादूगर, तंत्र-मंत्र जान्ने
कल्दी र ज्योतिषीहरूका प्रधान नियुक्त गरिदिए। १२यिनी
दानियल, जसलाई राजाले बेलसजर नाउँ राखिदिए, खूबै
उत्तम आत्मा, बुद्धि र समझ भएका सपनाको अर्थ
खोल्ने, अड्को फुकाउने र समस्याहरू हल गर्ने ज्ञान
भएका छन्। अब यिनै दानियललाई बोलाउन पठाऊ, र
तिनले अर्थ खोलिदिनेछन्।"

१३त्यस पछि दानियललाई राजाको अघि पेश गरियो।
राजाले दानियललाई भने, "तिमीनै दानियल हौ, निकालाबास
भएको एक यहूदी, जसलाई राजा, मेरो पितामहले
यहूदाबाट ल्याएका थिए। १४मैले तिम्रो विषयमा सुनें।
तिमी एकजना त्यस्ता मानिस हौ जसमा पवित्र देवताहरूको
आत्मा छ। तिमी एकजना त्यस्तो मानिस हौ, जसकोमा
उत्तम समझ र अचम्भको रहस्य बुझ्ने ज्ञान छ।
१५बुद्धिमान पुरुष अनि तांत्रिकहरूलाई यो भित्ताको
लेखौटको अर्थ बताउँनको निम्ति मेरोमा ल्याइयो। म
चाहन्थें कि उनीहरूले यसको अर्थ खोलुन्। तर
तिनीहरूले भित्ताको लेखौटको व्याख्या गर्न सकेनन्।
१६मैले सुनें तिमीले यसको अर्थ खोल्न र व्याख्या गर्न
सक्छौ अनि समस्याहरू हल गर्न सक्छौ। हेर, यदि
तिमीले यो पढ्न सक्यौ अनि मलाई व्याख्या गर्न सक्यौ
भने तिमीलाई बैगनी वस्त्र अनि सुनको हार दिनेछु।
साथै तिमी यस राज्यको दर्जामा तेस्रो मानिस गनिनेछौ।"

१७त्यस पछि दानियलले उत्तर दिए, "तपाईंको उपहारहरू
तपाईंनै राख्नु होस, अनि आफ्ना उपहारहरू अरुलाई नै
दिनु होस। तर म यो लेखौट पढेर तपाईंलाई यसको
अर्थ खोलि दिन्छु।

१८सर्वोच्च परमेश्वरले तपाईंको बाजे राजा
नबूकदनेस्सरलाई एउटा राज्यको महान शक्तिशाली राजा
बनाउनु भयो। १९अनि उहाँले दिनु भएको अधिकारले
विभिन्न भाषा बोल्ने जाति जातिका मानिसहरू तिनको
अघि डरले थरथर काम्थे। आफ्नो इच्छा अनुसार
तिनले कसैको प्राण लिन्थे वा जीउँदो राख्थे, पदोन्नति
गरिदिन्थे वा पदच्यूत गरिदिन्थे।

२०"तर जब नबूकदनेस्सर अट्टेरी, ढिट र अभिमानी
भए तब तिनी आफ्नो सिंहासनबाट खसालिए र तिनको
गौरव तिनीबाट खोसियो। २१तब नबूकदनेस्सर समाजबाट
निकालिए। उनको मन पशुको जस्तै बनाईयो तिनको
बसाई जङ्गली गधाहरूसित हुन थाल्यो। अनि गाईले
जस्तै घाँस खान थाले। उनको शरीर आकाशको
शीतले भिज्यो। उनीमाथि यस्तो हुँदै गयो, फेरि उनलाई
ज्ञान भयो कि मानिसको राज्य माथि सर्वोच्च परमेश्वरले
शासन गर्नुहुन्छ अनि साम्राज्यहरूमाथि शासन गर्नको
निम्ति उहाँले जसलाई चाहानुहुन्छ त्यसैलाई पठाउँनुहुन्छ।

२२"अनि तिमी बेलसजर उहाँकै नाति हुनुहुन्छ,
तपाईंले यो सबै कुरा जान्दा जान्दै पनि अझै आफ्नो
हृदयलाई नम्र बनाउनु भएको छैन। २३होइन, तपाईं
नम्र हुनु भएन यसको सट्टामा तपाईं स्वर्गका परमेश्वरको
विरुद्धमा खड़ा हुनुभयो। तपाईंले परमप्रभुको मन्दिरका
भाँड़ा-कुँड़ाहरू तपाईंकहाँ ल्याउने आज्ञा दिनुभयो, अनि
तपाईं र राज भवनका अधिकारीहरू, तपाईंका पत्नीहरू
र दासहरूले त्यो भाँड़ाहरूमा दाखरस पिउनु भयो।
तपाईंले दाखरस पिउँदै सुन, चाँदी, काँस, फलाम,
काठ अनि ढुङ्गाका देवताहरूको महिमा गर्न थाल्नु
भयो। तिनीहरू साँचो देवता होइनन्। तिनीहरूले देख्न
सक्तैनन् सुन्न सक्तैनन् तथा केही पनि सोच्न सक्तैनन्।
तर तपाईंले परमेश्वरको सम्मान गर्नुभएन जसको
शक्तिमा तपाईंको जीवन अनि प्रत्येक कुरा त्यसमाथि
निर्भर छ। २४यसैले, परमेश्वरले त्यो हात पठाउनु
भयो, जसले भित्तामा लेखौट लेख्यो। २५लेखौट यही
हो:

मने, मने तकेल, पर्सीन।
२६"अनि त्यो लेखौटको व्याख्या यही हो "अर्थात तिम्रो राज्यको अन्त हुन्छ, परमेश्वरले त्यति बेला सम्मको दिन गनी सक्नु भएको छ।
२७तकेल-तिमीलाई तराजुमा जोखियो अनि तिमीलाई घट्दै गएको पाइयो।
२८पर्सीन तिम्रो राज्य भाग भाग गरेर मादी र फारसीहरूलाई दिइने छ।"
२९यस पछि बेलसजरले आज्ञा दिए कि दानियललाई बैजनी लुगा लगाई दिनु अनि गलामा सुनको हार पहराइहोस् अनि तिनी राज्यको तेस्रो दर्जाको मानिस हुन भनी घोषण गरियो। ३०त्यसै रात कल्दीहरूको राजा बेलसजर मारिए। ३१अनि मादिका राजा दाराले त्यो राज्य लिए, उनी त्यति बेला ६२ वर्षका थिए।

## दानियल अनि सिंहहरू

६ सम्पूर्ण उसका राज्यहरूमा शासन गर्न दारालाई १२० जना प्रान्तीय बड़ा हाकिमहरू नियुक्त गर्न असल लाग्यो। २उनले तीन जना मंत्रिहरू, सल्लाहकारहरू नियुक्त गरे, राजाको काममा हानी नहोस् भनि यिनीहरूलाई नै राजालाई खबर दिनको निम्ति प्रान्तिय बड़ा हाकिम नियुक्त गरियो। यी मंत्रिहरू, सल्लाहकारहरू मध्ये एक जना दानियल पनि थिए। ३चाँड़ै दानियलले आफूलाई राम्रो चरित्र अनि धेरै योग्यता भएको देखाए। यसकारण, राजाले उनलाई सारा राज्यमा शासक बनाए। ४तर जब अरु पर्यवक्षकहरू अनि प्रान्त अधिपतिहरूले यो खबर पाए पछि दानियलसँग ईष्या गर्न र उनीहरूले दानियल सँग निँहू खोज्न थाले, जब दानियल सरकारी कामले कतै जान्थे त्यति बेला उनले गरेको काममा अरुहरूले नजर राख्थे तर पनि उनीहरूले दानियलमा कुनै दोष भेट्टाएनन्। दानियल एकदमै ईमान्दार अनि विश्वासी थिए। उनले राजासँग कुनै प्रकारको छल कपट गरेनन्। उनी एकदमै परिश्रमी थिए।
५यसैले ती मानिसहरूले भने, "अहिले सम्म हामीले दानियलको कुनै दोष भेट्टाउन सकेनौ, यसैले दोष देखाउनको निम्ति यस्तो कुरा खोज्नु पर्छ जुन परमेश्वरको नियमसँग सम्बन्धित होस।"
६त्यसपछि ती मंत्रिहरू र सल्लाकारहरू अनि प्रांन्तका बड़ाहाकिमहरूले राजाकहाँ आएर भने, "राजा दारा अमर रहुन।" ७राज्यको हामी सबै मंत्रि, शासक, प्रान्तीय बड़ा हाकिम, भारादार र प्रदेशपालहरू सल्लाह गरेर सहमत भएकाछौं कि राजाले एउटा यस्तो विशेष नियम कायम राख्नुहोस, अनि प्रत्येक मानिसले त्यो नियम पालन गर्नुपर्ने होस्, यस्तो नियम होस् कुनै पनि मानिसले तपाईंलाई छोड़ेर अर्को कुनै मानिस अथवा देवताको पूजा तीस दिन सम्म गर्‍यो भने, त्यसलाई सिंहको खोरमा हालेर मारियोस्। ८अब हे राजा! लिखित रुपमा नियम बनाएर हस्ताक्षर गरिदिनु होस्। त्यो बदली हुन नपावोस्, किनकि मादी र फारसिहरूको नियम न त बदली हुन्छ न त मेट्टिन्छ।" ९यसैले राजा दाराले यो नियम बनाएर हस्ताक्षर गरे।
१०दानियलले प्रत्येक दिन तीन पल्ट परमेश्वरलाई प्रार्थना गर्थे, प्रत्येक दिन तीन पल्ट दानियल घुडाँ टकेर परमेश्वरको प्राथना अनि प्रशंसा गर्थो जब दानियलले यो नया नियमको विषयमा सुने उ उसको घरमा गए। दानियल उसको घरको छतमाथि गए। दानियल भ्याल तिर गए त्यो यरूशलेमपट्टि खोलिएको थियो। तब दानियलले सधैं जस्तै उनको घुँड़ा टेकेर प्रार्थना गरे।
११उनका दुश्मनहरूले दानियललाई पक्रने मौका हेरिरहेका थिए र दानियललाई परमेश्वरको प्रार्थना गर्दै गरेको भेट्टाए। १२त्यसपछि उनीहरू राजा भएकहाँ आएर उनलाई त्यो नियमको विषयमा सम्भना गराए। "हे राजा! तपाईंले यस्तो कानून बनाउँनु भएको होइन कि तीस दिनभित्र तपाईंलाई बाहेक कसैले अरु कुनै देवता वा मानिसलाई बिन्ति प्रार्थना गर्‍यो भने त्यसलाई सिंहको खोरमा हालिने छ?"
राजाले जवाफ दिए, "हो यो निश्चय गरिएको हो। मादि र फारसीहरूको कानून स्थायी हुन्छ।"
१३यसपछि तिनीहरूले राजालाई भने, "निकालावास भएको यहूदीहरू मध्ये एकजना दानियलले तपाईंले बनाउनु भएको कानूनको वास्ता गरेनन्। तिनले आफ्ना परमेश्वरलाई दिनमा तीन पल्ट बिन्ती प्रार्थना गर्छन्।"
१४जब राजाले यो खबर सुने तिनी अत्यन्तै दुःखी भए, लगत्तै उनले दानियललाई बँचाउने चेष्टा गरे। उनले सूर्यास्त नहुञ्जेलसम्म दानियललाई बचाउँने चेष्टा गरे। १५तब मानिसहरूले मौका पाए अनि राजाकहाँ आएर भने, "हे महाराज तपाईंलाई यो थाहा छ कि मादीहरूको र फारसीहरूको कानून कहिले पनि बदली हुँदैन, राजाले यो कानून बद्ली गर्न सक्तैनन्।"
१६तब राजाले तिनीहरूलाई दानियललाई सिंहको खोरमा फ्याँक्ने आदेश दिए। राजाले दानियललाई भने, "म विश्वास गर्छु परमेश्वरले जसलाई तिमी सधैँ आराधना गर्छौं, तिमीलाई बचाउन।" १७त्यसपछि तिनीहरूले एउटा ठुलो ढुङ्गा ल्याएर सिंहको खोरमा राखे अनि राजाको लाल मोहर, मन्त्रि र शासकहरूको लाल मोहर लगाई दिए जसद्वारा त्यो ढुङ्गालाई कसैले हटाउन अनि खोरबाट दानियललाई बचाउँन नसकोस।
१८तब राजा दारा आफ्नो महलमा गए। तिनीले त्यो रात खाएनन् अनि सुतेनन् र कसैलाई पनि त्यहाँ आउनु दिएनन्। १९बिहान भिसमिसे उज्यालोमा राजा उठेर डरले काम्दै सिंहको खोरमा गए। २०राजा खोरको छेउमा गएर दानियललाई कराएर भने, "हे दानियल जीवित परमेश्वरका सेवक, तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई बचाउँन सक्नु भयो?"

२१दानियलले राजालाई जवाफ दिए, "महाराज अमर
रहुन। २२मेरो परमेश्वरले आफ्ना स्वर्गदूत पठाएर
सिंहहरूको मुख बंद गर्नु भयो। यसकारण सिंहहरूले
मलाई नोक्सान गर्न सकेनन् किनभने मेरो परमेश्वर
जान्नुहुन्छ कि म निर्दोष छु। हे महाराज! मैले
तपाईंलाई कुनै अन्याय गरेको छैन्।"
२३त्यस पछि राजा अत्यन्तै खुशी भएर दानियललाई
खोरबाट निकाल्ने हुकुम दिनुभयो। दानियल खोरबाट
निकालिए अनि तिनमा कुनै प्रकारको चोट लागेको
पाएनन्, किनभने उनले परमेश्वरमाथि विश्वास गर्थे।
२४त्यसपछि राजाले तिनीहरूलाई हुकुम दिनु भयो
जसले दानियललाई दोष दिएका थिए अनि सिंहको
खोरमा हाल्न लगाए। तिनीहरूका पत्नी र छोरा
छोरीहरू समेत सिंहको खोरमा हालिए। तिनीहरू तल
खोरको मुखमा पुग्दा नपुग्दै सिंहहरूले झम्टेर तिनीहरूका
हड्डि समेत कऱ्याक कुरुक पारेर खाइहाले।
२५त्यसपछि राजा दाराले सारा पृथ्वी भरि बस्ने
विभिन्न भाषा बोल्ने, विभिन्न जातिका मानिसहरूलाई
एउटा शुभकामना चिट्टी लेखे:

तिमीहरूलाई शान्ति होस्।

२६म एउटा नयाँ नियम बनाउँदैछु: मेरो राज्यमा
हरेक मानिसले दानियलका परमेश्वरको डर मानुन र
आदर गरून्। दानियलका परमेश्वर जीवित परमेश्वर
हुनुहुन्छ, उहाँ सदा-सर्वदा जीउनु हुन्छ अनि उहाँको
राज्य कहिलै अन्त ध्वंश हुनेछैन।
२७परमेश्वर रक्षक र उद्धारकर्ता हुन, स्वर्ग अनि
पृथ्वीमाथि परमेश्वरले आश्चर्यपूर्ण काम गर्नुहुन्छ।
अनि उहाँ मात्र एक शक्तिशाली हुनुहुन्छ जसले
दानियललाई सिंहको मुखबाट बचाउँनु भयो।"

२८त्यस प्रकारले दाराले राज्यमा शासन गरुञ्जेल
अनि फारसमा राजा कोरेसको राज्य रहुञ्जेल यिनै
दानियलको उन्नति भइरह्यो।

## चारवटा जनावरहरूको विषयमा दानियलको सपना

७ बाबेलको राजा बेलसजरको शासन कालको पहिलो
वर्ष दानियल आफ्नो ओछ्यानमा सुतिरहेको बेला
सपनामा एउटा दर्शन देखे। उनले तुरन्तै त्यो सपना
लेखे, त्यसको प्रमुख विवरण र विशेषताहरू २दानियलले
भने, "राती मैले वरिपरि हावा चलिरहेको एउटा दर्शन
पाएँ, हावाले सागर उचालिरहेको थियो। ३तब मैले
चारवटा ठूल्ठूला पशुहरू समुद्रबाट बाहिर आइरहेको
देखें। तिनीहरू चार विभिन्न प्रकारका पशुहरू थिए।
४"तिनीहरूमध्ये पहिलो पशु सिंह जस्तै थियो तर
त्यसका पखेटाहरू चीलका जस्तै थिए। मैले त्यो
पशुको पखेटाहरू उखेलिएको देखें। अनि त्यो जमीनमा
मानिस जस्तै दुइ खुट्टामा उभियो अनि त्यसलाई
मानिसको मन दिइएको थियो।
५"तब मैले भालू जस्तै अर्को एउटा पशु देखें।
त्यसले शरीरको एक भाग उठाएर उभिएको थियो।
यसका दाँतहरूको बीचमा तीनवटा करङ्गहरू थिए।
त्यस भालूलाई आदेश दिइयो 'उठ् अनि तँलाई जति
चाहिन्छ सबै मासु खा।'
६"त्यसपछि मैले देखें त्यहाँ मेरो सामुन्ने अर्को पशु
थियो। त्यो एउटा चितुवा जस्तो थियो अनि त्यसका
चारवटा पखेटाहरू अनि चारवटा टाउकाहरू थिए।
यसलाई शासन गर्ने अधिकार स्वीकार गरिएको थियो।
७"यसपछि मैले चौथो पशु मेरो दर्शनमा पाएँ। त्यो
एउटा साह्रै डरलाग्दो हिंस्रक पशु थियो। यो फलामको
लामो दाँत भएको साह्रै बलियो थियो। यसले आफ्नो
शिकार टुक्रा-टुक्रा पार्दै खाँदै थियो। खाइसके पछि
यसले आफ्नो बाँचेको शिकार कुल्चियो। त्यो पशु मैले
सपनामा देखेको अरु पशुहरू भन्दा एकदमै बेग्लै
थियो। त्यसका सिङ्गहरू दशवटा थिए।
८"अहिले म त्यो सिङ्गको विषयमा नै सोच्दै थिएँ,
हेर्दा हेर्दै अर्को सिङ्ग उम्रियो ती सिङ्गहरूको बीचमा त्यो
सिङ्ग अरु सिङ्गहरू भन्दा एकदमै सानो थियो। यो
सिङ्गमा मानिसको जस्तो आँखा थियो। यो सानो सिङ्गमा
एउटा मुख पनि थियो अनि स्वयंले प्रंशसा गरिरहेको
थियो। यो सानो सिङ्गले अरु तीनवटा सिङ्गहरूलाई
उचालेर फ्याँकि दियो।

### चौथो जनावरको न्याय

९"मैले हेर्दा हेर्दै त्यसको ठाउँमा सिंहासन राखियो
अनि त्यसमा प्राचीन राजा बस्नु भयो। उहाँले हिँउ
जस्तो सेतो लुगा लगाउनु भएको थियो, अनि कपाल
सेतो ऊन जस्तो थियो। उहाँको सिंहासन बलिरहेको
आगोको ज्वाला जस्तै थियो र त्यसको चक्काहरू
दन्केको आगो जस्ता थिए।
१०उहाँको छेउमा एउटा आगोको खोला बगेर
आयो। हजारौं-हजारौं स्वर्गदूतहरूले उहाँको सेवा गर्दैथिए।
दश-दशहजार स्वर्गदूतहरू उहाँको अघाड़ी सेवा गरिरहेका
थिए। तब न्यायधीश न्याय दिन बसे अनि किताबहरू
खोले।
११"मैले हेरिरहेको थिएँ कि त्यो सानो सिङ्गले
अभिमानी शब्दहरू प्रयोग गरिरहेको थियो। त्यसैले
कठोर जनावरले त्यो चौथो जनावरलाई मारिदियो अनि
त्यसको शरीर बल्दै गरेको आगोमा फ्याँकिदियो।
१२अरु जनवारहरूको सर्वाधिकार खोसियो, ता पनि
केही समय सम्म तथा ऋतुका निम्ति तिनीहरूलाई
अझ बाँच्न दिइयो।
१३"मैले राती मेरो दर्शनमा हेरिरहेको थिएँ अनि मैले
आकाशको बादलमाथि मानिसको पुत्र जस्तै कोही
आउँदै गरेको देखें। उहाँ त्यहाँ प्राचीन राजाकहाँ आउनु
भयो अनि उहाँको सामु उपस्थित गराइयो।

१४"एउटा मनुष्य जस्तो देखिने मानिसलाई अधिकार,
महिमा अनि सम्पूर्ण शासन गर्ने शक्ति दिइयो। प्रत्येक
जाति र भाषाबाट मानिसहरूले उहाँको आराधना गर्नेछन्।
उहाँको शासन सदा-सर्वदा रहनेछ। उहाँको राज्य लगातार
सदा-सर्वदा रहनेछ। त्यो नष्ट हुनेछैन।

### चौयो पशुको विषयमा व्याख्या गरिएको

१५"मेरो आत्मा मभित्र व्याकुल भयो कारण मैले
पाएको दर्शनले नै म डराएँ। १६त्यहाँ उभिनेहरू मध्ये
एकजनाकहाँ म गएँ र तिनलाई यी सबैका विषयमा
सोधें अनि उहाँले मलाई अर्थ बताई दिनुभयो। १७उहाँले
भन्नु भयो, 'ती चारवटा डरलाग्दा पशुहरूले चार
राज्यहरूको प्रतिनिधित्व गर्छन् जो पृथ्वीमा उदय हुनेवाला
छ। १८तर सर्वोच्चका पवित्र जनहरूले राज्याधिकार
पाउनेछन् र सदा सर्वदाका निम्ति त्यो कायम रहने छ।'
१९"त्यसपछि त्यो चौथो जन्तुको अर्थ जान्ने मलाई
इच्छा भयो। त्यो अरुहरू भन्दा बेग्लै थियो जुन
अत्यन्तै डरलाग्दो थियो। त्यसका फलामका दाँतहरू र
काँसाको नङग्राहरू थिए र जसले सबै कुरा चबाएर
निल्थ्यो र बाँकी रहेको खुट्टाले कुल्चिन्थ्यो। २०त्यसको
टाउकोमा दशवटा सिङ्गहरू थिए अनि बीचमा अर्को
सिङ्ग उम्रियो। त्यस सिङ्गले अरु दशवटा सिङ्गहरूबाट
तीनवटा उखेल्यो। त्यस सिङ्गको घमण्डसित बोल्न
एउटा आँखा एउटा मुख थियो। यो अरु सिँगहरू
भन्दा ठूलो देखिन्थ्यो। म यस दर्शनको विषयमा जान्न
चाहन्थें। २१मैले हेर्दा हेर्दै त्यो सिङ्गले पवित्र मानिसहरूसँग
युद्ध अनि अरु माथि आक्रमण गर्न शुरु गऱ्यो।
२२जब सम्म त्यो अति प्राचीन राजा आएर न्याय
गरेनन्, प्राचीन राजाले सीङ्गको न्यायको घोषणा गरे
अनि ती पवित्र जनहरूले राज्य अधिकार प्राप्त गर्ने
समय आयो।
२३"उहाँले मलाई यो जवाफ दिनुभयो: 'चौथो डरलाग्दो
पशुले एउटा अर्को चौथो राज्यको प्रतिनिधित्व गर्छ। यो
अरु राज्यहरू भन्दा बेग्लै हुनेछ। यस चौथो राज्यले
समस्त पृथ्वीलाई निल्नेछन, यसलाई कुल्चेर धूलो-पीठो
पार्नेछ। २४त्यो दशबटा सीङ्गले दशजना राजाहरू यस
राज्यबाट खड़ा गर्नेछ। अनि त्यसपछि अर्को एउटा राजा
खड़ा हुनेछ। त्यो चाहिँ अघिका राजाहरू भन्दा बेग्लै
हुनेछ। त्यसले तीन राजाहरूलाई परास्त गर्नेछ। २५त्यसले
सर्वोच्चको विरुद्धमा नै बोल्नेछ, सर्वोच्चका पवित्र
जनहरूलाई धुजा-धुजा पार्नेछ। त्यसले तोकिएको समय
र व्यवस्थाहरू बद्लने विचार गर्नेछ अनि पवित्र
जनहरूले त्यसको शक्तिमा, साढ़े तीन वर्ष राज्यको
शक्ति सुम्पिदिनेछन्।
२६"'तब न्यायको दरवार बस्नेछ र आखिरमा त्यसलाई
शेष पार्न त्यसको सर्वाधिकार खोसिने छ। २७अनि
राज्यधिकार र सर्वाधिकार र स्वर्ग मुनिका सारा राज्यहरूको
महिमा सर्वोच्चका पवित्र जनहरूलाई दिइनेछ। तिनीहरूको
राज्यधिकार सदा सर्वदा हुनेछ। अनि सर्वाधिकार राख्नेहरूले
तिनीहरूकै सेवा गर्नेछन् र तिनीहरूकै आज्ञा पालन
गर्नेछन्।'
२८"विवरण यहीँ अन्त हुन्छ। म दानियल चाँहि मेरो
विचारले गर्दा साह्है डराएँ, र मेरो अनुहारको रङ्ग पहेँलो
भयो र मैले यो कुरा आफ्नो मनमै राखेँ।"

### एउटा भेड़ा अनि एउटा बोकोको विषयमा दानियलको दर्शन

८ बेलसजर राजाको शासनकालको तेस्रो वर्षमा मैले
यो दर्शन देखें। यस दर्शन त्यो दर्शन पछिको दर्शन
हो। २मैले यो दर्शनमा देखें कि म शूशन शहरमा
थिएँ। शूशन एलाम प्रान्तको राजधानी थियो। मेरो
दर्शनमा म ऊलै नदीको किनारमा थिएँ। ३मैले माथि
आँखा उठाएर हेरें, ऊलै नदीको किनारमा साँढ़ भेड़ो
उभिरहेको थियो। त्यसका दुइवटा लामो सीङ्गहरू थिए
एउटा भन्दा अर्को लामो थियो। लामो सिङ्ग पछि
उम्रेको थियो। ४मैले भेड़ोलाई पश्चिम, उत्तर अनि
दक्षिणका कुनाहरूमा यसले सिँगौरी खेल्दै दगुरी रहेको
देखें। अनि त्यसको शक्तिबाट कसैलाई छुट्टाउन सक्तैन
थियो। यसको आफ्नो शक्तिलाई इच्छा अनुसार प्रयोग
गर्थ्यो।
५मैले उत्तर, पश्चिम अनि दक्षिणमा चीजहरूमा त्यो
भेड़ोका सिँगहरू ठोकिँदै गरेको देखें। अनि अरु पशु
यसको छैउमा उभिन सकेनन्। अनि कसैले तिनीहरूलाई
यसको शक्तिबाट बचाउन सकेनन्। यसले आफ्नो
क्षमता आफूले चाहे जस्तै देखायो।
६अनि बोको दुइवटा सिङ्ग भएको भेड़ोकहाँ आयो।
यो त्यही भेड़ो थियो जुन मैले ऊलै नदीको किनारमा
देखेको थिएँ। अनि बोको एकदमै रिसाएर भेड़ोतिर
कुद्यो। ७मैले बोकालाई भेड़ोतिर कुद्दै गरेको देखें।
अनि बोकाले भेड़ोलाई हान्यो भेड़ोका दुइवटा सीङ्ग
भाँचिदियो। बोकोसित भेड़ोको सामना गर्ने शक्ति थिएन।
बोकोले भेड़ोलाई भूइँमा लड़ायो अनि त्यसलाई कुल्चियो।
भेड़ोलाई बचाउने त्यहाँ कोही थिएन।
८त्यसपछि त्यो बोको एकदमै शक्तिशाली भयो। तर
जब त्यो शक्तिशाली भयो त्यसको सीङ्ग भाँचियो अनि
फेरि त्यो ठूलो सीङ्गको ठाँउमा चार वटा सीङ्ग उम्रिए।
ती चारैवटा सीङ्ग अलगै देखिन्थ्यो अनि चारै दिशा पट्टि
फर्किएको थिए।
९फेरि त्यो चारै सीङ्गहरू मध्ये एउटा सानो सीङ्ग
उम्रियो। त्यो सानो सीङ्ग बढ़ेर ठूलो भयो। यो दक्षिण
पूर्व पट्टितिर बढ़ेर गयो। यो सीङ्ग सुन्दर भूमि पट्टि
बढ़ेर गयो। १०त्यो सानो सीङ्ग बढ़ेर आकाश छुन
पुग्यो। त्यसले धेरै तारा र ग्रहहरूलाई पनि पृथ्वीमा
झारी दियो। ११सानो सिङ्ग बढ़ेर अग्लो भयो। यो

बढ़ेर घाम भन्दा अग्लो भयो। मन्दिरमा चढ़ाउने दैनिक बलि पनि सिँगले रोकिदियो। १२अनुचित रीतिले नै जन-समुदाय अनि दैनिक भेंटीहरू त्यस समक्ष त्यसले चाहे अनुसार गर्न सुम्पियो। यसले सत्यलाई भूईमा फ्याँकिदियो। त्यो आफ्नो प्रत्येक कार्यमा सफल भयो।

१३फेरि मैले कुनै पवित्र मानिसहरू मध्ये एकजनाले बोल्दै गरेको सुनें। तब अर्कोले पहिलो पवित्र मानिसलाई उत्तर दिँदै थियो। पहिलो पवित्र मानिसले भन्यो, "कहिल्यै सम्म यी कुराहरू भई रहनेछन? दैनिक बलिको यो दर्शन, विनाशी पाप जसले नष्ट पार्छ पुण्यस्थलको नियन्त्रण अनि जनसमूदायलाई सुम्पिन्छ?"

१४अर्को पवित्र एकले गने "यो २,३०० दिनको निम्ति हुनेछ। तब पवित्र स्थान स्थापन गरिनेछ।"

## दानियललाई दर्शन उल्था गरियो

१५जब म दानियलले यो दर्शन देखें म यो बुझ्नको निम्ति कराँए। अनि अचानक मानिसको रुप भएको एकजना मेरो छेउमा उभिरहेको देखें। १६त्यसै बेला मैले ऊलै नदीको किनारबाट मलाई बोलाउँदै गरेको मानव स्वर सुनें। स्वरले भन्यो, "हे गब्रियल! यस मानिसलाई दर्शनको अर्थ व्याख्या गरिदेऊ।"

१७त्यसपछि तिनी म उभिएको ठाँउमा आए, उ आउँदा म डरले घोप्टो परेँ। तर उसले मलाई भन्यो, "हे मानिसको पुत्र! यो सम्झ कि यो दर्शनले अन्तको समयलाई संकेत गर्दै छ।"

१८उ बोल्दा बोल्दै म भुइँमा अचेत भएर लडेँ। तर उसले मलाई समातेर म उभिएकै ठाउँमा फेरि उभ्याए। १९गब्रियलले भने, "हेर म तिमीलाई भन्छु क्रोधको अन्त के हुनेछ। किनभने तोकिएको समयमा अन्त हुनेछ। २०तिमीले देखेको दुइ सीङ्ग साँढ़े भेड़ा मादी देश र फारस देशका राजाहरू हुन्। २१त्यो बोको चाँहि यूनानीहरूको राज्य हो। अनि त्यसको निधारको ठूलो सीङ्ग चाहिँ प्रथम राजा हो। २२त्यो भाँचिएको सिङ्गको सट्टामा उम्रेका चार सीङ्गहरू चाँहि चार राज्यहरू हुन, जुन त्यस जातिबाट खड़ा हुनेछन्। तर तुलनामा त्यसको जतिकै पराक्रम हुनेछैन।

२३"ती राज्यका अन्तिम दिनहरूमा जब तिनीहरूको पाप चरमसीमा मा पुगेको हुन्छ, तब एउटा क्रूर निष्ठूर र युद्धकलामा निपुण राजा देखा पर्नेछ। २४त्यसको शक्ति महान हुनेछ, त्यसले अवर्णनीय विध्वंस ल्याउने छ। आफूले गरेको जुनसुकै काममा त्यो सफल हुनेछ। त्यसले ठूला-ठूला जाति र पवित्र मानिसहरूमा विध्वंस ल्याउने छ।

२५"त्यसको मन निरन्तर क्रियाशील रहनेछ, र आफूले रचेको चतुर षडयन्त्रमा त्यो सफल हुनेछ। त्यसले ठूला ठूला युक्तिहरू रच्नेछ। तिनीहरूले नचिताएको समयमा त्यसले तिनीहरूमाथि धेरै विध्वंस ल्याउनेछ। त्यसले प्रधानहरूका प्रधानलाई पनि धाक दिनेछ तर कुनै मानिसको हात विनानै त्यो ढल्नेछ। २६साँझ र बिहानको विषयमा दिइएको यो प्रकाश सत्य छ, तर यो दर्शन तिमीले गुप्त राख्नै पर्छ, किनभने त्यसले धेरै पछि आउने दिनहरूलाई संकेत गर्छ।"

२७त्यसपछि मेरो शक्ति हरायो। केही समय सम्म म बिमारी भइरहें। तब म उठेर फेरि राजाको काममा लागें। तर त्यस दर्शन ले गर्दा म डराई रहें र कसैले मलाई त्यो बुझाउँन सकेन।

## दानियलको प्रार्थना

९ राजा दाराको शासनकालको पहिलो वर्षको समयमा यो घटना घटेको थियो। दारा अहासुरस नाउँ भएका एकजना मानिसको पुत्र थिए। दारा मादीका मानिसहरूसँग सम्बन्धित थिए। उनी बाबेलको राजा भए। २दाराको राज्य कालको पहिले वर्षमा म दानियल केही पुस्तकहरू पढ़िरहेको थिएँ। ती पुस्तकहरूमा मैले देखें कि परमप्रभुले यमिर्याहलाई यो बताउनु भयो कि यरूशलेम पुन:निर्माण कति वर्ष पछि हुन्छ? परमप्रभुले भन्नु भएको थियो यसभन्दा पहिला को यरूशलेम फेरि बनाउन, सत्तरी वर्ष लाग्नेछ।

३तब म फेरि परमेश्वर मेरा मालिकपट्टि फर्किएँ अनि सहायताको निम्ति प्रार्थना गरें। मैले खाना खान छोड़ेँ अनि यस्तो लुगा लगाएँ जसबाट यो बुझियोस् कि म दु:खी छु। मैले आफ्नो टाउकोमा धूलो हालें। ४मैले परमप्रभु मेरो परमेश्वरलाई प्रार्थना गरेँ। मैले मेरा सबै पापहरूको विषयमा उहाँलाई भनेँ मैले भनें, "हे परमप्रभु तपाईं महान अनि भय योग्य परमेश्वर हुनुहुन्छ। तपाईंसित प्रेम गर्ने मानिसहरूसित तपाईंले प्रेम अनि दया गर्नुहुन्छ। तपाईंले तपाईंको करार मानिसहरूसित राख्नु हुन्छ जसले तपाईंको आज्ञाहरू पालन गर्छन।

५"तर परमप्रभु हामी पापी हौं। हामीले नराम्रो कर्म गऱ्यौं, कुकर्म गऱ्यौं, तपाईंको विरोध गऱ्यौ र तपाईंको निष्पक्ष न्याय अनि आदेशबाट टाढ़ा गयौं। ६तपाईंका दास अगमवक्ताहरू हाम्रा राजाहरू, शासकहरू, पिता पुर्खाहरू अनि देशका सबै मानिसहरूसँग तपाईंको नाउँमा बोलेका थिए! तर हामीले तिनीहरूको कुरा सुनेनौं।

७"हे परमप्रभु, तपाईं असल हुनुहुन्छ अनि सदचारिता तपाईंकै हो! तर आज लाज हाम्रो हो। लाज यहूदा र यरूशलेमका मानिसहरूबाट हो। लाज इस्राएलका सबै मानिसहरूको हो। मानिसहरू जो नजिकमा छ। अनि मानिसहरू त्यसको टाड़ामा छन्। परमप्रभु तपाईंले ती मानिसहरूलाई धेरै जातिहरूको बीचमा छरपष्ट पार्नु भयो। अनि ती देशमा भएका इस्राएलका मानिसहरू लज्जित हुनुपर्छ। तिनीहरूले तपाईंको विरूद्धमा नराम्रो काम गरेका हुनाले तिनीहरू लज्जित हुनुपर्छ परमप्रभु।

८"हे परमप्रभु हामी सबै लज्जित हुनु पर्छ। हाम्रो सबै राजाहरू र अगुवाहरू लज्जित हुनु पर्छ। हाम्रो पिता-पुर्खाहरू लज्जित हुन पर्छ। किन? किनभने हामीले तपाईंको विरूद्ध पाप गरेका छौ; परमप्रभु।

९"तर हे परमप्रभु तपाईं दयालु हुनुहुन्छ। तिनीहरूले गरेको नराम्रो कार्यहरूका निम्ति तपाईंले मानिसहरूलाई क्षमा दिनुहुन्छ। अनि हामी तपाईंको विरुद्ध बागी भएकाछौं। १०हामीले परमप्रभु हाम्रा परमेश्वरको आज्ञा पालन गरेका छैनौं।

परमप्रभुले उहाँका दासहरू, अगमवक्ताहरू प्रयोग गरेर हामीहरूलाई नियमहरू दिनुभयो तर हामीले उहाँको नियमहरू पालन गरेनौ। ११तपाईंको वचन पालन नगरेर सारा इस्राएलीहरूले तपाईंको व्यवस्था भङ्ग गरेका छन् अनि त्यसदेखि तर्केकाछन्। परमेश्वरको दास मोशाको व्यवस्थामा देखाईएका आज्ञा र तोकिएका सराप हामीमाथि पानी झैं खनिएकाछन्, किनकि हामीले उहाँको विरुद्धमा पाप गर्‍यौं।

१२"हामीमाथि र यरूशलेममाथि संसारमा कहिल्यै नभएको विपत्ति ल्याएर हामी र हाम्रा शासकहरूको विषयमा भन्नु भएका सबै कुरा तपाईंले पूरा गर्नुभएको छ। १३हामीमाथि आएका सबै विपत्तिहरू मोशाको व्यवस्थाको पुस्तकमा पहिलानै लेखिएका थिए तर पनि हामीले आफ्ना परमेश्वरको सम्मानमा केही गरेका छैनौं। आफ्नो अधर्मको कामबाट हामीले पश्चाताप गरेनौ तपाईं आफ्नो वचनमा प्रतिवद्ध हुनुहुन्छ भन्ने कुरामा हामीले ध्यानै दिएनौ। १४यसकारण परमप्रभुले आफ्नो समयमा यो विपत्ति हामीमाथि ल्याउनु भयो। आफूले गर्नु भएका सबै कुरामा परमप्रभु हाम्रा परमेश्वर ठीक हुनुहुन्छ तर पनि हामीले उहाँको आज्ञा पालन गरेका छैनौं।

१५"अब परमप्रभु हाम्रो परमेश्वर जसले आफ्नो लोकलाई शक्तिशाली हातद्वारा मिश्र देशबाट निकालेर ल्याउनु भयो र आजको दिनसम्मै कायम रहने नाउँ राख्नु भएकोछ हामीले पाप गरेका छौं। १६हे परमप्रभु! तपाईंको दया, उद्धारको राम्रो कामहरूद्वारा आफ्नो शहर पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनु होस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाहरूको दोषले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा सबै छिमेकीहरूका बीचमा हामी लज्जित भएकाछौं।

१७"अब हाम्रो परमप्रभु हाम्रो प्रार्थना सुन्नुहोस्। म तपाईंको दास हुँ सहायताको निम्ति मेरो प्रार्थना तिनीहरूको पवित्र स्थानका निम्ति असल कुराहरू गर्नुहोस्। त्यो भवन नष्ट भएको थियो। तर मालिक, तपाईं आफ्नै राम्रोको निम्ति यी असल कुराहरू गर्नुहोस्। १८मेरो परमेश्वर आफ्नो कान थापेर सुन्नुहोस्, आफ्नो आँखा खोल्नहोस् र हाम्रो उजाड़ अवस्थामाथि र तपाईंको नाउँ भएको शहरमाथि निगाह राख्नहोस्। हाम्रो आफ्नै धार्मिकता द्वारा होइन, तर तपाईंको असीम दयाद्वारा तपाईंको सामुन्ने हामी आफ्नो अन्तर-बिन्ती टक्राउँदछौं। १९हे परमप्रभु! सुन्नुहोस्, मेरा परमेश्वर हाम्रो पाप क्षमा गर्नुहोस्, मेरो परमेश्वर हाम्रो प्रार्थना सुनेर त्यस अनुसार गरिदिनु होस। किनभने यो तपाईं आफ्नो भलाईको निम्ति गर्नुहोस, ढ़िलो नगर्नुहोस, तपाईंको शहर र तपाईंको लोक तपाईंकै नाउँले कहलाइएकोछन।"

## ७० हप्ताको विषयमा दर्शन

२०यसरी म बोल्दै, प्रार्थना गर्दै मेरो आफ्नो पाप र
मेरा जाति इस्राएलीको पापको पश्चाताप गर्दै र उहाँको
पवित्र डाँड़ाको पक्षमा परमप्रभु मेरो परमेश्वरको सामु
मेरो अन्तर-बिन्ती टक्राइरहेको थिएँ। २१जतिबेला म
प्रार्थना गरिरहेको थिएँ तब तिनै मानिस ग्याब्रिएल,
जसलाई मैले अघि दर्शनमा पनि देखेको थिएँ, सांझको
बलिदानको समयमा चाँड़ो गरी उड़दै मेरो छेउमा आए।
२२स्पष्टसित बोल्दै तिनले मलाई बुझाए, तिनले भने,
"दानियल अहिले म तिम्रो समझ खोलिदिनलाई आएको
छु। २३जब तिमीले आफ्नो बिन्ती शुरु गरिरहेका थियौ
तब एउटा वचन आयो। म तिमीलाई त्यही दिनलाई
आएको छु, किनभने तिमी अति प्रिय मानिस छौ। त्यो
वचन राम्ररी विचार गर, त्यस दर्शनलाई विचार गर।

२४"तिम्रो जाति र तिम्रो पवित्र शहरको निम्ति सत्तरी हप्ता तोकिएको छ। त्यसपछि विद्रोह थामिनेछ, पापको अन्त हुनेछ, दोषको प्रयाश्चित गरिनेछ। अनन्तको पवित्रता शुरु हुनेछ, दर्शन र भविष्यवाणी अन्त हुनेछ अनि सबै भन्दा पवित्रस्थान पवित्र तुल्याइनेछ।

२५"त्यसपछि यो जान र बुझ, यरूशलेमको पुन:प्राप्ति र पुन:निर्माण हुनेछ भन्ने वचन निस्केको समयदेखि एक अभिषिक्त जन, एक राजकुमार देखा परेको समय सम्म सात हप्ता बित्नेछ। त्यसपछि बासट्ठी हप्ता सम्म गल्ली र नाला समेत पुन:प्राप्ति र पुनर्निर्माण भइसकेको
अवस्थामा रहनेछ। २६त्यस समयमा अर्थात बासट्ठी
हप्तापछि अभिषेक गरिएको मानिस हटाइनेछ। त्यसपछि एकजना राजकुमारको सेनाले आक्रमण गर्नेछ अनि शहरका पवित्र स्थान ध्वंश गर्नेछ। तब त्यहाँ ठूलो युद्ध हुनेछ अनि सम्पूर्ण ध्वंशको योजना बनाइनेछ।

२७"तब भविष्यका शासकले धेरै मानिसहरूसित सम्झौता गर्नेछ। यो एक हप्ता सम्म चल्नेछ। आधा हप्ता सम्मको निम्ति भेटी अनि बलिदानहरू रोकाउनेछ। अनि एकजना विध्वंशक आउनेछ। उसले डरलाग्दो विनाशक कर्महरू गर्नेछ। तर परमेश्वरले त्यस विध्वंसको ध्वंशका निम्ति आदेश दिइसक्नु भएकोछ।"

## टाइग्रिस नदी छेउमा दानियलको दर्शन

१० कोरेसको शासनकालको तेस्रो वर्षमा कोरेस फारसको राजा थिए भन्ने खबर दानियलले

पाए। खबर साँचो थियो अनि यो एउटा ठूलो युद्धको
विषयमा थियो। दानियलले त्यो बुझिहाले। यो कुरा
एउटा दर्शनमा उसलाई बताइएको थियो। २त्यस समय,
म दानियल तीन हप्ता सम्म दु:खी भएँ। ३मैले राम्रो
खाने कुरा खाइन, मैले कुनै प्रकारको दाखरस र मासु
खाइन। कुनै प्रकारको तेल टाउकोमा लगाइन, राम्रो
लुगा लगाइन तीन हप्ता सम्म मैले केही पनि गरिन।

४“पहिलो वर्षको चौबीसौं दिनमा मैले आफूलाई
ठूलो नदी अर्थात टाइग्रिस नदीको किनारमा पाएँ।
५मैले माथि हेरें, र सुतीको लुगा लगाएको मानिसलाई
देखेँ। उसले ओपीरको सुनको पटुका कम्बरमा बाँधेका
थिए। ६उनको शरीर फिरोजा पत्थर जस्तै चहकिलो
थियो। उनको अनुहार बिजुली जस्तै चम्कन्थ्यो, उनको
आँखा राँको झैं बलिरहेको थियो, उनका हात र
खुट्टाहरू टल्काइएको काँसाको भाँड़ा जस्तै थिए।
उनको बोलि भीड़को आवाज जस्तै थियो।

७“म दानियल त्यस दर्शन हेरिरहने एक मात्र मानिस
थिएँ, मेरो छेउमा हुने कसैले त्यो दर्शन देखेनन्। तर
तिनीहरू एकदमै डराएका थिए अनि आफूलाई लुकाउन
भागे। ८अनि म एक्लै छोड़िएँ, म एक्लैले त्यो
महादर्शन हेरें, तर मसँग केही शक्ति पनि रहेन। म
मानिसको पुत्ला जस्तै भएँ। मैले सबै शक्ति पनि हराएँ।
९जब मैले तिनी बोलेको सुनें, म भूइँमा अचेत भएर
लड़ें, जब मैले उनी बोलेको सुनें, मैले आफ्नो अनुहार
भूइँमा निहुराएँ।

१०“तब एउटा हातले मलाई छोयो। म मेरो हात र
घुड़ाँ टेकेर उभिएँ, म एकदमै डराएँ र म कामिरहेको
थिएँ। ११दर्शनको मानिसले मलाई भन्यो, ‘दानियल
परमेश्वरले तिमीलाई अतिनै प्रेम गर्नुहुन्छ। मैले तिमीलाई
भन्न लागेको वचनको विषयमा राम्ररी ध्यान देऊ।
उभिए, मलाई तिमीकहाँ पठाइएको हो।’ तब उहाँले
मलाई यसो भन्नुभयो, उठ, म उठें। म अझै
कामिरहेको थिएँ किनभने म डराएको थिएँ। १२त्यसपछि
फेरि उ बोल्यो, ‘नडराऊ दानियल, पहिलो दिनबाट नै
तिमीले निश्चय गरेका थियौ कि परमेश्वरको छेउमा
तिमी विनम्र र विवेकपूर्ण रहनेछु। परमेश्वरले तिम्रो
प्रार्थना सुन्दै आउँनु भएकोछ, तिमी प्रार्थना गरिरहेका
छौ, यसैले म तिम्रोमा आएको छु। १३फारसको
राजकुमारले एक्काईस दिनसम्म मेरो विरोध गरिरह्यो।
तर अचानक, मिकाएल एकजान प्रमुख राजकुमारले
मलाई सहायता गर्न आए, किनकि म फारस देशको
राजासँग अलमलिएको थिएँ। १४म तिमीलाई त्यो
बताएर सहायता गर्न आएको छु कि भविष्यमा तिम्रा
मानिसहरूमाथि घटना घट्नेछ। त्यो दर्शन आउनेवाला
समयको विषयमा हो।’

१५“जब उनले मलाई त्यसो भने, म बोल्न सकिन
अनि आफ्नो अनुहार भुइँतिर निहुँराएँ। १६त्यस पछि
मानिस जस्तो कोही देखा पर्‍यो। मेरो ओठ छोयो अनि
अगाड़ी उभियो। मैले आफ्नो मुख खोलें र बोलें।
‘महोदय, जब मैले पहिलो दर्शन देखें, यसले मेरो मुटु
डरले काम्यो मेरो बलनै रहेन। १७महाशय म तपाईंको
दास दानियल, म कसरी तपाईंसँग बात गर्न सक्छु?
अहिले सम्म मसँग उभिनलाई बलनै छैन र सास फेर्न
पनि सकेको छैन।’

१८“एकपल्ट फेरि त्यो मानिस जस्तो देखिनेले मलाई
हुए, मलाई जब उसले छुयो मैले झन असल अनुभव
गरें। १९त्यसपछि उनले भने, ‘प्रिय मानिस, नडराऊ!
बलियो होऊ।’ “जब उनी मसँग बोलिसक्नु भयो, मैले
शक्ति पाएँ अनि भनें, ‘महाशय, दया गरी बोल
किनभने तपाईंले मलाई बल दिए।’

२०“त्यसपछि उनले भने, ‘के तिमीलाई थाहा छ म
तिमीकहाँ किन आए? म फारसको राजकुमार सँग युद्ध
गर्न जान्छु। जब म छोड़ेर जान्छु, त्यस पछि यूनानको
राजकुमार आउनेछ। २१तर म तिमीलाई सत्यको पुस्तकमा
लेखिएका कुराहरूको बारेमा भन्नेछु। यी राजकुमारहरूको
विरुद्ध माइकल बाहेक मेरो पक्षमा कोही पनि छैन्,
जसले तिम्रो मानिसहरूमाथि शासन गर्छ।

## ११

मादिका राजा दाराको शासनकालको पहिलो
वर्षमा उसलाई बल अनि सहायता दिन म
उभिएँ।

२“‘अब म तिमीलाई साँचो कुरा बताउँदैछु। तीनजना
राजाहरूले फारसमा शासन गर्ने छन्। त्यसपछि चौथो
राजा आउनेछन्, तिनी आफूभन्दा अधिका राजाहरू
भन्दा धनी हुनेछन्। तिनी यूनान राज्यको विरोधमा
प्रत्येकलाई उक्साउनका निम्ति शक्ति प्राप्त गर्नलाई
आफ्नो सम्पत्ति उपयोग गर्नेछन्। ३यसपछि एकदमै
शक्तिशाली राजा आउनेछ, त्यसले ठूलो शक्तिसँग राज्य
चलाउनेछ, उसले जे चाहन्छ त्यही गर्ने छ। ४शक्तिशाली
राजा आए पछि त्यसको राज्य टुक्रा-टुक्रा हुनेछ।
उसको राज्य संसारको चार भागमा बाँड़िनेछ। उसको
राज्य उसको नाताहरूमा बाड़िनेछैन, जुन शक्ति उसमा
थियो, त्यो उसको राज्यमा हुने छैन।

५“‘दक्षिणको राजा शक्तिशाली हुनेछ। तर यसपछि
उसको एउटा सेनापति उ भन्दा पनि शक्तिशाली हुनेछ
त्यो सेना नायकले शासन गर्न थाल्नेछ, अनि एकदमै
शक्तिशाली हुनेछ।

६“‘फेरि केही वर्षपछि एउटा सन्धि हुनेछ अनि
दक्षिणका राजाकी छोरीसित उत्तरका राजाको विवाह
हुन्छ। यो शान्तिका निम्ति गरिनेछ, तर तिनका सन्तान
बलिया हुने छैनन्। तिनको नानी तिनलाई समर्थन गर्ने
एकजनालाई सुम्पिनेछन्।

७“‘तर तिनको परिवारबाट एउटा मानिस दक्षिणी
राजाको स्थान लिन आउँनेछ। उसले उत्तरी राजाको
सेनामाथि आक्रमण गरेर सुदृढ़ किल्लामा प्रवेश गर्नेछ।

अनि युद्ध जितेर विजयी हुनेछ। ८उसले उनीहरूका
देवताका मूर्तिहरू, चाँदी र सुनका बहुमूल्य वस्तुहरू
लुट्नेछ। अनि केही वर्षकोलागि उत्तरको राजालाई
एक्लै छोड़ने छन। ९फेरि त्यो राजाले दक्षिणी राजामाथि
आक्रमण गर्नेछ। तर पराजित भएर आफ्नो देश
फर्कनेछ।

१०"'फेरि उसका छोराहरूले युद्धको निम्ति विशाल
सेना जुटाउने छन्। अनि तिनीहरूले रोक्न नसकिने बाढ़
झैं युद्ध जित्दै जानेछन्। र दक्षिणको राजाको किल्ला
सम्म युद्ध गर्दै जित्नेछ। ११त्यस पछि दक्षिणको राजा
क्रोधित भएर उत्तरको राजासँग युद्ध गर्न निस्कने छ।
उनले एउटा ठूलो सैन्यदल जुटाउनेछ तर उनको सेनाको
हार हुनेछ। १२त्यो ठूलो सैन्यदलले हार्नेछ, अनि ती
सेनालाई अन्तै लगिनेछ। उ अत्यन्तै अभिमानी हुनेछ
अनि हजारौं-हजारौ सेनाहरूलाई मार्नेछ, तर पनि यसबाट
उसलाई सफलता हासिल हुनेछैन। १३त्यसपछि उत्तरको
राजाले फेरि पहिला भन्दा पनि ज्यादा सख्यामा सैनिक
भेला पार्नेछ। अनि केही वर्ष पछि उनले आक्रमण
गर्नेछन्, त्यो सैन्यदल एकदमै ठूलो हुनेछ अनि तिनीहरूसँग
धेरै हात-हतियार हुनेछ अनि युद्धको तयारीमा हुनेछ।

१४"'त्यो समयमा, धेरै मानिसहरूले दक्षिणका राजाको
विरोध गर्नेछन्। केही तिम्रा आफ्नै मानिसहरू युद्ध गर्ने
मन पराउथे दक्षिणको राजाको विरूद्धमा बागी हुनेछ।
तिनीहरूले विजय प्राप्त गर्ने छैनन, तर तिनीहरूले
दर्शनलाई सत्य गराउँछन, जब तिनीहरूले यसो गर्छन।
१५तब उत्तरको राजा आएर धेरा-मचान उठाउनेछन् र
पर्खाल भएको शहरलाई लिनेछन् अनि दक्षिणको सेनाले
तिनको सामना गर्न सक्नेछैन, यहाँ सम्म कि सेनाका
वीर जवानहरू पनि तिनको सामन्ने अड़िन सक्ने छैनन्।

१६"'शत्रुहरूले यसरी तिनीहरूलाई जे मनपर्छ त्यही
गर्नेछन्। तिनको विरोधमा कोही पनि उठ्न सक्नेछैन।
तिनले मनोरम जग्गामा नियन्त्रण गर्ने शक्ति प्राप्त
गर्नेछन्। १७फेरि उनले दक्षिणका सबै राज्यहरू आफ्नो
अधीनमा ल्याउने निश्चन गर्नेछन् र उचित शर्तहरू
राख्नेछन्, अनि त्यस राज्यलाई नाश गर्नका निम्ति
एउटी स्त्रीलाई विवाह गर्नेछन्। तर न ता त्यो स्त्री
उसँग बस्छे न त उसको अभिप्राय सिद्ध हुन्छ।

१८"'यसपछि उत्तरका राजाले भूमध्य सागरको किनार
हुँदै देशहरू र टापूहरूका धेरैलाई कैदी बनाउनेछन्। तर
एउटा सेनापतिले तिनलाई थर्काएर तिनको धाकलाई
अन्त गरिदिनेछन् अनि उसले उत्तरका राजालाई
लज्जित पार्नेछ।

१९"'यसरी उत्तरको राजा स्वंय आफ्नो देशको सदृढ़
किल्लामा फर्केर जानेछन् र उनको पतन हुनेछ, फेरि
कहिल्यै पनि त्यहाँ देखिने छैनन्।

२०"'उनी पछि फेरि एकजना यस्तो आउनेछन् जसले
सरकारी रक्षकको साथ एउटा अधिकारीलाई कर उठाउन
पठाउनेछ। उसको पनि चाँडैनै अन्त हुनेछ। तिनको
अन्त न त खुल्ला रुपमा न त युद्धमा हुनेछ।

२१"'यसपछि एकजना एकदमै निष्ठुर अनि घिनलाग्दो
मानिस आउनेछ। उसले राज परिवारको एकजना
उत्तराधिकारी हुने सम्मान पाउनेछैन्। आफ्नो चलाकीद्वारा
उ अप्रत्याशित ढंगले राजा हुनेछ। २२उसले शक्तिशाली
विशाल सेनाहरूलाई हराइदिन्छ अनि सम्झौता अनुसार
सन्धि गरेका मुखियाहरू पनि परास्त हुनेछन्। २३त्यसपछि
धेरै देशहरूले त्यो क्रुर राजासँग सन्धि गर्नेछन् तर उसले
उनीहरूसँग झूटो र चलाक पूर्ण व्यवहार गर्नेछ। उ
अत्यन्तै शक्तिशाली बिनिनेछ। तर धेरै मानिसहरूले मात्र
उसलाई समर्थन गर्नेछन्।

२४"'जब त्यस प्रदेशको सर्वाधिक धनी क्षेत्रले आफूलाई
शान्ति र सुरक्षित अनुभव गर्छ, त्यति नै बेला उसले
धनहरू लुट्नेछ र आफू पछि लाग्नेहरूलाई लूट्को धन
दिनेछ। त्यसका पिता पुर्खाहरूले गर्न नसकेको काम
त्यसले गर्नेछ।

२५"'त्यस पछि उसले आफ्नो पुरै शक्ति अनि सबै
सेना र साहस दक्षिणको राजाको विरुद्धमा लगाउनेछ।
दक्षिणी राजाले पनि एउटा ठूलो अनि शक्तिशाली
सैन्यदल जुटाउनेछन, तर विश्वासघातीहरूको षड़यन्त्रले
दक्षिणी राजाको हार हुनेछ। २६तिनै राजाहरू जुन
दक्षिणी राजाले मित्र सम्झिन्थे, जसले उनको नुन
खाएका थिए तिनीहरूले उनलाई हराउँनेछन् र तिनका
सेनालाई परास्त पार्नेछन् र धेरैजना नै युद्धभूमिमा
मर्नेछन्। २७ती दुवै राजाहरूले दुष्ट योजनाहरू बनाउँने
छन् र एउटै टेबलमा बसे पनि एउटाले अर्कोलाई
ढ़ाँट्ने छन् र त्यो योजना सफल हुनेछैन किनकि
उनीहरूको अन्त हुने समय परमेश्वरले निर्धारित गरिसक्नु
भएकोछ।

२८"'उ धेरै धन सम्पत्ति लिएर आफ्नो देश फर्कने
छ। फेरि त्यो पवित्र वाचा प्रति नराम्रो कर्म गर्ने निर्णय
लिनेछ। उसले आफ्नो योजना अनुसार काम गर्नेछ
अनि आफ्नो देश फर्कनेछ।

२९"'फेरि उत्तरको राजाले ठीक समयमा दक्षिणका
राजामाथि आक्रमण गर्नेछ तर यसपल्ट उ पहिलो पल्ट
जस्तो सफल हुँदैन। ३०पश्चिमबाट जहाजहरू तिनको
विरुद्धमा आउनेछन् अनि ऊ पराजित हुनेछ र फर्किनेछ।
पवित्र करारमाथि उसले आफ्नो रीस देखाउनेछ। उ
फर्किनेछ अनि तिनीहरूलाई सधाउनेछ जसले पवित्र
करार अनुसरण गर्न रोके। ३१तिनले पठाएका सैन्य-
दलहरूले पवित्र स्थानहरू, मन्दिरहरू अशुद्ध पार्ने छन
र नित्य गरिने बलिदान रोक्नेछन। अनि त्यहाँ तिनीहरूले
नाश गर्ने घृणित बस्तुलाई स्थापना गर्नेछन्।

३२"'तिनले वाचा इन्कार गर्न तयार भएकाहरूलाई
झूटो प्रतिज्ञाहरूद्वारा आफ्नो तर्फमा लानेछन्, तर आफ्ना
परमेश्वरमा विश्वासी मानिसहरू दृढ़ भएर बस्नेछन।

३३"'ज्ञानी-शिक्षकहरूले साधारण मानिसहरूलाई परिस्थिति बुझ्नु सहायता गर्नेछन। तर जो विवेक पूर्ण छन उनीहरूलाई तरवारले काटेर आगोमा हालेर अथवा बन्दी भएर मारिए। ३४जब तिनीहरू लड्नेछन्, तिनीहरूले अलिकति सहायता पाउँनेछन् अनि झूटा मानिसहरू तिनीहरूसँग सामेल हुनेछन्। ३५केही ज्ञानी शिक्षकहरू मारिने छन्। यस्तो गरिनेछ, जसले गर्दा तिनीहरूलाई अन्तिम दिनहरूमा बलियो शुद्ध अनि निर्दोष बनाइनु सकियोस्। तोकिएको समयमा किनभने आउनेछ।'"

## राजा जसले आफूलाई महिमा गर्छ

३६"'फेरि राजाले जे इच्छा लाग्यो त्यही गर्नेछन। उसले आफ्नो विषयमा बढ़िबड़ाई गर्नेछ, अनि आफ्नो प्रशंसा गर्ने छ। उसले सोच्ने छ उ कुनै देवता भन्दा ज्यादा राम्रो छ। उसले यस्तो कुरा गर्नेछ जुन कहिल्यै कसैले पनि सुनेको छैन। उसले देवताहरूको परमेश्वरको विरोधमा यस्तो कुरा गर्नेछ। उ त्यति बेला सम्म सफल हुन्छ जतिबेला सम्म यो सबै नराम्रो घटनाहरू घट्दैन, तर नराम्रो घट्ना अवश्य घट्नेछ।

३७"'आफ्नो पिता-पुर्खाहरूका देवताहरू र स्त्रीहरूका प्रिय देवताको उसले अवहेलना गर्नेछ। तिनले कुनै देवताको वास्ता गर्ने छैन्। तिनले आफैलाई उनीहरू सबै भन्दा उच्च पार्नेछन। ३८त्यसको सट्टामा तिनले आफ्नो पिता-पुर्खाहरूले नजानेको किल्लाको सुन र चाँदी, रत्न र बहुमूल्य उपाहार चढ़ाएर मान गर्नेछ।

३९"'उ अनि उसका विदेशी देवताहरूले आफ्नो किल्लाहरू बलियो पार्नेछ। तिनको निगाहमा भएकाहरूलाई तिनले सम्मान दिएर र साधारण मानिसहरूलाई जागिर दिएर तिनीहरूलाई मानले परिपूर्ण पार्नेछ।

४०"'आखिरमा दक्षिणका राजाले उत्तरका राजाको विरुद्ध युद्ध चलाउनेछन। उत्तरका राजा रथहरू पैदल फौजहरू अनि धेरै जहाजहरू लिएर आक्रमण गर्न आउँनेछ। उ भूमिबाट बाढ़ी जस्तै आउनेछ। ४१फेरि उनले सुन्दर भूमिमा आक्रमण गर्ने छन् अनि धेरै पराजित हुने छन्। तिनीहरू मध्ये एदोम, मोआब अनि अम्मोनियाहरू उसको शक्तिद्वारा बाँच्नेछन्। ४२फेरि उसले धेरै देशहरूलाई आफ्नो शक्ति देखाउने छ र मिश्रले पनि यसको शक्ति थाहा पाउनेछ, यो अलग हुन सक्तैन।

४३"'उसले मिश्रको सुन, चाँदिको भण्डार अनि त्यसको सबै सम्पत्ति खोस्ने छ। लिब्नी अनि कूशि पनि यसको अधीनमा हुनेछन्। ४४तर पछि उसले पूर्व र उत्तरबाट एउटा समाचार प्राप्त गर्नेछ, अनि उ भयभीत अनि क्रोधित हुनेछ। धेरै देशहरूलाई वर्वाद बनाउनको निम्ति अघि बढ़ने छ। ४५उसले आफ्नो राजकीय तम्बु समुद्र अनि सुन्दर पवित्र पर्वतको बीचमा बनाउनेछ। तर आखिरमा त्यो अपवित्र राजा मर्ने छ। जब उसको अन्तिम समय आउँछ, त्यति बेला उसलाई सहायता दिने कोही पनि हुनेछैन।'"

१२ "त्यस समयमा प्रमुख स्वर्गदूत माइकल तिम्रा मानिसहरूको रक्षक खड़ा हुनेछ। त्यस समयमा दु:खहरू र सकंटहरू हुनेछन्। यस्तो सकंट तिनीहरूमाथि तिनीहरू संयुक्त भएदेखि यता कहिल्यै आएको थिएन। तर त्यसै बेला तिम्रा मानिसहरू, जसको नाउँ यस पुस्तकमा लेखिएकोछ, मुक्त गरिनेछन। २अनि ती पृथ्वीको धूलोमा सुतेका कति चाँहि अनन्त जीवनको निम्ति अनि कति चाँहि अनन्त शरम र घृणा तिस्कारका निम्ति ब्यूँझने छन। ३ज्ञानी-शिक्षकहरू उज्जवल आकाश झैं चम्कनेछन। अनि तिनीहरू तिनीहरूलाई सत्यको मार्गमा सदा-सर्वदाको निम्ति डोऱ्याउने ताराहरू झैं हुनेछन्।

४"'तर तिमी दानियल यो दर्शनलाई बचाएर सुरक्षित ठाउँमा राख। धेरै मानिसहरू ज्ञानको खोजीमा यता उति जानेछन। अनि साँचो ज्ञान बढ़नेछ।'

५"त्यसपछि म दानियलले हेरें, अनि देखें अरू दुइ जना त्यहाँ उभिरहेको थिए, एउटा चाँहि नदी यताको किनारमा र अर्को चाँहि नदीको अर्को किनारमा थिए। ६एकजना मलमलको लुगा लुगाएको मानिसले अर्को मानिसलाई सोध्यो जो नदीको प्रवाहमाथि उभिएको थियो, 'यस आश्चर्य अन्त गराउन कति समय लाग्नेछ?'

७"त्यो मानिस जसले मलमलको लुगा लगाएको थियो अनि नदीको वहावको विरुद्ध उभिएको थियो उसले आफ्नो दुवै हात आकाश पट्टि उठायो। मैले त्यस मानिसलाई अमर परमेश्वरको नाउँ प्रयोग गरेर एउटा शपथ गर्दै गरेको सुनें। उसले भन्यो, 'यो साँढ़ै तीन वर्षको निम्ति हुनेछ। पवित्र मानिसको शक्ति घटने छ अनि यी सबै कुराहरू एकदमै समाप्त हुन्छन।'

८"मैले यो सुनें तर बुझ्न सकिन, यसैले मैले सोधें, 'हे महाशय! यी सबै कुराहरू सत्य भए पछि के हुन्छ।'

९"उसले भन्यो, 'दानियल, तिमी आफ्नो जीवन बिताऊ, यो कुराहरू गुप्त राखिएकाछन अनि अन्तको समय सम्मलाई बन्द गरिएकाछन। १०धेरै जनाले आफूलाई पवित्र पार्नेछन तर दुष्टहरूले चाँहि दुष्टयाँई गरिनैरहने छन र तिनीहरू मध्येका कसैले पनि बुझ्न सक्ने छैनन। ज्ञानी शिक्षकहरूले मात्र बुझ्नेछन।

११"'नित्य बलि रोकिएको समयदेखि र उजाड़को घृणित बस्तु स्थापना गरिएको समय सम्म १,२९० दिन हुनेछ। १२त्यो मानिस धन्य हो जसले १,३३५ दिन पूरा भएको हेर्न पर्खिरहन्छ।

१३"'अब तिम्रो लागि अन्त सम्मको बाटो पूरा भयो। तिमी विश्राम गर, सुन अनि त्यसपछि अन्तमा तिमी आफ्नो भाग प्राप्त गर्नको निम्ति मृत्युबाट फेरि उठेर आऊ।'"

# इजकिएलको पुस्तक

## परिचय

१ १-३म बूजीको छोरो पूजाहारी इजकिएल हुँ। म
बाबेलमा कैदीहरूसित कबार नदीको किनारमा
थिएँ। स्वर्ग खुलियो अनि मैले परमेश्वरको दर्शन देख्न
सकें। यो तीसौं वर्षको चौथो महीनाको पाँचौ दिन
थियो।

यो राजा यहोयाकीनको देश निष्कासनको पाँचौ
वर्षको पाँचौ महीनाको पाँचौ दिन इजकिएलले परमप्रभुको
वचन प्राप्त गरे। त्यस स्थानमा परमप्रभुको शक्ति
ममाथि आयो।

## परमप्रभुको रथ अनि उहाँको सिंहासन

४मैले उत्तर दिशाबाट आँधी-बेहरी आउँदै गरेको
देखें। त्यो बाक्लो बादल थियो अनि बादलको चारै तिर
उज्यालो थियो र यसबाट आगो बलिरहेको थियो। त्यस
आगोको बीचमा टल्किएको तातो धातु* झैं केही
देखिन्थ्यो। ५बादल भित्रबाट चारवटा जीवित प्राणीहरू
झैं केही देखा पर्‍यो, त्यो हेर्दा मानिसको रूप जस्तै
देखिन्थ्यो। ६तर हरेक प्राणीको चारवटा अनुहारहरू
अनि चारवटा पखेटाहरू थिए। ७तिनीहरूको खुट्टाहरू
सीधा थियो अनि पैताला बाछाको खुर जस्तो थियो।
अनि त्यो टल्काइ राखेको काँसा जस्तै टल्किन्थ्यो।
८तिनीहरूको पखेटा मुनि चारैतिर मानिसको हातहरू
थियो अनि ती चारै जनाको चारवटा चेहराहरू अनि
चारवटा पखेटाहरू थियो। ९पखेटाले एका-अर्कालाई
छुन्थ्यो। जब तिनीहरू हिड्थे, यता-उता फर्कदैन थिए
अनि त्यसै दिशापट्टि हिड्थे जता हेरिरहेको हुन्थे।

१०हरेक प्राणीको चारवटा मुख थियो। अघाड़ी
पट्टिको अनुहार मानिसको जस्तो थियो। दाहिने पट्टि
सिंहको अनुहार जस्तो थियो। देब्रेपट्टि गोरूको जस्तो
अनुहार थियो, अनि पछाड़ि पट्टिको अनुहार चीलको
जस्तो थियो। ११प्राणीहरूको पखेटा तिनीहरूमाथि
फैलिएको थियो, तिनीहरूले आफ्नो दुइवटा पखेटाले
आफ्नो छेउको प्राणीको दुइवटा पखेटालाई छोएको
हुन्थ्यो तथा दुइवटालाई आफ्नो शरीर छोप्नका निम्ति
उपयोग गरिएको थियो। १२जब ती प्राणीहरू हिड्थे
तिनीहरू फर्कन्दैन थिए। ती त्यसै दिशामा हिड्थे जुन
दिशा पट्टि तिनीहरू फर्केका थिए। तिनीहरू त्यहीँ
जान्थे जहाँ तिनीहरूलाई हावाले लिएर जान्थ्यो।

१३हरेक प्राणीलाई यस्तो देखिन्थ्यो, ती प्राणीहरूको
बीचको भाग बल्दै गरेको कोईलाको आगो जस्तै
देखिएको हुन्थ्यो। यो आगो सानो सानो राँको जस्तै ती
प्राणीहरूको बीचमा बलिरहेको थियो। आगो चहकिलो
थियो अनि त्यसबाट बिजुली निस्कन्थ्यो। १४ती प्राणीहरू
बिजुली चम्के जस्तै यतादेखि उता बेग संग दौड़न्थे।

१५-१६जति बेला मैले प्राणीहरूलाई हेरिरहेको थिएँ
मैले चारवटा पाङ्ग्राहरू देखें। प्रत्येक प्राणीका निम्ति
एउटा पाङ्ग्रा थियो। पाङ्ग्राले जमीनलाई छोएको थियो
अनि सबै पाङ्ग्रा एक समान थिए। पाङ्ग्रा हेर्दा पहेंलो
शुद्धमणि जस्तो थियो, अनि तिनीहरूको बनावट पाङ्ग्रा
भित्र पाङ्ग्रा जस्तै थियो। १७त्यो पाङ्ग्रा कुनै दिशामा
पनि घुम्न सक्थ्यो, तर जब तिनीहरू हिड्दा प्राणीहरू
यत्ता उत्ता घुम्न सक्दैन् थिए। १८त्यो पाङ्ग्रा अग्लो
डरलाग्दो सुइरोले घेरिएको थियो। त्यसको चारै पाङ्ग्राहरू
आँखै आँखाले घेरिएका थिए।

१९पाङ्ग्रा सधैं प्राणीहरूसंग हिड्थ्यो। यदि प्राणी
माथि हावामा गयो भने पाङ्ग्रा पनि संगै जान्थ्यो।
२०तिनीहरू त्यहीँ जान्थे जहाँ "हावाले लिएर जान्थ्यो
अनि पाङ्ग्रा पनि तिनीहरूसितै जान्थ्यो किनभने यी
प्राणीहरूको "हावा" पाङ्ग्राहरू थियो। २१यसकारण
प्राणी चल्दा पाङ्ग्रा पनि चल्थ्यो, अनि प्राणी रोकिए
पाङ्ग्रा पनि रोकिन्थ्यो। यदि पाङ्ग्रा हावामा माथि गए
ती प्राणीहरू पनि जान्थ्यो, किनभने हावा पाङ्ग्राहरूमा
थियो।

२२प्राणीहरूको शिरमाथि आश्चर्यजनक चीज थियो।
यो एउटा उल्टा बटुका जस्तै थियो। बटुका बरफ जस्तै
स्वच्छ थियो। २३यो बटुकाको तल प्रत्येक प्राणीको
सीधा पखेटा थियो त्यो अर्को प्राणीसम्म पुगेको थियो।
प्रत्येक प्राणीले यसको दुइवटा फिजिएको फखेटाहरू
अनि अर्को दुइवटा पखेटाहरूले यसको शरीर छोपेको
थियो।

२४जब-जब त्यो प्राणीहरू हिड्थ्यो, त्यसको पखेटाको
ध्वनि बड़ो तेजसंग आउँथ्यो। त्यो ध्वनि समुद्रको गर्जन
जस्तै हुन्थ्यो। त्यो सर्वशक्तिमान परमेश्वरको छेउमा
निस्कने वाणी समान थियो। त्यो कुनै सेना समूहको
स्वर जस्तै थियो। जब ती प्राणीहरू हिड्न छोड्थे त्यति
बेला आफ्नो पखेटा तल झर्थ्यो।

---

**तातो धातु** हामीलाई यसको अर्थ हिब्रू भाषामा निश्चित छैन। यो शायद "बिलिएको काँस" अथवा "तृणमणि" हुनु सक्छ।

२५ती प्राणीहरूले हिड़्न बन्द गर्थे, आफ्नो पखेटाहरू
तल झर्थे अनि त्यँहा फेरि डरलाग्दो आवाज हुन्थ्यो।
त्यो आवाज बटुकाबाट हुन्थ्यो जुन तिनीहरूको शिरमाथि
थियो। २६त्यो बटुकाको माथि केही थियो जुन एउटा
सिंहासन जस्तो देखिन्थ्यो। यो नीलमणि जस्तै नीलो
थियो, त्यहाँ कोही थियो जुन त्यो सिंहासनमाथि बसेको
मानिस जस्तै देखिँदैथ्यो। २७मैले त्यसको कम्मरमाथि
हेरे। त्यो चहकिलो काँसा जस्तो देखिन्थ्यो। त्यसको
चारैतिर आगोको ज्वाला निस्किरहेको थियो। मैले
त्यसको कम्मरदेखि मन्तिर हेरें, त्यहाँ पनि आगो जस्तै
निक्लिरहेको थियो जुन त्यसको चारैतिर आगो जस्तै
जग्मगाई रहेको थियो। २८त्यसको चारैतिर उज्यालो
प्रकाश बादलमा इन्द्रेणीको आकार जस्तै थियो। त्यो
परमप्रभुको महिमा जस्तो थियो। जब मैले त्यो देखे र
म पृथ्वीमा लड़े। मैले भूइमा टाउको घोप्टो पारें अनि
मैले कोही बोलिरहेको जस्तो स्वर सुनें।

२ त्यस आवाजले भन्यो, "हे मानिसको छोरो, खड़ा
हौ र म तिमीसित कुरा गर्नेछु।"

२जब उहाँले मसित बात गर्नुभयो, तब उहाँको
आत्मा म भित्र पस्थो र मलाई खड़ा गरायो। अनि
मैले त्यस मानिसलाई मसित कुरा गरेको सुनें। ३उहाँले
मलाई भन्नुभयो, "मानिसको छोरो, म तिमीलाई इस्राएलको
परिवारसंग केही भन्नका निम्ति पठाउँदैछु। तिनीहरू
बागीहरूको जाति हुन। लगातार मेरो विरुद्ध बागी
भएकाछन् तिनीहरूका पिता-पुर्खाहरू पनि मेरो विरूद्धमा
बागी भएको। तिनीहरू र तिनीहरूका पिता-पुर्खाहरूले
मेरो विरुद्धमा अपराधहरू गरे अनि आज सम्म तिनीहरू
त्यसै गर्दैछन्। ४म तिमीलाई तिनीहरू विरुद्ध केही
भन्नको निम्ति पठाउँदैछु। तर तिनीहरू एकदमै हठी
छन्। तिनीहरू कठोर हृदयका छन्। तर तिमीले
तिनीहरूसंग कुरा गर्नु पर्नेछ। तिमीले भन्नु पर्छ,
'परमप्रभु हाम्रा मालिकले यो कुराहरू भन्नुहुँदैछ।'
५तिनीहरूले तिम्रो कुरा सुन्नेछन् वा सुन्नेछैनन् किनभने
तिनीहरू विद्रोहीहरू हुन्। तर तिमीले ती कुराहरू
भन्नुपर्छ ताकि उनीहरूले बुझ्न सकुन् कि तिनीहरूको
माझमा एक जना अगमवक्ता छन्।

६"हे मानिसको छोरो! तिनीहरू संग नडराऊ। तिनीहरू
जे भन्छन् त्यसको निम्ति नडराऊ। यो साँचो हो
तिनीहरू तिम्रो विरुद्ध हुनेछन् अनि तिमीलाई चोट
पुऱ्याउन चाहन्छन्। तिनीहरू काँड़ा जस्तै हुनेछन्।
तिमीलाई यस्तो लाग्ने छ कि तिमी बिच्छीहरूको
बीचमा बसेका छौ। तर तिनीहरूले जे जति भन्नेछन्,
त्यसका निम्ति नडराऊ। तिनीहरू विद्रोहीहरू हुन्।
७तिमीले तिनीहरूसंग यी सबै कुराहरू भन्नुपर्छ, जुन
मैले तिमीसंग भन्दछु। तिमीले भनेको तिनीहरूले सुन्न
पनि सक्छन् अथवा सक्तैनन् पनि, किनभने तिनीहरू
विद्रोहीहरू हुन्।

८"हे मानिसको छोरो! तिमीले ती कुराहरू सुन्नु
पर्छ, जुन कुरा म तिमीलाई भन्छु। ती बागी मानिसहरू
जस्तै मेरो विरुद्ध नहोऊ। आफ्नो मुख खोल, जुन कुरा
म तिमीलाई भन्छु त्यो स्वीकार गर अनि ती कुराहरू
मानिसहरूलाई भन। यी सबै वचनहरू मान।"

९अनि जब मैले एउटा हात आफूतिर बढ़दै गरेको
देखें। त्यो एउटा मुट्ठो पारेर बेहेरिएको लामो पुस्तक
जसमा केही लेखेर समातेको थियो। १०मैले त्यो
बेहेरिएको पत्र खोलें अनि त्यसको छेउ अनि पछाड़ि
पट्टि केही कुराहरू लेखिएको थियो। त्यसमा सबै
प्रकारको विलाप, शोक र दुःखका गीत, कथाहरू
अनि चेताउनीहरू थिए।

३ परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरो!
जुन तिमीले देख्दै छौ, त्यो खाऊ। यो बेहेरिएको
पत्र खाऊ अनि गएर इस्राएलका परिवारहरूलाई यी
कुराहरू भन।"

२यसकारण मैले मेरो मुख खोलें अनि उहाँले त्यो
बेहेरिएको पत्र मेरो मुखमा राखिदिनु भयो। ३तब
परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! म तिमीलाई
यो बेहेरिएको पत्र दिँदैछु। यसलाई निल! यो बेहेरिएको
पत्र तिम्रो शरीरमा भरियोस्।"

यसकारण मैले त्यो बेहेरिएको पत्र खाँए। त्यो मेरो
मुखमा मह जस्तै मीठो भयो।

४तब परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको
छोरा! इस्राएलको परिवारमा जाऊ। मैले भनेको कुराहरू
तिनीहरूलाई भन। ५मैले तिमीलाई कतै विदेशहरू
पठाएको होइन, जसको भाषा तिमी बुझ्दैनौ। तिमीले
अर्को भाषा सिक्नु पर्नेछैन्। मैले तिमीलाई इस्राएलको
परिवारकहाँ पठाउँदैछु। ६मैले तिमीलाई विभिन्न देशहरूमा
पठाएको होइन जहाँका मानिसहरू यस्तो भाषाहरू
बोल्छन् जुन तिमीले बुझ्दैनौ। यदि तिमी तिनीहरूकहाँ
गई कुरा गर्छौ तब तिनीहरूले तिम्रो कुरा सुन्नेछन्।
७अहँ! मैले तिमीलाई इस्राएलको परिवारकहाँ पठाउँदैछु।
किनकि इस्राएलका सारा घराना नै अट्टेरी, ढीठ र
कठोर मनका छन् अनि इस्राएलका मानिसहरूले तिम्रो
कुरा सुन्न इच्छा गर्ने छैनन्। तिनीहरूले मेरो कुरा सुन्ने
छैनन्। ८तर म तिमीलाई त्यति नै हठी बनाउनेछु जति
तिनीहरू छन्। उनीहरूको जस्तै तिम्रो हृदय त्यति नै
कठोर हुनेछ। ९हीरा अग्नि चट्टान भन्दा पनि कड़ा
हुन्छ, त्यस्तै प्रकारले तिम्रो हृदय पनि उनीहरूको भन्दा
कठोर हुन्छ, तिमी उनीहरू भन्दा पनि हठी हुनेछौ,
तिमी उनीहरूसँग डराउनेछैनौ। तिमी उनीहरूसँग नडराऊ
जो सँधै मेरो विरुद्धमा गएका छन्।"

१०तब परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको
छोरा! तिमीले मेरो प्रत्येक कुरा जुन म भन्दैछु सुन्नु
पर्छ अनि ती कुराहरू याद राख्नु पर्छ। ११तब सबै
तिम्रा मानिसहरू कहाँ जाऊँ, जो कैदमा छन्। तिनीहरू

कहाँ जाऊ अनि भन, 'परमप्रभु हाम्रा मालिकले यी
कुराहरू भन्नुहुन्छ।' वास्ता नगर्नेहरूलाई यी कुराहरू
भन चाहे तिनीहरूले सुन्छ अथवा सुन्दैन।"
१२तब मलाई एउटा हावाले माथि उठायो। तब मैले
आफ्नो पछाड़ीबाट एउटा आवाज सुनें। यो आवाज
मेघको गर्जन जस्तो थियो। त्यसले भन्यो, "परमप्रभुको
महिमा धन्य छ जहाँ कही यो जान्छ।" १३अब ती
प्राणीहरूले तिनीहरूको पखेटा हल्याउन शरू गरे। जब
पखेटाहरूले एक-अर्कालाई छुन्थे, अनि पाङ्ग्राहरू
तिनीहरू तर्फ सर्थे, तिनीहरूले मेघ गर्जे झैं आवाज
निकाल्थे। १४आत्माले मलाई उठाएर माथि टाढ़ो
लग्यो। मैले त्यो स्थान छोड़े। म साह्रै दु:खी थिएँ अनि
मेरो आत्मा अत्यन्त खिन्न थियो, तर परमप्रभुको शक्ति
म भित्र अत्यन्त प्रबल थियो। १५म ती कैदीहरू भए
कहाँ गए जो कबार नदीको तेलाबीबमा* बस्दै थिए।
म त्यहाँ सात दिन सम्म तिनीहरूको बीचमा छक्क
अनि खिन्न भएर बसिरहे।
१६सात दिन पछि परमप्रभुको वचन मकहाँ आयो।
उहाँले भन्नुभयो, १७"हे मानिसको छोरो! म तिमीलाई
इस्राएलको प्रहरी बनाउँदैछु। म ती सबै नराम्रो घटनाहरू
बताउनेछु जुन उनीहरूमाथि घट्नेछ, अनि तिमीले
इस्राएलको ती घटनाहरूको बारेमा चेताउनी दिनुपर्नेछ।
१८यदि मैले, 'यो नराम्रो मानिस मर्नेछ भने।' भने
तिमीले त्यो चेताउनी पनि उसलाई दिनुपर्छ। तिमीले
उसलाई भन्नु पर्छ, आफ्नो जिन्दगी बद्ली गर अनि
नराम्रो काम गर्न छोड़। यदि तिमीले त्यो मानिसलाई
चेताउनी दिएनौ भने त्यो मर्नेछ। किनकि त्यसले पाप
गरेको छ। तर म तिमीलाई त्यसको मृत्युको उत्तरदायी
बनाउँछु। किन? किनकि तिमी त्यसकहाँ गएनौ अनि
त्यसको जीवन बचाएनौ।
१९"यो पनि हुन सक्छ तिमीले कुनै मानिसलाई
चेताउनी दियौ, त्यसलाई त्यसको जीवन मार्ग बद्ली
गर्नका निम्ति सम्झायौ अनि नराम्रो काम नगर्नु भन्यौ।
यदि त्यसले तिम्रो कुरा सुनेन भने त्यो मर्नेछ। त्यो मर्नेछ
किनकि त्यसले पाप गरेको छ। तर तिमीले उसलाई
चेताउनी दियौ यसकारण तिमीले आफ्नो जीवन बचायौ।
२०"यो पनि हुन सक्छ कि कुनै राम्रो मानिस राम्रो
भइरहनु छोड़छ। किनभने मैले त्यसको पछि केही यस्तो
राखेकोछु जसले त्यसलाई पाप गर्न लगाउँछ। त्यसले
नराम्रो काम गर्न शुरू गर्छ यसकारण त्यो मर्नेछ। उसले
गरेको असल कर्महरू उसको पक्षमा सम्झना गरिनेछैन।
त्यो मर्नेछ किनभने त्यसले पाप गऱ्यो र तिमीले
उसलाई चेताउनी दिएनौ। म तिमीलाई उसको मृत्युको
उत्तरदायी सम्झनेछु।
२१"तर यदि तिमीले त्यो राम्रो मानिसलाई चेताउनी
दियौ अनि त्यसलाई पाप गर्न बन्द गर्नु भन्यौ अनि
त्यसले पाप गर्न बन्द गऱ्यो भने त्यो मानिस मर्नेछैन।
किन? किनभने तिमीले उसलाई चेताउनी दियौ अनि
उसले सुन्यो। यस प्रकारले तिमीले आफ्नो जीवन
बचायौ।"
२२तब परमप्रभुको शक्ति मकहाँ आयो। उहाँले
मलाई भन्नुभयो, "उठ, अनि बेंसीमा जाऊ। म
तिमीसित त्यहाँ कुरा गर्नेछु।"
२३यसकारण म उठें अनि बेंसीमा गए। परमप्रभुको
महिमा त्यहाँ त्यसरी नै प्रकट भयो जस्तो मैले कबार
नदीको किनारमा देखेको थिएँ। यसकारण मैले मेरो
अनुहार भूइँतिर निहुराए। २४तर एउटा हावा आयो
अनि यसले मलाई मेरो खुट्टामा उभायो परमप्रभुले
मलाई भन्नुभयो, "घर जाऊ, अनि आफै घरभित्र
ढोका थुनेर बस्। २५हे मानिसको छोरा! मानिसहरू
डोरी लिएर आउनेछन् अनि तिमीलाई बाँध्नेछन्। तिनीहरूले
तिमीलाई बाहिरका अरू मानिस भएकोमा जान दिनेछैनन्।
२६म तिम्रो जिब्रो तिम्रो तालुमा टँसाई दिनेछु। तिमीले
बात गर्न सक्नेछैनौ। यसकारण तिनीहरूले कोही मानिसलाई
पनि यस्तो भेट्टाउने छैनन् जसले तिनीहरूलाई शिक्षा दिन
सकोस् कि तिनीहरूले पाप गरिरहेका छन्। किन?
किनकि तिनीहरू सँधै मेरो विरूद्धमा गइरहेका छन्।
२७तर जब म तिमीसित कुरा गर्छु त्यसबेला तिमीलाई
म बोल्ने बनाउँनेछु। तर तिमीले भन्नु पर्छ, 'परमप्रभु
हाम्रा मालिकले यी कुराहरू भन्नु हुन्छ।' यदि कसैले
सुन्न चाहन्छ भने उसले सुनोस्। यदि होइन भने,
मलाई तिरस्कार गरोस्। किनभने तिनीहरू विध्वंसकारीहरू
हुन्।
४ "हे मानिसको छोरो! एउटा ईटाँका पाटा लिऊर।
त्यसमा एउटा नक्सा बनाऊ। एउटा शहरको
अर्थात यरूशलेमको एउटा नक्सा बनाऊ। २अनि
त्यस्तो काम गर मानौं त्यस शहरलाई चारैतिरबाट तिम्रो
सेनाले घेरेको छ। शहरको चारैतिर एउटा माटोको
पर्खाल यस्तो प्रकारले बनाऊ जसबाट आक्रमण गर्न
सहायता होस्। शहरको द्वार सम्म पुग्ने गरी एउटा
कच्चा बाटो बनाऊ, त्यसलाई भत्काउने मूढ़ाहरू
ल्याऊ अनि शहरको चारैतिर सैनिकहरूको छाउनी
लगाऊ। ३अनि अब एउटा फलामको कराई ल्याए
अनि तिमी आफू र शहरको बीचमा राख। यो एउटा
फलामको पर्खाल जस्तै हुनेछ, जसले तिमी र शहरलाई
अलग राख्छ। तिमीले यस्तो प्रकारले प्रदर्शित गर कि
तिमी त्यो शहरको विरूद्धमा छौ। तिमीले त्यो शहरलाई
घेर अनि त्यसमाथि आक्रमण गर। किन? किनभने यो
इस्राएलको परिवारका निम्ति एउटा उदाहरण हुनेछ।
यसबाट यो प्रदर्शित हुनेछ कि म यरूशलेमलाई नष्ट
गर्नेछु।

---

**तेलाबीब** यो भूमि इस्राएलको बाहिर थियो। हामी जान्दैनौ साथै नै कहाँ नाउँ को अर्थ "झर्नाको पहाड़।"

४"त्यसपछि, तिम्रो देब्रेपट्टि ढल्क। तिमीले
इस्राएलीहरूको पापहरूका तिम्रो दण्ड कार्यद्वारा अवश्यै
देखाउनु पर्छ। तिनीहरूको पापहरूको निम्ति दण्ड जति
वर्ष सम्म दण्ड भोग्नु पर्ने छ त्यति दिन सम्म तँ
देब्रेपटि कोल्टे परेर ढल्की रहनु पर्छ। ५तिमीले यस्तो
प्रकारले इस्राएली मानिसहरूको पाप ३९० दिनसम्म
सहनु पर्छ। यस प्रकार म तिमीलाई बताउँदैछु इस्राएल
एक दिन एकवर्षको बराबर लामो समयसम्म दण्डीत
हुनेछ।

६"तब तिमी तिम्रो दाहिनेपट्टि फकिएर चालिस दिन
सम्म लड़िरहने छौ। यस्तै प्रकारले यहूदाको पापको
सजाय चालिस दिन सम्म तिमीले देखाउनेछौ। एक दिन
बराबर एक वर्ष हुन्छ। म तिमीलाई बताउँदैछु कि
कहिले सम्म यहूदा दण्डीत हुनेछ।"

७परमेश्वरले फेरि भन्नुभयो। उहाँले भन्नुभयो, "अब
आफ्नो पाखुरा घुमाऊ अनि आफ्नो हातलाई ईटाँमाथि
राख। यस्तो देखाउ मानौ तिमीले यरूशलेम शहरमाथि
आक्रमण गरिरहेछौ। यो देखाउनको निम्ति गर कि
तिमी मेरो अगमवक्ताको रूपमा मानिसहरूसँग बात
गरिरहेका छौ। ८हेर, म तिमीलाई डोरीले बाँधिराख्नेछु।
जब सम्म घेराको दिन समाप्त हुँदैन तिमी यता उता
फर्कन सक्ने छैनौ।"

९परमेश्वरले यसो पनि भन्नुभयो, "तिमीले रोटी
पकाउनको निम्ति केही समान ल्याउनु पर्नेछ। केही
गँहू, जौ, सिमी, दाल कोदो, फापर, यो सबैलाई एउटै
भाँड़ामा हालेर पिँध अनि पिठो बनाऊ। तिमीले यो
पिठो रोटी बनाउनका निम्ति प्रयोग गर्नुपर्छ। तिमीले
खाली यो रोटी मात्र ३९० दिन सम्म कोल्टे परेर
खानु पर्छ। १०तिमीले तिम्रो आफ्नै निम्ति खाने
कुराहरू तैलनु पर्छ। प्रत्येक दिनको निम्ति बीस
शेकेल। अनि तिमीले दिनको तोकिएको समयमा मात्र
खानु पर्छ। ११अनि तिमीले दिनमा एक हिनको छैटौं
भाग मात्र पानी पिउन सक्छौ। १२प्रतिदिन तिमीले
आफ्नो रोटी पकाउनु पर्छ। तिमीले मानिसको मल
बाल्नु पर्छ अनि त्यो बल्दै गरेको मलमा रोटी पकाउनु
पर्छ। तिमीले यो रोटी मानिसको आँखाको सामने खानु
पर्छ।" १३तब परमप्रभुले भन्नुभयो, "यसले यो देखाउँछ
कि इस्राएलका परिवारले विदेशमा अशुद्ध भोजन
खानेछन् अनि मैले तिनीहरूलाई इस्राएल छोड़न अनि
विदेशहरूमा जान बाध्य गरें।"

१४त्यसपछि मैले आश्चर्य भएर भनें, "तर हे
परमप्रभु मेरो मालिक! मैले अशुद्ध भोजन कहिले
खाइन। मैले कहिले जनावरको मासु खाइन जुन कुनै
रोगले मरेको होस या कुनै जंगली जनावरले मारेको
होस्। मैले बाल्यकालदेखि अहिले सम्म कुनै दिन पनि
अपवित्र मासु खाइन्। मेरो मुखमा त्यस्तो नराम्रो मासु
पसेको छैन्।"

१५तब परमेश्वरले मलाई भन्नुभयो, "ठीक छ! म
तिमीलाई रोटी पकाउनुको निम्ति गाईको गोबर प्रयोग
गर्नु दिनेछु। तिमीले मानिसहरूको सुकेको दिसाको
प्रयोग गर्न आवश्यक छैन।"

१६तब परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको
छोरो, म यरूशलेममा भोजनको लागि उब्जनी नष्ट
पार्दै छु। मानिसकहाँ भोजन कम्ती रहनेछ। तिनीहरू
आफ्नो भोजनको अभावले साह्रै चिन्तित हुनेछन् अनि
तिनीहरूले पिउने पानी पनि नोपेर (जोखेर) मात्र पिउने
छन्। १७किनभने मानिसहरूको निम्ति प्रयाप्त भोजन
अनि पानी हुँदैन। मानिसहरू एक अर्कालाई हेरेर
डराउनेछन् किनकि तिनीहरूले आफ्नो पापको कारण
एउटाले अर्कोलाई नष्ट भएको देख्नेछन्।

५ १-२"हे मानिसको छोरो! तिमीले आफ्नो उपवासको
समय पछि यो काम गर्नुपर्छ। तिमीले एउटा
धारिलो तरवार लिनु पर्छ। त्यो तरवारको प्रयोग हजामको
छुरा जस्तै गर। तिमीले आफ्नो कपाल र दाह्री त्यसले
काट। कपाललाई तराजुमा राखेर तौल। आफ्नो कपाललाई
तीन बराबर भागमा बाँड़। आफ्नो कपालको तिहाई
भाग त्यस ईटामाथि राख जसमा तिमीले शहरको चित्र
बनाएका छौ। त्यो 'शहरमा' राखेको कपाल जलाऊ।
यसले देखाउने गर्छ केही मानिसहरू शहर भित्र
मर्नेछन्। त्यस समय तरवार उपयोग गर अनि आफ्नो
कपालको एक तिहाई भाग सानो-सानो टुक्रा पारेर
काट। त्यो कपाललाई ईंटामा बनाएर शहरको वरिपरि
राख। यसले देखाउँछ कि केही मानिस शहर बाहिर
मर्नेछन्। त्यसपछि आफ्नो कपालको एक तिहाई भाग
हावामा उड़ाइदेऊ। त्यसलाई हावाले टाढ़ो उड़ाएर लान
देऊ। यसले त्यो देखाउँछ कि म आफ्नो तरवार
निकाल्नेछु अनि कतिपय मानिसहरूलाई खेदे्दै तिनीहरूलाई
टाढ़ो देशमा भगाई दिनेछु। ३तर त्यति बेला तिमी
जानुपर्छ अनि त्यो कपालको केही भाग ल्याउनु पर्छ।
त्यो कपालहरू ल्याएर, त्यसलाई छोप अनि त्यसको
रक्षा गर। यसले देखाउँछ कि म आफ्नो मानिसहरू
मध्ये कतिलाई बचाउँनेछु। ४अनि अब केही ज्यादा
कपालहरू ल्याऊ अनि तिनीहरूलाई आगोमाथि
फ्याकिदेऊ। यसले त्यो देखाउँछ आगो त्यहाँबाट शुरू
हुनेछ अनि इस्राएलको सम्पूर्ण परिवारलाई जलाई
दिनेछ।"

५त्यति बेला परमप्रभु मेरा मालिकले मलाई भन्नुभयो,
"त्यो ईटाँ यरूशलेम हो। मैले यरूशलेम शहरलाई
अन्य राष्ट्रहरूको बीचमा राखेको छु। यस समय
इस्राएलको चारैतिर अन्य देशहरू छन्। ६यरूशलेमका
मानिसहरूले मेरो नियमहरू र विधिहरू प्रति विद्रोह
गरे। तिनीहरू अन्य कुनै पनि राष्ट्र भन्दा एकदमै
नराम्रो छन्। तिनीहरूले मेरो नियमहरू त्यति ज्यादा
विरोध गरे जति चारैतिरको अन्य देशहरूले विरोध

गरेनन्। तिनीहरूले मेरो आदेशहरू सुन्नु अस्वीकार
गरिदिए। तिनीहरूले मेरो विधिहरू र विधानहरू पालन
गरेनन्।"
७यसकारण परमप्रभु मेरो मालिकले भन्नुभयो, "म
तिमीहरूमाथि भयंकर विपत्ती ल्याइदिनेछु। किन? किनभने
तिमीहरूले मेरो नियम पालन गरेनौ। तिमीहरूले मेरो
नियमहरू तिमीहरूको चारै तिर बस्ने मानिसहरूले भन्दा
पनि ज्यादा भङ्ग गर्‍यौ। तिमीहरूले त्यो काम पनि
गर्‍यौ जुन तिनीहरूले गल्ती भन्छन्।" ८यसकारण
परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म पनि तिमीहरूको
विरूद्धमा छु, म तिमीहरूलाई यस्तो दण्ड दिनेछु
जसलाई अर्को मानिसले पनि देख्न सकोस्। ९म
तिमीहरूलाई यस्तो गर्नेछु जुन मैले अघि कहिले गरेको
थिइन्। अनि म त्यो भयानक काम फेरि कहिले पनि
गर्नेछैन्। किनभने तिमीहरूले धेरै डरलाग्दा कार्यहरू
गरेकाछौ। १०यरूशलेमका मानिसहरू भोकले यति
तड़पिने छन कि आमा-बाबुले तिनीहरूको आफ्नै छोरा-
छोरीहरू खाने छन् अनि छोरा-छोरीहरूले तिनीहरूको
आफ्नै आमा बाबुहरू खाने छन्। म तिनीहरूलाई यस्तो
प्रकारले दण्ड दिनेछु, अनि जो जति बाँचेका हुन्छन्
तिनीहरूलाई म हावामा तितर-बितर पारिदिनेछु।"
११परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "यरूशलेम, म
आफ्नो जीवनको शपथ खाएर भन्दैछु म तँलाई दण्ड
दिनेछु। म प्रतिज्ञा गर्दैछु कि म तँलाई दण्ड दिनेछु।
किन? किनभने तैँले मेरो पवित्र स्थानको विरूद्धमा
भयंकर पाप गरिस्। तैले घृणित काम गरेर मेरो स्थान
मैला बनाइ दिइस्। म तँलाई दण्ड दिनेछु। म तँमाथि
दया गर्ने छैन्। म तेरो निम्ति दु:खको अनुभव गर्ने
छैन्। १२तेरो एक तिहाइ मानिस शहरभित्र रोगले अनि
भोकै मर्नेछन्। तेरो एक तिहाइ मानिस युद्धको समयमा
शहर बाहिर मर्नेछन् अनि एक तिहाइ मानिसहरूलाई म
आफ्नो तरवार हातमा लिएर खेद्दै तितर-बितर पार्नेछु।
१३तब मात्र म तिनीहरू प्रति क्रोधित हुन रोकिनेछु।
तिनीहरूले नराम्रो कार्यहरू गरेकोमा म आफैले
तिनीहरूमाथि बदला लिन तिनीहरूलाई घटाउनेछु। तब
तिनीहरूले सम्झनेछन् म परमप्रभुले तिनीहरूको विरुद्धमा
उत्साहित भएर काम गरेको छु।"
१४परमेश्वरले भन्नुभयो, "यरूशलेम म तँलाई नष्ट
गर्छु। तँ ढुङ्गाको थुप्रो बाहेक अरू केही हुने छैनस।
चारैतिरका मानिसहरूले तेरो हाँसो उड़ाउने छन्। प्रत्येक
मानिस जुन तेरो छेउबाट जान्छ त्यसले तेरो हाँसो
उड़ाउँछ। १५चारैतिरका जातिहरूले तेरो हाँसो उड़ाउँनै
छन्, तर त्यसबाट तिनीहरूले शिक्षा पाउँनेछन्। तिनीहरूले
देख्नेछन्, म क्रोधित थिएँ अनि मैले तिमीहरूलाई दण्ड
दिएँ। म एकदमै क्रोधित थिएँ। मैले तिमीहरूलाई
चेताउनी दिएको थिएँ। म, परमप्रभुले तिमीहरूलाई
भनेको थिएँ म के गर्नेछु। १६मैले भनेको थिएँ कि म
तिमीहरूमाथि भयंकर अनिकालको समय पठाइदिनेछु।
मैले तिमीसित भनेको थिएँ, 'म ती चीजहरू पठाउँनेछु
जसले तिमीलाई नाश गर्छ अनि तिमीसित भनेको थिएँ
म तिम्रो भोजनको आपूर्ति खोस्नेछु, अनि त्यो अनिकालको
समय घरि-घरि आउनेछ। १७मैले तिमीसँग भनेको थिएँ
कि म तिमीहरू भएको ठाउँमा अनिकाल या जंगली
जनावर पठाउँनेछु, जसले तिम्रो नानीहरू मार्नेछ। मैले
तिमीसित भनेको थिएँ कि पुरै शहरमा रोग अनि मृत्यु
फैलिनेछ अनि म ती सैनिक शत्रुहरू तिम्रो विरुद्धमा
लड़नका निम्ति ल्याउँदैछु। म परमप्रभुले यी सबै
कुराहरू घट्नेछ भनेको थिएँ अनि तिनीहरू घट्नेछन्।"

६ त्यसपछि परमप्रभुको वचन फेरि मकहाँ आयो।
२उहाँले भन्नुभयो, "हे मानिसको छोरो, इस्राएलको
पर्वतहरूपट्टि फर्क। मेरो निम्ति तिनीहरूको विरूद्ध
भन। ३ती पर्वतहरूसित यसो भन:
'हे इस्राएलको पर्वतहरू! परमप्रभु मेरो मालिकको
तर्फबाट यो संदेश सुन। परमप्रभु मेरा मालिक पहाड़हरू,
पर्वतहरू, बेंसीहरू अनि खोल्चाहरूसँग यसो भन्नुहुन्छ!
ध्यान देऊ। म (परमेश्वर) शत्रुलाई तिम्रो विरूद्धमा
लड़नका निम्ति ल्याउँदैछु। म तिम्रो उच्च स्थानहरू
नष्ट गरिदिनेछु। ४तिम्रो वेदीहरू भत्काएर टुक्रा-टुक्रा
पारिदिनेछु। तिम्रो सुगन्धित धूप चढ़ाउने वेदीहरू पनि
भत्काइ दिनेछु। अनि म तिम्रो लाशहरू तिम्रो अपवित्र
मूर्तिहरूको अघाड़ी फ्याँकिदिनेछु। ५म इस्राएलका
मानिसहरूको लाशहरू तिनीहरूको अपवित्र मूर्तिहरूको
अघि फ्याँकिदिनेछु। म तिमीहरूको हड्डीहरू तिमीहरूको
वेदीहरूको चारैतिर तितर बितर पारिदिनेछु। ६जहाँ-जहाँ
तिमीहरूका मानिसहरू बस्छन् त्यहाँ नराम्रा कुराहरू
ल्याई दिनेछु। तिनीहरू शहरहरूमा खाली ढुङ्गाको
थुप्रोमा परिणत हुनेछन्। तिनीहरूको उच्च स्थान नष्ट
हुनेछ। किनकि ती पूजा स्थानहरूको उपयोग फेरि हुन
नसकोस्। ती सबै वेदीहरू नष्ट गरिनेछ। मानिसहरूले
फेरि ती अपवित्र मूर्तिहरू पूज्ने छैनन्। त्यो सुगन्धि
धूपको वेदीहरू स-साना टुक्रा पारिनेछ। तिमीहरूले जो
बनायौ त्यो पूर्ण रूपमा नष्ट पारिनेछ। ७तिम्रा मानिसहरू
मर्नेछन् अनि तिमीले थाहा पाउनेछौ कि परमप्रभु म नै
हुँ।'"
८परमेश्वरले भन्नुभयो, "तर म तिमीहरूका कतिपय
मानिसहरूलाई बाँच्ने दिनेछु। ती केही समय सम्म
विदेशमा बस्नेछन्। म तिनीहरूलाई तितर-बितर पार्नेछु
अनि विदेशमा बस्नका निम्ति बाध्य पार्नेछु। ९त्यसपछि
ती बाँचेका मानिसहरूलाई बन्दी बनाइनेछ। तिनीहरूलाई
विदेशमा बस्नको निम्ति बाध्य पारिनेछ। तर ती बाँचेका
मानिसहरूले मलाई सम्झनेछन्। मैले तिनीहरूको
आत्मालाई* खण्डित पारें। जुन पाप तिनीहरूले गरे

**आत्मा** साहित्यिक रूपले हृदय।

त्यसको निम्ति तिनीहरू स्वंयले आफैलाई धृणा गर्ने
छन। बितेको समयमा जो मबाट विमुख भएर टाढ़ा
गएका थिए, तिनीहरू आफ्नो नराम्रो मूर्तिहरूको पछि
लागेका थिए। तिनीहरू त्यस प्रकारको स्त्रीहरू जस्तै
थिए जो आफ्नो पतिलाई छोड़ेर अर्को पुरूषको पछि
लाग्छे। तिनीहरूले भंयकर पाप गरेका थिए। १०तर
तिनीहरूले बुझ्नेछन् कि म नै परमप्रभु हुँ अनि
तिनीहरूले यो पनि थाहा पाउनेछन् यदि मैले केही गर्छु
भन्ने ठाने भने त्यो गर्छु। तिनीहरूले बुझ्नेछन् यो सबै
आपतहरू तिनीहरूमाथि आइलाग्यो ती सबै मैले गराएको
हुँ।"

११तब परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो,
"ताली बजाऊ र खुट्टा ठट्टाएर भन्, हाय! इस्राएलका
मानिसहरूले गरेका सबै डरलाग्दा कुरा भन। तिनीहरूलाई
चेताउनी देऊ कि तिनीहरू रोग अनि भोकले मर्नेछन्।
तिनीहरूलाई भन कि तिनीहरू युद्धमा मारिने छौ।
१२टाढ़ाका मानिसहरू रोगबाट मर्नेछन्। छेउका मानिसहरू
तरवार द्वारा मारिनेछन्। शहरमा छाड़िएका मानिसहरू
भोकले मर्नेछन्। त्यसपछि म क्रोधित हुन छाड़ँनेछु।
१३अनि तब मात्र तिमीहरूले थाहा पाउने छौ कि म
परमप्रभु हुँ।" तिमीले यो त्यति बेला सम्झने छौ जब
तिमी आफ्नो लाश अपवित्र मूर्तिहरूको छेऊ अनि
वेदीहरूको चारैतिर देख्नेछौ। ती शरीरहरू तिमीहरूका
प्रत्येक पूजा स्थानहरूका ठाउँमा प्रत्येक पहाड़ तथा
प्रत्येक हरियो फल नलाग्ने रूख अनि त्यस रूखको
मुनि लाश हुनेछ। ती सबै ठाँउमा तिमीहरूले आफ्नो
बलि चढ़ाएकाछौं। १४तर म आफ्नो हात तिमीहरूमाथि
उठाँउनेछु अनि तिमी तिम्रा मानिसहरू जहाँ पनि
बस्छन, दण्ड दिनेछु। म तिम्रो देश नष्ट पारिदिने छु!
यो दिब्ला मरूभूमि भन्दा पनि सनुसान हुनेछ। त्यस
पछि तिनीहरूले जान्ने छन म नै परमप्रभु हुँ।"

७ तब परमप्रभुको सन्देश मकहाँ आयो। २उहाँले
भन्नुभयो, "हे मानिसको छोरा, अब परमप्रभु मेरो
मालिकको संदेश यस प्रकार छ। यो संदेश इस्राएल
देशको निम्ति हो:

अन्त्य! अन्त्य आइरहेको छ। सारा देश नष्ट हुनेछ।
३अब तिम्रो अन्त्य आएको छ। म देखाउँने छु कि
म तिमीहरू प्रति कति क्रोधित छु। म तिमीलाई त्यो
नराम्रो कर्मका निम्ति दण्ड दिनेछु जुन तिमीले गरेका
छौ। तिमीले जुन डरलाग्दो काम गरेका छौ म
तिमीलाई त्यसको दण्ड तिराउँने छु।

४म तिमीहरूलाई दया देखाउने छँईन म तिमीहरू
प्रति टिठउने छैन। म तिमीहरूलाई तिमीहरूको नराम्रो
कामको निम्ति दण्ड दिदैँछु। तिमीहरूले डरलाग्दो काम
गरेका छौ। अब तिमीले बुझ्नेछौ म नै परमप्रभु हुँ।"

५परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो,
"एक पछि अर्को गर्दै आपत आउँनेछ। ६अन्त आइरहेछ
अनि यो एकदमै छिटो आउनेछ। ७तिमी इस्राएलका
मानिसहरू, के तिमीहरूले चेताउनीको ध्वनी सुनिरहेकोछौ?
शत्रुहरू आउँदैछ। त्यो दण्डको समय चाँढ़ै आउँदैछन्।
शुत्रहरूको खैलाबैला भन्न चर्को हुँदै पर्वतमाथि पुग्दैछ।
८म चाँड़ै नै देखाउँनेछु कि म कति क्रोधित छु। म
तिम्रो विरुद्ध मेरो सारा क्रोध प्रकट गर्नेछु। म ती
नराम्रो कामको निम्ति दण्ड दिनेछु जुन तिमीले गरेकाछौ।
तिमीलाई तिमीले गरेको डरलाग्दो कार्यको निम्ति ज्याला
दिन लगाउनेछु। ९म तिमीहरूप्रति अलिकति पनि दया
देखाउने छैन्। म तिमीलाई छोड़ने छैन। तिमीहरूको
नराम्रो कामको निम्ति तिमीलाई दण्ड दिँदैछु। तिमीहरूले
जुन डरलाग्दो काम गरेकाछौ, अब तिमीले थाहा पाउने
छौ म नै परमप्रभु हुँ।

१०"दण्डको त्यो समय आई पुग्यो। दण्ड फूलहरू
फूल्न शुरू भए जस्तै शुरू हुनेछ; के तिमीले चेताउनीको
ध्वनी सुन्दैछौ? परमेश्वरले संकेत दिनु भएकोछ। फूल
फूल्नु लागे झैं दण्ड आरम्भ हुँदैछ। घमण्डी राजा
नबूकदनेस्सर तयार छ। ११त्यो हिस्त्रंक मानिस दुष्ट
मानिसहरूलाई दण्ड दिन तयारी भइरहेको छ। उ
तिनीहरू मध्येको एकजना होइन। उ तिनीहरूको भीड़बाट
एक जना होइन। ऊ तिनीहरूको सन्तान मध्येको पनि
एक होइन। ऊ तिनीहरूको अगुवाहरू मध्यको पनि
होइन।

१२"दण्डको समय आई पुगेको छ। त्यो दिन आई
पुग्यो। जसले ती चीजहरू किन्छन, तिनीहरू खुशी
नहुन्। ती जो खिन्न चीजहरू बेच्छन तिनीहरू पनि
खुशी नहुन। किनभने डरलाग्दा दण्ड प्रत्येक मानिसमाथि
आउँनेछ। १३मानिस जसले उसको सम्पत्ति बेच्छ यो
उसले फिर्ता पाउने छैन्। यद्यपि मानिस जीवित रहेता
पनि उसले उसको सम्पत्ति फिर्ता पाउँने छैन्। किनभने
यो दर्शन सम्पूर्ण समूहका मानिसहरूका निम्ति हो।
यसलाई फिर्ता लिन सक्तैन। प्रत्येक मानिसले उसको
पापहरूको कारण उसको ज्यान सम्म बचाउनु सक्तैन।

१४"तिनीहरूले मानिसहरूलाई चेताउनी दिन तुरही
बजाउने छन्। मानिसहरू युद्ध गर्नको निम्ति तयार
रहन्छन्। तर तिनीहरू युद्ध गर्न निस्कने छैनन्। किनभने
तिनीहरू सबैसित अत्यनतै क्रोधित छु। १५तरवार लिएर
शत्रुहरू शहरको बाहिर छन्। रोग अनि भोक शहर
भित्र छ। यदि कोही पनि शत्रुको मैदानमा गयो भने
शत्रुको सेनाले त्यसलाई मार्नेछ। यदि उ शहरमा बस्यो
भने रोग र भोकले उसलाई नष्ट पार्नेछ।

१६"तर कति मानिसहरू बाँचेर निस्कने छन्। ती
बाँचेका मानिसहरू भागेर पहाड़माथि जानेछन्। तर
तिनीहरू सुखी हुने छैनन्। तिनीहरू आफ्नो पापले गर्दा
दुःखी हुनेछन्। तिनीहरू चिच्याउने छन् अनि ढुकुरले
जस्तै दुःखले भरिएको आवाज निकाल्नेछन्। १७मानिसहरू
यति थकित र खिन्न हुनेछन् कि तिनीहरू आफ्नो हात

पनि उठाउँनु सक्ने छैनन्। तिनीहरूको खुट्टा पानी जस्तै हुनेछ। १८तिनीहरूले भाङ्ग्रा लगाउँनै छन् अनि डरले काम्ने छन्। तिमीहरू प्रत्येकको अनुहारमा लाज देख्ने छौ। तिनीहरूले शोक देखाउनको निम्ति आफ्नो टाउको खौराउँनै छन्। १९तिनीहरूले तिनीहरूको चाँदीको मूर्तिहरू सड़कमा फ्याँकिदिने छन्। तिनीहरूको आफ्नो सुनको मूर्तिहरू अशुद्ध चीज जस्तै हुनेछ। किन? किनकि जब परमप्रभुले क्रोध प्रकट गर्नु भयो त्यति बेला मूर्तिहरूले तिनीहरूलाई बचाउँन सकेन्। ती मूर्तिहरू मानिसका निम्ति पतनको जाल अतिरिक्त अरू थिएन्। ती मूर्तिहरूले मानिसहरूलाई खाने कुरा दिन सकेनन्। ती मूर्तिहरूले तिनीहरूको पेटमा अन्न पुऱ्याएन्।

२०“ती मानिसहरूले तिनीहरूको सुन्दर गहना उपयोग गरेर मूर्ति बनाए। तिनीहरूले त्यो मूर्तिमाथि घमण्ड गरे। तिनीहरूले तिनीहरूको डरलाग्दो मूर्तिहरू बनाए। तिनीहरूले अपवित्र चीजहरूको बनाए। त्यसकारण म तिनीहरूलाई अशुद्ध चीज जस्तै फ्याँकिदिनेछु। २१म तिनीहरूलाई विदेशीहरूको हातमा छोड़िदिनेछु। ती विदेशीहरूले तिनीहरूको हाँसो उड़ाउनेछन्। ती विदेशीहरूले तिनीहरू मध्ये कतिलाई मार्नेछन अनि कतिलाई बन्दी बनाउँनेछन्। २२म आफ्नो अनुहार तिनीहरूदेखि फर्काउनेछु तिनीहरूलाई हेर्नेछैन्। ती विदेशीहरूले मेरो मन्दिर भत्काउनेछन् तिनीहरू त्यो पवित्र भवनको गुप्त भागमा जान्छन् अनि त्यसलाई अपवित्र बनाउँनेछन्।

२३“कैदीहरूकानिम्ति साङ्ग्ली तयार पार! किन? किनभने धेरै मानिसहरूलाई अरू मानिसहरू मारेको खातिर दण्ड दिनेछ। त्यहाँ शहरका प्रत्येक ठाउँहरूमा अत्याचार फैलिने छ। २४म अरू देशहरूबाट दुष्ट मानिसहरू ल्याउँनेछु। अनि ती दुष्ट मानिसहरूले सबै इस्राएलका मानिसहरूका घरहरू पाउँनेछन्। म सबै शक्तिशाली मानिसहरूलाई घमण्डी हुनुबाट रोक्नेछु। अरू देशहरूका ती मानिसहरूले तिमीहरूको पूजा गर्ने सबै स्थानहरू लिनेछन्।

२५“तिमीहरू मानिसको डरले काम्ने छौ। तिमीहरू शान्ति खोज्नेछौ तर त्यहाँ पाउँने छैनौं। २६तिमीले एक पछि एक गर्दै दु:खको कथा सुन्ने छौ। तिमीले नराम्रो खबर बाहेक अरू केही सुन्ने छैनौ। तिमीले अगमवक्ताको खोजी गरेर दर्शन सोध्नेछौ, तर तिमीहरूले केही पनि पाउने छैनौ। पूजाहारीसँग तिमीहरूलाई दिने व्यवस्थाको शिक्षा केही पनि हुने छैन अनि बूढ़ा-प्रधानहरूसँग तिमीलाई दिने राम्रो सल्लाह हुनेछैन। २७तिमीहरूको राजा तिनीहरूको निम्ति रूनेछन् जो मरिसकेको छ। अगुवाहरूले शोक वस्त्र लगाउने छन्। साधरण मानिसहरू अत्यन्तै डराउँनेछन्। किन? किनकि म त्यसको बदला लिन्छु जुन तिनीहरूले गरेका छन्। म तिनीहरूलाई निश्चय दण्ड दिनेछु। त्यति बेला तिनीहरूले सम्झने छन् कि म नै परमप्रभु हुँ।”

८ एक दिन म आफ्नो घरमा बसिरहेका थिए अनि यहूदाको बूढ़ा-प्रधानहरू त्याँहा मेरो छेउमा बसेका थिए। यो देशबाट निकालिएको छैटौं वर्षको छैटौं महिनाको पाचौं दिनको कुरा हो। अचानक परमप्रभु मेरो मालिकको शक्ति मकहाँ आयो। २मैले देखें त्यो आगो जस्तै थियो। एउटा मानिसको शरीर जस्तै देखिँदै थियो। कम्मरमुनि त्यो आगो जस्तै थियो। कम्मरमाथि त्यो आगोले टल्काएको पीतल जस्तै चहकिलो थियो। ३तब मैले केही हात जस्तै देखिने पसारेको देखें। त्यो हातले मेरो टाउकाको कपाल समातेर मलाई उठायो। तब बतासले मलाई हावामा उचाल्यो अनि मलाई यरूशलेम लिएर गयो। परमेश्वरको दर्शनमा हातले मलाई उत्तर तिर फर्केको मन्दिरको भित्री ढोकामा पुऱ्यायो। परप्रभुलाई डाह गराउने मूर्ति त्यहाँ थियो। ४त्यहाँ इस्राएलका परमेश्वरको महिमा थियो। मैले त्यस्तो महिमीत दर्शनको कबारको खोल्चामा देखे।

५परमप्रभु मसित बोल्नुभयो। उहाँले भन्नुभयो, “हे मानिसको छोरो। उत्तर पट्टि हेर!” यसकारण मैले उत्तर पट्टि हेरें। अनि त्यहाँ मूल ढोकाको वेदी द्वारको उत्तरपट्टि त्यो मूर्ति थियो, जुन प्रति परमेश्वरको डाह, हुन्थ्यो।

६तब परमेश्वरले मलाई भन्नुभयो, “मानिसको छोरा! के तिमीले देख्यौ इस्राएलका मानिसहरूले कति डरलाग्दा कुराहरू गरिरहेका छन्? तिनीहरूले त्यो चीज यहाँ मेरो मन्दिरको छेउमा बनाएकोछ। यदि तिमी मसँग आयौ भने त्यो भन्दा पनि अझै भयंकर चीजहरू देख्नेछौ।”

७यसकारण म चोकको प्रवेशद्वारमा गएँ अनि मैले भित्तामा एउटा प्वाल देखें। ८परमेश्वरले मलाई भन्नुभयो, “हे मानिसको छोरो। त्यो भित्ताको प्वाल भित्र पस।” यसकारण म भित्ताको प्वाल भएर गएँ अनि यहाँ मैले एउटा ढोका देखें।

९तब परमेश्वरले मलाई भन्नुभयो, “भित्र जाऊ, अनि ती डरलाग्दा दुष्ट कामहरू हेर, जुन मानिसहरूले यहाँ गरिरहेका छन्।” १०यसकारण म भित्र गएँ अनि हेरे। मैले त्यहाँ सबै किसिमको घस्त्रने जन्तुहरू, घिनलाग्दा पशुहरू र इस्राएलको घरानाका सबै मूर्तिहरूका चित्रहरू बनाएको देखें, जसको विषयमा सोच्न पनि घिन लाग्छ। ती इस्राएलका मानिसहरूले पूज्ने देव-मूर्तिहरू अपवित्र थिए। त्यहाँ ती जनावरहरूको चित्र प्रत्येक भित्तामा चारैतिर खोपेको थियो।

११तब मैले ध्यान दिएँ कि शापानको छोरा याजन्याह अनि इस्राएलका सत्तरीजना बूढ़ा-प्रधानहरू त्यस स्थानमा पूजा गर्नेहरूसित थिए। त्यहाँ तिनीहरू मानिसहरूको ठीक छेउमा थिए। अनि प्रत्येक अगुवाहरूको हातमा आ-आफ्नो सुगन्धित धूपको थाल थियो। बल्दै गरेको धूपको धूवाँ हावामा उड़दै थियो।

१२तब परमेश्वरले मसित भन्नुभयो, “हे मानिसको
छोरो के तिमी देख्दैछौ इस्राएलको बूढ़ा-प्रधानहरू
अँध्यारोमा के गर्दारहेछन्? प्रत्येक मानिससँग आ-आफ्नो
झूटो देवताका निम्ति एउटा विशेष कोठा छ। तिनीहरू
आपसमा यसो भनेर कुरा गर्छन, ‘परमप्रभुले हामीलाई
देख्न हुदैन र परमप्रभुले यस देशलाई छोड़िसक्नु भएको
छ।’” १३तब परमप्रभुले मलाई भन्नुभयो, “यदि तिमी
मसँग आयौ भने ती मानिसहरूले गदै गरेको डरलाग्दो
कामहरू तिमीले देख्नेछौ।”

१४तब परमेश्वरले मलाई परमप्रभुको मन्दिरको
प्रवेश द्वारमा लिएर जानुभयो। यो द्वार उत्तरपट्टि थियो।
त्यहाँ मैले स्त्रीहरू बसेर रूँदै गरेको देखे। तिनीहरू
झूटा देवता तम्मूजको विषयमा शोक मनाइरहेका थिए।
१५परमेश्वरले मलाई भन्नुभयो, “हे मानिसको छोरो,
के तिमीले ती भयंकर कुराहरू देखिरहेकाछौ? मेरो
साथमा आऊ अनि तिमीले यो भयंकर चीजहरू
देख्नेछौ?” १६तब उहाँले मलाई परमप्रभुको मन्दिरको
भित्री चोकमा लिएर जानुभयो। त्यस ठाँउमा मैले
पच्चीस जना मानिसहरू तल निहुरेर पूजा गर्दै गरेको
देखें। त्यो दलान अनि वेदीको बीचमा थियो। तर
तिनीहरू गल्त दिशातिर फर्केर उभिएका थिए। तिनीहरूको
ढाड़ पवित्रस्थान पट्टि थियो। तिनीहरू सूर्यको पूजा
गर्नका निम्ति तल निहुरिएका थिए!
१७तब परमेश्वरले भन्नुभयो, “मानिसको छोरा,
तिमी यो देख्दैछौ? यहूदाका मानिसहरूले त्यो मेरो
मन्दिरलाई यति महत्वहीन सम्झनछन् कि तिनीहरूले
यस्तो डरलाग्दा कुराहरू गर्छन्। यो देश हिंसाले भरिएको
छ। तिनीहरूले मलाई निरन्तर रीस उठाउने काम
गर्छन्। हेर, तिनीहरूले आफ्नो नाकमा मूर्खहरूले झैं
कुण्डल पनि घुसाछर्न। १८म तिनीहरूमाथि आफ्नो
क्रोध प्रकट गर्नेछु, म तिनीहरूमाथि कुनै दया राख्ने
छैन्। म तिनीहरूको निम्ति दु:ख अनुभव गर्ने छैन।
तिनीहरू मलाई उच्च स्वरले बोलाउँने छन्, तर म सुन्न
अस्वीकार गरिदिनेछु।”

९ तब परमेश्वरले शहरमा दण्ड दिनको निम्ति
उत्तरदायी प्रमुखहरूलाई ठूलो स्वरले बोलाउनुभयो
प्रत्येक प्रमुखको हातमा उसको आफ्नों ध्वंसक हतियार
थियो। २तब मैले छ: जना मानिसहरू माथिल्लो
ढोकाबाट सड़कमा आउँदै गरेको देखें। त्यो ढोका
उत्तरपट्टि थियो। प्रत्येक मानिसले आफैलाई नाश गर्ने
हतियार आ-आफ्नो हातमा लिएका थिए। ती मानिसहरू
मध्ये एक जनाले सूती लुगा लगाएको थियो। उसले
कम्मरमा मसीदानी भिरेको थियो। तिनीहरू मन्दिरभित्र
गएर काँसाको वेदीको छेउमा उभिए। ३तब इस्राएलका
परमेश्वरको महिमा करूब स्वर्गदूतहरू कहाँ गयो जहाँ
उहाँ हुनुहुन्थ्यो। तब महिमा मन्दिरको ढोकामा गयो।
जब त्यो सँघारमा उभियो तब महिमाले जसले सूतीको
लुगा लगाएर लेखेको लेख्ने साधानहरू लिएको थियो
त्यस मानिसलाई बोलायो।
४तब परमप्रभुले उसलाई भन्नुभयो, “यरूशलेम
शहरबाट भएर जाऊ। त्यो शहरमा मानिसहरू तिनीहरूप्रति
गरिएको डरलाग्दो चीजहरूको विषयमा दु:खी छन् अनि
आपातमा छन्, तिनीहरू प्रत्येकको निधारमा एउटा चिन्ह
लगाई देऊ।”
५-६तब मैले परमेश्वरले अरू छ: जना मानिसहरूसित
कुरा गरेको सुनें, “म चाहन्छु कि तिमी प्रथम
मानिसलाई अनुसरण गर। तिमीले ती सबै मानिसहरूलाई
मार जसको निधारमा चिन्ह छैन्। यो केही नसोच कि
बूढ़ा-मानिस, युवक, युवती, नानी अथवा आमाहरू हुन्
भनेर। तिनीहरू माझ जसको निधारमा चिन्ह छैन
प्रत्येकलाई मार्न तिमीले तिम्रो हतियारहरू प्रयोग गर्नु
पर्छ। कुनै दया नदेखाऊँ। तिनीहरूलाई नछोड़ यहाँ मेरो
मन्दिरबाट शुरू गर।” यसकारण तिनीहरूले मन्दिर
भित्रको बूढ़ा-पाखाहरूबाट शुरू गरे।
७परमेश्वरले उसलाई भन्नुभयो, “यो मन्दिरलाई
अपवित्र बनाइदेऊ। यो चोकहरू लाशले भरिदेऊ!”
यसकारण तिनीहरू गए अनि तिनीहरूले शहरमा मानिसहरू
मार्न थाले।
८जब ती मानिसहरूले, मानिसहरूलाई मार्न गए,
त्यति बेला म त्यहीँ उभिरहे। मैले मेरो शिर भूईतिर
निहुराएर कराए, “परमप्रभु मेरो मालिक तपाईं यरूशलेमको
विरुद्ध क्रोध प्रकट गर्नका निम्ति तपाईंले इस्राएलमा
बाँचेका सबै मानिसहरू मार्दैहुनु हुन्छ?”
९परमेश्वरले भन्नुभयो, “इस्राएल अनि यहूदाका
परिवारले अत्यन्तै पाप गरेका छन्। यस देशमा सम्पूर्ण
मानिसहरूको हत्या भइरहेकोछ अनि यो शहर अपराधले
भरिएकोछ। किन? किनभने मानिसहरू स्वंय भन्छन्,
‘परमप्रभुले यो देश छोड़ेर जानु भयो। उहाँले हामीलाई
यी कामहरू गरिरहेको हेर्न सक्नु हुन्न।’ १०अनि म
दया देखाउँने छैन्। म तिनीहरूका निम्ति अफसोस
अनुभव गर्ने छैन्। तिनीहरू स्वंयले यो बोलाएका हुन्,
म यिनीहरूलाई मात्र दण्ड दिदैछु जसको यिनीहरू पात्र
हुन्।”
११तब सूती लुगा लगाए र लेखकको लेख्ने
साधनहरू लिने मानिस बोल्यो। उसले भन्यो, “मैले त्यो
गरे जुन तपाईंले आज्ञा दिनु भएको थियो।”

१० तब मैले त्यो बटुका देखें जुन करूब स्वर्गदूतको
शिरमाथि थियो। बटुका नीलमणि जस्तै स्वच्छ
नीलो थियो। त्यहाँ बटुकामाथि सिंहासन जस्तो केही
चीज देखिन्थ्यो। २तब सिंहासनमा बस्ने मानिसले मिहिन
सूती लुगा लगाएको मानिससित भन्नुभयो, “करूब
स्वर्गदूतको मुनि रहेको पाङ्ग्राहरूको माझमा आऊ।
करूब स्वर्गदूतको बीचबाट जलिरहेको कोइला हातमा

भर। जल्दै गरेको कोइलाहरू लैजाऊ अनि तिनीहरूलाई
यरूशलेमको शहरमाथि फ्याँकिदेऊ।"
मैले हेरिरहेको थिए मानिस भित्र गयो। ३जब त्यो
मानिस भित्र पस्यो करूब स्वर्गदूत त्यस समय मन्दिरको
दक्षिणपट्टि उभिरहेको थियो, भित्री चोक बादलले
भरियो। ४तब परमप्रभुको महिमा करूब स्वर्गदूतबाट
अलग भएर मन्दिरको ढोकामा गयो। बादल मन्दिरमा
भरियो अनि परमप्रभुको महिमाले चोक पूरै भरियो।
५तब मैले करूब स्वर्गदूतको पखेटा फट्फटाएको जोड़
आवाज चोकमा सुनें। चोकमा फट्फटाहट बढ़ो जोड़सित
थियो। सर्वशक्तिमान परमेश्वर बोल्नु भए भैं त्यो
फट्फटाहटको आवाज जोड़ेले सुनिन्थ्यो।
६परमेश्वरले मिहिन सूतीको लुगा लगाउने मानिसलाई
आज्ञा दिनुभयो। परमेश्वरले उसलाई पाङ्ग्राहरूको
बीचमा जाने आज्ञा दिनुभयो अनि करूब स्वर्गदूतको
मुनिबाट बल्दै गरेको कोइला ल्याउन लगाउनु भयो।
यसकारण उ पाङ्ग्राहरूको बीचमा पस्यो अनि पाङ्ग्राहरू
मध्ये एउटा पाङ्ग्राको छेउमा उभियो। ७करूब स्वर्गदूतले
आफ्नो हात पसारे अनि करूब स्वर्गदूतको क्षेत्रको
बीचमा बल्दै गरेको अलिकति कोइला लिएर गयो।
उसले त्यो कोइला त्यस मानिसको हातमा राखिदियो।
८(करूब स्वर्गदूतको पखेटाको मुनि यस्तो चीज थियो
जुन हेर्दा मानिसको हात जस्तै देखिन्थ्यो।)
९तब मैले देखें कि त्यहाँ चारवटा पाङ्ग्राहरू थिए।
प्रत्येक करूब स्वर्गदूतको छेउमा एउटा पाङ्ग्रा थियो।
अनि त्यो पाङ्ग्रा स्वच्छ पहेलो रंगको थियो। १०त्यहाँ
चारवटा पाङ्ग्राहरू थिए अनि सबै पाङ्ग्राहरू एक
समानका थिए। त्यो यस्तो देखिन्थ्यो कि मानौं एउटा
पाङ्ग्रा अर्को पाङ्ग्राभित्र थियो। ११जब पाङ्ग्राहरू
हिड़थे, तिनीहरू कुनै पनि दिशामा जान सक्थे। तर
तिनीहरू पछि फर्कन्दैनं थिए। तिनीहरू जति बेला
हिड़ँथे सबै एकै साथ हिड़ँथे। त्यो त्यस दिशामा
हिड़थ्यो जता त्यसको मुख फर्केको हुन्थ्यो। पछि नहेरी
तिनीहरू हिड़थे। १२त्यसको सम्पूर्ण शरीरमा नै आँखा
थियो। त्यसको पीठ, हात, त्यसको पखेटा अनि
पाङ्ग्रामा आँखा थियो। हो चारै पाङ्ग्रामा आँखा
थियो। १३ती पाङ्ग्राहरूलाई, "हुरूरू घुम्ने पाङ्ग्रा"
भनेको मैले सुनें।
१४प्रत्येक करूब स्वर्गदूतको चारवटा अनुहारहरू
थिए। पहिलो अनुहार करूबको थियो। दोस्रो अनुहार
मानिसको थियो। तेस्रो अनुहार सिंहको थियो अनि
चौथो गरुड़को थियो। १५तब मलाई थाहा भयो कि
ती करूब स्वर्गदूत तिनीहरू नै थिए जुन मैले कबार
नदीमा दर्शनमा देखेको थिएँ।
तब करूबहरू हावामाथि उड़े। १६तिनीहरूसित पाङ्ग्रा
पनि उड़्यो। पाङ्ग्राले आफ्नो दिशा त्यस बेला सम्म
बदली गरेन जति बेला सम्म करूब स्वर्गदूतहरूले
पखेटा खोलेर हावामा उड़ेनन। १७यदि करूब स्वर्गदूतहरू
शान्तिसँग उभिए पाङ्ग्रा पनि उभिबस्थ्यो। किन?
किनकि त्यसमा प्राणीहरूको आत्माको शक्ति थियो।
१८त्यसपछि परमप्रभुको महिमा मन्दिरको सँघारबाट
उठ्यो अनि करूब स्वर्गदूतहरूको स्थानमाथि गएर
रोकियो। १९त्यसपछि करूब स्वर्गदूतहरूले आफ्नो
पखेटा खोलेर हावामा उड़े। मैले उनलाई मन्दिर छोड़दै
गरेको देखें। पाङ्ग्रा उनकै साथमा गयो। त्यसपछि उनी
परमप्रभुको मन्दिरको पूर्वी ढोकामा गएर बसे। इस्राएलको
परमेश्वरको महिमा हावामा तिनीहरूमाथि थियो।
२०त्यसपछि मैले इस्राएलको परमेश्वरको महिमाको
तल प्राणीहरूको कबार नदीको दर्शनमा याद गरे अनि
मैले अनुभव गरे कि त्यो प्राणी करूब स्वर्गदूत थियो।
२१प्रत्येक प्राणीको चारवटा मुख औ चारवटा पखेटा
थिए। पखेटाको तल यस्तो चीज थियो जुन चीज
मानिसको हात जस्तो देखिन्थ्यो। २२करूब स्वर्गदूतको
त्यही चारवटा मुख थियो जुन कबार नदीको दर्शनमा
प्राणीहरूको थियो अनि त्यो सिधै अघाड़ि त्यस दिशा
तर्फ हेर्थे जुन दिशा तर्फ तिनीहरू गइरहेका हुन्थे।

**११** तब हावाले मलाई परमप्रभुको मन्दिरको पूर्वी
ढोकामा लग्यो। त्यस ढोका पूर्वपट्टि फर्केको
थियो जताबाट सूर्य उदय हुन्थ्यो। मैले त्यस मूल
ढोकाको प्रवेशमा पच्चीस जना मानिसहरू देखें। अज्जूरको
छोरा याजन्याह तिनीहरूसित थिए अनि बनायाहको छोरा
पलत्याह दुवै जना मानिसहरूको अगुवा त्यहाँ थिए।
२त्यसपछि परमेश्वर मसित बोल्नु भयो। उहाँले
भन्नुभयो, "हे मानिसको छोरो। यिनीहरू ती मानिसहरू
हुन् जसले शहरमा नराम्रो योजनाहरू बनाउँछन्। तिनीहरूले
मानिसहरूलाई नराम्रो काम गर्न उस्काउँछन्। ३तिनीहरू
भन्छन्, 'हामीहरू फेरि चाँड़ै आफ्नो घर बनाउदैनौं? यो
शहर एउटा भाँड़ा हो र हामी मासु हौ।'* ४तिमीले
मानिसहरूसँग मेरो निम्ति कुरा गर्नुपर्छ। मानिसको छोरो
जाऊ र मानिसहरूलाई अगमवाणी गर।"
५तब परमप्रभुका आत्मा ममाथि आउनु भयो र
मलाई भन्नुभयो, "तिनीहरूलाई भन परमप्रभुले यी सबै
कुरा भन्नु हुँदैछ: इस्राएलका घरानाहरू, तिमीहरूले
ठूलो योजना बनाउँदैछौ। तर मलाई थाहा छ तिमीहरूले
के सोचिरहेकाछौ। ६तिमीले यो शहरको धेरै मानिसहरू
मार्‍यौ। तिमीले सड़कको गल्लीहरू मारिएका मानिसहरूको
लाशले भरिदियौ। ७अब हाम्रा परमप्रभु यसो भन्नु
हुन्छ, 'यी सबै लाशहरू मासु हो अनि शहर भाँड़ा हो।
तर उनी (नबूकदनेस्सर) आउनेछन अनि तिमीहरूलाई
यो सुरक्षाको भाँड़ाबाट लिएर जानेछन्। ८तिमी तरवारसँग
भयभीत छौ। तर म तिम्रो विरुद्ध तरवार लिएर

**यो शहर … हो** यसको अर्थ हो तिनीहरू यरूशलेममा
सुरक्षित छन् जस्तो मासु भाड़भित्र सुरक्षा रहन्छ।

आउँदैछु।'" परमप्रभु हाम्रो मालिकले यी सबै कुरा भन्नुभयो। यसकारण यो घट्ने छ।

९परमेश्वरले यो पनि भन्नुभयो, "म तिमीहरूलाई यो शहरबाट बाहिर निकाल्नेछु अनि तिमीहरूलाई अपरिचितहरूको हातमा सुम्पिदिनेछु। म तिमीहरूलाई दण्ड दिनेछु! १०तिमीहरू तरवारद्वारा मारिनेछौ। म तिमीहरूलाई त्यहाँ इस्राएलमा दण्ड दिनेछु, यसकारण तिमीहरूले सम्झनेछौ कि त्यो म हुँ जसले तिमीहरूलाई दण्ड दिँदैछु, म परमप्रभु हुँ। ११हो, यो स्थान पकाउँने कराही हुनेछ अनि तिमीहरू यसमा मासु हुनेछौ जुन भुटिन्छ! म तिमीहरूलाई यहाँ इस्राएलमा दण्ड दिनेछु! १२त्यसपछि तिमीहरूले जान्नेछौ कि म नै परमप्रभु हुँ। त्यो मेरो नियम थियो जुन तिमीले तोड्यौ। तिमीले मेरो नियमहरू पालन गरेनौ। तिमीले आफ्नो चारैतिरको राष्ट्रका मानिसहरू जस्तै बस्ने निर्णय गर्‍यौ।"

१३मैले परमेश्वरको निम्ति बोल्न समाप्त गर्ने साथ, बनायाहको छोरा पलत्याह मरे। म पृथ्वीमा लडे। मैले पृथ्वीमा टाउको टेकेर भनें, "हाय! परमप्रभु मेरा मालिक के तपाईं इस्राएलका सबै बाँचेका मानिसहरूलाई सम्पूर्ण रूपले नाश गर्न तयार हुनु हुन्छ?"

१४तर त्यसपछि परमप्रभुको वचन मैले प्राप्त गरे। उहाँले भन्नुभयो, १५"मानिसको छोरो! तिमी इस्राएलको परिवारको आफ्ना दाजू-भाइहरूलाई सम्झना गर जसलाई आफ्नो देश छोड़नलाई बाध्य गरिएको थियो। तर म तिनीहरूलाई फर्काई ल्याउँनेछु। तर यहाँ यरूशलेमका बासिन्दाहरूले भन्दैछन्, 'तिनीहरू परमप्रभुबाट टाढ़ो गए। यो भूमि हामीलाई दिइसकेकोछ यो हाम्रो हो।'"

१६"यसकारण मानिसहरूसँग भन: परमप्रभु हाम्रा मालिक भन्नु हुन्छ, 'यो साँचो हो कि मैले आफ्नो मानिसहरूलाई टाढ़ो भूमिहरूमा जानको निम्ति बाध्य गरे। मैले नै तिनीहरूलाई धेरै देशहरूमा तितर-बितर पारें। ती भूमिहरूमा म तिनीहरूको निम्ति केही समय मन्दिर हुनेछ। १७यसकारण तिमीले तिनीहरूलाई भन्नु पर्छ कि परमप्रभु तिनीहरूको मालिकले तिनीहरूलाई फेरि फर्काएर ल्याउँनु हुन्छ। मैले तिमीहरूलाई धेरै देशहरूमा छरिदिए। तर म तिमीहरूलाई एक ठाँउमा जम्मा गर्नेछु अनि ती देशहरूबाट तिमीहरूलाई फर्काएर ल्याउँनेछु। म इस्राएलको प्रदेश तिमीहरूलाई फेरि दिनेछु। १८अनि जब हाम्रा मानिसहरू फर्कन्छन् त्यसबेला तिनीहरूले त्यो सबै डरलाग्दा कुहिएको देव-मूर्तिहरू जुन अहिले यहाँ छ नष्ट गरिदिनेछन्। १९म तिनीहरूलाई एकैसाथ ल्याउँनेछु अनि तिनीहरूलाई एउटै मानिस जस्तै बनाउँनेछु। म तिनीहरूमा नँया आत्मा भर्नेछु। म तिनीहरूको ढुङ्गाको हृदय तोड़ेर त्यो ठाँउमा साँचो हृदय भरिदिनेछु। २०तब तिनीहरूले मेरो विधिहरू पालन गर्नेछन्। तिनीहरूले मेरो नियमहरू पालन गर्नेछन्, तिनीहरूले त्यो काम गर्नेछन् जुन म गर्न लगाउँछु। तिनीहरू साँच्चै मेरो प्रजा हुनेछन् अनि म तिनीहरूका परमेश्वर हुनेछु।'"

२१त्यसपछि परमेश्वरले भन्नुभयो, "तर यस समय उहाँको हृदय डरलाग्दा कुहिएको मूर्ति भइसकेको छ। मैले ती मानिसहरूलाई तिनीहरूको नराम्रो कामको निम्ति दण्ड दिनुपर्छ जुन तिनीहरूले गरेका छन्।" मेरा स्वामी परमप्रभु मेरा मालिकले यी सबै कुराहरू भन्नुभयो। २२तबपछि करूब स्वर्गदूतले आफ्नो पखेटा फटफटायो अनि हावामाथि उड्यो। पाङ्ग्रा तिनीहरूसितै गयो। इस्राएलका परमेश्वरको महिमा तिनीहरूमाथि थियो। २३परमप्रभुको महिमामाथि हावामा उठ्यो अनि उसले यरूशलेम छोड़ि दियो। अनि केही क्षणको लागि यरूशलेमको पूर्वी पहाड़मा गएर बस्यो। २४तब वतासले मलाई हावामाथि उठायो अनि फेरि बाबेल पुरायो, ती मानिसहरूकहाँ पुरायो जुन मानिसहरूलाई इस्राएल छोड्नुको निम्ति बाध्य गराइएको थियो। त्यसपछि दर्शनमा परमेश्वरको आत्मा हावामा उठाउनुभयो अनि मलाई छोड़ियो। मैले ती सबै चीजहरू परमेश्वरको दर्शनमा देखें। २५त्यसपछि मैले निर्वासित मानिसहरूसँग कुरा गरें। मैले ती सबै कुराहरू बताएँ जुन परमप्रभुले मलाई देखाउनु भएको थियो।

१२ त्यसपछि परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, तिमी विद्रोही मानिसहरूसँग बस्छौ। तिनीहरू सधैं मेरो विरुद्धमा गएका छन्। हेर्नको निम्ति तिनीहरूका आँखा छन्, जे जति मैले तिनीहरूको निम्ति गरें। तर तिनीहरूले त्यो देख्दैनन्। सुन्ने कान छन्, जे जति मैले तिनीहरूलाई गर्नु भनें तिनीहरूले सुनेनन्। किन? किनकि ती विद्रोहीहरू हुन्। ३यसकारण, हे मानिसको छोरो! आफ्नो समान तयार पार। यस्तो व्यवहार गर मानौ तिमी कुनै टाढ़ो देशमा गइरहेकोछौ। यो यस्तो प्रकारले गर कि मानिसहरूले हेरेको हेरेकै छन सम्भव छ तिनीहरूले तिमीमाथि ध्यान दिनेछन्, तर ती मानिसहरू एकदमै विद्रोही हुन्।

४"दिउँसोको समयमा तिमी आफ्नो समान यस्तो प्रकारले बाहिर निकाल कि मानिसहरूले तिमीलाई हेरेको हेरेकै हुन। त्यसपछि साँझमा यस्तो देखावटी गर कि तिमी टाढ़ा देशमा एउटा बन्दी जस्तै जाँदैछौ। ५मानिसको आँखाको अघाड़ी पर्खालमा प्वाल बनाऊ अनि त्यो पर्खालको प्वालबाट बाहिर जाऊ। ६राती आफ्नो समान काँधमा राख अनि त्यस स्थान छोड़ीदेऊ। आफ्नो मुख छोप, जसद्वारा तिमीले देख्न नपरोस् कि तिमी कहाँ गई रहेकाछौ। यो काम तिमीले यस्तो प्रकारले गर कि कसैले देख्न नसकोस्। किन? किनकि म तिमीलाई इस्राएलको परिवारको लागि एउटा उदाहरणको रूपमा उपयोग गर्दैछु।"

७यसैकारण मैले आज्ञा गरे अनुसार गरे। दिउँसो मैले आफ्नो समान उठाएँ अनि यस्तो देखावटी गरे

मानौ म कुनै टाढ़ो देश जाँदैछु। त्यो साँझ मैले आफ्नो
हातको उपयोग गरें अनि भित्तामा प्वाल बनाए्। राती
मैले आफ्नो समान काँधमा राखें अनि गएँ। मैले यो
सब यसप्रकारले गरें कि सबैले मलाई देखोस्।

८भोलि पल्ट बिहान मैले परमप्रभुको वचन प्राप्त
गरें। उहाँले भन्नुभयो, ९“हे मानिसको छोरो, के
इस्राएलका ती विद्रोहीहरूले तिमीलाई सोधे तिमीले के
गर्दैछौ भनेर? १०तिनीहरूलाई भन कि परमप्रभु तिनीहरूका
मालिकले यो कुरा बताउनु भयो। यो दु:खको संदेश
यरूशलेमका बूढ़ा-प्रधानहरू अनि यरूशलेममा बस्ने
इस्राएलका सबै मनिसहरूको विषयमा हो। ११तिनीहरूलाई
भन, ‘म तिमीहरू सबैका लागि उदाहरण हुँ। मैले जे
जे गरे त्यो तिमीहरू सबैको निम्ति वास्तविक हुनेछ।’
तिनीहरू कैदीहरू जस्तो जान बाध्य हुनेछन्। १२तिमीहरूका
अगुवाहरूले आफ्नो सामन उस्कै काँधमा लैजानेछन्।
उसले भित्तामा प्वाल बनाई गुप्त रूपमा भागेर जाने
छन। उसले आफ्नो मुख छोप्नेछ ताकि उ कहाँ जादैछ
आफ्नो आँखाले देख्दैन। १३उसले भाग्ने कोशिश
गर्नेछ, तर म (परमेश्वरर) उसलाई समातिहाल्नेछु। ऊ
मेरो जालमा फस्नेछ अनि म उसलाई कल्दीहरूको देश
बाबेलमा लिएर जानेछु। तर उसले यो देख्न सक्तैन् त्यो
त्यहाँ मर्नेछ। १४म राजाका मानिसहरूलाई बाध्य गर्नेछु
कि तिनीहरू इस्राएलको चारै तिर विदेशमा बसन। म
उनको सेनालाई तितर-बितर पार्नेछु अनि शत्रुको सेना
उनको पछि लाग्नेछ। १५त्यसपछि तिनीहरूलेबुझ्छन्
कि म नै परमप्रभु हुँ। तिनीहरूले सम्झनेछन् कि मैले
नै तिनीहरूलाई देशबाट तितर-बितर पारे। तिनीहरूले
सम्झने छन् कि मैले तिनीहरूलाई अरु देशहरूमा जानु
बाध्य पारें।

१६“तर म कतिपय मानिसहरूलाई जीवित राख्नेछु।
तिनीहरू रोग, अनिकाल र युद्धद्वारा मर्ने छैनन्। म
तिनीहरूलाई यसकारण जीवित राख्नेछु कि तिनीहरू
अन्य मानिसहरूसँग त्यो घिनलाग्दो कामको बारेमा
भन्न नसकुन् जुन तिनीहरूले मेरो विरुद्ध गरे। त्यसपछि
तिनीहरूले थाहा पाउनेछन् म नै परमप्रभु हुँ।”

१७तब फेरि परमप्रभुको वचन मकहाँ आयो र
त्यसले भन्यो, १८“हे मानिसको छोरो, तिमीले यस्तो
गर्नुपर्छ मानौं तिमी भयभीत छौ। तिमी जब खान्छौ
काम्नु पर्छ। तिमीले पानी पिउँदा चिन्तित अनि भयभीत
भए झैं हुनुपर्छ। १९तिमीले यी साधारण जनतासित
भन्नुपर्छ। तिमीले भन्नुपर्छ, ‘परमप्रभु हाम्रो मालिक
यरूशलेमको बासिन्दाहरू अनि इस्राएलको अन्य भागका
मानिसहरूसँग यसो भन्नुहुन्छ। मानिसहरू, तिमीहरूले
खाना खाँदा अफसोसमा पार्नुपर्छ। तिमीहरू पानी पिउदा
साह्रै भयभीत हुनेछौ। किनकि त्यहाँ बसो-बास गर्नेहरूको
हिंसाले गर्दा तिमीहरूको देशको सबै सामानहरू नष्ट
हुनेछ। २०तिमीहरूको शहरमा यति बेला धेरै मानिसहरू
बस्दैछन् तर त्यो शहर नष्ट भएर जान्छ। तिम्रो पुरै देश
नष्ट भएर जानेछ। त्यसपछि तिमीले बुझ्नेछौ कि ‘म नै
परमप्रभु हुँ।’”

२१तब परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले
भन्नुभयो, २२“हे मानिसको छोरो, इस्राएल देशको
विषयमा मानिसहरूले यो उखान किन सुनाउँछन:

विपत्ति चाढ़ै आउँदैन, दर्शन कहिल्यै हुँदैन।

२३“ती मानिसहरूसँग भन कि परमप्रभु तिनीहरूका
मलिकले यो उखान पढ़न बन्द गरिदिनु हुन्छ। तिनीहरू
इस्राएलको बारेमा यो कुरा कहिल्यै पनि भन्दैनन्। अब
तिनीहरू यो उखान सुनाउँछन्:

विपत्ति चाढ़ै आउँछ, दर्शन पूरा हुनेछ।

२४“यो सत्य हो कि इस्राएलमा कहिल्यै पनि झूटो
दर्शन हुँदैन। अब यस्तो जादु गर्नेहरू भविष्यमा हुँदैनन्,
जसले यस्तो अगमवाणी गर्छ त्यो साँचो हुँदैन। २५किन?
किनभने म परमप्रभु हुँ। अनि म त्यही भन्छु, जुन
मलाई भन्न मन लाग्छ! अनि त्यही घट्नेछ अनि म
घटना काललाई लामो तान्न दिनेछैन। ती विपत्तिहरू
चाडैं आउँदैछन् तिम्रो आफ्नो जीवनकाल मानै। विद्रोही
मानिसहरू! जब म केही भन्छु त्यो पूरा गरेनै छाड़छु।”
परमप्रभु मेरो मालिकले यी सबै कुरा भन्नुभयो।

२६तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २७“हे मानिसको छोरा, इस्राएलका मानिसहरू
सोच्छन् जे दर्शन म तिमीलाई दिन्छु त्यो भविष्यमा
घट्नेछ। तिनीहरू सम्झनछन् जुन विपत्तिहरूको विषयमा
तिमी कुरा गर्छौ त्यो आज भन्दा धेरै वर्ष पछि घट्नेछ।
२८यसकारण तिमीले उनीहरूलाई भन्नुपर्छ, ‘परमप्रभु
मेरो मालिक भन्नु हुन्छ: म अझ ज्यादा ढीलो गर्न
सक्तिन्, यदि म हुनेछ भन्छु, त्यो भएरनै छाड़नेछ।’”
परमप्रभु मेरो मालिकले यी सबै कुरा भन्नुभयो।

१३ त्यसपछि परमप्रभुको वचन मलाई प्राप्त भयो।
उहाँले भन्नुभयो, २“हे मानिसको छोरो, तिमीले
इस्राएलको अगमवक्ताहरूसित मेरो विषयमा कुरा गर्नु
पर्छ। ती अगमवक्ताहरूले वास्तवमा मेरो निम्ति कुरा
गरेकोछैन्। ती अगमवक्ताहरू त्यही भन्छन जुन उनीहरूले
भन्न खोज्दैछन्। यसकारण तिमीले उसँग कुरा गर्नु
पर्छ। उसँग यो कुरा भन, ‘परमप्रभुबाट प्राप्त भएको
यो वचन सुन! ३परमप्रभु मेरो मालिक यो वचन
दिनुहुन्छ। मूर्ख अगमवक्ताहरू! तिमीहरूमाथि आपत
आई लाग्ने छ। तिमीहरू आफ्नो आत्माको अनुसरण
गरि रहेका छौ। तिमीहरूसँग त्यो भनेका छैनन् जुन
तिमीले साँच्चै दर्शनहरूमा देख्छौ।

४“इस्राएलीहरू तिमीहरूका अगमवक्ताहरू त्यो सुनसान
भत्केको ठाउँहरूमा बस्ने स्यालहरू जस्तै भएकाछन्।
५तिमीहरूले शहरको भत्केको पर्खालको नजिक सैनिकहरू
बस्न दिएनौ। तिमीहरूले इस्राएलको परिवारको रक्षाको
निम्ति पर्खालहरू बनाएनौ। यसकारण परमप्रभुको निम्ति

जब तिमीहरूलाई दण्ड दिने समय आउँछ त्यतिबेला
तिमीहरू युद्धमा हार्नेछौ।
६“‘झूटा अगमवक्ताहरूले भने, तिनीहरूले दर्शन
देखेकाछन्। तिनीहरूले तिनीहरूको तन्त्र मन्त्र गरेर भने
कि घटनाहरू हुन्छन्। तर तिनीहरूले झूटो बोले।
तिनीहरूले भने परमप्रभुले तिनीहरूलाई पठाउनु भयो
तर तिनीहरूले झूटो बोले। झूटोलाई साँचो बनाउँने
प्रयास आजसम्म पनि गर्दैछन्।
७“‘झूटा अगमवक्ताहरू! जुन दर्शन तिमीहरूले देख्यौ,
त्यो सत्य थिएन। तिमीले आफै जादू गर्‍यौ अनि भन्यौ
केही घट्ने वोला छ तर तिमीले मानिसहरूसँग झूटो
भन्यौ। तिमी भन्छौ यो परमप्रभुको कथन हो, तर मैले
तिमीहरूसँग कुरै गरिन।’”
८यसकारण परमप्रभु मेरो मालिक अब साँच्चै केही
बोल्नुहुन्छ उहाँ भन्नुहुन्छ, “तिमीले झूटो भन्यौ। तिमीहरूले
दर्शनमा जे देखेको थियौ, त्यो सत्य होइन्। यसकारण
म अब तिमीहरूको विरुद्धमा छु।” परमप्रभु मेरो
मालिकले यो कुरा भन्नुभयो। ९परमप्रभुले भन्नुभयो,
“म ती अगमवक्ताहरूलाई दण्ड दिनेछु जसले असत्य
दर्शन देखे अनि झूटा बोले। म तिनीहरूलाई आफ्नो
मानिसदेखि अलग पार्नेछु। तिनीहरूको नाम इस्राएलको
परिवारको सूचिमा रहनेछैन्। तिनीहरू फेरि इस्राएल
प्रदेशमा कहिल्यै जाने छैनन्। त्यसपछि तिमीले जान्ने
छौ कि म परमप्रभु अनि मालिक हुँ।
१०“ती झूटो अगमवक्ताहरूले घरिघरि मानिसहरूसँग
झूटो भने। अगमवक्ताहरूले भने शान्ति हुन्छ अनि
त्यहाँ कुनै शान्ति भएन। मानिसहरूको पर्खाल दृढ़
गर्नुछ अनि युद्धको तयारी गर्नुछ। तर भत्केको पर्खालमा
एउटा पातको तरह लेप लगाइरहेछन्। ११तिनीहरूलाई
भन म असिना र पानी पठाउँनेछु। प्रचण्ड आँधी-बेही
चल्नेछ अनि बाढ़ी आउनेछ, अनि पर्खाल ढल्नेछ।
१२पर्खाल तल ढल्नेछ। मानिसहरूले अगमवक्ताहरूलाई
सोध्नेछन्, ‘त्यो चूना लगाएको के भयो, जुन तिमीले
पर्खालमा लगाएका थियौ?’” १३परमप्रभु मेरा मालिक
भन्नुहुन्छ, ‘म क्रोधित छु, म तिमीहरूको विरुद्ध
आँधी-बेही पठाउँछु। म क्रोधित छु अनि म घनघोर
वर्षा पठाउँछु। म क्रोधित छु अनि आकाशबाट असिना
खसाउँनेछु। अनि तिमीहरूलाई पूर्ण रूपमा नष्ट पार्नेछु।
१४तिमी पर्खालमा चुना लगाउँछौ। तर म पूरै पर्खाल
नष्ट पारिदिनेछु। म त्यसलाई भत्काई दिनेछु। पर्खाल
तिमीमाथि ढल्नेछ अनि तिमीले जान्नेछौ म नै परमप्रभु
हुँ। १५अब म पर्खालमाथि अनि मानिसहरूमाथि मेरो
क्रोध छाड़िदिनेछु जसले यसलाई लेप लगाए। तब
तिमीलाई भन्नेछु, ‘अब कुनै पर्खाल रहेन र कुनै
मजदूरले यसमाथि लेप लगाउनेछैन्।’
१६“यो सबै इस्राएलको झूटो अगमवक्तहरूको निम्ति
हुनेछ। ती अगमवक्ताहरू यरूशलेमका मानिसहरूसँग
बात गर्छन। ती अगमवक्ताहरू भन्छन् शान्ति हुन्छ तर
कतै शान्ति छैन्।” परमप्रभु मेरा मालिकले यसो
भन्नुभयो।
१७परमप्रभुले भन्नुभयो, “हे मानिसको छोरो! इस्राएलमा
स्त्री अगमवादिनीहरू खोज। त्यो स्त्री अगमवादिनीहरू
मेरो निम्ति बोल्दैनन्। तिनले त्यही भन्छन, जुन तिनीहरूलाई
भन्न मन पर्छ। यसकारण तिमीले मेरो लागि उसको
विरुद्ध बोल्नु पर्छ। तिमीले यसो भन्नु पर्छ। १८‘परमप्रभु
मेरो मालिक भन्नुहुन्छः विपत तिमी स्त्रीहरूमाथि
आइलाग्नेछ। तिमीहरूले प्रत्येक मानिसको पाखुराहरूमा
जादूको पाटा सिलाइ दिन्छौ। तिमीले मानिसको शिरमा
बाँध्न “फेटा” बनाउँछौ। तिमीहरू भन्छौ कि ती
चीजहरूमा मानिसहरूको जीवन नियन्त्रण गर्ने तन्त्र-मन्त्रको
शक्ति छ। के तिमी सोच्छौ कि तिमीहरू आफ्नो
आत्माहरू जीवित राख्न र मेरो मानिसहरूका आत्माहरूलाई
मार्नु सक्छौ। १९तिमी नै एकजना हौ जसले मानिसहरूलाई
म महत्वहीन हुँ भनी सोच्न लगाउँछौ। तिमीहरू एक
मुठी जौ र रोटीको केही टुक्राको लागि तिनीहरूलाई
मेरो विरुद्धमा हिड़ाउँछौ। तिमीहरू मेरो मानिसहरूसँग
झूटो बोल्छौ। तिनीहरू झूटो सुन्न मन पराउँछन्।
तिमीहरू ती मानिसलाई मार्छौ जसलाई जीवित रहन्छ
अनि तिमीहरू त्यस्ता मानिसहरूलाई जीवित राख्न
चाहन्छौं जसलाई मार्नु जरूरी छ। २०यसकारण परमप्रभु
मेरो मालिक तिमीहरूसित यसो भन्नुहुन्छः ‘म ती
जादूका बूटीहरूको विरुद्धमा छु जो मानिसहरूलाई
फसाउँन तिमी प्रयोग गर्छौ, तर म तिनीहरूलाई स्वतन्त्र
पार्नेछु। म ती बूटीहरू तिनीहरूका पाखुराबाट चुड़ाइदिनेछु
अनि तिमीहरूलाई मुक्त गराइदिनेछ। तिनीहरू जालबाट
मुक्त गरिएका पक्षीहरू जस्तै हुनेछन्। २१म तिमीहरूको
घुम्टो च्यातिदिनेछु अनि मेरो मानिसहरूलाई तिम्रो शक्तिबाट
बचाउँनेछु। तिनीहरू तिम्रो जालबाट भाग्नेछन् अनि
तिमीले बुझ्नेछौ म नै परमप्रभु हुँ।
२२“‘स्त्री अगमवादिनीहरू तिमीहरू झूटो बोल्छौ।
तिम्रो झूटले राम्रो मानिसहरूलाई दुःख पुर्‍याउँछ म ती
राम्रो मानिसहरूलाई दुःख दिन चाहँदिन। तिमी नराम्रो
मानिसलाई सहायता गर्छौ अनि तिनीहरूलाई उत्साहित
पार्छौ। तिमी तिनीहरूलाई आफ्नो जीवन बदलि गर
भन्दैनौ। तिमी तिनीहरूको जीवन रक्षा गर्दैनौ। २३तिमीले
अब भविष्यमा व्यर्थको दर्शनहरू देख्ने छैनौ। तिमीले
भविष्यमा जादू गर्ने छैनौ। म मेरो मानिसलाई तिमीहरूको
शक्तिदेखि बचाउँने छु अनि तिमीहरूले थाह पाउनेछौ।
म नै परमप्रभु हुँ।’”

## १४

इस्राएलका केही बूढ़ा-प्रधानहरू मकहाँ आए।
तिनीहरू मसँग बात गर्न बसे। २परमप्रभुको
वचन मकहाँ आयो उहाँले भन्नुभयो, ३“हे मानिसको
छोरो! यी मानिसहरू तिमीसित बात गर्न आएकाछन्।
तिनीहरू चाहन्छन् तिमीले मसँग सल्लाह लेउन्। तर ती

मानिसहरूले आज सम्म आफ्ना घिनलाग्दो मूर्तिहरू
राखेकै छन्। तिनीहरू ती चीजहरू राख्छन् जसले
तिनीहरूलाई पाप गराउँछन्। तिनीहरू आज सम्म त्यही
मूर्ति पूजा गरिरहेकाछन्। यसकारण, तिनीहरू मकहाँ
सल्लाह लिन किन आउँछन? के मैले उनीहरूको
प्रश्नहरूको उत्तर दिनुपर्छ? अँह! ४तर म तिनीहरूलाई
उत्तर दिन्छु। तिमीले तिनीहरूलाई भन्नु पर्छ, 'परमप्रभु
मेरो मालिक भन्नुहुन्छ: यदि कोही इस्राएलीहरू
अगमवक्ताकहाँ जान्छ अनि मदेखि सल्लाह माग्छ भने
यदि त्यो मानिसले उसका मूर्तिहरू राखेकोछ भने त्यो
मानिसको प्रश्नको उत्तर म आफै दिनेछु। यदि उसले
ती चीजहरू जसले तिनीहरूलाई पाप कर्महरू गराउन
उकास्छ अनि यदि उसले मूर्तिहरूको पूजा गर्छ भने म
उसित कुरा गर्नेछु। ५किन? किनकि म तिनीहरूको
हृदय छुन चाहन्छु। म देखाउन चाहन्छु कि म
तिनीहरूलाई प्रेम गर्छु, यद्यपि तिनीहरूले मलाई आफ्नो
घिनलाग्दो मूर्तिहरूको निम्ति छोड़िदिए।'

६"यसकारण इस्राएलका परिवारसँग यी सब भन।
तिनीहरूलाई भन, 'परमप्रभु मेरो मालिक भन्नुहुन्छ!
मकहाँ फर्केर आऊ अनि आफ्नो घिनलाग्दो मूर्तिहरू
छोड़िदेऊ। ती सबै डरलाग्दा झूटो देवताहरूबाट तिमी
फर्क ७यदि कुनै इस्राएलीहरू अथवा इस्राएलमा बस्ने
विदेशीहरू सल्लाहमा निम्ति मकहाँ आए म उसलाई
उत्तर दिनेछु। यदि उसले घिनलाग्दो मूर्तिहरू राखे ता
पनि म उसलाई उत्तर दिन्छु। यदि उसले ती चीजहरू
राख्छ जसले उसलाई पाप गराउँछ। यदि उसले तब
सम्म ती मूर्तिहरूको पूजा गर्छ। म उसलाई यस्तो उत्तर
दिन्छु। ८म त्यस मानिसको विरोधी हुनेछु। उसलाई नष्ट
गरिदिन्छु। त्यो अरू मानिसहरूको निम्ति उदाहरण
बनिनेछ। मानिसहरूले उसको हाँसो उड़ाउँनेछन्। म
तिनीहरूलाई आफ्नो मानिसहरूबाट बाहिर निकल्नेछु।
त्यसपछि तिमीले जान्ने छौ म नै परमप्रभु हुँ। ९यदि
अगमवक्ता धेरै मूर्ख भई आफ्नो उत्तर दियो भने म
उसलाई देखाई दिन्छु कि उ कति मूर्ख छ, म उसको
विरुद्ध आफ्नो शक्ति प्रयोग गर्छु। म उसलाई नष्ट
गरिदिन्छु अनि आफ्ना मानिसहरूलाई इस्राएलबाट बाहिर
निकाल्नेछु। १०यस्तै प्रकारले त्यो मानिस जुन राय लिन
आएको थियो अनि अगमवक्ता जसले उत्तर दियो दुवैले
एउटै दण्ड पाउँनेछन्। ११किनकि यसप्रकारले त्यो
अगमवक्ताले मेरो मानिसहरूलाई मदेखि टाढ़ो लिएर
जान बन्द गरिदिन्छ। यसप्रकारले मेरा मानिसहरूले
आफ्नो पापबाट अपवित्र हुनु बन्द गरिदिन्छन्। तब
तिनीहरू मेरो विशेष मानिस हुनेछन अनि म तिनीहरूको
परमेश्वर बनिन्छु।'" परमप्रभु मेरो मालिकले यी सबै
कुराहरू भन्नुभयो।

१२तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, १३"हे मानिसको छोरो! म आफ्नो त्यो
राष्ट्रलाई दण्ड दिन्छु जसले मलाई छोड्छ अनि मेरो
विरुद्ध पापहरू गर्छ। म तिनीहरूको भोजनको आपूर्ति
बन्द गरिदिन्छु। म अनिकाल उत्पन्न गरिदिन सक्छु
अनि त्यस देशबाट मानिस अनि पशुहरू बाहिर गरिदिन
सक्छु। १४म त्यस देशलाई दण्ड दिन्छु त्यहाँ नूह,
दानियल अनि अय्यूब नै किन नबसुन, उनीहरू आफ्नो
जीवन आफ्नो धार्मिकताद्वारा बचाउँन सक्छन् तर तिनीहरूले
सम्पूर्ण देशलाई बचाउँन सक्तैनन्।" परमप्रभु मेरा मालिकले
यी सबै कुरा भन्नुभयो।

१५परमेश्वरले भन्नुभयो, "अथवा म त्यो पुरै देशमा
जंगली जनावरहरू पठाइदिन्छु अनि ती जनावरहरूले
सबै मानिसहरूलाई मार्न सक्छन। जंगली जनावरहरूको
कारणले त्यस देश भएर कसैले पनि यात्रा गर्नसक्तैनन्।
१६यदि नूह, दानियल अनि अय्यूब त्यहाँ बस्थे भने म
ती तीनैजनालाई बचाउने थिँए। ती तीनैजना स्वंयले
आफूलाई बचाउँनु सक्छन्। तर म मेरो जीवनको शपथ
खाएर भन्छु कि तिनीहरूले आफ्नो बाहेक अरूको
जीवनसितै आफ्नो छोरा-छोरी पनि बचाउँन सक्ने थिएनन्।
त्यो नराम्रो देश नष्ट गरिनेछ।" परमप्रभु मेरो मालिकले
यी सबै कुरा भन्नुभयो।

१७परमेश्वरले भन्नुभयो, "अथवा त्यस देशको विरुद्ध
लड्नका निम्ति म शत्रुका सेना पठाउँन सक्छु। ती
सैनिकले त्यो देश नष्ट पारिदिन्छन्। म त्यस देशको
सबै मानिसहरू अनि जनावरहरूलाई बाहिर निकालिदिन्छु।
१८यदि नूह, दानियल अनि अय्यूब त्यहाँ बस्थे भने ती
तीनजना राम्रो मानिसहरूलाई बचाउँथें। ती तीनजनाले
आफ्नो जीवन स्वंय बचाउँन सक्छन्। म मेरो जीवनको
शपथ खाएर भन्छु कि अरू मानिसहरूको जीवन
तिनीहरूले बचाउँन सक्तैंनन् यहाँ सम्म कि आफ्नो
छोरा-छोरीको जीवन पनि बचाउँन सक्ने थिएन। त्यो
देश सम्पूर्ण रूपमा नष्ट गरिइनेछ।" परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।

१९परमेश्वरले भन्नुभयो, "अथवा म त्यस देशको
विरुद्ध रूढ़ी (महामारी) पठाउँन सक्छु। म तिनीहरूमाथि
आफ्नो क्रोध बर्साउन सक्छु। म सबै मानिस अनि
जनावरहरूलाई त्यस देशबाट हटाउन सक्छु। २०यदि
नूह, दानियेल अनि अय्यूब त्यहाँ बस्थे भने पनि म ती
तीनजना राम्रो मानिसहरूलाई बचाउँथें किनकि ती
तीनैजना राम्रा मानिसहरू हुन्। ती तीनैजना आफ्नो
जीवन स्वंय बचाउन सक्छन्। तर म आफ्नो जीवनको
शपथ खाएर भन्छु अरू मानिसहरूको जीवन तिनीहरूले
बचाउँन सक्तैंनन्, यहाँ सम्म ताकि आफ्ना छोरा-छोरीको
जीवन पनि बचाउँनु सक्तैनन।" परमप्रभु मेरो मालिकले
यी सबै कुरा भन्नुभयो।

२१त्यसपछि परमप्रभु मेरो मालिकले भन्नुभयो,
"यसैकारण सोच यरूशलेमका निम्ति यो कति नराम्रो
हुन्छ, म त्यस शहरको विरुद्ध यी चारैवटा दण्ड

पठाइदिन्छु! म शत्रुका सेना, अनिकाल, महामारी, अनि
जंगली जनावरहरू त्यस शहरको विरुद्ध पठाउँछु। म
त्यस देशको सबै मानिसहरू अनि जनावरहरूलाई बाहिर
निकालिदिन्छु। २२केही मानिसहरू त्यो देशबाट भाग्नेछन्।
तिनीहरू आफ्ना छोरा-छोरी लिएर तिमीहरूकहाँ सहायताको
लागि आउनेछन्। तब तिमीहरूले थाहा पाउनेछौ कि यी
मानिसहरू साँच्चै कति नराम्रा छन्। म जुन आपत
यरूशलेममा ल्याउँनेछु त्यो न्यायसगत हो भन्ने तिमीलाई
विश्वास गराइनेछ अनि तिमीहरूले सान्तवना पाउनेछौ।
२३तिमीहरूले तिनीहरूको बस्ने ढंग अनि तिनीहरूले
गर्ने नराम्रो काम देख्नेछौ। त्यसपछि तिमीले सम्झने छौ
कि तिनीहरूलाई दण्ड दिने उचित कारण मसँग
थियो।" परमप्रभु मेरो मालिकले यो कुराहरू भन्नुभयो।

**१५** तब परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! के दाखको
बोटको दाउरा जंगलको कुनै अर्को रूखको काठको
सानो हाँगाभन्दा अधिक राम्रो हुन्छ? अँहँ। ३के
तिमीहरू दाखको बोटको दाउरा कुनै काममा उपयोग
गर्न सक्छौ? अँहँ! के तिमीहरू त्यसबाट केही चीज
बनाउँनको निम्ति काठ निकाल्न सक्छौ? अँहँ! ४यो
आगो बाल्नु मात्र प्रयोग गरिन्छ। सुकेको दाउरा
छेउबाट बल्छ बल्दैन, बीचको भाग आगोले जलेर
कालो हुन्छ, तर दाउरा पूर्ण रूपमा जल्दैन्। के तिमी
त्यो जलेको दाउराबाट कुनै चीज बनाउँन सक्छौ? ५यदि
बल्नु भन्दा पहिला तिमीले त्यस दाउराको केही चीज
बनाउँन सक्छौ भने पनि निश्चय नै त्यो जलिसके पछि
त्यसबाट केही बनाउँन सक्तैनौ! ६यसैले दाखको बोटको
दाउराको टुक्रा जंगलको ती कुनै पनि दाउराको टुक्राको
बराबर छ। मानिसहरू त्यो दाउराको टुक्रा आगोमा
हाल्छन् अनि आगोले त्यसलाई जलाउँछ। त्यस्तै प्रकारले,
म यरूशलेमका मानिसहरूलाई आगोमा फ्याँक्छु!" परमप्रभु
मेरो मालिकले यो सबै कुराहरू भन्नुभयो। ७"म
तिनीसहरूलाई दण्ड दिनेछु, अनि तिनीहरू आगोबाट
उम्के तापनि त्यसले तिनीहरूलाई अझै जलाउनेछ।
अनि तिमीहरूले म नै परमप्रभु हुँ भनी जान्नेछौ। मैले
तिनीहरूलाई दण्ड दिएँ भनेर जान्नेछन्। ८म त्यस
देशलाई पुरै नष्ट गर्नेछु किनभने तिनीहरूले मलाई
धोका दिए।" यो सबै कुरा परमप्रभु मेरो मालिकले
भन्नुभयो।

**१६** त्यसपछि परमप्रभुको वचन मकहाँ आयो।
उहाँले भन्नुभयो, २"हे मानिसको छोरो!
यरूशलेमका मानिसलाई त्यो डरलाग्दो नराम्रो कामको
लागि जनाइदेऊ जुन तिनीहरूले गरेकाछन्। ३तिमीले
भन्नु पर्छ, 'परमप्रभु मेरो मालिक यरूशलेमका
मानिसहरूलाई यो संदेश दिनुहुन्छ, आफ्नो इतिहास हेर।
तिमी कनानमा जन्मेका थियौ। तिम्रो बाबु एक एमोरी
अनि आमा हित्ती हुन। ४यरूशलेम जुन दिन उत्पन्न
भयो, तिम्रो नाभीको नाल काटने कोही पनि थिएन।
कसैले पनि तिम्रो शरीरमा नुन मलिदिएन, अनि तिमीलाई
सफा तुल्याउन कसैले पनि नुहाई दिएन। कसैले
तिमीलाई लुगा लगाई दिएन्। ५यरूशलेम, तिमी एक्लै
थियौ। कसैले पनि तिमीप्रति दया देखाएन, न त कसैले
तिमीलाई हेरचाह नै गर्‍यो। हे! यरूशलेम तिमी
जन्मिएको दिन, तिम्रो आमा-बाबुले तिमीलाई खेतमा
राखिदिए। जब तिमी जन्मियौ तिमी रगतमा लपेटिएका
थियौ।

६"'त्यसपछि म (परमेश्वर) त्यताबाट गएँ। मैले
त्यहाँ तिमीलाई रगतमा लटपटिएको अवस्थामा भेट्टाएँ।
तिमी रगतमा लटपटिरहेको थियौ, तर मैले भनें "जीवित
होऊ!" हो, तिमी रगतमा लटपटिएको थियौ, अनि मैले
भनें, "जीवित होऊ!" ७मैले तिमीलाई खेतमा बिरुवा
सियारे जस्तै सेवा गरेर बढ़ाएँ। तिमी बढ़दै गयौ। तिमी
जवान स्त्री बनियौ, तिम्रो मासिक-धर्म आरम्भ भयो,
तिम्रो स्तन बढ्यो, तिम्रो कपाल बढ्न थाल्यो। तर
त्यसबेला सम्म तिमी वस्त्रहीन र नाङ्गै थियौ। ८मैले
तिमी प्रति दृष्टि घुमाएँ। मैले देखें तिमी प्रेमको लागि
तयार थियौ। यसकारण मैले तिमीलाई लुगा लगाई दिएँ
अनि तिम्रो नग्नता छोपिदिएँ। मैले तिमीसित विवाह गर्ने
वचन दिएँ। मैले तिमीसँग वाचा बाँधे र शपथ खाएँ
अनि तिमी मेरी भयौ।'" परमप्रभु मेरो मालिकले यी
कुराहरू भन्नुभयो। ९"'मैले तिमीलाई पानीले नुहाई
दिएँ। मैले तिम्रो रगत धोई दिएँ अनि तिम्रो शरीरमा
तेल मालिश गरिदिएँ। १०मैले तिमीलाई एउटा राम्रो
लुगा अनि नरम छालाको जुत्ता दिएँ। मैले तिमीलाई
एउटा मिहीन मलमलको अनि एउटा रेशमको लुगा
दिएँ। ११तब मैले तिमीलाई केही गर-गहना दिएँ। मैले
तिम्रो हातहरूमा चुरा लगाइ दिएँ अनि तिम्रो गलामा
माला लगाइदिएँ। १२मैले तिमीलाई नाकमा एउटा
मुन्द्री, कानमा झुम्का अनि शिरमा राम्रो शिरपेच
लगाइदिएँ। १३तिमी सुन, चाँदीको गर-गहना अनि
रेशमको लुगामा बुट्टा गरेको लगाउँदा सुन्दर देखियौ।
तिमीले राम्रो खाना खायौं। तिमी अत्याधिक सुन्दरी
थियौ अनि तिमी रानी बनियौ १४तिम्रो सुन्दरताले गर्दा
तिमी विख्यात भयौ। यो सब यसकारण भयो किनकि
मैले तिमीलाई यति ज्यादा राम्री बनाए।'" परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।

१५परमेश्वरले भन्नुभयो, "तर तिमीले आफ्नो सौन्दर्यमा
भरोसा गर्न आरम्भ गर्‍यौ। तिमीले आफ्नो यशको
उपयोग गर्‍यौ अनि तिमीले मलाई धोका दियौ। तिमीले
एउटा वेश्याले जस्तो व्यवहार गर्‍यौ अनि तिमीले
त्यस्तो प्रत्येकसित गर्‍यौ जो तिम्रो छैउमा आयो। तिमीले
तिनीहरू सबैलाई आफ्नो शरीर अर्पित गर्‍यौ। १६तिमीले
आफ्नो सुन्दर लुगा लियौ अनि त्यसको उपयोग आफ्नो
पूजाको स्थानमा सजाउन गर्‍यौ। तिमीले त्यस ठाँउमा

एउटा वेश्याले जस्तो काम गऱ्यौ। तिमीले आफूलाई
प्रत्येक मानिससँग अर्पित गऱ्यौ जो त्यहाँ आयो!
१७तब मैले दिएको सुन्दर गर-गहना लियौ अनि त्यो
सुन-चाँदी मानिसहरूको मूर्तिहरू बनाउँनमा उपयोग
गऱ्यौ। तिमीले तिनीहरूलाई वेश्याले भैं पूज्यौ।
१८त्यसपछि तिमीले सुन्दर लुगा लियौ अनि ती मूर्तिलाई
लगाई दियौ। तिमीले सुगन्धि धूप अनि बत्ती लियौ जुन
मैले तिमीलाई दिएको थिएँ, अथवा त्यसलाई ती
देवमूर्तिहरू अघाड़ी चढ़ायौ। १९मैले तिमीलाई रोटी,
मह अनि भद्राक्षेको तेल दिएँ। तर तिमीले त्यो खाना
आफ्नो मूर्तिलाई दियौ। तिमीले ती आफ्नो असत्य
देवताहरूलाई प्रसन्न पार्नका निम्ति सुगन्धको रूपमा
भेटी चढ़ायौ। तिमीले ती भ्रूटा देवताहरूसँग वेश्या
जस्तो व्यवहार गऱ्यौ।" परमप्रभु मेरो मालिकले यो
कुरा भन्नुभयो।

२०परमेश्वरले भन्नुभयो, "तिमीले मेरोलागि जन्मेको
सबै छोरा-छोरीहरू मूर्तिहरू अघि बलि चढ़ायौ। के
तिम्रा मूर्तिहरूसित यस्तो वेश्यावृति गर्नु सानो कुरो हो?
२१तिमीले मेरो छोराहरूको हत्या गऱ्यौ अनि तिनीहरूलाई
ती भ्रूटा देवताहरूकोमा चढ़ायौ। २२तिमीले मलाई
छोड़्यौ अनि त्यो डरलाग्दा काम गऱ्यौ। तिमीले आफ्नो
समयको कहिल्यै पनि याद गरेनौ जब तिमी बाल्यावस्थामा
थियौ तिमीले याद गरेनौ, जतिबेला मैले तिमीलाई
भेट्टाँए त्यति बेला तिमी नाङ्गै थियौ अनि रगतमा
लटपटिरहेको थियौ।

२३"ती सबै नराम्रा चीजहरू पछि, हे यरूशललेम!
यो तिमीलाई एकदमै नराम्रो हुन्छ।" परमप्रभु मेरा
मालिकले यो कुराहरू भन्नुभयो। २४"ती सबै कुराहरू
पछि तिमीले त्यो असत्य देवताको पूजा गर्न उच्च
स्थानहरू बनायौ। तिमीले प्रत्येक बाटोको चोकमा
भ्रूटो देवताको पूजाका निम्ति उच्चस्थान बनायौ।
२५तिमीले प्रत्येक दोबाटोमा आफ्नो उच्च्व स्थान बनायौ।
तिमीले आफ्नो सुन्दरतालाई तुच्छ देखायौ। तिमीले
प्रत्येक बाटो भएर हिड़ने मानिसहरूलाई फँसाउनका
निम्ति यसो गऱ्यौ। तिमीले आफ्नो खुट्टा देखियोस भनी
फरियामाथि उठायौ अनि त्यसपछि तिमीले ती मानिसहरूसँग
वेश्याहरूले भैं व्यवहार गर्न थाल्यौ। २६तब तिमी त्यो
छिमेकी मिश्रकहाँ गयौ, जसको लिङ्ग एकदमै ठूलो
थियो। तिमीले मलाई क्रोधित पार्नको लागि त्योसँग धेरै
पल्ट शारीरिक सम्बन्ध स्थापित गऱ्यौ। २७यसकारण
मैले तिमीलाई दण्ड दिएँ। मैलें तिमीलाई दिएको
जमीनको एक भाग लिएँ। मैलें तिमीलाई तिनीहरूको
हातमा सुम्पिदिएँ जसले तिमीलाई घृणा गर्छन्। तिम्रो
व्यवहारले गर्दा पलिश्तीहरूका छोरीहरू पनि लज्जित
भए। २८त्यसपछि तिमीले अश्शूरहरूसित शारीरिक
सम्बन्ध गऱ्यौ। तर तिमीलाई पर्याप्त भएन। तिमी
कहिल्यै पनि सन्तुष्ट भएनौ। २९यसकारण तिमी कनान
पट्टि फर्कियौ अनि त्यसपछि बाबेल पट्टि। तब पनि
तिमी सन्तुष्ट भएनौ। ३०तिमी साह्रै कमजोर छौ।
तिमीले ती सबै मानिसहरू र राज्यहरूलाई पाप गर्न
लगायौ। तिमीले ठीक एउटी वेश्या जस्तै काम गऱ्यौ।"
यी कुराहरू परमप्रभु मेरो मालिकले भन्नुभयो।

३१"तिमीले प्रत्येक दोबाटोहरूमा उच्च स्थानहरू
बनायौ। अनि तिमीले बाटोको हरेक गल्लीको कुनामा
पूजाको स्थान बनायौ। अनि वेश्याले भैं, त्यसबाट
फाइदा हुने चासो पनि गरिनौ। ३२तिमी व्यभिचारी स्त्री
हौ। तिमीले आफ्नो पतिको भन्दा विदेशीहरूसँग शारीरिक
संम्बन्ध राख्न ज्यादा राम्रो मान्यौ। ३३प्राय वेश्याहरू
शारीरिक सम्बंधको लागि मानिसलाई ज्याला तिर्नु बाध्य
गर्दछन्। तर तिमीले आफ्नो प्रेमीहरू लोभाउन स्वंय
भेटी दिन्छौ, अनि तिनीहरूलाई शारीरिक सम्बन्धको
निम्ति आमंत्रित गर्छौ। तिमीले आफ्नो चारैतिर सबैलाई
आफूसँग शारीरिक सम्बंधको लागि आमन्त्रित गऱ्यौ।
३४तिमी प्राय: सबै वेश्याहरूको ठीक विपरीत छौ।
प्राय वेश्याहरू पुरूषहरूलाई ज्याला तिर्नको लागि
बाध्य गर्छन्। तर तिमीले पुरूषहरूलाई आफुसँग शारीरिक
सम्बन्धको ज्याला तिर्ने गर्छौ।"

३५हे वेश्या! परमप्रभुको वचन सुन। ३६परमप्रभु
मेरो मालिकले यो कुरा भन्नुहुन्छ: "तिमीले तिम्रो पैसा
खर्च गरायौ अनि आफ्नो प्रेमीहरू तथा भ्रूटा देवताहरूलाई
आफ्नो नाङ्गो शरीर हेर्न दियौ तथा तिमीसित शारीरिक
सम्बन्ध गर्नदियौ। तिमीहरूले तिनीहरूको नानीहरू माऱ्यौ
अनि तिनीहरूको रगत बगायौ। त्यो ती भ्रूटा देवताहरूलाई
तिम्रो भेटी थियो। ३७यसकारण, म तिम्रो सबै प्रेमीहरूलाई
एकै ठाँउमा जम्मा गर्छु। म ती सबैलाई ल्याउँछु जोसँग
तिमीले प्रेम गऱ्यौ तथा जुन मानिसहरूलाई घृणा गऱ्यौ।
म ती सबैलाई एकै साथ लिएर आउँछु अनि तिनीहरूलाई
तिम्रो नग्नता देखाउँछु। तिनीहरूले तिम्रो पुरै नग्नता
देख्नेछन्। ३८त्यसपछि म तिमीलाई दण्ड दिन्छु। म
तिमीलाई कुनै हत्यारिनी अनि त्यस स्त्रीलाई जस्तै दण्ड
दिन्छु जसले व्यभिचारी पाप गरेकीछ। तिमी त्यस्तै
दन्डित हुनेछौ मानौ कुनै क्रोधित तथा ईष्यालु पतिले
आफ्नी पत्नीलाई दण्ड दिए जस्तै। ३९म तिमीलाई ती
सबै प्रेमीहरूलाई प्राप्त गर्न दिन्छु। तिनीहरूले तिम्रो सबै
उच्च्व स्थानहरू नष्ट पारिदिनेछन्। तिनीहरूले तिम्रो पूजा
स्थानहरू जलाई दिनेछन्। तिनीहरूले तिम्रो लुगाहरू
च्याति दिनेछन् तथा तिम्रो सुन्दर गर-गहनाहरू लिनेछन्।
तिनीहरूले तिमीलाई वस्त्रहीन अनि नाङ्गै छोड़िदिनेछन्
जस्तो तिमीलाई मैले भेट्टाएको बेलामा थियौ। ४०तिनीहरूले
आफूसँग विशाल जनसमूह लिएर आउनेछ, अनि
तिमीलाई मार्नका निम्ति ढुङ्गा हान्नेछन् त्यसपछि तिमीलाई
टुक्रा-टुक्रा पार्नेछन्। ४१अनि तिनीहरूले तिम्रो घरहरू
आगोले जलाई दिनेछन् अनि तिमीलाई धेरै स्त्रीहरूको
सामुने दण्ड दिनेछन्। म तिमीलाई तिम्रो वेश्यावृतिदेखि

रोक्नेछु र तिमीले अरु ज्याला पाउने छैनौ। ४२त्यसपछि म क्रोधित अनि डाही हुन छोड़िदिनेछु। म शान्त हुनेछु। म फेरि क्रोधित हुनेछैन। ४३यी सबै कुराहरू किन हुन्छन्? किनकि तिमीले त्यो याद राखेनौ कि तिमीमाथि जवानी हुदा के घट्यो। तिमीले त्यो सबै नराम्रो पापहरू गर्‍यौ अनि मलाई क्रोधित बनायौ। यसकारण ती नराम्रो कामको निम्ति मैले तिमीलाई दण्ड दिनु पर्‍यो। तर तिमीले अझै ज्यादा डरलाग्दो योजनाहरू बनायौ।" परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

४४"तिम्रो विषयमा कुरा गर्ने सबैसित अर्को एउटा कुरा पनि होला। तिनीहरू भन्छन, 'जस्तो आमा त्यस्तै छोरी।' ४५तिमी आफ्नो आमाको छोरी हौ। तिमीले आफ्नो पति र नानीहरूलाई ध्यान दिँदैनौ। तिमी ठीक आफ्नो बहिनी बराबर छौ। तिमी दुवै जनाले आफ्नो पति र नानीहरूलाई घृणा गर्छौ। तिमीहरू ठीक आफ्नो आमा-बाबु जस्तो छौ। तिम्रो आमा हित्ती अनि बाबु एमोरी थिए। ४६तिम्रो ठूलो दिदी सामरिया थिई उ तिम्रो उत्तरदिशामा आफ्नो छोरीहरूसँग बस्थी अनि तिम्रो सानो बहिनी सदोम थिई। उ आफ्नो छोरीहरू (शहरहरू) सँग तिम्रो दक्षिणमा बस्थी! ४७तिमीले त्यो सबै डरलाग्दा पाप काम गर्‍यौ जुन तिनीहरूले गरे। तर तिमीले त्यो काम पनि गर्‍यौ जुन तिनीहरूले गरेको भन्दा नराम्रो थियो। ४८म परमप्रभु अनि मालिक हुँ। म सदा जीवित छु अनि आफ्नो जीवनको शपथ खाएर भन्छु कि तिम्रो बहिनी सदोम अनि उसको छोरीहरूले कहिल्यै पनि त्यति नराम्रो काम गरेनन् जति तिम्रो छोरीहरूले गरे।"

४९परमप्रभुले भन्नुभयो, "तिम्रो बहिनी सदोम अनि उसको छोरीहरू घमण्डी थिए। तिनीहरूसित आवश्यकता भन्दा ज्यादा खाने कुरा थियो अनि तिनीहरूसित समय पनि ज्यादा थियो। तिनीहरूले दीन अनि असहाय मानिसहरूलाई सहायता गर्दैनथिए। ५०सदोम अनि उसको छोरीहरू अत्याधिक घमण्डी भए र मेरो अघि डरलाग्दा पाप गर्न थाले। जब मैले ती कामहरू गरेको देखें, मैले दण्ड दिएँ।"

५१परमेश्वरले भन्नुभयो, "सामरियाले तिमीले गरेको पाप भन्दा आधा मात्र पाप गर्‍यो। सामरियाले भन्दा अधिक डरलाग्दा पाप तिमीले गर्‍यौ! आफ्नो बहिनीहरूले भन्दा अधिक डरलाग्दा पाप गर्‍यौ! सदोम अनि सामरियाको तुलना गर्दा तिनीहरूलाई तिमी भन्दा राम्रो लाग्छ। ५२यसकारण तिमी लज्जित हुनुपर्छ। तिमीले तिम्रो दिदी बहिनीहरूलाई तिमी भन्दा धार्मिक देखिने बनायौ। तिमीले भयंकर पापहरू गरेकीछौ यसकारण तिमी लज्जित हुनुपर्छ।"

५३परमेश्वरले भन्नुभयो, "मैले सदोम अनि त्यसको चारैतिरको शहरहरू नष्ट पारिदिएँ। मैले सामरिया अनि त्यसको चारैतिरको शहरहरू नष्ट पारैं। यरूशलेम म तिमीलाई नष्ट पार्नेछु। तर म ती शहरहरू फेरि बनाउँनेछु। यरूशलेम म तिमीलाई फेरि बनाउँनेछु। ५४म तिमीलाई आराम दिनेछु। त्यसबेला तिमीले डरलाग्दा पापहरू याद गर्नेछौ जुन तिमीले गरेका थियौ अनि तिमी लज्जित हुनेछौ। ५५यस्तो प्रकारले तिमी अनि तिम्रो बहिनीहरू फेरि बनाइनेछन्। सदोम अनि उसको चारैतिरको शहरहरू, सामरिया अनि त्यसको चारैतिरको शहरहरू तथा तिमी अनि तिम्रो चारैतिरको शहरहरू फेरि बनाइनेछन्।"

५६परमेश्वरले भन्नुभयो, "बितेका दिनहरूमा तिमी घमण्डी थियौ अनि तिम्रो बहिनी सदोमको हाँसो उड़ाउथ्यौ। तर तिमीले त्यस्तो फेरि गर्न सक्तैनौ। ५७तिमीलाई सजाय दिनु भन्दा पहिला आफ्नो छिमेकीहरूद्वारा हाँसो उड़ाउँन शुरू गर्नु भन्दा पहिला तिमीले त्यो गरेकी थियौ। एदोमको छोरीहरू तथा पलिश्तीले अहिले तिम्रो हाँसो उड़ाइरहेकाछन्। ५८अब तिमीले जुन भयंकर पाप गर्‍यौ त्यसका निम्ति कष्ट उठाँउनु पर्छ।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

५९परमप्रभु मेरो मालिकले यी सबै कुराहरू भन्नभयो, "तिमीले आफ्नो विवाहको प्रतिज्ञा भंग गर्‍यौ। तिमीले हाम्रो करारको आदर गरेनौ। ६०तर मलाई त्यो करार याद छ जुन त्यस समय गरिएको थियो, जुन समय तिमी नानी थियौ। मैले तिमीसँग करार गरेको थिएँ जुन सधैं रहने थियो। ६१म तिम्रो बहिनीहरू तिमी भएकहाँ ल्याउँनेछु अनि म तिनीहरूलाई तिम्रो छोरीहरू बनाउँनेछु। यो हाम्रो करारमा थिएन, तर म यो तिम्रा निम्ति गर्नेछु। त्यति बेला तिमी ती डरलाग्दा पापहरू याद गर्नेछौ, जुन तिमीले गर्‍यौ अनि तिमी लज्जित हुनेछौ। ६२यसकारण म तिमीसित मेरो करार बाँध्नेछु र तिमीले जान्नेछौ कि म नै परमप्रभु हुँ। ६३तिमीले गरेका ती सबै नराम्रा कर्महरूको निम्ति मैले क्षमा दिएँ। अब तिमीले त्यो सम्झना गर्ने छौ अनि लज्जित हुनेछौ। तिमीले केही पनि भन्न सक्ने छैनौ।" परमप्रभु मेरो मालिकले ती सबै कुराहरू भन्नुभुयो।

१७ त्यसपछि परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, इस्राएलका घरानालाई यो कथा सुनाऊ! तिनीहरूलाई प्रश्न गर यसको अर्थ के हो? ३तिनीहरूलाई भन,

यो त्यही हो जुन परमप्रभु मेरा मालिकले भन्नुहुन्छु: "एउटा विशाल चील विशाल पखेटासित लबानोन आउँदैछ। चीलको धेरै रंगहरू भएको लामो लामो प्वाँखहरू थिए। त्यो लबानोनमा आयो अनि देवदारु रूखको टुप्पा लग्यो।

४त्यो गरुड़ले त्यो विशाल देवदारुको (लबानोन) रूखको टुप्पो चुड़ाँयो अनि कनान लिएर गयो। गरुड़ले व्यापारीको शहरमा त्यो रोप्यो।"

५त्यसपछि गरुड़ले केही बिऊहरू (मानिसहरू)
कनानबाट केही भाग लिएर गयो। त्यसले त्यो मलिलो
जमीनमा रोप्यो। त्यसले प्रशस्त पानी भएको छेउमा
रोप्यो।

६बिऊ उम्रियो अनि त्यो दाखको बोट बनियो। यो
बोट राम्रो थियो। बोट अग्लो थिएन। तर यो एउटा
ठूलो क्षेत्रभरि ढाक्ने गरी फैलियो। दाखको काण्ड
बड्यौ अनि लामो भएर हाँगाहरू र पातहरू पलायो।

७त्यसपछि अर्को ठूलो पखेटा भएको गरुड़ले दाखको
बोट देख्यो। गरुड़को लामो पखेटा थियो। दाखको
बोटले चाहन्थ्यो कि यो नयाँ गरुड़ले उसको देख रेख
गरोस्। यसकारण त्यसले आफ्नो जराहरू त्यो गरुड़
भए पट्टि फैलायो। यसको हाँगाहरू गरुड़ भएको पट्टि
फैलिन थाल्यो। यसको हाँगाहरू त्यो खेतदेखि टाढ़ो
सम्म फैलिन थाल्यो, जहाँ यो रोपेको थियो। दाखको
बोटले चाहन्थ्यो नयाँ गरुड़ले उसलाई पानी हालोस्।

८दाखको बोट अर्को मलिलो खेतमा सारियो। यो
प्रशस्त पानी भएको भूमिमा रोपिएको थियो। यसले
हाँगाहरू अनि फल दिन सक्थ्यो। यो एउटा साह्रै राम्रो
दाखको बोट हुन सक्थ्यो।”

९परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नभयो, “के
तिमी सम्भन्छौ कि बोट सफल हुन्छ? अहँ! नयाँ
गरुड़ले बोटलाई जमीनदेखि उखेलिदिन्छ अनि पक्षीले
बोटलाई जरासँगै उखेलिदिन्छ। त्यसले सबै दाख खान्छ।
त्यसपक्षि नयाँ पातहरू सुक्छ अनि मर्छ। त्यो बोट
एकदमै कमजोर हुन्छ। त्यो बोटलाई जरैसँग उखाल्नका
निम्ति शक्तिशाली अस्त्र-शस्त्र अथवा शक्तिशाली देशको
आवश्यकता पर्दैन्।

१०के त्यो बोट त्यहाँ बढ्छ जहाँ रोपेको छ? अँहँ!
गरम पूर्वीय बतास चल्ने छ; अनि बोट सुकेर मर्नेछ।
यो त्यहीँ मर्छ जहाँ रोपेको थियो।”

११परमप्रभुको वचन मकहाँ आयो उहाँले भन्नुभयो,
१२“यो कुराको व्याख्या इस्राएलका मानिसहरूको बीचमा
गर, तिनीहरू सधैं मेरो विरुद्धमा जान्छन्। तिनीहरूलाई
यो भन, पहिलो गरुड़ (नबूकदनेस्सर) बाबेलको राजा
हो। उ यरूशलेममा आयो अनि राजा तथा अन्य
प्रमुखहरूलाई लिएर गयो। उसले तिनीहरूलाई बाबेल
लिएर आयो। १३त्यसपछि नबूकदनेस्सरले राजाको
परिवारको एउटा मानिससँग सन्धि गऱ्यो। नबूकदनेस्सरले
त्यस मानिसलाई शपथ गर्नका निम्ति वाध्य पाऱ्यो। यस
प्रकार त्यस नबूकदनेस्सरले मानिसलाई राजभक्त राख्ने
शपथ गऱ्यो। नबूकदनेस्सरले यो मानिसलाई यहूदाको
नयाँ राजा बनायो। त्यसपछि उसले सबै शक्तिशाली
मानिसलाई यहूदाबाट बाहिर निकाल्यो। १४यस प्रकार
यहूदा एक दुर्बल राज्य बनियो, जुन राजा नबूकदनेस्सरको
विरुद्ध उठ्न सक्तैन्थ्यो। यहूदाको नयाँ राजासँग
नबूकदनेस्सरले जुन संधि गरेको थियो त्यो पालन
गर्नका निम्ति त्यो मानिस बाध्य भयो। १५तर यो नयाँ
राजाले कुनै न कुनै प्रकारले नबूकदनेस्सरको विरुद्ध
विद्रोह गर्ने प्रयत्न गऱ्यो। उसले सहायताको लागि
मिश्रमा राजदूतहरू पठायो। नयाँ राजाले धेरै घोड़ा अनि
सैनिक मागे। यस्तो दशामा के तिमी सम्भन्छौ कि
यहूदाको राजा सफल हुन्छ? के तिमी सम्भन्छौ कि
नयाँ राजासँग प्रयाप्त शक्ति हुन्छ अनि उसले करार
भङ्ग गरी दण्डबाट बाँच्न सक्छ?”

१६परमप्रभु मेरा मालिक भन्नुहुन्छ, “म आफ्नो
जीवनको शपथ खाएर वचन दिन्छु कि यो नँया राजा
बाबेलमा मर्नेछ। नबूकदनेस्सरले त्यो मानिसलाई यहूदाको
नयाँ राजा बनायो। तर त्यो मानिसले नबूकदनेस्सरसँग
भएको शपथ तोड्यो। यो नयाँ राजाले त्यो सन्धि
तोड्यो। १७मिश्रको राजा यहूदाको राजाको रक्षा गर्नमा
समर्थ हुँदैन। उसले धेरै संख्यामा सैनिक पठाउँन सक्छ,
तर मिश्रको महान शक्तिले यहूदाको रक्षा गर्न सक्तैन्।
नबूकदनेस्सरको सेनाहरूले शहरमा अधिकार गर्नका
निम्ति कच्चा बाटो अनि माटोको पर्खाल बनाउँछन।
धेरै संख्यामा मानिसहरू मर्नेछन्। १८तर यहूदाको राजा
बाचेर निक्लन सक्तैन्। किन? किनकि उसले आफ्नो
सन्धिको उपेक्षा गऱ्यो। उसले नबूकदनेस्सरलाई दिएको
शपथ भङ्ग गऱ्यो।”

१९परमप्रभु मेरो मालिकले यो प्रतिज्ञा गर्नुभयो: “म
आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि म
यहूदाको राजालाई दण्ड दिन्छु। किन? किनकि उसले
मेरो चेताउनीहरूको उपेक्षा गऱ्यो। उसले हाम्रो करार
भङ्ग गऱ्यो। २०म आफ्नो जाल फैलाउँछु अनि उ
त्यसमा फँस्नेछ। म उसलाई बाबेलमा ल्याउँछु अनि
हाम्रो मामला त्यहीँ फैसला हुनेछ, किनभने उसले
मलाई धोका दियो। २१म उसको सेनाहरू नष्ट
पारिदिन्छु। म उसको सर्वश्रेष्ट सैनिकहरू नष्ट पारिदिन्छु
अनि बाँचेका मानिसहरूलाई हावामा उड़ाइदिन्छु। तब
तिमीले जान्नेछौ कि म नै परमप्रभु हुँ अनि मैले यो
कुराहरू तिमीसित गरें।”

२२परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो,
“म लामो देवदार वृक्षको एउटा हाँगा लिन्छु। म
बृक्षको टुप्पाको एउटा सानो हाँगा लिन्छु। अनि म
स्वंय त्यसलाई अग्लो पर्वतमा रोप्छु।

२३“म स्वंयले यसलाई इस्राएलको अग्लो पर्वतमा
रोप्नेछु। यो हाँगा एउटा सुन्दर देवदारको रूखमा
परिणत हुनेछ। यसको हाँगा निक्लन्छ अनि यसले फल
दिन्छ अनि यसका हाँगामा सबै प्रकारका चराहरूले गुँड़
बनाउँनेछन्।

२४“तब अर्को वृक्षले थाहा पाउँछ कि म अग्लो
रूखलाई भूइँमा लड़ाई दिन्छु अनि म सानो रूखलाई
बढ़ाउँछु। त्यसलाई लामो बनाउँछु म हरियो रूखलाई
सुकाई दिन्छु। म सुकेको रूखलाई हरियो बनाई दिन्छु

म परमप्रभु हुँ। यदि मैले गर्छु भने पछि त्यो निश्चय गर्नेछु।"

१८ परमप्रभुको वचन मकहाँ आयो, २"तिमीहरूले इस्राएलको भूमिमा बस्ने मानिसहरूको विषयमा यो उखान दोहऱ्याइरहेका छौ। तिमी भन्छौ;

आमा-बाबुहरूले अमिलो अङ्गुर खाए,
तर नानीहरूले अमिलो स्वाद पाए।

३तर परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि इस्राएलका मानिस अब भविष्यमा यो उखानलाई कहिल्यै साँचो सम्भदैनन्! ४म सबै मनिसहरूलाई एउटै व्यवहार गर्छु। यो महत्वपूर्ण हुँदैन् कि त्यो आमा-बाबु होस् अथवा सन्तान। जसले पाप गर्छन् ती मानिसहरू मर्नेछन्!

५"यदि कोही मानिस राम्रो हुन चाहन्छ भने उसलाई जुन न्याय र सही छ त्यो गर्न देऊ। ६त्यो धर्मी मानिस पहाड़माथि जाँदैन् अनि असत्य देवताहरूलाई चढ़ाएको खानाबाट कुनै भाग पनि बाढ़ँदैन्। त्यो इस्राएलको नराम्रो देवताहरूको मूर्तिहरूको स्तुति गर्दैन्। उसले आफ्नो छिमेकीको पत्नीसँग व्यभिचारको पाप गर्दैन्। उसले आफ्नो पत्नीसँग उसको रजस्वलाको समयमा शारीरिक सम्बन्ध राख्दैन्। ७असल मानिसले मानिसहरूबाट लाभ उठाउँदैन्। यदि कसैले उदेखि ऋण लिन्छ भने उसले बन्धक राखेर ऋण दिन्छ र ऋणी मानिसले ऋण चुक्ता गर्दा बन्धकी फकाई दिन्छ। राम्रो मानिसले भोको मानिसहरूलाई खाना दिन्छ अनि नाङ्गो मनिसहरूलाई लुगा दिन्छ। ८यदि कसैले ऋण लिनु चाह्यो भने राम्रो मानिसले उसलाई ऋण दिन्छ, उसले त्यो ऋणको ब्याज लिदैन्। राम्रो मानिस कुटिल हुनु सक्तैन। उ प्रत्येक मानिससँग राम्रो व्यवहार गर्छ, उसलाई मानिसहरूले विश्वास गर्छन्। ९उ मेरो विधिहरूको पालन गर्छ। उसले मेरो निर्णयहरू सम्भन्छ अनि राम्रो एवं विश्वासनीय हुन सिक्छ। किनकि उ राम्रो मानिस हो, यसकारण उ जीवित रहन्छ।

१०"तर त्यस मानिसको कुनै छोरा यस्तो हुन सक्छ, जो ती राम्रो कामहरूमध्ये कुनै पनि गर्दैन्। त्यसले चीजहरू चोर्न सक्छ तथा मानिसहरूको हत्या गर्न सक्छ। ११छोरोले यी नराम्रो कामहरूमध्ये कुनै पनि काम गर्न सक्छ। उ पहाड़हरूमा जान सक्छ अनि भूटो देवताहरूलाई चढ़ाएको भोजनबाट हिस्सा बाड़न सक्छ। त्यो पापी छोरोले आफ्नो छिमेकोको पत्नीसँग व्यभिचार कर्म गर्न सक्छ। १२उसले गरीब र असहाय मानिससँग नराम्रो व्यवहार गर्न सक्छ। उसले मानिससँग अनुचित लाभ उठाउन सक्छ। उसले बन्धक राखेको बस्तु ऋण चुक्ता भइसक्दा पनि नफर्काउन सक्छ। त्यो पापी छोरोले नराम्रो मूर्तिहरूसित प्रार्थना गर्न सक्छ अथवा अर्को डरलाग्दो पाप पनि गर्न सक्छ। १३कुनै मानिसलाई त्यो पापी छोरोबाट ऋण लिने आश्यकता पर्न सक्छ, तर उ त्यो मानिसलाई ऋणको ब्याज तिर्नु बाध्य पार्छ। यसकारण त्यो पापी छोरो जीवित रहँदैन। उसले भयंकर पाप गऱ्यो। यसकारण त्यो मारिन सक्छ अनि आफ्नो मृत्युको निम्ति स्वंय उत्तरदायी हुन्छ।

१४"सम्भवत: त्यो पापी छोरोको पनि एउटा छोरा हुनुसक्छ। तर यो छोरोले आफ्नो बाबुद्वारा गरिएको पाप कर्महरू देख्न सक्छ अनि उ आफ्नो बाबु जस्तै हुन मान्दैन। राम्रो मानिसले मानिसहरूसित राम्रो व्यवहार गर्छ। १५त्यो मानिस पहाड़हरूमा जाँदैन्, भूटो देवताहरूलाई चढ़ाएको खानामा भाग लिँदैन। त्यसले इस्राएलको भूटो मूर्तिहरू सित प्रार्थना गर्दैन। ऊ आफ्नो छिमेकीको पत्नीसँग व्यभिचारी पाप गर्दैन्। १६त्यो राम्रो छोराले मानिसहरूबाट अनुचित लाभ उठाउँदैन्। यदि कुनै मानिसले उसबाट ऋण लियो भने त्यो राम्रो मानिसले चीज बन्धक राख्छ अनि त्यस मानिसलाई ऋण दिन्छ अनि जब त्यो मानिसले ऋण भुगतान गर्छ त्यतिबेला त्यो राम्रो मानिसले बन्धक राखेको चीज फर्काउँछ। राम्रो मानिसले भोकाएकोलाई भोजन दिन्छ अनि तिनीहरूलाई वस्त्र पनि दिन्छ जसलाई त्यसको आवश्यकता छ। १७उसले गरीबलाई सहायता गर्छा यदि कुनै मानिस ऋण लिन चाहन्छ भने त्यो राम्रो छोरोले ऋण दिन्छ अनि उसले त्यसको ब्याज लिँदैन। राम्रो छोराले मेरो नियमहरू पालन गर्छ अनि मेरो नियमहरू अनुसार चल्छ। त्यो राम्रो छोरा आफ्नो आमा बाबुको पापले मर्दैन्। त्यो राम्रो छोरा बाँचिरहन्छ। १८उसको बाबुले मानिसहरूबाट फाइदा उठाउन सक्छ अनि तिनीहरूहबाट चीजहरू पनि चोर्न सक्छ। उसले केही राम्रो काम गर्न सक्तैन्। किनभने त्यो बाबु आफ्नो पापहरूले गर्दा मर्छ। तर छोरोलाई उसको बाबुको पापको निम्ति दण्ड दिनु हुदैन।

१९"तिमी सोध्न सक्छौ, 'छोराले बाबुको पापहरूका निम्ति किन दण्डदायी हुँदैन?' यसको कारण यो हो कि छोरा राम्रो छ अनि उसले राम्रो काम गरेकोछ! उसले एकदमै सावधानीसँग मेरो नियमहरू पालन गरेको छ। यसकारण उ बाँचिरहन्छ। २०जुन मानिसले पाप गर्छ, त्यही मानिस मारिन्छ। एउटा छोरो आफ्नो बाबुको पापले दण्डित हुँदैन्। अनि अर्को बाबु आफ्नो छोरोको पापको लागि दण्ड पाउँदैन। एउटा धर्मी मानिसको धार्मिकता केवल उसको निजी हुन्छ अनि नराम्रो गरेको फल पनि उसकै मात्र हुन्छ।

२१"यस्तो स्थितिमा यदि कुनै नराम्रो मानिसले आफ्नो जीवन क्रम परिर्वतन गर्छ भने त्यो बाँच्नेछ। पाप कर्म छोड़े पछि त्यो मानिस मर्दैन। त्यसले धेरै सावधानीसँग मेरो विधिहरू पालन गर्न आरम्भ गर्ने गर्छ। ऊ न्यायशील अनि राम्रो हुन सक्छ। २२परमेश्वरले उसले

गरेको सबै पापहरू याद राख्नु हुँदैन। परमेश्वरले
केवल उसको धार्मिकता मात्र याद राख्नु हुन्छ,
यसकारण त्यो मानिस जीवित रहन्छ।"
२३परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म नराम्रो
मानिसहरू मर्न दिन चहाँदिन। म तिनीहरू आफ्नो
जीवनको दुष्ट चालबाट फर्केको चाहन्छु ताकि तिनीहरू
बाँच्न सकोस्।
२४"यस्तो पनि हुन सक्छ कि राम्रो मानिस राम्रो
रहन छोड़न सक्छ। उ आफ्नो जीवन बद्लिन सक्छ
अनि त्यो डरलाग्दा पापहरू गर्न आरम्भ गर्न सक्छ जुन
नराम्रा मानिसहरूले भूतकालमा गरे। यसकारण त्यो
राम्रो मानिस बदलिएर नराम्रो बनियो भने परमेश्वरले
त्यस मानिसले गरेको राम्रो कामहरू याद राख्नुहुन्न।
परमेश्वरले यही याद राख्नुहुनेछ कि त्यो मानिस उसको
विरुद्ध गयो अनि उसले पाप गर्न थाल्यो। यसैकारण
त्यो मानिस आफ्नो पापको कारण मर्नेछ।"
२५परमेश्वरले भन्नुभयो, "तिमीले भन्न सक्छौ कि
'परमेश्वर हाम्रो मालिक न्यायपूर्ण हुनुहुन्न।' तर हे
इस्राएलका परिवारहरू सुन! मेरो मार्गहरू अन्याय
संगत छैन। तिमीहरूकै मार्गहरू अन्याय संगत छन्।
२६यदि एउटा धर्मी मानिस बद्लिन्छ अनि पापी बनिन्छ
भने उसले आफूले गरेको नराम्रो कामको कारण मर्नु
पर्छ। २७यदि कुनै पापी बदलिन्छ अनि राम्रो तथा
न्याय-प्रिय बनिन्छ भने उसले आफ्नो प्राण बँचायो! उ
जीवित बाँच्छ! २८त्यो मानिसले देख्यो कि उ कति
नराम्रो थियो अनि मकहाँ आयो। उसले ती नराम्रो
पापहरू गर्न छोड़िदियो जुन उसले भूतकालमा गरेको
थियो यसकारण उ बाँच्नेछ। उ मर्नेछैन!"
२९इस्राएलका मानिसहरूले भने, "परमप्रभु हाम्रा
मालिक न्यायपूर्ण हुनुहुन्न।"
परमेश्वरले भन्नुभयो, "मेरा मार्गहरू अन्यायी छैनन्।
यो त तिमीहरूका मार्गहरू हुन जुन न्याय सङ्गत छैनन्।
३०किन? किनकि इस्राएलको परिवारलाई, म प्रत्येक
मानिससँग त्यही प्रकारले न्याय गर्नेछु जस्तो त्यो मानिसले
कर्म गनेछ।" परमप्रभु मेरो मालिकले यी कुराहरू
भन्नुभयो: "यसकारण मसित आऊ! पाप गर्न छोड़! ती
डरलाग्दा चीजहरूले (मूर्ति) तिमीलाई पाप गर्नु नलावोस्।
३१ती सबै डरलाग्दा चीजहरू जुन तिमीले बनायौ,
फ्याँकि देऊ, तिनीहरूले तिमीलाई खाली पाप गराउँछ।
आफ्नो हृदय र आत्मा बद्लि गर! इस्राएलका मानिसहरू,
तिमी आफूलाई किन मर्न दिन चाहन्छौ? ३२म तिमीलाई
मार्न चाहदिन्। दया गरि फर्केर आऊ अनि बाँच!" यो
सबै कुरा परमप्रभु मेरो मालिकले भन्नुभयो।

**१९** परमेश्वरले मलाई भन्नुभयो, "तिमीले
इस्राएलको नेताहरूको विषयमा दु:खको गीत
गाउनु पर्छ!
२"'कस्तो सिंहिनी तिम्री आमा? उ सिंहहरू बीच
एउटा सिंहिनी थिई। उ जवानसिंहहरूको बीच ढल्केर
बस्थी अनि आफ्नो डमरूहरूलाई हुर्काउने गर्थी।
३ती डमरूहरूमध्ये एउटालाई त्यसले हुर्काई। त्यो
एउटा शक्तिशाली बलियो सिंह बनियो। त्यसले शिकार
गर्न सिक्यो। त्यसले एउटा मानिसलाई मार्‌यो अनि
खायो।
४जाति-जातिहरूले त्यसले गर्जेको सुने अनि तिनीहरूले
त्सलाई आफ्नो जालमा फसाँए। तिनीहरूले त्यसको
मुखमा बल्छी लगाए अनि जवान सिंहलाई मिश्र देशमा
लिएर आए।
५आमा सिंहिनीलाई आशा थियो कि त्यो डमरू
प्रमुख बन्नेछ। तर अहिले तिनका सबै आशा हराए।
यसकारण आफ्नो डमरूहरू मध्ये उसले अर्को एउटा
लिई। त्यसलाई उसले एउटा सिंह हुने प्रशिक्षण दिई।
६त्यो जवान सिंहहरूसँग शिकार गर्न गयो। त्यो
जवान सिंह एउटा बलवान सिंह भयो। उसले आफ्नो
शिकार पक्रन सिक्यो। उसले एउटा मानिस मार्‌यो अनि
त्यसलाई खायो।
७उसले महलहरूमा आक्रमण गर्‌यो, उसले शहरहरू
नष्ट पार्‌यो। त्यो देशको प्रत्येक मानिस त्यति बेला साह्रै
डराउँथे जतिबेला त्यसको गर्जन सुन्थे।
८त्यसपछि उसको चारैतिर भएका राष्ट्रहरूले जाल
फिँजाए अनि तिनीहरूले त्यलाई खाल्डामा पारे।
९तिनीहरूले त्यसलाई खोरमा हाले अनि बन्द गरिदिए।
तिनीहरूले त्यसलाई आफ्नो जालमा बन्द गरे यसप्रकारले
तिनीहरूले त्यसलाई बाबेलको राजाकहाँ लिएर गए।
अब त्यसको गर्जन तिमीहरूले इस्राएलको पर्वतमा
सुन्नेछैनौ।
१०तिम्री आमा पानीको छेउको दाखको बोट जस्तै
थिई। त्योसँग प्रशस्त पानी थियो। यसकारण त्यसले
फल लाग्ने हाँगाहरू उत्पन्न गरी।
११त्यसपछि उसले एउटा ठूलो हाँगा उत्पन्न गर्‌यो,
त्यो हाँगा टेक्ने लौरो जस्तो थियो। त्यो हाँगा राजाको
राजदण्ड जस्तो थियो। बोट अग्लो अनि अग्लो हुँदै
गयो। यसको धेरै हाँगाहरू थिए अनि त्यसले बादलहरू
छुन थाल्यो।
१२तर बोटलाई जरैसँग उखेलिदियो, अनि त्यसलाई
जमीनमा फ्याँकि दियो। गरम पूर्वीय बतास चल्न
थाल्यो अनि त्यसको फलहरू सुकाई दियो, शक्तिशाली
हाँगाहरू भाँचिए अनि त्यसलाई आगोमा फ्याँकि दियो।
१३तर त्यो दाखको बोट अब मरुभूमिमा रोपियो, यो
एकदमै सुक्खा र पानी नभएको ठाउँ थियो।
१४विशाल हाँगामा आगो फैलियो, आगोले त्यसको
हाँगाहरू र फलहरू भस्म पार्‌यो। यसकारण, कुनै
हाँगाको शक्तिशाली लौरो रहेन। कुनै राजाको राजदण्ड
थिएन।'

यो मृत्युको बारेमा दु:खको गीत थियो अनि यो मृत्युको बारेमा दु:खको गीतको रूपमा गाइयो।"

२० एकदिन परमप्रभुलाई एउटा प्रश्न गर्न इस्राएलका बूढ़ा-प्रधानहरू मध्ये कतिजना मकहाँ आए। यो पाँचौं महीनाको दशौं दिन अनि देशबाट निकालिएको सातौं वर्ष थियो। बूढ़ा-प्रधानहरू मेरो अघि बसेका थिए।

२त्यसपछि परमप्रभुको वचन मकहाँ आयो, उहाँले
भन्नुभयो, ३"हे मानिसको छोरो, इस्राएलका बूढ़ा-प्रधानहरूसँग कुरा गर। तिनीहरूलाई भन, 'परमप्रभु मेरो मालिकले, यो कुरा बताउनु हुन्छ: के तिमीहरू मेरो सल्लाह माग्न आएका हौ? यदि तिमीहरू आएका हौ भने म तिमीलाई यो दिँदिन। परमप्रभु मेरा मालिकले
यो कुराहरू भन्नुभयो।' ४हे मानिसहरूको छोरो! के तँ
तिनीहरूको न्याय गर्नेछस्? के तँ तिनीहरूको न्याय गर्नेछस्? तिमीले तिनीहरूलाई ती डरलाग्दा पापहरूको विषयमा बताउनु पर्छ जुन तिनीहरूका पिता-पुर्खाहरूले
गरेका थिए। ५तिमीले तिनीहरूलाई भन्नुपर्छ, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: जुन दिन मैले इस्राएललाई छाने, मैले आफ्नो हात याकूबको परिवारको विरुद्ध उठाएँ अनि मैले तिनीहरूलाई मिश्रमा भाकल गरे। मैले आफ्नो हात उठाएँ अनि भनें: "म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ। ६त्यसदिन मैले तिमीलाई
मिश्रबाट बाहिर ल्याउँने प्रतिज्ञा गरेको थिएँ अनि मैले तिमीलाई त्यस प्रदेशमा ल्याँए जुन मैले तिमीलाई दिँदै थिए। त्यो एउटा राम्रो देश थियो जुन धेरै राम्रो चीजहरूले भरिएको थियो। यो सबै देशहरू मध्ये ज्यादै राम्रो थियो।

७"मैले इस्राएलको परिवारसित तिनीहरूको डरलाग्दा मूर्तिहरू फ्याँकि दिनु भनें। मैले त्यो मिश्रको नराम्रो प्रतिमाहरूसित तिनीहरूलाई नराम्रो नहुनको लागि भनें।
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" ८तर तिनीहरू
मेरो विरुद्ध भए अनि मेरो एक शब्द पनि सुनेनन्। तिनीहरूले आफ्नो डरलाग्दा मूर्तिहरू फ्याँकेनन्। उनीहरूले आफ्नो नराम्रो मूर्तिहरू मिश्रमा छोड़ेनन्। यसकारण मैले तिनीहरूलाई मिश्रमा नष्ट गर्ने निर्णय गरें अर्थात् आफ्नो क्रोधको पूरै शक्तिको अनुभव गर्न खोजें। ९तर
मैले तिनीहरूलाई नष्ट गरिन। मैले मानिसहरूलाई पहिला नै भनिसकेको थिएँ कि म आफ्नो मानिसहरूलाई मिश्रबाट बाहिर लिएर जान्छु। म आफ्नो राम्रो नाम बदनाम गर्न चहाँदिन्। यसकारण मैले तिनीहरूको सामु
इस्राएलीहरूलाई नष्ट गरिन्। १०मैले इस्राएलको
परिवारलाई मिश्रबाट बाहिर ल्याएँ। मैले तिनीहरूलाई
मरूभूमिमा लिएर गएँ। ११त्यसपछि मैले तिनीहरूलाई
आफ्नो नियम दिएँ। मैले उनीहरूलाई सारा नियमहरू बताएँ। यदि कोही मानिसले यो नियमहरू पालन गऱ्यो
भने ऊ बाँच्नेछ। १२मैले प्रत्येक सात दिने दिनहरूको
विश्राम विषयमा तिनीहरूलाई बताएँ। मेलै तिनीहरूलाई मेरो पवित्र दिन तिनीहरू अनि मेरो बीचको एक विशेष संकेत जस्तै दिएँ। म परमेश्वर हुँ अनि मैले तिनीहरूलाई आफ्नो विशेष मानिसहरू बनाँउदै छु भनी तिनीहरूलाई बताई दिएँ।

१३"'तर इस्राएलको परिवार मरूभूमिमा मेरो विरूद्धमा
उठ्यो। तिनीहरूले मेरो नियमहरू अनुसरण गरेनन्। तिनीहरूले मेरो विधिहरू पालन गर्न अस्वीकार गरे। मानिसहरू जसले यी विधिहरू पालन गर्छन ती जीवित रहनेछन्। तर तिनीहरूले मेरो विशेष विश्रामका दिनहरू यस्तो व्यवहार गरे मानौं यसको केही तात्पर्य नै छैन्। मैले मरुभूमिमा तिनीहरूलाई नष्ट गर्ने निर्णय गरें। आफ्नो क्रोधको पूरै शक्तिको अनुभव तिनीहरूलाई
गराउन खोजें। १४तर मैले तिनीहरूलाई नष्ट गरिन।
अन्य राष्ट्रले मलाई इस्राएललाई मिश्रबाट बाहिर ल्याउँदै गरेको देख्यो। म आफ्नो राम्रो नाम समाप्त गर्न चाहँदिन्। यसकारण मैले ती राष्ट्रहरूको सामने इस्राएललाई
नष्ट गरिन्। १५मैले मरुभूमिमा ती मानिसहरूसित
एउटा शपथ ग्रहण गर्हें। मैले शपथ खाए कि मैले तिनीहरूलाई त्यस प्रदेशमा ल्याउँदिन। जुन म उनलाई दिँदैछु। त्यो धेरै चीजहरूले भरिएको छ। एउटा राम्रो प्रदेश थियो। यो सबै देश भन्दा ज्यादा सुन्दर थियो।

१६"'मैले त्यसो गरें कारण इस्राएलका मानिसहरूले
मेरा नियमहरू पालन गर्नु इन्कार गरे! तिनीहरूले मेरो विधि-विधानहरूको अनुसरण गरेनन्। तिनीहरूले मेरो विश्राम दिनहरूमा यस्तो गरे मानौं तिनीहरूलाई कुनै महत्व थिएन्। तिनीहरूले यो सबै काम गरे यसकारण किनभने तिनीहरूको हृदय तिनीहरूको मूर्तिहरूलाई
सर्मपण गरेका थिए। १७तर मलाई तिनीहरू प्रति दया
जाग्यो, यसकारण मैले तिनीहरूलाई नष्ट गरिन्। १८मैले
तिनीहरूको नानीहरूसँग कुरा गरें, "मैले तिनीहरूलाई भनें, आफ्नो आमा-बाबु जस्तो नहुनु। तिनीहरूको नराम्रो मूर्तिहरूबाट आफूलाई नराम्रो नबनाऊ। तिनीहरूको नियमको अनुसरण नगर। तिनीहरूको आदेशहरू पालन
नगर। १९म परमप्रभु हुँ। म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ। मेरो विधिहरू पालन गर। मेरो विधिहरू
मान। त्यो काम गर जुन म गर भन्छु। २०यो प्रदर्शित
गर कि मेरो विश्रामको दिन तिम्रो निम्ति महत्वपूर्ण छ। याद राख कि तिनीहरू तिम्रो र हाम्रो बीच विशेष प्रतीक होस्। म परमप्रभु हुँ अनि यो पवित्र दिनले यो संकेत गर्छ कि म तिमीहरूका परमेश्वर हुँ।"

२१"'तर ती नानीहरू मेरो विरुद्ध भए। तिनीहरूले
मेरा व्यवस्थाहरू पालन गरेनन्। तिनीहरूले मेरो आदेशहरू मानेनन्। तिनीहरूले त्यो काम गरेनन् जुन मैले भनें, त्यो राम्रो नियम थियो। यदि कसैले उहाँको नियम पालन गर्छ त्यो जीवित रहन्छ। तिनीहरूले मेरो विश्रामको विशेष दिनहरूमा यस्तो काम गरे मानौ तिनीहरूले

त्यसको महत्व राख्दैन्। यसकारण मैले तिनीहरूलाई
मरुभूमि पूर्ण रूपमा नष्ट गर्ने निश्चय गरें जसबाट
तिनीहरूले मेरो क्रोधको पुरै शक्ति अनुभव गर्न सकुन्।
२२तर मैले आफैलाई रोकैं। अन्य राष्ट्रहरूले मलाई
इस्राएललाई मिश्रबाट बाहिर ल्याउँदै गरेको देखे।
जसबाट मेरो नाम अपवित्र नहोस्। यसकारण मैले ती
अन्य देशहरूको सामुन्ने इस्राएललाई नष्ट गरिन्।
२३यसकारण मैले मरुभूमिमा तिनीहरूलाई अझै एउटा
वचन दिएँ। मैले तिनीहरूलाई विभिन्न राष्ट्रहरूमा
तितर-बितर हुने अनि दोस्रो अनेकौं देशहरूमा पठाउने
प्रतिज्ञा गरे।

२४"'इस्राएलका मानिसहरूले मेरो आदेशको पालन
गरेनन्। तिनीहरूले मेरो नियमहरू पालन गर्न अस्वीकार
गरे। तिनीहरूले मेरो विश्रामको विशेष दिनहरूमा यस्तो
गरे मानौ तिनीहरू त्यसको महत्व राख्दैनन्। तिनीहरूले
आफ्नो पिता-पुर्खाहरूको अपवित्र मूर्तिहरूको पूजा गरे।
२५यसकारण मैले तिनीहरूलाई त्यो नियम दिए, जुन
राम्रो थिएन। मैले तिनीहरूलाई त्यो आदेश दिए जुसद्वारा
तिनीहरूले जीवन प्राप्त गर्नु सक्ने थिएनन्। २६मैले
तिनीहरूले आफ्नो भेटीद्वारा आफैलाई अपवित्र बनाउँन
दिएँ। तिनीहरूले आफ्नो प्रथम सन्तान सम्म बलि
चढाउँन थाले। यस्तो प्रकारले मैले तिनीहरूलाई नष्ट
गर्न चाहें। त्यसपछि तिनीहरूले थाहा पाए म नै
परमप्रभु हुँ।' २७यसकारण हे मानिसको छोरो! अब
इस्राएलको परिवारलाई भन, 'तिनीहरूसँग परमप्रभु मेरो
मालिकले यो कुराहरू भन्नु हुन्छः इस्राएलका मानिसहरूले
मेरो विरुद्ध अपवित्र कुराहरू भने अनि मेरो विरुद्ध
नराम्रो योजनाहरू बनाए। २८तर यस्तो हुँदा हुँदै पनि
मैले तिनीहरूलाई त्यो देशमा ल्याएँ जुन मैले तिनीहरूलाई
दिन्छु भनि प्रतिज्ञा गरेको थिएँ। तिनीहरूले ती पहाड़हरू
अनि हरियो वृक्षहरूलाई देखे यसकारण तिनीहरूलाई
त्यो सबै स्थानहरूमा पूजा गर्न गए। तिनीहरूले आफ्नो
बलिदान अनि क्रोध भेटी* ती सबै स्थानहरूमा चढ़ाए।
तिनीहरूले आफ्नो त्यो बलिदान चढ़ाए जुन मधुर
सुगन्धवाला थियो अनि तिनीहरूले आफ्नो पेय भेटी
पनि ती स्थानमा चढ़ाए। २९मैले इस्राएलको मानिसहरूलाई
सोधेँ, तिनीहरू त्यो उच्चस्थानमा किन गई
रहेछन्। यसरी आज सम्म पनि त्यसलाई अल्गो ठाउँ
भनिन्छ।*'"

३०परमेश्वरले भन्नुभयो, "इस्राएलका मानिसहरूले
त्यो सबै अपवित्र कामहरू गरे। यसकारण इस्राएलका
मानिसहरूसित कुरा गर। तिनीहरूलाई भन, 'परमप्रभु
मेरो मालिक यसो भन्नुहुन्छः तिमीहरूले त्यो कामहरू
गरेर आफैलाई अपवित्र बनायौ जुन तिम्रो पिता-पूर्खाहरूले
गरेका थिए। तिमीले एउटी वेश्याको जस्तो काम
गर्‍यौ। तिमी ती डरलाग्दा देवताहरूसित मलाई छोड़ेर
गयौ जसको पूजा तिमीहरूका पिता-पुर्खाहरूले गर्थे।
३१तिमीले त्यसरी नै उपहारहरू चढ़ाइरहेछौ। तिमीले
आफ्नो नानीहरूलाई आगोमा (असत्य देवताहरूको
उपहार स्वरूप) हालिरहेकाछौ। तिमीले आफूलाई आज
पनि अपवित्र मूर्तिहरूद्वारा अपवित्र बनाइरहेकाछौ। के
तिमी साँच्चै सोच्छौ कि म तिमीलाई मकहाँ आएर
आफ्नो सल्लाह माग्न दिन्छु? म परमप्रभु अनि मालिक
हुँ। म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि
म तिम्रो प्रश्नको उत्तर दिँदिन अनि तिमीलाई सल्लाह
पनि दिँदिन। ३२तिमी भन्छौ तिमी अन्य देशहरू जस्तै
हुने इच्छा गर्छौ। तिमी त्यो राष्ट्रको मानिसहरू जस्तै
बस्ने इच्छा गर्छौं। तिनीहरू जस्तै काठ अनि ढुङ्गाको
पूजा गर्छौं। तिमीले आफ्नो लागि जो सोच्छौ त्यो
कदापि हुँदैन।'"

३३परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "आफ्नो जीवनको
शपथ खाएर प्रतिज्ञा गर्छु कि म तिमीहरूमाथि राजाले
जस्तै शासन गर्छु। म आफ्नो शक्तिशाली हातहरू
उठाउँछु अनि तिमीहरूलाई दण्ड दिन्छु। म तिमीहरू
विरुद्ध आफ्नो क्रोध प्रकट गर्छु! ३४म तिमीहरूलाई ती
अन्य राष्ट्रहरूबाट निकाल्नेछु। जहाँ तिमीहरूले अरु
राष्ट्रका मानिसहरूको माझ छरिएर बसेकाछौ म
तिमीहरूलाई बटुल्नेछु। म मेरो शक्तिशाली हात उठाएर
यसो गर्नेछु अनि तिमीहरूलाई दण्ड दिनेछु। म मेरो
क्रोध तिमीहरूका विरूद्ध खन्याउनेछु। ३५म तिमीलाई
मरूभूमिमा लिएर जान्छु, जहाँ अन्य राष्ट्रका मानिहरू
बस्छन्। हामी आमने सामने खड़ा हुनेछौ अनि हाम्रो
मुद्दा निर्णय गरिनेछ। ३६म तिमीसँग त्यस्तै न्याय गर्नेछु
जस्तो मैले तिम्रो पिता-पुर्खाहरूसित मिश्रको मरुभूमिमा
गरेको थिएँ।" परमप्रभु मेरो मालिकले यी कुराहरू
भन्नुभयो।

३७"म तिमीलाई मेरो टाँगमुनी छिर्न लगाउनेछु अनि
मसित रहेको करार मान्न बाध्य गराउँछु। ३८म जो
मेरो विरुद्धमा खड़ा हुन्छ अनि जसले मेरो विरुद्ध पाप
गरेको छ तिनीहरू सबैलाई टाढ़ा पठाउँनेछु। म तिनीहरू
सबैलाई तिमीहरूको जन्म-भूमिबाट टाढ़ा पठाउँनेछ।
तिनीहरू इस्राएलए भूमिमा फेरि कहिल्यै फर्केर आउँने
छैनन्। तब तिमीले जान्ने छौ म नै परमप्रभु हुँ।"

३९हे इस्राएलका परिवार! अब सुन, परमप्रभु मेरो
मालिक यसो भन्नुहुन्छ, "यदि कुनै मानिसले तिमीहरूको
अपवित्र मूर्तिहरूको पूजा गर्ने इच्छा गर्‍यो भने,
त्यसलाई जान देऊ अनि पूजा गर्न देऊ। तर पछि
त्यसले नसोच्नु कि तिमीले मदेखि कुनै सल्लाह पाउँछु।

---

**क्रोध भेटी** मानिसहरूले त्यस भोजलाई "मेलबलि" भने तर इजकिएले गील्ला गरे अनि भने ती भोजले परमेश्वरलाई क्रोधित बनाए।

**तर … भनिन्छ** अर्थात, "आजको दिनसम्म पनि त्यो ठाँउ बामा भनिन्छ।"

तिमीले मेरो नाम भविष्यमा अझै ज्यादा अपवित्र पार्न
सक्नेछैनौ। त्यस समय होइन, जब तिमी आफ्नो
अपवित्र मूर्तिलाई भेटी दिन जारी राख्छौ।"
४०परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "मानिसहरू मेरो
पवित्र पर्वत-इस्राएलको अग्लो पर्वतमा मेरो सेवाको
निम्ति आउनुपर्छ। इस्राएलको पुरै परिवार आफ्नो
भूमिमा हुनेछन, त्यहाँ तिनीहरूको देश हुनेछ। त्यो त्यही
ठाँउ हो जहाँ तिमीहरू मलाई सल्लाह माग्नु आउँनु
सक्छौ अनि मलाई भेटी चढ़ाउनु तिमीहरू त्यस स्थानमा
आउँनु पर्छ। तिमीहरूले आफ्नो फसलको पहिलो भाग
त्यो स्थानमा ल्याउनु पर्छ। तिमीहरूले आफ्नो सबै
पवित्र भेटी त्यहीँ ल्याउनु पर्छ। ४१तब तिमीरूको
सुगन्धित बलिदानहरूमा म प्रसन्न हुनेछु। यो सबै त्यस
बेला हुनेछ जब म तिमीलाई फर्काई ल्याउँनेछु। मैले
तिमीहरूलाई विभिन्न राष्ट्रहरूमा छरपष्ट पारें। तर म
तिमीहरूलाई फेरि एकै ठाँउमा भेला गर्छु अनि फेरि
तिमीहरूलाई आफ्नो विशेष मानिसहरू बनाउँनेछु अनि
सबै राष्ट्रले यो देख्नेछन्। ४२तब तिमीले बुझ्छौ म नै
परमप्रभु हुँ यो तिमीहरूले त्यस बेला थाहाँ पाउछौ जब
म तिमीहरूलाई इस्राएलमा लिएर आउँछु। यो त्यही
देश हो जुन मैले तिमीहरूको पिता-पुर्खाहरूलाई दिने
वचन दिएको थिएँ। ४३त्यो देशमा तिमीहरूले ती
अशुद्ध पापहरू याद गर्नेछौ। जसले तिमीहरूलाई दोषी
बनायो अनि तिमीहरू लज्जित भयौ। ४४हे इस्राएलको
परिवार! तिमीहरूले धेरै दुष्ट कामहरू गर्‍यौ। तिमीहरूलाई
त्यो अपवित्र अभ्यासहरूको निम्ति नष्ट गरिनेछ। तर
आफ्नो नामको खातिर म तिमीहरूलाई त्यो दण्ड
दिनेछैन जसको पात्र तिमीहरू छौ। त्यसपछि तिमीले
थाहा पाउँनेछौ कि म परमप्रभु हुँ।" परमप्रभु मेरो
मालिकले यी कुराहरू भन्नुभयो।
४५तब परमप्रभुको यो वचन मकहाँ आयो। उहाँले
भन्नुभयो। ४६"हे मानिसको छोरो! ध्यान दिएर दक्षिणपट्टि
हेर अनि यहूदाको दक्षिण भाग नेगेव हेर। नेगेवको
जङ्गलको* विरुद्ध अगमवाणी गर। ४७नेगेव जङ्गललाई
भन, 'परमप्रभुको समाचार सुन। परमप्रभु मेरो मालिकले
यी कुराहरू भन्नु भयो: ध्यान देऊ, म तिम्रो जङ्गलमा
आगो लगाउनेछु। आगोले प्रत्येक वृक्ष अनि प्रत्येक
सुक्खा वृक्षलाई नाश पार्नेछ। त्यसको दन्केको ज्वाला
निभ्नेछैन्। दक्षिणबाट उत्तर सम्म सम्पूर्ण देश आगाले
जलाइनेछ। ४८त्यसपछि मानिसहरूले थाहा पाउनेछन
कि मैले अर्थात परमप्रभुले आगो लगाएको हो। यो
आगो निभाउँन सक्तैंन्।'"
४९त्यसपछि मैले भने, "हे परमप्रभु मेरो मालिक!
यदि मैले यो कुराहरू मानिसहरूलाई भने-भने उनीहरूले
सम्झन्छन् कि मैले कथा सुनाउँदैछु। तिनीहरूले सोच्दैनन्
कि यो साँचो हुनेछ।"

२१ यसकारण परमप्रभुको वचन फेरि मकहाँ आयो।
उहाँले भन्नुभयो, २"हे मानिसको छोरो,
यरूशलेमपट्टि ध्यान देऊ अनि त्यसको पवित्र स्थानहरूको
विरुद्ध केही भन। मेरो निम्ति इस्राएल देशको विरुद्ध
केही भन। ३इस्राएल देशलाई भन, 'परमप्रभुले यी
कुराहरू भन्नुभएको छ: म तिमीहरूको विरुद्धमा छु!
म आफ्नो तरवार म्यानबाट बाहिर निकाल्छु! तिमीहरूबाट
दुवै राम्रो नराम्रो सबै मानिसहरू काटेर हटाउनेछु। ४म
राम्रो अनि नराम्रो दुवै मानिसहरू तिमीहरूबाट काटेर
हटाउँछु। म आफ्नो तरवार म्यानबाट बाहिर निकाल्छु
अनि दक्षिणबाट उत्तर सम्मका सबै मानिसहरूको विरुद्ध
उपयोग गर्छु। ५तब सबै मानिसहरूले थाहा पाउनेछन्
कि म नै परमप्रभु हुँ अनि तिनीहरूले थाहा पाउँनेछन्
कि मैले नै तरवार म्यानबाट बाहिर निकाले। मेरो
तरवार फेरि म्यानमा पस्ने छैन जबसम्म यो शेष
हुदैन्।'"
६परमेश्वरले मलाई भन्नुभयो, "हे मानिसको छोरो,
दुःखमा परेको मानिसको जस्तो दुःखको आवाज निकाल।
मानिसहरूको छेउमा कराऊ। ७तब तिनीहरूले तिमीलाई
सोध्ने छन्, 'तिमी किन दुःखको आवाज निकालिरहेका
छौ?' त्यस बेला तिमीले भन्नुपर्छ, 'किनभने कष्टदायक
समाचार आउँदै छ। प्रत्येकको हृदय डरले पग्लिने छ।
सबै हातहरू कमजोर हुनेछन। हरेकको आत्मा कमजोर
हुनेछ। हरेकको घुँड़ा पानी जस्तै हुनेछ।' ध्यान देऊ त्यो
नराम्रो समाचार आउँदै छ। यी घटनाहरू घट्नेछन्।"
परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभएको हो।

### तरवार तयार छ

८परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
९"हे मानिसको छोरो, मेरो निम्ति यी कुराहरू गर। यी
कुराहरू भन, 'परमप्रभु मेरो मालिक यी कुराहरू
भन्नुहुन्छ:
"'ध्यान देऊ, एउटा तरवार, एउटा धारिलो तरवार
हो, अनि तरवारमा सान लगाइएको छ।
१०तरवार ज्यान लिनको निम्ति धारिलो बनाइएको
छ। बिजुली जस्तै चम्काउनलाई यसमा सान लगाएर
टल्काइएको छ। "'मेरो छोरा, तिमी त्यो लौरो देखि
टाढ़ो भाग्यौ जसले तिमीलाई दण्ड दिन्थ्यो। तिमीले त्यो
काठको लौरोबाट दण्डित हुन अस्वीकार गर्‍यौ।
११यसकारण तरवारलाई टल्काइएको हो। अब यो
प्रयोग गर्न सकिन्छ। तरवार धारिलो बनाइएको छ अनि
सान लगाइएको छ। अब यो मार्नेको हातमा दिइसकेको
छ।
१२"'हे मानिसको छोरो! चिच्याऊ अनि कराऊ।
किन? किनकि तरवारको उपयोग मेरा मानिसहरू अनि

---

**नेगेव जंगल** परमेश्वरले जातिसक्दो गील्ला गरिरहेक छ।
नगेव मरूभूमिमा क्षेत्र हो त्यहाँ नेगेवमा जंगल छैन।

इस्राएलको सबै शासकहरूको विरुद्धमा हुन्छ। ती
अगुवाहरू मेरो मानिसहरूसितै तरवारद्वारा मारिनेछन्।
यसकारण, तिमीले आफ्नो छाती पीट। १३किन?
किनकि यो परीक्षा मात्र होइन तिमीले काठको लौराद्वारा
दण्डदायी हुन अस्वीकार गऱ्यौ यसकारण त्यसको
अतिरिक्त तिमीलाई दण्ड दिनको निम्ति म के उपयोग
गँरु? हो, तरवार नै।'" परमप्रभु मेरो मालिकले यी
कुराहरू भन्नुभयो।

१४परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! ताली
बजाऊ अनि मेरो निम्ति मानिसहरूलाई यी कुराहरू
भन:

"तरवार दुइ पल्ट आवोस्, तीन पल्ट! यो तरवार
मानिसहरू मार्नुका निम्ति हो। यो तरवार हो, ठूलो
नर-संहारका निम्ति! यो तरवारले मानिसहरूलाई काट्नेछ!
१५तिनीहरूको हृदय डरले पग्लिनेछ, अनि धेरै
मानिसहरू लड्नेछन्, धेरै ज्यादा मानिसहरू आफ्नो
नगर-द्वारमा मर्नेछन्। तरवार बिजुलि जस्तै चम्कनेछ। यो
मानिसहरू मार्नको निम्ति सान लगाएर टल्काइएको हो।
१६हे तरवार! धारिलो हो! तरवार दाहिनेपट्टि काट
सीधै छेउमा काट देब्रे पट्टि काट, जाउ प्रत्येक स्थानमा
जहाँ तेरो धारले जानका निम्ति छानेकोछ।
१७तब म ताली बजाउनेछु अनि म मेरो क्रोध
देखाउनु बन्दा गर्नेछु। म परमप्रभुले नै भनेको छुँ।"

## यरूशलेम सम्मको बाटो छान्

१८परमप्रभुको वचन फेरि मकहाँ आयो, १९"हे
मानिसको छोरो! दुइवटा बाटोको नक्शा बनाऊ त्यो
बाबेलका राजाले तरवार इस्राएलमा ल्याउन छाने। दुवै
बाटोहरू एउटै भूमिमा आउनु पर्छ। एउटा संकेत
शहरको शुरुमा लगाउनु पर्छ। २०जुन बाटो तरवारले
प्रयोग गर्छ त्यसलाई देखाउन संकेत प्रयोग गर। एउटा
बाटोले रब्बा अम्मोनी शहर अनि अर्को यहूदा यरूशलेमको
बलियो शहर तिर लैजान्छ। २१यसले स्पष्ट पार्छ कि
बाबेलको राजाले त्यो बाटोको योजना बनाउँदैछ, जसद्वारा
उसले त्यस क्षेत्रमा आक्रमण गर्न सकोस्। बाबेलको
राजा त्यो बिन्दु सम्म आइपुगिसकेकोछ जहाँ दुइवटा
बाटो छुटिन्छ। बाबेलको राजाले जादूको संकेतको
उपयोग भविष्य जान्नुको निम्ति गरेको हो। उसले केही
बाण हल्लायो, उसले परिवारको मूर्तिहरूसँग प्रश्न
गऱ्यो, उसले मारेको जनावरको कलेजो हेऱ्यो।
२२"संकेतले उसलाई दाहिनेपट्टिको बाटोबाट यरूशलेम
पुग्छ भन्ने बताउँदैछ! उसले आफूसँग ध्वंस गर्ने
हतियार ल्याउने योजना बनाएको छ। उसले आदेश
दिनेछ अनि उसको सैनिकले ज्यान मार्न शुरू गर्नेछ।
उसले युद्ध घोषणा गर्छ। त्यस समयमा उसले शहरको
चारैतिर माटोको पर्खाल बनाउँनेछ। उसले पर्खाल सम्म
पुग्ने एउटा माटोको बाटो बनाउँनेछ। उसले शहरमा
आक्रमण गर्नका निम्ति काठको धरहराहरू बनाउँनेछ।
२३इस्राएलका मानिसहरूको निम्ति त्यो जादूको चिन्हको
केही अर्थ हुँदैन्। तिनीहरूले त्यो वचनको पालन गर्छन
जुन तिनीहरूलाई दिइएको छ। तर परमप्रभुले तिनीहरूको
पाप याद राख्नु हुनेछ। अनि इस्राएलीहरू कैदी हुनेछन्।"
२४परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "तिमीले
तिमीहरूको कुकर्महरू स्मरणीय पारेकाछौ। तिम्रो पापहरू
पुरै प्रकाशमा आएको छ। तिमीले मलाई तिमी दोषी
थियो भन्ने याद गर्न बाध्य गरायौ। यसकारण शत्रुले
तिमीलाई आफ्नो हातमा लिनेछ। २५अनि इस्राएलका
दुष्ट शासकहरू! तिमीहरू मारिनेछौ, तिम्रो दण्डको
समय आई सक्यो। अब अन्त छेउमा छ!"
२६परमप्रभु मेरो मालिक यो संदेश दिनुहुन्छ, "फेटा
उठा। मुकुट उठा! परिवर्तनको समय आइपुग्यो।
महत्वपूर्ण चीजहरू तल ल्याइनेछ अनि जो मानिसहरू
महत्वपूर्ण छैनन तिनीहरू महत्वपूर्ण बनिनेछन्। २७म
त्यो शहरहरू पूर्णरुपमा नष्ट पार्नेछु। तर यो त्यस बेला
सम्म हुँदैन जब सम्म उपयुक्त मानिस राजा हुँदैन।
त्यसपछि म बाबेलको राजालाई शहरमाथि अधिकार
गर्नदिन्छु।"

## अम्मोनको विरुद्धमा अगमवाणी

२८परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरो, मेरो
निम्ति मानिसहरूलाई भन, 'परमप्रभु मेरो मालिकले यी
कुराहरू अम्मोनका मानिसहरू अनि तिनीहरूको लज्जित
देवतासँग भन्नुहुन्छ:

"'ध्यान देऊ, एउटा तरवार! एउटा तरवार म्यानबाट
बाहिर छ। तरवार टल्काइएको छ! तरवार मार्नको
निम्ति तयार छ! बिजुली जस्तो चम्काउनका निम्ति
यसलाई टल्काइएको थियो!
२९तिम्रो दर्शन व्यर्थ छ। तिम्रो जादूले तिमीलाई
सहायता गर्नेछैन। यो झूठो अगमवाणी हो। अब ती
दुष्ट मानिसहरूको घाँटीमा तरवार राखिन्छ। तिनीहरू
चाँडै मर्नेछन। अन्त्यको दिन आइपुगेको छ। तिनीहरूको
पापको अन्तिम समय आइसकेकोछ।

## बाबेलको विरुद्धमा अगमवाणी

३०"'अब तिम्रो तरवार (बाबेललाई) म्यानभित्र राख।
बाबेल! म तिमीसित न्याय त्यही गर्छु तिमी जहाँ
बसेकाछौ। अथवा त्यहीँ देश जहाँबाट तिमी उत्पन्न
भएका थियौ। ३१म तिम्रो विरुद्ध आफ्नो क्रोध खन्याउँछु।
मेरो क्रोधले तिमीलाई तातो हावाले जस्तै जलाउँनेछ। म
तिमीलाई क्रूर मानिसहरूको हातमा सुम्पिन्छु। ती मानिसहरू
मानिसहरूलाई मार्नु सिपालु छन्। ३२तिमी आगोका
निम्ति दाउरा जस्तै हुनेछौ। तिम्रो रगत पृथ्वीमा बग्नेछ,
फेरि मानिसले तिमीलाई कहिल्यै याद गर्ने छैनन्। म
परमप्रभुले यो भनेको हुँ।'"

## इजकिएल यरूशलेमको विरुद्धमा बोल्छन

२२ परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! के तिमी न्याय गर्छौ? के तिमी हत्याराहरूको शहरसित न्याय गर्छौ? के तिमी तिनीहरूसित त्यो डरलाग्दो कुराहरूको विषयमा भन्छौ जुन तिनीहरूले गरे? ३तिमीले भन्नुपर्छ, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः शहर हत्याराहरूले भरिएको छ। यसकारण यसको निम्ति दण्डको समय आइसकेको छ। त्यसले आफ्नो निम्ति अपवित्र मूर्तिहरू बनायो अनि यी अपवित्र मूर्तिहरूले तिनीहरूलाई अपवित्र बनायो।

४"'यरूशलेमका मानिसहरू, तिमीहरूले धेरै मानिसहरू माऱ्यौ। तिमीहरूले अपवित्र मूर्तिहरू बनायौ। तिमीहरू दोषी छौ अनि तिमीहरूलाई दण्ड दिने समय आइसकेको छ। तिम्रो अन्त आइसकेको छ। अन्य राष्ट्रहरूले तिम्रो हाँसो उड़ाउनेछन्। ती देशहरू तिमीमाथि हाँस्नेछन्। ५टाढ़ा अनि नजिकका मानिसहरूले तिम्रो हाँसो उड़ाउँने छन्। तिमीले आफैलाई बदनाम गऱ्यौ। तिमी उपद्रोले भरीएका छौ।

६"'हेर! यरूशलेममा प्रत्येक शासकले आफूलाई शक्तिशाली बनाएकोछ जसद्वारा तिनीहरूले अन्य मानिसहरूलाई मार्न सक्छन्। ७यरूशलेमका मानिसहरूले आफ्नो आमा बाबुको सम्मान गर्दैनन्। तिनीहरूले शहरहरूमा विदेशीहरूलाई सताउँछन तिनीहरूले टुहुरा-टुहुरी अनि विधवाहरूलाई पनि त्यो स्थानमा ठग्छन्। ८तिमीहरूले पवित्र चीजलाई घृणा गर्छौ। तिमीहरूले मेरो विश्रामको दिनलाई यस्तो मान्छौ मानौं त्यस दिनको कुनै महत्व छैन्। ९यरूशलेमका मानिसहरू अरु मानिसहरूको विषयमा भूटो बोल्छन्। यिनीहरूले यी निर्दोष मानिसहरूलाई मार्नका निम्ति गर्छन। मानिसहरू डाड़ाहरूमाथि मूर्तिहरूलाई अपर्ण गरेका भोजहरू खान जान्छन् यरूशलेममा मानिसहरूले धेरै व्यभिचारी पापहरू गर्दैछन्।

१०"'यरूशलेमका मानिसहरू आफ्नो पिताको पत्नीसँग व्यभिचार गर्छन। यरुशलेमका मानिसहरू रजस्वलको समयमा पनि स्त्रीहरूसँग अशुद्ध सम्भोग गर्छन। ११कसैले आफ्नो छिमेकीको पत्नीसित यस्तो डरलाग्दो पाप गर्छ। कसैले आफ्नो पुत्र-बंधुसित पनि शरीरिक सम्बन्ध राख्छन अनि उसलाई अपवित्र बनाउँछन् अनि कसैले आफ्नो बाबुकी छोरी अर्थात बहिनीसँग शारीरिक सम्बन्ध राख्छन्।

१२"'यरूशलेममा तिमीहरूले, मानिसहरू मार्नको निम्ति पैसा लिन्छौ। तिमीहरूले ऋण दिन्छौ अनि त्यो ऋणको ब्याज लिन्छौ। तिनीहरू नाफा लिनकालगि आफ्ना छिमेकीहरूलाई दबाउँछौ। अनि तिमीहरूले मलाई बिर्सेकाछौ।' परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

१३परमेश्वरले भन्नुभयो, "अब हेर! म तिनीहरूलाई देखेर ताली बजाउँनेछु। मानिसहरूलाई धोका दिएको अनि हत्या गरेकोमा तिमीहरूलाई दण्ड दिन्छु। १४के त्यसपछि तिमी वीर बन्छौ? जति बेला म तिमीहरूलाई ढण्ड दिन आउँनेछु के तिमी प्रयाप्त बलियो भएका हुन्छौ। अँहँ म परमप्रभु हुँ। मैले यो भनिदिएँ अनि म त्यति गर्छु जुन मैले गर्छु भनें! १५म तिमीलाई जाति जातिहरूको बीचमा पार्नेछु। म तिमीहरूलाई जाति-जातिहरूको बीचमा तितर-बितर पार्नेछु। म सबै अशुद्धता तिमीबाट निकालिदिनेछु। १६तर यरूशलेम तिमी अपवित्र हुन्छौ अनि अरु देशहरूले यो घटना देख्नेछ। त्यसपछि तिमीले थाहा पाउने छौ म नै परमप्रभु हुँ।'"

## इस्राएल बेकामको मरूभूमि जस्तै छ

१७परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
१८"हे मानिसको छोरो, ताँबा, फलाम, जस्ता, अनि सीसा चाँदीको तुलनामा बेकार छ। कारीगरले चाँदीलाई शुद्ध पार्न आगोमा हाल्छ। चाँदी गल्छ अनि कारीगरले यसलाई मैलाबाट अलग पार्छ। इस्राएल देश बेकारको मैला जस्तो भएको छ। १९यसैकारण परमप्रभु मेरो मालिक यसो भन्नु हुन्छ, 'तिमीहरू सबै बेकारको मैला जस्तो भएकाछौ। त्यसकारण म तिमीहरूलाई यरूशलेम भित्र भेला गराउनेछु। २०कारीगरले चाँदी, काँसा, फलाम, सीसा अनि जस्तालाई आगोमा हाल्छ। आगो एकदमै ठूलो बनाउँनको निम्ति फुकिन्छ। त्यसपछि यो धातुहरू सबै गल्न थाल्छ। यस्तै प्रकारले म तिमीलाई आफ्नो आगोमा हालेर पगाल्छु। त्यो मेरो आगो चाँहि क्रोध हो। २१म तिमीलाई त्यो आगोमा हाल्छु अनि म आफ्नो क्रोधको आगो फुक्छु अनि तिमी पग्लिनु थाल्छौ। २२चाँदी आगोमा पग्लिन्छ अनि कारीगरले चाँदी हाल्छ अनि पगाल्छ। यस्तै प्रकारले शहरमा तिमी पग्लिन्छौ। त्यसपछि तिमीले थाहा पाउनेछौ कि 'म नै परमप्रभु हुँ अनि तिमीले सम्झनेछौ कि म नै तिम्रो विरुद्ध आफ्नो क्रोध निकाल्दैछु।'"

## इजकिएल यरूशलेमको विरुद्ध बोल्छन्

२३परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
२४"हे मानिसको छोरो! यरूशलेमसित कुरा गर। उसलाई भन, तिमी भूमि हौ जुन सफा पारिएको छैन्। जब म क्रोधित हुन्छ तिमीमाथि पानी पार्नेछैन्। २५यरूशलेममा अगमवक्ताहरूले नराम्रो योजना बनाइरहेछ ऊ त्यो सिंह जस्तो भएको छ, जब त्यसले आफूले पक्रेको जनावर खान्छ त्यस समय गर्जन्छ। ती अगमवक्ताहरूले धेरै जीवनहरू नष्ट गरेका छन्। तिनीहरूले धेरै बहुमल्य चीहहरू राखेका छन्। तिनीहरूले यरूशलेममा धेरै स्त्रीहरूलाई विधवा बनाए।

२६"पूजाहारीहरूले मेरो व्यवस्था भङ्ग गरेका छन्। तिनीहरूले मेरो पवित्र चीजहरू अपवित्र बनाएका छन्। तिनीहरूले पवित्र र अपवित्र वस्तुहरूमा भेद राख्दैनन्

अनि तिनीहरूले मानिहरूलाई सफा र मैला बीचको भिन्नता सिकाउँदैनन्। तिनीहरूले मेरो विश्रामको दिनलाई सम्मान गर्न अस्वीकार गरे। म तिनीहरूको बिचमा अपमानित भएकोछु।

२७"'यरूशलेमका बूढ़ा-प्रधानहरू आफूले पक्रेका पशुहरू खाँदै गरेका ब्वासाँहरू जस्तै छन्। बूढ़ा-प्रधानहरू फायदा लिनको लागि मानिसहरूलाई आक्रमण गर्छन अनि मार्छन्।

२८"अगमवक्ताहरूले मानिसहरूलाई चेताउनी दिंदैनथे तिनीहरूले सत्यलाई लुकाउँथे। तिनीहरू त्यो कारीगार जस्तै हुन जसले पर्खाल दृढ़ बनाउँदैन् केवल दूलोमा लेप लगाइदिन्छ। तिनीहरूको ध्यान केवल भूटोमाथि हुन्छ। तिनीहरूले आफ्नो जादूको उपयोग भविष्य जान्नका निम्ति गर्छन। तर तिनीहरू खाली भूटो बोल्छन्। तिनीहरू भन्छन्, 'परमप्रभु मेरो मालिकले यो कुरा भन्नुभयो।' तर तिनीहरू खाली भूटो बोलिरहेछन् परमप्रभुले तिनीहरूसँग बात गर्नुभएन।

२९"सामन्य जनता एका-अर्कामा लाभ उठाउँछन्। तिनीहरू एका-अर्कालाई धोका दिन्छन अनि चोरी गर्छन। तिनीहरू गरीब अनि असहाय मानिसहरूसँग यस्तो व्यवहार गर्छन्। तिनीहरूले विदेशीहरूलाई पनि धोका दिन्छन्, मानौं तिनीहरूको विरुद्ध कुनै नियम छैन्!

३०"देश रक्षाकोलागि पर्खाल बनाउन अथवा त्यही भत्केको भागमा उभिन एकजना मानिस मैले तिनीहरूको माभमा खोजें धाँदोमा उमेर प्रार्थना गर्ने मानिए तर जसले त्यस्तो गर्न सक्थ्यो कुनै मानिस पनि पाउन सकिन्।
३१यसकारण म आफ्नो क्रोध प्रकट गर्छु, म तिनीहरूलाई पूर्ण रुपमा नष्ट गर्छु! अपवित्र कामको निम्ति म तिनीहरूलाई दण्ड दिन्छु। जुन तिनीहरूले गरे। यो सब तिनीहरूको दोष हो।" परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो।

२३ परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो,
२"हे मानिसको छोरो! सामरिया र यरूशलेमको विषयमा यो कथा सुन! त्यहा दुइ बहिनी थिए! तिनीहरू एउटै आमाका छोरीहरू थिए।
३तिनीहरू मिश्रमा त्यस बेला वेश्या भए जब सानो बहिनी एकदमै सानो थिई। मिश्रमा तिनीहरूले पहिलो प्रेम गरे अनि मानिसहरूले आफ्नो हातले तिनीहरूको स्तनलाई छुए।
४ठूली दिदीको नाम ओहोला थियो अनि उसको बहिनीको नाम ओहोलिबा थियो। तिनीहरू मेरा पत्नीहरू भए अनि हामीहरूका छोरा-छोरीहरू भए। (ओहोला चाहिँ: सामरिया हो अनि ओहोलिबा चाहिँ: यरूशलेम हो।)

५"त्यसपाछि ओहोला पतिवृता रहिन। एउटी वेश्या जस्तो हुन गई। उसले आफ्नो प्रेमिहरू प्रति मात्र चाख राख्न थाली।
६उसले अश्शूरको सैनिकलाई तिनीहरूको वैजनी वस्त्र देखी तिनीहरू घोड़ाहरूमा चढ़ने सबै जवान मानिसहरूले मन पराउँथे। तिनीहरू राजपालहरू अनि अधिकारीहरू थिए।
७अनि ओहोलाले आफूलाई ती सबै मानिसहरूलाई सुम्पी दिए। ती सबै अश्शूरको सेनाहरूमा विशिष्ट छानिएका सैनिकहरू थिए। अनि ती सबैसित मोहित भई! उ ती अपवित्र मूर्तिहरूसित अपवित्र भई।
८त्यसको अतिरिक्त उसले मिश्रसित आफ्नो प्रेम-व्यापार छोड़ी। मिश्रले त्योसित त्यस बेला प्रेममा फस्यो जब उ कुमारी थिई। मिश्र उसको स्तन छुने पहिलो प्रेमी थियो। मिश्रले तिनीमाथि आफ्नो भूटो प्रेम गर्थ्यो।
९यसकारण मैले त्यसको प्रेमीहरूलाई त्यसको कुमारी अवस्था भोग गर्न दिएँ। उसले अश्शूरहरूलाई चाहन्थी, यसकारण मैले उसलाई तिनीहरूसित छोड़ि दिएँ।
१०तिनीहरूले त्यसलाई बलात्कार गरे। तिनीहरूले त्यसको नानीहरू लिए अनि तिनीहरूलाई तरवारले मारे। तिनीहरूलाई दण्ड दिएँ अनि स्त्रीहरूले अहिले सम्म त्यसको कुरा गर्छन्।

११"उसको सानो बहिनी ओहोलिबाले यी घटनाहरू घटेको देखी। तर ओहोलिबाले आफ्नो दिदी भन्दा ज्यादा पाप गरी। ऊ ओहोलिबा भन्दा अभ्र खराब वेश्या भई।
१२ऊ अश्शूरको राज्यपालहरू अनि अधिकारीहरूलाई चाहन्थी। उसले वैजनी सुन्दर वस्त्र घोड़सवार सैनिकहरूलाई चाहन्थी। तिनीहरू सबै मनपर्दो जवान मानिसहरू थिए।
१३मैले देखें ती दुवै स्त्रीहरू एउटै गल्ती गरे आफ्नो जीवन नष्ट गरिरहेका थिए।

१४"ओहोलिबा म प्रति धोकबाज भई। बाबेलमा उसले मानिसहरूको चित्र पर्खालमा कोरिएको देखी। त्यो कल्दी मानिसहरूको रातो वस्त्र लगाएको चित्र थियो।
१५तिनीहरूले कम्मरमा पेटी अनि शिरमा लामो फेटा बाधेका थिए। तिनीहरू सबै रथको अधिकारी जस्ता देखिन्थे। तिनीहरू सबै बाबेलको जन्मभूमिमा उत्पन्न पुरुष जस्तो ज्ञात हुन्थ्यो।
१६ओहोलिबाले तिनीहरूलाई चाहन्थी। उसले तिनीहरूलाई आमंत्रित गर्नका निम्ति स्वर्गदूत पठाई।
१७यसकारण बाबेलवासीहरू त्यसको ओछ्यानमा सहवास गर्न आए र आफ्नो कामवासनाले त्यसलाई अशुद्ध पारे। तिनीहरूबाट भ्रष्ट भए पछि वाक्क भएर त्यसको मन तिनीहरू देखि हट्यो।

१८"ओहोलिबाले त्यो धोकेबाज हो भनी सबलाई देखाई उसले यति ज्यादा मानिसहरूलाई आफ्नो नाङ्गो शरीरको उपयोग गर्न दिई कि मलाई उ प्रति त्यसै घृणा उत्पन्न भयो, जस्तो उसको बहिनी प्रति भएको थियो।
१९ओहोलिबाले घरि-घरि मलाई धोका दिइरही अनि तब उसले आफ्नो प्रेम-व्यापार याद गरि जुन उसले युवावस्थामा मिश्रमा गरेकी थिई।
२०उसले आफ्नो प्रेमीको गधाको जस्तो लिंग अनि वीर्य चाहिँ घोड़ाको भैं निस्केको सम्भना गरी।

२१“ओहोलिबा, तिमीले आफ्नो ती दिनहरू याद गर्‍यौ जब तिमी युवती थियौ, जब तिम्रो प्रेमीले तिम्रो स्तन छुन्थे अनि युवावस्थाका स्तन माड़ेका थिए।
२२यसकारण ओहोलिबा, परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः ‘तिमीले आफ्नो प्रेमीहरूलाई घृणा गर्न थाल्यौ। तर म तिम्रो प्रेमीहरूलाई भन्छु कि तिनीहरूले तिमीलाई चारै तिरबाट घेर्नेछन्।
२३म ती सबै मानिसहरूलाई बाबेलमा विशेष गरी कल्दीहरूलाई ल्याउँनेछु। म पकोद शोअ अनि कोअबाट मानिसहरूलाई ल्याउनेछु अनि ती सबैलाई अश्शूरबाट ल्याउँछु। यस्तै प्रकार म सबै शासकहरू अनि अधिकारीहरूलाई ल्याउँछु। तिनीहरू सबै योग्य, रथहरूको विशेष योग्यताको निम्ति छानिएका घोड़सवार थिए।
२४तिनीहरूको भीड़ तिम्रोमा आउने छ। तिनीहरू आफ्नो घोड़ामा अनि आफ्नो रथहरूमा आउनेछन्। तिनीहरू धेरै संख्यामा हुनेछन्। तिनीहरूसित भाला, तिनीहरूको ढाल अनि तिनीहरूको शिरमा सुरक्षा कवच हुनेछ। तिनीहरू तिम्रो चारै तिर जम्मा हुनेछन्। म तिनीहरूलाई बताउनेछु कि तिनीहरूले मसँग के गरे अनि तिनीहरूले आफ्नो तर्फबाट तिनीहरूलाई दण्ड दिनेछन।
२५म तिमीहरूलाई मेरो इर्ष्या शक्ति तिमीहरूको विरूद्ध देखाउनेछु। तिनीहरू अत्यन्तै क्रोधित हुनेछन् अनि तिमीहरूलाई चोट पुर्‍याउनेछन। तिनीहरूले तिम्रो नाक अनि कान काट्नेछन्। तिनीहरूले तिमीहरूलाई तरवारले मार्नेछन्। त्यसपछि तिनीहरूले तिम्रो नानीहरू लिएर जानेछन् अनि तिनीहरूले ती नानीहरू जलाई दिनेछन्।
२६तिनीहरूले तिम्रो राम्रो लुगा गर-गहनाहरू लिनेछन।
२७अनि म तिम्रो मिश्रसित व्यविचार कार्यहरू रोकिदिनेछु। तिमीहरूले फेरि कहिल्यै तिनीहरूतिर फर्केर हेर्नेछैनौ। तिमीले फेरि कहिल्यै मिश्रलाई याद गर्ने छैनौ।’”

२८परमप्रभु मेरो मालिक भन्नुहुन्छ, “म तिमीलाई ती मानिसहरूको हातमा दिँदैछु जसलाई तिमीले घृणा गर्छौ। म तिमीलाई ती मानिसहरूको हातमा दिन्छु जसलाई तिमीले घृणा गर्न थालेको थियौ।
२९अनि तिनीहरूले देखाउँनेछन कि तिनीहरूले तिमीलाई कति घृणा गर्नेछ। तिनीहरूले तिम्रो प्रत्येक चीज लानेछन् जुन तिमीले कमाएकीछौ। तिनीहरूले तिमीलाई खाली हात र नाङ्गो छोड़िदिन्छन्। मानिसहरूले तिम्रो पाप, वेश्यापना अनि लाज तिम्रो भक्तिहीन स्पष्ट देख्ने छन्।
३०यी चीजहरू तिमीमाथि आइलाग्यो किनभने तिमी आफैले आफैलाई वेश्या झैं राष्ट्रहरूको पछि गएर कलंकित बनायौ अनि तिमीहरूका घिनलाग्दा मूर्तिहरूले फोहोर बनायौ।
३१तिमीले आफ्नो दिदी कै चालमा हिड़्यौ अनि त्यसरी नै गरिरहयौ। तिमीहरू आ-आफैले विषको कचौरा लियौ अनि त्यो आफ्नो हातमा उठाएर राख्यौ। तिमीले आफ्नो दण्ड स्वंय कमायौ।”
३२परमप्रभु मेरो मालिकले यसो भन्नुहुन्छ,

“तिमीले आफ्नो दिदीको बिषको कचौरी पिउँनेछौ। यो विषको कचौरा लामो-गहिरो छ। त्यो कचौरामा धेरै बिष छ। मानिसहरू तिमीप्रति हाँस्नेछन् अनि हाँसो उड़ाउनेछन्।

३३तिमी मतवाला मानिस जस्तै लड़बड़ाउनेछौ। तिमी ज्यादै अस्थीर हुनेछौ। यो ध्वंश अनि सर्वनाश हो। यो त्यही कचौरा जस्तै हो, जुन तिम्रो दिदी सामरियाले पिएकी थिई।

३४तिमीले त्यही कचौराबाट विष पिउनेछौ। तिमीले त्यसको अन्तिम थोपा सम्म पिउनेछौ। तिमीले कचौरा फ्याँकेर त्यसलाई टुक्रा-टुक्रा बनाउनेछौ अनि तिमीले आफ्नो छाती जता भावी पिट्नेछौ। यो हुनेछ किनकि म परमप्रभु अनि मालिक हुँ अनि मैले यी कुराहरू भने।

३५“यस्तो प्रकारले परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो, ‘यरूशलेम, तिमीले मलाई बिर्सियौ। तिमीले मलाई फ्याँकि दियौ अनि पछाड़ी छोड़िदियौ। यसकारण तिमीले मलाई छोड़ेको अनि वेश्या झैं बाँचेकोमा तिमीले दण्ड भोग्नु पर्नेछ। तिम्रो दुष्याँईका निम्ति तिमीले दण्ड भोग्नुपर्छ।’”

### ओहोला अनि ओहोलीबाको विरुद्ध निर्णय

३६परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो, “हे मानिसको छोरो, के तिमी ओहोला अनि ओहोलिबाको न्याय गर्छौ? तब तिनीहरूलाई ती भयंकर कुराहरू भन जुन तिनीहरूले गरेका छन्।
३७तिनीहरूले व्यभिचारी पाप गरे। तिनीहरूले हत्या जस्तो अपराध गरे। तिनीहरूले वेश्या जस्तो काम गरे, तिनीहरूले आफ्नो अपवित्र मूर्तिहरूको लागि मलाई छोड़िदिए। तिनीहरूले तिनीहरूको नानीहरूलाई बलिदान दिए जो मेरा निम्ति जन्माएका थिए। तिनीहरूले आफ्नो मूर्तिहरूलाई भोजन दिनका निम्ति यसो गरे।
३८तिनीहरूले मेरो विश्रामको दिन अनि पवित्र स्थानहरूमा यस्तो काम गरे मानौं त्यसको कुनै महत्व छैन्।
३९तिनीहरूले मूर्तिको लागि आफ्नो नानीहरूलाई मारे अनि मेरो पवित्र स्थानमा गए अनि त्यसलाई अपवित्र बनाए। तिनीहरूले यो मेरो मन्दिरभित्र यस्तो गरे।

४०“तिनीहरूले अत्यन्तै टाढ़ो ठाँउमा मानिसहरूलाई बोलाए। यी मानिसहरूका निम्ति तिमीले एउटा स्वर्गदूत पठायौ अनि तिनीहरू तिमीलाई हर्न आए। तिमीले तिनीहरूको निम्ति नुहायौ, आफ्नो आँखा सिंगार्‍यौ अनि गरगहनाहरू लगायौ।
४१तिमी राम्रो ओछ्यानमा बस्यौ, जसको छेउमा टेबलमा राखिएको थियो। तिमीले मेरो सुगन्धित धूप अनि तेल त्यही टेबलमा राख्यौ।

४२“यरूशलेममा यस्तो आवाज सुनियो जुन मानिसहरूले भोज मनाइरहे जस्तो लाग्थ्यो। तिनीहरू मध्ये यरूशलेमबाट आउनेहरू पहिले नै मातेका थिए। तिनीहरू मरूभूमिबाट आए अनि स्त्रीहरूलाई चुरा अनि राम्रो राम्रो शिरवन्दीहरू

दिए। ४३तर मैले त्यो स्त्रीसित बात गरे, जो व्यभिचार कर्मले शिथिल भएकी थिई। मैले उसलाई भनें, 'के तिनीहरूसित लगातार व्यभिचार गरिरहन सक्छन, अनि उसले त्यससित व्यभिचार गरिरहन् सक्छे?' ४४तर ऊ त्योसित त्यसरी नै गईरहयो जसरी एउटा वेश्या भएकहाँ उ जान सक्थ्यो। हो, उ ती दुष्ट स्त्रीहरू ओहोला अनि ओहोलिबाकहाँ गइरह्यो।

४५"तर धार्मिक मानिसहरूले तिनीहरूको न्याय अपराधी भनी गर्नेछन्। ती स्त्रीहरूलाई तिनीहरूले अपवित्र अनि व्यभिचारिणीहरू भनी न्याय गर्नेछन्। किन? किनकि ओहोला अनि ओहोलिबाले व्यभिचार पाप गरेकाछन् अनि तिनीहरूले जुन स्त्रीहरूको हत्या गरका थिए तिनीहरूको रगतले तिनीहरूको हातहरू कलंकित छन्।"

४६परमप्रभु मेरो मालिकले यो कुरा भन्नुभयो, "मानिसहरूलाई एकै ठाउँमा भेला गर। त्यसपछि तिनीहरूले ओहोला अनि ओहोलिबालाई सजाय दिनेछन्। मानिसहरूको त्यो समूहले ती दुइ स्त्रीहरूलाई दण्ड दिनेछन् तथा तिनीहरूको हासो उड़ाउनेछन्। ४७तब त्यो समूहले तिनीहरूलाई ढुङ्गा हान्नेछन् अनि तिनीहरूलाई मार्नेछन्, तब त्यो समूहले आफ्नो तरवारले स्त्रीहरूलाई टुक्रा पार्नेछन् ती स्त्रीहरूको नानीहरूलाई मार्नेछन् अनि घर जलाई दिनेछन्। ४८यस्तो प्रकारले म यो देशको दुष्टतालाई अन्त गरिदिनेछु, अनि सबै स्त्रीहरूलाई चेताउनी दिनेछु कि तिनीहरूले अब यस्तो लज्जित काम नगरुन् जुन तिमीहरूले गर्‍यौ। ४९तिनीहरूले तिमीलाई त्यो दुष्ट कामको निम्ति दण्ड दिनेछन जुन तिमीले गर्‍यौ अनि तिमीलाई तिम्रो आफ्नो मूर्तिको निम्ति पनि दण्ड दिइनेछ। त्यस बेला तिमीले थाहा पाउँनेछौ कि म नै परमप्रभु अनि मालिक हुँ।"

## भाड़ो अनि मासु

२४ परमप्रभ मेरो मालिकको वचन मकहाँ आयो। त्यो दिन देशबाट निकालिएको नवौं वर्षको दशौं महीनाको दशौं दिन थियो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! आजको दिन र आजैको दिनको नाम लेखिराख: 'आजै बाबेलको राजाको सेनाले यरूशलेमलाई घेर्‍यो।' ३यो कुरा त्यो घरानालाई भन (इस्राएल) जुन परिवार आज्ञा पालन गर्न अस्वीकार गरिरहेछ। उसलाई यो कुराहरू भन। 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:

"'भाड़ाँ आगोमाथि राख, भाँड़ा राख अनि त्यसमा पानी हाल।

४त्यसमा राम्रो राम्रो टुक्राहरू हाल, फिला अनि कुमको मासुको टुक्राहरू हाल। भाँड़ा सर्वोत्तम हड्डीहरूले पूरा भर।

५बगालको राम्रो-राम्रो पशुहरू उपयोग गर, भाड़ाको तल पूरा आगो लगाऊ, अनि मासुको टुक्राहरू पकाऊ। सुरुआलाई त्यस बेला सम्म पकाऊ जब सम्म हड्डीहरू राम्रोसँग पाक्दैन!'

६यसर्थ परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: 'यो यरूशलेमको निम्ति नराम्रो हुन्छ। यो हत्याराहरूले भरिएको शहरका निम्ति नराम्रो हुन्छ। यरूशलेम त्यो भाँड़ा जस्तै हो जसमा खियाको दाग छ अनि त्यो खियाको दाग जब सम्म हट्दैन त्यो भाँड़ा शुद्ध हुँदैन् यसकारण मासुको प्रत्येक टुक्रा भाँड़ाबाट बाहिर निकाल! त्यो मासु नखाँऊ। पूजाहारीलाई त्यो बेकामको मासुबाट एउटा टुक्रा पनि छान्न नदेऊ!

७यरूशलेम त्यो कलंकित दाग लागेको भाड़ा जस्तै हो। किन? किनकि त्यसले बगाएको रगत त्यहाँ अहिले सम्म छ! उसले खुल्ला चट्टानमा रगत हाली। उसले रगत भूईंमा पोखाई अनि त्यसलाई धूलोले छोपीदिई।

८मैले त्यसको रगत खुल्ला चट्टानमा हालेँ। यसकारण यो नछोपियोस्। मैले यसो गरें जसबाट मानिसहरू क्रोधित होस् अनि उसले निर्दोष मानिसहरूलाई हत्याको दण्ड दिवोस्।'

९यसकारण परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: 'हत्याराहरूले भरिएको यो शहरमा नराम्रो हुनेछ। म आगोको लागि दाउराको थुप्रो लगाई दिन्छु।

१०भाड़ाँको मुनि धेरै दाउरा लगाऊ। आगो बाल राम्रोसँग मासु पकाऊ। मसला मिलाऊ अनि हड्डीहरू बेस्सरी पकाऊ जब सम्म ती हड्डीहरू डड़दैनन्।

११तब भाड़ाँलाई खाली कोईलामा छोड़ीदेऊ। यसलाई यति तातो हुनु देऊ कि यसको दाग पनि डड़ोस्। त्यहाँबाट अपवित्रता पूरै जावोस् अनि खिया नाश होस्।

१२यरूशलेमले आफ्नो दागलाई धनुको लागि कठोर परिश्रम गर्न सक्छ तर त्यो 'खिया' जाँदैन्। आगोले (दण्डले) मात्र त्यो खिया हटाउँनु सक्छ!

१३तिमीले मेरो विरुद्ध पाप गर्‍यौ अनि पापले कलंकित भयौ मैले तिमीलाई नुहाई दिन खोजें, अनि तिमीलाई शुद्ध बनाउन चाहें। तर दाग बाहिर आएन। म तिमीलाई फेरि नुहाई दिन चहाँदिन। जब सम्म मेरो तातो क्रोध तिमी प्रति समाप्त हुँदैन्।

१४म परमप्रभु हुँ। मैले भनें, तिमीले दण्ड पाउनेछौ, अनि म यो गराउँछु। म दण्ड रोक्ने छैन। म तिम्रो निम्ति दु:खीत हुने छैन। म तिमीलाई अपवित्र कामहरूको निम्ति दण्ड दिन्छु, जो तिमीले गर्‍यौ।' परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।"

## इजकिएलको पत्नीको मृत्यु

१५त्यसपछि परमप्रभुको वचन मकहाँ आयो। उहाँले भनुभयो, १६"हे मानिसको छोरा! तिमी आफ्नो पत्नीलाई ज्यादै प्रेम गर्छौ तर म उसलाई तिमीदेखि टाढ़ो लान्छु। तिम्रो पत्नी अचानक मर्नेछन। तर तिमीले उसको मृत्युमाथि शोक गर्ने छैनौ। तिमी चिच्याउने छैनौ।

आफैलाई रुन नदेऊ। १७तर तिमीले आफ्नो शोकमा
सुस्केरा हाल। आफ्नो मृतक पत्नीका निम्ति नरोऊ।
तिमीले सँधै जस्तै साधारण लुगा लगाऊ। आफ्नो फेटा
र जुत्ता लगाऊ। आफ्नो शोक प्रकट गर्न जुगाँ नछोप
अनि एउटा मानिस मर्दा मानिसहरूले खाने भोजन
नखाऊ।"

१८त्यसको अर्को बिहान, म मानिसहरूलाई भन्दै
थिएँ। त्यही साँझ मेरी पत्नीको मृत्यु भयो। अर्को
बिहान मैले त्यही गरें जुन परमेश्वरले मलाई आज्ञा दिनु
भएको थियो! १९त्यसपछि मानिसहरूले मलाई सोधे,
"तिमीले यो काम किन गरिरहेकाछौ? यसको अर्थ के
हो?"

२०मैले तिनीहरूलाई भने, "परमप्रभुको वचन मकहाँ
आयो, उहाँले भन्नुभयो, २१इस्राएलको घरानालाई भन्नु,
परमप्रभु मेरो मालिकले भन्नुभयो, 'हेर, म मेरो
स्थानलाई नष्ट गर्नेछु। तिमीहरूलाई त्यसको घमण्ड छ
अनि तिमीहरूले यसको विषयमा प्रशंसाको गीत गाउँछौ।
तिमीले त्यो स्थान हेर्न मन पराउँनेछौ। तिमी साँच्चै त्यो
ठाँउलाई प्रेम गर्छौ। तर म त्यो ठाँउ नष्ट पार्नेछु अनि
तिमीले त्यागेका नानीहरू मारिनेछन्। २२तर तिमीले
त्यही गर्नेछौ जुन मैले आफ्नो मृत पत्नीको विषयमा
गरे। तिमीले आफ्नो शोक प्रकटको निम्ति जुगाँ छोप्ने
छैनौ। तिमीले त्यो भोजन खाने छैनौ जुन प्राय कुनै
मानिस मर्दा अरु मानिसहरूले खान्छन्। २३तिमीहरूले
आफ्नो फेटा अनि जुत्ता लगाउँछौ। तिमीहरूले आफ्नो
शोक प्रकट गर्ने छैनौ। तिमी रुने छैनौ। तर तिमी
आफ्नो पापको कारणले नष्ट हुनेछौ, तिमी चुपचाप
आफ्नो अफशोस् अरुसँग गर्नेछौ। २४यसकारण इजकिएल
तिम्रो निम्ति एउटा उदाहरण हो। तिमीले त्यही सब
गर्नेछौ जुन उसले गर्‍यो। दण्डको समय आउँनेछ अनि
तिमीहरूले थाहा पाउँनेछौ 'म नै परमप्रभु हुँ।'"

२५"हे मानिसको छोरा! म त्यो सुरक्षित भूमि
यरूशलेम मानिसहरूबाट लिनेछु। त्यो सुन्दर भूमिले
तिनीहरूलाई आनन्दित पारिरहेछ। तिनीहरूले त्यो स्थान
हेर्न मन पराउँछन्। तिनीहरूले साँच्चै त्यो स्थानलाई प्रेम
गर्छन्। तर त्यस समय म शहर अनि तिनीहरूको
नानीहरू तिनीहरूबाट लिन्छु। २६बाँच्नेहरू मध्ये एकजनाले
तिमी कहाँ नराम्रो समाचार लिएर आउनेछ। २७त्यस
समय तिमी त्यो मानिससित बात गर्न सक्छौ। तिमी अब
अझ अधिक चुप लागेर बस्न सक्तैनौ। यसकारण तिमी
उसको उदाहरण बन्नेछौ। त्यति बेला तिनीहरूले थाहा
पाँउनेछन् 'म नै परमप्रभु हुँ।'"

## अम्मोनको विरुद्ध अगमवाणी

२५ परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरा! अम्मोनका
मानिसहरूलाई ध्यान देऊ अनि मेरा निम्ति तिनीहरूको
विरुद्धमा केही भन। ३अम्मोनका मानिसहरूसँग भन:
'परमप्रभु मेरो मालिकको वचन सुन! परमप्रभु मेरो
मालिक भन्नु हुन्छ: तिमीहरू खुशी थियौ जति बेला
मेरो पवित्र स्थान नष्ट भयो। तिमीहरू इस्राएल देशको
विरुद्ध थियौ जब त्यो दूषित भयो। तिमी यहूदाको
परिवारको विरुद्ध थियौ जब तिनीहरूलाई बन्दी जस्तै
कैदी बनाएका थिए। ४यसैकारण म तिमीहरूलाई
पूर्वबाट आएका मानिसहरूलाई दिन्छु। तिनीहरूले
तिमीहरूको भूमि लिनेछन्। तिनीहरूका सेनाहरूले
तिमीहरूको देशमा डेरा हाल्नेछन्। उनीहरू तिमीहरूको
बीचमा बस्नेछन्। उनीहरू तिमीहरूको फल खानेछन
अनि तिमीहरूका दूध पिउनेछन्।

५"'म रब्बा शहरलाई ऊँटहरू चर्ने ठाँउ अनि
अम्मोनको भूमिलाई भेड़ाहरू खोर बनाइदिन्छु। त्यसबेला
तिमीले जान्नेछौ म नै परमप्रभु हुँ। ६परमप्रभु यसो
भन्नुहुन्छ: किनभने तिमीहरू खुशी थियौ अनि तिमीहरूले
आफ्नो हातले ताली बजायौ अनि आफ्नो खुट्टा ठट्टायौ,
अनि तिनीहरूले इस्राएको भूमिलाई ठट्टा गर्न अनि
खिल्ली उड़ाउन मज्जा मान्यौ। ७यसकारण म तिमीलाई
दण्ड दिन्छु। म जातिहरूलाई युद्धमा लुटिएको सामान
झैं अन्य देशलाई दिनेछु। म तिमीहरूलाई जातिहरूको
बीचबाट निकाल्नेछु तिमीहरू देशबाट लगिनेछौ। तिमीहरू
टाढ़ा देशमा मर्नेछौ। म तिमीहरूको देशलाई नष्ट
पार्नेछु! त्यसपछि तिमीहरूले थाहा पाउँनेछौ म नै
परमप्रभु हुँ।'"

## मोआब अनि सेइरको विरुद्ध अगमवाणी

८परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: "मोआब र
सेइर एदोमले भन्छ, 'यहूदाको घराना ठीक अन्य कुनै
राष्ट्रहरू जस्तो छ।' ९म मोआबको काँध काट्नेछु यी
शहरहरू बेत्याशीमोत, बाल्मोन अनि किर्यतैम जुन त्यस
देशको महिमा हुन म लिनेछु। १०त्यसपछि म यी
शहरहरू पूर्वका मानिसहरूलाई दिन्छु। तिनीहरूले
तिमीहरूको भूमि लिन्छन् अनि म अम्मोनका मानिसहरूलाई
एउटा राष्ट्र हुनदिन्छु। त्यसपछि प्रत्येकले बिर्सिनेछ कि
अम्मोनका मानिसहरू त्यही राष्ट्रका थिए। ११यस्तो
प्रकारले म मोआबलाई दण्ड दिन्छु। त्यसपछि तिनीहरूले
थाहा पाउँनेछन् कि म नै परमप्रभु हुँ।"

## एदोमको विरुद्ध अगमवाणी

१२परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "एदोमका
मानिसहरू यहूदाको घरानाको विरुद्ध खड़ा भएर तिनीहरूसँग
बदला लिन खोजे। एदोमका मानिसहरू दोषी छन्।"
१३यसैकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छ: "म
एदोमलाई दण्ड दिन्छु। म एदोमको मानिसहरू अनि
पशुहरूलाई नष्ट पार्छु। म एदोमको पूरै देश तेमानदेखि
दान सम्म नष्ट पार्छु। एदोमीहरू युद्धमा मारिनेछन्।

१४म आफ्ना मानिसहरू, इस्राएल एदोमको विरुद्ध
उपयोग गर्छु। यस्तो प्रकारले इस्राएलका मानिसहरूले
मेरा क्रोधलाई एदोमको विरुद्ध व्यवहार गर्छन्। त्यसपछि
एदोमका मानिसहरूले बुझ्नेछन् मैले तिनीहरूलाई दण्ड
दिएँ।" परमप्रभु मेरा मालिकले यसो भन्नुभयो।

## पलिश्तीहरूको विरुद्ध अगमवाणी

१५परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "पलिश्तीहरूले
पनि तिनीहरूसित बदला लिने प्रयत्न गरे। तिनीहरू
ज्यादै निर्दयी थिए। तिनीहरूले घृणा र अवहेलना
वाहेक अरु केही देखाउँदैनन्।" १६यसैकारण परमप्रभु
मेरा मालिक भन्नुहुन्छ, "म पलिश्तीहरूलाई दण्ड
दिन्छु। हो म करेतीहरूबाट तिनीहरूलाई नष्ट पार्छु। म
समुद्रको किनारमा बस्ने ती सबै मानिसहरूलाई सम्पूर्ण
रुपमा नष्ट पार्छु। १७म तिनीहरूलाई दण्ड दिन्छु। म
तिनीहरूसँग बदला लिन्छु। म आफ्नो क्रोध द्वारा
तिनीहरूलाई एउटा पाठ सिकाउँछु त्यसपछि तिनीहरूले
थाहा पाउनेछन् म नै परमप्रभु हुँ।"

## टायरको विषयमा दुःखको समाचार

२६ देशबाट निकालिएको एघारौ वर्षको महीनाको
पहिलो दिनमा, परमप्रभुको वचन मकहाँ
आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरा, टायर
यरूशलेमको विषयमा करायो। चाढै गर! मानिसहरूको
रक्षा गर्ने शहर-द्वार ध्वंश भयो। शहर-द्वार मेरो निम्ति
खुल्ला छ। यरूशलेम ध्वंश भयो। यसकारण म
यसको धेरै बहुमूल्य समानहरू लिन सक्छु।'"

३यसकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छः "हे
टायर म तिम्रो विरुद्धमा छु! म तिम्रो विरुद्धमा लड्नका
निम्ति धेरै राष्ट्रहरू ल्याउँनेछु। त्यो समुद्र किनारमा छाल
जस्तो घरी-घरी आउँनेछ।"

४परमेश्वरले भन्नुभयो, "शत्रुका सैनिकहरूले टायरको
पर्खालहरू नष्ट पार्नेछन् अनि त्यसको खम्बाहरू लड़ाई
दिनेछन्। म पनि त्यसको जमीनमाथिको भाग खुर्किनेछु।
म टायरलाई चट्टानमा परिणत गर्नेछु। ५टायर समुद्रको
किनारमा माछा मार्ने ठाँउ मात्र हुनेछ। मैले यो भनेकोछु।"
परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "टायर युद्धमा लुटिएको
सामान झैं अन्य राष्ट्रहरूलाई दिइनेछ। ६मूल प्रदेशमा
उसको छोरीहरू (सानो शहर) युद्धमा मारिनेछन्। त्यसपछि
तिनीहरूले थाहा पाउँनेछन् कि म नै परमप्रभु हुँ।"

## नबूकदनेस्सरले टायरमाथि आक्रमण गर्नेछ

७परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "म टायरको
विरुद्धमा उत्तरबाट शत्रु ल्याउँनेछु। बाबेलको महान राजा
नबूकदनेस्सर शत्रु हो। उसले एउटा विशाल सेनिक दल
ल्याउनेछ, त्यसमा घोड़ा, रथ, घोड़सवार सैनिकहरू,
अनि धेरै धेरै संख्यामा अरु सैनिकहरू हुनेछन्। ती
सैनिकहरू विभिन्न राष्ट्रका हुनेछन्। ८नबूकदनेस्सरले
मूल-प्रदेशमा तिम्रो छोरीहरूलाई (सानो शहर) मार्नेछ।
त्यसले तिम्रो शहरमा आक्रमण गर्नका निम्ति किल्ला
बनाउँनेछ! त्यसले तिम्रो शहरको चारैतिर कच्चा सड़कहरू
बनाउनेछ। त्यसले पर्खाल सम्म पुग्ने एउटा कच्चा बाटो
बनाउँनेछ। ९त्यसले तिम्रो पर्खालहरू भत्काउन काठको
मूढ़ाहरू लिएर आउँनेछ। तिम्रो किल्लाहरू भत्काउन
उसले शक्तिशाली हतियारहरू उपयोग गर्नेछ। १०त्यसको
घोड़ाहरूको संख्या यति ज्यादा हुनेछ कि तिनीहरूले
उड़ाएको धूलोले तिमीलाई छोप्नेछ। जब बाबेलको राजा
शहर द्वारबाट शहरमा प्रवेश गर्छन् तिम्रो पर्खालहरू
घोड़सवार सैनिकहरू, माल गाड़ीहरू अनि रथहरूको
आवाजले हल्लिनेछन्। हो, त्यो तिम्रो शहरमा आउनेछ
किनकि त्यसको पर्खाल भत्काइनेछ। ११बाबेलको राजा
तिम्रो शहरबाट घोड़सवार गरेर निस्कनेछ। उसको घोड़ाको
टापहरूले तिम्रो सबै सड़कहरू कुल्चीमिल्ची पार्दै आउने
छ। त्यसले तिम्रो मानिसहरूलाई तरवारले मार्नेछ। तिम्रो
शहरको बलिया-बलिया खम्बाहरू जमीनमा ढल्नेछ।
१२नबूकदनेस्सरको सैनिकहरूले तिम्रो सम्पत्ति लिएर
जानेछन्। तिनीहरूले ती चीजहरू लिएर जानेछन् जुन
चीजहरू तिमी बेच्न चाहन्थ्यौ, त्यसले तिम्रो पर्खालहरू
नष्ट पार्नेछ अनि तिम्रो राम्रो-राम्रो घरहरू नष्ट पारिदिनेछ।
त्यसले तिम्रो ढुङ्गा र काठले बनिएको घरहरू काठ
पातसितै समुद्रमा फँयाकिदिनेछ। १३यस प्रकारले म तिम्रा
खुशीका गीतहरूको स्वर बन्द गरिदिन्छु। भविष्यमा
मानसिहरूले तिम्रो वीणाको स्वर सुन्ने छैनन्। १४म
तिमीलाई नाङ्गो चट्टानमा परिणत गरिदिनेछु। तिमी समुद्रको
किनारमा माछाको जाल फैलाउने स्थान जस्तो मात्र
हुनेछौ। तिमी फेरि कदाचित निर्माण हुने छैनौ। किनभने
म परमप्रभुले यी कुराहरू भने।" परमप्रभु मेरो मालिकले
यी कुराहरू भन्नुभयो।

## अन्य देशहरू टायरको निम्ति रुनेछन्

१५परमप्रभु मेरो मालिक टायरसित यसो भन्नुहुन्छः
"तिम्रो पतनको आवाजले समुद्र किनारका भूमिहरू
हल्लिनेछन्। यो त्यस बेला हुनेछ जब तिम्रो चोट
लागेका मानिसहरूले कष्टको स्वर निकाल्नेछन अनि
मर्छन। १६तब समुद्र किनारका देशहरूका सबै शासकहरू
आफ्नो सिंहासनबाट उत्रेर आफ्नो दुःख प्रकट गर्नेछन।
तिनीहरूले आफ्नो विशेष पोशाक फुकाल्छन्। तिनीहरूले
आफ्नो सुन्दर लुगाहरू खोल्छन। त्यसपछि तिनीहरूले
तिनीहरूको काम्ने (पाटको) लुगा लगाउँछन्। तिनीहरू
जमीनमा बस्छन् अनि डरले काम्छन्। तिनीहरू तिमी
यति चाँडै ध्वंश भएकोमा आघात हुनेछन। १७तिनीहरूले
तिम्रो विषयमा विलाप गीत गाउँनेछन्।

"'हे टायर! तिमी प्रसिद्ध शहर थियौ। समुद्र पारिबाट
मानिसहरू तिमीसित बस्नआए। तिमी प्रसिद्ध थियौ। तर

अहिले तिमी केही छैनौ। तिमी समुद्रमा शक्तिशाली थियौ अनि त्यस्तै तिमीसित बस्ने मानिसहरू पनि बलिया थिए। तिमीले मुख्य भूमिमा बस्ने सबै मानिसहरूलाई भयभीत पाय्र्यो।

१८अब जुन दिन तिम्रो पतन हुन्छ समुद्र किनारमा भएको देश डरले काम्न थाल्छ। तिमीले समुद्र किनारको सहायताले कति उपनिवेश बनायौ जब तिमी रहँदैनौ तिनी भयभीत हुन्छन।'"

१९परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "हे टायर म तिमीलाई नष्ट गर्छु अनि तिमी एउटा रित्तो शहर हुनेछौ। ती शहरहरूमा जस्तै त्यहाँ कोही पनि बस्ने छैन। म तिमीमाथि समुद्र बगाउँनेछु। ठूलो समुद्रले तिमीलाई छोप्नेछ। २०म तिमीलाई तल त्यो गहिरो पातालमा पठाईदिन्छु, जुन ठाँउमा मरेका मानिसहरूछन्। ती पहिले मरिसकेका मानिसहरूसँग तिमीले भेट गर्नेछौ। म तिमीहरूलाई ती सबै प्राचीन अनि खाली शहरहरू जस्तै पातालमा पठाउँछु। तिमीहरू ती मानिसहरूसँग रहनेछौ जो चिहानमा जान्छन् अनि त्यस बेला तिमीहरूसँग कोही पनि हुनेछैनन्। तिमी फेरि कहिल्यै जीवितहरूको देशमा बस्नेछैनौ! २१अरु मानिसहरू तिनीहरूसंग डराउँछन्। तिमीहरू निमिठ्यान्न हुनेछौ। मानिसहरूले तिमीहरूको खोजी गर्नेछन्, तर तिमीहरूलाई फेरि कहिल्यै भेट्टाउने छैनन्!" परमप्रभु मेरो मालिकले यी सबै कुराहरू भन्नुभयो।

### टायर समुद्रहरूमाथि व्यापारको महान केन्द्र

२७ परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! टायर शहरको विषयमा यो दु:खको गीत गाऊ। ३टायरको विषयमा यसो भनः

"'टायर, तिमी समुद्रको द्वार हौं। तिमी धेरै राष्ट्रहरूका निम्ति व्यापारी हौ, समुद्र किनारको सहायताले तिमी धेरै देशहरूमा यात्रा गर्छौ।' परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ: टायर तिमी सोच्छौ कि तिमी यति ज्यादा सुन्दर छौ। तिमी सोच्छौ कि तिमी पूर्णत सुन्दर छौ।

४भूमध्य सागर तिम्रो शहरको चारैतिर सीमाना बनाउँछ! तिम्रो निर्माताहरूले तिमीलाई पूर्णतः सुन्दर बनाए। तिमी त्यो जहाजहरू जस्तै छौ जुन तिमीबाट यहाँ आउँछ।

५तिम्रा निर्माताहरूले तिम्रो सबै काठपातहरू बनाउनका निम्ति सेनीर पर्वतबाट सनौवर वृक्षको उपयोग गरे। तिनीहरूले तिम्रो मस्तूल बनाउनको निम्ति लबानोनबाट देवदारु वनको उपयोग गरे।

६तिमीहरूले तिम्रो जहाज खियाउने डाँड़ीहरू बाशानबाट ल्याइएको बञ्राँठका तक्ताहरूबाट बनाए। तिम्रो जहाजका कोठाहरू बनाउन तिनीहरूले साइप्रसका धूपीको रूखहरू प्रयोग गरे। तिनीहरूले त्यो कोठालाई हात्तीको दाँतले सिँगारे।

७तिम्रो जहाजको पालका निम्ति तिनीहरूले मिश्र देशमा बनिएको रंगीन सूती वस्त्रको उपयोग गरे। तिम्रो छाप्रोको पर्दा निलो अनि बैंजनी रंगको थियो। तिनीहरू साइप्रसको समुद्र किनारमा आउँथे।

८सीदोन अनि अर्वादको निवासीहरू तिम्रो लागि नाविक भए। बुद्धिमान मानिस टायर तिम्रो जहाजको चालक भयो।

९गबालका बूढ़ा-प्रधानहरू अनि बुद्धिमान मानिसहरू जहाज मुनिको तक्ताबाट पानी नछिर्ने गरी टाल-टुल गर्नुको निम्ति जहाजमा थिए। समुद्रको सारा जहाज अनि त्यसको चालकहरू तिमीसँग व्यापार वाणिज्य गर्नकोलागि आए।'

१०"फारस, लूद र पूतका मानिसहरू तिम्रो सेनामा थिए। तिनीहरू तिम्रो लड़ाकु सैनिकहरू थिए। तिनीहरूले आफ्नो ढाल अनि टोप तिम्रो पर्खालमा झुण्डाएका थिए। तिनीहरूले तिम्रो शहरको निम्ति सम्मान अनि यश कमाए। ११अर्वद र हेलेकका मानिसहरूले तिम्रो शहरको चारैतिरका पर्खालमाथि रक्षकको रुपमा खड़ा थिए। गमादका मानिस तिम्रो टुङ्गमा थिए। तिनीहरूले तिम्रो शहरको चारैतिरको पर्खालमाथि तिनीहरूको ढाल लगाए। तिनीहरूले तिम्रो सुन्दरतालाई पूर्णरूप दिए।

१२"तर्शीश तिम्रो सर्वोत्तम ग्राहकहरू मध्ये एक थियो। उसले तिमीसित व्यापारकोलागि चाँदी, फलाम, टीन अनि सीसा तिमीले बेचेको चमत्कारी वस्तुहरूको बदलीमा दियो। १३याबान, तूबल, मेशेकका मानिसहरूले व्यापार गरे। तिनीहरूले बेचेको चीजको सट्टामा तिमीलाई काँसका भाँड़ा दिन्थे। १४तोगर्मा राष्ट्रका मानिसहरूले घोड़ा, युद्धका घोड़ा अनि खच्चर तिमीले बेचेका चीजहरूको सट्टामा दिन्थे। १५रोडसका मानिसहरू तिमीसित व्यापार गर्थे। तिमीले आफ्नो चीजहरू धेरै ठाउँमा बेच्थ्यौ। मानिसहरूले तिम्रा चीजहरूको दाम तिर्न हात्तीको दाँत अनि काली काठ दिन्थे। १६एदोमले तिमीसँग व्यापार गर्थो किनकि तिमीसँग धेरै राम्रा-राम्रा चीजहरू थिए। एदोमका मानिसहरूले तिमीले बेचेको चीजहरूको सट्टामा तिमीलाई फिरोजा नीलमणि, बैजुनी लुगा, बुट्टाले भरिएका लुगा, बुट्टा भरिएका सूती लुगा, मूंगा-मोती अनि रातो मलमल दिन्थे।

१७"यहूदा अनि इस्राएलका मानिसहरूले तिमीसँग व्यापार गरे। तिनीहरूले तिम्रो व्यापारको माल-समानको सट्टामा गँहू, भद्राक्ष, अगौटे-नेभारा, मह तेल र अत्तर दिए। १८दमीश्क एउटा राम्रो ग्राहक थियो। उसले तिमीसँग भएको धैरे प्रकारको मूल्यवान चीजहरू हेलबनको दाखरस र सेतो उनको सट्टामा व्पपार गय्र्यो। १९जुन चीज तिमीले बेच्थ्यौ ती चीजहरू बेचेर उसले ऊजालाको दाखरस मंगाउने व्यापार गर्थ्यो। उसले त्यो चीजहरूको निम्ति फलाम, तेजपात र ऊखु तिर्थ्यो। २०ददानको राम्रो व्यापार थियो। उसले तिमीसँग घोड़ाको जीनको

पोशाकको व्यापार गर्थ्यो। २१केदरका सबै अगुवाहरू
अनि अरबका व्यापारीहरूले तिमीलाई भेड़ा अनि बाख्राहरू
तिमीसँग बिक्री गरेको बस्तुको सट्टामा दिए। २२शबा
अनि रामाहका व्यापारीहरू पनि तिमीसँग व्यापार गर्थे।
तिनीहरूले तिमीले बेचेको चीजको सट्टामा सर्वोत्तम
मसाला, हरेक प्रकारको रत्न अनि सुन दिन्थे। २३हारान,
कन्नेह, अदन तथा शेबा, अश्शूर र किल्मदका
व्यापारीहरूले पनि तिमीसँग व्यापार गर्थे। २४तिनीहरूले
सर्वोत्तम लुगाहरू, बुट्टा हानेको लुगा, नीलो धागोले
बनाएको लुगा रंग-विरंगको गलैचाहरू, राम्रो बाटेको
डोरीहरू, देवदारुको काठले बनिएको सामानहरू दिन्थे।
तिमीले तिनीसित यी चीजहरूको व्यापार गर्‍यौ। २५तिमीले
बेचेको चीजहरू तर्शीशको जहाजहरूमा लगिन्थ्यो।

"टायर तिमी ती व्यापारी जहाज जस्तै थियौ, तिमी
समुद्रमा बहुमूल्य समानहरू लिएर आउँथ्यौ।

२६तिम्रो नाविकहरूले, तिमीलाई विशाल अनि
शक्तिशाली समुद्र पारि लिएर गयो, तर शक्तिशाली पूर्वी
बतासले तिम्रो जहाजलाई समुद्रमा नष्ट पारिदिन्यो।

२७अनि तिम्रो सबै सम्पत्ति समुद्रमा डुब्नेछ। तिम्रो
सम्पत्ति, तिम्रो व्यापार, किन्ने अनि बेच्ने चीजहरू,
तिम्रो मल्लाह अनि तिम्रो नाविकहरू, तिम्रो मानिस जो
तिम्रो जहाजको पिँध टाल-टुल गर्छन् तिम्रो मल्लाह,
तिम्रो शहरको सबै सैनिक अनि तिम्रो नाविक सबै
समुद्रमा डुब्नेछन्। यो त्यही दिन हुनेछ जुन दिन तिमी
नष्ट हुनेछौ!

२८तिमीले आफ्नो व्यापारीहरूलाई धेरै टाढ़ो पठायौ
जब तिनीहरूले तिम्रो नाविकहरू चिच्याएको सुन्छन ती
भूमिहरू डरले काम्नेछ!

२९जहाजीहरू अनि चालकहरू सबैले तिम्रो जहाज
छोड़नेछन अनि समुद्रको किनारमा उभिनेछन।

३०उ तिम्रो विषयमा धेरै दु:खी हुन्छ! उ धुरू-धुरू
रुनेछ। उसले आफ्नो टाउकोमा धुलो हाल्नेछ। उ
खरानीमा लड़ीबड़ी गर्नेछ।

३१उसले तिम्रा निम्ति कपाल मुण्डन गर्नेछ। उसले
शोक वस्त्र लगाउँनेछ! उ तिम्रा निम्ति धुरूधुरू रुनेछन्,
चिच्याउनेछ उ आफ्नो मानिस मर्दा रोए भैं रुनेछ।

३२तिनीहरू विलाप गरेर रोइरहेको समयमा तिम्रो
विषयमा यो शोक गीत गाउँछन अनि रुनेछन:

'कोही टायर जस्तो छैन! समुद्रको बीचमा टायर नष्ट
गरिदियो।

३३तिम्रो व्यापारीहरू समुद्र पारि गए! तिमीले धेरै
मानिसहरूलाई आफ्नो विशाल सम्पत्ति अनि विक्रय
वस्तुबाट सन्तुष्ट पार्‍यौ तिमीले जमीनको राजाहरूलाई
सम्पन्न बनायौ!

३४तर अब तिमी समुद्र र गहिरो पानीबाट विच्छेद
भयो। तिमीले बेच्ने सबै चीजहरू अनि तिम्रो सबै
मानिसहरू नष्ट भईसके!

३५समुद्र किनारमा बस्ने सबै मानिसहरू तिम्रा निम्ति
शोक-ग्रस्त छन्। तिनीहरूको राजा भयांनक रुपसँग
डराउँछन् तिनीहरूको अनुहारमा आघात देखिदैछ।

३६अन्य देशको व्यापारीहरूले तिमीलाई खिसी गर्नेछन्।
घटेको घटनामा मानिसहरू भयभीत हुनेछन्, किनकि
तिम्रो अन्त्य आएकोछ। तिमी भविष्यमा रहनेछैनौ।'"

## टायर यो एउटा परमेश्वर जस्तै सम्झाउँछ

२८ परमप्रभुको वचन मकहाँ आयो, उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो, टायरको
राजालाई भन, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:

तिमी धेरै घमण्डी छौ। अनि तिमी भन्छौ, "म एउटा
देवता हुँ। म समुद्रको माझमा देवताहरूको आसनमाथि
बस्छु।"

तर तिमी एउटा मानिस मात्र हौ, परमेश्वर होइनौ।
तिमी आफैलाई एक देवता जतिकै सम्झन्छौ।

३तिमी सोच्छौ कि तिमी दानियल भन्दा बुद्धिमान
छौ! तिमी सम्झन्छौ कि तिमीले सारा रहस्यहरू
जानेकाछौ।

४आफ्नो बुद्धि र ज्ञानबाट तिमीले सम्पत्ति कमायौ
अनि तिमीले आफ्नो भण्डारमा सुन-चाँदी राख्यौ।

५आफ्नो तीव्र बुद्धि अनि व्यापारले गर्दा तिमीले
सम्पत्ति बढ़ायौ अनि त्यो सम्पत्तिले गर्दा तिमी घमण्डी
भयौ।

६यसकारण परमप्रभु मेरो मालिक भन्नुहुन्छ: टायर,
तिमीले सोच्यौ तिमी देवता जस्तै हौ।

७म विदेशीहरूलाई तिम्रो विरुद्धमा युद्ध गर्न लगाउँछु।
तिनीहरू देश माझमा धेरै डरलाग्दा छन, तिनीहरूले
आफ्नो तरवार बाहिर निकाल्नेछन् अनि ती सुन्दर
चीजहरूको विरुद्धमा चलाउनेछन् जुन तिमीले आफ्नो
बुद्धिले कमायौ। तिनीहरूले तिम्रो गौरवलाई ध्वंश
गरिदिनेछ।

८तिनीहरूले तिमीलाई तल चिहानमा पुर्‍याउनेछन्।
तिमी त्यो व्यापारी जस्तै हुनेछौ जो समुद्रमा मर्‍यो।

९त्यो मानिसले तिमीलाई मार्नेछ। के अहिले सम्म
तिमी भन्छौ, "म देवता हुँ?" त्यससमय उसले तिमीलाई
आफ्नो अधिकारमा लिनेछ। त्यस समय तिमीले सम्झनेछौ
कि तिमी मानिस मात्र हौं, परमेश्वर होइनौ।

१०तिमी परदेशीहरूको हातमा बेखतनाको मानिस भैं
मर्नेछौ। यो हुने नै छ किनभने मैले यस्तो भनेकोछु।'"
परमप्रभु मेरो मालिकले यी सब भन्नुभयो।

११परमप्रभु मेरो मालिकको वचन मलाई प्राप्त भयो।
उहाँले भन्नुभयो, १२"हे मानिसको छोरो, टायरको
राजाको विषयमा दु:खपूर्ण गीत गाऊ। उसलाई भन,
'मेरो स्वामी परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:

तिमी आदर्शवाद मानिस थियौ, तिमी बुद्धिले परिपूर्ण
थियौ, तिमी पूर्णत: सुन्दर थियौ।

१३तिमी अदनमा थियौं, परमेश्वरको बगैंचामा तिमीसँग
प्रत्येक बहुमूल्य रत्न थियो, मानिक, लालमणि, पुष्पराज,
पन्ना, पीनमणि, हीरा, फिरोजा, गोमेद, आनिकस अनि
जस्पर नीलम, हरितमणि अनि नीलामणि अनि हरेक
रत्नमा सुन जड़िएको थियो। तिनीहरूलाई यो सुन्दरता
दिएको थियो जुन दिन तिम्रो सृजना गरिएको थियो,
तिनीहरू तिम्रो लागि तयार गरिए। परमेश्वरले तिमीलाई
बलियो बनाउनुभए थियो।

१४तिमी चुनिएका करूब स्वर्गदूत थियौ। तिम्रो
पखेटा मेरो सिंहासन सम्म फैलिएको थियो अनि मैले
तिमीलाई परमेश्वरको पवित्र पर्वतमा राखें। तिमी त्यो
रत्नको बीचमा हिड़्यौ जुन आगो जस्तै दन्किरहेको
थियो।

१५तिमी असल अनि ईमान्दार थियौ जब मैले
तिमीलाई बनाएँ। तर त्यसपछि तिमीमा दुष्ट कुरो
पाइयो।

१६तिम्रो व्यापारले तिमीकहाँ धेरै सम्पत्ति ल्यायो तर
त्यसले तिमीभित्र क्रुरता उत्पन्न गरायो अनि तिमीले पाप
गर्‍यौ। यसकारण मैले तिमीसँग यस्तो व्यवहार गरें,
मानौ तिमी अपवित्र चीज हौ। मैले तिमीलाई परमेश्वरको
पर्वतमा फ्याँकिदिएँ। तिमी विशेष करूब स्वर्गदूतहरू
मध्ये एक थियौ तिम्रो पखेटा मेरो सिंहासनमा फैलिएको
थियो, तर मैले तिमीलाई आगो जस्तो चम्किने रत्नहरू
छोड्नु बाध्य गराएँ।

१७तिमी आफ्नो सुन्दरताको कारण घमण्डी भयौ,
तिम्रो घमण्डले तिम्रो बुद्धि नष्ट पार्‍यो, यसैकारण मैले
तिमीलाई तल जमीनमा ल्याएँ अनि राजाहरूको अघि
फ्याँकें ताकि तिनीहरू तिम्रो विनाश देख्न सकुन्।

१८तिमीले धेरै नराम्रो काम गर्‍यौ, तिमी अत्यन्तै
कपटी व्यापारी थियौ। यसप्रकारले तिमीले पवित्र स्थानहरू
अपवित्र बनायौ, यसैकारण मैले तिमीभित्र आगो ल्याई
दिए, यसकारण तिमीलाई जलायो अनि तिमी जमीनमा
खरानी भयौ। अब प्रत्येकले तिम्रो लाज देख्नेछ।

१९अरु देशको सबै मानिसहरू, तिमीमाथि जे घट्यो,
त्यसको लागि शोक ग्रस्त थिए। तिमीमाथि जे घट्यो
त्यो देखेर मानिसहरू भयभीत भए। तिमी अन्त भयौ।'"

## सीदोनको विरुद्धमा सन्देश

२०परमप्रभुको वचन मलाई प्राप्त भयो। उहाँले
भन्नुभयो, २१"हे मानिसको छोरो, सीदोनमाथि ध्यान
देऊ, अनि त्यस ठाँउको विरुद्धमा मेरो लागि केही
भन। २२भन, 'परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छः

सीदोन म तिम्रो विरुद्धमा छु। तिम्रा मानिसहरूले
मलाई सम्मान गर्न सिक्नेछन्, म सीदोनलाई दण्ड दिन्छु,
त्यसपछि मानिसहरूले सम्झने छन् कि म नै परमप्रभु
हुँ। त्यसपछि तिनीहरूले सम्झनेछन् कि म पवित्र छु।
अनि मलाई तिनीहरूले त्यो रूपमा लिनेछन्।

२३म सीदोनमा रोग अनि मृत्यु पठाउँछु, शहरहरूको
बाहिर तरवारले त्यो मृत्यु ल्याउँनेछ। त्यसपछि उसले
सम्झनेछ कि म परमप्रभु हुँ।'"

## देशहरू इस्राएलको हाँसो उड़ाउन बन्द गर्ने छन

२४"'अतीत कालमा, इस्राएललाई त्यसको चारैतिरका
देशहरूले घृणा गर्थे। अब उसो तिनीहरूको वरीपरीका
सबै देशहरूबाट कष्ट दिनलाई कुनै तीखा काँढ़ाहरू
अथवा सिउड़ी रहने छैन। त्यसपछि तिनीहरूले जान्नेछन्
म मात्र परमप्रभु तिनीहरूको मालिक हुँ।'"

२५परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म इस्राएल
परिवारलाई जो अन्य राष्ट्रहरूमा तितर-बितर भएकाछन
म तिनीहरूलाई भेला पार्नेछु। अनि ती राष्ट्रहरूले
देख्नेछन् कि म पवित्र हुँ। त्यस समय इस्राएलका
मानिसहरू त्यो देशमा बस्नेछन् जुन देश मेरो दास
याकूबलाई दिएँ। २६तिनीहरू त्यो देशमा सुरक्षित रहनेछन्।
तिनीहरूले घर बनाउँनेछन अनि दाखको बोट लगाउनेछन।
म त्यसको चारैतिरको राष्ट्रहरूलाई दण्ड दिन्छु जसले
तिनीहरूलाई घृणा गरे। त्यसपछि इस्राएलका मानिसहरू
सुरक्षित रहनेछन्। अनि तिनीहरूले सम्झनेछन् कि म नै
परमप्रभु तिनीहरूको परमेश्वर हुँ।"

## मिश्रको विरुद्ध संदेश

२९ देशबाट निकालिएको दशौं वर्षको दशौं महीनाको
बाहौं दिनमा परमप्रभु मेरा मालिकको वचन
मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो!
मिश्रको राजा फिराऊन प्रति ध्यान देऊ। मेरा निम्ति
त्यसको तथा मिश्रको विरुद्धमा केही बोल। ३भन,
'परमप्रभु मेरा मालिक भन्नुहुन्छः

हे मिश्रको राजा फिरऊन! म तिम्रो विरुद्धमा छु।
तिमी नील नदीको किनारमा सुतिहरने ठूलो राक्षस
(अजीङ्गर) हौ। तिमीले भन्यौ, "यो मेरो नदी हो! यही
नदी हो जुन मैले बनाएँ।"

४तर म तिम्रो बङ्गरामा बल्छी लगाउँनेछु। नील
नदीको सबै माछाहरू तिम्रो कत्लाहरूमा टाँसिदिन्छु।
तिम्रो कत्लाहरूमा टाँसिएका माछाहरूसितै तिमीलाई म
नदीबाट बाहिर निकालिदिनेछु।

५म तिमीलाई सबै माछाहरूसितै मरुभूमिमा फ्याँकिदिनेछु
अनि तिमी जमीनमा खस्नेछौ।

६तब मिश्रमा बस्ने सबै मानिसहरूले जान्नेछन् कि म
नै परमप्रभु हुँ। म यो कामहरू किन गर्दैछु? किनकि
इस्राएलका मानिसहरूले तिनीहरूको भरोसा मिश्रमाथि
गरे तर मिश्रमाथि भरोसा गर्नु चाँहि पात्लो घाँसको
पातमा अड़ेस लाग्नु सरह हो।

७इस्राएलका मानिसहरूले सहायताका निम्ति मिश्रमाथि
भरोसा गरे। तर तिमीहरू घरल्याम्मै लड़्यौ अनि
तिनीहरूको काधँहरूमा चोट पुर्‍यायो। तिनीहरू सहायताको

लागि तिमीमाथि भर परे। तर तिमी भाँच्चियौ र तिनीहरूको ढाड़मा चोट पुर्‍यायौ।'"

८यसैकारण, परमप्रभु मेरो मालिक भन्नुहुन्छ: "म तिम्रो विरुद्धमा तरवार चलाउँछु! म तिम्रो सबै मानिसहरू अनि पशुहरूलाई नष्ट पार्छु।

९मिश्र देश शून्य अनि नष्ट हुनेछ। त्यसपछि तिनीहरूले सम्झनेछन् कि म नै परमप्रभु हुँ।"

परमेश्वरले भन्नुभयो, "म त्यो काम किन गर्छु? किनकि तिमीले भन्यौ, 'यो मेरो नदी हो। मैले नै नदी बनाएको हुँ।' १०यसकारण म तिम्रो विरुद्धमा छु। म नील नदीको खोलाहरूको विरुद्धमा छु। म मिश्रलाई पूर्ण रूपमा नष्ट पार्छु। मिग्दोलदेखि आश्वान सम्म, जहाँ सम्म इथोपियाको सीमाना छ, उजाड़ भूमि हुनेछ। ११मिश्र देश पशु तथा मानिस शून्य हुनेछ। कुनै पनि मानिस अथवा पशु चालीस वर्ष सम्म मिश्र भएर यात्रा गर्ने अथवा जीउने छैन्। १२म मिश्रदेशलाई उजाड़ भूमि बनाइदिनेछु अनि तिनीहरूको शहरहरू चालीस वर्ष सम्म ध्वंश बस्नेछ। म मिश्रबासीलाई जाति-जातिहरूमा तितर-बितर पारिदिन्छु। तिनीहरूलाई म विदेशमा वास बस्ने बनाई दिन्छु।"

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म मिश्रका बासिन्दाहरूलाई कतिपय राष्ट्रहरूमा तितर-बितर पार्छु। तर चालीस वर्षको अन्तमा फेरि तिनीहरूलाई एकै ठाँउमा जम्मा गर्छु। १४म मिश्रलाई कैदबाट फर्काएर ल्याउँछु। म मिश्रका मानिसहरूलाई पत्रोस देशमा जहाँबाट उत्पन्न भएका थिए फेरि त्यहाँ ल्याउँछु। तर तिनीहरूको राज्य महत्वपूर्ण हुनेछैन्। १५यो सबै भन्दा कम्ती महत्व रहेको राज्य हुनेछ। म यसलाई फेरि अरु जातिहरू भन्दा माथि उठाउँने छैन्। म यसलाई यति सानो बनाइदिन्छु कि त्यो राज्यहरूमाथि शासन गर्न सक्तैन। १६अनि इस्राएलका परिवार फेरि कहिले पनि मिश्रमाथि अश्रित हुने छैन। इस्राएलीहरूले आफ्नो पाप याद गर्नेछन्। तिनीहरूले याद राख्ने छन कि तिनीहरू सहायताका निम्ति मिश्र पट्टि फर्किए, परमेश्वर पट्टि होइन, अनि तिनीहरूले सम्झनेछन कि म नै परमप्रभु अनि मालिक हुँ।"

## बाबेलले मिश्रलाई प्राप्त गर्ने छ

१७देशबाट निकालिएको सत्ताईसौ वर्षको पहिलो महीनाको पहिलो दिन परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नभयो, १८"हे मानिसको छोरो बाबेलको राजा नबूकदेस्सरले उसको सेनाहरूलाई टायरको विरुद्ध कठोर युद्ध गर्नु लगायो। तिनीहरूले प्रत्येक सैनिकको कपाल खौरिदिए। गरौं भारी काँधमा दलिँदा-दलिँदा, काँध पिलिसियो। टायरलाई जित्नुका निम्ति नबूकदनेस्सार अनि उसको सेनाले कठिन प्रयत्न गर्‍यो तर त्यो कठिन प्रयत्नबाट केही पनि पाउन सकेन।" १९यसकारण परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म नबूकदनेस्सर मिश्रदेश दिनेछु बाबेलको राजालाई अनि उसले मिश्रका मानिसहरूलाई लैजानेछ। नबूकदेनस्सरले मिश्रका बहुमूल्य चीजहरू लिनेछ। यो नबूकदनेस्सरको सेनाको ज्याला हुनेछ। २०मैले नबूकदनेस्सरलाई कठिन परिश्रम गरेंकोमा त्यसलाई मिश्रदेश पुरस्कारको स्वरुप दिएँ। किन? किनकि उनी र तिनका सेनाहरूले मेरो लागि कठिन परिश्रम गरे।" परमप्रभु मेरा मालिकले यसो भन्नभयो।

२१"त्यस दिन इस्राएलका परिवारलाई म शक्तिशाली बनाउँछु अनि तिम्रा मानिसहरूले मिश्रवासीहरूको हाँसो उड़ाउनेछन्। त्यसपछि तिनीहरूले थाहा पाउनेछन् कि म नै परमप्रभु हुँ।"

## बाबेलको सेनाले मिश्रमाथि आक्रमण गर्नेछ

३० परमप्रभुको वचन मकहाँ फेरि आयो। उहाँले भन्नभयो, २"हे मानिसको छोरा! मेरा निम्ति केही भन! भन, 'परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ:

रूनु अनि भन, "हाय! त्यो डरलाग्दा दिन आउँदै छ।"

३त्यो दिन नजीकै छ। हो परमप्रभुको न्याय गर्ने दिन नजीकै आउँदैछ। त्यो बादल लागेको दिन यो राष्ट्रहरूसँग न्याय गर्ने समय हुनेछ।

४मिश्रको विरुद्धमा एउटा तरवार चलाइनेछा कूशका मानिसहरू डरले काम्नेछन्! जब त्यहाँ मिश्रश्रको पतन हुन्छ बाबेलका सेनाले मिश्रका मानिसहरूलाई बन्दी जस्तै टाड़ा लगेर जानेछन्। कैदीहरू जस्तै पारेर टाड़ा लानेछन्। मिश्रको जगहरू भत्काइनेछन्।

५"'धेरै मानिसहरूले मिश्रसँग शान्ति-सन्धि गरे। तर कूश, पूत, लूद, समस्त अरब देश, लिबिया अनि इस्राएलका सबै मानिसहरू नष्ट हुनेछन्।

६परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ: "हो, जसले मिश्रलाई सहायता गर्छ, त्यसको पतन हुन्छ। त्यसको युद्धको घमण्ड नाश हुन्छ। मिग्दोलदेखि आश्वार सम्मको लागि मिश्रका मानिसहरू युद्धमा मारिनेछन्।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो!

७मिश्र ती देशहरूसित मिल्नेछ जुन नष्ट गरिएको छ। उसको शहरहरू ती शहरहरूसित मिल्नेछन् जो नष्ट पारिएकाथिए।

८म मिश्रमा आगो लगाउँछु अनि त्यसको सबै सहायकहरू नष्ट हुनेछन्। त्यसपछि तिनीहरूले थाहा पाँउनेछन् म नै परमप्रभु हुँ।

९त्यस समयमा म समाचारवाहकहरू पठाउँछु। उसले जहाजहरूमा कूशको नराम्रो खबर पुर्‍याउन जान्छ। कूश अब आफूलाई सुरक्षित सम्झन थाल्छ। तर जब मिश्रलाई दण्ड दिनेछु त्यस बेला कूशका मानिसहरू डरले काम्नेछन्। त्यो समय आउँदैछ।

१०परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ:
"म बाबेलको राजा नबूकदनेस्सरको उपयोग गर्छु
अनि म मिश्रका मानिसहरूलाई नष्ट पार्छु।
११नबूकदनेस्सर अनि त्यसका मानिसहरू राष्ट्रहरूमा
सर्वाधिक भंयकर छन्। म तिनीहरूलाई मिश्रदेश नष्ट
गर्नका निम्ति लिएर आउँछु। तिनीहरूले मिश्रको विरुद्ध
आफ्नो तरवार उठाउँनेछन्। त्यो देश लाशले भरिनेछ।
१२म नील नदीलाई सुक्खाा जमीन बनाइदिन्छु। तब
म सूक्खा जमीन नराम्रो मानिसको हातमा दिन्छु। त्यो
देश खाली पार्नका निम्ति म विदेशीहरूको उपयोग
गर्नेछु। म परमप्रभुले यो कुराहरू भन्दैछु!"

## मिश्रको मूर्तिहरू नष्ट पारिनेछन्

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ:
"म मिश्रमा मूर्तिहरू नष्ट पार्नेछु! म मूर्तिहरू नोपबाट
बाहिर निकाल्छ। भविष्यका निम्ति मिश्र देशमा कुनै
पनि शासक हुनेछैन, अनि म मिश्रबाट डर हटाउनेछु!
१४म पत्रोसलाई खाली गरीदिन्छु। म सोअनमा आगो
लगाई दिन्छु अनि म नो शहरलाई दण्ड दिनेछु।
१५अनि म सीन नामक मिश्रको किल्लाको विरुद्ध
आफ्नो क्रोध वर्षाउनेछु! म नो शहरको मानिसहरू नष्ट
पार्छु।
१६म मिश्रमा आगो लगाउँछु। सीन नामक ठाँउ
डरले पीड़ित हुन्छ, नो शहरमा सैनिकहरू लड्नेछन।
अनि नोप शहरमा प्रत्येक दिन नयाँ कष्टमा हुनेछ।
१७ओन अनि पी-बेसेतको युवकहरू युद्धमा मारिनेछन्
अनि स्त्रीहरू पक्राउ पर्नेछन् अनि तिनीहरूलाई लगिनेछ।
१८यो तहपबहेसमाको निम्ति अन्धकारको दिन हुनेछ
जब म मिश्रको अधिकार तोड़ी दिन। तिनका घमण्डी
शक्ति समाप्त हुनेछ। मिश्र कालो बादल द्वारा डाकिने
छ। अनि मिश्रि केटीहरूलाई कैदी बनाएर लानेछन्।
१९यस्तो प्रकारले म मिश्रलाई दण्ड दिन्छु। त्यसपछि
तिनीहरूले थाहा पाउनेछन् म नै परमप्रभु हुँ।'"

## मिश्र सदा-सवर्दाका निम्ति दुर्बल हुनेछ

२०देशबाट निकालिएको एघारौं वर्षको प्रथम महिनाको
सातौं दिनमा परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २१"हे मानिसको छोरो, मैले मिश्रको राजा
फिराऊनको हात भाँचिदिएँ। कसैले पनि उसको हातमा
पट्टी लगाई दिएन। उसको घाउ जाति भएन। यसकारण
उसको हात तरवार समात्ने योग्य भएको हुँदैन।"
२२परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म मिश्रको
राजा फिराऊनको विरुद्धमा छु। म त्यसको दुवै हातहरू
भाँचिदिन्छु शक्तिशाली हात अनि अर्को भाँचिएको हात।
त्यसको तरवारलाई त्यसको हातबाट तल झर्ने बनाउँछु।
२३म मिश्रीहरूलाई राष्ट्रहरूमा तितर-बितर पार्छु। २४म
बाबेलको राजाको हातहरू शक्तिशाली बनाउँछु। म
आफ्नो तरवार उसको हातमा दिन्छु। तर म फिराऊनको
हात भाँचिदिन्छु। त्यस बेला फिराऊन पीड़ाले चिच्याउने
छ, राजाको चिच्याई एउटा मर्न आँटेको मानिसको
जस्तो हुनेछ। २५यसकारण म बाबेलको राजाको हातहरू
शक्तिशाली बनाउँछु, तर फिराऊनको हातहरू काटिएर
झर्नेछ। त्यसपछि तिनीहरूले थाहा पाँउनेछन् कि म नै
परमप्रभु हुँ।
"म बाबेलको राजाको हातमा आफ्नो तरवार दिन्छु।
त्यति बेला मिश्र देशको विरुद्धमा आफ्नो तरवार अघाड़ी
बढ़ाउँछु। २६म मिश्रीहरूलाई राष्ट्रहरूमा तितर-बितर
पार्छु। त्यसपछि तिनीहरूले थाहा पाउनेछन् कि म नै
परमप्रभु हुँ।"

## अश्शूर एउटा देवदारुको रूख जस्तै हो

३१ देशबाट निकालिएको एघारौं वर्षको तेस्रो
महीनाको पहिलो दिन परमप्रभुको वचन मकहाँ
आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो, मिश्रको
राजा फिराऊन अनि त्यसको मानिसहरूलाई यसो भन:
"'तिमी अति मै महान छौ। तिमीलाईं कोसित तुलना
गर्न सकिन्छ?
३अश्शूर देशलाई हेर त्यो लबानोनमा एउटा देवदार
झै थियो। यसको सुन्दर-सुन्दर हागाँहरूलाई हेर।
जङ्गलमा छायादार अनि एकदमै अग्लो देवदारुको रुख
थियो! यसको टुप्पोले बादल छुन्थ्यो।
४पानीको मूलले त्यसलाई पोषण गर्‍यो। नदीको
पानीले त्यसलाई अग्लो बनायो! नदीहरू यस ठाँउको
चारैतिरबाट बग्थे। जहाँ रूखहरू रोपिएका थियो। अरु
मैदानको रूखहरूकोलागि यहीँबाट पानीको नालाहरू
जान्थे।
५यसकारण खेतको अरु रूखहरू भन्दा यो नै सबै
भन्दा अग्लो रूख थियो। अनि यसले धेरै हाँगा-बिँगाहरू
फैलाएको थियो। त्यहाँ पानी प्रशस्त थियो
यसकारण रूखले आफ्नो हाँगा-बिँगाहरू बाहिर फैलाएको
थियो।
६रूखको हाँगाहरूमा आकाशका सबै पक्षीहरूले
आफ्ना गुँड़ बनाएका थिए! रूखको हाँगाहरूमुनि भूमिमा
सबै जीव जन्तुले बच्चा जन्माउथे। सबै ठूला-ठूला
राष्ट्रहरू त्यो रूखको छाहारीमा बस्थे।
७यसकारण रूख आफ्नो महानता अनि लामो हाँगाहरूमा
सुन्दर थियो। किन? किनकि यसको जराहरूमा यथेष्ट
पानी थियो।
८परमेश्वरका बगैंचाको कुनै देवदारुको रूख पनि
त्यस्तो थिएन जस्तो यो रूख थियो। सल्लाहको रूखले
यति ज्यादा हाँगाहरू राख्दैन थियो। देवदारुको
रूखले पनि यस्तो हाँगाहरू राख्दैन थियो। परमेश्वरको
बगैंचाको कुनै पनि रूख, यति सुन्दर थिएन जति यो
थियो।

९मैले धेरै हाँगाहरूसहित यसलाई सुन्दर बनाएँ अनि परमेश्वरको बगैँचाको अदानका सबै रूखहरूले यो रूखको ईर्ष्या गर्थ्यो!'"

१०यसकारण, परमपरभु मेरो मालिक यसो भन्नुहुन्छः "रूख अग्लो भएकोछ। यसले आफ्नो हाँगाहरू बादल सम्म पुर्‍याएकोछ। यो घमण्डी छ किनकि यो अग्लो छ। ११यसकारण मैले एकजना शक्तिशाली राजालाई यो रूख दिएँ। त्यो शासकले त्यस रूखलाई दुष्ट कामका निम्ति दण्ड दियो। मैले त्यो रूखलाई आफ्नो बगैँचाबाट बाहिर फ्याँकेँ। १२विदेशीहरू बीचको सबै भन्दा कठोर जातिले यसलाई काटे। रूखको हाँगाहरू पर्वतमाथि अनि सम्पूर्ण बेंसीहरूमा झर्‍यो। त्यस देशमा बग्ने नदीहरूले त्यसको भाँचिएको टुक्राहरू बगाएर लग्यो। रूख मुनि शीतल भएन, यसकारण सबै मानिसहरूले त्यसलाई छोड़िदिए। १३अब त्यो भाँचिएको रूखमा आकाशका सबै पक्षी बस्नथाले अनि यसको लड़ेको हाँगामा जङ्गली पशुहरू हिड़न थाले।

१४"अब फेरि कुनै पनि रूख त्यो पानीले घमण्ड गर्नेछैन। त्यो बादल सम्म पुग्न चाहँदैन। असल पानी लगाएका कुनै पनि रूख अग्लो बढ़ेर जानेछैन। किनकि सबैलाई मृत्यु निश्चित भईसकेकोछ। ती सबै मृत्युको ठाँउ शेओल नामक मृत लोकमा जानेछन्। तिनीहरू अरु मानिसहरूसँग जानेछन जुन मरेर तल खाल्डामा गएकाछन्।"

१५परमप्रभु मालिक भन्नुहुन्छ, "त्यस दिन जब त्यो रूख चिहानमा गयो, मैले मानिसहरूलाई शोक मनाउँन लाएँ। मैले त्यो रूखलाई गहिरो पानीमा चोपिदिएँ। मैले रूखको नदीहरू रोकिदिएँ अनि रूखकोलागि पानी बग्नु पनि रोकिदिएँ। मैले लबानोनलाई यसको निम्ति शोक मनाउन लगाएँ। खेतको सबै रूख यो ठूलो रूखको शोकले रोगी भए। १६मैले रूखलाई ढालिदिएँ अनि रूख ढलेको आवाजको डरले राष्ट्रहरू कामे। मैले रूखलाई मृत्युको स्थानमा ल्याए। यो तिनीहरूसँग मिल्न तल खाल्डामा गयो। अतीतमा एदेनको सबै रूख अर्थात लबानोनको सर्वोत्तम रूखले त्यो पानी पिए। ती सबै रूखहरूले तल्लो संसारमा सान्त्वना प्राप्त गरे। १७हो, त्यो रूख पनि ठूलो रूखसँग मृत्यको चिहानमा गयो। तिनीहरू ती मानिसहरूसँग जम्मा भए, जो युद्धमा मारिएका थिए। त्यो ठूलो रूखले अरु रूखहरूलाई शक्तिशाली बनायो। त्यो रूख राष्ट्रमा, त्यो ठूलो रूखको छाँयामा बस्थ्यो।

१८"यसकारण, त्यहाँ अदनमा धेरै ठूला-ठूला अनि शक्तिशाली रूखहरूछन्। कुन रूखसँग मैले तिम्रो तुलना गर्नु? तिमी अदनको रूखसँग पाताल लोक जानेछौ। तिमीहरू खतना नभएका मानिसहरू अनि ती मृत्यु युद्ध भूमिमा मारिएकाहरूसित सम्मिलित हुनेछौ।

"हो, यो फिराऊन अनि उसको सबै मानिसहरूसँग हुनेछ।" परमप्रभु मेरा मालिकले यसो भन्नुभयो!

### फिराऊनः एउटा सिंह या दैत्य?

**३२** देशबाट निकालिएको बाह्रौँ वर्षको बाह्रौँ महीनाको पहिलो दिन परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! फिराऊन मिश्रको राजाको विषयमा यो दुःखको गीत गाऊ। उनलाई भनः

"'तिमीले सोचेको थियौ तिमी शक्तिशाली जवान सिंह हौ। देशहरूमा घमण्डसँग घुम्दै थियौ तर साँच्चै तिमी एक अजिङ्गर जस्तै हौ। तिमी पानीको प्रवाहलाई ठेल्दै बाटो बनाउँछौ, अनि आफ्नो खुट्टाले पानी छयाप्दै, नदीहरू माटै माटो बनायौ। तिमीले मिश्रको नदीहरूलाई उत्तेजित पार्‍यौ।'"

३परमप्रभु मेरा मालिक यी कुराहरू भन्नुहुन्छः

"मैले धेरै मानिसहरूलाई एकै ठाँउमा जम्मा पारेकोछु। अब म तिमीमाथि आफ्नो जाल फिजाँउछु। त्यसपछि तिनीहरूले तिमीलाई तान्नेछन्।

४त्यसपछि तिमीलाई सुक्खा जमीनमा झारिदिन्छु! म तिमीलाई खेतमा फ्याँकिदिन्छु। तिमीलाई खानका निम्ति म सबै पक्षीहरू बोलाउँछु। म प्रत्येक ठाँउबाट जंगली पशुहरू तिमीलाई खान अनि पेट भर्नका निम्ति बोलाउँछु।

५म तिम्रो शरीरलाई पर्वतमाथि तिरर-बितर पार्छु। म तिम्रो लाशले बेंसीहरू भरिदिन्छु।

६म तिम्रो रगतले पहाड़ भिजाउनेछु अनि भूमिमा सोसाउँछु। अनि खोला नालाहरू पनि त्यसैले भरिनेछन।

७म तिमीलाई लोप गराइदिन्छु म आकाशलाई छोपिदिन्छु अनि ताराहरूलाई अँध्यारो पारिदिन्छु। म सूर्यलाई बादलले ढाकिदिन्छु अनि चन्द्रमा चम्किने छैन्।

८म सबै चम्किने ज्योतिहरूलाई आकाशमा तिमीमाथि कालो बनाई दिन्छु। म तिम्रो सबै देशमा अँध्यारो पारिदिन्छु।" परमप्रभु मेरा मालिक भन्नुहुन्छ।

९"अनि जब म तिमी टुक्रिएका टुक्राहरू अन्य राष्ट्रहरू र देशहरूमा जुन तिमी चिन्दैनौ ल्याउनेछु, धेरै मानिसहरूको हृदयमा कष्ट पुराइदिनेछु। १०म धेरै मानिसहरूलाई तिम्रा विषयमा चकित पार्नेछु। तिनीहरूका राजा त्यस समय तिम्रो निम्ति भयभीत हुनेछन्, किनभने जब म उनको सामन्नेमा आफ्नो तरवार चलाउँछु दिनको प्रत्येक क्षणमा जब तिमी तल जान्छौ राजा डरले काम्नेछ। प्रत्येक राजा आफ्नो जीवनको निम्ति डराउनेछ।"

११किन? किनकि परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः "बाबेलको राजाको तरवार तिम्रो विरुद्धमा युद्ध गर्नु आउँछ। १२म ती सैनिकहरूको उपयोग गरेर तिम्रो मानिसहरूलाई युद्धमा मार्न लगाउँनेछु। ती सैनिकहरू देशमा सबै भन्दा डरलाग्दा देशहरूबाट आएको हुनेछन्। तिनीहरूले मिश्रको त्यो चीजहरूलाई नष्ट गरिदिनेछन्

जसको घमण्ड मिश्रले गर्छ। मिश्रका मानिसहरूलाई
नष्ट गरिदिइनेछ। १३मिश्रका नदीहरूको किनारमा धेरै
पशुहरूछन्। म ती पशुहरूलाई पनि नष्ट गरिदिन्छु।
मानिसहरूले भविष्यमा आफ्नो खुट्टाले पानी मैला पार्नेछैनन्।
१४यस्तो प्रकारले म मिश्रको पानीलाई शान्त बनाइदिन्छु,
म त्यसको नदीहरूलाई मन्द गति बगाउँनेछु, त्यो तेल
जस्तै बग्ने छ।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो,
१५"म मिश्र देशलाई रित्तो बनाइदिन्छु, त्यसले प्रत्येक
चीज हराउनेछ। म मिश्रमा बस्ने सबैलाई दण्ड दिन्छु।
त्यसपछि तिनीहरूले थाहा पाउँनेछन् कि म नै परमप्रभु
अनि मालिक हुँ!

१६"यो एउटा विलापको गीत हो, जुन मानिसहरूले
मिश्रका निम्ति गाउँछन्। अर्को देशहरूका छोरीहरूले
(शहरहरू) मिश्रको विषयमा यो दुःखको गीत गाउनेछन्।
तिनीहरूले यो मिश्र अनि त्यसको सबै मानिसहरूको
विषयमा दुःखको गीत गाउँनेछन्।" परमप्रभु मेरो मालिकले
यी सबै कुराहरू भन्नुभयो।

## मिश्र देश नष्ट पारिनेछ

१७देशबाट निकालिएको बाह्रौं वर्षमा त्यही महीनाको
पन्ध्रौं दिनमा परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, १८"हे मानिसको छोरो, मिश्रका मानिसहरूका
निम्ति रुनु। मिश्र अनि ती छोरीहरूलाई शक्तिशाली
राष्ट्रहरूबाट चिहान सम्म पुऱ्याऊ। तिनीहरूलाई खाल्डोमा
लैजाऊ जहाँ तिनीहरू ती मानिसहरूसित सम्मलित हुन्छ
जो पहिले नै खल्डामा गइसकेकाछन।

१९"मिश्र तिमी अरुभन्दा असल छैनौ। तल मृत्युको
ठाँउमा जाऊ। जाऊ अनि बेखतनेहरूसित सुत।

२०"मिश्रलाई ती अरुहरू सबै मानिसरूसँग जानुपर्छ
जुन युद्धमा मारिएका थिए। शत्रुले उ अनि उसका
मानिसहरूलाई टाड़ा तानेर लगे।

२१"बलिया अनि शक्तिशाली नेताहरू युद्धमा मारिए।
ती खतना नभएका मानिसहरू मृत्युको भूमिमा गए।
तिनीहरू मिश्रसित अनि यसको सहायकहरू त्यस ठाउँबाट
बात गर्नेछन्।

२२"अश्शूर अनि त्यसको सबै सेना मृत्युको ठाँउमा
छन्। अश्शूरका ती सबै सेनिकहरू युद्धमा मरिएका
थिए। तिनीहरूको चिहान अरुको चिहान वरिपरि छन्।
२३तिनीहरूको चिहानहरू अत्यन्तै गहिरो खाड़ल भित्र
छन्। अश्शूरका सबै सेनाहरू युद्धमा मारिएका थिए।
अनि तिनीहरूको चिहानहरू उसको चिहानको चारैतिर
छन्। जब तिनीहरू जीवित थिए तिनीहरूले मानिसहरूलाई
भयभीत पार्थे।

२४"एलाम त्यहाँ छ अनि उसका सबै सेनाहरू
उसको चिहानको चारैतिर छन्। तिनीहरू सबै युद्धमा
मारिएका थिए। ती बेखतने मानिसहरू पृथ्वीको गहिरो
भागमा गए। जब तिनीहरू जीवित थिए तिनीहरूले
मानिसहरूलाई भयभीत पार्थे। तर तिनीहरूले तिनीहरूको
लाज तिनीहरूसितै लिएर गहिरो खाड़लभित्र गए।
२५तिनीहरूले एलाम र उसका सेनिकहरूका निम्ति
ओछ्यान लगाइ दिए जो युद्धमा मारिए। एलामका सबै
मानिसहरू उसको चिहानको वरिपरि छन्। सबै खतना
नभएकाहरू जो युद्धमा मारिए जब तिनीहरू जीवित
थिए तिनीहरूले मानिसहरूलाई भएभीत बनाए। तर
अहिले तिनीहरू जालसित तल गहिरो खाल्डाभित्र गए।
तिनीहरूलाई जो पहिले मारिएका थिए तिनीहरूसितै
राखियो।

२६"मेशेक, तूबल अनि त्यसको सम्पूर्ण सेनाहरू
त्यहाँ छन्। तिनीहरूको चिहानहरू चारैतिर छन्। यी
बेखतनाहरू सबै युद्धमा मारिएका थिए। जब यिनीहरू
जीवित थिए तिनीहरूले मानिसहरूलाई भयभीत पार्थे।
२७तर अब तिनीहरू धेरै अघि मारिएका शक्तिशाली
मानिसहरूसित लड़िरहेका छन। तिनीहरू आफ्नो आफ्नो
युद्धको हतियारहरूसितै गाड़िएका छन। तिनीहरूको
टाउको मुनि तिनीहरूका तरवारहरू राखिएको छन्। तर
तिनीहरूको पापले तिनीहरूको हड्डी ढाकेको छ। किनभने
जब तिनीहरू जीवित थिए तिनीहरूले मानिसहरूलाई
आतंकित पार्थे।

२८"मिश्र! तिमी पनि नष्ट हुनेछौ। तिमी ती
बेखतनेहरूसँग पसारिने छौ। तिमी ती सैनिकहरूसँग
सुत्नैछौ जो युद्धमा मारिएका छन्।

२९"एदोम पनि त्यही छ। त्यसको राजा अनि अरु
शासकहरूसित त्यहाँ छ। ती शक्तिशाली सैनिकहरू
पनि छन्। तिनीहरू अब अरुहरूसँग पसारिएका
छन्, जो युद्धमा मरेका थिए। ती बेखतनेहरूसित
पसारिएका छन्। तिनीहरू ती मानिसहरूसँग पातालमा
गएका छन्।

३०"उत्तरका सबै शासकहरू त्यहीँ छन्। त्यहाँ सीदोनको
सबै सैनिकहरूछन्। तिनीहरूको शक्तिले मानिसहरू
डराउँथे। तर तिनीहरू लज्जित थिए। ती खतना नभएका
मानिसहरूसित अरु मानिसहरूसँग जो युद्धमा मारिएका
थिए त्यहाँ सुत्ने छन्। तिनीहरू आफ्नो लाज आफूसँग
लिएर तल गहिरो पातालमा गए।

३१"फिराऊनले ती मानिसहरूलाई देख्नेछन्, जो मृत्यु
स्थलमा पुगेका छन् अनि उसका आफ्ना मानिसहरूलाई
शान्ति हुनेछ। हो, फिराऊन अनि उसका सेनाहरू
युद्धमा मारिने छन्।" परमप्रभु मेरा मालिकले यसो
भन्नुभयो।

३२"जति बेला फिराऊन जीवित थियो, उसले
मानिसहरूलाई भयभीत गरायो। तर अब उसलाई सबै
खतना नभएकाहरूसित सुताइनेछ। फिराऊन अनि उसको
सेनाहरू ती सबै अरु सैनिकहरूसँग सुत्ने छन्, जो
युद्धमा मरिसकेका छन्।" परमप्रभु मेरो मलिकले यसो
भन्नुभयो।

## परमेश्वरले इजकिएललाई इस्राएलको निम्ति प्रहरी छान्नु भयो

३३ परमप्रभुको वचन मकहाँ आयो उहाँले भन्नुभयो,
२“हे मानिसको छोरो! आफ्नो मानिसहरूलाई
भन। तिनीहरूलाई भन, ‘म शत्रुको सैनिकहरूलाई त्यस
देशको विरुद्ध युद्धका निम्ति ल्याउन सक्छु। जब यस्तो
हुन्छ त्यस बेला मानिसहरूले एउटा मानिसहरूलाई
प्रहरीको रुपमा छान्न सक्छन्। ३यदि प्रहरीले शत्रुको
सैनिकहरू आउँदै गरेको देख्यो भने तुरही बजाएर
मानिसहरूलाई सावधान गराउँछ। ४यदि यो मानिसले
चेताउनी सुन्छ अनि त्यसको ध्यानै दिएन भने नसुनेको
जस्तो गरे शत्रुहरूले उसलाई मार्ने छ। त्यो मानिस
आफ्नो मृत्युका निम्ति स्वंय उत्तरदायी हुनेछ। ५उसले
तुरही सुन्यो तर चेताउनी नसुनेको जस्तो गर्‍यो। यसकारण
उसको मृत्युका निम्ति उ स्वंय दोषी हुन्छ। यदि उसले
चेताउनी प्रति ध्यान दिएको भए उसले आफ्नो जीवन
बचाँउने थियो।

६“‘तर हुनसक्छ त्यो प्रहारीले शत्रुको सैनिक आउँदै
गरेको देखेर पनि तुरही बजाएन। त्यस प्रहारीले मानिसहरूलाई
चेताउनी दिएन शत्रुले तिनीहरूलाई कैदी बनाएर लैजान्छ
र तिनीहरू बीचका एक मानिसलाई मार्छे। त्यो मानिस
मारिनेछ किनभने उसले पाप गरेकोछ। तर प्रहारी पनि
त्यो मानिसको मृत्युका निम्ति जिम्मेवारी हुनेछ।’

७“अब हे मानिसको छोरो, म तिमीलाई इस्राएलका
घरानाको प्रहारी छान्दैछु। यदि तिमीले मेरो मुखबाट
केही सन्देश सुन्यौ भने तिमीले मानिसहरूलाई चेताउनी
दिनुपर्छ। ८म तिमीलाई भन्न सक्छु, ‘यो पापी मानिस
मर्नेछ।’ त्यस बेला तिमीले त्यो मानिसकहाँ गएर मेरा
निम्ति त्यो चेताउनी दिनु पर्छ। यदि तिमीले त्यो
मानिसलाई चेताउनी दिएनौ अनि उसको जीवन बद्लि
गर्नु भनेनौ भने त्यो मानिस मर्नेछ किनकि त्यसले पाप
गर्‍यो। तर म तिमीलाई त्यसको मृत्युको जिम्मवारी
बनाउँनेछु। ९तर तिमीले त्यो दुष्ट मानिसलाई आफ्नो
जीवन बदलि गर्नको निम्ति अनि पाप बन्द गर्न भनेर
चेताउनी दिएको भए अनि यदि त्यसले पाप बन्द गर्न
अस्वीकार गरेको भए त्यो मानिस मर्नेथ्यो किनकि
त्यसले पाप गर्‍यो। तर तिमीले तिम्रो जीवन बचायौ।”

## परमेश्वरले मानिसहरूलाई नष्ट गर्न चाहनुहुँदैन्

१०“यसकारण हे मानिसको छोरो! इस्राएलका घरानालाई
मेरा निम्ति केही भन। तिनीहरू भन्न सक्छन्, ‘हामीहरूले
पाप गर्‍यौ अनि आज्ञाहरू भङ्ग गर्‍यौं। हाम्रो पाप, हाम्रो
सहने शक्तिबाट बाहिर छ। हामी ती पापहरूको कारणले
बाँच्नको निम्ति के गर्नसक्छौ?’

११“तिमीले तिनीहरूलाई भन्नुपर्छ, ‘परमप्रभु मेरो
मालिक भन्नुहुन्छ: म आफ्नो जीवनको शपथ खाएर
प्रतिज्ञा गर्छु कि म मानिसहरू मर्दै गरेको हेर्न इच्छा
गर्दिन, म चहाँदिन् दुष्ट मानिसहरू मरुन्। म ती पापी
मानिसहरूलाई मकहाँ ल्याउँन चाहन्छु। म चाहन्छु कि
तिनीहरू आफ्नो जीवन बदलि गरुन् जसबाट जीवित
रहन सकुन्। यसकारण मकहाँ आऊ। नराम्रो काम गर्न
छोड्दिदेऊ। हे इस्राएलका घराना हो, तिमीहरू किन
मर्छौ?’

१२हे मानिसको छोरो! तिम्रो मानिसहरूलाई भनः
‘यदि एउटा असल भन्दा असल कामले उसलाई
सहातयता गर्नेछैन् यदि उसले पाप गर्नु थाल्यो भने।
अनि दुष्ट मानिसको दुष्टताले उसलाई पतन गराउने
छैन, यदि उसले असल गर्न थाल्छ भने। धर्मी
मानिसले यदि पाप गर्न थाले बाँच्न सक्तैन।’

१३“म धर्मी मानिसलाई भन्न सक्छु कि उ निश्चय
नै बाँच्न सक्छ। तर यो पनि हुन सक्छ, कि त्यो धर्मी
मानिसले सोच्न शुरु गर्छ कि अतीतमा उ द्वारा भएको
असल कामहरूले उसलाई रक्षा गर्छ। यसकारण उसले
नराम्रो काम गर्न शुरु गर्न सक्छ। तर म उसको
अतीतको धार्मिकताको याद राख्ने छैन्! अँह उ त्यो
पापको कारण मर्नेछ जुन उसले शुरु गरेकोछ।

१४“अथवा यो पनि हुन सक्छः मैले कुनै पापी
मानिसलाई भने कि उ मर्छ। तर उसले आफ्नो जीवन
बदलि गर्न सक्छ। उसले पाप गर्न छोड्न सक्छ अनि
सही जीवन बिताउन शुरु गर्न सक्छ। उ राम्रो अनि
असल रहनसक्छ। १५उसले त्यो धरौटी फर्काउन सक्छ
जुन उसले ऋण दिँदा लिएको थियो। उसले चोरेको
चीजहरूका निम्ति क्षतिपूर्ति गर्न सक्छ। उसले त्यो
विधिहरू पालन गर्नसक्छ जसबाट जीवन प्राप्ति हुन्छ।
उसले नराम्रो काम गर्न छोड्छ। तब त्यो मानिस निश्चय
नै जीवित रहनेछ। उ मर्नेछैन! १६बितेका दिनहरूमा
उसले गरेको पाप म याद गर्दिन। किन? किनकि उ
अब ठीकसित बसेकोछ अनि उचित व्यवहार गर्छ।
यसकारण उ जीवित रहन्छ!

१७“तर तिम्रा मानिसहरू भन्छन्, ‘यो उचित होइन!
परमप्रभु मेरा मालिक त्यस्तो हुन सक्नु हुन्न।’

“तर तिनीहरू नै हुन जो जीवित छैनन्! तिनीहरू नै
हुन् जो बद्लिनु पर्छ! १८यदि कुनै धर्मी मानिसले
धार्मिकता त्यागेर पाप गर्न शुरु गर्छ भने, त्यो मानिस
मर्नेछ। १९अनि यदि कुनै दुष्ट मानिसले खराब काम
गर्न छोड्दिन्छ अनि न्याय अनि सही व्यवहार गर्न
थाल्छ भने त्यो मानिस जीवित रहनेछ! २०तर तिमीहरू
अझै पनि भन्छौः परमप्रभुको बाटो उचित छैन।
इस्राएलका मानिसहरू म प्रत्येक मानिसलाई उसको
जीउन तरीका अनुसार न्याय गर्नेछु।”

## यरूशलेममाथि अधिकार गरियो

२१देशबाट-निकालिएको बार्हौं वर्षको, दशौं महीनाको
पाँचौ दिनमा एउटा मानिस यरूशलेमबाट मकहाँ आयो।

त्यो त्यहाँ भएको युद्धबाट भागेर आएको थियो। उसले भन्यो, "शहर (यरूशलेम) लग्यो!"

२२अब साँझमा कैदी मेरो अघि आउन भन्दा पहिले परमप्रभु मेरा मालिकको शक्ति मकहाँ आयो। परमेश्वरले मलाई बेल्ने योग्य बनाउनुभयो। जब त्यो मानिस मकहाँ आयो, परमप्रभुले मेरो मुख खोलि दिनुभयो अनि फेरि मलाई बोल्नदिनु भयो। २३त्यस बेला परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २४"हे मानिसको छोरो! इस्राएलको ध्वंश शहरमा इस्राएलीहरू बसिरहेका छन्। तिनीहरूले भन्दैछन्, 'अब्राहाम मात्र एउटा मानिस थियो अनि परमेश्वरले उसलाई सारा भूमि दिनुभयो। अब हामी धेरै छौ, यसकारण निश्चय नै यो हाम्रो भूमि हो। हामी यसलाई लिनेछौ।'

२५"तिमीले भन्नु पर्छ कि परमप्रभु मेरा मालिक यसो भन्नु हुन्छ, 'तिमीहरू रगत सरीको मासु खान्छौ। तिमीहरूले आफ्नो मूर्तिहरूसित सहायताको आशा गर्छौ। तिमीहरूले मानिस मार्छौ। यसकारण म तिमीहरूलाई यो जमीन किन दिन्छु? २६तिमीहरू आफ्नो तरवारमा भर पर्छौ। तिमीहरू मध्ये प्रत्यकले डरलाग्दा पाप काम गर्छौ। तिमीहरू प्रत्येकले आफ्नो छिमेकीको पत्नीसित व्यभिचार गर्छौ। यसकारण तिमीले भूमि पाँउदैनौ।'

२७"'तिमीले भन्नुपर्छ कि परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "म आफ्नो जीवनको शपथ खाएर प्रतिज्ञा गर्छु कि जुन मानिसहरू त्यो ध्वंस्त शहरहरूमा बसिरहेकाछन् तिनीहरू तरवारद्धारा काटिनेछन्। यदि कुनै मानिस त्यो देशबाट बाहिर छ भने, म त्यसलाई जङ्गली पशुहरूलाई मार्न अनि खान लगाउँनेछु। यदि मानिसहरू किल्लामा अथवा गुफामा लुके भने रूढ़ीले मर्नेछन्। २८त्यो देशले ती सबै चीजहरू गुमाउनेछ जसमाथि तिनीहरूलाई घमण्ड थियो। इस्राएलको पर्वत उजाड़ हुनेछ। त्यस ठाँउमा केही पनि हुनेछैन्। २९तिनीहरूले अत्यन्तै भयंकर पापहरू गरेकाछन्। यसकारण म त्यो देश उजाड़ अनि निर्जन पार्छु। त्यसबेला तिनीहरूले थाहा पाउनेछन कि म नै परमप्रभु हुँ।"

३०"'अब तिम्रो विषयमा, हे मानिसको छोरो! तिम्रो मानिसहरू पर्खालहरूमा झुक्छन् अनि आफ्नो दैलोमा खड़ा भएर तिम्रो विषयमा कुरा गर्छन्। उनीहरू एक-अर्कामा भन्छन्, "आऊ र हामी गएर परमप्रभु के भन्नुहुँदैछ सुनौ।" ३१यसकारण उनीहरू तिमीकहाँ त्यसरी नै आउँछन् जसरी मेरो मानिसहरू आउँछन्। उनीहरू तिम्रो छेउमा मेरो मानिसहरू जस्तै बस्छन्। उनीहरूले तिम्रो सन्देश सुन्छन् तर उनीहरूले त्यो गर्दैनन् जुन तिमीले भन्छौ। उनीहरू त्यो मात्र भन्न चाहन्छन् जुन अनुभव गर्दा राम्रो हुन्छ। उनीहरू मानिसहरूलाई धोका दिन चाहन्छन् अनि अधिक धन कमाउँन चाहन्छन्।

३२"'तिमी यिनीहरूको दृष्टिमा प्रेमका गीतहरू गाउने गायक भन्दा अधिक छैनौ। तिम्रो स्वर राम्रो छ। तिमी आफ्नो बाजाहरू राम्रो बजाउँछौ। उनीहरूले तिम्रो वचन सुन्छन् तर त्यो अनुसार गर्दैनन् जुन तिमी भन्छौ। ३३तर जुन चीजहरूको विषयमा तिमी गाउँछौ त्यो साँच्चै घट्नेछ अनि त्यस बेला मानिसहरूले सम्झनेछन् कि उनीहरूको बीच साँच्चै एक अगमवक्ता थिए।'"

## इस्राएल भेड़ाहरूको एउटा बगाल जस्तै छ

**३४** परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, २"हे मानिसको छोरो! मेरा निम्ति इस्राएलको गोठालाहरूको विरुद्ध केही कुरा भन। तिनीहरूसित मेरो निम्ति बात गर। तिनीहरूलाई भन कि परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ, 'इस्राएलको गोठालाहरू, तिमीहरूले तिमीहरूका मात्र पेट भरिरहेकोछौ। यो तिमीहरूका निम्ति एकदमै नराम्रो हुनेछ। तिमी गोठालाहरूको पेट किन भरिदिँदैनौ? ३तिमी बोसो खान्छौ अनि आफ्नो लुगा बनाउँनको निम्ति त्यसको ऊन उपयोग गर्छौ। तिमीले मोटो भेड़ा मार्छौ, तर तिमीले दुब्लो भेड़ालाई खान दिँदैनौ। ४तिमीहरूले कमजोरी र दुब्लो भेड़ाहरूलाई बलियो बनाएनौ। तिमीले चोट लागेको भेड़ालाई पट्टी बाँधिदिएनौ। कति भेड़ाहरू भड़केर टाढ़ो गए तर तिमीले त्यसको खोजी गरेनौ अनि फर्काएर ल्याएनौ। तिमी त्यो हराएको भेड़ाको खोजीमा गएनौ। अँह, तिमी निष्ठुर अनि कठोर भयौ।

५"'अनि अब भेड़ाहरू तितर-बितर भएका छन्, किनकि त्यहाँ कुनै गोठाला थिएन। त्यो प्रत्येक जङ्गली पशुको निम्ति भोजन बनियो। यसकारण भेड़ाहरू तितर-बितर भए। ६मेरा सबै भेड़ाहरू बाटो बिराएर पर्वतहरू अनि हरेक अल्गो पहाड़हरूमाथि गए। मेरा भेड़ाहरू पृथ्वी भरी बाटो बिराएर छरिए। कोही पनि त्यसको खोजी गर्ने थिएन।'"

७यसकारण तिमी गोठालाहरू हो, परमप्रभुको वचन सुन। परमप्रभु मेरा मालिक भन्नुहुन्छ। ८"म आफ्नो जीवनको शपथ खाएर तिमीलाई प्रतिज्ञा दिलाउँछु। जङ्गली पशुहरूले मेरा भेड़ाहरूलाई समाते। हो, मेरो भेड़ाहरू सबै जङ्गली पशुहरूको निम्ति भोजन बनिए। किन? किनभने तिनीहरूको साँचो गोठाला थिएन। मेरो गोठालाले मेरो बगालको खोजी गरेनन्। ती गोठालाले भेड़ाहरूलाई मार्‍यो अनि आफै खायो। त्यसले मेरो भेड़ाहरूको पेट भरिदिएन।"

९यसकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुन! १०परमप्रभु भन्नुहुन्छ, "म ती गोठालाहरूको विरुद्धमा छु। मेरो भेड़ाहरूको लागि तिनीहरूलाई उत्तरदायी ठहर्‍याउँछु। अब उसो म उनीहरूलाई गोठाला हुन दिँदिन। त्यसपछि गोठालाहरूले आफ्नो पेट भर्नु पनि पाउँदैनन। म तिनीहरूको मुखबाट आफ्नो भेड़ाहरू बचाउनेछु। तब मेरा भेड़ाहरू उनीहरूको भोजन बन्नेछैन्।"

११परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "म आफै
उनीहरूको गोठाला बन्नेछु। म आफ्नो भेड़ाहरूको
खोजी गर्नेछु। म तिनीहरूलाई खोज्नेछु। १२यदि कुनै
गोठाला आफ्नो भेड़ासँग त्यस समयमा छ, जब उसको
भेड़ा टाढ़ा जान थाल्यो भने उसलाई खोज्न म जानेछु।
यस्तै प्रकारले म आफ्नो भेड़ाहरूको खोजी गर्नेछु। म
आफ्नो भेड़ालाई बचाउँनेछु म उनीहरूलाई त्यो ठाँउबाट
फर्काएर ल्याउँछु जहाँबाट अँध्यारो अनि धुम्मिएको
दिनमा तितर-बितर भएका थिए। १३म तिनीहरूलाई ती
राष्ट्रहरूबाट फर्काएर ल्याउँछु। म तिनीहरूलाई देशहरूबाट
जम्मा गर्छु। म तिनीहरूलाई तिनीहरूको आफ्नो देशमा
ल्याउँछु। इस्राएलको पर्वतहरूमा खोलाहरूको किनारमा,
सबै ठाउँहरूमा जहाँ मानिसहरू बस्छन, म तिनीहरूलाई
खुवाउँछु। १४म तिनीहरूलाई घाँस भएको चउरमा
लिएर जान्छु। तिनीहरू इस्राएलको पर्वतको अग्लो
स्थानमा जानेछन्। तिनीहरू घाँसमा चर्नेछन् र सुत्नेछन्।
तिनीहरू इस्राएलको पर्वतमाथि भरपुर घाँस भएको
चउरमा चर्नेछन्। १५हो, म आफ्नो भेड़ालाई खुवाउँछु
अनि तिनीहरूलाई विश्रामको ठाँउमा लिएर जान्छु।"
परमप्रभु मेरा मालिकले यो सबै कुराहरू भन्नु भएको
थियो।

१६"म हराएको भेड़ाको खोजी गर्नेछु। म ती
भेड़ाहरूलाई फर्काएर ल्याउँछु जुन तितर-बितर भएका
छन्। म ती भेड़ाहरू जसलाई चोट लागेकोछ मलम
पट्टी लगाई दिन्छु। म कमजोर भेड़ालाई बलियो
बनाउँछु। तर म ती मोटा अनि शक्तिशाली गोठालाहरूलाई
नष्ट पारिदिन्छु। म तिनीहरूलाई दण्ड दिन्छु जसको
तिनीहरू भागिदारछन्।"

१७परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "अनि
तिमी मेरो भेड़ा, म प्रत्येक भेड़ालाई न्याय गर्छु। म भेड़ा
अनि बाख्राको बीचमा न्याय गर्नेछु। १८तिमीहरूले राम्रो
जमीनमा उम्रेको घाँसमा चर्न सक्छौ। यसकारण तिमीहरू
त्यो घाँसलाई किन कुल्चिन्छौ जुन अर्को भेड़ाले खाने
इच्छा गरेको हुन्छ। तिमीले पर्याप्त स्वच्छ पानी पिउन
सक्छौ। यसकारण तिमीले रहेको पानी आफ्नो खुट्टाले
किन मैला पार्छौ? १९मेरो भेड़ाले त्यो घाँस अवश्यै
खान्छ जुन तिम्रो खुट्टाहरूले कुल्चियौ अनि त्यो पानी
पिउँछ जुन तिमीले खुट्टाहरूले फोहर पार्‍यौं?"

२०यसकारण परमप्रभु मेरो मालिकले ऊसँग भन्नुहुन्छ:
"म मोटा अनि दुब्ला भेड़ाहरूको बीचमा न्याय गर्नेछु!
२१तिमी आफ्नो बगालबाट अनि आफ्नो काँधले धक्का
दिएर अनि आफ्नो सीँगले सबै कमजोर भेड़ाहरूलाई
त्यस बेला सम्म घचेटिरह्यौ जब सम्म तिमीले तिनीहरूलाई
टाढ़ा जानका निम्ति बाध्य पारेनौ। २२यसकारण म
आफ्नो भेड़ाहरूलाई बचाउँनेछु। तिनीहरू भविष्यमा जङ्गली
पशुहरूद्वारा समातिने छैनन्। म एउटा भेड़ा अनि अर्को
बीचमा न्याय गर्नेछु। २३त्यसपछि म तिनीहरूमाथि
एकजना गोठाला आफ्नो दास दाऊदलाई राख्नेछु। त्यसले
तिनीहरूलाई आफै खुवाउँछ अनि तिनीहरूको गोठाला
हुन्छ। २४त्यसपछि म परमप्रभु अनि मालिक तिनीहरूको
परमेश्वर भन्छु मेरो दास दाऊद तिनीहरू बीचमा
शासक हुन्छ। म, परमप्रभुले यो कुरा भनें।

२५"म आफ्नो भेड़ाहरूसँग शान्तिको करार बाँध्नेछु।
म हानिकारक पशुहरूलाई देशबाट बाहिर निकाल्छु। तब
भेड़ाहरू मरुभूमिमा सुरक्षित रहनेछ अनि जंगलमा सुत्नेछ।
२६म भेड़ाहरूलाई अनि आफ्नो पहाड़को चारैतिरको
ठाँउहरूलाई आशीर्वाद दिन्छु। म ठीक समयमा वर्षा
गराउँछु। त्यो आशीर्वाद सहित वर्षा हुनेछ। २७खेतमा
उम्रिने वृक्षले आफ्नो फल दिन्छ। भूमिले आफ्नो फसल
दिन्छ। यसकारण भेड़ाहरू आफ्नो प्रदेशमा सुरक्षित
रहनेछन। म तिनीहरूमाथि राखेको जुवा भाँचिदिन्छु। म
तिनीहरूलाई ती मानिसहरूको शक्तिबाट बचाउँछु जसले
तिनीहरूलाई दास बनाएकोछ। त्यसपछि तिनीहरूले थाहा
पाउनेछन् कि म नै परमप्रभु हुँ। २८उनीहरू पशुहरू
जस्तै भविष्यमा अन्य राष्ट्रहरूद्वारा बन्दी बनाईनेछन्। ती
पशुहरूले तिनीहरूलाई खानेछैन। तर तिनीहरू अब
भविष्यमा सुरक्षित रहनेछन। कसैले उनीहरूलाई आतंकित
पार्ने छैन। २९म उनीहरूलाई कुनै यस्तो भूमि दिन्छु
जसमा एउटा राम्रो बगैंचा हुन्छ। तब उनीहरू त्यस
देशमा भोकले पीड़ित हुनेछैनन। तिनीहरू भविष्यमा
राष्ट्रहरूबाट अपमानित हुन पाउँदैनन्। ३०त्यसपछि
उनीहरूले सम्झनेछन् कि म नै तिनीहरूका परमेश्वर
परमप्रभु हुँ। तब उनीहरूले सम्झनेछन् कि म तिनीहरूसँग
छु। इस्राएलका मानिसहरूले सम्झनेछन् कि ती मेरा
मानिस हुन्!" परमप्रभु मेरा मालिकले यसो भन्नुभयो।

३१"तिमी मेरो भेड़ा हौ, मेरो खर्कका भेड़ा, तिमीहरू
मेरा मानिसहरू हौ, अनि म तिम्रो परमेश्वर हुँ।"
परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

## एदोमको विरुद्धमा सन्देश

**३५** परमप्रभुको वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! सेइर पर्वत
तिर ध्यान देऊ अनि मेरो निम्ति त्यसको विरुद्धमा केही
भन। ३त्यसलाई भन, 'परमप्रभु मेरा मालिक यसो
भन्नुहुन्छः

"'सेइर पर्वत, म तिम्रो विरुद्धमा छु। म तिमीलाई
दण्ड दिन्छु म तिमीलाई उजाड़ र निर्जन बनाइदिन्छु अनि
तिमी खाली हुनेछौ।

४म तिम्रा शहरहरू नष्ट गरिदिन्छु, अनि तिमी खाली
हुनेछौ त्यसपछि तिमीले सम्झनेछौ म नै परमप्रभु हुँ।

५किन? किनकि तिमी सँधै मेरो मानिसहरूको विरुद्ध
गयौ। तिमीले इस्राएलको विरुद्ध आफ्नो तरवारको
उपयोग तिनीहरूको विपतिको आखिरी दण्डको समयमा
गर्‍यौ।'"

६यसकारण परमप्रभु मेरा मालिक भन्नु हुन्छ, “म
आफ्नो जीवनको शपथ खाएर म त्यो प्रतिज्ञा गर्छु कि
म तिमीलाई रक्तपातगर्न सुम्पिदिनेछु। रगतले पछ्याउनेछ।
तिमीलाई मानिसहरू मार्न घृणा लाग्दैन, यसकारण,
रगत तिम्रो पछि लाग्नेछ। ७म सेइर पर्वतलाई उजाड़
गरिदिन्छु। म ती प्रत्येक मानिसलाई मार्छु जो त्यो
शहरबाट आउँछ अनि म त्यो प्रत्येक मानिसलाई मार्नेछु
जो त्यो शहरमा जाने प्रयत्न गर्छ। ८म त्यसको
पर्वतहरू लाशले ढाकिदिनेछु। लाशले तिम्रो सारा पहाड़हरू,
तिम्रो बैँसीहरू अनि खोलाहरू ढाक्नेछ। ९म तिमीलाई
सधैंको लागि खाली गरिदिन्छु। तिम्रो शहरहरूमा कोही
पनि हुनेछैन। त्यसपछि तिमीले सम्झन्छौ कि म नै
परमप्रभु हुँ।”
१०तिमीले भन्यौ, “यी दुइ राष्ट्रहरू अनि देशहरू
हाम्रा हुनेछन्। हामी यसलाई आफ्नो बनाउँछौ।”
तर परमप्रभु त्यहाँ हुनुहुन्छ। ११परमप्रभु मेरा मालिक
भन्नुहुन्छ, “तिमीले मेरो मानिसहरूको ईर्ष्या गर्‍यौ।
तिमी उनीहरू प्रति क्रोधित थियौ अनि तिमीले मलाई
घृणा गर्थ्यौ। यसकारण आफ्नो जीवनको शपथ खाएर
म प्रतिज्ञा गर्छु कि म तिमीलाई त्यसरी नै दण्डित गर्छु
जसरी तिमीले उनीहरूलाई चोट पुर्‍यायौ। म तिमीलाई
दण्ड दिन्छु अनि आफ्नो मानिसहरूलाई सम्झिन दिन्छु
कि म उनीहरूसँग छु। १२त्यसपछि तिमीले पनि
सम्झनेछैनौ कि मैले तिम्रो सबै अपमानहरू सुनें।
तिमीले इस्राएल पर्वतको विरुद्ध धेरै नराम्रो कुराहरू
भन्यौ। तिमीले भन्यौ, ‘इस्राएल नष्ट भएर गयो!
हामीहरू त्यसलाई खाने कुरा जस्तो चबाउँछौ।’ १३तिमी
घमण्डी थियौ। तथा मेरो विरुद्ध तिमीले कुराहरू
सुन्यौ। तिमीले धेरै पल्ट भन्यौ अनि जुन तिमीले
भन्यौ, त्यसको प्रत्येक शब्द मैले सुनेँ। हो मैले
तिमीलाई सुनें।”१४परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ,
“त्यस समय सारा पृथ्वी प्रसन्न हुन्छ, जब म तिमीलाई
नष्ट पार्छु। १५तिमी त्यति बेला प्रसन्न थियौ जति बेला
इस्राएल देश नष्ट भएको थियो। म तिमीसित त्यस्तै
व्यवहार गर्छु। सेइर पर्वत अनि एदोमको पुरा देश नष्ट
गरिदिनेछु। त्यस बेला तिमीले सम्झनेछौ कि म परमप्रभु
हुँ।”

### इस्राएल भूमि फेरि निर्माण गरिने छ

**३६** “हे मानिसको छोरो, मेरो निम्ति इस्राएलको
पर्वतहरूसित भन। इस्राएलको पर्वतहरू
परमप्रभुको वचन सुन भन। २तिनीहरूलाई भन कि
परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, ‘शत्रुले तिम्रो
बारेमा यसो भन्यो: हेर अब ती प्राचीन पर्वतहरू हाम्रो
हुनेछन्।’
३“यसकारण मेरो लागि इस्राएलको पर्वतहरूलाई
भन। भन कि परमप्रभु अनि मालिक यसो भन्नुहुन्छ,
‘शत्रुले तिमीलाई उजाड़ बनायो। उनीहरूले तिमीलाई
चारै तिरबाट कुल्चियो। उनीहरूले यस्तो गरे यसकारण
तिमी अरु राष्ट्रको अधिकारमा गयौ। तब तिम्रो बारेमा
मानिसहरूले कुरा अनि कानेखुसी गरे।’”
४यसकारण, हे इस्राएलका पर्वतहरू हो! परमप्रभु
मेरा मालिकको वचन सुन। परमप्रभु मेरा मालिक
पर्वतहरू, डाँड़ाहरू, धाराहरू, बेंसीहरू, खोल्साहरू,
उजाड़ भएका भग्नावेशषहरू अनि छोड़िएको शहरहरू
जुन चारैतिरबाट अरु राष्ट्रहरूद्वारा लुटिएको अनि हाँसो
उड़ाएको छ भन्छन्। ५परमप्रभु मेरा मालिक भन्नुहुन्छ:
‘म सबै बाँकी रहेका राष्ट्रहरू र सबै एदोमकाहरूको
विरुद्ध मेरो तीव्र ईच्छा र अनुभव मेरो पक्षमा बोलोस्
तिनीहरूले मेरो देश आफ्नो लागि लिए अनि त्यस
समयमा तिनीहरूको हृदय खुशी थियो। तिनीहरूले मेरो
भूमिलाई यति साह्रो घृणा गरे कि तिनीहरूले यसलाई
लुटिनु पर्ने जग्गाको रूपमा हेरे।”
६“यसकारण, इस्राएल देशको विषयमा यसो भन।
पर्वतहरू, पहाड़हरू, खोलाहरू, अनि बेंसीहरूलाई यसो
भन कि परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, ‘म
आफ्नो डाह अनि क्रोधलाई मेरो आफ्नो निम्ति बोल्न
दिनेछु। किनभने यी राष्ट्रहरूबाट तिमीले अपमानको
पीड़ा अनुभव गरेकाछौ।’”
७यसकरण, मेरो स्वामी परमप्रभु यसो भन्नुहुन्छ, “म
प्रतिज्ञा गर्छु कि तिम्रो चारैतिरको राष्ट्रहरूले अपमानको
कष्ट भोग्नेछन्।
८“तर इस्राएलको पर्वतहरू, तिमीले तिम्रो रूखहरूलाई
हाँगाहरू फैलाउनु अनि फलहरू इस्राएलकामेरो
मानिसहरूका निम्ति फलाउनु पर्छ। मेरो मानिसहरू चाँड़ै
आउँनेछन्। ९म तिमीसित छु। म तिमीलाई सहायता
गर्नेछु। मानिसहरूले तिम्रो जमीन जोत्नेछन्। बिऊ
उमार्नेछन्। १०तिमीमाथि असंख्य मानिसहरू हुनेछन्।
इस्राएलको सारा परिवार अनि सबै मानिसहरू त्यहाँ
बस्नेछन्। शहरहरूमा मानिसहरू बस्नेछन्। नष्ट भएका
नँया स्थान जस्तै बनाइनेछन्। ११म तिमीलाई धेरै
मानिसहरू अनि जनावरहरू दिनेछु। तिनीहरू बढ़नेछन्
अनि त्यसका बच्चाहरू हुनेछन्। म पहिलो जस्तै
मानिसहरू तिमीमा बस्नलाई ल्याउनेछु र तिम्रोलागि
पहिले भन्दा अझ राम्रो गर्नेछु। तब तिमीले थाहा
पाउनेछौ, म नै परमप्रभु हुँ। १२हो, म मेरो मानिस,
इस्राएललाई तिम्रो जमीनमा डोह्याउनेछु। तिनीहरूले
तिमीमाथि अधिकार गर्नेछन् अनि तिमी तिनीहरूका
हुनेछौ। तिमीले तिनीहरूलाई फेरि कहिल्यै बाँझो देख्ने
छैनौं।”
१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, “हे इस्राएल
देशका मानिसहरू तिमीहरूसित नराम्रो प्रकारले बोल्छन्।
उनीहरू भन्छन्, तिमीले आफ्नो मानिसहरू नष्ट पार्‍यौ।
तिनीहरू भन्छन् कि तिमीले तिनीहरूका नानीहरू टाढ़ा

लिएर गयौ। १४अब भविष्यमा तिमीले मानिसहरू नष्ट गर्नेछैनौ। तिमीले भविष्यमा नानीहरू टाढ़ो लिएर जानेछैनौ।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो। १५"म ती अरु राष्ट्रहरूलाई तिमीलाई अफ्न अपमान गर्न दिनेछैन। तिमीहरू तिनीहरूद्वारा अवहेलित हुनेछौ। तिमीहरूले तिमीहरूको मानिसहरूलाई अब उसो नष्ट गर्ने छैनौ।" परमप्रभु मेरा मालिकले यी कुराहरू भन्नुभयो।

## परमप्रभु उहाँका आफ्नो असल नामको रक्षा गर्नुहुन्छ

१६त्यसपछि परमप्रभुको वचन मकहाँ आयो। उहाँले भन्नुभयो, १७"हे मानिसको छोरो! इस्राएलको परिवार आफ्नो देशमा बसेका थिए। मेरो लागि तिनीहरू रजस्वला भएका स्त्रीहरू जस्तै थिए। तिनीहरूको दुष्ट कामहरूको कारण अशुद्ध भए। १८तिनीहरूले जब त्यो देशमा मानिसहरूको हत्या गरे, त्यस जमीनमाथि रगत फैलाए। उनीहरूले आफ्नो मूर्तिहरूले देश मैला बनाए। यसकारण मैले तिनीहरूलाई देखाँए कि म कति क्रोधित थिएँ। १९मैले उनीहरूलाई राष्ट्रहरूमा तितर-बितर पारें अनि सबै देशमा फैलाएँ। मैले उनीहरूलाई त्यही दण्ड त्यस कामको लागि दिए जुन उनीहरूले गरेका थिए। २०उनीहरू ती राष्ट्रहरूमा गए अनि ती देशहरूमा उनीहरूले मेरो बदनाम गरे। कसरी? त्यहाँ राष्ट्रहरूले उनीहरूको विषयमा कुरा गरे। तिनीहरूले भने, 'ती परमप्रभुका मानिसहरू हुन् तर तिनीहरूले उहाँको भूमि छोड़नु पर्‍यो।'

२१"इस्राएलका मानिसहरूले मेरो पवित्र नाम सबै तिर बदनाम गरे। मैले आफ्नो नामका निम्ति दु:ख अनुभव गरे। २२यसकारण इस्राएलका घरानालाई भन कि परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, 'हे इस्राएलका घराना हो, तिमी जहाँ पनि गयौ मेरो पवित्र नामको बदनाम गर्‍यौ। अब म केही गर्न गइरहेछु। म यो तिम्रो निम्ति गर्दिन। इस्राएल, म यो आफ्नो पवित्र नामको खातिर गर्नेछु। २३म ती राष्ट्रहरूलाई देखाउँछु कि मेरो महान नाम साँच्चै पवित्र छ। तब ती राष्ट्रहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ।'" परमप्रभु मेरा मालिकले यसो भन्नु भएको थियो।

२४परमेश्वरले भन्नुभयो, "म तिमीलाई ती राष्ट्रहरूबाट बाहिर निकालेर एकै ठाँउमा जम्मा गर्छु अनि तिमीलाई तिम्रो आफ्नो देशमा ल्याउँछु। २५त्यसपछि म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु अनि तिमीहरूलाई शुद्ध पार्छु। म तिमीहरूका सारा अशुद्धिहरू धुन्छु अनि ती घृणित मूर्तिहरूबाट उत्पन्न अशुद्धिहरू धुन्छु।"

२६परमेश्वरले भन्नुभयो, "म तिमीहरूमा एउटा नयाँ आत्मा पनि भर्छु अनि तिम्रो सोचाई पनि बदलि गरिदिन्छु। म तिम्रो शरीरबाट ढुङ्गाको हृदय निकालेर मासुको हृदय दिन्छु। २७म तिमीहरूभित्र मेरो आत्मा हालिदिनेछु। म तिमीलाई बद्‌ली गर्छु जसद्वारा तिमी मेरो विधिहरू पालन गर्नेछौ। तिमी सावधानीसित मेरो नियमहरूको पालन गर्नेछौ। २८त्यसपछि तिमी त्यो देशमा बस्ने छौ जुन मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको थिएँ। तिमीहरू मेरो प्रजा हुनेछौ अनि म तिमीहरू परमेश्वर हुनेछु।"

२९परमेश्वरले भन्नुभयो, "म तिमीहरूलाई बचाउँछु अनि तिमीहरूलाई अशुद्ध हुनबाट पनि जोगाउँछु। म अन्नलाई उम्रनको लागि आज्ञा दिन्छु। म तिमीहरूको विरुद्ध अनिकाल ल्याउँनै छैन्। ३०म तिमीहरूको रूखहरूमा ज्यादा भन्दा ज्यादा फल अनि खेतमा धेरै अन्न उमारिदिन्छु। त्यसपछि तिमी अरु देश भैं भोकै बस्ने लाज फेरि कहिल्यै अनुभव गर्नेछैनौ। ३१तिमीहरूले त्यो नराम्रो काम याद गर्नेछौ जुन तिमीहरूले गर्‍यौ, तिमीहरूले याद गर्नेछौ त्यो काम राम्रो थिएन। त्यसपछि तिमीहरू आफ्नो पापहरू अनि जुन डरलाग्दा काम गर्‍यौ त्यसको लागि तिमी स्वंय आफूलाई घृणा गर्नेछौ।"

३२परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "म चाहन्छु कि तिमी यो याद राखः मैले तिमीहरूको भलाईका निम्ति यो काम गरेको होइन। म त्यो आफ्नो राम्रो नामको निम्ति गर्दैछु। इस्राएलको परिवार, तिमीहरू आफ्नो बस्ने ढ़ङ्गमा लज्जित अनि व्याकुल हुनु पर्ने।"

३३परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "जुन दिन म तिमीहरूका सबै पापहरूबाट तिमीहरूलाई शुद्ध पार्छु। म मानिसहरूलाई फेरि तिमीहरूको शहरहरूमा ल्याउँछु, यो नष्ट भएको शहरहरू फेरि बनाइनेछन्। ३४उजाड़ भएको जमीन फेरि जोतिनेछ। यहाँबाट भएर जाने प्रत्येकलाई यो सर्वनाशको थुप्रो देखाइने छैन्। ३५उनीहरूले भन्नेछन्, 'बितेको दिनमा यो देश नष्ट भएको थियो। तर अब यो अदनको बगैंचा जस्तो भएकोछ। त्यो सर्वनाश अनि उजाड़ थियो, तर अब त्यो सुरक्षित भयो अनि त्यसमा मानिसहरू बस्छन्।'"

३६परमेश्वरले भन्नुभयो, "तब तिमीहरूको चारैतिरको राष्ट्रहरूले जान्नेछन् कि म नै परमप्रभु हुँ अनि म फेरि ती स्थानहरू पूर्ण निर्माण गर्नेछु। मैले भूमिहरूमा रूखहरू रोपें जुन चाहिँ उजाड़ थियो। म परमप्रभु हुँ। मैले यी सबै भनें अनि मैले सबै गरें।"

३७परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छु "म यो पनि चाहन्छु कि इस्राएलको घरानाकहाँ आवोस अनि यी कुराहरू तिनीहरूका निम्ति मागुन्। म तिनीहरूलाई असंख्य मानिसहरू बनाउँछु। तिनीहरू भेड़ाको बगालहरू जस्तै हुन्छन्। ३८यरूशलेममा विशेष चाड़हरूको अवसरमा पवित्र बनाएको भेड़ा अनि बाख्राहरू भरिने छ। यस्तै प्रकारले शहरहरू अनि नष्ट भएका भूमिहरू मानिसको भीड़ले भरिन्छ। त्यतिबेला मानिसहरूले सम्भनेछन् म परमप्रभु हुँ।"

## सुकेका हाड़हरूको दर्शन

३७ परमप्रभुको शक्ति ममाथि आयो। परमप्रभुको
आत्माले मलाई शहर बाहिर लिएर गयो अनि
तल एउटा बेंसीको बीचमा राखिदियो। बेंसी मरेको
मानिसको हाड़हरूले भरिएको थियो। २बेंसीमा असंख्य
हाड़हरू थिए, परमप्रभुले मलाई हाड़हरूको चारैतिर
घुमाउनु भयो। मैले देखें हाड़हरू साह्रै सुकेका थिए।

३त्यसपछि परमप्रभु मेरो मालिकले मलाई भन्नभयो,
“हे मानिसको छोरो! के यी हाड़हरू जीवित हुनुसक्छ?”

मैले उत्तर दिएँ, “परमप्रभु मेरो मालिक! यस
प्रश्नको उत्तर तपाईंले मात्र जान्नु हुन्छ।”

४परमप्रभु मेरो मालिकले मलाई भन्नुभयो, “ती
हाड़हरू विषयमा मेरो लागि केही भन। ती हाड़हरूसँग
भन, ‘सुकेका हाड़हरू! परमप्रभुको वचन सुन। ५परमप्रभु
मेरो मालिक तिमीहरूसित यो भन्नु हुन्छ, म तिमीहरूमा
सास आउँन दिनेछु अनि तिमी जीवित हुनेछौ। ६म
तिमीहरूमाथि नसा अनि माँसपेशीहरू लगाउँछु अनि म
तिमीहरूलाई मासु र छालाले छोपिदिन्छु। त्यसपछि म
तिमीहरूमा प्राण संचार गरिदिन्छु अनि तिमी फेरि
जीवित भएर उठ्नेछौ। त्यतिबेला तिमीहरूले सम्झने छौ
म नै परमप्रभु तिम्रा मालिक हुँ।’”

७त्यसकारण मैले परमप्रभुको लागि त्यही कुरा गरेको
जस्तो गर्न खोजें। जति बेला मैले केही भन्न आँटेको
थिएँ प्रचण्ड ध्वनी सुनें! हाड़हरू चल्नु थाले अनि
हाड़हरू, हाड़हरूसित जोड़िन थाले। ८मेरो आँखा
अधाड़ी नसा, मांसपेशीहरू, मासु अनि छालाले हाड़हरूलाई
छोप्न शुरु गर्‍यो। तर शरीरहरू हल्लिएन, तिनीहरूमा
प्राण थिएन।

९तब परमप्रभु मेरा मालिकले मसँग भन्नुभयो, “मेरा
लागि हावालाई अगमवाणी गर। हे मानिसको छोरो!
मेरा निम्ति हावासित कुरा गर। हावासित भन कि
परमप्रभु मेरा मालिकले यसो भन्नुहुँदैछः ‘हावा सबै
दिशाबाट आऊ अनि ती लाशहरूलाई जीवन दिइनेछ।
तिनीहरू भित्र सास भरि दिनेछु अनि तिनीहरू फेरि
जीवित हुनेछन्।’”

१०उहाँले जस्तो बताउनु भएको थियो मैले त्यही
प्रकारले हावासित कुरा गरें। अनि लाशहरूमा प्राण
आयो। तिनीहरू जीवित भए अनि उभिए। त्यहाँ धेरै
मानिसहरू थिए, अनि त्यहाँ एउटा एकदमै ठूलो सैनिक
बनियो।

११त्यसपछि परमप्रभु मेरा मालिकले मलाई भन्नुभयो,
“हे मानिसको छोरो! यी हाड़हरू इस्राएलको पुरै घराना
जस्तै हुन। इस्राएलका मानिसहरू भन्छन्, ‘हाम्रो हाड़हरू
सुकेका छन् हाम्रो आशा समाप्त भयो। हामी पूर्ण रुपले
नष्ट गरिएकाछौ।’ १२यसकारण उसित मेरो निम्ति कुरा
गर। उसलाई भन परमप्रभु अनि मालिक यसो भन्नु
हुन्छ, ‘मेरो मानिसहरू, म तिमीहरूका चिहानहरू खन्छु
अनि तिमीहरूलाई बाहिर ल्याउँछु। त्यसपछि म तिमीहरूलाई
इस्राएलको भूमिमा ल्याउँछु। १३मेरो मानिसहरू, म
तिमीहरूका चिहानहरू खन्छु अनि तिमीहरूका
चिहानहरूबाट तिमीहरूलाई बाहिर ल्याउँछु। त्यस बेला
तिमी सम्झने छौ कि म नै परमप्रभु हुँ। १४म आफ्नो
आत्मा तिमीहरूमा हालि दिनेछु अनि तिमीहरूलाई फेरि
जीवित पार्छु। त्यसपछि तिमीहरूलाई म तिमीहरूको
देशमा फेरि ल्याउँछु। त्यसपछि तिमीहरूले थाहा पाउनेछौ
म परमप्रभु हुँ। तिमीहरूले जान्नेछौ मैले यो कुरा भनें
अनि यस्तो हुने पारें।’” परमप्रभुले यसो भन्नु भएको
थियो।

## यहूदा अनि इस्राएल फेरि एक हुने

१५परमप्रभुको वचन फेरि मकहाँ आयो! उहाँले
भन्नुभयो, १६“हे मानिसको छोरा! एउटा लौरो ल्याऊ
अनि त्यसमा यो वचन लेखः ‘यो लौरो यहूदा अनि
त्यसको मित्र इस्राएलको मानिसहरूका निम्ति हो।’
त्यसपछि अर्को लौरो ल्याऊ अनि त्यसमा, ‘एप्रैमको यो
लौरो, यूसुफ अनि त्यस मित्र इस्राएलको मानिसहरूका
निम्ति हो।’ १७त्यसपछि दुइवटै लौरोहरू एउटा ठाँउमा
जोड़। तिम्रो हातमा एउटा लौरो हुनेछ।

१८“तिम्रा मानिसहरूलाई यो स्पष्ट पार्नका निम्ति
भन्छु कि यसको अर्थ के हो? १९तिनीहरूलाई भन
कि परमप्रभु अनि मालिक भन्नु हुन्छ, ‘म यूसुफको
लौरो लिन्छु जुन इस्राएलको मानिसहरूको हो, जो एप्रैम
अनि उसको मित्रको हातमा छ। त्यसपछि म त्यो लौरो
यहूदाको लौरोसित राख्छु अनि त्यसलाई एउटै लौरो
बनाउँछु। मेरो हातमा त्यो एउटा लौरो हुनेछ।’

२०“तिनीहरूको आँखाको अघाड़ी लौरोहरू आफ्नो
हातमा समात। तिमीहरूले लौरोहरूमा त्यो नामहरू
लेखेका थियौं। २१मानिसहरूलाई भन कि परमप्रभु
अनि मालिक यसो भन्नुहुन्छः ‘म इस्राएलका मानिसहरूलाई
त्यो राष्ट्रहरूबाट ल्याउँछु, जहाँ उनीहरू गएका छन्। म
उनीहरूलाई चारैतिरबाट एकत्रित पार्छु। अनि तिनीहरूलाई
तिनीहरूको आफ्नो देशमा ल्याउँछु। २२म तिनीहरूलाई
इस्राएलको पर्वतहरूको देशमा एउटा राष्ट्र बनाउँछु।
उनीहरू सबैको एउटा राजा हुनेछ त्यो दुईवटा राष्ट्रहरू
बनिने छैन्। त्यो भविष्यमा राज्यमा बाँड़िने छैन्। २३तिनीहरू
तिनीहरूको मूर्तिसित लगातार तिनीहरू आफैलाई अशुद्ध
बनाउने छनन अनि डरलाग्दा प्रतिमा अथवा केही अरू
अपराध। तर म तिनीहरूलाई रक्षा गर्नेछु अनि तिनीहरू
सबैलाई ती भूमिहरूदेखि जम्मा गर्नेछु जहाँ तिनीहरूले
पाप गरेका थिए।

२४“‘मेरो दास दाऊदले तिनीहरूमाथि राज गर्नेछन
तिनीहरू सबै एउटा मात्र गोठाला हुनेछ। उनीहरू मेरो
नियमहरूको साहारामा बस्नेछन् अनि मेरो विधिहरू
पालन गर्नेछन्। तिनीहरूले मेरो काम गर्नेछन् म जे

भन्छु त्यहीँ गर्नेछन्। २५तिमीहरू त्यो भूमिमा बस्नेछन्
जुन मैले आफ्नो दास याकूबलाई दिएको थिएँ। तिनीहरूका
पिता-पुर्खाहरू त्यो त्यस ठाँउमा बसथे अनि मेरा
मानिसहरू त्यहाँ बस्नेछन्। त्यो उनीहरूको नानीहरू
अनि तिनीहरूको नाता-नातिनीहरू सदा-सर्वदा त्यहीँ बस्नेछन्
अनि मेरो दास दाऊद तिनीहरूको अगुवा भएर सदासर्वदा
त्यहाँ बस्नेछ। २६म तिनीहरूसित एक शान्ति करार
बाँध्नेछु। यो सन्धि सधैं रहिरहनेछ। म तिनीहरूलाई
तिनीहरूको देश दिनेछु। म तिनीहरूको संख्या वृद्धि
गर्नेछु। म मेरो पवित्र स्थानलाई तिनीहरूको विषयमा
सदा-सर्वोदा राख्नेछु। २७मेरो पवित्र पाल त्यहाँ उनीहरूको
बीच हुन्छ। हो, म तिनीहरूको परमेश्वर अनि उनीहरू
मेरो मानिसहरू हुनेछन्। २८तब अरु राष्ट्रहरूले जान्नेछन्
कि म परमप्रभु हुँ अनि तिनीहरूले यो जान्नेछन् कि म
मेरो पवित्र भूमि सधैं इस्राएलमा राखेर, म तिनीहरूलाई
मेरा विशेष मानिसहरू बनाउँदैछु।'"

### गोगको विरुद्धमा समाचार

**३८** परमप्रभुको यो वचन मकहाँ आयो। उहाँले
भन्नुभयो, २"हे मानिसको छोरो! मागोगा
देशमा गोगतिर ध्यान देऊ। त्यो मेशेक अनि तूबल
राष्ट्रहरूको सर्वाधिक महत्वपूर्ण प्रमुख हो। गोगको
विरुद्धमा मेरो लागि केही भन। ३उसलाई भन कि
स्वामी परमप्रभु भन्नुहुन्छ, 'गोग तिमी मेशेक अनि
तूबल राष्ट्रको सर्वाधिक महत्वपूर्ण प्रमुख हौ। तर म
तिम्रो विरुद्धमा छु। ४म तिमीलाई समात्छु अनि तिम्रो
समस्त सेनालाई फर्काई ल्याउँछु। तिम्रो सेनाको सबै
मानिसहरूलाई फर्काई ल्याउँछु। म सबै घोड़ा अनि
घोड़सवारहरूलाई फर्काई ल्याउँछु। म तिम्रो मुखमा
बल्छी लगाँउनेछु अनि तिमीहरू सबैलाई फर्काई ल्याउँछु।
सबै सैनिकले आफ्नो तरवारहरू अनि ढालहरू सहित
आफ्नो सैनिक पोशाक लगाउँनेछन्। ५फारस, कूश
अनि पूतको सैनिक उनीहरूसँग हुन्छन। ती सबैले
तिनीहरूको ढाल तथा शिरमा टोप धारण गरको हुन्छ।
६त्यहाँ गोमेर उसको सबै सैनिकहरूसित हुनेछ। त्यहाँ
तोगर्माको राष्ट्र सबै सैनिक समूहसँग हुनेछ जो उत्तर
दिशाको टाड़ो ठाँउबाट आउँछ। त्यहाँ तिमीहरूसित धैरे
राष्ट्रहरूका मानिसहरू हुनेछन्।

७"'तयार हौ, तिमी आफूलाई तयार पार अनि त्यो
जो सैनाले तिमीहरूसँग एक्ता तिनीहरूलाई पनि
गराइएकोछ। तिमीले निगरानी राख्नु पर्छ अनि तयार
रहन पर्छ। ८लामो समय पछि म तिमीलाई सम्झनेछु।
अब अन्तिम वर्षहरूमा तिमी त्यो प्रदेशमा आउनेछौ जुन
युद्ध पछि पुनर्निर्माण हुन्छ। मानिसहरू फेरि धैरै राष्ट्रहरूबाट
भेला गराइएका छन्। बितेको दिनहरूमा इस्राएलको
पर्वत घरी-घरी नष्ट गरिएको थियो। तर यी मानिसहरू
राष्ट्रहरूबाट फर्किएकाछन् तिनीहरू सबै सुरक्षासाथ
जीउनेछन्। ९तर तिमी तिनीहरूमाथि आक्रमण गर्न
आउँनेछौ। तिमी तुफान जस्तै आउँनेछौ। तिमी देशलाई
ढाक्दै गर्जने बादल जस्तै आउँछौ। तिमी अनि धेरै
राष्ट्रहरूलाई तिम्रो सैनिकहरूको समूह, यी मानिसहरूमाथि
आक्रमण गर्न आउँनेछन।'"

१०परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छः "त्यस
समय तिम्रो मनमा एउटा विचार आउनेछ। तिमीले एउटा
नराम्रो योजना बनाउन शुरु गर्नेछौ। ११तिमीले भन्छौ,
'म त्यो देशमा आक्रमण गर्न जानेछु जसको शहर बिना
पर्खालको छ। सुरक्षित छौं भनी उनीहरू सम्झछन
उनीहरूको रक्षाका निम्ति चारैतिर पर्खाल छैन। उनीहरूको
दैलोमा ताला छैन, उनीहरूको दैलो पनि छैन्। १२म
तिनीहरूलाई लुट्नेछु अनि सबै बहुमूल्य चीजहरू
तिनीहरूबाट लिन्छु। म ती स्थानहरूको विरुद्धमा लड़छु
जे नष्ट भइसकेकोछ, तर अब मानिसहरू त्यहाँ बस्न
थालेकाछन्। म तिनीहरूको विरुद्ध जानेछु जो अन्य
राष्ट्रहरूबाट जम्मा भएका छन्। अब तिनीहरू पशु र
सम्पतिको मालिक भएका छन्। उनीहरू संसारको
केन्द्रमा बस्छन्।'

१३"शेबा, ददान अनि तर्शीशका सबै व्यापारीहरू
अनि सबै शहरहरू जजससित तिनीहरू व्यापार गर्छन्,
तिमीलाई सोध्नेछन्, 'के तिमी बहुमूल्य चीजहरूमाथि
अधिकार जमाउनु आएका हौ? के तिमी आफ्नो
सैनिकहरूको समूहसित ती राम्रो चीजहरू सुन, चाँदी,
गाई-वस्तु तथा सम्पत्ति लिएर जान आएका हौ? के
तिमी ती सबै बहुमूल्य चीजहरू लिन आएका हौ?'"

१४परमेश्वरले भन्नुभयो, "हे मानिसको छोरा! मेरा
निम्ति गोगलाई भन। उसलाई भन कि परमप्रभु अनि
मालिक यसो भन्नुहुन्छ, 'तिमी हाम्रो मानिसहरूलाई
आक्रमण गर्नु आउँनेछौ। जब कि उनीहरू शान्तिपूर्वक
अनि सुरक्षित बसिरहेका छन्। १५तिमी टाढ़ो उत्तरको
आफ्नो ठाँउबाट आउँछौ अनि तिमी बहुसंख्यक
मानिसहरूलाई साथमा लिएर आउँछौ। ती सबै घोड़सवार
हुनेछन्। तिमी एउटा विशाल अनि शक्तिशाली सेना
हुनेछौ। १६तिमी मेरा मानिस इस्राएलको विरुद्ध युद्ध
गर्न आउँनेछौ। तिमी देशलाई ढाक्ने गर्जिने बादल
हुनेछौ। म पछिबाट आफ्नो देशको विरुद्ध युद्ध गर्नु
तिमीलाई ल्याउँछु। त्यसपछि राष्ट्रहरूले मलाई सम्मान
गर्नेछन अनि जान्नेछन कि म पवित्र हुँ। उनीहरूले
देख्नेछन् कि म तिम्रो विरुद्ध के गर्छु।'"

१७परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "अतीतमा मैले
तिम्रो विषयमा जे भनेको थिएँ त्यस समय मानिसहरूले
याद गर्नेछन्। उनीहरूले याद गर्नेछन् मैले आफ्ना
दासहरू इस्राएलको अगमवक्ताहरूको उपयोग गरे।
उनीहरूले याद गर्नेछन् इस्राएलका अगमवक्ताहरूले मेरो
निम्ति अतीतमा कुरा गरे अनि भने कि म तिमीलाई
उनिहरू विरुद्ध युद्ध गर्न ल्याउँछु।"

१८परमप्रभु मेरो मालिकले भन्नुभयो, "त्यस समय
गोग, इस्राएल देश विरुद्ध युद्ध गर्नु आउँनेछ। म
आफ्नो क्रोध प्रकट गर्नेछु। १९क्रोध अनि उत्तेजनामा म
यो प्रतिज्ञा गर्छु, म प्रतिज्ञा गर्दैछु कि इस्राएलमा एउटा
ठूलो भूइँचालो आउँछ। २०त्यस समय सबै जीवित
प्राणी डरले काम्ने छन, समुद्रका माछाहरू, आकाशका
चराहरू, खेतका जंगली पशुहरू अनि ती जमीनमा
घस्रने सबै सानो-सानो प्राणीहरू डरले काम्नेछन्। पर्वत
झर्नेछ अनि डाड़ाहरू भत्किनेछ। प्रत्येक पर्खाल जमीनमा
झर्नेछ।"

२१परमप्रभु मेरा मालिक भन्नुहुन्छ, "इस्राएलको
पर्वतहरूमा, म गोगको विरुद्ध सबै किसिमको डर
उत्पन्न गर्छु। त्यसको सैनिक यति भयभीत हुन्छन् कि
तिनीहरूले एका अर्कामाथि आक्रमण गर्नेछन् अनि
आफ्नो तरवारले एउटाले अर्कालाई मार्नेछन्। २२म
गोगलाई रोग अनि मृत्युको दण्ड दिन्छु। म गोग अनि
धेरै राष्ट्रहरूको सैनिकमाथि असिना, आगो अनि गन्धकको
वर्षा वर्षाउनेछु। २३त्यसपछि म देखाउँछु कि म कति
महान छु, म प्रमाणित गर्छु कि म पवित्र छु। धेरै
राष्ट्रहरूले मैले यो कुरा गरेको देख्नेछन् अनि जान्नेछन्
कि म को हुँ। तब उनीहरूले थाहा पाउने छन् कि म
परमप्रभु हुँ।"

## गोग अनि उसको सेनाको मृत्यु

३९ "हे मानिसको छोरो! गोगको विरुद्ध मेरा
निम्ति केही भन। उसलाई भन कि परमप्रभु
अनि मालिक यसो भन्नुहुन्छ, 'गोग, तिमी मेशेक अनि
तूबल देशहरूको सर्वाधिक महत्वपूर्ण प्रमुख हौ। तर म
तिम्रो विरोधमा छु। २म तिमीलाई समातेर फर्काई
ल्याउँछु। म तिमीलाई उत्तरको डाड़ाँबाट ल्याउँछु। म
तिमीलाई इस्राएलको पर्वतहरूको विरुद्ध युद्ध गर्नका
निम्ति ल्याउँछु। ३तर म तिम्रो धनुलाई तिम्रो देब्रे
हातबाट तल खसालिदिन्छु। म तिम्रो दाहिने हातबाट
तिम्रो काँड़ तल झारिदिन्छु। ४तिमी इस्राएलको पर्वतमा
मारिनेछौ। तिमी तिम्रो सैनिक समूह अनि तिमीसित
भएको अरू सबै राष्ट्रहरू युद्धमा मारिनेछन्। म
तिमीलाई हरेक किसिमको पक्षीहरू, जुन मांसहारी छन्,
तथा सबै जंगली पशुहरूको भोजनको रुपमा दिन्छु।
५तिमी खुल्ला मैदानमा मारिनेछौ। मैले यो भनिदिएकोछु।'"
परमप्रभु मेरा मालिकले ती कुराहरू भन्नुभयो।

६परमेश्वरले भन्नुभयो, "म मागोग अनि ती
मानिसहरूलाई जुन समुद्रको किनारमा सुरक्षित बस्छन्,
तिनीहरूको विरुद्ध आगो पठाइदिनेछु। त्यसपछि उनीहरूले
थाहा पाँउनेछन् कि म नै परमप्रभु हुँ। ७म मेरो पवित्र
नाम मेरो इस्राएलका मानिसहरूलाई प्रकट गराउँछु। म
मेरो पवित्र नाम मानिसहरू अघि अझ धेरै नष्ट पार्ने
दिनेछैन्। राष्ट्रहरूले थाहा पाउनेछन कि म परमप्रभु हुँ।
तिनीहरूले जान्नेछन् कि म इस्राएलमा एकमात्र पवित्र
छु। ८त्यो समय आउने छ। यो घटने छ।" परप्रभुले
यी कुराहरू भन्नुभयो। "यो त्यही दिन हो, जुन दिनको
विषयमा म भन्दैछु।

९"त्यस समय, इस्राएलको शहरमा बस्ने मानिसहरू
ती खेतहरूमा जानेछन्। उनीहरूले शत्रुको हात-हतियारहरू
जम्मा पार्नेछन् अनि जलाउनेछन्। ती सबै ढालहरू,
धनु-काँड़हरू अनि भालाहरू जलाउने छन्। उनीहरूले
हात-हतियारहरू दाउराको रूपमा सात वर्ष सम्म प्रयोग
गर्नेछन्। १०तिनीहरू मैदानबाट दाउरा जम्मा गर्दैनन्
अथवा जंगलमा दाउराहरू काटन पर्नेछैन्, किनकि त्यो
हात-हतियारहरू प्रयोग दाउराको रुपमा गरिनेछ। ती
बहुमूल्य चीजहरू सैनिकहरूबाट खोस्नेछन् जुन तिनीहरूले
चोर्न चाहन्थे। ती सैनिकहरूबाट राम्रो चीजहरू लिन्छन्
जसले तिनीहरूबाट राम्रो चीजहरू लिएका थिए।"
परमप्रभु मेरा मालिकले भन्नभयो।

११परमेश्वरले भन्नुभयो, "त्यस समय गोगलाई गाड़न
इस्राएलमा एउटा ठाँउ छान्नेछु। त्यो खार समुद्रको पूर्वमा
यात्रीहरूको बेंसीमा गाड़िनेछ। यसले यात्रीहरूको बाटो
रोक्नेछ। किन? किनकि गोग अनि त्यसको सारा
सेनाहरू त्यस ठाँउमा गाड़िनेछन्! मानिसहरूले यसलाई
'गोगको सेनाहरूको बेंसी भन्नेछन्।' १२इस्राएलका
परिवारले तिनीहरूको भूमि शुद्ध गर्नका निम्ति सात
महीना सम्म गाड़ने छन्। १३देशका साधारण मानिसहरूले
शत्रुको सैनिकहरूलाई गाड़िनेछन्। इस्राएलका मानिसहरू
त्यसदिन प्रसिद्ध हुनेछन् जुन दिन म आफ्नो सम्मान
पाउँछु।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

१४परमेश्वरले भन्नुभयो, "मानिसहरूले मजदूरहरूलाई
ती मरेको सैनिकहरू गाड़नको निम्ति पूरा समय सम्म
नोकरी दिनेछन। यस्तो प्रकारले तिनीहरूले देशलाई
पवित्र पार्नेछन्। ती मजदूरहरूले सात महीना सम्म काम
गर्नेछन्। उनीहरू लाशहरू खोज्दै चारै तिर जानेछन्।
१५ती मजदूरहरू चारै तिर खोज्दै घुम्नेछन्। यदि
तिनीहरूले कुनै हड्डी देखे भने त्यसको छेउमा एउटा
चिन्ह लगाइराख्नेछन् जब सम्म खाड़ल खन्ने मानिस
आँउदैन गोगको सैन्यको बेंसीमा हड्डी गाड़िदैन त्यतिञ्जेल
सम्म चिह्न रहनेछ। १६त्यो मृतक मानिसहरूको नगर
चिहान (हामोनाह) कहलाइनेछ। यस्तो प्रकारले उनीहरूले
देशलाई शुद्ध पार्नेछन्।"

१७परमप्रभु मेरा मालिकले यसो भन्नुभयो, "हे
मानिसको छोरो! मेरो लागि पंक्षीहरू, अनि जङ्गली
पशुहरूसँग केही भन। त्यसलाई भन, 'यहाँ आऊ।
यहाँ आऊ, एक ठाँउमा भेला हौ। आऊ यो बलि
खाऊ जुन मैले तिमीहरूको निम्ति तयारी बनाई रहेको
छु। त्यो इस्राएलको पर्वतमा एउटा विशाल बलिदान
हुनेछ। आऊ, मासु खाऊ अनि रगत पिऊ। १८तिमीले
शक्तिशाली सैनिकहरूको मासु खानेछौ। तिमीहरूले

संसारको प्रमुखहरूको रगत पिउनेछौ। तिनीहरू तिमीहरूका
निम्ति भेड़ाहरू अनि बोकाहरू अनि बाशानका मोटो
साढ़ेहरू जस्तै हुन्। १९तिमी जति चाहन्छौ त्यति बोसो
खान सक्छौ अनि तिमीले रगत त्यसबेला सम्म पिउन
सक्छौ जति बेला सम्म तिम्रो पेट भरिदैन्। तिमीले मेरो
बलि खानेछौ अनि पिउनेछौ जुन मैले तिम्रा निम्ति मारे।
२०मेरो टेबलमा तिमीले खानुका निम्ति अत्यन्तै ज्यादा
मासु पाउनेछौ। त्यहाँ घोड़ा अनि रथ सवारहरू, शक्तिशाली
सैनिक अनि अरु सबै लड़ने मानिस हुनेछन्।'" परमप्रभु
मेरा मालिक यसो भन्नुभयो।

२१परमेश्‍वरले भन्नुभयो, "म अरु राष्ट्रहरूलाई
देखाउनेछु, मैले के गरें। उनीहरूले राष्ट्रलाई सम्मान
गर्न शुरु गर्नेछन्। उनीहरूले मेरो शक्ति देख्नेछन जुन
मैले शत्रुको विरुद्ध उपयोग गरे। २२तब त्यस दिन
पछि इस्राएलका घरानाले जान्नेछन् कि म नै परमेश्‍वर
तिनीहरूका परमप्रभु हुँ। २३अनि राष्ट्रहरूले यो थाहा
पाउनेछन् कि इस्राएलको परिवारलाई किन बन्दी जस्तै
बनाएर अन्य जातिहरूमा लगें। तिनीहरूले जान्नेछन् मेरो
मानिस, मेरो विरुद्धमा उठे। यसैकारण मैले उनीहरूलाई
टाढ़ो लगें। मैले तिनीहरूको शत्रुहरू तिनीहरूलाई
हराउन दिएँ। यसकारण, मेरा मानिसहरू युद्धमा मारिए।
२४उनीहरूले पाप गरे अनि आफैलाई अपवित्र बनाए।
यसकारण मैले उनीहरूलाई त्यो कामको निम्ति दण्ड
दिएँ, जुन उनीहरूले गरे। यसकारण मैले मेरो अनुहार
तिनीहरूबाट लुकाए।"

२५यसकारण परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ,
"अब म याकूबको परिवारमा सुदिन फर्काई ल्याउनेछु।
मैले पुरै इस्राएलको परिवारमाथि दया गरेकोछु। म
आफ्नो पवित्र नामको निम्ति म जोशिलो हुनेछु।
२६मानिसहरू आफ्नो लाज अनि मेरो विरुद्धमा सारा
समय भुल्नेछन्। उनीहरू आफ्नो देशमा सुरक्षित रहनेछन्।
कसैले पनि तिनीहरूलाई भयभीत पार्नेछैन्। २७म मेरो
मानिसहरूलाई अन्य देशहरूबाट ल्याउनेछु। तिनीहरूलाई
म शत्रुहरूको देशमा भेला पार्नेछु। त्यति बेला धेरै
राष्ट्रहरूले थाहा पाउनेछन् कि म कति पवित्र छु।
२८तिनीहरूले सम्झनेछन कि म परमप्रभु तिनीहरूको
परमेश्‍वर हुँ। किन? किनकि मैले तिनीहरूलाई घरबाट
निकाले अनि अरु देशहरूमा बन्दीको रुपमा पठाएँ।
त्यसपछि मैले तिनीहरूलाई एकै ठाँउमा भेला पारें अनि
तिनीहरूको आफ्नो देशमा फेरि लिएर आएँ। २९म
इस्राएलको घरानामाथि मेरो आत्मा खन्याउनेछु अनि
त्यसपछि, म फेरि आफ्ना मानिसहरूबाट टाढ़ा जानेछैन।"
परमप्रभु मेरा मालिकले यी सबै कुराहरू भन्नुभयो।

### नयाँ मन्दिर

४० हामीहरूलाई देश निकालाबास गरिएको पच्चीसौं
वर्षको आरम्भमा, दशौं महीनाको दशौं दिनमा,
परमप्रभुको शक्ति मकहाँ आयो। यो यरूशलेम
पक्राऊ परे पछिको चौधौं वर्षको दिन थियो। एक
दर्शनमा परमप्रभुले मलाई त्यहाँ लिएर जानु भयो।

२दर्शनमा परमेश्‍वरले मलाई इस्राएल लिएर जानु
भयो। उहाँले मलाई एउटा अति अल्गो पर्वतको छेउमा
झार्नु भयो। पर्वतमा एउटा भवन थियो, जुन शहरको
समान देखिन्थ्यो। ३परमप्रभुले मलाई त्यहाँ लिएर जानु
भयो। त्यहाँ एउटा मानिस थियो जो चम्काएको काँस
जस्तै चम्किरहेको देखिन्थ्यो। त्यस मानिसले एउटा लुगा
नाप्ने फिता अनि एउटा नाप्ने टाँगो आफ्नो हातमा
लिएको थियो, त्यो मूल-ढोकामा उभिएको थियो।
४त्यस मानिसले मलाई भन्नुभन्यो! "हे मानिसको छोरो,
आफ्नो आँखा अनि कानको उपयोग गर। यी चीजहरूप्रति
ध्यान देऊ अनि मेरो भनाई सुन। जुन म तिमीलाई
देखाउँछु, त्यसमा ध्यान देऊ। किन? किनकि तिमीलाई
यहाँ ल्याएको हो, यसकारण म तिमीलाई यी चीजहरू
देखाउँनु सक्छु। तिमीले इस्राएलको परिवारलाई त्यो सबै
बताउँनु जुन तिमीले यहाँ देख्दैछौ।"

५मैले एउटा पर्खाल देखें जसले मन्दिर चारैतिरबाट
घेरेको थियो। त्यो मानिसको हातमा चीजहरू नाप्ने
एउटा टाँगो थियो। त्यो टाँगो छः हातको लामो थियो।
प्रत्येक हात एक हात र चार औंला लम्बाई थियो।
यसकारण त्यस मानिसले पर्खालको चौड़ाई मोटो नाप्यो।
त्यो एक हात चौड़ाईको थियो। त्यस मानिसले पर्खालको
उचाई नाप्यो। यो एक टाँगो अग्लो थियो।

६त्यसपछि त्यो मानिस पूर्वी द्वारपट्टि गयो। त्यो
मानिस त्यसको खुड़किलोमाथि चढ़्यो अनि मूल-ढोकाको
संघार नाप्यो। त्यो एक टाँगो बराबर चौड़ाको थियो।
७रक्षकको कोठा एक टाँगो लामो अनि एक टाँगो
चौड़ाई थियो। कोठाको बीचको पर्खालको मोटाई पाँच
हात थियो। मन्दिरतिर फर्काएको दलानको ढोकाको
सँधार एक टाँगो लामो थियो। ८तब त्यस मानिसले
मन्दिरसँगको मूल-ढोकाको प्रशेव कक्ष नाप्यो जुन यो
एक टाँगो चौड़ाको थियो। ९यो आठ हात लामो
थियो। तब त्यस मानिसले मूल-ढोकाको दलान नाप्यो।
त्यो आठ हात थियो। त्यस मानिसले मूल-ढोकाको
द्वारको स्तम्भहरू नाप्यो। हरेक द्वार स्तम्भ दुइ हात
चौड़ाईको थियो। दलानको दैलो भित्रपट्टि थियो।
१०मूल-ढोकाको प्रत्येक भित्तामा तीन-तीनवटा सानो-सानो
कोठाहरू थिए। उसले प्रत्येक कोठा नाप्यो। ती
कोठाहरू र दुवैतिरका स्तम्भहरू एकै नापका थिए।
११त्यस मानिसले मूल-ढोकाको दैलोको चौड़ाइ नाप्यो।
यो दश हात चौड़ा अनि तेह्र हात लामो थियो।
१२प्रत्येक कोठाको छेउमा एउटा पर्खाल थियो, कोठा
वर्गाकार थियो अनि प्रत्येक भित्ताको चौड़ा छः हात
थियो।१३त्यस मानिसले मूल-ढोकाको एउटा कोठाको
छानाबाट अर्को कोठाको छाना सम्म नाप्यो। त्यो एउटा

# इजकिएल द्वारा वर्णित मन्दिरको पुनर्निर्माण







बाहरी चोकको पूर्वी द्वार

Copyright © 2006 by World Bible Translation Center

ढोकाबाट आर्को ढोका सम्म पच्चीस हात लामो थियो।
१४त्यस मानिसले प्रवेश द्वार पनि नाप्यो। यो बीस हात
चौड़ाको थियो। प्रवेश द्वारको चारैतिर चोक थियो।
१५प्रवेश द्वारको मूल-ढोका पुरै बाहिरपट्टि देखि मूल-
ढोकाको भित्र सम्म नाप्दा पचास हात थियो। १६रक्षाको
कोठाहरूको सबै भागमा भित्र अनि चोकमा स-साना
झ्यालहरूथिए। झ्यालहरूको चौड़ा भागहरू द्वारा तिर
फर्केको थियो। ढोकाको प्रत्येक द्वार स्तम्भम खजूरका
बोट्हरू खोपिएका थिए।

## बाहिरी चोक

१७तब त्यो मानिसले मलाई बाहिरी चोकमा ल्यायो।
पक्का बाटोको छेउमा तीसवटा कोठाहरू थिए। मैले
कोठाहरू अनि ढुङ्गा छापिएकोबाटो देखें। १८पक्का
बाटो ढोकाहरूको छेउबाट गएको थियो। पक्का बाटो
त्यति नै फराकिलो ढोकाहरू जस्तै थियो। यो तल्लो
पक्का बाटो थियो। १९त्यसपछि त्यो मानिसले तलको
मूल-ढोकाको छेउको भित्रपट्टिबाट लिएर चोकको पर्खाल
छेउको भित्री पट्टि सम्म नाप्यो। त्यो एक सय हात पूर्व
अनि उत्तरमा थियो।

२०तब त्यस मानिसले उत्तर द्वारको लम्बाई अनि
चौड़ाई नाप्यो। त्यो बाहिर चोकको चारैतिरको भित्तामा
थियो। २१यसको हरेक पट्टि तीन-तीन वटा कोठा
थियो। यसको द्वार स्तम्भ अनि दलानको नाप एकै
थियो, जुन पहिला मूल-ढोकाको थियो। मूल-ढोका
पचास हात लामो अनि पच्चीस हात चौड़ा थियो।
२२यसको झ्यालहरू यसको दलान अनि यसको
खजूरको बोटहरूले सिँगारेका चित्रका नापहरू त्यही
थियो जुन पूर्व पट्टिको मूल-ढोकामा थियो। मूल-ढोका
सम्म सातवटा खुट्किला थिए। मूल-ढोकाको दलान
भित्र थियो। २३भित्री चोकमा उत्तरको मूल-ढोका सम्म
पुग्ने एउटा मूल-ढोका थियो। यो पूर्वको मूल-ढोका
बराबर थियो। त्यस मानिसले एउटा मूल-ढोकाबाट
अर्को मूल-ढोका सम्म नाप्यो। यो एउटा मूल-ढोकादेखि
अर्को मूल-ढोका सम्म सय हात थियो।

२४तब त्यो मानिसले मलाई दक्षिण पर्खालतिर लिएर
गयो। मैले दक्षिणमा एउटा ढोका देखें। त्यस मानिसले
छेवैको पर्खालहरू अनि दलान नाप्यो। त्यो नाप त्यति नै
थियो जति अरु मूल-ढोकाहरूको थियो। २५यसको
चारैतिर अरु मूल-ढोकाहरूको जस्तै झ्यालहरू थिए।
मूल द्वारको नाप पचास हात लामो अनि पच्चीस हात
चौड़ा थियो। २६सातवटा खुट्किलाले यो मूल-ढोका
सम्म पुर्‍याउँथ्यो। यसको दलान भित्र थियो। हरेक पट्टि
एक-एकवटा द्वारस्तम्भमा खजूरको नक्शा थियो। २७भित्र
चोकमा दक्षिणपट्टि एउटा मूल-ढोका थियो। त्यस
मानिसले दक्षिण पट्टिको एउटा मूल-ढोकाबाट अर्को
मूल-ढोका सम्म नाप्यो। यो एक सय हातको थियो।

## भित्री चोक

२८त्यसपछि त्यो मानिसले मलाई दक्षिण मूल-ढोकाबाट
भित्री चोकमा लिएर गयो। दक्षिणको मूल-ढोकाको नाप
त्यति नै थियो जति अरु मूल-ढोकाहरूको थियो।
२९कोठाका छेउको पर्खालहरू अनि दलानको नाप
बराबर थियो जति अरु मूल-ढोकाहरूको थियो।
झ्यालहरू, मूल-ढोका अनि दलानको चारैपट्टि थियो।
मूल-ढोकाकोहरू नाप पचास हात लामो अनि पच्चीस
हात चौड़ा थियो। ३०त्यसको चारैतिर त्यहाँ एउटा प्रवेश
कोठा थियो। दलानहरू पच्चीस हात लामो अनि पाँच
हात चौड़ाको थियो। ३१प्रवेश कोठा बाहिर पट्टिको
आँगन तिर थिए। यसको द्वार-स्तम्भहरूमाथि खजूरका
बोटहरूका चित्र खोपिएको थियो। त्यहाँ जानलाई
आठवटा खुड्किला थिए।

३२त्यो मानिसले मलाई पूर्व पट्टिबाट भित्री चोकमा
ल्यायो। उसले मूल-ढोका नाप्यो। त्यस मूल-ढोकाको
नाप त्यही थियो। जुन अरु मूल-ढोकाको थियो।
३३पूर्वी द्वारको कोठाहरू, द्वार-स्तम्भहरू अनि दलानको
नाप त्यही थियो जुन अरु मूल-ढोकाको थियो मूल-ढोका
अनि दलानको चारैतिर झ्यालहरू थिए। पूर्वी मूल-ढोका
पचास हात लामो अनि पच्चीस हात चौड़ा थियो।
३४त्यसको प्रवेश कोठा बाहिरको आँगनतिर थिए।
प्रत्येक स्तम्भमा खजूरको बोटको चित्रहरू खोपिएको
थिए। यसको सिँढ़ीमा आठवटा खुड्किला थिए।

३५त्यसपछि त्यो मानिसले मलाई उत्तरी द्वारमा ल्यायो।
उसले त्यो नाप्यो। त्यसको नाप त्यही थियो जुन अरु
मूल-ढोकाहरूको थियो अर्थात, ३६यसको कोठाहरू,
द्वार-स्तम्भहरू अनि दलान त्यस्तै थिए। मूल-ढोकाको
चारैतिर झ्यालहरू थिए। यो पचास हात लामो अनि
पच्चीस हात चौड़ाको थियो। ३७बाहिरको आगनतिर
दलान थियो। प्रत्येक भित्तामाथि खजूरको बोटको
चित्रहरू थिए अनि यसको सिँढ़ीमा आठवटा खुड्किला
थिए।

## बलिदान तयार गर्ने कोठाहरू

३८एउटा कोठा थियो जसको ढोका मूल-ढोकाको
प्रवेश कक्षको छेउमा थियो। यो त्यहाँ थियो जहाँ
पूजाहारीले होमबलिको निम्ति पशुहरूलाई नुहाई दिन्थे।
३९मूल-ढोकाको प्रवेश द्वारको दुवै पट्टि दुइ-दुइवटा
टेबल थियो। पापका निम्ति होमबलि, दोषबलि अनि
पापबलि अपराधका निम्ति भेटिको पशुहरू त्यही टेबलमाथि
मारिन्थ्यो। ४०दलानको बाहिर जहाँ उत्तरी मूल-ढोका
खोलिन्छ, त्यहाँ दुइवटा टेबल थियो अनि मूल-ढोकाको
प्रवेश कक्षको अर्को तिर दुइवटा टेबल थियो।
४१मूल-ढोकाभित्र चारवटा टेबल थियो। चारवटा टेबल
मूल-ढोकाको बाहिर थियो। सबै मिलाएर आठवटा
टेबल थियो। पूजारीहरूले यी टेबलहरूमा बलिका

निम्ति पशुहरू मार्थे। ४२होमबलिका निम्ति काटिएको
ढुङ्गाको चारबटा टेबल थिए। यी टेबलहरू डेढ़ हात
लामो, डेढ़ हात चौड़ा अनि एक हात अल्गो थियो।
पूजाहारीले होमबलि अनि बलिदानका निम्ति जुन पशुहरू
मार्थे, उसले मार्ने हतियारहरू त्यो टेबलमा राख्थे।
४३चार औंला चौड़ा भएको बीट पुरै टेबलमा लगाएको
थियो। भेटिका निम्ति मासु टेबलमाथि राखिन्थ्यो।

## पूजाहारीहरूको कोठाहरू

४४भित्री चोकको मूल-ढोकाको बाहिर दुइवटा कोठाहरू
थिए। एउटा उत्तरी मूल-ढोकासँग थियो। यसको दलान
दक्षिणपट्टि थियो। अर्को कोठा दक्षिण मूल-ढोका पट्टि
थियो। यसको दलान उत्तरपट्टि थियो। ४५त्यस मानिसले
मलाई भन्यो, "त्यो कोठा, जसको दलान दक्षिणपट्टि छ,
यो त्यहाँ काम गरिरहेका अनि मन्दिरको सेवा गरिरहेका
पूजाहारीहरूको लागि हो। ४६तर त्यो कोठा जसको
दलान उत्तरपट्टि छ, त्यो त्यहाँ काम गरिरहेका पूजाहारीहरूका
निम्ति हो जो आफ्नो काममा छन् अनि वेदीको सेवा
गर्नेहरूका निम्ति हो। यी सबै पूजाहारीहरू सादोकका
सन्तानहरू हुन्। सादोकको वंशज नै लेवी कुलका एक
मात्र मानिस हो, जो परमप्रभुको सेवा आफैसित बलि
ल्याएर गर्न सक्छ।"
४७त्यस मानिसले चोक नाप्यो। चोक पूर्ण वर्गाकारको
थियो। त्यो एक सय हात लामो अनि एक सय हात
चौड़ाको थियो। वेदी मन्दिरको छेउमा थियो।

## मन्दिरको दलान

४८त्यो मानिसले मलाई मन्दिरको दलानमा लिएर
गयो अनि त्यसको हरेक द्वार-स्तम्भ नाप्यो। यहाँ
प्रत्येक पट्टि पाँच हात थियो। मूल-ढोका चौध हात
चौड़ाईको थियो। मूल-ढोका छेउको पर्खाल तीन हात
प्रत्येक पट्टि थियो। ४९दलान बीस हात लामो अनि
बाह्र हात चौड़ाको थियो। दलान सम्म दश खुड़किलाहरू
थिए। द्वार-स्तम्भको सहायताको लागि दुवैतिर स्तम्भ
थियो।

## मन्दिरको पवित्र स्थान

४१ त्यो मानिसले मलाई मन्दिरको बाहिरी पवित्र
स्थानमा ल्यायो। उसले यसको प्रत्येक स्तम्भ
नाप्यो। त्यो सबैतिर छ: हात मोटो थियो। २प्रवेश-द्वारको
दश हात चौड़ा थियो। त्यसको बाहिरी छेउ चारैतिर पाँच
हात थियो। त्यस मानिसले बाहिरी पवित्र स्थान नाप्यो।
यो चालिस हात लामो अनि बीस हात चौड़ा थियो।

## मन्दिरको महापवित्र स्थान

३तब त्यो मानिस भित्र गयो अनि प्रत्येक द्वार स्तम्भ
नाप्यो। प्रत्येक द्वार स्तम्भ दुइ हात बाक्लो थियो।
प्रवेशद्वारको छ: हात चौड़ा थियो। प्रवेशद्वारको प्रत्येक
पट्टिको पर्खाल सात हात फराकिलो थियो। ४त्यसपछि
त्यो मानिसले कोठाको लम्बाई नाप्यो। त्यो बीस हात
लामो अनि बीस हात चौड़ा थियो। त्यस मानिसले
मलाई भन्यो, "यो चाहिँ महापवित्र स्थान हो।"

## मन्दिरका चारैतिर अरू कोठाहरू

५त्यसपछि त्यो मानिसले मन्दिरको पर्खाल नाप्यो। यो
छ: हात बाक्लो थियो। छेउको कोठा चार हात चौड़ा
मन्दिरको चारै तिर थियो। ६छेउको कोठामा तीनवटा
विभिन्न तला थियो। त्यो एक अर्कोमाथि थियो। हरेक
तलाहरूमा तीस कोठा थियो। छेउको कोठा चारैतिरको
पर्खालमा अड़िएको थियो। यसकारण मन्दिरको पर्खाल
स्वंय कोठाहरूमा अड़ाएको थिएन। ७मन्दिरको चारैतिरको
जोड़िएको कोठाहरू, तल्लो तला भन्दा ज्यादा फराकिलो
थियो। यस्तो हुनुको करण तल्लो तलाको भन्दा मन्दिरको
अन्य प्रत्येक तला सानो थियो। त्यसैले अघिल्लो कोठाहरूको
सतह तल्लो कोठाहरूको भन्दा फराकिलो थियो। सब
भन्दा तल्लो तलामा जाने सिँढ़ी बीचको तलाबाट गएको
थियो।
८मैले यो पनि देखेँ कि मन्दिरको चारैतिर जगहरू
बसालिएका थिए। छेउको कोठाहरूको जग पुरा एक
टाँगो अर्थात् छ: हात लामो थियो। ९छेउको कोठाको
बाहिरी पर्खाल पाँच हात बाक्लो थियो। त्यहाँ मन्दिरको
छेउको कोठाहरूको बीचमा एउटा खुल्ला क्षेत्र थियो।
१०अनि पूजाहारीको कोठाहरूको बीच खुला क्षेत्र बीस
हात मन्दिरको चारै तिर थियो। ११छेउको कोठाहरूको
दैलो आधार उठाएको आधारमा खोलिन्थ्यो एउटा दैलो
उत्तर पट्टि फर्केको थियो अनि अर्को दक्षिणपट्टि
फर्केको थियो। उठाएका आधारमाथि सबै छेउहरू पाँच
हात चौड़ा थियो।
१२पश्चिम पट्टिको भवनको चोकको छेउको मन्दिरको
चौड़ा सत्तरी हात थियो। भवनको भिताको चारैतिर पाँच
हात बाक्लो थियो। त्यसको लम्बाइचाहिं नब्बे हात
थियो। १३त्यसपछि त्यो मानिसले मन्दिर नाप्यो। मन्दिर
एक सय हात लामो थियो। भवन अनि यसको
भितासँगको चोक पनि एक सय हात लामो थियो।
१४मन्दिरको पूर्व अनि चोकहरूको चौड़ा सय हात
थियो।
१५-१६त्यस मानिसले त्यो भवनको लम्बाई नाप्यो
जसको चोक मन्दिरको पछि फर्केको थियो तथा
जसको भिताहरू दुवैपट्टि थियो। यो एक सय हात
लामो थिए।
महापवित्र स्थानको भित्री कोठा अनि चोकको
दलानको कोठा काठले ढाकिएको थियो। सबै झ्यालहरू
अनि ठोकाहरू वरिपरि काठले मोहोरिएको थियो।
ढोकाबाट मन्दिरको काठको फल्याक भूइँदेखि झ्यालहरू

सम्म थियो। भित्ताको भाग देखि १७ढोकामाथि सम्म
थिए।

भित्री कोठादेखि बाहिरसम्म काठमा चौखट लगाएको
थियो। मन्दिरकोबाटोको भित्री कोठा तथा बाहिरी
कोठामा करूब स्वर्गदूत र खजूरको चित्र खोपिएको
थियो। १८दूईटा करूब स्वर्गदूतको बीचमा एउटा
खजूरको बोट थियो। प्रत्येक करूब स्वर्गदूतको दुइवटा
चेहेरा थिए। १९दुइवटा मध्ये एउटा खजूरको बोट तिर
हेरिरहेको अनुहार मानिसहरूको जस्तो थियो। अर्को
चाँहि खजूरको बोटलाई हेरिरहेको अनुहार सिंहको
जस्तो थियो। मन्दिरको चारैतिर सबै यस्तै खोपिएको
थियो। २०बीचको कोठाको पवित्र स्थानको सबै भित्तामा
करूब स्वर्गदूतहरू तथा खजूरको बोटको चित्र खोपिएको
थियो।

२१पवित्र स्थानको द्वार-स्तम्भ वर्गाकार थियो।
महापवित्र स्थानको अघाड़ी पट्टि केही चीज थियो।
२२त्यो वेदी जस्तो काठले बनाएको थियो। यो तीन हात
अल्गो अनि दुइ हात लामो थियो। यसको कुनाहरू,
त्यसका आधार अनि पाटाहरू काठको थिए। त्यस
मानिसले मलाई भन्यो, "यो चाहिँ परमप्रभुको सामुन्ने
राखिएको टेबल हो।"

२३बाहिर पवित्र स्थान अनि महापवित्र स्थानको
दुइपाटे द्वार थियो। २४एउटा द्वार दुइवटा सानो सानो
ढोकाले बनिएको थियो। प्रत्येक द्वार साँच्चै हल्लिएको
द्वार जस्तै थियो। २५बाहिरी पवित्र स्थानका ढोकामा
करूब स्वर्गदूतहरू अनि खजूरको बोटको चित्र खोपेको
थियो। त्यो त्यस्तै थियो जस्तो भित्तामा खोपिएको
थियो। बाहिरको दलानको बाहिरी भागमा कोठाको
चित्र थियो। २६अनि दलानको दुवैपट्टि झ्यालहरूको
भित्तामा दलानको माथिल्लो छतमा तथा मन्दिरको चारैतिरको
कोठामा खजूरको बोटको चित्र थियो।

## पूजाहारीहरूको कोठा

४२ तब त्यो मानिसले मलाई बाहिरी चोकमा
लिएर गयो जो उत्तरतिर फर्केको थियो।
उसले ती कोठाहरूमा लिएर गयो जुन भवनको चोकको
पारिपट्टि थियो। २भवनको १०० हात लामो अनि ५०
हात चौड़ा थियो। मानिसहरू यसको उत्तर पट्टिको
आंगनबाट प्रवेश गर्थे। ३भवन तीन तला अग्लो अनि
बरण्डाहरू थिए। भवन अनि मन्दिरको बीचमा भित्री
आँगन २० हात लामो थियो। अर्कोपट्टि कोठा बाहिर
चोकको ढुङ्गा ओछ्याएको पिड़ीतिर फर्केका थियो।
४त्यस कोठाको अर्को तिर एउटा लामो भित्री बाटो
थियो। त्यो भित्र पुग्थ्यो। यो दश हात चौड़ा, एक सय
हात लामो थियो। यो भवनको उत्तर पट्टि थियो।
५माथिको कोठा अत्यन्तै साँघुरो थियो किनकि बरण्डाले
बीच अनि तल्लो तलाको भन्दा बेंशीठाँउ ओगटेको
थियो। ६कोठा तीन तलामाथि थियो। बाहिरी चोकको
जस्तै त्यसको स्तम्भ थिएन। यसकारण माथिल्लो कोठा
बीचको कोठा अनि तल्लो तलाको कोठाहरू भन्दा
ज्यादा पछाड़ी थियो। ७त्यहाँ बाहिर एउटा भित्ता थियो।
त्यो कोठाहरूको सामान्तरमा थियो। यो बाहिरी चोक
सम्म जान्थ्यो। यो कोठाहरूको छेउ-छेउमा थियो। यो
पचास हात बढ़ेको थियो। ८बाहिरी चोकपट्टि फर्केको
कोठाहरू पचास हात लामो अनि मन्दिर तिर फर्केका
कोठाहरू एक सय हात लामो थिए। ९यो कोठाहरूको
बीचमा प्रवेशद्वार थियो। जुन बाहिरी चोकबाट पूर्व सम्म
जान्थ्यो। १०बाहिरी भित्ताको आरम्भमा दक्षिणपट्टि भवनको
चोकको छेउ अनि भवनको भित्ताको बाहिर कोठाहरू
थिए।

११यी कोठाहरूको छेउमा एउटा ठूलो द्वार थियो।
त्यो उत्तर कोठाहरूको छेउमा थियो। दक्षिणको द्वारको
लमाई चौड़ाइमा त्यति नै नापको थियो जति उत्तरको
थियो। दक्षिणको नाप द्वार, रुपाकृत्ति अनि प्रवेश द्वारको
दृष्टिबाट उत्तरका द्वारहरूको बराबर थियो। १२दक्षिणी
कोठाहरूको तल एउटा द्वार थियो यो लामो भित्रीबाटो
सम्म पुग्थ्यो। दक्षिणको कोठाको पारी एउटा छुट्याउने
पर्खाल थियो।

१३त्यस मानिसले मलाई भन्यो, "चोकको पारिपट्टि
दक्षिणको कोठाहरू अनि उत्तरको कोठाहरू पवित्र
कोठाहरू हुन। ती पूजाहारीहरूले यी कोठाहरूमा अति
पवित्र भोजन खाए। तिनीहरूले महापवित्र भेंटी त्यहाँ
खाए। किनकि यो स्थान पवित्र हो। महापवित्र भेटीहरू
यी हुनः अन्नबलि, पापबलि र दोषबलि। १४पूजाहारी
पवित्र स्थानमा प्रवेश गर्छन। तर बाहिर चोकमा जानु
भन्दा पहिला उ आफ्नो वस्त्र पवित्र स्थानमा राख्छ।
किन? किनकि यो वस्त्र पवित्र छ। यदि पूजाहारीले
चाह्यो भने उ त्यो मन्दिरको त्यस ठाँउमा जान सक्छ
जहाँ अरुहरू बस्छन्। त्यसैले तिनीहरू त्यो कोठामा
जानु पर्छ अनि अरु लुगा लगाउनुपर्छ।"

## आंगनको बाहिरी भाग

१५त्यो मानिसले जब मन्दिर भित्रको क्षेत्रको नाप
लिई सकेको थियो, त्यति बेला त्यो मूल-ढोकाबाट
मलाई बाहिर ल्यायो जुन पूर्वपट्टि थियो। उसले बाहिर
चारैतिर नाप्यो। १६त्यस मानिसले टाँगोले पूर्वपट्टि
नाप्यो। यो पाँच सय हात लामो थियो। १७त्यसले
उत्तरपट्टि नाप्यो। त्यो पाँचसय हात लामो थियो। १८उसले
दक्षिणपट्टि नाप्यो। त्यो पाँच सय हात लामो थियो।
१९त्यो पश्चिम पट्टि गयो अनि त्यहाँ नाप्यो। त्यो पाँच
सय हात लामो थियो। २०उसले मन्दिरको चारै पट्टि
नाप्यो। त्यो भित्ता चारैतिर गएको थियो। भित्ता पाँच सय
हात लामो अनि पाँच सय हात चौड़ाको थियो। यसले
पवित्र क्षेत्रलाई अपवित्र क्षेत्रबाट अलग राखेको थियो।

### परमप्रभु उहाँका मानिसहरू बीचमा बस्नु हुन्छ

४३ त्यो मानिसले मलाई मूल-ढोका सम्म लिएर
गयो जुन मूल-ढोका सम्म पूर्व पट्टि खुल्ला
थियो। २त्यहाँ पूर्वबाट परमप्रभु इस्राएलको परमेश्वरको
महिमा तल आयो। परमेश्वरको आवाज समुद्रको गर्जन
बराबर उच्च थियो। परमेश्वरको महिमाबाट भूमि
उज्जवल भयो। ३दर्शन त्यस्तै थियो जब उहाँ शहर
ध्वंश पार्न आउँदा मैले देखेको थिएँ। दर्शन त्यही थियो
जुन मैले कबार नदीको किनारमा देखको थिएँ। मैले
मेरो शिर भूइँतिर निहुराएर लम्पसार भएँ। ४परमप्रभुको
महिमा मन्दिरमा मूल-ढोकाबाट आयो जुन पूर्वमा खोलिएको
थियो।

५त्यसपछि आत्माले मलाईमाथि उठायो अनि भित्री
चोकमा लिएर गयो। परमप्रभुको महिमाले मन्दिर भरियो।
६मैले मन्दिरभित्र कोही बोल्दै गरेको सुनें। मानिस मेरो
छेउमा उभिरहेको थियो। ७मन्दिरमा एउटा आवाजले
मलाई भन्यो, “हे मानिसको छोरो! यो ठाँउ मेरो
सिंहासनको ठाउँ मेरो पैतालाको लागि हो, म यस
ठाँउमा इस्राएलका मानिसहरूसित सदा-सर्वदा रहनेछु।
इस्राएलका सन्तानले मेरो नाम फेरि नष्ट गर्ने छैनन्।
राजाहरू अनि तिनीहरूका मानिसहरूले व्यभिचार पापहरू
गरेर अथवा तिनीहरूको राजाहरूको मृत शरीरहरू यस
ठाउँमा गाड़ेर मेरो नामलाई बदनाम गर्नेछैन। ८तिनीहरूले
मेरो नाम आफ्नो सँघार मेरो सँघारसित बनाएर तथा
आफ्नो द्वारस्तम्भ मेरो द्वारस्तम्भसँग बनाएर लज्जित
पार्नेछैनन। बितेका दिनहरूमा एउटा भित्ताले मात्र मलाई
तिनीहरूबाट अलग गरेको थियो। यसकारण तिनीहरूले
जति-जति बेला पाप अनि ती डरलाग्दा कामहरू गरे
त्यस बेला मेरो नाम बदनाम गरे। यसकारण म क्रोधित
भएँ अनि तिनीहरूलाई नष्ट गरे। ९अब तिनीहरूलाई
व्यभिचार पापहरू टाढ़ो हटाउन देऊ अनि आफ्नो
राजाहरूको लाश मबाट टाढ़ा लानु देऊ। तब म
तिनीहरू बीच सदैव रहन्छु।

१०“अब हे मानिसको छोरो! इस्राएलका परिवारलाई
यस मन्दिरको विषयमा भन्। तब तिनीहरू आफ्नो
पापहरू प्रति लज्जित हुनेछन्। तिनीहरूले मन्दिरको
योजनाको बारेमा सिक्नेछन्।

११“यदि तिनीहरूले गरेको नराम्रो कर्महरूमा लज्जित
हुन्छन भने मन्दिरको ढाँचा विषयमा बुझाइदेऊ। त्यो
कसरी निमार्ण गरिन्छ यसको प्रवेशद्वारहरू कस्तो हुनेछ,
निस्कने द्वारहरू अनि सबै आकृतिहरू जो त्यसमा
हुनेछन् ती सबै तिनीहरूले सिकुन। तिनीहरूलाई यसको
सबै नमूनाहरू अनि विधिहरूको विषयमा सिकाऊ अनि
तिनीहरू लेखिदेऊ जसबाट ती सबै तिनीहरूले देख्न
सकुन्। त्यसपछि तिनीहरू मन्दिरको सबै नमूनाहरू अनि
सबै विधिहरू पालन गर्नेछन्। तब तिनीहरूले ती सबै
गर्न सक्छन्। १२मन्दिरको नियम यस्तो छः पर्वतको
टाकुराका सारा क्षेत्र अति पवित्र हुनेछ। यो मन्दिरको
नियम हो।

### वेदी

१३“वेदीको नाप हात भन्दा लामो नाप प्रयोग गरेर
यस प्रकरको छः वेदीको आधार वरिपरि त्यहाँ मैला
नाली थियो त्यो चारै तिर एक हात गहिरो अनि एक
हात चौड़ा थियो। यसको टाउकोमा चारैतिर एक बित्ता
अल्गो बीट थियो। यही प्रकारले वेदीको उचाईमा,
यस्तो थियो। १४तल्लो किनार सम्म जगको नाप दुइ
हात थियो। यो एक हात चौड़ा थियो। सानो किनारबाट
ठूलो किनार सम्म यसको नाप चार हात थियो। यो
एक हात चौड़ा थियो। १५वेदीमा आगोको स्थान चार
हात अग्लो थियो। वेदीको चारै किनार सीङ्गको आकारको
थियो। १६वेदीमा आगोको स्थान बाह्र हात लामो अनि
बाह्रा हात चौड़ाको थियो। यो पुरै वर्गाकार थियो।
१७किनार पनि वर्गाकार थियो, चौध हात लामो अनि
चौध हात चौड़ा। यसको किनार चारैपट्टि आधा हात
गहिरो थियो। वेदी सम्म जाने खुड़किला पूर्व दिशामा
थियो।”

१८त्यसपछि त्यो मानिसले मलाई भन्यो, “हे मानिसको
छोरो! परमप्रभु अनि मालिक यसो भन्नुहुन्छः ‘वेदीका
निम्ति यी नियमहरू छन। जुन दिन होमबलि दिइन्छ
यसमाथि रगत छर्किनु पर्नेछ। १९त्यस दिन तिमी
सादोकको परिवारको मानिसहरूलाई एउटा नयाँ बाछा
पापबलिको रुपमा दिनेछु। यो मानिस लेवी कुल
समूहको हो। तिनीहरू पूजाहारी हुनेछन्। तिनीहरूले
भेटी मानिसहरूकहाँ ल्याउँछन् अनि यस्तो प्रकारले मेरो
सेवा गर्छन।’” परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।
२०“तिमीले बाछाको अलिकति रगत लिनु अनि वेदीको
चारै सीङ्गहरूमा, किनारको चारै कुनामा अनि पट्टीको
चारैतिर लगाँऊ। यस्तो प्रकारले तिमीले वेदीलाई पवित्र
पार्छौ। २१तिमीले बाछालाई पापबलिको रुपमा लिनेछौ।
गोरु पवित्र क्षेत्र बाहिर, मन्दिरको विशेष स्थानमा
पालिनेछ।

२२“अर्को दिन तिमीहरूले एउटा निष्खोट बोको
बलिदान दिनेछौ। यो पापबलि हुनेछ। पूजाहारीले वेदीलाई
त्यस्तै प्रकारले शुद्ध पार्नेछ जस्तो प्रकारले उसले
बाछालाई शुद्ध पार्‍यो। २३जब तिमीहरूले वेदीलाई शुद्ध
पारी सकेको हुन्छौ तब तिमीहरूले एउटा निष्खोट बाछा
अनि एउटा निष्खोट भेड़ाको पाठो बलिदान चढ़ाउनु
आवश्यक्ता पर्छ। २४त्यसपछि पूजाहारीले त्यसमा रगत
छर्किनेछ। त्यसपछि पूजाहारीले बाछा अनि थुमा परमप्रभुलाई
होमबलिको रुपमा बलि चढ़ाउनेछ। २५तब एउटा बोका
प्रति दिन सात दिन सम्म पापबलिका निम्ति तयार पार।
तिमीले एउटा नयाँ बहर अनि एउटा भेड़ा तयार पार्नेछौ।
बहर र बाछी निष्खोट हुनुपर्छ। २६पूजाहारीहरूले

वेदीको प्रायश्चित सात दिन सम्म गरेर यसलाई शुद्ध पार्दै सेवाकोलागि तयार राख्नु पर्छ। २७यसको सँग-सँगै सात दिन वेदी तयार पार्ने अनि यसलाई परमेश्वरलाई समर्पित गर्ने, पुरा हुन्छ। आठौं दिन अनि यसको अघाड़ी पूजाहारीले तिमीहरूका होमबलि अनि मेलबलि वेदीमा चढ़ाउन सक्छ। त्यसपछि म स्वीकार गर्छु।" परमप्रभु मेरो मालिकले यसो भन्नभयो।

## बाहिरी मूल-ढोका

४४ त्यसपछि त्यस मानिसले मलाई फेरि पवित्र स्थानको बाहिरी मूल-ढोका जहाँ दलानको मुख पूर्वपट्टि थियो लिएर गयो। हामी मूल-ढोका-बाहिर थियौ अनि बाहिरी मूल-ढोका बन्द थियो। २परमप्रभुले मलाई भन्नुभयो, "यो मूल-ढोका बन्द हुन्छ। यो खोलिने छैन्। कोही पनि यसबाट प्रवेश गर्न सक्ने छैन। किन? किनकि इस्राएलको परमप्रभु यसबाट प्रवेश गरिसक्नु भएकोछ। यसकारण यो बन्द हुनुपर्छ। ३मानिसहरूको शासक परमप्रभुसित भोजन गर्नेछन् यो द्वारमा बस्नेछन्। तिनी मूल-ढोकामा दलानको द्वारबाट प्रवेश गर्छन अनि त्यही बाटोबाट बाहिर जान्छन।"

## मन्दिरको पवित्रता

४त्यसपछि त्यो मानिसले मलाई उत्तरी द्वारबाट मन्दिरको छेउमा ल्यायो। मैले परमप्रभुको महिमाले परमप्रभुको मन्दिर भरिँदै गरेको देखैं। मैले आफ्नो शिर पृथ्वीमा राख्दै प्रणाम गरे। ५परमप्रभुले मलाई भन्नुभयो, "हे मानिसको छोरो, धेरै सावधानीसित हेर। तिम्रो आँखा अनि कानको उपयोग गर। यी चीजहरू तिर हेर। म तिमीलाई मन्दिरको विषयमा सबै नियम र विधिहरू बताउँछु। सावधानी पूर्वक मन्दिरको प्रवेशद्वार अनि पवित्र स्थानबाट सबै निस्कनेद्वारहरू हेर। ६तब बागी इस्राएलका घरानालाई यो खबर देऊ उनीहरूलाई भन, परमप्रभु मेरो मालिक भन्नुहुन्छ, 'हे इस्राएलको घराना हो, मैले तिमीहरूले गरेका भयंकर कुराहरू आवश्यकता भन्दा ज्यादा सहें। ७तिमीहरूले विदेशीहरूलाई मेरो मन्दिरमा ल्यायौ, तिनीहरूको साँच्चै खतना भएको थिएन। तिनीहरू पूर्णरुपले मप्रति समर्पित थिएनन्। यस्तो प्रकारले तिनीहरूले मलाई अपवित्र पारेका थिए। तिमीले आफ्नो करार भङ्ग गर्‍यौ, भयंकर काम गर्‍यौ अनि त्यसपछि तिमीले मलाई रोटीको भेटी, बोसो अनि रगत चढ़ायौ। यसरी मेरो मन्दिरलाई अशुद्ध पार्‍यौ। ८तिमीले मेरा पवित्र चीजहरूको हेरचाह गरेनौ। अँहँ, तिमीहरूले विदेशीहरूलाई मेरो पवित्र स्थानको उत्तरदायी बनायौ।'"

९परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "एउटा विदेशी जसको खतना भएको छैन, मेरो मन्दिरमा आउँनु हुँदैन। ती विदेशीहरू पनि जो इस्राएलको परिवारहरू बीच स्थायी रूपले बसेका छन् तिनीहरूको पनि खतना अवश्य हुनुपर्छ अनि म प्रति पूर्ण समर्पित हुनुपर्छ, त्यस पश्चात उ मेरो मन्दिरमा आउनु पर्ने सक्छ। १०अतीतमा लेवीहरूले मलाई त्यस बेला छोड़िदिए जतिबेला इस्राएलीहरू मेरो विरुद्धमा गएका थिए। इस्राएलले मलाई आफ्नो मूर्तिहरू अनुसरण गर्नको लागि छोड़िदियो। लेवीहरू आफ्नो पापको निम्ति दण्डित हुनेछन्। ११लेवीहरू मेरो पवित्र स्थानको सेवा गर्नका निम्ति छानिएका थिए। तिनीहरूले मन्दिरको मूल-ढोकाको चौकीदारी गरे। तिनीहरूले मन्दिरको सेवा गरे। तिनीहरूले बलिहरू तथा होमबलिहरूको पशुहरू मानिसहरूका निम्ति मारे। तिनीहरू मानिसहरूको सहायता गर्न अनि तिनीहरूको सेवाका निम्ति छानिएका थिए। १२तर लेवीहरू मेरो विरुद्ध पाप गर्न मानिसहरूलाई सहायता गरे। तिनीहरूले मानिसहरूलाई आफ्नो मूर्तिहरू पूजा गर्न लगाए। यसकारण म तिनीहरू विरुद्ध प्रतिज्ञा गर्दैछु, 'तिनीहरू आफ्नो पापका निम्ति दण्डदायी हुनेछन्।'" परमप्रभु मेरा मालिकले यो कुराहरू गर्नुभयो।

१३"यसकारण लेवीहरूले बलिहरू मकहाँ पूजाहारीहरूले जस्तो ल्याउदैनन्। तिनीहरू मेरो कुनै पवित्र चीजसँग अथवा महापवित्र वस्तुको छेउमा जाँदैनन्। तिनीहरूले तिनीहरूको लाज बोक्नु पर्छ किनभने तिनीहरूले डरलाग्दा कामहरू गरेकाछन्। १४तर म तिनीहरूलाई मन्दिर हेरचाह गर्ने काम दिनेछु। तिनीहरूले मन्दिरको काम गर्नेछन् अनि ती सबै काम गर्नेछन् जुन यहाँ गरिन्छ।

१५"सबै पूजाहारीहरू लेवी कुल समूहका हुन्। तर जब इस्राएलका मानिसहरू मेरो विरुद्धमा फर्के त्यतिबेला केवल सादोक परिवारका पूजाहारीहरूले मात्र मेरो पवित्र ठाँउको हेरचाह गरे। यसकारण सादोकको परिवारले मलाई भेटी ल्याउने छ। तिनीहरू मेरो अघाड़ी उभिनेछन् अनि आफ्नो बलि चढ़ाएको पशुहरूको बोसो अनि रगत मलाई भेटी चढ़ाउनेछन्।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो। १६"तिनीहरू मेरो पवित्रस्थानमा प्रवेश गर्नेछन्। तिनीहरू मेरो टेबलको छेउमा मेरो सेवा गर्न आउँनेछन्। तिनीहरूले ती चीजहरूको हेरचाह गर्नेछन् जुन मैले तिनीहरूलाई दिएँ। १७जब तिनीहरू भित्री चोकको मूल-ढोकामा प्रवेश गर्नेछन् त्यतिबेला तिनीहरूले बहुमूल्य लुगा लगाउनेछन्। जब तिनीहरू चोकको मूल-ढोकाभित्र मन्दिरको सेवा गर्छन, त्यस बेला तिनीहरूले ऊनीको लुगा लगाउँछन्। १८तिनीहरूले टाउकोमा सूतीको फेटा लगाउनेछन् अनि कम्मरमा सूतीको भित्री लुगा लाउनुपर्छ। तिनीहरूले त्यस्तो लुगा लगाउँदैनन् जसबाट पसिना आउँछ। १९तिनीहरूले मेरो सेवा गर्दा लगाएको लुगा बाहिरी चोकमा मानिसहरूको छेउमा जानु भन्दा पहिला खोल्छन्। त्यसपछि तिनीहरूले त्यो लुगा पवित्र कोठाहरूमा राख्छन्। तब तिनीहरूले अर्को लुगा लगाउँछन्।

यस्तो प्रकारले तिनीहरूले मानिसहरूलाई त्यो पवित्र लुगा
छुन दिँदैनन्।
२०"ती पूजाहारीहरूले आफ्नो शिरको केश खौराउँनै
छैनन् न ता तिनीहरूले केश लामो हुन दिनेछन्।
पूजाहारीहरूले आफ्नो शिरको केश छोट्याउँनु मात्र
सक्छन्। २१कुनै पनि पूजाहारीले त्यस समय दाखरस
पिउन सक्नैछैनन् जति बेला तिनीहरू भित्री चोकमा
जान्छन्। २२पूजाहारीहरूले विधवा अथवा त्यागेकी स्त्रीसँग
विवाह गर्न हुँदैन। तिनीहरूले इस्राएलको वंशका
कन्याहरूसँग विवाह गर्न पर्छ, अथवा त्यस्तो विधवासँग
विवाह गर्न सक्छन् जसको पति पूजाहारी थियो।
२३"पूजाहारीहरूले मेरा मानिसहरूलाई पवित्र चीजहरू
अनि अपवित्र चीजहरूको अन्तरको विषय शिक्षा दिनु
पर्छ। तिनीहरूले मेरा मानिसहरूलाई जुन शुद्ध अनि
अशुद्ध छन, त्यसको जानकारी दिनुमा सहायता दिन्छन्।
२४पूजाहारीहरू न्यायलायमा न्यायाधीश हुन्छन्। तिनीहरूले
मानिसहरूसँग न्याय गर्दा मेरो नियमहरू अनुसरण गर्छन।
तिनीहरू मेरो विशेष व्यवस्थाको समयमा मेरो नियम
विधि-विधानहरू पालन गर्नेछन्। तिनीहरूले मेरो विशेष
विश्रामको दिनको सम्मान गर्नेछन् अनि त्यसलाई पवित्र
राख्नेछन्। २५तिनीहरू मानिसहरूको लाशहरूको छेउमा
जानु हुदैन किनभने यसले तिनीहरूलाई अशुद्ध बनाउँछ।
तर ती त्यस बेला आफूलाई अपवित्र गर्न सक्छन् यदि
मर्ने मानिस बाबु-आमा, छोरा-छोरी, दाजू-भाइ अथवा
अविवाहित दिदी-बहिनी हुन्छन। २६शुद्ध गरिए पछि
पूजाहारीहरूले सात दिन सम्म प्रतिक्षा गर्नुपर्छ। २७त्यसपछि
यो पवित्र स्थानमा आउँन सक्छन्। तर जुन दिन त्यो
भित्री चोकको पवित्र स्थानमा सेवा गर्नु जान्छन् उसले
पापबलि आफ्नो निम्ति चढ़ाउनु पर्छ।" परमप्रभु मेरो
मालिकले यसो भन्नुभयो।
२८"लेवीहरूको आफ्नो जमीनको विषयमा: तिनीहरूको
पैतृक सम्पत्ति म नै हुँ। इस्राएलमा लेवीका परिवारलाई
कुनै पनि सम्पत्ति दिनुहुँदैन। म नै तिनीहरूको अधिकारी
हुनेछु। २९तिनीहरूले अन्नबलि, पापबलि र दोषबलि
खानका निम्ति पाउनेछन्। जे जति इस्राएलका मानिसहरूले
परमप्रभुलाई दिन्छ्न, त्यो तिनीहरूको हुनेछ। ३०प्रत्येक
तयारी फसलको प्रथम भाग पूजाहारीहरूका निम्ति
हुनेछ। तिमीले आफ्नो मुछेको पिठोको प्रथम भाग पनि
पूजाहारीहरूलाई दिनु। यसले तिमीहरूको घरानामा आशीर्वाद
बर्षाउने छ। ३१पूजाहारीहरूले त्यो पंक्षी अथवा पशुहरूलाई
खानु हुँदैन जसको स्वभाविक मृत्यु भएकोछ अथवा
जंङ्गली पशुहरूद्वारा टुक्रा-टुक्रा पारिएको हो।

## पवित्र कामको उपयोगमा जमीन भागबन्डा

४५ "जब तिमीहरू पैतृक सम्पत्तिकोलागि जमीन
भाग गर्छौ, त्यस समय जमीनको एक टुक्रा
छुटाऊ: त्यो परमप्रभुको पवित्र हिस्सा हुनेछ। त्यो जमीन
२५,००० हात लामो, अनि १०,००० हात चौड़ाको
होस्। त्यो जमीन पवित्र हुनेछ। २पाँच सय हात
वर्गाकार क्षेत्र मन्दिरको निम्ति हुन्छ। मन्दिरको चारैतिर
पचास हात चौड़ाको एउटा खुला क्षेत्र हुनेछ। ३त्यस
अति पवित्र स्थानमा तिमीले २५,००० हात* लामो
अनि १०,००० हात* चौड़ा नाप्नेछौ। मन्दिर यस
क्षेत्रमा हुन्छ। मन्दिरको क्षेत्र महापवित्र स्थान हुनेछ।
४"यो पवित्र भागको भूमि मन्दिरको सेवक
पूजाहारीहरूको लागि हुन्छ जहाँ तिनीहरू परमेश्वरको
सामुने सेवा गर्न आउँछन्। त्यो जमीन पूजाहारीहरूको
घर अनि मन्दिरको लागि हुन्छ। ५दोस्रो क्षेत्र २५,०००
हात लामो अनि दश हात १०,००० चौड़ा ती
लेवीहरूका निम्ति हुन्छ जो मन्दिरमा सेवा गर्छन्। यो
जमीन पनि लेवीहरूको बस्ने शहरको निम्ति हुनेछ।
६"तिमीले शहरलाई ५,००० हात चौड़ा अनि
२५,००० हात लामो क्षेत्र दिनु। यो पवित्र क्षेत्रको
सहारा हुन्छ। यो इस्राएलको पुरै परिवारको निम्ति
हुन्छ। ७पवित्र स्थानको दुवै छेउको एक हिस्सा अनि
शहरको दुवैतिरबाट शासकले जमीन लिनेछ। यो पवित्र
क्षेत्र अनि शहरको क्षेत्रको बीचमा हुन्छ। यो त्यही
चौड़ाईको हुन्छ जुन चौड़ाई परिवार समूहरको भूमिको
हुन्छ। यो लगातार पश्चिम सीमानाबाट पूर्वी सीमाना
सम्म जानेछ। ८यो भूमि इस्राएलको शासकको सम्पत्ति
हुन्छ। यस्तो प्रकारले शासकले मेरो मानिसहरूको भावी
जीवन कष्टमय बनाउन आवश्यक पर्दैन। तर त्यो भूमि
इस्राएलीहरूको निम्ति तिनीहरूको परिवार समूहलाई
दिइन्छ।" ९परमप्रभु मेरा मालिकले यसो भन्नुहुन्छ,
"इस्राएलको शासकहरू धेरै भए। निर्दयी हुनु, मानिसहरूबाट
समान चोर्न छोड़। राम्रो बन अनि असल काम गर।
हाम्रो मानिसहरूलाई घरदेखि बाहिर अनिच्छामा जान
विवश नपार।" परमप्रभु मेरा मालिकले भन्नुभयो।
१०"मानिसहरूलाई ठग्नु बन्द गर। सही बाटो अनि
नापहरूको उपयोग गर। ११एपा (सूखा चीजहरूको
नाप) अनि बाथ (द्रवको नाप) एकै समान हुनु पर्छ।
एक बाथ अनि एपा दुवै होमरको दशांश भाग बराबर
हुनुपर्छ। त्यो नाप होमरमा आधारित हुन्छ। १२एक
शेकेल बीस गेराको बराबर हुनुपर्छ। एक मीना साठी
शेकेलको बराबर हुनुपर्छ। यो बीस शेकेल जम्मा,
पच्चीस शेकेल जम्मा पन्ध्र शेकेल बराबर हुनुपर्छ।
१३"यो विशेष भेट हो, जुन तिमीहरूले दिनु पर्छ:
एपाको छैटौं भाग गहुँको हरेक होमर छ: बुशल
गँहु लागि एपाको छैटौं भाग जौको हरेक होमर
१४बाथको दशौं भाग भद्राक्षेको तेल हरेक कोर
भद्राक्षेको तेलको लागि लेऊ। याद राख एक होमर

---

**२५,००० हात** करीब एघार किलोमीटर!

**१०,००० हात** करीब पाँच किलोमीटर!

बराबर दश बाथ हुन्छ अनि एक कोर बराबर दश बाथ
हुन्छ!
१५दुइसय भेड़ाहरूबाट एउटा भेड़ा इस्राएलको असल
पानी लगाएको खर्कबाट ल्याऊ। यो भेड़ा अन्नबलि,
"होमबलि अनि मेलबलि मानिसहरूलाई प्रायश्चित गर्नको
निम्ति प्रयोग गरिन्छ।" परमप्रभु मेरा मालिक यसो
भन्नुहुन्छ।
१६"देशको हरेक मानिसले इस्राएलको शासकका
निम्ति यो भेटी दिन्छ। १७तर शासकले विशेष पवित्र
दिनमा आवश्यक चीज दिनुपर्छ। शासकलाई होमबलि,
अन्नबलि अनि अर्घबलिको व्यवस्था उत्सवको दिन
औंसीहरूको चाड़हरू, शबाथहरूका निम्ति अनि
इस्राएलको परिवारको सबै विशेष उत्सवका निम्ति
गर्नुपर्छ। शासकले सबै पापबलि, अन्नबालि, होमबलि,
मेलबलि त्यसले इस्राएलको परिवारलाई पवित्र पार्नको
निम्ति उपयोग गरिन्छ।"
१८परमप्रभु मेरो मालिकले यी कुराहरू भन्नुभयो,
"पहिलो महीनाको पहिलो दिनमा तिमीहरूले एउटा
निष्खोट बहर लिनुपर्छ। तिमीले यो बहर उपयोग
मन्दिरलाई शुद्ध पार्नको निम्ति गर्नु पर्छ। १९पूजाहारीले
पाप बलिबाट केही रगत लिन्छ, यसलाई मन्दिरको
द्वार-स्तम्भ, वेदीको चारै कुनाको किनार अनि भित्री
चोकको मूल-ढोकाको स्तम्भमा लगाउँछ। २०तिमीले
यही काम महीनाको सातौं दिनमा त्यो मानिसको निम्ति
गर्नेछौ जसले अन्जानमा अथवा नजानी पाप गरेकोछ।
यस्तो प्रकार तिमीले मन्दिरको निम्ति प्रायश्चित गर्नेछौ।

## निस्तार-चाड़को उत्सवको समयमा भेटी

२१"पहिलो महीनाको चौधौं दिनमा तिमीहरूले निस्तार
चाड़ अवश्यै मनाउनु पर्छ। आखमिरी रोटीको उत्सव
त्यस समयमा आरम्भ हुन्छ। त्यो उत्सव सात दिन सम्म
लगातार चलिरहनेछ। २२त्यस समय शासकले एउटा
गोरु आफ्नोलागि तथा इस्राएलको मानिसहरूको निम्ति
भेटी दिन्छ। गोरु पापबलिको निम्ति हुन्छ। २३उत्सवको
सात दिनको अवधिमा शासकले निष्खोट सातवटा गोरु,
सातवटा भेड़ाबलि चढ़ाउँछ। यो परमप्रभुको निम्ति
होमबलि हुन्छ। शासकले उत्सवको सात दिन प्रत्येक
दिन एउटा बोका भेटी पापबलिको निम्ति चढ़ाउनु पर्छ।
२४शासकले प्रत्येक एउटा गोरुसँग अनि प्रत्येक एउटा
भेड़ासित एक एपा अन्न भेटी चढ़ाउनु पर्छ। शासकहरूले
एक हीन* तेल हर एपा अन्नको लागि दिनुपर्छ।
२५शासकले यही कार्य झुप्रो-वासको चाड़ सात दिन
सम्म गर्नुपर्छ। यो उत्सव सातौ महीनाको पन्ध्रौं दिनमा
आरम्भ हुन्छ। यसमा पापबलि, होमबलि, अन्नबलिहरू
अनि तेल बलि हुनेछ।"

## शासक अनि उत्सवहरू

४६ परमप्रभु मेरो मालिकले यसो भन्नुहुन्छ,
"भित्री चोकको पूर्वी मूल-ढोका कामको छ:
दिन सम्म बन्द हुन्छ। तर यो शबाथको दिन र
औंसीको दिन खोलिनेछ। २शासक मूल-ढोकाको प्रवेश
कक्षबाट भित्र आउँछ अनि त्यस स्तम्भको छेउमा
उभिनु पर्छ। तब पूजाहारीहरूले शासकको होमबलि
अनि मेलबलि चढ़ाउँछन्। शासकले मूल-ढोकाको सँघारमा
आराधना गर्नुपर्छ। त्यसपछि उ बाहिर जानेछ। तर
मूल-ढोका साँझ सम्म बन्द हुँदैन। ३देशका मानिसहरू
पनि परमप्रभुको सम्मुख जहाँ मूल-ढोका शबाथको दिन
अनि औंसीको दिन खोलिन्छ, त्यहीँ आराधना गर्छन।
४"शासकले शबाथ दिन होमबलि चढ़ाउनु पर्छ।
उसले निष्खोट छ:वटा थुमा अनि निष्खोट एउटा भेड़ा
दिनुपर्छ। ५उसले एक एपा अन्नबलि भेड़ासँग दिनु
पर्छ। शासकले त्यति नै अन्नबलि भेड़ासँग दिन्छ, जति
उसले दिन चाहन्छ। उसले एक हीन भद्राक्षको तेल
हरेक एपा अन्नसित दिनुपर्छ।
६"औंसीको दिन उसले जवान निष्खोट एउटा गोरु
भेटीका निम्ति दिनुपर्छ। उसले निष्खोट छ:वटा थुमा
अनि एउटा भेड़ा, जसमा कुनै खोट छैन् भेटी दिन्छ।
७शासकले गोरुसँग एक एपा अन्नबलि अनि साँढ़े
भेड़ासँग उसले जति धेरै अन्नबलि दिन चाहन्छ दिन
सक्छ शासकले प्रत्येक एपा अन्नको निम्ति एक हीन
भद्रक्षाको तेल दिनुपर्छ।
८शासक पूर्वी मूल-ढोकाको दलानबाट मन्दिरको
क्षेत्रमा आउनुपर्छ अनि उसले जति धेर अन्नबलि दिनु
चाहन्छ उ त्यही बाटो जानुपर्छ।
९"जब साधारण मानिसहरू परमप्रभुको अघि विशेष
उत्सवमा आउँछन्, त्यस बेला जुन मानिस पूजा गर्न
उत्तर मूल-ढोकाबाट प्रवेश गर्छ, उ दक्षिण मूल-ढोकाबाट
जान्छ। जुन मानिस दक्षिण मूल-ढोकाबाट प्रवेश गर्छ,
ऊ उत्तर मूल-ढोकाबाट जान्छ। कोही पनि त्यही
बाटोबाट फर्कदैन्। प्रत्येक सिधै बाहिर जानु पर्छ।
१०जब मानिसहरू भित्र जान्छन् शासक पनि भित्र
जान्छ। जति बेला तिनीहरू बाहिर आउँछन तब शासक
पनि बाहिर आउँछ। ११उत्सवहरू अनि विशेष बैठकको
अवसरमा एक एपा अन्नबलि प्रत्येक जवान गोरुसँग
चढ़ाउनु पर्छ। एक एपा अन्नबलि प्रत्येक भेड़ासँग
चढ़ाउनु पर्छ। थुमाहरूसित अन्नबलि निम्ति जस्तै शासकले
जति सक्दो दिनुपर्छ। उसले एक हीन तेल प्रत्येक
अन्नबलिको लागि दिनुपर्छ।
१२"जब शासकले परमप्रभुलाई स्वेच्छा भेटी, होमबलि,
मेलबलि, अथवा स्वेच्छा भेटी चढ़ायो भने उसको

**एक हीन** द्रवको नाप, करीब चार लीटर थियो। (पाँच पाथी)

निम्ति पूर्ववको मूल-ढोका खुल्नेछ। तब उसले उसको
होमबलि अनि मेलबलि शबाथको दिनमा* जस्तै चढ़ाउँछ।
उ गए पछि मूल-ढोका बन्द हुन्छ।

## प्रत्येक दिनको भेटीहरू

१३"तिमीले एक वर्षको दोष रहित एउटा थुमा
दिनुपर्छ। यो प्रतिदिन परमप्रभुलाई होमबलि हुन्छ।
प्रत्येक बिहान तिमीले यो दिनु पर्छ। १४तिमीले प्रत्येक
बिहान भेड़ासँग अन्नबलि पनि चढ़ाउनु पर्छ। तिमीले
एपाको छैटौं भाग पिठो अनि हीनको एक तिहाइ भाग
तेल त्यो पिठोलाई राम्रो गरी भिजाउँनको लागि दिनुपर्छ।
यो परमप्रभुको अन्नबलि हुनेछ। १५यस्तो प्रकारले
उसले सदैव थुमा अन्नबलिसित तेल, होम बलिका
निम्ति प्रत्येक बिहान दिइरहनु पर्छ।"

## शासकका निम्ति उत्तराधिकारीको नियमहरू

१६परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "यदि शासकले
आफ्नो जमीनको कुनै भाग आफ्नो छोरालाई भेटीको
रुपमा दिन्छ भने त्यो उसको हुनेछ। यो उसको सम्पत्ति
हो। १७तर यदि कोही शासक आफ्नो जमीनको कुनै
भाग आफ्नो दासलाई भेटीको रुपमा दिन्छ भने त्यो
भेटी उ स्वतन्त्र हुने तिथि सम्म उसको हुन्छ। दास
स्वतन्त्र भए पछि भेटी शासकलाई फिर्ता जान्छ। केवल
राजाको छोराहरूले मात्र उसको जमीन भेटीको रुपमा
आफूसँग राख्न सक्छ। १८अनि शासकले मानिसहरूको
जमीनको कुनै पनि भाग लिंदैन अनि तिनीहरूलाई
जमीन छोड़न बाध्य पनि गर्दैन। उसले आफ्नो जमीनको
केही भाग आफ्नो छोराहरूलाई दिनु पर्छ। यस्तो
प्रकारले हाम्रो मानिस आफ्नो जमीनबाट वंचित हुनुको
लागि विवश गरिने छैनन।"

## विशेष भान्सा-घर

१९त्यो मानिसले मलाई द्वारबाट मूल-ढोकाको छेउमा
लिएर गयो। उसले मलाई पूजहारीहरूको उत्तरको पवित्र
कोठा तिर लिएर गयो। मैले त्यहाँ पश्चिम पट्टि धेरै
टाढ़ो एउटा स्थान देखें। २०त्यस मानिसले मलाई
भन्यो, "यही त्यो ठाँउ हो जहाँ पूजाहारीहरूले दोषबलि
अनि पापबलि पकाउँछन्। किन? जसबाट तिनीहरूलाई
ती भेटीहरू बाहिर चोकमा लिएर जाने आवश्यकता
पर्दैनन्। यस्तो प्रकारले तिनीहरूले ती पवित्र चीजहरू
बाहिर ल्याउँदैनन्, जहाँ साधारण मानिसहरू हुन्छन्।"
२१त्यसपछि त्यो मानिसले मलाई बाहिर चोकमा
ल्यायो। उसले मलाई चोकको चारै कुनामा लिएर गयो।
चोकको प्रत्येक कुनामा एउटा सानो चोक थियो।
२२चोकको कुनामा सानो चोक थियो। प्रत्येक सानो
चोक चालीस हात लामो अनि तीस हात चौड़ाको
थियो। चारै कुनाको नाप बराबर थियो। २३भित्र यी
सानो चोकको चारैतिर ईटाँको भित्ता थियो। प्रत्येक
चोकहरूमा खाना पकाउने ठाँउहरू बनिएको थिए।
२४त्यस मानिसले मलाई भन्यो, "यिनीहरू भान्सा-घरहरू
हुन, जहाँ मन्दिरको सेवा गर्नेहरूले मानिसहरूका निम्ति
बलि पकाउँछन्।"

## मन्दिरबाट पानी बगिरहेकोछ

४७ त्यो मानिसले मन्दिरको द्वारमा मलाई फेरि
लिएर गयो। मैले मन्दिरको पूर्वी सँघारको
मुन्तिरबाट पानी आउँदै गरेको देखें। पानी मन्दिरको
दक्षिण सीमाको मुन्तिरबाट वेदीको दक्षिणबाट बगिरहेको
थियो। २त्यो मानिसले मलाई उत्तर मूल-ढोकाबाट बाहिर
ल्यायो अनि बाहिरी मूल-ढोकाको पूर्वको चारैतिर लिएर
गयो। मूल-ढोकाको दक्षिण पट्टि पानी बगिरहेको बढ्यो।
३त्यो मानिस पूर्वपट्टि हातमा नाप्ने डोरी लिएर बढ्यो।
उसले १,००० हात नाप्यो। तब उसले मलाई त्यस
ठाँउबाट पानीमा हिड़ेर जान लगायो। त्यहाँ मैले तरेको
पानी मेरो गोली गाँठा सम्म थियो। ४उसले अझ
१,००० हात नाप्यो। तब त्यस ठाँउमा मलाई पानीमा
हिड़नु ल्यायो। त्यहाँ पानी घुड़ा घुड़ा जति गहिरो थियो।
तब उसले अझ १,००० हात नाप्यो। अनि मलाई
पानीमा हिड़नु लगायो। त्यहाँ पानी कम्बर कम्बर गहिरो
थियो। ५त्यस मानिसले अझ १,००० हात नाप्यो।
तर त्यहाँ पानी तर्न नसकिने गहिरो थियो। पानी त्यहाँ
खोलामा परिणत भएको थियो। त्यहाँ पौड़ी खेल्नलाई
प्रशस्त पानी थियो। खोला यति गहिरो थियो कि
त्यहाँबाट तर्न सकिदैन्थ्यो। ६तब त्यस मानिसले मलाई
भन्यो, "हे मानिसको छोरो! के तिमीले जुन चीजहरू
देख्यौ त्यसप्रति ध्यान दियौ?"
तब त्यो मानिसले मलाई खोलाको किनारमा फर्काई
ल्यायो। ७म खोलाको किनारतिर फर्किने बित्तैकै मैले
खोलाको दुवै तिर धेरै रूखहरू देखें। ८त्यस मानिसले
मसँग भन्यो, "यो पानी पूर्वको अराबा बेंसीतर्फ तल
बग्दैछ पानी खारा समुद्र सम्म पुग्छ। त्यो समुद्रमा पानी
स्वच्छ अनि ताजा हुन्छ। ९यो पानीमा धेरै माछाहरू छन्
अनि यो पानी जहाँ जान्छ त्यहाँ धेरै पशुहरू बास
गर्छन्। १०तिमी जालहारीहरूलाई लगातार एन-गदीबाट
एन-एग्लैम सम्म उभिएको देख्न सक्छौ। तिमी तिनीहरूले
आफ्नो माछाको जाल फ्याँकेको देख्नसक्छौ अनि कति
प्रकारको माछाहरू समातेको देख्नसक्छौ। खारा समुद्रमा
त्यतिनै प्रकारको माछाहरू छन्, जति प्रकारको महा
समुद्रमा छन्। ११तर दलदल अनि खाल्डाको प्रवेश
क्षेत्र सानो बनाउँनु सकिन्दैन्। त्यो नुनको लागि छोड़िन्छ।
१२हरेक प्रकारको फलदार वृक्षहरू नदीको दुवै किनारमा

**शबाथ दिन** शनिवार यहूदियाहरूको निम्ति एउटा विशेष विश्राम अनि आराधना को दिन।

उम्रिन्छन्। यसको पातहरू कहिल्यै सुक्दैन पनि मर्दैनन
पनि। यी वृक्षहरूमा फल लाग्न कहिल्यै पनि छोड्दैन्।
वृक्षले प्रत्येक महिनामा फल दिन्छ। किन? किनकि
रूखहरूको लागि पानी मन्दिरबाट आउँछ। त्यो रूखको
फलहरू भोजन बनिन्छ अनि त्यसको पातहरू औषधी
बनिन्छ।"

## परिवार समूहको निम्ति जमीहको भागवण्डा

१३परमप्रभु मेरा मालिक यसो भन्नुहुन्छ, "यो सीमाना
इस्राएलको बाह्र कुल समूहको जमीन बाँड्नका निम्ति
हों। यूसुफले दुइ भाग पाउनेछ। १४तिमीले जमीन
बराबर बाँड्नेछौ। मैले यो जमीन तिमीहरूका पिता-
पुर्खाहरूलाई दिने प्रतिज्ञा दिएको थिएँ। यसकारण म यो
जमीन तिमीलाई दिंदैछु।
१५"यहाँ जमीनको सीमाना यस प्रकार छ। उत्तरपट्टि
यो सीमाना महा-सागरबाट हेतलोन भएर जान्छ जहाँ
बाटो हमात अनि सदादा सम्म, १६बेरोतह, सिब्रैम (जुन
दमिश्क अनि हमातका सीमानाको बीचमा छ) अनि
हासेर-हात्तीकन जुन हौरानको सीमानामा छ, त्यतापट्टि
फर्केको छ। १७यसकारण सीमाना समुद्रबाट हसर-एनान
सम्म जान्छ जुन दमिश्क अनि हमातको उत्तरी सीमानामा
छ। यो उत्तर पट्टि पर्छ।
१८"पूर्वपट्टिको सीमाना हसर-एनान हौरान अनि
दमिश्कको बीच सम्म जान्छ अनि यर्दन नदीको
किनारमा गिलाद अनि इस्राएलको जमीनको बीचमा पूर्वी
समुद्र सम्म सोझै, तामार सम्म जान्छ। यो पूर्वको
सीमाना हो।
१९"दक्षिण पट्टिको सीमाना तामारबाट लगातार मेरीबा
कादेशको नखलि स्थान सम्म जान्छ। त्यसपछि यो
मिश्रको खोलाको सहायताले महा सागर सम्मै जान्छ।
यो दक्षिणको सीमाना हो।
२०"पश्चिम पट्टि, भूमध्य सागर सोझै लेबो-हमानको
छेउको क्षेत्र सम्म सीमाना बनिन्छ। यो तिम्रो पश्चिमी
सीमाना हुन्छ।
२१"यस्तो प्रकारले यो भूमि तिमीले इस्राएलमा कुल
समूहमा बाँड। २२तिमी यो आफ्नो सम्पत्ति अनि
आफूसँग बस्ने विदेशीहरूको सम्पत्तिको रुपमा, जसको
नानीहरू तिमीहरूसँग बस्छन् तिनीहरूलाई बाँड। तिनीहरू
विदेशी निवासी हुनेछन्, इस्राएलीहरूमा स्वभाविक जन्मे
जस्तै हुनेछन्। तिमीले केही जमीन इस्राएलको कुल
समूहबाट तिनीहरूलाई दिनेछौ। २३त्यो कुल समूह
जोसँग तिनीहरू बस्छन्, तिनीहरूलाई केही जमीन
दिइनेछ।" परमप्रभु मेरो मालिकले यसो भन्नुभयो।

## इस्राएलको परिवार समूहहरूको निम्ति भूमि

४८ १-७"उत्तरी सीमाना पूर्वमा हेतलोनबाट महा-
सागरबाट हमात छाड्रेर अनि तब हसर-एनान
सम्म लगातार जान्छ। यो दशिमक अनि हमातको
सीमानाहरूको बीचमा छ। कुल समूहमा यो समूहको
जमीन यी सीमानाहरूको पूर्वबाट पश्चिम सम्म जान्छन्।
उत्तरबाट दक्षिण, यो क्षेत्रको कुल समूह हुन, दान,
आशेर, नप्ताली, मनश्शे, एप्रैम, रुबेन र यहूदा।

## भूमिको विशेष भाग

८"भूमिको अर्को क्षेत्र विशेष उपयोगका निम्ति
हुनेछ। यो भूमि यहूदाको भूमिको दक्षिणमा छ। यो क्षेत्र
२५,००० हात उत्तरबाट दक्षिण सम्म लामो छ अनि
पूर्वबाट पश्चिम सम्म यो त्यति नै चौड़ा हुन्छ जति अरु
कुल समूहको हुन्छ। मन्दिरको भूमि यो विभागको
बीचमा हुन्छ। ९तिमीले यो भूमि परमप्रभुलाई समर्पन
गर्नुपर्छ। यो २५,००० हात लामो अनि २०,०००
हात चौड़ा हुनेछ। १०भूमिको यो विशेष क्षेत्र पूजाहारीहरू
अनि लेवीहरूमा बाँड़िनेछ।
"पूजाहारीले यस क्षेत्रबाट एक भाग पाउँछन। यो
भूमि उत्तरपट्टि २५,००० हात लामो, पश्चिम पट्टि
१०,००० हात चौड़ा, पूर्व पट्टि १०,००० हात चौड़ा
अनि दक्षिण पट्टि २५,००० हात लामो हुन्छ। भूमिको
यस क्षेत्रको बीचमा परमप्रभुको मन्दिर हुन्छ। ११यो
भूमि सादोक परिवारको निम्ति हुनेछ। यी मानिसहरू
मेरो पवित्र पूजाहारीको लागि छानिएका थिए। किन?
किनभने तिनीहरूले त्यति बेला पनि मेरो सेवा जारी
राखे, जति बेला इस्राएलका अरु मानिसहरूले मलाई
छोड़िसकेका थिए। सादोकको परिवारले मलाई लेवी
कुल समूहको अरु मानिसहरूले जस्तै छोड़ेनन्। १२यो
भूमिको विशेष भू-भागको विशेष भाग अत्यन्तै पवित्र
हुनेछ विशेष रूपले यी पूजाहारीहरूको हुनेछ। यो
लेवीहरूको सन्तानको भूमिको अर्के हो।
१३"पूजाहारीहरूको निम्ति छेउमा लेवीहरूले जमीनको
भाग पाउनेछन्। यो २५,००० हात लामो, १०,०००
हात चौड़ा हुनेछ। यो भूमिको पुरा लम्बाई अनि चौड़ाई
क्रमशः २५,००० हात लामो अनि १०,००० हात
चौड़ा हुनेछ। १४लेवीहरूले यो भूमिको कुनै पनि भाग
नता बेच्नेछन न व्यापार गर्नेछन्। तिनीहरूले यो भूमिको
कुनै पनि भाग बेच्ने अधिकार राख्नेछैनन्। तिनीहरूले
देशको यस भागलाई टुक्रा गर्न सक्तैनन्। किन?
किनभने यो भूमि परमप्रभुको हो। यो अति विशेष हो।
यो भूमिको सर्वोत्तम भाग हो।

## शहर सम्पत्तिको लागि भाग

१५"भूमिको एक क्षेत्र ५,००० हात चौड़ा अनि
२५,००० हात लामो हुनेछ, जुन पूजाहारीहरू अनि
लेवीहरूलाई दिइएको भूमिबाट अतिरिक्त हुन्छ। यो भूमि
शहरका पशुहरूको चर्ने ठाँउ अनि घर बनाउँनको लागि
हुन्छ। साधरण मानिसहरूले यसको उपयोग गर्न सक्छन्।

शहर यसको बीचमा हुन्छ। १६शहरको नाप यस प्रकार
छः उत्तर पट्टि यो ४,५०० हात हुन्छ। पूर्व पट्टि
४,५०० हात हुन्छ। दक्षिण पट्टि यो ४,५०० हात
हुन्छ। पश्चिम पट्टि यो ४,५०० हात हुन्छ। १७शहर
घाँसै-घाँसको चउर हुनेछ। यो चउर २५० हात उत्तर
पट्टि, २५० हात दक्षिण पट्टि हुन्छ। २५० हात पूर्व
पट्टि अनि २५० हात पश्चिम पट्टि हुन्छ। १८पवित्र
क्षेत्रको किनारमा जुन लमाई रहन्छ, त्यो १०,०००
हात पूर्वमा अनि १०,००० हात पश्चिममा हुन्छ। यो
भूमि पवित्र क्षेत्रको छेउमा हुन्छ। यो भूमिमा शहरको
मजदूरहरूको लागि अन्न उमारिन्छ। १९शहरका
मजदूरहरूले यसमा खेती गर्नेछन्। मजदूरहरू इस्राएलका
सबै कुल समूहबाट हुनेछन्।

२०"यो जमीनको विशेष क्षेत्र वर्गाकार हुनेछ। यो
२५,००० हात लामो अनि २५,००० हात चौड़ा
हुनेछ। खासगरी यो पवित्र भाग अनि शहरको लागि
छुट्टाइएको भाग हुनेछ।

२१-२२"यो विशेष भूमिको एक भाग देशको शासकको
लागि हुन्छ। यो विशेष भूमिको क्षेत्र वर्गाकार हुनेछ।
यो २५,००० हात लामो अनि २५,००० हात चौड़ा
छ। यसको एक भाग पूजाहारीहरूको लागि, एक भाग
लेवीहरूको लागि अनि एक भाग मन्दिरको लागि
हुनेछ। मन्दिर यो भूमि क्षेत्रको बीचमा छ। शेष भूमि
शासकको हुनेछ। शासकले बिन्यामीन अनि यहूदाको
भूमिको बीचको भूमि पाउँछ।

२३-२७"विशेष क्षेत्रको दक्षिणमा त्यस कुल समूहको
भूमि हुन्छ जुन यर्दन नदीको पूर्वमा बस्छन्। प्रत्येक
कुल समूहले त्यस भूमिको एक हिस्सा पाउँछ, जुन
पूर्वी सीमानाबाट महा सागर सम्म गएको छ। उत्तरबाट
दक्षिण सम्म यो परिवार समूह होः बिन्यामीन, शिमोन,
इस्साकार, जबूलून अनि गाद।

२८"गादको भूमि दक्षिणी सीमाना तामारबाट मरीबोत-
कादेशको नखलिस्तान सम्म जान्छ। तब मिश्रको खोला
महा सागर सम्म पुग्छ। २९अनि यो त्यो भूमि हो जुन
तिमीहरूले इस्राएलको कुल समूहमा बाँड़नेछौ। त्यो
प्रत्येक इस्राएलका कुल समूहले पाउनेछन्।" परमप्रभु
मेरा मालिकले यस्तो भन्नुभयो।

## शहरको मूल-ढोका

३०"यो शहरको मूल-ढोका हो। मूल-ढोकाको नाम
इस्राएलको कुल समूहको नाममा हुन्छ।

"उत्तरपट्टि नगर ४,५०० हात लामो हुन्छ। ३१त्यसमा
तीनवटा मूल-ढोकाहरू रहन्छन। रुबेनको मूल-ढोका,
यहूदाको मूल-ढोका अनि लेवीको मूल-ढोका।

३२"पूर्व पट्टिको शहर ४,५०० हात लामो हुन्छ।
त्यसमा तीनवटा मूल-ढोका हुन्छन्: यूसुफको मूल-ढोका,
बिन्यामीनको मूल-ढोका अनि दानको मूल-ढोका।

३३"दक्षिण पट्टि ४,५०० हात लामो हुन्छ। त्यसमा
तीनवटा मूल-ढोका हुन्छन्: शिमोनको मूल-ढोका,
इस्साकारको मूल-ढोका अनि जबूलूनको मूल-ढोका।

३४"पश्चिमको मूल-ढोका ४,५०० हात लामो
हुन्छ। यसमा तीनवटा मूल-ढोका हुन्छन्: गादको मूल-
ढोका, आशेरको मूल-ढोका अनि नप्तालीको मूल-ढोका।

३५"चारैतिर वरीपरि शहरको घेराको नाप १८,०००
हात हुनेछ। अब देखि शहरको नाम हुनेछः परमप्रभु
त्यहाँ हुनुहुन्छ।"

# यर्मियाको विलाप

### सियोनको उजाड़ र दुःख

१ हाय! यरूशलेम मानिसहरूको भीड़ले भरिएको
शहर थियो। तर अहिले यो शहर नित्तान्त शुन्य
भएको छ। यरूशलेम एक समयमा संसारको प्रख्यात
शहरहरूमध्ये एक थियो, तर अहिले यो एउटी शोकाकुल
विधवा जस्तो भएको छ। यो शहर एक समयमा
संसारका शहरहरूको बीचमा एउटी राजकुमारी जस्ती
थिई। तर अहिले यो नोकर जस्तो भएको छ।
२त्यो रातभरी साह्रै दुःख मानी रुन्छे। उसको
गालामा आसुँको धारा बगिरहन्छ। उसलाई सान्त्वना
दिने अहिले कोही पनि छैन यद्यपी एक समयमा
विभिन्न जातिका मानिसहरू यसका साथीहरू हुने गर्थे।
उसका सारा मित्रहरूले उसपट्टि पिठ्युँ फर्काए। तिनीहरू
अहिले उसको शत्रुहरू भएका छन्।
३यहूदा अति नै पीड़ीत भए अनि यहूदलाई कैद
बनाइयो। यहूदा अन्य जातिहरू माझमा बस्थे। तर
उनले कतै शान्ति पाएनन्। मानिसहरू जसले उनलाई
खेदे अनि समाते तिनीहरूले उसलाई सागुरो खाड़लमा
समाते।
४सियोन जाने बाटो एकदम उदास छ। तिनीहरू
दुःखी छन् किनभने विदाको समयमा त्यहाँ कोही पनि
आँउदैनन। सियोनका सारा प्रवेशद्वारहरू भत्काईए।
सियोनका सारा पूजाहारीहरू सुस्केरा मार्छन् सियोनका
तरुनी केटीहरूलाई उठाएर लगियो। अनि यी सबै
कुराहरूले सियोनप्रति आघात पर्छ।
५यरूशलेमका शत्रुहरू विजय भएका छन्। उनीहरू
सफल भएका छन्। यरूशलेमले थुप्रै पापहरू गरेकाले
परमप्रभुले दण्ड दिनुभएको छ। उसका नानीहरू शत्रुहरूद्वारा
पक्रेर टाढ़ा लगिए।
६छोरी, सियोनको सुन्दरता लोप भएको छ। यसका
राजकुमारीहरू चर्ने मैदान नपाएको मृगहरू जस्तै थिए।
दुर्बल भएर तिनीहरू खेद्नेहरूका अघि-अघि भागे।
७यरूशलेमले आफ्नो घर गुमाएको अनि चोट
पाएको, अतीतमा उसित राम्रा राम्रा चीचहरू भएको,
सम्झान्छे। उसका मानिसहरूलाई शत्रुहरूले बन्दी बनाएको
र आफूलाई मद्दत गर्ने कोही नभएको अवस्था सम्झन्छे।
जब उसलाई आफ्नो शत्रुहरूले देखे तिनीहरू हाँसे
किनभने ऊ ध्वंश भएकी थिई।
८यरूशलेमले धेरै पापहरू गरेकी थिई। अनि त्यसैले
गर्दा ऊ ध्वंश भएकी छे। यो देखेर मानिसहरूले मुन्टो
फर्काउँछन्। विगतका दिनहरूमा ती मानिसहरूले उसलाई
माया गर्थे। तर अहिले उनीहरू उसलाई घृणा गर्छन्।
उनीहरूले घृणा गर्छन् किनभने तिनीहरूले दुर्व्यवहार
गरेकाछन् यरूशलेम रोइरहेकी छे र मुख फर्काउँछे।
९यरूशलेमको वस्त्रहरू कलंकित भएकाछन।
भविष्यमा हुन सक्ने कुरोलाई उसले सोचिन। उसको
दुर्दिनलाई यसको पतन भयङ्कर भयो। उसलाई सान्त्वना
दिने कोही मानिस त्यहाँ भएनन्। ऊ भन्छे, "परमप्रभु,
हेर्नुहोस् म कति दुःखित छु। हेर्नुहोस मेरा शत्रुहरू
कसरी आफूलाई महान सोचि रहेकाछन्।"
१०शत्रुहरूले आफ्ना हात फैलाएका छन्। तिनीहरूले
उसका सबै बहुमूल्य चीजहरू लगेका छन्। हे परमप्रभु!
विदेशी जातिहरू उसको मन्दिरभित्र पसेको देखी तपाईंले
भन्नुभएको थियो कि ती मानिसहरू हामीहरूसंग मिसिनु
हुँदैन्।
११यरूशलेमका सारा मानिसहरू विलाप गरिरहेकाछन्।
उसका सबै मानिसहरू भोजन खोज्दैछन्। तिनीहरूले
आफ्नो सारा सुन्दर चीजहरू खाने कुराहरूसित साट्दैछन्।
तिनीहरूले यसो गर्दैछन् ताकि तिनीहरू बाँच्न सकुन्।
यरूशलेम भन्छे, "हेर्नुहोस्, परमप्रभु मलाई हेर्नुहोस्। म
तुच्छ ठानिन्छु।
१२यताबाट भएर जाने सबै मानिसहरू, तिमीहरू
पर्वाह गर्दैनौ। तर म प्रति हेर्नुहोस् के मेरो जस्तो पीड़ा
कसैको छ? जुन मलाई आई पर्‍यो? के त्यहाँ मेरो
जस्तै पीड़ा परमप्रभुले अरू कसैलाई दिनु भएको छ र?
उहाँले मलाई क्रोधको समयमा दण्ड दिनु भएको हो।
१३परमप्रभुले माथिबाट आगो पठाउनु भयो। त्यो
आगो मेरो हड्डीहरू भित्र पस्यो। उहाँले मेरो खुट्टातिर
जाल फिजाउनु भयो। उहाँले मलाई फर्काउनु भयो र
मलाई बाँझो भूमि तुल्य बनाउँनु भुयो। म दिनभरि
शिथिल भएँ।
१४"मेरा पापहरू जुवाजस्तै बाँधिएका छन्। ती
पापहरू परमप्रभुकै हातद्वारा बाँधिएका छन्। परमप्रभुको
जुवा मेरो गर्दनमाथि छ। परमप्रभुले मलाई कमजोर
बनाउनु भएको छ। जुन मानिसहरूको विरुद्ध म उठ्न
सक्तिन परमप्रभुले मलाई नै ती मानिसहरू कहाँ
सुम्पिनुभएको छ।
१५"शहरमा भएका मेरा बलिया सिपाहीहरूलाई
परमप्रभुले रद्द गर्नु भएको थियो। अनि परमप्रभुले मेरो
विरोधमा मानिसहरूको एक समूह पठाउनु भयो। उहाँले

ती मानिसहरू मेरा जवान सिपाहीहरूलाई मार्न पठाउनुभयो। कोलमा परमप्रभुले यहूदाकी छोरीलाई दाख पेले झै पेल्नुभयो।

१६"म यी सारा घटनाहरूको शोक मनाइ रहेको छु। मेरो आखाँहरूबाट आँसुको धारा बग्छन्। तर त्यहाँ मलाई सान्त्वना दिन मेरो नजीक कोही छैन। मलाई सान्त्वना दिन सक्ने त्यहाँ कोहि छैन्। मेरा नानीहरू बाँझो भूमि जस्तै छन्। तिनीहरू यस्ता भए किनभने तिनीहरूका शत्रुले तिनीहरूलाई जिते।"

१७सियोनले आफ्ना हातहरू फैलाई। त्यहाँ उसलाई सान्त्वना दिन कोही पनि आएनन्। परमप्रभुले याकूबका शत्रुहरूलाई आदेश दिनुभएको थियो। परमप्रभुले शहर वरिपरि तिनीहरूलाई घेर्ने आदेश दिनु भएको थियो। यरूशलेम उसका ती शत्रुहरू माझ केही मात्रामा कलंकित भई।

१८अब यरूशलेमले भन्छे, "मैले परमप्रभुको आदेश उल्लंघन गरेँ। यसर्थ परमप्रभुलाई ती कुराहरू गर्ने अधिकार छ। यसकारण तिमीहरू सबैले सुने। हेर मेरा पीड़ाहरू। मेरा सबै तरूणी र तन्देरीहरूलाई कैदी बनाइयो।

१९मैले आफ्ना प्रेमीहरूलाई बोलाएँ। तर तिनीहरूले मलाई धोका दिए। मेरा पूजाहारीहरू र मेरा ज्ञानी मानिसहरू यही शहरमा मरे। तिनीहरू खानाको खोजीमा थिए। तिनीहरूले आफूलाई जिउँदो राख्न चाहन्थे।

२०"हे परमप्रभु मलाई हेर्नुहोस्! म दु:खमा परेकोछु! मेरो प्राण अस्वस्थ छ। मेरो हृदय अस्वस्थ छ किनभने म विद्रोही भएको छुँ। मेरा नानीहरू सड़कमा तरवारले काटिएर मारिए। घर भित्र मृत्युशोक व्याप्त छ।

२१"मेरो कुरा सुन, किनभने म पीड़ाले रूदै छु। मलाई सान्त्वना दिने कोही पनि छैनन। सबै शत्रुहरूले मेरो दुर्बलताहरूको बारेमा थाहा पाइसकेकाछन। तिनीहरू सुखी छन्। किनभने तपाईंले मलाई यस्तो गर्नु भयो। तिनीहरू सुखी छन् तपाईंले भन्नुभयो कि मेरा शत्रुहरूलाई तपाईंले दण्ड दिनुहुनेछ। अब तपाईंले जे भन्नुभएको थियो त्यो गर्नुहोस्। अब त्यही गर्नुहोस्। मेरा शत्रुहरू पनि अहिले मेरो जुन अवस्था छन त्यही अवस्थामा होउन्।

२२"मेरा शत्रुहरू कति दुष्ट छन, हेर्नुहोस, तपाईंले उनीहरूसित त्यस्तो व्यवहार गर्न सक्नु हुनेछ, मैले जस्तो पाप गरेको थिए मसित त्यस्तो व्यवहार गर्नु भएको थियो। यस्तौ गर्नु होस् किनभने मेरो हृदय निर्बल छ। म व्यथमा कराइरहेकीछु, व्यथमा बारम्बार कराइरहेकीछु।"

## परमप्रभुद्वारा यरूशालेमको विनाश

२ हाय! कसरी परमप्रभुले सीयोनकी छोरीलाई बादलले ढाक्नु भएको छ, उहाँले कसरी इस्राएलको गौरवलाई, आकाशदेखि भूँईमा खसाल्नु भएकोछ! परमप्रभुले, जब आफ्नो रिस देखाउनु भयो उहाँले इस्राएलमा राखिएको पाउदानलाई* पर्वाह गर्नु भएन।

२परमप्रभुले याकूबको घर भत्काउनु भयो। उहाँले बड़ो निर्दयतापूर्वक यसो गर्नु भयो। रिस उठेको बेला उहाँले यहूदाकी छोरीको किल्ला पनि ध्वंस पार्नु भयो। परमप्रभुले यहूदाको राज्य र यसका शासकलाई धूलोमा मिलाउनु भयो।

३परमप्रभु रिसाउनु भयो यसर्थ उहाँले इस्राएलको सम्पूर्ण शक्ति ध्वंश पार्नुभयो। उहाँले इस्राएलको सैनिक सामर्थलाई लानु भयो। वहाँले त्यसो गर्नु भयो। जतिबेला शत्रुहरू प्रवेश गरेका थिए। उहाँले याकूबलाई आगोको ज्वाला झै जलाई दिनुभयो। उनी चारै तिर बल्ने आगो जस्तै भए।

४परमप्रभुले आफ्ना शत्रुहरूले झै आफ्नो धमुमा ताँदो चढ़ाउनुभयो। उहाँले दाहिने हातले काँड़ तयार पार्नुभयो। उहाँले यहूदाका सबै राम्रा मानिसहरूलाई मार्नु भयो। परमप्रभुले उनको आफ्नो शत्रुलाई झै हत्या गर्नुभयो। परमप्रभुले आफ्नो रिस सियोनको पालमाथि खनाउनु भयो।

५परमप्रभु शत्रु जस्तै हुनु भएकोछ। उहाँले इस्राइलका सबै राजमहलहरू र सबै किल्लाहरू निल्नु भएकोछ। उहाँले यहूदाको छोरीलाई, यस्तो दु:खी र मृत्युमा रुने बनाउनु भयो।

६परमप्रभुले आफ्नो पाल यसरी उखाल्नु भयो, मानौ त्यो एउटा बगैंचा हो। जुन ठाँउमा मानिसहरू भेला भएर उहाँको पूजा गर्थे, उहाँले त्यस ठाँउलाई ध्वंस पार्नु भएको छ। उनीहरू कुनै विशेष पवित्र दिन सियोनमा विशेष सम्मेलन गर्थे। परमप्रभुले मानिसहरूलाई भुल्न लगाउनु भयो। परमप्रभुले राजा र पूजाहारीलाई त्याग्नु भयो। किनभने उहाँ रिसाउनु भएको थियो र त्याग्नु भएको हो।

७परमप्रभुले आफ्नो वेदी त्याग गर्नु भयो, उहाँले आफ्नो उपासनाको पवित्र स्थान पनि त्याग्नु भयो। उहाँले शत्रुलाई यरूशलेम राजप्रसादहरूका पर्खाल पनि ढाल्न लगाउनु भयो। परमप्रभुको भवनमा शत्रुहरू आनन्दले चित्कार गर्न लागे। उनीहरूको चित्कारले छुट्टीको जस्तो परिवेश बनिएको थियो।

८परमप्रभुले सियोनकी छोरीको पर्खाललाई ध्वंश गर्ने योजना गर्नुभयो। त्यसकारण उहाँले ती पर्खालहरू ध्वंश गर्नु पर्ने ठाउँमा चिन्ह लगाउन गजले नाप्नु भयो। त्यस पछि तिनीहरू सबै भत्के।

९यरूशलेमका सबै फाटकहरू भूइँमा भासिए। यहाँले फाटकका सबै डण्डहरू टुक्याई धुलो पार्नुभयो। उहाँका

---

**पाउदान** यो मन्दिरमा राखिएको करारको सन्दूक हो जहाँ परमेश्वर करूब स्वर्गदूतमाथि राजा झै विराजमान हुनुहुन्थ्यो।

राजा र राजकुमारहरू अरु कुनै राष्यमा छन्। उनीहरूलाई अब शिक्षा दिइने छैन। र यरूशलेमका अगमवक्ताहरूले पनि परमप्रभुबाट कुनै दर्शन पाएनन्।

१०सियोनका सुबै बूढ़ा-प्रधानहरू भूइँमा बसिरहेका छन्। उनीहरू भूइँमा चुपचाप बसिरहेका छन्। उनीहरूले आफ्नो टाउकोमा धूलो हाले अनि बोराको लुगा लगाएका छन्। यरूशलेमका तरुणीहरू दु:खले टाउको भूइँमा झुकाएकाछन्।

११मेरो आँखा रोएर राता भएका छन् र फुलेका छन्। मेरो हृदय दु:खीरहेकोछ। मेरो हृदय भूइँमा खनिए झैं अनुभव गर्छु। मेरा मानिसहरू नष्ट भएकाले मलाई यस्तो अनुभव भएको हो। नानीहरू र दूधे शिशुहरू मूर्छा पर्देछन्। उनीहरू शहरका गल्लीहरूमा मूर्छा पर्देछन्।

१२जब आफ्ना आमाहरूका काखमा नानीहरूको प्राण शिथिल हुँदै जान्छ तिनीहरू आफ्ना आमालाई सोधछ्न्, "रोटी र दूध कहाँ छन्?"

१३सियोनको छोरी तिमीहरूलाई म कोसित तुलना गरूँ? हे सियोनकी कन्या-छोरी तिमीलाई म कोसित तुलना गरु? म तिमीहरूलाई कसरी सुख शान्ति दिनुसक्छु। तिमीहरूको विनाश समुद्र झै विशाल छ। तिमीहरूलाई कसले जाती पार्न सक्छ?

१४तेरा अगमवक्ताहरूले तेरो लागि केहि देखेका थिए। तर उनीहरूको दर्शनहरू झूटो थियो। सुधारका निम्ति तिनीहरूले तेरो दोष देखाएनन। तिनीहरूले तेरो विषयमा प्रचार गरे तर तिनीहरूले तँलाई शुद्ध मूर्ख बनाए।

१५त्यो बाटो हिड्ने कुनै पनि मानिसले, अचम्मले थप्पडी मार्छन। तिनीहरूले यरूशलेमका छोरीलाई सिटी बजाउछन् र टाउको हल्लाउँछन्। उनीहरूले सोध्छन, "के जुन शहरलाई मानिसहरूले 'परम सुन्दर शहर' र 'सारा पृथ्वीको आनन्द भन्ने गर्थे, यही शहर हो?'"

१६तेरा सबै शत्रुहरू तलाई खिसि गर्छन। तिनीहरू सिटी बजाउँछन् र दाह्रा किटदैन् भन्छन्, "हामी पूर्णरूपले ध्वंश भएका छौं। साँच्चै, आज त्यही दिन हो जुन दिनको आशा हामीले गरेका थियौ। अन्तमा हामीले आज त्यही देखिरहेका छौं जो हामीले सोचेका थियौं।"

१७परमप्रभुले त्यही काम गर्नुभयो जो उहाँले परिकल्पना गर्नुभएको थियो। उहाँले त्यही काम गर्नुभयो जो उहाँले हामीहरूलाई गर्छु भन्नु भएको थियो। वहाँले त्यहि गर्नु भयो जो धेरै समय वहाँले गर्नु चाहानुहुन्थ्यो। उहाँले कुनै दया नदेखिाईकन ध्वंश गर्नु भयो। तिम्रो यो अवस्था देखेर तिम्रो शत्रुहरू अत्यन्तै खुशी भए। उहाँले तिम्रो शत्रुहरूलाई अत्यन्तै बलियो बनाउनुभयो।

१८परमप्रभुको सामुने अन्तर हृदयबाट क्रन्दन गर। हे सियोनकी छोरी तेरो पर्खालहरू आँसुको खोला जस्तै बग्न दे। रात-दिन तेरो आँसु बग्न दे। तेरो आँखालाई नरोक शान्त हुन नदे!

१९उठ! राती रोऊ! रातको प्रत्येक पहरको शुरुमा रोऊ। हृदयलाई परमप्रभुको समीप पोखाऊ। परमप्रभुसँग प्रार्थनाको लागि हात उचाल। आफ्ना नानीहरूको जीवनका निम्ति प्रार्थना गर। भोकले बेहोस भएका नानीहरूलाई जीवनदान दिने प्रार्थना गर। उनीहरू शहरका बाटो-घाटोमा खाना बिनानै बेहोस हुँदैछन्।

२०हे परमप्रभु! मलाई हेर्नु होस, हेर्नुहोस, म को हुँ, जसलाई तपाईंले यस्तो व्यवहार गर्नु हुँदैछ? म तपाईंलाई एउटा प्रश्न गर्न चाहन्छु: के आफूले जन्माएको शिशुलाई नै स्त्रीले खानु? के तिनीहरूले हुर्काएको नानीहरूलाई नै खानु? के पूजाहारी र अगमवक्ताहरूलाई परमप्रभुको मन्दिरमा मार्नै पर्छ?

२१गल्लीहरूमा जवानहरू र बूढ़ा मानिसको लाशहरू लड़िरहेकाछन्। तरुणी अनि तन्देरीहरू तरवारले बराबरी काटिए। परमप्रभु जब तपाईं रिसाउनु भयो तब तिनीहरूलाई मार्नु भयो। कुनै दया नदेखाइकन तपाईले तिनीहरूको नष्ट गर्नु भयो।

२२ तपाईंले चारैतिरबाट मकहाँ आतङ्कलाई निम्ताउनु भयो। तपाईंले आतङ्कलाई कुनै पर्वका दिन जस्तै गरेर निम्ताउनु भयो। कुनै त्यक्ति पनि परमप्रभुको क्रोधबाट बाच्न सकेन जसलाई हुर्काइ बढ़ाई गरेकी थिएँ मेरा शत्रुहरूले तिनीहरूलाई मारे।

## वेदनाको अर्थ

३ म एक मानिस छु जसले पीड़ाको अनुभव गरेको छ। परमप्रभुले हामीलाई एउटा लाठ्ठीले कुट्नु भयो। अनि जे भयो मैले त्यो देखें।

२परमप्रभुले मलाई डोर्याउनु भयो र ज्योति नभएको कालो अँध्यारोमा ल्याउनु भयो।

३परमप्रभुको हात मेरो विरुद्ध उठ्यो, उहाँले दिन भरि घरी-घरी यस्तै गर्नु भयो।

४उहाँले मेरो मासु र छाला तान्नु भयो। उहाँले मेरा हड्डीहरू भाँचि दिनुभयो।

५परमप्रभुले मलाई घेर्नु भयो अनि सबै तिरबाट आक्रमण गर्नु भयो। उहाँले मेरो वरीपरी समस्या र तिक्तता ल्याउनु भयो।

६धेरै समय देखि मृत रहेको मानिस झै उहाँले मलाई अँध्यारोमा बस्न बाध्या पार्नुभयो।

७परमप्रभुले मलाई बन्द गरेर राख्नु भयो, म उम्कन सकिन। उहाँले मलाई गह्रुङ्ग साङ्लाले बाँध्नुभएको थियो।

८मैले विलाप गर्दै गुहार मागें तर परमप्रभुले मेरो प्रार्थना सुन्नु नै भएन।

९उहाँले मेरो बाटो ढुङ्गाको पर्खाल बनाएर छेकिदिनु भयो। उहाँले मेरो मार्ग ध्वंश गर्नु भयो।

१०परमप्रभुले एउटा भालू सरह मलाई आक्रमण गर्न तयार हुनुहुन्थ्यो। उहाँ एक लुकि बस्ने सिंह जस्तै हुनुहुन्थ्यो।

११परमप्रभुले मेरो बाटो नै ढाकि दिनु भयो। उहाँले मलाई टुक्रा-टुक्रा पार्नु भयो। उहाँले मलाई उजाड ठाउँ जस्तो बनाउनु भयो।

१२उहाँले आफ्नो धनु तयार पार्नु भयो। उहाँले आफ्नो काँड़ले मलाई ताँदो बनाउनुभयो।

१३उहाँले मलाई भुड़ीमा हिर्काउनु भयो। उहाँले मलाई काँड़ले हिर्काउनु भयो।

१४म सारा मानिसहरूको समक्ष हाँसोको पात्र बनेको छु। सारा दिन तिनीहरूले मेरो खिल्ली उड़ाउँदै गीतहरू गाइरहे।

१५परमप्रभुले मलाई दण्ड-स्वरूप विष पिउन दिनुभयो। उहाँले कपको वीटसम्म भर्नु भयो र तितो चिराईतो मिलाएर त्यो सबै पिउन लगाउनुभयो।

१६परमप्रभुले मेरो दाँतहरू ढुङ्गमा ठेलेर भोंचिदिनु भयो उहाँले मलाई दलदलमा धकेली दिनुभयो।

१७मैले सोचें अब फेरि मैले कहिल्यै शान्ति पाउने छैन्। मसंग भएका सबै राम्रा कुराहरू मैले भूलें।

१८मैले आफैलाई भनें, "परमप्रभुबाट सहयोग पाउँनै आशा अब म गर्दिन्।"

१९परमप्रभु मलाई सम्फनु होस् म अति उदास छु। अनि मेरो घर छैन। त्यो तीतो विष सम्फनु होस् जुन तपाईंले मलाई दिनु भएको थियो।

२०म राम्रो प्रकारले मेरा कष्टहरू सम्फन्छु र अति उदास छु।

२१तर त्यसपछि अन्य केही कुरा सोचें,। तब ममा आशा जाग्यो। मैले के सोचें भन्दा:

२२परमप्रभुको महान प्रेम र कृपादृष्टि कहिल्यै समाप्त हुँदैन। उहाँको संवेदना कहिल्यै समाप्त हुँदैन।

२३हरेक बिहान उहाँले यसलाई नयाँ रूपमा देखाउनु हुन्छ। परमप्रभु, तपाईं अत्यन्त सत्य र विश्वासयोग्य हुनुहुन्छ।

२४म आफैलाई भन्छु, "परमप्रभु नै मेरो परमेश्वर हुनुहुन्छ अनि म उहाँमाथि विश्वास गर्दछु।"

२५परमप्रभु ती मानिसहरूका लागि असल हुनुहुन्छ जसले प्रतीक्षा गर्दछ। परमप्रभु ती मानिसहरूका लागि असल हुनुहुन्छ जसले उहाँलाई खोज्दछ।

२६ती मानिसहरूको लागि राम्रो हो। परमप्रभुले चुपचाप रक्षागर्न प्रतिक्षा गर्नु हुन्छ!

२७मानव जातिको लागि बाल्य अवस्था देखि परमप्रभुको जुवा बोक्नु असल कुरा हो।

२८जब परमप्रभुले उसलाई जुवा लगाई दिनु हुन्छ। त्यो मानिस एक्लो र चुपचाप बस्नु पर्छ।

२९त्यो मानिसले परमप्रभुको अगाड़ि आफ्नो अनुहार जमीन तिर निहुराएर घोप्टीनुपर्छ। हुनसक्छ, त्यहाँ अफ्र आशा होला।

३०त्यो मानिसलाई कसैले हिर्काउँदा अर्को गाला पनि फर्काउनु पर्छ। मानिसहरूलाई अपमान गर्न दिनुपर्छ।

३१त्यो मानिसले त्यो कुरा याद गर्नु पर्छ कि परमप्रभुले मानिसहरूलाई सदा रद्द गर्नु हुन्न।

३२जब परमप्रभुले दण्ड दिनुहुन्छ, उहाँसँग दया पनि हुन्छ। उहाँसँग दया छ किनभने उहाँको महान प्रेम र करूणा अपार छ

३३परमप्रभु मानिसहरूलाई दण्ड दिन चाहनुहुन्न। उहाँ मानिसहरूलाई दु:खी बनाउन चाहनुहुन्न।

३४परमप्रभु यी कुराहरू मनपारउनु हुन्न। उहाँले पृथ्वीका सारा कैदीहरूलाई आफ्नो खुट्टाले कुल्चन चाहनुहुन्न।

३५उहाँले सर्वोच्च परमेश्वर सम्मुख सामु मानिसहरूले मानिसहरूलाई अन्याय गरेको चाहनुहुन्न।

३६मानिसलाई धोका दिएको मनपराउनु हुन्न। यस्तो कुराहरू परमप्रभुले पटक्कै मनपराउनु हुन्न।

३७परमप्रभुले आज्ञा नगरुञ्जेलसम्म कसैले पनि एस्तो घटना होस् भनेर भन्न सक्तैन।

३८सर्वोचय परमप्रभुले नै असल र खराब दुवै घटनाहरू गराउन सक्नु हुन्छ।

३९जब परमप्रभुले उसको पापहरूको लागि दण्ड दिनु हुन्छ। कुनै जीउँदो मानिसले विरोध गर्न सक्तैन

४०जाँचौं र हेरौं हामीले के के गर्‍यौं। त्यसपछि परमप्रभु तर्फ फर्कौं।

४१हामी हाम्रा हृदय र हातहरू स्वर्गका परमप्रभुको तर्फ उठाओ, अनि

४२उहाँलाई भनौं, "हामीले पाप गर्‍यौ र बागी भयौं त्यसैकारण तपाईंले हामीलाई क्षमा दिनु भएन।"

४३तपाईंले स्वयंलाई क्रोधले ढाक्नु अनि हामीलाई खेद्नु भयो। तपाईंले हामीलाई निष्ठुरी प्रकारले मार्नु भयो।

४४तपाईंले स्वयंलाई बादलले ढाक्नु भयो त्यसकारण कुनै पनि उपासकहरू तपाईंकहाँ पुग्न सकेनन्।

४५तपाईंले हामीलाई अन्य जातिहरू प्रति मैला कसिङ्गार र फोहरी बनाउनु भयो।

४६हाम्रा सारा शत्रुहरू हामीसँग क्रोधित भएर बोले।

४७हामी अत्यन्तै त्रसीत भयौं र हाम्रो विनाश भयो।"

४८मेरा आँखाहरूबाट आँसुका धारा बगे। मेरो मानिसहरूको सर्वनाश देखेर म रोएँ।

४९मेरा आँखाबाट विनाविश्राम निरन्तर आँसु बगिरहे।

५०परमप्रभु म लगातार रुने छु, जबसम्म माथिबाट तपाईंले हामीलाई हेर्नुहुन्न। म लगातार रुने छु जबसम्म तपाईंले स्वर्गबाट हामीलाई हेर्नुहुन्न।

५१मेरा सबै शहरहरू रोएको देखेर मेरो आँखाहरूले मलाई दु:खी तुल्यायो।

५२हामीलाई घृणा गर्ने कुनै कारणै नभाएकाहरूले हामीलाई मात्र चरालाई भैं खेदाए।
५३म जीउँदोलाई तिनीहरूले खाड़लमा फ्याँकी दिए। तिनीहरूले ममाथि ढुंङ्गाहरू वर्षाए।
५४मेरो टाउको सम्म पानी आई पुग्यो। मैले आफैलाई भनें, "म खत्तम भएँ।"
५५हे परमप्रभु, मैले तपाईंको नाउँ डाकें। मैले खाड़लको पीदबाट तपाईंलाई पुकारें।
५६तपाईंले मेरो आवाज सुन्नुभयो। कान नथुन्नु होस् र मलाई उद्धार गर्नुहोस् अनि मलाई बचाउनु होस्।"
५७मैले सहायताका निम्ति गुहारेकै दिन तपाईं आउनुभयो। तपाईंले मलाई भन्नुभयो, "नडराऊ।"
५८परमप्रभु, तपाईंले मेरो प्रतिरक्षा गर्नुभयो। तपाईंले मेरो जीवन पुनः फर्काई दिनु भयो।
५९हे परमप्रभु, तपाईंले मेरो कष्ट देख्नु भएको छ। अब मेरो न्याय गरीदिनु होस्।
६०मेरो विरुद्धमा तिनीहरूले बनाएको सबै प्रतिशोधका योजनाहरू तपाईले देख्नु भयो।
६१हे परमप्रभु तिनीहरूले मेरो अपमान गरेको सुन्नु भयो। मेरो विरुद्धमा दुष्ट योजनाहरू गरेको तपाईंले देख्नु भयो।
६२मेरा शत्रुहरूका शब्द र विचारहरू सारा समय मेरो विरुद्धछन्।
६३जब तिनीहरू उठ बस गर्छन। हेर्नुहोस् तब मेरो खिल्ली उड़ाउदैछन।
६४हे परमप्रभु! तिनीहरूले गरेको कर्म अनुसार तिनीहरूलाई दण्ड दिनुहोस्। तिनीहरूले जे गरे त्यसको लागि दण्ड भोगाउनुहोस्।
६५तिनीहरू माथि आफ्नो श्राप स्वरूप कठोर हृदय दिनुहोस्।
६६तिनीहरूलाई क्रोधमा खेद्नु होस्। तिनीहरूको सर्वनाश गर्नुहोस हे परमप्रभु आकाश मुनी देखि तिनीहरूलाई सर्वनाश गर्नुहोस।

### यरूशलेममाथि भिषण आक्रमण

४ हेर सुन कसरी फिका भयो। हेर असली सुन कसरी बद्लियो। त्यहाँ चारैतिर छरिएका हीरामोतीहरू छन्। तिनीहरू प्रत्येक गल्छेड़ाहरूमा छरिएका छन्।
२सियोनका मानिसहरू बहुमूल्य रत्नहरू जस्तै थिए। तिनीहरूलाई सुनभैं कदर गरिन्थ्यो। तर अहिले तिनीहरूका शत्रुहरूले तिनीहरूलाई कुमालेले बनाएका माटोका पुराना भाँड़ाहरू जस्तै ठानिरहेका छन्।
३स्यालहरूले पनि आफ्नो छाउराहरूलाई दूध चुसाएर हुर्काउँछन्, तर मेरा मानिसकी छोरी निष्ठुरी छन्। उनी मरुभूमिमा हुने शतुमुर्ग जस्तै छन।
४दूध खाने शिशुको जिब्रो तिर्खाले तालुमा टाँसिन्छ। नानीहरूले रोटी मागिरहेका छन्, तर तिनीहरूलाई कसैले पनि दिइरहेका छैनन्।
५ती मानिसहरू जो स्वादिष्ट खाना खान्थे, गल्लीमा भोकले मरिरहेकाछन्। ती मानिसहरू जो राता लुगाहरू पहिरिएर हुर्के तिनीहरूले घुरान-पेटीबाट मैलाहरू टिप्दैछन्।
६मेरा मानिसका छोरीहरूको पाप सदोम र गोमोरको भन्दा ठूलो छ। सदोम र गोमोर सजिलै सर्वनाश भए। त्यो मानिसको हातबाट सर्वनाश भएको होइन् ।
७यहूदका कतिपय मानिसहरूले विषेश प्रकारले परमप्रभुलाई समर्पण गरे। ती मानिसहरू अति पवित्र थिए। तिनीहरू हिँउभन्दा पनि सफा र दूध भन्दा पनि सेतो थिए। तिनीहरूका शरीर मुँगा भन्दा पनि राता थिए। तिनीहरूका दाह्री नीलमणि ढुंङ्गा जस्तै थिए।
८अहिले तिनीहरूको अनुहारहरू लालटिनको मोसोभन्दा काला छन्। तिनीहरूलाई गल्लीहरूमा पार भएर जाँदा कसैले पनि चिन्दैन। तिनीहरूका छाला हड्डीसंग टाँसिएर चाउरी परेका छन। तिनीहरूका छाला काठभैं खस्त्रा छन।
९जो भोकले मर्नेहरू भन्दा तरवारले काटिएर मर्नेहरू भाग्यवान हुन्। खानको कमीले मर्नेहरू भन्दा चोटबाट रगत बगेर मर्नेहरू अझ भाग्यवान हुन्।
१०एक समयमा माया गर्ने आइमाईहरूले आफ्ना नानीहरूका लागि खाना पकाउँथे। पछिबाट ती नानीहरू नै तिनीहरूका आमाहरूका एकमात्र आहार बने। यी सबै कुराहरू भए जब मेरो मानिसहरूलाई नष्ट पारिएको थियो।
११परमप्रभुले आफ्ना सारा क्रोध प्रकट गर्नुभयो र उहाँले आफ्नो क्रोध पोखाउनु भयो। उहाँले सियोनमा आगो लगाउनु भयो। आगोले सियोन्को जगहरू घराशायी गरिदियो।
१२यरूशलेमका फाटकहरूबाट शत्रुहरू प्रवेश गर्ने छन् भन्ने कसैले विश्वास गर्न सक्दैन् थे।
१३यी सबै कुराहरू यरूशलेमका अगमवक्ताहरू र पूजाहारीहरूको पापको कारणले गर्दा अनि त्यहाँका निर्दोष जनतलाई जसले मारे ती मानिसहरूको कारणले गर्दा, भएका थियो।
१४अगमवक्ताहरू र पूजाहारीहरू अन्धा मानिस सरह गल्लीहरूमा हिंड्दथे। तिनीहरू रगतले लत्पत् भएका थिए। एका अर्कामा लुगा छुन पनि घिनाउँथे।
१५तिनीहरू चिच्याए, "भाग! भाग! हामीलाई नछोऊ!" तिनीहरू भन्छन्, "तिनीहरू बेगारी भई घुम्नु पर्छ। उनीहरू यहाँ रहन सक्दैनन्।"
१६परमप्रभु स्वयंले ती मानिसहरूलाई नष्ट गर्नुभयो उहाँले तिनीहरूको हेरचाह गर्नुभएन। उहाँले पूजाहारीहरूको आदर गर्नुभएन् यहूदका बूढ़ा-प्रधानहरूसँग उहाँको मैत्रीभाव थिएन्।

१७सहायताको निम्ति हेर्दा हेर्दा हाम्रो आँखाहरू टट्टाए। तर कतैबाट सहायता आएन। हामीले स्वयंलाई बचाउँन कुनै एक जातिलाई हेर्‍यौं। तर कुनै जाति पनि आएन।

१८हाम्रा शत्रुहरूले सारा समय हामीलाई घात पारीरहे। हामी गल्लीमा सम्म निस्कन सकेनौं। हाम्रो अन्त्य नजीक आई सक्यो। हाम्रो समय पूरा भैसक्यौ। हाम्रो अन्त्य आई सक्यो।

१९ती मानिसहरू जसले हामीलाई खेदे तिनीसहरू आकाशमा उड्ने चील भन्दा तेज थिए। ती मानिसहरूले हामीलाई पर्वतहरू सम्म खेदे हामीलाई समात्न भनेर मरुभूमिमा लुकेर ढुकी बसे।

२०राजा हाम्रो लागि अत्यन्त प्रमुख थिए उनी हाम्रा प्राणका स्वास जस्तै थिए। तर राजालाई तिनीहरूले पासोमा पारे परमप्रभुबाटनै चुनिएका राजा थिए। हामीले राजाको विषयमा भन्यौं, "हामी उहाँको छाँया सँग बाच्नेछौं उहाँले हामीलाई अन्य जातिहरूबाट जोगाउनु हुने छ।"

२१एदोमका मानिसहरू खुशी बन, ऊज भूमिमा बस्नेहरू खुशी बन। तर याद गर, परमप्रभुको कचौरा तिमीहरूका वरिपरि आउने छ। जब तिमी त्यो कचौराबाट पिउछौ तिमीहरू मातिने छौ। अनि आफैलाई नाङ्गो पार्ने छौ।

२२हे सियोन तिमीहरूका दण्ड पूर्ण भयो, तिमीहरू फेरि कैदखानामा छैनौ। तर हेर परमप्रभुले एदोमका मानिसहरूलाई तिमीहरूको पापको दण्ड दिनुहुनेछ। उहाँले तिमीहरूका पाप उदाङ्गो पार्नु हुनछ।

### परमप्रभुलाई प्रार्थना

५ हे परमप्रभु, याद गर्नुहोस्, हामीमा के घटेको थियो। हाम्रो अपमान हेर्नु होस्।

२हाम्रो भूमि प्रदेशीहरूको हातमा सुम्पिदिए हाम्रा घरहरू विदेशीहरूलाई सुम्पिदिए।

३हामी अनाथ भयौं। हाम्रा पिता छैनन्। हाम्रा आमाहरू विधवा जस्ती भएकि छन्।

४हामीले पिउने पानी पनि किन्नु परेको छ। हामीले दाउराको पनि ज्याला तिर्नु परेको छ।

५हामीलाई भञ्ज्याङमा जुवा बोकेर लैजान जोर गरिइएकोछ। हामी थकित छौं र हामीलाई विश्राम छैन।

६रोटी पाउनका लागि हामीले मिश्रसँग एउटा सम्झौता गर्‍यौ। हामीले अश्शूरसंग एउटा सम्झोता गर्‍यौं।

७हाम्रा पिता-पुर्खाहरूले पाप गरेका थिए अनि तिनीहरू मरेका छन्। तिनीहरूको पापको कर्म अहिले हामीले भोगी रहेका छौं।

८जो ठीक हाम्रा नोकरहरू थिए तिनीहरू हाम्रा शासक भएका छन्। कसैले पनि हामीलाई तिनीहरूबाट बचाउन सकेनन्।

९हामीले आहार खोज्नको लागि प्राणघातक उजाड़ ठाउँमा होम्रो जीवन खतरामा पार्‍यौ।

१०हाम्रा छाला चुल्हा जस्तै तातेको छ। भोकको अतिशयाले गर्दा हामीलाई असाध्य ज्वरो आएको छ।

११शत्रुहरूले सियोनका स्त्रीहरूमाथि व्यभिचार गरेका छन्। तिनीहरूले यहूदाका शहरहरूमा तरुणीहरूलाई व्यभिचार गरेका छन्।

१२हाम्रा राजकुमारहरूलाई शत्रुले झुण्डयाएर मारेका छन्। तिनीहरूले हाम्रा बूढ़ा-प्रधानहरूलाई सम्मान गरेका छैनन्।

१३हाम्रा जवान छोराहरू शत्रुको कमारा छन् अनि हाम्रा छोराहरूका खुट्टा शत्रुहरूको भारी कामले लड्वरिन्छन्।

१४बूढ़ा-प्रधानहरू शहरका मूल ढोकाहरूमा भेला हुन छाड़ीदिए। जवान मानिसहरूले संगीत बजाउन छाड़ीदिए।

१५अब हाम्रो हृदयमा आनन्दको चिन्ह समेत पनि रहेन। हाम्रा नाचहरू शोक गीतमा परिवर्तन भएका छन्।

१६मुकुट हाम्रो टाउकोबाट झरेर गयो। हामीले गरेको पापको कारणले, हामीमा खराब समय आइकोछ।

१७ती कुराहरूको कारणले गर्दा, हाम्रा आँखाहरूले स्पष्ट देख्न छोड्यो।

१८सियोन पर्वत बाँझोभूमि भयो। स्यालहरू सियोन पर्वतको वरिपरि दर्गुछन।

१९तर हे परमप्रभु। तपाईंले हामीमाथि सदैव शासन गर्नुभएको छ। तपाईंको सिंहासन सदाको लागि रहन्छ।

२०हे परमप्रभु, हामीलाई तपाईले सदाको लागि बिर्से जस्तो देखियो। तपाईले त्यस्तो लामो समयदेखि हामीलाई एक्लै छाड़नु भयो।

२१हे परमप्रभु, हामीलाई फेरि फर्काई तपाई कहाँ ल्याउनु होस्। हामीआनन्दले तपाई कहाँ फर्कने छौं। हामीहरूको जीवन पहिलेको जस्तै बनाईदिनु होस्।

२२तपाई हामीप्रति अति क्रोधित हुनुहुन्थ्यो। के तपाईले हामीलाई पूर्ण प्रकारले इन्कार गर्नु भयो?

# यर्मियाको पुस्तक

१ यी सन्देशहरू हिल्कियाहको छोरो यर्मियाका हुन्।
यर्मिया एक पूजाहारी परिवारका थिए जो अनातोत
शहरमा बस्दथे। त्यो शहर बिन्यामीन वंशको अधीनमा
छ। २योशियाह यहूदाका राजा भएको समय देखि
परमप्रभु यर्मियासित बात गर्न शुरू गर्नु भयो। योशियाहले
सिंहासन आरोहण गरेको तेह्रौं वर्षमा यस्तो शुरू भयो।
३योशियाहको छोरा यहोयाकीम यहूदाका राजा हुदाँ पनि
परमप्रभुको वचन यर्मियालाई आयो। यहूदाका राजा
सिद्‌कियाहको राज्यकालको एघारौंको वर्षको पाँचौं
महीना सम्म यर्मियाकहाँ परमप्रभुको वचन आइरह्यो।
यहोयाकीम योशियाहको छोरो थिए। सिद्‌कियाह पनि
योशियाको छोरो थिए। त्यस समयमा यरूशलेममा बस्ने
मानिसहरूलाई निवासन गराईयो।

### परमेश्वरले यर्मियालाई बोलाउनु हुन्छ

४परमप्रभुको यो सन्देश मकहाँ आयो:
५“मैले तिमीलाई तिम्रो आमाको गर्भमा गर्भधान
गर्नुभन्दा अघिबाटै चिन्थें। तिमी जन्मनु अघिनै, म
तिमीलाई जान्दथें। मैले तिमीलाई जाति-जातिहरूमा
विशेष काम गराउनु अगमवक्ताको लागि रोजे।”
६तब मैले भने, “तर हे सेनाहरूका परमप्रभु! कसरी
बोल्नु म जान्दिन्। म एउटा बालक बाहेक केही
होइन।”
७तर परमप्रभुले मलाई भन्नुभयो, “त्यसो नभन, ‘म
खाली एउटा बालक हुँ।’ तिमी चारैतिर जानै पर्छ, जहाँ
म तिमीलाई पठाउँछु। तिमीले सबै कुरा भन्नै पर्छ जो
म तिमीलाई भन्नेछु।
८कसैसित नडराऊ। म तिमीसित छु, अनि म
तिमीलाई उद्धार गर्नेछु।” यो सन्देश परमप्रभुबाट आएको
हो।
९तब परमप्रभुले आफ्ना हातहरू तन्काएर मेरो मुखमा
छुनु भयो। परमप्रभुले मलाई भन्नुभयो,
“यर्मिया, म मेरा वचनहरू तिम्रो मुखमा राख्दैछु।
१०आज म तिमीलाई राष्ट्रहरू र राज्य-राज्यहरूमाथिको
कार्यभार सुम्पिदैछु। तिनीहरूलाई उखेल्न, भत्काउन,
नाश पार्ने र भताभुङ्ग पार्ने, बनाउन र स्थापित गर्ने
तिम्रो जिम्मामा छ।”

### दुइ दृश्यहरू

११परमप्रभुको सन्देश मकहाँ आयो। यो सन्देश
परमप्रभुबाट नै आएको थियो: “यर्मिया, तिमीले के
देख्छौं?”
मैले परमप्रभुलाई भनें, “म हाड़े बदामको काठबाट
बनिएको एउटा लट्ठी देख्छु।”
१२परमप्रभुले मलाई भन्नुमयो, “तिमीले ठीकै देख्यौ।
मेरो सन्देशलाई म नियालि रहेछ अनि म यो गर्नेछु।”
१३परमप्रभुको सन्देश मकहाँ फेरि आयो। परमप्रभुको
सन्देश यस्तो थियो: “यर्मिया, तिमीले के देख्यौ?”
मैले परमप्रभुलाई भनें, “मैले उम्लिरहेको एउटा
भाँड़ामा पानी देखें। त्यो भाँड़ा उत्तर पट्टि ढल्किरहेको
छ।”
१४परमप्रभुले मलाई भन्नुभयो, “केही भयानक उत्तरदेखि
आउने छ। त्यो यस देशमा बस्ने सम्पूर्ण मानिसहरूमाथि
घट्नेछ।
१५म चाँड़ै उत्तर राज्यहरूका सम्पूर्ण मानिसहरूलाई
बोलाउनेछु।” परमप्रभुले ती कुराहरू भन्नुभयो। “ती
राज्यहरूका राजाहरू आउनेछन् अनि यरूशलेमको
प्रवेशद्वारको छेउमा आफ्ना सिंहासनहरू बसाउनेछन्।
तिनीहरूले यरूशलेम शहरका पर्खालहरूमाथि आक्रमण
गर्नेछन्। तिनीहरूले यहूदाका सबै शहरहरूमाथि आक्रमण
गर्ने छन्।
१६अनि म मेरा मानिसहरूका विरुद्ध न्यायको उद्घोषणा
गर्नेछु। म यसो गर्ने नै छु किनभने तिनीहरू दुष्ट
मानिसहरू हुन्। तिनीहरू मेरो विरोधी भएका छन्। मेरा
मानिसहरूले मलाई छाड़े। तिनीहरूले अन्य देवताहरूलाई
बलि चढ़ाए। तिनीहरूले आफ्नै हातले बनाएका मूर्तिहरूलाई
दण्डवत् गरे।
१७यर्मिया तिमी चाहिँ, तैयार हौ उठ र मानिसहरूलाई
भन। मैले दिएको प्रत्येक आदेश तिनीहरूलाई
भन। मानिसहरूसित नडाराऊ नत्र म तिमीलाई भयभीत
पार्नेछु।
१८आज म तिमीलाई फलामको खम्बा झैं अनि
काँसाको पर्खाल झैं बलियो र दृढ़ शहर बनाउनेछु।
यहूदाको राज्यमा राजाहरू, नेताहरू, पूजाहारीहरू र
सर्वसाधारण मानिस प्रत्येकको सामुन्ने तिमी उभिन
सक्नेछौ।
१९ती सबै मानिसहरू तिम्रो विरुद्धमा लड्नेछन् तर
तिनीहरूले तिमीलाई पराजित गराउने छैनन्। किन?
किनभने म तिमीसँग छु, अनि म तिमीलाई बचाउने
छु।” यो सन्देश परमेश्वरबाट आएको हो।

## यहूदा विश्वासी थिएन

२ परमेश्वरको यो सन्देश मकहाँ आयो, २"जाऊ
अनि यरूशलेमका मानिसहरूलाई भन, "यो सन्देश
परमप्रभुको हो:
""जब तिमीहरू युवा अवस्थामा थियौ त्यस बेला
तिमीहरूको म प्रति विश्वास अनि एउटी बेहुलीको झैं
म प्रतिको माया मलाई सम्झना छ। तिमीहरूले मलाई
मरुभूमि भरि र बीऊ छर्नलाई नजोतिएको जमीन भरि
पछ्यायौ।
३इस्राएलका मानिसहरू परमेश्वरका निम्ति पवित्र
उपहार थिए। तिनीहरू परमेश्वरले बटुल्नु भएको प्रथम
फल थिए। अनि ज-जसले तिनीहरूलाई नोक्साम
पऱ्याए उनीहरूलाई दोषी साबित गरियो अनि तिनीहरूमाथि
कष्ट आइपऱ्यो।"' यो सन्देश परमेश्वरबाट आएको
थियो।
४हे याकूबका घरानाहरू हो, परमप्रभुको सन्देशमा
कान थाप। हे इस्राएलका सबै परिवार समूहहरू हो,
परमप्रभुको सन्देश सुन।
५परमप्रभुले के भन्नुहुन्छ त्यो यो हो: "तिम्रा पिता-
पुर्खाहरूले ममाथि के दोष पाए ताकि तिनीहरूले मलाई
छाड़िदिए? तिम्रा पिता-पुर्खाहरूले मूल्यहीन मूर्तिहरू पूजे
अनि तिनीहरू स्वयं नै मूल्यहीन बनिए।
६तिम्रा पिता-पुर्खाहरूले भनेनन्, 'परमप्रभुले हामीलाई
मिश्र बाहिर ल्याउनु भयो। परमप्रभुले हामीलाई अँध्यारो
र जङ्गलको बाटो देखि डोऱ्याउँदै ल्याउनु भयो।
परमप्रभुले हामीलाई सुखा र उजाड़ भूमिमा डोऱ्याउन
भयो। परमप्रभुले हामीलाई अन्धकार र भयानक जग्गामा
जहाँ कुनै मानिस बस्दैन र जुन ठाउँमा मानिसहरू यात्रा
गर्दैनन्। त्यहाँ डोऱ्याउनु भयो। तिनीहरूले सोधेनन्,
'परमप्रभु कहाँ हुनुहुन्छ?"'
७परमेश्वर भन्नुहुन्छ, "मैले तिमीहरूलाई राम्रो ठाउँमा
ल्याएँ, त्यस्तो ठाउँ जहाँ धेरै असल कुराहरूले परिपूर्ण
छ। मैले त्यसो गरेको कारण तिमीहरूले त्यहाँ उब्जने
फल र अन्नहरू खान सक्नेछौ। तर तिमीहरूले मेरो
धरती खाली 'अशुद्ध गऱ्यौ।' मैले तिमीहरूलाई त्यो
जमीन दिएँ, तर तिमीहरूले त्यसलाई नराम्रो जग्गा
बनायौ।
८पूजाहारीहरूले सोधेनन्, 'परमप्रभु कहाँ हुनुहुन्छ?'
मानिसहरू जसले व्यवस्था जान्दछन् मलाई जान्न चाहेनन्।
इस्राएलका मानिसहरूका शासकहरू मेरो विरुद्ध खड़ा
भए। अगमवक्ताहरूले झूटा देवता बालको नाउँमा
अगमवाणी गरे। तिनीहरूले महत्वहीन मूर्तिहरूलाई
दण्डवत गरे।"
९परमप्रभु भन्नुहुनछ, "यसकारण म तिमीहरू र
तिमीहरूका छोरा-नातिहरू विरुद्ध फेरि दोषारोपण गर्नेछु।
१०समुद्र तरेर कित्तीमका टापुहरूमा जाऊ। कसैलाई
केदारको भूमिमा पठाऊ। एकदमै होशियारी साथ हेर,
हेर, कसैले त्यस्तो प्रकारको काम कहिले गरेको थियो
कि?
११के कुनै जातिले नयाँ देवताहरू पूज्न सकूँ भनेर?
आफ्ना पूराना देवताहरू कहिल्यै पूज्न छाड़े? अँह। अनि
तिनीहरूका देवताहरू वास्तविक देवताहरू हुँदैहोइनन्।
तर मेरो मानिसहरू तिनीहरूका महिमामय परमेश्वरलाई
पूज्न छाड़ेर महत्वहीन मूर्तिहरूलाई पूज्न थाले।
१२"यस्ता कुराहरू घट्ता आकाशहरूलाई आघात
होस्। भीषण भयले थर्थरियोस्।" यो सन्देश परमप्रभुबाट
आएको थियो।
१३"मेरा मानिसहरूले दुइवटा कुकर्महरू गरे। तिनीहरू
म देखि टाड़िए म जीवित पानीको श्रोत हूँ अनि
तिनीहरू आफैले आफ्ना पानीको कुवाहरू खन्छन्।
तिनीहरू अन्य देवताहरू प्रति फर्किए। तर तिनीहरूका
कुवाहरू फुटे अनि पानी थाम्न सक्दैन्।
१४"के इस्राएलका मानिसहरू कमारो भए? के
तिनीहरू त्यस्ता मानिस जस्तो भए जो दास भएर
जन्मेको थियो? किन मानिसहरूले इस्राएलका मानिसहरूबाट
धन-सम्पत्ति लान्छन्?
१५इस्राएलका शत्रुहरू इस्राएलमाथि जवान सिंहहरू
झैं गर्जन्छन्। तिनीहरू गर्जन्छन्। तिनीहरूले इस्राएल
भूमिलाई उजाड़ पारिदिए। तिनीहरूले इस्राएलका शहरहरू
जलाइदिए, यसर्थ त्यहाँ कोही बस्दैन।
१६नोप र तहपन्नेसबाट आएका मानिसहरूले तिम्रो
शिरको शीर्षभाग चकनाचुर पारिदिए।
१७यो समस्या तिम्रो आफ्नै दोषले हो। परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई ठीक बाटोमा
डोऱ्याइरहनु हुँदै थियो, तर तिमीहरूले उहाँबाट अर्को
पट्टि फर्कियौ।
१८यहूदाका मानिसहरू यस विषयमा सोच अब नील
नदीबाट पानी पिउन किन मिश्र जान्छौ? परात नदीको
पानी पिउन किन अश्शूर जान्छौ?
१९तिमीहरूले नराम्रा कामहरू गऱ्यौ अनि ती नराम्रा
कुराहरूले तिमीहरूलाई केवल दण्ड मात्र ल्याउनेछ।
संकटहरू तिमीकहाँ आउनेछ। अनि त्यस संकटले
तिमीहरूलाई शिक्षा दिनेछ। यस विषयमा विचार गर।
तब तिमीहरूले बुझ्नेछौ परमेश्वरबाट कि विमुख हुँदा
कति नराम्रो हुँदोरहेछ। मलाई सम्मान नगर्नु र मबाट
नडराऊनु नै गल्ती हो।" यो सन्देश मेरो मालिक
सैनाहरूका परमेश्वरबाट आएको थियो।
२०"हे यहूदाका मानिसहरू हो! धेरै अघि तिमीहरूले
जुवा हटा यौ। मैले तिमीहरूलाई जुन डोरीले नियन्त्रण
गर्थें त्यो तिमीहरूले छिनायौ। तिमीहरूले मलाह भन्यौ,
'म तपाईंको सेवा गर्दिन।' तिमी प्रत्येक अग्लो पर्वतमाथि
र प्रत्येक हरियो रूखमनि सुत्ने वेश्या झैं हौ।
२१यहूदा, मैले तिमीलाई एक खास दाखको झ्याँगलाई
जस्तै रोपेको थिये। तिमीहरू सबै नै असल बीऊ जस्तै

थियौ। कसरी तिमी भिन्दै प्रकारको दाखको इयाँग भयो जसले नराम्रो फल फलाउँदछ?

२२तिमीले आफ्नो शरीर धेरै साबुनहरू दलेर खारयुक्त पानीले नुहाए पनि, अझ म तिम्रा अपराधहरूको दाग देख्नु सक्छ।" यो सन्देश मेरा मालिक परमप्रभुबाट आँउछ।

२३"हे यहूदाका मानिसहरू हो! तिमीहरूले कसरी मलाई भन्न सक्छौं, 'म मैला छैन, मैले बाल मूर्तिहरू' पूजेको छैन। तिमीहरूको कर्महरूलाई बेंसीमा हेर। तिमीहरूले जे गरेका छौं त्यो स्वीकार गर। तिमीहरू यता र उता दुगुर्ने फुर्ति ऊँठहरू जस्ता छौ।

२४तिमीहरू निर्जन स्थानमा बस्ने जङ्गली गधा जस्तौ छौं। काम-वासनाको समयमा त्यसले हावाबाट गन्ध लिन्छे। त्यो त्यति कामातुर रहन्छे कि उसलाई फर्काउनु कसैले सक्तैन। काम-वासनाले उन्मत्त भएको समयमा उसलाई खोज्ने प्रत्येक बन-गधैनीले सजिलै भेट्न सक्छ।

२५खुट्टाहरू नाङ्गो नहुञ्जेल अनि घाँटी नसुकुञ्जेल दौड़िन छोड़। तर तिमीहरू भन्छौ, 'आशा छैन कारण मैले अन्य देवताहरूलाई प्रेम गरेको छु अनि म तिनीहरूकै अनुसरण गर्नेछु।'

२६जसरी चोर पक्रा पर्दा लज्जित हुन्छ त्यसरी नै इस्राएलका घराना लज्जित भए। तिनीहरूका राजाहरू र शासकहरू, पूजाहारीहरू र अगमवक्ताहरू लज्जित हुनेछन्।

२७ती मानिसहरूले काठका टुक्राहरूसँग बात मार्छन अनि भन्छन्, 'तिमी मेरा पिता हौ।' ती मानिसहरू ढुङ्गासँग कुरा गर्छन् अनि भन्छन्, 'तिमीले मलाई जन्म दियौ।' तिनीहरू आफ्नो ढाड़ मपट्टि फर्काउछन्, तर अनुहार चाँहि होइन। तर जब तिनीहरू अप्ठेरामा पर्छन, तिनीहरू मलाई भन्छन्, 'आऊ अनि हामीलाई बचाऊ।'

२८ती मूर्तिहरू आऊन् र तिमीहरूलाई बचाऊन। ती मूर्तिहरू जो तिमीहरू आफैले बनाएका छौ कहाँ छन? कतै आवश्यक परेको समयमा तिमीहरूलाई बचाँउछन कि? यहूदा तिमीसित जति शहरहरू छन् त्यति नै मूर्तिहरू पनि छन्।

२९तिमीहरू सबै मसित किन वहश गर्छौ? तिमीहरू सबैले मसित विद्रोह गर्छौ?" परमेश्वरबाट आएको वचन यही हो।

३०"मैले तिमीहरूका नानीहरूलाई दण्ड दिएँ। तर त्यो वेकार भयो कारण तिनीहरूले त्यो ग्रहण गरेनन्। जो अगमवक्तहरू तिमीहरूकहाँ आएका थिए तिनीहरूलाई तिमीहरूले तरवारले काट्यौ। संहार गर्ने सिंहले झैं तिमीहरूले अगमवक्ताहरूलाई मार्‍यौ।"

३१यस पुस्ताका मानिसहरू, परमप्रभुको सन्देश तर्फ ध्यान देऊ। "के म इस्राएली मानिसहरूको लागि मरुभूमि जस्तै भएको थिएँ? के म तिनीहरूका लागि अन्धकार र डरलाग्दो भूमि भएको थिएँ? मेरा मानिसहरू भन्छन्, 'हामी आफ्नो बाटोमा जान स्वतन्त्र छौं। हामी तिमीकहाँ फर्की आउने छैनौ, परमप्रभु।' किन तिनीहरूले त्यस्ता कुराहरू भन्छन्?

३२तरुणीले आफ्ना गर-गहनाहरू भुल्दैनन्। एउटा दुलहीले आफ्ना वस्त्र भुल्दैन। तर मेरो मानिसहरूले मलाई धेरै चोटी भुलेका छन्।

३३हे यहूदा! झूटा देवताहरूको माया कसरी खोज्नु त्यो तिमी साँच्चै नै जान्दछौ। वास्तवमा खराब स्त्रीहरूले तिम्रा तरिकाहरू पनि सिक्छन्।

३४तिमीले ती गरीब र निर्दोष मानिसहरूलाई तिम्रो घर फोर्दै गरेका भेट्न सकेनौ तापनि तिम्रो हातमा तिनीहरूको रगत छ।

३५तर तिमी अझ भन्छौ, 'म निर्दोष छु। परमेश्वर मसँग क्रोधित हुनुहुन्न।' यसकारण म तिम्रो न्याय गर्नेछु कारण तिमी भन्छौ कि 'मैले पाप गरेको छैन।'

३६तिमी लक्ष्य सजिलै बद्लिन्छौ! तिमी अश्शूर पट्टि फर्क्यौ अनि तिनीहरूले तिमीलाई लज्जित बनाए। यसकारण, तिमी मिश्रपट्टि फर्क्यौ अनि तिनीहरूले पनि तिमीलाई लज्जित तुल्याए।

३७यसर्थ यो सत्य हो कि तिमीले मिश्र पनि त्याग्ने छौ। अनि तिमी लज्जाले आफ्ना अनुहार लुकाउनेछौ। तिमीले भरोसा राखेका देशहरूलाई परमेश्वरले इन्कार गर्न भएको छ, यसर्थ तिम्रो जीवनमा उन्नतिको लागि तिनीहरूले तिमीलाई सहयोग गर्न सक्तैनन्।

३ "यदि एकजना मानिसले आफ्नी पत्नीसित छुटानाम गर्छ र त्यस पत्नीले अर्को मानिससित विवाह गरी भने के त्यो पहिलो मानिस त्यही स्त्रीसित फेरि सम्बन्ध राख्न आँउछ? अँह, यदि त्यस स्त्रीकहाँ त्यो पहिलो पुरुष फर्की आए, जमीन नै एकदमै दूषित हुनेछ। तिमी धेरै प्रेमीहरूसित वेश्या झैं व्यवहार गरिरहेका छौ। अनि अब तिमी मकहाँ फर्की आउनु चाहन्छौ।" यो सन्देश परमप्रभुबाट आएको हो।

२"माथि पहाड़को चुचुराहरू हेर, के त्यहाँ कुनै ठाउँ छ जहाँ तिम्रा प्रेमिकाहरूसँग तिमीले प्रेम रचेका छैनौ? अरबी मरुभूमिमा फिरन्ते झैं आफ्नो प्रेमीहरूको प्रतीक्षा तिमी बाटोको किनारमा पर्खेका थियौ। तिमीले भूमि "दूषित" पार्‍यौ। किनभने तिमीले थुप्रै नराम्रा कामहरू गर्‍यौ। साथै तिमी मप्रति अभक्त भयौ।

३तिमीले पाप गर्‍यौ, यसकारण पानी परेन। त्यहाँ पानी पर्ने समयमा कुनै पानी परेन तर अझ तिमी लज्जित हुन अस्वीकर गर्छौ। तिम्रो अनुहार हेर्दा एउटा वेश्याको अनुहारमा हेरे जस्तो हुन्छ जो निलज्ज हुन्छे। तिमी पनि आफूले जे गर्‍यौ त्यसको लागि निर्लज्ज छौ।

४तर अहिले तिमीले मलाई पुकारिरहेछौ, 'पिता' तिमीले भन्यौ, 'तपाईं मेरो युवावस्था देखिको मित्र हुनुहुन्छ।'

५तिमीले पनि भन्यौ, 'परमेश्वर मसित सधैं क्रोधित

रहनु हुँदैन। परमेश्वरको रीस धेरै बेर रहने छैन।'
"यहूदा, तिमीले यी त कुराहरू भन्यौ, तर तिमीले सके
जति दुष्ट कामहरू गर्‍यौ।"

### दुइ जना नराम्रा दिदी बहिनी: इस्राएल र यहूदा

६योशियाह राजाले यहूदामा राज गरेको समयमा
परमप्रभुले मलाई भन्नुभयो, "यर्मिया, इस्राएलले गरेको
पाप तिमीले देख्यौ? तिमीले देख्यौ कि उ मप्रति
अविश्वासी छ। तिनले प्रत्येक पहाड़माथि अनि हरियो
रूख मनि व्यभिचार गरिरहेकी थिई। ७मैले आफैलाई
भनें, 'उसले यी सब पाप कर्म गरिसके पछि, मकहाँ
फर्किन्छ होला।' तर मकहाँ आएन। अनि इस्राएलले
गरेको उसको अविश्वासी बाहिनी यहूदाले देखी।
८इस्राएल अविश्वासी थिए अनि तिनले चाल पाई कि
मैले उसलाई टाढ़ो पठाएँ। इस्राएलले चाल पाइ कि
उसले व्यभिचार पाप गरेकीले मैले उसित छुटानाम
गरें। तर यसले उसको अविश्वासी बहिनीलाई कुनै डर
भएन। यहूदा पनि बाहिर गई अनि वेश्या झैं कर्म गर्नु
लागि। ९यहूदाले आफू वेश्या झैं कर्म गरिरहेको कुनै
ध्यान नै दिएन। यसकारण उसले आफ्नो देश 'अशुद्ध'
बनाई। उसले चट्टान र काठले बनिएका मूर्तिहरू पूजा
गरेर व्यभिचारी पाप गरी। १०इस्राएलकी अविश्वासी
बहिनी यहूदा मकहाँ मन खोलेर आएन। उसले खुल्ला
हृदयले आए की झैं निहुँ गरी।" यो सन्देश परमप्रभुबाट
आएको हो।
११परमप्रभुले मलाई भन्नुभयो, "विश्वासहीन इस्राएल
अविश्वासी यहूदा जस्ता खराब छैन। १२यर्मिया, उत्तर
दिशा तिर अघि बढ़ अनि यो सन्देश घोषणा गर:
'हे इस्राएलका विश्वासहीन मानिसहरू हो, फर्की
आऊ।' यो सन्देश परमप्रभुबाट आएको थियो। 'तिनीमाथि
आँखा तर्न बन्द गर्छु। म कृपालु छु।' यो सन्देश
परमप्रभुबाट आएका हो। म अब उसो तिमीसित रीस
गर्ने छैन।
१३तिमीले आफ्नो खराब कर्म स्वीकार्नु पर्छ। तिमीले
परमप्रभु आफ्ना परमेश्वरको विरुध अपराध गरेका छौ।
प्रत्येक हरियो रूखमनि तिमीले पराई देवताहरू पज्यौ।
तिमीले मेरो कुरा सुनेका छैनौं।" यो सन्देश परमप्रभुबाट
आएको हो।
१४"हे विश्वासहीन सन्तान हो, मकहाँ फर्की आऊ।"
यो सन्देश परमप्रभुबाट आएको हो।
"म तिमीहरूका मालिक हुँ। हरेक शहरबाट तिमीहरू
मध्ये एकजना र हरेक परिवारबाट दुइजना छान्नेछु अनि
तिनीहरूलाई म सियोनमा लैजानेछु। १५तिमीहरूका
निम्ति मेरै जस्तो मन भएको शासकहरू दिनेछु।
तिनीहरूले तिमीहरूलाई ज्ञान र समझशक्ति सिकाउनेछन्।
१६त्यस समयमा देशमा तिमीहरूको संख्या बढ़नेछ।"
यो सन्देश परमेश्वरबाट आएको हो।"
"त्यस समयमा, परमेश्वरसित भएको करारको सन्दूक
विषयमा चर्चा हुने छैन, तिनीहरूले यस विषयमा सोच्ने
छैनन्। अथवा सम्झने छैनन् अथवा उम्काउने छैनन्।
अनि तिनीहरूले अर्को सन्दूक बनाउने छैनन्। १७त्यस
समयमा तिनीहरूले यरूशलेमलाई 'परमप्रभुको सिंहासन'
भनी स्वीकार्ने छन्। परमप्रभुको सम्मान दिनलाई सबै
राजाहरू यरूशलेममा आउनेछन्। तिनीहरूले आफ्नो
अट्टेरी दुष्ट हृदयलाई अब उसो मान्ने छैनन्। १८ती
दिनहरूमा, यहूदाका परिवारहरू इस्राएलका परिवारमा
सम्मिलित हुनेछ। तिनीहरू उत्तरमा भएको भूमिबाट सँगै
आउनेछन। तिनीहरू मैले तिनीहरूका पिता-पुर्खाहरूलाई
दिएको भूमिमा आउनेछन।
१९"म, परमप्रभुले भनें, 'म तिमीहरूलाई आफ्नै
नानीहरूलाई झैं व्यवहार गर्नु चाहन्छु। म तिमीहरूलाई
अन्य जातिहरू भन्दा पनि अझ राम्रो भूमि दिनु
चाहन्छु।' तिमीहरूले मलाई 'पिता' भन्नेछौ अनि सधैं
मेरो अनुसरण गर्नेछौ।
२०तर तिमीहरू आफ्नो लोग्नेहरूसित अविश्वासी
रहेका पत्नी मानिसहरू जस्तै भयौ। हे इस्राएलका
परिवार, तिमीहरू म प्रति अविश्वासनीय भएका छौ।"
यो सन्देश परमेश्वरबाट आएको हो।
२१नाङ्गो डाँड़ाहरूमा तिमीहरूले रोइरहेको सुन्न सक्छौ।
इस्राएलका मानिसहरू दयाको निम्ति रोइरहेछन् र प्रार्थना
गरिरहेछन्। तिनीहरू एकदमै दुष्ट भए। तिनीहरूले
परमप्रभु आफ्ना परमेश्वरलाई बिर्सेका छन्।
२२हे विश्वासहीन छोराहरू हो, मकहाँ फर्की आऊ।
तिमीहरूको विश्वासहीनता म हटाइदिनेछु। मानिसहरूले
भन्नै पर्छ, "हामी तपाईं कहाँ आउँदैछौ तपाईं परमप्रभु
हाम्रो परमेश्वर हुनुहुन्छ।
२३"डाँड़ाहरूमाथि मूर्ति पूज्न एउटा मूर्खता थियो।
पर्वतमा होहल्ला गर्ने दलहरू सबै गल्ती थिए। नि:सन्देह
इस्राएलको उद्धार परमप्रभु परमेश्वरबाट आउँछ।
२४हामीहरू युवास्था देखि नै झूटो देवताले हाम्रा
पिता-पुर्खाहरूको सम्पत्ति नष्ट पारिदिए। तिनीहरूका
भेड़ा, गाई-गोरूका बथानहरू अनि छोरा छोरीहरू पनि
लगिदिए।
२५आफ्नौ लाजले हामी डुबौ अनि हामीलाई अपमानले
छोपोस्। किनभने हामीले परमप्रभु हाम्रो परमेश्वरको
विरुद्ध पाप गर्‍यौ। हाम्रा पिता-पुर्खाहरूले पाप गरे अनि
हाम्रो बाल्यकालबाट अहिले सम्म हामीले हाम्रा परमप्रभु
परमेश्वरको आज्ञा पालन गरेका छैनौं।"

४ परमप्रभुले भन्नुभयो, "हे इस्राएलका मानिसहरू!
यदि तिमीहरू मकहाँ फर्की आउनु चाहन्छौ भने
आऊ। तिमीहरूका मूर्तिहरू मेरो सामनेबाट हटाइदेऊ।
मदेखि नबरालिय।
२'यदि परमप्रभु जीवित हुनुहुन्छ,' भनी शपथ खान्छौ
र त्यसलाई सरलता, इमान्दारी अनि धार्मिकतासित

पालन गर्छौ भने जाति-जातिहरू परमप्रभुको नाउँद्वारा
जाति-जातिहरू आफै धन्य हुनेछन् अनि उहाँ तिनीहरूका
परमेश्वर हुँ भनी गर्व गर्नु हुनेछ।"
३परमप्रभुले यही कुराहरू यहूदा र यरूशलेमलाई
भन्नुभयो:
"तिम्रा खेतहरू जोत! काँढ़ाहरू माझ बीऊहरू
नछर।
४परमप्रभु अघि आफ्नै खतना गर अनि हृदयको
अपवित्रता आफै हटाऊ। हे यहूदा र यरूशलेमका
मानिसहरू हो! तिमीहरू परिवर्तित भएनौ भने मेरो क्रोध
अग्नि झैं फैलिनेछ। कसैले पनि त्यो आगो नियन्त्रण
गर्न सक्ने छैन। यो तिमीहरूको दुष्टकार्यको कारण
यस्तो हुनेछ।"

## उत्तरदेखि महाविपद्

५"यहूदाका मानिसहरूलाई यो सन्देश देऊ: यरूशलेम
शहरका प्रत्येक मानिसलाई भन, 'राज्यका चारैतिर तुरही
फुक।' चिच्याउँदै कराउँदै भन, 'सँगै आऊ। 'सुरक्षाको
लागि हामी सबै बलियो शहरहरू तिर भाग्यौं।'
६सियोन तिर संकेतको झण्डा उठाऊ। नपर्ख,
आफ्नो जीवनको लागि भाग! यसै गर किनभने म
उत्तरतिरबाट महा विपत्ति र ठूलो सत्यनाश ल्याउनेछु।"
७एउटा "सिंह" आफ्नो ओड़ारबाट बाहिर आएको
छ। जाति-जातिहरूलाई नष्ट गर्ने आएको छ। तिम्रा
भूमि सर्वनाश पार्नु त्यो आफ्नो ठाँउबाट बाहिर आएको
छ। तिम्रा शहरहरू नष्ट पार्नेछ अनि त्यहाँ कोही पनि
बास गर्ने छैन।
८यसकारण भाङ्ग्रा लगाऊ, शोक गर अनि विरक्तकर
स्वरमा चिच्याऊ। किनभने परमप्रभु अझैं हामीसित
रीसाउनु भएको छ।"
९परमप्रभु भन्नुहुन्छ, "जब यस्ता घटना घटछ, राजा
अनि उसका अधिकारीहरूको हृदय दुर्बल हुनेछ,
पूजाहारीहरू भयभीत हुन्छन् अनि अगमवक्तहरू अचम्भित
हुनेछन्।"
१०तब मैले भने, "हे परमप्रभु मेरो मालिक!
तपाईंले साँच्चै यहूदा र यरूशलेमका मानिसहरूलाई
धोका दिनुभयो। तपाईंले भन्नुभएको थियो, 'तिमीहरूले
शान्ति पाउनेछौ।' तर तिनीहरूकै घाँटीहरूमा तरवारले
हानियो!"
११त्यस समयमा यहूदा र यरूशलेमका मानिसहरूलाई
सम्झाइनेछ, "मेरो मानिसहरू विरुद्ध नाङ्गो डाँड़ाहरूबाट
तातो हावा बहने छ तर तिनीहरूलाई निफन्न अथवा
सफा पार्नु होइन।
१२यो हावा त्यो भन्दा पनि बलियो हुनेछ हो अनि
यो मबाट आउँछ। अब, यहूदाका मानिसहरूका विरुद्ध
म मेरो न्याय घोषणा गर्नेछु।"
१३हेर! शत्रु बादल झैं आउँदैछ। उसको रथ हुरी
झैं चल्छ, घोड़ाहरू चीलहरू भन्दा छिटा छन्। हामीलाई
धिक्कार छ, हामी नष्ट भयौं।
१४हे यरूशलेमका मानिसहरू! आफ्नो हृदयबाट
पापहरू धोई पखाल ताकि तिमीहरू बाच्नेछौ कहिल्ये
सम्म आफ्नो दुष्ट्रयाँइसित अड्किरहनेछौ।
१५दानका सन्देशवाहकको आवाज सुन। एप्रैमबाट
उसले नराम्रो खबर घोषणा गर्छ।
१६"जाति-जातिहरूलाई खबर गर। यरूशलेमभरि
मानिसहरूमा यो खबर फैलाऊ। टाढ़ोबाट घेरा हाल्ने
सैन्य आइरहेको छ। यी शत्रुहरूले यहूदा शहरहरू
विरुद्ध लड़ाइँ घोषित गरिरहेका छन्।
१७तिमीहरूले मेरो विरुद्धमा विद्रोह गरेकाले
खेतालाहरूले खेत सुरक्षित पारे झैं शत्रुहरूले यरूशलेमलाई
घेरेकाछन्!" यो सन्देश परमेश्वरबाट आएको हो।
१८"तिमीहरूले जुन प्रकारले काम गर्‍यौ अनि जुन
तरिकाले बसो-बास गर्‍यौ त्यसले यो विपद निम्त्यायो।
यो तिम्रो लागि सजाय हो। यो तीक्त छ र तिम्रो मुटु
छुन्छ।"

## यर्मियाको विलाप

१९हाय मेरो वेदना, मेरो वेदना! म मनोव्यथामा छु!
हे मेरो हृदय! मेरो मुटुले मभित्र प्रहार गरिरहेछ। म
चूपचाप बस्न सक्तिनँ, किनभने मैले तुरहीले सुनेको छु
अनि तुरहीले अनि सैन्यलाई युद्ध तर्फ बोलाइरहेछ।
२०ध्वंसपछि ध्वंस नै आउँछ। सम्पूर्ण भूमि ध्वंस
भयो। हटात मेरा पालहरू पनि ध्वंस भए। मेरा
पर्दाहरू च्यातिए अनि झारिए।
२१परमप्रभु, कहिले सम्म मैले युद्धको झण्डाहरू
हेर्नु नै पर्छ? कहिले सम्म मैले युद्धको तुरहीहरू सुन्नै
पर्छ?
२२परमेश्वरले भन्नुभयो, "मेरा मानिसहरू मूर्ख छन्।
तिनीहरूले मलाई चिन्देनन्। तिनीहरू अज्ञानी नानीहरू
हुन्। तिनीहरू बुझ्दैनन्। तिनीहरू दुष्टाईं गर्नमा सिपालु
छन्, तर तिनीहरू असल काम कसरी गर्नु जान्दैनन्।"

## विपत्ति आईरहेछ

२३मैले पृथ्वीमा हेर। यो खाली थियो। यसमा केही
पनि थिएन्। मैले आकाशमा हेर अनि यसको प्रकाश
धीमा भइसकेको थियो।*
२४मैले पर्वतहरूलाई हेर अनि तिनीहरू कामिरहेका
थिए। सारा पहाड़हरू हल्लिरहेका थिए।
२५मैले हेर, तर त्यहाँ कोही पनि थिएन। अकाशका
सारा चरा-चुरुङ्गीहरू उड़िसकेका थिए।

---

**मैले पृथ्वीमा … थियो** यर्मियाले पृथ्वीमा मानिस आउनु भन्दा पहिलेको समयसित आफ्नो देशको तुलना गरिरहेका छन्।

२६मैले हेर, अनि मलिलो भूमि मरुभूमि भयो। त्यस भूमिमा भएका सबै शहरहरू नाश भए। यो परमप्रभुले नै गर्नुभयो। परमप्रभु र उहाँको क्रोधको यो प्रतिफल हो।

२७परमप्रभुले यी कुराहरू भन्नुभयो: "सारा देश नै नष्ट हुनेछ। तर म पूर्ण रुपले यो भूमिलाई ध्वंस गर्ने छैन।

२८त्यसै कारण त्यो भूमि रूनेछ अनि माथि आकाश कालो हुनेछ। म बोलें अनि परिवर्तन हुने छैन्। मैले निर्णय लिएँ अनि मेरो मन बद्लिने छैन्।"

२९प्रत्येक शहरले घोड़सवारी र धनुर्धारीहरूको आवाज सुन्नेछ अनि भाग्नेछ! केही मानिसहरू पोथ्राहरूमा लुक्नेछन्, कतिपय मानिसहरू चट्टानहरूमाथि चढ्नेछन्। प्रत्येक शहर शून्य हुनेछ। त्यहाँ कोही पनि बस्ने छैन।

३०यहूदा तिमी ध्वंस भएकाछौ, यसकारण अहिले तिमी के गरिरहेका छौ? तिमी किन तिम्रो सब भन्दा राम्रो रातो वस्त्र लगाईरहेका छौ? किन तिमी तिम्रो सुनका गरगहनाहरू लगाई रहेछौ? तिमी किन आफैलाई सुन्दर पारिरहेकाछौ? खाली यो समयको बर्बादी हो। तिम्रा प्रेमीहरूले तिमीलाई घृणा गर्छन। तिनीहरू तिम्रो ज्यान लिनु खोज्दैछन्।

३१एउटी स्त्रीलाई प्रसुती पीड़ाको समयको जस्तै आवाज मैले सुनेको छु। पहिलो पल्ट प्रसुती पीड़ामा परेकी स्त्रीको आवाज झैं थियो। त्यो सियोनकी छोरीले हावाको लागि कष्टश्वास फेर्दै र मुद्दतको लागि हात फैलाउँदै गरेको आवाज थियो। "हाय! म बेहोश हुनु लागेकि छु अनि हत्याराहरू मेरा वरिपरि छन्।"

## यहूदाका मानिसहरूका दुष्टता

५ परमप्रभु भन्नुहुन्छ, "यरूशलेमका सड़कहरूमा हिंड़। वरिपरि हेर र ती कुराहरूको विषयमा सोच। यसका सार्वजनिक ठाँउहरू खोज। यदि यस्तो मानिस जसले जो इमान्दार छ अनि जसले सत्यको खोजी गर्छ र तिमीले त्यस्तो मानिस भेट्टायौ भने म यरूशलेमलाई माफ गर्नेछु। २मानिसहरू शपथ खान्छन् र भन्छन्, 'परमेश्वर जीवित हुनुहुन्छ।' तर तिनीहरू झूटा शपथ खान्छन्।"

३हे परमप्रभु! म जान्दछु कि तपाईंप्रति मानिसहरू निष्ठावान् भएको चाहनु हुन्छ। तपाईंले यहूदाका मानिसहरूलाई हिर्काउनु भयो तर तिनीहरूले अनुभव गरेनन्। तपाईंले तिनीहरूलाई नष्ट गर्नुभयो, तर तिनीहरूले त्यसबाट शिक्षा पाएनन् तिनीहरू साह्रै हठी थिए। तिनीहरूले जीवन परिवर्तन गर्न अस्वीकार गरे।

४तर मैले परमप्रभुलाई भनें, "यिनीहरू गरीबहरू मात्र छन्। तिनीहरू मूर्ख छन्। तिनीहरू परमप्रभुले देखाउनु भएको बाटो चिन्दैनन् अर्थात् तिनीहरू आफ्नो परमेश्वरको इच्छा बुझ्दैनन्।

५यसकारण म यहूदाका अग्रजहरूकहाँ जानेछु र तिनीहरूसँग कुरा गर्नेछु कारण परमप्रभुले देखाउनु भएको बाटो तिनीहरूले चिन्दछन् आफ्नो परमप्रभुको व्यवस्था बुझ्दछन्।" तर तिनीहरू सबैले परमप्रभुको सेवाबाट अलग रहन एक भएका थिए।

६तिनीहरू परमेश्वरको विरुद्ध उठे। यसकारण जङ्गलबाट आएका सिंहले तिनीहरूलाई आक्रमण गर्नेछ मरुभूमिबाट आएका ब्वाँसोले तिनीहरूलाई मार्नेछ। एउटा चितुवा तिनीहरूकै शहरहरूमा लुकेकोछ। त्यस चितुवाले शहरबाट बाहिरा जो आउँछ त्यसलाई टुक्रा-टुक्रा पार्नेछ। तिनीहरूको भाग्य यस्तै हुनेछ कारण तिनीहरूले घरिघरि पाप गरे अनि थरै पल्ट परमप्रभुबाट टाढ़ा गए।

७परमेश्वरले भन्नुभयो, "यहूदा, मैले तिमीलाई क्षमा गर्नु पर्ने एउटा सही कारण भन। तिम्रा छोरा-छोरीहरूले मलाई परित्याग गरे। तिनीहरूले मूर्तिहरूका कसम खाए जो साँचो देवताहरू होइनन्। मैले तिनीहरूले इच्छा गरेको प्रत्येक चीज दिएँ। तर तिनीहरू मेरा विश्वासघाती भए। तिनीहरू भीड़को साथ वेश्याहरूकहाँ भेला भए।

८तिनीहरू पोसिएका खूब र घोड़ाहरू काम-वासनाले मस्त भएका जस्तै छन्। तैपनि तिनीहरूले आफ्नै छिमेकीका पत्नीहरूलाई डाक्दैछन्।"

९यी कर्महरूको लागि के म सजाय नदिऊँ?" यो सन्देश परमप्रभुबाट आएको हो। "हो! म त्यस्ता जातिहरूलाई सजाय दिनेछु।

१०यहूदाको दाखका बोटहरूको एक किनार लागेर जाऊ दाखका काट। तर सम्पूर्ण प्रकारले नष्ट नगर। तिनीहरूका सबै हाँगाहरू काटी फाल। किनभने ती हाँगाहरू परमप्रभुको सम्पत्ति होइनन्।

११इस्राएलका परिवारहरू अनि यहूदा सम्पूर्णरूपले मप्रति अविश्वासी भए।" यो सन्देश परमप्रभुबाट आएको हो।

१२"तर तिनीहरूले परमप्रभुलाई अस्वीकार गरे विषयमा भने, 'परमप्रभुले हामीलाई केही गर्नु हुने छैन। कुनै नराम्रो घटना घटने छैन। हामीले युद्ध देख्नु पर्ने हामी भोकै बस्नु पर्नेछ।'

१३झूटा अगमवक्ताहरू सुखा हावा मात्र हुन्। परमेश्वरको वचन तिनीहरूमा छैन। तिनीहरूमाथि यही हनेछ।"

१४परमप्रभु सेनाहरूका परमेश्वरले यी कुराहरू भन्नुभयो: "ती मानिसहरूले भने म तिनीहरूलाई दण्ड दिने छैन तिनीहरूलाई। यसकारण यर्मिया, मैले तिमीलाई दिएका वचनहरू आगो जस्तै हुनेछन्, अनि ती मानिसहरू दाउरा जस्तै हुने छन्। त्यो आगोले तिनीहरूलाई पूर्ण रूपले भस्म पार्नेछ।"

१५हे इस्राएलको घराना हो! यो सन्देश परमप्रभुबाट आएको हो, "म तिमीहरूमाथि आक्रमण गराउनु एउटा

जाति धेरै टाढ़ाबाट ल्याउँदैछु। यो एउटा सामर्थी जाति हो। यो एउटा प्राचीन जाति हो। त्यसको भाषा तिमीहरूले जान्दैनौ। तिनीहरूले के भन्छन् त्यो तिमीहरू बुझ्दैनौ।

१६तिनीहरूका काँड़ राख्ने तरकस खुल्ला चिहान जस्तो छ। तिनीहरू सबै शक्तिशाली योद्धाहरू हुन्।

१७तिनीहरूले तिमीहरूका सबै अन्नहरू र खाद्य जिनिसहरू खाइदिनेछन्। तिनीहरूले तिमीहरूका सबै छोरा-छोरीहरू ध्वंस पार्नेछन्। तिनीहरूले तिमीहरूका भेंडाको बथान र गाईका बथानहरू अनि दाखका बोटहरू र नेभाराहरू खाइदिनेछन्। तिनीहरूले तिमीहरूका पक्का शहरहरू जसमा तिमीहरू भरोसा गर्थ्यौ तलवारले ध्वंस पार्नेछन्।"

१८यो सन्देश परमप्रभुबाट आएको हो, "जब ती संकटका दिनहरू तिमीहरूमाथि आइपर्नेछ, म सम्पूर्ण रूपले ध्वंस पार्नेछैन।

१९यहूदाका मानिसहरूले तिमीलाई सोध्ने छन्, 'यर्मिया, परमप्रभु हाम्रा परमेश्वरले हामीमाथि त्यस्तो हानीकारक कार्यहरू किन गर्ने?' तिमीले तिनीहरूलाई उत्तर देऊ, 'किनभने तिमीहरूले उहाँलाई त्यागेका छौ। तिमीहरूले आफ्नै भूमिमा विदेशी मूर्तिहरूका सेवा गर्‍यौ यसकारण, त्यो भूमिमा जुन तिम्रो होइन त्यसमा विदेशीहरूलाई अब सेवा पुरयाउनेछौ।'"

२०परमप्रभुले भन्नुभयो, "यो सन्देश याकूबका परिवारहरूलाई देऊ। यो सन्देश यहूदाका राज्यमा फैलाऊ:

२१यो सन्देश सुन: 'तिमी मूर्ख मानिसहरूसँग चेत नै छैन्, तिमीहरूका आँखाहरू छन् तर तिमीहरू देख्दैनौ। तिमीहरूका कानहरू छन् तर तिमीहरू सुन्दैनौ।'"

२२परमप्रभुले भन्नुभयो, "तिमीहरू किन मसित डराउँदैनौ? तिमीहरू मेरो अघि डरले काम्दैनौ? अँह। त्यो म नै हुँ जसले सागरको लागि सीमाना झैं तट बनाएँ। सागरले बालुवा ननागोस भनी मैले यो एउटा स्थायी नियम बनाएँ। सागरमा छालहरू उठेर आउँछन् तर तिनीहरूले नष्ट पार्न सक्तैनन्। छालहरू गर्जन्छन् तर तट नाग्न सक्तैनन्।

२३यी मानिसहरू अप्ठेरा र विद्रोही छन्। तिनीहरूले मसित विद्रोह गरे अनि मलाई छोड़िदिए।

२४तर तिनीहरूले कहिल्यै भनेनन्, 'आऊ, हामी हाम्रा परमप्रभु परमेश्वरको डर बोकौं अनि उहाँको सम्मान गरौं। उहाँले वाली उठाउने समय निर्धारण गरिदिनु हुन्छ। उहाँले हामीलाई शरद ऋतु र वसन्तको वर्षा ठीक समयमा दिनुहुन्छ।'

२५हे यहूदाका मानिसहरू हो! तिमीहरूले खराब काम गर्‍यौ र यही कारणले वर्षाकाल र बाली उठाउने समय कहिल्यै आउँदैन। तिम्रो पापहरूले तिमीलाई असल वस्तुहरूको आनन्दमय भोगबाट वञ्चित गरायो।

२६मेरा मानिसहरू माझमा दुष्ट मानिसहरू छन्। जो पासो थाप्छन् र चराको शिकार गर्नेहरू झैं लुक्छन्। तर तिनीहरूले मानिसहरूलाई नै पासोमा पार्छन।

२७चराहरूले भरिएको पिँजड़ा जस्तै दुष्ट मानिसहरूका घरहरू झूटा कुराहरूले भरिएको हुन्छ। तिनीहरूका मिथ्या कर्मले तिनीहरूलाई धनी र शक्तिशाली बनायो।

२८तिनीहरू आफ्नो दुष्टकर्मले मोटा अनि ठूला मानिसहरू बनिएका छन्। तिनीहरूको दुष्टाईले सीमा नाघिसकेकोछ। तिनीहरू टुहुरा-टुहुरीहरूका निम्ति बोल्दैनन्। तिनीहरू गरीबहरूको पक्षमा निष्पक्ष न्याय गर्दैनन्।

२९के मैले ती यहूदाका मानिसहरूलाई तिनीहरूका दुष्टाईंका निम्ति दण्ड नदिनु?" यो सन्देश परमेश्वरबाट आएको हो। "के म यस्तो जातिको विरुद्ध प्रतिकार खोज्दै नखोजौं? हो।"

३०परमप्रभु भन्नुहुन्छ, डरलाग्दो र भयानक एउटा घटना यस देशमा घट्यो।

३१अगमवक्ताहरूले झूटो अगमवाणी दिन्छन्। पूजाहारीहरूले आफू खुशी शासन गर्छन अनि मेरा मानिसहरूले त्यसलाई त्यसरी नै मन पराउँछन्। जब अन्त आउँछ तिमीहरूले के गर्नेछौ?"

## शत्रुले यरूशलेम घेर्दछ

६ हे बिन्यामिनी हो! आफ्नो सुरक्षाको लागि भाग। यरूशलेमको शहरदेखि भाग। तको शहरमा युद्धको तुरही फुक बेथक्के-रेमको शहरमा चेताउनीको झण्डा उठाऊ। ती कुराहरू गर किनभने उत्तरदिशाबाट महासर्वनाश आईरहेछ। डरलाग्दो सर्वनाश तिमीहरू कहाँ आईरहेछ।

२सियोनकी छोरी! तिमी हरियो मैदान जस्तै सुन्दरी छौ।

३गोठालाहरू यरूशलेमा भेड़ाका बथानहरू लिएर आउँदछन्, तिनीहरूले आफ्नो पालहरू यसको वरिपरि बनाउँछन् प्रत्येक गोठालोले आफ्ना भेडा बथानको हेरचाह गर्दछ।

४"यरूशलेमको विरुद्ध युद्ध गर्न तैयार हौ। उठ! मध्य-दिनमा हामी शहर आक्रमण गर्नेछौं। तर अति ढिलो भइसकेको छ। साँझको छाँयाहरू फैलिरहेका छन्।

५यसकारण उठ! हामी राती शहर आक्रमण गर्नेछौ। आऊ, यरूशलेमको पक्का महलहरू ध्वंस पारौं।"

६यही रीतले सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "रूखहरू काट र त्यही रूखहरूले यरूशलेमको वरिपरि छेकने घेराहरू बनाऊ। अत्याचार बाहेक त्यस शहरमा केही छैन। यसलाई सजाय भोगाउनै पर्छ।

७एउटा कुवाले आफ्नो पानी ताजा राख्छ। त्यस्तै प्रकारले, यरूशलेमले आफ्नो दुष्टता ताजा राख्छ। सधैं

शहरमा दंगा र ध्वंसको विषयमा सुन्छु। म सधैं यरूशलेममा विराम र चोटहरू देख्छु।

८चेताउनी तर्फ ध्यान देऊ, यरूशलेम। यदि तिमीहरूले सुनेनौ भने म तिमीहरूपट्टि पिठ्युँ फर्काउनेछु। म तिम्रो भूमि रित्तो मरुभूमि जस्तै पारिदिने छु। कोही पनि त्यहाँ बस्न योग्य हुनेछैन्।"

९यही प्रकारले सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "खेतमा दाख बटुले भैं इस्राएलमा बाकी रहेका मानिसहरू भेला गर। दाखहरू टिप्नेले भैं दाखको बोटहरू फेरि नियाल।"

१०म कोसित बोल्नु? मैले कसलाई चेताउनी दिनु? कसले मेरो कुरा सुन्छ? इस्राएलका मानिसहरूले आफ्ना कानहरू थुनेका छन्। यसकारण तिनीहरूले मेरो चेताउनी सुन्दैनन्। परमप्रभुको वचन तिनीहरूका निम्ति शरमपूर्ण हुन्छ। तिनीहरू उहाँका कुरा सुन्नु चाहँदैनन्।

११यसकारण म परमप्रभुको क्रोधले भरिएको छु। म त्यसलाई लिएर थाकिसकेको छु। "परमप्रभुको क्रोध गल्लीहरूमा खेलिरहेका नानीहरूमाथि पोखाऊ। जवानहरूमाथि परमेश्वरको क्रोध खनाऊ। लोग्ने-स्वास्नी एकै साथ सबै पक्राऊ पर्नेछन्। सबै बूढ़ा-पाकाहरू पक्राउ पर्नेछन्।"

१२तिनीहरूका घरहरू अन्य मानिसहरूलाई दिइनेछ। तिनीहरूका खेतहरू र पत्नीहरू अन्य मानिसहरूलाई दिइनेछ। म यस भूमिका मानिसहरूमाथि मेरो हात उठाउनेछु।" यो सन्देश परमेश्वरबाट आएको हो।

१३"इस्राएलका सबै मानिसहरू लोभी छन्। माथिल्लो तहदेखि तल्लो तहसम्मका इस्रएली मानिसहरू घुसको लागि मरिमेटछन्। अनि अगमवक्ता देखिलिएर पूजाहारीहरूसम्म भूटो बोल्छन्।

१४अगमवक्ताहरू र पूजाहारीहरूले तिनीहरूका घाउहरूमा मलमपट्टी गर्नु पर्छ। तर तिनीहरूले ती घाऊहरूलाई कोट्याको जस्तो मात्र ठाने। तिनीहरू भन्छन्, 'प्रत्येक कुरो ठीक छ' अनि प्रत्येक जग्गामा शान्ति छ, जब कि त्यहाँ शान्ति छैन।'

१५पूजाहारीहरू र अगमवक्ताहरू आफूले गरेका नराम्रा कुराहरूले लज्जित हुनु पर्ने। तर तिनीहरू एकदमै लज्जित छैनन्। तिनीहरू कसरी लज्जित हुनु पर्ने जान्दैनन्। यसकारण तिनीहरू अरूसितै दण्डित हुनु पर्छ। जब म मानिसहरूलाई सजाय दिन्छु तिनीहरू भूँईमा फ्याँकिनु पर्छ।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

१६परमेश्वरले ती कुराहरू भन्नुभयो, "दोबाटोमा उभ अनि हेर। सोध पूरानो बाटो कहाँ छ। सोध कहाँ असल बाटो छ, अनि त्यो बाटोमा हिंड्। यदि तिमीले त्यसो गर्‍यौ, तिमी स्वयंले विश्राम पाउनेछौ। तर तिमीहरूले भन्यौ, 'हामी असल बाटोमा हिड्ने छैनौ।'

१७तिमीहरूमाथि निगाह राख्न मैले एकजना चौकीदार रोजेको छु। मैले तिनीहरूलाई बताएँ, 'युद्धको तुरहीको आवाज सुन।' तर तिनीहरूले भने, 'हामी सुन्ने छैनौ।'"

१८यसर्थ, सारा जाति-जातिहरू, सुन! तिनीहरूको साक्षी-प्रमाण विषयमा ध्यान देऊ।

१९हे पृथ्वीका मानिसहरू हो! यसमा ध्यान देऊ! यहूदाका मानिसहरूको लागि म ध्वंस ल्याइरहेको छु किनभने तिनीहरूले नराम्रो कर्मका निम्ति योजना बनाएका छन् अनि तिनीहरूले मेरो सन्देशहरूलाई ध्यान दिएनन् अनि मेरा शिक्षाहरू अस्वीकार गरे।"

२०परमप्रभु भन्नुहुन्छ, "किन मेरो लागि शबाको देशबाट सुगन्धित धूपहरू ल्यायौ? किन तिमीहरूले सुगन्धित मेरो निम्ति सुदुर देशबाट बेंत ल्यायौ? तिमीहरूले गरेका बलिहरूले मलाई खुशी बनाउँदैन। तिम्रो बलिदानहरूले मलाई सन्तुष्ट पार्दैन्।"

२१यसकारण, त परमप्रभु यसो भन्नुहुन्छः "म यहूदाका मानिसहरूलाई समस्याहरू दिनेछु। तिनीहरू ढुङ्गाहरू जस्तो हुनेछन् जसले मानिसहरूलाई पतन गराउनेछ। बाबु छोराहरू तिनीहरूमाथि ठोकिने छन् मित्रहरू र छिमेकीहरू मर्नेछन्।"

२२परमप्रभु यसो भन्नुहुन्छः "हेर, सेना उत्तरबाट आईरहेछ। घेरै टाढ़ा-टाढ़ाठाउहरूबाट एउटा महान जाति पृथ्वीमा आइरहेछ।

२३सेनाहरूले तिनीहरूसित धनु काँड़ र भालाहरू ल्याउँछन्। तिनीहरू निष्ठूर छन्। तिनीहरूमा दया छैन। तिनीहरूका घोड़ाहरूको आवाज जस्तै छ। हे सियोनकी छोरी! यी सेनाहरू युद्धका निम्ति तत्पर छन् र तिमीमाथि आक्रमण गर्नु आइरहेकाछन्।"

२४हामीले ती सेनाहरूको बारेमा सुनेका छौं। हाम्रा हातहरू भयले दुर्बल भएका छन्। प्रसुती वेदनामा परेकी स्त्रीलाई जस्तै हामीलाई दुःख र पीड़ाले घेरेको छ।

२५खेतमा नजाऊ। सड़कतिर नआऊ किनभने शत्रुहरूसित तरवारहरू छन् अनि जहीँ-तहीँ विपद छ।

२६मेरा मानिसहरू हो! दुःख प्रकट गर्ने पोषाक लगाऊ, अनि खरानीमाथि लड़ी-बड़ी गर। यस्तो प्रकारले विलाप गर कि मानौं तिम्रो भएको एउटै मात्र बालक मरेको छ, किनभने विनाश अतिशीघ्र हामीमाथि आउनेछ।

२७"यर्मिया, मैले तिमीलाई मेरा मानिसहरू माभ्क कसी लाउने मानिस बनाँए। तिनीहरूलाई परीक्षा गर्नेछौ र तिनीहरूको जीवन विषयमा चाल पाउनेछौ।

२८तिनीहरू सबै विद्रोही हुन र चारैतिर असन्तुष्टी मच्चाइरहेका छन्। तिनीहरू सबै काँसा र फलाम जस्तै छन् तिनीहरू विनाशकहरू हुन्।

२९खँलातिले आगो तेज पार्छ र अशुद्धी हटाउँछ तर मेरा मानिसहरूलाई केही गर्नु सकिदैन कारण तिनीहरूबाट खराबी हटाउनु सकिदैन।

३०तिनीहरूलाई 'खोटो चाँदी' भनिनेछ। तिनीहरूलाई त्यो नाउँ दिइने छ किनभने परमेश्वरले तिनीहरूलाई अस्वीकार गर्नु भयो।"

## मन्दिरमा दिएको यर्मियाहको उपदेश

७ यो यर्मियालाई परमप्रभुको सन्देश हो:
२यर्मिया, परमेश्वरको मन्दिरको प्रवेश द्वारमा उभ। यो सन्देश प्रवेश द्वारमा प्रचार गर:
"हे यहूदाका मानिसहरू! परमप्रभुको वचन सुन। परमप्रभुको पूजा गर्न जो पनि यी फाटकहरूबाट आउँछ; यो वचन सुन।
३सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वरले यही भन्नुहुन्छ। 'तिमीहरू आफ्नो जीवन शैली परिवर्तन गर अनि राम्रा कर्महरू गर। म तिमीहरूलाई यस भूमिमा बस्न दिनेछु।
४कतिपय मानिसहरूले भूटो कुराहरू गर्छन त्यो विश्वास नगर। तिनीहरू भन्छन्, "यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर, परमप्रभुको मन्दिर हो।"
५यदि तिमीहरूले आफ्ना जीवन परिवर्तन गरेर असल कर्महरू गर्‍यौ भने, म तिनीहरूलाई यस ठाउँमा बस्न दिनेछु। तिमीहरू परस्परमा इमान्दार हुन पर्छ।
६तिमीहरू परदेशीहरूसँग इमान्दार हुनु पर्छ। तिमीहरूले विधवाहरू एवं टुहुरा-टुहुरीहरूसित ठीक कुराहरू गर्न पर्छ। निर्दोष मानिसहरूलाई नमार। अन्य देवताहरूका अनुयायी नबन्। किनभने तिनीहरूले तिमीहरूका जीवन नष्ट पारिदिने छन्।
७यदि तिमीहरूले मेरो आज्ञा-पालन गर्‍यौ भने, म तिमीहरूलाई यस ठाउँमा बस्न दिने छु। म यो भूमि सधैं भरि तिमीहरूका पिता-पुर्खाहरूलाई दिनेछु।
८"'हेर, तिमीहरू भूटो कुराहरूमाथि भरोसा गरिरहेका छौ जुन अनर्थका छन्।
९के तिमी चोरी गर्छौ, हत्या अनि व्यभिचार गर्छौ! के तिमी भूटो शपथ लिनेछौ? के बाललाई पूज्छौ? तिमीहरूले नजानेका देवताहरू पुज्छौ?
१०यदि तिमीहरूले त्यस्ता पापहरू गर्‍यौ भने, मेरो समक्ष मेरो घरमा जुन मेरो नाउँले डाकिन्छ त्यहाँ उभिन सक्छौं भनेर सम्भिन्छौ? के तिमीहरू समभन्छौ कि मेरो समक्ष उभिएर यसो भन्न सक्छौ, "हामी सुरक्षित छौं," त्यस्ता डरलाग्दा दुष्टयाईं गरिरहनलाई?"
११यो मन्दिर मेरो नाउँद्वारा डाकिन्छ। के यो घर तिमीहरूका लागि डाकाहरू लुक्ने ठाउँ बाहेक केही होइन जस्तो लाग्छ? म तिमीहरूलाई नियाली रहेछु।'" यो सन्देश परमप्रभुबाट आएको थियो।
१२"यहूदाका मानिसहरू शीलो अब शहरमा जाऊ। त्यो ठाउँमा जाऊ जहाँ मैले मेरो नाममा प्रथम घर बनाएँ। इस्राएलका मानिसहरूले पनि पाप कामहरू गरे। जाऊ र त्यहाँ हेर, मैले के गरें किनभने तिनीहरूले पाप कामहरू गरे।
१३किनभने तिमीहरूले यी सब गर्‍यौ," परमप्रभु भन्नुहुन्छ। "किनभने मैले तिमीहरूलाई तत्कालै भने, तर तिमीहरूले ध्यान दिएनौ अनि मैले बोलाएँ तर जवाफ दिएनौ।
१४यसकारण यरूशलेममा अवस्थित मेरो नाउँद्वारा बनिएको घर ध्वंस पार्नेछु। म त्यो घरलाई शीलो भत्काए भैं ध्वंस पारिदिनेछु। अनि यरूशलेममा अवस्थित त्यो घर जुन मेरो नाउँद्वारा डाकिन्छ त्यसमा तिमीहरू भरोसा गर्छौ। मैले त्यो ठाउँ तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई दिएँ।
१५म तिमीहरूलाई मेरो नजरबाट जबरजस्ती हटाउनेछ, जसरी मैले तिमीहरूका दाज्यू-भाइहरू, एप्रैमका सबै मानिसहरूलाई गरें।"
१६"सम्मान, यर्मिया, यहूदाका मानिसहरूका लागि प्रार्थना नगर। तिनीहरूको निम्ति बिन्ती अथवा प्रार्थना नगर। तिनीहरूका सहायताका निम्ति मलाई अन्तर बिन्ती नगर। म तिनीहरूका निम्ति तिम्रो प्रार्थना सुन्ने छैन।
१७यहूदाका शहरहरू र यरूशलेमका गल्लीहरूमा तिनीहरूले के गरिरहेका छन् तिमी देख्न सक्तैनौ?
१८छोरा-छोरीहरूले दाउरा बटुल्छन् अनि बाबुहरू आगो सल्काउछन्। स्वर्गकी रानीलाई मिठो रोटी चढ़ाउँन स्त्रीहरू पिठो मुसिरहेका छन्। अरू देवताहरूलाई खुशी पार्न अर्घबलि चढ़ाउन छन् मलाई रीस उठाउन तिनीहरू यसो गर्छन्।
१९तर म त्यो होइन जसलाई यहूदाका मानिसहरूले चोट पुर्‍याइरहेका छन्।" यो सन्देश परमेश्वरबाट आएको हो, "तिनीहरू आफैलाई चोट पुर्‍याका छन्। तिनीहरूले आफैलाई लज्जित तुल्याइरहेका छन्।"
२०यसकारण सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "म यो ठाउँमा, यहाँका मानिसहरू, पशुहरू, खेतका वृक्षहरू अनि अन्नहरू माथि मेरो रीस पोखाउने छु। मेरो रीस बलिरहेको आगो जस्तै हुनेछ। त्यो कसैले निभाउनु सक्नेछैन।"

## परमेश्वरले उत्सर्ग भन्दा वेशी आज्ञाकारिता चाहनु हुन्छ

२१सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ: "तिमीहरूका बलिदानहरूमा तिमीहरूका होमबलि थप अनि उत्सर्गमा चड़ाएका मासुहरू खाऊ।
२२मैले तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेखि बाहिर ल्याएँ। मैले तिनीहरूलाई होमबलि चढ़ाउनु अथवा बलि चढ़ाउन भनिन नता केही आज्ञा दिइन।
२३मैले केवल तिनीहरूलाई आज्ञा दिएँ, 'मेरो आज्ञा पालन गर अनि म तिमीहरूको परमेश्वर हुनेछु अनि तिमीहरू मेरो मानिसहरू हुनेछौ तिमीहरूको हितका निम्ति मेरा सबै आज्ञाहरू पालन गर।'
२४"तर तिमीहरूका पिता-पुर्खाहरूले मेरो कुराको वास्ता गरेनन्। तिनीहरू हठी थिए अनि तिनीहरूको दुष्ट हृदयले जे मन परायो त्यही गरे। तिनीहरू अघि बढ़ेनन वरू पछि सरे।
२५तिमीहरूका पिता-पुर्खाहरूले मिश्र छाड़ेको दिनदेखि आज सम्म मेरा सेवकहरू तिमीहरूकहाँ पठाएँ। मेरा सेवकहरू अगमवक्ताहरू

थिए। मैले तिनीहरूलाई दिन दिनै पठाएँ। २६तर
तिमीहरूका पिता-पुर्खाहरूले मेरो कुरा सन्दै सुनेनन्।
तिनीहरू अत्यन्त हठी थिए अनि आफ्ना पिताहरूले
भन्दा नीच भन्दा नीच कामहरू गरे।
२७"यर्मिया, तिमीले यहूदाका मानिसहरूलाई ती कुराहरू
भन्नेछौ। तर तिनीहरूले तिम्रा कुराहरू सुन्ने नै छैनन्।
तिमीले तिनीहरूलाई डाक्ने छौ, तर तिनीहरूले जवाफ
दिने छैनन्। २८यसकारण तिमीले तिनीहरूलाई यी
कुराहरू भन्नेछौ: यो यस्तो राज्य हो जहाँ मानिसहरूले
परमप्रभु आफ्नो परमेश्वरको आज्ञा पालन गर्दैनन्।
तिनीहरूले परमेश्वरले भने अनुशासन ग्रहण गरेनन्।
सत्य सड़ेको छ, तिनीहरूको ओठबाट यो अलग
गरिएको छ।

## हत्याकाण्डको बेंसी

२९"यर्मिया, आफ्नो केश काट र त्यसलाई फ्याकिदेऊ।
पहाड़को थुम्कामा चढ़ र शोक गीत गाऊ। किनभने
परमेश्वरले यो वंश जसले उहाँलाई रीस उठायो
त्यसलाई अस्वीकार र त्याग गर्नु भएको छ। ३०त्यसै
गर किनभने यहूदाका मानिसहरूले पाप कामहरू गरिरहेको
मैले देखेको छु।" यो सन्देश परमेश्वरबाट आएको हो
"तिनीहरूले आफ्नो मूर्तिहरू स्थापित गरेका छन्। अनि
म ती मूर्तिहरू घृणा गर्दछु। तिनीहरूले मूर्तिहरू मेरो
नाउँद्वारा डाकिने घरमा स्थापित गरे। तिनीहरूले मेरो घर
'अशुद्ध' पारे। ३१यहूदाका मानिसहरूले बेंसीमा भएको
उपत्यकामा तोपेतको उच्च स्थानहरू बनाए। ती जग्गाहरूमा
मानिसहरूले आफ्ना छोरा छोरीहरूलाई मारे-तिनीहरूले
बलिको रुपमा तिनीहरूलाई जलाए। यस्तो आज्ञा मैले
कहिल्यै गरिनँ। यस्तो कुराहरू मेरो मनभित्र कहिल्यै
पसेको थिएन। ३२यसर्थ, म तिमीहरूलाई चेताउनी
गर्छु। दिनहरू आइरहेछ," यो सन्देश परमेश्वरबाट
आएको हो, "जब मानिसहरूले यस ठाउँलाई तोपेत
अथवा बेन-हिन्नोनको उपत्यका भनेर डाक्ने छैन।
होइन्, तिनीहरूले यसलाई हत्याको बेंसी भनेर डाक्नेछन्।
तिनीहरूले यो नाउँ दिने छन। जब सम्म त्यहाँ एउटा
चिहानको लागि मात्र पनि जग्गा रहनेछैन तब सम्म
मानिसहरूले लाशहरू तोपेतमा गाड़नेछन्। ३३लाशहरू
चरा चुरूङ्गी र जंगली पशुहरूको खाद्य बनिनेछ। त्यहाँ
चराहरू र जानवरहरूलाई धपाउनु कोही पनि जीवित
रहनेछैन। ३४म यहूदाका शहरहरूमा र यरूशलेमका
गल्लीहरूमा आनन्द र खुशीयालीको ध्वनि अन्त गरिदिनेछु।
यहूदा अथवा यरूशलेममा हर्ष र आनन्दको सोर अन्त
गरिदिने छु। दुलहा र दुलहीको आवाज निस्कने छैन।
त्यो भूमि उजाड़ हुनेछ।"

८ यो सन्देश परमेश्वरबाट आएको हो: "त्यस बेला
मानिसहरूले यहूदाका राजाहरू र मुख्य शासकहरूको
हड्डीहरू, अगमवक्ताहरू र पूजाहारीहरूका हड्डीहरू र
यरूशलेमका समस्त मानिसहरूका हड्डीहरू उनीहरूका
चिहानहरूबाट लैजानेछन्। २तिनीहरूले सबै हड्डीहरू
घाम, जुन र ताराहरू मुनि मैदानमा फिँजाउनेछन्।
यरूशलेमका मानिसहरूले घाम, जुन अनि ताराहरूलाई
माया गर्थे। तिनीहरूले तिनीहरूलाई सेवा र अनुसरण
गरे। तिनीहरूले तिनीहरूसित परमर्श गरे अनि तिनीहरूको
अघि घुँड़ा टेकेर पूजा गरे। फेरि कसैले पनि हड्डीहरू
बटुल्ने छैन अनि पुर्ने छैन। यही कारणले हड्डीहरू
मैदानमा फिजाएको गाईको गोबर जस्तै हुनेछ।
३"म यहूदाका मानिसहरूलाई आफ्नो घरपरिवार
छाड़न बाध्य गराउनेछु। ती मानिसहरूलाई विदेशमा
लगिनेछ। यहूदाका केही मानिसहरू जो लड़ाँईमा मरेनन्
तिनीहरूले लड़ाइँमा मरेको भए हुन्थ्यो भन्ने इच्छ
गर्नेछन्।" यो परमप्रभुको सन्देश हो।

## पाप र दण्ड

४यर्मिया, यो यहूदाका मानिसहरूलाई भन: परमप्रभु
यी कुराहरू भन्नुहुन्छ: "तिमी जान्दछौ कि जब एकजना
मानिस तल झर्छ फेरि माथि उठ्छ यदि एकजना
मानिस बिग्रन्छ भने, फेरि सप्रिनेछ।
५यहूदाका मानिसहरूले भूल बाटो समाते। तर किन
यी मानिसहरू निरन्तर गल्ती बाटोमा गईरहेछन्? तिनीहरू
आफ्नै झूटा कुराहरू विश्वास गर्छन। तिनीहरू फर्की
आउन अस्वीकार गर्छन।
६मैले तिनीहरूलाई खुब होशियारीसित हेरेको छु
अनि सुनेको छु। तिनीहरू सही कुरा बोल्दैनन्। तिनीहरू
आफूले गरेको पापमा दु:खी छैनन् अनि भन्दैन, मैले
के गरें? युद्ध भूमिमा दौड़िरहेको घोड़ाहरू जस्तै तिनीहरू
आफ्नै बाटोमा हिड़िरहेका छन्।
७आकाशमा उड़ने चराचुरुङ्गीहरूले पनि आफ्नो ठीक
समय जान्दछन्, अनि सारस, ढुकुर, गौंथली
कर्‍याङ्कुरुङ्गहरूले आफ्नो नयाँ घरमा जाने समय
जान्दछन् तर मेरा मानिसहरू जान्दैनन् परमेश्वरले
उनीहरूबाट के चाहनु हुन्छ।
८तिमीहरू भन्छौ, 'हामीसँग परमेश्वरको शिक्षाहरूछन्
यसर्थ हामी ज्ञानी छौं' यसकारण हामी ज्ञानी छौं!' तर
यो सत्य होइन। किनभने शास्त्रीहरूले आफ्ना कलमलाई
झूटो बनाएका छन्।
९'ज्ञानी मानिसहरूले' परमप्रभुको वचनहरू सुन्न
अस्वीकार गरे। यसकारण तिनीहरू वास्तवमा 'ज्ञानी
मानिसहरू' होइनन्। ती 'ज्ञानी मानिसहरूलाई' जालमा
फसाइएका छन्, अपमान गराइएका छन् र लज्जित
पारिएका छन्।
१०यसकारण, म तिनीहरूका पत्नीहरू अरूहरूलाई
दिनेछु। म तिनीहरूका खेतहरू नयाँ मालिकहरूलाई
दिनेछु। सम्पूर्ण इस्राएलका मानिसहरूले घुस लिन्छन्।
सबै मानिसहरू-तल्लो दजदिखि माथिल्लो दर्जा सम्माका

एउटै व्यवहारका छन्। तिनीहरू अगमवक्ताहरूदेखि पूजाहारीहरूसम्म सबै कपट व्यवहार गर्छन्।

११मेरो मानिसहरूका गहिरो घाउहरूलाई तिनीहरूले केही जस्तो मानेनन्। तिनीहरू भन्छन्, ‘यो ठीकै छ, प्रत्येक कुरो नै ठीकै छ।’ तर वास्तवमा केही पनि ठीक छैन।

१२तिनीहरू आफ्ना नराम्रा कामहरूदेखि लज्जित हुनै पर्छ। तर तिनीहरू पटक्कै लज्जित छैनन्। कसरी लज्जित हुनु तिनीहरू जान्दैनन्। यसर्थ जब म तिनीहरूलाई सजाय दिनेछु तिनीहरू अरू मानिसहरूसितै तल झर्छन।” परमप्रभु यसो भन्नुहुन्छ।

१३परमप्रभुले भन्नुभयो, “म तिनीहरूका अन्नबलि लैजानेछु। भ्याङ्मा एउटै पनि अङ्गुर रहनेछैन नेभाराको बोटमा एउटै पनि फल रहने छैन। पातहरू पनि ओइलिनेछन र सूक्खा हुनेछन्। मैले दिएका प्रत्येक वस्तु लैजानेछु।

१४किन हामी यहाँ बसिरहेका छौ? आऊ, हामी बलिया शहरहरूमा जाँऊ। त्यहाँ हामी मृत्यु वरण गरूँ कारण परमेश्वर हाम्रा परमप्रभुले हामीलाई सड्नु भनी आदेश दिनु भएकोछ। हामीले परमप्रभुको विरुद्ध पाप गरेकाछौं, यसकारण परमेश्वरले हामीलाई पानी मिसाएको विष पिउन दिनुभएको छ।

१५हामीले व्यर्थमा शान्ति पाउने आशा गर्‍यौ। हामीले निको हुने आशा गर्‍यौं तर डर मात्र हात लाग्यो।

१६दानबाट शत्रुहरूका घोड़ाहरूको स्वाँ-स्वाँ आवाज हामी सुन्छौ। घोड़ाहरूको हिनहिनाइले सम्पूर्ण जमीन काम्छ। यो जमीन र यसमा भएका प्रत्येक वस्तु नष्ट पार्न शत्रुहरू आएका छन्। तिनीहरू यो शहर यसमा बसो-बास गर्ने सबै मानिसहरू ध्वंस पार्न आएका छन्।

१७हेर, म तिमीलाई आक्रमण गराउन विषालु साँपहरू पठाउँदैछु। ती साँपहरूलाई नियन्त्रणमा राख्नु सकिदैन। तिनीहरूले तिमीलाई डस्नेछन्।” यो सन्देश परमप्रभुको हो।

१८हे परमेश्वर, शोकले मलाई ढाक्छ र मेरो हृदय दुर्बल भएको छ।

१९मेरा मानिसहरूको चित्कार टाढ़ोबाट सुन। तिनीहरू भन्छन्, “के परमप्रभु अझै सियोनमा हुनुहुन्छ? के सियोनका राजा अझ त्यहाँ हुनुहुन्छ?” तर परमेश्वर भन्नुहुन्छ, “यहूदाका मानिसहरूले बेकारका विदेशी देवताहरूलाई पूजे। तिनीहरूले मलाई क्रोधित पारे। तिनीहरूले किन त्यसो गरे?”

२०अनि मानिसहरू भन्छन्, “फसल कटनीको समय बितिहाल्लयो। ग्रीष्मकाल समाप्त भयो। अनि अझ हामी सुरक्षित भएका छैनौं।”

२१मेरा मानिसहरूले मलाई चकनाचूर पारेकाले म चकनाचूर भएको छु। म शोकाकुल छु अनि त्रासले मलाई घेर्छ।

२२निःसन्देह गिलादमा केही औषधी छ। निःसन्देह गिलादमा वैद्य छ यसकारण किन मेरा मानिसहरूको चोट निको हुँदैन्?

९ यदि मेरो शिर पानीले भरिएको हुन्थ्यो अनि यदि मेरो आँखाहरू आँसूको फोहोरा हुन्थ्यो भने म ती मेरा मानिसहरूका निम्ति जो मारिएका छन् रात दिन रुने थिएँ।

२यदि मरुभूमिमा यात्री झैं रात बिताउने ठाँउ मेरो भए म मेरा मानिसहरूलाई छाड़िदिने थिएँ र तिनीहरूबाट टाढ़ो गएको हुन्थे। किनभने तिनीहरू परमेश्वरप्रति अविश्वासी छन्। तिनीहरू सबै उहाँका विरोधमा उठे।

३“ती मानिसहरू आफ्नो जिब्रो धनु झैं बङ्गाउँछन् अनि झूटो कुराहरू मुखबाट काँड़ झैं निकाल्छन्। त्यस ठाँउमा सत्य दृढ़ भई बढ़ेको होइन। यी मानिसहरू एउटा खराब कर्म देखि अर्कोमा आफै सर्छन। तिनीहरूले मलाई चिन्दैनन्।” परमप्रभुले यसो भन्नुभयो।

४“आफ्ना छिमेकीहरूलाई नियाल। कुनै सम्बन्धीलाई विश्वास नगर। किन? किनभने हरेक सम्बन्धी कपटी छ। हरेक छिमेकीले तिम्रो पछाडी निन्दा गर्दछ।

५हरेक मानिसले आफ्नो छिमेकीसित झूटा बोल्छ। कसैले पनि साँचो बोल्दैन। यहूदाका मानिसहरूले आफ्नो जिभ्रोलाई झूटो बोल्न पशिक्षण गराउँछन्। तिनीहरूले नथाकुञ्जेल सम्म पाप गरे।

६एउटा नराम्रो कुराले अर्को नराम्रो कुरालाई पच्छ्यायो। अनि झूटोले झूटै पच्छ्यायो। मानिसहरूले मलाई चिन्नु अस्वीकार गरे।” परमप्रभुले ती कुराहरू भन्नुभयो।

७सेनाहरूका परमप्रभु भन्नहुन्छः “म तिनीहरूलाई शुद्ध पार्छ र परीक्षा गर्छ।* मेरोमा अन्य तरिका छैन। मेरा मानिसहरूले पाप गरे।

८यहूदाका मानिसहरूको जिब्रो काँड़ जस्तै तीखा छन्। तिनीहरू मुखले झूटो बोल्दछन्। हरेक मानिस आफ्ना छिमेकीहरूसँग दयापूर्ण बात गर्छन तर तिनीहरूले आफ्नो छिमेकीहरूलाई धरापमा पार्ने भित्री योजनाहरू बनाँउछन्।

९मैले यहूदाका मानिसहरूलाई दण्ड दिनै पर्छ।” यो परमेश्वरबाट आएको सन्देश हो, “के मैले यसप्रकारको जातिलाई सजाय दिनु पर्दैन?”

१०म पर्वतहरूलाई चिच्याएर कराउनेछु। म उजाड़ भूमिका निम्ति शोकमय गीत गाउनेछु कारण ती पर्वतहरू र मैदानहरू नष्ट गराइएका छन् र त्यहाँबाट कोही पनि हिड़दैनन्। गाई-गोरूहरू रामेको आवाजहरू

---

**म तिनीहरूलाई … गर्छ** शुद्ध परिणाम जान्नलाई एकजना कर्मीले धातु आगोमा गाल्छ। त्यसरी नै म यहूदाका मानिसहरूलाई गाल्नेछु।

अब त्यहाँ सुन्न सकिनदैन्। चराचुरुङ्गी सबै उड़ेर,
गइसके अनि पशुहरू पनि गइसके।
११"म यरूशलेमलाई अशुद्धको थुप्रोमा परिवर्तन
गर्नेछु। यो स्यालहरूको घर हुनेछ। म यहूदाका
शहरहरू विनाश गर्नेछु ताकि त्यहाँ कोही बस्ने छैन।"
१२के त्यहाँ यी चीजहरू बुझ्ने कोही ज्ञानी मानिसहरू
छन्? त्यहाँ कोही छन् ज-जसलाई परमप्रभुले भन्नु
भएको छ र ज-जसले सन्देश व्याख्या गर्नु सक्छ?
किन यस भूमि ध्वंस पारियो अनि सूखा मरुभूमिमा
परिणत गरियो, जहाँ कोही पनि जाँदैन्?
१३परमप्रभुले भन्नुभयो, "किनभने मैले तिनीहरूलाई
दिएको शिक्षा त्यागे अनि मेरा उपदेशहरू सुन्दैनन् अनि
मैले देखाएका मार्गमा हिड्दैनन्।
१४यहूदाका मानिसहरूले आफ्नै तरिकाको जीवन
शैली लिए। तिनीहरू हठी थिए। तिनीहरूले तिनीहरूका
पिता-पुर्खाहरूले जो सिकाएका थिए त्यही बाललाई
पूजा गरे।"
१५यसकारण सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, "म तिनीहरूलाई तीतो भोजन खाने र विषालु
पानी पिउने बनाउनेछु।
१६म इस्राएलका मानिसहरूलाई अन्य जातिहरूमा
जुन न त तिनीहरू न त तिनीहरूको पिता-पुर्खाहरूले
जान्दथे तितर- बितर पारिदिनेछु। तिनीहरू सम्पूर्ण
रूपले ध्वंस नहुञ्जेलसम्म म तिनीहरूको पछि तरवार
पठाउनेछु।"
१७यही नै सेनाहरूका परमेश्वर भन्नुहुन्छः "अब,
यी कुराहरूबारे विचार गर। ती स्त्रीहरूलाई बोलाऊ
जसलाई अन्त्येष्टि क्रियामा रुनलाई पैसा दिइन्छ। ती
मानिसहरूलाई पठाऊ जो त्यस् काममा निपुण छन्।
१८'तिनीहरूले हतार गरून र हाम्रा निम्ति रोइदिउन।
तब हाम्रा आँखाहरू आँसूले भरिनेछन्, अनि पानीका
मुहानहरू बाहिर आउनेछन्।'
१९"विलापको स्वरहरू सियोन्‌बाट सुनियोः 'हामी
साँचि नै ध्वंस्त भयौं। हामी लज्जित छौं कि हामीले
आफ्नो भूमि त्याग्नु नै पर्छ, किनभने हाम्रो घरहरू
भत्काइयो।'"
२०अब, यहूदाका स्त्रीहरू, परमप्रभुबाट आएको
वचन ध्यान् दिएर सुन। परमप्रभुको मुखारबिन्दबाट
आएको शब्दहरू सुन। परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका
छोरीहरूलाई कसरी चिच्चाएर रुने भन्ने सिकाऊ। हरेक
स्त्रीले यो शोक-गीत गाउन सिक्नै पर्छः
२१'हाम्रा झ्यालहरूबाट मृत्यु पसेको छ। हाम्रा
किल्लाहरूमा मृत्यु आयो। यसले गल्लीहरूमा हाम्रा
नानीहरूलाई र हाम्रा जवानहरूलाई शहरहरूबाट
लग्यो।'
२२यी कुराहरूको घोषणा गरः 'परमप्रभु भन्नुहुन्छ,
मतृ शरीरहरू भूँईमा गोबर जस्तै छरिएको हुनेछ।
तिनीहरूका शरीरहरू जसरी कृषकहरूले खेतमा बाली
काटेर सुताई राख्छन् जसलाई उठाउने कोही हुँदैनन्
त्यस्तै मैदानमा लड़िरहेका हुनेछन्।'"
२३परमप्रभु भन्नुहुन्छः "ज्ञानीले आफ्ना ज्ञान बारे
शेखी गर्नु हुँदैन्। बलवानले आफ्ना शक्ति बारे घमण्ड
गर्नु हुँदैन्। धनीले आफ्ना धन बारे अहम् गर्नु हुँदैन्।
२४तर यदि कसैले गर्व गर्छ भने, उसले यस
विषयमा गर्व गरोस्। म परमप्रभुलाई चिन्छु र जान्दछु
र उहाँ नै परमप्रभु हुनुहुन्छ जसले पृथ्वीमा न्याय, दया
र धर्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने म यी
कुराहरूमा नै आनन्द लिन्छु।"
२५यो परमेश्वरबाट आएको सन्देश हो। "समय
आइरहेको छ जब म ती सम्पूर्ण मानिसहरू जसले
खाली शारीरिक खतना गरेका छन् उनीहरूलाई दण्ड
दिनेछु। २६म ती मानिसहरूका बारेमा भनिरहेछु जो
मिश्र देश, यहूदा, एदोम, अम्मोन, मोआबका बसिन्दा
हुन अनि तिनीहरू सबै जो जंगलमा बस्छन्। ती सारा
देशहरूमा बस्ने मानिसहरू वास्तवमा खतना गरिएको
थिएनन अनि इस्राएलबाट आउने मानिसहरूका खतना
तिमीहरूको हृदयमा गरिएको थिएन।"

### परमप्रभु र मूर्तिहरू

१० हे इस्राएलका मानिसहरू, परमप्रभुको वचन
सुन। २परमप्रभुले यही भन्नुहुन्छः
"अन्य जातिहरूबाट आएका मानिसहरू जस्तै नबाँच्।
आकाशका विशेष चिन्हहरूसित नडराऊ। अन्य जातिका
मानिसहरूले अकाशमा जे देख्छन् तिनीहरू डराँछन्। तर
तिमीहरू त्यस्ता कुराहरूमा डराउनु पर्दैन।
३अन्य मानिसहरूका रीति-रिवाजहरू महत्वहीन छन्।
तिनीहरू जंगलमा रूख काट्छन् शिल्पीकारले आफ्नो
बञ्जरोले आकारमा बनाँउछ।
४तिनीहरूले चाँदी र सुन लगाएर प्रतिमाहरू सुन्दर
बनाँउछन्। तब तिनीहरूले मार्तोलहरू र काँटीहरू
मूर्तिहरू अड़ाउनलाई प्रयोग गर्छन् ताकि ती मूर्तिहरू
तल नझरोस्।
५मूर्तिहरू खेतमा राखेको तसाउने पुतला
जस्तै हुन्। तिनीहरू बोल्दैनन्। तिनीहरूलाई बोक्न पर्छ
किनभने तिनीहरू हिंड्न सक्तैनन्। तिनीहरूलाई आदर
नगर! तिनीहरूले नोक्सान अथवा सहायता गर्नु
सक्तैन।"
६हे परमप्रभु, तपाईं जस्तो कोही पनि छैन! तपाईं
महान हुनुहुन्छ अनि तपाईंको नाउँ महान र शक्तिशाली
छ।
७हे परमेश्वर प्रत्येकले तपाईंलाई आदर गर्नै पर्छ।
तपाईं सबै जातिहरूका महाराजा हुनुहुन्छ। तपाईं सम्मानको
योग्य हुनुहुन्छ। अन्य राज्यहरूमा धेरै ज्ञानी मानिसहरू
छन् तर तपाईं समान कोही पनि ज्ञानी छैन।

८अन्य जातिका मानिसहरू लठुवा र मूर्ख छन्।
तिनीहरूका शिक्षा काठको महत्वहीन मूर्तिहरूबाट
आउँछन्।

९तिनीहरूले मूर्तिहरू बनाउनु तर्शीशबाट चाँदी अनि
उपज देशबाट सुन ल्याउछन्। मूर्तिकार र सुनारहरूले
मूर्तिहरू बनाउँछन् र नीलो र बैंजनी लुगाहरू लगाइदिन्छन्।
निपुण "शिल्पीहरूले" यी सब "चीजहरू" बनाँउछन्।

१०तर परमप्रभु चाँहि साँचो परमेश्वर हुनुहुन्छ। उहाँ
मात्र जीवित परमेश्वर हुनुहुन्छ। उहाँ राजा हुनुहुन्छ
जसले सदाकाल शासन चलाउनु हुन्छ। परमेश्वरको
रीसमा पृथ्वी काम्छ अनि विदेशीहरूले उहाँको क्रोध
सहन सक्तैनन्।

११परमप्रभु भन्नुहुन्छ, "यो सन्देश मानिसहरूमा घोषित
गर: 'यी झूटा देवताहरूले आकाश र पृथ्वी बनाएनन्।
पृथ्वी र आकाश मुनि तिनीहरू लोप हुन्छन्।'"

१२परमेश्वर नै हुनुहुन्छ, जसले पृथ्वीलाई आफ्नो
शक्तिले सृष्टि गर्नुभयो। परमेश्वरले आफ्नो ज्ञानले
संसारलाई रच्नु भयो अनि उहाँले आफ्नो समझ द्वारा
आकाशलाई फैलाउनुभयो।

१३उहाँको वचनको आवाजले आकाशमा पानी गर्जन्छ।
पृथ्वीको अन्तबाट उहाँले बादल आउने बनाउनु हुन्छ।
उहाँले वर्षा सित बिजुली ल्याउनु हुन्छ। उहाँले आफ्नो
भण्डारबाट बतास ल्याउनु भयो।

१४मानिसहरू एकदमै मूर्ख छन्। मूर्तिहरूले आफ्ना
सृष्टिहरूलाई मूर्ख बनाए। ती मूर्तिहरू वास्तवमा मिथ्या
बाहेक केही होइन। तिनीहरूमा जीवन हुँदैन।

१५ती मूर्तिहरू महत्वहीन हुन्। तिनीहरू केवल
खिसीका पात्र हुन्। न्यायको समयमा ती मूर्तिहरू
सड्नेछन्।

१६तर याकूबका परमप्रभु ती मूर्तिहरू जस्ता हुनुहुन्न।
परमप्रभुले सबै थोक बनाउनु भयो अनि परमप्रभुले
इस्राएल परिवारलाई परमप्रभुले उहाँको आफ्नै मानिसहरू
भनी रोज्नु भयो। परमेश्वरको नाउँ "सेनाहरूका परमप्रभु"
हो।

### विनाश आइरहेछ

१७घेरामा परेका तिमी मानिसहरू, प्रत्येक चीज
पोको पार अनि जानलाई तत्पर हौ।

१८परमप्रभु भन्नुहुन्छ: "यस समय म यहूदाका
मानिसहरूलाई देशबाट बाहिर निकाली दिनेछु। म
तिनीहरूमाथि संकटहरू ल्याइदिनेछु ताकि तिनीहरूलाई
पक्राइनेछ।"

१९धिक्कार छ मलाई! मैले नराम्रो घतले चोट पाएँ।
म साह्रै घाइते छु यद्यपि मैले स्वयंलाई भने, "यो मेरो
बीमार हो जसको लागि म पीड़ित हुनै पर्छ।"

२०मेरो पाल भत्काइयो। सारा डोरीहरू चुँड़ाइयो।
मेरा छोराछोरीहरूले मलाई त्यागे। तिनीहरू गए। मेरो
पाल फैलाउन अथवा पालको पर्दा उठाउन यहाँ केही
पनि छैन।

२१गोठालाहरू मूर्ख छन् अनि परमप्रभु खोज्ने प्रयास
गर्दैनन्। यसकारण तिनीहरू सफल भएनन् यसकारण
तिनीहरूका बथानहरू तितर-बितर भए अनि हराए।

२२सुन्! एउटा ठूलो कोलाहल्ला सुन। हेर त्यो
हल्ला उत्तरदेखि आइरहेछ। यसले यहूदाका शहरहरू
नष्ट पार्नेछ। यहूदा एक रित्तो मरुभूमि झैं हुनेछ। यो
स्यालहरूका गुफा हुनेछ।

२३हे परमप्रभु! म जान्दछु कि मानिसले आफ्नो
जीवन नियन्त्रण गर्दैन। एउटा मानिसले आफ्नै पाइला
ठीकसित राख्न सक्तैन।

२४हे परमप्रभु! निष्पक्ष भएर हामीलाई सुधार्नुहोस्।
क्रोधमा हामीलाई सजाय नदिनुहोस् नत्र तपाईंले हामीलाई
नाश पार्नु हुनेछ।

२५तपाईंको क्रोध ती जातिहरूमाथि पोखाउनु होस्
जसले तपाईंलाई चिन्दैनन् अनि ती मानिसहरूमाथि
पोखाउनु होस् ज-जसले तपाईंको नाउँ लिदैनन्। ती
जातिहरूले याकूबको परिवारलाई ध्वंस पारे। तिनीहरूले
इस्राएललाई पूर्णरूपले ध्वंस पारे। तिनीहरूले इस्राएलको
देश ध्वंस पारे।

### करार तोड़ियो

११ यर्मियाकहाँ आएको सन्देश यही हो। यो
सन्देश परमप्रभुबाट आयो: २"यर्मिया, यस
करारको वचनहरू सुन। यहूदाका मानिसहरूलाई यी
कुराहरू बताऊ। यी कुराहरू यरूशलेमा बस्ने मानिसहरूलाई
भन। ३यही त परमप्रभु इस्राएलका परमेश्वर, भन्नुहुन्छ:
'जसले यो करारलाई पालन गर्दैन् त्यो मानिसमाथि
नराम्रो कुरो परी आउनेछ।' ४म त्यो करार विषयमा
कुरा गरिरहेछु जुन मैले तिनीहरूका पिता-पुर्खाहरूसँग
गरेको थिएँ। त्यो करार मैले त्यसबेला गरेको थिएँ जब
मैले तिनीहरूलाई मिश्रबाट ल्याएँ। मिश्र धेरै संकटहरूको
ठाउँ थियो। यो फलाम गलाउने भट्टी झैं थियो। मैले
तिनीहरूलाई भने: मेरा आज्ञा पालन गर अनि मैले
आदेश दिएको कुराहरू गर। यदि तिमीहरूले त्यसो
गर्‍यौ भनें, तिमीहरू मेरो मानिसहरू हुनेछौ र म
तिमीहरूको परमेश्वर हुनेछु।

५"तब मैले तिमीहरूका पिता-पुर्खाहरूलाई मह र
दूध बगिरहने मलिलो जमीन दिन्छु भनी गरेको प्रतिज्ञा
सधैं बचाई राख्नेछु अनि आज तिमीहरू त्यही जमीनमा
छौ।" मैले उत्तर दिएँ, "आमेन, हे परमप्रभु।"

६परमप्रभुले मलाई भन्नुभयो, "यर्मिया, यस सन्देश
यहूदाका शहरहरू र यरूशलेमको गल्ली-गल्लीहरूमा
प्रचार गर। सन्देश यो हो: यस करारका कुरा सुन र
पालन गर। ७मैले मिश्रको भूमिबाट बाहिर ल्याएकै
बेला तिमीहरूका पिता-पुर्खाहरूलाई चेताउनी दिएको

थिएँ। त्यही दिन देखि नै मैले तिनीहरूलाई घरिघरि
चेताउनी दिएँ। मैले तिनीहरूलाई मेरो आज्ञा पालन गर
भन्दै चेताउनी दिदैं आएको हो। ८तर तिनीहरू हठी
थिएँ मेरो कुराहरूलाई कुनै महत्व नै दिएनन्। अनि
तिनीहरूको दुष्ट मनले जे चितायो त्यही गरे। मैले
तिनीहरूलाई करार-पत्रमा रहेका आज्ञाहरू पुरा गर्न
आदेश दिएँ तर तिनीहरू मानेनन्, यसकारण त्यस
करार-पत्रमा भनिएको सबै सजायहरू तिनीहरूलाई दिएँ।"
९फेरि परमप्रभुले मलाई भन्नुभुयो, "यर्मिया, म
जान्दछु यहूदाका र यरूशलेममा बस्ने मानिसहरूले एक
गुप्त योजना बनाएका छन्। १०ती मानिसहरूले जुन
तिनीहरूका पिता-पुर्खाहरूले गरेका थिए त्यही पापहरू
नै दोहोर्‍याइरहेका छन्। तिमीहरूका पिता-पुर्खाहरूले
मेरो आदेश अनुसार हिड्न अस्वीकार गरे। तिनीहरूले
अरु देवताहरू पूजे अनि तिनीहरूलाई सेवा गरे।
इस्राएल अनि यहूदाका सन्ताहरूले करार भङ्ग गरे जुन
मैले तिनीहरूका पिता-पुर्खाहरूसँग गरेको थिएँ।"
११यसकारण, परमप्रभु भन्नुहुन्छ: "म यहूदाका
मानिसहरूमाथि आपद ल्याइरहेको छु। तिनीहरू उम्कन
पाउने छैनन तिनीहरूले मलाई मद्दतको लागि गुहार्ने
छन्, तर म तिनीहरूको पुकारमा ध्यान दिँदिन। १२यहूदाका
मानिसहरू साथै यरूशलेमका मानिसहरू गई तिनीहरूका
देवताहरूलाई गुहार्नेछन् जसलाई तिनीहरू धूप चढ़ाउँछन्।
तर ती देवताहरूले आवश्यक परेको बेलामा तिनीहरूलाई
मद्दत पुर्‍याउन सक्षम हुने छैनन्।
१३"हे यहूदाका मानिसहरू! तिमीहरूसंग जति शहरहरू
छन त्यति नै मूर्तिहरू छन्। लज्जापूर्ण बाल देवताको
पूजा गर्न यरूशलेम शहरमा जति गल्लीहरू छन् त्यति
नै वेदीहरू छन्।
१४"यर्मिया, यहूदाका मानिसहरूका निम्ति प्रार्थना
नगर। तिनीहरूका निम्ति वकालत नगर। तिनीहरूले
संकटको समय जतिबेला सहायताका निम्ति प्रार्थना
गर्छन म ध्यान दिँदिन।
१५"उसले धेरै डरलाग्दो कामहरू गरेको जान्दा
जान्दै किन मैले मेरी प्रयसीलाई मेरा घरमा आदर गर्नु?
यहूदा, के प्रतिज्ञाहरू र पशु बलिहरूले मात्र तिमीहरूलाई
विनाशबाट बचाउनु सक्छ भन्ने तिमी सोच्छौ?"
१६परमप्रभुले तिमीलाई नाउँ दिनुभयो। 'उहाँले तिमीलाई
राम्रो फल लागेको सुन्दर जैतूनको वृक्ष भनी बोलाउनु
भयो।' तर शक्तिशाली आँधी गजर्नसितै परमप्रभुले त्यस
वृक्षलाई आगोमा जलाउनु हुनेछ अनि त्यसका हाँगाहरू
जल्नेछ।
१७सेनाहरूका परमप्रभुले तिमीलाई रोप्नु भयो अनि
उहाँले भन्नुभयो कि ध्वंस आउनेछ किनभने इस्राएल र
यहूदाका मानिसहरूले बाललाई सुगन्धित धूपहरू चढ़ाएर
अनिष्ट कामहरू गरे जुन कामले मलाई क्रोधित
गरायो।"

### यर्मियाको विरुद्धमा षड्यन्त्र

१८परमप्रभुले मलाई देखाउनु भयो अनि मैले चाल
पाएँ। उहाँले तिनीहरूका खराब कामहरू मलाई देखाउनु
भयो। १९मार्नलाई ल्याइएको एउटा निर्दोष थुमाझैं म
थिएँ। तिनीहरू मेरो विरुद्ध छन् भनी म जान्दिनथें।
तिनीहरूले मेरो बारेमा यी कुराहरू भने: "यो रुख
यसका फलहरूसितै नष्ट पारिदिऊँ। यसलाई मारिदिउँ
ताकि मानिसहरूले यसलाई भुल्नेछन्।" २०तर हे
परमप्रभु! तपाईं एक निष्पक्ष न्यायकर्त्ता हुनुहुन्छ। तपाईं
मानिसहरूका हृदय र इच्छाहरू जाँच गर्नु हुन्छ।
तपाईंले तिनीहरूलाई दिने सजाय मलाई जान्न दिनुहोस्
कारण मैले मेरो मामला तपाईंलाई सुम्पेको छु।
२१यसकारण अनातोतका मानिसहरूको विषयमा जसले
यर्मियालाई मार्ने षड्यन्त्र रचिरहेका थिए। ती मानिसहरूले
यर्मियालाई भने, "परमप्रभुको नाउँमा अगमवाणी नगर
नत्र हामी तिमीलाई मार्नेछौ।" तिनीहरूका विषयमा
परमप्रभु यसो भन्नुहुन्छ। २२सेनाहरूका परमप्रभुले
भन्नुभयो, "म तिनीहरूलाई दण्ड दिनेछु। जवान मानिसहरू
युद्धमा मर्नेछन्। तिनीहरूका छोरा-छोरीहरू भोकै मर्नेछन्।
२३अनातोतबाट आएका मानिसहरू कसैलाई पनि
छाड़िनेछैन। कोही पनि बाँच्नेछैन। किनभने जब म
तिनीहरूलाई दण्ड भोगाउँछु म तिनीहरूमाथि विपद
खनाइदिनेछु।"

### यर्मियाले परमप्रभुप्रति गुनासो गर्दछ

१२ हे परमप्रभु! यदि मैले तपाईंसँग वकालत गरें
भने, तपाईं सँधै धार्मिक नै हुनुहुन्छ। तापनि
मलाई केही भन्न दिनुहोस् जुन सही देखिँदैन। किन
दुष्ट मानिसहरू सफल हुन्छन्? किन दुष्ट मानिसहरू
सम्पन्न जीवन जिउँछन्?
२तपाईंले तिनीहरूलाई रोप्नु भयो अनि तिनीहरू
शक्तिशाली भए। तिनीहरू बढ़छन् अनि फल दिन्छन्।
तपाईं तिनीहरूका सम्मुख हुनुहुन्छ तर हृदयदेखि भने
टाढ़ा।
३तर हे परमप्रभु तपाईं मेरो हृदयलाई चिन्नु हुन्छ।
तपाईंले मलाई देख्नु भएको छ अनि मेरो मनलाई
जाँच्नु भएको छ। तिनीहरूलाई थुमाहरूलाई कसाइले
अघि ताने झैं तान्नुहोस्। हत्या गरिने दिनको लागि
तिनीहरूलाई अलग राख्नु होस्।
४कहिले सम्म जमीन सूखा रहन्छ? कहिले सम्म
घाँस ओइलिनछ? त्यहाँ बस्ने मानिसहरूको दुष्टयाईले
गर्दा सब चरा-चुरुङ्गीहरू अनि पशुहरू लोप भइसके।
तैपनि ती दुष्ट मानिसहरू भनिरहेका छन, "यर्मियाले
हामीमाथि के घट्छ देख्ने छैन्।"

### यर्मियालाई परमप्रभुको जवाफ

५"यर्मिया, यदि तिमी मानिसहरूसंग दुगुर्दा थाक्यौ

भने कसरी घोड़ाहरूसित दगुर्न सक्छौ? यदि तिमीले
शान्तिमय ठाउँमा भरोसा गर्‍यो भने डरलाग्दो जग्गामा
तिमी के गर्नेछौ? यर्दन नदीको किनारमा बढ्दै गरेको
काँड़े झाड़ीहरूमा तिमी के गर्ने छौ?
६ती मानिसहरू तिम्रा आफ्नै दाज्यू-भाइहरू हुन।
तिम्रा आफ्नै परिवारका सदस्यहरूले तिम्रै विरुद्धमा
षड्यन्त्र रचिरहेकाछन्। तिनीहरू तिम्रो विरुद्धमा जोरसित
कराउँछन्। तिनीहरूले मीठा कुराहरू गरे पनि तिनीहरूमाथि
भरोसा नगर।"

## परमप्रभुले आफ्ना यहूदी मानिसहरूलाई इन्कार गर्नुहुन्छ,

७"मैले आफ्नो घर परिवार त्यागेको छु, मैले आफ्नो
सम्पत्ति छाड़ें। म जसलाई प्रेम गर्दछु उसैलाई उसको
शत्रुहरूलाई सुम्पें।
८मेरा मानिसहरू सिंह झैं छन। तिनीहरू म पट्टि
फर्की गर्जिए, यसकारण म तिनीहरूको शत्रु भएको
छु।
९मेरा मानिसहरू मरेका पशुहरू जस्तै छन्। गिद्धहरू
तिनीहरूको वरिपरि उड़छन्। आऊ, जङ्गली हे पशुहरू
हो। खान भेला होऊ।
१०धेरै गोठालाहरूले मेरो दाखबारीहरू नष्ट पारिदिए।
ती गोठालाहरू मेरो खेतका विरूवामाथि जथाभावी
हिंड़े। ती गोठालाहरूले मेरो सुन्दर खेत बारी रित्तो
मरुभूमिमा परिणत गरिदिए।
११तिनीहरूले मेरो खेत मरुभूमि बनाइदिए। यो सूखा
र अनुर्बर छ र मेरो लागि रून्छ। सम्पूर्ण भूमि नै
उजाड़ भएकोछ, तर कसैले वास्ता गर्दैन।
१२मरुभूमिको पहाड़माथि ध्वंसकहरू आँउछन्। यो
भूमिको एक कुनादेखि अर्को कुना सम्म परमप्रभुको
तरवारले सम्पूर्ण नष्ट पार्नेछ। कुनै जीवित वस्तु सुरक्षित
रहने छैन।
१३मानिसहरूले गहूँ रोप्ने छन् तर तिनीहरूले
काँढ़ाहरूको बाली काट्नेछन्। तिनीहरू महनेत अधिक
गर्छन् तर त्यसबाट केही पाउँदैनन्। आफ्नो परिश्रमको
फलमा तिनीहरू आफै लज्जित अनुभव गर्नेछन। परमप्रभुको
क्रोधले यी सब चीजहरू हुनेछ।"

## इस्राएलका छिमेकीहरूलाई परमप्रभुको वाचा

१४यसकारण परमप्रभु भन्नुहुन्छ: "मैले मेरा इस्राएली
मानिसहरूलाई दिएको भूमि नजिक बसो-बास गर्ने दुष्ट
मानिसहरूलाई के गर्नेछु म तिमीलाई भन्नेछु। म ती
मानिसहरूलाई तिनीहरूको ठाँउबाट उखेल्नेछु अनि
तिनीहरूबाट यहूदा छुट्टाउनेछु। १५जब ती मानिसहरूलाई
देश निकाला गर्नु शेष हुन्छ, तिमीहरूमाथि दया
राख्नेछु। म प्रत्येक मानिसलाई उसको आफ्नै पैतृक
भूमिमा ल्याउनेछु। १६यदि ती मानिसहरूले मेरा
मानिसहरूलाई बालको नाउँमा शपथ गर्न सिकाए झैं
मेरो नाउँमा 'परमप्रभु जीवित हुनुहुन्छ' भन्न साँचो
रुपमा सिके भने म तिनीहरूलाई मेरा मानिसहरूको
बीचमा स्थापित गराउछु। १७यदि कुनै राज्यले मेरो
आज्ञा पालन गरेन भने त्यस जातिलाई चुड़नेछु र
सम्पूर्ण रुपले ध्वंस पार्नेछु।" यो सन्देश परमप्रभुबाट
आएको हो।

## पटुकाको संकेत

१३ परमप्रभूले मलाई जे भन्नुभयो त्यो यही हो:
"यर्मिया, जाऊ अनि सुतीको लुगा किनेर।
तिम्रो कम्मरमा वरिपरि बाँध। यसलाई भिज्न
नदेऊ।"
२यसकारण परमप्रभुको आज्ञा अनुसार मैले सुती
लुगा ल्याएँ अनि कम्मरमा वरिपरि बाँधे। ३त्यसपछि
दोस्रो पल्ट परमप्रभुको सन्देश मकहाँ आयो। ४सन्देश
यस्तो थियो: "यर्मिया, तिमीले किनेका पटुका बाँध र
परात नदीमा जाऊ। अनि त्यो पटुका चट्टानहरू चर्केको
ठाउँमा लुकाऊ।"
५यसकारण म परात नदीतर्फ लागें परमप्रभुले दिनुभएको
आदेश अनुसार पटुका लुकाँए। ६धेरै दिन पछि,
परमप्रभुले मलाई भन्नुभयो, "अब यर्मिया, परात नदीतर्फ
जाऊ। पटुका ल्याऊ जुन मैल तिमीलाई त्याहाँ लुकाउनु
भनेको थिए।"
७यसकारण म परात नदीमा गएँ अनि जहाँ मैले
पटुका लुकाएका थिएँ त्यो ठाँउ खनें। मैले पटुका पाएँ
तर त्यो मक्किएर काम नलाग्ने भएको थियो।
८त्यसपछि परमप्रभुको सन्देश मकहाँ आयो।
९परमप्रभुले यसो भन्नुभयो: "त्यसरी नै म यहूदाको गर्व
र यरूशलेमको महागर्व ध्वंस पार्नेछु। १०यी दुष्ट
मानिसहरूले मेरा वचनहरू सुन्न अस्वीकार गर्छन।
तिनीहरू हठी छन्। तिनीहरू अन्य देवताहरूको अनुसरण
गर्छन र तिनीहरूको पूजा गर्छन्। ती मानिसहरू पटुका
झैं नष्ट हुनेछन्। ११एकजना मानिसले आफ्नो कम्मरमा
पटुका कस्सेर बाँध्छ। त्यस्तै प्रकारले, म यहूदाका र
इस्राएलका मानिसहरूलाई कस्सेर बाँध्नेछु।" यो सन्देश
परमप्रभुबाट हो। "मैले त्यसो गरेको कारण ती
मानिसहरूलाई म पट्टि खिच्न र आफ्नो नाउँ प्रशंसा र
महिमाका निम्ति आफ्नो मानिसहरू बनाउनु हो तर
तिनीहरूले सुनेन्।"

## यहूदालाई चेताउनी

१२"तिनीहरूलाई यो सन्देश भन: 'परमप्रभु इस्राएलका
परमेश्वरले भन्नु भएको छ: हरेक दाख-मशक दाखरसले
भर्नु पर्छ।' ती मानिसहरूले तिमीलाई भन्छन्, 'वास्तवमा
हामी जान्दछौं हरेक दाख-मशक दाखरसले भर्नु पर्छ।'
१३तब तिमीहरू तिनीहरूलाई भन्नेछौ, 'यही नै त

परमप्रभुले भन्नुहुन्छ: यस देशमा भएका सबै असाहयहरूलाई
म जड्याँह जस्तो बनाउने छु। म ती राजाहरूको बारेमा
भनिरहेछु जो दाऊदको राजगद्दीमा बस्छन्। म ती
पूजाहारीहरू, अगमवक्ताहरू र यरूशलेममा बस्नेहरू
सबै मानिसहरूका बारेमा भनिरहेको छु। १४तिनीहरूलाई
एकार्कामा चकनाचूर पार्नेछु, बाबु छोराहरूमा पनि
आपसमा चक्नाचुर हुनेछन्"' परमप्रभु भन्नुहुन्छ
"'तिनीहरूका निम्ति म दु:खी हुने छैन अनि म
तिनीहरूमाथि क्षमा गर्ने छैन। यहूदाका मानिसहरूलाई
ध्वंस पार्नु म रोकिने छैन्।'"
१५सुन र ध्यान देऊ। परमप्रभु तिमीहरूसित बोल्नु
भयो। अंहकारी नहौ।
१६परमेश्वर आफ्ना परमप्रभुलाई सम्मान् गर। उहाँलाई
प्रशंसा गर नत्रता उहाँले अन्धकार ल्याउनु हुनेछ।
तिमीहरू अन्धकारको पहाड़हरूमा झर्न अगि प्रशंसा
गर यहूदाका मानिसहरू तिमीहरूले उज्यालोको आशा
गरिरहेछौ। तर परमप्रभुले डरलाग्दो अन्धकार ल्याउनु
हुनेछ। उसँले उज्यालोलाई बद्लेर बाक्लो अन्धकार
बनाउनु हुनेछ।
१७यहूदाका मानिसहरू यदि तिमीहरूले परमप्रभुको
कुरालाई ध्यान दिएनौ भने। म लुक्छु अनि रून्छु। तिम्रो
गर्वले मलाई रूने बनाउँछ। म धेरै जोड़ले रूनेछु। मेरो
आँखाबाट आँसु बाढ़ी झैं बग्नेछ? किनभने परमेश्वरको
भेंड़ाको बथान* पक्रा पर्नेछ।
१८यी कुराहरू राजा र राज-मातालाई भन, "राजगद्दीबाट
तल झर' तिमीहरूको गौरवशाली मुकुट तिमीहरूको
शिरबाट खसेको छ।"
१९नेगब मरुभूमिमा भएको शहरहरूका प्रवेशद्वारहरू
बन्द छन, अनि कसैले पनि तिनीहरूलाई खोल्न
सक्तैनन्। यहूदाका सम्पूर्ण मानिसहरूलाई निर्वासन गरियो।
तिनीहरूलाई कैदी जस्तै लगियो।
२०हेर! शत्रुहरू उत्तरबाट आइरहेकाछन्। परमप्रभुले
दिनुभएको सुन्दर बथान, तिम्रो ती भेड़ाका बथानहरू
कहाँ छन्?
२१यदि बथानको विषयमा परमप्रभुले सोध्नु भए
तिमी के भन्नेछौ? तिमीहरूले सिकाउनु पर्थ्यो। तिमीहरूले
अगुवाई गरिरहेको हुनु पर्ने। के तिमी सुत्केरी पीड़ामा
परेकी स्त्रीहरू झैं छैनौ?
२२यदि तिमीहरू स्वयंलाई सोधे, "किन मलाई यस्तो
नराम्रो कुराहरू भयो?" ती कुराहरू तिमीहरूकै पापको
कारणले तिम्रो पोशाकहरू च्यातियो अनि तिमीहरू
अपमानित भयौ।
२३जसरी एउटा चितुवाले आफ्नो छालाको थोले
दागहरू बद्लाउनु सक्तैन त्यसरी नै एकजना कालो
वर्णको मानिसले आफ्नो वर्ण बद्लिन सक्तैन। यसर्थ
तिमी दुष्टकर्मीहरू कहिल्यै परिवर्तन हुन र असल गर्न
सक्तैनौ।
२४मरुभूमिको हावाले भूस उड़ाए झैं म तिनीहरूलाई
तितर-बितर पारिदिनेछु।
२५मेरो योजनाभित्र गाभिएको यो तिम्रो भाग्य हो।
यस्तो संयोक किन घट्यो? किनभने तिमीहरूले मलाई
त्याग्यौ अनि झूटो देवताहरूमाथि भरोसा गर्‍यौ।"
२६यरूशलेम, म तिम्रो लुगा अनुहार सम्म तानी
दिनेछु ताकि प्रत्येकले तिम्रो लाज देखोस्।
२७मैले तिमीहरूलाई घिनलाग्दा काम गरेको देखेको
छु। मैले तिमीहरूलाई वेश्यावृति झैं पहाड़मा र
मैदानमा आफ्नी प्रेमिकाहरूलाई अति आनन्दसित व्यभिचार
काममा मस्त भएको देखेको छु।"

## खड़ेरी र झूटा अगमवक्ताहरू

१४ खड़ेरीको बारेमा यर्मियाकहाँ आएको परमप्रभुको
वचन यही हो:
२"यहूदा शोक गर्छ, उसको प्रवेशद्वारहरू कमजोर
भएको छन्। मानिसहरू भूइँमा लड़ेर शोक मनाउँछन
अनि यरूशलेमको चित्कार आकासिन्छ। ३मानिसहरूका
नायकहरूले आफ्ना नोकरहरूलाई पानी लिनुलाई पठाए।
नोकरहरू इनारमा गए तर तिनीहरूले पानी पाएनन्।
नोकरहरू रित्तो जगहरू लिएर फर्की आए। यसकरण
तिनीहरू लज्जित अनि अपमानित भए। तिनीहरूले
लाजले आफ्नो अनुहार लुकाए।
४अनावृष्टि भएको कारण किसानहरूले खेतमा हलो
जोतेनन्। यसर्थ तिनीहरूले लाजले आफ्नो मुख छोपे।
५माऊ मृगले सम्म आफूले भखर जन्माएको पाठा-
पाठीहरू छोड़छे। त्यहाँ घास नभएकोले त्यसले त्यसो
गरकी हो।
६जंगली गधाहरूले स्यालहरूले झैं पहाड़मा उभिएर
हावा लिदैंछन्। चर्ने खर्कमा हरियो नभएको कारण
तिनीहरूको आँखा तिर्मिराउँछन्।"

## परमप्रभुसँग सहायताको लागि प्रार्थना

७"हे परमप्रभु! हाम्रो अर्ध मेले हामीलाई देखे तापनि
आफ्नो नाउँको गौरवका निम्ति केही गर्नु होस्। हामी
भन्छौ कि हामीले धेरै पल्ट तपाईंलाई त्यागेका हौं
अनि तपाईंको विरुद्ध पापहरू गरेका छौं।
८हे परमेश्वर! तपाईं इस्त्राएलको आशा हुनुहुन्छ।
संकटको समयमा धेरै चोटी तपाईंले इस्त्राएललाई
बचाउनु भएको छ। तर अहिले यस ठाउँमा तपाईं
विदेशी झैं देखिनु हुन्छ। तपाईंलाई रात बिताउने यात्री
झैं लाग्छ।
९किन तपाईं भ्रममा परेको मानिस झैं देखिनु हुन्छ?
तपाईंले कसैलाई पनि बचाउँनु हातमा नरहेका सेना झैं
हुनुहुन्छ। तर हे परमप्रभु। तपाईं हाम्रो साथमा हुनुहुन्छ।

**भेड़ाको बथान** परमप्रभुका मानिसहरू यहूदाका मानिसहरू

हामी तपाईंको नाउँले बोलाइन्छौं। हामीलाई असहाय
नछोड्नु होस्।"

## परमप्रभुको सन्देश यहूदालाई

१०यसर्थ परमप्रभुले मानिसहरूलाई भन्नुहुन्छ।
"तिनीहरूले मलाई त्याग्नु र टाढ़ा जान मन पराउँछन्।
मलाई त्याग्नु तिनीहरू आफैलाई रोक्दैनन्। यही कारणले
परमप्रभुले तिनीहरूलाई स्वीकार गर्न भएन। होइन,
परमप्रभुले तिनीहरूको दुष्टकर्म स्मरण गर्नुहुन्छ र
तिनीहरूको पापले गर्दा सजाय दिनु हुनेछ।"
११तब परमप्रभुले मलाई भन्नुमयो, "यर्मिया, यी
मानिसहरूको लागि मलाई प्रार्थना नगर। १२यहूदाका
मानिसहरूले उपवास गर्न सक्लान अनि मलाई प्रार्थना
गर्लान, तर म तिनीहरूका प्रार्थनाहरू सुन्ने छैन्। यदि
तिनीहरूले होमबली र अन्नबलि चढ़ाए तापनि म ती
मानिसहरूलाई स्वीकार गर्ने छैन। म यहूदाका
मानिसहरूलाई युद्धले ध्वंस गर्ने छु। म तिनीहरूका
भोजन लगिदिने छु, अनि यहूदाका मानिसहरू भोको
हुनेछन। अनि म तिनीहरूलाई डरलाग्दो रोगहरूले
विनाश गरी दिनेछु।"
१३तर मैले परमप्रभुलाई भनें, "हे परमप्रभु मेरो
मालिक! अगमवक्ताहरूले तिनीहरूलाई भन्छन्,
'तिमीहरूलाई शत्रुहरूको तरवारले चोट लाग्ने छैन।
तिमीहरू अनिकाल ग्रस्त हुनेछैनौ। परमप्रभुले तिमीहरूलाई
यस भूमिमा शान्ति प्रदान गर्नु हुनेछ।'"
१४तब परमप्रभुले मलाई भन्नुभयो, "यर्मिया!
अगमवक्ताहरूले मेरो नाउँमा झूटो प्रचार गरिरहेका
छन्। मैले ती अगमवक्ताहरूलाई पठाइन। मैले तिनीहरूलाई
न आदेश दिएँ न त तिनीहरूसित बात नै मारें। ती
अगमवक्ताहरूले झूटो दर्शन, महत्वहीन मन्त्र-तन्त्र
कुराको र तिनीहरूका आफ्नै भूल विचारहरू तिमीहरूलाई
दिइरहेका छन्। १५यसकारण यस्तै अगमवक्ताहरूको
बारेमा भन्छु कि तिनीहरूले मेरो नाउँमा प्रचार गरिरहेका
छन्। मैले ती अगमक्ताहरूलाई पठाएको होइन। ती
अगमवक्ताहरूले भने, 'कुनै शत्रुले पनि आफ्ना
तरवारहरूसित यस राज्यमा कहिले आक्रमण गर्ने छैन।
यस देशमा कोही पनि कहिल्यै भोको रहने छैन्।' ती
अगमवक्ताहरू भोकले मर्नेछन् अनि शत्रुको तरवारद्वारा
मारिने छन। १६जुन मानिसहरूसित अगमवक्ताहरू बोले
तिनीहरूलाई यरूशलेमको गल्लीमा फ्याकिनेछ। ती
मानिसहरू भोक र तरवारद्वारा शेष हुनेछन। त्यहाँ
तिनीहरूलाई दफन गर्नेहरू केही पनि हुने छैन, तिनीहरूका
पत्नीहरू अथवा तिनीहरूका छोरा-छोरीहरू पनि हुनेछैनन्।
म तिनीहरूलाई तिनीहरूका दुष्ट कर्महरूका निम्ति दण्ड
दिनेछु।
१७"तिनीहरूमा यी वचनहरू घोषणा गर, 'मेरा
आँखाहरू आँसुले भरिएका छन्। म मेरा मानिसहरूको
महाध्वंस र तिनीहरूको गहिरो चोटहरूको लागि लगातार
रात-दिन रोइरहेको छु।
१८यदि म देशभित्र गएँ भने म तरवारद्वारा मारिएका
मानिसहरू देख्छु। यदि म शहरभित्र पसें भने म
बिरामीहरू जसको खाने कुराहरू छैन तिनीहरूलाई
देख्छु। पूजाहारीहरू र अगमवक्ताहरू त्यही भूमिबाट
जान्छन तर तिनीहरूले बुझ्दैनन्।'"
१९"हे परमप्रभु, के तपाईंले यहूदा राज्यलाई
सम्पूर्णरूपले त्याग्नु भयो? हे परमेश्वर, के तपाईंले
सियोनलाई घृणा गर्नुहुन्छ? तपाईंले यस्तो प्रकारले हामीलाई
घात गर्नुभयो कि फेरि हामी ठीक हुन सक्तैनौं। हामी
शान्तिको प्रतीक्षा गरिरहेका छौं, तर कुनै लाभ भएको
छैन। हामी निको हुने समय पर्खिरहेका छौ, तर त्रास
मात्र पो आउँछ।
२०हे परमप्रभु, हामी जान्दछौ कि हामी दुष्ट मानिसहरू
हौं। हामी जान्दछौ कि हाम्रा पिता-पुर्खाहरूले अधर्म
कामहरू गरे। हो, हामीले तपाईंको विरुद्ध पाप गर्‍यौं।
२१हे परमप्रभु, तपाईंको नाउँको लागि हामीलाई
तिरस्कार नगर्नुहोस्। महिमामय सिंहासनमाथि अपमान
नल्याउनु होस्। हामीसित रहेको तपाईंको करार भंग
नपार्नुहोस्।
२२विदेशी मूर्तिहरूसँग पानी पार्ने शक्ति छैन। आकाशले
पानी वर्षाउने शक्ति पाँउदैन। हे परमप्रभु, हाम्रा परमेश्वर!
तपाईं नै हाम्रो आशा हुनुहुन्छ। तपाईं मात्र एकजना
हुनुहुन्छ जसले यी सब कर्महरू गर्नुसक्छ।"
१५ परमप्रभुले मलाई भन्नुभयो "यर्मिया, यदि यहाँ
मोशा र शमूएलले मलाई प्रार्थना गरेको भए
पनि म ती मानिसहरूको लागि दुःखी हुने थिइन।
यहूदाका मानिसहरूलाई मदेखि टाढ़ा पठाऊ। तिनीहरूलाई
जाऊ भन। २ती मानिसहरूले तिमीलाई सोध्न सक्छन्,
'हामी कहाँ जाने?' तब तिनीहरूलाई भन: यसकारण
परमप्रभु भन्नुहुन्छ,
'ती मर्नु पर्नेहरू मरुन, तरवारले मारिनु पर्नेहरू
तरवारले नै मारिउन, अनिकालमा परिनु पर्नेहरू अनिकालमा
नै परुन अनि कैदी हुनु पर्नेहरूलाई कैद नै गरिनेछ।
३म चार प्रकारको ध्वंसकहरू तिनीहरूका विरुद्ध
पठाउने छु।' यो परमेश्वरबाट आएको सन्देश हो। 'म
तिनीहरूलाई मार्नु तरवारहरू लिएका शत्रुहरू पठाउनेछु।
तिनीहरूलाई घिस्याउन कुकुरहरू पठाउनेछु। म तिनीहरूका
शरीरहरू खाओस् र नाश गरोस भनेर आकाशका
चराहरू र जानवरहरू पठाउनेछु।
४यहूदाका राजा हिजकियाहका छोरो मनश्शेले
यरूशलेममा जे गरेको छ। त्यसको लागि पृथ्वीका
मानिसहरूका निम्ति यहूदाका मानिसहरूलाई म एक
डरलाग्दो उदाहरण बनाई प्रस्तुत गर्नेछु।'
५यरूशलेमको शहरमा कुनै मानिस पनि तिम्रो लागि
दुःखी हुने छैन। कुनै मानिस पनि तिम्रो निम्ति दुःखी

साथै रुने छैन कुनै मानिसले पनि तिमीलाई कस्तो छौ भनेर सम्म सोध्ने छैन्।
६यरूशलेम, तिमीले मलाई त्याग्यौ।" यो सन्देश परमप्रभुबाट आएको छ। "तिमी जाऊ। यसकारण म तिमीलाई नष्ट पार्छु। तिमीलाई दया देखाउँदा देखाउँदा म थाकिसकें।
७म तिनीहरूलाई अलकत्रा सोर्ने काँटाले यस ठाउँको शहरका फाटकहरूमा तितर-बितर पारिदिनेछु। मेरा मानिसहरू परिवर्तन भएनन यसर्थ म तिनीहरूलाई ध्वंस पार्नेछु। म तिनीहरूका नानीहरू लैजानेछु।
८धेरै स्त्रीहरूले तिनीहरूका लोग्नेहरू हराउने छन्। त्यहाँ बेशी विधवाहरू हुनेछन् म समुद्रका बालुवाहरू भन्दा मध्यदिनको विनाश ल्याउने छु, त्यो विनाशकले यहूदाका जवान मानिसहरूका आमाहरूलाई आक्रमण गर्नेछ। म यहूदाका मानिसहरूमाथि पीड़ा र त्रास ल्याइदिने छु, म यस्तो घटना अतिशीघ्र नै घटाउनेछु।
९शत्रुले तरवारहरू सहित आक्रमण गर्ने छ, अनि मानिसहरूलाई मार्ने छ। तिनीहरूले यहूदाका बाँकी रहेकाहरूलाई मार्नेछ। सातजना छोराहरूकी आमा थकित हुन्छे अनि मर्छे। उसका निम्ति मध्यदिनमा सूर्य अस्ताउँछ। उसलाई अपमानित र लज्जित पारिनेछ। बाँकी रहेका मानिहसहरू शत्रुहरूको अघि युद्धमा मारिनेछन्," परमप्रभु भन्नुहुन्छ।

### यर्मियाले फेरि परमप्रभुलाई गुनासो प्रकट गर्दछ

१०हे मेरी आमा, मलाई तपाईंले जन्म दिनु भएको निम्ति म दु:खी छु। यस देशमा म त्यो मानिस हुँ जो दोष र घृणाको पात्र बनिएको छ, मैले कतैबाट ऋण लिएको अथवा दिएको छैन। तर प्रत्येक मानिसले मलाई सराप्छन्।
११परमप्रभुले भन्नुभयो, "मैले संकष्टको समयमा निश्चय, तिमीलाई बल दिएको छु। मैले तिम्रा निम्ति संकटको समयमा शत्रुहरूसित मध्यस्थ गरेकोछु।"

### यर्मियालाई परमप्रभुले जवाफ दिनुहुन्छ

१२"यर्मिया! उत्तरबाट कसैले पनि फलाम भाँच्नु सक्तैन न त कसैले काँसा नै टुक्रा-टुक्रा पार्नु सक्छ।
१३तिम्रो देशमा तिमीले गरेको पापले गर्दा तिम्रो भण्डारको सम्पत्ति लूटको समान झैं गरी अरुलाई दिनेछु।
१४हे यहूदाका मानिसहरू! म तिमीहरूलाई तिमीहरूकै शत्रुहरूको दास बनाउनेछु। तिमीहरू त्यस्तो भूमिमा दासहरू हुनेछौ जुन तिमीहरू कहिल्यै जानेका छैनौ। मेरो क्रोध तातो आगो जस्तो छ र तिमीहरू त्यसमा जल्ने छौ।"
१५हे परमप्रभु! मलाई सम्झना गर्नुहोस् र मेरो हेरचाह गर्नुहोस्। मेरा निम्ति ती मानिसहरू विरुद्ध बद्ला लिनुहोस् ज-जसले मेरो खेदो गर्छन। तिनीहरूसित धर्य धारण नगर्नु होस्। जब तपाईं उनीहरूसित धर्य धारण गरिरहनु भएको छ भने मलाई नलानु होस्। हे परमप्रभु याद गर्नु होस् मैले तपाईंका निम्ति कति लाज बोक्नु पर्‍यो?
१६तपाईंको सन्देश मकहाँ आयो। हे सेनाहरूका परमप्रभु तपाईंको सन्देशले मलाई अत्यन्त आनन्द तुल्यायो। तपाईंको नाउँमा मलाई बोलाइँदा म खुशी भएँ।
१७जब तिनीहरू हाँसीरहेका अनि ठट्टा गरिरहेका थिए म कहिल्यै भीड़मा बसिन। म एक्लै बसें कारण तपाईंको दैविक हात ममाथि थियो अनि तपाईंले म भित्र क्रोध भरिदिनु भएको थियो।
१८किन मलाई कष्ट भइरहन्छ? मेरो घाउ गहिरो छ जुन निको हुनलाई गाह्रो मानिरहेको छ? मेरा निम्ति तपाईं सुकेको खोल्सा हुनुहुन्छ, एउटा खोल्सा जसमाथि भरोसा नै छैन।"
१९तब परमप्रभुले भन्नुभयो, "यर्मिया, यदि तिमी फर्कियौ भने म तिमीलाई लिनेछु र तिमीले मेरो सेवा गर्नेछौ। यदि तिमीले महत्वपूर्ण कुराहरू गर्‍यौ, अनि महत्वहीन शब्दहरू बोलेनौ भने तिमी मेरा प्रवक्ता हुन सक्छौ। यर्मिया! यहूदाका मानिसहरू बद्लिनु पर्छ अनि तिमीकहाँ आउँनु पर्छ तर तिमी तिनीहरूकहाँ जानु हुँदैन।
२०म तिमीलाई बलियो बनाउनेछु र ती मानिसहरूले तिमीहरूलाई काँसाको पर्खाल जस्तै बलियो सम्झनेछन्। यहूदाका मानिसहरू तिमीसित लड़नेछन्। तर तिनीहरूले तिमीलाई परास्त गर्नु सक्तैनन कारण म तिमीसित रहनेछु, म तिमीलाई सहायता गर्नेछु र बचाउँनेछु" परमप्रभु भन्नुहुन्छ।
२१"म तिमीलाई दुष्ट मानिसहरूबाट जोगाउने छु। ती मानिसहरूले तिमीलाई डर देखाउँछन्। तर म तिमीलाई ती मानिसहरूबाट मुक्त पारेर ल्याउनेछु।"

### महाविपद्को दिन

**१६** परमप्रभुको यो सन्देश मकहाँ आयो: २"यर्मिया, यहाँ तिमीले विवाह गर्न हुँदैन्। तिमीसँग यस ठाउँमा कुनै छोरा-छोरी हुनु हुँदैन्।"
३परमप्रभुले ती छोरा-छोरीहरूको विषयमा भन्नुभयो जो यहूदाको भूमिमा जन्मिएका छन्। अनि परमेश्वरले ती नानीहरूका आमा-बाबुहरूको बारेमा त्यस्तो भन्नुभयो:
४"ती मानिसहरूले डरलाग्दो मृत्यु मर्ने छन्। कोही पनि तिनीहरूका लागि रुने छैन। कसैले पनि तिनीहरूलाई दफन गर्ने छैन। तिनीहरूको शरीरहरू गोबरहरू जस्तो भूइँमा लड़िरहनेछ। ती मानिसहरू शत्रुहरूको तरवारले मर्नेछन्, अथवा भोकले मर्नेछन्। तिनीहरूका मृत

शरीरहरू आकाशमा उड्ने चराहरू र पृथ्वीमा बस्ने
जनावरहरूको लागि भोजन हुनेछ।"
५यसर्थ परमप्रभु भन्नुहुन्छ: "यर्मिया, तिमी त्यो घरमा
नजाऊ जहाँ मृत मानिसको अन्त्येष्टीको भोज भैरहेको
छ। मृतकको लागि विलाप गर्नु अनि रुनु नजाऊ
कारण मैले त्यस मानिसबाट मेरो शान्ति, आशिर्वाद,
मेरो माया अनि दया फर्काएको छु," परमप्रभु भन्नुहुन्छ।
६"यहूदाको भूमिमा ठूलो तथा साना सबै मानिसहरू
मर्नेछन्। कसैले पनि तिनीहरूलाई दफ्नाउने छैन, न त
तिनीहरूका निम्ति रुने नै छन्। कसैले पनि तिनीहरूका
निम्ति केश तथा दाह्री खौरने छैनन्। ७शोक गर्नेहरूलाई
कसैले भोजन दिने छैनन्। तिनीहरूका बाबु अथवा
आमा मर्दा सान्त्वना दिनलाई कसैले तिनीहरूलाई एक
प्याला दाखरस पनि दिने छैनन्।
८"यर्मिया, त्यस्तो घरमा नजाऊ जहाँ मानिसहरू
उत्सव मनाई रहेका हुन्छन्। त्यो घरमा पिउन, खान र
बस्न नजाऊ। ९सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर
यी कुराहरू भन्नुहुन्छ: 'अति शीघ्र नै तिमीले आफ्नो
जीवनकाल नै देख्नेछौ कि म यो ठाउँमा आनन्दको
ध्वनिहरू र दुलहा-दुलहीको आवाजहरू बन्द गरिदिनेछ।'
१०"यर्मिया, तिमीले यहूदाका मानिसहरूलाई यी कुराहरू
भन अनि मानिसहरूले तिमीलाई सोध्ने छन्, 'किन
परमप्रभुले त्यस्ता डरलाग्दो कुराहरू हामीलाई भन्नु
भएको छ? हामीले के भूल गरेका छौ? हामीले हाम्रो
परमेश्वरको विरुद्ध के पाप गरेकाछौ?' ११तब तिमीले
ती मानिसहरूलाई यी कुराहरू भन्नै पर्छ: 'कारण तिम्रा
पिता-पुर्खाहरूले मलाई त्यागेकाछन्।' परमप्रभुले घोषणा
गर्नु हुन्छ, 'अनि अन्य देवताहरूको अनुसरण गरी
तिनीहरूको सेवा गरे अनि अर्चना गरे। तिनीहरूले
मलाई त्यागिदिए अनि मेरा व्यवस्थाहरू मान्न अस्वीकार
गरे। १२तिम्रा पिता-पुर्खाहरूले भन्दा तिमीहरूले अझ
बढ़ी पाप गरेकाछौ। तिमीहरू अत्यन्त हठी छौ अनि
तिमीहरूले त्यस्ता कुराहरू मात्र गर्‍यो जुन तिमीहरूका
मनले सुझाव दियो। तिमीहरूले मेरो आज्ञा पालन
गरेका छैनो। १३यसकारण म तिमीहरूलाई देशबाट
निकाली दिनेछु। म तिमीहरूलाई तिमीहरू तथा
तिमीहरूका पिता-पुर्खाहरूले पनि नदेखेको विदेशमा
जानु बाध्य गराउनेछु। त्यस देशमा तिमीहरू रात-दिन
अरु देवताहरू पूज्नेछौ। म तिमीहरूलाई कहिल्यै
सहायता गर्ने छैन।'
१४"मानिसहरू शपथ खान्छन् र भन्छन्, 'परमप्रभु
जसरी बाँच्नु हुन्छ।' उहाँले मिश्रदेशबाट इस्राएलका
मानिसहरूलाई बाहिर निकालेर ल्याउनु भयो।' तर
समय आउँदैछ जति बेला मानिसहरूले यी वचनहरू
भन्नेछैनन्।" यो सन्देश परमप्रभुबाट आएको हो।
१५"मानिसहरूले शपथ ग्रहण गर्नेछन, 'परमप्रभु जसरी
बाँच्नु हुन्छ। परमप्रभु जसले इस्राएलका मानिसहरूलाई
भूमिको उत्तरी भाग र अन्य सबै भागहरूबाट ल्याउनु
भएको हो, तिनीहरू त्यहाँबाट धपाइएका थिए।' मानिसहरू
ले यी वचनहरू भन्नेछन् किनभने मैले तिनीहरूका
पिता-पुर्खाहरूलाई दिएको जमीनमा म तिनीहरूलाई
फर्काई ल्याउनेछु।
१६"परमप्रभु भन्नुहुन्छ, म धेरै जालहारीहरूलाई
पठाउँनेछु।" "तिनीहरूले यहूदाका मानिसहरूलाई
समात्नेछन्। तब म धेरै शिकारीहरूलाई पठाउनेछु,
जसले तिनीहरूलाई पहाड़माथि प्रत्येक पर्वत अनि
चर्केको चट्टानहरूमा शिकार गर्नेछन्। १७तिनीहरूले
गर्ने प्रत्येक कुरा म हेर्छु। यहूदाका मानिसहरूले कुनै
कुरा म देखि लुकाउन सक्तैनन्। तिनीहरूले मबाट पाप
लुकाउन सक्तैनन्। १८म यहूदाका मानिसहरूले गरेका
अधर्म कामहरूका निम्ति पुन: क्षतिपूर्ण गर्नेछु। म
तिनीहरूलाई प्रत्येक पापको दोबर दण्ड दिनेछु। म
तिनीहरूलाई त्यसो गर्नेछु किनभने तिनीहरूले मेरो भूमि
घृणित मूर्तिहरूद्वारा दूषित पारि दिए अनि तिनीहरूले
मेरो देश तिनीहरूका घृणित मूर्तिहरूले भरिदिए।"

### परमेश्वरलाई प्रार्थना

१९हे परमप्रभु, तपाईं मेरो बल र मेरो संरक्षण
हुनुहुन्छ। तपाईं संकटको बेलामा दौड़ेर जाने एक
सुरक्षित ठाउँ हुनुहुन्छ। सारा पृथ्वीका कुना-कुनारीट
जातिहरू तपाईंकहाँ आउँछन्। तिनीहरू भन्छन्, "हाम्रा
पिता-पुर्खाहरूकहाँ झूटा देवताहरू थिए। तिनीहरूले ती
महत्वहीन मूर्तिहरू पूजे, जुन मूर्तिहरूले तिनीहरूलाई
मद्दत गर्दैन।"
२०के कुनै मानिसले वास्तविक देवताहरू बनाउनुसक्छ?
अहँ तिनीहरू वास्तविक देवताहरू होइनन्।
२१परमप्रभु भन्नुहुन्छ, "यसर्थ जसले मूर्तिहरू
बनाउँछन्। तिनीहरूलाई अघिबाटै म मेरो शक्ति र बल
विषयमा बताउनेछु। तब तिनीहरूले जान्नेछन कि मेरो
नाउँ परमप्रभु हो।"

### हृदयमा लेखिएको दोष

१७ "यहूदाका मानिसहरूका पापहरू तिनीहरूका
हृदयको पाटीमा अनि तिनीहरूका वेदीको
सिँगहरूमा तिखो फलामले लेखिएको थियो।
२तिनीहरूका नानीहरूले झूटा देवताहरूका बेदीहरू
संम्झन्छन्। तिनीहरूले काठको स्तम्भहरू सम्झन्छन्
जुन अशिराहलाई समर्पित गरेको थियो। तिनीहरूले यी
कुराहरू हरियो रुखहरू मनी अनि पहाड़हरूमाथि
सम्झन्छन्।
३म मेरो पहाड़, तिमीहरूका सम्पत्ति अनि मूल्यवान
वस्तुहरू लूटेको समान झैं अरूलाई दिनेछु। तिमीहरूले
तिमीहरूको सम्पूर्ण देशमा पापको दाम स्वरूप म ती
चीजहरू दिनेछु।

४तिमीहरूले मैले दिएको भूमि उम्काउनेछौ। विदेशमा तिमीहरूले शत्रुहरूको सेवा गर्नेछौ कारण तिमीहरूले मेरो क्रोधलाई तातो आगो झैं बनायौ जुन सदा सर्वदाका निम्ति बलिरहनेछ।"

### मानिसहरूमा आस्था, अनि परमप्रभुमा आस्था

५परमप्रभुले यी कुराहरू भन्नुभयो: "जुन मानिसले अरू मानिसमाथि भरोसा गर्छ अनि शारीरिक शक्तिमाथि विश्वास गर्छ र परमप्रभुबाट आफ्नो हृदय टाढ़ो लैजान्छ त्यसलाई धिक्कार।

६ती मानिसहरू मरुभूमिमा उम्रने पोथ्रा झैं हुनेछन् अनि उन्नति तिनीहरूले देख्ने छैनन्। तिनीहरूले असल देख्दैनन जब यो आउँछ।

७त्यो मानिस धन्य हो जसले परमप्रभुमाथि भरोसा गर्छ, जसले उहाँमाथि विश्वास राख्छ।

८त्यो मानिस पानीको छेवमा रोपिएको रूख जस्तै हुनेछ जसले खोल्सा सम्म आफ्नो जराहरू फैलाएको हुन्छ। यसकारण त्यो वृक्ष गरम कालमा डराउदैन। यसका पातहरू खड़ेरी पर्दा पनि हरियै रहन्छन अनि यसमाा फल फल्नु छोड़दैन।

९"मानिसको हृदय अन्य कुनै चीज भन्दा कपटपूर्ण हुन्छ। त्यो कहिल्यै निको नहुने हुन्छ। यसलाई कसैले बुझ्न सक्तैन।

१०तर म हुँ, म एकजना मानिसको हृदय देख्न र निर्णय लिनु अनि उसको कर्म र योग्यता अनुसार फल दिन्छु।

११एकजना मानिस जसले आफ्नो अधिकार बाहिरबाट सम्पत्ति पाँउछ त्यो अण्डा नपारी चिडन्ना काड़ने चरा जस्तै हो। उसले आफ्नो सम्पत्ति जीवनको आधा अथवा अन्तिममा हराउँछ अनि उ मूर्ख बनिन्छ।"

१२आदिदेखि हाम्रो मन्दिर परमप्रभुको लागि महिमामय सिंहासन भएको हो। यो एकदमै मुख्य पवित्र स्थान हो।

१३हे परमप्रभु! तपाईं इस्राएलको आशा हुनुहुन्छ, तिनीहरू सब जसले छोड़छन्, पछि तिनीहरू लज्जित हुनेछन। भूमिमा जसले तपाईंलाई छोड़नेछन्। तिनीहरूको नाउँ मैलामा लेखिनेछ* किनभने तिनीहरूले परमप्रभुलाई जीवित जलश्रोतलाई त्यागे।

### यर्मियाको तेस्रो गुनासो

१४हे परमप्रभु, यदि तपाईंले मलाई निको पार्नुभयो भने, म साँच्चि नै निको हुनेछु यदि तपाईंले मलाई बचाउनु भयो भने, म साँच्चि नै बाँच्ने छु। परमेश्वर, म तपाईंको गुण गाउँछु।

१५तिनीहरूले मलाई सोच्छन्, "परमप्रभुबाट आएको वचन कहाँ छ? आउन देऊ!"

१६परमप्रभु, म तपाईंको गोठोला बनिनुबाट भागेर गईन्। मैले शोकपूर्ण दिनको कहिल्यै इच्छा गरिन। तपाईं जान्नुहुन्छ तपाईंको मैले अघि के भनेको थिएँ यो तपाईंको सामु छ।

१७मलाई डर नदेखाउनु होस्। तपाईं मेरो विपत्तिको दिनमा शरण स्थान हुनुहुन्छ।

१८मलाई खेदनेहरूलाई लाज होस्, तर मलाई लज्जित नपार्नुहोस्। तिनीहरूलाई डर देखाउनु होस् तर मलाई होइन। तिनीहरूमाथि ध्वंसको दिन आवोस्। तिनीहरूलाई ध्वंस पार्नु होस्। तिनीहरूलाई फेरि ध्वंस पनि पार्नु होस्।

### विश्राम दिनलाई पवित्र राखी रहनु

१९परमप्रभुले यी कुराहरू मलाई भन्नुभयो: "यर्मिया, प्रवेशद्वारमा जाऊ जहाँबाट यहूदाका राजाहरू भित्र जान्छन् अनि बाहिरा आउँछन् त्यहाँ खड़ा भई बस्। त्यसपछि यरूशलेमको अन्य प्रवेश द्वारहरूमा जाऊ।

२०"मानिसहरूलाई यी वचनहरू भन: 'परमप्रभुका वचनहरूमा कान थाप। हे यहूदाका राजा अनि यहूदाका मानिसहरू, अनि यरूशलेमका बासिन्दाहरू। प्रत्येक मानिस जो यो फाटकबाट पस्छन् मेरो कुरा सुन।
२१परमप्रभुले यी कुराहरू भन्नुहुन्छ: तिमीहरूका जीवनका निम्ति विश्राम दिनमा कुनै भारी नबोक। यरूशलेमको प्रवेशद्वार भएर विश्राम दिनमा भारी नल्याऊ। २२विश्राम
दिन आफ्ना घरबाट कुनै भारी ननिकाल। त्यसदिन कुनै काम नगर। तिमीहरूले त्यो दिन पवित्र राख्नेछौ जस्तो मैले तिमीहरूका पिता-पुर्खाहरूलाई आदेश दिएको थिएँ।
२३तर तिम्रा पिता-पुर्खाहरूले आज्ञा पालन गरेनन्। तिनीहरूले ममा कुनै ध्यान दिएनन्। तिम्रा पिता-पुर्खाहरू अत्यन्त हठी थिए। कुनै संशोधन तिनीहरू सुन्दैनथे अथवा ग्रहण गर्दैनथे।"' २४परमप्रभु भन्नुहुन्छ, '"तर
यदि तिमीहरूले मेरो कुरा सुनेर विश्रामको दिन शहरका मूल-द्वारहरूबाट कुनै भारी भित्र ल्याएनो र विश्राम दिनलाई पवित्र मानी कुनै पनि काम गरेनौ भने,

२५"'यदि तिमीले मेरो आदेश पालन गर्‍यौ भने, तब राजाहरू अनि राजकुमारहरू जो दाऊदका सिंहासनमा बस्छन यरूशलेमको प्रवेशद्वारबाट आउँनेछन्। ती राजाहरू रथहरू र घोड़ाहरूमाथि चढ़ेर आउनेछन्। यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दाहरूका नायकहरू ती राजाहरूसित आउँनेछन्। सदा सर्वदा यरूशलेमले यस प्रवेशद्वारमा मानिसहरूलाई स्वागत गर्नेछन्। २६यहूदाका
शहरहरूबाट मानिसहरू यरूशलेम आउनेछन्। यरूशलेम वरिपरिका ससाना गाउँहरूबाट मानिसहरू यरूशलेम

---

**नाउँ माटोमा लेखिनेछ** यसको अर्थ यो हुन सक्छ कि एक मानिस चाँड़ै मर्नेवाला छ जसको नाउँ सूचिमा लेखिएको छ। अथवा बालुवामा लेखिएको मेटिए झैं त्यस मानिसको जीवन शेष हुनेछ।

आउनेछन्। मानिसहरू बिन्यामीन परिवारहरूको
जमीनबाट राफेलको पहाड़ीदेशबाट अनि नेगेबबाट
आउनेछन्। ती मानिसहरूले होमबलि, मेलबलि, अन्नबलि,
र धूप र धन्यवादको बलिहरू परमप्रभुको मन्दिरमा
ल्याउनेछन्।
२७“‘तर यदि तिमीहरूले मेरो कुरा सुनेनौ भने; यदि
तिमीहरूले विश्रामको दिनमा यरूशलेमभित्र भारीहरू
ल्यायौ भने, तिमीहरूले यस दिनलाई पवित्र दिन मानेका
हुँदैनौ। यसकारण म आगो सल्काउनु शुरू गर्नेछु जुन
निभाउन सकिन्दैन। त्यो आगो यरूशलेमको प्रवेशद्वारहरू
देखि शुरू हुनेछ, अनि यरूशलेमको राजमहलहरू
जलाउनेछ।’”

## कुमाले र माटो

१८ यर्मियाकहाँ आएको यो परमप्रभुको सन्देश हो:
२“कुमालेको घरमा जाऊ अनि म त्यहाँ
तिमीलाई मेरा बचनहरू सुनाउनेछु।”
३यसकारण म कुमालेको घरतिर गएँ। कुमालेले
चक्रमा माटो लिएर काम गरिरहेको मैले देखें। ४उसले
नरम माटोबाट एउटा हाँड़ी बनाउँदैथ्यो। तर हाँड़ीमा
केही भूल रह्यो। यसर्थ उसले त्यो विगार्‍यो अनि
उसलाई जुन माटो सही लाग्यो त्यसैबाट अर्को एउटा
हाँड़ी बनायो।
५तब परमेश्वरको सन्देश मकहाँ आयो: ६“इस्राएलका
घराना, तिमीहरू जान्दछौ कि म, परमेश्वर तिमीहरूसँग
पनि त्यस्तै काम गर्न सक्छु। तिमीहरू कुमालेको हातको
माटो जस्तै छौं। अनि म कुमाले जस्तो हुँ।
७एक समयमा एउटा जाति अथवा एउटा राज्यको
बारेमा बोल्न सक्नेछु अनि भन्नेछु कि म यसलाई
तान्नेछु र ध्वंस पार्नेछु। ८तर त्यस राज्यका मानिसहरूले
आफ्ना हृदय र जीवन शैली परिवर्तन गर्न सक्छन्।
तिमीहरूले अधर्म कामहरू गर्न छाड्लान्। तब म पनि
मेरो मन बदलनु सकौला। अनि ध्वंस पार्ने मेरो प्रस्ताव
नलिउँला। ९अर्को एक समय आउन सक्ला जब म
एउटा राज्य अथवा जातिको बारेमा यसलाई खड़ा र
स्थापित गराउँछु। १०तर यस्तो हुन सक्छ कि त्यो
राज्यका मानिसहरूले नराम्रा कर्महरू गर्न सक्छन अनि
मेरा आज्ञाहरू उल्लंघन गर्न सक्छन। तब राम्रा कामहरू
जो मैले गर्न योजना गरको थिएँ त्यस विषयमा मेरो मन
परिवर्तन गर्नेछु।
११“यसकारण यर्मिया, अब यहूदाका मानिसहरू र
यरूशलेममा बस्ने मानिसहरूलाई भन ‘यही नै परमेश्वर
भन्नुहुन्छ: म तिनीहरूको लागि सकष्टहरू तैयार पारिरहेछु
अनि तिनीहरूका विरुद्ध योजनाहरू बनाइरहेछु। यसकारण
तिनीहरूले अनिष्ट कामहरू गर्नु वन्द गरोस्। प्रत्येक
मानिस परिर्वतन होऊ र असल कुराहरू गर।’ १२तर
यहूदाका मानिसहरूले जवाफ दिन्छन्। ‘निर्थक हो प्रयास
गर्नु हामी जे चाहन्छौं त्यही गर्नेछौ। हामी अट्टेरी अनि
दुष्ट हृदयले जे सुझाव दिन्छ त्यही गर्छौं।’”
१३यसकारण परमप्रभु भन्नुहुन्छ, “अन्य जातिहरूलाई
यो सोध, ‘के तिमीहरू कसैले कन्या छोरी इस्राएलले
गरे झैं दष्ट कर्महरू गरेको सुनेका छौ?’ अनि
इस्राएल परमेश्वरको लागि अति प्रिय हो। इस्राएल
परमेश्वरको लागि नववधु जतिकै हो।
१४तिमीहरू जान्दछौ कि लबानोन पर्वतहरूबाट हिउँ
कहिल्यै अल्पिदैन अनि बगिरहने चिसो पानी कहिल्यै
सुक्दैन।
१५तर मेरा मानिसहरूले मलाई बिर्सिए। तिनीहरूले
अन्य देवताहरूलाई बलिहरू चढ़ाए। तिनीहरू पूरानो
पथबाट पल्टिए। अहिले तिनीहरू राम्रा सड़कहरू छाड़ेर
किनाराका पथहरू पछ्याउँछन्।
१६तिनीहरूको भूमि जन शून्य एक निन्दाको वस्तु
हुनेछ। त्यहाँबाट जाने पथिकहरू दु:खित हुन्छन् अनि
तिनीहरू आफ्नो टाउको हल्लाउँनेछन्।
१७पूर्वबाट बतासले उड़ाएको चीजहरू जस्तै म
यहूदाका मानिसहरूलाई छरपुष्ट पारिदिनेछु। तिनीहरूले
मलाई मुद्दत गर्न गएको देख्ने छैनन् तर मैले तिनीहरूलाई
छाड़ेर गएको देख्नेछन्।”

## यर्मियाको चौथो गुनासो

१८तब यर्मियाका शत्रुहरूले भने, “यर्मियाको विरुद्ध
योजनाहरू तैयार गरौं। पूजाहारीले दिएको व्यवस्था
अथवा ज्ञानीबाट पाइएको सल्लाह अथवा अगमवक्ताको
सन्देश नाश हुनेछैन। यसकारण उसको बारेमा झूटा
कुराहरू प्रचार गरौं ताकि ऊ नाश होस्। उसले भनेको
कुराहरू प्रति ध्यान नदिऊँ।”
१९हे परमप्रभु ध्यान दिनुहोस् अनि सुन्नुहोस् मेरा
शत्रुहरू के भन्दैछन्।
२०के मानिसहरूले असलको सट्टामा खराब फर्काउनु
पर्छ? अँह सम्झना गर, म तपाईं समक्ष उभिएँ अनि
तिनीहरूका निम्ति तिमीमा भएको क्रोध हटाउँन तपाईंसित
वकालत गरें। तर तिनीहरूले मलाई जालमा फसाउँन
प्रयास गरिरहेकाछन्।
२१यसकारण तिनीहरूका नानीहरू भोक भोकै मरून्।
शत्रुका तरवारहरूले तिनीहरू परास्त हउन। तिनीहरूका
पत्नीहरू छोरा-छोरी बिहीन होऊन्। यहूदाका मानिसहरू
मृत्यु तिर धकेलिउन्। तिनीहरूका पत्नीहरू विधवाहरू
होऊन्। यहूदाका मानिसहरू मृत्यु तिर धकेलिउन।
जवानहरू युद्ध-भूमिमा मारिऊन्।
२२जब हटात तिमी तिनीहरूका विरुद्ध शत्रुहरू
ल्याउँछौ तिनीहरूको घरमा ठूलो चित्कार होस्। यी
आपदहरू आइलागुन किनभने तिनीहरूले मलाई
फसाउनु खाडल खने अनि मेरो खुट्टा समात्न पासो
लुकाए।

२३हे परमप्रभु, मलाई मार्ने तिनीहरूका योजनाहरू तपाईं जान्नुहुन्छ। तिनीहरूका अपराधहरू क्षमा नगर्नु होस्। तिनीहरूका पापहरू नमेटिदिनो होस्। मेरा शत्रुहरूलाई ध्वंस गर्नु होस्। जब तपाईं क्रोधित हुनुहुन्छ। ती मानिसहरूलाई दण्ड दिनु होस्।

## फुटेको भाँड़ो

**१९** परमप्रभुले मलाई भन्नुभयो: "यर्मिया, जाऊ अनि कुमालेकोबाट माटोको भाँड़ो किन। मानिसहरूका केही प्रमुखहरू र पूजाहारीहरू कहाँ लैजाऊ। २बेन हिन्नोमको बेंसीमा जाऊ, जुन खपटे प्रवेशद्वारको नजिकै छ बेन मैले तिमीलाई जे भनेको छु त्यस ठाउँमा ती कुराहरू तिनीहरूलाई घोषणा गर्नु पर्छ। ३अनि भन, 'परमप्रभुको वचन सुन, हे यहूदाका राजाहरू अनि यरूशलेमका मानिसहरू हो, सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ, 'म यस ठाउँमा सर्वनाश ल्याउँदैछु अनि यो सुनेर हरेक मानिस आश्चर्यचकित हुनेछ। ४म ती कुराहरू हुन दिनेछु किनभने यहूदाका मानिसहरूले मलाई त्यागेका छन्। तिनीहरूले यो ठाउँ विदेशी मूर्तिहरूले भरेकाछ्न्। यहूदाका मानिसहरूले अन्य देवताहरूलाई बलिहरू चढ़ाए जसलाई न तिनीहरूका पिता-पुर्खाहरू न यहूदाका राजाहरूले चिनेका छन्। अनि तिनीहरूले यो ठाउँ निर्दोष रगतले भरिदिए। ५आफ्नो नानीहरू बाललाई आगोमा चढ़ाउनु तिनीहरूले अल्गा ठाउँहरू बनाए। मैले तिनीहरूलाई यसो गर्नु भनिन। मैले तिनीहरूलाई आफ्नो नानीहरू बलिदान गर्नु भनिन। मैले यस्तो कुराहरू सोचिन पनि। ६अहिले मानिसहरूले यस ठाउँलाई तोपेत्त र बेन-हिन्नोनको खाड़ी भन्छन्। तर, म तिमीहरूलाई यो चेताउनी दिन्छु। यो पमप्रभुको सन्देश हो: त्यस्तो दिनहरू आइरहेछ, जब मानिसहरूले यसलाई हत्याको खाड़ी भन्नेछन। ७यस ठाउँमा, म यहूदा र यरूशलेमका योजनाहरू नष्ट पारिदिनेछु। म तिनीहरूलाई आफ्नो शत्रुहरूको तरवार अघि पर्ने बनाउनेछु तिनीहरूको सम्मुख पारिदिनेछु जसले तिनीहरूको जीवन खोजिरहेका छन्। म तिनीहरूको लाशहरू जंगली जनावर र चरा चुरूङ्गिहरूको आहार बनाइदिन्छु। ८म पूर्णरूपले यस शहरलाई ध्वंस पारिदिनेछु अनि यरूशलेम भएर जाने पथिकहरू यसको विनाशमा व्याकुल भएर ठाउँको हल्लाउनेछन्। ९शत्रुहरूले शहरको चारैतिर सेना ल्याउने छन। ती सेनाहरूले जसले तिनीहरूको जीवन खोजिरहेकाछन तिनीहरूलाई घेरामा पार्नेछन। म तिनीहरूलाई आफ्नै नानीहरूको र एकार्काका मासु खाने बनाउँछु।'

१०"तब तिमीसित जो जो गएकाछन् तिनीहरूको उपस्थितिमा भाँड़ो फुटाऊ। ११त्यस समयमा यी वचनहरू भन: 'सेनाहरूका परमप्रभु भन्नुहुन्छ: म यहूदाको राज्य र यरूशलेमको शहर, जसरी कसैले कुमालेको भाँड़ा फुटाउँछ र त्यो जोड़िन हुनु सक्तैन। मृत शरीरहरू तोपेतमा दफ्नाइनेछ जब सम्म त्यहाँ जग्गा शेष हुँदैन। १२म यस्तो यस भूमिमा र यसका बासिन्दाहरूका निम्ति गर्नेछु। म यस शहरलाई तोपेत झैं पार्नेछु।' यही परमप्रभुको सन्देश थियो। १३'यरूशलेमका घरहरू र यहूदाको राजाका महलहरू तोपेतको ठाउँहरू जस्तै "अशुद्ध" पार्नेछु। यस्तो चीजहरू किन हुन्छ? किनभने मानिसहरूले ती घरहरूका छानामाथि झूटो देवताहरू पूजे। तिनीहरूले ताराहरू पूजे र तिनीहरूका सम्मानमा होमबलि समर्पित गरे। तिनीहरूले अरू देवताहरूलाई अर्घबलि चढ़ाए।'"

१४तब यर्मिया तोपेतबाट गए जहाँ परमेश्वरले उसलाई प्रचार गर्न भन्नु भएको थियो। यर्मिया परमेश्वरको मन्दिर तिर गए अनि मन्दिरको चोकमा उभिए। यर्मियाले सबै मानिसहरूलाई भने: १५"यो सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वरले भन्नुभएको हो: 'म यरूशलेममा र यसको वरिपरिका गाउँहरूमा धेरै प्रकारका नराम्रा कुराहरू घटाउनेछु। यो हुने छ किनभने तिनीहरू मेरो आदेशहरू पालन गर्न एकदमै अट्टेरी गर्छन्। म चाँड़ै ती कुराहरू घटाउने छु।'"

## यर्मिया र पशहूर

**२०** पशहूर नाउँ भएको एकजना पूजाहारी थिए। उनी परमेश्वरको मन्दिरको मुख्य अधिकारी थिए। पशहूर इम्मेरको छोरो थिए। पशहूरले यर्मियाले ती कुराहरू प्रचार गरेका सुने। २यसकारण उसले यर्मिया अगमवक्तलाई कुटे अनि ठिँगुरामा हाले। यो बिन्यामीनको ढोकाको माथिल्लो प्रवेशद्वारमा भएको थियो। ३अर्को दिन पशहूरले यर्मियालाई ठिँगुरोबाट मुक्त गरिदिए। तब यर्मियाले पशहूरलाई भने, "परमेश्वरले तिमीलाई दिएको नाउँ पशहूर होइन। अहिले तिमीलाई परमप्रभुले दिनुभएको नाउँ हो, डरले घेरिएको। ४यो तिम्रो नाउँ हो किनभने परमेश्वर भन्नुहुन्छ: 'म तिमी स्वयंलाई आतङ्क बनाई दिनेछु। म चाँड़ै तिम्रा मित्रहरूका निम्ति तिमीलाई एक आतङ्क बनाइदिनेछु। शत्रुहरूले आफ्नो तरवारद्धारा तिम्रा साथीहरूलाई मारिरहेको तिमीहरूले देख्नेछौ म यहूदाका मानिसहरूलाई बाबेलका राजाकहाँ सुम्पने छु। उसले यहूदाका मानिसहरूलाई बाबेलमा अनि सेनाले आफ्ना तरवारहरूले यहूदाका मानिसहरूलाई मार्ने छन्। ५शहरका सम्पत्तिहरू, यसका नाफा, सबै बहुमूल्य वस्तुहरू र यहूदाका राजाहरूका सम्पत्तिहरू तिनीहरूकै शत्रुहरूलाई नै दिनेछु। शत्रुहरू यी सबै सम्पत्तिहरू बाबेलको राजधानीमा लानेछन्। ६तिमी र तिम्रो घरमा बस्ने मानिसहरू सबैलाई टाढ़ा लागिनेछ। तिमीहरूलाई बाबेल राज्यमा जान वाध्य गराइनेछ। अनि तिमीहरू विदेशी राज्यमा मर्नेछौ अनि त्यहाँ तिमीहरू दफ्नाइनेछौ। तिमीले तिम्रा साथीहरूलाई मिथ्या कुराहरू

प्रचार गरेकाछौ। तर तिम्रा सारा मित्रहरू पनि मर्नेछन् र
बाबेलमा दफन गरिनेछन्।'"

## यर्मियाको पाँचौ गुनासो

७हे परमप्रभु! तपाईंले मलाई धोका दिनुभयो, अनि
म धोकामा परे। तपाईं बलियो हुनुहुन्छ, यसर्थ तपाईंले
मलाई जित्नु भयो। मानिसहरू मसित हाँदछन् अनि
दिनभरि मलाई हाँसोको पात्र बनाँउछन।
८जब जब म बोल्छु, चिच्याउँछु, म हिंसा र
विनाशको विरोधमा चिच्याइरहेछु। म मानिसहरूलाई त्यो
सन्देश भन्छु जुन परमप्रभुले मलाई भन्नुभयो। तर
मानिसहरूले सधैं मसित खिसी गर्छन र मेरो हाँसो
उढ़ाउछन्।
९कहिले कही म स्वयंलाई भन्छु, "म परमप्रभु
विषयमा सबै भुल्नेछु अनि म अब उप्रान्त परमेश्वरको
नाउँमा बोल्ने छैन।" तर जब म त्यसो भन्छु, परम्मप्रभुको
वचनहरू मेरो हड्डीभित्र आगो जलिरहे भैं म भित्र
बल्छ। यसले मलाई थकाउछ अनि म सहन
सक्तिन।
१०म मेरो विषयमा मानिसहरू जही-तही कानेखुशी
गरेको सुन्छु, तिनीहरू भन्छन्, "चारैतिर आतंक छ! यो
घोषणा गरौं।" मेरा साथीहरू पनि मलाई भ्रममा पार्न
पर्खिरहेका छन्। यी मानिसहरू भन्छन सायद उसलाई
छक्काउनु अनि हामी जित्न सक्छौ। तब ऊ माथि
हामी बद्ला लिनेछौं।"
११तर परमप्रभु मसँग बलियो सिपाही जस्तो हुनुहुन्छ।
यसकारण मानिसहरू जो मेरो पछि लागेकाछन् तिनीहरू
लट्पटिनेछन् अनि मलाई जित्नु सक्ने छैनन्। तिनीहरू
हारको सम्मुख हुनु पर्नेछ, लज्जित हुनेछन् र यो
कहिल्यै भुलिनेछैन।
१२हे सेनाहरूका परमप्रभु! तपाईंले के सही जाँच्नु
हुन्छ अनि मानिस इच्छाहरू र हृदयहरूको परीक्षा
गर्नुहुन्छ। मैले तिनीहरूको विरोधमा नालिश प्रश्तुत
गरेकोछु। तिनीहरूमाथि तपाईंको प्रतिकार हेरौं।
१३परमप्रभुको स्तुति गाऊ। परमप्रभुको प्रशंसा गर।
किनभने परमप्रभुले गरीब मानिसहरूलाई दुष्ट
मानिसहरूबाट बचाउँनु हुन्छ।

## यर्मियाको छैटौ गुनासो

१४म जन्मेको दिन श्रापित होस्। त्यो दिनलाई धन्य
नमान जुन दिन म आमासँग थिएँ।
१५त्यो मानिस श्रापित होस् जसले मेरा बाबुलाई म
जन्मेको खबर सुनायो उसले भन्यो, "तिमीले एउटा
छोरो पायौ।" उसले मेरो बाबुलाई अत्यन्त खुशी बनायो
जब उसले मेरो बाबुलाई त्यो खबर सुनायो।
१६त्यो मानिस परमेश्वरले ध्वंस गर्नु भएको शहरहरू
जस्तै होस्। ती शहरहरूमाथि परमप्रभुको दया छैन।
त्यस मानिसले बिहान कष्टको आवाज सुनोस्, अनि
मध्य दिनमा युद्धको चिच्चाहट सुनोस्।
१७किनभने जब म आमाको गर्भमा थिएँ त्यस
मानिसले मलाई मारेन। यदि त्यसले मलाई त्यस बेला
मारेको भए मेरी आमा मेरो चिहान हुने थिइन। तिनी
सधैंको लागि गर्भवती रहने थिइन।
१८यी सब शोकहरू र संकटहरू भोग्न अनि
लज्जित भएर दिन बिताउन मेरी आमाको गर्भबाट म
किन जन्मे?

## परमप्रभुले राजा सिदकियाहको बिन्ती रद्द गरीदिनु भयो

२१ यर्मियाकहाँ परमप्रभुबाट आएको यो सन्देश
हो। यो सन्देश त्यस बेला आएको थियो जब
सिदकियाह यहूदाका राजाले पशहूर नाउँका एक मानिस
र सपन्याह नाउँका एक पूजाहारी यर्मियाकहाँ पठाएका
थिए। पशहूर मलिकयाह नाउँ भएको एक मानिसको
छोरो थियो। सपन्याह मासेयाह नाउँका एक मानिसको
छोरो थियो। पशहूर र सपन्याहले यर्मियालाई सन्देश
ल्याएका थिए। २पशहूर र सपन्याहले यर्मियालाई भने,
"हाम्रा निम्ति परमप्रभुलाई प्रार्थना गरिदेऊ। के हुने छ
भनेर परमप्रभुलाई सोधी देऊ। हामी जान्न चाहन्छौ।
किनभने बाबेलका राजा नबूकदनेस्सरले हामीलाई
आक्रमण गरिरहेछन्। हुनसक्छ उहाँले बितेका
दिनहरूमा गर्नु भए जस्तै परमप्रभुले हाम्रो लागि महान
कार्यहरू गरिदिनु हुनेछ। हुनसक्छ परमप्रभुले हामीलाई
आक्रमण गर्न नबूकदनेस्सरलाई रोक्नु हुनेछ र फर्की
जानेछ।"
३तर यर्मियाले पशहूर र सपन्याहलाई भने। उनले
भने, "राजा सिदकियाहलाई भन: ४यही नै परमेश्वर,
इस्राएलका परमप्रभुले भन्नुहुन्छ: 'तिमीहरूसँग युद्धका
हतियारहरू छन्। तिमीहरूले ती हतियारहरू आफू
स्वयंलाई बचाउन बाबेलका राजा र बाबेलवासीहरू
विरुद्ध चलाइरहेछौ। तर म ती हतियारहरू तिनीहरू कै
विरुद्धमा चलाउनेछु।
"'बाबेलका सैन्य शहर वरिपरिका पर्खालहरू बाहिर
छन्। त्यो सैन्य शहर वरिपरि छ। म चाँड़ै त्यो सैन्य
यरूशलेमभित्र ल्याउनेछु। ५म स्वयं मेरा शक्तिशाली
हात र बलियो हतियार लिएर तिमीहरूसित लड्नेछु।
६म यरूशलेमका बसिन्दा दुवै मानिस तथा पशुहरूलाई
मार्नेछु। तिनीहरू महा रूढ़ीले मर्नेछन्।'" ७यसपछि,
परमप्रभुको यो सन्देश हो, "'म यहूदाका राजा
सिदकियाह, उनका अधिकारीहरू र रूढ़ीले नमारेका
शहरमा बाँचेका मानिसहरू नबूकदनेस्सरलाई
सुम्पिदिनेछु। बाबेलका राजा अनि अरुहरू जो शहरमा
बाँकी रहेकाछन, तिनीहरू सब देशान, तरवार र
अनिकालले मर्नेछन। म तिनीहरूलाई तिनीहरूकै शत्रु र

तिनीहरूको जीवन खोज्नेहरूलाई सुम्पिनेछु। तिनीहरूले
कुनै दया, क्षमा र सहानुभूति नराखी तरवाले
मार्नेछन।'
८"यरूशलेमका मानिसहरूलाई यी कुराहरू भन।
परमप्रभुले भन्नुहुन्छः 'मैले तिनीहरूलाई जीवनको बाटो
र मृत्युको बाटो बताएकोछु। ९ती जो यरूशलेममा
बस्दछन् तिनीहरू तरवार, अनिकाल र रूढ़ीले मारिन्छन।
तर जो यरूशलेमबाट बाहिर जान्छन् र आक्रमण
गरिरहेका बाबेलका सैन्यलाई। आफै सुम्पिन्छन्, तिनीहरू
बाँच्नेछन। १०मैले यरूशलेम शहरका मानिसहरूलाई
नोक्सानमा पार्न निर्णय लिएँ। म शहरलाई भलाइ
गर्दिन।"' यो परमप्रभुको सन्देश हो '"म यरूशलेम
शहरलाई बाबेलका राजाकहाँ सुम्पनेछु। उसले यसलाई
आगोले भस्म पार्नेछ।'
११"यी कुराहरू यहूदाका शाही परिवारहरूलाई भनः
परमप्रभुका वचनहरूलाई महत्व देऊ।
१२हे दाऊदको घराना! परमप्रभु भन्नुहुन्छः
'मानिसहरूलाई निष्पक्ष न्याय गर र अत्याचारमा
परेकाहरूलाई अत्याचारीहरूबाट संरक्षण गर। यदि
तिमीहरूले त्यसो गरेनौ भने रीसले म निभाउनु नसकिने
आगो झैं हुनेछु। यो साँचो हुनेछ कारण तिमीहरूले धैरे
दुष्कर्महरू गरेकाछौ।'
१३हे यरूशलेम! म तिम्रो विरुद्धमा छु। तिमी
मैदानमा भञ्जयाङ माथिको पहाड़माथि बस्छौ। तिमी
यरूशलेमका मानिसहरू भन्छौ, 'कसैले तिमीहरूलाई
आक्रमण गर्न र तिमीहरूको शक्तिशाली शहर जित्न
सक्तैन।' तर परमप्रभुबाट आएको वचनहरूलाई ध्यान
देऊ।
१४'तिमीले पाउनु पर्ने दण्ड पाउने नै छौ। म
तिमीहरूका जङ्गलमा आगो लगाउन थाल्ने छु। त्यो
आगोले तिमीहरू वरिपरि भएका सारा चीजहरू जलाई
दिनेछ।'"

## दुष्ट राजाहरू विरुद्ध न्याय

२२ परमप्रभुले भन्नुभयो: "यर्मिया, राजाको महलमा
जाऊ। यहूदाका राजा कहाँ जाऊ र त्यहाँ यो
सन्देशको प्रचार गरः २'परमप्रभुबाट आएको यो सन्देश
सुन, दाऊदको सिंहासनमा बस्ने हे यहूदाका राजा, तिम्रा
अधिकारीहर अनि यी ढोकाहरूबाट पस्ने मानिसहरू।
३परमप्रभु भन्नुहुन्छः निष्पक्ष र धार्मिक हौ। अत्याचारमा
पारेकाहरूलाई अत्याचारीबाट रक्षा गर। विदेशमा जन्मेका
नागरिकहरू टुहुरा-टुहुरी अथवा विधवाहरूमाथि नराम्रो
नगर। निर्दोष मानिसहरूलाई नमार। ४यदि तिमीहरूले
आज्ञा पालन गर्‍यौ भने, राजाहरू जो दाऊदको सिंहासनमाथि
बस्दछन अधिकारीहरू सहित रथहरू र घोड़ाहरूमाथि
बसी यी प्रवेशद्वारहरूबाट बस्नेछन्। ५यदि तिमीहरूले
ती आज्ञाहरू पालन गरेनौ भने, परमप्रभु भन्नुहुन्छः म
आफ्नै नाउँमा शपथ लिन्छु: म यो राजमहल ध्वंस
पार्नेछु।'"
६यसैले परमप्रभु यहूदाको राजाको राजमहलको विषयमा
भन्नुहुन्छः
"तँ ता मेरो निम्ति गिलादको जंगल र लबानोनको
पहाड़ जस्तै छस्। तर म तँलाई मरुभूमिमा परिणत
गरिदिन्छु। कोही बसो-बास गर्ने नभएको शहर झैं
तँलाई म उजाड़ बनाइदिन्छु।
७म राजदरबार ध्वंस गर्नलाई हतियार सहित मानिस
पठाउने छु। ती ध्वंसकहरूले तेरा देवदारको रुखहरू
काट्नेछन् र आगोमा फ्याँकनेछन्।
८"धेरै राज्यका मानिसहरू यही शहर भएर जानेछन्।
तिनीहरूले एकार्कामा सोध्नेछन्, 'किन परमप्रभुले त्यस्तो
डरलाग्दो कुरा यरूशलेम प्रति गर्नुभयो? यरूशलेम
त्यस्तो महान शहर थियो।' ९त्यो प्रश्नको उत्तर यो
हुनेछः 'परमेश्वरले यरूशलेम ध्वंस पार्नुभयो किनभने
तिनीहरूले तिनीहरूका परमेश्वर परमप्रभुसित रहेको
करार त्यागे। तिनीहरूले अरु देवताहरूलाई पूजा गरे
अनि तिनीहरूको सेवा गरे।'"

## राजा यहोआहाजको विरुद्ध न्याय

१०मरेको राजाको लागि नरुनु। उसको लागि विलाप
नगर्नु बरू। त्यो राजाको लागि रूनु जसले यो ठाउँ
छोड़छ नै छोड़न बाध्य भएको छ। उसको निम्ति रूनु
किनभने उ कहिल्यै फर्की आउने छैन्। ऊ आफ्नो
स्वदेश फेरि हेर्नेछैन।
११यही कुरा शल्लूम (यहोआहाज) योशियाहको
छोराको विषयमा परमप्रभु भन्नुहुन्छ। शल्लूम योशियाह
राजाको मृत्यु पछि यहूदाका राजा भए। "यहोआहाज
यरूशलेमबाट निस्की टाढ़ा गए। उनी यरूशलेम फेरि
कहिल्यै फर्की आउँदैनन्। १२यहोआहाज त्यो ठाउँमा
मर्ने छ जहाँ मिश्रवासीले उनलाई लगेर गए। उनले यो
देश फेरि हेर्ने छैनन्।"

## यहोयाकीम राजाको विरुद्ध न्याय

१३हाय त्यसलाई जसले आफ्नौ मानिसहरूलाई
तिनीहरूको श्रमको ज्याला नदिई बेईमान्दरीले महल
बनायो, अझ ठगेर तला थप्यो।
१४उसले भन्छ, "आफ्नो लागि म एउटा ठूलो
महल बनाउनेछु। मेरो माथिल्लो तलामा ठूल-ठूला
कोठाहरू हुनेछन्।" उसले देवदारूका पल्लाले झ्यालहरू
बनाउँछ रातो रंग लाउँछ।
१५देवदारूले बनाएको तिम्रो विशाल महलले
तिमीलाई महान राजा बनाउदैन। तिम्रा पिता खान र
पिउनमा सन्तुष्ट थिए। उनले के ठीक र निष्पक्ष थियो
त्यही गरे। यसर्थ प्रत्येक कुरो नै तिनको राम्रै
भयो।

१६तिनले गरीब र असाहय मानिसहरूलाई मद्दत
गरे। यसकारण प्रत्येक कुरा तिनको लागि राम्रै भयो।
'मलाई चिन्नु नै यसको अर्थ हो।'

१७तिम्रो आँखाहरूले तिमीलाई के लाभदायक छ
त्यो मात्र देख्छ। तिमी निर्दोष मानिसहरूलाई मार्न,
मानिसहरूलाई टुहनु र चक्नाचूर पार्न मात्र चिन्ता गर्छौ।

१८यसर्थ परमप्रभुले योशियाहका छोरो राजा
यहोयाकीमको विषयमा भन्नुहुन्छु, "यहोयाकीमको लागि
यहूदाका मानिसहरू रुने छैनन, 'हाय मेरो दाज्यू! हाय
मेरी बहिनी! म यहोयाकीमको लागि अत्यन्तै दु:खीत
छु।' भनी तिनीहरू कसैले पनि परस्परमा कुरा गर्ने
छैनन्। यहूदाका मानिसहरू यहोयाकीमको लागि रुने
छैनन्। तिनीहरूले उनको विषयमा भन्ने छैनन्, 'हाय
मेरा मालिक! हाय, मेरा महाराज! तिम्रो मृत्युमा म
अत्यन्तै दु:खी छु।'

१९यरूशलेमका मानिसहरूले यहोयाकीमलाई गधालाई
जस्तै दफ्नाउनेछन्। तिमीहरूले उसको टाउको र शरीर
तान्नेछन् अनि यरूशलेमको मूल-ढोकाको बाहिर
फ्याँक्नेछन।

२०"यहूदा, लबानोनको पर्वतमाथि जाऊ र जोड़ले
चिच्याऊ। बाशान क्षेत्रमा जोड़ले कराऊ। अबारीमको
पर्वतहरूमा चिच्याऊ किनभने तिम्रो 'प्रेमीहरूलाई' ध्वंस
परिनेछ।

२१हे यहूदा, तिमीले आफै सुरक्षित विचार गऱ्यौ।
तर मैले तिमीलाई सावधानी रहन चेताउनी दिएँ। तर
तिमीले भन्यौ, "म ध्यान दिदिन्।" तिमीले त्यही जीवन
शैली अप्नायौ जुन तिम्रो युवावस्थालमा थियो। तिम्रो
युवावस्थालदेखि नै तिमीले मलाई मान्न अस्वीकार
गऱ्यौ।

२२हे यहूदा! तिम्रा भेड़ा गोठालाहरूलाई बतासले
उड़ाई लानेछ। तिम्रा प्रेमीहरू कैदी बनिनेछन। तिमीलाई
अपमान गरिनेछ र पक्कै पनि तिम्रा दोषपूण कर्महरूले
तिमीलाई लज्जित पार्नेछ।

२३हे लबानोनका बासिन्दा जो देवदारुहरूको माझमा
बास गर्छौ, जब तिमीले व्यथा पाउनेछौ तिमी चिच्याउनेछौ।
प्रसव पीड़ामा परेकी स्त्री झैं व्यथाले तिमी लड़बड़ी
गर्नेछौ।"

## यहोयाकीन राजाको विरुद्ध न्याय

२४"जस्तो म निश्चित रुपमा बस्छु," यो परमप्रभुको
सन्देश हो, "म यस्तो तिम्रो लागि गर्नेछु। यहोयाकीमको
छोरो यहूदाको राजा, यहोयाकीन यदि तिमी मेरो दाहिने
हातको छाप-औठी हुँदो हौ त म तिमीहरूलाई थुतेर
फ्याँक्ने थिएँ। २५यहोयाकीन, म तिमीलाई बाबेलका
राजा नबूकदनेस्सरलाई र बाबेलवासीहरूलाई सम्पिनेछु।
यी ती मानिसहरू नै हुन जसले तिम्रो प्राण खोजिरहेकाछन
र जोसित तिमी भयभित छौ। २६म तिमी र तिम्रो
आमालाई अर्को देशमा फ्याकिदिने छु जहाँ तिमीहरू दुवै
जन्मेका थिएनौ। तिमी र तिम्रो आमा त्यो देशमा
मर्नेछौ। २७तिनीहरू आफ्नो भूमिमा फर्किन इच्छा
गर्छन तर तिनीहरूलाई अनुमति दिइनेछैन।"

२८के कोन्याह* कसैले आफलको फुटेको भाँड़ा
जस्तो हो जसलाई कसैले मन पराउँदैन? किन यहोयाकीन
र उसको नानीहरू फ्याँकिए? किन तिनीहरू नजानेको
देशमा फ्याँकिए?

२९ए देश, ए देश, ए देश। परमप्रभुको सन्देश
ध्यान दिएर सुन।

३०परमेश्वर भन्नुहुन्छ, "यहोयाकीनको बारेमा लेख:
'उ एकजना मानिस हो जसको कुनै नानीहरू छैन।
यहोयाकीन आफ्नो जीवन कालमा सफल हुनेछैन। अनि
उसको एउटै पनि सन्तान दाऊदको सिंहासनमा बस्ने
छैन। कुनै पनि उसको सन्तानले यहूदामा शासन गर्ने
छैन्।'"

२३ "त्यो भेड़ा गोठालाहरूलाई धिक्कार जसले
मेरा भेड़ाहरूलाई ध्वंस र तितर-बितर पार्छ।"
यो परमप्रभुबाट आएको सन्देश हो।

२ती गोठालाहरू (नेताहरू) मेरा मानिसका उत्तरदायीहरू
हुन। अनि इस्राएलका परमेश्वरले, यी कुराहरू ती
गोठालाहरूलाई भन्नुहुन्छ: "तिमी गोठालाहरूले मेरो
बगाललाई चारै तर्फ भगाई दियौ। तिनीहरूलाई भाग्न
वाध्य पाऱ्यौ। अनि तिमीहरूले तिनीहरूलाई हेरचाह
गरेनौ। तर मैले तिम्रो हेरचाह गरें। तिमीले गरेका दुष्ट
कामहरूका निम्ति म दण्ड दिनेछु।" यो परमप्रभुबाट
आएको सन्देश हो। ३"अब मैले अन्य देशहरू तिर
खेदिएका बगाल भेला पार्छु र तिनीहरूलाई चर्ने खर्कमा
ल्याउँछु। जब म मेरा बगाललाई चर्ने खर्कमा ल्याउँछु
तिनीहरू लाभदायक बनिन्छन र संख्या बढ़छ। ४म मेरा
बगालको लागि नयाँ गोठाहरूलाई राख्नेछु। तिनीहरूले
मेरो बगालको हेरचाह गर्नेछन। अनि मेरा बगाल डराउने
अथवा भयमीत हुने छैन। मेरो कुनै पनि बगाल हराउँनै
छैन।" यो परमप्रभुबाट आएको सन्देश हो।

## धार्मिक "अंकुरन"*

५परमप्रभु भन्नुहुन्छ, "अब समय आइरहेछ कि म
दाऊदको कुलमा एउटा धार्मिक शाखा स्थापित गर्नेछु।
उसको ज्ञानले शासन चलाउनेछ र धर्म र न्याय गर्नेछ।

६त्यस समयमा, यहूदाका मानिसहरूलाई बचाइनेछ,
अनि इस्राएलले सुरक्षित जीवन जिउनेछ। उहाँको नाउँ
यो हुनेछ: परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ।

७"यसकारण ती दिनहरू आइरहेछन," यो सन्देश
परमप्रभुबाट आएको हो, "जब मानिसहरूले भन्नेछैनन,

**कोन्याह** यहोयाकीनलाई कोन्याह पनि भिनिन्छ।

**अंकुरन** दाऊद परिवारको एक नयाँ राजा।

'जसरी परमप्रभु जीवित हुनुहुन्छ अनि यो उहाँ नै
हुनहुन्छ जसले इस्राएलका मानिसहरूलाई मिश्र भूमिबाट
बाहिर ल्याउनु भयो।' ८तर मानिसहरूले केही नयाँ कुरा
भन्ने छन। तिनीहरूले भन्ने छन, 'जसरी परमेश्वर
जीवित हुनुहुन्छ, परमेश्वर मात्र हुन जसले इस्राएलका
मानिसहरूलाई उत्तर-भूमिबाट ल्याउनु भयो। उहाँले
तिनीहरूलाई सम्पूर्ण राज्यहरूबाट ल्याउनु भयो जहाँ
उहाँले तिनीहरूलाई पठाउनु भएको थियो।' त्यसपछि
इस्राएलका मानिसहरू तिनीहरूका आफ्नै भूमिमा बस्नेछन्।"

### झूटा अगमवक्ताहरूका विरुद्ध न्याय

९अगमवक्ताहरूलाई सन्देश: अन्तस्करणमा मेरो हृदय
भाँचेको छ। मेरो सबै हड्डीहरू कामिरहेकाछन्। यो
परमप्रभुको र उहाँको पवित्र वचनको कारणले हो। म
मतवाला मानिस जस्तै भएकोछु।

१०यहूदाका भूमि यस्ता मानिसहरूले भरिएकोछ जो
व्यभिचारीहरू छन। यसर्थ परमप्रभुले यस भूमिलाई श्राप
दिनुभयो अनि खर्क मरुभूमिमा परिणत भएकोछ।
अगमवक्ताहरू दुष्ट छन्। ती अगमवक्ताहरूले आफ्ना
प्रभाव र शक्ति गल्ती गरी प्रयोग गर्दछन्।

११"अगमवक्ता अनि पूजाहारी दुवै पापीहरू छन्।
तिनीहरूको दुष्ट्याई मैले मेरो मन्दिरमा देखेकोछु। यो
सन्देश परमप्रभुबाट आएको हो।

१२"यसकारण, तिनीहरूको बाटो अन्धकारले ढाकेको
चिप्लो हुनेछ अनि तिनीहरू कालो अन्धकारमा झर्नेछन।
म ती पूजाहारीहरू र अगमवक्ताहरूमाथि विपद ल्याइ
सजाय दिनेछु।" यो परमप्रभुबाट आएको सन्देश हो।

१३"मैले सामरियामा अगमवक्ताहरूलाई अगमवाणी
दिएर नराम्रो काम गरिरहेकोछु। बाल देवताको नाउँमा
तिमीहरूले इस्राएलका मानिसहरूलाई पथभ्रष्ट गराए।

१४मैले यहूदाका अगमवक्ताहरू डरलाग्दो कामहरू
गरिरहेको देखेकोछु। तिनीहरूलाई व्यभिचारपूर्ण कर्ममा
लिप्त छन्। तिनीहरू झूटो बोल्छन अनि दुष्ट मानिसहरूलाई
सहयोग दिन्छन। त्यही कारणले मानिसहरूले दुष्ट काम
गर्न रोकिदैनन्। तिनीहरू सदोमका मानिसहरू जस्ता
छन्। अब यरूशलेम मेरो निम्ति गोमोरा जस्तै भएकोछ।"

१५यसकारण सेनाहरूका परमप्रभुले ती
अगमवक्ताहरूका बारेमा भन्नुहुन्छ: "म ती
अगमवक्ताहरूलाई तितो भोजन खाने र विष हालेको
पानी पिउने बनाउनेछु किनभने यरूशलेमका अगमवक्ताहरू
देखि सम्पूर्ण देश नै दूषित पार्दैछन्।"

१६सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "ती
अगमवक्ताहरूका कुरामा ध्यान नदेऊ ती अगमवक्ताहरूले
तिमीहरूलाई मूर्ख बनाउने कोशिश गरिरहेकाछन। ती
अगमवक्ताहरूले जुन दर्शनहरू बताइरहेका छन ती सब
तिनीहरूको आफ्नै सृष्टिहरू हुन। तिनीहरूले ती दर्शनहरू
परमप्रभुबाट प्राप्त गरेका होइनन्।

१७कतिपय मानिसहरूले परमेश्वरबाट आएको
सन्देशलाई उपेक्षा गर्दछन्। अत: ती अगमवक्ताहरूले ती
मानिसहरूलाई बेग्ला बेग्लै सन्देश दिन्छन्। तिनीहरूले
मलाई जसले निन्दा गर्छन तिनीहरूलाई भन्छन्, 'परमप्रभुले
भन्नुहुन्छ, 'तिमीले शान्ति पाउँछौ।' तिनीहरूले ज-जसको
हृदय कठोर छ तिनीहरूलाई भन्छन्, 'तिमीहरूमाथि
अनिष्ट हुने छैन्।'

१८तर ती मध्ये कुनै पनि अगमवक्ताहरू दैवीय
महासभामा उभिने होइन। ती मध्ये कसैले पनि परमप्रभुको
संदेश न देखेको छन, सुनेको नै छ।

१९अब परमप्रभुबाट हुने दण्ड तूफान जस्तो आउने
छ। परमप्रभुको क्रोध आँधी-तूफान जस्तो हुनेछ। यो ती
दुष्ट मानिसहरूका टाउकोहरूमाथि भुमरीको झोक्का
ठोकिनेछ।

२०आफ्ना मनले चिताएको योजनाहरू सिद्ध नहोउञ्जेल
परमप्रभुको रीस थामिने छैन। आउने दिनहरूमा तिमीहरूले
त्यो छलङ्ग बुझ्नेछौ।

२१मैले ती अगमवक्ताहरूलाई पठाएको होइन। तर
तिनीहरू भागेर गए। तिनीहरू सँग बोलेको छैन। तर
तिनीहरूले अगमवाणी दिए।

२२तर यदि तिनीहरू मेरो महासभामा बसेका भए,
तिनीहरूले मेरो यहूदाका मानिसहरूलाई मेरो सन्देशहरू
भन्ने थिए। तिनीहरूले ती मानिसहरूलाई नराम्रो कामहरू
गर्न देखि रोक्न सक्थे।"

२३"म परमेश्वर हुँ, जो नजिक छु," परमप्रभु
भन्नुहुन्छ, "म त्यो परमेश्वर होइन जो टाढ़ोमा छ।"

२४मैले देख्न सक्तिन भन्ने विचारमा एउटा मानिसले
आफैलाई लुकाउन सक्ला। तर यो मूर्खता हो। के म
स्वर्ग र पृथ्वी भर्दिन र?" परमप्रभुले यसो भन्नुभयो।

२५"त्यहाँ त्यस्ता अगमवक्ताहरू छन जसले मेरो नाउँ
झूटा प्रचार गरिरहेछन्। तिनीहरू भन्छन्, 'मैले सपना
देखेको छु। मैले सपना देखेको छु।' मैले तिनीहरूले
त्यस्तो कुराहरू गरेको सुनें। २६कहिले सम्म यी
अगमवक्ताहरूले झूटो र आफ्नो माया प्रचार गरिरहने?
२७ती अगमवक्ताहरूले मेरो नाउँ मानिसहरूबाट भुलाउनु
प्रयास गरिरहेकाछन जसरी आफ्ना पिता-पुर्खाहरूले
सपनाहरू भनेर भुलेका थिए। तिनीहरूका पिता-पुर्खाहरूले
बाल देवतालाई पूजे। २८पराल गहुँ भन्दा भिन्दै हुन्छ।
अगमवक्ताहरूले जसकहाँ सपना छ त्यही सपना विषयमा
बोलुन्। जसकहाँ मेरा वचनहरू छन् साँचो गरी भनुन।
२९मेरो सन्देश आगो जस्तै छ।" यो सन्देश परमप्रभुबाट
आएको हो, "यो मार्तोल जस्तो छ जसले ढुङ्गा चुरचुर
पारेर फुटाउँदछ।

३०"यसर्थ म झूटा अगमवक्ताहरूको विरुद्धमा छु।"
यो सन्देश परमप्रभुको हो: "ती अगमवक्ताहरूले मेरा
शब्दहरू एका-अर्काबाट चोरिरहेका छन्। ३१म झूटो
अगमवक्ताहरूको विरुद्ध छु।" यो सन्देश परमप्रभुको

हो, “तिनीहरूले आफ्नै शब्दहरू चलाउछन् र मेरोबाट
आएको सन्देश भनेर बहाना गर्दछन्। ३२म झूटा
अगमवक्ताहरूका विरुद्ध छु जसले झूटो सपनाहरू
प्रचार गर्छन्।” यो परमप्रभुको सन्देश हो। “तिनीहरूले
मेरा मानिसहरूलाई झूटो शिक्षा दिदैं कुबाटो तिर
लैजादैछन्। न त मैले तिनीहरूलाई पठाए न मेरो पक्षमा
बोल्नु भनी आदेश दिएँ। तिनीहरूले कदापि यहूदाका
मानिसहरूलाई सहयोग गर्न सक्तैनन्।” यो परमप्रभुको
सन्देश हो।

## परमेश्वरबाट उदास सन्देश

३३“यहूदाका मानिसहरू अथवा अगमवक्ताहरू, अथवा
पूजाहारीहरूले तिमीलाई सोध्न सक्छ, ‘परमप्रभुले के के
भारी बोकाउनु भयो?’ तब तिमीहरूले तिनीहरूलाई उत्तर
दिन्छौ र भन्छौ, ‘तिमीहरू अत्यन्तै गहुँ बोझ हौ र म
तिमीहरूलाई फ्याँक्नेछु।’” यो परमप्रभुको सन्देश हो।
३४“यदि अगमवक्ता अथवा पूजाहारी अथवा कुनै
मानिसले परमप्रभुको बोझ विषयमा कुरा गर्छ भने, ‘म
उसका परिवार र उसलाई सजाय दिनेछु।’ ३५यो कुरा
तिमीहरू एकार्कालाई भन्नेछौ: ‘परमप्रभुले के जवाफ
दिनुभयो?’ अथवा ‘उहाँले के भन्नुभयो? ३६तर तिमीले
फेरि ‘परमप्रभुको बोझ’ भन्ने छैनौ किनभने ‘बोझ’
प्रत्येकको आफ्नै शब्द बनिएको हो। तर तिनीहरूलाई
भन, तिनीहरूले जीवित परमेश्वर, सेनाहरूका परमप्रभु
हाम्रा परमेश्वरको वचन बङग्याएको छौ।
३७“यदि परमप्रभुको सन्देश तिमी सिक्न चाहन्छौ
भने, अगमवक्तालाई सोध, ‘परमप्रभुले तिमीलाई के
जवाफ दिनु भयो?’ अथवा ‘परमप्रभुले के भन्नुभयो?’
३८तर तिमीले नभन परमप्रभुबाट के भारी बोझ
थियो। यदि तिमीले यो शब्द प्रयोग गर्‍यौ भने
परमप्रभुले तिमीलाई यी शब्दहरू भन्नु हुनेछ: ‘तिमीले
मेरो वचनलाई परमप्रभुको भारी नभन्नु पर्थ्यो। मैले
तिमीलाई यो शब्द नभन्नु भनें।’ ३९मैले तिमीहरू र
तिम्रा पिता-पुर्खाहरूलाई दिएको शहर र तिमीलाई माथि
उचालेर म देखि पर फ्याँक्ने छु। ४०म तिनीहरूमाथि
सदा-सर्वदा रहने लाज ल्याउनेछु। आफ्नो बेइज्जिती
तिमीहरू कहिल्यै भुल्ने छैनौं।’”

## असल र खराब नेभाराहरू

२४ परमप्रभुले उहाँको मन्दिर अघाडी राखिएको
दुइ डालो नेभारा देखाउनु भयो। मैले यो
दर्शन यहूदाका राजा यहोयाकीमका छोरा बाबेलका राजा
नबूकदनेस्सरले यरूशलेमबाट निर्वासिन गराएर लगे पछि
देखेको हो। यहोयाकीन र तिनका अधिकारीहरूलाई
निपुण शिल्पकार र धातुकारहरूसितै लगियो। २एउटा
डालोभित्र धेरै असल नेभाराहरू थिए। ती नेभाराहरू
त्यस्ता थिए जुन समय अघाड़ि नै पाकेका थिए। तर
अर्को डालोमा कुहेको नेभाराहरू थिए। तिनीहरू खान
लायकका थिएनन्।
३परमप्रभुले मलाई सोध्नु भयो, “तिमीले के देख्छौ,
यर्मिया?” मैले जवाफ दिएँ, “अरू डालोमा म नेभाराहरू
देख्छु। असल नेभाराहरू एकदमै असल छन् अनि
अर्को डालोमा नराम्रो नेभाराहरू एकदमै नराम्रा छन जो
खाने लायक छैनन्।”
४तब परमपरभुको यो सन्देश मकहाँ आयो: ५“परमप्रभु,
इस्राएलका परमेश्वरले भन्नुहुन्छ, यहूदाका मानिसहरूलाई
आफ्ना देशबाट कैदी झैं लगियो। तिनीहरूका शत्रुहरूले
तिनीहरूलाई बाबेलमा लगे। तिनीहरू असल नेभाराहरू
जस्ता छन। ६म तिनीहरूलाई दया देखाउनेछु। म
तिनीहरूलाई यहूदाको भूमिमा फर्काई ल्याउनेछु। म
तिनीहरूलाई विकास गराउनेछु, नष्ट हुन दिंदिन। म
तिनीहरूलाई चुड़ाउँदिन तर तिनीहरूलाई जगाउँछु ताकि
तिनीहरूको विकास हुन सकोस्। ७म तिनीहरूलाई म
नै परमप्रभु हुँ भनेर चिन्ने योग्यता दिन्छु। तिनीहरू मेरा
मानिसहरू हुनेछन् अनि म तिनीहरूका परमेश्वर हुँ,
किनभने तिनीहरू पूर्ण-हृदयहरूले म तर्फ फर्कनेछन्।
८“तर यहूदाका राजा सिदकियाह कुहेको नेभारा जस्तौ
हुनेछ जुन खान लायक हुँदैन। सिदकियाह, उसका
अधिकारीहरू, यरूशलेममा छाड़िएका मानिसहरू जो यो
देशमा रहिरेका छन् अनि तिनीहरू जो मिश्रमा बसिरहेका
छन् तिनीहरू कुहेको नेभाराहरू जस्तै हुन।
९“म तिनीहरूलाई जम्मै राज्यहरूमा डरलाग्दो र
नराम्रो चीज बनाउनेछु। मैले तिनीहरूलाई जहाँ-जहाँ
छरपस्ट पारेकोछु त्यहाँ तिनीहरूलाई अपमान, गिल्ला र
श्राप का निम्ति पात्र बनाउँनेछु। १०म तरवार, अनिकाल
अनि रूढ़ी तिनीहरूका निम्ति पठाउनेछु। जब सम्म
तिनीहरू निमटन्न हुदैनन तिनीहरू र तिनीहरूका पिता-
पुर्खालाई मैले दिएको देशमा तरवार, अनिकाल र
देशान पठाउनेछु। त्यस पछि मेलै तिनीहरू र तिनीहरूका
पिता-पुर्खाहरूलाई दिएको जग्गामा तिनीहरू रहने छैनन्।”

## यर्मियाको प्रवचन

२५ यो सन्देश जुन यर्मियाकहाँ आयो त्यो यहूदाका
सबै मानिसहरूको विषयमा सम्बन्धित छ। यो
योशियाहको पुत्र यहोयाकीम यहूदाको राज-सिंहासनमा
बसेको चौथो वर्षमा भएको हो। यो नबूकदनेस्सरले
बाबेलको राजमुकुट पहिरिएको प्रथम वर्षमा भएको
हो। २यसैले त्यही अगमवक्ता यर्मियाले यहूदाका जम्मै
मानिसहरू र यरूशलेमका बासिन्दाहरूलाई भने:
३यहूदाका राजा आमोनका पुत्र योशियाहको
राज्यकालको तेह्रौं वर्षदेखि आजको दिनसम्म अर्थात्
तेइस वर्षसम्म परमप्रभुको वचन मकहाँ आयो र मैले
घरिघरि तिमीहरूलाई भनिरहेकोछु। तर तिमीहरूले यसलाई
ध्यान नै दिएनौ। ४परमप्रभुले घरिघरि आफ्ना दास

अगमवक्ता तिमीहरूकहाँ पठाउनु भएकोछ। तिमीहरूले
तिनीहरूको कुरा सुनेनौ अथवा तिनीहरूलाई कुनै ध्यानै
दिएनौ।
५ती अगमवक्ताहरूले भने, "तिमीहरूले आफ्ना जीवन
शैली परिर्वतन गर। कुकर्महरू गर्नदेखि आफूलाई पर
राख। जीवन परिवर्तन गर र यस देशमा जुन परमप्रभुले
तिमी र तिमीहरूका पिता-पुर्खाहरूलाई सदा-सर्वदाका
निम्ति दिनु भएकोछ त्यहाँ बसो बासो गर। ६अन्य
देवताहरूको पछि नलाग। तिनीहरूका सेवा वा पूजा
नगर। मानिस निर्मित मूर्तिहरू पूजा नगर। यसले मलाई
रीस उठाउनेछ। यदि तिमीहरूले मानेनौ भने तब म
तिमीहरूलाई नोक्सान गर्नेछु।"
७परमप्रभुले भन्नुहुन्छ, "तर तिमीहरूले मेरो कुरा
मानेनौ। तिमीहरूका मूर्तिहरूले मलाई उत्तेजित पार्‍यौ
अनि आफैमा नोक्सान ल्यायौ।"
८यसकारण सेनाहरूका परमेश्वरले यसो भन्नुहुन्छ,
"तिमीहरूले मेरो सन्देशहरूमा ध्यानै नदिएका हुनेले,
९यसकारण म उत्तरका सबै कुलहरूका मानसिहरूलाई
र मेरो दास बाबेलका राजा नबूकदनेस्सरलाई ल्याउनेछु,
र तिनीहरूलाई यो देश र यसका बासिन्दा र यसका
चारैतिरका सबै जातिहरूको विरुद्धमा ल्याउनेछु। म ती
सारा देशहरूलाई बिलकुलै ध्वंस गर्नेछु। म ती भूमिहरू
सदालाई सूखा मरूभूमि जस्तो बनाई दिने छु अनि
तिनीहरूलाई डरलाग्दो गाली र एक स्थायी अपमानको
पात्रमा परिणत गर्नेछु।" १०म ती ठाउँहरू हर्ष र
उत्साहका खुशीहरूलाई शेष पारिदिनेछु। त्यहाँ अबोप्रान्त
नव दुलहा-दुलहीका खुशी र आनन्दका दिनहरू हुने
छैन्। म मानिसहरूले पिस्ने जाँतोका आवाज सम्म
उठाउनेछ। म बत्तीको उज्यालोलाई लगिदिनेछु। ११त्यो
सम्पूर्ण क्षेत्र नै मरुभूमि जस्तो उजाड़ हुनेछ। यी सबै
जातिहरूका मानिसहरूले सत्तरी वर्ष सम्म बाबेलका
राजाको सेवा गर्नेछन्।
१२"तर सत्तरी वर्ष बिती सके पछि म बाबेलका
राजालाई दण्ड दिनेछु। म बाबेलका जातिहरूलाई पनि
दण्ड दिने छु। यो परमेश्वरको सन्देश हो: "म
बाबेलवासीहरूको भूमिलाई पनि उनीहरूको पापहरूको
कारण दण्ड दिनेछु। म त्यो भूमि सदाको लागि बाँझो
बनाई दिनेछु। १३मैले त्यस देशको विषयमा जे भनेकोछु
र यर्मियाले विरोधमा यसको जे अगमवाणी गरेकोछ
अनि पुस्तकमा जे लखिएकोछ म त्यो देशकोको विरुद्ध
सबै ल्याउनेछु। १४बाबेलका मानिसहरूले धेरै राज्यहरू
र महाराजहरूको सेवा गर्नु पर्नेछ। तिनीहरूले गरेको
अनिष्ट कामका निम्ति तिनीहरूलाई सजाय दिइनेछ।"

## संसारका राज्यहरू माथि न्याय

१५परमप्रभु, इस्राएलका परमेश्वरले मलाई यी कुराहरू
भन्नुभयो: "यर्मिया, यो कचौरोको दाखरस मेरो हातबाट
लेऊ। यो मेरो क्रोधको दाखरस हो। म तिमीलाई
विभिन्न जातिहरूमा पठाई रहेछु। ती जातिहरूलाई यही
प्यालाबाट पियाऊ। १६तिनीहरूले यो पिउनेछन्। त्यसपछि
तिनीहरू धरमराउनेछन् र पागल मानिस जस्तो व्यवहार
गर्नेछन्। तिनीहरूले तरवारको कारण त्यसो गर्छन जुन
तिनीहरूको विरुद्ध म पठाउँदैछु।"
१७यसर्थ मैले परमेश्वरको हातबाट त्यो कचौरा
दाखरस लिएँ। म ती जातिहरूमा गएँ अनि त्यो
कचौराबाट मैलै दाखरस पियाँए। १८मैले यो दाखरस
यरूशलेम र यहूदाका शहरहरूमा खनाइदिएँ। मैले
यहूदाका राजाहरू र अगुवाहरूलाई त्यो कचौराबाट
दाखरस पिउँन लगाँए। तिनीहरू आज जस्तो देखन्छन,
मरुभूमि झैं उजाड़, डरलाग्दो चीज अनि खिल्ली र
श्रापको पात्र बनाउन मैले तिनीहरूलाई पिलाएँ।
१९मैले मिश्रका राजा फिरऊन, तिनका अधिकारीहरू,
महत्वपूर्ण नायकहरू, उनका सबै मानिसहरू, २०अरबका
जम्मै बासिन्दाहरू, ऊजका सबै राजाहरू, पलिश्तीहरूका
सबै राजाहरू जसमा अश्कलोन, गाजा, एक्रोन, अश्दोदमा
बाँकी रहेका जम्मै २१अनि एदोम, मोआब र
अम्मोनिहरूका सबै राजाहरू पनि गाभिन्छन, सबैलाई
परमप्रभुको रीसको दाखरस पिउनु लगाँए।
२२मैले सोर र सीदोनका सबै राजाहरू अनि समुद्रका
टापुहरूका राजाहरूलाई यो पिउन लगाँए। २३ददान,
तेमा र बूजका अनि कनपट सम्म केश काट्ने
मानिसहरूलाई मैले यो पिउन बाध्य गराँए। २४मैले
अरब देशका र सीमान्तका सारा राजाहरू जो मरुभूमिमा
बस्छन्, २५जिम्री, एलाम र मादैका सारा राजाहरूलाई
पनि यो पिउन लगाँए। २६मैले सारा उत्तरका राजाहरू
नजिक र टाढ़ामा भएका राज्यहरूलाई यो पिउनु
लगाँए। मैले सबै पृथ्वीका राजाहरूलाई परमप्रभुको
क्रोधको कचौराबाट दाखरस पिउन लगाएँ। तर
"शीशकका"* राजाले पनि अन्य जातिहरूले पिए
पश्चात पिउनेछन्।
२७"यर्मिया! सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वरले
के भन्नुहुन्छ, ती जातिहरूलाई भनिदेऊ यसकरण
परमप्रभुले भन्नुहुन्छ, 'पिऊ, मात, वान्त गर र लड़
अनि नउठ किनभने म तिमीहरूका माझमा तरवार
पठाइरहेछु।'
२८"ती मानिसहरूले तिम्रो हातबाट कचौरा लिन
अस्वीकार गर्छन। तिनीहरूले यसलाई पिउन अस्वीकार
गर्छन। तर तिमीले तिनीहरूलाई भन्नेछौ, 'सेनाहरूका
परमप्रभुले यी कुराहरू भन्नुहुन्छ: तिमीहरूले अवश्य नै
यो कचौराबाट पिउनेछौ। २९मैले यरूशलेममाथि जसलाई
मेरो नाउँले कहलाइन्छ अनि सायद तिमीहरूले दण्ड
पाउँदैनौ भनेर सोचिरहेका होलाऊ, विपत्ति ल्याउन

**शेशक** बाबेलको गुप्ती नाउँ।

थालिसकेकोछु। म पृथ्वीमा भएका सारा मानिसहरू प्रति
आक्रमण गर्न तरवारलाई बोलाउनेछु।'" यो सेनाहरूका
परमप्रभुबाट आएको सन्देश हो।
३०"यर्मिया! तिनीहरूलाई भन्छन्: 'परमप्रभु उँभोबाट
गर्जनु हुन्छ। उहाँ आफ्नो पवित्र मन्दिरबाट गर्जनु हुन्छ।
परमप्रभु उहाँको भूमिका मानिसहरूलाई जोरसित गर्जनु
हुन्छ। उहाँ दाखरस बनाउनेले अङ्गुर किच्चाउँदा गरेको
आवाज झैं चिच्चयाउनु हुन्छ। ती चिच्चयाहटहरू
पृथ्वीका सबै बासिन्दाहरू सम्म पुग्छ।
३१त्यो हल्लाको प्रतिध्वनि पृथ्वीको आखिर सम्म
पुग्छ। पृथ्वीका मानिसहरूका विरुद्धमा परमप्रभुको
एउटा अभियोग छ। उहाँले मानिसहरूलाई न्याय र
दुष्टहरूलाई तरवारले मार्नु हुनेछ।'" परमप्रभु भन्नुहुन्छ।
३२यसकरण सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "हेर,
महा सर्वनाश एक देशदेखि अर्को देशमा फैलिनेछ।
पृथ्वीको सुदूर कुनाहरूबाट एक सर्वनाशक आँधी
आइरहेछ।"
३३परमप्रभुले मार्नु भएको मानिसहरूको लाशहरू
पृथ्वीको एक कुनादेखि अर्को कुनासम्म छरिएर रहनेछ।
मर्नेहरूका निम्ति शोक मनाउने कोही हुँदैन। लाशहरू
बटुलिदैन न त दफन नै गरिन्छ। ती लाशहरू खेतमा
गोबर झैं छरपस्ट रहन्छन।
३४हे गोठालाहरू हेर, विलाप गर! हे बथानका
नायकहरू हो, खरानीमा लड़ीबड़ी गर। किनभने तिमीहरूका
हत्या हुने र चिच्चाउने अनि तितर-बितर हुने समय
आएको छ। तिमीहरू झर्नेछौ र दामी जग झैं
फुट्नेछौ।
३५गोठालाहरूले आफै लुक्ने ठाँउ पाउने छैनन्।
बथानका मालिकहरूले भाग्न सक्तैनन्।
३६म गोठालाहरूका हाऊ-हाऊ शब्दहरू र बथानका
मलिकहरूका चित्कार सुन्छु। परमप्रभुले तिनीहरूको
खर्क नै ध्वंस पार्नु भयो।
३७शान्तमय खर्कहरू नष्ट गरिए। परमप्रभुको भीषण
क्रोधले यस्तो गरेको हो।
३८परमप्रभु हिसंक सिंह ओड़ारबाट निस्केको जस्तै
हुनुहुन्छ। परमप्रभुको बल्दै गरेको रीस र अत्याचारीहरूको
रीसले तिनीहरूको देश उजाड़ निर्जन बनिएकोछ।

## मन्दिरमा यर्मियाको पाठ

२६ योशियाहका छोरो यहूदाका राजा यहोयाकीमको
शासनकालको शुरूमा यो वचन परमप्रभुबाट
आयो। २परमप्रभुले भन्नुभयो: "यर्मिया, परमप्रभुको
मन्दिर चोकमा तिमी उभ र यो वचन भन। मन्दिरमा
आराधना गर्न आउने यहूदाका सबै बासिन्दाहरूलाई
भन। मैले भनेको प्रत्येक कुरा उनीहरूलाई भन। मेरो
सन्देशको कुनै भाग पनि नछोड़। ३यो हुनसक्छ,
तिनीहरूले सुन्नेछन अनि मेरो सन्देश पालन गर्नेछन। र
तिनीहरू खराब काम गर्नुबाट रोकिनेछन। यदि तिनीहरू
परिर्वतन भए भने म मेरो तिनीहरूलाई तिनीहरूको
दुष्टकर्मका निम्ति सजाय दिन जुन योजना तयार
पारेकोछु त्यो बदलिनेछु। ४तिमीले तिनीहरूलाई भन्नेछौ,
'यही नै परमप्रभु भन्नुहुन्छ: यदि तिमीहरूले मेरा
कुराहरू सुनेनौ अनि मैले तिमीहरू अघि राखेको
शिक्षाहरू। ५मेरा दास अगमवक्ताहरू जसलाई मैले
तिमीहरूकहाँ समय समयमा पठाएको थिए तर तिनीहरूका
वचनहरू अनुसरण गरेनौ, तिमीहरूले तिनीहरूको कुराहरू
सुनेनौ। ६तब म यो मन्दिरलाई शिलोह* जस्तै बनाउनेछु
अनि पृथ्वीभरिको मानिसहरूका निम्ति यो शहर एक
श्राप झैं बनाउनेछु।'"
७पूजाहारीहरू, अगमवक्ताहरू अनि सारा मानिसहरूले
यर्मियाले परमेश्वरको मन्दिरमा भनेको ती शब्दहरू
सुने। ८परमप्रभुले दिनुभएको आदेश अनुसार यर्मियाले
सबै कुराहरू मानिसहरूलाई भनी समाप्त गरे। तब
पूजाहारीहरू, अगमवक्ताहरू र सारा मानिसहरूले यर्मियालाई
समाते अनि भने, "तिमी निश्चय नै मर्नेछौ। ९कसरी
तिमीले परमप्रभुको नाउँमा यति नराम्रो कुरा गर्ने आँट
गऱ्यौ? कसरी परमप्रभुको यो मन्दिर शीलोहमा ध्वंस
भए जस्तो हुनेछ भन्ने आँट कसरी गऱ्यौ? कुन आँटले
तिमीले यरूशलेम निर्जन मरुभूमि झैं हुनेछ भन्यौ?"
परमप्रभुको मन्दिरमा सबै मानिसहरू यर्मियाको विरुद्ध
भेला भए।
१०जब यहूदाका शासकहरूले ती अप्रिय घटनाहरूको
बारेमा कुराहरू सुने तिनीहरू राजाको राजदरबारबाट
बाहिर निस्के। तिनीहरू परमेश्वरको मन्दिर भएतिर
उक्लिए। त्यहाँ, तिनीहरूले नयाँ प्रवेशद्वारमा आफ्ना
ठाउँ लिए। ११त्यसपछि पूजाहारीहरू र अगमवक्ताहरूले
शासकहरू र सारा अन्य मानिसहरूलाई यसो भने।
तिनीहरूले भने, "यर्मिया मारिनु पर्छ। उनले यरूशलेमको
बारेमा नराम्रो कुराहरू भने। तपाईंहरूले उनले त्यस्तो
कुराहरू भनेको सुनेकाछौं।"
१२तब यर्मियाले यहूदाका सबै प्रशासकहरू र
मानिसहरूसँग बात गरे। "परमप्रभुले मलाई यो मन्दिर र
शहर बारे यी सबै कुराहरू जो तिमीहरूले सुन्यौ, भन्न
पठाउनु भयो। १३तिमीहरूले आफ्नो मन अनि कार्य
बद्लिन नै पर्छ। तिमीहरूले आफ्नो परमप्रभु परमेश्वरको
आज्ञा पालन गर्नु नै पर्छ। यदि तिमीहरूले त्यसो गऱ्यौ
भने उहाँले आफ्नो मनलाई बद्लनु हुनेछ र खराब
कामहरू जो उहाँले तिमीहरूका विरुद्ध उद्घोषणा गर्नु
भएको छ त्यो टर्नेछ। १४मेरो विषयको कुरा र म
तिमीहरूकै हातमा छु। तिमीहरूलाई जे ठीक लाग्छ
त्यही गर। १५तर यदि तिमीहरूले मलाई मार्‍यौ भने,

**शिलोह** त्यो शहर जहाँ एलिको समयमा करारको सुन्दूक
राखिएको थियो। द्रष्टव्य; शामुयेल २:८ र यर्मिया ७:१२-१४

एउटा कुराको लागि निश्चित हौ। कि तिमीहरू एक
निर्दोष मानिसको हत्यारा हुनेछौ। तिमीहरूले यो शहर र
यसमा बस्ने सबै मानिसहरूलाई दोषी बनाउँनेछौ। किनभने
उहाँ परमप्रभु नै हुनुहुन्छ जसले मलाई ती वचनहरू
तिमीहरूलाई भन्न पठाउनु भयो जो तिमीहरूले
सुन्यौ।"
१६त्यसपछि सबै प्रशासकहरू र मानिसहरू बोले।
ती मानिसहरूले पूजाहारीहरू र अगमवक्ताहरूलाई भने,
"यर्मियालाई मार्नु हुँदैन। जति कुराहरू यर्मियाले
हामीलाई भने ती सबै परमप्रभु हाम्रा परमेश्वरबाट
आएको हो।"
१७तब कतिपय बूढ़ा-पाकाहरू उठे र सबै मानिसहरूलाई
भने। १८तिनीहरूले भने, "यहूदाका राजा हिजकियाहको
शासनकालमा मारसेतबाट मीका नाउँ भएका एकजना
अगमवक्ता आएका थिए। मीकाले यहूदाका सबै
मानिसहरूलाई यी कुराहरू भने:

सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "सियोन ध्वंस हुने
छ। यो जोतेको खेतझैं हुनेछ। यरूशलेम ढुङ्गाको थाक
हुनेछ। परमप्रभुको मन्दिर भएको डाँड़ा, जगंल र
बनमाराहरूको रित्तो डाँड़ा बनिनेछ।*"

१९"यहूदाका राजा हिजकियाहले मीकालाई मारेनन्।
यहूदाका कुनै मानिसले मीकालाई मारेन। हिजकियाह
परमप्रभुदेखि डराए अनि उहाँको दया याचना गरे। अनि
परमप्रभुले तिनीहरूको विरोधमा भन्नु भएको कुराहरू
विषयमा आफ्नो मन बद्लिनु भयो। तर हामीहरूले
हाम्रो आफ्नो जीवनमाथि महाविपद ल्याउन आटेकाछौं।"
२०विगतमा त्यहाँ शमायाहको छोरो ऊरियाह नाउँ
गरेका किर्यत्यारीमबाट आएका एकजना मानिस थिए।
उसले यर्मियाले झैं यो शहर र यस भूमि विरुद्धमा
परमप्रभुको सन्देश प्रचार गरे। २१राजा यहोयाकीम र
उनका सैनिक अधिकारीहरू अनि यहूदाका प्रमुखहरूले
ऊरियाहले गरेको प्रचार सुने। तिनीहरू क्रोधित भए।
राजा यहोयाकीमले ऊरियाहलाई मार्न चाहन्थे। तर ऊरियाहले
त्यो कुरा चाल पाए। ऊरियाह डराए र मिश्रको देशमा
भागेर गए। २२तर राजा यहोयाकिमले एलनातान नाउँ
भएका एक मानिस र अन्य मानिसहरूलाई मिश्रमा
पठाए। एलनातान अकबोरको छोरा थियो। २३तिनीहरूले
ऊरियाहलाई मिश्रबाट ल्याए अनि यहोयाकीमलाई सुम्पिए।
यहोयाकीमले ऊरियाहलाई तरवारले मार्नु भन्ने हुकुम
दिए। ऊरियाहको मृत शरीर साधारण मानिसहरू गाड़ने
चिहानमा फ्याँकिदिए।
२४अब शापानको छोरो अहीकामले यर्मियालाई सुरक्षा
दिए। यसर्थ तिनले तिनलाई मानिसहरूको हातबाट
बचाए।

**सियोन … बनिनेछ** मीका ३:१२

## परमेश्वरले नबूकदनेस्सरलाई शासक बनाउनु भयो

**२७** यहूदामा सिदकियाहको शासनकालको चौथो
वर्षमा* परमप्रभुको यो वचन यर्मियाकहाँ
अयो। सिदकियाह योशिहका छोरो थिए। २परमप्रभुले
भन्नुभयो, "यर्मिया, यी फीता र डण्डहरूबाट एउटा
जुवा बनाऊ र तिम्रो काँधमा लगाऊ। ३त्यसपछि
एदोम, मोआब, अम्मोन, सोर र सीदोमका राजाहरूकहाँ
यी राजाहरूका दूतहरू जो यहूदाका राजा सिदकियाहलाई
भेट्न यरूशलेममा आएका छन तिमीहरूको माध्यम यी
समाचार पठाऊ। ४तिनीहरूका मालिकहरूलाई यी
खबरहरू पुर्‍याऊ भनी तिनीहरूलाई भन तिनीहरूलाई
भन, 'सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वरले
भन्नुहुन्छ: तिम्रा मालिकहरूलाई भन कि ५मैले पृथ्वीमा
सारा पशुहरू बनाएँ। यो मैले मेरो महान शक्ति र
बलिष्ठ पाखुराले गरें। म यो पृथ्वी जसलाई चाहन्छु
त्यसैलाई दिन सक्छु। ६अहिले तिमीहरूका सबै देशहरू
मैले बाबेलका राजा नबूकदनेस्सरलाई दिएको छु। उनी
मेरा दास हुन। मैले जङ्गली पशुहरू सम्मलाई पनि
उसको आज्ञा पालन गर्ने बनाउँछ। ७सारा जातिहरूले
नबूकदनेस्सर, उनको छोरो र उनको नातिको सेवा
गर्नेछन्। त्यसपछि बाबेल परास्त हुने समय आउनेछ।
धेरै राज्यहरू र महान राजाहरूले बाबेललाई आफ्नो
कमारो बनाउँनेछन।
८"'तर अहिले केही जातिहरू यस्ता हुनेछन कि
तिनीहरू बाबेलका राजा नबूकदनेस्सरलाई सेवा गर्न
अस्वीकार गर्नेछन। यदि कुनै जातिले आफ्नो घिच्रोमा
जुवा राख्न अस्वीकार गरे म त्यसलाई तरवार, अनिकाल
र डरलाग्दो बीमारहरू मार्फत सजाय दिनेछु,"' यो
परमप्रभुबाट आएको सन्देश हो। "'जब सम्म त्यो
जातिलाई उसको पक्षबाट ध्वंस पार्दिन तब सम्म म
यसो गर्नेछु। ९यसर्थ तिमीहरू अगमवक्ताहरू जोखना
हेर्नेहरू, दर्शन देख्नेहरू, ज्योतिषिहरू र जादूगरी गर्नेहरू
जसले तिमीहरूलाई भन्छन्, "तिनीहरूले बाबेलका राजाको
सेवा गर्नेछैनौ," तिमीहरूलाई ध्यान नदेऊ। १०तर ती
मानिसहरूले तिमीहरूलाई झूटो अगमवाणी दिनेछन्
यसले गर्दा म तिमीहरूलाई तिनीहरूका देशबाट टाढ़ो
लखेट्नेछु र तिमीहरू मनेछौ।
११"'ती जातिहरू ज-जसले बाबेलका राजाको
सार्वभौमिकतालाई ग्रहण गर्नेछ। अनि उसको सेवा
गर्नेछ, जब सम्म चाहन्छन् म तिनीहरूलाई तिनीहरूकै
भूमिमा विकास हुनु दिन्छु,"' परमप्रभुले घोषणा गर्नुहुन्छ।
१२"'मैले सिदकियाह यहूदाका राजालाई भनें,
"सिदकियाह तिमीले बाबेलका राजाको जुवा तिम्रो घिच्रोमा

**सिदकियाहको शासनकालको चौथो वर्षमा** हिब्रूमा यो यस
प्रकार छ "यहोयाकीमको शासनकालको शुरूमा भनिएको
हो।"

राख्नै पर्छ, यदि तिमीले बाबेलका राजा र उसको
मानिसहरूका अस्वीकार गर्‍यौ भने तिमी बाँच्नेछौ।
१३यदि तिमीले बाबेलका राजालाई सेवा गर्न राजी
भएनौ भने तिमी र तिम्रा मानिसहरू शत्रुको तरवार
भोक अनि भयानक रोगहरूबाट मर्नेछौ। बाबेलका
राजालाई सेवा गर्न अस्वीकार गर्ने कुनै पनि जातिको
सम्बन्धमा परमप्रभुले यसो भन्नुभयो। १४तर तिमीहरूलाई
भूटो अगमवक्ताहरूले भनिरहेका छन्: तिमीहरू बाबेलका
राजालाई सेवा गर्नेछैनौ।

"'तिनीहरू तिमीहरूसित भूटो बोलिरहेकाछन।
यसकारण तिमीहरूले तिनीहरूको कुरा नसुन।" १५परमप्रभु
भन्नुहुन्छ, "मैले त्यस्ता अगमवक्ताहरूलाई पठाएको
होइन, तर तिनीहरू मेरो नाउँमा भूटो अगमवाणी
कहिरहेका छन। यसकारण यहूदाका मानिसहरूलाई
सुदूर ठाँउमा पठाँउनेछु। तिमीहरू सड्नेछौ अनि त्यसरी
नै ती अगमवक्ताहरू जसले तिमीहरूकहाँ अगमवाणी
कहने तिनीहरू पनि नष्टछन्।"

१६तब मैले ती पूजाहारीहरू अनि ती प्रचालाई
सूचना दिँए, "परमप्रभु भन्नुहुन्छ: 'ती भूटा
अवमवक्ताहरूको कुरा नसुन जसले बाबेलबाट
परमप्रभुको मन्दिरका जम्मै समानहरू भट्टै फर्काइदैछ।'
तिनीहरूले भूटो बोलिरहेका छन्। १७ती
अगमवक्ताहरूका कुरामा ध्यान नदेऊ। बाबेलका राजालाई
सेवा गर अनि बाँच। यो शहर किन ध्वंस होस?
१८यदि ती मानिसहरू अगमवक्ता हुन भने अनि
परमप्रभुको वचन तिनीहरूसँग छ भने, तिनीहरूले
परमप्रभुलाई, राजाको महलमा रहेका, परमप्रभुको मन्दिरमा
रहेका, र यरूशलेममा रहेका जुन चीजहरू अहिले
सम्म छोड़िएकाछन् बाबेलमा ल्याउन नसकियोस भनी
प्रार्थना गरुन्।"

१९सेनाहरूका परमप्रभु भन्नुहुन्छ ती चीजहरूको
बारेमा जुन अझै यरूशलेममा छाड़िएका छन त्यहाँ
मन्दिरमा विशाल काँसाको स्तम्भहरू, गुड़ने आधारहरू
र अन्य चीजहरू छन। बाबेलका राजा नबूकदनेस्सरले
ती सबैहरू यरूशलेममा छाड़े। २०बाबेलका राजा
नबूकदनेस्सरले जब यहोयाकीमको छोरा यहूदाका राजा
यहोयकीन र यहूदा र यरूशलेमका जम्मै भारादारहरूलाई
देश निष्कासन गरी बाबेलमा लगेका थिए, त्यस समय
ती समानहरू बाबेल लगेनन्। २१सेनाहरूका, परमप्रभु,
इस्राएलका परमेश्वर, परमेश्वरका मन्दिरमा छाड़िएका
अनि राजाका महल र यरूशलेममा छाड़िएका चीजहरूको
बारेमा भन्नुहुन्छ: ती सम्पूर्ण समानहरू पनि बाबेल तर्फ
लगिए। २२ती सारा समानहरू बाबेलमा लगिन्छ र जब
सम्म तिनीहरूको निम्ति आउँदिन तब सम्म ती समानहरू
त्यही रहन्छ।" यो सन्देश परमप्रभु भन्नुहुन्छ, "तब म
ती समानहरू फर्काई ल्याउँनेछु। म ती समानहरू यो
ठाउँमा फर्काई राख्नेछु।"

### हनन्याह भूटो अगमवक्ता

२८ त्यही साल नै जब सिदकियाह यहूदाका राजा
भएको चौथो वर्षको पाँचौ महीनामा अज्जूरको
छोरो अगमवक्ता हनन्याहले परमप्रभुको मन्दिरमा सबै
पूजाहारीहरू र अन्य मानिसहरूको उपस्थितिमा मसित
भने। हनन्याह गिबोनका बासिन्दा थिए। हनन्याहले
भने, २"सेनाहरूका परमप्रभु इस्राएलका मानिसहरूका
परमेश्वरले भन्नुहुछ: 'बाबेलका राजाले यहूदाका
मानिसहरूको काँधमा राखेको जुवा म भाच्नेछु। ३दुइ
वर्ष बित्दा नबित्दै म बाबेलका राजा नबूकदनेस्सरले
परमप्रभुको मन्दिरबाट जति सरसामानहरू लगेका थिए
ती सबै फर्काई ल्याउनेछु। ४म यहोयकीमका छोरो
यहूदाका राजा यहोयाकीनलाई यस ठाउँमा फर्काइ
ल्याउने छु। म ती सारा यहूदाका मानिसहरूलाई फर्काई
ल्याउनेछु जसलाई नबूकदनेस्सरले आफ्ना घरहरू छोड्न
बाध्य गराएर बाबेलतिर पठाएका थिए।' परमप्रभु भन्नुहुन्छ,
'यसकारण म बाबेलका राजाको जुवा भाँचिदिनेछु।'"

५तब अगमवक्ता यर्मियाले पूजाहारीहरू र अन्य
मानिसहरू जो परमप्रभुको मन्दिरमा उभिरहेका थिए
तिनीहरूको सम्मुख अगमवक्ता हनन्याहलाई जवाफ
दिए। ६अगमवक्ता यर्मियाले हनन्याहलाई भने, "आमेन।
म आशा गर्दछु परमप्रभुले साँच्चि नै त्यो गर्नु हुनेछ
परमप्रभुले तिमीले बोलेका वचनहरू पूरा गर्नु हुनेछ। म
आशा गर्दछु परमप्रभुले उहाँको मन्दिरबाट जम्मै सामानहरू
र मानिसहरू पनि बाबेलबाट यस ठाउँमा फर्काई
ल्याउनु हुनेछ।

७"हनन्याह तर मैले भनेका कुराहरू सुन। मैले
भनेका कुराहरू तिमीहरू सबै मानिसहरूले सुन। ८हनन्याह
त्यहाँ तिमी र म अगमवक्ता हुन भन्दा धेरै अघि नै
अगमवक्ताहरू थिए। तिनीहरूले युद्ध, अनिकाल, भयानक
रूढ़ी धेरै देशहरू र महान राज्यहरूमा आउनेछ भनेर
प्रचार गरेका थिए। ९तर यदि एकजना अगमवक्ताले
शान्तिको अगमवाणी दिन्छ र उसको अगमवाणी सत्य
हुन्छ तब मानिसहरूले जान्ने छन् कि परमप्रभुले
उसलाई नै पठाउनु भएको हो।"

१०यर्मियाले आफ्नो काँधमा जूवा भिरि रहेका थिए।
तब अगमवक्ता हनन्याहले यर्मियाको काँधबाट जूवा
निकाली दिए। हनन्याहले त्यो जुवा भाँचिदिए। ११तब
हनन्याह अरु जम्मै मानिसहरूको उपस्थितिमा जोरले
कराए अनि भने, "त्यो यो हो जुन परमप्रभु भन्नुहुन्छ:
'त्यसरी नै नबूकदनेस्सर बाबेलका राजाको जूवा म सबै
जातिहरूको काँधबाट दुइ वर्ष भित्रमा भाँचि दिन्छु।'"
त्यस पछि अगमवक्ता यर्मियाले परमप्रभुको मन्दिर छोड़े
अनि बाहिर गए।

१२जब हनन्याहले अगमवक्ता यर्मियाको काँधबाट
जुवा निकालेर भाँचिदिए परमप्रभुको वचन यर्मियालाई
आयो। १३परमप्रभुले यर्मियालाई भन्नुभयो, "जाऊ अनि

परमप्रभुले जे भन्नुहुनछ हनन्याहलाई भन: 'तिमीले
काठको जुवाहरू भाँचिदियौ। तर म काठको सट्टामा
फलामको जुवाहरू बनाउनेछु।' १४सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्‍वर भन्नुहुन्छ: 'म सारा जातिहरूका
काँधमा फलामको जूवा लगाइदिनेछु ताकि तिनीहरूले
बाबेलका राजा नबूकदनेस्सरको सेवा गरुन। तिनीहरू
राजा नबूकदनेस्सरका दास-दासीहरू हुनेछन्। म उसलाई
जङ्गली जानवर माथि पनि राज गर्ने क्षमता प्रदान
गर्नेछु।'"

१५तब अगमवक्ता यर्मियाले अगमवक्ता हनन्याहलाई
भने, "सुन हनन्याह। परमेश्‍वरले तिमीलाई पठाएको
होइन। तर तिमीले यहूदाका मानिसहरूलाई झूटो कुरामा
विश्‍वास गर्नलगायौ। १६यसकारण परमप्रभु यसो भन्नुहुन्छ,
'चाँडै म तिमीलाई यस पृथ्वीबाट हटाई दिनेछु, हनन्याह।
तिमी यही वर्ष मर्नेछौ। किनभने तिमीले मानिसहरूलाई
परमेश्‍वरको विरुद्ध भड़कायौ।'"

१७अगमवक्ता हनन्याह त्यही वर्षको सातौं महीनामा
मरे।

### बाबेलका कैदहरूलाई एक पत्र

**२९** अगमवक्ता यर्मियाले यरूशलेमबाट बूढ़ा-
प्रधानहरू, पूजाहारीहरू, अगमवक्ताहरू अनि
यहूदाका सबै मानिसहरू जसलाई नबूकदनेस्सरले
यरूशलेमबाट बाबेलमा ल्याएका थिए तिनीहरूलाई
एउटा पत्र पठाए। २यो पत्र राजा यहोयाकीन, राजमाता,
नपुंसकहरू अनि यहूदा र यरूशलेमका शासकहरू,
कारीगरहरू, लोहारहरू जसलाई यरूशलेमबाट ल्याएका
थिए सबैलाई पठाए। ३यहूदाका राजा सिदकियाहले
शापानका छोरो एलासा र हिल्कियाहका छोरो गर्मयाहलाई
बाबेलका राजा नबूकदनेस्सरकहाँ पठाए। यर्मियाले ती
मानिसहरूलाई बाबेलमा पत्र लैजानु भने। पत्रको अर्न्त
विषय यस्तो थियो।

४सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्‍वरले
यरूशलेम देखि बाबेल सम्म कैद भएका ती
मानिसहरूलाई यी कुराहरू भन्नु भएको थियो:
५"घरहरू बनाऊ र त्यसमा बस्। बारीहरू बनाऊ
र बिरुवाहरू रोप र फलहरू खाऊ। ६विवाह-बारी
गरेर छोरा-छोरीहरू जन्माऊ। आफ्ना छोराहरूको
लागि बुहारीहरू रोज। त्यसो गर्दा तिनीहरूले पनि
छोरा-छोरीहरू जन्माउनेछन्। त्यहाँ सन्तान बढ़ाऊ,
नघटाऊ। ७शहरमा पनि असल कार्यहरू गर
जसका निम्ति मैले तिनीहरूलाई पठाएँ। जहाँ
तिमीहरू बसिरहेकाछौ त्यस शहरका निम्ति
परमप्रभुसित प्रार्थना गर। किनभने यदि त्यहाँ
शान्ति छाए तिमीहरू पनि शान्तिसित बस्नु सक्छौ।"
८सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्‍वरले
भन्नुहुन्छ: "तिमीहरूका अगमवक्ताहरू र मंत्र-तंत्रहरू
गर्नेहरूले तिमीहरूलाई धोका नदिऊन्। तिनीहरूले
देखेका सपनाका कुराहरूमा ध्यानै नदेऊ।
९तिनीहरूले मेरो नाउँमा झूटो अगमवाणी कहिरहेका
छन। अनि तिनीहरूले भनिरहेका छन्। तर मैले
तिनीहरूलाई पठाएको होइन।" यो सन्देश
परमप्रभुबाट आएको छ।

१०परमप्रभु यो भन्नुहुन्छ: "बाबेल सत्तरी वर्ष
सम्म शक्तिशाली रहनेछ। त्यसपछि म तिमीहरूकहाँ
आउनेछु र तिमीहरूलाई यस ठाउँमा फर्काई
ल्याउने मेरो प्रतिज्ञा पूरा गर्नेछु। ११म यसो भन्छु
किनभने तिमीहरूका निम्ति मैले बनाएका योजनाहरू
म जान्दछु।" यो परमप्रभुबाट आएको सन्देश हो,
"मसँग तिमीहरूको लागि राम्रो योजनाहरू छ। म
तिमीहरूलाई चोट पुऱ्याउने योजना बनाउदिन। मैले
तिमीहरूलाई आशा र असल भविष्य दिने योजना
गरेको छु। १२त्यसपछि तिमीहरूले मलाई
बोलाउनेछौ, मकहाँ आऊ अनि मलाई प्रार्थना
गर। म तिमीहरूलाई प्रार्थनाको उत्तर दिनेछु।
१३तिमीहरूले मलाई खोज्नेछौ। अनि जब तिमीहरू
आफ्ना तनमन लगाएर मलाई खोज्नेछौ, तिमीहरूले
मलाई पाउनेछौ। १४म तिमीहरूलाई भेट गर्न
अनुमित दिनेछु।" यो परमप्रभुबाट आएको सन्देश
हो "म तिमीहरूलाई कैदबाट छुटाई ल्याउनेछु। म
तिमीहरूलाई सबै जाति-जातिहरू र ठाउँ-
ठाउँहरूदेखि भेला गर्नेछु जहाँ मैले तिमीहरूलाई
पठाएको थिएँ।" यो परमप्रभुबाट आएको सन्देश
हो। "अनि तिमीहरूलाई यस ठाँउमा फर्काई
ल्याउनेछु।"

१५तिमीहरूले भनेका छौ, "तर परमप्रभुले
हामीलाई यहाँ बाबेलमा अगमवक्ताहरू दिनु भएको
छ।" १६तर तिमीहरूका आफ्नतहरू जो बाबेलमा
लागिएका थिएनन तिनीहरूको विषयमा परमप्रभु
यी कुराहरू भन्नुहुन्छ। म अहिले त्यो राजा जो
दाऊदको राजसिंहासनमा बसेका छन् र ती मानिसहरू
जो अझ सम्म यरूशलेम शहरमा छन् तिनीहरूको
विषयमा भन्दैछु। १७सेनाहरूका परमप्रभु भन्नुहुन्छ:
"म तरवार, अनिकाल, र भयानक रूढ़ीहरू ती
मानिसहरूका विरुद्ध पठाउँदैछु जो यरूशलेममा
बसिरहेका छन्। तिनीहरूलाई खान नसकिने कुहेका
नेभाराहरू जस्ता बनाउने छु। १८म तिनीहरूलाई
तरवार, अनिकाल अनि भयानक रूढ़ीहरूले
खेद्नेछु। म तिनीहरूलाई पृथ्वीका राजधानीहरूको
सामुन्ने डरलाग्दो दृश्य बनाइदिनेछु, समस्त जातिहरू
जहाँ म तिनीहरूलाई पठाउँछु त्यहाँ श्राप, डर,
घृणा, खिसी र निन्दाको पात्र बनाउनेछु।
१९यरूशलेममा बस्ने ती मानिसहरूले मेरो कुराहरू

प्रति ध्यान नदिंदा मैले तेस्तो अनिष्ट कुराहरू
तिनीहरू प्रति घटाउन लगाएको हो।" यो परमेश्वरबाट
आएको सन्देश हो। "किनभने तिनीहरूले मेरा
वचनहरू सुनेनन् जब मैले सेवक, अगमवक्ताहरू
घरिघरि तिनीहरूकहाँ पठाएँ। तिनीहरूले कुनै
ध्यान नै दिएनन्।" मेरो सन्देश परमप्रभुबाट
आएको हो। २०"तिमीहरू कैदीहरू हौ। मैले
तिमीहरूलाई यरूशलेमबाट बाबेल जानलाई बाध्य
पारें। यसकारण परमप्रभुबाट आएको सन्देशलाई
ध्यान दिएर सुन।"

२१सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर
कोलायाहको छोरो आहाब र मासेयाहको छोरो
सिदकियाहको बारेमा भन्नुहुन्छ: "यी दुइ जना
मानिसहरू मेरो नाउँमा तिमीहरूकहाँ झूटो प्रचार
गरिरहेका छन। यसर्थ दुवै अगमवक्ताहरूलाई
बाबेलका राजा नबूकदनेस्सरलाई म सुम्पने छु
अनि उनले तिनीहरूलाई तिमीहरूकै सामुन्ने मार्नेछन।
२२सम्पूर्ण यहूदी कैदीहरूले तिनीहरूलाई श्राप
दिनेछन्। 'परमप्रभुले तिमीहरूलाई सिदकियाह र
आहाबलाई जस्तै व्यवहार गरुन् जसलाई बाबेलका
राजाले आगोमा डढ़ाएको थियो।' २३ती दुवैजना
अगमवक्ताहरूले इस्राएलमा खराब कामहरू गरे।
तिनीहरूले आफ्ना छिमेकीकी पत्नीहरूसँग व्यभिचार
गरे अनि तिनीहरूले मेरो नाउँमा झूटो बोले। म
जान्दछु तिनीहरूले के गरे। म आफै साक्षी छु।"
मैले तिनीहरूलाई त्यसो गर भनेर आज्ञा दिएको
छैन।

## शमायाहलाई परमप्रभको सन्देश

२४नेहेलामबाट शमायाहलाई तिमीले भन्नु पर्छ।
२५सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ,
"शमायाह, तिमीले आफ्नै नाउँमा यरूशलेममा रहेका
सबै मानिसहरूलाई चिट्ठी पठाएका छौ तिमीले मासेयाहको
छोरो सपन्याहलाई चिट्ठीहरू पठायौ। तिमीले बाँकी सबै
पूजाहारीहरूलाई पनि चिट्ठीहरू पठायौ। २६शमायाह,
तिमीले सपन्याहलाई चिट्ठीमा भनेकाछौ, 'सपन्याह,
परमेश्वरले तिमीलाई यहोयादाको ठाउँमा पूजाहारी बनाएका
छौ। तिमीले परमप्रभुको मन्दिरको परिदर्शन गर्नु पर्छ
अनि जसले पागल झैं कर्म गर्छ र अगमवाणी दिन्छ
त्यसता कुनै पनि मानिसलाई पक्रनु पर्छ। तिमीले
त्यसलाई ठिँगुरोमा ठोक्नु पर्छ र उसको घिच्रोमा
साङ्लोले बाँध्नु पर्छ। २७अहिले यर्मियाले अगमवक्ता
जस्तो व्यवहार गरिरहेछ। यसर्थ उसलाई तिमी किन
नपक्रने? २८यर्मियाले यसो भन्दै यो समाचार हामीलाई
बाबेलमा पठाएका थिए, "तिमीहरू बाबेलमा धेरै समय
सम्म बस्नेछौ। यसकारण घरहरू बनाऊ र त्यही बस्।
जमीन कमाऊ र त्यसका उब्जनी खाऊ।'"

२९पूजाहारी सपन्याह पूजाहारीले यर्मियालाई पत्र पढ़ेर
सुनाए। ३०तब परमेश्वरबाट यर्मिया कहाँ वचन आई
पुग्यो: ३१"यर्मिया, यो सन्देश बाबेलमा रहेका कैदीहरूलाई
पठाऊ: 'यसकारण नहेलाम परिवारका शमायाहको बारे
परमप्रभु यसो भन्नुहुन्छ, शमायाहले तिमीलाई अगमवाणी
दिएको छ तर मैले उसलाई पठाएको होइन। शमायाहले
तिमीहरूलाई झूटा कुराहरूमा भरोसा गरायो। ३२यसकारण
परमप्रभु भन्नुहुन्छ: "म उसको परिवार र उसलाई
सजाय दिनेछु। म पूर्णरूपले उसको परिवारलाई नष्ट
पारि दिनेछु। अनि उसले असल कुराहरूमा जुन म मेरो
मानिसहरूका निम्ति गर्नेछु देख्नु पाउने छैन।" यो
परमप्रभुको सन्देश हो: '"म शमायाहलाई दण्ड दिनेछु
किनभने उसले मानिसहरूलाई परमप्रभुको विरुद्ध
भड़काएको छ।"'

## आशाका वचनहरू

३० परमेश्वरबाट यो वचन यर्मियाकहाँ आएको
हो। २परमप्रभु इस्राएलका परमेश्वरले भन्नुभयो:
"यर्मिया, मैले भनेका सबै कुराहरू एउटा पुस्तकमा
लेख। ३यसो गर किनभने समय आउनेछ: जब म
यहूदा र इस्राएलका मेरा मानिसहरूलाई कैदबाट छुटाउनेछु
अनि तिनीहरूलाई त्यस देशमा ल्याउनेछु जुन मैले
तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको थिएँ। तब मेरो
मानिसहरू यो देशमा मालिक बनिनेछन्।"

४परमेश्वरले यो सन्देश इस्राएल अनि यहूदाका
मानिसहरूका बारेमा भन्नु भएको हो। ५उहाँले भन्नुभयो:
"मानिसहरू डरले रोएका हामीले सुनिरहेका छौ।
मानिसहरू तर्सेका छन। त्यहाँ शान्ति छैन।
६यो प्रश्न सोध, र यसलाई हेर: के एकजना पुरुषले
नानी जन्माउनु सक्छ? निश्चय सक्तैन। तब म किन
प्रत्येक म बसिरहेको लोग्ने मानिसलाई भूँडीमाथि हात
राखी निहुरिएर प्रसव पीड़ामा परेकी स्त्रीलाई झैं देख्छु।
किन हरेक मानिसको अनुहार पहेलो भएको छ?
७हाय! त्यो आउने समय कति डरलाग्दो हुनेछ! कुनै
समय पनि त्यस्तो डरलाग्दो हुने छैन। याकूबको निम्ति
यो अति दु:खको दिन हुनेछ, तर याकूबलाई बचाइनेछ।
८"त्यस बेला," सेनाहरूका परमप्रभुबाट आएको यो
सन्देश हो: "म तिमीहरूको काँधबाट जुवाहरू निकालिदिन्छु
अनि भाँचिदिनेछु। तिमीहरूलाई बाँधेको बन्धन
फुकाइदिनेछु। विदेशीहरूले अब कहिल्यै तिनीरूलाई
दास बनाउनेछैन। ९तिनीहरूले परमप्रभु आफ्ना
परमेश्वरलाई अनि तिनीहरूका राजा दाऊदलाई सेवा
गर्नेछन्। म त्यो तिनीहरूको राजा पठाइदिनेछु।
१०"यसकारण हे याकूब मेरो दास! नडराऊ।" यो
परमप्रभुबाट आएको सन्देश हो। "हे इस्राएल! नडराऊ!
म तिमीलाई ती सुदूरका देशहरूबाट जोगाएर ल्याउँछु
अनि तिमीहरूका सन्तानहरूलाई कैदी बनाउने देशहरूबाट

जोगाउनेछु। याकूब फर्कनेछ अनि फेरि शान्ति पाउनेछ र मेरा मानिसहरूलाई भय देखाउनु शत्रु रहेनछैन्।
११हे इस्राएल र यहूदका मानिसहरू, म तिमीहरूसँग छु।" यो परमेश्वरबाट आएको सन्देश हो। "म तिमीहरूको रक्षा गर्नेछु। मैले तिमीहरूलाई जुन देशहरूमा तितर-बितर पारें ती सब नष्ट पार्नेछु तर तिमीहरूलाई नष्ट पार्दिन। यद्यपि तिमीहरूले तिमीहरूको अनिष्ट कर्मको लागि सजाय भोग्ने पर्नेछ तर म तिमीहरूलाई ठीकसित अनुशासित पार्ने छु।"
१२परमेश्वर भन्नुहुन्छः "तिमीहरूको घाउ गहिरो र जाति हुनलाई निकै चर्को पर्छ।
१३तिमीहरूका निम्ति बोलिदिने कोही छैन। तिमीहरूको घाउ निको पार्न कुनै औषधी पाँउदैनौ।
१४तिमीहरूका प्रेमीहरूले* तिमीहरूलाई भूलेका छन् अनि अहिले तिमीहरूको चिन्ता गर्दैनन्। म तिमीहरूलाई शत्रु सरह घात पुर्‍याउनेछु। तिमीहरूका धेरै दुष्टकर्महरू र अनगन्ती पापहरूको कारणले म तिमीहरूलाई कड़ा दण्ड दिनेछु।
१५इस्राएल र यहूदा तिमीहरूका कष्टदायक घाउका निम्ति किन रोइरहेका छौ? त्यसको कुनै उपचार नै छैन। मैले तिमीहरूको धेरै दुष्ट कार्यहरू र अनगन्ती पापहरूको कारणले तिमीहरूलाई यस्तो पारेको छु।
१६यसकारण ती सबै ज-जसले तिमीहरूलाई नष्ट पार्छन तिनीहरूलाई पनि नष्ट परिनेछ। तिम्रा शत्रुहरू सबैलाई कैद गराइन्छ। ती जाति-जातिहरू ज-जसले तिमीहरूलाई नष्ट बनाएका छन। तिनीहरू आफै नष्ट हुनेछन। ती सबै ज-जसले तिमीहरूलाई लुटेका छन् अरुले तिनीहरूलाई लुटनेछन्।
१७अनि म तिमीहरूका स्वास्थ्य निको पारिदिनेछु। अनि म तिमीहरूका घाउ निको पार्ने छु।" यो परमप्रभुको सन्देश हो, "किनभने अन्य मानिसहरूले तिमीहरूलाई कसैले पनि सियोनको वास्ता गर्दैन भन्दै बहिष्कार गरिएको भनेका छन्।"
१८परमप्रभु भन्नुहुन्छः "हेर, याकूबका मानिसहरूको भाग्य पुर्नहाल गर्नु म जाँदैछु। डेराहरूप्रति दयाममा दया नगर मेरो याकूबको पालहरूमाथि दया रहने छ। ध्वंस भएको ठाउँमा शहर फेरि बनिनेछ अनि राजाको महल ठीक ठाउँमा नै बनिनेछ।
१९तिनीहरूबाट धन्यवादको स्तुतिगान र आनन्दको स्वर गुञ्जिनेछ। म तिमीहरूलाई धेरै छोरा-छोरीहरूका निम्ति आशीर्वाद दिनेछु। तिमीहरू कम्ती हुनेछैनन्। म तिनीहरूमा गौरव ल्याउनेछु र तिनीहरूलाई कैसेले तिरस्कार गर्नु पाउने छैनन्।
२०तिनीहरूका बाल-बच्चाहरूले उहिलेका जस्तो समय पाउनेछन। तिनीहरूको समुदाय मेरो अघि स्थापित हुनेछ। जसले तिनीहरूमाथि अत्याचार गर्छ म तिमीहरूलाई दण्ड भोगाउनेछु।
२१तिनीहरू मध्येकै एक मानिस तिनीहरूका शासक हुनेछ। त्यो मानिस उसका मानिसहरूबाट हुनेछ। म उसलाई मेरो नजिक ल्याउनेछु र उ मेरो नजिक आउनेछ। यदि मैले उसलाई नबोलाए कसले मेरो अघि आउने सहास गर्छ, परमप्रभु भन्नुहुन्छ।
२२तिमीहरू मेरो प्रजा हुनेछौ। अनि म तिमीहरूका परमेश्वर हुनेछु।"
२३"हेर! परमप्रभुको आँधी! उहाँको क्रोध बाहिर जान्छ! यो गर्जिरहेको आँधी हो! त्यो दुष्ट मानिसको शिरमा बज्रिनेछ।
२४परमप्रभुको क्रोध तबसम्म शेष हुदैन जबसम्म उहाँले गर्नु भएको योजना सम्पन्न गर्नु हुन्न। पछिका दिनहरूमा तिमीहरूले यो सब बुझ्नेछौ।"

### नयाँ इस्राएल

३१ परमेश्वरले यी कुराहरू भन्नुभयो, "त्यस बेला म इस्राएलका घरनामा परमप्रभु हुनेछु। अनि तिनीहरू मेरो प्रजा हुनेछन्।"
२परमप्रभु भन्नुहुन्छः "मानिसहरू जो शत्रुको तरवारबाट जोगिएका छन् तिनीहरूले मरुभूमिमा पनि विश्राम पाउँनेछन अनि इस्राएल त्यहाँ शान्तिको खोजीमा जानेछ।"
३टाढ़ाबाट परमप्रभु आफ्ना मानिसहरू अघि देखा पर्नु हुन्छ। परमप्रभु भन्नुहुन्छ, "मैले तिमीहरूलाई त्यस्तो प्रेमले प्रेम गरें जुन सर्वदा रहीरहन्छ। यसर्थ मैले तिमीहरूलाई मेरो विश्वासयोग्यता कायम राखेको छु।
४हे कुमारी इस्राएल! म तिमीलाई पुनर्निर्माण गर्नेछु। तिमी पुनः एक राजधानी हुनेछौ। तिमीहरूले फेरि आफ्नो खैजडी उठाउने छौ अनि तिमीहरू अन्य मानिसहरूसँग नाच्नेछौ।"
५तिमीहरूले दाखरसको खेती फेरि सामरियाको पहाड़ वरिपरि लाउनेछौ। जसले खेती लाउनेछन तिनीहरूले दाखको फल खानेछन।
६त्यहाँ त्यस्तो समय हुने छ जब चौकीदारले यो सन्देश जोड़ले भन्ने छ 'आऊ, सियोन माथितिर जाँऊ परमप्रभु हाम्रो परमेश्वरलाई पूज्नको लागि।' एप्रैमको पहाड़ी देश सम्मका चौकीदाहरूले त्यो सन्देश जोड़ले भन्नेछन्।"
७परमप्रभु भन्नुहुन्छः "आनन्दित हौ अनि याकूबका निम्ति गाऊ। इस्राएलको राज्यहरूमा महानताका निम्ति हल्ला गर। प्रशंसाको गीत गाऊ अनि यसो भन्दै चिच्याऊः 'हे परमप्रभु! तपाईंका मानिसहरू जो इस्राएलबाट जीवित छोड़िएका छन् तिनीहरूलाई सुरक्षा गर्नु होस्।'
८हेर, म तिनीहरूलाई उत्तरबाट र टाढ़ो-टाढ़ो देशहरूबाट ल्याउनेछु अनि भेला पार्नेछु। तिनीहरू मध्ये कतिपय मानिसहरू अन्धा र लङ्गड़ाहरू छन्। कतिपय स्त्रीहरू

**प्रेमीहरू** को अर्थ यहूदाका मित्र राष्ट्रहरू।

गर्भवती छन् अनि तिनीहरू मध्ये कति जना प्रसव
पीड़ामा छन। तर धेरै धेरै मानिसहरू फर्की आउनेछन्।
९तिनीहरू रूँदै आउनेछन। तर म तिनीहरूलाई सान्त्वना
दिनेछु र पानीको झरनातिर डोऱ्याई लानेछु। म तिनीहरूलाई
सोझो बाटो डोऱ्याउनेछु ताकि तिनीहरू लड्ने छैनन्। म
तिनीहरूलाई यस्तो पथ डोऱ्याउने छु किनभने इस्राएलको
निम्ति म पिता हुँ, अनि एप्रैम मेरो जेठो छोरो हो।
१०हे जातिहरू हो, परमप्रभुबाट आएको वचनलाई
ध्यान लगाएर सुन यो सन्देश समुद्र उता सुदूर भूमिहरूमा
फिजाऊ, 'परमप्रभुले इस्राएलका मानिसहरूलाई जताततै
तितर-बितर पार्नु भएकोछ तर उहाँले उनीहरूलाई फेरि
भेला गरेर ल्याउनु हुनेछ र भेड़ा गोठालाले आफ्नो भेड़ा
बथानहरू सुरक्षा गरे झैं सुरक्षा गर्नुहुनेछ।'
११परमप्रभुले याकूबलाई मोल तिरेर उकास्नु हुन्छ र
याकूब भन्दा बलियाहरूबाट उद्धार पार्नु हुन्छ।
१२इस्राएलका मानिसहरू सियोनको टाकुरामा आउने
छन र खुशीले चिच्याउने छन्। तिनीहरूका अनुहारहरू
परमप्रभुको उदारताले चम्किनेछ। असल कुराहरूका
बारे जुन परमेश्वरले तिनीहरूलाई दिनुहुन्छ। परमेश्वरले
तिनीहरूलाई अन्न, नयाँ दाखरस, भद्राक्षेको तेल,
थुमाहरू र गाई-गोरूहरू दिनु हुनेछ। तिनीहरूको हृदय
पानीले भिजेको बारी जस्तो हुनेछ। इस्राएलका
मानिसहरूलाई सकष्टहरूले अब पिरोलिने छैनन्।
१३तब इस्राएलका तरुणीहरू आनन्दले मग्न हुँदै
नाच्नेछन्। अनि जवान र बूढ़ा मानिसहरू त्यो नाचगानमा
सम्मिलित हुने छन्। म तिनीहरूका उदासीपनलाई हर्ष र
अनन्दामा परिवर्त्तन गरिदिन्छ। म इस्राएलका मानिसहरूलाई
शोकको सट्टामा आनन्द र सान्त्वना दिनेछु।
१४म पूजाहारीहरूलाई असल असल कुराहरूले
परिपूर्ण पार्नेछु। मेरा मानिसहरू मैले दिएका उपहारहरूले
सन्तुष्ट हुनेछन्।" परमप्रभु भन्नुहुन्छ।
१५परमप्रभु भन्नुहुन्छ: "रामामा एउटा चर्को रूवाई
शोकको आवाज सुनियो। राहेल आफ्ना नानीहरूका
लागि रूनेछिन राहेललाई सान्त्वना दिनु सकिदैन किनभने
उनका नानीहरू मरेका छन्।"
१६तर परमप्रभु भन्नुहुन्छ: "रुन बन्द गर र आफ्ना
आँखाहरू आँसुले नभर। किनभने तिम्रो काम फलवन्त
हुनेछ। तिनीहरू आफ्ना शत्रुको देशबाट फर्किनेछन्।
१७तिमीहरूको आशा छ।" यो परमप्रभुबाट आएको
सन्देश हो। "तिमीहरूका नानीहरू आफ्नै देशमा फर्कनेछन्।
१८मैले एप्रैमले यसो भन्दै रोएको सुनेकोछु। 'हे
परमप्रभु तपाईंले साँच्चि नै मलाई दण्ड दिनुभयो अनि
मेरो शिक्षा पाएँ। म बाछा जस्तै थिए जसलाई सिकाउनु
सकिदैन। मलाई फर्काई ल्याउनु होस् अनि म तपाईंकहाँ
फर्की आउनेछु। तपाईं मेरो लागि साँच्चि कै परमप्रभु
परमेश्वर हुनुहुन्छ।
१९परमप्रभु, "म तपाईं देखि भड़किएर टाढ़ा भएँ।
तर आफूले गरेका अनिष्ट कुराहरूबाट मैले शिक्षा
पाएँ। यसकारण मैले मेरो हृदय र जीवन बद्लिएँ आफू
युवावस्थामा हुँदा आज्ञानतावश गरेको कामहरूले गर्दा
म लज्जित र व्याकुल भएँ।'"
२०परमप्रभु भन्नुहुन्छ, "तिमीहरू जान्दछौ कि एप्रैम
मेरो प्यारो छोरो हो, म त्यो बालकलाई विशेष प्रेम गर्छु
हो, मैले प्राय: एप्रैमलाई निन्दा गरें, तर म अझ
उसैको बारेमा सोच्दछु म उसलाई साँच्चै माया गर्छु।
अनि म साँच्चि नै उसलाई सान्त्वना दिन चाहनन्छु।"
२१"बाटो देखाउने चिन्हहरू र दिशा निर्देशकहरू
ठीक गर। घरतिर डोऱ्याउने बाटोमा चिन्ह लगाऊ।
बाटो नियाल। आफूले छाड़ेका बाटे याद गर। हे कन्ये
इस्राएल, घर फर्क। आफ्ना शहरहरू तिर फर्केर
आऊ।
२२हे अविश्वासी छोरी, कहिलेसम्म तिमी मबाट
यता उता गरिरहन्छौ?" "परमेश्वरले पृथ्वीमा एउटा नयाँ
कुरो सृजना गर्नुहुन्छ: एक स्त्रीले लोग्ने मानिसलाई
सुरक्षा दिनेछ।"
२३सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वरले
भन्नुहुन्छ: "म ती मानिसहरूलाई फर्काई ल्याउनेछु
जसलाई कैदी बनाएर टाढ़ा लगिएका थिए। त्यस बेला,
यहूदाको देशमा भएका मानिसहरू अनि यसका शहरहरूले
पुन: एकपल्ट यी शब्दहरू प्रयोग गर्नेछन्। 'हे धार्मिकताको
वासस्थान, हे पवित्र पर्वत, परमेश्वरको आशिष तिमीहरूमा
रहोस्।'
२४मानिसहरू यहूदामा र यसका शहरहरूमा एक
साथ बस्नेछन्, खेतीवाल अनि जो आफ्नो भेड़ाका
बथानहरूसित वरिपरि घुमिहिड़छन्। २५थाकेकाहरूलाई
म आराम र कमजोरहरूलाई बल दिनेछु।"
२६यो सुन पछि म, उठेर चारैतिर हेरे। त्यो निद्रा
आनन्दमय थियो।
२७"हो दिनहरू आईरहेछ," यो परमेश्वरको सन्देश
"जब म इस्राएल र यहूदाका परिवारलाई उन्नति साथ
भनेर मद्दत गर्नेछु। म तिनीहरूका नानीहरू र पशु
प्राणीहरू बढ़ाउनेछु। २८बितेका दिनमा, मैले तिमीहरूलाई
उखाल्न, तल झार्न च्यात-च्युत पार्न ध्वंस पार्न र
नोक्सान गर्न नियाले। तर अहिले तिनीहरूलाई निमार्ण
गर्न र तिनीहरूको र जग बासाउन म तिनीहरूलाई
नियाली रहेछु।" यो परमप्रभुबाट आएको सन्देश हो।
२९"ती दिनहरूमा, ती दिनहरूमा मानिसहरूले भन्ने
छैनन:

पिता-पुर्खाहरूले अमीलो अङ्कुर खाए
अनि नानीहरूले अमीलो स्वाद पाए।

३०तर हरेक मानिस आफ्नो दुष्टताको कारणले मर्नेछ।
त्यो मानिस जसले अमीलो अङ्कुरहरू खाँदछ र अमीलै
स्वाद पाउँदछ।"

## नयाँ करार

३१परमप्रभुले ती कुराहरू भन्नुभयो, "त्यो समय
आईरहेछ जब म यहूदा र इस्राएलका परिवारहरूसँग
गरेर नयाँ करार स्थापित गर्नेछु। ३२यो उनीहरूका
पिता-पुर्खाहरूसँग मैले गरेको करार जस्तो हुनेछैन।
मैले त्यसबेला त्यो करार गरेको थिएँ जब मैले तिनीहरूलाई तिनीहरूको हात समातेर मिश्रबाट निकाली ल्याएको थिएँ। म तिनीहरूका मालिक थिएँ तापनि तिनीहरूले मेरो करार भंग गरेका थिए।" यो सन्देश परमप्रभुको थियो।

३३"म भविष्यमा यही करार इस्राएलका मानिसहरूसित गर्नेछु। म मेरो शिक्षाहरू तिनीहरूका विवेकमा राख्नेछु अनि तिनीहरूका हृदयमा लेख्नेछु। म तिनीहरूका परमप्रभु हुनेछ अनि तिनीहरू मेरा मानिसहरू हुनेछन्।
३४तिनीहरूका शाखा-सन्तानहरू र छिमेकीहरूलाई परमेश्‍वरको बारेमा सिकाउनु पर्दैन् किनभने मानिस ठूलो होस् अथवा सानो, प्रत्येकले मलाई चिन्छ।" यो परमप्रभुबाट आएको सन्देश हो। "म तिनीहरूको कुकर्महरू क्षमा गरिदिनेछु, म तिनीहरूका पापहरूलाई याद गर्ने छैन।"

## परमप्रभुले इस्राएललाई कहिल्यै त्याग्नु हुने छैन

३५परमप्रभु भन्नुहुन्छः "उहाँ एकजना जसले दिनमा सूर्य। अनि रातमा चन्द्र र ताराहरू उदाउने गराउनु हुन्छ। उहाँले समुद्रलाई उत्तेजित र छालहरूलाई गर्जने पार्नु हुन्छ। सेनाहरूका परमप्रभु उहाँको नाउँ हो।"

३६परमप्रभुले यी कुराहरू भन्नुहुन्छः "यदि मैले मेरो आफ्नो नियन्त्रण सूर्य, चन्द्र, तारा र समुद्रमाथि हटाएँ भने मात्र इस्राएलका भावी सन्तानहरू एक जातिमा परिणत हुन रोकेनेछन्।"

३७परमप्रभु भन्नुहुन्छः "म इस्राएलका भावी सन्ताहनरूलाई कहिल्यै अस्वीकार गर्ने छुइनँ। त्यो त्यसबेला मात्र घटन सक्ला यदि मानिसहरूले माथि आकाश नाप्न सक्यो अनि पृथ्वी मुनीका सारा रहस्यहरू जान्न सक्यो भने। त्यसबेला मात्र म इस्राएलका सन्तानहरूलाई तिनीहरूले गरेको कुकर्महरूका निम्ति अस्वीकार गर्नेछु।" यो सन्देश परमेश्‍वरबाट आएको थियो।

## नयाँ यरूशलेम

३८यो सन्देश परमप्रभुबाट आएको हो, "ती दिनहरू आईरहेछन् जब यरूशलेमको शहर परमप्रभुको लागि पुनर्निर्माण गरिनेछ। हनानेलको धरहरादेखि कुनाको प्रवेशद्वारसम्म नै सम्पूर्ण शहर पुनर्निमान गरिनेछ। ३९जोखिने
रेखा कुना त्यहाँदेखि सोझै गारेब डाँड़ासम्म जानेछ अनि त्यहाँबाट घुमेर गोआ नाउँका ठाउँसम्म जानेछ। ४०समस्त
बेंसी जहाँ लाशहरू र खरानी फ्याँकिन्छन् परमप्रभुको लागि पवित्र हुनेछ। पूर्वका सबै मैदानहरू-किद्रोन खोल्चाबाट घोड़े ढोकाको कुनासम्म नै परमप्रभुका निम्ति पवित्र हुनेछ। त्यो भूमि फेरि कहिल्यै उखालिने र भत्काइने छैन्।"

## यर्मियाले नयाँ क्षेत्र किन्छ

३२ यहूदामा सिदकियाहको शासनकालको दशौं वर्षमा यो सन्देश परमप्रभुबाट यर्मियाहकहाँ आयो। सिदकियाहको दशौं वर्ष नबूकदनेस्सरको राज्यकालको अठारौं वर्ष थियो। २त्यस बेला, बाबेलका
राजाका सैन्याले यरूशलेमको शहर वरिपरि घेरा हालेर राखेका थिए अनि यर्मियालाई प्रहरीको चोकमा कैद गरिएको थियो जुन चोक यहूदाका राजाको महल थियो। ३यहूदाका राजा सिदकियाहले यर्मियालाई त्यस
ठाउँमा यसो भन्दै थुनेका थिए "परमप्रभुले यो शहर बाबेलका राजालाई दिनुहुनेछ अनि उसले यसलाई नियन्त्रणमा राख्छ भनी तिमीले किन अगमवाणी गरेको?"
४यहूदाका राजा सिदकियाह बाबेलका सैन्यदेखि बाँच्ने छैन। तर नि:सन्देह उसलाई बाबेलका राजाकहाँ सुम्पिइनेछ। अनि सिदकियाह बाबेलका राजा सँग आमने-सामने बोल्ने छ। सिदकियाहले उसलाई आफ्नै आँखाले देख्नेछ।
५बाबेलका राजाले सिदकियाहलाई बाबेलमा लैजानेछ। जहाँ मैले कार्वाही नगरुञ्जेल सम्म उ रहेनछ। यहूदाका सैन्यले बाबेलका सैन्यसित लड़ाइँ गर्नेछन् तर तिनीहरू सफल हुँदैनन्।"' यो परमप्रभुबाट आएको सन्देश हो।

६कैदमा भएको बेला यर्मियाले भन्यो, "यो सन्देश परमप्रभुबाट मकहाँ आयो। ७यर्मिया, तिम्रो काका
शल्लूमको छोरो हनमेल तिमीकहाँ आउँदैछ। हनमेलले तिमीलाई एउटा प्रस्ताव दिनेछ कि 'तिमीले अनातोत शहरको छेउमा भएको क्षेत्र किन्नु पर्नेछ कारण हनमेल उसको एकदम निकट सन्तान हो। अनि हनमेलको त्यो ठाँउ किन्ने जिम्मावारी र अधिकार तिम्रो हो।'

८"तब परमप्रभुले भन्नु भए अनुसार नै घटना हुन गयो। मेरो काकाको छोरो हनमेल मकहाँ प्रहरीको चोकमा आयो। हनमेलले मलाई भन्यो, 'यर्मिया, बिन्यामीन क्षेत्रभित्र अनातोत शहरको छेउमा भएको मेरो जमीन किन्नुहोस्। त्यो जमीन तपाईंकै लागि किन्नुहोस् यो किन्ने यसलाई विमुक्त पार्ने अधिकार तपाईंको हो। यो तपाईंकै लागि किन्नु होस्।'

यसर्थ मैले जाने कि यो सन्देश परमप्रभुबाट थियो।
९"मैले मेरो काकाको छोरो हनमेलबाट अनातोतमा जमीन किनें। मैले उसको लागि सत्र शेकेल* चाँदी ओजन गरें। १०मैले जमीनको तमसुकमा सही गरें।
अनि मोहर लगाए तमसुक मसित रह्यो। मैले कतिपय मानिसहरू त्यो जमीन किन्दा साक्षी बस्नेहरू पनि पाएँ।

---

**सत्र शेकेल** अर्थात २०० ग्राम।

मैले चाँदीहरू मापदण्ड अनुसार ओजन गरें। ११तब
तमसुक लिएँ दुवै व्यवहार र शर्त्तहरू सहित मोहर
लगाएको अनि मोहर नलगाइएको तमसुकको मैले लिए
प्रतिलिपि। १२अनि मैले तिनीहरू बारूकलाई दिएँ।
बारूक नेरियाहको छोरो हो। मोहर लगाइएको तमसुकमा
मैले जमीन किन्दा गरिएको सबै शर्त्तहरू समावेश
थियो। जब मेरो काकाको छोरा हनमेल र अन्य
मानिसहरू त्यहाँ थिए मैले बारूकलाई त्यो तमसुक
दिएँ। ती साक्षीहरूले पनि तमसुकमा सही गरे। त्यहाँ
चोकमा यहूदाका धेरै मानिसहरू थिए अनि तिनीहरूले
मैले बारूकलाई तमसुक दिएको देखे।

१३"मैले ती सबै मानिसहरूकै समक्ष बारूकलाई
भने: १४'सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर
भन्नुहुन्छ: तमसुकको दुवै प्रतिलिपिहरू मोहर लगाइएको
अनि मोहर नलगाइएको तिनीहरूलाई माटोको भाँड़ामा
राख यसो गर ताकि यो जमीनका तमसुकहरू लामो
समय सम्म सुरक्षित हुनेछ। १५सेनाहरूका परमप्रभु,
इस्राएलका परमेश्वरले भन्नुहुन्छ: "भविष्यमा मेरो
मानिसहरूले फेरि एकपल्ट घरहरू खेत दाखका खेतहरू
र यस बारीहरू किन्नेछन्।"'

१६"नेरियाहको छोरो बारूकलाई त्यो जमीनको तमसुक
दिइसके पछि मैले परमप्रभुसंग प्रार्थना गरें।

१७"हे परमप्रभु परमेश्वर, तपाईंले तपाईंको
महान-शक्तिद्वारा अनि तपाईंको विस्तृत स्वर्ग र
पृथ्वी बनाउनु भयो अनि तपाईंको लागि केही
असम्भव छैन्। १८हे परमप्रभु, तपाईं हजारौं
मानिसहरूका लागि कृपालु हुनुहुन्छ तर तपाईंले
पिता-पुर्खाहरूको पापको भागी नानीहरूलाई दण्ड
दिनुभयो। हे महान एवं शक्तिशाली परमेश्वर,
तपाईंको नाउँ सेनाहरूका परमप्रभु हो। १९तपाईंको
विचार महान छ अनि महान कर्महरू गर्नुहुन्छ। हे
परमप्रभु! तपाईंले मानिसहरूले जे गर्छन हेर्नु हुन्छ
अनि तिनीहरूको कर्म अनुसार फल दिनुहुन्छ।
२०हे परमप्रभु! तपाईंले शक्तिशाली र मिश्र
भूमिमा गर्नुभयो अहिले सम्म इस्राएलमा र अन्य
मानिसहरूको बीचमा आश्चर्यचकित कर्महरू
गरिरहनु भएको छ। तपाईं आफैले आज पसिद्ध
पार्नु भएकोछ। २१तपाईंले आफ्नो आलौकिक
शक्ति प्रयोग गरी मिश्रबाट इस्राएलका मानिसहरू
ल्याउनु भयो। तपाईंले यी कुराहरू तपाईंका
शक्तिशाली हात विस्तृत पाखुरा अनि कार्यहरूद्वारा
यस्तो गर्नुभयो।

२२"परमप्रभु, तपाईंले यो देश इस्राएलका
मानिसहरूलाई दिनुभयो। यो त्यही देश हो जुन
तपाईंले धेरै अघि तिनीहरूका पिता-पुर्खाहरूलाई
सुम्पिने वचन दिनु भएको थियो। यो अति असल
देश हो। यो धेरै कुराहरू भएको राम्रो देश हो।
२३इस्राएलका मानिसहरू यस देशमा आए अनि
त्यसलाई बनाए। तर तिनीहरूले तपाईंको आज्ञा
पालन गरेनन अथवा तिनीहरूले तपाईंको शिक्षा
अनुसरण गरेनन अथवा तपाईंको आज्ञा पालन
तिनीहरूले गरेनन्। यसकारण तपाईंले इस्राएलका
मानिसहरूमाथि यी सारा संकटहरू ल्याउनु भयो।

२४"अनि अहिले, बाबेलवासीहरूले त्यो शहर
कब्जा गर्न घेरेर राखेकाछन्। तिनीहरूले आफ्ना
तरवारहरूद्वारा अनिकाल फैलाएर अनि भयानक
रोगहरू फैलाएर यरूशलेममाथि विजय प्राप्त गर्नेछन्।
त्यो शहर अहिले बाबेल सेनाहरूको आक्रमणमा
छ। हे परमप्रभु! तपाईंले यस्तो होस् भन्नु
भएकोले यस्तो भएकोछ।

२५"हे परमप्रभु मेरो मालिक यो शहर
कल्दीहरूको भए ता पनि यी सबै घटनाहरू
घटिसके। तर अहिले मलाई भनिरहनु भएको छ।
तर मलाई तपाईं भनी रहनु भएको छ, 'यर्मिया,
जमीन चाँदीले किन् अनि कतिपय मानिसहरूलाई
साक्षी चुन।' तपाईंले यो मलाई यस्तो भन्नुहुन्छ।
बाबेलका सेनाले त्यो शहर अधीन पार्न तैयार
भैरहेको बेला।"

२६त्यसपछि परमप्रभुको वचन यर्मियाकहाँ आई पुग्यो:
२७"यर्मिया, म परमप्रभु हुँ। म सबै जीवधारीका
परमेश्वर हुँ। के मेरो निम्ति कुनै कुरा असम्भव छैन।"
२८परमप्रभुले तब भन्नुभयो, "म यरूशलेम शहर
बाबेलका सेना र बाबेलका राजा नबूकदनेस्सरलाई
सुम्पिरहेको छु। ती सेनाले शहर आफ्नो अधीनमा
तिनेछन। २९बाबेल सेनाले यरूशलेम शहरमाथि आक्रमण
गरिरहेकाछन तिनीहरू भित्र पस्नेछन र आगो लाउनेछन।
तिनीहरूले जलाएर नै यो शहर भत्काउनेछन्। शहरमा
यस्ता मानिसहरू छन् जो झूटा देवता बाललाई छानामाथि
बाल्छन् अनि अर्घ बलिहरू अर्पण गर्छन् अनि मलाई
रीस उठाउँछन्। बाबेल सेनाले यी घरहरू जलाएर
खरानी पार्नेछन्। ३०मैले इस्राएलका र यहूदाका
मानिसहरूलाई नियालेकोछु। प्रत्येक कुरा जे तिनीहरूले
गरेकाछन् त्यो पाप हो। तिनीहरूले बालक अवस्थामा
हुँदैदेखि पाप कामहरू गरेकाछन्। इस्राएलका मानिसहरूले
मलाई अति रीस उठाएका छन्। तिनीहरूले मलाई रीस
उठाए किनभने तिनीहरूले आफ्नै हात द्वारा बनाएको
मूर्तिहरू पूज्ने गर्छन।" यो परमप्रभुबाट आएको सन्देश
हो। ३१"यरूशलेम शहर बनिएको समयदेखि अहिलेसम्म
यस शहरका मानिसहरूले मलाई क्रोधित बनाए। यो
शहरले मलाई क्रोधित पार्‍यो यसर्थ मेरो दृश्यबाट
यसलाई हटाउनै पर्छ। ३२म यरूशलेमलाई ध्वंस गरिदिनेछु
किनभने इस्राएल र यहूदाका मानिसहरूले पापमय
कर्महरू गरेका छन्। यरूशलेम र यहूदाका मानिसहरूले

तिनीहरूका राजाहरूले, शासकहरूले, तिनीहरूका पूजाहारीहरूले र अगमवक्ताहरूले लगाएत सम्पूर्ण मानिसहरूले मलाई क्रोधित पारेकाछन्।

३३"ती मानिसहरूले मलाई पिठ्यूँ देखाए। मैले तिनीहरूलाई घरि घरि शिक्षा दिन कोशिश गरें तर तिनीहरूले चाहेनन् मैले तिनीहरूलाई सुधार्ने प्रयास गरें, मेरो कुरामा ध्यानै दिएनन तिनीहरूले मेरो अनुशासन ग्रहण गरेनन्। ३४ती मानिसहरूले दिक्क लाग्दा मूर्तिहरू मेरो मन्दिरमा सजाए अनि त्यसलाई दूषित पारे।

३५"बेन-हिन्नोमको बेंसीमा ती मानिसहरूले मोलेकलाई आफ्ना छोरा-छोरीहरू बलि चढ़ाएर झूटा देवता बाललाई पूज्न उच्च स्थानको निर्माण गरे। मैले तिनीहरूलाई कहिले पनि त्यस्तो भयानक कार्यहरू गर भनेर आज्ञा गरिनँ यहूदाका मानिसहरूले यस्तो पापपूर्ण कामहरू गर्छन भनेर कहिल्यै पनि मेरो मनमा लागेको थिएन।

३६"तिमीहरू भनिरहेका छौ, 'बाबेलका राजाले तरवारले अनिकाल र रूढ़ीले यरूशलेम आफ्नो अधीनमा पार्ने छ।' तर परमप्रभु इस्राएलका परमेश्वर यो शहरको विषयमा भन्नुहुन्छ: ३७'म तिनीहरूलाई तिनीहरूको भूमिमा फर्काई ल्याउनेछु। म ती मानिसहरूसँग रीसाएको समयमा तिनीहरूलाई तितर-बितर पारेको ठाउँहरूबाट भेला पार्नेछु। तर म तिनीहरूलाई यो ठाउँमा फर्काई ल्याउनेछु। म ती मानिसहरूलाई त्यस्तै पार्नेछु। म तिनीहरूको जीवनलाई शान्त र सुरक्षित बनाउनेछु। ३८तिनीहरू मेरो मानिसहरू हुनेछन् अनि म तिनीहरूका परमप्रभु हुनेछु। ३९म तिनीहरूलाई संयुक्त हृदय र पथ दिनेछु ताकि तिनीहरू र आफ्ना आफ्ना बाल-बच्चाको भलइको निम्ति मलाई सधैं सम्मान गर्नेछन्।

४०"'म तिनीहरूसित एक स्थायी करार गर्नेछु। यो करार बमोजिम म तिनीहरूको सधैं भलाई गर्नेछु। तिनीहरूले मलाई आदर गर्ने बनाउनेछु। यसकारण तिनीहरूले मलाई कहिल्यै त्याग्ने छैनन्। ४१तिनीहरूलाई भलाई गर्नुमा म खुशी रहेनछु। म निश्चय तिनीहरूलाई यस देशमा रोप्ने छु र हुर्काउने छु। म आफ्नो जम्मै हृदय र मनले त्यसो गर्ने छु।'"

४२यसकारण परमप्रभु भन्नुहुन्छ: "मैले तिनीहरूमाथि ठूलो विपत्ति ल्याएँ। त्यसरी नै मैले जो प्रतिज्ञा गरेको छु तिनीहरूको लागि उपकारी थोकहरू ल्याउँनेछु। ४३तिमीहरूले भनिरहेका छौ कि 'बाबेलका सेनाले यो देश परास्त गऱ्यो अनि यो ता मानिस र पशुहरू बिना एक मरुभूमि भएको छ।' तर याद गर मानिसहरूले एकपल्ट फेरि यस ठाउँमा जमीन किन्नेछन्। ४४तिनीहरूले पैसाहरू दिएर खेतहरू किन्नेछन्। तिनीहरूले जमीनको तमसुकमा हस्ताक्षर गर्नेछन् र साक्षीहरूको उपस्थितिसित मोहर लगाउनेछन्। मानिसहरूले फेरि साक्षीहरूको उपस्थितिमा बिन्यामीनको देशमा यरूशलेम वरिपरिका ठाउँहरूमा, यहूदाको शहरहरूमा पहाड़ी देशमा, पश्चिमी बेंसीहरू अन्तर्गत, अनि नेगेबमा जमीनहरू किन्ने छन्। त्यस्तो हुने नै छ किनभने म तिनीहरूलाई पुर्नस्थापना गर्नेछु।" यो परमप्रभुको सन्देश हो।

## परमेश्वरको प्रतिज्ञा

३३ परमप्रभुको सन्देश दोस्रो पल्ट यर्मियाकहाँ आयो। यर्मिया अझ प्रहरीहरूका चोकमा बन्द थियो। २परमप्रभुले पृथ्वी बनाउनु भयो अनि यसलाई सुरक्षित राख्नु भयो। उहाँको नाउँ परमप्रभु हो। परमप्रभु भन्नुहुन्छ, ३"यहूदा, मलाई प्रार्थना गर, अनि म जवाफ दिनेछु। म तिमीलाई महत्वपूर्ण गुप्त कुराहरू भन्नेछु। यी कुराहरू तिमीले पहिले कहिले सुनेका छैनौ। ४परमप्रभु, इस्राएलका परमेश्वर हुनुहुन्छ। परमेश्वरले ती कुराहरू यरूशलेमका घरहरू, जुन घेरामचान र लड़ाइँको प्रतिरोधमा ध्वंस भएको थियो त्यस बारेमा र यहूदाका जग्गाहरू र राजाको महलहरू बारेमा भन्नुहुन्छ।

५"यस शहरको दुष्टकर्मले गर्दा म अब उसो यसको रक्षा गर्ने छैन। यरूशलेमको विरुद्ध युद्ध लड्न बाबेलका सैन्य आउनेछ र मेरो क्रोधले मारेको लाशहरूले यो शहर भरिनेछ।

६"तर म शहरमा पुन: आरोग्यता र स्वस्थ्य ल्याउनेछु। म तिनीहरूलाई सुस्वास्थमा राख्नेछु। म शान्ति र सुरक्षा ल्याउनेछु। ७म यहूदा र इस्राएलबाट लटिएका समानहरूको पुन: बहाली गराउनेछु। म तिनीहरूलाई विगतको जस्तै बनाई दिनेछु। ८मेरो विरोधमा तिनीहरूले गरेको पाप धोई पखाल्नेछु। तिनीहरूले मेरो विरुद्ध गरेको सबै पाप र विद्रोहहरू क्षमा गर्नेछु। ९जब मैले गरेको भलाइ कार्यहरू यस शहरका बसिन्दाहरूले सुन्छन्। तब पृथ्वीका जम्मै जातिहरू अघि यस शहरले मकहाँ प्रशंसा र महिमा ल्याउनेछ। जब ती जातिहरूले मैले यो शहरवासीहरूका निम्ति गरेको शान्ति र उन्नतिका कुराहरू सुन्छन तिनीहरू भयभीत हुनेछन् अनि काम्नेछन्।

१०"यसकारण परमप्रभु भन्नुहुन्छ: 'तिमीहरू भनिरहेकाछौ, 'हाम्रो देश मानिस र पशुहरू बिनाको उजाड़ ठाउँ हो।' अहिले यरूशलेमका गल्लीहरू र यहूदाका शहरहरू मानिसहरू र पशुहरू बिना ध्वंस भएको छ। ११तर चाँड़ै यो ठाउँमा आनन्दको मिठो, दुलहा-दुलहीहरूको खुशीयाली र परमप्रभुमा प्रशंसाको आवाजहरूले प्रतिध्वनित हुनेछ। ती मानिसहरूले भन्ने छन्, 'सेनाहरूका परमप्रभुको प्रशंसा गर। परमेश्वर भलो हुनुहुन्छ। उहाँ सधैं कृपालु हुनुहुन्छ। तिनीहरूले मन्दिरमा धन्यवाद बलि चढ़ाउनेछन कारण यस ठाउँबाट जे जे लुटिएको थियो म त्यो पुन: बहाली गराउनेछु अनि अघि जस्तो थियो त्यस्तै बनाउनेछु," परमप्रभु भन्नुहुन्छ।

१२सेनाहरूका परमेश्वर भन्नुहुन्छ, “मानिसहरू अथवा
पशु प्राणीहरू नभएर अहिले यो ठाउँ उराठलाग्दो छ।
तर यहूदाका सबै शहरहरूमा भेड़ा गोठालाहरूले भेड़ा
बथानहरू चराउने र ती बथानहरूले थकाई मार्ने
खर्कहरू हुनेछन्। १३पहाड़ी देशमा, पश्चिमी बेंसीमा,
नेगेबमा, बिन्यामीनको शहरहरूमा, अनि यरूशलेम र
यहूदाको वरिपरि सबै शहरहरूमा भेड़ाका बथानहरू
हुनेछन् अनि भेड़ा गोठालाहरू र भेड़ाहरू गन्ती गर्नेछन्,”
परमप्रभु भन्नुहुन्छ।

## असल शाखा

१४यो परमप्रभुबाट आएको सन्देश होः “मैले इस्राएल
र यहूदाका मानिसहरूको लागि विशेष प्रतिज्ञा गरेकोछु,
समय आइरहेछ, म ती वचनहरू पूरा गर्नेछु। १५त्यसबेला,
म दाऊदको परिवारमा एउटा धार्मिकताको ‘शाखा’
उत्पन्न गराउनेछु। उसले यो देशमा न्याय ल्याउनेछ।
१६‘यो ‘शाखाको’ समयमा यहूदाका मानिसहरू सुरक्षित
हुने छन् अनि तिनीहरू यरूशलेममा मुक्त रहनेछन्। यो
‘शाखाको’ नाउँ होः परमप्रभु हाम्रा धार्मिकता हुनुहुन्छ।”
१७परमप्रभु भन्नुहुन्छ, “दाऊदको परिवारबाट एकजना
मानिस सधैं सिंहासनमा बस्नेछ र इस्राएलका परिवारमाथि
शासन गर्नेछ। १८अनि पूजाहारीहरू जो लेवी
परिवारहरूबाट हुनेछन् तिनीहरू त्यहाँ मेरो अघि
होमबलिहरू, अन्न बलिहरू र अरू बलिहरू चढ़ाउन
उभिन्छन।”
१९यो सन्देश परमप्रभुबाट यर्मिया कहाँ आयो।
२०परमप्रभु भन्नुहुन्छ, “मसँग रात र दिनको करारछ।
त्यो सदा-सर्वदा चलिरहनेछ। यदि तिमीहरूले यसलाई
परिवर्तन गर्न सक्छौ भने ताकि दिन र रात आफ्नो
तोकिएको समयमा नआवोस्। २१तब तिमीहरूले मेरा
सेवक दाऊद र लेवीसँग पनि मेरो करार बद्लिन
सक्छौ। दाऊदका सन्तानहरू अब राजा हुनेछैन र
लेवीका परिवारबाट पूजाहारी हुनेछैन। २२तर म मेरो
दास दाऊदका सन्तानहरूलाई र लेवीका परिवारहरूलाई
जसले मेरो सेवा गरिरहेका छन् संख्या वृद्धि गराउनेछु।
तिनीहरूको सन्तानको संख्या आकाशमा ताराहरू र
सागरको किनारमा बालुवाको कण झैं अनगन्ती हुनेछ।”
२३यर्मियाले यो सन्देश परमप्रभुबाट प्राप्त गरेः
२४“यर्मिया, तिमीले सुन्यौ, मानिसहरूले के भनिरहेछन्?
ती मानिसहरूले भनिरहेका छन, ‘परमप्रभुले यहूदा र
इस्राएलका परिवारहरूलाई जसलाई चुनुभएको थियो
ती दुइलाई त्याग गर्नु भयो। तिनीहरूले मेरा मानिसहरूलाई
घृणा गर्छन अनि तिनीहरूलाई एउटा जाति भनी भन्नु
चाहँदैनन्।”
२५परमप्रभु भन्नुहुन्छ, “यदि मैले रात र दिनसँग
करार नराखेको भए अनि यदि मैले आकाश र
पृथ्वीको लागि नियमहरू तैयार नबनाएको भए। २६तब
याकूबका सन्तानहरू अस्वीकार गर्न सक्छु। अनि मेरो
दास दाऊदका सन्तानहरूलाई अब्राहाम, इसहाक र
याकूबको वंशहरूमाथि राज्य गर्नदिने छैन। तर तिनीहरूबाट
जो खोसिएको छ त्यो पुनः बहाल गरिनेछ र तिनीहरूमाथि
दया गरिनेछ।”

## यहूदाका राजा सिदकियाहलाई चेताउनी

३४ परमप्रभुबाट यर्मियाकहाँ सन्देश आयो। सन्देश
त्यतिबेला आयो जब बाबेलका राजा नबूकदनेस्सर,
यरूशलेम र त्यसका वरिपरिका शहरहरूका विरुद्ध
लड़ाइँ गरिरहेका थिए। नबूकदनेस्सरसँग उसका सारा
सेना अनि आफूले शासन गरेका राज्यहरूका सेना र
मानिसहरू थिए।
२“परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छः यर्मिया
यहूदाका राजाकहाँ जाऊ अनि तिनलाई भनः ‘सिदकियाह,
परमप्रभु यसो भन्नुहुन्छः म यरूशलेमको यो शहर
बाबेलका राजालाई दिइरहेको छु जसले यसलाई जलाएर
खरानी पार्नेछ। ३सिदकियाह बाबेलका राजा देखि तिमी
उम्कने छैनौ। तिमीलाई निःसन्देह पक्रिने छ र उसलाई
सुम्पने छ। तिमीले आफ्नै आँखाहरूले बाबेलका राजालाई
देख्नेछौ आमने सामने कुरा गर्नेछौ। तब तिमीलाई
बाबेलमा लैजानेछन्। ४यहूदाका राजा सिदकियाह
परमप्रभुको वचन सुन। परमप्रभुले तिमीहरूलाई भन्नुहुन्छ,
तिमी युद्धमा मारिने छैनौ। ५तिमी शान्तिसित मर्नेछौ।
मानिसहरूले तिम्रो पिता-पुर्खाहरूलाई जस्तै ती राजाहरू
जो तिमी भन्दा अघि आए तिम्रो लागि धूप जलाउनेछन्।
तिनीहरूले तिम्रा निम्ति शोक मनाउनेछन् र दुःखीत
भएर भन्नेछन्। “हे! प्रभु।” मैले म कुरा तपाईंसँग
भनेकोछु।’” यो सन्देश परमप्रभुबाट आएको हो।
६तब यर्मिया अगमवक्ताले परमेश्वरको यी सबै वचन
यरूशलेममा सिदकियाहलाई भने। ७बाबेलका राजाले
यरूशलेम अनि यहूदाको बाँकी रहेका गढ़ीमा भएका
शहरहरू लाकीश र अजेकाको विरुद्ध लड़े। यी मात्र
यहूदाको देशमा पर्खालले बारेका थियो।

## मानिसहरूले आफ्नो एउटा करार भङ्ग गरे

८राजा सिदकियाहले यरूशलेमका मानिसहरूसँग हिब्रू
कमाराहरूलाई मुक्ति दिनलाई करार गरेका थिए। एउटा
सिदकियाहले करार गरिपछि सन्देश परमप्रभुबाट यर्मियाकहाँ
आयो। ९प्रत्येक मानिसले आफ्ना हिब्रू-कमाराहरूलाई
स्वतंन्त्र पार्नु पर्ने हो। प्रत्येक हिब्रू कमारा-कमारीहरू
स्वतंत्र गराउनु पर्ने हो। कसैले पनि यहूदा समुदायबाट
कमारो नबनावोस्। १०यसकारण यहूदाका शासकहरू र
मानिसहरूले यो करार स्वीकार गरे। प्रत्येक मानिसले
आफ्ना कमारा-कमारीहरू स्वतन्त्र बनाउनेछ। प्रत्येक
मानिस राजी भए र सबै कमारा-कमारीहरू स्वतंत्र
गरिदिए। ११तर त्यसपछि, मानिसहरू ज-जसकहाँ आफ्ना

कमारा-कमारीहरू थिए तिनीहरूले आफ्ना मन बद्ले। यसकारण फेरि तिनीहरू आफैले स्वतन्त्र पारेका मानिसहरू ल्याए अनि तिनीहरूलाई आफ्नो कमारा-कमारीलाई बनाए।

१२तब परमप्रभुबाट सन्देश यर्मियाकहाँ आयो: १३यही
नै परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: "तिमीहरूका पिता-पुर्खाहरू मिश्रमा कमारा-कमारीहरू थिए मैले उनीहरूलाई मिश्रबाट निकालें अनि कमारापनबाट पनि
निकालें र तिनीहरूलाई एउटा करार गरे। १४यो करार
अनुसार प्रत्येक मानिसले आफ्ना हिब्रू कमाराहरूलाई प्रत्येक सातौं वर्षको आरम्भमा स्वतंन्त्र दिनु पर्छ। प्रत्येक हिब्रू कमारा-कमारी छ: वर्षको सेवा पछि स्वतन्त्र हुनु पर्छ। तर तिमीहरूका पिता-पुर्खाहरूले मेरो
कुरामा ध्यान दिएनन्। १५भर्खरै तिमीहरू आफूले
गरेको कामका निम्ति पश्चाताप गर्‍यौ अनि मेरो नजरमा के सही हो त्यो गर्‍यौ। जुन मन्दिर मेरो नाउँले प्रसिद्ध छ त्यसमा तिमीहरूले मेरो समक्ष एउटा करार गर्‍यौ अनि हिब्रू कमारा-कमारीहरूलाई स्वतन्त्र दिने
घोषणा गर्‍यौ। १६तर फेरि, तिमीहरूले आफ्ना मन
बद्लियौ। तिमीहरूले मेरो नाउँको बेइज्जत गर्‍यौ। तिमीहरूले मुक्ति दिएका कमारा-कमारीहरूलाई फर्काई ल्यायौ र बलपूर्वक तिनीहरूलाई कमारा-कमारी बनायौ।
१७"यसकारण परमप्रभु भन्नुहुन्छ: 'तिमीहरूले मेरो
कुराको पालन गरेनौ। तिमीहरूले आफ्ना मित्र अनि छिमेकीहरूलाई स्वतंत्र पारेनौ। यसकारण तरवार, अनिकाल र भयानक महामारीद्वारा मारिनको लागि म तिमीहरूलाई "मुक्ति" घोषणा गर्छु। म तिमीहरूको अवस्था यति दर्दनाक बनाउनेछु कि तिमीहरूको अवस्था देखी सम्पूर्ण
पृथ्वी नै भयभीत हुनेछ। १८ज-जसले त्यो करार भंग
गरेछन् अनि ज-जसले मेरो अघि गरेका प्रतिज्ञाहरू लत्याएका छन् तिनीहरूसित त्यही व्यवहार गर्नेछु जस्तो एउटी बाछीलाई दुइ फ्याक पार्छन र ती दुइ टुक्राहरूको
माझमा हिड्छन्।* १९ती मानिसहरू जो त्यो बाछाको
दुइफ्याक माझबाट हिँडे तिनीहरू यहूदा र यरूशलेमका शासकहरू, त्यो देशका मानिसहरू अनि नपुंसकहरू र
पूजाहारीहरू थिए। २०यसकारण ती मानिसहरू तिनीहरूका
शत्रुहरूलाई सुम्पनेछु जसले तिनीहरूलाई मार्न चाहन्छन्। ती मानिसका लाशहरू चरा-चुरुङ्गीहरूका लागि खाद्य
अनि पशुहरूको शिकार हुनेछ। २१म यहूदाका राजा
सिदकियाहलाई र उसका मानिसहरूलाई तिनीहरूका शत्रुहरूकहाँ सुम्पिनेछु जसले तिनीहरूलाई मार्न चाहन्छन्। ती सेनाहरू यरूशलेमबाट गइसकेका भएता पनि म
तिनीहरूलाई बाबेलका राजाको सेनाहरूकहाँ सुम्पिनेछु।
२२तर म आदेश दिनेछु अनि बाबेलका सेनाहरू फर्की
आउनेछन्।' यो परमप्रभुको सन्देश हो। 'ती सेनाहरूले यरूशलेम विरुद्ध युद्ध गर्नेछ। बाबेलका सेनाहरूले यो शहर कब्जा गर्नेछन र यसलाई जलाई खरानी बनाउनेछन। म यहूदाका शहर ध्वंस पार्नेछु र यसलाई कोही नबस्ने निर्जन मरुभूमिमा परिणत गरिदिनेछु।'"

### रेकाबी परिवारका असल उदाहरण

३५ योशियाहको छोरो यहोयाकीम यहूदाका राजा भएको बेला, परमप्रभुबाट यो सन्देश यर्मिया
कहाँ आयो। यो परमप्रभुको सन्देश थियो: २"यर्मिया,
रेकाबीहरूका परिवारकहाँ जाऊ। परमप्रभुको मन्दिरको एउटा छेउको कोठामा तिनीहरूलाई निम्त्याऊ। अनि तिनीहरूलाई दाखरस खुवाऊ।"

३यसर्थ मैले यर्मियाको* छोरो याजन्याह जो
हबसिन्याहको नाति हो र उसका दाज्यू-भाइहरू र सबै छोराहरू पनि ल्याएँ। मैले रेकाबीहरूका सम्पूर्ण परिवारलाई
पनि ल्याएँ। ४त्यसपछि मैले तिनीहरूलाई मन्दिरभित्र
ल्याएँ। हामीहरू हानान जो यिग्दल्याहको छोरो हुन तिनको छोराहरूको कोठामा गयौं हानान परमप्रभुको एकजना भक्त थियो। त्यो कोठाको छेउमा अधिकारीहरूको थियो। यो कोठा शल्लूमको छोरो मासेयाह ढोकेको कोठाको छेउमा थियो। मासेयाह परमप्रभुको मन्दिरको
ढोके थियो। ५तब मैले रेकाबी परिवारको अघाडि एक
घैटो दाखरस र केही कचौराहरू राखिदिएँ। अनि मैले तिनीहरूलाई पिउनु भने।"

६तर रेकाबी मानिसहरूले जवाफ दिए, "हामी कहिले
पनि दाखरस पिउने छैनौ किनभने हाम्रा पिता-पुर्खा रेकाबको छोरो योनादाबले, हामीलाई यस्तो आज्ञा दिए: 'तिमीहरू र तिमीहरूका सन्तानहरूले कहिल्यै दाखरस
पिउनु हुँदैन। ७उनले अझ भनेका छन् घरहरू निर्माण
नगर्नु। बिऊ नरोप्नु अथवा दाख नरोप्नु। तिमीहरूले यी मध्ये कुनै एक पनि नगर्नु। केवल तम्बूहरूमा बस्नु। यदि तिमीहरूले त्यसो गर्‍यौ भने, जो तिमीहरू डुलुवाहरू
थियौ यस देशमा धेरै कालसम्म रहने छौ।' ८रेकाबका
छोरो हाम्रा पिता-पुर्खा योनादाबले दिनुभएको प्रत्येक आज्ञा हामीले पालन गरेकाछौं। हामी कहिले मदपान
गर्दैनौं। हाम्रा पत्नीहरू, छोराहरू र छोरीहरूले कहिले
दाखरस पिउँदैनन्। ९हामी बस्ने घरहरू कहिले बनाउँदैनौं। अनि हाम्रो आफनै दाखबारी र खेतहरू छैनन्। हामी
कहिल्यै अन्न रोप्दैनौं। १०हामी तम्बूहरूमा बस्छौं अनि
हाम्रा पिता-पुर्खा योनादाबले आज्ञा गरेको प्रत्येक कुरा
पालन गर्छौं। ११तर जब बाबेलका राजा नबूकदनेस्सरले
यहूदामाथि आक्रमण गरे, हामी यरूशलेम गयौं। हामीले

---

**एउटी बाछी…हिड्छन्** यो एउटा उत्सव हो जुन मानिसहरूले सम्झौता गर्दा गर्ने गर्छन। सम्झौता गर्ने मानिसहरू काटिएको पशुको टुक्राहरू माझबाट हिड्छन् तिनी केही भन्दै हिड्छन् जस्तै यदि मैले सम्झौता मानिन भने मेरो पनि यस्तै अवस्था होस्।

**यर्मिया** यो अर्को मानिस हो।

एक-अर्का माझ भन्यौं, 'हामी यरूशलेमको शहरभित्र प्रवेश गर्नै पर्छ ताकि हामी बाबेल र अरामीहरूका सेनाहरूबाट छुटकारा पाउन सक्छौं।' यसकारण हामी यरूशलेममा बस्यौं।"

१२तब परमप्रभुको वचन यर्मियाकहाँ आयो: १३सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: "यर्मिया, जाऊ अनि यो सन्देश यहूदा र यरूशलेमका मानिसहरूलाई भन: के तिमीहरूले शिक्षा नलिने अनि मेरो आदेश पालन नगर्ने?" १४परमप्रभु भन्नुहुन्छ, "रेकाबको छोरो योनादाबले आफ्ना छोराहरूलाई दाखरस नखानु भनेर आदेश गरे अनि त्यो आदेश पालन गरियो। आज पर्यन्त योनादाबका सन्तानहरूले आफ्ना पिता-पुर्खाहरूका आज्ञा पालन गरे। तिनीहरू दाखरस पिउँदैनन्। तर मैले तिमीहरूलाई एकोहोरो भनिरहेकोछु तर तिमीहरूले मेरो आज्ञाहरू पालन गरेका छैनौ। १५मैले मेरा दास अगमवक्ताहरू तिमीहरूकहाँ घरिघरि पठाएकोछु। अगमवक्ताहरूले तिमीहरूलाई भनेकाछन्, 'तिनीहरू प्रत्येकले खराब कामबाट अलग रहनु पर्छ। तिमीहरू सबै असल हुनै पर्छ। तिमीहरूले अरु देवताहरूको अनुसरण र सेवा गर्नु हुँदैन। यदि मेरो आज्ञा पालन गरे यो देश जुन मैले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई दिएकोछु यहाँ बस्नेछौ।' तर तिमीहरूले मेरो कुरा सुनेनौ। १६योनादाबका सन्तानहरूले आफ्ना पिता-पुर्खाहरूले दिएका आज्ञा पालन गरे तर यी मानिसहरूले मेरो आज्ञा पालन गरेका छैनन्।"

१७यसकारण सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: "मैले यहूदा र यरूशलेमका बासिन्दाहरूकहाँ सबै संकटहरू ल्याउदैछु जुन अघि मैले चेताउनी दिएको थिएँ। म ती मानिसहरूसँग बोलें, अनि तिनीहरूले मेरो कुरा सुन्न अस्वीकार गरे। मैले तिनीहरूलाई डाके तर तिनीहरूले जवाफ दिएनन्।"

१८तब यर्मियाले रेकाबी मानिसहरूलाई भने, "सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'तिमीहरूले आफ्ना पिता-पुर्खाहरूका आज्ञा पालन गर्‍यौ। तिमीहरूले योनादाबको उपदेशहरू अनुसरण गर्‍यौ। उनले जो आदेश दिएका थिए त्यो तिमीहरूले पालन गर्‍यौ। १९यसकारण सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: यसकारण त्यहाँ रेकाबका छोरो योनादाबका सन्तान सधैं रहनेछ जसले मेरो सेवा गर्छ।'"

### राजा यहोयाकीमले यर्मियाको बेहेरूवा जलाउँदछ

**३६** योशियाहको छोरो यहोयाकीम यहूदाका राजा भएको चौथो वर्षमा परमप्रभुको यो सन्देश यर्मियाहकहाँ आयो। यो परमप्रभुबाट आएको सन्देश थियो: २"यर्मिया, मैले तिमीलाई भनेको जम्मै सन्देशहरू बेहेरूवामा लेख। मैले तिमीलाई इस्राएल, यहूदा र अन्य सारा जातिहरूका बारेमा भनेको छु। योशियाह राजा भए यता आज सम्मको ती सारा शब्दहरू जुन मैले भनेकोछु लेख। ३हुनसक्छ यहूदाका परिवारले गरेका दुष्टकर्महरू विरुद्ध मैले गरिरहेको योजना बारे यहूदाका मानिसहरूले सुन्नेछन् अनि हुनसक्छ तिनीहरू दुष्ट कामहरू गर्नदेखि रोकिनेछन। यदि तिनीहरूले त्यसो गरे भने म तिनीहरूले गरेका अपराधहरू र पाप क्षमा गरिदिनेछु।"

४यसकारण यर्मियाले नेरियाहको छोरो बारूकलाई बोलाए। बारूकले यर्मियालाई परमप्रभुले भन्नु भएको सबै कुराहरू यर्मियाको लेख्न-आदेशमा बेहेरूवामा लेखे। ५यर्मियाले बारूकलाई भने, "मलाई परमप्रभुको मन्दिरमा जाने अनुमति छैन। ६यसकारण म चाहन्छु कि तिमी परमप्रभुको मन्दिरमा उपासको दिन जाऊ अनि तिनीहरूका शहरहरूबाट आएका यहूदाका मानिसहरूलाई मेरो निर्देशनमा तिमीले बेहेरूवामा लेखेको परमप्रभुको सन्देशहरू पढ़ेर सुनाऊ। ७हुनसक्छ कि मानिसहरूले परमप्रभुलाई सहयोगको लागि गुहार्नेछन् अनि हरेकले दुष्ट कामहरू गर्न देखि जोगिनेछन्। किनभने परमप्रभुले यी मानिसहरूमाथि महा रीस र क्रोध पोखाउँने भनी घोषणा गर्नु भएको छ।" ८यसकारण नेरियाहको छोरो बारूकले अगमवक्ता यर्मियाले अह्राएका प्रत्येक कुरा गरे। बारूकले बेहेरूवामा लेखिएका परमप्रभुको कुरा परमप्रभुको मन्दिरमा पढ़े।

९योशियाहको छोरा यहोयाकीमको राज्यकालको पाँचौ वर्षको नवौं महीनामा यरूशलेमका अनि यहूदाका शहरबाट यरूशलेममा आएका सबै मानिसहरूले परमप्रभुको नाउँमा उपवास बस्ने घोषणा गरे। १०त्यसबेला, बारूकले परमप्रभुको मन्दिरमा भेला भएका मानिसहरूको उपस्थितिमा यर्मियाका वचनहरू बेहेरूवाबाट पढ़े। तिनले परमप्रभुको मन्दिरको नयाँ प्रवेशद्वार छेउमा रहेको मथिल्लो आँगनमाथिको शापनको छोरो गमर्याहको कोठाबाट बेहेरूवा पढ़े। गमर्याह एकजना सचिव थिए।

११गमर्याहको छोरो अर्थात् शापानको नाति मिकायाहले बेहेरूवाबाट पढ़िएको परमप्रभुको सन्देशहरू सुने। १२जब मीकायाहले बेहेरूवाबाट परमप्रभुका सन्देश सुने, उनी राज महलको सचिवको कोठामा गए। सम्पूर्ण शाही अधिकारीहरू त्यहाँ राजाको दरबारमा बसिरहेका थिए। ती अधिकारीहरू हुन्: सचिव एलीशामा, शमायाहको छोरो दलायाह, अकबोरको छोरो एलनातान, शापानको छोरो गमर्याह, हनन्याहको छोरो सिदकियाह अनि अन्य अधिकारीहरू पनि त्यहाँ थिए। १३जब बारूकले मानिसहरूलाई बेहेरूवाबाट पढ़ी सुनाएको मिकायाहले जे सुनेका थिए तिनले प्रत्येक कुरो नै ती अधिकारीहरूलाई भने।

१४तब सबै अधिकारीहरूले नतन्याहको छोरो शेलेम्याहको नाती अनि कूशीको पनाति यहूदीलाई बारूककहाँ पठाए। यहूदीले बारूकलाई भने, "तिमीले

जुन बेहेरूवा मानिहसरू समक्षपढ़यौ त्यो लिएर मसित
आऊ।" नेरियाहको छोरो बारूकले बेहेरूवा लिए अनि
तिनीहरूकहाँ गए।

१५तब ती अधिकारीहरूले बारूकलाई भने, "बस
अनि हाम्रो लागि पढ्रेर सुनाऊ।"

यसर्थ तिनीहरूलाई बारूकले पढ़ेर सुनाए।

१६ती शाही अधिकारीहरूले बेहेरूवाबाट सारा सन्देशहरू
सुने। तब तिनीहरू डराए, अनि एका अर्कालाई प्रति
हेरा हरे गरे। तिनीहरूले बारूकलाई भने, "हामीले
बेहेरूवामा भएका सबै सन्देशहरू राजा यहोयाकीमलाई
भन्नै पर्छ।" १७त्यसपछि अधिकारीहरूले बारूकलाई
एउटा प्रश्न गरे, "बारूक, हामीलाई भन, तिमीले
बेहेरूवामा लेखिएका सन्देशहरू कहाँबाट पायौ? के त्यो
यर्मियाले भनेका कुराहरू लेखेका हौ?"

१८"हजूर", बारूकले जवाफ दिए। "यर्मियाले भन्यो,
अनि मैले सारा सन्देशहरू बेहेरूवामा मसीले लेखें।"

१९तब शाही अधिकारीहरूले बारूकलाई भने, "तिमी
र यर्मिया भाग्नु पर्छ र लुक्नु पर्छ। तिमीहरू कहाँ
लुक्छौ कसैलाई पनि नभन्नु।"

२०तब शाही अधिकारीहरूले बेहेरूवा सचिव,
एलीशामाको कोठामा राखे। तिनीहरू राजा यहोयाकीमकहाँ
चोकमा गए र बेहेरूवामा भएको सबै कुरा भने।"

२१यसकारण राजा यहोयाकीमले त्यो बेहेरूवा ल्याउनु
यहूदीलाई पठाए। यहूदीले सचिव, एलीशामाको कोठाबाट
त्यो बेहेरूवा ल्याए। तब यहूदीले त्यो बेहेरूवा राजालाई
र तिनको नजिकै उभिएका सेवकहरूलाई पढ़ेर सुनाए।
२२यो नवौं महीना चलिरहेको थियो, अनि राजा
हिउँदमा बस्ने महलमा बसिरहको थिए। राजा यहोयाकीमको
सम्मुख अगेनामा आगो दन्दन् बलिरहेको थियो। २३यहूदीले
बेहेरूवा पढ़न शुरू गरे। जब उसले तीन वा चार पृष्ठ
पढ़्थे, राजाले ती पढ़िसकेका पंक्ति एउटा सानो छुरीले
काट्थे अनि आगेनामा हाली दिन्थे र जब सम्म पुरै
बेहेरूवा आगेनामा जलेर नष्ट भएन तब सम्म तिनले
त्यसै गरे। २४राजा यहोयाकीम र उनका सेवकहरू
जसले बेहेरूवाबाट यी वचनहरू सुने तिनीहरू न त
डराए न तिनीहरूले आफ्नो लुगा नै च्याते।

२५एलानातान, दलायाह र गमर्याहले राजा यहोयाकीमलाई
त्यो बेहेरूवा नजलाउनु होस् भनेर विन्ती गरे। तर
राजाले तिनीहरूको बिन्ती सुनेनन्। २६राजा यहोयाकीमले
आफ्नो छोरो यरहमेल, अज्रिएलको छोरो सरायाह र
अबदीलको छोरो शेलेम्याहलाई सचिव बारूक र अगमवक्ता
यर्मियालाई पक्रन हुकूम दिए। तर परमप्रभुले तिनीहरूलाई
लुकाउनु भएको थियो।

२७यर्मियाले भनेको अनि बारूकले लेखेको सन्देशहरू
भएको बेहेरूवा राजाले जलाई सके पछि परमप्रभुको
सन्देश यर्मियाकहाँ आयो।

२८"परमप्रभुले भन्नुभयो, "यर्मिया, अर्को एउटा
बेहेरूवा लियर यहूदाका राजा यहोयाकीमले जलाएको
पहिलो बेहेरूवामा जुन सन्देशहरू थिए सबै लेख।
२९यहूदाका राजा यहोयाकिमको सम्बन्धमा तिमीले भन्नेछौ,
'त्यसपछि परमप्रभुले भन्नुभयो, "तिमीले बेहेरूवा जलायौ
कारण तिमीले सोच्यौ, बाबेलको राजा निश्चय आउनेछ
र यो देश ध्वंस पारि मानिसहरू र पशुहरू काट्नेछ
भनी सन्देशहरू किन तिमीले लेख्यौ?" ३०यसकारण,
परमप्रभुले यहूदाका राजा यहोयाकीमाको बारेमा भन्नुहुन्छः
यहोयाकीमका सन्तानहरू दाऊदको सिंहासनमा अब उसो
बस्नेछैन। जब यहोयाकीम मर्दछ, 'उसको लाश भूइँमा
फ्याँकिनेछ र दिनको गरम र रात चिसोमा त्यहीँ
रहनेछ। ३१म, परमप्रभुले, यहोयाकीम र उसका
नानीहरूलाई दण्ड दिनेछु। उसका अधिकारीहरूलाई पनि
दण्ड दिनेछु। कारण तिनीहरू दुष्ट छन् म तिनीहरूमाथि
डरलाग्दो विपत्ति ल्याउनेछु भनी मैले चेताउनी दिएको
छु। त्यो दुर्भाग्य तिनीहरूमाथि मात्र होइन तर यरूशलेम
र यहूदामा बस्ने सम्पूर्ण जातिलाई पनि असर गर्नेछ।
मेरो चेताउनी अनुसार जम्मै अधर्मकामहरू तिनीहरूमाथि
पार्नेछु तर तिनीहरूले मेरो कुरा सुन्ने छैनन्।"'

३२त्यसपछि यर्मियाले अर्को एउटा बेहेरूवा लिए
अनि त्यो नेरियाहको छोरो सचिव बारूकलाई दिए।
जस्तै यर्मियाले बोले, बारूकले परमप्रभुको त्यही सन्देशहरू
बेहेरूवामा लेखे जुन राजा यहोयाकीमले आगोमा जलाई
दिएका थिए। ती सन्देशहरू बाहेक अन्य धेरै त्यस्तै
शब्दहरू दोस्रो बेहेरूवामा थपिएका थिए।

## यर्मिया कैदमा

३७ नबूकदनेस्सर बाबेलका राजा थिए। उनले
यहोयाकीमको छोरो कोन्याहको सट्टामा
सिदकियाहलाई यहूदाका राजा नियुक्त गरे। सिदकियाह
योशियाहको छोरो थिए। २तर सिदकियाहले परमप्रभुको
सन्देश प्रति ध्यानै दिएन जुन सन्देश परमप्रभुका अगमवक्ता
यर्मियालाई प्रचार गर्न भनी दिनुभएको थियो। अनि
सिदकियाहको कर्मचारीहरू र यहूदाका मानिसहरूले
परमप्रभुको सन्देशलाई ध्यानै दिएनन्।

३राजा सिदकियाहले शेलेम्याहको छोरो यहूकल नाउँका
मानिस अनि मासेयाहको छोरो पूजाहारी सपन्याहलाई
अगमवक्ता यर्मियाकहाँ यसो भनी पठाए। यो सन्देश
तिनीहरूले यर्मियाकहाँ ल्याए: "हाम्रा निम्ति परमप्रभु
हाम्रा परमेश्वरसित प्रार्थना गरिदिनु होस्।"

४त्यसबेला, यर्मियालाई कैदमा राखिएको थिएन,
यसकारण उनी जता चाहन्थे त्यतै जान सक्दथे। ५फिरऊनको
सेना मिश्रदेखि बाहिर आएको थियो। मिश्रका सेना
तिनीहरूतिर अघि बढ़िरहेको सन्देश सुनेर बाबेलका
सेनाहरू जो यरूशलेमलाई घेरा हाल्दै थिए त्यहाँबाट
गए।

६परमप्रभुबाट अगमवक्ता यर्मियाकहाँ सन्देश आयो:

७"परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छः 'यहूकल
अनि सपन्याह! यहूदाका राजा सिदकियाहले तिमीलाई
मकहाँ प्रश्नहरू सोध्न पठाएका छन्। राजा सिदकियाहलाई
यसो भनः मिश्रका सेना जो तिमीलाई सघाउन आइरहेका
थिए, फर्की जानेछन्। ८त्यसपछि, बाबेलका सेना फर्केर
यता आउनेछन्। तिनीहरूले यरूशलेममा आक्रमण गर्नेछन्।
त्यसपछि बाबेलबाट आएका सेनाले यरूशलेमलाई आफ्नो
अधीनमा पारी जलाईदिनेछ।' ९परमप्रभु भन्नुहुन्छः
""बाबेलका सेना निश्चय हामीबाट फर्केर जानेछन भनी
सोचेर तिमीहरू आफैलाई मूर्ख नबनाऊ। तिनीहरू जाने
छैनन्।" १०यदि तिमीहरूले सम्पूर्ण बाबेली सेनालाई
जितेता पनि केही घाइते सेनाहरू तम्बूमा छाड़िए भने ती
घाइते सेनाहरू उठनेछन र यरूशलेमलाई जलाई
दिनेछन्।"'

११जब बाबेलका सेना मिश्रका फिरऊनका सेनासित
लड़ाइँ गर्नलाई यरूशलेम पुगे १२यर्मियाले यरूशलेमबाट
बिन्यामीनको देश तर्फ यात्रा गर्न इच्छा गरे। उनी त्यहाँ
आफ्नो सम्पक्तिको अंश लिनलाई गईरहेका थिए।
१३तर जब तिनी यरूशलेमको बिन्यामीन प्रवेशद्वारमा
पुगे प्रहरीहरूका अध्यक्षले तिनलाई पक्रे। त्यो अध्यक्षको
नाउँ यिरियाह हो। यिरियाह शेलेम्याहका छोरा थियो।
शेलेम्याह हनन्याहको छोरो थियो। अध्यक्ष यिरियाहले
यर्मियालाई पक्रे अनि भने, "यर्मिया! तिमी हामीलाई
छोडेर कल्दीहरूको पक्षमा गइरहेका छौ।"

१४यर्मियाले यिरियाहलाई भने, "त्यो सत्य होइन। म
कल्दीहरूकहाँ सम्मिलित हुन गएको होइन।" तर
यिरियाले तिनको कुरा सुनेन अनि तिनलाई यरूशलेमको
अधिकारीहरूकहाँ लगे। १५ती शाही अधिकारीहरू
यर्मियासंग अति क्रोधित थिए। तिनीहरूले यर्मियालाई
कुट्ने आदेश दिए। त्यसपछि तिनीहरूले यर्मियालाई
जोनाथनको घरमा कैद गरे। जोनाथान एकजना सचिव
थिए। जोनाथनको घरलाई तिनीहरूले झ्यालखान बनाएका
थिए। १६तिनीहरूले यर्मियालाई एक तहखानाको सानो
कोठामा राखे। यर्मिया त्यहाँ धेरै समय सम्म बसे।

१७त्यसपछि राजाले यर्मियालाई उनको राजाको महलमा
ल्याउन पठाए। सिदकियाहले गुप्त रुपमा यर्मियालाई
सोधे, "के परमप्रभुबाट केही सन्देश छ?"

यर्मियाले जवाफ दिए, "ज्यू छ। तपाईंलाई बाबेलका
राजाकहाँ सुम्पिनेछन्।" १८तब यर्मियाले राजा
सिदकियाहलाई सोधे, "मैले के भूल गरेकोछु? तपाईं र
तपाईंका अधिकारीहरू विरुद्ध अथवा यरूशलेमका
मानिसहरूमाथि के अपराध गरें ताकि तपाईंले मलाई
झ्यालखानमा राख्नु भयो? १९तिम्रा अगमवक्ताहरू
अहिले कहाँ छन्? ती अगमवक्ताहरूले अगमवाणी
गरेका थिए कि 'बाबेलका राजाले तपाईं अथवा
यहूदाको देशमाथि आक्रमण गर्ने छैन।' २०तर अहिले
मेरो प्रभु, यहूदाका राजा, दया गरेर मेरो कुरा मान्नुहोस्
अनि मलाई सचिव जोनाथनको घरमा नपठाउनु होस्,
नत्र म त्यहाँ मर्नेछु।"

२१यसकारण राज I सिदकियाहले यर्मियालाई
प्रहरीहरूको चोकमा राख्ने हुकूम दिए। तिनीहरूले
उनलाई शहरमा जम्मै रोटी नसकून्जेलसम्म दिनहुँ
एउटा-एउटा रोटी दिए। यसकारण यर्मिया प्रहारीहरूको
चोकमा बसे।

## यर्मियालाई इनार भित्र फालियो

३८ कतिपय शाही अधिकारीहरूले जस्तै मत्तानको
छोरो शपत्याह, पशहूरको छोरो गदल्याह,
शेलेम्याहको छोरो यूकल अनि मल्कियाहको छोरो
पशहूरले यर्मियाले सबै मानिसहरूलाई यसो भन्दैगरेको
सुने, २"कि परमप्रभु भन्नुहुन्छ 'जो यरूशलेममा बसे
तिनीहरू तरवारहरूले अथवा अनिकालले अथवा डरलाग्दो
रूढ़ीले मर्नेछन् तर ज-जसले सैन्य समक्ष आत्मसमर्पण
गर्नेछ तिनीहरू जीवित रहनेछन् उसले जीवन युद्ध
परितोषक रूपमा पाउनेछ र मर्नेछैन्।' ३अनि यही हो
जो परमप्रभु भन्नुहुन्छः 'यरूशलेमको शहरलाई निःसन्देह
बाबेलको राजाकहाँ सुम्पिइनेछ। तिनीहरूले यसलाई
कब्जा गर्नेछन्।"'

४तब यर्मियाले भनेका कुराहरू सुनेपछि शाही
अधिकारीहरू राजा सिदकियाहकहाँ गए। तिनीहरूले
राजालाई भने, "यर्मियालाई मार्नै पर्छ किनभने उसले
यस्ता कुराहरू गरेर शहरमा भएका सिपाहीहरूलाई
हतोत्साही बनाइरहेको छ। यर्मियाहले यस्तो कुरा गरेर
प्रत्येक मानिसलाई हतोत्साही बनाइरहेको छ। यर्मियाहले
हामीलाई राम्रो होस् भन्ने चाँहदैन। उसले यरूशलेमका
मानिसहरू नष्ट भएको हेर्न चाहन्छ।"

५यसकारण राजा सिदकियाहले ती अधिकारीहरूलाई
भने, "यर्मिया तिमीहरूको नियन्त्रणमा छ। म तिनीहरूलाई
रोक्न केही गर्नु सक्तिन।"

६त्यसपछि ती अधिकारीहरूले यर्मियालाई लगे अनि
राजाको छोरो मल्कियाहको पानीको इनारमा फ्याँकिदिए।
त्यो इनार प्रहारी चोकामा थियो। ती अधिकारीहरूले
डोरी लगाएर यर्मियालाई इनारमा मनीझारे। इनारमा पानी
थिएन, तर हिलो थियो अनि त्यो हिलोमा यर्मिया
भासिए।

७तर एबेदमेलेक नाउँका एकजना कूशी मानिस जो
राजमहलमा नपुंसक थिए तिनले सुने कि अधिकारीहरूले
यर्मियालाई पानीको इनारमा हालिदिए। ८राजा सिदकियाह
त्यस समय बिन्यामीनको प्रवेशद्वारमा बसिरहेका थिए।
तिनी राजदरवारबाट गए। तिनले राजालाई भने, ९मेरो
प्रभु महाराज! ती अधिकारीहरूले यर्मियासित दुष्टकर्म
गरिरहेका छन्। तिनीहरूले यर्मियालाई भोकै मरोस भनी
पानीको इनारमा फ्याँकिदिए किनभने शहरमा रोटी
छैन।"

१०तब राजा सिदकियाहले कूशवासी एबेदमेलेकलाई आदेश दिए: "एबेदमेलेक यहाँबाट तीनजना मानिसहरू लैजाऊ अनि मर्न अघि नै यर्मियालाई इनारबाट निकाल।"

११यसकारण एबेदमेलेकले आफूसँग तीनजना मानिसहरू लगेर गए। तर सर्व प्रथम उनी राजदरबारको भण्डार तर्फ गए अनि तिनले त्यहाँबाट पुराना र च्यातिएका लुगाहरू लगे। त्यसपछि डोरीमा ती थोत्रे लुगाहरू बाँधेर इनारमाभित्र यर्मियातिर झारिदिए। १२कूशवासी एबेदमेलेकले यर्मियालाई भने, "यी पुराना लुगाहरू आफ्नो काखीमा चेप। जब डोरीद्वारा तिमीलाई माथि तानिने छ तिम्रो काखीमा यसले पैडको काम गर्नेछ। अनि तानिन्दा डोरीहरूले तिम्रो काखीमा चोट पार्नेछैन्।" यसकारण यर्मियाले एबेदमेलेकले भने जस्तै गरे १३ती मानिसहरूले डोरीहरूद्धारा यर्मियालाई तानेर पानीको इनारबाट बाहिर निकाले। अनि यर्मिया प्रहारीहरूको चोकमा बसे।

## सिदकियाहले यर्मियालाई अझ प्रश्नहरू सोद्धछन्

१४तब राजा सिदकियाहले यर्मियालाई ल्याउनु कसैलाई पठाए। त्यो मानिसले परमप्रभुको मन्दिरको तेस्रो द्वारमा यर्मियालाई ल्यायो। तब राजाले भने, "यर्मिया, म तिमीलाई केही प्रश्नहरू सोध्नेछु। मबाट केही पनि नलुकाऊ।"

१५यर्मियाले सिदकियाहलाई भने, "यदि मैले उत्तर दिए भने तपाईंले मलाई मार्नु हुन्छ होला। अनि यदि मैले तपाईंलाई परामर्श दिएँ भने पनि सुन्नु हुने छैन।"

१६तर राजा सिदकियाहले गुप्त रुपमा यर्मियासित कसम खाए र भने, "म परमप्रभु जसले हामीलाई सृष्टि गर्नु भयो अनि हामीलाई जीवन दिनुभयो, जस्तो जीवित हुनुहुन्छ त्यस्तै कसम खान्छु, म तिमीलाई न त मार्नेछु न तिमीलाई ज-जसले मार्न खोजिरहेका छन् तिनीहरूलाई नै सुम्पिन्छु।"

१७तब यर्मियाले राजा सिदकियाहलाई भने, "सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'यदि तिमीले बाबेलका राजाको अधिकारीहरू अघि आत्मा समर्पण गर्‍यौ भने, तिमी र तिम्रो परिवार सुरक्षित रहनेछन् अनि यरूशलेम जलेर भस्म हुनेछैन। १८तर यदि तिमीले आत्मा समर्पण गर्न अस्वीकार गर्‍यौ भने यरूशलेम बेबीलियोनका सेनालाई सुम्पिइने छ। तिनीहरूले यरूशलेमलाई जलाएर भस्म पार्ने छन्, अनि तिमी पनि तिनीहरूबाट जोगिने छैनौ।'"

१९तर राजा सिदकियाहले यर्मियालाई भने, "तर म यहूदाका मानिसहरूसँग डराउँछु जसले अघिबाटै बाबेलका सेनाको पक्ष लिइसकेकाछन्। म डराउँछु कारण तिनीहरूले मलाई यहूदाका मानिसहरूलाई सुम्पनेछन अनि तिनीहरूलाई मसित अति निम्न प्रकारले व्यवहार गर्ने अनुमति दिन्छन्।"

२०तर यर्मियाले जवाफ दिए, "सिपाहीहरूले तिमीलाई ती यहूदाका मानिसहरूलाई दिने छैनन्। राजा सिदकियाह, "परमप्रभुको आज्ञा पालन गर, मैले भनेको कुराहरू मान। तब सबै कुराहरू तिम्रा निम्ति राम्रै हुनेछ, अनि तिम्रो जीवन सुरक्षित रहनेछ। २१तर यदि तिमीले बाबेलका सेना समक्ष आत्मासमर्पण गर्न अस्वीकार गर्‍यौ भने, यो जो परमप्रभुले मलाई देखाउनु भएको त्यो हुनेछ। २२सारा स्त्रीहरू जो यहूदाको राजाको दरबारमा छोड़िएका थिए तिनीहरूलाई बाबेलको राजाका मुख्य अधिकारीहरूकहाँ ल्याइने छ। ती स्त्रीहरूले भन्ने छन्:

"तिम्रा मित्र जाति-जातिहरूले तिमीलाई धोका
दिए अनि तिमीलाई जितेकाछन्। तिम्रो खुट्टा
हिलोमा भास्सियो अनि तिमीलाई तिनीहरूले एक्लै
छोड़ेर गए।"

२३"तिम्रा सबै पत्नी र छोरा-छोरीहरू बाहिर ल्याइए अनि बाबेलका सेनालाई सुम्पिइयो। तिमी स्वयं पनि बाबेल सेनाबाट उम्कन पाउने छैनौ। तिमी बाबेलका राजाद्वारा लगिनेछौ अनि यरूशलेम जलेर भस्म हुनेछ।"

२४तब सिदकियाहले यर्मियालाई भने, "हाम्रो बातचीत कसैले थाहा नपाउँन नत्र तिमी मर्नेछौ। २५ती अधिकारीहरूले मैले तिमी सँग गरेको कुरा थाहापाउने छन। तब तिनीहरू तिमीकहाँ आएर सोध्नेछन्, 'यर्मिया, हामीलाई बताऊ राजा सिदकियाहले तिमीलाई के भन्यो। अनि तिमीले राजालाई के भन्यौ सबै नै हामीलाई भन। ईमान्दारी साथ सारा कुरा हामीलाई भन नत्र तिमीलाई हामी मार्ने छौ।' २६यदि तिनीहरूले त्यसो भने, तिनीहरूलाई भन् 'मैले राजालाई नम्र निवेदन गरेको छु कि मलाई जोनाथनको घरमा नफकाइयोस् यदि मलाई त्यहाँ पठाउनु भयो भने, म मर्नेछु।'"

२७तब यस्तो भयो कि ती शाही अधिकारीहरू आए अनि यर्मियालाई प्रश्न गरे। यसकारण यर्मियाले तिनीहरूलाई राजाले दिएको आज्ञा अनुसार सबै कुराहरू भने। तब ती अधिकारीहरूले यर्मियालाई एक्लै छाडेर गए किनभने कसैले पनि यर्मिया र राजा माझ भएको कुराहरू चाल पाएका थिएनन्।

२८यसकारण यरूशलेमलाई अधीनमा लिनेदिन सम्मै यर्मिया प्रहारीहरूको चोकमानै बसे।

## यरूशलेमको पतन

३९ यरूशलेमलाई कसरी परास्त पारियो यहाँ वर्णन गरिएको छ: यहूदाका राजा सिदकियाहको शासनकालको नवौं वर्षको दशौं महीनामा बाबेलका राजा नबूकदनेस्सरले आफ्ना सम्पूर्ण सेना लिएर यरूशलेमको विरुद्ध अघि बढ़े अनि त्यसलाई घेराव हाले। २अनि सिदकियाह राजा भएको एघारौं वर्षको चौथो महीनाको

नवौ दिनमा, शहरको पर्खाल भत्काइयो। ३बाबेलका
राजाका जम्मै भारद्धारहरू भित्र आए अनि मध्य
प्रवेशद्वारमा बसे। ती त्यहाँ आउने अधिकारीहरूको नाउँ
यस प्रकार छ, नेर्गल-सरेसेर, समगरनबो, मुख्य अधिकारी
सर्सकीम, रब-सारीस, उच्च अधिकारी नेर्गल-सरेसर,
रबमाग र अन्य मुख्य अधिकारीहरू पनि थिए।

४यहूदाका राजा सिदकियाहले बाबेलका
अधिकारीहरूलाई देखे। यसकारण उनी आफ्ना सिपाहीहरू
सहित राजाको बगैंचाको फाटकबाट राती भागे अनि
दुइ पर्खालको बीच भएर यरूशलेम शहरबाट बाहिर
आए। तिनीहरू अराबा तिर लगे। ५कल्दीहरूका
सिपाहीहरूले सिदकियाह र उनका सिपाहीहरूलाई खेद्दै
गए अनि त्यति बेला सिपाहीहरू सिदकियाह सँगै
यरीहोको मैदानमा पक्राए। तिनीहरूले सिदकियाहलाई
बाबेलका राजा नबूकदनेस्सर जो हमात देशको रिबला
शहरमा थिए त्यहाँ पुऱ्याए। रिबला शहरमा बाबेलका
राजा नबूकदनेस्सरले सिदकियालाई कस्तो व्यवहार गर्नु
पर्ने, बताए। ६रिबला शहरमा बाबेलका राजाले
सिदकियाहका छोरो र सबै मुख्य मानिसहरूलाई तिनकै
उपस्थितिमा मारे। ७तब नबूकदनेस्सरले सिदकियाहको
आँखा निकालिदिए र उसलाई बाबेलमा ल्याउन साङ्लाले
बाँधे।

८बाबेलका सेनाले राजाको महल अनि यरूशलेमको
मानिसहरूको घरहरू जलाइदिए। अनि तिनीहरूले
यरूशलेमको पर्खालहरू भत्काइदिए। ९नबूजरदान
बाबेलका राजाको विशेष सैनिकका कप्तान थिए। उनले
शहरमा छोड़िएका बाँकी मानिसहरूलाई ज-जसले समर्पण
गरेका थिए अनि अन्य जो रहेकाहरूलाई कैदी बनाई
बाबेलमा ल्याए। १०तर कप्तान नबूजरदानले यहूदाका
गरीब मानिसहरू ज-जसको यहूदा देशमा केही थिएन
तिनीहरूलाई छोड़िदिए। यसर्थ उनले ती मानिसहरूलाई
दाखबारी र खेतहरू दिए।

११तर नबूकदनेस्सरले यर्मियाको बारेमा नबूजरदानलाई
केही आज्ञा दिए। नबूजरदान नबूकदनेस्सरका खास
रक्षकहरूको कप्तान थिए। आदेश यही थियो:
१२"यर्मियालाई लैजाऊ र उसको हेरचाह गर। उसलाई
नोक्सान नपार। उसले जे माग्छ देऊ।"

१३यसर्थ राजाका विशेष रक्षकहरूका कप्तान
नबूजरदानले नबु-शजबान, रब-सारीस, रब-माग,
समगरनबो, मुख्य अधिकारी सर्सकीम, नेर्गलसरसेर र
सबै मुख्य अधिकारीहरू अनि बाबेल सेनाका
हाकिमहरूलाई यर्मियाकहाँ पठाए। १४तिनीहरूले
यर्मियालाई प्रहारीको चोक बाहिर निकाले। बाबेल
सेनाका हाकिमहरूले यर्मियालाई अहीकामको छोरो अनि
शापानको नाति गदल्याहको देखरेखमा राखे। गदल्याहलाई
दिइएको आदेश अनुसार यर्मियालाई घर लग्यो, यसर्थ
उनी आफ्ना मानिसहरूसंगै बसे।

### एबेद-मेलेकलाई परमप्रभुको सन्देश

१५मन्दिरको चोकमा जब प्रहारीहरूले यर्मियाहलाई
देखरेख गरिरहेका थिए। परमप्रभुबाट तिनलाई एउटा
सन्देश आयो। यो सन्देश यसप्रकार थियो: १६"यर्मिया
तिमी कूशी मानिस एबेदमेलेककहाँ जाऊ र यो सन्देश
भन: 'सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर यसो
भन्नुहुन्छ: अति चाँडै म यरूशलेममा मेरो सन्देश सत्य
बनाउने काम गर्छु। यो सन्देश सर्वनाश र नराम्रो
कुराहरूबाट सत्य हुनेछ। तिमीले तिम्रै आँखाले प्रत्येक
कुरो साँचो भएको देख्नेछौ। १७तर म त्यस् दिन
तिमीलाई जोगाउने छु, एबेदमेलेक।' यो परमप्रभुको
सन्देश हो। 'जुन मानिसहरूसित तिमी डराउँछौ म
तिमीलाई ती मानिसहरूसँग सुम्पने छैन्। १८तिमी
तरवारले मारिने छैनौ। म तिम्रो रक्षा गर्छ। तिमीले
ममाथि भरोसा गरेकाले तिमीले तिम्रो जीवन युद्ध
पारितोषक रूपमा पाउनेछौ।'" यो सन्देश परमप्रभुको
हो।

### यर्मियाको छुटकारा

४० विशेष रक्षकहरूका कप्तान नबूजरदानले जब
यर्मियालाई रामामा कैद मुक्त गरेका थिए
तिनीकहाँ परमप्रभुबाट एउटा सन्देश आयो। तिनले
यर्मियाहलाई यरूशलेम र यहूदाका मानिसहरूलाई कैदी
बनाई बाबेलमा लगिरहेकाहरूसितै साङ्लो बाँधिएको
भेटे। २जब नबूजरदानले यर्मियालाई भेटे, उनी तिनीसँग
बात गरे। उनले भने, यर्मिया, परमप्रभु तिम्रो परमेश्वरले
यस ठाउँमा विपत्ती आउनेछ भनेर घोषणा गर्नुभयो।
३अनि अहिले परमप्रभुले जे भन्नु भएको थियो प्रत्येक
कुरो गर्नुभयो। यो सर्वनाश आइलाग्यो कारण परमप्रभुको
विरुद्ध यहूदाका मानिसहरूले पाप गरेका थिए। तिमीहरूले
परमप्रभुको आज्ञा पालन गरेनौ। यसकारण तिनीहरूलाई
यस्तो भयो। ४तर अब म तिमीलाई मुक्त गरिदिनेछु। म
तिमीलाई साङ्लाबाट मुक्त पार्छु। यदि तिमी इच्छा गर्छौ
भने म सँग बाबेलतिर जाऊँ, म तिम्रो राम्रो देख-रेख
गर्ने छु। तर यदि तिमी मसँग आउँन चाहँदैनौ भने
नआऊ। हेर, सारा देश नै तिम्रो सम्मुख छ अनि तिमी
जहाँ जान चाहन्छौ त्यहाँ जाऊ। ५अथवा शापानको
नाति अहीकामको छोरो गदल्याहकहाँ जाऊ। बाबेलका
राजाले गदल्याहलाई यहूदाको राज्यपाल नियुक्त गरेका
छन्। जाऊ गदल्याहकहाँ तिम्रा मानिसहरू माझ बस
अथवा तिम्रो इच्छा अनुसार तिमी जहाँ चाहन्छौ त्यहीँ
जाऊ।"

त्यसपछि नबूजरदारले यर्मियालाई केही भोजन र
उपहार प्रदान गरे अनि बिदा गरे। ६यसकारण यर्मिया
अहीकामको छोरो गदल्याहकहाँ मिस्पामा गए। यर्मिया
गदल्याहसँग मानिसहरू माझ बसे जो यहूदाको देशमा
छाड़िएका थिए।

### गदल्याहको छोटो शासन

७यरूशलेम ध्वंस भए पश्चात केही सैन्य, अधिकारीहरू अनि तिनीहरूका मानिसहरू जो खेतमा बसिरहेका थिए, चाल पाए कि बाबेलका राजाले गरीब, र बाबेलमा कैदी बनाई नलगिएका मानिसहरूको कल्याणार्थ अहिकमेको छोरो गदल्याहलाई राज्यपाल नियुक्त गरेका छन्। ८यसकारण ती सिपाहीहरू मिस्पामा गदल्याहकहाँ आए। ती सिपाहीहरू थिए: नतन्याहको छोरो इश्माएल, कारेहका दुइ छोराहरू योहानान अनि जोनाथन, पन्हूमेतको छोरो सरायाह, नतोफाबासी एपेकाका छोराहरू, अनि माकाबासीको छोरो याजन्याह र यिनीहरूका सबैका मानिसहरू।

९अहीकामका छोरो गदल्याहले ती सिपाहीहरूले सुरक्षित अनुभव गरून भनी तिनीहरूसित शपथ लिएका थिए गदल्याहले यही नै भने: "यही ठाउँमा बस अनि बाबेलका राजालाई सेवा गर र यो तिमीहरूका निम्ति भलो हुनेछ। १०बाबेलवासीहरू अघि जो हामीकहाँ आउँछन तिमीहरूको प्रतिनिधित्व गर्न म आफै मिस्पामा बस्नेछु। दाखरस, ग्रीष्मऋतुका फल, तेल जम्मा गर अनि भाँड़ामा राख। तिनीहरूले आफ्नो अधीनमा लिएको शहरहरूमा बस्।"

११यहूदाका मानिसहरू जो मोआब, अम्मोन र एदोमका अनि अन्य देशहरूमा थिए तिनीहरूले चाल पाए कि बाबेलका राजाले बाँचेका मानिसहरूलाई यहूदामा छोडेका छन र शापानको नाति अहीकामको छोरा गदल्याहलाई त्यस ठाउँका राज्यपाल नियुक्त गरे। १२यसर्थ यहूदाका मानिसहरू जो विभिन्न ठाउँमा छरिएर बसेका थिए यहूदामा फर्के अनि मिस्पामा गदल्याहलाई भेटे। तिनीहरूले धेरै मद र ग्रीष्म ऋतुका फलहरू बटुले।

१३कारेहका छोरो योहानान अनि यहूदाका हाकिमहरू जो खेतमा थिए गदल्याहकहाँ मिस्पामा आए। १४योहानान र अन्य मानिसहरू आएर गदल्याहलाई भने, "तिमीलाई थाह छ कि अम्मोनवंशी राजा बालीसले तिमीलाई मार्न चाहन्छ? उसले नतन्याहको छोरो तिम्रो हत्याको लागि इश्माएललाई पठायो।" तर अहीकामको छोरो गदल्याहले ती कुराहरू विश्वास गरेनन्।

१५तब कारेहका छोरो योहानानले गुप्त रूपमा मिस्पामा गदल्याहलाई भेटे अनि उनलाई भने, "नतन्याहको छोरो इश्माएललाई मार्न। कसैले पनि यस बारेमा केही पनि जान्दैनन्। तपाईंलाई मार्न उसलाई स्वतन्त्रता दिनु हुँदैन। यदि यस्तो भयो भेन यहूदाका मानिसहरू जो भेला भएकाछन तितर-बितर हुनेछन अनि यहूदाका सन्तान ध्वंस हुनेछ।"

१६तर अहीकामको छोरो गदल्याहले कारेहको छोरो योहानानलाई भने, "इश्माएललाई नमार। जुन कुराहरू तिमीहरूले इश्माएलको बारेमा बताएका छौ ती सबै असत्य हो।"

४१ सातौं महीनामा, एलीशाको नाति नतन्याहको छोरो इश्माएल, अहीकामको छोरो गदल्याहकहाँ उसको दशजना मानिसहरूसित आई पुग्यो। ती मानिसहरू मिस्पाको शहरमा आए। इश्माएल राज-परिवारको सदस्य थिए। उनी राजा यहूदाका हाकिमहरू मध्ये एकजना थिए। इश्माएल अनि उसका मानिसहरूले गदल्याहसँग भोजन गरे। २जब तिनीहरूले खाईरहेका थिए, इश्माएल र उसका मानिसहरू उठे अनि शापानको नाति अहीकामको छोरो गदल्याहलाई तरवारले मारे। गदल्याह ती मानिस हुन जसलाई राजाले बाबेलका राज्यपाल नियुक्त गरेका थिए। ३इश्माएलले यहूदावासी मानिसहरू अनि कल्दी सिपाहीहरू जो गदल्याहसँग मिस्पा शहरमा थिए। तिनीहरूलाई पनि मारे।

४-५गदल्याहको हत्या भए पछि त्यही दिन। कसैले यस विषयमा चाल पाउन अघि नै आफै दाह्री काटेका अनि लुगाहरू च्यातेका अनि तिनीहरू आफै काटिएकाहरू अन्नबलिहरू, अनि धूपहरू लिएर परमप्रभुको मन्दिरमा पूजा गर्न ८० जना मानिसहरू मिस्पामा आए। तिनीहरू शेकेम, शीलो र सामरियाबाट आएका थिए। ती कुनै पनि मानिसहरूलाई गदल्याहको हत्या भएको तिनीहरूलाई थाहा थिएन। ६इश्माएलले मिस्पा छाड़े अनि ती ८० जना मानिसहरू भेट्न गए। तिनी ती ८० जना मानिसहरूसँग भेट्न जाँदा रोए। तिनले ती ८० जना मानिसहरूलाई भेटे अनि अहीकामका छोरो गदल्याहलाई भेट्न मसित जाऊँ भने। ७तिनीहरू शहरमा पुगेका मात्र थिए, इश्माएल र उनका मानिसहरूले ती ८० जना मानिसहरूलाई मार्न थाले अनि इनारमा फ्याँकी दिए। ८तर ती मध्ये दशजना मानिसहरूले इश्माएललाई भने, "हामीलाई नमार। हामीले कतिथोकहरू जमीनमा लुकाएका छौं। हामीसँग गहुँ, जौ तेल र मह छन्। हामी ती थोकहरू तिमीहरूलाई दिनेछौं।" यसकारण इश्माएल थामिए अनि तिनीहरूलाई मारेनन्। ९नतन्याहको छोरो इश्माएलले ती मृत शरीरहरू इनारभित्र त्यो नभरिञ्जेलसम्म फ्याँकि। त्यो ठूलो इनार राजा आसाले इस्राएलका राजा बाशाबाट आफू सुरक्षित रहन बनाएका थिए।

१०इश्माएलले मिस्पा शहरका सारा मानिसहरूलाई आफ्नो कब्जामा पारे अनि अम्मोनी मानिसहरूको देश पार गरे। ती मानिसहरूमा राजाको छोरीहरू अनि अन्य जे मानिसहरू त्यहाँ छाड़िएका थिए। तिनीहरू थिए, बाबेलका राजाका विशेष रक्षकहरू कप्तानले, नबूजरदान गदल्याहलाई ती मानिसहरूको हेरचाह गर्न भनी नियुक्त गरेका थिए।

११कारेहको छोरो योहानान अनि सेनाका हाकिमहरू जो उनीसँग थिए, इश्माएलले गरेका दुष्ट्याइँको बारेमा सुने। १२यसकारण तिनीहरूले तिनीहरूसित रहेका सारा

सैन्य नतन्याहको छोरो इश्माएलसित लड्न लगे। तिनीहरूले इश्माएललाई गिबोन शहरको ठूलो दहनेर नजिकै भेटे। १३कैदीहरू जसलाई इश्माएलले लगेर गएका थिए उनीहरूले योहानान र तिनका साथमा भएका सेनाका सबै हाकिमहरूलाई देखे। तिनीहरू अति खुशी भए। १४यसर्थ ती मानिसहरू जसलाई इश्माएलले मिस्पाबाट कैदी बनाएर लगेका थिए कारेहको छोरो योहानानकहाँ गए। १५तर इश्माएल र उनका आठजना मानिसहरू योहानानबाट बाँचे अनि अम्मोन मानिसहरूकहाँ भागे।

१६यसकारण कारेहको छोरो योहानान अनि उसका सेनाका हाकिमहरूले कैदीहरूलाई मुक्त पारे जसलाई इश्माएलले गदल्याहको हत्या गरे पछि ती मानिसहरूलाई मिस्पाबाट कैदी बनाई लगेका थिए। तिनीहरूमा सिपाहीहरू, पत्नी मानिसहरू, नानीहरू अनि नपुंसकहरू थिए। योहानानले तिनीहरूलाई गिबोन शहरबाट ल्याए।

### मिश्र तर्फ पलायन

१७-१८योहानान र अन्य सेनाका हाकिमहरू कल्दीहरूसँग डराएका थिए। बाबेलका राजाले यहूदाका राज्यपालका रुपमा अहीकामको छोरो गदल्याहलाई नियुक्त गरेका थिए। यसकारण तिनीहरूले मिश्र जान यात्रा शुरु गरे अनि बेतलेहेम छेउ गेरूथ-किम्हाममा शिबिर हाले।

**४२** तिनीहरू गेरूथ किम्हाममा भएको बेला, योहानान र होशायाहको छोरो याजन्याह यर्मिया अगमवक्ताकहाँ गए। जम्मै सेनाका हाकिमहरू र सानोदेखि ठूला दर्जा सम्मका मानिसहरू योहानान र याजन्याहसित गए। २ती सबै जनाले अगमवक्ता यर्मियालाई भने, "हाम्रो नम्र बिन्ति ग्रहण गर्नुहोस् र हाम्रा निम्ति तथा बाँचेका यी मानिसहरूको लागि परमप्रभु तपाइँका परमेश्वरसित प्रार्थना गरिदिनु होस्। एकपल्ट हामीहरू बहुसंख्यामा थियौ तर अहिले तपाईं देख्नु हुन्दैछ हामी केही मात्र बाँचेका छौं। ३यर्मिया, परमप्रभु तपाईंको परमेश्वरसित प्रार्थना गरिदिनु होस् ताकि हामी कहाँ जानु पर्ने अनि हामीले के गर्नु पर्ने हो।"

४तब अगमवक्ता यर्मियाले उत्तर दिए, "तिमीहरूले के गर्नु पर्ने भनेको हो मैले बुझें। तिमीहरूले भनें झैं म परमप्रभु तिमीहरूका परमेश्वरसित प्रार्थना गरिदिने छु। परमप्रभुले भन्नु भएको सबै कुराहरू म तिमीहरूलाई भन्नेछु। कुनै थोकहरू पनि म तिमीहरूदेखि लुकाउने छैन।"

५तब ती मानिसहरूले यर्मियालाई भने, "यदि हामीले परमप्रभु तपाईंका परमेश्वरले चाहनु भए जस्तै कामहरू गरेनौ भने हाम्रा निम्ति परमप्रभु साँचो र विश्वासी साक्षी रहन हुन्छ। हामी जान्दछौ परमप्रभु तिमीहरूका परमेश्वरले के गर्नु पर्ने तिमीहरूलाई भन्न हामीलाई पठाउनु हुन्। ६परमप्रभुको आदेश चाहे हाम्रो हितमा होस् अथवा नहोस् हामी पालन गर्नेछौ ताकि जब हामी परमप्रभु हाम्रा परमेश्वरको सबै आदेश पालन गर्छौं सब कुरो हाम्रो हितमा हुनेछ। हामी तिमीलाई ती सन्देश लिनका लागि परमेश्वर कहाँ पठाई रहेछौं। तब असल कुराहरू हामी प्रति हुने छ। हो, हामी परमेश्वरको सारा कुराहरू पालन गर्ने नै छौं।"

७दश दिनको अन्त्यमा, यर्मियाकहाँ परमप्रभुबाट सन्देश आयो। ८तब यर्मियाले कारेहका छोरो योहानान र तिनका साथमा भएका सेनाका सबै हाकिमहरू अनि साना ठूला दर्जाका सबै मानिसहरूलाई डाके। ९तब यर्मियाले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वरको सन्देश यही हो। तिमीहरले मलाई उहाँ कहाँ पठायौ। मैले परमप्रभुलाई तिमीहरूले जे चाहन्थ्यौ त्यही सोधें। परमप्रभु भन्नुहुन्छ: १०'यदि तिमीहरू साँचै यस देशमा बस्थ्यौ भने, म तिमीहरूलाई बलियो बनाउँछु। म तिमीहरूलाई नष्ट गर्ने छैन। म तिमीहरूलाई जोगाउनेछु अनि तिमीहरूलाई उखाल्ने छैन कारण तिमीहरूका निम्ति मैले गरेको नराम्रो काममा म दु:खित छ। ११तिमीहरू बाबेलका राजासित भयभित छौ। तर अब उसँग नडराऊ। म तिमीहरूसित छु अनि म तिमीहरूलाई उबाट बचाउने छु। १२म तिमीहरूलाई दया दर्शाउनेछु। बाबेलका राजाले पनि तिमीहरू प्रति दयादृष्टि राख्नेछन् अनि उसले तिमीहरूलाई आफ्नो देशमा आउने अनुमति दिनेछन।' १३यदि तिमीहरू भन्छौ, 'हामी यस देशमा बस्ने छौ,' तब तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञा पालन गरेनौ। १४तिमीहरूले भन्न सक्छौ, 'हामी मिश्रमा जानेछौं जहाँ हामी युद्धको सम्मुखिन हुनु पर्दैन, मिश्रमा हामीले युद्धको तुरहीहरू सुन्नु पर्दैन, हामी भोक भोकै बस्नुपर्दैन।' १५यदि तिमीहरूले ती कुराहरू भन्छौ भने, तब परमप्रभुको सन्देश ध्यान दिएर सुन्, हे यहूदामा बाँचेर रहेका मानिसहरू! सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'यदि तिमीहरू मिश्रमा जाने निर्णय लिन्छौ अनि त्यहाँ बस्छौ भने यो तिनीहरूलाई हुनेछ। १६तिमीहरू तरवारसित डराउँछौ, तर तिमीहरूलाई त्यहाँ तरवारले परास्त गर्ने नै छ। तिमीहरू भोकको चिन्ता गर्छौ तर, यसले तिमीहरूलाई मिश्रमा पनि पछ्याउनेछ अनि तिमीहरू त्यहाँ मर्नेछौ। १७प्रत्येक मानिस जो मिश्र गएर बस्ने निर्णय लिन्छ, तरवार, अनिकाल र भयानक रोगबाट मर्नेछ। अनि कोही पनि मानिस मैले ल्याएको त्यो भयानक अनिष्टबाट बाँच्ने छैन।'

१८"सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: 'यरूशलेम बासिन्दाहरूमाथि मैले मेरो क्रोध देखाएँ। त्यसरी नै जो मिश्र जाँदैछन् तिनीहरूमाथि क्रोध वर्षाउनेछु। तिमीहरू श्राप, श्राप, अपराध र निन्दाको पात्र बनिनेछौ अनि तिनीहरूले यहूदा फेरि कहिल्यै देख्ने छैनौ।'

१९“यहूदामा बाँचेका मानिसहरू हो, परमप्रभुले
तिमीहरूलाई भन्नु भएको छ: ‘मिश्रमा नजाऊ।’ तिमीहरू
निश्चय जान्दछौ कि म तिमीहरूलाई चेताउनी दिँदैछु।
२०तिमीहरूले गल्ती गरिरहेका छौ जुन गल्ती तिमीहरूकै
मृत्युको कारण बनिनेछ। तिमीहरूले मलाई परमप्रभु
तिमीहरूका परमेश्वरकहाँ पठायौ र भन्यौ, ‘हाम्रो लागि
परमप्रभु हाम्रा परमेश्वरसंग प्रार्थना गरिदेऊ अनि परमप्रभुले
भन्नुभएको प्रत्येक कुरा हामीलाई भनिदिनु अनि हामी
त्यो मान्नेछौ।’ २१यसकरण आज मैले तिमीहरूलाई
परमप्रभुबाट सन्देश भनेको छु। तर तिमीहरूले मैले
बताएको कुनै कुरामा पनि परमप्रभु तिमीहरूका परमेश्वरको
आज्ञा पालन गरेका छैनौ। २२यसर्थ निश्चित हौ कि
तिमीहरूले बुझ्छौ। तिमीहरू मिश्रमा गई बस्न चाहन्छौ।
तर मिश्रमा तिमीहरूमाथि यी घटनाहरू हुनेछ।
तिमीहरू तरवार, अनिकाल अथवा भयानक रूढ़ीले
मार्नेछौ।”

४३ यसकारण परमप्रभु तिनीहरूका परमेश्वरबाट
आएको सन्देश यर्मियाले मानिसहरूलाई भनी
सिध्याए। परमप्रभुले मानिसहरूलाई भन्नु भनी यर्मियालाई
भन्नु भएको प्रत्येक कुरो तिनले भने।
२होशायाहको छोरो अजर्याह, कारेहको छोरो योहानान,
अनि सबै अभिमानी मानिसहरू घमणडी र हठी थिए।
तिनीहरूले यर्मियालाई भने, “यर्मिया तिमी झूटो छौ!
परमप्रभु हामीहरूका परमेश्वरले हामीलाई ‘तिमीहरू
मिश्रमा बस्नु जानु भन्नु भनी तिमीलाई सुझाउ दिनु
भएको छैन।’ ३यर्मिया, हामी सोच्छौं कि नेरियाहको
छोरो बारूकले हाम्रो विरुद्ध तिमीलाई अनुप्रेरित गरिरहेको
छ। उसले चाहन्छन कि तिमीले हामीलाई बाबेलका
मानिसहरूलाई सुम्पिदेऊ। उसले तिमीलाई त्यही काम
गराउन चाहन्छ ताकि तिनीहरूले हामीलाई मार्न सकुन्।
अथवा उसले तिमीबाट त्यसो गर्न चाहन्छ ताकि
तिनीहरूले हामीलाई कैदीहरू बनाउन सक्छन् र बाबेल
लैजान्छन्।”
४यसर्थ, कारेहको छोरो योहानान, सेना हाकिमहरू,
अनि सारा मानिसहरूले परमप्रभुको आज्ञा उल्लंघन गरे।
परमप्रभुले तिनीहरूलाई यहूदामा बस्न भनी आज्ञा दिनु
भएको थियो। ५परमप्रभुको आज्ञा पालन गर्नुको सट्टा,
योहानन र सेना हाकिमहरूले ती रहेका मानिसहरूलाई
मिश्रमा लगे। बितेका दिनहरूमा शत्रुहरूले ती बाँचेका
रहल मानिसहरूलाई अन्य देशहरूमा लगेका थिए तर
तिनीहरू यहूदामा फर्केर आए। ६अहिले, योहानान र
सबै सैन्य हाकिमहरूले सम्पूर्ण लोग्नेमानिसहरू,
स्त्रीमानिसहरू, नानीहरू, राजकुमारीहरू अनि सबै अरू
मानिसहरू जसलाई बाबेल राजाको विशेष रक्षाहरूका
कप्तान नबूजरदानले गदल्याहको जिम्मामा छोड़ेका थिए
तिनीहरूलाई मिश्रमा लगे। योहानानले अगमवक्ता यर्मिया
अनि नेरियाहको छोरो बारूकलाई पनि लगे। ७ती
मानिसहरूले परमप्रभुलाई ध्यानै दिएनन्। यसकारण ती
सबै मानिसहरूलाई मिश्र लगे। तिनीहरू तहपनेस शहरमा
गए।
८तहपनेस शहरमा, यर्मियाले परमप्रभुबाट सन्देश
प्राप्त गरे: ९“परमप्रभुले यर्मियालाई भने, ठूलठूलो
ढुङ्गाहरू हातमा ल्याऊ र तिनीहरूलाई ल्याऊ र
फिरऊनको तहपनेस महलको हिलो र ईंटालेमा छापेको
सड़कमा गाड़ी देऊ। यहूदाका मानिसहरूले हेरिरहँदा नै
तिमीहरूले त्यसो गर। १०तब ती मानिसहरूलाई यसो
भन कि ‘सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वरले
भन्नुहुन्छ: म बाबेलका राजा नबूकदनेस्सरलाई जो मेरो
दास हो यहाँ बोलाउनेछु। अनि उसको सिंहासन यहाँ
मैले ढुङ्गा लुकाएको ठाउँमा खड़ा गराउँछु। नबूकदनेस्सरले
आफ्नो राज-छत्र ती ढुङ्गाहरू माथि फैलाउनेछ।
११नबूकदनेस्सर यहाँ आउनेछ र मिश्रमाथि आक्रमण
गर्नेछ। उसले जो मर्नु पर्नेछ तिनीहरूका लागि मृत्यु
ल्याउनेछ। उसले तिनीहरूलाई कैद-स्थिति ल्याउने छ
जो कैदमा पुर्नु पर्नेछ। अनि उसले तिनीहरूको लागि
तरवार ल्याउनेछ जो तरवारले मारिनु पर्नेछ।
१२नबूकदनेस्सरले मिश्रका झूटो देवताहरूको मन्दिरहरूमा
आगो जलाउनेछ। उसले ती मन्दिरहरू जलाउनेछ र ती
मूर्तिहरू लैजानेछ। जसरी एकजना गोठालाले आफ्नो
पोषाक सफा पार्छ। त्यसरी नै, नबूदकनेस्सरले मिश्रलाई
सफा पार्ने छ। तब उसले मिश्रालाई सुरक्षित छाडिदिनेछु।
१३नबूकदनेस्सरले मिश्रको सूर्य देवको मन्दिरमा रहेको
स्मृति ढुङ्गाहरू नष्ट गर्नेछ जुन मिश्रमा सूर्य-देवताको
मन्दिरमा छ। उसले मिश्रका जम्मै मन्दिरहरू र देवताहरूलाई
आगि लगाइदिनेछन्।’”

## मिश्रमा भएका यहूदी मानिसहरूको निम्ति परमप्रभुको सन्देश

४४ परमप्रभुको सन्देश यर्मियाकहाँ आयो। यो
सन्देश मिश्रमा बस्ने मिग्दोल, तहपनेस, मेम्फिस
र माथिल्लो मिश्रमा बस्ने यहूदाका मानिसहरूका लागि
थियो। २सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर
भन्नुहुन्छ; “मैले ल्याएका महा आपतहरू तिमीहरूले
यरूशलेम र यहूदाका शहरहरूमा देखेका छौ। ती
शहरहरू भग्नावशेषमा मात्र छन् र त्यहाँ कोही मानिस
बस्दैन। ३ती ठाउँहरू ध्वंस गरिए किनभने तिनीहरूमा
बस्ने मानिसहरूले दुष्ट कामहरू गरे। ती मानिसहरूले
अन्य देवताहरूलाई बलिदानहरू चढ़ाए जसलाई न
तिनीहरू न तिमीहरू न तिमीहरूका पिता-पुर्खाहरूले
जान्दथे, अनि तिनीहरूलाई पूजा गरेर त्यसले मलाई
रीस उठायो। ४मैले घरिघरि तिमीहरूकहाँ अगमवक्ताहरू
जो मेरो दासहरू हुन पठाएँ। अगमवक्ताहरूले ‘यस्ता
भयानक पापहरू जुन म घृणा गर्छु नगर्नु भनी
तिमीहरूलाई आग्रह गरे।’ ५तर तिनीहरूले तिनीहरूका

नराम्रा कार्यहरूबाट फर्कन मानेनन् तिनीहरूको आग्रहमा
कुनै ध्यानै दिए। तिनीहरूले अन्य देवताहरूलाई बलिदानहरू
छाड़ेनन्। ६यही कारण मैले मेरो क्रोध यहूदा र
यरूशलेमका मानिसहरूमाथि देखाएँ। मैले यहूदाका
शहरहरू र यरूशलेमका गल्लीहरूलाई दण्ड दिएँ। मेरो
क्रोधको कारणले यरूशलेम र यहूदाका शहरहरू
भग्नावशेषमा परिणत भयो अनि आज ती शहरहरू जन
शून्य छन्।"

७यसकारण, सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छः "मूर्तिपूजा गरेर किन तिमीहरूले स्वयंमा यति
विध्न नोक्सान ल्याइ रहेकाछौ? तिमीहरू किन यहूदा
देखि किन पुरुष, स्त्री, बालक र शिशुहरूलाई अगल
गरिरहेका छौ। किन तिमीहरू आफ्नै निम्ति पनि भावी
सन्तानहरू राख्दैनौ? ८अहिले मिश्रमा झूटो देवता
तिमीहरूले पुज्दै मलाई रीस उठाउँदै बसिरहेका छौ।
तिमीहरू आफैले आफैलाई ध्वंस पारिरहेका छौ। तिमीहरू
आफैले आफैलाई अन्य जाति-जातिहरूको सम्मुख श्राप
र खिसीको पात्र बनाएका छौ। ९के तिमीहरूले तिम्रा
पिता-पुर्खाहरू, यहूदाका राजाहरू, तिनीहरूका पत्नीहरू,
तिमीहरू आफ्नै अनि आफ्ना पत्नीहरूको दुष्टाँई जो
तिनीहरूले यहूदाको देशमा र यरूशलेमका गल्लीहरूमा
गरेका थिए, भुल्यौ? १०अहिले सम्म यहूदाका मानिसहरूले
आफूलाई विनम्र बनाएका छैनन्। तिनीहरूले कुनै प्रकारको
सम्मान म प्रति देखाएका छैनन्। ती मानिसहरूले मेरो
शिक्षाहरू अनुसरण गरेनन्। तिनीहरूले व्यवस्था र
विधिहरू पालन गरेनन् जुन मैले तिमीहरू अनि तिमीहरूका
पिता-पुर्खाहरूका निम्ति बनाएको थिएँ।"

११यसकारण, सेनाहरूका परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छ: "मैले तिमीहरूमाथि भयानक
घटनाहरू घटुन् भनेर निर्णय गरें। म यहूदाका सारा
परिवारलाई नष्ट गर्नेछु। १२यहूदामा केही बाँचेकाहरू
जसले मिश्रमा जाने र बस्ने निर्णय लिएका छन्
तिनीहरू सबै मिश्रमा मर्नेछन्। तिनीहरू साना देखि
ठूला तिनीहरू स्तरका सबै तरवार र अनिकालले
मर्नेछन्। तिनीहरू श्राप, त्रास, हाँसो अनि अपमानको
पात्र हुनेछन्। १३जो मानसिहरू मिश्रमा बस्न गएका
छन तिनीहरूलाई दण्ड दिनेछु। म तरवारहरू, अनिकाल,
भयानक हैजा फैलाएर तिनीहरूमाथि दण्ड दिनेछु। म
तिनीहरूलाई यरूशलेमको शहरलाई दण्डित पारे जस्तै
गर्नेछु। १४यहूदामा जीवितहरू रहेका जो मिश्रमा फर्कन्छन
तिनीहरू मध्ये म कसैलाई पनि जीवित राख्दिन।
तिनीहरू मध्ये कसैले यहूदामा फर्की बस्ने इच्छा गरे
पनि केही बाहेक कोही पनि बाँच्ने छैनन्।"

१५यहूदाका पत्नी मानिसहरू जो मिश्रमा बस्न
फर्केका थिए तिनीहरूले अन्य देवताहरूलाई बलिदानहरू
चढ़ाउथे अनि त्यो सत्य तिनीहरूका लोग्नेहरूले जान्दथे
तर तिनीहरूले आफ्ना पत्नीहरूलाई त्यसो गर्न रोकेनन्।
त्यहाँ यहूदाका एक ठूलो हुद्दा भेला हुन्थे। तिनीहरू
दक्षिणी मिश्रमा बस्ने यहूदाका मानिसहरू थिए। ती
अन्य देवताहरूलाई बलिदानहरू चढ़ाउने स्त्रीहरूका
पतिहरूले यर्मियाहलाई भने, १६"परमप्रभुबाट आएको
सन्देश जो तिमीले हामीलाई सुनायौ त्यो हामी मान्दैनौं।
१७हामीले स्वर्गकी रानीलाई बलिदानहरू चढ़ाउछौ भनी
प्रतिज्ञा गरेका छौं र हामीले जे प्रतिज्ञा गरेका छौं त्यही
गर्ने छौं। हामी बलिदानहरू चढ़ाएउँछौ अनि उनको
पूजामा हामी उनलाई अर्घबलि खनाउछौं। पहिले पनि
हामीले यसै गरेका थियौं हाम्रा पिता-पुर्खाहरू, हाम्रा
राजाहरू तथा हाम्रा अधिकारीहरूले विगतमा त्यसै गरे।
यहूदा शहर र यरूशलेमको गल्लीहरूमा पनि हामीले
त्यसै गरयौं। त्यस समयमा हामीले स्वर्गकी रानीको पूजा
गर्‍यौ र हामीसँग प्रशस्त भोजनहरू थियो। हामी सफल
भयौं हामीलाई केही भएको थिएन्। १८तर त्यसपछि
हामीले स्वर्गकी रानीलाई बलिदानहरू छोड़यौ। उनमाथि
हामीले अर्घबलि चढ़ाउन छाड़यौ। जब हामीले उनलाई
त्यसरी पूज्न छाड़यौ प्रत्येक कुरोको अभाव हुन थाल्यो।
हामी तरवार र अनिकालले मारियौ।"

१९तब स्वास्नीमानिसहरूले यर्मियालाई भने, "हामीहरूले
जे गर्दै थियौ र जब हामीले स्वर्गकी रानीलाई बलिहरू
चढ़ायौं अनि अर्घबलिहरू अपर्ण गर्‍यौ, हाम्रा पतिहरूले
जान्देथे। पूजा गर्नु भनी जब हामीले स्वर्गकी रानीको
निम्ति तिनको मूर्ति भएको केकहरू बनायौ हाम्रा
पतिहरूले जान्दथे।"

२०तब यर्मियाले जम्मै मानिसहरू पुरुषहरू, स्त्रीहरू
र ज-जसले तिनलाई उत्तर दिएका थिए तिनीहरूलाई
भने। २१यर्मियाले तिनीहरूलाई भने, "तिमीहरूले
तिमीहरूका पिता-पुर्खाहरू, राजाहरू र भारद्वारहरू अनि
यहूदाको शहर र यरूशलेमको गल्लीहरूको देशका
मानिसहरूले गरेका अर्पणहरू विषयमा परमप्रभुले राम्ररी
जान्नु हुन्छ। २२तिनीहरूले गरेका कुकर्महरू परमप्रभुले
जुन घृणा गर्नुहुन्छ अब सहनुहुन्न। यही कारणले
तिमीहरूको देशमा कोही पनि बस्दैन र आज जस्तो छ,
त्यो श्रापित, उजाड़ र बाँझो भएको छ। २३सारा ती
टुष्ट कुराहरू हुन गएको कारण तिमीहरूले झूटा
देवताहरू प्रति गरेको बलिदानहरूले गर्दा हो। तिमीहरूले
परमप्रभुको विरुद्ध पाप गर्‍यौ। तिमीहरूले परमप्रभुको
आज्ञा पालन गरेनौ। तिमीहरूले उहाँले दिनु भएको
विधि र व्यवस्था अनुसरण गरेनौ। यसकारण आज यो
महासर्वनाश आइलाग्यो।"

२४तब यर्मियाले ती स्वास्नीमानिसहरू सहित जम्मै
पुरुष मानिसहरूलाई भने, "यहूदाका सारा मानिसहरू जो
अहिले मिश्रमा छौ; परमप्रभुको सन्देश सुनः २५सेनाहरूका
परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छः 'तिमीहरू र
तिमीहरूका पत्नीहरूले जे गछु भनेका थियौ त्यही गर।
"हामी हाम्रा प्रतिज्ञा पूरा गर्छौं, भेटीहरू र अर्घबलि

स्वर्गकी रानीलाई चढ़ाउछौ।" यसर्थ तिमीहरूको काममा अघि बढ़ अनि तिमीहरूको प्रतिज्ञा पूरा गर। तिमीहरूको प्रतिज्ञा राख। २६तर, परमप्रभुको सन्देश सुन, मिश्रमा बसिरहेका यहूदाका मानिसहरू: म परमप्रभु भन्छु कि म आफ्नो महान नाउँमा प्रतिज्ञा गर्छु कि आजदेखि उता मिश्रमा बस्ने यहूदाका मानिसहरू कसैले पनि निश्चित रूपमा "परमप्रभु हुनुहुन्छ।" भनी मेरो नाउँ लिने छैन।

२७"'म ती मिश्रमा बासो-बास गर्ने यहूदाका मानिसहरूलाई नियाली रहेको छु। म तिनीहरूको रक्षाको लागि होइन तर ध्वंस पार्नको लागि नियाली रहेको छु। मिश्रमा बस्ने यहूदाका मानिसहरू अनिकाल र तरवारद्वारा मारिनेछन्, जबसम्म तिनीहरू पूरा खतम हुँदैनन तबसम्म लगातार मरि नै रहनेछन। २८तरवारबाट बाँचेकाहरू थोरै मात्र यहूदामा फर्कन्छन अनि जो यहूदामा बाँचेका छन् र मिश्रमा बस्नजान्छन् तिनीहरूले बुझ्नेछन् कि मेरो वचन कि तिनीहरूको वचन साँचो हुनेछ? २९तब म तिमीहरूलाई प्रमाण दिनेछु,' यो परमप्रभुको सन्देश हो, 'म मिश्रमा तिमीहरूलाई दण्ड दिनेछु अनि तिमीहरूले जान्नेछौ कि "तिमीहरूलाई नोक्सान पुर्‍याउने" मेरो वचन साँचो ठहरिनेछ।' ३०परमप्रभु भन्नुहुन्छ: 'म जे भन्छु त्यो हुनेछ। मैले यहूदाका राजा सिदकियाह जो उसको शत्रु अनि जसले उसलाई मार्न खोजिरहेको थियो बाबेलको राजा नबूकदनेस्सरलाई दिएँ। "मिश्रको राजा फिरऊन होप्रोलाई उसका शत्रुहरू जसले मार्न खाजिरहेका छन्, तिनीहरूलाई सुम्पिनेछु।"'

## बारूकलाई एउटा सन्देश

**४५** यहूदाका राजा योशियाहको छोरो यहोयाकीमको राज्यकालको चौथो वर्षमा अगमवक्ता यर्मियाले बारूकलाई यी कुराहरू भने। उसले यर्मियाको बेहेरूवामा ती कुराहरू लेखे यर्मियाले बारूकलाई जे भने त्यो यही हो। २"परमप्रभु इस्राएलका परमेश्वरले तिमीलाई यसो भन्नुहुन्छ, बारूक, तिमीले भनेका छौ, यो मेरो लागि अति नराम्रो हो। ३'परमप्रभुले मेरो पीड़ा सहित मलाई दु:ख दिनु भएको छ। म अत्यन्त थकित छु। मेरो पीड़ाको कारणले गर्दा म थकित मात्र होइन गलित पनि छु। म आराम पाउन सक्तिन।' ४यर्मिया" बारूकलाई यो भने, परमप्रभुले यसो भन्नुहुन्छ: 'मैले बनाएको सबै कुरा भत्काईदिनेछु। अनि मैले जे रोपेको छु उखेल्नेछु। यहूदाको जतातत्तै म त्यसो गर्ने छु।' ५परमप्रभुले भन्नुभयो, बारूक तिमीले आफ्नै लागि ठूलो कुरा खोजिरहेका छौ। तर ती चीजहरू नखोज किनभने म सम्पूर्ण मानिसहरूमाथि भयानक कष्ट ल्याउनेछु।' परमप्रभुले यी कुराहरू भन्नुभयो। 'तिमी धेरै ठाउँमा जानु पर्नेछ। तर तिमी जहाँ जान्छौ म तिमीलाई बाँच्ने मौका दिन्छु।"'

## जातिहरूका बारेमा सन्देशहरू

**४६** ती वचनहरू जो परमप्रभुबाट अगमवक्ता यर्मियाकहाँ आए धेरै जाति-जातिहरूको विषयमा छ।

## मिश्रका बारेमा सन्देशहरू

२यो सन्देश मिश्र देशको विषयमा हो। यो सन्देश मिश्रदेशका राजा फिरऊन नेकोका सेनाको बारेमा छ। उसको सेना यूफ्रेटिस नदीको किनार कर्कशमा भन्ने शहरमा पराजित भएको थियो। जब बाबेलका राजा नबूकदनेस्सरले फिरऊन नेकोको सेनालाई कर्कशमा पराजित गरे। त्यसबेला योशियाहको छोरो यहोयाकीम यहूदाका राजा भएको चार वर्ष पुगेको थियो। यो मिश्रलाई परमप्रभुको सन्देश हो:

३"तिम्रो ठूलो र सानो ढालहरू तैयार पार। युद्धको लागि अघि बढ़।

४घोड़ाहरू तैयार पार सिपाहीहरू आफ्नो घोड़ाहरूमाथि चढ़े युद्धभूमिमा जाऊ। लड़ाइँको टोपहरू लगाऊ। भालाहरू तीखो पार झिलम लगाऊ।

५मैले के देखें? सिपाहीहरू भयभीत छन् अनि भागिरहेका छन्। ती वीर सेनाहरू परास्त भइरहेका छन्। पछि नहेरी तिनीहरू हतारिएर भागिरहेका छन। त्यहाँ वरिपरि त्रास छ।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

६फुर्तीला धाक्कहरू पनि भाग्न सक्तैनन्। बलियो सिपाहीहरू पनि उम्कन सक्तैनन्। तिनीहरू सबै ठेस लागेर लड़ने छन्। उत्तरमा यूफ्रेटिस् नदीको किनारमा यस्तो घटनाहरू हुनेछन्।

७नील नदी जस्तै को आइरहेछ? को त्यस्तो तीव्र नदीहरू झैं आइरहेछ?

८यो मिश्र हो जो नील नदी झैं आइरहेछ। यो मिश्र हो जो त्यो तीव्र नदीहरू झैं उर्लेर आईरहेछ। मिश्रले भन्दछ, 'म आउने छु अनि पृथ्वीलाई ढाक्नेछु। म शहरहरू र त्यहाँ बस्ने मानिसहरूलाई नाश पार्नेछु।'

९हे घोड़-सवारी सिपाहीहरू, अघिबढ़! हे रथ हाँक्नेहरू, चाँड़ो हाँक! हे वीर सिपाहीहरू, अघि बढ़! कूश र पूटबाट आएका सिपाहीहरू, जो आफ्ना ढालहरू बोक। लूदबाट आएका सिपाहीहरू धनु समाल।

१०तर त्यस समय, हाम्रो मालिक सेनाहरूका परमप्रभु, परमेश्वरले आफ्नो शत्रुहरूमाथि बद्ला लिनुहुनेछ। त्यो बद्ला लिने दिन हुनेछ। तरवारले मार्नेछ अनि सन्तुष्ट हुनेछ। तिनीहरूको रगतले तरवार भरिनेछ। यो उत्तर देशको यूफ्रेटिस नदीको किनारमा मेरो मालिक,सेनाहरूका परमप्रभु निम्ति बलि हुनेछ।

११हे मिश्र देशकी कन्ये-छोरी! गिलाद जाऊ अनि औषधि ल्याऊ। अनि सबै औषधिहरू जो तिमीले लगाउँछौ त्यो व्यर्थको हुनेछन्। तिमी निको हुने छैनौ।

१२तिम्रो अपमान विषयमा जाति-जातिहरूले सुन्नेछन्।
तिम्रो रुवाँई सारा पृथ्वीभरि सुनिने छ। एउटा 'वीर सिपाही' अर्को 'वीर सिपाहीमाथि' पल्टिनेछ अनि दुवै एकैचोटी लड़छन्।"

१३यो सन्देश अगमवक्ता यर्मियाकहाँ परमप्रभुबाट आयो जब नबूकदनेस्सर मिश्रमाथि आक्रमण गर्न अघि बढ़िरहेको थियो।

१४"यो सन्देश मिश्र, मिग्दोल, मेमफिस र तहपन्हेसमा घोषणा गरेर यसो भन्, 'युद्धको लागि तैयार हौ किनभने तिम्रो वरिपरि तरवारले खाँदैछ।'

१५तिम्रो गोरू किन फ्याँकिएको छ? त्यो कि उभिन सक्तैन? किनभने परमप्रभुले तिनीहरूलाई तल घचेटि दिनुहुनेछ।

१६धेरै सिपाहीहरू ठोक्किनेछन् अनि लड़नेछन्। तब तिनीहरू परस्परमा भन्नेछन्, 'उठ, हाम्रा आफ्ना मानिसहरूकहाँ जाऔँ। हामी हाम्रा अत्याचारीहरूको तरवार भन्दा टाढ़ो आफ्ना देशमा फर्कौं। हामी भाग्नै पर्छ किनभने हाम्रा शत्रुहरूले हामीलाई परास्त गरे।'

१७मिश्रको राजा फिरऊनलाई 'चर्को हल्ला जसले आफ्नो नाउँमा बोलाऊ मौका गुमायो।'"

१८जास्तो म जीवित छु। राजा भन्छन्- यो राजाको नाउँ हो सेनाहरूका परमप्रभु आउनु हुनेछ। उनी याबेर पर्वत अनि समुद्रको किनारको कर्मेल पर्वत जस्तै महान हुनेछ।"

१९हे मिश्रकी छोरी! आफ्ना सामानहरू बाँधबुध गर दासत्वको लागि तैयार हौं, किनभने मेमफिस शहर ध्वंस हुनेछ, जन शून्य बेकामे भूमि हुनेछ।

२०मिश्र एउटी सुन्दरी गाई जस्तै हो, तर एउटा डाँस उत्तरबाट उसकहाँ आइरहेछ।

२१मिश्रका भाड़ाका सिपाहीहरू पोसिएका गोरूहरू छन् झैं तिनीहरू सबै पीठ फर्काएर भागे। तिनीहरू आक्रमणकारीहरू समक्ष एक क्षण टिक्न सकेनन्। तिनीहरूको नाशको समय आईरहेछ। तिनीहरू दण्डित हुनेछन्।

२२मिश्र साँपको झैं आवाज गर्दै सुल्किरहेको छ किनभने उसको शत्रुहरू तेजले आएकाछन्। शत्रुले मिश्रलाई बन्चरोहरूले रूख काटे झैं आक्रमण गर्नेछ।"

२३परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले उसको जंगल बाक्लो भए पनि फाँड़नेछन्। शत्रुका सेनाहरू सलह झैं छन् अनि कसैले गन्न सक्तैन।

२४मिश्रकी छोरी लज्जित हुनेछ। उत्तर दिशाबाट आएका शत्रुले उसलाई पराजित गर्नेछ।"

२५सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर भन्नुहुन्छ: "म थेबेसको आमोनलाई दण्ड दिनेवाला छु। अनि म फिरऊन, मिश्र र त्यसका देवताहरूलाई दण्ड दिनेछु। म मिश्रका राजाहरूलाई र फिरऊनमाथि भरोसा गर्नेहरूलाई दण्ड दिनेछु।
२६म तिनीहरूलाई बाबेलको राजा नबूकदनेस्सर र उसको सेवकहरूको हातमा सुम्पिनेछु जसले तिनीहरूलाई मार्न खोजिरहेका छन्।"

"यस ध्वंस पछि मिश्रमा फेरि अघि झैं मानिसहरू बसो-बास गर्नेछन्।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

### उत्तर इस्राएललाई सन्देश

२७"हे याकूब, मेरो दास! नडराऊ। हे इस्राएल, होतोत्साही नबन। म तिमीहरू र तिम्रो नानीहरूलाई ती सुदूर र तिमीहरूलाई कैदी बनाउने ठाउँबाट बचाउनेछु। याकूब फर्कनेछ अनि शान्ति र सुरक्षा पाउने छ अनि कसैले पनि उसलाई भयभित पार्नेछैन्।"

२८परमप्रभु भन्नुहुन्छ, "हे याकूब, मेरो दास! नडराऊ। म तिमीसँग छु। मैले तिमीलाई जहाँ पठाएको थिए ती जाति-जातिहरू सबै ध्वंस पार्नेछु। तर म तिमीलाई पूर्णरूपले ध्वंस गर्ने छैन। आवश्यकता अनुसार म तिमीलाई सुधार्नेछु र तिमीलाई सजाय नदिइ मुक्त पार्नेछैन।"

### पलिश्ती मानिसहरूका बारेमा सन्देश

**४७** यो सन्देश पलिश्ती मानिसहरूका बारेमा अगमवक्ता यर्मियालाई परमप्रभुबाट आयो। यो सन्देश फिरऊनले गाजा शहरमा आक्रमण गर्न अघि नै आएको थियो।

२परमप्रभु भन्नुहुन्छ: "हेर, शत्रुका सिपाहीहरू उत्तरमा भेला भइरहेकाछन्। तिनीहरू किनारमा छालले हिर्काउँदै उर्लेको नदी जस्तै आउनेछन्। तिनीहरूले बाढ़ीले झैं सारा देश शहरहरू र त्यहाँ बस्ने मानिसहरू ढाक्नेछन्। त्यस देशका मानिसहरूले विलौना गर्नेछन् तथा गुहार माग्नेछन्।

३तिनीहरूले घोड़ाहरू दौडेको टापहरू सुन्ने छन् तिनीहरूले रथहरू दौडाइएको तेज आवाजहरू सुन्नेछन् तिनीहरूले चक्काको गुडुल्किएको आवाज सुन्ने छन्। बाबुहरू आफ्ना नानीहरू जोगाउन असमर्थ हुनेछन्। तिनीहरू अति नै कमजोर हुनेछन्।

४सोर अनि सिदोनलाई सहायता गर्न सक्ने त्यहाँ रहेका प्रत्येक जिउँदालाई टुक्राउनको लागि पलिश्तीलाई सर्वनाश पार्ने समय आएको छ। पलिश्तीहरू र कप्तोर टापुमा रहेका मानिसहरू सबैलाई परमप्रभुले ध्वंस गर्नु हुनेछ।

५गाजाका मानिसहरूले आफ्नो केश खौरन्छन। अश्कलोनका मानिसहरू चूपचाप रहन्छन्। हे बेंसीमा बाँच्नेहरू हो! कहिलेसम्म तिमीहरू स्वयंलाई काट्नेछौ?

६हे परमप्रभुको तरवार, तिमी मुक्त भएकै छैनौ। कहिले सम्म तिमी लड़ाइँ गरिरहेने छौ? आफ्नो छापभित्र फर्केर जाऊ। रोक शान्त हौ।

७तर कसरी परमप्रभुको तरवार शान्त हुनसक्छ?

अश्कलोन र समुद्री किनारमा आक्रमण गर्नु परमप्रभुले यसलाई आज्ञा दिनु भएको छ।”

### मोआबको बारेमा सन्देश

४८ यो सन्देश मोआब देशसित सम्पर्कित छ । सेनाहरूका परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ:

“पर्वत नबोको दुर्भाग्य सामुन्ने छ। यो ध्वंस हुनेछ। कियर्तैमको शहर लज्जित हुनेछ अनि कब्जामा पर्नेछ। ती बलिया किल्लाहरू लज्जित तथा हतोत्साही हुनेछन्।

२मोआबलाई फेरि प्रशंसा गरिने छैन। हेशबोनमा मानिसहरूले मोआबको पराजयको युक्ति रचे। तिनीहरूले भने, ‘आऊ, हामी मिलेर त्यस ठाउँलाई नष्टपारौं ताकि अब उसो एउटा जाति नरहोस्।’ हे मदमेन, तिमीलाई पनि चूपचाप पारिन्छ। तरवारले तिम्रो खेदो गर्नेछ।

३होरोनैमबाट आएको चिच्याहट सुन। तिनीहरू लुटपाट र विध्वंसले गर्दा चिच्याई रहेकाछन्।

४मोआाब नष्ट हुने नै छ। उसका स-साना बालकहरू गुहार माग्दै रूने छन्।

५मोआबका मानिसहरू रूँदै लूहीतको उकालो बाटो जान्छन्। होरोनैम तिर जाने ओह्रालो बाटोमा ध्वंसको परितापमा क्रन्दन सुनिन्छ।

६भाग जाऊ! भाग आफ्नो प्राण बचाऊ, मरुभूमिको जंगलमा हुने पोथ्रा झैं बन।

७तिमीहरूले आफ्नो काम र धनमा भरोसा गर्‍यौ। यसकारण तिमीहरू कैदमा पर्‍यौ। उसका अधिकारीहरू र पूजाहारीहरूसितै कमोशलाई देश निष्कासन गरियो।

८प्रत्येक शहर ध्वंस पारिनेछ अनि कुनै एउटा शहर पनि बाँकी राखिनेछैन। परमप्रभुले भन्नु भएको बेंसी नष्ट हुनेछ। अनि समतल देश ध्वंस पारिनेछ।

९मोआबमा खेत बारि भरि नून छरिदेऊ किनभने यो निश्चय नष्ट हुनेछ अनि बासिन्दा कोही नभएर मोआब शून्य मरुभूमि हुनेछ।

१०श्रापित होस् त्यो मानिस जसले परमप्रभुको काम गर्न विलम्ब गरिरहेछ। धिक्कार छ त्यस मानिसलाई जसले ती मानिसहरू मार्न आफ्नो तरवार चलाँउदैन।

११मोआबले अनिष्ट कहिल्यै देखेको छैन। मोआब ढुग्रोमा रहेको र एउटा भाँडादेखि अर्को भाँड़ामा नसारिएको दाखरस जस्तै छ। उ कैदी भएर कहिले पनि बसेको छैन यसकारण उ पहिल्यै जस्तै ताजा नै छ अनि उसको स्वादमा बद्ली आएको छैन्।”

१२तब परमप्रभु भन्नुहुन्छ, “हेर, समय आइरहेछ जब म उसलाई तिम्रो भाँड़ाबाट खन्याउन अनि खाली भाँड़ाहरू टुक्रा-टुक्रामा परिणत गराउन मानिसहरू पठाउनेछु।”

१३तब, मोआबका मानिसहरू कमोशले गर्दा लज्जित हुनेछन्। जसरी इस्राएलका मानिसहरूले झूटा देवता बेतेललाई विश्वास गरेका थिए। त्यही झूटा देवताले मद्दत नगर्दा तिनीहरू लज्जित भए।

१४“तिमीहरू कसरी भन्न सक्छौ, ‘हामी बलिया सिपाहीहरू हौं अथवा हामी वीर योद्धाहरू हौं।’

१५शत्रुहरूले मोआबमाथि आक्रमण गर्नेछन् र शहरभित्र पसेर तिनीहरूलाई ध्वंस पार्नेछन्। उसका खास जवान मानिसहरू हत्या गरेर मारिनेछन्।” यो सन्देश महाराजाको हो, उहाँको नाउँ सेनाहरूका परमप्रभु हो।

१६“मोआबको अन्त नजिकै छ। मोआबलाई चाँड़ै ध्वंस पारिनेछ।

१७मोआबका वरिपरि बस्ने मानिसहरू तिमीहरू सबैले त्यो देशको लागि विलाप गर्नुपर्नेछ। तिमीहरू जान्दछौ मोआबकति प्रसिद्ध छ। यसर्थ त्यसको लागि रूनु ‘भन मोआबको शक्तिशाली अनि महिमामय राजदण्ड पूर्णरूपने टुक्रियो।’

१८तिमीहरू दीबोनमा बसिरहेका छौ। आफ्नो सम्मानपूर्ण ठाउँबाट झरेर आऊ सुखा जमीनमा बस किनभने विनाश आइरहेछ अनि उसले तिमीहरूको दरिलो शहरहरू भत्काइदिनेछ।

१९हे अरोएरमा बस्ने मानिसहरू हो। बाटोको सहायतामा उभ र। हेर पुरुष मानिसहरू भागिरहेका हेर स्त्री मानिसहरू भागिरहे तिनीहरूलाई के भयो सोध।

२०मोआब धराशायी भएको छ लाजले पूर्ण भएको छ। विलौना गर अनि रोऊ। अर्नोन नदीमा गएर घोषणा गर कि मोआब ध्वंस भयो।

२१समतल देशमाथि न्याय हुने समय आएको छ। होलोन, यहसा र मेपात शहरहरूमा न्याय गरिने समय आएकोछ।

२२दीबोन, नबो बेत-दिबलातैम शहरहरूमा न्याय गरिने समय आएकोछ।

२३कियर्तैम, बेतगामूल, बेत-मोन शहरहरूमा न्याय गरिने समय आएकोछ।

२४करियोत र बोज्रा र छेउ, टाढ़ाका अनि नजिकका मोआब सबै शहरहरूमा न्याय गरिने समय आएकोछ।

२५मोआबको सिंग काटियो अनि मोआबको पाखुरा भाँचिएको छ।” परमप्रभुले यो कुरा भन्नुभयो।

२६“मोआबले सम्झको थियो कि उ परमप्रभु भन्दा महान हो। अत: मोआबलाई पगला हुञ्जेलसम्म सजाय देऊ। मोआब लड़ेर आफ्नै वान्तामा लटपटिने छ। मोआब मानिसहरूको हाँसोको पात्र हुनेछ।

२७मोआब तिमीले इस्राएलको हाँसो उढायौ इस्राएललाई एउटा चोरका समूहले पकड़े। प्रत्येक पल्ट तिमीहरूले इस्राएलको बारेमा बोल्दा आफ्नो टाउको हल्लायौ अनि इस्राएलभन्दा असल छु भनी बहाना गर्‍यौ।

२८मोआबका मानिसहरू हो आफ्नो शहरहरू छोड़। जाऊ ढुङ्गाहरूमा बस, ढुकुर जस्तो हौ जसले ओढ़ारको मुखमा आफ्नो गुँड़ बनाउँछ।”

२९"हामीले मोआबको गर्व सुनेकाछौं, उ अत्यन्तै
शेखीवाल र रीसाह थियो र उसले आफै ठूलो हुँ भन्ने
ठान्थ्यो।"
३०परमप्रभु भन्नुहुन्छ, "मोआब कति रीसाह छ म
जान्दछु, उसले आफ्नै प्रशंसाको गीत गाउँछ। तर उ
भूटो अंहकार गर्छ ऊ आफूले भनेको कुराहरू गर्न
सक्तैन।
३१यसर्थ म मोआबका मानिसहरूको लागि विलाप
गर्दछु, म सम्पूर्ण मोआबको लागि रुन्छु। म कीरहेरेसका
मानिसहरूका लागि शोक गर्छु।
३२म याजेरको मानिसहरूसित याजेरकै लागि शोक
गर्छु। हे सिब्नाका दाखका बोट, बिगतमा तिम्रा दाखका
बोटहरू चारैतिर फैलिदै समुद्र पारी याजेर शहरसम्म
फैलिएको थियो। तर विनाशले तिनीहरूका फल र
दाखहरू लग्यो।
३३मोआबको विस्तृत दाखबारीहरूबाट खुशी र आनन्द
लगिएकोछ। मैले अङ्गुर निचोर्दा रस निक्लन बन्द
गरिदिएँ। यसर्थ आनन्दको स्वरले तिनीहरूले अङ्गुर
निचोरर्दैनन्। स्वर छ तर आनन्दको होइन।
३४मानिसहरू हेशबोनदेखि एलाले अनि जहाजसम्म
कराउँदैछन्। मानिसहरू विलाप गरी रहेका छन्। तिनीहरूको
विलाप सोअर, होरोनैम, एग्लथ-शेलीशिया शहरहरूबाट
सुनिन्छ। निम्रीमको पानी सुक्यो। ३५म मोआबलाई
उच्च स्थानहरूमा तिनीहरूको देवताहरूलाई सुगन्धित
धूप बाल्न र बलि चढ़ाउनु रोक्छु।" परमप्रभुले यो कुरा
भन्नुभयो।
३६"म मोआब र किरहरेसतका मानिसहरूको लागि
उदास छु। मेरो हृदय बासुरीको शोक धुन जस्तै रून्छ
किनभने तिनीहरूको जोगाड़ गरेको धन-सम्पति सबै
नष्ट भयो। ३७प्रत्येक मानिसको केश खौरेको छ।
प्रत्येकले दाह्री काटेको छ।* प्रत्येकको हातहरू काटिएको
छ। प्रत्येकले आफ्ना कम्मरमा उदासीनताको धोती
बेरेको छ। ३८घरका धुरीहरूमा तथा मोआब गल्लीहरूमा
मरेर गएकाहरूको लागि मानिसहरू जता-ततै विलाप
गरिरहेका छन। समस्त भूमि नै उदासीनताले छाएको छ
किनभने मोआबलाई मैले कसैलाई नचाहिने माटोको
भाँड़ालाई भैं चकानाचूर पारेको छु।" परमप्रभुले यो
कुरा भन्नुभयो।
३९"मोआब तितर-बितर भएका छन। मानिसहरू
विलाप गरिरहेका छन्। मोआब लाजले वरिपरि
घुम्छ। मानिसहरूले मोआबको खिल्ली उड़ाइरहे छन् ऊ
आफ्नो वरिपरि प्रत्येकका निम्ति डरको पात्र बनेको
छ।"
४०परमप्रभु भन्नुहुन्छ, "हेर! एउटा चील आकाशबाट
बेगहानेर आइररहेको छ। यसले आफ्नो पखेटाहरू
मोआब भरि फैलाई रहेछ।
४१शहरहरू कब्जा गरिनेछ। बलिया किल्लाहरू
घेरामा पर्नेछन। त्यस समयमा मोआबका शक्तिशाली
सिपाहीहरूको मुटु प्रसव वेदनामा परेकी स्त्रीको जस्तो
हुनेछ।
४२मोआब देश ध्वंस गराइनेछ। किनभने उसले
सम्भन्थ्यो कि ऊ परमप्रभु भन्दा महान छ।"
४३परमप्रभुले यी कुराहरू भन्नुहुन्छ: "मोआबका
मानिसहरू हो! तिमीहरूको लागि डर, गहिरो खाड़लहरू
र पासोहरू छन।
४४मानिसहरू डराउने छन् र भाग्ने छन्, तर तिनीहरू
गहिरो खाड़लहरूमा पर्नेछन्। यदि तिनीहरू कसैले
त्यहाँबाट उक्लिए भने पासोहरूमा फस्नेछन किनभने म
मोआबमाथि दण्डको वर्ष ल्याउनेछु।" परमप्रभुले यी
कुराहरू भन्नुभयो।
४५"हेशबोनको छाँयामा शरणार्थीहरू नरहेको देखिन्छ।
तिनीहरू रहेनन कारण हेशबोनबाट आगो र सिहोनबाट
ज्वाला गएको छ। यसले मोआबको निधार र ती
अहिले आनन्द मनाउँदै गर्नेहरूको शिरलाई काटेर नास
पारिदिनेछ।
४६ए मोआब! तिमीलाई शोक! कमोशका मानिसहरू
नष्ट भएको छन्। तिम्रा छोरा- छोरीहरूलाई कैदी
बनाएर लगिन्छ।
४७"तर समय आउनेछ, म मोआबबाट लागिएको
फर्काउनेछु।" यो सन्देश परमप्रभुबाट थियो।
यसकारण मोआबमाथि लादिएको सजाय पूर्ण भयो।

### अम्मोनवंशीहरूको बारेमा एउटा सन्देश

४९ यो सन्देश अम्मोनवासीहरूसित सम्बन्धित छ
परमप्रभु भन्नुहुन्छ: "अम्मोनवासी हो! के
तिमीहरू ठान्छौ कि इस्राएलका मानिसहरूका नानीहरू
छैनन्? के तिनीहरूका अभिभावकहरू जमीनको
उत्तराधिकारीहरू छैनन? तब किन मल्कामले गादको
जमीन लियो? किन उसको मानिसहरू उसका शहरहरूमा
बस्छन्?"
२परमप्रभु भन्नुहुन्छ, "अम्मोनको रब्बाले युद्धको
स्वर सुन्ने समय आउनेछ। रब्बा एउटा नष्ट पहाड़
हुनेछ। वरिपरिका सबै गाउँहरू जलाइनेछन् र जसले
तिनीहरूलाई बलपूर्वक निकालेका थिए तिनीहरूलाई
इस्राएलका मानिसहरूले बाहिर निकाल्नेछन्।" यो सन्देश
परमप्रभुबाट थियो।
३"हे हेशबोनका मानिसहरू! विलाप गर। किनभने
ऐ शहर ध्वंस भएको छ। हे रब्बामा बस्ने अम्मोनी
स्त्रीहरू शोक प्रकट गर्ने लुगाहरू लगाऊ। विलाप गर
अनि पर्खालतिर दगुर। मल्कम आफ्नो पूजाहारी र
अधिकारीहरूसित निष्कासन हुन्छ।

---

**प्रत्येकले … काटेकोछ** मरेर गएकाहरूको लागि शोक
जाहेर गर्न मानिसहरूले यसो गरेका हुन।

४तिमीहरूले आफ्नो शक्तिमा घमण्ड गर्‍यौ। तर
तिमीहरूको शक्ति क्षय भएर गइरहेको छ। हे अविश्वासी
छोरी! तिमीले आफ्नो सम्पत्तिमा भरोसा गर्‍यौ अनि
ठान्यौ कि कसैले पनि तिमीमाथि आक्रमण गर्नेछैन्।"
५सेनाहरूका परमप्रभु, मेरो मालिक भन्नुहुन्छः "प्रत्येक
पक्षबाट म तिमीहरूका निम्ति भय ल्याउनेछु। तिमीहरू
सबैलाई खेदिनेछ अनि शरणार्थीहरूलाई भेला पार्ने
कोही हुने छैन्।"
६"त्यसपछि अम्मोनीहरूबाट जे खोसिएको थियो ती
सबै कैदीहरूलाई फर्काएर ल्याउनेछु।" यो सन्देश
परमप्रभुबाट आयो।

## एदोमको बारेमा एउटा सन्देश

७यो सन्देश एदोनसित सम्बन्धित छ। सेनाहरूका
परमप्रभु भन्नुहुन्छः "के तेमानमा केही ज्ञान बाँचेको
छैन? के मानिसहरूको विवेकबाट परार्मश नष्ट भएर
गयो? के तिनीहरूले आफ्नो विवेक हराए?
८हे ददानका मानिसहरू हो, भाग, लुक! किनभने
म एसावलाई उसको कर्मको लागि दण्ड दिने छु।
९जब मानिसहरूले अङ्गुर फल बटुल्छन्, तिनीहरूले
केही छाड़्छन्। जब राती चोरहरू आउँछन् तिनीहरूलाई
जति चाहिन्छ त्यति मात्र लैजान्छन्।
१०तर एसावबाट म प्रत्येक कुराहरू लैजानेछु। म
यसका गुप्त ठाउँहरूको पनि पत्तो लाउने छु अनि उ
मबाट लुक्न पाउने छैन। उसका नानीहरू, आफन्त र
छिमेकीहरू सारा सड़नेछन् अनि एसाव अस्तिवहिन
हुनेछ।
११आफ्ना अनाथहरूलाई छाड़िदेऊ। म तिनीहरूलाई
सुरक्षा दिनेछु। तिमीहरूका विधवाहरूले ममाथि भरोसा
राखुन्।"
१२परमप्रभु भन्नुहुन्छ, "कतिपय मानिसहरू दण्डका
पात्र छैनन्, तर तिनीहरू पीड़ित भए। तर एदोम तिमी
दण्डको पात्र हौ। यसर्थ तिमी निश्चय दण्डित हुनेछौ।
तिमी यसबाट मुक्त हुने छैनौ।" १३परमप्रभु भन्नुहुन्छ,
"म आफै यो प्रतिज्ञा गर्छु कि बोज्रा ध्वंस हुनेछ अनि
एक खिसीको पात्र हुनेछ। यो बेकामे र अभिशाप
हुनेछ। ब्रोजा वरिपरिका जम्मै शहरहरू सदा-सर्वदाको
निम्ति नष्ट हुनेछन्।"
१४मैले परमप्रभुबाट यो सन्देश सुनेको छु। उहाँले
ती जातिहरूलाई भन्न समाचारवाहक पठाउनु हुनेछः
"आफ्ना सिपाहीहरूलाई भेला गर अनि एदोम विरुद्ध
अघि बढ़।
१५एदोम, म तिमीलाई जाति-जातिहरू मध्ये एकदमै
निम्न पार्नेछु। प्रत्येक मानिसले तिमीलाई घृणा
गर्नेछन।
१६एदोम! तिमीहरूले अन्य जाति-जातिहरूलाई भयभित
पार्‍यौ अनि स्वयंलाई महान ठानेका छौं। तर तिमीहरू
आफैलाई मूर्ख बनायौ। तिम्रा गर्वले तिमीलाई धोका
दियो। तिमी फुटेको चट्टानमा बस्छौ; उच्च पहाड़हरूमा
बस्छौ। तर यदि तिमीले आफ्ना घर चीलको गुँड़ भन्दा
माथि बनायौ भने पनि म तिमीलाई तल झार्नेछु।"
१७परमप्रभु भन्नुहुन्छ, "एदोम शोकको दृश्य बनिने
छ अनि मानिसहरू जसले उजाड़ शहर देख्छन्
आश्‍चर्यचकित हुन्छन अनि यसका घाउहरूमा खिसी
गर्नेछन्।
१८एदोम शहर, सदोम र गमोरा अनि वरिपरिका
शहरहरू जस्तै परास्त हुनेछन अनि त्यहाँ कोही पनि
बस्ने छैन्।" परमप्रभुले यसो भन्नुभयो।
१९"यर्दन नदी नजिक बाक्लो जङ्गलबाट कहिले
कहीँ निस्कने अनि जहाँ मानिसहरू आफ्नो खेतमा
भेड़ा र गाई वस्तुहरू राख्छन् म त्यहाँ जाने सिंह जस्तै
हुँ। म एदोममा जान्छु। म मानिसहरूलाई खेदो ल्याउनेछु।
जसलाई म मन पराउँछु उसलाई यहाँ नियुक्त गर्छु। म
जस्तो को छ? कसले मलाई चुनौती दिनु सक्छ? कुनै
गोठाला मेरो अघि उभिनै सक्तैन्।"
२०एदोम र तेमानका मानिसहरूका निम्ति परमप्रभुले
बनाउनु भएको योजना सुन। तिनीहरूले थुमाहरू
घिस्यार्नेछन्। उसले तिमीहरूको खेत सम्पूर्ण नष्ट
पार्नेछ।
२१एदोमको पतनको आवाजले पृथ्वी थर्किनेछ।
तिनीहरूका विलाप लाल समुद्र सम्मै सुनिनेछ।
२२अक्कासिने चील उँभो बेगले तल झरी आफ्नो
पखेटा बोज्रामाथि फिँजाउनेछ। त्यस समयमा, एदोमका
सिपाहीहरूको हृदय प्रसव वेदनामा परेकी स्त्रीको जस्तो
हुनेछ।

## दमिशकको बारेमा सन्देश

२३यो सन्देश दमिशक शहरसित सम्पर्कित छः
"हमात र अर्पादका शहरहरू भयभीत छन् किनभने
तिनीहरूले कुल्छिनको खबर सुनेका छन्। तिनीहरू
डरले पग्लिए। तिनीहरू शान्त हुन नसक्ने समुद्र झैं
कष्टमा छन्।
२४दमिशक शहर कमजोर भयो। मानिसहरू भाग्न
चाहन्छन्। आंतकले तिनीहरूलाई समातेको छ। तिनीहरूले
शोक र प्रसव वेदनामा परेकी स्त्रीले झैं वेदना अनुभव
गरिरहेका छन्।
२५मानिसहरूले प्रसिद्ध शहर, 'आनन्दको शहरलाई'
किन छोड़ेका छैनन्।
२६यसकारण जवानहरू शहरको सार्वजनिक
स्थलहरूमा। उसका सारा सिपाहीहरू त्यही समयमा
मारिनेछन्।" सेनाहरूका परमप्रभुले यी कुराहरू भन्नुहुन्छ।
२७"म दमिशकको पर्खालहरूमा आगो लगाईदिनेछु।
त्यो आगोले बेनहददका किल्लाहरू पूर्ण रूपले
जलाइदिनेछ।"

### केदार र हासोरका बारेमा सन्देश

२८यो सन्देश केदार र हासोरको परिवार समूहको
विषयमा छ। बाबेलका राजा नबूकदनेस्सले तिमीहरूलाई
पराजित पारे।

परमप्रभु भन्नुहुन्छः "जाऊ र केदारलाई आक्रमण गर। पूर्व दिशाका मानिसहरूलाई ध्वंस पार।

२९तिनीहरूको पालहरू, भेड़ाका बगालहरू, पालका
पर्दाहरू र तिनीहरूका चीजहरू लगिनेछ। शत्रुले तिनीहरूका
ऊँटहरू लगेर जानेछन्। मानिसहरू तिनीहरू प्रति चिच्याउने
छन्। डरलाग्दा कुराहरू चारैतिर भई रहेको छ।

३०भाग! छिटो भाग! हे हासोरका मानिसहरू, लुक्ने
ठाउँहरू खोज किनभने बाबेलको राजा तिमीहरूलाई
परास्त पार्नु एउटा युक्ति साँधेकोछ।" यो सन्देश परमप्रभुबाट
हो।

३१"एउटा देश छ जसले आफू सुरक्षित छु भन्ने
सम्झन्छ। तिमीहरूको न कुनै फाटक छ न त बार नै
छ। तिनीहरू एक्लो बस्छन्। यसकारण उठ अनि
तिनीहरूमाथि जाई लाग।"

३२शत्रुहरूले तिनीहरूका ऊँटहरू अनि गाई वस्तुहरू
लैजानेछन्। आफ्नो केश कुना मिलाएर चिटिक्क पारी
काट्ने मानिसहरूलाई म हावामा तितर-बितर पारिदिनेछु।
सबै तिरबाट म तिनीहरूमाथि संकटहरू ल्याइदिनेछु।"
यो परमप्रभुको सन्देश हो।

३३"हासोरको देश स्यालहरूको बास-स्थान बनिनेछ।
त्यहाँ एकजना मानिस पनि बस्ने छैन साथै त्यहाँबाट
कोही हिड्डुल गर्ने छैन। सधैका निम्ति यो एक शून्य
उजाड़ मरुभूमि जस्तै हुनेछ।"

### एलामको बारेमा सन्देश

३४सिदकियाह यहूदाका राजा भएको प्रारम्भिक कालमा
अगमवक्ता यर्मियाले परमप्रभुबाट एउटा सन्देश प्राप्त
गरे। यो सन्देश एलामको विषयमा थियो।

३५सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "हेर, म एलामको
धनु भाँचिदिनेछु। धनु एलामको सबभन्दा श्रेष्ठ हतियार
हो।

३६म आकाशको चारै कुनाबाट एलामको विरुद्ध
हावा ल्याउनेछु। म एलामको मानिसहरूलाई पृथ्वीको
सबै ठाउँहरूमा जहाँ चारैदिशाबाट हावा बहन्छ त्यहाँ
छरपष्ट पारिदिन्छु कैदीहरूलाई हरेक जातिमा खेदी
पठाउनेछु।

३७म एलामलाई तिनीहरूका शत्रुहरू जसले तिनीहरूलाई
मार्नु खोजिरहेकाछन् तिनीहरूकै अघि चक्नाचूर पारिदिनेछु।
म एलाममाथि डरलाग्दो सङ्कटहरू ल्याउनेछु। मेरो उग्र
रीस म तिनीहरूलाई देखाउनेछु।" यो परमप्रभुबाट
आएको सन्देश हो। "म तिनीहरूलाई खेद्न तरवार
पठाउँनेछु अनि त्यो तरवारले तिनीहरू सबैलाई शेष
नपारञ्जेल सम्म खेद्नेछ।

३८म मेरो सिंहासन एलाममा स्थापित गर्नेछु र
त्यहाँका राजा अनि भारद्वारहरूलाई ध्वंस पार्नेछु।" यो
परमप्रभुको सन्देश हो।

३९"तर पछिल्ला दिनमा, एलामबाट जे लुटिएको छ
त्यो पुनर्वहाल गर्नेछु।" यो परमप्रभुले भन्नुभयो।

### बाबेलको बारेमा सन्देश

५० यो सन्देशमा परमप्रभुले अगमवक्ता यर्मियाको
मुखबाट बाबेल र यसको देश विषयमा
भन्नुभयो।

२"प्रत्येक जाति-जातिलाई यो घोषण गर, झण्डा
उठाऊ र सन्देश प्रचार गर। सम्पूर्ण सन्देश सुनाऊ र
भन, 'बाबेलको राज्य कब्जा गरिनेछ। बाल देवता
लाजको पात्र हुनेछ। मरोदक देवता भयभीत हुनेछ।
बाबेलका मूर्तीहरू लज्जित हुनेछन्। उसका देवताका
मूर्तिहरू त्रासित हुनेछन्।'

३उत्तर दिशाबाट आएर एउटा जातिले बाबेलमाथि
आक्रमण गर्नेछ। त्यो जातिले बाबेललाई, जन-शून्य
मरुभूमि तुल्य पार्ने छ, कुनै मानिस पनि त्यहाँ बस्ने
छैन्। दुवै मानिस जाति र पशुहरू त्यहाँबाट भागेर
जानेछन्।"

४परमप्रभु भन्नुहुन्छ, "त्यसबेला इस्राएलका मानिसहरू
अनि यहूदाका मानिसहरू एकैजुट हुनेछन्। तिनीहरू
संग-संगै रूने छन्। अनि सँगै, तिनीहरू आफ्ना
परमेश्वरलाई खोज्न जानेछन्।

५ती मानिसहरूले सियोनमा कसरी जाने, सोध्ने छन्।
तिनीहरू त्यही दिशातर्फ जान थाल्नेछन्। ती
मानिसहरूले भन्ने छन्, 'आऊ, हामी परमेश्वरकहाँ
सम्मिलित हौ। एक त्यस्तो करार गरौ जुन सदा-सर्वदा
रहनेछ। एक त्यस्तो करार गरौ जुन कहिल्यै भूलिने
छैन्।'

६मेरो मानिसहरू हराएका भेंड़ा जस्तै भएका छन्।
तिनीहरूका गोठालाहरूले तिनीहरूलाई कुमार्गमा डोऱ्याए।
तिनीहरूका अगुवाहरूले तिनीहरूलाई पर्वत र पहाड़हरूमा
लक्ष्यहीन घुमी हिड़ने बनाए। यसर्थ तिनीहरूले आफ्ना
मूल वासस्थान पनि बिर्सिए।

७ज-जसले मेरो मानिसहरूलाई भेटे तिनीहरूलाई
चोट पुराये। तिनीहरूका शत्रुहरूले भने, 'हामीले गल्ती
काम गरेका छैनौं' किनभने ती मानिसहरूले परमेश्वरको
विरुद्ध पाप गरे जो तिनीहरूका साँचो आश्रय घर
थियो। तिनीहरूका पिताहरूले विश्वास गरेका परमप्रभु
परमेश्वर हुनुहुन्थ्यो।

८बाबेलबाट भाग। कल्दीहरूका भूमि छाड़िदेऊ।
बगालको अघि साँढ़ भेड़ा जस्तै होऊ।

९म उपद्रव मचाउनेछु र उत्तरबाट धेरै जातिहरू
ल्याउनेछु। यी जातिहरूको समूह बाबेलको विरुद्ध युद्ध
लड्न अघि आउनेछन्। तिनीहरूले बाबेललाई आफ्नो

अधीनमा पार्नेछन्। तिनीहरूको काँड़ सिपालु लड़ाकुहरू
भैँ छन् र एउटै काँड़ पनि व्यर्थ जाँदैन्।
१०ती शत्रुहरूले कल्दी मानिसहरूको सारा सम्पत्तिहरू
लैजाने छन्। लूटेको सम्पत्तिले तिनीहरू पूर्ण हुनेछन्।"
परमप्रभुले ती कुराहरू भन्नुभयो।
११"बाबेल, तिमी उत्तेजित र खुशी छौ। किनभने
तिमीले मेरो पैतृक सम्पत्ति लूट्यौ। तिमी हरियो घाँसमाथि
कोरली गाई भैँ नाचिरहेकाछौ। तिमीहरू घोड़ाहरू भैँ
हिन्न लागिरहेका छौं।
१२तर तिमीहरूकी आमा जसले तिमीलाई जन्म
दिईन तिनी धेरै लज्जित हुनेछन्। बाबेल सबै
जाति-जातिहरू माझ नगन्य हुनेछ। उ उदास र सूखा
मरुभूमि हुनेछ।
१३परमप्रभुले आफ्नो क्रोध देखाउनु हुनेछ। बाबेल
पूर्ण रूपले उजाड़ हुनेछ अनि त्यहाँ कोही पनि बस्ने
छैन। प्रत्येक यात्री जो बाबेल भएर जान्छ त्यो
अचम्बित हुनेछ र त्यसको घाउहरू देखेर खिसी गर्नेछ।
१४बाबेलसित युद्धको लागि तैयार हौ। बाबेलमाथि
काँड़हरू हान, नरोक किनभने यसले परमप्रभु विरुद्ध
पाप गरेको छ।
१५सिपाहीहरूले बाबेललाई घेरे अनि विजय ध्वनि
सुनाऊ। बाबेलले आत्मासमर्पण गरेकोछ। उसका
पर्खालहरू र धरहराहरू धराशायी गराइयो। यो परमप्रभुबाट
प्रतिशोध हो। ऊमाथि वैरशुद्धि गर। अन्य जातिहरूलाई
उसले के गर्‍यो तिमीहरू उसलाई त्यसै गर।
१६तिनीहरूलाई अन्न रोप्न नदेऊ। तिनीहरूलाई
बाली काटन नदेऊ। अहिले शत्रुका सिपाहीहरू आएका
छन्। प्रत्येक मानिस र तिनीहरू आफ्नो आफ्नो गाऊँमा
जाउन देशमा जाउन।
१७इस्राएल भेंड़ाको बथान जस्तो छ जो देशभरि नै
छरिएका थिए। इस्राएल भेड़ाको बथान जस्तो छ
जसलाई सिंहले खेद्दै सबै ठाँउमा छरपष्ट पारेकोछ।
जसले उसलाई पहिला खानेसिंह अश्शूरको राजा हो।
अन्तिम सिंह जसले उसका हड्डीहरू तोड़्यो त्यो बाबेलका
राजा नबूकदनेस्सर हो।"
१८यसकारण सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर
भन्नुहुन्छ: "म बाबेलका राजा र उसको देशलाई दण्ड
दिनेछु त्यही तरीकाले जसरी मैले अश्शूरका राजालाई
दण्ड दिएको थिएँ।
१९म इस्राएललाई फेरि फर्काएर आफ्नै ठाउँमा
ल्याउने छु। तिनीहरूले कर्मेल र बाशानको चरण
भूमिमा खुवाउनेछन्। तिनीहरूले एप्रैम र गिलादका
डाँड़ाहरूमा खाएर तृप्त हुनेछन्।"
२०परमप्रभु भन्नुहुन्छ, "त्यस बेला, तिनीहरूले
इस्राएलको अधर्म खोज्ने प्रयास गर्नेछन् तर तिनीहरूले
कुनै पाप पाउने छैन किनभने जसलाई मैले बचाँए
तिनीहरूको पाप क्षमा गरेकोछु।"
२१परमप्रभु भन्नुहुन्छ, "मरातैमको देशलाई आक्रमण
गर। पकोदमा बस्ने मानिसहरूमाथि आक्रमण गर।
तिनीहरूमाथि आक्रमण गर तिनीहरूलाई मार अनि
सर्वनाश पार। मैले जुन कुरो दिएँ ती सब गर।
२२सारा देशभरि नै युद्धको कोलाहल सुनिन सक्छ।
यो विनाशको कोलाहल हो।
२३त्यो देश जसले सारा पृथ्वीलाई नै मार्तोलले
हिर्कायो त्यो कटिएको छ र टुक्रिएको छु। बाबेल
जाति-जातिहरू माझ प्राणीहीन भएकोछ।
२४हे बाबेल, मैले तिमीलाई पासो थापें अनि तिमीले
थाहा पाउन अघि नै पक्राउ पर्‍यौ। तिमी परमेश्वरको
विरुद्ध लड्यौ, यसकारण तिमी बन्दी भयौ।
२५परमप्रभुले आफ्नो अस्त्र-घर उघार्नु भयो अनि
क्रोधको हाति हियार निकाल्नु भयो। मेरो मालिक,
सेनाहरूका परमप्रभुले ती हतियारहरू निकाल्नु भयो
किनभने उहाँले कल्दीहरूका देशमा आफ्नो काम गर्नु
थियो।
२६सुदूरदेशबाट पनि बाबेलको विरुद्ध आऊ। अन्न-
भण्डारहरू तोड़ी देऊ, अन्नको थुप्रो भैँ बाबेललाई
थुपार अनि बाबेललाई पूर्ण ध्वंस पार र कसैलाई पनि
बाँच्न नदेऊ।
२७सारा साँढ़ेहरू मार। तिनीहरूलाई कसाइकहाँ
जानदेऊ। तिनीहरूलाई धिक्कार! तिनीहरूका निम्ति
दण्ड पाउने समय आएकोछ।
२८मानिसहरू बाबेलबाट भागिरहेका छन्। मानिसहरू
जो बाबेलबाट बाँचेर आएकाछन तिनीहरू भन्दैछन्
परमप्रभु हाम्रा परमेश्वरले उहाँको र उहाँको मन्दिरको
लागि प्रतिशोध लिनु भएकोछ।
२९काँड़हरू हान्ने मानिसहरूलाई बोलाऊ, तिनीहरूलाई
बाबेलमाथि काँड़ हान्नु भन। शहर घेराबन्दी गर भन।
कसैलाई पनि नछोड़। तिनीहरूका कुकर्मका फल देऊ।
अन्य जातिहरूलाई जसो गरेकी थिई त्यसै गर, किनभने
इस्राएलका एक मात्र पवित्र परमप्रभु विरुद्ध बाबेलले
विद्रोह गरेको हो।
३०त्यस समय बाबेलका जवानहरूलाई गल्लीहरूमा
मारिनेछ र सेनाहरू मर्नेछन्।" परमप्रभुले यो कुरा
भन्नुभयो।
३१"बाबेल तिमी अति अंहकारी छौ अनि म तिम्रो
विरुद्ध छु।" हाम्रो मालिक, सेनाहरूका परमप्रभुले
भन्नुहुन्छ, "तिम्रो दिन आएकोछ म तिमीलाई दण्ड
दिनेछु।
३२घमण्डी बाबेल ठोकिएर लड़नेछ अनि कसैले पनि
उनलाई उठाउने छैन। म उसको शहरहरूमा आगो
लगाउनेछु अनि उसको वरिपरि भएका प्रत्येक कुरो नै
जल्नेछ।"
३३सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "इस्राएल र यहूदाका
मानिसहरूलाई शत्रुहरूले बन्दी बनाई लगियो। तिनीहरूलाई

कैद गर्नेहरूले तिनीहरूलाई पक्रेर राखेका छन् र मुक्त पार्न अस्वीकार गरे।

३४तर तिनीहरूका उद्धारक शक्तिशाली हुनुहुन्छ। उहाँको नाउँ सेनाहरूका परमप्रभु हो। उहाँले तिनीहरूको मामलामा वकालत हुनेछ र पृथ्वीलाई आराम दिनुहुनेछ। तर बाबेलमा बस्ने मानिसहरूलाई उहाँले शान्ति दिनु हुनेछैन।"

३५परमप्रभु भन्नुहुन्छ, "बाबेलका बासिन्दाहरू, राजाका हाकिमहरू र ज्ञानीहरूको निम्ति विरुद्ध तरवार छ।

३६हे तरवार! अगमवक्ताहरूलाई हिर्काऊ ताकि तिनीहरू मूर्ख बनुन, बाबेलका सिपाहीहरूलाई मार ताकि तिनीहरू भयभीत हुन्।

३७तरवार, बाबेलका घोड़ाहरू, रथहरूलाई मार। अन्य देशका भाड़ाका सिपाहीहरूलाई मार ताकि तिनीहरू स्त्रीहरू जस्तो डराउन। तरवार, बाबेलको गाड़धनहरूमाथि जाइलाग ताकि तिनीहरू लुटिउन्।

३८तरवार! पानीको मुहानहरू काट ताकि मुहानहरू सुकुन। किनभने बाबेलमा धेरै मूर्तिहरू छन् अनि तिनीहरू मूर्तिका निम्ति पागल हुन्छन्।

३९बाबेल फेरि मानिसहरूले भरिने छैन। जङ्गली कुकुरहरू, शुतुरमूर्गहरू, र अन्य पशु-प्राणीहरू त्यहाँ बस्नेछन्, तर त्यहाँ फेरि कोही मानिस रहने छैन।

४०परमेश्वरले सदोम र गमोरालाई पूर्ण रूपले ध्वंस पार्नु भयो अनि त्यसका वरिपरिका शहरहरू पनि ध्वंस पारिदिनु भयो। अनि ती शहरहरूमा अब कोही पनि बस्ने छैन। त्यस्तै प्रकारले, कुनै मानिस बाबेलमा बस्ने छैन्। अनि कोही मानिस त्यहाँ बस्न जाने छैन।

४१हेर! उत्तर दिशाबाट मानिसहरू आइरहेका छन्। एक शक्तिशाली जाति र धेरै राजाहरू पृथ्वी वरिपरिबाट आइरहेका छन्।

४२तिनीहरूका सेनाहरूसँग धनुहरू र भालाहरू छन्। सिपाहीहरू निष्ठूर छन्। तिनीहरूमा दया छैन। सैनिकहरू घोड़ाहरूमा चढ़ेर आउनेछन अनि तिनीहरूको अवाज समुद्रको गजर्न जस्तै छ। तिनीहरू तिम्रो विरुद्धमा युद्ध गर्न तैयारभई पंक्तिमा बसेका छन। हे बाबेलकी छोरी।

४३बाबेलका राजा ती सेनाहरूका गड़गड़ाहट आवाज सुनेर डराए। उनका हातहरू चल्न छाड़े। उसलाई घेर्‍यो अनि उसलाई प्रसव वेदनामा परेकी स्त्रीलाई झैं कष्ट भयो।"

४४परमप्रभु भन्नुहुन्छ, "म एउटा त्यस्तो सिंह हुँ जो कहिले काँही यर्दन नदी छेवको घना जंगलबाट बाहिर निस्कन्छ। म हटात उसका मानिसहरूलाई खेदो गर्नेछु। म त्यसमाथि कसैलाई पनि नियुक्त गर्नेछु। म जस्तो को छ? मलाई कसले बोलाउन सक्छ। गोठालाको हो जो मेरो अघि उभिन सक्छ?"

४५बाबेलको विरुद्ध परमप्रभुको रच्नुभएको योजना सुन। बगालको ससाना थुमाहरू घिस्साएर लगिनेछ र परमप्रभुले तिनीहरूको चरणभूमि सम्पूर्ण ध्वंस पार्नु हुनेछ।

४६बाबेलको पतन हुनेछ, अनि त्यो पतनको आवाजले पृथ्वी थर्काउनेछ। हरेक जातिहरूका मानिसहरूले बाबेलको विनाशको बारेमा सुन्ने छन्।

**५१** परमप्रभु भन्नुहुन्छ, "म एक शक्तिशाली हावा बाबेल र 'लेब कामीका'* बासिन्दाहरूमाथि बहाउनेछु।

२म बाबेलमा विदेशीहरू पठाउनेछु अनि तिनीहरूले नबेललाई हावामा तितर-बितर पार्नेछ र उसको जमीन ध्वंस पार्नेछ। तिनीहरू सर्वनाशको दिन प्रत्येक दिशाबाट आउनेछन्।

३बाबेलका सिपाहीहरूले धनु काँड़हरू चलाउने छैनन ती सिपाहीहरूले कवच सम्म लगाउने छैन। बाबेलका तन्हेदेहरूमाथि दया नराख। उसको सेनाहरूलाई पूर्ण रूपमा ध्वंस पार।

४बाबेलका सिपाहीहरू कल्दीका भूमिमा मारिनेछन् तिनीहरू बाबेलका गल्लीहरूमा नराम्रो घतले घाइते हुनेछन।"

५इस्राएलका एकमात्र पवित्रको अघि तिनीहरूको भूमि दोषले भरिएको भए पनि सेनाहरूका परमप्रभुले इस्राएल र यहूदालाई एक्लै छोड़्नु हुन्न।

६बाबेलदेखि भाग। प्राण बचाऊ। बाबेलको पापको कारणले ध्वंस नहोऊ। यो समय परमप्रभुले बद्ला लिने समय हो। उसले गरेको कर्म अनुसार उहाँले बद्ला लिनुहुनेछ।

७बाबेल परमेश्वरको हातमा एक सुनको कचौरा थियो। बाबेलले सारा पृथ्वीलाई मतायो। सारा जाति-जातिहरूले बाबेलको मद्धपान गरे। यसकारण तिनीहरू पागल भए।

८तर बाबेल एक्कासि पतन हुनेछ अनि टुक्रिनेछ। उसको लागि विलाप गर अनि उसको घाउमा मलहम लगाऊ। हुन सक्छ उ निको हुन्छे।

९हामीले बाबेललाई निको पार्ने कोशिश गर्‍यौ, तर त्यो निको हुन सकेन यसकारण हामीले त्यसलाई छोड़ौ अनि हामी आफ्नै देशमा जाऊ। किनभने उहाँको न्याय स्वर्ग पुग्नेछ अनि बादलसम्म पुग्नेछ।

१०परमप्रभुले हामीलाई विजय हासिल गराउनु भयो। आऊ, हामी सियोन जाऊ र परमप्रभु हाम्रा परमेश्वरको कार्यहरूका विषयमा मानिसहरूलाई भनौं।

११काँड़हरू तीखो पार। ढालहरू लगाऊ। परमप्रभुले मादीहरूका राजाहरूलाई उस्काउनु भएको छ। उहाँले तिनीहरूलाई उस्काउनु भयो किनभने उहाँले बाबेललाई ध्वंस गर्न चाहनु हुन्छ। परमप्रभुले बाबेलका मानिसहरूलाई त्यो दण्ड दिनु हुनेछ जसको लागि तिनीहरू योग्यका

---

**लेबकामी** हिब्रू भाषामा कल्दी को छद्म नाउँ।

छन्। बाबेलका सेनाले यरूशलेममा परमप्रभुको मन्दिर भत्काएका थिए। यसकारण परमप्रभुले तिनीहरूलाई दण्ड दिनुभयो जुन तिनीहरूले पाउनु नै पर्ने थियो।

१२बाबेलको पर्खालहरूका विरुद्ध झण्डा माथि उठाऊ। अझ प्रहरीहरू ल्याऊ। तिनीहरूका ठीक ठीक ठाउँमा चौकीदार राख। धरापहरू थाप किनभने परमप्रभुले त्यही गर्नुहुन्छ जुन उहाँले योजना बनाउनु भएकोछ।

१३बाबेल, तिमी धेरै पानी भएको छेवमा छौ तिमी सम्पत्तिले सम्पन्न छौ। तर तिम्रो अन्त आएको छ। यो तिम्रो ध्वंस हुने बेला हो।

१४सेनाहरूका परमप्रभुले यो प्रतिज्ञा आफ्नो नाउँ लिएर गर्नुभयो: "बाबेल म तिमीलाई धेरै शत्रुहरूले परिपूर्ण पारिदिनेछु। तिनीहरू सलहहरू जतिकै हुनेछन्। तिनीहरूले तिम्रो विरुद्ध युद्ध जित्नेछन् र तिनीहरू तिमीमाथि उभिएर विजय गान गाउने छन्।"

१५परमप्रभुले आफ्नो महान शक्ति प्रयोग गर्नुभयो अनि पृथ्वी सृष्टि गर्नु भयो। उहाँले आफ्नो ज्ञानले पृथ्वीलाई स्थापित गर्नु भयो र उहाँले आफ्नो सुझ बुद्धिले आकाशलाई फैलाउनु भयो।

१६जब उहाँ गर्जनुहुन्छ आकाश पनि गर्जन्छ। उहाँले पृथ्वीको अन्तबाट कुइरो निस्केर माथि आउने पार्नुहुन्छ। उहाँले वर्षासँग बिजुली चम्काउनुहुन्छ। उहाँले आफ्नो भण्डारबाट बतास निकाल्नुहुन्छ।

१७तर हरेक मानिसहरू मूर्ख र बुद्धिहीन, हरेक मानिस जसले मूर्ति बनाउछ उसलाई लज्जित पारिन्छ किनभने उसको मूर्तिहरू मूल्यहीन हुन। तिनीहरूमा जीवन छैन।

१८तिनीहरू मूल्यहीन छन्, छलको काम मात्र। जब तिनीहरूलाई सजाय दिइन्छ तिनीहरू सड्नेछन्।

१९याकूबका परमश्वर यी मूर्तिहरू जस्ता मूल्यहीन हुनुहन्न। मानिसहरूले परमेश्वर बनाएनन्। परमेश्वरले आफ्ना मानिसहरू बनाउनुभयो। उहाँले आफ्नो उत्तराधिकारी जाति सहित प्रत्येक चीज बनाउनु भयो। उहाँको नाउँ सेनाहरूका परमप्रभु हो।

२०परमप्रभु भन्नुहुन्छ, "बाबेल! तिमी मेरो डण्डा हौं, मेरो युद्धको हतियार। मैले त्यस जाति जातिहरूलाई टुक्राउनु र ध्वंस पार्नुलाई चलाएँ।

२१मैले तिमीलाई घोड़ा र सवारीमा प्रहार गर्न चलाएँ। मैले तिमीलाई रथ र सारथीधूलो पार्न प्रहार गर्न चलाएँ।

२२मैले तिमीलाई पुरुष र स्त्री माथि प्रहार गर्न चलाए। मैले तिमीलाई, जवान र वृद्ध मानिसहरूमाथि प्रहार गर्न चलाएँ। मैले तिमीलाई युवा-युवती माथि प्रहार गर्न चलाएँ।

२३मैले तिमीलाई गोठालो र भेडावथान माथि प्रहार गर्न चलाएँ। मैले तिमीलाई किसानहरू र गाईहरूमाथि प्रहार गर्न चलाएँ। मैले तिमीलाई राज्यपालहरू र मुख्य हाकिमहरूमाथि प्रहार गर्न चलाएँ।

२४तर म बाबेल र सबै कल्दीहरूलाई तिनीरूले सियोन विरुद्ध गरेका जम्मै अनिष्ट कार्यहरू फर्काइदिनेछु।" परमप्रभु ती कुराहरू भन्नुहुन्छ।

२५परमप्रभु भन्नुहुन्छ, "बाबेल! हे पर्वत ध्वंस छ जसले सारा भूमि नै ध्वंस पार्छ म तिम्रो विरोधमा छु। म तिम्रो विरोधमा मेरो हात उठाउँछु। म तिमीलाई भिरालो चट्टानबाट तल झारी दिनेछु म तिमीलाई डढ़ेको पर्वत बनाईदिनेछु।

२६आफ्नो मन्दिरको लागि कुने ढुङ्गा अथवा घड़ेरी बनाउनको लागि मानिसहरूले तिमीहरूबाट ढुङ्गाहरू लिनेछैनन्। किनभने तिमी सधैंका निम्ति काममा नआउने भूमि हुनेछौ।" परमप्रभुले घोषणा गर्नु भयो।

२७"भूमिमा युद्धको झंडा उठाऊ। सबै जाति-जातिहरूमा युद्धको तुरही फुक। जातिहरूलाई बाबेलको विरुद्ध लड़ाइँ गर्नलाई तैयार पार। अरारत, मिन्नी र अश्कनज राज्यहरूलाई बाबेलको विरुद्ध लड़ाइँ गर्न डाक। उसको विरोधमा सेना संचालन गर्न एकजना कप्तान नियुक्त गर। संख्यामा सलहसरह घोड़ाहरू त्यहाँ पठाऊ।

२८उसको विरुद्ध लड़ाइँ गर्न जाति-जातिहरू तयार पार। मादीका राजाहरूलाई, राज्यपालहरू, सारा मुख्य हाकिमहरू र तिनीहरू जसले बाबेल विरुद्ध शासन गरे ती जम्मै देशहरूलाई तैयार पार।

२९जब बाबेललाई जुन शून्य उजाड़ भूमि बनाउन परममप्रभुको काम धरती यर्थाराउनेछ अनि बेदनामा परे झैं माड़िनेछ।

३०बाबेलका सिपाहीहरूले लड़ाइँ गर्न बन्द गरे। तिनीहरू आफ्नै दृढ़ किल्लाहरूमा पसे। तिनीहरू थकित भए। तिनीहरू स्त्री जस्तै भए। बाबेलका घरहरू जलिरहेका छन्। अनि प्रवेश द्वारहरू भत्काइएकाछन।

३१एक सन्देशवाहकको पछि अर्को सन्देशवाहक जान्छ अनि सम्पूर्ण शहर कब्जामा पर्‍यो भन्ने खबर बाबेलका राजाकहाँ पुर्‍याइन्छ।

३२चाँचरहरू घेरामा परे; सिमसारहरू आगो लगाइए; सिपाहीहरू भयग्रस्त भए।"

३३सेनाहरूका परमप्रभु, इस्राएलहरूका परमेश्वर यसो भन्नुहुन्छ: "बाबेल धान कुटने ढिकी जस्तै भएकी छ। बालीको समय मानिसहरूले धान कुटेर असल र भुस छुट्टयाउँछन। अनि बाबेलमा धान कुट्ने समय चाँड़ै आइरहेछ।"

३४सियोनका मानिसहरूले भन्नेछन्, "बाबेलका राजा नबूकदनेस्सरले हामीलाई खायो। हामीलाई चोट पुर्‍यायो। उसले हामीलाई खाली भाँड़ाजस्तै बनायो। राक्षसलेझैं उसले हामीलाई निल्यो। हाम्रो राम्रो भोजनले उसले आफ्ने पेट भर्‍यो। तब उसले हामीलाई बाहिर थुक्यो।

३५बाबेलले हामीमाथि डरलाग्दो र निन्दनीय कामहरू गर्‍यो। अब हामी बाबेलमाथि त्यही अनिष्टहरू भएको हेर्न चाहन्छौ।" यरूशलेमका मानिसहरू भन्छन्, "हाम्रो रगत बाबेलका मानिसहरूमाथि परोस्।"

३६यसकारण परमप्रभु भन्नुहुन्छ: "यहूदा! म तिमीहरूको मामला लिनेछु र प्रतिशोध गर्नेछु। म बाबेलको समुद्र सुकाइदिनेछु अनि झरनाहरू सुकाइदिनेछु।

३७बाबेल मन्दिरहरूका धराशायीको थुप्रो मात्र भएको छ अनि त्यो जङ्गली कुकुरहरू बस्ने ठाउँ हुनेछ। मानिसहरू ढुङ्गाहरूको राश हेर्न डराउनेछन्। बाबेलको विषयमा सोचेर मानिसहरू टाउँको हल्लाउने छन्। यो कोही नबस्ने सुनसान ठाँउ बनिनेछ।

३८बाबेलका मानिसहरू गर्जने जवान सिंह जस्तै छन्। तिनीहरू डमरुहरूझै गर्जिन्छन्।

३९जब तिनीहरू उत्तेजित हुन्छन् म तिनीहरूलाई एक प्रीति भोज दिनेछु। म तिनीहरूलाई मताउनेछु। तिनीहरू हाँस्ने छन् खुशी मनाउनेछन्। तिनीहरू कहिल्यै नउठ्नलाई निदाउँनेछन्।" परमप्रभुले यी कुराहरू भन्नुभयो।

४०"बाबेल भेड़ा-भेड़ी र बाख्राहरू झैं काटिनलाई पर्खिरहको हुनेछन्। तिनीहरूलाई म कसाइखानमा डोर्‍याउनेछु।

४१'शीशक' परास्त हुनेछ। सारा पृथ्वीको गौरवको र प्रशंसाको पात्र बाबेल कैद गरिनेछ। अन्य जातिहरूका मानिसहरूले बाबेलमा हेर्नेछन् अनि त्यस देशको सर्वनाश देखेर तिनीहरू भयग्रस्त हुनेछन्।

४२समुद्र उर्लेर बाबेलमाथि उठ्नेछ ढाकिने छ। यसको गर्जने छालहरूले उसलाई ढाकी दिन्छ।

४३बाबेलका शहरहरू ध्वंस पारिनेछन। बासिन्दाहरू बिना ती शहरहरू सूखा मरुभूमि र उदास हुनेछन, बाबेल देशबाट मानिसहरू यात्रा गर्नेछैन्।

४४म बाबेलको बाललाई दण्ड दिनेछु। उसले जे-जे निलेको छ त्यसलाई उल्टी गराउँछु। बाबेलमा जाति-जातिहरूका मानिसहरू अब उसो आउने छैनन्। बाबेलको पर्खाल ढल्नेछ।

४५हे मेरो मानिसहरू हो। बाबेलका शहरबाट बाहिर निस्क, आफ्नो प्राण बचाउन भाग। परमप्रभुको भयानक रीसदेखि भाग।

४६हे मेरा मानिसहरू हो, नडराऊ। उड़ान्त कुराहरू फैलिनेछ तर नडराऊ। यो वर्षमा एउटा उड़ान्त कुरा आउनेछ; अनि अर्को वर्षमा अर्को आउनेछ, यस भूमिमा हिंसाको उड़ान्त खबरहरू र शासकहरूको विरुद्ध शासकहरू लड्ने उड्न्त कुरा हुनेछ।

४७निःसन्देह समय आउने छ जब म बाबेलका झूटा देवताहरूलाई सजाय दिनेछु अनि बाबेलका सारा देश लाजले पानी हुनेछ। बाबेलका गल्लीहरूमा धैरे लाशहरू लड़िरहेका हुनेछन्।

४८तब स्वर्ग र पृथ्वी अनि त्यहाँ भएका सबै बाबेलका बारेमा आनन्दले कराउने छन् किनभने ध्वंसकहरू बाबेलसित लड्न उत्तर दिशाबाट आउनेछन्।" परमप्रभुले यो कुरा भन्नुभयो।

४९"बाबेलले इस्राएलबाट आएका मानिसहरू मारे। बाबेलले पृथ्वीमा भएका प्रत्येक ठाउँबाट आएका मानिसहरू मारे। यसकारण बाबेलको पतन हुनै पर्छ।

५०तिमीहरूलाई तरवारहरूबाट बचाइएकोछ। एकदम चाँडो बाबेल छोड़ नपर्ख। तिमीहरू घेरै टाढ़ा ठाउँमा छौ परमप्रभु र यरूशलेमलाई सम्झ।

५१हामी यहूदाका मानिसहरू लज्जित गराइएका छौं। हामी अपमानित भएकाछौं र तिरस्कारले हाम्रा अनुहारहरू ढाकिन्छ किनभने विदेशीहरू पमरप्रभुको मन्दिरको पवित्र ठाउँहरूमा पसे।"

५२परमप्रभु भन्नुहुन्छ, "समय आइरहेछ, जब म बाबेलका मूर्तिहरूलाई न्याय-दण्ड दिनेछु। त्यो देशका चारैतिर चोटहरूमा रुनेछन्।

५३स्वर्गसम्म बाबेल बढ्न सक्छ। उसले उसका किल्लाहरू बलियो बनाइदिनेछ। तर उसको विरुद्ध ध्वंसक पठाउनेछु।" परमप्रभुले यो कुरा भन्नुभयो।

५४"हामी बाबेलमा मानिसहरूले विलाप गरिरहेका सुन्न सक्छौ। बाबेलको देशमा मानिसहरूले ध्वंस पारिरहेको आवाज हामी सुन्छौ।

५५परमप्रभुले बाबेललाई ध्वंस गरिदिनु हुन्छ उहाँले त्यो शहरको कोलाहललाई बन्द गरिदिनु हुनेछ, शत्रुहरू समुद्रका छालहरू जस्तै गर्जेर आउनेछन। पृथ्वीभरि मानिसहरूले त्यो गर्जन सुन्नेछन्।

५६सेना आउने छ अनि बाबेल ध्वंस पार्नेछ। बाबेलका सिपाहीहरू तितर-बितर हुनेछन् तिनीहरूका धनुहरू भाँचिने छन्। किनभने परमप्रभु परमेश्वर हुनुहुन्छ जसले परिशोधन माँग गर्नुहुन्छ। उहाँले निश्चय तिनीहरूलाई चुक्त पारिदिनु हुनेछ।

५७म बाबेलका ज्ञानी मानिसहरू र मुख्य हाकिमहरूलाई मताईदिनेछु म राज्यपालहरू, हाकिमहरू र सिपाहीहरूलाई पनि दाखरसमा डुबाइ दिनेछु। तब तिनीहरू सबै सदा-सर्वदाका निम्ति सुत्नेछन् तिनीहरू कहिल्यै बिउँझने छैनन्।" महाराजाले यी कुराहरू भन्नुभयो। उहाँको नाउँ सेनाहरूका परमप्रभु हो।

५८सेनाहरूका परमप्रभु भन्नुहुन्छ: "बाबेलको बाक्लो, बलियो पर्खाल तल झारिनेछ। उसको अग्लो प्रवेशद्वारहरू जलाइनेछ। बाबेलका मानिसहरू व्यर्थमा कठोर परिश्रम गर्दछन्। जाति-जातिहरूको परिश्रम खाली आगोको लागि हुनेछ।"

### यर्मियाले बाबेल तर्फ एक सन्देश पठाउँछ

५९यो सन्देश अगमवक्ता यर्मियाले नेरियाहको छोरो मासेयाहको नाति सरायाहलाई दिए। सरायाह यहूदाका राजा सिदकियाहसँग बाबेल तर्फ गए। यस बेला

सिदकियाहको शासनकालको चौथो वर्ष थियो। अहिले
सरायाह राजभवनका मुख्य प्रभारी थिए। ६०यर्मियाले
त्यो पुस्तकमा ती सम्पूर्ण भयानक कुराहरू जुन बाबेलमा
घट्नेवाला थिए सबै लेखिदिएका थिए।

६१यर्मियाले सरायाहलाई भने, "जब तिमी बाबेलमा
जान्छौ यी वचनहरू जोरले पढ्नु। ६२तब भन, 'हे
परमप्रभु! तपाईंले यो बाबेल ध्वंस गरिदिन्छु भन्नु
भएको छ अनि यहाँ मानिसहरू र पशुहरू कोही पनि
यसमा बसो-बासो गर्ने छैनन्।' ६३यो पढ़िसके पछि,
यसलाई ढुङ्गामा बाँधेर यूफ्रेटिस नदीमा फ्याँकिदेऊ।
६४त्यसपछि भन, 'यसको विरोधमा म जुन सर्वनाश
ल्याउनेछु जसले गर्दा बाबेल त्यसरी भासिनेछ त्यो
कदापि माथि उठ्न सक्नेछैन्।'"

यर्मीयाका सन्देश यहाँ समाप्त हुन्छन्।

## यरूशलेमको पतन

५२ सिदकियाह यहूदाका राजा हुँदा उनी १२ वर्ष
मात्रका थिए। सिदकियाहले यरूशलेममा एघार
वर्ष राज्य गरे। उनकी आमाको नाउँ हमूतल हो तिनी
यर्मियाकी छोरी थिइन्। हमतूलका परिवार लिब्ना शहरका
थिए। २यहोयाकीमले गरे जस्तै सिदकियाहले परमप्रभुको
दृष्टिमा नै अनिष्ट कार्य गरे। ३डरलाग्दा घटनाहरू
यरूशलेम र यहूदामा भयो किनभने परमप्रभु तिनीहरूसित
रिसाउनु भएको थियो। अन्तमा, परमप्रभुले आफ्नो
दृष्टिबाट यरूशलेम र यहूदाका मानिसहरूलाई फ्याँकिदिनु
भयो।

सिदकियाहले बाबेलको राजा विरुद्ध विद्रोह गरे।
४यसर्थ सिदकियाहको शासनकालको नवौं वर्षको दशौं
महीनाको दशौं दिन बाबेलका राजा नबूकदनेस्सर आफ्ना
सम्पूर्ण सेना लिएर यरूशलेम विरुद्ध अघि बढ़े।
बाबेलका सेनाले यरूशलेम बाहिर शिबिर बनाएका
थिए। तिनीहरूले शहरको वरिपरि घेरा पर्खालहरू
बनाए। ५शहर घेराव सिदकियाहको राज्यकालको एघारौं
वर्षसम्म रह्यो। ६चौथो महीनाको नवौं दिनमा शहरमा
महा अनिकाल पर्‍यो। त्यस देशमा मानिसहरूका निम्ति
भोजन थिएन। ७शहरको पर्खालमा प्वाल बनाएको
थियो। यरूशलेमका सेना भागे। तिनीहरूले शहर राता-रात
त्यागे। राजाको बगैंचाको दुइ पर्खालहरूको माझको
प्रवेशद्वारबाट तिनीहरू गए। अहिले बाबेलीहरूले शहरलाई
घेरेका थिए। तिनीहरू आराबातिर भागे।

८तर राजा सिदकियाहलाई बाबेलका सेनाले खेदे।
तिनीहरूले यरीहोको मैदानमा तिनलाई समाते।
सिदकियाहका सबै सिपाहीहरू भागे। ९बाबेलका सेनाले
राजा सिदिकयाहलाई पक्रे अनि तिनीहरूले उसलाई
हमातको देश रिब्लामा बाबेलका राजाकहाँ ल्याए।
रिब्लामा बाबेलका राजाले राजा सिदकियाहमाथि आफ्नो
निर्णय सुनाए। १०रिब्लामा बाबेलका राजाले सिदकियाहको
छोरोहरू तिनको उपस्थितिमा मारिदिए। सिदकियाहलाई
उनका छोराहरू उपस्थितिमा मारिएको हेर्न वाध्य पारियो।
तिनीहरूले यहूदाका सारा हाकिमहरूलाई पनि मारिदिए।
११त्यसपछि बाबेलका राजाले सिदकियाहलाई अन्धा
बनाए। उसले सिदकियाहलाई साङ्लाले बाँधे अनि
तिनलाई बाबेलमा लगेर तिनको मृत्यु सम्म कैदमा
राखे।

१२राजा नबूकदनेस्सरको राज्यकालको उन्नाईसौं वर्षको
पाँचौ महीनाको दशौं दिनमा बाबेलका राजाका विशेष
रक्षकहरूको कप्तान नबूजरदान यरूशलेममा आए।
१३नबूजरदानले परमप्रभुको मन्दिरमा आगो लगाइदियो।
उनले राजाको महल, सबै साधरण र महत्वपूर्ण घरहरूमा
आगो लगाइदियो। १४बाबेलका सम्पूर्ण सेना जो
तिनीहरूका कप्तानसित थिए, तिनीहरूले यरूशलेमको
वरिपरिको पर्खालहरू तोड़िदिए। १५कप्तान नबूजरदानले
केही गरीब मानिसहरू अनि शहरमा बाँकी रहेका
मानिसहरूलाई कैद गरे अनि बाबेलका राजासित समर्पण
भइसकेकाहरूलाई बाबेल लगे। उनले कुशल
कारीगरहरूलाई पनि कैद गरेर लगे। १६तर नबूजरदानले
कतिपय गरीब मानिसहरूलाई खेती र दाखबारीमा काम
गर्नलाई छोडी दिए।

१७बाबेलीहरूले परमप्रभुको मन्दिरको काँसाको
खम्बाहरू त्यसको घेड़ेरीहरू, काँसाको ट्याँकी तोड़े
अनि काँसा बाबेलमा लगे। १८बाबेलका सेनाले मन्दिरबाट:
भाँड़ाहरू, बेलचाहरू, सलेदो काट्नेहरू, धुपौरोहरू,
ठूलो बाटाहरू, कचौराहरू, अनि सारा काँसाका भाँड़ाहरू
जो मन्दिरको काममा चलाइन्थ्यो सबै लगे। १९राजाका
कप्तानका विशेष प्रहरीहरूले साना-साना धूपदानीहरू,
अभिषेक गर्ने बोलहरू, भाँड़ाहरू सामदानहरू, चम्चाहरू
जुन सुन र चाँदीबाट बनाइएका थिए अनि अर्घ
बलिहरूको लागि प्रयोग गरिन्थ्यो सबै लगे। २०ती दुइ
खम्बाहरू, एउटा ठूलो काँसाको खड्कुँलो, बाह्रवटा
काँसाको गोरुहरू अनि सार्न नसकने आधारहरू जो
राजा सुलेमानले परमप्रभुको मन्दिरको लागि बनाएका
थिए। ती सबै काँसाले बनाएका चीजहरू तौल गरी
नसक्नुको थियो।

२१प्रत्येक काँसाका स्तम्भहरू १८ हात उँचाई,
१२ हात गोलाई र ४ अङ्गूल मोटाई अनि बीचमा
खोक्रो भएको थियो। २२प्रत्येक स्तम्भको शिरहरू
काँसाले बनिएका अनि ५ हात अग्ला थिए। यो
काँसाले सजिएको जाली र काँसाले दारीमदाना बुट्टाहरूले
वरिपरि सजिएको थियो। अन्य स्तम्भ पनि दारीमदाना
जस्तै बुट्टाले सजिएका थिए। २३त्यस्का छेव-छैवमा
९६वटा दारिमहरू थिए। त्यहाँ जालीको घेरा वरिपरि
जम्मा १०० वटा दारिमहरू थिए।

२४राजाको खास रक्षकहरूको अधिकारीले सरायाह र
सपन्याहलाई कैदी बनाएर लगे। सरायाह मुख्य पूजाहारी

र सपन्याह दोस्रो पूजाहारी थिए। त्यस बाहेक तीनजना ढोकेहरूलाई पनि कैदीहरू बनाएर लगे। **२५**तिनले यरूशलेममा भेटिएका राजाका सेनाहरूका अफिसर अनि राजाका सातजना सल्लाहकारहरूलाई पनि लगे। तिनले अधिकारीहरूका सचिव जसले मानिसहरूको नाउँ सेनामा लेखाँउथे तिनलाई, त्यस ठाउँमा भेटिएका मानिसहरू र शहरमा भेटिएका साठी जना पुरुषहरूलाई पनि लगे। **२६-२७**विशेष रक्षकका कप्तान नबूजरदानले तिनीहरूलाई बाबेलका राजा जो रिब्लामा थिए तिनकहाँ पुर्‍याए। रिब्ला हमात देशमा छन। राजाले तिनीहरू सबैलाई मार्ने आदेश दिए।यसर्थ तिनले तिनीहरूलाई मारे।

यसरी यहूदाका मानिसहरूलाई कैदी जस्तै आफ्नो देशबाट बाहिर लगियो। **२८**नबूकदनेस्सरले यसरी मानिसहरूलाई कैद बनाएर लगे अनि तिनीहरूको संख्या यो हो।

नबूकदनेस्सर राजा भएको सातौं वर्षमा, ३,०२३ मानिसहरू यहूदाबाट लगियो।

**२९**नबूकदनेस्सरको राज्यकालको अठारौं वर्षमा ८३२ यहूदीहरूलाई यरूशलेमको बाहिर लगियो।

**३०**नबूकदनेस्सरको राज्यकालको तेईसौं वर्षमा प्रहारीहरूका कप्तान नबूजरदानले ७४५ यहूदीहरूलाई निर्वासनमा लगियो।

जम्मा ४,६०० यहूदीहरूलाई कैदी बनाएर लगियो।

## यहोयाकीनलाई मुक्त गराए

**३१**यहूदाका राजा यहोयाकीनले बाबेलमा सैतीस वर्ष कैदी जीवन बिताए। यहोयाकीनको कैदीकालको सैतीस वर्षमा बाबेलका राजा एवील-मरोदकले अति दया साथ यहोयाकीनलाई कैदबाट मुक्त गराए। यो त्यही वर्ष थियो जब एवील-मरोदकका राजा भएका थिए। **३२**एवील-मरोदकले यहोयाकीनसँग प्रेमपर्वक बात गरे। अनि उनले यहोयाकीनलाई बाबेलमा उनीसंग रहेका अन्य राजाहरूलाई भन्दा उच्च स्थानको सम्मान दिए। **३३**यसकारण यहोयाकीनले आफ्ना कैदी पोषाक खोलेर उतारे। त्यसपछि उसले भोजन पनि राजाकै टेबलमा खाए। **३४**प्रत्येक दिन बाबेलका राजाले यहोयाकीनलाई भत्ता दिन थाले। यो यहोयाकीनको मृत्यु पर्यन्त लगातार चलिरह्यो।

# यशैयाको पुस्तक

१ यो अमोसको छोरो यशैयाको दर्शन हो। जुन कुराहरू यहूदा र यरूशलेममा हुन आउने थिए। परमेश्वरले ती कुराहरू यशैयालाई देखाउनु भयो। यशैयाले ती दर्शनहरू उज्जियाह योतम, आहाज अनि हिजकियाह यहूदाका राजाहरू भएका समयमा देखे।

### आफ्ना मानिसहरू विरूद्ध परमेश्वरको मुद्दा

२हे, आकाश र पृथ्वी परमप्रभुको कुरालाई ध्यान लगाएर सुन! परमप्रभु भन्नु हुन्छ,

"मैले मेरा नानीहरूलाई पालन-पोषण गरें। मैले तिनीहरूलाई हुर्काएँ, बढाएँ तर तिनीहरू नै मेरा विरोधी भए।

३गोरूले आफ्नो मालिकलाई चिन्छ अनि गधा आफ्नो स्वामीले दाना दिने डूँड़* कहाँ छ जान्दछ। तर इस्राएलका मानिसहरूले मलाई चिन्दैनन्। मेरै मानिसहरूले मलाई बुझ्दैनन्।"

४इस्राएल राष्ट्र नै दोष पूर्णछ। यो दोष मानिसहरूले बोक्नु पर्ने गह्रौगो भारी जस्तो छ। ती मानिसहरू पापी परिवारहरूबाट जन्मिएका दुष्ट नानीहरू हुन्। तिनीहरूले परमप्रभुलाई छाड़े। तिनीहरूले इस्राएलका पवित्र परमप्रभुको अपमान गरे। तिनीहरूले उहाँलाई त्यागे र उहाँलाई विदेशी जस्तो व्यवहार गरे।

५परमेश्वर भन्नुहुन्छ, "मैले तिमीहरूलाई किन दण्ड दिइरहनु? मैले तिमीहरूलाई दण्ड दिएँ तर तिमीहरू बद्लिएनौ अथवा सचेत भएनौ। तिमीहरू अझै मेरो विरोधमा अटेरी भइरह्यौ। अहिले मन र हृदय दुवै नै अस्वास्थ छ। ६तिमीहरूका पैतालादेखी टुप्पी सम्म, शरीरको प्रत्येक अङ्गरमा चोटै चोट र पीड़ै-पीड़ाहरू मात्र छन्। तिमीहरूले आफ्ना पिड़ाहरूको ध्यानै गरेका छैनौ। तिमीहरूका घाउहरू न त सफा गरिएकाछन त पुरिएकै छन्।

७"तिमीहरूका देश विध्वंश भएको छ। तिमीहरूका शहरहरू आगोले जलिसकेका छन्। तिम्रा शत्रुहरूले तिमीहरूको जग्गा-जमीन लगिसकेको छ। तिमीहरूको जग्गा-जमीन सेनाहरूद्वारा ध्वंस्त पारिएको एउटा देश जस्तो छ। ८सियोनकी छोरी अहिले दाख बारीहरूमा छोड़िएको रित्तो पाल जस्तै भएकी छे। उ काँक्रा बारीहरूमा छाड़िएको एक पुरानो छाप्रो जस्तो छ। शत्रुहरूद्वारा परास्त भएको शहर जस्तो छ।" ९यो सत्य हो सेनाहरूका परमप्रभुले हाम्रा निम्ति केही मानिसहरूलाई अझ बाँच्ने अनुमति दिनु पर्छ। हामी सोदोम र गमोरा शहरहरू जस्तै पूर्ण रूपमा ध्वंस्त भएका छैनौ।

### परमेश्वर साँचो सेवा चाहनु हुन्छ

१०हे सोदोमका शासकहरू परमप्रभुको सन्देश ध्यान दिएर सुन! गमोराका मानिसहरू परमेश्वरका उपदेशहरू ध्यान दिएर सुन! ११परमेश्वर भन्नुहुन्छ, "तिमीहरू किन मलाई यस्ता बलिहरू दिइरहेकाछौ? मसित तिमीहरूले बलि चढ़ाएका बाख्राहरू, साँढ़े र भेड़ाको बोसो चाहिएको भन्दा अधिक थियो। म यिनीहरूमा आनन्द लिदिँन्।

१२"जब तिमीहरू मसँग भेट्न आयौ, तिमीहरूले मेरो आँगनको सबै चीजहरू कुल्चदैं आयौ। तिमीहरूलाई त्यसो गर्न कसले भन्यो?

१३"व्यर्थको बलिहरू अब मकहाँ बल्याओ। जुन धूप तिमीहरू मलाई चढाउछौ, त्यो म घृणा गर्छु। औंसी, विश्रामको दिन र पवित्र दिनहरूमा भएको तिमीहरूका समारोह म सहन सक्तिनँ। तिमीहरूले पवित्र सभामा गरिरहेका दुष्ट कामहरू म घृणा गर्छु। १४मेरा सम्पूर्ण हृदयबाटै तिमीहरूले गरेका मासिक सभा र महासभाहरू म घृणा गर्छु। ती सभाहरू मेरा निम्ति अत्यन्त बोझ भएका छन्। अनि म ती भारीहरू बोकेर थाकि सकेकोछु।

१५"तिमीहरू मलाई प्रार्थना गर्न आफ्ना हातहरू उचाल्ने छौ, तर म तिमीहरू तर्फ हेर्न पनि अस्वीकार गर्नेछु। तिमीहरू धेरै भन्दा धेरै प्रार्थनाहरू गर्नेछौ, तर म सुन्नलाई अस्वीकार गर्नेछु। किन? किनभने तिमीहरूका हातहरू रगतले मुछिएका छन्।

१६"आफु स्वयंलाई धोई-पखाल। आफू स्वयंलाई शुद्ध बनाऊ। आफूले गरिरहेको नराम्रा कामहरूलाई रोक म त्यस्ता नराम्रा कामहरू हेर्न चाँहदिन गल्ती काम नगर! १७राम्रो कामहरू गर्न सिक। अरु मानिसहरूप्रति स्वच्छ बन्। ती मानिसहरूलाई दण्ड देऊ जसले दु:ख पैदा गर्छ। ती नानीहरूलाई साथ देऊ जसका आमा-बाबुहरू छैनन्। ती आइमाईहरूलाई समर्थन गर जसका लोग्नेहरू पहिल्यै मरिसकेका छन्।"

---

**डूँड़** गाई वस्तुलाई कुड़ो पकाएर दिने ठाउँ (काठलाई खोपेर बनाएको खोक्रो)

१८परमप्रभु भन्नुहुन्छ, "आऊ, ती कुराहरूमा चर्चा गरौं। तिमीहरूका पापहरू सिंदूर जस्ता राता छन्, तर तिनीहरू पखालेर फ्याँक्न सकिन्छ र तिमीहरू हिउँ जस्ता सेतो हुनेछौ। तिमीहरूका पापहरू चहकिलो राता छन्, तर तिमीहरू ऊन जस्तो सेतो हुन सक्छौ।
१९"मैले भनेका कुराहरूमा तिमीहरूले ध्यान दियौ भने तिमीहरूले यस ठाउँबाट असल कुराहरू पाउनेछौ।
२०ध्यान दिएनौ भने, तिमीहरू मेरो विरोधी हुनेछौ। अनि तिम्रा शत्रुहरूले तिमीहरूलाई नाश गर्नेछन्।"
परमप्रभु स्वयंले ती कुराहरू भन्नुभयो।

## परमप्रभु प्रति यरूशलेम निष्ठावान छैन

२१परमेश्वर भन्नुहुन्छ, "यरूशलेमलाई हेर! ऊ यस्तो शहर थिई जसले मलाई भरोसा गरी अनि मेरो अनुसरण गरी। के कारण थियो एक वेश्या हुन बाध्य भई अहिले मलाई पछ्याउँदिन्। यरूशलेमको न्याय गरीनेछ। यरूशलेमका बासिन्दाहरू परमेश्वरले मन पराउनु हुने बाटोमा हिड्नु पर्छ। तर अहिले त्यहाँ हत्याराहरू मात्र बस्छन्।
२२"तिम्रो धार्मिकता मूल्यहीन भएको छ। तिम्रो दाखरसमा पानी मिसाएको छ। अब यो रसहीन भएको छ।
२३तिमीहरूका शासकहरू विद्रोही अनि चोरका मित्रहरू भएका छन्। तिमीहरूका सम्पूर्ण अधिकारीहरूले घूस माग्दछन् -तिनीहरूले नराम्रा कामहरू गरेर पैसा लिन्छन्। तिम्रा सम्पूर्ण अधिकारीहरूले मानिसहरूलाई ठगेर ज्याला लिन्छन्। आमा-बाबु नभएका टुहुरा-टुहुरीहरूलाई तिम्रा अधिकारीहरूले सहयोग गर्ने प्रयास गर्दैनन्। तिनीहरूले विधवाहरूका गुनासोलाई पनि ध्यानै दिदैनन्।"
२४ती सबै कुराहरूले गर्दा- मालिक, सेनाहरूका परमप्रभु इस्राएलका शक्तिशाली परमपवित्र परमेश्वर भन्नुहुन्छ, "म तिमीहरूलाई दण्ड दिनेछु। मेरो शत्रुहरू तिमीहरू मेरो लागि अब उप्रान्त दु:खका कारण हुने छैनौ,
२५चाँदी टल्काउनलाई मानिसहरूले खरानी प्रयोग गर्दछ। त्यस्तै प्रकारले म तिमीहरूका सम्पूर्ण गल्ती कार्यहरू साफ गरिदिने छु। म तिमीहरूबाट सम्पूर्ण मूल्यहीन कुराहरू निकाली दिनेछु।
२६न्यायकर्त्ताहरूलाई म पहिले जस्तै फर्काई ल्याउनेछु। तिमीहरूका सल्लाहकारहरू* जस्तो तिमीहरूसँग धेरै पहिला थिए त्यस्तै हुनेछन्। त्यसपछि तिमीहरूले भन्नेछौ 'असल र विश्वासयोग्य शहर।'"
२७सियोन परमप्रभुको न्यायद्वारा उद्धार हुनेछ अनि जो उहाँकहाँ फर्कन्छ तिनीहरूलाई उहाँको धार्मिकताले उद्धार गरिनेछ।
२८तर सम्पूर्ण अपराधीहरू र पापीहरू नष्ट हुनेछन्। (परमप्रभुलाई नपछ्याउने मानिसहरू ती हुन्।)
२९भविष्यमा मानिसहरू जसले फलाँटका रूखहरू* र विशेष बगैंचाँहरू पूज्नलाई रोजे उनीहरू लज्जित हुनेछन्।
३०यस्तो घटना हुने नै छ किनभने तिमीहरू फलाँटका पातहरू ओइलिएर मरेको जस्तै हौ। तिमीहरू पानी बिना सुक्दै गएको बगैँचा जस्तै हौ।
३१शक्तिशाली मानिसहरू जङ्गलमा सुकेका मसिना दाउराहरू जस्तै हुनेछन्। अनि जुन कुराहरू ती मानिसहरूले गर्नेछन् त्यो एक भिल्का जस्तो हुनेछ जसले आगो लगाउनेछ। ती शक्तिशाली मानिसहरू र तिनीहरूले गरेका कार्यहरू सबै त्यही आगोमा डढेर भस्म हुनेछन् अनि कसैले पनि त्यो आगो निभाउन सक्ने छैन्।

**२** आमोसको छोरो यशैयाले यहूदा र यरूशलेमको विषयमा यो सन्देश देखे।
२अन्तिम दिनहरूमा परमप्रभुको मन्दिर सबै पर्वतहरू भन्दा उच्चमा हुनेछ। यो सबै पहाड़हरू भन्दा-माथि हुनेछ। सबै जातिहरू त्यहाँ ओइरो लाग्नेछन्।
३धेरै मानिसहरू त्यहाँ जानेछन्। तिनीहरूले भन्नेछन् "आऊ! हामीमाथि परमप्रभुको पर्वत सम्म जाऊ, माथि याकूबको परमेश्वरको मन्दिरमा। अनि परमेश्वरले हामीलाई जीउने विषयमा शिक्षा दिनु हुनेछ। अनि हामीले उहाँलाई पछ्याउनेछौ।"
परमेश्वरका उपदेशहरू-परमप्रभुको अनि सन्देश-यरूशलेम अर्न्तगत सियोन पर्वतमा हुनेछ र सम्पूर्ण संसारभरि नै फैलिएर जानेछ।
४त्यसपछि परमेश्वर नै सबै जातिहरूकालागि न्यायाधिश हुनुहुनेछ। उहाँले विवादका कुराहरू मानिसहरूकै लागि अन्त गर्नुहुनेछ। ती मानिसहरूले लड़ाइँ गर्ने आफ्ना हात-हतियारहरू बन्द गर्नुहुनेछ। तिनीहरूले आफ्ना तरवारबाट हलोको फाली बनाउनेछन्। अनि तिनीहरूका आफ्ना चलाउने भालाहरूबाट घाँस काट्ने हँसिया बनाउनेछन्। मानिसहरू एक अर्कोको विरुद्धमा लड़ाइँ लड़न छाड़ने छन्। मानिसहरूले फेरि कहिल्यै पनि युद्धकालागि तालिम लिने छैनन्।
५याकूबको सन्तानहरू, तिमीहरूले परमप्रभुलाई पछ्याउनु नै पर्छ।
६म तिमीलाई यो भन्छु किनभने तिमीले आफ्ना सन्तानहरू छोड्यौ। तिम्रा मानिसहरू पूर्वका मानिसहरू जस्तो भूल विचारले भरिएकाछन्। तिम्रा मानिसहरू पलिश्तीहरूले जस्तै भविष्यवाणी गर्ने चेष्टा गर्दैछन्। तिम्रा मानिसहरूले विदेशी विचार सम्पूर्ण रूपले स्वीकार गरिरहेका छन्।
७अन्य देश भन्दा

---

**सल्लाहकारहरू** खरानीलाई हलमा वारनिस् पनि भनिन्छ। त्यसबेला वारनीस् (ओथ।) थिएन र आगोको खरानी नै चलाइन्थ्यो। संस्कृतमा क्षार भनिन्छ।

**भविष्यमा...रूखहरू** को अर्थ अक तरेएस काँडैकाँड़ा र चोप भएको एक प्रकारको माफीफल व मायाफलको रूख हो। तर मूर्ति पुज्ने प्रतीकमा प्रयोग भएको छ।

तिमीहरूको देश सुन र चाँदीले भरिएको छ। त्यहाँ धेरै
भन्दा धेरै राजकोषहरू छन्। तिमीहरूका देश
घोड़ाहरूले भरिएका छन्। त्यहाँ अनगन्ती रथहरू छन्।
८तिनीहरूको देश मूर्तिहरूले भरिएका छन्। त्यहाँ
तिनीहरूले मूर्तिहरू बनाएर नै पुज्दछन्। ९मानिसहरू
तुच्छ भन्दा पनि तुच्छ बनिए। मानिसहरू अत्यन्त नीच
भए। परमेश्वर निःसन्देह तपाईंले तिनीहरूलाई क्षमा
दिनु हुने छैन?

### परमेश्वरका शत्रुहरू डराउने छन्

१०जाऊ मैलो-हिलोमा लुक, गुफा-कन्दरा तिर लुक!
तिमीहरू परमप्रभुबाट डराउनु पर्नेछ र उहाँको महामहिम-
शक्तिबाट लुक्नु पर्नेछ!

११घमण्डी मानिसहरू घमण्ड गर्न छोड़। ती घमण्डी
मानिसहरू लाजले आफै आफ्नो नजरबाट खस्नेछन्।
त्यसबेला, परमप्रभु मात्र उच्च हुनुहुनेछ।

१२परमप्रभुसँग एक त्यस्तो दिनको योजना छ। त्यस
खास दिनमा परमप्रभुले ती घमण्डी र सेखी गर्ने
मानिसहरूलाई दण्ड दिनुहुनेछ। तब ती घमण्डी
मानिसहरूको महत्व रहने छैन्। १३ती घमण्डीहरू
लबानोनका देवदारुको अग्ला रूखहरू जस्ता हुन्।
तिनीहरू बाशानका फलाँट जस्ता हुन्। तर परमेश्वरले
तिनीहरूलाई दण्ड दिनुहुनेछ। १४ती घमण्डी मानिसहरू
अग्ला पर्वतहरू र उच्च पहाडहरू जस्ता हुन्। १५ती
घमण्डी मानिसहरू अल्गो धरहरा र दरिलो पर्खालहरू
जस्तै हुन्। तर परमेश्वरले तिनीहरूलाई दण्ड दिनुहुने
छ। १६ती घमण्डीहरू तर्शीशको विशाल जहाजहरू
जस्तै हुन्। ती जहाजहरू बहुमूल्य सामानहरूले भरिएको
छन्। तथापि परमेश्वरले ती घमण्डी मानिसहरूलाई
दण्ड दिनु हुनेछ।

१७तब मानिसहरू घमण्डी हुन छोड़नेछन्। ती मानिसहरू
जो घमण्डी छन्, तिनीहरूको घमण्ड माटोमा मिल्नेछ।
त्यस बेला, परमप्रभु मात्र सबै भन्दा उच्च हुनुहुनेछ।
१८सम्पूर्ण मूर्तिहरू हराएर जानेछन्। १९मानिसहरू
ओड़ारहरू र पृथ्वीका चेपचापमा लुक्ने छन्। मानिसहरू
परमप्रभु र उहाँको महामहिम शक्तिबाट डराउनेछन्। यो
घट्ना त्यतिबेला घट्ने छ जब परमप्रभुले पृथ्वीलाई
कमाउन उभिनु हुन्छ।

२०त्यतिबेला मानिसहरूले आफ्ना सुन र चाँदीका
मूर्तिहरू फ्याँकि दिनेछन्। ती मूर्तिहरू मानिसहरूले पुज्न
सकुन भनेर उनीहरूले नै बनाएका थिए। मानिसहरूले
ती मूर्तिहरू पृथ्वीका प्वालहरूमा फ्याँकिदिनेछन जहाँ
चमेराहरू र छुचुन्द्रा बस्छन्। २१त्यसपछि मानिसहरू
चट्टानका-कन्दरातिर लुक्नेछन्। तिनीहरू परमप्रभु र
उहाँका महान शक्तिबाट भयभीत भएर त्यसो गर्नेछन्।
यो त्यतिबेला घटना घट्ने छ जब परमप्रभुले पृथ्वीलाई
थर्थर कमाउन उठनु हुनेछ।

### इस्राएलले परमप्रभुमा विश्वास गर्नु पर्छ।

२२तिमीहरूले आफूलाई जोगाउन अन्य मानिसहरूमा
भरोसा नगर्। तिनीहरू मानिसहरू मात्र हुन्-जो मर्दछन्।
यसकारण तिमीहरूले उनीहरूलाई परमप्रभु जस्तै
प्रभावशाली हुन्छन भनेर नठाने पनि हुन्छ।

**३** मैले तिमीहरूलाई भन्दै गरेको कुराहरू बुझ।
परमेश्वर, सेनाहरूका परमप्रभुले, यरूशलेम र
यहूदाले भर गर्ने सबै थोकहरू लैजानु हुनेछ। परमेश्वरले
सबै भोजन र पानी पनि लैजानु हुनेछ। २परमेश्वरले
सबै वीरहरू र महान सिपाहीहरू लैजानु हुनेछ।
परेमश्वरले सबै न्यायकर्त्ताहरू, अगमवक्ताहरू, जोखना
हेर्ने मानिसहरू र बूढ़ा-प्रधानहरू सबैलाई नै लैजानु
हुनेछ। ३परमेश्वरले सैन्य अधिकारीहरू र सरकारी
अधिकारीहरू लैजानु हुनेछ। परमेश्वरले कुशल कारीगरहरू
र चलाख जादूगार जसले भविष्य बताउने प्रयास गर्दछ
तिनीहरूलाई पनि लैजानु हुन्छ।

४परमेश्वर भन्नुहुन्छ, "म जवान युवाहरूलाई
तिमीहरूका मार्ग दर्शक बनाउनेछु। ५प्रत्येक मानिस
अर्को मानिसको विरोधी हुनेछ। यसर्थ सबै जना नै
पिरोलिनेछन्। युवाहरूले ठूला बड़ाहरूको आदर गर्ने
छैनन्। साधरण मानिसहरूले महत्वपूर्ण मानिसहरूको
विश्वास गर्ने छैनन्।"

६त्यसबेला, एकजना मानिसले आफ्नै परिवारको कुनै
भाइलाई समात्नेछ। त्यस मानिसले आफ्नो भाइलाई
भन्नेछ, "तिमीसँग एउटा कोट छ, यसैले तिमी हाम्रो
अगुवा हुनेछौ। तिमी यी सबै विनाशको अगुवा
हुनेछौ।"

७तर त्यो भाइले भन्नेछ, "म तिमीलाई साथ दिन
सक्तिन्। घरमा मसँग प्रशस्त भोजन र लुगाहरू छैन्।
तिमी मलाई तिमीहरूका अगुवा नबनाऊ।"

८यस्तो घटना हुनेछ किनभने यरूशलेमले ठक्कर
खाएको छ र साथै गल्ती काम गरेको छ। यहूदाको
पतन भयो अनि परमेश्वरलाई पछ्याउन छोड़े। जुन
कामहरू तिनीहरूले गर्छन अनि भन्छन तिनीहरू परमप्रभुके
विरुद्धमा हुन्छन्। परमेश्वरको महिमामय आँखहरूले ती
सबै कुराहरू छर्लङ्ग देख्नु हुन्छ।

९मानिसहरूका अनुहारहरूले बताउँछन कि तिनीहरू
आफ्नो गल्ती कार्यहरूको लागि दोषी छन्। अनि
तिनीहरू आफ्नो पापकर्ममा अंहकार गर्दछन्। तिनीहरू
सदोमका मानिसहरू जस्तै छन्। तिनीहरू आफ्ना पापहरू
कसैले देख्ला भनेर प्रदर्शन गर्दैनन्। यो उनीहरूका
लागि अत्यन्त हानीकारक हुनेछ। तिनीहरू आफैले
स्वयंमा बढ़ी दुःखहरू ल्याएकाछन्।

१०धर्मी मानिसहरूलाई भन, "तिनीहरूको लागि
राम्रो कुराहरू हुनेछन्। तिनीहरूले गरेको राम्रो कार्यको
लागि पुरस्कार पाउँनेछन्। ११तर दुष्ट मानिसहरूका
लागि यो एकदम अनिष्ट हुनेछ। एकदमै ठूलो दुःख-कष्टहरू

उनीहरूमा आइपर्नेछ। तिनीहरूले गरेको जति पनि
गल्ती कर्महरूको लागि दण्ड पाउनेछन्। १२युवाहरूले
मेरा मानिसहरूलाई परास्त गर्नेछन्। स्त्रीहरूले मेरो
मानिसहरूमाथि शासन गर्नेछन्। मेरा मानिसहरू, तिम्रा
मार्ग दर्शकहरूले तिमीहरूलाई गल्ती बाटो
डोर्याउनेछन्। तिनीहरूले सुमार्गबाट तिमीहरूलाई
फर्काउनेछन्।

## आफ्ना मानिसहरूप्रति परमेश्वरको निर्णय

१३मानिसहरूको न्याय गर्नकोलागि परमप्रभु खड़ा
हुनुहुन्छ। १४परेमश्वरले ती बूढ़ा-प्रधानहरू र अगुवाहरूका
विरुद्धमा उनीहरूका कुकर्मकोलागि आफ्नो न्याय
दिनुहुनेछ।
परमप्रभु भन्नुहुन्छ, "तिमीहरूले दाखबारीहरू
जलायौ। तिमीहरूले गरीब मानिसहरूका धन-सम्पत्ति
लुट्यौ जो अहिले सम्म तिमीहरूको घर-घरमा छँदैछ।
१५मेरा मानिसहरूलाई यसरी दु:ख कष्ट दिनु भनेर
तिमीहरूलाई कसले अधिकार दियो? ती गरीब
मानिसहरूमाथि चिचोमीचो गर्नु भनेर कसले अधिकार
दियो?" मेरो मालिक, सेनाहरूका परमप्रभुले यी कुराहरू
भन्नुभयो।
१६परमप्रभु भन्नुहुन्छ, "सियोनका स्त्रीहरू अत्यन्त
अहंकारी भएका छन्। तिनीहरू शिर ठाडो पारेर वरिपरि
हिड़िरहन्छन्, मानौं अरू भन्दा तिनीहरू असल हुन्। ती
स्त्रीहरू आँखाहरू झिम्काउँदै हिड़िरहन्छन्। तिनीहरू
आफ्ना पायलहरू झन्काउँदै स्वांग पारेर वरिपरि नाँच्दै
घुमिहिड़्छन्।"
१७मेरा मालिकले ती स्त्रीहरूका टाउकोमा लूतै लूतो
भरिदिनु हुनेछ। सियोनका ती स्त्रीहरूका सबै केशहरू
झर्नेछन्। १८त्यस बेला परमप्रभुले तिनीहरूको घमण्डको
सबै थोक, सुन्दर कल्लीहरू, सूर्य र चन्द्रमा जस्तै
देखिने कण्ठहार लैजाउनु हुनेछ। १९कुण्डलहरू, चुराहरू,
घुम्टोहरू, २०दोपट्टाहरू, पायलहरू, पटुका, कल्ली,
अत्तरका बोतलहरू अनि जन्तरहरू, २१छाप औंठीहरू
र नाकका मुन्द्री, २२दामी पोषाकहरू, टोपीहरू शालहरू
र थैलीहरू, २३ऐनाहरू, मलमलका पोषाकहरू, फेटाहरू,
र लाम शालहरू।
२४ती स्त्रीहरूले अब सुगन्धको सट्टामा दुर्गन्धि
पाउनेछन्। अहिले तिनीहरूले पटुका बाँधेकाछन् तर
त्यस समयमा तिनीहरूले डोरी बाँध्ने छन्। अहिले
तिनीहरूको केश सुहाउदो पारेर बाटेकाछन् तर त्यस
समयमा केश खौरेर एउटा केश सम्म टाउँकोमा
हुनेछैन्। अहिले तिनीहरूसँग आकर्षक पहिरन छ तर
त्यस समयमा तिनीहरूले शोक मनाउने पहिरन लाउनेछन्।
अहिले तिनीहरूका अनुहारमा सुन्दर चिन्हहरू छन्। तर
त्यस समयमा त्यहाँ अर्कै दागहरू हुनेछन्। ती दागहरू
डामेका दागहरू हुनेछन्।
२५त्यतिबेला, तिमीहरूका पुरुष जातिहरू तरवारहरूद्वारा
मारिनेछन्। तिमीहरूका वीरहरू युद्धमा मर्ने छन्। २६त्यहाँ
रूवाई र उदासीनता छाउनेछ। शहरको प्रवेशद्वारको
सभाहरूमा रूनु पर्दछ। यरूशलेम चोरहरू र डाकूहरूबाट
सबै थोकहरू लुटिएर खाली हात बसेकी स्त्री जस्तै
हुनेछे। उसले त्यस बेला भूईंमा बसेर विलाप गर्छे।

४ त्यतिबेला, सातजना स्त्रीहरूले एकजना पुरूषलाई
समात्ने छन्। तिनीहरूले भन्ने छन्, "हामी खानलाई
आफ्नै रोटी बनाउने छौ। अनि लगाउनलाई आफ्नै लुगा
बनाउने छौ। हामी यी सम्पूर्ण कुराहरू आपनै निम्ति
गरिरहेका छौ यदि तिमी हामीहरूसँग विवाह गर्छौं भने
तिम्रो नाउँ जान्न पाउँ। दया गरेर, हाम्रा अपमान हटाई
देऊ।"
२त्यस समयमा, परमप्रभुको हाँगो (यहूदा) सुन्दर र
गौरवपूर्ण हुनेछ। अझै इस्राएलमा बसोबास गर्ने मानिसहरू
धरतीमा उप्जिएका वस्तुहरू देखेर गर्वित हुनेछन्।
३त्यतिबेला अझ सियोन र यरूशलेममा बसिरहेका
मानिसहरू सबैले पवित्र मानिसहरू भनी मान्नेछन्। यी
नाउँहरू खास सूचीमा दर्ता भएका मानिसहरूका निम्ति
हुनेछ; सूचीमा दर्ता भएका मानिसलाई सधैं बस्ने
अनुमति दिइनेछ।
४परमप्रभुले सियोनका स्त्रीहरूको रगत धोई दिनुहुनेछ।
परमप्रभुले यरूशलेमबाट सबै रगत धोई पखाली*
दिनुहुनेछ। परमेश्वरले न्यायिक स्वभाव प्रयोग गरी
निष्पक्ष न्याय गर्नुहुनेछ। अनि उहाँको अग्नि स्वभावले
सम्पूर्ण कुराहरू शुद्ध पार्नु हुनेछ।
५तब परमप्रभुले प्रमाण गर्नुहुनेछ कि उहाँ आफ्ना
मानिसहरूसँगै हुनहुन्छ। परमेश्वरले दिनभरि धुवाँले
भरिएको बादल बनाउनु हुनेछ। अनि रातभरि बल्दै
गरेको आगोको ज्वाला उज्ज्वल बनाउनु हुनेछ। यी
प्रमाणहरू सियोन पर्वतमाथि प्रत्येकमा अनि तिनीहरूको
सबै सभाहरूमाथि हुनेछन्। प्रत्येकमाथि सुरक्षाको घेरा
हुनेछ। ६यो सुरक्षाको ठाउँ हुनेछ। त्यस व्यवस्थाले
मानिसहरूलाई घामको तापबाट जोगाउने छ। त्यो
व्यवस्थाले प्रत्येक बाढ़ी र बर्षाबाट मानिसहरूलाई
लुकाउने ठाउँ हुनेछ।

## इस्राएल परमेश्वरको विशेष बगैंचा

५ अब, म मेरा साथीहरूकालागि गीत गाउनेछु। यो
गीत उनीहरूका दाख बारीको विषयमा छ।
मेरा मित्रको अत्यन्त समृद्ध दाखबारी थियो।
२मेरा मित्रले खेत खने अनि सफा पारे। उनले त्यहाँ
राम्रो अङ्गुरको बोट रोप। उनले खेतको माझमा एउटा

---

**रगत धोई पखाली** नारी जातीको मासिक रजस्वला भए पश्चात मनाइने एक दिन। त्यसपछि मात्र लोग्ने स्वामी सँग बस्न सक्छ।

मचान अनि एउटा कोल निर्माण गरे। तब उनले त्यहाँ
अङ्गुरको राम्रो फसल आशा गरे। तर त्यहाँ नराम्रा
अङ्गुरहरू मात्र फल्यो।

३यसकारण परमेश्वरले भन्नुभयो: "यरूशलेममा बस्ने
मानिसहरू अनि यहूदाका मानिसहरू, म अनि मेरो
दाखबारीको विषयमा सोच।

४मेरो दाखबारीकोलागि म अझ के गर्न सक्थे र?
मैले सबै कुरा गरे।

मैले असल दाखको उब्जनी हुन्छ भन्ने आशा
गरेको थिए तर त्यहाँ सबै नराम्रा उब्जाऊ भयो किन
त्यस्तो भयो?

५अब म तिमीहरूलाई भन्नेछु, म मेरो अङ्गुरको
बगैंचालाई के गर्नेछु। म सबै बारहरू उखल्नेछु। अनि
तिनीहरूलाई जलाउनेछु। म ढुङ्गाका पर्खालहरू भत्काउने
छु अनि ती ढुङ्गाहरूमाथि हिंड्नेछु।
६म मेरो दाखबारीलाई रित्तो मैदान पारिदिनेछु। कसैले
पनि बिरुवाहरूको ख्याल गर्ने छैन्। कसैले पनि खेतमा
काम गर्ने छैन्। त्यहाँ बेकामको झार-काँढ़ाहरू मात्र
उम्रनेछन्। म बादललाई पृथ्वीमा पानी नपार भनेर
आज्ञा दिनेछु।"

७सेनाहरूका परमप्रभुमा भएको दाखबारी इस्राएल
घरानाका सम्पत्ति हो। अनि दाखको हाँगा-बिरुवालाई
परमप्रभुले प्रेम गर्नुहुन्छ-त्यो यहूदाको मानिस हो।

परमप्रभुले न्यायको आशा गर्नुभयो, तर त्यहाँ हत्याहरू
मात्र भए। परमप्रभुले धार्मिकताको आशा गर्नुभयो, तर
त्यहाँ नराम्रा व्यवहार भएका मानिसहरूबाट कोलाहल
मात्र थियो।

८तिमीहरू एकदमै नजिक-नजिकमा बस्छौ। कही
कसैको लागि केही जग्गा नराखी घरहरू बनाउँछौ। तर
परमप्रभुले तिमीहरूलाई दण्ड दिनुहुनेछ अनि तिमीहरूलाई
एक्लो पार्नु हुनेछ। सम्पूर्ण भूमिमा तिमीहरूमात्र रहनेछौ।
९सेनाहरूका परमप्रभुले मलाई भन्नुभयो र मैले सुने,
"अब त्यहाँ धेरै घरहरू छन्। तर म प्रतिज्ञा गर्छु कि
ती सबै घरहरू ध्वंस हुनेछन्। त्यहाँ सुन्दर र ठूला-ठूला
घरहरू होलान तर सबै रित्ता हुनेछन्। १०त्यसबेला दश
बीघा जमिनबाट अलिकति मात्र दाखरस बनिने छ।
अनि धेरै बोरा बीउहरूबाट अलिकति मात्र अन्न
उब्जनेछ।"

११तिमीहरू बिहानै उठ्ने छौ र पिउनलाई मद्य
खोज्ने छौ। दाखरस पिएर मातेकोले गर्दा तिमीहरू राती
अबेर सम्म जागा रहन्छौ। १२तिमीहरू मातेर सँगीतमय
सामग्रीहरू जस्तै विणा, ढोलक, खैजड़ी, सारङ्गी,
बाँसुरी र मद्य लिएर उत्सव मनाउँछौ। अनि परमप्रभुले
गर्नु भएका कुराहरू तिमीहरू वास्ता गर्दैनौ। परमप्रभुका
हातले धेरै भन्दा धेरै चीजहरू बनाउनु भयो तर
तिमीहरूले त्यतापट्टि ध्यान दिएनौ। यसकारण यो
तिमीहरूकालागि अशुभ हुनेछ।

१३परमप्रभु भन्नुहुन्छ, "मेरा मानिसहरू पक्राउ पर्नेछन
अनि लगिनेछन किन? किनभने तिनीहरूले मलाई राम्ररी
चिनेनन्। अहिले इस्राएलमा भएका कतिपय मानिसहरू
मुख्य छन्। तिनीहरू आफ्ना विलासी जीवनमा सुखी
छन्। तर ती सबै महान मानिसहरूलाई भोक प्यासले
अत्यन्त सताईनेछन्। १४तब तिनीहरू मर्नेछन् र पातालमा
जानेछन् सियोलले, तिनीहरूले धेरै-धेरै मानिसहरू भेट्नेछ।
चिहानले आफ्नो ठूलो मुख उघारेर बसेको छ। अनि
सबै मानिस सियोल भित्र जानेछन्।

१५ती मानिसहरू नम्र हुनेछन्। ती ठूला मानिसहरूले
शिर झुकाउनेछन् अनि भूइँतिर हेर्नेछन्। १६सेनाहरूका
परमप्रभुले निष्पक्ष न्याय गर्नु हुनेछ, र मानिसहरूले उहाँ
कति महान हुनहुन्छ भनेर थाहा पाउने छन्। पवित्र
परमेश्वरले जुन सही कुराहरू छन् त्यही काम गर्नुहुनेछ,
र मानिसहरूले उहाँलाई सम्मान गर्नेछन्। १७परमेश्वरले
इस्राएलका मानिसहरूलाई देश छोड़ेर जान वाध्य पार्नुहुनेछ;
त्यो स्थान खाली हुनेछ। भेड़ाहरू जहाँ इच्छा लाग्दछ
त्यहीँ गएर बस्ने छन्। त्यसका पाठाहरू त्यही ठाँउमा
चर्ने छन् जुन ठाउँमा एकपल्ट धनी मानिसहरू थिए।

१८ती मानिसहरूलाई हेर! तिनीहरूले आफ्ना दोष र
पापहरू आफ्ना पछाड़ी त्यसरी तान्दछन् जसरी मानिसहरूले
हातेगाडी र डोरीहरू तान्दछन्। १९ती मानिसहरूले
भन्दछन्, "हामी परमप्रभुलाई कामना गर्दछौ कि उहाँले
चाहनु भएका कुराहरू चाँड़ै नै गरून्। तब हामी
जान्नेछौ के घटना घट्छ। हामी कामना गर्छौ परमप्रभुको
योजना चाँडै नै हुन्छ होला। तब मात्र हामी जान्दछौ
उहाँको योजना के हो।"

२०हाय! भन्छौ नराम्रो वस्तुहरू राम्रो हुन अनि राम्रो
वस्तुहरू नराम्रो हुन्। तिनीहरू सोच्छन अँध्यारो उज्यालो
हो अनि उज्यालो अँध्यारो हो। तिनीहरू सोच्छन् मीठो
तीतो हो अनि तीतो मीठो हो। २१तिनीहरू हामी चतुर
छौ भनी सम्झन्दछन्। तिनीहरू आफूलाई बुद्धिमान
ठान्दछन्। २२ती मानिसहरू दाखरस पिउनमा प्रसिद्ध
छन्। तिनीहरू मद्य मिसाउनमा सिपालु छन्। २३अनि
तिमीहरूले त्यस्ता मानिसहरूलाई पैसा दियौ भने उनीहरूले
अपराधीलाई क्षमा दिनेछन्। तर तिनीहरूले असल
मानिसहरूलाई न्याय गर्न अनुमति दिँदैनन्। २४तिनीहरूमाथि
नराम्रा घट्नाहरू घट्नेवाला छ। तिनीहरूका भावी
सन्तानहरू पराल र पातहरू आगोले जले जस्तो
पूर्णरूपले ध्वंस हुनेछन्। तिनीहरूका भावी सन्तानहरू
जरैसित मर्नेछन र धुलो हुनेछ। तिनीहरूका भावी
सन्तानहरू आगोले फूल जलाएर ध्वस्त गरे जस्तो नष्ट
हुनेछन् औ खरानी हावामा उड़ेर जानेछ।

ती मानिसहरूले सेनाहरूका परमप्रभुको व्यवस्थालाई
पालन गर्न अस्वीकार गर्नेछन्। ती मानिसहरूले इस्राएलका
परमपवित्रको सुसमचारलाई निन्दा गरे। २५यसैले परमप्रभु
आफ्ना मानिसहरूसित एकदमै क्रोधित हुनुभएको छ।

अनि परमप्रभुले आफ्ना हातहरू उचाउल्नु हुनेछ, अनि तिनीहरूलाई दण्ड दिनु हुनेछ। उहाँ यति क्रोधित हुनु हुनेछ कि पर्वतहरू सम्म काम्नेछन्। मरेका लाशहरू गोरेटोहरूमा फोहोर मैलो जस्तै हुनेछन्। तब पनि परमेश्वर क्रोधित रहनुहुनेछ। उहाँका हातहरू अभै मानिसहरूलाई दण्ड दिन उचालिएकै हुनेछन्।

## इस्राएलका मानिसहरू परमप्रभुबाट दण्डित

२६हेर! परमेश्वरले पृथ्वीका सबै जातिहरूलाई चिन्ह दिइरहनु भएको छ। परमेश्वरले भण्डा उठाइरहनु भएको छ साथै ती टाढ़ा-टाढ़ाका मानिसहरूलाई बोलाउनलाई सुसेली मार्नु हुँदैछ। शत्रुहरू टाढ़ा-टाढ़ा ठाउँबाट आइरहेकोछन्। शत्रु छिट्टै देशभित्र पस्नेछ। तिनीहरू छिट्छिटो हिंड़िरहेका छन्। २७तिनीहरू कहिल्यै थाक्दैनन अनि ध्वंश हुँदैनन्। तिनीहरू न त मन्द हुनेछन न सुत्नेछन्। तिनीहरूको पटुका कहिल्यै खकुलो हुनेछैन्। तिनीहरूको जुत्ताको तुना कहिल्यै चुड़िँदैन्। २८शत्रुको काड़ँहरू तीखा-तीखा छन्। तिनीहरूको सबै धनुहरू हिर्काउनलाई तयार छन्। घोड़ाका खुट्टाहरू ढुङ्गाहरू जत्तिकै कड़ा छन्। तिनीहरूका रथका चँक्काहरू आँधीबेरी जस्तै उड़नेछन्।

२९शत्रु चिच्याउँछन्, अनि तिनीहरूका चिच्याहट सिँहको गर्जन जस्तै हुनेछ। शत्रुहरू गर्जन्छन र तिनीहरूसित लाडने मानिसहरूलाई पक्रन्छन्। मानिसहरू तिनीहरूबाट बाँच्न संघर्ष गर्छन्। तर त्यहाँ तिनीहरूलाई बचाउँने कोही पनि हुँदैन्। ३०यसकारण, 'सिंह' समुद्रका छालहरू जस्तै गर्जनेछ। समातिएका मानिसहरू भूइँतिर हेर्ने गर्दछन तब त्यहाँ अन्धकार मात्र हुनेछ। सम्पूर्ण प्रकाश बाक्लो कालो बादल जस्तो हुनेछ।

## परमेश्वरले यशैयालाई अगमवक्ता भनी डाक्नुभयो

६ राजा उज्जियाहको मृत्यु भएको बेला मैले मेरा मालिकलाई देखें। उहाँ एकदम उच्च अनि आश्चर्यचकित सिंहासनमा विराजमान हुनुहुन्थ्यो। उहाँको लामो वस्त्रले मन्दिर भरिएको थियो। २सराफ स्वर्गदूतहरू परमप्रभुको चारैतिर उभिएका थिए। प्रत्येक सराफ स्वर्गदूतका छ-छवटा पखेटाहरू थिए। ती स्वर्गदूतहरूले मुख ढाक्नलाई तिनीहरूको दुइ-दुइवटा पखेटाहरू प्रयोग गरेका थिए। अर्का दुइ-दुइवटा पखेटाहरू तिनीहरूको खुट्टाहरू छोप्नलाई प्रयोग गरेका थिए। अनि तिनीहरूको दुइवटा पखेटाहरू उड्नलाई प्रयोग गरेका थिए। ३प्रत्येक स्वर्गदूतले एका-अर्कालाई बोलाइरहेका थिए। तिनीहरूले भन्थे, "पवित्र, पवित्र, पवित्र सेनाहरूका परमप्रभु अत्यन्त पवित्र हुनुहुन्छ। सारा पृथ्वी उहाँको महिमाले भरिएको छ।" स्वर्गदूतहरूका आवाजहरू एकदम चर्को थियो। ४तिनीहरूका आवाजले वरिपरिका दैलोका संघारहरू हल्लिए। तब मन्दिर धूवाँले भरिन थाल्यो।

५म भयभीत भएँ। मैले भनेँ, "अहँ, होइन! म नाश हुने रहेछु। म परमेश्वरसँग बोल्नलाई त्यतिको पवित्र छैन्। अनि म त्यस्तै अधर्मी मानिसहरू माभ बस्दछु। तथापि मैले सेनाहरूका परमप्रभु महाराजाधिराजलाई देखेकोछु।"

६वेदीमा आगो थियो सराफ स्वर्गदूतहरूमध्ये एकजनाले आगोबाट तातो कोइला निकाल्न चिम्टा उपयोग गरे। उनले तातो कोइला आफ्नो हातमा राखेर मकहाँ ल्याए। ७सराफ स्वर्गदूतले तातो कोइलाले मेरो ओठहरू छोए। तब उनले भने, "हेर, यस तातो कोइलाले तिम्रो ओठहरू छोएपछि तिमीले जो गरेका थियो ती सबै हराए। अब तिमी पाप मुक्त भयौ।"

८त्यसपछि मैले मेरो परमप्रभुको आवाज सुने। परमप्रभुले भन्नुभयो, "म कसलाई पठाउन सक्छु? हाम्रा निम्तिको जाने?"

यसकारण मैले भने, "म यहाँ छु। मलाई पठाउनुहोस!"

९तब परमप्रभुले भन्नुभयो, "जाऊ अनि मानिसहरूलाई यो बताऊ: 'ध्यानपूर्वक सुन, तर नबुभ! ध्यानपूर्वक हेर, तर नसिक!' १०मानिसहरूलाई अल्मलाऊ। मानिसहरूलाई तिनीहरूले सुनेका र देखेका कुराहरू नबुभ्ने तरिकाले बताऊ। यदि तिमीले त्यसो गरेनौ भने, मानिसहरूले देखेका र आफ्ना कानले सुनेका कुराहरू मनमा बुभ्न सक्नेछन्। यदि तिनीहरूले बुभे भने मकहाँ फर्केर आउन सक्छन् र तिनीहरूले पाप माफ हुनेछ!"

११तब मैले सोधें, "हे मेरा मालिक, कहिले सम्म मैले त्यसो गर्नु पर्छ?"

परमप्रभुले भन्नुभयो, "यो त्यति बेला सम्म गर्नु जब सम्म शहरहरू ध्वंस हुँदैन् र मानिसहरूले छोड़ेर जाँदैनन्। यो त्यति बेला सम्म गर्नु जतिबेला सम्म घरहरूमा मानिसहरू जीवित रहन्छन्। जबसम्म यो देश ध्वंस भएर खाली छोड़िँदैन् तबसम्म तिमीले मैले भने जस्तो गर्नु।"

१२परमप्रभुले मानिसहरूलाई टाढ़ा जाने बनाउनु भयो। भूमिमा विस्तृत क्षेत्रहरू खाली हुनेछ। १३एक दशांश मानिसहरूलाई मात्र त्यस भूमिमा बस्ने अनुमति दिइनेछ। ती मानिसहरू ध्वंश गरिनु पर्ने भए तापनि परमप्रभुमा फर्कनेछन्। ती मानिसहरू फलाँटका रूख भैं हुनेछन्। जब रूख काटेर ढालिन्छ त्यसको ठुटो रहनेछ। यो ठुटो विशेष वशंज नै त्यसको ठुटो हो।

## आरामसँग सङ्कट

७ योतामाको छोरो आहाज थिए। योताम उज्जियहको छोरो थिए। रसीन अरामका राजा थिए। रमल्याहको छोरो* पेकह इस्राएलका राजा थिए। आहाज यहूदाका

---

**रमल्याको छोरो** पेकह उत्तरी इस्राएलका राजा।

राजा भएको बेलामा, रसीन र पेकह यरूशलेम विरुद्ध
लड़ाइँ लड़न गए। तर तिनीहरू त्यस शहरलाई परास्त
गर्न सक्षम भएनन्।

२दाऊदको परिवारलाई एक समाचार भनियो। समाचार
यस्तो थियो, "अरामको सैन्य र एप्रैमको सैन्य आपसमा
सम्मिलित भए। दुवै सैन्यहरूले मिलेर शिविर बसाले।"
जब राजा आहाजले त्यस्तो समाचार सुने, उनी स्वयं
र उनका मानिसहरू अत्यन्त डराए। तिनीहरू हावा
जोड़ले लाग्दा वनका रूखहरू हल्लिए जस्तो थर्थराए।

३तब परमप्रभुले यशैयालाई भन्नुभयो, "तिमी अनि
तिम्रो छोरो शार्यासूबलाई आहाजकहाँ गएर कुरा गर्नुपर्छ।
त्यस ठाउँमा जाऊ जहाँ माथिल्लो पोखरीमा पानी
बग्छ। त्यो स्थान धोबीहरूको खेत जाने बाटोमा पर्छ।
४"आहाजलाई भन, 'होशियार होऊ तर शान्त हौ!
नडराऊ। ती दुइ जना मानिसहरूलाई रसीन र रमल्याहको
छोरालाई तिमीलाई भयभीत पार्न नदेऊ। ती दुइजना
बल्दै गरेको लौरो जस्तै हुन्। अतीतमा तिनीहरू बल्दै
गरेको तातो थिए। तर अहिले तिनीहरू धुवाँ मात्र
भएका छन्। रामल्याहको छोरा रसीन र अराम क्रोधित
भएका छन्। ५तिनीहरूले तिम्रो विरुद्ध योजनाहरू तयार
पारेका छन्। तिनीहरूले भने: ६हामी जानै पर्छ र
यहूदाको विरुद्ध लड़नु पर्छ। हामी यहूदालाई हाम्रै निम्ति
विभाजन गर्ने छौ। हामी ताबालको छोरोलाई यहूदाको
नयाँ राजा बनाउनेछौं।'"

७परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "तिनीहरूका योजना
सफल हुने छैन्। यो हुने नै छैन्। ८जबसम्म रसीन
दमीशकको शासक हुनेछन् यो कुरा हुने नै छैन्। एप्रैम
अहिले एउटा राष्ट्र हो तर ६५ वर्षपछि यो राष्ट्र रहने
छैन्। ९जबसम्म सामरिया एप्रैमको राजधानी अनि
रमल्याको छोरा यसको शासक रहन्छ तिनीहरूको
योजना सफल हुने छैन्। यदि तिमीले यो कुरा विश्वास
गर्दैनौ भने तब मानिसहरूले तिमीलाई विश्वास गर्नेछैनन्।"

## इम्मानुएल-परमेश्वर हामीसँग हुनुहुन्छ

१०त्यसपछि परमप्रभुले आहाजसगँ भन्नुभयो।
११परमप्रभुले भन्नुभयो, "यस कुरा साँचो हो भनी
प्रमाण गर्नलाई कुनै त्यस्तो एउटा चिन्ह माँग। तिमीले
आफ्नो इच्छा अनुसारको चिन्ह माग्न सक्छौ। त्यो
चिन्ह सियोल जस्तै गहिरो, अथवा आकाश जतिकै
उचाईबाट आउन सक्छ।"

१२तर आहाजले भने, "म प्रमाण गर्नको निम्ति कुनै
चिह्न पनि माग्ने छैन्। म परमप्रभुको परीक्षा गेर्नेछैन्।"
१३तब यशैयाले भने, "हे दाऊदका घराना, ध्यानपूर्वक
सुन! तिमीले मानिसहरूका धैर्यलाई जाँच्यौ अनि तिम्रो
लागि यो त्यस्तो प्रमुख कुरा होइन्। यसैले अब तिमीले
मेरो परमेश्वरको धैर्य जाँच। १४तर परमेश्वर, मेरो
मालिकले, तिमीलाई चिन्ह देखाउनु हुनेछ:
हेर कन्य स्त्री गर्भवती हुनेछ र उसले एउटा छोरो
जन्माउनेछ उसले छोरोको नाउँ इम्मानुएल* राखिनेछ।
१५इम्मानुएलले नौनी र मह खानेछ, राम्रो कुराहरू
छान्न र नराम्रो अस्वीकार गर्न उ बाँच्नेछ।
१६तर बालककुन राम्रो र कुन नराम्रो जान्ने हुन
अघि नै एप्रैम र आरामको भूमि रित्तो हुनेछ।
"तिमी ती दुइजना राजाहरूबाट अहिले डराएका छौ।
१७तर तिमी परमप्रभुसित डराउनु पर्छ। किन? किनभने
परमप्रभुले केही संकटको समय तिमीमाथि पार्नुहुनेछ।
ती संकटहरू एप्रैम यहूदाबाट छुट्टिएको समयको संकट
जस्तै तिम्रा अनि तिम्रा बुबाका मानिसहरूकहाँ आउनेछन्।
परमेश्वरले के गर्नु हुनेछ? परमेश्वरले अश्शूरका
राजालाई तिमीसित लड़ाँई गराउन ल्याउनु हुनेछ।
१८"त्यसबेला, परमप्रभले 'झिँगालाई' (अहिले त्यो
'झिँगा' मिश्रदेशको नजिको खोला हो) डाक्नु हुनेछ।
अनि परमप्रभुले 'मौरीलाई' डाक्नु हुनेछ।(त्यो 'मौरी'
अहिले अश्शूर देशलाई भनिन्छ) यी शत्रुहरू तिम्रो
भूमिमा आउनेछन्। १९ती शत्रुहरूले चट्टानी क्षेत्रहरूमा,
मरुभूमिका साना साना खोलाहरू नजिक र पिउने पानी
भएको ठाउँको यता उति शिबिर बनाउने छन्। २०यहूदालाई
दण्ड दिनु परमप्रभुले अश्शूरलाई प्रयोग गर्नु हुनेछ।
अश्शूरलाई भ्यालामा ल्याएर छुरा जस्तो चलाउनु
हुनेछ। यो यस्तो हुनेछ मानौ परमप्रभुले यहूदाको
टाउकोको केश र खुट्टाका रौंहरू खौरनुँ हुनेछ यो यस्तो
हुनेछ कि परमप्रभु यहुदाको दाह्री खौरनु हुनेछ।
२१"त्यसबेला, एक मानिसले एउटा कोरली र दुइवटा
भेंडाहरू जिँउदो राख्न सक्ने मात्र हुनेछ। २२त्यहाँ
त्यतिमात्र दूध हुन्छ कि त्यस मानिसलाई घिऊ खानलाई
मात्र हुनेछ। प्रत्येक मानिसले त्यो देशमा दही र मह
खाने छ। २३त्यस जमीनमा अहिले १,००० अङ्गुरका
लहराहरू छन्। प्रत्येक अङ्गुरको लहराको मूल्य १,०००
चाँदीका टुक्राहरू हो। तर ती खेतहरू झारपातहरू र
काँढ़ाहरूले छोपिनेछ। २४त्यो जमीन जङ्गल हुनेछ र
त्यसको उपयोग शिकारहरूको लागि मात्र हुनेछ।
२५एउटा समय थियो मानिसहरूले एकपल्ट परिश्रम
गर्थे र त्यस पहाड़बाट खाद्य उप्जाउँथे। तर त्यसबेला
मानिसहरू त्यहाँ जाने छैनन्। त्यो जमीन जङ्गली
झारपातहरू र काढ़ाहरूले ढाकिनेछ खालि गाई-गोरु र
भेडाहरू मात्र ती ठाउँमा जानेछन्।"

## अश्शूर चाँडै आउनेछ

८ परमप्रभुले मलाई भन्नुभयो, "एउटा ठूलो कागजको
मुठा ल्याऊ अनि यी शब्दहरू लेख्न एउटा
कलम प्रयोग गर: 'महेर-शालल हाज-बज।' यसको
अर्थ हुन्छ, 'त्यहाँ चाँड़ै लुटमार चोरी हुनेछ।'"

---

**इम्मानुएल** यसको अर्थ "परमेश्वर हामीहरूसँग" हो।

२मैले केही मानिसहरू जम्मा गरें जसलाई मेरा
विश्वासयोग्य साक्षीहरू मान्न सकिन्छ। यी मानिसहरू
येबेरक्याहका छोरा ऊरियाह र जकर्याह पूजाहारी थिए।
तिनीहरूले मलाई शब्दहरू लेख्दै गरेको देखे। ३त्यसपछि
म अगमवादिनीकहाँ गएँ। उनी गर्भवती भएकी थिइन
अनि उनको एउटा छोरो भयो। तब परमप्रभुले मलाई
भन्नुभयो, "त्यस छोरोको नाउँ महेर-शाललहाज-बज
राख। ४किन? किनभने त्यो बालकले माता-पिता भन्नु
अघि नै परमेश्वरले सारा धन-सम्पति खोसेर लैजानु
हुनेछ साथै त्यहाँ धनाढ्य मानिसहरू जस्तै दमीसकश र
सामरियाबाट लैजानु हुनेछ अनि ती चीजहरू अश्शूरका
राजालाई सुम्पिनु हुनेछ।"
५फेरि परमप्रभुले मलाई भन्नुभयो। ६"ती मानिसहरूले
शीलो पोखरीमा विस्तारै बग्ने पानीलिन मानेन्। ती
मानिसहरू रसीन र रमल्याहका छोरासित खुशी छन्।
७तर म परमप्रभु अश्शूरका राजालाई तिमीहरूको
विरुद्धमा ल्याउनेछु। तिनीहरू यूफ्रेटिस नदीको बाढ़ी
जस्तै भयानक भएर आउनेछन्। यो यस्तो हुनेछ कि
नदीमा बाढी आउँदा किनारहरू भत्काउँदै आउने उर्लेको
पानी जस्तै हुनेछ। ८त्यो पानी यहूदातर्फ बग्नेछ औ यो
यहूदीलाई डुबाउनेछ।
"इम्मानुएल, यो तिम्रो सम्पूर्ण देश डुबाउञ्जेल
फैलिनेछ।"

### परमप्रभुले आफ्ना सेवकहरूलाई रक्षा गर्नुहुन्छ

९सबै तिमी राष्ट्रहरू, युद्धको लागि तयार हौ!
तिमीहरू परास्त हुनेछौ। सुन टाढ़ामा भएका सारा
देशहरू! युद्धका लागि तयार हौ। तिमीहरू सबै परास्त
हुनेछौ।
१०लड़ाइँ गर्नका निम्ति तिम्रा योजनाहरू तयार पार!
तिम्रा योजनाहरू परास्त हुने छन्। तिम्रा सैन्यहरूलाई
हुकुम गर तिम्रा हुकुमहरू बेकामे हुनेछन्। किन?
किन्नभने परमेश्वर हामीसँग हुनुहुन्छ।

### यशैयाहलाई चेताउनीहरू

११आफ्नो प्रभावपूर्ण शक्तिद्वारा परमप्रभुले मलाई
भन्नुभयो। परमप्रभुले मलाई अरू मानिसहरू जस्तो
नहुनु भनेर चेताउनी दिनु भयो। परमप्रभुले भन्नुभयो,
१२"प्रत्येक मानिसले भनिरहेछन् कि अरूहरूले उहाँका
विरुद्ध षडयन्त्रहरू तयार पार्दैछन्। तिमीले त्यस्ता कुराहरू
विश्वास गर्नुहुँदैन्। अन्य मानिसहरू डराए जस्तो भयावह
कुराहरूबाट नडराऊ! त्यस्ता कुराहरूमा तिमी नडराऊ!"
१३सेनाहरूका परमप्रभुको मात्र तिमीले डर राख्नु
पर्छ। उहाँलाई मात्र तिमीले आदर गर्नु पर्छ। १४यदि
तिमीले परमप्रभुको आदर गर्‍यौ भने र उहाँलाई पवित्र
ठान्यौ भने, उहाँले तिम्रोलागि सुरक्षा दिनुहुनेछ। तर
तिमीले उहाँको आदर गरेनौ। यसैले तिमीहरूले ठेस
खानेछौ। परमेश्वर चट्टान सरह हुनुभयो। उहाँ चट्टान
हुनुहुन्छ जसद्वारा इस्राएलका दुइ परिवारहरूले नराम्रो
ठेस खाए। यरूशलेमका सारा मानिसहरूलाई समात्नका
लागि परमप्रभु एक पासो हुनहुन्छ। १५धेरै मानिसहरू
यस चट्टानमाथि झरे। ती मानिसहरू झरेर टुक्रिए।
तिनीहरू पासोमा समातिए।
१६"करार पत्र तयार गर अनि यसलाई मोहर
लगाऊ। मेरो शिक्षा बचाएर राख। मेरा चेलाहरूले हेरि
रहेको बेलामा नै यसो गर।
१७हामी परमप्रभुलाई हाम्रो सहयोगका लागि पर्खिनेछौं।
परमप्रभु याकूबको परिवारले गर्दा लज्जित हुनु भयो।
उहाँले तिनीहरूलाई भेट्ने इच्छा त्याग्नु भयो। तर म
परमप्रभुलाई पर्खिनेछु। उहाँले हामीलाई बचाउनु
हुनेछ।
१८"म र मेरा छोरा-छोरीहरूले सही छाप गर्‍यौ र
इस्राएलका मानिसहरूका लागि प्रमाण गर्छौ। हामीलाई
सेनाहरूका परमप्रभुले पठाउनु भएको हो! ती परमप्रभु
जो सियोन पर्वतमा बस्नुहुन्छ।"
१९कतिपय मानिसहरू भन्छन्, "भूतप्रेत खेलाउने
अनि जादूगरहरूलाई के गर्नु पर्ने?" ती भूतप्रेत खेलाउने
र जादूगरहरूले कानेखुसी गरी उनीहरूले मात्र मानिसहरू
समक्ष गुप्त कुराहरू जानेको भन्लान्। तर म तिमीलाई
भन्छु कि मानिसहरूले परमप्रभुको आज्ञा माग्नु नै पर्छ!
ती भूतप्रेत खेलाउने र जादूगरहरूले मुर्दालाई के गर्नु
पर्ने भनेर सोध्छ। किन जीवित मानिसहरूले मुर्दाहरूबाट
केही माग्नु पर्छ?
२०तिमीले शिक्षा र करार अनुसरण गर्नै पर्छ। यदि
तिमी आज्ञाहरू अनुसरण गर्दैनौ भने तिमीले उज्यालो
पाउनेछैनौ। भूल आज्ञाहरू ती आज्ञाहरू हुन् जुन
जादूवालाहरू अनि भविष्यवक्ताहरूले दिन्छन्। ती
आज्ञाहरूको कुनै मूल्य छैन्। तिमीहरूले त्यस्ता मूल्यहीन
आज्ञाहरूबाट केही पनि लाभ पाउने छैनौ।
२१यदि तिमीहरूले त्यस्ता भूल आज्ञाहरू अनुसरण
गर्‍यौ भने यस देशमा संकष्ट र अनिकाल आई पर्नेछ।
मानिसहरू भोकै हुनेछन्। त्यसपछि तिनीहरू क्रोधित
हुनेछन् र आफ्नै राजा र देवताहरूको विरुद्धमा अपमान
गर्दै कुरा गर्नेछन्। २२यदि तिमीहरूले आफ्नै देशको
वरिपरि हेर्‍यौ भने तिनीहरूले संकष्ट र उदासपूर्ण
अन्धकार मात्र देख्नेछौ -त्यस्ता अन्धकारमय नैराश्यले
गर्दा आफ्नो देश त्यागेर जान वाध्य हुनेछौ। अनि जो
मानिसहरू त्यस्तो अन्धकारमय पासोमा पर्छन तिनीहरू
आफूलाई स्वतन्त्र पार्ने योग्यका सम्म बन्दैनन्।

### एक नयाँ दिन आइरहेछ

९ पहिला मानिसहरूले सोचे जबूलून र नप्तालीको
कुनै महत्व थिएन्। तर पछि परमेश्वरले ती तीन
जग्गाहरूलाई महिमामय बनाउनु हुनेछ। ती तीन जग्गाहरू

हुन: समुद्रको बाटो, यर्दन नदीको पूर्वमा भएको जग्गा
र गालीलका गैर-यहूदीहरू।

२ती मानिसहरू अन्धकारमय संसारमा बाँचेका थिए।
तर तिनीहरूले "दिव्य ज्योति" देख्नेछन्। तिनीहरू
अँध्यारोमा बसेका थिए, तर दिव्य ज्योति तिनीहरूमाथि
चम्किनेछ।

३परमेश्वर, तपाईंकै कारणले गर्दा ती जातिहरूको
वृद्धि हुने भयो। तपाईंले मानिसहरूलाई खुशी पार्नु
भयो। अनि मानिसहरूले आफ्ना खुशीहरू तपाईंलाई
देखाए। खेतमा बाली काट्ने बेलाको झैँ त्यो खुशी
रमाइलो हुनेछ। त्यो खुशी युद्धमा जितेर आ-आफ्नो
भाग बाँड़िने बेलाको आनन्द झैं हुनेछ, ४किन?
किनभने तिमीहरूले गहुँ भार लगेर गयौ। मानिसहरूका
ढाड़का गहुँ भारी तिमीहरूले हटाएर लगिदियौ।
मानिसहरूलाई दण्ड दिने फलामको डन्डा भाँचेर फालिदियौ।
यो तिमीहरूले मिद्यानलाई पराजय गरेको बेला जस्तै
हुनेछ।

५युद्धमा चल्ने प्रत्येक सैनिकले लगाएको जुत्ता ध्वंश
गराइनेछ। पोशाकमा लागेका रगतको प्रत्येक दाग
मेटाइनेछ। ती सबै चीजहरू आगोमा भस्म हुनेछन्।
६कुनै विशेष बालक जन्मदा त्यस्तो घट्ना हुनेछ।
परमेश्वरले हामीलाई एउटा पुत्र दिनु हुनेछ। त्यही
बालकले मानिसहरूमाथि शासन गर्ने जिम्मेवारी लिनेछ।
उहाँका नाउँ "अचम्मका सल्लहाकार, पराक्रमी परमेश्वर,
सनातनका पिता, शान्तिका राजकुमार कहलाउनु हुनेछ।"
७उहाँको राज्यमा शक्ति र शान्ति रहनेछ। दाऊद
परिवारको यस राजा सदा अभिवृद्धि भइरहनेछ। यस
राजाले सदा-सदाकोलागि धार्मिकता अनि न्यायका साथ
देश शासन गर्नु हुनेछ। सेनाहरूका परमप्रभुसित आफ्ना
मानिसहरूप्रति उत्कट प्रेम छ। यस उत्तेजित जोशले
गर्दा यो सबै उहाँद्वारा गरिनेछ।

### परमेश्वरले इस्राएललाई दण्ड दिनुहुने छ।

८मेरा मालिकले याकूबका मानिसहरूका विरुद्ध
आज्ञा दिनुभयो। इस्राएलको विरुद्धमा दिनुभएको त्यो
आज्ञा पालन हुनेछ। ९एप्रैमका मानिसहरू, सामरियाका
अगुवाहरू सम्मलाई, परमेश्वरले दण्ड दिनुहुनेछ भन्ने
कुरा थाहा छ।

ती मानिसहरू अहिले एकदम अंहकारी र घमण्डी
छन्। तिनीहरू भन्दछन्, १०"ती ईटाहरू झर्न सक्छन,
तर हामी फेरि निमार्ण गर्नेछौ। अनि हामी पक्का
ढुङ्गाले निमार्ण गर्नेछौ। यो मसिना रूखहरू काटेर
ढाल्न सकिन्छ। तर हामी नयाँ रूखहरू रोप्ने छौं।"

११यसकारण इस्राएलका विरुद्ध लड़ाइँ गर्ने मानिसहरू
परमप्रभुले पाउनु हुनेछ। परमप्रभुले रसीनका शत्रुहरू
तिनीहरूको विरुद्ध उठाउँनु हुनेछ। १२परमप्रभुले पूर्वबाट
अरामीहरू र पश्चिमबाट पलिश्तीहरू ल्याउनु हुनेछ।
ती शत्रुहरूले आफ्ना सैन्य शक्तिहरूबाट इस्राएललाई
पराजित पार्ने छन्। तर परमप्रभु इस्राएल प्रति रिसाइरहेकै
हुनुहुनेछ। परमप्रभु मानिसहरूलाई दण्ड दिनलाई तयार
हुनुहुन्छ।

१३परमप्रभुले मानिसहरूलाई दण्ड दिनुहुनेछ, तर
तिनीहरू पाप गर्न रोकिने छैनन्। पाप गरिनै रहनेछन्।
तिनीहरू उहाँ प्रति फर्किने छैनन्। तिनीहरूले सेनाहरूका
परमप्रभुलाई पच्छ्याउने छैनन्। १४तब परमप्रभुले इस्राएलको
टाउको र पुच्छर काटी फालिदिनु हुनेछ। परमप्रभुले
मुख्य फेद र हाँगाहरू काटेर फालिदिनु हुनेछ। १५यहाँ
टाउको भन्नाले बूढ़ा-प्रधानहरू एवं प्रमुख अगुवाहरू
बुझिन्छ। पुच्छरको तात्पर्य अगमवक्ताहरू जो झूट
बोल्दछन्।

१६जुन मानिसहरूले अगुवाई गरे तिनीहरूले गल्ती
बाटो डोऱ्याए। अनि तिनीहरूलाई पच्छ्याउनेहरू नष्ट हुने
छन्। १७सम्पूर्ण मानिसहरू दुष्टछन्। यसैले युवावर्गसँग
परमप्रभु प्रसन्न हुनुहुन्न्। अनि तिनीहरूका विधवाहरू र
टुहरा-टुहरीहरू प्रति परमप्रभु दया दर्शाउनु हुन्न्। किन?
किनभने सारा मानिसहरू दुष्ट र पापी छन्। तिनीहरू
परमेश्वरकै विरुद्ध काम गर्छन्। तिनीहरू झूट बोल्छन
यसैले परमेश्वर ती मानिसहरूसँग रिसाएको रहेकै
हुनुहुन्छ। परमेश्वर ती मानिसहरूलाई दण्ड दिनलाई
अहिले पनि तयार नै हुनहुन्छ।

१८दुष्टता सानो आगो जस्तै हो। प्रथम, त्यसले
सिउँड़ी र काँढ़ाहरू जलाउँछ। अर्कोपल्ट, त्यसले
वनका विस्तृत घाँस र झाडीहरू जलाएर सखाप पार्दछ।
अनि अन्तिममा यो भयङ्कर ठूलो आगो हुन्छ र प्रत्येक
कुरा धूवाँमा परिणत हुन्छ।

१९सेनाहरूका परमप्रभु क्रोधित हुनुहुन्छ, यसैले सारा
जमीन आगोमा जलेर भस्म हुनेछ। सारा मानिसहरू
त्यस आगोमा जलेर खरानी हुनेछन्। कसैले पनि आफ्नो
दाज्यू-भाइलाई बचाउने प्रयास गर्न सक्दैनन्।
२०मानिसहरूले दाहिनेपट्टि समाउनेछन्, तर त्यसले
तिनीहरूको भोक तृप्त गर्नेछैन्। तिनीहरूले देब्रेपट्टि
भएको केहि खानेछन तर तृप्ति छुनेछैनन्। तब सबैतिर
फर्केर मानिसहरूले आफ्नै शरीर खानेछन्। २१(यसको
तात्पर्य, मनश्शे एप्रैमको विरुद्ध लड़ने छ र एप्रैम
मनश्शेको विरुद्ध लड़ने छ। अनि तिनीहरू दुवै यहूदाको
विरुद्ध फर्किने छन्।)

परमप्रभु अझ सम्म इस्राएल सगँ रिसाउनु भएको
छ। परमप्रभु तिनीहरूलाई दण्ड दिन अझ पनि तयार
नै हुनुहुन्छ।

१० कानून बनाउनेहरूलाई हेर। तिनीहरू कुटिल
कानूनहरू लेख्दछन्। कानूनहरूले अन्यायपूर्ण
फैसला दिन्छन्। २ती कानूनका ठेकेदारहरू गरीब
जनता प्रति निष्पक्ष छैनन्। तिनीहरूले ती गरीब
मानिसहरूका अधिकारहरू खोसेर लगे। विधवाहरू र

टुहुरा-टुहुरीहरूको सम्पत्तिहरू चोर्ने अनुमति मानिसहरूलाई दिए।

३कानून बनाउनेहरू हो! तिमीहरूले गरेका प्रत्येक कुराको लेख दिनु पर्नेछ। त्यसबेला तिमीहरू के गर्नेछौ? तिमीहरूको विनाशको समय सुदूर देशबाट आइरहेछ। कहाँ भागेर सहयोग माग्ने छौ? तिमीहरूका रूपियाँ-पैसा र धनले तिमीहरूलाई मद्दत दिने छैन्।
४तिमीहरूले कैदी सरह शिर निहुराएर रहनुपर्ने छ। तिमीहरू मृत मानिस जस्तो ढल्नेछौ! तर साथ पाउने छैनौ! परमेश्वर अझ पनि क्रोधित नै हुनुनुन्छ। उहाँ तिमीहरूलाई दण्ड दिनलाई अझ पनि तत्पर रहनुहुन्छ।

५परमेश्वरले भन्नु हुन्छ, "म लाटो जस्तो अश्शूरलाई प्रयोग गर्नेछु। क्रोधमा, इस्राएललाई दण्ड दिनलाई म
अश्शूरलाई प्रयोग गर्ने छु। ६म ती दुष्ट काम गर्नेहरूका विरुद्ध लड़ाइँ गर्न अश्शूरलाई पठाउनेछु। म ती मानिसहरूप्रति क्रोधित छु, अनि म अश्शूरलाई तिनीहरू विरुद्ध लड़ाइँ लड़न आज्ञा गर्नेछु। अश्शूरले तिनीहरूलाई पराजित गर्नेछ र तिनीहरूको धन-सम्पत्ति खोसेर लैजाने छ। अश्शूरका निम्ति इस्राएल कुल्चिइने मैला-हिलो भएको ठाउँ हुनेछ।

७"मैले उसलाई प्रयोग गरिरहेको छु भनेर अश्शूरले बुझ्दैन्। अश्शूरले उ आफू मेरो एक कठपुतली हो भन्ने बुझ्दैन्। अश्शूर अन्य मानिसहरूलाई नाश गर्न मात्र चाहन्छ। अश्शूरले अन्य जातिहरूलाई ध्वंश गर्ने
योजना मात्र गर्दछ। ८अश्शूरले आफू स्वयंलाई भन्दछ, 'मेरा सारा अगुवाहरू राजाहरू जस्ता हुन्!
९कल्नो शहर कर्कमीश शहर जस्तो हो। अनि अर्पाद हमात शहर जस्त हो। सामरिया शहर दमीशक शहर जस्तो
हो। १०मैले ती अनिष्ट राज्यहरूलाई पराजित गरें अनि अहिले तिनीहरूलाई आफ्नो नियन्त्रणमा राखेको छु। ती मानिसहरूले पूज्ने मूर्तिहरू यरूशलेम र सामरियाका मूर्तिहरू भन्दा अति उत्तम खालका छन्।
११मैले सामरिया र त्यसका मूर्तिहरूलाई पराजित गरें। के म यरूशलेम अनि त्यहाँका मानिसहरूले बनाएका मूर्तिहरूलाई पराजित नगरौं?'"

१२मेरो मालिकले यरूशलेम र सियोन पर्वतका निम्ति योजना गर्नु भएको कामहरू समाप्त भयो। त्यसपछि परमप्रभुले अश्शूरलाई दण्ड दिनु हुनेछ। अश्शूरका राजा एकदम अंहकारी छन्। उसको अहमले उसलाई नराम्रा कामहरू गर्ने प्रेरित गऱ्यौ। यसकारण परमेश्वरले उसलाई दण्ड दिनु हुने नै छ।

१३अश्शूरका राजाले भन्छन्, "म मात्र ज्ञानी छु। मेरो आफ्नै विवेक र शक्तिद्वारा धेरै कुराहरू गरें। मैले धेरै जातिहरूलाई पराजित गरें। मैले तिनीहरूका सम्पत्ति खोसें। अनि तिनीहरूका मानिसहरूलाई दास बनाएँ। म
एकदम शक्तिशाली मानिस हुँ। १४मेरा आफ्नै हातहरूले ती मानिसहरूका धन सम्पत्तिहरू लगेको छु जसरी एक मानिसले चराको गुँडबाट अण्डाहरू लैजान्छ। चराले प्राय: आफ्नो गुँड र अण्डाहरू छोडदछ। अनि त्यसलाई रक्षा गर्ने कोही पनि हुदैन्। त्यहाँ कुनै पनि चराले कराउँदै आफ्ना पखेटाहरू अथवा चूँ चूँ गर्दै लड़ाइँ गर्न सक्तैन्। यसैकारण मानिसहरूले अण्डाहरू लाने गर्छन्। त्यस्तै प्रकारले पृथ्वीमा त्यस्तो कुनै मानिस छैन जसले मलाई मानिसहरू लैजानदेखि रोक्न सक्छ।"

### परमेश्वरले अश्शूरको शक्तिलाई नियन्त्रण गर्नुहुन्छ

१५मानिस भन्दा बञ्चरो राम्रो होइन जसले बञ्चरोले काट्ने काम गर्छ। मानिस भन्दा आरी राम्रो होइन जसले आरीद्वारा चिर्ने काम गर्छ। अनि मानिस भन्दा लौरो धेरै शक्तिशाली होइन जसले कसैलाई दण्ड दिन यसलाई उपयोग गर्छ।

१६सेनाहरूका परमप्रभुले अश्शूरका योद्धाहरूको विरोधमा डरलाग्दो रोग पठाउनु हुनेछ। तब अश्शूरको गौरव नाश अनि विलीन हुनेछ। प्रत्येक वस्तु खरानी नहुञ्जेलसम्म आगो जस्तै बलि रहनेछ।
१७इस्राएलको ज्योति त्यस्तै एक आगो हो। त्यही परमपवित्र मात्र आगोका ज्वाला स्वरूप हुनुहुन्छ। उहाँ आगो जस्तै हुनुहुन्छ जसले पहिले सिउँडीहरू र काँढ़ाहरू जलाउँछ।
१८तब आगो ठूलो हुन्छ, ठूला-ठूला रूखहरू अनि ठूला अङ्कुरका बोटहरूलाई खरानीमा परिणत गर्छ। अन्तमा प्रत्येक वस्तु यस प्रकारले नाश हुन्छ कि त्यहाँ एक जना मानिस रहने छैन्। अश्शूर यस प्रकारले सड़ेको मुड़ा जस्तै नष्ट हुनेछ।
१९त्यहाँ वनमा केही रुखहरू मात्र छोड़िनेछ। ती छाड़िएका रूखहरू नानीहरूले पनि ती गनेर लेख्न सक्छ।

२०त्यस बेला, इस्राएलमा छाड़िएर बसेका याकूब परिवारका मानिसहरूले, जसले तिनीहरूलाई कुट्दछन् त्यस मानिसमा नै आफूलाई आश्रित पारी राख्ने छैनन्। तिनीहरूले साँचो रूपमा इस्राएलका परम पवित्र अर्थात परमप्रभु परमेश्वरमाथि आश्रय हुने कुरा सिक्दछन्।
२१याकूबको परिवारमा छाड़िएका मानिसहरूले शक्तिशाली परमेश्वरलाई फेरि पछ्याउने छन्।

२२तिम्रा मानिसहरू एकदम ज्यादा संख्यामा छन्। तिनीहरू समुद्रका बालुवाहरू जस्ता छन्। तर परमप्रभुमा फर्कनलाई ती मध्ये कतिपय मानिसहरू मात्र छाड़िनेछन् तर पहिले तिम्रो देश ध्वंश हुनेछ। अनि धरतीमा सद्गुणा आउनेछ; यो प्रवाहपूर्ण वहने नदी जस्तो हुनेछ।
२३मेरा मालिक, सेनाहरूका परमप्रभुले घोषणा गर्नु भएकोछ कि उहाँले निश्चय नै यस पृथ्वीलाई ध्वंश पार्नुहुनेछ।

२४मेरो मालिक, सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "हे सियोनमा बस्ने मेरा मानिसहरू अश्शूरदेखि नडराऊ! जसरी मिश्रले तिमीहरूलाई पहिले प्रहार गरेका थियो त्यसरी नै अश्शूरले पनि प्रहार गर्नेछ। मानौं अश्शूरले

प्रहार गर्नलाई कुनै डण्डाको प्रयोग गर्दछ। २५तर केही
समयभित्र नै मेरो क्रोध शान्त हुनेछ। अश्शूरले तिमीहरूलाई
सोचे जति दण्ड दिएकोमा म सन्तुष्ट हुनेछ।"

२६त्यसपछि सेनाहरूका परमप्रभुले अश्शूरलाई कोर्रले
पिट्नु हुनेछ। पहिले परमप्रभुले ओरेब चट्टानमा मिद्यानलाई
पराजित गर्नु भएको थियो, यस्तै प्रकारले परमप्रभुले
अश्शूरमाथि आक्रमण गर्नुहुनेछ। पहिले परमप्रभुले
मिश्रलाई दण्ड दिनु भएको थियो उहाँले समुद्रमाथि बाट
डण्डा उठाउनु भएको थियो अनि आफ्ना मानिसहरूलाई
मिश्रबाट डोऱ्याएर लैजानु भएको थियो। त्यस्तै प्रकारले
परमप्रभुले मानिसहरूलाई अश्शूरबाट बचाउनु हुन्छ।

२७अश्शूरले तिमीहरूमाथि जुवाको भार ल्याउनेछ।
ती जुवा तिमीहरूले आफ्नो काँधमा बोक्नु भारी जस्तै
हुनेछन्। तर परमेश्वरले त्यो समस्या हटाउनु हुनेछ अनि
भारी बोक्ने डन्डा भाँच्नु हुनेछ।

### अश्शूरका सैन्यहरूले इस्राएलमाथि धावा बोले

२८सेनाहरू अय्यात* नजिक प्रवेश गर्नेछन्। तिनीहरू
मिग्रोनबाट भएर जानेछन्। सेनाले आफ्नो भोजनहरू
मिकमाशमा राखेका छन्। २९तिनीहरू माबराहमा नदी
तरेर जानेछन्। सेनाहरू गेबा शहरमा बास बस्नेछन्।
रामा डराउनेछन्। शाऊलका गिबामा भएका मानिसहरू
भाग्नेछन्।

३०बाथ-गल्लीम चिच्याऊ, कराऊ! ए लैशा, सुन!
अनातोत, मलाई जवाफ देऊ! ३१मदमेनाका मानिसहरू
भागेर भाग्दैछन्। गिबोनका रैथाने बासिन्दाहरू लुक्दैछन्।
३२त्यस दिन सेना नोबमा रोकिनेछन्। अनि सेनाहरू
यरूशलेमका पहाड़, सियोन पर्वत विरुद्ध लड़ाइँ गर्न
तयार हुनेछन्।

३३नहेर! हाम्रो मालिक, सेनाहरूका परमप्रभुले ठूलो
रूख काटेर अश्शूरलाई ढाल्नु भयो। परमप्रभुले आफ्ना
महान शक्तिद्वारा त्यसो गर्नुभयो। महान र मुख्य मानिसहरू
काटिदै, ढालिदै गए-तिनीहरू अब मुख्य रहेनन्।
३४परमप्रभुले आफ्ना बन्चरोले जङ्गल नै फाँड़ि दिनुभयो
अनि लबानोन अन्तर्गतका ठूला-ठूला रूखहरू को
पतन भयो।

### शान्तिको राजा आउँनुहुदैछ

११ यस्सीको ठुटाबाट एउटा सानो रूख उम्रनेछ।
यस्सीको जराहरूबाट त्यस्को हाँगा बढ्ने छ।
२परमप्रभुको आत्मा त्यस बालकमा रहनेछ। त्यस
आत्माले बालकलाई ज्ञान, बुद्धि, मार्गदर्शन र शक्ति
प्रदान गर्नेछ। अनि त्यस आत्माले परमप्रभुको बारेमा
बुझ्नु र आदर गर्न सिकाउँछ। ३त्यस बालकले
परमप्रभुलाई आदर गरेर आनन्दित हुनेछ।

त्यस बालकले अनुहार हेरेर इन्साफ गर्ने छैन्।
सुनेको कुराको आधारमा उनले न्याय गर्नेछैन्। ४-५उसले
गरीब मानिसहरूलाई निष्पक्ष र इमानदारीपूर्वक न्याय
गर्नेछ। त्यस ठाउँका मानिसहरूलाई के गर्ने निर्णय
गर्दछ त्यस बेला उ निष्पक्ष रहनेछ। यदि उसले गरीब
मानिसहरूलाई कुट्नु परे, पहिले उसले त्यसको निम्ति
आदेश दिनेछन् र ती मानिसहरू कुटिनेछन्। यदि उनले
मानिसहरू मर्नै पर्छ भन्ने निर्णय लिँदछ, तब उसले
पहिले आज्ञा दिनेछ र ती मानिसहरू मारिनेछन्। त्यस
बालकले उपकार अनि निष्पक्षताको बल पाउनेछ।
तिनीहरू उसको लागि एक पटुका जस्तो हुनेछन् जुन
उसले आफ्ना कम्मरमा वरिपरि बाँध्नेछ।

६त्यसबेला ब्वाँसोहरू थुमाहरूसँग चुपचाप बस्ने
छन्। अनि बाघहरू पाठाहरूसँग बस्नेछ। सिंहहरू,
बाछा र भैंसीहरूसँग मिलेर बस्नेछन्। एउटा सानो
बालकले तिनीहरूलाई डोऱ्याउनेछ। ७गाई र भालूहरू
एकैसाथ बस्नेछन्। तिनीहरूका सबै बच्चाहरूसँगै
बस्नेछन् अनि एका अर्कामा कष्ट पैदा गर्ने छैनन्।
गाई-गोरूहरूले जस्तै सिंहहरूले पनि घाँस खानेछन्।
८एक शिशु सम्मान गोमन सर्प घर छेउमा खेल्ने छ।
एउटा शिशुले विषालु सर्प बस्ने प्वालभित्र हात छिराउन
सक्नेछ।

९यी सारा कुराहरूले त्यहाँ शान्ति छाएको देख्न
सकिन्छ। कुनै मानिसले पनि एक-अर्कालाई आघात
पुऱ्याउने छैन्। मानिसहरू जो मेरो पवित्र पर्वतमाथि छन
तिनीहरूले कुनै चीजहरू पनि नष्ट गर्ने छैनन्। किन?
किनभने मानिसहरूले साँचो मनले परमप्रभुलाई चिने।
समुद्र पानीले परिपूर्ण भए जस्तो तिनीहरू पनि उहाँको
बारेमा भरिपूर्ण हुनेछन्।

१०त्यसबेला, यस्सी वंशबाट एउटा विशेष मानिस
आउनेछ। त्यो मानिस "झण्डा" जस्तो हुनेछ। त्यस
"झण्डा" सारा जातिहरूलाई के देखाउँछ र भन्नेछ
उहाँको वरिपरि तिनीहरू सबै आउनु पर्दछ। ती जातिहरू
के गर्नु पर्ने भनेर उनलाई सोध्नेछन्। अनि जुन ठाउँमा
उनी हुने छन् त्यो ठाउँ महिमाले परिपूर्ण हुनेछ।

११त्यसबेला, मेरो मालिक परमेश्वरले तिनीहरूलाई
बढ़ाउनु हुन्छ र छाड़िएका आफ्ना मानिसहरूलाई लिएर
जानुहुनेछ। परमप्रभु परमेश्वरले यस्तो कर्म गर्नु भएको
यो दोस्रो पल्ट हुनेछ। (छाड़िएका मानिसहरू परमेश्वरका
हुन ती देशहरूमा जस्तै अश्शूर, उत्तर मिश्र, दक्षिण
मिश्र, पत्रोस कूश, एलाम, बेबिलोनिया, हमात अनि
जुन संसार वरिपरि सुदूरमा भाएका ती देशहरूमा।)

१२परमेश्वरले यो "झण्डा" सबै मानिसहरूकोलागि
एउटा चिन्ह स्वरूप उठाउनु हुनेछ। इस्राएल र यहूदाका
मानिसहरू जो जबरदस्ती निकालिएका थिए, ती मानिसहरू
पृथ्वीभरि टाढ़ा सम्म वरिपरि यत्रतत्र छरिएका थिए।
तर तिनीहरूलाई परमेश्वरले एकजुट पार्नु हुनेछ।

---

**अय्यात** खेडण्हर अर्थात भग्नावशेष।

१३त्यसबेला, एप्रैमले यहूदासँग डाह गर्नेछैन्। यहूदाले
कुनै शत्रुहरू छाड़ने छैन्। अनि यहूदा एप्रैमको लागि
सङ्कटको कारण बनिने छैन्। १४तर एप्रैम र यहूदाले
पलिश्तीहरूमाथि आक्रमण गर्नेछन्। दुवै राष्ट्रहरू मिलेर
पूर्वका मानिसहरू जो धनी छन् तिनीहरूलाई एकसाथ
ल्याउनेछन्। एप्रैम र यहूदाले एदोम, मोआब अनि
अम्मोनीका मानिसहरूमाथि शासन गर्नेछन्।

१५परमप्रभु रिसाउनु हुनेछ; र मिश्रको समुद्रलाई दुई
भागमा बाँड़िदिनुहुनेछ। त्यस्तै प्रकारले, परमप्रभुले युफ्रेटिस्
नदीमाथि हात हल्लाउनुहुने छ। उहाँले नदीमाथि हिर्काउनु
हुनेछ र त्यो स-साना सातवटा नदीहरूमा बाँड़िनेछ।
साना नदीहरू गहिरा हुने छैनन्। मानिसहरू आफ्ना
जुत्ताहरू नफुकाली ती नदीहरू तर्न सक्नेछन्।
१६परमेश्वरका जुन मानिसहरू छाडिए तिनीहरूका निम्ति
अश्शूर छाड्ने बाटो निस्कने छ। यो समय परमेश्वरले
मिश्र बाट मानिसहरू निकाली लानु भएको बेला झैं
हुनेछ।

## परमेश्वर प्रति स्तुति-गान

१२ त्यस बेला, तिमीहरू भन्नेछौ: "हे परमप्रभु म
तपाईंको महिमा गाउँछु! तपाईं मसित रिसाउनु
भएको थियो। तर अहिले तपाईंको रिस साम्य भएकोछ
अनि मलाई आफ्नो माया देखाउनु भएकोछ।"

२परमेश्वरले मलाई बचाउनु हुन्छ। म उहाँमाथि
भरोसा गर्दछु। म डराउने छैन्। परमप्रभु परमेश्वर मेरो
बल हुनुहुन्छ। उहाँले मलाई बचाउनु हुन्छ। अनि म
उहाँको महिमाको गुणगान गर्नेछु।

३तिमीहरूले उद्धारको इनारबाट पानी लेऊ। तब
तिमीहरू आनन्दित हुनेछौ।

४त्यसपछि तिमीहरू भन्नेछौ, "परमप्रभुको प्रशंसा
गर! उहाँको नाउँमा आराधना गर! उहाँले गर्नु भएका
कामहरूको बारेमा सबै मानिसहरूलाई भन! र उहाँको
नाउँ उच्च पारिएको छ भनी घोषणा गर।"

५परमप्रभुको बारेमा स्तुतिका गीतहरू गाऊ। किन?
किनभने उहाँले महान कार्यहरू गर्नु भएकोछ! परमेश्वरको
बारेमा सारा संसारै भरि सुसमाचार फैलाऊ। यी
कुराहरू प्रत्येक मानिसहरूले जान्न पाउन्।

६हे सियोनका मानिसहरू हो, यी कुराहरूका बारेमा
चिच्याऊ! इस्राएलका परमपवित्र परमेश्वर तिमीहरूका
बीचमा शक्तिशाली हुनुहुन्छ। त्यसैले आनन्दित हौऊ!

## बाबेललाई परमेश्वरको सन्देश

१३ परमेश्वरले आमोसको छोरा यशैयालाई यस्तो
बाबेलको विषयमा दु:खको सन्देश बताउनु
भयो:

२"त्यस पर्वतमाथि यी झण्डा उठाऊ जहाँ केही पनि
उब्जिन्दैन्। मानिसहरूलाई बोलाऊ। तिम्रा हातहरू
हल्लाऊ। तिनीहरूका प्रमुख मानिसहरूलाई
प्रवेशद्वारहरूबाट छिर्नु भन!"

३परमेश्वरले भन्नुभयो: "मैले ती मानिसहरूलाई जन
समूहबाट छुट्याएँ अनि म आफै नै तिनीहरूलाई आज्ञा
दिनेछु। म रिसाएको छु। ती मानिसहरूलाई दण्ड
दिनका लागि मैले मेरा सबभन्दा भेला गरें। उत्तम
मानिसहरूलाई यी खुशी मानिसहरूको लागि म गर्वित
छु।

४"त्यहाँ पर्वतहरूमा ठूलो हल्ला छ। ध्यान लगाएर
हल्ला सुन्। यो धेरै राष्ट्रहरूका मानिसहरूको हल्ला
जस्तो छ। सेनाहरूका परमप्रभुले आफ्ना सैनिकहरूलाई
एक साथ बोलाइरहनु भएको छ।

५परमप्रभु र उहाँका सेनाहरू कुनै टाढ़ा ठाउँबाट
आइरहेकाछन्। तिनीहरू क्षितिज पारिबाट आइरहेका
छन्। परमप्रभुले आफ्नो क्रोध दर्शाउनलाई ती सेनाहरूलाई
हतियार स्वरूप चलाउनु हुनेछ। ती सेनाहरूले सम्पूर्ण
देश नै नष्ट परिदिनेछन्।"

६परमप्रभुको विशेष दिन नजिक आइरहेको छ।
यसैले तिमीहरू आफ्नैलागि रोई कराई गर। समय
आइरहेको छ जब शत्रुहरूले तिमीहरूका धन-सम्पत्ति
चोर्नेछन्। सर्वशक्तिमान परेमश्वरले त्यस्तो घटना घटाउनु
हुनेछ। ७मानिसहरूले आफ्नो हिम्मत हार्नेछन् र
मानिसहरूलाई डरले कमजोर बनाउने छ। ८प्रत्येक
मानिस डराउने छन्।नानी जन्माउन आटेकी आइमाईको
पेटको पीड़ा सरह डरले तिनीहरूका पेटमा पीड़ा हुनेछ।
तिनीहरूका अनुहार आगो जस्तो रातो हुने छ। मानिसहरू
छक्क पर्नेछन् किनभने त्यस्तो डरले भरिएको
हेराई तिनीहरूका छिमेकिहरूका अनुहारहरूमा समेत
हुनेछ।

## बाबेलका विरुद्ध परमेश्वरको न्याय वाक्य

९हेर, परमप्रभुको विशेष दिन आइरहेछ! यो दिन
भयानक हुनेछ। परमेश्वर रिसाउनु हुनेछ अनि उहाँले
देश ध्वंश पारि दिनुहुनेछ। प्रत्येक पापीलाई त्यस देश
छोड़नु वाध्यतामा पार्नुहुनेछ। १०आकाश अन्धकार हुने
छ। घाम, जून र तारामण्डलहरू चम्कने छैनन्।

११परमेश्वर भन्नुहुन्छ, "म यस संसारमा नराम्रा कुरा
हुने कारण सृष्टि गर्नेछु। म दुष्ट मानिसहरूलाई
तिनीहरूको पापको लागि दण्ड दिन्छु। म घमण्डीको
शेखी झारिदिनेछु। म तिनीहरूप्रति कुनै दया-माया
राख्ने छैन्। १२त्यहाँ केही मानिसहरू मात्र छोड़िनछन्।
सुन जस्ता निष्खोट मानिस पाउन त्यहाँ दुर्लभ हुनेछ।
अनि ती अलिकति रहेका मानिसहरू खाँटी सुन झैं
बहुमूल्य हुनेछन्। १३मेरो क्रोधमा म आकाश थर्काई
दिनेछु। अनि पृथ्वी आफ्नो ठाउँबाट हट्नेछ।"

त्यो त्यस दिन हुनेछ, जब सेनाहरूका परमप्रभू
क्रोधित हुनुहुन्छ। १४तब मानिसहरू घाइते मृग जस्तै

भाग्नेछन्। तिनीहरू गोठालो नभएको भेड़ा जस्तै भाग्नेछन्। तिनीहरू भागेर आफ्नो देश र मानिसहरूकहाँ जानेछन्।
१५अनि ती शत्रुहरूले ज-जसलाई पक्रनेछन् ती सबैलाई तरवारले मार्नेछन्। १६तिनीहरूका घरमा भएका सबै चीज-बीजहरू चोरिनेछ। तिनीहरूका पत्नीहरूको इज्जत लूटिनेछ। तिनीहरूका नानीहरूलाई कुटेर मार्नेछन् तर मानिसहरूले हेरिरहेका हुनेछन्।

१७परमेश्वर भन्नुहुन्छ, "म मादी सैनिकहरूलाई बाबेल विरुद्ध लड्न कर लगाउनेछु। मादीका सैनिकहरू तिनीहरूका सुन र चाँदीले लोभिने छैनन्। १८आक्रमण गर्दा सिपाहीहरूले बाबेलका जवानहरूलाई मार्नेछन्। सिपाहीहरूले भर्खर जन्मिएका नानीहरूमाथि समेत दया र करुणा देखाउने छैनन्। सिपाहीहरू नानीहरूप्रति दयालु हुने छैनन्।

१९"सदोम र गमोरा जस्तै नै बाबेल पनि ध्वंश पारिनेछ। परमेश्वरले यस्तो ध्वंशात्मक घटना घटाउनु हुनेछ जहाँ केही रहेन छैन्। सबै राज्यहरूमा बाबेल सर्वश्रेष्ठ छ। बासिन्दाहरू आफ्नो राज्यप्रति साह्रै गर्वित हुनेछन्। २०तर मानिसहरू भविष्यमा त्यहाँ बस्न योग्यका हुने छैनन्। अरबीहरूले त्यहाँ तम्बु टाँग्ने छैनन्। गोठालाहरूले आफ्ना भोजनको लागि त्यहाँ भेड़ा ल्याउने छैनन्। २१जङ्गलबाट आएका जङ्गली जनावरहरू मात्र त्यहाँ बाँचिरहेका हुनेछन्। मानिसहरू बाबेलमा भएका आफ्ना घरहरूमा बस्नु पाउने छैनन्। घरहरूमा लाटोकोसेरोहरू र ठूलठूला चराहरू बस्नेछन्। लामा-लामा भुत्लाहरू भएका जङ्गली बाख्राहरू त्यस घरहरूमा चराहरू हिड़नेछन्। २२जङ्गली कुकुरहरू अनि ब्वाँसोहरू बाबेलका विशाल महलहरूमा कराउने छन्। बाबेल खतम हुनेछ। बाबेलको अन्त नजिकै आइसक्यो। त्यो विध्वंशको दिन म पर्खने छैन्।"

## इस्राएल घर फर्किनेछ

१४ भविष्यमा, परमप्रभुले फेरि आफ्नो प्रेम याकूबमाथि दर्शाउनु हुने छ। परमप्रभुले फेरि एकपल्ट इस्राएललाई छान्नु हुनेछ। त्यसबेला परमप्रभुले तिनीहरूलाई आफ्ना भूमि फर्काइ दिनुहुनेछ। तब गैर-यहूदीहरू आफै यहूदी समूहमा सम्मिलित हुनेछन्। दुवै समुदायहरू परस्परमा मिलेर एक परिवार अर्थात याकूबको परिवार तुल्य हुनेछन्। २ती जातिहरूले ती मानिसहरूलाई इस्राएल फर्काइ लैजाने छन्। ती पुरूष र स्त्रीहरू इस्राएलका नोकर-नोकर्नी हुनेछन्। पहिले ती मानिसहरूले जबरजस्ती इस्राएलीहरूलाई कमारा-कमारीहरू बनाएका थिए। तर, यसबेला ती जातिहरूमाथि इस्राएलले आधिपत्य जमाए र तिनीहरूलाई पराजित गरे। ३परमेश्वरले तिमीहरूका अप्ठेरा कामहरू लिनु हुनेछ र तिमीहरूलाई आराम दिनुहुनेछ। पहिले तिमीहरू कमारा-कमारीहरू थियौ। मानिस जातिहरूले तिमीहरूलाई जबरजस्ती नसक्ने कामहरू गर्न लगाए। तर परमप्रभुले ती दु:खका दिनहरू अन्त गरिदिनु भयो।

## बाबेलका राजा बारे एक गीत

४त्यस बेला, तिमीहरू बाबेलका राजाको बारेमा यस्तो गीत गाउन थाल्ने छौ:

राजाको अर्थ नै हामीमाथि राज गर्नु थियो। तर अब उसको शासन समाप्त भयो।

५परमप्रभुले दुष्ट शासकहरूको राज डन्डा भाँच्नु भएकोछु। परमप्रभुले तिनीहरूका शक्ति खोसेर लैजानु हुनेछ।

६बाबेलका राजा रिसाउँदा मानिसहरूलाई एकहोरो कुटिरहनु हुन्थ्यो। ती दुष्ट शासकहरूले मानिसहरूलाई लगातर कष्ट दिइरहे।

७तर अहिले सारा देशले विश्राम र शान्ति पाएका छन्। अहिले जनताहरूले उत्सव मनाउन थाले।

८तिमी एकजना पापी राजा हौ र अहिले तिमी समाप्त भएकाछौ। सल्लाका रूखहरूसमेत आनन्दित छन्। लबानोनको देवदारका रूखहरू पनि आनन्दित छन्। ती रूखहरू भन्दछन्, "राजाले हामीलाई ढाले। तर अहिले राजा आफै ढलेका छन् अनि फेरि कहिल्यै उठ्नु हुने छैन्।"

९पातल उत्तेजित छ किनभने तिमीहरू आइरहेका छौ। तिमीहरूकालागि पातलले सारा संसारका अगुवाहरूका मरेकाहरूलाई जागाउँदछौ। पातलले राजाहरूलाई तिनीहरूको राजगद्दीमा उभ्याउन लागाउछ पाताल तिमीहरूको आगमनमा सबै तयार पारिरहेकोछ।

१०सारा ती अगुवाहरूले तिमीहरूको खिल्ली उड़ाउने छन्। तिनीहरूले भन्ने छन्, "अब तिमी हामीहरू जस्तै मृत-शरीर हौ। अब तिमीहरू खाली हामीहरू जस्तै हौ।"

११तिम्रो रवाफ पातालमा पठाइएकोछ। वीणाबाट गुज्जेको स्वरले तिम्रो घमण्डी आत्मा आएको घोषणा गर्दछ। औंसाहरूले* तिम्रो शरीर खानेछ। तिमी ती औंसाहरूको ओछयान हुनेछौ। कीराहरूले तिम्रो शरीर बर्केले जस्तै ढाकी दिनेछन्।

१२तिमी बिहानको तारा जस्तो थियौ, तर तिमी आकाशबाट खस्यौ। पहिले सारा पृथ्वी नै तिमी समक्ष नतमस्तक हुन्थ्यो। तर अहिले तिमी काटिएर ढल्यौ।

१३तिमीले सँधै आफैले आफूलाई भन्ने गर्दथ्यौ, "म सर्वोच्च परमेश्वर जस्तो उच्च हुनेछु। म आकाशमाथि जानेछु। म मेरो सिंहासन परमेश्वरको ताराहरूमाथि राख्नेछु। म पवित्र पर्वत जफोनको टापुमा बस्नेछु। म धेरै देवताहरूलाई त्यस पर्वतमाथि भेट्नेछु।

---

**औसा** मासुमा वा छाउमा पर्ने सेतो किरा।

१४म बादलहरूको बेदी सम्म जानेछु, म आफू सर्वोच्च परमेश्वर जस्तै हुनेछु।"
१५तर त्यस्तो भएन, तिमी परमेश्वरसँग आकाशमाथि गएनौ, तिमीलाई गहिरो खाड़ल मनि ल्याइयौ पातालमा-मृत्युको ठाउँमा।
१६मानिसहरूले तिनीहरूलाई देखेर तिमीहरूको बारेमा सोच्न थाले। तिनीहरूले देखे कि तिमीहरू पनि केवल मृत-शरीर रहेछौ, अनि मानिसहरूले भने, "के यो त्यही मानिसहरू हुन जो सारा पृथ्वीभरि ठूलो डरको कारण थिए?"
१७के यो त्यही मानिस हो जसले शहरहरू ध्वंस्त पाऱ्यो र घन जङ्गलमा परिणत गरिदियो? के यो त्यही मानिस हो जसले युद्धमा समातिएका मानिसहरूलाई आफ्ना घर फर्कन दिएनन्?"
१८पृथ्वीमा प्रत्येक राजाले गौरवमय मृत्यु प्राप्त गरे। प्रत्येक राजाको आफ्नै चिहान छ।
१९तर ए दुष्ट राजा तिमी आफ्नै चिहानबाट स्वयं फ्याँकियो। तिमी हागाँ हो जो रूखबाट काटिएर टाड़ो फ्याँकिएको छौ। तिमी युद्धमा ढलेको मृत मानिस जस्तो छौ जसमाथि अन्य सिपाहीहरूले कुल्चेर हिड़दछन्। अहिले तिमी अन्य मृत मानिस जस्तो देखिन्छौ। तिमी कात्रोमा बेरिएका छौ।
२०तर अरू तिमी धेरै राजाहरू मरेका छन अनि तिनीहरू सबैको आफ्नो चिहानहरू छन्। ती मरेका राजाहरूसित सम्मिलित हुन सक्ने छैनौ किनभने तिमीले आफ्नै देश ध्वंश पाऱ्यौ। तिम्रा सन्तानले तिमीहरूले झैं ध्वंश गरिरहने छैन तिम्रा सन्तानहरूलाई रोकिनेछ।
२१उनका सन्तानहरूलाई मार्न तयार हौ। तिनीहरूलाई मार किनभने तिनीहरूका पिता दोषी थिए। तिनका नानीहरू फेरि आफ्नो देशलाई हरेचाह गर्ने योग्य छैनन्। अब तिनीहरूले यस संसारमा त्यस्ता शहरहरू स्थापना गर्न सक्तैनन्।
२२सेनाहरूका परमप्रभुले भन्नुभयो, "म ती मानिसहरूका विरुद्धमा लडाई गर्न उपस्थित हुनेछु। त्यो नाउँ चलेको शहर बाबेल ध्वंश पार्नेछु। म बाबेलका मानिसहरूलाई नष्ट पार्नेछु। म तिनीहरूका नानीहरूलाई नष्ट गर्नेछु। तिनीहरूका नाती र नातिनीहरूलाई नष्ट पारिदिनेछु।" परमप्रभु स्वयंले त्यस्ता कुराहरू भन्नुभयो।
२३परम प्रभुले भन्नुभयो, "म बाबेललाई परिर्वतन गर्ने छु। त्यो जग्गा मानिसहरूका निम्ति नभएर, पशुहरूका लागि हुनेछ। त्यो ठाउँ दलदल हुनेछ। म 'त्यसलाई सर्वनाशको कुचोले बढ़ारेर बाबेललाई टाढ़ फ्याक्नेछ।" सेनाहरूका परमप्रभुले त्यस्ता कुराहरू भन्नुभयो।

## परमेश्वरले अश्शूरलाई पनि दण्ड दिनुहुनेछ

२४सेनाहरूका परमप्रभुले एक शपथ लिनुभयो। र परमप्रभुले भन्नुभयो, "मैले सोचेको जस्तै ती कुराहरू घट्नेछन् भनेर म शपथ गर्नेछु। ती कुराहरू ठीक मैले योजना गरे जस्तै घट्ने छ। २५म मेरो देशमा अश्शूरका राजालाई नष्ट गरिदिनेछु। म त्यस राजालाई मेरो पर्वतहरूमा कुल्चेर मार्नेछु। त्यो राजाले मेरो मानिसहरूलाई-दास बनायो, त्यसले तिनीहरूका घाँटीहरूमा जुवाहरू राखिदियो। त्यस्तो भारी हटाइनेछ। २६त्यस्तो योजना मैले मेरो मानिसहरूका लागि बनाएकोछु। अनि सारा जातिहरूलाई दण्ड दिनका लागि म आफ्ना शक्ति प्रयोग गर्नेछु।"
२७जब परमप्रभुले योजना बनाउनु हुन्छ, त्यो योजना कसैलेपनि रोक्न सक्तैन्। जब परमप्रभुले आफ्नो शक्तिले मानिसहरूलाई दण्ड दिनलाई उठाउनु हुनेछ, त्यो कसैले पनि रोक्न सक्तैन्।

## पलिश्तीहरूलाई परमेश्वरको सन्देश

२८आहाज राजा मरेकै वर्षमा यस्तो दु:खको सन्देश प्राप्त भयो।
२९हे पलिश्तीहरूको देश तिमीहरूलाई हिर्काउने राजा मऱ्यो, त्यसैले तिमीहरू खुशी छौ। तर तिमीहरू साँचि नै खुशी नहोऊ। यो सत्य हो कि शासनको अन्त भयो। तर राजाको छोरो आएर शासन गर्नेछ। अनि यो एउटा सर्पले अन्य थुप्रै डरलाग्दा सर्पहरू जन्माए जस्तै हो। यो नयाँ राजा एकदम चतुर र डर लाग्दो सर्प सरह हुनेछन्। ३०तर मेरा गरीब मानिसहरू सुरक्षित भएर खाने छन्। तिनीहरूका छोरा-छोरीहरू सुरक्षित हुनेछन्। मेरा गरीब मानिसहरू आरामसित सुरक्षाको अनुभव गर्न सक्ने छन्। तर म तिमीहरूका नानीहरूलाई भोकै मार्नेछु। अनि बचेका तिम्रा मानिसहरू रोगले मर्नेछन्।
३१तिमी मानिसहरू आफ्नो शहरको प्रवेशद्वारमा रुनु! शहरका मानिसहरू विलाप गर। पलिश्तीमा तिम्रा सबै मानिसहरू भयभीत हुनेछन्। तिम्रो आँट मोमबत्ती जस्तै पग्लिनेछ। उत्तरतिर हेर। त्यहाँ बादलको रूपमा धूलो छ। अश्शूरबाट सेनाहरू आउँदैछन्। त्यस सेनाका सबै मानिसहरू बलिया छन्।
३२त्यस सेनाले सन्देशवाहकहरूलाई तिनीहरूका देशमा पठाउनेछ, ती सन्देश-वाहकहरूले तिनीहरूका मानिसहरूलाई के भन्ने छन? तिनीहरूले घोषणा गर्नेछन्, पलिश्ती पराजित भयो, तर परमप्रभुले सियोनलाई बलियो बनाउनु हुने छ। अनि उहाँका गरीब मानिसहरू त्यहाँ सुरक्षित गए।

## मोआबलाई परमेश्वरको सन्देश

१५ यो मोआब बारे एक दु:खको समाचार हो: एउटै रातमा, सेनाहरूले मोआबको आर शहरबाट धन-सम्पत्ति लूटपाट पारे। एउटै रातमा, शहरलाई ध्वंश पारियो। एउटै रातमा, सैनिकहरूले कीर शहरबाट

धन-समपत्ति लूटपाट गरे। एउटै रातमा शहरलाई ध्वंश
पारियो।
२राजाका परिवारहरू र दीबोनका मानिसहरू उच्च
ठाउँहरूमा रूनलाई गए। नबो र मेदबाको लागि
मोआबका मानिसहरू डाको छोड़ी, छोड़ी रोए। मानिसहरूले
आफ्ना दु:ख प्रकट गर्नका निम्ति कपाल र दाह्रीहरू
खौरिए।
३मोआबमा चारैतिर घरको दलानहरूमाथि र
गल्लीहरूमा मानिसहरूले कालो लुगाहरू लगाएर रूँदै
कराउँदै हिँडे।
४हेशबोन र एलालेह शहरहरूमा मानिसहरू चिच्याउँदै
रोइरहेछन तिनीहरूको आवाजहरू टाढ़ा-टाढ़ा यहसा
शहर सम्म पनि सुन्न सकिन्थ्यो। यति सम्म कि
सिपाहीहरू तर्सिए। सिपाहीहरू डरले थरथर
कामिरहेछन्।
५मेरो हृदय मोआबको निम्ति रुन्छ। उसका मानिसहरू
सुरक्षाका निम्ति भागे। तिनीहरू सोअर तर्फ भागे।
तिनीहरू एग्लत शलीशियाह तर्फ भागे। मानिसहरू
लूहीतको उकालो बाटोहरूमाथि रूदै चिच्याउँदै चढ़े।
होरोनैम उक्लिँदा तिनीहरू चिच्याउँदै गए।
६तर निम्रीम खोला मरुभूमि जस्तो सुक्खा छ। सारा
वनस्पति मरे, हरियो भन्ने केही थिएनन्।
७यसकारण तिनीहरूले आफ्ना सर-सामानहरू बटुले
र मोआब त्यागेर गए। तिनीहरूले ती सामानहरू बोकेर
अरबाह खोलाबाट सीमा पार गरे।
८मोआबभरि रोएको सुन्न सकिन्छ। अनि मानिसहरू
बीर-एलीम र एग्लको शहरमा रोइरहेकाछन्।
९दीमोनको पानी रगतले भरिएकोछ अनि म अझै
दीमोनमा कष्ट ल्याउँछु। मोआबामा केही मानिसहरू
मात्र बाँच्न योग्य शत्रुहरूको हातबाट बाँचे। तर म
तिनीहरूलाई शेष पार्न सिंहहरू पठाउनेछु।
**१६** तिमीहरूले त्यस भूमिको राजालाई उपहार
पठाउनु पर्नेछ। तिमीहरूले मरुभूमि हुँदा सेलादेखि
सियोनको छोरीको पर्वतलाई एउटा थुमा पठाउनु
पर्नेछ।
२मोआबका स्त्रीहरूले अर्नोनको अरोण नदी पार गर्ने
प्रयास गर्छन्। तिनीहरू सहायताका निम्ति एक ठाउँ
देखि अर्को ठाउँमा हेरिरहेछन्। तिनीहरू रूखबाट गुँड
भूईंमा झरेपछि लापत्ता भएका बच्चाहरू चरा जस्ता
भएका छन्।
३तिनीहरू भन्दछन्, "हामीलाई सहयोग दिनुहोस! के
गर्नु पर्ने हो बताउनु होस! मध्यदिनहको घामबाट
हामीलाई ओझल पारे जस्तै हाम्रा शत्रुहरूबाट हामीलाई
बचाउँनु होस। हाम्रा शत्रुहरूबाट हामी भागिरहेका छौं।
हामीलाई लुकाउनु होस! शत्रुहरूको हातमा पर्न नदिनुहोस।"
४ती मोअबबाट आएका मानिसहरूलाई जबरजस्ती
आफ्ना घरहरू छोड़न लगाए। यसकारण तिमीहरूका
जग्गामा तिनीहरूलाई बस्न देऊ। तिनीहरूका शत्रुहरूबाट
तिनीहरूलाई लुकाऊ, लुटपाट रोकिने छ शत्रु पराजित
हुनेछ। मानिसहरूलाई दु:ख कष्ट दिनेहरू जति यस
ठाउँबाट जानेछन्।
५त्यसपछि दाऊदको घरानाबाट एकजना नयाँ राजा
आउनेछन्। उनी देशभक्त, मायालु र कृपालु हुनेछन्।
यी राजाले निष्पक्ष न्याय गर्नेछन्। उनले ती कुराहरू
मात्र गर्नेछन् जुन राम्रो र सही हुन्।
६हामीले सुनेका छौं कि मोआबका मानिसहरू
एकदम अंहकारी र कपटी छन्। ती मानिसहरू हिंसक
र ठूला कुराहरू गर्नेवालाहरू छन्। तर घमण्ड चहिँ
खाली खोक्रो शब्दमात्र हो।
७त्यही अहंकारको कारणले मोआबका सारा
मानिसहरूले दु:ख पाउनेछन्। मोआबका सारा मानिसहरू
रूनेछन्। मानिसहरू उदास हुनेछन्। विगतमा तिनीहरूसित
भएका कुरा तिनीहरूले चाहन्छन्। तिनीहरूले कीरहारेशेतमा
बनाएको नेभाएको केकहरूको इच्छा गर्छन्। ८हेशबोन
अनि सिब्माका दाखका बोटहरूमा दाखहरू नउप्जिनाले
मानिसहरू उदास हुनेछन्। विदेशी शासकहरूले दाखका
बोटहरू ढाल्नेछन्। शत्रुका सैनिकहरू याजेर शहर र
मरुभूमिभरी फैलिए। अनि तिनीहरू समुद्र पारि सम्म
फैलिए।

### मोआब बारे एउटा उदास गीत

९"दाखका बोटहरू नष्ट भएकोले गर्दा म याजेर
अनि सिब्माको मानिसहरूसित रूनेछ। म हेशबोन र
एलालेका मानिसहरूसँग रूनेछ किनभने त्यहाँ फसलहरू
हुनेछैन्। त्यहाँ ग्रीष्मऋतुको फलहरू पनि हुने छैन्।
अनि त्यहाँ आनन्दको हल्ला पनि हुनेछैन्।
१०एक समय फलले परिपूर्ण रहने अङ्गुरको
खेतहरूमा खुशीको गीतहरू गाइने छैन्। बाली भियाउने
समयमा मोज मज्जा समाप्त पार्नेछु। अङ्गुरहरू दूध
मदमा परिणत हुन तयार छन्। तर ती सबै चीजहरू
खेर जानेछन्।
११यसैकारण, मोआब प्रति म अत्यन्तै दु:खी छु।
कीर-हरेशे प्रति म अत्यन्तै दु:खी छु। म ती शहरहरू
प्रति अत्यन्त दु:खी छु।
१२मोआबका मानिसहरू आफ्ना पूजा गर्ने ठाउँमा
जानेछन् तिनीहरू प्रार्थना गर्ने प्रयास गर्नेछन्। तर त्यहाँ
के हुँदैछ तिनीहरूले देख्ने छन् अनि तिनीहरू प्रार्थना
गर्नु अत्यन्तै दुर्बल हुनेछन्।"
१३परमप्रभुले मोआबको बारेमा यस्ता कुराहरू धेरै
पल्ट भन्नु भएको थियो। १४अनि अहिले परमप्रभु
भन्नुहुन्छ, "तीन वर्षभित्र ज्यालामा काम गर्नेहरूले
आफ्नो समय गने झैं सबै मानिसहरूका गर्व र
वस्तुहरू समाप्त भएर जानेछ। त्यहाँ केही मानिसहरू
मात्र रहनेछन् तर धेरै मानिसहरू हुने छैनन्।"

## अरामलाई परमेश्वरको सन्देश

**१७** दमीशकको विषयमा यो दु:खको सन्देश हो। परमप्रभुले यी कुराहरू दमीशकमा घटनेछ भनेर भन्नु हुन्छ: "दमीशक अहिले शहर हो तर त्यो नष्ट हुनेछ। दमीशकमा खाली भग्नावशेषहरू मात्र रहनेछ।

२मानिसहरू अरोएर शहरहरूमा त्यागेर जानेछन्। भेंड़ाका बथानहरू ती शुन्य शहरहरूमा स्वतंत्र भएर घुम्नेछन्; त्यहाँ तिनीहरूलाई सताउने कोही पनि हुने छैन्।

३एप्रैम शहरहरूको किल्ला ध्वंश हुने छ। दमीशकको शासन अन्त हुनेछ। जुन घट्ना इस्राएलमा भएको थियो त्यहि घटना अराममा हुनेछ। अनि प्रमुख मानिसहरू हटेर जानेछन्।"

सेनाहरूका परमप्रभुले भन्नुभयो कि ती कुराहरू घट्नेछ।

४त्यसबेला याकूबको सम्पत्ति नाश हुनेछ। याकूब बीमार मानिस जस्तो हुनेछ अनि उ कमजोर र दुब्लो हुनेछ।

५त्यस समय रफाईमको वेंसीमा बाली भित्र्याउने समय जस्तै हुनेछ। कर्मीहरूले खेतमा सप्रेको बाली थुर्पाछन्। तब तिनीहरूको बोटहरूबाट बाला टिप्छन अनि अन्न बटुल्छन्।

६त्यसबेला जैतून पाकेको समय जस्तै हुनेछ। मानिसहरू जैतूनको बोटबाट जैतूनहरू मात्र टिप्छन्। तर केही जैतूनहरू मात्र रूखको टुप्पामा रहन्छन्। लगभग चार वा पाँचवटा जैतून रूखको हाँगाहरूमा रहन्छन्। त्यस्तै घटनाहरू ती शहरहरूमा हुनेछ। सेनाहरूका परमप्रभु यसो भन्नु हुन्छ।

७त्यसबेला, मानिसहरूले परमेश्वरलाई मास्तिर हेर्नेछन् जसले उनीहरूलाई सृष्टि गर्नुभयो। र तिनीहरूका आखाँ इस्राएलका परमपवित्रतिर लागिरहनेछ। ८मानिसहरू आफैले रचना गरेका महान कुराहरूमा विश्वास गर्ने छैनन्। तिनीहरू ती विशेष बगैंचाहरू र वेदीहरूमा जाने छैनन् जुन तिनीहरूले झूटा देवी-देवताहरूकालागि बनाए।

९त्यसबेला शक्तिशाली शहरहरू सबै रित्ता हुनेछन्। ती शहर यी पर्वतहरू जङ्गल हुनेछन् जस्तो इस्राएलका मानिसहरू त्यस भूमिमा आउनु अघि हुने गर्थ्यो बितेका दिनहरूमा त्यहाँका मानिसहरू भागेका थिए। किनभने त्यहाँ इस्राएलीहरू आउँदैथे। फेरि भविष्यमा पनि, त्यो देश रित्तो हुनेछ। १०यस्तो घटना हुनेछ, किनभने तिमीहरूले परमेश्वरलाई जसले तिमीहरूलाई बचाँउनु हुन्छ भुल्यौ। परमेश्वर नै तिमीहरूका सुरक्षाको ठाउँ हुनुहुन्छ भनेर तिमीहरूले सम्झेनौ। तिमीले टाढ़ा-टाढ़ाबाट एकदम राम्रा खालका दाखका बिरूवाहरू ल्यायौ।

तिमीले ती दाखका बिरूवाहरू रोप्न सक्छौ तर तिनीहरू सर्दैनन्। ११तिमीले एक दिन दाखका बिरूहरू रोप्ने छौ र बढ़ाउने चेष्टा गर्नेछौ। अर्को दिन ती बिरूवाहरू बढ़ना शुरू गर्छन्। तर फसल उठाउने गर्‍यौ आर्को दिन ती बिरूवाहरूले फलदिन थाले। तर फसल काट्ने बेलामा, बोटहरूबाट फलहरू बटुल्न जानेछौ, अनि तिमीहरूले प्रत्येक कुरो मृत देख्नेछौ। एउटा रोगले सबै बिरूवारू मार्नेछ।

१२धेरै धेरै मानिसहरूलाई सुन! तिनीहरू समुद्रमा उठेका छाल जस्तै चिच्याउदै रोइरहेका छन्। ती हल्लाहरूलाई सुन, ती हल्लाहरू समुद्रमा छालहरू उर्लेको आवाजहरू जस्ता छन्।

१३अनि मानिसहरू ती छालहरू जस्तै हुनेछन्। परमेश्वरले तिनीहरूलाई हकारेर बोल्नु हुनेछ अनि तिनीहरू टाढ़ा भाग्नेछन् मानिसहरू बतासले खेद्दै उड़ाई लैजाने भुस जस्ता हुने छन्। मानिसहरू हुरीले उखेलेर उड़ाउने जङ्गली झारहरू जस्तै हुनेछन हुरी चल्नेछ र जङ्गली झारहरू उड़ाई लानेछ।

१४त्यो रात मानिसहरू भयभीत हुनेछन्। बिहान हुन अघि केही छोड़िएको हुने छैन्। यसकारण हाम्रा शत्रुहरूले केही पनि पाउँने छैनन् अनि त्यहाँ केही हुनेछैन्।

## कूश देशलाई परमेश्वरको सन्देश

**१८** कूश देशसँग नदीहरू जोड़िएको जमीनलाई हेर। त्यो ठाउँमा कीराहरू छन; तिनीहरूले चलाएको पखेटाहरू बजाएको आवाजहरू सुन्न सक्छौ। २त्यस जग्गामा मानिसहरूलाई मालिङ्गोले* बनिएका डुङ्गाहरूमा पठाइन्छ।

हे फूर्तिला समाचार-वाहकहरू! ती मानिसहरूकहाँ जाऊ जो अग्ला र बलिया छन्! सबै ठाउँका मानिसहरू ती अल्गा अनि बलिया मानिसहरूदेखि डराउँछन्। तिनीहरू बलियो जाति हुन्। तिनीहरूले अन्य जातिहरूलाई परास्त पार्छन्। नदीहरूले भाग-भाग गरेका देशमा तिनीहरू छन्। ३केही नराम्रो घटना तिनीहरूमाथि घट्नेछ भनी ती मानिसहरूलाई होशियार गराऊ। संसारका सारा मानिसहरूले तिनीहरूमाथि घटने घट्ना हेर्नेछन्। पर्वतमाथि स्पष्ट रूपमा उठेको झण्डा झैं तिनीहरूले त्यो घटना देख्नेछन्। ती अग्ला मानिसहरूमाथि त्यस्तो घटना घट्न गएको खबर पृथ्वीका सबै मानिसहरूले सुन्नेछन्। युद्ध प्रारम्भ हुनु अघि फुकेको तुरहीको आवाज जस्तै स्पष्ट रूपमा तिनीहरूले सुन्नेछन्।

४परमप्रभुले भन्नुभयो, "मेरा निम्ति तयार पारेको ठाउँमा म हुनेछु। म चुपचाप ती घटनाहरू भएको हेर्नेछु। ५सुन्दर ग्रीष्मको दिनमा, मध्यदिनको बेला मानिसहरू आराम गरिरहेका हुन्छन्। यो गर्मीको फसल

---

**मालिङ्गो** एकप्रकारको मलबाँस भन्दा सानो निगाँलो भन्दा ठूलो उदामेद्ध।

काट्ने समय हुनेछ तब त्यहाँ कुनै वर्षा हुनेछैन्, खाली बिहानको शीत मात्र पर्नेछ। त्यसपछि केही डरलाग्दो घटना घट्नेछ। त्यो पहिल्यै फूलहरू फुलेको समय हुनेछ। त्यो अङ्कुर पाकेको फल हुने अनि बढ्ने समय हुनेछ। तर बाली पाक्न अघि नै शत्रुहरू आउनेछन् अनि बुटाहरू काट्नेछन्। तिनीहरूले अङ्कुरका लहराहरू चूडँनेछन् अनि फ्याँक्नेछन्।
६ती दाखका बोट-बिरूवाहरू पर्वतहरूबाट आउने चरा-चुरूङ्गीहरू र वन जनावरका निम्ति छोड़िनेछ। चरा-चुरूङ्गीहरू त्यस दाखका बोटहरूमा ग्रीष्म कालको दिनमा बस्नेछन्। अनि जाड़ो महीनामा वनका पशुहरूले ती सबै खानेछन्।

७त्यस समय सेनाहरूका परमप्रभुलाई विषेश भेट चढ़ाइनेछ। त्यो भेट ती अग्ला अनि बलिया मानिसहरूबाट हुनेछ, अत्याचारीहरू ती मानिसहरूसित भयभीत हुन्छन् जो नदीले छुट्याएको भूमिमा बस्छन्। यो भेट परमप्रभुको स्थल सियोन पर्वतमा ल्याइनेछ।

## मिश्र देशलाई परमेश्वरको सन्देश

१९ मिश्रको बारेमा शोक सन्देश: हेर! परमप्रभु तिब्र गतिमा उड़िरहने बादलमाथि चड़ेर आउनु हुँदैछ। परमप्रभु मिश्रमा प्रवेश गर्नु हुनेछ अनि मिश्रका सबै भूटा देवताहरू डरले काम्नेछन्। मिश्र वीर थियो, तर त्यो गरिमा पग्लेर जानेछ।

२परमेश्वर भन्नुहुन्छ, "मिश्रका मानिसहरूलाई आपसमा म भगड़ा गर्ने बनाउँछु। दाज्यू-भाइहरू-माभ लड़ाइँ हुनेछ। छिमेकीहरू आफ्नै छिमेकीहरूसित लड़ाइँ गर्नेछन्। शहरहरू शहरहरूकै विरुद्ध लड़नेछन्। राज्यहरू राज्यहरू कै विरुद्ध लड़नेछन्।
३मिश्रका मानिसहरू दोधारमा पर्नेछन्। ती मानिसहरू आफ्ना भूटा देवताहरू अनि ज्ञानी जनलाई सोध्नेछन्, के गर्नु पर्नेछ? तिनीहरूले आफ्ना तांत्रिकहरू र भाँक्रीहरूलाई सोध्नेछन्। तर तिनीहरूको उपदेश अनुपयोगी हुनेछन्।"

४मेरो मालिक सेनाहरूका परमप्रभु भन्नुहुन्छ, "म मिश्रलाई निष्ठूर मालिकको हातमा सुम्पिदिनेछु। एकजना शक्तिशाली राजाले मानिसहरूमाथि शासन गर्नेछन्।
५नील नदी सुक्नेछ। समुद्रहरूबाट पानी सुखेर जानेछ।
६सारा नदीहरू नराम्रो प्रकारले गन्हाउने छ। मिश्रका सारा खोला-नालाहरूको पानी घट्नेछ र सुकेर जानेछ। पानीका सारा वनस्पतिहरू सड्नेछ।
७सारा उद्भिद नदीका किनारहरूसँगै मर्नेछन् र उड़ेर जानेछन्। नदीको ठूलो भागमा भएको उद्भिदहरू समेत मरेर जाने छ।

८"जालहारी ती सबै मानिसहरू जसले नील नदीबाट माछाहरू समाउँछन् तिनीहरू उदास हुनेछन् र रूने छन्। तिनीहरूले नील नदीकै भरमा आफ्नो जीविका चलाएका हुन्, तर त्यो सबै सुक्खा हुनेछ।
९सारा बाटेका सुनपाटको काम गर्ने मानिसहरू अत्यन्त दुःखी हुनेछन्। ती मानिसहरूलाई लुगा बनाउने उद्भिदहरू नदी सुखेकोले गर्दा उब्जने छैन्।
१०मानिसहरूले पानी जोगाउनलाई बाँध बनाउनेछन तर विफल हुनेछन्, यसकारण तिनीहरू दुःखी हुनेछन्।

११"सोअन शहरका मानिसहरू मूर्ख छन्। फिराऊनका 'सल्लाहकारहरूले' भूल सल्लाह दिनेछन्। ती अगुवाहरूले आफूलाई ज्ञानी ठान्दछन्। तिनीहरू भन्छन् तिनीहरू प्राचीन राजाहरूका सन्तानहरू हुन्। तर तिनीहरू त्यति ज्ञानी छैनन् जति तिनीहरू सोच्छन्।"

१२हे मिश्र! तिम्रा ज्ञानी मानिसहरू कहाँ छन्? ती ज्ञानी मानिसहरूले सिक्नु पर्छ कि सेनाहरूका परमप्रभुले मिश्रको लागि यो योजना बनाउनु भयो। के हुनेछ तिनीहरूले तिमीहरूलाई भनुन्?

१३सोअनका अगुवाहरू मूर्ख भएका छन्। नोपका अगुवाहरूले भूटा देवताहरूमाथि भरोसा गरे। त्यसकारण अगुवाहरूले मिश्रलाई गलत मार्ग तिर लगे।
१४परमप्रभुले अगुवाहरूलाई दोधार बनाई दिनुभयो। तिनीहरू भड़के र मिश्रलाई गल्ती मार्गमा डोऱ्याए। जे पनि अगुवाहरूले गरे सबै गल्तीहरू नै गरे। तिनीहरू मतवाला मानिसहरू सरह धर्मराउँदै भूईंमा शिथिल भएर लड़िरहेका छन्।
१५त्यहाँ अगुवाहरूले गर्नु पर्ने केही कुरा छैन्। ती अगुवाहरू "उद्भिदको टाउको र पुच्छरहरू हुन्।" तिनीहरू "टुप्पाहरू र काण्डहरू हुन्।"

१६त्यसबेला मिश्रदेशवासीहरू डराएकी स्त्रीहरू जस्तै हुनेछन्। तिनीहरू सेनाहरूका परमप्रभुदेखि डराउनेछ। परमप्रभुले तिनीहरूलाई दण्ड दिनलाई उहाँको पाखुरा उठाउनु हुनेछ र तिनीहरू डराउनेछन्।
१७यहूदा देशले सारा मिश्रका मानिसहरूको लागि डराउने ठाउँ हुनेछ। यहूदाको नाउँ सुन्ने बित्तिकै मिश्रका मानिसहरू तर्सिनेछन्। यस्तो हुने नै छ किनभने सेनाहरूका परमप्रभुले मिश्रमा त्यस्तो घटना घटोस, भनेर योजना गर्नु भएको हो।
१८त्यस समय मिश्र शहर पाँचवटा हुनेछ जहाँ मानिसहरूले कनानी भाषा बोल्छन्। ती शहरहरू मध्ये एउटाको नाउँ "विनाशक शहर"* हुनेछ।

मानिसहरूले सेनाहरूका परमप्रभुलाई अनुसरण गर्ने प्रतिज्ञा गर्नेछन्।
१९त्यस समय मिश्रको बीचमा परमप्रभुको लागि एउटा वेदी तयार हुनेछ। मिश्रको सिमानामा परमप्रभुमाथि श्रद्धा प्रकट गर्नलाई एउटा स्मारक बनाइनेछ।
२०सेनाहरूका परमप्रभुले गर्नु भएको महान र प्रभावपूर्ण कार्यहरूका यो चिह्न हुनेछ। कुनै पनि समय मानिसहरू परमप्रभुदेखि केही माग्न चिच्याइ रूनेछन् अनि परमप्रभुले सहयोगी पठाउनु हुनेछ। परमप्रभुले मानिसहरूलाई बचाउन र रक्षा गर्नलाई एक मानिस पठाउनु हुनेछ। त्यस

---

**विनाश शहर** यो शब्दको खेल हो यो नाउँ सूर्य शहर अर्थ दिने एउटा नाउँ जस्तै हो। यो शायद ओन (होलियोपोलिस) शहर हो।

मानिसले तिनीहरूमाथि अरूले गरेको अन्याय र दुष्ट कार्यबाट बचाउनेछ।

२१त्यसबेला, मिश्रका मानिसहरूले परमप्रभुले साँचो रूपमा जान्नेछन्। मिश्रका मानिसहरूले परमेश्वरलाई प्रेम गर्नेछन्। मानिसहरूले परमेश्वरको सेवा गर्नेछन् र धेरै बलिदानहरू अर्पण गर्नेछन्। तिनीहरूले परमप्रभुसित भाकल गर्नेछन्। अनि तिनीहरूले ती प्रतिज्ञाहरू कायम राख्नेछन्।

२२परमप्रभुले मिश्रका मानिसहरूलाई दण्ड दिनु हुनेछ। अनि त्यसपछि परमप्रभुले तिनीहरूलाई क्षमा गर्नु हुनेछ। तिनीहरू परमप्रभुपट्टि फर्केर आउनेछन्। परमप्रभुले तिनीहरूका प्रार्थना सुन्नु हुनेछ र तिनीहरूलाई क्षमा गर्नुहुनेछ।

२३त्यस समयमा मानिसहरू अश्शूरबाट मिश्र अनि मिश्रबाट अश्शूर जानेछन्। मिश्र र अश्शूरका मानिसहरूसँगै आराधना गर्नेछन्।

२४त्यस समयमा इस्राएल, अश्शूर र मिश्रले संयुक्त भई पृथ्वीमाथि शासन गर्नेछन्। यो त्यो देशको लागि एक आशिर्वाद हुनेछ। २५सेनाहरूका परमप्रभुले त्यस देशलाई आशीर्वाद दिनुहुनेछ। उहाँले भन्नु हुनेछ, “मिश्र, तिमीहरू मेरा मानिसहरू हौ। अश्शूर, मैले तिमीलाई बनाएँ। इस्राएल तिमी मेरो सम्पत्ति हौ। तिमीहरू सबै धन्य हो!”

### अश्शूरले मिश्र र कूशलाई पराजित गर्नेछ

२० सर्गोन अश्शूरका राजा थिए। सर्गोनले त्यो शहरसित युद्ध गर्नु अश्दोदकहाँ टर्टोनलाई पठाए। टार्टोनले त्यहाँ गएर शहर कब्जामा पारे। २त्यस बेला, परमप्रभुले आमोसका छोरा यशैयाद्वारा बोल्नुभयो, “जाऊ, तिम्रा कम्मरबाट उदासपूर्ण लुगाहरू खोलेर फ्याँक। खुट्टाहरूबाट जुत्ताहरू खोल।” यशैयाले परमप्रभुको आज्ञा पालन गरे। अनि यशैया निवस्त्र र खाली खुट्टा वरिपरि हिँड़े।

३तब परमप्रभले भन्नुभयो, “यशैया तीन वर्ष सम्म त्यसरी नै निवस्त्र र खाली खुट्टा हिँड़े। यो मिश्र र कूशदेशको चिह्न हो। ४अश्शूरका राजाले मिश्र र कूश पराजित गर्ने छ। अश्शूरले कैदीहरू लिएर तिनीहरूलाई टाढ़ा देशहरू तर्फ धपाउनेछ। बुढ़ा मानिसहरू र युवावर्गलाई निवस्त्र र खाली खुट्टामा डोर्‍याउने छन्। तिनीहरू सम्पूर्ण रूपमा नाङ्गो हुनेछन्। मिश्रका मानिसहरू लज्जित हुनेछन्। ५मानिसहरूले कूशलाई सहयोग माग्ने छन्। मानिसहरू बाँढ़िनेछन्। मानिसहरू मिश्रको गौरव देखेर छक्क पर्नेछन्। ती मानिसहरू लज्जित हुनेछन्।”

६समुद्रको छेउमा बस्ने मानिसहरूले यसो भन्नेछन्, “हामीलाई सहयोग गर्न ती देशहरूलाई भरोसा गर्‍यौं। तिनीहरूले हामीलाई अश्शूरका राजाबाट छुट्कार दिलाउने छन् भन्ने आशमा हामी तिनीहरूकहाँ पुग्यौ, तर तिनीहरूलाई हेर। ती देशहरू कब्जामा पारिए। यसर्थ हामी कसरी जोगाउन सकिन्छ?”

### बाबेललाई परमेश्वरको सन्देश

२१ मरुभूमिको समुद्रको बारेमा दु:खको सन्देश: मरुभूमिबाट केही आइरहेछ, यो नेगेवबाट बहेको हावा जस्तै आइरहेछ, यो भयानक देशबाट आइरहेछ।

२मैले केही भयानक कुरा देखेकोछु जुन हुने वाला छ। मैले तिम्रो विरूद्धमा उठेका देशद्रोहीहरू देखेकोछु। तिम्रा सम्पत्तिहरू लुट्ने मानिसहरू देख्छु। एलाम, जाऊ अनि तिनीहरूका विरुद्ध युद्ध गर, मादी। शहरका वरिपरि तिम्रा सैनिकहरू तैनात गर म त्यस शहरमा नराम्रो कार्यहरू समाप्त गर्न चाहन्छु।

३मैले त्यस्ता भयानक कुराहरू देखें, अनि अहिले म डराएँ। डरले गर्दा मेरो भूड़ी दुख्छ। त्यो पीड़ा स्त्री जातिलाई हुने नानी जन्माउने बेला भएकी प्रसव पीड़ा जस्तो छ। जुन कुरा मैले सुनें त्यसले मलाई एकदम भयभीत पार्‍यो। जुन कुरा मैले देखें त्यसले मलाई डरले थर्थर कमायो। ४मेरो मनोरम साँझ डरलाग्दो रातमा परिणत भयो किनभने त्रासले ममाथि विजय प्राप्त गर्‍यो।

५मानिसहरू सोच्दछन् कि प्रत्येक कुरो ठीक छ। मानिसहरू रात्री भोजनको लागि टेबल ठीक पार्दैछन्।” सैनिकहरू पनि भन्दैछन्, “रक्षकहरू पठाऊ। अधिकारीहरू उठ अनि आफ्नो ढाल चम्काऊ।”

६मेरो मालिकले मलाई भन्नुभयो, “जाऊ, यस शहरलाई सुरक्षित राख्न एकजना मानिस खोज। उसले जे देख्छ विवरण प्रस्तुत गर्नै पर्छ। ७यदि प्रहरीले घोड़चढ़ी सिपाहीहरूका लहर, गधाहरूको र ऊटहरूको लहर देख्यो, उसले एकदम होशीयारी साथ कान थाप्नु पर्दछ।”

८तब एकदिन त्यस रक्षकले यसो भन्दै बोलाउने छ, “मेरा मालिक, धरहरामाथि हुनु भएकाले म प्रत्येक दिन नै नियाली रहेकोछु। म प्रत्येक रात उभिएर पहरा दिइरहेकोछु। तर... ९हेर! तिनीहरू आइरहे छन्! मानिसहरूका लस्कर र घोड़चढ़ी सिपाहीहरूका लस्कर म देख्छु।”

तब एउटा सन्देशवाहकले भन्यो, “बाबेल पराजित भयो। बाबेलको पतन भयो। उसका सारा भूटा देवताका मूर्तिहरू भूईंमा बजार्दै फ्याँकिए अनि ती सबै टुक्रा-टुक्रा भए।”

१०“मेरा मानिसहरू तिमीहरूलाई मैले भनिसकेको छु सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वरबाट मैले सुनिसकेकोछु। जाँतोले गहुँ पिँधे जस्तै तिमीहरू पनि पिधिँनेछौ।”

## एदोमलाई परमेश्वरको सन्देश

११दूमा बारे एक दु:खको सन्देश: कसैले मलाई
एदोम देखि डाक्यो। उनले भने, “हे प्रहरी, रात अझ
कति बाँकी छ? कहिले सम्म बस्नु पर्ने हो!”
१२प्रहरीले जवाफ दिन्छ, “बिहान हुदैछ तर फेरि
रात आउने नै हो। यदि तिमीलाई केही सोध्नु छ भने
फर्केर आऊ र सोध।”

## अरबयालाई परमेश्वरको सन्देश

१३अरब बारे एउटा शोक सन्देश ददानका मरुभूमिका
यात्री समूहले! अरब मरुभूमिको रूखहरूमाझ रात
बिताए।
१४तेमाका मानिसहरू तिमीहरूले तिर्खाको केही
यात्रीहरूलाई पानी अनि भोजन दियौ।
१५ती मानिसहरू जो मारिनलाई तयार थिए तरवारबाट
भागि रहेका थिए। तिनीहरू धनुबाट भागि रहेका
थिए। जो छोड़िनलाई तयार थिए, तिनीहरू कठिन साथ
युद्ध भूमिबाट भागिरहेका थिए।
१६परमप्रभु, मेरो मालिक, ती हुने कुराहरू मलाई
बताउनु भयो। परमप्रभुले भन्नुभयो, “एक वर्ष भित्रमा
ज्यालामा काम गर्ने नोकरले समय गने जस्तै केदारको
सम्पूर्ण गौरव जानेछ। १७त्यस समयमा केदारका केही
धनुर्धारी, महान सेनाहरू मात्र त्यहाँ रहनेछन्।” परमप्रभु,
इस्राएलका परमेश्वरले ती कुराहरू मलाई बताउनु
भयो।

## यरूशलेमलाई परमेश्वरको सन्देश

२२ दिव्य दर्शनको बेंसी बारे दु:खको सन्देश:
तिमीहरूलाई के भयो? घरमाथि किन
लुकिरहेछौ?
२विगतमा, यो शहर अत्यन्त व्यस्त थियो। यो हल्लै
हल्लाले भरिएको र अति सुखी शहर थियो। तर,
अहिले स्थिति परिवर्तन भयो। तिमीहरूका मानिसहरू
मारिए तर तरवारहरूले होइन्। मानिसहरू मरे तर
युद्धमा लड़ेर होइन्।
३तिमीहरूका सारा शासकहरूसँगै भाग्दै गए। तर
तिनीहरू सबै नै पक्राउ परे। अनि तिनीहरूसित धनु
थिएन्। सबै शासकहरूसँगै भागे तर तिनीहरू सबै नै
पक्राउ परे।
४यसकारण म भन्छु, “मलाई नहेर! मलाई चिच्याउन
देऊ! यरूशलेम ध्वंश भई सकेपछि मलाई सान्त्वना
दिन अघि नबढ़।”
५परमप्रभुले एक खास दिन रोज्नु भयो। त्यस दिन
त्यहाँ कोलाहल र अस्तव्यस्त स्थिति हुनेछ। दर्शनको
बेंसीमा मानिसहरू एकअर्कालाई कुल्ची मिल्ची पार्दै
हिड़नेछन्। शहरका पर्खालहरू भत्काई झार्नेछन्। बेंसीमा
बस्ने मानिसहरू पर्वतमा बस्ने मानिसहरू प्रति चिच्याई
कराउनेछन्। ६एलामबाट आएका घोड़चड़ी सिपाहीहरूले
आफ्ना धनुहरू बोकेर युद्धकालागि जानेछन्। कीरका
मानिसहरूले आफ्ना ढालहरूका टिङ्गटिङ्ग र टुङ्गटुङ्ग
आवाज गर्दै कोलाहल मच्चाउनेछन्। ७सैन्यहरू
तिमीहरूका खास बेंसीमा भेला हुनेछन्। त्यो बेंसी
युद्धका रथहरूले भरिएको हुनेछ। शहरको मूल प्रवेशद्वारमा
घोड़चड़ी सिपाहीहरू राखिनेछ। ८त्यस समयमा, यहूदाका
मानिसहरूलाई ती हतियार उपयोग गर्ने खाँचो पर्छ
जसलाई तिनीहरूले जंगलभित्रको घरमा राखेका थिए।
कारण परमेश्वरले यहूदाको सुरक्षा हटाइदिनु भयो।
९-११दाऊदको शहरका भित्ताहरू चर्किन थाल्नेछन्
अनि तिमीहरूले चर्केका ठाउँहरू देख्नेछौ। यसैकारण
तिमीहरू घरहरू गन्न शुरू गर्नेछौ, अनि ती घरहरूका
ढुङ्गाहरू उपयोग गर्दै तिमीहरू भित्ताहरूमा चर्केको
ठाउँमा टाल्नेछौ। तिमीहरू पुराना नदीहरूको पानी
जम्मा गर्न दुइवटा भित्ताको माझमा ठाउँ बनाउने छौ
अनि पानी जोगाउने छौ।
तिमीहरू यी सबै कामहरू आफ्नै सुरक्षाका लागि
गर्नेछौ। तर तिमीहरू परमेश्वरमाथि भरोशा गर्ने छैनौ
जसले यी सबै कुराहरू सृष्टि गर्नु भयो। तिमीहरू
उहाँको विषयमा फिक्री गर्ने छैनौ जसले यी सबै
चीजहरू धेरै अघि सिर्जना गर्नु भयो।
१२यसैले, मेरो मालिक, सेनाहरूका परमप्रभुले
मानिसहरू रून र आफ्ना मृत साथीहरूमाथि दु:खी बन
भनेर भन्नु हुनेछ। मानिसहरूले आफ्ना कपालहरू
खौरिनेछन् र शोकपूर्ण पोषाकहरू लगाउनेछन्।
१३तर हेर! मानिसहरू अहिले खुशी छन्। मानिसहरू
प्रफुल्लित छन्। तिनीहरूले गाईहरू अनि भेड़ाहरू
मारिरहेकाछन्, भोज खाइरहेकाछन् खाद्य र मद ग्रहण
गरिरहेकाछन् अनि भनिरहेकाछन: खाऊ अनि मदपान
गर किनभने भोलि हामी मर्नेछौं।
१४सेनाहरूका परमप्रभुले ती कुराहरू मलाई भन्नुभयो
अनि मैले आफ्नो कानले सुनें: “गल्ती कामहरू
गरेकोले तिमी दोषी छौ। अनि म वचन दिँदछु कि
तिमीहरू आफ्ना दोषबाट क्षमा पाउनु अघि नै मर्ने
छौ।” यी कुराहरू मेरा मालिक, सेनाहरूका परमप्रभुले
भन्नुभयो।

## शेब्नालाई परमेश्वरको सन्देश

१५मेरा मालिक सेनाहरूका परमप्रभुले मलाई ती
कुराहरू भन्नुभयो: “त्यो शेब्ना नाउँ भएको सेवककहाँ
जाऊ। त्यो राजमहलको जिम्मेवार सेवक हो। १६उसलाई
सोध, ‘तिमीहरू यहाँ के गरिरहेका छौ? के तिम्रो कुनै
सन्तान यहाँ गाड़िएकोछ? तिमीहरूले किन यहाँ चिहान
खनिरहेका छौ?’
“तिमीहरू चट्टान काटेर अग्लो ठाउँमा आफ्नो
चिहान बनाइरहेका छौ।

१७-१८"हे वीर पुरुष परमप्रभुले तिमीलाई श्राप दिनुहुनेछ। परमप्रभुले तिमीलाई डल्लो पारेर एउटा सानो गोलीलाई झैं कुनै एउटा ठूलो देशभित्र फ्याँकिदिनु हुनेछ। अनि त्यहाँ तिमी मर्नेछौ।"

परमप्रभुले भन्नुभयो, "तिमी आफ्नो रथमाथि एकदम घमण्डी थियौ। तर टाढ़ाको देशमा तिम्रो नयाँ शासककहाँ अझ उत्तम रथहरू पाउनेछौ। अनि तिम्रो रथहरूले उसको राजमहलमा त्यतिको महत्व पाउने छैन्।
१९म तिम्रो मुख्य काम देखि यहाँबाट जबरदस्ती हटाउनेछु। तिम्रो मुख्य कामबाट तिम्रो नयाँ शासकले तिमीलाई लगेर जानेछ।
२०त्यसबेला, म मेरो दासलाई डाक्नेछु। त्यो दास हिल्कियाहको छोरो एल्याकीम हो।
२१म तिम्रो पोशाक लैजानेछु अनि उसलाई लाउन दिनेछु। तिमीबाट यो लिए पछि म उसलाई राजकीय अधिकार प्रदान गर्नेछु। तिम्रोमा भएको काम म उसलाई दिनेछु। त्यो सेवक यरूशलेमका मानिसहरू अनि यहूदा परिवारको बुबा हुनेछ।

२२"म त्यस मानिसको घाँटी वरिपरि दाऊदको घरको साँचो झुण्डयाउनेछु। यदि उसले ढोका उधार्‍यो भने त्यो खुल्ला नै रहनेछ। कसैले पनि ढोका बन्द गर्न सक्नेछैन्। यदि उसले ढोका बन्द गर्छ भने त्यो कसैले खोल्न सक्नेछैन्।
२३म त्यसलाई यति बलियो बनाउनेछु जस्तो हतौडाले कुनै कड़ा फल्याकमा काँटी ठोकेर गाड़िन्छ। त्यो सेवक आफ्नो बुबाको घरमा सम्माननीय आसनमा रहनेछ।
२४आफ्नो बाबुको सम्पूर्ण महिमा र मुख्य चीजहरू त्यसैमा झुण्डाईनेछ। ठूलाहरू र साना नानीहरू पनि उमाथि नै भर पर्नेछन्। साना थालहरू र पानीका ठूला बोतलहरू उसैमाथि झुण्डयारहेको जस्तो ती मानिसहरू हुनेछन्।

२५"त्यसबेला, काँटी अर्थात शेब्ना जुन कडा काठमा भर्खरै ठोकेर गाड़ियो त्यो कमजोर भएर भाँचिनेछ। त्यो काँटी भूईंमा खस्नेछ र त्यसमा झुण्डिएका वस्तुहरू सबै नष्ट हुनेछन्। तब मैले यस सन्देशमा भनेका सबै कुराहरू घट्ने छन्।" ती कुराहरू घट्ने नै छन किनभने परमप्रभुले तिनीहरूलाई यसो भन्नु भएको थियो।

### लबनोनलाई परमेश्वरको सन्देश

२३ सोरको विषयमा शोक सन्देश: "हे तर्शीशका जहाजहरू हो! शोक मनाऊ! तिमीहरूको बन्दरगाह ध्वंश गरिएकोछ। जहाजहरूमा भएका मानिसहरूलाई सूचना दिइयो जब तिनीहरू कित्तिमहरूको भूमिबाट आफ्नो लक्ष्यतिर गईरहेका थिए।

२हे समुद्र नजिकका वासिन्दाहरू हो! तिमीहरू रोकिनु पर्छ र दु:खी हुनु पर्छ। सोर "सीदोनका व्यापारी" थियो। त्यस शहरले व्यापारीहरू समुद्र पारि पठाउँथ्यो र ती मानिसहरू धनी भए।
३ती यात्रीहरू समुद्री यात्रा गर्दै अन्नहरू खोज्दै बेच्थे। ती मानिसहरूले सोरबाट अन्नहरू ल्याउँछन् जुन नील नदी छेउमा उब्जन्थ्यो र तिनीहरूले त्यसलाई अन्य राज्यहरूमा बेच्दै छन्।

४सीदोन, तिमी अत्यन्त दु:खीत हुनुपर्नेछ। किन? किनभने अब समुद्र अनि समुद्रका किल्ला यसो भन्दछ:
मेरा नानीहरू छैनन्। मसित प्रसव पीड़ाको अनुभव छैन्। मैले नानीहरूलाई जन्म दिएको छैन्। मैले जवान मानिसहरू र स्त्रीहरू पालेको छैन्।

५मिश्रले सोरको बारेमा खबर सुन्ने छ। यो खबरले मिश्रलाई घात गर्दै दु:खी पार्नेछ।

६हे जहाजहरू! तर्शीशमा फर्क। हे मानवहरू, समुद्रको छेउमा बसेर तिमीहरूले विलाप गर्नुपर्नेछ।

७अतीतमा तिमीहरूले सोरको शहरमा आनन्द गर्‍यौ। त्यो शहर शुरूदेखि नै बढ़िरहेकोछ। त्यस शहरका मानिसहरू व्यवस्थित हुनको लागि धेरै टाढ़ा यात्रा गरेकाछन्।

८सोर शहरले धैरे अगुवाहरू जन्मायो। त्यस शहरका व्यापारीहरू राजकुमारहरू जस्ता छन्। मानिसहरू जसले किन-बेच गरे उनीहरूलाई चारैतिर स्वागत र सम्मान भयो। यसकारण कसले सोरको विरुद्ध षडयन्त्र गर्‍यो?

९उहाँ सेनाहरूका परमप्रभु हुनुहुन्छ। उहाँले तिनीहरूलाई महत्व नदिने निर्णय गर्नु भयो।

१०हे तर्शीशका जहाजहरू! आफ्नै देशमा फर्केर जाऊ। सानो नदी सम्झेर समुद्र पार गर, अब कसैले पनि तिमीहरूलाई रोक्ने छैन्।

११परमप्रभुले समुद्र तर्फ आफ्ना हातहरू फैलाउँनु भयो अनि परमप्रभुले सोरको विरुद्ध युद्ध गर्नलाई राज्यहरू भेला गर्नुभयो। परमप्रभुले कनानलाई सोरको सुरक्षाको ठाउँ ध्वंस पार्नलाई आज्ञा गर्नुभयो।

१२परमप्रभुले भन्नुहुन्छ, "हे सीदोनकी कन्यकेटीहरू, तिमीहरू नष्ट हुनेछौ। तिमीहरू पटक्कै आनन्दित हुने छैनौ।" तर सोरका मानिसहरू भन्दछन्, "कित्तिमहरूले हामीलाई साथ दिनेछ!" तर तिमीले समुद्र पार गरेर कित्तिम पुग्यौ भने, तिमीहरूले त्यहाँ आराम गर्ने ठाउँ समेत पाउने छैनौ।

१३यसैले सोरका मानिसहरू भन्दछन्, "बाबेलका मानिसहरूले हामीलाई साथ दिनेछन्!" तर कल्दीहरूको देशलाई हेर! बाबेल अब देश रहेन्। अश्शूरहरूले बाबेलमाथि आक्रमण गरेर युद्धका मचानहरू निमार्ण गरे। सिपाहीहरूले ती सुन्दर घरहरूबाट धेरै सम्पत्ति लगेर गए। अश्शूरले बाबेललाई जङ्गली जानवरहरू बस्ने ठाउँ बनायो। तिनीहरूले बाबेललाई एउटा खण्डहरूमा परिणत गरे।

१४यसैले, दु:खी बन, तर्शीशबाट आएका जहाजहरू तिमीहरूका सुरक्षाको ठाउँ अर्थात सोर ध्वंस हुनेछ।

१५मानिसहरूले सत्तरी वर्ष सम्म सोरलाई बिसर्नेछन्।
(अर्थात एउटा राजाको राज्यकाल भरि बिसर्नेछन्)।
सत्तरी वर्ष पछि सोर वेश्यालयको गीत जस्तै हुनेछ।
१६ए पुरुषहरूले छोड़ेका नारीहरू, आफ्नो सारंगी
लेऊ अनि शहरमा हिँड़। आफ्नो गीतका धुन उचित
ढंगले बजाऊ। आफ्नो गीत गाऊ। तब तिम्रा पुरुषहरूले
सम्भवत: तिमीहरूलाई सम्झना गर्नेछन्।
१७सत्तरी वर्षपछि, परमप्रभुले सोरको विषयमा पुर्नविचार
गर्नुहुन्छ र उसको निर्णय दिनुहुनेछ। सोरको व्यापार
फेरि कायम हुन्छ। सोर पृथ्वीको जम्मै देश वा
जातिहरूका लागि एउटा वेश्यालय हुनेछ। १८तर
आफूले आर्जन गरेको पैसा सोरले राख्ने छैन्। सोरले
व्यापारबाट संचय गरेको पैसा परमप्रभुको लागि राख्नेछ।
सोरले त्यो पैसा परमप्रभुको सेवा गर्ने सेवकहरूलाई
दिनेछ। यसकारण अघाईजेल सम्म परमप्रभुका सेवकहरूले
खानेछन, सुन्दर र राम्रा लुगाहरू लगाउनेछन्।

## परमेश्वरले इस्राएललाई दण्ड दिनु हुनेछ

२४ हेर! परमप्रभुले यो ठाउँलाई ध्वंस गर्नुहुनेछ।
परमप्रभुले यस ठाउँलाई सम्पूर्ण प्रकारले सफा
पार्नु हुनेछ। परमप्रभुले मानिसहरूलाई जबरजस्ती यस
ठाउँबाट टाढ़ा खेद्नु हुनेछ।
२त्यसबेला, साधरण मानिसहरू र पूजाहारीहरू एक
समान हुनेछन्। दासहरू र मालिकहरू एक समान हुने
छन्। दासीहरू र उनीहरूका मालिकनीहरू पनि समान
हुनेछन्। किन्ने ग्राहाक र बेच्ने पसलेहरू पनि एक
समान हुनेछन्। कर्जदार र साहूकारहरू एक समान
हुनेछन्। बैंकवाला र बैकबाट ऋण लिनेहरू पनि समान
हुनेछन्। ३सारा मानिसहरूलाई त्यो ठाउँ छोड़नलाई
वाध्य पारिने छ। जम्मै धन-सम्पत्ति लैजाने वा खोसिने
छ। यस्तो घटना हुने नै छ कारण परमप्रभुले आदेश
गर्नु भएकोछ। ४यो देश रित्तो र उजाड़ हुनेछ। यो
संसार रित्तो र दुर्बल हुनेछ। पृथ्वीका महत्वपूर्ण मानिसहरू
हराउँनेछन्।
५यो पृथ्वीमा बस्ने मानिसहरूले भूमि नै अशुद्ध
बनाउनेछ। यो कसरी भयो? मानिसहरूले परमेश्वरको
व्यवस्थाका विरुद्ध गल्ती कामहरू गरे। मानिसहरूले
परमेश्वरको धार्मिक-विधानहरू पालन गरेनन्। मानिसहरूले
धेरै समय अघि नै परमेश्वरसँग एक करार गरेका थिए
तर त्यो तिनीहरूले भङ्ग गरे। ६यस पृथ्वीमा बस्ने
मानिसहरू आफ्ना गल्ती कामहरूले गर्दा दोषी छन्।
यसैले यस पृथ्वीलाई ध्वंस गर्नलाई परमेश्वरले निर्णय
गर्नुभयो। मानिसहरू दण्डित हुने छन्। केवल थोरै
मानिसहरू मात्र बाँकी रहने छन्।
७दाखका बोटहरू मर्नेछन्। नयाँ दाखरस राम्रो छैन्।
बितेका दिनहरूमा मानिसहरू खुशी थिए। तर अहिले
ती मानिसहरू दु:खी छन्। ८मानिसहरूले आफ्नो हर्ष र
उल्लास देखाउन बन्द गरे। ढोलकहरू, खैजड़ीहरू र
विणाहरूबाट आउने सँगीतहरू समाप्त भए। ९मानिसहरूले
दाखरस पिइरहेको बेलामा खुशीका गीतहरू गाउँदैनन्।
तिनीहरूले पिइरहेका दाखरसको स्वाद तितो भयो।
१०"पूर्ण अस्तव्यस्त" भन्ने नाउँ नै यो शहरलाई
सुहाउँछ। शहर ध्वंश पारियो। मानिसहरू घरभित्र प्रवेश
गर्न सक्दैनन् ढोकाहरू बन्द भएकाछन्। ११मानिसहरूले
बजारमा दाखरस अझ खोजी रहन्छन्। तर सम्पूर्ण
रमाईलोपन समाप्त भयो। खुशी टाढ़ा लगियो। १२यस
शहरको लागि विनाश मात्र छोड़ियो। प्रवेशद्वारहरू पनि
नष्ट गरियो।
१३फसलको बेलामा, मानिसहरूले रूखबाट जैतून
झारे तर केही मात्रामा जैतूनहरू रूखमा नै छाड़िए।
त्यस्तै प्रकारले यस पृथ्वीमा केही जातिहरू मात्र
छाड़िनेछन्।
१४छाड़िएका मानिसहरू चिच्याउन थाल्नेछन्।
तिनीहरूका चिच्याहट समुद्रका गर्जन भन्दा पनि जोड़ले
हुनेछ। तिनीहरू परमेश्वरको महानताले गर्दा खुशी
हुनेछन्।
१५ती मानिसहरूले भन्नेछन, "पूर्वमा भएका मानिसहरू,
परमप्रभुको प्रशंसा गर! टाढ़ा देशहरूमा बस्ने मानिसहरू,
परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गर!"
१६संसारका सबै कुनाहरूबाट परमेश्वरको निम्ति
गाइएका स्तुति गीत सुनिनेछन्। ती गीतहरू असल
परमेश्वरको स्तुति गीत हुनेछ। तर म भन्छु: "मलाई
पीर छ! म दु:खमा छु। म जे देख्छु, ती भयंकर
चीजहरू हुन्। देशद्रोहीहरू मानिसहरूको विरुद्ध उठ्दैछन
अनि तिनीहरूलाई चोट पुर्‍याउँदैन्।
१७यस पृथ्वीमा बाँच्ने मानिसहरूको लागि म त्रासै-त्रास
देख्दछु, मैले तिनीहरूको लागि डरको खाड़लहरू र
पासोहरू देख्छु।
१८मानिसहरूले भयको बारेमा सुन्नेछन् र भयभीत
हुनेछन्। कतिपय मानिसहरू भाग्नेछन, तर तिनीहरू
खाडलहरूमा जाकिनेछन्। पासोहरूमा अल्झिने छन्।
ती मध्ये कतिजना खाड़लहरूबाट उक्लिनेछन, तर
तिनीहरू फेरि अर्को पासोमा अल्झिनेछन्।" स्वर्गमा
भएका प्रवेशद्वारहरू बाढ़ी झैं खुलिने छन् अनि
बाढ़ीहरू प्रारम्भ हुनेछ। पृथ्वीको जगहरू हल्लन्छन्।
१९त्यहाँ भूकम्प आउँनेछ। अनि पृथ्वी फाट्नेछ।
२०संसारमा पापहरू एकदम गहुँ भईसक्यो। यसैले
पृथ्वी त्यही गहुँको कारण झर्नेछ। पृथ्वी पुरानो घर
जस्तै थर्किनेछ। मद पिएर मातेको मानिस जस्तो पृथ्वी
लड़नेछ। पृथ्वी यथावत रहनलाई सक्षम हुनेछैन्।
२१त्यस समय परमप्रभुले स्वार्गीय सैन्यहरू र पृथ्वीका
राजाहरूका न्याय गर्नुहुनेछ।
२२धेरै मानिसहरू एक साथ भेला गराईनेछन्। ती
मध्ये केही खाल्डोमा फ्याँकिनेछन्। अनि केही कैद

हुनेछन्। तर अन्तमा धेरै समय पछि तिनीहरूको न्याय
गरिनेछ।
२३परमप्रभुले सियोन पर्वतमा राजा सरह राज गर्नुहुनेछ।
उहाँको महिमा बूढ़ा-प्रधानहरूका समक्ष हुनेछ। उहाँको
महिमाको प्रकाश उज्यालो यस्तो हुनेछ कि त्यो देखेर
जुनलाई अप्ठेरो लाग्ने सरमा पर्ने छ अनि घाम लज्जित
हुनेछ।

## परमेश्वर प्रति स्तुति-गान

२५ हे परमप्रभु, तपाईं मेरो परमेश्वर हुनुहुन्छ। म
तपाईंलाई आदर गर्दछु र तपाईंको नाउँको
प्रशंसा गर्दछु। तपाईंले उदेककोकामहरू गर्नुभयो। धेरै
पहिले तपाईंले भन्नु भएका वचनहरू पूर्णत: सत्य छन्।
त्यस्तै भयो जस्तो तपाईंले हुन्छ भन्नु भएको थियो।
२तपाईंले शहर ध्वंस पार्नु भयो। यो दरिलो पर्खालहरूले
सुरक्षित पारेको शहर थियो। तर अहिले यो केवल
ढुङ्गाहरूको थुप्रो भएको छ। विदेशी महल नष्ट भयो
अब यो कहिल्ये फेरि बनिने छैन्।
३शक्तिशाली जातिहरूका मानिसहरूले तपाईंको सम्मान
गर्नेछन्, दरिलो शहरहरूका शक्तिशाली मानिसहरूले
तपाईंसित डराउनेछन्।
४परमप्रभु, तपाईं गरीब मानिसहरूका निम्ति सुरक्षाको
ठाउँ हुनुहुन्छ। यी मानिसहरूलाई पराजित गर्न धेरै
समस्याहरू सृष्टि भए तर तपाईंले तिनीहरूको रक्षा
गर्नुभयो। परमप्रभु, बाढ़ी र गर्मीबाट जोगाउनुका निम्ति
तपाईं मानसिहरूको घर जस्तै हुनुहुन्छ। कष्टहरू भयंकर
हुरी र बर्खा जस्तै हुन्। पानी पर्खालको विरोधमा
प्रचण्ड बढ़्छ। तर घरभित्र मानिसहरूलाई क्षति हुनेछैन्।
५शत्रुहरू चिच्याउँदछन अनि कोलाहल मच्चाउँछन्।
शत्रुले भयानक चुनौतीहरू दिन्छन्। तर परमप्रभु तपाईंले,
तिनीहरूलाई रोक्नु हुन्छ। गर्मीको बेला मरुभूमिमा
झारपातहरू ओइलिँदै भूईंमा खस्दछ। त्यस्तै प्रकारले,
तपाईंले शत्रुलाई पराजित गराउँदै घुड़ाँ टेक्न बाध्य
गराउनु हुन्छ बाक्लो बादलहरूले ग्रीष्म ऋतुको तापईंलाई
रोक्छ। त्यस्तै प्रकारले, तपाइँले भयानक शत्रुको कोलाहल
बन्द गरिदिनु हुन्छ।

## उहाँका सेवकहरूका निम्ति परमेश्वरको महाभोज

६त्यस समय, सेनाहरूका परमप्रभुले त्यो पर्वतमा
आफ्ना सारा मानिसहरूलाई महाभोज दिनुहुनेछ। त्यस
भोजमा उत्तम भोजनहरू र मद हुनेछ। मासु कलिलो र
राम्रो हुनेछ।
७तर अहिले, एउटा आवरण छ जसले सबै राष्ट्र
अनि जातिहरूलाई छोप्छ। त्यस आवरणलाई 'मृत्यु'
भनिन्छ। ८तर मृत्युलाई सदाको निम्ति नष्ट गरि
दिनुहुनेछ। अनि मेरो परमप्रभु, मेरो मालिकले प्रत्येकको
अनुहारबाट आँसु पुछि दिनुहुनेछ। बितेका दिनहरूमा,
तिनीहरू सबै उदास थिए। तर परमेश्वरले पृथ्वीबाट
त्यो उदासीनता हटाई दिनुहुनेछ। यी सबै कुराहरू हुनेछ
किनभने परमप्रभुले त्यसो भन्नुभएको थियो।
९त्यसबेला, मानिसहरूले भन्नेछन्, “उहाँ हाम्रो परमेश्वर
हुनुहुन्छ, जसलाई हामीले पर्खिरहेका थियौं। उहाँ
हामीलाई बचाउन आउनु हुनेछ। हामी हाम्रो परमप्रभुलाई
पर्खिरहेका छौं। यसकारण जब उहाँले हामीलाई बचाउनु
हुनेछन हामी आनन्दित र खुशी हुनेछौ।”
१०परमप्रभुको शक्ति यो पर्वतमाथि छ। अनि मोआब
परास्त हुनेछ। परमप्रभुले शत्रुलाई कुल्चिनु हुनेछ। यो
मलको थुप्रोको तल थिचिएको पराल जस्तै हुनेछ।
११परमप्रभुले आफ्ना पाखुराहरू त्यसरी फैलाउनु
हुनेछ जसरी पौडी खेल्ने मानिसले फैलाउँदछ। परमप्रभुले
सारा कुराहरू बटुल्नु हुन्छ जसबाट मानिसहरू गौरव
अनुभव गर्छन्। तिनीहरूले बनाएका सुन्दर
कुराहरू उहाँले थुपार्नु हुनेछ। अनि ती चीजहरू फालि
दिनुहुनेछ।
१२परमप्रभुले मानिसहरूका सबै सुरक्षित ठाँउहरू
अनि अग्ला भित्ताहरू ध्वंश पार्नु हुनेछ। परमप्रभुले
तिनीहरूलाई भूईंमा लड़ाएर धूलो पार्नु हुनेछ।

## परमेश्वर प्रति स्तुति-गान

२६ त्यसबेला मानिसहरूले यहूदामा यो गीत
गाउनेछन:
परमप्रभुले, हामीलाई हाम्रो मुक्ति दिनु हुनेछ। हामीसँग
बलियो शहर छ। हाम्रो शहरको दरिलो पर्खाल र
रक्षकहरू छन्।
२प्रवेशढोकाहरू खोल र धार्मिक मानिसहरू भित्र
पस्नेछन्। ती मानिसहरूले परमेश्वरको नियमहरू पालन
गर्दछन्।
३परमप्रभु तपाईंले मानिसहरूलाई साँचो शान्ति दिनुभयो
जो तपाईंमाथि आश्रित छन् जसले तपाईंलाई विश्वास
गर्दछन्।
४यसकारण, सधैं परमप्रभुमा भरोसा राख। किन?
परमप्रभु परमेश्वरमा नै, सदा-सर्वदा तिमीहरूको सुरक्षा
छ!
५तर परमप्रभुले अंहकारी शहरहरू ध्वंश गर्नुहुनेछ।
अनि त्यहाँ बसिरहेका मानिसहरूलाई दण्ड दिनुहुनेछ।
परमप्रभुले, त्यो उच्च शहरलाई भूईंमा झारि दिनुहुनेछ
यो धुलोमा खस्ने छ।
६तब गरीब र साधरण मानिसहरू त्यो भग्नावशेषमाथि
हिंड़ने छन्।
७असल मानिसहरूको लागि जिउने बाटो
ईमानदारीता हो। भद्र मानिसहरूले यस्तो बाटो पहिल्याउछँन्
जुन सीधा र साँचो हुन्छ अनि तपाईंले बाटो सजिलो
पार्नु भयो जसले गर्दा तिनीहरू आरामसित हिड़न
सकुन्।

८तर परमप्रभु, हामी तपाईंको न्यायको बाटो पर्खिरहेका छौं। हाम्रो प्राण तपाईं र तपाईंका नाउँ सम्भेर आनन्द हुन्छ।

९मेरो प्राण रातमा तपाईंसँग रहन चाहन्छ। अनि मभित्र भएको आत्मा प्रत्येक नयाँ दिनेको प्रातः कालमा तपाईंसँग रहन चाहन्छ। जब तपाईंको न्यायको बाटो यस पृथ्वीमा आउँदछ, मानिसहरूले बाच्ने राम्रो र ठीक बाटो पाउने छन्।

१०यदि तपाईंले तिनीहरूलाई करूणा दर्शाउनु भयो भने दुष्ट मानिसहरूले राम्रो काम गर्न सिक्ने छैनन्। उनीहरू राम्रो संसारमा बसे ता पनि दुष्ट मानिसहरूले अनिष्ट कामहरू मात्र गर्दछन्। त्यो दुष्ट मानिसले कहिले पनि परमप्रभुको महानता देख्ने छैन्।

११तर परमप्रभु, तपाईं तिनीहरूलाई दण्ड दिन तयार हुनुहुन्छ, तर तिनीहरू यसलाई देख्दैनन्। तिनीहरूले आफ्ना मानिसहरूप्रति तपाईंको गहिरो प्रेम देख्छन्। निश्चय नै दुष्ट मानिसहरू लज्जित हुनेछन्। निश्चयनै तपाईंका शत्रुहरू आफ्नै आगोमा जल्ने छन्।

१२परमप्रभु, तपाईंले हामीलाई शान्ति दिनुहुनेछ, किनभने हामी जे गर्छौं ती सबै तपाईंले पूर्ण गर्नु भएकोछ।

## परमेश्वरले आफ्ना प्रजाहरूलाई नयाँ जीवन दिनुभयो

१३हे परमप्रभु, तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ। तर विगतमा हामी अन्य देवताहरूको पछि लाग्यौं। हामी अन्य मालिकहरूका अधीनमा भयौ। तर अब हामी चाहन्छौं कि मानिसहरूले खाली तपाईंको नाउँ मात्र सम्मान गर्छौं।

१४ती मृत देवताहरू जीवत हुनेछैनन्। ती प्रेतहरू मृत्युबाट बौरी उठनेछैन्। तपाईंले तिनीहरूलाई नाश गर्ने निर्णय गर्नु भएको छ। जसले हामीलाई सोच्न लगाउँदछन् त्यो प्रत्येक कुरा नाश गर्नु भयो।

१५तपाईंले त्यस राष्ट्रलाई सधाउनु भयो जसलाई तपाईं माया गर्नु हुन्थ्यो। तपाईंले उसको साँध बढ़ाउनु भयो। हे परमप्रभु, तपाईंको नाउँ गरिमा पूर्ण छ।

१६हे परमप्रभु, जब मानिसहरू कष्टमा पर्दछन् तिनीहरूले तपाईंलाई याद गर्दछन्। जब तपाईंले उनीहरूलाई दण्ड दिनुहुन्छ। मानिसहरूले तपाईं प्रति चुपचाप प्रार्थना गर्दछन्।

१७हे परमप्रभु, जब हामी तपाईं सँग थिएनौं, हामी प्रसुतो वेदनामा रुने स्त्री जस्तै थियौं।

१८हामीलाई प्रचण्ड वेदना थियो। तर हामीले हावा मात्र जन्मायौं। हामीले संसारका लागि मानिसहरू बनाउन सकेनौं। हामीले यस धरतीमा मुक्ति ल्याएनौं।

१९तर परमप्रभु भन्नुहुन्छः "तिम्रा मानिसहरू पहिल्यै मरिसकेका छन्, तर तिनीहरू फेरि बाँच्नेछन्। मेरा मानिसहरूका मृत शरीरहरू मृत्युबाट उठ्नेछन्। मृत मानिसहरू भूईंमा उभिएर आनन्दित हुन्छन्! शीतले तपाईंलाई यस प्रकार छोप्नेछ जसरी नयाँ विहानको शीतमा प्रकाशका चमक हुन्छ। नयाँ समय आएको संकेत दिन्छ जब पृथ्वीले मृत्युलाई त्याग गर्छ।"

## न्यायः पुरस्कार अथवा दण्ड

२०हे मेरा मानिस हो, आफ्ना कोठाभित्र जाऊ। ढोकाहरू बन्द गर। केही क्षणको लागि आफ्ना कोठाहरूभित्र लुक। परमेश्वरको क्रोध शान्त नभइञ्जेल सम्म लुक।

२१संसारका मानिसहरूले गरेका अनिष्ट कामहरूका न्याय गर्नलाई परमप्रभुले आफ्नो ठाउँ छोडेर आउनु हुनेछ। पृथ्वीमा जो जो मारिए उनीहरूको रगत प्रकट गराइनेछ। पृथ्वीले धेरै बेरसम्म मृत-मानिसहरू छिपाउने छैन्।

२७ त्यस समयमा परमप्रभुले लिब्यातानलाई जाँच गर्नु हुनेछ। लिब्यातान एउटा अधर्मी सर्प जस्तै हो जसमाथि परमप्रभुले आफ्नो विशाल तरवार चलाउनु हुनेछ। उहाँले आफ्नो बलियो अनि शक्तिशाली तरवारद्धारा सर्प लिब्यातानलाई दण्ड दिनु हुनेछ। परमप्रभुले समुद्रको ठूलो राक्षसलाई मार्नुहुनेछ।

२त्यसबेला, मानिसहरूले आनन्दित दाखको बोटको गीत गाउनेछन्।

३"म, परमप्रभु, त्यस बगैंचाको देखरेख गर्नेछु। म ठीक समयमा त्यसमा पानी लगाउनेछु म राति र दिनमा बराबर त्यसलाई पहरा दिनेछु, कसैले पनि त्यस बगैंचालाई नाश गर्ने छैन्।

४म रिसाएको होइन्। तर त्यहाँ युद्ध भएको भए र कसैले काँड़दार पर्खालहरू बनाए तापनि, म त्यसमाथि हिंड़दै त्यसलाई बालिदिन्थे।

५तर यदि कोही मानिस रक्षाको निम्ति मकहाँ आउँदछ भने र मबाट शान्ति चाहन्छ भने, तब उसलाई आउन देऊ, अनि मबाट शान्ति पावोस।

६त्यस समयमा याकूब राम्रो जरा भएको बलियो रूख जस्तो हुनेछ। तब मिश्र बढ्न र फूल्न लागेको बोट जस्तै हुनेछ। त्यसपछि यो धरती इस्राएलका नानीहरूले फलहरूले बोट भरिएको जस्तै हुनेछ।"

## परमेश्वरले इस्राएललाई टाढ़ा पठाउनु हुनेछ

७परमप्रभुले आफ्ना मानिसहरूलाई कसरी दण्ड दिनु हुनेछ? बितेका दिनहरूमा शत्रुहरूले मानिसहरूलाई सताए। के त्यसरी नै परमप्रभुले पनि सताउनु हुन्छ? विगतमा, धेरै मानिसहरू मारिए। के परमप्रभुले पनि त्यसै गर्नु हुन्छ र सबै मानिसहरूलाई मार्नु हुन्छ?

८परमप्रभुले इस्राएललाई टाढ़ा पठाएर आफ्नो तर्कलाई साम्य पार्नुहुनेछ। परमप्रभु इस्राएलसित कर्कश शब्दमा

बोल्नु हुनेछ। उहाँका शब्दहरूले मरुभूमिनको तातो
हावाले जस्तै पोल्नेछ।
९याकूबको दोष कसरी क्षमा गरिने? उसका पापहरू
कसरी हटाइने? ती कुराहरू हुने नै हो: चट्टानको वेदी
धूलो परिनेछ। भूटा देवताहरूलाई मूर्तिहरू र वेदीहरू
पुज्ने नष्ट हुनेछन्।
१०त्यस समय, महान शहर रित्तो हुनेछ, त्यो मरुभूमि
जस्तो हुनेछ। सारा मानिसहरू गइसकेका हुनेछन्।
तिनीहरू भाग्ने छन्। शहर एक खुल्ला चउर जस्तो
हुनेछ। गाई-वस्तुहरूले त्यहाँ खानेछन्। गाई-वस्तुहरूले
दाखका हागाँहरूबाट पातहरू खानेछन्। ११दाखहरू
सुक्नेछन् अनि हाँगाहरू भाँचिएर जाने छन्। स्त्रीहरूले
ती हाँगा दाउरा बाल्ने छन्।
मानिसहरूले बुझ्नलाई अस्वीकार गर्ने छन्। यसर्थ
परमेश्वर, सृष्टिकर्ताले तिनीहरूलाई आराम दिनु हुनेछैन्।
तिनीहरूका सृष्टिकर्ता तिनीहरू प्रति कृपालु हुनु हुनेछैन्।
१२त्यसबेला परमप्रभुले आफ्ना मानिसहरूलाई
अरूहरूबाट अलग गर्नुहुनेछ। उहाँले यूफ्रेटिस नदीमा
शुरू गर्नु हुनेछ। परमप्रभुले आफ्ना मानिसहरूलाई
यूफ्रेटिस नदीबाट मिश्रको नदीमा जम्मा गर्नुहुनेछ।
तिमीहरू इस्राएलका मानिसहरू एक, एक गर्दै त्यहाँ
भेला हुने छौ। १३मेरा धेरै मनिसहरू अश्शूरमा
हराएका छन्। कतिपय मेरा मानिसहरू मिश्रबाट भागेका
छन्। तर त्यही बेला, महान तुरही फुकिने छ। अनि ती
सारा मानिसहरू यरूशलेममा फर्किने छ। ती मानिसहरूले
त्यो पवित्र पर्वतमा आएर परमप्रभुको सामु घुँडा टेकेर
भुक्ने छन्।

## उत्तरी इस्राएललाई चेताउनी

२८ सामरियालाई हेर! एप्रैमका मतवालाहरूले त्यस
शहरको घमण्ड गर्छन्। त्यो शहर वरिपरि
भञ्ज्याङ भएको पहाड़मा अवस्थित छ। सामरियाका
मानिसहरूले त्यो शहरलाई। फूलहरूको मुकुट जस्तै
सुन्दर सम्भन्छन्। तर तिनीहरू दाखरस पिएर मस्त
छन्। अनि यो "सुन्दर मुकुट" ओइलाउदै गएको
विरूवा भइरहेछ।
२हेर, मेरो मालिकको एकजना बलियो र शक्तिशाली
मानिस छ। त्यो मानिस यस देशमा असिनाका ढिका र
आँधी बेही झै आउने छ। उ तूफान जस्तो भएर यो
देशभित्र आउने छ। उ शक्तिशाली नदीको पानी सरह
बाढ़ी भएर यो देशमा आउनेछ। उसले मुकुट भूईंमा
फालि दिनेछ।
३एप्रैमका मातेका मानिसहरू आफ्नो "सुन्दर मुकुट"
को गर्व गर्नेछन्। तर शहर कुल्चिमिल्चि पारिनेछ।
४त्यो शहर पहाड़मा अवस्थित छ। सुन्दर घाटीहरूले
यसलाई घेरेको छ। अनि फूलहरूको त्यो सुन्दर मुकुट
ओइलिँदै गएको बोट जस्तो हो। यो ग्रीष्मको पहिलो
नेभारा जस्तो हुनेछ। जब एकजना मानिसले नेभार
देख्छ, उसले त्यसलाई टिप्छ अनि खान्छ।
५त्यस समयमा उहाँ आफ्ना छोड़िएका मानिसहरूका
निम्ति सेनाहरूका परमप्रभु "सुन्दर मुकुट" हुनुहुने छ।
"छक्क पर्दो फूलहरूको मुकुट" हुनुहुनेछ। ६तब परमप्रभुले
मानिसहरूलाई शासन गर्नको लागि न्यायधीशहरूलाई
न्यायको ज्ञान दिनु हुनेछ। परमप्रभुले शहरको प्रवेशद्वारमा
लड़ाइँकालागि मानिसहरूलाई शक्ति दिनुहुनेछ। ७अहिले
ती अगुवाहरू मातेकाछन्। पूजाहारीहरू र सबै
अगमवक्ताहरू सम्पूर्ण रूपले दाखमद्यमा डुबेकाछन्
अनि तिनीहरू भ्रमित भएर धर्मराउँछन्। ८जब तिनीहरू
सपना देख्छन् अगमवक्ताहरू मातेका हुन्छन्। निणर्य
लिदाँ न्यायधीशहरू मातेको हुन्छन्।

## परमेश्वर आफ्ना मानिसहरूलाई सघाउन चाहन्नु हुन्छ

९परमप्रभुले मानिसहरूलाई पाठ सिकाउने कोशिश
गरिरहनु भएकोछ। परमप्रभु आफ्ना उपदेशहरू
मानिसहरूलाई बुझाउने कोशिश गर्नुहुन्छ। तर मानिसहरू
भने बालखै जस्त छन्। तिनीहरू भने केही क्षण
अधिबाट मात्र आमाको दूध खान लागे जस्ता छन्।
१०यसकारण परमप्रभु तिनीहरूसँग नानीहरूसँग बोले
जस्तै बोल्नुहुन्छ:

सौ लासौ सौ लासौ,
काव लाकाव काव लाकाव,
जेईर शाम जेईर शाम*

११परमप्रभुले यस्तो प्रकारको नयाँ कुरा गर्नुहुन्छ
अनि उहाँले ती मानिसहरूसित बोल्न अन्य भाषाहरू
चलाउनु हुन्छ।
१२अतीतमा परमप्रभु ती मानिसहरूसित बोल्नु भयो,
"यहाँ एउटा आराम गर्ने ठाउँ छ। यो शान्तिमय जग्गा
हो। थकित मानिसहरू यहाँ आएर समय बिताउन यो
शान्तिको जग्गा हो।"
तर मानिसहरूले परमेश्वरको कुरा प्रति ध्यानै दिएनन्।
१३यसर्थ परमेश्वरद्वारा बोलिने शब्दहरू सरल हुनुपर्छ;
आदेश यहाँ छ, आदेश त्यहाँ छ।

सौ लासौ सौ लासौ,
काव लाकाव काव लाकाव,
जेईर शाम जेईर शाम*

---

**सौ लासो … जेईर शाम** यो शायद साना नानीहरूलाई लेख्न शिकाउने एक हिब्रू गीत हो। यो शिशूको बोली अथवा विदेशी भाषा जस्तो सुनिन्छ। यो अनुवादमा यस्तो छ, "एउटा आज्ञा यहाँ, एउटा आज्ञा त्यहाँ। एउटा शासन यहाँ, एउटा शासन त्यहाँ। एउटा पाठ यहाँ, एउटा पाठ त्यहाँ।"

तिनीहरूले त्यसै गरे जस्तो तिनीहरूले मन पराए। त्यही कारण तिनीहरू पछौटे भए अनि पराजित भए। मानिसहरू धरापमा परे अनि पक्राउमा परे।

## कोही पनि परमेश्वरको न्यायबाट बाँच्ने छैन

१४तिमी अगुवाहरू जो यरूशलेममा छौ, तिमीहरूले
परमप्रभुको सन्देश सुन्नु पर्छ। १५तिमीहरूले भन्छौ,
"हामीले मृत्युसँग सम्झौता गरेका छौं। हाम्रो पातालसँग सम्झौता छ। यसैले हामी दण्डित हुने छैनौं। दण्डले हामीलाई घात नगरी जानेछ। हामी हाम्रो चलाकी अनि झूटो पछाड़ी लुक्नेछौं।"

१६ती कुराहरूले गर्दा परमप्रभु मेरो मालिक यसो भन्नुहुन्छ, "म चट्टान राखिदिनेछु। एउटा मूलढुङ्गा-सियोनको भूईंमा। यो एकदमै बहुमूल्य ढुङ्गा हुनेछ। प्रत्येक कुरा यस महत्वपूर्ण ढुङ्गामाथि बनाइनेछ। जसले त्यो ढुङ्गामा भरोसा राख्दछ उ निराश हुनेछैन्।

१७"मानिसहरूले पर्खाल सिधा देखाउनलाई वजन सहितको साऊल प्रयोग गरे। त्यस्तै प्रकारले के चाहि ठीक हो देखाउनलाई म इन्साफ र सद्भावना चलाउनेछु।

"दुष्ट मानिसहरू तिमीहरू आफ्नो चालाकी अनि झूटोको पछाड़ी लुक्ने खोजिरहेछौ। तर तिमीहरू दण्डित हुनेछौ। तिमीहरू लुक्ने ठाउँहरूमा तूफान वा बाढ़ी
जस्तो ध्वंश गर्न आइरहेछ। १८मृत्युसँग भएको तिम्रो
सम्झौता मेटिएर जानेछ। पातालसँग भएको तिम्रो सम्झौताले तिमीलाई सहयोग गर्नेछैन्।

"कोही एकजना मानिस आएर तिमीहरूलाई दण्ड दिनेछ। उसले तिमीहरूलाई फोहर-मैला जस्तै कुल्चेर
जानेछ। १९त्यो मानिस आएर तिमीहरूलाई लगेर
जानेछ। तिमीहरूलाई भयानक दण्ड हुनेछ। तिमीहरूकहाँ दण्ड बिहानै आउनेछ अनि राती सम्म रहिरनेछ।

२०"त्यसपछि मात्र तिमीहरूले यो कथा बुझनेछौ: एक जना मानिसले एउटा ओछ्यानमा सुत्ने प्रयास गऱ्यो जुन उसकोलागि एकदमै छोटो थियो। अनि ऊसँग एउटा कम्बल त थियो तर त्यसले पुरै ढाकिँदै थियो। ओछ्यान र कम्बल बेकामको भयो, अनि त्यस्तै प्रकारले तिमीहरूका सम्झौताहरू पनि।"

२१परमप्रभु पराजीम पर्वतमा जस्तै युद्ध गर्नु हुनेछ। उहाँ गिबोनको बेंसीमा भए जस्तै क्रोधित हुनु हुनेछ। तब परमप्रभुले ती कुराहरू गर्नु हुने नै छ, परमप्रभुले केही अद्भुत कामहरू गर्नुहुनेछ। तर उहाँले आफ्नो काम सिद्ध्याउनु नै हुनेछ। उहाँका कार्यहरू अनौठो
कार्यहरू हुन्। २२अब तिमीहरूले ती चीजहरूको
विरुद्धमा लड़ाइँ गर्नु नै हुँदैन्। यदि गऱ्यौ भने, डोरीहरूले तिमीहरूलाई वरिपरि कसेर बाँध्नेछ।

मैले सुनेका शब्दहरू बद्लिने छैन्। ती शब्दहरू सेनाहरूका परमप्रभुबाट आएका हुन् जो सारा पृथ्वीका शासक हुनुहुन्छ। अनि ती कुराहरू हुने नै छन्।

## परमप्रभुले निष्पक्ष रूपमा दण्ड दिनुहुन्छ

२३मैले तिमीहरूलाई भनिरहेका सन्देश अत्यन्त ध्यान
दिएर सुन्। २४के किसानले सारा समय खेत जोतिरहन्छ?
होइन! के पूरे समय त्यसले माटो फुटाउने काम गर्छ?
होइन! २५किसान पहिला खेत तयार गर्दछ र बिऊ
छर्दछ। किसानले बिऊहरू धेरै प्रकारले रोप्ने गर्दछ। किसान मसलाका बिऊहरू छर्दछ। जीराका बिऊहरू माटोमा छर्दछ। गहुँ लहर पार्दै रोप्दछ। किसान खास जग्गामा जौ रोप्दछ, अनि गहुँका बिऊ खेतमा छर्ने गर्दछ।

२६हाम्रा परमेश्वरले उसलाई शिक्षा दिनु यो प्रयोग गर्नुहुनेछ। किनभने परमेश्वरले उसलाई दिशा-निर्देश
दिनुहुन्छ अनि सही बाटो देखाउनु हुन्छ। २७के
किसानले रोपका बिऊहरू फुटाउनलाई काटाँहरू प्रयोग गर्छ? अँह! एक किसानले जीराको बिऊहरू गोड़नलाई चारचक्के गोरूगाडी चलाउँछ? होइन! किसान ती अन्नहरूको एउटा फुटाउनलाई एक सानो लौरो चलाउनेछ।

२८जब एकजना स्त्रीले रोटी पकाँउछे, उसले पीठोको ससाना डल्लाहरू बनाउँछे अनि आफ्नो हातले थिच्दछे। अन्न लगातार दिइदैन, किनभने गाड़ाको चक्काले
तिनीहरूलाई नष्ट पार्छ अनि दाउने कार्य शेष हुन्छ।
२९यस्तो पाठ सेनाहरूका परमप्रभुबाट आउँदछ। परमप्रभुले
अनौठो सल्लाह दिनुहुन्छ। परमेश्वर साँच्ची नै ज्ञानी हुनुहुन्छ।

## यरूशलेमसित परमेश्वरको प्रेम

२९ परमेश्वरले भन्नुहुन्छ, "अरीएलमा हेर! अरीएल। त्यो शहर, जहाँ दाऊदले छाउनी बनाएका थिए। उसको छुट्टीहरू बर्ष पछि लगातार
भयो। २मैले अरीएललाई दण्डित गरे। त्यो शहर
खिन्नता र विलापले परिपूर्ण भयो। तर सधैं मेरो
अरीएल भई। ३अरीएल मैले तिम्रो वरिपरि सैनिकहरू
तैनात पारेर राखें। मैले तिम्रो विरुद्ध विशाल युद्ध
आव्हान गरे तिमी पराजित भयौ। ४अनि भूईंमा ढल्यौ।
अब, म भूईंबाट प्रेतको आवाज जस्तो तिम्रो आवाज सुन्दछु तिम्रो शब्दहरू मैलाबाट आउने सुक्खा आवाज जस्तो छ।"

५त्यहाँ धूलोका कणहरू जस्तै धेरैजना विदेशीहरू
छन्। त्यहाँ हावामा उड़ने फूलको पराग जस्तै धेरै क्रुर
मानिसहरू छन्। अचानक तिमीकहाँ नै आउनेछन्।
६सेनाहरूका परमप्रभुले तिमीहरूलाई भूईंचालो, बज्रपात
र डरलाग्दो होहल्लाद्वारा दण्ड दिनु हुन्छ। भुवँरी, आँधी-बेरी र आगो थिए, जेले जलाउँछन अनि नष्ट
पार्छ। ७धेरै-धेरै जातिहरू अरीएलको विरुद्ध युद्ध गर्न
तयार भए यो एक भयानक सपना जस्तो थियो।
सैनिकहरूले अरीएललाई घेरेर दण्डित गरे। ८तर यो

पनि सैन्यहरूको लागि सपना जस्तै भयो। तिनीहरूले
मन पराएको केही भेटेनन्। यो एक जना भोको
मानिसले भोजनको सपना देखे जस्तै थियो। जब त्यो
मानिस ब्यूँझिन्छ, उ भोकै हुनेछ। यो एकजना तिर्खाएको
मानिसले देखेको पानीको सपना जस्तै हुनेछ। जब
मानिस ब्यूँझन्छ, ऊ तिर्खाएकै हुन्छ। यो सियोनको
विरोधमा लड्ने प्रत्येक राष्ट्रको लागि साँचो हो, ती
राष्ट्रहरू सन्तुष्ट थिएनन्।

९आश्चर्यचकित र छक्क पर। तर दाखरस पिएर
होइन तिमी घरमरिँदै लड्नेछौ।

१०परमप्रभुले तिमीहरूमा गहीरो निद्रा ल्याइदिनु भएको
छ। परमप्रभुले तिमीहरूका आँखाहरू बन्द गरिदिनु
हुनेछ। (अगमवक्ताहरू नै तिमीहरूको आँखाहरू बन्नेछ।)
परमप्रभुले तिमीहरूका टाउकाहरू छोपि दिनुहुनेछ
(अगमवक्ताहरू तिमीहरूका शिर हुनेछन्।

११यी कुरारू घट्ने छन् म तिमीहरूलाई भन्छु, तर
तिमीहरूले मलाई बुझ्ने छैनौ। मेरा शब्दहरू त्यस्ता
शब्दहरू हुन जो पुस्तकमा बन्द र मोहर लगाएको छ।
तिमीले त्यो पुस्तक त्यस मानिसलाई दिनसक्छौ जसले
पढ्न सक्छ, अनि त्यस मानिसलाई त्यो पुस्तक पढ्नु
भन्। तर त्यस मानिसले भन्नेछ, "म त्यो पुस्तक पढ्न
सक्तिनँ, यो बन्द छ र म खोल्नु सक्तिनँ " १२अथवा
तिमीले त्यो पुस्तक त्यस मानिसलाई दिन सक्छौ जसले
पढ्न सक्दैन्। अनि त्यस मानिसलाई पढ़ भनेर भन्।
त्यस मानिसले भन्नेछ, "म यो पुस्तक पढ्न सक्तिन
किनभने म पढ्न जान्दिन्।"

१३मेरो मालिकले भन्नुहुन्छ, "ती मानिसहरूले मलाई
प्रेम गर्छु भन्छन्। तिनीहरूले मलाई मुखबाट शब्दहरू
निकालेर सम्मान दर्शाउँछन्। तर तिनीहरूका हृदय
मबाट धेरै टाढ़ा छ। तिनीहरूले मप्रति दर्शाएका आदर
अनि गौरव केही होइन तिनीहरूले केवल मानव
विधिहरू स्मरण गरेका मात्र हुन्। १४यसैले म तिनीहरूलाई
लगातार प्रभाव पूर्ण र अचम्म लाग्दा कामहरू गरेर
चकित पारिरहन्छु। तिनीहरूका ज्ञानी मानिसहरूले
आफ्ना विवेकहरू हराउनेछन्। तिनीहरूमा बुझ्ने क्षमता
हुँदैन्।"

१५ती मानिसहरू धेरै कुराहरू परमप्रभुबाट लुकाउने
कोशिश गर्दछन्। तिमीहरूले सोच्दछन् कि परमप्रभुले
बुझ्नु हुन्। तिनीहरूले आफ्नो दुष्ट कार्यहरू अँध्यारोमा
गर्नेछन्, तिनीहरूले आफैलाई भन्ने छन्, "कसैले पनि
हामीलाई देख्न सक्तैन्। हामी को हौं भनेर पनि कसैले
चिन्दैन्।"

१६तिमी अन्योलमा पर्नेछौ। तिमी माटो र कुमालेलाई
बराबर हो भन्ने सोच्छौ। तिमी सोच्छौ एउटा चीज जुन
बनाइन्छ त्यसले आफ्नो सृष्टिकर्तालाई भन्न सक्छ,
"तिमीले मलाई बनाएनौ।" यो आफूलाई सृष्टि गर्नेलाई
भनिरहेको भाड़ाँ जस्तै हो, "तिमी बुझ्दैनौं।"

### उत्तम समय आइरहेछ

१७यो सत्य हो। केही समय पछि कर्मेल पर्वत झैं
लबानोनले मलिलो माटो पाउनेछ अनि कर्मेल पर्वतको
खेतहरू बाक्ला बन जस्तै हुनेछन्। १८बहिराले पुस्तकको
शब्दहरू सुन्नेछ। अन्धाले अन्धकारमय कुहिरोबाट देख्नेछ।
१९परमप्रभुले दीनदुखीहरूलाई खुशी बनाउनु हुनेछ। ती
दुःखी मानिसहरूले इस्राएलको परम पवित्रतामा आनन्द
मानाउनेछन्।

२०दुष्ट र निर्दयी मानिसहरूको अन्त भएपछि यस्तो
घटना हुनेछ। जब ती मानिसहरूले नराम्रा कामहरू गर्दै
आनन्द लुटिरहेको दिनहरू समाप्त भएपछि यस्तो घटना
हुनेछ। २१ती मानिसहरूले असल मानिसहरूका बारेमा
झूटो कुरा गर्नेछन्। तिनीहरूले मानिसहरूलाई न्यायालयमा
पुऱ्याउन खोज्दछन्। ती निर्दोष मानिसहरूलाई नाश पार्न
चाहन्छ।

२२यसैले परमप्रभु याकूबका परिवारसित बात मार्नु
हुन्छ। उहाँ उही परमप्रभु हुनुहुन्छ जसले अब्राहामलाई
स्वतन्त्र पार्नु भयो। परमप्रभु भन्नुहुन्छ, "अब याकूब
लज्जित र व्याकुल हुनेछैन् न त तिनीहरूको अनुहार
पहेंलो हुनेछ। २३उसले आफ्नो छोराछोरीहरू देख्नेछ
अनि उसले मलाई मेरो नाउँ पवित्र छ भन्नेछ। ती
केटाकेटीलाई मैले आफ्ना हातहरूले बनाएँ। अनि ती
केटाकेटीहरूले याकूबका परमपवित्र एकदमै विशेष
प्रकारको रहेछ भन्नेछन्। ती केटाकेटीहरूले इस्राएलका
परमेश्वरलाई मान्ने छन्। २४धेरै जना मानिसहरूले
बुझेनन् यसैले तिनीहरूले गल्ती कामहरू गरे। ती
मानिसहरूले बुझेनन्, तर तिनीहरूले आफ्नो शिक्षा
पाउनेछन्।"

### इस्राएलले परमेश्वरमा विश्वास गर्नुपर्छ मिश्रलाई होइन

३० परमप्रभुले भन्नुभयो, "ती केटाकेटीहरूलाई
हेर। तिनीहरूले मेरो आज्ञा पालन गर्दैनन्।
तिनीहरू योजनाहरू तयार गर्छन् तर तिनीहरूले मलाई
सहायता माग्दैनन्। तिनीहरूले अन्य जातिहरूसँग सम्झौता
गर्छन्, तर मेरो आत्माले ती सम्झौताहरू चाहँदैन्। ती
मानिसहरूले स्वयं नै पापमाथि पापहरू थुपार्दछन्। २ती
केटाकेटीहरू सहायता माग्नलाई मिश्रतिर झर्दैछन् यदि
त्यसो गर्नु सही थियो? तर तिनीहरू मसँग सहायता
माँगेनन्। तिनीहरूले आशा गर्छन कि मसँग फिरऊनले
तिनीहरूलाई बचाउँछ। मिश्रले तिनीहरूलाई सुरक्षा गरोस
भन्ने चाहन्छन्।

३"तर म तिमीहरूलाई भन्छु, मिश्रमा लुक्दैमा
तिमीहरूलाई सहायता मिल्छ भन्ने छैन्। मिश्र तिमीहरूलाई
बचाउन सक्ने योग्यको छैन्। ४तिमीहरूका अगुवाहरू
सियोनमा गइसके र तिमीहरूका राजदूतहरू हानेसमा
गए। ५तर तिनीहरू निराश हुने छन्। तिनीहरू एक
अर्का जातिमाथि भरपरि रहेका छन् जसले तिनीहरूलाई

सघाउन सक्तैन्। मिश्र काम न दामको छ मिश्रले साथ दिने छैन्। मिश्रको कारणले लाज र गिल्ला पार्नेछ।"

### यहूदालाई परमेश्वरको सन्देश

६नेगव क्षेत्रका पशुहरूको निम्ति एउटा शोक सन्देश:
नेगव एउटा भयानक ठाउँ हो। यो ठाउँ सिंहहरू, विषालु सर्पहरू र उडने सर्पहरूले भरिएकोछ। तर केही मानिसहरू नेगव भएर यात्रा गर्छन्, तिनीहरू त्यस ठाउँमा गइरहेकाछन् जुन ठाउँले तिनीहरूलाई सघाउन सक्तैन्। तिनीहरूले आफ्नो धन-सम्पत्ति गधाहरूको पिठ्यूँमाथि चढ़ाएकाछन्। तिनीहरूले आफ्ना बहुमूल्य खजानाहरू ऊँटहरूको पिठ्यूँमाथि चढ़ाएकाछन्। यसको तात्पर्य हो अरु राष्ट्रहरूमाथि भर पर्ने मानिसहरूलाई यसले सहयोग गर्दैन्।
७त्यो मिश्र एकदमै व्यर्थको जाति हो। मिश्रको सहयोग व्यर्थको छ। यसैले मैले मिश्रलाई भनें, "केही पनि नगरी बस्ने राहाब हो।"
८अब संकेतको रूपमा यो लेख, ताकि सबै मानिसहरूले यो देख्न सकुन्। अनि यो एउटा पुस्तकमा लेख। यो लिखित रूपमा अन्तिम दिनको लागि राख। यो निकट अगमवमा साक्षी बनिनेछ।

९यी मानिसहरू त्यस्ता छोराछोरीहरू जस्ता हुन्
जसले आफ्ना माता पितालाई टेर्दैनन्। तिनीहरूले
परमप्रभुको शिक्षाहरू मान्नलाई अस्वीकार गर्दैछन्।
१०तिनीहरूले अगमवक्ताहरूलाई भने, "ती हामीले
गर्नु पर्ने कामहरूमाथि दृष्टि नराख। हामीलाई
सत्य नबताऊ। हामीलाई राम्रो कुराहरू भन
जसले हामीलाई स्वस्थ्य अनुभव हुन सकोस्।
हाम्रा लागि असल कुराहरू मात्र हेर।"
११ती कुराहरूलाई हेर्न छाड़िदेऊ जुन साँच्चि नै हुनेछ।
हाम्रो बाटोबाट निस्की हाल अनि इस्राएलका
परमपवित्रको बारेमा भन्न छोड़।"

### परमेश्वरबाट यहूदालाई मात्र सहायता आउँदछ

१२इस्राएलका परमपवित्र भन्नुहुन्छ, "परमप्रभुबाट आएका सन्देश स्वीकार गर्न तिमीहरू मानेनौ। तिमीहरू लड़ाइँ गर्न र झूटोको सहायतामा बाँच्न चाहन्छौ।
१३तिमीहरू ती कुराहरूको दोषी छौ। यसकारण तिमीहरू चर्किएको अग्लो पर्खाल जस्तो छौ। त्यो पर्खाल अचानक ढल्नेछ र टुक्राटुक्रा हुनेछ।
१४तिमी ठूलो माटाको टुक्रिएको हाँड़ी जस्तो छौ। ती टुक्राहरू बेकामेका हुनेछन्। ती टुक्राहरूद्वारा न त तिमीहरू बल्दै गरेको आगो ल्याउन सक्छौ न त कुवाबाट पानी ओसार्न सक्छौ।"
१५परमप्रभु मेरा मालिक, इस्राएलका परमपवित्र यही भन्नुहुन्छ, "यदि तिमी मकहाँ फर्किन्छौ भने तिमी सुरक्षित हुनेछौ। अनि ममाथि गरेको भरोसाले तिमीलाई मकहाँ ल्याउने शक्ति हुनेछ। ताकि तिमी शान्तिमा रहन सक्छौ।"
तर तिमीहरू त्यसो गर्न चाँहदैनौ।
१६तिमीहरू भन्छौ, "होइन, हामीलाई भाग्नकालागि घोड़ाहरू चाहिन्छन्।" त्यो सत्य हो तिमीहरू घोड़ाहरूमा चढ़ेर भाग्नेछौ। तर तिम्रो शुत्र चाँड़ै तिम्रो पछि लाग्नेछ अनि तिमीलाई भेटनेछ।
१७एकजना शत्रुले तिमीहरूलाई धम्की दिन्छ र तिमीहरू हजारौजना भाग्नेछौ। पाँचजना शत्रुहरूले डर देखाउँदा तिमीहरू सबै भाग्नेछौ। तिमीहरूका सेनाले एउटा खाली चीज मात्र त्यहाँ छाडी जानेछ त्यो पहाड़माथि झण्डा गाड़ने एउटा खम्बा हुनेछ।
१८परमप्रभुले तिमीहरू प्रति यही अनुग्रह दर्शाउनु चाहनु हुन्छ। परमप्रभुले प्रतीक्षा गरिरहनु भएको छ। परमप्रभु उठेर तिमीहरूलाई सान्त्वना दिन चाहनु हुन्छ। परमप्रभु परमेश्वर निष्पक्ष हुनुहुन्छ, अनि प्रत्येक मानिस जसले परमप्रभुको साथ पर्खन्छ उसलाई आशीर्वाद हुनेछ।
१९परमप्रभुका मानिसहरू यरूशलेम र सियोन पर्वतमा बस्नेछन्। तिमीहरू लगातार रूने छैनौ। परमप्रभुले तिमीहरू रोएको सुन्नु हुनेछ अनि सान्तवना दिनु हुनेछ। परमप्रभुले तिम्रो विलाप सुन्नु हुनेछ, अनि उहाँले तिमीलाई सहयोग गर्नुहुनेछ।

### परमेश्वरले आफ्ना मानिसहरूलाई सहयोग गर्नुहुन्छ

२०अतीतमा, मेरो मालिकले तिमीहरूलाई दु:ख र कष्ट दिनुभयो। त्यो तिमीहरूले खाएको रोटी र पानी जस्तो थियो। तर परमेश्वर तिमीहरूका गुरू हुनुहुन्छ, अनि उहाँ तिमीहरूबाट लगातार लुकेर बस्नु हुनेछैन्। तिमीहरूले आफ्ना गुरूलाई आफ्नै आँखाले हेर्न पाउनेछौ।
२१तब यदि तिमीहरूले गल्ती काम गर्छौ भने वा गल्तीबाटो नै गयौ भने, तिमीहरूले एक आवाज सुन्नेछौ तिमीहरूको आफ्ना आवाज पछाड़ी, "यो तिमीहरूको दाहिने बाटो हो। तिमीहरू यही बाटो जानुपर्छ।"
२२तिमीहरूले सुन र चाँदीले मूर्तिहरूलाई ढाकिदिएका छौ। ती झूटो देवताहरूले तिमीहरूलाई फोहरी बनाई दिए। तर तिमीहरूले ती झूटो देवताहरूलाई आराधना गर्न रोक्न सक्छौ। तिमीहरूले ती झूटो देवताहरूलाई फोहर मैला, कसिगर जस्तै टाढ़ा फाली दिनेछौ।
२३त्यस समय, परमप्रभुले तिमीहरूका निम्ति वर्षा पठाई दिनुहुनेछ। तिमीहरूले भूमिमा बिऊहरू रोप्नेछौ, अनि त्यस भूमिले तिमीहरूका निम्ति खाद्यान्न उप्जाई दिनेछ। तिमीहरूले प्रशस्त बाली पाउनेछौ। आफ्ना पाल्तु पशुहरूका लागि त्यस भूमिले प्रशस्त मात्रामा खाद्यन्न दिनेछ। त्यहाँ तिमीहरूका भेंड़ाका लागि विस्तृत खर्क हुनेछ।
२४तिमीहरूका गोरु र गधाहरूले आवश्यक

अनुसार सबै प्रकारको दाना पाउनेछन्। पशुहरूका
निम्ति दाना यति विघ्न हुन्छ कि पशुहरूलाई दाना दिँदा
पनि तिमीहरू फरूवा र बेल्चाहरू चलाउँछौ। २५प्रत्येक
पहाड़ र पर्वतसित पानी भरिएको भञ्ज्याङ हुनेछन्। यी
कुराहरू धेरै संख्यामा मानिसहरू मारिए पछि अनि
भूमिमा धरहराहरू ढलेपछि मात्र हुनेछन्।

२६त्यस समयमा चन्द्रमाको प्रकाश सूर्यको प्रकाश
भन्दा चहकिलो हुनेछ। घामको प्रकाश अहिलेको भन्दा
सात गुणा बढ़ी चहकिलो हुनेछ। एक दिनको घामको
प्रकाश एक साताको प्रकाश जति हुनेछ। यी कुराहरू
त्यति बेला हुनेछ जब परमप्रभुले आफ्नो
मानिसहरूको घाउहरूमा पट्टी लगाउनु हुनेछ अनि निको
पार्नुहुनेछ।

२७हेर! परमप्रभुको नाउँ सुदूर जग्गाबाट आइरहेछ।
उहाँको क्रोध यस्तो आगो झैं छ जो धुवाँको कालो
मुस्लोसित मिसिए जस्तै छ। परमप्रभुको मुख क्रोधले
भरिएको छ र उहाँको जिब्रो ज्वाला जस्तो छ।
२८परमप्रभुको सास एउटा महानदी समाम छ जुन
त्यतिञ्जेल सम्म बढ़िरहेनछ, जब सम्म त्यो घाँटी सम्म
पुग्दैन्। परमप्रभुले राष्ट्रहरूमाथि न्याय गर्नुहुनेछ।
परमप्रभुको न्याय गराई राष्टहरूलाई विनाश चाल्नीमा
चले झैं हुनेछ। परमप्रभुले तिनीहरूलाई आफ्नो मुट्ठीमा
ल्याउनु हुनेछ। त्यो काबु पशुलाई रत्याउनु लगाइएको
लगाम जस्तै हुनेछ। त्यसले तिनीहरूलाई विनास तिर
डोऱ्याउनेछ।

२९त्यस समय, तिमीहरूले खुशीको गीतहरू गाउने
छौ। त्यो समय ती रातहरू झैं हुनेछ जब तिनीहरू
आफ्नो उत्सव मनाउन शुरू गर्छौ। त्यतिबेला तिमीहरू
ती मानिसहरू झैं खुशी हुनेछौ। जो इस्राएलको चट्टान
परमप्रभुको पर्वतमा जाँदा बाँसुरीको धुन सुनेर खुशी
भएका थिए।

३०परमप्रभुले उहाँको महान वाणी सुन्न मानिसहरूलाई
विवश पार्नु हुनेछ। परमप्रभुले आफ्नो रिसले शक्तिशाली
पाखुर तल झरेको हेर्न मानिसहरूलाई विवश पार्नु
हुनेछ। त्यो पाखुरा सम्पूर्ण कुराहरू जलाई दिने भयानक
आगो सरह हुनेछ। परमप्रभुको शक्ति वर्षा र असिना
बर्साउने भयानक तूफान जस्तो हुनेछ। ३१परमप्रभुको
आवाज सुनेपछि अश्शूर डराउने छ। परमप्रभुले अश्शूरलाई
राजदण्डले हिर्काउनु हुनेछ। ३२परमप्रभुले अश्शूरलाई
हिर्काउँदा त्यो खैंजड़ी र वीणाहरू बजाइएको जस्तो
हुनेछ। परमप्रभुका ठूला पाखुराले अश्शूरलाई हराउनु
हुनेछ।

३३धेरै पहिले देखि नै तोपेतलाई तयार पारिएको छ।
यो राजाको लागि तयार छ। यो एकदम गहिरो र
चौड़ावाला थियो। त्यहाँ दाउराको थाक र आगो छ।
अनि परमप्रभुको सास बलिरहेको गन्धकको तूफान
जस्तै आउँने छ अनि यो बल्नेछ।

## इस्राएल परमेश्वरको शक्तिमा आश्रित हुनपर्छ

**३१** मिश्रतिर सहायता माग्न गइरहेको मानिसहरूलाई
हेर। मानिसहरूले घोड़ाहरू मागिरहेका छन्।
घोड़ाहरूले तिनीहरूलाई बचाउनेछ भनेर सोच्दछन्।
मिश्रबाट आएका रथहरू र घोड़चढ़ी सैन्यहरूले
तिनीहरूलाई रक्षा गर्नेछ भनेर आशा गरिरहेछन्।
मानिसहरूले सोच्दछन कि विशाल सैनिक हुँदा उनीहरू
सुरक्षित हुनेछन्। मानिसहरूले इस्राएलका परमपवित्रलाई
भरोसा गर्दैनन्। मानिसहरू परमप्रभु सँग सहायता माग्दैनन्।

२तर, उहाँ परमप्रभु हुनुहुन्छ जो ज्ञानी हुनुहुन्छ।
अनि परमप्रभुले नै उनीहरूका विरुद्ध कष्ट ल्याइदिनु
हुन्छ। मानिसहरूले परमप्रभुको आज्ञालाई परिवर्तन गर्न
सक्तैनन्। परमप्रभु उठनु हुनेछ र दुष्ट मानिसहरूका
विरुद्ध लडनु हुनेछ। अनि परमप्रभु ती मानिसहरूका
विरुद्ध लड़नु हुनेछ जसले दुष्ट मानिसहरूलाई सघाउन
सहायता गर्छन्।

३मिश्रका जनताहरू केवल मानिसहरू मात्र हुन्
परमेश्वर होइनन्। मिश्रबाट आएका घोड़ाहरू केवल
पशुहरू मात्र हुन् आत्मा होइनन्। परमप्रभुले आफ्नो
हात फैलाउँनु हुनेछ र सहायता गर्नेहरू पराजित हुनेछन्।
अनि सहायता चाहाने मानिसहरू पतन हुनेछन्। ती सबै
मानिसहरू-सँगै नाश हुनेछन्।

४परमप्रभुले मलाई भन्नुभयो: “जब एउटा सिंह
अथवा सिंहको बच्चाले खानलाई पशु पक्रन्छ, सिंह
मृत पशुको छेऊमा उभिन्छ अनि गर्जन्छ। त्यसबेला
कसैले पनि ठूलो सिंहलाई डर देखाउन सक्तैन्। सिंह
यदि मानिसहरू आएर कराए पनि डराउँदैन्। मानिसहरू
ठूलो स्वरमा कराए पनि सिंह भाग्दैन्।”

यस्तै प्रकारले, सेनाहरूका परमप्रभु सियोन पर्वतमा
झर्नु हुनेछ। परमप्रभुले त्यस पर्वतमाथि लड़ाइँ गर्नु
हुनेछ। ५चराहरू आफ्ना गुँड़हरूमाथि उड़ीरहे जस्तै गरी
सेनाहरूका परमप्रभुले यरूशलेमलाई बचाउनु हुन्छ।
परमप्रभुले उसलाई बचाउनु हुन्छ। परमप्रभुमाथिबाट
जानुहुनेछ र यरूशलेमलाई बचाउनु हुनेछ।

६इस्राएलका नानीहरूले परमेश्वरको विरुद्ध विद्रोह
गरे। तिमीहरू परमेश्वरकहाँ फर्केर आउनै पर्नेछ। ७तब
मात्र मानिसहरू ती सुन र चाँदीले बनिएका मूर्तिहरू
पूज्न छाड़नेछन्। तिमीहरूले ती मूर्तिहरू बनाएर साँच्चि
नै पाप कमायौ। ८त्यो साँचो हो अश्शूर तरवारले
पराजित हुने नै छ। तर त्यो तरवार मानिसको तरवार
हुने छैन्। अश्शूर परमप्रभुको तरवारदेखि भागि जाने
छ। तर युवकहरूलाई समातेर नोकर बनाइने छ।
९तिनीहरूका सुरक्षाको ठाउँ ध्वंस हुने छ। तिनीहरूका
अगुवाहरू पराजित हुनेछन् र झण्डा छाड़ेर भाग्नेछन्।

परमप्रभुले यी सबै कुराहरू भनी सक्नु भयो।
परमप्रभुको अग्नि स्थान सियोनमाथि छ। परमप्रभुको
सियोन र भट्टी यरूशलेम हो।

### अगुवाहरू असल र शिष्ट हुनु पर्छ

**३२** यो कुरा ध्यान दिएर सुन जो म भन्छु। राजा सदाचारी हुनु पर्छ जसले दया ल्याउन सक्छ। अगुवाहरूले मानसिहरूलाई नेतृत्व दिँदा निष्पक्ष निर्णय लिनु पर्छ। २यदि यस्तो हुन्छ भने राजा हावा पानीबाट लुक्ने ठाउँ हुनुहुनेछ अनि सुक्खा जमीनमा पानीको धारा हुनुहुनेछ। यस गरम ठाउँमा ठूलो चट्टानको शीतल छाँया हुनेछ। ३मानिसहरू राजासँग सहायता माग्नलाई त्यतातिर जान्छन् अनि मानिसहरूले साँच्चै नै उहाँका कुरा सुन्नेछन्। ४मानिसहरू जो अहिले अन्यौलमा परेका छन्, पछि तिनीहरू बुझ्न सक्ने योग्यका हुनेछन्। जुन मानिसहरूले स्पष्ट बोल्न सक्दैनन् तिनीहरू अब स्पष्ट र छिटो बोल्नेछन्। ५मूर्ख मानिसहरूलाई महान मानिसहरू भनिने छैन्। मानिसहरूले तिनीहरूलाई आदर गर्दैनन्। जसले गुप्त रूपमा योजना बनाउँछन्।

६मूर्ख मानिसहरूले मूर्ख कुराहरू नै गर्छन, अनि उसको हृदयमा दुष्ट कामहरू गर्ने योजनाहरू हुँदछ। मूर्ख मानिसहरूले ती कुराहरू नै गर्न चाहन्छन् जुन गल्ती छ। मूर्ख मानिसहरूले गरीब मानिसहरूलाई भोजन गर्न दिदैन्। मूर्ख मानिसहरूले परमप्रभुको बारेमा अधार्मिक कुराहरू भन्दछन्। मूर्ख मानिसहरूले तिर्खाएका मानिसहरूलाई पानी पिउन दिँदैनन्। ७त्यस मूर्ख मानिसले पापलाई हतियार जस्तो चलाउँदछ। उसको योजनाहरूले गरीब मानिसहरूबाट सबै थोकहरू लुट्ने बाटो बनाउँदछ। त्यो मूर्ख मानिसले गरीब मानिसहरूको विषयमा झूटो कुराहरू गर्दछ। अनि त्यस्ता झूटो कुराहरूबाट गरीब मानिसहरू निष्पक्ष रूपबाट न्याय पाउनदेखि वञ्चित हुँदछन्।

८तर असल अगुवाको योजनाहरू राम्रो काम गर्नलाई नै हुँदछ। अनि ती असल कुराहरूले नै उसलाई असल अगुवा बनाउदँछ।

### कठिन समय

९तिमीहरू माझ कतिपय स्त्रीहरूलाई अहिले शान्ति छ। तिमीहरूले सुरक्षित अनुभव गरिरहेका छौ। तर तिमीहरूले उभिएर मैले भनेका कुराहरू सुन्नु पर्छ। १०तिमी स्त्री मानिसहरूले अहिले सुरक्षित अनुभव गरिरहेका छौ, तर एक वर्ष पछि तिमीहरू कष्टमा पर्ने छौ। किन? किनभने तिमीहरूले आउने वर्षमा दाखहरू बटुल्न सक्ने छैनौ। त्यहाँ बटुल्नलाई दाखहरू नै हुनेछैन्।

११स्त्रीहरू, तिमीहरू अहिले शान्त छौ, तर तिमीहरू भयभीत हुन पर्ला। स्त्रीहरू हो अहिले तिमीहरू शान्त अनुभव गरिरहेका छौ तर तिमीहरू चिन्तित हुन पर्नेछ। तिमीहरूको राम्रो लुगाहरू खोली देऊ अनि शोकको लुगाहरू लगाऊ। आफ्ना कम्मरमा वरिपरि ती लुगाहरू बेर। १२ती शोकमा लगाउने लुगाहरू आफ्ना दु:खहरूले भरिएका छातीमा लगाऊ।

डाको छोड़ेर विलाप गर, किनभने तिमीहरूका खेतहरू रित्ता छन्। तिमीहरूका दाखका बोटहरूले एकपल्ट फल दिए तर अहिले तिनीहरू रित्ता छन्। १३मेरा मानिसका जमीनका लागि डाँको छोड़ेर रूनु। किनभने त्यहाँ काँढा र सिउँड़ी मात्र उम्रनेछ। ती शहरको निम्ति अनि सबै घरहरूको निम्ति बिलाप गर जुन एक पल्ट आनन्दले परिपूर्ण थिए।

१४मानिसहरूले प्रमुख शहर छोड़ेर जानेछन्। तिनीहरूले राजमहल र रक्षा धरहराहरू छोड़नेछन्। मानिसहरू घरहरूमा बस्ने छैनन्- तिनीहरू ओड़ारहरूमा बस्नेछन्। जंगली गधाहरू र भेड़ाहरू शहरमा बस्नेछन् अनि त्यहाँ घाँस खान पशुहरू जानेछन्।

१५-१६जब परमप्रभुलेमाथिबाट आफ्नो आत्मा दिनु हुँदैन तब सम्म हुनेछ। अब त्यस देशमा धर्म छैन्। यो मरुभूमि सरह भएको छ। तर भविष्यमा त्यो मरुभूमि कर्मेल जस्तै मलिलो जमीन हुनेछ। न्याय निष्पक्ष हुनेछ। अनि मलिलो खेत हरियो जङ्गल सरह हुनेछ -त्यहाँ धार्मिकताको हुनेछ। १७त्यो धार्मिकता शान्ति र सुरक्षा सदाका निम्ति रहनेछ। तिनीहरू चुपचाप शुन्य र शान्तिमय ठाउँमा बस्ने छन्। १८मेरा मानिसहरू एकदमै सुरक्षित अनि शान्तिपूर्ण ठाउँमा बस्नेछन्।

१९तर यी कुराहरू हुन अघि नै वन-पतन हुनै पर्छ। त्यो शहर परास्त हुनै पर्छ। २०तिनीहरू कतिपय मानिसहरूले खोलाको छेउछाउमा बिऊहरू रोप्नेछन्। आफ्ना गोरु र गधाहरूलाई स्वतंत्र रूपमा त्यहाँ चर्न र खान दिनेछन्। तिमीहरू एकदम खुशी हुनेछौ।

### दुष्टले दुष्टता मात्र उत्पन्न गर्छ

**३३** हेर, तिमीहरू युद्ध गर्छौ र मानिसहरूका चीजबीजहरू लुटपीट पार्छौ, तर ती मानिसहरूले तिमीहरूबाट केही पनि लुट्दैनन्। तिमीहरू मानिसहरूको विरुद्ध जानेछौ, तर ती मानिसहरू तिमीहरूका विरुद्ध कहिल्यै उभिने छैनन्। यसर्थ तिमीहरूले जब चोर्न छोड़नेछौ, अरू मानिसहरूले चोरी गर्न थाल्नेछन्। जब तिमीहरू मानिसहरूको विरुद्ध उभिन छोड्नेछौ अरु मानिसहरू तिमीहरूका विरुद्ध उभिन थाल्नेछन्।

२हे परमप्रभु, 'हामीमा अनुग्रह गर्नुहोस्। हामी तपाईंको सहायतकोलागि पर्खिरहेका छौं। परमप्रभु, हामीलाई प्रत्येक बिहान शक्ति प्रदान गर्नुहोस कष्टमा हाम्रो उद्धार हुनुहोस।

३तपाईंको प्रभावपूर्ण सोरले मानिसहरूलाई भयभीत पार्दछ। अनि तिनीहरू तपाईंदेखि भाग्नेछन्। तपाईंको महानताले जातिहरूलाई भगाउँछ।"

४तिमीहरूले युद्धमा चोरेका चीजबीजहरू तिमीहरूबाट खोसिनेछन्। धेरै-धेरै मानिसहरू आउनेछन् र तिमीहरूको

धन सम्पत्ति लुटेर लानेछन्। यो त्यस्तो समय हुनेछ जब सलहहरू आएर तिमीहरूका सबै अन्नहरू खानेछन्।

५परमप्रभु महान हुनुहुन्छ। उहाँ एकदम उच्च ठाउँमा बस्नुहुन्छ। परमप्रभुले सियोनलाई न्याय अनि धार्मिकताले परिपूर्ण पार्नुहुनेछ।

६यरूशलेम तिमी सम्पन्न छौ। तिनी ईश्वरी ज्ञान र बुद्धिले सम्पन्न छौ। तिमीहरू मुक्तिले समृद्ध छौ। तिमीहरू परमप्रभुको आदर गर्छौ, अनि त्यसैले तिमीहरू समृद्ध छौ। यसर्थ तिमीहरू जान्न सक्छौ तिमीलाई यस्तै भइरहनेछ।

७तर ध्यान दिएर सुन्। वीर मानिसहरू बाहिर रोइरहेकाछन्। ती सन्देशवाहकहरू जसले शान्ति ल्याउँछन तिनीहरू डाको छोड़ेर रोइरहेकाछन्। ८बाटोहरू ध्वंस भएका छन्। कोही पनि गल्लीहरूमा हिड़ेका छैनन्। मानिसहरूले जुन सन्धि गरेका थिए त्यसलाई भङ्ग गरिदिएकाछन्। मानिसहरूले गवाहीहरूले दिएको प्रमाण अस्वीकार गरेकाछन्। कसैले पनि अरूलाई आदर गर्दैनन्। ९यो भूमि रोगी भएको छ। लबानोन शर्ममा परेर आइलायो र शारोन खाड़ी सुक्खा र रित्तो भएको छ। बाशान र कर्मेलले एकपल्ट सुन्दर पातहरू उप्जाउने थियो तर अहिले ती पातहरू उब्जन बन्द भएका छन्।

१०परमप्रभु, भन्नुहुन्छ, "अब म उभिनेछु र मेरो महानता देखाउँछु। अब म मानिसहरूकालागि महत्वपूर्ण हुनेछु। ११तिमीहरूले अनुचित कामहरू गऱ्यौ। ती कुराहरू पराल जस्ता हुन्। तिनीहरू केही काम लाग्ने छैनन्। मेरो आत्मा आगो जस्तो हुनेछ अनि यसले तिमीलाई जलाउनेछ। १२मानिसहरू त्यतिबेला सम्म जल्नेछन् जब सम्म उनीहरूका हड्डीहरू जलेर सेतो चूना जस्तो हुँदैन्। मानिसहरू चाँड़ै काँढ़ाहरू र सुक्खां घाँसहरू जस्तै बालिनेछन्।

१३"टाढ़ा देशहरूमा हुने मानिसहरू, मैले गरेका ती कुराहरू सुन्। मानिसहरू जो मेरा नजिकमा छौ मेरो शक्तिको बारेमा बुझ।"

१४सियोनमा भएका पापीहरू त्रसित छन्। ती मानिसहरू जसले नराम्रा कामहरू गर्छ उनीहरू डरले काम्दछ। तिनीहरूले भने, "के हामी मध्ये कोही यस आगोबाट छिर्न सक्छौ जसले खरानी बनाउँछ? यस आगोको छेउमा बस्न सक्छौ जसले पोल्दछ?"

१५असल, धार्मिक मानिसहरू जसले पैसाको लागि अरूलाई चोट पुऱ्याउन चाहँदैनन्-तिनीहरू यस आगोबाट छिरेर पनि बाँच्न सक्छन्। तिनीहरूले घुसहरू लिन स्वीकार गर्दैनन तिनीहरू अरूलाई हत्या गर्ने योजनाहरू फर्केर पनि हेर्देनन्। १६ती मानिसहरू उच्च ठाउँहरूमा सुरक्षित बस्ने छन्। तिनीहरूले सँधै भोजन र पानी पाउनेछन्। तिनीहरू उच्च चट्टाने किल्लाहरूमा सुरक्षित बस्नेछन्।

१७तिमीहरूले आफ्ना आँखाहरूले राजालाई उहाँको आफ्नो सुन्दरतामा देख्नेछौ। तिमीहरूले महान देश देख्नेछौ। १८-१९तिमीहरूले पहिलेका दु:ख र यन्त्रणाहरूको बारेमा सोच्नेछौ। तिमीहरूले सोच्नेछौ, "कहाँ छन् ती अन्य देशहरूबाट आएका मानिसहरू? तिनीहरूले बोलेको भाषा हामी बुझ्न सक्दैनौ। अरू जग्गाबाट आएका ती अधिकारीहरू र कर उठाउनेहरू कहाँ गएका छन्? जसले हाम्रा सतर्कता संरक्षण गरे ती गुप्तचर कहाँ छन? तिनीहरू सबै गए। तिमीहरूले फेरि तिनीहरूलाई देख्ने छैनौं।

## परमेश्वरले यरूशलेमको रक्षा गर्नु हुनेछ

२०सियोनमा हेर, हाम्रा धार्मिक चाड़हरूको शहर। यरूशलेममा हेर-त्यो विश्रामको सुन्दर ठाँउ यरूशलेम एउटा पाल लगाइएको ठाउँ जस्तै हो जुन कहिल्यै उखेलिने छैन्। खाँबाहरू जसलाई उसले समातेर राखेको छ त्यो कहिल्यैमाथि तानिने छैन्। उसका कीलाहरू कहिल्यै चुँडिने छैन्। २१-२३किन? किनभने सेनाहरूका परमप्रभु त्यहाँ हुनुहुन्छ। त्यो जग्गा खोला र फैलिएको नदीहरूको ठाउँ हो। तर त्यहाँ कुनै पनि शत्रुहरूका नावहरू र शक्तिशाली जहाजहरू छैनन्। तिमीहरू जो त्यस नाँवहरूमा काम गरिरहेछौ तिमीहरू डोरीहरू सहित ती कामबाट भाग्न सक्छौ। तिमीहरू एकदम दरिलो खम्बा बनाउन सक्दैनौ। तिमीहरू पालहरू खोल्न सक्ने हुँदैनौ। किन? किनभने परमप्रभु नै हाम्रा न्यायकर्त्ता हुनुहुन्छ। परमप्रभुले हामीलाई व्यवस्था गरिदिनु हुन्छ। परमप्रभु नै हाम्रा राजा हुनुहुन्छ। उहाँले नै हामीलाई बचाउनु हुन्छ। यसैले परमप्रभुले हामीलाई प्रशस्त धन सम्पत्ति दिनु हुन्छ। लङ्गडा मानिसहरूले पनि युद्धमा ठूलो सम्पत्ति जित्नेछ। २४त्यहाँ बस्नेहरू कसैले पनि भन्ने छैन, "म बिरामी छु।" त्यहाँ बस्ने मानिसहरू ती मानिसहरू हुन् जसका पापहरू क्षमा गरिएको छ।"

## परमेश्वरले आफ्नो शत्रुहरूलाई दण्ड दिनुहुन्छ

३४ सारा जाति जातिका मानिसहरू हो नजिकै आओ र ध्यान दिएर सुन्। तिमीहरू सबैले एकदम ध्यान दिएर सुन्नुपर्छ। पृथ्वीमाथि भएका सबै मानिसहरूले यी कुराहरू सुन्नुपर्छ। २परमप्रभु ती सारा जातिहरू र आफ्ना शत्रुहरूमाथि क्रोधित हुनुहुन्छ। परमप्रभुले ती सबैलाई नाश गर्नु हुनेछ। उहाँ नै तिनीहरूका मृत्युको कारण हुनुहुनेछ। ३तिनीहरूका मारिएकाहरू बाहिर फ्याँकिने छन्। तिनीहरूका लाशहरूबाट नराम्रा दुर्गन्धहरू आउनेछ, अनि रगतहरू पर्वततिर झर्दै बग्नेछ। ४आकाश किताब पढ़िसके पछि बन्द गरे जस्तै हुनेछ। अनि ताराहरू झर्नेछन् जसरी दाखका रूखहरू र जैतूनका रूखहरूबाट पातहरू झर्दछ। आकाशमा भएका सारा ताराहरू झर्नेछन्।

५परमप्रभु भन्नुहुन्छ, "यस्तो घट्ने नै छ जब मेरो तरवार आकाशमा रगतले लतपत हुन्छ।"

हेर! परमप्रभुको तरवारले एदोमलाई काटनेछन् परमप्रभुले ती मानिसहरूलाई अपराधी ठहराउनु भएकोछ। अनि तिनीहरू मर्नु नै पर्छ। ६किन? किनभने परमप्रभुलाई भेड़ा र बाख्राको प्रशस्त बलि लिइसक्नु भएको छ। परमप्रभुले निर्णय लिनु भएको छ कि बोज्रा र एदोममा संहारको समय आउनु नै पर्छ। ७यसकारण भेडाहरू, गोरूहरू, बाछाहरू र भैंसीहरू मारिनेछन्। जमीन तिनीहरूको रगतले भरिने छ। फोहर-मैला पनि तिनीहरूका बोसोले छोपिनेछ।

८ती कुराहरू हुने नै छन्, किनभने परमप्रभुले दण्ड दिने समय निर्णय गरिसक्नु भयो। परमप्रभुले वर्ष पनि चुनिसक्नु भयो। मानिसहरूले सियोनले गरेका कामहरूको परिणाम भोग्नु नै पर्नेछ। ९एदोमका नदीहरू अलकत्रा जस्तो तातो हुनेछ। एदोमको धूलो जलिरहेको गन्धक जस्तो हुनेछ। १०दिन-रात आगो बलिनैरहनेछ। कसैले पनि त्यो आगो थाम्न सक्तैनन्। एदोमबाट धूवाँ निरन्तरलाई निस्कानेछ। त्यो ठाउँ सदा सर्वदाको लागि ध्वंस हुनेछ। कोही पनि त्यस ठाउँबाट कहिल्यै यात्रा गर्न सक्ने छैन्। ११चराहरू र पशुहरूका आफ्नै ठाउँ हुनेछ। लाटाकोसेरोहरू, उल्लुहरू र कागहरू त्यहाँ बस्ने छ। त्यो ठाउँलाई "रित्तो मरुभूमि" भनिनेछ। १२त्यस ठाउँका असल नागरिकहरू र अगुवाहरू सबै गई सके। अनि त्यहाँ शासन गर्नलाई केही पनि छाड़िएको छैन्।

१३ती सुन्दर घरहरूमा काँढ़ाहरू र वन-झारहरू उम्रिनेछ। जङ्गली कुकुरहरू र लाटकोसेरोहरू ती घरहरूमा बस्ने छन्। जङ्गली पशुहरूले त्यहाँ बासस्थान बनाउनेछन्। ठूला-ठूला चराहरू त्यहाँ उम्रेका घाँसहरूमा बस्नेछन्। १४जङ्गली बिरालोहरू त्यहाँ ब्वाँसोहरूसँग बस्ने छन्। अनि जङ्गली बाख्राहरूले आफ्ना साथीहरूलाई बोलाउनेछन्। रातका पशुहरूले त्यस ठाउँको हेरचाह गर्दै त्यहाँ विश्राम गर्ने ठाउँ पाउँनेछ।

१५सर्पहरूले त्यहाँ आफ्नो बासस्थान बनाउने छन्। सर्पहरूले कालो ठाउँहरूमा अण्डाहरू पार्नेछन्। अण्डाहरू फुटेर त्यहाँबाट स-साना सर्पहरू घसिदै निस्कनेछन्। चराहरू जसले मरेका चीजहरू खान्छन् आइमाईहरू आफ्ना साथीहरूसँग भेट्न आए जस्तै भेला हुनेछन्।

१६परमप्रभुको पुस्तकमा हेर! पढ़, त्यहाँ के लेखिएको छ। केही पनि हराएको छैन्। यो पुस्तकमा लेखिएको छ कि ती पशुहरू भेला हुनेछन्। परमेश्वरले भन्नुभयो उहाँले तिनीहरूलाई त्यहाँ एकै साथ भेला गर्नुहुनेछ। यसकारण परमेश्वरको आत्मा तिनीहरूसँग मिल्नेछ। १७तिनीहरूलाई के गर्नु पर्ने परमेश्वरले निर्णय गर्नुहुनेछ। तब परमेश्वरले तिनीहरूको निम्ति ठाउँ तयार पार्नुहुनेछ। परमेश्वरले धर्का कोरेर तिनीहरूलाई आफ्नो ठाउँ देखाई दिनुहुनेछ। यसैले पशुहरूले आफ्नो ठाउँ बनाउने छन्। तिनीहरू त्यहाँ सधैंका लागि बस्नेछन्।

### परमेश्वरले आफ्ना मानिसहरूलाई सान्त्वना दिनुहुनेछ

३५ खड़ेरीले डड़ेको भूमिमा त्यस समयमा पानीको खोला बग्नेछ। सुख्खा जग्गाहरूमा पानीको कुवाहरू हुनेछन्। २जुन ठाउँ एक समय पशुहरूको अधीनमा थियो त्यहाँ अग्ला-अग्ला जल वृक्षहरू हुनेछन्। मरुभूमि फुलेका फूलहरूले परिपूर्ण हुनेछ अनि यसले आफ्नो खुशीयाली दर्शाउनेछ। यो यस्तो प्रफुल्लित हुँदछ कि मरुभूमि खुशीले नाचिरहेकोछ। मरुभूमि लबानोनको बगैंचा जस्तो सुन्दर हुनेछ, कर्मेलको पहाड़ र शारोनको बेंसी जस्तो हुनेछ। यस्तो हुने नै छ किनभने मानिसहरूले परमप्रभुको महिमा देख्नेछन्। मानिसहरूले हाम्रो परमप्रभुको सुन्दरता देख्नेछन्।

३कमजोर पाखुराहरू फेरि बलियो पार। कमजोर गोड़ाहरू दरिलो पार। ४मानिसहरू भयभीत र अन्योलमा परेका छन्। ती मानिसहरूलाई भन, "बलियो हौऊ, नडाराऊ!" हेर, तिमीहरूका परमेश्वर आउनु हुनेछ अनि शत्रुहरूलाई दण्ड दिनुहुनेछ। उहाँ आएर तिमीहरूलाई पुरस्कार दिनु हुनेछ। परमप्रभुले तिमीहरूलाई बचाउनु हुनेछ। ५तब अन्धा मानिसहरूले फेरि पनि देख्न सक्नेछन्। तिनीहरूका आखाँहरू खोलिने छन्। तब बहिराले पनि सुन्न सक्ने छन्। तिनीहरूका कानहरू खोलिने छ। ६लङ्गड़ा मानिसहरू मृग जस्तो नाच्ने छन्। अनि बोल्न नसक्ने लाटा मानिसहरूले पनि आफ्ना स्वरले खुशीको गीतहरू गाउनेछन्। यो त्यति बेला हुनेछ जब मूलको पानी मरुभूमिमा बर्सिन थाल्ने छ। झरनाहरू सकेको ठाउँहरूमा बहनेछ। ७बल्दै गरेको तातो भूमिमा पानीको धाराहरू हुनेछ। सुखा ठाउँहरूमा इनारहरू हुनेछन्। भूईंबाट पानी बग्नेछ। त्यहाँ अग्ला जलीय रुखहरू उम्रिनेछन् जहाँ एक समय पशुहरूले शासन गरेका थिए।

८त्यसबेला, त्यहाँ एउटा मुलबाटो बनिनेछ र त्यसलाई "पवित्र मार्ग" भनिनेछ। दुष्ट मानिसहरूलाई त्यहाँ हिंड़ने अनुमति दिइने छैन्। कुनै मूर्ख त्यस बाटोबाट हिंड़न पाउने छैन्। खाली असल मानिसहरू त्यस मार्ग भएर हिंड़ने छन्। ९त्यस बाटोमा कुनै प्रकारको खतरा हुने छैन्। त्यहाँ मानिसहरूलाई घात पार्ने कुनै सिंहहरू हुने छैन्। त्यस बाटोमा कुनै प्रकारको हिसंक पशुहरू हुने छैन्। परमेश्वरले मानिसहरूको लागि त्यो बाटो जोगाई राख्नु भएको हो।

१०परमेश्वरले आफ्ना मानिसहरूलाई स्वतन्त्र पारिदिनु हुनेछ। अनि ती मानिसहरू उहाँकहाँ फर्केर आउनेछन्। मानिसहरू खुशी हुने छन् जब उनीहरू सियोनभित्र आउने छन्। मानिसहरू सदा-सर्वदाको लागि खुशी हुनेछन्। तिनीहरूको खुशी उनीहरूको शिरको मुकुट

हुनेछ। तिनीहरूको रमाहट र आनन्दले तिनीहरूलाई
भरिपूर्ण पार्नेछ। शोक र उदासीनताको दिनहरू टाढ़ा,
टाढ़ा भाग्नेछन्।

### अश्शूरहरूले यहूदामा आक्रमण गर्दछ

**३६** हिजकियाह राजा भएको चौधौं वर्षमा अश्शूरका
राजा सनहेरीब यहूदाका मुख्य शहरहरूको
विरुद्ध लड़ाई लड्न गए। सनहेरीबले ती शहरलाई
पराजित गरे। २सनहेरीबले आफ्ना कप्तानसँग विशाल
सेनाहरू यरूशलेममा राजा हिजकियाहकहाँ पठाए।
कप्तान र उनका सेनाहरू लाकीश छाड़ेर यरूशलेम
तिर गए। तिनीहरू माथिल्लो झाड़ीको जलमार्ग नजिक
रोकिए। (माथिल्लो पोखरी धोबीको खेत जाने बाटोतर्फ
पर्छ।)

३यरूशलेमबाट तीन जना पुरूषहरू कप्तानसँग कुरा
गर्न गए। तिनीहरू हुन हिल्कियाहको छोरो एल्याकीम,
आसापको छोरो योआ अनि शेब्ना। एल्याकीम राजदरबारका
प्रशासक थिए। योआ लेखापाल थिए। अनि शेब्ना
दरबारको सचिव थिए।

४कप्तानले तिनीहरूलाई भने, "हिजिकियाहलाई,
'महाराज, अश्शूरका राजाले यसो भन्छन् भन:

तिमीहरूले सहायताको लागि केमा भरोसा
गरिरहेकाछौ? ५म तिमीहरूलाई भन्दछु यदि
तिमीहरूले शक्ति र युद्धको योजनामा भरोसा
गर्दछौ, यो व्यर्थ हो। तिनीहरू खोक्रा शब्दहरू
बाहेक केही होइनन्। अब म तिमीहरूलाई
सोध्दछु, तिमीहरूकोमाथि भरोसा गरेर मेरो विरुद्धमा
विद्रोह गरिरहेका छौ? ६के तिमीहरू सहयोगको
लागि मिश्रमाथि भर परिरहेकाछौ? मिश्र एउटा
भाँचिएको लौरो जस्तो छ। यदि तिमीहरू सहायताको
लागि त्यता ढल्किन्छौ भने, त्यसले केवल
तिमीहरूलाई चोट पुर्‍याउनेछ र तिम्रो हातमा दुलो
पारिदिनेछ। मिश्रका राजा फिरऊनमाथि कसैले
पनि भरोसा राख्न सक्दैन्।

७तर तिमीहरू यसो भन्न सक्छौ, "हामी
आफ्ना परमप्रभु परमेश्वरबाट सहायता पाउने
भरोसा गरिरहेछौ।" तर म जान्दछु हिजकियाहले
ती वेदीहरू र उच्च स्थानहरू ध्वंश पारे जहाँ
मानिसहरूले परमप्रभुलाई पूज्दथे। अनि
हिजकियाहले यहूदा र यरूशलेमका मानिसहरूलाई
भने, "तिमीहरूले यहाँ यरूशलेमको एउटा बेदीमा
आराधना गर्नुपर्छ।"

८यदि तिमीहरू अझ लड़ाइँ गर्न चाहन्छौ भने
मेरो मालिक, अश्शूरका राजाले तिमीहरूसँग यो
सम्झौता गर्नेछन्। यदि तिमीहरूले युद्धको लागि
घोड़-सवारहरू पाउन सक्छौ भने म दुइ हजार
घोड़ाहरू दिने वचन दिन्छु। ९तर त्यसो हुँदा पनि
तिमीहरूले मेरो मालिकका निम्न स्तरका
अधिकारीहरू सम्मलाई पराजित गर्न सक्दैनौ।
यसकारण किन तिमीहरू लगातार मिश्रका रथहरू
र घोड़-सवारी सेनाहरूमा भर पर्छौ?

१०अहिले के तिमीहरू सोच्दछौ कि म परमप्रभुको
सहयोग बिना यो देश ध्वंश गर्न आएको थिएँ?
होइन! परमप्रभुले मलाई भन्नुभयो, "यो देशको
विरुद्ध उठ, जा र ध्वंश पार।"

११तब एल्याकीम, शेब्ना र योआहले रबशाकेलाई
भने, "दया गरेर हामी प्रति अरामी भाषामा बोल्नु
होस्। हामी त्यो भाषा बुझ्छौ। हामीसित यहूदी भाषामा
नबोल्नु होस्। यदि तिमीले हाम्रो भाषा प्रयोग गर्‍यौ भने
शहरका पर्खालहरूमा भएका मानिसहरूले पनि
बुझ्नेछन्।"

१२तर रबशाकेले भने, "के मेरा मालिकले तिमीहरू
र तिमीहरूका मालिकहरूसित मात्र बोल्न पठाएको
होइन्। मेरो मालिकले ती मानिसहरूसँग पनि बोल्न
पठाए जो पर्खालहरूमाथि बसिरहेका छन्। ती
मानिसहरूसँग खाद्य र पानी सम्म छैन, तिमीहरूले
जस्तै तिनीहरूले आफ्नै दिशा खानेहरू र आफ्नै पिसाब
पिउनेछन्।"

१३तब रबशाके यहूदी भाषामा साहो चिच्याए
अनि यसो भने, १४"अश्शूरका महाराजाको यो सन्देश
सुन,

हिजकियाहले तिमीहरूलाई मूर्ख नबनावोस।
उसले आफ्नो शक्तिले तिमीहरूलाई बचाउँन सक्दैन्।
१५हिजकियाहमाथि भरोसा नगर जब उसले भन्दछ,
'परमप्रभुमा भरोसा गर! परमप्रभुले निश्चय हामीलाई
बचाउनुहुनेछ। परमप्रभुले अश्शूरका राजालाई यो
शहर परास्त गर्न दिनुहुने छैन्।'

१६हिजकियाहबाट ती शब्दहरू नसुन्। अश्शूरका
महाराजाको कुरा सुन्। अश्शूरका राजाले भन्दछ,
"हामीले एउटा सम्झौता गर्नुपर्छ। तिमीहरू शहरबाट
मकहाँ आउनु पर्छ। तब मात्र प्रत्येक मानिसले
आफ्नो घर जानलाई स्वतन्त्र हुनेछ। प्रत्येक
मानिसले आफ्ना दाखको बोटबाट स्वतन्त्र रूपले
दाख खान पाउनेछ। अनि प्रत्येक मानिसले स्वतन्त्र
रूपमा आफ्नो नेभाराको बोटबाट फल खान
पाउने छ। प्रत्येक मानिसहरूले आफ्ना इनारबाट
स्वतन्त्र रूपमा पानी पिउन पाउने छ। १७जबसम्म
म आउँदिन तिमीहरूले त्यसो गर्न सक्छौ अनि
तिमीहरू प्रत्येकलाई त्यस भूमिमा लिएर जाँदिन
जो तिमीहरूकै आफ्नो जस्तै छ। त्यस नयाँ
देशमा तिमीहरूले राम्रो अन्न र नयाँ दाखरस,
रोटी अनि अङ्गुरका लहराहरू पाउनेछौ।"

१८हिजकियाहलाई कष्ट पुर्याउन नदेऊ।
हिजकियाह भन्दछ, “परमप्रभुले हामीलाई बचाउनु
हुने छ।” तर म तिमीहरूलाई सोध्छु, के अन्य
जातिहरूका देवताहरूले तिनीहरूको देशलाई
अश्शूरका राजाबाट बचाउन सक्यो? होइन्।
१९हमात र अर्पादका देवताहरू कहाँ छन?
तिनीहरू परास्त भए। सपर्बेमका देवताहरू कहाँ
छन्? तिनीहरू परास्त भए,! के तिनीहरूले
शक्तिद्वारा सामरियालाई बचाए? होइन्। २०के
अन्य देवताहरूले अरू देशहरूमा मबाट आफ्ना
ठाउँहरू बचाए? अँह! के परमप्रभुले मबाट
यरूशलेम बचाउन सक्नुहोला त?”

२१तर यरूशलेमका मानिसहरू एकदम चुपचाप थिए।
तिनीहरूले एक शब्द पनि कप्तानलाई भनेन किनभने
राजा हिजकियाहले तिनीहरूलाई हुकुम दिएका थिए।
उनले भने, उसलाई केही पनि नभन्।”

२२त्यसपछि राजदरबारका व्यवस्थापक (हिल्कियाहको
छोरो एल्याकीम), राजकीय सचिव शेब्ना अनि धर्मशास्त्री
आसापको छोरो योआ हिजकियाह कहाँ गए। तिनीहरूले
शोकव्यक्त गर्न आफ्ना लुगाहरू च्याते अनि हिजकियाहलाई
प्रत्येक कुरा भने जो अश्शूरका कप्तानले भनेका थिए।

## हिजकियाहले परमेश्वरलाई सहयोग मागे

३७ राजा हिजकियाहले ती कुराहरू ध्यानपूर्वक
सुने। त्यसपछि उनले आफ्ना लुगाहरू च्याते
अनि आफ्नो शोक प्रकट गरे। त्यसपछि उनले शोक
वस्त्रहरू लगाए, अनि परमप्रभुको मन्दिर गए।
२हिजकियाहले राज-दरबारका व्यवस्थापक एल्याकीम
राजकीय सचिव शेब्ना अनि पूजाहारीहरूका बूढ़ा-
प्रधानहरूलाई आमोसको छोरा अगमवक्ता यशैयाकहाँ
पठाए। तिनीहरूले यस्ता लुगाहरू लगाएका थिए जसले
तिनीहरूको शोक र खिन्नता प्रकट गर्दथ्यो।

३ती मानिसहरूले यशैयालाई भने, “राजा हिजकियाहले
आदेश गरे कि आजको दिन दु:ख र शोकको विशेष
दिन हो। यो अत्यन्तै शोकमय दिन हुनेछ। यो यस्तो
दिनु हुनेछ जब एउटा बालक जन्मनेवाला छ। तर
शक्तिको अभावमा जन्म लिन सक्तैन्। ४सेनापतिको
मालिक, अश्शूरका राजाले उसलाई जीवित परमेश्वरको
बारेमा अनिष्ट कुराहरू भन्नलाई पठाए। हुन सक्छ
परमप्रभु तपाईंका परमेश्वरले ती कुराहरू सुन्नु भएकोछ।
शायद परमप्रभुले शत्रुको गल्ती छ भनेर प्रमाण गर्नु
हुनेछ। यसकारण छाड़िएका ती मानिसहरूका लागि
प्रार्थना गर जो अझ जीवित छन्।”

५-६राजा हिजकियाहका अधिकारीहरू यशैयाकहाँ
गए। यशैयाले तिनीहरूलाई भने, “यो सन्देश तिमीहरूका
मालिक हिजकियाहलाई देऊ। परमप्रभु भन्नुहुन्छ,
“कप्तानहरूका कुराहरू सुनेर तिमीहरू नडराऊ! अश्शूर
राजा बाट मेरो बारेमा आएका ती “केटाहरूले” जुन
अनिष्ट चीजहरू भने त्यो विश्वास नगर। ७हेर, म
अश्शूरको विरुद्ध एउटा आत्मा पठाउने छु। अश्शूरका
राजाले चेताउनी स्वरूप उसको देश कष्टमा पर्नेछ।
यसकारण उ आफ्नो देशमा फर्केर जानेछ। त्यसबेला,
म उसलाई उसको आफ्नो देशको तरवारले मार्नेछु।”

## अश्शूरका सेनाले यरूशलेम छोड्दछ

८-९अश्शूरका राजाले एक विवरण प्राप्त गरे।
विवरणमा भनिएको थियो, “तिर्हाकाह, कूशका राजा,
तिमीहरूसँग लडाई गर्न आइरहेछ।” यसर्थ, अश्शूरका
राजाले लाकीश त्यागेर लिब्नामा गए। कप्तानले त्यस्तो
सुने, अनि उ लिब्ना शहरमा गए जहाँ अश्शूरका राजा
युद्ध गरिरहेका थिए। उनले हिजकियाहकहाँ दूतहरू
पठाए। उनले भने, १०“तिमीले यहूदाका राजा
हिजकियाहलाई यी कुराहरू भन्नै पर्छ:

तिमीहरूले विश्वास गर्ने ईश्वरद्वारा मूर्ख नबन्।
यसो नभन, “परमेश्वरले अश्शूरका राजाद्वारा
यरूशलेमलाई परास्त गराउनु दिनु हुने छैन्।”

११अश्शूरका राजाहरूले अन्य सारा देशहरूलाई
के गरे भनेर सुनेकाछौ। तिनीहरूले तिनीहरूलाई
पूर्ण रूपले ध्वंश पारी दिए। के तिमीहरू सुरक्षित
हुनेछौ होइन! १२के ती मानिसहरूका देवताहरूले
तिनीहरूलाई बचाउनु भयो? होइन! मेरा पुर्खाहरूले
तिनीहरू सबैलाई ध्वंश पारिदिए। तिनीहरूले गोजान,
हारान, रेसेपमा बस्ने मानिसहरू अनि तलस्सारमा
बस्ने एदेन वंशीहरूलाई ध्वंश पारे। १३हमातका
राजा कहाँ छन्? अर्पादका राजाकहाँ छन्? सपर्वेमका
राजा कहाँ छन्? हेना र इब्बाका राजाहरू कहाँ
छन्? तिनीहरू सबैलाई ध्वंश पारियो।

## हिजकियाहले परमेश्वरसँग प्रार्थना गरे

१४हिजकियाहले दूतहरूका हातबाट चिट्ठी लिए
अनि पढ़े। त्यसपछि हिजकियाह परमप्रभुको
मन्दिरमा गए। हिजकियाहले चिट्ठी खोले र परमप्रभुको
समक्ष राखिदिए। १५हिजकियाहले परमप्रभुसित प्रार्थना
गर्दै भने:

१६हे सेनाहरूका परमप्रभु, इस्राएलका परमेश्वर,
तपाईं राजा सरह करूब दूतहरूमाथि बस्नु हुन्छ।
तपाईं, अनि तपाईं मात्र, परमेश्वर हुनुहुन्छ जसले
पृथ्वीमा भएका सारा राज्यहरूमाथि शासन गर्नु
हुन्छ। तपाईंले स्वर्गहरू र पृथ्वी बनाउनु भयो।
१७हे परमप्रभु, दया गरेर मेरो कुरा ध्यान दिएर
सुन्नु होस। परमप्रभु, आफ्ना आखाँहरू खोल्नु
होस यस सन्देशमा हेर्नुहोस। हे जीवित परमेश्वर!

सनहेरीबबाट तपाईंलाई निन्दा गर्न पठाएका शब्दहरू
सुन्नुहोस।
१८हे परमप्रभु! यो सत्य हो, अश्शूरका
राजाहरूले जम्मै जातिहरू नाश गरे। १९अश्शूरका
राजाहरूले ती जातिहरूका सबै देवताहरू जलाई
दिए। तर तिनीहरू वास्तविक रूपमा देवताहरू
थिएनन्। तिनीहरू खाली मानिसहरूले बनाएका
काठ र ढुङ्गाहरूका मूर्तिहरू थिए। यसैकारण
अश्शूरका राजाहरूले तिनीहरूलाई नाश गर्न सके।
२०तर तपाईं परमप्रभु हाम्रो परमेश्वर हुनुहुन्छ।
यसैले कृपा गरेर हामीलाई अश्शूरका राजाबाट
बचाउनु होस। तब सारा जातिहरूले जान्ने छन्
कि तपाईं हाम्रो परमप्रभु हुनुहुन्छ, अनि तपाईं
मात्र परमेश्वर हुनुहुन्छ।

### परमेश्वरको हिजकियाहलाई जवाफ

२१तब आमोसका छोरो यशैयाले हिजकियालाई यो
समाचार पठाए। यशैयाले भने, "परमप्रभु, इस्राएलका
परमेश्वर भन्नुहुन्छ, 'तिमीहरूले त्यो समाचार जुन
सन्देश अश्शूरका राजा सनहेरीबबाट आएको थियो।
त्यस बारेमा मलाई प्रार्थना गर्‍यौ।'
२२"सनहेरीबको बारेमा यो परमप्रभुको सन्देश हो:
'सियोनकी कन्या-छोरी सोच्छे तिमी महत्वपूर्ण छैनौ।
उसले तिमीलाई खिसी गर्छे। यरूशलेमकी छोरीले
तिमीहरूलाई हाँसोको पात्र बनाउँछे।
२३तिमीले कसलाई अपमान गर्‍यौ र हाँसोको पात्र
बनायौ? तिमीहरूले कसको विरोधमा आवाज उठायौ?
तिमीहरू इस्राएलका परम पवित्रको विरुद्ध थियौ।
तिमीहरूले आफूलाई उहाँ भन्दा महान सोच्यौ।
२४तिमीहरूले आफ्ना अधिकारीहरू परमप्रभु, मेरा
मालिकलाई अपमान गर्न पठायौ। तिमीले भन्यौ, 'म
अत्यन्त शक्तिशाली छु। मसँग धेरै-धेरै रथहरू छन्। म
आफ्नो शक्तिले लबानोनलाई परास्त गर्छु। म लबानोनको
उच्चतम पर्वतहरूमा चढें। मैले लबानोनका सबै ठूलो
रूखहरू काटेर ढाले। म ती उच्च पर्वत र जङ्गलको
गहिरो भागहरूभित्र थिएँ।
२५मैले इनारहरू खनें र नयाँ ठाउँहरूबाट पानी
पिएँ। मैले मिश्रका नदीहरू सुक्खा पारी दिएँ अनि त्यस
देशमाथि कुल्चेर हिंडें।'
२६त्यही त तिमीले भनेको हो। तर तिमीले मैले के
भनें सुनेनौ। 'मैले धेरै अघि योजना बनाएको थिएँ।
मैले यो प्राचीनकालदेखि नै योजना बनाएको थिएँ अनि
अहिले मैले यसलाई गराँए। मैले तिमीलाई शक्तिशाली
शहरहरू ढल्ने अनि तिनीहरूलाई भग्नावशेष परिणत
गर्ने अनुमति दिएँ।
२७त्यस शहरहरूमा शक्ति थिएन तिनीहरू भयभीत र
अन्योलमा थिए। तिनीहरू खेतमा भएका घाँस र
पालुवाहरू जस्ता काटिन लागेका थिए। तिनीहरू हुर्किनु
भन्दा अघिनै ओइलाई जाने घरका छानाहरूमा उम्रिएका
घाँसहरू सरह भए।
२८म तिम्रा सारा युद्धहरूका विषयमा जान्दछु।
तिमीले कहिले आराम गर्‍यौ त्यो म जान्दछु, तिमी
कहिले युद्ध तर्फ गयौ त्यो म जान्दछु तिमी कहिले
युद्धबाट घरमा फर्कियौ म जान्दछु। म यो पनि जान्दछु
कि तिमी मसित कहिले खिन्न भयौ।
२९हो, तिमी मसित खिन्न थियौ। मैले तिम्रो
अंहकारी अपमानहरू सुनें यसैले मैले तिम्रो नाकमा
अंकुसे राखी दिएँ। अनि मैले तिम्रो मुखमा लगाम
लगाई दिएँ। त्यस पछि मैले तिमीलाई फनक्क घुमाएँ र
जहाँबाट आएका थियौ त्यतै डोर्‍याएँ।'"

### हिजकियाहलाई परमप्रभुको सन्देश

३०त्यसपछि परमप्रभुले हिजकियाहलाई भन्नुभयो,
"म तिमीलाई यी शब्दहरू सत्य हुन भनी देखाउने
एउटा यस्तो संकेत दिने छु। तिमी बिऊ छर्न अयोग्य
थियौ। यसैले यो वर्ष तिमी बिऊ नछरी उम्रिएको नै
खानेछौ। तर तीन वर्षमा तिमी आफैले रोपेको अन्न
खानेछौ। तिमीहरू ती अन्नहरू उमार्नेछौ अनि तिमीसित
खानलाई प्रचूर अन्न हुनेछ। तिमी अङ्गुरका विरूवा
रोप्नेछौ अनि त्यसको फल खानेछौ।
३१"यहूदाका कुलबाट आएका सन्तानहरू जो भागेको
थिए र जीउँदै छाड़िएका थिए ती बढ्न थाल्नेछन्। ती
मानिसहरू पालुवाहरू जस्ता हुन जसले आपना जराहरू
गहिरो प्रकारले भूईंमा गाड़िएका छन् र भूईंमाथि फल
फलाउँदछन्। ३२केही मानिसहरू मात्र जिउँदो रहनेछन्
अनि यरूशलेम बाहिर जानेछन्। केही बाँचेकाहरू
सियोन पर्वतबाट आउनेछन्।" यस्तो सेनाहरूका परमप्रभुको
जोश प्रेम कै कारण हुनेछ।
३३यसकारण परमप्रभुले अश्शूरका राजाको बारेमा
भन्नुहुन्छ: "उनी यस शहर भित्र आउने छैनन् उनले
यस शहरमा काँड़ हान्ने छैनन्। उनले आफ्नो ढालहरू
यो शहरको लागि ल्याउने छैनन उनले यो शहरका
पर्खालहरूमा धावा बोल्नलाई कुनै प्रकारको गढ़ बनाउने
छैन्।
३४उनी जुन बाटो आएका थिए त्यही बाटो फर्केर
जान्छन् उनी यस शहरभित्र आउने छैनन, भनेर परमप्रभु
भन्नुहुन्छ।
३५म यस शहरको सुरक्षा गर्नेछु र बचाउनेछु, यो म
मेरै निम्ति र मेरो दास दाऊदको लागि गर्नेछु।"
३६त्यस रात, परमप्रभुका दूत गएर अश्शूरहरूको
छाउनी एक लाख पचासी हजार मानिसहरूलाई मारे।
जब बाँचेका मानिसहरू बिहान ब्यूँझे तिनीहरूले आफ्ना
वरिपरी मृत शरीरहरू देखे। ३७यसैले अश्शूरका राजा,
सनहेरीब, निनवेमा गए अनि त्यहाँ बसे।

३८एकदिन सनहेरीब आफ्नो देवता निस्रोकको मन्दिरमा उसको पूजा गरिरहेका थिए। त्यस बेला उनका दुइजना छोरा अद्रमेलेक र शरेसेरले तिनलाई तरवारले मारे। त्यसपछि छोराहरू अरातर तिर भागे। यसैले सनहेरीबको छोरो एसर्हद्दोन अश्शूरका नयाँ राजा भए।

## हिजकियाह विरामी परेका

३८ त्यसबेला, हिजकियाह बिमार भए अनि मृत्युको मुख सम्म पुगे। आमोसको छोरो अगमवक्ता यशैया उनलाई हेर्न गए।

यशैयाले राजालाई भने, "तिमीलाई यी कुराहरू भन्नु परमप्रभुले मलाई भन्नुभयो: 'तिमी चाँडै मर्नेछौ। यसैले तिमीले तिम्रो सन्तानहरूलाई तिमी मरे पछि के गर्नु पर्ने बताउनु पर्छ। तिमी निको हुने छैनौ।'"

२हिजकियाह भित्तातिर फर्किए जुन मन्दिर सम्मुख
पर्दथ्यो र प्रार्थना गर्न थाले। उनले भने: ३"हे
परमप्रभु! याद गर्नुहोस कि मैले तपाईंलाई आफ्नो साँचो हृदयबाट पूर्ण रूपले सेवा गरेकोछु। मैले ती कुराहरू गरे जुन तपाईंले असल हुन भन्नुभयो।" तब हिजकियाह धुरू-धुरू रोए।

४यशैयाले यो वचन परमप्रभुबाट प्राप्त गरे:
५"हिजकियाहकहाँ जाऊ अनि भन उसलाई कि परमप्रभु, तिम्रो पिता-पुर्खा दाऊदका परमेश्वरले भन्नुहुन्छ, 'मैले तिम्रो प्रार्थना सुने अनि मैले तिम्रो आँशुहरू देखें। म
तिम्रो आयु पन्ध्रह वर्ष बढ़ाइदिनेछु। ६म तिमी र तिम्रो
यस शहरलाई अश्शूरका राजाबाट बचाउने छु। म यस शहरको रक्षा गर्नेछु।'"

२२*तर हिजकियाहले यशैयालाई सोधे, "त्यस्तो के संकेत छ परमप्रभुबाट ताकि म निको हुनेछु? त्यस्तो के संकेत छ जसले म परमप्रभुको मन्दिर जाने समर्थताको प्रमाण गर्दछ?"

७यो परमप्रभुबाट संकेत हो जसले देखाउँदछ कि
उहाँले भन्नु भएका कुराहरू नै गर्नु हुनेछ। ८"हेर, दश
पाइला पछि हट्नुलाई म छाँया बनाउँदैछु जुन अहाजको पाइलाहरूमाथि* छ। जब घाम ती सिढ़ीहरूमा चम्कन्थ्यो त्यो छाँयाले दिनको समय बताउँथ्यो।"

२१*तब यशैयाले हिजकियाहलाई भने, "तिमीले नेभारा पिधेएर धूलो पार अनि त्यो आफ्नो घाउमा लगाऊ, तब तिमी निको हुनेछौ।

९यो हिजकियाहबाट पठाईएको चिट्ठी हो जुन उनी आफ्नो बिमारी अवस्थाबाट निको भए पछि लेखेका हुन:

१०मैले स्वयंलाई भनें, "म बूढ़ो भई बाँच्ने छु। तर त्यतिबेला मेरो उमेर पातालको प्रवेशद्वारहरूबाट जाने भइसकेको हुनेछ। अब मैले मेरो सबै समयहरू यहाँ बिताएँ।"

११यसकारण मैले भने, "म परमप्रभु याहलाई* यस संसारमा फेरि बाँचिरहेको देख्ने छैन, म पृथ्वीमा मानिसहरू बाँचिरहेको देख्ने छैन्।

१२मेरो घर, मेरो गोठालाको तम्बु, भत्काई रहेछन अनि मबाट टाढ़ा सारिरहेछन्। म मानिसहरूले लुगा तानबाट तान्दै सिलाउनलाई काटे जस्तै शेष भइरहेछु। तिमीले मेरो जीवन यति चाँडै शेष पारिदियौ।

१३सारा रात सिंह गर्जे जस्तै म साह्रो रोएँ, तर मेरा आशाहरू धुलो पारिदिए सिंहले हड्डीहरू चपाए जस्तै। तिमीले मेरो जीवन यति चाँडै शेष पारिदियौ।

१४म ढुकुर जस्तै रोएँ म चरा जस्तै रोएँ मेरा आँखाहरू थकित भए तर मैले लगातार स्वर्ग तिर हेरिरहे। हे मेरो मालिक! म अत्यन्त खिन्न भएँ मलाई साथ दिने वचन दिनुहोस्।"

१५के म भन्न सक्छु? के घटना हुनेछ मेरो मालिकले मलाई भन्नुभयो। अनि मेरो मालिकले नै त्यस्तो घट्ना गराउनु हुनेछ। यस्तो विपत्तिहरू मेरो आत्मामा थिदै थियो यसकारण अब मेरो जीवनभरि विनम्र हुनेछु।

१६हे मेरो मालिक, मेरो आत्मा बलियो पार्नलाई यी दु:खका दिनहरू देखाउनुहोस। मेरो आत्मालाई बलियो र स्वस्थ बनाउनलाई सघाउनुहोस। मलाई असल हुनलाई सघाउनु होस। मलाई फेरि बाँच्नलाई साथ दिनुहोस।

१७हेर! मेरा कष्टहरू गए। अब मलाई शान्ति छ। तपाईंले मलाई असाध्य प्रेम गर्नुभयो। तपाईंले मलाई चिहानमा सड़न दिनु भएन तपाईंले मेरो सारा पापहरू क्षमा गरिदिनु भयो। तपाईंले मेरो सबै पापहरू टाढ़ा फालिदिनु भयो।

१८मृत मानिसहरूले तपाईंको स्तुति-गान गाउन सक्तैन्। पातालमा भएका मानिसहरूले तपाईंको गुण गाउँदैनन्। मृत मानिसहरूले उनीहरूलाई नै सघाउन तपाईंमा भर पर्दैन्। तिनीहरू धरतीको प्वालभित्र जान्छन् अनि कहिल्यै बोल्न सक्तैनन्।

१९मानिसहरू जो जीउँदा छन् म जस्तै के आज ती मानिसहरूले तपाईंको गुण गाउनेछन्। पिताले भन्न सक्नु पर्दछ उनका छोरा छोरीहरूलाई कि तपाईं विश्वासयोग्य हुनुहुन्छ।"

---

**वचन २२** यो अध्यायको अन्तिममा मुद्रित भएको पद हो जुन हिब्रू भाषामा छ।

**अहाजको पाइला** विषेश एउटा भवनको सिड़ीहरू जुन अहाजले घड़ी झैं प्रयोग गर्थ्यो।

**वचन २१** यो अध्यायको अन्तिममा मुद्रित भएको पद हो जुन हिब्रू भाषामा छ।

**याह** : हिब्रूमा परमेश्वरको नाउँ।

२०यसैले म भन्दछु: "परमप्रभुले मलाई बचाउनु भएको छ। यसैले हामी परमेश्वरको मन्दिरमा आफ्नो जीवनभरि गीत गाउनेछौ अनि सँगीत बनाउने छौं।"

### बाबेलबाट सन्देशवाहकहरू

**३९** त्यसबेला बलदानको छोरो मरोदक बलदान बाबेलका राजा थिए। मरोदकले चिट्ठी र एक उपहार हिजकियाहलाई पठाए। मरोदकले त्यसो गरे किनभने हिजकियाह बिमार भएको सुनेका थिए। २ती कुराहरूले हिजकियाहलाई आनन्द पुरायो। यसकारण हिजकियाहले मानिसहरूलाई आफ्नो भण्डारबाट सारा बहुमूल्य वस्तुहरू देखाए। हिजकियाले तिनीहरूलाई सुन, चाँदी बहुमूल्य मसलाहरू र महँगो मूल्य भएको अत्तरहरू देखाए। हिजकियाहले तिनीहरूलाई युद्धमा चलाएका तरवारहरू र ढालहरू देखाए। हिजकियाहले तिनीहरूलाई सबै चीजहरू देखाए। जुन उनले सुरक्षित राखेका थिए। हिजकियाहले आफ्ना घर अनि राज्यमा भएका सम्पूर्ण चीजहरू तिनीहरूलाई देखाए।

३त्यसपछि अगमवक्ता यशैया राजा हिजकियाहकहाँ गए र उनलाई सोधे, "यी मानिसहरूले के भने? तिनीहरू कहाँबाट आएका हुन्?"

हिजकियाहले भने, "तिनीहरू सुदूर देशबाट मलाई हेर्न भनी आएका थिए। तिनीहरू बाबेलबाट आएका हुन्।"

४यसैले यशैयाले उनलाई सोधे, "तिनीहरूले तिम्रो घरमा के देखे?"

हिजकियाहले भने, "तिनीहरूले मेरो राजमहलका सम्पूर्ण चीजहरू हेरे। मैले तिनीहरूलाई जम्मै सम्पत्तिहरू देखाएँ।"

५त्यसपछि यशैयाले हिजकियाहलाई यसो भने, "सेनाहरूका परमप्रभुबाट आएको यी शब्दहरू ध्यान लगाएर सुन्। ६'समय आइरहेछ आज सम्म तिमी र तिम्रो पुर्खाहरूले बचत गरेर राखेको सारा सम्पत्तीहरू बाबेलमा बोकेर लैजानेछ। केही पनि छोड्ने छैन्।' सेनाहरूका परमप्रभुले भन्नुभयो यी कुराहरू। ७बाबेलीहरूले तिम्रो आफ्नै छोराहरू पनि लैजानेछन्। अनि तिम्रो छोराहरू बाबेलका राजाका महलमा अधिकारीहरू हुनेछन्।"

८हिजकियाहले यशैयालाई भने, "परमप्रभुबाट आएको यो सन्देश राम्रो हो।" हिजकियाहले यसो भनेको कारण थियो, "त्यहाँ खास शान्ति र सुरक्षा हुनेछ जब म राजा हुन्छु।"

### इस्राएलको दण्ड समाप्त हुनेछ

**४०** तिमीहरूका परमेश्वरले भन्नुहुन्छ: "मेरा मानिसहरूलाई सान्त्वना, सान्त्वना देऊ। २यरूशलेमसित नम्र भएर बोल। यरूशलेमलाई भन, "तिमीहरूको सेवाको अवधि सकिएको छ। तिमीहरूले आफ्नो पापको प्रायश्चित गरिसकेका छौ।" परमप्रभुले यरूशलेमलाई उसले गरेको एउटा पापकोलागि दुइपल्ट दण्ड दिनु भएकोछ।

३सुन, कोही मानिस चिच्याइरहेको छ! "मरुभूमिमा परमप्रभुका लागि एउटा बाटो तयार गर। मरुभूमिमा हाम्रो परमेश्वरको लागि चिल्लो बाटो बनाऊ।

४प्रत्येक बेंसी पूर्ण गर प्रत्येक पर्वत र पहाड़लाई मैदान बनाऊ। बाङ्गो-टेढ़ो परेका बाटोहरू सोझो बनाऊ। खस्रो मैदानलाई चिल्लो बनाऊ।

५तब, परमप्रभुको महिमा प्रकट गरिनेछ। अनि सँग सँगै सारा मानिसहरूले परमप्रभुको महिमा देख्नेछन्। हो, परमप्रभु, स्वयंले यी कुराहरू भन्नु भएको थियो!"

६एउटा आवाजले भन्यो, "बोल।" यसकारण मानिसले भन्यो, "मैले के भन्नु पर्छ?" त्यो आवाजले भन्यो, "तिनीहरू सबै घाँस जस्ता हुन्। तिनीहरूको धर्म जङ्गली फूल जस्तै हो।"

७परमप्रभुबाट एक प्रवाहपूर्ण वायु घाँसमाथि बहनेछ अनि घाँस मर्नेछ र फुल झर्नेछ।" हो, जम्मै मानिसहरू घाँस जस्तै हुन्।

८घाँस मर्दछ र जङ्गली फूलहरू झर्दछ। तर हाम्रो परमेश्वरको वचन निरन्तर रहिरहन्छ।"

### मुक्ति : परमेश्वरको सुसमाचार

९सियोन, भन्नलाई तिमीसँग सुसमाचारहरू छन्। तिमी अल्गो पर्वतमाथि जाऊ र चिच्याउँदै सुसमाचार भन्। यरूशलेम, भन्नलाई तिमीसँग सुसमाचार छन्। नडराऊ, कराएर बोल। यी समाचार यहूदाका सारा शहरहरूमा भन: "हेर, यहाँ तिमीहरूका परमेश्वर हुनुहुन्छ।"

१०परमप्रभु मेरा मालिक पराक्रमसाथ आइरहनु भएकोछ। उहाँ सबै मानिसहरूमाथि शासन गर्न बल उपयोग गर्नुहुनेछ। परमप्रभुले आफ्ना मानिसहरूको राम्रो कर्मकोलागि पुरस्कार ल्याउनु हुनेछ।

११गोठालेले भेड़ा डोऱ्याए झैं परमप्रभुले आफ्ना मानिसहरूलाई डोऱ्याउनु हुनेछ। परमप्रभुले आफ्ना शक्ति चलाउनु हुनेछ अनि आफ्ना भेड़ाहरू एकत्रित पार्नुहुनेछ। परमप्रभुले साना पाठो उठाउनुहुनेछ अनि आफ्नो पाखुरामा च्याप्नु हुनेछ, तिनीहरूका आमाहरू उहाँको पछाड़ि हिंड़नेछन्।

### परमेश्वरले संसार बनाउनु भयो, उहाँले यसमा शासन गर्नु हुन्छ

१२कसले आफ्नो हातको हत्केलामा भरेर समुद्र नाप्यो? कसले आफ्नो हात प्रयोग गरेर आकाशलाई नाप्यो? कसले डालो चलाए पृथ्वीका सारा कणहरू

नाप्नलाई? पर्वतहरू र पहाड़हरू नाप्नलाई कसले नाप्ने यन्त्र चलायो? यी सबै नाप्ने परमप्रभुमाथि थिए।

१३कसैले पनि परमप्रभुको आत्मालाई उसले के गर्नु पर्ने, बताएन्। कसैले पनि उहाँले गरेको कार्य कसरी गर्नु पर्छ बताएन्।

१४के परमप्रभुले कसैबाट सहयोग माग्नु भयो? के कसैले परमप्रभुलाई निष्पक्ष हुनु सिकाए? के कसैले परमप्रभुलाई ज्ञान सिकायो? के कसैले परमप्रभुलाई समझको मार्ग देखायो? होइन! पहिल्यैबाट परमप्रभुलाई ती कुराहरूको ज्ञान थियो।

१५हेर, यस संसारमा सारा जातिहरू गाग्रीमा रहेको एक थोपा पानी सरह छन्। यदि परमेश्वरले टाढ़ा टाढ़ाका सबै जातिहरूलाई एकसाथ आफ्नो जोख्ने तराजुमा राख्नुभयो भने, पनि तिनीहरू मसिना धूलोका कणहरू जस्तै हुनेछन्।

१६लबानोनमा भएका जम्मै रूखहरूले पनि परमप्रभुको लागि दाउरा प्रशस्त हुँदैन्। अनि लबनोनका जम्मै पशुहरू होमबलिका तिम्ति प्रशस्त हुँदैन्।

१७परमेश्वरसँग तुलना गर्दा संसारका सारा देश केही पनि होइनन्। परमेश्वरसँग तुलना गर्दा सबै जातिहरू अत्यन्त तुच्छ रहन्छन्।

## परमेश्वर कस्तो हुनुहुन्छ मानिसहरूले कल्पना गर्न सक्तैनन्

१८के तिमी परमेश्वरलाई अन्य केही थोकसँग तुलना गर्न सक्छौ? अँह! के तिमी परमेश्वरको प्रतिरूप बनाउन सक्छौ? अँह।

१९तर कतिपय मानिसहरूले ढुङ्गा र काठबाट मूर्तिहरू बनाउँछन् अनि तिनीहरूलाई देवताहरू भन्छन्। एकजना कारीगरले मूर्ति बनाउँदछ त्यसपछि अर्को कारीगरले त्यसलाई सुनले ढाकिदिँदछ। अनि चाँदीको सिक्रीहरूले त्यसलाई बाँधिदिँदछ।

२०अनि त्यसको आधारको लागि उसले नकुहिने विशेष प्रकारको काठ छान्छ। त्यस पछि उसले काठको खास काम गर्ने कर्मी खोज्दछ। अनि त्यस कारीगरले “देवता” तयार पार्दछ जुन हल्लिएर लड़ने छैन्।

२१निश्चय तिमीहरू वास्तविकतालाई जान्दछौ, होइन र? निश्चय तिमीहरूले सुनेका छौ। निश्चय कसैले तिमीहरूलाई धेरै पहिल्यै भनीसकेको छ। निश्चय तिमीहरू जान्दछौ कसले पृथ्वी बनाएको हो।

२२परमप्रभु नै साँचो परमेश्वर हुनुहुन्छ। उहाँ पृथ्वीको परिधि भन्दा माथि विराजमान हुन हुन्छ, अनि उहाँसँग तुलना गर्दा मानिसहरू फट्याङ्गा बराबर मात्र हुन्। उहाँले लुगाको टुक्रा बेरे जस्तो आकाशलाई बेर्नु भयो। बस्नलाई पाल टाँगे जस्तो उहाँले आकाशलाई फिँजाउनु भयो।

२३उहाँ शासकहरूलाई महत्वहीन पार्नु हुन्छ। उहाँले पृथ्वीका न्यायधीशहरूलाई सम्पूर्ण रुपले अयोग्य बनाउन हुन्छ।

२४ती शासकहरू माटोमा रोपिएका बिरूवाहरू जस्ता छन् तर तिनीहरूले माटोमा जराहरू हाल्नु अघि नै परमेश्वरले “बिरूवाहरू”माथि फुक्नु भयो भने तिनीहरू सुक्खा र मृत हुन्छन अनि हावाले तिनीहरूलाई पराल झैं उड़ाइदिन्छ।

२५परमपवित्र परमेश्वरले भन्नुहुन्छ: “के कसैसँग तिमीहरू मेरो तुलना गर्न सक्छौ? अँह। मेरो बराबर कोही पनि छैन्।

२६माथि आकाशमा हेर, ती ताराहरू कसले रचे? कसले ती सारा ‘सैन्यहरू’ आकाशमा रचे? प्रत्येक ताराको नाउँ कसले जान्दछ? साँचो परमेश्वर अत्यन्त बलवान र शक्तिशाली हुनुहुन्छ यसैले कुनै पनि तारा हराउँदैन्।”

२७हे याकूबका मानिसहरू! यो सत्य हो। इस्राएल यसलाई तिमीहरूले विश्वास गर्नै पर्छ। यसैले तिमी किन भन्छौ “मेरो जीवन शैली परमप्रभुले देख्न सक्नुहुन्न्। परमेश्वरले मलाई भेट्न सक्नुहुन्न र दण्ड दिन सक्नुहुन्न्।”

२८नि:सन्देह तिमी जान्दछौ र सुनेकाछौ कि परमप्रभु परमेश्वर अत्यन्तै बुद्धिमानी हुनुहुन्छ। मानिसहरूले प्रत्येक कुरो सिक्नु सक्तैनन्, उहाँले जान्नु हुन्छ। परमप्रभु थाक्नु हुन्न र आरामको खाँचो पनि पर्दैन्। परमप्रभुले पृथ्वीमा सुदूर स्थानहरू बनाउनु भयो परमप्रभु सन्तानका परमेश्वर हुनुहुन्छ।

२९परमप्रभुले दुर्वल मानिसहरूलाई बलियो पार्न सहयोग गर्नु भयो। उहाँले नै दुर्वल मानिसहरूलाई शक्तिशाली बनाउनु हुन्छ।

३०जवान मानिसहरू थाक्छन र आरामको खाँचो पर्दछ, तन्देरी केटाहरू पनि ढुन्मुनिदै लड्छन्।

३१तर तिनीहरू जसले परमप्रभुमाथि भरोसा गर्दछ उ अझ बलियो हुन्छ अनि चीलहरू जस्तै आकासिन्छ। ती मानिसहरू दुर्वल नभई दगुर्छन्। ती मानिसहरू थकित नभई हिँड़छन्।

## परमप्रभु अमर सृष्टिकर्त्ता हुनुहुन्छ

**४१** परमप्रभुले भन्नुहुन्छ, “टाढ़ामा भएका देशहरू, शान्त बन र मकहाँ आऊ। जातिहरू बालवान होऊ। मकहाँ आऊ र बोल। हामी साथ साथै भेट्नेछौं, अनि को ठीक हो भनेर निर्णय गर्नेछौं।

२निम्न प्रश्नहरूका मलाई उत्तर देऊ: जो मानिस पूर्वबाट आइरहेको छ उसलाई कसले जगायो? धार्मिकता उसँग हिंड्दछ। उसले आफ्नो तरवार चलाउँछ र जातिहरू परास्त गर्छ। तिनीहरू धूलोको जस्ता हुन्छन्। उसले आफ्नो धनु चलाउँछ र राजाहरूलाई जित्छ अनि तिनीहरू हावाले पराल उड़ाए झैं भाग्दछन्।

३उसले सैन्यहरूको खेदो गर्दछ र कहिल्यै घाइते
हुँदैन्। उ कहिल्यै नपुगेका ठाउँहरू पुग्दछ।
४कसले यी कुराहरू हुने गरायो? कसले यो गर्‍यो?
कसले प्रारम्भदेखि सारा मानिसहरूलाई बोलायो? म,
परमप्रभुले, यी कुराहरू गरे। म, परमप्रभु नै प्रथम
मानिस हुँ, अनि जब पृथ्वीमा सारा थोकहरू समाप्त
हुन्छन् म यहाँ हुनेछ।
५तिमीहरू सबै सुदूर ठाउँहरू हेर, अनि डराऊ।
तिमीहरू सबै सुदूर ठाउँहरू, पृथ्वीमाथि डरले कम्पित
हौ। यहाँ मकहाँ आऊ र ध्यान दिएर सुन्।" अनि
तिनीहरू आए।
६"कर्मीहरू एकार्कामा सहयोग गर्छन आपस साथ
निभाउँदछ। तिनीहरू बलियो हुनलाई परस्परमा प्रेरणा
दिन्छन्। ७एकजना कर्मीले मूर्ति बनाउनलाई काठ
काट्छ। त्यस मानिसले सुनारलाई प्रेरणा दिँन्छ। अर्को
एकजना कर्मीले मार्तोल पिटेर धातुलाई चिल्लो पार्दछ।
त्यसपछि त्यस कर्मीले लीही चलाउनेलाई प्रेरित गर्दछ।
यो अन्तिम कर्मीले भन्दछ, 'यो काम असल हो, धातु
आउने छैन्।' त्यसपछि भूईंमा नखसोस भनेर त्यसलाई
काँटी ठोकेर दरिलो बनाउँदछ ताकि त्यो कहिल्यै
नढलोस। अनि त्यो कहिल्यै हल्लिदनै।"

## परमप्रभुले मात्र हामीलाई बचाउन सक्नु हुन्छ

८परमप्रभु भन्नुहुन्छ: "तिमी इस्राएल मेरो दास हौ,
याकूब मैले तिमीलाई रोजें। तिमी आब्राहाम परिवारका
हौ। अनि म आब्राहामलाई प्रेम गर्दछु।
९तिमी टाढ़ा देशमा थियौ, तर म तिमीकहाँ पुगें
मैले तिमीलाई त्यो टाढ़ा ठाउँबाट बोलाएँ। मैले भने,
'तिमी मेरो दास हौ।' मैले तिमीलाई रोजें। अनि मैले
तिमीलाई रद्ध गरिनँ।
१०सुर्ता नगर, म तिमीसितै छु। नडराऊ, म तिम्रै
परमेश्वर हुँ। म तिमीलाई बलियो बनाउनेछु। म
तिमीलाई सहायता दिनेछु, म तिमीलाई मेरो धार्मिकताको
दाहिने हातले समाल्नेछु।
११हेर, कतिपय मानिसहरू तिमीसँग रिसिएका छन्।
तर तिनीहरू लज्जित हुनेछन्। तिम्रा शत्रुहरू हराउनेछन्
र विलाई जानेछन्।
१२तिमीले ती मानिसहरूलाई खोज्नेछौ जो तिम्रो
विरोधीहरू थिए, तर तिमीले तिनीहरूलाई भेटाउन सक्ने
छैनौ। ती मानिसहरू जो तिम्रो विरुद्ध लड़े तिनीहरू पूर्ण
रूपमा बिलाई जानेछन्।
१३म परमप्रभु तिम्रो परमेश्वर हुँ। मैले तिम्रो दाहिने
हात समाति रहेकोछु। अनि म तिमीलाई भन्दछु
नडराऊ। म तिम्रो साथमा हुनेछु।
१४हे बहुमूल्य यहूदा, नडराऊ! मेरा इस्राएलका प्रिय
मानिसहरू, भयभीत न हौ म साँच्चि नै तिमीहरूलाई
सघाउने छु।" परमप्रभु स्वयंले ती कुराहरू भन्नु भएको
थियो। इस्राएलका पवित्र परमप्रभु जसले तिमीलाई
बचाए उहाँले ती कुराहरू भन्नुभयो:
१५"हेर, म तिमीलाई एक झाँटने उपकरण बनाउनेछु।
त्यो उपकरण धेरै तीखा दाँतहरू भएका हुनेछन्,
कृषकहरूले यो अन्न कुट्नलाई चलाउने छन् यसकारण
तिनीहरूले अन्न देखि खोस्टा अलग्गै पार्नेछन्। तिमी
पर्वतहरूमाथि कुल्चिँदै हिड़नेछौ र तिनीहरूलाई धूलोपीठो
पार्नेछौ। तिमीले पहाड़हरूलाई छिल्काहरू जस्तो पार्नेछौ।
१६तिमीले तिनीहरूलाई बतास फ्याँकी दिनेछौ, अनि
तिनीहरूलाई उडाएर लैजाने छ र छरपष्ट पारिदिने छ।
तब तिमी परमप्रभुमा रमाहट हुनेछौ। तिमी इस्राएलका
पवित्र परमप्रभुसँग गर्व गर्नेछौ।"
१७"गरीब र दीन-दु:खी मानिसहरूले पानी खोज्नेछन्,
तर तिनीहरूले पाउने छैनन र पनि तिनीहरू प्यासी
छैनन्। तिनीहरूको जिब्राहरू सुक्खा छन्। म तिनीहरूक
प्रार्थनाको प्रत्युत्तर दिनेछु। म तिनीहरूलाई त्यसै छोड़ने
छैन र मर्न दिने छैन्।
१८म सुक्खा पहाड़हरूमा नदीहरू बगाइ दिनेछु। म
झरनाको मूल फुटाएर बेंसीहरूमा बगाउने छु। म
पानीले भरिपूर्ण पार्नेछु मरुभूमिलाई तलावमा
परिर्वतन गर्नेछु। त्यहाँ सुक्खा भूमिहरूमा झरनाका
पानी हुनेछ।
१९देवदारुहरू मरुभूमिमा उम्रिनेछन्, त्यहाँ बबुलका
रूखहरू, चन्दनका र जैतूनका रूखहरू र धूपीका
रूखहरू हुनेछन्।
२०मानिसहरूले ती कुराहरू हेर्नेछन्। अनि उनीहरूले
बुझ्ने छन् कि यी सबै परमप्रभुकै शक्तिले भएका हुन्।
मानिसहरूले यी कुराहरू देख्नेछन् अनि तिनीहरूले
बुझ्न थाल्नेछन कि इस्राएलका पवित्र परमप्रभुले यी
कुराहरू गरेका हुन्।"

## परमप्रभुले झूटा देवताहरूलाई चुनौती दिनुभयो

२१परमप्रभु, याकूबका राजाले भन्नहुन्छ, "आऊ
मलाई तिमीहरूका वाद-विवादहरू बताऊ। मलाई
तिमीहरूका प्रमाणहरू देखाऊ, अनि हामी ती कुराहरू
ठीक रहेछन् भनेर निर्णय गर्नेछौ। २२तिमीहरूका
झूटा देवताहरू आउनु पर्छ अनि के भइरहेछ बताउनु
पर्छ।
"आदिमा के भयो? हामीलाई बताऊ। भविष्यमा के
हुने हो? हामीलाई बताऊ। हामी एकदम ध्यान दिएर
सुन्नेछौ। तब मात्र हामीहरू जान्नेछौ कि अर्को पल्ट
के हुने हो। २३हामीलाई ती कुराहरू बताऊ जुन के
हुने होला हामीले जान्नै पर्छ। तब तिमीहरू वास्तवमा
देवताहरू नै हौ भनेर हामी विश्वास गर्ने छौ। केही त
गर! जे पनि गर राम्रो वा नराम्रो। तब तिमी जीउँदो नै
हौ भनेर हामी देख्नेछौ। अनि हामी तिमीलाई पछ्याउने
छौं।

२४"हेर, झूटा देवताहरू, तिमीहरू वास्तवमा केही
पनि होइनौ। तिमीहरू केही गर्न सक्तैनौ। केवल मूर्ख
मानिसहरूले मात्र तिमीहरूलाई पुज्ने छन्।"

### परमप्रभुले प्रमाण गर्नुहुन्छ कि उहाँ मात्र एक परमेश्वर हुनुहुन्छ

२५"मैले उत्तरबाट एकजना मानिसलाई माथि उठाउएको
छु। उ पूर्वबाट आइरहेकोछ जहाँबाट सूर्य उदाउँछ।
उसले मेरो आराधना गर्छ। एकजना कुमाले जसले
भाँड़ा बनाउँछ, हिलो माटोमा हिड़ुँछ। त्यस्तै प्रकारले
त्यो मानिस राजाहरूलाई मिचेर हिँड़छ।"

२६यस्तो हुन भन्दा अघि हामीलाई कसले भन्यो?
हामीले उनलाई परमेश्वर भनेर घोषणा गर्नुपर्छ। के
तिमीहरूको एउटै मूर्तिले यी कुराहरूको विषय भन्यो
र? अँह। ती कुनै पनि मूर्तिहरूले हामीलाई केही पनि
भनेनन्। ती मूर्तिहरूले एउटा शब्द पनि भनेनन् अनि
ती झूटा देवताहरूले तिमीले भनेका शब्दहरू सुन्न
सक्तैनन्।

२७सियोनका बारेमा ती कुराहरू भन्ने म, परमप्रभु,
नै प्रथम मानिस थिए। मैले यो समाचार सहित
यरूशलेममा सन्देशवाहकहरू पठाएँ "हेर, तिम्रा मानिसहरू
फर्केर आइरहेछन्।"

२८मैले ती झूटा देवताहरूमा हेरें। तिनीहरू केही
भन्नलाई कोही पनि बुद्धिमानी थिएनन्। मैले तिनीहरूलाई
प्रश्नहरू गरें तर तिनीहरूले एउटा शब्द पनि भनेन्।

२९ती सारा देवताहरू वास्तवमा केही पनि होइनन्।
ती मूर्तिहरू पूर्णत महत्वहीन छन्। तिनीहरूले केही गर्न
सक्तैनन्।

### परमप्रभुको खास दास

४२ "मेरो दासलाई हेर! म उसलाई सम्हाल्नेछु,
उसलाई मात्र रोजेको हुँ। अनि म उसँग
एकदम खुशी छु। मैले मेरो आत्मा उसमा हालीदिए।
उसले जातिहरूमा निष्पक्ष न्याय गर्नेछ।

२उनी गल्लीहरूमा कराएर बोल्ने छैनन, उनी
चिच्याउनेछैनन, नत उच्च स्वरमा कराउने छन्।

३उ भद्र हुनेछ। उसले पानीको छेउमा उम्रने निगालो
सम्म भाँच्ने छैन्। उसले निभ्न लागेको कम्जोर
दियोलाई सम्म फुकी निभाउने छैन्। उसले निष्पक्ष
रूपमा जाँच गरेर सत्य कुरा निकाल्ने छ।

४उसले जबसम्म संसारमा खास इन्साफ ल्याउने छैन
तबसम्म उ कमजोर हुने छैन। नत शिथिल नै हुने छ।
अनि टाढ़ा देशमा बस्ने मानिसहरूले उनमाथि विश्वास
राख्नेछन्।

### परमप्रभु नै संसारका शासक र निर्माणकर्त्ता हुन्छ

५परमप्रभु, साँचो परमेश्वरले यी कुराहरू भन्नुभयो।
परमप्रभुले आकाशहरू बनाउनु भयो। परमप्रभुले
आकाशलाई पृथ्वीभरि नै फैलाउनु भयो। उहाँले पृथ्वीमा
अन्य थोकहरू पनि बनाउनु भयो। परमप्रभुले पृथ्वीमा
भएका सारा मानिसहरूभित्र प्राण संचार गर्नुहुन्छ।
परमप्रभुले प्रत्येक मानिसलाई आत्मा प्रदान गर्नु भयो
जो पृथ्वीमा हिँड्दछन्।

६"म, परमप्रभुले, तिमीलाई मेरो धार्मिकता-अनुसार
बोलाएको छु। म तिम्रो हात समाउने छु। अनि म तिम्रो
रक्षा गर्नेछु। तिमी त्यस्तो चिह्न हुनेछौ जसले देखाउँदछ।
मानिसहरूसँग मेरो करार भएको। तिमी सारा मानिसहरूका
निम्ति प्रज्वलित ज्योति हुनेछौ।

७तिमीले अन्धाका आँखाहरू खोलि दिने छौ, अनि
तिनीहरूले देख्न सक्नेछन्। धेरै मानिसहरू कैदमा छन,
तिमीले तिनीहरूलाई स्वतन्त्र पार्नेछौ, धेरै मानिसहरू
अन्धकारमा बस्दछन् तिमीले तिनीहरूलाई त्यस कदैबाट
निकाल्नेछौ।

८"म परमप्रभु हुँ, मेरो नाउँ यहोवा हो। मेरो महिमा
म अरूलाई दिने छैन्। म झूटा देवताहरूलाई प्रशंसा
लैजान दिने छैन जुन मेरो हुनुपर्नेछ।

९शुरूमा नै केही घटना हुनेछ भनेर भनी सकेको
थिए अनि ती घटनाहरू भए। अनि अब, यी घटनाहरू
हुनु अघि नै केही कुराहरू म तिमीहरूलाई बताउनेछु
जुन भविष्यमा हुनेछ।"

### परमेश्वरलाई एक स्तुति गान

१०परमप्रभुका निम्ति एउटा नयाँ गीत गाओ, टाढ़ा
देशहरूमा भएका सारा मानिसहरू, समुद्रमा यात्रा गर्ने
सारा मानिसहरू, सागरहरूमा भएका सारा पशु-प्राणीहरू,
टाढ़ा ठाउँहरूमा भएका सारा मानिसहरू परमप्रभुको
गुण गाओ!

११मरुभूमि र शहरहरू, केदारका गाउँहरू परमप्रभुको
प्रशंसा गर। सेलामा बस्ने मानिसहरू, खुशीको गीत
गाओ। तिम्रो पर्वतको चुचुरा देखि गाओ।

१२परमप्रभुलाई महिमा प्रदान गर, सबैले उहाँको
प्रशंसा गर, जो टाढ़ा टाढ़ामा छन्।

१३परमप्रभु शक्तिशाली सैनिक जस्तो बाहिर निस्केर
जानु हुनेछ। उहाँ युद्ध गर्न तयार भएको मानिस जस्तो
हुनुहुनेछ। उहाँ साह्रै उत्तेजित हुनुहुनेछ। उहाँले चिच्याउनु
हुनेछ र जोड़ले कराउने हुनेछ अनि उहाँले शत्रुहरूलाई
पराजित गर्नुहुनेछ।

### परमेश्वर अत्यनतै सहनशील हुनुहुन्छ

१४"धेरै लामो समय देखि मैले केही पनि भनेको
छैन्। मैले स्वयलाई नै नियन्त्रण गरें अनि केही पनि
भनिनँ। तर अब म शिशुलाई जन्म दिइरहेकी
स्त्री जस्तो कराउनेछ म तेज जबरजस्ती गरेर सास
फेर्नेछु।

१५म पहाड र पर्वतहरूलाई उजाड़ पारिदिनेछु म
त्यहाँ उम्रिने सारा वनस्पतिहरूलाई सुकाइदिनेछु। म
नदीहरूलाई सुक्खा धरतीमा परिर्वतन गर्नेछु। म पानीका
इनारहरू पनि सुकाइदिनेछु।
१६तब तिनीहरूले कहिल्यै नजानेका बाटोमा म
अन्धा मानिसहरूलाई डोराउनेछु। म अन्धा मानिसहरूलाई
त्यस्ता ठाउँहरूमा डोऱ्याई लैजानेछु जहाँ तिनीहरू पहिला
थिएनन्। म तिनीहरूका अँध्यारोलाई प्रकाशमा बद्लिदिनेछु
अनि म खस्रो भूमिलाई चिल्लो पारिदिनेछु। मैले वचन
दिएका ती कुराहरू म गर्नेछु अनि म आफ्नो मानिसहरूलाई
त्याग्ने छैन्।
१७तर कतिपय मानिसहरूले मलाई पछ्याउन छाडे।
ती मानिसहरूसँग मूर्तिहरू छन् जुन सुनै सुनले ढाकिएको
छ। तिनीहरूले ती भूटा मूर्तिहरूलाई, 'तपाईं मेरो
देवताहरू हुनुहुन्छ' भन्छन्। ती मानिसहरू आफ्ना भूटा
देवताहरूमा भरोसा गर्छन् तर ती मानिसहरू निराश
हुनेछन्।

## इस्राएलले परमेश्वरलाई ध्यान दिनु अस्वीकार गरे

१८"हे बहिरा मानिसहरू हो, तिमीहरूले मलाई सुन्नु
पर्छ! हे अन्धा मानिसहरू, तिमीहरूले मलाई हेर्नु र
देख्नपर्छ।
१९सारा संसारमा, मेरो दास अत्यन्त अन्धा छन्।
सन्देशवाहक जसलाई संसारमा मैले पठाएँ त्यो अत्यन्त
बहिरो छ। जोसँग मैले करार गरे-परमप्रभुको दास उ
अत्यन्त अन्धो छ।
२०मरो दासले निकै हेर्छ तर उसले मेरो आज्ञा
पालन गर्दैन्। उसले आफ्नो कानले सुन्न सक्छ तर
उसले मेरो कुरा सुन्न अस्वीकार गर्दछ।"
२१परमप्रभुले आफ्नो सेवक धार्मिक भएको चाहनुहुन्छ।
परमप्रभुले उसको अनौठापूर्ण व्यवस्थाबाट उसको सम्मान
रहेको हेर्न चाहनुहुन्छ।
२२तर मानिसहरूमा हेर! अन्य मानिसहरूले
तिनीहरूलाई परास्त गरेर तिनीहरूका सम्पत्तिहरू लुटे।
सारा जवान मानिसहरू डराएका छन्। तिनीहरू
भ्यालखानामा बन्द छन, मानिसहरूले तिनीहरूका
रूपिया पैसा लगेर गए अनि त्यहाँ उनीहरूलाई बचाउने
कोही छैन्। अन्य मानिसहरूले तिनीहरूका पैसामा
ध्यान दिए। "यो फर्काई देऊ" भन्ने त्यहाँ कोही पनि
थिएन्।
२३के तिमीहरू मध्ये कसैले पनि परमेश्वरका
वचनहरूमा ध्यान दियौ? अँह! तर तिमीहरूले उहाँको
वचनहरूलाई अत्यन्त गहिरो प्रकारले ध्यान दिनुपर्छ
अनि के हुने हो भन्ने कुरा सोच्नुपर्छ। २४याकूब र
इस्राएलबाट धन लिनलाई कसले मानिसहरूलाई लगायो?
परमप्रभुले तिनीहरूलाई त्यसो गर्ने आज्ञा दिनु भयो!
हामीले परमेश्वरको विरुद्धमा पाप गऱ्यौं। यसैकारण
परमप्रभुले मानिसहरूलाई हाम्रो धन-सम्पत्ति लैजाने अनुमति
दिनु भयो। इस्राएलका मानिसहरूले परमप्रभुले चाहनु
भएको बाटोमा बाँच्न चाहेनन्। इस्राएलका मानिसहरूले
उहाँको व्यवस्थाहरू सुन्न रूचाएनन्। २५यसकारण
परमप्रभु तिनीहरूसित क्रोधित हुनुभयो। परमप्रभुले
तिनीहरूका विरुद्ध शक्तिशाली युद्धहरू गराउनु भयो।
इस्राएलका मानिसहरू जस्तै उहाँले तिनीहरूका वरिपरि
आगो लगाइदिनु भयो। तर के भइरहेको थियो भनेर
तिनीहरूले जानेनन्। तिनीहरू जलिरहेका जस्तै थिए।
तर ती भएका घटनाहरू बारेमा तिनीहरूले जान्न
चाहेनन्।

## परमेश्वर सधै आफ्ना मानिसहरूसँग हुनुहुन्छ

४३ याकूब, तिमीलाई परमप्रभुले बनाउनु भयो।
इस्राएल, तिमीलाई परमप्रभुले बनाउनु भयो।
अनि अब परमप्रभु भन्नुहुन्छ, "तिमीहरू नडराऊ! मैले
तिमीहरूलाई बचाएँ। मैले तिम्रो नाउँ राखे। तिमी मेरो
हौ। २जब तिमीमाथि कष्टहरू पर्छन, म तिम्रो साथमा
छु। जब तिमी नदीहरू तर्छौ तिमीलाई चोट लाग्नेछैन्।
जब तिमी आगोबाट हिंड्छौ, तिमी जल्ने छैनौ;
आगोको ज्वालाले तिमीलाई लपेटने छैन्। ३किन?
किनभने म, परमप्रभु, तेरो परमेश्वर हुँ। म इस्राएलको
परमपवित्र तेरो उद्धारक तिमीहरूको उद्धारको निम्ति
मैले मिश्र भुक्तान गरेको थिएँ। तिमीलाई आफ्नो
बनाउन मैले कूश र सेबालाई दिएको थिएँ। ४तिमी
मेरो निम्ति अत्यन्त मुख्य छौ। यसकारण म तिम्रो
सम्मान गर्छु। म तिमीलाई प्रेम गर्छु र तिम्रोलागि सारा
मानिसहरू एवं जातिहरू प्रदान गर्नेछु ताकि तिमी बाँच्न
सक।"

## परमेश्वरले आफ्ना नानीहरू घर ल्याउनु हुन्छ

५"यसैले नडराऊ! म तिमीहरूको साथमा छु। म
तिम्रो नानीहरूलाई भेला गरेर तिमीकहाँ ल्याइदिनेछु। म
तिनीहरूलाई पूर्व र पश्चिमबाट भेला गर्नेछु। ६म उत्तर
दिशालाई भन्नेछु: मेरा मानिसहरू मलाई देऊ! म
दक्षिण दिशालाई भन्नेछु; मेरा मानिसहरूलाई बन्दी
बनाएर नराख! मेरा छोरा-छोरीहरू जो टाढ़ा ठाउँहरूमा
छन, मलाई देऊ। ७ती सबै मानिसहरू देऊ जो मेरा
हुन - मेरो नाउँ तिनीहरूसित संयुक्त छ। मैले ती
मानिसहरू आफ्नोलागि सृष्टि गरें। तिनीहरूलाई सृष्टि
गरें यसकारण तिनीहरू मेरा हुन्।"

## संसारको लागि इस्राएल परमप्रभुको साक्षी हो

८परमेश्वर भन्नुहुन्छ, "जसका आँखाहरू छन तर
तिनीहरू अन्धा छन भने, ती मानिसहरू मकहाँ ल्याऊ।
ती मानिसहरू मकहाँ ल्याऊ जसका कानहरू छन् तर
बहिरा छन्। ९सबै मानिसहरू र जाति-जातिहरू राष्ट्र

एकैसाथ भेला हुनुपर्छ। हुन सक्छ तिनीहरूका भूटा देवताहरू मध्ये एकजनाले प्रारम्भमा के भएको थियो बताउनु चाहन्छ। तिनीहरूले आफ्ना कुरालाई प्रमाणित पार्नलाई साक्षीहरू पनि ल्याउन पर्छ। साक्षीहरूले साँचो कुरा बोल्नु पर्छ। तब तिनीहरू ठीक रहेछन् भन्ने साबित हुनेछ।

१०परमप्रभु भन्नुहुन्छ, "तिमीहरू मेरो साक्षी हौ।
मैले चुनेका दास तिमी हौ। मैले तिमीहरूलाई छानें
ताकि तिमीहरूले मानिसहरूलाई मप्रति विश्वस्त पार्नलाई
सहयोग गर। मैले तिमीहरूलाई छाने ताकि तिमीहरूले
बुझ्नु पर्छ कि 'म नै उही हुँ' म नै साँचो परमेश्वर
हुँ। मभन्दा पहिल्ये त्यहाँ कोही पनि परमेश्वर थिएन
अनि म पश्चात पनि कोही परमेश्वर हुने छैन्। ११म
हो म नै परमप्रभु हुँ। मबाहेक अरू कोही पनि
मुक्तिदाता छैन्। १२म एकजना हुँ जसले तिनीहरूसित
बोल्यो। मैले तिमीलाई बचाएँ, मैले ती कुराहरू भने।
त्यो तिमीसित जो थियो नयाँ वस्तु होइन्। तिमी म
साक्षी हौ अनि मेरो तिम्रो परमेश्वर हुँ। परमप्रभु
आफैले यी कुरा भन्नुभयो। १३"म सधैं नै परमेश्वर
रहेको छु। जब म कुनै काम गर्छु, कसैले पनि त्यो
मैले गरेको कुरा बदलिन सक्तैन्। अनि कसैले पनि
मानिसहरूलाई मेरो शक्तिबाट बचाउन सक्तैन्।"

१४परमप्रभु, इस्राएलका परमपवित्रले, तिमीहरूलाई
बचाउनु हुनेछ। अनि परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका
खातिर म बाबेलमा सेनाहरू पठाउने छु। धेरै मानिसहरू
पक्राउ पर्नेछन्। ती मानिसहरू, कल्दीहरू, उनीहरू कै
आफ्ना जहाजहरूमा लैजानेछु। कल्दीहरू आफ्ना
जहाजहरूमाथि गर्व गर्छन्। १५म परमप्रभु तिमीहरूका
परमपवित्र हुँ। मैले इस्राएल बनाएँ, म तिमीहरूका
राजा हुँ।"

### परमेश्वरले आफ्ना मानिसहरूलाई पुनः बचाउनु हुन्छ

१६परमप्रभुले समुद्रमा बाटोहरू बनाउनु हुनेछ। उहाँले
धमिलो पानीबाट पनि आफ्ना मानिसहरूको लागि बाटो
बनाउनु हुनेछ। अनि परमप्रभु भन्नुहुन्छ, १७"मानिसहरू
ज-जसले मेरो विरुद्ध तिनीहरूको रथहरू, घोड़ाहरू, र
सेनाहरू सहित लड्ने छन तिनीहरू पराजित हुनेछन्।
तिनीहरू फेरि उठ्न सक्ने छैनन तिनीहरू ध्वंश हुनेछन्।
तिनीहरू मैनबत्ती जस्तो थामिने छन्। १८यसकारण जो
शुरूमा भएको थियो त्यसलाई नसम्भ। धेरै बर्ष अगडी
जे भइसकेको छ त्यसलाई नसोच। १९किन? किनभने
म नयाँ काम गर्नेछु। अब तिमी नयाँ पालुवा जस्तो
उम्रनेछौ। निःसन्देह तिमी जान्दछौ कि यो सत्य हो। म
साँच्चि नै मरुभूमिमा बाटो बनाउने छु। म साँच्चि नै
सुक्खा जग्गाहरूमा नदीहरू बगाउनेछु। २०यसले गर्दा
जङ्गली पशुहरू सम्मले मलाई धन्यवाद प्रकट गर्नेछन्।
विशाल पशुहरू र चराहरूले पनि म प्रति धन्यवाद
प्रकट गर्नेछ। तिनीहरूले मलाई सम्मान गर्नेछन् जब म
मरुभूमिमा पानी पार्नेछु। म यसो गर्नेछु मेरा मानिहरूलाई
पानी दिनलाई-जसलाई मैले रोजे। २१ती मानिसहरूलाई
मैले बनाएको हो। अनि ती मानिसहरूले मेरो स्तुति
गान गाउनेछन्।

२२"याकूब, तिमीले मेरो पुकारा गरेनौ। किन?
किनभने तिमी इस्राएलीहरू मसँग थकित भएकाछौ।
२३तिमीहरूले मेरो लागि होमबलि चढ़ाउनलाई आफ्नो
भेड़ा ल्याएनौ। तिमीहरूले मेरो सम्मान गरेनौ। तिमीहरूले
मेरोलागि बलि चढ़ाएनौ। मैले बलिहरू चढ़ाऊ भनेर
जबरजस्ती गरिन। मैले धूपहरू सत्काउनु भनेर कर
लगाइन जब सम्म तिमीहरू थकित भयौ। २४यसर्थ
मेरो सम्मानकोलागि तिमीहरूले आफ्नो पैसाले केही
पनि किनेनौ, तर तिमीहरूले मलाई आफ्नो पापको
भारी बोकायौ। तिमीहरूले त्यतिञ्जेल पाप गर्‍यौ जब
सम्म म तिमीहरूका नराम्रा कुराहरूले अत्यन्त कमजोर
भईन्।

२५"म, उही हुँ, जसले तिमीहरूका सारा पापहरू
धोई पखाली दिएँ। मैले यी सबै स्वयंलाई खुशी
पार्नलाई गर्दछु। म तिमीहरूका पापहरू सम्भने छैन्।
२६तर तिमीहरूले मलाई सम्भनु पर्छ। हामी एकै साथ
भेला हुनुपर्छ अनि निर्णय लिनुपर्छ जसले गर्दा तिमीहरू
आफ्नो स्थिति प्रस्तुत गर्न सक्छौ अनि हामी के सही
हो निर्णय लिनु सक्छौं। २७तिमीहरूका पहिले पिता
पापी थिए। अनि तिमीहरूका उकीलहरूले मेरो विरुद्ध
कुराहरू गरे। २८यसकारण म पवित्र शासकहरूलाई
अपवित्र बनाउनेछु अनि याकूबलाई गाली गर्नेछु। नराम्रा
घटनाहरू इस्राएलमा हुनेछन्।"

### परमप्रभु नै केवल परमेश्वर हुनुहुन्छ

४४ "याकूब, तिमी मेरो दास हौ। मेरो कुरा
होशियारी साथ सुन, इस्राएल मैले तिमीलाई
छानेको छु। म जे कुरा भन्छु सुन्। २म परमप्रभु हुँ
अनि मैले तिमीलाई बनाएँ। म मात्र हुँ जसले तिमीलाई
बनाए जो अहिले तिमी छौ। मैले तिमीलाई त्यति
बेलादेखि सहयोग गरेको हुँ जब तिमी आमाको गर्भमा
थियौ। मेरो दास, याकूब, नडराऊ। यशूरून (इस्राएल)
मैले तिमीलाई चुनेको हुँ।

३"म तिर्खाएको मानिसहरूलाई पानी खन्याई दिनेछु।
म सुक्खा भूमिहरूमा खोला बगाइदिनेछु। म मेरो
आत्मा तिम्रा छोरा-छोरीहरूमाथि खन्याई दिनेछु, यो
तिम्रो सन्तानमा बगिरहने पानीका धाराहरू जस्तै हुनेछ।
४तिनीहरू संसारका मानिसहरूका माभमा बढ़नेछन्।
तिनीहरू खोलाहरूका छेउमा उम्रेर बढ़ने रूखहरू जस्ता
हुनेछन्।

५"एकजनाले भन्नेछ, 'म परमप्रभुको हुँ।' अर्को
मानिसले 'याकूबको' नाउँ लिनेछ। अभै अर्को मानिसले

उसको नाउँ बताउनेछ? 'म परमप्रभुको हुँ' अनि अर्को
मानिसले 'इस्राएलको' नाउँ प्रयोग गर्नेछ।'"
६परमप्रभु इस्राएलको राजा हुनुहुन्छ। सेनाहरूका
परमप्रभुले इस्राएललाई बचाउनु हुनेछ। परमप्रभुले भन्नु
हुन्छ, "म केवल परमेश्वर हुँ। यहाँ अरु कोही
देवताहरू छैनन्। म नै आदि हुँ र म नै अन्त हुँ।
७यहाँ म जस्तै अन्य कुनै परमेश्वर छैन्। यदि यहाँ छ
भने, त्यो परमेश्वरले जस्तै बोल्नु पर्छ। त्यो परमेश्वर
आएर म जस्तै परमेश्वर हो भनी प्रमाण गर्नु पर्छ। त्यो
परमेश्वरले त्यस समयदेखिको घटनाहरू बताउनु पर्छ
जब मैले प्राचीन मानिसहरू बनाएँ। त्यस परमेश्वरले
भविष्यमा हुने कुराको संकेत पनि दिन सक्नुपर्छ।
८तिमीहरू नडराऊ। सुर्ता नगर। मैले तिमीहरूलाई के
हुनेछ भनेर पहिल्यै भनिसकेको छु। तिमीहरू मेरा
साक्षी हौ। यहाँ अन्य कुनै परमेश्वर छैन्। यहाँ अन्य
कुनै 'चट्टान छैन,' म जान्दछु म मात्र एक हुँ।"

## झूटा देवताहरू व्यर्थका छन्

९केही मानिसहरूले मूर्तिहरू बनाउँछन्। तर तिनीहरू
कामै नलाग्ने छन्। ती मानिसहरू मूर्तिहरूका साक्षीहरू
हुन् - तर तिनीहरूले देख्न सक्दैनन्। तिनीहरू केही
जान्दैनन्। तिनीहरूले जे गरेकाछन् त्यसका लागि
तिनीहरूलाई लज्जित बनाइनेछ।
१०कसले ती झूटा देवताहरू बनाएँ? कसले ती
व्यर्थका मूर्तिहरू बनाए? ११कारीगरहरूले ती देवताहरू
बनाए! अनि ती कारीगरहरू केवल मानिसहरू नै हुन्
देवताहरू होइनन्। यदि त्यस्ता मानिसहरू एकसाथ
आएर ती कुराहरूमा छलफल गरे, तब तिनीहरू
लज्जित र त्रसित हुने थिए।
१२एक कारीगरले तातो आगोमा फलाम तताउनु
आफ्ना हतियारहरू चलाउँदछ। त्यो धातु पिट्नलाई त्यस
मानिसले मार्तोल चलाउँदछ, अनि त्यो धातुबाट मूर्ति
बन्दछ। त्यस मानिसले आफ्ना शक्तिशाली पाखुराहरू
चलाउँदछ। तर जब त्यो मानिस भोको हुन्छ, उसले
आफ्नो शक्ति प्रयोग गर्दछ। यदि मानिसले पानी पिउँदैन
भने, उसको तिर्खा मेटीदैन।
१३अर्को कारीगरले काठमाथि रेखाहरू खिच्नका
लागि फिता र सिसाकलम चलाउँदछ। यसो गर्नाले के
देखाउँछ भने उसले काठ कहाँ काट्नु पर्छ। त्यसपछि
त्यस मानिसले आफ्नो छिनोहरू चलाउँदछ र काठबाट
मूर्ति काट्दछ। उसले आफ्नो फिताले मूर्ति नाप्ने काम
गर्दछ। यस प्रकारले, कारीगरले काठलाई एउटा मानिस
जस्तो देखिने स्वरूप बनाउँदछ। अनि यो मानिस जस्तो
देखिने मूर्तिले केही गर्दैन, तर त्यसको घरमा बस्दछ।
१४मानिसले धुपी, देवताहरू काठ र फलाँटको
रूखहरू काट्छ। त्यो मानिसले रूखहरू उमारेन, ती
रूखहरू आफै उम्रन्छ। यदि कुनै एउटा मानिसले
धुपीको रूख रोप्दछ भने, वर्षाले ती रूख उमार्दछ।
१५त्यसपछि त्यस मानिसले त्यो रूख आफ्नो आगोमा
बाल्दछ। मानिसहरूले त्यस रुखलाई दाउराको रुपमा
काट्दछन्। अनि उसले त्यी दाउरा खाना पकाउन र
आफूलाई न्यानो बनाउनका लागि प्रयोग गर्दछ। मानिसले
केही दाउरा बालेर आफ्नो लागि रोटी बनाउँछ तर
मानिसले त्यही रूखलाई अथवा त्यस रूखको केही
अंशबाट देवता बनाउँछ अनि त्यस देवतालाई पूज्न
थाल्दछ। त्यो देवता मानिसले बनाएको मूर्ति हो तर
मानिस त्यस मूर्ति समक्ष झुक्छन्। १६मानिसले आधा
जस्तो काठ आगोमा बाल्छ। मानिसले त्यो आगोमा
मासु पकाउछ र अघाउञ्जेल खान्छ। मानिसले आफूलाई
न्यानो राख्नका लागि दाउरा बाल्दछ। त्यस मानिसले
भन्छ, "असल! अब म न्यानो भएँ अनि म देख्नु
सक्छु, त्यो आगोको उज्यालो कहाँसम्म पर्दछ।" १७तर
सानो रूखको टुक्रा त्यहाँ छाड़ियो, यसकारण मानिसले
त्यस टुक्राबाट मूर्ति बनाउँछ अनि ईश्वर मान्छ। उ
त्यस देवता समक्ष झुक्छ अनि पूजा गर्दछ। मानिसले
देवताहरूलाई प्रार्थना गर्दै भन्दछ, "तपाईं मेरा ईश्वर
हुनुहुन्छ, मलाई बचाउनु होस्।"
१८ती मानिसहरूले जान्दैनन् तिनीहरूले के
गरिरहेकाछन्। तिनीहरूले बुझ्दैनन्। तिनीहरूका आँखा
बन्द भए जस्तै छन, यसैले तिनीहरूले देख्न सक्दैनन्।
तिनीहरूको हृदयले बुझ्ने कोशिश गर्दैनन्।
१९ती मानिसहरूले यस विषयमा सोच विचार गरेका
छैनन्। मानिसहरूले बुझ्दैनन् यसकारण तिनीहरूले
आफ्नो बारेमा कहिल्यै सोचेका छैनन, "मैले आधा
दाउरा आगोमा बालें। मैले तातो कोइलामा रोटी बनाएँ
अनि मासु पकाएँ। त्यसपछि मैले मासु खाँए। अनि
मैले बाँचेको ती काठहरूले यस्तो भयानक चीज
बनाए। मैले दाउराका मुढालाई पूजीरहेको छु।"
२०त्यो मानिसले जान्दैन आफूले के गरिरहेछ। उ
अन्योलमा छ, यसकारण उसको मनले उसलाई झुटो
बाटोमा लगिरहेकोछ। त्यस मानिसले आफूलाई बचाउन
सक्तैन्। अनि उसले गरिरहेका गल्ती काम देख्न
सक्तैन्। मानिसले भन्नेछ, "यो मूर्ति जुन मैले समाती
रहेकोछु त्यो झूटा देवता हो।"

## परमप्रभु, सत्य परमेश्वरले, इस्राएललाई साथ दिनुहुन्छ

२१"याकूब, यी कुराहरू याद राख। इस्राएल, याद
राख, तिमी मेरो सेवक हौ। मैले तिमीलाई बनाएँ!
तिमी मेरो सेवक हौ यसकारण इस्राएल, म तिमीलाई
कहिल्यै बिर्सिने छैन्।
२२तिम्रो पापहरू ठूलो बादल जस्ता थिए तर मैले
ती पापहरू पखालिदिएँ। तिम्रा पापहरू मेटिएर गए,
जसरी बादल पातलो हावामा हराउँदछ। मैले तिमीलाई
जोगाएँ अनि बचाएँ यसैले तिमी फर्केर मकहाँ आयौ।"

२३आकाशहरू आनन्दित छन् किनभने परमप्रभुले ती महान वस्तुहरू बनाउनु भयो। पृथ्वी आनन्दित छ, पृथ्वी मुनिका गहिराइ सम्म। पर्वतहरू परमप्रभुलाई धन्यवाद प्रकटगर्दै गाउँदछन्। जङ्गलमा भएका सारा रूखहरू आनन्दित छन्। किन? किनभने परमप्रभुले याकूबलाई बचाउनु भयो। परमप्रभुले महान कुराहरू इस्राएलको लागि गर्नु भयो।

२४परमप्रभुले तिमीलाई बनाउनु भयो जो तिमी आज छौ। परमप्रभुले त्यस्तो गरिरहनु भएको बेला तिमी आमाकै गर्भभित्र थियौ। परमप्रभु भन्नुहुन्छ, "म, परमप्रभुले, सबै थोक बनाएको हो। म स्वयंले आकाश राखें। मैले पृथ्वीलाई मेरो समक्ष फैलाएँ।"

२५झूटा अगमवक्ताहरूले झूट बोल्दछन्, तर परमप्रभुले तिनीहरूका झूटा कुराहरू गल्ती हुन भनेर देखाउनुहुन्छ। परमप्रभुले मूर्ख मानिसहरू बनाउनु हुन्छ जसले जादू गर्दछन्। तिनीहरू सोच्दछन् कि तिनीहरू ज्यादा जान्दछ। परमप्रभुले ज्ञानी मानिसहरू सम्मलाई अन्योलमा पारिदिनुहुन्छ। परमप्रभुले तिनीहरूलाई मूर्ख पार्नुहुन्छ।
२६परमप्रभुले आफ्ना दासहरूलाई समाचार भन्नलाई मानिसहरूकहाँ पठाउनु भयो। अनि परमप्रभुले ती समाचारहरूलाई सत्य साबित पार्नुभयो। परमप्रभुले दूतहरूलाई मानिसहरूकहाँ के कुराहरू गर्नुपर्छ भनेर बताउनलाई पठाउनु भयो। अनि परमप्रभुले तिनीहरूको सल्लाह असल हो भनेर देखाउनुहुन्छ।

## परमेश्वरले यहूदा पुन: निर्माण गर्नलाई कोरेस छान्नु हुन्छ

परमप्रभुले यरूशलेमलाई भन्नुहुन्छ, "मानिसहरू फेरि त्यहाँ बस्नेछन्।" परमप्रभुले यहूदाका शहरहरूलाई भन्नुहुन्छ, "तिमी फेरि पुन:निर्माण हुनेछौ।" परमप्रभुले ती शहरहरूलाई भन्नु हुन्छ कि तिनीहरू ध्वंश भए, "म तिमीलाई नयाँ शहरमा पुनस्थापित गर्नेछु।"

२७परमप्रभुले गहिरा पानीलाई भन्नुहुन्छ, "सुक्खा भई जाओस्। म तिम्रा मूल श्रोतहरू पनि सुकाइदिनेछु।"

२८परमप्रभुले कोरेसलाई भन्नुहुन्छ, "तिमी मेरो भेंड़ा गोठाला, तिमीले त्यही कुरा गर्ने छौ जो म चाहन्छु। तिमीले यरूशलेममलाई भन्नेछौ "तिमी पुन: निर्माण हुनेछौ। तिमीले मन्दिरलाई बताउनेछौ, 'तिम्रो जग पुन:निर्माण हुनेछ।'"

## परमेश्वरले इस्राएललाई स्वतन्त्र पार्नु कोरेस छान्नु हुन्छ

**४५** आफैले अभिषेक गर्न भएको राजालाई यी निम्न कुराहरू परमप्रभुले कोरेसको बारेमा भन्नुहुन्छ।

"म कोरेसको दाहिने हात समाउनेछु। राजाहरूका शक्ति लिनलाई म उसलाई सहायता गर्नेछु। शहरका ढोकाहरू कोरेसलाई बन्द हुनेछैन, म शहरका प्रवेशद्वारहरू खोली दिनेछु अनि कोरेस शहर भित्र जानेछ।"

२"कोरेस, तिम्रा सेनाहरूले अघि बढ्नेछन् अनि म तिम्रो अघाड़ी जानेछु। म पर्वतहरू मैदान तुल्य पारिदिनेछु। म शहरका काँसाका प्रवेशद्वारहरू भत्काइदिनेछु। म फलामका ढोकाको बारहरू काटिदिनेछु।

३म तिमीलाई त्यो धन दिनेछु जसले अन्धकारमा बचाउनेछ। म तिमीलाई ती गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु। म यसो गर्ने छु ताकि तिमीहरूले म परमप्रभु भनेर जान्नेछौ। म इस्राएलको परमेश्वर हुँ, अनि म तिमीलाई तिम्रो नाउँले बोलाउने छु।

४म यी कुराहरू मेरो दास याकूबको लागि गर्छु। म यी कुराहरू मैले चुनेको इस्राएलको लागि गर्छु। कोरेस, म तिमीलाई नाउँले बोलाउनेछु। तिमी मलाई जान्दैनौ। तर म तिमीलाई जान्दछु त्यसैले नाउँले बोलाउनेछु।

५म परमप्रभु हुँ। म मात्र परमेश्वर हुँ। अरु परमेश्वर छैन्। मैले तिमीलाई बलसँगै लुगा लगाइदिएँ। तर अझै तिमी मलाई बुझ्दैनौ।

६यी कुराहरू गर्छु ताकि सारा मानिसहरूले म नै परमेश्वर हुँ भनेर जानु। पूर्वदेखि पश्चिम सम्मका मानिसहरूले म परमप्रभु हुँ भनेर जानु, अनि त्यहाँ म बाहेक अरू कुनै परमेश्वर छैन्।

७मैले उज्यालो बनाएँ अनि मैले अंध्यारो बनाएँ। मैले शान्ति बनाएँ अनि मैले कष्टहरू बनाएँ। म परमेश्वर हुँ अनि मैले यी सबै चीजहरू बनाएँ।

८माथिआकाश बाट पृथ्वीमा पण्टा बर्सिन्छ जसरी बादलबाट पानी बर्सिन्छ। पृथ्वी खोलिन्छ अनि मुक्ति उत्पन्न होस्! मुक्तिको विकास हुन्छ साथ साथै सद्भावना बढ्छ। म परमप्रभुले नै यी सब बनाएँ।

## परमेश्वरले आफ्ना सृष्टिलाई वशमा राख्नु हुन्छ

९"यी मानिसहरूलाई हेर! कसले तिनीहरूलाई सृष्टि गरे त्यसबारे उसित तर्क गरिरहेकाछन्। तिनीहरूलाई हेर मसँगै तिनीहरू वहश गरिरहेका छन्। तिनीहरू माटोको फुटेको भाँड़ा जस्ता छन्। मानिसले, भिजेको गिलो माटो भाँड़ा बनाउन उपयोग गर्छ अनि गिलो माटोले सोध्दैन, 'मानिस, तिमी के गरिरहेकाछौ?' चीजहरू जो बनाइन्छन। ती चीजहरूमा त्यो शक्ति हुदैन कि जसले बनायो उसलाई सोधोस। मानिसहरू पनि गिलो माटो जस्तै हुन्। १०एकजना पिताले नानीहरूको जन्म गराउँछ। अनि नानीहरूले सोध्ने सक्तैनन, 'तपाईंले किन हामीलाई जीवन दिइरहनु भएकोछ?' नानीहरूले आफ्नी आमालाई सोध्न सक्तैनन, 'तपाईंले किन हामीलाई जन्म दिइरहनु भएको छ?'"

११परमप्रभु परमेश्वर एकमात्र इस्राएलको परमपवित्र हुनुहुन्छ। उहाँले इस्राएल बनाउनु भयो। अनि परमप्रभु भन्नुहुन्छ,

"मेरा छोराहरू, तिमीहरूले मलाई 'संकेत दिनुहोस' भनेर भन्यौ। तिमीहरूले मलाई मैले गरेका कामहरू देखाउनु होस् भन्यौ।

१२यसकारण हेर। मैले पृथ्वी बनाएँ अनि मैले सारा मानिसहरूलाई यस जीवन दिएँ। मैले आफ्नै हातहरूद्वारा आकाशहरू बनाए। अनि मैले सारा तारामण्डललाई आकाशमा आदेश दिए।

१३मैले कोरेसलाई शक्ति प्रदान गरे ताकि उसले राम्रो काम गरोस। अनि मैले उसको कामहरू सहज पारिदिए। कोरेसले मेरो शहर पुन:निर्माण गर्नेछ। अनि उसले मेरा मानिसहरू स्वतन्त्र पार्नेछ। कोरेसले मेरा मानिसहरू मलाई बेच्नेछैन्। मैले उसलाई ती कुराहरू गर्नलाई त्यसको मूल्य तिर्नु पर्नेछैन्। मानिसहरू स्वतन्त्र हुनेछन् अनि मेरो लागि त्यसको मूल्य केही पनि होइन्।" सेनाहरूका परमप्रभुले यी कुराहरू भन्नुभयो।

१४परमप्रभुले भन्नुहुन्छ, "मिश्र र कूश धनी छन् तर इस्राएल, तिमीले ती धनहरू पाउनेछौ। शबाईका अग्ला मानिसहरू तिम्रा हुनेछन्। तिनीहरूको गर्दन वरिपरि बाँधिएको साङ्लोसितै तिनीहरू तिम्रो पछि पछि हिंड्नेछन्। तिनीहरू तिमी समक्ष झुक्नेछन्। अनि तिनीहरूले तिमीसित प्रार्थना गर्ने छन्।" अनि त्यहाँ अन्य कोही परमेश्वर हुनेछैन्। इस्राएलका, परमेश्वर तिमीसँग हुनुहुन्छ।

१५परमेश्वर, तपाईं सर्वशक्तिमान् हुनुहुन्छ, मानिसहरूले देख्न सक्तैनन्। तपाईं इस्राएलको उद्धारक हुनुहुन्छ।

१६धेरै मानिसहरूले झूटा देवताहरू बनाउँछन्। तर ती मानिसहरू निराश हुनेछन्। ती सारा मानिसहरू लज्जित हुनेछन्।

१७तर इस्राएल परमप्रभुद्वारा बचाईनेछ। त्यो उद्धार कार्य सदा-सर्वदा रहनेछ। कहिल्यै पनि इस्राएल लज्जित हुनेछैन्।

१८परमप्रभु नै परमेश्वर हुनुहुन्छ। उहाँले आकाशहरू र पृथ्वी बनाउनु भयो। परमप्रभुले पृथ्वीलाई यसको ठाउँमा राख्नु भयो। परमप्रभुले यस पृथ्वीलाई खाली गर्न चाहनुहुन्न, जुन उहाँले बनाउनु भयो! उहाँले पृथ्वी बस्नका लागि बनाउनु भयो! "म परमप्रभु हुँ, म बाहेक अरु कोही परमेश्वर छैन्।

१९"म गुप्तमा बोल्दिन म खुल्ला प्रकारले बोल्छु। मैले मेरा शब्दहरू यस संसारको अन्धकारमा लुकाइन्। मैले याकूबका मानिसहरूलाई यस रित्तो ठाउँहरूमा हेर भनेर भनिन। म परमप्रभु हुँ, अनि सत्य बोल्दछु। मैले भनेका कुराहरू सत्य छन्।"

### परमप्रभुले प्रमाण गर्नुहुन्छ कि उहाँ मात्र एक परमेश्वर हुनुहुन्छ

२०"त्यसकारण, हे मानिसहरू हो, तिमीहरू भेला हौऊ। तिमीहरू अर्का राष्ट्रहरूबाट उम्केका छौ। मानिसहरू जान्दैनन् तिनीहरू के गरिरहेका छन्। जब तिनीहरू काठको मूर्तिहरू बोक्छन् तिनीहरू जान्दैनन कि तिनीहरू ती देवताहरूलाई प्रार्थना गर्छन जसले तिनीहरूलाई सहायता गर्न सक्तैनन्। २१यी मानिसहरूलाई भन, मकहाँ आऊ। तिनीहरूका आफ्ना मामला प्रस्तुत गर्दै ती कुराहरूका छलफल तिनीहरूलाई देऊ।

"कसले तिमीहरूलाई ती कुराहरू बताए जुन धेरै वर्ष अघि घटेका थिए? कसले धेरै वर्षहरूदेखि यी कुराहरू लगातार भने? म, परमप्रभुले, मात्र यी कुराहरू भनें। म मात्र परमेश्वर हुँ। त्यहाँ के म जस्तो अन्य कोही देवता छ? के त्यहाँ अन्य असल देवता छ? के त्यहाँ अन्य कोही देवता छ जसले आफ्ना मानिसहरूलाई बचाउँदछ? अँह! त्यहाँ अन्य देवता छैन्। २२टाढ़ामा भएका सारा मानिसहरूले ती झूटा देवताहरू पछ्याउन छोड्नु पर्छ। तिमीहरूले मलाई पछ्याउनु पर्छ र बाँच्ने छौ। म परमेश्वर हुँ। त्यहाँ अन्य देवता छैन्। म मात्र परमेश्वर हुँ।

२३"मेरो आफ्नै शक्तिद्वारा यो प्रतिज्ञा गर्छु। अनि जब प्रतिज्ञा सत्य हो। जुन कुरा विषयमा म वचन दिँन्छु त्यो हुने नै छ। अनि म वचन दिँदछु कि प्रत्येक मानिस मेरो समक्ष झुक्नेछ। अनि प्रत्येक मानिसले मलाई पछ्याउने प्रतिज्ञा गर्नेछ। २४मानिसहरूले भन्नेछन्, "धार्मिकता र शक्ति परमप्रभुबाटै मात्र आउने छ।'"

कतिपय मानिसहरू परमप्रभुसित कोधित छन्। तर परमेश्वरको साक्षी आउनेछ र परमप्रभुले गर्नु भएको कुराहरूको विषयमा बताउनु हुनेछ। यसकारण ती क्रोधित मानिसहरू लज्जित हुनेछन्। २५असल काम गर्नका लागि परमप्रभुले इस्राएलका मानिसहरूलाई सघाउनु हुनेछ, अनि मानिसहरू तिनीहरूका परमेश्वरसित अत्यन्त आनन्दित हुनेछन्।

### असत्य देवताहरू निरर्थक छन

४६ बाल देवता अनि नबो देवता, मेरो समक्ष झुक्नेछन्। ती झूटा देवताहरू मूर्ति मात्र हुन्। मानिसहरूले ती मूर्तिहरू पशुहरूका ढाड़हरूमाथि राख्दछन ती मूर्तिहरू खाली बोक्नको भारी मात्र हुन्।
२ती झूटा देवताहरू झुक्नेछन तिनीहरू सबै पतन हुनेछन्। ती झूटा देवताहरू उम्किन पाउने छैनन् - तिनीहरू सबैलाई कैदीहरू सरह ल्याइनेछ।

३"हे याकूबका परिवार, मलाई ध्यान दिएर सुन्। इस्राएलबाट आएका सारा मानिसहरू जो अझ जीवित छन, ध्यान दिएर सुन्। मैले तिमीहरूलाई बोकी ल्याएको हुँ। तिमीहरू आफ्ना आमाको गर्भमा हुँदादेखि नै मैले बोकी ल्याएको हुँ। ४जब तिमीहरू जन्मियौ मैले बोकेर ल्याएँ अनि जब तिमीहरू वृद्ध हुनेछौ म बोकी नै रहनेछु। तिमीहरूका कपालहरू सेतै पाकी सक्नेछ, त्यति बेला पनि म तिमीहरूलाई बोकी नै रहने छु, किनभने मैले तिमीहरूलाई बनाएको हुँ। म

लगातार तिनीहरूलाई बोकी रहनेछु अनि म तिमीहरूलाई बचाउनेछु।

५"के तिमीहरू मलाई अरु कुनै चीजसित तुलना गर्न सक्छौ? अँह कोही पनि मेरो बराबर छैन्। म जस्तो कोही छैन्। ६कतिपय मानिसहरू सुन र चाँदीको धनी छन्। सुन तिनीहरूको थैलोबाट झर्छ, अनि तिनीहरूले चाँदी तराजुमा तौलन्छन्। ती मानिसहरूले काठबाट झूटा देवताहरू बनाउनलाई शिल्पकारहरूलाई पैसा दिँदछन्। त्यसपछि ती मानिसहरू नतमस्तक भएर झूटा देवता पूज्दछ। ७ती मानिसहरू आफ्ना काँधमा ती झूटा देवताहरू बोक्छन्। झूटो देवता अर्थहीन हो। मानिसहरूले यसलाई बोक्नु पर्छ। मानिसहरू भूईंमा मूर्ति उभ्याउँछन्। अनि झूटो देवता त्यहाँबाट हिँड्न सक्तैन्। झूटा देवता मूर्ति मात्र हो। यसले मानिसहरूलाई संकटबाट रक्षा गर्न सक्दैन्। मानिसहरू त्यससित चिच्याउँछन् तर कुनै उत्तर पाउँदैनन्। झूटो देवता मात्र मूर्ति हो। यसले मानिसहरूलाई तिनीहरूको समस्याबाट रक्षा गर्न सक्तैन्।

८"तिमीहरूले पाप गरेकाछौ, तिमीहरूले ती कुराहरूको बारेमा फेरि विचार गर्नुपर्छ। ती कुराहरूलाई सम्झ र बलियो हौ। ९त्यो धेरै बर्ष अघाड़ी घटेको घटना सम्झ। सम्झ म परमेश्वर हुँ। त्यहाँ अन्य कोही परमेश्वर छैन्। ती झूटा देवताहरू म जस्ता छैनन्।

१०"शुरूमा मैले जो कुराहरू भने ती अन्तमा हुनेछन्। धेरै वर्ष अघि घटनाहरूको बारेमा मैले भनेको थिएँ जो घटित भएका छैनन्। जब म कुनै योजना गर्छु त्यो अवश्य नै हुनेछ। म ती कुराहरू आफ्नो इच्छाले गर्छु। ११अनि म मानिसलाई पूर्वबाट बोलाइरहेछु। त्यो मानिस चील जस्तै हुनेछ। उ धेरै टाढ़ा देशबाट आउने छ, म ती कुराहरू गर्ने निर्णय गर्छु। म तिमीलाई भनिरहेछु कि म यो गर्ने छु अनि म गर्ने नै छु। मैले उसलाई बनाएँ र उसलाई ल्याउनेछु।

१२"तिनीहरू कतिजनाले सोच्छौ कि तिमीसँग ठूलो शक्ति छ, मलाई ध्यान दिएर सुन्। तर तिमीले राम्रो कामहरू गरेनौ। १३म धार्मिक कामहरू गर्नेछु। चाँड़ो गरि म मेरो मानिसहरू बचाउँनेछु। म सियोनलाई उद्धार गर्नेछु। मेरो आश्चर्यपूर्ण इस्राएलका निम्ति ल्याउनेछु।"

## बाललेलाई परमेश्वरको सन्देश

**४७** "हे बाबेलकी कन्या तल आऊ अनि भूईंमा बस। कल्दीहरूकी कन्ये छोरी,* भूईंमा बस। तिमी अहिले शासक होइनौ। मानिसहरू सोच्ने छैनन, कि तिमी एकजना सुन्दरी, कोमल, सुकुमारी हौ।

२अब तिमीले कठिन परिश्रम गर्नुपर्छ। तिमीले ढुङ्गाको जाँतो ल्याउनु पर्छ अनि अन्न पिँधेर पीठो बनाउनु पर्छ तिम्रो घुम्टो हटाऊ अनि तिम्रो सुन्दर पोषाकहरू खोल। तिमीले तिम्रो देश छोड़नु पर्नेछ। तिम्रा फरियाहरू उठाऊ जबसम्म मानिसहरूले खुट्टाहरू देख्न सक्तैनन, अनि नदीहरू* पार गर।

३मानिसहरूले तिम्रा गुप्त अंगहरू हेर्नेछन् अनि तिम्रो लाज हेर्नेछन्। तिमीले गरेको सबै दुष्टकर्मको बदला म चुकाउनेछु। अनि कोही पनि तिमीलाई सघाउन आउने छैन्।

४"मेरा मानिसहरू भन्छन्, "परमेश्वरले हामीलाई बचाउनु हुन्छ। उहाँको नाउँ हो: सेनाहरूका परमप्रभु, इस्राएलका परमपवित्र हुनुहुन्छ।""

५"यसकारण बाबेल, त्यहाँ बस अनि शान्त हौ। कल्दीहरूका छोरीहरू अन्धकार भित्र जाऊ। किन? किनभने अब तिमी राज्यहरूकी रानी रहने छैनौ।"

६"म मेरो मानिसहरूसित क्रोधित थिएँ, ती मानिसहरू मेरा हुन्, तर म क्रोधित थिएँ, यसकारण मैले तिनीहरूलाई प्रमुख बनाइँन्। मैले तिनीहरू तिमीलाई दिएँ, अनि तिनीहरूलाई तिमीले दण्ड दियौ। तर तिमीले तिनीहरूमाथि कृपा राखेनौ। तिमीले बूढ़ा-पाकहरूलाई पनि कठिन काम गर्न लगायौ।

७तिमीले भन्यौ, 'म सदा-सर्वदा बाँच्नेछु। म सँधै नै रानी हुनेछु।' तिमीले ती मानिसहरू प्रति गरेको नराम्रो कुराहरूमा तिमीहरूले ध्यानै दिएनौ। तिमीले के हुने होला भनेर सोच्दा पनि सोचेनौ।

८यसकारण अब, 'विलासी स्त्री' ध्यान दिएर सुन! तिमी सुरक्षित अनुभव गर र आफैलाई भन, 'म मात्र प्रमुख मानिस हुँ। म जस्तो प्रमुख अन्य कोही पनि छैन्। म कहिल्यै पनि विधवा हुने छैन्। मसँग सँधै नानीहरू हुनेछन्।'

९यी दुइ कुरा अचानक तिमीसित घट्नेछन्। पहिले, तिमीले आफ्ना नानीहरू गुमाउनेछौ। अनि त्यसपछि तिमीले आफ्नो लोग्ने गुमाउनेछौ। हो, यी कुराहरू साँच्चि नै तिमीसित घटने नै छन्। अनि तिम्रा सबै मन्त्र र मोहनी शक्तिले तिमीलाई बचाउनेछैन्।

१०तिमीले दुष्ट कर्महरू गर्‍यौ, तर अझ तिमी सुरक्षित अनुभव गर्छौ। तिमीले आफूले आफूलाई मात्र सोच्छौ, 'मैले गरेको दुष्ट कामहरू कसैले पनि देख्दैन्।' तिमी सोच्छौ कि तिम्रो विवेक र बुद्धिले तिमीलाई बचाउने छ। तिमी आफैलाई सोच्छौ 'म मात्र हुँ म जस्तो अरू कोही मुख्य छैन्।'

११"तर कष्टहरू तिमीमाथि आइलाग्नेछ। तिमी जान्दैनौ यो कहिले घट्ने छ? तर विपत्ति आइरहेछ। तिमी ती कष्टहरूलाई रोक्न केही पनि गर्न सक्नेछैनौ। तर तिमी जान्दैनौ कि के भयो भनेर तिमी चाँड़ै ध्वंस हुनेछौ।

---

**कल्दीहरूकी कन्ये छोरी :** बाबेल शहरूको अर्को नाउँ हो।

**नदीहरू** टाइग्रीस, युफ्रेटिस नदीहरू। बाबेल यी नदीहरूका माझमा पर्छ।

१२तिमीले टुना-मुना र तन्त्र-मन्त्र सिक्नलाई तिम्रो
जीवनमा अत्यन्त परिश्रम गर्‍यौ। यसकारण तिम्रो टुना-मुना
र तन्त्र-मन्त्र प्रयोग गर्न शुरू गर्‍यौ। हुनसक्छ तिम्रो
टुना-मुनाले तिमीलाई साथ देला हुनसक्छ। तिमीले
कसैलाई भयग्रस्त पार्न सक्छौ।
१३तिमीसँग धेरैजना सल्लाहकारहरू छन, के तिमी
तिनीहरूका सल्लाहरूबाट थकित भयौ? तब तिम्रा
ज्योतिषीहरू पठाऊ ताकि ताराहरू पढ्न्। तिनीहरूले
तिमीलाई महीना कहिले शुरू हुन्छ बताउन सकुन्।
यसकारण हुन सक्छ तिनीहरूले तिमीलाई कष्टहरू
कहिले आउन सक्छ भनेर बताउन सकुन।
१४"तर ती मानिसहरूले आफैलाई सम्म बचाउन
सक्तैन्। तिनीहरू पराल जस्तो जल्नेछन्। तिनीहरू यति
चाँड़ो जल्नेछन कि कसैलाई तातो पार्न कोइला सम्म
रहने छैन्।
१५त्यो प्रत्येक कुरामा घट्ने छ जुन तिमीले परिश्रम
साथ गर्‍यौ। जो मानिसहरूसँग तिमीले जीवनभर काम
गर्‍यौ तिनीहरूले तिमीलाई छाड़नेछन्। प्रत्येक मानिस
आ आफ्नो बाटो जाने नै छन् अनि त्यहाँ तिमीलाई
बचाउने कुनै पनि मानिस रहने छैन्।"

## परमेश्वरले आफ्नो संसारमा शासन गर्नुहुन्छ

४८ परमप्रभु भन्नुहुन्छ, "हे याकूबका परिवार हो
मलाई ध्यान दिएर सुन्। तिमीहरू आफैले
आफूलाई इस्राएल भन्यौ। तिमीहरू यहूदाको वंशहरू
हौं। तिमीले वचन राख्नलाई परमप्रभुको नाउँ चलायौ,
तिमीले इस्राएलको परमेश्वरको स्तुति गान गर्‍यौ। तर
तिमी धार्मिक र निष्कपट थिएनौ जब तिमीले ती
कुराहरू गर्‍यौ।"
२हो, तिनीहरू पवित्र शहरका नागरिकहरू हुन्।
तिनीहरू इस्राएलका परमेश्वरमाथि आश्रित छन्। उहाँको
नाउँ सेनाहरूका परमेश्वर नै हो।
३"जुन कुरो घट्ने छ मैले धेरै अघि त्यस विषयमा
बताएको थिएँ। मैले ती कुराहरूको बारेमा
भनेको थिएँ। अनि मैले तिनीहरूलाई अचानक हुने
बनाए।
४मैले यी सबै गरें किनभने म जान्दथें तिमी एकदम
अटेरी थियौ। तिमीले मैले भनेको कुनै पनि कुरामा
विश्वास गर्न मानेनौ। तिमी एकदमै अटेरी थियौ फलाम
जस्तै नबाङ्गिने अनि काँसा जस्तै कड़ा।
५यसकारण के घटना घट्छ होला भनेर धेरै अघि
मैले तिमीहरूलाई भनेको थिएँ। मैले ती कुराहरू घट्नु
भन्दा अघि नै तिनीहरूको बारेमा भनेको थिएँ। मैले
यो गरें ताकि तिमीले भन्नु नपरोस, 'ती सबै हामीले
बनाएका देवताहरूले गरेका भनेर।' मैले यस्तो गरें भनी
तिमीले भन्नु नपरोस, 'हाम्रा मूर्तिहरूले यी देवताहरू
हाम्रा हुन भन्ने कुरा बतायो।'"

## परमेश्वरले इस्राएललाई शुद्ध पार्नलाई दण्ड दिनु हुन्छ

६"तिमीले के भयो भनेर ती घट्नाहरू देख्यौ र
सुन्यौ। यसैले तिमीले अन्य मानिसहरूलाई यी खबरहरू
भन्नु पर्नेछ। अब म तिमीलाई नयाँ समाचारहरू बारे
बताउनेछु ती कुराहरू अझ सम्म तिमी जान्दैनौ।
७"यी कुराहरू ती होइनन् जो अघिनै घटिसकेका
थिए। यी ती कुराहरू हुन जुन अहिले भइरहेकाछन्।
आज भन्दा पहिले तिमीले ती कुराहरू जानेको थिएनौ
यसैकारण तिमीले भन्न सक्तैनौ, 'हामीले पहिल्यै जानेका
थियौं भनेर।'
८"तर त्यसो भएर पनि, तिमीले मेरो कुरामा ध्यान
दिएनौ। केही पनि सिकेनौ। मैले भनेका कुनै पनि कुरा
तिमीले मान्दै मानेनौ। म शुरू देखि नै जान्दछु कि
तिमी मेरो विरुद्ध उठ्नेछौ। तिमी जन्मेकै दिनदेखि
तिमीले मेरो विरुद्धमा आन्दोलन गर्‍यौ।
९"तर, म धैर्यवान हुनेछु। म यो आफ्नैलागि गर्नेछु।
तैपनि मलाई नरिसाएको देखेर मानिसहरूले मेरो प्रशंसा
गर्नेछन्। किनभने मैले तिमीलाई नाश गरिन्।
१०"हेर, म तिमीलाई शुद्ध पार्नेछु। मानिसहरूले
शुद्ध चाँदी बनाउनु तातो आगो प्रयोग गर्दछन्। तर म
तिमीलाई कष्टहरू दिएर शुद्ध पार्नेछु।
११"यो म स्वयंकोलागि गर्नेछु। तिमीले मलाई त्यस्तो
व्यवहार गर्नेछैनौ, मानौ म मुख्य होइन, म मेरो महिमा
र प्रशंसा कुनै झूटा देवताहरूलाई लैजान दिने होइन्।
१२"हे याकूब, मेरो कुरा ध्यान दिएर सुन्। इस्राएल,
म तिमीलाई मेरो मानिसहरू भनेर आह्वान गर्नेछु। यसैले
मलाई ध्यान दिएर सुन्। म आदि हुँ र म अन्त हुँ।
१३"मैले पृथ्वीलाई मेरो आफ्नै हातले बनाएँ। मेरो
दाहिने हातले आकाश बनाएँ अनि यदि मैले
तिनीहरूलाई बोलाएँ भने तिनीहरू एकैसाथ मेरो समक्ष
आउनेछन्।
१४"तिमीहरू सबै यहाँ आऊ र मेरो कुरा ध्यान
दिएर सुन्। के कुनै झूटो देवताले यी कुराहरू घट्नेछन्
भनी भने? अँह।" त्यस मानिस जसलाई परमप्रभुले
बाबेल अनि कल्दीहरूलाई सजाय दिन रोज्नुहुन्छ,
उसले जे मन पर्छ त्यही गर्छ।
१५परमप्रभु भन्नुहुन्छ, "मैले तिमीहरूलाई भनें, म
उसलाई बोलाउनेछु अनि म उसलाई ल्याउँनेछु। म
उसलाई सफल तुल्याउनेछु।
१६यहाँ आऊ र मलाई ध्यान दिएर सुन्। म त्यहाँ
थिएँ जब बाबेल एक राष्ट्र सरह भएको थियो अनि
आदिदेखि नै, मैले स्पष्ट रूपले बोले, यसकारण ती
मानिसहरूले जान्न सकोस मैले के भनें।"
त्यस पछि यशैयाले भने, "अहिले परमप्रभु मेरो
मालिकले मलाई पठाउनु हुन्छ अनि उहाँको आत्माले
यी कुराहरू भन्नु हुन्छ। १७परमप्रभु, तिम्रो उद्धारक र
इस्राएलका परमपवित्र भन्नुहुन्छ,

"म तिम्रो परमप्रभु तिम्रो परमेश्वर हुँ। म तिमीहरूलाई ती कुराहरू सिकाउँछु जुन लाभदायक छ। म तिमीहरूलाई ती बाटोहरू लानेछु जहाँ तिमीहरू जानुपर्छ।
१८यदि तिमीले मेरो कुरा मानेको भए तिमीहरूकहाँ पूर्ण रूपमा बगीरहेको पानी सरह शान्ति आउने थियो। असल कुराहरू घरिघरि आउने समुद्रका छालहरू सरह तिमीहरूकहाँ आउने थियो।
१९यदि तिमीहरूले मेरो कुराहरू मानेको भए तिमीहरूले धेरै छोरा छोरीहरू पाउने थियौ। तिनीहरू बालुवाका कणहरू जस्ता हुने थिए। यदि तिमीले मेरा आज्ञा पालन गरेको भए, तिमीहरू नाश हुने नै थिएनौ।" तिमीहरू लगातार मसँग नै हुने थियौ।"
२०मेरा मानिसहरू बाबेल त्याग। मेरा मानिसहरू, कल्दीहरूबाट भाग। आनन्दको स्वरले यो सन्देशहरू मानिसहरूसँग भन्। यो सन्देशहरू पृथ्वीको टाढ़ा ठाउँहरूमा फैलाऊ। मानिसहरूलाई भन, "परमप्रभुले आफ्ना दास याकूबलाई बचाउनु भयो।
२१परमप्रभुले मरुभूमिबाट भएर मानिहरूलाई डोऱ्याउनु भयो, अनि तिनीहरू कहिल्यै तिर्खाएनन्। किन? किनभने आफ्ना मानिसहरूका निम्ति चट्टानबाट बगाएर उहाँले पानी बनाउनु भयो। उहाँले चट्टान फोर्नु भयो र पानी बगाउनु भयो।"
२२तर परमप्रभुले फेरि भन्नुभयो, "त्यहाँ दुष्ट मानिसहरूकालागि शान्ति छैन्।"

## परमेश्वरले आफ्ना विशेष दासलाई डाक्नु हुन्छ

**४९** टाढ़ामा रहेका मेरा मानिसहरू! मेरा कुरा ध्यान दिएर सुन्। पृथ्वीमा बाँचिरहेका सम्पूर्ण मानिसहरू ध्यान दिएर सुन्। परमप्रभुले उहाँको सेवा गर्न मलाई आह्वान गर्नुभयो। म जन्मनु भन्दा अघि नै परमप्रभुले मेरो नाउँ काढनु भयो जब म आमाको गर्भमा नै थिएँ।
२परमप्रभुले मलाई उहाँका निम्ति बोल्न प्रयोग गर्नुहुन्छ। उहाँ मलाई धारिलो तरवार जस्तै प्रयोग गर्नुहुन्छ, तर उहाँले मलाई रक्षा पनि गर्नुहुन्छ। उहाँले मलाई आफ्नो हत्केलामा लुकाउनु हुन्छ। परमप्रभुले मलाई तिखो काँड झैं उपयोग गर्नुहुन्छ, तर उहाँले मलाई काँडको ढोक्रोमा लुकाउनु हुन्छ।
३परमप्रभुले मलाई भन्नुभयो, "इस्राएल, तिमी मेरो दास हौ। म तिमीसँग अचम्म लाग्दो कामहरू गर्नेछु।"
४मैले भने, "मैले व्यर्थै परिश्रम गरें, मैले आफूलाई थोत्रो पारें, तर उपयोगी काम भने भएन्। मैले मेरा सारा शक्तिहरू प्रयोग गरें तर वास्तवमा मैले केही पनि पाइन्। यसैले, परमप्रभुले मसँग केही गर्नलाई निर्णय दिनु पर्छ। परमेश्वरले मेरो कामको प्रतिफल दिनै पर्छ।
५परमप्रभुले मलाई आमाको गर्भमा सिर्जना गर्नु भयो ताकि याकूब र इस्राएललाई उहाँ समक्ष फर्काउनका लागि उहाँको सेवक हुन सकुँ। परमप्रभुले मलाई सम्मान गर्नुहुनेछ। म परमेश्वरबाट आफ्नो बल पाउनेछु" परमप्रभुले मलाई भन्नुभयो।
६"तिमी मेरो एक मुख्य दास हौ। इस्राएलका मानिसहरू कैदी छन्, तर तिनीहरूलाई मकहाँ फर्काई ल्याउनेछु। याकूबका वंशहरू मकहाँ फर्की आउनेछन्। तर, तिमीसँग अर्को काम छ यो त्यो भन्दा पनि अझ मुख्य छ। सारा जातिहरूका लागि म तिमीलाई ज्योति बनाउनेछु। तिमी पृथ्वीमा भएका सारा मानिसहरूलाई बचाउने मेरो बाटो हुनेछौ।"
७परमप्रभु, इस्राएलका परमपवित्र र इस्राएलका उद्धारक भन्नुहुन्छ, "मेरो दास नम्र छ उसले शासकहरूको सेवा गर्दछ, तर मानिसहरूले उसलाई हेला गर्दछन्। तर, राजाहरूले उसलाई हेर्ने छन्, अनि उसलाई आदर गर्न उभिनेछन्। महान अगुवाहरूले उअघि शिर झुकाउनेछन्।" यो घटना हुने नै छ किनभने परमप्रभु, इस्राएलका परमपवित्रले, यो चाहनुहुन्छ। अनि परमप्रभुलाई विश्वास गर्न सकिन्छ। उहाँले नै तिमीलाई चुन्नु भएको हो।

## उद्धारको दिन

८परमप्रभु भन्नुहुन्छ, "त्यहाँ एक त्यस्तो विशेष समय आउनेछ जब म आफ्नो दया देखाउनेछु। त्यस समय म तिम्रो प्रार्थनाको उत्तर दिनेछु। त्यहाँ एक विशेष समय आउनेछ जब म तिमीलाई बचाउँछु, त्यस समय म तिमीलाई सहायता गर्नेछु म तिमीलाई रक्षा गर्ने छु अनि मानिसहरू र म बीच भएको करार पत्रको तिमी साक्षी हुनेछौ। देश अहिले ध्वंश भयो तर तिमीले त्यो भूमि फिर्ता दिनेछौ ती मानिसहरूलाई जो त्यसको मालिक थियो।
९तिमीहरूले कैदीहरूलाई भन्ने छौ, 'कैदबाट तिमीहरू बाहिर आऊ। अन्धकारमा बस्ने मानिसहरूलाई तिमीहरूले भन्नेछौ, 'अन्धकारबाट निस्क।' यात्रा गरिरहेका बेलामा मानिसहरूले खानेछन्। रित्तो पहाड़हरूमा तिनीहरूले खानेकुरा पाउनेछन्।
१०मानिसहरू भोको हुने छैनन्। तिनीहरू तिर्खाउने छैनन्। तातो घाम र बतासले तिनीहरूलाई हानि पुऱ्याउने छैन्। किन? किनभने परमेश्वरले तिनीहरूलाई सान्त्वना दिनुहुनेछ अनि उहाँले तिनीहरूलाई डोऱ्याउनु हुनेछ। उहाँले तिनीहरूलाई पानीका श्रोतहरूको छेउमा लैजानु हुनेछ।
११मेरा मानिसहरूका लागि म बाटो बनाइदिनेछु। पर्वतहरू समतल बनाई दिनेछु, अनि भत्किएको बाटोहरूमाथि उठनेछन्।
१२हेर, मानिसहरू टाढ़ा-टाढ़ाबाट मकहाँ आइरहेछ्न उत्तर अनि र पश्चिमबाट आइरहेछन्। मानिसहरू मकहाँ मिश्रदेश अन्तर्गत आस्वानबाट आइरहेछन्।"

१३हे स्वर्ग र पृथ्वी, आनन्दित होऊ। हे पर्वतहरू
आनन्दले चिच्याऊ। किन? किनभने परमप्रभुले आफ्नो
मानिसहरूलाई सान्त्वना दिनुहुन्छ। परमप्रभु आफ्ना गरीब
मानिसहरू प्रति असल हुनुहुन्छ।

### सियोन, एउटी परिव्यक्त स्त्री

१४तर अहिले सियोनले भन्दछ, "परमप्रभुले मलाई
त्याग्नु भयो, मेरो मालिकले मलाई भुल्नु भयो।"
१५तर म भन्छु, "के एउटी स्त्रीले आफ्नो नानी
बिर्सिन सक्छे? अँह! के एउटी स्त्रीले आफ्नो गर्भबाट
जन्माएको आफ्नो नानीलाई बिर्सिन सक्छे? यदि उसले
बिर्सन सक्छे भने पनि म तिमीलाई बिर्सिने छैन्।
१६हेर, मैले तेरो नाउँ मेरो हत्केलामा खोपेको छु।
म सारा समय तेरो बारेमा सोच्दछु।
१७तिमीहरूका नानीहरू तिमीहरूकहाँ फर्केर
आउनेछन्। मानिसहरूले तिमीहरूलाई पराजित गरे तर
ती मानिसहरूले तिमीहरूलाई एक्लै छोड़ेर गए।"

### इस्राएलका मानिसहरू फर्के

१८माथि हेर, तिम्रा चारैतिर हेर तिमीहरूका सारा
नानीहरू एकसाथ तिमीहरूकहाँ आइरहेछ। परमप्रभु
भन्नुहुन्छ, "जस्तो म जीवित छु म तिमीहरूसँग यो प्रण
गर्दछु: तिमीहरूका नानीहरू तिमीहरू कै घाँटी वरिपरि
बाँधिएको गहना जस्तो हुनेछन्। तिम्रा नानीहरू दुलहीले
लगाउने घाँटीको हार जस्तो हुनेछन्।
१९तिमीहरू अहिले पराजित र नष्ट भएकाछौ।
तिमीहरूका ठाउँहरू काम नलाग्ने भएकाछन्। तर
केही छिनमा नै, तिमीहरू आफ्ना ठाउँमा धेरै मानिसहरू
हुनेछन् अनि मानिसहरू जसले तिमीहरूलाई नाश गरे
तिनीहरू एकदम टाढ़ा हुनेछन्।
२०तिमीहरू आफ्ना नानीहरू हराउँदा दु:खी भएका
थियौ तर ती नानीहरूले तिमीहरूलाई भन्नेछन् यो भूमि
एकदम सानो छ। हामीलाई बस्न एउटा ठूलो ठाउँ
दिनुहोस।
२१तब तिमीहरू स्वयंले भन्नेछौ, "कसले मलाई यी
सारा नानीहरू दिए? यो राम्रो हो। म दु:खी र एक्लै
थिएँ। म पराजित भएको थिएँ र आफ्ना मानिसहरूबाट
टाढ़ा भएको थिएँ। यसकारण कसले मलाई यी
नानीहरू दिए? हेर, म एक्लै छाड़िएको थिएँ। यी सारा
नानीहरू कहाँबाट आए?"
२२परमप्रभु मेरो मालिक भन्नुहुन्छ, "हेर म आफ्ना
हात जातिहरू प्रति हल्लाउने छु। म मेरो झण्डा सारा
मानिसहरूले देख्ने गरी उठाउनेछु। त्यसपछी तिनीहरूका
नानीहरू तिमीहरूकहाँ ल्याउनेछन्। ती मानिसहरूले
तिमीहरूका नानीहरू काँधमा बोकेर ल्याउने छन्, अनि
तिनीहरूका पाखुराहरूमा उनीहरूले समात्नेछन्।
२३राजाहरू तिम्रा नानीहरूका शिक्षकहरू हुनेछन्।
राजाका छोरीहरूले तिनीहरूलाई हेरचाह गर्नेछन्। ती
राजाहरू र छोरीहरूले तिमीहरूको अघि आफ्ना शिर
झुकाउने छन्। तिनीहरूले तिमीहरूका खुट्टाको मैलामा
चुम्बन गर्नेछन्। त्यसपछि तिमीहरूले जान्नेछौ कि म
परमप्रभु हुँ। तब तिमीहरूलाई थाहा हुनेछ कि जसले
ममाथि आशा गर्दछ उ निराश हुनेछैन्।"
२४जब बलवान सिपाहीले युद्धमा धन जित्दछ,
तिमीहरूले उबाट त्यो धन लिन सक्तैनौ। जब शक्तिपूर्ण
सिपाहीले कैदीलाई पहरा दिनछन् त्यो कैदी भाग्न
सक्तैन्।
२५तर परमप्रभु, भन्नुहुन्छ, "कैदीहरू भाग्नेछन्।
टाढ़ाका ती बलबान सिपाहीबाट कतिजनाले ती कैदीहरू
लैजाने छन। यो कसरी हुनेछ? तिम्रो युद्ध म लड़नेछु।
म तिम्रो नानीहरूको रक्षा गर्नेछु।
२६"ती मानिसहरूले तिमीहरूलाई चोट पुर्‍याउछन्
तर म तिनीहरूलाई आफ्नै शरीरको मासु खान वाध्य
गराउनेछु। तिनीहरूका आफ्नै रगत दाखरस जस्तो हुन्छ
जो उनीहरूले पिउने छन्। तब प्रत्येक मानिसले
जान्नेछन्। कि म परमप्रभुले तिमीहरूलाई बचाउनुभयो।
सारा मानिसहरूले जान्नेछन कि याकूबको शक्तिशाली
परमप्रभुले तिमीहरूलाई बचाउनु भयो।"

### तिनीहरूका पापका कारण इस्राएलले दण्ड पायो

५० परमप्रभु भन्नुहुन्छ, "इस्राएलका मानिसहरू,
तिमीहरूले भन्यौ कि मैले तिमीहरूकी आमा
यरूशलेमलाई त्यागिदिए। तर कानून र त्याग-पत्र कहाँ
छ जसले उसलाई त्यागेको प्रमाण गर्छ? मेरा नानीहरू,
के मैले कसैबाट पैसा ऋण लिएँ? के ऋण चुकाउनलाई
मैले तिमीलाई बेचे? अँह! तिमीहरू बेचियौ किनभने
तिमीहरूले पापपूर्ण कामहरू गर्‍यौ। तिम्रो आमालाई
टाढ़ा पठाइयौ किनभने तिमीहरूले नराम्रा कामहरू
गर्‍यौ।
२म घरमा आएँ, त्यहाँ कोही पनि थिएन्। मैले
घरिघरि बोलाईनै रहें। तर के म तिमीहरूलाई बचाउँन
सक्तिन भनेर सोच्दछौ? तिमीहरूलाई आफ्ना सारा
सङ्कटहरूबाट बचाउनलाई मसँग शक्ति छ। हेर, यदि
मैले समुद्रलाई सुक्खा भई जा भनेर आदेश दिएँ भने
त्यो सुक्खा हुनेछ। माछा पानी बिना मर्ने छ, अनि
तिनीहरूका शरीरहरू कुँहिएर जानेछन्।
३दु:खमा लगाउने कालो भन्दा कालो लुगा जस्तै म
आकाश अन्धकार बनाउन सक्छु।"

### परमेश्वरका दास पूर्णरूपमा परमेश्वरमा नै आश्रित हुन्छ

४परमप्रभु मेरो मालिक मलाई पढ़ाउने ज्ञान दिनुहोस।
यसकारण म यी दु:खी मानिसहरूलाई अहिले पढ़ाउँनेछु।
प्रत्येक बिहान उहाँले मलाई उठाँउनु हुन्छ एक छात्र
सरह र पढ़ाउनु हुन्छ। ५परमप्रभु मेरो मालिकले शिक्षा

लिन मलाई सघाउनु हुन्छ, र म उहाँको विरुद्ध उठेको
छैन्। मैले उहाँलाई पछ्याउन छाड़ेको छैन्। ६मलाई
कुट्न ती मानिसहरू छाड़ी दिन्छु। उनीहरूलाई मेरो
बारीबाट केरा उखेल्न छाड़ी दिन्छु। पीर पर्ने कुराहरू
भने पनि म मेरो अनुहारमा थुके पनि उनीहरूबाट
अनुहार लुकाउने छैन्। ७परमप्रभु मेरो मालिकले मलाई
साथ दिनहुन्छ, यसैले तिनीहरूले म प्रति गरेका नराम्रा
कुराहरूले मलाई असर पार्दैन्। म बलियो हुनेछु। म
जान्दछु कि म निराश हुने छैन्।

८परमप्रभु मसँग हुनुहुन्छ। उहाँले मलाई निर्दोष
ठहराउनुहुन्छ। यसैकारण कसैले पनि मलाई दोषी
देखाउन सक्ने छैन्। यदि कसैले म गल्ती छु भनेर
मलाई प्रमाण गर्न खोज्छ भने त्यो मानिस मकहाँ
आउनुपर्छ अनि हामीमा परीक्षा हुनेछ। ९तर हेर,
परमप्रभु मेरो मालिकले मलाई साथ दिनुहुनेछ। यसकारण
कसैले पनि मलाई पापी भएको देखाउनु सक्तैन्। ती
सारा मानिसहरू पुरानो लुगाहरू जस्ता हुनेछन्। मदले
तिनीहरूलाई खानेछ।

१०ती मानिसहरू जसले परमप्रभुको सम्मान गर्छन्,
जसले आफ्नो सेवकका कुराहरू सुन्छन् अनि के हुनेछ
थाहा नपाई परमेश्वरसित जान्छन्, तिनीहरूले साँच्चै नै
परमप्रभुको नाउँमाथि विशवास गर्छन् र परमेश्वरमाथि
भर पर्छन्।

११"हेर, तिमीहरू आफ्नो तरिकाले बाँच्न चाहन्छौ।
तिमीहरूले आफ्नो हिसाबले आगो बाल्छौ र राँको
सल्काउँछौ। यसकारण आफ्ना तरिकाले नै बाँच्छौ।
तर, तिमीहरू दण्डित हुनेछौ। तिमीहरू आफैले बालेका
आगो र राँकोमा झरेर स्वयं जल्ने छौ। म त्यस्तो
घट्ना घट्न दिनेछु।"

## इस्राएल अब्राहाम जस्तो हुनु पर्दछ

५१ "तिमीहरू कतिपय असल जीवन जीउनलाई
एकदमै कोशीश गर्छौ। तिमीहरू यसको
लागि परमप्रभुको सहयोग माग्न जान्छौ। मलाई ध्यान
दिएर सुन्। तिमीहरूले आफ्ना पिता अब्राहामलाई हेर्नु
पर्छ। उनी एक चट्टान हुन जसको टुक्रा तिमीहरू
होऊ। २अब्राहाम तिमीहरूका पिता हुन् अनि तिमीहरूले
उनलाई खोज्नु पर्छ। तिमीहरूले सारालाई हेर एक नारी
जसले तिमीहरूलाई जन्म दिईन्। अब्राहाम मैले बोलाउँदा
एक्लै थियो। त्यसपछि मैले उसलाई आशीर्वाद दिएँ
अनि उसले एउटा ठूलो परिवार प्रारम्भ गर्‍यो। धेरै,
धेरै मानिसहरू उसबाट नै जन्मिए।"

३यस्तै प्रकारले परमप्रभुले सियोनलाई सान्त्वना
दिनुहुनेछ। परमप्रभुले उनी र उनको सन्तानहरू प्रति
दुःख अनुभव गर्नुहुनेछ अनि उहाँले उसको लागि एक
महान कार्य गर्नुहुनेछ। परमप्रभुले मरुभूमिलाई परिवर्तन
गर्नु हुनेछ। त्यो मरुभूमि अदनको बगैचा जस्तो हुनेछ।
त्यो जग्गा रित्तो थियो, तर त्यो परमप्रभुको बगैचा
जस्तो हुनेछ। मानिसहरू त्यहाँ अति नै खुशी हुनेछन्।
मानिसहरूले त्यहाँ आनन्द प्रकट गर्नेछन्। तिनीरूहरूले
धन्यवाद र विजयको गीत गाउनेछन्।

४"मेरा मानिसहरू, मलाई ध्यान दिएर सुन्। मेरो
निर्णयहरू कसरी जीउनु भनरे मानिसहरूलाई देखाउँदै
ज्योति जस्ता हुनेछन्।

५म निष्पक्ष छु भनेर चाँड़ै नै देखाउनेछु। म चाँडै नै
तिमीहरूलाई बचाउनेछु म आफ्नो शक्ति लाएर सारा
जातिहरूमा न्याय गर्नेछु सबै सुदूरका ठाउँहरूले मलाई
पर्खिरहेकाछन्। तिनीहरूले आफ्ना मद्दतकोलागि मेरो
शक्तिको प्रतीक्षा गर्दछन्।

६माथि आकाशमा हेर! तल पृथ्वी वरिपरि हेर!
आकाश बादलहरूका धूँवा सरह अल्गिदै जानेछ।
पृथ्वी काम नलाग्ने पुरानो लुगा सरह हुनेछ। पृथ्वीमा
भएका मानिसहरू मर्नेछन तर मेरो उद्धार सदा-सर्वदा
रहिरहनेछ। मेरो सद्भावना कहिल्यै अन्त हुनेछैन्।

७तिमीहरू जसले मेरो धार्मिकतालाई जान्दछौ त्यसले
मलाई ध्यान दिएर सुन्नु पर्छ। तिमीहरू जसले मेरो
उपदेशहरू मान्दछौ उनीहरूले मैले भनेका कुराहरू
मान्नु पर्दछ। दुष्ट मानिसहरूबाट नडराऊ। तिनीहरूले
तिमीहरूलाई भनेका नराम्रा कुराहरूबाट नडराऊ।

८किन? किनभने तिनीहरू पुराना लुगाहरू जस्ता
हुन्। माऊ कीराहरूले तिनीहरूलाई खानेछन्। तिनीहरू
ऊन जस्तो हुन कीराहरूले तिनीहरूलाई खानेछन तर
मेरो सद्भावना सदा-सर्वदा चलिरहनेछ। मेरो उद्धार सदा
सर्वदा लगातार चलिरहनेछ।"

## परमेश्वरको शक्तिले आफ्ना मानिसहरूलाई बचाउनेछ

९जाग! जाग! हे परमप्रभुको बाहु, बलवान बन्।
आफ्नो बल चलाऊ जसरी तिमीहरूले धेरै अघि गरेका
थियौ। जसरी तिमीहरूले प्राचीन कालमा गरेका थियौ।
तिमीहरूसग राहाबलाई पराजित गरेको त्यो शक्ति छ।
तिमीहरूले अजीङ्गर पराजित गर्‍यौ।

१०तिमीहरूले गर्दा नै समुद्रलाई सुक्खा हुने पार्‍यौ।
तिमीहरूले अति गहिरोबाट पानी सुकायौ। तिमीहरूले
समुद्रको गहिरो भागमा बाटो बनायौ। तिमीहरूले त्यो
बाटो पार गरेर बाँच्यौ।

११परमप्रभुले उहाँका मानिसहरूलाई बचाउनु हुन्छ।
तिनीहरू आनन्दित भएर सियोन फर्किनेछन्। तिनीहरू
अत्यन्त खुशी हुनेछन्। तिनीहरूका खुशीयाली तिनीहरूको
शिरको एउटा मुकुट सरह सदा-सर्वदा रहने छ।
तिनीहरूले खुशीसँग गाउनेछन् सबै दुःखद अवस्थाहरू
टाढ़ा हटेर जानेछ।

१२परमप्रभु भन्नुहुन्छ, "म मात्रै हुँ तिमीहरूलाई
सान्त्वना दिने। यसैले तिमीहरू किन मानिसहरूसँग
डराउँछौ? तिनीहरू मानिसहरू मात्र हुन् जो बाँच्छन र

मर्छन तिनीहरू मानिस जातिहरू हुन तिनीहरू घाँस जस्तै
मर्दछन्।"
१३परमप्रभुले तिमीहरूलाई बनाउनु भएको हो। उहाँको
आफ्नो शक्तिले पृथ्वी बनाउनु भयो। अनि उहाँको
आफ्नो शक्तिले पृथ्वी भरि आकाश फैलाउनु भयो। तर
तिमीहरूले उहाँलाई भुल्यौ र उहाँको शक्तिलाई पनि
भुल्यौ। यसकारण तिमीहरू क्रोधित मानिससँग डराउँछौ
जसले तिमीहरूलाई चोट पुर्‍याउँछ। ती मानिसहरूले
तिमीहरूलाई नाश गर्ने योजना बनाए तर तिनीहरू सबै
गए तिनीहरू अब कहाँ छन्।
१४कैदमा परेका मानिसहरू चाँडै नै स्वतन्त्र हुनेछन्।
ती मानिसहरू झ्यालखानमा मर्ने अथवा सड्ने छैनन्।
ती मानिसहरूले प्रशस्त खानेकुराहरू पाउनेछन्।
१५"किनकि म, परमप्रभु, तेरो परमेश्वर हुँ। म
समुद्रलाई उत्तेजित पारी उठाउनेछु र छालहरू उठाउनेछु।"
(सेनाहरूका परमप्रभु उहाँको नाउँ हो।)
१६"मेरो दास, म तिमीहरूलाई ती वचनहरू दिने छु
जुन म तिमीहरूलाई भन्न चाहन्छु। अनि म तिमीहरूलाई
मेरो हातले छेक्नेछु र म तिमीहरूलाई बचाउनेछु। म
तिमीहरूलाई नयाँ आकाश अनि नयाँ पृथ्वी बनाउनलाई
चलाउनेछु। म तिमीहरूलाई चलाउनेछु इस्राएललाई
यसो भन्नलाई, 'तिमीहरू मेरा मानिसहरू हौ।'"

## परमेश्वरले इस्राएललाई दण्ड दिनुभयो

१७जाग जाग! यरूशलेम, उठ! परमप्रभु तिमीहरूमाथि
अति क्रोधीत हुनु हुन्थ्यो। यसैकारण तिमीहरू दण्डित
भयौ। यो दण्ड एक कचौरा विष जस्तो थियो,
तिमीहरूले पीउनु नै पर्थ्यो अनि तिमीहरूले यसलाई
पियौ।
१८यरूशलेमसँग धेरै मानिसहरू थिए, तर तिनीहरू
मध्ये कोही पनि यरूशलेमको अगुवा हुन सकेन्।
तिनले उठाएका कुनै पनि छोरा छोरीहरूले उनलाई
डोर्‍याएनन्। १९कष्टहरू दुइ वर्गमा यरूशलेममा देखा
परे, चोरी र सीमित खाद्यन्न, ठूलो अनिकाल र युद्ध।
तिमीहरू दु:खमा परेको बेला कसैले पनि तिमीलाई
साथ दिएन्। कसैले पनि तिमीहरू प्रति करूणा देखाएन्।
२०तिमीहरूका मानिसहरू कमजोर भए तिनीहरू भूईंमा
लड़ेर त्यही पल्टिरहे। ती मानिसहरू प्रत्येक कुना
काप्चा र गल्लीहरूमा लड़िरहे। तिनीहरू पाशोमा परेका
पशुहरू जस्ता भए। जब सम्म तिमीहरूले दण्ड थाम्न
नक्सने भयो परमप्रभुको क्रोधवाट दण्डित भइरह्यौ।
जब परमेश्वरले अधिक दण्ड दिन्छु भनेर भन्नुभयो,
तिनीहरू सातो हराएका झैं भए।
२१मलाई ध्यान देऊ, दु:खी यरूशलेम। तिमीहरू
दाखरस नपिएता पनि एउटा मद पिउने मानिस जस्तै
कमजोर छौ। तिमीहरू त्यस, "विषको कचौराबाट"
कमजोर छौ।
२२तिमीहरूका परमेश्वर र मालिक, परमप्रभु, आफ्ना
मानिसहरूका लागि लड्नु हुन्छ उहाँले तिमीहरूलाई
भन्नु हुन्छ, "हेर, म यस विषको कचौरालाई तिमीहरूबाट
टाढ़ा हटाइरहेछु। म मरो क्रोध तिमीहरूबाट टाढ़ा
लागिरहेछु। मेरो क्रोधको कारणले अब उप्रान्त तिमीहरू
दण्डित हुने छैनौ। २३म मेरो क्रोध तिनीहरूमाथि प्रयोग
गर्नेछु जसले तिमीहरूलाई चोट पुर्‍याउनेछ, जसले
तिमीहरूलाई मार्ने प्रयास गर्दछ। तिनीहरूले तिमीहरूलाई
भने, 'हाम्रो अघाड़ी धुडा टेक अनि हामी तिमीहरूमाथि
हिड़नेछौ।' तिनीहरूले जबरजस्ती तिनीहरूलाई झुकाउने
कोशिश गर्छन्। अनि तिनीहरू तिमीहरूका ढाढ़मा
हिंड़नेछन्। तिमीहरू तिनीहरू हिंडने एक बाटो जस्तो
हुनेछौ।"

## इस्राएल सुरक्षित हुनेछ

५२ जाग! जाग! हे सियोन! आफै वस्त्र लगाऊ!
आफ्नो शक्ति धारण गरेर पवित्र यरूशेलेममा
उभ! मानिसहरू जो परमेश्वरको बाटोमा हिडन तयार
भएनन तिमीहरूकहाँ फेरि प्रवेश गर्नेछैन्। ती मानिसहरू
शुद्ध र सफा छैनन्।
२धूलो टक्टकाऊ। आफ्ना आश्चर्य पोषाकहरू लगाऊ!
यरूशलेम, सियोनको छोरी, तिमी कैदी थियौ। तर
अहिले, आफ्नो साङ्गलाहरूबाट मुक्त छौ जुन बन्धन
तिम्रा घाँटी वरिपरि बाँधिएका थिए।
३परमप्रभु भन्नुहुन्छ, "तिमीहरू पैसाकोलागि बेचिएनौ।
यसकारण म तिमीहरूलाई मुक्त पार्न पैसाको प्रयोग गर्ने
छैन्।"
४परमप्रभु, मेरो मालिकले भन्नुहुन्छ, "मेरा मानिसहरू
पहिले बस्नलाई मिश्रतिर गए अनि त्यसपछि तिनीहरू
दासहरू भए। पछि अश्शूरले तिनीहरूलाई दास बनाए।
५अब हेर के भयो। अर्को जातिले मेरा मानिसहरू
लगेर गयो। त्यो देशले ज्याला तिरेन्। यी जातिले मेरा
मानिसहरूमा शासन गरे र उनीहरू हाँसे। ती मानिसहरूले
मेरो बारेमा सधैं नराम्रा कुराहरू गर्दछन्।"
६परमप्रभु भन्नुहुन्छ, "यस्तो भयो, यसकारण मेरा
मानिसहरूले मेरो बारेमा सिक्नेछन्। मेरा मानिसहरूले म
को हुँ भनेर जान्नेछन्। मेरा मानिसहरूले मेरो नाउँ
जान्नेछन्, अनि तिनीहरूले म उही परमेश्वर हुँ भनेर
जान्नेछन् जो उनीहरूसित बोलिरहेकोछु।"
७एकजना समाचार-वाहक सु-समाचार लिएर पहाड़माथि
आउँदै गरेको देख्नु आश्चर्यपूर्ण कुरा हो। समाचार-
वाहकले सियोनमा यो घोषणा गरेको सन्दा खुशीयाली
आउँछ, "शान्ति छ! हामी सुरक्षित छौं!" तिमीहरूका
परमेश्वर राजा हुनुहुन्छ!"
८शहरका पहरादारहरू चिच्याउन थाले। तिनीहरू
सबै एकार्कामा आनन्दित छन्। किन? किनभने तिनीहरू
प्रत्येकले परमप्रभु सियोन तर्फ फर्किरहेको देख्दछन्।

९यरूशलेम, तिम्रो भग्नावशेष भवनहरू फेरि खुशीले
भरिनेछ। तिमीहरू सबै पुन: आनन्दित हुनेछौ। किन?
किनभने यरूशलेममाथि परमप्रभु कृपालु हुनुहुन्छ।
परमप्रभुले आफ्ना मानिसहरूलाई बचाउनुहुनेछ।
१०परमप्रभुले आफ्नो पवित्र बाहुबल सारा जातिहरूलाई
देखाउनु हुनेछ। टाढ़ामा भएका सारा राष्ट्रहरूले परमप्रभुले
कसरी आफ्ना मानिसहरूको उद्धारलाई देख्नेछन्।
११तिमीहरू बन्दी मुक्त हुनुपर्छ। त्यो ठाउँ छोड़।
पूजाहरीहरू, तिमीहरूले जे चीजहरू बोक्छौ सबै पूजामा
उपयोग हुन्छन्, यसैले आफूलाई शुद्ध पार। कुनै चीज
नछोऊ जुन पवित्र छैन्।
१२तिमीहरू कैदबाट मुक्त हुनेछौ, तर तिनीहरूले
तिमीहरूलाई छोड़न हतार गर्दैनन्। तिमीहरू बलपूर्वक
खेदिनेछैनौ। तिमीहरू हिड़नेछौ अनि तिमीहरूसँग परमप्रभु
हिड़नुहुनेछ। परमप्रभु तिमीहरूका सामुने जानुहुनेछ अनि
इस्राएलका परमेश्वर पछिल्तिर हुनहुनेछ।

### परमेश्वरको सेवक तडपी रहेछ

१३"हेर मेरो दासलाई। उ एकदम सफल हुने छ।
उनी एकदम मुख्य हुनेछ। भविष्यमा मानिसहरूले
उनको आदर र सम्मान गर्नेछन्।
१४"तर मानिसहरू मेरो दासलाई देखेर छक्क पर्नेछन्।
उसलाई यस्तो प्रकारले चोट पुऱ्याइएको थियो कि
उसलाई मानिस भनेर चिन्नलाई पनि गाह्रो पर्थ्यो।
१५तर अझ मानिसहरू छक्क पर्नेछन्। राजाले उसलाई
हेर्नेछन, छक्क पर्नेछन र मुखबाट एक शब्द पनि
निस्कने छैन्। ती मानिसहरूले मेरो दासको कथा
सुनेनन्। तिनीहरूले के भयो देखे। तिनीहरूले त्यो कथा
सुनेनन तर तिनीहरूले बुझे।"

**५३** हामीले घोषणा गरेका कुराहरू वास्तवमा
कसले विश्वास गर्छ? वास्तवमा कसले
परमप्रभुको दण्डलाई स्वीकार गर्दछ?
२उ एक सानो पालुवा जस्तो परमप्रभुको अगाडी
हुर्कियो। उ सुक्खा भूईंमा उम्रिरहेको एउटा जरा जस्तै
थियो। उसमा त्यस्तो खास गौरव थिएन्। उसमा विशेष
कुरा देखिँदैन थियो। यदि हामीहरूले उसलाई हेऱ्यौ भने
हामी त्यस्तो केही खास कुरा देख्ने छैनौ जसले उ प्रति
हामी आकृष्ट नै हुने कारणै देखिन्दैन्। ३मानिसहरूले
उसलाई हाँसोको पात्र बनाए अनि आफ्नो साथीहरूले
उसलाई छाड़िदिए। ऊ पीड़ा नै पीड़ाले भरिएको मानिस
थियो। ऊ राम्रो प्रकारले निको हुनेछ भनेर जान्दथे।
मानिसहरूले उसलाई हेर्न दिएनन्। हामीले उसलाई
ध्यानै दिएनौं।
४तर उसले हाम्रा कष्टहरू आफ्नै ठान्यो। उसले
हाम्रा यन्त्रणाहरूको भारी उठायो अनि हामीले सोच्यौ
उसलाई परमेश्वरले दण्ड दिनुभयो। हामीले सोच्यौ
उसले गरेको दुष्टकर्मको लागि परमेश्वरले दण्ड दिनुभयो।
५तर हामीले गरेको भूल कामहरूका लागि उसलाई
पीड़ा सहन बाध्य गराइयो। उसलाई हाम्रो दोषकोलागि
श्राप दिइयो। हाम्रो ऋणको निम्ति उसलाई सजाय
दिइयो। उसको पीड़ाले नै हामीलाई क्षमा गरियो।
६हामी सबै भेड़ा जस्तै लक्ष्यविहीन घुमिरह्यौं। हामी
सबै आ-आफ्ना बाटो तिर लाग्यौ। परमप्रभुले हाम्रो
दोषहरू माफ गरिदिनु भयो अनि हामीले आफ्ना सबै
दोष उहाँमाथि थोपऱ्यौं।
७उसलाई चोट पुऱ्याएर दण्ड दिइयो। तर उसले
कहिल्यै विरोध गरेन्। मार्नलाई लगेको भेंड़ा जस्तै
उसले केही पनि भनेन्। ऊ ऊन काट्दा पनि चुपचाप
रहने भेंड़ाको पाठो जस्तो भयो। उसले आफ्नै बचाउको
लागि कहिल्यै मुख खोलेन्। ८मानिसहरूले जबरजस्ती
गरेर उसलाई लगे। अनि तिनीहरूले उसलाई निष्पक्ष
प्रकारले न्याय गरेनन्। कसैले पनि उसको परिवारको
बारेमा केही भन्न सकेनन, किनभने बाँचिरहेका
मानिसहरूका ठाउँबाट उसलाई लगेर गयो। मेरा
मानिसहरूका पापहरूका खातिर उसलाई दण्ड
दिइयो।
९उ मऱ्यो र उसलाई धनीहरूको चिहानसँगै गाड़ियो।
उसलाई दुष्ट मानिसहरूसँग गाड़ियो। उसले केही नराम्रो
काम गरेन। उसले कहिल्यै झूटो बोलेन तर यस्ता
दुर्घटनाहरू उमाथि भए।
१०परमप्रभुले उसलाई श्राप दिने निर्णय गर्नु भयो।
परमप्रभुले उ पीड़ित हुनै पर्छ भनेर निर्णय गर्नुभयो।
यसकारण दासले स्वयंलाई मर्नको लागि समर्पण गरे।
तर उसले लामो समय सम्म नयाँ जीवन बाँचे। उसले
आफ्ना मानिसहरूलाई देख्नेछन्। परमप्रभुले उसबाट
चाहे जस्तै उसले ती कुराहरू पूर्णगर्ने छ।
११मनमा उ कैयौं कुराहरूबाट पीड़ित हुनेछ तर
उसले हुने असल कुराहरू देख्नेछ। उसले सिकेका
कुराहरूबाट उ सन्तुष्ट हुनेछ। मेरो धर्मी दासले धेरैलाई
दोषी बनाउनेछैन, उसले तिनीहरूका दोष बोकी लानेछ।
१२यसकारण मैले उसलाई मेरो मानिसहरू मध्ये पुरस्कार
दिएँ। उसले ती सबै चीजहरू बलिया मानिसहरूसँग
बाड़नेछ। म उसैको लागि यो कुरा गरिरहेछु किनभने
उसले मानिसहरूको लागि आफ्नो जीवन अर्पण गऱ्यो
अनि मऱ्यो। मानिसहरूले भने उ एक अपराधी थियो।
तर वास्तवमा के थियो भने उसले अन्य सबैका
पापहरू स्वयंले बोक्यो। अनि जोसँग पापहरू छन ती
मानिसहरूकै लागि बोल्यो।"

### परमेश्वरले आफ्ना मानिसहरूलाई घर ल्याउनु हुन्छ

**५४** ए बाँझी स्त्रीहरू हो, खुशी होऊ! तिमीहरूका
नानीहरू छैनन्, तर तिमीहरू खुशी हुनुपर्छ।
परमप्रभु भन्नुहुन्छ, "त्यो स्त्री जो एक्लै छे, लोग्ने
भएका स्त्रीहरू भन्दा उसको धेरै नानीहरू हुनेछन्।"

२तिमीहरूका डेरालाई ठूलो बनाऊ, तिमीहरूका ढोकाहरू फराकिलो पार। तिमीहरूको घर बढ़ाउन नरोक। तिम्रा डेरा ठूलो र बलियो बनाऊ।
३किन? किनभने तिमीहरू एकदम बड़ी हाल्नेछौ। तिम्रा छोरा-छोरीहरूले धेरै जातिहरूबाट मानिसहरू पाउनेछन्, तिम्रा छोरा-छोरीहरू फेरि त्यही शहरहरूमा बस्ने छ जुन ध्वंश भएका थिए।
४नडराऊ! तिमीहरू निराश हुनेछैनौ। मानिसहरूले तिमीहरूको विरुद्ध अनिष्ट कुराहरू गर्ने छैनन्। जब तिमीहरू जवान थियौ, तिमीहरू लज्जित थियो। तर तिमीहरूले अहिले त्यो लाज बिर्सयौ। तिमीहरूले त्यो लाज सम्झना गर्दैनौ। तिमीहरूले व्यक्त गर्‍यौ जतिबेला तिमीहरूका लोग्ने मेर।
५किन? किनभने तेरा लोग्ने तेरा सृष्टिकर्त्ता हुनुहुन्छ। उहाँको नाउँ सेनाहरूका परमप्रभु हो! उहाँ इस्राएलको संरक्षक हुनुहुन्छ। उहाँ इस्राएलको एकजना परमपवित्र हुनुहुन्छ। अनि उहाँलाई सारा पृथ्वीका परमेश्वर भनिनेछ।
६तिमी त्यस्ती आइमाई थियो जसलाई लोग्नेले त्यागिसकेको थियो। परमेश्वरको विषयमा तिमी तिम्रो अन्तर आत्मामा एकदमै दु:खित थियौ, तर उहाँले तिमीलाई आफ्नो बनाउन बोलाउनु भयो। तिमी त्यस्ती आइमाई हौ जसले सानो उमेरमा विवाह गरेकी थिई। अनि उसको लोग्नेले परित्याग गरेको थियो। तर परमेश्वरले तिमीलाई आफ्नो बनाउन बोलाउनु भएको थियो।
७परमेश्वर भन्नुहुन्छ, "मैले तँलाई केही क्षणको निम्ति त्यागेको थिएँ। तिमीहरूलाई फेरि भेला गर्नेछु अनि धेरै दया दर्शाउनेछु।
८म अत्यन्तै क्रोधित भएँ अनि तिमीहरूदेखि केही क्षणको लागि लुके। तर म तिमीहरूलाई सदा सर्वदा कृपाले सान्त्वना दिनेछु।" परमप्रभु तेरा उद्धारक भन्नुहुन्छ।

### परमेश्वरले नित्य आफ्ना मानिसहरूलाई प्रेम गर्नुहुन्छ

९परमेश्वर भन्नुहुन्छ, "सम्झ नूहको समयमा मैले संसारलाई जलप्रलयद्वारा दण्डित गरेको थिएँ। तर मैल नूहसँग वचन राखेको थिएँ कि म फेरि संसारलाई जलप्रलय द्वारा विध्वंश गर्ने छैन्। त्यस्तै प्रकारले म तिमीहरूसँग करार बाँध्दछु कि कहिल्यै पनि म तिमीहरूसँग रिसाउने छैन अनि नराम्रा कुराहरू गर्ने छैन्।"
१०परमप्रभु भन्नुहुन्छ, "पर्वतहरू हराउन सक्छन्, अनि डाँड़ाहरू धूलो हुनसक्छन्, तर मेरो दया तिमीहरूबाट अलग हुनेछैन्। म तिमीहरूसँग शान्ति कायम गर्नेछु अनि यसको कहिल्यै अन्त हुनेछैन्।" परमप्रभुले तिमीहरूमाथि दया दर्शाउनु हुन्छ। अनि उही परमेश्वरले यी कुराहरू भन्नुभयो।
११तिमी गरीब शहर! शत्रुहरू तूफान सरह तिमीहरूका विरुद्ध आई लागे। अनि कसैले पनि सान्त्वना दिएनन्। तर म फेरि तिमीलाई निर्माण गर्छु ढुङ्गाहरूका भित्ताहरू सजाएर म सुन्दर ढुङ्गाले तिमीलाई बनाउनेछु। म बहुमूल्य ढुङ्गाहरू प्रयोग गरेर तिम्रो वरिपरिको पर्खालहरू बनाउनेछु।
१२भित्ताको माथिल्लो तहका ढुङ्गाहरू लालमाणिहरूले बनाउनेछु। मूलद्वार बहुमूल्य चम्कने रत्नहरूले सजाउनेछु। तिम्रा वरिपरिका भित्ताहरूमा बहुमूल्य रत्नहरू जड़नेछु।
१३तिम्रा नानीहरूले परमेश्वरलाई पछ्याउनेछन्। अनि उहाँले तिनीहरूलाई शिक्षा दिनुहुनेछ। तिम्रा नानीहरूले वास्तविक रूपमा शान्ति पाउनेछन्।
१४तिमी धार्मिकतामाथि निर्माण हुनेछौ। यसैले तिमी सुरक्षित हुनेछौ। केहीले पनि तिमीलाई चोट पुर्‍याउने छैन्। तिमी डराई रहनु पर्नेछैन्।
१५मेरा कुनै पनि सैन्यले तिम्रो विरुद्धमा लड़ाइँ गर्ने छैन्। यदि कुनै सैनिकले आक्रमण गर्‍यो भने तिमीले त्यस सैन्यलाई पराजित गर्नेछौ।
१६हेर, मैले लोहारलाई बनाएँ। उसले आगो फुक्छ र फलामलाई तातो बनाउँछ। त्यसपछि उसले तातो फलाम लिएर जस्तो चाहन्छ त्यस्तै हतियार बनाउँदछ। यस्तै प्रकारले मैले 'नाश गर्नेवाला' जसले धेरै थोकहरू नष्ट पार्दछ उसलाई पनि मैले नै सृजना गरेको हुँ।
१७मानिसहरूले तिम्रो विरुद्ध लड़ाइँ गर्न हतियारहरू बनाउँनेछन, तर ती हतियारहरूले तिमीलाई पराजित गर्न सक्दैन्। केही मानिसरूले तिम्रो विरुद्ध कुराहरू गर्नेछन्, तर तिनीहरू जो तिम्रो विरुद्ध कुरा गर्छन् आफै दोषी रहेको प्रमाणित गर्नेछन्।"
परमप्रभु भन्नुहुन्छ, "परमप्रभुको दासले के पाउनेछ? तिनीहरूले मबाट माफ पाउनेछन्।"

### परमेश्वरले तृप्त गराउने "भोजन दिनुहुन्छ

५५ "हे सबै, तिर्खाएका मानिसहरू, आऊ पानी पिऊ! पैसा छैन भनेर सुर्ता नगर। आऊ, अघाउञ्जेल सम्म खाऊ र पिऊ! तिमीहरूलाई पैसा चाहिन्दैन अघाउञ्जेल खाऊ र पिऊ। खान र पिऊनुको ज्याला लाग्दैन्।
२किन? तिमीहरू त्यस्तो चीजहरूमा पैसा बर्बाद गर्छौ जुन खास भोजन नै होइन? किन तिमीहरू त्यस्ता व्यर्थका कामहरू गर्छौ जसले तिमीहरूलाई सन्तुष्टी दिँदैन? एकदमै ध्यान दिएर मेरा कुरा सुन अनि तिमीहरूले राम्रा भोजन खान पाउनेछौ। तिमीहरूले त्यस्तो राम्रा खाना खानेछौ जसले तिम्रो आत्मा तृप्त पार्नेछ।
३मैले भनेका कुराहरूमा एकदमै ध्यान दिएर सुन्। मेरो कुरालाई ध्यान दिएर सुन तिमीहरूका प्राणहरू बाँच्नेछन्। मकहाँ आऊ र तिमीहरूसँग एक करार गर्नेछु जुन सदा-सर्वदा रहनेछ। यो करार त्यस्तो हुनेछ जुन मैले दाऊदसँग गरेको थिएँ। मैले दाऊदलाई प्रेम

गर्नेछु अनि सदा उ प्रति उदार रहनेछु भनेर वचन दिएको थिएँ। अनि तिमीहरूले त्यो करारमाथि विश्वास गर्न सक्छौ।

४मैले मेरो शक्ति-प्रमाण र सबै जातिहरूकालागि दाऊदलाई बनाएँ। मैले दाऊदलाई वचन दिएँ कि उ धेरै जातिहरूका शासक र सेनापति हुनेछ।"

५ती ठाउँहरूमा धेरै जातिहरू छन् जो तिमीहरू जान्दैनौ, तर तिमीहरू ती जातिहरूलाई डाक्नेछौ। ती जातिहरूले तिमीहरूलाई जान्दैनन तर तिनीहरू दौडेर तिमीहरूकहाँ आउनेछन्। यस्तो घटना हुने छ किनभने परमप्रभु तिमीहरूका परमेश्वरले घटना चाहनुहुन्छ। इस्राएलका परमपवित्रले तिमीहरूलाई आदर गर्नुहुन्छ।

६यसैले तिमीहरूले परमप्रभुलाई खोज्नु पर्छ एकदमै ढिलो हुनु अघि नै। तिमीहरूले उहाँलाई अहिले नै बोलाइहाल्नु पर्छ उहाँ नजिक भएको बेला।

७दुष्ट मानिसहरूले पापमय जीवन बाँच्न छाड्नु पर्छ। तिनीहरूले नराम्रा कुराहरू सोच्न छाड्नु पर्छ। तिनीहरू परमप्रभुकहाँ फेरि एकपल्ट आउनु पर्छ। तब परमप्रभुले उनीहरूलाई सान्त्वना दिनुहुनेछ। ती मानिसहरू परमप्रभुकहाँ आउनु पर्नेछ किनभने हाम्रो परमेश्वरले क्षमा गर्नुहुन्छ।

### मानिसहरूले परमेश्वरलाई बुझ्न सक्तैनन्

८परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका विचारहरू मेरा विचारहरू जस्ता छैनन्। तिमीहरूका चालहरू मेरा चालहरू जस्ता छैनन्।

९आकाश पृथ्वी भन्दा अल्गो छ। त्यस्तै प्रकारले, मेरा चालहरू पनि तिमीहरूका भन्दा फराकिला छन् अनि मेरा विचारहरू पनि तिमीहरूका विचारहरू भन्दा अग्ला छन्।" परमप्रभु स्वयंले यी कुराहरू भन्नुभयो।

१०"पानी र हिँऊ आकाशबाट बर्षन्छ अनि तिनीहरू फर्केर आकाश तिर जाँदैन्। जब सम्म तिनीहरूले धरतीलाई छोएर त्यसलाई भिजाउँदैन्। तब धरतीले बिरूवामा टुसा उमार्दछ। ती टुसाहरूले किसानकोलागि अन्न उब्जाउँछन अनि मानिसहरूले ती अन्न रोटी बनाई खान्छन्।

११यस्तै प्रकारले मेरा वचनहरूले मेरो मुख छाडदछ अनि ती वचनहरूले केही नगरुञ्जेल सम्म फर्की आउँदैन्। मेरा वचनहरूले घटनाहरू घटाउने गर्छ जुन म चाहन्छु। मैले पठाएका ती वचनहरू आफ्नो काम गर्न सफल हुन्छन्।

१२तिमी खुशी साथ बाहिर जानेछौ अनि शान्त रहनेछौ। पर्वत र पहाड़हरू प्रसन्न भएर नाच्न चाहनेछन्। खेतका सबै रुखहरूले ताली बजाउनेछन्।

१३जहाँ पोथ्राहरू छन् त्यहा विशाल सल्लाका रूखहरू उम्रनेछन्। वनमारा घारीमा हिना वृक्षहरू उम्रनेछन्। ती कुराहरूले परमप्रभुको ख्याति बढ़ाउने छ। ती कुराहरूले परमप्रभुको शक्तिको प्रमाण गर्दछ। यो चिह्न कहिल्यै नाश हुने छैन्।"

### सारा जातिहरूले परमप्रभुलाई पछ्याउने छन्

५६ परमप्रभुले यी कुराहरू भन्नुभयो, "सबै मानिसहरूसित न्यायपूर्वक व्यवहार गर। ठीक कुराहरू मात्र गर। किन? किनभने मेरो मुक्ति तिमीहरूमा हुनेछ। मेरो धार्मिकता संसारभरि चाँडै प्रकट हुनेछ।"

२त्यस मानिस जसले परमप्रभुको विश्राम दिन बारे नियमहरू मान्छ उसमा परमप्रभुको कृपा रहन्छ। अनि त्यस मानिस जसले कुनै पाप कर्म गर्दैन उ खुशी हुनेछ। ३केही मानिसहरू जो यहूदी होइनन आफै परमप्रभुसँग मिल्नेछन्। तिनीहरूले भन्नु पर्दैन, "परमप्रभुले आफ्ना मानिसहरूसित मलाई ग्रहण गर्नेछैन्।" नपुंसकले यसो भन्नुपर्दैन, "म सुखा काठको एउटा टुक्रा हुँ।"

४-५ती नपुंसकहरूले त्यस्ता कुराहरू भन्नु पर्दैन किनभने परमप्रभुले भन्नुहुन्छ, "नपुंसक मध्ये केहीले विश्राम दिनको नियम अनुसरण गर्छन्। कार्यहरू त्यही गर्छन जो म इच्छा गर्छु अनि मेरो करार साँचो हृदयले अनुशरण गर्छन्। यसैले म तिनीहरूकोलागि स्मारक ढुङ्गा मेरो मन्दिरमा राखिदिनेछु। तिनीहरूका नाउँ मेरो शहरमा सम्झना गरिनेछ। हो, म ती नपुसंकहरूलाई केही चीज दिनेछु जुन नानीहरू भन्दा राम्रो हुन्छ। म तिनीहरूलाई नाउँ दिनेछु जुन सधैँ रहनेछ। तिनीहरू मेरा मानिसहरूबाट अलग हुने छैनन्।"

६कतिपय मानिसहरू जो यहूदीहरू होइनन उनीहरू परमप्रभुकहाँ आएर मिल्नेछन्। तिनीहरूले त्यसो गर्नेछन यसैले तिनीहरूले उहाँलाई सेवा गर्न सक्छन र परमप्रभुको नाउँलाई प्रेम गर्नेछन्। तिनीहरू उहाँका दासहरू हुनलाई आपसमा स्वयं मिल्नेछन्। तिनीहरूले शबथ विश्राम दिनलाई खास उपासनाको दिन भनेर राख्नेछन अनि लगातार मेरो कुरारलाई गहन प्रकारले अनुसरण गर्नेछन्।

७परमप्रभु भन्नुहुन्छ, "म ती मानिसहरूलाई मेरो पवित्र पर्वतमा ल्याउनेछु। म तिनीहरूलाई मेरो प्रार्थनाको घरमा खुशी पार्नेछु। तिनीहरूले चढ़ाएका होमबलि र बलिदानहरूले मलाई खुशी पार्नेछ। किन? किनभने मेरो मन्दिर सबै जातिहरूका निम्ति प्रार्थनाको घर हुनेछ।"

८परमप्रभु मेरो मालिकले ती कुराहरू इस्राएलका मानिसहरूलाई भन्नुभयो जसलाई आफ्नो देश छोड़न बाध्य गराइयो। तर परमप्रभुले तिनीहरूलाई एकसाथ भेला गर्नुहुनेछ। परमप्रभु भन्नुहुन्छ, "म ती मानिसहरूलाई फेरि एक पल्ट भेला गर्नेछु।"

### परमेश्वरले सबै मानिसहरू आफ्नो सेवार्थ भेला गर्नुभयो

९जङ्गलमा भएका जङ्गली जानवरहरू, आउँछन र खान्छन्।

१०पहरादारहरू सबै अन्धा छन्। के गरिरहेका छन तिनीहरू स्वयं जान्दैनन्। तिनीहरू नभुक्ने कुकुरहरू जस्ता छन त्यसले भुक्दैनन्। तिनीहरू भूइँमा सुत्छन्। अहो! तिनीहरू सुत्न मन पराउँछन्।
११तिनीहरू भोको कुकुरहरू जस्ता छन्। तिनीहरू कहिल्यै सन्तुष्ट हुँदैनन्। गोठालाहरूले जान्दैनन तिनीहरू के गरिरहेछन्। तिनीहरूले आफ्ना भेंड़ाहरू मन पराउँछन जो भड़किएर टाढ़ा गएकाछन्। तिनीहरू लोभी छन्। तिनीहरू सबै जना आफूलाई सन्तुष्ट पार्न चाहन्छन्।
१२तिनीहरू भन्नेछन्, "आऊ म केही मद ल्याउनेछु अनि हामीले केही निगार पनि लिनु सक्नेछौ। भोलि हामीले यस्तै गर्ने छौ किनभने हामीसँग यस्तो प्रशस्ती छ।"

## इस्राएलले परमेश्वरलाई पछ्याउँदैन

५७ धर्मी मानिसहरू गइसकेकाछन् तर यसमा कसैले पनि ध्यान दिएन्। मानिसहरू बुझ्दैनन के हुँदैछ। धर्मी मानिसहरू भेला भईरहनेछन्। मानिसहरू विपदहरू आएरहेछ भनी बुझ्दैनन्। तिनीहरूलाई थाहा सम्म छैन कि बचाऊको लागि धर्मी मानिसहरू भेला गरिएकोछ।
२तर ती मानिसहरूमा शान्ति आउनेछ अनि तिनीहरू आफ्नौ ओछ्यानमा आराम गर्नेछन्। किनभने तिनीहरू परमप्रभुले चाहेकै बाटोमा गए।
३"बोक्सीहरूका छोरा-छोरीहरू, तिमीहरू यता आऊ। तिम्रो पिता व्यभिचारका दोषी छन्। अनि तिम्रा आमाले शारीरिक सहवासको आफ्नो निम्ति शरीर बेच्छे। यहाँ आऊ।
४तिमीहरू पापी र झूटो बेस्ने नानीहरू हौ। तिमीहरूले मसँग ठट्टा गर्‍यौ। तिमीहरूले आफ्नो अनुहार मदेखि अर्कोतिर फर्कायो। तिमीहरूले जिब्रो देखाउँदै मलाई खिसी गर्‍यौ। तिमीहरू विप्लवीका नानीहरू हौ।
५तिमीहरू सबै हरियो रूख मनि झूटा देवताहरू पूज्न चाहन्छौ। तिमीहरूले नानीहरूको हत्या गर्छौ अनि प्रत्येक खोलामा अनि चट्टानै चट्टान भएको ठाउँहरूमा तिनीहरूको बलि चढ़ाउँछौ।
६तिमीहरू नदीहरूमा चिल्लो ढुङ्गाहरू पूज्न मन पराउँछौ। तिमीहरू दाखमदद्य चढ़ाएर तिनीहरूलाई पूज्छौ। तिमीहरू तिनीहरूलाई बलि चढ़ाउँछौ। तर तिमीहरूले ढुङ्गाहरू मात्र पाउनेछौ। के तिमीहरू सोच्छौ ती कुराहरूले मलाई खुशी पार्छ? अहँ! तिनीहरूले मलाई खुशी पार्दैन्। तिनीहरू प्रत्येक पहाड़ी अनि ठाउँमा आफ्नो ओछ्यान लगाउछौ।
७तिमी प्रत्येक पहाड़ र अल्गो पर्वतमा जान्छौ र ती ठाँहरूमा बलि चढ़ाउँछौ।
८तब तिमीहरूले ती विछ्यौनाहरू बीचमा जान्छौ र ती देवताहरूलाई प्रेम गरेर मेरो विरुद्ध पाप गर्छौं। तिमीहरूले ती देवताहरूलाई प्रेम गर्छौं, तिमीहरू तिनीहरूका नाङ्गो शरीरहरू हेरेर खुशी हुन्छौ। तिमीहरू मसँग थियौ, तर तिनीहरूले मलाई त्याग्यौ तिनीहरूका हुनको लागि मलाई सम्झन सहयोग पुर्‍याउने कुराहरू तिमीहरूले लुकायौ। तिमीहरूले ती कुराहरू ढोका र चौखटहरू पछाड़ी लुकायौ। त्यसपछि तिमीहरू गयौ र ती झूटा देवताहरूसँग करार बाँध्यौ।
९तिमीहरूले आफ्नो झूटा देवता मोलक अघि सुन्दर देखिनलाई आफ्ना तेलहरू र अत्तरहरू उपयोग गर्‍यौ। तिमीहरूले आफ्ना सन्देशवाहकहरू टाढ़ा ठाउँहरूमा पठायौ, तर तिनीहरू मृत्युको स्थानमा जानेछौ।

## इस्राएलले परमेश्वरमा विश्वास गर्ने पर्छ, मूर्तिहरूलाई होइन

१०"तिमीहरूले ती कामहरू गर्नलाई पूरा परिश्रम गर्‍यौ अनि कहिल्यै थाकेनौ। तिमीहरूले अतिरिक्त बल प्राप्त गर्‍यौ, किनभने तिमीहरू निराश र थकित भएनौ।
११तिमीहरूले मलाई सम्झना गरेनौ। तिमीहरूले मलाई हेर्दा पनि हेरेनौ। यसकारण तिमीहरू चिन्ता गर्ने को थियौ? कससँग डराएका थियौ? किन झूट बोल्यौ? हेर, म लामो समयदेखि चुपचाप छु अनि तिमीहरूले मलाई सम्मान गरेनौ।
१२म तिमीहरूका असल कार्यहरू बारेमा अनि सम्पूर्ण धार्मिकताका बारेमा बोल्न सक्थे, तर ती सबै निरर्थक हुन्छन्।
१३जब तिमीहरूलाई सहायताको खाँचो पर्‍यो तिमीहरूले ती झूटा देवताहरूलाई गुहार मग्चौ जुन मूर्तिहरू तिमीहरूले आफ्ना वरिपरि भेला गरेका थियौ। तिनीहरूलाई त्यही मूर्तिहरूले सघावोस। तर म तिमीहरूलाई भन्दछु बतासले तिनीहरू सबैलाई उड़ाई लैजानेछ। बतासको एक वेगले तिनीहरूलाई उडाई लैजानेछ। तर त्यो मानिस जो ममाथि आश्रित छ त्यसले त्यो जमीन पाउनेछ, त्यो म वचन दिन्छु। त्यस मानिसले मेरो पवित्र पर्वत पाउनेछ।

## परमप्रभुले आफ्ना मानिसहरूलाई बचाउनुहुन्छ

१४बाटो शुद्ध पार, बाटो शुद्ध पार! मेरा मानिसहरूका लागि बाटो शुद्ध पार।
१५परमेश्वर उच्च हुनुहुन्छ र माथि उठनु भएको छ। परमेश्वर सदा सर्वदा जीवित हुनुहुने परमेश्वरको नाउँ नै पवित्र हो। परमेश्वर भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, साथै ती दु:खी र नम्र मानिसहरूसँग बस्दछु। जो हृदयमा नम्र हुँदछ तिनीहरूलाई म नयाँ जीवन प्रदान गर्दछु। जो हृदयमा पश्चाता गर्छन तिनीहरूलाई पनि म नयाँ जीवन प्रदान गर्दछु।"
१६म सवर्दा लड़ाइँ गर्ने छैन्। म सँधै नै क्रोधित भई

रहन्। यदि म लगातर क्रोधित भई रहें भने मैले प्रदान
गरेका मानिसहरूका आत्माहरू मेरो समक्ष मर्नेछन्।
१७ती मानिसहरूले पाप काम गरे अनि त्यसैले
मलाई क्रोधित बनाए। यसैले मैले इस्राएललाई दण्ड
दिएँ, उबाट मैले मुख फर्काएँ किनभने म रिसाएको
थिएँ। अनि इस्राएलले मलाई त्यागेर गयो, उसले जता
इच्छा गर्‍यो उतै गयो।
१८इस्राएल कहाँ गयो, मैले देखें। यसकारण मैले
उसलाई क्षमा दिएँ। मैले उसलाई सान्त्वना दिएँ अनि
उसलाई स्वास्थ्य पार्ने शब्दहरू भने। त्यसपछि उ र
उसका मानिसहरूले उदासी अनुभव गरेनन्।
१९तिनीहरूलाई मैले एक नयाँ वचन सिकाए: 'शान्ति'
मेरा नजिक साथै टाढ़ा रहेका मानिसहरूलाई म शान्ति
प्रदान गर्नेछु म ती मानिसहरूलाई क्षमा दिनेछु।"
परमप्रभु स्वयंले ती कुराहरू भन्नुभयो।
२०तर दुष्ट मानिसहरू समुद्रको छाल उठेका जस्ता
छन्। तिनीहरू शान्त र चुपचाप बस्न सक्तैनन्। तिनीहरू
क्रोधित छन छाल उठेका समुद्र जस्ता त्यसले हिलो
माटोहरू उछिटाउँछ। मेरा परमेश्वर भन्नुहुन्छ, २१"दुष्ट
मानिसहरूलाई त्यहाँ शान्ति छैन्।"

## मानिसहरूलाई परमेश्वरलाई पछ्याऊ भन्नु पर्छ

५८ तिमी जति सक्छौ त्यति चिच्याऊ, नरोकिन्।
आफै नरोकिनु। तुरही बजे जस्तै चिच्याऊ।
मानिसहरूको दुष्टकर्मको विषयमा बताऊ। याकूबको
परिवारलाई तिनीहरूका पापहरू बारे बताऊ।
२तिनीहरू पाप गर्छन र पनि तिनीहरू आफै प्रत्येक
दिन मलाई पूज्न आउँछन्। अनि तिनीहरू मेरो बाटो
अप्नाउन इच्छुक छन्। तिनीहरू धार्मिक-विधानमा बाँचेको
अनि परमेश्वरका असल आज्ञा अनुसरण गरेका राष्ट्रले
जस्तो व्यवहार गर्छन्। तिनीहरू मसित सही न्याय
माग्छन्। तिनीहरू निष्पक्ष निर्णयको लागि परमेश्वरकहाँ
जान्छन्।
३अब ती मानिसहरू भन्दछन्, "तपाईंलाई सम्मान
गर्न हामीले उपवास बस्यौ। तर तपाईंले किन हामीलाई
हेर्नुहुन्न? हामीले हाम्रो शरीरहरूलाई तपाईंको सम्मान
गर्नु पीड़ा दियौ। तपाईंले किन हामीलाई हेरचाह
गर्नुहुन्न?"
तर परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले विशेष दिनमा
उपवास बसेर स्वयंलाई आनन्दित पार्‍यौ। अनि तिमीहरूले
आफ्ना दासहरूलाई दण्ड दियौ। ४तिमीहरू भोको छौ,
तर भोजनको लागि होइन्। तिमीहरू मानिसहरूलाई
आफ्ना दुष्ट हातहरूले कुट्नलाई भोको छौ। जब
तिमीहरूले भोजन खान छोड्यौ त्यो मेरो लागि होइन्।
तिमीहरूले आफ्ना आवाज मेरो स्तुति गाउन उपयोग
गरेनौ। ५के तिमीले त्यो खास दिनहरूमा बसेका
उपवास र शरीरलाई दिएको कष्ट हेर्न म चाहन्थे र?
के म मानिसहरू उदास भएको हेर्न चाहन्छु भनेर
तिमीहरू सोच्दछौ? के तिमीहरू सोच्दछौ कि म
मानिसहरू मृत मानिसहरू झैं झुकेका र उदासी
पोषाकहरू लगाएको हर्ने चाहन्छु? मानिसहरू खरानीमाथि
बसेर आफ्नो शोक प्रदर्शन गरेको हेर्न म चाहन्छु?
त्यसैको लागि त तिमीहरू त्यस खास दिनहरूमा
उपवास बसेका थियौ। के तिमीहरू सोच्दछौ कि
परमप्रभुले नै त्यस्ता चाहेका हुन?
६"म कुन प्रकारको विशेष दिन चाहन्छु, भन्नेछ।
एक दिन मानिसहरूलाई स्वतन्त्र पार्ने दिन्। म त्यस्तो
दिन चाहन्छु ताकि त्यो दिन तिमीहरूले मानिसहरूको
बोझा हटाइदिनेछौ। म त्यस्तो दिन चाहन्छु कि त्यस
दिन तिमीहरूले मानिसहरूलाई सकंटबाट छुटकारा
दिलाइदिनेछौ। म त्यस्तो दिन चाहन्छु कि जब तिमीहरूले
उनीहरूका काँधबाट बोझहरू हटाइदिनेछौ। ७म चाहन्छु
कि तिमीहरूले आफ्ना भोजन भोका मानिसहरूसँग
बाँडेर खानेछौ। म चाहन्छु कि तिमीहरूले घर नभएका
गरीब मानिसहरूलाई खोजेर आफ्नो घरहरूमा आश्रय
दिनेछौ। जब तिमीहरूले नाङ्गो वस्त्रहीन मानिस देख्यौ
भने त्यसलाई आफ्ना लुगाहरू दिनेछौ। ती मानिसहरूलाई
सहयोग गर्न नचुक, तिनीहरू पनि तिमीहरू जस्तै नै
हुन्।"
८यदि तिमीहरूले त्यसो गर्‍यौ भने तिम्रो ज्योति प्रात:
कालमा चम्किने उज्यालो जस्तै हुनेछ। तिमीहरूका
घाउहरू सबै निको हुनेछन्। तिमीहरूका "सद्भावना"
तिमीहरू कै समक्ष हिंड्नेछ अनि परमप्रभुको महिमाले
तिनीहरूलाई पछ्याउँदै पछि पछि आउनेछ! ९त्यसपछि
तिमीहरूले परमप्रभुलाई पुकारनेछौ र परमप्रभुले
तिमीहरूलाई जवाफ दिनुहुनेछ। तिमीहरू परमप्रभुलाई
बोलाउनेछौ अनि उहाँले भन्नुहुनेछ, "म यहाँ छु।"

## परमेश्वरका मानिसहरूले ठीक काम गर्नुपर्छ

तिमीहरूले मानिसहरूलाई कष्टहरू र बोझहरू थप्न
बन्द गर्नुपर्छ। तिमीहरूले मानिसहरूलाई कट-वचन
बोल्न र दोष दिनु छाड्नु गर्न पर्छ। १०तिमीहरूले
भोको मानिसहरूसँग दु:ख अनुभव गर्नुपर्छ र तिनीहरूलाई
भोजन दिनुपर्छ। कष्टमा परेका मानिसहरूलाई तिमीहरूले
सहयोग दिनुपर्छ। तिनीहरूको खाँचो समाधान पारिदिनु
पर्छ। तब तिमीहरूका ज्योति अँध्यारोमा चम्कनेछ।
अनि तिमीहरूले दु:ख पाउनेछैनौ। तिमीहरू मध्यदिनको
उज्यालो सूर्योदय जस्तो हुनेछौ।
११परमप्रभुले सँधै तिमीहरूलाई डोर्‍याउनु हुनेछ।
उहाँले सुक्खा जमीनहरूमा पनि तिमीहरूको आत्मालाई
सन्तुष्ट पार्नुहुनेछ। परमप्रभुले तिमीहरूका हड्डीरूमा
शक्ति भरिदिनु हुनेछ। तिमीहरू प्रशस्त पानी भएको
बगैंचा जस्तो हुनेछौ। तिमीहरू सदा-सर्वदा रहने पानीको
श्रोत जस्तै हुनेछौ।

१२तिमीहरूका शहरहरू धेरै वर्षदेखि नै ध्वंश भइसकेको
हो। ती शहरहरू फेरि नयाँ गरी बनाउनेछौ। नयाँ
शहरहरू तिमीहरूले त्यही पुरानो जगहरूमाथि नै बनाउनेछौ।
तिमीहरूलाई "भत्केका पर्खालहरू निर्माण गर्न" भनेर
बोलाइनेछ तिमीहरूलाई "बाटोहरू र घरहरू बनाउनेहरू
भनेर बोलाउनेछ।"
१३त्यस्ता कुराहरू हुनेछन जब तिमीहरूले विश्रामकोदिन
परमेश्वरको नियमहरू विरुद्ध पाप गर्न बन्द गर्नेछौ।
अनि त्यस्तो हुनेछ जब तिमीहरू ती कुरा गर्दैनौ जसले
तिमीलाई प्रसन्नता दिन्छ। तिमीहरूले विश्राम दिनलाई
आनन्दको दिन गर्नेछौं। तिमीहरूले परमप्रभुको विशेष
दिनलाई आदर गर्नेछौ। तिमीहरूले त्यस विशेष दिनलाई
अरु दिनहरूमा गरेको काम नगरेर सम्मान गर्नेछौ।
१४त्यसपछि तिमीहरूले परमप्रभुलाई दयाको लागि
बिन्ती गर्न सक्छौ। अनि उहाँले तिमीहरूलाई पृथ्वीमाथि
अल्गो ठाउँहरूमा लैजानु हुनेछ। अनि उहाँले तिमीहरूलाई
ती सबै चीजहरू दिनुहुनेछ जुन तिम्रो पुर्खा याकूबका
थिए।
परमप्रभु आफैले ती कुराहरू भन्नुभयो।

### दुष्ट मानिसहरूले आफ्ना जीवाईहरू परिवर्तन गर्नु पर्छ

५९ हेर, तिमीहरूलाई बचाउनको निम्ति परमप्रभुको
शक्ति नै प्रयाप्त छ। उहाँले सुन्नु हुनेछ जब
तिमीहरूले उहाँको साथ माँग्छौ। २तर तिमीहरूको
पापले गर्दा तिमीहरू र परमेश्वर माझ एउटा तगारो
छ। परमप्रभुले तिम्रा पापहरू देख्नु हुन्छ अनि अनुहार
अर्को तिर फुर्काउनु हुन्छ।
३तिमीहरूका हातहरू मैला छन्, तिनीहरू रगतमा
लतपतिएकाछन्। तिमीहरूले आफ्ना मुखबाट झूटो
बोल्यौ। तिमीहरूका जिब्राहरूले दुष्ट कुराहरू भन्छन्।
४कसैले पनि अरूहरूको बारेमा साँचो कुरा भन्दैन्।
मानिसहरूले न्यायलयमा झटो मामला दायर गर्छन अनि
आफ्ना मुद्दाहरू जित्नको लागि झूटो तर्कहरू मा भर
पर्दछन्। तिनीहरू परस्परमा झूटो बोल्दछन्। तिनीहरू
कष्टले पूर्ण छन अनि पापलाई जन्म दिन्छन्। ५तिनीहरूले
अनिष्ट कर्म जन्माउछन जसरी विषालु सर्पहरूले आफ्ना
अण्डाबाट विषालु बच्चा निकाल्छन्। यदि तिमीहरूले
तिनीहरू मध्ये एउटा अण्डा पनि खायौ भने मर्नेछौ।
अनि यदि तिमीहरूले एउटा पनि अण्डा फुटायौ भने
त्यहाँबाट विषालु साँप बाहिर निस्कनेछ।
झूटा मानिसहरूले भनेका कुराहरू माकुराको जाल
जस्तै हुन्छ। ६माकुराका जालहरूबाट लुगा बनाउन
सकिदैन्। तिमीहरूले स्वयंलाई ती जालहरूसँग ढाक्न
सक्दैनौ।
कतिपय मानिसहरूले अधर्म कामहरू गर्छन् र आफ्ना
हातहरूले अरूलाई चोट पुऱ्याउँछन्। ७तिनीहरूले आफ्ना
खुट्टाहरू पापमा दर्गुन चलाउँनछ। कुनै पनि निर्दोष
मानिसलाई मार्नको लागि तिनीहरू हतारिन्छिन्। तिनीहरूले
दुष्टकुराहरू सोच्दछन्। उपद्रव एव चोरी गर्नु नै
तिनीहरूको जीवनको बाटो हो।
८ती मानिसहरूले शान्तिको बाटो जान्दैनन्। ती
मानिसहरू निष्पक्ष छैनन्। तिनीहरू कपटी जीवन जिउँछन्।
अनि जो मानिसहरू त्यस्तो प्रकारले बाँच्दछन् तिनीहरूले
कहिल्यै शान्ति पाउने छैनन्।

### पापले इस्राएलमा सङ्कट ल्याउँदछ

९सबै न्याय र धार्मिकता हराएर गयो। यहाँ हाम्रा
सामु अन्धकार मात्र छ। यसर्थ उज्यालोकोलागि हामीले
पर्खनु पर्छ। हामी चहकिलो प्रकाशको आशा गर्दछौ तर
हामी सबैमा अन्धकार मात्र छ।
१०हामी आँखाहरू नभएका मानिसहरू जस्ता छौं
हामी अन्धाहरू झैं भित्ता छाम्दै हिँड्छौ। हामी ठोकिन्दै
लड्छौ मानौ यो रात हो हामी दिनको उज्यालोमा पनि
देख्न सक्तैनौ मध्यदिनमा हामी मृत मानिस जस्तै लड्छौ।
११हामी सबै अत्यन्त उदास छौं, ढुकुरहरू र
भालूहरूले झैं हामी आवाजहरू निकालछौ। मानिसहरू
कहिले निष्पक्ष हुन्छन् भन्ने समयलाई हामी पर्खिरहेका
छौं। तर अझ सम्म त्यहाँ सत्य भन्ने नै छैन्। हामी
सुरक्षित हुन पर्खिरहेका छौं तर मुक्ति भने अझै टाढ़ा
छ।
१२किन? किनभने हामीले धेरै पल्ट गल्ती कुराहरू
परमेश्वरका विरुद्ध गऱ्यौ। हाम्रा पापहरूले हामी गल्ती
भएको देखाउँछ। हामी जान्दछौ त्यस्ता कामहरू गरेर
हामी दोषी छौं।
१३हामीले पाप गऱ्यौ र परमप्रभुको विरोधमा कर्म
गऱ्यौ। हामीले उहाँबाट मुख फर्कायौं र उहाँलाई
त्याग्यौ। हामीले परमेश्वरको विरुद्ध पापपूर्ण कुराहरू
गऱ्यौं। हामीले त्यस्ता कुभलो हुने कुराहरू मनमनै
सोच्यौ त्यस्तो योजना बनायौं।
१४न्याय हामीबाट फर्केर टाढ़ा गयो। सत्य टाढ़ा नै
उभिन्छ। सत्यता भन्ने कुराहरू गल्लीहरूमा खसे।
धार्मिकता भन्ने कुरा शहरमा प्रवेश गर्न निषेध
भयो।
१५सत्य हराएर गयो। अनि मानिसहरू जसले राम्रो
काम गर्न प्रयास गरे तिनीहरू लुटिए। परमप्रभुले हेर्नु
भयो अनि उहाँले धार्मिकता कतै पाउन सक्नु भएन्।
परमप्रभुले ती सबै मन पराउनु भएन्।
१६परमप्रभुले हेर्नु भयो र कतै पनि कुनै मानिस
नभएकोले उहाँ छक्क पर्नुभयो जससँग उभिएर बोल्न
सकिन्छ। यसकारण परमप्रभुले आफ्नो शक्ति प्रयोग गर्नु
भयो र साथै आफ्नै धार्मिकता चलाउनु भयो अनि
मानिसहरूलाई उद्धार गर्नु भयो।
१७परमप्रभुले युद्ध तयार गर्नुभयो। परमप्रभुले
धार्मिकताको हतियार भिर्नु भयो। मुक्तिको टोपी लगाउनु

भयो दण्डको पोषाक र प्रबल प्रेमको लुगा लगाउनु भयो।

१८परमप्रभु आफ्ना शत्रुहरूमाथि क्रोधित हुनुहुन्छ। यसैले परमप्रभुले तिनीहरूलाई दण्ड दिनुहुनेछ जसको हकदार तिनीहरू छन्। परमप्रभु आफ्ना शत्रुहरूसँग क्रोधित हुनुहुन्छ। यसकारण टाढ़ा टाढ़ामा भएका सबै मानिसहरूलाई उहाँले दण्ड दिनुहुनेछ।

१९तब नै पश्चिमका मानिसहरू परमप्रभुसित डराउँछन् अनि उहाँलाई सम्मान गर्छन्। पूर्वका मानिसहरू डराउनेछन् अनि उहाँको महिमाको आदर गर्नेछन्। तेज बग्ने नदी प्रवल हावाले हत्याए भैं गरी परमप्रभु भट्टै आउनु हुनेछ।

२०तब सियोनमा मुक्तिदाता आउनेछ। उहाँ याकूबको सन्तानहरूकहाँ आउनु हुनेछ जसले पापगरे तर परमप्रभु कहाँ फर्केर आए।

२१परमप्रभु भन्नुहुन्छ, "म ती मानिसहरूसँग करार गर्नेछु। म वचन दिँदछु कि मेरो आत्मा र वचनहरू जुन म तिमीहरूको मुखमा राख्नेछु त्यसले तिमीहरूलाई कहिल्यै त्याग्ने छैन्। तिनीहरू तिमीहरूका छोरा छोरी र नाती पनाती सम्म रहनेछन्। तिनीहरू अहिले तिमीहरूसँग हुनेछन् र सर्वदा रहनेछन्।"

## परमेश्वर आउनु हुँदैछ

**६०** "मेरो प्रकाश, यरूशलेम उठ! तेरो प्रकाश आइरहेछ परमप्रभुको महिमा तिमीहरूमाथि चम्किने छ।

२अब अन्धकारले पृथ्वी ढाक्छ अनि मानिसहरू अन्धकारमा पर्नेछन्। तर परमप्रभु तिमीहरूमाथि चम्कनु हुन्छ अनि उहाँको महिमा तिनीहरूमाथि देखा पर्नेछ।

३तिमीहरूका जातिहरूकहाँ प्रकाश आउनेछ, राजाहरू तिमीहरूको चहकिलो प्रकाशमा आउनेछ।

४आफ्नो वरिपरि हेर! देख्यौ मानिसहरू भेला भएर तिमीहरू तिरै आइरहेछ। ती टाढ़ाबाट आइरहेका तिमीहरूकै छोराहरू हुन्। अनि तिमीहरूका छोरीहरू पनि उनीहरूसँगै आइरहेछन्।

५यो भविष्यमा पूरा हुनेछ। अनि त्यस समय, तिमीहरूले आफ्ना मानिसहरूलाई देख्नेछौ। अनि तिमीहरूका अनुहार खुशीले चम्किनेछन्। पहिला, तिमीहरू डराउनेछौ, तर पछि, तिमीहरू खुशीले उत्तेजित हुनेछौ। समुद्रहरू तरेर आएका सारा सम्पत्तिहरू तिमीहरू समक्ष राखिनेछन जाति-जातिका सम्पत्तिहरू तिमीहरूकहाँ नै आउनेछन्।

६मिद्यान र एपाबाट आएका ऊँटहरूले तिमीहरूका धरती पार गर्ने छन्। शेबाबाट आएका ऊँटहरूका लस्करले सुन र सुगन्धित वस्तु लिएर आउनेछन्। मानिसहरूले परमप्रभुको स्तुति गान गाउनेछन्।

७केदारबाट आएका सारा भेंड़ा मानिसहरूले जम्मा गर्नेछन अनि तिमीहरूकहाँ ल्याइदिनेछन् नबायोतका भेड़ाँहरूले तिम्रो सेवा गर्नेछन्। तिमीहरूले ती पशुहरू मेरो बेदीमा अर्पण गर्नेछौ। अनि म ती सबै ग्रहण गर्नेछु। म मेरो महिमाको मन्दिर पहिलेको भन्दा अझ सुन्दर बनाउने छु।

८मानिसहरूलाई हेर। बादलहरू आकाशमा छिटो उड़े जस्तै तिनीहरू तिमीहरू कहाँ आतुरिन्दै आइरहेछन मानौ तिनीहरू ढुकुरहरू आफ्ना गुँड़हरूमा जान उड़िरहे जस्तै तिनीहरू आउँदैछन्।

९टाढ़ामा भएका देशहरूले मलाई पर्खिरहेछ। समान बोक्ने जहाजहरू समुद्रमा जान तयार छन्। ती जहाजहरू टाढ़ामा भएका तिमीहरूका नानीहरू ल्याउनलाई तयार छन्। तिनीहरूले परमप्रभु तिम्रा परमेश्वरलाई जो इस्राएलका परमपवित्र हुनुहुन्छ श्रद्धा प्रकट गर्न सुन र चाँदी बोकेर ल्याउनेछन्। परमप्रभुले तिमीहरूका लागि अचम्मका कामहरू गर्नुहुनेछ।

१०अन्य देशका छोरा छोरीहरूले तिम्रा पर्खालहरू फेरि निर्माण गरिदिनेछन्। तिनीहरूका राजाहरूले तिमीहरूका सेवा गर्नेछन्। जब म क्रोधित हुन्छु, म तिमीहरूलाई चोट पुर्‍याउछु। तर अहिले, म तिमीहरूलाई दया देखाउन चाहन्छु यसैले म तिमीहरूलाई सान्त्वना दिइरहेछु।

११तिमीहरूका प्रवेशद्वारहरू सधैं खोलिनेछन्। ती द्वारहरू दिन तथा रातमा कहिल्यै बन्द हुने छैनन जातिहरू र राजाहरूले तिमीहरूलाई आफ्ना सम्पति ल्याइदिनेछ।

१२कुनै कुनै जाति अथवा राष्ट्रले तिमीहरूको सेवा गर्दैन तर तिनीहरू नाश हुनेछन्।

१३लबानोनका सबै महत्वपूर्ण कुराहरू तिमीहरूलाई दिइनेछ। मानिसहरूले देवदारू धूप्पी रूखहरू तिमीहरूलाई ल्याई दिनेछन्। ती रूखहरू मेरो पवित्र स्थान सुन्दर बनाउनको लागि प्रयोग गरिनेछ, यो मेरो सिंहासन समक्ष एउटा चौकी जस्तो हुनेछ। अनि म यसलाई ज्यादा श्रद्धा दिनेछु।

१४विगतमा जुन मानिसहरूले तिमीहरूलाई चोट पुर्‍याए ती मानिसहरू तिम्रो समक्ष भुक्ने छन्। विगतमा, जो मानिसहरूले तिमीहरूलाई घृणा गरे ती मानिसहरू तिम्रा खुट्टामा निउरिनेछन्। ती मानिसहरूले तिमीलाई 'परमप्रभुका शहर' इस्राएलको परम पवित्र 'सियोन भन्ने छन्।'"

## नयाँ इस्राएल : शान्तिको देश

१५"तिमीहरू फेरि एक्लै छाड़िनेछैनौ। तिमीहरू फेरि हेला हुनेछैनौ। तिमीहरू फेरि रित्तो हुनेछैनौ। म तिमीहरूलाई सर्वदा महान बनाउनेछु। तिमी सदा सर्वदा खुशी हुनेछौ।

१६जाति जातिले तिमीहरूले चाहेका सबै कुराहरू दिनेछन्। यो आफ्ना आमाको दूध पिउने बालक जस्तो हुनेछ। तर तिमीले राजाहरूबाट धनहरू पाउनेछौ। तब तिमीले 'म परमप्रभु हुँ' भनेर चिन्नेछौ, जसले तिमीलाई बचाउँछ। तिमीले जान्नेछौ कि याकूबको शक्तिशाली परमेश्वरले तिमीलाई उद्धार गर्नु हुन्छ।

१७तिमीमा अहिले काँसा छ, "म सुन ल्याई दिनेछु। तिमीसँग अहिले फलाम छ, म तिमीलाई चाँदी ल्याई दिनेछु। म तिम्रो काठलाई काँसा बनाई दिनेछु। म दण्डलाई शान्तिमा परिवर्तन गरिदिने छु। जब मानिसहरूले तिमीलाई चोट पुर्‍याउँछ तर अहिले मानिसहरूले तिमीलाई राम्रो व्यवहार गर्नेछन्।

१८"त्यहाँ तिम्रो देशमा फेरि कहिल्यै अत्याचारको खबरहरू आउने छैनन्। मानिसहरूले फेरि कहिल्यै तिम्रो देशमा आक्रमण र चोरी गर्ने छैनन्। तिमीले आफ्नो भित्ताहरूको नाउँ 'मुक्ति' भनेर लेख्नेछौ। तिमीले आफ्नो प्रवेशद्वारको नाउँ 'स्तुति' राख्नेछौ।

१९"घाम अब तिम्रो लागि दिनभरिको प्रकाश हुनेछैन्। चन्द्रमाको उज्यालो पनि तिम्रो लागि रातभरिको प्रकाश हुनेछैन्। किनभने परमप्रभुको प्रकाश नै सदा सर्वदा तिम्रो प्रकाश हुनेछ। तेरो परमेश्वर नै तेरो महिमा हुनुहुनेछ।

२०"तिम्रो 'सूर्य' कहिल्यै अस्ताउने छैन फेरि तिम्रो 'चन्द्रमा' कहिल्यै अन्ध्यारो हुनेछैन फेरि। किनभने परमप्रभु नै अनन्तको प्रकाश हुनुहुनेछ। अनि तिम्रो शोकका दिन अन्त हुनेछ।

२१"तिम्रा सारा मानिसहरू धार्मिक हुनेछन्। ती मानिसहरूले पृथ्वी फेरि प्राप्त गर्नेछन्। मैले ती मानिसहरू सृजना गरें। तिनीहरू अद्भूत बिरूवा हुन् त्यो मैले आफ्नै हातले बनाएको हुँ।

२२"स-साना परिवारहरू ठूलो परिवारमा परिणत हुनेछन्। स-साना परिवार एक दरिलो जाति हुनेछ। जब समय अनुकूल हुन्छ म, परमप्रभु चाँडै आउनेछु। म ती कुराहरू घटित गर्नेछु।"

## परमप्रभुको मुक्तिको समाचार

६१ "परमप्रभु, मेरो मालिकले आफ्नो आत्मा मभित्र हाल्नु भयो। परमेश्वरले मलाई गरीब मानिसहरूकहाँ सुसमाचार भन्न र पीड़ित मानिसहरूलाई सुख दिनकोलागि रोज्नु भयो। परमेश्वरले मलाई कैदीहरूलाई स्वतन्त्र हुनेछौ भन्नु र कैदीहरूलाई स्वतन्त्र पार्नु पठाउनु भयो। २परमेश्वरले मलाई त्यो समय घोषणा गर्न पठाउनु भयो जब परमप्रभले आफ्नो करूणा प्रकट गर्नु हुनेछ। परमेश्वरले मलाई त्यो समय घोषणा गर्नु पठाउन भयो जब उहाँले पापीहरूलाई दण्ड दिनुहुनेछ। परमेश्वरले दु:खी मानिसहरूलाई सान्त्वना दिन मलाई पठाउनुभयो। ३परमेश्वरले सियोनका दु:खी मानिसहरूका लागि मलाई पठाउनु भयो। उत्सवका लागि म तिनीहरूलाई तयार पार्नेछु। म तिनीहरूका टाउकोबाट खरानी पुछेर मुकुट लगाई दिनेछु। म तिमीहरूको दु:खमय जीवन हटाएर खुशीको तेल प्रदान गर्नेछु। म तिनीहरूको पीड़ा हटाएर उत्सवको निम्ति पोषाकहरू दिने छु। परमेश्वरले मलाई ती मानिसहरूलई धार्मिकताका वृक्षहरू र 'परमप्रभुको अद्भूत बोट नाउँ दिनलाई पठाउनु भयो।'

४"त्यस बेला, ध्वंश भएका पुराना शहरहरू फेरि निर्माण गरिनेछन्। ती शहरहरू पहिले जस्तै नयाँ बनिने छन्। धेरै धेरै वर्ष अघाड़ि भत्किएका ती शहरहरू नयाँ जस्तै बनिनेछन्।

५"तब तिम्रा शत्रुहरू तिमीकहाँ आएर तिम्रो भेड़ाको हेरचाह गर्नेछ। शत्रुका नानीहरूले तिम्रा खेतहरू र बगैचामा काम गरिदिनेछ।

६तिमीहरूलाई 'परमप्रभुका पूजाहारीहरू' र 'हाम्रा परमेश्वरको सेवकहरू' भनेर बोलाइनेछौ। तिमीहरूले सारा पृथ्वीका जातिहरूबाट ल्याइएका धन-सम्पत्ति पाउनेछौ। अनि तिमीहरू त्यो पाएर गर्वित हुनेछौ।

७"बितेका दिनहरूमा ती मानिसहरूले तिमीहरूलाई लज्जित पारे र सबै तिमीहरूको विरुद्ध नराम्रा कुराहरू गरे। तिमीहरू अन्य मानिसहरू भन्दा बढ़ता लज्जित भयौ। यसैले तिमीहरूको देशमा तिमीहरूले अरूहरू भन्दा दुइगुणा बढ़ी पाउनेछौ। तिमीहरूले मनाउनेछौ
जुन अनन्तसम्म रहनेछ। ८यो खुशी किन यस्तो हुनेछ?
किनभने म परमप्रभु हुँ र निष्पक्षता मन पराउछु। म चोरी र अरू सबै कुराहरूलाई घृणा गर्दछु जुन गल्ती हुन्छ। यसैले म मानिसहरूलाई उनीहरूको कर्मको ज्याला दिनेछु। म मेरा मानिसहरूसँग अनन्तको
लागि करार गर्नेछु। ९सारा जातिको मेरा प्रत्येक
मानिसले चिन्नेछन्। मेरा जातिका नानीहरूले प्रत्येक मानिस चिन्ने छन्। कुनै पनि मानिसले तिनीहरूलाई देख्यो भने पक्कै परमेश्वरको आशीर्वाद परेकोछ भनेर जान्नेछन्।"

## परमेश्वरको सेवकले मुक्ति ल्याउछ

१०"परमप्रभुले मलाई अत्यन्त खुशी पार्नुभयो। म सम्पूर्णमा परमेश्वरमा खुशी मनाउँनेछु। परमेश्वरले उद्धारको पोषाक मलाई लगाइदिनुभयो। ती पोषकहरू अत्यन्तै सुन्दर छन् जुन विवाहको उपलक्ष्यमा मानिसहरू लगाउँछन्। परमप्रभुले धार्मिकताको पोषक मलाई लगाई दिनुभयो त्यो पोषक स्त्रीहरूले विवाहमा लगाउने जस्तो सुन्दर छ।

११पृथ्वीले नै बिरूवा उर्माछ। मानिसरूले त्यसको बीऊ बगैंचामा रोप्दछन्, अनि बगैंचाले त्यसलाई उर्माछ फलाउँछ। त्यसरी नै परमप्रभुले धार्मिकता उमार्नु हुन्छ। परमप्रभुले प्रत्येक जातिबाट महिमा लानुहुन्छ।"

## धार्मिकताले भरिएको शहर नयाँ यरूशलेम

६२ "म सियोनलाई प्रेम गर्छु, यसैले म उसँग
लगातार कुरा मार्ने गर्छु। म यरूशलेमलाई
प्रेम गर्छु। यसैले म कुरा गर्नु रोकिने छैन्। जब सम्म
धार्मिकता उज्यालो बत्ती झैं चम्कदैन तब सम्म म
कुरामार्नेछु। जब सम्म मुक्ति उज्यालो ज्योति जस्तै
बल्दैन म बात मार्नेछु।

२तब समस्त जातिहरूले तेरो धार्मिकता देख्नेछन्।
सबै राजाहरूले तेरो गौरव देख्नेछन्। त्यसपछि तिमीले
नयाँ नाउँ पाउने छौ। परमप्रभु स्वयंले तिमीलाई त्यो
नयाँ नाउँ दिनुहुनेछ।

३परमप्रभुले तिमीलाई देखेर अत्यन्त गर्वित हुनु
हुनेछ। तिमी परमप्रभुको हातमा एक सुन्दर मुकुट जस्तै
हुनेछौ।

४तिमीलाई 'परमेश्वरले त्यागेका मानिसहरू फेरि
कहिल्यै भनिने छैन्।' तिमीहरूका देशलाई फेरि कहल्यै
यसो भन्ने छैन, 'परमेश्वरले नाश गर्नु भएको देश।'
तिमीहरू डाकिनेछै परमेश्वरले प्रेम गर्नु भएका मानिसहरू
भनी।' तिमीहरूको देशलाई भनिने छ, 'परमेश्वरको
बेहुला।'* किन? किनभने परमेश्वरले तिमीहरूलाई प्रेम
गर्नुहुन्छ अनि तिमीहरूको देश उहाँकै सम्पत्ति हो।

५जब कुनै जवान मानिसले एउटी स्त्रीलाई प्रेम
गर्दछ, उसले त्यही स्त्रीलाई विवाह गर्छ। यस्तै प्रकारले,
तिमीहरूका उद्धारक नै तिमीहरूका स्वामी पनि हुनु
हुनेछ। एकजना मान्छे आफ्नी नयाँ दुलहीसँग अति
खुशी हुँदछ। यस्तै प्रकारले तिम्रो परमेश्वर तिमीसँग
खुशी हुनुहुनेछ।"

## परमेश्वरले आफ्नो वचनहरू राख्नु हुन्छ

६"यरूशलेम, म तिम्रा पुर्खालहरूमाथि रक्षकहरू
खटाउनेछु। ती रक्षकहरू चुप लागेर बस्ने छैनन्।
तिनीहरू रात दिन प्रार्थना गरिरहनेछन्।" रक्षकहरू!
तिमीहरूले परमप्रभुलाई प्रार्थना अवश्य गर्नुपर्छ। तिमीहरूले
उहाँलाई आफ्ना वचनहरूको सम्झना गराउनु पर्छ।
कहिल्यै प्रार्थना गर्न नचुक।

७जबसम्म परमप्रभुले पृथ्वीमा यरूशलेम बनाउनु
हुन्न तबसम्म तिमीहरूले उहाँलाई प्रार्थना गर्नु नै पर्छ।

८परमप्रभुले शपथ ग्रहण गर्नुभयो। उहाँले प्रमाण
स्वरूप आफ्नै शक्ति चलाउनु भयो अनि परमप्रभुले त्यो
आफ्नो शक्ति त्यही वचनहरू कायम राख्न चलाउनु
हुनेछ। परमप्रभुले भन्नुभयो, "म किरीया खाँन्छु कि
अब कहिल्यै तिमीहरूका खाद्यान्न तिमीहरूका शत्रुहरूलाई
दिने छैन्। म वचन दिँदछु कि तिमीहरूले बनाएका
दाखरस तिम्रा शत्रुहरूले लैजाने छैनन्।

९जुन मानिसले अन्नहरू थुपारेकाछन् त्यसैले खानेछ,
अनि त्यस मानिसले परमप्रभुको प्रशंसा गर्नेछ। जुन
मानिसले दाखहरू थुपार्दछ, ती दाखहरूबाट उसले
दाखरस पिउनेछ अनि ती कुराहरू मेरो पवित्र देशमा
हुनेछ।"

१०मूल ढोकाहरूबाट आऊ! मानिसहरूकोलागि बाटो
खुल्ला पारिदेऊ। बाटो तयार पार। बाटोको सारा
ढुङ्गाहरू हटाई देऊ। मानिसहरूकोलागि चिन्ह स्वरूप
डन्डा उठाऊ।

११सुन, परमप्रभु टाढ़ा देशहरूमा बस्नेहरूसँग बोली
रहनु भएकोछन: "सियोनका मानिसहरूलाई बताऊ: हेर,
तिमीहरूका मुक्तिदाता आउँदै हुनहुन्छ। उहाँले तिमीहरूको
लागि पुरस्कार ल्याई रहनु भएकोछ उहाँले त्यो इनाम
आफैसँग लिएर आउउनु हुँदैछ।"

१२उहाँका मानिसहरूलाई यसरी डाकिने छ: "पवित्र
मानिसहरू," "परमप्रभुका सुरक्षित मानिसहरू।" अनि
यरूशलेमलाई भनिने छ: "परमेश्वरले चाहनु भएको
शहर," "परमेश्वरसँगै भएको शहर।"

## परमप्रभुले आफ्नो मानिसको न्याय गर्नु हुन्छ

६३ एदोमबाट को आइरहेछ? उ बोज्राबाट आउँदछ।
अनि उसको पोशाकहरूमा चहकिलो रातो
रंगका दागहरू छन्। उसको तेजस्वी उसकै पोशाकहरूमा
छ। उ पराक्रमी स्वरूप महान शक्तिसँग आइरहेछ।
उसले भन्दछ, "तिमीहरूलाई बचाउने मसँग शक्ति छ।
अनि म सत्य बोल्छु।"

२"किन तिम्रो पोशाकहरू चकिलो रातो छ? तिनीहरू
त्यस्ता मानिसहरूले लगाउने पोशाक हुन जो दाखहरूमाथि
हिंड़दछन् र त्यसको दाखरस बनाउँदछन्।"

३उसले जवाफ दिन्छ, "मैले आफै अङ्गुरहरू कुल्चिए
हिड़दा पिस्दैछु। मलाई कसैले पनि सधाएन्। म रिसाएको
थिएँ यसैले अङ्गुरहरूमाथि कुल्चिँदै हिड़ें। मेरो लुगामा
अङ्गुरको रसको छिटाहरू उछिटिए पऱ्यो। यसैले मेरा
लुगाहरू मैला भयो।

४"मैले मानिसहरूलाई दण्ड दिने समय रोजें। मेरा
निम्ति मेरो मानिसहरूलाई बचाउने र रक्षा गर्ने समय
आइसकेकोछ।

५"मैले चारै तिर हेरें, तर कुनै मानिस पनि सघाउने
देखिएन। मलाई कसैले नसघाएको देखेर छक्क परें।
यसकारण मैले आफ्ना मानिसहरूलाई रक्षा गर्न आफ्नै
शक्ति प्रयोग गरें। मरो आफ्नै क्रोधले मलाई प्रेरणा
दियो।"

६म रिसाएको बेला, मानिसहरू माथिहिड़ें। म पागल
भएको बेला मानिसहरूलाई दण्ड दिएँ। मैले तिनीहरूका
रगत भूईंमा पोखाएँ।"

## परमप्रभु आफ्ना मानिसहरू प्रति कृपालु हुनुहुन्छ

७मैले परमप्रभुका दयापूर्ण कर्महरू सोचिरहेकोछु। म

---

**बेहुला** : को अर्थ "विवाह गरेको" हो

परमप्रभुको स्तुति गर्न सोचिरहेकोछु। परमप्रभुले इस्राएलका
मानिसहरूलाई धेरै राम्रो चीजहरू दिनु भयो। परमप्रभु
हाम्रो निम्ति साह्रै दयालु हुनुहुन्छ। परमप्रभुले हामीलाई
दया देखाउनु भयो।
८परमप्रभुले भन्नुभयो, “तिनीहरू नै मेरा मानिसहरू
हुन्। तिनीहरू मेरा खास मानिसहरू हुन्।” यसकारण
परमप्रभुले ती मानिसहरूलाई बचाउनु भयो।
९मानिसहरूसँग धेरै कष्टहरू थिए, तर परमप्रभु
उनीहरूका विरुद्ध थिएनन्। परमप्रभुले मानिसहरूलाई
प्रेम गर्नुभयो। अनि उनीहरू प्रति दुःखी हुनुभयो।
यसकारण परमप्रभुले उनीहरूलाई बचाउनु भयो,
उहाँले तिनीहरूलाई बचाउनु आफ्ना खास स्वर्गदूतलाई
पठाउनु भयो। उहाँले तिनीहरूलाई उठाउनु भयो र
बोक्नु भयो; अनि तिनीहरूलाई सदा-सर्वदा हेरचाह गर्नु
भयो।
१०तर मानिसहरू परमप्रभुको विरुद्ध उठे। तिनीहरूले
पवित्र आत्मालाई दुःखित बनाए। यसकारण उनीहरू
परमप्रभुको शत्रु भए परमप्रभुले ती मानिसहरू विरुद्ध
लड़ाइँ गर्नु भयो।
११तर धेरै वर्ष अघि के भएको थियो परमप्रभु
अझै सोच्नु हुन्छ। उहाँ मोशा र मानिसहरूको बारेमा
सोच्नु हुन्छ। परमप्रभु नै एकजना हुनुहुन्छ जसले
मानिसहरूलाई समुद्रबाट ल्याउनु भयो। परमप्रभुले आफ्ना
भेंड़ाहरू डोऱ्याउन आफ्नो गोठाला प्रयोग गर्नु भयो।
तर परमप्रभु, जसले आफ्नो आत्मा तिनीहरूमा स्थापित
गर्नु भयो, अहिले कहाँ हुनुहुन्छ?
१२परमप्रभुले मोशालाई दाहिने हातले डोऱ्याउनु भयो।
मोशालाई डोऱ्याउनकोलागि परमप्रभुले आफ्नो अद्भुत
शक्ति प्रयोग गर्नभयो। परमप्रभुले पानीलाई दुइ भागमा
विभाजन गर्नु भयो ताकि मानिसहरू समुद्रबाट हिड़न
सकुन्। त्यस्ता महान कुराहरू गरेर परमप्रभुले आफ्नो
नाउँ प्रख्यात पार्नुभयो।
१३परमप्रभुले गहिरो समुद्रहरूबाट मानिसहरूलाई
डोऱ्याउनु भयो। मानिसहरू नडुबीकन पानीमाथि हिड़े
जसरी एउटा घोड़ा जङ्गलमा हिडीरहेछ।
१४एउटा गाई खेतमा हिँड़दा सजिलै लड्दैन्। यस्तै
प्रकारले समुद्रमा हिँड्दा मानिसहरू लड़ेनन्। परमप्रभुको
आत्माले मानिसहरूलाई विश्रामको ठाउँमा लादैं थियो।
सब समय मानिसहरू सुरक्षित थिए। परमप्रभु, त्यही नै
बाटो हो तपाईंले मानिसहरूलाई डोऱ्याउनु भयो तपाईंले
मानिसहरूलाई डोऱ्याउनु भयो अनि तपाईंको प्रशंसायोग्य
नाउँ महिमीत पार्नुभयो।

## आफ्ना मानिसहरूलाई साथ दिनलाई परमेश्वर प्रति प्रार्थना

१५परमप्रभु, स्वर्गबाट तल हेर्नुहोस। ती कुराहरू
अब घटिरहेको देख्नुहुन्छ। तपाईंको महान र पवित्र
स्वर्गको घरबाट तल हामीतिर हेर्नुहोस। तपाईंको प्रगाढ
प्रेम हाम्रो लागि कहाँ छ? तपाईंको भित्री आत्माबाट
आउने प्रवल शक्ति कहाँ छ? तपाईंको प्रति मा दया
छ? किन मबाट तपाईंको आफ्नो करूणामय प्रेम
लुकाउनु हुन्छ?
१६हेर्नुहोस! तपाईं हाम्रा पिता हुनुहुन्छ! अब्राहामले
हामीलाई जान्दैनन्। याकूबले हामीलाई चिन्दैन्। हे
परमप्रभु तपाईं हाम्रा पिता हुनुहुन्छ। तपाईं मात्र हुनुहुन्छ
जसले हामीलाई सधैं बचाउनु हुन्छ।
१७हे परमप्रभु, तपाईंले आफूबाट हामीलाई किन
टाढ़ा घचेटिरहनु भएको छ? तपाईंको अनुसरण गर्न
हामीलाई किन वञ्चित गराउनु भयो? हामीकहाँ फर्केर
आउनु होस परमप्रभु। हामी तपाईंका दासहरू हौं।
हामीकहाँ आएर हामीलाई साथ दिनुहोस हाम्रा सन्तानहरू
तपाईंकै सम्पत्ति हुन्।
१८तपाईंका पवित्र मानिसहरू आफ्ना देशमा केही
समय सम्म मात्र बसे। त्यसपछि हाम्रा शत्रुहरूले
तपाईंको पवित्र मन्दिरमा कुल्चेर हिंड़े।
१९केही मानिसहरू तपाईंद्वारा शासित भएनन्। ती
मानिसहरू तपाईंको नाउँ लिंदैनन्। अनि हामी त्यस्ता
खालका मानिसहरू थियौं।
६४ यदि तपाईंले आकाश च्याति पृथ्वीमा झार्नु
भयो भने प्रत्येक कुराहरू परिवर्तित हुने
थियो। पर्वतहरू तपाईं समक्ष पग्लने थिए।
२पर्वतहरू आगोको रापमा झारपातहरू जलिरहे
जस्तो जल्ने थिए। पर्वतहरू आगोमाथि पानी जस्तै
उम्लिने थिए। तब तपाईंका शत्रुहरूले तपाईंको बारेमा
जान्नेथिए। तब सारा जातिहरू तपाईंलाई देख्दा डरले
काम्ने थिए।
३जब तपाईं अप्रत्यासित कार्य गर्नुहुन्छ, पर्वतहरू
तपाईं अघि पग्लन्छन्।
४तपाईंका मानिसहरूले साँच्चि नै तपाईंको कुरा
कहिल्यै सुनेन्। तपाईंले बताएका कुराहरूमा कहिल्यै
ध्यान दिएर सुनेन्। कसैले पनि तपाईं जस्तो परेमश्वर
देखेका छैनन्। तपाईं बाहेक त्यहाँ त्यस्तो परमेश्वर हुनु
हुन्न्। यदि मानिसहरूमा धैर्य भए अनि तपाईंको
सहयोग पर्खेको भए, तिनीहरूका लागि तपाईंले महान
कुराहरू गरिदिनुहुने थियो।
५तपाईं त्यस्ता मानिसहरूसित हुनुहुन्थ्यो जो काम
गर्न मन पराउँथे। ती मानिसहरूले तपाईंले बताउनु
भएको बाटो अनुसार गर्दै तपाईंलाई सम्झना गर्छन्।
तर अतीतमा हामीले तपाईंको विरुद्ध पाप गऱ्यौ।
यसैकारण तपाईं हामीसित क्रोधित हुनुभयो। अब हामीहरू
कसरी बचाइन सक्नेछौं?”
६हामी सबै पापले अशुद्ध भएका छौं। हाम्रा असल
कामहरू पनि शुद्ध छैनन्। तिनीहरू रगतका दागहरू
भएका लुगाहरू जस्ता छन्। हामी ओइलएर झरेका

पातहरू झैं छौं। हाम्रा पापहरूले हामीलाई बतासले झैं
उड़ाइलैजानेछ।
७हामी तपाईंलाई पूज्दैनौं। हामी तपाईंको नाउँमा
विश्वास गर्दैनौं। हामी तपाईंलाई अनुसरण गर्न उत्साहित
हुँदैनौं। यसकारण तपाईं हामीदेखि टाढ़ा हुनु भएकोछ।
हामी तपाईं समक्ष असहाय छौं, किनभने हामी पापै
पापले पूर्ण छौं।
८तर परमप्रभु, तपाईं हाम्रो पिता हुनुहुन्छ। हामी
हिलो जस्तै छौं अनि तपाईं कुमाले हुनुहुन्छ। तपाईंकै
हातले हामीहरूलाई बनाउनु भयो।
९परमप्रभु, हामीसित अब यसरी क्रोधित भइ नरहनु
होस। हाम्रा पापहरूलाई सँधै ध्यानमा नराखी भुलि दिनु
होस। दया गरेर, हामीमाथि हेर्नुहोस् हामी तपाईंका
मानिसहरू हौं।
१०तपाईंका पवित्र शहरहरू रित्तो छन्। ती शहरहरू
उजाड़ र निर्जन छन्। सियोन निर्जन छ! यरूशलेम
ध्वंश भइसक्यो।
११हाम्रा पिता-पुर्खाहरूले तपाईंलाई हाम्रा पवित्र
मन्दिरमा पूज्थे। हाम्रा मन्दिरहरू एकदम अचम्भका
थिए, तर अहिले यो आगोमा जलेर गयो। हाम्रा सारा
बहुमूल्य सम्पत्तिहरू विनाश भए।
१२के यी सबै कुराहरूले हामीलाई तपाईंको प्रेमदेखि
टाढ़ा लानेछ? के तपाईं सधैं चूपचाप बस्नु हुन्छ? के
तपाईं हामीलाई सधैं दण्ड दिनुहुन्छ?

### सम्पूर्ण मानिसहरूले परमेश्वरको बारेमा जान्नेछन्

६५ परमप्रभुले भन्नुहुन्छ, "मैले ती मानिसहरूलाई
सहयोग गरे जो मसँग सल्लाह गर्न आएनन्।
जसले मलाई भेटे उनीहरूले मलाई खोज्न आएनन्।
जसले मेरो नामै लिएनन्। त्यो जातिलाई मैले भने, 'हेर,
म यहाँ छु, मलाई हेर।'
२"म ती मानिसहरूलाई स्वीकार गर्न तयार छु जो
मेरो विरुद्धमा उठेकाछन्। मकहाँ तिनीहरू आऊन,
भनेर म पर्खीरहेछु। तर तिनीहरू लगातार त्यसरी नै
बाँचे जुन असल होइन्। तिनीहरूले आफ्ना मनले जे
चाहे त्यही गरे। ३ती मानिसहरू मसित छन अनि
मलाई सधैँ रिस उठाउँछन्। तिनीहरूले बलिहरू चढ़ाउँछन
र आफ्नो विशेष बगैँचाहरूमा धूपहरू जलाउँछन्। ४ती
मानिसहरू चिहानहरू माझमा बस्दछन्। तिनीहरू मृत
मानिसहरूबाट समाचार पर्खन्छन्। तिनीहरू मुर्दाहरू
बीचमा बस्दछन्। तिनीहरू सुंगुरको मासु खान्छन्।
तिनीहरूको काँटा र धुपौरोहरू सड़ेका मासुले गर्दा
डरलाग्दो मैला छन्।
५"तर ती मानिसहरूले अरूलाई भन्दछन, 'मेरो
नजिक नआऊ! मैले तिमीहरूलाई शुद्ध नपारुञ्जेलसम्म
मलाई नछोऊ।' ती मानिसहरू मेरो नाकको धूवाँ जस्तै
छन्, अनि सब समय तिनीहरूको आगो बल्दछ।"

### इस्राएल दण्डित हुनै पर्छ

६"हेर, यहाँ एक हिसाब छ त्यो तिर्नै पर्छ। यो
हिसाबले तिमीहरू आफ्ना पापहरूका दोषी भएको
दर्शाउछ। यो हिसाब नतिरूञ्जेल सम्म म चूपचाप बस्ने
छैन अनि म दण्ड दिएर तिनीहरूलाई हिसाब तिर्न
लगाउनेछु।
७"तिमीहरूका पापहरू र तिनीहरूका पिता-पुर्खाहरूका
पापहरू बराबरी छन्।" परमप्रभुले यसो भन्नुभयो,
"पर्वतहरूमा धूपहरू जलाएर ती पापहरू गरे। तिनीहरूले
ती पहाडहरूमा मलाई लज्जित पारे। अनि मैले
तिनीहरूलाई प्रथम दण्ड दिएँ। तिनीहरूले पाउनुपर्ने
दण्ड मैले दिएँ।"

### परमेश्वरले इस्राएललाई पूर्ण रूपले ध्वंश गर्नु हुने छैन

८परमप्रभु भन्नुहुन्छ, "जब अङ्गुरका झुप्पाहरूमा
दाखरस रहन्छ, मानिसहरूले त्यसबाट निचोरेर दाखरस
निकाल्छन्। तर तिनीहरू अङ्गुर नष्ट गर्दैनन्। म
आफ्ना सेवकहरूलाई त्यसै नै गर्नेछु। म तिनीहरूलाई
पूरै ध्वंश पार्ने छैन्। ९म याकूबका सन्तानहरूबाट केही
वंश राख्नेछु। यहूदाका मानिसहरूले मेरो पर्वत पाउने
छौ। मेरो सेवकहरू त्यहाँ बस्नेछन्। म ती मानिसहरू
छान्ने छु जो त्यहाँ बस्नेछ। १०तब शारोनका बेंसी
भेंड़ाहरूलाई चर्ने चरन हुनेछ। आकोरका बेंसी आराम
गर्ने ठाउँ हुनेछ। यी सम्पूर्ण थोकहरू मेरा मानिसहरूका
लागि हुन् जसले मलाई खोज्दछन्।
११"तर तिमीहरूले परमप्रभुलाई त्याग्यौ, यसैले तिमीहरू
दण्डित हुनेछौ। तिमीहरूले मेरो पवित्र पर्वत भुल्यौ।
तिमीहरूले भाग्यलाई मान्न थाल्यौ। तिमीहरूले झूटो
देवताहरूको भाग्य-देवलाई मान्न थाल्यौ। १२तर म
तिमीहरूको भविष्यको निर्णय गर्दछु। अनि तिमीहरू
तरवारद्वारा मारिनेछौ, सबै भनेर पनि निर्णय गर्दछु।
तिमीहरू सबै नै मारिने छौ। किन? किनभने मैले
तिमीहरूलाई बोलाएँ तर तिमीहरूले अस्वीकार गर्‍यौ,
जवाफ दिएनौ। म तिमीहरूसँग बोलें अनि तिमीहरूले
सुनेनौ। तिमीहरूले त्यही काम गर्‍यौ जुन मैले पापपूर्ण
हो भने। मैले मन नपराउने कामहरू नै तिमीहरूले गर्ने
निर्णय गर्‍यौ।"
१३यसकारण परमप्रभु मेरो मालिकले यी कुराहरू
भन्नुभयो। "मेरा दासहरूले खानेछन्। तर तिमीहरू दुष्ट
मानिसहरू भने भोको हुनेछौ। मेरा दासहरूले पिउनेछन्
तर दुष्ट मानिसहरू तिर्खाउनेछन्। मेरा दासहरू खुशी
हुनेछन्, तर दुष्ट मानिसहरू लज्जित हुनेछन्।
१४मेरा दासहरू आनन्दले खुशी हुनेछन्, तर दुष्ट
मानिसहरू दु:खले रूनेछन्। तिमीहरूका आत्माहरू
टुटेका छन् अनि तिमीहरू दु:खी छौ।
१५तिमीहरूको नाउँ मेरा दासहरूकालागि एक नराम्रो
शब्द हुनेछ।" परमप्रभु मेरो मालिकले तिमीहरूलाई

मार्नु हुन्छ अनि उहाँले आफ्ना दासहरूलाई नयाँ नाउँले
डाक्नु हुन्छ।
१६अहिले जो तिमीहरूले पृथ्वीको नाउँमा आशिर्वाद
दिइरहेका छन्। तिनीहरूले भविष्यमा पनि परमेश्वर
जसमाथि भरोसा गर्नु सकिन्छ उहाँको नाउँमा आशिर्वाद
दिनेछन्। मानिसहरू जसले पृथ्वीमा कसम खाने गर्छन्,
तिनीहरूले सत्यका परमेश्वरद्वारा त्यसो गर्छन्। किन?
किनभने विगतका पीड़ाहरू बिर्सिसकेको हुनेछ।
मेरा मानिसहरूले फेरि ती पीड़ाहरू कहिल्यै सम्झिने
छैनन्।

## नयाँ समय आइरहेछ

१७"म नयाँ आकाश र पृथ्वी बनाउनेछु। मानिसहरूले
विगतका कुराहरू सम्झने छैनन्। तिनीहरूले ती कुनै
पनि कुरा सम्झने छैन्।
१८मेरा मानिसहरू खुशी हुनेछन्। तिनीहरू सदा
सर्वदा आनन्दित हुनेछन् किन? किनभने म नै बनाउनेछु,
म यरूशलेमलाई आनन्दले भरिपूर्ण बनाउने छु अनि म
तिनीहरूलाई आनन्दित मानिसहरू बनाउनेछु।
१९तब म यरूशलेमसँग आनन्दित हुनेछु। म मेरा
मानिसहरूसँग खुशी हुनेछु। त्यहाँ फेरि कहिल्यै पनि
कोलाहल, र कष्ट हुनेछैन्।
२०त्यहाँ त्यस शहरमा कुनै पनि यस्तो नानी हुने छैन
जुन जन्मेर केही दिन मात्र बाँच्दछ। त्यस शहरमा छोटो
आयु लिएर बाँच्ने कुनै मानिस हुनेछैन्। प्रत्येक बालक
लामो आयु लिएर बाँच्दछ अनि प्रत्येक मानिस धेरै
लामो समयसम्म बाँच्नेछ। सय वर्ष सम्म बाँच्ने मानिसलाई
जवान नै ठानिने छ। अनि जुन मानिस सय वर्ष सम्म
पनि बाँच्दैन उसलाई श्रापित भएको ठानिन्छ।
२१त्यस शहरमा, यदि कसैले घर बनाउँछ भने, त्यो
मानिस त्यहीं बस्नेछ। यदि कसैले दाखहरूका बोट
बगैंचामा रोप्दछ भने त्यस मानिसले त्यही बगैंचाबाट
दाख फलहरू खानेछ।
२२कहिल्यै पनि एकजनाले घर बनाउने छैन अनि
अर्को मानिस त्यसमा बस्ने छैन्। कहिल्यै पनि एकजनाले
बगैंचा लगाउने छैन अनि अर्को मानिसले बगैंचाको
फलफूल खाने छैन्। मेरा मानिसहरू रुखहरू बाचुञ्जेल
सम्म बाँच्नेछन्। मैले रोजेका मानिसहरू आफूले बनाएका
चीजहरू प्रसन्न भएर लिनेछन्।
२३स्त्रीहरू मरेका नानी जन्माउनका लागि कहिल्ये
पनि फेरि कष्ट गर्ने छैनन्। स्त्रीहरू नानी जन्माउने
बेलामा के कस्तो घटना होला भनेर डराउने छैनन्।
सारा मेरा मानिसहरू र उनीहरूका बालकहरू परमप्रभुकै
आशिष परेका हुनेछन्।
२४तिनीहरूले भन्नु अघि नै म तिनीहरूको खाँचो
के छ जान्दछु। अनि तिनीहरूले आफ्नो दावी राख्न
अघि नै म तिनीहरूलाई सहायता गर्नेछु।
२५ब्वाँसो र थुमा एउटै ठाउँमा एकसाथ खानेछन्।
सिंहहरू र गोरूहरूसँगै पराल खानेछन्। मेरो पवित्र
पर्वतमा कसैले कसैलाई डर देखाउने अनि चोट
पुऱ्याउनेछैन्।" परमप्रभुले यी सबै कुराहरू भन्नुभयो।

## परमेश्वरले सारा जातिहरूका न्याय गर्नु हुनेछ

६६ परमप्रभु भन्नुहुन्छ, "स्वर्ग मेरो सिंहासन हो,
र पृथ्वी मेरो पाउदान हो। यसर्थ, के
तिमीहरू मेरा निम्ति एउटा घर बनाउन सक्छौ? अँह!
तिमीहरूले सक्तैनौ। के तिमीहरू मेरो आरामकोलागि
एउटा जग्गा बनाउनु सक्तैनौ? अँह!
२म स्वयंले सम्पूर्ण चीजहरू। सबै चीजहरू यहाँ
छन किनभने तिनीहरू सबै मैले बनाएका हुन्।"
परमप्रभुले नै ती कुराहरू भन्नुभयो। "मलाई बताऊ,
कस्तो मानिसहरूलाई म हेरचाह गरूँ? मैले गरीब
मानिसहरूलाई हेरचाह गरें मैले एकदमै दुःखी भएका
मानिसहरूको हेरचाह गरें, मैले मेरो वचन पालन
गर्नेहरूलाई हेरचाह गरें।
३कतिपय मानिसहरूले बलिदानको नाउँमा साढ़ेहरू
मार्दछन्। तर तिनीहरूले मानिसहरूलाई पनि कुट्छन्।
ती मानिसहरूले बलिदानको नाउँमा थुमाहरू मार्दछन् तर
तिनीहरूले कुकुरहरूको घाँटी भाँच्दछन्। ती मानिसहरूले
धानहरू पनि अर्पण गर्दछन्। तर तिनीहरूले साथ साथै
सुँगुरको रगतहरू चड़ाउँछन्। ती मानिसहरू धूपहरू
जलाउँदछन् तर तिनीहरूले निरर्थक मूर्तिहरू पनि पूज्दछन्।
ती मानिसहरू आफूले रोजेका बाटाहरू हिड़छन साथै
डरलाग्दो मूर्तिहरू पनि मन पराउँछन्।
४यसैले तिनीहरूका आफ्नै छलकपट चलाउन भन्ने
निर्णय गरें। मेरो तात्पर्य र मैले तिनीहरूलाई दण्ड दिएँ
तिमीहरूले आसध्य डराउने चीजहरू चलाए। मैले ती
मानिसहरूलाई बोलाएँ तर तिनीहरूले सुनेनन्। म
तिमीहरूसित बोलें तर तिनीहरूले कानमा तेल हाले।
यसैले म त्यही कुरा तिनीहरूकालागि गर्नेछु। तिनीहरूले
त्यस्ता कामहरू गरे जुन मैले दुष्टपूर्ण काम भनें।
तिनीहरूले मैले मन नपराएका कामहरू गरे।"
५तिमीहरूले परमप्रभुका आज्ञाहरू पालन गर्छौ भने
परमप्रभुले भन्नु भएका कुराहरू पनि सुन्नुपर्छ।
"तिमीहरूका दाज्यू-भाइहरूले तिमीहरूलाई घृणा गरे,
तिनीहरू तिमीहरूका विरोधी भए किनभने तिमीहरूले
मलाई पछ्यायौ। तिमीहरूका दाज्यू-भाइहरूले भने,
'हामी तिमीहरूकहाँ फर्केर आउनेछौ जब परमप्रभु
सम्मानित हुनुहुन्छ।' ती दुष्ट मानिसहरू दण्डित हुने नै
छ।

## दण्ड म नयाँ जाति

६सुन! ती शहर र मन्दिरबाट होहल्ला आइरहेछ।
त्यो परमप्रभुले शत्रुहरूलाई दण्ड दिनु भइरहेको होहल्ला

हो। परमप्रभुले तिनीहरूले पाउनु पर्ने दण्ड नै तिनीहरूलाई दिनु भइरहेछ।

७-८"एकजना स्त्रीले प्रसव वेदना अनुभव नगरी नानी जन्माउदिन्। एकजना स्त्रीले जन्मेको छोरोको मुख हेर्न अघि प्रसव वेदनाको अनुभव गरेकी हुनुपर्छ। यस्तै प्रकारले कसैले पनि एकै दिनमा नयाँ ससार बनिएको देखेन्। कुनै मानिसले पनि एकै दिनमा नयाँ जाति प्रारम्भ भएको सुनेन्। त्यो देशले प्रथम पीडा पाउनै पर्छ नयाँ शिशु जन्माउँदा जस्तै। प्रसव वेदनाको अनुभव पछि भूमिले उसको बालकलाई जन्म दिन्छ, एक नयाँ जाति। ९त्यसरी नै, म कसैलाई नानी नजन्माइ प्रसव वेदना अनुभव गर्ने अनुमति दिँदिन्।"

परमप्रभुले भन्नुहुन्छ, "म वचन दिन्छु, यदि तिमीलाई प्रसव वेदना अनुभव हुन्छ भने तब म नयाँ राष्ट्र जन्माउनलाई तिमीलाई रोक्ने छैन्।" तिमीहरूका परमेश्वरले यस्तो भन्नुभयो।

१०हे यरूशलेम! खुशी हौ। सारा मानिसहरू! जसले यरूशलेमलाई प्रेम गर्छ, खुशी हौ। दु:खका दिनहरू यरूशलेम प्रति घटे, यसैले कतिजना तिमीहरू दु:खी छौ।

११किन? तिमीहरूले दया प्राप्त गर्नेछौ जसरी स्तनबाट दूध आउँदछ। त्यस "दूध"ले तिमीहरूलाई सन्तुष्ट प्रदान गर्नेछ। तिमीहरूले दूध पिउनेछौ, अनि तिमीहरूले साँचो रूपमा यरूशलेमको महिमाको आनन्द उठाउनेछौ।

१२परमप्रभुले भन्नुहुन्छ, "हेर, म तिमीहरूलाई शान्ति प्रदान गर्नेछु। यो शान्ति ठूलो नदी सरह बग्नेछ। पृथ्वीमा भएका सारा जातिहरूको धनसम्पत्ति बग्दै तिमीहरूकहाँ आउनेछ। त्यो धन दौलत बाढ़ी जस्तो आउनेछ। तिमीहरू स-सना शिशुहरू जस्तै हुनेछौ। तिमीहरूले त्यो दूध पिउनेछौ, म तिमीहरूलाई उठाउनेछु, आफ्ना पाखुराहरूमा पक्रनेछ, अनि मेरो गोड़ाहरूमा उफार्नेछ।

१३म तिमीहरूलाई एउटा आमाले आफ्नो बालकलाई गरेकी जस्तै सान्त्वना दिनेछु। अनि तिमीहरू यरूशलेममा हुनेछौ जब म तिमीहरूलाई सान्त्वना दिइरहेको हुनेछु।"

१४तिमीहरूले ती चीजहरू देख्नेछौ जसले तिमीहरूलाई साँचै आनन्दित तुल्याउनेछ। तिमीहरू स्वतन्त्र हुनेछौ र घाँस जस्तो बढ्नेछौ। परमप्रभुका सेवकहरूले उहाँको शक्ति देख्नेछन्, तर उहाँका शत्रुहरूले उहाँको रिस मात्र देख्नेछन्।

१५हेर, परमप्रभु आगोसित आउँदै हुनुहुन्छ। परमप्रभुको सिपाहीहरू आँधी-बेहेरी झैं आउँदै छन। परमप्रभुको आफ्ना क्रोधले तिनीहरूलाई दण्ड दिनुहुनेछ। परमप्रभुले क्रोधले राँको जलाएर तिनीहरूलाई दण्ड दिनुहुनेछ।
१६परमप्रभुले मानिसहरूको न्याय गर्नुहुनेछ। तब परमप्रभुले मानिसहरूलाई आगो र उहाँको तरवारले नाश गर्नेहुनेछ। परमप्रभुले धेरैलाई नाश गर्नुहुनेछ।

१७ती मानिसहरूले आफ्नो विशेष बागैचामा पूजा गर्न आफैलाई पवित्र बनाउन आफै धोई पखाली गरें। ती मानिसहरूले तिनीहरूका विशेष बगैंचाहरूमा एकैसाथ अनुसरण गरे। तब तिनीहरूले आफ्ना मूर्तिहरू पूजे। तर, परमप्रभुले ती सारा मानिसहरूलाई नाश गर्नुहुनेछ।

"ती मानिसहरूले सुँगुरहरू मूसाहरू र अन्य मैला कुराहरूको मासु खान्छन्। तर, सम्पूर्ण ती मानिसहरू नाश हुनेछन्।" परमेप्रभु स्वयंले ती कुराहरू भन्नुभयो।

१८"म जान्दछु, ती मानिसहरूसँग नराम्रो विचारहरू थिए र नराम्रो कामहरू गरे। यसकारण म तिनीहरूलाई दण्ड दिन आइरहेकोछु। म सबै राष्ट्रहरू र मानिसहरू बटुल्नेछु। सबै मानिसहरूसँगै आउनेछन् अनि मेरो शक्ति देख्नेछन्। १९मैले केही मानिसहरूमा चिह्न लगाएँ - म तिनीहरूलाई बचाउनेछु। म सुरक्षित मानिसहरू मध्ये केहीलाई तर्शीश राष्ट्र अनि लिबिया, लूदी (धनुधारीको देश) तूबल, याबान अनि टाढ़ा-टाढ़ा देशहरूमा पठाउनेछु। ती मानिसहरूले मेरा शिक्षाहरू कहिल्यै सुनेका छैनन्। ती मानिसहरूले मेरो महिमा कहिल्ये देखेका छैनन्। यसकारण यी सुरक्षित मानिसहरूले ती राष्ट्रहरूलाई मेरो बारेमा बताउनेछन्। २०यसर्थ जीवित मानिसहरूले ती जातिहरूलाई मेरो विषयमा बताउनेछन्। तिनीहरूलाई मेरो पवित्र पर्वत, यरूशलेममा ल्याउनेछन्। तिनीहरूका दाज्यू-भाइ र दिदी-बहिनी, घोड़ाहरूमा गधाहरूमा र ऊँटहरूमा र साथै रथहरू अनि माल गाड़ीहरूमा चँडेर आउनेछन्। तिम्रा दाज्यू-भाइ अनि दिदी बहिनीहरू त्यस्ता उपहार जस्ता हुनेछन जस्तो इस्राएलका मानिसहरूले परमप्रभुको मन्दिरमा सफा थालहरूमा ल्याउँदछ।" २१म तिनीहरू मध्ये पूजाहारी र लेवीहरू छान्नेछु। परमप्रभु स्वयंले यी कुराहरू भन्नुभयो।

**नयाँ आकाशहरू न नयाँ पृथ्वी**

२२"म नयाँ पृथ्वी बनाउनेछु। अनि सदा-सर्वदा रहने नयाँ आकाश र नयाँ पृथ्वी बनाउनेछन यस्तै प्रकारले, तिमीहरूका नाउँहरू र तिमीहरूका नानीहरू सदा-सर्वदा मसँग हुनेछन्। २३सारा मानिसहरू प्रत्येक आराधनाको दिनमा मकहाँ उपासना गर्न आउनेछन् तिनीहरू प्रत्येक विश्राम दिन र प्रत्येक महिनाको प्रथम दिन आउनेछन्। परमप्रभु भन्नुहुन्छ।

२४"ती मानिसहरू मेरो पवित्र शहरमा हुनेछन्। अनि यदि तिनीहरू बाहिर गए भने तिनीहरूले मृत शरीरहरू देख्नेछन जसले मेरो विरुद्धमा पाप गरेका थिए। तिनीहरूका शरीरहरूमा कीराहरू लाग्नेछन र ती कीराहरू कहिल्यै मर्ने छैन्। आगोले ती शरीरहरू जलाउनेछ र त्यो आगो कहिल्यै निभ्ने छैन्।"

# सुलेमानको श्रेष्ठगीत

१ सुलेमानको सबैभन्दा उत्तम गीत।

### उनले स्त्रीलाई प्रेम गर्छन्

२चुम्बनहरूसंग मलाई छुँनुहोस् तपाईंको प्रेम दाखरस
भन्दा उत्तम भएकोले तपाईंले मलाई आफ्नो चुम्बनले
भरिदिनुहोस्।
३तपाईंको नाउँ मुल्यवान अत्तर भन्दा सुगन्धित छ,
तपाईंको गन्ध अन्य सबै अत्तरहरू भन्दा उत्तम छ।
यसकारण तरुणी केटीहरूले तपाईंलाई माया गर्छन।
४तपाईंको लागि हामी खुशी अनि आनन्दित हुन
छौ। हामी तपाईंको पछि दगुर्ने छौ राजाले मलाई
उसको आफ्नो कोठामा ल्याउनु भयो।

### यरूशलेमको स्त्रीहरू मनिस प्रति

हामीहरू खुशी अनि आनन्दित हुन्छौँ। याद गर्नुहोस्
तपाईको प्रेम दाखरस भन्दा असल छ। यसकारण
तरूणी केटीहरूले तपाईलाई प्रेम गर्छन।

### ऊ स्त्रीहरूसित कुरा गर्छिन

५यरूशलेमकि छोरीहरू हो! म काली तर सुन्दरी
छु। केदार र शाल्माको पाल झैं काली छु।
६म कति काली छु, मलाई घामले काली पारेको
त्यसलाई ननिलीहाल। मेरा दाज्यू-भाइहरू म प्रति
क्रोधित थिए, तिनीहरूले मलाई उनीहरूको दाखबारीहरू
हेर्नु अह्राए, त्यसै कारण आफूलाई ध्यान पर्याउनु
पाइन।

### तिनले पुरुषलाई भन्छिन्

७म तिमीलाई सम्पूर्ण आत्माले प्रेम गर्छु। मलाई
भन, तिमी आफ्नो भेड़ाहरू कहाँ चराउँछौ? मध्य
दिनमा तिनीहरूलाई कहाँ विश्राम गराउँछौ? म तिमीलाई
भेट्न आउनेछु अथवा तपाईंका साथीहरूको बगाल
अघि म किन घुम्टो हालेर बस्ने केटी झैं हुने?

### पुरुषको स्त्रीहरू प्रति वचन

८तिमीलाई निश्चय थाहा छ कि के गर्नु पर्ने हो?
स्त्रीहरूमा तिमी सबै भन्दा सुन्दरी छौ। जहाँ थुमा अनि
बाख्राका पाठाहरू जान्छन् त्यहाँ पछ्याएर जाऊ आफ्नो
बाख्राका पाठाहरूलाई गोठालाहरूको तम्बुको छेउमा
चर्न देऊ।
९मेरी प्यारी, तिमी मेरो निम्ति यस घोड़ी भन्दा पनि
ज्यादै उत्तेजक छौ जुन घोड़ी अन्य घोड़ाहरूसित
फिरऊनको रथ तान्छे।
१०ती घोड़ाहरू तिनीहरूको मुख देखि गर्दनको
वरीपरी सम्म राम्ररी सजाइएका छन्।
११तिम्रो निम्ति हामी सुनको लुर्कन चाँदीले मोरेर
बनाउँने छौं।

### स्त्री बोल्छे

१२जब राजा आफ्नो कोठामा थिए, मेरो अत्तरको
सुगन्ध फैलियो।
१३मेरा प्रेमी सुगन्धको थैली झैं हुनुहुन्छ, मेरो स्तन
माझमा सारा रात बिताउनु हुनेछ।
१४मेरा प्रेमी, मग-मग सुगन्ध दिने, एन-गदीका
फूलको गुच्छा जस्तै हुनुहुन्छ जुन एन-गदीको दाखबारीको
बगैंचामा फुल्छ।

### पुरुषले भन्छ

१५मेरी प्रियतमा, तिमी अत्यधिक राम्री छौ, आहा,
तिमी साँच्चै राम्री छौ, तिम्रा आखाँहरू ढुकुरका झैं
सुन्दर छन्।

### स्त्री बोल्छे

१६मेरो प्रेमी तपाईं असाध्य सुन्दर हुनुहुन्छ, साँच्चै
तपाईं मनोहर हुनुहुन्छ! हाम्रो ओछ्यान हरियो घाँसको
चउर जस्तो छ।
१७हाम्रा घरका आड़ दिने काठहरू र देवदारका
छानाका छन् डाँड़ा भाटाहरू सल्लाका छन्।
२ म भञ्चयाङमा फुल्ने गुलाफ अनि बेंसीमा फुल्ने
लिली फूल झैं छु।

### पुरुष बोल्छ

२हेर प्रेमी अन्य स्त्रीहरूको माझ तिमी काढ़ाँहरू
माझमा फूलेकी लिली फूल झैं छौ।

### स्त्री भन्छिन्

३हे मेरा प्रिय अन्य पुरुषहरूको बीच तपाईं जंगलमा
अन्य धेरै रूखहरू बीच स्याऊको बोट झैं छौ। म त्यो
बोट मुनि बसेर आनन्द लिन चाहान्छु अनि त्यसको
फल अति स्वदिष्ट लाग्छ।

४मेरा प्रियले मलाई मधु शालाम ल्याउनु भयो र उहाँले म माथि राख्नु भएको संकेत उहाँको प्रेम हो।
५म प्रेम रोगी हुँ यसर्थ मलाई किसमिस र स्याऊहरू खुवाएर सजीव बनाउनु होस।
६उहाँको देब्रे पाखुरा मेरो टाउको मुनी छ अनि दाइने हातले मलाई अगाँलेकोछ।
७हे यरूशलेमका तरूणीहरू! मुडुली मृग र हरिणहरूको नाउँमा प्रतिज्ञा गर। मसित प्रेम गर्न उत्तेजित नहौ जबसम्म म यसको निम्ति तैयारी हुँदिन।
८मेरो प्रेमीकाको स्वर सुन! लौ हेर, उहाँ आउँनु हुदैछ, पहाड़हरूमा उफ्रदै अनि डाँडाहरूमा दगुर्दै।

## प्रेमिका फेरि बोल्छे

९मेरा प्रेमी एउटा लघुमृग अथवा जवान मृग झैं हुनुहुन्छ। हेर, उहाँ हाम्रो पर्खाल पछाड़ी उभिनु भएको छ, झ्यालबाट हेरिरहनु भएकोछ, आँखी झ्यालबाट चियाइरहनु भएकोछ।
१०मेरा प्रेमीले भन्नु भयो, हे सुन्दरी, मेरी प्यारी उठ, कँहा टाड़ा जाऊँ।
११हेर! हिउँद बित्यो, वर्षा काल पनि गई सक्यो।
१२भुमिमा फूलहरू फूलिरहेकोछन्, चराहरूले गाउने समय आइसकेको छ पृथ्वीमा ढुकुरहरू कुर्लिन थालिसके।
१३नेभाराका चिचिलाहरू लाग्न थाल्यो, दाखका फूलहरूबाट वासना फैलिन थाल्यो। मेरी प्रियतमा उठ, हे मेरी सुन्दरी हिड़ काँही टाढ़ा जाँऊ।
१४अग्लो चट्टानको गुफाहरूमा र, पहाड़हरू माथि लुक्ने मेरो ढुकुर. मलाई तिम्रो दर्शन देऊ, मैले तिम्रो स्वर सुन्नु पाउँ। कारण तिम्रो स्वर अत्यन्तै प्रिय लाग्छ अनि तिमी अत्यन्तै सुन्दरी छौ।

## स्त्रीको वचन प्रियतम प्रती

१५हाम्रा निम्ति स्यालहरूलाई समातिदेऊ, किनभने ती स्यालहरूले हाम्रो दाखबारी नष्ट गरिदिन्छन् जो पूर्णरूपले फूलेकोछ।
१६मेरा प्रेमी मेरा हुनु हुन्छ अनि म उहाँकी, मेरा प्रेमीले लिलीफूलहरू माझमा चाँड़ो बास गर्छन।
१७जबसम्म दिन बितेर छाँया लामो हुँदैन फर्कि आऊ, मेरा प्रेमी हरिण झैं बन अथवा मृगहरू झैं सुन्दर पहाड़हरूमाथि।

## संगीहरूसँग स्त्री

३ राती मेरो ओछ्यानमा, म आफूले माया गरेको मानिस खोज्छु। मैले उसलाई खोजें तर पाउन सकिन।
२अब म उठ्छु म शहर वरीपरी घुम्छु। म मेरा मायालु लाई शहरको गल्ली र कुना कुनामा खोज्छु। मैले शहरका पालेहरूलाई भेटे, तर मैले उहाँलाई पाउँनु सकिन।
३मलाई पालेहरूले भेटे शहर घुम्दै गर्दा मैले तिनीहरूलाई सोधेँ "के तिमीहरूले मेरा मायालुलाई देख्यौ?"
४जब म ती पालेहरूदेखि अलिक पर मात्र पुगेकी थिएँ मैले मेरा मायालुलाई भेटे। मैले उहाँलाई समाते र उहाँलाई मेरी आमाको घरमा लगे अर्थात ती नारीको कोठामा जसले मलाई आफ्नो गर्भमा राखेकी थिइन।

## ऊ स्त्रीहरूसँग बोल्छिन्

५हे यरूशलेमका तरुणीहरू हो। हरिण र मृगहरूलाई साक्षी राखेर मलाई आफ्नो वचन देऊ कि म तयार नभए सम्म तिमीले प्रेम ममा जागृत गर्ने छैनौ।

## ऊ अनि उसकी दुलही

६यो नारी को हुन जो धेरै मानिसहरू सित मरुभूमिबाट आइरहेकी छिन्? तिनीहरूको पछि यस्तो धूलो निस्कँदैछ कि मानौ? त्यो धूँवाको बादल हो, जुन धूवाँ बल्दै गरेको सुगन्धित रस, धूप अथवा सुगन्धित मसला बाट निस्कन्छ।
७सुलेमानको सवारी हेर! इस्राएलका साठी जना बलिया बलिया सैनिकहरूले त्यो पालकी रक्षा गरिरहेका छन्।
८तिनीहरू सबै प्रशिक्षित सेनाहरू हुन्, रातमा आईपर्ने कुनै पनि विपतीको सामना गर्न तिनीहरू तत्पर छन्।
९राजा सुलेमानले आफ्नो निम्ति यात्रा गर्ने पालकी बनाए। तिनको पालकीको काठ लेवनानबाट ल्याइएको हो।
१०त्यसका खम्बाहरू चाँदीले बनिएको छ, आधारहरू सुनको बनाएका छन् आसन वैजनी रंगका लुगाले ढाकिएको छ। त्यो यरूशलेमकी स्त्रीहरूको प्रेमले बुनिएको हो।
११सियोनकी तरुणीहरू हो, बाहिर आएर सुलेमनानलाई उनको मुकुटसित हेर, त्यो उसकी आमाले त्यो दिन पहिरयाई दिएकी थिइन्, जुन दिन उनको विवाह भएको थियो। त्यो दिन उनी अत्यन्तै खुशी थिए।

## ऊ उनीसित कुरा गर्छन्

४ मेरी प्रेमीका, तिमी अत्यन्तै सुन्दरी छौ।
आहा! तिमी सुन्दरी छौ। घुम्टोभित्र लुकेका ती तिम्रा आँखाहरू ढुकुरका जस्तै छन् तिम्रा ती लामा केश गिलाद पाहाडबाट ओहालो नाच्दै झरिरहेको बाख्राको बगाल झैं छन।
२तिम्रो दाँतहरू भेड़ा झै सेता छन् जसलाई भरखरै नुहाइएको र कत्रनु तयारी बनाएको छ। तिनीहरू सबैले

जम्ल्याहा पाठा जन्माउँछन र तिमीहरूको एउटै थुमा
पनि हराएको छैन्।
३तिम्रो ओठहरू रेशमको धागो जस्तै राता छन्।
तिम्रो मुख अति सुन्दर छ, तिम्रो घुम्टोभित्रका गालाहरू
एउटा दारीमका दुई फ्याकहरू जस्तै छन्।
४तिम्रो घाँटी दाऊदको किल्ला भैं लामो अनि
पालतो छ, त्यो किल्ला सजाउनको निम्ति बनाएका
हजारौ ढालहरू यसको भित्ताहरूमा शक्तिशाली सेनाहरूसँग
छन्।
५तिम्रो स्तनहरू एक जोड़ी पाठाहरू जस्तै छन्,
हरिणको जम्ल्याहा पाठा जस्तै लिली फूलहरू विच
चरिरहन्छ।
६म त्यो गन्धरसको पर्वत माथि जानेछु, र सुगन्धितको
पहाड़मा जानेछु, जब मैले आफ्नो अन्तिम सास लिनेछु
अनि छायाहरू लामो भई लुक्नेछन्।
७मेरी प्रेमी, तिमी सबैभन्दा सुन्दरी छौ, तिमीमा कुनै
प्रकारको दाग छैन।
८हे मेरी दुलही, तिमी मेरो निम्ति लेबनोनबाट
आऊ। म भएकोमा आऊ तिमी मसित अमानाको
चुचुरोबाट, सनीरको उचाईबाट, सिंहको गुफाबाट अनि
चितुवाको पाहाडबाट आऊ।
९मेरी प्रेमिका, मेरी दुलही तिमीले मलाई उत्तेजित
गराउछ्यौ। तिम्रो आखाँको एक झलकले तिम्रो गलामा
लगाइएको मोतीको हारका एउटै दानाले, मेरो हृदय
चोरेकी छौ।
१०हे मेरी साथी, हे मेरी दुलही। तिम्रो माया कति
सुन्दर छ। तिमीले गासेको माया दाखरस भन्दा धेरै
राम्रो छ, तिम्रो अत्तरको सुगन्ध अन्य कुनै पनि सुगन्ध
भन्दा असल छ।
११मेरी दुलही। तिम्रो ओठबाट मह टप्किन्छ, दूध र
मह तिम्रो जिब्रो मुनि छ, तिम्रा बस्त्रहरूबाट मिठो
अत्तरको वासना आँउछ।
१२मेरी प्रेमिका, मेरी दुलही! ताल्चा लगाएको
बगैँचा जस्तै शुद्ध छौ। बन्द गरेको ताल जस्तै शुद्ध
छौ। त्यो बन्द गरेको फोहरा जस्तै शुद्ध छौ।
१३-१४तिम्रो शरीर दारीम जस्तै छ अनि अरू
लोभ्याउने फलहरू, फूलहरू र मसलाहरूको बासनाले
भरिएको बगैचा भैं: जटामसी केशर दालचिनी, तिमी
एउटा सबै प्रकारको सुगन्धित रूखहरूले भरिएको
बगैंचा भैं छौ मूर्र र यसमा सबै प्रकारको असल
मसलाहरू छन्।
१५तिमी बग्ने पानीको स्रोत जस्तै छौ। एउटा
लेबानोनबाट बग्दै आएको पानीको मूल।

### ऊ बोलछिन्

१६उत्तरी हावा, तिमी उठ। दक्षिणी हावा, तिमी
आऊ! मेरो बगैँचामा बह अनि आफ्नो सुगन्ध छर्क।
मेरा प्रेमी आफ्नो बगैँचाभित्र पसुन् अनि त्यहाँका मिठा
फलहरू खाऊन्।

### प्रितयम भन्छन्

५ मेरी प्रेमीका, हे मेरी दुलही, म आफ्नो सुगन्धित
सामग्रीसित बगैँचामा पसें। मैले मेरो मुर्र र
मशालाहरू बटुलेकोछु। मैले मेरो चाका महसंग खाएँ।
मैले आफ्नो दाखरस र दूध पिएकोछु।

### स्त्रीहरू प्रेमीहरूसँग कुरा गर्छन्

हे साथीहरू हो। खाऊ, प्रेमीहरू हो। पिय हो।
प्रेमको मद्यले मस्त हौ।

### प्रेमिका भन्छे

२म मस्त सुतें, तर मेरो हृदय जाग्रित थियो। मैले
मेरा प्रेमीले ढोका ढकढकाइरहेको सुन्छु। ढोका खोल
मेरी प्रेमी, मेरी ढुकुर, मेरी प्रियतमा, पुर्णता
मेरो शीर शीतले भिजेकोछ, मेरो केश मध्य रातले
भिजाएकोछ।
३मैले मेरा लुगाहरू फुकालिसकेकोछु। म फेरि
पहिरिन चाहाँदिन। मैले मेरा पाऊ धुइसकेकोछु, यसलाई
म फेरि मैला हुन दिँदिन।"
४तर उसको निम्ति म व्याकुल भए मेरा प्रेमीले
ढोकाको प्वालबाट हातहाल्दा।
५म आफ्नु प्रेमीको लागि ढोका उघार्न उठेँ, मेरा
हातहरूबाट रस गन्ध अनि औलीहरूबाट रस गन्धका
थोपाहरू तल माथि चुहे।
६जब मैले मेरा प्रेमीको लागि ढोका उघारें, तर मेरो
प्रेमी त्यहाँबाट गइसकेका थिए। म झण्डै मरें जब उहाँ
आएर गए पछि। मैले उहाँलाई खोजी हिड़े तर भेटिन,
मैले उहाँलाई बोलाउँदै खोजे तर उहाँले मेरो बोलावटको
उत्तर दिनु भएन।
७शहरका पहरेदारहरूले मलाई भेटे, र तिनीहरूले
मलाई पिटे, अनि मलाई चोट पुऱ्याए। पर्खाल
माथि बसेका पहरेदारहरूले मैले ओढ़ेको घुम्टो
खोसे।
८हे यरूशलेमका तरुणीहरू! म तिमीहरूलाई भन्छु,
"यदि तिमीहरूले मेरा प्रेमीलाई भेट्यौ भने भनिदेऊ, म
उहाँलाई यति साह्रो प्रेम गर्छु, कि जब उहाँ मसित
हुनुहुन्न तब म बिमारी हुन्छु।

### यरूशलेका स्त्रीहरूले उत्तर दिन्छन्

९स्त्रीहरूमा तिमी अति सुन्दरी छौ, तिम्रा प्रेमी र
अन्य प्रेमीहरूमा के भिन्नता छ? के तिम्रा प्रेमी अरुका
प्रेमीहरू भन्दा उत्तम छन्? के यसैकारण तिमी हामीबाट
वचन लिन चाहान्छौ कि तिम्रा प्रेमी अरुका प्रेमीहरू
भन्दा सुन्दर छन्?

### तिनले यरूशलेमका स्त्रीहरूलाई उत्तर दिन्छिन

१०दश हजार मानिसहरूको बीचमा पनि मेरा प्रेमी उज्ज्वल र तन्दुरूस्त देखिन्छन्।

११उहाँको शीर शुद्ध सुन जस्तै छ, उहाँको घुँघुरिएको कालो काग जस्तै केश छ।

१२उहाँका आँखाहरू खोलाको किनारमा बसिरहेका ढुक्कुर जस्ता छन्, उहाँका आँखाहरू दूधमा डुबेका ढुक्कुरहरू जस्ता छन्।

१३उहाँका गाला सुगन्धित मसलाको बगैँचा झैं, सुगन्धको लागि प्रयोग गरिएका फूलहरू जस्तो छ। उहाँका ओठहरू सुगन्धित रस चुहिरहने, लिली फूलहरू जस्ता छन्।

१४उहाँका पाखुराहरू ढुङ्गा जड़ित, सुनका डन्डाहरू जस्ता छन् उहाँको शरीर नीलम जड़ित हात्तिको चिल्लो दाँत जस्तो छ।

१५उहाँका पाऊहरू शुद्ध सुनमा राखिएका सङ्गमरमर जस्ता छन्। उहाँ लेबनोनमा हुने राम्रो उभिदा अग्लो देवदारु वृक्ष झैं देखिनु हुन्छ।

१६हो, यरूशलेमका स्त्रीहरू! उहाँको मुख अधिक मिठास पूर्ण छ। मेरा प्रेमी अत्यन्तै कामनीय हुनुहुन्छ। मेरा प्रियतम, मेरा साथी यस्तो हुनुहुन्छ।

### यरूशलेमका स्त्रीहरू ऊ सित बोल्छिन्

६ हे सुन्दरी स्त्री, भन तिम्रा प्रेमी कहाँ गएका छन्? भन तिनी कुन बाटो गएका छन्? हामीलाई भन, ताकि हामी उहाँको खोजीगर्न तिमीलाई सहायता गर्न सकौं।

### यरूशलेमका स्त्रीहरूलाई तिनी उत्तर दिन्छिन

२मेरो प्रेमी आफ्नो बगैचामा जानुभएको छ। उहाँ बगैंचालाई हेर्न र त्यहाँबाट लिलीहरू बटुल्न जानु भएको छ।

३म मेरा प्रेमीकी हुँ र उहाँ मेरो। उहाँ लिली फूलको बगैंचामा डुल्नु हुन्छा।

### उनी सित ऊ बोल्छ

४तिमी तिर्सा जस्तै सुन्दरी छौ, तिमी यरूशलेम जस्तै आकर्षक छौ। तिमी एउटा झण्डा बोक्ने डरलाग्दो सेना झैं साहासी छौ।

५तिम्रा आँखाहरूले मलाई अति उत्तेजित बनाउँछन। अनि तिम्रो केश लामो र झुमिरहेको छ गिलाद पर्वतबाट तलतिर ओर्लदै गरेका बाख्राहरूको बगाल झैं। यसर्थ तिमीले मलाई नहेर।

६तिम्रो दाँतहरू नुहाएर निस्केका र कत्रन तयार रहेका भेड़ाहरू जस्तै छन्। तिनीहरू सबै जम्ल्हा पाठाहरू जन्माए अनि तिनीहरू मध्ये एउटा पनि गुमाएनन्।

७घुम्टो मित्र तिम्रा ती कनपटहरू एस्ता छन् कि जस्ता दारीमका फ्यापलाहरू हुन।

८वहाँका साठी रानीहरू छन् अनि असी रखौटिहरू अनि अनगन्ती नयाँ तरुणीहरू छन्।

९तर त्यहाँ मेरो ढुक्कुरको निम्ति एउटै स्त्री छन् मेरो सम्पूणता जुन आमाले तिनलाई जन्माइन् ती आमाकी प्रसिद्ध नानी जवान स्त्रीहरूले देखेर प्रशंसा गरे, अनि रानीहरू र रखौटीहरूले पनि तिनको प्रशंसा गरे।

### स्त्रीहरूले उसको प्रशंसा गर्छन

१०ती कन्या स्त्री को हुन्? अरुणोदयझैं चम्कन्छिन् जुनझैं सुन्दरी छिन्। तिनी घामझैं चहकिली छिन् तिमी एउटा झण्डा बोक्ने डरलाग्दा सेनाझैं साहासी छौ।

### ऊ बोलछिन

११म तल ओखरको बगैंचा तिर गएँ बेशीहरूको फल हेर्न दाखहरू फूल्यो कि भनेर हेर्न दारिमले कोपीलाहरू लगायो कि भनेर हेर्न गएँ।

१२तिनले मलाई मेरा मानिसहरूको सब भन्दा राम्रो रथमा चढ़न मञ्जुरी दिएको अनुभव गरें।

### यरूशलेमका स्त्रीहरूले तिनलाई बोलाए

१३हे शूलम्मेनी फर्केर आऊ, फर्केर आऊ, फकेर आऊ ताकि हामी तिमीलाई हेर्न सक्छौं, किन तिमीहरूले शूलम्मेनीलाई सेनाहरूको युद्ध छावनीमा नर्तकीलाई झैं हेरिरहेका छौ!

### युवकले युवती सौन्दर्यमाथि प्रशंसा

७ हे राजकुमारी! यी जुत्ताहरूमा तिम्रा पाऊ साँच्चै सुन्दर देखिन्छ। तिम्रा छेपारीहरू कुनै शिल्पीले कुँदेको गहना झैं छन्।

२तिम्रो नाभि गोलो बटुको झैं छ, यसमा दाखरस बिना कहीले नहोस। तिम्रो पेट यस्तो छ कि गहुँको थुप्रो लिली फूलहरूले सीमाना लगाए जस्तो छ।

३तिम्रो स्तनहरू एक जोड़ा हरिण को पाठहरू जस्तै छन।

४तिम्रो घाटी यस्तो छ, मानौ हात्तीको दाँतले बनिएको किल्ला हो। तिम्रा आँखाहरू यस्ता छन् मानौ बाथ रब्बीमको फाटक नजिक हेस्बोनमा भएको कुणहरू हुन्। तिम्रो नाक यस्तो छ, मानौ त्यो लबनानको किल्ला हो जुन दमश्कश तिर फर्केकोछ।

५तिम्रो टाउको कार्मेलको पर्वत जस्तो छ अनि टाउकोको केश रेशम जस्तो छ। तिम्रो तल झरेको लामो केशले राजाको पनि मन पग्लिन्छ।

६तिमी मेरो निम्ति कति आनन्दायक छौ, हे मेरी प्रेमीका। तिमी कति राम्री र मनमोहक छौ।

७तिमी खजुरको रूख जस्तै अग्ली छौ। अनि तिम्रा ती स्तनहरू खजुर फलेको झुप्पा जस्तै छन्।

८म खजुरको रूखमाथि चढनेछु, र त्यसका हाँगाहरू समात्छु। तिम्रा स्तनहरू अङ्गूरको झुप्पा झैं र तिम्रो सासको गन्ध स्याउको बासना झैं होऊन।

९तिम्रो मुख विशेष दाखमद झैं होस जुन मेरो मायामा सोझैं तल बगोस त्यो बिस्तारै सित मस्त निद्राँमा परेका मानिसहरूको ओठ सम्म बगोस।

## तिनले युवकलाई भन्छिन्

१०म मेरा प्रेमीकी हुँ र जसलाई उहाँले चाहनुहुन्छ म त्यो हुँ ।

११आउँनु होस्: मेरा प्रेमी हामी मैदानमा जाँऊ, हामी गाँउमा रात काटौं।

१२हामी चाँडै दाखबारीमा जाँऊ, हामी त्यहाँ हेरौं कतै दाखका फूलहरू फक्रेका छन् कि हेरौं कतै फूल फुलिसकेको छ कि अनि दारीमको बोटमा फूलहरू ढकमक्क छन् कि म त्यहाँ तिमीलाई देखाउँने छु म तिमीलाई कति प्रेम गारेरहेकीछु।

१३हे मेरा प्रेमी! सबै प्रकारका राम्रा फुलहरू हाम्रै द्वारमा छन्, दूधेफलहरूले सुगन्ध फैलाइरहेकाछन नयाँ र पुरानो आनन्दमय बस्नुहरू मैले तिम्रो निम्ति साँचिराखेकीछु।

८ आफ्नी आमाको दुध चुस्तै हुर्कने मेरो सानो भाइ जस्तै तिमी पनि नानी हुँदो हौ त म तिमीलाई बाहिर नै भेट्ने थिए अनि तिमीलाई म्वाई खाने थिए। र कसैले यो गल्ती हो भन्न सक्ने थिएनन्। २जुन जननीले मलाई त्यो कोठामा शिक्षा दिइन म तिमीलाई ती जननीको घरको त्यो कोठामा लैजाने थिए। म तिमीलाई मेरो दारिमबाट निचोरेर निकालेको रसले बनिएको मसला युक्त मद्य दिने थिए।

## तिनले स्त्रीहरूलाई भन्छिन्

३उनको देब्रे हात मेरो टाउको मुनि छ अनि दाहिने हातले मलाई समात्नु भएको छ।

४हे यरूशलेमका तरुणीहरू हो! मलाई वचन देऊ कि जबसम्मा म यसको निम्ति तैयारी हुदिन। मलाई प्रेमले उत्तेजित पार्ने छैन।

## यरूशलेमका स्त्रीहरू बोल्छन्

५आफ्नो प्रेमीसित अढेसिएर मरुभूमिबाट आँउदै गरेकी स्त्री को हुन्?

## तिनले उसलाई भन्छिन्

मैले तपाईंलाई स्याऊको बोट मुनि जगाँए, जहाँ तपाईंकी आमले तपाईंलाई गर्भधारण गरेकी थिईन, जहाँ तपाईंको जन्म भएको थियो।

६मलाई तपाईको हृदयमा छाप लगाउँनु होस् यदि म एउटा औंठी जस्तै भएर तपाईको हातमा रहन्छु, प्रेम मृत्यु जस्तै प्रबल हुन्छ, अनि तृष्णा चाहिँ चिहान जस्तै शक्तिशाली हुन्छ कुनै ज्वालाभन्दा पनि कड़ा, त्यो दन्केको आगो झैं दन्किन्छ।

७के कसैले आफ्नो प्रेमका निम्ति आफ्नोमा भएको प्रत्येक चीज दिन्छ भने उ उपेक्षित हुन्छ र?*

## तिनकी दाज्यू भाइहरू बोल्छन्

८हाम्री सानी बहिनी छ अनि जसको स्तन विकाश भएकै छैन, यदि कसैले तिनलाई विवहा गर्न खोजे, हामीले बहिनीको लागि के गर्नु पर्ने!

९यदि तिनी पर्खाल हुँदी हुन त तिनको वरिपरी चाँदी मोरेर चिटिक्क पार्ने थियौं, यदि तिनी ढोका हुँदी हो त हामीले देवदारुको फल्याकले वरिपरी बार्ने थियौं।

## तिनले आफ्ना दाज्युहरूलाई उत्तर दिन्छिन्

१०म एउटा पर्खाल हुँ, मेरा स्तनहरू धरहराहरू जस्तै छन्। म उसको निम्ति एउटा सुरक्षाको अनुभव गर्ने भएकी छु।

## तिनी भन्छन्

११बाल-हमनमा सुलेमानको एउटा दाखको बगैंचा थियो, तिनले आफ्नो बगैंचा रखवालहरू दिए, र प्रत्येक रखवालले १,००० चाँदीको शेकेल बराबरको दाख ल्याउनु पर्थ्ये।

१२सुलेमान! तिमी आफ्नो १,००० शेकेल राख्न सक्छौ। प्रत्येक रखवालालाई २०० शेकेल देऊ उसले तिम्रो लागि ल्याएको दाखको सट्टामा! तर म मेरो आफ्नै दाखबारीको दाख राख्छु। मेरो अघिको यो दाखबारी मेरो आफ्नै हो।

## स्त्रीलाई भन्छन्

१३बगैंचामा तिमी नै बस, साथीहरू तिम्रो आवाज सुनिरहेका छन्, तिमी मलाई पनि सुन्न देऊ।

## तिनी ऊसित बोल्छिन्

१४हे प्रियतम, चाँड़ो गर। अब सुगन्धित मसालाको पर्वतमा तपाईं हरिण अथवा मृगका पाठा जस्तै हुनु होस्।

---

**के कसैले … हुन्छ र?** "कसैले आफ्नो प्रेमको खातिर आफ्नोमा भएको सबै त्याग्छ भने उ महामूर्ख बनिन्छ।"

# उपदेशकको पुस्तक

१ यी उपदेशकका वचन हुन्। उपदेशकहरू दाऊदका
पुत्र यरूशलेमका राजाका थिए।
२उपदेशकको भनाइ छ; सबै थोक व्यर्थैका छन र
अकारथ छ।* अर्थात् सब कुरा व्यर्थ छ। ३यस
जीवनमा मानिसहरू जुन किसिमले मेहनत गर्छन्,
त्यसबाट तिनीहरूलाई साँच्चै कुनै लाभ हुन्छ र?

### चीजहरू साच्चै नै परिवर्तन हुदैन

४एउटा पिँढ़ी आउँछ र जान्छ तर संसार चलिरहन्छ।
५सूर्य उदाउँछ र अस्ताउँछ तर भोलिपल्ट त्यसै ठाँउबाट
उदाउँनलाई फेरि हतारिन्छि।
६हावा दक्षिणतिर बहन्छ र यो उत्तरतिर पनि बहन्छ।
हावा एक ठाउँदेखि अर्कोमा बहन्छ अनि त्यहि फेरी
फर्केर जहाँबाट बहेको थियो त्यहीँ आउँछ।
७सबै नदीहरू एकै तिर बगिनै रहन्छन्। ती सबै
समुद्रमा आएर मिसिन्छन्। तर पनि समुद्र कहिल्यै
भरिँदैन।
८शब्दले वस्तुहरूको पूरा वर्णन गर्न सक्दैन।*
मानिसहरू र आफ्नो विचार व्यक्त गर्न सक्दैनन् तर पनि
मानिसहरू बोलि नै रहन्छन्।* शब्द हाम्रो कानमा
बारम्बार परिरहन्छन्, तर तिनले हाम्रो कान भरिँदैनन्।
हाम्रा आँखाले, जे-जति पनि देख्छन्, तीबाट कहिल्यै
अघाउँदैनन्।

### नयाँ भन्ने कुरा केही छैन

९शुरू देखि जुन कुरो जस्तो छ, त्यस्तै नै छ।
जस्तो भएर आइरहेको छ सबै थोक त्यस्तै रहिरहन्छ।
यस जीवनमा नयाँ भन्ने केही छैन।
१०कसैले भन्न सक्छ, "हेर, यो कुरो नयाँ रहेछ।"
तर त्यो धेरै अघि देखि थियो, त्यो त हामी भन्दा पनि
पहिले भएको थियो।
११धेरै अघि घटेका कुराहरू मानिसहरू याद गर्दैनन्
र अहिले घटेका कुराहरू भविष्यमा पनि याद गर्दैनन्।
त्यस पछि पनि ती अरू कुराहरूको याद राख्दैनन् जुन
उनीहरू भन्दा अघिका मानिसहरूले गरेका थिए।

### बुद्धिबाट आनन्द पाइन्छ?

१२म, जो अहिले प्रचारक हुँ, एक समयमा यरूशलेममा
इस्राएलको राजा थिएँ। १३मैले निश्चय गरें, यस
जीवनमा जे कुरा हुन्छ, त्यसलाई बुझ्न आफ्नो बुद्धि
उपयोग गर्दै त्यसलाई अध्ययन गर्छु। मैले बुझे,
परमेश्वरले मानिसहरूलाई गर्नु भनी जुन कुराहरू
दिनुभयो त्यो खुबै कठिन रहेछ। १४सबै कामहरू जुन
यो पृथ्वीमा गरें मैले तिनीहरूमाथि हेरें र देखें कि यी
सबै व्यर्थका हुन्। यो ठीक त्यस्तै हो जस्तो हावालाई
पक्रनु।* १५तिमी ती कुराहरूलाई बदल्न सक्दैनौ। यदि
कुनै कुरो टेढ़ो छ भने त्यसलाई तिमीले सोझो बनाउँन
सक्दैनौ र यदि कुनै वस्तुको अभाव छ भने तिमीले
त्यसलाई भर्न सक्दैनौ।
१६मैले आफैलाई भनें, "म खुबै बुद्धिमान् छु। म
भन्दा अघि यरूशलेममा जति पनि राजाहरूले राज गरे,
म ती सबै राजाहरू भन्दा अधिक बुद्धिमान् छु। म
जान्दछु वास्तवमा बुद्धि र ज्ञान के हो?
१७मैले यो पनि जान्ने निश्चय गरें कि मूर्खता पूर्ण
चिन्तन भन्दा विवेक र ज्ञान कसरी श्रेष्ठ छन्। तर
मलाई ज्ञान भयो विवेकी बन्ने प्रयास पनि त्यस्तै रहेछ
जस्तो हावालाई पक्रने प्रयासगर्नु। १८किन कि अधिक
ज्ञानले त्यसै हताशा उब्जँदो रहेछ। जसले अधिक ज्ञान
प्राप्त गर्दछ उसले त्यतिनै दुःख पनि प्राप्त गर्दछ।

### "हाँस-खेलबाट" साँचो आनन्द पाइन्छ?

२ मैले आफैले विचार गरें म खुशी हुने चेष्टा गर्छु
अनि आनन्द लिन्छु।" तर मैले बुझें, यो पनि
व्यर्थै रहेछ। २हर समय हाँस्तै रहनु पनि मूर्खता हो।
हाँसखेल बाट मेरो कुनै भलो भएन।
३तब मैले निश्चय गरेँ म आफ्नो शरीर दाखरसले
भर्छु यद्यपि मेरो मनले मलाई ज्ञानकै बाटो देखाइरहेको

---

**सबै थोक … अकारथ छ** मूलमा जो हिब्रु शब्द छ त्यसको अर्थ हुन्छ वाफ वा सास वा कुनै यस्तो थोक जसको कुनै काम छैन, जुन खालि छ, गलत छ र समयको बरबादी छ।

**शब्दले वस्तुको … सक्दैन** शाब्दिक "सबै शब्द (वस्तु) कमजोर छन्।"

**मानिसहरू … रहन्छन्** हिब्रूको यो वाक्य "मानिस बोल्न सक्दैनन्" भनेर पनि अनुवाद हुनसक्छ।

**यो ठीक त्यस्तै … हावालाई पक्रइनु** अथवा, "यसले मलाई (मनलाई) दुःखित तुल्याउँछ।" "दुःखितको अर्थ "इच्छुक" पनि हुनसक्छ र मनको अर्थ "हावा" पनि हुन सक्छ।

थियो। मैले यस्तो मूर्खता पूर्ण आचरण देखाएँ किन
कि मैले आनन्दको कुनै बाटो खोजिरहेको थिएँ। म
चाहन्थेँ, मानिसहरूको लागि आफ्नो जीवनका थोरै
दिनहरूमा के गर्नु उत्तम हो, त्यो खोजूँ।

### कठोर परिश्रमबाट आनन्द पाइन्छ?

४अनि मैले ठूला-ठूला काम गर्न शुरू गरें। मैले
आफ्नो लागि घरहरू बनाएँ र दाखको बगैंचा लगाएँ।
५मैले फूलबारी र बगैंचा बनाएँ। मैले सबै किसिमका
फलहरूको रूख रोपेँ। ६मैले आफ्नो लागि पानीको
तलाऊँ बनाएँ अनि फेरि ती तलाउको पानीलाई बढ्न
लागेका मेरा रूखहरूमा हाल्ने काममा लगाएँ। ७मैले
नोकर-नोकर्नीहरू किनेँ। घरमा जन्मेका नोकर-नोकर्नीहरू
त छँदै थिए। म ठूला-ठूला कुराहरूको मालिक बनें।
मसित बथानका-बथान गाई-गोरु र भेड़ा बाख्राहरू
थिए। यरूशलेममा अघि भएका राजाहरूको भन्दा
मसंग धेरै चीजहरू थिए। ८मैले आफ्नो लागि सुन
चाँदि जम्मा गरे। मैले अरु राजाहरू र तिनीहरूका
देशहरूबाट पनि धन-दौलत जम्मा गरे। म सित थुप्रै
नाच्ने-गाउने स्त्री-पुरूषहररू थिए। ९म सित चाहिएका
जति सबै कुरा थिए। म खुब धनी र महान भएँ। म
भन्दा अघि यरूशलेममा जो रहन्थे ती भन्दा पनि महान
थिए। मेरो बुद्धिले सधैँ मेरो सहायता गर्ने गर्दथ्यो।
१०मेरा आखाँले जे देख्थे र चाहन्थेँ तिनीहरूलाई मैले
प्राप्त गरेँ। म जे गर्थे, मेरो मन सधैं त्यसले प्रसन्न
हुन्थ्यो र त्यो प्रसन्नता मेरो कठोर परिश्रमको फल
थियो।

११मैले गरेका सबै कुराहरूमा नजर लगाएँ अनि
आफूले गरेका कठिन परिश्रमको बारेमा विचार गर्दा
मलाई लाग्यो त्यो सब समयको बरबादी मात्र थियो।
यो हावालाई समाउने चेष्टा गरे जस्तो मात्र थियो।
मानिसहरूले तिनीहरूको जीवनमा गरेको कठिन परिश्रमबाट
केही प्रप्त गर्न सक्दैन।

### यसको उत्तर बुद्धि हुनसक्छ

१२मैले बुद्धि पागलपन र मूर्खता के रहेछन् सो हेर्न
निर्णय गरें, जब एउटा राजाले अर्को राजाको ठाउँ
लिन्छ भने, त्यहाँ केही पनि नयाँ कुराहरू नयाँ राजाको
निम्ति गर्नेछैन, किनभने यो पहिले नै गरिसकेको हुन्छ।
१३मैले बुझें मूर्खता भन्दा बुद्धि त्यत्तिनै उत्तम हो त्यति
अँध्यारो भन्दा उज्यालो उत्तम हो। १४यो त्यस्तै हो
जस्तो: एक बुद्धिमान मानिस, त्यो कहाँ जाँदैछ, त्यो
हेर्नलाई आफ्ना आखाँले जस्तै उसको बुद्धिले हेर्छ। तर
एउटा मूर्ख मानिस अध्याँरामा हिड्ने मानिस जस्तै हो।
तर मैले यो पनि देखेको छु कि मूर्ख र बुद्धिमान
दुवैको अन्त्य एकै प्रकारले भएको छ। अन्तमा दुबै
मृत्युको मुखमा पर्दछन्। १५मैले आफ्नो मनमा सोचें,
'कुनै मूर्ख मानिसलाई जे परिआउँछ त्यो मलाई पनि
परिआउँनेछ भने यति बुद्धिमान बन्नाको लागि यति
कठिन परिश्रम मैले किन गरें?" मैले आफैलाई भनें,
"बुद्धिमान बन्नु पनि बेकार रहेछ।" १६बुद्धिमान मानिस
र मूर्ख मानिस दुवै मर्ने नै छ। र मानिसहरूले सँधै न
बुद्धिमानलाई सम्झन्छन् न कुनै मूर्खलाई नै तिनीहरूले
जे-जति गरेका थिए, पछि मानिसहरूले भूल्छन्। यसरी
बुद्धिमान मानिस र मूर्ख मानिस वास्तवमा एउटै जस्तो
रहेछ।

### के जीवनमा साँचो आनन्द होला?

१७यस कारणले मलाई जीवनसित घिन लाग्छ।
जीवनमा जो जति छ सब व्यर्थ छ, भन्ने विचारले म
खिन्न भएँ। यो हावालाई पक्रड़न खोज्नु जस्तै हो।

१८मैले जुन कठिन परिश्रम गरे, त्यसलाई घिनाउँन
थाले। मैले देखेँ, म पछि बाँच्नेहरूले मेरो कठिन
परिश्रमको फल पाउँछन्। म त ती वस्तुहरू लिएर
जाँदिन। १९जुन कुराहरूका लागि मैले यति मन लगाई
परिश्रम गरे ती सब माथि अरूकै अधिकार हुनेछ र म
यो पनि जान्दिन कि त्यो अधिकार जमाउने मानिस
बुद्धिमान हुन्छ कि मूर्ख। तर यी सब पनि त व्यर्थ नै
रहेछन्।

२०यसकारण मैले जे जति कठिन परिश्रमहरू गरेको
थिएँ, ती सबलाई सोचेर म दु:खीत भएँ।। २१एउटा
मानिसले आफ्नो बुद्धि, आफ्नो ज्ञान र आफ्नो चतुर्‍याइलाई
काममा लाएर कठोर परिश्रम गर्दछ। तर त्यो मानिस
मर्दछ र जुन कुराको लागि उसले त्यतिको परिश्रम
गर्‍यो त्यो कुनै अर्कैले पाउँछ। त्यो पाउनेले ती
कुराहरूको लागि कुनै काम त गरेको थिएन, र पनी
उसलाई ती सब हात पर्ने छ। यसले मलाई ठूलो दु:ख
लाग्छ। यो न्याय पूर्ण कुरो होइन। यो विवेक पूर्ण
कुरो पनि होइन।

२२आफ्नो सारा जीवनमा त्यतिको परिश्रम गरेर
उसले आखिरमा के पाउँछ? २३सारा जीवनमा परिश्रम
गर्‍यो तर पीड़ा र निराशा बाहेक उसको हातमा केही
पर्ने होइन। रातको समयमा पनि मानिसको मनले
विश्राम पाउँदैन यी सब पनि व्यर्थको हुन्।

२४-२५जीवनको आनन्द जति मैले लिएको छु त्यति
आनन्द लिन कोशिश गर्ने कोही अरू होला? छैन।
मैले जुन ज्ञान पाँए त्यो यही हो यति कसैले राम्रो भन्दा
राम्रो नै गर्नसक्छ कि खानु, पिउनु र आफूले गर्नु पर्ने
काममा आनन्द लिनु। मैले यो पनि बुझें कि सब
परमेश्वरबाटै प्राप्त हुन्छन। २६यदि कसैले परमेश्वरलाइ
प्रसन्न गरे परमेश्वरले उसलाई ज्ञान, बुद्धि र आनन्द
दिनुहुन्छ। तर जसले उहाँलाई खिन्न पार्छन, त्यो त
खाली वस्तुहरू थुपार्ने र त्यसलाई बोक्ने काम मात्र
गर्दछ। परमेश्वरले खराब मानिसहरूबाट लिएर असल

मानिसहरूलाई दिनुहुन्छ। यसकारण यी सब काम व्यर्थ
छन्। यो पनि हावालाई पकड्न काम जस्तो मात्र हो।

### एउटा समय हुन्छ

**३** प्रत्येक कुराको लागि एउटा उचित समय छ। र
यो पृथ्वीमा प्रत्येक कुरा सही समयमा हुन्छ।
२जन्म लिने एउटा निश्चित समय छ, र
मृत्युको पनि। रूख रोप्ने एउटा समय हुन्छ,
अनि त्यसलाई उखेल्ने एउटा समय।
३त्यहाँ मार्ने एउटा समय छ, निको पार्ने एउटा
समय, भत्काउने एउटा समय छ, बनाउने एउटा
समय।
४कराउने र रूने एउटा समय हुन्छ अनि हाँस्ने
र आनन्द गर्ने एउटा समय हुन्छ। शोक मनाउने
एउटा समय छ र नाच्ने र गाउने एउटा समय
हुन्छ।
५एक समय हुन्छ ढुङ्गा फ्याँक्ने एक समय
हुन्छ ढुङ्गा थुपार्ने। कसैलाई अङ्गलोमा हाल्ने एक
समय हुन्छ त्यसै छोड़िदिने एउटा समय हुन्छ।
६एक समय हुन्छ कुनै चीज खोज्ने र एक
समय हुन्छ हराओस् र भन्ने एकसमय हुन्छ।
चीज-बीज सम्हालेर राख्ने र एक समय हुन्छ
कतै फालि दिने एक समय।
७त्यहाँ लुगा च्यात्ने एउटा समय छ र लुगा
सिलाउने एउटा समय। त्यहाँ एउटा चुपचाप रहने
समय छ बोल्ने एउटा समय। ८एक समय हुन्छ
माया गर्ने एक समय हुन्छ घृणा गर्ने एक समय
हुन्छ झगड़ा गर्ने र एक समय हुन्छ मेल-मिलाप
गर्ने।

### परमेश्वर आफ्नो संसारलाई नियन्त्रण गर्नु हन्छ

९के मानिसले आफ्नो कठोर परिश्रमबाट वास्तवमा
केही पाउँछ? १०मैले त्यो कठोर परिश्रम देखेको छु
जुन परमेश्वरले हामीलाई गर्नको लागि दिनु भएको छ।
११परमेश्वरले मानिसहरूको हृदयमा बितेको समय र
आउने समयको चेतना राखि दिनुभएको छ। तर
परमेश्वरले के गर्नुहुन्छ ती कुराहरू हामी पूर्णरूपले
कहिल्यै बुझ्न सक्दैनौं। तर पनि परमेश्वरले हरेक कुरा
उचित र उपयुक्त समयमा गर्नुहुन्छ।
१२मैले बुझैं कि मानिसहरूको निम्ति सबैभन्दा उत्तम
कुरो यही हो, उसको जीवनमा आनन्द लिनु र असल
गर्नु हो। १३परमेश्वर चाहनुहुन्छ कि प्रत्येक मानिसले
खाओस्, पियोस् र आफ्नो काममा आनन्द लिईरहोस्।
यी कुराहरू परमेश्वबाट पाइएको उपहार हुन्।
१४म जान्दछु परमेश्वरले जे घटित गर्नुहुन्छ त्यो सदा
घट्छ नै। मानिसले परमेश्वरको कामलाई एक रति
बड़ाउन पनि सक्दैनन् र एक रति घटाउन पनि
सक्दैनन्। परमेश्वरले यस्तो यसकारण गर्नुभयो कि
मानिसहरूले उहाँको आदर गरून्। १५जुन अहिले
भइरहेको छ त्यो पहिले पनि भएकै हो। भविष्यमा के
हुनेछ त्यो पहिले पनि भएकै थियो। जे हुन गयो
परमेश्वरले त्यसको लेखा लिनुहुन्छ। १६यस जीवनमा
मैले यी कुराहरू पनि देखेको छु, कि न्यायालय जहाँ
न्याय र भलाई हुनुपर्छ, तर त्यहाँ आज खराब मात्र
पाइन्छ। १७यसकारण मैले आफ्नो मनमा भनें, 'त्यहाँ
हरेक कुरा अनि हरेक कार्यको निम्ति सही समय छ।
परमेश्वरले भलो मानिस र खराब मानिसको न्याय गर्ने
नै छन्।

### के मानिसहरू पशु जस्ता नै छन्?

१८मैले मानिसहरूको विषयमा सोचैं अनि आफैलाई
भनैं, 'परमेश्वर चाहनुहुन्छ कि मानिसहरू आफूले
आफूलाई त्यही रूपमा देखोस् जुन रूपमा तिनीहरूले
त्यो पशुहरूलाई देख्दछन।" १९के एउटा मानिस पशु
भन्दा उत्तम छ? छैन! किन? किन कि हर कुरो व्यर्थ
छ। मानिस तथा पशुहरू एउटै तरीकामा मर्छन्।
तिनीहरू पृथ्वीमा आउँछन् पृथ्वीमा नै शेष हुन्छन्।
२०मानिसहरू र पशुहरूको देहको अन्त एकै प्रकारले
हुन्छ। तिनीहरू माटोवाट आएका हुन् अनि माटोमा नै
मिल्छन। २१कसले जान्दछ कि मानिसको आत्मालाई
के हुन्छ? के कसले जान्दछ मानिसहरूको आत्मा
परमेश्वर कहाँ जान्छ अनि पशुहरूको आत्मा तल
जमीनभित्र जान्छ? २२यसकारण मैले बुझें कि मानिसले
गर्नु पर्ने सब भन्दा असल काम हो आफ्नो काममा
आनन्द उपभोग गर्नु। एकजना मानिसलाई भविष्यमा के
हुनेवाला छ देखाउन सक्तैन।

### के मरिजानु राम्रो हो?

**४** मैले फेरि यो पनि बुझे: कि कसै सित नराम्रो
बर्ताउ गरिन्छ। मैले उसको आँसु देखेको छु र
फेरि यो पनि देखेको छु कि ती दु:खीहरूलाई सान्तवना
सम्म दिने पनि कोही हुँदैन। मैले बुझेको छु, कठोर
मानिसहरू सित सम्पूर्ण शक्ति हुन्छ, र तिनीहरूले
जसलाई क्षति पुर्‍याँउछन् उनीहरूलाई ढाड़स दिने कोही
पनि हुँदैनन्। २म यो निणर्यमा पुगें कि ती जो
मरिसकेकाहरू छन् तिनीहरू अझै बाँचिरहनेहरू भन्दा
असल छन्। ३अझ यो भन्दा असल जो अहिलेसम्म
जन्मेको छैनन् तिनीहरूलाई छ किन? किनभने, तिनीहरूले
यस संसारको खराबी देखेका छैनन्।

### यति कठोर परिश्रम किन?

४मैले फेरि सोचें, 'मानिसहरू यति कठोर परिश्रम
किन गर्छन्।" मैले बुझें मानिस सफल हुनालाई र
अरूहरू भन्दा ठूलो बन्नालाई परिश्रम गरिरहन्छन्।

यस्तो कोशिश यसकारण गरिन्छ कि मानिस इर्ष्यालु हुन्छन्। आफ्नोमा जति छ, अरूकोमा त्यो भन्दा धेर नहोस् भन्ने उनीहरू चाँहन्छन्। यी सब अर्थहीन कुराहरू हुन्। यो त्यस्तै मात्र हावालाई पक्रडने जस्तो हो।

५कति मानिस भन्छन् , हात बाँधेर बसिरहनु केही नगर्नु मूर्खता हो। यदि तिमी काम गर्दैनौ भने भोकै मर्छौ। ६धेरै भन्दा धेरै पाउँन हावाको पछि झगड़ा गर्दै भाग्नु भन्दा तिम्रो हातमा जे छ यसमा सन्तोषजनक भएर वस्नु असल हो।

७फेरि मैले अर्को पनि एउटा कुरो देखेका छु जसको कुनै अर्थ छैन:

८एउटा मानिस सन्तानहीन हुन सक्छ। हुनसक्छ उसको कुनै छोरो वा यहाँसम्म कि कुनै दाज्यू-भाइ पनि छैनन् तर पनि त्यो मानिसले कठोर भन्दा कठोर परिश्रम गर्नमा लागिरहेको हुन्छ र जे जति ऊसित छ त्यतिबाट उ कहिल्यै सन्तुष्ट हुँदैन। तब म पनि यति कठोर मेहनत किन गर्दैछु? म आफै पनि यस जीवनको आनन्द किन लिदिन। अब हेर यो पनि एउटा दु:खको र व्यर्थ कै कुरो हो।

### मित्र र परिवारबाट शक्ति पाइन्छ

९एक जना भन्दा दुइजना मानिस राम्रो हो। जब दुइ जना मिलेर सँगै काम गर्छन् भने जुन काम गर्छन् त्यसमा अधिक लाभ पाउँदछन्।

१०यदि एक जना लड़े अर्काले उठाउँदछ। तर कसैको लागि पनि एक्लो रहन राम्रो होइन, किनकि जब त्यो लड़छ उसलाई सहायता गर्ने त्यहाँ कोही अर्को हुने छैन।

११यदि दुइजना एक साथ सुते त्यहाँ तातो हुनेछ, तर एक्लो सुत्ने मानिस तातिंदैन।

१२एक्लो मानिसलाई शत्रुले हराउँन सक्छ, तर त्यही शत्रुले दुइजनालाई हराउँन सक्दैन, अनि तीन जनाको शक्ति त अझै धेरै हुँदछ। ती एउटा यस्तो डोरी जस्तो हुन्छन्, जो तीन पोयाले बाटिएको हुन्छ। त्यसलाई चुँड़ाउन कठिन पर्छ।

### मानिस शासक र प्रसिध्दि

१३एक जना गरीब तर बुद्धिमान युवा शासक, एउटा बृद्ध तथा मूर्ख राजाभन्दा असल हुन्छ। त्यो बृद्ध राजाले चेताउनी हरूमा ध्यान दिंदैन। १४हुन सक्छ त्यो युवा शासक त्यस राज्यमा गरीब भएर जन्मेको होस् र हुनसक्छ उ जेलबाट छुटेर देशमा शासन गर्न आएको होस्। १५तर मैले यस जीवनमा देखेको छु र जान्दछु, मानिसहरू त्यस दोस्रा युवा शासकलाई नै मान्ने छन् र उही नयाँ राजा बन्ने छ। १६धेरै जना त्यस युवकका पछि लाग्नेछन्। तर पछि गएर ती मानिसहरूले उसलाई पनि मन पराउने छैनन् र यी सब पनि व्यर्थै हुन्। यो पनि त्यही हावालाई पक्रडने प्रयास जस्तै हो।

### भाकल गर्नमा होशियार

५ परमेश्वरको उपासना गर्न जाँदा खुबै होशियार रहू। अज्ञानीहरूले जस्तो परमेश्वरलाई बली चढ़ाउनु भन्दा उनको आज्ञा मान्नु धेरै राम्रो हो अज्ञानीहरू प्राय: खराब काम गर्ने गर्छन् र के गर्दैछन् त्यो पनि जान्दैनन्। २परमेश्वरसित प्रतिज्ञा गर्ने बेलामा होशियार होऊ। परमेश्वरसित प्रतिज्ञाहरू गर्नमा हतार नगर। परमेश्वर स्वर्गमा हुनुहुन्छ र तिमी पृथ्वीमा छौ। यसकारण तिमीले परमेश्वरसंग एकदमै कम बोल्नु पर्छ। यो उखान साँचो छ: ३धेरै चिन्ता गर्नाले खराब सपना देखिन्छ। र धेरै बोल्नाले मूर्ख कुरा उपजन्छ।

४यदि तिमीले परमेश्वरसंग कुनै कुराको प्रतिज्ञा गर्छौ भने पुरा गर्नमा दिलो नगर। परमेश्वर मूर्ख मानिसहरूसंग खुशी हुनुहुन्न। तिमीले परमेश्वरलाई जुन कुरो चढ़ाउँने प्रतिज्ञा गरेका छौ त्यो चढ़ाऊ। ५बरू कुनै भाकलै नगर्नु राम्रो हो तर भाकल गरेर पूरा नगर्नु राम्रो होइन। ६यसर्थ तिम्रो आफ्नै शब्दहरूले आफैलाई पापमा पतन नगरावोस पूजाहारीलाई* नभन, "मैले जे कुरा भनें त्यसको अर्थ यो होइन!" तिमीले यसो गर्‍यौ भने परमेश्वर* तिम्रा शब्दहरूमा रिसाउनुहुनेछ, जुन कुराको निम्ति तिमीले कर्म गरेका छौ ती सबै नष्ट पारिदिनु हुनेछ। ७धेरै सपनाहरू देख्नाले र शेखी गर्नाले व्यर्थको कुराहरूमा डोहर्‍याउँछ। तिमीले परमेश्वरलाई आदर गर्नुपर्छ।

### प्रत्येक शासकको माथि शासक हुन्छन्

८कतिपय देशहरूमा तिमीले यस्ता दीन-हीन मानिसहरू देख्छौ जसलाई कठोर मेहनत गर्न वाध्य गरिन्छ। तिमी बुझ्न सक्छौ कि गरीबहरू प्रति यस्तो व्यवहार राम्रो होइन। यो गरीबहरूको अधिकारको विरुद्ध ठहरिन्छ। तर अचम्म नमान। जो शासकले ती मानिसहरूलाई काम गर्न वाध्य तुल्याउँछन् तिनलाई वाध्य तुल्याउने अर्को शासक पनि हुन्छन्। अनि अझै अर्को एक शासक पनि हुन्छ, जसले यी दुवै शासकहरूलाई काम गर्न वाध्य गराउँछन्। ९यति हुँदाहुँदै पनि कुनै खेती गर्न योग्य भूमिमा एउटा राजा हुनु देशको निम्ति लाभदायक हो। राजा पनि अन्तमा: एउटा दास नै हो।

### धनले आनन्द किन्न सकिंदैन

१०जसले धनलाई प्रेम गर्छ त्यो आफूसित भएको धनले कहिल्यै सन्तुष्ट हुँदैन। जसले धनलाई प्रेम गर्छ,

---

**पूजाहारीलाई** हकर हुलाकी अथवा समाचारवाहक।

**परमेश्वर** न्यायधीश।

धेरै भन्दा धेरै धन प्राप्त गरे पनि उसको मन कहिल्यै
अघाउँदैन। यसकारण धन पनि व्यर्थै हो।
११कसैसित जति धेरै धन हुन्छ, उसलाई खर्च
गर्नको निम्ति त्यति नै धेरै साथीहरू हुन्छन्। यसकारण
त्यस धनी मानिसलाई वास्तवमा प्राप्त केही हुने होइन्।
उसले आफ्नो धनलाई मात्र हेरिबस्न सक्छ। १२जसले
सारा दिन कड़ा मेहनत गर्छ, ऊ घर गएर चैन साथ
सुत्न सक्छ। उसलाई खान कम छ कि धेरै छ केही
खाँचो पर्दैन। तर धनी मानिस आफ्नो धनको चिन्तामा
नै डुबिरहन्छ र सुत्नसम्म पनि सक्दैन्।
१३मैले यस जीवनमा धेरै दुःखको कुरो घटेको
देखेको छु। मानिसले भविष्यको लागि धन सञ्चय
गर्छन् तर त्यसले नोक्सानी पुर्‍याउँछ। १४अनि केही
नराम्रो घटना घट्छ र उसको सबै कुरा जान्छ र त्यस
मानिससित आफ्नो छोरालाई दिने पनि केही रहँदैन।

### हामी खाली हात आँउछौ र खाली हातै जान्छौ

१५एक मानिस आफ्नो आमाको गर्भबाट खाली हात
आँउछ। जब त्यस मानिसको मृत्यु हुँन्छ, उ आफूसित
केही नलिई सबै कुरा यही छोड़ेर जाँदछ। सम्पत्ति
थुपार्न उसले कठोर परिश्रम गर्दछ तर जब मर्छ उ
आफूसित केही लिएर जान सक्दैन। १६यो बड़ा
दुःखको कुरो हो। यस संसारलाई उसले त्यसरी नै
छोड्नु पर्छ जसरी उ आएको थियो। यसकारण 'हावालाई
पक्रडने कोशिश" गर्नाले के पाउन सक्छ? १७उसले
यदि केही पाँउछ भने त्यो हो दुःख र शोकले भरेको
दिन! त्यसैले आखिरमा ऊ हताश, रोगी र रिसाहा
बन्दछ।

### आफ्नो जीवनको कर्ममा रमाऊ

१८मैले त यो देखें कि मानिसले जे गर्न सक्छ त्यो
सबैभन्दा असल रहेछ खान, पिऊन र जुन काम उसले
यस धरतीमा आफ्नो छोटो जीवनमा गर्छ त्यसमा आनन्द
लिन्छ। परमेश्वरले यिनै केही दिनहरू दिनुभएको छ
बस् यहि तिम्रो र उसको हो।
१९यदि परमेश्वरले कसैलाई धन, सम्पत्ति र ती
कुराहरूको आनन्द लिने शक्ति दिनुभएको छ भने उसले
तिनको आनन्द लिन पर्छ। आफूसित जे जस्तो छ
त्यसलाई स्वीकार गर्नुपर्छ र परमेश्वरबाट उपहार स्वरूप
पाएको आफ्नो काममा आनन्द मनाउनु पर्छ। २०त्यसो
भए त्यस्ता मानिसले कहिल्ये पनि जीवन छोटो छ भनी
सोच्दैन। किन कि परमेश्वरले त्यस्तालाई त्यस्तै काममा
लगाई राख्नुहुन्छ, जुन काम गर्नमा उसको रूचि हुँदछ।

### धनबाट प्रसन्नता पाईंदैन

६ मैले जीवनमा अर्को कुरो पनि देखेकोछु जुन
उचित होइन। धेरै मानिसहरूले यसको अनुभव
गरेका छन्। २त्यस मानिससित चाँहिंदो कुराहरू हुन्छन्
र जति चाहन्छ त्यो पनि पाउँदछ। तर परमेश्वरले
उसलाई ती कुराहरूको भोग गर्न दिनुहुन्न। कोही अर्कै
आइपुग्छ र ती सबै थोकहरू खोसेर लैजान्छ। यो खुबै
खराब र व्यर्थ कुरो हो।
३एकजना मानिस लामो समयसम्म बाच्छ अनि
उसका एक सय नानीहरू हुन्छन्। तर यदि त्यो मानिस
ती असल कुराहरूसित सन्तुष्ट नभए अनि उसको
मृत्युपछि उसलाई सम्झना गर्ने कोही नभए, म त भन्छु
कि त्यस मानिस भन्दा तुहेको बालकको भाग्य असल
हुन्छ। ४त्यस बालकलाई कुनै नाम नदिई उसलाई
एउटा अँध्यारो खाड़लमा पुरिन्छ। ५त्यसता बालकले
कहिल्यै सूर्य देख्दैन र केही कुरो पनी जान्दैन। तर
त्यस मानिसको भाग्य! जसलाई परमेश्वरले दिएका
कुराहरूको आनन्द कहिल्यै लिएन। त्योभन्दा त त्यस
बालकले बड़ी चैन र शान्ति पाउँदछ। ६त्यस्ता मानिसहरू
दुई हजार वर्ष बाँच्न सक्छन तर यदि तिनीहरूले
जीवनमा आनन्द लिन नसके, त्यो राम्रो हो र हरेक
मानिस अन्तमा त्यही ठाउँमा जान्छ।
७एउटा मानिसले निरन्तर काम गरिनै रहन्छ किन?
किन कि उसलाई आफ्नो इच्छा पूरा गर्नु छ। तर उ
सन्तुष्ट चाँहि कहिल्यै हुँदैन। ८त्यस प्रकारले एक
बुद्धिमान मानिस पनि एक मूर्ख मानिस भन्दा धेरै राम्रो
होइन। यस्तो दीन-हीन मनुष्य हुनुमा पनि के फायदा
हुनसक्छ? ९एकोहोरो लागि रहनुमाभन्दा आफूसित जो
छ त्यसैमा सन्तोष हुनु राम्रो हो। सधैं धेरै खोजिरहनु
व्यर्थ हो। यो पनि हावालाई पक्रडन खोज्नु जस्तै हो।
१०जे जति भइरहेको छ त्यो भूतकालमा नै वर्णन
गरिसकेको छ कोही, मानिसहरूले तिनीहरू भन्दा
बलियोलाई विरोध गर्न सक्दैन। ११यसकारण ज्यादा
बोल्नु व्यर्थ हो। १२कसले जान्दछ मनुष्यको छोटो
जीवनमा उसको लागि यस भूमिमा सबैभन्दा राम्रो के
छ? उसको जीवन त छायाँ जस्तो हराईहाल्छ। यस
संसारमा भोली के हुन्छ भनी कुनै मानिसले भन्नसक्दैन।

### बुद्धि र शिक्षाको सूची

७ एउटा असल नाम हुनु सुगन्धित अत्तर भन्दा राम्रो
हो। मृत्यु दिवस जन्म दिन भन्दा उत्तम हो।
२भोजको घरमा जानु भन्दा मलामी जानु असल हो।
किन कि सबै एक दिन मर्नै पर्छ अनि हरेक जीवित
प्राणीले यो सम्झनु पर्छ।
३हाँसो भन्दा शोक र सुर्ता राम्रो हो किनकि जब
हाम्रो अनुहारमा विषाद छाँउछ तब हाम्रो हृदय कञ्चन
बन्छ।
४ज्ञानीले सधैँ मृत्युबारे सोँच्छ तर मूर्खले रमाइला
दिनहरू सम्झन्छ। ५मूर्खबाट प्रशांसित हुनुभन्दा ज्ञानीबाट
निन्दित हुनु धेरै राम्रो।

६मूर्खहरूको हाँसो त बेकार हुन्छ जस्तो काँढ़ाको आगो बालेर भाँडा तताउँछ।

७घुसले ज्ञानी मानिस भ्रष्ट हुन्छ अनि पैसाको उपहारले उसको हृदयलाई बिगारिदिन्छ। ८शुरू गरेको भन्दा अन्त गरेकै राम्रोहो अहंकारी को अधीरनमा बन्नुभन्दा नम्र र धीरज भएकै राम्रो।

९छिटै रीसाउने काम नगर, किनकि रीसाहा बन्नु मूर्खता हो। १०नभन, "बितेका दिनहरूमा के भयो। तब चीजहरू अझ राम्रा थिए।" यस्तो प्रश्न गर्नु ज्ञानको कुरो होइन। ११जसरी धनी हुनु राम्रो हो त्यसरी नै ज्ञान हुनु पनि राम्रो हो। विवेक ती जो कोही जीउनेहरूको निम्ति श्रेष्ठता हो। १२धनी हुनु जसरी नै ज्ञानी हुनु राम्रो। जीउँदो मानिसको लागि ज्ञान लाभदायक हो।

१३परमेश्वरद्धारा सृजित वस्तुहरू हेर। यदि परमेश्वरले केही कुरा बाङ्गो बनाउनु भएको छ भने तिमीले त्यसलाई सोझो बनाउन सक्ने छैनौ। १४जब जीवन उत्तम छ भने त्यसबाट आनन्द लेऊ। तर जीवन कठिन छ भने याद गर परमेश्वरले हामीलाई कठिन समय पनि दिन्छन् र असल समय पनि दिन्छन्। अनि भोलि के हुन्छ त्यो कसैले जान्दैन।

## मानिस साँच्चै असल हुँदैनन्

१५आफ्नो छोटो जीवनमा मैले सबैथोक देखेको छु। मैले देखेको छु राम्रा मानिस उमेरमा नै मर्छन् र मैले देखेको छु दुष्ट मानिस लामो आयु बाँच्छन्। १६-१७यसकारण आफैलाई किन मार्छौ? साहै राम्रो पनि नबन। साहै खराब पनि नबन। अनि साहै बुद्धिमानी पनि नबन, साहै मुर्ख पनि नबन। समय नपुगी किन मर्छौ?

१८अलिकति यस्तो बन, अलिकति उस्तो। परमेश्वरका अनुयायीहरूले पनि केही राम्रो काम गर्छन् केही नराम्रो। १९ज्ञानले मानिसलाई शक्ति दिन्छ, एउटा ज्ञानी मानिस शहरभित्र दशजना शासकहरू भन्दा शक्तिशाली हुन्छ। २०वास्तवमा यस संसारमा कोही असल मानिस छैन जसले असल कुरा मात्र गर्छ र दुष्ट काम कहिले गर्दैन।

२१मानिसहरूले भनेका सबै कुरा नसुन तिम्रो आफ्नै नोकरले पनि तिमी बारे नराम्रो कुरा गर्नसक्छ। २२अनि तिमी जान्दछौ, तिमी आफैले पनि अरूहरूका बारेमा नराम्रो कुरा गरेका छौ।

२३यी सबै कुराको बारेमा मैले आफ्नो बुद्धि र विचार लगाएँ। म साँच्चिकै बुद्धिमान बन्न खोजेँ तर त्यो असम्भव थियो। २४किन म बुझ्न सक्दिन आखिर कुरो त्यही छ। जस्तो त्यो छ! कसैलाई पनि यो बुझ्न कठिन छ। २५साँचो ज्ञान पाउन मैले ठूलो परिश्रम र गहिरो अध्ययन गरें, हरेक कुराको कारण पत्तो लाउने चेष्टा गरें तर मैले जानें के? मैले यतिनै जाने कि दुष्ट बन्नु मूर्खता हो र मूर्ख व्यवहार गर्नु पागलपन हो।

२६मैले यो पनि देखे कि कतिपय स्त्रीहरू धराप जस्तै खतरनाक हुन्छन्। तिनका हृदय जाल जस्ता र तिनका पाखुरा साङ्गला जस्ता हुन्छन्। त्यस्ता स्त्रीहरूका फन्दामा पर्नुभन्दा मर्नु निको। परमेश्वरका अनुयायी त्यस्ता स्त्रीहरूदेखि भाग्छन्। तर पापी तिनको फन्दामा पर्छ।

२७उपदेशक भन्छन् "मैले यी सब प्रश्नहरू एक साथ राखेँ अनि तिनीहरूको उत्तर खोजी गरें। २८उत्तर अझै खोजिरहेकोछु तर यति चाँहि जाने कि हजारमा एकजना साँचो पुरुष मैले पाएँ, तर साँचो नारी एउटै पनि पाइन।

२९अर्को एउटा कुरो पनि बुझेँ परमेश्वरले मनुष्यलाई राम्रो बनाउनु भएको थियो। तर मानिसहरू आफैले अनेकौं छलहरू बनाए।

## बुद्धि र शक्ति

८ ज्ञानी मानिस जस्तो को छ? कसले वस्तुहरूको अर्थ लगाउनु सक्छ? ज्ञानले चिन्तित अनुहारलाई खुशीमा बदल्न सक्छ।

२म भन्छु, तिमीले सधैं राजाको आज्ञा पालन गर्नुपर्छ। किनकि तिमीले परमेश्वलाई त्यसो गर्ने वचन दिएका छौ। ३यस विषयमा चिन्तित नहोऊ। जब उहाँले तिमीलाई पठाउनु हुन्छ उहाँलाई छोड़िदेऊ। मामला मन नपर्ने भए पनि ढिलो नगर, किनकि राजाले उसको इच्छानुसार आज्ञा गर्नुहुन्छ। ४आज्ञा दिनु राजाको अधिकार हो। अनि यसो गर, उसो गर भनेर उनलाई कसैले भन्न सक्दैन। ५राजाको आज्ञा पालन जसले गर्छ उ सुरक्षित रहन्छ। तर बुद्धिमानीले यसो गर्दा उचित समय जान्दछ, अनि उचित कुरो कहिले गर्ने त्यो पनि जान्दछ।

६त्यहाँ धेरै कष्टहरू भए तापनि मानिससित प्रत्येक कुरा गर्ने सही समय र सही मार्ग छ। ७उसलाई थाहा हुदैन भविष्यमा के हुने हो, किन कि भविष्यमा के हुने हो उसलाई कसैले भन्न सक्दैन।

८कसैले पनि हावालाई आज्ञा दिन अथवा नियन्त्रित गर्न सक्दैन, आफ्नो मृत्यु रोक्ने शक्ति कसैको छैन। युद्धको समयमा एउटा सिपाहीलाई आफ्नो ठाउँ छोड़ेर आफूले भनेको ठाँउमा जाने स्वतन्त्र हुँदैन। त्यसरी नै यदि कसैले पापहरू गर्छ भने त्यो पापले उसलाई रक्षा गर्न सक्तैन।

९मैले यी सब कुराहरू देखें। यस संसारमा घट्ने सब कुराको बारेमा मैले खुबै गंभीरता पूर्वक सोचें र देखें कि मानिस अरूमाथि शासन गर्ने शक्ति पाउन सदा संघर्ष गरिरहन्छन् र मानिसलाई कष्ट दिइरहन्छन्।

१०मैले दुष्ट मानिसहरूको सजि-सजाउ र विशाल शवयात्रा देखेँ। देह दफन-क्रिया पछि घर फर्कन लागेका मलामीहरूले त्यस दुष्ट मानिसको गुणगान गरेको पनि सुनेँ। यस्तो त्यसै शहरमा हुनेगर्छ, जहाँ त्यस दुष्ट मानिसले धेरै किसिमको खराब कामहरू गरेको हुनछ। त्यो पनि अर्थहीन नै हो।

### न्याय, पुरस्कार र दण्ड:

११कहिले काहीँ मानिसहरूले खराब काम गर्छन् त्यसको लागि उसलाई चाँडै दण्ड दिइँदैन। तिनले विस्तार-विस्तार दण्ड पाउँदै जान्छन्। त्यसैले गर्दा अरूहरू पनि खराब काम गर्न हिच्किचाउँदैनन्।

१२एउटा पापीले सयौँ पाप-कर्म गरोस् उसको आयु पनि लामै होस्। तर म यो जान्दछु, परमेश्वरको सम्मान गर्नु असल हो। १३खराब मानिसहरूले परमेश्वरको सम्मान गर्दैनन्। त्यसैले त्यस्ता मानिसहरूले वास्तवमा राम्रो कुराहरू पाउँदैनन्। त्यस्ता कुकर्मीहरू लामो समय सम्म बाँच्दैनन्। घाम अस्ताउने समयको छाया झैं लामो हुँदैन। १४यो धरतीमा अर्को कुरो पनि छ जुन म ठिक ठान्दिन। दुष्ट मानिसलाई दुष्ट कुराहरूनै घट्नु पर्थ्यो अनि असल मानिसलाई असल कुरानै। तर कहिले काहीँ असल मानिसलाई दुष्ट कुराहरू घट्छ, र दुष्ट मानिसलाई असल कुराहरू। यो गल्ती भएको जस्तो लाग्छ। १५यसैकारण मैले निश्चिय गरे जीवनको आनन्द लिनु सबैभन्दा महत्वपूर्ण कुरो रहेछ। किन? किनकि यस जीवनमा एउटा मानिसले सबभन्दा राम्रो काम गर्नसक्छ, त्यो हो खानु, पिउनु र जीवनको आनन्द लिनु। यसले कमसेकम मानिसलाई यस भूमि उसको जीवन कालमा परमेश्वरले गर्नु भनी जो कठीन काम दिनुभएको छ त्यसको आनन्द लिनामा सहायता मिल्छ।

### परमेश्वरका सबै काम हामी बुझ्न सक्दैनौं

१६यस जीवनमा मानिसहरूले गरेका काम मैले ध्यान पूर्वक अध्यान गरें। मैले देखें मानिसहरू अति नै व्यस्त छन्। ती रात दिन काम गर्छन र प्राय: सुत्दैनन् पनि। १७परमेश्वरले गरेका थुप्रै कामहरू पनि मैले देखें। अनि परमेश्वरले जति काम यस भुमिमा गर्नुभयो त्यो मानिसहरूले बुझ्न सक्दैनन्। तिनीहरूले बुझ्न जति कोशिश गरून बुझ्दैनन कुनै ज्ञानीले परमेश्वरको काम म बुझ्छु भने पनि त्यो साँचो होइन। ती सब कुरा कसैले बुझ्न सक्दैनन्।

### मृत्यु असल हुन्छ?

९ मैले यी सबै कुराहरू खुबै ध्यानपूर्वक सोचें र देखे भला र ज्ञानी मानिसहरूसित जे घट्छ अनि जुन काम तिनीहरू गर्छन् त्यसको नियन्त्रण परमेश्वरले गर्नुहुन्छ। मानिसहरू जान्दैनन् कि तिनले प्रेम पाँउछन् कि घृणा तिनीहरू जान्दैनन् कि भोलि के हुन्छ।

२तर एउटा कुरो यस्तो छ जुन प्रत्येकमाथि परिआउँछ हामी सबै मर्छौं। मृत्यु असल मानिसलाई पनि आउँछ, दुष्ट मानिसलाई पनि, मृत्यु पवित्र मानिसलाई पनि आँउछ र जो अपवित्र छ उसलाई पनि आउँछ। मृत्यु बलि चढ़ाउनेलाई पनि आउँछ नचढ़ाउनेलाई पनि आउँछ। असल मानिस पनि एउटा पापी जस्तै मर्दछ। परमेश्वरसंग विशेष प्रतिज्ञा गर्ने मानिस पनि, प्रतिज्ञा नगर्ने मानिस जस्तै मर्छ।

३यस जीवनमा जति पनि घटना घट्छ त्यसमा सबै भन्दा नराम्रो कुरो हो कि सबैको अन्त एकै प्रकारले हुन्छ। साथै यो पनि खुबै नराम्रो कुरो हो, कि मानिसहरू सधैँ खराब र मूर्ख बिचारमा डुबिरहन्छन्, अनि त्यस्ता बिचारले मृत्युतिर लैजाँन्छ। ४प्रत्येक जीवित मानिसले विश्वास गर्छन कि एउटा मरेको सिंह भन्दा जिउँदो कुकुर असल हो।

५जिउँदा मानिसहरू जान्दछन् कि उनीहरू एक दिन मर्नै पर्छ। तर मरेकाहरूले केही जान्दैन्न। मरेकाहरूले कुनै पुरस्कार पनि पाउने होइनन्। मानिसहरूले तिनलाई भूलिहाल्छन्। ६कुनै मानिस मरेपछि उसको प्रेम, घृणा, ईर्ष्या सब समाप्त हुन्छ। मृत मानिसले संसारमा जे सुकै भइरहोस त्यसको कुनै भाग लिने होइन। लिन सकिञ्जेल जीवनको आनन्द लेऊ।

७अब जाऊ अनि आफ्नो खाना खाऊ र आनन्द मनाआऊ। दाखमध खाऊ र खुश होऊ। तिमीहरूले यति गर्न परमेश्वरबाट अनुमति छ। ८राम्रो लगाउ र तिम्रो टाउकोमा, सुगन्धित तेल लगाउ। ९तिम्रो पत्नीसंग जीवनको सुख-भोग गर, जसलाई तिमी प्रेम गर्छौ यो संसारमा परमेश्वरले तिमीलाई छोटो जीवन दिनुभएकोछ। यो तिम्रो भाग हो। यसर्थ यस जीवनमा गर्नुपर्ने काममा आनन्द उपभोग गर। १०हर समय गर्नको लागि तिमी सित काम छ, त्यसलाई तिमी जति राम्रोसित गर्नसक्छौ गर। चिहानमा त कुनै कामै हुँदैन। त्यहाँ न त चिन्तानै हुन्छ न ज्ञान, न विवेक नै। अनि मृत्युको त्यस ठाँउमा। हामी सबै त जाँदैछौं।

### हामी के पो गर्न सक्छौं र? सौभाग्य? दुर्भाग्य?

११यो जीवनमा मैले त्यो चाँड़ै दगुर्नेले सधैं दौड़मा जितेको देखेको छैन् शक्तिशाली सेनाले नै युद्ध सधैं जित्दैन, महान ज्ञानी मानिसले आफ्नो कमाई सधैं खान पाँउदैन, ज्ञानी मानिसले सधैं सम्पत्ति पाँउदैन; अनि विवेकशील मानिसले सधै प्रशंसा पाउँदैन जुन उसले पाउनु पर्थ्यो। समय र अवसर प्रत्येकका निम्ति आँउछ।

१२कसैले जान्दैन, यसपछि उसलाई के हुन्छ, उ त जालमा परेको माछा जस्तौ हो माछाले जान्दैन उसलाई के हुने हो। उ त पाशोमा परेको चरो जस्तौ हो चराले

जान्दैन उसलाई के हुने हो। यस्तो प्रकारले मानिसलाई पनि भाग्यले फसाँउछ जो उसमाथि अचानक आइपर्छ।

### विवेकको शक्ति

१३मानिसले जीवनमा विवेकपूर्ण काम गरेको पनि मैले देखेको छु। अनि त्यो मलाई खुबै महत्वपूर्ण लागेको छ। १४एउटा सानो शहर थियो जहाँ थोरै मानिसहरू बस्थे। एक जना ठूला राजाले त्यस शहरमा आक्रमण गर्न शहरका चारैतिर आफ्ना सेना तैनात गरे। १५तर त्यो शहरमा एकजना ज्ञानी मानिस बस्थे उनी गरीब थिए। आफ्नो शहर बचाउन उनले आफ्नो ज्ञान प्रयोग गरे। जब शहरमा आपत्ति टर्‍यो मानिसहरूले गरीब मानिसलाई पनि भुले। १६तर म अझै पनि भन्छु, बल भन्दा बुद्धि श्रेष्ठ हो। ती मानिसहरूले गरीब मानिसको ज्ञानको बारेमा भुले अनि उनले भनेका कुराहरू सुन्न छोड़े।

१७ज्ञानीले शान्तसित बोलेका थोरै शब्द मूर्ख शासकले चिच्च्याएको शब्दभन्दा धेरै राम्रो।

१८ज्ञान युद्धको हात हतियार भन्दा धेरै असल हो। तर मूर्खले थुप्रै असल कुराहरूलाई नष्ट गर्दछ।

**१०** मरेका थोरै झिंगाले उत्तम सुगन्धलाई पनि दुर्गन्धिपूर्ण बनाउँदछन्। यसरी नै सानो मूर्खताले सम्पूर्ण बुद्धि र सम्मान नष्ट गर्दछ।

२ज्ञानीको विचारले उसलाई ठिक बाटोमा हिंड़ाउँदछ। तर मूर्खको विचारले उसलाई गलत बाटोमा हिड़ाउँदछ। ३मूर्ख बाटोमा हिड़दाखेरि पनि आफ्नो मूर्खता दर्शाउँदछ र हरेकले उ मूर्ख हो भन्ने कुरा जान्दछन्।

४मालिक रिसाए भन्दैमा आफ्नो काम नछोड़। यदि तिमी शान्त र सहायक बनिरह्यौ भने तिमीले ठूला-ठूला गल्तीहरू सुधार्न सक्ने छौ।

५यहाँ केही भिन्नै कुराहरू पनि छन् जुन मैले आफ्नो जीवनमा देखेको छु। अनि यो न्याय संगत पनि छैन। यो त्यस्तो भूल हो जुन शासकहरूबाट हुन्छ। ६मूर्खहरूलाई महत्वपूर्ण ओहोदा दिइन्छ, जहाँ धनी मानिसहरूले यस्ता काम पाउंछन् जसको कुनै महत्व हुँदैन। ७नोकर बन्नु पर्नेहरू घोड़ामा चढ़ेर हिंड़ेको पनि देखेको छु, जहाँ शासक बन्नु पर्नेहरू नोकर जस्ता भई तिनैका छेउछाऊ पैदलै हिंड़िरहेका हुन्छन्।

### हरेक काम जोखिमपूर्ण हुन्छ

८आफूले खनेको खाड़लमा आफै पर्न सक्छन्। पर्खाल भत्काउनेलाई साँपले डस्न पनि सक्छ। ९ढुङ्गाहरू त्यो मानिसमाथि झर्ने सक्छ जसले त्यसलाई चलाउँछ अनि जसले रूख काटेर ढाल्छ उसलाई चोट लाग्न सक्छ। १०तर बुद्धिले हर काम सुगम हुँन्छ। भुत्ते छुरीले काट्न कठीन पर्छ। तर कसैले छुरीलाई उध्याएर काटे त्यही सजिलो काम हुँन्छ ज्ञान त्यस्तै हो।

११लट्ठ्याउन अघिनै साँपले डस्यो भने सपेरालाई केही फाइदा हुँदैन।

१२ज्ञानीका शब्दहरूले प्रशंसित तुल्याउँछन्, परन्तु मूर्खका शब्दहरूले विनाश गराउँछन। १३मूर्ख मानिसले मूर्खताबाट कुरा थाल्छ अन्तमा पागल कुरामा टुंग्याउँदछ। १४मूर्खले धेरै कुराहरू गर्छ तर कसैलाई पनि थाहा हुदैन कि भविष्यमा के घट्छ। कसैले पनि भन्न सक्दैन भविष्यमा हुनेवाला छ। १५एउटा मूर्ख आफ्नै घरको बाटो पत्ता लाउनमा साह्रै बुद्ध बनिनु सवछ, यसर्थ जुनकाम गर्ने चेष्टा गर्छ त्यसले उसलाई थकित बनाउँछ।

### कामको मूल्य

१६देशको निम्ति यो खुबै खराब हो जुन देशको राजा बालक जस्तो छ। अनि कुनै देशको निम्ति पनि उत्तिकै खराब छ यो जहाँको राजा सारा समय खानैमा व्यस्त रहन्छ। १७तर जुन देशको राजा एउटा महान परिवारबाट आएको हुन्छ त्यस देशलाई खुबै असल हुन्छ। अनि भूमिलाई पनि फाइदा हुन्छ जब ती शासकहरूले ज्यादा खाँदैन अथवा मतुवा हुँदैनन्।

१८अल्छेको घरमा पानी चुर्इन थाल्छ र टाल्दै नटाली सबै छाना झर्छ। १९मानिस भोजनमा आनन्द लिन्छन् अनि दाखरसले जीवन अझै आनन्दित बनाउँछ। तर धनले नै सबै समस्या सुल्झाउँदछ।

### निन्दा

२०राजाको निन्दा नगर अनि महानुभाव र सम्पन्न मानिसहरूको बारेमा पनि निन्दा नगर। चाहे तिमी आफ्नो घरमा एक्लै किन नहोऊ, नराम्रो कुरै नगर। किन? किन कि कुनै एउटा सानो चरो उड़ेर गएर तिमीले भनेका सबै कुरा तिनीहरूलाई सुनाइदेला।

### निर्धिक बनी भविष्यको सामना गर

**११** विभिन्न धन्दाहरूका कुराहरूमा पैसा लगाओ बिस्तारै त्यसले फाइदा* ल्याउँछ।

२जो कुरा तिमीसित छ त्यसलाई थुप्रै काममा लगाऊ। बाँडचुड़ गर। तिमी जान्दैनौ यस भूमिमा कहिले के घटन सक्छ।

३कति कुरा यस्ता छन् जस बारे तिमी निश्चिन्त रहन सक्छौ। बादल पानीले पूर्ण छ भने धरतीमा वर्षा हुन्छ। एउटा रूख उत्तरपट्टि दशिण पट्टि, जता ढले पनि त्यही तेर्सिरहन्छ।

४तर कति कुरा यस्ता हुन्छन्, जसको निम्ति निश्चिन्त रहन सक्दैनौ। तिमीले अवसर छोप्नु पर्छ। कसैले ठीक मौसम पर्खि बसे उसले कहिल्यै बिउ छर्न सक्दैन।

---

**खर्चा … फाइदा** साहित्यक रूपले, तिम्रो रोटी पानी माथि फ्याकि देऊ अनि धेरै दिनहरू पछि यो तिमीले पाउँने छौ।

अनि कोहीले हर बादल बर्षन्छ नै भनी डराए उसले आफ्नो अन्न उठाउनै सक्दैन।

५तिमी जान्दैनौ हावा कुन ठाउँमा बहन्छ यस्तै प्रकाले तिमी जान्दैनौ कसरी एउटा आमाको गर्भमा एउटा नानीले सास फेर्छ। त्यसरी नै सबै थोकका सृज्क परमेश्वरका कामलाई तिमी जान्दैनौ।*

६यसकारण बिहानै बिऊ छर्न शुरू गर र साँझमा तिम्रो काम नरोक। तिमीलाई थाहा हुँदैन पहिले छरे अथवा पछि छरेको अथवा दुवै कामहरूमा सफलता पाउँछौ।

७उज्यालो आनन्दमय हुन्छ, अनि यो जीउँनको लागि असल हो। ८तिम्रो आयु जतिसुकै लामो रहोस्, जीवनको हरेक दिन आनन्द पूर्वक बिताऊ। तर याद राख, तिमी मर्छौ। अनि जति लामो समय तिमी बाँच्छौ मरे पछि त्यो भन्दा लामो तिम्रो समय बिन्छ प्रत्येक कुरा जे घट्नेछ त्यो व्यर्थ हुन्छ।

## उमेर छँदै परमेश्वरको सेवा गर

९यसकारण हे युवा-युवतीहरू हो जबसम्मा तिमीहरू जवान हुँदै आनन्द मनाऊ। जो मनले भन्छ त्यही गर। प्रसन्न रहौ। जो तिमीहरूको इच्छा छ त्यही गर। तर याद राख, तिमीहरूको प्रत्येक कर्म अनुसार परमेश्वरले न्याय गर्नेछन्। १०रिसले तिमीलाई वशमा नराखोस् अनि शरीरले पाप गर्न नलगाओस् किनभने युवा अवस्था व्यर्थको हुन्छ।

## बुढ़ेसकालको समस्या

१२ सानै उमेरदेखि आफ्ना सृष्टिकर्त्ताको स्मरण गर। बुढ़ेसकाल आउन अघि समय नै उनलाई संझ। उमेर ढले पछि। मैले मेरो जीवन खेर फालें।" भन्नु नपरोस्।

२सानै उमेरदेखि आफ्ना सृष्टिकर्त्ताको स्मरण गर। जब सूर्य, चन्द्र र ताराहरू तिमीलाई अँध्यारो लाग्दछ जब एउटा आँधी पछि अर्को आँधी आए जस्तो घरि-घरि आपत आइपर्दछ। त्यसभन्दा अघि नै परमेश्वरलाई सम्झ। ३त्यसबेला तिम्रा पाखुराहरू कमजोर बन्छन्। तिम्रा पाउहरू लुला र बाङ्गा बन्छन्। तिम्रा दाँतहरू झर्छन् र तिमी आफ्नो खाना समेत चबाएर खान नसक्ने हुन्छौ। आँखाले सफासित देख्दैनौ। ४तिमी कान नसुन्ने हुन्छौ।। बाटोका हल्ला खल्ला तिमी सुन्नसक्ने छैनौ। अन्न पिधिरहेको जाँतो पनि तिमीलाई शान्त लाग्छ। स्त्रीहरूले गाएको तिमीले सुन्न सक्ने छैनौ। बिहान एउटा चरा समेतले तिमीलाई बिउँझाइदिन्छ किनकि तिमी सुत्नै पनि सक्दैनौ।

५डाँड़ाहरू देखि तिमीलाई डर लाग्छ। बाटोका स-साना ढुङ्गा देखि पनि लडछु कि भन्ने डर लाग्छ। तिम्रा केशहरू बदामका फुल जस्तै सेतै हुन्छन्। हिड़दा खेरी एउटा फटेंग्राले जस्तै तिमीले आफूलाई घिसार्छौ। तिम्रो बाच्ने* इच्छा पनि हुँदैन, अनि त तिमी आफ्नो सदाको घरमा जानेछौ। अनि तिम्रा शरीरलाई दफन गर्न लैजाने मलामीहरू बाटोमा थुप्रने छन्।

## मृत्यु

६चाँदीको तार चुँड़िन अघि र सुनको कचौरा फुटाइन अघि, माटोको गाग्री इनारमा फुट्नु अघि अनि पाङ्ग्रो जलाशयमा झर्नु पहिल्यै जब तिमीहरू युवास्थामा छौ तिम्रा सृष्टिकर्त्तालाई याद गर।

७तिम्रो शरीर माटोबाट बनिएको हो। मरेपछि पनि माटामै फर्कन्छ। तर आत्मा जुन परमेश्वरबाट आयो मरेपछि त्यो आत्मा परमेश्वरकहाँ जानेछ।

८सब थोक व्यर्थ छ। उपदेशक भन्छन् यी सब समयको बरबादी मात्र हो।

## निष्कर्ष

९उपदेशक खुबै ज्ञानी थिए। उनले मानिसहरूलाई शिक्षा दिन आफ्नो ज्ञानको उपयोग गरे। उपदेशकले खुबै सावधानीसित अध्यायन गरे र धेरै शक्तिहरूलाई सम्पादन गरे। १०उचित शब्दको लागि उपदेशकले ठूलो परिश्रम गरे। अनि उनले ती शिक्षाहरू लेखे जुन सत्य र भरोसापूर्ण छन्।

११ज्ञानी मानिसको शब्दहरू छरिता सिर्कना जस्ता हुन्छन् जसको उपयोग मानिसहरू पशुहरूलाई ठीक बाटोमा हिडाउन गर्छन्। ती शिक्षाहरू दह्रिलो प्रकारले ठोकेको काँटीहरू झैं हुन्छन् ती एउटा गोठालाबाट आउँछन्। १२यसर्थ मेरा छोरा-छोरीहरू हो। ती उपदेशहरू पढ़। तर अरू किताबहरू देखि सतर्क रहौ। मानिसहरू किताब लेखिनै रहन्छन् र धेरै पढ़ाइले तिमीलाई थकित बनाउँछ।

१३अब, किताबमा लेखिएका ती सबै कुराहरूबाट हामी के सिक्छौ त? सबभन्दा महत्वपूर्ण कुरो हो परमेश्वरलाई आदर गर र उहाँको आज्ञा मान। १४किनकि मानिसहरू जे गर्छन ती सब परमेश्वर जानुहुन्छ गुप्त कुरा समेत उहाँ जानुहुन्छ। सबै राम्रा कुरा नराम्रा उहाँ जानुहुन्छ। मानिसले गरेको प्रत्येक कर्मको उहाँ न्याय गर्नुहुन्छ।

---

**तिमीलाई जान्दैनौ ... प्रत्येक कुरा** अथवा, "तिमी जान्दैनौ कसरी श्वास एउटा बालक भित्र उसको आमाको गर्भमा हुदा पसिजान्छ, तिमी पनि जानदछौ परमेश्वरको हुन् जसले यी सबै कुराहरू हुन लगाउँछ।"

**बाच्ने इच्छ् अथवा** 'भोक" वा भोगको इच्छा" यहाँ हिब्रुको अर्थ निकाल्नु गाहो छ।

# हितोपदेशको पुस्तक

### प्रस्तावना

१ यी हितोपदेशहरू दाऊदका छोरा सुलेमानका हुन्।
सुलेमान इस्राएलका राजा थिए।
२मानिसहरू ज्ञानी भएर असल कर्म गर्न सिकुन्
भनी यी वचनहरू लेखिएका हुन्। यी वचनहरूले
मानिसहरूलाई असल असल शिक्षाहरू ग्रहण गर्न
सिकाउँछन्।
३यी वचनहरूले मानिसहरूलाई विवेकशील, असल,
न्यायपूण, इमान्दार हुने सही मार्गदर्शन गर्छन।
४यी हितोपदेशहरूले अनुभवहीन मानिसहरूलाई
विवेकशील भएर काम गर्न सिकाऊँछन। तिनीहरूले
युवकहरूलाई बुद्धि दिन्छन् अनि यसलाई तिनीहरूले
कसरी प्रयोग गर्ने भन्ने सिकाऊँछन्।
५बुद्धिमान मानिसहरूले यी वचनहरू सुनेर अथवा
पढ़ेर आफ्नो ज्ञान बढ़ाइ दिशा निर्देशन पाउँछन्। ती
बुद्धिमानी मानिसहरूले यी वचनहरूबाट अझ वेशी
ज्ञान विकास गराउँन सक्छन् र अझ ज्ञानी हुन्छन्।
अनि त्यस्ता मानिसहरू जो समस्या समाधान गर्न निपुण
छन् तिनीहरूले यी वचनहरूबाट अझ ज्ञानार्जन गर्छन।
६तब गुप्त अर्थहरू भएका कार्यहरू अनि भनाईहरू
ती मानिसहरूका निम्ति स्पष्ट हुनेछन। रहस्यमय कुराहरू
तिनीहरू बुझ्न योग्य हुनेछन्।
७परमप्रभुलाई सम्मान गर्नु बुद्धिको शुरूवात हो। तर
मूर्खहरूले* अनुशासन अनि ज्ञानलाई घृणा गर्छन्।

### उसको छोरोलाई सुलेमानले उपदेश

८हे मेरो छोरो, आफ्नो बाबुको कुरा सुन् जब उनले
तिमीलाई प्रशिक्षण दिन्छन अनि आफ्नी आमाले दिएको
शिक्षालाई अवहेलना नगर।
९तिम्रा आमा बाबुले तिमीलाई सिकाएका शिक्षाहरू
कुनै मानिसलाई सुहाउँदो मुकुट अथवा सबैलाई अझ
शोभायमान गराउने सुनको हार झैँ हुन।

### खराब मानिसहरूसँग संगत गर्दा चेतावनी

१०हे मेरो छोरा, केही मानिसहरू नराम्रो कर्म गर्न
रूचाउँछन् अनि त्यस्ता मानिसहरूले तिमीलाई पनि
नराम्रो कर्म गर्न उत्साह दिन्छन् तिनीहरूको कुरा नसुन।
११त्यस्ता मानिसहरूले भन्लान, "हामी सित आऊ,
हामी लुकेर दुक्नेछौं अनि कसैलाई मार्नेछौं। हामी
निर्दोष मानिसमाथि जाईलाग्नेछौं।
१२आऊ, हामी त्यस मानिसलाई जसरी चिहानले
लाश निल्छ त्यसरी नै सम्पूर्णरूपले त्यसलाई निल्ने छौं,
जसरी चिप्लेर कोही गहिरो खाल्डामा झर्छ त्यसरी नै
त्यस मानिसलाई शुन्य पार्नेछौ।
१३हामी धेरै बहुमूल्य चीजहरू लूटेर आफ्नो घर
लैजानेछौं।
१४यसकारण हामी सित आऊ अनि हामीलाई
सहायता गर। हामीले लुटेर पाएको प्रत्येक चीजको
भाग बराबरी बाड़नेछौ।"
१५हे मेरो छोरो, तिमी तिनीहरूको बाटोको
अनुशरण नगर। त्यस्तो बाटोमा एक पाइला पनि
नराख।
१६किनभने तिनीहरू पाप कर्म गर्न सधैँ अग्रसर
रहन्छन् अनि तिनीहरू कसैको हत्या गर्न हतारिन्छन्।
१७बेकारछ जाल थाप्नु जब सबै चराहरूले तिमीलाई
देखिरहेका हुन्छन्।
१८यसर्थ जो मानिस निर्दोष मानिसलाई हत्या गर्न
लुकेर बसेको हुन्छ, वास्तवमा त्यो मानिस त्यस्तै
जालमा फँसेर मर्छ।
१९जो जो मानिसहरू भ्रष्ट कर्मद्वारा धन कमाउने
लालचमा बस्छन् तिनीहरूको अन्त पनि नराम्रो प्रकारले
नै हुन्छ।

### असल स्त्रीको बुद्धि

२०सुन, ज्ञान गल्लीहरूमा जोड़ले कराउँदै
मानिसहरूकहाँ पुग्ने चेष्टा गर्छ। ज्ञानले शहरको सार्वजनिक
स्थानहरूमा आवाज निकाल्छे।
२१ज्ञानले भीड़ गल्लीहरूमा बोलाइरहेकोछ। ज्ञान
नगरको फाटकमा बसेर मानिसहरूलाई बोलाई रहन्छे।
ज्ञानले भन्छे:
२२अनुभवहीन मानिसहरू। आफ्नो सरलतालाई तिमी
गिल्ला गर्नेहरू, कहीले सम्म गिल्ला गरी आनन्द
लिइरहने छौ। हे मुर्खहरू हो! तिमीहरूले कहिले सम्म
बुद्धिलाई घृणा गरिरहने छौ।
२३यदि तिमीहरूले मेरो हण्कीलाई ध्यान दियौ भने,
म जे जान्दछु तिमीलाई भन्नेछु अनि मेरो जम्मै बुद्धि
सिकाउनेछु।

---

**मूर्ख** हिब्रूमा "मूर्ख" को अर्थ "अधर्मतिर लाग्ने" पनि हुन सक्छ।

२४मैले बोलाएँ तर तिमीहरूले मलाई सुनेनौ, मैले तिमीहरूको लागि आफ्नो हात अघि बढ़ाँए तर तिमीहरूले म तिर ध्यानै दिएनौ

२५र मेरा सबै उपदेशहरू सुनेनौं। मेरा हरपकीहरू अस्वीकार गर्‍यौ।

२६यसकारण तिमीहरू नाश हुँदा म हाँस्नेछु। जब तिमीहरूमाथि आपत्ति आऊँछ म तिमीहरूलाई खिसी गर्नेछु।

२७जब तिमीहरूमाथि आँधी झैँ विनाश आउँछ। जब हटात प्रकोपको भुँवरीले झैँ अत्याउँछ, जब आपात र कष्ट तिमीमाथि आउँछ।

२८तब तिमीहरूले मलाई बोलाउनेछौ र मैले जवाफ दिनेछैन्। तिमीहरूले सहायताको निम्ति मलाई खोज्नेछौ, तर मबाट तिमीहरूले सहायता पाउने छैनौ।

२९म तिमीहरूलाई सहायता गर्ने छैन कारण मैले दिएको ज्ञान तिमीहरूले लिन अस्वीकार गरेका छौ तिमीहरूले परमप्रभुको डर मान्न र उहाँलाई सम्मान गर्न अस्वीकार गरेका थियौ।

३०तिमीहरूले मेरो उपदेश सुन्न अस्वीकार गरेका थियौ। जब मैले तिमीहरूलाई सही मार्ग दर्शन गराउन खोजें त्यस वखत तिमीहरूले मलाई ध्यानै दिएनौ।

३१तिमीहरूले आफूले रोजेको जीवन शैली नै मन परायौ। दुष्ट योजनामा व्यस्त रह्यौ, तिमीहरूले मेरा उपदेश मानेनौ, यसर्थ तिमीहरूले अहिले आफ्नो कर्मको फल भोग्नै पर्छ, त्यही नै तिमीहरूले ग्रहण गर्नु पर्छ।

३२अनुभवहीन मानिसहरू बरालिन्छन् अनि मर्छन्, मुर्खहरू कुनै विषयमा चिन्तित हुदैंनन् अनि यसले तिनीहरूलाई नष्ट गर्नेछ।

३३तर त्यो मानिस जसले मलाई पछ्य्‌ाउँछ ऊ सधैँ सुरक्षित रहनेछ। त्यस्ता मानिस अचानक आइपर्ने खतराहरूबाट सुरक्षित रहनेछन।

## ज्ञानका कुराहरू सुन

**२** मेरो छोरा! म जे भन्छु ग्रहण गर। मेरा आदेशहरू स्मरण गर।

२ज्ञानका कुराहरूमा ध्यान देऊ। तिम्रो समझ शिक्षाहरू तिर लगाउ।

३ज्ञानका निम्ति बोलाऊ अनि समझशक्ति पाउनलाई कराऊ।

४चाँदी खोजे झैँ ज्ञान खोज, गाड़-धन खोजे झै ज्ञान खोज।

५यदि तिमीले यसो गर्‍यौ भने परमप्रभुको डर मान्नुको अर्थ के हो तिमीले जान्न सक्ने छौ। तिमीले साँच्चैनै परमेश्वरको विषयमा जान्ने छौ।

६परमप्रभुले ज्ञान दिनुहुन्छ। बुद्धि अनि समझशक्तिहरू उहाँको मुखबाट बग्दछन।

७उहाँले असल र ईमानदार मानिसको लागि उहाँको भण्डारमा विजय साँचेर राख्नु भएको छ।

८उहाँले ती मानिसहरूको रक्षा गर्नुहुन्छ जो अरू प्रति स्वच्छ हुन्छन् उहाँले पवित्र मानिसहरूलाई पहाड़ा दिनु हुन्छ।

९यसर्थ परमप्रभुले तिमीहरूलाई ज्ञान दिनुहुनेछ अनि तिमीहरूले सही, असल र न्यायपूर्वक कुराहरू बुझ्नेछौ।

१०बुद्धि तिम्रो हृदयमा पस्नेछ अनि ज्ञान पाएर तिमीहरूको आत्मा सुखी हुनेछ।

११ज्ञानले तिमीलाई सुरक्षा दिनेछ र बुद्धिले तिम्रो रक्षा गर्नेछ।

१२ज्ञान र बुद्धिले दुष्ट मानिस झैँ भूल मार्गमा रहनबाट रोक्छ अनि दुष्टतापूर्वक बोल्नेहरूबाट बचाउँछ।

१३यस्ता मानिसहरू इमान्दारी मार्गबाट हट्छन्, तिनीहरू अँध्यारो मार्गमा हिड़छन्।

१४तिनीहरू नराम्रो कर्म गर्न रूचाउँछन् र त्यसमा आनन्द लिन्छन्।

१५तिनीहरूको मार्गमा भरोसा गर्न सकिँदैन, तिमीहरूका मार्गहरू कपटपूर्णछन। तिनीहरू झूटो बोल्छन् अनि ठग्छन्। तर तिम्रो ज्ञान र बुद्धिले तिमीलाई ती चीजहरूबाट अलग्ग राख्छ।

१६बुद्धिले तिमीहरूलाई पर-स्त्रीबाट अलग राख्छ र तिमीलाई ऊ प्रति आकर्षण गराउने मिठा कुराहरूबाट बचाउँछ।

१७जब त्यो आइमाई तरूणी थिई त्यसले विहे गरी, तर त्यसले आफ्नो लोग्नेलाई छाड़ि दिई। आफूले परमेश्वर अघि विहेको समयमा गरेको प्रतिज्ञा भूली।

१८अनि अब उसित उसको घर जाँदा उसको घरले मृत्यु सम्मुख पुर्‍याउँछ। उसको पछि लाग्ने मर्नेछ।

१९जो कोही उसको घरभित्र जान्छ उसले आफ्नो जीवन गुमाउँछ, उ जीवनको मार्ग फर्कि आउँदैन।

२०ज्ञानले तिमीहरूलाई असल मानिसहरूले गरेको कार्यको उदाहरण अनुशरण गर्न सहायता गर्छ अनि धर्मी मानिसहरूको जीवन रीतिमा बाँच्न सिकाउँछ।

२१इमान्दारी मानिसहरू तिनीहरूको भूमिमा लगातार जीउने छन् अनि दोषरहित मानिसहरू त्यहाँ बस्नेछन।

२२तर दुष्ट मानिहसहरू आफ्नो भूमि गुमाउनेछन् अनि कपटपूर्ण मानिसहरूलाई त्यस भूमिबाट हटाइनेछ।

## सही जीवन जीउनाले तिम्रो जीवन थपिन्छ

**३** हे मेरा छोरा, मेरा शिक्षाहरूलाई नभुल। मैले तिमीलाई गर्नु भनेका ती चीजहरूको सम्झना गर।

२मैले भनेका कुराहरूले तिमीलाई दीर्घ, सुखमय तथा अधिक शान्तिपूर्ण जीवन जीउन सिकाउँछ।

३प्रेम, विश्वासनीयताले तिमीलाई कहिल्यै नछाडोस्। तिनीहरूलाई आफ्नो मानसपटभमा गहिरोसित राख।

तिनीहरूलाई ती शिक्षाहरूलाई माला गुँथी गलामा लगाई राख।

४तब तिमी ज्ञानी हुनेछौ अनि तिमीले परमेश्वर अनि मानिसहरूबाट अनुग्रह पाउनेछौ।

### परमप्रभुमाथि भरोसा गर

५तिम्रो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा गर। तिम्रो आफ्नै बुद्धिमा मात्र भर नपर।

६तिम्रा सम्पूर्ण मार्गहरूमा परमप्रभुलाई सम्झ। उहाँले नै तिम्रा सबै मार्गहरू सोझो पारिदिनु हुनेछ।

७आफैलाई बुद्धिमानि नसोच, परमप्रभुसित डराउनु अनि दुष्कर्मबाट टाढ़ो बस्नु।

८यदि तिमीले यसो गर्‍यौ भने तिम्रो शरीरलाई त्यो औषधी हुनेछ अथवा तिम्रो शरीरलाई ताजा बनाउने कुनै पेय वस्तु झै हुनेछ।

### परमप्रभुमा अर्पण गर

९तिम्रो सम्पत्तिले परमप्रभुको आदर गर। तिम्रो सर्वोतमबाट परमप्रभुलाई चढ़ाऊ।

१०त्यस पछि तिम्रो सम्पूर्ण खाँचो पूरा हुनेछ। तिम्रा ढुकुटीहरू अन्नले भरिने छन् अनि तेरा मसकबाट दाखरस पोखिरहेको हुनेछ।

### परमप्रभुले दिनुभएको सजाय ग्रहण गर

११हे मेरा छोरा, परमप्रभुको अनुशासन स्वीकार गर अनि उहाँले दण्ड दिनु भए रीस नगर। त्यसबाट शिक्षा हासिल गर। १२किन? आफूले माया गर्नुभएका मानिसहरूलाई उहाँले सुधार्नु हुन्छ। हो, परमेश्वर बाबु जस्तै हुनुहुन्छ जुन बाबुले आफूले माया गरेको छोरालाई सजाय दिन्छ।

### ज्ञानहरूको आशीर्वाद

१३धन्य हो त्यो मानिस जसले ज्ञान प्राप्त गर्छ। जसले विवेक हाँसिल गर्छ त्यो धन्य हो।

१४ज्ञानबाट जो लाभ हुन्छ त्यो बहुमूल्य चाँदी भन्दा असल हो। ज्ञानबाट भएको लाभ सुन भन्दा असल हो।

१५ज्ञान भौतिक मणि माणिक भन्दा अधिक मूल्यवान हो। तिमीले चाहेको बस्तुहरूमा ज्ञान भन्दा मुल्यवान अरू हुन सक्तैन।

१६ज्ञानको दाहिने हातमा दीर्घायु छ भने देब्रे हातमा धन र सम्मान छ।

१७ज्ञानका मार्गहरू आनन्ददायक हुन्छन् ज्ञान मार्गबाट शान्ति पाइन्छ।

१८ज्ञान एउटा मानिसको निम्ति जीवनको बृक्ष झैँ हो जसले उसलाई बलिय गरी समाउँछ अनि त्यसमा जो टाँसिएर रहेनछ संधै धन्य रहन्छन्।

१९परमेश्वरले ज्ञानद्वारा पृथ्वी स्थापना गर्नु भयो, र सम्झ-शक्तिद्वारा आकाश सृजना गर्नु भयो।

२०उहाँको ज्ञान द्वारा परमप्रभुले समुद्र र बादल सृजना गर्नु भयो जसबाट पानी पर्छ।

२१हे मेरा छोरा, ज्ञानलाई तिम्रो विवेकशील दृष्टिबाट ओझलमा नपार। विजयहरूमा नियालेर सोच अनि होशियारीसित योजनाहरू बनाऊ।

२२ज्ञान र समझ-शक्तिले तिमीलाई जीवन दिनेछन र यसले तिम्रो जीवन सुन्दर पार्नेछ।

२३त्यसपछि तिमी सुरक्षित बस्नेछौ र तिम्रो पतन हुनेछैन। तिमी आफ्नो मार्गमा सुरक्षित भई हिडने छौ कतै पल्टने छैनौ। २४जब तिमी ओछ्यानमा पल्टनेछौ तिमीलाई डर लाग्दैन अनि सुत्दा घोर निद्रामा पर्नेछौ।

२५तिमी आकस्मिक विनाशमा कहिल्यै नडराउनु अथवा जुन विनाशमा दुष्ट मानिसहरू फँसिन्छन् त्यसमा कदापि नडराउनु।

२६किनभने परमप्रभु तिमीहरूको छेवैमा हुनुहुनेछ, यसर्थ उहाँले नै तिम्रो पाऊ कतै फस्न दिनु हुन्न।

### सही जीउने ज्ञान

२७जब तिमी त्यो काम गर्नु योग्य छौ, अनि जो त्यसको लागि उपयुक्त छ त्यो मानिसको लागि असल कर्म गर्नु अस्वीकार नगर।

२८जब तिमीसँग आफ्नो छिमेकीलाई आवश्यक परेको चीज छ र उसले पनि माग्छ भने, "भोलि आऊ" नभन, दिई हाल।

२९तिमीहरूका छिमेकीहरूका विरूद्ध नराम्रो योजना नबनाऊ जो तिम्रो छेउमा बस्छअनि तिमीमाथि भरोसा गर्छन।

३०कुनै कारण बिना कसैलाई अदालतमा घिस्स्याउ यदि त्यो मानिसले तिमीलाई क्षति पुर्‍याएको छैन भने।

३१उपद्रव गर्ने मानिसको इर्ष्या नगर, अनि उ जस्तै हुन नखोज।

३२किन? किनभने परमप्रभुले त्यस्ता मानिसलाई घृणा गर्नु हुन्छ, तर उहाँ इमान्दार मानिसहरूको मित्र हुनुहुन्छ।

३३दुष्ट मानिसको घर परमप्रभुद्वारा श्रापित रहन्छ अनि इमान्दार मानिसको घर उहाँद्वारा आशीषित हुन्छ।

३४यदि कुनै मानिस घमण्डी छ र अन्य मानिसहरूको खिल्ली उडाउछ भने परमेश्वरले त्यस मानिसलाई दण्ड दिन हुनेछ र खिसि गर्नु हुनेछ। तर नम्र मानिसहरू प्रति परमश्वर दयालु हुनुहुन्छ।

३५ज्ञानी मानिसले आदर पाउँछन, तर मूर्ख मानिसले लाज तथा अपमान मात्र पाउँछ।

## ज्ञानको महत्वपूर्ण

४ हे मेरा छोराहरू, आफ्नो बाबुको शिक्षाहरूमा ध्यान देऊ अनि तिमीहरूले ती शिक्षाहरू बुझ्ने छौ।

२म तिमीलाई गहिरो ज्ञान दिन्छु। मैले दिएको यो शिक्षा तिमीले नत्याग।

३एक समयमा म पनि मेरो पिताको एउटा छोरा थिएँ अनि मेरी आमाको प्रिय सानो केटो थिएँ, उनको एउटै मात्र छोरो।

४अनि मेरो बाबुले मलाई यी सब कुराहरू सिकाउनु भयो। उहाँले मलाई भन्नु भयो, "मैले भनेका कुराहरू याद गर, मेरा आज्ञाहरू पालन गर, तब तिमी जीवित रहनेछौ।

५ज्ञान र समझ-शक्तिलाई प्राप्त गर। मेरो अर्तीलाई नबिर्सनु अनि मैले दिएको शिक्षाहरूलाई अस्वीकार नगर्नु।

६ज्ञानलाई नत्याग, ज्ञानलाई प्रेम गर, तब ज्ञानले तिम्रो रक्षा गर्नेछ।

७सबभन्दा महत्वपूर्ण कुरो नै ज्ञान हो। तिमीले ज्ञान प्राप्त गर्न आँफूसँग भएको सबै बेच।

८ज्ञानलाई सम्मान गर अनि यसैले तिमीलाई महान बनाउँने छ। ज्ञानलाई अँगाल यसले तिमी मा सम्मान ल्याउनेछ।

९उसले तिम्रो शिरमाथि महिमाको माला लगाई दिन्छ अनि तिमीलाई महिमामय शिरपेचले सुगोभित पार्छे।

१०हे मेरा छोरा, त्यो मैले दिएको शिक्षा सुन अनि तिमीले लामो जीवन जीउने छौ।

११म तिमीलाई ज्ञानको बाटोको शिक्षा दिइरहेको छु। अनि मैले तिमीलाई सोझोबाटोमा डोऱ्याइरहेको छु

१२जब तिमी अघि बढ्छौ, तिम्रो खुट्टा जालमा पर्ने छैन अनि जब तिमी दगुर्छौ तिमीलाई ठेस लाग्ने छैन।

१३अर्तीलाई समातिराख् अनि यसलाई जान नदेऊ। यसमाथि नजर राख किनभने ऊ तिम्रो जीवन हो।

१४दुष्ट मानिसहरूको बाटो नकुल्च अनि दुष्ट मानिसहरूको मार्गमा नहिड्।

१५यसलाई त्याग। यसलाई कटेर पनि नजाऊ! त्यसलाई तिम्रो पिठयूँ फर्काई देऊ अनि टाढ़ा हिड्।

१६दुष्ट मानिसहरू दुष्टयाई नगरी सुत्न सक्तैनन। जब सम्म कसैलाई नोक्सान पुऱ्याउँदैनन तिनीहरू निदाँउ नै सक्तैनन।

१७किनभने तिनीहरू त सबै पाप कर्मबाट नै जीवन निर्बाह गर्छन र पाशविक कमाईबाट मद्य पिउँछन् कारण पाप तथा खराब कर्म गर्न त तिनीहरूको निम्ति खानु पिउनु जत्तिकै स्वभाविक हो।

१८तर धर्मको बाटो चाँहि सूर्यको प्रभात किरण झैं हुन्छ जसले मध्यान्न सम्म प्रकाश बढाउँदै जान्छ।

१९दुष्टहरूको चाल अत्त्यन्तै अन्धकारमय हुन्छ र दुष्ट मानिसले जान्दैन कि कहाँ उसले ठक्कर खाँन्छ।

२०हे मेरा छोरा, मेरा कुराहरू सुन्। मैले के भन्छु ध्यान दिएर सुन।

२१ती कुराहरूलाई सदा आफ्नो मनमा राख र तिनीहरूलाई आफ्नो सामने बाट टाढ़ा नराख।

२२मेरो शिक्षाहरूले तिनीहरूलाई जीवन दिन्छ जसले यसलाई पालन गर्छ अनि मेरा वचनहरूले शरीरमा तन्दूरूस्ती दिन्छ।

२३सबभन्दा महत्वपूर्ण कुरो के हो भने तिमीले सोच्नु पर्ने कुराहरूमा तिमी अत्यन्तै होशियारी हुनु पर्छ। किनभने तिम्रो मन तिम्रो जीवनको स्रोत हो।

२४तिम्रो मुखबाट मिथ्यापूर्ण शब्दहरू निस्कन नदेऊ। झूटो नबोल।

२५तिम्रा आँखाहरू अगि सधैं मार्ग सोझो रहोस् र आँखाको पलकले सधैं अगि नै ताकिरहेको होस्।

२६तिमी हिड़ेको मार्गलाई राम्ररी हेर अनि तिमीले गरेका सबै कुरामा सुरक्षित हुनेछौ। २७दाहिने अथवा देब्रे नर्फक, तिम्रो खुट्टाहरूलाई गल्ती मार्गमा जानबाट रोक।

## व्यभिचारबाट जोगाऊने ज्ञान

५ हे मेरो छोरो! तिमी मेरो ज्ञानपूर्ण शिक्षाहरूमा ध्यान देऊ। मेरा बुद्धिका वचनहरू होशियार साथ सुन।

२यी कुराहरूबाट तिमीलाई कुन असल अथवा खराब त्यो बोध भइरहनेछ र तिम्रो ओठमा ज्ञानका कुराहरू वास गरिरहन्छन्।

३कारण पर स्त्रीको मुखबाट मह टप्किन्छ अनि ओठ भद्राक्षको तेल दले झैं चिप्लो हुन्छ।

४तर पछि परिणाम चाँहि नीमको पत्ता झैं तीतो तथा दुई धारे तरवार जस्तै धारिलो हुन्छ।

५परस्त्रीको गोडाहरू मृत्यु तिर लम्कन्छन र उसको पाइला चिहानतिर जान्छन।

६उसको मार्गले कहाँ लगिरहेको छ त्यसले विचार गर्दिन त्यसले बाटो विराएर हिड़ेकि हुन्छे तैपनि त्यसले त्यो जान्दिन्।

## व्यभिचारले तिमीलाई नष्ट गरिदिन्छ

७यस कारण अब मेरो छोराहरू सुन! त्यो मैले दिएको उपदेशहरूबाट निलित नहोऊ।

८स्त्री देखि टाढ़ा बस अनि त्यसको घरको ढोका नजिक पनि नजाऊ।

९नत्र आफ्नो सर्वोत्तम शक्ति अर्कालाई दिनेछौ, अनि त्यस द्वारा तिम्रो सम्पूर्ण जीवनको प्राप्तिहरू निष्ठूर एउटा दुष्ट मानिसको हातहरूमा राख्ने छौ।

१०यस्तो चाँहि नहोस कि तिम्रो धनमा अरूले आनन्द भोगोस् र तिमीहरूको परिश्रमले अन्य मानिसको ढिकुटी भरियोस्।

११जब तिम्रो धन सम्पत्ति शरीर तथा आयु सब शेष हुन्छ त्यतिबेला चिन्ता गरेर रोई बस्नु पर्ला।

१२तिमीले भन्नेछौ, "अहा! मैले अनुशासनलाई किन घृणा गरें? किन मेरो हृदयले सुधारलाई अस्वीकार गऱ्यो?

१३मैले आफ्नो शिक्षकहरूको कुरा मानिन अनि उनिहरू प्रति ध्यान नै दिइन।

१४म प्राय: पूर्णरूपले ध्वंश भएको छु भनी प्रत्येकले जान्दछ।

## तिम्रो आफ्नै पत्नि सँग आनन्द गर

१५-१६तिमी आफ्नै पानीको कुवाबाट निकालेको पानी पिउने गर। तिमी आफ्नै जल श्रोतबाट स्वच्छ पानी पिउने गर। तिमी नै भन, के तिम्रो आफ्नो जल श्रोतबाट पानी बाटोमा जतातत्तै बगोस्। तिम्रो जलश्रोतबाट निस्केको पानी बाहिर कहीँ नबगोस।

१७त्यो पानी त केवल तिम्रो हो, तिम्रो मात्र। त्यसमा कुनै विदेशीको अंश नहोस।

१८तिम्रो श्रोत धन्य रहोस् अनि आफूले तन्नेरी हुँदा विहे गरेकी पत्नीसित आनन्द रहौ।

१९ऊ एउटी सुन्दरी मृर्ग झैं होस्, एउटी प्यारी हरिणको बच्चा झैं होस्, उसका स्तनहरूले तिमीलाई सधै तृप्त पारून र उसको प्रेमले तिमीलाई सधैं बाधोस्।

२०हे मेरो छोरो, तिमीलाई किन व्यभिचारी स्त्रीले वशमा राखोस्। किन तिमीले अर्को स्त्रीको छातीलाई अंगालो हाल्नै पर्छ?

२१परमप्रभुको आँखाहरूले मानिसको बाटोहरूलाई हेरीरहन्छन्, उसले गरेको प्रत्येक चीज उहाँले देख्नु हुन्छ।

२२एकजना खराब मानिस उसले गरेको खराब कर्महरू द्वारा नै फस्छ। उसको पापले उसलाई डोरीले झैँ बाध्ने छ।

२३एकजना खराब मानिस अनुशासनको अभावले मर्नेछ। उसको ठूलो मूर्खताले उसलाई पथभ्रष्ट बनाउँछ।

## कुनै मानिसलाई ऋण लिन सहायता गर्दा खतरा

**६** हे मेरो छोरो! यदि तिमी छिमेकीको ऋणको लागि जमानी बसेको भए अथवा त्यसले आफ्नो ऋण तिर्न नसकेकोमा आफूले तिर्ने वचन दिएको भए,

२तिमी तब जालमा फँस्यौ, तिमी आफ्नै प्रतिज्ञामा आफै पक्राउ पऱ्यौ।

३तिमी तिम्रै छिमेकीको नियन्त्रणमा पऱ्यौ, यसकारण फेरि पनि जाऊ अनि तिम्रो छिमेकि सँग क्षमा माग।

४अलिकति समय पनि नपर्ख अथवा नसुत।

५मृग एउटा सिकारीबाट भागे झैँ अथवा त्यो एउटा चरा जालबाट उम्के झैँ तिमी आफैलाई रक्षा गर।

## अल्छी हुँदा खतरा

६हे अल्छी मानिस हो, तिमी एक कमिला झैँ मेहनती हुनु पर्छ। हेर, कमिलाले कति मेहनत गर्छ, यसर्थ कमिलाबाट सिक।

७कमिलाहरूका कुनै सेनाध्यक्ष, पदाधिकारी या शासक हुँदैन।

८तर ग्रीष्म ऋतुमा कमिलाले आफ्नो निम्ति खाना बटुल्छ, जम्मा गरेर राख्छ र कटनीको समयमा त्यसको निम्ति प्रशस्त खाना रहन्छ।

९हे अल्छी मानिसहरू हो! कहिले सम्म पल्टि रहन्छौ? कहिले तिमीहरू आफ्नो निद्राबाट उठछौ।

१०अल्छे मानिसले भन्छ, "केही क्षणको निम्ति अझ सुतौं। हाम्री एक छिन सुतौ, हाम्रा हातहरूलाई केही क्षण आराम दिऊँ।।"

११अनि उसको गरिबी एउटा डाँकू झैं, आँउछ र उसको अभाव एक योद्धा झैँ आउँछ।

## दुष्ट मानिस

१२एक दुष्ट अनि नीच मानिस जहाँ गएता पनि झूटो बोल्छ अनि

१३उसले मानिसहरूलाई छक्क्याउन आँखा झिम्क्याउँछ खुट्टा हल्लाएर तथा हातको औली द्वारा इशारा गर्छ।

१४उसको विचार छलपूर्ण हुन्छ, उसले खराब योजनाहरू बनाउँछ, उसले सबै समयमा तर्क गर्छ।

१५तर अचानक बिपदले उसलाई आधात गर्छ, उसलाई चोट लाग्छ अनि यस चोटबाट ऊ निको हुने छैन।

## सातवटा कुराहरू जुन परमेश्वर घृणा गर्नुहुन्छ

१६परमेश्वरले छ वटा कुराहरूलाई घृणा गर्नुहुन्छ, सात वटा जो घृणित छन।

१७आँखाहरू जसले मानिसलाई घमण्डी दर्शाउँछ, जिब्राहरू जसले झूटो बोल्छ, हातहरू जसद्वारा निर्दोष मानिसको हत्या गर्छ, हृदय जहाँ दुष्ट कर्म गराउने योजनाहरू बनिन्छन् गोड़ाहरू जुन दुष्ट कर्मको निम्ति दौड़न्छन्।

१८त्यो मानिस जसले अदालतमा झूटो बोल्छ। त्यो मानिस जो दाज्यू भाइहरूको बीचमा झगडा लगाउँछ।

१९नीतिवचन तथा अरु कहीं पनि जहाँ सात कुराहरू भनिएकोछ, ती सात कुराहरू यी नै भनी कुनै निश्चय छैन। तर सात भन्दा धेरै नै भनिएकोछ। जहाँ सात होइन आठ भनिन्छ, त्यसको अर्थ धेरै भन्दा पनि अझ धेरै मानिनु पर्छ।

२०हे मेरो छोरो, आफ्नो बाबुको आज्ञाहरू स्मरण गर अनि तिम्री आमाले दिएको शिक्षाहरूलाई इन्कार नगर।

२१उनीहरूले भनेका वचनहरू सधैँ हृदयमा राख, तिनीहरूलाई तिम्रो गला वरिपरि बाँधिर राख।

२२जब तिमी अगि बढ्ने छौ त्यति बेला ती वचनहरूले तिम्रो मार्गदर्शन गर्नेछ। जब तिमी सुत्छौ, तिनीहरूले तिम्रो रक्षा गर्नेछन र जब तिमी जाग्छौ ती बचनहरू तिमीसित कुरा गर्नेछन्।

२३किनभने यी आज्ञाहरू चाहिँ बत्ती र यी शिक्षाहरू चाही ज्योति हुन। तिम्रा आमा बाबुका शिक्षाहरूले तिमीलाई सही मार्गमा डोर्‍याउनेछ। ती शिक्षाहरूले तिम्रो जीवन सुधार्नेछ अनि जीवनको सही मार्गमा हिड्न तिमीलाई प्रशिक्षण दिनेछन्।

२४तिनीहरूको शिक्षाले तिमीलाई अपवित्र आइमाईकहाँ जानु अवरोध पुर्‍याउनेछ अनि व्यभिचारी स्त्रीको चिप्ल्याईबाट बच्नेछौ।

२५उसको सुन्दरताको इच्छा तिम्रो मनमा नगर अनि उसको आँखाको जादूमा बन्दी नबन।

२६एउटी वेश्याले तिमीबाट एक टुक्रा रोटीको दाम लिनु सक्छे, तर अर्काकी पत्नीले तिम्रो जीवन नै ध्वंश गरिदिन्छे।

२७जल्दै गरेको आगो के एउटा मानिसले उसको काखमा राख्दा उसको लुगा चाहि जल्दैन?

२८एउटा मानिस बल्दै गरेको कोइला माथि हिड्न सक्छ अनि उसको खुट्टा चाहि जल्दैन के यस्तो हुन सक्छ?

२९जो कोही मानिसको लागि पनि त्यस्तै हुन्छ जब ऊ अन्य मानिसको पत्नीसित ओछ्यानमा सर्म्पक राख्छ। त्यस मानिसले दु;ख भोग्ने छ।

३०-३१कुनै चोर भोकले चुर भएर यदि आफ्नो ज्यान बचाउनको निम्ति चोरी गर्‍यो भने, मानिसहरूले त्यसको त्यति निन्दा गर्दैनन। तर पनि त्यो मानिस चोर्दै गर्दा पक्राउ पर्‍यो भने उसले चोरी गरेको परिणाम भन्दा सात गुणा वेशी तिर्नु पर्छ, चाहे यसरी तिर्नु पर्दा उसको घरको सम्पूर्ण सम्पत्ति नै किन शेष नहोस्।

३२तर जो मानिसले अर्काको पत्नीसित यौन सम्बन्ध राख्छ त्यसको विवेक हुँदैन उसले आफ्नै मात्र विनाश ल्याउँछ।

३३उसले पिटाइ अनि बेइज्जत पाउँछ, अनि उसको नराम्रो नाम कहिले टाढ़ा जादैन।

३४त्यस पर स्त्रीको लोग्ने ईर्ष्याले क्रोध जगाउँछ अनि जब उसले त्यस मानिसमाथि बदलाको भाव राख्छ तब उसको हृदयमा त्यो मानिसप्रति दया कहिल्यै जाग्दैन।

३५त्यस स्त्रीको लोग्नेले कुनै प्रकारको क्षतिपूर्ति ग्रहण गर्दैन जति सुकै पैसादिएर पनि त्यसलाई मनाउन सकिँदैन।

### ज्ञानले तिमीलाई व्यभिचारिणीबाट टाढ़ा राख्छ

७ हे मेरो छोरो! मेरा सल्लाहहरू सम्भि राख। मेरा आज्ञाहरू बहुमूल्य सम्पत्ति झैँ संचय गरिराख।
२तिमीले मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमी
बाँच्नेछौ। मेरो सल्लाहलाई आँखाको नानी झैं जोगाई
राख। ३तिनीहरू तिमीले आफ्नो औंलीहरूमा बाँधेर
राख अनि हृदयमा लेखेर राख। ४ज्ञानलाई भन: “तिमी
मेरी बहिनी हौ; समभ्कशक्तिलाई भन, “तिमी मेरो
आफन्त हौ!” ५तब तिमीलाई तिनीहरूले अर्को मानिसको
चिप्लो कुरा गर्ने पत्नीसँग शारीरिक सम्बन्ध हुनबाट
बचाउँछ।

६एकदिन मैले मेरो घरको भ्यालबाट हेरें, मैले धेरै
ठिटाहरूलाई देखेँ ७अनि तिनीहरू मध्ये एकजनालाई
ध्यान दिएँ त्यो एकदमै मूर्ख रहेछ। ८त्यो केटो त्यस्तै
एउटी स्त्रीको घरको छेउबाट गइरहेको थियो। उ
उसको घरको दिशातिर अगि बढ़िरहेको थियो। ९अस्ताँउने
घामले गोधुली बेलालाई डक्दै थियो। रात आफ्नो
अन्धकारसँग आउँदै थियो। १०त्यसै समयमा कुनै
एउटी स्त्री उसलाई भेट्न आई। उसले एउटा वेश्याले
झैं लुगा लगएकी थिइ र उ एकदमै धूर्त थिइ। ११ऊ
उच्च स्वरकी अनि विद्रोही थिइ। ऊ उसको घरमा
वस्नु चाहन्दैन् थिइ। १२त्यो स्त्री कहिले गल्लीमा,
कहिले चोकहरूमा तन्देरी केटाहरूलाई फँसाउन कुना
काप्चाहरू तिर लुकेर बस्थी। १३उसले त्यस केटोलाई
समाती र चुम्बन खाई अनि निर्लज्जा रूपमा उसको
आँखामा हेर्दै भनी, १४“आज मैले मेलबलि चढ़ाउनु
पर्छ। कारण मैले आज आफ्नो भाकल पूरा गरें।
त्यसको केही भाग घर लगें र आज मसित खानेकुराहरू
प्रशस्त छन्। १५यसैकारण म तपाईलाई खोज्न बाहिर
निस्केर आइरहेकी थिँए अनि अहिले तपाईलाई भेटेँ।
१६मैले मेरो ओछ्यानमा मिश्रदेशको रंगीन च्यादरले
सजाएकिछु। १७मैले मेरो ओछ्यान माथि, मूर्, एलवा,
दालचिनी अनि सुगन्धित अत्तर छर्केकीछु। १८म सित
आऊ, रात भरी हामी प्रेमको आलिंगनमा बाँधिएर
आनन्दमा विभोर भई भोग गरौं। १९मेरो पति घरमा
छैनन्, तिनी धेरै लामो यात्रामा गएका छन्। २०तिनी
आफ्नो थैली भरी पैसा बोकेर गएका छन अनि यो
तोकीएको दिन सम्म फर्केर आँउदैनन्।”

२१त्यस स्त्रीले उसलाई फँसाउन यी शब्दहरूको
व्यवहार गरी अनि त्यो मूर्ख केटो फस्यो। २२उसले
त्यस आइमाईलाई पछ्याउँछ र एक्कासि ऊ कसाइखाना
तिर लगिदै गरेको साँढ़े झैँ हुन्छ। ऊ धनुषकाँड़ले
कलेजो छेड़ेको मृग झैँ भएको छ। ऊ जस्तै जालमा
फस्न उड़िरहेकोछ।

२३तर उसलाई थाहा छैन कि यसको लागि उसले आफ्नो जीवन दिने छ।

२४अब हे मेरा छोराहरू हो, मेरो कुरा सुन, मेरो बचनहरूमा ध्यान देऊ। २५तिम्रो हृदयलाई उसको मार्ग तिर डोऱ्याउन नदेऊ त्यो बाटो तिर नफर्क। २६त्यसले धैरे शिकारलाई लड़ाएकी छ, त्यसले अनगन्ती मानिसहरूलाई मारेकी छिन्। २७त्यस स्त्रीको घरले चिहानतिर डोऱ्यारिरहेको हुन्छ र त्यसलाई पच्छ्याउनेहरू मृत्यको मुखमा पर्छन।

## ज्ञान नै असल स्त्री हुन्

८ के ज्ञानले तिमीलाई बोलाउँदैन र? के समझशक्तिले तिमीलाई ठूलो स्वरमा बोलाएको छैन र?

२ऊ आग्लो ठाउँहरू माथि उभिन्छे जहाँबाट दोबाटो देखिन्छ।

३ऊ शहरको प्रवेशद्वार नजिक छिन उनले खुल्ला ढोकाहरूबाट बोलाइरहेकी छिन्।

४ज्ञानले भन्छ, "हे मानिस हो, म तिमीहरूलाई आहवान गर्दछु, म सबै मानिसहरूलाई बोलाउँदैछु।

५तिमीहरू जो अनुभवी छैनौ भने ज्ञानी हुन सिक। हे मूर्खहरू हो, बुझ्न शिक।

६तिमीहरू सुन, म जुन कुराहरू सिकाउँछु, तिनीहरू महत्वपूर्ण छन्। जुन कुराहरू सही हुन, तिनीहरू नै भन्छु।

७मेरा वचनहरू सत्य हुन। किनभने मेरा ओठहरूले मिथ्यालाई घृणा गर्छन्।

८मेरो मुखबाट निस्केका सबै वचनहरू सही तथा न्यायपूर्ण हुन्छन् अनि कुनै पनि भ्रमित तथा झूटो हुँदैन।

९यी सब भनाईहरू सुझबुझ हुने मानिसहरूको लागि स्पष्ट छन् अनि ज्ञानी मानिसहरूको निम्ति तिनीहरू सरल अग्रिम छन।

१०मैले दिएका उपदेशहरू स्वीकार गर, कारण तिनीहरू चाँदी भन्दा असल छन्, अनि बहुमूल्य सुन लिनु भन्दा ज्ञान-बुद्धि लिनु नै उत्तम हो।

११ज्ञान मोतीहरू भन्दा अझ उत्तम हो। ज्ञान मानिसले चाहाने ती सवै चिजहरू भन्दा असल हो।"

## ज्ञानले के गर्छ

१२"म ज्ञान हुँ। अनि म विवेकसँग बस्छु। तिमीले मलाई विद्या अनि राम्रो योजना सँग पाउँन सक्छौ।

१३परमप्रभुको डर मान्नु नै दुष्टतालाई घृणा गर्नु हो। अभिमान, अहंकार, कुटिल व्यवहार अनि छलपूर्ण बोलीलाई म घृणा गर्छु।

१४म सँग राम्रो सल्लाह अनि स्वास्थ्य ज्ञान छ। म सँग समझशक्ति अनि सामर्थ्य छन्।

१५मेरै सहायतामा राजाहरूले राज गर्छन्, अनि शासकहरूले उचित कानून बनाउँछन् जुन सही र न्यायपूर्ण हुन्छ।

१६राजकुमारहरू, राजकीय मानिसहरू, निष्पक्ष न्याय घोषणा गर्नेहरूले आफ्नो काम म द्वारा गर्छन्।

१७म ती मानिसहरूलाई प्रेम गर्छु, ज-जसले मलाई प्रेम गर्छन् अनि यदि मानिसहरूले मलाई चेष्टा गरेर खोज्छन् भने तिनीहरूले मलाई भेट्ने छन्।

१८धन दौलत र आदर मसित रहन्छ, म अनन्त धन अनि साचो सफलता प्रदान गर्छु।

१९मैले दिएका भेटीहरू शुद्ध चाँदी भन्दा असल छन औ म जुन चीज दिन्छु तिनीहरू अकबरी सुनभन्दा असल हुन्छन।

२०म मानिसहरूलाई सही मार्गमा डोऱ्याँउछु, म तिनीहरूलाई सही न्यायले चल्ने पथमा डोऱ्याँउछु।

२१मलाई मन पराउनेहरूलाई सम्पत्ति दिन्छु, हो, म तिनीहरूको घर नै सम्पत्तिले भरिदिन्छु।

२२परमप्रभुले उहाँको प्राचीन कार्यहरू भन्दा पहिला सृष्टिको प्रारम्भमा नै मलाई बनाउनु भयो।

२३यो संसार सृजना गरिनु भन्दा पहिला अस्मरणीय आनन्द कालमा मेरो सृजना भयो।

२४जब त्यहाँ भूमध्यसागर थिएन, म जन्मिएको थिए। पानीले भरिएको महानहरू भन्दा पहिला म जन्मिएको थिए।

२५पर्वतहरूलाई तिनीहरूको ठाउँमा राख्नु भन्दा अघि, पहाड़हरू हुन भन्दा अघि, म जन्मिएको थिएँ।

२६परमप्रभुले पृथ्वी रच्नु भन्दा पहिल्यै, खेत सृजना गर्नु भन्दा पहिल्यै, पृथ्वीमा पहिलो धूलो बनाउँनु भन्दा अघि नै, म त्यहाँ थिएँ।

२७जब परमप्रभुले आकाश सृष्टि गर्नु भयो, म त्यहाँ थिए। जब परमप्रभुले क्षितिजहरूको चित्रसागरको प्रतिबिम्ब माथि कोर्नु भन्दा पहिला म त्यहाँ थिएँ।

२८जब उहाँले आकाशमा बादल राखेर महा सागर सृष्टि गर्नु भन्दा पहिला म जन्मेको थिएँ।

२९उहाँले समुद्रको सिमाना तोक्दा उहाँको आज्ञा नाघी पानी बाहिर नजाओस भनी उहाँले पृथ्वीको जग् बसाउँनु हुदा।

३०म उहाँको छेउमा एउटा प्रिय बालक झैं थिएँ। म दिन प्रति दिन उहाँको खुशीयालिमा थिएँ। हर समय उहाँको उपस्थिमा निरन्तर आनन्द मनाउँथें।

३१म वहाँले सृष्टि गर्नु भएको संसारमा आनन्द लिन्छु, म मानव जातिमा खुशी लिन्छु।

३२अनि अब, हे मेरो छोराहरू, मलाई सुन! ती मानिसहरूले भाग्यमानी हुन् जो मैले देखाएको बाटोमा हिड़छन्।

३३मेरो शिक्षाहरूलाई सुन अनि ज्ञानी बन, तिनीहरूलाई अस्वीकार नगर।

३४जुन मानिसले मेरो कुरा सुन्छ, त्यही मानिस नै भाग्यमानी हुनेछ, जसले दिनहुँ मेरो ढोकामा आँखा लगाइरहन्छ, जसले मेरो ढोकाको संघार पर्खिरहन्छ। तिनीहरूनै धन्य हन्छन्।
३५किनभने जसले मलाई पाउँछ, उसले जीवन पाँउछ। अनि उसैले परमेश्वरबाट अनुग्रह पाउँछ।
३६तर जसले मेरो बिरूद्ध पाप गर्छ, उसले आफैलाई हानी पुऱ्याँउछ। जो कोहीले मलाई घृणा गर्छ उसले मृत्युलाई प्रेम गर्छ।"

## ज्ञान र मूर्खता

९ ज्ञानले आफ्नो घर बनाई। उसले त्यस घरमा सातओटा खम्बाहरू खड़ा गरी।
२उसले मासु पकाई अनि त्यसपछि दाखरस बनाई। उसले खाना टेबिलमाथि राखी।
३तब उसले उसको सेविका केटीहरूलाई शहरको अग्लो ठाउँमा मानिसहरूलाई निम्त्याउन पठाई।
४तिमी मानिसहरू ज-जसलाई सिक्न आवश्यक छ, आओ। उसले मूर्ख मानिसहरूलाई पनि निम्त्याउन भनी।
५आओ, अनि मेरा ज्ञानका भोजन खाओ। अनि दाखरस पनि पिओ जुन मैले तयार पारेकी छु।
६अनुभवहीनता तिम्रो पछि छोड़ अनि समझशक्ति भएको बाटोमा हिड़े।
७अरूलाई अपमान गर्नेहरूलाई सुधार्न खोज्ने मानिस आफै अपमानित हुन्छ र जसले दुष्टमानिसलाई हप्काउँछ उसलाई हानी हुन्छ।
८अरूलाई अपमान गर्ने मानिसलाई तिमीले कहिल्यै पनि नझपार्नु नत्र उसले तिमीलाई नै घृणा गर्न थाल्छ। तर यदि तिमीले कुनै ज्ञानी मानिसलाई हप्कायौ भने उसले तिमीलाई प्रेम गर्न थाल्नेछ।
९ज्ञानी मानिसलाई अर्ती दियो भने उ अझैं ज्ञानी हुन्छ। त्यसरी नै एउटा धर्मी मानिसलाई सिकायो भने उसले ज्ञान धेरै बढ़ाउनेछ।
१०परमप्रभुलाई आदर गर्नुको अर्थ ज्ञान प्राप्त गर्ने पहिलो पाइलो हुन्छ, अनि पवित्र परमप्रभुको ज्ञान नै समझशक्ति हो।
११किनभने तिम्रो आयु बढ़ने, दिन समय बढ़नु र तिम्रो जीवनमा बर्षको बर्ष बढ़ेर जानु मबाट नै हुन्छ।
१२यदि तिमी बुद्धिमान छौ भने तिमी आँफैले लाभ उठाउने छौ। तर यदि तिमी ठट्टा गर्छौं भने तिमी आँफैले दुःख पाउनेछौ।
१३मूर्खता यस्तो आइमाई हो जसले खुब कुरा गर्छे तर ऊ मूर्ख हो, र केही पनि जान्दिन।
१४उ उसको घरको दैलोमा, बसीरहन्छे शहरको सबैभन्दा अग्लो स्थानमा भएको आसन माथि बस्छे।
१५उसको अगाड़ीबाट जो आफ्नो सोझो बाटो गइरहेको हुन्छ उसलाई बोलाएर भन्छे,
१६अरे हे बुद्धि नभएकाहरू हो, यहाँ मित्र आऊ।" उसले तिनीहरूलाई भन्छे जोसँग चेतना नै छैन।
१७"चोरेको पानीको स्वाद अझ मिठो हुन्छ, चोरेको खाना साच्चै स्वादिष्ठ हुन्छ।"
१८मूर्ख मानिसहरूले जान्दैनन् कि तिनका घर भूतहरूले पूर्ण छ अनि तिनले तिनीहरूलाई चिहानको गहिरो भागमा निमन्त्रण गरेको छन्।

## सुलेमानका हितोपदेशहरू

१० एकजना बुद्धिमानी छोरोले आफ्नो बाबुलाई आनन्द दिन्छ भने, एक मूर्ख छोरोले आफ्नी आमालाई कष्ट दिएको हुन्छ।
२खराब काम गरी कमाएको धन सदाको लागि व्यर्थ हुन्छ इमान्दारीताले मानिसहरूलाई मृत्युबाट बचाउँछ।
३परमप्रभुले धर्मीहरूलाई भोकै राख्नु हुन्न तर उहाँले दुष्ट मानिसको लालसालाई पनि विरोध गर्नु हुन्छ।
४अल्छी मानिसले दरिद्रता निम्त्याँउछ भने, एक मेहनती मानिस धनी हुन्छ।
५ग्रीष्म ऋतुमा जसले अन्न जम्मा गरेर राख्छ त्यो ज्ञानी मानिस हो तर जुन मानिस कटनीको समयमा सुत्छ त्यसले शरम ल्याउँछ।
६ईमानदार मानिसको शिरमाथि आशीषहरू वर्षन्छन, तर दुष्ट मानिसको मुखबाट घृणित कुराहरू मात्र निस्कन्छन्।
७एकजना इमान्दार मानिसको स्मरण आशीर्वादको श्रोत हो तर दुष्ट मानिसको नामबाट दुर्गन्धि आँउछ।
८एकजना ज्ञानी मानिसले आज्ञाहरू पालन गर्छ। तर तर्क गर्ने मूर्खले आफैलाई नासमा पुऱ्याउँछ।
९ईमानदार मानिस सदा सर्वदाको लागि सुरक्षित भई रहन्छ भने एउटा दुष्ट मानिस अवश्य पतन हुन्छ।
१०सच्चाई लुकाउने मानिसले दुःख ल्याउँछ। खुलासँग बोल्ने मानिसले शान्ति ल्याउँछ।
११इमान्दार मानिसको मुख जीवनको स्रोत हो, तर मूर्ख मानिसको मुखबाट घृणीत कुराहरू मात्र निस्कन्छन्।
१२घृणाले झगड़ा उत्पन्न गराउँछ, तर प्रेमले सबै अपराधहरूलाई क्षमा गर्छ।
१३बुद्धि ज्ञानी मानिसहरूको मुखमा पाइन्छ, तर मूर्खलाई उसको पीठयूँमा लट्ठीले हिर्काइन्छ।
१४बुद्धिमानी मानिसहरूले ज्ञानलाई संचय गर्छन, तर मूर्खको बोलीले आपद विपदहरू मात्र बोलाउँछ।
१५धनी मानिसलाई धनले रक्षा गर्छ तर दरिद्रताले गरीब मानिसहरूलाई नष्ट पार्छ।
१६एकजना इमान्दार मानिसले जे कमाउँछ, त्यसले जीवन प्रदान गर्छ, तर दुष्ट मानिसको कमाईहरू पापको निम्ति प्रयोग हुन्छ।

१७आफूले भोगेको सजायबाट जुन मानिसले शिक्षा लिन्छ उसले अन्य मानिसहरूलाई पनि बाँच्नु सिकाँउछ। तर जुन मानिसले सजायबाट शिक्षा लिनु अस्वीकार गर्छ त्यसले अरूलाई पथभ्रष्ट बनाई दिन्छ।

१८जसले आफ्नो घृणा लुकाएर राख्छ, त्यो कपटी हो र जसले आफूले फैलाउनु सक्ने कथाहरू मात्र खोज्छ त्यो मूर्ख हो।

१९धेरै बोल्ने मानिसले प्राय: समस्या उबजाउँछ, तर चुपचाप रहने मानिस विवेकी हुन्छ।

२०इमान्दार मानिसको मुखबाट निस्केका शब्दहरू निखुर चाँदी झैँ अमूल्य हुन तर नराम्रो मानिसका विचारहरूको मूल्य हुँदैन।

२१इमान्दार मानिसका वचनहरूले धेरै मानिसहरूलाई सहायता गर्छ, तर एउटा मूर्खको मूर्खयाँईले उसलाई मार्छ।

२२परमेश्वरको आशीर्वादले धन सम्पत्ति ल्याउँछ अनि उहाँले यसमा कष्टहरू थप्नु हुन्न।

२३एउटा मूर्ख मानिस दुष्कर्ममा रमाउँछ, तर समझदार मानिस ज्ञानमा खुशी हुन्छ।

२४दुष्ट मानिसहरू जे कुरामा डराउनछन् तिनीहरूलाई त्यहि हुन्छ तर एउटा धर्मी मानिसले जे चिताँउछ त्यहि प्राप्त गर्छ।

२५आँधी-बेहरीले उड़ाएर लगे झैं दुष्ट मानिसहरू एक क्षणमै नष्ट हुन्छन, तर धर्मी मानिस अनन्तसम्मै दृढ़ रहिरहन्छ।

२६जसले अल्छी मानिसलाई काम अह्राएर पठाउँछ उसलाई दाँतमा अमिलो सिरका परे झैँ र आखाँमा धूवाँ लागे झैँ हुन्छ।

२७परमप्रभुको भयले मानिसको आयु बढाइ दिन्छ, तर दुष्ट मानिसको आयु घट्नेछ।

२८धर्मी मानिसका आशाहरू खुशीमा अन्त हुन्छन, तर दुष्ट मानिसहरूकाा आशाहरू शुन्यमा अन्त हुन्छ।

२९परमप्रभुको मार्ग धर्मी मानिसहरूको लागि शरणस्थान हो, तर दुष्ट मानिसहरूको लागि विध्वंस हो।

३०धर्मी व्यक्ति कहिले डग्मगाउदैन तर दुष्ट मानिसहरू पृथ्वीमा टिक्ने छैनन।

३१धर्मी मानिसले ज्ञानको उच्चारण गर्छ, तर एउटा कुटिल जिब्रो काटिनेछ।

३२एकजना धर्मी मानिसले ग्रहणयोग्य कुरा बोल्न जान्दछ तर एकजना दुष्ट मानसिले यस्ता मात्रै शब्द बोल्छ जसले दु:ख दिन्छ।

११ केही ठग मानिसहरू त्रुटिपूर्ण तराजुहरू प्रयोग गर्छन। परमप्रभुले त्यस्तो व्यवहार गर्नेहरूलाई घृणा गर्नु हुन्छ तर सही ओजन गर्नेहरूलाई उहाँले मन पराउनु हुन्छ।

२अपमान घमण्डसँग आँउछ, तर ज्ञान नम्रता सँगै आउँछ।

३ईमानदार मानिसहरूलाई आफ्नो इमान्दारीले पथ-प्रदर्शन गराउँछ, तर विश्वासघातीहरूलाई तिनीहरूको दुष्टताले नै सर्वनाश गराउँछ।

४धनले मानिसहरूलाई परमेश्वरको न्याय दिनमा सहायता गर्नु सक्दैन, तर धार्मीकताले मानिसलाई मृत्युबाट रक्षा गर्छ।

५निर्दोष मानिसहरूको धार्मीकताले तिनीहरूको मार्ग सिधा बनाउँछ, तर दुष्ट मानिसलाई उसले गरेका दुष्टकार्यहरूले ध्वंश पार्नेछ।

६सोझो मानिसहरूको धार्मीकताले तिनीहरूलाई बचाउँछ, तर अविश्वासीहरू तिनीहरूको खराब अभिलाषा द्वारा नै ध्वंश हुन्छन्।

७जब एकजना दुष्ट मानिस मर्छ उसको कुनै आशा हुँदैन। उसले आशा गरेका प्रत्येक चीज सकिन्छ र यसको मुल्य हुँदैन।

८धर्मी मानिसलाई कष्टबाट बचाइन्छ, तर बदलामा त्यो कष्ट दुष्ट माथि आइ पर्छ।

९अधर्मी मानिसले आफ्नो छिमेकीलाई वचनले नै आघात तुल्याउँछ, तर धर्मी मानिसहरू ज्ञान द्वारा बचाइन्छन्।

१०जब धर्मी मानिसहरूले उन्नति गर्छन सम्पूर्ण शहर नै आनन्दित हुन्छ। तर जब दुष्टहरूको ध्वंश हुन्छ मानिसहरू आनन्दमा कराउँछन्।

११ती धार्मिक मानिसहरूले उनीहरूको शहरलाई आशीर्वाद दिन्छन् त्यो शहरको उन्नति हुन्छ, तर दुष्टहरूले भनेका कुराहरूले शहर ध्वंश हुन्छ।

१२असल समझ नभएकाहरूले आफ्ना छिमेकीहरूको विषयमा विरोधी कुरा गर्छन, तर समझदार मानिसहरूले आफ्नो जिब्रोलाई नियन्त्रणमा राख्छन्।

१३अविश्वासी मानिसले अरुको गोप्य कुराहरू जतातै भनि हिड्छ, तर एउटा विश्वासनीय मानिसले ती कुराहरू गोप्य राख्छ।

१४मार्गदर्शन सही नभएको खण्डमा एउटा राष्ट्र नष्ट हुन्छ, तर धेरै सल्लाहकारहरू भए विजय आउँछ।

१५नचिनेको मानिसको निम्ति जमानी बसे कष्ट भोग्नु पर्छ तर यदि तिमी त्यस्तो काममा संलग्न भएनौ भने, तिमी सुरक्षित रहनेछौ।

१६एउटी दयालु तथा भद्र स्त्रीले आदर पाउँछे तर निर्दयी मानिसले सम्पत्ति मात्र आर्जन गर्छ।

१७दयालु मानिसले केही कर्म गर्दा उसको हित हुन्छ, तर दुष्ट मानिसको कर्मले उसैलाई सङ्कष्ट गराउँछ।

१८दुष्ट मानिसले अरूलाई ठग्छ र तिनीहरूबाट पैसा लिन्छ तर एक धार्मिक मानिसले सही कर्म गर्छ अनि उसले वास्तविक इनाम पाउँछ।

१९साँचो धार्मिक मानिसले जीवन ल्याउँछ, तर दुष्ट
मानिसहरू दुष्टताको पछि लाग्छन अनि मर्छन।
२०कुटिल हृदय भएका मानिसहरूलाई परमप्रभुले
घृणा गर्नुहुन्छ तर ईमान्दार जीवन जीउने मानिसहरू
सित उहाँ खुशी हुनुहुन्छ।
२१यो सत्य हो कि दुष्ट मानिसहरूले सजाय पाउँने
छन् तर धर्मी मानिसहरूले तिनीहरूको संन्तानहरूलाई
मुक्त पार्नेछन्
२२एउटी सुन्दरी तर मूर्ख आइमाई, सुँगुरको नाकमा
शुद्ध सुनको बुलाकी जस्ती हो।
२३जब धर्मी मानिसहरूले तिनीहरूले इच्छा गरेको
चीजहरू पाँउछन्, यसले असल चीजहरूमा डोरयाउँछ
तर जब दुष्ट मानिसहरूले चाहेको चीजहरू तिनीहरूले
पाँउछन् त्यसले कष्ट मात्र गराउँछ।
२४त्यहाँ एकजना मानिस छ जसले उदारहातले दिन्छ
तर उसले धेरै पाउँदै जान्छ अनि त्यहाँ अर्को मानिस छ
जसले दिन पर्ने चीज दिन अस्वीकार गर्छ तर ऊसँग
सामान कम्ति कम्ति हुँदै जान्छ।
२५उदार मानिसले उन्नति गर्छ अरूको तिर्खा मोटाउने
मानिसको आफ्नो पनि तिर्खा मेटिन्छ।
२६एकजना मानिस जसले अन्न बेच्न अस्वीकार
गर्छ* उसले सराप पाउँछ। तर जसले इच्छा र
इमान्दारी पूर्वक बेच्छ उसले आशिर्वाद पाउँछ।
२७एउटा मानिस जसले असल गर्न चेष्टा गर्छ, ऊ
जनप्रिय हुनेछ, तर जसले दुष्ट कर्म मात्र गर्छ उसले
पनि खराबी नै सामना गर्नु पर्छ।
२८जसले आफ्नो सम्पत्तिमा भरोसा गर्छ त्यो सुकेको
पात झैं झर्छ। तर असल मानिस नयाँ पालुवाको
हरियो पात झैं बढ्छ।
२९यदि कुनै मानिसले आफ्नो परिवारमा कष्ट
पुऱ्याउँछ भने उसले पैतृक सम्पत्तिको अधिकार प्राप्त
गर्दैन। अनि आखिरमा त्यस मूर्ख मानिसलाई ज्ञानी
मानिसको सेवा गर्ने बनाइन्छ।
३०धर्मी मानिसले गरेको कर्मफल "जीवनको वृक्ष"
जस्तो हो, अनि ज्ञानी मानिसले आरूलाई नयाँ जीवन
दिन्छन्।
३१यदि एकजना धर्मी मानिसलाई अफूले पृथ्वीमा
गरेको राम्रो कामको फल प्राप्त हुन्छ।

१२ एकजना मानिस जसले अनुशासनलाई प्रेम
गर्छ उसले त ज्ञानलाई त्यसै माया
गर्छ, तर जसले सुधारलाई घृणा गर्छ, त्यो त पटमूर्ख
हो।
२असल मानिसले परमप्रभुबाट अनुग्रह पाउँछ, तर
एउटा धूर्त मानिसले दण्ड मात्र पाउँछ।
३दुष्टता द्वारा कसैलाई पनि सुरक्षित बनाउँनु सकिंदैन,
तर धर्मी मानिसहरूको जरा उखाल्नु सकिंदैन।
४एक योग्य पत्नी आफ्नो पतिको निम्ति शिरको
मुकुट हो, तर पति माथि अपमान ल्याउने गृहिणी
लोग्नेको शरीरमा मवकाउँदै गरेका हड्डीहरू जस्ती हो।
५धर्मी मानिसहरूको योजनाहरू न्याय संगत हुन्छन्,
तर दुष्टहरूको सल्लाह छलपूर्ण हुन्छन्।
६दुष्टहरूको शब्दहरू उपगोपनबाट आक्रमण भए
झैं आउँछन्, तर ईमानदारीहरूको वचनले तिनीहरूलाई
बचाउँछ।
७दुष्ट मानिसहरूलाई नष्ट गरिन्छ अनि अस्तित्व
रहित हुन्छ, तर धर्मी मानिसहरूको घर दृढ़तासाथ खड़ा
रहन्छ।
८मानिस आफ्नो भलो बुद्धिले प्रशंसा कमाउँछ, तर
त्यस्तो मानिस जसको मन सदा कुबाटो तिर रहन्छ त्यो
घृणित हुन्छ।
९प्रतिष्ठित व्याक्ति हूँ भनी बहना गर्नु तर प्रचुर
मात्रमा खाना नहुनु भन्दा एउटा साधरण व्याक्ति भएर
आफैलाई आफ्नो सेवक बनाउँनु असल हो।
१०एकजना धर्मी मानिसले उसको पशुहरूको
आवश्यकता ख्याल गर्छ, तर दुष्ट मानिसको असल
काम निष्ठुर हुन्छ।
११आफ्नो खेतमा काम गर्ने कृषक सित प्रशस्त
खाने चीज हुन्छ, तर बेकारमा समय नष्ट गर्ने
मानिसको बुद्धि हुदैन।
१२दुष्ट मानिस सधैं दुष्टयाई कर्म गर्न मात्र खोज्छ,
तर धर्मी मानिससित गहिरो शक्ति हुन्छ।
१३दुष्ट मानिस आफ्नै खराब शब्दहरू चंगुलमा
फस्छ। तर धर्मी मानिस त्यस्तो अप्ठेरोमा पर्दैन।
१४मानिसको व्याख्याले धेरै असल चीजहरू प्रदान
गर्छ अनि त्यसरी नै उसले गरेको कामले उसलाई लाभ
दिन्छ।
१५एक मूर्खले उसले जे गर्छ त्यसैलाई ठीक सोच्छ
तर एक ज्ञानीले अरूबाट उपदेश लिन्छ।
१६एकजना मूर्ख मानिस छिटो रिसाउँछ, तर एक
समझदार मानिस उसको अपमान सहन्छ।
१७एक सत्यवादी गवाहीले सत्य बयान दिन्छ तर
एउटा झूटो साक्षी द्वारा दिएको बयान, झूटो
हुन्छ।
१८विचार नगरी बोलेको बचनले तरवारले झैं घोच्छ,
तर ज्ञानी मानिसले सोचेर बोल्छ र उसले भनेको
शब्दले मलमको काम गर्छ।
१९जो सत्य बोल्छ सदा स्थीर रहन्छ, तर जो झूटो
बोल्छ केही क्षणको निम्ति मात्र रहन्छ।
२०ती जसले दुष्ट योजना बनाउँछन् मनमा छलकपट
लुकाउछन् तर ती जो शान्ति मार्गको उपदेश दिन्छन्
सुखी हन्छन।

**अन्न बेच्ने अस्वीकार गर्छ** अन्न अभावको कारण त्यसको दाम नबढुञ्जेल नबेचिकन भण्डार गदरेर राख्छ।

२१एकजना धर्मी व्यक्तिलाई हानी हुने छैन, तर दुष्टले धेरै दु;ख पाउँछ।

२२परमप्रभुले झूटो ओठलाई घिनाउनुहुन्छ, तर सत्यवादी मानिस सित खुशी हुनुहुन्छ।

२३एकजना समझदार तथा ज्ञानी मानिसले आफ्नो ज्ञान आफूसित राख्छ, तर मूर्खले भने आफ्नो मूर्खता पूर्ण कुराहरू लगत्तै बोली हाल्छ।

२४मेहनती मानिस निरीक्षक बनाइन्छ, तर अल्छे मानिस सधैं कमारो हुनेछ।

२५चिन्ताले मानिसको सुखलाई लुटछ, तर खुशीको खबरले उसलाई माथि उठाउँछ।

२६धर्मी मानिसहरू सही काम गर्नुको निम्ति, एक साथ मिलेर काम गर्छन् ता दुष्ट मानिसहरूले बरालिने बाटो लिन्छन्।

२७एकजना अल्छी मानिसले उसको शिकार भुट्दैन, तर परिश्रमी मानिसले धेरै सम्पत्ति प्रप्त गर्नेछ।

२८धार्मीकताको मार्गले जीवनमा डोऱ्याउँछ। तर अधर्मीको मार्गले मृत्युमा डोऱ्याउँछ।

**१३** एक ज्ञानी छोरोले आफ्नो बाबुको कुरा राम्ररी सुन्छ, तर घमण्डी मानिसले हप्काइलाई ग्रहण गर्दैन।

२तिनीहरूले भनेका कुराहरूको लागि असल मानिसहरू पुरस्कृत हुन्छन्, तर दुष्ट मानिस सधैं खराब काम मात्र गर्न चाहान्छन्।

३एकजना मानिस जसले आफ्नो मुखलाई काबुमा राख्छ उसले आफ्नै जीवनलाई रक्षा गर्छ। तर जो मानिस केही नसम्झी अथवा बेफिक्री धेरै बोल्छ त्यसले आफैंमाथि विपत्ति र विनाश ल्याउँछ।

४अल्छे मानिसको धेरै चाहनहरू हुन्छन् तर उसले केही पाउँदैन तर परिश्रमी मानिस सँग उसले चाहे भन्दा ज्यादा चीज हुन्छ।

५धर्मी मानिसहरूले झूटलाई घृणा गर्छन्। तर दुष्ट मानिसहरूले शर्मलाग्दो अनि बेइज्जतीपूर्ण व्यवहार गर्छन्।

६इमान्दरिताले निर्दोषहरूको रक्षा गर्छ, तर दुष्टताले पापीहरूलाई नष्ट पार्छ।

७यस्ता मानिसहरू छन् जो धनी छौ भनी बहाना गर्छ, तर उनीहरूसँग केही पनि हुँदैन, अनि यस्ता मानिसहरू छन् जो गरिब भएको वहान गर्छन् तर उनीहरूसँग धेरै सम्पत्ति हुन्छ।

८धनी मानिसले आफ्नो ज्यान जोगाउनुलाई धेरै धन खर्च गर्ला, तर गरीब मानिसलाई त्यस्तो अवस्था कतै आइलाग्दैन।

९एकजना धर्मी मानिस उज्यालोमा चम्कने दीप जस्तै हो तर दुष्ट मानिस प्रकाश नभएको दीप जस्तै हो।

१०घमण्डले झगड़ा मात्र बढ़ाउँछ, तर जो मानिस नम्रतापूर्वक अरूको उपदेश सुन्छ त्यो ज्ञानी हुन्छ।

११यदि कसैले पैसा ठग्छ भने उसको पैसा चाँडै शेष हुन्छ, तर जसले आफ्नो परिश्रमले एक-एक पैसा गर्दै कमाउँछ उसको धन बढ़ेर जान्छ।

१२पूरा नभएको र स्थगित रहेको आशाले मन दु:खित बनाउँछ, तर इच्छा पूरा हुनु एउटा जीवनको वृक्ष जस्तो हो।

१३मानिस जसले अर्तीलाई आदर गर्दैन उसले आफैमा दु:ख ल्याउँछ, तर जसले आज्ञालाई आदर गर्छ ऊ पुरस्कृत हुनेछ।

१४बुद्धिमानी मानिसको शिक्षा जीवनको मूल हो, यसले मानिसहरूलाई मृत्युको पासोबाट फर्काउँछ।

१५बुद्धिमानीले दया पाउछ तर बेईमानको बाटो तिनीहरूको नाश हो।

१६प्रत्येक समझदार मानिसले आफ्नो ज्ञानद्वारा कर्म गर्छ। तर मूर्खले भने आफ्नो मूर्खता मात्र प्रदर्शन गर्छ।

१७सन्देशवाहक अविश्वासनीय छ भने त्यसले कष्ट उब्जाउँछ, तर त्यही सन्देशवाहक विश्वासी भए उसले शान्ति ल्याउँछ।

१८जसले अर्तीलाई ध्यान दिदैन उसले लाज र दरिद्रताको सामना गर्नु पर्छ। तर जसले शिक्षालाई स्वीकार्छ उसले सम्मान पाउँछ।

१९यदि कुनै मानिसले उसले चाहेको केही चिज पाउँछ भने ऊ आनन्दित हुन्छ। तर मूर्खहरू दुष्टता र खराब कर्महरूबाट फर्कन घृणा गर्छन्।

२०जो ज्ञानीको सँगतमा छ ऊ ज्ञानी हुन्छ। तर जो मूर्खसित मित्रता गर्छ उसले दु;ख पाउँछ।

२१पापीहरू जहाँ गए पनि कष्टले पछ्याउँछ, तर असल चिजहरू धर्मी मानिसहरूको लागि एउटा इनाम को रूपमा आउँछन्।

२२इमान्दार तथा सज्जन मानिसले आफ्नो छोरा तथा नाति-नातिनाहरूको लागि सम्पत्ति छोड़ेर जान्छ, तर एउटा पापीले संचय गरेको सम्पत्ति धर्मीको हुन्छ।

२३गरीब मानिसले आफ्नो खेतबाट प्रशस्त बाली उब्जाउन सक्छ तर जब त्यहाँ न्याय हुँदैन भने त्यो बाली खोसिन्छ।

२४जुन मानिसले आफ्नो छोरा-छोरीलाई सजाय दिँदैन उसले तिनीहरूलाई माया पनि गर्दैन, तर जुन मानिसले आफ्नो छोरालाई प्रेम गर्छ उसलाई अनुशासनमा राख्छ।

२५एकजना धर्मी मानिसको प्रचुर मात्रमा खाने कुरा हुन्छ, तर दुष्ट मानिसहरूको पेट भर्न प्रयाप्त खाने कुरा हुँदैन।

**१४** बुद्धिमान् स्त्रीले आफ्नो घर निर्माण गर्छे, तर बुद्धिहीन स्त्रीले बनिएको घर आफ्नै हातले भत्काउँछे।

२जुन मानिसको मार्ग सिधा छ, उसले परमप्रभुको सम्मान गर्छ तर जुन मानिसको मार्ग कुटिल छ उसले उहाँलाई घृणा गर्छ।

३मूर्खको कुराले उसकै ढाड़मा लट्ठी बज्राउँछ, तर बुद्धिमानको कुराले उसलाई सुरक्षा गर्छ।

४जहाँ गोरूहरू हुँदैन त्यहाँ ढिकुटी खाली रहन्छ, अनि गोरूहरूको बलले नै अन्न प्रशस्त उब्जिन्छ।

५एकजना साँचो गवाहीले साँचो बोल्छ, तर भूटो गवाहीले सधैं भूटो नै बोलिरहन्छ।

६एक अभिमानी मानिसले ज्ञान खोजिरहन्छ, तर यसलाई भेट्दैन, तर एउटा ज्ञानी मानिसलाई बुद्धि सजिलै आउँछ।

७मूर्खको संगतबाट तिमी सधैं टाढ़ा बस, किनभने उसको बचनबाट तिमीले केही बुद्धि पाउँदैनौ।

८ज्ञानी मानिसको ज्ञान यो हो कि कुन बाटोले उसलाई कता डोऱ्याउदैछ त्यो उसले बुझ्छ, तर मूर्ख मानिसको मूर्खताले आफैलाई छलेको हुन्छ।

९पाप निवारण गर्ने विचारमा मूर्ख मानिस हाँस्छ, तर त्यहाँ ईमानदारी मानिसहरूको बीचमा सद्भाव पाइन्छ।

१०यदि एकजना मानिस दुःखी भए उसले आफ्नो दुःख मात्र बुझ्छ, अनि यदि कोही खुशी छ भने, उसको खुशी उसले मात्र बुझ्छ।

११एक दुष्ट मानिसको घर ध्वंश हुनेछ, तर ईमानदार मानिसको घर फलिफाप हुनेछ।

१२त्यहाँ एउटा यस्तो मार्ग पनि छ जसलाई मानिसहरूले सही भनी सम्झन्छन्, तर अन्त्यमा त्यस मार्गले मृत्युतिर डोऱ्याउँछ।

१३कुनै मानिस यदि उसको मनमा पीर भए पनि हाँसिरहनु सक्छ, तर हाँसी सक्दा पनि उसको पीर रहिरहन्छ।

१४एकजना दुष्ट मानिस उसले गरेको खराब कार्यको फल भोग्छ अनि त्यसै गरी एउटा असल मानिसले गरेको असल कार्यको फल उसले पाउँछ।

१५एकजना अनुभवरहित मानिसले आफूले सुनेको प्रत्येक कुरामा विश्वास गर्छ, तर एकजना ज्ञानी मानिसले उसले टेकेको प्रत्येक पाइलाको राम्ररी विचार गर्छ।

१६एकजना ज्ञानी मानिस सतर्क रहन्छ अनि दुःखहरूबाट तर्कन्छ, तर एकजना मूर्ख विश्वासको साथ यसै दुःखतिर अघि बढ़छ।

१७चाँड़ो रिसाउने मानिसले मूर्खतापूर्ण कामहरू गर्छ अनि एकजना कुबाटोमा लाग्ने मानिस घृणित हुन्छ।

१८अज्ञानीले मूर्खता प्राप्त गर्नेछ, तर विवेकी मानिसहरूलाई ज्ञानको मुकुट लगाई दिइनेछ।

१९नराम्रा मानिसहरू असल मानिसहरूको अघि झुक्नु पर्छ अनि दुष्ट मानिसहरू धर्मी मानिसहरूको दैलोमा झुक्नुपर्छ।

२०गरीब मानिसहरूलाई तिनीहरूका छिमेकीहरूले पनि मन पराउँदैनन्। तर धनीका त धेरै मित्रहरू हुन्छन्।

२१जसले आफ्नो छिमेकिलाई हेला गर्छ उसले पाप गर्छ, तर जसले गरीब माथि दया गर्छ त्यो धन्यको हुन्छ।

२२जुन मानिसले षडयन्त्र मात्र रचिरहन्छ त्यो बरालिन्छ नै, तर जुन मानिसले राम्रो राम्रो योजनाहरू बनाउँछ उसले प्रेम र विश्वास पाउँछ।

२३यदि कसैले कड़ा परिश्रम गऱ्यो भने उसले इच्छा गरेको वस्तु पाउँछ, तर यदि कसैले कुरा मात्र गरिरहन्छ भने तब त्यो गरीब हुँदै जान्छ।

२४ज्ञानी मानिसले पुरस्कार धन पाउँछ, तर मूर्ख मानिसले मूर्खता नै पाउँछ।

२५साँचो गवाहीले जीवनको रक्षा गर्छ, तर भूटो गवाहीले भूटो बोल्छ।

२६परमप्रभु प्रतिको सम्मान एउटा बलियो किल्ला हो, यो उसका छोरा-छोरीहरूको लागि सुरक्षित स्थान हुनेछ।

२७परमप्रभुको सत्कार गर्नु जीवनको मूल हो, यसले मानिसलाई मृत्युको पासोहरूबाट टाढ़ा राख्छ।

२८यदि धेरै मानिसहरू माथि राजाले शासन चलाउँछ भने त्यो महान हो, तर प्रजा बिनाको राजा तुच्छ हो।

२९धैर्यशील मानिसले धेरै विचार गरी काम गर्छ, तर जो मानिस चाँड़ै रिसको प्रकोपमा पर्छ उसले धेरै मूर्खतापूर्ण कामहरू गर्छ।

३०शान्ति हृदयले शरीरलाई जीवन दिन्छ, तर डाहले शरीरको हड्डी सम्म मकाउँछ।

३१जो मानिसले गरीबलाई दुःख दिन्छ उसले सृष्टिकर्तालाई अपमान गर्छ, तर जसले उहाँलाई आदर गर्छ गरीबलाई दया देखाउँछ।

३२एकजना दुष्ट मानिस उसको दुष्टता द्वारा पारजित हुन्छ, तर एकजना धर्मी मानिस उसको पवित्रतामा सुरक्षित रहन्छ।

३३ज्ञानी मानिसहरूको विचार ज्ञानको घर हो तर एकजना मूर्ख मानिसले ज्ञान के हो जान्दैन।

३४धार्मिकताले राष्ट्रलाई महान तुल्याँउछ तर पाप भनेको सबैको लागि लज्जाजनक हो।

३५ज्ञानी सेवकले राजाको अनुग्रह पाउँदछ, तर एक जसले झमेला उत्पन्न गर्छ तिनको क्रोध पाउँछ।

**१५** नम्र तथा कोमल वचनले क्रोध शान्त गराउँछ भने कठोर वचनले क्रोधलाई अझ उत्तेजित पार्छ।

२ज्ञानीको जिब्रोले ज्ञानलाई आनन्दप्रद बनाउँछ, अनि मूर्खको मुखबाट खाली मूर्खता नै बाहिरिन्छ।

३परमप्रभुको नजर प्रत्येक कुनामा पुगेको हुन्छ। उहाँ खराब असल देखिरहनु भएको हुन्छ।

४जुन वचनले मनको घाउ शान्ति पार्छ त्यो जीवन बृक्ष हो, तर छलपूर्ण वचनले आत्मालाई आघात पुऱ्याउँछ।

५मूर्खले आफ्नो बाबुले दिएको सजायलाई हेला गर्छ, तर जसले सुधारका कुरालाई ध्यान दिएर सुन्छ ऊ ज्ञानी हुनेछ।

६धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ, तर दुष्ट मानिसको कमाइले कष्ट मात्र निम्त्यिाँछ।

७बुद्धिमानीको वचनले ज्ञान फैलाउँछन् तर मूर्ख हृदयले त्यस्तो काम गर्दैन।

८एउटा अन्यायी मानिसले चढ़ाएको बलिदानलाई परमप्रभुले घृणा गर्नु हुन्छ तर ईमान्दारीसित व्यवहार गर्ने मानिसको प्रार्थनासित उहाँ खुशी हुनुहुन्छ।

९दुष्ट मानिसको मार्गलाई परमप्रभुले घृणा गर्नु हुन्छ तर जो मानिस न्यायीक र इमान्दारी हुन संघर्ष गर्छ, त्यसलाई उहाँले प्रेम गर्नु हुन्छ।

१०जुन मानिसले सही मार्ग अपनाउँदैन उसलाई कठोर सजायले अपेक्षा गरिरहेको हुन्छ, अनि जसले सुधारलाई घृणा गर्छ त्यो निश्चय नै मर्छ।

११परमप्रभुले प्रत्येक कुरा जान्नु हुन्छ, मृत्युको संसार नै उहाँको सामुन्ने रहेकोछ। यसर्थ मानिसको हृदयमा के छ उहाँ सबै जान्नु हुन्छ।

१२मूर्खले उसलाई कसैले सुधारेको मन पराउँदैन। यसर्थ त्यो बुद्धिमान मानिसबाट सल्लाह लिन जाँदैन।

१३एउटा खुशी हृदयले अनुहारमा उज्यालो झल्काई दिन्छ, तर कसैको हृदयको शोकले आत्मालाई दुःखी र खिन्न बनाउछ।

१४विवेकशील हृदयले अझ ज्ञान पाउने चेष्टा गर्छ, तर मूर्खले खाली मूर्खता मात्र खोजि रहन्छ।

१५गरीब मानिसहरूको समय सधैँ दुःखमय हुन्छ, तर सुखी हृदय लगातार उत्सव जस्तै सुखमय हुन्छ।

१६धेरै धन हुनु र त्ययसबाट दुःख पाउनु भन्दा थोरै हुनु तर परमप्रभुलाई सत्कार गर्नु उत्तम हो।

१७घृणाले भरिएको ठाउँमा धेरै खानु भन्दा, प्रेमले भरिएको ठाउँमा अलिकति खानु उत्तम हो।

१८एउटा क्रोधित मानिसले झगड़ा मच्चाउँछ तर सहनशील मानिसले झगड़ालाई शान्त गराउँछ।

१९एकजना अल्छे मानिसको मार्ग, काढ़ाहरूले भरिएको हुन्छ, तर ईमानदार मानिसको मार्ग फराकिलो बाटो झैँ हुन्छ।

२०एक बुद्धिमानी छोरोले बाबुको निम्ति खुशीयाली ल्याउँछ भने, मूर्ख छोरोले उसको आमालाई हेला गर्छ।

२१मूर्खलाई दुष्ट कामले खुशी तुल्याँउछ। तर ज्ञानी मानिसले के सही हो त्यो गर्छ।

२२चाँहिदो परामर्श नपाएर एकजना मानिस आफ्नो योजनामा विफल हुन सक्छ, तर धेरै परामर्शदाताहरूको सल्लाहले ऊ आफ्नो योजनामा सफल हुन सक्छ।

२३सही जवाफ दिन सके मानिस खुशी हुन्छ, र ठीक समयमा सही जवाफ अत्यन्तै राम्रो हो।

२४बुद्धिमान मानिसले गरेको कामले उसलाई यस पृथ्वीमा जीवन दिन्छ अनि मृत्यु स्थानतिर जान रोक्छ।

२५अहंकारीको घर परमप्रभुले भताभुङ्ग पारिदिनुहुन्छ भने, विधवाको साँध-सीमानमा उहाँले सुरक्षित राखि दिनु हुन्छ।

२६दुष्ट मानिसहरूको विचारलाई परमप्रभु घृणा गर्नु हुन्छ तर उहाँले शुद्ध मानिसहरूको विचार सँग खुशी हुनु हुन्छ।

२७लोभी मानिसले आफ्नै घरमा आपद बोलाउँछ, तर त्यो मानिस बाँची रहन्छ जसले घूसलाई घृणा गर्छ।

२८एउटा धर्मी मानिसले प्रत्येक शब्द तौलँदै भन्छ। तर दुष्ट मानिसहरूको मुखबाट दुष्ट कुराहरू निस्कन्छन्।

२९परमप्रभु दुष्ट मानिसबाट टाढ़ा बस्नु हुन्छ, तर उहाँले धर्मी मानिसहरूको प्रार्थना सुन्नु हुन्छ।

३०एउटा उज्यालो अनुहारको हेराइले मनलाई खुशी पार्छ, अनि शुभ समाचारले हड्डी भित्र पनि खुशी संचार गर्छ।

३१जसले जीवनदायी झपेड़ाईको अवहेलना गर्दैन, ऊ बुद्धिमान मानिसहरूको बीचमा बस्नेछ।

३२जुन मानिसले अनुशासनलाई अस्वीकार गर्छ उसले आफ्नो जीवनमा कष्ट ल्याउँछ, तर जसले हप्काइलाई स्वीकार गर्छ उसले समझशक्ति पाँउछ।

३३परमप्रभुको डरले मानिसमा बुद्धि सिकाउँछ। आदर पाउँनु भन्दा अघि नम्रता आउँछ।

**१६** मानिसले भन्न चाहन्छ त्यो आफूले निर्णय गर्छ तर त्यो कुरा व्यक्त गर्नु चाहिने ठीक शब्दहरू चुन्नमा ऊ परमप्रभुमा भर पर्छ।

२मानिसले सोच्छ कि उसले गरेको प्रत्येक कुराहरू सही हो तर परमप्रभुले उसका अभिप्रायहरू जाँच्नु हुन्छ।

३तिनीले जे सुकै गर त्यसलाई परमप्रभुमा सुम्पिदेऊ, अनि तिम्रो योजना सफल हुनेछ।

४परमप्रभुको प्रत्येक वस्तुको लागि आफ्नो उद्देश्यमूलक योजनाले रच्नु भएको हो, दुष्ट मानिसहरूलाई पनि वहाँले तिनीहरूको विपत्तिको योजना गर्नु भएको छ।

५जुन मानिसले आफूलाई अरु भन्दा असल सम्झन्छ त्यसलाई परमप्रभुले घृणा गर्नु हुन्छ। निसंन्देह त्यस्तो घमण्डी मानिसलाई उहाँले दण्ड दिनु हुन्छ।

६राज भक्ति अनि विश्वासयोग्यताले दोषलाई मेटिदिन्छ। अनि परमप्रभु प्रतिको सम्मानले विपत्तिबाट बचाउँछ।

७परमप्रभुलाई जब एकजना मानिसको मार्ग मन पर्छ उहाँले उसको शत्रुलाई पनि ऊ सित प्रेमभावमा बस्ने बनाउनु हुन्छ।

८बेइमानीको माध्यमबाट पाएको ठूलो लाभ भन्दा, धार्मिकताबाट कामाएको थोरै धन उत्तम हो।

९हृदयमा मानिसले आफ्नो मार्ग ठीक पार्छ तर

परमप्रभुले उसको गोड़ाहरूलाई मार्ग दर्शन गराउनु हुन्छ।
१०राजाले बोलेको नै नियम बन्दछ, यसर्थ उसले न्याय संगत बोल्नु पर्छ।
११सही तराजु र नाप परमप्रभु सित सम्बन्धित रहन्छन्। उहाँ चहानु हुन्छ, कि सबै व्यवसाय-धन्धाहरू न्याय पूर्वक रहुन्।
१२राजाले दुष्ट्याई गर्नु घृणीत हो किनभने धार्मीकताद्वारा सिंहासन सबल हुन्छ।
१३साँचो कुरा सुन्न मन पराँउछने राजाहरूले ईमानदारी सँग बोल्ने मानिसहरूलाई मन पराउँछन।
१४जब राजा क्रोधित हुन्छ उसले कसैलाई पनि मार्न सक्छ तर ज्ञानी मानिसले उसलाई शान्त गराउँन सक्छ।
१५राजा खुशी भए प्रत्येकको जीवन राम्रो हुन्छ। जब राजा तिमी सित खुशी हुन्छ, तब वसन्त ऋतुमा बादलबाट पानी परे भैँ हुन्छ।
१६ज्ञान प्राप्त गर्नु सुन भन्दा असल हो! समझशक्तिलाई प्राप्त गर्नु चाँदी भन्दा असल हो।
१७धर्मी मानिसहरूको बाटोले दुर्भाग्यलाई त्याग्छ, आत्मालाई जोगाउँन चाहने मानिसले ऊ कहाँ जान्छ त्यसको ख्याल गर्नु पर्छ।
१८सर्वनाश भन्दा अघि अहंकार आँउछ, अनि घमण्ड अपमानको अघि आउँछ।
१९अहंकारी मानिससित लूटको धन बाँड्नु भन्दा नम्र भएर गरीब मानिससित नम्र भैं बस्नु असल हो।
२०मानिसहरूले उपदेश दिँदा जसले सुन्छ त्यो मानिसलाई लाभ हुन्छ, अनि जसले परमप्रभु माथि भरोसा गर्छ त्यो धन्य हुन्छ।
२१ज्ञानी हृदय भएको मानिसलाई विवेकशील मानिस भनिन्छ, अनि कर्णमधु शब्दले ज्ञान बढ़ाउछ।
२२तीब्र-बुद्धि भएको मानिसलाई बुद्धि जीवनको मूल हुन्छ, तर मूर्खहरूलाई तिनीहरूको मूर्खताले नै दण्ड भोगाउँछ।
२३बुद्धिमानको हृदयले आफ्नो बोलीमा नियन्त्रण ल्याउँछ, र उसको ओठले शिक्षा बढ़ाउँछन्।
२४आनन्दयाक बोली मह भैं हुन्छ, यसले आत्मामा आनन्द दिन्छ यसले शरीरमा चंगाई ल्याउँछ।
२५कहिले कही यस्तो लाग्छ कि बाटो सही छ, तर अन्त्यमा त्यस बाटोले मृत्यु तिर पुऱ्याउँछ।
२६परिश्रमी मानिसहरूलाई उसको भोकले नै काम गराई राख्छ। उसको भोकले उसलाई काम गराउँछ ताकि उसले खान पावोस्।
२७एकजना बेकाम्मा मानिसले दुष्ट योजना बनाउँछ अनि उसको उपदेशलाई आगोले भैँ ध्वंश परी दिन्छ।
२८एकजना झगड़ालु मानिसले सधै बहसहरू सृजना गर्छ, अनि एकजना निन्दा गर्नेले घनिष्ट मित्रहरू बीच लड़ाइ गराउँछ।
२९एकजना उपद्रवी मानिसले उसको छिमेकिलाई ठग्छ। उसले आफ्नो मित्रलाई अनुचित बाटोमा डोऱ्याउँछ।
३०जब मानिस हाँस्दै एउटा आँख झिम्क्याउँछ भने, उसले नराम्रो योजना बनाएको हुन्छ। अर्कालाई विर्गानि आफू मुस्कुराउँदै काम गर्ने मानिस हुन्छ।
३१फूलेको केश इमान्दार जीवन जीउने मानिसहरूको गरीमाको मुकुट हुन्छ।
३२मानिस धैर्यवान् हुनु लड़ाकु योद्धा भन्दा पनि उत्तम हो, जसले आफ्नो क्रोधलाई नियन्त्रणमा राख्छ, त्यो जसले नगर जित्छ त्यस भन्दा पनि राम्रो मानिस हो।
३३चिट्ठा, मानिसहरू द्वारा फ्याकिन्छ तर त्यसको निर्णय परमप्रभुले गर्नु हुन्छ।

**१७** प्रत्येक मानिसले झगड़ा गर्दै खाद्यान्नले भरिएको घरमा बस्नु भन्दा एक टुक्रा सूखा रोटी खाँदै शान्तिमा बस्नु असल हो।
२एकजना बुद्धिमान नोकरले एकजना हड़बड़ाउने छोरामाथि शासन् गर्छ, अनि उसले एउटा दाज्यू-भाई भैं पैतृक धन प्राप्त गर्छ।
३सुन अनि चादीलाई तिनीहरू कति शुद्ध छन् भनी हेर्न आगोमा पगालीन्छ, अनि मनुष्यको हृदय परमप्रभुद्वारा जाचिन्छ।
४दुष्ट मानिसले अरू मानिसहरूले बोलेको दुष्ट चीजहरूमा ध्यान दिन्छ, अनि ढ़टुकाहरूले अरूको निन्दा सुन्छ।
५जसले गरीबलाई घृणा गर्छ उसले सृष्टिकर्तालाई अपमान गर्छ। जो अरूको विपत्तिमा रमाउँछ ऊ दण्डबाट उम्कने छैन।
६नाति-नातिनीहरू बृद्धमानिसको निम्ति मुकुट हुन, अनि आमा-बाबुहरू आफ्ना छरा-छरीका गौरव हुन्।
७मूर्ख मानिसले धेरै बोल्नु असल हुदैन, त्यसरी नै शासकलाई झूटो बोल्नु सुहाउँदैन।
८घूस ग्रहण गर्ने मानिसलाई घूस महामन्त्र भैं लाग्छ, र त्यो मानिस जहाँ जान्छ वही उसले सफलता पाए जस्तो लाग्छ।
९जसले अरूको गल्तीको बारेमा भूलिदिन्छ उसले प्रेमलाई अघि बढ़ाउनछ, तर जसले अर्काको गल्ती घरि-घरि ल्याउँछ त्यसले घनिष्ट साथीहरूलाई गुमाउँछ।
१०विवेकी मानिसलाई एउटा वचनले जति असर पार्छ, मूर्खलाई एक सय कोर्राले पनि असर पार्दैन।
११एउटा दुष्ट मानिस सधैँ नै बिद्रोह गरिरहन्छ। यसर्थ उसको बिरोधमा एकजना निष्ठुरी मानिस पठाइन्छ।
१२मूर्खको सामुने पर्नु भन्दा बच्चाहरू खोसिएको भालूको सामने पर्नु असल हुन्छ।
१३यदि कसैले असलको बदला दुष्टाईले लिन्छ भने घरले सँधै कठिनाइहरूको सामना गर्नेछ।

१४झगड़ा शुरू गर्नुको अर्थ नदीको बाँधमा प्वाल पार्नु बराबरै हो। यसैकारण नियन्त्रण भन्दा बाहिर जानु अघिनै बहसलाई अन्त गरिदेऊ।

१५जसले एउटा दोषी मानिसलाई निर्दोष ठहराउँछ अनि एउटा निर्दोष मानिसलाई दोषी, तिनीहरू दुवैलाई परमप्रभुले घृणा गर्नु हुन्छन।

१६एकजना मूर्खलाई सम्पत्तिको के काम? ज्ञान किन्न? उसको दिमागनै छैन।

१७असल मित्रले सधैँ माया गरिरहेको हुन्छ। त्यसरी नै साँचो दाज्यू-भाइले पनि कष्टको समयमा सहायता पुर्‍याइरहेको हुन्छ।

१८समझ नभएको मानिसले नै वाचा बन्धन गर्छ। अनि अर्काको ऋणमा जमानी बस्छ।

१९लड़ाई-झगड़ा मन पराउनेले पाप मन पराउँछ, अनि जसले शेखी गर्छ उसले त आफ्नै सर्वनाशलाई निम्तो दिन्छ।

२०कुटिल हृदय भएको मानिसको कहिल्यै उन्नति हुँदैन, अनि जसको बोलीमा छल कपट हुन्छ त्यो त आफै सत्यनाश हुन्छ।

२१मूर्ख छोरा भएको पिता दु:खी हुन्छ। मूर्ख छोरोको बाबु कहिल्यै सुखी हुँदैन।

२२आफ्नो मनलाई प्रसन्न राख्नु नै सब भन्दा असल औषधी सेवन गर्नु हो। दु:खेको मनले हड्डीहरू पनि नरम पारिदिन्छ।

२३एकजना दुष्ट मानिसले न्याय बिगार्नको लागि गोप्य तरिकाले घूस दिन्छ।

२४ठीक विचार भएको मानिसले सधै ज्ञानको बिषयमा सोचिरहन्छ तर मूर्ख मानिसले सधैँ टाड़ा टाड़ा ठाउँको सपना देख्छ।

२५मूर्ख छोरोले उसको बाबुलाई शोक दिइरहन्छ, अनि आफूलाई जन्म दिने आमालाई पीर मर्कामा पार्छ।

२६अन्याय नगरी दण्ड दिनु गल्ती हो। यसरी नै ईमानदार अगुवाहरूलाई ठीक काम गरे बापत सजाय दिनु अनुचित हो।

२७एकजना ज्ञानी मानिस सजिलै रिसाउँदैन। ज्ञानी मानिसले होशियारसित शब्द प्रयोग गर्दै बात मार्छ।

२८चुपचाप बसे मूर्खलाई पनि ज्ञानी ठानिन्छ अनि जसले उसको मुखतालाई बन्द राख्छ ऊ विवेकी देखिन्छ।

**१८** एक्ले बस्ने मानिसले उसका आफ्नै स्वार्थी इच्छाहरू पूरा गर्न खोज्छ। उसले विवेकपूर्ण सल्लाहलाई गिल्ला गर्छ।

२मूर्ख मानिसले अर्काको अर्ति सुन्न रूचाउँदैन। त्यस्तो मानिसले उसको आफ्नै मात्र विचार व्यक्त गर्न चहान्छ।

३जब दुष्टता आउँछ, तब घृणा पनि आउँछ, अनि अपमानसित बदनाम आउँछ।

४मानिसका बचनहरू गहिरो पानी झैं हुन्, ज्ञानको स्रोत एउटा बेगले बग्ने झरना झैँ हो।

५एकजना दोषी मानिसको पक्ष लिएर निर्दोष मानिसलाई अन्याय गर्नु अत्यन्तै अनुचित हो।

६मूर्खहरूको ओठहरूले बहस ल्याउँछ उसको मुखले थप्पड़ खोज्छ।

७मूर्खको मुखले उस माथि विपत्ति ल्याउँछ, उसको ओठहरू एउटा पासो जस्तै हो जसले उसको आफ्नै जीवनलाई समात्छ।

८मानिसहरू सधै बदनाम गराउने झूटा कुराहरूले बहकाउने मानसिको मुखबाट सुन्न मन पराउँछन, अनि त्यस्ता कुराहरू मीठो भोजन झैँ पेट भित्र जान्छन्।

९यो निश्चय हो कि जसले आफ्नो काम अल्छी गरि गर्छ, त्यो सर्वनाश गर्नेको भाइ जत्ति कै हो।

१०परमप्रभुको नाम एउटा दृढ़ किल्ला झैं हो, धर्मीहरू यसभित्र कुदछन् र सुरक्षित रहन्छन्।

११एकजना धनी मानिसको सम्पत्ति उसको निम्ति बलियो किल्ला झैं हो, उसले यसलाई अग्लो पर्खाल जस्तो सम्झिन्छ।

१२मानिसको पतन हुनु अघि उसको मनमा अहँकार आउँछ तर नम्रता आदरको अघि आउँछ।

१३जसले कुरा सुन्न अघि उत्तर दिन्छ ऊ झमेला गराउँने मूर्ख हो।

१४जब मानिस बिमारी हुन्छ उसको आत्माले उसलाई बीमार सहने शक्ति दिन्छ, तर चोट लगेको आत्मालाई कसले सहन सक्छ ?

१५एकजना विवेकशील मानिसले सधै केही चीज सिक्न चाहन्छ। एउटा ज्ञानी मानिसले ज्ञान लिन ध्यान दिएर सुन्छ।

१६उपहारले एकजना मानिसको निम्ति ढोका उघार्छ, अनि त्यो मानिस महापुरूषहरूको सामुन्ने पुग्न सक्छ।

१७आफ्नो मुद्दाको बारेमा बोल्ने पहिलो मानिस, अर्को मानिसबाट केरकार नहुञ्जेलसम्म सही जस्तो लाग्छ।

१८गोला हालेर भगड़ा मोटिन्छ अनि शक्तिशाली प्रतिद्वन्द्वीहरूलाई छुट्टाइन्छ।

१९यदि साथीलाई अपमान गरेर उसलाई मनाउनु एउटा बलियो पर्खालले घेरिएको शहरलाई कब्जा गर्नु भन्दा गाह्रो पर्छ।

२०आफ्नो मुखको फलले मानिसले पेट भर्छ, जे उसको ओठले उत्पन्न गर्छ त्यसमा ऊ सन्तुष्ट हुन्छ।

२१आफैले बोलेको शब्दहरूले आफैलाई जीवन अथवा मृत्यु बोलाइ दिन्छ। यसर्थ बोल्नु मन पराउने मानिसले आफूले बोलेको शब्दहरूले के ल्याँउछ स्वीकार्नु तत्पर रहनु पर्छ।

२२जसले पत्नी भेट्छ उसले उत्तम कुरो भेट्यो। परमप्रभुबाट उसले अनुग्रह प्राप्त गरेको छ।

२३गरीब मानिसहरूलाई दयाको भिक्षा चाहिन्छ तर धनी मानिसहरूले खम्रो जवाफ दिन्छन्।

२४धेरै मित्रहरू भएको मानिसले आफैलाई हानी गर्छ, तर कुनै भित्र यस्तो पनि हुन्छ जो आफ्नै दाज्युभाई भन्दा पनि विश्वासी हुन्छ।

१९ कुटिलता पूर्ण शब्द प्रयोग गर्ने मूर्ख भन्दा निष्कलंक गरीब असल हो।

२बिनाज्ञान उत्साहीत हुनु राम्रो होइन। यदि तिमी धेरै हतार गर्छौ भने विराउने छौ।

३मानिसले आफ्नै भूलले आफ्नो जीवन नष्ट पार्छ, तर त्यसको दोष परमप्रभुलाई लगाउँछ।

४धनले धेरै मित्रहरू बनाउँछ, तर गरीबलाई आफ्नै भित्रले पनि त्यागि दिन्छ।

५झूटो गवाहीले सजाय पाउँछ नै अनि जुन मानिस झूटो बोलिरहन्छ त्यो बाँच्नु सक्तैन।

६धेरै मानिसहरूले शासकको निगाह खोजछन् अनि प्रत्येकले उदार मानिसको साथी बन्न चाहन्छ। अनि असल मानिसको मित्र हुन चाहन्छ।

७गरीब मानिस सित आफन्तहरू पनि टक्रटकिन्छन्। साथी भाइहरू पनि त्यस गरीब मानिस देखि पर-पर बस्न चहान्छन। उसले जति नै बिन्ति गरोस कसैले सहायता गर्दैनन्।

८बुद्धि प्राप्त गर्नेले आफ्नै जीवनलाई माया गर्छ। जसले आफ्नो समझ शक्ति बढ़ाउँछ ऊ सधैँ उन्नति गरिरहन्छ।

९एकजना झूटो गवाही दिनेलाई दण्ड दिइने छ। जसले झूटो बोल्छ त्यो ध्वंश हुनेछ।

१०मूर्ख धनी हुनु हुदैन यस्तै प्रकार एकजना नोकरले राजकुमारमाथि शासन गर्नु हुँदैन।

११ज्ञानी मानिस रिसाउनमा ढिलो हुन्छ अनि गल्ती गर्नेलाई क्षमा दिनु उसको यशको लागि राम्रो हुन्छ।

१२राजाको क्रोध सिंहको गर्जन जस्तो हो, अनि उसको निगाह घाँसमा परेको शीतको थोपा जस्तो हो।

१३मूर्ख छोरो बाबुको लागि विनाशको बाढ़ी हो, अनि झगड़ालु पत्नी नित्य पानी चुहुने घर जस्तै हो।

१४धन सम्पत्ति तथा घर आफ्नो आमा-बाबुबाट पाइन्छ, तर विवेकशील पत्नी चाहिँ परमप्रभुबाट आउँछै।

१५अल्छीपनले गहिरो निद्रा लगाँउछ, अनि अल्छी मानिस भोक भोकै रहन्छ।

१६जसले कानून मानेर चल्छ उसको जीवन सुरक्षित हुन्छ, तर जसले आफूले के गर्‍यो त्यसको विषयमा वास्ता गर्दैन भने त्यो मर्नेछ।

१७गरीब माथि दया गर्नु परमप्रभुलाई सापट् दिनु हो। अनि परमप्रभुले उसलाई फिर्ता तिर्नु हुनेछ।

१८सुध्रिने आशा अझै छ भने तिम्रो छोरालाई शिक्षा देऊ नत्र भने तिमीले उसको मृत्युको लागि सहयोग गरेका हुनेछौ।

१९यदि कसैलाई सजिलै रीस उठ्छ भने, उसले त्यसको मूल्य चुकाउनु पर्छ। यदि तिमी उसलाई बचाउँछौ भने उसले त्यो गल्ती दोहर्‍याइरहन्छ।

२०उपदेश सुन अनि अनुशासीत भई बस। यस प्रकार अन्त्यमा तिमी ज्ञानी हुनेछौ।

२१मानिसले हृदयमा अनेकौं कुराहरू गर्न भनी सोच्छ, त्यही हुन्छ जो परमेश्वरले चाहनु हुन्छ।

२२विश्वासले मानिसलाई आनन्दायक बनाउँछ, यसकारण झूट हुनु भन्दा गरीब हुनु नै असल हो।

२३पमप्रभु प्रतिको डरले जीवन दिन्छ र व्याक्तिका आवश्यकताहरू पूरा हुन्छन अनि दुःखले उसलाई छुन सक्दैन।

२४एकजना अल्छेले उसको हात भाड़ा भित्र हाल्छ, तर उसले त्यसलाई उठाएर आफ्नो मुखमा पुर्‍याउँदैन्।

२५मूर्खलाई सजाय देऊ ताकि अनुभव नभएकाहरू विवेकशील होउन्।

२६जसले आफ्नो बाबुलाई नराम्रो व्यवहार गर्छ, अनि आफ्नो आमालाई टाढ़ा खेद्छ ऊ लाजमर्दो कलंकित छोरा हो।

२७हे मेरो छोरो, यदि तिमीले अनुशासनलाई ध्यान दिन छाड्यौ भने तिमी ज्ञानी वचनहरूबाट पनि टाड़िन्छौ।

२८झूटो गवाहीले न्यायको खिल्ली उडाउँछ। दुष्ट मानिसहरू द्वारा भनेका कुराहरूले अझ दुष्टता मात्र बढ़ाउँछ।

२९जसले आफैलाई अरू भन्दा असल सम्झन्छ उसले सजाय भोग्नु पर्छ। त्यस्तो मूर्खहरूले कुटाई भेट्छन्।

२० दाखरस उपहास गरिने बस्तू हो, निगार चाहिँ एउटा झगड़ा ल्याउने चीज हो। जो यसको प्रभावमा पर्छ ऊ ज्ञानी हुने छैन्।

२राजाको क्रोध सिंहको गर्जन झैं हो, जसले उसलाई क्रोधित बनाउँछ आफ्नो जीवनलाई खतरामा पार्छ।

३झगड़ा गर्न अस्वीकार गर्ने मानिस आदरणीय हुनेछ तर मूर्ख मानिस त सदैव झगडाको लागि तत्पर रहन्छ।

४एउटा अल्छे मानिसले शरद ऋतुमा खेत जोत्दैन, समयमा उसले अन्नहरू खोज्छ अनि त्यहाँ केही हुँदैन्।

५मानिसहरूको हृदयमा रहेका कुराहरू गहिरो कुवाको पानी जस्तै हुन, तर समझदार मानिसले त्यो तानेर निकाल्छ।

६धेरै मानिसहरूले भन्ने गर्छन तिनीहरू विश्वास योग्य मानिस छन्, तर विश्वासनीय मानिस कसले भेट्न सक्छ ?

७एकजना धर्मी मानिस सधै ईमान्दारी पूर्वक बास्छ र उसका नानीहरूलाई पाछि फायदा पुर्‍याउछ।

८जब राजा उनका मानिसहरूको न्याय गर्नु बस्छन्
उनले दुष्टतालाई आफ्नै आँखाले छानबिन गर्छन।
९के कसैले म शुद्ध छु भनि दावी गर्न सक्छ? के
कुनै मानिसले दावी गर्न सक्छ की ऊ आफ्नो पापबाट
शुद्ध हुन सक्छ?
१०परमप्रभुले त्यो तौल र नापहरूलाई घृणा गर्नुहुन्छ
जुन बेठीक छन्।
११एउटा बालकलाई उसको चाल-चलनबाट पनि
जान्नु सकिन्छ उसको व्यवहार असल छ की छैन।
१२परमप्रभूले देख्ने आँखा र सुन्ने कान दुबैलाई
सृष्टि गर्नु भयो।
१३यदि तिमी धेरै सुत्न मन पराउछौं भनें। तिमी
गरीब हुने छौ। जागा रहो अनि तिमीसँग प्रशस्त खाने
कुरा हुनेछ।
१४राम्रो छैन! यो राम्रो छैन! भन्दै ग्राहकले किन्छ
तर पछि उसले भाउ कसेकोमा आफैलाई प्रशंसा गर्छ।
१५सुन अनि धेरै लालमणिहरू छन्, तर ज्ञानीको
भाषण, निखुर गहना हो।
१६एउटा अपरिचित मानिसलाई उधारो दिन्छौं भने
उसको कोट बन्धक लेऊ। निश्चित होऊ की उसले
तिमीलाई ती विदेशीहरूको बन्धकको रूपमा केहि
दिन्छ।
१७छल गरि कमाएको अन्न खान मीठो लाग्छ, तर
अन्तमा त्यसले मुखभरी ढुङ्गा चपाए जस्तो हुन्छ।
१८कुनै योजना बनाउनु अघी राम्रो सल्लाह गर्नु।
यदि युद्धमा जानु छ भने असल मार्गदर्शन लिनु।
१९अर्काको गोप्यनीय कुराहरू भन्ने मानिसलाई
भरोसा गर्न सकिँदैन। यसर्थ धेरै बोल्ने मानिसबाट
जोगिएर बस।
२०यदि कुनै मानिसले आफ्ना आमा-बाबुलाई सराप्छ
भने उसको बत्ती राती अन्धकारको बीचमा निभ्ने छ।
२१यदि तिमी सित भएको सम्पत्ति तिमीले छिटो
छिटो र सजिलै हासिल गरेको भए यो अन्तमा
आशिषपूर्ण हुनेछैन।
२२यसो नभन, "म दुष्टको बदला लिनेछु।" परमप्रभुको
निम्ति पर्ख अनि उहाँले तिम्रो रक्षा गर्नु हुनेछ।
२३परमप्रभुले गलत तौललाई घृणा गर्नु हुन्छ अनि
भूटा तराजूहरू असल होइनन्।
२४मानिसले चाल्ने प्रत्येक कदम नै परमप्रभुले तोक्नु
हुन्छ। तब मानिस कसरी जान्दछ कि उसको जीवनमा
के परी आँउछ।
२५परमप्रभुलाई भाकल गर्न अघि नै सोचेर भाकल
गर्नु, पछि पछुताउनु नपरोस कि "मैले यस्तो भाकल
नगर्नु पर्ने रहेछ।"
२६एकजना ज्ञानी राजाले दूष्टहरूलाई भूस निफाने
झैँ गरी छुट्टायाउनछन् अनि तिनीहरूलाई सजाय
दिन्छन्।
२७एकजना मानिसको आत्मा परमप्रभुको दियो हो
जसले उसको आत्माको गहिराई देखाउछ।
२८यदि राजा विश्वासी र सत्यवादी छन् भने, उसले
शक्ति सुरक्षित राख्नु सक्छन्। उसको विश्वासनीयताले
उसको राज्य बलियो राख्ने छ।
२९एकजना जवान मानिसको गौरव उसको बल हो,
अनि एउटा बूढो मानिसको गौरव उसको फूलेको केश
हो।
३०कुटाइले चोट पुर्‍याउन र खराबी हटाउँछ अनि
मुक्कारहरूले भित्रि जीवलाई सफा गर्छ।

## २१

राजाको हृदय परमप्रभुको हातमा हुन्छ, र
त्यो खोलाको पानीझैं जता पायो उतै उहाँले
बगाइ दिनु हुन्छ।
२मानिसले आफ्नो नजरमा आफ्नो सम्पूर्ण व्यवहार
सही देख्छ। तर परमप्रभुले हृदयमा के छ त्यो जाँच
गर्नुहुन्छ।
३बलिदानहरू भन्दा, मानिसहरूले सही अनि न्याय
काम गर्नु परमप्रभुको निम्ति अधिक महत्वपूर्ण हुन्छ।
४घमण्डी आँखा अनि गर्वले भरिएको मन पाप हो,
र यिनीहरूले दुष्ट मानिसको दुष्टता चिनाउन प्रदीपको
सलेदोको काम गर्छन।
५लगनशीलको योजनाहरूले मानिसहरूलाई लाभ
गराउँछ, र हतार गर्नाले निश्चय दरिद्रता ल्याउँछ।
६झूटो बोलेर कमाएको सम्पत्ति वाफ झैं अस्थिर
हुन्छ अनि त्यो घातक पासो बनिन्छ।
७दुष्ट मानिसहरूले गरेको नराम्रो कामले तिनीहरूलाई
ध्वंश पार्छ। जुन न्याय संगत छ त्यो गर्नु यी मानिसहरू
अस्वीकार गर्छन्।
८दुष्ट मानिसहरू सधैँ अर्कालाई ठग्ने हुन्छन तर
असल मानिसहरू ईमान्दार र न्याय संगतका हुन्छन्।
९एउटी झगड़ालु पत्नी सित घर भित्र बस्नु भन्दा
शान्ति सित घरको एककुनामा बस्नु शान्तिमय हुन्छ।
१०दुष्ट मानिसहरू सधैँ खराब काम गर्न खोज्छन्
अनि तिनीहरूले वरिपरि भएका मानिसहरूलाई दया
देखाउँदैन।
११दुष्ट मानिसहरूले सजाय पाउँदा सरल मानिसहरूले
ज्ञान पाउँछन्। जब बुद्धिमानी मानिसहरूलाई अनुशासित
बनाइन्छ तिनीहरू अझै ज्ञानी हुन्छन्।
१२परमप्रभुले दुष्ट मानिसहरूको घर माथि नजर
राख्नु हुन्छ अनि दुष्ट मानिसहरूलाई ध्वंश पार्नु हुन्छ।
१३यदि कुनै गरीब मानिसले पुकार्दा कसैले कान
थुन्छ भने उसले पुकार्दा पनि कसैले सुन्दैन।
१४गुप्तरूपले दिइएको उपहारले रीस शान्त पार्छ।
लुकाएर दिएको घूसले अझै डरलाग्दो क्रोधलाई पनि
शान्त पारिदिन्छ।
१५न्यायले इमान्दार मानिसहरूलाई आनन्दित तुल्याँउछ,
तर कुकर्मीहरूलाई यसले भयभित पार्छ।

१६जो मानिस समझदारीको मार्गबाट बरालिन्छ ऊ अन्तमा मृत मानिसहरू सँग समाप्त हुन्छ।

१७जसले सूख-भोगलाई प्रेम गर्छ ऊ दरिद्र बन्छ। जसले दाखरस अनि तेललाई प्रेम गर्छ ऊ धनी हुनु सक्दैन्।

१८एउटा दुष्ट मानिस एउटा धर्मी मानिसको निम्ति उद्धारक हुनेछ, अनि त्यसरीनै एउटा अविश्वासी मानिस इमान्दार मानिसको निम्ति हुनेछ।

१९छिटो रिसाउने र झगडेलु स्वभाव भएकी पत्नी सित बस्नुभन्दा निर्जन मरूभूमिमा रहनु असल हुन्छ।

२०बुद्धिमान मानिसले आफूलाई चाहिने चीजहरू संचय गरेर राख्छ भने, मूर्खले यो सबैलाई खाने र खर्च गर्नेछ।

२१जो इमान्दार जीवन जीउछ र विश्वास देखाउँछ उसले असल जीवन, सम्पत्ति अनि आदर आर्जन गर्छ।

२२एकजना ज्ञानी मानिसहरूले सशस्त्र सेनाहरूको शहर आक्रमण गरे अनि उनीहरूको सुरक्षित र भरपर्दो किल्लालाई ध्वंश गरि दिए। ज्ञानी मानिसलाई कुनै कुराको अफ्ठेरो पर्दैन।

२३जसले आफ्नो मुख र जिब्रोलाई नियन्त्रणमा राख्छ उसले आफैलाई कष्टबाट रक्षा गर्छ।

२४जो मानिस जसले आफूलाई अरू मानिसहरू भन्दा श्रेष्ट ठान्छ त्यो घमण्डी हो अनि उसलाई "खिल्ली उड़ाउनेवाला" नाम द्वारा बोलाइन्छ, उसले अत्यन्त घमण्डकासाथ काम गर्छ।

२५एउटा अल्छे मानिसको लालसाले उसलाई मार्छ, किनभने उसको हातहरूले काम गर्न अस्वीकार गर्छन्।

२६लोभि मानिसले उसका सबै दिनहरू धेरै पाउँने इच्छ गर्दै बिताउँछ, तर धर्मी मानिसले उदारता पूर्वक दिन्छ।

२७दुष्ट मानिसले चढ़ाएको बलिदान त्यसै पनि परमेश्वले घृणा गर्नु हुन्छ, त्यसमाथि पनि दष्ट अभिप्रयले चढ़ाएको त झन घृणित हुन जान्छ।

२८झूटो साक्षीहरूको नाश हुन्छ, तर एकजना मानिस जसले सवाधानी पूर्वक सुन्छ ऊ सधैंको निम्ति बोल्छ।

२९एउटा दुष्ट मानिसले अविवेकी अनि साहसी कार्यहरू गर्छ तर एउटा इमान्दार मानिसले उसको कार्यहरूमा सोच विचार गर्छ।

३०कुनै पनि यस्तो ज्ञान अथवा समझ शक्ति अथवा सल्लाह छैन जसले परमप्रभुलाई जित्न सक्छ।

३१मानिसहरूले लड़ाई जित्न हात-हतियार तथा घोड़ा तयार पार्न सक्छन, तर तिनीहरूलाई विजय अथवा पराजय परमप्रभुले नै दिनु हुन्छ।

**२२** धन सम्पत्तीको मालिक हुनु भन्दा सम्मान पाउनु असल हो। सम्मानित हुनु सुन चाँदी भन्दा उत्तम हो।

२सबै परमप्रभुका सृष्टि हुन यसर्थ कुन धनी कुन गरीब बराबरी हो।

३एउटा बुद्धिमान मानिसले कष्टलाई पहिले नै देखेर यसबाट अघि नै तर्किन्छ, तर अनुभव नभएका मानिसहरू सिधै ती कष्टहरूमा पर्छन अनि दु:ख पाउँछन्।

४नम्र बन अनि परमप्रभुलाई आदर गर, तब तिमीहरू बाच्नेछौ अनि धन र सम्मान पाउने छौ।

५दुष्ट मानिस नाना थरीका फंदामा पर्छ, तर आफ्नो आत्माको पर्वाह गर्ने मानिस यस्तो कष्ट देखि टाड़ो बस्छ।

६नानीहरूलाई सही जीवन निर्वाह गर्नु सानै बाट सिकाउनु पर्छ, तब त्यो नानी बढ़े पनि त्यही प्रकारले जीवन यापन् गर्छ।

७धनी मानिसहरूले गरीब मानिसहरूलाई शासन गर्छन् अनि उधारो लिनेहरू उधारो दिनेहरूको कमारा बन्छन्।

८अन्याय रोप्ने मानिसले आपतको वाली काट्छ अनि उसको अत्याचारी शासनको अन्त हुन्छ।

९एकजना उदार योग्य मानिसले आशिष् पाउँछ। उसले आशिष् पाउँछ किनभने उसले आफ्नो भोजन गरीबलाई दिन्छ।

१०यदि कुनै मानिसले अरूलाई खिसी गर्छ भने उसलाई त्यहाँबाट बल लगाएर निकाली देऊ। जब ऊ मानिस नै हट्छ झगड़ाहरू जान्छ र अनि लड़ाइ र अपमानहरू पनि सकिन्छ।

११एउटा मानिस जसले शुद्ध हृदयलाई प्रेम गर्छ, जसको बोलीवचन करूणामय हुन्छ, ऊ राजाको मित्र हुनेछ।

१२परमप्रभुले सत्यता माथि पहरा दिनु हुन्छ, अनि अविश्वासी मानिसहरूले भनेका कुराहरूलाई विफल बनाउनु हुन्छ।

१३अलछे मानिसले भन्छ, "सिंह बाहिर बसिरहेको छ," अथवा "म गल्लीमा मारिनेछु।"

१४व्यभिचारी पापको जाल हो यसर्थ परमप्रभु यस्तो जालमा फँस्नेसित अत्यन्तै क्रोधित हुनु हुन्छ।

१५नानीको मनका मूर्खता रहेको हुन्छ। अनुशसनको डण्डाले यस मूर्खतालाई ऊबाट भगाइन्छ।

१६आफ्नो धन बढ़ाउनु जसले गरीबलाई ठग्छ अनि धनी मानिसलाई उपहार चढाउँछ भने ती दुवै जना पछि दरिद्र हुन्छन्।

### तीस ज्ञानपूर्ण भनाईहरू

१७राम्रो सँग ध्यान देऊ, म के भन्छु सुन। म तिमीहरूलाई त्यो ज्ञान शिकाउने छु, जुन ज्ञानी मानिसहरूले मलाई दिएँका छन्। मैले तो शिक्षाहरूबाट सिकें।

१८यदि तिमीले यी कुराहरू याद राख्यौ भने असल हुनेछ। यी वचनहरू भन्नु सक्यौ भने तिमीलाई सहायता हुनेछ।

१९अब म तिमीलाई ती कुराहरू नै सिकाउनेछु। म चाहन्छु, कि तिमीले परमप्रभु माथि भरोसा गर।
२०तिम्रो लागि मैले तीसओटा नीति-वचनहरू लखेकोछु, यी सबै ज्ञान र उपदेशका वचनहरू हुन्।
२१यी वचनहरूले सत्य र महत्वपूर्ण कुराहरू सिकाउँछ। तब तिमीलाई जसले पठाउनु भएको छ उहाँलाई सही जवाफ दिन सक्छौ।

-१-

२२गरीबलाई शोषण नगर किनभने तिनीहरू गरीब छन्, अनि गरीबलाई अदालतमा न्यायबाट बञ्चित नगर
२३परमप्रभुले तिनीहरूको मुद्दाको पक्ष लिनु हुन्छ, अनि उहाँले तिनीहरूको जीवन लिनु हुनेछ जसले उनीहरूलाई लुटछन् र शोषण गर्छन्।

-२-

२४झट्टै रिसाउने मानिस सित मित्रता नजोड। सितिमिति रिसाउने मानिससित संगत नगर।
२५नत्र भने तिमीले उसको बाटो जान्ने छौ र फंदामा फँस्ने छौ।

-३-

२६कहिल्यै कसैको जिम्मवारी लिने नहोऊ अर्काले लिएको ऋणको लागि जमानी नबस्।
२७तिमीले त्यो ऋण चुक्ता गराउनु नसके निमीकहाँ भएको सबै गुमाउनु पर्नेछ। तिमीले आफ्नो ओढ़ने ओछ्याउने सम्म गुमाउनु पर्नेछ।

-४-

२८तिम्रो जमीन जसमा सिमाना तिम्रा पुर्खाहरूले कोरेका हुन, त्यो सिमाना कहिल्यै हल्लिन नदेऊ।

-५-

२९यदि कोही मानिस आफ्नो काममा निपुण छ भने ऊ राजाको सेवा गर्ने योग्यको हुन्छ। उसले नचिनेका मानिसहरूको सेवा गर्दैन।

-६-

२३ यदि तिमी कुनै अधिकृतसित भोजनमा बसेको छौ भने याद राख तिमी कसको अघि छौ।
२तिमी धेरै खाने गर्थ्यौ भने पनि तिमीले आफूलाई नियन्त्रणमा राख्नु पर्छ।
३उसको स्वादिलो भोजन द्वारा परिक्षीत नहोउ किनभने उसको भोजन छलपूर्ण हुन्छ।*

-७-

४धनी बन्न चेष्टा गर्दै आफैलाई नथकाऊ। यदि तिमी बुद्धिमानी छौ भने तिमीले यस्तो गर्न बन्द गर।
५धन-सम्पत्ति हेर्दा-हेर्दा शेष भएर जान्छ। धन सम्पत्ति आफ्नो पखेटा फैलाएर उड़ेर जाने चरा झैं आकाशमा जान्छ।

-८-

६एउटा कृपण मानिस सित भोजन नखाऊ। उसको घरमा पकाएको स्वादिलो भोजनको इच्छा नगर।
७त्यो यस्तो मानिस हो जो आफ्नो भोजनको मोल लगाई रहन्छ। तिमीलाई त भन्छ, “तिमी खाऊ, मस्त भई खाऊ,” तर त्यो उसको मनभित्रबाट भनेको होइन।
८तिमीले अलिकति खाएको पनि उकेलि दिने छौ अनि तिमीले उसलाई गरेका प्रशंसाहरू व्यर्थ भएर जान्छन।

-९-

९मूर्खले तिम्रा ज्ञानी वचनहरूलाई घृणा गर्छ, मूर्खसित कुरा नगर।

-१०-

१०जमीनमा पुरानो सिमाना भए त्यसलाई सार्ने प्रयास नगर। टुहुरा-टुहुरीहरूको जमीन जबरजस्ती दखल नगर।
११किनभने ती अनाथहरूको शक्तिशाली संरक्षक हुनु हुन्छ जसले अनाथहरूको पक्षमा तिमीसित अदालतमा लड़नु हुन्छ।

-११-

१२तिमीहरूको विचारलाई अनुशासनमा लगाऊ अनि ज्ञानको शिक्षाहरूमा ध्यान देऊ।

-१२-

१३आवश्यकता अनुसार नानीलाई सधैं सजाय देऊ। सजाय दिदाँ त्यो मर्दैन।
१४यदि तिमीले उसलाई सजाय दियौ भने, तिमीले उसलाई चिहानबाट रक्षा गर्ने छौ।

-१३-

१५हे मेरो छोरो, तिमी बुद्धिमान् भयौ भने म खुशी हुनेछु।
१६यदि तिमीले सही कुराहरू गरेको सुन्न पाए म हृदयबाट नै खुशी हुने थिँए।

---

**उसको … हुन्छ** यसले यो अर्थ गर्न सक्छ कि घरवालाले पहनाबाट कोहि पाउने चाहन्छ। त्यसकरण उसले पहुनालाई आँखा लोभ्याउने भोजन दिन्छ। तर उसका उद्देशहरू साँचो छैनन्: तिनीहरू छलपूर्ण छन्।

-१४-

१७पापीहरूको ईर्ष्या नगर। तर सबै समयमा, परमप्रभुलाई सम्मान गर।

१८तब तिम्रो एउटा भविष्य हुन्छ, तिम्रो आशा कहिल्यै हराउने छैन्।

-१५-

१९मेरो छोरो, सुन र ज्ञानी बन! सधैं सही बाटोमा हिड़ने कुरा ख्याल गर।

२०धेरै भोजन गर्ने तथा दाखरस पिउँने मानिस सित मित्रता नराख।

२१जुन मानिसले धेरै खान्छ अनि धेरै पिउँछ भने गरीब हुन्छ। उसको उड़ाइले उसलाई थोत्रो लुगा लगाउने बनाई दिन्छ।

-१६-

२२तिम्रा बाबु जसले तिमीलाई जीवन दिए उनको बचनहरू सुन। तिम्री आमा भनेर उनलाई हेला नगर।

२३सत्यतालाई किन अनि यसलाई नबेच। ज्ञान, अनुशासन अनि समझ शक्तिलाई पनि किन।

२४इमान्दार मानिसका बाबु अति सुखी मानिस हुन। यदि कुनै मानिसको बुद्धिमान नानी छ, भने त्यस नानीले घरमा खुशीयाली ल्याउँछ।

२५यसर्थ तिम्रा आमा-बाबु तिमी सित खुशी भई बसुन्। तिम्री आमाले आनन्द पाउन।

-१७-

२६हे मेरो छोरो ! म जे भन्दैछु अलिक ध्यान दिएर सुन। मैले भनेका कुराहरू स्वीकार गर।

२७एउटी वेश्या एक गहिरो खाड़ल जस्तो हो एक व्यभिचारिणी स्त्री, एक साँधुरो इनार जस्तो हो।

२८एउटा खराब आइमाई डाकुले झैँ बाटो ढुकेर वस्छे अनि धेरै मानिसहरूलाई अविश्वासी बनाउँछे।

-१८-

२९कसको दयनीयता छ? कसको दु:ख छ? को कष्टमा डुबेकोछ? को झगड़ा टंटामा फँसेकोछ? बिना कारण कसले चोट पाएको छ? कसको आँखा राता भएका छन्? ३०तिनीहरू ती हुन् जो रात दिन दाखरसको सेवनमा बिताउछन अनि जो मिश्रित मद्य चाख्न भोजनहरूमा जान्छन्।

३१दाखरस द्वारा दासको रातो रंग द्वारा यसको प्याला भित्रको चमक द्वारा सम्मोहित नहोऊ। यो बिना अवरोध घाँटीबाट तल स्वाट्टै जान्छ।

३२तर अन्तमा यसले सर्पले झैं डस्छ गोप्य विष भएको विषालु सर्पले झैँ डस्छ।

३३तिमीले विचित्र चीजहरू देख्ने छौ। भ्रान्त विचार, तिम्रो मनमा कूद्ने छन्।

३४तिमीलाई यस्तो लाग्नेछ महासमुद्रको माथिल्लो सतहमा सुतिरहेछौ, तिमी जहाज माथि सुतिरहेछौ।

३५तिमी भन्छौ तिनीहरूले मलाई हिर्काए मैले अनुभव गरिन, तिनीहरूले पिटे तर मलाई थाहाँ भएन। म कति वेला ब्यूझन्छु? म जान्छु अनि अर्को मद्य पिउँछु।

-१९-

२४ दुष्ट मानिसहरूको डाह नगर। तिनीहरूको संगतको इच्छा नगर।

२तिनीहरू आफ्नो हृदयमा नराम्रा योजनाहरू मात्र रच्छन्। तिनीहरू अरूलाई कसरी कष्ट दिने त्यस विषयमा मात्र वकिरहेका हुन्छन्।

-२०-

३एउटा घर ज्ञान द्वारा निर्माण गरिन्छ र समझशक्ति द्वारा यसलाई राम्रो स्याहार सुसार गरिन्छ।

४अनि ज्ञानद्वारा यसको भण्डारकोठाहरू विरल बहुमूल्य अनि असल चीजहरूले भरिन्छन्।

-२१-

५एकजना बुद्धिमान मानिस, एउटा बलवान मानिस भन्दा असल हो। एकजना ज्ञानी मानिस महान शक्ति भएको मनिस भन्दा असल हो।

६यसकारण तिमीले लड़ाई लड़न। अघि सावधानी पूर्वक योजनाहरू बनाउनु पर्छ। यदि तिमी विजयी हुनु चहान्छौ भने तिमीले धेरै सल्लाहकारहरूको सल्लाह लिनुपर्छ।

-२२-

७मूर्ख मानिसले ज्ञान के हो बुझ्न् सक्तैन शहरको फटाकमा बसेर कुनै महत्वपूर्ण विषयमा तर्क गरिरहेको समय मूर्ख मानिसले केही बोल्न सक्तैन।

-२३-

८दुष्ट षड़यन्त्र सधै गरिरहन्छौ भने, मानिसहरूले तिमीलाई जाल रच्ने भनि बोलाउँछ।

९मूर्ख मानिसले गर्न चाहेका कुरा पापपूर्ण मात्र हुन्छन्। मानिसहरूले यस्तालाई घृणा गर्छन जसले अन्य मानिसहरू भन्दा आफूलाई माथिल्लो तहको सम्झन्छ।

-२४-

१०यदि तिमीले आफैलाई सकंटको समयमा कमजोर देखाउँछौ भने, तिमी साच्चै नै कमजोर हौ।

-२५-

११यदि मानिसहरू कसैलाई मार्ने दाऊमा रहेको पाए तिमीले त्यस मानिसलाई बचाउने भरमग्दुर प्रयास गर्नु पर्छ।

१२यदि तिमीले भन्छौ "हेर, हामीहरूलाई यो कहिल्यै थाहा थिएन" के उहाँ जसले मानिसहरूको हृदयहरूलाई जाँच गर्नु हुन्छ यो सत्यतालाई जान्नु हुन्न र? उहाँ जसले मानिसहरूको आत्माहरूलाई पहारा दिनु हुन्छु यसको बारेमा जान्नु हुन्न र? अनि उहाँले प्रत्येक मानिसलाई उसको काम अनुसार दण्ड दिनुहुनेछ।

-२६-

१३हे मेरो छोरो, मह उपभोग गर, यो असल हो, यो मुखमा अति नै गुलियो हुन्छ।

१४यसरी नै यो पनि तिमी जान कि त्यो तिम्रो आत्मा ज्ञानमा रमाउँछ। यदि तिमीले यो ज्ञान प्राप्त गर्‍यौ भने तिम्रो भविष्य हुनेछ, तिम्रो आशा कहिल्यै हराउने हुँदैन।

-२७-

१५एकजना चोर भैं होऊ जसले धर्मी मानिसको घरमा छापा मार्छ अनि यसबाट चिजबिचहरू लुटेर लान्छ।

१६धर्मी मानिस सात पल्टसम्म लड़े पनि ऊ फेरि उठछ। तर दुष्ट मानिसहरूलाई दु:ख कष्टले लड़ाउँछ।

-२८-

१७शत्रु हार्दा पनि खुशी नहोउ। शत्रुले ठोक्कर पाउँदा तिमी खुशी नबन्।

१८यदि तिमीले यसो गर्‍यो भने परमप्रभुले चाल पाउनु हुनेछ अनि उहाँ तिमी सित निरास हुनु हुनेछ र यस्तो हुन सक्छ कि तिम्रो शत्रुलाई नै उहाँले सहायत गर्नु हुन्छ होला।

-२९-

१९दुष्ट मानिसहरूको कारणले गर्दा क्रोधित नबन; दुष्टहरूको डाहा नगर,

२०किनभने दुष्ट मानिसहरूको भविष्य छैन, तिनीहरू एउटा बत्ती भैं निभ्नेछन्।

-३०-

२१हे! मेरो छोरा, परमप्रभुको अनि राजाको डर मान् अनि विद्रोहीहरूसँग कहिले सम्मिलित नहोऊ।

२२किनभने त्यस्ता मानिसहरू एकसी नासिनेछन्। अनि तिमीलाई थाहाँ हुदैन कि कस्तो खालको कष्ट परमेश्वर र राजाले तिनीहरूमाथि ल्याउने छन्।

## ज्ञानले थेरै भन्छ

२३यी ज्ञानी मानिसहरूका वचनहरू हुन: न्याय गर्दा पक्षपात गर्नु अनुचित हुन्छ।

२४एकजना न्यायधीस जसले अपराधीलाई निर्दोष भनी फैसला गर्छ भने राष्ट्रहरू द्वारा ऊ श्रापित हुनेछ अरू राष्ट्रहरू द्वारा ऊ निन्दित हुनेछ।

२५तर जसले अपराधीलाई सजाय दिन्छ ऊ जनप्रिय हुनेछ र ऊ एकदमै धन्य हुनेछ।

२६निष्पक्ष वाक्य यस्तो चीज हो जसले मानिसहरूलाई आनन्दित तुल्याउँछ।। यो ओठमा लिएको चुम्बन भैं हो।

२७पहिले बाहरी काम गर। खेतको काममा आफूलाई स्थापित गर अनि त्यस पछि तिम्रो घर बनाऊ।

२८तिम्रो छिमेकीको विरूद्ध कुनै न्यायिक कारण बिना गवाहीहरू नदेऊ भूटो नबोल।

२९यसो नभन, "उसले मलाई जसो गर्‍यो म उसलाई त्यस्तै गर्नेछु! उसको कार्य अनुसार म उसको बदला लिने छु।"

३०म एकजना अल्छे मानिसको भूमि भएर हिड़दै आए। म एउटा विवेकहीन मानिसको दाखबारी भएर हिड़े।

३१त्यो भूमि काड़ाको भाड़ीले छोपेको छ, जता ततै बेकामको भार-पात उम्रेको छ। अनि ढुङ्गाको पर्खाल भत्केको छ।

३२मैले यसलाई राम्ररी हेरें, अनि यसको बारेमा विचार गरे, मैले बुझे अनि एउटा पाठ सिकें।

३३एक छिनको सुताईले अनि एक छिनको आरामले।

३४दरिद्रता अनि अभाव तिमी माथि सशस्त्र मानिस भैं भएर आउनेछ जस्लाई तिमीले हराउन असक्षम हुनछौ।

## सुलोमानका केही अरू हितोपदेशहरू

२५ सुलेमानका यी हितोपदेशहरू यहूदाका राजा हिजकियाका नोकरहरूबाट उतारेका हुन्।

२परमेश्वरको महिमा चीजहरू लुकाउनु हो अनि राजाको महिमा चीजहरूको जाँच गर्नु हो।

३जसरी स्वर्ग हामी माथि छ र जमीन हामीबाट मुनि त्यसरी नै राजाको मन पनि रहस्य मय हुन्छ हामी बुभ्नै सक्तैनौ।

४यदि चाँदीबाट अशुद्धतालाई निकालिइयो भने शिल्पी सुनारले त्यसबाट सुन्दर गहना बनाउनु सक्छन्।

५यस्तै प्रकारले, यदि दुष्ट अनि बेइमान उपदेशकहरूलाई राजाको उपस्थितिबाट हटाइन्छ भने, उसको शासन धर्मीकता द्वारा सुरक्षित हुनेछ।

६राजाको अघि घमण्ड नगर, मुख्य मानिसहरूको महत्वपूर्ण स्थान नओगट।

७एकजना राजकुमारको सामुनेमा अपमानित हुनु भन्दा राजाले तिमीलाई "यहाँ आइज" भनेको असल हों।

८न्यायाकर्त्तालाई तिमीले देखेको कुरा तत्कालै नभनी हाल। यदि तिमी त्यसो गर्दा अर्को मानिसले तिम्रो कुरोलाई असत्य प्रमाण गरिदिए तिमी अप्ठेरोमा पर्नेछौ।

९तिम्रो कसै सित दुई मत भए आपसमा नै मिलाई हाल अनि साथीको रहस्यको कुरा कसैलाई नभन।

१०यदि तिमीले अर्काको रहस्य खोलिदियौ भने तिमी आफै लाजमा पर्नेछौ र तिमी माथि लागेको बदनामी तिमीबाट कहिल्यै मेटिने छैन।

११सही चिज सही समयमा भन्नु एउटा सुनको स्याउ चाँदीको घेरामा जोड़ेको जस्तै हो।

१२एकजना झट्ट बुझ्ने मानिसको निम्ति ज्ञानी मानिसको हप्काई एउटा शुद्ध सुनको औंठी अथवा सब भन्दा राम्रो सुनबाट बनेको अन्यकुनै गहनाहरू जस्तो मूल्यवान हुन्छन।

१३एक विश्वसनीय दूत संवाद पठाउने मानिसको निम्ति बाली भित्रयाउने समयको गरमदिनको शीतल पानी जस्तै हो उसले उसको मालिकको आत्मालाई पुन: ताजगी गराउँछ।

१४कसैले उपहार चढ़ाउँछु भनी प्रतिज्ञा गर्छ तर चढाउदैन भने त्यो बादल अनि बतास जस्तै हो।

१५धैर्यपूर्ण कुराले राजालाई सम्म शान्त गराउँछ नम्र बोली अत्यन्त शक्तिशाली हुन्छ।

१६मह खानु स्वस्थको लागि असल हो तर यही धेरै खाए मानिस विमारी हुन्छ।

१७त्यसरी नै, आफ्नो छिमेकीको घरमा घरी-घरी नजानु नत्र उसले तिमीलाई घृणा गर्न थाल्छ।

१८जसले उसको छिमेकीको विरूद्ध झूटा साक्षी दिन्छ ऊ एउटा लाट्ठी तरवार अथवा एउटा तीखो काड़झैं खतरा हुन्छ।

१९झूटो बोल्ने मानिस माथि कहिल्यै भर नपर्नु, त्यो मानिस कष्टदायी दाँत तथा लङ्गड़े खुट्टा जस्तै हो। र आवश्यक्ताको समयमा धोका दिन सक्छ।

२०शोकाकुल मानिसको अघि खुशीयालीको गीत गाउनु जाड़ो लागेको समयमा कसैको शरीरको लुगा उतारि दिनु जस्तै हो। यो सोड़ामा सिर्का मिलाउनु जस्तो हो।

२१तिम्रो शत्रु पनि भोकाएको भए उसलाई भोजन देऊ र तिर्खाएको भए पानी देऊ।

२२यदि तिमीले यसो गरयौ भने त्यो मानिस लाजमा पर्नेछ। यो उसको टाउको माथि बल्दै गरेका कोइलाहरू राख्नु बराबर हो अनि परमप्रभुले तिम्रो क्षतिपूर्ति गर्नु हुनेछ।

२३उत्तरबाट वहने हावाले पानी बर्षाउछ अनि त्यसरी नै निन्दाले क्रोध जगाउँछ।

२४झगड़ालु स्वभाव भएकी पत्नीसित घरमा वास गर्नु भन्दा छाना माथि बस्नु असल हो।

२५टाढ़ा ठाउँ बाट आएको शुभ समाचारहरू त्यत्तिकै शीतल हुन्छ जति गर्मीको दिनमा प्यास र थकित भएर पिएको पानी शीतल हुन्छ।

२६यदि असल मानिस दुर्बल हुन्छ र दुष्ट मानिसलाई पछ्याउँछ भने यो शुद्ध पानीमा फोहर मिसिनु जस्तै हो।

२७मह पनि धेरै खाए तितो हुन्छ, त्यसरी नै धेरै मान नखोज।

२८आफैले आफैलाई नियन्त्रणमा राख्न नसक्ने मानिस भत्केको पर्खाल भएको शहर बराबर हो।

### ज्ञानले मुर्खहरूको विषयमा भन्छ

**२६** ग्रीष्म ऋतुमा हिउँ बर्षनु राम्रो होइन, बाली काट्ने समयमा पानी बर्षनु ठीक होइन अनि त्यसरी नै मूर्खलाई सम्मान गर्नु अनुचित हो।

२तिमीले कसैको हानी नगरी उसले तिमीलाई सराप्छ भने उसको त्यो श्राप तिमी माथिबाट कुनै चंचल चरा उडेर गए जस्तै हो।

३जसरी घोड़ा चाबुकले काबुमा आउँछ, खच्चर लगामले आउँछ, त्यसरीनै एकजना मूर्ख डण्डले काबूमा आउँछ।

४मूर्खलाई त्यसको मूर्खता अनुसारको उत्तर नदेऊ, नत्रभने तिमी पनि मूर्ख हुनेछौ।

५एउटा मूर्खलाई उसको मूर्खतापूर्ण उत्तर देऊ तर पनि उसले आँफैलाई ज्ञानी सम्झिन्छ।

६मूर्खलाई दूत बनाई पठाउनु, आफ्नो घुँड़ामा बन्चरोले हान्नु अथवा जानी-जानी विपद ल्याउनु जस्तै हुन्छ।

७मूर्खको मुखमा एउटा हितोपदेश हुनु लडगडो मानिसका झण्डिएका लुला गोड़ा जस्तै हो।

८मूर्खलाई सम्मान गर्नु त्यति नै खराब हो जति एउटा घुयेँत्रोमा ढुङ्गा बाध्नु हो।

९मूर्खले केही हितोपदेश कुरा गर्न चाहानु, मातेर चुर भएको मानिसले हातमा बिजेको काँडा निकाल्नु खोज्नु जस्तै हो।

१०कुनै मूर्खलाई अथवा नचिनेको मानिसलाई काम अह्राउनु विपद मोल्नु हो। तिमीलाई थाहा हुँदैन कता नोक्सान हुन्छ।

११कुकुरले केही खाएर बिमार भयो भने त्यसले उल्टी गर्छ औ केही समय पछि त्यही उल्टी खान्छ। मूर्ख मानिस पनि त्यस्तै हो औ त्यसले पनि एउटै काम घरी-घरी गरिरहन्छ।

१२यदि कोही मानिस ज्ञानी होइन तर आफैलाई ज्ञानी मान्छ भने त्यो जत्तिको मूर्ख अर्को हुँदैन।

### ज्ञानले अल्छेको विषयमा भन्छ

१३अल्छेले भन्छ, "सड़कमा सिंह बसेकोछ, यसकारण म घरबाट निस्कन सक्तिन।"

१४अल्छे मानिस कही जाँदैन, ढोका आफ्नो कब्जामा अल्भेर यता उति भइरहेको भैँ, अल्छे आफ्नो ओछ्यानमा यता उति पल्टि रहन्छ।

१५अल्छे मानिसलाई यति अल्छी लाग्छ कि उसलाई आफ्नो थालबाट गाँस उठाउनु पनि गाह्रो पर्छ।

१६एउटा अल्छेले आफैलाई बुद्धिमान सम्भन्छ। उसले आफैलाई विवेकपूर्ण जवाफ दिने ती सात जाना बुद्धिमान मानिसहरू भन्दा पनि ज्ञानी सम्भन्छ।

१७दुईजना मानिसहरूको विवादमा पक्ष लिनु त्यति नै विपद जनक हो जति गल्लीमा कुकुरको कान तानेर हिड्नु।

१८-१९छिमेकीलाई धोका दिनु अनि त्यस पछि त्यो मैले दिल्लगी गरेको" भनेर भन्ने मानिस एकजना पागल मानिस जसले प्राणनाशक काँडहरू हान्छ।

२०जसरी दाउराविना आगो बल्दैन त्यसरी नै बदनाम गराउनेलाई हटाइन्छ भने भगड़ा आफै अन्त हुनेछ।

२१जस्तो कोइलाले अंगारलाई अनि दाउराले ज्वालालाई चम्काउँछ त्यस्तै भगड़ालु मानिसले भगड़ा चम्काउँछ।

२२बदनाम गराउने शब्दहरू त्यतिकै स्वादिष्ट हुन्छन् जतिको मानिसहरूको पेटमा जाने भोजन हुन्छ।

२३माटोको भाड़ोमा चाँदीको जलप लगाएभैँ दुष्ट जाली मानिसको ओठमा चिप्लो कुरा हुन्छ।

२४द्वेषपूर्ण मानिसले उसका मिठा कुराहरूले आफ्नो द्वेषलाई ढाक्छ तर उसले द्वेषलाई आफ्नो हृदयमा पालेको हुन्छ।

२५उसको मिठो कुरामा विश्वास नगर, किनभने उस भित्र सातओटा घिनलाग्दो विचारहरू जागिरहेको हुन्छन्।

२६उसले उसको द्वेष छलहरूद्वारा लुकाउन सकेतापर्नी उसको दुष्टता सबैको सामुन्ने प्रकट हुन्छ।

२७अर्कालाई जाक्नु खाड़ल खन्ने मानिस आफै त्यही खाड़लमा पर्छ। अरूलाई ढुङ्गा पल्टाउने मानिस आफै ढुङ्गाले चेपिएर मर्छ।

२८जुन मानिसले भूटो बोल्छ, त्यसले आफूले हानि पुऱ्याएको मनिसहरूलाई नै घिनाउँछ, अनि एउटा मानिस जसले चाप्लसी गर्छ उसले आफैलाई हानी गर्छ।

२७ तिमीलाई ज्ञान छैन भोलि के हुने हो, यसर्थ भविष्यमा हुने कुरा लिएर शेखी नगर।

२आफ्नो प्रशंसा अरूले गरोस, आफैले होइन।

३ढुङ्गा गहौँ हुन्छ, बलुवा ओसार्नु अप्ठेरो पर्छ। तर त्यो भन्दा अभ गहौँ हुन्छ क्रोधित मूर्खले गराएको कष्ट सहनु।

४रिस निर्दयी हुन्छ अनि क्रोध एउटा बाढ़ी भैँ हुन्छ, तर डाहको सामुने को खड़ा हुन सक्छ?

५लुकेको माया भन्दा खुल्ला आलोचना राम्रो।

६साथीले तिमीलाई कुनै बेला कड़ा शब्द भन्ला उसको उदेश्य नराम्रो होइन। तर शुत्रको चुम्बनहरू भूटा हुन्छन्। उसले तिमीलाई दया नै देखावोस, तर उसको हृदयमा तिमी प्रति शत्रुताले नै बास गरेको हुन्छ।

७अघाएको बेला मह पनि मीठो हुँदैन, तर भोकाएको मानिसको लागि सबै तीतो चीज पनि मीठो हुन्छ।

८आफ्नो घर छाड़े पछि गुँड़बाट निस्केको चरा जस्तै भौतारिन्छि।

९अत्तर तथा सुगन्धित वस्तुहरूले मनमा आनन्द ल्याउँछ। अनि एकजना मानिसको साथीको आनन्ददायता हृदय देखि दिएको सल्लाहबाट आउँछ।

१०आफ्नो साथी अनि बाबुको साथीलाई कहिल्यै नभूल्नु। आपद आइलागेको समयमा भाइ भनी टाडो सहायता माग्न नजानु कारण टाड़ाको भाइ भन्दा छिमेकी नै उपयोगी हुन्छ।

११हे मेरो छोरो! तिमी बुद्धिमान् भएर मेरो मन खुशी पारिदेऊ ताकि, जसले मलाई घिनाउँछ त्यसलाई म जवाफ दिन सकुँ।

१२बुद्धिमानी मानिस आपात आईलाग्ने चाल पाए, सुरक्षाको निम्ति शरण लिन्छ तर अज्ञानीमानिस शिरहरू सीधा पारेर यसै आपततिर जान्छ  अनि दु:ख पाउँछ।

१३एउटा अपरिचित मानिसलाई उधारो दिन्छौं भने उसको कोट बन्धक लेऊ। निश्चित होऊ की उसले तिमीलाई ती विदेशीहरूको बन्धकको रूपमा केहि दिन्छ।

१४प्रभात स्वागतको लागि जसले छिमेकीको निन्द्रा बिच्काउन जान्छ उसले श्राप पाउँछ।

१५एउटा कचकचे, भगड़ालु, पत्नी वर्षाको दिनमा पानी चुहुने छाना जस्ती हो।

१६उसलाई रोक्न कोशीष गर्नु हावा चल्नुबाट रोक्न प्रयास गर्नु जस्तै अथवा हातहरूले तेल समात्न प्रयास गर्नु जस्तै व्यर्थ हो।

१७जसरी फलामको सानो टुक्राले फलाम कै छुरी तथा हतियारहरू उधाइन्छ त्यसरी नै मानिसहरूले पनि एक-आर्काबाट ज्ञान सिक्छन्।

१८जसले अञ्जीरको रूख रेखदेख गर्छ उसले त्यसको फल खानु पाउँछ, त्यसरी नै जसले मालिकको खुब सेवा गर्छ उसले पुरस्कार पाउँछ।

१९जब मानिसले पानीमा हेर्छ उसले त्यहाँ आफ्नो अनुहारको प्रतिबिम्बि देख्छ, त्यसरी नै एकजना मानिसको हृदय कस्तो छ उसको व्यवहारबाट चाल पाइन्छ।

२०जसरी चिहान कहिल्ये भरिदैन, मानिसको आँखा पनि कहिल्ये तृप्त हुँदैन।

२१सुन र चाँदी आगोद्वारा जाचिन्छ, त्यसरी नै एकजना मानिसलाई उसको यशबाट जाँचिन्छ।
२२मूर्खलाई जाँतोमा पिँधेर धूलो पिठो बनाई सक्दा पनि उसको मूर्खताले उसलाई छोड्दैन।
२३तिमी निश्चित हौ की तिम्रो भेड़ाहरूको अवस्था तिमी जान्दछौ अनि तिम्रो बथानहरूलाई राम्रो ध्यान देऊ।
२४सम्पत्ति कसै सित पनि स्थायी भई बस्दैन। राजमुकुट पनि एउटा वंशको टाउकोमा बसिरहँदैन।
२५-२७जब घाँस काटिन्छ र नयाँ पालाउँछ र पहाड़को डाँड़ाकाड़ाँमा पराला जम्मा गरिन्छ, तब थुमाहरूबाट तिम्रो लुगाफटा प्राप्त हुनेछ, भेड़ोहरूबाट खेत किन्न सक्ने छौ बाख्राको दूध तिम्रो घर परिवारको लागि र तिम्रो नोकर्नीहरूको भरण पोषणको लागि प्रयाप्त हुनेछ।

२८ दुष्टको मनमा सधैँ डर हुन्छ र कसैले नलखेटे पनि ऊ भागिहिड़्छ। तर धर्मी मानिस सिंह भैँ आँटिलो हुन्छ।
२जब देशमा राजद्रोह हुन्छ अनगन्ती शासकहरू बलपूर्वक उठ्छन। तर जब शासक ज्ञानी अनि समभदार हुन्छ उसले सबै कुरालाई व्यवस्थित बनाएर राख्छ।
३एकजना गरीब मानिस जसले अर्को गरीबमाथि अत्याचार गर्छ। ऊ एउटा मुसलधारे वर्षा जस्तै हो उसले अन्न बालि को विनाश गर्छ।
४जसले व्यवस्थाको विधान त्यगि दिन्छ उसले दुष्टको प्रशंसा गर्छ तर जसले व्यवस्थाको पालन गर्छु। उसले तिनीहरूको विरोध गर्छ।
५दुष्ट मानिसले न्याय के हो बुभ्दैन, तर जुन मानिसले परमप्रभुलाई खोज्छ उसले बुभ्केको हुन्छ।
६ईमान्दार भई गरीब हुनु राम्रो हो, धनी भई दुष्ट हुनु राम्रो होइन।
७जसले व्यवस्थाको पालन गर्छ ऊ विवेकी छोरा हो, तर जसले बेकारका घिचुवाहरूलाई साथी बनाउँछ, त्यसले केवल आफ्नो बाबुलाई लज्जित बनाउँछ।
८जसले अधिक ब्याज असुल गरी सम्पत्ति कमाउँछ, उसले आफ्नो निम्ति होइन, तर कुनै दयालु मानिसको निम्ति धन जम्मा गर्छ जसले गरीबमाथि दया गर्छ।
९यदि कसैले परमप्रभुको अनुशासन ग्रहण गर्न अस्वीकार गर्छ परमेश्वरले पनि उसको प्रार्थना सुन्न अस्वीकार गर्नु हुन्छ।
१०धर्मी मानिसहरूलाई पथभ्रष्ट बनाउन खोज्ने मानिस आफ्नै पासोमा पर्छ तर निर्दोष मानिसहरूले असल कुराहरू आर्जन गर्छन्।
११धनी मानिस आफ्नो नजरमा बुद्धिमान् हुन सक्छ, तर ज्ञानी गरीब मानिसले उसलाई चिनिहाल्छ।
१२जब सज्जन मानिसहरूले जितछन्, विजय हुन्छ र सबै खुशी हुन्छन, तर जब दुष्ट मानिसहरूको हातहरूमा शक्ति जान्छ मानिसहरू आफै लुक्छन्।
१३जसले आफ्नो पापहरू लुकाउँछ उसको कहिल्यै उन्नति हुदैन, तर जसले आफ्नो पापहरू स्वीकार गर्छ र यसलाई त्यागी दिन्छ उसले कृपा प्राप्त गर्छ।
१४त्यो मानिस धन्य हो जो परमप्रभु सित डराउँछ, तर जसले आफ्नो हृदय कठोर पार्छ त्यो संकष्टमा पर्छ।
१५एउटा दुष्ट शासक जसले गरीब राज्य माथि शासन् गर्छ ऊ एकजना गर्जने सिंह जस्तो हो अथवा आक्रमक भालू जस्तो हो।
१६जब एउटा शासकको विवेक हुदैन त्यहाँ धेरै अत्याचार हुन्छ, तर जसले भ्रष्टचारको उपायबाट कमाएको धनलाई घृणा गर्छ उसले लामो शासन गर्नेछ।
१७मानिसलाई हत्या गर्ने मानिसले शान्ति पाउँदैन। त्यसलाई सहायता नगर।
१८यदि कुनै मानिस सही जीवन जीई रहेको छ भने सुरक्षित रहन्छ, तर जो इमान्दारी पूर्वक जीवन जिउदैन उसको अचानक पतन हुन्छ।
१९एकजना मानिस जसले आफ्नो जमीनमा काम गर्छ उसँग खाने कुरा प्रशस्त हुन्छ, तर जसले आफ्नो समय संसारको कल्पनामा बिताउँछ, ऊ सधैं गरीब नै रहन्छ।
२०एकजना विश्वासनीय मानिसले धेरै आशिष पाउँछ, तर चाड़ै धनी हुन खोज्ने मानिस दण्डित हुनेछ।
२१न्यायधीश पक्षपाती हुनु हुदैन तर मानिसहरूले एउटा सानो रोटीको टुक्राको निम्ति पनि कुकर्म गर्छन।
२२एकजना लोभि मानिस चाड़ै नै धनी हुन खोज्छ, उसले यो बुभ्न सक्दैन कि उसको लोभले उसलाई गरीबीको भन भनै नजिक तानिरहेको हुन्छ।
२३चिप्लो घस्ने मानिस भन्दा सुधार गर्नेको लागि हप्काउने मानिस अन्तमा लोकप्रिय हुन्छ।
२४एकजना मानिस जसले उसको आफ्नै आमा-बाबुको धन चोर्छ अनि “मैले कुनै गलत गरिन” भन्छ भने मानिस विनाशकारी जातिकै खराब हो।
२५एकजना लोभि मानिसले भगड़ा उठाउँछ, तर जुन मानिसको परमप्रभुमाथि भरोसा छ उसले त उन्नति गर्छ।
२६जो आफ्नै विचारमा भरोसा राख्छ एकजना मूर्ख हो। तर जो ज्ञानको बाटोमा हिड़्छ ऊ सुरक्षित रहन्छ।
२७जसले गरीबहरूलाई दान गरी बस्छ उसलाई अभावले कहिल्यै स्पर्श गर्दैन। तर जो गरीबलाई यादै गर्दैन उसले श्राप पाउँछ।

२८जब कुनै दुष्टले शक्ति हासिल गर्छ, तब मानिसहरू लुक्छन तर जब दुष्टको विनाश हुन थाल्छ धर्मीहरू सत्तामा आउने छन्।

२९ यदि एकजना मानिस जसलाई प्राय: हप्काइन्छ तर ऊ अट्टेरी गर्छ भने उसको एक्कासी विनाश हुनेछ उसको लागि आशा हुँदैन।

२जब धर्मी मानिसहरू सत्तामा आउँछन् राज्य खुशी बन्छन् तर जब दुष्ट मानिस शासक बन्छ तब सबै मानिसहरू दु:खीत हुन्छन्।

३यदि कुनै मानिसले ज्ञानलाई प्रेम गर्छ भने, उसको बाबु खुशी हुन्छन, तर वेश्याहरूको साथीले आफ्नो सम्पत्ति बरबाद गर्छ।

४एकजना राजाले आफ्नो राज्यलाई न्याय द्वारा बलियो राख्छ, तर घूस लिने मानिसले यसलाई सर्वनाश पार्छ।

५जसले आफ्नो मित्र सित तेल घस्छ भने उसले आफ्नै खुट्टामा जाल फिजाउँछ।

६पापीजनहरू स्वयं आफ्नो जालमा फस्छन् तर धर्मी जनहरू गीत गाउँछन् अनि खुशी रहन्छन्।

७धर्मी मानिसहरूले बुझ्छन् कि गरीबले न्याय पाउँनुपर्छ। तर दुष्ट मानिसले गरीबको विषयमा चिन्ता नै गर्दैन।

८जसले आफैलाई अरू भन्दा असल हुँ भन्ने सोच्छ त्यसले सारा शहर नै अस्त-व्यस्त पारिदिन्छ। तर बुद्धिमान मानिसहरूले जलि रहेको क्रोधालाई शान्त बनाउछन्।

९बुद्धिमान मानिस जब मूर्खसित झगडा गर्छ तब मूर्खले तर्क गर्छ र मूर्खतापूर्वक बोल्छ त्यो बहसको कहिल्यै समाधान हुने छैन्।

१०हत्यागर्ने मानिसले ईमानदारी मानिसलाई घृणा गर्छ, र उसलाई मार्न चहान्छ।

११मूर्ख मानिसले आफ्नो रिस थाम्दैन। तर बुद्धिमानी मानिसले आफ्नो रिसलाई नियन्त्रणमा राख्छ।

१२यदि एकजना शासकले झूटो कुरामा ध्यान दियो भने उसका सबै सेवकहरू भ्रष्ट हुन्छन्।

१३गरीब मानिस र अत्याचारीले महसूस गर्नै पर्छ कि ती दुबै बराबर हुन कारण दबैलाई परमप्रभुले नै सृष्टि गर्नुभएको हो।

१४यदि कुनै राजाले गरीबहरूलाई न्यायपूर्वक हेरचाह गर्छन भने, उनको शासन दीर्घकाल सुरक्षित रहनेछ।

१५दण्ड अनि शिक्षाहरूले ज्ञानतिर डोऱ्याउँछ, तर एकजना छाड़ा छोड़िएको छोरा आमाको लाज बन्छ।

१६खराब मानिसले राष्ट्रलाई शासन गर्छन भने पाप र अपराध बढ़दो हुनेछ तर आखिरमा धर्मीले दुष्टहरूको पतन देख्नेछन् र त्यस पछि तिनीहरूले विजय प्राप्त गर्नेछन्।

१७तिम्रो छोरालाई शिक्षा देऊ अनि उसले तिमीमा शान्ति ल्याउँछ; उसले तिम्रो आत्मामा खुशी ल्याउनेछ।

१८जब दर्शन-प्रकाश हुँदैन मानिसहरू मनमानि गर्छन जो न्यायोचित भइहन्छ उसले आशिष पाउँछ।

१९कुराले मात्र नोकरलाई सुधार्न सकिदैन, कुरा बुझिहाले पनि उसले त्यसलाई स्वीकार्दैन।

२०नसोची बोल्ने कुनै मानिसलाई तिमी चिन्दछौ? त्यस्तो मानिस भन्दा मूर्खको धेरै आशा गर्न सकिन्छ।

२१यदि तिमीले आफ्नो दासले जे माग्छ सो सधैं दिने गऱ्यो भने एकदिन यस्तो हुन्छ त्यो तिम्रो दास भएर रहँदैन।

२२क्रोधी मानिसले धेरै विवाद उठाउछ अनि क्रोध धेरै हुने मानिस धेरै पापहरूको अपराधी हुन्छ।

२३मानिसलाई अहंकारले होच्याउँछ, तर नम्र आत्मा भएको मानिसले सम्मान पाउँछ।

२४चोरको साथी ऊ आफ्नै शत्रु हो, जब उसले शपथ खानु पर्छ तब ऊ साक्षी बस्न धेरै डराउँछ।

२५अरू मानिसहरूसँगको डर एउटा पासो झैं हो, यदि तिमीले परमप्रभुमाथि भरोसा गर्छौ भने, तिमी सुरक्षित रहनेछौ।

२६धेरै मानिसहरूले न्याय पाउनको लागि शासकलाई हेर्न खोज्छन्, तर मानिसको इन्साफ परमप्रभुबाट मात्र आउँछ।

२७धर्मी मानिसहरूले बेईमानहरूलाई घृणा गर्छन, फेरि बेईमान मानिसहरूले ईमानदार मानिसलाई घृणा गर्छन।

## याकेको छोरा आगुरका हितोपदेशहरू

३० यी हितोपदेशहरू आगूरले भनेका हुन्। आगूर याकेका छोरा थिए। यी हितोपदेशहरू इथीएल अनि यूकाललाई भनिएका हुन:

२अरू कुनै मानिस भन्दा म धेरै अनभिज्ञ छु, जसरी बुझ्नु पर्छ त्यसरी बुझ्न म असक्षम छु।

३मैले ज्ञान के चीज हो जानिन, न त मैले परमेश्वरको विषयमा नै जान्न पाँए।।

४स्वर्ग गएको छु र फेरि फर्केर आएको छु? कसले आफ्नो खोक्रो हातमा हावा जम्मा गरेको छ? कसले पानीलाई आफ्नो खाष्टोमा पोको पारेको छ? कसले पृथ्वीको सीमानाहरू स्थानपना गरेको छ? उनको नाम के हो उनको छोराको नाम के हो?

५परमेश्वरको प्रत्येक वचन दोष रहित हुन्छ औ जो परमेश्वरको शरणमा जान्छ उसको निम्ति उहाँ सुरक्षित स्थान हुनुहुन्छ।

६यसकारण परमेश्वरको वचनमा परिवर्तन नगर नत्र उहाँले दण्ड दिनु हुन्छ साथै तिमी झूट प्रमाणित हुनेछौ।

७हे परमप्रभु! मेरो मृत्यु अघि हजुरबाट केवल दुईओटा चीज माग्नेछु औ ती हुन,

८मलाई झूटो नबोल्न सहायता गर्नुहोस अनि साह्रै धनि अथवा साह्रै गरीब नपार्नु होस केवल मलाई ती चीजहरू दिनु होस जो प्रत्येक दिन खाँचो पर्छ।

९यदि मसँग चाहिने भन्दा वेशी भए, मैले तपाईसंगको सम्बध छोड्ने छु अनि भन्ने छु यो परमप्रभु को हो?" यदि म गरीब भए भने चोर बनेर परमेश्वरको नाममा दुर्नाम ल्याउने छ।

१०मालिक अघि उसको नोकरको विरोधमा नबोल। यदि तिमीले त्यसो गर्‍यौ भने, उसले तिमीलाई सराप्ने छ अनि तिमीलाई दोषी बनाउनेछ।

११कति मानिसहरूले आफ्नो बाबुको विरोधमा कुरा गर्छन अनि आफ्नी आमा प्रति कुनै आदर गर्दैनन।

१२केहि मानिसहरू आफैलाई शुद्ध सम्झिन्छन। तर वास्तवमा तिनीहरू आफ्नो फोहोरबाट सफा भएका हुदैनन्।

१३केहि मानिसहरू घमण्डी हुन्छन् अनि तिनीहरूले आफूलाई अरू मानिसहरू भन्दा उत्तम सोच्छन्।

१४मानिसहरू यस्ता पनि हुन्छन् जसका दाँत तरवार र बङ्गरा छुरी जस्ता हुन्छन्। तिनीहरू यी चीजले गरीब मानिसहरूबाट तिनीहरूको प्रत्येक चीज लिन्छन्।

१५जूकाका दुई जना छोरीहरू छन् अनि तिनीहरू "अझै देऊ, अझै देऊ" मात्र भन्छन्। तीनओटा यस्ता वस्तुहरू छन् जो कहिल्यै तृप्त हुदैनन् चौथोले कदापि प्रयाप्त भयो भन्दैन।

१६चिहान, बाँझी गर्भ र भूमि, पानीले कहिल्यै तृप्त हुदैनन् अनि आगोले "पुग्यो अब कहिल्यै भन्दैन।"

१७जुन आँखाले आफ्नै बाबुलाई खिसी गर्छ, आफ्नी आमाको आज्ञालाई घृणा गर्छ, बेंसीको कागले त्यसलाई ठुंगंछ अनि गिद्धले मासु खान्छ।

१८तीनओटा कुराहरू मलाई अचम्म लाग्छ अनि चौथो कुरा त बुझ्दिन।

१९आकाशमा उड्ने गरूडको चाल, चट्टानमा घस्रने साँपको चाल, समुद्रमा चल्ने जहाजको चाल र एक तरूणी कन्याको प्रेम पासोमा बाँधिएको पुरूषको चाल।

२०यसप्रकार कि एउटी आइमाईले व्यभिचार गर्छे: उसले खान्छे, मुख पुछ्छे र भन्छे, "मैले केही पनि खराब काम गरेकी छैन।"

२१यी तीन कुराहरू यस्ता छन् जसले पृथ्वीलाई कमाउँछन् अनि चौथो यस्तो चिज हो जो पृथ्वीले यसलाई खप्न सक्दैन।

२२एकजना कमारा जो राजा हुन्छ अनि एकजना मूर्ख जो खाएर टन्न अघाउँछ।

२३माया नपाएकि आइमाई जसले विवाहित गर्छे अनि एउटी केटी जसले आफ्नो मालिक्नीको ठाउँ लिन्छे।

२४पृथ्वीका प्राणीहरू बीचमा यी चारओटा प्राणीहरू सबै भन्दा साना छन्, तर तिनीहरू ज्ञानी मानिसहरू भन्दा बुद्धिमान् छन।

२५कमिलाहरूको एक्दमै बलियो समुदाय हुँदैन तर तिनीहरूले ग्रीष्म ऋतुमा हिउँदको भोजन सञ्चय गर्छन्।

२६पहराको न्याउरी मुसाको समुदाय शक्तिशाली हुँदैन् तापनि चट्टानमा तिनीहरू आफ्नो घर बनाउँछन्।

२७सलहको कोही नेता हुँदैन तापनि तिनीहरू लहटै हूल बाँधेर अघि बढ्छन्।

२८अनि छेपारो जसलाई हातले सजिलै समात्न सकिन्छ त्यो राजमहलहरूमा पनि बस्छ।

२९तीनओटा प्राणीहरू आकर्षक ढंगले हिड्छन् अनि वास्तवमा चारवोटा प्राणी मर्यादित भएर हिड्छन्:

३०सबै पशुहरू भन्दा बलियो अनि कहिल्यै कसैसित नडराउने सिंह।

३१लचकमा हिँड्ने कुखुराको भाले, र बोक अनि आफ्नो मानिसहरूलाई नेतृत दिने राजा।

३२यदि तिमी आफैलाई प्रशंसा गर्ने मूर्ख भयो भने, यदि तिमीले दुष्ट योजनाहरू बनाएका छौ, भने तिमी आफ्नो मुख आफ्नै हातले बन्द गर।

३३जसरी दूध मथ्यो भने घिउ पाइन्छ, नाक वेस्सरी घस्दा रगत निस्कन्छ र त्यसरी नै रीस उठाउदा झगड़ा मच्चिन्छ।

## राजा लमूएलका हितोउपदेशहरू

**३१** यी हितोउपदेशहरू राजा लमूएलले सग्रह गरेका हुन, जुन तिनकी आमाले सिकाएकी हुन्:

२तिमी मेरा छोरा हौ जसलाई म माया गर्छु। तिमी मैले भाकल गर्दा जन्मेका छोरा हौ।

३स्त्रीहरूमाथि आफ्नो शक्ति खेरो नफाल। स्त्रीहरूले राजालाई नष्ट पार्छन यसर्थ तिनीहरू माथि आफैलाई नहोम।

४लमूएल, राजाको लागि दाखरस पिउनु असल होइन। शासकहरूले मदिरा पिउन हुँदैन।

५तिनीहरूले ज्यादै पिएर यस्तो हुनु सक्छन कि कानुनमा के भनिएकोछ भूल्न सक्छन। यसरी तिनीहरूले गरीबहरूको सबै अधिकार खोस्न सक्छन।

६गरीब मानिसहरूलाई दाखमद्य देऊ अनि कष्टमा परेका मानिसहरूलाई मदिरा देऊ।

७मदिरा पिएर गरीबहरूले आफ्नो गरीबी अनि कष्टलाई भुल्न देऊ।

८तिनीहरूको निम्ति बोली देऊ जसले आफ्नो लागि बोल्न सक्दैनन् अनि ती अभावग्रस्त गरीबहरूको अधिकारको लागि बोली देऊ।

९न्यायमा नहिचकिचाई बोली देऊ, गरीब र अभावग्रस्त मानिसहरूको अधिकारको रक्षा गर।

### आदर्श पत्नि

१०असल पत्नी पाउँन अतिनै गाह्रो हुन्छ किनभने एउटी आदर्श पत्नी, बहूमुल्य रत्नहरू भन्दा पनि मूल्यवान हुन्छे।

११तिनको पतिले तिनी माथि पूरा भरोसा राख्छन अनि कहिल्यै गरीब हुनु पर्दैन।

१२आदर्श पत्निले आफ्नो पति सित असल व्यवहार गर्छिन अनि जीवन भरी आफ्नो पतिको निम्ति विपत्ति ल्याउँदिनन।

१३तिनी सधैँ ऊनी तथा सूतीको लुगा बनाउनमा व्यस्त रहन्छिन्।

१४तिनी टाड़ा देशबाट आउने समुद्री जहाजले जस्तै, कहीबाट पनि भोजन लिएर घर आँउछिन्।

१५तिनी बिहानै उठी भोजन पकाउछिन्, अनि आफ्नो परिवार र नोकर्नीहरूलाई बाड़छिन्।

१६तिनी जमीन निरीक्षण गर्छिन अनि उचित मूल्यमा किन्छिन् आफूले कमाएको पैसाबाट दाख रोप्छिन।

१७तिनी अत्यन्तै परिश्रमी छिन् अनि सबै प्रकारको काम गर्नलाई सक्षम हुन्छिन्

१८आफैले बनाएका र उब्जाएका चीजहरूको व्यपार गर्छिन, र नफा कमाउछिन् अनि तिनी रातीसम्मा कड़ा परिश्रम गर्छिन।

१९तिनीले आफै धागो कात्छिन अनि आफ्नो घरको लागि लुगा बनाउँछिन्।

२०गरीबलाई सधैँ दान दिन्छिन् अनि दीन-हीन मानिसहरूको खाँचो पूरा गर्छिन।

२१हिऊँ पर्दा पनि आफ्नो परिवारको निम्ति चिन्ता गर्दिनन। तिनले परिवारका सबैलाई तातो अनि असल लुगाहरू दिएकी छिन्।

२२तिनले च्यादर बुनछिन् र ओछ्यानमा फिजाँउछिन अनि आफूले सुन्दर नरम सुतीको लुगाहरू पहिरिन्छिन्।

२३उनका पतिलाई सबैले आदर गर्छन किनभने तिनी त्यस ठाउँका नेताहरूमा एक हुन्।

२४तिनी कुशल व्यापारिनी हुन, तिनी लुगा तथा पटुकाहरू बनाउछिन र व्यापारीहरूलाई बेच्छिन्।

२५तिनी बलीयी अनि मर्यादित छिन, तिनले भविष्यलाई हेरेर ढुक्क भएर हाँस्न सक्छिन्।

२६तिनको बोलीमा ज्ञान छ र तिनले मानिसहरूलाई मायालु तथा दयालु बन्नु सिकाउँछिन।

२७तिनले आफ्नो परिवारको कामको हेरविचार गर्छिन्। तिनले कहिले अल्छी गर्दिनन्।

२८तिनलाई आफ्नै बाल बच्चाले प्रशंसा गर्छन, तिनको पतिले तिनी माथि गर्व गर्छन् र भन्छन्,

२९"संसारमा धेरै असल स्त्रीहरू छन् तर ती मध्ये तिमी नै सर्वश्रेष्ट हौ।"

३०आकर्षण र सौन्दर्य क्षणिक वस्तुहरू मात्र हुन, तर जो स्त्रीले परमप्रभुको डर मान्छे उसको प्रशसा गर्नु पर्छ।

३१तिनको योग्यताले पाउने इनाम तिनले पाउनु पर्छ अनि तिनले गरेको प्रशंसनीय कार्यहरूका निम्ति तिनी समाजमा प्रशंसित हुनै पर्छ।

# भजनसंग्रह

## पहिलो भाग

### भजन १

१ यदि उसले दुष्ट मानिसको सल्लाह मान्दैन, पापीहरूको जस्तो जीवन बिताउँदैन अनि जसले परमेश्वरलाई श्रद्धा नगर्ने मानिसहरूलाई मन पराउँदैन त्यो मानिस साच्चै नै सुखी हुनेछ।
२ धार्मिक मानिसले परमप्रभुको शिक्षा मन पराउँदछ। ऊ परमप्रभुको शिक्षाहरूको विषयमा रात-दिन सोचिरहन्छ।
३ यसकारण त्यो मानिस खोलाको पानीले सिँचेको रूख जस्तै बलियो हुन्छ ऊ ठीक समय फल दिने रूख सरह हो। ऊ पातहरू भएको रूख जस्तै हो जो मर्दैन उसले गरेको प्रत्येक काम सफल हुन्छ।
४ तर दुष्ट मानिसहरू त्यस्ता हुँदैनन्। दुष्ट मानिसहरूलाई भूसलाई जस्तै हावाले उड़ाई लान्छ।
५ यदि सबै धर्मी मानिसहरू अदालतको मुद्दा निर्णय गर्न भेला हुन्छन् तब दुष्ट मानिसहरू दोषी प्रमाणित हुनेछन। ती पापीहरूलाई निर्दोष भनेर न्याय गरिने छैन।
६ किन? किनभने परमप्रभुले धर्मी मानिसहरूको रक्षा गर्नुहुन्छ, तर दुष्ट मानिसहरूलाई नष्ट गर्नुहुन्छ।

### भजन २

१ किन अन्य राष्ट्रका मानिसहरू साह्रै रिसाएका छन्? किन तिनीहरू मूर्खतापूर्ण योजनाहरू बनाउँदै छन्?
२ तिनीहरूका राजाहरू र अगुवाहरू परमप्रभुको विरुद्ध र उहाँले रोजेका राजाको विरुद्धमा युद्ध गर्न एकजुट भए।
३ ती अगुवाहरूले भने, "परमेश्वर र आफूले रोजेका राजाको विरुद्ध विद्रोह गरौं तिनीहरूबाट अलग हौं।"
४ तर मेरा स्वामी, स्वर्गका राजा ती मानिसहरू प्रति हाँस्नुहुन्छ।
५-६ तब परमेश्वर रिसाउनु हुन्छ अनि ती मानिसहरूलाई भन्नुहुन्छ, "यो मानिस राजा होस भनी मैले रोजेँ। अनि उसले सियोन पर्वतमा राज गर्नेछ। सियोन मेरो एक विशेष पर्वत हो।" अनि यसो गर्दा, ती अन्य अगुवाहरू डराउँछन।
७ अब म तिमीलाई परमप्रभुको करारको विषयमा भन्नेछु। परमप्रभुले मलाई भन्नुभयो, "आज म तिमीको पिता भएँ र तिमी मेरा पुत्र हौ।
८ यदि तिमीले माग्छौ भने म तिमीहरूलाई अन्य जातिहरू दिनेछु! अनि पृथ्वीमा भएका सबै जातिहरू तिमीहरूका मानिसहरू हुनेछन्!
९ तिमीहरूले ती देशहरूलाई फलामको डण्डाले माटोको भाँडाहरू टुक्रा पारे झैं नष्ट गर्न सक्ने छौ।"
१० यसैकारण राजाहरू, बुद्धिमान होऊ। तिम्रा सम्पूर्ण शासकहरूले यो पाठ सिक्छन्।
११ यसकारण एकदम डराएर परमप्रभुको आज्ञा पालन गर।
१२ तिमीहरूले परमप्रभुको पुत्रको भक्त हुँ भन्ने देखाऊ। यदि तिमीहरूले त्यसो गरेनौ भने उहाँ क्रोधित हुनुहुनेछ र तिमीहरू सबैलाई ध्वंस पार्नु हुनेछ। जसले परमप्रभुमाथि विश्वास गर्दछन् उनीहरू सुखी हुन्छन्। तर अन्य मानिसहरू होशियार हुनु पर्नेछ। परमप्रभु आफ्नो क्रोध देखाउन तयार हुनुहुन्छ।

### भजन ३

*यो आफ्ना छोरो अब्शालोमदेखि भागेर जाँदा दाऊदको भजन हो।*

१ "हे परमप्रभु, मेरा शत्रुहरू धेरै छन्। धेरै मानिसहरू मेरो विरुद्ध उभिएका छन्।
२ धेरै मानिसहरूले मेरो विषयमा कुरा गर्छन्। तिनीहरू भन्छन्, "परमेश्वरले उसलाई बचाउनु हुन्न।"
३ तर, हे परमप्रभु, तपाईं मेरो ढाल हुनुहुन्छ। परमप्रभु तपाईं मेरो महिमा हुनुहुन्छ। तपाईंले मलाई महान् बनाउनु भयो!
४ म परमप्रभुलाई प्रार्थना गर्नेछु र उहाँले मलाई आफ्नो पवित्र-पर्वतबाट उत्तर दिनुहुनेछ।
५ म ढल्केर आराम गर्न सक्छु, अनि जान्दछु म उठ्ने छु। किन? किनभने परमप्रभुले मलाई ढाक्नु र रक्षा गर्नुहुन्छ!
६ मेरो वरिपरि हजारौ सिपाहीहरू हुन् सक्लान्, तर म ती शत्रुहरूदेखि डराउने छैन!
७ हे परमप्रभु, उठनु होस्! हे मेरा परमेश्वर, मलाई बचाउनुहोस्! तपाईं शक्तिशाली हुनुहुन्छ! यदि

तपाईंले मेरो दुष्ट शत्रुहरूको गालामा हिर्काउनु मात्र भयो भने तपाईंले तिनीहरूका सबै दाँत झारि दिनु हुनेछ।
८ हे परमप्रभु, विजय तपाईंको हो! आफ्ना मानिसहरू प्रति कल्यानकारी हुनुहोस्।

### भजन ४

*प्रमुख संगीतकारको लागि। तार भएको बाजासहित (वीणा-वाद्य) दाऊदको भजन।*

१ हे मेरो धार्मिक परमेश्वर, जब म प्रार्थना गर्दछु मलाई जवाफ दिनुहोस्। मेरो प्रार्थना सुन्नुहोस र ममाथि कृपा राख्नु होस्! मेरो सम्पूर्ण कष्टहरूदेखि मलाई मुक्ति दिनुहोस्!
२ हे मानिसहरू हो! मेरो विषयमा कहिलेसम्म दुष्ट कुराहरू गरिरहन्छौ? मेरो विषयमा तिमीहरूले फेरि नयाँ भूटा कुराहरू खोजिरहेका छौ। त्यस्ता भूटा कुराहरू भन्न गर्न तिमीहरू मन पराउँछौ।
३ तिमीहरूलाई थाहा छ परमप्रभुले आफ्ना धार्मिक मानिसहरूको कुरा सुन्नु हुन्छ। यसकारण जब म प्रार्थना गर्दछु उहाँले सुन्नु हुन्छ।
४ यदि तिमीहरूलाई केही कुराले विरक्त पार्दा रीस उठ्न सक्छ, तर पाप चाँहि नगर। जब तिमी सुत्न जान्छौ तब ती कुराहरू सोच र निदाऊ।
५ परमप्रभुलाई पवित्र बलिदानहरू चढ़ाऊ, र उहाँमा भरोसा राख।
६ धेरै मानिसहरूले भन्छन्, "हामीलाई कसले परमेश्वरको भलाई देखाऊला? हे परमप्रभु, तपाईंको प्रज्ज्वलित अनुहार हामीलाई देखाउनु होस्!"
७ हे परमप्रभु, तपाईंले मलाई खुशी बनाउनु भयो। तपाईंले मलाई अन्न बाली काटने उत्सव भन्दा पनि ज्यादा खुशी दिनु भयो। जब हामीसंग प्रचुर मात्रमा अन्न र दाखरसहरू थिए।
८ म ओछ्यानमा जान्छु र मस्तसँग निदाउँछु। किन? किनभने, परमप्रभु मलाई सुरक्षित निदाउनु दिनुहुन्छ।

### भजन ५

*संगीत प्रमुखको निम्ति, बाँसुरीसहित गाइने दाऊदको भजन।*

१ हे परमप्रभु, मेरो वचनहरू सुन्नुहोस, र बुभ्नुहोस मैले के भन्न खोजिरहेको छु।
२ हे मेरा राजा, हे मेरा परमेश्वर, मेरो प्रार्थना सुनिदिनु होस्।
३ हे परमप्रभु, प्रत्येक बिहान, म आफ्ना उपहारहरू तपाईंको समक्ष राख्दछु, र तपाईंको सहयोग खोज्दछु। अनि प्रत्येक बिहान तपाईंले मेरो प्रार्थना सुन्नुहुन्छ।
४ हे परमेश्वर, तपाईंको नजिक दुष्ट मानिसहरू भएको तपाईं मन पराउनु हुन्न। तिनीहरू तपाईंको आदर गर्दैनन्।
५ मूर्खहरू तपाईंको नजिकै आउन सक्तैनन। तपाईंले अधर्मी काम गर्नेहरूलाई घृणा गर्नुहुन्छ।
६ जसले भूटो बोल्दछ त्यसलाई नष्ट गर्नुहुन्छ। तपाईंले ती मानिसलरूलाई घृणा गर्नुहुन्छ जसले अन्य मानिसहरूलाई चोट पुऱ्याउने गुप्त योजनाहरू बनाउँ छन।
७ तर परमप्रभु, तपाईंको अनुग्रहद्वारा म तपाईंको मन्दिरमा आउनेछु। तपाईंको सम्मानका निम्ति तपाईंको मन्दिरअघि म दण्डवत् गर्नेछु।
८ हे परमप्रभु! मेरा शत्रुहरूले कतै म गल्ती गर्छु कि भनी हेरिरहेकाछन्। यसकारण मलाई ठीक काम गर्न सजिलो पारिदिनु होस्।
९ ती मानिसहरू सत्य बोल्दैनन्। तिनीहरू भूटा छन् तिनीहरू सत्य बङ्ग्याउँछन्। तिनीहरूका मुख खाली चिहान जस्ता छन्। तिनीहरू अरूहरूलाई फसाउनको लागि मात्र मिठो बोल्दछन्।
१० हे परमेश्वर, तिनीहरूलाई दण्ड दिनुहोस्! तिनीहरूले थापेको पासोमा आफै परून्। ती मानिसहरूले तपाईंको विरुद्धमा विद्रोह गरे, यसर्थ तिनीहरूको धेरै अपराधहरूको लागि दण्ड दिनुहोस्।
११ तर जसले तपाईंमाथि भरोसा राख्दछन् तिनीहरू सुखी रहुन्। तिनीहरू अनन्त सुखी रहुन्! परमेश्वर, जसले तपाईंको नाउँलाई प्रेम गर्दछन् तिनीहरूको रक्षा गर्नुहोस्, अनि शक्ति दिनुहोस्।
१२ हे परमप्रभु, धार्मिक मानिसहरूलाई तपाईंले आशीर्वाद दिनुहुन्छ। तिनीहरू प्रति तपाईंको दया तिनीहरूको निम्ति रक्षा ढाल भैं छं।

### भजन ६

*संगीत प्रमुखलाई, तार वाद्यमा शिमिनिथको सहयोगद्धारा, दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईं क्रोधित भएको समयमा मलाई नहप्काउनुहोस्। तपाईं क्रोधित नहुनुहोस अनि मलाई सजाय नदिनुहोस्।
२ हे परमप्रभु, ममाथि दया राख्नुहोस कारण म रोगी र कमजोर छु। मलाई निको पार्नुहोस्! मेरो हड्डीहरू दु:खिरहेका छन्।
३ मेरो सम्पूर्ण शरीर कामि रहेकोछ, परमप्रभु, कहिले सम्म मलाई निको पार्नुहुन्छ?
४ परमप्रभु, फेरि फर्की आउनुहोस् र मलाई बलियो बनाउनुहोस! तपाईं अत्यन्त दयालु हुनुहुन्छ, यसैले मलाई बचाउनुहोस्।
५ मरिसकेकाहरूले आफ्नो चिहानबाट तपाईंलाई सम्भने होइनन्। मृत्युको घाटबाट कसैले तपाईंको स्तुति गर्न सक्दैन। यसैले मलाई निको पार्नुहोस्!

६ हे परमप्रभु, रातभरि मैले तपाईंलाई प्रार्थना गरिरहें। मेरो आँसुले ओछ्यान लथ्पथ् भिजेको छ। आँसु मेरो ओछ्यानबाट तप-तप तप्किरहेछ। म तपाईंको लागि कराएर, चिच्याएर थाकिसकें।
७ मेरो शत्रुहरूले मलाई धेरै दु:ख-कष्टहरू दिए। त्यसले मलाई अत्यन्त दु:खी र व्यथित बनायो। अब मेरो आँखाहरू रूँदा-रूँदा शिथिल भएकाछन्।
८ दुष्ट काम गर्ने प्रत्येक मानिस मबाट टाढ़ा जाऊ! किनभने परमप्रभुले मेरो विलाप सुन्नु भएकोछ।
९ परमप्रभुले मेरो प्रार्थना सुन्नुहुन्छ अनि परमप्रभुले मेरो प्रार्थना ग्रहण गर्दै जवाफ दिनुहुन्छ।
१० मेरा सबै शत्रुहरू विरक्त दु:खी र निराश हुनेछन्। अचानक केही कुरा अवश्य घटनेछ र तिनीहरू लज्जित हुनेछन्।

## भजन ७

*परमप्रभुको लागि गाइने दाऊदको यो भजन कूशका छोरा शाऊलको विषयमा हो जो बिन्यामीन परिवारका हुन्।*

१ हे परमप्रभु, मेरा परमेश्वर, म तपाईंमाथि भरोसा राख्दछु। ती खेदो गर्ने मानिसहरूबाट मलाई बचाउनु होस्।
२ यदि तपाईंले मलाईं सहयोग गर्नु हुन्न भने, म सिंहले पक्रेको पशु जस्तै हुनेछु। मलाई तिनीहरूले लगेर जानेछन्, र मलाई कसैले बचाउन सक्ने छैन!
३ हे परमप्रभु मेरा परमेश्वर, मैले त्यस्तो कुनै नराम्रो काम गरिन। म कसम खान्छु मैले नराम्रो काम गरिनँ!
४ मैले मेरा साथीहरूका लागि अधर्म काम गरेको छैन। म बिना कारण मेरा शत्रुहरूमाथि जाइलागेको छैन।
५ यदि त्यो सत्य होइन भने, मलाई दण्ड दिनुहोस्। मलाई मेरो शत्रुहरूले खेदुन, समातुन र मारून। मलाई भुइँमा कुल्चिउन र मेरो आत्मालाई धूलोमूलोमा फालिदिउन।
६ हे परमप्रभु, जाग्नु होस अनि तपाईंको रिसले तिनीहरूलाई न्याय गर्नुहोस्। मेरा रिसाएका शत्रुहरूको विरोधमा उठनु होस्। हे मेरा परमेश्वर, तपाईं न्याय माग्नुहुन्छ यसर्थ यो मेरो निम्ति हुन दिनुहोस्।
७ हे परमप्रभु, मानिसहरूको न्याय गर्नुहोस्, जातिहरूलाई वरिपरि जम्मा गर्नुहोस्। परमप्रभु, जाग्नु होस् र स्वच्छ न्याय गर्नुहोस्।
८ हे परमप्रभु, मानिसहरूको न्याय गर्नुहोस्। मेरो न्याय गर्नुहोस्। म सही र निर्दोष छु भनेर प्रमाणित गर्नुहोस्।
९ दुष्ट मानिसहरूलाई दण्ड दिनुहोस्, अनि धार्मिक मानिसहरूलाई सहयोग गर्नुहोस्। हे परमप्रभु, तपाईंले मानिसहरूको हृदय देख्न सक्नुहुन्छ।
१० परमेश्वरले ईमान्दार हृदयसँग मानिसहरूलाई सघाउनु हुन्छ। यसकारण परमेश्वरले मेरो रक्षा गर्नुहुन्छ।
११ परमेश्वर असल न्यायाकर्त्ता हुनुहुन्छ, उहाँ सधैं अधर्मको विरुद्ध बोल्नु हुन्छ।
१२ यदि परमेश्वरले कुनै निर्णय लिनु भयो भने उहाँले आफ्नो मन बदलनु हुन्न।
१३ यदि दुष्ट मानिसहरू परिर्वतन हुँदैनन भने, परमेश्वर तिनीहरूलाई सजाय दिनु तयार हुनुहुन्छ। परमेश्वरले आफ्नो तरवार उध्याउनु भएकोछ अनि काँड़ हान्न तयार हुनुहुन्छ।
१४ दुष्ट मानिसहरूले दिएको कष्ट र पीरहरू तपाईंले निश्चय देख्नु भएकोछ। यस विषायमा तपाईंले केही गर्नुहोस्।
१५ ती असहाय मानिसहरूलाई सहायता गर्ने कोही पनि छैनन। दृष्टीहीनको निम्ति तपाईं रक्षक हुनुहुन्छ।
१६ तिनीहरूले पाउनु पर्ने दण्ड पाउने छन्, जो अरूको लागि कपटी छन्। तर तिनीहरूले जस्तो रोपेका छन् त्यस्तै फल पाउनेछन्।
१७ म परमप्रभुको प्रशंसा गाउँदछु किनभने उहाँ असल हुनुहुन्छ। सर्वोच्च परमप्रभुको नाउँको म प्रशंसा गर्नेछु।

## भजन ८

*प्रमुख संगीतकारलाई गित्तित रागमा गाउने दाऊदको भजन।*

१ हे परमप्रभु हाम्रो स्वामी! तपाईंको नाउँ समस्त पृथ्वीमाथि अत्यन्तै आश्चर्यपूर्ण छ। तपाईंको नाउँले स्वर्गमा चारैतिर तपाईंलाई प्रशंसा ल्याएको छ।
२ साना केटाकेटी र दूधमुखे बालकहरूका मुखहरूबाट पनि तपाईंको महिमा र प्रशंसा सुनिन्छ। तपाईंले तिनीहरूलाई त्यस्तो शक्तिशाली गीतहरू दिनुभएकोछ, जसले तपाईंको सम्पूर्ण शत्रुहरूलाई चुप पारी दिन्छ।
३ हे परमप्रभु, तपाईंले आफ्नो हातले बनाउनु भएको स्वर्ग अनि तपाईंले सृष्टि गर्नु भएका जुन ताराहरू हेरें र म अचम्म मान्छु।
४ किन मानिसहरू तपाईंका लागि महत्वपूर्ण छन्? किन तपाईंले तिनीहरूको सम्झना गर्नु हुन्छ? किन मानिसहरू तपाईंका लागि यति महत्वपूर्ण छन्? किन तपाईंले तिनीहरूलाई ध्यान दिनु हुन्छ?
५ तर मानिसहरू तपाईंको लागि महत्वपूर्ण छन्! तिनीहरूलाई तपाईंले परमेश्वर जस्तै बनाउनु भयो अनि तिनीहरूलाई गौरव र आदरको मुकुट पहिराउनु भयो।

६ तपाईंले सिर्जना गर्नु भएका प्रत्येक थोकको अधिकारी तिनीहरूलाई बनाउनु भयो। तपाईंले प्रत्येक कुराको निम्ति तिनीहरूलाई अधिकार दिनुभयो।
७ सबै मानिसहरूले भेंड़ा र गाई साथै सम्पूर्ण जङ्गली जनावरमाथि शासन गर्छन।
८ तिनीहरूले आकाशमा उड्ने पक्षी र समुद्रमा पौड़िने हरेक जनावार र माछाहरूमाथि शासन गर्दछन्।
९ हे परमप्रभु, हाम्रा स्वामी, सारा पृथ्वीमा तपाईंको नाउँ अत्यन्त आश्चर्यपूर्ण छ।

## भजन ९

*प्रमुख संगीतकारलाई, अलामौथ बने रगतमा मानिसलाई दाऊदको भजन।*

१ म सम्पूर्ण हृदयबाट परमप्रभुको प्रशंसा गर्छु। हे परमप्रभु, तपाईंले सिर्जना गर्नु भएका सबै आश्चर्यपूर्ण कुराहरूको विषयमा म भन्नेछु।
२ सर्वोच्च परमेश्वर, म तपाईंको नाउँको प्रशंसा गर्छु। तपाईंले मलाई अत्यन्त खुशी बनाउनु भयो।
३ मेरा शत्रुहरू तपाईंदेखि भागेर फर्किए तर तिनीहरू लड़े र नष्ट भए।
४ तपाईं साँचो न्यायकर्त्ता हुनुहुन्छ, तपाईं आफ्नो सिंहासनमा न्यायकर्त्ता सरह विराजमान हुनुहुन्छ। हे परमप्रभु, तपाईंले मेरो मामिला सुनिदिनु भयो र मेरो विषयमा निर्णय लिनु भयो।
५ तपाईंले अन्य मानिसहरूका दोष देखाउनु भयो। हे परमप्रभु, तपाईंले ती दुष्टहरूलाई नाश गर्नुभयो। तपाईंले तिनीहरूको नाउँ जिउँदा मानिसहरूको सूचीबाट सदाको लागि मेटिदिनु भयो।
६ शत्रुहरू खतम भए! हे परमप्रभु, तपाईंले तिनीहरूका शहरहरू पनि ध्वंस पारिदिनु भयो। अब, खाली भग्नावशेष मात्र छाड़िएका छन्। ती दुष्टहरूको पुनः सम्झनाको लागि हामीसँग केही पनि बाँकी छैन।
७ तर परमप्रभुले सदा सर्वदा राज्य गर्नुहुन्छ, परमप्रभुले आफ्नो साम्राज्य दरिलो बनाउनु भएको छ। परमप्रभुले यस पृथ्वीमा भएका सबै मानिसहरूको ठीक न्याय गर्नुहुन्छ।
८ परमप्रभुले यस पृथ्वीका सबैलाई निष्पक्ष न्याय गर्नुहुन्छ। उहाँले सबै जातिहरूलाई एक समान न्याय गर्नुहुन्छ।
९ धेरै मानिसहरू संकटमा फसेका छन् र पीड़ित छन् किनभने तिनीहरूसँग धेरै कष्टहरू छन्। ती मानिसहरू आफ्ना समस्याहरूको बोझद्वारा श्रापित छन्। परमप्रभु, सुरक्षाको स्थान हुनुहुन्छ, तिनीहरू भाग्न सक्छन्।
१० मानिसहरू ज-जसले तपाईंको नाउँ जान्दछन् तपाईंमाथि भरोसा राख्ने नै छन्। हे परमप्रभु, यदि मानिसहरू तपाईंकहाँ आए भने, तपाईंले उनीहरूलाई सहयोग नगरी बस्न सक्नु हुन्न।
११ तिमीहरू जो सियोनमा बस्दै छौ परमप्रभुको प्रशंसा गाऊ। अन्य मानिसहरूलाई पनि परमप्रभुले गर्नु भएका महान् कार्यहरूको विषयमा भन।
१२ परमप्रभुले ती मानिसहरूलाई सम्झनु भयो जसले उहाँलाई गुहारे। ती दुःखी मानिसहरू सहयोगको लागि चिच्याए अनि परमप्रभुले उनीहरूलाई बिर्सनु भएन।
१३ मैले परमेश्वरलाई यो प्रार्थना गरे: "हे परमप्रभु, ममाथि कृपा गर्नुहोस्। मेरो शत्रुहरूले मलाई सताइरहेछन 'मृत्युको द्वारबाट' मलाई बचाउँनु होस्।
१४ तब, यरूशलेमको प्रवेशद्वारहरूमा म तपाईंको लागि स्तुति-गान गर्न सक्छु। परमप्रभु म अत्यन्त खुशी हुनेछु किनभने तपाईंले मलाई बचाउनु भयो।"
१५ ती मानिसहरू जो अन्य जाति-जातिहरूबाट आएका थिए, तिनीहरूले अरूलाई संकटमा पार्न खाड़ल खने। तर तिनीहरू आफूले थापेका पासोहरूमा आफै फस्नेछन्। अनि तिनीहरू ती जालहरूमा आफै पर्ने छन्।
१६ परमप्रभुले ती दुष्ट मानिसहरूलाई समाउनु हुनेछ, यसकारण मानिसहरूले अधर्म काम गर्दा परमप्रभुबाट दण्ड पाइन्छ भनेर ज्ञान पाउनेछन्।
१७ मानिसहरू जसले परमेश्वरलाई बिर्सन्छन् तिनीहरू दुष्टहरू हुन्, तिनीहरू मृत्युको ठाउँमा जानेछन्।
१८ कहिले काहीँ यस्तो लाग्छ परमेश्वरले दुःखहरूमा परेका मानिसहरूलाई बिर्सनु भयो। यस्तो प्रतीत हुन्छ ती गरीबहरूमा आशा छैन। तर परमेश्वले तिनीहरूलाई कहिल्यै पनि बिर्सनु हुने छैन।
१९ हे परमप्रभु, उठनुहोस् र जाति-जातिहरूलाई न्याय गर्नुहोस्। तिनीहरू शक्तिशाली छन् भनेर मानिसहरूलाई सोच्न नदिनुहोस्।
२० मानिसहरूलाई शिक्षा दिनुहोस्। तिनीहरूले जान्न सकुन तिनीहरू मनुष्य मात्र हुन्।

## भजन १०

१ हे परमप्रभु, तपाईं यति टाढ़ा किन बस्नु हुन्छ? दुखी मानिसहरूले तपाईंलाई देख्न सक्तैनन्।
२ घमण्डी र दुष्ट मानिसहरूले खराब योजनाहरू बनाउँछन्। अनि दिनहीन मानिसहरूलाई चोट पुर्‍याउँछन्।
३ दुष्ट मानिसहरूले आफ्नो इच्छामाथि घमण्ड गर्छन् अनि ती लोभी मानिसहरूले परमप्रभुलाई सराप्छन्।

यसले यो सबै हुन्छ ती पापीहरूले परमप्रभुलाई घृणा गर्छन्।

४ दुष्ट मानिसहरू यस्तो घमण्डी हुन्छन् तिनीहरूले परमेश्वरलाई मान्दैनन्। तिनीहरूले आफ्ना खराब योजनाहरू बनाउँछन् अनि त्यहाँ परमेश्वर हुनु हुन्न भने झैं व्यवहार गर्छ।

५ दुष्ट मानिसहरूले सधैं नराम्रा कामहरू मात्र गर्दछन्। तिनीहरूले परमेश्वरको विधिहरू र ज्ञानीको शिक्षामा ध्यान दिंदैनन्, परमेश्वरका शत्रुहरूले उहाँका शिक्षाहरूलाई अस्वीकार गर्छन्।

६ तिनीहरूले सोच्छन् तिनीहरूमाथि केही पनि नराम्रो हुन सक्तैन। तिनीहरू भन्छन्, "हामीमा मज्जा गर्नेछौ र हामी कहिल्यै दण्डित हुनेछैनौ।"

७ ती मानिसहरू सधैँ सरापी रहन्छन। तिनीहरू सधैँ अरूको अहितका कुराहरू मात्र सोच्दछन्।

८ ती मानिसहरू गुप्त ठाउँमा लुकेर बस्दछन् र मानिसहरू पक्रन पर्खी रहन्छन। तिनीहरू लुक्छन् र मानिसहरूलाई घात पुऱ्याउन खोजिरहेका हुन्छन्, तिनीहरूले निर्दोष मानिसहरूलाई मार्दछन्।

९ तिनीहरू त्यस्ता सिंह जस्तो हुँदछन् जसले जनावर पक्रेर खान्छ। तिनीहरूले असहाय मानिसहरूमाथि आक्रमण गर्दछन्। गरीब मानिसहरू दुष्टहरूले बनाएका पासोमा फँस्दछन्।

१० घरि-घरि ती दुष्ट मानिसहरूले असहायहरू मानिसहरूलाई कष्ट दिँदछन्।

११ यसकारण ती असहाय मानिसहरूले सोच्न थाल्दछन्, "परमेश्वरले हामीलाई बिर्सनु भयो। हामीदेखि उहाँ सदाको लागि विमुख हुनुभयो। हामीमाथि के घटिरहेछ परमेश्वरले हेर्नुहुन्न!"

१२ हे परमप्रभु, उठनुहोस् र केही गर्नु होस्! हे परमेश्वर, ती' पापीहरूलाई दण्ड दिनु होस् असहायहरूलाई नबिर्सनु होस्।

१३ किन दुष्ट मानिसहरू परमेश्वरको विरोधी हुन्छन्? किनभने तिनीहरू सोच्दछन् उहाँले दण्ड दिन्नु हुँदैन।

१४ हे परमप्रभु, निश्चय नै तपाईंले ती दुष्टहरूले गरेको निर्दयतापूर्ण र दुष्ट कार्यहरू देख्नुहुनेछ, अनि तिनीहरूको निम्ति केही गर्नु हुनेछ! समस्याहरूले लादिएका मानिसहरू तपाईं कहाँ सहयोग माग्न आउँदछन्। हे परमप्रभु, तपाईं मात्र हुनुहुन्छ जसले टुहुरा-टुहुरीलाई सहायता गर्नु हुन्छ, यसैले सहयोग गर्नुहोस्।

१५ हे परमप्रभु, दुष्टहरूलाई नष्ट गर्नुहोस्। खराब मानिसको दुष्टता खोज्नुहोस् र उनीहरूको विनाश गर्नुहोस्।

१६ परमप्रभु सदा सर्वदाको निम्ति राजा हुनुहुन्छ। तपाईंको भूमिबाट तिनीहरूलाई हटाउनु होस्!

१७ हे परमप्रभु, तपाईंले सुन्नु भयो गरीब मानिसहरूले के चाहन्छन्। उनीहरूको प्रार्थना सुनिदिनु होस् अनि उनीहरूले मागेको कुरा गरिदिनु होस्!

१८ हे परमप्रभु, माता-पिता नभएका नानीहरूको रक्षा गर्नुहोस्। दुःखी मानिसहरूलाई अझै समस्या र कष्टहरूमा बढ्ता पीड़ित हुन नदिनु होस्। दुष्टहरूलाई यहाँ बस्नसम्म भयभीत पारीदिनु होस्।

### भजन ११

*प्रमुख संगीतकारलाई, दाऊदको भजन।*

१ म परमप्रभुमा भरोसा गर्छु यसकारण किन मलाई भाग र लुक भन्यौ? तिमीले मलाई भन्यौ, "चरा जस्तो उड़ेर आफ्नो पहाड़मा जाऊ!"

२ दुष्ट मानिसहरू शिकारी जस्तै हुन्छन्, तिनीहरू अँध्यारोमा लुक्छन्। तिनीहरू धनुको डोरीलाई तान्दछन् र आफ्ना काँड़हरू ताकेर धार्मिक र ईमानदार मानिसहरूका मुटुमा प्रहार गर्दछन्।

३ के तिनीहरू महान् हुन्छन् होला यदि तिनीहरूले सबै असल चीजहरू ध्वंश गरे भने! तब असल मानिसहरूले के गर्नु पर्ला?

४ परमप्रभु! आफ्नो पवित्र मन्दिरमा हुनुहुन्छ। परमप्रभु आफ्नो स्वर्गीय सिंहासनमा विराजमान हुनुहुन्छ। अनि सबै घटनाहरू भएको देख्नु हुन्छ परमप्रभुले मानिसहरूलाई असल अथवा दुष्ट भनी एकदम नजिकबाट हेर्नु हुन्छ।

५ परमप्रभुले धर्मीहरूलाई खोज्नु हुन्छ तर निर्दयी र दुष्टहरूलाई घृणा गर्नुहुन्छ।

६ उहाँले तातो कोईलाहरू र जलेको गन्धक बर्खा जस्तै ती दुष्टहरूमाथि पार्नु हुन्छ, ती दुष्ट मानिसहरूले तातो, कोईलाको हावा बाहेक केही पाउने छैनन्।

७ तर परमप्रभु धर्मी हुनुहुन्छ, र उहाँले राम्रो काम गर्नेहरूलाई प्रेम गर्नु हुन्छ। धार्मिक मानिसहरू उहाँसँग हुन्छन् र उहाँको मुहार हेर्छन्।

### भजन १२

*प्रमुख संगीतकारलाई, शेमिनिथ रागमा बजाइने दाऊदको भजन।*

१ हे परमप्रभु मलाई बचाउनु होस्! अब धार्मिक मानिसहरू छैनन्। त्यहाँ पृथ्वीमा रहेका मानिसहरूमा कोही पनि साँचा विश्वासी रहेनन्।

२ मानिसहरूले आफ्ना छिमेकीहरूलाई असत्य कुराहरू भन्छन्। प्रत्येक मानिसले आफ्ना छिमेकीहरूलाई झूट बोलेर चिप्लो धस्दछन्।

३ परमप्रभुले ती झूट बोल्ने ओंठहरू काटी दिनु हुन्छ। परमप्रभुले ती ठूल-ठूला कुराहरूमा घमण्ड गर्नेहरूको जिब्रो काटिदिनु हुन्छ।

४ ती मानिसहरूले भन्छन्, "हामी ठीक असत्य कुरा गर्नेछौ अनि अत्यन्त मुख्य हुँदछ। के भन्नु पर्ने हामी जान्दछौ, यसैले हाम्रो कोही पनि स्वामी छैनन्।"
५ तर परमप्रभु भन्नुहुन्छ: 'दुष्टहरूले गरीबहरूबाट केही थोकहरू चोरेका छन्, तिनीहरूले असहाय मानिसहरूबाट चीजहरू लिएका छन् तर म ती असहाय मानिसहरूको पक्ष लिएर लड़ाइँ गर्नेछु।"
६ परमप्रभुका वचनहरू तातो आगोमा बिलाएको चाँदी जस्तो सत्य र शुद्ध छन्। तिनीहरू सातपल्ट सम्म गालेका शुद्ध चाँदी जस्ता शुद्ध छन्।
७ हे परमप्रभु, असहाय मानिसहरूको रेख-देख गर्नुहोस्। तिनीहरूलाई अहिले र सधैँभरिका लागि सुरक्षा दिनु होस्।
८ ती दुष्ट मानिसहरू महत्वपूर्णका हूँ भनी अभिनय गर्छन्। तर वास्तवमा, तिनीहरू गर-गहना जस्तै छन् जो महङ्गो देखिन्छ तर वास्तवमा एकदमै सस्तो छ।

### भजन १३

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ हे परमप्रभु, कहिलेसम्म तपाईंले मलाई बिर्सनु हुन्छ? के मलाई सदाको लागि बिर्सनु हुन्छ? कहिलेसम्म* मलाई ग्रहण गर्न तिरस्कार गर्नु हुन्छ?
२ कहिलेसम्म म अन्योलमा परूँ, कहिलेसम्म मैले मेरो हृदयमा उदासीनताको अनुभव गर्नु? कहिलेसम्म मेरा शत्रुहरू मभन्दा पनि बलिया हुन्छन्?
३ हे परमप्रभु मेरो परमेश्वर, मलाई हेर्नुहोस्! मेरो प्रश्नको जवाफ दिनुहोस् मैले जवाफ पाऊँ नत्र म मर्नेछु।
४ यदि त्यस्तो घटना भयो भने, मेरा शत्रुले भन्ने छ, "मैले उसलाई कुटे!" यदि त्यसले मलाई पराजित गऱ्यो भने मेरो शत्रु खुशी हुनेछ।
५ हे परमप्रभु, आफ्नो सहयोगको निम्ति मैले तपाईंको प्रेममा भरोसा गरें। तपाईंले मलाई बचाउनु भयो र सुखी बनाउनु भयो!
६ म परमप्रभुको लागि सुखको गीत गाउने छु, किनभने उहाँले मलाई धेरै असल कुरा गर्नु भएको छ।

### भजन १४

*प्रमुख संगीरकारलाई, दाऊदको भजन।*

१ मूर्ख मानिसले मात्र आफ्नो हृदयमा भन्छ, "ईश्वर छैन।" मूर्ख मानिसहरूले अनैतिक र घिनलाग्दा कामहरू गर्छन्। ती मध्ये एउटा पनि राम्रो काम हुँदैन।
२ परमप्रभुले ज्ञानी मानिसहरू कोही छन् भनेर स्वर्गबाट तल हेर्नुहुन्छ। ज्ञानी मानिसहरूले सहयोगको निम्ति परमेश्वरलाई पुकार्छन्।
३ तर सबै मानिसहरू परमेश्वरबाट विमुख भएर टाढ़िए र दुष्ट भइसके। कुनै एकजना मानिसले पनि राम्रो काम गरेको छैन।
४ दुष्ट मानिसहरूले मेरो प्रियजनहरूलाई नष्ट गरिसके अनि ती दुष्ट मानिसहरू परमेश्वरको विषयमा जान्दैनन्। दुष्ट मानिसहरूका लागि खानलाई प्रशस्त खाद्य छ, तर पनि तिनीहरूले परमप्रभुलाई सम्मान गर्दैनन्।
५-६ दुष्ट मानिसहरूले ती गरीब मानिसहरूबाट कुनै सल्लाह लिन मान्दैनन्। किन? किनभने ती गरीब मानिसहरू परमप्रभु परमेश्वरका भक्तजनहरू हुन् तर परमेश्वर सधैँ ती असल मानिससँग हुनुहुन्छ। यसैले दुष्ट मानिसहरू प्रशस्त भयबोधले ग्रस्त छन्।
७ सियोनमा इस्राएललाई बचाउने को छ? परमेश्वर बाहेक कोही पनि छैनन्! परमप्रभुका मानिसहरूलाई लगियो अनि कैदी बनाइयो। तर परमप्रभुले आफ्ना भक्तजनहरूलाई पर्काएर ल्याउनु हुनेछ, तब याकूब (इस्राएल) खुशी हुनेछ।

### भजन १५

*दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईंको पवित्र पालमा को बस्न सक्छ? तपाईंको पवित्र पर्वतमा को बस्न सक्छ?
२ केवल त्यो मानिस बस्न सक्छ जसको जीवन पवित्र छ र जसले असल कामहरू गर्न सक्छ। जसले सत्य बोल्छ, केवल त्यो मात्र तपाईंको पर्वतमा बस्न सक्छ।
३ यस्तो मानिसले अरूको विषयमा खराब बोल्दैन। उसले आफ्नो छिमेकीको विरुद्धमा नराम्रो गर्दैन। उसले आफ्ना परिवारका मानिसहरूको विषयमा लज्जाजनक कुराहरू गर्दैन।
४ त्यो मानिसले तिनीहरूलाई अस्वीकार गर्छ जसले परमेश्वरलाई घृणा गर्छ। तर उसले तिनीहरूलाई सम्मान गर्छ जसले परमप्रभुलाई आदर गर्छ। यस्तो मानिसले आफूलाई हानि गराएर पनि आफ्नो प्रतिज्ञा कायम राख्छ।
५ उसले यदि कसैलाई ऋण दिन्छ ब्याज लिँदैन। अनि निर्दोष मानिसहरूलाई नोक्सान पार्न घूस लिँदैन। यदि कुनै असल मानिस जस्तै बाँच्छ भने, त्यो सदा परमेश्वरको नजिक हुनेछ।

---

**कहिलेसम्म** तँपाई मलाई तिरस्कार गर्नुहुन्छ।

### भजन १६

*दाऊदको मिक्तम भजन।*

१ हे परमेश्वर, मेरो रक्षा गर्नुहोस्, किनभने म
तपाईं माथि नै आश्रित छु।
२ मैले परमप्रभुलाई भने, "हे परमप्रभु, तपाईं मेरो
स्वामी हुनुहुन्छ, प्रत्येक असल कुराहरू मैले
तपाईंबाट पाएँ।"
३ परमप्रभुले आफ्ना भक्तजनहरूका लागि पृथ्वीमा
अनेक आश्चर्यपूर्ण कामहरू गर्नुभयो। परमप्रभुले
आफ्नो स्नेहपूर्ण करुणा तिनीहरूलाई देखाउनु
भयो।
४ तर जसले परमेश्वरलाई त्यागे र अन्य देवताहरू
पुज्न थाले तिनीहरूले कष्ट पाउने छन्। तिनीहरूले
मूर्तिहरूमा चढ़ाएको रक्तबलिमा म सहभागी हुने
छैन। म ती मूर्तिहरूको नाउँ समेत लिने छइन।
५ अहँ, मेरो हिस्सा र मेरो कचौरा परमप्रभुबाट नै
कृपादान हुन्छ। हे परमप्रभु, तपाईं मेरो सहारा
हुनुहुन्छ, तपाईंले मेरो भाग प्रदान गर्नुहुन्छ।
६ मेरो भाग आश्चर्यपूर्ण छ, मेरो उत्तराधिकार अति
सुन्दर छ।
७ म परमप्रभुको प्रशंसा गर्छु, किनभने उहाँले मलाई
असल कुरा सिकाउनु भएको छ। राती पनि,
मलाई आन्तरिक अर्ती दिनुहुन्छ।
८ परमप्रभुलाई मैले सधैं आफू समक्ष राखेको छु र
म उहाँको दाहिने तिरबाट कहिल्यै सर्ने
छुइन।
९ मेरो हृदय र आत्मा यसैले आनन्दित हुनेछ। अनि
मेरो शरीर पनि सुरक्षित रहनेछ।
१० किन? किनभने परमप्रभु, तपाईंले मलाई चिहानमा*
छोड्नु हुनेछैन। तपाईंले आफ्नो आज्ञाकारी
भक्तजनलाई चिहानमा त्यसै कूहुन दिनुहुने छैन।
११ तपाईं मलाई बाँच्ने सही बाटो सिकाउनु हुनेछ।
तपाईंसँग हुँदा सम्पूर्ण खुशी प्राप्त हुनेछ। तपाईंको
दाहिनेपट्टि हुँदा सधैं खुशी प्राप्त हुनेछ।

### भजन १७

*दाऊदको भजन।*

१ हे परमप्रभु, न्यायको निम्ति मेरो प्रार्थना सुन्नुहोस्।
म तपाईंलाई उच्च स्वरमा पुकार्दैछु। अनि मैले
भनेका कुरामा म ईमान्दार छु। यसैले मेरो प्रार्थना
प्रति ध्यान दिनुहोस्।
२ तपाईं मेरो विषयमा सही निर्णय लिनु हुनेछ।
तपाईं सत्य देख्न सक्नु हुन्छ।
३ तपाईंले मेरो हृदयलाई गहिरो हेर्नु भएको छ तपाईं
रातभरि मसँग हुनुहुन्थ्यो। तपाईंले मलाई प्रश्न
गर्नु भयो अनि केही दोषहरू पाउनु भएन। मैले
कुनै खराब योजना बनाइनँ।
४ मैले जहाँसम्म एकजना मानवको निम्ति
सम्भव छ तपाईंको आज्ञाहरू पालन गर्ने चेष्टा
गरेको छु।
५ मैले तपाईंको पथ अनुशरण गरेकोछु। मेरो
पाइलाहरूले तपाईंले बताउनु भएको बाँच्ने तरिका
कहिल्यै छोड़ेनन्।
६ हे परमेश्वर, प्रत्येक पल्ट मैले तपाईंलाई बोलाएँ।
तपाईंले मलाई जवाफ दिनुभयो। यसैले अब मेरो
कुरा सुन्नु होस्।
७ हे परमेश्वर, तपाईंले ती मानिसहरूलाई सहयोग
गर्नुभयो, जसले तपाईंमाथि भरोसा गरे। तिनीहरू
तपाईंको दाहिनेतर्फ उभिएका छन्। यसैले यो
प्रार्थना तपाईंले आफ्ना भक्तजनहरू मध्ये एकजनाबाट
सुन्नु होस्।
८ तपाईंले आफ्नो आँखाको नानी जस्तै मेरो रक्षा
गर्नुहोस्। तपाईंको छत्रछाँयामुनि मलाई लुकाउनु
होस्।
९ हे परमप्रभु, मलाई नष्ट गर्न खोज्ने दुष्ट
मानिसहरूबाट जोगाउनु होस्। मेरो चारैतिर बाट
घात पुऱ्याउन प्रयास गरिरहेका दुष्ट मानिसहरूदेखि
जोगाउनु होस्।
१० तिनीहरूमा दया छैन। तिनीहरू साह्रै अहंकारी
छन्। तिनीहरूले परमेश्वरका कुराहरू
सुन्दैनन्।
११ ती मानिसहरूले मेरो खेदो गरे। अहिले तिनीहरू
मेरो चारैतिर आक्रमण गर्न तयार छन्।
१२ ती दुष्ट मानिसहरू हिंस्रक सिंहहरू जस्तै अन्य
प्राणीहरूलाई मारेर खान्छन्। तिनीहरू सिंहहरू
जस्तै लुक्छन् र आक्रमण गर्न तयार छन्।
१३ हे परमप्रभु, उठनुहोस र शत्रुतर्फ जानु होस्।
तिनीहरूलाई आत्मसमर्पण गर्न बाध्य पार्नुहोस्।
तपाईंको आफ्नो तरवार चलाउनु होस् र ती दुष्ट
मानिसहरूबाट मलाई बचाउनुहोस्।
१४ हे परमप्रभु, तपाईंको शक्ति प्रयोग गर्नुहोस् र दुष्ट
मानिसहरूलाई यस धरतीमा बस्ने प्राणीहरूबाट
हटाउनुहोस्। हे परमप्रभु, प्रशस्त मानिसहरू तपाईं
कहाँ सहायता माग्न आउँछन्। ती मानिसहरूको
यो जीवनभित्र प्रचुर केही पनि छैन। ती मानिसहरूलाई
प्रशस्त खानेकुरा दिनु होस्। तिनीहरूका नानीहरूलाई
चाहे जति सबै दिनुहोस्। ती नानीहरूलाई यति
प्रशस्त खानेकुराहरू दिनुहोस्, तिनीहरूका भावी
सन्तानलाई पनि पुगोस्।
१५ मैले न्यायको निम्ति प्रार्थना गरें। यसैले, हे
परमप्रभु, म तपाईंको मुहार हेर्नेछु। हे परमप्रभु,
तपाईंलाई हेरेर, म पूर्ण सन्तुष्ट हुनेछु।

---

**चिहान** हीब्रू भाषमा पाताल हो।

## भजन १८

*प्रमुख संगीतकारलाई। दाऊदले यो भजन तब बेला लेखे जब परमप्रभुले उसलाई शाऊल र उनका शत्रुहरूबाट बचाउनु भएको थियो। परमप्रभुको दास दाऊदको भजन।*

१ उनले भने, "हे परमप्रभु, मेरो शक्ति म तपाईंलाई प्रेम गर्छु!"

२ परमप्रभु मेरो चट्टान हुनुहुन्छ, मेरो किल्ला हुनुहुन्छ। मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ।" मेरो परमेश्वर, मेरो चट्टान हुनुहुन्छ म उहाँकहाँ सुरक्षाको लागि ढगुरेर जान्छु। परमेश्वर मेरो ढाल हुनुहुन्छ उहाँको शक्तिले मलाई बचाउँछ। परमप्रभु उच्च पर्वतहरूमा मेरो सुरक्षास्थल हुनुहुन्छ।

३ तिनीहरूले खिल्ली उड़ाए। तर मैले सहायताको लागि परमप्रभुलाई बोलाएँ, अनि म मेरो शत्रुहरूबाट बाँचे।

४ मेरा शत्रुहरूले मलाई मार्ने प्रयास गरिरहेका थिए! मृत्युको डोरीले मलाई चारैतिर घेरेको थियो। म बाढ़ीमा फसेको थिएँ जसले मलाई मृत्युको मुखतिर लगिरहेथ्यो।

५ चिहानको डोरीले मलाई चारैतिर घेरि राखेको थियो, मृत्युको पासो मेरो सम्मुख थियो।

६ म पासोमा फसें, मैले सहयोगको लागि परमप्रभुलाई बोलाएँ। हो, मैले परमेश्वरलाई बोलाएँ। परमेश्वर उहाँको मन्दिरमा हुनुहुन्थ्यो उहाँले मेरो स्वर सुन्नभयो। उहाँले मेरो विलापमा गोहारेको सुन्नुभयो।

७ पृथ्वी थर्कियो र काम्यो; पर्वतहरूको जग हल्लियो। किन? किनभने परमप्रभु क्रोधित हुनुहुन्थ्यो!

८ परमेश्वरको नाकको प्वालबाट धुवाँ आयो। परमेश्वरको मुखबाट जल्दै गरेको ज्वाला अनि जल्दै गरेका झिल्काहरू उहाँबाट उड़ेर निस्कियो।

९ परमप्रभुले आकाश च्याति दिनु भयो, अनि उहाँ तल ओर्लनु भयो! उहाँ बाक्लो, कालो बादलमा उभिनु भयो।

१० परमप्रभु करूब स्वर्गदूतमाथि चढ़ेर आकाश वारिपारि उड़नुभयो। उहाँमाथि बतासमा उड़िरहनु भएको थियो।

११ परमप्रभु कालो बादलमा लुक्नु भएको थियो जसले उहाँलाई पालले जस्तो घेरेको थियो उहाँ बाक्लो बज्र स्वरूप बादलमा लुक्नु भएको थियो।

१२ त्यसपछि, परमेश्वरको तेजिलो चमकले त्यो कालो बादलहरू फटाई दिनुभयो। त्यहाँ असिनाको गोला र आगोका फिलिङ्गाहरू वर्षिए!

१३ परमप्रभु स्वर्गबाट गर्जनु भयो। सर्वोच्च परमेश्वरले उहाँको स्वर सुनिने बनाउनु भयो। त्यहाँ असिनाको गोला र आगोका फिलिङ्गाहरू वर्षिए।

१४ परमप्रभुले आफ्नो काँड़ हिर्काउनु भयो र शत्रुहरूलाई छरपस्ट पारीदिनु भयो। परमप्रभुले धेरै बज्रहरू फ्याँकनु भयो अनि मानिसहरू अलमल्ल भएर छरिए।

१५ परमप्रभु, तपाईंले आफ्नो आदेश दिनु भयो अनि शक्तिशाली हावा बग्न थाल्यो। पानी पछाड़ी गयो अनि हामीले समुद्रको तल देख्न सक्छौं। हामीले पृथ्वीको नींव देख्न सक्यौं।

१६ परमप्रभु माथिबाट ओर्लेर तलसम्म पुग्नु भयो र मलाई बचाउनु भयो। परमप्रभुले मलाई समात्नु भयो र गहिरो पानीबाट तानेर निकाल्नुभयो।

१७ मेरा शत्रुहरू म भन्दा बलिया थिए, तिनीहरूले मलाई घृणा गर्दथे। मेरा लागि मेरा शत्रुहरू एकदम शक्तिशाली थिए, यसर्थ परमेश्वरले मलाई बचाउनु भयो।

१८ म विपत्तिमा थिएँ, र मेरा शत्रुहरू ममाथि आइलागे। तर परमप्रभु मेरो सहयोगको लागि त्यहाँ हुनुहुन्थ्यो!

१९ परमप्रभुले मलाई प्रेम गर्नु हुन्छ यसैले उहाँले मलाई बचाउनु भयो। उहाँले मलाई सुरक्षित ठाउँमा ल्याउनु भयो।

२० म निर्दोष छु, यसैकारण उहाँले मलाई पुरस्कार दिनुहुनेछ। मैले अलिकति पनि गल्ती काम गरिनँ, यसैकारण उहाँले मेरो निम्ति राम्रो काम गर्नुहुनेछ।

२१ किनभने म उहाँका आज्ञाहरू पालन गर्छु! मैले परमेश्वरको विरुद्धमा पाप काम गरिनँ।

२२ म सधैं उहाँको निर्णयहरूलाई सम्झना गर्छु। म उहाँको नियमहरू मान्दछु!

२३ म उहाँसँग पवित्र र ईमान्दार थिएँ, मैले अधर्मका कामहरू गर्नदेखि आफूलाई अलग्ग राखें।

२४ यसैकारण परमप्रभुले मलाई पुरस्कार दिनु हुनेछ। किन? किनभने म निर्दोष छु! परमेश्वरको दृष्टिमा मैले सानो भूल पनि गरिन। यसैकारण उहाँले मप्रति राम्रै व्यवहार गर्नुहुन्छ।

२५ हे परमप्रभु, यदि कुनै मानिसले तपाईंलाई साँच्चै नै प्रेम गर्छ भने तपाईंले आफ्नो स्नेहपूर्ण करुणा उनलाई देखाउनु हुनेछ। यदि कुनै मानिस तपाईं प्रति साँचो छ भने तपाईं पनि ऊ प्रति साँचो हुनुहुनेछ।

२६ हे परमप्रभु, तपाईं धार्मिक र शुद्ध मानिसहरूका लागि धार्मिक अनि शुद्ध हुनु हुन्छ। तर कपटीहरूका निम्ति तपाईं अझै कपटीपूर्ण कार्य गर्नु हुन्छ।

२७ हे परमप्रभु, तपाईं नम्र मानिसहरूलाई सधाउनु हुन्छ तर अंहकारीहरूलाई अपमान गर्नुहुन्छ।

२८ हे परमप्रभु! तपाईंले मेरो दियो बाल्नु हुन्छ। मेरो परमेश्वरले चारैतिरका अन्धकारलाई उज्यालो पारीदिनु भयो!

२९ परमप्रभु तपाईंको सहायताले म सिपाहीहरूसँग दगुर्न सक्छु। परमेश्वरको सहयोगले म शत्रुहरूको पर्खालिहरूमाथि चढ्न सक्छु।
३० परमेश्वरको शक्ति पूर्ण छ। उहाँको वचन प्रमाणित भएको छ। उहाँ आफूमाथि भरोसा गर्ने मानिसहरूलाई रक्षा गर्नुहुन्छ।
३१ त्यहाँ परमप्रभु बाहेक अरू कुनै परमेश्वर छैन, त्यहाँ परमेश्वर छोड़ेर अर्को चट्टान छैन।
३२ परमेश्वर मलाई शक्ति प्रदान गर्नु हुन्छ। उहाँले मलाई चोखो जीवन जिउन सहायता गर्नुहुन्छ।
३३ परमेश्वरले मलाई मृग जस्तो चाँड़ो दगुर्न सक्ने क्षमता दिनुहुन्छ। उहाँले सर्वोच्च ठाउँहरूमा मलाई दृढ़ भई उभिने बनाउनु हुन्छ।
३४ परमेश्वरले मलाई युद्ध-कुशलता सिकाउनु हुन्छ। यसकारण मेरा पाखुराहरू बलिया धनुबाट काँड़हरू हान्न योग्यको हुनेछ।
३५ परमेश्वर तपाईंले रक्षा गर्नुभयो र मलाई जित्नमा सघाउनु भयो। तपाईंको दाहिने पाखुराले मलाई सधाउनु भयो। तपाईंले शत्रुलाई परास्त गर्नमा सघाउनु भयो।
३६ मेरा खुट्टाहरू र पाइलाहरू दरिलो पारिदिनु होस्। यसैला म ठेस् नलागिकन चाँड़ो-चाँड़ो हिंड्न सक्छु।
३७ त्यसपछि म मेरा शत्रुहरूलाई खेद्न र पक्रन सक्छु तिनीहरूलाई ध्वंस नगरीकन म फर्केर आउने छैन!
३८ म शत्रुहरूलाई नाश गर्नेछु तिनीहरू फेरि उठ्ने छैनन्। सम्पूर्ण शत्रुहरू मेरो पैतालामुनि हुनेछन्।
३९ हे परमेश्वर, तपाईंले मलाई शक्तिशाली बनाउनु भयो, युद्धमा तपाईंले मेरो शत्रुहरूलाई मेरो अघि झुकाउनु भयो।
४० तपाईंले मलाई मेरा शत्रुहरूका घिच्रोमा हिर्काउने र मेरा विरोधीहरूलाई ध्वंस पार्ने मौका दिनुभयो।
४१ मेरा शत्रुहरूले सहयोगको लागि गुहारे, तर त्यहाँ तिनीहरूलाई बचाउने कोही पनि थिएन। तिनीहरूले परमप्रभु समेतलाई गुहारे तर उहाँले तिनीहरूलाई जवाफ दिनुभएन।
४२ मैले मेरो शत्रुहरूलाई धूलो पिठो पारेर कुटे। तिनीहरू बतासमा उड़ाइएको धूलो जस्तो भए। मैले तिनीहरूलाई धूलो पिठो पारिदिएँ।
४३ मलाई ती मानिसहरूसँग जोगाउनु होस जो मेरो विरुद्ध लड़ाइँ गर्छन। मलाई जातिहरूका अगुवा बनाउनु होस्। मलाई नजान्ने मानिसहरूले पनि मेरो सेवा गर्नेछन्।
४४ ती मानिसहरूले मेरो विषयमा सुन्नेछन् अनि झट्टै मेरो आज्ञा पालन गर्नेछन्। ती विदेशीहरू मदेखि भयभीत हुनेछन्।
४५ ती विदेशीहरू डरले काम्नेछन्। तिनीहरू आफू लुकेका ठाउँहरूबाट डरले काम्दै निस्कने छन्।
४६ परमप्रभु जीवित हुनुहुन्छ, म मेरो चट्टानलाई प्रशंसा गर्छु। परमेश्वरले मलाई बचाउनु हुन्छ किनभने उहाँ महान् हुनुहुन्छ!
४७ मेरो निम्ति परमप्रभुले मेरो शत्रुहरूलाई दण्ड दिनुभयो। उहाँले मानिसहरूलाई आफ्नो अधीनमा राख्नु भयो।
४८ हे परमप्रभु, तपाईंले मेरो शत्रुहरूबाट मलाई बचाउनु भयो जो मेरो विरुद्ध उभिए, तिनीहरूलाई पराजित गर्न मलाई सहयोग गर्नुभयो। मलाई अत्याचारी मानिसहरूबाट जोगाउनु भयो।
४९ हे परमप्रभु, यही कारणले ती जातिहरूको बीचमा म तपाईंको स्तुति गर्छु। यही कारणले गर्दा म तपाईंको नाउँको गीत गाउँछु।
५० परमप्रभुले आफ्ना राजालाई धेरै युद्धहरूमा सहयोग गर्नुहुन्छ! उहाँले आफ्नो स्नेहपूर्ण करुणा आफूले अभिषेक गर्नु भएको राजालाई देखाउनु हुन्छ। उहाँ दाऊद र उनका सन्तानहरूसित सधैंको लागि विश्वासयोग्य रहनुहुनेछ।

### भजन १९

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ स्वर्गले परमेश्वरको महिमाको विषयमा बोल्छ। आकाश-मण्डले उहाँका हातबाट बनिएका राम्रा-राम्रा कुराहरूका विषयमा भन्दछ।
२ प्रत्येक नयाँ दिनले धेरै-धेरै सृष्टिको कथा वर्णन गर्छ। अनि प्रत्येक रातले परमेश्वरको धेरै-धेरै शक्ति प्रकट गर्छ।
३ तिमीले साँच्चि नै केही वचन वा शब्दहरू सुन्न सक्तैनौ। उनीहरूले स्वर निकाल्दैनन् जो हामी सुन्न सक्छौं।
४ तर तिनीहरूको "स्वर" सारा संसारभरि फैलिएर जाँदछ। तिनीहरूका "वचनहरू" पृथ्वीको कुना कुनासम्म पुग्छन्। घामको लागि आकाश घर सरह हुँन्छ।
५ घाम एक हर्षित दुलहा जस्तो भएर आफ्नो ओछ्यानबाट आउँछ। घाम एउटा बलियो खेलाड़ी जस्तै दगुर्नमा तीव्र इच्छा भए झैं आफ्नो यात्रा आकाशमा तर्न शुरू गर्छ।
६ घामले आफ्नो यात्रा एक क्षितिजबाट थालेर अर्को क्षितिजमा शेष गर्छ। यसको तापबाट केही पनि लुक्दैन। परमप्रभुको उपदेशहरू पनि त्यस्तै छ।
७ परमप्रभुका शिक्षाहरू अत्युत्तम छन्। तिनीहरूले परमेश्वरका भक्तजनहरूलाई शक्ति प्रदान गर्छन्। परमप्रभुको व्यवस्था विश्वास योग्यको छ। यसले मूर्ख मानिसहरूलाई ज्ञानी बनाउँछ।

८ परमप्रभुका विधिहरू सही छन्। तिनीहरूले
मानिसहरूलई खुशी पार्छन्। परमप्रभुका आदेशहरू
निष्कपट छन् तिनीहरूले जीवनमा उचित मार्ग
देखाउदछन्।
९ परमप्रभुको उपासना एउटा ज्योति जस्तै हो जसले
अनन्त चम्किलो उज्यालो पार्छ। परमप्रभुको न्यायहरू
उचित र निष्कपट छन्। तिनीहरू सपूर्ण ठीक
छन्।
१० परमप्रभुको शिक्षाहरू अकबरी सुनभन्दा पनि
मूल्यवान छन्। तिनीहरू सोभै घरबाट निकालेको
उत्तम महभन्दा पनि मीठा छन्।
११ परमप्रभुका शिक्षाहरूले आफ्ना दासहरूलाई होशियार
पार्छ। यदि तिनीहरूलाई पालन गर्‍यौ भने असल
चिजहरू आउँछन्।
१२ हे परमप्रभु, कसैले पनि आफ्ना सबै भूलहरू
देख्न सक्तैनन्। यसैले मलाई गुप्ती पापहरू गर्न
नलगाउनु होस्।
१३ मैले चाहेका पापहरू गर्न नलगाउनु होस्। ती
पापले ममाथि राज नगरोस्। यदि तपाईंले मलाई
सहयोग गर्नुभयो भने म आफ्ना पापहरूबाट मुक्त
हुन्छु।
१४ आशा गर्छु, मेरा वचनहरू र विचारहरूले तपाईंको
चित्त बुभ्यो होला। परमप्रभु, तपाईं मेरो चट्टान
हुनुहुन्छ, तपाईंले मात्र मलाई बचाउनु हुन्छ।

## भजन २०

*प्रमुख संगीतकारलाई दाऊदको भजन।*

१ सङ्कष्टहरू परेको बेलामा परमप्रभुले तिम्रो गुहारलाई
सुन्नु भएको होस्। याकूबका परमेश्वरले तिम्रो
रक्षा गर्नु भएको होस्।
२ उहाँको पवित्र स्थानबाट परमप्रभुले तिमीलाई
सहायतामा पठानु भएको होस्। उहाँले सियोनबाट
तिमीलाई मदत दिऊन्।
३ तिमीले अर्पण गरेका सम्पूर्ण उपहारहरू परमेश्वरले
सम्भना गरून। उहाँले तिम्रा बलिहरू सबै स्वीकार
गरून।
४ तिमीले खास जे चाहन्छौ परमेश्वले त्यही दिऊन्।
उहाँले तिम्रा सबै योजनाहरू सफल पारी दिऊन्।
५ जब परमप्रभु परमेश्वरले तिमीलाई सहयोग गर्नु
हुन्छ हामीहरू खुशी हुनेछौ। परमेश्वरको नाउँको
स्तुति गरौं। तिमीले मागेको प्रत्येक कुरा परमप्रभुले
दिऊन्!
६ अब म जान्दछु आफूले रोजेका राजालाई परमप्रभुले
सहयोग गर्नुहुन्छ! परमेश्वर आफ्नो पवित्र स्वर्गमा
हुनुहुन्छ अनि आफूले रोजेका राजालाई जवाफ
दिनुहुन्छ। परमेश्वरले बचाउन आफ्नो महान् शक्ति
चलाउनु हुन्छ।
७ कतिपय मानिसहरूले आफ्ना रथहरूमाथि भरोसा
गदर्छन् कतिपय मानिसहरूले आफ्ना सिपाहीहरू
माथि भरोसा गर्दछन्। तर हामी ता परमप्रभु हाम्रा
परमेश्वरकै नाउँमा भरोसा गर्छौं।
८ ती अन्य मानिसहरू पराजित भए, तिनीहरू युद्धमा
मारिए। तर हामीले जित्यौं! हामी विजेता हौं।
९ परमप्रभुले आफूले रोजेका राजालाई बचाउनु हुन्छ!
परमेश्वरले रोजेका राजाले गुहार मागे अनि
परमेश्वरले त्यसको जवाफ दिनुभयो!

## भजन २१

*प्रमुख संगीतकारलाई दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईंको बलले राजालाई खुशी
पार्छ। जब तपाईं उसलाई बचाउनु हुन्छ ऊ अति
नै खुशी हुन्छ।
२ तपाईंले राजालाई ती थोकहरू दिनु भयो जुन
उनले चाहेका थिए। हे परमप्रभु, राजाले तपाईंसँग
केही थोकहरू मागे, र मागेका थोकहरू सबै
तपाईंले दिनुभयो।
३ हे परमप्रभु, तपाईंले साँच्ची नै राजालाई आशीर्वाद
दिनु भयो। तपाईंले सुनको मुकुट उनको शिरमा
लगाई दिनु भयो।
४ हे परमेश्वर, राजाले जीवन-दान तपाईंसित मागे र
तपाईंले उनलाई त्यही दिनुभयो। तपाईंले उनलाई
दीर्घायु प्रदान गर्नुभयो, जुन सदा सर्वदाको निम्ति
जारी रहनेछ।
५ तपाईंले जित्नका लागि राजालाई अगुवाइ गर्नुभयो
अनि उनलाई महान् महिमा प्रदान गर्नुभयो।
तपाईंले उसलाई इज्जत र आदर दिनुभयो।
६ हे परमेश्वर, तपाईंले साँच्ची नै राजालाई सदा
सर्वदाको निम्ति आशीर्वाद दिनुभयो। जब राजाले
तपाईंको मुहार हेर्नु हुन्छ अनि त्यसले उनलाई
आनन्दमय पार्दछ।
७ राजाले परमप्रभुमाथि भरोसा राख्छ। सर्वोच्च
परमेश्वरको दयाबाट उनले कहिल्यै उदास हुनु
पर्दैन।
८ हे परमेश्वर, तपाईंले आफ्ना शत्रुहरूलाई तपाईं
कतिको शक्तिशाली हुनुहुन्छ देखाउनु हुनेछ। जसले
तपाईंमाथि हेय-दृष्टि राख्छन्। तपाईंको शक्तिले
ती मानिसहरूलाई परास्त गर्छ।
९ हे परमप्रभु, तपाईं जब राजासँग हुनुहुन्छ, उनी
तातो चूल्हा जस्तो हुन्छन्। जसले प्रत्येक कुरा
दिँदछन। आफ्नो क्रोधको ज्वालामा सबै शत्रुहरूलाई
नष्ट पार्छ।
१० शत्रुहरूका सन्तानहरू समेत नष्ट भए। तिनीहरू
यस पृथ्वीबाट गए।
११ किन? किनभने ती मानिसहरूले तपाईंको विरुद्ध

नराम्रा योजनाहरू तयार गरे, परमप्रभु। तिनीहरूले अधर्मका कामहरू गर्ने योजना गरे तर तिनीहरू सफल भएनन्।

१२ हे परमप्रभु, तपाईंले ती मानिसहरूलाई आफ्ना दास बनाउनु भयो। तपाईंले तिनीहरूलाई डोरीले सँगै बाँध्नु भयो। तपाईंले तिनीहरूका घाँटीहरू वरिपरि डोरीहरू बाँध्नु भयो तिनीहरूलाई जस्तै दासहरू शिर झुकाएर बस्ने पार्नु भयो।

१३ हे परमप्रभु, हामी तपाईंको प्रशंसा गर्छौं! हामी तपाईंको महा शक्तिको विषयमा वाद्य-वादनसहित गीतहरू गाउने छौं।

## भजन २२

*प्रमुख संगीतकारलाई 'मृगको प्रभात'को धुन। दाऊदको भजन।*

१ हे मेरो परमेश्वर, हे मेरो परमेश्वर! किन मलाई छाड़नुभयो? मलाई बचाउन तपाईं किन यति टाढ़ा हुनुहुन्छ! तपाईं मेरो विलौना, गुहार सुन्नलाई कति टाढ़ा हुनुहुन्छ!

२ हे मेरो परमेश्वर, मैले तपाईंलाई दिउँसो बोलाएँ तर तपाईंले मलाई उत्तर दिनु भएन अनि मैले निरन्तर तपाईंलाई रातभरि बोलाएँ।

३ हे परमेश्वर तपाईं मात्र पवित्र हुनुहुन्छ तपाईं राजा जस्तो बस्नुहुन्छ। इस्राएलका प्रशंसाहरू तपाईंको सिंहासन हो।

४ हाम्रा पिता-पुर्खाहरूले तपाईंमाथि भरोसा गरे हो तिनीहरूले तपाईंमाथि भरोसा गरे, अनि तपाईंले तिनीहरूलाई बचाउनु भयो।

५ हे परमेश्वर, हाम्रा पिता-पुर्खाहरूले तपाईंलाई गुहार मागे अनि तिनीहरू आफ्ना शत्रुहरूबाट जोगिए। तिनीहरूले तपाईंमाथि भरोसा राखे अनि तिनीहरू निराश भएनन्!

६ यसकारण के म कीरा हुँ मानिस होइन? मानिसहरू मबाट लज्जित छन्। तिनीहरूले मलाई निन्दा गर्छन्।

७ प्रत्येक जसले मलाई हेर्छ मेरो खिसी गर्छ। उसले आफ्नो टाउको हल्लाउँछ र मलाई जिब्रो देखाउँछ।

८ तिनीहरूले मलाई भन्दछन्: "परमप्रभुलाई गुहारको लागि बोलाऊ, हुन सक्छ तिमीलाई बचाउँलान। यदि उनले तिमीलाई साँच्ची नै मन पराउँदछन् भने तब निःसन्देह उनले तिमीलाई रक्षा गर्ने नै छन्!"

९ हे परमेश्वर, सत्य हो भनि तपाईं मात्र एकजना हुनुहुन्छ जसमाथि म आश्रित हुन्छु। तपाईंले म जन्मेको दिनदेखि नै मेरो खुबै हेरचाह गर्नु भएकोछ। जब म दूध चुस्ने बालकै थिएँ तपाईंले मलाई आश्वसन र सान्त्वना दिनुभयो।

१० तपाईं मेरो जन्म काल देखि नै परमेश्वर हुनुभएको छ। म आमाको गर्भबाट निस्कने बित्तिकै तपाईंको हेरचाहमा राखिएको थिएँ।

११ यसैले हे परमेश्वर, मलाई नछाड्नु होस्! सङ्कष्ट नजिक छ। त्यहाँ मलाई साथ दिने कोही पनि छैनन्।

१२ मानिसहरू मेरो चारैतिर छन्। तिनीहरू बलिया साँढेहरू जस्ता छन् जसले मलाई घेरेर राखेका छ।

१३ तिनीहरूले मलाई गर्जदै शिकार निल्ने सिंहले जस्तै आक्रमण गरिरहेका छन्।

१४ मेरो शक्ति क्षीण भएको छ जसरी जमीनमा पानी पोखिन्छन्। मेरा जम्मै हाड़हरू अलग भइसकेको छन्। मेरो आँट हराई सक्यो!

१५ मेरो मुख फुटेको माटोको भाँड़ो जस्तै सूक्खा छ। मेरो जिब्रोमाथि तालुमा टाँसिदै छ। तपाईंले मलाई मृत्युको धूलोमा फ्याँक्नु भएको।

१६ "कुकुरहरू" दुष्ट मानिसहरू हुन, चारैतिर छन्। तिनीहरूले मलाई पासोमा पारे। तिनीहरूले मेरा खुट्टा र हातहरू सिहंजस्तै नै चिथोरेका छन्*।

१७ म मेरो हाड़हरू देख्न सक्छु अनि मानिसहरूले मलाई चियो गरिरहेका छन्! तिनीहरूले मलाई हेरिरहेका छन्!

१८ ती मानिसहरूले मेरो लुगाहरू बाँड़िरहेका छन्। तिनीहरूले मेरो पोशाकहरूको निम्ति चिठ्ठा उड़ाइरहेका छन्।

१९ हे परमप्रभु, मलाई छोडी नजानुहोस्! तपाईं मेरो बल हुनुहुन्छ। मेरो सहायताको निम्ति आइहाल्नुहोस्।

२० हे परमप्रभु, मेरो प्राण तरवारबाट बचाउँनुहोस्। मेरो बहुमूल्य प्राण ती कुकुरहरूबाट जोगाई दिनुहोस्।

२१ सिंहको मुखदेखि मेरो रक्षा गर्नुहोस्। साँढेहरूका सिङ्गहरूबाट मेरो रक्षा गर्नुहोस्।

२२ हे परमप्रभु, म तपाईंको विषयमा मेरा दाज्यू-भाइहरूलाई भन्नेछु। महासभामा म तपाईंरूको प्रशंसा गाउने छु।

२३ सम्पूर्ण मानिसहरू ज-जसले उहाँको प्रशंसा गर्दछन् परमप्रभुको प्रशंसा गर। हे इस्राएलका सन्तान हो, परमप्रभुलाई सम्मान देखाऊ। हे, इस्राएलका मानिसहरू! परमप्रभुको डर मान र सम्मान गर।

२४ किन? किनभने परमप्रभुले सङ्कटहरूमा परेका सबै दीनहीन मानिसहरूलाई सहयोग गर्नुहुन्छ। परमप्रभु तिनीहरूदेखि लज्जित हुनुहुन्न। यदि मानिसहरूले परमप्रभुलाई गुहार मागे उहाँ आफै तिनीहरूदेखि लुक्नु हुन्न।

---

**कुकुरहरू … छन्** अथवा "सिंहले जस्तै तिनीहरूले च्याते।"

२५ हे परमप्रभु, तपाईंले जे गर्नु भएकोछ त्यसको
निम्ति म तपाईंको प्रशंसा महासभामा गर्छु। ती
सम्पूर्ण भक्तजनहरूको सम्मुख मैले सबै जुन
दिन्छु भनेर वचन दिएको थिएँ बलिहरू अर्पण
गर्नेछु।
२६ नम्र मानिसहरू, आऊ, खाऊ र सुन्तष्ट हौ!
तिमीहरू जो परमप्रभुलाई खोज्दै आएका छौ
उहाँको प्रशंसा गर! तिमीहरूका हृदयहरू सधैंको
निम्ति खुशी रहोस्।
२७ टाढ़ा-टाढ़ा भएका जातिका मानिसहरूले परमप्रभुलाई
सम्झून र उहाँतिर फर्केर आऊन्! विदेशीहरूका
परिवारहरूले पनि, उहाँ अघि दण्डवत् गरून र
उहाँको पूजा गरून्।
२८ किन? किनभने परमप्रभु नै राजा हुनुहुन्छ। उहाँले
सबै जातिहरू माथि शासन गर्नुहुन्छ।
२९ बलिया, स्वस्थ्य मानिसहरूले खाइसके पछि
परमेश्वरको सम्मुख शिर निहुराएर ढोग गर्दछन्।
वास्तवमा, सबै मानिसहरू मर्नेछ अनि जो मरिसकेका
छन्, तिनीहरूले परमेश्वर सम्मुख शिर निहुराएर
ढोग्दछन्!
३० अनि भविष्यमा हाम्रा सन्तानहरूले परमप्रभुको
सेवा गर्नेछन्। मानिसहरूले सदा सर्वदा उहाँको
विषयमा भन्ने छन्।
३१ प्रत्येक भावी सन्तानले केटा-केटीहरूलाई परमेश्वरले
गर्नु भएको राम्रा कुराहरूको विषयमा भन्नेछन्।

## भजन २३

*दाऊदको भजन।*

१ परमप्रभु मेरो गोठाला हुनुहुन्छ। मलाई खाँचो
परेका सबै थोकहरू पाउनेछु।
२ उहाँले मलाई हरियो घाँसको चौरमा सुताउनुहुन्छ।
उहाँले मलाई शान्त तलाउतिर लानु हुन्छ।
३ उहाँले आफ्नै नामको लागि मेरो आत्मामा नयाँ
शक्ति दिनुहुन्छ। उहाँ साँच्चै नै असल हुनुहुन्छ
भन्ने देखाउनलाई उहाँले मलाई धार्मिकताको
बाटोतर्फ डोराउनु हुन्छ।
४ यदि म चिहानभन्दा पनि अन्धकार-खाड़ी भएर
हिंड्ें पनि, डरले रातभरी पनि तर्सने छैन। किन?
किनभने हे परमप्रभु, तपाईं मसँग हुनुहुन्छ।
तपाईंको लाठी र लौरोले मलाई सान्त्वना दिँदछ।
५ हे परमप्रभु, तपाईंले मेरो शत्रुहरूका समक्ष मेरो
निम्ति भोजन तयार पारिदिनु भयो, अनि तपाईंले
मेरो शिरमा तेल हाल्नु भयो।* मेरो कचौरा
चुलिन्छ र पोखिएर बगिरहेछ।
६ मेरो जीवनको अन्तसम्म करुणा र भलाई मसँगै
रहने छ, अनि म परमप्रभुको मन्दिरमा दीर्घ
दिनको निम्ति बस्ने छु।

## भजन २४

*दाऊदको भजन।*

१ पृथ्वी र त्यसमा भएका सबै थोकहरू परमेश्वरका
सम्पत्ति हुन्। यो संसार र यसका सबै मानिसहरू
उहाँकै सम्पत्ति हुन्।
२ परमप्रभुले पानीमाथि पृथ्वी बनाउनु भयो उहाँले
यसलाई नदीहरूमा बसाउनु भयो।
३ परमप्रभुको पर्वतमाथि को जान सक्छ? उठेर
परमप्रभुको पवित्र मन्दिरमा उपासना गर्न को
सक्छ?
४ मानिसहरू जसले पाप कर्महरू गरेका छैनन्
मानिसहरू जसका शुद्ध हृदयहरू छन्। मानिसहरू
जसले सत्य भनेर झूट बोल्नलाई मेरो नाउँ प्रयोग
गरेका छैनन्। अनि जसले झूटो बोलेनन् र झूटा
कसमहरू खाएका छैनन्, तिनीहरूले मात्र त्यहाँ
उपासना गर्न सक्छन्।
५ असल मानिसहरूले मात्र अन्य मानिसहरूलाई
पनि आशीर्वाद दिइयोस् भनी परमप्रभुलाई प्रार्थना
गर्छन्। ती असल मानिसहरूले आफ्ना परमेश्वर,
आफ्ना उद्धारकलाई असल कुराहरू गरिदिनु होस्
भनी याचना गर्छन्।
६ ती असल मानिसहरूले परमेश्वरलाई पछ्याउने
कोशिश गर्दछन्। तिनीहरू सहयोग माग्न याकूबका
परमेश्वर कहाँ जान्छन्।
७ हे मूल प्रवेश-द्वारहरू। आफ्ना टाउकाहरू उठाऊ!
सनातनका द्वारहरू, खोल, अनि महिमापूर्ण राजा
आउनु हुनेछ।
८ महिमाका महाराज को हुनुहुन्छ? परमप्रभु नै ती
राजा हुन्। उहाँ शक्तिशाली सिपाही हुनुहुन्छ।
परमप्रभु उही राजा हुनुहुन्छ, उहाँ पराक्रमी हुनुहुन्छ।
९ हे मूल प्रवेश-द्वारहरू, आफ्ना टाउकाहरू उठाऊ।
सनातनका द्वारहरू खुल्ला होऊ, र महिमापूर्ण
महाराजा भित्र आउनु हुनेछ।
१० यो महिमाका महाराजा को हुन्हुन्छ? सर्वशक्तिमान्
परमप्रभु नै महाराजा हुनहुन्छ। उहाँ नै महिमाका
महाराजा हुनुहुन्छ!

## भजन २५

*दाऊदको भजन।*

१ हे परमप्रभु, म स्वयंलाई नै तपाईंकहाँ अर्पण
गर्दछु।
२ हे मेरो परमेश्वर, म तपाईंमाथि भरोसा गर्छु र म

---

**मेरो ... भयो** यसको अर्थ हुनसक्छः परमेश्वरले यो व्यक्तिलाई सम्मान्नीय पुरुषलाई झैं स्वागत गर्नु भयो अथवा परमेश्वरले उसलाई प्रचुर सम्पत्ति दिनु भयो, परमेश्वरले उसलाई, एक राजा, पूजाहारी अथवा अगमवक्तालाई झैं विशेष रूपमा चुन्नु भयो।

कहिले निराशा हुने छैन। मेरा शत्रुहरू ममाथि
हाँस्ने छैनन्।
३ यदि कुनै मानिसले तपाईंमाथि भरोसा गर्छ भने
त्यो कहिल्यै निराश हुने छैन। तर विश्वासघातीहरू
निराशा हुनेछन्। तिनीहरूले केही पनि पाउने
छैनन्।
४ हे परमप्रभु, मलाई तपाईंको पथ निर्देशन गर्नुहोस्।
मलाई तपाईंको शिक्षा सिकाउनुहोस्।
५ बाटो देखाउनु होस् र मलाई तपाईंको सत्यताहरू
सिकाउनुहोस्। तपाईं मेरो परमेश्वर हुनुहुन्छ,
मुक्तिदाता हुनुहुन्छ। म दिनहुँ तपाईंमा भरोसा
गर्दछु।
६ हे परमप्रभु, तपाईंको कृपाको सम्झना ममाथि
सधैं रहोस्, मलाई प्रेम देखाउनु होस् जो तपाईं
सँग सधैं छ।
७ ती मेरा पापहरू र दुष्टतापूर्ण कामहरू नसम्झनु
होस् म जवानी हुँदा गरेको थिएँ। हे परमप्रभु,
तपाईंको शुभनाउँको लागि, मलाई प्रेममा सम्झना
गर्नुहोस्।
८ परमप्रभु साँच्चै असल अनि इमान्दार हुनुहुन्छ।
उहाँले पापीहरूलाई ठीक मार्गमा बाँच्ने तरिका
सिकाउनु हुन्छ।
९ जब उहाँ विनम्र मानिसहरूको निम्ति न्याय संगत
हुनुहुन्छ। यसरी उहाँले तिनीहरूलाई जिउन सही
मार्ग देखाउनु हुन्छ।
१० परमप्रभु सधैं ती मानिसहरू तर्फ दयालु र सत्य
हुनुहुन्छ जसले उहाँको प्रतिज्ञा र करारहरू मान्दछ।
११ हे परमप्रभु, मैले धेरै गल्तीहरू गरेको छु। तर,
तपाईंको अनुग्रह देखाउनु होस्, मैले जे जति
अधर्म कामहरू गरें त्यासलाई क्षमा
गरिदिनु होस्।
१२ यदि कुनै मानिसले परमप्रभुको भक्त हुन खोज्दछ,
तब उहाँले त्यस मानिसलाई बाँच्ने उत्तम बाटो
देखाउनु हुनेछ।
१३ त्यस मानिसले असल चीजहरूमा तृप्ति पाउनेछ
अनि परमेश्वरले प्रतिज्ञा गर्नु भएको जमीन उसका
छोरा-छोरीहरूले पाउनेछन्।
१४ परमप्रभुले आफ्ना गुप्त कुराहरू आफ्ना
भक्तजनहरूलाई भन्नुहुन्छ। उहाँले आफ्नो करारहरू
तिनीहरूलाई सिकाउनु हुन्छ।
१५ म सधैं परमप्रभुको सहयोग पाउन उहाँलाई पर्खिरहेको
छु। उहाँ सधैं मेरो सङ्कटहरूबाट मलाई मुक्ति
गर्नुहुन्छ।
१६ हे परमप्रभु, म पीड़ित र एक्लो छु, मपट्टि फर्केर
ममाथि कृपा दर्शाउनु होस्।
१७ मेरा सङ्कटहरूबाट मलाई मुक्ति दिनुहोस्। मेरो
समस्याहरू समाधान गर्न साथ दिनुहोस्।
१८ हे परमप्रभु, मेरा परीक्षाहरू र सङ्कटहरूमा दृष्टि
राख्नुहोस् र मैले गरेका सबै पापहरू क्षमा
गर्नुहोस्।
१९ मसँग भएका मेरा शत्रुहरूमा नजर परोस्। तिनीहरूले
मलाई हेला गर्छन् र कष्ट दिन्छन्।
२० हे परमप्रभु मेरो सुरक्षा गर्नुहोस् अनि बचाउनुहोस्।
म तपाईंमाथि भरोसा गर्छु यसर्थ मलाई निराश
नपार्नुहोस्।
२१ हे परमेश्वर, तपाईं साँच्चै नै इमान्दारी र धार्मिक
हुनुहुन्छ म तपाईंमा भरोसा राख्छु यसैले मेरो रक्षा
गर्नुहोस्।
२२ हे परमेश्वर! इस्राएलका सम्पूर्ण मानिसहरूलाई
उनीहरूका शत्रुहरूदेखि बचाउनुहोस्।

## भजन २६

*दाऊदको भजन।*

१ हे परमप्रभु मेरो न्याय गर्नुहोस्। म चोखो भएर
बाँचेको छु प्रमाण गर्नुहोस्। म परमप्रभुमा भरोसा
गर्न कहिल्यै चुकेको छैन।
२ हे परमप्रभु प्रयास गरेर मलाई जाँच गर्नुहोस्। मेरो
मन र हृदय जाँच्न नियालेर हेर्नुहोस्।
३ मैले तपाईंको साँचो प्रेम कहिल्यै बिर्सिएको छुइन
अनि तपाईंको विश्वासले मेरो सारा जीवनलाई
डोर्‍याइरहेको छ।
४ म ती व्यर्थका मानिसहरू मध्येको होइन। म
दुष्टका संगतहरूलाई घृणा गर्छु।
५ म ती कुकर्मीहरूको समुदायलाई घृणा गर्छु। म
ती ठग धूर्तहरूको समुदायहरूमा सामेल
छैन।
६ हे परमप्रभु, म चोखो छु भनेर देखाउनलाई मेरो
हातहरू धोई दिनुहोस् म तपाईंको वेदीको वरिपरि
हिँड्न सकूँ।
७ हे परमप्रभु, म तपाईंको महिमाको गीत गाउँछु।
म ती अद्‌भूत सृजनाहरूका गीत गाउँछु जुन सबै
तपाईंले सृष्टि गर्नुभयो।
८ हे परमप्रभु म तपाईंको मन्दिरलाई प्रेम गर्दछु। म
तपाईंको महिमापूर्ण पाललाई प्रेम गर्दछु।
९ हे परमप्रभु, मलाई पापीहरूसित सजाय नदिनुहोस्।
ती हत्याराहरू सँगै मलाई नमार्नुहोस्।
१० ती पापीहरूले अन्य मानिसहरूलाई ठग्न
सक्छन। तिनीहरूले नीच काम गर्न पैसाहरू
लिनसक्छन्।
११ तर म निर्दोष छु। यसैले परमेश्वरको म प्रति
कृपा रहोस् र रक्षा गर्नुहोस्।
१२ म सबै विपदहरूबाट सुरक्षित छु। हे परमप्रभु, म
तपाईंका मानिसहरूको महासभामा बोलाइएकाहरूको
माझमा जब उभिन्छु, तपाईंको प्रशंसा गर्नेछु।

## भजन २७

*दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईं मेरो ज्योति र उद्धारकर्त्ता हुनुहुन्छ, मैले कोहीसँग पनि डराउनु पर्दैन! मेरो जीवनको लागि परमप्रभु नै सुरक्षित ठाउँ हुनुहुन्छ! यसैले म कोहीसँग डराउने छैन।

२ दुष्ट मानिसहरूले मलाई आक्रमण गर्न सक्छन्। तिनीहरूले मलाई तरवारले काट्न सक्छन्। मेरा शत्रुहरूले आक्रमण गर्न सक्छन् अनि मलाई ध्वंस पार्ने प्रयास गर्न सक्छन्।

३ तर मेरा शत्रुहरू ठक्कर खानेछन् अनि पतित हुनेछन्। तथापि सिपाहीहरू मेरो वरिपरि छन्, म डराउने छैन। यदि मानिसहरूले युद्धमा आक्रमण गरे तापनि म डराउने छैन। किन? किनभने म परमप्रभुमाथि भरोसा गर्दछु।

४ परमप्रभुबाट म एउटै मात्र कुरा जान्न चाहन्छु: "जीवनभर म उहाँको मन्दिरमा बस्न सकूँ, परमपरभुले दिने खुशी अनुभव गर्नुसकूँ अनि मन्दिरमा परिदर्शन गर्नु सकूँ।"

५ परमप्रभुले मलाई बचाउनु हुन्छ। जब म सङ्कटमा पर्छु उहाँले मलाई आफ्नो वासस्थानमा लुकाउनुहुन्छ। उहाँले मलाई आफ्नो सुरक्षाको ठाउँमा लानुहुन्छ।

६ मेरा शत्रुहरूले मलाई घेरेका छन्। तर तिनीहरूलाई परास्त गर्न मलाई परमप्रभुले सहयोग गर्नु हुनेछ। त्यसपछि म उहाँको पालमा बलि चढ़ाउने छु। म आनन्दको जयकार सहित बलिदान गर्नेछु म परमप्रभुको सम्मानमा भजन गाउनेछु।

७ हे परमप्रभु, मेरो बिन्ती सुन्नुहोस्। मलाई जवाफ दिनुहोस्। मलाई कृपादान गर्नुहोस्।

८ हे परमप्रभु, म तपाईंसँग बोल्न चाहन्छु। म हृदयबाटै तपाईंसँग कुरा गर्न चाहन्छ। म तपाईं समक्ष बोल्न आएँ।

९ हे परमप्रभु, तपाईंको दासबाट मुख नफर्काउनु होस् मलाई साथ दिनुहोस्। मलाई टाढ़ा नधकेल्नुहोस्! मलाई न त्याग्नु होस् मेरो परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ।

१० मेरो माता-पिताले मलाई छोड़ी गए। तर परमप्रभुले मलाई लानु भयो र बनाउनु भयो।

११ हे परमप्रभु, मेरा शत्रुहरू छन्। यसैले मलाई पथ प्रदर्शन गर्नुहोस् र तपाईंको उपायहरू बताउनु होस्। मलाई ठीक कुराहरू मात्र गर्न सिकाउनु होस्।

१२ मेरा शत्रुहरूले ममाथि आक्रमण गरे। मलाई अरूले चोट पुर्‍यायोस भनी तिनीहरूले मेरो विषयमा झूटो बोलेका छन्। परमप्रभु, मेरा शत्रुहरूले मलाई पराजित नगरून्।

१३ मलाई पूरा विश्वास छ म मर्नु भन्दाअघि परमप्रभुको सतगुण हेर्न पाउनेछु।

१४ परमप्रभुको सहयोगलाई पर्ख! बलियो र वीर होऊ! अनि परमप्रभुको सहयोग पर्ख!

## भजन २८

*दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईं मेरो निम्ति चट्टान हुनुहुन्छ। म तपाईंलाई सहायताको निम्ति गुहारी रहेछु। मेरो प्रार्थनाहरूलागि कान नथुन्नुहोस्! यदि तपाईंले सहायताको निम्ति मेरो बिन्ती सुन्नु भएन भने मानिसहरूले सोच्नेछन् म चिहानमा भएका मुर्दाहरूभन्दा हीन छु।

२ हे परमप्रभु, म आफ्ना पाखुराहरू उचाल्दै तपाईंको खास पवित्र स्थानतर्फ प्रार्थना गर्छु। जब म बोलाउँछु मलाई सुनि दिनुहोस्। मप्रति दया दर्शाउनु होस्।

३ हे परमप्रभु, मलाई ती दुष्ट मानिसहरू मध्येको नठान्नुहोस्। तिनीहरूले आफ्ना छिमेकीहरूलाई "शालोम"* शब्दसँग स्वागत गर्दछन, तर तिनीहरूको मनभित्र आफ्ना छिमेकीहरूको विरुद्ध अधर्म कामहरू गर्दछन्।

४ हे परमप्रभु, ती मानिसहरूले अरूको निम्ति अहितकारी कामहरू गर्दछन्। यसैले अधर्म कुराहरू नै तिनीहरू तर्फ फर्काई दिनुहोस्। तिनीहरूका कुकार्यहरू अनुसार दण्ड दिनुहोस्।

५ दुष्ट मानिसहरूले परमप्रभुको धार्मिक कार्यहरू बुझ्दैनन्। उहाँले के बनाउनु भएकोछ भनी तिनीहरू बुझ्दैनन्। परमप्रभुले तिनीहरूलाई दण्ड दिऊन अनि सम्वृद्धिपूर्ण नबनाऊन।

६ परमप्रभुको प्रशंसा गर। उहाँले मेरो करुणाको प्रार्थना सुन्नुभयो।

७ परमप्रभु मेरो शक्ति हुनुहुन्छ। उहाँ मेरो ढाल हुनुहुन्छ, म उहाँमाथि भरोसा गर्छु, म खुशी छु र उहाँको प्रशंसाको गीत गाउँछु।

८ परमप्रभुले आफूले रोज्नु भएका प्रियजनलाई रक्षा गर्नुहुन्छ। परमप्रभुले उहाँलाई बचाउनु हुन्छ। परमप्रभु उसको शक्ति हुनुहुन्छ।

९ हे परमेश्वर, आफ्ना मानिसहरूलाई रक्षा गर्नुहोस्। जो तपाईंका हुन तिनीहरूलाई आशीर्वाद दिनु होस्। तिनीहरूको अनन्त अगुवाइ र सम्मान गर्नुहोस्।

---

**शालोम** अर्थ हो 'शान्ति।' तर अभिवादन गर्दा 'नमस्ते' मा पनि प्रयोग हुन्छ।

## भजन २९

*दाऊदको भजन।*

१ परमेश्वरका सन्तान हो, परमप्रभुको प्रशंसा गर। उहाँको महिमा र शक्तिको प्रशंसा गर।
२ परमप्रभुको स्तुति गरौं र उहाँको नाउँको सम्मान गरौं! आफ्ना खास पोशाक* लगाएर उहाँको उपासना गरै।
३ परमप्रभुले आफ्ना आवाज समुद्रमा उठाउनु हुन्छ। मेघको गर्जन समुद्रमाथि प्रतिध्वनि हुन्छ। यही नै महिमापूर्ण परमप्रभुको आवाज हो।
४ परमप्रभुको आवाजले उहाँको शक्ति बुझाउँछ। उहाँको आवाजले आफ्नो महिमा दर्शाउँछ।
५ परमप्रभुको आवाजले देवदारुका रूखहरू पनि टुक्रा-टुक्रा पारेर भाँच्छ। परमप्रभुले लबनोनका ठूला-ठूला देवदारुको रूखहरू भाँच्नु हुन्छ।
६ परमप्रभु लबनोनलाई हल्लाउनु हुन्छ। यो सानो साँढ़े उफ्रिरहेको झैं देखिन्छ। सिरिओन हल्लिन्छ। त्यो सानो बाख्रा नाच्दै गरे झैं देखिन्छ।
७ परमप्रभुको आवाज बिजुलीको चमकसित हावाबाट बाहिरिन्छ।
८ परमप्रभुको आवाजले मरुभूमि पनि चम्काई दिन्छ। कादेशको मरुभूमिलाई परमप्रभुको आवाजले थर्काई दिन्छ।
९ परमप्रभुको आवाजले मृगलाई भयभीत पारिदिछ। परमप्रभुले जङ्गलहरू ध्वंस पारिदिनु हुन्छ; तर उहाँको दरबारमा, मानिसहरू "महिमा" गाउँछन्।
१० जम्मै बाढ़ी आएको बेलामा परमप्रभु राजा हुनुहुन्थ्यो अनि सदा सर्वदको लागि राजा नै हुनुहुनेछ।
११ परमप्रभुले उहाँका मानिसहरूलाई सुरक्षा गरून। परमप्रभुले आफ्ना मानिसहरूलाई शान्तिले आशीर्वाद दिऊन।

## भजन ३०

*भजनहरू मध्ये एउटा। यो भजन मन्दिरको नाउँमा समर्पण। दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईंले मलाई मेरो सङ्कटहरूबाट माथि उठाउनु भयो। तपाईंले मेरो शत्रुहरूलाई जित्न दिनु भएन र मप्रति हाँसो उड़ाउन दिनु भएन। यसैले तपाईं प्रति म सम्मान जनाउँदछु।
२ हे परमप्रभु, मेरो परमेश्वर, मैले तपाईंलाई प्रार्थना गरें र मलाई निको पार्नु भयो।
३ तपाईंले मलाई चिहानबाट निकाल्नु भयो र बाँच्न दिनुभयो। मैले खाड़लमा लड़िरहेका मृतकहरूसित मिल्नु परेन।
४ हे परमेश्वरका भक्तजनहरू, परमप्रभु प्रति भजन गाऔ! उहाँको पवित्र नाउँको प्रशंसा गर!
५ परमेश्वर क्रोधित हुनुहुन्थ्यो यसर्थ निर्णय "मृत्यु" हुन गयो। तर उहाँले आफ्नो प्रेम दर्शाउनु भयो र मलाई "जीवनदान" दिनुभयो। म राती रोइरहें अर्को बिहान म खुशी थिएँ र गाइरहेथैं!
६ जब म जोगिएँ र सुरक्षित भएँ, सोचें केही कुरोले पनि मलाई कष्ट पुऱ्याउन सक्ने होइन!
७ हे, परमप्रभु जब तपाईं मप्रति कृपालु हुनुहुन्थ्यो मैले अनुभव गरें कसैले पनि मलाई पराजित गर्न सक्ने होइन! जब तपाईंले मबाट मुख फर्काएर जानुभयो, म डराएँ र कामे।
८ यसर्थ परमेश्वर, म फर्के अनि तपाईं प्रति प्रार्थना गरें। मैले तपाईंलाई दयाको बिन्ती गरें।
९ मैले भने, "परमेश्वर, के राम्रो हुन्छ! यदि म मरे अनि चिहानभित्र गए भने? मरेका मानिसहरू खाली धूलोभित्र पल्टिएर बस्छन्! तिनीहरूले तपाईंको प्रशंसाहरू गाउँदैनन्। कतिसम्म हामी तपाईंमाथि निर्भर हुनसक्छौ। तिनीहरूले मानिसहरूलाई भन्दैनन्।
१० हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस् र मप्रति कृपादृष्टि राख्नुहोस्! हे परमप्रभु, मलाई साथ दिनुहोस्!"
११ मैले प्रार्थना गरें र तपाईंले साथ दिनुभयो! तपाईंले मेरो रूवाइँलाई नाचमा बद्ली दिनुभयो। तपाईंले मेरो उदासीनताका पोशाकहरू फुकालेर लैजानु भयो र खुशीयालीले मलाई ढाकिदिनु भयो।
१२ हे परमप्रभु, मेरो परमेश्वर, म सदासर्वदा तपाईंको स्तुति गाउनेछु यसकारण त्यहाँ कहिल्यै निस्तब्ध हुनेछैन, अनि म सधैं तपाईंको प्रशंसा गर्छु।

## भजन ३१

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ हे परमप्रभु, म तपाईंमाथि आश्रित हुन्छु मलाई निराश नपार्नुहोस्। मप्रति कृपालु हुनुहोस् र मेरो रक्षा गर्नुहोस्।
२ हे परमेश्वर, मप्रति ध्यान दिनुहोस्। चाँडै आउनु होस् अनि मलाई बचाउनु होस्। मेरो चट्टान हुनुहोस्। मेरो सुरक्षाको ठाउँ भइदिनु होस्। मेरो किल्ला बनिनुहोस् मेरो रक्षा गर्नुहोस्।
३ हे परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ अनि तपाईं मेरो किल्ला हुनुहुन्छ। यसर्थ, तपाईंको सुरक्षाको निम्ति मेरो अगुवाइ गर्नुहोस् र मलाई निर्देश गर्नुहोस्।
४ मेरा शत्रुहरूले मेरै समक्ष पासो थापे। मलाई तिनीहरूको पासोबाट बचाउँनु होस्। तपाईं मेरो सुरक्षाको स्थान हुनुहुन्छ।

---

**खास पोशाक** जुन मन्दिरमा परमेश्वरको पूजापाठ गर्दा लगाइन्छ।

५ हे परमप्रभु, तपाईं परमेश्वर हुनुहुन्छ, जसमाथि
हामी भरोसा गर्न सक्छौ। मैले आफ्नो जीवन
तपाईंको हातमा राखिदिएँ, मलाई बचाउनु
होस्!
६ म ती भूटा देवताहरू मान्नेहरूलाई घृणा गर्छु।
म परमप्रभुमा मात्र भरोसा गर्छु।
७ हे परमेश्वर, तपाईंको विश्वासपूर्ण प्रेमको आनन्दमा
म खुशी हुनेछु अनि नाच्नेछु। तपाईंले मेरो
पीरहरू देख्नु भएको छ। मलाई भएका दु:ख
कष्टहरू तपाईं जान्नुहुन्छ।
८ तपाईंले मेरा शत्रुहरूलाई मलाई लिएर जानु दिनु
भएन। तपाईंले तिनीहरूको पासोबाट मलाई बचाउनु
भयो।
९ हे परमप्रभु, मसँग कैयौं दु:ख-कष्टहरू छन्
यसैले मप्रति कृपा-दृष्टि राख्नुहोस्। यसैले म यति
साह्रो उदास छु मेरा आँखाहरू बिझाउँदैछन्। मेरो
घोक्रो र भुँडीहरू दुखिरहेछन्।
१० मेरो जीवन उदासीनतामा समाप्त भइरहेछ। मेरो
उमेर नैराश्यमा बितिरहेछ। मेरा सङ्कटहरूले मेरो
शक्ति नाश गर्दै लाँदैछ। मेरो शक्तिले मलाई
छोड्दै गइरहेछ।
११ मेरा शत्रुहरूले मलाई हेला गर्छन्। अनि मेरा
सम्पूर्ण छिमेकीहरूले पनि हेला गर्छन्। सबै मेरा
आफन्तहरूले मलाई गल्लीमा देखेका छन्। तिनीहरू
मसँग डराउछन् जब गल्लीमा मलाई तिनीहरूले
देख्छन्, तिनीहरू मलाई नदेखे झैं भान गर्छन्।
१२ मानिसहरूले आफ्नो हराएको औजार जस्तै पूर्ण
प्रकारले मलाई बिर्सिकाछन्।
१३ मेरो विषयमा मानिसहरूले भनेका डरलाग्दा कुराहरू
म सुन्छु। तिनीहरू मेरा विरोधीहरू भए। तिनीहरूले
मलाई मार्ने योजना गरे।
१४ तर हे परमप्रभु, म तपाईंमाथि भरोसा गर्छु। तपाईं
नै मेरो परमेश्वर हुनुहुन्छ।
१५ मेरो जीवन तपाईंको हातमा छ, मलाई मेरो
शत्रुहरूदेखि बचाउनुहोस्। कतिपय मानिसहरूले
मलाई खेदिरहेका छन्। मलाई तिनीहरूबाट
बचाउनुहोस्।
१६ कृपया स्वागत जनाएर तपाईंको दासलाई ग्रहण
गर्नुहोस्। ममाथि कृपादृष्टि परोस् र मलाई बचाउनु
होस्!
१७ हे परमप्रभु, मैले तपाईंलाई प्रार्थना गरें। यसर्थ म
असन्तुष्ट हुँदिन। दुष्ट मानिसहरू असन्तुष्ट हुनेछन्।
तिनीहरू निस्तब्ध चिहानभित्र जानेछन्।
१८ ती दुष्टहरू अंहकार गर्छन् अनि राम्रा मानिसहरूको
विषयमा भूटा कुरा गर्छन्। ती दुष्टहरू घमण्डी
छन्, तिनीहरूको भूटो बोल्ने ओठहरू मौन
हुनेछन्।
१९ हे परमेश्वर! तपाईंले धेरै आश्चर्य-जनक कुराहरू
आफ्ना भक्तजनहरूको निम्ति लुकाउनु भएको छ।
तपाईंले असल कुराहरू प्रत्येक मानिसहरूको गर्नु
हुन्छ जसले तपाईं विश्वास गर्छन्।
२० धर्मी मानिसहरूलाई कष्ट दिनलाई दुष्टहरू एक
जुट हुन्छन्। ती दुष्टहरू लड़ाइँ गर्न तैयार हुन्छन्।
तर तपाईंले ती मानिसहरूलाई लुकाउनु हुन्छ र
तिनीहरूको रक्षा गर्नु हुन्छ। तपाईंले तिनीहरूलाई
आफ्नो छत्रछायामा जोगाउनु हुन्छ।
२१ परमप्रभुको जय होस्! जब सम्पूर्ण शहरलाई
शत्रुहरूले घेरेका थिए आफ्नो स्नेहपूर्ण करुणा
अद्भूत प्रकारले मलाई देखाउनु भयो।
२२ म भयभीत थिएँ अनि मैले भने, "म यस्तो
ठाउँमा छु जहाँ परमेश्वरले मलाई देख्न सक्नु
हुन्न। तर मैले तपाईंलाई प्रार्थना गरें, परमेश्वर
अनि तपाईंले मेरो प्रार्थना सहायताका लागि सुन्नु
भयो।"
२३ हे परमेश्वरका भक्तजनहरू, तिमीहरूले परमप्रभुलाई
प्रेम गर्नु पर्छ! परमप्रभुले तिनीहरूलाई रक्षा गर्नुहुन्छ
जो उहाँप्रति विश्वासी छन्। तर परमप्रभुले तिनीहरूको
दण्ड दिनुहुन्छ जसले आफ्नो बलको अहंकार
गर्छन्। उहाँले तिनीहरूलाई दण्ड दिनुहुन्छ जो
त्यसको लायक छन्।
२४ बलियो र वीर होऊ, तिमीहरू सबै जो परमप्रभुको
सहयोग पर्खिरहेका छौ।

## भजन ३२

*दाऊदको भजन 'मस्किल।'*

१ त्यो मानिस खुशी हुँन्छ जसका पापहरू क्षमा
गरिएका छन्। त्यो मानिस एकदमै भाग्यमानी हो
जसका पापहरू मेटिका छन्।
२ त्यो मानिस खुशी हुँन्छ जब परमप्रभुले त्यो दोषी
होइन भनिदिनु हुन्छ। त्यो मानिस एकदमै भाग्यमानी
हुन्छ जब उसले आफ्ना निजी पापहरू
लुकाउँदैन।
३ परमेश्वर मैले तपाईंलाई घरिघरि प्रार्थना गरेँ। तर
मैले आफ्नो गुप्त पापहरूको विषयमा कुरा
गरिनँ। जतिपल्ट प्रार्थना गरें, उतिपल्ट म कमजोर
हुँदै गएँ।
४ परमेश्वर, तपाईंले मेरो जीवन रात-दिन कठिन
भन्दा कठिन बोझ बनाउनु भयो। म ग्रीष्म
ऋतुमा सुक्खा जमीन जस्तो भएँ।
५ तर त्यसपछि मैले आफ्ना सारा पापहरू परमप्रभु
समक्ष स्वीकार गर्ने निर्णय लिएँ। परमप्रभु, मैले
आफ्ना पापहरू तपाईंलाई भनें मेरा दोषहरू तपाईं
देखि कुनै पनि लुकाइन्। अनि तपाईंले मेरो सारा
पापहरू क्षमा गरिदिनु भयो!

६ यही कारणले गर्दा, परमेश्वर, तपाईंका सम्पूर्ण भक्तजनहरूले तपाईंलाई प्रार्थना गर्नु पर्छ। तपाईंका भक्तजनहरूले ठूलो बाढ़ी जस्ता सङ्कटहरू आईपरे तापनि तपाईंलाई प्रार्थना गर्नुपर्छ।
७ हे परमेश्वर, तपाईं मेरो लुक्ने ठाउँ हुनुहुन्छ, तपाईं मलाई सङ्कटहरूबाट रक्षा गर्नुहुन्छ। तपाईं मलाई चारैतिरबाट घेरेर रक्षा गर्नुहुन्छ। यसैले जुन तरिकाले मलाई बचाउनु भयो त्यसको गीत गाउँदछु।
८ परमप्रभु भन्नुहुन्छ, "म तँलाई शिक्षा दिनेछु र कुन तरिकाले बाँच्नु पर्ने हो सो म सिकाउनेछु। म तिम्रो रक्षा गर्नेछु र पथ-प्रदर्शक हुनेछु।
९ यसैले घोड़ा अथवा गधा जस्तो मूर्ख होऊ। ती पशुहरूलाई वशमा पार्नलाई लगाम र अंकुश लगाउनु पर्छ। ती चीजहरू नलगाए, ती पशुहरू काबुमा आउने छैनन्।"
१० दुष्ट मानिसहरूकहाँ कैयौं पीरहरू आउने छनन्। तर परमेश्वरको स्नेहपूर्ण करुणाले ती मानिसहलाई घेर्ने छ जसले परमप्रभुमाथि भरोसा गर्छन्।
११ हे धार्मिक मानिसहरू हो, परमप्रभुमा प्रफुलित र अत्यन्त खुशी होऊ। हे शुद्ध हृदय भएका मानिसहरू प्रफुलित होऊ।

### भजन ३३

१ हे असल धार्मिक मानिसहरू परमप्रभुमा आनन्दित होऊ! उहाँको गुण गाउनु मानिसहरूका लागि राम्रो हुन्छ।
२ वीणा बजाएर परमप्रभुको स्तुति गर! दश तारे सारङ्गी बजाएर परमप्रभुको भजन गाओ।
३ उहाँको निम्ति एउटा नयाँ गीत गाऊ। सुखमय सुन्दर वाद्यहरू बजाऊ!
४ परमेश्वरको वचन सत्य छ। उहाँले गर्नुभएको प्रत्येक कुरामा तिमीहरू भर पर्न सक्छ।
५ परमेश्वर स्वच्छ हुनु मन पराउनु हुन्छ अनि राम्रो काम गर्नु हुन्छ। परमेश्वरको साँचो प्रेमले पृथ्वी भरिन्छ।
६ परमप्रभुले आदेश गर्नुभयो र यो संसार बनियो। परमेश्वरको मुखबाट निस्केको सासबाट पृथ्वीमा प्रत्येक कुराको सृजना भयो।
७ परमप्रभुले समुद्रबाट पानी एक ठाउँमा थुपार्नु भयो। उहाँले सागरलाई आफ्नो ठाउँमा राख्नुहुन्छ।
८ यस पृथ्वीमा प्रत्येक मानिसले डराउनु पर्छ र परमप्रभुको सम्मान गर्नु पर्छ। संसारमा भएका सबै मानिसहरू उहाँदेखि डराउनु पर्नेछ।
९ किन? किनभने परमेश्वरले आदेश गर्दा मात्र ती कुराहरू प्रकट हुन्छन। अनि यदि उहाँले भन्नुहुन्छ, "रोक!" तब ती सबै रोकिने छन्।
१० यदि परमप्रभुले चाहनु भयो भने, प्रत्येकका योजनाहरू व्यर्थ पार्न सक्नुहुन्छ। उहाँले तिनीहरूका योजनाहरू ध्वंस पार्न सक्नु हुन्छ।
११ तर परमप्रभुको सल्लाह सदा-सर्वदा असल हुन्छ। उहाँका योजनाहरू पुस्तौं-पुस्तासम्म असल हुन्छन्।
१२ परमप्रभु जुन मानिसहरूको परमेश्वर स्वरूप हुनुहुन्छ, तिनीहरू सौभाग्यशाली हुन्छन्। किन? किनभने परमेश्वरले तिनीहरूलाई उहाँको आफ्नै खास मानिसहरू सरह रोज्नु भएकोछ।
१३ परमप्रभुले स्वर्गबाट तल हेर्नु भयो अनि उहाँले सारा मानिसहरूलाई देख्नु भयो।
१४ उहाँले उच्च-आसनबाट तल पृथ्वीमा बाँचिरहेका सारा मानिसहरूलाई हेर्नु भयो।
१५ परमेश्वरले प्रत्येक मानिसको रचना गर्नुभयो। परमेश्वर तिनीहरूले के सोच्दछन् जान्नुहुन्छ।
१६ कुनै पनि राजा आफ्नो महान् शक्तिद्वारा बाँच्दैन। कुनै पनि बलियो सिपाही उसको महान् बलबाट बाँच्दैन।
१७ घोड़ाहरूले साँच्यै लड़ाइँमा विजय ल्याउँदैनन। तिनीहरूका बलले तिमीहरूलाई वास्तवमा भाग्न सहायता गर्न सक्दैन।
१८ परमप्रभुले हेर्नुहुन्छ साथै हेरचाह गर्नुहुन्छ तिमीहरूमध्ये जसले उहाँलाई मान्दछन्। जसले उहाँलाई सम्मान् गर्छ उहाँ महान् प्रेमले, मानिसहरूको रक्षा गर्नुहुन्छ।
१९ परमेश्वरले ती मानिसहरूलाई मृत्युबाट बचाउनु हुन्छ। जब तिनीहरू भोका हुन्छन् उहाँले तिनीहरूलाई बल दिनुहुन्छ।
२० यसैले हामी आशा लिएर परमप्रभुलाई पर्खनेछौं। उहाँले हामीलाई साथ दिनुहुन्छ र रक्षा गर्नुहुन्छ।
२१ परमेश्वरले हामीलाई खुशी पार्नु हुन्छ, हामी साँच्चै उहाँको पवित्र नाउँमा भरोसा गर्छौं।
२२ हे परमप्रभु, हामी साँचो मनले तपाईंलाई पूज्दछौं! यसर्थ हामीलाई तपाईंको महान् प्रेम दर्शाउनुहोस्।

### भजन ३४

*त्यस समय दाऊद विक्षिप्त भएपछि अबिमेलेकले उनलाई निकाली दियो। यसरी दाऊदले त्याग गरे। दाऊदको एउटा भजन।*

१ हर समय म परमप्रभुलाई धन्य भन्छु। उहाँको स्तुति निरन्तर मेरो ओंठमा हुनेछ।
२ नम्र मानिसहरू! सुन र खुशी बन। मेरो प्राणले परमप्रभुको विषयमा घमण्ड गर्दछ।
३ परमप्रभुको स्तुति मसँग गर! उहाँको नाउँको सम्मान गरौं।

४ म परमेश्वरको संगत पाउनलाई उहाँकहाँ गएँ। अनि उहाँले मलाई उत्तर दिनुभयो। मेरा सब डरहरूबाट उहाँले मलाई बचाउनु भयो।
५ उहाँको पाउन परमप्रभुलाई हेर, लज्जित नहोऊ उहाँले तिमीलाई स्वीकार गर्नुहुने छ।
६ यस दुःखी मानिसहले उहाँको पाउनलाई परमप्रभुलाई बोलायो। अनि परमप्रभुले मेरो कुरा सुन्नुभयो। उहाँले मलाई सबै सङ्कटहरूबाट बचाउनुभयो।
७ परमप्रभुको स्वर्गदूतले जुन मानिसहरूले परमप्रभुको अनुशरण गरे, उनीहरूको चारैतिर छाउनी बनाउँछ अनि तिनीहरूलाई बचाउँ। स्वर्गदूतहरूले तिनीहरूको रक्षा गरे।
८ परमप्रभुलाई जाँच गरेर हेर, उहाँ कति असल हुनुहुन्छ। जुन मानिसले उहाँमाथि आश्रय राख्दछ ऊ अवश्य खुशी हुनेछ।
९ परमप्रभुका पवित्र भक्तजनहरू उहाँको उपासना गर। उहाँ बाहेक परमप्रभुका भक्तजनहरूका लागि अरू कुनै सुरक्षित ठाउँ छैन।
१० बलवान मानिसहरू कमजोर र भोका हुनेछन्। तर जुन मानिसहरू सहयोग माग्न परमेश्वर कहाँ जान्छन् तिनीहरू मध्ये प्रत्येकले असल थोकहरू पाउनेछन्।
११ केटाकेटीहरू मलाई ध्यान देऊ, म तिमीहरूलाई परमेश्वरको आदर गर्ने तरिका सिकाउनेछु।
१२ यदि कुनै मानिस आफ्नो जीवनलाई प्रेम गर्दछ र असल, लामो जीवन बाँच्न चाहन्छ भने,
१३ तब त्यस मानिसहले अधर्म कुराहरू भन्नु हुँदैन; त्यस मानिसले झूटा कुराहरू त गर्नैहुँदैन।
१४ नराम्रा कामहरू गर्नदेखि आफूलाई रोक! राम्रो, असल कुराहरू मात्र गर। शान्तिको पछाड़ी दगुर अनि त्यसलाई समात।
१५ परमप्रभुले असल र राम्रो मानिसहरूको रक्षा गर्नुहुन्छ। उहाँले तिनीहरूको प्रार्थना सुन्नुहुन्छ।
१६ तर परमप्रभु ती मानिसहरूका विरुद्ध हुनुहुन्छ जसले नराम्रा कामहरू गर्छन्। उहाँले तिनीहरूलाई पूर्ण प्रकारले ध्वंस पारिदिनु हुन्छ!
१७ परमप्रभुलाई प्रार्थना गर र उहाँले सुन्नु हुनेछ। उहाँले तिमीहरूका सबै सङ्कटहरूबाट बचाउनु हुनेछ।
१८ जब कष्टले सताँउछ केही मानिसहरू नम्र हुन्छन्। परमप्रभु तिनीहरूको नजिक हुनुहुन्छ। अनि उहाँले तिनीहरूलाई बचाउनु हुन्छ।
१९ धार्मिक मानिसहरूका धेरै समस्याहरू हुन सक्छन्, तर परमप्रभुले तिनीहरूका प्रत्येक समस्याबाट बचाँउनु हुनेछ।
२० परमप्रभुले तिनीहरूका सम्पूर्ण हड्डीहरू जोगाउनु हुनेछ। एउटा पनि हड्डी भाँचिन दिनु हुनेछैन।
२१ तर दुष्टहरूलाई सङ्कट र दुःखले मार्ने छन्। असल मानिसहरूका शत्रुहरू ध्वंस हुने नै छन्।
२२ जुन मानिसहरू उहाँमाथि आश्रित छन् परमप्रभुले आफ्ना दासहरूको प्राणको रक्षा गर्नु हुन्छ। उहाँले तिनीहरूलाई ध्वंस हुन दिनु हुनेछैन।

## भजन ३५

*दाऊदको भजन।*

१ हे परमप्रभु, मेरा युद्धहरू लड़िदिनु होस्। मेरा रणहरू लड़िदिनु होस्!
२ हे परमप्रभु! तपाईंको सानो ढाल र ठूलो कवच उठाउनु होस्। उठनु होस् र मलाई सहायता गर्नुहोस्।
३ भाला र बरछा लिनुहोस् अनि मलाई खेदो गर्नेहरूको विरुद्ध लड़नु होस्। परमप्रभु, मेरो प्राणलाई भन्नुहोस, "म तिमीलाई बचाउनेछु।"
४ कतिपय मानिसहरू मलाई मार्न तम्सिरहेका छन्। तिनीहरूलाई पछि फर्किएर भाग्ने बनाउनु होस्। तिनीहरूले मलाई नोक्सान गर्ने योजना बनाइरहेका छन्। यसर्थ तिनीहरूलाई जित्नु होस् र लज्जित पार्नु होस्।
५ तिनीहरूलाई हावाले उड़उने भूस* जस्तो बनाउनु होस्। तिनीहरूलाई परमप्रभुको स्वर्गदूतले खेदो गरून्।
६ तिनीहरूका बाटाहरू अँध्यारो चिप्ला हुन्। परमप्रभुका स्वर्गदूतले तिनीहरूलाई खेदन सकुन्।
७ मैले अधर्म कर्महरू गरिनँ, तर ती मानिसहरूले मलाई पासोमा पार्ने कोशिश गरे। कुनै कारण नै बिना तिनीहरूले मलाई पासोमा पार्न खोजे।
८ यसैकारण, हे परमेप्रभु! तिनीहरूलाई आफ्नै पासोमा फस्न दिनुहोस्। तिनीहरूलाई आफ्नै जालोहरूमा पछारिन दिनुहोस्। तिनीहरूलाई आज्ञात सङ्कटहरूले पक्रोस्।
९ तब म परमप्रभुमा हर्षित रहनेछु। जब उहाँले मलाई बचाउनु हुनेछ म हर्षित हुनेछु।
१० मेरो सम्पूर्ण शरीर र आत्माले भन्नेछ, "हे परमप्रभु! तपाईं परमेश्वर जस्तो हुनुहुन्छ, तपाईं ती बलिया मानिसहरू माझका कमजोर मानिसहरूलाई बचाउनु होस् तपाईंले ती बलिया मानिसहरूबाट सामानहरू थुतेर ती खाँचोमा परेका गरीब मानिसहरूलाई दिनुभयो।"
११ झूटो बोल्ने समुदायका साक्षीहरूले मलाई कष्ट दिने योजनाहरू तयार पारिरहेछन्, म केही पनि जान्दिनँ भनेर ती मानिसहरूले मलाई सोधिरहेछन्।

---

**भूस** चामलको दानाहरू निस्केको पोगटा।

१२ मैले असल कुराहरू मात्र गरें। तर ती मानिसहरूले मेरो लागि नराम्रा कामहरू गर्नेछन्। हे परमप्रभु, मलाई मेरो योग्यता अनुसारको असल कुराहरू दिनुहोस्।

१३ जब ती मानिसहरू बिमारी हुन्थे, म तिनीहरूका लागि दुःखी हुन्थे। मैले उपवास बसेर आफ्नो शोक प्रकट गरें। के तिनीहरूका निम्ति प्रार्थना गर्नाले मैले यही पाएको हुँ?

१४ मैले ती मानिसहरूका लागि उदास पोशाकहरू लगाएँ, ती मानिसहरूलाई साथी-भाइहरू जस्तो व्यवहार गरें। कुनै मानिसकी आफ्नो आमा मर्दा ऊ रोएको जस्तो अवस्था म उदास थिएँ। मैले आफ्नो उदासीनता देखाउनका लागि कालो पोशाक लगाएको थिएँ। म आफ्नो शरीर झुकाएर उदास भई हिँड्दथें।

१५ तर जब मैले भूल गरें। ती मानिसहरू ममाथि हाँसे। तिनीहरू साँच्चै नै मेरा मित्रहरू थिएनन्, म तिनीहरूलाई चिन्दा पनि चिन्दैन थिएँ। तर तिनीहरूले मलाई धेरैपल्ट आक्रमण गरे।

१६ तिनीहरूले गाली गरे र मेरो खिसी गरे। तिनीहरूले म तर्फ आफू रिसाएको आफ्ना दाँतहरू किटेर दर्शाए।

१७ मेरा स्वामी, कहिलेसम्म तपाईं हेरिरहनु हुन्छ त्यस्ता नराम्रा घटनाहरू घटेका? तिनीहरूले मलाई नष्ट गर्न खोजिरहेका छन्। परमप्रभु! ती दुष्ट मानिसहरूबाट जो हिंस्त्रक सिंह जस्तै छन्। मेरो जीवनको रक्षा गर्नुहोस्, मेरो प्यारो जीवनको रक्षा गर्नु होस्।

१८ हे परमप्रभु, जब म शक्तिशाली मानिसहरूसँग हुनेछु, महासभामा म तपाईंको स्तुति गाउने छु।

१९ मेरो झूटा बोल्ने शत्रुहरू वास्तवमा ममाथि हाँसिरहने छैनन्। निःसन्देह मेरा शत्रुहरूले आफ्ना गुप्त योजनाहरूको दण्ड पाउनेछन्।

२० मेरो शत्रुहरूले वास्तवमा शान्तिको लागि योजनाहरू तयार गरिरहेका हुन्छन। तिनीहरू गुप्त प्रकारले यस देशमा शान्तिसँग बसिरहेका मानिसहरू प्रति अधर्म कामहरू गर्नलाई योजनाहरू तयार पारिरहेछन्।

२१ मेरा शत्रुहरूले मेरो विषयमा नराम्रो कुराहरू भनिरहेका छन्। तिनीहरू झूटो बोल्दछन् र भन्छन् "आहा! हामी जान्दछौ तिमी के गरिरहेका छौ।"

२२ हे परमप्रभु, के भइरहेछ वास्तवमा तपाईंले देख्न सक्नु हुन्छ, यसैले मौन नबस्नुहोस्। मलाई छाड़ेर नजानुहोस्।

२३ हे परमप्रभु, जाग्नुहोस्! उठनुहोस्! मेरो परमेश्वर, मेरो परमप्रभु, मेरो लागि लड़ाइँ गर्नुहोस्। अनि मलाई न्याय ल्याई दिनुहोस्।

२४ हे मेरो परमप्रभु परमेश्वर, तपाईंको धार्मिकता अनुसार मलाई न्याय गर्नुहोस्। तिनीहरूलाई ममाथि उपहास गरेर हाँस्न नदिनुहोस्।

२५ मानिसहरूलाई भन्न नदिनुहोस्, "हामी जे चाहन्थ्यौं हामीले पायौं। हामीले उसलाई ध्वंस पारिदियौं!"

२६ म आशा गर्छु मेरा सम्पूर्ण शत्रुहरूले निन्दित अनुभव गर्नेछन् अनि लाजमा पारिनेछन्। जब ममाथि हानिकारक घटना हुन्छ तब तिनीहरू खुशी हुन्छन्। तिनीहरू सोच्दछन् मभन्दा तिनीहरू उत्तम छन्! यसकारण ती मानिसहरू लाज र अपमानले ढाकिएर जाऊन।

२७ कतिपय मानिसहरू मप्रति राम्रो कुराहरू होस् भनेर चाहन्छन्। भरोसा गर्दछु तिनीहरू खुशी हुनेछन्। तिनीहरू संधै भन्दछन्, "परमप्रभु महान् हुनुहुन्छ। उहाँ आफ्ना दासको लागि के उत्तम हो त्यही इच्छा गर्नुहुन्छ।"

२८ यसकारण परमप्रभु! म तिनीहरूलाई भन्दछु, तपाईं कति धार्मिक हुनुहुन्छ। म प्रत्येक दिन तपाईंको प्रशंसा गर्छु।

## भजन ३६

*प्रमुख संगीतकारलाई। परमप्रभुका दास दाऊदको भजन।*

१ एकजना दुष्ट मानिसले एकदमै दुष्ट काम गर्छ जब त्यो आफैले आफैलाई यसो भन्छ, "म न त परमेश्वरसँग डराउनेछु न त परमेश्वरलाई आदर नै गर्नेछु।"

२ त्यो मानिस आफैसित झूटो हुन्छ। त्यस मानिसले आफ्नो गल्ती देख्दैन। यसैले उसले क्षमाको याचना गर्दैन।

३ उसका शब्दहरू बेकामे झूटहरू मात्र हुन्छन्। त्यो ज्ञानी पनि बन्न सक्तैन अथवा राम्रो कुरो सिक्न सक्दैन।

४ राती उसले दुष्ट योजना तयार पार्दछ। ऊ उठ्छ तर राम्रो काम गर्दैन। तर उसले अधर्म गर्नलाई नाइँनास्ति गर्दैन।

५ हे परमप्रभु, तपाईंको स्नेहपूर्ण करुणा आकाश भन्दा पनि उच्च छ। तपाईंको विश्वसनीयता बादलहरूभन्दा पनि उच्च छ।

६ परमप्रभु, तपाईंको धार्मिकता सर्वोच्च पर्वत भन्दा पनि उच्च छ। तपाईंको न्याय अगाध समुद्र भन्दा गहिरो छ। परमप्रभु, तपाईंले मानिस र पशुहरूलाई रक्षा गर्नुहुन्छ।

७ तपाईंको प्रिय अनुग्रह भन्दा कुनै चीज पनि बहुमूल्य छैन। मानिस जाति र स्वर्गदूतहरू तपाईंकहाँ सुरक्षाको निम्ति आउँछन्।

८ परमप्रभु! तिनीहरू तपाईंको घरमा राम्रो चीजहरूबाट
नयाँ शक्ति पाउँछन्। तपाईंको आश्चर्यपूर्ण नदीबाट
तिनीहरूलाई पिउन दिनु हुन्छ।
९ हे परमप्रभु! जीवनको स्त्रोत तपाईंबाट बहन्छ!
तपाईंकै ज्योतिबाट हामी ज्योति पाउँछौ।
१० हे परमप्रभु, तिनीहरूलाई प्रेम गर्नुहोस् जसले
तपाईंलाई साँचो रूपले चिन्छन् अनि जो विश्‍वासी
छन् तिनीहरूको लागि असल काम
गरिदिनु होस्।
११ हे परमप्रभु, अहंकारी मानिसलाई मलाई कुल्चिन
नदिनुहोस्। दुष्ट मानिसहरूले मलाई घचेटन नदिनु
होस्।
१२ यी चिन्हहरू तिनीहरूका चिहानमा राखी दिनुहोस्:
"यहाँ दुष्ट मानिसहरू सुतेका छन्। तिनीहरूलाई
धूलो पिठो पारियोस। तिनीहरू फेरि कहिल्यै पनि
जाग्न सक्ने छैनन्।"

### भजन ३७

*दाऊदको भजन।*

१ दुष्ट मानिसहरूप्रति उदास न होऊ। दुष्ट काम
गर्नेहरूको ईर्ष्या नगर।
२ दुष्ट मानिसहरू हरियो घाँस र उद्भिद जस्तै हुन्
जो ओइलिन्छन् अनि चाँड़ै मर्छन्।
३ यदि तिमीहरू परमप्रभुमा भरोसा गर्छौ र राम्रो
कामहरू गर्छौ भने तिमीहरू भूमिले दिने धेरै
चीजहरूसित बाँच्नेछौ र आनन्द लिने छौं।
४ आनन्दसित परमप्रभुको सेवा गर अनि
उहाँले तिमीहरूलाई तिमीले चाहको कुराहरू
दिनुहुनेछ।
५ परमप्रभुमाथि भरोसा गर। उहाँ माथि भरोसा गर
अनि के गर्नु पर्नेछ उहाँले गर्नु हुनेछ।
६ तिमीहरूका असल कार्यहरू र निर्मलता मध्य
दिनको घाम झैं चम्कियोस्।
७ परमप्रभुमाथि भरोसा गर, र उहाँको सहयोगको
निम्ति पर्खौ। दुष्ट मानिसहरूको सफलतामा ईर्ष्या
नगर। जब दुष्ट मानिसहरूले दुष्ट योजनाहरू
बनाउँछन् अनि तिनीहरूको खराब युक्तिहरू सफल
हुन्छन् ईर्ष्या नगर।
८ नरिसाऊ! बौलाहा न होऊ! त्यति उदास न होऊ
जसले गर्दा तिमी पनि दुष्ट कार्य गर्छौ।
९ किन? किनभने दुष्ट मानिसहरू ध्वंस हुनेछन् तर
ती मानिसहरू जसले परमप्रभुलाई सहयोगको
लागि बिन्ती गर्छन, परमप्रभुले वचन दिनु भएको
जमीन पाउनेछन्।
१० चाँड़ै नै त्यहाँ अब दुष्ट मानिसहरू हुने छैनन्।
तिमीले ती मानिसहरू खोज्नु पर्ला, तर तिनीहरू
सबै गइसकेका हुनेछन्!
११ नम्र मानिसहरूले परमेश्‍वरको वचन अनुसार जमीन
पाउने छन् अनि तिनीहरूले प्रचूर उन्नति र
आनन्द उपभोग गर्नेछन्।
१२ दुष्टहरूले धर्मी मानिसहरूका विरुद्ध खराब
योजनाहरू बनाउँछन्। ती दुष्टहरूले आफ्नो क्रोध
धर्मीहरूलाई दाँरा किटेर देखाउँछन्।
१३ तर हाम्रा स्वामी, ती दुष्टहरूसँग हाँस्नु हुन्छ।
उहाँले तिनीहरूमा के हुनेछ हेर्नुहुन्छ।
१४ दुष्ट मानिसहरूले आफ्ना तरवारहरू लिन्छन् र
आफ्ना धनुहरू ताक्छन्। ती असहाय, गरीबहरूलाई
मार्न चाहन्छन्। ती असल, ईमान्दारी मानिसहरूलाई
मार्न चाहन्छन्।
१५ तर तिनीहरूको धनुहरू भाँचिने छन् तिनीहरूका
तरवारहरू आफ्नै मुटुहरूमा रोपिनेछ।
१६ दुष्ट मानिसहरूको एकदम घूइँचोभन्दा कम्ती,
धार्मिक मानिसहरू नै उत्तम हुन्छन्।
१७ किन? किनभने दुष्ट मानिसहरू ध्वंस हुनेछन्, तर
परमप्रभुले धार्मिक मानिसहरूको हेरचाह गर्नु
हुनेछ।
१८ परमप्रभुले निर्दोष मानिसहरूलाई जीवनभरि रक्षा
गर्नुहुन्छ, तिनीहरूको पुरस्कार सदा-सर्वदाका निम्ति
हुनेछ।
१९ जब सङ्कटहरू आउँछन्, धर्मी मानिसहरू असन्तुष्ट
हुनेछैन्। अनिकालको समयमा पनि धर्मीहरूको
निम्ति खानेकुरा प्रशस्त हुनेछ।
२० तर दुष्ट मानिसहरू परमप्रभुका शत्रुहरू हुन्,
अनि तिनीहरू नष्ट हुने नै छन्। तिनीहरूका
घाटीहरू सुक्खा हुनेछन् अनि जल्ने छन्। तिनीहरू
सबै नाश हुनेछन्।
२१ दुष्ट मानिसहरूले झट्टै पैसा ऋण लिन्छन् अनि
कहिल्यै ती ऋण चुक्ता गर्दैनन्, तर धर्मी जनहरूले
उदारतापूर्वक अरूलाई दिँछन्।
२२ यदि धर्मी मानिसहरूले अरूहरूलाई आशीर्वाद
दिए भने, तिनीहरूले परमप्रभुको वचन अनुसार
जमीन पाउनेछन्। तर तिनीहरू जसलाई उहाँले
सराप्नु भएको छ, सम्पूर्ण रूपमा नष्ट हुनेछन्।
२३ सर्तक भएर हिंड्ने सिपाहीलाई परमप्रभुले साथ
दिनुहुन्छ। परमप्रभुले ती सिपाहीहरूलाई नष्ट हुनदेखि
जोगाउनु हुन्छ।
२४ यदि त्यो सिपाहीले दगुरेर आफ्ना शत्रुलाई आक्रमण
गर्छ भने परमप्रभुले उसको हात समात्नु हुनेछ, र
उसलाई युद्ध गर्नुबाट जोगाउनु हुनेछ।
२५ म जवान थिए तर अब वृद्ध भएको छु, तर मैले
कहिल्यै पनि परमेश्‍वरले धार्मिक मानिसहरूलाई
त्याग्नु भएको देखेको छैन। मैले कहिल्यै पनि
धर्मी मानिसहरूका नानीहरूले खानको लागि भीख
माग्नु परेको देखेको छैन।

२६ धार्मिक मानिसहरूले उदारतापूर्वक अरूलाई दिन्छन् अनि धार्मिक मानिसहरूका नानीहरू परमप्रभुका आशीर्वाद हुन्।
२७ यदि तिमीले अधर्मका कामहरू गर्न अस्वीकार गर्‍यौ अनि असल कामहरू गर्‍यौ भने तिमी सधैं बाँच्ने छौ।
२८ परमप्रभुले न्याय मन पराउनु हुन्छ, उहाँले आफ्ना भक्तजनहरूलाई खाली हात छोड्नु हुन्न। परमप्रभुले आफ्ना भक्तजनहरूलाई सधैं रक्षा गर्नुहुन्छ तर कपटी मानिसहरूलाई नाश गर्नु हुनेछ।
२९ धार्मिक मानिसहरूले परमप्रभुको वचन अनुसारको देश पाउनेछन्। तिनीहरू त्यहाँ सदा-सर्वदा बस्ने छन्।
३० धर्मी मानिसले उत्तम सल्लाह दिंदछ। उसको निर्णय प्रत्येक मानिसको निम्ति निष्पक्ष हुन्छ।
३१ उनले परमप्रभुका उपदेशहरू मनन गरेको छ। अनि ठीक प्रकारले बाँच्नबाट उ कहिल्यै वन्चित हुँदैन।
३२ तर दुष्ट मानिसहरूले जहिले पनि धर्मी मानिसहरूलाई मार्ने बाटाहरू खोजिरहेका हुन्छन्।
३३ जब असल मानिसहरू दुष्ट मानिसको पासोमा पर्छन् परमप्रभुले तिनीहरूलाई कहिल्यै पनि त्याग्नु हुन्न। जब दुष्ट मानिसहरूले असल मानिसहरूलाई न्यायालयमा लैजान्छन् परमप्रभुले तिनीहरूलाई कहिल्यै पनि त्याग्नु हुन्न।
३४ परमप्रभुले भन्नु भएको कुराहरू गर र उहाँको सहयोगको निम्ति पर्खौ। परमप्रभुले तिनीहरूलाई विजयी बनाउनु हुनेछ, अनि परमेश्वरले दिनु भएको जग्गा पाउने छौं, उहाँले दुष्टहरूलाई त्यो जग्गा छोड्न लाउनु हुनेछ।
३५ मैले एक बलवान कपटी मान्छे देखें। ऊ एकदमै सप्रेको रूख जस्तै बलियो थियो।
३६ तर ऊ हिंडी सकेको थियो। मैले उसलाई खोजें, तर भेट्न सकिन।
३७ शुद्ध र ईमान्दार बन। शान्ति प्रिय मानिसहरूले धेरै सन्तानहरू पाउनेछन्।
३८ तर जुन मानिसले नियम मान्दैन पूर्ण रूपले ध्वंस हुनेछन्। अनि तिनीहरूका भावी सन्तानहरूलाई जग्गा छोड़ेर जानेलाई बाध्य हुनेछन्।
३९ धर्मी मानिसहरूलाई परमप्रभुले बचाउनु हुन्छ। जब धर्मी मानिसहरू सङ्कटमा पर्दछन् परमप्रभु तिनीहरूको बल बन्नु हुनेछ।
४० परमप्रभुले धर्मी मानिसहरूलाई मद्दत गर्नुहुन्छ र तिनीहरूलाई बचाउनु हुन्छ। धर्मी मानिसहरू परमप्रभुमाथि आश्रित हुन्छन् अनि तिनीहरूलाई उहाँले दुष्ट मानिसहरूबाट बचाउनु हुनेछ।

## भजन ३८

*सम्झनाको निम्ति दाऊदको भजन।*

१ हे परमप्रभु, तपाईंको क्रोधमा मलाई निन्दा नगर्नु होस्। तपाईंको क्रोधमा हुँदा मलाई दण्ड नदिनुहोस्।
२ हे परमप्रभु, तपाईंले मलाई आघात गर्नु भएको छ। तपाईंको काँड़ाहरू गहिरिएर मभित्र गाड़िए।
३ तपाईंले मलाई दण्ड दिनुभयो। अहिले मेरो सम्पूर्ण शरीर शिथिल भएको छ। मैले पाप गरें र तपाईंले मलाई दण्ड दिनुभयो, यसैले मेरो सारा हाड़हरू कट्कट् दु:खिरहे छन्।
४ म अधर्म कामहरूको दोषी छु। अनि त्यो दोष भारी बोके छ। म टाउको उठाएर हिंड्न पनि लज्जित छु।
५ मैले मूर्ख कामहरू गरें। अब मेरो घाउ खटिराहरूले दुर्गन्धि दिँदैछन।
६ म कुप्रिएँ र साह्रै ज्यादा झुकेको छु, म दिनभरि हताश-हताश हुन्छु।
७ मलाई ज्वरो आएको छ, अनि मेरो सम्पूर्ण शरीर कट्कट् खाइरहेछ।
८ म यति विघ्न पीड़ित छु कि अनुभव गर्न सक्तिन। मेरो दु:खको मुटुले मलाई रूने बनाएको छ।
९ मेरो स्वामीले, मेरो पीड़ित स्वर सुन्नुभयो। मेरो सुस्केरा तपाईंबाट लुकेको छैन।
१० मेरो मुटु बढ़ता ढुक्ढुकी रहेछ। मेरो बल तुरिन्दै गइरहेछ, अनि म अन्धो हुन लागिरहेछु।
११ मेरा बिमारीको कारणले गर्दा मेरा मित्रहरू र मेरो छिमेकीहरू हेर्नसम्म आउने छैनन्। मेरो परिवार सम्म मेरो नजिकै आउँदैन।
१२ मेरा शत्रुहरूले मेरो विषयमा अप्रिय कुराहरू भन्छन्। तिनीहरूले झूटा कुराहरू र व्यर्थको हल्लाहरू फिँजाइरहेका छन्। सदा तिनीहरू मेरो विषयमा कुरा गर्छन्।
१३ तर म बहिरो मानिस जस्तो छु जसले सुन्न सक्तैन्। म त्यो मुख नउघार्ने मानिस जस्तो छु जसले बोल्न सक्तैन्।
१४ म त्यो सुन्न नसक्ने मानिस जस्तो छु जसलाई मानिसहरूले के भनिरहेछ थाहा हुँदैन। म मेरा शत्रुहरू गल्ती छन् भनेर कुनै तर्क गर्न सक्तिन र प्रमाण पनि गर्न सक्तिन।
१५ किन? किनभने, हे परमप्रभु, आफ्नो रक्षाको निम्ति म तपाईंलाई पर्खिरहेको छु। हे परमेश्वर, मेरो स्वामी तपाईंले मलाई जवाफ दिनु हुनेछ।
१६ यदि मैले केही कुरा गरें भने शत्रुहरूले मलाई खिसी गर्छन्। तिनीहरूले बिमारी अवस्था देख्नेछन् कि म बिमारी छु अनि भन्नेछन् कि मेरो बिमार मेरै दुष्टकर्मको सजाय हो।

१७ म जान्दछु गल्ती कार्यहरू गरेकोले म दोषी छु।
म मेरो पीड़ा बिर्सिन सक्तिन।
१८ हे परमप्रभु, मैले आफ्ना कुकार्यहरूको विषयमा
तपाईंलाई भने। म आफ्नो पापहरूको विषयमा
दु:खी छु।
१९ मेरा शत्रुहरू जिउँदा र स्वस्थ छन्, अनि तिनीहरूले
धेरै-धेरै झूटा कुराहरू भने।
२० मेरा शत्रुहरूले मतर्फ कुकार्यहरू गरे अनि मैले
तिनीहरूको निम्ति खाली सुकार्य गरें। मैले सुकार्य
गर्ने प्रयास मात्र गरें, तर तिनीहरू मेरो विरूद्धमा
नैं उठे।
२१ हे परमप्रभु, मलाई त्यागी नजानुहोस्। हे मेरो
परमेश्वर, मेरो हितैषी भएर बस्नुहोस्!
२२ चाँड़ै आउनुहोस र मलाई सहयोग दिनुहोस्! हे
मेरो परमेश्वर, रक्षा गर्नुहोस्!

## भजन ३९

*प्रमुख संगीतकार यदूतूनलाई।*
*दाऊदको भजन।*

१ मैले भने, "म आफैले भनेका कुरामा सतर्क
हुनेछु। म मेरो जिब्रोलाई पाप गर्न लगाउने छैन।
जब म कपटी मानिसको चारैतिर हुन्छु म मेरो
मुख बन्द राख्ने छु।"
२ यसैले मैले केही भनिन। मैले त्यस्तो कुनै राम्रो
कुरा पनि भनिन। तर मेरो मनोव्यथा अझ
बड्यो।
३ म एकदमै रिसाएको थिएँ अनि म यस विषयमा
घोरिएँ र झन् रिसाह भएँ, यसैले मैले केही
भनें।
४ हे परमप्रभु, भन्नुहोस्, मतर्फ अब के घट्ने छ?
भन्नुहोस, कहिलेसम्म म बाँच्ने छु? मेरो आयु
कति छोटो छ, म जान्न पाऊँ!
५ परमप्रभु! तपाईंले मलाई छोटो जीवन दिनुभयो।
तपाईंको तुलनामा मेरो जीवन अत्यन्तै छोटो छ।
प्रत्येक मानिसको जीवन बादल जस्तो छ जुन
चाँड़ै विलिन हुँदछ, कुनै पनि मानिस सदा सर्वदा
बाँच्दैन्!
६ हाम्रो जीवन ऐंनामा भएको एक बिम्ब मात्र हो।
हामी ठेलाठेल गर्दै धन-सम्पत्तिहरू बटुल्न खोज्छौ,
तर हामी जान्दैनौ मरेपछि ती धन-सम्पत्तिहरू
कसले पाउनेछ।
७ यसैकारण हे स्वामी, मैले कस्तो आशा राख्नु
पर्नेछ? तपाईं मात्र मेरो भरोसा हुनुहुन्छ।
८ हे परमप्रभु, मैले गरेको नराम्रा कामहरूबाट
मलाई जोगाउनु होस्। मलाई क्रोधित अनि मूर्ख
मानिसलाई जस्तो व्यवहार नगर्नु होस्।
९ म आफ्नो मुख खोल्ने छैन म केही पनि भन्ने
छैन। परमप्रभु, के गर्नु पर्ने त्यो तपाईंले नै
गर्नुहोस्।
१० तर परमेश्वर, मलाई शान्ति दिन थाम्नु होस् यदि
तपाईं थामिनु भएन भने मलाई ध्वंश पार्नुहुनेछ!
११ हे परमप्रभु, मैले गल्ती काम गरेको कारण दण्ड
दिनुभयो, तिनीहरूले ठीक बाँच्ने तरिका सिकुन्।
जसरी माउकीराले लुगा नष्ट पार्छ मानिसहरूले
मन पराउने थोकहरू उहाँले नाश पार्नुहुन्छ। हो,
हाम्रो जीवन चाँड़ै नै हराउने जाने बादल जस्तो
छ।
१२ हे परमप्रभु, मेरा प्रार्थना सुन्नुहोस्! मेरा ती
विलापका शब्दहरू सुन्नुहोस, मेरा आँसुहरू हेर्नुहोस्।
तपाईंसँग यस जीवनबाट पार गरेर जाने म खाली
एक यात्री हुँ। मेरा सबै पिता-पुर्खाहरू जस्ता म
यहाँ क्षणिकको निम्ति मात्र छु।
१३ हे परमप्रभु, मलाई एक्लो छोड़ी दिनुहोस् अनि
मरेर जानुअघि मलाई खुशी हुन दिनुहोस्।

## भजन ४०

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ मैले परमप्रभुलाई बोलाएँ, र उहाँले मलाई भन्नुभयो।
उहाँले मेरा विलापहरू सुन्नुभयो।
२ परमप्रभुले मलाई चिहानबाट माथि उठाउनु भयो।
उहाँले मलाई हिलै हिलो भएको ठाउँबाट उठाउनु
भयो। उहाँले मलाई उठाउनु भयो, भूइँमा राख्नु
भयो अनि चिप्लीनदेखि मेरा खुट्टा सम्हाली दिनुभयो।
३ परमप्रभुले मेरो ओठमा नयाँ गीत दिनु भयो,
परमेश्वरको लागि स्तुति-गान गर। धेरै मानिसहरूले
ममाथि के हुन लागिरहेछ भनेर हेर्नेछन्, अनि
तिनीहरूले परमेश्वरको उपासना गर्नेछन्। तिनीहरूले
परमप्रभुमा भरोसा गर्नेछन्।
४ त्यो मानिस जसले परमप्रभुमाथि भरोसा गर्छ,
साँच्चै धन्य हुनेछ। यदि कुनै मानिसले कसैलाई
आफ्नो भूलहरू र झूटो देवताहरूतर्फ लाँदैन भने
त्यो मानिस साँच्चै नै धन्य हुनेछ।
५ हे परमप्रभु, हाम्रा परमेश्वर, तपाईंले आश्चर्यजनक
कामहरू गर्नुभएको छ! तपाईंसँग हाम्रो लागि
अद्भूत प्रकारका योजनाहरू छन्। कसैले पनि
त्यस्तो सूची बनाउन सकेनन्! म घरि-घरि ती
कुराहरू भन्छु जुन कुराहरू अनगन्ती छन्।
६ परमप्रभु, तपाईंले मेरो निम्ति कुराहरू बुझाउनु
भयो: तपाईं प्राणीका बलिहरू र अन्नको अर्पणहरू
चाहनु हुन्न। तपाईं होमबलि र पापबलिहरू चाहनु
हुन्न।
७ यसैले मैले भने, "म यहाँ छु! मलाई लैजानुहोस्।
म आइरहेछु। धर्मशास्त्रमा यी कुराहरू मेरो
विषयमा लेखिएको छन।

८ हे मेरो परमेश्वर, तपाईं जे चाहनु हुन्छ म त्यही
अनुरूप गर्दछु। म तपाईंको व्यवस्था जान्दछु।
९ मैले महासभामा मानिसहरूलाई तपाईंको विजयको
सुसमाचारहरू बताएँ। अनि परमप्रभु, तपाईं जान्नुहुन्छ
म ती सुसमाचारहरू भन्नका लागि कहिल्यै
रोकिने छैन!
१० हे परमप्रभु, तपाईंले गर्नु भएका असल कुराहरू
बताएँ, मैले ती कुराहरू हृदयमा लुकाई राखिन।
परमप्रभु, मैले मानिसहरूलाई भनें तिनीहरू बाँच्नलाई
तपाईंमाथि आश्रित हुन सक्छन्। मैले तपाईंको
विश्वस्तता र अनुग्रहलाई सभामा मानिसहरूबाट
लुकाइन।
११ यसैकारण, हे परमप्रभु! मदेखि तपाईंको कृपा
नलुकाउनु होस्! तपाईंको विश्वस्तता र कृपादानले
मेरो रक्षा गरोस्।"
१२ दुष्ट मानिसहरू मेरो चारैतिर थुप्रेका छन्। तिनीहरू
अनगन्ती छन्! मेरा पापहरूले मलाई पक्रियो,
अनि म तिनीहरूबाट भाग्न सक्तिन। तिनीहरू मेरो
टाउकोको केशभन्दा पनि धेरै छन्। मैले मेरो
आँट हराएको छु।
१३ हे परमप्रभु, मतिर दुगुरेर मलाई बचाउँनु होस्! हे
परमप्रभु, चाँड़ै आउनुहोस् र मलाई साथ दिनुहोस्!
१४ ती दुष्ट मानिसहरूले मलाई मार्ने प्रयास गरिरहेछन्।
हे परमप्रभु, ती मानिसहरूलाई लज्जित र निराश
बनाई दिनुहोस्। तिनीहरूले मलाई कष्ट दिन
चाहन्छन्, तिनीहरूलाई लज्जित बनाएर भगाउनु
होस्!
१५ ती दुष्ट मानिसहरूले मलाई लज्जित पार्छन्।
तिनीहरू बोल्नलाई पनि संकोच होस्!
१६ तर ती मानिसहरू ज-जसले तपाईंको सहायता
खोज्दछन आनन्दित् र खुशी होऊन। तपाईंले
गरेको संखयालाई तिनीहरूले प्रेम गर्छन। तिनीहरूले
सधैं यसो भन्न्, "परमप्रभु महान् हुनुहुन्छ।"
१७ हे स्वामी, म दुःखी अनि असहाय मानिस हुँ,
मलाई सहायता गर्नुहोस्। मलाई रक्षा गर्नु होस्।
हे मेरो परमेश्वर, विलम्ब नगर्नु होस्!

### भजन ४१

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ एकजना मानिस जसले गरीब मानिसहरूलाई सफल
हुनमा सघाउँछ, धैरै आशिर्वादहरू पाउनेछ। जब
सकंट आँउछ परमप्रभुले त्यस मानिसलाई बचाउनु
हुन्छ।
२ परमप्रभुले त्यस मानिसलाई रक्षा गर्नुहुनेछ र
उसको जीवन बचाउनु हुनेछ। त्यो मानिस पृथ्वीमा
धन्य हुनेछ। परमेश्वरले त्यस मानिसका शत्रुहरूद्वारा
ध्वंश हुन दिनु हुनेछैन।
३ जब त्यो मानिस रोगी हुन्छ र ओछ्यानमा पर्छ,
परमप्रभुले उसलाई बल दिनु हुनेछ। त्यो मानिस
बिमार हुन सक्छ, तर परमप्रभुले उसलाई निको
पार्नु हुनेछ।
४ मैले भने, "हे परमप्रभु, मप्रति अनुग्रह गर्नु होस्।
मैले तपाईंको विरुद्ध पाप गरें, तर मलाई क्षमा
दिनुहोस र निको पार्नु होस्।"
५ मेरा शत्रुहरूले मेरो विषयमा अप्रिय कुराहरू गरे।
तिनीहरूले भनिरहेका छन्, "ऊ कहिले मर्नेछ र
विस्मृत हुनेछ?"
६ मानिसहरू मलाई हेर्न आउँछन्। तर तिनीहरूले
वास्तवमा के सोचिरहेछन् तिनीहरू भन्दैनन्। तिनीहरू
खाली मबाट केही समाचारहरू मात्र लिन आउँछन्,
अनि तिनीहरू जान्छन् र मेरो विषयमा उड़न्ते
कुराहरू फिँजाउँछन्।
७ मेरो विषयमा शत्रुहरूले परस्परमा कानेखुसी
गर्छन्। तिनीहरूले मेरो विरुद्ध षड्यन्त्रहरू
गरिरहेछन्।
८ तिनीहरू भन्छन्, "उसले केही भूल काम गर्‍यो
त्यसैले गर्दा ऊ बिमारी भयो। म आशा गर्छु तिनी
निको हुनेछैन।"
९ मेरो प्रिय साथीले मसँगै खायो। म उसलाई
भरोसा गर्थे। तर अहिले, तिनी मेरो विरोद्धमा
बागी भए।
१० यसैले, हे परमप्रभु, दया गरेर मप्रति कृपा गर्नु
होस्। मलाई उठाउनु होस् अनि म तिनीहरूको
ऋण चुक्ता गर्नेछु।
११ हे परमप्रभु, शत्रुहरूलाई ममाथि आघात गर्न
नदिनुहोस्। तब म जान्ने छु तपाईंले तिनीहरूलाई
ममाथि आघात गर्न पठाउनु भएन।
१२ म निर्दोष थिएँ र तपाईंले मलाई सधाउनु भयो।
तपाईं मलाई उठ्न दिनुहोस र सदा तपाईंको सेवा
गर्नपाऊँ।
१३ परमप्रभु, इस्राएलका परमेश्वर धन्य हुनु हुन्छ!
उहाँ सधैं हुनुहुन्थ्यो, अनि उहाँ सधैं हुनुहुनेछ।
आमेन, आमेन।

## दोस्रो भाग

### भजन ४२

*प्रमुख संगीतकारलाई। कोरह परिवारबाट*
*मस्किल नाउँका भजन।*

१ एउटा हरिण घाराबाट पानी पिउन तिर्खाएको
हुन्छ। त्यसरी नै मेरो आत्मा तपाईंको लागि
तिर्खाएको हुन्छ, परमप्रभु।
२ मेरो प्राण जीवित परमेश्वरको लागि तिर्खाउँछ। म
उहाँलाई भेटन कहिले जान सक्छु?

३ मेरो शत्रुले निरन्तर मलाई ठट्यौली बनाएको छ।
ऊ भन्छ, "तेरो परमेश्वर कहाँ छ? ऊ तिमीलाई
बचाउन आउँछ?" म, उदास र दु:खी भएँ। आँसु
मेरो रात दिनको खाद्य बनिएको छ जो मेरो
आँखाबाट अर्छ।
४ जब म मन्दिरमा बिताएका सुन्दर क्षणहरू सम्भने
गर्छु मेरो हृदय चर्किएर आउँछ। तिनीहरू सबैलाई
भीड़भाड़बाट छिराउँदै परमेश्वरको मन्दिरतिर लगेको
सम्भन्छु। ती घुइँचोहरूमा मनाइरहेका उत्सवहरूमा
स्तुति-गान खुशीसँग गाएको सम्भन्छु।
५ म यति उदास किन हुनु पर्ने? म किन यति साह्रो
विचलित हुने! म परमप्रभुको सहयोगको निम्ति
पर्खन्छु। फेरि मैले उहाँको प्रशंसा गर्ने मौका
पाउनेछु। उहाँले मलाई बचाउनु हुन्छ!
६ हे मेरो परमेश्वर, म एकदम उदास छु, किनभने
मैले यस ठाउँबाट तपाईंलाई सम्भना गर्नुपर्छ,
यस सानो पहाड़ जहाँ हेर्मोन पर्वत र यर्दन नदीको
मिलन हुँदछ।
७ पृथ्वीको मुहानबाट निस्केर छङ्ग छङ्ग गर्दै खोला
बगेको आवाज म सुन्छु। हे परमप्रभु, तपाईंका
छालहरूले मेरो वरिपरि छङ्ग छङ्ग गर्दै मलाई
धोइरहेका छन्।
८ यदि प्रत्येक दिन परमप्रभुले आफ्नो स्नेहपूर्ण
करुणा देखाउनु हुन्छ अनि प्रत्येक रात म प्रशंसा
मेरो जीवित परमेश्वरका लागि प्रार्थना गर्ने थिएँ।
९ म परमेश्वर, मेरो चट्टानसँग कुरा गर्छु म भन्छु,
"हे परमप्रभु, किन तपाईंले मलाई बिर्सनु भयो?
शत्रुको क्रूरताको कारणले गर्दा? त्यस्तो उदासीनता
मैले किन खप्नु?"
१० मेरा शत्रुले लगातार मेरो अपमान गर्दछ र मार्ने
तरिकाले प्रहार गर्दछ अनि मलाई सोध्दछ, "तेरो
परमेश्वर कहाँ छ? के तँलाई बचाउन अहिलेसम्म
आएको छ?"
११ मैले यति उदास किन हुन पर्छ? किन मैले यति
विरक्तिनु पर्छ? मैले परमेश्वरको सहायताको निम्ति
अपेक्षा गर्नु पर्छ। म फेरि उहाँको प्रशंसा गर्ने
मौका अभै पाउनेछु। उहाँले मेरो रक्षा गर्नु
हुनेछ!

## भजन ४३

१ हे परमेश्वर, एकजना मानिस छ, जो तपाईंका
भक्तजन मध्ये एकजना होइन। त्यो मानिस दुष्ट
छ र भूटो बोल्दछ। हे परमेश्वर, मेरो रक्षा
गर्नुहोस्, अनि प्रमाण दिनु होस् कि म सही छु।
मलाई त्यो मानिसबाट बचाउनु होस्।
२ हे परमेश्वर, तपाईं मेरो सुरक्षा-स्थल हुनुहुन्छ,
किन तपाईंले मलाई त्यग्नु भयो? किन तपाईंले
मलाई देखाउनु भएन कि कसरी म मेरो शत्रुदेखि
भाग्नु।
३ हे परमेश्वर, तपाईंको ज्योति र सत्यता ममाथि
चम्कोस, तपाईंको ज्योति अनि सत्यताले मलाई
बाटो देखाओस्। तिनीहरूले मलाई तपाईंको पवित्र
पर्वत अनि तपाईं बस्ने मन्दिरमा डोर्याउनेछन्।
४ म परमेश्वरको वेदीमा जानेछु। हे परमेश्वर, म
परमेश्वरकहाँ आउनेछु जसले मलाई अत्यन्तै खुशी
बनाउँनु हुन्छ। हे परमेश्वर, हे मेरो परमेश्र, म
वीणा बजाएर परमेश्वरको प्रशंसा गर्छु।
५ किन म यति साहो तल भरें? किन म यत्ति साह्रो
विचलित छु? मैले परमेश्वरको सहायताको निम्ति
पर्खनु पर्नेछ, म फेरि अभै पनि उहाँको
प्रशंसा गर्न मौका पाउँछु, उहाँले मलाई बचाउनु
हुन्छ।

## भजन ४४

*प्रमुख संगीतकारलाई। कोरह परिवारको*
*मस्किल भन्ने भजन।*

१ हे परमेश्वर, हामीले तपाईंको विषयमा सुनेका
छौं। हाम्रा पिता-पुर्खाहरूको जीवनकालमा तपाईंले
के के गर्नुभयो उहाँ बताउनु भयो। तपाईंले धेरै
वर्ष अघि गरेका कार्यहरू। तिनीहरूले बताउनु
भयो।
२ परमेश्वर, तपाईंले आफ्नो महान् शक्ति सहित
अरूका जग्गाहरू लिनुभयो अनि हामीलाई दिनु
भयो। तपाईंले ती विदेशी मानिसहरूलाई टुहुरो
पार्नु भयो। तपाईंले तिनीहरूलाई यो ठाउँ छोड्न
वाध्य गर्नुभयो।
३ हाम्रा पिताहरूका तरवारहरू थिएनन् जसले जमीन
खोस्यो। उनीहरूका पाखुराहरू बलिया थिएनन्।
जसले तिमीहरूलाई विजयी गराए। यो हाम्रो
पिता-पुर्खाहरूसँग तपाईं भएको कारणले गर्दा
भएको हो। परमेश्वर, तपाईंको महान् शक्तिले
हाम्रा पिता-पुर्खाहरूलाई बचाउनु भयो। किन?
किनभने तपाईंले उहाँहरूलाई प्रेम गर्नुभयो!
४ हे मेरो परमेश्वर, तपाईं मेरो राजा हुनुहुन्छ।
आदेश दिनुहोस् अनि याकूबका मानिसहरूलाई
विजयतर्फ अगुवाइ गर्नुहोस्।
५ मेरो परमेश्वर, तपाईंको सहायताले गर्दा हामी
आफ्ना शत्रुहरूलाई पछि धकेल्ने छौं। तपाईंको
नाउँमा हामी तिनीहरूलाई कुल्चदै हिंड्ने छौं।
६ म मेरो धनु र तरवारमाथि भरोसा राख्दि। मेरो
तरवारले मलाई बचाउन सक्दैन।
७ हे परमेश्वर, तपाईंले हामीलाई मिश्रबाट बचाउनु
भयो। तपाईंले हाम्रा शत्रुहरूलाई लज्जित बनाएर
राख्नु भयो।

८ हामीले दिनभरि नै परमेश्वरको स्तुति-गान गाएका छौं। अनि तपाईंको नाउँको प्रशंसा सदा सर्वदा गर्नेछौ!
९ तर, हे परमेश्वर, तपाईंले हामीलाई छोड्नु भयो, तपाईंले हामीलाई लज्जित पार्नु भयो। तपाईं युद्धभूमिमा हामीसँग आउनु भएन।
१० तपाईंले हाम्रा शत्रुहरूलाई पछि धकेल्न लगाउनु भयो। हाम्रा शत्रुहरूले हाम्रो सम्पत्ति लगेर गए।
११ तपाईंले हामीलाई खाद्य रूपमा खाओस् भनेर भेंड़ा जस्तो टाढ़ा अलग्ग राखि दिनु भयो। तपाईंले विदेशीहरूका माझ हामीलाई छरपस्ट पारेर छाड़ी दिनुभयो।
१२ हे परमेश्वर, तपाईंले आफ्ना मानिसहरू सित्तैमा बेचिदिनु भयो, तपाईंले तिनीहरूको दर दाम पनि गर्नु भएन।
१३ तपाईंले छिमेकीहरू समक्ष हामीलाई हाँसोको पात्र बनाउनु भयो। तिनीहरूले हामीमाथि हाँसे र खिल्ली उड़ाए।
१४ हामी हँसाउने कथाहरू मध्ये एक हौं जो मानिसहरू भन्छन्। आफ्नो देश नभएका मानिसहरू सम्म हामीमाथि हाँस्छन् र आफ्ना टाउकाहरू हल्लाउँछन्।
१५ म लाजले छोपिएको छु। सारा दिन आफ्नो लज्जित रूप हेर्छु।
१६ मेरा शत्रुहरू जसले मसित साटो फेर्न चाहन्थे, तिनीहरूको खिसी र अपमानबाट उप्जेको लाजले गर्दा म आफै लुक्छु।
१७ परमेश्वर, तपाईंलाई हामीले बिर्सेका छैनौ। अझै यी सबै कुराहरू तपाईंले हाम्रा लागि गर्नु हुन्छ। हामीले तपाईंको करार पत्रमा हस्ताक्षर गर्दा छल-कपट गरेका छैनौ!
१८ परमेश्वर, हामी तपाईंबाट टाढ़एका छैनौ। हामी तपाईंलाई पछ्याउनका लागि रोकिएका छैनौ।
१९ तर, परमेश्वर, तपाईंले हामीलाई यस ठाउँमा मिच्नु भयो जहाँ स्यालहरू बस्दछन्। तपाईंले हामीलाई त्यस ठाउँमा छाडिदिनु भयो जुन मृत्यु भन्दा पनि भयानक अंध्यारो छ।
२० के हामीले हाम्रो परमेश्वरको नाउँ बिर्सियौं? के हामीले विदेशी देवताहरूलाई प्रार्थना गर्‍यौ? होइन!
२१ निश्चय नै परमेश्वर यी सबै कुराहरू जान्नुहुन्छ। उहाँले हाम्रो गहन गुप्त कुराहरू पनि जान्नुहुन्छ।
२२ हे परमेश्वर, दिनभरि हामी तपाईंका लागि मरिमेट्यौं! हामी मार्न लगिएका भेड़ा जस्तै छौ।
२३ उठनु होस, मेरो स्वामी! किन तपाईं सुतिरहनु भएको छ? उठनु होस्! हामीलाई सदाको निम्ति नछोड़नु होस्!
२४ परमेश्वर, तपाईं किन हामीदेखि लुकिरहनु हुन्छ? तपाईंले हाम्रो पीर र सङ्कटहरूलाई बिर्सिनु भयो?
२५ हामीलाई फोहोरेभित्र हत्याएको छ। हामी भूँडीले धूलोमा पल्टिरहेका छौं।
२६ हे परमेश्वर, उठ्नु होस र हामीलाई सहयोग गर्नुहोस्। तपाईंको स्नेहपूर्ण करुणाले हामीलाई बचाउनुहोस्।

### भजन ४५

*प्रमुख संगीतकारलाई। शोशन्निम रागमा। कोरह परिवारको मस्किल भन्ने भजन। प्रेमको भजन।*

१ जब म यी कुराहरू राजाको निम्ति लेख्छु सुन्दर शब्दहरूले मेरो मस्तिष्कमा भरिन्छन्। शब्दहरू मेरो जिब्रोबाट आउँछन् मानौ ती शब्दहरू सिपालु लेखकका कलमबाट आइरहेकाछन्।
२ तपाईं सबै भन्दा असल हुनुहुन्छ। तपाईं एकदम योग्य वक्ता हुनुहुन्छ। यसकारण परमेश्वरले सदा-सर्वदा तपाईंलाई आशिष दिऊन्!
३ तिम्रो पटुकामा तरवार भिर। तिम्रो महिमापूर्ण जंगी पोशाक लगाऊ।
४ तिमी अचम्मको देखिन्छौ। धार्मिकता, सत्यता र न्यायको निम्ति जाऊ अनि लड़ाइँ जित, तिम्रो शक्तिशाली दाहिने पाखुरा अद्भूत कार्यहरू गर्नलाई दक्ष थियो।
५ तिम्रा काँड़हरू तीखा छन्, तिम्रा शत्रुहरूका मुटुभित्रसम्म गाड़िने छन् जसले गर्दा मानिसहरू तिम्रै सम्मुख भूइँमा लड्ने छन्।
६ हे परमेश्वर, तपाईंको सिंहासन सदा-सर्वदाको लागि रहनेछ। धार्मिकता नै तपाईंको शाही राजदण्ड हो।
७ तपाईंले धार्मिकतालाई प्रेम गर्नुहुन्छ र दुष्टतालाई घृणा गर्नुहुन्छ। यसकारण परमेश्वर तपाईंलाई आफ्ना साथीहरूमाथि* राज गर्न चुन्नुहुन्छ।
८ तपाईंको पोशाक सुगन्धित द्रव्य; मूर्, घिउकुमारी र तेजपातले युक्त छ। यहाँ देखि महल हस्तिहाड़ले सजिएको छ, जहाँबाट तपाईंलाई खुशी पार्न संगीत आउँछ।
९ लोकन्तीहरू राजाहरूकै छोरीहरू हुन्। तपाईंको दुलेही तपाईंको दाहिनेपट्टि, निक्खुर सुनको मुकुट लगाएर उभिरहेकी छिन्।
१० हे मेरी स्त्री, मेरा कुरा सुन। ध्यानदिएर सुन अनि तिमीले बुझ्ने छौ। आफ्ना मानिसहरू र आफ्ना पिताका परिवारलाई बिर्स।

---

**साथीहरू** शुद्ध भाषामा "तपाईंको साथीहरूको सट्टमा सुगन्धित तेलले तपाईंलाई अभिषेक गरिन्छ।" यो खास तेल राजाहरू पूजाहारी र अधिवक्ताहरूको निम्ति मन्दिरमा राखिनथ्यो।

११ यसकारण राजा तिम्रो सुन्दरतादेखि मक्ख पर्नेछन्। ऊ तिम्रो नयाँ लोग्ने हुनेछ। यसैले तिमीले उनको सम्मान गर।
१२ टायर शहरबाट आएका सम्पन्न मानिसहरूले तिम्रो निम्ति उपहारहरू ल्याउनेछन् यसकारण तिमीसँग तिनीहरू भेट गर्न सक्छन्।
१३ राजकुमारी सुनको धागोले बुनेको पोशाकमा सजिएकी छिन्।
१४ राजाकहाँ पुऱ्याउनलाई, बेहुली आफ्ना सुन्दर पोशाकमा छिन्, उनका लोकन्तीहरू पछि पछि छन्।
१५ तिनीहरू आनन्दको साथ आउँछन्। आनन्दले नै भरिएर तिनीहरू राजाको महलमा प्रवेश गर्छन्।
१६ राजा, तपाईंका पुत्रहरूले तपाईंपछि राज गर्नेछन्। तपाईंले तिनीहरूलाई पृथ्वीभरि शासकहरू बनाउनु हुनेछ।
१७ तपाईंको नाउँ सदाका लागि प्रसिद्ध बनाउनेछु। मानिसहरूले तपाईंको सदा-सर्वदा प्रशंसा गर्नेछन्!

## भजन ४६

*प्रमुख संगीतकारलाई। अलामोतद्वार* गाउने कोरह परिवारहरूको एउटा भजन।*

१ परमेश्वर हाम्रो बलको भण्डार हुनुहुन्छ। सङ्कटको बेला उहाँबाट हामी सधैं सहयोग पाउन सक्छौं।
२ यसैकारण भैंचालो आए ता पनि पर्वतहरू समुद्रको गर्भमा झरे तापनि हामी डराउँदैनौं।
३ हामी भयग्रस्त छैनौं जब समुद्र आँधीले अन्धकार हुँन्छ र पर्वतहरू थर्किन्छन।
४ त्यहाँ एउटा नदी छ जसको धाराले सर्वोच्च परमेश्वरको पवित्र शहरमा आनन्द ल्याउँछ।
५ परमेश्वर त्यस शहरमा हुनुहुन्छ यसैले यो कहिल्यै नाश हुने छैन। घाम उदाउनु अघिनै परमेश्वर साथ दिन त्यहाँ हुनुहुन्छ।
६ जब परमप्रभु कराउनु हुनेछ अनि पृथ्वी टुक्रिने छ। प्रत्येक जाति डरले काम्ने छन् अनि ती साम्राज्यहरू धराशायी हुनेछन्।
७ सर्वशक्तिमान् परमप्रभु हामीसँग हुनुहुन्छ। याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।
८ परमप्रभुले गर्नुभएको ती शक्तिशाली कामहरूलाई हेर। उहाँले पृथ्वीमा गर्नु भएको डरलाग्दा कार्यहरू हेर।
९ परमप्रभुले पृथ्वीमा कतैपनि युद्धहरू रोक्न सक्नु हुन्छ। उहाँले सिपाहीहरूका धनु भाच्न सक्नु हुन्छ, तिनीहरूका भालाहरू छरपस्ट पारेर तिनीहरूका ढालहरू जलाई दिनुहुन्छ।
१० परमेश्वर भन्नुहुन्छ, "लड़ाइँ रोक, म नै परमेश्वर हुँ भनेर जान! म जाति-जातिलाई परास्त गर्नु सक्छु, म संसारलाई अधीनमा राख्न सक्छु!"
११ सर्वशक्तिमान् परमप्रभु हामीसँग हुनुहुन्छ। याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।

## भजन ४७

*प्रमुख संगीतकारलाई। कोरह परिवारहरूको भजन।*

१ हे सारा मानिसहरू हो ताली बजाऊ! परमेश्वर तिर आनन्दमय भएर चिच्याऊ!
२ सर्वशक्तिमान् परमप्रभु भय योग्य हुनुहुन्छ। सारा पृथ्वीभरि नै उहाँ महान् राजा हुनुहुन्छ।
३ अन्य मानिसहरूलाई पराजित गर्न हामीलाई साथ दिनुभयो, उहाँले ती जातिहरूलाई हाम्रो अधीनमा राख्नु भयो।
४ परमेश्वरले हाम्रो निम्ति जग्गा रोजी दिनु भयो। उहाँले त्यो अचम्मको जग्गा याकूबको निम्ति रोज्नु भयो जसलाई उहाँले मन पराउनु भएको थियो।
५ नरसिंह र तुरहीको आवाजमा जयजयकार साथ उहाँ आफ्नो सिंहासनतर्फ जानुहुन्छ।
६ परमेश्वरको स्तुति-गान गर। स्तुतिहरू गाऊ, हाम्रा राजाको निम्ति स्तुति-गाऊ।
७ परमेश्वर सारा पृथ्वीको राजा हुनुहुन्छ। प्रशंसाको* गीतहरू गाऊ।
८ परमेश्वर आफ्नो पवित्र सिंहासनमा बस्नुहुन्छ र सबै जाति-जातिहरूमाथि राज गर्नुहुन्छ।
९ सबै जाति-जातिका शासकहरू एकार्कासित भेट गर्दछन्। अब्राहामका परमेश्वरको मानिसहरूसँग भेट गर्छन। सबै जातिका सबै शासकहरू परमेश्वरकै हुन। परमेश्वर ती सबैका सर्वोच्च अधिकारी हुनुहुन्छ।

## भजन ४८

*कोरह परिवारहरूको उपासनाको भजन।*

१ परमप्रभु महान् हुनुहुन्छ। उहाँको पवित्र पर्वतमा, मानिसहरूले हाम्रो परमेश्वरको शहरमा अधिक प्रशंसा गर्दछन्।
२ परमेश्वरको पवित्र शहर यस्तो आनन्दमय उचाइमा छ! यसले पृथ्वीभरिका मानिसहरूलाई आनन्द दिन्छ! सियोन पर्वत परमेश्वरको साँचो पर्वत* हो, यो महान् राजाको शहर हो।

---

**अलामोत** एक किसिमको भजन हो।

**प्रशंसा** मूल अर्थ 'मस्किल' हुन्छ। तर 'मस्किल' को ठीक माने स्पष्ट छैन। तथापि प्रशंसाको गीतलाई उपासनाको भजन भनेर मानिन्छ। वा कुशलतापूर्वक लेखिएको भजन भन्ने अर्थ लाग्छ।

३ त्यस शहरको राजमहलमा, परमेश्वरलाई किल्ला भनिन्छ।
४ एक समय, केही राजाहरू आपस्तमा भेट गरे। तिनीहरूले यस शहरमाथि आक्रमण गर्ने योजना गरे। तिनीहरू सबैले यस शहरतर्फ कदम बढ़ाए।
५ तर त्यसपछि ती राजाहरू यो शहर देखेर छक्क परे। तिनीहरू सबै भयग्रस्त भए अनि लम्पट परे!
६ डरले ती राजाहरूलाई कसेर समात्यो। ती राजाहरू डरले कामे।
७ हे परमेश्वर तपाईंले शक्तिशाली पूर्वेली बतास चलाउनु भयो अनि तिनीहरूका ठूल-ठूला जहाजहरू सबै भतामुङ्ग पारिदिनु भयो।
८ हो, हामीले तपाईंको महान् शक्तिका कथाहरू सुनेका छौं। तर यसलाई हामीले हाम्रो परमेश्वरको शहरमा पनि देख्यौ, सर्वशक्तिमान् परमेश्वरको शहरलाई उहाँले अनन्त सम्मको लागि बलियो बनाउनु भयो!
९ हे परमेश्वर, तपाईंको मन्दिरमा तपाईंको प्रेमपूर्ण अनुग्रहलाई हामी सतर्क भएर सोच्दछौ।
१० हे परमेश्वर, तपाईं प्रख्यात हुनुहुन्छ, मानिसहरूले तपाईंलाई पृथ्वीभरि प्रशंसा गर्दछन्। तपाईं कति धार्मिक हुनुहुन्छ भनेर सबैलाई थाहा छ।
११ हे परमेश्वर! सियोन पर्वत खुशी हुन्छ। यहूदाका शहरहरू तपाईंको सही निर्णयले गर्दा रमाउँदछन्।
१२ सियोनको चारैतर्फ हिंड्। शहरमा हेर। त्यहाँका अग्ला महलहरू गन।
१३ अग्ला पर्खालहरू हेर, सियोनका राजमलहरूको प्रशंसा गर। तब तिमीले आफ्ना भावी सन्तानहरूलाई यसको विषयमा भन्न सक्नेछौ।
१४ यी परमेश्वर सदा-सर्वदाका लागि हाम्रा परमेश्वर हुन्! उहाँले हामीलाई सधैं पथ-प्रर्दशन गर्नु हुनेछ।

## भजन ४९

*प्रमुख संगीतकारलाई कोरह परिवारहरूको भजन।*

१ तिमीहरू सबै जाति-जातिहरू यसलाई ध्यान दिएर सुन। पृथ्वीमा भएका सबै मानिसहरू यसलाई ध्यान दिएर सुन।
२ प्रत्येक मानिस, धनी-गरीब सबैले बराबर ध्यान दिएर सुन्नु नै पर्छ।
३ म तिमीहरूलाई ज्ञान र बुद्धिका कुराहरू भन्ने छु।
४ मैले स्वयंले ती कथाहरू सुनें अनि अब मेरो वीणासँग गाउने छु अनि त्यो संदेश तपाईंलाई प्रकट गर्ने छु।
५ कष्ट आउँछ भनेर म किन डराउनु? यदि दुष्ट मानिसहरूले वरिपरि घेरेर मलाई पासोमा पार्ने कोशिश गर्छन् भने पनि म डराउने आवश्यकता छैन।
६ कतिपय मानिसहरू सोच्छन् कि तिनीहरूको बल र धनले तिनीहरूलाई रक्षा गर्नेछ। तर ती मानिसहरू मूर्खहरू हुन्।
७ कुनै तिम्रो मानव मित्रले तिमीलाई बचाउन सक्तैन, अनि तिमीले परमेश्वरलाई घूस* दिन सक्तैनौ।
८ कुनै मानिससँग त्यस्तो प्रशस्त धन हुनेछैन जसद्वारा उसले आफ्नो जीवन किन्न सकोस्।
९ कुनै मानिससँग त्यस्तो प्रशस्त धन हुनेछैन जसद्वारा उसले अनन्त बाँच्ने अधिकार किन्न सकोस्, अनि आफ्नो जीवन चिहानमा सड्न देखि बचाउन सकोस्।
१० हेर, ज्ञानी पुरूषहरू पनि त्यसरी नै मर्छन् जसरी मूर्खहरू र अट्टैरी* मर्छन्। तिनीहरू मर्छन् र आफ्ना धन-सम्पत्तिहरू अरूहरूलाई छोड़ेर जान्छन्।
११ चिहाननै तिनीहरूको निम्ति सदा-सर्वदा आफ्नो घर हुनेछ। तिनीहरू कति जग्गा-जमीनका मालिक हुन् त्यसले कुनै फरक पर्दैन!
१२ मानिसहरू सम्पन्न हुन सक्लान, तर तिनीहरू यहाँ सधैंका लागि बाँचा सक्तैनन्। तिनीहरू पशुहरू जस्तै मरेर जानेछन्।
१३ ती मूर्खहरूसँग त्यही घटना हुनेछ जो आफ्ना सम्पत्तिसँग खुशी हुन्छन्।
१४ ती मानिसहरू खाली भेंड़ा जस्तै हुन्। चिहान नै तिनीहरूको खोर हो। मृत्यु तिनीहरूको गोठाला हुनेछन। त्यस पश्चात् त्यो बिहान धार्मिक मानिसहरू नै विजेता हुनेछन्। जति बेला ती धर्मी मानिसहरूका शरीरहरू विस्तारै चिहानमा सड्दछ तिनीहरू आफ्ना सुन्दर-सुन्दर घरहरूदेखि टाढ़ा हुन्छन।
१५ तर परमेश्वरले मूल्य तिर्नु हुनेछ अनि मेरो जीवन बचाउनु हुनेछ, उहाँले मलाई पातालको शक्तिबाट बचाउनु हुनेछ जब उहाँले मलाई आफूसितै लैजानु हुने छ!
१६ तिनीहरू धनी छन् भनेर मानिसहरूसित नडराऊ। तिनीहरूका सुन्दर घरहरू छन् भनी नडराऊ।
१७ ती मानिसहरू मरेर गएपछि आफूसँग केही पनि लाँदैनन्। तिनीहरूले ती कुनै पनि सुन्दर चीजहरू लगेर जाने होइनन्।

---

**परमेश्वरको साँचो पर्वत** भूल अर्थ 'सापोनको चुचुरा' हो। कनानीहरूका कथाहरूमा, पर्वत सापोन जहाँ देवताहरू बस्दथे।

**घूस** यहाँ परमप्रभुलाई चढ़ाउने बलि हो जसद्वारा दोषीलाई उहाँले क्षमा गर्नु हुनेछ।

**अट्टैरी** अथवा पशुहरू।

१८ एकजना धनी मानिसले आफ्नो जीवनमा कति राम्रो काम गरें भनेर आफूलाई नै बधाइ दिन सक्छ। अनि हो, अरु मानिसहरूले पनि उसले राम्रो काम गर्‍यो भनेर उसको प्रशंसा गर्न सक्छन्।
१९ तर उसको मरणको समय आउनेछ अनि आफ्नो पिता-पुर्खाहरूकहाँ जान्छ, अनि उसले कहिल्यै पनि दिनको उज्यालो देख्ने छैन।
२० मानिसहरू सम्पन्न हुन सक्लान अनि अझै बुझ्दैनन् तिनीहरू पशुहरू जस्तै मर्ने छन्।

## भजन ५०

*आसापको भजन।*

१ परमप्रभु, देवताहरूका पनि परमेश्वर बोल्नु भयो। सूर्योदयदेखि र सूर्यास्तसम्म उहाँले सबैलाई पृथ्वीमा बोलाउनु भयो।
२ सियोनबाट चम्किरहने परमेश्वर परम सुन्दर हुनुहुन्छ।
३ हाम्रो परमेश्वर आउनु हुँदैछ। अनि उहाँ चुपचाप बस्नु हुने छैन। उहाँको अघि आगो बल्छ। उहाँको वरिपरि ठूलो आँधी छ।
४ जब हाम्रो परमेश्वरले मानिसहरूको न्याय गर्नु हुन्छ उहाँले पृथ्वी र आकाशलाई साक्षीको रूपमा बोलाउनु हुनेछ।
५ परमेश्वर भन्नुहुन्छ, "मेरा शिष्यहरू मेरो वरिपरि भेला हुन्छ आऊ मेरा भक्तजनहरू हामीले एका-अर्कासित सम्झौता गर्‍यौं।"
६ परमेश्वर न्यायी हुनुहुन्छ र आकाशले उहाँको धार्मिकता प्रकट गर्नेछ।
७ परमेश्वर भन्नुहुन्छ, "हे मेरो भक्तजनहरू, ध्यान दिएर मेरो कुरा सुन! इस्राएलका मानिसहरू हो, म तिमीहरूलाई तिमीहरूकै विरुद्धमा साक्षी प्रकट गर्ने छु म परमेश्वर हुँ, तिमीहरूकै परमेश्वर।
८ मैले तिमीहरूले चढ़ाएका बलिहरूका विषय मैले गुनासो गरिरहेको छैन। तिमी इस्राएलका मानिसहरूले सधैं नै होमबलिहरू चढायौं। प्रत्येक दिन ती बलिहरू मलाई चढ़ायौं।
९ म तिम्रो घरबाट साँढेहरू लिने छैन म तिमीहरूको गोठहरूबाट बाख्रहरू लिने छैन।
१० मलाई ती पशुहरूको आवश्यक छैन। मसँग पहिल्यैबाट जङ्गलमा पशुहरू छन्। हजारौं पर्वतहरूमा त्यस्ता पशुहरू मेरो आफ्नै छन्।
११ उच्च पर्वतहरूमा भएका सबै चरा-चुरूङ्गीहरू म जान्दछु। प्रत्येक जल-प्राणी र जति पहाड़हरूमा छन् ती सबै मेरै हुन्।
१२ म भोको छैन। तर यदि म भोको हुँदो हुँ ता पनि म तिमीहरूलाई खाना माग्ने छैन। पहिल्यैबाटै यो संसार र यसका प्रत्येक चीजहरू मेरो आफ्नै हुन्।
१३ म साँढ़हरूको मासु र बाख्राहरूका दूध खान्न।"
१४ यसैले अरूहरूसँग बाँडचुँड़ गरे पछिको धन्यवादको अर्पणहरू लिएर मसित हुनलाई आऊ। तिमीहरूले उच्चतम परमेश्वरलाई वचनहरू दिएका छौ, यसैले ती वचनहरू पूरा गर।
१५ परमप्रभु भन्नुहुन्छ, "तिमीहरूलाई दु:ख परेको बेला मलाई डाक म सहयोग गर्नेछु। अनि त्यसपछि तिमीहरूले मलाई सम्मान गर्न सक्छौ।"
१६ परमेश्वरले दुष्ट मानिसहरूलाई भन्नुहुन्छ, "तिमीहरूले मेरो नियमहरूको बारेमा कुरा गर्छौ। तिमीहरूले मेरो करारको बारेमा कुरा गर्‍यौ।
१७ यसकारण यसलाई किन उपेक्षा गर्छौ जब कि म तिमीहरूलाई सुधार्न खोज्छु? किन मैले भनेका कुराहरू अस्वीकार गर्दछौ?
१८ तिमीहरूले चोरलाई भेट्छौ र त्यो सित मिल्न दौड़न्छौ। तिमीहरू व्यभिचारीहरूसँग सुत्छौ।
१९ तिमीहरूले अनुचित र झूटो कुराहरू गर्छौ।
२० तिमीहरूले लगातार आफ्ना दाज्यु भाईहरूको विषयमा आलोचना गर्छौ अनि दोष लगाईरहेका छौ।
२१ यद्यपि तिमीहरूले त्यस्ता अनुचित कुराहरू गर्‍यौ पनि मैले केही भनिन। यसैले सोच्यौ कि म पनि तिमीहरू जस्तै हुँ। हेर धेरै बेर म चुपचाप बस्ने छैन! म स्पष्ट गर्न चाहन्छु र तिमीहरूकै सम्मुखमा दोष लाउनेछु।
२२ तिमीहरूले परमेश्वरलाई भुलेर गयौ, यो मैले तिमीहरूलाई टुक्रा-टुक्रा पार्नु भन्दा अघि नै बुझ्ने चेष्टा गर। यदि त्यस्तो घट्यो भने कसैले पनि तिमीहरूलाई बचाउँन सक्ने छैन!
२३ यदि कसैले धन्यवाद अर्पण दिन्छ भने, उसले मलाई श्रद्धा देखाउँछ, तर त्यो जसले सही जीवन बिताउन चाहन्छ म उसलाई मेरो मुक्तिको शक्ति देखाउने छु।"

## भजन ५१

*प्रमुख संगीतकारलाई। बतशेबा गए पछि जब अगमवक्ता नातान तिनीकहाँ आएपछि दाऊदको एउटा भजन।*

१ हे परमेश्वर, मतर्फ कृपालु हुनुहोस्, किनभने तपाईंको दायालु कृपादृष्टिले, तपाईंको महान् अनुग्रहले मेरा सारा पापहरू मेटाई दिनुहोस्।
२ परमेश्वर मेरो दोष धोएर मेटाई दिनुहोस्। मेरा पापहरू धोइ-पखाली दिनुहोस, मलाई फेरि एकपल्ट शुद्ध पारिदिनुहोस्!
३ म जान्दछु मैले पाप गरें। म सधैं ती पापहरू देख्दछु।
४ हे परमेश्वर, जुन तपाईंले गल्ती भन्नुभयो मैले त्यही कुरा गरें। परमेश्वर, तपाईंको विरुद्धमा

मात्र मैले पाप गरें म ती गल्तीहरू स्वीकार गर्दछु, ताकि मानिसहरूले जानुन म गल्त छु, र तपाईं साँचो हुनुहुन्छ। तपाईंको निर्णयहरू निष्कपट छन्।

५ पापमा नै मेरी आमाले मलाई गर्भधारण गरिन् अनि म पापमा नै जन्मेको थिएँ।

६ हे परमेश्वर, तपाईंले मलाई साँचो रूपमा विश्वासी भएको देख्न चाहनु हुन्छ, यसैले साँचो ज्ञान मेरो अन्तःस्करणमा हाली दिनुहोस्।

७ विधिपूर्वक हिसप झारले* मस्काएर मलाई शुद्ध पार्नुहोस्। जबसम्म म हिँऊ जस्तो सेतो हुन्न तबसम्म मलाई धोइ पखाल्नुहोस्।

८ मलाई खुशी पार्नुहोस्। बताउनु होस फेरि खुशी कसरी हुनु। तपाईंले धूलो-पिठो पार्नु भएको हड्डीहरू फेरि आनन्दले नाचोस्।

९ मेरो पापहरू तपाईं नहेर्नु होस्! ती सबै मेटी दिनुहोस्!

१० हे परमेश्वर, शुद्ध हृदय मभित्र सृजना गरिदिनु होस्! मेरो आत्मा फेरि एकपल्ट बलियो पारी दिनुहोस्।

११ मलाई नठेल्नु होस्। अनि मदेखि तपाईंको पवित्र आत्मा टाढ़ा नलैजानु होस्!

१२ तपाईंको सहयोगले मलाई खुशी पार्दछ! मलाई फेरि एकपल्ट त्यो आनन्द दिनुहोस्। मेरो आत्मा बलियो पारी दिनुहोस र तपाईंको आज्ञा पालन गर्न तयार होस्।

१३ म पापीहरूलाई तपाईंको चाहना अनुसार कसरी बाँच्न भनेर सिकाउने छु अनि तिनीहरू फर्केर तपाईं कहाँ आउने छन्।

१४ हे परमेश्वर, मृत्यु दण्ड देखि मलाई बचाउँनु होस्। मेरो परमेश्वर, तपाईंले मात्र मलाई बचाउँनु हुन्छ! तपाईंको धार्मिकताको विषयमा मलाई गीत गाउन् दिनुहोस्।

१५ हे मेरो स्वामी, म मेरो मुख खोल्नेछु, र तपाईंको प्रशंसा-गीत गाउने छु!

१६ तपाईं वास्तवमा बलिहरू चाहनु हुन्न यसकारण मैले किन बलिहरू चढ़ाउन जुन तपाईंले चाहनु हुन्न!

१७ जुन बलि परमेश्वरले चाहनु हुन्छ त्यो विनम्र आत्मा। हे परमेश्वर, जो-जो विनम्र अनि समर्पित हृदय लिएर आउँदछन्, तपाईं उनीहरू देखि मुख फर्काउनु हुन्न!

१८ हे परमेश्वर, सियोन प्रति कल्याणार्थ बन्नु होस्। यरूशलेमको पर्खालहरू पुनर्निर्माण गर्नुहोस्।

१९ तब तपाईंले धार्मिकताको बलिदान र होमबलिहरूको आनन्द लिन सक्नु हुन्छ। अनि मानिसहरूले फेरि साँढ़हरू तपाईंको वेदीमा चढ़ाउने छन्।

## भजन ५२

*प्रमुख संगीतकारलाई। जब एदोमी दोयेग शाऊल कहाँ गए र उनलाई भने, "दाऊद अहिमेलेको घरमा छ"। दाऊदको मस्किल भन्ने भजन।*

१ हे वीर मानिस, किन तिमी आफ्नो अधर्म कामहरूमा घमण्ड गर्दछौ? तिमी परमेश्वरको नजरमा अपमानित मानिस हौ।

२ तिमीले सधैं मूर्ख योजनाहरू तयार पाछौ अनि तिम्रो जिब्रो धारिलो छुरा जस्तो डर लाग्दो छ। तिमीले सधैँ झूटो बोल्छौ अनि मानिसहरूलाई ठग्छौ।

३ तिमीले असलभन्दा दुष्ट्याँई नै मन पराउँछौ। तिमी सत्य बोल्नु भन्दा झूटो बोल्नु नै मन पराउँछौ।

४ तिमी र तिम्रो झूटो बोल्ने जिब्रोले मानिसहरूलाई कष्ट दिन मन पराँउछन्।

५ यसैले परमेश्वरले तिमीहरूलाई सदा-सर्वदाको निम्ति नाश गर्नुहुनेछ! उहाँले तिमीहरूलाई पक्रनु हुनेछ अनि तिम्रो घरबाट* धकेल्दै तान्नु हुनेछ, जसरी मानिसहरूले उद्भिद्लाई जमीनबाट जरैसँग तानेर निकाल्दछ।

६ धर्मात्माहरूले यो देख्नेछन र परमेश्वरको डर मान्ने छन्। परमेश्वरको आदर गर्नेछन्। तिनीहरू तिमीमाथि हाँस्ने छन् र भन्नेछन्।

७ "हेर, परमेश्वरमाथि जो भर पर्दैन त्यस मानिसको गति कस्तो हुन्छ। उसले सोच्यो कि सम्पत्ति र झूटो कुराहरूले उसलाई रक्षा गर्नेछ।"

८ तर म परमेश्वरको मन्दिरमा उम्रिने हरियो धुपीको रूख जस्तै हुँ। म सदा-सर्वदा परमेश्वरको स्नेहपूर्ण करुणामा भरोसा गर्नेछु।

९ हे परमेश्वर, जुन कामहरू तपाईंले गर्नुभयो म ती कुराहरूको सदासर्वदा स्तुति गर्नेछु। म भक्तजनहरूका समक्ष तपाईंको नाउँ लिनेछु किनभने यो अति राम्रो छ!

## भजन ५३

*प्रमुख संगीतकारलाई। महलथ भन्ने रागमा दाऊदको मस्किल नामक भजन।*

१ केवल मूर्खहरूले मात्र परमेश्वर छैन भनेर

---

**हिसप झार** एक प्रकारको सुगन्धित उद्भिद्। हामी शुद्धीकरण वा चोख्खाउने काम त्यस्तै सुगन्ध भएको तितेपाती।

**घर** यहाँ घरको माने शरीर हो। यो परमेश्वर तर्फ कवितात्मक भनाई हो परमप्रभुले सदा तिमीलाई ध्वंश पार्नु हुनेछ भनेर।

सोच्दछन्। त्यस्ता मानिसहरू भ्रष्ट, दुष्ट, धूर्त हुन्छन्, अनि तिनीहरूले कहिल्यै राम्रो काम गर्दैनन्।

२ त्यहाँ साँच्चै नै परमेश्वर हामी तर्फ नै सवर्गबाट हेरिरहनु भएको छ। परमेश्वरले ज्ञानी पुरुषहरूलाई खोजिरहनु भएको छ, जसले परमेश्वरलाई नै खोजिरहेछन!

३ तर प्रत्येक जन परमेश्वर देखि विमुख भएका छन्। प्रत्येक मानिस कपटी छन। कसैले पनि राम्रो काम गर्दैन। एकजना पनि राम्रो काम गर्ने मानिस छैन!

४ परमेश्वर भन्नुहुन्छ, "निःसन्देह ती दुष्ट मानिसहरूले सत्य जान्दछन्। तिनीहरूले मलाई प्रार्थना गर्दैनन्। दुष्ट मानिसहरू मेरो भक्तजनहरूलाई ध्वंस पार्न उनीहरूको खाना खान जतिकै तयार छन्।"

५ तर ती दुष्ट मानिसहरू भयग्रस्त हुनेछन् त्यस्तो पहिले किहल्यै भएका-थिएनन्! ती पापीहरू इस्राएलका शत्रुहरू हुन्। परमेश्वरले त्यस्ता पापीहरूलाई रद्ध गर्नु भएको छ। यसैले परमेश्वरका मानिसहरूले तिनीहरूलाई परास्त पार्नेछन्, अनि परमेश्वरले तिनीहरूको हाड़हरू छिन्न-भिन्न पारिदिनु हुनेछ।

६ म इच्छा गर्छु परमेश्वरले सियोन पर्वतमाथि इस्राएलको निम्ति विजय ल्याउनु हुनेछ। त्यही बेला परमेश्वरले आफ्ना भक्तजनहरूलाई निर्वासनबाट फर्काई ल्याउनु हुनेछ। याकूब प्रफुल्लित हुनेछ। इस्राएल आनन्दले ओतप्रोत हुनेछ।

## भजन ५४

*प्रमुख संगीतकारलाई। वाद्य वादन सहित-जति वेला सेफिद आयो अनि शाऊललाई भन्यो, "दाऊद हाम्रा मानिसहरूका वीचमा लुकिरहेको छ। दाऊदको मस्किल नाउँका भजन।*

१ हे परमेश्वर, तपाईंको शक्ति उपयोग गरेर मलाई बचाउनु होस्। मलाई स्वतन्त्र* पार्नलाई तपाईंको शक्ति उपयोग गर्नुहोस्।

२ हे परमेश्वर, मेरो प्रार्थना सुनी दिनुहोस्। मैले भनेका कुराहरूमा ध्यान दिनुहोस्।

३ विदेशीहरू जसले परमेश्वरलाई उपासना गर्दैनन् उनीहरू मेरो विरुद्ध उठिरहेछन्। ती शक्तिशाली मानिसहरूले मलाई मार्न खोजिरहेछन्।

४ हेर, मेरो परमेश्वरले मलाई बचाउँनु हुनेछ। मेरो स्वामीले मलाई साथ दिनुहुनेछ।

५ जो मेरो विरुद्धमा उभिन्छन तिनीहरूलाई परमेश्वरले दण्ड दिनुहुनेछ। परमेश्वर मप्रति साँचो हुनुहुन्छ, अनि उहाँले ती मानिसहरूलाई नाश गर्नुहुनेछ।

६ परमेश्वर, मेरो निस्वार्थ मनले तपाईंलाई भेटीहरू चढाइरहेछु। हे परमप्रभु, म तपाईंको शुभनाउँको स्तुति गर्नेछु।

७ किनभने तपाईंले मलाई सारा कष्टहरू देखि बचाउँनु भयो। मैले आफ्ना शत्रुहरू परास्त भइरहेको देखेँ।

## भजन ५५

*प्रमुख संगीतकारलाई। वाद्य वादन सहित। दाऊदको मस्किल भन्ने भजन।*

१ हे परमेश्वर, मेरो प्रार्थना सुन्नुहोस्। कृपया मेरो प्रार्थनालाई अनुग्रहको निम्ति अवहेलना नगरीदिनु होस्।

२ परमेश्वर, मलाई सुनिदिनोस् र जवाफ दिनुहोस् मलाई तपाईं प्रति बोल्न दिनुहोस् अनि मभित्रका पीड़ा र व्यथा, सुनिदिनुहोस्।

३ मेरो शत्रुहरूले मप्रति अनुचित कार्यहरू गरे। त्यो दुष्ट मानिसले मसित चिच्यायो। मेरो शत्रुहरू क्रोधित थिए र मलाई आक्रमण गरे। तिनीहरूले मलाई सम्पूर्ण प्रकारले तहस-नहस गर्ने विघ्न-वाधाहरू सृष्टि गरे।

४ मेरो हृदय भित्रभित्रै जोड़ले धड़किरहेको छ। मलाई मृत्युसित डर लाग्यो।

५ म डरले गर्दा र थर-थर कामी रहेकोछु, म ती विघ्न-वाधाहरूको तूफानबाट भाग्न चाहुन्छु।

६ ओ हो! ढुकुरको जस्तो पखेटाहरू भए म उड़ने थिएँ! अनि विश्राम गर्ने ठाउँ खोज्ने थिएँ।

७ म धेरै टाढ़ा, एकदम टाढ़ा निर्जन ठाउँमा जाने थिएँ।

८ म भागेर बाँच्ने थिएँ। म दुःखको तूफानबाट भाग्ने थिएँ।

९-१० मेरो स्वामी, तिनीहरूका झूटो कुराहरू बन्द गर्नुहोस्। मैले यस शहरमा उपद्रव र झगड़ाहरू देखें। प्रत्येक रात-दिन, हरेक छिमेकीपनमा, यो शहर अपराध र बर्बरताले भरिपूर्ण भयो।

११ त्यहाँका गल्लीहरूमा अधिक भन्दा अधिक अपराधहरू भए। मानिसहरूले चारैतिर झूटा बोलेर ठगिरहेका थिए।

१२ यदि यो शत्रु भएको भएता, म हेलाँ गरेको पनि सहन सक्थेँ। यदि यो मेरो शत्रु भएता म उनीहरूको आक्रमणदेखि लुक्न सक्थें।

१३ तर तिमी नै एक हौ, मेरो साथी मेरो सहकर्मी। मेरो साथीहरूले नै मलाई कष्टहरू दिइरहेकाछन्।

१४ हामी आपसमा आफ्ना गुप्त कुराहरूको सहभागी

---

**स्वतन्त्र** मूल अर्थ, "परमप्रभु, परमेश्वर मलाई तपाईंको नाउँसँग बचाउनु होस्। तपाईंको प्रतापद्वारा न्याय गर्नुहुनेछ।"

हुने गर्दथ्यौ, अनि हामी सँगै भीड़भाड़मा छिर्दै, छिर्दै परमेश्वरको मन्दिरमा जाने गर्दथ्यौ।
१५ मेरो शत्रुहरूलाई मृत्युले अचानक लैजावोस्! म कामना गर्दछु कि पृथ्वीको मुख खुलियोस् र तिनीहरूलाई जिउँदै निली दिओस्! किन? किनभने तिनीहरूले परस्परमा त्यस्तो डरालाग्दो योजनाहरू बनाइरहेछन्।
१६ म सहयोगको लागि परमेश्वरलाई पुकार्ने छु, अनि परमप्रभुले मलाई जवाफ दिनु हुनेछ।
१७ म परमेश्वरसँग बिहान, दिउसो र बेलुकी कुरा गर्दछु। मेरो अस्तव्यस्त उहाँलाई बताउँछु। अनि उहाँले मेरो कुरा सुन्नु हुन्छ!
१८ मैले धेरै युद्धहरू लड़ी सकेको छु। तर परमेश्वरले मलाई सधैं बचाउनु भएको छ साथै सकुशल फर्काउनु भएको छ।
१९ परमेश्वरले मेरा कुरा सुन्नु हुनेछ। सदा-सर्वदा रहने राजाले मलाई साथ दिनुहुनेछ।
२० मेरा शत्रुहरूले आफ्नो जीवन शैली सुधार्ने छैनन्। तिनीहरू डराउँदैनन् र परमेश्वरलाई आदर गर्दैनन्।
२१ मेरा शत्रुहरूले आफ्नै मित्रहरूमाथि पनि आक्रमण गर्छन्। तिनीहरूले सबै सहमत भएको कामहरू गर्दैनन्।
२२ मेरा शत्रुहरू वास्तवमा चिप्लो धस्नेहरू हुन्, तिनीहरू शान्तिका कुराहरू गर्छन्, वास्तवमा तिनीहरू युद्धको तयारी गरिरहेका हुन्छन्। तिनीहरूका शब्दहरू तेल जस्त चिप्लो हुँदछ, तर तिनीहरूले छुरीले झैं काट्ने गर्छन।
२३ तिम्रो चिन्ताहरू परमप्रभुलाई देऊ अनि उहाँले तिम्रो हेरचाह गर्नुहुनेछ। परमप्रभुले कहिले पनि धर्मात्माहरूलाई परास्त हुन दिनुहुन्न।
२४ हे परमेश्वर तपाईंको करार अनुसार, ती झूटोहरू र हत्याराहरूलाई आधा जीवन नबित्दै चिहानमा पठाउनु हुनेछ, मेरो पक्षको करार अनुसार म तपाईंमा भरोसा गर्नेछु।

### भजन ५६

*प्रमुख संगीतकारलाई। "सुदूर ओक्मा ढुकुर" भन्ने धुनमा। जब गाथमा उहाँलाई पलिश्तीहरूले पक्रँदा। दाऊदको मिक्ताम भन्ने भजन।*

१ हे परमेश्वर, मानिसहरूले ममाथि आक्रमण गरे, यसैले मप्रति तपाईंको कृपादान रहोस्। तिनीहरूले लगातार मेरो खेदो गरेर मसँग लड़ाइँ गरे।
२ मेरो शत्रुहरूले ममाथि लगातार आक्रमण गरे। त्यहाँ अनगन्ति लड़ाकुहरू छन्।
३ जब म भयग्रस्त हुन्छु, तब तपाईंमाथि भरोसा राख्दछु।
४ म परमेश्वरमा भरोसा गर्छु, यसैले म भयभित हुन्न यसर्थ मानिसहरूले जे गर्न सक्छन् त्यसमा म डराउँदिन। उहाँको मप्रतिको वचनको लागि उहाँको स्तुति गर्छु।
५ मेरा शत्रुहरूले सधैं मेरा कुराहरूको उल्टो अर्थ लाउछन्। तिनीहरूले सधैं मेरो विरुद्ध योजनाहरू तयार गर्दछन्।
६ तिनीहरू सधैं लुक्छन् अनि जसरी पनि मलाई मार्ने मौका हेर्दै, मेरो प्रत्येक चहल-पहल हेर्दछन्!
७ हे परमेश्वर, तिनीहरूलाई टाढा पठाई दिनुहोस्। किनभने तिनीहरूले नराम्रो अधर्म कामहरू गरेका छन्। तिनीहरूलाई विदेशी जातिहरूको क्रोधमा तड़पाउनु टाढा पठाइदिनुहोस्।
८ तपाईं जान्नुहुन्छ म कति डराएको छु। तपाईं जान्नुहुन्छ मैले कति विलाप गरें। निःसन्देह तपाईंले मेरो सम्पूर्ण आँसुको हिसाब राख्नु भएको होला।
९ यसैले, मेरो शत्रुहरूलाई प्रास्त गरिदिनोस्। जब म तपाईंलाई सहयोगको निम्ति गुहार गर्छु म जान्दछु तपाईं त्यसो गर्न सक्नुहुन्छ कारण तपाईं परमप्रभु परमेश्वर हुनुहुन्छ!
१० म परमेश्वरको वचनलाई प्रशंसा गर्छु। म परमप्रभुको प्रशंसा गर्छु जसले उहाँको वचन म प्रति राख्नुभयो।
११ म परमेश्वरमा भरोसा गर्छु, यसैकारण मानिसहरूले मलाई के गर्न सक्ला भनी मैले डर मान्नु पर्दैन।
१२ हे परमेश्वर, मैले खास वचनहरू तपाईंको लागि दिएको छु। अनि मैले जे वचन दिएको छु त्यो गर्ने नै छु। म मेरो धन्यवादको भेटीहरू तपाईंलाई अर्पण गर्ने छु।
१३ किन? किनभने तपाईंले मेरो प्राणलाई मृत्युबाट बचाउँनु भयो। तपाईंले मलाई परास्त हुन देखि जोगाउनु भयो। यसैले म उज्यालोमा परमेश्वरलाई उपासना गर्नेछु, त्यो खाली जिउँदो मानिसहरूले मात्र देख्नसक्छन्।

### भजन ५७

*प्रमुख संगीतकारलाई। "ध्वंश नगर" भन्ने रागमा। जुन समय दाऊद ओडारमा शाऊलबाट भागे। दाऊदको मिक्ताम भन्ने भजन।*

१ हे परमेश्वर, मप्रति कृपालु हुनु होस्। दयावान हुनुहोस् किनभने म तपाईंको शरणमा आएकोछु। जबसम्म कष्ट हराँउदैन म तपाईंको संरक्षणमा छु।
२ म सर्वोच्च परमेश्वरलाई उहाँको सहयोगको निम्ति प्रार्थना गर्दछु अनि परमेश्वरले पूर्णतः मेरो हेरचाह गर्नुहुन्छ!
३ स्वर्गबाट उहाँले मलाई साथ दिनुहुन्छ र बचाउँनु

हुन्छ। उहाँले मलाई सताउने मानिसहरूलाई परास्त गर्नुहुन्छ। परमेश्वरले मप्रति आफ्नो स्नेहपूर्ण करुणा प्रकट गर्नुहुनेछ।

४ मेरो प्राण विपदमा छ। मेरा शत्रुहरू चारैतिर छन्। तिनीहरू तीखा भालाहरू र काँड़ाहरू जस्तो दाँत अनि तरवार जस्तो धारिलो जिब्रो लिएर मानिसहरूलाई सिंहहरू जस्तो गर्दछन।

५ परमेश्वर, तपाईं स्वर्गभन्दा पनि उच्च हुनुहुन्छ। तपाईंको महिमा पृथ्वी ढाकिएर फैलिन्छ।

६ मेरा शत्रुहरूले मलाई पासोमा पार्ने चेष्टा गरिरहेका थिए। तिनीहरूले मलाई फन्दामा पार्न चेष्टा गरिरहेका छन्।

७ हे परमेश्वर, म तपाईंमा भरोसा राख्छु, जे हुन्छ त्यसको निम्ति म तयार छु। म गाउनेछु अनि तपाईंको प्रशंसाको निम्ति बाजा बजाउँछु।

८ हे मेरो प्राण जाग! वीणा र सितार गन्काएर संगीत प्रारम्भ गर! प्रभात फेरि लगाऊ।

९ हे मेरा स्वामी, म सबैको अघि तपाईंको प्रशंसा गर्छु। प्रत्येक जाति समक्ष तपाईंको विषयमा म स्तुति-गान गर्छु।

१० तपाईंको स्नेहपूर्ण करुणा आकाश माथि-माथि भएको बादलहरूको उचाई भन्दा उच्च छ।

११ परमेश्वर स्वर्गभन्दा पनि सर्वोत्तम हुनुहुन्छ। उहाँको महिमाले पृथ्वी ढाक्दछ।

## भजन ५८

*प्रमुख संगीतकारलाई। "ध्वंश नगर" रागमा। दाऊदको मिक्तम् भन्ने भजन।*

१ हे न्यायकर्त्ताहरू, तिमीहरूको निर्णयमा पक्षपात रहित छैनौं। तिमीहरूले मानिसहरूलाई उचित न्याय दिएकै छैनौं।

२ होइन, तिमीहरू दुष्ट्याँई कामहरू गर्नलाई मात्र सोच्दछौ। तिमीहरू घोर अपराधहरू मात्र यस भूमिमा गर्दछौ।

३ ती दुष्टहरूले जन्मने बित्तिकै गल्ती कार्यहरू गर्न जान्दछ। तिनीहरू जन्मैदेखि भूटो बोल्न थाल्दछन्।

४ तिनीहरूको क्रोध सर्पको विष* जस्तै डरलाग्दो छ। साँबे सर्प जस्तै तिनीहरूले सुन्न सक्तैनन् अनि तिनीहरूले सत्य कुरा सुन्न अस्वीकार गर्छन्।

५ साबे सर्पले सम्मोहन गर्ने गीतहरू सुन्न सक्तैन। अनि ती पापीहरू त्यस्तै प्रकारले दुष्ट योजनाहरू तयार गरिरहेका छुन्छन्।

६ हे परमप्रभु, ती मानिसहरू सिंहहरू जस्ता हुन्छन् यसैले परमप्रभु, तिनीहरूका दाँतहरू भाँची दिनुहोस्।

७ तिनीहरू नालीका पानी जस्तै सुकेर बिलाउँदै जाऊन्। तिनीहरू बाटोमा कुल्चिइने जंगली झारहरू झैं होऊन।

८ तिनीहरू घस्त्रँदा-घस्त्रँदै विलाई जाने चिप्ले कीरा जस्तै होऊन्। तिनीहरूले जन्मनु अघि नै मरेको शिशु जस्तो कहिल्यै दिनको उज्यालो देख्न नपाऊन।

९ तिनीहरू तातो भाँड़ामा जलेर चाँडै खरानी हुने, काँड़ाहरू जस्तै चाँड़ो भन्दा चाँड़ो विनाश होउन्।

१० धार्मिक मानिस जब दुष्ट कर्म गर्नेहरूले सजाय पाएको देख्छ खुशी हुन्छ। उ सबै शत्रुहरूलाई परास्त गर्ने सिपाही जस्तो हुनेछ।

११ जब त्यस्तो घटेपछि, मानिसहरूले भन्ने छन: "निश्चयनै धार्मिक मानिसहरू पुरस्कृत हुनेछन, परमेश्वरले निश्चयनै संसारमा न्याय गर्नुभयो!

## भजन ५९

*प्रमुख संगीतकारलाई। "नष्ट नगर" भन्ने रागमा। जब शाऊलले दाऊदको चियो गरेर मार्न मानिसहरू पठाए। यो दाऊदको मिक्ताम भन्ने भजन।*

१ हे परमेश्वर, मेरा शत्रुहरूबाट बचाउनु होस्। मेरो विरुद्धमा लड़ाइँ गर्न आउनेहरूलाई परास्त गर्न मलाई सहायता दिनुहोस्।

२ मलाई ती दुष्ट कार्य गर्नेहरूबाट बचाउनु होस मलाई ती हत्याराहरूबाट बचाउँनु होस्।

३ हेर, बलिया मानिसहरूले मलाई पर्खीरहेका छन्। तिनीहरू मलाई मार्न पखिरहेका छन्। मैले कुनै पाप काम र अपराध गरेको छैन।

४ मैले कुनै गल्ती काम गरिन, तर तिनीहरू मलाई मार्न यहाँ (मकहाँ) आईरहेछ। परमप्रभु, तपाईं स्वयं आएर हेर्नुहोस्!

५ तपाईं सर्वशक्तिमान् परमप्रभु परमेश्वर, इस्राएलका परमेश्वर हुनुहुन्छ! उठनुहोस र तिनीहरूलाई दण्ड दिनुहुस्। ती दुष्ट अपराधीमाथि कुनै प्रकारको दया नदेखाउनु होस्।

६ ती पापीहरू कुकुर जस्ता साझै पछि भुवतै शहरभित्र आउँदछ, अनि ड्वार्र ड्वार्र र ङर ङर गर्दै शहरभित्र घुम्दछ।

७ तिनीहरूका निन्दा र धम्की सुन्नु होस्। तिनीहरूले निष्ठुरी कुराहरू गर्दछन्, तिनीहरूको कुरा कसले सुन्छ त्यो पर्वाह गर्दैनन्।

८ हे परमप्रभु, तिनीहरूलाई उपहास गर्नुहोस्। ती सबै जातिहरूलाई एक तमाशा बनाई दिनुहोस्।

९ म तपाईंको स्तुति-गान गर्नेछु। हे परमेश्वर, तपाईं नै मेरो उच्च पर्वतहरूमा पनि आश्रय हुनुहुन्छ।

१० परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ, अनि उहाँले मलाई जित्न साथ दिनुहुन्छ। उहाँले मेरो शत्रुहरू परास्त गर्नलाई सघाउनु हुन्छ।

---

**विष** यो शब्द हिब्रूमा प्रचलन छ। क्रोधको पर्यायवाची चेहाँ मानिको छ।

११ हे परमेश्वर, तिनीहरूलाई नमार्नुहोस् नत्र मानिसहरूले भूल्न सक्छन्। मेरो स्वामी, मेरो रक्षक तपाईंको सामर्थ्यले तिनीहरूलाई परास्त पार्नु होस अनि तितर-बितर पार्नु होस्।
१२ ती दुष्टहरू सराप्छन् र भूmटो बोल्छन्। तिनीहरूले भनेको कुरामा दण्ड दिनुहोस्, तिनीहरूलाई आफ्नै फुटानीले पाशोमा फसावोस्।
१३ तपाईंको क्रोधले तिनीहरूलाई खरानीमा परिणत गरिदिनु होस्। तिनीहरूलाई पुरै खरानीमा परिणत गर्नुहोस्। तब संसार भरिका मानिसहरूले बुझ्ने छन परमेश्वरले इस्राएलमा राज्य गर्नुहुन्छ!
१४ ती धूर्त पुरूषहरू ङ्वार्र ङ्वार्र र ङर ङर गर्ने कुकुरहरू जस्तै भुक्दै शहरभित्र पस्नेछन्।
१५ तिनीहरूले खाने-कुरा खोज्छन् तर तिनीहरूले न खानेकुरा न त सुत्ने ठाउँ नै पाउँछन्।
१६ तर बिहान पख म तपाईंको स्तुति-गान गाउनेछु म तपाईंको प्रेममा आनन्दित हुनेछु। किन? किनभने अग्लो पर्वतहरूमा तपाईं मेरो शरणस्थान हुनुहुन्छ। अनि जब ममाथि संकट आई पर्छ म तपाईंकहाँ दौड़ेर आउँदछु।
१७ म मेरो गीत तपाईंको प्रशंसाको लागि गाउनेछु। किन? किनभने तपाईं मेरो सुरक्षाको अग्लो पर्वत हुनुहुन्छ। तपाईं परमेश्वर हुनुहुन्छ जसले मलाई प्रेम गर्नुहुन्छ।

## भजन ६०

*प्रमुख संगीतकारलाई। “करारको लिल्ली” को रागमा। त्यो त्यस बेलाको गीत हो जब दाऊद अराम नेहेरयाम र अराम जोबह सँग लड़े अनि योआबले सल्ट 12,000 टावीम सिपाहीहरूलाई परास्त गरेर फर्केर आए। दाऊदको मिक्तम* भन्ने भजन।*

१ हे परमेश्वर, तपाईं हामीसित क्रोधित हुनुहुन्थ्यो। तपाईंले हामीलाई त्याग्नु भयो र ध्वंश पार्नु भयो। दया गरेर हामीलाई पुनः त्यस्तै राम्रो बनाई दिनोस्।
२ तपाईंले यस पृथ्वीलाई थर्काउनुभएको छ। तपाईंले त्यसलाई फटाउनुभएको छ। दया गरी यसलाई जोड़नु होस्।
३ तपाईंले आफ्नो मानिसहरूलाई धेरै दुःख-कष्टहरू दिनुभएको छ। हामी धर्मरिन्दै लड़दै हिंड्ने रक्साह मानिसहरू हौं।
४ जसले तपाईंको उपासना गर्छन उसैलाई चेताउनी दिनुभयो। अब तिनीहरू आफैले आफ्ना शत्रुहरूबाट बचाउँन सक्छन्।
५ तपाईंको महान् शक्ति चलाएर हामीलाई बचाउनु होस्। मेरो प्रार्थनाको जवाफ दिनुहोस् अनि तपाईंले माया गर्ने मानिसहलाई बचाउँनु होस्!
६ परमेश्वर आफ्नो मन्दिरमा बोल्नु भयो, “यसकारण म धेरै नै खुशी छु। परमेश्वरले भन्नुभयो, “म यो भूमि आफ्ना मानिसहरू माझ बाँड्दछु। म तिमीहरूलाई शेकेम दिनेछु, म तिमीहरूलाई सुक्कोत थाली दिनेछु।
७ गिलाद र मनश्शे मेरो हुनेछ, एप्रैम मेरो शिरस्त्राण* हुनेछ यहूदा मेरो राजदण्ड* हुनेछ।
८ मोआब मेरो खुट्टा धुने बाटा हुनेछ। एदोम मेरो जुत्ताहरू बोक्ने दास हुनेछ म पलिस्तीका मानिसहरूलाई परास्त गर्ने छु अनि विजयको स्वर कराउनेछु।”
९-१० तर परमेश्वर, तपाईंले हामीलाई त्याग्नु भयो! तपाईं हाम्रो सेनासँग जानु भएन! यसैले यस्तो बलियो र सुरक्षित शहरमा कसले मेरो अगुवाई गर्ला? कसले मलाई एदोमसँग लड़ाइँ गर्नलाई बाटो देखाउँला?
११ हे परमेश्वर, हाम्रा शत्रुलाई हराउन हामीलाई सहयोग गर्नुहोस्। मानिसहरूले हामीहरूलाई सहयोग गर्न सक्तैनन्।
१२ परमेश्वरले मात्र हामीलाई बलियो बनाउन सक्नु हुन्छ। अनि परमेश्वरले मात्र हाम्रो शत्रुहरूलाई हराउन सक्नु हुन्छ।

## भजन ६१

*प्रमुख संगीतकारलाई। तारे वाध्यसँग दाऊदको भजन।*

१ हे परमेश्वर, मैले गरेको प्रार्थना सुन्नुहोस्। मेरो प्रार्थना सुनी दिनुहोस्।
२ जहाँ म भए तापनि, जस्तो कमजोर म भए तापनि, तपाईंको सहयोग माग्नलाई पुकारा गर्ने छु! मलाई धेरै माथि सुरक्षित ठाउँमा लैजानुहोस्।
३ तपाईं मेरो शरणस्थान हुनुहुन्छ। तपाईंले मेरो शत्रुहरूबाट मलाई बचाउँने बलियो धरहरा हुनुहुन्छ।
४ म तपाईंको पालमा सदा सर्वदा रहनेछु। म तपाईंको शरणमा लुक्न चाहन्छु।
५ हे परमेश्वर, मैले के दिन्छु भनेर वाचा गरेको छु त्यो तपाईंले सुन्नु भयो, तर प्रत्येक कुरा तपाईंका भक्तजनहरूले पाउने तपाईंबाट नै आउँदछ।
६ राजालाई दीर्घायु दिनुहोस्। ऊ अनन्त सम्म बाँचोस्!
७ उनी परमेश्वर सँगै सदा-सर्वदा रहुन्। तपाईंको स्नेहपूर्ण करुणाले उहाँलाई बचाउँनु होस्।

---

**मिक्ताम** सायद यसको अर्थ “सुसज्जित गीत।” यो गीत, हुन सक्छ, दाऊदले लेखेको अथवा उहाँमा समर्थन गरिएको।

**शिरस्त्राण** शिर सुरक्षा गर्ने धातूका बलियो टोपी।

**राजदण्ड** खास किसिमको लट्ठी राजा अनि अगुवाहरूले बोलेर आफूलाई शासक हुँ भनेर दर्शाउने।

८ अनि म तपाईंको नाउँको गुणगान सधैंलाई गर्नेछु। प्रत्येक दिन, मैले वाचा गरेका कुराहरू मात्र गर्ने छु।

## भजन ६२

*प्रमुख संगीतकारलाई। यदूतूनको निम्ति दाऊदको भजन।*

१ जे हुनु छ त्यही होस चिन्ता छैन, मेरो प्राणले धैर्यसित परमेश्वरलाई मेरो सुरक्षाको निम्ति पर्खिन्छ। मेरो उद्धार उहाँबाट मात्रै आउँदछ।
२ मसँग धेरैजना शत्रुहरू हुन सक्छन, तर परमेश्वर मेरो किल्ला हुनुहुन्छ। उहाँले मलाई बचाउनु हुन्छ। परमेश्वर अग्लो पर्वतमा मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ। कुनै ठूलो सैनिकले पनि मलाई परास्त गर्न सक्तैन।
३ कहिले सम्म तिमीले मलाई आक्रमण गर्नेछौ? म ढल्की सकेको भित्ता जस्तो छु ढल्न तयार भएको बार हुँ।
४ मेरो प्रतिष्ठित ओहोदा हुँदा हुँदै पनि, ती मानिसहरू मलाई नष्ट पार्ने योजनाहरू बनाउँछन्। मेरो विषयमा झूटो कुराहरू गर्दा उनीहरू खुशी हुँदछन्। जनसमूहमा, तिनीहरूले मेरो विषयमा राम्रो कुराहरू गर्दछन् तर गुप्त रूपमा भने मलाई सराप्दछन्।
५ मेरो प्राणले धैर्यतापूर्वक मेरो सुरक्षाको निम्ति परमेश्वरलाई पर्खन्छ। परमेश्वर मात्र मेरो आशा हुनुहुन्छ।
६ परमेश्वर मेरो किल्ला हुनुहुन्छ। उहाँले मेरो उद्धारक गर्नुहुन्छ। परमेश्वर मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ।
७ मेरो गौरव र विजय परमेश्वरबाट आउँदछ। उहाँ मेरो बलियो किल्ला हुनुहुन्छ। परमेश्वर मेरो शरणस्थान ठाउँ हुनुहुन्छ।
८ हे मानिसहरू! परमेश्वरमाथि सधैं भरोसा राख! तिमीहरूको सम्पूर्ण संकटहरू परमेश्वरलाई बताऊ। परमेश्वर हाम्रा शरणस्थान हुनुहुन्छ।
९ मानिसहरूले वास्तवमा सहयोग दिन सक्तैनन्। तिमीले आफ्नो बचाऊको निम्ति मानिसहरूमाथि भरोसा राख्न सक्तैनौ। परमेश्वरको तुलनामा तिनीहरू केही पनि होइनन् फगत तिनीहरू पानीको वाफ हुन्।
१० थोकहरू छिन्नलाई शक्तिमाथि भरोसा नगर। चोरेर तिमीहरूले फाइदा पाउनेछौ भनेर नसोच। अनि जब तिमी धनाढ्य हुनेछौ, सहयोगको लागि धनीहरूमाथि आशा नगर।
११ परमेश्वर भन्नुहुन्छ: एउटै चीज छ जसमाथि तिमीहरू निश्चय आधार लिन सक्छौ, अनि म विश्वास गर्छु: "शक्ति परमेश्वरबाट आउँदछ!"
१२ हे मेरो स्वामी, तपाईंको प्रेम साँचो छ। परमप्रभु, हरेक मानिसको काम अनुसार तपाईं उसलाई प्रतिफल अथवा दण्ड दिनुहुन्छ।

## भजन ६३

*जब तिनी यहूदाको मरुभूमिमा थिए। दाऊदको एउटा भजन।*

१ हे परमेश्वर, तपाईं मेरो परमेश्वर हुनुहुन्छ। अनि म तपाईंलाई अत्यन्तै चाहन्छु। मेरो प्राण र शरीर तपाईंको लागि पानी नभएको सुक्खा, जमीन सरह तिर्खाउँछ।
२ हो, मैले तपाईंलाई तपाईंको मन्दिरमा देखेको छु। मैले तपाईंको शक्ति र महिमा देखेको छु।
३ तपाईंको स्नेहपूर्ण करुणा जीवनभन्दा श्रेष्ठ छ। मेरो ओंठले तपाईंको प्रशंसा गाउँदछ।
४ हो, म तपाईंको प्रशंसा तपाईंको नाउँमा म मेरो दुई हात जोडेर जीवन भर प्रशंसा गर्नेछु।
५ मानौं मैले उत्तम खाना खाए जस्तो मनभरि तृप्ति हुनेछु। अनि मेरो प्रफुलित ओंठले तपाईंकै गुण गाउँनेछ।
६ म बिछ्याउनमा ढल्कि रहेको बेलामा पनि तपाईंलाई नै सम्झिरहनेछु। मध्य-रातमा पनि म तपाईंलाई सम्झिरहने छु।
७ तपाईंले साँच्चि नै मलाई साथ दिनुभयो! म खुशी छु कि तपाईंले मेरो रक्षा गर्नुभयो।
८ मेरो प्राण तपाईंमा अल्झिन्छ अनि तपाईं मेरो हात समाउनु हुन्छ।
९ कतिपय मानिसहरूले मलाई मार्ने कोशिश गरिहेछन तर तिनीहरू नाश हुने नै छन्। तिनीहरू आफ्ना चिहानहरूमा जानेछन्।
१० तिनीहरू तरवारले मारिनेन्छन्। जंगली कुकुरहरूले तिनीहरूका मृत शरीरहरू खानेन्छन।
११ तर राजा आफ्ना परमेश्वरसँग खुशी हुनेछन अनि वचन दिएका ती मानिसहरू पनि परमेश्वरकै आज्ञामा गुण-गान गर्नेछन्। किन? किनभने उहाँले ती सम्पूर्ण झूटाहरूलाई परास्त पार्नुभयो।

## भजन ६४

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ हे परमेश्वर! मेरो कुराहरू सुन्नु होस्। मेरो शत्रुले मलाई धमास दिएको छ। त्यो देखि मेरो जीवन रक्षा गर्नुहोस्!
२ मेरो शत्रुहरूका षड़यन्त्रहरूबाट मलाई रक्षा गर्नुहोस्। ती कुकर्मीहरूबाट मलाई जोगाउनु होस्।
३ तिनीहरूले मेरो विषयमा नाना थरिका अनुचित कुराहरू गरेकाछन्। तिनीहरूका जिब्रोहरू तरवार जस्ता धारिला छन्, तिनीहरूको तीता वचनहरू काँड़ झैँ तिखा छन्।

४ तब अचानक, भयहीन भएर, आफ्ना सुरक्षित र
गुप्त ठाउँहरूबाट ईमान्दारी मानिसहरूमाथि तिनीहरू
ताख्दछन्।
५ एक-अर्कामा नराम्रो गर्न तिनीहरू उस्काँउदछन्।
तिनीहरू पासो बिछाउने कुराहरू गर्दछन्। तिनीहरू
परस्परमा भन्छन्, "कसैले पनि ती पासोहरू
देख्नेछैन!"
६ तिनीहरूले पासोहरू लुकाएका छन्। तिनीहरूले
शिकार खोजीरहेका हुन्छन्। मानिसहरू एकदम
चलाक-धूर्त हुन्छन् तिनीहरूले के सोचिरहेका छन्
भन्न वा जान्न गाह्रो छ।
७ तर परमेश्वरले पनि आफ्ना "काँड़हरू" हान्न
सक्नु हुन्छ! अनि तिनीहरूले जान्नु भन्दा अघि नै
दुष्टहरू घाइते हुँदछन्।
८ दुष्ट मानिसहरूले उरूलाई नराम्रो काम गर्ने
योजनाहरू तयार पार्दछन्। तर परमेश्वरले तिनीहरूको
योजनाहरू नष्ट पारी दिन सक्नुहुन्छ, अनि त्यस्ता
नराम्रा कार्यहरू उनीहरूमाथि नै घट्दछ। तब
सबैले तिनीहरूलाई देखी छक्क परेर आफ्ना
टाउकाहरू हालाउने छन्।
९ परमेश्वरले गर्नु भएको काम मानिसहरूले देख्नेछन्।
अन्य मानिसहरूलाई तिनीहरूले यस विषयमा
बताउने छन्। तब प्रत्येकले परमेश्वरको विषयमा
अझ बढ़ी जान्नेछ। कसरी डराउनु पर्ने र आदर
गर्नु पर्ने भन्ने कुरा सिक्नेछन्।
१० एक असल मानिस परमप्रभुको सेवा गर्न खुशी
हुन्छ। ऊ परमेश्वरमा नै आश्रित हुन्छ अनि जब
असल ईमान्दारी मानिसहरूले के भयो भनेर
देख्दछ, तिनीहरूले परमेश्वरको गुण गाउँदछन्।

### भजन ६५

*प्रमुख संगीतकारलाई। दाऊदको एउटा स्तुतिगान।*

१ सियोनमा हुने परमेश्वर, म तपाईंको प्रशंसा
गर्दछु। मैले वाचा गरेका कुराहरू तपाईंलाई
दिनेछु।
२ सबै मानिसहरू तपाईंकहाँ आउँछन् किनभने तपाईंले
हाम्रो प्रार्थना सुन्नुहुन्छ।
३ जब हाम्रा पापहरू यति विघ्न बोभिला हुन्छन तब
तपाईंले ती पापीहरू लैजानुहुन्छ।
४ हे परमेश्वर, तपाईंले आफ्ना मानिसहरू छान्नु
भएकोछ। तपाईंले हामीलाई तपाईंको मन्दिर आउनु
र उपासना गर्नलाई छान्नु भएको छ। अनि हामी
अत्यन्त खुशी छौ। तपाईंको घरमा, पवित्र मन्दिरमा
हामी असल पदार्थहरू पाँउछौ र हामी सन्तुष्ट
हुन्छौ।
५ हे परमेश्वर, हामीलाई बचाउँनु होस्। धर्मी
मानिसहरूले तपाईंलाई प्रार्थना गर्दछन अनि तपाईंले
उनीहरूको प्रार्थनाको जवाफ दिनुहुन्छ। तपाईंले
उनीहरूको निम्ति अचम्म लाग्ने कार्यहरू गर्नुहुन्छ।
संसारभरिका मानिसहरूले तपाईंलाई विश्वास
गर्दछन्।
६ परमेश्वरले आफ्ना शक्तिद्वारा पर्वतहरू बनाउनु
भयो। हामीले उहाँका शक्तिहरू हाम्रा वरिपरी
देख्छौ।
७ परमेश्वरले कठोर समुद्रलाई शान्त पार्नुभयो।
परमेश्वरले पृथ्वीमा मानिसको "समुद्र" बनाउनुभयो।
८ संसार भरिका मानिसहरू तपाईंको आश्चर्यचकित
कार्यहरू देखेर छक्कै परेकाछन्। सूर्योदय र
सूर्यास्तले हामीलाई आनन्द दिन्छ।
९ तपाईंले धरतीको खुप ख्याल गर्नुहुन्छ तपाईं
यसलाई पानीले सिंचनु हुन्छ र यसले थोकहरू
उमार्दछ। परमेश्वर तपाईंले खोला-नालाहरू पानीले
भर्नुभयो अनि त्यहाँको पानीले उप्जनी गराउँछ।
१० तपाईंले खेतहरू रोप्नलाई पानी बर्साउनु भयो,
तपाईंले खेतहरू पानीले चिसो पार्नुभयो अनि
ताजा अद्भिदहरू उमार्नु भयो।
११ तपाईंले नयाँ-वर्ष सप्रेको फसलसँग शुरू गर्नुभयो।
तपाईंले हाते-गाड़ी धेरै फसलहरूले भर्नुभयो।
१२ तपाईंले मरुभूमि र पहाड़मा घाँसहरूले सहित
ढाक्नुभयो।
१३ चउरहरू भेंड़ाहरूले भरिएका छन्, बेंसीहरू अन्नले
पुरिएका छन्। हरेक जना खुशीसँग गाईरहेछन्,
कराईरहेका छन्।

### भजन ६६

*प्रमुख संगीतकारलाई। प्रशंसाको गीत।*

१ हे पृथ्वीमा भएका प्रत्येकले, परमेश्वर प्रति
आनन्द सहित चिच्याउँछ!
२ उहाँको नाउँको महिमाको प्रशंसा गर! स्तुति-
गानहरूले उहाँको सम्मान गर!
३ उहाँको कार्यहरू कति अद्भूतपूर्ण छन् भन!
परमेश्वर, तपाईंको शक्ति महान् छ। तपाईंका
शत्रुहरू भुक्दछन्। तिनीहरू तपाईंसँग डराउँदछ्!
४ सारा पृथ्वीले तपाईंको उपासना गरून, प्रत्येकले
तपाईंको नाउँको स्तुति-गान गरून्।
५ परमेश्वरले गर्नु भएको कामहरू हेर! ती कुराहरूले
हामीलाई छक्क पार्छ।
६ परमेश्वरले सुक्खा धरतीमा समुद्र बनाउनु भयो।
उहाँका सुखी भक्तजनहरूले हिंड़ेर नदी पार गरे।
७ परमेश्वरले आफ्ना महान् शक्तिद्वारा संसार चलाउनु
हुन्छ, उहाँले मानिसहरूलाई चारैतिर विचार्नु हुन्छ।
कोही पनि उहाँको विरुद्धमा जान सक्तैनन्।
८ हे जातिहरू हो! हाम्रा परमेश्वरको गुण-गान
गर। ठूलो स्वरले उहाँको गुण-गान गर।

९ मानिसहरूलाई जीवन दिनु भयो। अनि हाम्रो रक्षा उहाले गर्नुभयो।
१० मानिसहरूले चाँदीलाई आगोले खारे जस्तै, परमेश्वरले हाम्रो मन जाँन्नुभयो।
११ हे परमेश्वर, तपाईंले हामीलाई पासोमा पार्नु भयो। तपाईंले हामीलाई गह्रौं भारी बोकाउनु भयो।
१२ तपाईंले आगो र पानी माथिबाट टाउको समातेर हामीलाई तान्नु भयो,* तैपनि तपाईंले हामीहरूलाई आश्चर्यचकित पार्नु भएकोछ।
१३-१४ यसैकारण, म तपाईंको मन्दिरमा होमबलि अर्पण गर्नेछु। जब-जब म सङ्कटमा परे तब तपाईंको सहयोग मागें। मैले मेरा प्रतिज्ञाहरू तपाईं प्रति पालन गरें। अब, म तपाईंलाई ती चीजहरू दिइरहेछु जुन मैले गरेथें।
१५ म तपाईंलाई पापमय बलिहरू अर्पण गर्नेछु, म तपाईंलाई भेंड़ाहरू सहित धूपहरू चढ़ाउँने छु, म साँढ़ेहरू र बाख्राहरू चढ़ाउने छु।
१६ तिमीहरू सबैले परमेश्वरको उपासना गरिरहने छौ। आऊ, अनि म तिमीहरूलाई भन्ने छु परमेश्वरले मेरो निम्ति के गर्नुभयो।
१७ मैले उहाँलाई प्रार्थना गरें, र मेरो जिब्रोबाट उहाँको गुणगान गरें।
१८ मेरो हृदय शुद्ध थियो, यसैले मेरो स्वामीले मलाई सुन्नुभयो।
१९ परमेश्वरले मलाई सुन्नुभयो। परमेश्वरले मेरो प्रार्थना सुन्नुभयो।
२० परमेश्वरको प्रशंसा गर! परमेश्वर मबाट विमुख हुनु भएन, उहाँले मेरो प्रर्थाना सुन्नुभयो। उहाँले आफ्नो प्रेम मलाई दर्शाउनु भयो।

## भजन ६७

*प्रमुख संगीतकारलाई। वाद्य-वादन सहित। एउटा स्तुतिगान।*

१ हे परमेश्वर म तर्फ कृपा दर्शाउनु होस र आशीर्वाद दिनुहोस्। कृपया हामीलाई ग्रहण गर्नुहोस्!
२ म भरोसा गर्दछु कि पृथ्वीमा भएका प्रत्येक मानिसले परमेश्वरको विषयमा जान्ने छन। प्रत्येक जातिले देखुन कि तपाईंले मानिसहरूलाई कसरी बचाउँनु हुन्छ।
३ हे परमप्रभु! मानिसहरूले तपाईंको गुण-गान गर्न सकुन। प्रत्येक मानिसले तपाईंको प्रशंसा गर्न सकुन्।
४ प्रत्येक जातिमाथि प्रफुलित र आनन्द हुन सकुन्। किन? किनभने तपाईंले मानिसहरूलाई निष्पक्षपूर्वक न्याय गर्नुहुन्छ। अनि तपाईंले प्रत्येक जातिमाथि शासन गर्नुहुन्छ।
५ मानिसहरूले तपाईंको गुण-गान गर्न सकुन्। हे परमेश्वर! प्रत्येक मानिसले तपाईंको गुण गाउन सकुन्।
६ हे परमेश्वर, हाम्रो प्रिय परमेश्वर, हामीलाई आशीर्वाद दिनुहोस्। हाम्रो खेतले विस्तृत फसल दिओस्।
७ हामीलाई परमेश्वरले आशीर्वाद दिऊन्। अनि पृथ्वीमा भएका सारा मानिसहरूले परमेश्वरसँग डर राखुन् र श्रद्धा गरून्।

## भहन ६८

*प्रमुख संगीतकारलाई। दाऊदको एउटा भजन।*

१ हे परमेश्वर, जाग्नु होस र तपाईंका शत्रुहरूलाई यत्रतत्र छरिदिनु होस्। उहाँका शत्रुहरू उहाँबाटै भागोस्।
२ हावाले धूवाँलाई फुकेर जस्तै तपाईंको शत्रुहरू यत्रतत्र छरिन परोस्। मैन अगोमा पग्लिए जस्तै तपाईंको शत्रुहरू नष्ट-बिनष्ट होस्।
३ तर धर्मी मानिसहरू सुखी छन्, धर्मी मानिसहरू परमप्रभु-परमेश्वरको साथ हुने-सँगै आनन्दमा छन्। धर्मी मानिसहरू स्वयं आनन्द मनाउने छन् अनि सुखी हुन्छन्।
४ उहाँको सम्मानमा बाजा गाजा सहित गीत गाऊ। परमेश्वरको निम्ति बाटो तयार पार। उहाँले आफ्नो रथ मरुभूमि तिर उड़ाउनुहुन्छ उहाँको नाउँ 'याह*, हो उहाँको नाउँको प्रशंसा गर!
५ उहाँको पवित्र मन्दिरमा परमेश्वर टुहुरा-टुहरीका निम्ति पिता भैं हुनुहुन्छ, उहाँले विधवहरूको हेरचाह गर्नुहुन्छ।
६ परमेश्वरले एक्लो मानिसलाई घर दिनुहुन्छ। उहाँले कैदीहरूलाई धैरे सम्पत्तिसित बाहिरा ल्याउनुहुन्छ। तर जो मानिसहरू परमेश्वरको विरोधमा जान्छन् तिनीहरूसित केही पनि रहँदैन।
७ हे परमेश्वर, तपाईंले आफ्नो भक्तजनहरूलाई मिश्रबाट बाहिर डोर्याउनु भयो। तपाईं मरुभूमि भएर कदम बढ़ाउनु भयो र पृथ्वी पनि हल्लियो।
८ हे परमेश्वर, इस्राएलका परमेश्वर, पर्वत सीनैमा आउनु भयो, पृथ्वी काम्यो अनि आकाश पग्लियो।
९ हे परमेश्वर, तपाईंले बर्षा पठाउनु भयो, क्लान्त, वृद्ध धरतीलाई फेरि बलियो भूमि बनाउन।

---

**हामीलाई ... भयो** अथवा हामीलाई हाम्रो शत्रुहरू प्रयोग गरेर तान्नु भयो। हामी आगो र पानी माथि भएर गयौं।

**याह** यो परमेश्वरको हिब्रू नाउँ हो। यही हिब्रू नाउँ प्रय: (उचलित) 'परमप्रभु' भएर अनुवादित भयो।

१० तपाईंका पशुहरू फर्केर त्यही भूमिमा आए। हे परमेश्वर, तपाईंले गरीब दु:खीहरूलाई धेरै राम्रा चीजहरू दिनुभयो।
११ परमेश्वरले आज्ञा दिनुभयो अनि धेरै मानिसहरू सुसमाचार सुनाउन गए।
१२ "शक्तिशाली राजाहरूका सिपाहीहरू भागेर गए! नारीहरूले लुटका सामान घर-घरमा भाग गरेर राखेकी छन् जुन सिपाहीहरूले युद्धबाट ल्याएका थिए। ती मानिसहरू जो घरमा बसेका छन् तिनीहरूले सम्पत्ति बाँड्ने छन्।
१३ तिनीहरूले चाँदीले छोपीएका ढुकुरका पखेंटाहरू पाउने छन्। तिनीहरूले सुनका चमकले टल्किरहेका पखेंटाहरू पाउने छन्।"
१४ जालमन पर्वतमा परमेश्वरले शत्रु राजाहरू तितर-बितर पार्नु भयो। ती झरिरहेका हिमपात जस्तै थिए।
१५ परमेश्वरको पर्वत बाशान पर्वत हो! बाशान पर्वत धेरै चुचुराहरू भएको विशाल पर्वत हो।
१६ हे बाशान पर्वत! तिमी किन सियोन पर्वतलाई हेला गर्छौ? परमेश्वरले सीनै पर्वतलाई प्रेम गर्नुहुन्छ। उहाँले त्यही जग्गालाई वास-स्थान बनाउनु भयो।
१७ परमप्रभु पवित्र सीनै पर्वतमा आउनु भयो। उहाँको पछि लाखैलाख रथहरू छन्।
१८ उहाँ उच्च पर्वत माथि-माथि जानु भयो। ती मानिसहरूसित जो उहाँका विरुद्ध भए कैदीहरूको लहरलाई पथ-निर्देश गर्दै पुरूषहरूबाट उपहार लिनलाई, परमप्रभु परमेश्वर त्यहाँ रहनलाई जानु भयो।
१९ परमप्रभुको प्रशंसा गर! प्रत्येक दिन उहाँले हाम्रो बोझ उठाउनु हुन्छ। जुन हामी आफैले उठाउनु पर्ने हो परमेश्वरले हामीलाई मृत्युबाट बचाउनुहुन्छ।
२० उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ। उहाँ नै परमेश्वर हुनुहुन्छ जसले हामीलाई उद्धार गर्नुहुन्छ। परमप्रभु हाम्रा परमेश्वरले हामीलाई बचाउनु हुन्छ।
२१ परमेश्वरले आफ्ना शत्रुहरूलाई परास्त गरेको देखाउनु हुनेछ। परमेश्वरले उहाँको विरुद्ध लड्नेहरूलाई दण्ड दिनुहुनेछ।
२२ मेरो स्वामीले भन्नुभयो, "म बाशानबाट शत्रु फर्काई ल्याउने छु, म पश्चिमबाट शत्रु ल्याउनेछु।
२३ यसकारण तिमीहरू उनीहरूको रगतमा हिंड्न सक, यसकारण तिमीहरूका कुकुरहरूले तिनीहरूको रगत ल्याप्-ल्याप् चाट्ने छन।"
२४ हेर, परमेश्वरले विजयी लहरलाई डोऱ्याई रहनुभएको! हेर मेरो पवित्र परमेश्वर, मेरो राजा, विजयी लहरलाई डोऱ्याइरहनु भएको!
२५ आगाड़ि गायकहरू हिड़िरहेका छन्, तिनीहरूको पछि पछि संगीतकारहरू हिड़दैछन। तिनीहरूलाई खैंजड़ी बजाउँदै गरेका कुमारीहरूले घेरेका छन्।
२६ समुदायहरूमा परमेश्वरको प्रशंसा गर! इस्राएलका मानिसहरू, परमप्रभुको प्रशंसा गर!
२७ त्यहाँ सानो बिन्यामीन छ, तिनीहरूलाई डोऱ्याईरहेका। अनि त्यहाँ यहूदाका महान् परिवार पनि छन्। अनि त्यहाँ जबूलून र नप्ताली अगुवाहरू पनि छन्।
२८ हे परमेश्वर, हामीलाई तपाईंको शक्ति देखाउनु होस्! हाम्रो निम्ति बितेका दिनहरूमा प्रयोग गर्नु भएको शक्ति देखाउनु होस्।
२९ राजाहरूले आफ्नो सम्पत्ति तपाईंको महल यरूशलेममा ल्याउने छन्।
३० तिम्रो लट्ठीले ती "पशुहरूलाई" सधाऊ। ती मानिसहरूको जस्ता "साँढेका बथानलाई" तिमीले अनुशरण गर्ने बनाऊ। तिनीहरूले आज्ञा मान्दछ्। तिमीले ती जातिहरूलाई युद्धमा हरायौ। अब तिनीहरूलाई चाँदीका टुक्रा ल्याउन लगाऊ।
३१ मिश्रबाट तिनीहरूलाई सम्पत्ति ल्याउन लगाऊ, एथिओपियाहरूलाई तिमीकहाँ धन ल्याउन लगाऊ।
३२ हे पृथ्वीका राजाहरू हो! परमेश्वरको गुण गाऊ! हाम्रो स्वामीको स्तुति-गान गर!
३३ परमेश्वरको लागि गीत गाऊ! उहाँ रथद्वारा सनातन आकाश भएर आउनु भईरहेछ। उहाँको शक्तिशाली आवाज सुन!
३४ परमेश्वरको प्रशंसा गाऊ किनभने उहाँ इस्राएलमाथि महिमित राजा हुनुहुन्छ अनि उहाँको शक्ति आकाशमा छ।
३५ हे परमेश्वर आफ्ना मन्दिरमा तपाईं डरलाग्दो हुनुहुन्छ। इस्राएलका परमेश्वरले आफ्ना मानिसहरूलाई बल र शक्ति दिनुभयो, परमेश्वरको प्रशंसा गर।

## भजन ६९

*प्रमुख संगीतकारलाई। 'लिलि'को धुनमा। दाऊदको भजन।*

१ हे परमेश्वर, मेरो सम्पूर्ण संकटहरूबाट बचाउँनु होस्! मेरो मुखसम्म पानी उठिसक्यो।
२ त्यहाँ उभिने कुनै ठाउँ छैन। म तल-तल दलदलमा भाँसिदैछु। म गहिरो पानी भित्र छु, अनि छालहरूले मलाई जोडसँग चारैतिर हिर्काई रहेछन।
३ तपाईंको सहायताको लागि गुहार माग्नलाई बोलाउँदा बोलाउँदा म कमजोर भइरहेछु। मेरो घाँटी पोलिरहेछ। म तपाईंको सहयोगको निम्ति मेरो आँखा नट्टाउज्जेल सम्म पर्खिरहें,
४ मेरा शिरका केशहरू भन्दा धेरै शत्रुहरू छन्। कारणै बिना तिनीहरू मलाई हेला गर्छन्। तिनीहरूले मलाई विध्वंश पार्ने पूरा चेष्टा गरे। मेरो विषयमा

तिनीहरू झूटो कुराहरू गर्छन्, तिनीहरू झूटा
छन् र मैले सामानहरू चोरेँ भन्छन्। तिनीहरूले
मलाई जबर्जस्ती नचोरेका चीजहरूको मूल्य तिर्न
लगाउँदछन्।
५ हे परमेश्वर, तपाईं जान्नुहुन्छ कि, मैले कुनै
गल्ती काम गरेको छैन। म तपाईंदेखि आफ्ना
पापहरू लुकाउन सक्तिन।
६ हे मेरो स्वामी, सेनाहरूका परमेश्वर, मेरो लागि
तपाईंका भक्तजनहरूलाई लज्जित नपार्नु होस्। हे
इस्राएलका परमेश्वर, जो तपाईंमाथि निर्भरछन,
उपासकहरूलाई मेरो कारणले लज्जित हुन
नदिनुहोस्।
७ मेरो अनुहार शरमले ढाकिएको छ। म तपाईंको
निम्ति त्यो शरम सहन्छु।
८ मेरो दाज्यू-भाइहरूले मलाई परदेशी जस्तो व्यवहार
गर्दैछन्। मेरो आमाको छोराहरूले मलाई विदेशी
सरह व्यवहार गर्दैछन्।
९ तपाईंको मन्दिर तर्फको मेरो दरिलो जोशले मलाई
ध्वंश पारिरहेछ। म ती मानिसहरूदेखि जसले
तपाईंलाई खिसी गर्दछ उपहासको पात्र बनिरहेछु।
१० म रोएँ र उपवास बसें, अनि तिनीहरूले यसो
गरेको देखेर खिसी गरे।
११ आफ्नो उदासीपन देखाउनलाई थोत्रो पोशाक लगाएँ,
अनि मानिसहरूले मेरो विषयमा ठट्टा गरे।
१२ तिनीहरूले जनसमूहमा मेरो विषय कुराहरू गर्छन।
मद्यपान गर्नेहरूले मेरो निम्ति उपहासपूर्ण गीतहरू
बनाए।
१३ तर, हे परमप्रभु, यो प्रार्थना तपाईंको निम्ति हो:
तपाईंले मलाई ग्रहण गरेको चाहुन्छ। हे परमेश्वर,
म तपाईंबाट प्रेमसाथ जवाफ चाहुन्छ, म
जान्दछु कि मलाई बचाउँन तपाईंमाथि भरोसा
गर्नुसक्छु।
१४ दलदल देखि मलाई तान्नु होस्। मलाई दलदल
भित्र भासिन नदिनुहोस्। मलाई यो गहन पानीबाट
बचाउनुहोस्। मलाई ती मानिसहरूबाट बचाउनु
होस जसले मलाई हेलागर्छन।
१५ पानीका छालहरूमा मलाई डुब्न नदिनुहोस्। गहीरो
प्वालले मलाई निल्न नदिनुहोस्। मलाई मेरो
शत्रुहरूबाट र यो गम्भीर कष्टबाट बचाउनुहोस्।
१६ हे परमप्रभु, तपाईंको प्रेम असल छ। म पट्टि
फर्कनु होस् र तपाईंको महान् दयाले मलाई
सहायता गर्नुहोस्।
१७ तपाईंको दासबाट मुख नफर्काउनु होस्। म
संकटमा छु। चाँडो, मलाई सघाउँनु होस्।
१८ आउनु होस र मेरो प्राण जोगाउनु होस्। मेरो
शत्रुहरूबाट मलाई जोगाउनु होस्।
१९ मेरो लज्जितपन तपाईं जान्नुहुन्छ, मेरो शत्रुहरूले
मलाई अपमान गरेको तपाईं जान्नुहुन्छ, तिनीहरूले
मलाई ती कुराहरू गर्दै गरेको तपाईंले
देख्नुभयो।
२० गालीले मलाई धूलो-पिठो पारेको छ! म गालीको
कारणले मर्न लागेको छु म संवेदना पर्खिएको छु
तर कसैबाट पाउन सकिन। म कतिपय मानिसहरूलाई
सान्त्वनाको निम्ति पर्खीँ बसे, तर कोही पनि
आएन।
२१ तिनीहरूले मलाई खानलाई विष दिए। तिनीहरूले
मलाई सिर्का दिए, दाखरस दिएनन्।
२२ तिनीहरूका टेबलहरू खानाहरूले सजिएका छन्।
तिनीहरूसँग त्यस्तो विशाल बन्धुत्वपूर्ण भोजहरू
छन्। मलाई ती भोजहरूले विनाश गर्ला भन्ने
लाग्दछ।
२३ तिनीहरूका आँखा अन्धा होउन, अनि तिनीहरूको
पीठ्यू सधैंको निम्ति दुर्बल हुन दिनुहोस्।
२४ तपाईंका सम्पूर्ण क्रोधहरूका अनुभव तिनीहरूले
पनि गरून्।
२५ तिनीहरूका घरहरू रित्तो पारिदिनुहोस्। कोही पनि
त्यहाँ बस्न नपाओस्।
२६ तिनीहरूलाई दण्ड दिनुहोस, अनि तिनीहरू भाग्नेछन्।
त्यसपछि तिनीहरूले कुरा गर्दा पीड़ा र घायलहरू
पाउनेछन्।
२७ तिनीहरूका अधर्म कामहरूको लागि दण्ड दिनुहोस्।
तपाईं कतिको असल हुनुहुन्छ भनी तिनीहरूलाई
नदेखाउनु होस्।
२८ जीवनको पुस्तकबाट तिनीहरूको नाउँ मेटि दिनुहोस्,
तिनीहरूका नाउँ धर्मी मानिसहरूको साथमा नलेखि
दिनुहोस्।
२९ म दु:खीत र पीड़ित छु। परमेश्वर मलाई उठाउनु
होस, मलाई बचाउनु होस्।
३० म परमेश्वरको नाउँ गीतमा प्रशंसा गर्नेछु। म
धन्यवादको गीतहरूमा प्रशंसा गर्नेछु।
३१ यसले परमेश्वरलाई खुशी पार्नेछ! यो साँढ़े र
अन्य पशुहरू मारेर बली चढाउनु भन्दा उत्तम
हुनेछ।
३२ हे नम्र मानिसहरू! परमेश्वरलाई उपासना गर्न जो
आएका छन। यी कुरा जानेर तिनीहरू खुशी हुने
छन्।
३३ किनकि परमप्रभुले दीन-दु:खि र असहायकहरूको
पुकारा सुन्नु हुन्छ। कैदमा परेका मानिसहरूलाई
पनि परमप्रभुले मन पराउनु हुन्छ।
३४ स्वर्ग र पृथ्वीले, परमेश्वरको प्रशंसा गरून्।
समुद्र र यसमा भएका जम्मै चीजहरूहो! परमप्रभुको
प्रशंसा गर।
३५ परमप्रभुले सियोनलाई बचाउनुहुनेछ। परमप्रभुले
यहूदाका शहरहरू अझ एकपल्ट निर्माण गर्नु

हुनेछ ताकि उहाँका मानिसहरू त्यहाँ फेरि बस्न
सकुन।
३६ उहाँका दासहरूका सन्तानले त्यो धरती पाउनेछन्,
मानिसहरू ज-जसले उहाँको नाउँलाई प्रेम गर्दछन्
उनीहरू त्यहाँ बस्ने छन्।

### भजन ७०

*प्रमुख संगीतकारलाई। मानिसहरूलाई सम्झना गराउन।*
*दाऊदको भजन।*

१ हे परमेश्वर, मलाई बचाउनु होस्! हे परमेश्वर,
मलाई सहायता गर्नलाई आतुरी गर्नुहोस्।
२ मानिसहरूले मलाई मार्ने कोशिश गरिरहेछन्।
तिनीहरूलाई असन्तुष्ट पार्नुहोस्। तिनीहरूलई
अपमानित पार्नुहोस्। मानिसहरू मप्रति अधर्म
काम गर्न चाहन्छन्। तिनीहरूका पतन हुन्छ र
लज्जित अनुभव गर्छन भन्ने मलाई लाग्दछ।
३ मानिसहरूले मलाई हाँसोको पात्र बनाए। ज-जसले
मेरो निन्दा गरे जुन कुराको निम्ति तिनीहरू योग्य
छन् तिनीहरूले त्यो पाउन सकुन।
४ ज-जसले तपाईंको उपासना गर्छन, तिनीहरू खुबै
खुशी होऊन। जसले तपाईंको मुक्तिलाई प्रेम
गर्छन् सधैं तपाईंको प्रशंसा गरून।
५ हे परमेश्वर! म दीन-दुःखी र असहाय मानिस
हुँ! हे परमेश्वर! चाँड़ो आएर मलाई बचाउनु
होस्! हे परमेश्वर, तपाईंले मात्र मलाई बचाउन
सक्नु हुन्छ! अझ विलम्ब नगर्नुहोस्!

### भजन ७१

१ हे परमप्रभु, म तपाईंमाथि भरोसा गर्छु ताकि म
कहिल्यै निराशा नहुँ।
२ तपाईंको धार्मिकताको कारण, तपाईंले मलाई
बचाउनु हुनेछ। तपाईंले मलाई छुटकारा दिनु
हुनेछ। मेरो गुहार सुनी दिनुहोस्। मलाई बचाउँनुहोस्।
३ मेरो किल्ला बनिनु होस, त्यो घर जहाँ म
बचाऊको निम्ति भागेर जान सक्छु। तपाईं मेरो
चट्टान हुनुहुन्छ, मेरो सुरक्षाको ठाउँ। यसैले मलाई
बचाउँनलाई आज्ञा दिनुहोस्।
४ हे मेरा परमेश्वर, दुष्ट मानिसहरूबाट मलाई
बचाउँनु होस्। मलाई धूर्त र दुष्ट मानिसहरूबाट
बचाउँनु होस्।
५ मेरो परमेश्वर तपाईं मेरो स्वामी, तपाईं मेरो
आशा हुनुहुन्छ, म जवान अवस्थादेखि तपाईंमा
भरोसा गरेको छु।
६ म जन्मनु भन्दा अघिबाटै तपाईंमाथि आश्रित
थिएँ, आमाको कोखमा हुँदादेखि नै मैले तपाईंमाथि
पूर्ण भरोसा गरेको हुँ। मैले सधैं तपाईंलाई प्रार्थना
गरे।
७ तपाईं मेरो बलको श्रोत हुनुहुन्छ। यसैले म
अरूको निम्ति उदाहरण भएकोछु।
८ तपाईंले गर्नु हुने आश्चर्यपूर्वक कार्यको विषयमा
म सधैं गीत गाउँदछु।
९ म बूढ़ो भएँ भनी मलाई नफ्याँक्नु होस्। मेरो बल
सकिदैछ भनेर मलाई नत्याग्नु होस्।
१० मेरो शत्रुहरूले मेरो विरुद्धमा योजनाहरू तयार
गरे, तिनीहरू वास्तवमा एक-अर्कामा पहिल्यै
भेला भए, अनि मलाई मार्ने योजना गरे।
११ मेरो शत्रुहरूले भने, "जाऊ त्यसलाई पक्रौ।
परमेश्वरले त्यसलाई छोड़ी दिए। अनि कसैले पनि
त्यसलाई साथ दिनेछैन।"
१२ हे परमेश्वर, मलाई नत्याग्नहोस्। हे मेरा परमेश्वर,
चाँड़ो आएर मलाई बचाउनु होस्!
१३ मेरो शत्रुहरूलाई परास्त पार्नुहोस्। तिनीहरूलाई
पूर्ण रूपले ध्वंस पार्नुहोस्! तिनीहरूले मलाई घात
गर्ने कोशिश गरिरहेका छन्। तिनीहरूले शर्म र
बदनामी अनुभव गर्नु सकुन।
१४ तब म तपाईंमाथि सर्वदा भरोसा गर्नेछु। अनि म
तपाईंको प्रशंसा धेरै भन्दा धेरै गर्नेछु।
१५ तपाईं कति असल हुनुहुन्छ भनेर म मानिसहरूलाई
भन्नेछु। एकपल्ट मात्र होइन धेरै पल्ट तपाईंले
मलाई बचाएको कुरो म तिनीहरूलाई भन्नेछु। ती
समयहरूको गन्ती नै छैन।
१६ हे परमप्रभु मेरो स्वामी म तपाईंको महानताको
बारेमा बताउनेछु। म तपाईंको बारेमा र तपाईंको
भलाईको विषय बताउनेछु।
१७ हे परमेश्वर, म सानो केटो हुँदादेखि तपाईंले
मलाई शिक्षा दिनु भयो। अनि आज सम्म मैले
मानिसहरूलाई तपाईंले गरेका अद्भूत कार्यहरू
बारेमा घोषणा गर्दछु।
१८ अब म बूढ़ो भएँ अनि मेरा केश सेता छन् तर
म जान्दछु तपाईंले मलाई त्याग्नु हुने छैन,
परमेश्वर। म प्रत्येक भावी पुस्तालाई तपाईंको
शक्ति र महानता बारेमा बताउने छु।
१९ हे परमेश्वर, तपाईंको उपकार आकाशभन्दा माथि
छ। परमेश्वर, तपाईं बाहेक यहाँ कोही पनि छैन
तपाईंले अद्भूत कामहरू गर्नुभयो।
२० यद्यापि तपाईंले मलाई नै यत्रो विघ्न देख्ने बनाउनु
भयो, तपाईंले मलाई ती सबै कष्टहरूबाट बचाउनु
भयो अनि मलाई जिउँदो राख्नुभयो। यद्यपि म
धेरै गहिरोमा डुबें तपाईंले मलाई मेरा कष्टहरूबाट
माथि उठाउनु भयो।
२१ मलाई पहिलेको भन्दा अझ असल काम गर्न
साथ दिनुहोस्। लगातार मलाई सान्त्वना दिनुहोस्।
२२ अनि म वीणा बजाउने छु र तपाईंको स्तुति-गान
गर्नेछु। हे मेरा परमेश्वर, तपाईंमाथि विश्वास गर्न

सकिन्छ भनेर म गीत गाउने छु। इस्राएलका
एकमात्र पवित्र परमेश्वरको निम्ति म मेरो वीणा
बाजामा गीत गाउने छु।
२३ तपाईंले मेरो प्राणलाई बचाउँनु भयो, मेरो प्राण
अत्यन्त खुशी छ। मेरा ओठहरूले तपाईंको
स्तुति-गान गर्नेछन्।
२४ मेरो जिब्रोले तपाईंको धार्मिक कार्यहरूको विषयमा
सदा-सर्वदा गीत गाउने छ। अनि ती मानिसहरू
ज-जसले मलाई मार्न चाहन्छन्। तिनीहरू परास्त
र अपमानित हुनेछन्।

### भजन ७२

*सुलेमानको भजन।*

१ हे परमेश्वर त्यस राजालाई सहायता गर्नुहोस्,
ताकि उसले तपाईंद्वारा विवेकपूर्ण न्याय गरोस्।
राजकुमारको सहायता गर्नुहोस् गर ताकि उसले
तपाईंको धार्मिकता जानोस्।
२ आफ्ना प्रजाहरूलाई निष्पक्ष न्याय गर्न राजालाई
सघाउनुहोस्। गरीब मानिसहरू प्रति विवेकपूर्ण
न्याय गर्नलाई तपाईंले राजालाई सघाउनु होस्।
३ त्यहाँ देशभरि शान्ति र न्याय रहोस्।
४ गरीब मानिसहरूप्रति राजा निष्पक्ष रहुन। उहाँले
असहायहरूलाई साथ दिओस्। कष्ट दिने
मानिसहरूलाई उहाँले दण्ड दिऊन्।
५ जब सम्म घाम उदाउँदछ अनि जून आकाशमा
रहन्छन् मानिस डरले राजालाई सम्मान गर्ने होस्!
६ खेतहरूमा पानी वर्षे जस्तै, धरतीमा पानी झरी
जस्तै राजा बनोस्।
७ उहाँको राज्यकालमा धार्मिकता फूलोस, फलोस।
जब सम्म जून रहँन्छ तब सम्म शान्ति रहोस्।
८ उहाँको राज्य समुद्र देखि समुद्रसम्म फैलियोस्।
युफ्रेटिस नदीदेखि पृथ्वीमा धेरै टाढ़ो सम्म बढ़ोस्!
९ मरुभूमिमा बसिरहेका मानिसहरूले उहाँको अघि
भूँई तिर अनुहार पारेर शिर झुकाउनु उहाँको
सम्पूर्ण शत्रुहरू तिनीहरूको मैलो अनुहार लिएर
उहाँप्रति निहुरिऊस्।
१० तर्शीशका बसिरहेका अनि सुदूर प्रान्तकाहरूले
उहाँलाई उपहार ल्याऊन्। शेबा र सेबाका राजाहरूले
उहाँ प्रति भेटी चढ़ाऊन।
११ सम्पूर्ण राजाहरूले हाम्रो राजाप्रति शिर झुकाउन।
सबै जातिहरूले उहाँको सेवा गरून।
१२ हाम्रो राजाले असहायहरूलाई सहयोग गर्नु हुन्छ।
हाम्रो राजाले दीन-दु:खि, असहायहरूलाई साथ
दिनुहुन्छ।
१३ दीन-दु:खी, असहायहरू उहाँमाथि आश्रित छन्।
राजाले तिनीहरूलाई जीउँदो राख्नुहुन्छ।
१४ अत्याचार र क्रूर मानिसहरू जसले तिनीहरूलाई
नोक्सान पुराउँन चाहन्छन् तिनीहरूदेखि राजाले
बचाउँनु हुन्छ। ती दीनहीन मानिसहरूको जीवन
राजाको निम्ति अत्यन्त महत्वपूर्ण छ।
१५ राजाको दीर्घायु होस्! अनि उहाँले शेबाबाट सुन
प्राप्त गरून। सधैं राजाको निम्ति प्रार्थना गर।
प्रत्येक दिन राजालाई आशीर्वाद दिनु।
१६ खेतहरूमा प्रशस्त मात्रमा अन्नहरू उब्जियोस र
पहाड़हरू अन्नबालीले ढाकियोस्। खेतहरू लबानोन
जस्ता मलिलो रहोस्। अनि खेतहरू हरियो घाँसहरूले
ढाकिए जस्तो शहरहरू मानिसहरूले भरिभराव
बनोस्।
१७ राजा सदालाई ख्याती प्राप्त बनोस्। जब सम्म
घाम रहन्छ तब सम्म मानिसहरूले उहाँको नाउँ
याद गरून। मानिसहरू उहाँबाट धन्य रहोस अनि
सबैले उहाँलाई आशीर्वाद दिऊन।
१८ परमप्रभु परमेश्वर, इस्राएलका परमेश्वरको गुण-गान
गर! परमेश्वरले मात्र त्यस्तो आश्चर्यचकित कामहरू
गर्न सक्नु हुन्छ!
१९ उहाँको महिमामय नाउँको सदा-सर्वदा प्रशंसा गर!
उहाँको महिमाले सारा संसार भरिपूर्ण रहोस्!
आमेन! आमेन!
२० यस्सीको छोरो दाऊदको प्रार्थना यही समाप्त
हुँदछ।

## तेस्रो भाग

### भजन ७३

*आसापको स्तुतिगान।*

१ साँच्चै नै इस्राएलको निम्ति परमेश्वर राम्रो हुनुहुन्छ।
परमेश्वर ती मानिसहरूका निम्ति राम्रो हुनुहुन्छ
जसको हृदय शुद्ध छ।
२ म प्राय: चुकेँ अनि पाप गर्न थालेँ।
३ मैले दुष्ट मानिसहरू सफल भएको देखें। म ती
अंहकारी मानिसहरू देखि इर्ष्यालु भएँ।
४ ती मानिसहरू हिष्टपुष्ट छन्। तिनीहरूलाई बाँच्नको
लागि संघर्ष गर्नु पर्दैन।
५ ती दुष्ट मानिसहरू हामी जस्तो पीड़ित हुँदैनन्।
अन्य मानिसहरू जस्ता तिनीहरू संकटमा छैनन्।
६ यसैले तिनीहरू अंहकारी र घृणित मानिसहरू
हुन्। तिनीहरूले लगाएका बहुमूल्य गर-गहनाहरू
र आकर्षक पोषाकहरू जस्तै देखिन्छन्।
७ यदि ती मानिसहरू केही अरू थोक जस्तो
देखिएको भए, तिनीहरू जान्छन् र लिन्छन् तिनीहरूले
जे चाहे पनि गर्दछन्।
८ तिनीहरूले नीच र दुष्ट कुराहरू अरूको बारेमा
भन्दछन् तिनीहरू घमण्डी र हठी खालका छन्
अनि तिनीहरूले सधैं नै अरू माथि सहजै फाईदा
उठाउने उपायहरू गर्दछन्।

९ ती अंहकारीहरू आफूलाई देवता मान्दछन्! तिनीहरूले आफूलाई पृथ्वीको शासक ठान्छन्।
१० यसर्थ परमेश्वरका मानिसहरू पनि उनीहरू तिर फर्किए र तिनीहरूले जे भने तिनीहरूको निम्ति त्यही कुराहरू गरे।
११ ती दुष्ट मानिसहरू भन्छन, "हामीहरूले के गरिरहेका छौं भनेर परमेश्वर जान्दैनन्! सर्वोच्च परमेश्वरले जान्दैनन्।"
१२ ती घमण्डी मानिसहरू दुष्ट छन्, तर तिनीहरू धनी छन् र झन् धनी भईरहेका छन्।
१३ यसैले मैले मात्र हृदय किन शुद्ध पार्नु? किन मैले मेरो हातहरू धोई सफा राख्नु।
१४ हे परमेश्वर, म दिनभरि नै कष्ट भोग्छु अनि प्रत्येक बिहान तपाईंले मलाई दण्ड दिनुहुन्छ।
१५ हे परमेश्वर, म यस विषयमा अरूहरूसँग कुरा गर्नु चाहुन्छु। तर म बुझ्छु कि म तपाईंका मानिसहरूलाई विश्वासघात गरिरहेको हुन्छु।
१६ मैले यी कुराहरू जान्नलाई यथासक्य कोशिश गरें। तर ती सबै मेरो लागि एकदम कठिन थिए।
१७ जबसम्म म परमेश्वरको मन्दिरमा गईन्। मैले तब सम्म तिनीहरूको आखिरी विचार गरिन।
१८ परमेश्वर, साँच्चि नै तपाईंले ती मानिसहरूलाई भयानक अवस्थामा राख्नु भएको रहेछ। सहजै तिनीहरू पतन हुने र नष्ट हुने रहेछन।
१९ संकट अचानक आउन सक्छ, तब ती अंहकारीहरू नष्ट-विनिष्ट हुन सक्छन्। भयानक कुराहरू तिनीहरूमा घट्न सक्छन् अनि तिनीहरू समाप्त हुन्छन्।
२० हे परमप्रभु, ती मानिसहरू सपना जस्तै हुन्, हामी जाग्ने बित्तिकै तिनीहरू अल्पिन्छन्। हाम्रो सपनाका राक्षसहरू जस्ता तपाईंले तिनीहरूलाई विलुप्त पारी दिनु हुनेछ।
२१-२२ म अज्ञानी थिएँ। मैले धनी र दुष्ट मानिसहरूको बारेमा सोचेर व्यर्थै खिन्न भएँ। हे परमेश्वर! म तपाईंसित शोकाकुल र क्रोधित थिएँ। मैले एउटा लठुवा र अज्ञात पशुले जस्तो व्यवहार गरें।
२३ मैले चाहेका सबै थोकहरू मसँग छन्। म सधैं नै तपाईंसँग साथमा छु। हे परमेश्वर, तपाईंले मेरो हात पक्रनु हुन्छ।
२४ हे परमेश्वर, तपाईंले मेरो अगुवाई गर्नु हुन्छ अनि असल सल्लाह दिनुहुन्छ। त्यस पश्चात् महिमा तर्फ मलाई अगुवाई गर्नु हुन्छ।
२५ हे परमेश्वर, तपाईं बाहेक म स्वर्गमा कसलाई चाहन्छु। अनि म तपाईंसित पृथ्वीमा भएको बाहेक अरू केही इच्छा गर्दिन।
२६ मेरो तन र मन नष्ट हुन सक्छ, तर मसँग परमेश्वर छ जसलाई म प्रेम गर्छु। मसँग परमेश्वर सदा-सर्वदा हुनुहुन्छ!
२७ हे परमेश्वर, मानिस जसले तपाईंलाई त्याग्दछ त्यो हराउने छ। तपाईंले तिनीहरूलाई ध्वंस गर्नु हुनेछ जो तपाईंसित विश्वासी छैनन्।
२८ म परमेश्वर कहाँ आएँ अनि त्यो मेरो लागि हितकारी भयो। मैले परमप्रभु परमेश्वरलाई मेरो सुरक्षित ठाउँ बनाएँ। परमेश्वर, म तपाईंकहाँ, तपाईंले गर्नु भएका सबै थोकहरू बताउन आएँ।

## भजन ७४

*आसापको मस्किल भन्ने भजन।*

१ हे परमेश्वर, के तपाईंले हामीलाई सधैंको निम्ति त्याग्नु हुन्छ? के तपाईं आफ्ना मानिसहरूसित अझै क्रोधित हुनुहुन्छ?
२ तपाईंले धेरै अघि किन्नु भएका ती मानिसहरूलाई संझनु होस्। तपाईंले हामीलाई बचाउँनु भयो। हामी तपाईं कै सम्पत्ति हौं। जहाँ तपाईं बस्नु भयो, त्यो सियोन पर्वतलाई सम्झनु होस्।
३ परमेश्वर, यी अनन्त भग्नावशेषहरूबाट हिंड्रेर आउनु होस्, पवित्र ठाउँमा जुन शत्रुहरूले नष्ट गरेको तर्फ फर्की आउनु होस्।
४ शत्रुहरू मन्दिरमा आफ्नो विजय नारा लगाएर चिच्याए। तिनीहरूले आफ्ना झण्डा युद्ध जित्यौं भनेर भान गर्न मन्दिरमा गाड्यो।
५ शत्रुका सैनिकहरू यस्ता देखिन्छन् कि घाँस काट्ने मानिसहरू घास काटिरहे जस्तो।
६ हे परमेश्वर, तिनीहरूले आफ्ना बन्चरो र हँसियाहरू चलाउँदै तपाईंको मन्दिरका चौकटहरू काट्दै भत्काउने छन्।
७ ती सिपाहीहरूले तपाईंको पवित्र स्थान जलाए। तिनीहरूले त्यो मन्दिर जुन तपाईंको नाउँको सम्मानमा बनिएको थियो भूँईमा लड़ाए।
८ शत्रुले हामीलाई पूर्ण रूपले तहस्नहस् पार्ने निर्णय गरे, तिनीहरूले देशमा भएको प्रत्येक परमेश्वरको पवित्र स्थान जलाए।
९ हामीले कुनै पनि हाम्रो चिन्हहरू देख्नसकेनौं। अब त्यहाँ अगमवक्ताहरू छैनन्। के गर्नु पर्ने कसैले जान्दैनन्।
१० हे परमेश्वर, कहिले सम्म शत्रुले हामीलाई खेलौना बनाउने हो? के तपाईं आफ्नो निन्दा गराउन तिनीहरूलाई सधैं दिइरहनुहुन्छ?
११ हे परमेश्वर, तपाईंले यति कठिन दण्ड हामीलाई किन दिनुहुन्छ? तपाईंले आफ्नो महान-शक्तिले हामीलाई पूर्ण रूपमा नष्ट पार्नु भयो।

१२ हे परमेश्वर, तपाईं लामो समयदेखि हाम्रो राजा हुनु भएको छ, तपाईंले यस देशमा धेरै युद्धहरू जिताउनलाई सहयोग गर्नु भएकोछ।
१३ हे परमेश्वर, तपाईंले आफ्नो महान् शक्ति प्रयोग गर्नुभयो, समुद्रलाई दुइ भागमा विभाजन गर्नुभयो।
१४ तपाईंले विशाल समुद्रको राक्षसहरूलाई जित्नु भयो, तपाईंले लिब्यातानको शिर टुक्रा-टुक्रा पार्नु भयो, अनि त्यसको शरीर जनावरहरूले खाओस भनेर फाली दिनुभयो।
१५ तपाईंले नदीहरू र झर्नाहरू बग्ने बनाउनु भयो अनि तपाईंले नदीहरू सुकाइ दिनुभयो।
१६ हे परमेश्वर, तपाईं एक हुनुहुन्छ जसले दिन र रातलाई नियन्त्रण गर्नु हुन्छ। तपाईंले चन्द्रमा र सूर्य बनाउनु भयो।
१७ तपाईंले पृथ्वीमा सबै कुराको सीमा बनाइदिनु भयो। अनि तपाईंले ग्रीष्म ऋतु र शिशिर ऋतु बनाउनु भयो।
१८ हे परमेश्वर, यी कुराहरू सम्झनु होस कसरी तपाईंको निन्दा भयो। ती मूर्खहरूले तपाईंको नाउँलाई हेला गर्छन्!
१९ ती जङ्गली जनावरहरूलाई तपाईंको प्रिय ढुकुरलाई लैजान नदिनुहोस्! तपाईंको प्रिय दीन-दु:खी मानिसहरूलाई कहिल्यै नभुल्नुहोस्!
२० हाम्रो करार याद गर्नुहोस्! यस धरतीको प्रत्येक अन्ध्यारो जग्गामा हिंसात्मक रूप छ।
२१ हे परमेश्वर, तपाईंका मानिसहरूलाई दुर्व्यवहार गरियो। प्रति कष्ट दिन तिनीहरूमाथि अझ लज्जित नबनाउनु होस्। दीन-दु:खी, असहाय मानिसहरूले तपाईंको प्रशंसा गर्न सकुन।
२२ हे परमेश्वर, उठनुहोस र लड़ाइँ गर्नुहोस्! सम्झनुहोस, ती मूर्खहरूले तपाईंलाई दिएका चेताउनी!
२३ तपाईंका शत्रुहरूको चिच्याहटलाई नभुल्नुहोस, तिनीहरूले घरि-घरि तपाईंको अपमान गरे।

## भजन ७५

*प्रमुख संगीतकारलाई। "विनाश नहोस्" भन्ने रागमा। दाऊदको भजन।*

१ हे परमेश्वर, हामी तपाईंको प्रशंसा गर्दछौ! हामी तपाईंको प्रशंसा गर्छौं। तपाईं छेउमा हुनुहुन्छ अनि मानिसहरूले तपाईंले गर्नु भएको अचम्मका कुराहरूका बारेमा भन्दछन्।
२ परमेश्वर भन्नुहुन्छ, "म न्यायको ठीक समय छान्नेछु म निष्पक्ष न्याय गर्नेछु।
३ यद्यपि पृथ्वी र यसमा भएका सम्पूर्ण चीजहरू हल्लिरहेका छन् र धराशायी हुन तयार छ, तर म यसलाई स्थिरपार्छु।"
४-५ "कतिपय मानिसहरू अत्यन्त अंहकारी हुन्छन्। तिनीहरू स्वयंलाई शक्तिशाली र महत्वपूर्ण सोच्दछन्। तर म ती मानिसहरूलाई भन्छु, 'शेखी नगर्!' 'यति साह्रो अंहकारी नहौं!'"
६ पृथ्वीमा त्यस्तो कुनै शक्ति छैन जसले कुनै मानिसलाई महत्वपूर्ण पार्छ।
७ परमेश्वर नै न्यायकर्ता हुनुहुन्छ। अनि उहाँले नै को महत्वपूर्ण हुनेछ भन्ने कुराको निर्णय गर्नुहुन्छ। परमेश्वरले एक व्यक्तिलाई उठाएर उसलाई महत्वपूर्ण बनाउनु हुन्छ, उहाँले नै कसैलाई तल झारेर उसलाई महत्वहीन पार्नुहुन्छ।
८ परमेश्वर सधैं दुष्ट मानिसहरूलाई दण्ड दिन तयार हुनुहुन्छ। परमप्रभुसँग उहाँको हातमा एउटा कचौरा छ जुन कचौरामा विष भरिएको दाखमद्यले पूर्ण छ। उहाँले त्यो विषयुक्त दाखमद्य खनाउनु हुन्छ, अनि दुष्ट मानिसहरूले त्यसको अन्तिम घट्को सम्म पिने छन्।
९ म यस बारेमा सधैं मानिसहरूलाई भन्नेछु। म इस्राएलको परमेश्वरको स्तुति-गान गर्नेछु।
१० म दुष्ट मानिसहरूको शक्ति छिनेर लानेछु, अनि धर्मी मानिसहरूलाई शक्ति प्रदानगर्नेछु।

## भजन ७६

*वाद्य-वादन साथ संगीतकारले गाउन पर्ने आसापको भजन।*

१ यहूदामा भएका मानिसहरूले परमेश्वरलाई चिन्छन्। इस्राएलका मानिसहरूले परमेश्वरको नाउँको आदर गर्दछन्।
२ शालेममा परमेश्वरको मन्दिर छ। परमेश्वरको भर सियोन पर्वतमा छ।
३ त्यस ठाउँमा, परमेश्वरले धनु र काँड़हरू ढाल, तरवार र अन्य युद्धका हतियारहरू छिन्न-भिन्न पार्नुभयो।
४ हे परमेश्वर! जब तपाईं पहाड़हरूबाट फर्केदै हुनुहुन्छ जहाँ तपाईंले आफ्नो शत्रुहरूलाई मार्नु भयो, तपाईं गौरवमय देखिनु हुन्छ।
५ ती सिपाहीहरूले आफू बलियो भएको सोचे। तर अहिले तिनीहरू भुइँमा मृत रूपमा लड़िरहेकाछन्। तिनीहरूको शरीर लुटिएर लड़िरहेको छ। ती बलिया सिपाहीहरूले आफू स्वयंलाई नै बचाउने योग्यका हुन सकेनन।
६ जब याकूबका परमेश्वरले ती सिपाहीहरूलाई गाली गर्नुभयो, घोड़सवारहरू र घोड़ाहरू मरे।
७ हे परमेश्वर, तपाईं विस्मयकारी हुनुहुन्छ! जब तपाईं क्रोधित हुनुहुन्छ तब कोही पनि तपाईंको विरुद्ध उभिन सक्दैन।
८-९ परमप्रभु न्यायकर्ता जस्तो उभिनु भयो अनि आफ्नो निर्णय घोषणा गर्नुभयो, परमेश्वरले यस

धरतीका विनम्र मानिसहरूलाई बचाउँनु भयो।
स्वर्गबाट उहाँले निर्णय दिनुभयो, सम्पूर्ण पृथ्वीमा
निस्तब्ध र भयभीत भए।
१० हे परमेश्वर, जब तपाईंले दुष्ट मानिसहरूलाई
सजायँ दिनुहुन्छ तपाईंलाई मानिसहरूले सम्मान
गर्दछन्। तपाईंले आफ्नो क्रोध देखाउनु हुन्छ,
अनि जीवित रहनेहरू बलिया हुन्छन्।
११ हे मानिसहरू, तिमीहरूले परमप्रभु परमेश्वर प्रति
वचन दिएका थियौ। अब उहाँप्रति ती वचनहरू
पूरा गर। प्रत्येक ठाउँमा मानिसहरू परमेश्वरसित
डराउँछन् र आदर गर्छन्। तपाईंले तिनीहरूलाई
भेटीहरू ल्याउन दिनुहोस्।
१२ परमेश्वरले महान् शासकहरूलाई पराजित गर्नु
हुन्छ। पृथ्वीका सबै राजाहरू उहाँसित डराउँछन्।

## भजन ७७

*प्रमुख संगीतकारलाई। यदूतूनको निम्ति। आसापको भजन।*

१ मैले ठूलो-ठूलो आवाजले कराएर परमेश्वरलाई
गुहार मागें। हे परमेश्वर, मेरो रोदन सुनिदिनु
होस्!
२ मेरो स्वामी, जब म संकटमा परे म तपाईं कहाँ
आएँ तपाईंलाई पाउने प्रयासमा म रातभरी जागें र
पनि आत्मामा शान्ति भएन।
३ मैले परमेश्वरको बारेमा सोचें, अनि आफ्नो
हालत बताउने प्रयास गरें, तर मैले सकिन।
४ तपाईंले मलाई सुत्न दिनु भएन म केही भन्न
चाहन्थे तर म एकदम हताश थिएँ।
५ मैले बितेका कुराहरू सम्झिरहेको थिएँ। धेरै
अगाडि हुन गएको घटनाहरू सम्झिरहेको थिएँ।
६ रातमा, मैले आफ्ना गीतहरूको बारेमा सोच्ने
प्रयास गरें। मैले आफैलाई बुझ्ने कोशिश गरें।
७ म छक्क पर्छु, "के हाम्रो स्वामीले हामीलाई
सदाको लागि त्याग्नु भयो? के फेरि उहाँ हामीसित
खुशी हुनु हुन्न?
८ के फेरि हामीसँग उहाँ बात मार्न सक्नु हुनेछ? के
परमेश्वरको प्रेम सदाको निम्ति बिलायो छ?"
९ करुणा के हो भन्ने कुरा उहाँले भुल्नु भयो?
उहाँको समवेदना जति क्रोधमा परिवर्तन भयो?"
१० तब मैले सोचें, "जुन कुराले मलाई सधैँ सताई
रहन्छ त्यो हो: 'के सर्वशक्तिमान् परमेश्वरले
आफ्नो शक्ति गुमाउनु भयो?'"
११ म सम्झना गर्छु उहाँले कस्तो-कस्तो कार्य गर्नुभयो
भनेर। परमेश्वर, म ती आश्चर्यपूर्वक कुराहरू
सम्झना गर्छु जुन तपाईंले धेरै-धेरै अगाडि गर्नु
भएको थियो।
१२ तपाईंले के गर्नु भएको थियो मैले सोचें। म
तपाईंका सबै शक्तिशाली कार्यहरू सोच्दछु।
१३ परमेश्वर, तपाईंका बाटोहरू पवित्र छन्, तपाईं
बाहेक कोही पनि महान् छैन।
१४ तपाईं परमेश्वर हुनुहुन्छ जसले अचम्मका कामहरू
गर्नु हुन्छ। तपाईंले मानिसहरूलाई आफ्नो महान्
शक्तिहरू देखाउनु भयो।
१५ तपाईंको शक्तिले मानिसहरूलाई बचाउनु भयो
तपाईंले याकूब र यूसफका सन्तानहरूलाई बचाउनु
भयो।
१६ परमेश्वर, पानीले तपाईंलाई देख्यो र भयभित
भयो। गहिरो पानी भएका ठाउँहरू पनि डरले
कामे।
१७ बाक्लो बादलहरूले पानी बर्षाए। मानिसहरूले
डरलाग्दो उच्चबादलहरूमा बिजुली चम्केको सुने।
१८ त्यहाँ बिजुलीको गड्गड़ाहट थियो, तब बिजुलीको
चमक्ले संसार नै उज्यालो पार्‍यो अनि पृथ्वी
काम्न थाल्यो र थर्थर भयो।
१९ परमेश्वर, तपाईं गहिरो पानी भएर हिंड्नु भयो
तपाईंले गहन समुद्र पार गर्नुभयो, तर तपाईंले
कुनै छाप छोड्नु भएन।
२० तपाईंले आफ्ना भक्तजनहरूलाई भेड़ा सहर डोर्‍याउन
मोशा र हारूनलाई खटाउनु भयो।

## भजन ७८

*आसापको मस्किल भन्ने भजन।*

१ मेरो मानिसहरू, मेरो उपदेशहरू ध्यान दिएर सुन।
मैले भनेका कुराहरूमा ध्यान देऊ।
२ म तिमीहरूलाई यो कथा भन्ने छु। म तिमीहरूलाई
यो पुरानो कथा भन्ने छु।
३ हामीले ती कथाहरू सुन्यौ, अनि हामी त्यो राम्रो
प्रकारले जान्दछौ। हाम्रा पिता-पुर्खाहरूले यी कथाहरू
सुनाए।
४ अनि हामी त्यो कथा भुल्ने छैनौ। हाम्रा मानिसहरूले
पछि आउने सन्तानहरूलाई त्यो कथाहरू भन्ने नै
छन्। हामी मिली परमप्रभुको प्रशंसा गर्नेछौ, अनि
उहाँका अचम्म लाग्दा कार्यहरू सबैलाई भन्नेछौं।
५ परमप्रभुले याकूबसँग सम्झौता गर्नुभयो। परमेश्वरले
इस्राएललाई नियम दिनुभयो। परमेश्वरले हाम्रा
पिता-पुर्खाहरूलाई आज्ञाहरू दिनुभयो। उहाँले हाम्रा
पिता-पुर्खाहरूलाई भन्नुभयो कि ती नियमहरू बारे
आफ्ना भावी सन्तानहरूलाई बताऊ।
६ नयाँ सन्तानहरू जन्मने छन्। तिनीहरू बढ़ेर जवान
हुने छन् अनि तिनीहरूले आफ्ना नानीहरूलाई
त्यही कथाहरू भन्ने छन्। यस्तै प्रकारले अन्तिममा
आउने सन्तानहरू सम्म मानिसहरूले नियमबारे
जान्नेछन्।
७ यसैकारण ती सबै मानिसहरूले परमेश्वरमाथि
भरोसा गर्नेछन्। तिनीहरूले परमेश्वरका कार्यहरू

भुल्ने छैनन। तिनीहरूले आज्ञानुसार उहाँको नियमहरू पालन गर्नेछन्।
८ यदि मानिसहरूले आफ्ना नानीहरूलाई परमेश्वरका आज्ञाहरूको विषयमा बताए भने नानीहरू तिनीहरूका पुर्खाहरू जस्तै हुने छैनन्। तिनीहरूका पिता-पुर्खाहरू परमेश्वरका विरुद्ध खड़ा भए। तिनीहरूले उहाँको आज्ञा पालन गर्न अस्वीकार गरे। ती मानिसहरू हठी थिए। तिनीहरू परमेश्वरको आत्मा प्रति विश्वासी थिएनन्।
९ एप्रैमबाट आएका मानिसहरूसँग हतियारहरू थिए, तर तिनीहरू युद्धभूमिबाट भागे।
१० तिनीहरूले परमेश्वरसँग गरेको करार पालन गरेनन्। तिनीहरूले उहाँका उपदेशहरू अस्वीकार गरे।
११ एप्रैमबाट आएका मानिसहरूले परमेश्वरले गर्नु भएको महान् कार्यहरू भुले। तिनीहरूले परमेश्वरले प्रदर्शन गर्नु भएको ती अचम्म लाग्दा कार्यहरू बिर्से।
१२ परमेश्वरले तिनीहरूका पिता-पुर्खाहरूलाई मिश्र अन्तर्गत सोअनमा आफ्ना महान् शक्तिहरू देखाउनु भयो।
१३ परमेश्वरले लाल समुद्रलाई फार्नु भयो अनि मानिसहरूलाई पार गराउनु भयो। पानी तिनीहरूका लागि दुवै तिर पक्का पर्खाल भएर उभिएको थियो।
१४ प्रत्येक दिन परमेश्वरले तिनीहरूलाई अग्लो बादल सहित डोऱ्याउनु भयो। अनि प्रत्येक रातभरि आगोको ज्वाला वा राँको बालेर तिनीहरूलाई डोऱ्याउनु भयो।
१५ परमेश्वरले चट्टानलाई मरुभूमिमा फार्नु भयो। जमीनको भित्री तहबाट उहाँले मानिसहरूलाई पानी दिनुभयो।
१६ परमेश्वरले पानीका झरनाहरू नदीहरू सरह चट्टानबाट ल्याउनु भयो!
१७ तर मानिसहरूले उहाँकै विरुद्ध पाप अविरामरूपले गरिरहे। मरुभूमिसम्म तिनीहरू सर्वशक्तिमान् परमेश्वरको विरुद्ध नै उठे।
१८ तब ती मानिसहरूले परमेश्वरको परीक्षा गर्न फैसला गरे। तिनीहरूले परमेश्वरलाई खाना मागे तिनीहरूको तृप्त पार्न मात्रै।
१९ तिनीहरूले परमेश्वर बारे गुनासो गरे अनि भने, "के मरुभूमिमा परमेश्वरले हामीलाई खाना व्यवस्था गर्न सक्नु हुन्छ?
२० जब उहाँले चट्टानमा हिर्काउनुभयो, तेजले पानी बाहिर आयो र खोलाहरू बढ़ेर आएँ। नि:सन्देह उहाँले हामीलाई केही रोटी र मासु दिन सक्नु हुन्छ!"
२१ परमप्रभुले ती मानिसहरूले गरेका कुराहरू सन्नु भयो। परमेश्वर याकूबमाथि क्रुध हुनुहुन्थ्यो। इस्राएलका मानिसहरूसँग क्रोधीत हुनुहुन्थ्यो।
२२ किन? किनभने मानिसहरूले उहाँमाथि विश्वास गरेनन्। तिनीहरूले परमेश्वरले नै बचाउनु हुन्छ भन्ने कुरामा विश्वास गर्दै गरेनन्।
२३-२४ ता पनि परमेश्वरले माथि बादलहरूलाई आज्ञा गर्नुभयो, अनि तिनीहरूको निम्ति खानाको रूपमा मन्ना वर्षाउनु भयो। आकाश ढोकाहरू जस्तै खोलियो अनि आकाशका भण्डारबाट अन्न वर्षाउनु भयो।
२५ मानिसहरूले स्वर्गदूतहरूका खानाहरू खाए। परमेश्वरले प्रशस्त मात्रामा सन्तुष्टपूर्ण खाद्यहरू तिनीहरूलाई पठाउनु भयो।
२६-२७ परमेश्वरले पूर्वीबाट बतास बहाँउन भयो। उहाँले तिनीहरूमाथि आकाशबाट मासु वर्षाउनु भयो। अनगन्ती चराहरू तिनीहरूको छाउनीमाथि झरे, तिनीहरू समुद्रको बलुवा जस्तै थिएँ।
२८ ती मानिसहरूका छाउनीका वरिपरि छाउनीको माझमा ठीक चराहरू झरे।
२९ तिनीहरूलाई खाना प्रशस्त थियो, तर तिनीहरूको भोकले तिनीहरूलाई पापी बनायो।
३० तिनीहरूले आफ्नो भोक खप्न सकेनन्। यसकारण तिनीहरूले चराहरूको रगत ननिकाली क्वेल चरा खाए।
३१ परमेश्वर ती मानिसहरूमाथि अत्यन्त रिसाउनु भयो, अनि ती मध्ये धेरै जनालाई मार्नु भयो। परमेश्वरले धेरै हट्टाकट्टा युवाहरूलाई मृत्यु पट्टि ढाल्नुभयो।
३२ तर पनि फेरि मानिसहरूले अझ पाप गरी नै रहे! परमेश्वरको आश्चर्यचकित कार्यहरूमाथि तिनीहरूले विश्वास गरेनन्।
३३ यसकारण तिनीहरूको वेकार जीवन महाविपदसँग समाप्त पारिदिनु भयो।
३४ जब-जब परमेश्वरले तिनीहरू मध्ये केही मानिसहरू मार्नु भयो, रहेकाहरू, उहाँप्रति परिश्रमी हुँदै फर्के। तिनीहरूले परमेश्वर कै खोजी गरे।
३५ तिनीहरूले सम्झे कि परमेश्वर तिनीहरूका चट्टान हुनुहुन्छ। तिनीहरूले सम्झन्थे कि सर्वोच्च परमेश्वर नै तिनीहरूको उद्धारक हुनुहुन्छ।
३६ तिनीहरूले उहाँलाई प्रेम गर्छु भने, तर झूटो बोले। तिनीहरू परमेश्वरसित इमान्दार थिएनन्।
३७ तिनीहरूको हृदय परमेश्वरसँग थिएन। तिनीहरू करारसँग* आज्ञाकारी थिएनन्।
३८ तर परमेश्वर दयालु हुनुहुन्थ्यो। उहाँले तिनीहरूका

---

**करारसँग** चेप्टो ढुंगामा लेखिएको 'दश आज्ञाहरू' जुन इस्राएलका मानिसहरू र परमेश्वर माझ एक करार पत्र हो।

पापहरूलाई क्षमा गरिदिनु भयो। अनि तिनीहरूलाई विनाश गर्नु भएन। धेरै पल्ट परमेश्वरले आफ्नो क्रोध थाम्नु भयो, उहाँले स्वयंलाई क्रोधी हुनदेखि थाम्नु भयो।
३९ परमेश्वरले तिनीहरूलाई फगत मानिस मात्र सम्झनु भयो। मानिसहरू हावाका झोकाहरू मात्र छन् जो बहन्छ र जाने गर्छ।
४० उफ! यी नै मानिसहरूले मरुभूमिमा परमेश्वरलाई खुब कष्ट दिए! तिनीहरूले परमेश्वरलाई साह्रै खिन्न पारे!
४१ घरि-घरि ती मानिसहरूले परमेश्वरको संयम कति छ भनेर जाँच गरिरहे। तिनीहरूले वास्तवमा इस्राएलका पवित्रलाई दुःख दिए।
४२ ती मानिसहरूले परमेश्वरको शक्तिलाई बिर्से। तिनीहरूलाई उहाँले शत्रुहरूबाट बचाउँनु भएको कुराहरू बिर्से।
४३ तिनीहरूले मिश्र देशमा परमेश्वरले देखाउनु भएको अलौकिक कार्यहरू भुले अनि उहाँले जीवनमा गर्नु भएको आश्चर्यजनक कामहरू भुले।
४४ परमेश्वरले नदीहरूलाई पानीमा परिणत गराईदिनु भयो। मिश्र वासीहरूले पानी पिउन सकेनन्।
४५ परमेश्वरले फटेग्राहरू पठाउनु भयो। जसले मिश्रवासीहरूलाई टोके। परमेश्वरले भ्यागुताहरू पठाउनु भयो जसले मिश्रवासीहरूका जीवन नाश गरिदियो।
४६ परमेश्वरले भूसिल्कीराहरू बलीमा पठाउनु भयो, अनि अन्य उद्भिदहरूमा सलहहरू पठाउनु भयो।
४७ परमेश्वरले तिनीहरूको अङ्गूरहरू असिनाद्वारा नष्ट गराउनु भयो। अनि हिम वर्षाद्वारा तिनीहरूको राम्रो अङ्गूरको भयाँङ्गहरू नष्टपार्नु भयो।
४८ परमेश्वरले बिमार र अस्वस्थताले तिनीहरूको-पशुहरू मार्नुभयो।
४९ परमेश्वरले आफ्नो क्रोध मिश्रवासीहरूलाई देखाउनु भयो। उहाँले आफ्ना ध्वंश गर्ने दूतहरू तिनीहरूको विरुद्ध पठाउनु भयो।
५० परमेश्वरले आफ्ना क्रोध देखाउने बाटो पाउनु भयो। उहाँले कसैलाई पनि जिउँदो रहन दिनु भएन, डरालाग्दो बिमारको कारणले तिनीहरूलाई मर्न लगाउनु भयो।
५१ परमेश्वरले हाम्रो प्रथम जन्मने सन्तानलाई मार्नु भयो। उहाँले हाम्रो पहिले जन्मने सन्तानलाई मार्नभयो।
५२ त्यसपछि परमेश्वरले इस्राएललाई भेड़ीवालाले झैं डोर्‍याउनु भयो। उहाँले तिनीहरूलाई मरुभूमिमा भड़ो झैं डोर्‍याउनु भयो।
५३ उहाँले आफ्ना मानिसहरूलाई सुरक्षित ठाउँमा लैजानु भयो। उहाँका मानिसहरू डराउने कुनै कामै थिएन। परमेश्वरले आफ्ना शत्रुहरूलाई लाल समुद्रमा डुबाई दिनुभयो।
५४ परमेश्वरले आफ्ना मानिसहरूलाई उहाँकै पवित्र स्थानतिर डोर्‍याउनु भयो उहाँले आफ्ना मानिसहरूलाई आफ्नो शक्तिले बनाउनु भएको पर्वत तिर डोर्‍याउँनु भयो।
५५ परमेश्वरले अन्य जातिहरूलाई त्यो ठाउँ छोड़न वाध्य गराउनु भयो। परमेश्वरले प्रत्येक इस्राएली परिवारलाई तिनीहरूकै भूमि अंश दिनुभयो। उहाँले तिनीहरूको परिवार समूहलाई आफ्नो आफ्नै घरमा पुनर्वास गराउनु भयो।
५६ तर तिनीहरूले सर्वशक्तिमान् परमेश्वरलाई जाँचे अनि उहाँको विरोधमा लगातार बिद्रोह गरे। तिनीहरूले उहाँका आज्ञाहरू पालन गरेनन्।
५७ इस्राएलका मानिसहरू परमप्रभु परमेश्वरबाट विमुख भई टाढ़ा गए। तिनीहरूका पिता-पुर्खाहरूले जस्तै तिनीहरूले पनि गरे। तिनीहरूले झटारो फ्याँके* जस्तै व्यवहार गरे।
५८ इस्राएलका मानिसहरूले अग्ला ठाउँहरू बनाए अनि परमेश्वरलाई रीस उठाए। तिनीहरूले मिथ्या देवताहरूका सालिगहरू बनाए र परमेश्वरलाई ईर्ष्यालु बनाए।
५९ परमेश्वरले यस्तो सुनेपछि एकदम क्रोधित हुनु भयो। अनि उहाँले इस्राएललाई पूर्णत रद्द गर्नुभयो।
६० उहाँले शीलोमा भएको पवित्र पाललाई त्यागी दिनुभयो। परमेश्वर मानिसहरू माझ पालमा बस्नु भयो।
६१ परमेश्वरले आफ्नो मानिसहरूलाई अरू जातिद्वारा पक्राउनु भयो। शत्रुहरूले उहाँको “सुन्दर रत्न” लगे।
६२ परमेश्वरले आफ्ना मानिसहरूलाई क्रोध देखाउनु भयो। उहाँले युद्धमा तिनीहरूलाई मर्न छाड़ी दिनुभयो।
६३ जवान पुरूषहरू जलेर मरे, अनि केटीहरूले विवाहको गीत गाउन पाएनन्।
६४ पूजाहारीहरू मारिदिए, तर विधवाहरू तिनीहरूका निम्ति रोएनन्।
६५ अन्तमा, निद्रामा हिंड़ीरहने मानिस जस्तै धेरै मद पिएको सिपाही जस्तै हाम्रो स्वामी व्यूझनु भयो।
६६ परमेश्वरले आफ्ना शत्रुहरूलाई परास्त गरेर पछि हटाउनु भयो। उहाँले शत्रुहरूलाई हराएर सदाको निम्ति अपमानित गर्नुभयो।

---

**झटारो फ्याँके** जब त्यो आकाश तिर सोझो फ्याँकिन्छ त्यो सीधा जमीन माथि जान्छ र हावामा हटात बाँगिन्छ, कोही कोही बेला त्यो झटारो फ्याँक्ने मानिसमाथि नै पर्न आँउछ।

६७ तर परमेश्वरले यूसुफको परिवारलाई रद्ध गर्नुभयो। उहाँले एफ्रैमको परिवारलाई पनि ग्रहण गर्नु भएन।
६८ अहँ, परमेश्वरले यहूदाको परिवारलाई चुन्नु भयो। परमेश्वरले सियोन, उहाँले प्रेम गरेको पर्वत चुन्नु भयो।
६९ परमेश्वरले त्यो उच्च पर्वतमा आफ्नो मन्दिर बनाउनु भयो। परमेश्वरले आफ्नो पवित्र मन्दिर पृथ्वी झैं सदा सर्वदाको निम्ति बनाउनु भयो।
७० परमेश्वरले दाऊदलाई आफ्नो खास दासको रूपमा छान्नु भयो। दाऊदले भेंड़ागोठ सम्हाली रहेका थिए, तर परमेश्वरले उनलाई त्यस कामबाट टाढ़ो लैजानु भयो।
७१ दाऊदले भेंड़ालाई हेरचाह गरिरहेका थिए, तर परमेश्वरले उनलाई त्यस कामबाट टाढ़ा लैजानु भयो। परमेश्वरले दाऊदलाई उहाँका आफ्ना मानिसहरूलाई हेरचाह गर्ने काम सुम्पनु भयो। याकूबका मानिसहरूलाई हेरचाह गर्ने इस्राएलका मानिसहरूलाई हेरचाह गर्ने परमेश्वरको सम्पत्ति हेरचाह गर्ने काम सुम्पनु भयो।
७२ दाऊदले आफ्नो शुद्ध हृदयले तिनीहरूलाई डोर्‍याए। खुब सतर्कपूर्ण अगुवाई गरे।

## भजन ७९

*आसापको स्तुतिगान।*

१ हे परमेश्वर, अन्य राष्ट्रहरू तपाईंको मानिसहरूसँग लड़ाइँ गर्न आए। ती मानिसहरूले तपाईंको पवित्र मन्दिर भत्काईदिए तिनीहरूले यरूशलेमलाई भग्नावशेष बनाई छोड़े।
२ शत्रुले तपाईंका दासहरू र भक्तजनहरूका शरीरहरू जङ्गली चराहरूले र जङ्गली जनावरहरूले खावोस भनी छाड़िदिए।
३ परमेश्वर, ती शत्रुले पानी सरह रगत नबगुञ्जेल सम्म तपाईंका मानिसहरू मारे। ती मृत शरीरहरू गाड्नलाई सम्म कोही पनि भएनन।
४ हाम्रा वरिपरिका गाउँहरूले हामीलाई खिसी गरे। हाम्रो चारैतिर भएका मानिसहरू हामीमाथि हाँसेर हाम्रो खिल्ली उड़ाए।
५ हे परमेश्वर, के तपाईं हामीसँग सधैंको निम्ति रिसाउनु हुनेछ? के तपाईंको बलिया भावनाहरू* आगो झैं अनवरत झल्दछ?
६ हे परमेश्वर, तपाईंको क्रोध ती सम्प्रदायहरूप्रति उतार्नु होस जुन सम्प्रदायले तपाईंलाई चिन्दैन। तपाईंको क्रोध ती सम्प्रदायहरूप्रति उतार्नु होस जसले सहायताको निम्ति तपाईंको नाउँ पुकार्दैन।
७ ती सम्प्रदायरूले याकूबलाई र उसको देशलाई ध्वंश पारे।
८ हे परमेश्वर, हाम्रा पुर्खाहरूले गरेको पापको निम्ति हामीलाई सजाय नदिनुहोस्। चाँड़ै आफ्नो कृपादृष्टि हामीलाई देखाउनु होस कारण हामीहरू असहाय अनि अभावग्रस्त छौ।
९ हाम्रो परमेश्वर, अनि रक्षक, हामीलाई सहायता दिनुहोस्! बचाउनु होस र त्यसले तपाईंको नाउँमा गौरव ल्याउनेछ। तपाईंको सुनाउँको लागि हाम्रो पापहरू मेटाइदिनु होस्।
१० अन्य सम्प्रदायरूले हामीलाई यसो नभनोस, "तिम्रो परमेश्वर कहाँ छ? के उसले तिमीहरूलाई सहायता गर्न सक्तैन?" परमेश्वरले ती मानिसहरूलाई दण्ड दिन्छन्, यसकारण हामी त्यो हेर्न चाहन्छौ। तिनीहरूलाई दण्ड दिनुहोस जसले तपाईंको दासहरू मारी दिए।
११ कैदीहरूको आर्त्तनादलाई दया गरेर सुनी दिनुहोस्! परमेश्वर, तपाईंको महाशक्ति प्रयोग गरेर ती मानिसहरूलाई बचाउनुहोस जसलाई मृत्युदण्ड दिइएकोछ।
१२ हे परमेश्वर, तिनीहरूले हामीमाथि गरेको कर्मको निम्ति हाम्रा वरिपरि भएका मानिसहरूलाई सातौं पल्ट दण्ड दिनुहोस्। तपाईंको अपमान गर्ने ती मानिसहरूलाई दण्ड दिनुहोस्।
१३ हामी तपाईंका मानिसहरू हौं। तपाईंको बथानका हामी भेंड़ा हौ। हामी तपाईंको सधैं प्रशंसा गर्दछौ, परमेश्वर, हामी सदा-सर्वदाको लागि तपाईंको प्रशंसा गर्नेछौ।

## भजन ८०

*प्रमुख संगीतकारलाई। करारको लिलिको रागमा। असापको स्तुति-गीत।*

१ हे इस्राएलका भेंडावाला, दया गरी मेरो कुरा सुन्नुहोस्। तपाईंले यूसुफका भेड़ाहरू डोर्‍याउनु भयो। तपाईं करूब स्वर्गदूतहरूमाथि राजा सरह विराजमान हुनुहुन्छ। हामी तपाईंलाई हेर्छौं।
२ इस्राएलका भेड़ावाला, तपाईंको महानता ती एफ्रैम, बिन्यामीन र मनाश्शेलाई देखाउनु होस्। आएर हामीलाई बचाउनु होस्।
३ परमेश्वर, हामीलाई फेरि स्वीकार गर्नुहोस्। हामीलाई स्वीकार गर्नुहोस्, र बचाउँनु होस्!
४ परमप्रभु परमेश्वर, सर्वशक्तिमान् परमेश्वर तपाईंले हाम्रो प्रार्थना कहिले सुन्नु हुनेछ? के हामी प्रति तपाईं सधैं रिसाउनु हुने छ?

**बलिया भावनाहरू** हिब्रु भाषाको अर्थमा कुनै पनि खुशी, ईर्ष्या र प्रेमको प्रगाढ़ भावना हुँदछ।

५ तपाईंले आफ्ना मानिसहरूलाई आँसु खुवाउनु
भयो। तपाईंले तिनीहरूलाई प्रशस्त आँसु खान
दिनु भएको छ। त्यो आँसु तिनीहरूको पिउने
पानी भयो।
६ ती छिमेकीहरूसँग लड्नलाई तपाईं केही त गर्नुहोस्
हाम्रा शत्रुहरू हामी प्रति हाँस्दछन्।
७ हे सर्वशक्तिमान् परमेश्वर, हामीलाई फेरि स्वीकार
गर्नुहोस् र बचाउँनु होस्।
८ बितेका दिनहरूमा, तपाईंले हामीहरूलाई महत्वपूर्ण
विरूवा जस्तो सह्यार्नु भयो। तपाईंले मिश्रबाट
तपाईंको "अङ्गूरको भ्याँङ" ल्याउनु भयो। तपाईंले
"अरूहरूलाई" यो जमीन छोड्न वाध्य गराउनु
भयो, अनि तपाईंले यहाँ "अङ्गूरको भ्याँङ" रोप्नु
भयो।
९ तपाईंले "अङ्गूर" रोप्नलाई जमीन तयार गर्नुभयो।
तपाईंले यसका जराहरूको निम्ति ध्यान दिनुभयो।
चाँडै सम्पूर्ण जमीनमा अङ्गूरको भ्याङ फैलियो।
१० यसले पर्वतहरू ढाकेर गयो। यसको पातहरूले
नीमका रूखहरू सम्म छेकियो।
११ यसको अङ्गूरहरू भूमध्य सागर सम्म
फैलियो। यसको लहराहरू युफ्रेटिस् नदी तर्फ
फैलिएर गए।
१२ हे परमेश्वर, किन तपाईंले पर्खालहरू तानेर भ्कार्नु
भयो जसले तपाईंको "अङ्गूरको रूखलाई" सुरक्षा
दिन्छ? अब बाटो हिंड्नेहरूले पनि यसको अङ्गूरहरू
टिप्नेछन्।
१३ जङ्गली सुङ्गूरहरू आउँदछ र तपाईंको "अङ्गूरको
भ्याँङमाथि" हिंड्दछ। जङ्गली पशुहरू आएर
त्यसको पातहरू खाँदछ।
१४ परमेश्वर, सर्वशक्तिमान् परमेश्वर, फर्की आउनुहोस्।
स्वर्गबाट तपाईंको "अङ्गूरको भ्याँङलाई" तल
हेर्नुहोस अनि रक्षा गर्नुहोस्।
१५ हे परमेश्वर, तपाईंको आफ्नै हातहरूले रोप्नु
भएको "अङ्गूरको बोटलाई" हेर्नुहोस्। तपाईंले
आफ्नै निम्ति बढ़ाएको पौधाहरू हेर्नुहोस्।
१६ तपाईंको "अङ्गूरका बोटहरू" सुक्खा गोबर जस्तै
आगोमा छन्। तपाईं यसमा रिसाउनु भयो र नष्ट
पार्नुभयो।
१७ परमेश्वर, मानिस कहाँ पुग्नु होस जो तपाईंको
दाहिने पट्टि उभिनु भएको छ। तपाईंले उठाउनु
भएको मानिसकहाँ पुग्नु होस्।
१८ उहाँले तपाईंलाई फेरि छाड्नु हुन्न उहाँलाई बाँच्न
दिनोस अनि उहाँले तपाईंको नाउँको उपासना
गर्नेछन।
१९ सर्वशक्तिमान् परमप्रभु परमेश्वर, हामी भएकहाँ
फर्की आउनु होस्, हामीलाई ग्रहण गर्नुहोस् र
हामीलाई बचाउनु होस्।

## भजन ८१

*प्रमुख संगीतकारलाई। गितीथको रागमा।
आसापको भजन।*

१ खुशी हौ र परमेश्वर हाम्रो शक्ति हुनुहुन्छ भनी
गीत गाऊ। इस्राएलका परमेश्वर तर्फ कराउँदै
खुशी मनाऊ।
२ संगीत प्रारभ्भ गर। खैंजड़ीहरू बजाऊ। सुरमय
वीणा बजाऊ।
३ जब हाम्रो विश्राम शुरू हुँछ पूर्णिमा लागेको
बेला। तुरही फुक नरसिङ्गा फुक औंसी परेको
बेला।
४ त्यो इस्राएलका मानिसहरूको निम्ति नियम हो।
परमेश्वरले याकूबलाई आज्ञा दिनुभयो।
५ जब परमेश्वरले यूसूफलाई मिश्रबाट निकाली ल्याउनु
भयो परमेश्वरले उनीसित यो करार गर्नुभयो।
मिश्रमा हामीले नजानेको भाषा सुन्यौं।
६ परमेश्वर भन्नुहुन्छ, "तिमीहरूको काँधको भारी
मैले लिएँ। मैले तिमीहरूको कर्मीको डोको
तिमीहरूको हातबाट लिए।
७ तपाईंका मानिसहरू संकटमा थिए। तिमीहरूले
गुहार मागे र मैले मुक्त पाएँ। तुफान बोकेको
बादलहरूमा म लुकिरहेको थिएँ। त्यहीबाट मैले
जवाफ दिएँ, मैले तिमीहरूलाई मरीबाको* पानीद्वारा
जाँच गरे।"
८ "मेरो मानिसहरू ध्यान देऊ, अनि मेरो कुरा सुन।
म तिमीहरूलाई मेरो करार-वचन दिनेछु। इस्राएल,
कृपया मेरो कुरा ध्यानले सुन।
९ कुनै पनि कृत्रिम देवताहरू नमान जुन विदेशीहरूले
मान्दछन्।
१० म, परमप्रभु, तिमीहरूको परमेश्वर हुँ, मैले
तिमीहरूलाई मिश्रबाट निकालेर ल्याएँ। इस्राएल,
तिमीहरू मुख खोल अनि म खुवाउने छु।
११ "तर मेरो मानिसहरू, तिमीहरूले मेरो कुरा सुनेनौ।
इस्राएलले मेरो आज्ञा पालन गरेन।
१२ यसैले तिनीहरू जे-जे चाहन्छन् त्यही गर भनेर
छाड़ी दिएँ, इस्राएलले आफ्नो मनले चाहेको
गर्‍यो।
१३ यदि मेरो मानिसहरूले मेरो कुरा मानेको भए अनि
मेरो तरिका अनुसार बसेको भए।
१४ तब म तिनीहरूको शत्रुहरूलाई हराउने थिएँ। म
त्यस्ता मानिसहरूलाई दण्ड दिने थिएँ जसले
इस्राएलमा संकटहरू ल्याउँदछ।
१५ परमप्रभुका शत्रुहरू डरले काम्नेछन। तिनीहरूलाई
सदा दण्ड दिइनेछ।

---

**मरीबा** यी शब्द संगीतकारहरूलाई हो। यसले संगीतकारहरू कहाँ रोकिनु र चर्को हुनपर्छ, बोध गर्दछ।

१६ परमेश्वरले आफ्ना मानिसहरूलाई उत्तम गहुँ दिनुभयो। चट्टानले* तृप्त नहुञ्जेल सम्म तिनीहरूलाई मह दिए।"

## भजन ८२

*आसापको एउटा भजन।*

१ परमेश्वर अन्य देवताहरूको सभामा उभिनु हुन्छ। उहाँ त्यस सभाको प्रमुख न्यायकर्ता हुनुहुन्छ।
२ परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले कहिले सम्म मानिसहरूलाई पक्षपाती न्याय गर्नेछौ? कहिले सम्म तिमीहरूले दुष्ट मानिसहरूलाई कुनै प्रकारको दण्ड नदिइकन छोड़ी दिन्छौं?"
३ "गरीब र टुहुरा-टुहरी मानिसहरूको रक्षा गर। ती गरीब मानिसहरूका अधिकारको रक्षा गर।
४ ती गरीब र असहाय मानिसहरूलाई सहयोग गर। दुष्ट मानिसहरूबाट तिनीहरूलाई बँचऊ।
५ "तिनीहरू के भइरहेछ त्यो पनि जान्दैनन्। तिनीहरू बुझ्दैनन्! तिनीहरू स्वयं गरिरहेका छन्, त्यो पनि बुझ्दैननू, तिनीहरूको संसार तिनीहरूकै चारैतिर झरी सक्यो वा झर्दै गइरहेछ!"
६ म भन्दछु, "तिमीहरू देवताहरू हौं। तिमीहरू एकदम सर्वशक्तिमान परमेश्वरको छोराहरू हौं।
७ तर तिमीहरू मर्नेछौं जसरी अन्य अगुवाहरू मर्दछन्।"
८ हे परमेश्वर, उठनु होस! तपाईं न्यायकर्त्ता हुनुहोस्। तपाईं सबै जातिहरूमा अगुवा हुनुहोस्।

## भजन ८३

*एउटा स्तुतिगान। आसापले रचेको भजन।*

१ हे परमेश्वर, चुपचाप नबस्नुहोस्! तपाईंको कानहरू नथुन्नु होस, कृपया केही त भन्नु होस, परमेश्वर।
२ परमेश्वर, तपाईंका शत्रुहरूले तपाईंकै विरूद्ध योजनाहरू बनाउँदैछन् अनि तिनीहरूले चाँड़ै आक्रमण गर्नेछन्।
३ तिनीहरूले तपाईंका प्रिय मानिसहरूको विरूद्ध गुप्त योजनाहरू बनाउँदैछन्। तपाईंका शत्रुहरूले ती तपाईंकै प्रिय मानिसहरूको विषयमा नै योजनाहरू बनाउँदै छन्।
४ ती शत्रुहरू भन्दैनन्, "आएर, तिनीहरूलाई पूर्णत: ध्वंश गरीदिनु होस्। तब कसैले पनि 'इस्राएलको' नाम समेत कहिल्यै सम्झना गर्नेछैन।'"
५ परमेश्वर, तिनीहरू आपसमा एकजुट भएका छन् तपाईं र तपाईंको करार विरूद्ध लड़ाई गर्नलाई जुन तपाईंले हामीसँग गर्नु भएको थियो।
६-७ ती शत्रुहरू हामीसँग लड़नलाई एकजुट भएका छन्: प्रदोम, इश्माएली मानिसहरू मोआब अनि हागारीका भावी सन्तानहरू, गलाबीहरू, अमालेकीहरू, एमालीहरू, पलिश्तीहरू, अनि टायरमा बस्ने जनसमूह। ती सबै हामीसँग लड़्नलाई एकजुट भएकाछन्।
८ असिरियनहरू समेत तिनीहरूसँग मिल्न पुगे। तिनीहरूले लूतका सन्तानहरूलाई अति शक्तिशाली बनाए।
९ परमेश्वर, तिनीहरूलाई मिद्यानीहरूलाई झैं परास्त पारिदिनु होस्, सिसरा र याबीनहरूलाई किसोन नदीको किनार परास्त पारे झैं पार्नुहोस्।
१० तपाईंले तिनीहरूलाई एन्दोरमा परास्त पार्नुभयो। अनि तिनीहरूका सारा शरीरहरू भूइँमा सड़ी रह्यो।
११ परमेश्वरले, शत्रुहरूका नाईकहरूलाई परास्त गर्नुहोस्। ओरेब र जीबमा जे गर्नु भएथ्यो त्यसै गर्नुहोस्। जेबह र सलमुन्नामा जे गर्नु भएथ्यो, त्यसै गर्नुहोस्।
१२ हे परमेश्वर, ती मानिसहरूले हामीलाई तपाईंको यो जमीनबाट खेद्न चाहन्छन्।
१३ तिनीहरूलाई हावाले उड़ाएर लैजाने। मरीजूना उदिभद जस्तै बनाई दिनुहोस हावाले परालLाई छिन्नभिन्न पारे जस्तै तिनीहरूलाई पनि छिन्नभिन्न पारिदिनु होस्।
१४ जङ्गलमा आगो लागे झैं ती शत्रुहरूलाई ध्वंश पारिदिनु होस्। डढ़ेलोले पहाड़हरू जलाए झैं नाश गरिदिनुहोस्।
१५ हे परमेश्वर, जसरी तीब्र आँधीले धूलो उड़ाउँछ तिनीहरूलाई पनि त्यसरी नै खेदाउनु होस्। हलाउँदै तिनीहरूलाई तूफान जस्तै टाढ़ा, टाढ़ा उड़ाई खेदी दिनुहोस्।
१६ परमेश्वर, तिनीहरूलाई सताउनु होस ताकि तिनीहरू वास्तवमा कमजोर नै छन भन्ने बोध होस्। त्यसपछि तिनीहरूले तपाईंको नाउँलाई उपासना गर्नेछन्।
१७ हे परमेश्वर, तिनीहरूलाई भयग्रस्त पार्नुहोस् अनि सदाको निम्ति लज्जित तुल्याउनु होस्। तिनीहरूलाई अपमानित तुल्याउनु होस अनि ध्वंश पार्नु होस्।
१८ तब मात्र तिनीहरूले तपाईंलाई परमेश्वर भनेर मान्नेछन्। तिनीहरूले तपाईंको नाम यहोवा भनेर जान्नेछन् तपाईं सर्वोच्च परमेश्वर भनेर जान्ने छन्। सारा संसारका परमेश्वर भनेर चिन्ने छन्।

## भजन ८४

*प्रमुख संगीतकारलाई। गित्तित भन्ने रागमा कोरह परिवारहरूको एउटा भजन।*

१ हे सेनाहरूका परमप्रभु! तपाईंको मन्दिर साँच्चि नै प्रिय छ।

---

**चट्टान** परमेश्वरको यो अर्को नाम हो (सुराशको ठाउँ)।

२ हे परमप्रभु, म तपाईंको मन्दिर भित्र पस्न इच्छा गर्दैछु। म एकदमै उत्तेजित छु। मेरा प्रत्येक अंग शाश्वत परमेश्वरस्सँग लिप्त हुन चाहन्छन।
३ हे सेनाहरूका परमप्रभु, मेरो राजा, मेरो परमेश्वर, चराहरू सम्मले तपाईंको मन्दिरभित्र आश्रय पाए। तपाईंको वेदीको छेउमा आफ्नो गुँड़ बनाउँछन् अनि तिनीहरूले त्यहीँ आफ्ना बच्चाहरू हुर्काउँछन्।
४ तपाईंको मन्दिरमा बस्ने ती मानिसहरू भाग्यवान हुन। तिनीहरूले तपाईंको प्रशंसा लगातार गरि रहेकाछन्।
५ मानिसहरू तपाईंको मन्दिरमा आफ्नो मनभरी हर्षका गीतहरू लिएर आउँछन्, तिनीहरू धेरै खुशी छन्।
६ तिनीहरू रूने वेंसी भएर यात्र गर्दै आए जुन परमेश्वरले जलस्त्रोत बनाउनु भएको छ। शरद ऋतुको वर्षाले ताल बनिन्छ।
७ ती मानिसहरू सियोन आउने शहरदेखि शहर भ्रमण गदै आए जहाँ तिनीहरूले परमेश्वरलाई भेट्ने छन्।
८ हे सेनाहरूका परमेश्वर परमप्रभु, मेरो प्रार्थना सुनिदिनु होस हे याकूबका परमेश्वर, मलाई ध्यान दिनुहोस्।
९ हे परमेश्वर, हाम्रो रक्षकको* रक्षा गर्नुहोस्, तपाईंका अभिषिक्त राजाप्रति* कृपालु हुनु होस्।
१० हे परमेश्वर, तपाईंको मन्दिरभित्रको एक दिन अरू ठाउँका हजार दिनभन्दा उत्तम छ। दुष्टहरूका घरमा बस्नुभन्दा बरु मेरा परमेश्वरका मन्दिरको ढोके हुनलाई मलाई मन पर्छ।
११ परमप्रभु हाम्रा रक्षक र महिमामय राजा हुनुहुन्छ, परमेश्वरले हामीलाई दया र महिमाले आशीर्वाद दिनुहुन्छ। जसले परमप्रभुको अनुसरण र आज्ञा पालन गर्दछ। उहाँले ती मानिसहरूलाई प्रत्येक असल चीज दिनुहुन्छ।
१२ हे सेनाहरूका परमप्रभु, मानिसहरू जसले तपाईंमाथि भरोसा गर्छन उनीहरू अति नै आनन्दित हुन्छन्।

## भजन ८५

*प्रमुख संगीतकारलाई। कोरह परिवारहरूको स्तुतिगान।*

१ हे परमप्रभु, आफ्ना देश प्रति कृपा रारव्नुहोस्। याकूबका परिवारहरू परदेशमा निष्कासित छन् तिनीहरूलाई आफ्नो देशमा फेरि ल्याउनु होस्।
२ हे परमप्रभु, आफ्ना मानिसहरूलाई, क्षमा गर्नुहोस तिनीहरूका पापहरू मेटाई दिनुहोस्!
३ हे परमप्रभु, क्रोधी हुनदेखि रोकिनु होस, पागल नबन्नु होस्।
४ हाम्रो परमेश्वर अनि रक्षक, हामीमा क्रोधी हुनदेख़ि रोकिनु होस, अनि हामीलाई फेरि ग्रहण गर्नुहोस्।
५ के तपाई हामी संग सधैं क्रोधित हुनुहुन्छ?
६ दया गरी हामीसंग प्रसन्न हुनुहोस, तपाईंको मानिसहरूलाई खुशी बनाउँनु होस्।
७ हे परमप्रभु! हामीलाई देखाउनु होस कि तपाईंले हामीलाई प्रेम गर्नु हुन्छ। हामीलाई आपत्तिबाट बचाउँनु होस्।
८ उहाँले के भन्नुहुन्छ भनेर मैले मेरो कानलाई परमप्रभु परमेश्वरतिर लगाए। परमेश्वरले भन्नुभयो क़ि उहाँका मानिसहरू अनि विश्वासी चेलाहरूको निम्ति त्यहाँ शान्ति छ। यदि तिनीहरू पछि भनेर फर्केर मुर्खताको बाटोमा हिडेनन भने उनीहरूले शान्ति पाउने छैनन्।
९ परमेशवरले चाँड़ै आफ्नो चेलाहरूलाई बचाउँनु हुनेछ। हामीहरू चाड़ै इज्जतको साथ हाम्रा स्थानमा पस्नेछौ।
१० परमेश्वरको साँचो प्रेममा उनका सबै भक्तजनहरू भेट हुन्छन। धार्मिकता र शान्तिले तिनीहरूलाई चुम्बन गरी स्वागत गर्नेछन्।
११ पृथ्वीमा बस्ने मानिसहरू परमेश्वरमा विश्वासी हुनेछन्। अनि स्वर्गको परमेश्वर उनीहरूको निम्ति असल हुनुहुनेछ।
१२ परमेश्वरले हामीहरूलाई धेरै उत्तम थोकहरू दिनु हुनेछ, अनि जमीनले धेरै उत्तम अन्न उप्जाउँनेछ।
१३ धार्मिकताचाहिँ परमेश्वरको अघि जान्छ, र उहाँको निम्ति एउटा मार्ग तयार गर्छ।

## भजन ८६

*दाऊदको प्रार्थना।*

१ म दरिद्र र असहाय मानिस हुँ। हे परमप्रभु, दया गरि मेरो प्रार्थना सुन्नुहोस्, अनि उत्तर दिनुहोस्।
२ हे परमप्रभु, म तपाईंको भक्त हुँ, दयागरी मलाई बचाउनु होस्। म तपाईंको दास हुँ तपाईं मेरो परमेश्वर हुनुहुन्छ, मेरो, भरोसा तपाईंमा छ, मलाई रक्षा गर्नुहोस्।
३ मेरो स्वामी, ममाथि दया गर्नुहोस्। म प्रत्येक क्षण तपाईंलाई नै प्रार्थना गरीरहेछु,।
४ हे स्वामी, म मेरो जीवनलाई तपाईं कै हातमा सुम्पिन्छु। उपयोगी मलाई बनाउनु होस, म तपाईंको दास हुँ।
५ हे स्वामी, तपाईं धर्मी र दयालु हुनुहुन्छ। तपाईका मानिसहरू तपाईंलाई सहयोग माग्छन्, तपाईं ती मानिसहरूलाई साँच्चि नै प्रेम गर्नुहुन्छ।
६ परमप्रभु, मेरो प्रार्थना ग्रहण गर्नुहोस्। कृपादानको निम्ति मेरो प्रार्थना सुन्नुहोस्।
७ परमप्रभु, म मेरो संकटको समयमा तपाईंलाई

---

**रक्षक** शाब्दिक अर्थ ढ़ाल हो जुन राजासँग सम्बन्धित छ।

**छानिका** राजाप्रति आभिषेक भएको व्यक्ति।

प्रार्थना गर्दछु, म जान्दछु तपाईंले जवाफ दिनु हुनेछ!

८ हे परमेश्वर, तपाईं झैं अर्को कोही छैन। तपाईंले गर्नु भएको काम अरू कसैले गर्न सक्तैन।

९ स्वामी, तपाईंले प्रत्येक व्यक्तिलाई बनाउनु भयो। तिनीहरू सबै जना आएर तपाईलाई उपासना गरून्। तिनीहरू सबै जनाले तपाईंको नामको सम्मान गरून्।

१० हे परमेश्वर, तपाईं महान् हुनुहुन्छ! तपाईं अद्भुत कार्यहरू गर्नुहुन्छ, तपाईं अनि तपाईं मात्र, परमेश्वर हुनुहुन्छ।

११ हे परमप्रभु, तपाईंको तरिकाहरू सिकाउनु होस, अनि म बाँच्नेछु र सत्य पालन गर्नेछु। मलाई मेरो जीवनको मुख्य चीज, तपाईंको नाउँमा पूजा गरिरहन सहायता गर्नु होस्।

१२ हे परमेश्वर, मेरो स्वामी तपाईंको प्रशंसा गर्दछु। मेरो सम्पूर्ण हृदयबाट म तपाईंको नामको अनन्त सम्मान गर्नेछु।

१३ हे परमेश्वर, तपाईंसँग म प्रति कति बढ़ता प्रेम छ। तपाईंले मलाई मुत्युको मुखबाट बचाउनु भयो।

१४ अंहकारीहरूले ममाथि आक्रमण गरिरहेछन्, परमेश्वर। निर्दयी झुण्डका मानिसहरूले मलाई मार्ने कोशिश गरिरहेछन्। अनि त्यस्ता मानिसहरूले तपाईंको इज्जत गर्दैनन्।

१५ हे स्वामी तपाईं दया र कृपाले पूर्ण भएका परमेश्वर हुनुहुन्छ। तपाईं अनि धैर्य, सत्यता र कृपामा भरिपूर्ण हुनुहुन्छ।

१६ परमेश्वर, तपाईंले मेरो कुरा सुनेको र मप्रति कृपालु भएको देखाउनु होस्। म तपाईंको दास हुँ। मलाई बल प्रदान गर्नुहोस, म तपाईंको दास हुँ। मलाई बचाउनु होस्!

१७ परमेश्वर, तपाईंले मलाई साथ दिएको संकेत दिनुहोस्। मेरो शत्रुहरूले त्यो संकेत हेर्नेछन् अनि तिनीहरू असन्तुष्ट हुनेछन्। त्यसले तपाईंले मेरो प्रार्थना सुन्नु भएको बुझाउँछ अनि मलाई तपाईंले सहायता दिनु हुनेछ।

### भजन ८७

*कोरह परिवारहरूको एउटा भजन-स्तुतिगान।*

१ परमेश्वरले यरूशलेमको पवित्र पहाड़हरूमा आफ्नो मन्दिर बनाउनु भयो।

२ परमप्रभुले इस्राएलका अन्य ठाउँहरू भन्दा सियोनका प्रवेशद्वारहरू मन पराउनु हुन्छ।

३ परमेश्वरको शहरका मानिसहरूले तिम्रो विषयमा प्रशंसनीय कुराहरू गर्दछन्।

४ परमेश्वरले आफ्ना सबै मानिसहरूको सूची राख्नु भएको छ। ती मध्ये कतिपय मिश्र र बेबिलोनमा बस्दछन्। ती मध्ये कतिपय फिलिस्तिया, टायर र एथियोपियामा पनि जन्मेका थिए।

५ परमेश्वरले सियोनमा जन्मेका प्रत्येक मानिसलाई चिन्नु हुन्छ। सर्वोच्च परमेश्वरले त्यो शहर बनाउनुभयो।

६ परमेश्वरले आफ्ना सबै मानिसहरूका सूची राख्नु भएको छ। तिनीहरू कहाँ, कहाँ जन्मेका हुन् भन्ने कुरा परमेश्वरले जान्नु हुन्छ।

७ परमेश्वरका मानिसहरू खास छुट्टीहरू मान्नलाई यरूशलेम जाँदछन्। तिनीहरू सुखी छन्। तिनीहरू गाइरहेछन् र नाचिरहेछन्। तिनीहरू भन्दछन्, "प्रत्येक असल कुराहरू यरूशलेमबाट आउँदछ।"

### भजन ८८

*प्रमुख संगीतकारलाई पीड़ापूर्ण रोग बारेस्।*
*एज्री हेमानको एउटा भजन।*

१ हे परमप्रभु, परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ, रातदिन म तपाईंलाई प्रार्थना गरिरहेकोछु।

२ मेरो प्रार्थनाहरू प्रति कृपया ध्यान दिनुहोस्। कृपादानको निम्ति मेरो प्रार्थना सुनी दिनुहोस्।

३ मेरो प्राणसँग प्रशस्त त्यस्तो पीड़ा छँदै थियो! म चाँड़ै मर्ने छु।

४ मानिसहरूले मलाई मृत मानिस अथवा बाँच्नु परेको एकदम कमजोर, हीन मानिस जस्तो व्यवहार गर्दछन।

५ मृत मानिसहरूको माझमा मलाई खोज्नु होस्। म चिहानमा लड़िरहेको मुर्दा जस्तो छु। तपाईंले भुल्नु भएका मरिसकेका मानिसहरू माझ म एक हुँ। तपाईंबाट अलग्ग र हेलचेक्राई भयो। *सेला*

६ तपाईंले मलाई धरतीको त्यो प्वालमा राख्नु भयो। हो तपाईंले मलाई त्यस्तो अन्धकार ठाउँमा राख्नु भयो।

७ परमेश्वर, तपाईं मसँग रिसाउनु भएको थियो, अनि मलाई सजायँ दिनुभयो।

८ मेरो साथीहरूले मलाई छाड़ी गए। सबैले मलाई अछुत व्यक्ति जस्तो छि:छि: दूर-दूर गरे। म त्यस घरमा बन्द थिए अनि बाहिर जान सकिन।

९ मेरा आँखाहरू मेरो सम्पूर्ण दु:खहरूमा रूदाँ रूदाँ पोल्न थालिसक्यो। हे परमप्रभु, म तपाईंलाई अटूट प्रार्थना गर्छु मेरो पाखुराहरू तपाईं प्रति प्रार्थनामा उठ्दछन्।

१० हे परमप्रभु, के मृत मानिसहरूका लागि तपाईं आश्चर्य काम रच्नुहुन्छ? के भूतहरूमाथि उठ्छन् र तपाईंको प्रशंसा गर्छन? अहँ गर्दैनन्।

११ चिहानभित्र भएका मृत मानिसहरूले तपाईंको प्रेम बारे कुरा गर्न सक्ने छैनन्। मृत मानिसहरूले

मृतकहरूको संसारमा तपाईंको विश्वासको विषयमा
भन्न सक्ने छैनन्।
१२ मृत मानिसहरू अन्धकारमा लड़िरहेका हुन्छन्,
तपाईंले गर्नु भएका अचम्मका कुराहरू देख्न
सक्तिनन्। मृत मानिसहरूले बिर्सिएको संसारमा
तपाईंको धार्मिकताको कुरा गर्न सक्तैनन्।
१३ हे परमप्रभु, म तपाईंको सहायताको निम्ति प्रार्थना
गरिरहेको छु। प्रत्येक प्रातःकालमा म तपाईंमा
प्रार्थना गर्दछु।
१४ हे परमप्रभु, किन तपाईंले मलाई त्यागनु भयो?
किन मेरो कुरा सुन्न अस्वीकार गर्नुहुन्छ?
१५ युवा अवस्थादेखि नै म कमजोर र रोगी थिएँ।
मैले तपाईंको क्रोध सहेँ, म असहाय छु।
१६ हे परप्रभु, तपाईं मसँग रिसाउनु भएको छ, अनि
सँजायले मलाई मार्दै छ।
१७ दुःखाई र पीड़ाहरू सधैँ मसँग छन् म ती दुःखाई
र पीड़ाहरूमा डुलीरहेको अनुभव गर्दछु।
१८ हे परमप्रभु, मेरा सारा मित्रहरू र प्रेमीहरू त्याग्नु
मलाई वाध्य गराउनु भयो। खाली अन्धकार मात्र
मसँग रहेको छ।

### भजन ८६

*एज्री एथानबाट मस्किल भन्ने भजन।*

१ म सदा परमप्रभुको निम्ति प्रेमको गीत गाउनेछु।
स उहाँको विश्वासको प्रशंसा सदा-सर्वदा गर्नेछु!
२ हे परमप्रभु, म तपाईंमा साँचो रूपमा विश्वास
गर्दछु कि तपाईंको प्रेम अनवरत छ। तपाईंको
विश्वास आकाश भैं व्यापक छ।
३ परमेश्वर भन्नुहुन्छ, "मैले चुनेका राजासँग
करार गरेको छु, मैले मेरो दास दाऊदसँग कसम
खाएँ:
४ दाऊद, म तिम्रो वंशलाई सदा सर्वदाको निम्ति
स्थिर बनाउनेछु। म तिम्रो राज्य सदा सर्वदाको
निम्ति कायम गराउने छु।"
५ हे परमप्रभु, तपाईंले आश्चर्यपूर्वक कुराहरू सृजना
गर्नु हुन्छ। जसको निम्ति तपाईंलाई आकाशहरूले
पनि प्रशंसा गर्छन्। मानिसहरू तपाईंमाथि आश्रित
हुन सक्छन। पवित्र स्वर्गदूतहरूको सभाले तपाईंको
बारेमा गाउँदछ।
६ स्वर्गमा तपाईंको बराबरी हुने कोही पनि छैन।
कुनै पनि "देवता" परमप्रभुको तुलनामा आउन
सक्तैन।
७ परमेश्वर पवित्र स्वर्गदूतहरूसित सदा सर्वदा मिल्नु
हुन्छ। ती सबै स्वर्गदूतहरू उहाँका हुन। तिनीहरू
डराएर उहाँको श्रद्धा गर्दछन, तिनीहरू उहाँको
सम्मानमा बस्दछन्।
८ हे सेनाहरूका परमप्रभु, परमेश्वर तपाईं जस्तो
यहाँ अरू कोही छैन। हामी पूर्णरूपले तपाईंमाथि
भरोसा राख्छौं।
६ तपाईंले विशाल समुद्रको शक्तिशाली ज्वारभाटामाथि
शाश्वत गर्नुहुन्छ। तपाईं त्यसको छालहरूलाई
शान्त पार्न सक्नु हुन्छ।
१० परमेश्वर तपाईंले राहबलाई डर देखाउनु भयो,
तपाईंको आफ्नै शक्तिशाली पाखुराहरूले तपाईंका
शत्रुहरूलाई यत्रतत्र पारिदिनु भयो।
११ स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू तपाईंकै
हुन, परमेश्वर तपाईंले संसार र यसका सबै
थोकहरू सृजना गर्नुभयो।
१२ उत्तर र दक्षिण दिशामा तपाईंले सारा थोकहरू
सृजना गर्नुभयो। ताबोर पर्वत र हर्मोन पर्वतले
तपाईंकै नाउँको गुण-गान गर्दछ।
१३ हे परमेश्वर तपाईंसँग शक्ति छ। तपाईंको शक्ति
महान् छ विजय तपाईंकै हो।
१४ तपाईंको साम्राज्य सत्य र न्यायमाथि बनिएको छ।
प्रेम र विश्वास तपाईंको सिंहासनका दासहरू
हुन्।
१५ हे परमेश्वर, तपाईंका ईमान्दार भक्तजनहरू साँच्चि
नै खुशी छन्। तिनीहरू तपाईंको कृपाको प्रकाशमा
बाँच्दछन्।
१६ तपाईंको नाउँले तिनीहरूलाई सधैं खुशी पार्छ।
तिनीहरूले तपाईंको सद्गुणको प्रशंसा गर्दछन्।
१७ तपाईं तिनीहरूका आश्चर्यमय बल हुनुहुन्छ।
तपाईंबाटै उनीहरूको शक्ति आउँदछन्।
१८ परमप्रभु, तपाईं हाम्रो रक्षक हुनुहुन्छ। इस्राएलको
एकमात्र पवित्र आत्मा हाम्रा राजा हुनुहुन्छ।
१६ तपाईं आफ्ना भक्तजनहरूसँग दर्शनमा बोल्नु भयो
अनि भन्नुभयो, "मैले भीड़बाट एकजना जवान
केटोलाई छानें अनि मैले त्यस जवानलाई मुख्य
मानिस बनाएँ, मैले त्यस जवान सिपाहीलाई
बलियो, बनाएँ।
२० मैले मेरो दास दाऊदलाई पाएँ अनि मेरो विशिष्ट
तेलले उसलाई अभिषेक गरें।
२१ मैले दाऊदलाई आफ्नो दाहिने पाखुराले
सहयोग गरें। अनि मेरो शक्तिले, उसलाई बलियो
बनाएँ।
२२ शत्रुले चुनेका राजालाई पराजित गर्न सकेन। दुष्ट
मानिसहरूले उनलाई परास्त गर्न सकेन।
२३ मैले उनको शत्रुहरूलाई शेष पारिदिएँ। मैले ती
मानिसहरूलाई परास्त गरें मैले छानेका राजालाई
घृणा गरे।
२४ म सधैं आफूले छानेका राजालाई प्रेम र सहयोग
गर्नेछु। म उनलाई सधैं बलियो बनाउने छु।
२५ मैले छानेका राजालाई समुद्रको अध्यक्ष नियुक्त
गर्छु। उसले नदीहरूमाथि नियन्त्रण गर्नेछ छ।

२६ उसले मलाई भन्नेछ, तपाईं मेरो पिता हुनुहुन्छ। तपाईं मेरो परमेश्वर, मेरो चट्टान, मेरो रक्षक हुनुहुन्छ।
२७ अनि उसलाई म मेरो प्रथम जन्मने छोरो बनाउने छु। ऊ नै पृथ्वीमा सबै भन्दा महान् राजा हुनेछन।
२८ मेरो प्रेमले चुनिएका राजालाई सदा-सर्वदा रक्षा गर्नेछु। तिनको र मेरो यो करार कहिल्यै समाप्त हुनेछैन।
२९ उनका परिवारहरू अनवरत रहने छन् जबसम्म स्वर्ग रहन्छ तबसम्म उनको राज्य रहनेछ।
३० यदि उनका सन्तानहरूले मेरो व्यवस्था मान्न छाड़े यदि तिनीहरूले मेरो आज्ञा अमान्य गरे। भने म तिनीहरूलाई दण्ड दिनेछु।
३१ यदि छानिएका राजाका भावी सन्तानहरूले मेरो नियमहरू भत्काउँदै मेरो आज्ञाहरू उलंघन गर्छन भने,
३२ तब म उनीहरूलाई कड़ा दण्ड दिनेछु। म तिनीहरूका दुष्टकर्मको सजाय कोर्राले दिनेछु।
३३ तर म ती मानिसहरूबाट माया मारेर टाढ़ा जाने छैन। म तिनीहरू प्रति सधैं विश्वासी रहने छु।
३४ म दाऊदसँग भएको करार तोड्ने छैन। म मेरो करार-वचन परिणत गर्नेछैन।
३५ मेरो पवित्रतामा, उनीप्रित एक प्रतिज्ञा गरेको छु अनि म दाऊद प्रति भूटो हुने छैन।
३६ दाऊदका सन्तानहरू अनवरत रहनेछन्। रहुञ्जेल उनको राज्य रहने छ।
३७ जुन सरह, यो अनवरत चल्नेछ, त्यस करारको साक्षी आकाशहरू छन्, त्यो करारमा भरोसा गर्न सकिन्छ।"
३८ तर परमेश्वर तपाईं आफूले रोजेका राजाप्रति रिसाउनु भयो। अनि उनलाई एक्लै छाड़ी दिनु भयो।
३९ तपाईंले आफ्नो करार अस्वीकार गर्नु भएकोछ। तपाईंले राजाको मुकुट मैलामा फ्याँकिदिनु भयो।
४० तपाईंले राजाको शहरका भित्ताहरू भत्काई भार्नु भयो। उनका सबै किल्लाहरू ध्वंश पार्नुभयो।
४१ त्यताबाट भएर जाने मानिसहरूले उनका चीजहरू चोरे। उनका छिमेकीहरूले उसलाई खिसी गरेर हाँसे।
४२ तपाईंले त्यस्तो गरेर राजाका शत्रुहरूलाई खुशी बनाउनु भयो। तपाईं उनका शत्रुहरूलाई युद्ध जित्न दिनुभयो।
४३ परमेश्वर, तपाईंले उनीहरूको रक्षा गर्दै सघाउनु भयो। तपाईंले आफ्ना राजालाई युद्धमा सघाउनु भएन।
४४ तपाईंले उनलाई जित्न दिनु भएन। तपाईंले उनको राजगद्दी भूइँमा फ्याँकिदिनु भयो।
४५ तपाईंले उनको जीवन घटाई दिनु भयो तपाईंले उनलाई लज्जित पार्नुभयो।
४६ हे परमप्रभु, यस्तो कहिले सम्म जाल्ने हो? के तपाईंले हामीलाई सधैं उपेक्षा गर्नुहुन्छ? के तपाईंको क्रोध आगो जस्तो सधैं बल्ने हो?
४७ याद गर्नुहोस् मेरो जीवन कति छोटो छ: तपाईंले हामीलाई छोटो जीवन बाँच्नलाई रच्नुभयो।
४८ कोही पनि बाँच्ने छैन र कहिल्यै मर्दैन कोही पनि चिहानबाट भाग्न पाउने छैन।
४९ हे परमेश्वर, तपाईंले विगतमा देखाउनु भएको प्रेम खै कहाँ छ? तपाईंले दाऊदको परिवार प्रति विश्वासी हुनेछु भनेर प्रतिज्ञा दिनु भयो।
५०-५१ हे स्वामी, कृपया याद गर्नुहोस्, मानिसहरूले कसरी तपाईंको दासलाई अपमान गरे। हे परमप्रभु, मैले तपाईंका शत्रुहरूबाट ती सारा अपमानहरू सहन पर्‍यो। ती मानिसहरूले तपाईंले रोजेको राजाको अपमान गरे।
५२ परमप्रभुको सदा सर्वदा प्रशंसा गर। आमेन! आमेन!

## चौथो भाग

### भजन ९०

*परमेश्वरको जन मोशाको प्रार्थना।*

१ हे परमेश्वर, तपाईं पुस्तादेखि पुस्तासम्म हाम्रो वासस्थान हुनुभएको छ।
२ परमप्रभु, तपाईं परमेश्वर हुनुहुन्थ्यो पर्वतहरूको समक्ष जहाँ जन्मिएका थियौं अनि पृथ्वी र संसारको समक्ष जहाँ बनिएका थियौं। परमेश्वर, तपाईं सधैं परमेश्वर रहनु भयो र सधैं हुनुहुने नै छ।
३ तपाईंले यस संसारमा मानिसहरू ल्याउनु हुन्छ अनि पछि तिनीहरूलाई धुलोमा परिणत गर्नुहुन्छ।
४ तपाईंको लागि हजारौं वर्षहरू पनि हिजो बितेको रात जस्तै लाग्दछ।
५ हामीलाई कसिंगर जस्तै बढ़ार्नुहुन्छ। हाम्रो जीवन बिहानै हराएर विलाई जाने सपना जस्तै छ। हामी घाँस जस्तै छौ।
६ बिहान पख घाँस उम्रन्छ अनि बेलुकी यो औलाएर मर्छ।
७ हे परमेश्वर, तपाईंको रीसले हामीलाई ध्वंश गर्न सक्छ। तपाईंको क्रोधले हामीलाई भयभीत पार्दछ।
८ तपाईं हाम्रो सबै पापहरू जान्नु हुन्छ। हे परमेश्वर, तपाईंले हाम्रो गुप्त पापहरू सबै देख्नुहुन्छ।
९ तपाईंको क्रोधले हाम्रो जीवन समाप्त गर्न सक्छ। कानेखुसी जस्तै हाम्रो जीवन धमिलिदै जान्छ।

१० हामी सत्तरी वर्षसम्म बाँच्न सक्छौ, यदि अझ
बलियो भए असी वर्षसम्म बाँच्न सक्छौ। हाम्रो
जीवन कठिन काम र पीड़ाले भरिएको छ।
त्यसपछि अचानक हाम्रो जीनव सिद्धिएर जान्छ
अनि हामी उड़ेर टाढ़ा जान्छौ।
११ हे परमेश्वर! वास्तवमा कसैले पनि तपाईंको
क्रोधपूर्ण शक्तिलाई जान्दैन। तर हाम्रो डर र तपाईं
प्रतिको आदर तपाईंको क्रोध जतिकै महान् छ।
१२ हाम्रो जीवन कति छोटो छ भनेर हामीलाई
सिकाउनु होस, ताकि हामी साँच्चि नै ज्ञानी हुन
सकौ।
१३ हे परमप्रभु, सधैँ हाम्रो पछाड़ि आउनु होस्।
आफ्ना दासहरू प्रति दयालु हुनुहोस्।
१४ प्रत्येक बिहान आफ्नो प्रेमले हामीलाई भरिदिनु
होस्। हामी सुखी रहौं र रमाइलो जीनवबाँचौ।
१५ तपाईंले हामीलाई हाम्रो जीवनमा अति उदासीनता
र संकटहरू दिनुभयो। अब हामीलाई खुशी वा
सुखी पार्नुहोस्।
१६ तपाईंका दासहरूले आश्चर्यपूर्वक थोकहरू देखुन
जुन तपाईंले तिनीहरूका लागि गर्न सक्नु हुन्छ
अनि उनीहरूका नानीहरूले तपाईंको महिमा देख्न
सकुन।
१७ हाम्रो परमप्रभु परमेश्वर, हाम्रो निम्ति कृपालु बन्नु
होस्। हामी जे काम गर्छौ त्यो फलदायक होस,
हामी जे काम गर्छौं परमेश्वरले सफल पारी
दिऊन।

### भजन ९१

१ तिमी सर्वोच्च परमेश्वरकहाँ लुक्न जान सक्छौ।
तपाईं सर्वशक्तिमान् परमेश्वरकहाँ सुरक्षाको लागि
जान सक्छौ अवश्य नै।
२ म परमप्रभुलाई भन्दछु, "तपाईं मेरो सुरक्षाको
ठाउँ हुनुहुन्छ, मेरो किल्ला हुनुहुन्छ। मेरो परमेश्वर,
म तपाईंमाथि भरोसा गर्दछु।"
३ परमेश्वरले तिमीलाई लुप्त विपदहरू र डरलाग्दो
बिमारीहरूबाट जोगाउनुहुन्छ।
४ तिमी सुरक्षाको लागि परमेश्वर कहाँ जान सक्छौ।
उहाँले तिमीहरूलाई रक्षा गर्नुहुनेछ जसरी एउटा
चराले आफ्ना पखेटाहरू फिँजाएर आफ्ना
बच्चाहरूको सुरक्षा गर्दछ। परमेश्वर तिमीहरूका
सुरक्षाका लागि ढाल र पर्खालहरू जस्ता
हुनुहुनेछ।
५ तिमीहरू राती व्यर्थै डराउने कामै छैन अनि
दिनमा पनि तिमी आफ्ना शत्रुहरूको काँड़हरूसित
डराउने छैनौ।
६ तिमी राती चल्ने रूढ़ीदेखि र दिउँसो क्षय गर्ने
नाशदेखि डराउने छैनौ।
७ तपाईंले एक हजार शत्रुहरूलाई परास्त गर्नु हुनेछ।
तपाईंको आफ्नै दाहिने हातले दश हजार शत्रुका
सेनाहरूलाई परास्त पार्नेछ। ती शत्रुहरूले तपाईंलाई
छुँदैन पनि।
८ हेर मात्र, अनि तिमीले देख्ने छौ ती दुष्ट
मानिसहरू दण्डित भएको।
९ किन? किनभने तिमी परमप्रभुमा भरोसा गर्दछौ।
तिमीले सर्वोच्च परमेश्वरलाई आफ्नो सुरक्षाको
ठाउँ बनायौ।
१० तिमीलाई केही नराम्रो हुनेछैन। त्यहाँ तिम्रो घरमा
कुनै प्रकारको रोग हुने छैन।
११ परमेश्वरले तिमीहरूको लागि स्वर्गदूतहरूलाई आज्ञा
दिनु हुनेछ, अनि तिनीहरूले तिमीहरूलाई जहाँ
जादा पनि रक्षा गर्नेछन्।
१२ तिनीहरूका हातहरूले तिमीहरूलाई पक्रनेछ,
त्यसैकारण तिमीहरूले आफ्नो खुट्टा ढुङ्गामा बजार्नु
पर्दैन।
१३ तिमीहरूले सिंहहरूमाथि र विषालु सर्पहरूमाथि
हिंड्ने शक्ति पाउनेछौ।
१४ परमप्रभु भन्नुहुन्छ, "यदि कुनै मानिसले ममा
भरोसा गर्दछ भने, म उसलाई बचाउने छु जसले
मेरो नाउँलाई उपासना गर्दछ म मेरो भक्तजनहरूलाई
रक्षा गर्नेछु।
१५ मेरो भक्तजनहरूले सहयोगको निम्ति मलाई डाक्ने
छन्। अनि म तिनीहरूलाई जवाफ दिने छु म
तिनीहरूको दु:खको बेलामा साथ रहनेछु, म
तिनीहरूलाई मुक्त गर्ने छु र सम्मान गर्ने छु।
१६ अनि मेरा भक्तजनहरूलाई दीर्घायु दिनेछु अनि
तिनीहरूलाई बचाउनेछु।"

### भजन ९२

*विश्रामको दिनको निम्ति एउटा भजन-स्तुतिगान।*
१ परमप्रभुको गुण-गान गर्नु असल कुरा हो।
सर्वोच्च परमेश्वर, तपाईंको गुण-गान गर्नु असल
कुरा हो।
२ बिहानको बेलामा तपाईंको प्रेम बारे गाउनु असल
हो, अनि रातमा तपाईंको विश्वास बारेमा गाउनु
असल हो।
३ परमेश्वर, दश तारे बाजाहरू, वीणा र सारङ्गीहरू
तपाईंको लागि बजाउनु असल कुरा हो।
४ हे परमप्रभु, तपाईंले आफ्ना सृजनासित
हामीलाई साँच्चि नै खुशी बनाउनु भयो। हामी
खुशीसाथ तपाईंले गर्नु भएका कुराहरू बारे
गाउँछौ।
५ हे परमप्रभु तपाईंले कति महान् कुराहरू गर्नुभयो।
तपाईंका विचारहरू हामीलाई बुझ्न अति कठिन
छ।

६ हामीसँग तपाईंको तुलना गर्दा मानिस जाति मूर्ख जनावरहरू जस्तै छन्। हामी मूर्खहरू हौ जसले केही पनि बुझ्न सक्दैन।
७ दुष्ट मानिसहरू झारपातहरू जस्ता जही तही उम्रन्छन्। तर तिनीहरू सधैंको निम्ति नष्ट हुनेछन्। तिनीहरू जे गर्छन् त्यो सदालाई विनिष्ट हुन्छ।
८ तर हे परमप्रभु, तपाईंलाई सदा आदर गरिनेछ।
९ हे परमप्रभु, तपाईंका सम्पूर्ण शत्रुहरू नाश हुनेछन्। सम्पूर्ण ती मानिसहरू जसले पाप कामहरू गरे तिनीहरू नष्ट हुनेछन्।
१० तर तपाईंले मलाई बलियो बनाउनु भयो। म दरिलो सिंगहरू भएको भेड़ा जस्तै हुनेछु। तपाईंले खास कामको लागि मलाई रोज्नुभयो, तपाईंले आफ्ना ताजा तेलहरू ममाथि खन्याउनु भयो।
११ मैले मेरो शत्रुहरू वरिपरि भएको देखें। तिनीहरू मलाई आक्रमण गर्न तयार भएका विशाल साँढ़ेहरू जस्ता छन्। मेरो बारेमा तिनीहरूले के कुरा गरिरहेका छन् सुनें।
१२-१३ असल मानिसहरू लेबानेनमा परमप्रभुको मन्दिरमा रोपिएको देवदारु जस्ता छन् परमप्रभुको मन्दिरमा रोप्न गरिएको। धर्मी मानिसहरू हाम्रो परमेश्वरको मन्दिरको प्राङ्गणमा फुलिरहेकाछन्।
१४ तिनीहरू बृद्ध भए तापनि तिनीहरूले नयाँ र स्वस्थ रूखले जस्तै लगातार फल उत्पादन गरिरहने छन्।
१५ तिनीहरू त्यहाँ हुनु नै परमप्रभु असल हुनुहुन्छ, भन्नलाई नै हो। उहाँ मेरो चट्टान हुनुहुन्छ, अनि उहाँले अनुचित काम गर्नुहुन्न।

## भजन ९३

१ परमप्रभु राजा हुनुहुन्छ। उहाँले वैभवी अनि सामर्थ्यपूर्ण पोषाकहरू लगाउनु हुन्छ। उहाँ तयार हुनुहुन्छ यसैले सारा संसार सुरक्षित छ, यो नष्ट हुनेछैन।
२ परमेश्वर, तपाईंको राज्य सर्वदा चल्ने छ। परमेश्वर, तपाईं अनन्त सम्म बाँच्नु भयो।
३ हे परमप्रभु नदिहरूको आवाज अति गर्जनपूर्ण छ। जोड़सँग आउने छालहरू गर्जनपूर्ण छन्।
४ जोड़सँग आउने समुद्रका छालहरू गर्जनपूर्ण र शक्तिशली छन् तर परमप्रभु तिनीहरूमाथि अझ शक्तिशाली हुनुहुन्छ।
५ हे परमप्रभु, तपाईंको नियम सर्वदा चल्ने छ तपाईंको पवित्र मन्दिर धेरै कालसम्म रहनेछ।

## भजन ९४

१ हे परमप्रभु, तपाईं परमेश्वर हुनहुन्छ जसले मानिसहरूलाई दण्ड दिन्छ। तपाईं परमेश्वर हुनुहुन्छ जसले मानिसहरू प्रति दण्ड लिएर आउँछन्।
२ तपाईं सारा पृथ्वीका न्याय पालक हुनुहुन्छ। अहंकारी मानिसहरूलाई दण्ड दिनुहोस जो त्यसका लायक छन्।
३ हे परमप्रभु, कहिले सम्म दुष्ट मानिसहरूले खेलाँची गर्नेछन? कहिले सम्म परमप्रभु?
४ कहिलेसम्म ती दुष्टकर्मीहरूले तिनीहरूको भयंकर कामहरू गर्नेछन्?
५ हे परमप्रभु, तिनीहरूले तपाईंको मानिसहरूलाई कष्ट दिए। तिनीहरूले नै तपाईंका मानिसहरूलाई दुःखी, पीड़ित बनाए।
६ ती दुष्ट मानिसहरूले हाम्रा देशमा बसिरहेका विधवाहरू र परदेशीहरूलाई मारे। तिनीहरूले माता-पिता नभएका नानीहरूलाई हत्या गरे।
७ अनि तिनीहरूले भने परमप्रभुले तिनीहरूले गरिरहेका नीच कामहरू देख्दैनन्। तिनीहरूले भने कि इस्राएलका परमेश्वरले के भईरहेछ त्यो केही पनि जान्दैनन्।
८ तिमी अबुझ मानिसहरू ज्ञानी तिमीहरूले कहिले तिमीहरूको शिक्षा? हे मूर्खहरू हो तिमीहरू कहिले चेतनशील हुने हो? तिमी पापी मानिसहरू अति हरिलठक छौं। तिमीहरूले बुझ्नु नै पर्छ।
९ परमेश्वरले यो कुरा सोच्दैनौ कि जसले कान बनायो उसले सुन्नसक्छ? निश्चय नै जसले तिम्रो आँखहरू बनायो उसले पनि देख्न सक्छ। परमेश्वरले आँखा बनाउनु भयो, यसकारण निश्चय नै के भइरहेको छ त्यो देख्न उहाँका पनि आँखाहरू छन्।
१० परमेश्वरले ती मानिसहरूलाई अनुशासनमा राख्नु हुनेछ। ती मानिसहरूले के गर्नु पर्ने परमेश्वरले सिकाउनु हुनेछ।
११ मानिसहरूले के सोचिरहेछन् परमेश्वर जान्नुहुन्छ। परमेश्वर जान्नुहुन्छ कि मानिसहरू मात्र हावाका झोका हुन्। भनेर।
१२ मानिस जसलाई परमप्रभुले अनुशासनमा राख्नु भएको छ त्यो सुखी हुनेछ। परमेश्वरले त्यस मानिसलाई ठीक तरिकाले बाँच्ने बाटो बताउनु हुनेछ।
१३ हे परमेश्वर, तपाईंले त्यस मानिसलाई सहयोग गर्नु हुनेछ जो संकट आईपर्दा बिछिन्न हुँदछ। जब सम्म ती दुष्ट मानिसहरूलाई चिहानमा पुरिदैन, त्यसलाई शान्ति बस्न तपाईंले सहायता गर्नु हुनेछ।
१४ परमप्रभुले आफ्ना मानिसहरूलाई त्याग्नु हुन्न उहाँले तिनीहरूलाई सहयोग दिन छोड्नुहुन्न।
१५ न्याय फर्केर निर्मलतासित आउने छ। अनि त्यहाँ असल, ईमान्दारी मानिसहरू हुनेछन्।

१६ कसैले पनि मलाई दुष्ट मानिसहरूको विरूद्ध लड्न सघाएनन्। कोही पनि मसँग ती नीच कर्म गर्ने मानिसहरूको विरूद्ध लडाई गर्न उभिएनन्।
१७ यदि परमप्रभुले मलाई सहायता नगर्नु भएको भए मृत्युद्वारा म मौन भइसकेको हुन्थे।
१८ म जान्दछु कि म पतन हुन लागेको थिँए, तर परमप्रभुले आफ्नो चेलालाई सहायता गर्नुभयो।
१९ म अत्यन्त चिन्तीत र हड़बड़िएको थिएँ तर परमप्रभु, तपाईंले मलाई सान्त्वना दिनुभयो अनि खुशी पार्नुभयो!
२० परमेश्वर, कपटी न्यायकर्त्तालाई सहयोग नगर्नुहोस्। ती दुष्ट न्यायकर्त्ताहरूले साधारण जनताको लागि कठिन जीवन यापन गर्ने नियमहरू बनाउँदछ।
२१ त्यस्ता न्यायकर्त्ताहरूले असल मानिसहरूलाई आक्रमण गर्दछन्। तिनीहरूलाई दोषी साबित गरेर मार्न लगाउछन्।
२२ तर मेरो परमप्रभु, उच्च पर्वतमाथि मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ। परमेश्वर मेरो चट्टान हुनुहुन्छ मेरो सुरक्षाको ठाउँ!
२३ परमेश्वरले भयंकर कार्य गर्ने ती दुष्ट न्यायकर्त्ताहरूलाई दण्ड दिनुहुनेछ। परमेश्वरले तिनीहरूलाई नष्ट गर्नुहुनेछ किनभने तिनीहरूले पाप गरे। परमप्रभु हाम्रा परमेश्वरले ती पापी न्यायकर्त्ताहरूलाई नष्ट गर्नुहुनेछ।

## भजन ९५

*विश्रामको दिनको निम्ति एउटा भजन-स्तुतिगान।*

१ आऊ, परमप्रभुको गुण-गान गरौं। चट्टान प्रति, ठूलो स्वरमा गुण-गान गरौं जसले हामीलाई बँचायो।
२ परमप्रभु प्रति धन्यवादको गीत गाऊ। उहाँप्रति आनन्दमय प्रशंसाको गीत गाऊ।
३ किन? किनभने परमप्रभु नै महान् परमेश्वर हुनुहुन्छ! अन्य सारा "देवताहरू"लाई अधीनमा राख्ने उहाँ महान् राजा हुनुहुन्छ।
४ गहिरो गुफाहरू र उच्च पहाड़-पर्वतहरू परमप्रभुका सम्पत्ति हुन्।
५ सागर उहाँकै हो उहाँले यो सृजना गर्नु भएको हो, परमेश्वरले आफ्नै हातले सुक्खा जमीनहरू बनाउनु भयो।
६ आऊ, निहुँरिएर, उहाँको उपसना गरौं। जसले हामीलाई बनाउनु भयो उहाँ परमेश्वरको उपसना गरौं।
७ उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ अनि हामी उहाँका सन्तानहरू हौ। यदि हामीले उहाँको आवाज सुन्यौ भने आज हामी उहाँका भेड़ा हौ।
८ परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले जंगलमा हुँदा मरीबामा गरे झैं अनि मरुभूमिमा गरेको मस्सामा झैँ जिद्दी नगर।
९ तिम्रा पिता-पुर्खाहरूले मलाई जाँच गरे, तिनीहरूले मलाई जाँचे, तर तिनीहरूले म के गर्न सक्थे भन्ने कुरा देखे।
१० चालीस वर्षसम्म म ती मानिसहरूबाट सहन गरेर बसे। अनि म जान्दछु कि तिनीहरू आज्ञाकारी छैनन्। तिनीहरूले मेरो शिक्षाहरू लिन अस्वीकार गरे।
११ यसैले मेरो रीसमा तिनीहरू मेरो विश्रामको भूमिमा पस्ने छैनन भनी प्रतिज्ञा गरे।"

## भजन ९६

१ परमप्रभुले गर्नु भएको नयाँ कुराहरूका बारेमा नयाँ गीत गाऊ सारा संसारले परमप्रभु प्रति गीत गाउन्।
२ परमप्रभु प्रति गाऊ! उहाँको नाउँलाई आर्शीवाद देऊ! सुसमाचार भन। प्रत्येक दिन उहाँको मुक्तिको विषयमा कुरा गर।
३ परमप्रभु साँच्चि नै अदभूत हुनुहुन्छ, भनेर मानिसहरूलाई भन। परमेश्वरले गर्नु हुने आश्चर्यचकित चीजहरूका विषयमा राष्ट्रहरू माझ भन। सृजना गर्नु हुने अचम्मका कामहरूको बारेमा मानिसहरूलाई भन।
४ परमप्रभु महान् हुनुहुन्छ र प्रशंसाको योग्य हुनुहुन्छ। उहाँ अन्य सबै "देवताहरू"को भन्दा अझ उहाँकै डर राख्नु पर्छ।
५ अन्य जातिहरूका सबै "देवताहरू" खाली मूर्तिहरू मात्र हुन्। तर परमेश्वरले स्वर्ग बनाउनुभयो।
६ उहाँको समक्षमा आदर र महिमा चम्किरहेको छ। परमेश्वरको पवित्र मन्दिरमा शक्ति र सौन्दर्य छ।
७ परिवारहरू, जातिहरू परमप्रभुको प्रशंसा र महिमाको गीत गाऔं।
८ परमप्रभुको नाउँको प्रशंसा गर आफ्ना बलिहरू ल्याऊ र मन्दिर तर्फ जाऊ।
९ पवित्रताको सौन्दर्यसित परमप्रभुको उपासना गर। पृथ्वीमा प्रत्येक मानिसले परमप्रभुको उपासना गर।
१० जाति-जातिहरूलाई घोषणा गर। परमप्रभु नै राजा हुन्, ताकि संसार नष्ट नहोस्। परमप्रभुले निष्पक्ष रूपमा संसारमा राज गर्नुहुनेछ।
११ हे आकाश, खुशी हो! हे पृथ्वी, आनन्दित बन! यसमा भएका समुद्र र प्रत्येक थोक खुशीले कराऊ, चिच्याऊ।
१२ खेतहरू र त्यसमा उब्जने प्रत्येक चीज, खुशी बन। जङ्गलका रूखहरू, गाऊ र खुशी बन!

१३ खुशी बन किनभने परमप्रभु संसारमा “राज” गर्न आइरहनु भएको छ। उहाँले पक्षपात नगरी संसारमा न्याय गर्नु हुनेछ।

## भजन ९७

१ परमप्रभुले राज गर्नु हुन्छ र पृथ्वी खुशी हो। सबै सुदूरतिरका देशहरू खुशी हुन्छन्।
२ बाक्लो बादलहरूले परमप्रभुलाई घेरी राखेको छ। धर्म र न्यायले यस राज्यलाई बलियो बनाउँदछ।
३ परमप्रभुको सामुन्नेबाट एउटा आकाश जाँदछ अनि उहाँका शत्रुहरूलाई नाश गर्दछ।
४ उहाँको बिजुली आकाशमा झलाक झिलिक चम्किन्छ। मानिसहरू यसलाई देख्छन् र डराउछन्।
५ परमप्रभुको, समक्ष पर्वतहरू मैन जस्तो पग्लन्छन्, सारा पृथ्वीका स्वामीको सामुन्ने।
६ हे आकाश, उहाँको धार्मिकताको बारे बताऊ। ताकि परमेश्वरको महिमा सारा मानिसहरूले देखुन।
७ मानिसहरू आफ्ना मूर्तिहरू पूजा गर्छन्। तिनीहरू आफ्ना “देवताहरूका” विषयमा घमण्ड गर्दछन्। तर ती मानिसहरू लज्जित हुनेछन्। तिनीहरूका “देवताहरू” शिर झुकाएर परमप्रभुलाई उपासना गर्नेछन्।
८ हे सियोन, सुन अनि खुशी बन! हे यहूदाका शहरहरू, खुशी होओ। किन? किनभने परमप्रभुले बुद्धिमानी निर्णयहरू गर्नु भयो।
९ सर्वोच्च परमप्रभु, तपाईं नै वास्तवमा पृथ्वीका शासक हुनुहुन्छ। तपाईं अन्य “देवताहरू” भन्दा धेरै असल हुनहुन्छ।
१० मानिसहरू जसले परमप्रभुलाई प्रेम गर्दछ उसले दुष्टतालाई घृणा गर्छ। परमेश्वरले धूर्तहरूबाट उहाँका भक्तजनहरूलाई बचाउँनु हुँदछ।
११ धर्मी मानिसहरूमा उज्यालो र खुशीयाली चम्कन्छ।
१२ धर्मी मानिसहरू, परमप्रभुमा खुशी रहौं! उहाँको पवित्र नाउँको श्रद्धा गर!

## भजन ९८

*एउटा भजन-प्रशंसाको गीत।*

१ परमप्रभु प्रति नयाँ गीत गाऊ किनभने उहाँले नयाँ र छक्क पार्ने कुराहरू गर्नुभयो।
२ उहाँको पवित्र दाहिने पाखुराले उहाँलाई फेरि विजय तुल्यायो।
३ परमप्रभुले आफ्नो बचाउने शक्ति जातिहरूलाई देखाउनु भयो। परमप्रभुले आफ्नो धार्मिकता तिनीहरूलाई देखाउनु भयो।
४ उहाँका भक्तजनहरूले इस्राएलका मानिसहरू प्रति परमेश्वरको विश्वास सम्झिए। सुदूर ठाउँमा भएका मानिसहरूले हाम्रो परमप्रभुको रक्षा गर्ने शक्ति देखे।
५ हे पृथ्वीमा भएका प्रत्येक मानिसहरूले, परमप्रभु प्रति खुशीले हल्ला गर। प्रशंसाको गीत गाउन प्रारम्भ गर!
६ परमप्रभुको प्रशंसा वीणा बजाएर गर। वीणाबाट निस्केको संगीतले, उहाँको प्रशंसा गर्दछ।
७ तुरही र कर्णालिहरू बजाऊ, अनि परमप्रभु हाम्रो राजा प्रति चिच्याउँदै प्रशंसा गर।
८ समुद्र र पृथ्वीले र त्यहाँ भएका प्रत्येक कुराले जोड़ले गावोस्।
९ हे नदीहरू, आफ्ना हातहरूले थप्पड़ी मार! पर्वतहरू सबै एकैसाथ आनन्दको गीत गाऔं।
१० परमप्रभुको सम्मुख गाऊ किनभने उहाँ संसारमा राज गर्न आइरहनु भएको छ। उहाँले संसारमा न्यायपूर्वक राज गर्नु हुनेछ। उहाँले धार्मिकतासित मानिसहरूमाथि राज गर्नुहुनेछ।

## भजन ९९

१ परमप्रभु नै राजा हुनुहुन्छ। यसैले सारा जातिहरू डरले काम्छन्। परमेश्वर राजा सरह करूब स्वर्गदूतहरूमा बस्नु हुन्छ। यसैले सारा संसार डरले काम्दछ।
२ सियोनमा परमप्रभु महान् हुनुहुन्छ! उहाँ सम्पूर्ण मानिसहरूमाथि महान् अगुवा हुनुहुन्छ।
३ सारा मानिसहरूले तपाईंको नाउँको गुण-गान गरून्। परमेश्वरको नाउँ विस्मयकारक छ। परमेश्वर पवित्र हुनुहुन्छ।
४ शक्तिशाली राजाले न्याय मनपराउनु हुन्छ। परमेश्वर, तपाईंले मंगलमयता बनाउनु भयो। तपाईंले याकूबमा धार्मिकता र निष्पक्षता ल्याउनुभयो।
५ परमप्रभु हाम्रो परमेश्वरको प्रशंसा गर अनि उहाँको पवित्र पाउदानमा* दण्डवत गर।
६ मोशा र हारून उहाँका केही पूजाहारीहरू मध्ये थिए। तिनीहरू मध्ये शमूएल हुन जसले परमेश्वरको नाम पुकारे। तिनीहरूले परमेश्वरलाई प्रार्थना गरे, अनि उहाँले तिनीहरूलाई जवाफ दिनुभयो।
७ परमेश्वर अग्ला बादलबाट बोल्नु भयो। तिनीहरूले उहाँको विधिहरू पालन गरे अनि परमेश्वरले तिनीहरूलाई नियम प्रदान गर्नुभयो।
८ हे परमप्रभु हाम्रा परमेश्वर, तपाईंले तिनीहरूको प्रार्थनाको जवाफ दिनुभयो। तपाईंले आफू क्षमादायी

---

**पाउदान** पाउदान मन्दिर तर्फको अर्थ हो।

परमेश्वर अनि नीच काम गर्ने मानिसहरूलाई
दण्ड दिनेको रूपमा दर्शाउनु भयो।
९ हाम्रा परमप्रभु परमेश्वरको प्रशंसा गर। हाम्रो
परमेश्वर साँच्चि नै पवित्र हुनुहुन्छ। उहाँको
पवित्र पर्वत तर्फ दण्डवत् गर।

## भजन १००

*धन्यवादको भजन।*

१ हे सारा पृथ्वीको मानिसहरू हो, परमप्रभुको
जयजयकार गर।
२ परमप्रभुको सेवामा खुशी हौ! खुशीका गीतहरू
लिएर परमप्रभुको सम्मुख आऊ!
३ परमप्रभु नै हाम्रा परमेश्वर हुनुहुन्छ भन्ने जान।
उहाँले हामीलाई रच्नु भयो अनि हामी उहाँका
मानिसहरू हौं, हामी उहाँका भेंड़ा हौ।
४ उहाँको शहरमा धन्यवादको गीत लिएर आऊ।
उहाँको मन्दिरमा प्रशंसाको गीतहरू लिएर आऊ।
उहाँको प्रशंसा गर र उहाँको नाउँलाई धन्यवाद
चढ़ाओ।
५ परमप्रभु, भलो हुनुहुन्छ। उहाँको प्रेम अनन्त छ।
हामी सदा सर्वदा उहाँमाथि भरोसा राख्न सवछौं!

## भजन १०१

*दाऊदको भजन।*

१ म प्रेम र निष्पक्ष न्यायको गीत गाउनेछु। परमप्रभु,
म तपाईंको निम्ति गाउने छु।
२ म सतर्कतासाथ शुद्ध जीवन जिउनेछु। म मेरो
घरमा शुद्ध प्रकारले जिउनेछु। परमप्रभु तपाईं
मकहाँ कहिले आउनुहुनेछ?
३ म आफू समक्ष कुनै मूर्तिहरू राख्ने छैन, म त्यस
मानिसलाई घृणा गर्नेछु जो तपाईंको विरुद्ध जाँन्छ।
म त्यस्तो गर्नेछैन!
४ म ईमान्दार हुनेछु। म दुष्टपूर्ण कामहरू गर्नेछैन।
५ यदि कसैले उसको छिमेकिहरू बारे गुप्त भावमा
नराम्रा कुराहरू गर्दछ भने, म त्यस मानिसलाई
रोक्छु। आफूलाई घमण्ड गर्दै र अरू भन्दा म
श्रेष्ठ छु भनेर सोच्नेहरूलाई म अनुमति दिनेछैन।
६ म मानिसहरूलाई संसारभरि नै हेर्नेछु जसमाथि
भरोसा गर्न सकिन्छ अनि तिनीहरूलाई मात्र मेरो
सेवा गर्न दिन लाउने छु। खाली त्यस्ता मानिसहरू
मात्र मेरो दासहरू हुन सक्छन् जो शुद्ध
जिउँदछ।
७ म मेरो घरमा झूटाहरू बस्न दिने छैन। म झूट
बोल्नेहरूलाई आफू नजिक बस्न दिने छैन्।
८ यस देशमा बसिरहेका दुष्ट मानिसहरूलाई सँधै
नाश गर्नेछु। परमेश्वरको शहर जानलाई म ती
सब दुष्टहरूलाई वाध्य पार्नेछु।

## भजन १०२

*पीड़ित मानिसको भजन। ऊ पीड़ित भएर,*
*परमप्रभुलाई दु:ख पोख्छ।*

१ हे परमप्रभु, मेरो प्रार्थना सुनिदिनु होस्। साथ
पाउनलाई रोएको क्रन्दन सुनिदिनु होस्।
२ परमप्रभु तपाईं त्यसरी विमुख नभईदिनु होस्। जब
म संकटहरूमा झेलिएको हुन्छु मप्रति ध्यान
दिनुहोस्। जब म तपाईंको सहायताको निम्ति रोई
कराई गर्छु मलाई झट्टै जवाफ दिनुहोस्।
३ मेरो जीवन धुवाँ जस्तो भई बित्दैछ। मेरा जीवन
आगो सरह छ जो बिस्तारै जल्छ।
४ मेरो शक्ति क्षीण हुँदै गईसक्यो म सुक्खा,
ओलिन्दै गई रहेको घाँस जस्तै छु। मैले खान
समेत भूली सकेको छु।
५ आफ्नो उदासीनताको कारणले गर्दा, मेरो ओजन
घटिरहेछ।
६ म मरुभूमिमा बसिरहेको लाटकोसेरो जस्तो एक्लो
छु। भवनहरूको भग्नावशेषमा बस्ने एक्लो
लाटकोसेरो जस्तै छु।
७ म सुत्न सक्दिन। म छानामा भएको एउटा एक्लो
चरो जस्तो छु।
८ मेरा शत्रुहरूले मलाई लगातार अपमान गर्छन्।
तिनीहरूले मलाई खिसी गरे अनि सरापे।
९ मेरो ठूलो उदासीनता खाली मेरो भोजन हो। मेरो
आँसु मेरो पिउने बस्नु हो।
१० किन? किनभने तपाईं ममाथि क्रोधित हुनुहुन्छ,
परमप्रभु, तपाईंले मलाई उठाउनु भयो अनि
त्यसपछिमलाई फ्याँकी दिनुभयो।
११ दिनको अन्तिम प्रहरमा लामो छायाहरू जस्तो मेरो
जीवन प्राय: सुकिसक्यो। म सुक्खा र ओइलिएको
घाँस सरह मर्दै जाँदैछु।
१२ तर परमप्रभु, तपाईं सदा-सर्वदा बाँच्नु हुनेछ।
तपाईंको नाउँ सदा सर्वदा र अनन्त सम्म रहनेछ।
१३ तपाईं उठनु हुनेछ र सियोनलाई सान्त्वना दिनु
हुनेछ। तपाईं सियोन प्रति कृपालु हुनुहुनेछ त्यो
समय आइरहेछ।
१४ तपाईंका दासहरूले उनको, ढुङ्गाहरू मन पराउनेछ,
तिनीहरूले त्यो शहरको धूलोलाई सम्म मन
पराउने छ।
१५ मानिसहरूले परमप्रभुको नाउँ उपासना गर्नेछन।
परमेश्वर, पृथ्वीमा भएका राजाहरूले तपाईंलाई
सम्मान गर्नेछन।
१६ परमप्रभुले फेरि सियोन बनाउँनु हुनेछ। मानिसहरूले
फेरि उनको महिमा देख्नेछन।
१७ परमेश्वरले जिउँदै छाड़्नु भएका मानिसहरूको
प्रार्थनाहरूको जवाफ दिनुहुनेछ। परमेश्वरले
तिनीहरूको प्रार्थना सुन्नुहुनेछ।

१८ यी कुराहरू आउने भविष्यका सन्तानहरूको निम्ति
लेख। अनि भविष्यमा, ती मानिसहरूले परमप्रभुको
प्रशंसा गर्नेछन्।
१९ परमप्रभुले आफ्ना पवित्र स्थानबाट तलतिर हेर्नुहुनेछ।
परमप्रभुले स्वर्गबाट तल पृथ्वीमा हेर्नुहुनेछ।
२० अनि उहाँले कैदीहरूका प्रार्थनाहरू सुन्नुहुनेछ।
उहाँले मृत्यु घोषित भइसकेका मानिसहरूलाई
मुक्ति दिलाई दिनुहुनेछ।
२१ तब सियोनका मानिसहरूले परमप्रभुको बारेमा
भन्नेछन्। तिनीहरूले उहाँको नाउँलाई यरूशलेममा
प्रशंसा गर्नेछन्।
२२ जातिहरू परस्परमा भेला हुनेछन्। राज्यहरू
परमप्रभुको सेवा गर्नलाई आउने छन्।
२३ मेरो बलले मलाई नै असफल तुल्यायो। मेरो
जीवन छोटो भएर घटयो।
२४ यसकारण मैले भने, "मलाई ठिटौली बेलामा नै
मर्न नदिनुहोस्। परमेश्वर तपाईं सदा-सर्वदा बाँच्नु
हुनेछ।
२५ धेरै वर्ष पहिले, तपाईंले यो संसार बनाउनु भयो।
तपाईंले आफ्नै हातद्वारा यो आकाश बनाउनु
भयो।
२६ संसार र यो आकाश समाप्त होला तर तपाईं
सर्वदा रहनु हुनेछ। तिनीहरूले लुगाहरू खोले
जस्तै गर्नेछन्, अनि, लुगाहरू जस्तै, तपाईं
तिनीहरूलाई परिवर्तन गर्नुहुनेछ। तिनीहरू सबै
परिवर्तित हुनेछन्।
२७ तर तपाईं परमेश्वर, कहिल्यै बद्लिनु हुन्न।
तपाईं सर्वदा जीवित रहनु हुन्छ।
२८ हामी आज तपाईंका दासहरू हौं। हाम्रा नानीहरू
यहाँ छन्। अनि तिनीहरूका सन्तानहरू पनि यहाँ
तपाईंको उपासना गर्नेहरू हुनेछन्।"

## भजन १०३

*दाऊदको भजन।*

१ मेरो आत्मा, परमप्रभुको प्रशंसा गर! प्रत्येक मेरो
अङ्गले उहाँको पवित्र नाउँको गुण-गान गर्दछ।
२ हे मेरो आत्मा, परमप्रभुको प्रशंसा गर। अनि
नबिर्स कि उहाँ नै वास्तवमा कृपालु हुनुहुन्छ।
३ परमेश्वरले हाम्रा सारा पापहरू क्षमा गरिदिनु
हुन्छ। उहाँले हाम्रा सारा रोगहरू निको पारिदिनु
हुन्छ।
४ परमेश्वरले चिहानबाट हाम्रो जीवन बचाँउनु हुन्छ।
अनि हामीलाई उहाँले प्रेम र दया गर्नुहुन्छ।
५ परमेश्वरले हामीलाई प्रशस्त राम्रा कुराहरू दिनुहुन्छ।
उहाँले हाम्रो जवानीलाई गरुड़ जस्तो नयाँ
तुल्याउनुहुन्छा।
६ परमप्रभु निष्पक्ष हुनुहुन्छ, परमेश्वरले मानिसहरू
प्रति न्याय ल्याउनु हुन्छ, जुन अन्य मानिसहरूबाट
प्रतिघात भएको छ।
७ परमेश्वरले आफ्ना विधिहरू बारे मोशालाई बताउनु
भयो। परमेश्वरले उहाँको शक्तिशाली कामहरू
इस्राएलका मानिसहरूलाई देखाउनु भयो।
८ परमप्रभु अनुग्रही र करुणामय हुनुहुन्छ। परमेश्वर
संवेदनशील र मायालु हुनुहुन्छ।
९ परमप्रभुले सधैं आलोचना गर्नु हुन्न परमप्रभु सधैं
हामीसँग क्रोधित भएर बस्नु हुन्न।
१० हामीले परमेश्वरको विरुद्ध पाप गर्‍यौ। तर
उहाँले हामीलाई कुनै प्रकारको दण्ड दिनु भएन
जसको लागि हामी योग्य थियौं।
११ परमेश्वरको प्रेम आफ्ना भक्तजनहरूमा पृथ्वीदेखि
आकाशको उचाई जस्तै अग्लो छ।
१२ अनि परमेश्वरले हाम्रो पापहरू पूर्व र पश्चिम
टाढ़ा-टाढ़ा रहे जस्तो टाढ़ो राखि दिनुभयो।
१३ परमप्रभु आफ्ना भक्तजनहरूसँग त्यस्तो स्नेही
हुनुहुन्छ जसरी एक पिता आफ्ना छोरा-छोरीहरूसँग
हुन्छ।
१४ परमेश्वरले हाम्रो बारेमा सबै कुराहरू जान्नुहुन्छ,
हामी धूलाका कणहरूबाट बनिएका हौं भनेर
परमेश्वर जान्नुहुन्छ।
१५ हाम्रो जीवन छोटो छ भनेर उहाँले जान्नुहुन्छ।
हाम्रो जीवन घाँस जस्तै हो भन्ने कुरा पनि
जान्नुहुन्छ।
१६ परमेश्वर जान्नुहुन्छ हामीहरू जङ्गली फूलहरू
जस्तै हौं। जुन फूलहरू छिट्टै हुर्किन्छन्। त्यसपछि
तातो बतासको झोका आएर मर्छन। झट्टै तिमी
भन्न सक्दैनौ कि फूल कहाँ फुलिरहेथ्यो।
१७ तर परमप्रभुले आफ्ना भक्तजनहरूलाई सधैं माया
गर्नुभयो अनि उहाँले आफ्ना भक्तजनहरूलाई अनवरत
प्रेम गर्नुहुन्छ। परमेश्वरको धार्मिकता तिनीहरूका
छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ।
१८ परमेश्वर ती मानिसहरूका लागि असल हुनुहुन्छ
जसले उहाँको करार पालन गर्छ। परमेश्वर ती
मानिसहरूका लागि असल हुनुहुन्छ जसले उहाँको
आदेश पालन गर्छ।
१९ परमेश्वरको सिंहासन स्वर्गमा छ। अनि उहाँले
सबै थोकमा शासन गर्नुहुन्छ।
२० हे स्वर्गदूतहरू, परमप्रभुको प्रशंसा गर। हे
स्वर्गदूतहरू, परमप्रभुको प्रशंसा गर। तिमीहरू
शक्तिशाली सिपाहीहरू हौ जसले उहाँको आज्ञा
पालन गर्छन। तिमीहरू ध्यानपूर्वक उहाँका कुराहरू
सुन्छौ अनि आज्ञाहरू पालन गर्छौ।
२१ हे उहाँका सबै सिपाहीहरू! परमप्रभुको प्रशंसा
गर। तिमीहरू उहाँको दासहरू हौ। जो परमप्रभुले
इच्छा गर्नुहुन्छ तिमीहरू त्यही काम गर्दछौ।

२२ परमप्रभुले प्रत्येक थोक प्रत्येक ठाउँमा बनाउनु भयो। परमेश्वरले प्रत्येक ठाउँमा भएका सबै थोकहरूमा राज गर्नु हुन्छ, अनि ती सबै थोकहरूले परमप्रभुको गुण-गाऊनु पर्छ! हे मेरो प्राण परमप्रभुको गुण-गान गर!

## भजन १०४

१ हे मेरो आत्मा परमप्रभुको प्रशंसा गर। हे परमप्रभु मेरो परमेश्वर, तपाईं महान् हुनुहुन्छ! तपाईं आदर र महिमाले सजिएको हुनुहुन्छ।
२ तपाईं ज्योति पहिरनु हुन्छ जसरी मानिसहरू पोशाक पहिरन्छन्। तपाईं पर्दा जस्तै आकाशहरू फैलाउनु हुन्छ।
३ परमेश्वर, तपाईंले तिनीहरूमाथि आफ्नो घर बनाउनु भयो। तपाईंले बाक्लो बादलहरू रथ सरह चलाउनु भयो, अनि बतासको पखेंटाहरूमा आकाश तरेर चढ्नुभयो।
४ परमेश्वर, तपाईंले आफ्ना स्वर्गदुतहरू बतास* जस्ता अनि आफ्ना दासहरू आगो जस्तो बनाउनु भयो।
५ हे परमेश्वर, तपाईंले यसको आधारमा पृथ्वी बनाउनु भयो, यसैले यो ध्वंश हुने छैन।
६ तपाईंले यसलाई वस्त्रले जस्तै पानीले ढावनु भयो। पानीले पर्वतहरू छोपीए।
७ तपाईंले आज्ञा दिनुभयो, अनि पानी आतूरी गर्दै निष्कियो। परमेश्वर, तपाईं पानीमा चिच्याउनु भयो, अनि पानी आतूरी गर्दै निस्कियो।
८ पानी पर्वतहरूबाट तल झर्न थाल्यो, खड़ीहरूमा झर्दै र त्यसपछि ती ठाउँहरू तर्फ लाग्यो जुन तपाईंले बनाउनु भयो।
९ तपाईंले समुद्रहरूको सीमा तयार पार्नु भयो ताकि पानी कहिल्यै पृथ्वी तर्फ उर्लेर ढाक्ने छैन।
१० हे परमेश्वर, तपाईंले पानीलाई झरनाहरूबाट नदीहरूतिर बहने बनाउनु भयो। यो पर्वतहरूको जलस्त्रोतबाट तलतिर बहन्छ।
११ नदीहरूको पानी सारा जंगली जनावरहरूको निम्ति हो अनि यहाँसम्म कि जंगली गधा पनि यहाँ पानी पिउन आउँदछन।
१२ जङ्गली चरा-चुरूङ्गीहरू पोखरी भए तिर बस्न आउँदछन। तिनीहरू छेउकै रूखका हाँगामा बसेर गाउँदछन्।
१३ परमेश्वरले वर्षालाई पर्वतहरूमा पठाउनु हुन्छ। चीचहरू जुन परमेश्वरले सृष्टि गर्नुभयो र पृथ्वीलाई दिनु भयो ती त्यसैको आवश्यकता हुन्।
१४ परमेश्वरले पशुहरूको आहारको निम्ति घाँस उमार्नु भयो। उहाँले हामीलाई सागपातहरू रोप्नलाई दिनुभयो। जसलाई हामी हुर्काउने काम गर्छौं। ती सागपातहरूले पृथ्वीदेखि हामीलाई भोजन दिन्छन्।
१५ परमेश्वरले हामीलाई दिनु हुन्छ दाखरस जसले हामीलाई खुशी तुल्याउँछ तेल जसले हाम्रो छाला नरम पार्दछ, अनि भोजन जसले हामीलाई बलियो बनाउँदछ।
१६ लबानोनको विशाल देवदारु रूखहरू परमप्रभुको सम्पत्ति हुन्। परमप्रभुले ती रूखहरू रोप्नु भयो अनि त्यसलाई आवश्यकता भरि पानी दिनु भयो।
१७ चरा-चुरूङ्गीहरूले त्यसैमा गुँड़ लगाउँछन् अनि त्यहाँ बस्छन्। सल्लाका रूखहरूमा सारसहरू फिंजिएर बस्दछन्।
१८ उच्च पर्वतहरू जङ्गली बाख्राहरूको लागि घर हुन्। विशाल चट्टानहरू खरायोहरूको लागि लुक्ने ठाउँ हुन्।
१९ परमेश्वर जब बिदाहरू प्रारम्भ हुन्छ तपाईंले हामीलाई दर्शाउनुका लागि जुन दिनुभयो। अनि घामले कहिले अस्ताउनु पर्छ त्यो जान्दछ।
२० तपाईंले अन्धकार पार्नु भयो रात हुनलाई, त्यस समय जङ्गली पशुहरू बाहिर निस्कन्छन् र चारैतिर घुम्दछन्।
२१ सिंहहरूले आक्रमण गर्दा परमेश्वरलाई आहार मागे झैं गरी गर्जन्छन जुन उहाँले तिनीहरूको निम्ति व्यवस्था गरिदिनु हुन्छ।
२२ त्यसपछि घाम उदाउँछ, अनि पशुहरू आफ्ना घर तर्फ फर्कन्छ अनि विश्राम गर्दछन्।
२३ तब मानिसहरू आफ्नो काम धन्दा तिर लाग्दछन् अनि साँझ सम्म काम गरि रहन्छन्।
२४ हे परमप्रभु, तपाईंले धेरै चकित थोकहरू गर्नुभयो। पृथ्वी त्यही थोकहरूले परिपूर्ण भई भरिएको छ। हामी जताततै प्रत्येक थोकमा तपाईंको बुद्धिमता देख्छौं।
२५ समुद्रमा हेर। त्यो कति ठूलो छ! अनगन्ती प्राणीहरूले त्यो भरिएकोछ। त्यहाँ ससाना र विशाल अनगन्ति प्राणीहरू छन्।
२६ त्यस समुद्रमा लिब्यातान भएको बेला जहाजहरू चल्दछ, समुद्री प्राणी जुन तपाईंले सृष्टि गर्नुभयो समुद्रमा खेल्नलाई।
२७ परमेश्वर, ती सारा चीजहरू तपाईंमा आश्रित छन् तपाईंले ठीक समयमा तिनीहरूलाई भोजन दिनुहुन्छ।
२८ परमेश्वर, तपाईंले सारा प्राणी जातिहरूलाई तिनीहरूले खाने भोजन दिनुहुन्छ। तपाईंले आफ्ना

---

**परमेश्वर … बतास** परमेश्वर तपाईंले आफ्नो दूतहरूलाई बतास जस्तै बनाउनु भयो। अथवा यसको अर्थ हुनु एक्छ: तपाईंले आफ्नो दूतलाई आत्मा बनाउनु भयो।

हातहरू खोलेर, राम्रो पौष्ठिक भोजन दिनुहुन्छ, अनि तृप्त नहुञ्जेलसम्म तिनीहरू खान्छन्।
२९ जब तपाईं तिनीहरूबाट टाढ़ा फर्किनुहुन्छ तिनीहरू भयभीत हुन्छन्। तिनीहरूका आत्माले तिनीहरूलाई छोड्दछ, तिनीहरू कमजोर भएर मर्छन् अनि तिनीहरूका शरीरहरू फेरि धूलोकण नै बन्दछन्।
३० तर हे परमप्रभु, जब तपाईंले आफ्नो आत्मा पठाउनु हुन्छ, तिनीहरू स्वस्थ्य हुन्छन्। अनि तपाईंले फेरि भूमि नयाँ बनाउनु हुन्छ।
३१ परमप्रभुको महिमा अनवरत अनन्त रहीरहोस्! उहाँले सृजना गर्नुभएको कुराहरूमा उहाँ आनन्दित होउन्।
३२ परमप्रभुले पृथ्वी तिर मात्र हेरि दिँदा पनि त्यो कम्पन हुनेछ। उहाँले पर्वतहरूलाई छोडदिँदा मात्र तिनीहरूबाट धुवाँ उड्न थाल्दछ।
३३ मेरो जीवनभरी परमप्रभुको प्रशंसाको गीत गाउनेछु। जबसम्म म बाँच्छु परमप्रभुको प्रशंसा गरिरहेने छु।
३४ भरोसा छ मेरो यी शब्दहरूले उहाँलाई खुशी पार्नेछ। म परमप्रभुसित खुशी छु।
३५ पृथ्वीबाट पापहरू हटी जाओस्। दुष्ट मानिसहरू सदाको लागि हराएर जाऊन। मेरो प्राणले परमप्रभुको जयजयकार गर्दछ। परमप्रभुको प्रशंसा गर!

## भजन १०५

१ परमप्रभुलाई धन्यवाद देऊ। उहाँको नाउँ उपासना गर। सबै जाति-जाति मानिसहरूलाई ती अचम्भ लाग्दा कुराहरूको बारेमा भन जुन उहाँले गर्नुहुन्छ।
२ परमप्रभु प्रति भजन गाओ, उहाँको प्रशंसा गर। उहाँले गर्नु भएको अलौकिक कुराहरूको बारेमा बताऊ। जो उहाँले गर्नुहुन्छ।
३ परमप्रभुको पवित्र नाउँमा घमण्ड गर। तिमीहरू परमप्रभुलाई खोज्दै-खोज्दै आई पुग्यौ। खुशी हौ।
४ बल पाउनुलाई परमप्रभु कहाँ जाऊ। सहायताको लागि सधैं उहाँकोमा जाऊ।
५ याद गर ती अचम्मका कुराहरू जुन उहाँले गर्नुहुन्छ। याद गर उहाँका आश्चर्यकामहरू साथै उहाँका बुद्धिमानी निर्णयहरू।
६ तिमीहरू उहाँका दास अब्राहामका सन्तानहरू हौ। तिमीहरू याकूबका सन्तानहरू हौ। तिमीहरू परमेश्वरद्वारा छानिएको मानिसहरू हौ।
७ परमप्रभु नै हाम्रो परमेश्वर हुनुहुन्छ। परमप्रभुले सारा संसारमा राज्य गर्नुहुन्छ।
८ परमेश्वरको करार पत्र सदा सर्वदा याद गर। याद गर उहाँले एक हजार पुस्ताहरूलाई दिनुभएका उहाँका आदेशहरू!
९ परमेश्वरले अब्राहामसित करार गर्नु भएको थियो। परमेश्वरले इसहाक प्रति प्रतिज्ञा राख्नु भएको थियो।
१० त्यसपछि याकूबको लागि यो नियम झैं बनाउनु भयो। परमेश्वरले इस्राएलसँग करार गर्नु भएको थियो। यो सर्वदा रहिरहने छ।
११ परमेश्वरले भन्नुभयो, "म तिमीहरूलाई कनानको देश दिनेछु। त्यो देश तिमीरहकै सम्पत्ति हुनेछ।"
१२ परमेश्वरले त्यो वचन त्यतिबेला राख्नु भएको थियो। जब अब्राहामका परिवारहरू ससाना थिए। तिनीहरू त्यहाँ परदेशीहरू जस्तै बसे।
१३ तिनीहरू एक जातिदेखि अर्को जाति, एक राज्य देखि अर्को राज्य हुँदै भ्रमण गर्दैहिड्े।
१४ तर परमेश्वरले तिनीहरूप्रति अत्याचार गर्न दिनु भएन। परमेश्वरले राजाहरूलाई पनि तिनीहरूलाई दुःख नदिनु भनेर चेताउनी दिनुभएको थियो।
१५ परमेश्वरले भन्नुभयो, "मैले रोजेका मानिसहरूलाई दुःख नदेऊ। मेरो अगमवक्ताहरू प्रति अधर्मी व्यवहार गर्दै नगर।
१६ परमेश्वरले त्यस देशमा अनिकाल पारिदिनु भयो। मानिसहरूले खानलाई प्रशस्त भोजन पाएनन्।
१७ तर परमेश्वरले यूसुफ नाउँका एकजनालाई तिनीहरूको अगाड़ि त्यस ठाउँमा पठाउनु भयो। यूसुफ एक कमारा सरह बेचियो।
१८ तिनीहरूले यूसुफका खुट्टा वरिपरि डोरीले कसे। तिनीहरूले उनको घाँटी वरिपरि फलामको घेरा हाली दिए।
१९ उनले भनेका अगमवाणी कुराहरू साँच्चै नहोउञ्जेलू सम्म तिनी दास सरह नै भए। परमप्रभुको सन्देशले प्रमाण गऱ्यो कि यूसुफ ठीक मानिस हो।
२० यसैले मिश्रका राजाले उनलाई मुक्त गरिदिए। राष्ट्रका शासकले उनलाई जेल मुक्त गरिदिए।
२१ उहाँले यूसुफलाई आफ्नो घरको जिम्मामा राखिदिए, यूसुफले आफ्नो स्वामीको सबै सम्पत्तिमाथि हेरचाह गरे।
२२ यूसुफले अन्य अगुवाहरूलाई निर्देश दिए। यूसुफले बूढ़ापाकाहरूलाई शिक्षा दिए।
२३ तब इस्राएल मिश्र तर्फ आए, याकूब हामको देशमा बसे।
२४ याकूबको परिवार अत्यन्त बढ़ेर गयो। तिनीहरू आफ्ना शत्रुहरू भन्दा धेरै शक्तिशाली भए।
२५ यसकारण मिश्रवासीहरूले याकूबको परिवारलाई हेलाँ गर्न थाले। तिनीहरूले उनीहरूका दासहरू विरुद्ध योजना तयार गर्न थाले।

२६ यसैले परमेश्वरले आफ्ना दास मोशालाई पठाउनु भयो, अनि उहाँले रोजेको पूजाहारी हारूनलाई पठाउनुभयो।
२७ परमेश्वरले मोशा र हारूनको माध्यमद्वारा हाम्रो देशमा धेरै आश्चर्यकामहरू देखाउनु भयो।
२८ परमेश्वरले निक्खुर कालो अन्धकार पठाउनुभयो तर मिश्रवासीहरूले उहाँलाई सुनेनन्।
२९ यसैले परमेश्वरले पानीलाई रगतमा परिवर्तन गर्नुभयो, अनि त्यहाँका सारा माछाहरू मरे।
३० तिनीहरूका देश भ्यागुतै भ्यागुताले भरियो। राजाका सुत्ने कोठा पनि भ्यागुताहरू भरिए।
३१ परमेश्वरले आज्ञा दिनुभयो, अनि झिंगाहरू र जुम्राहरू आउन थाले। तिनीहरू चारैतिर फैलिएर गए।
३२ परमेश्वरले बर्षालाई असिनामा परिवर्तन गर्नुभयो। बिजुलीको प्रहार तिनीहरूको देशभरि फ्याँकियो।
३३ परमेश्वरले तिनीहरूको अङ्गूरका र नेभराको रूखहरू ध्वंश पारी दिनुभयो। परमेश्वरले सारा रूखहरू ध्वंश पारी दिनुभयो।
३४ परमेश्वरले आज्ञा दिनुभयो, अनि सलहहरू र फटेङ्ग्राहरू आउन थाले। तिनीहरू अनगन्ति थिए।
३५ सलहहरू र फटेङ्ग्राहरूले देशमा सारा उद्भिदहरू खाई नष्ट पारिदिए। तिनीहरूले खेतका सारा अन्नबालीहरू खाई नष्ट पारिदिए।
३६ त्यसपछि तिनीहरूको देशमा परमेश्वरले पहिलो जन्मेका प्रत्येक पुत्रलाई मारिदिनु भयो। परमेश्वरले प्रत्येक पुरूषको शक्ति प्रमाणलाई नष्ट पार्नु भयो।
३७ त्यसपछि उहाँले आफ्ना मानिसहरू मिश्रबाट निकाल्नु भयो। तिनीहरूले आफूसँग सुन र चाँदीहरू लिएर आए। परमेश्वरका मानिसहरू कोही पनि ठोकिएनन् र लड़ेनन्।
३८ परमेश्वरका मानिसहरू गएका देखेर मिश्रवासीहरू खुशी भए किनभने तिनीहरूबाट उनीहरू भयभीत थिए।
३९ परमेश्वरले कम्बल जस्तो बादल फिँजाई दिनुभयो। परमेश्वरले आफ्नो आगो राती उज्यालो पार्नलाई तिनीहरूलाई दिनुभयो।
४० मानिसहरूले भोजन मागे अनि परमेश्वरले तिनीहरूलाई वट्टाई चरा ल्याइदिनु भयो। परमेश्वरले स्वर्गबाट तिनीहरूलाई प्रशस्त खानेकुरा र रोटीहरू दिनुभयो।
४१ परमेश्वरले चट्टानलाई खण्डित पार्नु भयो अनि त्यहाँबाट भुलभुल पानी निस्क्यो। मरुभूमिमा नदी बग्न थाल्यो।
४२ परमेश्वरले उहाँको वचन संम्झनु भयो। परमेश्वरले आफ्ना दास अब्राहामसँग गर्नु भएको वचन सम्झनुभयो।
४३ परमेश्वरले आफ्ना मानिसहरू मिश्रबाट निकालेर ल्याउनु भयो। मानिसहरू खुशी र आनन्दले गाउँदै, गाउँदै निस्किए!
४४ तब परमेश्वरले तिनीहरूलाई देश दिनुभयो, जहाँ अन्य मानिसहरू बस्दै गरेका थिए। परमेश्वरका मानिसहरूले अन्य मानिसहरूले गर्नु परेका परिश्रमका चीजहरू पाए।
४५ किन परमेश्वरले त्यसो गर्नुभयो? यसकारण उहाँका मानिसहरूले उहाँका नियमहरू पालन गर्न सकुन। यसकारण तिनीहरूले होशियारीसाथ उहाँका व्यवस्थाहरू पालन गर्न सकुन। परमप्रभुको प्रशंसा गर!

## भजन १०६

१ परमप्रभुको प्रशंसा गर! परमप्रभुलाई धन्यवाद चढ़ाओ किनभने उहाँ असल हुनुहुन्छ। परमेश्वरको प्रेम अनन्त छ!
२ कुनै मानिसले पनि उहाँ कति महान् हुनुहुन्छ, भनेर वर्णन गर्न सक्दैन्। कसैले पनि परमप्रभु पराक्रमको घोषणा गर्न सक्दैन्।
३ मानिसहरू जसले परमेश्वरको आज्ञाहरू पालन गर्दछन् उनीहरू धन्य हुन्छन्। ती मानिसहरूले सँधैभरि असल कामहरू गर्दछन्।
४ हे परमप्रभु, याद गर्नुहोस् जब तपाईं आफ्ना मानिसहरूको लागि कृपालु हुनुहुन्छ मलाई पनि बचाउनु पर्छ भन्ने संम्झनु होस्।
५ हे परमप्रभु, मलाई राम्रो कुराहरूमा सहभागी हुन दिनुहोस जुन तपाईंले आफ्ना रोजेको मानिसहरूको निम्ति गर्नुभयो। मलाई तपाईंका मानिसहरूसित प्रफुलित हुन दिनुहोस्। मलाई तपाईंका मानिसहरूसँग गुण-गान गर्न दिनुहोस्।
६ हामीले त्यस्तै पाप गर्‍यौ जस्तो हाम्रा पुर्खाहरूले गरेका थिए। हामी अन्ययोलमा थियौं, हामीले अधर्म कामहरू गर्‍यौं!
७ हे परमप्रभु, तपाईंले गर्नु भएका आश्चर्यकामहरूबाट मिश्रमा हाम्रो पुर्खाहरूले केही पनि सिकेनन्। त्यहाँ लाल समुद्र द्वारा, हाम्रा पुर्खाहरू तपाईंका विरुद्ध उपस्थित भए।
८ तर परमेश्वरले आफ्नो नाउँको खातिर हाम्रा पिता-पुर्खाहरूलाई बचाउनु भयो। परमेश्वरले तिनीहरूलाई बचाएर आफ्नो महान् शक्ति देखाउनु भयो।
९ परमेश्वरले आज्ञा दिनुभयो, अनि लाल समुद्र सुक्खा भयो। परमेश्वरले हाम्रो पिता-पुर्खाहरूलाई

गहन समुद्र भएर मरुभूमि जस्तै सुक्खा धरती
सम्म अगुवाई गर्नुभयो।
१० परमेश्वरले हाम्रा पिता-पुर्खाहरूलाई उनीहरूका
शत्रुहरूबाट बचाउनु भयो! परमेश्वरले तिनीहरूलाई
शत्रुहरूबाट मुक्ति दिनुभयो।
११ परमेश्वरले तिनीहरूका शत्रुहरूलाई समुद्रले ढाकिदिनु
भयो। तिनीहरूका एउटै शत्रुहरूले पनि बाँच्न
पाएनन्।
१२ तब हाम्रा पिता-पुर्खाहरूले परमेश्वरमा विश्वास
गरे। तिनीहरूले उहाँप्रति गुण-गान गरे।
१३ तर हाम्रा पिता-पुर्खाहरूले तुरुन्तै परमेश्वरले गर्नु
भएका कुराहरू बिर्से। तिनीहरूले परमेश्वरको
सल्लाहलाई ध्यान दिएनन्।
१४ हाम्रा पिता-पुर्खाहरू मरुभूमिमा भोकाए अनि
तिनीहरूले आफ्नो जङ्गली रूपमा परमेश्वरलाई
जाँच गरे।
१५ तर हाम्रा पिता-पुर्खाहरूले मागेका सबै थोक
परमेश्वरले दिनुभयो। तर परमेश्वरले तिनीहरूलाई
डरलाग्दो रोगहरू पनि दिनुभयो।
१६ मानिसहरू मोशादेखि डाह गर्न थाले। तिनीहरू
हारूनदेखि पनि ईर्ष्यालु भए जो परमप्रभुका पवित्र
पूजाहारी हुनुहुन्थ्यो।
१७ यसैकारण परमेश्वरले ती डाही मानिसहरूलाई
दण्ड दिनुभयो। धरती चिरिएर दातानलाई निलिदियो।
त्यसपछि चिरिएको जमीन बन्द भए अनि अबिरामको
समुदाय जमीनभित्र छोपिएर गयो।
१८ तब त्यस भीड़को माझमा आगो लाग्यो र त्यो
आगोले ती दुष्टहरूलाई जलाई दियो।
१९ ती मानिसहरूले होरेब पर्वतमा सुनको बाछो
बनाएर तिनीहरूले त्यस मूर्तिलाई पूजा गरे!
२० तिनीहरूले आफ्ना गौरवमय परमेश्वरसित घाँस
खाने बाछोको मूर्ति साटे।
२१ परमेश्वरले हाम्रा पिता-पुर्खाहरूलाई बचाउनु भयो।
तर तिनीहरूले उहाँको बारेमा ती सबै बिर्सीदिए।
जुन परमेश्वरले मिश्रमा महान कार्यहरू गर्नु
भएको थियो तिनीहरूले उहाँको बारेमा भुलिदिए।
२२ परमेश्वरले हाम्रो देशमा आश्चर्यजनक कुराहरू
गर्नुभयो। परमेश्वरले लाल समुद्रको छेउमा डरलाग्दो
कामहरू गर्नुभयो!
२३ परमेश्वरले ती मानिसहरूलाई नष्ट गर्न चाहनु
हुन्थ्यो। तर परमेश्वरले चुन्नु भएको दास मोशाले,
बाटो छेके। परमेश्वर अत्यन्त रिसाउनु भयो, तर
मानिसहरूमाथि परमेश्वरको रीस रोक्नुको निम्ति
मोशाले बाटोहरू बन्द गरिदिए। यसैले परमेश्वरले
मानिसहरूलाई नष्ट गर्नु भएन।
२४ तर ती मानिसहरूले केना भन्ने रमाइलो ठाउँमा
जान अस्वीकार गरिदिए। तिनीहरूले त्यस ठाउँमा
भएका मानिसहरूलाई परास्त पार्न परमेश्वरले
सहायता गर्नुहुन्छ भनी भरोसा गरेनन्।
२५ हाम्रा पिता-पुर्खाहरूले परमेश्वरका वचन पालन
गर्न अस्वीकार गरे!
२६ तर तिनीहरूले आफ्नो पाल परमेश्वरको विरोधमा
नालिश गरे। यसकारण परमेश्वरले शपथ लिनु
भयो कि तिनीहरू मरुभूमिमा मर्नेछन्।
२७ परमेश्वरले अन्य मानिसहरूले तिनीहरूका
सन्तानहरूलाई परास्त गरोस भनी वचन दिनुभयो
परमेश्वर हाम्रा पिता-पूर्खाहरूलाई आफ्नै सम्प्रदायहरू
माझ तितर-बितर पार्न वचनबद्ध हुनुभयो।
२८ त्यसपछि बाल पोरमा, परमेश्वरका जनहरू बाललाई
पूज्न भनी त्यहाँ सम्मिलित भए। परमेश्वरका
मानिसहरू उत्सवमा सहभागी हुन पुगे र मरेका
मानिसहरूका* नाउँमा चढ़ाएका बलिहरू खाए।
२९ परमेश्वर आफ्ना मानिसहरूमाथि भयङ्कर रूपमा
क्रोधित भए अनि तिनीहरूलाई डरलाग्दो बिमारी
पारिदिनु भयो।
३० तर पीनहासले परमेश्वर प्रति प्रार्थना गरे। अनि
त्यो हैजा रोकियो।
३१ पीनहासले उचित काम गरेको परमेश्वरलाई थाहा
थियो। परमेश्वरले उसलाई सदा-सर्वदा संझनु हुने
छ।
३२ मरीबामा मानिसहरू क्रोधित भए। अनि तिनीहरूले
मोशालाई अधर्मी काम गर्न लगाए।
३३ ती मानिसहरूले मोशालाई दुःखीत गराए। नसोचिकन
मोशा बोले।
३४ परमप्रभुले अन्य जातिहरूलाई ध्वंश पार्न
मानिसहरूलाई आज्ञा दिनु भयो। तर इस्राएलका
मानिसहरूले उहाँको आज्ञा पालन गरेनन्।
३५ तिनीहरू अरू जातिहरूसँग मिसिए, अनि अरू
जातिहरूले जे गर्दै थिए त्यही गरे।
३६ ती मानिसहरू परमेश्वरका मानिसहरूका लागि
एक पासो नै भए। उहाँका भक्तजनहरूले पनि
अन्य मानिसहरूले जस्तै कृत्रिम देवताहरू पूज्न
थाले।
३७ उहाँका भक्तजनहरूले आफ्ना नानीहरू सम्म मारे,
अनि त्यो भूतहरूलाई बलि चढ़ाए।
३८ उहाँका भक्तजनहरूले निर्दोष मानिसहरू मारे।
तिनीहरूले आफ्नै छोरा-छोरीहरू मारे अनि ती
कृत्रिम देवताहरूलाई भोग चढाए।
३९ यसकारण परमेश्वरका मानिसहरू अरूजातिहरू
जस्तै पापहरूले दूषित भए। उहाँका मानिसहरू
परमेश्वर प्रति आज्ञाकारी भएनन् अनि अरू
जातिहरूले जे अधर्म सिकाए त्यही कामहरू गरे।

---

**मरेका मानिसहरू** देवताहरू जो जीवित चिएनन्।

४० परमेश्वर आफ्ना भक्तजनहरूमा क्रोधित हुनु भयो। उहाँ तिनीहरूसँग दिक्क हुनुभयो!
४१ परमेश्वरले आफ्ना मानिसहरू अन्य जातिहरूलाई सुम्पनु भयो। शत्रुहरूले नै उनीहरूमा राज गरोस-भनेर उहाँले छोड़ी दिनुभयो।
४२ उहाँका मानिसहरूका शत्रुहरूले तिनीहरूलाई नियन्त्रणमा राखे अनि तिनीहरूको जीवन कठिन पारिदिए।
४३ परमेश्वरले आफ्ना मानिसहरूलाई धेरै पल्ट बचाइदिनु भयो। तर तिनीहरू उहाँकै विरुद्ध उठे अनि आफ्ना इच्छा अनुसार काम गरे। तिनीहरूले धेरै भन्दा धेरै अनुचित कामहरू गरे।
४४ तर जब-जब परमेश्वरका मानिसहरूमा संकट आई पर्‍यो तिनीहरूले परमेश्वरलाई सहायता माग्दथे अनि उहाँले प्रत्येक पल्ट तिनीहरूको प्रार्थना सुनीदिनु हुन्थ्यो।
४५ परमेश्वरले आफ्ना करार सधैं याद गर्नुहुन्थ्यो र तिनीहरूलाई सप्रेम सान्त्वना दिनु हुन्थ्यो।
४६ अन्य जातिहरूले तिनीहरूलाई कैदीहरू जस्तो लगे तर परमेश्वरले तिनीहरू प्रति टिढाउने बनाई दिनुभयो।
४७ हे परमप्रभु, हाम्रा परमेश्वर, हाम्रो उद्धार गर्नुहोस्। परमेश्वरले ती राष्ट्रहरूबाट फर्काई हामीलाई ल्याउनु भयो। यसकारण हामीले उहाँको पवित्र नाउँको गुण-गान गर्न सक्यौं। यसकारण हामीले उहाँ प्रति गुण-गान गर्न सक्यौं।
४८ इस्राएलका परमप्रभु परमेश्वरको प्रशंसा गरौं। परमेश्वर सँधै रहनु हुन्छ, उहाँ सँधै नै रहनुहुने छ। अनि सारा मानिसहरूले भने, "आमेन! परमप्रभुको प्रशंसा गर!"

## पाँचौं भाग

### भजन १०७

१ परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनभने उहाँ उपकारी हुनुहुन्छ। उहाँको प्रेम सँधै रहन्छ।
२ यसैले ज-जसलाई परमप्रभुले बचाउनु भएको थियो, प्रत्येक मानिसले भन्नु पर्दछ कि परमप्रभुले बचाउनु भयो। परमप्रभुले तिनीहरूका शत्रुहरूदेखि तिनीहरूलाई बचाउनु भयो।
३ परमप्रभुले आफ्ना मानिसहरूलाई विभिन्न देश देशबाट सँगै भेला गर्नुभयो। उहाँले तिनीहरूलाई पूर्व र पश्चिम, उत्तर र दक्षिणबाट सँगै भेला ल्याउनु भयो।
४ तिनीहरूमा कतिपय सुख्खा मरुभूमिमा छोडिए। तिनीहरूले बस्ने ठाउँ खोजिरहेका थिए। तर तिनीहरूले कुनै शहर भेटाएनन्।
५ तिनीहरू भोका र प्यासा थिए अनि कमजोर हुँदै गइरहेका थिए।
६ त्यसपछि तिनीहरूले परमप्रभुलाई सहायताको निम्ति पुकारे। अनि उहाँले तिनीहरूलाई संकटहरूबाट जोगाउनु भयो।
७ परमप्रभुले तिमीहरूलाई सोझै शहर तिर डोराएर लैजानु भयो जहाँ तिमीहरू बस्न पाउँथे।
८ उहाँको अनन्त प्रेमको निम्ति उहाँले सृजना गर्नु भएका आश्चर्यकामहरूको निम्ति उहाँलाई धन्यवाद देऊ।
९ परमेश्वरले अतृप्त आत्मालाई तृप्त पार्नु भयो। परमेश्वरले भोको आत्मालाई गुणपूर्ण कुराहरूले परिपूर्ण पारिदिनु भयो।
१० परमेश्वरका कतिपय मानिसहरू कैदीहरू थिए, झ्यालखानको अन्धेरो कोठाहरूमा बन्धी थिए।
११ किन? किनभने तिनीहरू परमेश्वरले भनेका कुराहरूका विरुद्ध लड़ेका थिए। तिनीहरूले सर्वोच्च परमेश्वरबाट आएका सल्लाहहरू प्रति कानै थापेनन्।
१२ परमेश्वरले तिनीहरूकै कुकर्मको कारणले गर्दा उनीहरूका जीवन जीउन कठिन परिदिनु भयो। तिनीहरूठेस लागेर लड़े अनि त्यहाँ तिनीहरूलाई साथ दिने कोही पनि थिएन।
१३ ती मानिसहरूलाई संकटहरूमा फँसाइयो। यसैकारण, तिनीहरूले परमेश्वरलाई गुहार मागे अनि उहाँले तिनीहरूलाई संकटबाट बचाउनु भयो।
१४ कालो कोठरीको कैदबाट परमेश्वरले तिनीहरूलाई बाहिर निकाल्नु भयो। तिनीहरूलाई बाँधिएका डोरीहरू उहाँले चुड़ाँई दिनुभयो।
१५ उहाँको अनन्त प्रेम र मानिसहरूको निम्ति उहाँले सृजना गर्नु भएको आश्चर्यकामहरूको निम्ति उहाँलाई धन्यवाद देऊ।
१६ हाम्रा शत्रुहरूलाई नाश गर्न परमप्रभुले हामीलाई सहायता दिनुभयो, परमेश्वरले तिनीहरूको काँसाको मूल ढोका भत्काउन सक्नुहुन्छ। परमेश्वरले तिनीहरूका फलामका बारहरू टुक्रा-टुक्रा पारिदिन सक्नुहुन्छ।
१७ कतिपय मानिसहरूले आफ्ना पापहरू र दोषहरूद्वारा आफैलाई मूर्ख बनाए।
१८ ती मानिसहरूले खान पनि रूचाउँदैनन् अनि तिनीहरू प्राय: मर्छन्।
१९ तिनीहरू संकटहरूमा थिए, यसैले सहयोगको निम्ति परमेश्वरलाई गुहार मागे र उहाँले तिनीहरूलाई ती संकटहरूबाट बचाउनु भयो।
२० परमेश्वरले आज्ञा गर्नुभयो र तिनीहरू निको भए। यसकारण ती मानिसहरू चिहानबाट बाँचे।

२१ परमप्रभुको अनन्त प्रेम अनि मानिसहरूका निम्ति उहाँले सृजना गर्नु भएको आश्चर्यकामहरूको निम्ति परमप्रभुलाई धन्यवाद देऊ।
२२ प्रति बलिदान स्वरूप उपहारहरू अर्पण गर अनि उहाँका कार्यहरू प्रति धन्यवाद प्रदान गर। खुशी भएर उहाँले गर्नु भएका कार्यहरूको बारे भन्दै जाऊ।
२३ कतिपय मानिसहरू जहाजमा तरेर समुद्र पारी पुगे। तिनीहरूका कर्मले नै तिनीहरूलाई महासागर पार तार्‍यो।
२४ ती मानिसहरूले परमेश्वरले के गर्न सक्नु हुन्छ भन्ने कुरा देखे। तिनीहरूले समुद्रमा गर्नु भएको उहाँको अद्‌भूत कामहरू देखे।
२५ परमेश्वरले आज्ञा गर्नुभयो, अनि प्रबल बतास बहन थाल्यो। छालहरू उच्च भन्दा उच्च हुँदै गए।
२६ ती छालहरूले तिनीहरूलाई उठाएर आकाशमा पुर्‍याए अनि गहिरो समुद्रमा झारिदिए। तूफान एकदम भयंकर थियो ती मानिसहरूको साहस हराएर गयो।
२७ तिनीहरू धरमरिरहेका थिए अनि मातेको मानिस सरह पछारिए, माझी रूपमा तिनीहरूको कुशलता बेकार भयो।
२८ तिनीहरू संकटहरूले घेरिए, यसैकारण तिनीहरूले परमेश्वरलाई गुहार मागे। अनि उहाँले ती संकटहरूबाट तिनीहरूलाई बचाउनु भयो।
२९ परमेश्वरले समुद्र तूफानलाई रोक्नु भयो। अनि छालहरूलाई शान्त पार्नुभयो।
३० माझीहरू खुशी भए किनभने समुद्र शान्त थियो। अनि परमेश्वरले तिनीहरू जहाँ जान चाहन्थे त्यहाँ जोगाएर लैजानु भयो।
३१ उहाँको प्रेम र मानिसहरूको लागि उहाँले सृजना गर्नु भएको आश्चर्यकामहरूको निम्ति परमप्रभुलाई धन्यवाद देऊ।
३२ महासभामा परमेश्वरको प्रशंसा गर। बूढ़ा-प्रधानहरू सँगै भेला भएको बेला उहाँको प्रशंसा गर।
३३ परमेश्वरले नदीहरूलाई पनि मरुभूमिमा परिवर्त्तन गर्नुभयो। परमेश्वरले झरनाहरू बहनुदेखि रोकिदिनु भयो।
३४ परमेश्वरले मलिलो भूमिलाई काम नलाग्ने नूनिलो जमीन बनाई दिनुभयो। किन? किनभने ती दुष्ट मानिसहरूले गर्दा हो। जो त्यस ठाउँमा बसीरहेका थिए।
३५ परमेश्वरले मरुभूमिलाई पानीको पोखरीमा परिवर्त्तन गर्नुभयो। परमेश्वरले बाँझो जमीनमा पानीको मूल फुटाउनु भयो।
३६ परमेश्वरले भोकाएका मानिसहरूलाई राम्रो ठाउँमा लानुभयो। अनि तिनीहरूले आफ्नो निम्ति शहर बसाए।
३७ ती मानिसहरूले त्यस धरतीमा बिजन छरे। तिनीहरूले त्यहाँ अङ्गूरको खेती गरे। अनि तिनीहरूले असल बाली पाउन सके।
३८ परमेश्वरले ती मानिसहरूलाई आशीर्वाद दिनु भयो। तिनीहरूका सन्तानहरू बढ़े। तिनीहरूका अधिक भन्दा अधिक पशुहरू भए।
३९ घोर विपत्ति र संकटहरूले गर्दा तिनीहरूका परिवारहरू सानो र कमजोर भए।
४० परमेश्वरले तिनीहरूका शासकहरूलाई लज्जित र व्याकुल पार्नु भयो। उहाँले तिनीहरूलाई मरुभूमिमा भड़किहिड़ने बनाउनु भयो जहाँ कुनै बाटो छैनन्।
४१ त्यसपछि परमेश्वरले ती गरीब मानिसहरूलाई तिनीहरूको दु:खबाट मुक्ति दिनुभयो। अनि तिनीहरूका परिवारहरू भेड़ाका बथानहरू जस्ता विशाल हुँदै गए।
४२ असल मानिसहरूले त्यसलाई देख्छन् अनि तिनीहरू आनन्दित हुन्छन् तर दुष्ट मानिसहरूले त्यसलाई देखे पछि के भन्नु, के भन्नुहुन्छन्।
४३ यदि कुनै मानिस ज्ञानी छ भने उसले यी कुराहरू सम्झने छ। परमेश्वरको प्रेम के हो त्यसपछि मात्र उसले वास्तविक रूपमा बुझ्न थाल्नेछ। परमेश्वरको प्रेम के हो भनेर।

### भजन १०८

*एउटा स्तुतिगीत-दाऊदको भजन।*

१ हे परमेश्वर, म आत्मा र हृदय सहित स्तुति-गीतहरू गाऊन र बजाउनलाई तयार छु।
२ साङ्गीतहरू एवं वीणाहरूले सूर्यलाई जगाँऊ!
३ हे परमेश्वर, हामी तपाईंलाई जातिहरू माझ गुण-गान गर्नेछौ।
४ परमप्रभु! तपाईंको प्रेम आकाशभन्दा पनि उच्च छ। तपाईंको सत्यता उच्चतम बादल भन्दा पनि उच्च छ।
५ हे परमेश्वर, आकाशभन्दा पनि माथि उठनुहोस्! सारा संसारले तपाईंको महिमालाई देखोस्।
६ हे परमेश्वर, आफ्ना मित्रहरू बचाउनलाई त्यसो गर्नुहोस्। मेरो प्रार्थनाको प्रत्युत्तर दिनुहोस अनि तपाईंको महान् शक्ति बचाउनलाई प्रयोग गर्नुहोस्।
७ परमेश्वर उहाँको मन्दिरमा बोल्नु भयो: "म युद्ध जित्ने छु अनि विजयी भएर प्रफुल्लित हुनेछु! म यो धरती आफ्ना मानिसहरूको माझमा भाग गरेर बाँड़िदिने छु। शेकेम तिनीहरूलाई दिनेछु। म तिनीहरूलाई सुक्कोत बेंसी दिनेछु।
८ गिलाद र मनस्से मेरो हुनेछ। एप्रैम मेरो शिरकवज हुनेछ, यहूदा मेरो राजदण्ड हुनेछ।

९ मोआब मेरो खुट्टा धुने ठूलो गर्दुवा हुनेछ, एदोम
मेरो जुत्ताहरू बोक्ने दास हुनेछ, म पलिस्तिलाई
परास्त गर्ने छु अनि विजय भएको खुसीमा
कराउने छु।"
१० कसले मलाई शत्रुहरूको किल्लातिर लैजाने हो?
कसले मलाई एदोमको विरुद्ध लड़ाइँ गर्न लैजाने
हो?
११ हे परमेश्वर, यी सबै कुराहरू सार्थक पार्न
तपाईंले मात्र मलाई सहायता गर्न सक्नु हुन्छ। तर
तपाईंले हामीलाई त्यागेर जानु भयो! तपाईं हाम्रा
सेनाहरूसँग जानु भएन!
१२ हे परमेश्वर, हाम्रा शत्रुहरू नाश गर्नलाई साथ
दिनुहोस्। मानिसहरूले हामीलाई सघाउन सक्दैनन्!
१३ परमेश्वरले मात्र हामीलाई बलियो बनाउन सक्नु
हुन्छ। परमेश्वरले हाम्रा शत्रुहरू पराजित गर्न
सक्नु हुन्छ।

## भजन १०९

*प्रमुख संगीतकारलाई दाऊदको भजन।*

१ हे परमेश्वर, मेरो प्रार्थनाहरूको लागि कान
नथुन्नु होला!
२ दुष्ट मानिसहरूले मेरो बारेमा झूटा कुराहरू
भनिरहेका छन्। तिनीहरूले भनेका कुराहरू सत्य
होइनन्।
३ मानिसहरूले मेरो बारेमा उपेक्षामूलक कुराहरू
गर्दछन्। मानिसहरूले विनाकारण ममाथि आक्रमण
गर्दछन्।
४ मैले तिनीहरूलाई प्रेम गरें तर तिनीहरूले मलाई
घृणा गरे। यसैले अब म तपाईंलाई प्रार्थना
गरिरहेछु।
५ मैले ती मानिसहरूको लागि राम्रो कामहरू गरे।
तर तिनीहरूले मप्रति अनुचित कामहरू गरे। म
तिनीहरूलाई प्रेम गर्छु तर तिनीहरूले मलाई घृणा
गर्छन।
६ मेरो शत्रुलाई उसको कुकार्यका लागि दण्ड
दिनुहोस्। उनी गल्ती हुन भनी प्रमाण गर्ने मानिस
खोज्नु होस्।
७ न्यायकर्त्ताले मेरो शत्रु गल्लीमा छन् भनेर निर्णय
दिओस् अनि उसलाई दोषी प्रमाण गरोस्। मेरो
शत्रुले भनेका सबै कुराहरू उनीहरूमाथि नै
परोस्।
८ मेरो शत्रु चाँड़ै मरोस्। अर्को कसैले उसको स्थान
पाओस्।
९ मेरो शत्रुका छोरा-छोरीहरू टुहुरा-टुहुरी होऊन र
तिनका पत्नी विधवा होऊन।
१० तिनीहरूले आफ्ना घरहरू छोड्नु परोस् र तिनीहरू
भिखारी भई जाऊन।
११ मानिसहरूले मेरो शत्रुको पैसा-रूपियाँ, जे-जति
सम्पत्तिहरू छन सबै लगिदिवोस्। परदेशीहरूले
उनले गर्ने काम सबै लैजाऊन।
१२ भरोसा गर्छु मेरो शत्रुप्रति कोही पनि कृपालु
छैनन्। भरोसा गर्दछु कसैले पनि त्यसको नानीहरू
प्रति दया दर्शाउँदैनन्।
१३ मेरो शत्रुहरूलाई पूर्णरूपले ध्वंश गर्नोस्। अर्को
आउने त्यसको सन्तानले चारैतिर बाट नाउँ सम्म
हटाई दियोस्।
१४ भरोसा छ परमप्रभुले मेरो शत्रुको पिताका पापहरूलाई
स्मरण गर्नुहुनेछ। अनि भरोसा छ उसकी आमाले
गरेका पापहरू कहिल्यै मेटिन्दैन्।
१५ भरोसा छ परमप्रभुले ती पापहरू कहिल्यै बिर्सनु
हुनेछैन। अनि शत्रुलाई पूर्ण प्रकारले भुल्नलाई
परमप्रभुले मानिसहरूलाई वाध्य गर्नु हुनेछ।
१६ किन? किनभने त्यस दुष्ट मानिसले कहिल्यै राम्रो
काम गरेन। त्यसले कसैलाई प्रेम गरेन, त्यसले
दीन-दु:खीको जीवन कठिन र असहाय बनाई
दियो।
१७ त्यस दुष्ट मानिसले अरूकोलागि नराम्रो होस भन्ने
इच्छा गर्‍यो अनि सराप्यो। त्यसले कहिल्यै पनि
अरूहरूको निम्ति राम्रा कुराहरू चिताएन। यसैले
त्यसप्रति पनि राम्रो कुरा हुन नदेऊ।
१८ सराप नै उसले लाउने लुगाहरू होस्। सराप नै
त्यसको पिउने पानी बनियोस्। त्यो दुष्ट मानिसले
शरीरमा लगाउने तेल नै सराप होस्।
१९ सराप नै उसले कम्मरमा बाध्ने पटुका होस्।
सराप नै उसको कम्मरमा बाँधिने पेटी होस्।
२० भरोसा गर्छु कि परमप्रभुले सबै त्यस्ता कुराहरू
मेरो शत्रुप्रति गर्नुहुनेछ। भरोसा गर्दछु कि परमप्रभुले
सबै त्यस्ता कुराहरू जसले मलाई मार्ने प्रयास गरे
मानिसहरूका लागि गर्नु हुनेछ।
२१ हे परमप्रभु, तपाईं मेरो स्वामी हुनुहुन्छ। यसकारण
त्यस्तो प्रकारले मलाई सद्व्यवहार गर्नुहोस् जसबाट
तपाईंको नाउँलाई सम्मान पुर्‍याउने छ। तपाईंसँग
त्यस्तो महान् प्रेम छ, यसैले मलाई बचाउनु होस्।
२२ म खाली गरीब, असहाय मानिस हुँ। म वास्तवमा
उदास छु, मेरो हृदय टुक्रा टुक्रा भएको छ।
२३ म यस्तो अनुभव गर्दछु कि मेरो जीवन अब शेष
भइसक्यो, दिनको अन्तिम प्रहरको लामो छाया
जस्तो। म आफूलाई बढ़ारेर फ्याँकि जाने कीरा
जस्तो लाग्छ।
२४ मेरो गोडाहरू कमजोर छन् किनभने म भोको
छु। मैले आफ्नो ओजन हराइसकेँ अनि दुब्लो
भईरहेछु।
२५ दुष्ट मानिसहरूले मलाई अपमान गरे। तिनीहरूले
मलाई हेरे अनि टाउकाहरू हल्लाए।

२६ हे परमप्रभु, मेरो परमेश्वर, मलाई सहयोग गर्नुहोस्! तपाईंको स्नेहपूर्ण करुणा दर्शाएर मलाई बचाउनु होस्!
२७ तब ती मानिसहरूले बुझ्नेछन् कि तपाईंले मलाई सहयोग गर्नुभयो। तब तिनीहरूले जान्नेछन् कि यो मलाई सहायता गर्ने शक्ति तपाईंको हो।
२८ ती दुष्ट मानिसहरूले मलाई सराप्छन् तर तपाईंले मलाई आशीर्वाद दिनुहुन्छ। तिनीहरूले मलाई आक्रमण गरे, यसकारण तिनीहरूलाई हराइयोस्। तब, तपाईं को दास, म खुशी हुनेछु।
२९ मेरो शत्रुहरूलाई व्याकुल पार्नु होस्! तिनीहरूले लाजलाई कोट जस्तै लगाऊन।
३० म परमप्रभुलाई धन्यवाद दिन्छु। म उहाँलाई धेरै मानिसहरूको समक्ष प्रशंसा गर्छु।
३१ किन? परमप्रभु असहाय मानिसहरूको छेउमा बस्नु वा उभिनु हुन्छ; परमेश्वरले तिनीहरूलाई अन्य मानिसहरूबाट बचाउनु हुन्छ जसले तिनीहरूलाई प्राण दण्ड दिने प्रयास गर्दछ।

## भजन ११०

*स्तुतिगान-दाऊदको भजन।*

१ परमप्रभुले मेरो प्रभुलाई भन्नुभयो, "जति बेला सम्म म तिम्रा शत्रुहरूलाई तिम्रो अधीनमा पार्दिन त्यस बेलासम्म मेरो दाहिनेपट्टि बस्।"
२ परमप्रभुले तिम्रो राज्य बढ़ाउनलाई सहयोग गर्नु हुनेछ। तिम्रो राज्य सियोनमा शुरू हुनेछ अनि यो त्यति बेलासम्म बढ़दै जानेछ जति बेलासम्म आफ्ना शत्रुहरूलाई आफ्नो शासन गर्नेछौ!
३ जब तिमीले आफ्ना सैन्याहरूसँगै भेला गर्नेछौ तिम्रो मानिसहरू स्वयंसेवक हुनेछन्। तिनीहरूले आफ्नो विशेष पोशाकहरू लगाउनेछन्। अनि विहानै एकार्कासित भेट हुनेछ। ती युवा पुरूषहरू भूइँमा शीत परे जस्तै तिम्रो वरिपरि हुनेछन्।
४ परमप्रभुले प्रतिज्ञा गर्नुभयो उहाँले आफ्नो मन बद्लि गर्न हुँदैन। "तिमी अनन्तको निम्ति मल्कीसेदेक जस्तै पूजाहारी हौ।"
५ मेरो स्वामी तिम्रो दाहिनेपट्टि हुनुहुन्छ। जब उहाँ क्रोधित हुनुहुन्छ उहाँले अन्य राजाहरूलाई डराउनु हुनेछ।
६ परमेश्वरले जाति-जातिहरूलाई न्याय गर्नुहुनेछ। धरती मृत शरीरहरूले ढाकिने छ। अनि परमेश्वरले शक्तिशाली जातिहरूका नेताहरूलाई दण्ड दिनु हुनेछ।
७ राजाले बाटोमा झरनाको पानी पिउनु हुनेछु। त्यसपछि उहाँले टाउको उठाउनु हुनेछ। अनि बलियो* हुनु हुनेछ।

## भजन १११

१ परमप्रभुको प्रशंसा गर! म परमप्रभुलाई सभामा जहाँ असल मानिसहरू भेला हुँदछन् आफ्ना सम्पूर्ण हृदयबाट धन्यवाद दिँदछु।
२ परमप्रभुले आश्चर्यकामहरू गर्नुहुन्छ। मानिसहरूले त्यस्तै असल कुराहरू चाहन्छन् जुन परमेश्वरबाट आउँदछ।
३ परमप्रभुले साँच्चि नै महिमापूर्ण र अचम्मका कामहरू गर्नुभयो। उहाँको धार्मिकता सर्वदा रहने छ।
४ परमेश्वरले आश्चर्यकामहरू गर्नु भएकोले उहाँलाई सम्झिइने कि परमप्रभु कृपालु र करुणामय हुनुहुन्छ।
५ परमेश्वरले आफ्ना अनुयायीहरूलाई भोजन दिनुहुन्छ, उहाँले आफ्नो करार सदा सर्वदा सम्झनु हुन्छ।
६ उहाँको प्रभावशाली कर्महरूले प्रमाण दियो कि उहाँले तिनीहरूलाई अन्य जातिहरूको जमीन दिँदै हुनु हुन्थ्यो।
७ प्रत्येक कुरा परमेश्वरले धर्मी रूपमा र निष्पक्ष रूपमा गर्नुहुन्छ। उहाँका सारा आज्ञाहरू सबै नै विश्वास योग्यका छन्।
८ परमेश्वरका आज्ञाहरू अनन्तसम्म रहनेछन्। ती आज्ञाहरू तिनीहरूलाई दिनुको कारण परमेश्वर इमान्दार र शुद्ध हुनुहुन्छ।
९ परमेश्वरले आफ्ना मानिसहरूलाई बचाउनु भनी कसैलाई पठाउनु भयो। परमेश्वरले तिनीहरूसँग एउटा करार गर्नुभयो जुन सर्वदा रहने छ। परमेश्वरको नाउँ पवित्र र भययोग्य छ।
१० ज्ञान परमेश्वरको भय र आदरबाट प्रारम्भ हुन्छ। मानिसहरू जसले परमेश्वरलाई मान्दछ उनीहरू ज्ञानी हुन्। स्तुति प्रशंसाहरू परमेश्वर प्रति सर्वदा गाइनेछ।

## भजन ११२

१ परमप्रभुको प्रशंसा गर! कुनै मानिसले परमेश्वरको डर र आदर राख्दछ। उ सुखी हुनेछ। त्यस मानिसले परमेश्वरका आज्ञाहरू मन पराउँदछ।
२ उनका सन्तानहरू पृथ्वीमा महान् हुनेछ। असल मानिसका सन्तानहरूलाई साँचो रूपमा आशीर्वाद दिइनेछ।
३ त्यस मानिसको परिवारहरू अति सम्पन्न हुनेछ अनि उसको भद्रता सदा सर्वदा रहने छ।
४ सोझा मानिसहरूको लागि, परमेश्वर अन्धकारमा

**बलियो** यहाँ दुइवटा अर्थ लाग्दछ, (१) "उनले पानी खाईसकेर टाउको उठाए, र (२) बलियो र महत्वपूर्ण मानिस भए।"

चम्किरहने ज्योतिको स्वरूप हुनुहुन्छ। परमेश्वर
धर्मी, दयालु र करुणामय हुनुहुन्छ।
५ मानिसको लागि दयालु र उदार हुनु उत्तम हो।
एक मानिसको लागि आफ्नो व्यापारमा स्पष्ट हुनु
असल हो।
६ त्यो मानिसको पतन कहिल्यै पनि हुनेछैन, असल
मानिसको सधैं स्मरण गरिन्छ।
७ उनी कुनै पनि नराम्रो समाचारले डराउनु हुँदैन।
त्यो मानिसमा आत्मविश्वास छ किनभने उसले
परमप्रभुमाथि विश्वास गर्दछ।
८ त्यो मानिसमा आत्मविश्वास छ, उ भयभीत
हुनेछैन। उसले आफ्नो शत्रुहरूलाई परास्त गर्नेछ।
९ त्यस्तो मानिस जसले आफ्नो इच्छा अनुसार गरीब
मानिसहरूलाई चीजबीजहरू दिँदछ। अनि उसको
उपकार सर्वदा रही रहने छ।
१० दुष्ट मानिसहरू त्यस्तो देखेर क्रोधित हुन्छन्।
तिनीहरूले रीसमा आफ्ना दाँतहरू कड़कड़ाउँछन।
तर त्यसपछि तिनीहरू अल्पिने छन्। दुष्ट मानिसहरूले
आफुले चाहेका कुराहरू पाउने छैनन।

## भजन ११३

१ परमप्रभुको प्रशंसा गर! परमप्रभुका दासहरू उहाँको
प्रशंसा गर! परमप्रभुको नाउँको प्रशंसा गर।
२ परमप्रभुको नाउँ अहिले र सदा-सर्वदालाई धन्य
बनी रहोस्।
३ परमप्रभुको नाउँको प्रशंसा पूर्वमा सूर्य उदय हुने
ठाउँदेखि पश्चिममा सूर्य अस्ताउने ठाँउ सम्म
भइरहोस्।
४ परमप्रभु सबै जातिहरूभन्दा उच्च हुनुहुन्छ। उहाँको
महिमा स्वर्गमाथि सम्म जान्छ।
५ कुनै मानिस पनि हाम्रो परमप्रभु परमेश्वर जस्तो
छैन। परमेश्वरमाथि स्वर्गमा बस्नु हुन्छ।
६ परमेश्वर हामी भन्दा नित्तान्त माथि हुनुहुन्छ।
उहाँले आकाश र पृथ्वी देख्न तल हेर्नुपर्छ।
७ परमेश्वरले हीन अवस्थाबाट गरीबहरूलाई माथि
उठाउनु भयो। परमेश्वरले भिखारीहरूलाई मैला
फ्याँक्ने ढवाङ्गबाट निकाल्नु भयो।
८ अनि परमेश्वरले ती मानिसहरूलाई मुल्यवान
बनाउनु भयो। परमेश्वरले तिनीहरूलाई महत्वपूर्ण
नेताहरू बनाउनु भयो।
९ एउटी स्त्रीको नानीहरू नहुन सक्लान तर परमेश्वरले
तिनलाई छोरा-छोरीहरू दिएर सुखी तुल्याउनु हुनेछ!
परमप्रभुको प्रशंसा गर!

## भजन ११४

१ इस्त्राएलले मिश्र त्यागेर गए। याकूबले त्यो विदेशलाई
त्यागेर गए।
२ यहूदा परमेश्वरको खास मानिस भए। इस्त्राएल
उसको राज्य हुन गयो।
३ लाल समुद्रले यो देखेर भाग्यो, यर्दन नदी उल्टा
बग्न थाल्यो।
४ पर्वतहरू भेड़ाहरूझैं वरिपरि नाच्न थाले। पहाड़हरू
भेड़ाका पाठाहरू जस्तै उफ्रन थाले
५ लाल समुद्र, तिमी किन भागेर गयौ? यर्दन नदी,
तिमी किन फर्केर भागी गयौ?
६ हे पर्वतहरू! तिमीहरू भेड़ाहरू झैं किन खुशीले
उफ्रियौ? अनि पहाड़हरू! तिमीहरू किन भेड़ाका
पाठाहरू झैं बुथ्रुक-बुथ्रुक उफ्रियौं?
७ हे पृथ्वी, याकूबको परमप्रभु परमेश्वर स्वामीको
सामने थरहरी हो।
८ परमेश्वर नै हुन् जसले चट्टानबाट पानी बग्ने
बनाउनु भयो। परमेश्वरले कड़ा चट्टानबाट झरना
बहाउनु भयो।

## भजन ११५

१ हे परमप्रभु, हामीले सम्मान पाउनु पर्ने होइन।
तपाईंको प्रेम र विश्वासले गर्दा सम्मान तपाईंको
मात्र हो।
२ किन ती जातिहरू हाम्रा परमप्रभु कहाँ छन्? भनेर
छक्क पर्दछन्?
३ परमप्रभु स्वर्गमा हुनुहुन्छ, अनि उहाँले आफ्नो
चाहनाले जे पनि गर्न सक्नुहुन्छ।
४ ती सम्प्रदायहरूका "देवताहरू" सुन र चाँदीले
बनिएका खाली मूर्तिहरू मात्र हुन्। तिनीहरू कुनै
मानिसले बनाएका मूर्तिहरू मात्र हुन्।
५ ती मूर्तिहरूका मुखहरू छन्, तर बोल्न सक्दैनन्।
तिनीहरूका आँखाहरू छन्, तर देख्न सक्दैनन्।
६ तिनीहरूका कानहरू छन्, तर सुन्न सक्दैनन्।
तिनीहरूका नाकहरू छन्, तर सुघ्न सक्तैनन्
७ तिनीहरूका हातहरू छन्, तर अनुभव गर्न सक्दैनन्
तिनीहरूका खुट्टाहरू छन्, तर हिंड्न सक्दैनन्
अनि कुनै स्वर-ध्वनिहरू उनीहरूका कण्ठबाट
निकाल्न सक्तैनन्।
८ मानिसहरू जसले तिनीहरूलाई बनाउँछन् र
तिनीहरूमाथि भरोसा गर्छन तिनीहरू त्यस्तै
हुन्छन्!
९ हे इस्त्राएलका मानिसहरू, परमप्रभुमाथि भरोसा
गर! परमप्रभु तिनीहरूका बल र ढाल हुन्।
१० हारूनका परिवारहरू, परमप्रभुमाथि भरोसा राख!
परमप्रभु तिनीहरूका बल र ढाल हुनुहुन्छ।
११ हे परमप्रभुका अनुयायीहरू, परमप्रभुमाथि भरोसा
गर! परमप्रभु तिनीहरूका बल र ढाल हुन्।
१२ परमप्रभुले हामीलाई सम्झनुहुन्छ। परमप्रभुले
हामीलाई आशीर्वाद दिनुहुन्छ। परमप्रभुले

इस्राएललाई आशीर्वाद दिनुहुनेछ। परमप्रभुले
हारूनका परिवारलाई आशीर्वाद दिनुहुनेछ।
१३ महान् र क्षुद्र दुवैलाई परमप्रभुले आफ्ना भक्तहरूलाई
आशीर्वाद दिनुहुनेछ।
१४ परमप्रभुले तिमीहरूका छोरा-छोरीहरूलाई धेरै भन्दा
धेरै नै दिऊन।
१५ परमप्रभु जसले स्वर्ग र पृथ्वी बनाउनु भयो,
तिमीहरूलाई आशीर्वाद दिऊन!
१६ स्वर्गमा परमप्रभुको अधिकारमा छ। तर
पृथ्वी उहाँले मानिसहरूका अधिकारमा दिनु
भयो।
१७ मरेका मानिसहरूले परमप्रभुको प्रशंसा गर्दैनन।
चिहान भित्र भएका मानिसहरूले परमप्रभुको प्रशंसा
गर्दैनन।
१८ तर हामी अहिले परमप्रभुको प्रशंसा गर्छौं, अनि
उहाँको हामी सदा-सर्वदा प्रशंसा गर्छौं। परमप्रभुको
प्रशंसा गर!

## भजन ११६

१ जब परमप्रभुले मेरो प्रार्थना सुन्नु हुँदछ त्यो मलाई
मन पर्दछ।
२ जब मैले गुहार माग्दा उहाँले दिनु हुँन्छ त्यो
मलाई मन पर्दछ।
३ म मर्न आटेको थिँए। मृत्युको डोरीहरूले मलाई
वरिपरि बाँधिएको थियो। चिहान मेरो वरिपरि
थियो म भयभीत र चिन्तित थिएँ।
४ तब मैले परमेश्वरको नाउँ डाके। मैले भने:
"परमप्रभु, मलाई बचाउनु होस्!"
५ परमप्रभु धार्मिक र करुणामय हुनुहुन्छ। हाम्रा
परमेश्वर कृपालु हुनुहुन्छ।
६ परमप्रभुले असहाय मानिसहरूको हेरचाह गर्नु
हुन्छ। म असहाय थिएँ अनि परमप्रभुले मलाई
बचाउनु भयो।
७ हे मेरो प्राण, विश्राम गर! परमेश्वरले तिमीलाई
हेरचाह गरिरहनु भएको छ।
८ हे परमेश्वर, तपाईंले मेरो प्राणलाई मृत्युबाट
बचाउनु भयो। तपाईंले मेरो आँसुहरू थामिदिनु
भयो। तपाईंले मलाई पतन हुनदेखि जोगाउनु
भयो।
९ जीवितहरूको देशमा पनि म परमप्रभुको सेवा
अनवरत गर्नेछु।
१० यद्यपि मैले भने अझ पनि मेरो विश्वास थियो,
"म सर्वनाश भएँ!"
११ हो, मलाई विश्वास थियो, जब म डराएको थिएँ,
मैले भने, "सबै मानिसहरू झूटा छन्!"
१२ म परमप्रभुलाई के दिन सक्छु र? ममा भएका
सबै कुराहरू परमप्रभुले नै दिनु भएको हो।
१३ उहाँले मलाई बचाउनु भयो, यसकारण म उहाँलाई
अर्घ बलि चढ़ाउनेछु। अनि म परमप्रभुको नाउँ
बोलाउनेछु।
१४ परमप्रभुले वचन दिएको कुराहरू म परमेश्वरलाई
दिनेछु। म अब सम्पूर्ण मानिसहरूका समक्षमा
जानेछु।
१५ परमेश्वरका भक्तजनहरू मध्ये एउटै पनि मर्‍यो
भने त्यो उहाँको निम्ति महत्वपूर्ण हुनेछ। परमप्रभु
तपाईंको दासहरू मध्ये म एक हुँ।
१६ हे परमप्रभु, म तपाईंको दास हुँ। म तपाईंकी
एकजना सेविकाको बालक हुँ। परमप्रभु, तपाईं
नै मेरो प्रथम गुरू हुनुहुन्थ्यो!
१७ म तपाईंलाई धन्यवादको भेटी टक्र्याउने छु। म
परमप्रभुको नाउँ पुकार्नेछु।
१८ आफुले वचन दिएको कुराहरू म परमेश्वरलाई
दिनेछु। अब म सम्पूर्ण मानिसहरूको समक्ष जाने
छु।
१९ म यरूशलेमको मन्दिरमा जाने छु। परमप्रभुको
प्रशंसा गर!

## भजन ११७

१ हे सबै जातिका मानिस हो! परमप्रभुको प्रशंसा
गर। हे सबै मानिसहरू हो! परमप्रभुको प्रशंसा
गर।
२ परमेश्वरले हामीलाई असाध्यै प्रेम गर्नुहुन्छ! अनि
परमेश्वर सदा-सर्वदाको निम्ति हाम्रो विश्वासयोग्य
हुनुहुनेछ। परमप्रभुको प्रशंसा गर!

## भजन ११८

१ परमप्रभुलाई आदर गर किनभने उहाँ परमेश्वर
हुनुहुन्छ। उहाँको स्नेहपूर्ण करुणा सर्वदा रहनेछ!
२ इस्राएलले यसो भन्छ, "उहाँको स्नेहपूर्ण करुणा
सदा सर्वदा रहनेछ!"
३ पूजाहारीहरू यसो भन्छन्, "उहाँको स्नेहपूर्ण करुणा
अनन्त रहनेछ!"
४ मानिसहरूले परमप्रभुलाई पुज्दै यसो भन्दछन्,
"उहाँको स्नेहपूर्ण करुणा अनन्त रहनेछ!"
५ म संकटहरूमा फँसेको थिएँ। यसैले सहायताको
निम्ति मैले परमप्रभुलाई डाकेँ। परमप्रभुले त्यसको
जवाफ दिनुभयो अनि मलाई मुक्त पार्नुभयो।
६ परमप्रभु मसँग हुनुहुन्छ, यसैले म भयभीत छैन।
मानिसहरूले मलाई कुनै प्रकारको हानी पुर्‍याउन
सक्तैन।
७ परमप्रभु मेरो सहयोगी हुनुहुन्छ म मेरो शत्रुहरू
परास्त भएको देख्नेछु।
८ मानिसहरूमा भरोसा राख्नु भन्दा परमप्रभुमाथि नै
भरोसा राख्नु उत्तम हो।

९ तिमीहरूका नेताहरूमा भरोसा राख्नु भन्दा
परमप्रभुमाथि नै भरोसा राख्नु उत्तम हो।
१० धेरै शत्रुहरूले मलाई घेरेर राखे तर परमप्रभुको
शक्तिले ती शत्रुहरूलाई मैले परास्त पारें।
११ शत्रुहरूले मलाई घरि-घरि घेरी रहे। मैले तिनीहरूलाई
परमप्रभुको शक्तिले परास्त पार्दै गएँ।
१२ शत्रुहरूले मलाई त्यसरी घेरे जसरी भीर माउरीहरूले
घेर्दछ। तर, तिनीहरू छिट्टै नाश भएर गए जसरी
पराल एकै छिनमा जलेर जान्छ। मैले तिनीहरूलाई
परमप्रभुको शक्तिले परास्त पारें।
१३ मेरो शत्रुहरूले ममा आक्रमण गरे अनि लगभग
नष्ट गरीसकेका थिए। तर परमप्रभुले मलाई साथ
दिनुभयो।
१४ परमप्रभु मेरो शक्ति र विजयी गीत हुनुहुन्छ।
उहाँले मलाई बचाउनु हुन्छ!
१५ तिमीले विजयी उत्सवहरू शिष्ट मानिसहरूका
घरमा मानेको हुन सक्छौ। परमप्रभुले आफ्नो
महान् प्रभाव फेरि एकपल्ट दर्शाउनु भयो।
१६ परमप्रभुको पाखुराहरू विजयी भएर उठे। परमप्रभुले
आफ्नो महान् प्रभाव फेरि एकपल्ट दर्शाउनु
भयो।
१७ म बाँच्ने छु मर्ने छैन अनि परमप्रभुले के गर्नुभयो
भनेर बताउनेछु।
१८ परमप्रभुले मलाई दण्ड दिनु भयो, तर उहाँले
मलाई मर्न दिनु भएन।
१९ असल प्रवेशद्वारहरू, मेरो निम्ति खोलियो अनि म
भित्र आउने छु र परमप्रभुलाई पूज्ने छु।
२० तिनीहरू परमप्रभुको प्रवेशद्वारहरू हुन्। विशेष
धर्मी मानिसहरू मात्र त्यहाँबाट जान सक्दछन्।
२१ परमप्रभुले, मेरो प्रार्थनाको जवाफ दिनु भएकोमा
धन्यवाद प्रकट गर्दछु। मलाई बचाउनु भएकोमा
धन्यवाद प्रकट गर्छु।
२२ जुन ढुङ्गा निर्माणकर्ताहरूले लिन चाहेनन्। त्यही
मूल ढुङ्गा* हुन गयो।
२३ परमप्रभुले यस्तो बनाउनु भयो। अनि हामीले
यसलाई आश्चर्यजनक भनेर सोच्यौ!
२४ आज त्यो दिन हो जुन परमप्रभुले बनाउनु भयो।
फेरि आज प्रफुल्लित र खुशी हौं!
२५ मानिसहरूले भने, “परमप्रभुको प्रशंसा गर!
परमप्रभुले हामीलाई बचाउनु हुन्छ!
२६ परमप्रभुको नाउँ गरेर आउने मानिसहरूलाई स्वागत
छ।” पूजाहारीहरूले जवाफ दिए। “हामी तिमीहरूलाई
परमप्रभुको मन्दिरमा स्वागत गर्दछौ!
२७ परमप्रभुनै परमेश्वर हुनुहुन्छ। अनि उहाँले हामीलाई
ग्रहण गर्नु हुन्छ। भेंड़ाका पाठालाई बलिदानको
लागि बाँध अनि यसलाई वेदीको सिङ्ग तर्फ
ल्याऊ।”
२८ परमप्रभु, तपाईं मेरो परमेश्वर हुनुहुन्छ। म तपाईंमा
धन्यवाद दिन्छु। म तपाइको प्रशंसा गर्छु।
२९ परमप्रभुको प्रशंसा गर किनभने उहाँ भलो हुनुहुन्छ।
उहाँको स्नेहपूर्ण करुणा सदा सर्वदा रहेनेछ।

## भजन ११९
### अलिफ्

१ शुद्ध जीवन जिउने मानिसहरू खुशी हुन्छन्। ती
मानिसहरूले परमप्रभुको उपदेशहरू पछ्याउँदछ।
२ परमप्रभुको करार जसले पालन गर्छ ती मानिसहरू
सुखी हुन्छन्। तिनीहरूले परमप्रभुलाई आफ्ना
सम्पूर्ण हृदयबाटै खोज्दछन्।
३ ती मानिसहरूले अनुचित कामहरू गर्दैनन्, तिनीहरूले
परमप्रभुको आज्ञा पालन गर्दछ।
४ परमप्रभु, तपाईंले आफ्ना आज्ञाहरू हामीलाई दिनु
भयो अनि ती आज्ञाहरू पूर्ण हृदयले पालन गर्नु
भनेर बताउनु भयो
५ यदि सँधै तपाईंको विधिहरू पालन गरेँ भने,
परमप्रभु,
६ तब म कहिल्यै पनि लज्जित हुने छैन जब म
तपाईंको आज्ञाहरू पालन गर्छु।
७ जस्तो म तपाईंको न्याय र सद्गुणको अध्ययन
गर्छु म साँचो रूपमा तपाईंको सम्मान गर्नेछु।
८ परमप्रभु, म तपाईंका आज्ञाहरू पालन गर्नेछु,
कृपया मलाई नत्याग्नु होस्!

### बेथ्

९ तपाईंको विधिहरू अपनाएर कसरी एउटा युवा
मानिस साँचो जीवन जिउन सक्छ?
१० म सम्पूर्ण हृदयबाट परमेश्वरको सेवा गर्ने कोशिश
गर्दछु। परमेश्वर, तपाईंका आदेशहरू पालन
गर्नलाई मलाई साथ दिनुहोस्।
११ मैले तपाईंको उपदेशहरू होशियारी साथ कण्ठस्थ
गरें। किन? किनभने तपाईंको विरुद्धमा म पाप
गर्नेछैन।
१२ हे परमप्रभु, तपाईंको प्रशंसा होस। मलाई तपाईंको
विधिहरू सिकाउनु होस्।
१३ म तपाईंको ज्ञानपूर्ण विधिहरूको बारेमा बताउने
छु।
१४ म अरू केही भन्दा तपाईंको करार नै अध्ययन
गर्दा आनन्द पाउँछु।
१५ म तपाईंको विधि विषयमा चर्चा गर्नेछु। म
तपाईंको जिउने पथको अनुसरण गर्नेछु।
१६ म तपाईंको नियमहरूमा रमाउने छु म तपाईंका
वचनहरू भुल्ने छैन।

---
**मूल ढुङ्गा** निर्माण गर्दाको मुख्य ढुङ्गा।

### गिमेल्

१७ मेरो निम्ति राम्रो गर्नुहोस्, ताकि म बाँच्न सकौं अनि तपाईंको आज्ञा पालन गर्ने छु।
१८ हे परमप्रभु, मेरो आँखाहरू उघारी दिनुहोस् ताकि तपाईंका शिक्षाहरू हेर्न सकुँ अनि तपाईंका चमत्कारी कार्यहरू अध्ययन गर्न सकुँ।
१९ म यस देशमा परदेशी हुँ। परमप्रभु, तपाईंका उपदेशहरू मबाट नलुकाउनुहोस्।
२० म सारा समय तपाईंको विधिहरू अध्ययन गर्न चाहन्छु।
२१ हे परमप्रभु! तपाईंले अहंकारी मानिसहरूलाई निन्दा गर्नुभयो। अनुचित घटनाहरू तिनीहरूतर्फ घटनेछन् तिनीहरूले तपाईंका आज्ञाहरू पालन गर्न अस्वीकार गरे।
२२ मलाई लज्जित र व्याकुल हुन नदिनुहोस्। मैले तपाईंको करार पालन गरेको छु।
२३ अगुवाहरूले पनि मेरो बिरोधमा कुरा गरे। तर म तपाईंको दास हुँ, हे परमप्रभु! अनि मैले तपाईंको नियमहरू पढ्केकोछु।
२४ तपाईंको करार मेरो सल्लाहाकार हो। यसले मलाई हितकारी परामर्श दिँदछ।

### दालथ्

२५ म चाँड़ै मर्नेछु। हे परमप्रभु! तपाईंको प्रतिज्ञा बमोजिम मलाई बाँच्न दिनु होस्।
२६ मैले आफ्नो जीवनको बारेमा तपाईंलाई बताएँ। अनि तपाईंले त्यसको प्रत्युत्तर दिनुभयो। अब, तपाईंका नियमहरू सिकाउनु होस्।
२७ हे परमप्रभु, तपाईंका नियमहरू बुझ्नलाई मलाई साथ दिनुहोस्। तपाईंले सृजना गर्नु भएका आश्चर्यजनक कुराहरूको विषयमा मलाई अध्ययन गर्न दिनुहोस्।
२८ म दुःखीत र थकित छु। आज्ञा दिनुहोस् अनि मलाई फेरि बलियो बनाई दिनुहोस्।
२९ हे परमप्रभु! मलाई झूटो जीवन बाँच्न नदिनुहोस्। तपाईंको शिक्षाहरूसँग मलाई बाटो देखाउनु होस्।
३० हे परमप्रभु! म तपाईं प्रति उदार भई बसौ भनेर रोजेको छु। मैले सचेतपूर्ण तपाईंका निर्णयहरू मनन गरेको छु।
३१ म तपाईंको करार-वचनमा अडिग भएर बस्नेछु। मलाई असन्तुष्ट नबनाउनु होस्।
३२ म खुशीले तपाईंको आज्ञाहरू पालन गर्नेछु। परमप्रभु, तपाईंका आज्ञाहरूले मलाई आनन्द दिन्छ।

### हेथ्

३३ हे परमप्रभु, मलाई तपाईंका नियमहरू सिकाउनु होस्, अनि म होशियारीसित तिनीहरूको अनुसरण गर्नेछु।
३४ मलाई बुझ्न सहायता गर्नु होस् अनि म तपाईंको व्यवस्था पालन गर्ने छु।
३५ हे परमप्रभु, तपाईंको आज्ञाहरूसँग मलाई बाटो देखाउनु होस्। म साँचो रूपले त्यो जीवन शैली अपनाउने छु।
३६ मलाई धनाढ्य हुनुको सट्टामा तपाईंको करारको बारेमा सोच्नलाई साथ दिनुहोस्।
३७ परमप्रभु, बेकामे मूर्तिहरूमा मेरो ध्यान पर्न नदिनु होस्। तपाईंको तरिकामा मलाई बाँच्न दिनुहोस्।
३८ त्यही गर्नुहोस् जुन तपाईंले आफ्नो दासलाई वचन दिनु भएको थियो ताकि मानिसहरूले तपाईंको श्रद्धा गरून्।
३९ हे परमप्रभु, जुन खप्कीदेखि म डराउँछु त्यो मबाट हटाइदिनुहोस् तपाईंको बुद्धिमानी निर्णयहरू उत्तम छन्।
४० हेर्नुहोस्, म तपाईंको आज्ञाहरू मन पराउँछु। तपाईंको धार्मिकतामा मलाई बाँच्न दिनुहोस्।

### वाव्

४१ हे परमप्रभु, मलाई तपाईंका स्नेहपूर्ण करुणा तपाईंले कसम खाए जस्तै देखाउनु होस्, अनि मलाई बचाउनु होस्।
४२ जसले मलाई निन्दा गर्छ, तिनीहरूको निम्ति म जवाफ दिनेछु। म साँच्चि नै तपाईंको वचनहरूमा भरोसा गर्छु।
४३ म सधैँ तपाईंको साँचो उपदेशहरू बोल्न पाऊ। हे परमप्रभु, म तपाईंको बुद्धिमानी निर्णयहरूमा आश्रित छु।
४४ हे परमप्रभु, म तपाईंको उपदेशहरू सदा-सर्वदा अनुसरण गर्नेछु।
४५ यसकारण म स्वतन्त्र हुने छु। किन? किनभने मैले तपाईंको नियमहरू पालन गर्ने कष्ट गरें।
४६ म तपाईंको करारको विषयमा राजाहरूसँग चर्चा गर्नेछु, अनि तिनीहरूले मलाई लज्जित पार्ने छैनन्।
४७ म तपाईंको आज्ञाहरू मनन गर्दा आनन्दित हुन्छु, परमप्रभु। म ती आज्ञाहरू मन पराउँछु।
४८ हे परमप्रभु, म तपाईंको आज्ञाहरूलाई प्रशंसा गर्छु। म तिनीहरूलाई मन पराउँछु। अनि म तिनीहरूलाई अध्ययन गर्छु।

### ज़ाइन

४९ हे परमप्रभु, मप्रति गर्नु भएको प्रतिज्ञा याद गर्नुहोस्। त्यो प्रतिज्ञाले मलाई आशा दिएकोछ।

५० म पीडित थिएँ, र तपाईंले मलाई सान्त्वना
दिनुभयो। तपाईंका वचनहरूले मलाई फेरि एकपल्ट
जीवित तुल्यायो।
५१ ती घमण्डीहरूले मलाई लगातार अपमान गरे, तर
मैले तपाईंका शिक्षाहरूको अनुसरण गर्न छोड़िन।
५२ हे परमप्रभु, म सधैं तपाईंको बुद्धिमानी निर्णयहरू
सम्झन्छु, तपाईंको बुद्धिमानी निर्णयहरूले मलाई
सान्त्वना दिँदछ।
५३ जब मैले ती दुष्ट मानिसहरूले तपाईंको उपदेशहरू
मान्न छाड्दै गएको देखेर म क्रोधित भएँ।
५४ मेरो प्रवासको घरमा तपाईंका नियमहरू नै मेरो
गीतहरू भएका छन्।
५५ हे परमप्रभु, मैले रातमा तपाईंको नाउँ स्मरण
गरेको छु। अनि मैले तपाईंको उपदेशहरू पनि
याद गरेको छु।
५६ त्यस्तो हुने गर्छ किनभने म सर्तकतासाथ तपाईंको
आज्ञाहरू पालन गर्दछु।

## हेथ

५७ हे परमप्रभु, मैले मेरो कर्त्तव्य नै तपाईंको आज्ञाहरू
पालन गर्नु हो भनेर निर्णय लिएँ।
५८ हे परमप्रभु, म सम्पूर्ण रूपले तपाईंमाथिनै आश्रित
छु मप्रति सँधै तपाईंले वचन दिए झैं कृपादृष्टि
रहोस्।
५९ मैले आफ्नो जीवनलाई खुब होशियारिसँग सोचें।
अनि म तपाईंको करार प्रति फर्किएर आए।
६० कुनै विलम्ब नगरीकन हतारिन्दै म तपाईंको
आज्ञाहरूलाई पालन गर्नलाई फर्कें।
६१ केही दुष्ट मानिसहरूका झुण्डले मेरो बारेमा नीच
कुराहरू गरे। तर परमप्रभु मैले तपाईंको उपदेशहरू
भुलिन।
६२ तपाईंको धार्मिक निर्णयहरूको निम्ति धन्यवाद दिन
म रातमा उठें।
६३ ज-जसले तपाईंलाई पूज्दछन म ती सबै मानिसहरूको
साथी हुँ। म ती सबै मानिसहरूको साथी हुँ
ज-जसले तपाईंको आदेशहरू मान्दछन।
६४ हे परमप्रभु, पृथ्वी तपाईंको स्नेहपूर्ण करुणाले
भरिन्छ। मलाई तपाईंको नियमहरू सिकाउनुहोस्।

## तेथ्

६५ परमप्रभु, तपाईंले आफ्नो दासको लागि असल
काम गर्नुभयो। तपाईंले वचन दिएकै अनुसार
काम गर्नुभयो।
६६ हे परमप्रभु, ज्ञानी निर्णयहरू लिन मलाई बुद्धि
दिनुहोस्। म तपाईंको आज्ञाहरूमा भरोसा
राख्छु।
६७ म पीड़ित हुनु भन्दा अगाडि, मैले धेरै नराम्रो
कामहरू गरेको थिएँ तर अहिले खुब सतर्क
भएर तपाईंको आज्ञाहरू पालन गर्दछु।
६८ परमेश्वर तपाईं भलो हुनुहुन्छ, र तपाईंले असल
कामहरू गर्नुहुन्छ। तपाईंको नियमहरू सिकाउनु
होस्।
६९ मानिसहरू ज-जसले आफूलाई म भन्दा उत्तम
ठान्दछ तर तिनीहरूले मेरो बारेमा झूटा कुराहरू
गर्छन्। तर परमप्रभु मेरो सम्पूर्ण हृदय सहित म
तपाईंको आज्ञाहरू लगातार पालन गर्छु।
७० ती मानिसहरू अत्यन्त मूर्ख छन्। तर म तपाईंका
उपदेशहरू अध्ययन गर्दा आनन्दित हुन्छु।
७१ मेरो निम्ति वेदना उत्तम थियो। मैले तपाईंको
नियमहरू सिके।
७२ हे परमप्रभु, तपाईंका उपदेशहरू मेरो लागि
असल छन्। तिनीहरू एक हजार टुक्रा चाँदी र
सुनहरूभन्दा उत्तम छ।

## योद्

७३ हे परमप्रभु, तपाईंले मलाई बनाउनु भयो अनि
मलाई सघाउनु भयो। मलाई तपाईंका आज्ञाहरू
सिक्नु र बुझ्नुलाई सहयोग गर्नुहोस्।
७४ हे परमप्रभु! तपाईंका भक्तजनहरूले मलाई हेर्दछन्
र आदर गर्दछन्। तिनीहरू खुशी छन् किनभने
तपाईंले जे भन्नुभयो मैल त्यसैमा विश्वास गरें।
७५ हे परमप्रभु, म जान्दछु कि तपाईंका निर्णयहरू
निष्पक्ष छन्। अनि तपाईंले मलाई दण्ड दिनु
सठीक थियो।
७६ अब, तपाईंको स्नेहपूर्ण करुणाले मलाई सान्त्वना
दिनुहोस्। तपाईंको प्रतिज्ञा बमोजिम मलाई सान्त्वना
दिनुहोस्।
७७ हे परमप्रभु, मलाई सान्त्वना दिनुहोस र मलाई
बाँच्न दिनुहोस्। म तपाईंको शिक्षाहरूमा आनन्दित
हुन्छ।
७८ मानिसहरू ज-जसले तिनीहरू मभन्दा असल हुँ
भनेर सोचें, मेरो बारेमा झूटो बोले। ती मानिसहरू
लज्जित होऊन। परमप्रभु, म तपाईंको व्यवस्था
सिक्छु, पढ़छु।
७९ भरोसा गर्छु तपाईंको भक्तजनहरू मकहाँ फर्केर
आऊन। यसकारण तिनीहरूले तपाईंको करार-
वचनहरू सिक्न सक्छन्।
८० परमप्रभु, मैले तपाईंको आज्ञाहरू सम्पूर्ण प्रकारले
पालन गर्न सकुँ ताकि म लज्जित हुने छैन।

## काफ्

८१ म मर्न आँटेको छु। तपाईंले मलाई बचाउनु हुन्छ
भनेर पर्खिरहेछु। तर परमप्रभु, तपाईंले भनेका
कुराहरूमा म भरोसा गर्छु।

८२ मैले तपाईंको प्रतिज्ञा लगातार हेरिरहेकोछु। तर मेरो आँखाहरू शिथिल भइरहेछन् परमप्रभु, कहिले मलाई सान्त्वना दिनुहुन्छ?
८३ म मैला-कचेराको राशमाथि राखिएको सुक्खा छालाको थैलो भए तापनि, तपाईंको नियमहरू भुल्ने छैन।
८४ म कहिले सम्म बाँच्ने छु? हे परमप्रभु, जसले मेरो खेदो गरे, ती मानिसहरूलाई कहिल्य सजाय दिनु हुन्छ?
८५ कतिपय अंहकारी मानिसहरूले मलाई भूटो कुराहरू जुन तपाईंको उपदेशहरूको विरुद्ध हुन् सहित मलाई प्रहार गरे।
८६ हे परमप्रभु, मानिसहरू सबैले तपाईंको आज्ञाहरूमाथि भरोसा गर्न सक्छन्, ती मानिसहरूले बिना कारणै मेरो खेदो गरे। मलाई सहायता दिनुहोस्!
८७ ती मानिसहरूले प्राय: मलाई ध्वंश गरिसके। तर मैले तपाईंको आज्ञाहरू मान्न छाड़िन।
८८ हे परमप्रभु, तपाईंको स्नेहपूर्ण करुणा मलाई दर्शाउनु होस अनि मलाई बाँच्न दिनुहोस्। तपाईंले जे भन्नुहुन्छ म त्यही गर्नेछु।

### लामेद

८९ हे परमप्रभु, तपाईंका वचनहरू सदा-सर्वदा रहनेछन्। तपाईंका वचनहरू स्वर्गमा पनि अनन्त रहनेछन्।
९० तपाईं सदा-सर्वदा विश्वासी हुनुहुन्छ। हे परमप्रभु, तपाईंले पृथ्वी सृजना गर्नुभयो, अनि यो अझ विश्वासयोग्य हुनुहुन्छ।
९१ तपाईं कै नियमहरूले गर्दा, यो आज सम्म जीवित रहेको छ किनभने यसले तिनीहरूलाई दासले झैं पालन गर्दछ।
९२ यदि तपाईंको शिक्षाहरूमा मैले आनन्द नलिएको भए, मेरो पीड़ाहरूले मलाई ध्वंश पार्ने थियो।
९३ हे परमप्रभु, म तपाईंको आज्ञाहरू कहिल्यै भुल्ने छैन किनभने तिनीहरूले मलाई बाँच्न दिए।
९४ हे परमप्रभु, म तपाईंकै हुँ, यसैले मलाई बचाउनु होस्। किन? किनभने मैले तपाईंको आज्ञाहरू पालन गर्न यथाशक्य कोशिश गरे।
९५ दुष्ट मानिसहरूले मलाई ध्वंश गर्ने प्रयास गरे। तर तपाईंको करारले मलाई ज्ञानी बनायो।
९६ तपाईंको नियमहरू बाहेक प्रत्येक कुराको आफ्नो सीमा हुन्छ।

### मेम्

९७ हे परमप्रभु! म तपाईंको व्यवस्थालाई माया गर्छु। म त्यसको विषयमा सदाकाल भन्ने गर्छु।
९८ हे परमप्रभु, तपाईंको आज्ञाहरूले मलाई मेरो शत्रुहरूभन्दा बढ़ता ज्ञानी बनाउँदछ। तपाईंको नियमहरू मसँग सदैव रहन्छ।
९९ म आफ्ना शिक्षकहरू भन्दा पनि ज्ञानी छु किनभने म तपाईंको करार-वचनको अध्ययन गर्दछु।
१०० मेरो समझदार नेताहरूले भन्दा मैले बढ़ता बुझेको छु किनभने म तपाईंको आज्ञाहरू राख्दछु।
१०१ मेरो प्रत्येक पाठशाला बेठीक मार्गहरूबाट अलग्ग राखी दिनु भयो।
१०२ यसैले तपाईं मेरो गुरू हुनुहुन्छ यसैले तपाईंको नियमहरू पालन गर्न देखि म रोकिने छैन।
१०३ तपाईंका वचनहरू मेरो मुखमा मह भन्दा पनि मीठा छन।
१०४ तपाईंका शिक्षाहरूले मलाई ज्ञानी बनाउँदछ, यसैले म भूटा शिक्षाहरूलाई घृणा गर्दछु।

### नुन

१०५ हे परमप्रभु, तपाईंका वचनहरू बत्ती हुन जसले मेरो बाटोहरू उज्यालो पार्छन
१०६ तपाईंको नियमहरू असल छन्। म ती नियमहरू पालन गर्ने कसम खाँदछु अनि म आफ्नो वचन राख्नेछु।
१०७ हे परमप्रभु, म धेरै समयदेखि पीड़ित रहेको छु। कृपया तपाईंको प्रतिज्ञा अनुसार मलाई पुनर्जीवित पार्नु होस्!
१०८ हे परमप्रभु, मेरो प्रशंसा ग्रहण गर्नुहोस्। अनि तपाईंका नियमहरू सिकाउनु होस्।
१०९ मेरो प्राण अनवरत विपदमा परेको छ तर मैले तपाईंको शिक्षाहरू भुलेको छैन।
११० दुष्ट मानिसहरूले मलाई पासोमा फसाउन कोशिश गरे। तर मैले तपाईंको आज्ञाहरूलाई उलङ्घन गरिन।
१११ हे परमप्रभु, म सधैं तपाईंको करार पत्र पालन गर्नेछु। यसले मलाई खुशी पार्दछ।
११२ म यथाशक्य तपाईंको विधिहरू पालन गर्ने प्रयास गर्नेछु।

### समेख

११३ हे परमप्रभु, म त्यस्ता मानिसहरूलाई घृणा गर्छु, जो तपाईं प्रति पूर्ण रूपले विश्वासी छैनन्। तर म तपाईंको शिक्षाहरू मन पराउछु।
११४ मलाई लुकाउनु होस र रक्षा गर्नुहोस्। हे परमप्रभु, तपाईंले भन्नु भएका प्रत्येक कुरामा म भरोसा गर्छु।
११५ हे परमप्रभु, दुष्ट मानिसहरूलाई मेरो नजीक आउन नदिनुहोस अनि म परमेश्वरको आज्ञाहरू पालन गर्नेछु।

११६ हे परमप्रभु, तपाईंले वचन दिए जस्तै मलाई सघाउनु होस, अनि म बाँच्ने छु। म तपाईंमा भरोसा राख्छु यसर्थ मलाई असन्तुष्ट नपार्नु होस्।
११७ मलाई साथ दिनुहोस, परमप्रभु र म जोगिने छु। म तपाईंका आज्ञाहरू अनन्त सिक्ने छु।
११८ हे परमप्रभु, तपाईंका विधिहरू भङ्ग गर्नेहरूदेखि तपाईं विमुख भएर जानु हुन्छ। किन? किनभने तिनीहरूले तपाईंको करार अनुसार हिंड़छु भनेर भूटो बोले।
११९ परमप्रभु, पृथ्वीमा तपाईंले दुष्ट मानिसहरूलाई मैला पुछेको जस्तो फ्याँकिदिनु भयो। यसैले म तपाईंको करारलाई सर्वदा मान्ने नै छु।
१२० हे परमप्रभु, म तपाईंबाट भयभीत छु। म डराउँछु र तपाईंका विधिहरूको आदर गर्दछु।

## ऐन

१२१ मैले के सही र के राम्रो त्यही गरेकोछु। हे परमप्रभु, मलाई ती मानिसहरूकहाँ नदिनु होस जसले मलाई आघात पुर्‍याउन चाहन्छन्।
१२२ मप्रति असल रहने कसम खानुहोस्। म तपाईंको दास हुँ। हे परमप्रभु, ती अंहकारीहरूलाई मप्रति आघात पुर्‍याउन नदिनुहोस्।
१२३ हे परमप्रभु, तपाईंबाट सहायताको र तपाईंको राम्रो वचनको निम्ति बाटो हेर्दा हेर्दा मेरो आँखाहरू टट्टाई सके।
१२४ म तपाईंको दास हुँ। तपाईंको स्नेहपूर्ण करुणा मलाई देखाउनु होस्। मलाई तपाईंको विधिहरू सिकाउनु होस्।
१२५ म तपाईंको दास हुँ, मलाई बुझ्ने सामर्थ पार्नुहोस ताकि तपाईंको करार-वचन म बुझ्न सकुँ।
१२६ हे परमप्रभु, यो तपाईंले केही गर्ने समय हो। मानिसहरूले तपाईंको विधिहरू भङ्ग गरे।
१२७ हे परमप्रभु, म खाटी सुन भन्दा पनि तपाईंको आज्ञाहरू मन पराउँछु।
१२८ म खुब होशियारीसँग तपाईंको आज्ञाहरू पालन गर्छु। म भूटो शिक्षाहरूलाई घृणा गर्दछु।

## पे

१२९ हे परमप्रभु, तपाईंको करार अद्भूत छ। यसकारण म त्यसको अनुसरण गर्दछु।
१३० कुनै ज्योतिले तिनीहरूलाई बाँच्ने ठीक तरिका देखाए भैं मानिसहरूले तपाईंको शब्दहरू बुझ्न शुरू गरे। तपाईंका वचनले सामान्य भन्दा सामान्य मानिसहरूलाई सम्म बुद्धिमानी बनाउँदछ।
१३१ हे परमप्रभु, म साँचो रूपले तपाईंका आज्ञाहरू मनन गर्न चाहन्छु, म त्यो स्वास रोकिएर अधैर्यपूर्ण पर्खिरहेको मानिस जस्तो छु।
१३२ हे परमेश्वर, मलाई हेर्नुहोस र मप्रति कृपालु बन्नु होस्। जसले तपाईंको नाउँ जप्दछ ती मानिसहरूका लागि सही के हो त्यो काम गर्नुहोस्।
१३३ हे परमप्रभु, तपाईंले कसम खाए भैं मलाई डोर्‍याउनु होस मतर्फ कुनै प्रकारको दुघर्टना घट्न नदिनुहोस्।
१३४ हे परमप्रभु, मलाई दुःख-कष्ट दिने मानिसहरूबाट बचाउनु होस अनि म तपाईंको आज्ञाहरू पालन गर्ने छु।
१३५ हे परमप्रभु, मलाई ग्रहण गर्नुहोस्, अनि आफ्नो नियमहरू सिकाउनुहोस्।
१३६ म आँसुका बलिन्धारा नदी सरी बहाएर रोएँ किनभने कसैले पनि तपाईंको शिक्षाहरू पालन गरेनन्।

## त्साधे

१३७ हे परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ। तपाईंका नियमहरू सही र इमान्दार छन्।
१३८ तपाईंले हामीलाई आफ्ना करारमा धार्मिक नियमहरू दिनुभयो। हामी साँच्चै नै तिनीहरूमा भरोसा गर्न सक्छौ।
१३९ मेरो उत्साहले मलाई ध्वंश पारिरहेछ। म अत्यन्त उदास छु किनभने मेरो शत्रुहरूले तपाईंको आज्ञाहरू भूले।
१४० हामीले प्रमाण पनि दियौं कि हामी तपाईंकै वचनमा विश्वास गर्छौं, परमप्रभु। अनि म यसलाई मन पराउछु।
१४१ म क्षुद्र र तुच्छ छु, अनि मानिसहरूले मेरो आदर गर्दैनन्। तर म तपाईंको आज्ञाहरू भुल्ने छैन।
१४२ परमप्रभु, तपाईंको धार्मिकता चिरस्थायी छ। अनि तपाईंको उपदेशहरू विश्वास गर्न सकिन्छ।
१४३ मसँग संकट र दुःखका दिनहरू छँदै थिए तर म तपाईंको आज्ञाहरूमा आनन्द लिन्छु।
१४४ तपाईंको करार अनन्तको लागि असल छ। यसलाई समझशक्ति दिनुहोस् ताकि म बाँच्न सकुँ।

## कोफ

१४५ हे परमप्रभु, म मेरो सम्पूर्ण हृदयले तपाईंलाई डाक्दछु। मलाई जवाफ दिनुहोस्! म तपाईंको आज्ञाहरू पालन गर्छु।
१४६ हे परमप्रभु, म तपाईंलाई डाक्दछु मलाई बचाउनु होस्! अनि म तपाईंको करार पालन गर्नेछु।
१४७ तपाईंलाई प्रार्थना गर्न म बिहानै उठ्दछु। म तपाईंले भन्नुभएको कुरामा विश्वास गर्दछु।
१४८ तपाईंका वचनहरू मनन गर्न म रातमा अबेर सम्म बस्छु।

१४९ आफ्नो सारा प्रेमले, मलाई बोलाउनु होस्। हे परमप्रभु, तपाईंले ठीक भनेका कुरानै गरूँ अनि मलाई बाँच्न दिनुहोस्।
१५० मानिसहरूले मेरो विरुद्ध दुष्ट योजनाहरू बनाइरहेछन। ती मानिसहरूले तपाईंको शिक्षाहरू अनुसरण गर्दैनन्।
१५१ परमप्रभु, तपाईं मेरो नजीकै हुनुहुन्छ। अनि तपाईंका सबै आदेशहरूमा भरोसा गर्न सकिन्छ।
१५२ धेरै वर्ष अघिदेखि तपाईंको करारबाट सिकें कि तपाईंको उपदेशहरू अनन्त रहने छन्।

## रेश्

१५३ हे परमप्रभु, मेरो पीड़ाहरू हेर्नुहोस र मलाई बचाउनु होस्। मैले तपाईंको उपदेशहरू भुलेको छैन।
१५४ हे परमप्रभु, मेरो लड़ाइँ मेरो निम्ति लड़ि दिनु होस र मलाई बचाउनु होस्। तपाईंले वचन दिए जस्तै मलाई बाँच्न दिनुहोस्।
१५५ दुष्ट मानिसहरूले जित्ने छैन किनभने तिनीहरूले तपाईंको नियमहरू मान्दैनन्।
१५६ हे परमप्रभु, तपाईं कृपालु हुनुहुन्छ। तपाईंले ठीक भनेकै काम गरूँ, र मलाई बाँच्न दिनुहोस्।
१५७ मेरो धेरै शत्रुहरू छन् मलाई घात गर्नेहरू तर मैले तपाईंको करार-वचन अनुसरण गर्नदेखि रोकिने छैन।
१५८ म ती विश्वासघातीहरूलाई देख्छु, तिनीहरूले तपाईंको वचनको पालन गर्दैनन् र म त्यो घृणा गर्छु।
१५९ हेर्नुहोस्, मैले तपाईंको आज्ञाहरू पालन गर्न यथासक्य कोशिश गरें। हे परमप्रभु, तपाईंको सारा प्रेमसहित, मलाई बाँच्न दिनुहोस्।
१६० हे परमप्रभु, आदि कालदेखि नै, सारा तपाईंका वचनहरू भरोसा गर्न सकिन्थ्यो। अनि तपाईंको धार्मिक नियमहरू सदा-सर्वदा रहनेछन।

## शीन्

१६१ प्रभावशाली शासकहरूले अकारण मलाई आक्रमण गरे। तर डर राख्दछु र तपाईंको नियमलाई आदर गर्दछु।
१६२ परमप्रभु, तपाईंको वचनले मलाई आनन्दित तुल्यायो, धेरै धन पाएर अत्यन्त खुशी भएको मानिसलाई जस्तो।
१६३ म झूटाहरूलाई घृणा गर्दछु! म तिनीहरूलाई तिरस्कार गर्दछु! तर परमप्रभु म तपाईंको शिक्षाहरू मन पराउछु,!
१६४ दिनमा सातपल्ट म तपाईंका धार्मिक नियमहरूका निम्ति तपाईंको प्रशंसा गर्छु।
१६५ मानिसहरू जसले तपाईंको उपदेश मन पराउछन् तिनीहरू साँचो रूपमा शान्तिमा पुग्दछन्। केहीले पनि तिनीहरू पतन गराउन सक्दैन।
१६६ हे परमप्रभु, म तपाईंलाई पर्खिरहेछु। मलाई बचाउन भनी मैले तपाईंको आज्ञाहरू पालन गरें।
१६७ मैले तपाईंको करार-वचनलाई अनुसरण गरें। हे परमप्रभु, म तपाईंको व्यवस्था बढ़ता नै मान्दछु।
१६८ मैले तपाईंको करार र आज्ञाहरू पालन गरे। हे परमप्रभु, मैले गरेका सबै कुराहरू तपाईंलाई थाहा छ।

## ताव्

१६९ हे परमप्रभु, मेरो खुशीका गीतलाई सुन्नुहोस्। तपाईंले कसम खाए जस्तै मलाई बुद्धिमानी बनाउनु होस्।
१७० परमप्रभु, मेरो प्रार्थना सुनी दिनुहोस्। तपाईंले वचन दिए झैं मलाई बचाउनु होस्।
१७१ म प्रशंसाको गीत गाँउछु। किनभने तपाईंले मलाई आफ्नो नियमहरू सिकाउनु भयो।
१७२ तपाईंको वचनहरू जवाफ दिन मलाई सहयोग गर्नुहोस् र मलाई मेरो गीत गाउन दिनुहोस्। परमप्रभु, तपाईंको सारा नियमहरू असल छन्।
१७३ मैले तपाईंका आज्ञाहरू पालन गर्न खोजें। यसैले पुग्नु होस र मलाई साथ दिनुहोस्।
१७४ हे परमप्रभु, म चाहन्छु, मलाई बचाउनु होस्। तर तपाईंको शिक्षाहरूले मलाई खुशी पार्छन।
१७५ मलाई बाँच्न दिनुहोस र तपाईंको प्रशंसा गर्न दिनुहोस, परमप्रभु! तपाईंका नियमहरूले मलाई सघावोस्।
१७६ म हराएको भेंड़ा सरह भट्किरहें हे परमप्रभु, आएर मलाई खोज्नु होस। म तपाईंको दास हुँ, अनि मैले तपाईंको भरोसा भुलेको छैन।

## भजन १२०

*मन्दिर तर्फ गइरहेको बेलाको गीत वा भजन।*

१ म संकटमा थिएँ, मैले परमप्रभुको सहायता मागें। अनि उहाँले मलाई बचाउनु भयो!
२ हे परमप्रभु, मलाई ती मानिसहरूबाट जोगाउनु होस जसले मेरो बारेमा झूटो बोले ती मानिसहरूले भनेका कुराहरू सत्य थिएनन्।
३ झूटो बोल्ने, तिनीहरूले के पाउनेछौं भनेर सोच्यौ? जान्दछौ तिमीहरू आफ्नो झूटो कुराहरूबाट के पाउनेछौ।
४ सैनिकको तीखो बाणले र तातो कोइलाहरूले दण्ड दिनेछ।
५ तिमी झूटा मानिसहरू, मोशा छेउमा बसिरहेका जस्तै यो केदारको पालहरूभित्र बसिरहेका छौ।

६ म शान्ति घृणा गर्ने मानिसहरूसँग धेरै समय सम्म बसें।
७ मैले भने म शान्ति चाहन्छु, यसकारण तिनीहरूले युद्ध चाहे।

## भजन १२१

*मन्दिर तर्फ जाँदाको भजन।*

१ सहायताको निम्ति म पहाड़हरू तिर हेर्छु। तर मेरो सहायता कहाँबाट आउनेछ?
२ मेरो सहायता स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट आउनेछ।
३ परमेश्वरले पतनहुन दिनु हुनेछैन, तिम्रो संरक्षक निदाई जाने होइन।
४ इस्राएलको रक्षा गर्ने निद्रालु हुनुहुन्न। परमेश्वर कहिल्यै निदाउनु हुन्न।
५ परमप्रभु तिम्रो रक्षक हुनुहुन्छ, उहाँले आफ्नो महान् शक्तिद्वारा तिम्रो रक्षा गर्नुहुन्छ।
६ तिमीलाई दिउँसो घामले अनि राती जूनले हानि पुराउँदैन।
७ परमप्रभुले प्रत्येक संकटबाट तिम्रो रक्षा गर्नुहुन्छ। परमप्रभुले तिम्रो प्राणको रक्षा गर्नुहुन्छ।
८ तिमी आउँदा र जाँदा परमप्रभुले रक्षा गर्नुहुनेछ। परमप्रभुले तिमीलाई अहिले र अनन्तसम्म सहयोग गर्नुहुनेछ!

## भजन १२२

*मन्दिर तर्फ गइरहेको बेला दाऊदको भजन।*

१ म अत्यन्त खुशी थिएँ जब मानिसहरूले यसो भने, "परमप्रभुको मन्दिर तर्फ जाऊ आऊ।"
२ हामी यहाँ, यरूशलेमको प्रवेशद्वारमा उभिरहेकाछौ।
३ यो नयाँ यरूशलेम हो! एक संयुक्त शहर जस्तो यो शहर फेरि निर्माण गरियो।
४ त्यही ठाउँ हो जहाँ परिवार समूहहरू जान्छन्। परमप्रभुको नाउँको स्तुति-गान गर्नलाई इस्राएलका मानिसहरू त्यहाँ जाँदछन्।
५ दाऊद परिवारका राजाहरूले त्यहाँ तिनीहरूको राज सिंहासन बनाए। तिनीहरूले मानिसहरूको न्याय गर्न राज सिंहासन त्यहाँ बनाए।
६ यरूशलेममा शान्तिको निम्ति प्रार्थना गर। "जसले तपाईंलाई प्रेम गर्दछ उसले शान्ति पावस्। तपाईंको पर्खालहरूभित्र शान्ति छावोस्। म आशा गर्दछु त्यहाँ तपाईंको भवनहरू सुरक्षा हुनेछ।"
७ मेरो दाज्यू-भाइ र छिमेकीहरूको हितार्थ म यहाँ शान्ति छावोस भनेर त्यहाँ प्रार्थना गर्दछु।
८ हाम्रा परमप्रभु परमेश्वरको मन्दिरको निम्ति, म प्रार्थना गर्छु कि राम्रो कुराहरू यस शहरमा होऊन्।

## भजन १२३

*मन्दिर गइरहेको बेलाको भजन।*

१ हे परमेश्वर, म माथि हेर्छु र तपाईंलाई प्रार्थना गर्छु। तपाईं राजा सरह स्वर्गमा विराजमान हुनुहुन्छ।
२ दासहरू आफ्ना आवश्यकताको निम्ति उनीहरूको स्वामीमाथि भर पर्दछ।
३ त्यस्तै प्रकारले, हामी हाम्रा परमप्रभु परमपितामा निर्भर छौ। उहाँले कति बेला हामीतर्फ दया देखाउनु हुन्छ भनेर पर्खिएका छौं।
४ हे परमप्रभु, हामीमाथि तपाईंको दया रहिरहोस, किनभने हामी धेरै समय सम्म निन्दित भएका छौं।
५ धेरै समयदेखि ती अल्छे र घमण्डी मानिसहरूले निन्दा गरिरहेका छन्।

## भजन १२४

*दाऊद मन्दिर गइरहेका बेलाको भजन।*

१ मलाई जवाफ देऊ, इस्राएल हामी माथि कस्तो घटना घट्ने थियो होला। यदि परमप्रभु हाम्रो पक्षमा नभई दिएको भए?
२ जब मानिसहरूले हामीलाई आक्रमण गरे त्यस समय यदि परमप्रभु हाम्रो पक्षमा नभएको भए के हुने थियो?
३ हाम्रा शत्रुहरूले हामीलाई जिउँदै निल्ने थिए, जब तिनीहरू हामीमा क्रोधित हुनेगर्थे।
४ हाम्रो शत्रुहरूका सैनिकहरूले हामीलाई बाढीले बगाए भै र नदीले हामीलाई डुबाए भै पार्ने थिए।
५ ती अंहकारी मानिसहरू हाम्रा मुख-मुख सम्म उठ्ने पानी भए हामीलाई डुबाउने थियो।
६ परमप्रभुको प्रशंसा गर! हाम्रा शत्रुहरूले हामीलाई पक्रन र मार्न परमप्रभुले कदापि दिनुहुन्न।
७ हामी जालमा फस्न पुगेका चरा जस्तै छौ अथवा यस्तो भएर मुक्ति पाएका छौं। जाल फाट्यो अनि हामी मुक्त भयौ!
८ हाम्रो निम्ति सहायता परमप्रभुबाट आउँदछ। परमप्रभुले आकाश र पृथ्वी बनाउनु भयो!

## भजन १२५

*यात्राको गीत।*

१ मानिसहरू जसले परमप्रभुमाथि भरोसा राख्दछन् तिनीहरू सियोन पर्वत जस्तो हुनेछन्। तिनीहरू कहिल्यै पनि हल्लिने छैनन। तिनीहरू सदा-सर्वदा रहनेछन्।
२ पर्वतहरू सारा यरूशलेम वरिपरि छन्। अनि परमप्रभु आफ्ना मानिसहरूको वरिपरि हुनुहुन्छ।

उहाँले आफ्ना मानिसहरूलाई सर्वकाल रक्षा गर्नुहुनेछ।
३ दुष्ट मानिसहरूले धर्मी मानिसहरूको देशलाई अधीन गर्न कहिल्यै सक्दैन। यदि त्यस्तो भयो भने, असल मानिसहरूले पनि अनुचित कामहरू गर्न थाल्दछन्।
४ हे परमप्रभु, धर्मी मानिसहरू प्रति हितकारी बन्नुहोस। पवित्र हृदय भएकाहरू प्रति हितकारी बन्नुहोस्।
५ दुष्ट मानिसहरूले कपटपूर्ण कामहरू गर्दछन्। परमप्रभुले ती दुष्टहरूलाई दण्ड दिनुहुनेछ त्यहाँ इस्राएलमा शान्ति छावोस्।

## भजन १२६

*यात्राको भजन। मन्दिरमा गइरहेको बेलाको भजन।*

१ जब हामीलाई परमप्रभुले एकपल्ट फर्काएर ल्याउनु हुन्छ त्यो हाम्रो लागि सपना जस्तै लाग्नेछ!
२ हामी हर्षोल्लासले हाँसिरहेको हुने छौ र खुशीका गीतहरू गाउने छौ! अन्य सम्प्रदायका मानिसहरूले भन्नेछन्, "परमप्रभुले इस्राएलका मानिसहरूका निम्ति अद्भूत काम गर्नुभयो।"
३ हो, हामी अत्यन्त खुशी हुनेछौं यदि परमप्रभुले हाम्रो लागि त्यस्तो आश्चर्यजनक काम गरिदिनु हुन्छ भने।
४ परमप्रभु, हामीलाई फेरि एकपल्ट स्वतंत्र पार्नुहोस, जसरी झरना र बग्दा पानीले एकपल्ट मरुभूमि भरिनेछ।
५ एकजना मानिस उदास हुन सक्ला जब उसले बीजहरू छर्दछ। तर त्यो खुशी हुनेछ जब बाली उठाउने समय आँउछ।
६ त्यो रून पनि सक्ला जब बीजहरू उसले खेत तर्फ बोकेर लैजादछ, तर त्यो खुशी हुनेछ जब उसले फसल काटेर ल्याउँछ।

## भजन १२७

*यात्राको भजन। सुलेमानले रचेको एउटा भजन।*

१ यदि घर बनाउँने परमप्रभु हुनुहुन्छ भने। घर बनाउनेहरूले त्यसै तिनीरूको समय बर्बाद गरिरहेछ्न। यदि यो शहरमाथि परमप्रभुले ध्यान दिनु भएको होइन भने प्रहरीहरूले आफ्नो समय व्यर्थ खेर फ्याँकिरहेछ्न्।
२ जीवन तयार पार्ने चेष्टामा विहान चाँडै जागेर राती ढिलो सम्म बस्नु चाँहि समय नष्टपार्नु मात्र हो। परमेश्वरले मन पराउनु भएका आफ्ना मानिसहरू मस्त सुतीरहेका बेला पनि ध्यानमा राख्नुपर्छ।
३ शिशुहरू परमप्रभुकै उपहार हुन्। आमाको शरीरबाट पुरस्कार हो।
४ आफू जवान रहेको समयमा जन्मेका छोराहरू सिपाहीको तरकसको काँड़हरू जतिकै हुन।
५ जुन मानिसको आफ्नो तरकस छोराहरूले भर्छ, त्यो अत्यन्तै खुशी हुनेछ।
६ त्यो मानिस कहिल्यै परास्त हुने छैन। उसको छोराहरूले उसलाई जनसमूह समक्ष उसको शत्रुहरू विरुद्ध सहायता गर्नेछन्।

## भजन १२८

*मन्दिर तर्फ जाँदै गाएको स्तुतिगान।*

१ परमप्रभुको सबै भक्तजनहरू खुशी छन्। ती मानिसहरू परमप्रभुले रूचाएको तरिकामा बस्दछन्।
२ तिमीले गरेको कार्यको निम्ति तिमी खुशी हुनेछौ। तिमी खुशी हुनेछौ, अनि हितकारी कुराहरू तिमी तिर घट्नेछन्।
३ घरमा, तिम्री पत्नी अङ्गूरको विरूवा जस्तो फलटायक हुनेछ।, तिम्रा छोरा-छोरीहरू तिमीले टेबल वरिपरि रोपेको फलदायक जैतूनको भ्याङहरू झैँ हुनेछन्।
४ परमप्रभुले आफ्ना भक्तजनहरूलाई यस्तै प्रकारले साँचो रूपमा आशीर्वाद दिनुहुनेछ।
५ सियोनबाट परमप्रभुले तिमीलाई आशीर्वाद दिऊन्। तिमीहरूको जीवनभरि यरूशलेममा आशीर्वादको आनन्द उपभोग गर्न सक।
६ अनि भरोसा गर्दछु कि तिमीहरू आफ्ना नाति-पनातिहरू जन्मञ्जेल सम्म बाँच्नेछौ। इस्राएलमा शान्ति कायम रहोस्!

## भजन १२९

*यात्रा स्तुतिगीत।*

१ मेरो जीवनकालमा प्रशस्त शत्रुहरू छँदै थिए। इस्राएल ती शत्रुहरूको बारेमा हामीलाई बताऊ।
२ मेरो जीवनकालमा प्रशस्त शत्रुहरू छँदै थिए तर तिनीहरूले कहिल्यै जितेनन्।
३ तिनीहरूले मेरो ढाड़मा गहिरो चोट नपरूञ्जेल सम्म मलाई कुटे। धेरै समय सम्म मेरो गहिरो घाउ थियो।
४ तर असल परमप्रभुले डोरीहरू काटीदिनु भयो अनि ती दुष्टहरूबाट मलाई छुटकारा दिनुभयो।
५ मानिसहरू जसले सियोनलाई घृणा गर्छन, तिनीहरू परास्त होऊन्। तिनीहरू लड़ाइँ गर्न छाड़ेर भागुन।
६ ती मानिसहरू छानामा भएको घाँसहरू जस्ता थिए। ती घाँसहरू बढ्न अगावै ओइलएर गए।
७ काम गर्ने मानिसले एकमुट्ठी घाँस त्यहाँबाट पाउन सक्तैन। एक थुप्रो अन्नको निम्ति पनि प्रशस्त हुँदैन।
८ तिनीहरूको नजिकैबाट गइरहेको मानिसहरूले यसो भन्ने छैनन् "परमप्रभुको आशीर्वाद तिमीहरूमा

रहोस्।" मानिसहरूले तिनीहरूलाई स्वागत गर्ने
छैनन् र भन्ने छैनन्, "हामी तिमीहरूलाई परमप्रभुको
नाउँमा आशीर्वाद दिनेछौ।"

## भजन १३०

*यात्रा स्तुतिगीत।*

१ हे परमप्रभु, म गहीरो संकटमा छु। यसैकारण म
तपाईंलाई गुहार मान्छु।
२ मेरो स्वामी! मलाई ध्यान दिनु होस्। मेरो गुहार
प्रति ध्यान दिनु होस्।
३ परमप्रभु, यदि तपाईंले मानिसहरूलाई उनीहरूका
पापहरूका लागि दण्ड दिनुहुन्छ भने, कुनै मानिस
पनि जिउँदो हुने थिएन।
४ परमप्रभु, तपाईंका मानिसहरूलाई क्षमा गरिदिनु
होस, त्यसपछि त्यहाँ तपाईंलाई पूज्ने मानिसहरू
हुनेछन।
५ म परमप्रभुको साथ पाउनलाई पर्खी बसेको छु,
मेरो आत्माले उहाँलाई पर्खिन्छ, परमप्रभुले जे
भन्नुहुन्छ म त्यसमा विश्वास गर्छु।
६ म मेरो स्वामीलाई पर्खिरहेछु। म एकजना पहरेदार
जस्तै छु, जसले बिहारन नहुञ्जेल सम्म पर्खिरहन्छ।
७ हे इस्राएल, परमप्रभुमाथि भरोसा गर। स्नेहपूर्ण
करुणा परमप्रभुसँग मात्र पाउन सकिन्छ। परमप्रभुले
घरिघरि हामीलाई बचाउनु हुन्छ। अनि परमप्रभुले
इस्राएलवासीहरूका सारा पापहरूलाई क्षमा गरिदिनु
हुन्छ।

## भजन १३१

*यात्रा स्तुतिगान। दाऊदको भजन।*

१ हे परमप्रभु, म अंहकारी छैन। म आफूलाई
महत्व दिने काम गर्दिन। म महानकार्य गर्ने
कोशिश गर्दिन म ती कठिन-कार्यहरूको जुन
कार्यहरू गर्नु मेरो निम्ति असम्भव छ।
२ म चुपचाप छु। मेरो प्राण शान्त छ।
३ आमाको काखमा भएको एक सन्तोषी बालक
जस्तो मेरो प्राण चुपचाप र शान्त छ
४ हे इस्राएलवासी, परमप्रभुमाथि भरोसा गर। उहाँलाई
अहिले भरोसा गर अनि उहाँलाई सधै भरोसा
गर!

## भजन १३२

*मन्दिर गइरहेको बेलाको गीत वा भजन।*

१ हे परमप्रभु! सम्झनु होस, कसरी, दाऊद पीड़ित
भए।
२ दाऊदले परमप्रभुसँग एक प्रतिज्ञा गरेका थिए।
दाऊदले याकूबका सर्वशक्तिमान् परमप्रभुसँग शपथ
लिएका थिए।
३ दाऊदले भने, "म आफ्नो घरभित्र जाने छैन, म
आफ्नो ओछ्यानमा ढल्कने छैन,
४ म सुत्ने छैन म आफ्नो आँखालाई विश्राम दिने
छैन,
५ जबसम्म याकूबको सर्वशक्तिमान् परमप्रभुको घर
बनाउन जमीन पाउँदिन, म ती कुराहरू गर्ने नै
छैन!"
६ एफ्रातामा हामीले त्यसको विषयमा सुनेका थियौ।
हामीले किरियथ-योरीम भन्ने ठाउँमा करार पत्रको
बाकस पायौ,
७ पवित्र पालतर्फ जाऊ। त्यस टुललाई पूजौं जहाँ
परमप्रभुले आराम गर्न आफ्ना खुट्टाहरू राख्नुहुन्छ।
८ परमप्रभु, आफ्नो विश्राम गर्ने ठाउँबाट उठनुहोस्।
हे परमप्रभु! तपाईंको शक्तिशाली सन्दूकसित उठनु
होस्।
९ हे परमप्रभु, तपाईंका पूजाहारीहरू धार्मिकताको
पोशाकमा छन्, तपाईंका भक्तजनहरू आनन्दित
छन्।
१० तपाईंको आफ्ना असल दास दाऊदको निम्ति,
आफूले रोजेका राजालाई रद्ध नगर्नुहोस्।
११ परमप्रभुले दाऊदप्रति एक प्रतिज्ञा गर्नु भएथ्यो।
परमप्रभुले दाऊदप्रति विश्वासी रहन्छु भनी प्रतिज्ञा
गर्नु भएको थियो। परमप्रभुले वचन दिनु भएको
थियो कि दाऊद कै परिवारबाट राजाहरू आउने
छन।
१२ परमप्रभुले भन्नुभयो, "दाऊद, यदि तिम्रा नानीहरूले
मेरो करार र मैले सिकाएको नियमहरू पालन गरे
भने, तिम्रो परिवारबाट कोही एकजना सँधै राजा
हुनेछ।"
१३ परमप्रभुले आफ्नो मन्दिरको लागि सियोन भन्ने
ठाउँ रोज्नु भयो। त्यही ठाउँमा नै उहाँले आफ्नो
घर बनाउन चाहनु भयो।
१४ परमप्रभुले भन्नुभयो, "यो सदा सर्वदाको लागि
मेरो ठाउँ हुनेछ। यो ठाउँ मैले रोजे जहाँ म हुने
छु।
१५ म यस शहरलाई प्रशस्त खाद्य-प्रदार्थले पूर्ण रहोस
भनेर आशिष दिनेछु। गरीब भन्दा गरीब मानिसले
पनि खानलाई प्रशस्त पाउने छ।
१६ म उनको पूजाहारीहरूलाई पनि उद्धारको वस्त्र
पहिर्‍याउनेछु। अनि मेरा भक्तजनहरू यहाँ अत्यन्त
खुशी हुनेछन्।
१७ यस ठाउँमा, म दाऊदलाई बलियो पार्नेछु। आफूले
रोजेका राजाको निम्ति एक बत्तीको नियुक्त गरेको
छु।
१८ म दाऊदका शत्रुहरूलाई लाज र शर्ममा ढाकि
दिनेछु तर दाऊदको राज्यलाई उत्तरोत्तर बढ़ाई
दिनेछु।"

## भजन १३३

*यात्राको एक गीत। दाऊदको भजन।*

१ जब दाज्यू-भाइहरू एक साथ मिलेर बस्छन त्यो अति नै राम्रो र आनन्दपूर्ण हुँदछ।
२ हारूनको शिरमा पोखिएको यो एक सुगन्धित तेल जस्तो लाग्छ। त्यो तेल उनको दाहीबाट झर्दै उनको विशेष लुगाहरूमा बहन्छ।
३ यो हर्मोन पर्वतबाट आएर सियोन पर्वतमा झरिरहेको हिऊँ जस्तो छ।
४ किन? किनभने यो सियोनमा थियो, जहाँ परमप्रभुले अनन्त जीवनको आशीर्वाद दिनुभएको थियो।

## भजन १३४

*यात्रा गीत। मन्दिर गइरहेको बेलाको गीत वा भजन।*

१ परमप्रभुको प्रशंसा गर, हे सबै दासहरू हो! जसले रातभरि मन्दिरमा सेवा गरे।
२ दासहरू हो, आफ्ना पाखुराहरू उठाऊ र परमप्रभुलाई धन्य हौ भन।
३ परमप्रभुले सियोनबाट तिमीहरूलाई आशीर्वाद दिऊन। परमप्रभुले स्वर्ग र पृथ्वी सृजनु भयो।

## भजन १३५

१ परमप्रभुको दासहरू, परमप्रभुको प्रशंसा गर! परमप्रभुको नाउँको प्रशंसा गर! उहाँको प्रशंसा गर!
२ ती मानिसहरू, जो परमप्रभुको मन्दिरमा र परमप्रभुकै मन्दिरका चोकहरूमा उभिहेका छन्, उहाँको प्रशंसा गर।
३ परमप्रभुको प्रशंसा गर, किनभने उहाँ भला हुनुहुन्छ। उहाँको नाउँको प्रशंसा गर, किनभने यो आनन्दमय छ।
४ परमप्रभुले याकूबलाई रोज्नु भयो, इस्राएल परमप्रभु कै हो।
५ म जान्दछु परमप्रभु महान् हुनुहुन्छ! हाम्रो स्वामी सबै देवताहरूभन्दा महान् हुनुहुन्छ!
६ परमप्रभुले चाहेका जेपनि आकाशमा, पृथ्वीमा, पातालमा, समुद्रमा र गहिरा सागरहरूमा गर्नुहुन्छ।
७ परमप्रभुले पृथ्वीभरि नै बादलहरू उठने बनाउनु हुन्छ। परमेश्वरले बिजुली र वर्षा पठाउनु हुन्छ। परमेश्वरले हावा ल्याउनुहुन्छ।
८ परमप्रभुले प्रथम जन्मिएका सारा पुरूषहरू अनि मिश्रमा प्रथम जन्मिएका सारा पशुहरू नाश गर्नुभयो।
९ परमप्रभुले धेरै आश्चर्यजनक र अलौकिक कार्यहरू मिश्रमा गर्नुभयो। परमप्रभुले फिरऊन र उनका अधिकारी प्रति त्यस्ता घटनाहरू गराउनु भयो।
१० परमेश्वरले धेरै ठूला-ठूला जातिहरूलाई परास्त पार्नुभयो। शक्तिशाली राजाहरूलाई पनि उहाँले मार्नुभयो।
११ परमप्रभुले अमोरीहरूका राजा सीहोनलाई परास्त पार्नु भयो। परमप्रभुले ओग् भन्ने बाशानका राजालाई परास्त पार्नु भयो। परमप्रभुले कनानका सबै जातिहरूलाई परास्त पार्नुभयो।
१२ परमेश्वरले तिनीहरूका भूमि इस्राएललाई सुम्पनु भयो। परमप्रभुले ती जग्गाहरू आफ्ना मानिसहरूलाई दिनुभयो।
१३ हे परमप्रभु, तपाईंको नाउँ सदा-सर्वदा प्रख्यात रहने छ! हे परमप्रभु, मानिसहरूले तपाईंलाई सदा-सर्वदा याद गर्नेछन्।
१४ परमप्रभुले अन्य जातिहरूलाई दण्ड दिनु भयो तर परमप्रभुले आफ्ना दासहरूलाई कृपादृष्टि राख्नु भएको थियो।
१५ अन्य मानिसहरूका देवताहरू सुन र चाँदीका मूर्तिहरू थिए। तिनीहरूका देवताहरू मानिसहरूले बनाएका मूर्तिहरू मात्र थिए।
१६ ती मूर्तिहरूका मुखहरू थिए, तर बोल्न सक्दैनथे। ती मूर्तिहरूका आँखाहरू थिए, तर देख्न सक्दैनथे।
१७ ती मूर्तिहरूका कानहरू थिए, तर सुन्न सक्दैनथे। ती मूर्तिहरूका नाकहरू थिए, तर सुघ्न सक्दैनथे।
१८ तिनीहरू जसले ती मूर्तिहरू बनाए उनीहरू पनि त्यस्तै खालको हुनेछन्। किनभने तिनीहरूले ती मूर्तिहरूमा सहायताको निम्ति भरोसा गरे।
१९ हे इस्राएलको परिवार, परमप्रभुको प्रशंसा गर! हे हारूनको परिवार, परमप्रभुको प्रशंसा गर!
२० हे लेवीको परिवार, परमप्रभुको प्रशंसा गर! हे परमप्रभुको भक्तजनहरू हो, परमप्रभुको प्रशंसा गर!
२१ सियोनबाट आएका परमप्रभु धन्य हुनुभयो, यरूशलेम र उहाँको वास-स्थानबाट परमप्रभुको प्रशंसा गर।

## भजन १३६

१ हामी परमप्रभुको प्रशंसा गरौ, किनभने उहाँ भलो हुनुहुन्छ। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
२ देवहरूका परमेश्वरलाई प्रशंसा गरौं! उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
३ परमप्रभुहरूका पनि महापरमप्रभुलाई प्रशंसा गरौ। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
४ परमेश्वरको प्रशंसा गरौं, जसले एक्लैले नै आश्चर्यकामहरू गर्नुभयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
५ परमेश्वरको प्रशंसा गरौ जसले आकाश बनाउन बुद्धि लगाउनु भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।

६ परमेश्वरले सुक्खा जमीन समुद्रमा राख्नु भयो,
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
७ परमेश्वरले ठूला-ठूला ज्योतिहरू बनाउनु भयो,
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
८ दिनमा शासन गर्न परमेश्वरले घाम बनाउनु भयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
९ परमेश्वरले रातमा शासन गर्नलाई जून र तारहरू
बनाउनु भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म
रहनेछ।
१० परमेश्वरले मिश्रमा सबै भन्दा पहिला जन्मेका
पुरूषहरू र पशुहरू मार्नु भयो। उहाँको स्नेहपूर्ण
करुणा अनन्तसम्म रहनेछ।
११ परमेश्वरले मिश्रबाट इस्राएललाई लानु भयो,
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१२ परमेश्वरले आफ्नो महान् शक्ति र बल देखाउनु
भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१३ परमेश्वरले लाल समुद्रलाई दुइ भागमा बाँड्नु
भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१४ परमेश्वरले इस्राएललाई समुद्र तार्नु भयो। उहाँको
स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१५ परमेश्वरले फिरऊन र उनका सैन्यहरू लाल
समुद्रमा डुबाई दिनु भयो। उहाँको स्नेहपूर्ण करुणा
अनन्तसम्म रहनेछ।
१६ परमेश्वरले आफ्नो मानिसहरूलाई मरुभूमि भएर
डोऱ्याउनु भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म
रहनेछ।
१७ परमेश्वरले शक्तिशाली राजाहरूलाई हराउनु भयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१८ परमेश्वरले बलवान राजाहरूलाई पनि हराउनु
भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
१९ परमेश्वरले अमोरीहरूका राजा सीहोनलाई हराउनु
भयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
२० परमेश्वरले बाशानका राजा ओगलाई हराउनु भयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
२१ परमेश्वरले तिनीहरूका जग्गा इस्राएललाई दिनुभयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
२२ परमेश्वरले त्यो जग्गा उपहारको रूपमा इस्राएललाई
दिनुभयो। उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म
रहनेछ।
२३ परमेश्वरले हामी हारेको बेलामा संभ्झनु भयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ।
२४ परमेश्वरले शत्रुहरूबाट हामीलाई बचाउनु भयो।
उहाँको स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ
२५ परमेश्वरले प्रत्येकलाई खाना दिनुभयो। उहाँको
स्नेहपूर्ण करुणा अनन्तसम्म रहनेछ
२६ स्वर्गका परमेश्वरको प्रशंसा गरौ। उहाँको स्नेहपूर्ण
करुणा अनन्तसम्म रहनेछ।

## भजन १३७

१ हामी बाबेल नदीहरूका किनारमा बसेर सियोनलाई
सम्झेर रोयौ।
२ हामीले हाम्रा वीणाहरू छेउमा भएको बैंसको
रूखहरूमा झुण्डाएर राख्यौ।
३ बाबेलमा जसले हामीलाई पक्रेर राखे उनीहरूले नै
गीत गाउनु भने। तिनीहरूले हामीलाई खुशीका
गीतहरू गाउन भने, तिनीहरूले हामीलाई सियोनको
बारेमा गीतहरू गाउन भने।
४ तर विदेशमा हामीहरू परमप्रभुका गीतहरू गाउन
सक्दैनौ।
५ हे यरूशलेम, यदि मैले तिमीलाई बिर्सेको भए,
मैले कहिल्यै फेरि दाहिने हातले वीणा बजाउनु
बिर्सिने थिएँ।
६ यरूशलेम यदि मैले तिमीलाई भुलेको भए तब म
भरोसा गर्छु फेरि कहिल्यै गाउने थिईन्। म
कसम खाँन्छु, म तिमीलाई कहिलै भुल्ने छैन।
७ म कसम खाँन्छु यरूशलेम सँधै मेरो महान्
आनन्द हुनेछ। हे परमप्रभु, एदोमीहरूले के काम
गरे, याद गर्नुहोस्। तिनीहरूले चीत्कार गरे,
"पूर्णरूपले विध्वंस पार, त्यसको जगसम्मै पूर्णरूपले
विध्वंस गर।"
८ हे बेबिलोन, तिमी नाश हुनेछौ! त्यस मानिसलाई
धन्यवाद देऊ जसले तिमीलाई दण्ड दिन्छ जुन
दण्डको निम्ति तिमी योग्य थियौ। त्यस पुरूषलाई
धन्यवाद देऊ जसले तिमीलाई कष्ट दियो जसरी
तिमीले हामीलाई कष्ट दियौ।
९ त्यस मानिसलाई धन्यवाद देऊ जसले तिमीहरूका
शिशुहरू समाते तिनीहरूलाई ढुङ्गामा थेचारे।

## भजन १३८

*दाऊदको भजन।*

१ हे परमेश्वर, म सम्पूर्ण हृदयबाट तपाईंको प्रशंसा
गर्छु। सारा देवहरूको सम्मुख म तपाईंका गीतहरू
गाउनेछु।
२ हे परमेश्वर, तपाईंको पवित्र मन्दिर तर्फ म शिर
झुकाँउछु। म तपाईंको नाउँको प्रशंसा गर्छु,
तपाईंको स्नेहपूर्ण करुणा र विश्वासको प्रशंसा
गर्छु। तपाईं आफ्नो वचनको शक्तिमा प्रख्यात
हुनुहुन्छ। अहिले, तपाईंले यसलाई अझ महान्
बनाउनुभयो!
३ हे परमेश्वर, मैले तपाईंलाई सहयोगको निम्ति
गुहारेँ। अनि तपाईंले मलाई जवाफ दिनुभयो!
मलाई तपाईंले बल दिनुभयो।
४ हे परमप्रभु, तपाईंले भन्नु भएका कुराहरू सुने
पछि पृथ्वीका जम्मै राजाहरूले तपाईंको प्रशंसा
गर्नेछन्।

५ तिनीहरूले परमप्रभुको मार्गको गुण-गान गर्ने छन्
किनभने परमप्रभुको महिमा महान् छ।
६ परमेश्वर अत्यन्तै महत्वपूर्ण हुनुहुन्छ, तर पनि
उँहाले नम्र मानिसहरूको हेरचाह गर्नुहुन्छ। परमेश्वर
ती अंहकारी मानिसहरूले के गर्दछन् भन्ने कुरा
जान्नुहुन्छ, तर उहाँ त्यस्ता मानिसहरूबाट टाढ़ा नै
रहनु हुन्छ।
७ परमेश्वर, यदि म संकटमा परे भने मलाई सप्राण
राख्नुहोला। यदि मेरो शत्रुहरू ममाथि क्रोधित
भए तिनीहरूबाट मलाई बचाउनु होस्।
८ परमप्रभु, मलाई ती कुराहरू दिनुहोस जुन तपाईंले
वचन दिनु भएको थियो। परमप्रभु, तपाईंको
स्नेहपूर्ण करुणा अनन्त रहनेछ। परमप्रभु, तपाईंले
हामीलाई रच्नु भयो, यसैले हामीलाई नत्याग्नु
होस्!

## भजन १३९

*प्रमुख संगीतकारलाई, दाऊदको एक स्तुति-गान वा भजन।*

१ हे परमप्रभु, तपाईंले मलाई जाँच्नु भयो। तपाईं
मेरो बारेमा सबै जान्नुहुन्छ।
२ म कहिले बस्छु र म कहिले उठछु तपाईं सबै
जान्नुहुन्छ। धेरै टाढ़ाबाट नै तपाईं मेरो विचारहरू
बुभ्नुहुन्छ।
३ परमप्रभु, म कहाँ गईरहेको हुन्छ, र कहिले
लम्पसार हुन्छु भन्ने सबै कुरा तपाईं जान्नुहुन्छ।
मैले गर्ने प्रत्येक कुरा तपाईं जान्नुहुन्छ।
४ परमप्रभु, म के भन्न चाहँदछु भन्ने कुरा मेरो
मुखबाट निस्कनु अघि नै तपाईं जान्नुहुन्छ।
५ परमप्रभु, तपाईं मेरो वरिपरि हुनुहुन्छ, मेरो अगाड़ि
पछाड़ि र चारैतिर। तपाईंले माया गरेर मेरो शिरमा
हात राख्नुहुन्छु।
६ तपाईं यी सबै कुरा जान्नुहुन्छ, भनेर म छक्क
परेँ, मलाई यी कुराहरू बुझ्नलाई एकदम कठिन
पर्‍यो।
७ म जता-जता जान्छु तपाईंको आत्मा त्यता-त्यतै
हुँन्छ। हे परमप्रभु, म तपाईंको सम्मुखबाट
फुत्किन सक्दिन्।
८ हे परमप्रभु, यदि म स्वर्ग तिर गए तपाईं त्यतै
हुनुहुन्छ। यदि म पाताल तर्फ भरे तपाईं त्यतै
हुनुहुन्छ।
९ परमप्रभु, जहाँ घाम उदाउँछ त्यतै पूर्वतिर गए
भने, तपाईं त्यतै तिर हुनुहुन्छ। यदि म पश्चिम
समुद्र तिर गए तपाईं त्यतै तिर हुनुहुन्छ।
१० त्यहाँ पनि तपाईंको दाहिने हातले मलाई पक्रन्छ
अनि मलाई त्यही हातले डोर्‍याउनु हुन्छ।
११ हे परमप्रभु, मैले तपाईं देखि लुक्ने कोशिश गरे
र भन्छु, "दिन रातमा परिवर्तन भएको छ।
निश्चय रातले मलाई लुकाउनेछ।"
१२ तर अन्धकार पनि तपाईंको निम्ति अन्धकार
हुँदैन्। परमप्रभु, तपाईंको निम्ति रात दिन झैं
उज्जवल छ।
१३ हे परमप्रभु, तपाईंले मेरो सम्पूर्ण शरीर बनाउनु
भयो। म आमाको गर्भमा हुँदा मेरो विषयमा सबै
कुराहरू जान्नुहुन्छ।
१४ हे परमप्रभु, म तपाईंको प्रशंसा गर्छु। तपाईंले
मलाई आश्चर्यपूर्वक र अपूर्व प्रकारले बनाउनु
भयो। म खुब जान्दछु कि जे तपाईंले गर्नुभयो,
आश्चयपूर्ण छ।
१५ तपाईं मेरो बारेमा सारा कुराहरू जान्नुहुन्छ। जब
मेरो शरीरले आफ्नो रूप लिँदै बढ़दै गयो तपाईंले
मेरो हड्डीहरू नियाल्नु भयो जुन मेरो आमाको
गर्भमा लुकेको थियो।
१६ तपाईंले मेरो अंग-प्रत्यंग बढ़दै गरेको नियाल्नु
भयो, तपाईंले आफ्नो पुस्तकमा ती कुराहरू
लेख्नु भयो। तपाईंले प्रत्येक दिन मलाई नियाल्नु
भयो। कुनै दिन पनि त्यसै खाली गएन।
१७ तपाईंका विचारहरू मेरो निम्ति महत्वपूर्ण छन्। हे
परमेश्वर, तपाईं यति विध्न जान्नुहुन्छ!
१८ यदि मैले ती सबै गन्न सक्दो हुँ ता तिनीहरू
बालुवाका कणहरू भन्दा धेरै हुने थिए होला।
अनि मैले जब गनी सकेपछि पनि, तपाईंसँगै नै
हुनेछु।
१९ हे परमेश्वर, दुष्ट मानिसहरूलाई मार्नु होस्।
त्यस्ता हत्याराहरू मदेखि टाढ़ै राखी दिनुहोस्।
२० ती दुष्टहरूले तपाईंको बारेमा नराम्रा कुराहरू गरे
तिनीहरूले तपाईंको नाउँको पनि बदनाम गरे।
२१ हे परमप्रभु, म ती मानिसहरूलाई घृणा गर्दछु
ज-जसले तपाईंलाई घृणा गर्दछन्। म ती
मानिसहरूलाई घृणा गर्दछु जो तपाईंको विरुद्धमा
उठ्दछन्।
२२ म तिनीहरूलाई पूर्ण रूपले घृणा गर्छु! तपाईंका
शत्रुहरू मेरो पनि शत्रुहरू हुन्।
२३ हे परमप्रभु, मेरो हृदयमा हेर्नुहोस अनि मेरो
मनलाई जान्नुहुन्छ। मलाई जाँच्नुहोस र मेरो
विचारहरू जान्नुहुन्छ।
२४ मसँग त्यस्तो कुनै पापपूर्ण विचारहरू छ भने हेर्नु
होस, अनि त्यस्तो बाटोमा डोराई लैजानु होस जुन
अनन्त रहनेछ।

## भजन १४०

*प्रमुख संगीतकारलाई। दाऊदको भजन।*

१ हे परमप्रभु, मलाई दुष्ट मानिसबाट बचाउनु होस
क्रुर मानिसहरूबाट मेरो रक्षा गर्नुहोस्।

२ तिनीहरू पापपूर्ण कामहरू गर्नलाई योजना बनाउँछन्। तिनीहरू युद्ध गर्नलाई सँधै नै तयार हुन्छन्।
३ तिनीहरूका जिब्राहरू विषालु सर्पहरूका जस्तै छन्। त्यो सर्पको विष तिनीहरूको जिब्रो मुनि रहे जस्तै हो।
४ हे परमप्रभु, मलाई दुष्ट मानिसहरूबाट जोगाई दिनुहोस, क्रूर मानिसहरूबाट मेरो रक्षा गरिदिनु होस, तिनीहरू मेरो पछि लागेर खोज्दछन् र कष्ट दिने प्रयास गर्दछन्।
५ ती अंहकारीहरूले मेरो निम्ति पासो थापे। तिनीहरूले मलाई पक्रन भनी जाल फिँजाए। तिनीहरूले मेरो बाटोमा पासो थापे।
६ हे परमप्रभु, तपाईं मेरो परमेश्वर हुनुहुन्छ। हे परमप्रभु, मेरो प्रार्थना सुनी दिनुहोस्।
७ हे परमप्रभु, तपाईं मेरो बलवान स्वामी हुनुहुन्छ। तपाईं मेरो मुक्तिदाता हुनुहुन्छ। तपाईं मेरो शिरस्त्राण सरह हुनुहुन्छ जसद्वार युद्धमा मेरो शिर सुरक्षित पारिन्छ।
८ हे परमप्रभु, ती मानिसहरू दुष्ट छन्। तिनीहरूले चाहेका कुराहरू नपाऊन्। तिमीहरूका योजनाहरू सफल नहोस्।
९ परमप्रभु, कुनै पनि शत्रुहरूलाई जित्न नदिनुहोस्। ती मानिसहरूले दुष्ट योजना बनाँउछन्। तर ती दुष्ट कार्यहरू उनीहरूमाथि नै परून्।
१० जल्दै गरेको कोईलाहरू उनीहरूकै शिरमा बर्षोस्, मेरो शत्रुहरूलाई आगोमा पर्यांकियोस तिनीहरूलाई चिहानमा फ्याँकिदिनु होस ताकि उनीहरू चढ़ेर आउनु कहिल्यै नसकोस्।
११ परमप्रभु, ती झूटाहरूलाई बस्न वा बाँच्न नदिनुहोस्। नराम्रा कुराहरू ती नराम्रा मानिसहरूमा नै घटोस्।
१२ म जान्दछु कि परमप्रभुले दीन-दु:खी मानिसहरूलाई निष्पक्ष रूपले न्याय गर्नुहुनेछ परमेश्वरले असहाय मानिसहरूलाई साथ दिनुहुनेछ।
१३ धर्मी मानिसहरूले, तपाईंको नाउँको गुण-गान गर्नेछन् परमप्रभु। सोझा मानिसहरूले तपाईंलाई पूज्ने छन्।

## भजन १४१

*दाऊदको स्तुति-गान।*

१ हे परमप्रभु, मैले तपाईंलाई गुहार मागेर प्रार्थना गरिरहेको बेला मलाई सुनिदिनु होस्। चाँड़ो आएर मलाई साथ दिनुहोस्।
२ परमप्रभु, मेरो प्रार्थना स्वीकार गर्नुहोस्, यो जलिरहेको धूपको उपहार जस्तो होस यो साँझको बेलाको बलिदान जस्तो होस्।
३ हे परमप्रभु, मैले भनेका कुराहरूमा अधीन गर्न मलाई सहायता दिनुहोस्। म के भन्छु त्यस विषयमा होशियार हुन सहायता गर्नुहोस्।
४ मलाई नराम्रो कुरा गर्ने चाहना तर्फ न फर्काउनु होस, जब दुष्ट मानिसहरूले अनुचित काम गर्छन् मलाई दुष्ट तिनीहरूसित सामिल हुन देखि जोगाउनु होस्। मलाई ती कुराहरूमा सहभागी हुन देखि जोगाउनु होस, जुन कुरामा ती दुष्ट मानिसहरूले आनन्द लिइरहेका हुन्छन्।
५ म त्यसलाई दया सम्झने थिए, यदि एकजना धर्मी मानिसले मलाई पिटोस्। तपाईंका भक्तजनहरूले मलाई चेताउनी दिऊन। तिनीहरूलाई त्यसो गर्न असल हुन्थ्यो। म ती कुराहरू स्वीकार गरौंला। तर म सँधै ती दुष्ट मानिसहरूको विरोधमानै प्रार्थना गर्नेछु।
६ तिनीहरूका अधिकारीहरूलाई दण्ड होस तब मैले सत्य बोलेको उनीहरूले बुझ्नेछन्।
७ मानिसहरूले खन्दै र जोत्दै जमीन वरिपरि मैला थुपारे वा फिँजाए। यस्तै प्रकारले, हाम्रा हड्डीहरू तिनीहरूका चिहानमा वरिपरि फिँजिएर गए।
८ हे परमप्रभु मेरो स्वामी, मैले तपाईंको सहायता खोजें म तपाईंमा भरोसा गर्छु मलाई मर्न नदिनु होस्।
९ दुष्ट मानिसहरूले मेरो लागि पासो थापे। मलाई ती पासोहरूमा फस्न नदिनुहोस्। मलाई पासोमा पर्न नदिनुहोस्।
१० ती दुष्ट मानिसहरू आफ्नै पासोमा आफै फँसोस ताकि म चाँहि त्यहाँबाट उम्कनसकूँ।

## भजन १४२

*यो उनी ओडारमा हुँदा खेरीको भजन।*

*दाऊदको मस्किल भन्ने भजन-प्रार्थना।*

१ म परमप्रभुलाई तपाईंको सहयोगको लागि पुकार्दछु। म परमप्रभुलाई पुकार्दछु।
२ म आफ्ना समस्याहरू परमप्रभुलाई भन्नेछु! म आफ्ना संकटहरू परमप्रभुलाई भन्नेछु।
३ मेरो शत्रुहरूले मेरो लागि पासोहरू थापे। म त्याग्न तयार छु। तर परमप्रभुले मप्रति के हुन भन्ने कुरा जान्नुहुन्छ।
४ मैले वरिपरि हेरे, अनि म मेरो कुनै पनि साथीहरूलाई हेर्दै हेर्दिन। मेरो भाग्ने ठाउँ कतै छैन। कसैले पनि मलाई बचाउने प्रयास गर्दैन।
५ यसैले म परमप्रभुको साथ पाउनलाई रोइ-कराई गर्दछु। हे परमप्रभु, तपाईं मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ। परमप्रभु, तपाईं मलाई अनवरत बाँच्न दिनुहोस्।
६ परमप्रभु, मेरो प्रार्थना सुनिदिनु होस, मलाई तपाईंको अति खाँचो छ। मलाई खेद्ने ती

मानिसहरूबाट बचाउनुहोस्, तिनीहरू मभन्दा पनि
बलिया छन्।
७ मलाई यस फन्दाबाट छुटकारा पाउनलाई सहायता
दिनुहोस ताकि म तपाईंको नाउँको प्रशंसा गर्न
सकूँ अनि धर्मी मानिसहरू मसँग मिलेर उत्सव
मनाउने छन्। किनभने तपाईंले मलाई हेरचाह
गर्नुहुन्छ।

## भजन १४३

*दाऊदको एउटा भजन।*

१ हे परमप्रभु, मेरो प्रार्थना सुनीदिनुहोस्। मेरो प्रार्थनामा
ध्यान दिनु होस र त्यसपछि मेरो प्रार्थनाको जवाफ
दिनुहोस्। तपाईं सत्यता र विश्वासयोग्यताको मलाई
दर्शाउनुहोस्।
२ मलाई कुनै मामिला नलगाउनु होस्। म आफै
आफ्नो प्रतिक्षा गर्न सक्ने थिइन। तपाईंको तुलनामा
कसैलाई पनि निर्दोष पाउन सकिदैन।
३ तर मेरो शत्रुहरूले मलाई खेदो गरिरहेछन्। तिनीहरूले
मेरो जीवन मैला-फोहोरझैं अभिशप्त पारे। धेरै
बर्ष अगाडि मरेको मानिस सरह तिनीहरूले मलाई
अन्धकार चिहान तिर धकेले।
४ म छोड्न् तयार छु म आफ्ना आँट हराई रहेछु।
५ तर म ती घटनाहरू संभन्छु जुन धेरै बर्ष अगाडि
घटेको थियो। म तपाईंले गर्नु भएको धेरै
कुराहरू बारे सोचिरहेछु। म तपाईंले गर्नु भएका
ती कुराहरूका बारेमा भनिरहेछु जुन तपाईंले
आफ्नो महान् शक्तिद्वारा गर्नुभयो!
६ परमप्रभु, म मेरो पाखुराहरू उठाएर तपाईंलाई
प्रार्थना गर्दछु। बाँझो धरतीले वर्षा पर्खे जस्तै म
तपाईंको साथ पर्खिरहेछु,।
७ परमप्रभु चाँडो गरेर मलाई जवाफ दिनुहोस्! मैले
आफ्नो आँट हराएँ। मदेखि टाढ़ा नभाग्नु होस्।
मलाई मर्नबाट जोगाउनु होस र ती मरेर चिहानमा
सुतिरहेको मध्ये एउटा हुन नदिनु होस्।
८ परमप्रभु, आज बिहान तपाईं आफ्नो स्नेहपूर्ण
करुणा मलाई देखाउनु होस्। म तपाईंलाई भरोसा
गर्दछु मैले गर्नुपर्ने कुराहरू मलाई देखाउनु होस
तपाईंको हातमा मैले आफ्नो जीवन अर्पण गरे!
९ हे परमप्रभु, म तपाईंकहाँ सुरक्षाको निम्ति आएको
थिएँ। मलाई मेरो शत्रुहरूबाट बचाउनु होस्।
१० तपाईंले मलाई के गर्न चाहनुहुन्छ देखाउनु होस्।
तपाईं मेरो परमेश्वर हुनुहुन्छ। तपाईंको शुद्ध
आत्माले मलाई सही मार्ग निर्देश गरोस्।
११ हे परमप्रभु, मलाई बाँच्न दिनुहोस, यसकारण
मानिसहरूले तपाईंको नाउँको प्रशंसा गर्नेछन्।
तपाईं वास्तवमा धर्मी हुनुहुन्छ भनेर दर्शाउनु होस
अनि मेरो शत्रुहरूबाट मलाई बचाउनु होस्।
१२ हे परमप्रभु, तपाईंको प्रेम देखाउनुहोस, अनि मेरो
शत्रुहरूलाई परास्त पार्नुहोस जसले मलाई मार्ने
प्रयास गरिरहेका छन। किन? किनभने म तपाईंको
दास हुँ।

## भजन १४४

*दाऊदको भजन।*

१ परमप्रभु मेरो चट्टान हुनुहुन्छ, परमप्रभुको प्रशंसा
गर। परमप्रभुले मलाई युद्धको लागि प्रशिक्षण
दिनु हुन्छ। उहाँले मलाई युद्ध भूमिको निम्ति
तयार पार्नुभयो।
२ परमप्रभुले मलाई प्रेम गर्नुहुन्छ र मेरो रक्षा
गर्नुहुन्छ। परमप्रभु नै त्यो उच्च पर्वतमा मेरो
सुरक्षाको जग्गा हुनुहुन्छ। परमप्रभुले मलाई मुक्ति
दिनुहुन्छ। परमप्रभु मेरो ढाल हुनुहुन्छ। म उहाँमा
भरोसा राख्तछु परमप्रभुले मलाई आफ्ना
मानिसहरूमाथि राज गर्न सघाउनु हुन्छ।
३ हे परमप्रभु, मानिसहरू तपाईंको लागि किन
मुख्यछन्? किन तपाईं मानव जातिलाई नियाल्नुहुन्छ?
४ मानिसको जीवन मात्र हावाको झोंका हो। मानिसको
जीवन अस्थायी छाया जस्तो मात्र हो।
५ हे परमप्रभु, आकाश च्यातेर तपाईं तलतिर झर्नुहोस
पर्वतहरूमा हुनुहोस र धूवाँ त्यहाँबाट उठने छ।
६ परमप्रभु, चट्याङ्ग पठाउनु होस र मेरो शत्रुहरूलाई
धपाई भगाउनु होस्। तपाईंका "काँड़हरू" चलाउनु
होस र तिनीहरूलाई खेद्नुहोस्।
७ परमप्रभु, आकाशबाट तल झरेर मलाई बचाउनु
होस्! मलाई शत्रुहरूका समुद्रमा डुब्नबाट बचाउनु
होस्। मलाई ती परदेशीहरूबाट बचाउनु होस्।
८ ती शत्रुहरू झूटाहरू हुन्। तिनीहरूले जे कुरा
गर्छन तिनीहरू सत्य छैनन्।
९ हे परमप्रभु, तपाईंले गर्नु भएका आश्चर्यजनक
कुराहरूका बारेमा। म एक नयाँ गीत गाउने छु
म तपाईंको स्तुति-गान गर्नेछु अनि दशतारे वीणा
बजाउने छु।
१० परमप्रभुनै राजाहरूलाई युद्ध जित्नलाई सघाउनु
भयो। परमप्रभुले आफ्ना दास दाऊदलाई शत्रुहरूका
तरवारहरूबाट बचाउनु भयो।
११ मलाई ती विदेशीहरूबाट बचाउनु होस्। ती
शत्रुहरू झुटा छन्। तिनीहरूले भनेका कुराहरू
असत्य छन्।
१२ हाम्रा जवान छोराहरू बलिया रूखहरू जस्ता
छन्। हाम्रा छोरीहरू राजाको दरबारमा सजिएको
सजावट जस्ता छन्।
१३ हाम्रो भण्डारहरू नाना प्रकारका अन्नहरूले भरिएका
छन्। त्यहाँ हाम्रो खेतहरूमा हजारौं-हजारौं भेंड़ाहरू
छन्।

१४ हाम्रा सैन्यहरू सुरक्षित छन्। कुनै शत्रुले पनि भत्काउने चेष्टा गरिरहेको छैन्। हामी युद्ध गर्न गइरहेका छैनौ। युद्धमा शिकार भएकाहरू हाम्रो गल्लीमा चिच्याई रहेका छैनन्।
१५ समयमा यसरी नै मानिसहरू खुशी छन्। मानिसहरू खुशी हुन्छन् यदि परमप्रभु नै उनीहरूको परमप्रभु परमेश्वर हुनहुन्छ भने।

## भजन १४५

*दाऊदको स्तुतिको भजन।*

१ म मेरो परमेश्वरको प्रशंसा गर्छु र मेरो राजाको प्रशंसा गर्दछु। म तपाईंको नाउँलाई सदा-सर्वदा धन्य मान्नेछु।
२ म प्रत्येक दिन तपाईंको प्रशंसा गर्छु। म तपाईंको नाउँलाई सदा-सर्वदा प्रशंसा गर्नेछु।
३ परमप्रभु महान् हुनुहुन्छ मानिसहरू उहाँको अत्यन्त गुणगान गर्दछन् उहाँले गर्नु वा रच्नुभएको महान् चीजहरू हामी गन्न पनि सक्तैनौ।
४ परमप्रभु, तपाईंले गर्नु वा रच्नुभएको कार्यहरूका निम्ति मानिसहरूले सर्वदा र अनन्तरूपमा प्रशंसा गर्नेछन्।
५ तपाईंको शाही र महिमा अश्चर्यजनक छन् म तपाईंको आश्चर्यकामहरूको बारेमा भन्ने छु
६ हे परमप्रभु, मानिसहरूले तपाईंका आश्चर्यजनक कार्यहरूको बारेमा भन्नेछन्। म तपाईंले गर्नु भएको महान् कार्यहरूको बारेमा भन्नेछु।
७ मानिसहरूले तपाईंले गर्नुभएका राम्रा कुराहरूको प्रशंसा गर्दछन्। मानिसहरूले तपाईंकै धार्मिकताको गीत गाउने छन्।
८ परमप्रभु अनुग्रही र दयाले भरिपूर्ण हुनुहुन्छ। परमप्रभु धीरजी र मायालु हुनुहुन्छ।
९ परमप्रभु प्रत्येक मानिसको लागि असल हुनुहुन्छ। परमेश्वरले बनाउनु भएको प्रत्येक कुरामाथि आफ्नो दया देखाउनु हुन्छ।
१० परमप्रभु, जुन कुराहरू तपाईंले गर्नुभयो त्यसले तपाईंको प्रशंसा ल्याउँदछ। तपाईंका भक्तजनहरूले तपाईंको गुण गाउँछन्।
११ तिनीहरूले भन्छन्, तपाईंको राज्य कति महान् छ। तिनीहरूले भन्छन् तपाईं कति महान् हुनुहुन्छ।
१२ परमप्रभु। यसकारण अन्य मानिसहरूले तपाईंले गर्नु भएका महान् कार्यहरूका विषयमा सिक्नेछन्। मानिसहरूले तपाईंको राज्य कति महान् र आश्चर्यपूर्ण छ भनेर सिक्दछन्।
१३ परमप्रभु, तपाईंको राज्य सदा-सर्वदा रहनेछ। तपाईंको प्रभुत्व सदा-सर्वदा रहिरहनेछ।
१४ पतन भएका मानिसहरूलाई परमप्रभुले उठाउनु हुन्छ। परमप्रभु जो संकटहरूमा पर्दछन् उनीहरूलाई सघाउनु हुन्छ।
१५ परमप्रभु, सम्पूर्ण जीवित प्राणीहरूले आफ्नो भोजनको लागि तपाईंलाई नै खोज्दछन् अनि तपाईंले तिनीहरूलाई ठीक समयमा नै आहार दिनुहुन्छ।
१६ परमप्रभु, तपाईं आफ्ना हातहरू खुल्ला पार्नुहोस अनि तपाईंले प्रत्येक जीवित प्राणीहरूलाई उनीहरूको आवश्यक अनुसार सबै थोकहरू दिनुभयो।
१७ प्रत्येक कुरा परमप्रभुले गर्नुभएको धार्मिक अनि उचित छ। प्रत्येक कुराहरूबाट उहाँ कति भलो हुनुहुन्छ भन्ने दर्शन्छ।
१८ जसले परमप्रभुको साथ माग्छ उहाँ ती प्रत्येकको नजीक हुनुहुन्छ। जसले परमप्रभुलाई साँच्चो मनले पूज्दछ उहाँ ती प्रत्येकको नजीक हुनुहुन्छ।
१९ परमप्रभुले त्यही गर्नुहुन्छ जो भक्तजनहरूले चाहन्छन्। परमप्रभुले उहाँका भक्तजनहरूले सहायताको निम्ति गरेको पुकार सुन्नु हुन्छ, ध्यान दिनुहुन्छ। उहाँले उनीहरूको प्रार्थनालाई जवाफ दिनुहुन्छ र तिनीहरूलाई बचाउनुहुनेछ।
२० जसले उहाँलाई प्रेम गर्दछ परमप्रभुले तिनीहरूकै रक्षा गर्नुहुन्छ तर परमप्रभुले दुष्ट मानिसहरूलाई नष्ट गर्नुहुन्छ।
२१ म परमप्रभुको प्रशंसा गर्नेछु! म प्रत्येकले सदा-सर्वदा र अनन्त उहाँको प्रशंसा गरेको चाहन्छु!

## भजन १४६

१ परमप्रभुको प्रशंसा गरौ! मेरो प्राण, परमप्रभुको प्रशंसा गर!
२ जीवनभरि नै म परमप्रभुको गुणगान गर्नेछु जीवनभरि नै म उहाँ प्रति प्रशंसाको गीत गाउने छु।
३ साथ पाउनलाई तिनीहरूको अगुवामाथि आश्रित नबन मानिसहरूलाई भरोसा नगर। किन? किनभने मानिसहरूले तिमीलाई बचाउन सक्दैनन्।
४ मानिसहरू मर्दछन् र गाडिन्छन्! अनि तब, तिनीहरूका सबै योजनाहरू र सहयोगहरू जान्छन्।
५ तर मानिसहरूले जसले परमप्रभुको साथ माग्दछन् तिनीहरू सुखी छन्। ती मानिसहरू आफ्ना परमप्रभु परमेश्वरमा आश्रित छन्।
६ परमप्रभुले स्वर्ग अनि पृथ्वी बनाउनु भयो। परमप्रभुले समुद्र र त्यहाँ भएका प्रत्येक कुरा रच्नु भयो। परमप्रभुले तिनीहरूलाई सँधै रक्षा गर्नुहुन्छ।
७ दबिएका मानिसहरूको निम्ति परमेश्वर न्याय गराउनु हुन्छ। परमप्रभुले भोकाहरूलाई भोजन दिनु भयो। कैदमा थुनिएकाहरूलाई स्वतन्त्र पार्नुभयो।
८ परमप्रभुले अन्धाहरूलाई फेरि देख्ने शक्ति दिनुभयो। परमप्रभुले ती मानिसहरूलाई साथ दिनुहुन्छ जो

संकटमा परेका छन्। परमप्रभुले धर्मी मानिसहरूलाई प्रेम गर्नुहुन्छ।
९ परमप्रभुले परदेशीहरूलाई हाम्रो देशमा रक्षा गर्नुहुन्छ। परमप्रभुले विधवहरू र टुहुरा-टुहुरीहरूका हेरचाह गर्नुहुन्छ तर परमप्रभुले दुष्ट मानिसहरूलाई नाश गर्नुहुन्छ।
१० परमप्रभुले सधैंको निम्ति राज्य गर्नुहुनेछ! हे सियोन, तेरा परमेश्वरले सदा-सर्वदा राज्य गर्नुहुनेछ! परमप्रभुको प्रशंसा गरौ।

## भजन १४७

१ परमप्रभुको प्रशंसा गर किनभने उहाँ असल हुनुहुन्छ। परमप्रभुप्रति स्तुतिगान गर! उहाँको गुण-गान गर्नु आनन्दमय र असल हो।
२ परमप्रभुले यरूशलेम बनाउनु भयो। परमेश्वरले इस्राएलवासीहरूलाई फेरि फर्काई ल्याउनु भयो, जसलाई कैदी बनाएर थुनिएको थियो।
३ परमेश्वरले तिनीहरूको भाँचेको हृदय निको पारिदिनु हुन्छ। तिनीहरूका घाउहरूमा मलमपट्टी बाँधिदिनुहुन्छ।
४ परमेश्वरले ताराहरू गन्नुहुन्छ र ती प्रत्येकको नाउँ जान्नुहुन्छ।
५ हाम्रो स्वामी महान् हुनुहुन्छ। उहाँ अत्यन्त पराक्रमी हुनुहुन्छ। उहाँको ज्ञान अपार छ।
६ परमप्रभु विनम्र मानिसहरूलाई सघाउनु हुन्छ तर दुष्ट मानिसहरूलाई सताउनु हुन्छ।
७ परमप्रभुलाई धन्यवाद छ। हाम्रो परमप्रभुलाई वीणा बजाएर प्रशंसा गरौ।
८ परमेश्वरले आकाश बादलहरूले भरिदिनु हुन्छ। परमेश्वरले पृथ्वीमा वर्षा पठाउनु हुन्छ परमेश्वरले पर्वतहरूमा हरियो घाँसहरू उमार्नु हुन्छ।
९ परमेश्वरले पशुहरूलाई खाना दिनुहुन्छ। परमेश्वरले चराहरूलाई खुवाउनु हुन्छ।
१० युद्धका घोड़ाहरूले र शक्तिशाली सैन्यहरूले उहाँलाई खुशी पार्दैन।
११ परमप्रभु ती मानिसहरू सित आनन्दित हुनुहुन्छ जसले उहाँलाई पूज्दछन्। परमप्रभु ती मानिसहरूसँग खुशी हुनुहुन्छ जसले उहाँको प्रेममा भरोसा राख्दछ।
१२ यरूशलेम, परमप्रभुको प्रशंसा गर! हे सियोन आफ्ना परमप्रभुको प्रशंसा गर!
१३ यरूशलेम, परमेश्वरले तिम्रा प्रवेशद्वारहरू बलियो बनाइदिनु भयो। अनि परमेश्वरले तिम्रो शहरका मानिसहरूलाई आशीर्वाद दिनुभयो।
१४ परमेश्वरले तिमीहरूलाई आफ्नो देशमा ल्याईदिनु भयो। यसैले शत्रुहरूले तपाईंका अन्नहरू युद्धमा लगेनन्। अनि तिमीहरूसँग प्रशस्त खाद्य-पदार्थहरू छन्।
१५ परमेश्वरले पृथ्वीलाई आदेश दिनुभयो, यसले तुरन्तै पालन गर्‍यो।
१६ जबसम्म धरती ऊन जस्तो सेतो हुँदैन परमेश्वरले हिमबर्षा गराउनु हुन्छ। परमेश्वरले हावाबाट धूलोको कण खसे झैं हिमपात बर्षाउनुहुन्छ।
१७ परमेश्वरले आकाशबाट चट्टानहरू बर्षाउनुलाई असिना बनाउनु भयो। उहाँले पठाएको चिसो कसैले पनि थाम्न सक्तैन।
१८ त्यसपछि, परमेश्वरले अर्को आज्ञा गर्नुभयो, अनि फेरि तातो बतास बहन थाल्यो हिँउ पग्लियो अनि पानी बग्न थाल्यो।
१९ परमेश्वरले आज्ञाहरू याकूबलाई दिनुभयो, परमेश्वरले आफ्ना नियमहरू र कानूनहरू इस्राएललाई दिनुभयो।
२० परमेश्वरले यस्ता कामहरू कुनै जातिको लागि गर्नु भएन। परमेश्वरले अन्य जातिहरूलाई आफ्नो नियमहरू सिकाउनु भएन। परमप्रभुको प्रशंसा गर!

## भजन १४८

१ परमप्रभुको प्रशंसा गर! माथि स्वर्गमा भएका स्वर्गदूतहरू हो। परमप्रभुको प्रशंसा गर।
२ हे सारा स्वर्गदूतहरू हो, परमप्रभुको प्रशंसा गर! उहाँ र उहाँका सारा सैन्यहरूका प्रशंसा गर!
३ सूर्य र चन्द्र, परमप्रभुको प्रशंसा गर। आकाशमा भएका ताराहरू र ज्योतिहरू, उहाँको प्रशंसा गर।
४ हे आकाशका आकाश, परमप्रभुको प्रशंसा गर! आकाशमाथि भएका पानी हो! परमप्रभुको प्रशंसा गर!
५ परमप्रभुको प्रशंसा गर। किन? किनभने परमेश्वरले आज्ञा दिनुभयो अनि सबैको सृजना भयो।
६ परमेश्वरले यी सब कुराहरू सदा-सर्वदा रहोस भनी रच्नुभयो। परमेश्वरले सारा नियमहरू बनाउनुभयो जुन कहिल्यै अन्त हुने छैनन।
७ हे पृथ्वीमा भएका सारा कुराहरूले, परमप्रभुको प्रशंसा गर! समुद्रमा भएका सारा ठूल-ठूला प्राणीहरू हो! परमप्रभुको प्रशंसा गर।
८ परमेश्वरले आगो र हिउँ, असिना, धुँवा, आँधी, बतास रच्नुभयो।
९ परमेश्वरले पर्वतहरू र डाँडा-काँडाहरू रचना गर्नुभयो, फलका रूखहरू र देवदारुको रूखहरू रच्नुभयो।
१० परमेश्वरले सारा जङ्गली पशुहरू, विशाल पशुहरू, सानो सानो घस्रने जन्तुहरू साथै चरा-चरूङ्गीहरू रच्नु भयो।

११ परमेश्वरले राजा र राष्ट्रहरू दुवै पृथ्वीमा बनाउनु भयो। परमेश्वरले अगुवाहरू र न्यायाकर्त्ताहरू बनाउनु भयो।
१२ परमेश्वरले तरूण पुरूष र नारीहरू रच्नु भयो। परमेश्वरले बृद्ध र युवा मानिसहरू रच्नुभयो।
१३ परमप्रभुको नाउँको प्रशंसा गर! सदा-सर्वदा उहाँको नाउँको सम्मान गर। स्वर्ग र पृथ्वीमा भएको प्रत्येक चीजले उहाँको प्रशंसा गर!
१४ परमेश्वरले आफ्ना मानिसहरूलाई बलियो बनाउनु हुनेछ। मानिसहरूले परमेश्वरका चेलाहरूको प्रशंसा गर्नेछन्। मानिसहरूले इस्राएललाई प्रशंसा गर्नेछन्। तिनीहरूकै लागि परमेश्वरले लड्नु भयो। परमप्रभुको प्रशंसा गरौं!

## भजन १४९

१ परमप्रभुको प्रशंसा गर। परमप्रभुले रच्नु भएको नयाँ कुराहरूको बारेमा नयाँ गीत गाऊ! महासभामा उहाँको प्रशंसा गर जहाँ उहाँका चेलाहरू आपसमा भेला हुँदछन्।
२ इस्राएलका मानिसहरूले आफ्नो सृष्टिकर्त्तामा आनन्द होऊन। सियोनका मानिसहरू आफ्ना राजा सहित प्रफुल्लित होऊन्।
३ ती मानिसहरूले नाच्दै खैंजडी र वीणाहरू बजाँउदै परमप्रभु परमेश्वरको प्रशंसा गरून।
४ परमप्रभु उहाँका मानिसहरूसँग खुशी हुनुहुन्छ। परमेश्वरले आफ्ना नम्रहरूको लागि आश्चर्यजनक कामहरू गर्नुभयो। उहाँले तिनीहरूलाई बचाउनु भयो!
५ हे परमेश्वरका चेलाहरू, आफ्नो विजयमा प्रफुल्लित हौं! सुत्न गइसके पश्चात् पनि सुखी हौं।
६ मानिसहरूले चिच्याउँदै, कराउँदै परमप्रभुको प्रशंसा गरून अनि आफ्ना तरवारहरू हातमा लिऊन।
७ आफ्ना शत्रुहरूलाई सजाई दिन तिनीहरूलाई जान देऊ। ती मानिसहरूलाई दण्ड दिन, तिनीहरूलाई जान देऊ।
८ परमेश्वरका मानिसहरूले ती राजा र प्रमुख मानिसहरूलाई साङ्लाले बाँध्नेछन्।
९ परमेश्वरका मानिसहरूले तिनीहरूलाई दण्ड दिनेछन् परमेश्वरले गर्नु भएको आज्ञा जस्तै परमेश्वरका सारा भक्तजनहरूले उहाँलाई सम्मान गर। परमप्रभुको प्रशंसा गर!

## भजन १५०

१ परमप्रभुको प्रशंसा गर! परमप्रभुलाई उहाँको मन्दिरमा प्रशंसा गर! उहाँको शक्तिको स्वर्गमा प्रशंसा गर!
२ परमप्रभुले गर्नु भएको महान् कार्यहरूका निम्ति उहाँको प्रशंसा गर। उहाँको सारा महानता अनुसार, उहाँको प्रशंसा गर!
३ नरसिंहा र तुरही फुकेर परमेश्वरको प्रशंसा गर! वीणाहरू बजाएर उहाँको प्रशंसा गर।
४ खैंजड़ीहरू बजाउँदै नाच्दै परमेश्वरको प्रशंसा गर। तारहरूले बनिएको वादनद्वारा उहाँको प्रशंसा गर। बाँसुरीहरू बजाएर गर!
५ झ्यालीहरू जोड़-जोड़ले बजाएर परमेश्वरको प्रशंसा गर! झ्यालीहरूको गर्जनपूर्ण आवाजले उहाँको प्रशंसा गर!
६ प्रत्येक जीवित प्राणीले उहाँको प्रशंसा गर। परमप्रभुको प्रशंसा गर!

# अय्यूबको पुस्तक

### असल मानिस अय्यूब

**१** अय्यूब नाउँ भएको एकजना मानिस ऊज मुलुकका
वासिन्दा थिए। अय्यूब एकजना असल र ईमान्दारी
मानिस थिए। अय्यूबले परमेश्वरलाई आदर गर्थे र
तिनी खराब कर्महरूबाट पर सर्थे। २अय्यूबका सात
भाई छोराहरू र तीन बहिनी छोरीहरू थिए। ३अय्यूबको
आफ्नै ७,००० भेड़ाहरू, ३,००० ऊँटहरू, १,०००
साँढ़ेहरू र ५०० गधाहरू थिए। उनको धेरै नोकर
चाकरहरू थिए। अय्यूब पूर्वतिरका एक धनी मानिस
थिए।

४अय्यूबका छोराहरूले पालैपालो गरेर आफ्ना घरहरूमा
प्रीतिभोजहरू दिने गर्थे, अनि तिनीहरूले आफ्ना
बहिनीहरूलाई निमंत्रणा गर्थे। ५तिनीहरूको भोजपछि
अय्यूबले तिनीहरूलाई बोलाउन पठाउँथे र परमप्रभु
प्रति समर्पित गराउँथे। उसले यो काम बिहान चाढ़ै
उठेर र प्रत्येक नानीहरूका लागि एउटा बलि चढ़ाएर
गर्थे। अय्यूबले यस्ते गरे किनभने उनी आफैले सोच्थे,
"हुन सक्छ असावधानीको कारण मेरो छोरा र छोरीहरूले
गुप्त तरिकारले केही गल्ती गरेर परमेश्वरलाई सरापे।"*
अय्यूबले यी सबै सधैं गर्ने गर्थे।

६एक दिन स्वर्गदूतहरूका निम्ति परमप्रभुसँग भेट्ने
दिन आयो। त्यहाँ ती स्वर्गदूतहरूसँग शैतान पनि थियो।
७परमप्रभुले शैतानलाई* भन्नुभयो, "अहिलेसम्म तँ
कहाँ थिइस?"

शैतानले परमप्रभुलाई जवाफ दियो, "म पृथ्वीकै
वरिपरि घुमिरहेको थिँए।"

८तब परमप्रभुले शैतानलाई भन्नुभयो, "तैंले मेरो
दास अय्यूबलाई देखिस्? यस पृथ्वीमा उ जस्तो कुनै
मानिस छैन। अय्यूब एक असल र इमान्दार मानिस
छ। उसले परमेश्वरको आराधना गर्छ र नराम्रा कामहरूदेखि
सधैं टाड़ो रहन्छन्।"

९शैतानले जवाफ दियो, "निश्चय! तर परमेश्वरलाई
आराधना गर्न अय्यूबसँग एक खास कारण छ।
१०तपाईंले सधैं उसको परिवार, उसलाई र उसँग
भएका चीजहरूको रक्षा गर्नुहुन्छ। उसले गरेका सबै
कार्यहरू तपाईंले सफल पार्नुहुन्छ। हो, ऊमाथि तपाईंको
आशिष रहेको छ। उ यति सम्पन्न छ कि सारा
मुलुकभरि उसको आफ्नै साँढ़, ऊँट र भेड़ाका बथानहरू
फैलिएका छन्। ११तर यदि तपाईंले उसँग भएका सारा
कुराहरू नष्ट गरिदिनु भयो भने, म दृढ़ता पूर्वक भन्छु
कि उसले तपाईंलाई तपाईंकै सामु सराप्नेछ।"

१२परमप्रभुले शैतानलाई भन्नुभयो, "ठीक छ,
अय्यूबसँग भएका जे पनि कुराहरूमाथि तँ जे चाहन्छस्
गर। तर उसको शरीरलाई चोट नपुर्‍या।"

तब शैतान परमप्रभुदेखि टाढ़ा गयो।

### अय्यूबले सारा चीजहरू गुमाउँछ

१३एकदिन, अय्यूबका छोरा-छोरीहरू आफ्ना जेठा
दाज्यूको घरमा खाँदै अनि दाखरस पिउँदै उत्सव
मनाइरहेका थिए। १४तब एकजना सन्देश-वाहक
अय्यूबकहाँ आए र भने, "साँढ़हरूले जोतिरहेका थिए
र गधाहरूले छेउमा नै घाँस खाईरहेका थिए। १५शबाईका
मानिसहरूले हामीमाथि आक्रमण गरे अनि तपाईंका
पशुहरू लगे। ती मानिसहरूले अन्य नोकरहरूलाई पनि
मारे। यो समाचार तपाईंलाई दिन म मात्र बाँचे।"

१६त्यो सन्देश-वाहक बोलिरहेकै बेला अर्को सन्देश-
वाहक अय्यूबकहाँ आई पुग्यो। त्यो दोस्रो सन्देश-वाहकले
भन्यो, "आकाशबाट आएको चट्याङले तपाईंको सारा
भेड़ाहरू र नोकरहरू मार्‍यो। यो समाचार तपाईंलाई
दिन म मात्र बाँचे।"

१७त्यो सन्देश-वाहक बोलिरहेको बेला अर्को सन्देश-
वाहक आई पुग्यो। त्यो तेस्रो सन्देश-वाहकले भन्यो,
"कल्दीहरूले तीन सैन्यदलहरू पठाए। तिनीहरूले
हामीमाथि आक्रमण गरे अनि सारा ऊँटहरू लगे।
तिनीहरूले नोकरहरूलाई पनि मारे। यो समाचार तपाईंलाई
दिन म मात्र बाँचे।"

१८तेस्रो सन्देश-वाहक बोलिरहेकै बेला, अर्को सन्देश-
वाहक त्यहाँ आई पुग्यो। त्यो चौथो सन्देश-वाहकले
भन्यो, "तपाईंका जेठा छोरोको घरमा तपाईंका अन्य
छोरा-छोरीहरूले खाइरहेका र दाखरस पिइरहेका थिए।
१९तब एक जोड़दार हावा मरूभूमिबाट अचानक चल्यो
र त्यसले घर घराशायी पारिदियो। त्यो घर तपाईंका
छोरा-छोरीहरूमाथि बज्र्यो, अनि तिनीहरू सबैजना मरे।
यो समाचार तपाईंलाई दिन म मात्र बाँचे।"

२०जब अय्यूबले ती सबै खबरहरू सुने आफ्नो
दुःख र उदासीनता प्रकट गर्नका लागि उनले आफ्ना

---

**सरापे** हिब्रूमा यसको अर्थ आशिर्वाद पनि बुझिन्छ।

**शैतान** को अर्थ "दोष लाउने" हो! शैतानको अर्को नाउँ दियाबलस हो!

लुगाहरू च्याते अनि केश खौर्‍यो। तब अय्यूब भूईंमा घोप्टो परेर परमेश्‍वरलाई दण्डवत गरे। २१उनले भने:

"जब म यस संसारमा जन्मको थिएँ, म नाङ्गो थिएँ, अनि मसँग केही पनि थिएन। जब म मर्छु अनि यो संसार छाड़ेर जान्छु, म नाङ्गो नै जानेछु, अनि मसँग केही रहनेछैन। परमप्रभुले दिनुभयो, अनि परमप्रभुले लानु भयो। परमप्रभुको नाउँको प्रशांसा होस्।"

२२ती सारा कुराहरू घटे, तर अय्यूबले केही गल्ती काम गरेनन्। जे भयो त्यसको लागि अय्यूबले परमेश्‍वरलाई दोष दिएनन्।

## शैतानले अय्यूबलाई फेरि सतायो

२ अर्को दिन स्वर्गदूतहरू परमप्रभुसित भेट गर्न आए। शैतान पनि परमप्रभुसित भेट गर्न आयो। २परमप्रभुले शैतानलाई भन्नुभयो, "अहिलेसम्म तँ कहाँ थिइस्?"

शैतानले जवाफ दियो, "म पृथ्वी वरिपरि घुमरहेको थिएँ।"

३तब परमप्रभुले शैतानलाई भन्नुभयो, "तैंले मेरो दास अय्यूबलाई कतै देखिस्? अय्यूब जस्तो यस पृथ्वीमा अन्य कोही मानिस छैन। अय्यूब एक असल र ईमान्दारी मानिस हो। उसले परमेश्‍वरको आराधना गर्दछ र अशिष्ट कुराहरू गर्न देखि टाढ़ा बस्छ। तैंले मलाई उसित भएको प्रत्येक चीज कुनै कारण बिनै ध्वंश पार्ने सुझाव दिएता पार्न अझ उसले सही काम नै गर्छ।"

४शैतानले जवाफमा भन्यो, "चामको साटो चामलाई!" एउटा मानिसले आफ्नो जीवन रक्षा गर्नका लागि सारा कुरा प्रदान गर्दछ। ५यदि तपाईंले आफ्नो शक्ति उसको शरीरलाई चोट पुर्‍याउनु भयो भने, तब उसले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्ने छन्।"

६यसकारण परमप्रभुले शैतानलाई भन्नुभयो, "ठीक छ, अय्यूब तिम्रो अधीनमा छ। तर उसलाई मार्ने अनुमति भने तँलाई छैन।"

७तब शैतान परमप्रभुबाट विदा भयो। शैतानले अय्यूबलाई कष्टमय घाउहरू गराई दियो। पीड़ामय घाउहरू अय्यूबका खुट्टा देखि टाउकोसम्म शरीरभरि थियो। ८यसैले जहाँ खरानी थुपारिएको थियो त्यहाँ अय्यूब बसे। माटोको खपेटा लिएर आफ्नो घाउहरू कन्याउन थाले। ९अय्यूबको पत्नीले उसलाई भनी, "अझ तपाईं परमेश्‍वर प्रति इमान्दार हुनुहुन्छ? किन तपाईंले परमेश्‍वरलाई सरापेर मर्नु हुन्न!"

१०अय्यूबले आफ्नो पत्नीलाई जवाफ दिए, "तिमी एक मूर्ख आईमाई जस्तै बोल्दैछौ। परमेश्‍वरले हामीलाई असल कुराहरू दिनुभयो, अनि हामीले तिनीहरू ग्रहण गर्‍यौ।" यसकारण हामीले संकटहरू पनि ग्रहण गर्नपर्छ।" नाना किसिमका घटनाहरू घटे। तर अय्यूबले पाप काम गरेनन। उनले परमेश्‍वरको विरुद्ध बोलेनन।

## अय्यूबका तीनजना साथीहरू उनलाई भेट्न आउँदछन्

११अय्यूबका तीनजना साथीहरू थिए। तेमानीका एलीपज, बिल्ददबाट शुही अनि नमातीबाट सोपर। ती तीनजना साथीहरूले अय्यूबमाथि जो आपतहरू घटेका थिए ती सबै सुने। तिनीहरूले आफ्ना घरहरू छाड़े अनि एक-अर्कालाई भेटे। आफ्ना सहानुभूति देखाउनु र सान्त्वना दिनका लागि अय्यूबलाई तिनीहरूले एक साथ भेटन राजी भए। १२जब तिनीहरूले अय्यूबलाई टाढ़ाबाट देखे, तिनी अय्यूब नै थिए भन्ने निश्‍चय भएन तिनी अर्कै देखिन्थे। तिनीहरू चिच्याउँदै रून थाले। आफ्ना दु:ख र उदासीनता देखाउनका लागि तिनीहरूले आफ्ना लुगाहरू च्याते, धूलोमैलो टाउकामाथि हावामा उड़ाए। १३तब ती तीनजना साथीहरू अय्यूबसँग सात दिन सात रातसम्म भूईंमा बसे। तिनीहरू कसैले पनि अय्यूबलाई एक शब्द पनि भनेनन् किनभने तिनीहरूले अय्यूबलाई सही नसक्नु पीड़ाले ग्रस्त पारेको बुझे।

## आफू जन्मेको दिनलाई अय्यूबले सराप्छ

३ तब अय्यूबले आफ्नो मुख खोले अनि आफू जन्मेको दिनलाई धिक्कार्न लागे। २-३उनले भने:

"म जन्मेको जुन दिन थियो त्यो सधैंको लागि लोप होस् अनि जुन रात तिनीहरूले मलाई "त्यो केटो हो" भने त्यो रात पनि हरावोस् भन्ने म कामना गर्छु।

४म त्यो रात अन्धकारै रहोस् भन्ने कामना गर्दछु। परमेश्‍वरले त्यो दिन भुलुन् भन्ने कामना राख्दछु। त्यो दिनमा प्रकाश नपरोस् भन्ने कामना गर्दछु।

५म कामना गर्छु कि त्यो दिन मृत्यु झैं अँध्यारो होस्। बादलले त्यो दिनलाई ढाकिदियोस् भन्ने कामना गर्दछु। म कामना गर्छु कालो बादलहरूले म जन्मेको दिनको उज्यालोलाई झसंग पारिदिन सकोस्।

६निष्पट्ट अन्धकारले त्यो रात राखोस्। त्यो रातले त्यस वर्षको पञ्चाङ्गमा जग्गा नपावोस्। त्यो रात कुनै पनि महीनामा नपारियोस्।

७त्यो रात रित्तो रहोस्। कुनै खुशीका होहल्ला त्यो रातमा नसुनियोस्।

८कतिपय जादुवालाहरूले सँधै लिब्यातनलाई* जगाउनु चेष्टा गरिरहेका छन। यसकारण तिनीहरूका श्रापहरू तिनीहरूलाई भन्न देऊ अनि म जन्मेको दिनलाई श्रापित पारिदेऊ।

९त्यो प्रात: कालको तारा अन्धकारमा रहोस्। त्यो

---

**लिब्यातन** सम्भवत ठूलो शार्क, ह्वेल अथवा गोही झैं, कैयौं पल्ट लेखहरूमा उधृत गरिएको काल्पनिक सामुद्रिक राक्षश।

रातले बिहानलाई पर्खिरहेको होस् तर त्यो प्रकाश कहिल्यै नआवोस्। यसले सूर्यको प्रथम किरणसम्म नदेखोस्।

१०किन? किनभने त्यस रातले म जन्मनु मलाई रोकेन। त्यो रातले ती दु:ख संकटहरू हेर्न मलाई रोकेन।

११म जन्मदा नै किन मरिन? किन म गर्भमा नै तुइन?

१२किन मेरी आमाले मलाई घुड़ामाथि राखिन? किन मेरी आमाले मलाई दूध खुवाइन?

१३यदि म जन्मेकै दिन मरेको भए म अहिले विश्राममा हुने थिएँ।

१४म गहन निद्रामा परेको हुन्थें अनि आरामसंग ती राजाहरू एवं ज्ञानी पुरूषहरूसंग रहन्थें जो विगतमा यस पृथ्वीमा थिए। ती मानिसहरूले आफ्ना लागि ठाउँहरू बनाए ती अहिले ध्वंश र शेष भइसकेको छ।

१५म ती शासकहरूसंगै दफ्नाइयोस जसले आफ्ना चिहानहरू सुन र चाँदीहरूले भरेका थिए।

१६किन म आमाको गर्भमा नै तुइन? म त्यस्तो बालक हुन चाहन्थें जसले दिनको उज्यालो नै देख्न पाएन।

१७दुष्ट मानिसहरू जब चिहानभित्र हुन्छन् तब कुकर्महरू बन्द गर्छन। अनि जो मानिस थकित हुन्छ उसले चिहानमा विश्राम पाउँछ।

१८कैदीहरूलेसम्म मोक्षा पाउँछन्, तिनीहरूले आफ्ना पालेहरूका चित्कारहरू सुन्ने छैन।

१९सबै प्रकारका मानिसहरू चिहानमा छन्, अति महत्वपूर्ण मानिसहरू अनि साधरण मानिसहरू अनि दास पनि आफ्नो मालिकबाट मुक्त हुन्छ।

२०किन पीड़ित मानिसहरू मात्र सधैं बाँच्नै पर्छ? जसको मन तीतो छ त्यस्ता मानिसलाई किन जीवन दिनु?

२१त्यो मानिस मर्न चाहन्छ तर मृत्यु आउँदैन। त्यस दु:खी मानिसले मृत्युलाई गाड़धन भन्दा पनि ज्यादा खोज्छ।

२२ती मानिसहरू आफ्ना चिहान पाउँदा खुशी हुनेछन। ती मानिसहरू आफ्ना चिहान पाउँदा प्रफुलित हुनेछन।

२३तर परमेश्वरले तिनीहरूका भविष्यलाई गुप्त राख्नुहुन्छ अनि तिनीहरूका सुरक्षाका निम्ति चारैतिर पर्खालहरू निर्माण गर्नुहुन्छ।

२४जब खाने बेला हुँदछ, म शोक अनुभव गर्छु। मेरा गुनासोहरू पानी झैं बग्छ।

२५जुन कुराहरूसित म डराउँथें मलाई त्यही भयो, अनि जेसित म अति डराउथें त्यही ममाथि पर्‍यो।

२६म चुप लाग्न सक्तिन। म विश्राम लिन सक्तिन। म शान्त रहन सक्तिन मेरो सन्तापले मलाई छोपि रहन्छ।"

## एलीपजका भाषण

४ तब तेमानीका एलीपज बोले।

२"यदि मैले केही भने तिमी रिसाउँदैनौ? जुन नभनी म रहन सक्तिन।

३अय्यूब तिमीले धेरैजना मानिसहरूलाई शिक्षा दियौ। तिमीले कमजोर हातहरूलाई बलवान बनायौ।

४तिम्रो वचनहरूले मानिसहरूलाई मद्दत गर्‍यो जो पतन हुनलाई तयार थिए। तिमीले मानिसहरूलाई बल दियौ जो स्वयं उभिन सक्तैन थिए।

५तर अहिले तिमीमाथि कष्टहरू आए अनि तिमी हतास भयौ। कष्टले तिमीलाई छुन्छ अनि तिमी हतास हुन्छौ।

६तिमीले परमेश्वरलाई आराधना गर्छौ। तिमीले उहाँमाथि भरोसा गर्दछौ। तिमी एकजना असल मानिस हौ। यसकारण ती तिम्रा आशा बनोस।

७अय्यूब यस विषयमा सोच: निर्दोष मानिसहरू कहिल्यै पनि ध्वंश भएका छैनन। असल मानिसहरू कहिल्यै ध्वंश हुँदैनन।

८मैले कतिपय संकटकारीहरूलाई देखेको छु अनि तिनीहरू जसले जीवन कष्टमय पार्दछ। तर तिनीहरू नै सँधै दण्डित हुन्छन्।

९परमेश्वरको सरापले ती मानिसहरूलाई मार्दछ। परमेश्वरको क्रोधको रापले तिनीहरू नाश हुँदछन्।

१०दुष्ट मानिसहरू सिंहहरू जस्तै गर्जन्छन र झर्किन्छन। तर परमेश्वरले ती दुष्ट मानिसहरूलाई तहमा ल्याउनु हुन्छ अनि तिनीहरूका दाँतहरू भाँचिदिनु हुन्छ।

११हो, ती दुष्ट मानिसहरू सिंहहरू जस्तै हुन्छन जसले शिकार मार्नलाई भेट्दैनन। तिनीहरू मर्छन अनि तिनीहरूका डमरूहरू छरपष्ट हुन्छन्।

१२गुप्तरूपमा एउटा खबर मकहाँ ल्याइयो। मेरो कानहरूले त्यसका कानेखुसी पक्रिए।

१३मेरो रातको सपनाहरू बीचमा मानिसहरू निद्रामा हुन्छन्,

१४म त्रासित भएँ, अनि कामें। मेरो सबै हाड़हरू कामे।

१५एउटा मन्द हावाले मेरो अनुहारलाई छोएर गयो। मेरा शरीरको रौं ठाड़ो भए।

१६त्यो आत्मा त्यहाँ उभियो, तर त्यो के थियो मैले देख्न सकिनँ। एउटा आकार मेरो आँखाको सामने उभियो, अनि त्यहाँ चकमन्न भयो, तब मैले एउटा अत्यन्त मधुर स्वर सुनें:

१७एकजना मानिस परमेश्वर भन्दा धर्मी हुन सक्तैन। मानिस आफ्नो सृष्टिकर्ता भन्दा पवित्र हुन सक्तैन।

१८हेर, परमेश्वरले आफ्नै स्वर्गीय सेवाहरूमाथि पनि भरोसा राख्न सक्नुहुन्न। परमेश्वरले आफ्ना स्वर्ग दूतहरूका समस्याहरू देख्नुहुन्छ।

१९यसकारण मानिसहरू निश्चय नै खराब हुन्छन्। मानिसहरू माटाको घरमा बस्दछन। ती माटाका घरहरूको जग फोहरमा हुन्छ। कीरा फटेङ्गाहरू भन्दा तिनीहरू सजिलै किच्चिएर मर्छन।

२०मानिसहरू विहानदेखि बेलुकीसम्म मर्छन् अनि कसैलाई पनि थाहा हुँदैन्। तिनीहरू मर्छन् र सदाको लागि अल्पिन्छन।

२१यदि तिनीहरूको पालको डोरी तानियो भने मर्ने कारण थाहा नपाई तिनीहरू मर्ने छैनन् र?'

५ "अय्यूब, यदि तिमी चाहन्छौ भने डाकी पठाऊ तर कसैले पनि तिमीलाई जवाफ दिनेछैन। कुन पवित्र पुरुषले तिमीलाई फर्काउनेछ?

२मूर्ख मानिसको क्रोधले उसलाई नै मार्नेछ। सरल मानिसको उग्र आवेशले उसलाई नै मार्नेछ।

३मैले एकजना मूर्ख मानिसलाई देखेँ। उसले आफू सबै सुरक्षित मान्थ्यो तर अचानक उसको घर श्रापित भयो।

४उसको नानीहरूलाई सहयोग गर्ने त्यहाँ कोही थिएन। अदालतमा उनीहरूका पक्षमा बोलिदिने कोही थिएन।

५भोका मानिसहरूले उसको सबै अन्नहरू खाइदिए, ती भोका मानिसहरूले काँढ़ाहरू माझ उम्रेका सबै अन्नहरूसम्म उसको लगिदिए तिनीहरूमा जे जति थिए लोभी मानिसहरूले सबै लगिदिए।

६दु:ख फोहरबाट आउँदैन्। संकटहरू भुमिबाट उम्रिन्दैन्।

७तर आगोबाट उड़ेको फिलंगो जतिकै मानिस संकट लिनलाई नै जन्मन्छ।

८तर अय्यूब, यदि म तिमी भएको भए, म परमेश्वरपट्टि फर्किने थिएँ अनि आफ्ना समस्याहरूका बारेमा उहाँलाई भन्ने थिए।

९हाम्रो बुझ्ने शक्ति बाहिर परमेश्वरले अलौकिक कर्महरू गर्नुहुन्छ। चमत्कारी कर्महरू गर्न उहाँले कहिल्यै रोकिनु हुन्न।

१०परमेश्वरले पृथ्वीमा वर्षाहरू पठाउनु हुन्छ। उहाँले खेतहरूमा पानी पठाउनु हुन्छ।

११परमेश्वरले नम्र मानिसलाई माथि उठाउनु हुन्छ, अनि उहाँले दु:खी मानिसलाई सुरक्षित राख्नु हुन्छ।

१२परमेश्वरले धूर्त र दुष्टहरूका युक्तिलाई विफल पारिदिनु हुन्छ, यसकाण तिनीहरूले सफलता पाउँदैनन्।

१३परमेश्वरले ज्ञानी मानिससम्मलाई तिनीहरूको आफ्नै पासोमा समात्नुहुन्छ। यसैले ती धूर्तपूर्ण योजनाहरू सफल हुँदैनन्।

१४ती चतुर मानिसहरू दिउँसै पनि जताततै ठोक्कर खान्छन मध्य दिनको बेलामा पनि तिनीहरू अन्धकारमा बाटो खोज्दै हिंड्ने मानिस जस्तो हुनेछ।

१५परमेश्वरले दरिद्र मानिसहरूलाई मृत्युबाट पनि जोगाउनु हुन्छ। उहाँले गरीब निरीह मानिसहरूलाई शक्तिशालीहरूबाट जोगाउनु हुन्छ।

१६यसकारण गरीब मानिसहरूले आशा गर्छन। उहाँले दुष्टकर्मीको मुख थुनिदिनु हुन्छ।

१७त्यो मानिस धन्यको हो, जब परमेश्वरले उसलाई सुमार्ग बताउनुहुन्छ। यसैले गुनासो नगर जब सर्वशक्तिमान परमेश्वरले तिमीमाथि अनुशासन गर्नुहुन्छ।

१८परमेश्वरले दिनुभएको घाउहरूमा मलमपट्टी गरिदिनुहुन्छ। उहाँले कसैलाई चोट पुऱ्याउन सक्नुहुन्छ तर उहाँकै हातहरूले नै निको पार्नुहुन्छ।

१९उहाँले तिमीलाई छ:पल्ट संकटहरूबाट बचाउनु हुनेछ। हो, सातपल्ट दुर्घटनाहरू हुँदा पनि तिमीलाई छुने छैन।

२०जब त्यहाँ अनिकाल आईपर्छ परमेश्वरले तिमीलाई मृत्युबाट जोगाउनु हुन्छ। अनि जब त्यहाँ युद्धहुँदछ परमेश्वरले तिमीलाई मृत्युबाट जोगाउनु हुन्छ।

२१जब मानिसहरूले तिम्रो निन्दा गर्छन परेमश्वरले तिम्रो रक्षा गर्नु हुन्छ। अनि यस्तो हुदाँ तिम्रो विनाश हुन्छ भनी डराउनु पर्दैन।

२२तिमी विनाश र अनिकाल देखेर हाँस्ने छौ। तिमी जंगली जनावरहरूदेखि भयभीत हुने छैनौ।

२३खेतका ढुङ्गाहरूसित तिम्रो वाचा बाँधिएको छ। जंगली जनावरहरू तिमीसंग शान्ति साथ रहनेछन।

२४तिम्रो घरमा शान्ति रहेको तिमीले चाल पाउनेछौ। तिमीले आफ्नो सम्पत्ति गन्नेछौ अनि कुनै पनि चीज हराएको हुनेछैन्।

२५तिम्रा धेरै नानीहरू हुनेछन। तिनीहरू घाँसका पातहरू झैं प्रशस्त हुनेछन।

२६तिमी त्यो गहूँ जस्तै हुनेछौ जुन बाली काटिने बेलासम्ममा उब्जनेछ। हो, तिमी बृद्धवस्थासम्म बाँच्नु पर्नेछ।

२७अय्यूब, हामीले ती कुराहरूका अध्ययन गरेका छौ अनि हामी जान्दछौ। यसकारण अय्यूब, ध्यान दिएर सुन, अनि तिनीहरूबाट तिमी आफै सिक।"

### अय्यूबले एलीपजलाई जवाफ दिँदछ

६ १-२तब अय्यूबले जवाफ दिए:
"यदि मेरो पीड़ाहरू ओजन गर्न सक्ने भएता अनि मेरो सबै संकटहरू तराजुमा जोखिन सक्ने भएता।

३तिमीले मेरो दु:खको अन्दाज लगाउन सक्ने थियौ। मेरो दु:ख म यता समुद्रहरूमा भएका बालुवाभन्दा गहुँङ्ग हुनेथ्यो। यसैले मेरो वचनहरू अर्थहीन प्रतीत हुन्छ।

४सर्वशक्तिमान परमेश्वरको काँड़हरू ममाथि छन। मेरो आत्मा ती काँड़हरूदेखि विषको अनुभव गर्दछु।

परमेश्वरका डरलाग्दा हतियारहरू मेरो विरुद्धमा लस्कर
लागेका छन्।
५जब कुनै दुर्घटना घटेको छैन। तिम्रो शब्दहरू
भन्नलाई सजिलो छ। जंगली गधाले पनि गुनासो गर्दैन।
जब त्यहाँ उसलाई खान घाँस छ अनि गाईले गुनासो
गर्दैन् जब त्योसँग खाद्य छ भने।
६नुन विनाको भोजनको स्वाद असल हुँदैन अनि
अण्डाको सेतो खोस्टाको कुनै स्वाद हुँदैन।
७यस प्रकारको खाद्य खान अस्वीकार गर्छु। यस्ता
भोजनले मलाई अस्वास्थ पार्छ। अनि तिम्रा कुराहरू
त्यस्तै छन्।
८हाय! मैले जे मागे त्यो पाउँन सकूँ। म कामना
गर्छु मैले चाहेको जे छ परमेश्वरले दिनुहुनेछ।
९म कामना गर्छु परमेश्वरले मलाई श्राप दिउन,
केही अघि बढ़ेर मलाई मारून।
१०अनि यदि उहाँले मलाई मार्नुहुन्न भने म एउटा
कुरामा आश्वासित हुनेछु। म एउटा कुरामा खुशी
हुनेछु। अनेकौं पीड़ाहरू भए पनि मैले परमेश्वरको
आज्ञा अमान्य कहिल्यै गरेको छैन।
११मेरो बल गयो यसैले मसित बाँच्ने आशा पनि
छैन्। म जान्दिनँ ममाथि के दुर्घटना आइपर्नेछ। यसैले
मसंग धैर्य पनि छैन।
१२म चट्टान जस्तो बलियो छैन। मेरो मासु काँसको
जस्तो धातुबाट बनेको होइन।
१३म सँग स्वयंलाई सहयोग गर्ने क्षमता पनि अब
छैन। किन? किनभने मबाट सफलता जति लगेर गयो।
१४कुनै मानिस यदि संकटहरूमा छ भने उसको
साथी उसको निम्ति कृपालु हुनपर्छ। यदि उसका साथी
सर्वशक्तिमान परमेश्वरदेखि विमुख भए पनि कुनै मानिस
आफ्नो साथीको लागि उदार हुनुपर्छ।
१५तर तिमी, मेरो दाज्यू-भाइहरू, उदार भएनौ। म
तिमीहरूमाथि आश्रित हुन सक्तिन। तिमीहरू त्यस्ता
खोलाहरू जस्तै हौ जुन कहिले काही मात्र बहन्छ अनि
अरू बेला बहँदैन। तिमीहरू त्यस्ता खोला हौ जो
पोखिन्छ।
१६जब तिनीहरू बरफले जम्छन् अनि जहाँ हिउँ
लुकाएर राखिएको हुन्छ।
१७अनि जब ऋतु गर्मी र सूक्खा हुन्छ, पानी बहन
रोकिन्छ। अनि खोलाहरू सुक्तछन्।
१८व्यापारीहरू बाङ्गो टेड़ो मोड़हरू पछ्याउँदै जङ्गलमा
हराउँदछ। तिनीहरू विनाशतिर उक्लन्छन् र नष्ट हुन्छन्।
१९तेमाका व्यापारीहरू पानी खोज्न आउँछन्। शेबाबाट
यात्रीहरू पानी पाउँने पूर्ण आशामा आउँछन्।
२०तिनीहरू पानी पाइन्छ भनेर आशा गर्छन तर
तिनीहरू निराश हुँन्छन।
२१अहिले तिमीहरू त्यस्ता खोलाहरू जस्ता हौ।
तिमीहरूले मेरो संकटहरू देखेर भयभीत छौ।
२२के मैले तिमीहरूलाई सहायता मागे? होइन। तर
तिमीहरूले मलाई आफ्ना सल्लाहहरू खुल्ला रूपमा
दियौ।
२३के मैले तिमीहरूलाई भने, ‘शत्रुहरूबाट मलाई
जोगाऊ? निष्ठुर मानिसहरूबाट मलाई जोगाऊ?’
२४यसैले अब, मलाई शिक्षा देऊ अनि म चूपचाप
रहनेछु। मलाई देखाऊ कि मैले के त्यस्तो
गल्ती गरे?
२५ईमान्दार वचनहरू शक्तिशाली हुन्छन। तर तिम्रो
तर्कहरूको के मतलब छ।
२६जब एकजना निराशापूर्ण मानिसको शब्दहरू बतास
झैं हुन्छन् भने के तिमीहरू मेरा कुराहरूमा बहस गर्न
सक्छौं भनी सोच्छौं?
२७तिमीहरूले च्याँखेसम्म थापेर ती चीजहरू जित्न
खोज्दैछौ जुन ती बाबु हीन नाबालकहरूका हुन्।
तिमीहरूले आफ्नै साथीहरूलाई बेच्नेछौ।
२८तर अब, दया गरेर मेरो अनुहारलाई ध्यान देऊ।
म तिमीहरू प्रति झूटो हुने छैन।
२९यसैले अब, आफ्ना विचारहरू परिवर्तन गर
बेईमानी नगर सोचाइ परिवर्तन गर। मैले कुनै गल्ती
काम गरेको छैन।
३०म झूटो बोलिरहेको छैन। अनि म झूटोबाट
सही के हो जान्दछु।”
७ अय्यूबले भने, “मानिसले पृथ्वीमा कठोर संघर्ष
गर्छ। उसको जीवन एक ज्यालामा काम गर्नेहरूको
जस्तो छ।
२मानिस एक दास जस्तो हो जसले गर्मीको दिनमा
कठोर काम गरेपछि चिसो छाँया खोज्छ।
मानिस एक ज्यालाको कर्मी जस्तो हो जसले ज्याला
पर्खिरहन्छ।
३त्यसरी नै मैले महिनौसम्म अर्थहीन यन्त्रनाहरू
भोगेको थिएँ अनि मेरो लागि कष्टका रातहरू अलग
राखिएका छन्।
४जब म सुतें, मैले सोचें, ‘कतिञ्जेल मैले सोच्ने,
जबसम्म म उठ्दिन?’ तर रात लामो छ। अनि घाम
नझुल्कुञ्जेलसम्म म ओछ्यनमा छट्पटाउँदै रहें।
५मेरो शरीर किराहरू र फोहरले ढाकिएको छ। मेरो
छाला निको हुन थाल्छ अनि त्यसपछि फेरि एकपल्ट
नयाँ घाउहरूले छोपिन्छ।
६मेरो दिनहरू जुलाहा तानको धागो झैं चाढ़ो चाढ़ो
वितिरहेको छ अनि प्रत्येक दिन निराशमय भई शेष
हुन्छ।
७परमेश्वर, सम्झनुहोस् मेरो जीवन त ढुकढुकी
मात्र हो। म कहिल्यै पनि फेरि केही राम्रो
देख्ने छैन।
८अनि तपाईंले मलाई फेरि देख्नु हुने छैन, तपाईंले
मलाई हेर्नु हुनेछ, तर म गई सकेको हुनेछु।

९बादल विलिन भएर गए जस्तै मानिस मर्छ अनि चिहानभित्र गाड़िन्छ अनि उ फेरि फर्की आउँदैन।

१०उ आफ्नो पुरानो घरमा फेरि फर्की आउँदैन उसको घरले फेरि उसलाई चिन्ने छैन।

११यसैले म चुपचाप रहने छैन। म बोल्नेछु। मेरो आत्माले कष्ट पाएको छ। म गुनासो गर्नेछु किनभने मेरो आत्मा दु:खमा छ।

१२के म समुद्र हुँ अथवा समुद्री-जन्तु हुँ? परमेश्वर, किन मेरो हेरचाह गर्नु हुन्छ?

१३मेरो ओछ्यानले मलाई आराम दिनु पर्छ, मेरो ओछ्यानले मलाई विश्राम र शान्ति दिनुपर्छ।

१४तर परमेश्वर जब म ढल्किन्छु सपनाहरूमा तपाईंले तर्साउनु हुन्छ, दर्शनहरूले भयभीत पार्नु हुन्छ।

१५यसर्थ म यसरी बाँचिरहनु भन्दा गला अठयाएर मर्न चाहन्छु।

१६म आफ्नो जीवनलाई घृणा गर्छु। म चीरकालसम्म बाँच्न चाहन्न। मलाई एक्लै छाड़ी दिनुहोस् मेरो जीवनको अर्थ नै छैन।

१७परमेश्वर, तपाईंको निम्ति मानिस किन अत्यन्त मुख्य छ? किन तपाईंले उसको सम्मान गर्नुपर्छ? किन तपाईंले उसको हेरचाह गर्नुपर्छ?

१८किन प्रत्येक बिहान तपाईंले मानिसको प्रतिक्षा गर्नुहुन्छ? अनि प्रत्येक क्षण परीक्षा लिनुहुन्छ?

१९परमेश्वर, तपाईं मबाट कहिल्यै टाढ़ा रहन सक्नुहुन्न। तपाईंले मलाई एकछिन पनि एक्लै छाड़न सक्नुहुन्न।

२०परमेश्वर तपाईंले मानिसहरूमाथि नजर राख्नुहुन्छ। यदि मैले पाप गरेको छु भने, सजाय दिनुहोस्, मैले के गर्न पर्छ र? किन तपाईंले मलाई निशाना बनाई प्रयोग गर्नु भयो? के म तपाईंको निम्ति एक समस्या भएको थिएँ र?

२१किन तपाईंले मेरो अपराध क्षमा गर्नु भएन? किन तपाईंले मेरा निम्ति पापहरूको क्षमागर्नु भएन? चाँड़ै म मर्ने छु र आफ्नो चिहानमा हुनेछु। तब तपाईंले मलाई खोज्नु हुनेछ तर म गइसकेको हुनेछु।"

## बिल्दद अय्यूबसंग बोल्दछ

८ तब शुहाबाट आएका बिल्ददले उत्तर दिए,

२"कहिलेसम्म तिमी त्यसरी भनी रहने छौ? तिम्रा वचनहरू तीव्र हावाको प्रहार जस्तो छ।

३परमेश्वर सदा निष्पक्ष हुनुहुन्छ। सर्वशक्तिमान परमेश्वरले ती कुराहरू कहिल्यै बद्लनु हुन्न जुन ठीक छन्।

४यदि तिम्रा छोरा-छोरीहरूले परमेश्वरको विरुद्ध पाप गरेका छन् भने तब उहाँले तिनीहरूलाई दण्ड दिनु हुने नै छ। तिमीहरूले दण्ड भोग्नु नै पर्छ।

५तर अब अय्यूब, परमेश्वर पट्टिहेर, अनि सर्वशक्तिमान प्रति प्रार्थना गर।

६यदि तिमी निर्दोष अनि इमान्दार छौ भने उहाँले तिमीलाई मद्दत गर्नचाँड़ै आउनु हुनेछ। उहाँले तिम्रा घर पुन: निर्माण गरिदिनुहुनेछ।

७तब तिमीसंग पहिले जति थियो त्यो भन्दा अझ ज्यादा हुनेछ।

८बूढ़ा-प्रधानहरूलाई सोधखोज गर, तिनीहरूका पिता-पुर्खाहरूले के सिके।

९हामी हिजै मात्र जन्मे जस्तो प्रतीत हुँदछ, त्यो पक्का बुझ्नका लागि हामी अझ कलिलै छौं। यस पृथ्वीमा हाम्रा आयु छाया जस्तै छोटो छन्।

१०हुनुसक्छ बूढ़ा-प्रधानहरूले तिमीलाई पढ़ाउन सक्छन। हुनसक्छ उनीहरूले जे सिकेका छन् त्यही शिक्षा दिनसक्छन।"

११बिल्ददले भन्यो, "के सिमसार अग्लो सुक्खा ठाउँमा उम्रिन सक्छ? के निगालाहरू पानीबिना उम्रन सक्छ?

१२अहँ! यदि पानी सुकाइयो भने, तब तिनीहरू पनि अरू उद्भिदहरू भन्दा चाँड़ो ओइलाउने छैन्।

१३मानिसहरू जजसले परमेश्वरलाई भुल्छन तिनीहरू मसिना र सूक्खा निगालाहरू जस्तो हुनेछन्। जुन मानिसले परमेश्वरलाई भुल्छ उसले आफ्नो सम्पूर्ण आशा हराउनेछ।

१४त्यो मानिसको अड़ेस लाग्ने ठाउँसम्म हुदैंन्। उसको सुरक्षाको घर माकुराको जालो जस्तो हुन्छ।

१५यदि त्यो मानिस माकुराको जालोमा अड़ेस लाग्यो भने त्यो जालो फाट्छ। माकुराको जालमा झुण्डिन्छ तर त्यसले उसलाई थाम्न सक्तैन।

१६त्यो मानिस एक उद्भिद् जस्तो छ जसमा प्रशस्त पानी र घामको किरण छ त्यसको हाँगाहरू सबै बगैंचाभरि फैलिएको छ।

१७त्ययसले आफ्नो जराहरू वरिपरि ढुङ्गाहरूको थुप्रोले लपेट्छ। ढुङ्गामा बढ़नका निम्ति ठाउँहरू खोजिरहन्छ।

१८तर यदि उद्भिदलाई त्यसको ठाउँ सार्‍यो भने त्यो मर्नेछ, र त्यो उद्भिद त्यहाँ एक समयमा थियो भन्ने कसैलाई थाहा पनि हुँदैन।

१९तर उद्भिद खुशी थियो अनि यसको ठाउँमा अर्को उम्रिनेछ।

२०परमेश्वरले निर्दोष मानिसहरूलाई त्याग्नु हुन्न। उहाँले दुष्ट मानिसहरूलाई मद्दत गर्नुहुन्न।

२१परमेश्वरले सँधै तिम्रो मुख हाँसोले भरिदिनुहुन्छ अनि तिमीहरूका ओठहरू खुशीका आवाजले भरिदिनुहुन्छ।

२२तर तिम्रा शत्रुहरूले लगाउने पोषाक नै लाजको हुनेछ अनि दुष्ट मानिसहरूका घरहरू भत्काइनेछ।"

### अय्यूबले बिल्ददलाई जवाफ दिन्छन्

९ तब अय्यूबले जवाफ दिए: २"हो, म जान्दछु
तिमीले जे कुरा भन्छौ त्यो सत्य हो। तर कसरी
मानिसले परमेश्वरलाई तर्कमा पराजित गराउनु सक्छ?
३एक मानिसले परमेश्वरसंग तर्क गर्न सक्तैन।
परमेश्वरले १,००० प्रश्नहरू सोध्न सक्नु हुनेछ तर
त्यो मानिसले एउटा मात्रको पनि जवाफ दिन सक्ने
छैन।
४परमेश्वर महाज्ञानी हुनुहुन्छ, अनि उहाँको शक्ति
महान छ। परमेश्वरसंग लड़ाई गर्ने कसैले पनि चोट
पाउन सक्छ।
५परमेश्वरको क्रोधले पर्वतहरू नै हल्लाइदिन सक्छ
अनि तिनीहरूले थाहासम्म पाउँदैनन्।
६परमेश्वरले पृथ्वी थर्काउनलाई भुईंचालो पठाउनु
हुन्छ। परमेश्वरले पृथ्वीको मूलाधार हल्लाई दिनुहुन्छ।
७परमेश्वर घामसँग बोल्न सक्नु हुन्छ अनि यसलाई
उदाउन दिनुहुन्न। उहाँले ताराहरूलाई बन्द गर्न सक्नु
हुन्छ। यसकारण तिनीहरू चम्कन सक्तैनन।
८परमेश्वर एक्लैले आकाशहरू बनाउँनुभयो। उहाँ
समुद्री छालहरूमा हिँड्नुहुन्छ।
९परमेश्वरले सप्तर्षि, मृगशिरा अनि किर्किटि ताराहरू
बनाउँनुभयो। उहाँले दक्षिणी तारागण बनाउनु भयो।
१०परमेश्वरले महान कर्महरू गर्नुहुन्छ जुन मानिसहरूले
बुझ्न सक्तैनन। परमेश्वरका चमत्कारहरूको कुनै अन्त
हुँदैन।
११जब परमेश्वर मदेखि जानुहुन्छ, म उहाँलाई देख्न
सक्तिन। जब परमेश्वर मेरै छेउबाट जानु हुन्छ म
उहाँलाई देख्दिन्।
१२यदि परमेश्वरले केही थोक लगेर जानु भयो भने
कसैले उहाँलाई रोक्न सक्दैन। कसैले पनि उहाँलाई
केही भन्न 'सक्तैनन तपाईं के गरिरहनु भएको छ?'
१३परमेश्वरले आफ्नो क्रोध फर्काउँनुहुन्न। रहाबको
सहयोगीहरूले परमेश्वरको डर माने।
१४यसैले म परमेश्वरसंग तर्क गर्न सक्तिन। उहाँलाई
मैले के भन्नुपर्छ म जान्दिन।
१५म निर्दोष छु तर म उहाँलाई जवाफ दिन सक्तिन।
म उहाँको दयाका निम्ति मात्र याचना गर्न सक्छु।
१६मैले बोलाउँदा उहाँले जवाफ दिनुभयो, म अझ
विश्वास गर्ने छैन कि उहाँले साँचि नै मलाई सुन्नु
भएकोछ।
१७परमेश्वरले मात्र मलाई मिच्न आँधी पठाउनु
भयो। उहाँले कुनै कारणै बिना मलाई ज्यादा घाउ र
चोटहरू दिनुभयो।
१८परमेश्वरले फेरि मलाई सास फेर्न दिनुहुने छैन।
उहाँले खाली मलाई ज्यादा दु:खहरू मात्र दिनुहुन्छ।
१९म परमेश्वरलाई पराजित गर्न सक्तिनँ। परमेश्वर
अत्यन्त शक्तिशाली हुनुहुन्छ। म परमेश्वरलाई न्यायलयमा
लैजान सक्तिन! अनि ममाथि निष्पक्ष हुनुहोस् भनेर जिद्दी
गर्न सक्तिन।
२०म निर्दोष छु, तर मैले भनेका कुराहरूले मलाई
दोषी बनाए जस्तो लाग्छ। म निर्दोष छु, तर यदि म
बोलें भने मेरो मुखले मलाई नै दोषी प्रमाणगर्छ।
२१म निर्दोष छु। तर म जान्दिन के सोच्ने। म
आफ्नै जीवनलाई घृणा गर्छु।
२२म आफैलाई भन्छु, 'त्यस्तै कुराहरू सबैमाथि
घटिरहन्छ। निर्दोष मानिसहरू दोषी झैं मर्छन। परमेश्वरले
सबैको जीवनलाई समाप्त गर्नुहुन्छ।'
२३जब कँही डरलाग्दो घटनाहरू भयो भने अनि
निर्दोष मानिसहरू मारिए भने के परमेश्वर तिनीहरूमाथि
हाँस्नुहुन्छ?
२४जब एकजना दुष्ट मानिस एउटा देशको शासक
हुन्छ तब के परमेश्वरले आफ्नो नायकलाई त्यहाँ के
भएको छ हेर्न पठाउनुहुन्छ? यदि त्यो सत्य हो भने
परमेश्वर चाँहि के हुन त?
२५दगुर्ने भन्दा पनि मेरो दिनहरू चाँड़ो भाग्दछ मेरा
दिनहरू उड़ी जाँदैछ अनि त्यहाँ तिनीहरूमा कुनै खुशीयाली
नै छैन।
२६मेरा दिनहरू डुँगा जस्तै छिटो बग्छन। मेरो
दिनहरू चीलले आफ्नो शिकारमाथि बेगले झम्टे झैं
चाँड़ो बित्छ।
२७"यदि म भन्छु 'म गुनासो गर्ने छैन म आफ्ना
पीड़ाहरू भुल्छु, म मेरो अनुहारमा मुस्कानले भर्छु।
२८म मेरा पीड़ाले अझै भयभीत छु। म जान्दछु
तिमीले मलाई निर्दोष मान्ने छैनौ।
२९यदि म दोषी ठहरी सकेको छु भने आफ्नो
परीक्षा किन गरिरहने। म भन्छु, 'यो भुलिदेऊ।'
३०यदि मैले स्वयंलाई हिंऊले धोएँ भने अनि
साबूनले हातहरू सफा राखे भने,
३१परमेश्वरले मलाई हिलो भएको खाड़लमा धकेल्नु
हुन्छ। तब मेरो लुगाहरूले पनि मलाई घृणा गर्नेछन्।
३२परमेश्वर म जस्तो मानिस हुनुहुन्न यसकारणले
गर्दा म उहाँलाई जवाफ दिन सक्तिन। हामी न्यायलयमा
एकार्काले भेट गर्न सक्तैनौ।
३३म चाहन्छु कि त्यहाँ दुवै पक्षहरूलाई सुनिदिने
कोही रहोस्। म चाहन्छु कि त्यहाँ दुवै पक्षलाई निष्पक्ष
रूपमा न्याय गर्ने कोही होस्।
३४म चाहन्छु कि परमेश्वरले लिने डण्डा लगिदिने
त्यहाँ कोही होस्।
तब परमेश्वरले मलाई एकदमै भयभीत पार्नु हुने छैन्।
३५तब परमेश्वरको भयबाट स्वतन्त्र भएर मैले
चाहेको कुरा म भन्न सक्थें।
१० म आफ्नो जवीनलाई घृणा गर्दछु। यसकारण
म स्वतन्त्र रूपमा गुनासो पोख्नेछु। मेरो मन
एकदमै तितो छ, यसकारण अब म बोल्नेछु।

२म परमेश्वरलाई भन्ने छु: 'मलाई दोष नदिनु होस्। मलाई भन्नुहोस, मैले के गल्ती गरेको छु? मसित विरोध गर्ने तपाईंसंग के तथ्य छ?
३परमेश्वर, मलाई चोट पार्दा तपाईं खुशी हुनुहुन्छ? यसले के देखिन्छ भने तपाईंले जे बनाउनुभयो त्यसको वास्ता गर्नु हुन्न। अथवा तपाईं त्यो दुष्ट मानिसहरूले बनाएको योजनाहरूसित खुशी हुनुहुन्छ।
४परमेश्वर, तपाईंसँग मानवी आँखाहरू छन्? तपाईं मानिसहरूले देखे जस्तै देख्नु हुन्छ?
५के तपाईंको आयु मानिसको जस्तै छोटो छ? के तपाईंको जीवन हाम्रो जस्तै क्षणिक छ?
६तपाईंले मेरो दोष खोज्नु हुन्छ अनि मेरो पाप खोज्नु हुन्छ।
७म निर्दोष छु भनेर तपाईं जान्नु हुन्छ तर कसैले पनि मलाई तपाईंको शक्तिदेखि बचाउन सक्तैन।
८परमेश्वर, तपाईंको हातले मलाई बनाउनु भयो अनि मेरो शरीरको आकार बनाउनु भयो। के तपाईंले मलाई नष्ट गर्नु हुन्छ?
९परमेश्वर, सम्झनु होस, तपाईंले मलाई माटोबाट बनाउनु भयो। के फेरि तपाईंले मलाई माटोमा नै परिणत गर्नुहुन्छ?
१०तपाईंले मलाई दूध सरह पोखाउनु भयो तपाईंले मलाई घुमाउनु भयो र कसैले पनीर बनाए जस्तै निचोर्नु भयो।
११तपाईंले मलाई हड्डी र माँसपेशीहरूमा राख्नु भयो। अनि तपाईंले मलाई मासु अनि छालाले पहिर्‍याउनुभयो।
१२तपाईंले मलाई जीवन दिनु भयो अनि म प्रति धेरै दया दर्शाउनु भयो। तपाईंले मेरो हेरचाह गर्नुभयो अनि मेरो आत्मालाई जगाउनु भयो।
१३तर तपाईंले हृदयमा यो के लुकाउनु भयो, म जान्दछु तपाईंले हृदयमा के गोप्य योजना गर्नु भएको छ। हो तपाईंको मनमा के छ म जान्दछु:
१४यदि मैले पाप गरें भने तपाईंले देख्नु हुन्छ। यसैले गल्ती काम गर्दा तपाईंले दण्ड दिन सक्नु हुन्छ।
१५जब म पाप गर्छु, म दोषी हुन्छु अनि यो मेरा निम्ति एकदम नराम्रो हुन्छ। तर म निर्दोष भएता पनि आफ्नो शिर उठाउन सक्तिन। म अपमानित तथा चिन्ताग्रस्त छु।
१६यदि म सफल हुँदा र गर्व गर्दा, तपाईंले मलाई चोट पुर्‍याउनु भयो, जसरी एकजना मानिसले सिंहलाई चोट दिँदछ त्यसरी नै तपाईंले फेरि मेरो विरुद्ध शक्ति देखाउनु भयो।
१७तपाईंसँग मेरो गल्ती प्रमाण गर्ने सधैं एकजना रहन्छ। एउटा सेनाको पछि अर्को सेना मेरो विरुद्ध पठाए जस्तै तपाईंले ममाथि रीस घरिघरि देखाउनु हुन्छ।
१८यसकारण, परमेश्वर मलाई किन जन्म दिनु भयो? म इच्छा गर्छु मलाई कसैले देख्नु अघि नै म मरेको हुनु पर्थ्यो।
१९म इच्छा गर्छु म कल्यै नबाचेको भए हुने थियो। आमाको कोखबाट सोझै चिहान तिर मलाई डोर्‍याएको भए हुने थियो।
२०मेरो जीवन प्राय: बितिसकेको छ। यसकारण मलाई एक्लो छोड़ी दिनु होस्।
२१जुन अँध्यारो, मृत्यु स्थान जहाँबाट कुनै मानिस फर्कदैन त्यस ठाउँमा जानु भन्दा अघि मेरो अलिकति बाँचेको समय मलाई उपभोग गर्न दिनुहोस्।
२२अघिनै मैले छाडेको थोरै समय मलाई उपभोग गर्न दिनुहोस्। "अन्धकार, छाया र अन्योल जसलाई कसैले देख्न सक्तैन अनि त्यो ठाउँ जहाँ प्रकाश पनि कालो हुँदछ म त्यस्तो ठाउँमा पुग्न।"

### सोपर अय्यूबसित बोल्दछ

**११** तब नामातीबाट आएका सोपरले अय्यूबलाई जवाफ दिँदै भने,
२"यी शब्दहरूको प्रवाहलाई उत्तर दिनुपर्छ। के यी कुराहरूले अय्यूबलाई ठीक गराउँछ? अँह।
३अय्यूब के तिमी सम्झन्छौ कि तिमीलाई जवाफ दिने हामीसँग शब्दहरू छैनन्? जब तिमी परमेश्वरलाई खिसी गर्छौ, तिमी सोच्छौ तिमीलाई चेतावनी दिने कोही छैन?
४अय्यूब तिमीले परमेश्वरलाई भन्छौ, 'मेरो तर्कहरू यर्थाथ छन अनि तपाईंले मलाई चोखो देख्न सक्नु हुन्छ।'
५अय्यूब, म चाहन्छु परमेश्वरले तिमीलाई जवाफ दिनुहुन्छ अनि भन्नुहुनेछ कि तिमी गल्ती छौ।
६परमेश्वरले तिमीलाई ज्ञानको रहस्य भन्न सक्नु हुन्थ्यो। उहाँले तिमीलाई भन्नुहुनेथियो कि प्रत्येक कथाको दुइ पक्ष हुन्छन्। अय्यूब, मेरो कुरा सुन। तिमीले जति दण्ड पाउनु पर्थ्यो परमेश्वरले त्यति दण्ड तिमीलाई दिइरहनु भएको छैन।
७अय्यूब, के तिमी सोच्छौ कि तिमीले वास्तविक रूपमा परमेश्वरलाई बुझ्छौं? तिमीले सर्वशक्तिमान परमेश्वरलाई बुझ्न सक्तैनौ।
८माथि स्वर्गमा के छ त्यस विषयमा तिमीले केही गर्न सक्तैनौ मृत्युलोकको बारेमा तिमीले केही पनि जान्दैनौ।
९परमेश्वर पृथ्वी भन्दा महान अनि सागर भन्दा विशाल हुनु हुन्छ।
१०यदि परमेश्वरले तिमीलाई कैद गरेर न्यायलयमा ल्याउनु भयो भने, कसैले उहाँलाई रोक्न सक्तैन।
११साँच्चो रूपमा, को अयोग्य छ भनेर परमेश्वरले

चिन्नुहुन्छ। जब परमेश्वरले अनिष्ट देख्नु हुन्छ उहाँले
त्यो याद गर्नुहुन्छ।
१२जसरी एउटा जङ्गली गधाले मानिस जन्माउन
सक्तैन् एकजना मूर्ख मानिस कहिल्यै ज्ञानी मानिस हुन
सक्तैन।
१३तर अय्यूब तिमीले आफ्नो परमेश्वरको सेवा
गर्नलाई मात्र मन तयार राख अनि उहाँलाई आराधना
गर्न तिम्रो हातहरू माथि उठोस।
१४तिम्रो घरमा रहेको पाप तिमीले त्यहाँबाट लखेट्नु
पर्छ। तिम्रो घरमा दुष्टलाई आश्रय नदेऊ।
१५तब तिमी आफ्नो निर्दोष अनुहारले परमेश्वरलाई
हेर्न सक्नेछौ। तिमी उठ दरिलो होऊ अनि भयभीत
नहौऊ।
१६तब तिमीले आफ्नो दु:ख भुल्न सक्छौ। तिम्रा
दु:खहरू विगतमा तिमीमाथि बगेर गएको पानी भैं एक
यादगार हुनेछ।
१७जब तिम्रो जीवन मध्य दिनको घाम भन्दा
प्रकाशमय हुनेछ, जीवनको कालो क्षणहरू बिहानको
सूर्योदय जस्तो चम्किलो हुनेछ।
१८तब तिमीले सुरक्षित अनुभव गर्नेछौ किनभने
त्यहाँ आशाको किरण देखा पर्नेछ परमेश्वरले तिम्रो
हेरचाह गर्नु हुनेछ अनि तिमीलाई आराम प्रदान गर्नुहुनेछ।
१९तिमी विश्राम गर्न ढल्किन सक्नेछौ अनि कसैले
तिमीलाई सताउने छैन। अनि धेरै मानिसहरूले तिम्रो
निम्ति सहयोगको हात बढ़ाउन आउनेछन।
२०नराम्रा मानिसहरूले सहयोग खोज्लान, तर तिनीहरू
आफ्ना कष्टहरूबाट मुक्त हुन सक्तैनन्, तिनीहरूका
आशाले मृत्यु तर्फ औंल्याउने छ।"

### अय्यूबले सोपरलाई जवाफ दिँदछ

**१२** तब अय्यूबले तिनीहरूलाई जवाफ दिए:
२"नि:सन्देह तिमी सोच्छौ तिमी मात्र ज्ञानी
पुरूष हौ तिमी सोच्छौ जब तिमी मर्छौ ज्ञान पनि
तिमीसँगै जानेछ।
३तर मेरो मन तिम्रो जस्तै नै छ। तिमी जतिकै
होशियारी म पनि छु। कसैले पनि यो सत्यलाई देख्न
सक्छ।
४मेरो मित्रहरू म प्रति अब हाँसो उड़ाऊ। तिनीहरू
भन्छन, 'उसले परमेश्वरलाई प्रार्थना गर्‍यो अनि उसले
आफ्नो जवाफ पायो त्यसैले यी सारा दुष्ट कुराहरू
उमाथि आइलाग्यो।' म एक असल मानिस हुँ, म
निर्दोष छु। तर तिनीहरू अझ ममाथि हाँस्छन्।
५दु:खमा नपरेका मानिसहरू दु:खमा पर्नेहरूमाथि
हाँस्छन। जब उसको खुट्टा चिप्लिन्छ तिनीहरू उसलाई
तिरस्कार गर्न तत्पर रहेका हुन्छन।
६तर चोरहरूको घरले तिनीहरूको टाउको
दु:खाउदैन। मानिसहरू जसले परमेश्वरलाई क्रोधित
पार्दछ उ शान्तिमा वस्दछ, अनि तिनीहरूको आफ्नो
बल नै देवता हुन।
७तर पशुहरूलाई सोध, तिनीहरूले तिमीहरूलाई
सिकाउने छन। अथवा हावामा उड़ने चराहरूलाई सोध,
तिनीहरूले तिमीहरूलाई भन्नेछन्।
८अथवा पृथ्वीसँग बोल, त्यसले तिमीलाई भन्नेछ।
अथवा समुद्रका माछाले तिनीहरूको ज्ञान तिमीलाई
बताउनेछ।
९प्रत्येकले जान्दछ कि परमेश्वरले सारा कुराहरू
बनाउनु भयो।
१०प्रत्येक प्राणीहरू जो बाँच्दछन् अनि प्रत्येक मानिस
जसको प्राण छ, सबै परमेश्वरकै शक्तिको अधीनमा
छ।
११तर जसरी जिब्रोले भोजनको स्वाद लिए जस्तै,
कानहरूले जसरी शब्दहरू सुनेर आनन्द लिए जस्तै
हुन्छ र?
१२हामी भन्छौ, 'ज्ञान बूढ़ापाकाहरूमा नै पाइन्छ
लामो जीवनले बुद्धि ल्याउँछ।'
१३तर ज्ञान र पराक्रम परमेश्वरको सम्पत्ति हो।
राम्रो सल्लाह र बुद्धि उहाँकै हुन्।
१४यदि परमेश्वरले कुनै कुरा भत्काउनु भयो भने
मानिसहरूले यसलाई फेरि बनाउन सक्दैनन। यदि
परमेश्वरले कसैलाई कैदमा राख्नु भयो भने मानिसले
त्यसलाई मुक्त पार्न? सक्दैनन्।
१५यदि परमेश्वरले वर्षा रोकिदिनु भयो भने पृथ्वी
सूक्खा हुनेछ। यदि परमेश्वरले वर्षालाई छोड़िदिनु भयो
भने त्यसले पृथ्वीमा बाढ़ी ल्याउनेछ।
१६परमेश्वर शक्तिशाली हुनुहुन्छ र सँधै जित्नु हुन्छ।
एकजना जसले भुल गर्छ अनि एकजना जसले उसलाई
धोका दिन्छ दुवै परमेश्वर कै हुन।
१७परमेश्वरले सल्लाहकार र उसको ज्ञान खोस्नुहुन्छ
अनि मुखियाहरूलाई मूर्ख बनाउनु हुन्छ।
१८राजाहरूले मानिसहरूलाई कैदमा राख्छन तर
परमेश्वरले तिनीहरूलाई छुटकारा दिनुहुन्छ अनि
तिनीहरूलाई शक्तिशाली बनाउनु हुन्छ।
१९उहाँले पूजाहारीहरू आफ्नो कब्जामा राख्नुहुन्छ
अनि जजसले आफैलाई सुरक्षित देख्छन तिनीहरूलाई
पराजित पार्नुहुन्छ।
२०परमेश्वरले विश्वासी सल्लाहकारहरूलाई चुप
पार्नुहुन्छ। उहाँले बूढ़ापाकाहरूको ज्ञान खोसी लैजानुहुन्छ।
२१परमेश्वरले मुखियाहरूलाई महत्वहीन बनाउनु हुन्छ।
उहाँले शासकहरूको शक्ति खोसेर लैजानु हुन्छ।
२२परमेश्वरले अन्धकारका गहिरो रहस्यहरूसम्म थाहा
पाउनु हुन्छ। उहाँले त्यस्ता मृत्यु भन्दा कड़ा अन्धकारमा
पनि प्रकाश पठाउनु हुन्छ।
२३परमेश्वरले जाति-जातिहरूलाई ठूला र शक्तिशाली
बनाउनुहुन्छ, अनि तिनीहरूलाई ध्वंश पार्नुहुन्छ। उहाँले

जातिहरूलाई विस्तार गराउनु हुन्छ त्यसपछि त्यहाँका
जनसमूहलाई छरपष्ट पार्नुहुन्छ।
२४परमेश्वरले शासकहरूलाई मूर्ख बनाउनु हुन्छ।
उहाँले तिनीहरूलाई जङ्गलमा उदेश्यहीन भौंतारिरहेको
पार्नुहुन्छ।
२५ती मुखियाहरू त्यस मानिस जस्ता हुन जो
अँन्ध्यारो बाटोहरूमा हिँड़िरहेको अनुभव गर्दछ। तिनीहरू
मताहा मानिस जस्ता हुन्छन जसलाई कहाँ गइरहेछु
भन्ने होश हुदैंन।"
१३ अय्यूबले भन्यो, "यी सबै मैले पहिल्यै
देखेको छु। तिमीले भनेका सबै कुरा पहिल्यै
सुनेको छु। म ती सबै कुराहरू बुझ्छु। २तिमीले जाने
जति म पनि जान्दछ। म तिमी जतिकै तेज छु। ३तर
म तिमीसँग तर्क गर्न चाहन्न। म सर्वशक्तिमान परमेश्वरसँग
बोल्न चाहन्छु।। म परमेश्वरसँग आफ्ना संकट विषयमा
बहश गर्न चाहन्छु। ४तर तिमीले हाम्रो बातचीतलाई
झुटो कुराले कलंकित पार्छौ। तिमीहरू त्यस्ता अयोग्य
वैद्यहरू हौ जसले कसैलाई पनि निको पार्न सक्तैनन।
५म चाहन्छु तिमीहरू चूपचाप बस। त्यही नै तिमीहरूले
गर्न सक्ने बुद्धिमानी काम त्यही हुन सक्छ।
६"अब, मेरो तर्कमा ध्यान देऊ। म के भन्छु
त्यसमा ध्यानदेऊ।
७के तिमीहरू परमेश्वरसित झूटो बोल्छौ? के
तिमीहरू विश्वास गर्छौ कि तिमीहरूका झटा कुराहरू
परमेश्वरले चाहनु भएका कुराहरू हुन्छ?
८उहाँ परमेश्वर हुनुहुन्छ भन्ने खातिरमा मात्र
तिमीहरूले परमेश्वरको पक्ष लिइरहेका होइनौ? के
तिमीहरू उहाँकै पक्षमा मेरो विरुद्धमा माम्लामा बहश
गर्ने चेष्टा गरिरहेका छौ? तिमीहरूले निष्पक्ष भएका
छैनौ।
९यदि परमेश्वरले तिमीलाई गहिरिएर जाँच गर्नुभयो
भने, 'के तिमीहरूलाई उहाँले सही देखाउनु हुन्छ?
जसरी अन्य मानिसहरूलाई तिमीहरूले मूर्ख बनाउँछौ
के परमेश्वरलाई त्यसरी मूर्ख बनाउनु सक्छौ?
१०यदि तिमीहरूले कुनै विवादमा पक्षपात गर्‍यौ भने
तिमी जान्दछौ कि परमेश्वरले तिमीहरूलाई हप्काउनु
हुनेछ।
११परमेश्वरको महा महिमाले तिमीहरूलाई भयभीत
पार्नेछ। तिमीहरू उहाँदेखि डराउछौ।
१२तिमीहरूको ज्ञानका कुराहरू अर्थहीन छन।
तिमीहरूका बहशहरू बेकामे छन।
१३चूपचाप बस र मलाई बोल्न देऊ। जेसुकै
ममाथि आईपरे तापनि म स्वीकार गर्छु।
१४म स्वयंलाई संकटमा राख्ने छु, अनि आफ्नो
जीवन आफ्नै हातमा लिनेछ।
१५हेर, परमेश्वरले मलाई यसको लागि मार्न सक्नु
हुन्छु, तर तै पनि म उहाँलाई विश्वास गरिरहनेछु। म
आफ्ना मामला उहाँ सम्मुख प्रस्तुत गर्ने नै छु। तर म
स्वयंलाई उहाँको समक्ष बचाउ गर्ने छु।
१६अनि यदि मलाई परमेश्वरले बाँच्न दिनुभए,
त्यस्तै हुनेछ किनभने उहाँसँग बोल्न सक्ने मसँग क्षमता
थियो। कुनै पनि दुष्ट मानिसले परमेश्वर समक्ष सामना
गर्न सक्तैन।
१७मैले भनेको कुरा ध्यान दिएर सुन। मलाई
व्याख्या गर्न देऊ।
१८म आफै मेरो मामिलामा बचाऊ गर्न तत्पर छु।
म होशियारी साथ आफ्नो बहश प्रस्तुत गर्नेछु। म
जान्दछु म उचित नै ठहरिनेछु।
१९यदि कसैले म गल्ती छु भनेर मलाई प्रमाण गर्न
सक्छ भने, तब म तुरन्तै चुप लाग्नेछु।
२०हे परमेश्वर, मलाई यी दुइ कुराहरू मात्र
दिनुहोस् अनि म तपाईंबाट लुक्ने छैन।
२१मलाई दण्डदिन रोकिनु होस् अनि तपाईंका
आतंकीहरूले मलाई भयभीत पार्न छोड़ाउनु होस्।
२२तब मलाई डाक्नु होस् अनि म जवाफ दिनेछु।
अथवा मलाई बोल्न दिनुहोस् अनि मलाई जवाफ
दिनुहोस्।
२३मैले कति पाप कामहरू गरेको छु? मैले के
गल्ती कामहरू गरे? मेरा पापहरू र गल्तीहरू देखाउनु
होस्।
२४हे परमेश्वर, तपाईंले किन मलाई त्याग्नु हुन्छ?
अनि मलाई आफ्नो शत्रु झैं व्यवहार गर्नुहुन्छ?
२५के तपाईंले मलाई भयभीत पार्नु हुन्छ? म हावामा
उड़ने पत्कर झैं हुँ। तपाईंले परालको एउटा सानो
टुक्रालाई आक्रमण गरिरहनु भएको छ।
२६हे परमेश्वर, तपाईंले मेरो विरुद्ध तिक्त कुराहरू
गर्नुभयो। तपाईंले मलाई ठिटौले हुँदा गरेको दुष्कर्मको
लागि दुःख दिनुहुन्छ।
२७तपाईंले मेरो खुट्टामा साङ्गलाहरू बाँधिदिनु भयो
मेरो प्रत्येक पाइला याद गर्नु भयो। तपाईंले मेरो प्रत्येक
चाल चलनलाई याद गर्नु भयो।
२८यसैले म कमजोर भन्दा कमजोर भई रहेछु सड्दै
गएको काठको टुक्रा जस्तो, माऊ किराले खाँदै नष्ट
भएको लुगाको टुक्रा जस्तो।"
१४ अय्यूबले भने, "हामी सबै मानिसहरू हौ।
हाम्रो आयु छोटो अनि संकटहरूले भरिएको
छ। २मानिसको जीवन एउटा फूल जस्तो छ। चाँड़ो
उम्रन्छ अनि त्यसपछि झरेर जान्छ। यहाँ मानिसको
जीवन एउटा छाया जस्तो यहाँ छोटो समयको लागि छ।
अनि त्यसपछि यो बिलाएर जान्छ। ३त्यो सत्य हो, तर
परमेश्वरले, म प्रति हेर्नु हुनेछ, एउटा मानिस? अनि
तपाईं न्यायलयमा मसँग आउनु हुनेछ अनि हामी दुवैले
आफ्ना तर्कहरू प्रस्तुत गर्छौ?
४"म इच्छा गर्छु कसैले केही मैला चीज लिएर

त्यसलाई सफा पारोस। तर कसैले पनि त्यसो गर्न
सक्तैन।
५मानिसको जीवन सीमित छ परमेश्वर तपाईंले
निर्णय गर्नुभयो कति लामो मानिस बाच्छ? तपाईंले ती
सीमाहरू एकजना मानिसका निम्ति बनाउँनु भयो अनि
कसैले पनि परिवर्तन गर्न सक्दैन।
६यसैले परमेश्वर, हामीलाई हेर्न छोड़िदिनु हवस।
हामीलाई एक्लो छोड़ि दिनुहोस् ताकि हामी हाम्रो
मेहनती दिनहरूमा सन्तुष्ट भई बस्न सकौं।
७त्यहाँ एउटा रूखको आशा छ। यदि यो काटियो
भने, त्यो फेरि उम्रनेछ। त्यसमा नयाँ हाँगाहरू पलाउनेछ।
८त्यसको जराहरू भूईंमा बुढ़ो भएर उम्रेला अनि
यसको ठुटो मैलोमा सड़नेछ।
९तर पानीमा यो फेरि उम्रनेछ। यसले नयाँ उद्भिद्
जस्ता हाँगाहरू उमार्नेछ।
१०तर जब मानिस मर्छ, ऊ लोप हुन्छ। जव
मानिस मर्छ, उसको अन्त हुन्छ।
११नदीहरू सूखा नभइञ्जेलसम्म तिमीहरूले पानी
समुद्रबाट लैजान सकौला, अनि मानिस अझ मृत नै
हुनेछ।
१२जब कुनै मानिस मर्छ, उ तल ढल्छ अनि उ
उठ्दैन। मृत मानिस उठ्न अघाड़ी आकाश विलिन
हुनेछ। होइन। मानिसहरू त्यो निद्राबाट माथि उठ्दैन।
१३म चाहन्छु तिमीहरूले मलाई मेरो चिहानमा
लुकाई राख्नेछौ। मलाई त्यहाँ लुकाई राख भन्ने
कामना गर्छु। जबसम्म तिमीहरूका रीस मर्दैन्। तब
तिमीहरूले मलाई सम्झने समय निकाल्ने छौ।
१४यदि एकजना मानिस मर्छ, के ऊ फेरि जीउँदो
हुन्छ? तबसम्म म पर्खुला जबसम्म म स्वतन्त्र हुन
नसकुँला
१५परमेश्वर, तपाईंले मलाई बोलाउनु हुनेछ अनि म
तपाईंलाई जवाफ दिनेछु। तब तपाईंले सिर्जना गर्नु
भएको मानिसहरूसित बस्न तपाईंले इच्छा गर्नुहुनेछ।
१६तब तपाईंले मेरो प्रत्येक पाइलालाई ध्यान दिनुहुन्छ,
तर तपाईंले मेरो पापहरू सम्झनु हुन्न।
१७तपाईंले मेरो पापहरूलाई थैलोमा मोहर लगाएर
राख्नु हुनेछ। मेरा अपराधहरू ढाक्नु हुनेछ।
१८पर्वतहरू ढल्छ अनि टुक्रा-टुक्रा भएर जान्छ।
विशाल चट्टानहरू फुस्केर टुक्रिए र झर्छन।
१९पानी ढुङ्गाहरूमाथि बहँदा तिनीहरूलाई खियाँछ
बाढ़ीहरूले मैकानको माटो काटिदिन्छ। त्यस्तै प्रकारले,
परमेश्वर, तपाईंले मानिसहरूका आशाहरू नष्ट
पारिदिनुहुन्छ।
२०तपाईंले तिनीहरूलाई पूर्णरूपले पराजित गरेर मात्र
फर्केर जानु हुन्छ। तपाईंले तिनीहरूलाई दु:खी बनाउनु
हुन्छ। अनि सदाको लागि टाढ़ा मृतलोकमा पठाइदिनु
हुन्छ।
२१यदि उहाँका छोराहरूका सम्मानित, उहाँलाई
कहिल्यै थाहा हुँदैन। यदि उहाँका छोराहरूले गल्ती
काम गरे भने उहाँले कहिल्यै देख्नुहुन्न।
२२त्यो मानिसले आफ्ना शरीरमा खाली पीडा मात्र
अनुभव गर्दछ, अनि उ आफ्नै लागि चिच्याएर रून्छ।"

## एलीपजले अय्यूबलाई जवाफ दिँदछ

**१५** त्यसपछि तेमानीबाट आएका एलीपजले
अय्यूबलाई जवाफ दिए:
२"अय्यूब, यदि तिमी साँच्चि नै ज्ञानी हुँदो हौ त
तिमीले यसरी आफ्ना अर्थहीन व्यक्तिगत विचारहरूले
जवाफ दिने थिएनौ। तिमी किन आफैलाई तातो हावाले
भराई रहन्छौ?
३के तिमी सोच्दछौ कि एकजना ज्ञानी मानिससित
त्यस्तो बेकामे तर्क अनि त्यस्ता विवेकशुन्य क्षमा-याचना
हुन्छ।
४अय्यूब, यदि तिमीले यस्तै गर्दै गयौ भने कसैले
पनि परमेश्वरलाई श्रद्धा अनि आराधना गर्ने छैन।
५जे कुराहरू तिमीले भन्छौ त्यसले तिम्रो पाप छर्लङ्ग
देखाउँछ। अय्यूब, तिमीले चतुर शब्दहरू चलाएर
आफ्नो पापहरू छोप्न खोजिरहेछौ।
६म तिमी गल्ती छौ भनेर प्रमाण गर्न खोज्दिन।
किन? तिमीले आफ्नो मुखबाट उच्चारण गरेका शब्दहरूले
नै तिमी गल्ती भएको देखाउँछ। तिम्र ओठहरू तिम्रै
विरुद्ध बोल्छ।
७अय्यूब, के तिमी सोच्छौ कि प्रथम जन्मिने मानिस
तिमी मात्र थियौ? तिमी यो पहाड़हरू भन्दा पहिल्यै
जन्मेका थियौ?
८के तिमीले परमेश्वरको गोप्य योजनाहरू सुन्यौ? के
तिमी आफै मात्र ज्ञानी मानिस भनेर सोच्छौ?
९अय्यूब, तिमीले गरे भन्दा धेरै कुराहरू हामी
जान्दछौ हामी बुझ्छौ अनि त्यही तिमी बुझ्दैनौ
१०केश सेतै पाकेका बूढ़ा-पाकाहरू हामीसँग सहमत
छन्। हो, तिम्रा बाबु भन्दा जेठा मानिसहरू हाम्रो
पक्षमा छन।
११परमेश्वरले तिमीलाई सान्तवना दिनु हुन्छ तर
त्यति मात्र तिमीलाई प्रशस्त छैन हामी परमेश्वरको
सन्देश तिमीलाई शिष्ट भाषामा भन्छौ।
१२अय्यूब, तिमी किन बुझ्दैनौ? किन हामी सत्य
देख्दैनौ?
१३जब तिमी त्यस्ता क्रोधपूर्ण शब्दहरू भन्छौ तिमी
परमेश्वरको विरुद्धमा छौ।
१४मानिस साच्चै नै निर्दोष हुन सक्तैन। मानिस
परमेश्वर भन्दा धर्मी हुन सक्तैन।
१५परमेश्वरले आफ्ना दूतहरूसम्मलाई विश्वास
गर्नुहुन्न? परमेश्वरसँग तुलना गर्दा स्वर्गसम्म निर्दोष
छैनन।

१६मानिस अत्यन्तै निम्न हुन्छ। मानिस मैलो र भ्रष्ट छ। उसले अधर्म पानी सरह पिउँछ।

१७मेरो कुरा ध्यान दिएर सुन अय्यूब, अनि म यो तिमीलाई व्याख्या गर्नेछु। मैले के बुझे त्यही तिमीलाई भन्नेछु।

१८म तिमीलाई ती कुराहरू भन्नेछु, जुन ज्ञानी मानिसहरूले मलाई भनेका छन ती ज्ञानी मानिसहरूका पिता-पुर्खाहरूले ती कुराहरू तिनीहरूलाई भनेका हुन्।

१९तिनीहरू मात्र आफ्ना देशमा बस्थे। त्यहाँ कुनै विदेशीहरू बसोवास गर्न पाउँदैनथे यसकारण तिनीहरूलाई कसैले नौलो विचारहरू भनेन्।

२०दुष्ट मानिसहरूले आफ्नो सम्पूर्ण जीवनभरी कष्ट पाइरहन्छ। निष्ठूर मानिस जीवनभरी नै प्रत्येक साल शिकार भइरहन्छ।

२१प्रत्येक कोलाहलले उसलाई तर्साउँछ। उसका शत्रुहरूले उसलाई सताउँछ, शत्रुले आक्रमण गर्छ जब उसले आफूलाई सुरक्षित सम्झदछ।

२२दुष्ट मानिसहरू अत्यन्त निराश हुन्छन अनि अन्धकारदेखि छुटकारा पाउने तिनीहरूसँग कुनै मौका नै हुँदैन। त्यहाँ कतै तिनीहरूलाई मार्नका लागि तरवार छ।

२३रोटीको खोजीमा "त्यो कहाँ छ" भनी यता उता घुमिरहन्छ। उसले जान्दछ कि उसको मृत्यु अब नजिक छ।

२४चिन्ता र पीड़ाहरूले उसलाई भयभीत बनाउँछ। राजा ध्वंस गर्न तम्से जस्तो ती कुराहरूले तिनीहरूलाई आक्रमण गर्छ।

२५किन? किनभने दुष्ट मानिसहरूले परमेश्वरलाई मान्नु अस्वीकार गर्छ उसले आफ्नो मुक्का परमेश्वरमा नचाउँछ अनि सर्वशक्तिमान परमेश्वरलाई पराजित गर्ने कोशिश गर्छ।

२६त्यो दुष्ट मानिस साह्है हठी हुन्छ। उसले मोटो बलियो ढालसंग परमेश्वरलाई आक्रमण गर्ने कोशिश गर्छ।

२७उसको अनुहार बोसोले ढाकिएको छ। धनी अनि मोटा भएको छ।

२८तर उसको शहर ध्वंश हुनेछ, उसको घर ध्वंश हुनेछ, उसको घर रित्तो हुनेछ।

२९दुष्ट मानिस सधैंलाई धनी भई रहँदैन। उसको सम्पत्ति सँधैलाई रहँदैन उसको अन्नबालि सबै उम्रिन्दैन।

३०ती दुष्ट मानिस अन्धकार देखि मुक्त हुनेछैन। उ त्यस्तो रूख सरह हुनेछ जसका पातहरू रोगबाट झर्छ। अनि बतासले सबै उड़ाई लैजाईनेछ।

३१दुष्ट मानिसले स्वयंलाई मूर्ख बनाउनु पर्दैन् जब उसले महत्वहीन कुराहरूमा विश्वास गर्छ। किन? किनभने उसले केही पनि पाउँने छैन।

३२उसको जीवन अन्त हुन अघि नै त्यो दुष्ट मानिस बृद्ध र निराश भइजान्छ। उ सुकेको हाँगा जस्तो हुन्छ, फेरि कहिल्यै हरियो हुनेछैन।

३३त्यो दुष्ट मानिस दाखको रूख जस्तो हुनेछ जसले पाक्न अघिनै दाख गुमाउँछ। त्यो मानिस भद्राक्षेको रूख जस्तै हुनेछ जसले आफ्नो कोपिलाहरू गुमाउँछ।

३४किन? किनभने परमेश्वर नभए मानिसहरूसँग केही पनि रहँदैन। मानिसहरू जसले पैसालाई प्रेम गर्छ आगोले आफ्नो घर खरानी बनाउँछ।

३५दुष्ट मानिसहरूले कष्ट गर्भधान गर्छन, दृष्टयाँइ जन्माउछन् अनि तिनीहरूको कोखले खाली कपट उप्जाउँछ।"

### अय्यूबले एलीपजलाई जवाफ दिँदछ

१६ तब अय्यूबले जवाफ दिए,
२मैले पहिलाबाट "यी कुराहरू सुनेको हुँ। तिमीहरू तीनजना मानिसहरूले मलाई दु:ख दिइरहेकाछौ, सान्तवना होइन।

३तिमीहरूका लामा भाषणहरू कहिले सिद्धिने होइन। किन तिमीहरूको तर्कहरू तन्काई रहन्छौ?

४तिमीहरूले भनेकै कुराहरू म पनि भन्न सक्थे यदि तिमीहरूसँग मेरो जस्तै संकटहरू भए। म तिमीहरूलाई ज्ञानी कुराहरू सुनाउन सक्थे अनि मेरो टाउको तिमीहरू तिर हलाउँथे।

५तर म तिमीलाई उत्साह दिउँला अनि मैले भनेका कुराहरूसँग आशा जगाई दिउँला।

६मैले जे भने पनि मेरो पीड़ा केहीबाट हरण हुने छैन, तर चुपचाप बसिरहनु पनि लाभ छैन।

७हे परमेश्वर, साँचो रूपमा, तपाईंले मेरो शक्ति लैजानु भयो। तपाईंले मेरो सबै परिवार तहसनहस पारिदिनु भयो।

८तपाईंले मलाई दुब्लो-पातलो बनाइदिनु भयो, अनि मानिसहरूलाई त्यसले मलाई दोस्याउने कारण उप्जाउँछ।

९परमेश्वर क्रोधित हुनुभयो अनि मेरो शरीरलाई एउटा सिंहले झैं आक्रमण गर्नु भयो। मेरो शरीर टुक्रा-टुक्रा पारी च्यात्नु भयो। अनि मेरो शत्रुहरूले मलाई तिनीहरूको घृणित नजरले हेरे।

१०मानिसहरूले मेरो वरिपरि थुप्रेर, तिनीहरूले मलाई हाँसोको पात्र बनाए अनि थप्पड़ लगाए।

११परमेश्वरले मलाई दुष्ट मानिसहरूकहाँ दिनु भयो। मलाई दु:ख दिवोस भनेर उहाँले कुकर्मीहरूलाई छोड़ी दिनुभयो।

१२जबसम्म परमेश्वरले मलाई घाँटीमा समात्नु भएन अनि मलाई टुक्रा-टुक्रा पार्नु भएन तबसम्म प्रत्येक कुरो राम्रै भइरहेको थियो। तब उहाँले मलाई पहिलेकै अवस्थामा ल्याउनु भयो र मलाई उहाँको तारोको रूप प्रयोग गर्नुभयो।

१३परमेश्वरका धनुर्धारीहरू मेरो वरिपरि छन्। उहाँले मेरो मिर्गौलामा काँढ़ले हान्नु भयो। उहाँले ममाथि दयाभाव देखाउन भएन उहाँले मेरो पित्त भुईंमा फुटाउनु भयो।

१४घरिघरि परमेश्वरले मलाई आक्रमण गर्नुहुन्छ। उहाँ एक सिपाही युद्धभूमिमा दौड़े जस्तो दर्गनुहुन्छ।

१५म अत्यन्त उदास छु, यसैले म त्यस्ता उदासी पोषाकहरू लगाउँछु। म यहाँ धुलोमुलो र खरानीको थुप्रोमा बस्छु, अनि म पराजित भएको ठान्छु।

१६रूँदा रूँदा मेरो अनुहार रातो भइसक्यो। मेरो आँखा वरिपरि कालो गोलो रेखाहरू छन्।

१७मैले कसैलाई नोक्सान गरेको छैन। तर त्यस्ता अप्रिय घटनाहरू मकहाँ आई लाग्यो। मेरा प्रार्थनाहरू उचित र चोखा छन।

१८पृथ्वी, गल्ती कुराहरू नलुकाऊ जुन ममाथि आइपर्‍यो। मेरो न्यायको पुकारलाई नरोक।

१९अहिले पनि त्यहाँ स्वर्गमा कोही छ जो मसँग बोल्नु हुन्छ। त्यहाँ माथि कोही त छ जसले मेरो लागि साक्षी दिनेछ।

२०मेरो साथीहरूले मलाई हत्काउँछ। मेरा आँखहरूबाट परमेश्वरका निम्ति आँशु बग्छ।

२१तर परमेश्वर अघि उसले मेरो विषयमा साथीको लागि न्याय गरिदिने मानिसले झैं बोलिदिन्छ।

२२केही वर्षमा म नफर्किने ठाउँमा जानेछु।

१७ "मेरो आत्मा टुक्रियो: म त्याग्न तयार छु। मेरो जीवन प्राय: बितिसक्यो, चिहानले मलाई पर्खिरहेछ।

२मानिसहरू मेरो वरिपरि उभिन्छन अनि मप्रति हाँस्छन। जब तिनीहरूले मलाई जिस्काउछन र खिसी गर्छन म तिनीहरूलाई हेर्छु।

३हे परमेश्वर, मलाई देखाउनु होस् कि साँचि नै मलाई मद्दत गर्नुहुन्छ। अन्य कुनै मानिसहरूले मलाई मद्दत गर्नेछैन।

४तपाईंले मेरा मित्रहरूका ज्ञान बन्द गरिदिनु भयो अनि तिनीहरूले बुझ्दैनन्। दया गरेर तिनीहरूलाई जित्न नदिनुहोस्।

५तपाईंहरूलाई यो भनाई थाहा छ, 'मानिसहरूले आफ्ना नानीहरूलाई भोक भोकै राखी साथीलाई मद्दत गर्छन।'

६परमेश्वरले अरूहरू अघि मेरो बदनाम गर्नुभयो। मानिसहरूले मेरो मुखमा थुक्छन्।

७मेरो आँखाहरू प्राय अन्धा बराबर भइसके किनभने म साह्रै दु:खी छु अनि अत्यन्तै पीड़ामा छु। मेरो सारा शरीर छाया जस्तै हल्का भएको छ।

८धार्मिक मानिसहरू यसमा शोकित हुन्छन। अधर्मी मानिसहरूको कारणले निर्दोष मानिसले कष्ट पाउँछ।

९तर इमान्दार मानिसहरू सही ढंगमा लगातार बसिरहन्छन्। विधि पूर्वक शुद्ध हात भएको मानिस अझ बलियो बनिन्छ।

१०तर तिमीहरू सबैजना आऊ, यी सबै भुल मेरै हुन भनी देखाउने कोशिश गर। तिमीहरू माझ मैले ज्ञानी मानिस पाउन सक्तिन।

११मेरो जीवन बितिरहेछ। मेरो योजनाहरू नष्ट भइरहेछ। मेरो इच्छा मर्‍यो।

१२तर मेरो सारा मित्रहरू सालेमाले भए। तिनीहरू रातलाई दिन सोच्छन तिनीहरू अन्ध्यारोले उज्यालो भगाउँछ भनेर सोच्छन्।

१३म चिहानलाई मेरो नयाँ घर भनेर आशा गरौंला अंध्यारो चिहानमा मेरो ओछ्यान बनाउँनै आशा गरौंला।

१४म चिहानलाई भन्न सक्छु, 'तपाईं मेरा पिता हुनु हुन्छ, अनि कीरालाई, 'मेरी माता' अथवा 'मेरी बहिनी भन्न सक्छु।'

१५तर त्यति नै मेरो आशा हो भने तब मेरो अरू कुनै आशा छैन्। यदि त्यति नै मात्र मेरो आशा हो भने तब मानिसहरूले मलाई आशा शून्य पाउँनेछन्।

१६के मेरो आशा मसँगै मरेर जानेछ? के यो मृतलोकमा जानेछ? के हामी साथसाथै मैला धूलोमा सँगै जानेछौं?"

## बिल्ददले अय्यूबलाई जवाफ दिँदछ

१८ तब बिल्ददले (शुहीले यसो भनेर) जवाफ दिए:

२"अय्यूब, तिमी कहिले बोल्न बन्द गर्नेछौ? चुपलाग अनि सुन। हामीलाई केही भन्नदेऊ।

३किन तिमीले हामीलाई लाटा गाई जस्तो मूर्ख सम्झन्छौ?

४अय्यूब, तिम्रो रीसले तिमीलाई नै पिरोल्छ। के मानिसहरूले खाली तिम्रो लागि पृथ्वी छोड़नै पर्छ? के तिमी सोच्दछौ कि परमेश्वरले तिम्रै सन्तुष्टीको लागि मात्र पर्वतहरूको ठाउँ सार्नु हुन्छ?

५हो, दुष्ट मानिसको प्रकाश निभाइनेछ। उसको आगो जल्न छाड़नेछ।

६उसको घरको प्रकाश अन्ध्यारो हुनेछ। उसको छेउको बत्ती पनि निभ्ने छ।

७उसको बलियो पाइलाहरू अझ छोटो र कमजोर हुनेछन्। उसको पापपूर्ण योजनाहरूले उसकै पतन गराउनेछ।

८उसको आफ्नै खुट्टाले उसलाई पासोमा फसाउने छ उ पासोमाथि हिँड़नेछ र फस्नेछ।

९पासोले उसको एढ़ी पक्रने छ। पासोले उसलाई कस्सेर समात्ने छ।

१०भूँईमा लुकेको डोरीले त्यसलाई अल्झाउनेछ। पासोले उसको बाटो पर्खनेछ।

११आतकंले त्यसलाई चारैतिरबाट पर्खिरहेछ। त्रासले त्यसको बढ्दो प्रत्येक पाईलालाई पछ्याई रहेछ।

१२भोकले उसको शक्ति दुर्बल पार्छ। जब उसको पतन शरु हुन्छ उसको विनाश र ध्वंश तत्पर रहन्छन।

१३डरलाग्दो रोगले उसको छाला खाई दिनेछ। त्यसले उसको पाखुराहरू र खुट्टाहरू सड़ाउनेछ।

१४दुष्ट मानिसलाई आफ्नो सुरक्षित घरबाट टाड़ो लैजानेछ। उसलाई आतकंका राजाहरू भेटाउनलाई त्यतैतिर डोऱ्याउनेछ

१५उसले आफ्नो घरमा केही पनि छाड़ने छैन। किन? किनभने सबै जल्ने गन्धक उसको घरभरि छरिनेछ।

१६उसको मुनिका जराहरू सुकेर जानेछन अनि उसकामाथिका हाँगाहरू मरेर जान्छन।

१७पृथ्वीमा भएका मानिसहरूले उसलाई सम्झने छैन। कसैले उसलाई एकैपल्ट पनि संम्झने छैन।

१८मानिसहरूले उसलाई उसको संसारको प्रकाशबाट अन्धकारमा खेदनेछन्।

१९उसको न छोरा-छोरीहरू हुनेछ न त नाता-नातिनीहरू उसको कुनै पनि सन्तान रहनेछैन्।

२०पश्चिममा भएका मानिसहरूलाई आपत पर्नेछ जब उनीहरूले दुष्ट मानिसहरूमा कस्तो घटना आइपऱ्यो भन्ने सुन्दा पूर्वमा भएका मानिसहरू डरले स्तब्ध हुनेछन्।

२१त्यो साँचि नै ती दुष्ट मानिसहरूको घरमा घटने नै छ। त्यस्ता मानिसको जीवनमा घटिन जानेछ जसले परमेश्वरलाई यादै गर्दैन।”

## अय्यूबले जवाफ दिँदछ

१९ तब अय्यूबले जवाफ दिए:

२“कहिलेसम्म तिमीहरूले मलाई चोट पुऱ्याउने छौ अनि मेरो वचनहरू भङ्ग पार्ने छौ?

३तिमीहरूले मलाई दश पल्ट बेइज्जत गऱ्यौ। ममाथि अन्याय गर्दा तिमीहरू लज्जित भएनौ?

४यो मेरो समस्या हो। यदि मैले पाप गरें भने पनि त्यसले तिमीहरूलाई चोट पुऱ्याउँदैन।

५तिमीहरूले म भन्दा केवल आफूलाई राम्रो देखाउन चाहयौ। तिमीहरूले मेरा संकटहरू नै मेरा गल्तीहरू हुन भन्यौ।

६तर यहाँ परमेश्वर हुनु हुन्छ जसले ममाथि गल्ती काम गर्नु भयो। मलाई पक्रन उहाँले आफ्नो पासो थाप्नु भयो।

७म चिच्याएँ, ‘उहाँले मलाई चोट पुऱ्याउनु भयो।’ तर मैले जवाफ पाइन। मैले सहायताको लागि कराँए, तर न्यायको लागि कसैले पनि मेरो कुरा सुनेन।

८परमेश्वरले मेरो बाटो रोकि दिनु भयो। यसकारण म बाटोबाट जान सक्तिन। उहाँले अन्धकारमा मेरो बाटो हराइदिनु भयो।

९परमेश्वरले मेरो सम्मान खोसेर लैजानु भयो उहाँले मेरो शिरबाट मुकुट उतारिदिनुभयो।

१०परमेश्वरले म शेष नहोउञ्जेलसम्म चारैतिरबाट हिर्काउनु भयो। उहाँले मेरो आशा खोसेर लैजानु भयो जसरी जराहरूले रूखलाई तान्दछ।

११परमेश्वरको क्रोधको आगो मेरो विरुद्ध जल्यो। उहाँले मलाई आफ्नो शत्रु ठान्नु भयो।

१२परमेश्वरले मलाई आक्रमण गर्न आफ्ना सेनाहरू पठाउनु भयो। तिनीहरूले आक्रमण धरहराहरू मेरो वरिपरि बनाए तिनीहरूले मेरो पाल वरिपरि आफ्नो छाउनी बनाए।

१३परमेश्वरले मेरो दाज्यू-भाइहरूलाई मलाई घृणा गर्ने बनाउनु भयो। म मेरो सारा मित्रहरूका लागि नौलो मानिस भएँ।

१४मेरो आफन्तहरूले मलाई त्यागेर गए। मेरो मित्रहरूले मलाई बिर्से।

१५मेरो घरमा भेट गर्न आउनेहरूले अनि मेरो दासीहरूले मलाई यस्तो प्रकारले हेर्छन मानौ म एउटा विदेशी अथवा परदेशी हुँ।

१६मैले आफ्नो दासलाई बोलाएँ तर त्यसले जवाफ दिएन। मैले उसित माफ माग्नु पर्छ।

१७मेरो पत्नीले मेरो सासको गन्धलाई घृणा गर्छे। मेरो आफ्नै दाज्यू-भाइहरूले मलाई घृणा गर्छन।

१८साना-साना नानीहरूले पनि मलाई घृणा गर्छन। जब म तिनीहरूको छेउमा जाँदछु, तिनीहरूले म प्रति नराम्रा वचनहरू बोल्छन।

१९मेरा सारा हितैषी मित्रहरूले मलाई घृणा गर्छन। जुन मानिसहरूलाई म प्रेम गर्छु तिनीहरू सम्मले मेरो विरुद्ध मुख खोले।

२०म एकदम दुब्लो छु, मेरो छालाहरूले हड्डीहरू छाड़ेर झोलिएका छन। मसँग अब अलिकति मात्र प्राण छ।

२१मलाई दया गर, मेरो मित्रहरू ममाथि करूणा जगाऊ। किन? किनभने परमेश्वर मेरो विरुद्ध हुनुहुन्छ।

२२किन तिमीहरूले मलाई परमेश्वरले झैं सजाय दिइरहेछौ? तिमीहरूले मलाई चोट पुऱ्याइसकेका छैनौं।

२३म चाहन्छु कि कसैले ती कुराहरू सम्झेला जुन म भन्छु र पुस्तकमा लेख्छु। म चाहन्छु मेरो वचनहरू चर्मपत्रमा लेखियोस्।

२४म इच्छा गर्छु कि मेरा शब्दहरू फलामको छिनुले ढुङ्गामाथि कुँदियोस् ताकि सदासर्वदा रहनेछन्।

२५म जान्दछु त्यहाँ मेरा निम्ति लड़िदिने कोही त छ। म जान्दछु उ बाँच्छ। अनि अन्तमा उ यहाँ पृथ्वीमा उभिनेछ अनि मलाई बचाउनेछ।

२६म जान्दछु कि म मरे पछि अनि मेरो शरीरबाट छाला काढ़िए पछि मैले परमेश्वरलाई देख्ने छु।

२७म परमेश्वरलाई आफ्नै आँखाहरूले देख्नेछु। म मात्रै अन्य कोही पनि होइन, परमेश्वरलाई देख्नेछु। मेरो इच्छाको खिँचाईलाई मेरो हृदयले थाम्न सक्तैन।

२८हुन सक्छ, तिमीले भन्नेछौ, 'हामीले उनीमाथि दवाऊ पार्नुपर्छ। हामीले उसलाई दोष दिने कारणहरू पाउँन सक्नेछौं।'

२९तर तिमीहरू आफै नै तरवारदेखि डराउनु पर्नेछ। किन? किनभने परमेश्वरले दोषी मानिसहरूलाई दण्ड दिनुहुनेछ। परमेश्वरले तिमीहरूलाई दण्ड दिनलाई तरवार चलाउनु हुनेछ। तब तिमीहरूले जान्नेछौ कि त्यहाँ न्यायको समय छ।"

## सोपरले जवाफ दिन्छ

२० तब नमाबाट आएका सोपरले जवाफ दिए:
२"मेरा दोधारे विचारहरू मभित्रै संघर्ष गर्छन् तिमीहरूलाई उत्तर दिन म हतारिरहेको छु।

३तिम्रो जवाफले हामीलाई अपमान गर्‍यो! तर म ज्ञानी छु, तिमीलाई कसरी जवाफ दिनु म जान्दछु।

४-५तिमी जान्दछौ कि एक दुष्ट मानिसको आनन्द लामो समयसम्म टिक्दैन। त्यो पहिल्यै देखिको सत्य थियो। आदमलाई पृथ्वीमा राखेको बेलादेखि नै त्यो सत्य थियो त्यो मानिस जसले परमेश्वरको बारेमा याद गर्दैन भने उसको खुशी छोटो अवधीको लागि मात्र हुन्छ।

६हुनसक्छ दुष्ट मानिसको घमण्ड आकाश माथि पुग्ला, अनि उसको शिरले बादलहरूलाई छोला।

७तर उ सदाको लागि जानेछ, उसको आफ्नै शरीर सकिँदै गए जस्तो। मानिसहरू जसले उसलाई जान्दछ भन्नेछन्, 'उ कहाँ छ?'

८उ सपना जस्तो उडेर जानेछ अनि कसैले पनि उसलाई फेरि भेटाउने छैन। नराम्रा सपना जस्तो उसलाई जबरजस्ती भुलिनेछ।

९मानिसहरू जसले उसलाई देखे फेरि अब देख्ने छैनन। उसको परिवारले उसलाई फेरि कहिल्यै हेर्ने छैन।

१०दुष्ट मानिसका केटाकेटीहरूले फर्काइदिने छ जे थोक उनीहरूले गरीब मानिसहरूबाट लिएका थिए। त्यो दुष्ट मानिसको आफ्नै हातहरूले उसको सम्पत्ति फर्काई दिनुपर्नेछ।

११जब ऊ जवान थियो उसका हड्डीहरू बलिया थिए, तर, उसको शरीरका बाँकी भाग जस्तै तिनीहरू चाँडै नै फोहार मैलामा ढल्नेछ।

१२दुष्ट मानिसहरूको मुखमा खराबले मिठो स्वाद दिन्छ, यसर्थ उसले पूर्ण आनन्द लिनु त्यसलाई आफ्नो जिब्रो मनि राख्छ।

१३दुष्ट मानिसहरूले पाप लुट्दछ। उसले यसलाई फुत्काउन चाहदैन। त्यो त्यस्तो मिठो मिश्री जस्तो हुँदछ उसले आफ्नो मुखमा चेपी राख्दछ।

१४तर त्यो दुष्टको पेटमा उसको भोजन विष हुन्छ। त्यो उसको पेटभित्र एउटा साँपको विष जस्तै तितो हुन्छ।

१५दुष्ट मानिसले धनीहरूलाई निल्छ। तर त्यसले तिनीहरूलाई उल्टी गरेर निकाल्छ। परमेश्वरले पापी मानिसलाई उल्टी गरेर बाहिर निकाल्ने पार्नुहुन्छ।

१६दुष्ट मानिसहरूको पेय पदार्थ साँपबाट निकालिएको विष झैं हो। तर साँपको जिब्रोले उसलाई मार्नेछ।

१७तब पापी मानिसले मह र नौनी बग्दै गरेको नदीहरू देखेर पनि आनन्द उपभोग गर्नेछैन।

१८दुष्ट मानिसलाई उसले कमाएको नाफा जति फर्काई दिनलाई वाध्य गराईन्छ। उसले गरेको कामहरूमाथि उसलाई खुशी हुने अधिकार दिँइदैन्।

१९किन? किनभने पापी मानिसले गरीब मानिसहरूलाई घात पार्दछ अनि गल्ती हिसाबले उसलाई जोख्दछ। उसले तिनीहरूको चिन्ता नै गरेन अनि उसले तिनीहरूका चीजबीचहरू लगिदियो। अरूले बनाएको घरहरू त्यसले खोसेर लगिदियो।

२०दुष्ट मानिस कहिले सन्तुष्ट हुँदैन। उसको धनले उसको रक्षा गर्न सक्तैन।

२१जब उसले खाँदछ, त्यहाँ केही पनि छाड़दैन। उसले सफलता पाउने छैन।

२२जब दुष्ट मानिसकहाँ प्रशस्त हुँदछ उसलाई संकटहरूले थिचेर राख्नेछ। उसको समस्याहरू उमाथि नै खनिन्छ।

२३जब दुष्ट मानिस आफूले चाहे जति सबै थोक खान्छ, ऊ परमेश्वरको क्रोधको लप्कोमा पर्दछ। परमेश्वरले त्यस दुष्ट माथि दण्ड वर्षाउनु हुनेछ।

२४हुनसक्छ फलामको तरवारदेखि त्यो दुष्ट मानिस भाग्ला। तर काँसको टुप्पा भएका काँढ़ले त्सलाई ढाल्ने छ।

२५त्यो काँसाको काँढ़ जसरी भए पनि उसको शरीरमा वारपार भएर जाने नै छ, अनि उसको ढाँड़बाट त्यो निस्कने छ। यसको टल्किने टुप्पाले उसको कलेजो छेड्नेछ, अनि ऊ त्रासले मुर्छा पर्नेछ।

२६उसका सारा धन सम्पत्ति नष्ट हुनेछ। आगोले उसलाई ध्वंश गर्ने छ जुन आगो मानिस तथा प्राणीले शुरू गरेको होइन्। आगोले उसका घरमा बाँकी रहेका सारा सामानहरूसम्म जलाएर खरानी बनाउँनेछ।

२७दुष्ट मानिस दोषी हो भनी स्वर्गले प्रमाण गर्नेछ। पृथ्वी स्वंय त्यसको विरुद्ध उठ्नेछ।

२८उसको घरमा भएको सम्पूर्ण सामानहरू परमेश्वरलाई रीस उठेको दिन खोसिनेछ।

२९हो, त्यसरी नै परमेश्वरले दुष्ट मानिसहरूमाथि गर्नुहुनेछ। त्यसरी नै परमेश्वरको योजनाहरू तिनीहरूलाई दिनु हुनेछ।"

### अय्यूबले जवाफ दिन्छन

**२१** तब अय्यूबले जवाफ दिए:

२"म के भन्छु सुन मलाई सान्त्वना दिने तिम्रो त्यही तरिका रहोस्।
३जब म बोल्दछु, धैर्य राख्नु मैले बोलिसके पछि तिमीहरूले मेरो खिल्ली उड़ाउन सक्छौ।
४म मानिसहरूका विरुद्ध गुनासो गर्ने होइन, त्यहाँ राम्रो कारण छ किन म धैर्य रहिन।
५म प्रति हेर अनि शोकले आघात बन तिम्रो हात मेरो मुखमा राख, अनि शोकले आघात भएको आँखाले मलाई हेर।
६जब मलाई के भएको थियो भनी सोच्छु मलाई डर लाग्छ अनि मेरो शरीर काम्छ।
७किन पापीहरू दीर्घायु हुन्छ? किन तिनीहरू बूढा हुन्छन र सफल हुन्छन?
८दुष्टहरूले आफ्ना छोरा-छोरीहरू आफूसितै हुर्केको देख्छन र आफ्ना नाता नातिनीहरू हेर्न धेरै बाँच्छन।
९तिनीहरूका घरहरू सुरक्षित छन अनि तिनीहरू भयभीत छैनन। परमेश्वरले ती दुष्टहरूलाई दण्ड दिनलाई लट्ठी प्रयोग गर्नुहुन्न।
१०तिनीहरूका साँढ़े प्रजनन क्रियामा कहिले चुक्दैनन। तिनीहरूका गाईहरूले बाछीहरू ब्याउँछन् अनि तुहिंदैनन्।
११दुष्टहरूले आफ्नो नानीहरूलाई भेड़ाका पाठाहरू जस्तै बाहिर खेल्न दिन्छन। तिनीहरूका नानीहरू वरिपरि नाच्छन्।
१२तिनीहरू वीणा र बासुरीको धुनमा गाउछन र नाच्छन्।
१३दुष्टहरूले आफ्नो जीवन कालमा सफलता भोग्दछन्। त्यसपछि तिनीहरू मर्छन् अनि कुनै पीडाबिना आफ्नो चिहानतिर जान्छन।
१४तर दुष्टहरूले परमेश्वरलाई भन्छन्, 'हामीलाई एक्लो छाड़ी दिनुहोस्। हामी तपाईंका मार्ग जान्ने इच्छा गर्दैनौं।"
१५अनि दुष्टहरूले भन्छन्, 'सर्वशक्तिमान परमेश्वर को हो? हामीलाई उसको सेवा गर्ने खाँचो छैन। उसलाई प्रार्थना गरेर हामीले के पाउँछौ?'
१६यो सत्य हो, दुष्टहरूले आफ्ना सफलताहरू आफै बनाउँदैनन्, म तिनीहरूको परार्मशको पछि लाग्दिन।
१७तर, प्राय: कहिले कहीँ कसरी परमेश्वरले दुष्टहरूको ज्योति निभाइ दिनु हुन्छ? प्राय: कसरी दु:खकष्टहरू दुष्टहरूमाथि आई पर्दछ? कहिले परमेश्वरले तिनीहरूलाई क्रोधित भएर दण्ड दिनुहुनेछ?
१८हावाले पराल उड़ाए जस्तै, तीब्र बतासले धानको भूसहरू उड़ाए जस्तै के परमेश्वरले दुष्टहरूलाई उड़ाई भगाउनु हुनेछ।
१९तर तिमी भन्छौ, 'उसको पिताले पापहरू गरेको निम्ति परमेश्वरले नाबालकलाई दण्ड दिनुहुन्छ।' परमेश्वर स्वयले दुष्टहरूलाई नै दण्ड दिऊन् तब तिनीहरूले कि तिनीहरूको आफ्नै पापले गर्दा तिनीहरू दण्डित भएरहेका छन्।
२०दुष्टहरूले आफ्नै सजाय देखुन। सर्वशक्तिमान परमप्रभुको क्रोध तिनीहरू आफैले देखुन।
२१जब दुष्ट मानिसको जीवन शेष हुन्छ अनि ऊ मर्दछ, उसले आफ्ना नानीहरू ज-जसलाई छाड़छ, तिनीहरूको पर्वाह नै गर्दैन।
२२कसैले पनि परमेश्वरलाई ज्ञान दिन सक्तैन। परमेश्वरले उच्च वर्गका मानिसहरूलाई पनि न्याय गर्नुहुन्छ।
२३एकजना मानिस आफ्नो पूर्ण र सफल जीवन उपभोग पछि मर्छ। ऊ आफ्नो जीवनमा पूर्णत: सुरक्षित अनि आनन्द प्रकारले बाँच्यो।
२४उसको शरीरका हड्डीहरू बलिया थिए कारण उसले भोजन प्राशस्त पाएको थियो।
२५तर कतिपय मानिस कष्टप्रद जीवन बिताए पछि मर्छ। उसले कहिल्यै राम्रो जीवन बिताउन पाएन।
२६अन्तमा, ती दुवै मानिसहरू सँगसँगै फोहोरमा ढल्नेछन। ती दुबैमा कीराहरूले पुर्नेछन्।
२७तर, म जान्दछु तिमीहरू के सोची रहेछौ अनि म जान्दछु तिमीहरूसित मलाई नोक्सान पुर्‍याउन योजना छ।
२८तिमीले भन्छौ होला: 'मलाई राम्रो मानिसको घर देखाऊ। अहिले, दुष्ट मानसिहरू कहाँ बस्छन देखाऊ।
२९तर तिमीहरूले कहिल्यै यात्रीहलाई सोधेनौ अनि तिमीहरूले उनीहरूको कथाहरू पत्याएनौ।
३०जब परमेश्वर रीसाएर सजाए दिनु हुन्छ दुष्ट मानिसहरू संधै जोगिन्छन्। जब परमेश्वरले रीस देखाउनु हुन्छ तिमीहरूलाई बचाइन्छ।
३१कसैले पनि दुष्ट मानिसका सम्मुख उसका नराम्रा कार्यहरूको आलोचना गर्दैन। कसैले पनि उसका दुष्ट कार्यका निम्ति दण्ड दिंदैन।
३२जब दुष्ट मानिसलाई चिहानमा लगन्छि उसको चिहानको छेउमा चौकिदार उभिन्छ।
३३यसैले त्यस ठाउँको माटो त्यो दुष्ट मानिसको लागि असल हुनेछ। अनि हजारौ मानिसहरू उसको मलामी भएर चिहानमा भेला हुन्छन।
३४त्यसैकारण तिमीले आफ्ना खोक्रो शब्दहरूले मलाई सान्त्वना दिन सक्तैनौ, तिम्रो जवाफहरूले एकदमै सहयोग गर्दैन।"

### एलीपजले जवाफ दिन्छ

२२ तेमानीबाट आएका एलीपजले जवाफ दिए;
२"के परमेश्वरलाई हाम्रो सहायता चाहिन्छ? अँहँ। ज्ञानी पुरूष पनि परमेश्वरलाई साँच्चि नै कामलाग्ने होइन।

३यदि तिमी धर्मी छौ भने के यसले परमेश्वरलाई मद्दत पुर्‍याउँछ? अँहँ! यदि तिम्रो मार्गहरू सही छन भने के सर्वशक्तिमान परमेरश्वरलाई केही लाभ हुन्छ? अँहँ।

४अय्यूब, किन परमेश्वरले तिमीलाई दण्ड र दोष दिनुभयो? के यो तिमी उहाँको डर बोक्छौ भनेर हो?"

५होइन, यो तिम्रो धैरे दुष्टकर्महरूको कारणले हो। अय्यूब, तिमीले कहिल्यै तिम्रो दुष्टकर्म रोकेनौ।

६हुन सक्छ तिमीले दाज्यू-भाइ देखि रूपियाँ पैसा ऋण लिएका छौ, अनि तिमीलाई उसले केही दिवोस भनेर वाध्य गर्‍यौ जसले त्यो फर्काइने प्रमाण गर्‍यो। हुन सक्छ तिमीले गरीब मानिसबाट बन्धक राखे जस्तै लुगा लिएको थियो। हुन सक्छ कुनै कारणै बिना तिमीले त्यसो गर्‍यौ।

७हुन सक्छ तिमीले ती थकित र भोकोहरूलाई पानी र भोजन दिएनौ।

८अय्यूब, तिमीसँग खेती गर्ने थुप्रै जमीनहरू छ। अनि मानिसहरूले तिमीलाई आदर गर्छन्।

९हुन सक्छ तिमीले केही पनि नदिइकन विधवाहरूलाई टाढ़ा पठायौ। अय्यूब, हुन सक्छ तिमीले टुहुरा-टुहुरीहरूलाई धोका दियौ।

१०यसकराण तिम्रो वरिपरि पासै-पासो छन् अनि नसोचेको दु:खले तिमीलाई भयभीत पार्दछ।

११यसैले गर्दा यो अत्यन्त अन्धकार छ तिमी देख्न सक्तैनौ, अनि बाढीले तिमीलाई बगाउँछ।

१२परमेश्वर स्वर्गको उच्च तहमा बस्नुहुन्छ। हेर ताराहरू कतिमाथि छन। परमेश्वरले उच्च ताराहरूबाट तल हेर्नु हुन्छ।

१३तर अय्यूब तिमीले भन्न सक्छौ, 'परमेश्वरले के जान्नु हुन्छ? के परमेश्वरले कालो बादलहरूबाट देख्न सक्नुहुन्छ अनि हामीलाई न्याय गर्नुहुन्छ?

१४बाक्लो बादलले उहाँलाई हामीदेखि लुकाउँछ, यसैले जब उहाँ आकाशको उच्चतम भागमा हिड़नु हुन्छ माथि आकाशबाट उहाँले हामीलाई देख्नु हुँदैन।'

१५अय्यूब जुन बाटोमा दुष्ट मानिसहरू हिड़िसकेका थिए, तिमी त्यही पुरानो बाटोमा हिँडिरहेछौ।

१६ती दुष्टहरू नष्ट भए तिनीहरू मृत्युको मुखमा पुग्नु अघि नै तिनीहरूलाई बाढ़ीले बगाएर लग्यो।

१७ती मानिसहरूले परमेश्वरलाई भने, 'हामीलाई एक्लै छाड़ी दिनुहोस्, सर्वशक्तिमान परमेश्वरले हामीलाई केही पनि गर्न सक्नु हुन्न।'

१८उहाँ नै परमेश्वर, जसले आफ्ना घरहरू असल कुराहरूले भर्नु भयो। अँहँ, म दुष्ट मानिसहरूका सल्लाहको पछि लाग्दिन।

१९धर्मी मानिसहरूले तिनीहरूलाई विनाश भएको देख्छन अनि ती धर्मी मानिसहरू खुशी हुनेछन। निर्दोष मानिसहरू ती दुष्ट मानिसहरूमाथि हाँस्दछन्।

२०'साँच्चि नै हाम्रा शत्रुहरू नाश भए। आगोले तिनीहरूका सम्पत्ति खरानी बनाई दियोस।'

२१अब, अय्यूब, तिमी स्वयंलाई परमेश्वर कहाँ समर्पण गर अनि उहाँसँग शान्तिले बस। त्यसो गर, अनि तिमीले धेरै असल कुराहरू पाउँनेछौ।

२२उहाँबाट शिक्षा ल्याऊ। उहाँले के भन्नुहुन्छ त्यसमा ध्यान देऊ।

२३अय्यूब, सर्वशक्तिमान परमेश्वर तर्फ फर्की आऊ, अनि तिमी पुनर्स्थापित हुनेछौ तर, अहिले तिमीले आफ्नो घरबाट दुष्ट आत्मालाई अहिले खेदी हाल।

२४सोच, तिम्रो जति सुनहरूछन तर ती धुलो हुन अति उत्तम सुन खोलाका ससाना ढुंगाहरू जस्ता।

२५अनि सर्वशक्तिमान परमेश्वरलाई तिम्रो लागि मुल्यवान र तिम्रो सुन चाँदी भैं हुन देऊ।

२६तब सर्वशक्तिमान परमेश्वरमा तिमी आनन्दित हुन सक्छौ। तब तिमी परमेश्वरलाई माथि हेर्नेछौ।

२७तिमीले उहाँलाई प्रार्थना गर्नेछौ अनि उहाँले तिम्रो प्रार्थना सुन्नु हुनेछ। अनि तिमीले आफ्ना वचनहरू पूर्ण गर्नेछौ।

२८यदि तिमीले केही गर्छु भनेर निर्णय लिएका छौ भने त्यो सफलता पूर्वक हुनेछ अनि तिम्रो भविष्य निश्चय उज्जवल हुनेछ।

२९परमेश्वरले घमण्डी मानिसहरूलाई लज्जित पार्नुहुन्छ। तर परमेश्वरले विनम्र मानिसहरूलाई सहयोग गर्नुहुन्छ।

३०तब तिमी ती मानिसहरूलाई सहयोग गर्न सक्छौ जसले गल्ती कामहरू गर्छन। तिमीले परमेश्वरलाई प्रार्थना गर्नेछौ अनि उहाँले ती मानिसहरूलाई क्षमा गरिदिनु हुनेछ। किन? किनभने तिमी एकदमै पवित्र हुनेछौ।"

### अय्यूबले जवाफ दिँदछ

२३ तब अय्यूबले जवाफ दिए:
२"म थाकेर कमजोर भएता पनि अझै म विद्रोही कुरा गरिरहेको छु।

३म जान्ने इच्छा गर्छु परमेश्वर कहाँ हुनु हुन्छ, तब म उहाँ जहाँ हुनु हुन्छ त्यही जाने थिएँ।

४अनि मेरो निर्दोषपनालाई प्रमाण गर्न म मेरो तर्क प्रस्तुत गर्ने थिए। म मेरो सबै तर्क पेश गर्न तैयार हुनेथें।

५अनि म उहाँको प्रत्युत्तर चाल पाउने थिएँ अनि जान्ने थिएँ कि उहाँले मलाई भन्नु पर्ने के छ।

६के उहाँले मेरो विरुद्ध उहाँका महाशक्ति प्रयोग गर्नु हुनेछ? होइन, उहाँले मेरा वचनहरूमा ध्यान दिनु हुनेछ।

७उहाँसँग मेरो इमान्दार त्यहाँ छलफल हुनेथ्यो, अनि म मेरो मामला जित्ने थिएँ।

८यदि म पूर्व तिर गएँ भने, परमेश्वर त्यहाँ रहनु हुनेछैन। यदि म पश्चिम तिर गएँ भने पनि परमेश्वरलाई देख्दिन्।

९अनि यदि म उत्तर जान्छु, परमेश्वरले के गर्नु हुन्छ त्यो म पक्रन सक्तिन। अनि उहाँ दक्षिण जानु भयो भने म उहाँलाई देख्ने छैन।

१०तर, जब कि मैले गरेको प्रत्येक चीज परमेश्वरले जान्नु हुन्छ, उहाँले मलाई जाँच्नु सक्नु हुन्छ अनि शुद्ध सुन जस्तै मै त्यो जाँचमा उत्तीर्न हुनेछ।

११परमेश्वरले इच्छा गर्नु भएको बाटोमा होशियरीसित हिँडे। परमेश्वरको बाटोबाट म भड्किन।

१२मैले सँधै परमेश्वरको आज्ञाको पालन गरे। परमेश्वरले भन्नु भएका वचनहरू मैले मेरो हृदयमा संचय गरिराखेको छु।

१३तर परमेश्वर कहिल्यै परिर्वतन हुनुहुन्न। परमेश्वरको विरुद्ध कोही पनि उठन सक्तैन्। परमेश्वरले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ।

१४परमेश्वरले त्यही गर्नु हुनेछ जुन उहाँले मेरो लागि योजना गर्नु भएको थियो अनि उहाँसँग मेरो निम्ति अझ धेरै योजनाहरू छन्।

१५यसकारण म परमेश्वरसँग डराउँछु। म ती कुराहरू बुझ्छु यसकारण म परमेश्वरसँग डराउँछु

१६परमेश्वरले मेरो हृदय निर्बल बनाउनु भयो, अनि मेरो उत्साह बिलिन गरिदिनु भयो। सर्वशक्तिमान परमेश्वरले मलाई त्रसित पार्नुभयो।

१७अप्रिय घटनाहरू जुन ममाथि आइपऱ्यो तिनीहरू मेरो मुखमा ढाकिएको कालो बादल जस्तो छन्। तर त्यस अन्धकारले मलाई चुपचाप राख्ने छैन।

२४ “यो यस्तो कि सर्वशक्तिमान परमेश्वरबाट केही पनि लुकेको हुँदैन, तर को आँउदैछ भनेर उनका अनुयायीहरूलाई थाहा हुँदैन।

२“मानिसहरूले आफ्नो जमीन बढ़ाउन सीनाम सार्छन अनि अर्काको बगाल चोरेर टाढ़ा खर्कमा चराउँछन्।

३तिनीहरूले टुहुरा-टुहुरी नानीहरूको गधा चोर्छन। जबसम्म उसले ऋण र्तिन सक्तिन तिनीहरूले विधवाको गाई खोसेर लैजान्छ।

४तिनीहरूले गरीब मानिसहरूलाई घरविहीन पार्छन। तिनीहरूले गरीब मानिसहरूलाई एक ठाउँबाट अर्को ठाँउ घुमिहिड़न वाध्य गराउछन्। सबै गरीब मानिसहरूलाई तिनीहरूबाट लुक्ने बनाउँछन।

५गरीब मानिसहरू जङ्गली गधाहरू जस्तै आहारको खोजीमा मरुभूमिमा घुमिरहेका छन। भोजनको खोजीमा तिनीहरू विहानै उठछन् अनि आफ्ना नानीहरूको भोजनको लागि अँध्यारो नहुञ्जेलसम्म काम गर्छन।

६गरीब मानिसहरू रात अबेरसम्म खेतमा पराल काटिरहन्छन अनि खेतमा धनी मानिसहरूको लागि दाख टिपिरहन्छन।

७गरीब मानिसहरू ओढ्ने लुगाहरू नभएकोले जाड़ोको रातमा पनि नाङ्गै सुत्नु पर्छ। जोड़ोबाट जोगिँन तिनीहरूसित केही हुँदैन्।

८तिनीहरू पर्वतहरूमा वर्षाले निथ्रुक्क भिज्छन्। चट्टानहरूको ओराड़मा लुक्नु बाहेक तिनीहरूको जाड़ोदेखि जोगीन कुनै उपाए छैन।

९खराब मानिसहरूले बाबु नभएका नानीहरूलाई आमाबाट खोसेर लान्छन। तिनीहरूले गरीबका नानीहरूलाई ऋणको बन्धक राख्न लैजान्छन।

१०गरीब मानिसहरूसँग लगाउने पोषाकहरू छैन। यसैले तिनीहरू नाङ्गो छन्। तिनीहरूले अन्नका भारीहरू दुष्ट मानिसहरूका लागि बोक्छन् तर तिनीहरू भने सँधै भोको हुन्छन।

११गरीब मानिसहरूले भद्रक्षको तेल निचोरेर निकाल्छन्। मद्य बनाउनका लागि तिनीहरूले दाखहरू पेल्छन। तर तिनीहरूसँग पिउने पदार्थ केही हुँदैन

१२शहरमा तिमीहरूले मर्न लागेका मानिसहरूको कोलाहल सुन्न सक्छौ। ती पीड़ित मानिसहरू गुहार माँग्दै चिच्याउछन्। तर परमेश्वरले सुन्नुहुन्न।

१३कतिपय मानिसहरूले प्रकाशको विरुद्ध विद्रोह गर्छन। तिनीहरू जान्दैनन् परमेश्वर के चाहनुहुन्छ। तिनीहरू परमेश्वरले चाहेको बाटोमा जीउन चाहँदैनन।

१४हत्यारा बिहान छिट्टै उठदछ, अनि गरीबहरूलाई मार्छ, असहाय मानिसहरूलाई मार्छ। अनि रातमा त्यो चोर हुन्छ।

१५एक व्यभिचारीले रातको प्रतीक्षा गर्छ। उसले सोच्छ, ‘कसैले पनि मलाई देख्न सक्तैन।’ तरै पनि, उसले आफ्नो अनुहार छोप्छ।

१६जब अन्धकार हुन्छ, दुष्ट मानिसहरू बाहिर निस्कन्छन अनि मानिसहरूको घरहरू फोर्छन्। तर दिनको उज्यालोमा तिनीहरूले स्वयंलाई आफ्नो घरमा बन्द गरेर राख्दछ अनि प्रकाशलाई मन पराउँदैन।

१७ती दुष्ट मानिसहरूका लागि अँध्यारो बिहान जस्तै हो। हो, तिनीहरू डरलाग्दो अन्धयारो रात मन पराउँछन्।

१८तर दुष्ट मानिसहरू त्यसरी लगिन्छ जसरी बाढ़ीले समानहरू बगाएर लान्छन्। तिनीहरूको भूमि श्रापित रहन्छन, यसकारण तिनीहरूले खेतबाट दाख थुपार्न सक्तैनन।

१९हिउँदको हिउँबाट आउनेछ तिनीहरूको पानी गरम सूखा मौसमले सुकाइदिन्छ। यसर्थ ती पापीहरू चिहामना लागिन्छन।

२०त्यो दुष्ट मानिस मर्छ र उसकै आमाले पनि उसलाई बिर्सिन्छे। उसको प्रियसी कीराहरू हुन्छन् जसले शरीर खान्छन् मानिसहरूले उसलाई सम्झने छैनन। त्यो दुष्ट मानिस कुँहेको लट्ठी जस्तै भाँचिएको छ।

२१दुष्ट मानिसहरूले नानी जन्माउन नसक्ने स्त्रीहरूलाई कष्ट दिन्छन। अनि लोग्ने मरेका स्त्रीहरूलाई तिनीहरूले सहयोग गर्दैनन्।

२२दुष्ट मानिसहरूले शक्तिशाली मानिसहरूलाई नाश गर्न आफ्ना शक्ति चलाउछन्। दुष्ट मानिसहरू शक्तिशाली हुनसक्ला तर तिनीहरू आफ्नै जीवनमा पक्का हुन सक्तैनन्।

२३दुष्ट मानिसहरूले क्षणिक समयको लागि आफूलाई सुरक्षित पार्न सक्छन। उसले आफैमाथि विश्वासमा राख्छ अनि आफ्नो बाटो होशियारी साथ हेर्छन।
२४नराम्रा मानिसहरू केही क्षणको लागि सफल हुन सक्लान, तर तिनीहरू पछि खतम हुनेछन। तिनीहरू बाली काटे जस्तै काटिन्छन्।

२५म कसम खान्छु कि ती कुराहरू सत्य हुन। कसले प्रमाण गर्ला मैले ढाँटे भनेर? कसले देखाउन सक्छ म गल्ती छु भनेर?”

### बिल्ददले अय्यूबलाई जवाफ दिँदछ

२५ तब शुहबाट आएका बिल्ददले जवाफ दिए:

२“परमेश्वर शासक हुनु हुनछ। उहाँले मानिसहरूलाई त्रसित पार्नुहुन्छ अनि उहाँलाई आदर गर। उहाँले माथि आफ्नो स्वर्गमा शान्ति कायम राख्नु हुन्छ।

३परमेश्वरबाट सबै मानिसहरूमा घाम उदय हुँदछ। कसैले पनि उहाँका ताराहरूलाई गन्न सक्दैनन।

४परमेश्वरको तुलनामा कोही मानिस पनि धर्मी मानिन सकिदैन। कुनै पनि मानिस कहिल्यै निर्दोष हुन सक्तैन।

५परमेश्वरको दृष्टिमा, जुनसम्म शुद्ध र प्रज्वलित छैन ताराहरू पनि शुद्ध छैन।

६मानिसहरू कम्ती नै शुद्ध हुन्छन, मानिसहरू कीराहरू जस्ता हुन, मानिसहरू महत्वहीन कीराहरू जस्ता छन।”

### अय्यूबले बिल्ददलाई जवाफ दिँदछ

२६ तब अय्यूबले जवाफ दिए:

२“बिल्दद, यस थकित अनि उदास मानिसलाई तिमीले साँच्चि नै ठूलो सहयोग गर्‍यौ। के तिमी साँच्चै सोच्छौ कि तिमीले त्यो मानिसलाई जसको बाहुबलमा केही शक्ति छोड़िएको छैन बचाएका छौ?

३तिम्रो परार्मश त्यस मानिसको लागि हो जसको ज्ञान छैन। के तिमीले धेरै अर्न्तज्ञान हासिल गरेकाछौ भनी सच्छौ?

४कसले तिमीहरूलाई यस्ता कुराहरू भन्न सहयोग गर्‍यो? कसको आत्माले तिमीलाई उत्साह प्रदान गर्‍यो?

५मरेकाहरूका आत्माहरू डरले पृथ्वी मनि पानीमा काम्दछ।

६तर परमेश्वरले त्यो मृतलोक भित्र देख्न सक्नुहुन्छ। मृत्यु परमेश्वर देखि लुक्न सकेको छैन।

७परमेश्वर उत्तर आकाशको शुन्य अन्तरिक्षमा लम्पसार हुनुभयो। परमेश्वरले पृथ्वीलाई शुन्यतामा झुण्ड्याउनु भयो।

८परमेश्वरले पानीलाई बाक्लो बादलहरूले छोप्नु हुन्छ। तर परमेश्वरले त्यो गहुँङ्ग चीजले बादलहरू फुटाउनु हुन्न।

९परमेश्वरले पूर्णिमाको चन्द्रमालाई छोपी दिनुहुन्छ। उहाँले आफ्नो बादलहरू त्यसतर्फ फैलाउनु हुन्छ अनि त्यस माथि लुकाउनु हुन्छ।

१०जहाँ अँध्यारो र उज्यालोको संगम हुन्छ त्यहाँ परमेश्वरले क्षितिज जस्तै परिधि कोर्नु भयो।

११आकाशलाई थामी राख्ने आधारहरू डरले काम्छ जब परमेश्वरले तिनीहरूलाई चेतावनी दिनुहुन्छ।

१२परमेश्वरको शक्तिले समुद्र शान्त हुन्छ। परमेश्वरको ज्ञानले राहाबलाई नष्ट पार्नु भयो।

१३परमेश्वरको स्वासले आकाश सफा हुन्छ। परमेश्वरको हातले साँपलाई नाश गरिदिनु हुन्छ जो भाग्ने कोशिश गर्छ।

१४यी परमेश्वरले गर्नु भएको अचम्मका केही कुराहरू मात्र हुन। हामी परमेश्वरले गर्नु भएको कानेखुशी मात्र सुन्छुँ। परमेश्वर कति महान र शक्तिशाली हुनुहुन्छ भनेर कसैले पनि वास्तविक रूपमा बुझ्न सक्तैन।”

२७ तब अय्यूबले आफ्नो वृतान्त कहि रह्यो। अय्यूबले भन्यो,

२“परमेश्वर जीवित हुनु भए झैं कसले मबाट न्याय खोसेको छ! सर्वशक्तिमान परमेश्वर जसले मेरो जीनव तिक्त बनाउनु भयो,

३तर जबसम्म जीवन म भित्र रहन्छ अनि परमेश्वरको जीवनको स्वास मेरो नाकमा रहन्छ,

४तब मेरो ओठहरूले परमेश्वर विषयमा गल्ती कुराहरू भन्नेछैन, अनि मेरो जिब्रोले कहिल्यै कपटपूर्ण गर्न सक्तैन।

५म तिमीहरू ठीक छौ कहिल्यै स्वीकार गर्दिन कि भनी म नमरूञ्जेलसम्म लगातार भनी रहने छु कि म निर्दोष छु।

६मैले गरेका उचित कुरालाई म बलियो गरी समाती रहनेछु म ठीकसंग बाच्नँलाई कहिल्यै चुक्ने छैन।

जबसम्म म बाँच्दछु मेरो चेतनाले मलाई कहिल्यै सताउने छैन।

७मेरो शत्रुहरू दुष्ट मानिसहरू मानिउन। मेरो विरोधमा जो पनि उठ्छ त्यो खराब मानिस मानियोस्।

८जुन मानिसले परमेश्वरको पर्वाह राख्दै त्यो मानसि मर्दा त्यसको केही आशा हुँदैन। जब परमेश्वरले उसको प्राण लानु हुन्छ उसका निम्ति केही आशा रहँदैन।

९त्यस दुष्ट मानिसले जब कष्ट पाउनेछ अनि उ चिच्याएर परमेश्वरलाई गुहार माग्दछ। तर परमेश्वरले उसको चित्कारमा ध्यान दिनु हुनेछैन।

१०त्यस मानिसले सर्वशक्तिमान परमेश्वरसँग कुरागर्दै आनन्द लिन सक्नुपर्थ्यो। त्यस मानिसले सदा नै परमेश्वरलाई प्रार्थना गर्नुपर्थ्यो।

११म तिमीहरूलाई परमेश्वरको शक्तिको बारेमा प्रवचन दिनेछु। म सर्वशक्तिमान परमेश्वरको योजनाहरूलाई लुकाउने छैन।

१२तिमीहरूले परमेश्वरको शक्ति आफ्नै आँखाले देख्यौ। यसकारण किन तिमीहरू त्यस्ता अर्थहीन कुराहरू गर्छौ?

१३परमेश्वरले दुष्ट मानिसहरूको लागि यही उपाय गर्नुभयो। सर्वशक्तिमान परमेश्वरबाट यस्तै पाइन्छ।

१४दुष्ट मानिसका धेरै छोरा-छोरीहरू हुन सक्लान तर उसका छोरा छोरीहरू युद्धमा मारिनेछ। दुष्ट मानिसहरूका छोरा-छोरीहरूले प्रशस्त भोजन पाउनेछैन।

१५उसका सारा छोरा-छोरीहरू रूढ़ीले मर्नेछन् अनि तिनीहरूका विधवाहरू दु:खी हुने छैनन्।

१६दुष्ट मानिसहरूले प्रचुर चाँदी पाउँन सक्ला तर त्यो उसको लागि मैला बराबर हुनेछ। उसले धेरै लुगाहरू पाउन सक्ला तर त्यो उसको लागि माटोको थुप्रो बराबर हुनेछ।

१७तर असल मानिसहरूले ती लुगाहरू लगाउने छ अनि निर्दोष मानिसहरूले त्यो चाँदी पाउने छन्।

१८दुष्ट मानिसले एउटा घर बनाउन सक्ला तर त्यो दीर्घकालीन रहनेछैन। त्यो माकुराको जाला जस्तो हुने छ। अथवा प्रहरीको तम्बु जस्तो हुनेछ।

१९दुष्ट मानिस सुत्न जाँदा धनी हुन सक्छ। तर जब ब्यूभिन्छ उसले ती उसका सारा धनहरू हराएर हुनेछन्।

२०ऊ भयभीत हुनेछ। यो बाढ़ी बतास आए जस्तो हुनेछ अनि सारा सामान बगाएर लगे जस्तो हुनेछ। हटात आएको बाढ़ीले जस्तो उसलाई कष्टले लपेट्नछ अनि उसलाई राति नै आँधीले उड़ाई लैजानेछ।

२१पूर्वको बतासले उसलाई उड़ाएर लैजानेछ, अनि उ सदालाई जाने छ, बतासले उसको घरबाट नै कसिंगर झैं उड़ाएर लैजाने छ।

२२दुष्ट मानिस बतासको शक्तिबाट भाग्ने कोशिश गर्ला तर निर्दयी तूफान ऊमाथि आइलाग्नेछ।

२३जब दुष्ट मानिस भाग्छ मानिसहरूले थप्पड़ी मार्नेछन्। जब त्यो घरबाट भाग्छ तिनीहरूले सुइसेलो मार्नेछन्।

२८ "त्यहाँ सुन र चाँदीका खानीहरू छन् र त्यहाँ त्यस्तो ठाउँ पनि छ जहाँ मानिसहरूले सुन पगालेर खाँटी बनाउँछन्।

२मानिसहरूले जमीन खनेर फलाम निकाल्छन ढुँगाहरू पगालेर ताँमा निकाल्छन।

३कर्मीहरूले गुफामा प्रकाश लैजान्छन। तिनीहरूले गुफा भित्र खोज तलाश गर्दछन। उ पृथ्वीको अँध्यारो गहिरोभित्र खानीको खोजी गर्छन!

४मानिसहरूले बसो-बास गरेको जग्गा भन्दा धेरै टाड़ोमा अथवा मानिसहरूको पाइला कहिल्यै नपराको ठाउँमा कर्मीहरूले खानी पइल्याउने बाटो खन्छन। तिनीहरू गहिरो भित्र डोरीमा झुण्डिएर सुरूङ्ग खन्छन।

५जमीनमाथि अन्न उम्रन्छ। तर जमीन मनि, भिन्नै छ मानौं प्रत्येक कुरा आगोले पग्लिए जस्तै छ।

६जमीनमनि बहुमूल्य धातुहरू अनि काँचो सुनको कणहरूछन।

७जङ्गली चरा-चुरूङ्गीहरूले जमीन मनिको बाटोहरूको बारेमा जान्दैनन। बाजले पनि कहिल्यै त्यस्ता बाटोहरू देखेको हुँदैन।

८जङ्गली पशुहरू त्यस्ता बाटोहरूमा हिंडेका छैनन। सिंहले पनि त्यो बाटो हिड़ेको छैन्।

९कर्मीहरूले कडा ढुंगाहरू खन्छन्। तिनीहरूले पर्वतहरू खनेर उदाङ्गो पारिदिएकाछन।

१०कर्मीहरूले चट्टानहरू काटेर सुरूङ्ग बनाएका छन्। तिनीहरूले चट्टानमा बहुमूल्य खनिज पदार्थ देखेका छन्।

११कर्मीहरूले पानी रोक्नको लागि बाँध बनाउँछन। तिनीहरूले लुकेका चीजहरू बाहिर प्रकाशमा ल्याउँछन्।

१२तर मानिसहरूले ज्ञान कहाँ पाउन सक्छन? बुद्धि पाउन हामी कहाँ जान सक्छौ?

१३हामी जान्दैनौं ज्ञान कति बहुमूल्य वस्तु हो। पृथ्वीमा भएका मानिसहरूले जमीन खनेर ज्ञान भेट्न सक्तैनन्।

१४महासागर गहिरो भन्दछ, 'ज्ञान यहाँ मसित छैन।' समुद्र भन्दछ 'ज्ञान यहाँ मसित छैन।'

१५तिमीहरूले शुद्ध सुन दिएर पनि ज्ञान किन्न सक्तैनौ। यस संसारमा ज्ञान किन्नलाई प्रशस्त चाँदी छैन।

१६तिमीहरूले ओपीरका सुन अथवा बहुमूल्य ढुङ्गा अथवा बहुमूल्य रत्नहरूले पनि ज्ञान किन्न सक्तैनौ।

१७ज्ञान सुन अथवा स्फटिकभन्दा बहुमूल्य हो। सुनमा कुँदिएका बहुमूल्य गहनाहरूले पनि ज्ञान किन्न सकिन्दैन।

१८ज्ञान मूगा अनि बिल्लोर जस्ता मणिहरू भन्दा बहुमूल्य हो। ज्ञान मानिक मणिहरू भन्दा अत्यन्त मुल्यवान हुन्छ।

१९कूश देशको पुष्पराज ज्ञानभन्दा बहुमूल्य होइन। तिमीहरू खाँटी सुनले पनि ज्ञान किन्न सक्तैनौ।

२०यसकारण ज्ञान कहाँबाट आउँदछ? हामीले कहाँबाट बुद्धिको मूल पाउन सक्छौ?

२१ज्ञान पृथ्वीमा भएका सबै प्राणपूर्ण जीवहरूदेखि गोप्य रहँदछ। आकाशमा उड़ने चराहरूलेसम्म ज्ञानलाई देख्न सक्तैन।

२२मृत्यु र विनाशले भन्दछ, 'हामीमा ज्ञान छैन। हामीले त्यसका विषयमा उड़न्ता कुराहरू मात्र सुनेका छौं।

२३केवल परमेश्वरले मात्र ज्ञानको बाटो जान्नु हुन्छ। परमेश्वरले मात्र ज्ञान कहाँ छ जान्नुहुन्छ।

२४परमेश्वरले मात्र पृथ्वीको अन्तसम्म देख्न सक्नु हुन्छ परमेश्वरले आकाश मनि सबै थोक देख्नुहुन्छ।

२५परमेश्वरले बतासलाई शक्ति दिनु भएको छ। र समुद्रको सीमाना बाँधि दिनुभयो।

२६पानी कहाँ वर्षाउनु पर्छ परमेश्वरले मात्र निर्णय गर्नु हुन्छ। अनि कहाँ चटयाङ्गहरू फ्याँकिनु पर्छ त्यो निर्णय पनि उहाँले गर्नु हुन्छ।

२७त्यस समय परमेश्वरले ज्ञान देख्नु भयो अनि यस विषयमा सोच्नु भयो। ज्ञान कति महत्वपूर्ण छ परमेश्वरले बभ्नु भयो अनि परमेश्वरले ज्ञान अनुमोदन गर्नुभयो।"

२८अनि परमेश्वरले मानिसहरूलाई भन्नुभयो, "परमेश्वरको डर र सम्मान नै ज्ञान हो। खराब कामहरूबाट आफूलाई अलग राख्नु बुद्धि हो।"

### अय्यूबले क्रमश: आफ्नो कुरा भन्दछ

**२९** अय्यूबले क्रमश: आफ्नो कथा भनिरहेछ। अय्यूबले भन्यो:

२"केही महीना अघि वितेको जीवन म चाहन्छु। त्यस समयमा परमेश्वरले ममाथि नजर राख्नु भयो अनि मेरो हेरचाह गर्नुभयो।

३त्यसबेला, परमेश्वरको प्रकाश ममाथि छायो ताकि म अन्धकारमा हिंडन सक्थें। परमेश्वरले मलाई ठीक बाँच्ने बाटो देखाई दिनु भयो।

४म ती दिनहरूको कामना गर्दछु जब म सफल थिएँ, अनि परमेश्वर मेरो हितैषी मित्र हुनुहुन्थ्यो। ती दिनहरूमा परमेश्वरले मेरो घरलाई आशिष दिनुभयो।

५म ती दिनहरूको कामना गर्छु जब सर्वशक्तिमान परमेश्वर मसँग हुनुहुन्थ्यो अनि मेरा बाल-बच्चाहरू मेरै वरिपरि थिए।

६जीवन त्यतिबेला अत्यन्तै राम्रो थियो। म मेरो खुट्टाहरू नौनीले धुन्थें, अनि मसँग प्रशस्त दामी तेलहरू थिए।

७त्यस्ता दिनहरू थिए जब म शहरको द्वारमा जान्थें अनि शहरका मुखियाहरूसँग आम सभा-गृहमा बस्दथें।

८सारा मानिसहरूले मलाई त्यहाँ आदर गर्दथे युवाहरूले म आउँदै गरेको देख्दा पाइला सारेर मलाई बाटो छोड़िदिन्थे। आफ्नो श्रद्धा म प्रति प्रर्दशन गर्नलाई वृद्ध मानिसहरू बसेको ठाउँबाट उठ्दथे।

९जनसमूहका नेताहरू बोल्न बन्द गर्दथे अनि हातहरू मुखमा राखेर अन्य मानिसहरूलाई चुपचाप बस्न लउगाथें।

१०प्रमुख नेताहरू पनि बोल्दा आफ्ना आवाजहरू पार्दथे। हो, मानौ तिनीहरूका जिब्रोहरू मुखको तालुमा टाँसिएको भैं प्रतीत हुन्थ्यो।

११मैले के भन्दैछु ती कुराहरू मानिसहरूले ध्यान दिएर सुन्थे, अनि मेरो बारेमा असल कुराहरू गर्थे। मैले गरेका कुराहरूलाई तिनीहरू विचार्थे अनि तिनीहरूले मेरो प्रशंसा गर्थे।

१२किन? किनभने जब गरीब मानिसले गुहारथ्यो, म सघाउथें। अनि माता-पिता नभएका नानीहरू र रक्षाहीनहरूको म हेरचाह गर्थें।

१३मर्दै गरेका मानिसले मलाई आशीर्वाद दिन्थें दु:ख पाएका विधवाहरूलाई म सहयोग गर्थे।

१४धार्मिकता मेरो लागि पोषाक थियो, निष्पक्षता मेरो लुगा र फेटा थियो।

१५म अन्धा मानिसहरूको लागि आँखा थिएँ, तिनीहरू जहाँ जान रूचाउथें म त्यतै डोराउँथें। म लङ्गड़ो मानिसहरूका लागि खुट्टा थिएँ, तिनीहरू जहाँ चाहन्छन् त्यतै बोकेर लान्थें।

१६म गरीबहरूको लागि पिता समान थिएँ। यदि मैले नजानेको विषयका कुनै मामला मेरो सामु आए मैले त्यस मामलाको विषयमा विस्तृत रूपमा खोजी गर्ने गर्थें।

१७म दुष्ट मानिसहरूलाई आफ्नो शक्ति दुर्वउपयोग गर्न रोक्थें अनि म उसलाई गल्ती तरीकाले जे लिने चेष्टा गरेको हुन्थ्यो त्यो फर्काउन लगाउथें।

१८मेरै परिवार भित्र बुढ़ो हुदैं म धेरै लामो बाँचुला भनेर सँधै सोच्दथें,

१९म सोच्थें म स्वास्थ्य र शक्तिशाली हौं स्वास्थ्य पालुवा जस्तै प्रशस्त पानी भएको जराहरू जस्तौ अनि शीतले भिजेका हागाँहरू जस्तो।

२०प्रत्येक नयाँ दिन उज्जवल नयाँ उत्तेजनापूर्ण सम्भावनाहरू हुने होलान भनी म सोच्थें।

२१बितेका दिनहरूमा मानिसहरूले मेरो कुरामा ध्यान दिन्थे। तिनीहरू मेरो सल्लाह सुन्दा चुपचाप रहन्थे। बोलिसके पछि मेरो कुरा सुन्नेहरूमा कसैको केही बोल्न रहँदैनथ्यो।

२२मैले बोल्दा मानिसहरूले मेरो कुरालाई ध्यान दिइरहेका हुन्थे, तिनीहरू अरू केही भन्ने थिएनन्। मेरो शब्दहरू तिनीहरूका कानहरूमा मन्द गतिमा पर्थे।

२३मेरो प्रवचनको निम्ति मानिसहरू मलाई पर्खन्थे, मानौ तिनीहरूले वर्षालाई पर्खिरहेछन्। तिनीहरूले मेरो शब्दहरू पिउँथे मानौ तिनीहरू बसन्तको बेलामा वर्षाको पानी थियो।

२४जब म ती मानसिहरूसित हाँसे तिनीहहरूले यो विश्वास गर्न सकेनन। मेरो आनन्दित अनुहारले उनीहरूलाई हतोत्साही गरेन।

२५म तिनीहरूकै मुखिया भए तापनि म ती मानिसहरूसँग रहन चाहन्थें। दु:खी मानिसहरूलाई सान्तवना दिँदै म तिनीहरूका छाउनीका समूहमा राजा झैं थिएँ।

३० तर अहिले ती मानिसहरू जो म भन्दा जवान छन् मेरो खिल्ली उड़ाई रहेछन्। अनि तिनीहरूका पिताहरू यति व्यर्थका थिए कि म तिनीहरूलाई कुकुरहरू सँग मेरो भेड़ाको रक्षा गर्नलाई राख्थें।

२ती जवान मानिसहरूका पिताहरू यति कमजोर थिए कि तिनीहरूले मलाई सघाउन सक्थेनन। तिनीहरू बृद्ध र थकित थिए, तिनीहरूका मांसपेशीहरू कड़ा अनि एकदमै बलियो थिएनन।

३तिनीहरू मृत मानिसहरू जस्ता थिए। तिनीहरू खान नपाएर भोकै थिए। यसैले तिनीहरू मरूद्यानका सूक्खा धुलोहरू खान्थे।

४तिनीहरूले जङ्गलमा नूनिलो झारका पालुवाहरू तान्छन तिनीहरूले झ्याउका जराहरू खान्थ्ये।

५तिनीहरू अन्य मानिसहरूबाट खेदिन्छन्। मानिसहरू तिनीहरूलाई चोर ठानेर चिच्याउछन्।

६तिनीहरू सूक्खा नदीका किनारहरूमा, पहाड़का गुफाहरू र जमीनका प्वालहरूमा बाँच्नु पर्छ।

७झाड़ीहरूमा तिनीहरू चिच्याउँछन्, अनि काँढ़े झाड़ीहरूमा सँगसँगै अल्झि छन।

८तिनीहरू नाउँ नभएका महत्वहीन मानिसहरूका झुण्डहरू हुन जो आफ्नो देशबाट जबरजस्ती निकालिए।

९अहिले ती मानिसहरूका छोराहरूले मेरो हाँसो उढ़ाउनु मेरो बारेमा गीत गाउँदछन्। मेरो नाउँ तिनीहरूका लागि ठट्टाको शब्द भएको छ।

१०ती जवान मानिसहरूले मलाई घृणा गर्दछन्, तिनीहरू मदेखि टाढ़ा रहन्छन। तिनीहरू सोच्दछन कि तिनीहरू म भन्दा राम्रा छन। तिनीहरूले मेरो मुखमा पनि थुक्छन्।

११परमेश्वरले मेरो धनुबाट ताँदो लानु भयो र मलाई कमजोर बनाउनु भयो। ती मानिसहरूले आफै थामिँदैनन बरू क्रोधित भएर मेरो विरोधमा जान्छन्।

१२ती युवकहरूले दाहिनेपट्टि आक्रमण गर्छन। तिनीहरूले मेरो खुट्टामा हिर्काएर मबाट अलग पार्न खोज्छन्। म एक आक्रमण भईरहेको शहर जस्तो अनुभव गर्छु तिनीहरूले मेरो भित्ताहरूमा मैलो फ्याँकेर मलाई आक्रमण गरी नष्ट बनाउँछन्।

१३भाग्न नसकोस भनी मेरो बाटो छेक्छन। तिनीहरूले मलाई ध्वंश गर्नमा सफल भए। तिनीहरूलाई कसैलाई सहयोग चाँहदैनन्।

१४तिनीहरूले भित्तामा प्वाल बनाउँछन तिनीहरू त्यस प्वालबाट खचाखच आउँछन अनि ढुङ्गाहरू फोर्दै ममाथि पर्छन।

१५म डरले कामिरहेछु हावाले केही चीज उड़ाई लगे जस्तो गरी ती युवकहरू मेरो खेदो लाउँछन्। मेरो सुरक्षा बादल जस्तो विलिन हुँदछ।

१६"अहिले मेरो जीवन प्राय: बितिसक्यो, अनि म चाँड़ै मर्नेछु। पीड़ित दिनहरूले मलाई पक्रेकोछ।

१७मेरो हड्डीहरू पीड़ाले राती दुख्छ। मलाई कष्टले चपाउन कहिल्यै छाड़दैन।

१८परमेश्वरले मेरो कोटको कलरमा समात्नु हुन्छ अनि बटारेर रूप बिगारिदिनु हुन्छ।

१९परमेश्वरले मलाई हिलोमा जाकि दिनु भयो र म धूलो र खरानी जस्तै भएकोछु।

२०हे परमेश्वर, सहायताको लागि मैले पुकारें, म उठें र प्रार्थना गरें, तर तपाईंले मलाई ध्यान दिनु भएन।

२१हे परमेश्वर, तपाईंले मसित निष्ठूरताले व्यवहार गर्नु हुन्छ। मलाई सताउन तपाईं शक्ति प्रयोग गर्नुहुन्छ।

२२हे परमेश्वर, तपाईं मेरो लागि निष्ठुर हुनु भयो। मलाई नष्ट पार्न तपाईं आफ्नो शक्ति प्रयोग गर्नु हुन्छ।

२३मलाई थाहा छ कि तपाईंले मलाई मृत्यु तिर लैजानु हुन्छ, त्यस ठाँउमा, जहाँ अन्तमा सबै प्राणि जानै पर्छ।

२४तर, निश्चय जो मानिस सर्वनाश भएकोछ अनि सहायता माग्दैछ, त्यसलाई कसैले पनि नोक्सान पुर्‍याउँदैन।

२५तपाईं जान्नु हुन्छ मानिसहरूको कष्टमा म रूएँ। तपाईं जान्नु हुन्छ गरीब मानिसहरूको लागि मेरो हृदय साहै दु:खीत थियो।

२६जब मैले राम्रो चीज खोजें बद्लामा नराम्रो पाएँ। जब मैले उज्यालो खोजें, अंध्यारो आयो।

२७म भित्र कष्ट कहिल्यै रोकिँदैन अनि दु:ख भर्खरै शुरू भएको छु।

२८म संधै दु:खी र उदासीन छु कुनै चैन छैन। म सहायताको लागि सभामा उभिन्छु।

२९म जंगली कुकुर र मरूभूमिमा शुतुरमुर्ग जस्तै एक्लो छु।

३०मेरो छाला जलेकोछ र उप्किँदैछ। ज्वरोले मेरो शरीर तातो छ।

३१मेरो वीणाले करूणाको लय निकाल्छ मेरो बाँसुरीले दु:खको आवाज निकाल्छ।

**३१** मैले आफ्नो आँखासित सम्झौता गरेको छु कि वासना उब्जाउने तरिकाले म कुनै तुरुणीलाई हेर्दिनँ।

२परमेश्वरले स्वर्गबाट ठहराउनु भएको भाग कुन चाहिँ हो? उँभोबाट सर्वशक्तिमानले दिनुभएको इनाम!

३परमेश्वरले दुष्टको निम्ति नाश पठाउनु हुन्छ, खराब गर्नेहरूको लागि विपत्ति पठाउनु हुन्छ।

४मेरो चाल परमेश्वरले जान्नु हुन्छ र मेरो हरेक पाइला उहाँले देख्नुहुन्छ।

५यदि झूटो कुरोसित मेरो केही सरोकार भएको भए र छली चालमा म फँसेको भए,

६न्यायको तराजुमा परमेश्वरले मलाई तौलून् र परमेश्वरले जान्नुहुनेछ कि म निर्दोष छु।

७यदि मेरो पाइला कुमार्ग तिर लम्कीएको भए, यदि मेरो मनले आँखाको इच्छा अनुसार गल्ती गरेको छ भने अथवा मेरो हातमा मैला टाँसिएको छ भने,

८मैले रोपेको अन्न अर्कोले खावोस, र मेरा बाली जरै समेत उखेलिबोस!

९यदि मेरो मन कुनै स्त्रीले मोहित पारेको रहेछ भने अथवा मेरा छिमेकीहरूको ढोकामा म ढुकिबसेको छु भने,

१०मेरी पत्नीले अर्को मानिसको लागि खाना तयार पारोस्, र अरू मानिसहरू उसित सुतोस्।

११किन? किनभने सम्भोग लाजलाग्ने कुरा हो, न्यायको साम्ने एउटा अपराध हो।

१२त्यो त नाश गर्ने आगो हुनेछ, मेरो सम्पूर्ण कुरा यसले उखेल्छ।

१३मैले मेरो दास वा दासीको बिन्ती इन्कार गरेको भए, तिनीहरूले मकहाँ आफ्नो उजुर ल्याउँदा मैले त्यो इन्कार गरेको छु भने,

१४परमेश्वरको अघाड़ी जाँदा म के गर्ने? उहाँले सबै कुरा सोध्दा मैले के जवाफ दिने?

१५परमेश्वरले मलाई मेरी आमाको गर्भमा रच्नुभयो र तिनीहरूलाई पनि तिनीहरूकी आमाको गर्भमा रच्नुभयो, परमेश्वरले हामीहरूलाई गर्भमा रूप दिनुभएको हो।

१६गरीबहरूलाई तिनीहरूको चाहिएका कुरा दिनलाई मैले इन्कार गरेको छैन, विधवाहरूलाई सहायता बिना राखेको छैन।

१७म स्वार्थी भएको छैन, मैले टुहुराहरूलाई भोकै राखेको छैन।

१८तर मेरो युवा अवस्थादेखि, टुहुराहरूलाई बाबु जस्तै भएर हुर्काएँ, मेरो बाल्य अवस्थादेखि मैले विधवाहरूलाई अगुवाई दिएँ।

१९जब म मानिसहरू पीड़ित भएको देख्छु किनभने तिनीहरूसँग लगाउने लुगा छैन। अथवा पोशाक हीन एक गरीब मानिस,

२०मैले सधैँ तिनीहरूलाई लगाउने लुगाहरू दिएँ। मैले आफ्नै भेडाको ऊन ओड़ाई दिएर तिनीहरूलाई न्यानो पारेँ अनि तिनीहरूले हृदयबाट नै मलाई आशीर्वाद दिए।

२१फाटकमा न्यायकर्ताहरूले टुहुराहरूको विरुद्धमा मेरो पक्ष लिनेछन् भनी जान्दा जान्दै पनि मैले कहिल्यै तिनीहरूमाथि डर देखाउन हात उठाइन।

२२यदि मैले त्यस्तो कहिल्यै गरे भने तब मेरो पाखुरा त्यसको जोर्नीबाट फुस्किनेछ र कुमबाट तल झर्नेछ।

२३तर मैले त्यस्तो नराम्रो काम गरिन। म परमेश्वरको दण्डदेखि त्रसित छु। उहाँको महिमाले मलाई भयभीत पार्छ।

२४मैले कहिले पनि आफ्नो धनमा भरोसा गरिन। मैले सधैँ परमेश्वरमाथि सहायताको लागि भरोसा गरेँ। मैले धनलाई कहिल्यै पनि भनिन कि तिमी मेरो आशा हौ।"

२५म धनी थिए तर धनले मेरो घमण्ड बढ़ाएन। मैले प्रशस्त धन कमाएँ तर त्यसले मलाई सुखी बनाएन।

२६मैले कहिल्यै पनि उज्वल घाम र सुन्दर जूनलाई पूजिन।

२७मेरो हृदय गुप्तरूपमा वहकाइएको थिएन अनि मेरो हात घाम र जून पूज्न कहिल्यै चुमिन।

२८त्यो पनि पाप हो त्यसले दण्ड दिनै पर्छ। यदि मैले तिनीहरूलाई पूजेको भए, म सर्वशक्तिमान परमेश्वर प्रति विश्वासी हुने थिइन।

२९जब मेरो शत्रुहरू नष्ट भए म कहिले खुशी भइनँ। शत्रुहरूमाथि नराम्रो आई लाग्दा मैले तिनीहरूले खिसी गरिन।

३०शुत्रलाई सरापेर मेरो मुखलाई पाप कार्य गर्ने सुयोग दिइन। अनि तिनीहरूको मृत्युको लागि इच्छा गरिन।

३१मेरा घरका सबै मानिसहरू जान्दछन कि मैले परदेशीहरूलाई सधैँ भोजन खुवाएँ।

३२परदेशीहरू गल्लीमा सुत्न नपरोस भनी मैले तिनीहरूलाई आफ्नो घरमा बोलाएँ।

३३अन्य मानिसहरूले आफ्नो अपराधहरू लुकाउने कोशिश गर्छन तर मैले मेरो दोष कहिल्यै लुकाइन।

३४मानिसहरूले के भन्लान भन्ने कुरामा म डराएँ। त्यस्तो भयले मलाई कहिल्यै नराम्रो कार्य गर्न दिएन। मैले कहिल्यै बाहिर जान अस्वीकार गरिनँ। मानिसहरूको ममाथिको घृणादेखि म कहिल्यै डराइनँ।

३५अहो! कसैले मेरो कुरामा ध्यान दिओस भन्ने म कामना गर्छु। मलाई मेरो कुरा व्याख्या गर्न दिइवोस्। म इच्छा राख्छु कि सर्वशक्तिमान परमेश्वरले मलाई

जवाफ दिउन। म इच्छा गर्छु कि मैले जे कुकर्म गरें त्यस विषयमा उहाँले के सोच्नु हुन्छ लेखुन।

३६तब म त्यो चिन्ह स्वरुप मेरो घाँटी बरिपरि बाँध्नेछु म त्यसलाई मुकुट झैं आफ्नो शिरमा लगाउनेछु।

३७यदि परमेश्वरले त्यसो गर्नुभयो भने, तब मैले गरेका सारा कुराहरू म व्याख्या गर्न सकूँला। म परमेश्वर नजिक मुखिया सरह आफ्नो शिर उच्च गरेर आउँन सकौं।

३८मैले कसैबाट जमीन चोरिन् कसैले पनि मलाई त्यसले चोर्‍यो भनेर दोष लगाउन सक्तैन।

३९म सधैं किसानहरूलाई खाद्यन्नको निम्ति पैसा दिएँ, जो मैले भूमिबाट प्राप्त गरेँ अनि कहिल्यै पनि अर्काको दखलमा भएको जमीन खोस्ने प्रयास गरिनँ।

४०यदि मैले सर्वदा त्यस्तो दुष्ट कामहरू गरेको भए गहूँ र जहुँ उम्रिनुको सट्टामा काँड़ा र झारहरू मेरो खेतमा उम्रियोस।"

अय्यूबका प्रवचन समाप्त भयो।

### इलीहुले तर्क थप्दछ

**३२** त्यसपछि अय्यूबका तीनैजना साथीहरूले अय्यूबलाई जवाफ दिन छाड़े। तिनीहरूले जवाफ दिन छाड़े किनभने अय्यूब निर्दोष थिएँ भनी विश्वास्त थियो। २तर त्यहाँ बारकेलका छोरो एलीहू भन्ने एक जवान केटो थियो। बारकेल बज नाउँका एउटा मानिसका वंशका थिए। एलीहू रामका परिवारका थियो। एलीहू अय्यूबसंग अत्यन्त क्रोधित भयो। किनभने अय्यूबले स्वयं परमेश्वर भन्दा अझ धार्मिक हुँ भन्दै थियो। ३एलीहू अय्यूबका तीनजना साथीहरूसँग पनि क्रोधित थियो। किनभने अय्यूबका साथीहरूले अय्यूबका प्रश्नहरूको ठीक जवाफ दिन सकेनन। तिनीहरूले अय्यूब गल्ती थियो भनेर प्रमाण गर्न सकेनन्। ४अय्यूब र तिनका साथीहरू सबै एलीहू भन्दा जेठा थिए। यसकारण सबैले भनी सकुञ्जेल उसले पर्ख्यो। त्यसपछि उसले पनि बोल्न सक्छु भन्ने अनुभव गर्‍यो। ५अनि जब एलीहूले देखे कि अय्यूबका साथीहरूले उनलाई उत्तर दिनु असमर्थ थिए, त्यो रिसायो। ६यसकारण उसले भन्न थाल्यो। उसले भन्यो:

"म जवान मानिस मात्र हुँ। अनि तिमीहरू बूढ़ा मानिसहरू हौ। यसकारण मेरो विचार तिमीहरूलाई पोखाउन म भयभीत भएँ।

७म स्वयंले सोचेँ, 'बूढ़ा मानिसहरू पहिला बोल्नु पर्छ। बूढ़ा मानिसहरू धेरै लामो बाँचे। यसकारण तिनीहरूले धेरै कुराहरू सिके।'

८तर परमेश्वरको आत्माले मानिसलाई ज्ञानी बनाउँछ। सर्वशक्तिमान परमेश्वरको 'आत्माले' मानिसहरूलाई बोल्न सक्ने बनाउँछ।

९बृद्ध मानिसहरू मात्र ज्ञानी हुँदैनन। बृद्ध मानिसहरूले मात्र ठीक कुरा बुझ्छन भन्ने छैन।

१०यसकारण दया गरेर मेरो कुरामा ध्यान देऊ। अनि मैले के सोच्दछु त्यो भन्नेछु।

११जब तिमीहरू बोल्यौ मैले खुब धीरजसाथ पर्खें। मैले ती जवाफहरूमा ध्यान दिएँ जुन तिमीहरूले अय्यूबलाई दियौ।

१२तिमीहरूले भनेका कुराहरू मैले होशियारी साथ सुने। तिमीहरू कसैले पनि अय्यूब गल्ती छ भनी प्रमाण दिएनौ। तिमीहरू बीच कसैले पनि उसको बहश विरुद्ध सन्तुष्टपूर्ण जवाफ दिएनौ।

१३तिमीहरू तीनजना मानिसहरूले भन्न सकेनौ कि तिमीहरूले ज्ञान प्राप्त गरेका छौ। परमेश्वरले अय्यूबको तर्कहरूको जवाफ दिनु नै पर्छ, मानिसहरूले होइन।

१४अय्यूबले मलाई आफ्नो तर्कहरू प्रस्तुत गरेन, यसकारण तिमीहरूले प्रयोग गरेका तर्कहरू म प्रयोग गर्ने छैन।

१५अय्यूब, ती मानिसहरूले साहस हराए। तिनीहरूसँग अब भन्ने केही कुरा छैन। तिनीहरूले प्रस्तुत गर्ने जवाफ केही छैन्।

१६अय्यूब, तिमीलाई जवाफ दिनलाई मैले तीनजना मानिसहरूलाई पर्खें, तर तिनीहरू चुपचापछन्। तिनीहरूले तिमीसँग आलोचना गर्न छाड़े।

१७यसैले अब तिमीलाई म जवाफ दिनेछु। हो, म के सोच्दछु त्यही तिमीलाई भन्नेछु।

१८म कुरै कुराहरूले भरिएकोछु कि म बोल्नै पर्छ नत्र म पड्किनेछु।

१९म नयाँ दाखरस हालेको छालाको थैलो जस्तै छु जुन खोलिएकै छैन। म त्यो नयाँ दाखरस राख्ने थैलो जस्तो छु जुन फुटेर खोलिन तैयार छ।

२०यसकारण म बोल्नै पर्छ तब मात्र म शान्तिको सास फेर्ने छु। मैले बोल्नै पर्छ र अय्यूबको तर्कहरूको जवाफ दिनेछु।

२१मैले अय्यूबसँग त्यस्तै व्यवहार गर्नुपर्छ जसरी म अन्य मानिसहरूलाई गदर्थे। म उसलाई राम्रो कुराहरू भन्ने कोशिश गर्ने छैन म त्यही भन्नेछु जुन मैले भन्नु पर्छ।

२२म अन्य मानिस सरह कसैलाई निको व्यवहार गर्न सक्तिन। यदि मैले त्यसो गरेँ भने परमेश्वरले मलाई दण्ड दिनु हुनेछ।

**३३** "अब अय्यूब, मेरो कुरा ध्यान दिएर सुन। ती कुराहरू होशियारी साथ सुन जुन म भन्छु।

२म बोल्न तयार छु।

३मेरो हृदय निष्कपट छ, यसैले म सरल शब्दहरू बोल्ने छु। ती विषय म सत्य बोल्ने छु जुन म जान्दछु।

४परमेश्वरको आत्माले मलाई बनाउनु भयो। मेरो
जीवन सर्वशक्तिमान परमेश्वरबाट आउँछ।
५अय्यूब, मेरो कुरा ध्यान दिएर सुन। अनि तिमी
सक्छौ भने मलाई जवाफ देऊ। तिम्रो जवाफ तयार
पार ताकि तिमी मसँग तर्क गर्न सक्षम हुनेछौ।
६परमेश्वरको समक्ष तिमी र म बराबर छौं परमेश्वरले
हामी दुवैलाई बनाउँन माटो प्रयोग गर्नु भयो।
७अय्यूब म देखि नडराऊ म तिमीमाथि निष्ठुर हुने
छैन।
८तर अय्यूब, तिमीले भनेको मैले सुनें।
९तिमीले भन्यौ: 'म शुद्ध छु म निर्दोष छु, मैले
केही गल्ती काम गरिनँ म दोषी छैन।
१०मैले गल्ती काम गरिनँ, तर परमेश्वर मेरो विरुद्ध
हुनुहुन्छ। परमेश्वरले मलाई शत्रुलाई झैं व्यवहार गर्नु
भयो।'
११परमेश्वरले मेरो खुट्टामा साङ्लीहरू लगाई दिनु
भयो, परमेश्वरले मेरो प्रत्येक कार्यमा नियालेर हेर्नुहुन्छ।'
१२तर, अय्यूब, तिमी यसविषयमा गल्ती छौ अनि
तिमी गल्ती छौ भनी त्यो म प्रमाण गर्नेछु। किन?
किनभने परमेश्वर मानिसहरू भन्दा अत्यन्तै महान
हुनुहुन्छ।
१३अय्यूब, तिमीले परमेश्वरसित तर्क गरिरहेका
छौ। तिमीले सोच्छौ कि परमेश्वरले तिमीलाई प्रत्येक
विषयमा व्याख्या दिनुपर्छ।
१४परमेश्वरले विभिन्न प्रकारले बोल्न सक्नु हुन्छ,
यस्तो तरिका कि मानिसहरू यसलाई बुझ्दैनन्।
१५हुन सक्छ परमेश्वर मानिसहरूसँग सपनामा
बोल्नुहुन्छ, अथवा राती दर्शनमा जब तिनीहरू गहिरो
निद्रामा हुन्छन। १६तिनीहरू एकदमै भयभीत हुन्छन्
जब तिनीहरूले परमेश्वरको चेतावनी सुन्छन।
१७परमेश्वरले तिनीहरूलाई गल्ती कामहरू गर्न
रोक्नुहुनेछ, अनि अहंकारी हुनदेखि रोक्नुहुनेछ।
१८परमेश्वरले मानिसहरूलाई सावधान गर्नुहुनेछ तब
उहाँले तिनीहरूलाई मृत्युको मुखबाट बचाउन सक्नु
हुन्छ। परमेश्वरले मानिसहरूलाई विनाशबाट बचाँउनुहुन्छ।
१९दु:खी अथवा, ओछ्यानमा सुतिरहनु पर्ने कष्ट
दिएर अनि उसका हड्डीहरू सधैँ रहने बनाई परमेश्वरले
एकजना मानिसलाई अनुशासित पार्न सक्नुहुन्छ।
२०तब त्यस मानिसले खान सक्तैन्। त्यस मानिसलाई
एकदम ज्यादा पीड़ा भइरहन्छ कि उसले भोजन पनि
राम्रो हेर्न सक्तैन।
२१उसको शरीर जीर्ण हुँदै जान्छ अनि उ हाड़। र
छाला मात्र हुन्छ।
२२त्यो मानिस मृत्युको ठाउँमा पुग्दछ अनि उसको
जीवन सम्मुखिन हुन्छ।
२३परमेश्वरसँग हजारौँ दूतहरूछन। हुन सक्छ ती
मध्ये कुनै एकजनाले त्यस मानिसलाई नियाली रहेको
हुन्छ। त्यो दूत त्यो मानिससित बोल्छ अनि साँच्चो कुरा
भन्छ।
२४त्यो दूत त्यस मानिस माथि कृपालु हुनसक्छ अनि
परमेश्वरलाई भन्छ, 'मृत-लोकदेखि यस मानिसलाई
बचाउनु होस्। उसको पापको मूल्य चुकाउने तरिका
मैले पाएको छु।'
२५तब त्यो मानिसको शरीर फेरि जवानीपन आउनेछ
र बलियो हुनेछ। त्यो मानिस पहिले जस्तो तन्देरी थियो
त्यस्तै नै हुनेछ।
२६त्यो मानिसले परमेश्वरलाई प्रार्थना गर्ने छ अनि
परमेश्वरले उसको प्रार्थनाको जवाफ दिनुहुनेछ। त्यो
मानिस आनन्दले चिच्याउने छ अनि परमेश्वरलाई
महिमा गर्नेछ, उसले फेरि असल जीवन बाँच्नेछ।
२७तब त्यो मानिसले मानिसहरू अघि आफ्नो दोष
स्वीकार गर्नेछ। उसले भन्नेछ, 'मैले पाप गरेँ। मैले
असललाई खराब बनाएँ। तर परमेश्वरले मलाई मेरो
कर्म अनुसारको दण्ड दिनु भएन।
२८परमेश्वरले मृतलोकदेखि मलाई बचाउनु भयो।
अब फेरि मेरो जीवनमा आनन्द भोग गर्न सक्छु।'
२९परमेश्वरले त्यस मानिसको लागि घरि-घरि ती
कुराहरू गर्नुहुन्छ।
३०किन? त्यस मानिसलाई सावधान गराउन अनि
उसको आत्मालाई मृतलोक देखि बचाउनलाई ताकि
त्यस मानिसले आफ्नो जीवनमा आनन्द भोग्न सकोस्।
३१अय्यूब, मेरो कुरा होशियारीले सुन, शान्त हौ र
मलाई बोल्न देऊ।
३२तर अय्यूब, यदि तिमी मसँग सहमत हुँदैनौ भने
तब अघि बढ़ र भन। मलाई उत्तर देऊ, किनभने
तिम्रो निम्ति के राम्रो हो त्यो म चहान्छु।
३३तर अय्यूब, यदि तिमीलाई केही भन्नु छैन भने
मेरो कुरामा ध्यान देऊ। शान्त हौ, अनि म तिमीलाई
ज्ञानको उपदेशहरू दिनेछु।"

३४ तब एलीहूले फेरि बोल्न शुरू गर्‍यो। उसले
भन्यो:
२"तिमीहरू ज्ञानी पुरूषहरू मैले भनेको कुराहरूमा
ध्यान देऊ। तिमी चतुर मानिसहरू मप्रति ध्यान
देऊ।
३जसरी जिब्रोले चाखेर खानेकुराको स्वाद परीक्षण
गरिन्छ त्यसरी नै कानले पनि शब्दहरू सुनेर परीक्षण
गरिन्छ।
४यसकारण यी तर्कहरूको परीक्षण गरौं अनि के
ठीक हो त्यसको निर्णय हामी आफै गरौं। हामी आफै
हाम्रा निम्ति के असल हो जानौं।
५अय्यूब भन्दछ, 'म अय्यूब निर्दोष छु। अनि मप्रति
परमेश्वर निष्पक्ष हुनुहुन्न।
६म निर्दोष छु तर मलाई झूटो मानिएकोछ। म
निर्दोष छु तर म नराम्रो प्रकारले व्यथित छु।'

७के त्यहाँ अय्यूब जस्तै अन्य मानिस कोही छ? यदि तिमीहरूले अय्यूबलाई अपमान गरे उसले त्यो पानी झैं पिउँछ।
८दुष्ट मानिसहरूसँग अय्यूबको मित्रता छ। अय्यूब दुष्टहरूसित रहन चाहन्छ।
९म किन त्यसो भन्छु? किनभने अय्यूब भन्दछ यदि उसले परमेश्वरलाई खुशी पार्ने कोशिश गर्दछ भने, 'कुनै पनि मानिसले केही पनि उपलब्ध गर्दैन।'
१०तिमीहरू बुझ्न सक्छौ यसैले मेरो कुरा ध्यान दिएर सुन। परमेश्वरले त्यस्तो अहित काम कहिल्यै गर्नु हुँदैन। सर्वशक्तिमान परमेश्वरले त्यस्तो दुष्ट्याँई गर्नु हुँदैन।
११मानिसहरूले गरेका कर्महरूको फल परमेश्वरले दिनु हुनेछ। परमेश्वरले कर्म जस्तो छ त्यस्तै फल दिनुहुनेछ।
१२यो सत्य हो। परमेश्वरले गल्ती काम गर्नु हुदैन। सर्वशक्तिमान परमेश्वरले न्याय कहिल्यै पनि विगार्नु हुँदैन।
१३कसैले पनि परमेश्वरलाई पृथ्वीको अधिकारीको रूपमा चुन्न सक्तैन कसैले पनि परमेश्वरलाई सारा संसारको उत्तरदायी बनाउन सक्तैन परमेश्वरले सारा थोक सृजना गर्नुभयो अनि उहाँ सधैं नियंत्रणमा रहनु भयो।
१४यदि परमेश्वरले मानिसहरूबाट आफ्नो आत्मा र स्वास लैजान चाहनुहुन्छ भने
१५तब पृथ्वीमा भएका सम्पूर्ण मानिसहरू मर्नेछन्। सारा मानिसहरू फेरि धूलो हुनेछन्।
१६यदि तिमीहरू बुद्धीमानी छौ भने मैले भनेका कुरामा ध्यान दिएर सुन।
१७कुनै मानिस जसले निष्पक्ष मन पराउँदैन शासक हुन सक्तैन। अय्यूब के तिमी उहाँको दोषलाई न्याय गर्नु सक्छौ? परमेश्वर बलियो र धर्मी हुनुहुन्छ।
१८परमेश्वर जसले राजाहरूलाई भन्नुहुन्छ, 'तिमीहरू महत्वहीन छौ।' परमेश्वरले मुखियाहरूलाई भन्नुहुन्छ 'तिमीहरू दुष्ट हौ।'
१९परमेश्वरले अन्य मानिसहरूलाई जतिको प्रेम मुखियाहरूलाई गर्नुहुन्न। अनि जतिको प्रेम गरीब मानिसहरूलाई गर्नुहुन्छ त्यतिको प्रेम धनीहरूलाई गर्नुहुन्न। किन? किनभने परमेश्वरले प्रत्येक मानिसलाई बनाउनु भयो।
२०मानिसहरू अचानक मर्न सक्छ मध्य रातमा मानिसहरू विमार हुन्छन् अनि मरेर जान्छन्। कुनै स्पष्ट कारणै बिना शक्तिशाली मानिसहरूसम्म मर्छन।
२१मानिसहरूले के गर्दछ भनेर परमेश्वर नियाल्नु हुन्छ। मानिसहरूको प्रत्येक पाइलाका चाललाई परमेश्वर जान्नु हुन्छ।
२२अनिष्ट कर्म गर्ने मानिसहरूले परमेश्वरबाट लुक्ने अँध्यारो पाउँदैनन।
२३न्यायको लागि परमेश्वरको साम्ने जान मानिसले समक्ष निधारण गर्दैन, (त्यो अधिकार परमेश्वरको हो।)
२४यदि शक्तिशाली मानिसहरूले पनि अनिष्ट कामहरू गरे भने परमेश्वरले तिनीहरूलाई प्रश्न गर्ने आवश्यकै छैन। परमेश्वरले तिनीहरूलाई सामान्य रूपले नष्ट गर्नु हुनेछ अनि अन्य मानिसहरूलाई मुखिया चुन्नु हुनेछ।
२५यसकारण परमेश्वरले मानिसहरूले के गर्दछ भनेर जान्नु हुन्छ। यही कारणले गर्दा परमेश्वरले दुष्टहरूलाई पराजित गर्नुहुन्छ अनि रात रातमा नै ध्वंश गर्नुहुन्छ।
२६परमेश्वरले दुष्ट मानिसहरूलाई दण्ड दिनु हुन्छ किनभने तिनीहरूले अनिष्ट कामहरू गरेका हुन्छन्। अनि परमेश्वरले ती मानिसहरूलाई दण्ड दिनु हुनेछ कारण अन्य मानिसहरूले पनि त्यस्तो घटना देख्न सक्छन।
२७किन? किनभने दुष्ट मानिसहरूले परमेश्वरको आज्ञा पालन गर्न छाडे। अनि परमेश्वरले गर्नु भएको कामहरूलाई ती दुष्ट मानिसहरूले पर्वाह गर्न छाड़े।
२८ती दुष्ट मानिसहरूले दीन दुःखी मानिसहरूलाई दुःख दिन्छन् अनि परमेश्वरलाई गुहार्नका लागि वाध्य गराउँछन। परमेश्वरले तिनीहरूका पुकार सुन्नुहुन्छ।
२९तर परमेश्वरले तिनीहरूलाई सहयोग नदिने निर्णय लिनुभयो भने कसैले पनि परमेश्वरको दोषको न्याय गर्न सक्तैन। यदि परमेश्वरले आफूलाई मानिसहरूदेखि लुकाउनु हुन्छ भने तब कसैले पनि उहाँलाई भेट्न सक्ने छैन। परमेश्वर प्रत्येक मानिस र जाति माथिका शासक हुनुहुन्छ।
३०अनि यदि शासकले पाप गर्न मानिसलाई प्रेरित गर्छ भने तब उसलाई आफ्नो शक्तिबाट वञ्चित गराई दिनु हुन्छ।
३१त्यो हुनेछ जबसम्म उसले परमेश्वरलाई भन्दैन् 'म दोषी हुँ। म अबोप्रान्त पाप गर्ने छैन।
३२परमेश्वर, मैले तपाईंलाई नदेखे तापनि कृपया मलाई बाँच्नलाई ठीक शिक्षा दिनु होस्। यदि मैले गल्ती काम गरेको रहेछु भनें म फेरि त्यस्तो गर्ने छैन।'
३३अय्यूब, तिमी चाहन्छौ कि परमेश्वरले तिमीलाई पुरस्कार दिउन। तर तिमी परिवर्तन हुन अस्वीकार गर्छौ। अय्यूब, यो तिम्रो निर्णय हो, मेरो होइन। मलाई बताऊ तिमी के सोच्छौ।
३४एक ज्ञानी मानिसले मेरो कुरा ध्यानले सुन्नेछ ज्ञानी मानिसले भन्नेछ
३५'अय्यूबले मूर्ख मानिसले जस्तो बोल्दैछ। अय्यूबले भनेका कुराहरूमा कुनै सार्थक नै छैन।'

३६मेरो विचारमा अय्यूबले अझ बढ़ी दण्ड पाउनु पर्ने हो। किन? किनभने अय्यूबले हामीलाई एकजना दुष्ट मानिसकै व्यवहारले जवाफ दिए।

३७अय्यूबले आफ्ना अन्य पापहरूसँग विद्रोह थप्यो। अय्यूबले हाम्रो सम्मुख बसेर र हामीलाई अपमान गर्छ साथै परमेश्वरको विषयमा ठट्टा गर्छ।"

**३५** एलीहू लगातर बोलीरहेछ। उसले भन्यो:
२"अय्यूब, तिमीले यस्तो भन्नु राम्रो होइन,
'म परमेश्वर भन्दा अझ सही छु।'

३अनि अय्यूब, तिमी परमेश्वलाई सोध 'यदि उसले परमेश्वरलाई खुशी पार्ने चेष्टा गरे त्यो मानिसलाई के लाभ हुन्छ? यदि मैले पाप गरिन भने मलाई के लाभ हुनेछ?'

४अय्यूब, म तिमीलाई जवाफ दिन चाहन्छु अनि तिम्रा साथीहरू पनि तिमीसँग यहाँ छन्।

५अय्यूब, आकाशमाथि हेर, माथि बादलहरू हेर त्यो तिमीभन्दा माथि छन।

६अय्यूब, यदि तिमीले पाप गर्‍यौ भने यसले परमेश्वरलाई घात पार्दैन। यदि तिमीले अपराधहरू गर्‍यौ भने त्यसले परमेश्वरलाई केही असर पार्दैन।

७अनि अय्यूब, तिमी असल छौ भने त्यसले परमेश्वरलाई सहयोग गर्दैन्। परमेश्वरले तिमीदेखि केही पनि पाउनु हुन्न।

८अय्यूब, तिमीले सुकर्म अथवा कुकर्म जे गर्छौ त्यसले तिमी जस्तै अन्य मानिसहरूलाई प्रभाव पार्दछ। तर ती कर्महरूले परमेश्वरलाई सहयोग अथवा आघात केही पुर्‍याउँदैन।

९यदि दुष्ट मानिसहरूलाई नोक्सान परिरहेको छ भने तिनीहरू गुहारको लागि चिच्याउँछन। तिनीहरू शक्तिशाली मानिसहरूबाट बाँच्न गुहार माग्छन्।

१०तर ती दुष्ट मानिसहरू परमेश्वरलाई गुहार्दैनन। तिनीहरूले भन्ने छैनन् 'परमेश्वर कहाँ हुनुहुन्छ जसले मलाई सृष्टि गर्नुभयो? परमेश्वर कहाँ हुनुहुन्छ? जब मानिसहरू दु:खमा पर्छन् परमेश्वरले तिनीहरूलाई सहायता गर्नुहुन्छ।

११परमेश्वरले हामीलाई चराचुरूङ्गी र जनावरहरू भन्दा ज्ञानी बनाउनु भयो। यसकारण उहाँ कहाँ हुनुहुन्छ?

१२अथवा यदि ती दुष्टहरूले परमेश्वरलाई गुहार मागे भने परमेश्वरले तिनीहरूलाई जवाफ दिनु हुने छैन। किन? किनभने तिनीहरू साह्रै घमण्डी छन्। अझ पनि तिनीहरू नै महत्वपूर्ण हौं भनेर सोच्दछन।

१३यो सत्य हो, परमेश्वरले तिनीहरूका महत्वहीन विन्ती सुन्नु हुने छैन। सर्वशक्तिमान परमेश्वरले तिनीहरू प्रति ध्यानै दिनुहुने छैन।

१४यसकारण अय्यूब, परमेश्वरले तिमीलाई ध्यान दिनुहुन्न जब तिमी भन्दछौ कि उहाँलाई देखिन। तिमी परमेश्वरको आगमनको आशा गरिरहेका छौ ताकि तिमी आफै निर्दोष प्रमाण गर्न सक्छौ।

१५अय्यूब, सोच कि परमेश्वरले दुष्ट मानिसहरूलाई दण्ड दिनु भएन, उसले सोच्दछ कि परमेश्वरले पापमाथि ध्यानै दिनु भएन।

१६यसकारण अय्यूबले आफ्नो महत्वहीन कुराहरू भनिरहे। अय्यूबले अझै महत्वपूर्ण मानिस जस्तो अभिनय गरिरहे। अय्यूबले के भनिरहेको छ त्यो उसले आफै जान्दैन भनी बुझ्न सजिलै छ।"

**३६** एलीहू लगातार बोलिरह्यो। उसले भन्यो:
२"मसँग केही वेर धैर्यधारण गरी बस परमेश्वरसँग केही कुराहरू छन् जुन मसँग गर्न चाहनुहुन्छ।

३म टाढ़ाबाट बुद्धि पाउँछु। परमेश्वरले मलाई बनाउनु भयो अनि म प्रमाण गर्न चाहन्छु कि परमेश्वर धर्मी हुनुहुन्छ।

४अय्यूब म सत्य कुरा भनिरहेछु। म के विषयमा भनिरहेछु त्यो म जान्दछु।

५परमेश्वर अत्यन्त शक्तिशाली हुनुहुन्छ, तर उहाँले मानिसहरूलाई घृणा गर्नु हुन्न। परमेश्वर अत्यन्त शक्तिशाली हुनुहुन्छ तर उहाँ अत्यन्त ज्ञानी पनि हुनुहुन्छ।

६परमेश्वरले दुष्ट मानिसहरूलाई बाँच्न दिनुहुन्न। परमेश्वरले सधैँ दिन-दु:खी मानिसहरूलाई समान व्यवहार गर्नुहुन्छ।

७परमेश्वरले धर्मी मानिसहरूमाथि पहरा दिनु रोकिनु हुनेछैन। उहाँले राजाहरूलाई सिंहासनमा चीरकालको लागि राख्नु हुन्छ अनि तिनीहरूको उन्नति गराउनु हुन्छ।

८-९यसैले मानिसहरू दण्डित भए भने, यदि तिनीहरू साङ्‌लो र डोरीहरूले बाँधिए भने, अनि तिनीहरूले गरेका कर्महरूको विषयमा परमेश्वरले भन्न हुनेछ। तिनीहरूले के गल्ती गरेका छन् अनि तिनीहरूले अपराधहरूमा गर्व गर्छन, परमेश्वरले तिनीहरूलाई भन्नु हुनेछ।

१०परमेश्वरले तिनीहरूलाई उहाँले दिएको चेताउनी धैर्य साथ सुन्न वाध्य गराउनु हुनेछ। उहाँले तिनीहरूलाई गल्ती कर्महरू गर्न बन्द गर भन्नुहुनेछ।

११यदि ती मानिसहरूले परमेश्वरको कुराप्रति ध्यान दिएर उहाँको आज्ञा पालन गरे परमेश्वरले तिनीहरूलाई सफल बनाउनु हुनेछ अनि तिनीहरू सुखी जीवन बाँच्नेछन्।

१२तर तिनीहरूले परमेश्वरको आज्ञा पालन गरेनन भने तिनीहरू ध्वंश हुने छन्। तिनीहरू मूर्खहरू जस्तै मर्नेछन।

१३मानिसहरू जसले परमेश्वरको पर्वाह गर्दैनन तिनीहरू सधैँ रीस गर्छन्। परमेश्वरले तिनीहरूलाई दण्ड दिए तापनि तिनीहरू परमेश्वरलाई प्रार्थना गर्न अस्वीकार गर्छन।

१४अपमानित जीवनदेखि थोकेकाहरू जस्तै तिनीहरू आफ्ना जवानीपन मै मर्छन्।

१५तर परमेश्वरले मानिसहरूलाई उहाँमाथि ध्यान दिवोस भनी चेतना दिनको लागि कष्ट दिनुहुन्छ। उहाँले तिनीहरूको कष्ट निवारण गरिदिनु हुन्छ।

१६अय्यूब, परमेश्वरले तिमीलाई सहयोग गर्नु हुनेछ परमेश्वरले तिमीलाई संकटहरूदेखि छुट्कारा दिनुहुनेछ परमेश्वरले तिमीलाई जीवन सजिलो दिनुहुनेछ। परमेश्वरले तिम्रो टेबलमा प्रशस्त भोजनहरू राखिदिनु हुनेछ।

१७तर तिमी हैरान छौ कि तिमी दुष्ट भएको कारण परमेश्वर तिमीप्रति अन्यायी हुनु भएको छ। तिमी खाली अदालत जान र न्याय माग्ने कुरा सोचिरहन्छौ।

१८तिम्रो रीसले परमेश्वरलाई खिसी गर्न तिमीलाई वहकाउन नदेऊ। सही बाटोबाट महाप्रलोभनले तिमीलाई खिच्न नदेऊ।

१९के तिम्रो चित्कारले अथवा तिम्रो अथक चेष्टाहरूले तिमीलाई कष्टबाट बाहिर निकाल्छ?

२०जो मानिसहरू राती भित्र लुक्न चाहन्छन यसर्थ तिनीहरूलाई भेट्नु रात आवोस भनी कामना गर्छन। तिनीहरू सोच्छन कि तिनीहरू परमेश्वरको आँखा छल्न सक्छन।

२१अय्यूब, तिमीले धेरै कष्ट भोग्यौ। गल्ती नगर्नुको लागि होशियार बन। खराब कर्म नगर।

२२हेर, परमेश्वरको शक्तिले उसलाई महान बनायो। परमेश्वर नै महान गुरू हुनुहुन्छ।

२३कसैले पनि परमेश्वरलाई के गर्नु पर्ने भनेर बताउनु पर्दैन। कसैले पनि परमेश्वरलाई 'तपाईंले खराब काम गर्नु भयो' भनी भन्न सक्तैन।

२४उहाँले गर्नुभएको कामको लागि उहाँको प्रशंसा गर्नु नभूल। मानिसहरूले परमेश्वरको प्रशंसा गर्दै धेरै गीतहरू लेखेका छन्।

२५परमेश्वरले के गर्नु भयो प्रत्येकले देख्न सक्छन। धेरै टाढ़ो देशका मानिसहरूले पनि ती कुराहरू देख्न सक्छन।

२६हो, परमेश्वर महान् हुनुहुन्छ। तर हामी उहाँको महानता बुझ्न सक्तैनौं। हामी जान्दैनौं कि परमेश्वर देखि हुनुहुन्छ।

२७परमेश्वरले पृथ्वीबाट पानी लैजानु हुन्छ अनि यसलाई तुषारो र हिउँमा परिवर्तन गर्नुहुन्छ।

२८यसकारण बादलले पानी बर्षाउँछ अनि धेरै पानी मानिसहरूमाथि पर्छ।

२९परमेश्वरले आकाशमा बादल कसरी फैलाउनु हुन्छ अथवा मेघ कसरी गर्जाउनु हुन्छ कसैले पनि बुझ्न सक्तैन।

३०हेर, परमेश्वरले पृथ्वीमाथि प्रकाश फैलाउनु भयो समुद्रको गहिरो भागसम्म ढाक्नु भयो।

३१मानिसहरूमाथि नियन्त्रण राख्न अनि तिनीहरूलाई प्रशस्त भोजन दिन परमेश्वरले यसो गर्नु हुन्छ।

३२परमेश्वरले उज्यालो आफ्नो हातमा अठ्याउनु हुन्छ र उहाँले जहाँ चाहनुहुन्छ त्यहाँ हिर्काउने आदेश गर्नु हुन्छ।

३३ आकाशको गर्जनले आँधी कहाँ आउदैछ बताउँछ। यसर्थ गाई वस्तुले पनि बुझ्छ कि आँधी बेई कहाँ आउँदैछ।

३७ "वज्र, र बिजुलीले मलाई भयभीत पार्छ, छातीभित्र मुटु ढुकढुक गर्छ।

२सबैले सुन! परमेश्वरको आवाज वज्र जस्तो सुनिन्छ। परमेश्वरको मुखबाट आउने मेघ गर्जन सुन।

३परमेश्वरले आकाशको वारपार आफ्नो बिजुली चम्काउनु हुन्छ अनि यसले सम्पूर्ण पृथ्वी नै चम्काउँछ।

४बिजुली चम्केपछि परमेश्वरको गर्जन आवाज सुन्न सकिन्छ। परमेश्वर अद्‌भूत आवाजले गर्जनु हुन्छ। जब बिजुली चम्कन्छ परमेश्वरको आवाज गर्जन्छ।

५परमेश्वरको गर्जन आवाज चमत्कारमय हुन्छ। उहाँले महान कर्महरू गर्नु हुन्छ जुन हामी बुझ्न सक्तैनौं।

६परमेश्वरले हिँऊलाई भन्नुहुन्छ, 'पृथ्वीमा झर' अनि परमेश्वरले वर्षालाई भन्नु हुन्छ, 'पृथ्वीमाथि खनिइ।'

७परमेश्वरले सृष्टी गर्नु भएका सबै मानिसहरूले के गर्नु सक्नु हुन्छ बुझ्न भनी उहाँले त्यसो गर्नु हुन्छ। त्यो उहाँको प्रमाण हो।

८जनावरहरू आ-आफ्ना ओड़ारतिर भाग्छन अनि त्यहाँ बस्छन।

९भुँवरी दक्षिणबाट चल्छ। चिसो हावा उत्तरबाट आउँछ।

१०परमेश्वरको स्वासले वरफ बनाउँछ, अनि समुद्रहरू जमाउँछ।

११परमेश्वरले बादलमा पानी भर्नुहुन्छ, अनि गर्जने मेघ फैलाउनु हुन्छ।

१२परमेश्वरले बादलहरूलाई पृथ्वी वरिपरि बहन आदेश दिनुहुन्छ। बादलहरूले परमेश्वरकै आज्ञा अनुसार काम गर्दछ।

१३बाढी ल्याई मानिसहरूलाई सजाय दिन अथवा पानी बर्षाई तिनीहरूमाथि प्रेम दर्शाउन परमेश्वरले बादल ल्याउनु हुन्छ।

१४अय्यूब, एक मिनट खड़ा भएर सुन, परमेश्वरले गर्नु भएको ती अनौठा कुराहरू बारे सोच।

१५अय्यूब, के तिमी जान्दछौ परमेश्वरले कसरी बादलहरूलाई वशमा राख्नुहुन्छ? के तिमी जान्दछौ परमेश्वरले कसरी बिजुली चम्काउनु हुन्छ?

१६के तिमी जान्दछौ कसरी बादलहरू आकाशमा झुण्डिन्छन्? परमेश्वरले बनाउनु भएका अनौठा सृजनाहरू

मध्ये बादल खाली एकमात्र उदाहरण हो। अनि
परमेश्‍वरले ती सबै कुराहरू विषयमा जान्नु हुन्छ।
१७तर अय्यूब, तिमीले ती कुराहरू जान्दैनौ। जब
तातो हावा दक्षिणबाट आउँदछ तिमीलाई पसिना आएर
शरीरक लुगाहरू टाँसिनेछ अनि प्रत्येक चीज जस्ताको
त्यस्तै शान्त रहनेछ।
१८अय्यूब, के तिमीले परमेश्‍वरलाई आकाश फैलाउन
सहयोग गर्न सक्छौ, अनि यसलाई पित्तल जस्तो
चम्काउन सक्छौ?
१९अय्यूब, बताऊ हामीले परमेश्‍वरलाई के भन्नु
पर्छ! तिम्रो अज्ञानताले गर्दा के भन्न पर्ने हो हामी
सोच्न सक्तैनौ।
२०म परमेश्‍वरलाई भन्ने छैन कि म उहाँसँग बोल्न
चाहन्छु। त्यो ध्वंश गराई माग्नु बराबर हुनेछ।
२१एउटा मानिसले घाम हेर्न सक्तैन। बादलहरू
हावाले उड़ाई लगिसके पछि यो आकाशमा अत्यन्त
उज्यालो र चम्किलो हुन्छ।
२२अनि परमेश्‍वर पनि त्यस्तै हुनुहुन्छ। पवित्र पर्वतबाट
परमेश्‍वरको सुनौलो महिमा चम्कन्छ परमेश्‍वरको वरिपरि
त्यहाँ उज्यालो हुँदछ।
२३सर्वशक्तिमान परमेश्‍वर महान हुनुहुन्छ। हामी
परमेश्‍वरलाई बुझ्न सक्तैनौ। परमेश्‍वर अत्यन्त
शक्तिशाली हुनुहुन्छ, तर उहाँ हाम्रो लागि असल र
उचित हुनुहुन्छ। परमेश्‍वरले हामीलाई घात पुऱ्याउन
चाहनुहुन्न।
२४त्यसैकारण मानिसहरूले परमेश्‍वरलाई श्रद्धा गर्दछन्।
तर परमेश्‍वरले घमण्डी मानिसहरूलाई आदर गर्नुहुन्न
किनभने तिनीहरू आफैलाई ज्ञानी ठान्दछन्।"

### परमेश्‍वर अय्यूबसित बोल्नु हुन्छ

३८ तब परमेश्‍वर भुँवरीबाट अय्यूबसित बोल्नु
भयो। परमेश्‍वरले भन्नुभयो:
२"त्यो अज्ञानी मानिस को हो जसले यस्ता मूर्ख
कुराहरू गरिरहेको छ?"
३अय्यूब, कम्मर कस, मेरो प्रश्‍नको उत्तर दिनलाई
तैयार बस।
४"तिमी कहाँ* थियौ जब मैले पृथ्वी सृष्टि गरे?
यदि तिमी यो जान्दछौ भने मलाई जवाफ देऊ।
५यदि तिमी साह्रै चतुर छौ भने, संसार यति ठूलो
हुनुपर्छ भनेर कसले निर्णय गऱ्यो? कसले संसारलाई
नापजोख गऱ्यो?
६पृथ्वीको आधारशिला के हो? कसले यसमा प्रथम
ढुङ्गा राख्यो?
७जब त्यसो गरियो, बिहान ताराहरूले एकैसाथ गाए
अनि दूतहरू आनन्दले कराए।
८अय्यूब, जब समुद्र पृथ्वीमा गहिरोबाट बग्यो
त्यसलाई रोक्न कसले द्वारहरू बन्द गऱ्यो?
९त्यसबेला यसलाई मैले बादलहरूले ढाकेँ अनि
अँधेरोमा लपेटेँ।
१०मैले समुद्रको सीमा बाँधें अनि बन्द द्वारहरूको
पछिल्तिर राखें।
११मैले समुद्रलाई भनेँ, 'तँ यतिसम्म आउन सक्छस,
अरू बेशी होइन। यसरी तिम्रो अंहकारी छालहरू
रोकिनेछ।'
१२अय्यूब, के तिमीले आफ्नो जीवनमा कहिल्यै
बिहानलाई शुरू हुने आज्ञा दिएको थियौ अथवा
दिनलाई शुरू हुने गर्ने आज्ञा गऱ्यौ?
१३अय्यूब, के तिमीले कहिले बिहानको उज्यालोलाई
पृथ्वी समात भन्यौ अनि दुष्ट मानिसहरूलाई लुकेका
ठाउँहरूमा भयभीत पाऱ्यौ।
१४बिहानको उज्यालोले पहाड़हरू र खाल्डाहरू
देखिन सजिलो गराइदिन्छ जब दिनको उज्यालो पृथ्वीमा
आउँछ, ती ठाउँहरूका आकारहरू लुगाको मुजाहरू
जस्तै हुन्छन। नरम माटोले टाँचाको मुनि आकार लिए
जस्तै पृथ्वीले आकार धारण गर्छ।
१५दुष्ट मानिसहरूले उज्यालो मन पराउँदैनन। किनभने
जब उज्यालो फैलिन्छ ती दुष्ट मानिसहरूले खराब कर्म
गर्न वाधा पाउँछन।
१६अय्यूब, तिमी कहिले समुद्रको गहिरो भागमा
पुगेको छौ जहाँबाट समुद्र शुरू हुन्छ? तिमी कहिले
समुद्रको सतहमा हिड़ेकाछौ?
१७अय्यूब तिमीले मृत्युको कालो ठाउँमा डोऱ्याउने
द्वारहरू कहिले देखेका छौ? तिमीले मृत्युलोकमा लैजाने
द्वारहरू देखेका छौ?
१८अय्यूब, पृथ्वी कति विस्तृत छ के तिमी साँचैं
जान्दछौ? यदि तिमी यी सारा कुराहरू जान्दछौ भने
मलाई भन।
१९अय्यूब, प्रकाश कहाँबाट आउने गर्छ? अन्धकार
कहाँबाट आउँदछ?
२०अय्यूब, के तिमी प्रकाश र अन्धकार कहाँबाट
आए तिनीहरू त्यतैतिर फर्काउन सक्छौ? के तिमी
जान्दछौ कसरी त्यस ठाउँमा जान पर्छ?
२१निःसन्देह तिमी ती कुराहरू जान्दछौ, अय्यूब।
तिमी धेरै बृद्ध र ज्ञानी छौ। जब मैले ती कुराहरू
बनाउदै थिए तिमी त्यही थियौ?
२२"अय्यूब, तिमी कहिले त्यो भण्डार भित्र गएका
छौ जहाँ मैले हिँउ र असिना राख छु?
२३मैले हिँऊ र असिना संकट र लड़ाइँ - युद्धको
समयको लागि बचाएर राखेको छु।
२४तिमी त्यस ठाउँमा कहिले गएका छौ जहाँबाट

**तिमी कहाँ** यहाँ परमेश्‍वरले एलिफासँग बोलिरहनु भएको
हुन सक्छ।

घाम उदाउँछ र जहाँबाट पूर्वी हावा पृथ्वीमा बहन्छ?
२५अय्यूब, कसले आकाशमा हात्तीसुँढ़े पानी पार्न नहरहरू खने? कसले आँधी वेरी आउने बाटो बनाए?
२६कसले मानिसहरू नबस्ने ठाउँमा पनि पर्ने पानी बनायो?
२७त्यो रित्तो ठाउँ पनि पानीले भूमिलाई प्रशस्त भिजाउँछ अनि घाँस उम्रन थाल्दछ।
२८के बर्षाको पिता छ जसले शीतका थोपाहरू उब्जाउँदछ?
२९के हिँऊको आमा छ? जसले असिनालाई जन्म दिन्छ?
३०पानी ढुङ्गा भन्दा पनि कड़ा हुन्छ अनि महासागरको सतह जम्छ।
३१अय्यूब, के तिमी सप्तर्षि तारालाई बाँध्न सक्छौ? के तिमी मृगशीराको बन्धन खोल्न सक्छौ?
३२के तिमी ठीक समयमा ताराको भुण्डलाई प्रकट गराउन सक्छौ? अथवा के तिमी भालूको बच्चाहरूलाई* खेलाउन सक्छौ?
३३के तिमीले आकाश नियन्त्रण गर्ने नियमहरू जान्दछौ? के तिमीले तिनीहरूलाई पृथ्वी शासन गर्ने बनाउन सक्छौ?
३४अय्यूब के तिमी बादललाई चिच्याउन सक्छौ अनि आफूलाई पानीले छोप भनी आदेश दिन सक्छौ?
३५के तिमीले बिजुलीलाई आदेश गर्न सवछौ, "हामी यहाँ छौ। महाशय! तपाईं के चाहनु हुन्छ? के तिमी जहाँ चाहन्छौ बिजुलीलाई पठाउन सवछौ?
३६अय्यूब, मानिसहरूलाई ज्ञानी कसले बनायो? कसले ज्ञान तिनीहरूको हृदयमा पसायो?
३७त्यस्तो ज्ञानी कस्को छ जसले बादल गन्न सक्छ अनि कसले डिम्का लगाएर बादलबाट पानी पार्न सक्छ?
३८त्यसैले धूलो हिलो बनिन्छ र मैला ढिकाहरू एकसाथ टाँसिन्छ।
३९अय्यूब के तिमीले सिंहहरूको लागि भोजन पाउँछौ? के तिनीहरूका भोका बच्चाहरूलाई खुवाउन सक्छौ?
४०ती सिंहहरू आफ्ना गुफामा लड़िरहेका छन्। आफ्नो शिकारमाथि आक्रमण गर्न घाँसमाथि थ्याच्च बसी तयार भएका छन्।

**भालूको बच्चाहरू** आकाश एक तारा समूह भालू जस्तै देखिन्छ र यसलाई ठूलो चमच अथवा डाडु पनि भनिन्छ। यसको छेउमा जुन तारा पुञ्ज देखिन्छ त्यसलाई सानो भालू अथवा सानो चमच पनि भनिन्छ।

४१जब त्यसका बच्चाहरू क्षुधातुर भएर परमेश्वलाई पुर्कादा भोजनको खोजीमा डुलिरहेको कागलाई कसले खुवाउँछ?

३९ "अय्यूब, के तिमी जान्दछौ थोरलहरू कहिले जन्मन्छन्? के तिमीले नियालेको छौ कहिले मृगले आफ्नो बच्चा ब्याउँछ?
२के तिमी जान्दछौ कति महिनासम्म थोरले र मृगले आफ्ना पेटमा बच्चाहरू बोकी हिँड़नु पर्छ? के तिमी जान्दछौ कति महिनामा तिनीहरूले ब्याउँछन्?
३जब तिनीहरूलाई प्रसव वेदना हुन्छ तिनीहरू निहुरिन्छ र बच्चा ब्याउँछन्।
४ती पाठाहरू खुल्ला मैदानमा खेल्दै हुर्किन्छन्। त्यसपछि तिनीहरूले आफ्ना आमाहरू छाड़दछन अनि कहिले फर्केर आउँदैनन।
५अय्यूब, कसले जङ्गली गधाहरूलाई छाड़ी दियो? कसले तिनीहरूका डोरीहरू खोली दियो अनि कसले तिनीहरूलाई स्वतन्त्र गरे?
६मैले ती जङ्गली गधाहरूलाई मरुभूमि घर जस्तै छोड़िदिएँ। मैले तिनीहरूलाई बस्नको लागि नुन भएको ठाउँ छोड़िदिँए।
७जङ्गली गधाहरू होहल्लालाई घीन गर्छ अनि कसैले पनि तिनीहरूलाई नियन्त्रण गर्न सक्तैन।
८जङ्गली गधाहरू पहाड़ पर्वत तिर बस्छन त्यो तिनीहरूको चौउर नै हो जहाँ तिनीहरूले हरियो घाँस खोज्दछ।
९अय्यूब, के जङ्गली साँढ़ेले तिम्रो सेवा गर्न राजी हुन्छ? के त्यो तिम्रो अन्न भण्डार हेरचाह गर्न राती बस्छ?
१०के एउटा जङ्गली साँढ़ेले तिमीलाई गलामा डोरी बाँध्न दिन्छ ताकि तिमीले खेत जोत्न सक्छौ?
११एउटा जङ्गली साँढ़े अति बलियो हुन्छ। तर तिम्रो काम गराउँनलाई त्यसमाथि विश्वास गर्न सक्छौ?
१२के खलाबाट धन उठाई ढिकुटीमा लान त्यो आउँछ भन्ने भरोसा गर्न सवछौ?
१३शतुरमुर्ग उतेजित भई आफ्ना पखेटाहरू फरफराउँछ तर शतुमूर्ग उड्न सक्तैन। यसको पखेटाहरू र प्वाँखहरू सारसको जस्तो हुँदैन।
१४शतुरमुर्गले भूइँमा अण्डाहरू पार्दछ अनि बालुवामा न्यानो होस् भनि तिनीहरूलाई छोड़िराख्छ।
१५शतुरमूर्गले कोही त्यसको फुलहरूमाथि हिड़छ अथवा कुनै पशु त्यसमाथि हिंडेर फुटाई देला भनि कुनै पर्वाह नै गर्दैन।
१६शतुरमूर्गले आफ्ना चल्लाहरूलाई आफ्नो होइन भने भैं त्याग्छे। त्यसले आफ्नो महत्वपूर्ण परिश्रमको कुनै पर्वाह नै गर्दिन।

१७किन? किनभने मैले शतुरमूर्गलाई बुद्धि दिइन। शतुरमूर्ग लठेप्रो हुन्छ अनि त्यसलाई त्यस्तै बाटो बनाइदिएँ।

१८तर जब शतुरमूर्ग दगुर्नलाई उठ्छे, उ घोड़ा र घोड़ सवारलाई तुच्छ ठान्छ, किनभने उ कुनै पनि घोड़ा भन्दा छिटो दगुर्छे।

१९अय्यूब के तिमीले घोड़ालाई बल दियौ? के तिमीले त्यसको घाँटीमाथि रौहरू राख्यौ?

२०के तिमीले घोड़ालाई सलह जस्तो उफ्रेर टाढ़ा जाने योग्य बनायौ? घोड़ा जोड़ले हिन्‌हिनाउँछ अनि मानिसहरूलाई त्रसित पार्दछ।

२१घोड़ा खुशी हुन्छ किनभने त्यो बलियो छ। त्यसले आफ्नो खुट्टाले मैदानमा खोर्सिन्छ र युद्धभूमि तर्फ चाँड़ो दगुर्छ।

२२घोड़ाले डरको हाँसो उढ़ाउँछ। त्यो डराउँदैन्। त्यो युद्धभूमिबाट चम्पट लाउँदैन।

२३काँड़को तरकस त्यसको छेउमा धर्रर्र आवाज गर्छ र त्यहाँ भाला र हतियारहरू घाममा टल्किन्छन्।

२४घोड़ा एकदम उत्तेजित हुन्छ। त्यो मैदानमा चाँड़ो दगुर्छ। जब त्यसले बिकुल बजेको सुन्दछ त्यो रोकिन सक्तैन।

२५जब बिकुलको आवाज गुञ्जिन्छ घोड़ा कराउँछ, 'छिटो,' उसले टाढ़ैबाट युद्ध सुँध्ने गर्छ। उसको कप्तानहरूले कराउँदै दिएको आदेशहरू अनि युद्धभूमिका अन्य सबै आवाजहरू सुन्दछ।

२६अय्यूब, के तिमीले बाजलाई कसरी पखेटा फिँजाएर दक्षिणतर्फ उड़न सिकायौ?

२७के तिमी मात्र हौ जसले गिद्धलाई आकाश माथि माथि उड़न सिकायौ।। के तिमीले त्यसलाई उच्च पर्वतहरूमा त्यसको गुँड़ बनाउन सिकायौ?

२८गिद्ध पर्वत र शिखरमा बस्दछ। चट्टान नै गिद्धको किल्ला हो।

२९गिद्धले आफ्नो शिकार उच्च किल्लाबाट नियाल्दछ। गिद्धले एकदम टाढ़ामा भएको शिकार देख्न सक्छ।

३०जहाँ मरेका सिनुहरू हुन्छन त्यहाँ गिद्धहरू एकत्रित हुने गर्छन। अनि बच्चाहरूले रगत चुस्दछ।"

## ४०

परमेश्वरले अय्यूबलाई जवाफ दिँदै भन्नुभयो:
२"अय्यूब, तिमीले सर्वशक्तिमान परमेश्वरलाई दोषारोपण गरेका छौ। तिमीले गल्ती काम गर्‍यौ भनेर मलाई दोषी ठान्यौ। अब, त्यो मानिस जसले परमेश्वरलाई सही बनाउन चाहन्छ, मलाई जवाफ देऊ।"

३तब अय्यूबले परमेश्वरलाई जवाफ दिँदै भने:

४"म तपाईंसित बात गर्ने अत्यन्तै तुच्छ हुँ। म तपाईंलाई के भन्न सक्छु? म तपाईंलाई जवाफ दिन सक्तिन। म आफ्नो मुखमा हात राखी बस्नेछु।

५मैले एकपल्ट बोलें, तर म फेरि बोल्ने छैन। मैले दुइपल्ट बोलें, अब तर म केही पनि बोल्ने छैन।"

६तब फेरि तूफानबाट परमप्रभु परमेश्वर अय्यूबसित बोल्नुभयो। परमप्रभुले भन्नुभयो:

७"अय्यूब, आफैलाई संभाल अनि मैले सोधेको प्रश्नहरूको जवाफ दिन तयार होऊ।

८अय्यूब, के तिमी सोच्दछौ कि मैले अन्याय गरेको छु? तिमी भन्छौ कि गल्ती कामहरू गरेर म दोषी भएँ यसकारण तिमी निर्दोष भएर देखा पर्‍यौ।

९के तिम्रो पाखुराहरू परमेश्वरको पाखुरा भन्दा बलियो छ? परमेश्वरको आवाज जस्तै तिम्रो आवाज छ जुन मेघ गर्जन जस्तो ध्वनि छ?

१०यदि तिमी परमेश्वर जस्तो छौ भने तब तिमी घमण्ड गर्न सक्दछौ। यदि तिमी परमेश्वर जस्तो छौ भने तब तिमीले महिमा र सम्मान लुगा जस्तै लगाउन सक्छौ।

११यदि तिमी परमेश्वर जस्तै छौ भने तब तिमीले आफ्नो क्रोध देखाउन सक्छौ। ती घमण्डी मानिसहरूलाई सजाय दिन सक्छौ।

१२हो, अय्यूब। ती घमण्डी मानिसहरूलाई हेर अनि तिनीहरूलाई नम्र बनाऊ। ती दुष्ट मानिसहरूलाई जहाँ उभिएका छन त्यही धूलो पारि देऊ।

१३सारा घमण्डी मानिसहरूलाई फोहोरमा गाड़ी देऊ। तिनीहरूको शरीरहरू बेरेर चिहानहरूमा राखी देऊ।

१४अय्यूब, यदि तिमीले यी सबै कुराहरू गर्न सक्छौ भने तब म पनि तिम्रो प्रशंसा गर्नेछु। अनि तिमीले आफ्नै शक्तिद्वारा आफैलाई बचाउन सक्षम छौ भनेर म स्वीकार्नेछु।

१५अय्यूब, जलगैड़ामा* हेर। मैले जलगैड़ा बनाएँ अनि मैले तिमीलाई बनाएँ। जलगैड़ाले गाईले झैं घाँस खान्छ।

१६जलगैड़ासँग शरीरमा एकदम ज्यादा ताकत छ। उसको भुड़ीको मांसपेशीहरू एकदम शक्तिशाली छन।

१७जलगैड़ाको पुच्छर देवदारको रूख जस्तै कड़ा छ। उसको खुट्टाको माँसपेशीहरू एकदम बलिया छन।

१८जलगैड़ाका हड्डीहरू पित्तल जस्ता दरिला छन। उसको खुट्टाहरू फलामका शलाकाहरू जस्ता छन।

१९जलगैड़ा एकदम अद्‌भूत जन्तु हो जसलाई मैले बनाएँ। तर म त्यसलाई पराजित गर्न सक्छु।

२०जलगैड़ाले पशुहरू चर्ने पहाडहरूमा उम्रने घाँस खान्छ।

२१जलगैड़ा कमलको उद्भिद मुनि पल्टिन्छ। जलगैड़ा झार पातको दलदलमा लुक्दछ।

२२कमल फूलको बोटले आफ्नो छाँयामा जलगैड़ालाई लुकाउँदछ। त्यो नदीको छेवमा उम्रने लहरे रूखहरू मनि बस्दछ।

---

**जलगैड़ा** बिहिमय हिब्रू भाषामा छ नेपालीमा यसको नाउ जलगैड़ा हो।

२३यदि नदीमा बाढ़ी आए जलगैंड़ा भाग्दैन। यदि
यर्दन नदी उसको अनुहारमा परे पनि त्यो डराउँदैन।
२४कुनै मानिसले पनि जलगैंड़ालाई अकुंसे लगाई
पक्रन सक्तैन अनि पासो लगाउन सक्तैन।

४१ "अय्यूब, तिमीले वृहत जन्तुलाई माछा पक्रने
बल्छीले समात्न सक्छौ? त्यसको जिब्रोमा
डोरीले बाँध्न सक्छौ?
२त्यसको नाकबाट तिमी डोरी छिराउन सक्छौ?
अथवा बङ्गरामा बल्छी छिराउन सक्छौ?
३के लेबीयथानले तिमीलाई 'मलाई जान दिनुहोस्'
भनेर बिन्ती गर्नेछ? के उ तिमीसँग नम्र भाषामा बोल्ने
छ?
४के लेबीयथानले 'तिम्रो सेवा सँधै गर्छु' भनेर
समझौता र वाचा खाएको छ?
५के तिमी चरा-चुरूङ्गीहरू सँग खेले जस्तो
लेबीयथानसँग खेल्न सक्छौ? के तिमी ऊमाथि डोरी
लगाउनेछौ ताकि तिम्रो नोकर्नी केटीहरू त्यो सँग खेल्न
सक्छ?
६के जालहारीले तिमीदेखि लेबीयथान किन्ने कोशिश
गर्नेछ? के तिनीहरूले त्यसलाई काटेर टुक्रा-टुक्रा पारेर
व्यापारीहरूसित बेच्छन?
७के तिमी लेबीयथानको छाला अथवा टाउको भित्र
भालाहरू फ्याँक्न सक्छौ?
८अय्यूब, यदि तिमीले कहिले लेबीयथान
माथि हात राखेकोछौ भने तिमीले फेरि त्यस्तो कहिल्यै
गर्ने छैनौ। खाली चिन्ता गर युद्ध बारे जुन हुनेवाला
छ।
९के तिमीले लेबीयथानलाई पराजित गर्न सक्छु भनेर
सोच्दछौ? ठीकै छ, भूल यसलाई। त्यहाँ आशा छैन।
खाली त्यो तिर हेरी रहँदा तिमी भयभीत हुनेछौ।
१०कुनै मानिस पनि त्यस्तो वीर छैन् जसले त्यसलाई
रिस उठाउँछ। ठिक, मेरो विरुद्ध कुनै मानिस उठन
सक्तैन्।
११म कोहीसँग पनि ऋणी छैन। स्वर्ग मुनी भएका
सबै कुराहरू मेरो हुन।
१२अय्यूब, म तिमीलाई लेबीयथानको खुट्टाहरू बारे
बताउनेछु, उसको शक्ति अनि सुन्दर आकार बारेमा
बताउनेछु।
१३कसैले पनि उसको छाला छेड़न सक्तैन। उसको
छाला ढाल बराबर छ।
१४कसैले पनि लेबीयथानलाई जबरजस्ती गरेर मुख
खोल्न सक्तैन। उसको मुखमा भएको दाँतहरूले नै
मानिसहरूलाई तर्साउँदछ।
१५त्यसको ढाड़ बलियो गरी जोडिएका ढालहरू झैं
बलियो छ।
१६ती ढालहरू एकमाथि अर्को गर्दै यस्तो टाँसिएका
छन कि त्यसबाट हावासम्म छिर्न सक्तैन।
१७ढालहरू जोड़िएका छन तिनीहरू एकसाथ
कस्सिएर समिटिएका छन कि तिनीहरू तानिएर चुँड़िन
सक्तैनन।
१८जब लेबीयथानले हाछिउँ काढछ यो आगो दन्केको
ज्वाला जस्तो हुन्छ। उसको आँखाहरू प्रात:कालको
ज्योति जस्तो हुन्छन।
१९आगोको अगुल्टोहरू बलेको जस्तै ज्वाला उसको
मुखबाट बाहिर आउँदछ।
२०पानी उम्लिरहेको भाँड़ाबाट तातो वाफहरू निस्के
जस्तो लेबीयथानको नाकबाट धुवाँ निस्कन्छ।
२१अनि आगोको झिल्काहरू मुखबाट उछिटिन्छ
लेबीयथानको सासले कोईला जलाउँदछ।
२२लेबीयथानको घिच्रो साह्रै बलियो हुन्छ, विपदहरू
त्यो देखि डराएर भाग्दछन।
२३त्यसको छालामा कतै पनि नरम भाग हुँदैन त्यो
फलाम जस्तो कड़ा हुन्छ।
२४लेबीयथानको मुटु ढुङ्गा जस्तो हुन्छ। त्यससँग डर
भनेको रतिभर हुँदैन। यो गहूँ पिँध्ने जाँतोको तल्लोपट्टिको
ढुङ्गा जस्तो हुन्छ।
२५जब लेबीयथान उठछ, बलिष्ठ मानिसहरू पनि
डराउँदछन। जब लेबीयथानले पुच्छर हल्लाउँदछ तिनीहरू
भाग्छन।
२६तरवार, भाला अनि भ्कीरहरूले लेबीयथानलाई
हिर्काइन्छ तर ती सबै उछिट्टिएर फर्किन्छन
त्यस्ता हतियारहरूले त्यसलाई कतै आघात पुर्याउन
सक्तैन।
२७लेबीयथानले पराल टुक्राए जस्तै सहजै फलाम
भाँचिदिन्छ। त्यसले सडेको काठ जस्तै पित्तल भाँच्छ।
२८काँडले लेबीयथानलाई भगाउन सक्तैन। ढुङ्गाहरू
पनि उसका निम्ति पराल झैं हुन्छ।
२९जब काठको मुँग्रोले त्यसलाई हिर्काउछ त्यो
यसलाई परालले छोए जस्तो अनुभव गर्छ त्यो हाँस्दछ
जब मानिसहरूले त्यसमाथि भालाहरू बर्षाउँदछन।
३०लेबीयथानको भुँड़ीको छाला फुटेका माटाका
भाँडाहरूको तीखो टुक्राहरू जस्ता हुन्छन। उसले हलोले
झैं जमीन फुटाँउछ।
३१लेबीयथानले समुद्रको पानीलाई भाडा उम्लिरहेको
पानी झैं घोल्छ। त्यसले पानीका फोका भाँड़ामा
उम्लिएको तेल जस्तै बनाउँदछ।
३२जब लेबीयथान पौरिन्छ त्यसले आफू पछाड़ि
बाटो छाड़दछ। त्यसले पानीलाई घोल्छ अनि आफू
पछाड़ी सेतो फीज छोड़छ।
३३लेबीयथान जस्तो जनावर पृथ्वीमा छैन त्यो भयरहित
बनाइएको प्राणी हो।
३४लेबीयथानले घमण्डी पशुहरूलाई तल हेर्दछ। त्यो
सारा जङ्गली जनावरहरू माथि राज गर्ने राजा हो। अनि
म, परमेश्वरले, लेबीयथान सृजना गरेँ।"

### अय्यूबले परमेश्वरलाई जवाफ दिँदैछ

४२ तब अय्यूबले परमेश्वरलाई जवाफ दिए।
अय्यूबले भने,
२"परमप्रभु, म जान्दछु तपाईंले सब कुराहरू गर्न
सक्नु हुन्छ। तपाईंले योजनाहरू बनाउनु हुन्छ, अनि
कसैले पनि परिवर्तन गर्न वा रोक्न सक्तैन।
३परमप्रभु, तपाईंले यो प्रश्न सोध्नुभयो: 'को अज्ञानी
मानिस हो जसले यस्ता अर्थहीन कुराहरू गऱ्यो?'
परमप्रभु, मैले ती कुराहरूको बारे बोलें जुन मैले
बुझिनँ। मैले ती कुराहरू भनें जुन मेरो लागि बुझ्नु
अति अचम्भित थियो।
४परमप्रभु, तपाईंले मलाई भन्नुभयो, 'सुन अय्यूब,
म भन्ने छु। म तिमीलाई प्रश्नहरू सोध्ने छु अनि
तिमीले मलाई जवाफ दिनेछौ।'
५परमप्रभु, बितेका दिनहरूमा, मैले तपाईं बारे
सुनेको थिएँ तर अहिले तपाईंलाई मेरै आँखाले देखें।
६अनि परमप्रभु, म स्वयं नै लज्जित भएँ। परमप्रभु,
म अत्यन्त दु:खी छु। मैले जे गरें त्यसको पश्चातापका
निम्ति मैले आफैलाई धूलो र खरानीले पुर्दैछु।"

### परमप्रभुले अय्यूबका सम्पत्ति फिर्ता दिनुभयो

७अय्यूब सँग बात-चीत गरिसके पछि, परमेश्वर
तेमानीबाट आएका एलीपज सँग बोल्नु भयो। परमेश्वरले
एलीपजलाई भन्नुभयो, "म तिमी साथै तिम्रो दुइ
साथीहरूसँग रिसाएको छु। किन? किनभने तिमीहरूले
मेरो विषयमा सही कुरा गरेनौ। तर अय्यूब मेरो सेवक
हो। अय्यूबले मेरो विषयमा ठीक कुरा गर्छ। ८यसकारण
अब तिमीहरूले, सातवटा गोरूहरू र सातवटा भेड़ाहरू
ल्याऊ। ती सब मेरो सेवक अय्यूबलाई देऊ। तिनीहरूलाई
मार तिमीहरूका निम्ति होमबलि अर्पण गर। मेरो
सेवक अय्यूबले तिमीहरूका लागि प्रार्थना गर्नेछ अनि
त्यो प्रार्थनाको उत्तर दिनेछु। त्यसपछि म तिमीहरूलाई
दण्ड छैन जसको लागि तिमीहरू योग्य थियौ। तिमीहरूले
ठीक कुराहरू मेरो बारेमा बोलेनौ तर मेरो सेवक
अय्यूबले मेरो बारेमा ठीक कुराहरू गरे।"
९यसकारण तेमान बासिन्दा एलीपज अनि शुहबाट
आएका बिल्दद साथै नाउँबाट आएका सोपरले परमप्रभु
आज्ञा पालन गरे। त्यसपछि परमप्रभुले अय्यूबको
प्रार्थनाको जवाफ दिनुभयो।
१०अय्यूबले आफ्ना मित्रहरूको लागि प्रार्थना गरे।
अनि परमप्रभुले अय्यूबलाई फेरि सफल पार्नुभयो।
परमेश्वरले उससँग भएको भन्दा दुइगुणा ज्यादा अय्यूबलाई
दिनुभयो। ११तब अय्यूबका सारा दाज्यू-भाइ र दिदी-
बहिनीहरू साथै अय्यूबलाई चिन्ने जान्ने सबै मानिसहरू
उसको घरमा आए। तिनीहरूले अय्यूबसँग ठूलो भोज
खाए तिनीहरूले अय्यूबलाई सान्त्वना दिए कारण
परमप्रभुले अय्यूबलाई धेरै कष्ट दिनु भएको थियो।
प्रत्येक मानिसले अय्यूबलाई चाँदीको टुक्रा र सुनका
औंठी उपहार दिए।
१२परमप्रभुले अय्यूबसँग शुरूमा भएको भन्दा बढी
सम्पन्न हुने आशिर्वाद दिनुभयो। अय्यूबले १४,०००
भेड़ा ६,००० ऊँटहरू, २,००० गाईहरू अनि १,०००
पोथी गधाहरू पाए। १३अय्यूबले सात भाई छोराहरू र
तीन बहिनी छोरीहरू पनि पाए। १४अय्यूबले जेठी
छोरीको नाउँ यमीमा माइली छोरीको नाउँ कसीआ र
कन्छी छोरीको नाउँ केरेन-हप्पूक राखे। १५अय्यूबका
छोरीहरू त्यस ठाँउका अन्य स्त्रीहरू भन्दा सुन्दरी थिए।
अनि अय्यूबले आफ्ना सम्पत्तिका केही अंश आफ्नी
छोरीहरूलाई दिए। प्रत्येकले आफ्ना दाज्यू-भाइहरूले
जस्तै बराबरीको रूपमा सम्पत्तिहरू पाए।
१६यसकारण अय्यूब अझ एक सय चालीस बर्षसम्म
बाँचे। उनले आफ्ना नानीहरू, नातानतिनिहरू, पनातीहरू,
खनानीतहरू सबै हेर्न पाए। १७अय्यूब अत्यन्त पूरा
बूढ़ेसकामलमा दीर्धायु भएर मरे।

# एस्तरको पुस्तक

### रानी वस्तीले राजाको हुकम मानिनन

१ अहासूरसको समयमा यो कुरा घट्यो यी अहासूर
थिए जसले भारतवर्षदेखी लिएर इथियोपिया सम्मका
१२७ प्रदेशहरू माथि शासन गर्थे। २ती दिनहरूमा
अहासूर राजाले प्रसाद जिल्लमा शासन गर्थे।

३आफ्नो शासनकालको तेस्रो वर्षमा, राज्यमा भव्य
बड़ाई अनि प्रतिनीधिकोलाई ठूलो भोज दिन ऐश्वर्यका
प्रदर्शन गर्दा तिनले आफ्ना सबै अधिकारीहरू अनि
सेवकहरू फारसी अनि मादी सेनापतिहरू, कुलीनहरू।
४अनि आफ्ना अधिनका प्रदेशबाट आएर अधिकारीहरूका
निम्ति १८० दिनसम्म भोजको आयोजन गरे। ५अनि
त्यो उत्सव पुरा भयो राजाले शूशनमा भेट्न सकिने सबै
धनी एवं गरीब मानिसहरूका निम्ति राजमहल संगै
बारेको बगौचामा सातदिनसम्म भोजको आयोजन गरे।
त्यहा मिहीन सुती वस्त्रका हातले बुनेका जाली बनावटका
वस्त्र। ६नीला अनि सेता सुतीका पर्दाहरूको घेरामा
मलमलको डोरी अनि बैजनी लुगा, चाँदीका खामाहरू
संगर्मरमरको ढुङ्गाहरू थिए। तलमाथि बुट्टा बनाईएका
राता सेता मोती अनि मुल्यावान पत्थर लाएको अनि
चाँदीका आराम-आसनहरू राखिएका थिए। ७दाखरस
सुनका कचौरा महरूमा थिए। कचौरा विभिन्न प्रकारका
थिए। अनि त्यहाँ धेरै राजकीय दाखरस थियो, किनभने
राजा धेरै दयालू थिए। ८पेय वस्तु प्रचुर थियो प्रत्येक
पाहुनाले जति इच्छा गर्छ त्यति पिउन दिनु भनी राजाले
आफ्ना सेवकहरूलाई आदेश गरेका थिए।

९त्यसै समयमा रानी वशतीले स्त्रीहरूका निम्ति एक
भोजको आयोजना राजा अहासूरस को राजमहलमा
गरिन।

१०-११भोजको सातौ दिनमा जब राजा दाखरसको
नशामा चूर थिए उनले यहूमान, बिज्ता, हर्बोना, बिग्ता,
अबगता, जेतेर अनि कर्कस, सात जना, नपुंसकहरू
जसले राजा अहासूरसको सेवा गर्थे रानी वशतीलाई
राजकीय मुकुट लगाएर उनको अघि ल्याउनु भने उनले
रानीको सुन्दरता मानिसहरू अनि अधिकारीहरूलाई देखाउन
चाहन्थे किनभने तिनी अत्यन्तै सुन्दरी थिइन्।

१२राजाले नपुंशकहरूलाई आज्ञा गरे। तापनि, रानी
वशतीले आउँन अस्वीकार गरिन्। यसकारण राजा
एक्दमै क्रोधित भए। १३यसकारण राजाले उनका ज्ञानी
मानिसहरूसंग भने, जो नियमविचार शक्तिका विषयमा
एक्दमै चतुर थिए, राजाले यी कुराहरू साधारण रूपले
सोधे। १४यी सात जना कर्शना, शेतार, अद्माता,
तर्शीश, मेरेश, भर्सना अनि ममूकान, ज्ञानी अधिकारीहरू
राजाका अत्यन्तै नजिक थिए यी फारस र मादीका
अधिकारीहरूको राजासित पहुँच थियो अनि तिनीहरूले
राज्यमा शासन चलाउँथे। १५राजाले तिनीहरूलाई भने।
"नियम, अनुसार रानी वशतीलाई के गर्ने? किनभने
राजाले अहासूरस नपुसकहरू, मार्फत जे आदेश दिए
त्यो रानीले पालन गरिनन्?"

१६अनि ममूकानले राजा अनि अधीकारीहरूको समक्ष
भने, "रानी वशतीले राजा प्रति मात्र होइन सबै
अधिकारीहरू अनि राजा अहासूरसका प्रदेशहरूमा बस्ने
सबै मानिसहरू प्रति अनादर गरेकीछन्। १७किनकि
रानी को अनादर सबै स्त्रीहरूमा पुगेकोछ, कि तिनीहरूले
पनि खुल्लम खुल्ला आफ्ना पतिहरूलाई तिरस्कार गर्न
सक्छन्। हरेक स्त्रीहरूले भन्नेछ।" जब राजा अहासूरसले
रानी वशतीलाई तिनको समक्ष आउनु भने तर तिनी
आइनन्।

१८"आज, रानीले के गरिन फारस र मादी
अधिकारीहरूका पत्नीहरूले सुने अनि तिनीहरूले आफ्ना
पतिहरूसित, राजाका अधिकारीहरूले त्यही व्यवहार गरे
तिनीहरूमा धेरै अपमान र क्रोध हुनेछ।

१९"यदि राजालाई राम्रो लाग्छ भने, उहाँबाट आदेश
जारी होस् अनि यसलाई फारस र मादीहरूको व्यवस्थाको,
नियममा लेखियोस्। यसको उलंघन नहोस्। "आज्ञापत्रले
यो घोषणागर्नुपर्छ कि वशती फेरि पनि राजा अहासूरसको
अघि आउनुहुँदैन। तिनको रानीको अधिकार पनि अन्य
स्त्रीलाई दिनु पर्छ। जो तिनी भन्दा सुन्दर छे। २०राजाले
जे हुकुम दिन्छन् विशाल राज्यले सुन्नेछ अनि सामाजिक
स्तरमा ठूला या सानाका पत्नीहरूले सम्मान गर्नेछन्।"

२१अनि यो सल्लाह राजा अनि अधिकारीहरूको
नजरमा असल ठानियो। अनि राजाले ममूकानको
सल्लाहलाई स्वीकार गरे। २२अनि राजाले समस्त
प्रदेशहरूलाई तिनीहरूको भाषा र तिनीहरूको बोलि
अनुसार व्यक्ति व्यक्तिलाई उसको घरको शासक हुनलाई,
तिनीहरूलाई आफ्ना मानिसहरू कै भाषामा जाहरेगरेर
पत्रहरू पठाए।

### एस्तरलाई रानी बनाईयो

२ यी घटनाहरू पछि राजा अहासूरसको क्रोध शान्त
भयो। तिनले वशतीलाई सम्झे अनि तिनले के

गरिन्, तिनको सम्बन्धमा राजाले के आदेश दिए त्यो
सम्झे। २उनका सेवकहरू जसले उनको सेवा गर्थे
भने, "राजाका निम्ति राम्री केटीहरू खोज। ३अनि
आफ्ना राज्यका सबै प्रान्तहरूमा राजाले अधिकारीहरू
नियुक्त गरून्। अनि तिनीहरूले सबै राम्री तरुणीहरू
भेला पारुन र शूशान जिल्लाको नारी-कक्ष जुन नपुंसक
होगई नारी-गृहको रखवाला हो उसको संरक्षणमा
ल्याउन्। उसले तिनीहरूलाई श्रृगांर सेवा दिनेछ। ४अनि
यी जवान स्त्रीहरू मध्य जसलाई राजाले मनपराउने छन्
उनले वश्ती को सस्थानमा शासन गर्ने छिन्। यो विचार
राजालाई असल लाग्यो अनि त्यसै गरे।

५शूशनको राजधानीमा एक जना यहूदी मानिस थिए।
उसको नाउँ मोर्दकै थियो। तिनी याइरका छोरा,
शिमीका नाति, बिन्यामीनका कीशका छोरा थिए।
तिनी, यहूदाका राजा यकोन्याह मध्य देश निष्कासनहुनेहरू
सहितका एक जनाका सन्तान थिए। ६यो बाबेल का
राज नबूकदनेसर द्वारा गरिएको देश निकाला थियो।
७मोर्दकैकी एकजना भतिजी थिई जसको नाउँ हदस्सा
थियो। उसको आमा-बाबु मरिसकेका थिए। मोर्दकैले
उसलाई धर्म-पुत्रीको रूपमा ग्रहण गरेको थियो। हदस्सालाई
एस्तर पनि भन्निथ्यो। एस्तरको शारीरिक गठन अनि
अनुहार सुन्दर थियो।

८जब राजाको सन्देश अनि उर्दी सुनियो जब अनेक
जवान स्त्रीहरूलाई शूशनको राजधानी हेगेकोमा भेला
गरिदै थियो, एस्तरलाई पनि राजमहलमा लगियो अनि
अन्त:पुरको रखवाले हेगेलाई निगरानिमा राखियो। ९अनि
हगैले त्यो केटी एस्तरलाई मन परायो अनि उसले
उसको कृपा प्राप्त गर्छ। यसकारण उसले एस्तरलाई
तत्कालै श्रृगांर सेवा तथा राजमहलबाट भोजन र सात
जना नोकर्नीहरू व्यवस्था गऱ्यो तब उसको नोकर्नीहरू
र उसलाई हगैले सब भन्दा राम्रो नारी-गृहमा सा-यो।
१०एस्तरले आफ्ना मानिसहरू वा आफ्ना पुर्खाहरू को
बारेमा केही बोलिनन् किन भने यस विषयमा बोल्न
मोर्दकैले तिनलाई निषेध गरेका थिए। ११प्रत्येक दिन
मोर्दकै अन्त:पुरको आँगनको अघाडी, पछाड़ी हिंड़िरहन्थे
जसमा कि एस्तर को बारेमा तिनलाई के भईरहेछ, त्यो
उसले थाहा पाउन सक्नेछन्।

१२प्रत्येक कन्याहरू राजा अहासूरसको अघि जाने
समय आउँछ, स्त्रीहरू बाह्र महीना सम्म सिङ्गर पट्टर
मा रहनु पर्थ्यो स्त्रीहरूले छ: महीना सुगन्धित तेल
लाउँथे अनि छ: महीना उत्तर अन्ये सौन्दर्यका सामग्रीले
सिङ्गरिन्थे। १३त्यसबेला जवान स्त्रीहरू राजाकहाँ जान
सक्थे। मांग गरिएका हरेक कुरा राजमहलको अन्त:
पुनहबाट उनीहरूलाई लिन दिइनथ्यो। १४साँझमा तिनी
राजा कहाँ जानु पर्छ अनि विहान अर्को स्त्रीहरूको
निवासस्थान शाशगजको जिम्मामा नपुंशक राजाका
दासीहरूको रक्षक कहाँ फेर्केर जान्थे। जब सम्म
राजाले तिनीलाई आउनु भनेर नाउँ द्वारा बोलाउँदैन
थिए। तिनी फेरि पनि राजा कहाँ जानु पर्दैन थियो।
१५एस्तर अबीहेलको छोरी थिइन्, तिनी तिनीका काका
मोर्दकैकी धर्मपुत्री थिइन्। जब एस्तरको राजा कहाँ
जाने पालो आयो। तिनले, राजाका नपुंसक, स्त्रीहरूका
अभिभावक हेगेले तिनलाई गुर्न भनेका सल्लाह बाहेक
अरू केही पनि गरिनन देख्नेहरू सबैले एस्तरलाई खूबै
मन पराए। १६यसर्थ राजा अहासूरसको शासनका सातौ
वर्ष को दशौ महीना, हो तेबेतको महीना-मा राजमहलमा
राजाकोमा एस्तरलाई लगियो। अनि राजाले एस्तरलाई
अन्य सबै स्त्रीहरूलाई भन्दा बढ़ता मन पराए।

१७अनि अन्य सबै कन्याहरूलाई भन्दा राजाले
तिनलाई मन पराए। यसर्थ राजाले राजमुकुट एस्तरको
शिरमा लगाइदिए अनि तिनले वश्तीको स्थानमा एस्तरलाई
रानीको रूपमा शासन गर्ने अधिकार थिए। १८यसर्थ
राजाले ठूलो भोजको आयोजना गरे आफ्ना सबै
अधिकारीहरू अनि सेवकहरूको निम्ति भोज गरे।
अनि तिनले सबै प्रान्तहरूमा त्यस दिनलाई विदाको दिन
घोषण गरे अनि तिनले एक राजाले मात्र दिन सक्ने
उपहारहरू प्रदान गरे।

### मोर्दकैलाई दुष्ट योजनाको जानकारी

१९कन्या केटीहरूलाई भेला गरिएको दोस्रो पल्ट
थियो। अनि मोर्दकै राजाको द्वारमा बसेका थिए।
२०एस्तरले अझ पनि आफ्ना मानिसहरूको अथवा
आफ्नो वंशको विषयमा मोर्दकैले आदेश दिए अनुसार
अरूलाई भनेकी थिइनन्। अनि उसको निगरानीमा हुँदा
जस्तै तिनले मोर्दकैको आज्ञा पालन गरिन्।

२१त्यसबेला, जब मोर्दकै राजाको मुलढोकामा थिए।
बिग्थाना अनि तेरेश-राजाका दुई मुलढोका
सुरक्षाकर्मीहरू असन्तुष्ट भए। अनि तिनीहरूले राजा
अहासूरसलाई मार्ने षड्यन्त्र गरे। २२अनि मोर्दकैलाई
त्यो षड्यन्त्र थाहा भयो, अनि उसले त्यो कुरा रानी
एस्तरलाई भने। अनि एस्तरले त्यो कुरा राजालाई
भनिन्, मोर्दकैलाई, सुचना दिएकोमा श्रेयदिदै। २३त्यो
कुराको छानबीन गरियो त्यो सत्य पाइयो र ती दुईलाई
रूखमा झुण्डयाइयो। अनि यो घट्ना राजको इतिहासमा
लेखियो।

### यहूदीहरूलाई नाश गर्ने हामानको योजना

३ यी घटनाहरू पछि राजा अहासूरसले अगामी
हम्मदाताको छोरा हामानलाई पदोन्नति प्रदान गरे।
तिनले उसलाई उसको समयमा भएका सबै अधिकारीहरूको
जिम्मामा राखिदिए। २अनि राजाको द्वारमा भएका
समस्त सेवकहरूले झुकेर हामानलाई श्रद्धा देखाऊँथे,
किनभने तिनीहरूलाई त्यसो गर्नु भनी राजाले आदेश
दिएका थिए। तर मोर्दकैले झुकेर श्रद्धा गरेनन्। ३अनि

राजाको द्वारमा भएका सेवकहरूले मोर्दकैलाई भने, “किन तिमी राजाको आदेश भङ्ग गर्छौ?”

४जब तिनीहरूले दिनै पिच्छे तिनलाई भने तर तिनले तिनीहरूलाई उत्तर दिएनन। तब तिनीहरूले मोर्दकैको चियो गर्न हामानलाई भने किनभने उसले हाम्राकुरा मान्छन् भान्दैन मोर्दकैलाई तिनी एक यहूदी हो भनेर तिनीहरूलाई भनेका थिए। ५अनि हामानलाई मोर्दकैले भुकेर श्रद्धा नगरेको देखे यसर्थ हामान क्रोधले भरिए। ६जब उसले मोर्दकैको राष्ट्रयता चाल पायो उसले मोर्दकैलाई मात्र मार्न संतुष्ट थिएन। हामानले अहासूरसका समस्त यहूदीहरूलाई नष्ट गर्न चाहन्थ्यो किनभने तिनीहरू मोर्दकैको मानिसहरू थिए।

७राजा अहासूरसको शासनकालको बाह्रौ वर्षको पहिलो महिनामा हामान को क्षमता तिनीहरूले “पुर” अर्थात चिट्ठा गरे। यहूदीहरूको विनाशको निम्ति निश्चित दिन अनि महिना तोक्नका निम्ति चयन गरिएको बाह्रौ महीना, अदारको महिना थियो। ८अनि हामानले राजालाई भने, “तपाईको राज्यको प्रत्येक प्रान्तमा मानिसहरूमाभ्क एक थरिका मानिसहरू छरिएका अनि छुट्टीएका छन्। अनि तिनीहरूको दस्तुर सबै मानिसहरूको दस्तुर भन्दा भिन्नैछ। तिनीहरू राजाको नियमहरू मान्दैनन् राजालाई त्यो कुरा अशैय भयो।

९“यदि यसले राजालाई प्रसन्न पार्छ भने आदेश लेखियोस् कि तिनीहरूलाई नष्ट गरियोस्। अनि म १०,००० चाँदीका टुक्राहरू राजाको भण्डारमा सहयोग दिनेछु जुन रकम हुन्छ ती आज्ञा पालन गर्नेहरूलाई इनाम दिनु हुन्छ।”

१०यर्सथ राजाले आफ्नो हातबाट मुद्रीको राजमोहर औठी निकाले अनि तिनले त्यो हामान, अगागी हम्म्दाताका छोरा, यहूदीहरूका शत्रुलाई दिए। ११अनि राजाले हामानलाई भने, “तिमीलाई जे इच्छा लाग्छ त्यहिगर तर चाँदी चाहि आफूसंग राख।”

१२यसर्थ राजाका लेखापालहरू लाई पहिलो महीनाको तेह्रौ दिनमा बोलाए अनि प्रत्येक प्रदेशका राज्यपालहरूलाई, र प्रत्यक प्रदेशका अधिकारीहरूलाई लिपि अनि भाषा अनुसार हामानले आदेश गरे मुताबिक लेखियो। त्यसलाई राजाको नामवाली मा लेखियो अनि त्यसलाई राजाकै राजमोहर लगाइएको थियो।

१३अनि राजाका दुतहरू द्वारा सबै आदेशहरू राज-प्रदेशहरूमा पठाइयो कि सबै यहूदीहरू जवान अनि वृद्ध, केटाकेटी अनि स्त्रीहरूलाई बाह्रौ महीना, अदारको महीनाको तेह्रौ दिनमा आज्ञा गरियोस् अनि एकै दिनमा मारियोस् र नाम निशान मेटायोस्। अनि तिनीहरूका सर-सामानहरूलाई युद्धमा नास गरियोस्।

१४आदेशको एक-एकप्रति व्यवस्थाको रूपमा प्रत्येक प्रदेशमा पठाइयोस सबै मानिसहरूलाई भनियोस जसद्वारा त्यसदिन तिनीहरू तयार रहेनछन्। १५समाचार वाहकहरू राजाको आदेश लिएर हतारिएर गए। आदेश शूशनको जिल्ल महलमा घोषणा गरिएको थियो। राजा र हामान मद पिउन बसे तर शूशन शहरमा हलचल भयो।

## मोर्दकैले एस्तरलाई सहायता गर्न राजी भए

४ मोर्दकैले त्यहाँ भएका सबै घटनाहरू थाहा पाए। यसर्थ मोर्दकैले आफ्ना वस्त्रहरू च्याते अनि भाङ्गारा लगाएर आफै माथि खरानी छर्किए। त्यस पछि तिनी शहरको बीचमा गए अनि कष्टमा जोड़ले रोए। २तब तिनी राजा द्वाराको अघि गए। तर उनी भित्र गएनन् किनभने भाङ्गारा लगाएर कोही पनि राजाको द्वाराभित्र जान हुदैनथियो। ३अनि हरेक प्रान्तमा जब राजाको आदेश पुग्यो, त्यहाँका यहूदीहरू बीचमा अफसोस, रूबावासी र विलाप भयो। तिनीहरू धेरैजनाले शोक वस्त्र लगाए अनि शिरमाथि खरानी छर्किए।

४दासीहरू अनि नपुंशक जस्ले एस्तरको सेवा गर्थे तिनी कहाँ गए अनि मोर्दकैले के भहिरहेछ तिनलाई भने तब रानी व्याकुल थिइन्। अनि तिनले मोर्दकैलाई वस्त्रहरू पठाइन उनले बोराको वस्त्र हटाउन चाहिन। तर तिनले वस्त्रहरू स्वीकार गरेनन्। ५तब एस्तरलले राज-नपुंसक हताकलाई बोलाइन्, जसलाई राजाले तिनको सेवामा नियुक्त गरेका थिए, अनि एस्तरले उसलाई मोर्दकै कहाँ के हुदैछ भनि बुभ्कनेको निम्ति पठाईन। ६अनि हताक मोर्दकै कहाँ गए शहर चोकमा जो राजाको द्वारअघि थियो। ७मोर्दकैले घटेका सबै घटनाहरू उसलाई भने अनि तिनको को बारेमा जो यहूदीहरूको संकार को निम्ति राजकोषबाट दिइने छ भनि हामानलेभनेको कुरापनि भने। ८शूशनमा तिनीहरूको संकार गर्नु भनि जाहेर गरेको व्यवस्था लेखिएको एक प्रतिलिपि एस्तरलाई देखाइ दिनु अनि राजा कहाँ जानु र राजाको कृपा प्राप्त गर्नू अनि आफ्ना मानिसहरूका निम्ति तिनी सित निवेदन गर्नुभनि निर्देश न दिए।

९यसर्थ हताक गए अनि मोर्दकैले भनेका कुरा उसले एस्तरलाई सुनाए।

१०तब एस्तर ले हताकलाई तिमीले मोर्दकैलाई भन्नु भनी निर्देश गरिन्। ११“राजाका सबै सेवकहरू र राजाप्रान्तका मानिसहरूले यो जानुन कि कुनै पनि पुरुष वा स्त्री राजाले नबोलाई राजाको आँगनमा भिन्नी जान्छ त्यसको एउटै नियम छ-मृत्यु। अनुमति लिएर प्रवेश गर्ने मात्र बाँच्छ जसलाई राजाले आफ्ना सुनौला राज दण्ड फैलाउँछन्। अनि मलाई गएको तीस दिन देखि राजा कहाँ जानलाई बोलाइएको छैन्।”

१२-१३जब तिनीहरूले मोर्दकैलाई एस्तरले भनेका कुरा सुनाए। तब मोर्दकैले यो जवाफ एस्तरलाई पठाए: “तिमीस्वयंले यो न सोच कि राजाको दर्वारमा बस्छु भनेर सबै यहूदीहरू मध्ये तिमी उम्कने छौ। १४तर यदि यसवेलामा तिमी चुपलागेर बस्यौ भने यहूदीहरूले

कही न कही बाट छुटकारा पाउनेछन्। तर तिमी र
तिम्रा पिताकाघर* नष्ट हुनेछन्। अनि कसले जान्दछ
शायद यस्तो समयमा तिमीलाई राज्यको उच्च पद
दिइएको छ?"
१५-१६तब एस्तरले मोर्दकैलाई भनी पठाइन "जाऊ,
शूशनमा भेट्टिएजति सबै यहूदीहरू भेला गर अनि मेरो
निम्ति उपवासबस। तिमीहरूले तीन दिन तीन रात सम्म
कुनै कुरा खानु वा पिउनु हुँदैन। अनि म र मेरा
सेविकाहरूले पनि यसरी नै उपवास बस्नेछौ। तब यो
नियमको विरुद्धमा भए म राजा भएकहाँ जानेछु।
मलाई मार्छन् भनि मर्नेछु।"
१७यसर्थ मोर्दकै आफ्नो बाटो लागे अनि एस्तरले
तिनलाई निर्देश दिएका सबै कुरा गरे।

### एस्तरको राजा संग कुरा-कानी

५ अनि तेस्रो दिनमा एस्तर आफै राजकीय वस्त्र
पहिरिइनन्। र गए राजमहलको हल अघि आगनँमा
उभिईन्। राजा सिंहासनमाथि प्रवेशद्वार तिर फर्केर
बसेका थिए। २जब राजाले रानी एस्तरलाई आँगनमा
उभिरहेकी देखे राजा उनलाई देखेर खुशी भए।
यसकारण राजाले आफ्नो हातमा भएको सुनौलो राजदण्ड
तिनी तर्फ फैलाए अनि एस्तर नजिक आइन् अनि
तिनले राजदण्डको टुप्पो छोइन्।
३तब राजाले तिनलाई भने, "रानी एस्तर, तिमी
कस्तो छौ? तिमी के इच्छा गर्छौ? आधा राज्यसम्म भए
पनि तिमीलाई दिइनेछु।"
४अनि एस्तरले भनिन्, "यदि तपाईंलाई असल लाग्छ
भने मैले तपाईंको निम्ति तयार गरेको भोजमा आउनु
होस् अनि हामानलाई पनि ल्याउनु होस्।"
५राजाले आदेश दिए, "हामानलाई छिटो बोलाऊ
जसमा कि एस्तरले भनेको कुरा हामीहरूले गर्न
सकौ।"
अनि राजा र हामान एस्तरले आयोजन गरेको भोजमा
गए। ६राजाले दाखरस पिउँदै गर्दा एस्तरलाई भने।
"तिमीले के माग्ने इच्छा गर्छौ? जो केही तिमीले
माग्छेउ त्यो दिइने छ। अनि तिमी जे पनि माग्छौ
चाहन्छेऊ यदि यो आधा राज्य नै हो भने पनि यो
तिमीलाई दिइने छ।"
७अनि एस्तरले उत्तर दिइन्, "मेरो निवेदन अनि मैले
खोजेको कुरा यस्तोछ। ८यदि राजाले मलाई मन पराउनु
हुन्छ भने यदि राजाले भोलिको मेरो निवेदनलाई इज्जत
गर्न चाहनु हुन्छ मेरो विन्ती असल लाग्छ भने राजा
अनि हामान मैले दिने भोजमा आइदिनु होस् अनि
भोलि राजाले भन्नु भएको प्रश्नको उत्तर दिनेछु।"

### हामान मोर्दकै संग रिसाए

९त्यस दिन हामान खुशी अनि सन्तुष्ट भएर गए। तर
जब हामानले मोर्दकैलाई राजाको द्वारमा देखे अनि
मोर्दकै इज्जत गर्न हामानको अघि निउरीएनन् तब हामान
मोर्दकै प्रति साह्रै क्रोधित भए। १०तर हामानले स्वयंलाई
रोके अनि आफ्नो घरतर्फ लागे। तिनले आफ्ना
साथीहरू अनि पत्नी जेरेशलाई बोलाए। ११हामानले
उसका धेरै छोरा-छोरीहरूसंग राजाले तिनलाई सम्मन
गरेको बताए राजाले तिनलाई राजाका समस्त अधिकारीहरू
अनि सेवकहरू माथिल्लो वहोदामा राखेको धाक
लगाए। १२हामानले भने, "रानी एस्तरले राजाको निम्ति
दिएको भोज मा मलाई बाहेक अरू कसैलाई पनि
निम्तो गरिनन्। अनि भोलि पनि मलाई राजासित
तिनीकहाँ जान बोलाएको छ। १३तर यी सबै मेरो
निम्ति ठूलो कुरा होईनन्। हरेक समय त्यो यहूदी
मोर्दकैलाई राजाको द्वारमा बसेके देख्छु।"
१४तब तिनकी पत्नी अनि तिनका सबै मित्रहरूले
तिनलाई भने एउटा ७५ फीट अग्लो फाँसी बनाऊ।
अनि राजालाई विहान भन, "मोर्दकैलाई त्यसमा झुण्डयाउनु
होस। त्यसपछि खुशीसित राजासंग भोजमा जा नुहोस्।"
त्यो विचार हामानलाई उत्तम लाग्यो अनि तिनले
फाँसी बनाए।

### मोर्दकैको इज्जत

६ त्यो रात राजालाई निद्रै लागेन। तिनले आफ्ना
सेवकहरूलाई दफतरको लेख पुस्तक आफू कहाँ
ल्याउनु भने अनि त्यो राजालाई पढ़ेर सुनाइयो। जब
बिग्ताना अनि तेरेश। २संधारका रखवालाहरू मध्ये
दुइजना राज अधिकारीहरूले राजा अहासूरसको विरूद्ध
कसरी षड्यन्त्र गरे त्यसबारे मोर्दकैले गरेको सबै
कुराको विवरणमा राजाले सुने।
३तब राजाले भने, "यसका निम्ति मोर्दकैलाई हामीले
के सम्मान अनि प्रशंसा दियौं?"
अनि जवान मानिसहरू जो राजाका सेवामा थिए
तिनीहरूले भने, "हामीले तिनका निम्ति केहि गरेनौं।
अनि राजाले भने त्यहाँ आगनँमा को छ?
४अनि हामान राज महलको बाहिरी आगनँ मा
आउँदै थिए, आफूले बनाएको फाँसीमा मोर्दकैलाई
झुण्ड्याउनु भनी राजालाई भन्नका निम्ति। ५त्यो जवान,
राजाको सेवकले भने, "हामान आँगनमा उभिरहेकोछ।"
अनि राजाले भने, "उसलाई यहां आउन देऊ।"
६हामान आए। अनि राजाले तिनलाई भने, "राजाले
सम्मान गर्न चाहने व्यक्तिलाई के गर्नुपर्छ?"
अनि हामानले सोचे, "राजाले कसलाई म भन्दा
अधिक सम्मान गर्न चाहन्छन?"
७त्यसर्थ हामानले राजालाई भने, "राजाले जसलाई
सम्मान गर्न चाहनु हुन्छ, त्यस मानिसका निम्ति यसो

---

**पिता का घर** नजिकका आफन्त, दाजयू-भाइ, काका-मामा काकी भाइज्यू।

गर्नुहसि। ८त्यस मानिस को निम्ति राजा स्वयंले लाउनु
भएको राजवस्त्र अनि एउटा घोड़ा जस माथि राजा
चढ़नु भएको छ। तिनलाई दिनु होस्। ९अनि उसको
शिरमा एक राज मुकुट राखि दिनुहोस। राजवस्त्रर र
घोड़ालाई राजाका एक कुलीन अधिकारीको निगरारीमा
राखियोस्। राजाले जसलाई सम्मान गर्न चाहनु हुन्छ
त्यस मानिसलाई तिनिहरूद्वारा वस्त्र पहिराउन दिनुहोस
अनि तिनीहरुद्वारा तिनलाई घोड़ामा चठाएर शहरको
चौरमा परेड गराइयोस्। अनि तिनको अघि तिनीहरू,
त्यस मानिसलाई यसै गरिने छ, जसलाई राजाले सम्मान
गर्न चाहनु हुनेछ भनि कराउन्।'"

१०"तब राजाले हामानलाई भने, "चाड़ो, तिमीले
अहिले भने भैं वस्त्र अनि घोड़ा लेऊ राजाको द्वारमा
बस्ने यहूदी मोर्दकैको निम्ति ती कुराहरू गरिदेऊ।
तिमिले भनेका कुनै पनि कुरा गर्न नचुक।"

११यसर्थ हामानले वस्त्र अनि घोड़ा तयार पारे तिनले
मोर्दकैलाई वस्त्र पहिराई दिए। र तिनलाई शहरका
चोक अनि सड़कमा परीक्रमा गराए मोर्दकैको अघि-
अघि कराए, "त्यस मानिसलाई यसै गरिनेछ जसलाई
राजाले सम्मान गर्न चाहनु हुन्छ।"

१२त्यस पछि मोर्दकै राजाको द्वारामा फर्किए तर
हामान आफ्नो घर तर्फ कुदे अनि लाजले आफ्नो शिर
लुकाए। १३तब हामानले आफ्नी पत्नी जेरेशलाई अनि
आफ्ना साथीहरूलाई त्यहाँ भएको हरेक कुराको विवरण
सुनाए। अनि उसका ज्ञानी साथीहरू र उसकी पत्नी
जेरेशले उसलाई भने, "तिम्रो पतन जन्म-जात यहूदा
मोर्दकै समक्ष शुरु भयो त्यसकारण तिमी उसको
विरूद्ध खड़ा हुन सक्दैनौ साँचैनै तिमी उसको अघि
पतन हुनेछौ अनि नष्ट हुनेछौ।

१४तिनीहरू तिनीसँग कुरा गरिरहेको बेला राजाका
मानिसहरू आइपुगे। तिनीहरूले हामानलाई एस्तरले
प्रदान गरेको भोज मा लगे।

## हामानलाई भुण्डायो

७ यसकारण राजा र हामान रानी एस्तर को भोजमा
गए। २देस्रो दिनमा जब राजाले दाखरस पिउदै
थिए उनले एस्तरलाई भने, "तिमी जे पनि निवेदन
गर्छौ, रानी एस्तर गर्देउ, त्यो तिमीलाई प्रदान गरिनेछ।
तिमी जे चाहन्छौ, आधा राज्य पनि, तिम्रो लागि दिइछ
भन तिम्रो विन्ती के छ?"

३अनि रानी एस्तरले जवाफ दिइन्, "यदि तपाईले
मलाई मन पराउनु हुन्छ भने, मलाई मेरो जीवन
दिनुहोस यो मेरो निवेदन हो। ४किनभने म र मेरा
मानिसहरू विनाश हुन मारिन र ध्वंश गरिन बेचिएका
छौं। यदि हामी कमरा स्वरूप मात्र बेचिएको भए म
शान्त हुने थियो। म यस्तो तुच्छतामा राजालाई भन्भट
दिने थिईन होला। म चुपचाप भए पनि हुनेथियो
किनभने यस्तो अर्थ: दासत्व सच्चाईले राजाले राजालाई
दु:खित नबनाएको भए पनि हुने थियो।"

५अनि राजा अहासूरसले भर्केर रानी एस्तरलाई भने,
"यो को हो अनि त्यो कहाँ बस्छ जसले यस्तो कुरा
गर्ने भनि सोच्न सक्छ?"

६अनि एस्तरले भनिन, "त्यो अभिन मान्छे, हाम्रो
शत्रु यो दुष्ट हामान हो।"

हामान राजा अनि रानि समक्ष भयभीत भए। ७अनि
राजा क्रोधले उठे तिनी दाखरस छाड़ेर भोजबाट राजमहलको
बाटीका मा गए। अनि हामान रानीसँग आफ्नो प्राणको
भिक्षा माग्न उभिए, किनभने तिनले सोचें राजाको दण्ड
ठूलो हुनछे। ८तब राजा बगैंचाबाट भोजन कोठामा
फर्किदै थिए अनि तिनले हामानलाई एस्तर रानी
पल्टिरहेको सोफामा लड़िरहेका देखे। राजाले रिसाएर
भने, "म घरमा भएकै बेलामा तैंले रानीलाई आक्रमण
गरिरहेछस्।" जब ती वचनहरू राजाको मुखबाट निस्किए
राजाका नोकरहरूले हामानलाई बन्दी बनाए। ९तब
हर्बोना, राजाको समक्ष सेवा गर्ने एक जना नपुंसकले
भने, "राजालाई सावधान गराउनेमानिस मोर्दकैको निम्ति
हामानले बनाएको ७५ फीट अग्लो फाँसी हामानको
छत्मा खड़ा छ।"

राजाले भने, "त्यसलाई त्यो फाँसीमा भुण्डयाऊ।"

१०यसरी तिनीहरूले हामानलाई त्यही फाँसीमा भुण्डयाए
जो तिनले मोर्दकैको निम्ति बनाएका थिए। अनि
राजाको क्रोध शान्त भयो।

## यहूदी जातीलाई सहायता गर्ने राजाको आदेश

८ त्यस समयमा राजा अहासूरसले रानी एस्तरलाई
यहूदीहरूको शत्रु हामानको घर प्रदान गरे। अनि
मोर्दकै राजाको समक्ष गए किनभने एस्तरले राजालाई
मोर्दकैसित उसको के सम्बन्ध थियो बताएकी थिई।
(सम्बन्धको अर्थ मोर्दकैले एस्तरलाई धर्म पुत्री रूपमा
स्वीकार गरेको थियो।) २तब राजाले औठी फुकालेर
जो तिनले हामानकोबाट फिर्ता लिएका थिए। अनि
तिनले त्यो मोर्दकैलाई दिए। तब एस्तरले मोर्दकैलाई
हामानको घरको जिम्मा दिइन्।

३अनि एस्तरले राजाको पाउमा भुकेर रूदै भनिन
अगागी हामानको कुआदेश हटाइदिन राजासंग अनुरोध
गरिन् हामानले जो षड्यन्त्र यहूदीहरूको विरूद्ध रचेका
थिए।

४अनि राजाले आफ्नो राजदण्ड एस्तर तर्फ फैलाए
यसर्थ एस्तर राजाको समक्ष उभिइन्। ५र तिनले भनिन्,
"यदि राजालाई असल लाग्छ र मलाई मन पराउनु हुन्छ
भनि मेरो विन्तीलाई स्वीकार गरिदिनु हुन्छ अगागी
हम्मादाताको छोरा हामान द्वारा लेखिएको ती षड्यन्त्रका
पत्रहरू पल्टाउनका निम्ति एक आदेश लेखियोस् ती
पत्रहरू जो हामानले राजाका समस्त प्रदेशहरूमा भएका

यहूदीहरूको अस्तित्व मेटाउनको निम्ति लेखेका थिए।
६किनभने यदि मैले मेरा मानिसहरूले भोग्नु पर्ने त्यो
यातना देख्नु पर्‍यो भने म कसरी सहन सक्छु! अनि
यदि मैले मेरा कुलको विनाश देख्नु पर्‍यो भने कसरी
सहनु?”

७अनि राजा अहासूरसले रानी एस्तर र यहूदी
मोर्दकैलाई भने, “मैले हामानको घर एस्तरलाई दिएको
छु। अनि तिनीहरूले हामानलाई फाँसीमा झुण्डयाएकाछन्।
हामानले यहूदीहरूलाई मार्ने प्रयास गरेका थिए। ८अब
राजाको अधिकार द्वारा यहूदीहरूको सम्बन्धमा तिमीहरूलाई
जे असललाग्छ, तिमिहरू त्यो लेख। त्यसपछि त्यसलाई
राजाको औठी द्वारा लाल मोहर लगाई बन्द गरे। अनि
राजाको नाउँमा लेखेर राजाको औठिद्वारा मोहर बन्द
गरिएको आदेशलाई उल्टाउन सकिदैन।” ९यसर्थ त्यति
बेला तेस्रो महिनाको तेइसौं दिन, सिवानी महिनामा
राजकीय लेखापालहरूलाई बोलाए अनि मोर्दकैले भारत
देखि कुशदेश सम्मका १२७ प्रान्तका शासक, राज्यपाल
तथा न्यायपालहरूलाई दिइएको नयाँ आदेशहरू तिनीहरूको
प्रत्येक जातिको लिपि, भाषा अनि यहूदीहरूको आफ्नो
भाषा र लिपिमा लेखाईयो। १०अनि मोर्दकैले राजाको
नाउँमा आदेश लेखे र त्यसलाई राजाबाट लाल मोहर
लगाई बन्द गरे अनि घोड़ामा चढ़ाएर पत्रहरू पठाइदिए
यिनीहरू राजकिय घोड़ाहरू थिए।

११राजाले हरेक शहरमा भएका यहूदीहरूका निम्ति
जे अनुमति दिए मोर्दकैले त्यही लेखे।

यहूदीहरूको साथ भेला हुने अनि आफ्नो जीवनको
रक्षा गर्ने। जसले तिनीहरूलाई, तिनीहरूका केटा-
केटिहरू अनि तिनीहरूका पत्निहरू लाई आक्रमण
गर्ने कुनै पनि मानिस वा प्रदेशका कुनै पनि
सैनिकलाई नष्टगर्ने, अनि नाम निशान मेटाइदिने
अनुमति दिए राजाले तिनीहरूका शत्रुका सामान
लुट्ने तिनीहरूलाई अनुमति दिए।

१२राजा अहासूरसका समस्त प्रदेशमा बाह्रौ महीनाको,
अदारको महीनाको तेह्रौ यो लागु गरिनु पर्ने थियो।
१३हरेक प्रदेशलाई आदेशको एक एक प्रति नियमको
प्रतिलिपी दिनु पर्ने थियो। मानिसहरूलाई घोषणा गर्नु
पर्थ्यो। १४यसर्थ, त्यसदिन यहूदीहरू आफ्ना शत्रुहरू
माथि बदला लिनलाई तयार रहनु पर्थ्यो। राज-अश्व
सवारहरू राजाको आदेश अनुसार सबै तयार थिए।
व्यवस्था पनि शूशनको प्रासाद जिल्लामा प्रकाशित
गरियो।

१५मोर्दकैले नीलो अनि सेतो वस्त्रले बनाएको राजवस्त्र,
पहिरेर, एक विशाल सुनौला मुकुट र सेतो सूतीवस्त्र
अनि बैजनि वस्त्र पहिरेर मोर्दकै राजाको उपस्थिबाट
गए। अनि शूशन शहरका मानिस कराए र खुशी
मनाए। १६यहूदीहरूले त्यहाँ हर्ष आनन्द र अति नै
खुशी मनाए थिए।

१७अनि हरेक प्रदेशमा, हरेक शहरमा, अनि हरेक
स्थानमा जहाँ राजाका आदेश अनि व्यवस्था सुनिए
यहूदीहरूका निम्ति आनन्द मनाई अनि एक भोजको
आयोजन गरी विदा गरे। अनि त्यो भूमिका हरेक
मानिसहरू यहूदी हुनथाले किनभने यहूदीहरूको डर
तिनीहरूमाथि परेको थियो।

## यहूदीहरूको बिजय

९ बाह्रौ महीना अर्थात आदरको महीनाको तेह्रौ
दिनमा राजाको आदेश कार्यान्विनन् गर्ने दिनआइपुग्यो
त्यसदिन तिनीहरू माथि यहूदीका शत्रुहरूले प्रभुत्व
हासिल गर्ने दिनथियो, त्सयलाई उल्टाइयो जब यहूदीहरूले
आफूलाई विरोध गर्नेहरू माथि प्रभुत्व हाँसिल गरे।
२राजा अहासूरसको सवै प्रान्तहरूलाई प्रहार गर्न आफ्ना
शहरहरूमा भेला भए। अनि तिनीहरूलाई चोट
पुर्‍याउनेहरूको विरुद्ध युद्ध गर्न भेला भए। कसैले
तिनीहरूलाई बाधा दिएनन्। किनभने तिनीहरू सित
भयभित थिए। ३अनि प्रान्तहरूका सम्सत अधिकारीहरू,
हाकिमहरू र राज्यपालहरू अनि ती सबै जसले
राजाको निम्ति काम गर्थे। यहूदीहरूलाई सहयोग गरेका
थिए। ४तिनीहरू मोर्दकैसित डराएका थिए। किनभने
मोर्दकै राजा महलमा एक मुख्य व्यक्ति थिए, अनि
समस्त प्रान्तमा तिनको प्रभाव अनुभव गरिएको थियो
किनभने मोर्दकैका नै धेरै भन्दा धेरै शक्तिशाली मानिसहरू
थिए।

५तब यहूदीहरूले तिनीहरूका शत्रुलाई मारेर नष्ट
गरिदिए, तिनीनलाई तिनीहरूको तरवारहरूले नष्ट गरे।
अनि तिनीहरूको विरोध गर्नेहरूसित तिनीहरूलाई जे
इच्छा लाग्छ त्यही गरे। ६अनि शूशनको प्रासाद
जिल्लामा यहूदीहरूले ५०० मानिसहरूलाई मारे।
७तिनीहरूले पर्शन्दाता, दल्पोन, अस्पाता, ८पोराता
अदल्या, अरीदाता, ९पर्मश्ता, अरीशै, अरीदै अनि
बैजाता। १०हम्मदाताका छोरा, यहूदीहरूका शत्रु हामानका
दशजना छोराहरूलाई पनि मारे। तर तिनीहरूले कुनै
सर-सामान लुटेनन।

११त्यस समयमा शूशनको प्रसाद जिल्लामा मारीएका
मानिसहरूको संख्या राजालाई बताइयो। १२अनि राजाले
रानी एस्तरलाई भने, “शूशनको प्रसाद जिल्लामा यहूदीहरूले
दशजना हामानको छोराहरू लगाएत ५०० जना
मानिसहरूलाई मारे। राजाका अन्य प्रान्तहरूमा तिनीहरूले
के गरे तिमी सुन्न चाहन्छौ? जे सुकै तिमी माग्छौ त्यो
मञ्जूर गरिनेछ। अनि तिमीले अरूनै कुराहरू चाहे पनि
त्यो पूरा गरिनेछ।”

१३अनि एस्तरले भनिन् “यदि राजालाई असल लाग्छ
भने शूशनमाबस्ने यहूदीहरूलाई आज तिनीहरूले जे गरे
भोली फेरी त्यसै गर्ने अनुमति दिनुहोस् अनि हामानका
दशजना छोराहरूलाई फाँसीमा झुण्डयाइयोस।

१४फेरि एस्तरले भने अनुसार-राजाले त्यसै गर्ने आदेश दिनु भयो, अनि शूशनमा विधान घोषणा गरियो। तिनीहरूले हामानका दशजना छोराहरूलाई झुण्डयाइदिए। १५अनि शूशनमा भएका यहूदीहरू फेरी भेला भए आदात महीनाको चौधऔ दिनमा शूशनमा तिनीहरूले ३०० जना मानिसहरूलाई मारे। तर तिनीहरूले कुनै लुट-पाट गरेनन्।

१६अनि बाँकी अन्य यहूदीहरू, जो राजाका प्रदेशहरूमा बस्थे, आफ्नो जिवनको सुरक्षा गर्न, शत्रुहरूबाट विश्राम पाउन, आफ्ना विरोधीहरू जम्मा ७५,००० लाई मार्नका निम्ति एकत्रित भएका थिए। तर तिनीहरूले केही लुट-पाट गरेनन्। १७यो घटना प्रदेशहरूमा अदार महीना को तेह्रौ दिनमा घट्यो अनि चौधौं दिनमा तिनीहरूले विश्राम लिए। अनि तिनीहरूले त्यस दिन भोज अनि समारोहको दिन तुल्याए।

## पूरीमको उत्सव

१८तर यहूदीहरू जो शूशनमा थिए तिनीहरू महिनाको तेरौं अनि चौधौं दिनमा स्वयंलाई रक्षा गर्न एकत्रीत भएका थिए। त्यसपछि तिनीहरूले पन्धौं दिनमा विश्राम गरे त्यसलाई भोज अनि उत्सवको दिन तुल्याए। १९यसले गर्दा बस्तीतिर शहरहरूमा बस्ने यहूदीहरूले अदार महिनाको चौधौं दिनलाई समारोह अनि भोजको हर्षित दिन तुल्याए अनि हरेकले उपहारहरूको आदान-प्रदान गरे।

२०अनि मोर्दकैले यी घटनाहरूको विषयमा लेखे अनि तिनले राजा अहासूरसका सबै प्रदेशहरू नजिक वा टाढ़ा बस्ने सबै यहूदीहरूलाई पत्र पठाए। २१तिनले तिनीहरूका निम्ति अदार महिनाको चौधौं अनि पन्ध्रौंऔ दिनलाई वर्षै पिच्छे विदाको रुपमा पालन गर्ने प्रदर्श-रेखा स्थायी गर्नु भनी पत्रमा लेखे। २२यी विदाहरूलाई त्यो दिन विदाको रूपमा अलग गरियो जब यहूदीहरूले आफ्ना शत्रुहरूबाट विश्रामपाए, त्यो महीना तिनीहरूको शोकबाट खुशीको समारोहमा परिवर्त्तन भयो अनि त्यो दिन तिनीहरूको रूवाई खुशीयालीको दिनमा परिर्वतनभयो। यी दिनहरूलाई भोज अनि समारोहको दिन, उपहार आदन-प्रदान गर्ने दिन, अनि गरीबहरूलाई दान गर्ने दिन तुल्यउन अलग गरियो।

२३यसर्थ तिनीहरूले भर्खरै शुरू गरेको विदाको दिनलाई मोर्दकैले जे गर्नु भनि तिनीहरूलाई लेखेर दिएका थिए, त्यही रुपले मनाउन यहूदीहरू सहमत भए।

२४अगामी हम्मादाताका छोरा, समस्त यहूदीहरूका शत्रु हामानले यहूदीहरूको अस्तित्व मेटाउने षड्यन्त्र गरेका थिए। अनि तिनले "पुरीम" अर्थात चिट्ठा पनि गरेका थिए, तिनीहरूलाई धम्किदिन र तिनीहरू को अस्तित्व मेटाऊनू। २५तर जब एस्तर राजाको समक्ष गइन्। तिनले भने, "त्यो लेखिए को जस्तै तिनले यहूदीहरू प्रति योजना गरेका नराम्रो काम तिनी प्रतिनै गरियोस अनि तिनीहरूले तिनका छोराहरूलाई फाँसीमा झुण्डयाओस्।

२६-२७त्यसर्थ मानिसहरूले ती दिनहरूलाई "पूरीम" भने "पूरीम" नाउँको कारणले किनभने मोर्दकैले पठाएको पत्रहरूमा भएका प्रदर्श रेखा, यस घटनासंग सम्बन्धि थिए। तिनीले देखे र तिनीहरूमाथि प्राय:के घटयो त्यस कारण यहूदीहरूले आफू स्वंयमका निम्ति अनि आफ्ना कुलहरूका निम्ति र तिनीहरूका समस्त सन्तानहरूका निम्ति अनि जो जति व्यक्ति तिनीहरूसित मिल्छन् विदाको प्रदर्श-रेखालाई अभि पुष्टिगरे र स्वीकार गरे। प्रत्येक वर्ष निर्धारित समयमा व्यवस्थाद्वारा तोकिएका यी दुइ दिन विदा मनाउन कोही पनि चुक्नु पाउने छैनन्।

२८यो दिन प्रत्येक प्रान्त, प्रत्येक शहरभरि प्रत्येक वंश तथा पुस्ताले सम्झना गर्छन अनि मनाउँछन्। यी दुई दिन मनाउनु कहिल्यै पनि रोकिनु हुँदैन। यी दुई विशेष दिनको महत्व यहूदीहरूले आफ्ना सन्तानहरूलाई भन्न बिराउनु हुँदैन्।

२९तब अबीहेलकी अनि यहूदी मोर्दकैकी छोरी रानी एस्तरले पूरीमको विषयमा पूर्ण अधिकार सहित देस्रो पत्र लेखिन् । ३०अब मोर्दकैले सबै यहूदीहरूलाई जो राजा अहासूरसका १२७ प्रान्तहरूमा बस्थे शान्ति र सुरक्षाको बधाई पत्रहरू पठाए। ३१मोर्दकैले ती विदाको निम्ति उचित समय तय गर्नका निम्ति पत्रहरू पठाएका थिए। जसरी यहूदी मोर्दकै अनि एस्तरले तिनीहरू माथि गुणा लगाएका थिए। जसरी तिनीहरूले तिनीहरू स्वयंमाथि र तिनीहरू का सन्तानहरू माथि उपवास बस्ने अनि खुबै विलाप गर्ने निर्देश दिएका थिए। ३२अनि एस्तरको वचनले पूरीमा उत्सवको प्रदर्श-रेखा निर्धारित गर्‍यो अनि ती पुस्तकमा लेखिए।

## मोर्दकैलाई इज्जत गेर

१० त्यसपछि राजा अहासूरसले भुमि र समुद्र उपकुल माथि तिरो लगाए। अनि हरेक शक्तिशाली र महान कर्म राजा अहासूरसले गरे। २अनि मोर्दकैका महानकार्यको विवरण, जसलाई राजाले पदोन्नति प्रदान गरेका थिए के ती मेदिया अनि फारसका राजाहरूका इतिहासमा लेखिएका छैनन्? साँच्चै यहूदी अनि मोर्दकै राजा अहासूरसका दोस्रो राजा थिए। ३तिनी प्रभावशाली अनि तिनलाई सबै यहूदीहरू खुबै मन पराएका व्यक्ति थिए। तिनी आफ्ना मानिसहरूको कल्याण चाहन्थे अनि आफ्ना सबै सन्तानहरूका निम्ति शान्तिको सन्देश प्रदान गर्न चाहन्थे।

# नहेम्याहको पुस्तक

## नहेम्याहको प्रार्थना

१ यी नहेम्याह, हकल्याहका छोराका बचन हुन्: बीसौ वर्षमा किसलेव* महीनामा आर्ट-जारसेज राजा थिए। म राजधानी शहर शुशनमा* थिएँ। २अनि मेरा एकजना भाई हनानी केही अन्य मानिसहरूसहित यहूदाबाट म कहाँ आए। मैले तिनीहरूलाई बाँकिरहेका यहूदी कुलहरूका बारेमा सोधें जो कारा बासबाट उम्केका थिए। अनि यरूशलेमको बारेमा मैले सोधें।
३तिनीहरूले मलाई भने, "यहूदा प्रदेशमा, देश निर्वासनबाट बाँचेकाहरू जो थिए, तिनीहरू अत्यन्त कष्ट र अपमानमा छन्। अनि यरूशलेमको पर्खाल भत्केकोछ, त्यसका द्वारहरू आगोले जलेका छन्।"
४जब मैले यी शब्दहरू सुनें म बसे र रोएँ। मैले धैरै दिन अफसोस मनाएँ अनि स्वर्गका परमेश्वरको अघि उपवास प्रार्थना गरे। ५मैले भने,

परमप्रभु, स्वर्गका परमेश्वर, महान र भययोग्य परमेश्वर उहाँको करारमा विश्वास योग्य हुनुहुन्छ। जसले उहाँलाई प्रेम गर्छन् र उहाँका आदेशहरू पालन गर्छन्।
६तपाईंको सेवक म र तपाईंका सेवक इस्राएलका मानिसहरूले हजुरको विरोधमा गरेको पाप स्वीकार गरे रातदिन तपाईंलाई प्रार्थना गरिरहेकोछु दया गरी कान थापियोस अनि आखाँहरू उधारियोस् म र मेरो पुर्खाहरूले पनि पाप गरेकोछौ। ७हामी इस्राएलीहरूले तपाईं प्रति दुष्ट कार्य गरेका छौ अनि हामी तपाईंका सेवक मोशालाई दिनुभएको आज्ञा पालन गरेका छैनौ।
८तपाईंले तपाईंका सेवक मोशालाई दिनुभएको आदेश याद गर्नु होस जब तपाईंले भन्नुभयो, "यदि तिमीहरू अविश्वासनीय छौ, भने म तिमीहरूलाई राष्ट्रहरू माझ छरपष्ट पारिदिने छु। ९तर यदि तिमीहरू म कहाँ फर्की आयौ भने र तिमीहरूले सावधानी साथ मेरा आदेशहरू पालन गर्न गर्‍यौ भने। तब तिनीहरूका कैदी मानिसहरू पृथ्वीको जही कही भएता पनि म तिनीहरूलाई त्यहाँ भेला गर्नेछु। अनि म तिनीहरूलाई त्यो स्थानमा ल्याउनेछु जुन मैले मेरो नाउँ राख्न चुनेको छु।"
१०ती मानिसहरू तपाईंका सेवक हुन् जसलाई तपाईंले आफ्ना महानशक्ति अनि सुदृढ़ हात द्वारा मुक्त गरिदिनु भयो। ११हे मेरा परमप्रभु तपाईंका कान तपाईंको सेवकको प्रार्थना र तपाईंका समस्त सेवकहरूको प्रार्थना सुन्न ध्यानमय रहुन जसले तपाईंलाई सम्मान गर्न चाहन्छन्, यी मानिसहरूलाई दया देखाएर तपाईंको सेवक मलाई सफलता दिनुहोस। म त्यसबेला राजाको दाखरस दिने सेवक थिए।

## राजाले नहेम्याहलाई यरूशलेममा पठाउनु भयो

२ बीसौवर्षको नीसान महीना आर्ट-जारसेज शासनको समय जब उनको अघि दाखरस ल्याएको थियो। मैले दाखरस लिए अनि राजालाई दिएँ। आज भन्दा अघि म उहाँको उपस्थितिमा उदासी भएको थिइन्। २यसर्थ राजाले मलाई भन्नुभयो, "तिम्रो अनुहार किन नराम्रो देखिइरहेको छ यद्यपि तिमी विरामी छैनौ? मलाई लाग्छ यो केवल हृदयको दु:ख हो अरू केही पनि होइन तब म अत्यन्तै डराएँ।"
तब म अत्यन्त भयभीत भएँ। ३मैले राजालाई भने, "राजा सदैव जीवित रहुन। मेरो अनुहार किन उदास नहुनु जब त्यो शहर जहाँ मेरो पिता-पुर्खाहरू गाढ़िएका थिए। त्यो भग्नावशेष मात्र छ अनि त्यसका द्वारहरू आगोले नष्ट भएकाछन्।"
४तब राजाले मलाई भन्नुभयो, "त्यो के हो जो तिमी चाहन्छौ।"
तब मैले स्वर्गका परमेश्वरसित प्रार्थना गरें। ५र राजालाई भनें, "यदि राजालाई खुशी लाग्छ भने तथा यदि तपाईंको सेवकले तपाईंलाई खुशी तुल्याएको भए मलाई यहूदामा पठाइदिनु होस जहाँ मेरो पिता-पुर्खाहरू गाढ़िएकाछन्। जसमा कि म त्यसको पुनर्निर्माण गर्नसकूँ।"
६तब राजाले उनको छेउमा बसेकी रानी साथ मलाई भन्नुभयो, "तिम्रो यात्रा कति लामो हुन्छ अनि तिमी कहिले फर्कन्छौ?"
यसर्थ मलाई पठाउन राजा खुशी हुनु भयो, जब मैले उनलाई कतिलामो समयको निम्ति म जान्छु भनी

**बीसौवर्षमा किसलेव** यो शायद बीसौवर्षमा आर्ट-जारसेज पहिलो फारासका राजाथिए, अथवा प्राय: दिसम्बर ४४४ ख्री. पू.।

**शुशन** फारासका राजा शीतकालीन आवास एक किल्लामा शुशनमा थियो।

बताएँ। ७तब मैले राजालाई भनें, "यदि यसले राजालाई
खुशी पार्छ भने यूफ्रेटिस नदी पश्चिमका राज्यपालहरूलाई
सम्बोधित पत्रहरू मलाई दिइयोस्, ताकि तिनीहरूले
मलाई यहूदा नपुगुञ्जेल नदी पारी सम्म जान दिनेछन्।
८अनि राजाको जङ्गालका रक्षक असापलाई दिने असापको
ठेकाना भएको पत्र मलाई दिइयोस्, जसद्वारा उसले
मलाई मन्दिरको किल्लाका द्वाराहरू, शहरका पर्खालहरू।
अनि मेरो घर बनाउनका निम्ति काठहरू दिनेछन्। अनि
राजाले मलाई मैले जे मागेको थिएँ दिनु भयो किनभने
परमेश्वर म प्रति दयालू हुनुहुन्थ्यो। ९यसकारण म
यूफ्रेटिस नदी पश्चिमका राज्यपाल कहाँ गए, अनि
तिनीहरूलाई राजाका पत्रहरू दिए। राजाले मेरो साथ
सैनिक अधिकारीहरू अनि घोड़सवारहरू पठाउनु भएको
थियो। १०जब होरोनीको सम्बलत अनि अम्मोनी
अधिकारी तोबियाहले यस बारेमा सुने, कोही इस्राएली
मानिसहरू सहायता गर्न आयो भनी त्यसले तिनीहरूलाई
खूबै थिएन।

### नहम्याहले यरूशलेमको पर्खाल पत्ता लगाए

११-१२यसकारण म यरूशलेममा आँए अनि तीन
दिन म त्यहाँ थिएं। त्यसपछि केही मानिसहरू सित म
राती हिँड़े। मेरो परमेश्वरले मेरो हृदयमा यरूशलेमको
निम्ती गर्नु पर्ने जे कुरा हाल्नु हुँदैछ त्यो मैले कसैलाई
भनेको थिइन। म चढ़िरहेको पशुबाहेक कुनै पशुहरूमा
सित थिएन। १३राती म बेंसीद्वार अनि अजीङ्गरे कुवा
सामन्ने भएर घुस्याने-मूल ढोका सामन्ने गएँ अनि म
यरूशलेमको भत्किएको पर्खाल अनि त्यसका आगोले
नष्ट पारेको ढ़ोकाहरू जाँच गर्दै थिएँ। १४त्यस पछि म
फोहोरा-मूल ढोका अनि राजाको पोखरीमा गएँ। तर म
चढ़िरहेको पशु पार भएर जाने ठाउँ थिएन। १५यसकारण
म वेसी भएर राती गए, अनि मैले पर्खाल हेरिरहेको
थिएँ म फर्किएर बेंसीको द्वार भित्र पसे अनि त्यही
बाटो फर्के। १६अधिकारीहरूलाई थाहाँ भएन म कहाँ
गएको थिए वा मैले के गर्दै थिएँ, मैले अझसम्म
यहूदीहरू, पूजाहारीहरू महान अथवा बाँकीरहेका
अधिकारीहरू जो काम गरिरहेका थिए कसैलाई भनेको
थिइन।

१७तब मैले तिनीहरूलाई भने, "तिमीहरूले हामीहरूमा
परेको कष्ट हेर यरूशलेम कस्तो ध्वंशावशेषमा छ
अनि यसका ढोकाहरू आगोद्वारा जलेका छन्। आऊ,
हामी यरूशलेमको पर्खालको पुन:निर्माण गरौं, जसमा
कि हामी अझ अपमान बेइज्जतको बस्तु रहने छैनौं।"

१८मैले तिनीहरूलाई भनें, कसरी मेरो निम्ति परमेश्वर
दयालू हुनभयो। अनि राजाले मलाई के भन्नु भएको
थियो। तब तिनीहरूले भने, "हामी पुन:निर्माण शुरू
गरौ।" यसरी यो महान कार्यको तयारीको निम्ति
तिनीहरूले स्वयंलाई उत्साहित तुल्याए। १९जब होरोनी
सम्बलत, अम्मोनी अधिकारी तोबियाह र अरबी गेशेमले
सुने तिनीहरूले हामीलाई गिल्ला गरें र भने, "तिमीहरूले
यो के गरिरहेका छौ? के का निम्ति तिमीहरू राजाको
विरोध गरीरहेछौ?"

२०मैले तिनीहरूलाई भनें "स्वर्गका परमेश्वरले हामीलाई
सफलता प्रदान गर्नुहुनेछ। हामी उहाँका सेवकहरू
पुनर्निर्माण शुरूगर्नेछौ, तर तिमीहरूको भाग, (कानूनी)
अधिकार वा सनातनी दाबी* यरूशलेममाथि छैन।"

### पर्खाल बनाउने कर्मचारीहरू

३ एल्यासीब, प्रधान पूजाहारी अनि उनका सहयोगी
पूजाहारीहरू काम गर्न गए, अनि तिनीहरूले
भेड़ा-ढोका* फेरि बनाए। तिनीहरूले यसलाई परमप्रभु
प्रति समर्पण गरे अनि तिनीहरूले यसका ढोकाहरू
लगाए। तिनीहरूले सयको हन्मेआ बुर्जासम्म अनि
हननेलको बुर्जासम्म समर्पण गरे।

२यरीहोका मानिसहरूले पर्खालको अर्को भाग उसको
छेउमा बनाए, अनि इम्रीका छोरा जक्कूरले तिनीहरू
छेउको पर्खालको अर्को भाग बनाए।

३हस्सनाका छोराहरूले माछा ढोका बनाए। तिनीहरूले
त्यसका बीमहरू बनाए अनि त्यसका ढोकामा चुकुलहरू
अनि बारहरू लगाए।

४तिनीहरूको छेउमा अर्को हक्कोसका छोरा उरियाहका
छोरा मरेमोतले पर्खालको अर्को अंशको मरम्मत गरे।
तिनीहरूको छेउमा अर्को मशेजेबेलका छोरा बेरेक्याहका
छोरा मशुल्लामले मरम्मत गरे। अनि तिनीहरूको
छेउमा अर्को बानाका छोरा, सादोकले मरम्मत गरे।

५तिनीहरूकोछेउमा तकोका मानिसहरूले मरम्मत गरे
तर तिनीहरूका अग्रजहरूले राज्यपालहरूका निम्ती
काम गर्न अस्वीकार गरे।

६पासेहका छोरा योयादा अनि बसोदयाहका छोरा
मशुल्लमले पूरानो ढोका मरम्मत गरे। तिनीहरूले
यसको छप्पर मरम्मत गरे ती ढोकाहरूमा चुकुल अनि
बारहरू लगाए।

७तिनीहरूको छेउमा गिबोनी मलत्याह अनि मेरोनोती
यादानले गिबोनका मानिसहरू अनि नदी यूफ्रटेस प्रदेश
पश्चिम प्रदेशको राज्यपाल अधिकारमा मिस्पाका मानिसहरू
सहित मरम्मत गरे।।

८उसको छेउमा सुनार* हर्हयाहका छोरा उज्जीएलले,
मरम्मत गरे। अनि उसको छेउमा हनन्याह, एकजना
अत्तर बनाउनेले मरम्मत गरे। अनि तिनीहरूले यरूशलेमको
चौड़ा पर्खालको भाग पुनर्निर्माण गरे।

---

**सनातनी दाबी** यसले समुदायको पूजामा भागलिने अधिकार जनाउन संकेत गर्न सक्छ।

**भेड़ा ढोका** यरूशलेम प्रवेश द्वारको एक ढोकाको नाउँ।

**सुनार** व्यक्ति जसले सुनका चीजहरू बनाउछन्।

९तिनीहरूको छेउमा हूरका छोरा रपायाह यरूशलेमको
आधा जिल्लाका शासकहरूले मरम्मत गरे।

१०तिनीहरूको छेउमा यदायाह, हरूमापका छोराले
आफ्नै घरको सामुन्ने मरम्मत गरे। अनि तिनको छेउमा
हशबियाहको छोरा हत्तूशले मरम्मत गरे। ११हारीमका
छोरा मल्कियाह अनि पहात-मोआबका छोरा मश्शूबले
दोस्रो अंश अनि चूल्होको बुर्जा मरम्मत गरे।

१२तिनको छेउमा हल्लोहेशका छोराले शल्लूम
यरूशलेमको आधा जिल्लाका शासकहरूले आफ्ना
छोरीहरूसित मरम्मत गरे।

१३हानून अनि जानोहमा बस्ने मानिसहरूले बेसीको-
ढोका मरम्मत गरे। तिनीहरूले त्यसलाई फेरि बनाए
अनि त्यसका ढोकाहरूमा चुकुल र बारहरू बनाए।
तिनीहरूले घुर्‍याने-मूल-ढोका सम्म ५०० गज पर्खाल
मरम्मत गरे।

१४रेकाबका छोरा मल्कियाह बेत हक्केरेम जिल्लाका
शासकहरूले घुर्‍याने -मूलढोका मरम्मत गरे। तिनले
यसको पुनर्निर्माण गरे अनि त्यसका ढोकाहरूमा चुकुल
र बारहरू लगाए।

१५कोल-होजेका छोरा शल्लूम, मिस्पा जिल्लाका
शासकहरूले फोहोरा मूल-ढोका मरम्मत गरे।। तिनले
यसको पुनर्निर्माण अनि छत्त छप्पर लगाए अनि त्यसका
ढोकाहरूको, चुकुलहरू अनि बारहरू लगाए। तिनले
राजाको बगैचा छेऊ शेलाहको तलाउ पर्खाल पनि
दाऊद शहर देखि तलतिर गएको खुडकिलाहरूसम्म
मरम्मत गरे।

१६तिनको पछि नहेम्याह अज्जबूका छोरा, बेत-सूरको
आधा जिल्लाका शासकहरूले दाऊदको चिहान देखि
पारीको स्थान कृत्तिम तलाउ अनि योद्धाहरूको छाउनीसम्म
मरम्मत गरे।

१७तिनको पछि लेवीहरूले मरम्मत गरे। बानीका
छोरा रहूमले अनि तिनको छेउमा हशाबियाह कोलाका
आधा जिल्लाका शासकहरूले उसको जिल्लाको निम्ति
मरम्मत गरे।

१८तिनको पछि तिनीहरूका भाइहरूले मरम्मत गरे।
हेनादादका छोरा बिन्नुईले, कोलाका आधा जिल्लाका
शासकले।

१९अनि तिनको छेउमा येशूअका छोरा एजेर मिस्पाका
शासकहरूले शस्त्रागार चढ्ने ठाँउ पारी अर्को अंश
देखि कोण ढिस्कासम्म मरम्मत गरे। २०तिनको छेउमा
जब्बैका छोरा बारूकले कठिन परिश्रम गरे अनि प्रधान
पूजाहारी एल्यासीबको मन्दिरको ढोकासम्म मरम्मत
गरे। २१तिनको पछि हक्कोसका छोरा उरियाहका छोरा
मेरेमोतले एल्यासीबको मन्दिरको ढोका देखि
एल्यासीबको मन्दिरको अखदिरीसम्म मरम्मत गरे।
२२तिनको पछि वरिपरिका क्षेत्रका बस्ने पूजाहारीहरूले
मरम्मत गरे।

२३तिनीहरू पछि बिन्यामीन अनि हश्शूबले मन्दिर
देखि पारी मरम्मत गरे। तिनीहरू पछि हननियाहका
छोरा, मासेयाहका छोरा अजर्याहले आफ्नो मन्दिरको
छेउमा मरम्मत गरे।

२४तिनको छेउमा हेनादानका छोरा बिन्नूईले अजर्याहको
मन्दिर देखि दिस्कना अनि कुनासम्म अर्को अंश
मरम्मत गरे।

२५तिनको छेउमा उज्जैका छोरा पालालले बाङ्गीएको
एउटा ठाउँ देखि लिएर राजाको घर देखि निस्कीएको
बुर्जा जोड़ीएको ठाउँसम्म निमार्ण गरे यो रक्षकहरूको
माथिल्लो बुर्जा थियो। त्यसको छेउमा परोशका छोर
पदायाले मरम्मत गरे। पदायाहले, परोशका छोरा।

२६अनि मन्दिरका सेवकहरू जो ओपेलमाथि बस्थे
तिनीहरूले पूर्वपट्टिको पानीद्वारा अनि बाहिर निस्केको
बुर्जासम्म मरम्मत गरे।

२७उनी पछि तेकोईका मानिसहरूले बाहिर निस्केको
ठूलो बुर्जदेखि लिएर ओपेलको पर्खालसम्म मरम्मत
गरे।

२८पूजाहारीहरूले अश्व-मल-ढोका माथि प्रत्येकले
आफ्नो घरको सामुन्ने मरम्मत गरे। २९तिनीहरूको
छेउमा हम्मेरका छोरा सादोकले आफ्नो घरको सामुन्ने
मरम्मत गरे। तिनीहरूको पछि शकन्याहको छोरा
शमायाहले मरम्मत गरे जसले पूर्व द्वारको रक्षा गर्थे
तिनले मरम्मत गरे। ३०तिनीको पछि शेलेम्याहका छोरा
हनन्याह र सालाबका जन्तरे छोरा हानन्याहले अर्को
अंश मरम्मत गरे।

तिनको पछि बेरेकियाका छोरा मशुल्लमले उसको
घरको सामुन्ने मरम्मत गरे। ३१तिनको पछि मल्किया,
सुनारले मन्दिरको सेवकहरू अनि व्यपारीका घरहरूसम्म
माथिल्लो कोठाको कुनासम्म मरम्मत गरे। ३२अनि
कुनाको माथिल्लो कोठा र भेँड़ा-ढोकाको माझ सुनार
र व्यापारीहरूले मरम्मत गरे।

## सम्बल्लात अनि तोबियाह

४ हामीहरूले पर्खाल निर्माण गरिरहेका जब सम्बलतले
सुने, अनि तिनी अत्यन्तै क्रोधित भए। तिनी
यहूदीहरू प्रति हाँसे। २अनि तिनका बन्धुहरू अनि
सामरियाका सेनाहरू समक्ष तिनले भने, "ती कमजोर
यहूदीहरू के गरिरहेछन्? के तिनीहरूले त्यो पर्खालेको
पुनर्निर्माण गर्न सक्छन्?" के तिनीहरूले बलिदान गर्नेछन्?
के तिनीहरूले एकदिनमा शेष गर्नेछन्? के तिनीहरूले
रद्दीको राशका ढुङ्गाहरूलाई जलिसकेको भएता पनि
जिउँदो तुल्याउन सक्छन्?"

३अम्मोनी तोबियाह उनको छेउमा थिए, अनि भने,
"तिमीहरू के बनाउँदैछौ, त्यसमाथि एउटा फ्याउरो पनि
चढ्यो भने तिमीहरूले बनाएको ढुङ्गाको पर्खाल टुक्रा-टुक्रा
भई भत्केनछ।"

४मैले भने, "हाम्रा परमेश्वर! हामीलाई सुन्नु हुन्छ किनभने हामी तुच्छ भएका छौ। तिनीहरूको गिल्लाले तिनीहरू आफैले कष्ट भोगुन। तिनीहरूलाई बन्दी बनाउनु अनि लुटाइन् सुम्पिदिनुहोस्। ५तिनीहरूको दोष नढाकि दिनुहोस अनि तिनीहरूको पाप तपाईंको दृष्टिदेखि मेटिन नदिनुहोस। किनभने तिनीहरूले निर्माणकर्त्ताहरूलाई अपमान गरेका छन्।"

६यसरी हामीले पर्खाल निर्माण गर्‍यौ र आधा उचाइसम्म सम्पूर्ण पर्खाललाई जोड़िदियौं। मानिसहरू काम गर्न उत्सुका थिए।

७जब सम्बलत, तोबियाह, अरबीहरू अम्मोनीहरू अनि अश्दोदीका मानिसहरूले यरूशलेमका पर्खालहरूको मरम्मत कार्य अघि बढ़िरहेछ अनि भत्किरहेका अंशहरूलाई र्ममत गरिरहेका छन्, भनी सुने तिनीहरू अत्यन्त क्रोधित भए। ८यसकारण तिनीहरू सबै साथै आएर यरूशलेमको विरूद्ध लड़ने अनि यसलाई खलबल गर्ने योजना बनाए। ९तर हामिले हाम्रो परमेश्वर सित प्रार्थना गर्‍यौं अनि हामीले तिनीहरूका कारणले पर्खालको रक्षका निम्ती दिन-रात रक्षकहरू नियुक्त गर्‍यौ।

१०तर यहूदाका मानिसहरूले भने, "कर्मीहरू थकित हुँदैछन्। त्यहाँ अत्यन्त धेरै मैला कुचिलाहरू छन्। हामी आफैले मात्र पर्खालको पुनर्निर्माण गर्न कहिले पनि सक्ने छैनौ। ११अनि हाम्रा शत्रुहरूले भने, 'तिनीहरूले यहूदीहरू हामीहरू तिनीहरूको माझ आएर तिनीहरूलाई मारेर काम नरोकेसम्म केही पनि जान्ने अनि देख्ने छैनन्।"

१२"जब यहूदी जो हाम्रो शत्रुहरूको बीचमा बस्थे आए तिनीहरूले दोहोर्‍याई-दोहोर्‍याई भने, 'हाम्रो शत्रुहरूले हामीहरूलाई चारैतिरबाट आक्रमण गर्नेछन्।'"

१३तब मैले मानिसहरूलाई पर्खालको पछि सब भन्दा तल्लो खुल्ला ठाउँमा राखें र तल्लो खुल्ला भूमिहरूमा पठाए। मैले मानिसहरूलाई तिनीहरूको परिवार अनुसार तरवार, भाला अनि धनुहरूसित तैनात गराएँ। १४सबै कुरा हेरे पछि मैले तुरन्तै मुख्य अधिकारीहरू र अन्य मानिसहरूलाई भने, "तिनीहरूसित भयभीत न होऊ। हाम्रा मालिक महान अनि शक्तिशाली एकलाई सम्मु आफ्ना भाईहरू आफ्ना छोरा-छोरीहरू अनि, आफ्ना पत्नीहरू र घरका निम्ती लड़ाई गर।"

१५जब हाम्रा शत्रुहरूले तिनीहरूका सबै योजनाहरू हामीलाई थाहाँ भएको छ भनी सुने, अनि परमेश्वरले तिनीहरूको योजना ध्वंश पारीदिनु भयो। हामीसबै आ-आफ्ना काम गर्न पर्खाल तिर आयौं। १६त्यस दिन देखि मेरा आधा सेवकहरू पर्खालको काममा जुटे अनि आधाले ढाल, भाला, धनु अनि देह-कवच धारण गरे। अनि अगुवाहरू यहूदाका समस्त मानिसहरूको पछि उभिए। १७भारी बोक्नेहरूले एकहातले भार थामी अर्कोहातले हतियार समाती काम गरे। १८प्रत्येक निर्माणकर्त्ताहरूले निर्माण गर्दै गर्दा आफ्नो तरवार एक छेउमा बाँधेका थिए। अनी जसले तुरही फुक्थयो मेरो छेउमा थियो। १९मैले मुख्य मानिसहरू, अधिकारीहरू अनि अन्य मानिसहरूलाई भने, "काम अत्यन्त ठूलो भएकोछ अनि हामी पर्खालमा एक अर्कदेखि फराकिलोरूपमा छुट्टिएका छौं। २०जब तिमीहरूले तुरहीको आवाज सुन्छौ हामीसँग त्यहाँ भेला होऊ। हाम्रा परमेश्वर हाम्रो निम्ति लड़िदिनु हुनेछ।"

२१यसरी बिहानको पहिलो किरण फैलिए देखि राती तारा ननिस्केसम्म आधा मानिसहरूले भाला समातेर हामीले लगातार काम गरिरह्यौं।

२२त्यस समयमा मैले मानिसलाई यो पनि भनें, "हरेक मानिसहरू अनि उनीहरूको सेबकहरूले यरूशलेम मानै रात बिताओस् जसमा कि तिनीहरू हाम्रा निम्ती रातका रक्षक अनि दिनका कर्मी हुन सक्छन्। यसरी न त मैले, न मेरा साथी सङ्गतहरूले न मेरा सेवकहरूले न त मेरो अनुसरण गर्ने रक्षक मानिसहरूले कहिले हाम्रा बस्त्रहरू खोल्यौं।" २३हरेकले आफ्ना दाहिनेहातमा आफ्ना हतियार राखे।

### नहेम्याहले गरीबहरूलाई सहायता गरे

५ अहिले साधारण मानिस अनि तिनीहरूका पत्नीहरूले आफ्ना सहदर यहूदीहरूको विरूद्धमा विरोध जनाउन थाले। २कोही भन्दै थिए, "हामी आफ्ना छोरा अनि छोरीहरूसित धेरै छौ। यसर्थ हामीलाई केही अन्न दिनु हवस् जसद्वारा हामी खाएर जीवित रहन सकौं।"

३अरूहरू भन्दै थिए, "हामी हाम्रा खेतएर, दाखबारीहरू अनि हाम्रा घरहरू बन्दक* राख्दैछौ जसमा कि अनिकालको समयमा हामीले अन्न पाउन सकौं।"

४अझ अरूहरू भन्दै थिए, "हामीले हाम्रा खेतहरू अनि दाख बारीहरूमाथि, राजाको तिरो तिर्नका निम्ति ऋणलिनु परेकोछ। ५अनि अहिले जस्तो हाम्रो देशका मानिसहरूमा रगत मासु छ। हाम्रो पनि त्यस्तै हो। हाम्रा छोराहरू तिनीहरूका जस्तै छन् अनि हेर हामी हाम्रा छोरा-छोरीहरूलाई कमारा-कमारी दिन वाध्य भएका छौं अनि हाम्रा छोरीहरूलाई कमारी बनाई सकिएको छ। हामी तिनीहरूको मुक्तिको लागि केही गर्न सक्तैनौ कारण हाम्रो खेती र अङ्गुर बगान अहिले अर्काको भएकोछ।"

६जब मैले तिनीहरूको उजूर अनि यी वचनहरू सुने म अत्यन्त क्रोधित भए ७मैले त्यस विषयमा सोचें मैले मुख्य मानिसहरू अनि अधिकारीहरूलाई दोष दिँए र

**बन्दक** पैसा ऋण काढ़ने एक तरिका आफ्नो ऋणतिर्नलाई बस्तुहरू जमीन वा घरहरूको उपयोगद्वारा प्रतिज्ञा गर्छन् यदि ऋणतिर्न तिनीहरू असमर्थ भए तिनीहरूको सम्पत्ति ऋणदिनेले लिन सक्छ।

तिनीहरूलाई भने, “तिमीहरूले तिमीहरूका आफ्नै
मानिसहरूबाट ब्याज एकत्रित गरिरहेका छौ।” तब मैले
तिनीहरूसित एउटा ठूलो जमघट परिमाण गर्न बोलाए।
८मैले तिनीहरूलाई भनें, ‘हामीले सकेसम्म हाम्रा यहूदी
दाज्यू-भाइहरू जो अन्य जातिहरूकहाँ दास भैं बेचिएका
थिए फर्केर ल्याका छौं। तर अहिले तिमीहरूले
तिमीहरूका दाज्यू-भाइहरूलाई दासहरू जस्तै बेचेरका
छौ। फेरि स्वतन्त्र बनाउन तिनीहरूलाई हामीले किन्नु
पर्छ। तिनीहरूले जावाफ दिन एउटा शब्द पनि पाएनन्।
९तब मैले भनें, “तिमीहरूले जे गरिरहेछौ। त्यो राम्रो
छैन। तिनीहरू हाम्रा शत्रु राष्ट्रहरूको नरजबाट बाँच्नका
निम्ती हाम्रा परमेश्वर प्रतिसम्मानपूर्वक बाँच्नु पर्छ।
१०म मेरो दाज्यू-भाईहरू अनि मेरो सेवकहरूले
तिनीहरूलाई पैसा अनि बाँकी दियौं। हामीले ऋणको
ब्याज लिन छाड़ौं। ११तिनीहरूका खेत र दाखबारी,
तिनीहरूका भद्राक्षबारी अनि तिनीहरूका घरहरू आजनै
तिनीहरूलाई फिर्ता गर। अनि धनको मासिक ब्याज,
अन्न, दाखरस अनि तेल जो तिमीहरूले तिनीहरूबाट
लियौ फर्काइदेऊ।”
१२तब तिनीहरूले भने, “हामी सबै कुरा फिर्ता दिने
छौ। अनि हामी तिनीहरूबाट केही माग्ने छैनौं। हामी
तपाईंले भन्नु भएजस्तै गर्ने छौं।”
यसकारण मैले पूजाहारीहरूलाई बोलाएँ, अनि
तिनीहरूले अहिले भने अनुसार गर्नु पर्छ, भनी मैले
तिनीहरूलाई शपथ दिलाएँ। १३मैले मेरो खाष्टोको तह
टक्टकाएँ र भने, “परमेश्वरले यसरीनै, यो शपथपालन
नगर्नेहरू हरेकलाई घर अनि सम्पत्तिबाट टक्टकाएर
निकाली दिऊन्। यसरी व्यक्तिलाई टक्टक्याइयोस र रित्तो
तुल्याइयोस।”
त्यस पछि सम्पूर्ण समूहले भने, “आमीन!” अनि
तिनीहरूले परमप्रभुको स्तुति गरे।
१४अनि मानिसहरूले शपथलिए जस्तै गरे। अझ
यहूदा देशको प्रशासक नियुक्त भएको दिन देखि राजा
अर्ट-जारसेजको शासनकालको बेंशौ वर्ष देखि बत्तीशौं
वर्ष, (बाह्र वर्ष) सम्म मैले अनि मेरा नजिकका
आफन्तहरूले प्रशासकको भोजन भोग गरेनौ।
१५पहिलेका राज्यपाल जो मेरो अघि थिए, मानिसहरू
माथि गह्रौ बोझ लदाएको थिए। अनि आधा किलोग्राम
चाँदीसित तिनीहरूबाट खाद्य अनि दाखरस पनि लिएका
थिए। तिनीहरूका सेवकहरू अधिका मानिसहरू माथि
कठोर शासन गरेका थिए। तर मैले यस्ता कुराहरू
गरिन किन भने म परमेश्वरसित डराउँथे। १६त्यसको
सट्टा म स्वयंले पर्खाल निर्माण गर्न लगाएँ अनि
हामीहरूले कुनै भूमि प्राप्त गरेनौं। मेरा समस्त मानिस
र सेवकहरू काम गर्नका निम्ती त्यहाँ भेला भएका
थिए।
१७मेरो टेबलमा हाम्रा वरिपरिका राष्ट्रहरूबाट आएका
मानिसहरू सहित एक सय पचासजना यहूदी अधिकारीहरू
थिए। १८प्रत्येक दिन एउटा गोरू छ:वटा चुनिएका
भेँड़ाहरू अनि केही पक्षिहरू मेरो खर्चमा तयार गरिन्थ्यो।
अनि प्रत्येक दशदिनमा धेरै मात्रमा सबै किसिमका
दाखरसको प्रबन्ध गरिन्थ्यो, तर यी सबै भएता पनि
मैले प्रशासकको खाद्य खोजिन किनकि यी मानिसहरू
माथी कामको भारै भार थियो। १९हे मेरा परमेश्वर
मेरो भलाईको निम्ति यी मानिसहरूका निम्ती मैले
गरेका सबै याद गरी दिनुहोस।

## धेरै कष्टहरू

६ जब यी कुरा सम्बलत, तोबियाह, अरबी गेशेम
अनि हाम्रा अन्य शत्रुहरूलाई भनियो कि मैले
पर्खाल पुर्ननिर्माण गरे। अनि त्यहाँ कुनै खाली छाड़िएन
यद्यपि त्यससमय मैले ढोका फाटकहरूमा ढोकाहरू
लगाएको थिएन) २सम्बलत अनि गेशेमले यो खबर म
कहाँ पठायो, “आऊ अनि हामी किपहीराम ओनो भेट
गरौ।” तर तिनीहरूले मलाई हानि गर्ने योजना गरिरहेका
थिए।
३यसकारण मैले तिनीहरूकहाँ सन्देशवाहकहरू पठाएँ
जसले भने, “मैले एउटा मुख्य काम गरिरहेछु। यसर्थ
म तिमीहरूकहाँ आउन सक्तिन। काम रोकेर म किन
तिमीहरूकहाँ आउनु।”
४तिनीहरूले त्यही सन्देश मलाई चारपल्ट पठाए,
अनि मैले तिनीहरूलाई त्यही प्रकारले उत्तर दिएँ। ५तब
सम्बलतले त्यही प्रकारले उनको सेवकलाई म भएकहाँ
पाँचौ पल्ट यस्तै प्रकारले उसको हातमा एउटा खुल्ला
पत्र पठाए। ६त्यसमा यो लेखिएको थियो, “राष्ट्रहरूमाझ
यो भनिएकोछ अनि गेशेमले पनि त्यो सत्य हो भन्छ
कि तिमीले अनि यहूदीहरूले विद्रोह गर्ने योजना
गरिरहेछौ, यसैकारणले गर्दा तिमीले पर्खाल निर्माण
गरिरहेछौ। अनि यी भनाई अनुसार तिमी नयाँ राजा हुन
लागेकाछौ। ७तिमीले अगमवक्ताहरू नियुक्त गरेका छौ,
यरूशलेममा तिम्रो सम्बन्धमा घोषणा गर्नका निम्ती:
‘यहूदामा एक राजा छन्!’
“अब यी शब्दहरू राजालाई भनिनेछ, यसर्थ अब
हामीसित आऊ। भेटगरौ।”
८मैले यो सन्देश तिनीलाई पठाएँ, “तिमीले भनेका
यस्ताकुरा कहिले भएको छैन। किनभने तिमीले आफ्नो
हृदयमा यी कुराहरू उत्पन्न गरिरहेछौ।”
९किनभने तिनीहरू आफ्ना काम गरिरहन हतोत्साह
हुनेछन, “अनि काम समाप्त हुने छैन। भन्ने सोचेर
तिनीहरूले हामीलाई भयभीत तुल्याउने कोशिश गर्दैछौं।”
तर अब “हे परमेश्वर मलाई सुदृढ़ तुल्याउनुहोस्।”
१०एकदिन म शमायाह दलायाहका छोरा मेहेतबेलका
नातिको घरमा गएँ। अनि तिनी आफ्ना घर छाड़न
समर्थ थिएनन्। तिनले भने,

"हामी परमेश्वरको मन्दिर भित्र भेट गरौं हामी
मन्दिरको ढोकाहरू बन्द गरौ, किनभने तिनीहरू तिमीलाई
मार्न राती आउँदैछन्।"
११तर मैले भने, "के म जस्तो मानिस भाग्नु?
तिमीलाई त्यो थाहाँ छ म जस्तो एउटा साधारण मानिस
मृत्युमा नलगिए सम्म मन्दिर भित्र जान सक्दैन। म
जाने छैन्।"
१२मैले बुझैं कि परमेश्वरले तिनलाई यहाँ पठाउनु
भएको होइन तर तिनले यो अगमवाणी मेरो विरूद्ध
भनेका हुन् किन भने सम्बलत अनि तोबियाहले
उसलाई घूस दिएका रहेछन। १३उसलाई यस कारण
घूस थिइरहेकोछ कि म भयभीत होस अनि उसले
दिएको सुझाव अनुसार काम गरोस् र पाप गरोस्। तब
मलाई अपमान गर्नका निम्ति तिनीहरूसित मलाई दिन
नराम्रो नाउँ हुनेछ।
१४हे परमेश्वर तिनीहरूले जे गरे, त्यसका निम्ती
सम्बलत, तोबियाहलाई अनि नोअदियाह अगमवक्ता
अनि अन्य अगमवक्ताहरू जसले मलाई भयभीत तुल्याउने
कोशिश गरिरहेका थिए दण्ड दिनुहोस।

## पर्खाल बनाई सकियो

१५यसरी एलूलमैनेको २५ औ दिनमा निमार्ण पूरा
भयो बनाउन ५२दिन लाग्यो। १६जब हाम्रा सबै
शत्रुहरूले सुने अनि हाम्रा वरिपरिका सबै राष्ट्रहरूले
देखे तिनीहरूले आफ्ना आत्मा विश्वास गुमाए। यो
कार्य हाम्रा परमेश्वरले गर्नु भएको हो भनी तिनीहरूले
बुझें।
१७ती दिनहरूमा यहूदाका मुख्य मानिसहरूले
तोबियाहलाई धेरै पत्रहरू पठाइरहेका थिए, अनि
तोबियाहका पत्रहरू तिनीहरूकहाँ आइरहेका थिए।
१८किनकि यहूदामा धेरैजनाले तिनीप्रति स्वामिभक्त हुने
प्रतिज्ञा गरेका थिए। किन भने तिनी आरहका छोरा
शकन्याहका जुवाइँ थिए, अनि तिनका छोरा यहोहानानले;
बेरेक्याहका छोरा मशुल्लमकी छोरीलाई विवाह गरेका
थिए। १९तिनीहरूले उसको असल कार्यको प्रतिवेदन
पनि तिनी समक्ष दिइरहेका थिए। अनि तिनीहरूले
भनिरहेका थिए, मैले के गरिरहेको थिए। तोबियाहले
मलाई भयभीत तुल्याउन पत्रहरू पठाए।

७ जब पर्खालको पुनर्निर्माण भयो, अनि मैले ठीक
ठाउँमा ढोकाहरू लगाएँ, द्वारपाल, गवैया अनि
लेवीहरूलाई पूजाहरी नियुक्त गरे। २तब मैले मेरो भाई
हनानीलाई किल्लाको सेना नायक हनन्याह सहित
यरूशलेमको जिम्मा दिएँ किनभने हनानी एक इमान्दार
थिए अनि तिनले परमेश्वरलाई अन्य धेरै मानिसहरूले
भन्दा अधिक सम्मान गर्थे। ३मैले तिनीहरूलाई भने,
"यरूशलेमको द्वारहरू घाम पूर्णरूपले उदय नहुञ्जेल
खोल्नु हुँदैन, अनि घाम अस्ताउनु भन्दा अघि बन्द गर्नु
पर्छ। यरूशलेमका बासिन्दाहरूलाई रक्षा गर्न कसैलाई
तिनीहरूको खामा तिर अनि कसैलाई आफ्नै घरको
रक्षा गर्न नियुक्त गर।"

## फर्केर आएका कैदिहरूको सूची

४यरूशलेम फराकिलो अनि ठूलो थियो, तर त्यस
मित्र मानिसहरू कम थिए, अनि पुनर्निर्माण घरहरू
प्रशस्त थिएनन्। ५यसकारण परमेश्वरले मलाई मुख्य
मानिसहरू, अधिकारीहरू अनि साधारण मानिसहरूलाई
कुल अनुसार नाउँ लख्नु भनि प्रेरणा दिनु भयो। मैले
कैदबाट फर्की आउने कुलहरूको विवरण* पुस्तक
पाँए। मैले त्यसमा यो लेखेको पाएँ।
६यी मानिसहरू त्यो प्रदेशका मानिसहरू हुन् जो
कैदीबाट आएका हुन, जसलाई बाबेलका राजा
नबूकदनेसरले कैद गरेर लगेका थिए। (तिनीहरू हरेक
आ-आफ्ना शहर यरूशलेम अनि यहूदामा फर्के।)
७तिनीहरू यरूबाबेल, येशूअ, नहेम्याह, अजर्याह, राम्याह,
नहमानी, मोर्दकै, बिल्शान, मिसपेरेत, बिग्वै, नहूम
अनि बानाका साथ आए। इस्राएलका मानिसहरूको
सूची:

| | | |
|---|---|---|
| ८ | परोशका कुलहरू | २,१७२ |
| ९ | शपत्याहका कुलहरू | ३७२ |
| १० | आरहका कुलहरू | ६५२ |
| ११ | पहात-मोआबका कुलहरू अर्थात येशूअ अनि योआबका कुलहरू | २,८१८ |
| १२ | एलामका कुलहरू | १,२५४ |
| १३ | जत्तूका कुलहरू | ८४५ |
| १४ | जक्कैका कुलहरू | ७६० |
| १५ | बिन्नूईका कुलहरू | ६४८ |
| १६ | बेबैका कुलहरू | ६२८ |
| १७ | अज्गादका कुलहरू | २,३२२ |
| १८ | अबोनीकामका कुलहरू | ६६७ |
| १९ | बिग्वैका कुलहरू | २,०६७ |
| २० | आदीनका कुलहरू | ६५५ |
| २१ | आतेरका अर्थात हिज्याहका कुलहरू | ९८ |
| २२ | हशूमका कुलहरू | ३२८ |
| २३ | बेसैका कुलहरू | ३२४ |
| २४ | हारीमका कुलहरू | ११२ |
| २५ | गिबोनका कुलहरू | ९५ |
| २६ | बेतलेहेम अनि नेतोपात शहरहरूका मानिसहरू | १८८ |
| २७ | अनातोत शहरका मानिसहरू | १२८ |
| २८ | अज्मावेत शहरका मानिसहरू | ४२ |
| २९ | किर्यात्यारीम, कापीरा अनि बेरोत | |

**कुलहरूको विवरण** एज्रा २ हेर्नोस्।

शहरहरूका मानिसहरू ७४३
३० रामा अनि नेबा शहरहरूका मानिसहरू ६२१
३१ मिक्मास शहरका मानिसहरू १२२
३२ बेतेल अनि ऐ शहरहरूका मानिसहरू १२३
३३ अर्को नेबो शहरको मानिसहरू ५२
३४ अर्को एलाम शहरको मानिसहरू १,२५४
३५ हारीम शहरका मानिसहरू ३२०
३६ यरीहो शहरका मानिसहरू ३४५
३७ लोद, हादीद अनि ओनो शहरहरूका मानिसहरू ७२१
३८ सना शहरका मानिसहरू ३,६३०

३९पूजाहारीहरू:
यदायाहका कुलहरू अर्थात येशूअका कुल ९७३
४० इम्मेरका कुलहरू १,०५२
४१ पशहूरका कुलहरू १,२४७
४२ आरीमका कुलहरू १,०१७

४३लेवीहरू:
येशूअका कुलहरू अर्थात होदबाका परिवारका कदूमीएलका कुल ७४

४४गवैयाहरू:
आसापका कुलहरू १४८

४५द्वारपालहरू:
शल्लूम, आतेर, तल्मोन, अक्कूब, हतीता अनि शेबैका कुलहरू १३८

४६मन्दिरका सेवकहरू:
सीहा, हसूपा, तब्बाओत।
४७ केरोस, सीआ, पादोन।
४८ लबान, हगाबा, सल्मै।
४९ हानान, गिद्देलका, गहर।
५० रायाह, रसीन, नेकादा।
५१ गज्जाम, उज्जा, पसेह।
५२ बेसै, मुनीम, नापीश।
५३ बक्बुक, हकूपा, हर्हूर।
५४ बस्लीत, महीदा हर्शा।
५५ बर्कोस, सीसरा, तेमह।
५६ नसीह, अनि हतीम। यिनीहरू सबै मन्दिरका सेवकहरू हुन।

५७सुलेमानका सेवकहरूका कुलहरू:
सोतै, सोपेरेत, परीदा
५८ याला, दर्कोन, गिद्देल।
५९ शपत्याह, हत्तीलका, पोकेरेत, हसेबायीम अनि आमोन।
६० शबै मन्दिरका सेवकहरू अनि सुलेमानका सेवकहरूका कुलहरू ३९२

६१मानिसहरू यरूशलेममा तेल-मेलेह, तेल-हर्शा,
हरूब, अद्दोन अनि इम्मेरबाट आएका थिए। तर
आफ्ना कुलहरू इस्राएलका थिए भनी प्रमाण गर्न
तिनीहरू सामर्थ भएनन्।
६२ दलायह, तोबियाह अनि नकोदाका कुलहरू ६४२

६३पूजाहारीहरूमा होबायाह,
हक्कोस अनि बर्जिलैका सन्तानहरू थिए। मानिसहरू
जसले गिलादबाटका बर्जिलैकी छोरीहरूलाई विवाह
गरे, जसलाई उसको नाउँ द्वारा बोलायो।

६४तिनीहरूले आफ्नो कुलहरूका विवरण अधिकारिय
सूचीमा खोजे तर पाएनन्, पूजाहारीहरूबाट तिनीहरू
निम्ति अशुद्ध ठहरीए। ६५प्रशासकले तिनीहरूलाई भने
तिनीहरूले पवित्र भोजनबाट केही खानु हुँदैन जबसम्म
एकजना पूजाहारी उठदैन, जसले ऊरीम अनि तुम्मीम
उपयोग गर्न सक्छ।
६६-६७सबै समूहको एकत्रित संख्या ४२,३६०
थियो। तिनीहरूका पुरुष अनि स्त्रीदासीहरू बाहेक
जसको संख्या ७,३३७ थियो। अनि तिनीहरूका
२४५ पुरूष अनि स्त्री गायकहरू पनि थिए। ६८-६९त्यहाँ
४३५ ऊँटहरू र ७३६ घोड़ाहरू थिए अनि ६,७२०
गधाहरू र २४५ खच्चरहरू थिए।
७०केही कुलहरूका प्रमुखहरूले निर्माण धन दान
गरे। राज्यपालले खजानामा प्राय १९पाउण्ड सुनदान गरे
अनि पूजाहारीहरूका निम्ति ५० कचौरा अनि ५३०
वटा पहिरने कपड़ा दिए। ७१केही कुलहरूका प्रमुखहरूले
निर्माण कोषका कामको निम्ति प्राय: ३७५ पाउण्ड
सुन प्रदान गरे। अनि प्राय: १ १/३ टन चाँदी प्रदान
गरे। ७२अनि अन्य मानिसहरूले प्राय: ३७५ पाउण्ड
सुन अनि प्राय: १ १/४ टन चाँदी अनि पूजाहारीहरूका
निम्ती ६७ कपड़ाहरू दान गरे।
७३जब सातौ महीना आयो अनि पूजाहारीहरू,
लेवीहरू, द्वारपालहरू, गवैयाहरू मन्दिरका सेवकहरू
अनि समस्त इस्राएलीहरू पनि आफ्ना शहरहरूमा बसे।

## एज्राले व्यस्थाको किताब पढ़े

८ समस्त मानिसहरू पानी मूलद्वार अघि चोकमा
एकत्रित भए। तिनीहरूले शास्त्री एज्रालाई मोशाको
व्यवस्थाको पुस्तक ल्याउनु भने, जो परमप्रभुले
इस्राएललाई दिनु भएको थियो। २यसर्थ पूजाहारी

एज्राले व्यवस्थाको पुस्तक समूहको समक्ष ल्याए, जो पुरुष अनि स्त्री दुवै, हरेक जसले सुनेका कुरा बुझ्न सक्थे तिनीहरूद्वारा गठन भएको थियो। यो सातौ महीनाको पहिलो दिन थियो। ३एज्राले त्यस पुस्तकलाई पानी-मुलढोका अधिको चौकमा फर्केर विहान देखि मध्यदिनसम्म पुरूष, स्त्री अनि अन्य जसले बुझ्न सक्यो गरि पढ़े। सबै मानिसहरूले ध्यानपूर्वक व्यवस्थाको पुस्तकको कुराहरू सुने।

४शास्त्री एज्रा एक काठको मचानमा उभिए जो त्यसै अवसरको निम्ति बनाएको थियो। उसको दाहिने तिर मत्तित्याह, शेमा, अनायाह, उरियाह, हिल्कियाह अनि मासेयाह उभिएका, थिए। उसको देब्रेतिर पदायाह, मीशाएल, मल्कियाह, हशूम, हशवदा, जकर्याह अनि मशुल्लाम उभिएको थिए।

५एज्राले सबै मानिसहरूले देख्ने गरी पुस्तक खोले किनभने उनी तिनीहरूभन्दा माथि उभिएका थिए। यसरी उसले व्यवस्थाको पुस्तक खोले सबै मानिसहरू उभिए। ६एज्राले परमप्रभु महान् परमेश्वरको स्तुति गरे। अनि सबै मानिसहरूले आफ्ना हात उठाउँदै उत्तरदिए, "आमीन! आमीन!" तब तिनीहरू सबै परमप्रभुको अघि भुइमा निहुरीए।

७लेवीहरूको कुल समूहबाट येशूअ, बानी, शेरेबियाह, यामीन, अक्कूब, सब्बतै, होदियाह, मासेयाह, केलीता, अजर्याह, योजाबाद, हानान, अनि पलायाह मानिसहरूलाई व्यवस्थाको शिक्षा दिए जब मानिसहरू चाहि आफ्ना स्थानमा उभिरहेका थिए। ८तिनीहरूले परमेश्वरको व्यवस्थाको पुस्तक स्पष्ट सित पढ़े अनि के पढ़िएको थियो मानिसहरूलाई बुझ्न सहायता गऱ्यो।

९नहेम्याह, जो राज्यपाल थिए, एज्रा पूजाहारी, अनि शास्त्री अनि मानिसहरूलाई निर्देश गरिरहेका लेवीहरूले सबै मानिसहरूलाई भने, "यो दिन तिमीहरूका परमप्रभु परमेश्वरका निम्ति पवित्र दिन हो। उदास नहोऊ अनि विलाप नगर।" किनभने सबै मानिसहरू व्यवस्थाका वचनहरू सुन्दा रोइरहेका थिए।

१०उसले तिनीहरूलाई भने, "जाऊ अनि मीठो भोजन खाऊ, र स्वादिष्ट दाखरस पिऊ अनि तिनीहरूलाई भाग पठाऊ जसले तयार गरेका छैनन, किनभने यो दिन हाम्रा मालिकको निम्ति पवित्र छ। अनि उदास नोहोऊ किन भने परमप्रभुमा आनन्द नै तिम्रो शक्तिहो।"

११लेवीहरूले भने, "सान्त होओ किनभने यो पवित्र दिन हो। उदास नहोओ।"

१२त्यस पछि सबै मानिसहरूले खान पिन गरे र भोजनका भागहरू पठाइदिए अनि खूबै आनन्दसित उत्सब मनाउन गए। किनकि तिनीहरूले परमेश्वरका वचनहरू बुझें जो तिनीहरूलाई याद गराइदिएको थियो।

१३महीनाको दोस्रो दिनमा समस्त मानिसका प्रमुखहरू, पूजाहारी अनि लेवीहरू व्यवस्थाका वचनहरू अध्ययन गर्न शास्त्री एज्रा कहाँ भेला भए।

१४-१५तिनीहरूले व्यवस्थामा यो लेखिएको पाए कि मोशा मार्फत परमप्रभुले आदेश दिनु भएको थियो, सातौ महीनाको चाडको समयमा इस्राएलका मानिसहरू छाप्रो आश्रयहरूमा बस्नु पर्छ, अनि तिनीहरूले यी वचनहरू तिनीहरूका सबै शहरहरू अनि यरूशलेममा घोषणा गरे अनि फैलाए: "पार्वत्य देशतिर जाऊ अनि भद्राक्ष जङ्गली भद्राक्ष, मेहंदी, खजुर अनि पातहरू भएका अन्य बृक्षहरूका हाँगाहरू ल्याऊ व्यवस्थामा लेखिए झैं आश्रय छाप्राहरू बनाउन।"

१६यसर्थ मानिसहरू गए र हाँगाहरू लिएर आए, अनि तिनीहरू स्वयंका निम्ति छाप्रोहरू बनाए, हरेकले आफ्ना छतमा अनि परमेश्वरको मन्दिरको पानी-मूलढोका चोक एप्रेम मूल ढोकाको। १७सम्पूर्ण समूहका मानिसहरू जो कैदबाट आएका थिए अस्थाई छाप्राहरू निर्माण गरे र त्यसमा बसे किनभने इस्राएकीहरूले नूनका छोरा यहोशूको समयदेखि त्यसदिनसम्म त्यसो गरेका थिएनन्। तिनीहरू धेरै खुशी थिए।

१८उत्सवको पहिलो दिनदेखि लिएर आखरी दिनसम्म दिन एज्राले परमेश्वरको व्यवस्थको पुस्तकबाट पढ़े। तिनीहरूले सातदिनसम्म उत्सव मनाए। अनि आठौ दिनमा व्यवस्थामा लेखिए झैं समापन समारोह गरे।

## इस्राएली मानसिहरूले आफ्ना पाप स्वीकार गरे

९ अब, यो महीनाको चौबीसौ दिनमा इस्राएलका मानिसहरू उपवास बसे एकत्रित भए र भागङ्गरा लगाए अनि तिनीहरूले आफै माथि धूलो हाले। २इस्राएली कुलहरूले स्वयंलाई समस्त विदेशीहरूबाट अलग गरे। तिनीहरू उभिए अनि आफ्ना पापहरू र आफ्ना पुर्खाहरूका भूल स्वीकार गरे। ३तिनीहरू आफ्ना स्थानमा उभिए अनि एक चौथाइ दिनसम्म तिनीहरूका परमेश्वरको व्यवस्थाको पुस्तकबाट पाठ गरे।

४तब येहूअ बानी, कद्मीएल, शबन्याह, बुन्नी, शेरेब्याह बानी, अनि कनानी सहित लेवीहरूको सिँढ़ीमा उभिए अनि तिनीहरू ठूलो स्वरमा परमप्रभु तिनीहरूका परमेश्वर संग कराए। ५तब लेवी येशूअ, कद्मीएल, बानी, हशबियाह, शबन्याह, होदियाह, शेबानिया अनि पतहियाहले भने, "उठ अनि परमप्रभु तिम्रा परमेश्वरको स्तुति गर।" किनभने उहाँ शरू देखि अन्त सम्म हुनुहुन्छ। तपाईंको महिमित नाउँको स्तुति होस। यद्यपि यो सम्पूर्ण आशीष अनि प्रशंसा भन्दा आश्चर्यजनक छ।

६तपाईं परमेश्वर हुनुहुन्छ, हे परमप्रभु तपाईंले मात्र सर्वोच्च स्वर्ग अनि त्यसमा तारा-मण्डल बनाउनु भयो।

तपाईंले पृथ्वी अनि यसमा भएका हरेक बस्तुहरू सागरहरू अनि त्यसमा भएका हरेक बस्तुहरू बनाउनु भयो। तपाईंले ती सबैलाई जीवन प्रदान गर्नु भयो, अनि स्वर्गका तारा-मण्डलले तपाईंको आराधना गर्छन्।

७तपाईं परमप्रभु परमेश्वर हुनुहुन्छ जसले अब्रामलाई चुन्नु भयो, अनि कल्दीहरूको ऊरबाट बाहिर ल्याउनु भयो, अनि उसलाई अब्राहाम नाउँ दिनुभयो।

८तपाईंले जान्नु भयो कि उनी तपाईंका भक्त थिए यसर्थ तपाईंले ऊसित कनानीहरू, हित्तीहरू, एमोरीहरू, परिज्जीहरू, यबूसीहरू र गिर्गाशीहरूको भूमि उसका सन्तानलाई दिन्छु भनि करार बाँध्नु भयो। तपाईंले आफ्नो प्रतिज्ञा पूरा गर्नु भयो किनभने तपाईं धर्मी हुनुहुन्छ।

९तपाईंले मिस्त्रदेशमा हाम्रा पुर्खाहरूको यातना देख्नु भयो, अनि लाल समुद्रमा तपाईंले सहायताका निम्ति उनीहरूको पुकारा सुन्नु भयो।

१०तपाईंले संकेत र आश्चर्यमय कुराहरू फिरऊन मिस्त्रदेशका राजा अनि तिनका समस्त सेवकहरू अनि तिनका देशका समस्त मानिसहरूको विरूद्ध गर्नुभयो, किन भने तिनीहरूले हाम्रा पुर्खा हरूलाई अत्याचार गरेको तपाईंलाई थाहा थियो। तपाईं अहिले सम्म रहनु भए झैं प्रसिद्ध हुनुभयो।

११तपाईंले तिनीहरू समक्ष समुद्रलाई विभाजन गरिदिनु भयो, अनि तिनीहरू सूक्खा जमीन भएर हिँड़ी समुद्र पार भए। तर तिनीहरूलाई खेदने फिरऊनका सेनालाई पानीमा ढुँङ्गालाई  फ्याँकिदिए जस्तै तपाईंले फ्याकिदिनु भयो।

१२तपाईंले तिनीहरूलाई दिउँसो बादलको खामा अनि राती आगोको ज्वाला सहित तिनीहरू हिँड़नु पर्ने बाटो उज्यालो पारी डोर्‍याउनु भयो।

१३तपाईं सीनै पर्वतमाथि झर्नु भयो अनि तिनीहरूलाई उचित न्याय र साँचो शिक्षा तिनीहरूसित स्वर्गबाट बोल्नुभयो अनि तपाईंले तिनीहरूलाई असल आदेश र आज्ञाहरू दिनुभयो।

१४अनि तपाईंले तिनीहरूलाई तपाईंको पवित्र विश्रामको दिनको बारेमा भन्नुभयो, अनि तपाईंले तिनीहरूलाई तपाईंका सेवक मोशाको मार्फत आज्ञा अनि एक व्यवस्था दिनुभयो।

१५तपाईंले तिनीहरू भोककाएको बेला तिनीहरूको निम्ति स्वर्गबाट रोटी दिनुभयो, अनि तिनीहरू तिर्खाएको बेला चट्टानबाट पानी दिनुभयो तपाईंले तिनीहरूलाई जाऊ अनि गएर तिनीहरूलाई दिन्छु भनी वचन दिएको भूमि अधिकारमा लेऊ भन्नुभयो।

१६तर तिनीहरू हाम्रो पुर्खाहरू अट्टेरी थिए अनि तपाईंका आदेश पालन गरेनन्।

१७तिनीहरूले आज्ञा पालन गर्न अस्वीकार गरे, अनि तपाईंले तिनीहरूमाझ गर्नुभएको चमत्कार तिनीहरूले सम्झेनन। तिनीहरू घमण्डी भए अनि मिस्त्र देशमा आफ्ना दासत्वमा फर्किजानलाई एक अगुवा नियुक्त गरे। तपाईं क्षमाशील परमेश्वर हुनुहुन्छ, दयालु अनि कृपालु र धीरजी प्रेमपूर्ण हुनुहुन्छ। यसकारण तपाईंले तिनीहरूलाई त्याग्नु भएन, १८जब तिनीहरूले स्वयंका निम्ति धातु निर्मित बाछा को मूर्ति बनाए। अनि तिनीहरूले भने, ‘यो तिमीहरूको देवता हो जसले तिमीहरूलाई मिश्रदेश बाहिर ल्याए जब तिनीहरूले तपाईंको विरूद्ध डरलाग्दा कुराहरू गरे।’

१९तर तपाइको महान करुणाको कारणले गर्दा, तपाईंले तिनीहरूलाई मरुभूमिमा छोड़नु भएन, बादलको खामोले तिनीहरूलाई दिनको यात्रामा अगुवाई गर्न रोकेनु भएन अनि आगोको मुस्लोले राती तिनीहरू हिँड़नु पर्ने बाटो उज्यालो तुल्याउन छोड़नु भएन।

२०तपाईंले तिनीहरूलाई शिक्षा दिन तपाईंको उत्तम जोश प्रदान गर्नुभयो। तपाईंले तिनीहरूको मुखबाट तपाईंको स्वींय भोजन खोस्नु भएन, अनि तिनीहरूको तिर्खामा तपाईंले तिनीहरूलाई पानी दिनुभयो।

२१तपाईंले चालीस वर्षसम्म उज्जाड़ स्थानमा तिनीहरूको हेरचाह गर्नुभयो, त्यहाँ तिनीहरूलाई केही अभाव थिएन। तिनीहरूका वस्त्रहरू मक्किएनन् र तिनीहरूका खुट्टाहरू पनि सुनिएनन्।

२२तपाईंले तिनीहरूलाई राज्यहरू अनि मानिसहरू दिनुभयो। तपाईंले तिनीहरूलाई यी सीमा-भूमिको रूपमा प्रदान गर्नुभयो। तिनीहरूले हेशबोनका राजा सीहोनको देश अनि बाशानका राजा ओगको भूमि अधिकारमा लिए।

२३तपाईंले तिनीहरूका सन्तानहरूलाई आकाशका ताराहरू जस्तै अनगन्ती तुल्याई दिनुभयो। तपाईंले तिनीहरूलाई त्यो भूमिमा ल्याउनु भयो जुन भूमिमा तिनीहरूका पुर्वाहरूलाई प्रवेश गर्ने, अधिकारदिनु भएको थियो। केटाकेटीहरू प्रवेश गरे र त्यो भूमि अधिकारमा लिए।

२४अनि तपाईंले तिनीहरू समक्ष त्यस भूमिका कनान निवासीहरूलाई परास्त गर्नुभयो।

२५तपाईंले तिनीहरूका राजाहरू अनि भूमिका मानिसहरू सहित ती तिनीहरूको नियन्त्रण अधिकारमा दिनुभयो, तिनीहरूको खुशी अनुसार जे गरे पनि गर्नु भनी। तिनीहरूले किल्ला बन्दी गरेका शहरहरू अनि मलिलो भूमि अधिकारमा लिए। तिनीहरूले हरेक असल वस्तुले परिपूर्ण घरहरू खनि सकेका कुवा, दाख वारी अनि भद्राक्षका वृक्षहरू र अनेक फलका बृक्षहरू लिए। यसरी तिनीहरूले पेट भरूञ्जेल खाए र मोटाभए तिनीहरूले तपाईंको महान भला पनको आनन्द लिए।

२६तर तिनीहरू अनाज्ञाकारी भएर तपाईंको विरूद्ध विद्रोह गरे अनि तपाईंको व्यवस्था आफ्ना पिठ तिर फ्याँके। तिनीहरूले तपाईंका अगमवक्ताहरूलाई मारे

जसले तिनीहरूलाई तपाईं कहाँ फर्काई ल्याउनका निम्ति तिनीहरूलाई चेतावनी दिएका थिए। तिनीहरूले तपाईंको विरूद्धमा गरलाग्दा कामहरू गरे।

२७यसर्थ तिनीहरूलाई तपाईंले शत्रुहरूलाई सुम्पि दिनुभयो। अनि शत्रुहरूले तिनीहरूलाई नराम्रो प्रकारले सताए, तिनीहरूको आपतको समयमा तपाईंको सहायताका निम्ति पुकारा गरे अनि तपाईंले स्वर्गबाट तिनीहरूको रोदन सुन्नुभयो। तपाईंको महान कृपाको कारण तिनीहरूको लागि उद्धारकर्त्ताहरू प्रदान गर्नुभयो।

२८जसले तिनीहरूलाई तिनीहरूका शत्रुको शक्तिबाट बँचाए। तर तिनीहरूले आफ्ने शत्रुहरूबाट छुटकार पाउन साथ फेरि त्यही गरे जसलाई तपाईंले नराम्रो ठान्नु भएको थियो। यसकारण तपाईंले तिनीहरूलाई तिनीहरूका शत्रुका हातमा छाड़िदिनुभयो। जसमा कि तिनीहरूमाथि शत्रुहरूले शासन गरून् भनी, तर फेरि तिनीहरूले तपाईं प्रति रोदन गरे। तपाईंले फेरि तिनीहरूका कुरा स्वर्गबाट सुनिदिनु भयो अनि तपाईंको महा कृपाद्वारा धेरैपल्ट तिनीहरूको उद्धार गरि दिनुभयो।

२९तपाईंको व्यवस्था तर्फ तिनीहरूलाई फर्काउनका निम्ति तपाईंले चेतावनी दिनुभयो। तर तिनीहरू अटेरी भए र तपाईंका आदेशको पालन गरेनन्। तिनीहरूले तपाईंको व्यवस्थाको विरूद्ध पाप गरे। जुन व्यवस्थाले ती पालन गर्ने व्यक्तिहरूका निम्ति जीवन ल्याउँदछ। तिनीहरू ढीठ, अनिच्छुक अनि अनाज्ञाकारी बने।

३०तपाईं धेरै वर्षसम्म तिनीहरू प्रति धीरजीरहनु भयो, अनि तपाईंले तिनीहरूलाई तपाईंका अगमवक्ताहरू द्वारा तपाईंको आत्माले चेतावनी दिनुभयो। तर तिनीहरूले सुनेनन् यसर्थ तपाईंले तिनीहरूलाई विदेशी राष्ट्रहरूलाई सुम्पिदिनुभयो।

३१तर, तपाईंको महाकृपाले गर्दा तिनीहरूलाई तपाईंले पूर्णरूपले ध्वंश गर्नुभएन, अनि तपाईंले तिनीहरूलाई त्यागनुभएन, किनकि तपाईं अनुग्रहमय र दयालु परमेश्वर हुनुहुन्छ।

३२अब, हे परमेश्वर, महान परमेश्वर, शक्तिशाली अनि भय योग्य परमेश्वर, जसले उहाँका करार प्रेममय विश्वास सँग पालन गर्नुहुन्छ, हाम्रो कष्टहरूलाई साधारण नसम्झनु त्यो कठिनाई हामीमाथि आएको थियो, हाम्रा राजाहरूले, हाम्रा पूजाहारीहरूले, हाम्रा अगमवक्ताहरूले, हाम्रा पिता-पुर्खाहरूले तपाईंका सम्पूर्ण मानिसहरूले अश्शूरका राजाहरूको समय देखि लिएर आज सम्म सहे।

३३हामी माथि घटेका समस्त घटना प्रति तपाईंले न्याय हुनु भएकोछ यद्यापि हामीले दुष्ट कार्यहरू गर्‍यौ।

३४हाम्रा राजाहरू, हाम्रा अगुवाहरू, हाम्रा पूजाहारीहरू अनि हाम्रा पुर्खाहरूले तपाईंको व्यवस्थाको पालन गरेनन्। अनि तिनीहरूले तपाईंका आदेश र तपाईंले दिनु भएको चेतावनी प्रति ध्यान दिएनन्।

३५तिनीहरू आफ्नै देशमा हुँदा पनि, तपाईंले दिनुभएको महान समृद्धिमा आनन्द भोग गरिरहँदा पनि, तपाईंले तिनीहरूलाई दिनुभएको पूरा मलिलो भूमिमा हुँदा पनि तपाईंको सेवा गरेनन्, अनि आफ्ना कुकर्मबाट फर्केनन्।

३६हेर्नुहोस, हामी आज दास छौं हो, हामी त्यस भूमिमा दासछौं जो तपाईंले हाम्रा पुर्खाहरूलाई त्यसका फलहरू अनि असल कुराहरू खान भनी प्रदान गर्नु भएको थियो।

३७भूमिको प्रशस्त फसलहरू राजाहरूका अधिनमा छ जसको अधिनमा हामीलाई हाम्रो पापको कारणले राखिदिनु भयो। तिनीहरूले हाम्रो शरीरहरू अनि हाम्रा पशुहरू माथि तिनीहरूको इच्छा अनुसार शासन गरे, अनि हामीहरू ठूलो कष्टमा पारिरहेका छौ।

३८यी सबै हुँदाहुँदै पनि हामी लिखित रूपमा बाचा बान्ध छौ।

१० अनि मोहर लाएको कागज पत्रमा सही छापलगाउने हाम्रा अगुवाहरू, यी थिए लेवीहरू र हाम्रा पूजाहारी हकल्याहका छोरा राज्यपाल नहेम्याह सिद्कियाह, २सारयाह, अजर्याह, यिर्मयाह, ३पशहूर, अमयाह, मल्कियाह, ४हत्तूश, शबन्याह, भल्लूह, ५हारीम, मरेमोत, ओबदियाह। ६दानियल, गिन्नतोन, बारूक, ७मशुल्लाम, अजर्याह मियामीन, ८माज्याह, बिल्गै अनि शमायाहका नाउँछन्। यी पूजाहारीहरू थिए जसको नाउँ मोहर लगाएको कागज पत्रमा छ।

९यी लेवीहरू थिए, जसले यसमा हस्ताक्षर गरे: अजन्याहका छोरा येशूअ, हेनाददको छोरा-छोरीहरू बिन्नूइ, कदमीएल, १०अनि तिनीहरूका संगी लेवीहरू: शबन्याह, होदियाह, कलीता, फ्लायाह, हानान, ११मीका, रहोब, हशब्याह, १२जक्कूर, शेरेब्याह, शबन्याह, १३होदियाह, बानी अनि बनीनू।

१४यी मानिसहरूका अगुवाहरू हुन जसले सन्धी हस्ताक्षर गरे: परोश, पहत-मोआब, एलाम, जत्तू, बानी, १५बन्नी, अज्गाद, बवै, १६अदोनियाह, बिग्वै, आदीन, १७आतेर, हिज्कियाह, अज्जूर, १८होदियाह, हाशूम, बेसै, १९हारीत, अनातोत, नोबै, २०मग्पीआश, मशुल्लाम, हेजीर, २१मशेजबेल, सादोक, यद्दु, २२पलत्याह, हानान, अनायाह, २३होशे, हनन्याह, हश्शूब, २४हल्लोहेश, पिल्हा, शेबेक, २५रहूम, हशब्ना, मासेयाह, २६अहियाह, हानान, आनान। २७मल्लूक, हारीम, अनि बाना।

२८-२९बाँकीरहेका मानिसहरू, पूजाहारीहरू लेवीहरू, द्वारपालहरू, गायकहरू, मन्दिरका सेवकहरू, परमेश्वरको व्यवस्था पालन गर्नको निम्ति वरिपरि भूमिका मानिसहरू बाट स्वयंलाई पृथक गरेका मानिसहरू, तिनीहरूका पत्नी र छोरा छोरीहरू, बुझ्न सक्ने सबै जना

तिनीहरूका आफन्त, तिनीहरूका अगुवाहरू सँग मिलेर
बाच्नको लागि सराप अनि शपथ लिए, परमप्रभुले
उहाँका दास मोशालाई दिएको वचन पालन् गर्दै
परमप्रभु हाम्रा मालिकका सबै आदेशहरू अनि उहाँका
न्याय र नियमहरू सावधानी पूर्वक पालन गर्ने सराप
अनि शपथ लिए।
३०"हामी वचन दिन्छौ कि यो भूमिमा हाम्रा छोरीहरूलाई
पत्नीको रूपमा अन्य मानिसहरूलाई दिने छैनौं। अनि
हामी तिनीहरूका छोरीहरूलाई हाम्रा छोराहरूका पत्नीको
रूपमा लिने छैनौं।
३१"यदि यस भूमिका मानिसहरूले बेच्ने कुराहरू वा
कुनै अन्न बेच्नका निम्ति विश्रामको दिनमा ल्याए हामी
तिनीहरूबाट विश्रामको दिनमा अथवा अन्यकुनै पवित्र
छुट्टिका दिनमा किन्ने छैनौ। हामी सातौवर्षका बालीहरू
त्याग गर्नेछौ। अनि ऋणका निम्ति बन्दककी राखेको
कुनै पनि बस्तु किर्ता दिने छौं। ३२"हाम्रा परमेश्वरको
मन्दिरको सेवाका निम्ति वर्षमा एक तिहाई शेकेल
चाँदी प्रदान गर्ने अनुबन्धन गर्दछौं। ३३त्यो पैंसा रोटीको
पंक्तिहरू किन्नको निम्ति खर्च हुनेछ। र अन्नबलि
प्रत्येक दिन होमबलिहरू विश्राम-दिन औंसी ठहराइएका
चाड़हरू पवित्र चीजहरू इस्राएललाई शुद्ध गर्ने पाप
बलिहरू; अनि सबै अरु कुराहरू परमेश्वरको मन्दिरका
निम्ति आवश्यक पर्छ।
३४"हामी पूजाहारीहरू लेवीहरू अनि मानिसहरूले
व्यवस्थामा लेखिए अनुसार परमप्रभु हाम्रा परमेश्वरको
वेदिमा जलाउनका निम्ति प्रत्येक वर्ष तोकिएको समयमा
कुलहरूले परमेश्वरको मन्दिरमा ल्याउनु पर्ने काठ
अर्पण को सम्बन्धमा चिट्ठा लगाए।
३५"हामीहरूले पनि प्रत्येक वर्षको पहिलो फसलको
अन्नहरू अनि प्रत्येक वृक्षका पहिलो फलहरू हामी
अफैले परमप्रभुको मन्दिरमा ल्याने प्रतिज्ञा गरेका छौ।
३६"व्यवस्थामा लेखे झैं हामी पनि हाम्रा पहिलो
जन्मेको छोराहरू र हाम्रा पशुहरू अनि हाम्रो पहिलो
जन्मेको गाई भेड़ा बाख्राहरू हाम्रा परमेश्वरको मन्दिरमा
सेवा गर्ने पूजाहारीहरू कहाँ ल्याउने प्रतिज्ञा गर्यौं।
३७"हामीले परमेश्वरको मन्दिरको भण्डारकोठामा,
पूजाहारीहरूका निम्ति पहिलो मुछेको पिठोको डल्ला
अनि हाम्रा भेटी-प्रत्येक वृक्षका फल नयाँ दाखरस अनि
तेल ल्याउँने छौं। अनि हामी लेवीहरूका निम्ति पनि
आफ्ना फसलका दशौ खण्ड पनि ल्याउने छौ। लेवीहरू
ति हुन जसले हामीले काम गर्ने सबै शहरहरूमा दशौ
खण्ड संग्रह गर्छन्। ३८अनि पूजाहारी जो हारूनका
सन्तानहरू हुन, तिनीहरूले दशांश संग्रह गर्छन्। अनि
लेवीहरूले परमेश्वरको मन्दिरको भण्डार गृहमा दशौं
भाग ल्याउँछन्। ३९किनभने इस्राएलका मानिसहरू
अनि लेवीहरूले अन्नको भेटी ल्याउनु पर्छ नयाँ
दाखरस भेटी अनि तेलको भेटी भण्डार कक्षमा ल्याउनु
पर्छ। जहाँ पवित्र भाँड़ा वर्त्तनहरू छन्, जहाँ कार्यमा
रहेका पूजाहारीहरू, द्वार, रक्षकहरू अनि गवैयाहरू
छन्। "हामीले हाम्रो परमेश्वरको मन्दिरलाई तुच्छ
सम्झनु हुँदैन।"

## नयाँ मानिसहरू यरूशलेममा भित्र हिड़न थाले

११ मानिसका अगुवाहरू यरूशलेममा बसे अनि
बाँकी रहेका मानिसहरूले प्रत्येक दशजनामा
एकजनालाई यरूशलेममा बस्नका निम्ति ल्याउन चिट्ठा
लगाए। अनि रहेका दशौ अंशमा नौ अंश अन्य
शहरूमा बसे। २मानिसहरूले सवेच्छाले यरूशलेममा
बस्न चाहनेहरूलाई आशीष दिए।
३यिनीहरू ग्रामीण अगुवाहरू हुन् जो यरूशलेममा
बस्थे। तर यहूदाको शहरहरूमा, सबैजना तिनीहरूको
शहरहरूमा आफ्ना सम्पत्तिमा बस्थे इस्राएलका केही
मानिसहरू, इस्राएल पूजाहारीहरू, लेवीहरू, मन्दिरका
सेवकहरू अनि सुलेमानका सेवकहरूका सन्तानहरू।
४अनि कोही यहूदाका मानिसहरू अनि कोही बिन्यामीनका
मानिसहरू यरूशलेममा बसे।
यी यहूदाका सन्तानहरू थिए जो यरूशलेममा बसे:
अतायाहरू, उज्जियाहका छोरा, अमर्याहको छोरा,
शपत्याहको छोरा, महलेलका छोरा पेरेसका कुलका।
५कोल-होजेका छोरा, हजायाहका छोरा, अदायाहका
छोरा, योयारीबका छोरा, जकर्याहका छोरा एउटा
शीलोनीहरूको सन्तान। ६यरुशलेममा बस्ने पेरेसक
कुलहरूमा जम्मा ४६८ साहसी मानिसहरू थिए।
७यी बिन्यामीनका कुलहरू थिए जो यरूशलेममा
बसे: मशुल्लामका छोरा, सल्लू, योएदका छोरा, पदायाहका
छोरा, कोलायाहका छोरा, वासेयाहका छोरा, इतीएलका
छोरा। ८यशायियाहका छोरा अनि तिनको पछि गब्बै
अनि सल्लै, ९जिक्रीका छोरा योएललाई तिनीहरू अनि
यहूदामाथि नियुक्त गरियो, अनि हासेनूआका छोरा
शहरका दोस्रो प्रमुख अधिकारी थिए।
१०पूजाहारीहरू मध्येबाट: योयारीबको छोरा, यदायाह,
याकिन, ११सरायाहका, हिल्कियाहका छोरा, मशुल्लामका
छोरा, सादोकका छोरा, मरायोतका छोरा, अहीतूबका
छोरा, १२परमेश्वरको मन्दिरका निरीक्षक अनि तिनीहरूका
सहयोगी भए जो परमेश्वरको मन्दिरको नरिक्षक थिए
८२२। अदायाह यरोहामका छोरा, जकर्या मल्कियाहका
१३अनि तिनका सहयोगीहरू जो कुलका अगुवाहरू
थिए: २४२। अमाशै, अजैलका छोरा, अहजैका
छोरा, मेशिल्लेमोतका छोरा, इम्मेरका छोरा १४अनि
तिनका सहयोगीहरू साहसी योद्धाहरू: १२८। तिनीहरू
माथिका अधिकारी हग्गेदोलीमका छोरा जब्दीएल थिए।
१५लेवीहरूबाट यिनीहरू यरूशलेममा बसे: शमायाह
हश्शूबका छोरा, अज्रीकामका छोरा हशबियाहका छोरा
बुन्नीका छोरा। १६अनि शब्बतै र योजाबाद, लेवीहरूका

दुइजना अगुवाहरू जो परमेश्वरको मन्दिरको बाहिर
कामका जिम्मामा थिए। १७अनि मतन्याह मीकाका
छोरा, जब्दीका छोरा आसापका छोरा, स्तुतिका अगुवा
जसले प्रार्थनामा धन्यवाद ज्ञापन गरे, अनि बकबुक्याह
तिनका सहयोगीहरूमा दोस्रो अनि अब्दा शम्मूअका
छोरा गालालका छोरा यदूतूनका छोरा। १८पवित्र शहर
यरूशलेममा भएका समस्त लेवीहरू जम्मा २८४। यी
यरूशलेममा बस्नेद्वार पालकहरू थिए।

१९अक्कूब, तल्मीन अनि तिनीहरूका आफन्तहरू
जसले द्वारको हेरचाह गर्थे: १७२ जना थिए।

२०इस्राएलका रहेका मानिसहरू, पूजाहारीहरू अनि
लेवीहरू यहूदाका सबै शहरहरूका आफ्ना पुर्खाका
भूमिमा बसे। २१मन्दिरका सेवकहरू ओपेल पहाड़मा
बसे अनि सीहा र गिश्पा मन्दिरका सेवकहरूको जिम्मा
मा थिए। २२यरूशलेममा मुख्य अधिकारी लेवीहरू
उज्जीया बानीको छोरा, हशबियाहका छोरा, मतन्याहको
मीकाका छोरा, आसापका सन्तानहरू, गवैयाहरू थिए
जो परमेश्वरको मन्दिरको कामहरूका जिम्मामा थिए।
२३किन भने तिनीहरूको सम्बन्धमा राजकीय आदेश
थियो अनि प्रतिदिन गायकहरूको सेवाको आवश्यक्ता
थियो। २४पतहियाह मशजबेलका छोरा, यहूदाका छोरा
जेरहको कुल मानिसहरू सम्बन्धी सबै कुरामा राजाका
सल्लाहकार थिए।

२५गाउँहरूमा तिनीहरूमा खेतहरू सहित: यहूदाका
केही मानिसहरू किर्यत-अर्बा र त्यसका वरिपरिका
स-साना गाउँहरू, दीबोन अनि त्यसका वरिपरिका
स-साना गाउँहरू अनि यकब्सेल अनि यसका वरिपरिका
स-साना गाउँहरू २६येशूअमा, मोलादा, बेत्पलेत।
२७हसर्शूआल, बेर्शेवा अनि त्यसका वरिपरिका स-साना
गाउँहरू। २८सिकलगा, मकोना अनि त्यसका वरिपरिका
स-साना गाउँहरू। २९एरिमोन, सोराह, यर्मूत, ३०जानोह,
अद्दूलाम अनि तिनीहरूका गाउँहरू लाकीश अनि
त्यसका खेतहरू अजेका अनि त्यसका वरिपरिका
स-साना गाउँहरू। यसरी तिनीहरू बेर्शेबा देखि लिएर
हिन्नोमको बेंसीसम्म अधिकार गरेर बसे।

३१बिन्यामीनका केही मानिसहरू गेबा, मिकमाश,
अय्या, बेतेल अनि त्यसका वरिपरिका स-साना गाउँहरूमा
बसे। ३२अनातोत, नोब, अनन्याह, ३३हासीर, रामा,
गित्तैम, ३४हादीद, सबोईम, नबलत, ३५लोद ओनो
गे-हाराशिम ओनोमा बसे, ३६केही यहूदीय लेवीय
समूह बिन्यामीनलाई सुम्पियो।

## पूजारि र लेवीहरू

**१२** यी पूजाहारीहरू अनि लेवीहरू हुन। जो कैदबाट
यरूशलेममा यरूबाबेल शालतीएलका छोरा अनि
येशूअसित आए: सरायाह, यिर्मयाह, एज्रा, २अमर्याह
मल्लूक, हत्तूश, ३शकन्याह, रहूम, मरेमोत, ४इद्दो,
गिन्नतोन। अबियाह, ५मियामीन, माथह, बिल्गा,
६शमायाह, योयारीव, यदायाह। ७सल्लू, अमोक,
हिल्कियाह अनि यदायाह। येशूअको समयमा यिनीहरू
पूजाहारीहरू अनि तिनीहरूका सहयोगीहरू अगुवाहरू
थिए।

८लेवीहरू येअ, बिन्नूई, कद्मीएल, शेरेबियाह,
यहूदा अनि मत्तन्याह थिए। अनि उनका सहयोगीहरू
धन्यवाद ज्ञापन गीतका जिम्मामा थिए। ९तिनीहरूका
सहयोगीहरू बक्बुवयाह उन्नी, सेवामा तिनीहरू देखि
पारि खड़ा भए। १०येशूअ योयाकीमका पिता थिए।
योयाकीम एल्याशीबका पिता थिए। एल्याशीब योयादाका
पिता थिए। ११योयादा जोनाथनका पिता थिए। जोनाथन
यद्दूका पिता थिए।

१२योयाकीमको समयमा यी पूजाहारीहरू कुलका
अगुवाहरू थिए:

सरायाहको कुलका अगुवा मरायाह थिए।
यिर्मयाहको कुलका अगुवा हनन्याह थिए।
१३ एज्राको कुलका अगुवा मशुल्लाम थिए।
अमर्याहको कुलका अगुवा यहोहानान थिए।
१४ जोनाथन मल्लूदाको कुलका अगुवा थिए।
यूसुफ शकन्याहको* कुलका अगुवा थिए।
१५ अद्ना हारीमको कुलका अगुवा थिए।
हेल्कै मरेमोत* परिवार अगुवा थिए।
१६ इद्दोको कुलका अगुवा जकर्याह थिए।
गिन्नतोनको कुलका अगुवा मशुल्लाम थिए।
१७ अबियाहको कुलका अगुवा जिक्री थिए।
मिन्यामीन अनि मोअद्याहका कुलहरूका
अगुवा पिल्तै थिए।
१८ बिल्गाको कुलका अगुवा शम्मू थिए।
शमायाहको कुलका अगुवा यहोनात थिए।
१९ योयारीबका कुलका अगुवा मत्तनै थिए।
यदायाहको कुलका अगुवा उज्जी थिए।
२० सल्लूको कुलका अगुवा कल्लै थिए।
आमोकको कुलका अगुवा एबेर थिए।
२१ हिल्कियाको कुलका अगुवा हशबियाह थिए।
यदायाहको कुलका अगुवा नतनेल थिए।

२२एल्याशीब, योयादा, योहानान अनि यद्दूका समयमा
लेवीका नाउँहरू कुलका अगुवाहरूका रूपमा लेखिएका
थिए अनि पूजाहारीहरूका नाउँ पनि फारसीको
शासनकालमा लेखिएका थिए। २३लेवीहरूका कुलक

**शकन्याह** यो हिब्रू पाठमा छ, केही अन्य हस्तलेखहरूमा "शीबन्याह।"

**मरेमोत** यो हिब्रू पाठमा छ, केही अन्य हस्तलेखहरूमा "मिरियोत"।

अगुवाहरूका नाउँ एल्याशीबका छोरा योहानानको
समयसम्म विवरण पुस्तकमा लेखिएका थिए।
२४लेवीहरूका अगुवाहरू हशब्याह, शेरेबिया, येशूअ,
कद्मीएलका छोरा अनि तिनीहरूका सहयोगीहरू थिए
जो तिनीहरू देखि पारि उभिए परमेश्वरका व्यक्ति
दाऊदको आदेश अनुसार परमेश्वरको स्तुति गर्न अनि
धन्यवाद ज्ञापन गर्नका निम्ति एक भागले अर्कोलाई
उत्तरदिए।

२५मतन्याह, बक्बुक्याह, ओबदियाह, मशुल्लाम,
तल्मोन अनि अक्कूब द्वारपालहरू थिए। जो द्वारहरूमा
भएका भण्डार कक्षको छेउमा थिए। २६यिनीहरूले
योयाकीम येशूअका छोरा, योसादका छोराको समयमा
अनि प्रशासक नहेम्याह अनि पूजाहारी र शिक्षक
एज्राको समयमा सेवा गरे।

## यरूशलेम पर्खाल को समर्पण

२७जब यरूशलेमको पर्खाललाई समर्पण गरियो।
जहाँ कहीँका लेवीहरूको खोज गरियो। अनि यरूशलेममा
ल्याइयो खुशीयाली सहित, धन्यवाद ज्ञापन गर्ने, गायकहरू
झ्यामटा, सारङ्गी अनि वीणाहरू सहित समर्पण समारोह
मनाउनका निम्ति।

२८-२९गवैयाहरूलाई यरूशलेम वरिपरिका
जिल्लाहरू अनि नतोपातीका गाउँहरू दुवै तिरबाट
एकत्र गरियो। अनि बेत-गिलगाल, गेबार बेत-अज्मोतका
खेतहरूबाट पनि एकत्र गरियो। किनकि गवैयाहरूले
स्वयंका निम्ति यरूशलेम वरिपरिका गाउँहरू निर्माण
गरेका थिए।

३०पूजाहारीहरू अनि लेवीहरूले आफैलाई
शुद्धपारे अनि ती मानिसहरूले द्वार र पर्खालहरूलाई
पनि शुद्ध पारे।

३१त्यस पछि मैले यहूदाका अगुवाहरूलाई पर्खाल
माथि ल्याएँ, अनि दुइ विशाल गायकहरूको समूहलाई
धन्यवाद ज्ञापन गर्न नियुक्त गरें। एक समूह गायकदल
दाहिनेतिर कसिङ्गरे द्वारतर्फ पर्खाल माथि गए। ३२अनि
तिनीहरूपछि होशियाह अनि यहूदाका आधा अगुवाहरू
गए। ३३अजर्याह, एज्रा, मशुल्लम, ३४यहूदा, बिन्यमीन,
शमायाह अनि तुरहीसहित यिमर्याह पनि गए। ३५केही
पूजाहारीहरू अनि जकर्याह जोनाथनका छोरा, शमायाहका
छोरा, मत्तन्याहका छोरा जक्कूरका छोरा आसापका
छोरा। ३६अनि तिनका सहयोगीहरू शमायाह, अज्रेल,
मिललै, गिललै, माऐ, नतनेल, यहूदा अनि हनानी
परमेश्वरका जन दाऊका वाद्य यन्त्रहरू सहित गए।
अनि शास्त्री शिक्षक एज्रा तिनीहरूका अघि अघि गए।
३७अनि तिनीहरू फोहरा-मूल-ढोकामा गए। त्यस पछि
तिनीहरू पर्खालको सिँढ़ी भएर सिधै दाऊद शहरको
सिँढ़ी माथि गए र दाऊदको घरबाट नाघेर पानी
मुल-ढोका तिर गए।

३८दोस्रो समूहका धन्यवाद ज्ञापन गाउनेदल देब्रेतर्फ
गए। म र मानिसहरूका अन्य आधा अगुवाहरूले
तिनीहरूलाई पर्खालको टुप्पो भएर भट्टी धरहरा। ३९पार
गरी एप्रैमी मूल ढोका पारी फराकिलो पर्खाल तिर
पुरानो शहरको ढोका मतस्य र मूल-ढोका हननेलको
बुर्जा, भेड़ा-ढोकासम्म बुर्जा भएर भेड़ा द्वारसम्म अनुसरण
गर्‍यौ। अनि तिनीहरू रक्षक ढोकामा रोकिए। ४०ती
धन्यवाद ज्ञापन गर्ने दुइ दल गवैयाहरूले परमेश्वरको
मन्दिरमा आफ्ना ठाउँहरू ग्रहण गरे यसकारण म अनि
मेरा मानिसहरूका आधा अधिकारीहरू। ४१साथै
पूजाहारीहरू एल्याकीम, मासेयाह, मिन्यामीन, मीकायाह,
एल्योएनै, जकर्याह अनि हनन्याहले तुरही सहित हामिले
४२मासेयाह, शमायाह, एलाजार, उज्जी, यहोहानान,
मल्कियाह, एलाम अनि एजेरले तिनीहरूका ठाउँहरू
ग्रहण गर्‍यौं।

गवैयाहरूले गाए अनि यिज्रहियाह अगुवा थिए।
४३त्यस दिन तिनीहरूले धेरै बलिदान अर्पण गरे र
आनन्द मनाए किनभने परमेश्वरले तिनीहरूलाई महान
खुशी प्रदान गर्नु भएको थियो स्त्री एवं केटा केटीहरूले
पनि आनन्द मनाए, हामीले यरूशलेममा मनाएको
उत्सव टाढ़ासम्म सुनियो।

४४त्यस समय मानिसहरूले अगौटे फलहरूको भेटी
अनि दशौ अंशको जम्मा गर्ने कोठाका अधिकारीहरू
नियुक्त गरे। यो कुरा शहरका जमीनहरूबाट जम्मा
गरियो। व्यवस्थामा भने झैं यी कुराहरू पूजाहारीहरू
अनि लेवीहरूलाई दिइएने छन्। किनभने यहूदाका
मानिसहरूले पूजाहारी र लेवीहरूसित मन्दिरमा सेवागरेको
निम्ति धन्यवादी थिए। ४५दाऊद अनि उनका छोरा
सुलेमानको आदेश अनुसार तिनीहरूले तिनीहरूको
परमेश्वरको सेवा अनि शुद्धीकरण गरे पनि तिनीहरूको
भाग। ४६यसरी नै गायकहरू अनि द्वारपालहरूले गरे।
धेरै समय अघि, दाऊद अनि आसापको समयमा
परमेश्वरलाई धन्यवाद दिने अनि स्तुतिगर्ने गवैयाहरूका
अगुवाहरू थिए।

४७यसर्थ यरूबाबेल अनि नहेम्याहका समयमा समस्त
इस्राएलले प्रत्येक दिन चाहिए जतिको अंश गवैयाहरूका
निम्ति केही अंश छुट्ट्याए अनि लेवीहरूले केही अंश
हारूनका कुलको निम्ति छुट्ट्याए।

## नहेम्याहको अन्तिम आज्ञा

१३ त्यसदिन तिनीहरूले मानिसहरूलाई मोशाको
पुस्तकबाट पढ़ि दिए अनि तिनीहरूले त्यसमा
यो लेखिएका पाए, कि कुनै अम्मोनी वा मोआबीहरू
परमेश्वरको उपासना गर्न कहिले जमघटमा पस्नु हुँदैन।
२किनभने तिनीहरूले इस्राएलीहरूलाई रोटी र पानीद्वारा
स्वागत जनाएका थिएनन् र तिनीहरूलाई श्राप दिनलाई
तिनीहरूको विरूद्ध बलामलाई ज्यालामा ल्याएका थिए।

तर परमेश्वरले श्रापलाई वरदानमा परिणत गरिदिनुभयो।
३जब तिनीहरूले व्यवस्था सुने तिनीहरू हरेक विदेशीलाई
इस्राएलबाट पृथक गरे।
४-५यसको अघि पूजाहारी एल्याशीबालाई परमेश्वरको
मन्दिरका सेवकहरूको जिम्मामा राखेका थिए। तिनी
तोबियाहका (अम्मोनी) वैवाहिक सम्बन्छ थियो। अनि
तिनीले तोबियहाको निम्ति एक विशाल कोठाको व्यवस्था
गरिदिएका थिए। पहिले तिनीहरूले त्यहाँ अन्नबलि,
धूप, मन्दिरका भाँड़ा वर्त्तनहरू अनि अन्नका दशांश,
नयाँ दाखरस अनि तेल जम्मा गर्न प्रयोग गरेका थिए।
त्यो दिन तिनीहरूलाई लेवी, गवैया, द्वारपाल अनि
पूजाहारीहरूले आदेश दिएका थिए।
६यी सबै भएको बेला म यरूशलेममा थिइनँ।
किनकि बाबेलका राजा आर्ट-जारसेजको ३२ औ
वर्षमा म राजाकहाँ पर्केर गएका थिएँ। आखिरमा मैले
राजाबाट अनुमति मागें। ७अनि म यरूशलेम फर्के।
तब परमेश्वरको मन्दिरको आँगनमा तोबियाहको निम्ति
एउटा कोठाको प्रबन्ध गरिदिएको एल्याशीबाको दुष्कर्म
मैले थाहा पाएँ। ८म यस विषयमा अत्यन्त क्रोधित भएँ
यसर्थ, मैले तोबियाहका सबै धरेलु मालसामान आंगनमा
फ्याँकिदिएँ। ९तब कोठालाई रीतिपूर्वक शुद्ध गर्ने मैले
आदेश गरे। अनि त्यहाँ मैले धूपसहित र अन्नबलि
परमेश्वरको मन्दिरका भाँड़ा वर्त्तनहरू फर्काएँ।
१०तब लेवीहरूको अंश तिनीलाई दिइएको थिएन,
भनी मैले थाहा पाएँ। यसर्थ लेवीहरू अनि गायकहरू
जसले सेवा गरेका थिए। आफ्ना खेततिर फर्केका
थिए। ११मैले अधिकारीहरूलाई, "परमेश्वरको मन्दिरको
किन उपेक्षा गरिएकोछ?" भनी हप्काएँ। त्यस पछि मैले
तिनीहरूलाई भेला गरें। अनि तिनीहरूलाई फेरि काममा
फर्काएँ। १२तब समस्त यहूदाले अन्नको दशांश, नयाँ
दाखरस अनि तेल भण्डार कक्षमाल्याए।
१३त्यसपछि मैले भण्डार कक्षमा कोषाध्यक्षको रूपमा
पूजाहारी शेलेम्याह, शिक्षक सादोक अनि लेवी पदायहलाई
नियुक्त गरे। र हनान जाक्कूरका छोरा, मत्तन्याहका
छोरालाई पनि तिनीहरूका सहायकको रूपमा नियुक्त
गरे। किनकि तिनीहरू विश्वास योग्य थिए अनि यो
यसकारण आफ्ना सहायकलाई अंश दिन तिनीहरूको
कार्य भयो।
१४हे मेरो परमेश्वर यसका निम्ति मलाई याद
गरिदिनुहोस। मैले परमेश्वरको मन्दिर अनि यसको
सेवाका निम्ति गरेका मेरो असल कर्मलाई नभुलि
दिनुहोस।
१५त्यसबेला मैले मानिसहरूलाई यहूदामा विश्राम-दिनमा
दाखरस पेल्ने कामगरिरहेको देखे। अनि अन्नकारा
शल्या एका अनि त्यसलाई गधाहरू माथि लदाएको
साथै दाखरस, दाख नेभार अनि सबै किसिमका
भारीलदाएको अनि यी सबैलाई विश्राम-दिनमा यरूशलेममा
ल्याएको देखे। अनि मैले तिनीहरूलाई भोजन बेच्दा
चेतावनी दिएँ।
१६यरूशलेम अथवा यहूदा छेउमा बस्ने सोरका
मानिसहरूले बेच्नका निम्ति माछा अनि सबै किसिमका
वस्तुहरू ल्याइरहेका थिए। विश्राम-दिनमा यहूदा अनि
यरूशलेमका मानिसहरूलाई ती बेचिरहेका थिए। १७तब
मैले यहूदाका मुख्य मानिसहरूलाई हप्काएँ। अनि मैले
तिनीहरूलाई भने, "यो के दुष्कर्म तिनीहरू गरिरहे छौ
विश्राम-दिनलाई अपवित्र तुल्याउँछौ? १८तिमीहरूका
पुर्खाहरूले यसै गरेको हुँदा हाम्रा परमेश्वरले हामीमाथि
अनि यो शहर माथि यी सबै विपद ल्याउनु भएको
होइनर? तर तिमीहरूले विश्रामलाई अपवित्र तुल्याएर।
इस्राएल माथि अझ अधिक क्रोध ल्याउँदैछौ?"
१९जब शबाथको अघि यरूशलेमको द्वारमा अन्धकार
हुँदै थियो। मैले ढोका बन्द गर्ने आदेश दिएँ। विश्राम
नसिद्धिए सम्म ती ढोका नखोल्ने आदेश दिएँ। अनि
मैले ढोकाहरूमा मेरा केही मानिसहरूलाई बसाएँ,
जसद्वारा विश्राम दिनमा कुनै पनि भारीहरू शहरमा पस्न
नपाओस्।
२०एक वा दुइपल्ट सबै थरिका व्यापारी अनि
बिक्रेताहरूले यरूशलेम बाहिर रात बिताए। २१तिमीहरू
पर्खालको अघि किन रात बिताउँदैछौ? "तिमीहरूले
फेरी यसो गर्‍यौभने म तिमीहरू माथि बल प्रयोग गर्ने
छु।" भनी तिनीहरूलाई चेतावनी दिएँ। त्यसबेला देखि
तिनीहरू विश्राम-दिनमा आएनन्।
२२त्यसपछि मैले लेवीहरूलाई तिमीहरूले स्वयंलाई
शुद्ध गर्नुपर्छ अनि विश्राम दिनलाई पवित्र राख्नको
निम्ति जाऊ र ढोकाहरूको रक्षागर भने।
हे मेरा परमेश्वर यसको निम्ति पनि मलाई सम्झि
दिनुहोस। अनि तपाईंको महान प्रेमले मलाई जोगाउनु
होस्।
२३ती दिनहरूमा मैले अश्दोद, अम्मोन अनि मोआबका
स्त्रीहरूलाई विवाह गर्ने यहूदाका केही मानिसहरूलाई
देखें। २४तिनीहरूका आधा केटा-केटीहरूले अश्दोद
वा अन्य मानिसका भाषा बोल्दथे अनि तिनीहरूले
यहूदाको भाषा कसरी बोल्नु सो जान्दैन थिए। २५यसकारण
मैले तिनीहरूसित बहस गरे अनि मैले तिनीहरूलाई
श्राप दिएँ। मैले केही मानिसहरूलाई पीटे अनि तिनीहरूको
दाही तानी दिए। तिनीहरूलाई परमेश्वरको नाउँमा शपथ
खान लगाए, "तिनीहरूलाई आदेश दिए तिनीहरूका
छोरीहरूलाई विवाह नगर, नता तिनीहरूको छोरीहरूले
तिमीहरू छोरासित विवाह गरोस, नता यस्तो विदेशीहरूले
तिमीहरूको छोरीहरू सित विवाह गरोस्। २६तिमीहरूलाई
थाहाँ छ, त्यस्तो विवाह गरेर सुलेमान पापमा फसे।
सबै राज्यहरूमा सुलेमान जस्तो ठूलो राजा कोही पनि
थिएन। परमेश्वरले सुलेमानलाई माया गर्नुभयो र परमेश्वरले
वहाँलाई इस्राएल देशको राजा बनाउँनु भयो। तर

विदेशी स्त्रीहरूले वहाँलाई परमेश्वरको विरूद्ध पाप गर्न
लगाए। २७अनि आज हामीहरू सुन्दैछौं कि तिमीहरूले
त्यस्तै ठूला पापहरू गरिरहेका छौं, तिमीहरूले परमेश्वरमा
साचो जीवन जीएका छैनौ। तिमीहरूले विदेशी स्त्रीहरूलाई
विवाह गरेका छौ।"

२८यहोयादा एकजाना प्रधान पूजाहारी एल्याशीबका
छोरा थिए, उसको छोरा-छोरीले होरोनी सम्बलतको
छोरीलाई विवाह गरेको थिए। मैले उसलाई म बाट
टाढ़ खेदि दिएँ।

२९मेरो पिताले त्यस्तो मानिसहरूलाई सजाए दिनुहुन्छ,
जसले अशुद्ध बनाउछन्। तिनीहरूले यसलाई प्रधानताको
मुख्य सम्झन रहोस्। तिनीहरूले पूजाहारीहरू र लेवीहरूको
आज्ञाका पालन गरेनन। ३०मैले पूजाहारीहरू र
लेवीहरूलाई विदेशीहरूबाट छुट्टाए अनि तिनीहरू
प्रत्येकलाई विदेशी कुरा देखि शुद्ध पारे तिनीहरूको
आफ्नै कामहरू अनि उत्तरदायित्वहरू दिए। ३१मैले
आज्ञा गरे कि मानिसहरूका काठको उपहारहरू अनि
अगैटे फलहरू सही समयामा नै ल्याओस्।

हे मेरो परमेश्वर, मैले यी असल कुराहरू गरेको
निम्ति सम्झना गर्नु होस्।

# एज्राको पुस्तक

### कोरसले कैदिहरूलाई फर्कनमा मद्दत गरे

१ प्रथम वर्षमा कोरेस फारस का राजा थिए।
अगमवक्ता यर्मियाह द्वारा बोलिएको परमप्रभुको
वचन पूर्ण गर्नका निम्ति परमप्रभुले फारसका राजा
कोरेसलाई उनको राज्य भरि घोषणा गर्ने प्रेरणा दिनु
भयो। कोरेसले त्यो घोषणा लेखे अनि आफ्नो राज्य
को सबै स्थानमा पढ़िदिए। त्यसमा यो भनिएको थियो:

२"फारसका राजा कोरेस यो भन्नुहुन्छ:
परमप्रभु, स्वर्गका परमेश्वरले पृथ्वीका सम्पूर्ण
राज्यहरू मलाई दिनु भएको छ, अनि उहाँले
यहूदाका यरूशलेममा उहँको निम्ति एक मन्दिर
निर्माण गर्न मलाई नियुक्त गर्नु भएको छ।
३उहाँका समस्त मानिसहरू मध्ये को तिमीहरूसित
छन्? तिनीहरूका परमेश्वर तिनीहरूका साथ रहून्।
अनि परमप्रभु, इस्राएलका परमेश्वर, जो परमेश्वर
यरूशलेम रहनुहुन्छ र उहाँको मन्दिर निर्माण गर्न
यहूदाको मानिसहरू यरूशलेममा जान सक्छन्।
४जो यहूदाहरू बस्ने सबै भूमिहरूमा बस्छन् जो
फर्किएर आए तिनीहरूलाई सुन र चाँदी, सामाग्री
अनि पशुहरू इच्छा अनुसारका भेटीहरू दिएर
यरूशलेममा परमेश्वरको मन्दिरको निम्ति सहायता
गरोस्।"

५तब यहूदा अनि बिन्यामिन कुलका अगुवाहरू अनि
पूजाहारीहरू र लेवीहरू जानलाई तयार भए। प्रत्येक
व्यक्तिलाई परमेश्वरले यरूशलेममा परमप्रभु को मन्दिर
निर्माण गर्न जानको निम्ति प्रेरणा दिनु भयो। ६तिनीहरू
का समस्त छिमेकीहरूले चाँदी द्वारा निर्मित वस्तुहरू,
सुन, माल-ताल अनि पशु-प्राणिहरूको साथै मुल्यवान
भेंटीहरू सहित सबै किसिमका स्वेच्छिक अर्पणहरू
प्रदान गरेर तिनीहरूलाई सहयोग गरे। ७राजा कोरेसले
परमप्रभुको मन्दिरका ती भाँडा-वर्त्तनहरू पनि ल्याए जो
नबूकदनेसरले यरूशलेमबाट लगेका थिए। अनि आफ्ना
देवताहरू को मन्दिरमा राखेका थिए। ८फारसका राजा
कोरेसले ती सामान कोषाध्यक्ष मिथ्रेदयलाई सुम्पिदिए।
अनि मिथ्रेदयले यहूदाका राजकुमार शेशबस्सरको निम्ति
गन्ती गरिदिए।

९यो तिनीहरूले परमेश्वरको मन्दिरमा ल्याएको
सामानको विवरण थियो:

| | | |
|---|---|---|
| | सुनका बटुकाहरू | ३० |
| | चाँदीका बटुकाहरू | १००० |
| | छुरीहरू | २९ |
| १० | सुनका सानो बटुकाहरू | ३० |
| | अन्य स-साना चाँदीका बटुकाहरू | ४१० |
| | अन्य भाड़ाहरू | १,००० |

११त्यहाँ जम्मा ५,४०० सुन अनि चाँदीका वस्तुहरू
थिए। शेशबस्सरले यी सबै चीज बीजहरू बाबेलवाट
कैदीहरूलाई यरूशलेममा ल्याउँदा ल्याएका थिए।

### फर्किर आएका कैदिहरूको सूची

२ त्यस प्रदेशका यी मानिसहरू कैदबाट फर्केका
थिए। जसलाई बाबेलका राजा नबूकदनेसरले कैदी
बनाएर बाबेलमा लगेका थिए। तिनीहरू प्रत्येक आफ्नै
शहर यरूशलेम अनि यहूदामा फर्किए। २यी मानिसहरू
ती छुन जो यरूबाबेल, येहूअ, नहेम्याह, सरायाह,
रेलायाह, मोर्दकै, बिल्शान, मिस्पार, बिग्बै अनि रहूम
बानाहरू साथ फर्कि आएका थिए। इस्राएलको प्रजाका
पुरूषहरूको सूची यो हो:

| | | |
|---|---|---|
| ३ | परोशका सन्तानहरू | २,१७२ |
| ४ | शपत्याहका सन्तानहरू | ३७२ |
| ५ | आरहका सन्तानहरू | ७७५ |
| ६ | पहत-मोआबका सन्तानहरू येशूअ अनि योआब परिवारबाट | २,८१२ |
| ७ | एलामका सन्तानहरू | १,२५४ |
| ८ | जत्तू का सन्तानहरू | ९४५ |
| ९ | जक्कैका सन्तानहरू | ७६० |
| १० | बानीका सन्तानहरू | ६४२ |
| ११ | बेबैका सन्तानहरू | ६२३ |
| १२ | अज्गादका सन्तानहरू | १,२२२ |
| १३ | अदोनीकामका सन्तानहरू | ६६६ |
| १४ | बिग्वैका सन्तानहरू | २,०५६ |
| १५ | आदीनका सन्तानहरू | ४५४ |
| १६ | आतेर सन्तानहरू हिजकियाका परिवारबाट | ९८ |
| १७ | बेजैका सन्तानहरू | ३२३ |
| १८ | योराका सन्तानहरू | ११२ |
| १९ | हाशूमका सन्तानहरू | २२३ |

२० गिब्बारका सन्तानहरू ९५
२१ बेतलेहेमका सन्तानहरू १२३
२२ नतोपाहका मानिसहरू ५६
२३ अनातोतका मानिसहरू १२८
२४ बेत-अज्माबेतका मानिसहरू ४२
२५ किर्यात-आरीम कपीरा
अनि बेरोतका मानिसहरू ७४३
२६ रामा अनि गिबा शहरका मानिसहरू ६२१
२७ मिक्मासका मानिसहरू १२२
२८ बेतेल अनि ऐका मानिसहरू २२३
२९ नेबोका मानिसहरू ५२
३० मग्बीशका मानिसहरू १५६
३१ अर्कोशहर एलाम का मानिसहरू १,२५४
३२ हारीम शहरका मानिसहरू ३२०
३३ लोब, हादीद अनि ओनो का
मानिसहरू ७२५
३४ यरीहो का मानिसहरू ३४५
३५ सेनाह शहरका मानिसहरू ३,६३०

३६यी पूजाहारीहरू:
यदायाहका सन्तानहरू योशूअका
घरबाट ९७३
३७ इम्मेरका सन्तानहरू १,०५२
३८ पहशूरका सन्तानहरू १,२४७
३९ हारीमका सन्तानहरू १,०१७

४०लेवातीहरू:
येशूअ अनि कदमीएलका
होदबियाहका सन्तानहरू ७४
४१गायकहरू:
आसापका सन्तानहरू १२८

४२मन्दिरका द्वारपालहरूका सन्तान:
शल्लूम, आतेर, तल्मोन, अक्कूब,
हतीता, अनि शोबैका सन्तानहरू १३९

४३यिनीहरू मन्दिरका सेवकहरू:
सीहाका सन्तान, हसूपका सन्तान
र तब्बाओतका सन्तानहरू।
४४ केरोसका सन्तान, सीआका सन्तान
र पादोनका सन्तानहरू।
४५ लबानका सन्तान, हगाबाका सन्तान
र अक्कूबका सन्तानहरू।
४६ हागाबका सन्तान, शल्मैका सन्तान
र हानानका सन्तानहरू।
४७ गिद्देलका सन्तान, गहरका सन्तान
र रायाका सन्तानहरू।
४८ रसीनका सन्तान, नकोदका सन्तान
र गज्जामका सन्तानहरू।
४९ उज्जाका सन्तान, पासेदका सन्तान
र बेसैका सन्तानहरू।
५० अस्नाका सन्तान, मेनिमका सन्तान
र नोपिसीमका सन्तानहरू।
५१ बक्बूकका सन्तान, हकूपाका सन्तान
र हर्हरका सन्तानहरू।
५२ बस्लूतका सन्तान, महीदका सन्तान
र हर्शाका सन्तानहरू।
५३ बर्कोसका सन्तान, सीसराका सन्तान
र तेमहका सन्तानहरू।
५४ नसीहका सन्तान अनि हतीपाका सन्तानहरू।

५५सुलेमानका सेवकहरूका सन्तानहरू:
सोतैका सन्तान र हस्सोपेरेतका सन्तान
अनि परूदाका सन्तानहरू।
५६ यालाका सन्तान, दर्कोनका सन्तान
र गिद्देला सन्तानहरू
५७ शपत्याहका सन्तान, हत्तीलका सन्तान
र पोकरेत हसबायीमका सन्तान
अनि आमीका सन्तानहरू
५८ समस्त मन्दिरका सेवकहरू अनि
सुलेमानका सेवकहरूको संख्या ३९२ थियो।

५९निम्न लिखित मानिसहरू तेल मेलह, तेल हर्शा करूब, आदान अनि एम्मेर शहरहरूबाट यरूशलेममा आएका हुन्, तर तिनीहरूका आफ्ना परिवार अनि छोरा-छोरीहरू इस्राएलका थिए भनी प्रमाण दिन सकेनन्।
६० दलायाहका सन्तान, तोबियाहका सन्तान,
अनि नकोदका सन्तानहरू ६५२ थिए।

६१अनि पूजाहारीहरूका परिवार:
हबायाहका, सन्तानहरू, हक्कोसका सन्तान अनि बर्जिलैका सन्तानबाट (एक व्यक्ति जसले गिलादी बर्जिलैका छोरीलाई विवाह गरेका थिए, अनि तिनीहरू कै नाउँ द्वारा सम्बोधन गरिथ्यो।)

६२यी मानिसहरूले तिनीहरूको परिवारिक इतिहास खोजे तर तिनीहरूले पाउन सकेनन्। यसैकारणले तिनीहरूले पूजाहरीगिरी हुनबाट अशुद्ध भैं निकालिदिए।
६३राज्यपालले तिनीहरूलाई भने कि जब सम्म ऊरीम अनि तुम्मिम उपयोग गर्न सक्ने पूजाहारी त्यहाँ हुँदैन। कुनै पनि महापवित्र चीज तिनीहरूले खान सक्ने छैनन्।
६४-६५जन समुहका तिनीहरूका सेवक सेविकाहरू ७,३३७ पुरूष सेवक अनि स्त्री सेविकाहरू बाहेक जम्मा ४२,३६० मानिसहरू थिए। अनि तिनीहरू सित

२०० पुरूष र स्त्री गायक-गायिकाहरू पनि थिए।
६६-६७तिनीहरूका। ७३६ घोड़ाहरू, २४५ खच्चरहरू,
४३५ ऊँटहरू अनि ६,७२० गधाहरू थिए।

६८सन्तानका केहि अगुवाहरू, जब यरूशलेम मा
परमप्रभुको मन्दिरमा आइपुगे। त्यो स्थानमा परमेश्वर
को मन्दिरलाई पुनर्निर्माण गर्न स्वेच्छाले भेटीहरू प्रदान
गरे। ६९तिनीहरूको योग्यतानुसार तिनीहरूले, यस कार्यका
निम्ति कोष-भण्डारलाई ५०० किलोग्राम सुन, ३,०००
किलोग्राम चाँदी, अनि पूजाहारीको निम्ती १०० अङ्ग
वस्त्रहरू दिए।

७०पूजाहारीहरू, लेवीहरू, केहि अन्य मानिसहरू,
गवैयाहरू, द्वारपालहरू अनि मन्दिरका सेवकहरू आफ्ना
शहरहरूमा बस्थे अनि सबै इस्राएलीहरू आफ्ना शहरहरूमा
बस्थे।

## वेदीको पुर्नस्थापना

**३** जब सातौं महीना आयो अनि इस्राएलका मानिसहरू
तिनीहरूको शहरहरूमा थिए, समस्त मानिसहरू
यरूशलेममा एकै साथ भेला भए। २योसादाकको छोरा
येशूअ अनि तिनका संगी पूजाहारी र शालतीएलका
छोरा यरूबाबेल अनि तिनका मानिसहरूले इस्राएलका
परमेश्वरको बेदी पुन निर्माण गर्न शुरू गरे, जसमा कि
तिनीहरूले, परमेश्वरका मानिस मोशाको निर्देशनमा
लेखिए जस्तै गरी त्यसमा होमबलिहरूको बलिदान
अर्पण गर्न सकुन्।

३तिनीहरूले त्यो वेदी त्यसको खास घड़ेरीमा निर्माण
गरे किनभने तिनीहरू आफ्ना वरिपरिका मानिसहरूसित
डराएका थिए। अनि तिनीहरूले त्यसमा विहान बेलुकी
दुवै पटक अर्पणहरू होमबलि बलिदान चढ़ाए। ४तब
तिनीहरूले छाप्रो बासको चाड़ नियममा लेखिए अनुसार
मनाए। तिनीहरूले चाड़को प्रत्येक दिनको निम्ति
आवश्यक अनुसार ठीक संख्यामा होमबलि अर्पण
गरे। ५अनि त्यसपछि तिनीहरूले नियमित होमबलिहरू
र तोकिएका दिनमा परमप्रभुका तोकिएका सबै पवित्र
उत्सवका निम्ति अर्पणहरू चढाए। अनि तिनीहरूले
परमप्रभुलाई स्वेच्छाले बलिदानहरू अर्पण गरे। ६सातौ
महिनाको पहिलोदिन परमप्रभुलाई होमबलि चढ़ाउन शुरू
गरे।

## मन्दिरको पुनर्निर्माण

७यद्यपि तिनीहरूले त्यसबेला सम्म परमप्रभुको मन्दिरको
जग बसाएका थिएनन्। तब तिनीहरूले (मानिसहरू जो
फर्की आएका थिए) डकर्मीहरूलाई सिकर्मीहरूलाई
पैसा दिए भोजन, पिउने पदार्थ अनि भद्राक्षेको तेल
सीदोन र सोरका मानिसहरूलाई दिए जसद्वार तिनीहरूले
लबानोन समुद्र द्वारा योप्पामा देवदारका मूढ़ाहरू ल्याउनेछन्।
फारसका राजा कोरेसको अनुमति लिएर यसो गरियो।
८दोस्त्रोवर्षको दोस्रो महिनामा शालतीएलका छोरा यरूबाबेल
अनि योशादाकका छोरा येशूअले आफ्ना अन्य मानिसहरू,
पूजाहारीहरू, लेवीहरू कैदबाट यरूशलेममा परमप्रभुको
मन्दिरमा आए पछि यरूशलेम आउनेहरूले एकसाथ
काम शुरू गरे। ९परमप्रभुको मन्दिर निर्माण कार्यको
निरीक्षकको रूपमा काम गर्नका निम्ति २० वर्ष
अधिक उमेरका लेवीहरूलाई नियुक्त गरे। येशूअ,
तिनका छोराहरू अनि तिनका दाज्यू-भाइहरू, कदमीएल
अनि तिनका छोराहरू (यहूदाका सन्तानहरू) बिन्नूई
होदबियाहका छोराहरू अनि नातीहरू र तिनीहरूका
भाइहरू-लेवीहरूसंग परमेश्वको मन्दिरमा काम गर्नेहरूको
निरक्षण गर्न सहमत भए। १०जब निर्माणकर्त्ताहरूले
परमप्रभुको मन्दिरको जग बसाए तब पूजाहारीहरूले
आफ्ना विशेष वस्त्र लाएर हातमा तुरही लिए अनि
लेवीहरूले आफ्ना झ्याम्टाहरूको साथ, इस्राएलका
राजा दाऊदको निर्देश अनुसार परमप्रभुको स्तुति गर्न
आफ्नो स्थान ग्रहन गरे। ११आनि तिनीहरूले प्रत्युत्तर
गीतहरू, स्तुतिगीत अनि परमप्रभुको स्तुति गरे किनभने,
उहाँ भलो हुनुहुन्छ।

१२"किनभने इस्राएल प्रति उहाँको विश्वासमय प्रेम
सदा-सर्वदा रहिरहन्छ।" गाए अनि समस्त मानिसहरू
परमप्रभुको स्तुति गर्न जोड़ले कराए, किनभने परमपभुको
मन्दिरको जग बसालिएको थियो। तर धेरै अगुवा
पूजाहारीहरू, लेवीहरू अनि कुलका अगुवाहरू जस्ले
अघिको मन्दिर देखेका थिए, ती रोए। १३जब तिनीहरूले
यो मन्दिरको जग बसालिएका देखे। यद्यपि धेरै खुशीले
जोड़ सँग कराए। यसर्थ कसैले पनि खुशीको कराई
अनि रूवाइको आवाज छुट्याउन सकेनन्। किनभने
मानिसहरूले यति साह्रो हल्ला मच्चाइरहेका थिए कि
त्यो आवाज टाड़ा-टाड़ा सम्म सुनिन्थ्यो।

## मन्दिर पुनर्निर्माण गरेकोमा शत्रुहरूको विद्रोह

**४** जब यहूदा अनि बिन्यामीनका शत्रुहरूले सुने कि
कैदीहरूले परमप्रभु, इस्राएलका परमेश्वरको मन्दिर
पुनर्निर्माण गदैछन्। २तिनीहरू यरूबाबेल, "कुलका
अगुवाहरू कहाँ आए। अनि तिनीहरूलाई भने।
हामीहरूलाई निर्माण गर्न र तिमीहरूलाई सहायता गर्न
देऊ, तिमीहरूले जस्तै हामी पनि तिमीहरूका परमेश्वरको
प्रार्थना गर्छौं अनि हामीहरू अश्शूरका राजा एसरहद्दोनको
समयदेखि बलिदान अर्पण गरिरहेका छौ जसले हामीहरूलाई
यहाँ ल्याए।"

३तर यरूबाबेल येशूअ अनि इस्राएल का अन्य
कुलका अगुवाहरूले तिनीहरूलाई भने, "हाम्रो परमेश्वरको
मन्दिर निर्माण गर्न हामीलाई तिमीहरूले सहायता गर्नुपर्दैन।
किनभने फारसका राजा कोरेसले हामीलाई आदेश गर्नु
भए अनुसार परमप्रभु, इस्राएलका परमेश्वरका निम्ति
हामीले मात्र मन्दिरको निर्माण गर्ने छौ।"

४यस प्रकारले ती वरिपरिका मानिसहरूले यहूदाका मानिसहरूलाई हतोत्साह पारे अनि मन्दिर निर्माण गर्न तिनीहरूलाई भयभीत तुल्याए। ५फारसका राजा कोरेसको समयभरि, राजा दाराले शासन नगरे सम्म ती यहूदी मानिसहरू।

६अहासूरसको शासनकालको शुरूमा तिनीहरूले यहूदा अनि यरूशलेममा बस्ने यहूदीहरूको विरूद्ध एउटा अभियोग पत्र लेखेर पठाए।

### यरूशलेम पुन: निमार्ण गरेकोमा शत्रुहरूको विरुद्ध

७अनि आर्ट-जारसेज* समयमा बिशलाम, मित्रदात, तोबेल अनि आफ्ना अन्य सहयोगीहरूले फारसका राजा आर्ट-जारसेजलाई कागजमा लेखेको पत्र आरामी लिपिमा* थियो, अनि अरमी भाषामा नै अनुवाद गरिएको थियो।
८उच्च आयुक्त रहूम, अनि शिम्शै, सचिवले यरूशलेमको विरूद्ध राजा आर्ट-जारसेजलाई एक पत्र यसरी लेखे:

९उच्च आयुक्त रहूम अनि शिम्शै सचिव र तिनिहरूका अन्य सहयोगिहरू, न्यायधीशहरू, आयुक्तहरू, फारसीहरू, एरेकहरू, बाबेल अनि शूशनका मानिसहरू अथवा एलामीहरू अनि अन्य मानिसहरू जसलाई महान अनि प्रख्यात अस्सूरबनिपालले तिनीहरूका देशबाट निकालेका
थिए। १०अनि सामरियाको शहरहरू र प्रदेशका नदीपारि अन्य स्थानमा बसेका थिए। यो, तिनीहरूले उनलाई पठाएका पत्र को एक प्रतीलिपि हो।

११राजा आर्ट-जारसेज प्रति, तपाईंका सेवकहरू, नदी पारिको प्रदेशका मानिसहरू द्वारा।

१२अब: राजालाई यो ज्ञानहोला कि यहूदीहरू जो तपाई बाट हामी कहाँ आएका थिए यरूशलेम गएका छन्। तिनीहरूले बागी अर्थात दुष्ट शहर पुनर्निर्माण गरिरहेछन्। तिनीहरूले पर्खालहरू पुनर्निर्माण गरिरहेछन् तिनीहरूले जग निर्माण गरिरहेछन्।

१३अब, राजाले यो कुरा जान्न सकून कि यदि त्यो शहरको पुनर्निर्माण भयो भने र त्यसका पर्खालहरू पूर्ण भए भने तिनीहरूले कुनै किसिमका तिरोहरू तिर्नेछैनन्। आखिरमा यसले राज्यसत्त प्रति हानी पुर्‍याउनेछ।

१४अहिले, हामीले राजा प्रति स्वामीभक्त हुने वचन दिएकाछौ। यसकारण राजा प्रति अपमान भएको हेर्नु हाम्रो निम्ति उचित होइन। यसैकारण कारण हामीले राजालाई सूचित गर्न यो समाचार पठायौं।

१५जसमा कि तपाईका पिता-पुर्खाहरूका अभिलेखमा खोजि गरियोस्। यी अभिलेखहरूमा तपाईंले यो पाउनुहुनेछ अनि जान्नु हुनेछ कि त्यो एक बागी शहर हो। एक शहर जसले राजाहरू अनि देशहरू प्रतिघात् पुर्‍याउँछ धेरै अघि देखिनै त्यो देश भित्र विद्रोह भईराइराखेको छ। यसैकारणले गर्दा त्यो शहर ध्वंश भएको थियो।

१६हामी राजालाई यो सूचित गर्दछौं, कि त्यो शहरको पुनर्निर्माण भयो अनि त्यसका पर्खालहरू को निर्माण भयो भने यूफ्रेटिस नदीको पश्चिमी सीमानापारी तपाईं को अधिकार रहने छैन।

१७राजाले यो सन्देश पठाए:

रहूम, उच्च आयुक्त अनि शिम्शै सचिव अनि तपाईंहरूका अन्य सरकारी मानिसहरू जो सामरियामा बस्छन् नदी पारिका अन्य प्रदेशहरू प्रति: अभिवादन।

१८अब: तिमीहरूले हामिलाई पठाएको पत्र मेरा समक्ष पढ़ियो र अनुवाद गरियो। १९मैले
एक आदेश दिए अनि खोज-तलाश गरियो तिनीहरूले यो थाहा पाए कि त्यो शहरले धेरै अधि देखि राजाहरूको विरूद्ध राजद्रोही गरेकोछ। त्यहाँ अवज्ञाकारि राजद्रोहीहरूको उपस्थित छ। २०त्यहाँ
यरूशलेममा शक्तिशाली राजाहरू थिए अनि जसले नदी पारिका समस्त प्रदेशहरू नियन्त्रण गरे। अनि सबै किसिमका तिरोहरू तिनीहरूलाई तिरिन्थ्यो।

२१अब, यी यहूदी मानिसहरूलाई काम रोक्नु भनि आदेश देऊ जसमा कि मैले त्यसो गर्ने आज्ञा न दिएसम्म त्यो शहरको पुनर्निर्माण गरिनेछैन।
२२यस कुरालाई नल्याइयोस। त्यसमा सावधान रहनु जस द्वारा राजकीय-रूचीप्रति अझ अधिक क्षति हुनेछैन।

२३रहूम, सचिव शिम्शै अनि तिनीहरूका सरकारी मानिसहरू राजा आट समर्क्ष जारसेजको पत्र पढ़िन साथै तिनीहरू तुरून्तै यरूशलेममा यहूदीहरू कहाँ गए। अनि बल एवं शक्तिद्वारा तिनीहरूले कामदारलाई काम बन्द गर्न लाए।

### मन्दिरको काम स्थगित

२४तब यरूशलेममा परमेश्वरको मन्दिर निर्माण कार्य रोकियो अनि त्यो कार्य फेरी फारसका राजा दाराको शासन कालको दोस्रो वर्ष* नभए सम्म शुरू भएन।

५ अहिले अगमवक्ता हाग्गै अनि इद्दोको छोरा जकर्याहले यहूदा अनि यरूशलेमका यहूदीहरूलाई

**आर्ट-जरासेज** फारस का राजा प्राय: ४६५-४२४ ख्री-पू। तिनी जर्जकस का छोरा थिए।

**अरामी लिपि** बेबिलोनीया साम्राज्य को अफिसीय भाषा।

**दोस्रो वर्ष** मतलब ५२० ख्री पू ।

इस्राएलका परमेश्वर-जो तिनीहरूमा थिए। परमेश्वरको
नाउँमा अगम वाणी गरे। २तब शालतीएलका छोरा
यरूबाबेल अनि योशादाकका छोरा येशूअ यरूशलेममा
मन्दिर पुनर्निर्माण गर्न अग्रसर भए। परमेश्वरका
अगमवक्ताहरू तिनीहरूको साथ थिए। अनि तिनीहरूलाई
सहयोग गरे। ३त्यसबेला यूफ्रेटिस नदि पारि पश्चिमको
प्रदेशमा राज्यपाल थिए। तात्तनै शत्तर-बोज्नै अनि
तिनीहरूका सहयोगीहरूले तिनीहरू कहाँ आए अनि
तिनीहरूलाई सोधे: "यो मन्दिरको पुनर्निर्माण गर्न अनि
पुन:स्थापना गर्नु भनी तिमीहरूलाई कसले अनुमति
दियो?" ४त्यसपछि तिनीहरूलाई यो पनि भने, "ती
मानिसहरूका नाउँ के, के हुन् जसले यो भवन निर्माण
गरिरहेकाछन्?"

५तर परमेश्वरले यहूदीहरूका अगुवाहरूलाई हेरिरहनु
भएको थियो। अनि दारालाई वृत्तान्त पठाइएको बेला
तिनीहरूलाई कामगर्नबाट तिनीहरूले रोकेनन्, अनि यस
सम्बन्धि एक लिखित आदेश फिर्ता पठाइँदै थियो।

६यो नदी पारि यूफ्रेटिस नदीको पश्चिम को प्रदेशका
राज्यपाल तत्तनै अनि शत्तर-बोज्नै र तिनीहरूका
सहकारिहरू, नदीपारीको प्रदेशका निरीक्षकहरूले राजा
दारालाई पठाएको पत्रको प्रति हो। ७तिनीहरूले तिनलाई
एक वृत्तान्त पठाए अनि त्यसमा यी कुराहरू लेखिएको
थियो:

राजा दारा प्रति: सम्पूर्ण अभिवादन!

८यो कुरा राजालाई अवगत होस् कि हामी
महान परमेश्वरको मन्दिर यहूदा प्रदेशमा गयौ,
अनि विशाल शिला खण्ड द्वारा यसको पुनर्निर्माण
हुँदैथियो, काठका बीमहरू पर्खालहरूमा लगाइँदै
थियौ यो काम सरासरी गरिँदै थियो। तिनीहरूको
हातबाट राम्ररी काम भईरहेको थियो।

९तब हामीले यी अगुवाहरूलाई यसप्रकारले
प्रश्न गर्‍यौं हामीले तिनीहरूलाई भन्यौ, "तिमीहरूलाई
यो परमेश्वरको मन्दिर पुन निर्माण गर्न अनि यो
भित्ताको काम पुरा गर्न कसले अनुमति दियो?"
१०हामीले तिनीहरूलाई उनीहरूको नाउँहरू पनि
सोध्यौ जसद्वारा हामी तपाईंलाई यो सूचित गर्न
सकौंकि हामी ती मानिसहरूका अगुवाहरूको
थिए नाउँ लेख्न सकौं। ११तिनीहरूले हामीलाई
यस प्रकारले जवाफ दिए:

"हामी स्वर्ग अनि पृथ्वीका परमेश्वरका सेवकहरू
हौ हामीले त्यो मन्दिरको पुनर्निर्माण गरिरहेछौ जो
धेरैं वर्ष अघि बनिएको थियो जसलाई इस्राएलका
एक महान राजाले निर्माण गरी पूर्ण गरेका थिए।
१२किनभने हाम्रा पूर्खाहरूले स्वर्गका परमेश्वरलाई
क्रोधित तुल्याएका हुनाले उहाँले तिनीहरूलाई
बाबेलका राजा नबूकदनेसर, चलदियनकोहातमा
सुम्पिनु भयो, अनि तिनले यो मन्दिरलाई तोड़ि
दिए र बाबेलमा कैदी बनाए ती मानिसहरूलाई
लगे। १३तर बाबेलका राजा कोरेस को प्रथमवर्षमा,
यो परमेश्वरको मन्दिरलाई पुनर्निर्माण गर्ने आदेश
दिए। १४परमेश्वरको मन्दिरमा भएका सुन र
चाँदीका भाँड़ा-वर्त्तन, थालहरू जो नबकदनेसरले
यरूशलेमको मन्दिरबाट हटाएर बाबेलको मन्दिरमा
राखेका थिए, राजा कोरेसले ती सबै बाबेलको
मन्दिरबाट निकाले अनि शेशबस्सर नाउँ गरेका
मानिसलाई दिए, जसलाई तिनले प्रशासक नियुक्त
गरेका थिए।

१५अनि कोरेसल शेशबज्जरलाई भने, "यो
बस्तुहरू लैजाउ यरूशलेमको मन्दिरमा राख अनि
परमेश्वरको मन्दिरको, त्यसको खास स्थानमा
पुनर्निर्माण होस्।"

१६त्यसपछि शेशबस्सर आए अनि यरूशलेममा
परमेश्वरको मन्दिरको जग बसाले। त्यस समयदेखि
अहिलेसम्म यसको पुनर्निर्माण कार्य चलिरहेको
छ, तर अझ सम्म सम्पूर्ण भएकोछैन।"

१७अब, यदि राजालाई इच्छा लाग्छ भने
बाबेलको राज अभिलेखमा खोज-तलाश गरियोस
कि यरूशलेममा परमेश्वरको त्यो मन्दिरको पुनर्निर्माण
गर्ने आदेश राजा कोरेसले दिएका थिए भन्ने कुरा
सत्य हो कि होइन भनी हेर्नलाई अनि त्यस पछि
यस विषयमा राजाले उनको इच्छा हामी कहाँ
पठाउन्।

## दाराको आदेश

६ तब राजा दाराले एक आदेश जारिगरे अनि
तिनीहरूले बाबेलमा जहाँ कोष भण्डार गरिएका
थिए, त्यहाँ अभिलेखाको खोज-तलाश गरे। २तर मादी
प्रदेशमा राज वासस्थान-एक्बातानामा एक मुठा चर्मपत्र
भेट्टाए त्यसमा यस्तो लेखिको थियो:

स्मारिका: ३राजा कोरेसको प्रथम वर्षमा, राजा
कोरेसले यरूशलेममा परमेश्वरको मन्दिर सम्बन्धी
एक आदेश दिए।

मन्दिर त्यस स्थानमा पुनर्निर्माण होस् जहाँ
तिनीहरूले बलिदानहरू अर्पण गर्थे अनि यसको
घड़ेरीमा जग उचालियोस्। ४यसको उचाइ ९०
फीट चौड़ाइ ९० फिट हुनेछ। विशाल शिला
खण्डका तीन पत्र अनि काठका बीम एक पत्र
सहित त्यस को खर्च राज कोषबाट दिइनेछ।
५परमेश्वरको मन्दिरका सुन, चाँदी, भाड़ा-वर्त्तनहरू
पनि जो नबूकदनेसरले यरूशलेमको मन्दिरबाट
लगेका थिए, अनि बाबेलमा ल्याएका थिए
फर्काइ ल्याउनु पर्छ, र यरूशलेमको मन्दिर
त्यसको आफ्नो स्थानमा राखिनु पर्छ। अनि
त्यसलाई परमेश्वरको मन्दिरमा राखिनु पर्छ।

६अब तिमी, यूफ्रेटिस नदीपारी, पश्चिमको प्रदेशका प्रशासक तत्तनै अनि शत्तर-बोज्नै, अनि तिनीहरूका सरकारी मानिसहरू, नदीपारीको प्रदेशका निरीक्षकहरू, त्यहांबाट टाढ़ा बसे परमेश्वरको मन्दिरको काममा दिक्दारी नदेऊ।
७यहूदीहरूका प्रशासक अनि यहूदीहरूका धर्मगुरूलाई त्यसको खास स्थानमा परमेश्वरको र मन्दिर पुनर्निर्माण गर्न देऊ। अब, परमेश्वरको त्यो मन्दिर को पुन निर्माण गर्दा यी यहूदी धर्मगुरूहरूका निम्ति तिमीहरूले के गर्नु पर्छ

८त्यस सम्बन्धमा यो आदेश दिन्छु परमेश्वरको मानिस: निर्माण कार्यमा यी मन्दिरको खर्च पुर्णरूपले राज कोषबाट-नदीपारीको प्रदेशका तिरोहरूबाट-तिरीनेछ-जसमा कि
९तिनीहरूले काम रोक्न नसकुन। बाछाहरू, भेड़ाहरू वा धुपहरू स्वर्गका परमेश्वरका निम्ति के चीज खाँचो छ गहुँ, नून, दाखरस वा तेल जेपनि यरूशलेमका पूजाहारीहरूले निवेदन गरून।
१०ती दिनेछु नबिराइकन तिनीहरूलाई दिइयोस् जसमा कि तिनीहरूले सुबास युक्त बलिदानहरू स्वर्गका परमेश्वरलाई अर्पण गर्न सकुन् अनि राजा र उनका। छोराहरूको जीवनका निम्ति प्रार्थना गरून्।

११म आदेश दिन्छु, कि यदि कसैले यो आदेशको अवहेलना गरे उसको घरबाट एउटा खम्बा निकालेर उसलाई यसमा ठाड़ै भुण्डाउनु पर्छ। र पिट्नु पर्छ अनि त्यसको घरलाई ध्वंशावशेषको राश तुल्याउनु पर्छ।

१२आफ्नो नाउँलाई त्यहाँ बसाउनु हुने यरूशलेमका परमेश्वरको त्यो मन्दिर नष्ट गर्नका निम्ति यो आदेशलाई अवज्ञा गर्ने प्रयास गर्ने कुनै राजा वा मानिसलाई परास्त गरून्।

म, दाराले यो आदेश गरेकोछु। यसलाई सावधानीपूर्वक चाँड़ो पालन गरियोस्।

## मन्दिरको निर्माको समाप्ति र समर्पण

१३तब, यूफ्रेटिस नदीको पश्चिमको प्रदेशका प्रशासक तत्तनै, अनि शत्तर-बोज्नै र तिनीहरूका सरकारी मानिसहरूले राजा दाराले आदेश दिए जस्तै गरे।
१४यहूदीहरूका धर्मगुरूहरू अगमवक्ता हाग्गै अनि इद्दोका छोरा जकर्याह अगमवाणिको रेखदेखमा निर्माण कार्य सफलता पुर्वक गर्दै गए। इस्राएलका परमेश्वरको आदेश कोरेस, दारा।
१५अनि आर्ट-जारसेज फारसका राजाहरूको आदेश द्वारा तिनीहरूले निर्माण कार्य पूर्ण गरे। यसरी यो मन्दिर राजा दाराको* शासनकालको छैटौ वर्षको अदार* महीनाको तेस्रो दिन पुर्ण गरियो।

१६त्यस पछि इस्राएलका मानिसहरू, अनि लेवीहरू र अन्य फर्किआएका कैदीहरूले परमेश्वरको यो मन्दिरको समर्पणको उत्सव खूबै हर्षसाथ मनाए।

१७परमेश्वरको मन्दिरको समर्पणको निम्ति तिनीहरूले १०० साढ़े, २०० भेड़ा, ४०० थुमा अनि समस्त इस्राएलको पवित्रिकरण-अर्पणका निम्ति, इस्राएलका प्रत्येक कुलबाट एक-एक गरी १२ वटा बोका अर्पण गरे।
१८तिनीहरूले यरूशलेममा परमेश्वरको मन्दिरमा सेवाका निम्ति मोशाको पुस्तकमा लेखिए अनुसार पूजाहारीहरूलाई र तिनीहरूका विभागमा अनि लेवीहरूलाई तिनीहरूका वर्गमा स्थापित गरे।

## प्रवेश

१९यहूदीहरू जो कैदबाट फर्केर आएका थिए, तिनीहरूले पहिलो महीनाको चौधौ दिनमा निस्तार चाड़ मनाए।
२०किनभने सबै पूजाहारीहरू अनि लेवीहरूले स्वयंलाई शुद्ध पारेका थिए। तिनीहरू सबै स्वच्छ थिए। यसकारण तिनीहरूले कैदबाट फर्केर आउने सबै यहूदीहरू अनि तिनीहरूका पूजाहारीहरू, अनि तिनीहरूस्वयंका निम्ति निस्तार थुमा मारे।
२१कैदबाट फर्केर आउने इस्राएली मानिसहरूले निस्तार भोज खाए जसरी परमप्रभु इस्राएलका परमेश्वरको आराधना गर्नका निम्ति जसले स्वयंलाई देश तथा राष्ट्रहरूको अस्वच्छ पनबाट अलग पारेर तिनीहरूसित मिल्नेहरूले गरेका थिए।
२२तिनीहरूले सात दिनसम्म खुबै आनन्द सित अखमिरी रोटीको उत्सव मनाए। किनभने परमप्रभुले तिनीहरू प्रति अश्शूरका राजाको* मन परिवर्त्तन गरिदिनु भएर, तिनीहरूलाई खुशी तुल्याएका थिए, जसद्वारा तिनले परमप्रभु, इस्राएलका परमेश्वरको मन्दिरको कार्यमा सहयोग दिए।

## एज्रा यरूशलेमा आए

७ फारसका राजा आर्टा-जारसेजको को शासनकालमा, यी कुराहरू पछि एज्रा बाबेलबाट यरूशलेममा आए। एज्रा सरायाहका छोरा, अजर्याहका छोरा, हिल्कियाहका छोरा।
२हिल्किया शल्लूमका छोरा, शल्लूम सादोकका छोरा, सादोक।
३अहीतूबका छोरा, अहीतूब अमर्याहका छोरा, अमर्याह, अजर्याहका छोरा, अजर्याह मरायोतका छोरा।
४मरायोत, जरहियाहका छोरा, जरहियाह उज्जीका छोरा थिए। उज्जी बुक्कीका छोरा थिए।
५बुक्की अबीशूअका छोरा थिए, अबीशूअ पीनहासका छोरा थिए, पीनहास एलाजारका छोरा थिए, एलाजार मुख्य पूजाहारी हारूनका छोरा थिए।

---

**दारा** हैटौवर्ष ५१५ खृ पू ।

**अदार** फर्वरी-मार्च, केहि प्राचीन लेखकहरू (१ एस्दर) या २३ सौ अदार छ।

**अश्शूरका राजा** यसको अर्थ शायद फारस का राजा दारियस हो।

६एज्रा बाबेलबाट यरूशलेम आए अनि तिनी मोशाको
व्यवस्थाको विषयमा राम्रो ज्ञान भएका शिक्षक* थिए।
जो परमप्रभु इस्राएलका परमेश्वरले इस्राएललाई दिनु
भएको थियो। अनि राजाले एज्रालाई उसले चाहेका
हरेक बस्तु दिए किनकि परमप्रभु उसका परमेश्वरले
उसलाई सहायता गर्दै थिए। ७इस्राएलका केही मानिसहरू
केही पूजाहारीहरू, लेवीहरू गवैयाहरू, द्वारपालहरू,
मन्दिरका सेवकहरू। ८राजा आर्ट-जोरसेजको शासनको
सातौ वर्षमा यरूशलेमसम्म आए। ९उनी यरूशलेममा
राजाको सातौ वर्षको पाचौ महिनामा आए किनभने
उनले पहिलो महिनाको पहिलो दिनमा भानेन बाबेल
छाड़े अनि पाँचौ महिनाको पहिलो दिनमा यरूशलेम
आए किनभने उनलाई उनका परमेश्वरले सहायता
गर्दैथिए। १०किनकि एज्राले स्वयंलाई परमप्रभुको शिक्षको
अध्यायन गर्नमा अनि त्यसलाई व्यवहारम परिणत गर्नमा
इस्राएलमा त्यसका सम्बन्धि अध्यादेशहरू अनि कानून
सिकाउनमा आफूलाई समर्पण गरेका थिए।

## राजा आर्ट-जारसेजले एज्रालाई पत्र पठाए

११यो पत्रको प्रतिलिपि हो, जो राजा आर्ट-जारसजले
पूजाहारी लेखेक अनि परमप्रभुबाट विधिका गरु, एज्रा
अनि उसका नियमहरू इस्राएललाई दिएका थिए।

१२आर्ट-जारसेज, स्वर्गका परमेश्वरका राजाहरूका
राजा,
व्यवस्थाका विद्वान पूजाहारी एज्रा प्रति:
अभिवादन! १३अब-म यो आदेश दिँदछु कि
मेरो राज्यमा कोहि पनि इस्राएलका मानिसहरू वा
तिनीहरूका पूजाहारीहरू वा लेवीहरू स्वेच्छाले
तिमीसित यरूशलेममा जान चाहन्छ भने जानसक्छन्।
१४तिमीलाई राजा अनि उनका सातजना
सल्लाहकारहरू परमेश्वरको व्यवस्थाको विषयमा
हेर्न पठाएको छ जुन चाहि तिम्रो हात यहूदा अनि
यरूशलेममाथि छ।
१५तिमीलाई राजा र उनका सलाहकाहरूले
इस्राएलका परमेश्वर, जसको मन्दिर यरूशलेममा
छ, मुक्त रूपले अर्पण गरेका सुन र चाँदीहरू
लिन पठाएका हुन साथै यरूशलेममा तिनीहरूका
परमेश्वरको मन्दिरको निम्ति मानिसहरू अनि
पूजाहारीहरूले गरेका। १६स्वेच्छिक अर्पणहरू सहित
बाबेल प्रदेश भरि तिमीले प्राप्त गर्न सकेका सुन
र चाँदीहरू लानु।
१७त्यसकारण, तिमीले यो पैसाले निर्दिष्ट रूपमा
साँढ भेड़ा, थुमाहरू अनि अन्नवलि एवं अर्धबलि
किन्नु पर्छ, अनि तिमीले ती यरूशलेममा तिम्रो
परमेश्वरको मन्दिरको बेदीमा अर्पण गर्नुपर्छ।
१८बाँकी रहेका सुन अनि चाँदी द्वारा तिम्रो
परमेश्वर को इच्छा अनुसार तिमी अनि तिम्रा
यहूदी भाइहरूका निम्ति के गर्दा राम्रो हुन्छ त्यही
गर्न सक्ने छौ। १९तिम्रा परमेश्वरकको उपासनाका
निम्ति तिमीलाई प्रदान गरिएका भाँड़ा-वर्त्तनहरू
तिमीले यरूशलेमको मन्दिरमा परमेश्वरको समक्ष
राख्नुपर्छ। २०अनि तिम्रा परमेश्वरको मन्दिरका
निम्ति चाहिएका अन्य चीज-बीजहरू, जसको
प्रबन्ध गर्ने जिम्मावारी तिम्रोहो तिमीले राज खजानाबाट
प्रबन्ध गर्न सनेछौ।
२१म, राजा आर्ट-जारसेजले यो आदेश पनि
ती कोषाध्यक्षहरूलाई दिदंछु जो यूफ्रेटिस नदीपारिका
प्रदेशमा छन् कि पूजाहारी, स्वर्गका परमेश्वरका
एक विद्वान एज्राले जे भने पनि त्यसलाई पुर्ण
परिश्रम सहित गरे। २२ ३४००किलो ग्राम चाँदी,
२५0 मूरी गहुँ, २२,००० लीटर दाखरस २२,०००
लीटर। भद्राक्षेको तेल अनि चाहियजती नुन समेत
पुर्णरूपले तुरून्तै दिनु। २३स्वर्गका परमेश्वरले
गर्नु भएको जेसुकै आदेश पनि पुर्णरूपले तुरून्तै
गर्नु। परमेश्वरको मन्दिरको निम्ति सम्पुर्ण परिश्रमले
गर्नु जसमा कि परमेश्वरको क्रोध राजा अनि
उनका छोराहरूका राज्य माथि पर्न नओवस्।
२४हामी तिमीहरूलाई सुचित गछौ, कि समस्त
पूजाहारीहरू लेवीहरू, गायकहरू, द्वारपालहरू,
मन्दिरका सेवकहरू अनि परमेश्वरको यो मन्दिरका
अन्य सेवकहरूले कुनै प्रकारका तिरो तिर्नु पर्ने
छैन। २५अनि एज्रा, तिमीसित भएका तिम्रा
परमेश्वरका ज्ञान अनुसार तिमीले नदीपारीको प्रदेशका
मानिसहरूको न्याय गर्न न्यायकर्त्ता अनि हाकिमहरूको
नियुक्ति गर्नु जसले तिम्रो परमेश्वरको व्यवस्था
जान्दछन्। अनि जसले जान्दैनन्, तिनीहरूलाई
तिमीले सिकाउने छौ। २६जसले तिम्रा परमेश्वरका
व्यवस्था अनि राजाका व्यवस्थाको पालन गर्दैन
त्यसमाथि मृत्यु वा देश निकाला द्वारा वा जरिमाना
कित कारावास पुर्णरूपले पुर्ण परिश्रम द्वारा तुरून्तै
न्याय गरियोस।

## एज्राबाट परमेश्वरको महिमा

२७परमप्रभु, हाम्रा पुरर्खाका परमेश्वरको स्तुति गर।
उसले राजा र यरूशलेमका परमप्रभुको मन्दिरलाई यस
प्रकारले सम्मानित गर्ने तुल्याए।
२८अनि उसले मलाई राजा, तिनका सलाहकार
अनि राजाका प्रमुख अधिकारीहरूका उपस्थितिमा उसको
प्रेम दर्शाए। परमप्रभु, मेरा परमेश्वरले मलाई सहायता
गरिरहनु भएको हुनाले म उत्साहित भएको छु। अनि

---

**शिक्षक** यो व्यक्तिले पुस्तक हरूको प्रतिलिपि बनाउँथे। यी मानिसहरूले ती पुस्तकहरू अध्ययन गरेर शिक्षक भए।

म संघ यरूशलेमसम्म जानका निम्ति इस्राएलका
अगुवाहरूलाई एकत्रित गरें।

## एज्रासंग फर्केर आउने अगुवाहरूको सूची

८ यी तिनीहरूका विस्थापित कुल वंशाका अगुवाहरू
ती हुन् जो राजा आर्ट-जारसेज को शासनकालमा
मसंग बाबेलदेखिमाथि गए। २पीनहासका कुलका: गेर्शोम,
ईतामारका कुलबाट: दानियेल दाऊदका कुलबाट:
३शकन्याहका कुलका, हत्तूश परोशका कुलबाट: जकर्याह
अनि तिनी सित सूची भएका १५० मानिसहरू थिए।
४पहत-मोआबका कुलबाट: एल्याहोएनै, जरहियाहका
छोरा अनि तिनीसित २०० मानिसहरू। ५जत्तूका
कुलहरूबाट: यहजीएलका छोरा शकन्याह अनि तिनी
सित ३०० मानिसहरू। ६आदीनका कुलबाट: जोनाथनका
छोरा एबेद अनि तिनी सित ५० मानिसहरू। ७एलमाका
कुलबाट: अतल्याहका छोरा यशयियाह अनि तिनी सित
७० मानिसहरू। ८शपत्याहका कुलबाट: मीकाएलका
छोरा जबदियाह अनि तिनी सित ८० मानिसहरू।
९योआबका कुलबाट: यहीएलका छोरा ओबदियाह अनि
तिनीसित २१८ मानिसहरू। १०बानीका कुलबाट:
योसिपियाहका छोरा शलोमीत अनि तिनीसित १६०
मानिसहरू। ११बेबैका कुलबाट: बेबैका छोरा जकार्याह
अनि तिनीसित २८ मानिसहरू। १२अज्गादका कुलबाट:
हक्कातान छोरा योहानान अनि तिनीसित ११० मानिसहरू।
१३आखिरी चाँहि अदोनीकाम, सन्तानबाट थिए तिनीहरूका
नाउँ: एलीपेलेत, यीएल र शमायाह तिनीहरूसित ६०
मानिसहरू थिए। १४बैग्बै कुलबाट: उत्तै अनि जब्बूद
अनि तिनीहरू सित ७० मानिसहरू थिए।

## यरूशलेमा फर्कीएका

१५मैले तिनीहरूलाई नदीको छेउमा भेला गरें जो
अहवातर्फ बग्छ, हामी त्यहाँ छाउनी लगएर तीन
दिनसम्म बस्यौ। मैले ती मानिसहरू अनि पूजाहारीहरूलाई
हेरे तर मैले त्यहाँ कुनै लेवीहरूलाई देखिन। १६यसकारण
मैले एलाजार, अरीएल, शमायाह, एल्नातान, यारीब,
एल्नातान, नातान, जकर्याह र अश्शूलाम, जो अगुवाहरू
अनि योयारीब र एल्नातानहरूलाई बोलए तिनीहरू
बुझ्कि मानिस थिए। १७अनि मैले तिनीहरूलाई
कासिपियाह नामक स्थानमा अगुवा इद्दो कहाँ पठाएँ।
इद्दो र तिनका दाज्यू-भाइहरू अनि कसिपियाह स्थानको
मन्दिरका सेवकहरूलाई के भन्नु पर्ने सो भने जसद्वारा
तिनीहरूले हामी कहाँ हाम्रा परमेश्वरको मन्दिरको
निम्ति कर्मीहरू ल्याउन सकोस्।

१८ किनभने हाम्रा परमश्वरले हामीलाई सहयाता
गर्नु भयो, तिनीहरूले हामीकहाँ एक
वुद्धिमान मानिस, लेवीको छोरा महलीका
कुलहरूका। इस्राएलका छोरा जस्तै
शरेबियाह र तिनका छोराहरू भाइहरू एव
अन्ने मानिसहरू।

१९ अनि शरेबियाह तिनीसित मरारीका सन्तानहरूका
यशैयार तिनका भाई र छोराहरू।

२० अनि मन्दिरका सेवकहरू जसलाई दाऊद
अनि राजकुमारहरूले लेवीहरूलाई सहायता
गर्न नियुक्त गरेका थिए। २२० जना
मन्दिरमा सेवकहरू पठाए। ती सबै का
नाउँ सूचीमा लेखिए।

२१त्यहाँ अहवा नदीको छेउमा, हामीहरू अनि हाम्रा
केटा-केटीहरू र हाम्रा सबै सम्पत्तिहरूको निरापद
यात्राको निम्ति उहाँसित विन्ती गर्नलाई हामी परमेश्वरको
समक्ष स्वयंलाई विनम्र तुल्याउन सकौ भनी उपवासको
घोषणा गरैं। २२किनभने यात्रामा हामीलाई शत्रुहरूबाट
सुरक्षित राख्नको निम्ति राजासंग सैनिक अनि
घोड़सवारहरूको माग गर्नमा लज्जित थियौं। किनभने
हामीले राजालाई भनेको थियौ, "हाम्रा परमेश्वरले ती
सबैलाई सहायता गर्नु हुन्छ, जो उहाँ प्रति विश्वास
गर्छन् तर उहाँ तिनीहरू प्रति अति क्रोधित हुनुहुन्छ, जो
उहाँदेखि टाढा हुनछन्।" २३यसर्थ हामीले यसका
निम्ति उपवास गर्‍यौ र हाम्रा परमेश्वर प्रति प्रार्थना
गर्‍यौ अनि उहाँले हाम्रो प्रर्थनाको उत्तर दिनु भयो।

२४त्यसपछि मैले शेरेब्याह र हबिशयाह अनि
तिनीहरूका भाईहरू मध्ये दशजना पूजाहारीहरू
सहित १२ जना अगुवाहरूलाई चुनें। २५त्यसपछि
राजा र तिनका सल्लाहकारहरू र अधिकारीहरू
त्यहाँ उपस्थित भएका इस्राएलका सबै मानिसहरूले
हाम्रा परमेश्वरको मन्दिरका निम्ति अर्पण गरेका
सुन, चाँदी र भाँड़ा-वत्तर्नहरू तौलेर मैले तिनीहरूलाई
दिए। २६मैले तौलिऐर तिनीहरूलाई २२,१००
किलो ग्राम चाँदी १०० चाँदीका भाड़ाहरू ३,४००
किलो ग्राम ओजनको, ३,४०० किलोग्राम सुन
२७सुनका कचौराहरू ८ १/२ किलोग्राम ओजनको,
२८तब मैले ती बाह्र पूजाहारीहरूलाई भने,
"तिमीहरू अनि यी चीजहरू परमप्रभुको निम्ति
पवित्र छौ। मानिहरूले तिमीहरूका पिता-पुर्खाका
परमेश्वरलाई सुन र चाँदीहरू दिए। २९यिनीहरू
को खूबै होशियारी सित रक्षा गर। जब सम्म
तिमीहरूले पूजाहारीहरू अनि लेवीहरूका अगुवाहरू
अनि यरूशलेममा इस्राएल कुलका प्रमुखहरू
समक्ष परमप्रभुको मन्दिरको कोढ़ाहरू भित्र
तौलँदैनौं।"

३०यसर्थ पूजाहारीहरू र लेवीहरूले जोखिएका
ती सुन-चाँदी र अरू मत्तोपुर्णे सामानहरू
यरूशलेममा, हाम्रा परमेश्वरको मन्दिरमा ल्याउनका
निम्ति प्राप्त गरे।

३१हामीले यरूशलेम जानका निम्ति पहिलो
महिना* को बाह्रौ दिनमा अहावा नदी छोड़ियौ।
अनि हाम्रा परमेश्वर हामीसित हुनुहुन्थ्यो र उहाँले
हामीलाई शत्रुहरूको शक्ति र चोरहरूबाट बाटोमा
सुरक्षित गर्नुभयो। ३२अनि हामी यरूशलेम
आइपुग्यौ। त्यहाँ हामीले तीनदिन विश्राम गर्‍यौ।
३३चौथो दिनमा हामीले हाम्रा परमेश्वरको मन्दिरमा
ती चाँदी अनि सुन अनि सामानहरू जोखियौ र
ती पूजाहारी उरियाहका छोरा मरेमोत साथै पीनहासका
छोरा एलाजार अनि तिनीहरूसित लेवीहरू, येशूअका
छोरा योजाबाद अनि बिन्नुईका छोरा नोअदियाहलाई
दियौ। ३४हरेक वस्तुको संख्याद्वारा ओजन जाँच
गरि अनि त्यस समयमा ठोस ओजन टिपियो।

३५तब कैदबाट फर्केर आउने यहूदीहरूले
इस्राएलका परमेश्वरलाई समस्त इस्राएलका निम्ति
होमबलि अर्पण गरे १२ वटा साँढ़े, ९६ वटा
भेड़ा, ७७ वटा थुमा अनि पाप बलिका निम्ति
१२ वटा बोकाहरू यी सबै परमप्रभुका निम्ति
होमबलि थिए।

३६तिनीहरूले राजाका आदेश पनि राज
अधिकारीहरू अनि नदीपारीका प्रशासकहरूलाई
दिए। तब तिनीहरूले यी अधिकारीहरूले
प्रशासकहरू अनि इस्राएलका मानिसहरूले
परमेश्वरको मन्दिरलाई सहयोग दिए।

## विदेशी जातिहरूसंग विवाह

९ यी कुराहरू गरेपछि अगुवाहरू म कहाँ आए र
भने, "इस्राएलका मानिसहरू पूजाहारी अनि लेवीहरू
भूमिका मानिसहरूबाट स्वयं पृथक भएका छैनन्। ती
इस्राएलका मानिसहरूले कनानी, हित्ती, परिज्जी, यबूसी,
अम्मोनी, मोआबी, मिश्री अनि एमोरीसँग घिनलाग्दा
कार्य गरेकाछन्। २किनभने तिनीहरूले आफू स्वयं अनि
आफ्ना छोराहरूका निम्ति तिनीहरूले वरिपरीका छिमेकिका
छोरीहरूलाई पत्निको रूपमा राखेकाछन्। अनि तिनीहरूले
पवित्र मानिसहरूलाई भूमिका अरु मानिसहरूसित
मिलाएका छन्। अधिकारीहरू र अगूवाहरूले परमेश्वर
प्रति अविश्वसनीय कार्यमा अगुवाइ गरेकाछन्।" ३जब
यो वचन मैले सुने मेरो पहिरन च्यातें अनि मैले मेरो
शिरका केश र दाह्री उखाले ४म अति आघातको
अवस्थाया बसें। तब सबै मानिसहरू मकहाँ आए, जो
इस्राएलका परमेश्वरको वचनद्वारा डरले काँमेका थिए।
तिनीहरू भयभीत थिए किनभने मानिसहरू जो कैदमा
थिए, तिनीहरू परमेश्वर प्रति अविश्वसनीय थिए। अनि
म साझ बलिदान नहुञ्जेल आघातको अवस्थामा बसें।
५तब साझको बलिदानको समयमा लज्जीत अवस्थ्यामा
बसिरहेको देखि म उठें अनि च्यातिएका पहिरन अङ्ग
वस्त्र सहित म घुडाटेकेरे निहुरिए र परमप्रभु मेरो
परमेश्वर तर्फ मैले मेरा हात फैलाएँ ६र मैले भने"

हे मेरो परमेश्वर, तपाईं प्रति मेरो अनुहार उठाउनु
होस हे परमेश्वर, म अत्यन्तै लज्जित एवं घबराहट् छु
तपाईंलाई माथिहेर्न। ७किनभने हाम्रो पापहरू हाम्रोशिर
जतिकै उच्च भएर बढ़ेका छन्। अनि हाम्रो अपराधहरू
धेरै भएकाछन्। हाम्रा पापको कारणले आज हामी,
हाम्रा राजाहरू अनि हाम्रा पूजाहारीहरू। विदेशी राजाहरूबाट
तरवार, कैद, लुटमार अनि लाज र हीनता बोझद्वारा
दण्डित भएकाछौ।

८अनि अहिले क्षण भरका निम्ति हाम्रा परमप्रभु
परमेश्वरले हामी प्रति दया दर्शाउनु भएको छ। हामीमध्ये
केहीलाई कैदी बाट उम्कन दिनु भएर अनि आफ्नो
पवित्रस्थानमा हामीलाई सुरक्षित स्थान दिनुभएर जसमा
कि हाम्रा परमेश्वरले हामीलाई नया आशा दिनुहुन्छ,
अनि हाम्रो दासत्वबाट हामीलाई नयाँ जीवन दिनु हुन्छ।
९किनभने हामी दासहरू हौ तर हाम्रा परमेश्वरले
हामीलाई हाम्रो दासत्वबाट छाड़नु भएको छैन। हामीलाई
नया जिवन दिनु भएर हाम्रा परमेश्वरको मन्दिर पुनर्निर्माण
गर्न अनि त्यसको जीर्णोद्धार गर्नका निम्ति यहूदा एवं
यरूशलेममा हामीलाई संरक्षणशील पर्खाल* दिनु भएर
फारसका राजा समक्ष उहाँले हामीलाई प्रेम, भक्तिभाव
र दया दर्शाउनु भएको छ।

१०तर अब हाम्रा। परमेश्वर, यसपछि हामी के
भन्नसक्छौ? किनभने हामीले तपाईंका आदेशहरू ल्याएका
छौ। ११जो तपाईंले तपाईका सेवकहरू अगमबक्ताहरू
द्वारा दिनु भयो। जब तपाईंले भन्नु भयो: "त्यो भूमि
जसलाई अधिकारमा लिन तिमीहरू प्रवेश गरिरहेछौ,
मानिसहरूको दुष्ट कार्यले गर्दा त्यो भूमि भष्ट भएका
छन्। तिनीहरूले त्यो भूमि एक छेऊ देखि अर्को छेऊ
सम्म कुकर्म अनि अशुद्धताले भरिएको छन्। १२त्यो
भुमिमा तिनीहरू एक छेउ देखि अर्कोछेउसम्म आफ्ना
दुष्कर्म द्वारा आफ्ना अस्वच्छ पनाद्वारा मरेका थिए।
यसर्थ आफ्ना छोरा-छोरीहरूको लागि तिनीहरूका छोरा-
छोरीहरूसंघ पति-पत्नीको रूपमा तिनीहरूको कल्याण
अथवा सफलताको चाहना कहिल्यै नगर जसद्वारा
तिमीहरू शक्तिशाली हुनेछौ।"

१३अनि तिमीहरूले त्यस भूमिको असल कुराहरूको
भोग गर्न सक्ने छौ र तिमीहरूले सदाको निम्ति यसलाई
पैतृक सम्पत्ति को रूपमा आफ्ना छोरा-छोरीहरू तथा
सन्तानलाई दिन सक्ने छौ। आखिरमा हाम्रो दुष्टकर्म
अनि महादोषको कारणले त्यो हामी माथि आइपरेको

**पहिलो महिना** मार्च-अप्रेल, ४८५ ख्री पू ।

**पर्खाल** यहाँ पर्खालले शहर वरिपरिको भौतिक पर्खाल भन्दा फारसी अधिकारीहरूका सहयोग द्वारा व्यवस्था गरिएको सुरक्षा बुझिन्छ।

भएता पनि तपाईं, हाम्रा परमेश्वरले हाम्रो पापप्रति।
१४उचित भन्दा कमदण्ड दिनु भएकोछ तपाईंले हामीलाई
यसरी बाँच्नेहरूको एक समूह दिनु भए पछि के हामिले
फेरि तपाईंको आदेश भङ्ग गर्नु, अनि यी इच्छा विपरित
कार्य गर्ने मानिसहरू सित अन्तविवाह गर्नु? के हामीलाई
नष्ट गर्नका निम्ति तपाईं क्रोधित हुनुहुन्न। जसमा कि
त्यहाँ कोही पनि रहने छैन?

१५हे परमप्रभु इस्राएलका परमेश्वर तपाई असल
हुनुहुन्छ! किनभने आज हामी बाँच्नेहरूको समुहमा
छाड़िएका छौ। यो दोष को कारण कोही पनि तपाईंको
समक्ष निर्दोष घोषित हुन नसकेता पनि हामी दोष सहित
यहाँ तपाईंका समक्ष छौ।

## मानिसहरूकोले आफ्ना पापहरू मानिलिए

१० जब एज्राले स्वयं रूँदै परमेश्वरको मन्दिर
अघि बसेर प्रार्थना गरे। र दोष स्वीकार गरे
त्यसबेला इस्राएली पुरूष, स्त्री र केटा-केटीहरूको
ठूलो भिड़ तिनीकहाँ भेला भए। किनभने मानिसहरू
जोडले रोइरहेका थिए। २शकन्याह, यहीएलको छोरा,
एलामका कुलहरू मध्ये एक-ले एज्रालाई भने, "हामी
हाम्रा परेमश्वर प्रति विश्वासहीन भएको छौ। त्यस
भूमिका विदेशी स्त्रीहरूसित विवाह गरेर। ३अब, यस
विषयमा इस्राएलका निम्ति अझ आशा छ। यसर्थ
अब यी समस्त पत्नीहरू अनि तिनीहरूका छोरा-
छोरीहरूलाई मेरा मालिक एज्रा को अनि हाम्रा परमेश्वरको
आदेश र आदर गर्नेहरूको सल्लाह अनुसार पठाउनका
निम्ति व्यवस्था अनुसार हाम्रा परमेश्वर सित हामी एक
करार गरौ। ४उठ, किनभने यो तिम्रो जिम्मेवारिको
कुरा हो अनि हामी तिम्रोसाथ छौ। यसो गर्ने साहस
गर।"

५यसर्थ एज्रा उठे र उनले पूजाहारीहरू लेवीहरू
अनि इस्राएलका समस्त मानिसहरूका अगुवाहरूलाई,
जे गर्ने सल्लाह भएको छ। त्यही गर्ने शपथ दिलाए।
तिनीहरूले त्यसैगर्ने शपथ गरे। ६त्यसपछि एज्रा परमेश्वरको
मन्दिर सामुनेबाट पर गए अनि उनी एल्यासीबका छोरा
योहानान कोठामा गए अनि उनले त्यही रात बिताए।
उनले त्यहाँ रोटी खाएनन्, अनि पानी पनि पिऐनन्,
किनभने कैदी बाट फर्केर आउनेहरूको अविश्वासीपनले
गर्दा उनी अझ अफशोस गर्दै थिए। ७तिनीहरूले
कैदीबाट फर्केर आउने सबैलाई यरूशलेममा भेला हुनु
भनि यहूदा अनि यरूशलेम भरि घोषणा गरे। ८तीन
दिन भित्रमा जो आउदैन, अधिकारी अनि धर्मगुरूको
निर्णय अनुसार उसले आफ्नो सम्पूर्ण सम्पत्ति गुमाउन
सक्ने छन्। अनि उसलाई फर्केर देशनिकालाहरूको
समूहबाट अलग गरिनेछ।

९यसर्थ तीन दिन मित्र मा यहूदा अनि बिन्यामीनका
समस्त मानिसहरू यरूशलेममा भेला भए। यो नवौ
महिनाको बिसौ दिन थियो। समस्त मानिसहरू परमेश्वरको
मन्दिरको खुला स्थानमा बसेका थिए। अनि त्यस
वृष्टिको कारणले तिनीहरू डरले काम्दै थिए। १०तब
पूजाहारी एज्रा उठे अनि तिनीहरूलाई भने, "विदेशी
स्त्रीहरू विवाह गरेर तिमीहरू अविश्वसनीय भएका छौ
यसरी इस्राएलमा अपराध बढ़ाएका छौ। ११यसर्थ अब
हाम्रा पिता-पुर्खाका परमेश्वर प्रति अपराध स्वीकार गर
अनि उहाँको इच्छा अनुसार कार्य गर। तिमीहरूले
स्वयंलाई त्यस भुमिका मानिसहरूबाट अनि तिमीहरूका
विदेशी पत्नीहरूबाट अलग गर।"

१२सम्पुर्ण सभाले उच्च आवाजमा उत्तर दिए, "हजूर,
तपाईंलेभन्नु भए अनुसार हामीले गर्नु पर्छ। १३तर यहाँ
धेरै मानिसहरू छन् अनि यो वर्षा ऋतु हो। यसर्थ हामी
बाहिर उभिन सत्तैनौ। यो काम एक वा दुइ दिनको
होइन, किन हामीले यस कुरामा महानरूपले पाप
गरेका छौ। १४हाम्रा अधिकारीहरू, प्रमुखहरूले सम्पूर्ण
सभाको प्रतिनिधित्व गरून् अनि हाम्रा शहरका सबैजना
जसले विदेशी स्त्रीहरू विवाह गरेका छन्। तिनीहरूसित
प्रत्येक शहरका धर्मगुरू अनि त्यहाँका न्यायकर्त्ताहरू
नियोजित समयमा आउन्, जब सम्म यस विषयमा हाम्रा
परमेश्वरको जल्दो क्रोध हामीबाट टाढ़ा हट्दैन।"

१५केवल असाहेलका छोरा जोनाथन अनि, टिकभाहका
छोरा याजयाहले विरोध गरे। अनि मशुल्लाम, शब्बतै
लेवीले तिनीहरूलाई समर्थन गरेनन्।

१६फर्केका कैदीहरूले यसो गरे। पूजाहारी एज्राले
कुलका प्रमुखहरूलाई आफ्ना कुलका विभागको
प्रतिनिधित्व गर्नका निम्ति थरि थरिका मानिसहरू चुने
अनि ती सबैलाई नाउँद्धारा पदस्थ गरेका थिए। दशौं
महिनाको को पहिलो दिन तिनीहरू विषय अध्ययन गर्न
बसे। १७तिनीहरूले ती सबै मानिसहरू, जसले विदेशी
स्त्रीहरू विवाह गरेका थिए। व्यापार अर्कोवर्षको
पहिलो महिनाको पहिलो दिन सम्ममा पुरा गरे।

## मानिसहरूको सूची जसले विदेशी स्त्रीहरू संग विवहा गरेका थिए

१८विदेशी स्त्रीहरू विवाह गर्ने पूजाहारीका सन्तान
मध्ये यिनीहरू भेट्टीए:

योशादाकका छोरा येशुअको सन्तान अनि भाईकाहरूका:
मासेयाह, एलाजार, यारीब अनि गदल्याह। १९तिनीहरू
सबैले आफ्ना पत्नीहरूलाई तलाक दिने वचन दिए अनि
तिनीहरू प्रत्यकले आफ्ना बथानबाट एउटा भेड़ा आफ्ना
दोषका निम्ति दोष बलि अर्पण गरे।

२०इम्मेरका कुलहरूबाट: हनानी अनि जबदियाह।

२१हारीमका कुलहरूबाट: मासेयाह, एलियाह, शमायाह,
यहीएल, र उज्जियाह।

२२पशहूरका कुलहरूबाट: एल्योएनै, मासेयाह,
इश्माएल, नतनेल, योजाबाद अनि एलासा।

२३लेवीहरू मध्ये: योजाबाद, शिमी, केलायाह,
पतहियाह, यहूदा अनि एलाजार।
२४गवैयाहरू मध्ये: एल्याशीब।
द्वारपालहरू मध्ये: शल्लूम, तेलेम अनि ऊरी।
२५अनि रहेका, अन्य इस्राएली मध्ये:
परोशका कुलहरूका: रम्याह, यिज्जिया, मल्किया,
मिय्यामीन, एलाजार, मल्कियाह, बनायाह।
२६एलामका कुलहरूबाट: मत्तन्याह, जकर्याह, यहीएल,
अब्दी, यरेमोत अनि एलिया।
२७जत्तूका कुलहरूबाट: एल्योएने, एल्याशीव,
अत्तन्याह, यरेमोत, जरबाद अनि अजीजा।
२८बेबैका कुलहरूका: यो मानिसहरू येहोहानान,
हनन्याह, जब्बै अनि अत्लै।
२९बानीका कुलहरूबाट: मशूल्लाम, मल्लूक,
अदायाह, याशूब, शाल अनि यरेमोत।
३०पहत-मोआबका कुलहरूबाट: अद्ना, कयाल,
बनायाह, मासेयाह, मत्तन्याह, अस्लेल बिन्नूई अनि
मनश्शे।
३१हारीमको कुलहरूबाट यी मानिसहरू: एलाजार,
यिश्शियाह, मल्कियाह, शमायह, शिमोन। ३२बिन्यामिन,
मल्लूह, अनि शमर्याह।
३३हाशूमका कुलहरूबाट यी मानिसहरू मत्तनै, मत्तता,
जाबाद, एलीपेलेत, येरेम, मनश्शे अनि शिमी।
३४बानीका कुलहरूबाट यी मानिसहरू: मादे,
अम्राम, अनि ऊएल। ३५बनायाह, बेदयाह कलूही।
३६बन्याह, मरेमोत, एल्याशीब। ३७मत्तन्याह, मत्तनै
अनि यासू।
३८बिन्नूईको कुलहरूबाट यी मानिसहरू: ३९शिमी,
शेलेम्याह, नातान अनि अदाया। ४०मक्नादबै, शाशै,
अनि शारै। ४१अब्रेल शेलेम्याह, शमर्याह। ४२शल्लूम,
अमर्याह अनि योसेप।
४३नबोका कुलहरूबाट यी मानिसहरू: यीएल, मत्तियाह
जाबाद, जीबना, इद्दै, योएल अनि बनायाह।
४४यी सबै मानिसहरूले विदेशी स्त्रीहरूलाई विवाह
गरेका थिए, अनि तिनीहरू कसैको पत्नीहरूसंग छोरा-
छोरीहरू थिएनन्।

# इतिहासको दोस्रो पुस्तक

### सुलेमान बुद्धिका निम्ति याचना गर्छन्

१ सुलेमान एक अति शक्तिशाली राजा भए किनभने
परमप्रभु तिनका परमेश्वर तिनका साथ हुनुहुन्थ्यो।
परमप्रभुले सुलेमानलाई अति महान बनाउनु भयो।
२सुलेमानले इस्राएलका सबै मानिसहरूसित कुरा-कानी
गरे। तिनले सेनाका नायकहरू, सेना अध्यक्षहरू,
न्यायकर्त्ताहरू सम्पूर्ण इस्राएलका अगुवाहरू अनि
परिवारहरूका मुखियाहरूसित कुरा-कानी गरे। ३तब
सुलेमान अनि तिनी सित एकत्रित भएका सबै मानिसहरू
गिबोनको डाड़ामाथि पूजा-स्थानमा गए। त्यहाँ परमेश्वरको
भेट हुने पाल थियो। परमप्रभुका दास मोशाले पाल
बनाएका थिए जब तिनी इस्राएलका मानिसहरू मरुभूमिमा
थिए। ४दाऊदले परमेश्वरको करारको सन्दूक किर्यत-
यारीमदेखि बोकेर यरूशलेममा ल्याएका थिए। यसलाई
राख्नका निम्ति दाऊदले यरूशलेममा एक स्थान बनाएका
थिए। दाऊदले परमेश्वरको करारको सन्दूकको निम्ति
यरूशलेममा एउटा पाल टाँगेका थिए। ५ऊरीका छोरा,
हूरका नाति बजलेलले काँसाको वेदी बनाएका थिए।
काँसाको वेदी परमप्रभुको पालको सामुन्ने थियो। यसकारण
सुलेमान अनि मानिसहरू गिबोनमा परमप्रभुलाई सल्लाह
माग्न भनि गए। ६सुलेमान भेट हुने पालमा परमप्रभुको
सामुन्नेको काँसाको वेदीसम्म गए। सुलेमानले वेदीमा
१,००० होमबलि अर्पण गरे।
७त्यस रात परमेश्वर सुलेमान कहाँ आउनु भयो।
परमेश्वरले भन्नुभयो, "सुलेमान, मैले तँलाई के दिएको
तँ चाहन्छस मलाई भन।"
८सुलेमानले परमेश्वरलाई भने, "तपाईं मेरा पिता
दाऊद प्रति अति दयालु हुनुहुन्थ्यो। तपाईंले मलाई मेरा
पिताको स्थानमा नयाँ राजा बन्नका निम्ति चुन्नु भयो।
९अब हे परमप्रभु परमेश्वर, तपाईंले मेरा पिता दाऊदलाई
दिनुभएको वचन राखि दिनुहोस्। तपाईंले मलाई एक
अत्यन्त विशाल राष्ट्रका राजा चुन्नु भयो। त्यहाँ यति
विध्न मानिसहरू छन् जस्तै तिनीहरू पृथ्वीका धूलो सरी
छन्। १०अब मलाई बुद्धि र ज्ञान दिनुहोस् जसमा कि
म यी मानिसहरूलाई सही ढँगले अगुवाइ गर्न सकूँ।
कुनै व्यक्तिले पनि तपाईंको सहायता बिना यी तपाईंका
महान मानिसहरूमाथि शासन गर्न सक्तैन।"
११परमेश्वरले सुलेमानलाई भन्नुभयो, "तेरो ढांचा
ठीक छ। तैंले धन-सम्पत्तिका निम्ति वा सम्मानको
निम्ति याचना गरिनस्। तैंले तेरा शत्रुहरू मारियोस् भन्ने
याचना गरिनस् अनि तैंले लामो जीवनको निम्ति याचना
गरिनस्। अहँ तैंले ती कुराहरूका निम्ति याचना गरिनस्।
तैंले बुद्धि अनि ज्ञानको याचना गरिस् जसमा कि तैंले
मेरो मानिसहरूको निम्ति बुद्धिमानी पूर्वक निर्णय लिन
सक्छस्-ती मानिसहरू जो माथि शासन गर्न मैले तँलाई
चुनेँ। १२यसर्थ म तँलाई बुद्धि र ज्ञान दिनेछु। तर म
तँलाई धन-सम्पत्ति, अधिकार अनि प्रतिष्ठा पनि दिनेछु।
तेरो अघि रहेका कुनै पनि राजासित कहिले पनि यति
बिध्न सम्पत्ति अनि प्रतिष्ठा थिएन। अनि भविष्यमा पनि
कुनै राजाको यति विध्न सम्पत्ति अनि प्रतिष्ठा हुने
छैन।"
१३त्यसैकारण, सुलेमान गिबोनमा आराधनाको स्थानमा
गए। तब सुलेमानले भेट हुने पाल छाड़े अनि यरूशलेममा
इस्राएलमाथि शासन गर्न फर्किए।

### सुलेमानले उसको सेना र सम्पत्ति व्यवस्था गर्छन्

१४सुलेमानले आफ्ना सेनाका निम्ति घोड़ा अनि
रथहरू एकत्रित गर्न शुरू गरे। सुलेमानले १,४००
रथहरू अनि १२,००० घोड़ सवारहरू ल्याए। सुलेमानले
तिनीहरूलाई रथ-शहरहरूमा राखे। सुलेमानले ती मध्ये
केही यरूशलेममा पनि राखे जहाँ राज भवन थियो।
१५यरूशलेममा सुलेमानले प्रशस्त सुन अनि चाँदी
एकत्रित गरे। त्यहाँ यति विध्न सुन अनि चाँदी थियो
जो ढुङ्गा सरह थियो। सुलेमानले प्रशस्त देवदारका काठ
जम्मा गरे। त्यहाँ यति विध्न देवदार थिए, तिनीहरू
पश्चिमी पहाड़ी प्रदेशका नेभाराका बृक्ष सरह थिए।
१६सुलेमानले मिश्र देश अनि क्यूएबाट घोड़ाहरू ल्याए।
राजाका व्यापारिहरूले घोड़ाहरू क्यूएमा किने।
१७सुलेमानका व्यापारीहरूले मिश्र देशबाट ६०० शेकेल*
चाँदी दिएर एक रथ र १५० शेकेल* चाँदी तिरेर एक
घोड़ा किने। तब ती व्यापारीहरूले घोड़ा अनि रथहरू
सबै हित्तीका राजाहरू र अरामका राजाहरूलाई बेचीदिए।

### सुलेमानले मन्दिर र महल निर्माण गर्ने योजना गर्छन्

२ सुलेमानले परमप्रभुको नाउँको सम्मानका निम्ति
एउटा मन्दिर निर्माण गर्ने योजना गरे। सुलेमानले

---

**६०० शेकेल** ६.६ किलो ग्रम र १५ पौण्ड।

**१५० शेकेल** १.७२५ किलो ग्राम।

आफ्नै निम्ति पनि एउटा राजमहल निर्माण गर्ने योजना
गरे। २सुलेमानले ७०,००० भारी बोक्नेहरू अनि
पहाड़मा ढुङ्गा काटनका निम्ति ८०,००० डकर्मीहरू
ल्याए। सुलेमानले काम गर्नेहरूको देख-रेख गर्नलाई
३,६०० मानिसहरू चुने।

३त्यसपछि सुलेमानले हूरामलाई खबर पठाए। हूराम
सोर शहरका राजा थिए। सुलेमानले भने, "तपाईंले मेरो
पिता दाऊदलाई सहायता दिनु भए भैं मलाई सहायता
दिनुहोस्। तपाईंले तिनलाई देवदार बृक्षका काठ पठाउनु
भएको थियो जसमा कि तिनले आफै बस्नका निम्ति
एउटा राज भवन बनाउन सकून्। ४परमप्रभु मेरा
परमेश्वरका नाउँको सम्मानका निम्ति म एउटा मन्दिर
निर्माण गर्नेछु। मन्दिरमा हामी परमप्रभुको समक्ष धूप
जलाउने छौं अनि हामी सदैव विशेष मेचमा पवित्र रोटी
राख्नेछौं। हामी हरेक साँझ,बिहान हरेक शबाथको
दिन, हरेक औंसी अनि परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई मनाउन भनी आदेश दिनु भएका अन्य
चाड़हरूमा होमबलि अर्पण गर्ने छौं। इस्राएली मानिसहरूले
सदा सर्वदा पालन गर्नु पर्ने यो एउटा नियम हो।

५"हाम्रा परमेश्वर अन्य सबै देवताहरू भन्दा महान
हुनुहुन्छ। यसर्थ उहाँको निम्ति म एक विशाल मन्दिर
निर्माण गर्नेछु। ६कुनै पनि व्यक्तिले वास्तवमा हाम्रा
परमेश्वरलाई राख्नका निम्ति मन्दिर निर्माण गर्न सक्तैन
स्वर्गले पनि परमेश्वरलाई राख्न सक्तैन। अहँ सर्वोच्च
स्वर्गले पनि हाम्रा परमेश्वरलाई राख्न सक्तैन। यसर्थ
परमेश्वरका निम्ति म मन्दिर निर्माण गर्न सक्तिनँ। म
केवल उहाँलाई सम्मान जनाउनको निम्ति धूप जलाउने
स्थान बनाउन सक्छु। ७अब तपाईंले मलाई एक व्यक्ति
जो सुन, चाँदी, काँसा अनि फलामका काम गर्नमा
सिपालु छ पठाइ दिनुहोस् भनी चाहन्छु। त्यस मानिसले
बैजनी, रातो अनि नीलो बस्त्रको काम गर्न जानेको
हुनुपर्छ। त्यस मानिसले मेरा पिताले चुन्नु भएका
कारीगरहरू सित यहाँ यहूदा अनि यरूशलेममा काम
गर्नेछ। ८दया गरेर मलाई लबानोनबाट देवदार, सल्ला
अनि चन्दनका वृक्षका काठहरू पनि पठाइदिनु होस्।
मलाई थाहा छ, तपाईंका सेवकहरू लबानोन देशका
वृक्षहरू ढाल्नमा अनुभवी छन्। मेरा सेवकहरूले तपाईंका
सेवकहरूसँगै काम गर्नेछन्। ९मलाई प्रशस्त काठको
दर्कार पर्नेछ किनभने मन्दिर म जो निर्माण गर्दैछु
अत्यन्त विशाल र सुन्दर हुनेछ। १०काठका निम्ति
बृक्षहरू ढाल्ने तपाईंका सेवकहरूलाई म जे दिनेछु त्यो
यो हो। म तिनीहरूलाई खानका निम्ति २००००
मुरी* गहुँ, २०,००० मुरी जौ, २०,००० पाथी*
दाखरस अनि २०,००० पाथी तेल दिने छु।"

११तब हूरामले सुलेमानलाई उत्तर दिए। हूरामले
सुलेमानलाई एक खबर पठाए। त्यो खबरमा भनिएका
कुराहरू यी हुन्: "सुलेमान, परमप्रभुले उहाँका
मानिसहरूलाई प्रेम गर्नु हुन्छ। त्यसै कारणले उहाँले
तपाईंलाई तिनीहरूको राजा चुन्नु भयो।" १२हूरामले यो
पनि भने, "इस्राएलका परमप्रभु परमेश्वरको स्तुति
गर्नुहोस्। उहाँले स्वर्ग अनि पृथ्वीको सृजना गर्नु भयो।
उहाँले राजा दाऊदलाई एक बुद्धिमान छोरा दिनु भयो।
सुलेमान बुद्धिमानी अनि समझदारी हुनुहुन्छ। तपाईंले
परमप्रभुको निम्ति मन्दिर निर्माण गर्नु हुँदैछ। तपाईंले
आफ्नै निम्ति पनि राज-महल निर्माण गर्नु हुँदैछ। १३म
तपाईं कहाँ हूराम अब्बी नाउँ गरेको एक सिपालु
कारीगर पठाउने छु। १४त्यसकी आमा दान कुल
समूहकी थिइन्। त्यसका पिता सोर शहरका थिए।
हूराम अब्बी सुन, चाँदी, काँसा, फलाम, ढुङ्गा अनि
काठको काम गर्नेमा सिपालु छ। हूराम अब्बीसंग
बैजनी, नीलो अनि रातो बस्त्र र मूल्यवान मलमलको
काम गर्नमा पनि सिपालु छ। हूराम अब्बी तपाईंले भन्नु
भएका नक्कासी गर्न अनि कुनै पनि काम गर्न सक्छ।
त्यसले तपाईंका कारीगरहरू अनि तपाईंका पिता राजा
दाऊदका कारीगरहरू सित काम गर्नेछ।

१५"अब, महाशय, तपाईंले हामीलाई गहुँ, जौ, तेल
अनि दाखरस दिने वचन दिनु भयो। ती चीजहरू मेरा
सेवकहरूलाई दिनु होस्। १६अनि हामी लबानोन देशबाट
काठ काट्ने छौं। हामी तपाईंलाई चाहिएसम्म काठ
काट्ने छौं। हामी मूढ़ाहरू साथबाँध्ने छौं। अनि तिनीहरूलाई
समुद्रबाट यापो शहरतिर पठाउने छौं। त्यसपछि तपाईंले
काठहरू यरूशलेममा लान सक्नु हुने छ।"

१७तब सुलेमानले इस्राएलमा बस्ने सबै विदेशीहरूको
गन्ती लिए। यो त्यस समय पछि भयो जब दाऊदले
मानिसहरूको गणना गरेका थिए। दाऊद सुलेमानका
पिता थिए। तिनीहरूले देशमा १,५३,६०० विदेशीहरू
भेट्टाए। १८सुलेमानले मालसामान बोक्नका निम्ति
७०,००० विदेशीहरू छाने। सुलेमानले ८०,०००
विदेशीहरूलाई पहाड़मा ढुङ्गा काट्नका निम्ति चुने। अनि
सुलेमानले ३,६०० विदेशीहरूलाई मानिसहरूलाई काममा
लगाइ राख्नका निम्ति निरीक्षक चुने।

## सुलेमानले मन्दिर निर्माण गर्छन्

३ सुलेमानले यरूशलेमको मोरीयाह पर्वतमा परमप्रभुको
मन्दिर निर्माण गर्न शुरू गरे। मोरीयाह पर्वत त्यो
स्थान हो जहाँ परमप्रभु दाऊद, सुलेमानका पिता कहाँ
आउनु भएको थियो। सुलेमानले त्यस स्थानमा मन्दिर
निर्माण गरे जुन स्थान दाऊदले तयार पारेका थिए। यो
स्थान ढिकी भएको खलामा थियो जो यबूसी ओर्नानको
थियो। २सुलेमानले इस्राएलमाथि शासन गरेको चौथो
वर्षको दोस्रो महीनामा काम शुरू गरे।

---

**२०,००० मुरी** अर्थात १,२५,००० बुशेल।

**२०,००० पाथी** अर्थात १,१५,००० गैंलन।

३सुलेमान द्वारा परमेश्वरको मन्दिरको घड़ेरी निर्माण
गर्नका निम्ति उपयोग गरिएका नाप यी हुन्। घड़ेरी ६०
हात लामो अनि २० हात चौड़ा थियो। सुलेमानले
मन्दिरको नाप गर्दा पुरानो हाते नाप चलाए। ४मन्दिरको
सामुन्ने दलानको लमाइ २० हात अनि उँचाइ २० हात
थियो। सुलेमानले दलानको भित्री भाग शुद्ध सुनले
मोड़े। ५सुलेमानले ठूलो कोठाका भित्ताहरूमा सल्लाका
काठका तख्ताहरू लगाए। त्यस पछि तिनले सल्लाका
तख्ताहरू माथि शुद्ध सुन लगाए। अनि तिनले शुद्ध
सुन माथि खजूरको बृक्षको चित्र अनि सिक्री लगाए।
६सुलेमानले सुन्दरताको निम्ति मन्दिरमा बहुमूल्य रत्नहरू
लगाए। सुलेमानले उपयोग गरेको सुन पर्वेमबाट ल्याएका
थिए। ७सुलेमानले मन्दिरको भित्री अंश सुनले मोहोरे
सुलेमानले छाना मुनिको सत्तरी, चौखट भित्ता अनि
ढोकाहरूमा सुन लगाए। सुलेमानले भित्ताहरूमा करूब
स्वर्ग-दूतहरू कुँदेर बनाए।

८त्यस पछि सुलेमानले महा पवित्रस्थान बनाए। त्यो
महा पवित्रस्थान २० हात लामो अनि २० हात चौड़ा
थियो। त्यो मन्दिर जतिकै चौड़ादार थियो। सुलेमानले
महा पवित्र स्थानको भित्ता सुनले मोहोरे। सुनको तौल
प्रायः ६०० तोड़ा किलोग्राम थियो। ९सुनका कीलाहरूको
ओजन प्राय: ५० शेकेल थियो। सुलेमानले माथिल्लो
कोठा सुनले ढाकी दिए। १०सुलेमानले महा पवित्रस्थानमा
रारव्नका निम्ति दुइवटा करूब स्वर्गदूतहरू बनाए।
कारीगरहरूले करूब स्वर्गदूतहरूलाई सुनले मोहोरि
दिए। ११करूब स्वर्गदूतका प्रत्येक पखेटा पाँच हात
लामा थिए। पखेटाहरूको मोठ लमाइ बीसहात थियो।
पहिलो करूब स्वर्गदूतको एउटा पखेटाले कोठाको एक
तिरको भित्ता छोएको थियो, अनि अर्को पखेटाले दोस्रो
करूब स्वर्गदूतको एउटा पखेटा छोएको थियो। १२अनि
दोस्रो करूब स्वर्गदूतको अर्को पखेटाले कोठाको अर्को
तिरको भित्ता छोएको थियो अनि यसको अर्को पखेटाले
अर्को करूब स्र्वगद्वतको पखेटा छोएको थियो। १३करूब
स्वर्गदूतहरूका पखेटाहरूले मोठ २० हात ढाकेको
थियो। करूब स्वर्गदूतहरू भित्र पवित्रस्थान तर्फ हेरेर
उभिएका थिए। १४सुलेमानले नीलो, बैजनी र रातो
बस्त्र अनि मूल्यवान मलमल उपयोग गरेर पर्दा बनाए।
सुलेमानले पर्दामा करूब स्वर्ग दूतहरूको चित्र बनाए।

१५सुलेमानले मन्दिरको अघि दुइवटा स्तम्भहरू खड़ा
गरे। स्तम्भहरू ३५ हात अग्ला थिए। दुइ स्तम्भका
टुप्पाको अंश ५ हात लामो थियो। १६सुलेमानले
सिक्रीहरूका हार बनाए। तिनले सिक्रीहरू स्तम्भहरूका
टुप्पामा लगाए। सुलेमानले १००वटा दारीम बनाए अनि
तिनीहरूलाई सिक्रीमा झुण्ड्याइ दिए। १७त्यस पछि
सुलेमानले स्तम्भहरूलाई मन्दिरको सामुन्ने खड़ागरे।
एउटा स्तम्भ दाहिने तिर खड़ा थियो। अर्को स्तम्भ
देब्रोतिर खड़ा थियो। सुलेमानले दाहिनेतिरको स्तम्भको
नाउँ "याकीन" राखे। अनि सुलेमानले देब्रेतिरको स्तम्भको
नाउँ "बोअज" राखे।

### मन्दिरका निम्ति सजाउँने सामानहरू

४ सुलेमानले वेदी बनाउनका निम्ति काँसाको उपयोग
गरे त्यो कांसाको वेदी २० हात लामो, २० हात
चौड़ा अनि १० हात अग्लो थियो। २त्यस पछि
सुलेमानले गलित काँसाको उपयोग एउटा ठूलो खड़कुँले
निर्माण गर्नका निम्ति गरे। त्यो ठूलो जलाशंय गोलो
थियो अनि एक धारदेखि अर्को धार सम्म यसको नाप
१० हात थियो। अनि त्यसको अग्लाइको नाप ५ हात
अनि ३० हात घेरा भएको थियो। ३ठूलो काँसाको
खड़कुँलाको बिट मुनि गोरूका आकृतिहरू अंकित
थिए। ती आकृतीहरू दुइ पंक्तिमा थिए जो खड़कुँला
वरिपरि १० हात फैलिएका थिए। खड़कुँलाको आकृति
बनाउँदा नै उचित स्थानमा गोरूका आकृति ढालिएका
थिए। ४ठूलो काँसाको खड़कुँला बाहवटा गोरू ठूल्ठूला
मूर्तिहरू माथि थिए। तीनवटा गोरू उत्तर तर्फ फर्केका
थिए। तीनवटा गोरू पश्चिमतर्फ फर्केका थिए। तीनवटा
गोरू दक्षिण तर्फ फर्केका थिए। तीनवटा गोरू पूर्व
तर्फ फर्केका थिए। ठूलो काँसाको खड़कुँला यी
गोरूहरू माथि थिए। सबै गोरूहरू तिनीहरूका पछिल्ला
भाग एक अर्काका साथ अनि माझमा पारेर उभाइएका
थिए। ५ठूलो काँसाको खड़कुँला आठ सेन्टी मिटर
बाक्लो थियो। ठूलो खड़कुँलाको घेरा प्यालाको घेरा
जस्तै थियो। घेरा फक्रिएको लिली जस्तै देखिन्थ्यो।
त्यसमा प्रायः सत्तरी हजार पाथी* अटाउँन सकिन्थ्यो।

६सुलेमानले दशवटा स्नान भाँड़ाहरू बनाए। पाँच
स्नान भाँड़ाहरू तिनले ठूलो काँसाको खड़कुँलाको
दाहिनेतिर राखे अनि सुलेमानले पाँच स्नानभाँड़ा ठूलो
काँसको खड़कुँलाको देब्रेतिर राखे। यी दशवटा स्नान
भाँड़ाहरू होमबलिका निम्ति अर्पण गरिएका सामग्रीहरू
धुनका निम्ति उपयोग गरिनु थियो। तर ठूलो काँसाको
खड़कुँला बलि अर्पण गर्नुको अघि पूजाहारीहरूले
नुहाउनका निम्ति उपयोग गरिनु थियो।

७सुलेमानले सुनको दशवटा सामदान बनाए। तिनले
ती सामदान बनाउने योजनालाई अनुसरण गरे तिनले ती
सामदानहरू मन्दिरमा राखे। पाँचवटा सामदान दाहिने तर्फ
अनि पाँचवटा सामदान देब्रे तिर थिए। ८सुलेमानले
दशवटा टेबलहरू बनाए अनि तिनीहरूलाई मन्दिरमा
राखे। पाँचवटा टेबलहरू दाहिनेतिर अनि पाँचवटा टेबलहरू
मन्दिरमा देब्रेतिर राखिए। अनि सुलेमानले १०० स्नान
भाँड़ाहरू बनाउन सुन उपयोग गरे। ९सुलेमानले
पूजाहारीहरूको आँगन, ठूलो आँगन अनि आँगनहरूका
निम्ति ढोकाहरू पनि बनाए। तिनले आँगानतिर खुलिने

---

**सत्तरी हजार पाथी** अर्थात् १७,५०० गँलन।

ती ढोकाहरूलाई ढाक्न काँसाको उपयोग गरे। १०त्यसपछि
तिनले ठूलो काँसाको खड्कुँलालाई मन्दिरको दाहिनेतिर
दक्षिण पूर्व दिशामा राखे।

११हूरामले भाँड़ा, बेल्चा अनि कचौराहरू बनाए।
त्यसपछि हूरामले परमेश्वरको मन्दिरमा राजा सुलेमानका
निम्ति कार्य समाप्त गरे। १२हूरामले दुइवटा स्तम्भहरू
अनि ती दुइ स्तम्भका माथिल्ला भागका ठूला कचौराहरू
बनाएका थिए। हूरामले दुइ ठूला स्तम्भका टुप्पोको
अंशमा भएका दुइ ठूला कचौरहरूलाई ढाक्न बुट्टादार
जाली पनि बनाए। १३हूरामले दुइ बुट्टादार जालीका
निम्ति ४०० दारिम पनि बनाए। प्रत्येक जालीका निम्ति
दुई लहर दारिमहरू थिए। ती जालीहरूले दुइ स्तम्भका
टुप्पोका अंशमा भएका कचौराहरू छोपिएका थिए।
१४हूरामले ठेला-गाड़ीहरू अनि आधार स्तम्भमा कचौराहरू
पनि बनाए। १५हूरामले एउटा ठूलो काँसाका खड्कुँला
अनि खड्कुँला मुन्तिर बाह्रवटा गोरूहरू बनाए। १६हूरामले
भाँड़ाहरू, बेल्चाहरू, काँटाहरू अनि सबै सामग्रीहरू
परमप्रभुको निम्ति राजा सुलेमानलाई बनाइ दिए। यी
सामग्रीहरू कलाईवाला काँसाद्वारा बनाइएका थिए। १७राजा
सुलेमानले ती सामग्रीहरू पहिला माटाका साँचामा खन्याए।
ती साँचाहरू सुक्कोत अनि सरेदा शहर माझ भएको
यर्दन बेंसीमा निर्माण गरिएका थिए। १८सुलेमानले यति
विध्न यी चीज बीजहरू बनाए कि कसैलेपनि यसका
निम्ति उपयोग गरिएको काँसाको तौललिने चेष्टा गरेनन्।

१९सुलेमानले परमेश्वरको मन्दिरका निम्ति चीज
बीजहरू बनाए। सुलेमानले सुनको वेदी बनाए। तिनले
टेबलहरू बनाए जहाँ उपस्थितको रोटी राखिन्थ्यो।
२०सुलेमानले सामदानहरू अनि त्यसका बत्तीहरू शुद्ध
सुनको बनाए। ती बत्तीहरू तिनीहरूका निम्ति बनाएको
योजना अनुसार भित्र पवित्रस्थानको अघि जलाउनु पर्ने
थियो। २१सुलेमानले फूलहरू, बत्तीहरू, धुपौरा अनि
चिम्टाहरू बनाउनका निम्ति शुद्ध सुनको उपयोग गरे।
२२सुलेमानले छरितो पार्ने, बाटाहरू, कचौराहरू, तावा
चिम्टाहरू अनि धूपदानीहरू बनाउका निम्ति शुद्ध सुनको
उपयोग गरे। सुलेमानले मन्दिरका ढोकाहरू, महा
पवित्रस्थानको भित्री ढोकाहरू अनि मुख्य विशाल
कक्षका ढोकाहरू निर्माण गर्नका निम्ति शुद्ध सुनको
उपयोग गरे।

५ तब, परमप्रभुको मन्दिरका निम्ति सुलेमानले गरेका
सम्पूर्ण कार्य पूर्ण भए। सुलेमानले सबै चीजहरू
ल्याए जो तिनका पिता दाऊदले मन्दिरका निम्ति दिएका
थिए। सुलेमानले सुन चाँदीका सबै चीजहरू अनि
सजाउने सबै वस्तुहरू ल्याए। सुलेमानले ती सबै चीज
बीजहरू परमेश्वरको मन्दिरका कोष-कक्षमा राखे।

### पवित्र सन्दूक मन्दिरमा ल्याइए

२सुलेमानले इस्राएलका सबै अग्रज अनि कुल समूहका
प्रधानहरूलाई यरूशलेममा एक साथ भेट गर्ने आदेशदिए।
(यी मानिसहरू इस्राएलका परिवारहरूका प्रधानहरूका
प्रमुखहरू थिए।) सुलेमानले यसो गरे जसमा कि
लेवीहरूले परमप्रभुको करारको सन्दूक दाऊदको शहर
सियोनबाट मन्दिर सम्म ल्याउन सकोस्। ३इस्राएलका
सबै मानिसहरू भूप्रो-बासको चाड्को समयमा राजा
सुलेमानको समक्षमा एकसाथ भेला भए। यो उत्सव
सातौं महीनामा मनाइन्थ्यो।

४जब इस्राएलका सबै अग्रजहरू आइपुगे, लेवीहरूले
करारको सन्दूक उठाए। ५तब पूजाहारी अनि लेवीहरूले
करारको सन्दूक बोकेर यरूशलेममा लगे। तिनीहरूले
भेट हुने पाल अनि त्यसमा भएका सबै पवित्र बस्तुहरू
पनि यरूशलेममा ल्याए। ६राजा सुलेमान अनि इस्राएलका
सबै मानिसहरूले करारको सन्दूक अघि भेटे। राजा
सुलेमान अनि इस्राएलका समस्त मानिसहरूले भेँड़ा
अनि गोरूहरूका बलि चढ़ाए। भेँड़ा अनि गोरूहरू यति
विध्न थिए कि कुनै व्यक्तिले ती गिन्ती गर्न सकेनन्।
७त्यसपछि पूजाहारीहरूले परमप्रभुको करारको सन्दूक
त्यसका निम्ति तयार पारिएका स्थानमा ल्याए। त्यो स्थान
मन्दिर भित्रको महापवित्र स्थान थियो। करारको सन्दूकलाई
करूब स्वर्गदूतहरूका पखेटा मुनि राखियो। ८करूब
स्वर्गदूतहरूले तिनीहरूका पखेटाहरू त्यस स्थान माथि
फैलाएका थिए जहाँ करारको सन्दूक थियो। करूब
स्वर्गदूतहरूले करारको सन्दूकलाई ढोकेका थिए र
सन्दूक बोक्न उपयोग गरिएका डन्डामाथि खड़ा थिए।
९ती डन्डाहरू यति लामा थिए कि तिनीहरूको टुप्पो
महा पवित्र स्थानको सामुन्नेबाट नै देख्न सकिन्थ्यो। तर
कुनै व्यक्तिले पनि ती डंडाहरूलाई मन्दिरको बाहिरबाट
देख्न सक्तैन थियो। ती डंडाहरू आज सम्म पनि त्यही
छन्। १०करारको सन्दूकमा दुई फलाकहरू बाहेक अरु
केही थिएन। मोशाले ती दुइ फलाकलाई होरेब पहाड़मा
करारको सन्दूकभित्र राखेका थिए। होरेब त्यो स्थान हो
जहाँ परमप्रभुले इस्राएलका मानिसहरूसित करार गर्नु
भएको थियो। इस्राएलका मानिसहरू मिश्रदेशबाट बाहिर
भए पछि त्यो कुरा घटेको थियो।

११त्यहाँ भएका सबै पूजाहारीहरूले स्वयंलाई पवित्र
तुल्याउने रीति सम्पन्न गरे। तब, पूजाहारीहरू पवित्र
स्थानको बाहिर आए, तिनीहरू एकै साथ उभिए, तर
तिनीहरूको विशेष समूहमा होइन। १२लेवी गायकहरू
वेदीका पूर्वतर्फ उभीए। आसाप, हेमान अनि यदूतूनका
सबै गायक समूहहरू त्यहां थिए। तिनीहरूका छोरा
अनि आफन्तहरू पनि त्यहाँ थिए। ती लेवी गायकहरू
सेतो मलमलका पोशाकमा थिए। तिनीहरू सित भ्याम्टा,
वीणा र सारङ्गीहरू थिए। त्यहाँ १२० पूजाहारीहरू ती
लेवी गायकहरू साथ थिए। ती १२० पूजाहारीहरूले
तुरही बजाए। १३मानिसहरूकसैले तुरही बजाए कसैले
गाए ती एक व्यक्ति जस्तै थिए। तिनीहरूले एउटै

ध्वनिमा बजाए जब तिनीहरूले परमप्रभुको स्तुति गरे
अनि धन्यवाद ज्ञापन गरे। तिनीहरूले तुरही, झ्याम्टा
अनि वाद्य-यन्त्रबाट ठूलो आवाज निकाले। तिनीहरूले
"परमप्रभुको स्तुति गरे किनभने उहाँ असल हुनुहुन्छ।
उहाँको सत्य प्रेम सदा सर्वदा चलि रहन्छ" भनी गीत
गाए।
तब परमप्रभुको मन्दिर बादलले भरियो।
१४पूजाहारीहरूले सेवा कार्य चलाइ राख्न सकेनन्
किनभने यो मन्दिर परमप्रभुको महिमाले बादलको
रूपमा भरिएको थियो।

६ तब सुलेमानले भने. "परमप्रभुले भन्नुभयो," उहाँ
अन्धकार मेघमा बस्नु हुने छ। २परमप्रभु, मैले
तपाईंलाई बस्नका निम्ति एक मन्दिर निर्माण गरेको छु।
यो एउटा उच्च मन्दिर हो, एक स्थान जहाँ तपाईं सदा
सर्वदा रहनु हुनेछ।"

## सुलेमानको भाषण

३राजा सुलेमान घुमे अनि त्यहाँ भेला भएका इस्राएलका
सबै मानिसहरूलाई आशीर्वाद दिए जो जती उनको अघि
उभिरहेका थिए। ४सुलेमानले भने, "परमप्रभु इस्राएलका
परमेश्वरको स्तुति होस्। उहाँले मेरो पिता दाऊदसित
बातचित गर्नुहुदा जे प्रतिज्ञा गर्नु भएको थियो त्यो पूरा
गरिदिनु भयो। परमप्रभु परमेश्वरले भन्नुभयो त्यो यो
हो: ५'मैले इस्राएललाई धेरै अघि मिश्रदेशबाट बाहिर
ल्याएँ। अनि अहिले सम्म मैले मेरो नाउँमा मन्दिर
निर्माण गर्ने स्थानका निम्ति इस्राएलका कुनै पनि कुल
समूहको शहर मैले छानेको छैन्। मैले मेरा इस्राएलका
मानिसहरू, मानिसहरूलाई अगुवाइ गर्ने व्यक्ति चुनेको
छैन। ६तर अहिले मेरो नाउँको निम्ति स्थानको रूपमा
यरूशलेम चुनेको छु। अनि मैले मेरा इस्राएली मानिसहरूको
अगुवाइका निम्ति दाऊदलाई चुनेको छु।'
७"मेरा पिता दाऊदले इस्राएलका परमप्रभु
परमेश्वरको नाउँमा एउटा मन्दिर निर्माण गर्न चाहेका
थिए। ८तर परमप्रभुले मेरा पितालाई भन्नुभयो, 'दाऊद
जब तैंले मेरो नाउँमा एउटा मन्दिर निर्माण गर्न चाहिस्,
तैंले उत्तम गरिस्। ९तर तैंले मन्दिर निर्माण गर्न
सक्तैनस्। तर तेरो आफ्नो छोराले मेरो नाउँमा मन्दिर
निर्माण गर्ने छ।' १०अहिले परमप्रभुले जे गर्छु भन्नु
भएको थियो त्यही गर्नु भएको छ। म मेरा पिताको
स्थानमा नयाँ राजा भएको छु। दाऊद मेरा पिता थिए।
अहिले म इस्राएलको राजा भएको छु। यही नै
परमप्रभुले प्रतिज्ञा गर्नु भएको थियो। अनि मैले इस्राएलका
परमप्रभु परमेश्वरको नाउँमा मन्दिर बनाएको छु। ११मैले
मन्दिरमा करारको सन्दूक राखेकोछु। कराको सन्दूक
जहाँ छ त्यही परमप्रभुको करार राखिएको छ। परमप्रभुले
यो करार इस्राएलका मानिसहरूसित सम्पन्न गरेका
थिए।"

## सुलेमानको प्रार्थना

१२सुलेमान परमप्रभुको वेदी अघि उभिए। तिनी
इस्राएलका समस्त मानिसहरूको सामुन्ने उभिएका थिए
जो एक साथ भेला भएका थिए। त्यस पछि सुलेमानले
आफ्ना हात पाखुराहरू फैलाए। १३सुलेमानले ५ हात
लामो, ५ हात चौड़ा अनि ३ हात उच्च काँसाको मञ्च
बनाएका थिए अनि त्यसलाई बाहिरको आँगनको माझमा
राखिएको थियो। तब तिनी मञ्चमा उभिए अनि
इस्राएलका समस्त मानिसहरू अघि घुँडा टेके, जो त्यहाँ
एकत्रित भएका थिए। सुलेमानले आफ्ना हातहरू आकाश
तिर फैलाए। १४सुलेमानले भने:
"इस्राएलका परमप्रभु परमेश्वर, तपाईं जस्तो परमेश्वर
स्वर्ग वा पृथ्वीमा कोही छैन। तपाईंले तपाईंको प्रेम
अनि दयाको करार राख्नु हुन्छ। तपाईंले तपाईंका
सेवकहरूसित गर्नु भएको करारको पालन गर्नुहुन्छ, यदि
तिनीहरू सम्पूर्णहृदयले ठीकसित बस्छन् अनि तपाईंको
आज्ञा पालन गर्छन् भने। १५तपाईंले तपाईंका सेवक
दाऊदसित गर्नु भएको प्रतिज्ञा पुरा गर्नुभयो। दाऊद मेरा
पिता थिए। तपाईंले तपाईंको मुखाबृन्दबाट प्रतिज्ञा गर्नुभयो।
आज तपाईंले त्यो प्रतिज्ञालाई तपाईंका हातद्वारा सत्य
तुल्याउनु भयो। १६अब, परमप्रभु इस्राएलका परमेश्वर
तपाईंको सेवक मेरा पिता दाऊद प्रतिको तपाईंको
प्रतिज्ञा राखिदिनु होस्। तपाईंले गर्नु भएको प्रतिज्ञा यही
हो: तपाईंले भन्नुभयो, 'दाऊद, तेरो परिवारबाट मेरो
सामुन्ने इस्राएलको सिंहासनमा बसाउँनका निम्ति एक
व्यक्ति पाउनु कहिले असफल हुने छैनस्। यो लगातार
भइरहनेछ जबसम्म तिम्रा सन्तानहरूले मेरो आज्ञाहरू
पच्छ्याउँन छन्। तिनीहरूले मेरो नियम त्यस्तै प्रकारले
पालन गर्नु पर्ने छ जसरी तैंले मेरो व्यवस्था पालन
गरेको छस्।' १७अब इस्राएलका परमप्रभु परमेश्वर,
तपाईंको प्रतिज्ञा सत्य तुल्याइ दिनुहोस्। तपाईंले यो
प्रतिज्ञा तपाईंको सेवक दाऊदलाई दिनु भएको थियो।
१८"तर हामी जान्दछौं कि, परमेश्वर, तपाईं वास्तवमा
पृथ्वीमा मानिसहरूसाथ बस्नु हुन्न। स्वर्ग अनि सर्वोच्च
स्वर्गले पनि तपाईंलाई आफूमा अँटाउने क्षमत्ता राख्न
सक्तैन। अनि हामी जान्दछौं। कि मैले बनाएको यो
मन्दिरले तपाईंलाई अँटाउन सक्तैन। १९तर दया गरेर
परमप्रभु परमेश्वर मैले गरेको प्रार्थना प्रति अनि मैले
दयाको याचना गरेको समयमा ध्यान दिनुहोस्। दया गरेर
मेरो खुशीको चिच्याहट र तपाईंमा चढ़ाइएको मेरो
प्रार्थना सुनीदिनु होस्। म तपाईंको सेवक हुँ। २०म यो
प्रार्थना गर्छु कि तपाईंको दृष्टि यो मन्दिरलाई हेर्न दिन
अनि रात खुला राख्नु हुनेछ। तपाईंले भन्नु भएको
थियो कि तपाईंले तपाईंको नाउँ यस स्थानमा राख्नु
हुनेछ। तपाईंले मेरो प्रार्थना सुनिदिनु हुनेछ जब म यो
मन्दिरलाई हेरेर प्रार्थना गर्नेछु। २१मेरा प्रार्थना अनि
तपाईंका इस्राएलका मानिसहरूले गरेका प्रार्थना

सुनिदिनुहोस्। हाम्रा प्रार्थना सुनिदिनुहोस् जब हामी यो
मन्दिर तिर हेर्दै प्रार्थना गर्दछौं। तपाईं स्वर्गमा जहाँ रहुन
हुन्छ त्यहीबाट सुनि दिनु होस्। जब तपाईंले हाम्रा
प्रार्थना सुन्नु हुन्छ, हामीलाई क्षमा प्रदान गर्नु होस्।

२२"कुनै व्यक्ति कुनै अन्य मानिस प्रति केही नराम्रो
गरेर दोषी हुन सक्छ। जब त्यसो हुन्छ तब दोषी
व्यक्तिले उ निर्दोषछ भनी प्रतिज्ञा गर्न तपाईंको नाउँ
उपयोग गर्नुपर्ने छ। जब उ प्रतिज्ञा गर्नका निम्ति
मन्दिरमा तपाईंको वेदी समक्ष आउँछ। २३तब स्वर्गबाट
सुनिदिनु होस्। तपाईंले सेवकको फैसला गरेर कार्यान्वित
गरिदिनुहोस्। नराम्रो व्यक्तिलाई दण्ड दिनुहोस् अनि
उसलाई त्यस्तै कष्ट भोगाउनुहोस जस्तो कष्ट उसले
अन्यलाई भोगाएको थियो। यो सिद्ध गरिदिनुहोस कि
जुन व्यक्तिले सही कार्य गरेको छ उ निर्दोष छ।

२४"यदि शत्रुले तपाईंका इस्राएली मानिसहरूलाई
परास्त तुल्याउन सक्छन किनभने तपाईंका मानिसहरूले
तपाईंको विरुद्ध पाप गरेका छन्। तब, यदि तिनीहरू
तपाईंको नाउँमा दोषहरूलाई स्वीकार गर्दै तपाईं कहाँ
फर्की आएर अनि यदि तिनीहरूले यो मन्दिरमा तपाईंलाई
प्रार्थना गरी क्षमा याचना माग्छ भने। २५तब स्वर्गबाट
सुनि दिनुहोस् अनि तपाईंका इस्राएली मानिसहरूको
पापलाई क्षमा गरी दिनुहोस्। तिनीहरूलाई त्यस देशमा
फर्काइ पठाउनु होस् जुन तपाईंले तिनीहरूलाई अनि
तिनीहरूको पुर्खाहरूलाई दिनु भएको थियो।

२६"केही समय आकाश बन्द हुन सक्छ यस्तो
प्रकारले पानी पर्दैन किनभने इस्राएलका मानिसहरूले
तपाईंको विरुद्ध पाप गरे। यदि यसो भए इस्राएका
मानिसहरूले पश्चाताप गर्छन् अनि यो मन्दिरलाई हेर्दै
प्रार्थना गर्छन्। तपाईंको नाउँमा दोष स्वीकार गर्छन् अनि
तिनीहरूले पाप गर्न छोड्छन्, किनभने तपाईंले तिनीहरूलाई
दण्ड दिनु हुँदैछ। २७तब स्वर्गबाट सुनिदिनुहोस्। सुन्नुहोस्
अनि तिनीहरूको पाप क्षामा गरिदिनुहोस्। इस्राएलका
मानिसहरू तपाईंका सेवक हुन्। तब, तिनीहरूलाई
जिउनु पर्ने उचित मार्ग सिकाइ दिनुहोस्। अनि तपाईंको
देशमा वर्षा पठाइ दिनुहोस्। त्यो तपाईंले तपाईंका
मानिसहरूलाई दिनु भएको देश हो।

२८"देशमा अनिकाल हुन वा महामारी र फसलको
बिरामी वा दुसीपर्ने रोग वा सलह वा फटेग्राहरू आउन
सक्छनन र यदि शत्रुले इस्राएलका मानिसहरूलाई
तिनीहरूका शहरमा आक्रमण गर्ला र इस्राएलमा कुनै
किसिमको बिरामी होला, २९अनि त्यस बेला कुनै पनि
तपाईंका इस्राएलका मानिसले-प्रत्येक व्यक्तिले आफ्नो
कष्ट अनि पीढ़ा जानेर-अनि यदि त्यस व्यक्तिले आफ्नो
हात अनि पाखुरा यो मन्दिरलाई हेर्दै फैलाउला। ३०त्यसबेला
स्वर्गबाट सुनिदिनुहोस्। स्वर्ग त्यो स्थान हो जहाँ तपाईं
बस्नु हुन्छ। सुन्नुहोस् अनि क्षमा प्रदान गरिदिनु होस्।
प्रत्येक व्यक्तिलाई त्यही दिनुहोस् जो उसले पाउनु पर्छ,
किनभने तपाईंले जान्नु हुन्छ प्रत्येक व्यक्तिको हृदयमा
के छ। तपाईं मात्र जान्नु हुन्छ एक व्यक्तिको हृदयमा
के छ। ३१तब मानिसहरू डराउने छन् अनि तपाईंले
हाम्रा पुर्खाहरूलाई दिनु भएको देशमा बसुञ्जेल तपाईंको
आज्ञा पालन गर्ने छन्।

३२"कोही यस्तो परदेशी हुन सक्छ जो तपाईंका
इस्राएलका मानिसहरू मध्ये एक होइन, तर जो अति
टाढ़ा भूमिबाट यहाँ आएका छन। उसले तपाईंको महान
नाउँ, तपाईंको विशाल शक्तिले तपाईंले मानिसहरूलाई
बचाउँन सक्नु हुन्छ भनि सुने र आएका हुन सक्छ जब
आउँछन अनि यो मन्दिरलाई हेरेर प्रार्थना गर्छन।
३३तब स्वर्गमा जहाँ तपाईं बस्नु हुन्छ, परदेशीको कुरा
सुनिदिनुहोस् अनि उसको प्रार्थनाको उत्तर दिनुहोस्। तब
पृथ्वीका सबै मानिसहरूले तपाईंको नाउँ जान्ने छन्।
इस्राएली मानिसहरूले तपाईंको सम्मान गरे झैं तपाईंको
सम्मान गर्ने छन्। पृथ्वीका सबै मानिसहरूले जान्नेछन्
कि जुन मन्दिर मैले बनाएँ त्यो तपाईंको नाउँद्वारा
चिनिन्छ।

३४"तपाईंले तपाईंका मानिसहरूलाई तिनीहरूका
शत्रुहरूसित लड्नका निम्ति कुनै स्थानमा पठाउनु हुनेछ।
तिनीहरूले तपाईंले छान्नु भएको यो शहर तिर अनि
मैले तपाईंको नाउँमा निर्माण गरेको यो मन्दिर तिर हेरेर
तपाईंको प्रार्थना गर्नेछन्। ३५कृपा पूर्वक स्वर्गमा तिनीहरूको
प्रार्थना सुनिदिनुहोस्। तिनीहरूलाई सुनिदिनुहोस् जब तिनीहरू
सहायताका निम्ति याचना गर्छन्। अनि तिनीहरूलाई
सहायता गरिदिनुहोस्।

३६"मानिसहरूले तपाईंको विरुद्ध पाप गर्ने छन् पाप
नगर्ने मानिस कोही छैनन्। अनि तपाईं तिनीहरू प्रति
क्रोधित बन्नुहुन्छ। तपाईंले कुनै शत्रुद्वारा तिनीहरूलाई
परास्त गरि दिनु हुनेछ, र कब्जामा पर्न दिनुहुनेछ अनि
अति टाढ़ वा नीजकको देशमा जान वाध्य तुल्याउनु
हुनेछ। ३७तर त्यसबेला तिनीहरूले आफ्ना विचार बदलने
छन् अनि तपाईं सित याचना गर्नेछन् जब तिनीहरू त्यस
देशमा रहेका हुन्छन् जहाँ तिनीहरू कैदी छन्। तिनीहरूले
भन्ने छन्, 'हामीले पाप गरेका छौं। हामीले गल्ती
गरेका छौं अनि हामीले दुष्टता पूर्वक काम गरेका छौं।'
३८अनि तिनीहरू तपाईं कहाँ त्यस देशबाट आफ्ना पूर्ण
हृदय र मन सहित फर्कि आउने छन्। अनि तिनीहरूले
तिनीहरूको देश, तपाईंले तिनीहरूका पुर्खाहरूलाई दिनु
भएको देशतिर अनि तपाईंले छान्नु भएको शहरतिर
हेरेर प्रार्थना गर्ने छन्। अनि तिनीहरूले मैले तपाईंको
नाउँमा निर्माण गरेको मन्दिर तिर फर्केर प्रार्थना गर्नेछन्।
३९जब यसो हुन्छ स्वर्गबाट सुनि दिनुहोस्। स्वर्ग
तपाईंको बास स्थान हो। तिनीहरूको प्रार्थना स्वीकार
गरि दिनुहोस् जब तिनीहरू सहायताका निम्ति याचना
गर्छन्। अनि तिनीहरूलाई सहायता गरिदिनुहोस्। तपाईंका
मानिसहरूलाई क्षमा गरि दिनुहोस्। जसले तपाईंको

विरुद्ध पाप गरेका छन्। ४०अब, मेरा परमेश्वर, म
तपाईंसँग याचना गर्छु, तपाईंको आँखा अनि तपाईंको
कान खोली दिनुहोस्। हामीले यस स्थानमा गरेका
प्रार्थनाहरू सुनिदिनुहोस् अनि त्यस प्रति ध्यान दिनुहोस्।
४१"अब, हे परमप्रभु प्रमेश्वर, उठ्नु होस्, अनि
तपाईंको विशेष स्थानमा, करारको सन्दूकमा आउनु
होस् जसले तपाईंको पराक्रम प्रदर्शित गर्छ। तपाईंका
पूजाहारीहरूले मुक्ति धारण गर्न सकून्। तपाईंका साँच्चा
अनुयायीहरू यी असल कुराहरूमा खुशी होऊन्।
४२"हे परमप्रभु परमेश्वर, अभिषेक भएको तपाईंका
राजालाई स्वीकार गर्नुहोस्। तपाईंको अचूक प्रेमले
सेवक दाऊदलाई सम्झना गर्नुहोस्।"

### परमप्रभुलाई मन्दिर समर्पित

७ जब सुलेमानले प्रार्थना पूर्ण गरे तब आकाशबाट
आगो झर्‍यो अनि होमबलि र बलिदानहरूलाई
जलाइ दियो। परमप्रभुको महिमाले मन्दिर भरियो।
२परमप्रभुको महिमाले भरिएको हुनाले पूजाहारीहरू
मन्दिर भित्र पस्न सकेनन्। ३इस्राएलका समस्त मानिसहरूले
आगोलाई स्वर्गबाट उत्रेको देखे। इस्राएलका मानिसहरूले
मन्दिरमा परमप्रभुको महिमा पनि देखे। तिनीहरूले
आफ्ना अनुहार आँगनका भूँइ तिर झुकाए। तिनीहरूले
परमप्रभुको आराधना गरे अनि धन्यवाद ज्ञापन गरे।
तिनीहरूले गीत गाए परमप्रभु असल हुनुहुन्छ। उहाँको
करूणा सदा सर्वदा चलिरहन्छ्।
४त्यस पछि राजा सुलेमान अनि इस्राएलका समस्त
मानिसहरूले परमप्रभुको समक्ष बलिदान चढ़ाए। ५राजा
सुलेमानले २२,००० गोरूहरू अनि १,२०,०००
भेड़ा अर्पण गरे। राजा र सबै मानिसहरूले परमेश्वरको
मन्दिरलाई सर्मपन गरे। यो परमेश्वरको आराधना गर्नका
निम्ति मात्र उपयोग गरिन्थ्यो। ६पूजाहारीहरू आफ्ना
कार्य गर्न तयार खड़ा भए। लेवीहरू पनि परम
परमप्रभुको संगीतका यन्त्रहरू सहित खड़ा भए। ती
यन्त्रहरू परमप्रभुको धन्यवाद चढ़ाउनका निम्ति राजा
दाऊदले बनाएका थिए। पूजाहारी अनि लेवीहरूले गाउँदै
परमप्रभुको स्तुति गरे किनभने उहाँको प्रेम सदा सर्वदा
चलिरहन्छ। लेवीहरू देखि अर्को तिर पूजाहारीहरू
उभिँदा तिनीहरूले आफ्ना तुरही बजाए। अनि इस्राएलका
सबै मानिसहरू उभिएका थिए।
७सुलेमानले आँगनको मध्य भाग पवित्र बनाए। त्यो
आँगन परमप्रभुको मन्दिरको सामुन्ने थियो। त्यो त्यही
स्थान हो जहाँ सुलेमानले होमबलि अनि मेल बलिको
बोसो अर्पण गरे। सुलेमानले आँगनको मध्य अंश
उपयोग गरे किनभने तिनले निर्माण गरेको काँसाको
वेदीमा सबै होमबलि, अन्नबलि अनि बोसोहरू अँटाउन
सकेन। त्यस्ता भेटीहरू अनेक थिए।
८सुलेमान अनि इस्राएलका समस्त मानिसहरूले सात
दिन सम्म भोज उत्सब मनाए। सुलेमानका साथ विशाल
जन समूह थिए। ती मानिसहरू लीवो-हमातको शहर
देखि फैलीएर मिश्रदेशको खोल्चासम्मका क्षेत्रबाट आएका
थिए। ९आठौं दिनमा तिनीहरूले एक पवित्र सभा राखे
किनभने तिनीहरूले सातदिन सम्म भोज उत्सव मनाएका
थिए। तिनीहरूले वेदीलाई सर्मपन अनि यसको समर्पणको
उत्सव अझ सात दिनसम्म मनाए। १०सातौं महीनाको
तेईसौं दिनमा सुलेमानले मानिसहरूलाई घर फर्काइ
पठाए। मानिसहरू अत्यन्तै हर्षित थिए अनि तिनीहरूको
हृदय आनन्दले परिपूर्ण थियो, किनभने परमप्रभु दाऊद
प्रति, सुलेमान प्रति अनि आफ्ना इस्राएली मानिसहरू
प्रति अत्यन्त असल हुनुहुन्थ्यो।

### परमप्रभु सुलेमान कहाँ आउनु हुन्छ

११सुलेमानले परमप्रभुको मन्दिर अनि राज-महलको
निर्माण कार्य पुरा गरे। सुलेमानले परमप्रभुको मन्दिर
अनि आफ्नो महलको निर्माण कार्य पूर्ण गर्नका निम्ति
जे जति योजना बनाएका थिए त्यसमा तिनलाई सफलता
प्राप्त भयो। १२तब परमप्रभु राती सुलेमान कहाँ आउनु
भयो। परमप्रभुले तिनलाई भन्नुभयो, "सुलेमान, मैले
तेरो प्रार्थना सुनेको छु, अनि मैले यो स्थानलाई आफ्नै
निम्ति बलि-गृहको रूपमा चुनेकोछु। १३जब म
आकाशलाई बन्द गर्छु तब वर्षा हुँदैन वा म सलहलाई
देशको ध्वंश गर्ने आदेश दिन्छु वा म मेरा मानिसहरू
कहाँ महामारी पठाउँछु। १४अनि यदि मेरो मानिसहरू,
जसलाई मेरो नाउँद्वारा पुकारिन्छ, तिनीहरू आफै विनम्र
भई प्रार्थना गर्छन्, र यदि तिनीहरूले मलाई खोज्छन्
अनि आफ्ना नराम्रा बटोबाट तिनीहरू हट्छन् भने, तब
म स्वर्गबाट तिनीहरूलाई सुन्नेछु। अनि म तिनीहरूको
पापलाई क्षमा गरिदिने छु अनि तिनीहरूको भूमिलाई
निको पारी दिनेछु। १५अब, मेरा आँखा खुलाछन् अनि
मेरा कानले यस स्थान मा गरिएका प्रार्थनाहरू प्रति
ध्यान दिने छन्। १६मैले यो मन्दिर चुनेकोछु मैले
यसलाई पवित्र तुल्याएको छु जस द्वारा मेरो नाउँ
सदा-सर्वदा यहाँ रहिरहनेछ। हो, मेरा आँखा अनि हृदय
सदैव यहाँ यो मन्दिरमा रहनेछ।
१७"अब सुलेमान, यदि तँ मेरो सामुन्ने तेरो पिता
दाऊद बसे जस्तै बसिस भने अनि मैले दिएका सबै
आदेशहरू तैंले पालन गरिस भने, यदि तैंले मेरा
व्यवस्था अनि नियमहरूको पालन गरिस भने। १८तब
म तँलाई एक शक्तिशाली राजा बनाउँने छु अनि तेरो
राज्य महान बन्नेछ। मैले तेरा पिता सँग गरेको करार
त्यही हो। मैले त्यसलाई भनेथें, 'दाऊद, तैंले आफ्नो
परिवारमा एक यस्तो व्यक्ति सदैव पाउने छस् जो
इस्राएलमा राजा हुनेछ।'
१९"तर, यदि तैंले मैले गरेका मेरा व्यवस्था अनि
आदेशहरू पालन गर्दैनस् भने यदि तैंले अन्य देवताहरूको

पूजा गर्छस् अनि तिनीहरूको सेवा गर्छस् भने। २०तब
म इस्राएलका मानिसहरूलाई मैले तिनीहरूलाई दिएको
देशबाट बाहिर निकाल्ने छु। अनि म यो मन्दिरलाई
त्याग्ने छु जसलाई मैले आफ्ना नाउँका निम्ति पवित्र
तुल्याएको छु।म यो मन्दिरलाई केही यस्तो बनाउने छु
जसमा कि सबै राष्ट्रहरूले यसको बारेमा नराम्रा कुरा
गर्ने छन्। २१प्रत्येक व्यक्ति, जो यो मन्दिर भएर पार
हुन्छ जो यति उच्च रूपले सम्मानित थियो, आश्चर्यमा
पर्ने छ। तिनीहरूले भन्ने छन्, 'परमप्रभुले यो देश अनि
यो मन्दिर माथि किन यस्तो भयानक कुरो गर्नु भयो?'
२२त्यस बेला मानिसहरूले उत्तर दिने छन्, 'किनभने
इस्राएलका मानिसहरूले परमप्रभु परमेश्वर तिनीहरूको
पिता-पूर्खाहरूका परमेश्वरलाई त्यागे। उहाँ उही परमेश्वर
हुनुहुन्छ जसले तिनीहरूलाई मिश्रदेश देखि बाहिर ल्याउनमा
अगुवाइ गर्नु भएको थियो। तर इस्राएलका मानिसहरूले
अन्य देवताहरूलाई स्वीकार गरे। तिनीहरूले ती अन्य
देवताहरूको पूजा अनि सेवा गरे। त्यही कारण हो कि
परमप्रभुले इस्राएली मानिसहरूमाथि यी सबै भयानक
कुराहरू घट्न दिनु भयो।"

## सुलेमानले निर्माण गरेका शहरहरू

८ परमपभुको मन्दिर अनि आफ्नो भवन निर्माण
गर्नका निम्ति सुलेमानलाई बीस वर्ष लाग्यो।
२त्यसपछि सुलेमानले फेरि ती शहरहरू बनाए जो
हूरामले तिनलाई दिएका थिए। अनि सुलेमानले इस्राएलका
केही मानिसहरूलाई ती शहरूहरूमा बस्ने अनुमति
दिए। ३त्यस पछि सुलेमान सोबाको हमातमा गए अनि
त्यसलाई कब्जा गरे। ४सुलेमानेले मरुभूमिमा तदमोर
शहर निर्माण गरे। तिनले चीज-बीजहरू संग्रह गर्नका
निम्ति हमातमा सबै शहरहरू निर्माण गरे। ५सुलेमानले
उच्च बेतहोरोन अनि निम्न बेत होरोन शहरहरूलाई
फेरि निर्माण गरे। तिनले ती शहरहरूलाई बलिया
किल्ला बनाए। ती शहरहरूका बलिया पर्खाल, फाटक,
अनि फाटकमा बारहरू थिए। ६सुलेमानले वालात शहर
अनि अन्य सबै शहरहरू फेरि निर्माण गरे जहाँ तिनले
धेरै चीज बीजहरू संग्रह गरेका थिए। तिनले सबै
शहरहरू निमार्ण गरे जहाँ रथहरू राखिएका थिए अनि
सबै शहरहरू जहाँ घोड़-सवारहरू बस्थे। सुलेमानले जे
चाहे यरूशलेममा त्यही निर्माण गरे उसले यरूशलेम,
लबानोन अनि ती सबै छेत्रहरूमा जहाँ तिनीले शासन
गर्थे।
७-८त्यहाँ धेरै संख्यामा विदेशीहरू बाँकीरहेका थिए,
जहाँ इस्राएलका मानिसहरू बस्थे। तिनीहरू हित्ती,
एमोरी, परिज्जी, हिव्वी अनि यबूसीहरू थिए। सुलेमानले
तिनीहरूलाई सबै दास-कर्मीहरू बन्न बाध्य तुल्याए। यो
आजसम्म चलिरहेको छ। ती मानिसहरू इस्राएलका
मानिसहरूबाट थिएनन्। ती मानिसहरू तिनीहरूका सन्तान
थिए, जो देशमा बाँकी रहेकाहरू थिए। अनि त्यस
बेलासम्म इस्राएलका मानिसहरूद्वारा नष्ट गरिएका थिएनन्।
९सुलेमानले इस्राएलका कुनै पनि मानिसहरूलाई दास र
कर्मी हुन कर गरेनन्। इस्राएलका मानिसहरू सुलेमानका
लड़ाकू थिए। तिनीहरू सुलेमानका सैनिक अधिकारीहरू
र सेनापति थिए। तिनीहरू सुलेमानका रथहरूका सेनापति
थिए अनि सुलेमानका सारथिहरूका सेनापति थिए।
१०अनि इस्राएलका केही मानिसहरू सुलेमानका महत्वपूर्ण
अधिकारीहरूका प्रमुखहरू थिए। मानिसहरूको निरीक्षण
गर्नेहरू यस्ता २५० जना प्रमुखहरू थिए।

११सुलेमानले दाऊद शहर देखी फिरऊनकी छोरीलाई
उसको निम्ति निर्माण गरिएको घरमा ल्याए। सुलेमानले
भने, "मेरी पत्नी राजा दाऊदको भवनमा रहनु हुँदैन
किनभने ती स्थानहरू जहाँ परमप्रभुको सन्दूक रहेकाछन्
पवित्र स्थानहरू हुन्।"

१२तब सुलेमानले परमप्रभुको वेदीमा परमप्रभुलाई
होमबलि अर्पण गरे सुलेमानले त्यो वेदी मन्दिरको
दलानको सामुन्ने निर्माण गरेका थिए। १३सुलेमानले
हरेक दिन मोशाले दिएको व्यवस्था अनुसार बलिहरू
अर्पण गरे। बलिहरू विश्रामको दिन, औंसीको दिनको
चाड़ अनि तीन वार्षिक विदाका दिन अर्पण गर्नु पर्ने
थियो। तीन बार्षिक विदाहरू अखमीरी रोटीको चाड़,
सप्ताहिकहरूको चाड़ अनि झुप्रो-बासको चाड़हरू थिए।
१४सुलेमानले आफ्ना पिता दाऊदका निर्देशनहरूको पालन
गरे। सुलेमानले तिनीहरूको सेवाका निम्ति पूजाहारीहरूका
दल चुने। सुलेमानले लेवीहरूलाई पनि तिनीहरूका
कर्त्तव्यका निम्ति चुने। लेवीहरूले स्तुति गर्नमा अगुवाइ
गर्नु अनि पूजाहारीहरूलाई मन्दिरको सेवामा दिन दिनै
गरिनु पर्ने कार्यमा सहायता दिनु थियो। अनि सुलेमानले
प्रत्येक द्वारमा सेवा गर्नका निम्ति द्वारपालहरू तिनीहरूका
समूह अनुसार चुने। यो तरिकाको निर्देश परमेश्वरका
व्यक्ति दाऊदले दिएका थिए। १५इस्राएलका मानिसहरूले
पूजाहारी अनि लेवीहरू प्रति सुलेमानले दिएको कुनै
पनि निर्देशनहरू परिवर्तन पनि गरेनन्, अवज्ञा पनि
गरेनन्। तिनीहरूले कुनै पनि निर्देशनहरू यहाँसम्म कि
तिनीहरूले मूल्यावान चीजहरू राख्नु पर्ने तरिका समेत
केही परिवर्त्तन गरेनन्।

१६सुलेमानका सबै कार्यहरू पूरा भए। परमप्रभुको
मन्दिरको कार्य शुरू हुनदेखि समाप्त नभए सम्मको
योजना ठीक बनेको थियो। यसरी परमप्रभुको मन्दिरको
निर्माण कार्य समाप्त भयो।

१७त्यस पछि सुलेमान एसोन-गेबेर अनि एलोत
शहरहरूमा गए। ती शहरहरू एदोम देशको लाल समुद्र
नजिक थिए। १८हूरामले सुलेमानलाई जहाजहरू पठाए।
हूरामका आफ्नै मानिसहरूले जहाज चलाए। हूरामका
मानिसहरू समुद्रमा जहाज चलाउन सिपालु थिए। हूरामका
मानिसहरू सुलेमानका सेवकहरूसित ओपीरमा गए अनि

चार सय पचास तोड़ा सुन लिएर सुलेमान कहाँ फर्की
आए।

## शबाकी रानीले सुलेमानलाई भेटछिन

९ शबाकी रानीले सुलेमानको कीर्तिको विषयमा सुनिन्।
तिनी सुलेमानलाई कठिन प्रश्नहरू द्वार परीक्षा गर्न
यरूशलेम आइन्। शबाकी रानीका साथ एक विशाल
समूह थियो। तिनीसित ऊँटहरू थिए जसले मसाला,
प्रचुरमात्रामा सुन अनि बहुमूल्य रत्नहरू बोकेका थिए।
तिनी सुलेमान कहाँ आइन् र तिनीसित कुरा-कानी
गरिन्। तिनीसित सुलेमानलाई सोध्ने अनेक प्रश्नहरू
थिए। २सुलेमानले तिनका सबै प्रश्नहरूका उत्तर दिए।
सुलेमानका निम्ति व्याख्या गर्न वा उत्तर दिन कठिन पर्ने
कुनै कुरा थिएन। ३शबाकी रानीले सुलेमानको ज्ञान
अनि तिनले निर्माण गरेका भवन देखिन्। ४तिनले
सुलेमानको मेचमा भोजन र तिनका अनेकौं महत्त्वपूर्ण
अधिकारीहरू देखिन्। तिनले तिनका सेवकहरूले काम
गरेको बस्त्र पहिरेको तरिका देखिन्। तिनले सुलेमानका
दाखरस तयार गर्ने सेवकहरू अनि तिनीहरूले पहिरेका
बस्त्रहरू देखिन्। तिनले परमप्रभुको मन्दिरमा सुलेमानले
होमबलि अर्पण गरेका देखिन्। जब शबाकी रानीले यी
सबै कुराहरू देखिन् तब तिनी आश्चर्य भइन्। ५तब
तिनले राजा सुलेमानलाई भनिन्, "मैले मेरो देशमा
तपाईंको महान कार्यहरू अनि बुद्धिको विषयमा सुनेका
कथाहरू सत्य रहेछन्। ६म यहाँ आएर आफ्नै आँखाले
नदेखुञ्जेल मैले ती कथाहरूमा विश्वास गरेकी थिइन।
अहो, मलाई तपाईंको महान बुद्धिको आधा मात्र पनि
भनिएको छैन रहेछ। तपाईं मैले सुनेका कथाहरू भन्दा
महान हुनुहुन्छ। ७तपाईंका पत्नीहरू अनि अधिकारीहरू
अति भाग्यमानी रहेछन्। तपाईंका ज्ञानका कुराहरू
तिनीहरूले तपाईंको सेवा गर्दै सुन्न सक्ने छन्। ८परमप्रभु
तिमीहरूका परमेश्वरको प्रशंसा होस्। उहाँ तपाईंसित
प्रसन्न हुनुहुन्छ अनि परमप्रभु तपाईंका परमेश्वरका
निम्ति शासन गर्न तपाईंलाई उहाँको सिंहासनमाथि राख्नु
भएको छ। परमेश्वरले इस्राएललाई प्रेम गर्नु हुन्छ।
इस्राएललाई सदा-सर्वदा सहयोग प्रदान गर्नु हुन्छ। यसकारण
उहाँले तपाईंलाई इस्राएलमाथि न्याय र धार्मीकता पालन
गर्ने राजा बनाउनु भयो।"

९तब, शबाकी रानीले सुलेमानलाई एक सय बीस
तोड़ा सुन, प्रचुर मात्रामा मसाला, अनि बहुमूल्य रत्नहरू
दिइन्। शबाकी रानीले जस्तै यस्तो उत्तम मसालाहरू
कसैले सुलेमानलाई दिएका थिएनन्।

१०हूरामका सेवकहरू अनि सुलेमानका सेवकहरूले
ओपीरबाट सुन ल्याए। तिनीहरूले चन्दनका काठ अनि
बहुमूल्य ढुङ्गाहरू पनि ल्याए। ११राजा सुलेमानले
चन्दनका काठ परमप्रभुको मन्दिरको निम्ति सिँढ़ी र राज
भवन निर्माण गर्नमा उपयोग गरे। सुलेमानले चन्दनका
काठ गायकहरूका निम्ति बीणा र सारङ्गीहरू बनाउनमा
पनि उपयोग गरे। यहूदा देशमा चन्दनका काठद्वारा
बनाइएका ती बस्तुहरू जस्ता सुन्दर बस्तुहरू कसैले
कहिले देखेका थिएनन्।

१२राजा सुलेमानले शबाकी रानीलाई तिनले चाहेका
अनि याचना गरेका सबै चीजहरू दिए। तिनले शबाकी
रानीले आफूलाई दिएको भन्दा अधिक दिए। त्यस पछि
शबाकी रानी र तिनका सेवकहरू विदा भए आफ्नै
देशमा फर्की गए।

## सुलेमानको अपार सम्पत्ति

१३सुलेमानले एक वर्षमा जति सुन प्राप्त गरे त्यसको
तौल ६६६ तोड़ा थियो। १४घुमन्ते पैकारीहरू अनि
व्यापारीहरूले सुलेमान कहाँ अझ अधिक सुन ल्याए।
अरबका सबै राजाहरू अनि देशका शासकहरूले पनि
सुलेमान कहाँ सुन अनि चाँदी ल्याए। १५राजा सुलेमानले
पिटेका सुनको २०० वटा ठूल ठूला ढालहरू बनाए।
प्रत्येक ढाल बनाउनका निम्ति प्राय: ६०० शेकेल
पिटेको सुन उपयोग गरियो। १६सुलेमानले पिटेको
सुनको ३०० वटा सा-साना ढालहरू पनि बनाए।
प्रत्येक ढाल बनाउनका निम्ति प्राय: ३०० शेकेल सुन
उपयोग गरियो। सुलेमानले सुनका ढालहरू लबानोनको
बन-महलमा राखे।

१७राजा सुलेमानले विशाल सिँहासन निर्माण गर्न
हात्तीको दाँत उपयोग गरे। तिनले सिँहासनलाई शुद्ध सुन
द्वारा मोहोरे। १८सिँहासनमा छ:वटा सिँढ़ीहरू थिए। अनि
त्यसको एक पाउ-दान थियो जो सुनको बनिएको
थियो। सिँहासनको आसनका दुवै तिर पाखुरा अड़याउने
बाहुहरू थिए। प्रत्येक बाहुको छेउमा सिँहका मूर्ति
उभिएका थिए। १९छ:वटा सिँढ़ीमा बाह्रवटा सिँहका
मूर्तिहरू उभिएका थिए। प्रत्येक सिँढ़ीको प्रत्येक छेउमा
एउटा सिँह थियो। यस प्रकारले बनाएको सिँहासन
जस्तो अन्य कुनै राज्यमा थिएन। २०राजा सुलेमानका
पिउने सबै प्यालाहरू सुनद्वारा बनिएका थिए। लबानोनको
बन-महलका सबै घरेलु चीज-बीजहरू शुद्ध सुनले
बनिएका थिए। सुलेमानको समयमा यति विध्ना सम्पत्ति
थियो कि चाँदीलाई त्यति मूल्यवान ठानिँदैन थियो।
२१किनभने राजा सुलेमानका जहाजहरू थिए जो हूरामका
मानिसहरूले तर्शीश तिर चलाएर लान्थे। अनि प्रत्येक
तीन-तीन वर्षमा सुन, चाँदी हस्ती-हाड़ अनि मुजुरहरू
द्वारा लादिएर तर्शीशबाट फर्कन्थे।

२२राजा सुलेमान धन सम्पत्ति र बुद्धिमा संसारका
अन्य कुनै पनि राजा भन्दा महान भए। २३संसारका
सबै अन्य राजाहरू सुलेमान कहाँ तिनका बुद्धिमत्ता पूर्ण
निर्णयहरू सुन्नका निम्ति भेट गर्न आउँथे। तिनीहरू
सुलेमानलाई परमेश्वरले दिनु भएको ज्ञानका कुरा सुन्न
आउँथे। २४हरेक साल ती राजाहरूले सुलेमानका निम्ति

भेटी ल्याउँथे। तिनीहरूले चाँदी अनि सुनले बनेका चीज
बीजहरू, बस्त्रहरू, हतियारहरू, मसालाहरू, घोड़ाहरू
अनि खच्चरहरू ल्याउँथे।
२५सुलेमान सित ४,००० घोड़ा अनि रथहरू राख्ने
तबेला थिए। तिनका १२,००० सारथिहरू थिए।
सुलेमानले तिनीहरूलाई यरूशलेममा आफूसित रथका
निम्ति विशेष शहरहरूमा राखे। २६सुलेमान यूफ्रेटिस
नदी देखि पलिश्ती मानिसहरूको देश, अनि मिश्रदेशको
सीमानासम्म फैलिएका क्षेत्रका राजाहरूका राजा थिए।
२७राजा सुलेमानसित यति विध्न चाँदी थियो कि त्यो
यरूशलेमका ढुङ्गाहरू जस्तै थियो। अनि तिनी सित
यति धेरै देवदारका काठहरू थिए कि त्यो पार्वत्य
देशहरूका अन्जीरका रूखहरू जस्तै साधरण थिए।
२८मानिसहरूले मिश्रदेशबाट अनि अन्य सबै देशहरूबाट
सुलेमान कहाँ घोड़ाहरू ल्याउँथे।

## सुलेमानको मृत्यु

२९सुलेमानद्वारा अन्य कुराहरू शुरू देखि अन्तसम्म
गरिएका, अगमवक्ता नातानका लेखहरूमा, शीलोका
अहियाहका अगमवाणी अनि दर्शी इद्दोका दर्शनमा
लेखिएका छन्। इद्दोका दर्शनहरू नबातका छोरा यारोबामको
बारेमा थिए। ३०सुलेमान चालीस वर्षसम्म यरूशलेममा
सम्पूर्ण इस्राएलका राजा थिए। ३१त्यसपछि सुलेमानले
आफ्ना पुर्खाहरूसित विश्राम लिए। मानिसहरूले तिनलाई
तिनका पिता दाऊदको शहरमा गाड़िदिए। सुलेमानका
छोरा रहबाम सुलेमानको स्थानमा नयाँ राजा भए।

## रहबामले मूर्खता पूर्ण काम गर्छन्

१० रहबाम शेकेम शहरमा गए किनभने इस्राएलका
सबै मानिसहरू तिनलाई राजा बनाउन त्यहाँ
गएका थिए। २यारोबाम मिश्रदेशमा थिए किनभने तिनी
राजा सुलेमान देखि भागेका थिए। यारोबाम नबातका
छोरा थिए। रहबाम नयाँ राजा हुँदैछन भन्ने कुरा
यारोबामले सुने। यसर्थ यारोबाम मिश्रदेशबाट फर्केर
आए। ३इस्राएलका मानिसहरूले यारोबामलाई तिनीहरूसित
आउनु भनी बोलाए। त्यस पछि यारोबाम इस्राएलका
सबै मानिसहरू अनि रहबाम कहाँ गए। तिनीहरूले
तिनलाई भने, "रहबाम, ४तपाईंका पिताले हाम्रो जीवन
कष्टमय बनाए। यो गह्रौ भारी बोकेको जस्तै छ। त्यो
भारलाई हल्का बनाइ दिनुहोस् तब हामी तपाईंको सेवा
गर्ने छौं।"
५रहबामले तिनीहरूलाई भने, "मकहाँ तीन दिन पछि
फर्केर आऊ।" यसर्थ मानिसहरू फर्किए।
६तब राजा रहबामले अग्रज मानिसहरूसित कुरा-कानी
गरे जसले पहीला तिनका पिता सुलेमानका सेवा गरेका
थिए। रहबामले तिनीहरूलाई भने, "ती मानिसहरूलाई
के भन्ने सल्लाह तपाईंहरू मलाई दिनुहुन्छ?"
७ती अग्रजहरूले रहबामलाई भने, "यदि तपाईं ती
मानिसहरू प्रति दयालु हुनुभयो अनि तिनीहरूलाई खुशी
पार्नुभयो अनि तिनीहरूलाई राम्रो कुरा भन्नुभयो भने
तिनीहरूले सदा सर्वदा तपाईंको सेवा गर्नेछन्।"
८तर, रहबामले ती अग्रजहरूले तिनलाई दिएका
सल्लाह स्वीकार गरेनन्। रहबामले ती युवकहरूसित
कुरा-कानी गरे जो तिनी साथ बढ़ेका थिए अनि तिनको
सेवा गर्दै थिए। ९रहबामले तिनीहरूलाई भने, "तिमीहरू
मलाई के सल्लाह दिन्छौ? ती मानिसहरूलाई हामीले
कस्तो उत्तर दिनु पर्ने? तिनीहरूले मलाई तिनीहरूको
काम सजिलो बनाइ दिनु भने अनि तिनीहरू चाहन्छन्
कि मेरा पिताले तिनीहरू माथि लदाएको भार मैले कम
गरिदिनु भनी।"
१०तब, ती युवाहरू जो रहबामसितै बढ़ेका थिए,
"तिनीहरूले तिनलाई भने, जुन मानिसहरूले तपाईं सित
कुरा गरे तिनीहरूलाई तपाईंले यसो भन्नु पर्छ। ती
मानिसहरूले तपाईंलाई भने, 'तपाईंका पिताले हाम्रो
निम्ति जीवन कठिन बनाउनु भयो। त्यो गह्रौ भार
बोकेको जस्तै थियो। तर हामी तपाईंले त्यो भारलाई
हल्का पारिदिनु होस् भनी चाहन्छौं।" तर रहबाम,
तपाईंले यो कुरा ती मानिसहरूलाई भन्नुपर्छः तिनीहरूलाई
भन्नुहोस्। 'मेरो कान्छी औंला मेरा पिताको कम्मर
भन्दा मोटो हुनेछ। ११मेरा पिताले भारी बोझ तिमीहरूलाई
लदाउनु भयो। तर म त्यो बोझलाई अझ भारी
बनाइदिने छु। मेरा पिताले तिमीहरूलाई चाबुकले दण्ड
दिनु भयो। तर म तिमीहरूलाई धातुका तीखो टुप्पा
भएका चाबुकले दण्ड दिने छु।"'
१२तीन दिन पछि यारोबाम अनि सबै मानिसहरू
रहबाम कहाँ आए। रहबामले तिनीहरूलाई गर्नु भनेका
कुरा त्यही हो, जब तिनले भने, "म कहाँ तीन दिन
पछि फर्केर आऊ।"
१३तब राजा रहबामले तिनीहरूसित नीच तरिकाले
कुरा गरे। राजा रहबामले अग्रजहरूका सल्लाह
स्वीकार गरेनन्। १४राजा रहबामले ती मानिसहरूसित
युवाहरूले दिएको सल्लाह अनुसार कुरा गरे। तिनले
भने, "मेरा पिताले तिमीहरूको बोझ भारी बनाउनु
भएको थियो, तर म त्यसलाई अझ भारी बनाउने छु।
मेरा पिताले तिमीहरूलाई कोर्राद्वारा दण्ड दिनु भएको
थियो। तर म तिमीहरूलाई धातुका तीखा टुप्पा भएको
कोर्रा द्वारा दण्ड दिने छु।" १५यसरी राजा रहबामले
मानिसहरूका कुरा सुनेनन्। किनभने यो कुराहरूको
परिवर्तन परमेश्वरबाट आएको थियो। परमेश्वरले
यस्तो हुन दिनुभयो। यो यस्तो भयो जसमा कि
परमप्रभुले उहाँको वचनलाई सत्य सावित गर्न सकून् जो
उहाँले अहियाहद्वारा यारोबामलाई भन्नु भएको थियो।
अहियाह शीलोका थिए अनि यारोबाम नबातका छोरा
थिए।

१६इस्राएलका मानिसहरूले देखे राजा रहबामले
तिनीहरूका कुरा सुनेनन्। तब तिनीहरूले राजालाई भने,
"के हामी दाऊदका परिवारका अंश हौं? अहँ। हामीले
यिशैका कुनै भूमि पाउने छौं? अहँ। यसर्थ इस्राएलीहरू
हो, हामी हाम्रा आफ्नै घर जाऔं। दाऊदका छोराले
तिनका आफ्नै मानिसहरू माथि शासन गरोस्।" तब
इस्राएलका सबै मानिसहरू आफ्ना घरतिर गए। १७तर
इस्राएलमा केही यस्ता मानिसहरू थिए, जो यहूदाका
शहरहरूमा बस्थे। अनि रहबाम ती मानिसहरूका राजा
थिए।

१८हदोराम काम गर्न कर लगाइएका मानिसहरूको
जिम्मामा थियो। रहबाले तिनलाई इस्राएलका मानिसहरू
कहाँ पठाए। तर इस्राएलका मानिसहरूले हदोरामलाई
ढुँङ्गाले हानेर मारिदिए। तब रहबाम दगुरेर आफ्ना रथमा
उफ्रिएर चढ़े अनि भागे। तिनी भागेर यरूशलेम गए।
१९त्यस समयदेखि अहिलेसम्म इस्राएल दाऊदका परिवारको
विरुद्धमा छन्।

११ जब रहबाम यरूशलेम आए, तिनले
१,८०,००० सर्वोत्तम सैनिकहरू भेला गरे
तिनले ती सैनिकहरू यहूदा अनि बिन्यामीनका कुल
समूहबाट भेला गरे। उसले राज्यलाई आफ्नो निम्ति
फर्काएर ल्याउन र तिनीहरूलाई इस्राएलको विरुद्ध युद्ध
गर्न भेला गरे। २तर परमप्रभुबाट शमायाह कहाँ सन्देश
आयो। शमायाह परमेश्वरका मानिस थिए। परमप्रभुले
भन्नुभयो, ३"शमायाह, सुलेमानका छोरा रहबाम अनि
यहूदाका राजासित कुरा गर। यहूदा बिन्यामीनमा बस्ने
सबै इस्राएली मानिसहरूसित कुरा-कानी गर। तिनीहरूलाई
भन: ४परमप्रभु यसो भन्नु हुन्छ: 'तिमीहरू आफ्ना
भाइहरूसित लड्नु हुँदैन। हरेक व्यक्ति घर फर्की
जाओस्। मैले नै यसो हुन दिएको हुँ।'" यसर्थ रहबाम
अनि तिनका सेनाले परमप्रभुको सन्देश मानेर फर्किए।
तिनीहरूले यारोबाम माथि आक्रमण गरेनन्।

### रहबामले यहूदालाई शक्तिशाली बनाउँछ

५रहबाम यरूशलममा बस्थे। तिनले आक्रमणको
विरुद्ध रक्षा गर्नका निम्ति यहूदामा मजबूत शहरहरू
बसाले। ६तिनले बेतलेहेम, एताम, तको, ७बेतसर,
सोको, अदुल्लाम, ८गात, मरेशा, जीप, ९अदोरेम,
लाकीश, अजेका, १०सोरा, अय्यालोन अनि हेब्रोन
शहरहरूको मरम्मत गरे। यहूदा अनि बिन्यामीनका यी
शहरहरूलाई मजबूत तुल्याइयो। ११जब रहबामले ती
शहरहरूलाई सुदृढ़ तुल्याए तब तिनले त्यसमा सेनापतिहरू
राखे। तिनले ती शहरहरूमा भोजन, तेल र दाखरसको
आपूर्तिको व्यवस्था पनि गरिदिए। १२रहबामले हरेक
शहरमा ढाल र भालाहरू पनि राखे र शहरहरूलाई
अत्यन्त मजबूत तुल्याए। रहबामले यहूदा अनि बिन्यामीनका
मानिसहरू अनि शहरहरू आफ्ना अधिकारमा राखे।

१३इस्राएलभरिका पूजाहारी अनि लेवीहरू रहबाम
सित सहमत भए अनि तिनीसित मिले। १४लेवीहरूले
आफ्ना तृण भूमि र तिनीहरूका आफ्नै खेतहरू छोड़े
अनि यहूदा र यरूशलेममा आए। लेवीहरूले यसो गरे
किनभने यारोबाम अनि तिनका छोराहरूले परमप्रभुको
सेवकको रूपमा तिनीहरूलाई सेवा गर्न दिन अस्वीकार
गरेका थिए। १५यारोबामले उच्च स्थानहरूमा सेवा
गर्नका निम्ति, जहाँ तिनले बनाएका बाख्रा अनि बाछाका
मूर्तिहरू स्थापना गरेका थिए, आफ्नै पूजाहारीहरू छाने।
१६जब लेवीहरूले इस्राएल छाड़े तब इस्राएलका सम्पूर्ण
परिवार समूहका ती मानिसहरू, जो इस्राएलका परमप्रभु
परमेश्वर प्रति विश्वसनीय थिए, आफ्ना पिता पुर्खाहरूका
परमप्रभु परमेश्वरलाई बलि चढ़ाउन यरूशलेम आए।
१७ती मानिसहरूले यहूदा राज्यलाई शक्तिशाली बनाए।
तिनीहरूले सुलेमानका छोरा रहबामलाई तीन वर्षसम्म
सम्मर्थन गरे। तिनीहरूले यसो गरे किनभने त्यस
समयमा तिनीहरूले दाऊद अनि सुलेमानको अनुशरण
गरे।

### रहबामका परिवार

१८रहबामले महलतलाई विवाह गरे। तिनका पिता
यरीमोत थिए। तिनकी आमा अबीहेल थिइन्। यरीमोत
दाऊदका छोरा थिए। अबीहेल एलीआबकी छोरी थिइन्,
अनि एलीआब यिशैका छोरा थिए। १९महलतबाट
रहबामका यी छोराहरू भए: येयूश, शमर्याह अनि
साहम। २०तब रहबामले माकालाई विवाह गरे। माका
अब्शालोमको नातिनी थिइन्। अनि माकाबाट रहबामका
यी छोरा-छोरीहरू भए: अबियाह, अत्तै, जीजा अनि
शलोमीत। २१रहबामले माकालाई तिनका अरु सबै
पत्नीहरू र सेविकाहरूलाई भन्दा अधिक प्रेम गर्थे।
माका अब्शालोमकी नातिनी थिइन्। रहबामका अठाह्र
जना पत्नीहरू अनि साठीजना सेविकाहरू थिए। रहबाम
अठाईस जना छोरा अनि साठी जना छोरीहरूका पिता
थिए।

२२रहबामले अबियाहलाई आफ्ना भाइहरूका प्रमुख
छाने। रहबामले यसो गरे किनभने तिनले अबियाहलाई
राजा बनाउने योजना गरेका थिए। २३रहबामले बुद्धिमत्ता
पूर्वक काम गरे अनि आफ्ना सबै छोराहरूलाई यहूदा
अनि बिन्यामीन देश भरिका हरेक सुदृढ़ शहरमा
फैलाए। अनि रहबामले आफ्ना छोराहरूलाई प्रशस्त
आपूर्तिको व्यवस्था गरिदिए। तिनले आफ्ना छोराहरूका
निम्ति पत्नीहरू खोजि दिए।

### मिश्रदेशका राजा शीशकले यरूशलेममाथि आक्रमण गर्छन्

१२ रहबाम एक शक्तिशाली राजा भए। तिनले
आफ्नो राज्य शक्तिशाली तुल्याए। तब रहबाम

अनि यहूदाका कुल समूहले परमप्रभुको व्यवस्था पालन
गर्न अस्वीकार गरे। २रहबामको राज्यकालको पाँचौं
वर्षमा शीशकले यरूशलेम शहर माथि आक्रमण गरे।
शीशक मिश्रदेशका राजा भए। किनभने रहबाम अनि
यहूदाका मानिसहरू परमप्रभु प्रति विश्वसनीय थिएनन्।
३शीशकसित १,२०० रथहरू, ६०,००० घोड़ सवारहरू
सेना जो कसैले गन्ती गर्न नसक्ने थिए। शीशकका
विशाल सेनामा लूबी, सुक्किया अनि कूशी सैनिकहरू
थिए। ४शीशकले यहूदाका सुदृढ़ शहरहरूलाई परास्त
गरे। त्यसपछि शीशकले आफ्ना सैन्यलाई यरूशलेममा
ल्याए।

५तब शमायाह अगमवक्ता रहबाम अनि यहूदाका
प्रमुखहरू कहाँ आए। यहूदाका ती प्रमुखहरू यरूशलेममा
भेला भएका थिए किनभने तिनीहरू सबै शीशकसित
भयभीत थिए। शमायाहले रहबाम अनि यहूदाका
प्रमुखहरूलाई भने, "परमप्रभुले जे भन्नुहुन्छ त्यो हो:
'रहमबाम तँ अनि यहूदाका मानिसहरूले मलाई त्याग
गरेका छौ मेरो व्यवस्था पालन गर्न अस्वीकार गरेका
छौ। यसर्थ अब म मेरो सहायता बिना तँलाई शीशकको
सामना गर्न छोड़ने छु।'"

६तब यहूदाका प्रमुखहरू अनि राजा रहबाम दु:खित
भए अनि स्वयंलाई नम्र तुल्याए। तब परमप्रभुबाट
शमायाह कहाँ "सन्देश आयो।"

७परमप्रभुले शमायाहलाई भन्नुभयो, "राजा अनि
प्रमुखहरू स्वयं नम्र भएका छन्। यसर्थ म तिनीहरूलाई
नष्ट गर्ने छैन, म तिनीहरूलाई चाँडै बचाउँने छु। म
मेरो रीस यरूशलेम माथि पोख्नलाई शीशकको उपयोग
गर्ने छैन। ८तर यरूशलेमका मानिसहरू शीशकका
सेवक हुने छन्। यस्तो हुने छ जसद्वारा तिनीहरूले यो
सिक्ने छन् कि मेरो सेवा गर्नु अन्य राष्ट्रहरूका
राजाहरूको सेवा गर्नु भन्दा भिन्न हो।"

९शीशकले यरूशलेम माथि चढ़ाइ गरे अनि सम्पत्तिहरू
लगे जो परमप्रभुको मन्दिरमा थियो। शीशक मिश्रदेशका
राजा थिए। अनि तिनले ती सम्पत्ति पनि लगे जो
राजाको भवनमा थियो। शीशकले हरेक चीज लिए
अनि ती सम्पत्तिहरू लगेर गए। तिनले ती सुनका
ढालहरू पनि लगे जो सुलेमानले बनाएका थिए।
१०राजा रहबामले सुनका ढालहरूको स्थानमा काँसाका
ढालहरू बनाए। रहबामले ती काँसाका ढालहरू
अधिकारीहरूलाई दिए जो भवनको प्रवेशद्वारको रक्षागर्ने
जिम्मामा थिए। ११जब राजा परमप्रभुको मन्दिर भित्र
पस्थे तब रक्षकहरूले काँसाका ढालहरू बाहिर निकाल्थे।
पछि तिनीहरूले ती काँसाका ढालहरू लगेर रक्षा गृहमा
राख्थे।

१२जब रहबामले स्वयंलाई नम्र तुल्याए तब
परमप्रभुले आफ्नो क्रोध रहबामबाट हटाउनु
भयो। यसरी नै परमप्रभुले रहबामलाई पूर्ण रूपले ध्वंश
पार्नु भएन। त्यहाँ यहूदामा केही असल कुरा पनि
थियो।*

१३राजा रहबामले स्वयंलाई यरूशलेममा एक शक्तिशाली
राजा बनाए। तिनी एकचालीस वर्षका थिए जब तिनी
राजा भए। रहबाम यरूशलेममा सत्र वर्षसम्म राजा
थिए। यरूशलेम त्यो शहर हो जसलाई परमप्रभुले
इस्राएलका समस्त कुल समूहबाट चुन्नु भएको हो।
परमप्रभुले आफ्ना नाउँ यरूशलेममा राख्न रोज्नु भयो।
रहबामकी आमा नामा थिइन्। नामा अम्मोन देशकी
थिइन्। १४रहबामले नराम्रा कुराहरू गरे किनभने तिनले
परमप्रभुको आज्ञा पालन गर्ने कुरा हृदयबाट निश्चय
गरेका थिएनन्।

१५रहबामले आफू राजा हुँदा शुरूदेखि अन्त सम्मको
आफ्नो शासनमा जे जति कुराहरू गरे ती शमायाह
अगमवक्ताका लेखहरूमा अनि इद्दो, दर्शीका लेखहरूमा
लेखिएका छन्। ती पुस्तकहरू वंशावलिहरू जस्तै
लेखीएका छन्। अनि रहबाम र यारोबाम माझ, दुवै
राजाहरूको शासनकाल भरी युद्ध चलिरह्यो। १६रहबामको
मृत्यु भयो अनि उसलाई उसको पिता-पुर्खाहरूसित
गाड़े। रहबामलाई दाऊदको शहरमा गाड़ियो। त्यसपछि
रहबामका छोरा अबियाह नयाँ राजा भए।

## अबियाह यहूदाका राजा

**१३** जब राजा यारोबाम अठाह्रौं वर्षमा इस्राएलका
राजा भए अबियाह यहूदाका नयाँ राजा भए।
२अबियाह तीन वर्ष सम्म यरूशलेममा राजा थिए।
अबियाहकी आमा माका थिइन्। माका उरीएलकी छोरी
थिइन्। उरीएल गिबा शहरका थिए। अनि अबियाह र
यारोबामका माझ युद्ध चलिरहेथ्यो। ३अबियाहका सेनामा
४,००,००० साहसी सैनिकहरू थिए। अबियाहले त्यस
सेनालाई युद्धमा अगुवाइ गरे। यारोबामका सेनामा
८,००,००० साहसी सैनिकहरू थिए। यारोबाम
अबियाहसित युद्ध गर्न तयार भए।

४तब अबियाह एफ्रैमको पहाड़ी देशको समारैम डाँड़ामा
उभिए। अबियाहले भने, "यारोबाम अनि समस्त
इस्राएलीहरू, मेरो कुरा सुन। ५तिमीहरूले यो जान्नु
पर्छ कि इस्राएका परमप्रभु परमेश्वरले दाऊद अनि
तिनका छोराहरूलाई सदा सर्बदा इस्राएलका राजा हुने
अधिकार दिनु भएको छ। परमेश्वरले दाऊदसित नूनको
करार द्वारा यो दिनु भएको हो। ६तर यारोबाम आफ्ना
स्वामीका विरुद्ध भए। यारोबाम नबातको नाति, दाऊदका
छोरा सुलेमानका एक सेवक थिए। ७तब, अयोग्य दुष्ट
मानिसहरू यारोबामका मित्रहरू थिए अनि तिनीहरूले

---

**त्यहाँ ... थियो** यो पदले विशेष गरेर केही यहूदाका मानिसहरूमा संकेत गर्छ जसले रहबाम जस्तो पाप स्वीकार गरे, यसकारण परमेश्वरले तिनीहरूलाई जोगाउनु भयो।

एकै साथ रहबाम सुलेमानका छोराको विरोध गरे।
रहबाम सानै र अनुभवहीन थिए। यसर्थ उसले यारोबाम
अनि तिनका दुष्ट साथीहरूलाई रोक्न सकेनन्।
८"अब, तिमी मानिसहरूले परमप्रभुको राज्यलाई
त्यो राज्य जसलाई दाऊदका छोराहरूले शासन गरेका
छन् परास्त गर्ने निश्चय गरेका छौ। तिनीहरू सित धेरै
मानिसहरू छन् अनि तिमीहरूका ती सुनौला बाछाहरू
ती 'देवताहरू' छन् जो यारोबामले तिम्रा निम्ति बनाए।
९तिमीले परमप्रभुका पूजाहारीहरूलाई निकाली बाहिर
गऱ्यौ, जो हारूनका सन्तानहरू थिए। अनि तिमीले
लेवीहरूलाई निकाली बाहिर गऱ्यौ। त्यस पछि तिमीले,
पृथ्वीका हरेक राष्ट्रले जस्तै आफ्नै पूजाहारीहरू छान्यौ।
अनि अहिले कुनै पनि व्यक्ति जसले एउटा बाछा अनि
सातवटा भेँड़ा ल्याउने छ, त्यो पूजाहारी हुन सक्छ -
'ती भूँटा देवताहरूको सेवा गर्ने पूजाहारी।'
१०"तर हाम्रो निम्ति, परमप्रभु हाम्रा परमेश्वर हुनु
हुन्छ। हामी यहूदाका मानिसले परमेश्वरको आज्ञा पालन
गर्न अस्वीकार गरेका छैनौं। हामीले उहाँलाई छाड़ेका
छैनौं। पूजाहारीहरू जसले परमप्रभुको सेवा गर्छन् हारूनका
छोराहरू हुन्। अनि लेवीहरू परमप्रभुको सेवा गर्नमा
पूजाहारीहरूलाई सहयोग गर्छन्। ११तिनीहरू हरेक
हरेक साँझ विहान परमप्रभुलाई होमबलि अर्पण गर्छन्
र सुगन्धीत धूप बाल्छन्। तिनीहरूले मन्दिरको विशेष
मेजमा लहरमा रोटी राख्छन्। अनि तिनीहरू सुनौला
सामदानमा बत्तीहरूको हेरचाह गर्छन् जसद्वारा उज्यालो
रूपले प्रत्येक साँझ चम्कन्छन्। हामी अत्यन्त सावधानीपूर्वक
परमप्रभु हाम्रा परमेश्वरको सेवा गर्छौ तर तिमी मानिसहरूले
उहाँलाई त्याग गरेका छौ। १२परमेश्वर स्वयं हाम्रो साथ
हुनु हुन्छ। उहाँ हाम्रा शासक हुनु हुन्छ अनि उहाँका
पूजाहारीहरू हामीसित छन्। परमेश्वरका पूजाहारीहरूले
तिमीहरूलाई व्यूँउभ्फाउन् अनि तिमीहरूलाई उहाँको
आगमनमा उत्तेजित तुल्याउनका निम्ति आफ्ना तुरही
बजाउँछन्। इस्राएलका मानिसहरू हो, तिम्रा पुर्खाहरूका
परमप्रभु परमेश्वरको विरुद्ध नलड़। तिमीहरू सफल
हुने छैनौं।"
१३तर यारोबामले सैनिकको एक दललाई अबियाहको
सेनाको पछिल्तिर सुटुक्क पठाए। यारोबामका सेना
अबियाहको सेना समक्ष थिए। यारोबामका सेनाका गुप्त
सैनिकहरू अबियाहका सेनाका पछि थिए। १४जब
अबियाहका सेनामा भएका यहूदी सैनिकहरूले वरिपरि
हेरे तब तिनीहरूले यारोबामका सेनाले अघि पछि दुवै
तिरबाट आक्रमण गरेका देखे। यहूदाका मानिसहरूले
परमप्रभुलाई जोड़ले पुकारे अनि पूजाहारीहरूले तुरही
बजाए। १५त्यसपछि अबियाहका सेनाका मानिसहरू
जोड़ले कराए। जब यहूदाका मानिसहरू कराए परमेश्वरले
यारोबामका सेनालाई परास्त गरिदिनु भयो। यारोबामका
सबै इस्राएलका सेनाहरू अबियाहका यहूदाका सेनाहरू
द्वारा परास्त भए। १६इस्राएलका मानिसहरू यहूदाका
मानिसहरूदेखि भागे। परमेश्वरले इस्राएलका सेनाहरूलाई
परास्त गर्न यहूदाका सेनाहरूलाई अनुमति दिनु भयो।
१७अनि इस्राएलका ५,००,००० सर्वोत्तम मानिसहरू
मारिए। १८यसरी त्यस बेला इस्राएलका मानिसहरू
परास्त भए। यहूदाका मानिसहरूले विजय प्राप्त गरे।
यहूदाका सेनाले विजय प्राप्त गरे किनभने तिनीहरूले
आफ्ना पिता-पुर्खाहरूका परमप्रभु परमेश्वर माथि भरोसा
राखे।
१९अबियाहका सेनाले यारोबामका सेनालाई खेदे।
अबियाहका सेनाले यारोबामबाट बेतेल, येशना अनि
एप्रोन शहरहरू कब्जा गरे। तिनीहरूले ती शहरहरू
अनि ती शहरहरू नजिकका सा-साना गाउँहरू अधिकारमा
ल्याए।
२०जबसम्म अबियाह जीवित रहे यारोबाम फेरि
कहिल्यै शक्तिशाली भएनन्। परमप्रभुले यारोबामलाई
मारिदिनु भयो। २१तर अबियाह शक्तिशाली बने। तिनले
चौध जना स्त्रीहरू विवाह गरे अनि बाईस जना छोरा र
सोह्रजना छोरीहरूका पिता थिए। २२अन्य सबै कुरा जो
अबियाहले गरे सो अगमवक्ता इद्दोका पुस्तकहरूमा
लेखिएका छन्।
**१४** अबियाहको मृत्यु भयो अनि उसलाई पिता-
पुर्खाहरूसितै गाड़ियो। मानिसहरूले तिनलाई
दाऊदको शहरमा गाड़े। त्यसपछि अबियाहका छोरा
आसा अबियाहका स्थानमा नयाँ राजा भए। आसाका
समयमा देशमा दश वर्षसम्म शान्ति थियो।

### आसा यहूदाका राजा

२आसाले आफ्ना परमप्रभु परमेश्वरको समक्ष असल
र उचित कुराहरू गरे। ३आसाले ती विदेशी वेदीहरू
हटाइदिए जो मूर्त्ति पूजाका निम्ति उपयोग गरिन्थे।
आसाले उच्च स्थानहरू हटाइदिए अनि स्मारक शिलाहरू
फोड़िदिए। आसाले अशेरा-स्तम्भहरू भाँची दिए। ४आसाले
यहूदाका मानिसहरूलाई परमप्रभु परमेश्वरको अनुसरण
गर्नु भनी आदेश दिए। उहाँ तिनीहरूका पुर्खाहरूले
अनुसरण गरेका परमेश्वर हुनुहुन्छ। आसाले तिनीहरूलाई
परमप्रभुका व्यवस्था अनि आदेशहरू पालन गर्ने आदेश
दिए। ५आसाले उच्च स्थानहरूका धूपवेदीहरू पनि
यहूदाका सबै शहरहरूबाट हटाइ दिए। यसरी राज्यमा
शान्ति थियो। जब आसा राजा थिए। ६आसाले यहूदामा
त्यो समय सुदृढ़ शहरहरू निर्माण गरे जब यहूदामा
शान्ति थियो। आसाले यी वर्षहरूमा कुनै युद्ध गर्नु परेन
किनभने परमप्रभुले तिनलाई शान्ति प्रदान गर्नु भएको
थियो।
७आसाले यहूदाका मानिसहरूलाई भने, "हामी यी
शहरहरूलाई निर्माण गरौं अनि यिनीहरूका चारैतिर
पर्खालहरू बनाऔं। हामी बुर्जाद्वारहरू अनि द्वारमा

बारहरू बनाऔं हामी यो देशमा बसेसम्म यसो गरौं। यो देश हाम्रो हो किनभने हामीले परमप्रभु हाम्रा परमेश्वरको अनुसरण गरेका छौं। उहाँले हामीलाई हाम्रो चारैतिर शान्ति दिनु भएको छ।" यसर्थ तिनीहरूले निर्माण गरे अनि सफलता प्राप्त गरे।

८आसाका यहूदाका परिवार समूहका ३,००,००० मानिसहरू अनि बिन्यामीनका कुल समूहका २,८०,००० मानिसहरूका सेना थिए। यहूदाका मानिसहरूले ठूला-ठूला ढाल र भालाहरू बोक्थे। बिन्यामीनका मानिसहरूले सा-साना ढाल अनि धनुबाट काँड़ हान्थे। ती सबै मानिसहरू बलिया र साहसी सैनिकहरू थिए।

९तब जेरा आसाका सेनाका विरुद्ध आए। जेरा कूशका थिए। जेराका १०,००,००० मानिसहरू अनि ३०० रथहरू तिनका सेनामा थिए। जेराका सेना मारेशा शहर सम्म पुगे। १०आसा जेरा विरुद्ध लड़नका निम्ति निक्ले। आसाका सेनाहरू मारेशामा सपाता बेंसीमा युद्धका निम्ति तयार भए।

११आसाले परमप्रभु आफ्ना परमेश्वरलाई पुकारे अनि भने, "परमप्रभु, तपाईंले मात्र बलवान मानिसहरूको विरुद्ध कमजोर मानिसहरूलाई सहायता गर्न सक्नु हुन्छ। परमप्रभु हाम्रा परमेश्वर। हामीलाई सहायता गर्नु होस्। हामी तपाईं माथि निर्भरछौं। हामी तपाईंको नाउँमा यी विशाल सेनाको विरुद्ध लड़छौं। परमप्रभु, तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ। तपाईंको विरुद्ध कसैलाई पनि जित्न नदिनु होस्।"

१२तब परमप्रभुले कूशी सेनाहरूलाई परास्त गर्न आसाका यहूदी सेना उपयोग गर्नु भयो। अनि कूशी सेनाहरू भागे। १३आसाका सेनाले कूशी सेनाहरूलाई गरार शहर सम्म खेदेर लगे। यति बिध्न कुशी सेनाहरू मारिए कि तिनीहरू फेरि लड्नका निम्ति सेनाका रूपमा एकत्रित हुन सकेनन्। तिनीहरूलाई परमप्रभु अनि उहाँका सेनाले कुल्चि दिए। आसा अनि तिनका सेनाले शत्रुहरूका अनेक बहूमूल्य चीजहरू लगे। १४आसा अनि तिनका सेनाहरूले गरार नजिकका सबै शहरहरूलाई परास्त गरे। ती शहरहरूमा बस्ने मानिसहरू परमप्रभु सित भयभीत थिए। ती शहरहरूमा अनेक प्रकारका धेरै बहूमूल्य बस्तुहरू थिए। आसाका सेनाहरूले ती बहूमूल्य चीजहरू ती शहरहरूबाट लगे। १५आशाका सेनाले शिविरहरूमा पनि आक्रमण गरे जहाँ गोठालाहरू बस्थे। तिनीहरूले धेरै भेड़ा र ऊँटहरू लगे। तब, आसाका सेनाहरू यरूशलेम फर्के।

### आसाका परिवर्त्तनहरू

**१५** परमेश्वरको आत्मा अजर्याहमाथि उत्रनुभयो। अजर्याह ओदेदका छोरा थिए। २अजर्याह आसालाई भेट्न गए। अजर्याहले भने, "मेरो कुरा सुन आसा अनि यहूदा र बिन्यामीनका तिमी सबै मानिसहरू! परमप्रभु तिमीहरूका साथ रहनु हुन्छ जब तिमीहरू उहाँका साथ हुन्छौ। यदि तिमीले परमप्रभुलाई खोज्यौ भने, उहाँलाई पाउने छौ। तर यदि तिमीहरूले उहाँको साथ छोड़यौ भने उहाँले तिमीहरूको साथ छोड़नु हुनेछ।
३धेरै समयसम्म इस्राएल सत्य परमेश्वर बिहीन थियो। अनि तिनीहरू शिक्षा दिने पूजाहारी बिहीन र नियम बिहीन थिए।
४तर जब इस्राएलका मानिसहरूले दुःख पाए, तिनीहरू फेरि परमप्रभु परमेश्वर तर्फ फर्किए। उहाँ इस्राएलका परमेश्वर हुनु हुन्छ। तिनीहरूले परमप्रभुलाई खोजे अनि उहाँलाई पाए।
५दुःखको त्यस समयमा कुनै पनि मानिस निरापद यात्रा गर्न सक्तैन थियो। सबै राष्ट्रहरूमा यति धेरै कष्ट थियो
६'एउटा राष्ट्रले अर्को राष्ट्रलाई अनि एक शहरले अर्को शहरलाई ध्वंश पार्थे। यस्तो हुँदै थियो। किनभने परमेश्वरले तिनीहरूलाई सबै किसिमका कष्टहरू दिनु भयो।
७'तर आसा, तिमी अनि यहूदाका र बिन्यामीनका मानिसहरू शक्तिशाली बन। कमजोर नबन, नछोड़ किनभने तिमीहरूले तिम्रा असल कार्यका निम्ति पुरस्कार प्राप्त गर्ने छौ।"

८जब आसाले यी वचनहरू अनि सन्देशहरू ओबेद, अगमवक्ताबाट सुने तिनी खूबै उत्साहित भए। त्यसपछि उसले ती घृणित मूर्त्तिहरू यहूदा अनि बिन्यामीनका सबै स्थानबाट हटाए। आसाले ती घृणित मूर्त्तिहरू एप्रैमका पहाड़ी देशकाअधिकारमा ल्याएका शहरहरूबाट पनि हटाए। अनि तिनले परमप्रभुको वेदी मरम्मत गरे जो परमप्रभुको मन्दिरको दलान अघि थियो।

९त्यस पछि आसाले यहूदा अनि बिन्यामीनका सबै मानिसहरूलाई एकत्रित गरे। तिनले एप्रैम, मनश्शे अनि शिमोनका कुल समूहका मानिसहरूलाई पनि, जो यहूदा देशमा बस्नका निम्ति इस्राएल देशबाट आएका थिए - भेला गरे। धेरै संख्यामा ती मानिसहरू यहूदामा आए किनभने तिनीहरूले देखे कि परमप्रभु, आसाका परमेश्वर आसाका साथ हुनुहुन्थ्यो।

१०आसा अनि ती मानिसहरू यरूशलेममा आसाका शासनकालको पन्ध्रौं वर्षको तेस्रो महीनामा एकत्रित भए।
११त्यस समय तिनीहरूले ७०० गोरूहरू, ७,००० भेड़ा अनि बाख्राहरू परमप्रभुलाई बलि चढ़ाए। आसाका सेनाले ती पशुहरू र अन्य मूल्यवान वस्तुहरू आफ्ना शत्रुहरूबाट लिएका थिए।
१२तब तिनीहरूले आफ्ना सम्पूर्ण हृदय अनि आफ्ना सम्पूर्ण आत्मा द्वारा परमप्रभु इस्राएलका परमेश्वरको सेवा गर्ने करार गरे। उहाँ तिनीहरूका पुर्खाहरूले सेवा गरेका परमेश्वर हुनुहुन्छ।
१३कुनै पनि व्यक्ति जसले परमप्रभु इस्राएलका परमेश्वरको सेवा गर्न अस्वीकार गर्थे त्यसलाई मारिन्थ्यो। यसको केही महत्व थिएन त्यो व्यक्ति मुख्य होस् वा साधारण होस्, यदि त्यो व्यक्ति पुरूष होस् वा स्त्री होस्।
१४तब आसा अनि मानिसहरूले परमप्रभु प्रति शपथ लिए। तिनीहरू उच्च आवाजमा कराए। तिनीहरूले

तुरही र नरसिङ्गहरू पनि बजाए। १५यहूदाका सबै
मानिसहरू शपथबारे खुशी थिए किनभने तिनीहरूले
आफ्ना हृदयबाट प्रतिज्ञा गरेका थिए। तिनीहरूले आफ्ना
सम्पूर्ण हृदयले परमेश्वरको अनुसरण गरे। तिनीहरूले
परमेश्वरलाई खोजे अनि उहाँलाई पाए। यसरी परमप्रभुले
सबै देशमा तिनीहरूलाई शान्ति प्रदान गर्नु भयो।
१६राजा आसाले आफ्नी आमा माकालाई पनि राजमाताको
पदबाट हटाए। आसाले यसो गरे, किनभने तिनले
अशेरा देवीको सम्मानमा ती भयानक स्तम्भहरू मध्ये
एक स्तम्भ खड़ा गरेकी थिइन्। आसाले त्यो अशेरा-स्तमभ
काटेर त्यसलाई सा-साना टुक्रा पारिदिए। त्यसपछि तिनले
ती टुक्राहरूलाई किद्रोन बेंसीमा जलाइदिए। १७उच्च
स्थानहरू इस्राएलबाट हटाइएन, तर आशाको हृदय
आसाको जीवनकाल भरि परमप्रभु प्रति विश्वसनीय
रह्यो। १८अनि आसाले सुन र चाँदीले बनिएका पवित्र
उपहारहरू जो तिनी अनि तिनका पिताले अर्पण गरेका
थिए ती सबै परमेश्वरको मन्दिरमा राखे। १९आसाको
पैंतीस वर्ष सम्मको शासनमा अरू कुनै युद्ध भएन।

### आसाका अन्तिम वर्षहरू

१६ आसाका राज्य कालका छत्तीसौं वर्षमा बाशाले
यहूदा देश माथि आक्रमण गरे। बाशा इस्राएलका
राजा थिए। तिनी रामा शहरमा गए अनि त्यसलाई
किल्लाको रूप दिए। बासाले रामा शहरलाई यहूदाका
राजा आसा कहाँ मानिसहरूलाई आउँन जानबाट रोक्नका
निम्ति एक स्थानको रूपमा उपयोग गरे।
२आसाले परमप्रभुको मन्दिरको भण्डार गृहहरूमा
भएका सुन अनि चाँदी निकाले। तिनले राज भवनबाट
सुन अनि चाँदी निकाले। तब आसाले बेन-हदद कहाँ
सन्देश बाहक पठाए। बेनहदद अरामका राजा थिए,
अनि तिनी दमीशक शहरमा बस्दथे। आसाको सन्देश
थियो। ३“बेनहदद, तिमी अनि म माझ एक सन्धि
होस्। हामी यसलाई तपाईंका पिता अनि मेरा पिताले
गरेका सन्धि जस्तै तुल्याऔं। हेर्नुहोस्, म तपाईं कहाँ
सुन अनि चाँदी पठाउँदै छु। अब, बाशा, इस्राएका राजा
सँगको तपाईंको सन्धि भङ्ग गरी दिनुहोस् जसद्वारा
तिनले मलाई एक्लो छाड़ने छन् अनि मलाई दिकदारी
दिन बन्द गर्ने छन्।”
४बेनहदद राजा आसासँग सहमत भए। बेनहददले
आफ्ना सेनाका सेनापतिहरूलाई इस्राएलका शहरहरू
माथि आक्रमण गर्न पठाए। ती सेनापतिहरूले इयोन,
दान अनि आबेल-मैम शहरहरूमाथि आक्रमण गरे।
तिनीहरूले नप्तालीका इलाकामा भएका सबै शहरहरू
माथि पनि आक्रमण गरे जहाँ खाद्य-वस्तु संग्रह
गरिएको थिए। ५बाशाले इस्राएलका शहरहरू माथि
आक्रमण भएको कुरा सुने। यसर्थ तिनले रामा शहरलाई
किल्लाको रूपमा निर्माण गर्ने काम रोके। तिनले
तिनको काम बन्द गरिदिए। ६तब राजा आसाले यहूदाका
सबै मानिसहरूलाई एकत्रित बोलाए। तिनीहरू रामा
शहरमा गए ढुँङ्गा अनि काठहरू लगे जो बाशाले
किल्ला बनाउनमा उपयोग गरेका थिए। आसा र
यहूदाका मानिसहरूले ती ढुँङ्गा अनि काठहरू गेबा अनि
मिस्पा शहरहरूलाई अधिक सुदृढ़ तुल्याउनमा उपयोग
गरे।
७त्यसबेला दर्शी हनानी यहूदाका राजा आसा कहाँ
आए। हनानीले तिनलाई भने, “आसा तिमीलाई सहायता
गरोस् भनी तिमी अरामका राजा माथि भर पर्‍यौ।
परमप्रभु तिम्रा परमेश्वर माथि भर परेनौं। तिमी परमप्रभु
माथि भरपर्नु पर्ने थियो। तर तिमी सहायताका निम्ति
परमप्रभु माथि भर नपरेको हुनाले राजा अरामका
सैनिकहरू तिमीबाट उम्किए। ८कूशीहरू अनि लूबीहरूको
अत्यन्त विशाल, शक्तिशाली सेना थिए। तिनीहरूसित
अनेक रथ अनि सारथिहरू थिए। तर आसा त्यो
विशाल शक्तिशाली सेनालाई परास्त गर्न सहायताका
निम्ति तिमी परमप्रभु माथि भर पर्‍यौ अनि परमप्रभुले
तिमीलाई तिनीहरूलाई परास्त पार्न दिनु भयो। ९परमप्रभुको
दृष्टि पृथ्वीभरि ती मानिसहरूलाई हेर्दै नजर राख्नुहुन्छ
जो उहाँ प्रति विश्वसनीय छन् जसद्वारा उहाँले ती
मानिसहरूलाई शक्तिशाली तुल्याउन सक्नु हुन्छ। आसा,
तिमीले मूर्खता पूर्ण काम गर्‍यौ। यसर्थ अब उप्रान्त
तिमीले युद्ध गरिरहनु पर्नेछ।”
१०आसा हनानी सित उनले भनेका कुरामा क्रोधित
भए। आसा यति पागल भए कि तिनले हनानीलाई
कैदखानामा बन्द गरिदिए। आसा त्यस बेला कोही
मानिसहरूसित नीच र कठोरता पूर्वक व्यवहार गर्थे।
११आसाले शुरू देखि अन्तसम्म गरेका कुराहरू
यहूदा अनि इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा
लेखिएका छन्। १२आसा राजा भएको उन्चालीस वर्षमा
खुट्टा कुहुने रोगले ग्रस्त भए। तिनको रोग अत्यन्त
नराम्रो थियो तर तिनले परमप्रभु बाट सहायता खोजेनन्।
आसाले वैद्यहरूको सहायता खोजे। १३आफ्नो राज्य
कालको एकचालीसौं वर्षमा आसाको मृत्यु भयो अनि
उनका पिता-पुखाहरूसित गाड़िए। १४मानिसहरूले
आसालाई तिनकै चिहानमा गाड़ि दिए जो तिनी आफैले
दाऊदका शहरमा बनाएका थिए। मानिसहरूले तिनलाई
पलङ्गमा सुताए जो मसालाहरू अनि विभिन्न प्रकारका
मिस्रित सुगन्धित पदार्थहरू द्वारा भरिएको थियो।
मानिसहरूले आसाका सम्मानका निम्ति विशाल आगो
बाले।

### यहोशापात यहूदाका राजा

१७ यहोशापात आसाका स्थानमा यहूदाका नयाँ
राजा भए। यहोशापात आसाका छोरा थिए।
यहोशापातले यहूदालाई शक्तिशाली तुल्याए जसमा कि

तिनीहरू इस्राएलको विरुद्ध लड्न सकून्। २तिनले
सैनिकहरूका दलहरू यहूदाका सबै शहरहरूका
किल्लाहरूमा राखे। यहोशापातले यहूदामा अनि तिनका
पिता आशाले अधिकारमा लिएका एप्रैमका शहरहरूमा
सैनिकहरूको किल्ला समूह लगाए।

३परमप्रभु यहोशापातका साथ हुनुहुन्थ्यो किनभने
यहोशापातले यौवन कालमा आफ्ना पुर्खा दाऊदले गरेका
असल कुराहरू गरेका थिए। यहोशापातले बाल मूर्तिहरूको
अनुसरण गरेनन्। ४यहोशापातले तिनका पुर्खाहरूले
अनुसरण गरेका परमेश्वरलाई खोजे। तिनले परमेश्वरका
आदेशहरू पालन गरे तिनी इस्राएलका मानिसहरू बसेका
तरिकाले बसेनन्। ५परमप्रभुले यहोशापातलाई यहूदाका
शक्तिशाली राजा बनाउनु भयो। यहूदाका सबै मानिसहरूले
यहोशापातलाई उपहारहरू ल्याउँथे। यसर्थ यहोशापात
सित प्रशस्त धन सम्पत्ति अनि सम्मान थियो। ६यहोशापातको
हृदयले परमप्रभुको तरिकामा आनन्द प्राप्त गरे। तिनले
उच्च स्थानहरू अनि अशेरा-स्तम्भहरू यहूदा देशबाट
बाहिर निकालि दिए।

७यहोशापातले आफ्ना प्रमुखहरूलाई उपदेश दिनका
निम्ति यहूदाका शहरहरूमा पठाए। यहोशापातको शासनको
तेस्रो वर्षमा यस्तो भयो। ती प्रमुखहरू बेनहेल, ओबदियाह,
जकर्याह, नतनेल अनि मीकायाह थिए। यहोशापातले यी
प्रमुखहरू सित लेवीहरूलाई पनि पठाए। ८ती लेवीहरू
शमायाह, नतन्याह, जबदियाह, असाहेल, शमीरामोत,
यहोनातान, अदोनियाह तोबियाह अनि तोब-अदोनियाह
थिए। यहोशापातले एलीशामा र योराम पूजाहारीहरू पनि
पठाए। ९ती प्रमुखहरू, अनि लेवीहरू अनि पूजाहारीहरूले
यहूदामा मानिसहरूलाई शिक्षा दिए। तिनीहरू सित
परमप्रभुको व्यवस्थाहरूको पुस्तक थियो। तिनीहरू
यहूदाका सबै शहरहरूमा गए अनि मानिसहरूलाई शिक्षा
दिए।

१०यहूदा नजिकका राष्ट्रहरू परमप्रभु सित भयभीत
थिए। त्यसै कारणले गर्दा तिनीहरूले यहोशापात विरुद्ध
युद्ध शुरू गरेनन्। ११केही पलिश्ती मानिसहरूले
यहोशापातलाई उपहारहरू ल्याए। तिनीहरूले यहोशापात
कहाँ चाँदी पनि ल्याए किनभने तिनीहरू जान्दथे उनी
अत्यन्त शक्तिशाली राजा हुन। केही अरबी मानिसहरूले
यहोशापात कहाँ पशुहरूका बथानहरूपनि ल्याए। तिनीहरूले
७,७०० भेड़ाहरू अनि ७,७०० बाख्राहरू तिनी कहाँ
ल्याए।

१२यहोशापात अधिक भन्दा अधिक शक्तिशाली भए।
तिनले यहूदा देशमा किल्लाहरू अनि भण्डार शहरहरू
निर्माण गरे। १३तिनले भण्डार शहरहरूमा अनेक
आपूर्तिहरू राखे। अनि यहोशापातले यरूशलेममा प्रशिक्षित
सैनिकहरू राखे। १४ती सैनिकहरू तिनीहरूका परिवार
समूहमा सूची बद्ध थिए। यरूशलेमका ती सैनिकहरूको
सूची यो हो।

यहूदाका कुलसमूहका सेनाध्यक्षहरू यी थिए: अदना
३,००,००० सैनिकहरूका सेनाध्यक्ष थिए। १५योहोहानान
२,८०,००० सैनिकहरूका सेनाध्यक्ष थिए। १६अमस्याह
२,००,००० सैनिकहरूका सेनाध्यक्ष थिए। अमस्याह
जिक्रीका छोरा थिए। अमस्याह परमप्रभुको सेवामा
आफूलाई अर्पण गर्नमा खुशी थिए।

१७बिन्यामीनका कुल समूहका सेनाध्यक्षहरू यी थिए:
एल्यादाका २,००,००० सैनिकहरू थिए जसले धनु,
काँढ़ अनि ढालहरू चलाउँथे। एल्यादा अत्यन्त साहसी
सैनिक थिए। १८यहोसापात १,८०,००० मानिसहरूका
अगुवा थिए जो युद्धका निम्ति तयार थिए। १९ती सबै
सैनिकहरू राजा यहोशापातका सेवा गर्थे। राजाका अन्य
मानिसहरू पनि पूरा यहूदा देशका किल्लाहरूमा थिए।

### मीकायाले राजा आहाबलाई चेताउनी दिन्छन्

**१८** यहोशापात सित प्रशस्त धन-सम्पत्ति अनि सम्मान
थियो। उसले आहाबसित उसको परिवारलाई
विवाह गरेर सन्धि गरेका थिए। २केही वर्ष पछि,
यहोशापात आहाब सित भेट गर्न सामरिया शहरमा गए।
आहाबले यहोशापात अनि तिनी सित भएका मानिसहरूका
निम्ति धेरै भेड़ा अनि गाईहरू बलि चढ़ाए। आहाबले
रामोत गिलाद शहर माथि आक्रमण गर्न यहोशापातलाई
उत्साहित तुल्याए। ३आहाबले यहोशापातलाई भने, "तपाईं
म सित रामोत गिलाद माथि आक्रमण गर्न जानु हुन्छ?"
आहाब इस्राएलका राजा थिए अनि यहोशापात यहूदाका
राजा थिए। यहोशापातले आहाबलाई उत्तर दिए, "म
तपाईं जस्तै हुँ अनि मेरा मानिसहरू तपाईंका मानिसहरू
जस्तै हुन्। हामी युद्धमा तपाईंको साथ दिनेछौं।"
४यहोशापातले आहाबलाई यो पनि भने, "तर पहिला
हामी परमप्रभुबाट सन्देश प्राप्त गरौं।"

५यसर्थ राजा आहाबले अगमवक्ताहरू एकत्रित गरे
४०० मानिसहरू। आहाबले तिनीहरूलाई भने, "हामी
रामोत गिलाद शहरको विरुद्ध लड़ाई गर्न जाऊँ कि
नजाऊँ?" अगमवक्ताहरूले आहाबलाई उत्तर दिए,
"जानुहोस्, किनभने परमेश्वरले तपाईंलाई रामोत-गिलादलाई
परास्त गर्न दिनु हुनेछ।"

६तर यहोशापातले भने, "के यहाँ परमप्रभुको अगमवक्ता
कोही छन्? हामीले परमप्रभुलाई उहाँका एक अगमवक्ताद्वारा
याचना गर्न आवश्यक छ।"

७तब राजा आहाबले यहोशापातलाई भने, "यहाँ अझ
पनि एक व्यक्ति छ। हामी तिनीद्वारा परमप्रभुसित सोध्न
सक्छौं। तर म यो मान्छेलाई घृणा गर्छु, किनभने
परमप्रभुबाट मेरो बारेमा तिनीसित असल सन्देश कहिल्यै
हुँदैन। तिनीसित मेरा निम्ति सदैव नराम्रो सन्देश हुन्छ।
त्यो मान्छेको नाउँ मीकाया हो। तिनी यिम्लाका छोरा
हुन्।" तर यहोशापातले भने, "आहाब, तपाईंले त्यसो
भन्नु हुँदैन।"

८तब राजा आहाबले आफ्ना एक अधिकारीलाई
बोलाए र भने, "चाँडो गर, यिम्लाका छोरा मीकायालाई
यहाँ ल्याऊ।"
९आहाब इस्राएलका राजा अनि यहोशापात यहूदाका
राजाले आफ्ना राज-पोशाक लगाएका थिए। तिनीहरू
सामरिया शहरको सामुन्नेको द्वारको नजिक ढिकीमा
आफ्ना सिंहासनमा बसेका थिए। ती ४०० जना
अगमवक्ताहरू दुइ राजाहरूका सामुन्ने आफ्ना सन्देश
भनीरहेका थिए। १०सिदकियाह केनान नाउँका व्यक्तिका
छोरा थिए। सिदाकियाहले फलामका केही सिङ्गहरू
बनाएका थिए। सिदकियाहले भने, "यही हो जो
परमप्रभुले भन्नु हुन्छः 'तपाईंहरूले यी फलामका सिङ्गहरू
अरामी मानिसहरूलाई तिनीहरू ध्वंश नहुञ्जेल घोच्नलाई
प्रयोग गर्नु हुनेछ।'"
११सबै अगमवक्ताहरूले एकै कुरा भने। तिनीहरूले
भने, "रामोत गिलाद शहरमा जानु होस्। तपाईंहरूले
सफलता पाउनु हुनेछ अनि जित्नु हुनेछ। परमप्रभुले
राजालाई अरामी मानिसहरूलाई परास्त पार्न दिनु हुनेछ।"
१२मीकायालाई लिन गएका सन्देश वाहकले तिनलाई
भने, "मीकाया, सुन, सबै अगमवक्ताहरूले एकै कुरा
भने। तिनीहरू राजाले सफलता प्राप्त गर्नु हुनेछ भनी
भन्दै छन्। यसर्थ तिनीहरूले जे भन्दै छन् त्यही कुरा
भन। तिमीले पनि राम्रो कुरा भन।"
१३तर मीकायाले भने, "परमप्रभु जीवित हुनुहुन्छ
भन्ने कुरा सत्य भएझैं म त्यही मात्र भन्न सक्छु जो
मेरा परमेश्वरले भन्नु हुन्छ।"
१४तब मीकाया राजा आहाब कहाँ आए। राजाले
तिनलाई भने, "मीकाया युद्ध गर्नका निम्ति हामी
रामोत-गिलाद शहर जानु कि नजानु?" मीकायाले उत्तर
दिए, "जानु होस् अनि आक्रमण गर्नु होस्। परमेश्वरले
तपाईंलाई ती मानिसहरूमाथि परास्त गर्न दिनु हुनेछ।"
१५राजा आहाबले मीकायालाई भने, "धेरै पल्ट मैले
तिमीलाई परमप्रभुको नाउँमा मलाई सत्य मात्र भन भनी
प्रतिज्ञा गराएको थिएँ।"
१६तब मीकायाले भने, "मैले इस्राएलका सबै
मानिसहरूलाई पर्वतहरूमा छरिएका देखें। तिनीहरू गोठाला
बिनाका भेड़ाहरू जस्तै थिए। परमप्रभुले भन्नुभयो,
'तिनीहरूका कुनै अगुवा छैन। प्रत्येक व्यक्तिलाई सकुशल
घर फर्किन देऊ।'"
१७आहाब, इस्राएलका राजाले यहोशापातलाई भने,
"मैले तपाईंलाई भनेको थिएँ कि मीकायासित परमप्रभुबाट
मेरो बारेमा राम्रो सन्देश हुँदैन। तिनीसित मेरो बारेमा
नराम्रो सन्देश मात्र हुन्छ।"
१८मीकायाले भने, "परमप्रभुको सन्देश सुन्नुहोस्:
मैले परमप्रभुलाई उहाँको सिँहासनमा बस्नु भएको देखें।
स्वर्गका सम्पूर्ण सेनाहरू उहाँका वरिपरि उभिएका थिए,
कोही उहाँका देब्रेतिर कोही उहाँको दाहिने तिर।
१९परमप्रभुले भन्नुभयो, 'इस्राएलका राजा आहाबलाई
रामोत गिलाद शहर माथि आक्रमण गर्न कसले फसाँउला
जसमा कि तिनलाई त्यहाँ मारियोस्?' परमप्रभुको वरिपरि
उभिने विभिन्न आत्माहरूले भिन्न भिन्न कुराहरू भने।
२०तब एउटा आत्मा आए अनि परमप्रभुको सामुन्ने
अभिए। त्यो आत्माले भने, 'आहाबलाई म छल गर्ने
छु।' परमप्रभुले त्यो आत्मालाई सोध्नु भयो" 'कसरी?"
२१त्यो आत्माले उत्तर दिए, 'म बाहिर जान्छु अनि
आहाबका अगमवक्ताहरूका मुखमा झूँठो बोल्ने आत्मा
हुनेछु।' अनि परमप्रभुले भन्नुभयो, 'तँ आहाबलाई छल
गर्नमा सफल हुनेछस्। यसर्थ बाहिर जा अनि यसै गर।'
२२"अब हेर आहाब, परमप्रभुले तपाईंका
अगमवक्ताहरूको मुखमा झूँठो बोल्ने आत्मा हालिदिनु
भएको छ। परमप्रभुले तपाईंलाई नराम्रो हुनेछ भनी भन्नु
भएको छ।"
२३त्यसपछि सिदकियाह मीकाया भएकहाँ गए अनि
अनुहारमा हिर्काइदिए। सिदकियाहका पिताको नाउँ कनान
थियो। सिदकियाहले भने, "मीकाया, परमप्रभुका आत्मा
कुन बाटो गयो जब त्यो तँसित कुरागर्न म देखि गयो?"
२४मीकायाले उत्तर दिए, "सिदकियाह तिमी भित्रको
एक कोठामा लुक्न गएको दिन तिमीले थाहा पाउनेछौ।"
२५तब राजा आहाबले भने, "मीकायालाई लैजाऊ
अनि त्यसलाई शहरका प्रशासक आमोन अनि राजाका
छोरा योआशकहाँ पठाइ देऊ। २६आमोन अनि योआशलाई
भन, 'राजा यो भन्नुहुन्छ: मीकायालाई कैदखानामा
हालिदेऊ। उसलाई केही नदेऊ खाली एउटा कैदीहरूलाई
दिने रोटी र पानी बाहेक जबसम्म म युद्धबाट सुरक्षा
सित फर्केर आउँदिन।'"
२७मीकायाले उत्तर दिए, "आहाब, यदि तपाईं युद्धबाट
सुरक्षा सित फर्किएर आउनु भयो भने तब परमप्रभु म
द्वारा बोल्नु भएको होइन।" उनले पनि भने सबै तिमी
मानिसहरू मेरो कुरा सुन।

### रामोत-गिलादमा आहाब मारिए

२८यसर्थ इस्राएलका राजा आहाब अनि यहूदाका
राजा यहोशापातले रामोत-गिलाद शहर माथि आक्रमण
गरे। २९राजा आहाबले यहोशापातलाई भने, "म लड़ाइँमा
जानको अघि आफ्नो रूप परिवर्त्तन गर्छु। तर तपाईं
तपाईंको आफ्नै राज बस्त्र लगाउनु होस्।" यसर्थ
आहाब इस्राएलका राजाले आफ्नो रूप परिवर्त्तन गरे
अनि दुइ राजाहरू युद्धमा गए।
३०अरामका राजाले आफ्ना रथका सेनापतिहरूलाई
आदेशदिए। तिनले तिनीहरूलाई भने, "कुनै व्यक्ति सित
नलड़ चाहे जतिकै महान वा तुच्छ होस्। तर आहाब,
इस्राएलका राजासित मात्र युद्ध गर।" ३१जब रथका
सेनापतिहरूले यहोशापातलाई देखे तिनीहरूले ठाने, "त्यहाँ
इस्राएलका राजा आहाब छन्।" तिनलाई आक्रमण गर्न

तिनीहरू यहोशापात तिर फर्के। तर यहोशापात कराए
अनि परमप्रभुले तिनलाई सहायता गर्नु भयो। परमेश्वरले
रथका सेनापतिहरूलाई यहोशापात देखि टाढ़ा हुन दिनु
भयो। ३२जब तिनीहरूले देखे कि यहोशापात इस्राएलका
राजा होइनन् तब तिनीहरूले तिनलाई खेद्न छाड़े।
३३तर एक सैनिकले केही कुरामा लक्ष्य नगरी
आफ्ना धनुबाट एक काँढ़ हाने। त्यो काँढ़ले आहाब,
इस्राएलका राजालाई लाग्यो। त्यसले आहाबको कवचको
खुल्ला भागमा लाग्यो। आहाबले आफ्ना रथका सारथिलाई
भने, "घुम, अनि मलाई युद्धबाट बाहिर लैजाऊ। मलाई
चोट लाग्यो।" ३४त्यस दिन अत्यन्त भिषण युद्ध भयो।
आहाब आफै उसको रथमा उभिए अनि साँझसम्म
अरामीहरूको सामना गरिरहे। तब सूर्यास्त हुँदा, आहाबको
मृत्यु भयो।

**१९** यहूदाका राजा यहोशापात कुशलै आफ्ना घर
यरूशलेममा फर्कि आए। २दर्शी येहू
यहोशापातलाई भेट्न आए। येहूका पिताको नाउँ हनानी
थियो। येहूले राजा यहोशापातलाई भने, "किन तपाईंले
नराम्रा मानिसहरूलाई सहायता गर्नु भयो? किन तपाईंले
ती मानिसहरूलाई प्रेम गर्नु हुन्छ जो परमप्रभुलाई घृणा
गर्छन्? परमप्रभु तपाईं सित क्रोधित हुनु भएको कारण
त्यही हो। ३तर तपाईंको जीवनमा केही असल कुराहरू
छन्। तपाईंले अशेरा-स्तम्भहरू यो देशबाट हटाउनु
भयो, अनि तपाईंले तपाईंको हृदयबाट परमेश्वरको
अनुसरण गर्ने निश्चय गर्नु भयो।"

## यहोशापातले न्यायकर्ताहरू चुने

४यहोशापात यरूशलेममा बस्थे। उनी मानिसहरूसित
रहन बेर्शेबा शहर देखि लिएर एप्रैमको पहाड़ी देशसम्म
गए। यहोशापातले तिनीहरूलाई तिनीहरूका पिता-
पुर्खाहरूले अनुसरण गरेका परमप्रभु परमेश्वर तर्फ
फर्काएर ल्याए। ५यहोशापातले यहूदामा न्यायकर्ताहरू
चुने। तिनले न्यायकर्ताहरू यहूदाका प्रत्येक किल्लामा
रहनका निम्ति चुने। ६योशापातले ती न्यायकर्ताहरूलाई
भने, "तपाईंहरू जे गर्नुहुन्छ त्यसमा होशियार हुनुहोस्,
किनभने तपाईंहरूले मानिसहरूका निम्ति न्याय गरिरहनु
भएको होईन तर परमप्रभुको निम्ति न्याय गर्नु हुँदैछ।
परमप्रभु तपाईंहरूसित हुनुहुन्छ जब तपाईंले केही निर्णय
गर्नुहुन्छ। ७अब तपाईंहरू प्रत्येक परमप्रभुसित डराउनु
पर्छ। तपाईंहरूले जे गर्नु हुन्छ सावधान हुनु होस्
किनभने परमप्रभु हाम्रा परमेश्वर न्यायी हुनुहुन्छ। परमप्रभुले
कुनै पनि व्यक्तिलाई अर्को व्यक्तिलाई भन्दा अधिक
महत्वपूर्ण ठानेर व्यवहार गर्नु हुन्न। अनि उहाँ आफ्ना
निर्णय बदली गर्नको निम्ति धन स्वीकार गर्नु हुन्न।"
८अनि यरूशलेममा, यहोशापातले केही लेवीहरू,
पूजाहारीहरू अनि इस्राएली परिवारहरूका अगुवाहरूलाई
न्यायकर्ता हुन चुने। मानिसहरूले यरूशलेममा बस्ने
मानिसहरूका समस्याहरू समाधान गर्नका निम्ति परमप्रभुको
नियम उपयोग गर्नु पर्ने थियो। तब तिनीहरू यरूशलेममा
फर्केर आए। ९यहोशापातले तिनीहरूलाई आदेशदिए।
यहोशापातले भने, "तपाईंहरूले सम्पूर्णहृदयले विश्वसनीय
रूपले सेवा गर्नु पर्छ। तपाईंहरू परमप्रभुसित डराउनु
पर्छ। १०तपाईंहरूले हत्या, नियम, आदेश, विधि वा
केही अन्य नियमको बारेमा मुद्दा पाउनु हुनेछ। यी सबै
मुद्दाहरू तपाईंहरूका शहरहरू तिर बस्ने तपाईंका
भाइहरूबाट आउने छन्। तिमीहरूले मानिसहरूलाई
चेताउनी दिनु पर्छ। तिम्रा सबै मुद्दाहरूको शिक्षाहरू
पालन गर्नु पर्छ। नत्रभने तिनीहरू परमेश्वरको सामुन्ने
दोषी हुनेछन्। यदि तिमीहरूले विश्वासयोग्य भएर सेवा
गर्दैनौ भने परमप्रभु तिमीहरू अनि तिमीहरूको दाज्यू-
भाईहरूसित क्रोधित हुनुहुनेछ। यस्तो गर्नुहोस् तब
तपाईंहरू दोषी हुनुहुने छैन। ११अमर्याह मुख्य पूजाहारी
हुन्। तिनी परमप्रभु सम्बन्धी सबै कुरामा तपाईंहरू
माथि रहनेछन्। अनि जबदियाह राजा सम्बन्धी सबै
कुरामा तपाईंहरू माथि रहनेछन्। जबदियाहका पिताको
नाउँ इश्माएल हो। जबदियाह यहूदा कुल समूहका एक
प्रमुख हुन्। लेवीहरूले पनि तपाईंहरूको निम्ति लेखापालको
रूपमा सेवा गर्ने छन्। तपाईंहरूले गर्ने सबै काममा
साहस गर्नु होस्। परमप्रभु तिनीहरूसाथ रहून् जसले
त्यही गर्छ जे उचितछ।"

## यहोशापातले युद्धको सामना गर्छन्

**२०** पछि मोआबी, अम्मोनी अनि केही मिनुई
मानिसहरू यहोशापातसित युद्ध शुरू गर्न आए।
२केही मानिसहरू आए अनि यहोशापातलाई भने,
"एदोमबाट एक विशाल सेना तपाईंको विरुद्ध आउँदैछ।
तिनीहरू खारा समुद्रको पल्लो छेउबाट आउँदैछन्।
तिनीहरू हसासोन-तामारमा आइसकेका छन्।" हासासोन-
तामारलाई एन-गदी पनि भनिन्छ। ३यहोशापात भयभीत
भए अनि के गर्नु पर्ने भनी तिनले परमप्रभुसित सोध्ने
निश्चय गरे। तिनले यहूदाका हरेकलाई उपवासको
निम्ति समयको घोषणा गरे। ४यहूदाका मानिसहरू
परमप्रभुसित सहायताको याचना गर्न एक साथ भेला
भए। तिनीहरू यहूदाका सबै शहरहरूबाट परमप्रभुलाई
सहायता माग्न आए।
५यहोशापात नयाँ आँगनको सामुन्ने परमप्रभुको मन्दिरमा
थिए। तिनी यहूदा अनि यरूशलेमका मानिसहरूको
सभामा उभिए। ६तिनले भने,
"हाम्रा पुर्खाहरूका परमप्रभु परमेश्वर, तपाईं स्वर्गमा
परमेश्वर हुनुहुन्छ। तपाईंले सबै राष्ट्रहरूका सबै
देशहरूमाथि शासन गर्नु हुन्छ। तपाईंसित शक्ति अनि
बल छन्। कुनै व्यक्ति तपाईंको विरुद्ध उठ्न सक्तैन।
७तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ। तपाईंले यो देशमा
बस्ने मानिसहरूलाई छोड़न बाध्य तुल्याउनु भयो। तपाईंले

तपाईंका इस्राएली मानिसहरूका सामुन्ने यो काम गर्नु
भयो। तपाईंले यो देश सदाको निम्ति अब्राहामका
सन्तानहरूलाई दिनु भयो। अब्राहम तपाईंका मित्र थिए।
८अब्राहमका सन्तानहरू यो देशमा बस्थे अनि तिनीहरूले
तपाईंको नाउँमा एउटा मन्दिर निर्माण गरे। ९तिनीहरूले
भने, 'यदि हामी माथि कष्ट आइपरे अर्थात तरवार,
दण्ड, रोग वा अनिकाल हामी यो मन्दिरको सामुन्ने
अनि तपाईंको सामुन्ने उभिने छौं। तपाईंको नाउँ यो
मन्दिरमा छ। हामी तपाईंलाई पुकार्ने छौ जब हामी
कष्टमा पर्छौं। त्यसबेला तपाईंले हाम्रो बिन्ती सुनिदिनु
हुनेछ अनि हामीलाई बचाउँनु हुनेछ।'

१०"तर अहिले, अम्मोन, मोआब अनि सेईर पर्वतका
मानिसहरू यहाँ आएका छन्। तपाईंले त्यस बेला
इस्राएका मानिसहरूलाई तिनीहरूको देशमा जानदिनु
भएन जब इस्राएलका मानिसहरू मिश्रदेशबाट आए।
यसर्थ इस्राएलका मानिसहरू फर्किएका थिए अनि ती
मानिसहरूलाई ध्वंश गरेका थिएनन्।" ११तर हेर्नुहोस्
तिनीहरूलाई ध्वंश नगरेकोमा ती मानिसहरूले
हामीलाई कस्तो प्रकारको पुरस्कार दिए। तिनीहरू
हामीलाई तपाईंको भूमिदेखि निकाल्न वाध्य तुल्याउन
आएका छन्। तपाईंले यो भूमि हामीलाई दिनु भयो।
१२हाम्रा परमेश्वर, तिनीहरूलाई दण्ड दिनु होस्। यो
विशाल सेनाको विरुद्ध हाम्रो केही शक्ति छैन, जो हामी
विरुद्ध आउँदै छन्। के गर्नु पर्ने सो हामी जान्दैनौं।
त्यसै कारणले हामी सहायताका निम्ति तपाईं तिर
हेर्दछौं।"

१३यहूदाका समस्त मानिसहरू तिनीहरूका बालकहरू,
पत्नीहरू अनि छोरा-छोरीहरू परमप्रभुको सामुन्ने उभिए।
१४तब परमप्रभुको आत्मा यहजीएल माथि उत्रिए।
यहजीएल जकर्याहका छोरा थिए। जकर्याह बनायाहका
छोरा थिए। बनायाह यीएलका छोरा अनि यीएल मतन्याहका
छोरा थिए। यहजीएल एक लेवी अनि आसापका सन्तान
थिए सभाको माँझमा। १५यहजीएलले भने, "मेरो कुरा
सुन्नु होस् राजा यहोशापात, यहूदा अनि यरूशलेममा
बस्ने समस्त मानिसहरू। परमप्रभुले तपाईंलाई यसो
भन्नु हुन्छः 'यो विशाल सेनाको बारेमा भयभीत पनि
नहोऊ सुर्ता पनि नगर किनभने यो युद्ध तिमीहरूको
युद्ध होइन। यो परमेश्वरको युद्ध हो। १६भोलि त्यहाँ
तल जाऊ अनि ती मानिसहरूसित युद्ध गर। तिनीहरू
सीसको उकालो भएर माथि आउने छन्। तिमीहरूले
तिनीहरूलाई यरूएल मरुभूमिको अर्को छेउमा भएको
बेंसीको छेउमा भेट्नेछौ। १७यो युद्धमा तिमीहरूले लड्नु
पर्नेछैन। आफ्ना स्थानहरूमा सुदृढ़ भएर बस। परमप्रभुले
तिमीहरूलाई बचाउँनु भएको तिमीहरूले देख्नेछौ। यहूदा
अनि यरूशलेम नडराऊ। सुर्ता नगर। परमप्रभु तिमीहरू
साथ हुनुहुन्छ, यसर्थ ती मानिसहरूको विरुद्ध भोलि
जाऊ।'"

१८यहोशापात तल निहुरिए। तिनको शिरले भूई
छोयो। अनि यहूदाका सबै मानिसहरू र यरूशलेममा
बस्ने मानिसहरू परमप्रभुको सामुन्ने झुके। अनि तिनीहरू
सबैले परमप्रभुको उपासना गरे। १९कहात परिवार
समूहका अनि कोरह परिवार समूहका लेवीहरू इस्राएलका
परमप्रभु परमेश्वरको स्तुति गर्नका निम्ति उभिए।
परमप्रभुको स्तुति गर्दा तिनीहरूको आवाज एकदमै
चर्को थियो।

२०यहोशापातका सेनाहरू बिहानै तको मरुभूमि तिर
गए। तिनीहरू जसै हिंड़न थाले यहोशापात उठे र भने,
"यहूदाका मानिसहरू अनि तिमी यरूशलेमका मानिसहरू
मेरो कुरा सुन। परमप्रभु तिम्रा परमेश्वर माथि विश्वास
राख अनि तब सुदृढ़ रहनेछौ। परमप्रभुका अगमवक्ताहरूमा
विश्वास गर। तिमीहरू सफल हुनेछौ।"

२१यहोशापातले मानिसहरूलाई उत्साहित तुल्याए अनि
निर्देश दिए। त्यसपछि तिनले परमप्रभुका निम्ति गायकहरू
चुने। ती गायकहरूलाई परमप्रभु प्रति स्तुति अर्पण
गर्नलाई चुनिएका थिए किनभने उहाँ पवित्र आश्चर्यजनक
हुनुहुन्छ। तिनीहरू सेनाका अघि हिंडे अनि परमप्रभुको
स्तुति गरे। तिनीहरूले गीत गाए, "परमप्रभुको स्तुति
गरे, किनभने उहाँको प्रेम सदा-सर्वदा रहिरहन्छ।"
२२जसै ती मानिसहरूले गाउन र परमेश्वरको स्तुति
गर्न शुरू गरे, परमप्रभुले अम्मोनी, मोआबी अनि सेईर
पर्वतका मानिसहरू माथि गुप्त आक्रमण चलाइ दिनु
भयो। ती, मानिसहरू थिए जो यहूदा माथि आक्रमण
गर्न आएका थिए। ती मानिसहरू परास्त भए। २३अम्मोनी
अनि मोआबीहरू सेईर पर्वतबाट आएका मानिसहरूसित
लड़न थाले। अम्मोनी अनि मोआबीहरूले सेइर
पर्वतका मानिसहरूलाई मारे अनि नष्ट गरि दिए।
सेइरका मानिसहरूलाई मारे पछि तिनीहरूले एक अर्कालाई
मारे।

२४यहूदाका मानिसहरू मरुभूमिमा भएको पहरा राखेको
किल्लमा आइपुगे। तिनीहरूले शत्रुका विशाल सेनालाई
खोजे। तर तिनीहरूले केवल मृत शरीरहरू मात्र
भूइँतिर लड़िरहेका देखे। कोही पनि जीवित थिएनन्।
२५यहोशापात अनि तिनका सेना ती शरीरहरूबाट मूल्यवान
चीजहरू लिन आए। तिनीहरूले अनेक पशुहरू, धन,
बस्त्र अनि मूल्यवान चीजहरू पाए। यहोशापात अनि
उनका सेनाले ती बस्तुहरू आफ्नै निम्ति लगे। ती
चीजहरू यहोशापात अनि तिनका मानिसहरूले बोक्न
सक्ने भन्दा अधिक थिए। तिनीहरूले मृत्य शरीरहरूबाट
मूल्यवान चीजहरू लानलाई तीन दिन लगाए, किनभने
चीजहरू अधिक थिए। २६चौथो दिनमा यहोशापात
अनि तिनका सेनाले बराका उपत्यकामा भेट गरे।
तिनीहरूले त्यस स्थानमा परमप्रभुको स्तुति गरे। त्यसै
कारणले मानिसहरूले त्यस स्थानलाई आज पनि "बराका
बेंसी" भन्छन्।

२७त्यसपछि यहोशापातले यहूदा अनि यरूशलेमका मानिसहरूलाई यरूशलेममा फर्काएर ल्याए। परमप्रभुले तिनीहरूलाई अत्यन्त खुशी तूल्याउनु भयो।, किनभने तिनीहरूका शत्रुहरू परास्त भए। २८तिनीहरू वीणा, सारङ्गी अनि तुरहीहरू सहित यरूशलेम आए अनि परमप्रभुको मन्दिरमा गए।

२९सबै नजिकका राज्यहरू परमप्रभु देखी भयभीत भएर डराए किनभने तिनीहरूले सुने कि इस्राएलका शत्रुहरूको विरुद्ध परमप्रभु आफै लड्नु भएको थियो। ३०त्यसै कारणले गर्दा यहोशापातका राज्यमा शान्ति थियो। यहोशापातका परमेश्वरले तिनलाई तिनका चारै तिर शान्ति प्रदान गर्नु भयो।

### यहोशापातको शासनको अन्त

३१यहोशापातले यहूदादेश माथि शासन गरे। यहोशापात पैंतीस वर्षका थिए जब तिनले शासन गर्न शुरू गरे। तिनले पच्चीस वर्षसम्म यरूशलेममा शासन गरे। तिनकी आमाको नाउँ अजूबा थियो। अजूबा शिल्हीकी छोरी थिइन्। ३२यहोशापातले ठीक प्रकारले आफ्ना पिता आसाले जस्तै जीवन जिए। यहोशापातले आसाको तरिका अनुसरण गर्न छाडेनन्। यहोशापातले परमप्रभुको दृष्टिमा ठीक कार्य गरे। ३३तर उच्च स्थानहरूलाई हटाइएन। अनि मानिसहरूले आफ्ना हृदय आफ्ना पुर्खाहरूले अनुसरण गरेका परमेश्वरको अनुसरण गर्न देखि हटाएनन्।

३४यहोशापातले शुरू देखी अन्तसम्म गरेका अन्य कुराहरू हनानीका छोरा येहूका अधिकारिक उल्लेखमा लेखिएका छन्। यी कुराहरूको नकल गरेर इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा संलग्न गरिएका छन्।

३५पछि यहूदाका राजा यहोशापातले इस्राएलका राजा अहस्याहसित सन्धि गरे। अहस्थाले नराम्रो गरे। ३६तर्शीशमा जाने जहाजहरू निर्माण गर्नका निम्ति यहोशापात अहस्याहसित मिले। तिनीहरूले जहाजहरू एसोन-गेबेर शहरमा बनाए। ३७तब एलाजार यहोशापातको विरुद्ध बोले। एलाजारका पिताको नाउँ दोदाबाहु थियो। एलाजार मरेशा शहरका थिए। तिनले भने, "यहोशापात तपाईं अस्याहसित मिल्नु भयो, त्यसै कारणले परमप्रभुले तपाईंका कार्यहरू नष्ट गरिदिनु हुनेछ।" जहाजहरू भत्किए, यसर्थ यहोशापात अनि अहस्याह तिनीहरूलाई तार्शीश पठाउन समर्थ भएनन्।

२१ तब, यहोशापातको मृत्यु भयो अनि तिनका पुर्खाहरूसित गाड़िए। तिनलाई दाऊदका शहरमा गाड़ि दिए। योराम यहोशापातको स्थानमा नयाँ राजा भए। योराम यहोशापातका छोरा थिए। २योरामका भाइहरू अजर्याह, यहीएल, जकर्याह, अजर्याह, मीकाएल अनि शपत्याह थिए। ती व्यक्तिहरू यहोशापातका छोराहरू थिए। यहोशापात यहूदाका राजा थिए। ३यहोशापातले आफ्ना छोराहरूलाई चाँदीका, सुनका अनि बहुमूल्य बस्तुहरूका अनेक उपहारहरू दिए। तिनले यहूदाका सुदृढ़ किल्लाहरू पनि तिनीहरूलाई दिए। तर यहोशापातले राज्य योरामलाई दिए किनभने योराम तिनका सबै भन्दा जेठा छोरा थिए।

### योराम यहूदाका राजा

४योरामले आफ्ना पिताका राज्य लिए अनि स्वयम्लाई शक्तिशाली तुल्याए। त्यसपछि तिनले आफ्ना सबै भाइहरूलाई मार्न भनी तरवारको प्रयोग गरे। तिनले इस्राएलका केही प्रमुखहरूलाई पनि मारे। ५योराम बत्तीस वर्षका हुँदा तिनले शासन गर्न शुरू गरे। उसले आठ वर्ष यरूशलेममा शासन् गरे। ६तिनले इस्राएलका राजाहरूले बाँचेका जीवन जस्तै जीवन जिए। तिनी त्यसरी नै बाचे जसरी आहाबका परिवार बाचेका थिए। यसो भएको कारण के हो भने योरामले आहाबकी छोरीलाई विवाह गरेका थिए। अनि योरामले परमप्रभुको दृष्टिमा नराम्रो काम गरे। ७तर परमप्रभुले दाऊदका परिवारलाई नष्ट गर्नु भएन किनभने परमप्रभुले दाऊदसँग करार गर्नु भएको थियो। परमप्रभुले दाऊद अनि तिनका छोरा छोरीहरूका निम्ति एक दीप सर्वदा जलाइ राख्ने वचन दिनु भएको थियो। ८योरामको समयमा, एदोम यहूदाको विरुद्ध बागी भए अनि यहूदाका अधिकारबाट एदोम छुट्टियो। एदोमका मानिसहरूले आफ्नो लागि राजा आफै चुने। ९यसर्थ योराम आफ्ना समस्त सेनापतिहरू अनि रथहरू सहित एदोममा गए। एदोमी सैनिकले योराम अनि तिनका रथ-सेनापतिहरूलाई घेरे। तर योरामले राती युद्ध गरेर एदोमीहरूमाथि आक्रमण गरे। १०त्यस समय देखि अहिलेसम्म एदोम देश यहूदाका विरुद्ध विद्रोही रहेको छ। लिब्ना शहरका मानिसहरू पनि योरामका विरुद्ध भए। यस्तो भयो किनभने योरामले परमप्रभु परमेश्वरलाई त्याग गरे। उहाँ योरामका पुर्खाहरूले अनुसरण गरेका परमेश्वर हुनुहुन्छ। ११योरामले यहूदाका पहाड़हरूमाथि उच्च स्थानहरू पनि निर्माण गरे। योरामले यरूशलेमका मानिसहरूलाई ती कामहरू गर्नबाट रोके जो परमेश्वर चाहनु हुन्थ्यो। तिनले यहूदाका मानिसहरूलाई परमप्रभु देखि टाढ़ा डोहाए।

१२योरामले एलिया अगमवक्ताबाट एउटा सन्देश पाए। सन्देशमा यो भनिएको छ त्यो यस्तो छः "परमप्रभु परमेश्वरले भन्नु भएको कुरा यस्तो छ। उहाँ तपाईंका पिता दाऊदले अनुसरण गरेका परमेश्वर हुनुहुन्छ। परमप्रभु भन्नुहुन्छ, "योराम, तँ तेरा पिता यहोशापात जुन प्रकारले बसे त्यस प्रकारले बसिनस्। तँ त्यस प्रकारले बसिनस् जुन प्रकारले यहूदाका राजा आसा बसे। १३तर तँ इस्राएलका राजाहरू जस्तै जिइस तैंले यहूदा अनि यरूशलेमका मानिसहरूलाई, परमेश्वर देखि अविश्वासीहरू हुने कारण बनाईस। आहाब अनि तिनका परिवारले त्यसै गरे। तिनीहरू परमेश्वर प्रति अविश्वसनीय थिए।

तैले तेरो भाइहरूलाई मारिस्। जो तँ भन्दा असल थिए। १४यसकारण अब परमप्रभुले चाँडै तेरा मानिसहरूलाई अधिक दण्डबाट दण्डित तुल्याउने छन्। परमप्रभुले तेरा छोरा-छोरी, पत्नीहरू अनि तेरा सबै सम्पत्तिलाई दण्ड दिनु हुनेछ। १५तँलाई पेटको भयानक रोग लाग्ने छ। त्यो हरेक दिन झन झन नराम्रो हुनेछ। त्यसपछि तेरो भयानक रोगको कारणले आन्द्रा भुँडी बाहिर निस्कनेछ।'"

१६परमप्रभुले कूशी मानिसहरूका छेउ छाउमा बस्ने पलिश्ती अनि अरबी मानिसहरूलाई योराम प्रति क्रोधित तुल्याइ दिनु भयो। १७ती मानिसहरूले यहूदा देश माथि आक्रमण गरे। तिनीहरूले राजमहलका सबै सम्पत्तिहरू अनि योरामका छोराहरू एवं पत्नीहरू लगे। योरामका कान्छा छोरा मात्र छाड़िए। योरामका कान्छा छोराको नाउँ यहोआहज* थियो। १८ती घट्नाहरू घटे पछि परमप्रभुले योरामको भुँड़ीमा यस्तो रोग उत्पन्न गरिदिनु भयो जसलाई निको पार्न सकिँदैन थियो। १९तब दुइ वर्ष पछि रोगको कारणले योरामको आन्द्रा-भुँडी बाहिर निक्लियो। तिनी नराम्रो पीढ़ाले मरे। मानिसहरूले योराम प्रति सम्मान जनाउन तिनका पिताको सम्मानको निम्ति जस्तै विशाल ज्योति बालेनन्। २०योराम बत्तीस वर्षका थिए जब तिनी राजा भए। तिनले आठवर्षसम्म यरूशलेममा शासनगरे। जब योरामको मृत्यु भयो तब कुनै व्यक्ति दु:खित भएनन्। मानिसहरूले योरामलाई दाऊदको शहरमा गाड़े, तर राजाहरूलाई गाड़िने चिहानमा होइन।

### अहज्याह यहूदाका राजा

**२२** यरूशलेमका मानिसहरूले अहज्याहलाई योरामको स्थानमा नयाँ राजा चुने। अहज्याह योरामका कान्छा छोरा थिए। योरामको छाउनीमा आक्रमण गर्न आउने अरबी मानिसहरूसित आएका मानिसहरूले योरामका सबै ठूला छोराहरू मारि दिएका थिए। यसर्थ अहज्याहले यहूदामा शासन गर्न थाले। २अहज्याह २२ वर्षका थिए जब तिनले शासन चलाउन शुरू गरे। अहज्याहले यरूशलेममा एक वर्ष शासन गरे। तिनकी आमाको नाउँ अतल्याह थियो। अतल्याहका पिताको नाउँ ओम्री थियो। ३अहज्याह पनि आहाबका परिवार बसेकै प्रकारले बसे। तिनी त्यस प्रकारले बसे किनभने तिनकी आमाले तिनलाई नराम्रा कुराहरू गर्न उत्साहित तुल्याइन्। ४अहज्याहले परमप्रभुको दृष्टिमा नराम्र कामहरू गरे। त्यस्तै नै आहाबका परिवारले गरेका थिए। आहाबका परिवारले अहज्याहका पिताको मृत्यु भएपछि अहज्याहलाई सल्लाह दिए। तिनीहरूले अहज्याहलाई नराम्रो सल्लाह दिए। त्यही नराम्रो सल्लाहले तिनलाई मृत्यु तर्फ डोऱ्यायो। ५अहज्याहले आहाबका परिवारले तिनलाई दिएका सल्लाह अनुसरण गरे। अहज्याह राजा योराम साथ रामोत गिलाद शहर तर्फ अरामका राजा हजाएलको विरुद्ध युद्ध गर्न गए। योरामका पिताको नाउँ आहाब थियो जो इस्राएलका राजा थिए। तर अरामीहरूले योरामलाई युद्धमा घाइते तुल्याए। ६योराम निको हुनका निम्ति यिजेरल शहर फर्की गए। तिनी रामोतमा घाइते भए जब तिनी अरामका राजा हजाएल विरुद्ध लड़े।

तब अहज्याह योरामसित भेट गर्न यिजेरल गए। अहज्याहका पिताको नाउँ यहूदाका राजा योराम थियो। योरामका पिताको नाउँ आहाब थियो। योराम यिजेरेल शहरमा थिए किनभने तिनी घाइते भएका थिए।

७परमेश्वरले त्यसबेला अहज्याहको मृत्यु गराउनु भयो जब तिनी योरामलाई भेट्न गए। अहस्याह आइपुगे अनि योरामसित येहूलाई भेट्न गए येहूका पिताको नाउँ निम्शी थियो। परमप्रभुले आहाबका परिवारलाई नष्ट गर्न येहूलाई चुन्नु भयो। ८येहूले आहाबका परिवारलाई दण्ड दिइरहेका थिए। येहूले यहूदाका प्रमुखहरू अनि अहज्याहका आफन्तहरू, जो अहज्याहका सेवा गर्दै थिए तिनीहरूलाई भेट्टाए। येहूले यहूदाका प्रमुखहरू अनि अहज्याहका आफन्तहरूलाई मारिदिए। ९त्यसपछि येहूले अहज्याहलाई खोजे। येहूका मानिसहरूले तिनलाई पकड़े जब तिनी सामरिया शहरमा लुक्ने कोशिश गरिरहेका थिए। तिनीहरूले अहज्याहलाई येहूकहाँ ल्याए। तिनीहरूले अहज्याहलाई मारे अनि तिनलाई गाड़िदिए। तिनीहरूले भने, "अहज्याह यहोशापातका सन्तान थिए। यहोशापातले सम्पूर्ण हृदयले परमप्रभुको अनुसरण गरे।" अहज्याहको परिवारमा कोही पनि यहूदाका राज्यलाई शासन गर्ने शक्तिशाली थिएन।

### रानी अतल्याह

१०अतल्याह अहज्याहको आमा थिइन्। जब तिनले आफ्ना छोराको मृत्यु भएको देखिन् तब तिनले यहूदामा राजाका सबै छोरा-छोरीहरूलाई मारिदिइन्। ११तर यहोशेबाले अहज्याहका छोरा योआशलाई लगिन् अनि तिनलाई लुकाइन्। यहोशेबाले योआश अनि तिनकी सुसारेलाई भित्री शयनकक्ष भित्र राखिन्। यहोशेबा राजा योरामकी छोरी थिइन्। तिनी यहोयादा की पत्नी पनि थिइन्। यहोयादा एक पूजाहारी थिए। अनि यहोशेबा अहज्याहकी बहिनी थिइन्। अतल्याहले योआशलाई मारिनन् किनभने यहोशेबाले तिनलाई लुकाएकी थिइन्। १२योआश पूजाहारीहरूसित परमेश्वरको मन्दिरमा छ: वर्षसम्म लुकेर बसे। त्यस बेला अतल्याहले देशमा रानीको रूपमा शासन् गरिन्।

### पूजाहारी यहोयादा अनि राजा योआश

**२३** छ:वर्ष पछि यहोयादले आफ्नो पराक्रम देखाए। तिनले सेना नायकहरूसित सन्धि गरे। ती सेना

---

**यहोआहज** : अथवा अहज्याह।

नायकहरू-यरोहामका छोरा अजर्याह, यहोहानाका छोरा
इश्माएल, ओबेदका छोरा अजर्याह, अदायाहका छोरा
मासेयाह अनि जिक्रीका छोरा एलीशापात थिए। २तिनीहरू
यहूदाका चारैतिर गए अनि यहूदाका सबै शहरहरूबाट
लेवीहरूलाई भेला गरे। तिनीहरूले इस्राएलका
परिवारहरूका प्रमुखहरूलाई पनि भेला गरे। त्यस पछि
तिनीहरू यरूशलेम गए। ३एकसाथ भेला भएका सबै
मानिसहरूले राजासित परमेश्वरको मन्दिरमा करार बाँधे।

यहोयादाले ती मानिसहरूलाई भने, "राजाका छोराले
शासन गर्ने छन्। त्यो यही प्रतिज्ञा हो जो परमप्रभुले
दाऊदका सन्तानका बारेमा गर्नु भएको थियो। ४अब
तिमीहरूले गर्नु पर्ने यही हो: तिमीहरू मध्ये एक तिहाइ
पूजाहारी अनि लेवीहरू जो विश्रामको दिनमा काममा
जान्छन्, तिनीहरूले द्वारहरूको रक्षा गर्ने छन्। ५अनि
तिमीहरू मध्ये एक-तिहाइ राज महलमा रहने छौ। अनि
तिमीहरू मध्ये एक-तिहाइ घड़ेरी-द्वारमा रहने छौ। तर
सबै अन्य मानिसहरू परमप्रभुको मन्दिरको आँगनमा
बस्नु पर्ने छ। ६कुनै पनि मानिसलाई परमप्रभुको मन्दिर
भित्र आउन नदिनु। केवल पूजाहारी अनि लेवीहरू, जो
सेवा गर्छन्, तिनीहरूलाई मन्दिर भित्र आउने अनुमति
छ, किनभने तिनीहरू पवित्र छन्। तर अन्य सबै
मानिसहरूले तिनीहरूलाई परमप्रभुले दिनु भएको काम
गर्नु पर्छ। ७लेवीहरू राजाको समीपमा बस्नु पर्छ। हरेक
मानिससँग आफ्नो तरवार हुनु पर्छ। यदि कोही व्यक्ति
मन्दिर भित्र पस्ने चेष्टा गर्छ भने त्यस व्यक्तिलाई मारि
दिनु। तिनी जहाँ कही गए ता पनि तिमीहरू राजाको
साथ रहनु पर्छ।"

८लेवीहरू अनि यहूदाका सबै मानिसहरूले पूजाहारी
यहोयादाले दिएका आदेशहरू पालन गरे। यसकारण
प्रत्येक कप्तान र सबै मानिसहरू दिनमा तिनीहरूले
काम गर्नु पर्छ कि पर्दैन भने सूचना सुन्न भित्र आए,
किनभने पूजाहरी यहोयादले केही पनि तिनीहरूको
समूहहरूलाई पदच्युत गएका थिए। ९पूजाहारी यहोयादाले
भाला र ठूला साना दुवै ढालहरू अधिकारीहरूलाई दिए
ती राजा दाऊदका थिए। ती हतियारहरू परमेश्वरको
मन्दिरमा राखिएका थिए। १०तब यहोयादाले मानिसहरूलाई
कहाँ उभिनु पर्ने सो भने। प्रत्येक मानिसको हातमा
आफ्ना हतियार थिए। ती मानिसहरू मन्दिरको दाहिने
देखि मन्दिरको देब्रे सम्म उभिएका थिए। तिनीहरू
वेदीका अनि मन्दिरको नजिक र राजाका नजिकमा
उभिएका थिए। ११तिनीहरूले राजाका छोरालाई बाहिर
ल्याए र तिनलाई मुकुट लगाइ दिए। तिनीहरूले नियमका
पुस्तकको एक प्रति तिनलाई दिए। तब तिनीहरूले
योआशलाई राजा बनाए। यहोयादा अनि तिनका छोराहरूले
योआशको अभिषेक गरे। तिनीहरूले भने, "राजा लामो
समय सम्म बाँचून्।"

१२अतल्याहले मानिसहरू मन्दिर तर्फ दगुरेका अनि
राजाको प्रशंसा गरेको आवाज सुनिन्। तिनी परमप्रभुको
मन्दिरमा मानिसहरू कहाँ आइन्। १३तिनले हेरिन् अनि
राजालाई देखिन्। राजा खम्बाको छेउको अघि उभिरहेको
थियो। अधिकारीहरू अनि मानिसहरू जो तुरही बजाउँथे,
राजाका छेउमा थिए। देशका मानिसहरू खुशीले तुरही
बजाउँदै थिए। गायकहरू सङ्गीतका बाजाहरू बजाउँदै
थिए। गायकहरूले प्रशंसा गाउनमा मानिसहरूलाई अगुवाइ
गरिरहेका थिए। तब अतल्याहले तिनका वस्त्रहरू
च्यातिन् अनि भनिन्, "राजद्रोह! राजद्रोह!"

१४पूजाहारी यहोयादाले सेना नायकहरूलाई बाहिर
ल्याए। तिनले तिनीहरूलाई भने, "अतल्याहलाई बाहिर
सेनाको माझ लैजाऊ। तिनलाई जोकोहिले पछयाउँछ
त्यसलाई मार्न तिमीहरूको तरवार प्रयोग गर।" तब
पूजाहारीले सैनिकहरूलाई चेताउनी दिए, "अतल्याहलाई
परमप्रभुको मन्दिरमा नमार्नु।" १५तब मानिसहरूले
राजमहलाको घोड़ा-द्वारमा आउँदा तिनलाई पक्रिए जुन
चाहि एउटा राजा महलको प्रवेशद्वारा हो। तब तिनीहरूले
तिनलाई ततकालै त्यही स्थानमा मारिदिए।

१६तब यहोयादाले सबै मानिसहरू अनि राजासित
एक करार बाँधे। तिनीहरू सहमत भए कि तिनीहरू
सबै परमप्रभुका मानिस हुनेछन्। १७सबै मानिसहरू
बाल मूर्तिका मन्दिरमा गए अनि त्यसलाई फोड़ि दिए।
तिनीहरूले बाल मन्दिरमा भएका वेदीहरू अनि मूर्तिहरू
पनि भत्काइदिए। तिनीहरूले बालका पुरोहित मातानलाई
बाल वेदीहरूको सामुन्ने मारे।

१८तब यहोयादाले परमप्रभुको जिम्मामा रहने
पूजाहारीहरू चुने। ती पूजाहारीहरू लेवीहरू थिए अनि
दाऊदले तिनीहरूलाई परमप्रभुको मन्दिरको जिम्मामा
रहने काम दिएका थिए। ती पूजाहारीहरूले मोशाका
व्यवस्थाका आदेश अनुसार परमप्रभुलाई होमबलि अर्पण
गर्नु पर्ने थियो। तिनीहरूले दाऊदका आदेश अनुसार
अति खुशी साथ गाउँदै बलि अर्पण गरे। १९यहोयादाले
परमप्रभुको मन्दिरको द्वारमा रक्षकहरू राखेका थिए।
यसकारण एउटा व्यक्ति जो अशुद्ध थियो भने मन्दिरभित्र
पस्न पाउँदैन थियो।

२०यहोयादाले सेनाका सेना-नायकहरू, प्रमुखहरू,
मानिसहरूका शासकहरू अनि देशका सबै मानिसहरूलाई
आफ्ना साथ लिए। तब यहोयादाले राजालाई परमप्रभुको
मन्दिर बाहिर ल्याए अनि माथिल्लोद्वार भएर तिनीहरू
राज भवनमा गए। त्यस स्थानमा तिनीहरूले राजालाई
सिंहासनमा बसाए। २१यहूदिका सबै मानिसहरू अत्यन्त
आनन्दित थिए। अनि यरूशलेम शहरमा शान्ति थियो
किनभने अतल्याहलाई तरवारद्वारा मारिएको थियो।

## योआशले फेरि मन्दिर निर्माण गर्छन्

२४ योआश सात वर्ष उमेरका थिए जब तिनी राजा
भए। तिनले यरूशलेममा चालीस वर्ष शासन

गरे। तिनकी आमाको नाउँ सिब्या थियो। सिब्या बेर्शेबा
शहरकी थिइन्। २योआशले पूजाहारी यहोयादा बाँचुन्जेल
परमप्रभुको सामुन्ने उचित कार्य गरे। ३यहोयादाले
योआशका निम्ति दुइवटी पत्नीहरू चुने। योआशका
छोरा-छोरीहरू भए।

४तब, पछि योआशले परमप्रभुको मन्दिर फेरि निर्माण
गर्ने निर्णय गरे। ५योआशले पूजाहारी अनि लेवीहरूलाई
साथ बोलाए। तिनले तिनीहरूलाई भने, "यहूदा शहरमा
जाऊ अनि इस्राएलका सबै मानिसहरूले प्रति वर्ष तिर्ने
धन संग्रह गर। त्यो धन तिम्रो परमेश्वरको मन्दिर फेरि
निर्माण गर्नमा उपयोग गर। चाँड़ो गर अनि यो काम
गर।" तर लेवीहरूले हतार गरेनन्।

६यसर्थ राजा योआशले मुख्य पूजाहारी यहोयादालाई
बोलाए। राजाले भने, "यहोयादा, तिमीले किन लेवीहरूलाई
यहूदा अनि यरूशलेमबाट तिरो-धन ल्याउन लगाएनौं?
परमप्रभुका सेवक मोशा अनि इस्राएलका मानिसहरूले
पवित्र पाल निर्माण गर्नमा त्यो तिरो-धन उपयोग गरेका
थिए।"

७विगत कालमा, अतल्याहका छोराहरू जबरदस्ती
परमेश्वरको मन्दिर भित्र पसेका थिए। तिनीहरूले
परमप्रभुको मन्दिरमा भएका पवित्र चीजहरू आफ्ना बाल
देवताहरूको पूजा गर्नमा उपयोग गरेका थिए। अतल्याह
अत्यन्त दुष्ट स्त्री थिइन्।

८राजा योआशले एउटा सन्दूक बनाउने अनि त्यसलाई
परमप्रभुको मन्दिरको द्वारको बाहिर राख्ने आदेश गरे।
९तब लेवीहरूले यहूदा अनि यरूशलेममा एक घोषणा
गरे। तिनीहरू रोए मानिसहरूलाई परमप्रभुका निम्ति
तिरो-धन ल्याउनु भने। परमेश्वरका सेवक मोशाले
मरु-भूमिमा भएको समयमा इस्राएलका मानिसहरूबाट
जो तिरो-धन मागेका थिए यो धन त्यति नै हो।
१०समस्त प्रमुखहरू अनि मानिसहरू खुशी थिए।
तिनीहरूले आफ्ना धन ल्याए अनि त्यसलाई सन्दूकमा
हाले। तिनीहरूले तबसम्म लगातार दिइरहे जब सम्म
सन्दूक भरी भएन। ११तब लेवीहरूले त्यो सन्दूक
राज-अधिकारीहरू कहाँ लानु पर्‍यो। तिनीहरूले सन्दूक
धनले परिपूर्ण भएको देखे। राजाका सचिव अनि मुख्य
पूजाहारीका अधिकारी आए अनि सन्दूकबाट धन निकालेर
लगे। तब तिनीहरूले त्यो सन्दूकलाई फेरि त्यस कै
स्थानमा फर्काई लगे। तिनीहरूले यो काम घरि-घरि गरे
अनि प्रचुर धन संग्रह गरे। १२तब राजा योआश अनि
यहोयादाले त्यो धन ती मानिसहरूलाई दिए जो परमप्रभुको
मनिदरमा काम गर्थे। अनि परमप्रभुको मन्दिरमा काम
गर्ने मानिसहरूले परमप्रभुको मन्दिर फेरि निर्माण गर्नका
निम्ति निपूण काठ खोप्नेहरू अनि सिकर्मीहरूलाई
भ्यालमा राखे। तिनीहरूले ती कर्मीहरू पनि भ्यालमा
ल्याए जो परमप्रभुको मन्दिरलाई फेरि निर्माण गर्नका
निम्ति फलाम अनि काँसाका काम गर्न सिपालु थिए।

१३मानिसहरू जसले कामको निरीक्षण गर्दथे एक्दमै
परिश्रमी थिए। परमप्रभुको मन्दिर फेरि निर्माण गर्ने
कार्य सफल भयो। तिनीहरूले परमप्रभुको मन्दिर पहिलाको
जस्तै निर्माण गरे अनि तिनीहरूले यसलाई पहिलाको
भन्दा बलियो बनाए। १४जब कर्मीहरूले काम पूरा गरे
तिनीहरूले उब्रिएको धन राजा योआश अनि यहोयादा
कहाँ ल्याए। तिनीहरूले त्यो धन परमप्रभुको मन्दिरका
निम्ति चीज-बीज बनाउनमा उपयोग गरे। ती चीज-बीजहरू
मन्दिरको सेवामा अनि होम-बलि अर्पण गर्नमा उपयोग
गरिन्थे। तिनीहरूले सुन-चाँदीका कचौरा एवं अन्य
चीजहरू पनि बनाए। पूजाहारीहरूले यहोयादा जीवित
रहेसम्म प्रतिदिन परमप्रभुको मन्दिरमा होमबलि अर्पण
गरिरहे।

१५यहोयादा बृद्ध भए। तिनी लामो समयसम्म बाँचे,
त्यसपछि तिनको मृत्यु भयो। यहोदा १३० वर्षको बृद्ध
हुँदा तिनको मृत्यु भयो। १६मानिसहरूले यहोयादालाई
दाऊदका शहरमा गाड़िदिए जहाँ राजाहरूलाई गाड़िन्छन्।
मानिसहरूले यहोयादालाई त्यहाँ गाड़ि दिए किनभने
तिनले आफ्ना जीवनमा इस्राएलमा परमेश्वर अनि
परमेश्वरका मन्दिरका निम्ति धेरै असल कार्य गरे।

१७यहोयादाको मृत्यु पछि, यहूदाका प्रमुखहरू आए
अनि राजा योआश समक्ष झुके। राजाले ती प्रमुखहरूका
कुरा सुने। १८राजा अनि ती अगुवाहरूले तिनीहरूका
पिता-पुर्खाहरूले आराधना गर्ने परमप्रभु परमेश्वरको
मन्दिरलाई परित्याग गरे। तिनीहरूले अशेरा खामा अनि
अन्य मूर्तिहरूको पूजा गर्न शुरु गरे। परमेश्वर यहूदा
अनि यरूशलेमका मानिसहरूसित क्रोधित हुनु भयो
किनभने राजा अनि अगुवाहरू दोषी थिए। १९परमेश्वरले
मानिसहरू कहाँ तिनीहरूलाई परमप्रभु तिर फर्काइ
ल्याउन भनी अगमवक्ताहरू पठाउनु भयो। अगमवक्ताहरूले
मानिसहरूलाई चेताउनी दिए। तर मानिसहरूले सुन्न
अस्वीकार गरे।

२०परमेश्वरको आत्मा जकर्याह माथि उत्रिनुभयो।
जकर्याहका पिता पूजाहारी यहोयादा थिए। जकर्याह
मानिसहरूका सामुन्ने उभिए अनि भने, "परमेश्वरले जे
भन्नु हुन्छ त्यो यो हो: 'किन तिमीहरूले परमप्रभुको
आदेशहरूको पालन गर्न अस्वीकार गर्छौ? तिमीहरू
सफल हुने छैनौं। तिमीहरूले परमप्रभुलाई त्याग्यौ
यसकारण परमप्रभुले पनि तिमीहरूलाई त्याग्नु भएको
छ।'"

२१तर मानिसहरूले जकर्याहको विरुद्ध षड़यन्त्र रचे।
राजाले जकर्याहलाई मार्न भनी मानिसहरूलाई आदेश
दिए, यसर्थ तिनको मृत्यु नहुन्जेल मानिसहरूले तिनलाई
ढुँङ्गा हाने। मानिसहरूले यो काम मन्दिरको आँगनमा
गरे। २२राजा योआशले तिनी प्रति यहोयादाले दर्शाएको
दया सम्झेनन्। यहोयादा जकर्याहका पिता थिए। तर
योआशले यहोयादाका छोरा जकर्याहलाई मारिदिए।

जकर्याहको मृत्यु हुनु अघि तिनले भने, "परमप्रभुले देख्नु हुनेछ जो तिमीहरूले गर्दै छौ अनि तिमीहरूलाई दण्ड दिनु हुनेछ।"

२३वर्षको अन्ततिर, अरामी सेना योआशको विरुद्ध आए। तिनीहरूले यहूदा अनि यरूशलेम माथि आक्रमण गरे अनि मानिसका सबै प्रमुखहरूलाई मारिदिए। तिनीहरूले सबै मूल्यवान बस्तुहरू दमीशकका राजा कहाँ पठाए।
२४अरामी सेना मानिसहरूको सानो दलको रूपमा आएका थिए तर परमप्रभुले तिनीहरूलाई यहूदाका अति विशाल सेनालाई परास्त पार्न दिनु भयो। परमप्रभुले यसो गर्नु भयो। किनभने यहूदाका मानिसहरूले, आफ्ना पुर्खाहरूले अनुसरण गरेका परमप्रभु परमेश्वरलाई त्याग गरे। यसरी योआश दण्डित भए। २५जब अरामीहरूले
योआशलाई छाड़े तब तिनी नराम्रो प्रकारले घाइते भएका थिए। योआशका आफ्नै सेवकहरूले तिनको विरुद्ध षड़यन्त्र रचे। तिनीहरूले यसो गरे किनभने योआशले पूजाहारी यहोयादाका छोरा जकर्याहलाई मारेका थिए। सेवकहरूले योआशलाई तिनको आफ्नै ओछ्यानमा मारिदिए। योआशको मृत्यु भएपछि मानिसहरूले तिनलाई दाऊदको शहरमा गाड़ीदिए। तर तिनीहरूले तिनलाई त्यस स्थानमा गाड़ेनन् जहाँ राजाहरूलाई गाड़िन्छन्।

२६यिनै ती सेवकहरू हुन् जसले योआशको विरुद्ध षड़यन्त्र रचेका थिए: जाबाद अनि यहोजाबाद। जाबादकी आमाको नाउँ शिमात थियो। शिमात अम्मोनकी थिइन्। अनि यहोजाबादकी आमाको नाउँ शिम्रित थियो। शिम्रित मोआबकी थिइन्। २७योआशका छोराहरूको विषयमा
कथा, तिनी विरुद्धको महान अगमवाणीहरू अनि तिनले कसरी फेरि परमेश्वरको मन्दिर निर्माण गरे, यी सबै राजाहरू "सम्बन्धी व्याख्या" नाउँको पुस्तकमा लेखिएका छन्। अमस्याह तिनका पछि नयाँ राजा भए। अमस्याह योआशका छोरा थिए।

### यहूदाका राजा अमस्याह

२५ अमस्याह पच्चीस वर्षका थिए जब तिनी राजा भए। तिनले यरूशलेममा उनन्तीस वर्ष शासन गरे। तिनकी आमाको नाउँ यहोअद्दान थियो। यहोअद्दान यरूशलेमकी थिइन्। २अमस्याहले त्यही कुराहरू गरे
जो परमप्रभुले तिनीद्वारा गराउन चाहनु हुन्थ्यो। तर तिनले ती कुराहरू सम्पूर्ण हृदयले गरेनन्। ३अमस्याह
शक्तिशाली राजा भए। त्यस पछि तिनले ती अधिकारीहरूलाई मारि दिए जसले तिनका राजा मारेको थिए। ४तर
अमस्याहले ती अधिकारीहरूका छोरा छोरीहरूलाई मारेनन्। किन? तिनले मोशाको पुस्तकमा लेखिएका व्यवस्था पालन गरे। परमप्रभुले आदेश दिनु भएको थियो, "माता-पितालाई उनीहरूका छोरा-छोरीहरूले केही गरेको खण्डमा मार्नु हुँदैन। अनि छोरा-छोरीहरूलाई तिनीहरूका माता-पिताहरूले केही गरेका खण्डमा मार्नु हुँदैन कुनै व्यक्तिलाई तिनी स्वयंले गरेका नराम्रो कामका निम्ति मात्र मार्नु पर्छ।"

५अमस्याहले यहूदाका मानिसहरूलाई एक साथ भेला गरे। तिनले परिवार अनुसार तिनीहरूको दल बनाए अनि ती दलहरूलाई सेनाध्यक्ष र सेना नायकहरूका जिम्मामा राखे। ती प्रमुखहरूका जिम्मामा यहूदा अनि बिन्यामीनका समस्त सैनिकहरू थिए। सबै मानिसहरू जो सैनिक हुनका निम्ति छानिए ती बीस वर्ष अनि त्यस भन्दा अधिक उमेरका थिए। जम्मा ३,००,००० सिपालु सैनिकहरू भाला अनि ढाल सहित युद्धका निम्ति तयार थिए। ६अमस्याहले इस्राएलबाट १,००,०००
सैनिहरू पनि ज्यालामा ल्याए। ती सैनिकहरूलाई ज्यालामा ल्याउनका निम्ति तिनले १०० तोड़ा चाँदी दिए। ७तर
परमेश्वरका एक व्यक्ति अमस्याह कहाँ आए। परमेश्वरका व्यक्तिले भने, "राजा इस्राएलका सेनालाई तपाईं साथ जान नदिनु होस्। परमप्रभु इस्राएलीहरूका साथमा हुनुहुन्न। परमप्रभु एप्रैमका मानिसहरूका साथ हुनुहुन्न।
८यदि तपाईंले तपाईं आफैलाई बलियो अनि युद्धको निम्ति त्यहार बनाउनुहुन्छ भने परमेश्वरले तपाईंलाई परास्त गर्नुहुनेछ, किनकि विजय अथवा परास्ता परमेश्वरको सहायतामा भर पर्छ।" ९अमस्याहले
परमेश्वरका व्यक्तिलाई भने, "तर मेरो धनको बारेमा के हुन्छ जो मैले इस्राएली सेनाहरूलाई दिइ सकेको छु?" परमेश्वरका मानिसले भने, "परमप्रभुसित प्रशस्त छन्। उहाँले तपाईंलाई त्यो भन्दा धेरै दिन सक्नु हुन्छ।"

१०यसर्थ अमस्याहले इस्राएली सैनिकहरूलाई घर तिर एफ्राईम फर्काई पठाए। ती मानिसहरू राजा अनि यहूदाका मानिसहरू प्रति अत्यन्त क्रोधित भए। तिनीहरू अत्यन्त क्रोधित भएर घर फर्किए।

११तब अमस्याह अत्यन्त साहसी भए अनि आफ्ना सेनाहरूलाई लिएर एदोम देशको नूनकोबेंसी तर्फ गए। त्यस स्थानमा अमस्याहका सेनाहरूले सेईरका १०,००० मानिसहरूलाई मारे। १२यहूदाका सेनाले पनि सेईरका
१०,००० मानिसहरूलाई कब्जामा लिए। तिनीहरूले सेइरका ती मानिसहरूलाई एक पहाड़को टुप्पोमा लगे। ती मानिसहरू अझसम्म जीवित थिए। तब यहूदाका सेनाले ती मानिसहरूलाई पहाको टुप्पोदेखि तल तिर झारिदिए अनि तिनीहरूका शरीरहरू तल चट्टानहरूमा चकना चूर भए।

१३तर त्यस समयमा अमस्याहले ती सैनाहरूलाई यहूदाका शहरहरू सामरिया देखि बेत-होरोनसम्म आक्रमण गेर्न अनुमति दिएका थिएनन्। तै पनि तिनीहरूले शहरहरूमा आक्रमण गरे। तिनीहरूले ३,००० मानिसहरू मारे धेरै मालहरू लुटे।

१४अमस्याह एदोमी मानिसहरूलाई परास्त गरे पछि घर आए। तिनले सेइरका मानिसहरूले पूजा गर्ने मूर्तिहरू ल्याए। अमस्याहले ती मूर्तिहरूको पूजा गर्न

शुरू गरे। तिनी ती मूर्तिहरू अघि झुके अनि तिनीहरूका निम्ति धूप बाले। १५परमप्रभु अमस्याह सित अत्यन्त क्रोधित हुनुभयो। परमप्रभुले अमस्याह कहाँ अगमवक्ता पठाउनु भयो। अगमवक्ताले भने, “अमस्याह किन तपाईंले ती मानिसहरूले पूजा गर्ने मूर्तिहरूको पूजा गर्नु भएको? ती देवताहरूले तिनीहरूका आफ्नै मानिसहरूलाई पनि तपाईंबाट बचाउन सकेनन्।

१६जब अगमवक्ता बोले, अमस्याहले अगमवक्तालाई भने, “हामीले तिमीलाई राजाको सल्लाहकार बनाएकै छैनौं! चुप लाग! तिमी चुप लागेनौ भने तिमीलाई मारिने छ।” अगमवक्ता चुप भए, तर तब भने, “परमेश्वरले तपाईंलाई ध्वंश गर्ने निश्चय गर्नु भएकोछ। किनभने तपाईंले ती नराम्रा कुराहरू गर्नु भयो। अनि मेरो वचन सुन्नु भएन।”

१७यहूदाका राजा अमस्याहले आफ्ना परामर्शदाताहरू सित कुरा गरे। तब तिनले इस्राएलका राजा योआशलाई एक सन्देश पठाए। अमस्याहले योआशलाई भने, “हामी मुखा-मुखी भेट गरौं।” योआश यहोआहाजका छोरा थिए। योआहाज येहूका छोरा थिए।

१८तब योआशले अमस्याह कहाँ आफ्नो उत्तर पठाए। योआश इस्राएलका राजा थिए अनि अमस्याह यहूदाका राजा थिए। योआशले यो कथा भने: “लबानोन एक सानो काँढ़ादार पोथ्राले लबानोन एक विशाल देवदारको वृक्ष कहाँ सन्देश पठायो। सानो काँढ़ादार पोथ्राले भन्यो, ‘तिम्री छोरीलाई मेरो छोरासित विवाह गरिदेऊ।’ तर एक जङ्गली पशु आयो अनि काँढ़ादार पोथ्रा माथि हिँड्यो र त्यसलाई नष्ट गरि दियो। १९तिमी स्वयमलाई भन्छौं, ‘मैले एदोमलाई परास्त गरे।’ तिमी घमण्डी छौ अनि तिमी धाँक लाउँछौ। तर तिमी घरमा बस। तिमीलाई खतरा मोल्नु खाँचो छैन। यदि तिमीमसित लड्यौ भने, तिमी अनि यहूदा ध्वंश हुने छौ।”

२०तर अमस्याहले सुन्न अस्वीकार गरे। यो परमेश्वरबाट आएको हो परमेश्वरले इस्राएल द्वारा यहूदालाई परास्त गराउने योजना बनाउनु भयो, किनभने यहूदाका मानिसहरूले एदोमका मानिसहरूले अनुसरण गर्ने देवताहरूको अनुसरण गरे। २१यस कारण इस्राएलका राजा योआशले यहूदाका राजा अमस्याहसित बत-शेमेश शहरमा मुखा-मुखी भेट गरे। बेत शेमेश यहूदामा छ। २२इस्राएलले यहूदालाई परास्त गेर। यहूदाका हरेका मानिस आफ्ना घर तिर भागे।” २३योआशले अमस्याहलाई बेत-शेमेशमा पक्ड़े अनि तिनलाई यरूशलेम लगे। अमस्याहका पिताको नाउँ योआश थियो। योआशको पिताको नाउँ योआहाज थियो। योआशले यरूशलेमको एप्रैम फाटक देखि कुनाको फाटक सम्मको पर्खालको ४०० हात* लामो अंश भत्काइ दिए। २४परमेश्वरको मन्दिरमा सुन अनि चाँदी एवं धेरै अन्य चीज-बीजहरू थिए। ओबेद एदोम ती चीज बीजहरूको जिम्मामा थिए। तर येहोआशले ती सबै चीज-बीजहरू लगे। योआशले राज महलबाट पनि कोषहरू लगे। त्यस पछि योआशले केही मानिसहरूलाई कैदीको रूपमा लगे अनि फर्केर सामरिया गए।

२५योआशको मृत्यु पछि अमस्याह पन्द्र वर्षसम्म बाँचे। अमस्याहका पिता यहूदाका राजा योआश थिए। योआशको पिता यहोआहाज इस्राएलका राजा थिए। २६अमस्याहले शुरू देखि अन्तसम्म गरेका अन्य कुराहरू “यहूदा अनि इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा लेखिएका छन्। २७जब अमस्याहले परमप्रभुको आज्ञा पालन गर्न छाड़े, यरूशलेममा मानिसहरूले अमस्याह विरुद्ध षड़यन्त्र रचे। तिनी लाकीश शहर तिर भागेर गए। तर मानिसहरूले लाकीशमा मानिसहरू पठाए अनि तिनीहरूले अमस्याहलाई त्यही मारिदिए। २८तब तिनीहरूले अमस्याहको शरीरलाई घोड़ाहरूमा लदाएर ल्याए अनि यहूदाको शहरमा तिनका पुर्खाहरूसित गाड़ि दिए।

## उज्जियाह यहूदाका राजा

**२६** त्यस पछि यहूदाका मानिसहरूले उज्जियाहलाई अमस्याहको स्थानमा नयाँ राजा हुनका निम्ति चुने। अमस्याह उज्जियाहका पिता थिए। उज्जियाह सोह्र वर्षका हुँदा यस्तो भयो। २उज्जियाहले एलात शहरलाई फेरि निर्माण गरे अनि यहूदालाई फर्काइ दिए। अमस्याहको मृत्यु भयोर तिनका पुर्खासित गाड़िए पछि उज्जियाहले यसो गरे।

३उज्जियाह सोह्र वर्षका थिए जब तिनी राजा भए। तिनले बाउन्न वर्ष सम्म यरूशलेममा शासन गरे। तिनकी आमाको नाउँ यकोल्याह थियो। यकोल्याह यरूशलेमकी थिइन्। ४उज्जियाहले ती कुराहरू गरे जो परमप्रभुले तिनी द्वारा गराउन चाहनु हुन्थ्यो। तिनले परमेश्वरको आज्ञा त्यसरी नै पालन गरे जसरी तिनका पिता अमस्याहले गरेका थिए। ५उज्जियाहले परमेश्वरको अनुसरण जकयार्हको जीवनकालमा गरे। जकयार्हले उज्जियाहलाई परमेश्वरको कसरी सम्मान गर्नु अनि आज्ञा पालन गर्नु सो सिकाए। जब उज्जियाहले परमप्रभुको आज्ञा पालन गरिरहेका थिए परमेश्वरले तिनलाई सफलता प्रदान गर्नु भयो।

६उज्जियाहले पलिश्ती मानिसहरूको विरुद्ध युद्ध लड़े। तिनले गात, यब्ने अनि अश्दोद शहरहरूका वरिपरिका पर्खालहरू भत्काइ दिए। उज्जियाहले अश्दोद शहरको छेउमा अनि पलिश्ती मानिसहरू माझ अन्य स्थानहरूमा शहरहरू बसाए। ७परमेश्वरले उज्जियाहलाई पलिश्तीहरू अनि गुर-बलमा बस्ने अरबीहरू अनि मूनीहरूको विरुद्धमा युद्ध गर्नमा सहायता दिनुभयो। ८अम्मोनीहरूले उज्जियाहलाई सौगातहरू तिर्थे। उज्जियाहको नाउँ मिश्रदेशको सीमाना सम्म प्रसिद्ध भएर

---

**४०० हात** अर्थात् ६०० फीट लामो।

गयो। तिनी प्रसिद्ध थिए किनभने तिनी अत्यन्त शक्तिशाली थिए।

९उज्जियाहले यरूशलेममा कुनाको फाटकमा र बेंसीको फाटकमा अनि पर्खाल घुमेको स्थानमा किल्लाहरू निर्माण गरे। उज्जियाहले ती किल्लाहरू दृढ़ बनाए। १०उज्जियाहले मरुभूमिमा किल्लाहरू निर्माण गरे। तिनले अनेक कुवाहरू पनि खनाए। तिनीसित पहाड़ी देश अनि समतल भूमिमा प्रशस्त गाई-बस्तुहरू थिए। उज्जियाहका पर्वतहरू अनि असल उब्जनी हुने भूमिका कृषक थिए। तिनीसित ती व्यक्तिहरू पनि थिए जसले दाख उम्रने खेतहरूको हेरचाह गर्थे। तिनीले खेती-पाती मन पराउँथे।

११उज्जियाहसित प्रशिक्षित सैनिकहरूका सेना थिए। ती सैनिकहरूलाई सचिव यीएल अनि अधिकारी मासेयाहले दल-दल पारेर राखेका थिए। हनन्याह तिनीहरूका प्रमुख थिए। यीएल अनि मासेयाहले ती सैनिकहरूको गन्ती गरे अनि तिनीहरूलाई दल, दलमा राखे। हनन्याह राजाका एक अधिकारी थिए। १२सैनिकहरू माथि २,६०० प्रमुखहरू थिए। १३ती परिवार-प्रमुखहरूका जिम्मामा ३,०७,५०० मानिसहरूका सेना थिए जो ठूलो शक्तिसित लड़थे। ती सैनिकहरूले शत्रुको विरुद्ध राजालाई सहायता गर्थे। १४उज्जियाहले सेनालाई ढाल, भाला, फलामको टोपी, कवच, झिलम, धनु अनि धुँयेत्रोका निम्ति ढुङ्गाहरू दिएका थिए। १५यरूशलेममा उज्जियाहले यन्त्रहरू बनाए जो चतुर व्यक्तिहरूले आविष्कार गरेका थिए। ती यन्त्रहरूलाई किल्लाहरू अनि कुनाका पर्खालहरूमा राखिएका थिए। यी यन्त्रहरूले काँढ़हरू अनि ठूल्ठूला ढुँङ्गाहरू हान्दथे। उज्जियाह प्रसिद्ध भए। मानिसहरूले टाढ़ा टाढ़ाका स्थानहरूमा तिनका नाउँ जान्थे। तिनले प्रशस्त सहायता पाए अनि शक्तिशाली राजा बने।

१६तर जब उज्जियाह शक्तिशाली भए तिनको घमण्डको कारणले तिनलाई नष्ट पारे। तिनी परमप्रभु तिनका परमेश्वर प्रति विश्वसनीय थिएनन्। तिनी परमप्रभुको मन्दिर भित्र धूप बाल्ने वेदीमा धूप बाल्न गए। १७पूजाहारी अजर्याह अनि अस्सी जना साहसी पूजाहारीहरू, जो परमप्रभुको सेवा गर्थे, उज्जियाहलाई पछ्याउँदै मन्दिर भित्र गए। १८तिनीहरूले उज्जियाहलाई भने तपाईंले गल्ती गर्नु हुँदैछ। तिनीहरूले तिनलाई भने, "उज्जियाह, परमप्रभुको निम्ति धूप बाल्ने यो तपाईंको काम होइन। यसो गर्नु तपाईंको निम्ति असल छैन। पूजाहारीहरू अनि हारूनका सन्तानहरूले मात्र परमप्रभुको निम्ति धूप बाल्ने गर्छन्। यी पूजाहारीहरूलाई पवित्र सेवाका निम्ति धूप बाल्न प्रशिक्षित तुल्याइएका छन्। तपाईं यो महा पवित्र स्थानबाट बाहिर जानु होस्। तपाईं विश्वसनीय हुनु भएको छैन। परमप्रभु परमेश्वरले यसका निम्ति तपाईंको सम्मान गर्नु हुने छैन।" १९तर उज्जियाह क्रोधित भए। तिनको हातमा धूप दानी थियो। जब उज्जियाह पूजाहारीहरूसित खूबै रिसाएका थिए त्यस बेला तिनको निधारमा कोढ रोग निस्कियो। यो घटना परमप्रभुको मन्दिरको धूप बाल्ने वेदीको छेउमा पूजाहारीहरूको सामुन्ने घट्यो। २०अजर्याह-मुख्य पूजाहारी अनि अन्य सबै पूजाहारीहरूले उज्जियाहलाई हेरे। तिनीहरूले तिनको निधारमा कोढ़ रोग देख्न सक्थे। पूजाहारीहरूले उज्जियाहलाई मन्दिरबाट चाँड़ो बाहिर जान कर लगाए। उज्जियाह स्वयं हत्तारिएर बाहिर निस्के किनभने परमप्रभुले तिनलाई दण्ड दिनुभएको थियो। २१उज्जियाह राजा कोरी भएको थियो। तिनी भिन्नै घरमा बस्नु पर्थ्यो। तिनी परमप्रभुको मन्दिरमा प्रवेश गर्न सक्तैन थिए। उज्जियाहका छोरा योतामले राज दरबारलाई नियन्त्रणमा राखे अनि दरबारको निम्ति प्रशासक भए।

२२उज्जियाहले शुरू देखि अन्त सम्म अन्य जे कुराहरू गरे ती आमोसका छोरा अगमवक्ता यशैयाद्वारा लेखिएका थिए। २३उज्जियाहको मृत्यु भयो अनि आफ्ना पिता-पुर्खाहरूका छेउमा गाड़िए। उज्जियाहलाई राजाको चिहान नजिकको खुल्ला मैदानमा गाड़े। किनभने मानिसहरूले भने, "उज्जियाहलाई कोर निस्केको छ।" अनि उज्जियाहको स्थानमा योताम नयाँ राजा भए। योताम उज्जियाहका छोरा थिए।

## यहूदाका राजा योताम

२७ योताम राजा हुँदा पच्चीस वर्षका थिए। तिनले यरूशलेममा सोह्र वर्ष शासन गरे। तिनकी आमाको नाउँ यरूशा थियो। यरूशा सादोककी छोरी थिइन्। २योतामले ती कुराहरू गरे जो परमप्रभुले तिनी द्वारा गरिएको चाहनु हुन्थ्यो। तिनले आफ्ना पिता उज्जियाहले जस्तै परमेश्वरको आज्ञा पालन गरे। तर योताम आफ्ना पिताले गरे जस्तै धूप बाल्न परमप्रभुको मन्दिर भित्र पसेनन्। तर मानिसहरूले नराम्रा काम लगातार गरिरहे। ३योतामले परमप्रभुको मन्दिरको माथिल्लो फाटक फेरि निर्माण गरे। तिनले ओपेल नाउँका स्थानमा पर्खाल लगाउने अनेक निर्माण कार्य गरे। ४योतामले यहूदाको पहाड़ी देशमा पनि शहरहरू बनाए। योतामले जङ्गलहरूमा गढ़हरू अनि किल्लाहरू निर्माण गरे। ५योताम अम्मोनी मानिसहरूका राजा अनि तिनका सेनाका विरुद्ध पनि लड़े अनि तिनीहरूलाई परास्त गरे। यसर्थ हरेक वर्ष तीन वर्ष सम्म अम्मोनीहरूले योतामलाई १०० तोड़ा चाँदी, १०,०००मुरी* गहुँ अनि १०,००० मुरी जौ दिए।

६योताम शक्तिशाली भए किनभने तिनले विश्वसनीय रूपले तिनका परमप्रभु उसका परमेश्वरका आदेश

**१०,००० मुरी** अर्थात ६२,००० बुशल थियो।

पालन गरे। ७योतामले गरेका अन्य कुराहरू अनि
तिनका सबै युद्धहरू इस्राएली अनि यहूदाका राजाहरूको
इतिहासको पुस्तकमा लेखिएका छन्। ८योताम पच्चीस
वर्षका थिए जब तिनी राजा भए। तिनले यरूशलेममा
सोह्र वर्ष सम्म शासन गरे। ९तब योतामको मृत्यु भयो
अनि तिनका पुर्खाहरूसित गाड़िए। मानिसहरूले तिनलाई
दाऊदका शहरमा गाड़े। आहाज योतामका स्थानमा नयाँ
राजा भए। आहाज योतामका छोरा थिए।

### आहाज यहूदाका राजा

२८ आहाज बीस वर्षका थिए जब तिनी राजा
भए। तिनले यरूशलेममा सोह्र वर्ष सम्म
शासन गरे। आहाज आफ्ना पुर्खा दाऊद जस्तै ठीक
सित बसेनन्। आहाजले ती कुराहरू गरेनन् जो परमप्रभु
तिनले गरेका चाहनु हुन्थ्यो। २आहाजले इस्राएलका
राजाहरूको नराम्रो उदाहरण अनुसरण गरे। तिनले बाल
देवताहरूको पूजा गर्नका निम्ति मूर्त्ति निर्माण गर्न
साँचाहरूको उपयोग गरे। ३आहाजले बेन-हिन्नोम बेंसीमा
धूप जलाए। तिनले आफ्नै छोराहरूलाई आगोमा जलाएर
बलि चढ़ाए। तिनले त्यस्तै भयानक पापहरू गरे जस्तो
पाप त्यस देशमा बस्ने मानिसहरूले गरेका थिए।
परमप्रभुले ती मानिसहरूलाई त्यहाँबाट बाहिर निक्लन
विवश पार्नु भएको थियो, जब इस्राएलका मानिसहरू
त्यस देशमा आएका थिए। ४आहाजले उच्च स्थानहरूमा,
पहाड़हरूमा अनि हरेक हरियो वृक्ष मुनि बलिहरू चढ़ाए
र धूप बाले।

५-६आहाजले पाप गरे, यसर्थ परमप्रभु तिनका
परमेश्वरले अरामका राजालाई आहाजलाई परास्त गर्न
दिनु भयो। अरामका राजा अनि तिनका सेनाले आहाजलाई
परास्त गरे अनि यहूदाका अनेक मानिसहरूलाई बन्दी
बनाए। अरामका राजाले ती बन्दीहरूलाई दमीशक
शहरमा लगे। परमप्रभले इस्राएलका राजा पेकहलाई
पनि आहाजलाई परास्त गर्न दिनु भयो। पेकहका
पिताको नाउँ रमल्याह थियो। पेकह अनि तिनका सेनाले
यहूदाका १,२०,००० साहसी सैनिकहरूलाई एकै
दिनमा मारे। पेकहले ती यहूदाका मानिसहरूलाई परास्त
गरे किनभने तिनीहरूले तिनीहरूका पुर्खाहरूले आज्ञा
पालन गर्ने परमप्रभु परमेश्वरको आज्ञा पालन गर्न
छाड़ेका थिए। ७जिक्री एप्रैमका एक साहसी सैनिक
थिए। जिक्रीले राजा आहाजका छोरा मासेयाह राज
महलको जिम्मामा रहेको अधिकारी अज्रीकाम अनि
एल्कानालाई मारे। एल्काना राजा देखि दोस्रो शक्तिका
थिए।

८इस्राएली सेनाले यहूदामा बस्ने तिनीहरूको आफ्नै
२,००,००० आफन्तहरू पकड़े। तिनीहरूले स्त्री,
केटा-केटीहरू अनि मूल्यवान वस्तुहरू यहूदाबाट लगे।
इस्राएलीहरूले ती बन्दीहरू अनि ती बस्तुहरूलाई
सामरिया शहरमा ल्याए। ९तर त्यहाँ परमप्रभुको एउटा
अगमवक्ता थिए। यो अगमवक्ताको नाउँ ओबेद थियो।
ओबेदले ती इस्राएली मानिसहरूसित भेट गरे जो
सामरिया फर्की आएका थिए। ओदेदले इस्राएली सेनालाई
भने, "तिमीहरूका पुर्खाहरूले आज्ञा पालन गर्ने परमप्रभु
परमेश्वरले तिमीहरूलाई यहूदाका मानिसहरूलाई परास्त
पार्न दिनु भएको थियो किनभने उहाँ तिनीहरूसित
क्रोधित हुनुहुन्थ्यो। तिमीहरूले यहूदाका मानिसहरूलाई
अति नीच प्रकारले मार्‌यौ अनि दण्ड दियौ अब
परमेश्वर तिमीहरूसित क्रोधित हुनुहुन्छ। १०तिमीहरूले
यहूदा र यरूशलेमका मानिसहरूलाई दासको रूपमा
राख्ने योजना गरेका छौ। तिमीहरूले तिमीहरूका परमप्रभु
परमेश्वरको विरुद्ध पनि पाप गरेका छौ। ११मेरो कुरा
सुन। तिम्रा दाज्यू भाइ अनि दिदी बहिनीहरू जसलाई
तिमीहरूले पकड़ेका छौ, फर्काइ पठाऊ। यो काम
गरिहाल किनभने परमप्रभुको भयानक क्रोध तिमीहरूको
विरुद्ध छ।"

१२तब एप्रैमका केही प्रमुखहरूले इस्राएली सेनालाई
युद्ध देखि घर फर्किएर आएका देखे। ती प्रमुखहरूले
इस्राएली सैनिकहरूसित भेट गरे अनि तिनीहरूलाई
चेताउनी पनि दिए। ती प्रमुखहरू योहानानका छोरा
अजर्याह, मशिल्लेमोतका छोरा बेरेक्याह, शल्लूमका
छोरा हिजकियाह अनि हद्लेका छोरा अमासा थिए।
१३ती प्रमुखहरूले इस्राएली सैनिकहरूलाई भने, "यहूदाका
कैदीहरूलाई यहाँ नल्याऊ। यदि तिमीहरूले त्यसो गर्‌यौ
भने यसले हामीलाई परमप्रभुको विरुद्ध घोर पाप गरेको
तुल्याउने छ। त्यसले हाम्रा पाप अनि दोषहरूलाई
अधिक नराम्रो तुल्याउने छ अनि परमप्रभु इस्राएलको
विरुद्ध अत्यन्त क्रोधित हुनुहुने छ।"

१४यसर्थ, सैनिकहरूले ती कैदीहरू अनि मूल्यवान
वस्तुहरू ती प्रमुखहरू अनि इस्राएलका मानिसहरूलाई
दिए। १५ती प्रमुखहरू अजर्याह, बेरेक्याह, हिजकियाह
अनि अमासा उठे अनि कैदीहरूलाई सहायता गरे। यी
चार व्यक्तिहरूले वस्त्रहरू लिए जो इस्राएली सैनिकहरूले
ल्याएका थिए अनि ती वस्त्रहरू, ती मानिसहरूलाई दिए
जो नग्न थिए। ती प्रमुखहरूले ती मानिसहरूलाई
जुत्ताहरू पनि दिए। तिनीहरूले यहूदाका कैदीहरूलाई
केही खान अनि पिउन दिए। तिनीहरूले ती मानिसहरूको
घाउलाई नरम पार्न अनि निको तुल्याउन तेल मालिस
गरि दिए। त्यस पछि एप्रैमका ती प्रमुखहरूले कमजोर
कैदीहरूलाई गधामा चढ़ाए र तिनीहरूलाई खजूर बृक्षको
शहर यरीहोमा तिनीहरूका परिवारहरू कहाँ घर फर्काइ
लगे। तब ती चार जना प्रमुखहरू घर तर्फ सामरिया
फर्के।

१६-१७त्यस समयमा, एदोमका मानिसहरू फेरि आए
अनि यहूदाका मानिसहरूलाई परास्त गरे। एदोमीहरूलाई
मानिसहरूले पकड़े अनि तिनीहरूलाई कैदीको रूपमा

लगेर गए। यसर्थ राजा आहाजले अश्शूरका राजासित तिनलाई सहायता गर्नु भनी याचना गरे। १८पलिश्ती मानिसहरूले पनि पहाड़हरू अनि दक्षिण यहूदाका शहरहरू माथि आक्रमण गरे पलिश्तीहरूले बेत-शेमेश, अय्यालोन, गदेरोत, सोको, तिम्ना अनि गिम्जो शहरहरू कब्जामा लिए। तिनीहरूले ती शहरहरू नजिकका गाउँहरू पनि अधिकारमा लिए। त्यस पछि ती पलिश्तीहरू ती शहरहरूमा बसे।

१९परमप्रभुले यहूदालाई दुःख-कष्ट दिनु भयो किनभने यहूदाका राजा आहाजले यहूदाका मानिसहरूलाई पाप गर्नमा उत्साहित तुल्याएका थिए। तिनी परमप्रभु प्रति अत्यन्त अविश्वासनीय थिए। २०अश्शूरका राजा तिग्लत पिलेसेर आए अनि आहाजलाई सहायता गर्नका सट्टा कष्ट दिए। २१आहाजले परमप्रभुको मन्दिरबाट र राज महलबाट अनि राज कुमार-महलबाट केही मूल्यवान वस्तुहरू निकाले। आहाजले ती बस्तुहरू अश्शूरका राजालाई दिए। तर त्यसले आहाजलाई केही सहायता भएन।

२२आहाजको कष्टमा तिनले अझ नराम्रो पाप गरे अनि परमप्रभु प्रति अझ अधिक अविश्वासनीय भए। २३तिनले दमीशकका मानिसहरूले पूजा गर्ने देवताहरूलाई बलि अर्पण गरे। दमा (तामामा छालाले बेरिएको बाजा) दमीशकका मानिसहरूले आहाजलाई परास्त पारेका थिए। यसर्थ तिनले आफै सोचे, "अरामका मानिसहरूले पूजा गर्ने देवताहरूले तिनीहरूलाई सहायता गरे। यसर्थ यदि मैले ती देवताहरूलाई बलि अर्पण गरें भने हुन सक्छ तिनीहरूले मलाई पनि सहायता गर्ने छन्।" आहाजले ती देवताहरूको पूजा गरे। यस प्रकारले तिनले पाप गरे अनि तिनले इस्राएलका मानिसहरूलाई पाप गर्न लगाए।

२४आहाजले परमेश्वरको मन्दिरबाट चीज बीज जम्मा गरे अनि तिनीहरूलाई टुक्रा टुक्रा पारे। त्यसपछि तिनले परमप्रभुको मन्दिरको ढोका बन्द गरिदिए। तिनले वेदीहरू बनाए अनि तिनीहरूलाई यरूशलेमको हरेक सड़कका कुना कुनामा राखे। २५यहूदाका प्रत्येक शहरमा आहाजले अरु देवताहरूको पूजा गर्नका निम्ति धूप बाल्न उच्च स्थानहरू निर्माण गरे। आहाजले तिनका पुर्खाहरूले आज्ञा पालन गर्ने परमप्रभु परमेश्वरलाई अत्यन्त क्रोधित तुल्याए।

२६आहाजले शुरू देखि अन्त सम्म गरेका अन्य कुराहरू यहूदा अनि इस्राएलका राजाहरूका इतिहास पुस्तकमा लेखिएका छन्। २७आहाजको मृत्यु भयो अनि तिनका पुर्खाहरू सित गाड़िए। मानिसहरूले आहाजलाई यरूशलेम शहरमा गाड़े। तर तिनीहरूले आहाजलाई त्यो चिहानमा गाड़ेनन् जहाँ इस्राएलका राजाहरूलाई गाड़िन्थ्यो। हिजकियाह आहाजका स्थानमा नयाँ राजा भए। हिजकियाह आहाजका छोरा थिए।

## हिजकियाह यहूदाका राजा

२९ हिजकियाह जब पच्चीस वर्ष पुगे तब तिनी राजा भए। तिनले यरूशलेममा उनन्तीस वर्षसम्म राज गरे। तिनकी आमाको नाउँ अबियाह थियो। अबियाह जकर्याहकी छोरी थिइन्। २हिजकियाहले परमप्रभुले तिनीद्वारा गर्न चाहनु भएका कुराहरू गरे तिनले आफ्ना पुर्खा दाऊदले गरेका जस्तै सही कार्य गरे।

३हिजकियाहले परमप्रभुको मन्दिरका ढोकाहरू लगाइ दिए अनि तिनीहरूलाई दृढ़ बनाए। हिजकियाहले मन्दिर फेरि खुल्ला गरि दिए। तिनले यो काम आफू राजा भएको पहिलो वर्षको पहिलो महीनामा गरे। ४-५हिजकियाले पूजाहारीहरू अनि लेवीहरूलाई सभामा एक साथ गरे। तिनले तिनीहरूसित मन्दिरको पूर्व तर्फको खुल्ला आँगानमा सभा गरे। हिजकियाहले तिनीहरूलाई भने, "मेरो कुरा सुन, लेवीहरू। तिमीहरूले स्वयंलाई पवित्र सेवाको निम्ति तयार गर। परमप्रभु परमेश्वरको मन्दिरलाई पवित्र सेवाका निम्ति तयार पार, उहाँ तिमीहरूका पुर्खाहरूले आज्ञा पालन गर्ने परमेश्वर हुनु हुन्छ। मन्दिरबाट ती चीज बीजहरू हटाइ देऊ जो त्यहाँको होइन। ती चीज बीजहरूले मन्दिरलाई शुद्ध तुल्याउँदैन। ६हाम्रा पुर्खाहरूले परमप्रभुलाई त्याग गरे अनि आफ्ना अनुहार परमप्रभुको मन्दिरबाट टाढ़ा फर्काए। ७तिनीहरूले मन्दिरको दलानका ढोकाहरू थुनि दिए अनि दीपहरूमा बत्ती निभ्न दिए। तिनीहरूले इस्राएलका परमेश्वरलाई पवित्र स्थानमा धूप बाल्न अनि होमबलि चढ़ाउन बन्द गरे। ८यसर्थ परमप्रभु यहूदा अनि यरूशलेमका मानिसहरू प्रति अत्यन्त क्रोधित हुनु भयो। परमप्रभुले तिनीहरूलाई दण्ड दिनु भयो। अरु मानिसहरू भयभीत भए अनि विचलित भए जब तिनीहरूले देखे परमप्रभुले यहूदा अनि यरूशलेमका मानिसहरूलाई के गरे। ती अन्य मानिसहरूले यहूदाका मानिसहरूका निम्ति घृणा अनि लाजले आफ्ना शिरहरू हल्लाए। तिमीहरू जान्दछौ, यी कुराहरू सत्य हुन्। तिमीहरू आफ्नै आँखाले देख्न सक्छौ। ९अनि, त्यसै कारणले गर्दा हाम्रो पुर्खाहरू युद्धमा मारिए। हाम्रा छोरा अनि छोरीहरू अनि पत्नीहरूलाई कैदी बनाइए। १०यस कारण अब म, हिजकियाहले इस्राएलका परमप्रभु परमेश्वर सित करार गर्ने निश्चय गरेको छु। तब उहाँ हामी सित अब उप्रान्त क्रोधित हुन हुने छैन। ११यसकारण मेरो छोराहरू, अल्छे नबन वा अझ अधिक समय खेर नफाल। परमप्रभुले उहाँको सेवा गर्नका निम्ति तिमीहरूलाई चुन्नु भएको छ। उहाँले तिमीहरूलाई उँहाको मन्दिरमा सेवा गर्न अनि धूप बाल्नका निम्ति चुन्नु भएको छ।"

१२-१४यो त्यहाँ भएका लेवीहरूको सूचीहो जसले काम गर्न शुरु गरेः कहातका परिवारबाट अमासैका छोरा महत अनि अजर्याहका छोरा योएल थिए। मरारीका

परिवारबाट अब्दीका छोरा कीश अनि यहल्लेलका छोरा
अजर्याह थिए। गेर्शोनका परिवारबाट जीम्माका छोरा
योआह अनि योआहका छोरा एदेन थिए। एलीसापानका
परिवारहरूबाट शिम्री अनि यूएल थिए। आसापका
परिवारहरूबाट जकर्याह अनि मत्तन्याह थिए। हेमानका
परिवारहरूबाट यहूएल अनि शिमी थिए। यदूतूनका
परिवारहरूबाट शमायाह अनि उज्जीएल थिए। १५तब,
यी लेवीहरूले आफ्ना दाज्यू-भाइहरूलाई पनि तिनीहरू
सित भेला गरे अनि स्वयंलाई पवित्र सेवाका निम्ति
तयार पारे। तिनीहरूले राजाका आदेशको पालन गरे जो
परमप्रभुबाट आएको थियो। तिनीहरूले यसलाई शुद्ध
पार्नका निम्ति परमप्रभुको मन्दिर भित्र गए। १६पूजाहारीहरू
परमप्रभुको मन्दिरको भित्री भाग शुद्ध गर्न गए।
तिनीहरूले भेट्टाएका सबै अशुद्ध चीज-बीजहरू निकाले।
तिनीहरूले अशुद्ध चीज-बीजहरू परमप्रभुको मन्दिरको
आँगनमा ल्याए। तब लेवीहरूले ती अशुद्ध चीज-बीजहरू
बाहिर किद्रोन बेंसीमा लगे। १७पहिलो महीनाको पहिलो
दिनमा लेवीहरूले स्वयंलाई पवित्र सेवाका निम्ति तयार
पार्न शुरु गरे। त्यो महीनाको आठौं दिनमा लेवीहरू
परमप्रभुको मन्दिरको दलानमा आए। अझ आठ दिन
तिनीहरूले परमप्रभुको मन्दिरलाई पवित्र उपयोगका निम्ति
तयार पार्नका निम्ति सफा गरे। तिनीहरूले पहिलो
महीनाको सोह्रौं दिनमा काम पूर्ण गरे।

१८तब तिनीहरू राजा हिजकियाह कहाँ गए। तिनीहरूले
तिनलाई भने, "राजा हिजकियाह, हामीले परमप्रभुको
मन्दिरको, होमबलिको वेदी अनि मन्दिरका सबै चीजहरू
सफा गर्‍यौं। हामीले रोटीका लहर राख्ने मेच त्यस मेच
सित उपयोग गरिने सबै चीहरू सहित सफा गर्‍यौं।
१९आहाज राजा रहेको समयमा तिनले परमेश्वरको
विरुद्ध विद्रोह गरे। तिनले मन्दिरमा भएका धेरै चीजहरू
फ्याँकी दिए। तर हामीले ती सबै चीजहरू राखि दियौं
अनि तिनीहरूलाई तिनीहरूको विशेष उपयोगका निम्ति
तयार पार्‍यौं। अहिले तिनीहरू परमप्रभुको वेदी सामुन्ने
छन्।"

२०राजा हिजकियाहले शहर अधिकारीहरूलाई भेला
गरे अनि भोलि पल्ट बिहानै परमप्रभुको मन्दिर सम्म
गए। २१तिनीहरूले सातवटा गोरुहरू सातवटा भेड़ाहरू,
सातवटा भेड़ाका थुमाहरू अनि सातवटा भेड़का पाठाहरू
ल्याए। यी पशुहरू राज्यका पापबलिको निम्ति थिए,
पवित्र स्थानलाई शुद्ध तुल्याउन अनि यहूदाका मानिसहरूका
निम्ति थिए। राजा हिजकियाहले ती पशुहरूलाई परमप्रभुको
वेदीमाथि अर्पण गर्नु भनी पूजाहारीहरूलाई आज्ञा दिए
जो हारुनका सन्तानहरू थिए, तिनीहरूलाई आदेश दिए।
२२यसर्थ पूजाहारीहरूले गोरुहरूलाई मारे अनि रगत
लिए। त्यसपछि तिनीहरूले गोरुको रगत वेदीमा छर्किदिए।
तब पूजाहारीहरूले भैंड़ाका पाठाहरू मारे अनि भैंड़ाका
पाठाको रगत वेदीमा छर्किदिए। २३-२४त्यस पछि
पूजाहारीहरूले बाख्राहरूलाई राजा र भेला भएका
मानिसहरूको सामुन्ने ल्याए। ती बाख्राहरू पाप बलि
थिए। पूजाहारीहरूले आफ्ना हात बाख्रा माथि राखे अनि
बाख्राहरूलाई मारे। पूजाहारीहरूले बाख्राको रगत द्वारा
वेदीमा पाप बलि अर्पण गरे। तिनीहरूले यसो गरे
जसद्वारा परमेश्वरले इस्राएलका मानिसहरूको पापलाई
क्षमा गरिदिनुहुनेछ। राजाले भने कि त्यो होमबलि अनि
पाप बलि इस्राएलका सबै मानिसहरूका निम्ति हुनु
पर्छ।

२५राजा हिजकियाहले लेवीहरूलाई दाऊद, राजाका
दर्शी गाद अनि अगमवक्ता नातानले आदेश गरेका
प्रकारले, भ्याम्टा, सितार अनि वीणाहरू सहित परमप्रभुको
मन्दिरमा राखे। यो आदेश उहाँका अगमवक्ता मार्फत
परमप्रभुबाट आएको हो। २६यसर्थ लेवीहरू दाऊदका
वाद्य यन्त्रहरू सहित अनि पूजाहारीहरू आफ्ना तुरहीहरू
सहित तयार उभिए। २७तब हिजकियाहले वेदीमा होमबलि
चढ़ाउने आदेश दिए। जब होमबलि शुरु भयो परमप्रभुको
स्तुति गान पनि शुरु भयो। तुरहीहरू फुके अनि
इस्राएलका राजा दाऊदका बाजा बजाइए। २८सम्पूर्ण
सभाले शिर भुकाए, सङ्गीतकारहरूले गाए अनि तुरही
बजाउनेहरूले आ-आफ्ना तुरही होमबलि पूर्ण नभएसम्म
बजाए।

२९बलिदानहरू पूरा भए पछि राजा हिजकियाह अनि
तिनका साथ भएका सबै मानिसहरू तल भुके र
आराधना गरे। ३०राजा हिजकियाह अनि तिनका
अधिकारीहरूले लेवीहरूलाई परमप्रभुको प्रशंसा गर्ने
आज्ञा दिए। तिनीहरूले ती गीतहरू गाए जो दाऊद
अनि दर्शी आसापले लेखेका थिए। तिनीहरूले परमेश्वरको
प्रशंसा गरे अनि प्रशन्न भए। तिनीहरू सबै भुके र
परमेश्वरको आराधना गरे। ३१हिजकियाहले भने, "अब
यहूदाका मानिसहरू तिमीहरूले स्वयंलाई परमप्रभु प्रति
अर्पण गरिसकेकाछौ। नजिक आऊ बलि र धन्यवादको
भेटी परमप्रभुको मन्दिरमा ल्याऊ।" तब मानिसहरूले
बलिहरू अनि धन्यवादका भेटीहरू ल्याए। कुनै पनि
व्यक्ति जसले चाहन्थे, तिनीहरूले पनि होमबलि ल्याए।
३२सभाले मन्दिरमा ल्याएका होमबलिहरू यी हुन्: ७०
गोरूहरू, १००वटा भेड़ाहरू अनि २०० भेड़ाका
थुमाहरू। यी सबै पशुहरूलाई परमप्रभुका निम्ति
होमबलिको रूपमा बलिदान गरिए। ३३परमप्रभुको निम्ति
पवित्र भेटीहरू ६०० गोरूहरू अनि ३,००० भेड़ा
अनि बाख्रहरू थिए। ३४तर त्यहाँ होमबलिका निम्ति
पशुहरूको छाला काढ्ने अनि पशुहरूलाई काट्ने पर्याप्त
पूजाहारीहरू थिएनन्। यसर्थ तिनीहरूका आफन्तहरू,
लेवीहरूले काम नसकुञ्जेल अनि अन्य पूजाहारीहरूले
स्वयंलाई पवित्र सेवाका निम्ति तयार नपारुञ्जेल
तिनीहरूलाई सहायता गरे। तिनीहरू स्वयंलाई परमप्रभुको
सेवाका निम्ति तयार गर्न लेवीहरू अधिक ध्यान मग्न

थिए। तिनीहरू पूजाहारीहरू भन्दा अधिक ध्यान मग्न
थिए। ३५त्यहाँ अनेक होमबलि, अनि मेलबलिको
बोसो अनि अर्घबलिहरू थिए। यसरी परमप्रभुको मन्दिरमा
सेवा कार्य फेरि शुरु भयो। ३६हिजकियाह अनि
मानिसहरू अति प्रशन्न थिए परमेश्वरले मानिसहरूका
निम्ति प्रस्तुत गर्नु भएका कुराहरूको बारेमा। अनि
तिनीहरू उहाँले यति चाँड़ो गर्नु भएकोमा खुशी थिए।

## हिजकियाहले निस्तार चाड़ नया उत्सव मनाउछन्

**३०** राजा हिजकियाहले इस्राएल अनि यहूदाका
समस्त मानिसहरूलाई खबर पठाए। तिनले
एप्रैम अनि मनश्शेका मानिसहरूलाई पनि पत्रहरू लेखे।
हिजकियाहले ती सबै मानिसहरूलाई परमप्रभुको मन्दिरमा
यरूशलेम आउनु भनी निमन्त्रण गरे, ताकि परमप्रभु
इस्राएलका परमेश्वरका निम्ति तिनीहरू सबैले निस्तार
चाड़ मनाउन सकून्। २उसका सबै अधिकारीहरू अनि
यरूशलेमका मानिसहरूले निस्तार पर्व दोस्रो महीना
गरिने कुरामा राजा हिजकियाह सहमत भए। ३तिनीहरूले
निस्तार उत्सव नियमित समयमा मनाउन सकेनन्। किन?
किनभने पूजाहारीहरूले पर्याप्त संख्यामा स्वयंलाई पवित्र
सेवाका निम्ति तयार पारेका थिएनन्। अनि अर्को कारण
हो मानिसहरू यरूशलेममा भेला भएका थिएनन्। ४त्यो
सहमतीले राजा हिजकियाह अनि सम्पूर्ण सभालाई
सन्तुष्ट तुल्यायो। ५यसर्थ तिनीहरूले इस्राएलका चारैतिर,
बेर्शेवा शहरदेखि दान शहरसम्म एउटा घोषणा गरे।
तिनीहरूले मानिसहरूलाई परमप्रभु इस्राएलका परमेश्वरका
निम्ति निस्तार चाड मनाउन यरूशलेममा आउनु भनी
भने। इस्राएलका मानिसहरूको एक विशाल समूहले
निस्तार चाड़ लामो समय अघि देखि त्यस प्रकारले
मनाउन पाएका थिएनन् जुन प्रकारले मोशाको व्यवस्थाले
यसलाई मनाउनु भनेका थिए। ६यसर्थ सन्देश बाहकहरू
राजा अनि अधिकारीहरू राजाले आज्ञा गरे झैं पत्रहरू
लिएर इस्राएल अनि यहूदा भरि गए। ती पत्रहरूमा
यस्तो भनिएको थियो:

इस्राएलका छोरा-छोरीहरू, परमप्रभु, परमेश्वर तर्फ
फर्केर आऊ जसका आज्ञा अब्राहाम, इसहाक
अनि इस्राएलले पालन गर्दथे। तब परमेश्वरका
मानिसहरू तिमीहरू जो अझ सम्म जीवित छौ
अनि अश्शूरका राजाको अधिकारबाट उम्केका
छौ। तिमीहरू कहाँ परमश्वर फर्की आउनु
हुनेछ। ७तिमीहरू आफ्ना पिताहरू अनि दाज्यू-
भाइहरू जस्तो नहोओ। परमप्रभु तिनीहरूका पिता-
पुर्खाहरूका परमेश्वर हुनुहुन्थ्यो, तर तिनीहरू
उहाँको विरुद्ध फर्के यसर्थ परमप्रभुले मानिसहरूलाई
तिनीहरू प्रति तिरस्कार गर्ने अनि तिनीहरूको
बारेमा नराम्रो भन्ने बनाइदिनु भयो। तिमीहरू
तिमीहरूका आफ्नै आँखाले देख्न सक्छौ कि यो
साँचो हो। ८तिमीहरूका पुर्खाहरू जस्तै तिमीहरू
ढीठ नबन। तर साँचो हृदयले परमप्रभुको आज्ञा
पालन गर। सर्वाधिक पवित्र स्थानमा आऊ।
परमप्रभुले महा पवित्र स्थानलाई सदैवका निम्ति
पवित्र तुल्याउनु भएको छ। परमप्रभु तिम्रा परमेश्वरको
सेवा गर। तब परमप्रभुको डरलाग्दो क्रोध तिमीहरूबाट
टाढ़ा फर्कने छ। ९यदि तिमीहरू फर्की आयौ भने
अनि परमप्रभुको आज्ञा पालन गर्‍यौ भने, तब
तिम्रा आफन्तहरू अनि तिम्रा केटा केटीहरूले ती
मानिसहरूबाट दया पाउने छन् जसले तिनीहरूलाई
कैद गरे। अनि तिम्रा आफन्तहरू अनि तिम्रो
केटा-केटीहरू यो देशमा फर्की आउने छन्।
परमप्रभु तिम्रा परमेश्वर दयालु अनि कृपालु हुनुहुन्छ।
उहाँ तिमीहरूबाट टाढ़ा फर्कनु हुने छैन यदि
तिमीहरू उहाँ कहाँ फर्की आयौ भने।

१०सन्देश वाहकहरू एप्रैम अनि मनश्शेका क्षेत्रका
प्रत्येक शहरमा गए। तिनीहरू जबूलून क्षेत्र सम्म गए।
तर मानिसहरू ती दूतहरू प्रति हाँसे अनि तिनीहरूको
खिल्ली उड़ाए। ११तर, आशेर, मनश्शे अनि जबूलूनका
केही मानिसहरूले स्वयंलाई विनम्र तुल्याए अनि यरूशलेम
तिर गए। १२यहूदामा पनि परमेश्वरको शक्तिले
मानिसहरूलाई संगठित तुल्याए जस द्वारा तिनीहरूले राजा
अनि तिनका अधिकारीहरूका आज्ञा पालन गर्ने छन्।
यस प्रकारले तिनीहरूले परमप्रभुको वचन पालन गरे।
१३धेरै मानिसहरू दोस्रो महीनामा अखमीरे रोटीको
चाड़ मनाउनका निम्ति यरूशलेममा साथ आए। यो
एउटा अत्यन्त विशाल भीड़ थियो। १४ती मानिसहरूले
यरूशलेमका वेदीहरू निकाले जो असत्य देवताहरूका
निम्ति थिए। तिनीहरूले सबै धूप वेदीहरू पनि हटाए
जो असत्य देवताहरूका निम्ति थिए। तिनीहरूले ती
वेदीहरूलाई किद्रोने बेंसीमा फ्याँकि दिए। १५त्यस पछि
तिनीहरूले दोस्रो महीनाको चौदहौं दिनमा निस्तार चाड़को
थुमाको पाठा मारे। पूजाहारी अनि लेवीहरू लज्जित
भए। तिनीहरूले स्वयंलाई पवित्र सेवाका निम्ति तयार
गरे। पूजाहारी अनि लेवीहरूले परमप्रभुको मन्दिर भित्र
होमबलिहरू ल्याए। १६तिनीहरूले मोशा, परमेश्वरको
व्यक्तिका व्यवस्थामा भनिएको जस्तै प्रकारले मन्दिरमा
आफ्ना नियमित स्थानहरू लिए। लेवीहरूले रगत
पूजाहारीहरूलाई दिए। तब पूजाहारीहरूले रगतलाई
वेदीमा छर्कि दिए।
१७त्यहाँ समूहमा धेरै मानिसहरू थिए जसले स्वयंलाई
पवित्र सेवाका निम्ति तयार राखेका थिएनन्, यसर्थ
तिनीहरूलाई निस्तार चाड़को थुमाको पाठालाई मार्ने
अनुमति थिएनन्। त्यसै कारणले हरेक व्यक्तिका निम्ति,
जो शुद्ध थिएन, निस्तार चाड़को थुमाको पाठालाई मार्ने
जिम्ममा लेवीहरू थिए। लेवीहरूले प्रत्येक थुमाका

पाठालाई परमप्रभुका निम्ति पवित्र बनाए। १८-१९एप्रैम,
मनश्शे, इस्साकार अनि जबूलूनका धेरै मानिसहरूले
स्वयमलाई निस्तार चाड़का निम्ति उचित ढँगले तयार
पारेका थिएनन्। तिनीहरूले मोशाको व्यवस्थामा भनेको
प्रकारले ठीक ढँगले निस्तार चाड़ मनाएनन्। तर
हिजकियाहले ती मानिसहरूका निम्ति प्रार्थना गरे। यसर्थ
हिजकियाहले यो प्रार्थना भने, "परमप्रभु परमेश्वर,
तपाईं असल हुनुहुन्छ। यी मानिसहरू साँच्चैनै तपाईंको
आराधना उचित ढङ्गले गर्न चाहन्थे, तर तिनीहरूले
व्यवस्थामा भने अनुसार स्वयंलाई शुद्ध पारेनन्। कृपया
ती मानिसहरूलाई क्षमा गरिदिनु होस्। तपाईं परमेश्वर
हुनुहुन्छ जसको आज्ञा हाम्रो पुर्खाहरू मान्थे। यदि
कसैले महा पवित्र स्थानको नियम अनुसार स्वयंलाई
शुद्ध नपारेको भएता पनि क्षमा गरिदिनु होस्।" २०परमप्रभुले
राजा हिजकियाहको प्रार्थना सुनिदिनु भयो। परमप्रभुले
मानिसहरूलाई क्षमा प्रदान गर्नु भयो। २१यरूशलेममा
इस्राएलका केटा-केटीहरूले अखमिरी रोटीको उत्सव
सात दिन सम्म मनाए। तिनीहरू अत्यन्त प्रसन्न थिए।
लेवी अनि पूजाहारीहरूले आफ्ना पूरा शक्ति लाएर
प्रतिदिन परमप्रभुको स्तुति गरे। २२राजा हिजकियाहले
ती सबै लेवीहरूलाई उत्साह दिए जसले परमप्रभुको
सेवा कसरी गर्नु पर्छ सो राम्रोसित जान्दथे। मानिसहरूले
त्यो उत्सव सात दिनसम्म मनाए अनि मेलबलि अर्पण
गरे। तिनीहरूले तिनीहरूका पुर्खाहरूका परमप्रभु
परमेश्वरलाई धन्यवाद चढ़ाए अनि स्तुति गरे।

२३समस्त मानिसहरू अझ सात दिन बस्न सहमत
भए। तिनीहरूले निस्तार चाड़ अझ सात दिन मनाउदा
तिनीहरू अति प्रसन्न रहे। २४हिजकियाह, यहूदाका
राजाले १,००० गोरुहरू अनि ७,००० भेड़ाहरू मार्नु
र खानु भनी सभालाई दिए। प्रमुखहरूले १,०००
गोरूहरू अनि १०,००० भेंड़ाहरू सभालाई दिए। धेरै
पूजाहारीहरूले तिनीहरू स्वयंलाई पवित्र सेवाका निम्ति
तयार पारे। २५यहूदाका सम्पूर्ण सभा, पूजाहारीहरू,
लेवीहरू, सम्पूर्ण सभा जो इस्राएलबाट आएका थिए
अनि यात्रीहरू जो इस्राएलबाट आएर यहूदामा पुगेका
थिए-ती सबै मानिसहरू अत्यन्त प्रसन्न थिए। २६यसरी
यरूशलेममा अति ठूलो रमाहट थियो। यस किसिमको
समारोह जस्तो इस्राएलका राजा दाऊदका छोरा सुलेमानको
समय देखि यता अरु कुनै कुरा भएको थिएन।
२७पूजाहारीहरू अनि लेवीहरू उभिए अनि मानिसहरूलाई
आशीर्वाद दिनु भनी परमप्रभु सित प्रार्थना गरे। परमेश्वरले
तिनीहरूका प्रार्थना सुनिदिनु भयो। तिनीहरूको प्रार्थना
स्वर्गमा परमप्रभुको पवित्र मन्दिर सम्म पुग्यो।

## राजा हिजकियाहले सुधार गर्छन्

३१ निस्तार चाड़को समारोह समाप्त भयो।
इस्राएलका मानिसहरू जो निस्तार चाड़का
निम्ति यरूशलेममा थिए यहूदाका शहरहरूतिर गए। तब
तिनीहरूले पवित्र खामाहरू तोड़िदिए जो त्यो शहरहरूमा
थिए। ती पवित्र खामाहरू असत्य देवताहरूको लागि
अर्पण गरिएका थिए। मानिसहरूले अशेरा स्तम्भहरू
पनि काटि दिए। अनि तिनीहरूले यहूदा अनि बिन्यामीन
क्षेत्र भरिका उच्च स्थानहरू अनि वेदीहरू नष्ट गरिदिए।
मानिसहरूले एप्रैम अनि मनश्शे क्षेत्रमा त्यसै गरे।
मानिसहरूले असत्य देवताहरूको पूजा गर्नमा उपयोग
गरिने सबै चीज-बीजहरू नष्ट नभए सम्म यस्ता
कुराहरू गरिरहे। त्यसपछि सबै इस्राएलीहरू आ आफ्ना
शहरमा घर तिर फर्के।

२पूजाहारी अनि लेवीहरू समूहहरूमा विभक्त गरिएका
थिए अनि प्रत्येक समूहले गर्नु पर्ने आफ्नै विशेष
कामहरू थिए। यसर्थ राजा हिजकियाहले यी समूहहरूलाई
आफ्ना कामहरू गर्न शुरु गर्नु भने। यसर्थ पूजाहारी
अनि लेवीहरूले फेरि होमबलि अनि मेलबलि चढ़ाउने
काम गर्न थाले। अनि तिनीहरूको काम मन्दिरमा सेवा
गर्नु, अनि गाउनु अनि परमप्रभुको मन्दिरको द्वारमा
परमेश्वरको स्तुति गर्नु थियो। ३हिजकियाहले तिनका
आफ्नै केही पशुहरू होमबलिका निम्ति चढ़ाउनु भनी
दिए। यी पशुहरूलाई दैनिक होमबलिका निम्ति उपयोग
गरिन्थ्यो जो प्रत्येक विहान अनि प्रत्येक साँझ गरिन्थ्यो।
यी पशुहरूलाई विश्रामका दिनहरूमा, औंसीका उत्सवहरूमा
अनि अन्य विशेष उत्सवहरूमा चढ़ाइन्थ्यो। यसलाई
परमप्रभुको व्यवस्थामा लेखिएको जस्तै रूपमा गरिन्थ्यो।
४मानिसहरूले आफ्ना फसल अनि बस्तुहरूको एक
अंश पूजाहारी अनि लेवीहरूलाई दिनु पर्ने थियो। यसर्थ
हिजकियाहले यरूशलेममा बस्ने मानिसहरूलाई तिनीहरूका
भाग दिनु भनी आदेश गरे। यस रीतले पूजाहारी अनि
लेवीहरूले आफ्ना पुरा समय त्यसो गर्नमा लगाउन सक्ने
छन जो व्यवस्थाले तिनीहरूलाई गर्नु भनेको छ। ५देश
भरिका मानिसहरूले यो आदेशको बारेमा सुने। यसर्थ
इस्राएलका मानिसहरूले आफ्ना अन्न, दाख, तेल, मह
अनि तिनीहरूले आफ्ना खेतहरूमा उमारेका सबै चीजहरूको
फसलको पहिलो भाग दिए। तिनीहरूले यी धेरै
चीजहरूका दशौं भाग ल्याए। ६यहूदामा बस्ने इस्राएलीहरू
अनि यहूदाका मानिसहरूले पनि आफ्ना गाई बस्तु अनि
भेड़ाका एक-दशौं भाग ल्याए। तिनीहरूले ती चीजहरूको
एक-दशौं अंश पनि ल्याए जसलाई विशेष स्थानमा
राखिन्थ्यो जो केवल परमप्रभुको निम्ति थियो। यी सबै
चीज-बीजहरू तिनीहरूले आफ्ना परमप्रभु परमेश्वरको
निम्ति ल्याए। तिनीहरूले ती सबै चीज-बीजहरू थाक
पारेर राखे।

७मानिसहरूले ती चीज-बीजहरू तेस्रो महीना तिर
ल्याउन शुरू गरे अनि सातौं महीनामा संग्रहको काम
पूरा गरे। ८जब हिजकियाह अनि प्रमुखहरू आए
तिनीहरूले चीजबीजका राश देखे जो संग्रह गरिएका

थिए। तिनीहरूले परमप्रभु अनि उहाँका मानिसहरूको,
इस्राएलका मानिसहरूको प्रशंसा गरे।
९तब हिजकियाहले पूजाहारी अनि लेवीहरूलाई चीज
बीजको राशको बारेमा सोधे। १०अजर्याह, सादोकका
परिवारका प्रधान पूजाहारीले हिजकियाहलाई भने,
"मानिसहरूले परमप्रभुको मन्दिरमा भेटीहरू ल्याउन
थालेको समय देखि हामीले प्रशस्त खाने कुरा पाएका
छौं। हामीले हाम्रो पेट नभरिए सम्म खाएका छौं अनि
अझ पनि प्रशस्त मात्रमा उब्रिएका छन्। साँच्चैनै
परमप्रभुले आफ्ना मानिसहरूलाई आशीर्वाद दिनु भएको
छ। त्यसै कारणले हामी सित यति धेरै उब्रिएका छन्।"
११तब हिजकियाहले पूजाहारीहरूलाई परमप्रभुको
मन्दिरमा भण्डार कक्षहरू बनाउने आदेश दिए। यसर्थ
यो काम गरियो। १२तब पूजाहारीहरूले भेटीहरू, दशौं
अंशहरू अनि अन्य चीज-बीजहरू ल्याए जो केवल
परमप्रभुलाई अर्पण गर्नु पर्ने थियो। संग्रह गरिएका ती
सबै चीज बीजहरूलाई मन्दिरमा भण्डार कक्षहरूमा
राखियो। लेवी कोनन्याह ती सबै चीजहरूका जिम्मावार
रहे जो संग्रह गरिएका थिए। ती चीजहरूका दोस्रो
जिम्मावार व्यक्ति शिमी थिए। शिमी कोनन्याहका भाइ
थिए। १३कोनन्याह अनि तिनका भाइ शिमी यी
मानिसहरूका निरीक्षक थिए: यहीएल, अजज्याह, नहत,
असाहेल, यरीमोत, योजाबाद, एलीएल, यिस्मक्याह,
महत अनि बनायाह। राजा हिजकियाह अनि परमप्रभुको
मन्दिरको जिम्मावार रहेका अधिकारि अजर्याहले ती
मानिसहरूलाई चुने। १४ती भेटीहरूका जिम्मामा थिए
कोरे जो मानिसहरूले मुक्त रूपले परमेश्वरलाई अर्पण
गरेका थिए। तिनी ती संग्रह गरिएका बस्तुहरू दिइ
पठाउने जिम्मामा थिए जो परमप्रभुलाई अर्पण गरिएका
थिए। अनि तिनी ती भेटीहरू दिइ पठाउने जिम्मामा
थिए जो परमप्रभुका निम्ति पवित्र तुल्याइएका थिए। कोरे
पूर्व द्वारका द्वारपाल थिए। तिनका पिताको नाउँ लेवी
यिम्ना थियो। १५एदेन, मिन्यामीन, येशूअ, शमायाह,
अमर्याह अनि शकन्याहले कोरेलाई सघाउँथे। ती
मानिसहरूले शहरहरूमा विश्वास पूर्वक सेवा गर्थे जहाँ
पूजाहारीहरू बस्दथे। तिनीहरूले चीज बिजहरूको संग्रह
पूजाहारीहरू को प्रत्येक समूहका आफ्ना आफन्तहरूलाई
दिन्थे। तिनीहरूले त्यस्तै कुराहरू अधिक प्रमुख
मानिसहरूलाई अनि अल्प प्रमुख मानिसहरूलाई दिन्थे।
१६यी मानिसहरूले चीज-बीजहरूको संग्रह तीन वर्ष
अनि त्यस भन्दा अधिक उमेरका पुरूषहरूलाई पनि
दिन्थे जसका नाउँ लेवी पारिवारिक इतिहासहरूमा थिए।
यी सबै पुरूषहरू तिनीहरूको जिम्माका कामहरू गर्न
दैनिक सेवाका निम्ति परमप्रभुको मन्दिरमा प्रवेश गर्नु
पर्दथ्यो। प्रत्येक लेवी समूहको तिनीहरूको आफ्नै
जिम्मावारी थियो। १७पूजाहारीहरूलाई संग्रहको तिनीहरूको
भाग दिइन्थ्यो। यो काम परिवारहरूद्वारा पारिवारिक
इतिसहासमा लेखिएका तरीकाले गरिन्थ्यो। बीस वर्ष
अनि त्यस भन्दा अधिक उमेरका लेवीहरूलाई संग्रहका
तिनीहरूका अंश दिइन्थ्यो। यो काम तिनीहरूको जिम्मावारी
अनि समूह अनुसार गरिन्थ्यो। १८लेवी नानीहरू,
पत्नीहरू, छोरा अनि छोरीहरूले पनि संग्रहका अंश
पाउँथे। यसो सबै लेवीहरूका निम्ति गरिन्थे जसका
नाउँ पारिवारिक इतिहासमा लेखिएका थिए। यस्तो भयो
किनभने लेवीहरू सदैव स्वयंलाई पवित्र राख्न अनि
सेवाका निम्ति तयार राख्नमा विश्वासी थिए। १९हारूनका
केही सन्तानहरू पूजाहारीहरूका, शहरहरूको नजिक
जहाँ लेवीहरू बस्दथे, केही कृषि भूमिहरू थिए। अनि
हारूनका केही सन्तानहरू शहरहरूमा पनि बस्दथे। ती
प्रत्येक शहरहरूमा मानिसहरूलाई, हारूनका यी
सन्तानहरूलाई संग्रहका अंश दिनका निम्ति नाउँ द्वारा
चुनिन्थे। पुरूषहरू अनि लेवीहरूको पारिवारिक
इतिहासहरूमा नाउँ लेखिएका ती सबैले संग्रहका अंश
पाउँथे।
२०यसरी राजा हिजकियाहले यहूदामा ती असल
कार्यहरू गरे। तिनले त्यही गरे जो परमप्रभु तिनका
परमेश्वरका समक्ष असल, उचित अनि विश्वास योग्य
थियो। २१तिनले शुरू गरेका हरेक काममा तिनले
सफलता प्राप्त गरे - परमेश्वरको मन्दिरको सेवामा,
व्यवस्था अनि आदेशहरूको पालनमा अनि आफ्ना
परमेश्वरको अनुसरण गर्नमा। हिजकियाहले यी सबै
कुराहरू आफ्ना सम्पूर्ण हृदयले गरे।

## अश्शूरका राजाले हिजकियाहलाई सताउँछन्

**३२** हिजकियाहले यी सबै कुराहरू विश्वास पूर्वक
गरि सकेपछि, अश्शूरका राजा सनहेरीब
यहूदा देश माथि आक्रमण गर्न आए। सनहेरीब अनि
तिनका सेनाले किल्लाका बाहिर छाउनी बसाए। तिनले
यसो गरे जसमा कि ती शहरहरूलाई परास्त गर्नका
निम्ति तिनले योजना बनाउन सकून्। सनहेरीब ती
शहरहरूलाई आफ्नै निम्ति जित्न चाहन्थे। २हिजकियाहले
जान्दथे कि सनहेरीब यरूशलेममा यसलाई आक्रमण
गर्न आएको हो। ३तब हिजकियाहले आफ्ना अधिकारीहरू
अनि सैनिक अधिकारीहरू सित कुरा-कांनी गरे। तिनीहरू
सबै शहर बाहिरका जल स्रोतका पानी रोकि दिन
सहमत भए। ती अधिकारीहरू अनि सैन्य अधिकारीहरूले
हिजकियाहलाई सहयोग गरे। ४धेरै मानिसहरू साथ
आए अनि सबै जल-स्रोत अनि देशको मध्य भागबाट
बग्ने खोलालाई बन्द गरिदिए। तिनीहरूले भने, "अश्शूरका
राजाले अधिक पानी पाउने छैन जब तिनी यहाँ आउँछन्।"
५हिजकियाहले यरूशलेमलाई अझ अधिक सुदृढ़ बनाए।
तिनले यो काम यसरी गरेः तिनले पर्खालका सबै
अंशहरू फेरि बनाए जो भत्किएका थिए। तिनले
पर्खाल माथि किल्लाहरू बनाए। तिनले पहिलो पर्खालको

बाहिर पट्टि अर्को पर्खाल पनि निर्माण गरे। तिनले
यरूशलेमको पुरानो अंशको पूर्व तिरको सुदृढ़ स्थानहरूलाई
फेरि निर्माण गरे। तिनले अनेक हतियारहरू अनि
ढालहरू बनाए। ६-७हिजकियाहले युद्धका
अधिकारीहरूलाई मानिसहरू प्रति जिम्मावार रहनुका
निम्ति चुने। तिनले यी अधिकारीहरूसित शहर द्वार
नजिकको खुल्ला स्थानमा भेट गरे। हिजकियाहले ती
अधिकारीहरूसित कुरा-कांनी गरे अनि तिनीहरूलाई
उत्सहित तुल्याए। तिनले भने, "दृढ़ अनि साहसी बन।
अश्शूरका राजा वा तिनीसित भएका विशाल सेनासित
नडराऊ वा सूर्ता नगर। अश्शूरका राजा जो तिनीसित
भएको शक्ति भन्दा हामीसित महान शक्ति छ। ८अश्शूरका
राजाका मानिसहरू मात्र छन्। तर हामी सित परमप्रभु
हाम्रा परमेश्वर साथ हुनुहुन्छ। हाम्रा परमेश्वरले हामीलाई
सहायता गर्नु हुने छ। हाम्रा लड़ाईहरू उहाँले लडी दिनु
हुनेछ।" यसरी यहूदाका राजा हिजकियाहले मानिसहरूलाई
उत्साह दिए अनि तिनीहरूलाई शक्ति शाली अनुभव
गराए।

९अश्शूरका राजा सनहेरीब अनि तिनका सबै सेनाहरू
लाकीश शहरको नजिकमा छाउनी लाएर बसेका थिए
जसमा कि तिनीहरूले यसलाई परास्त गर्न सकून्। तब
सनहेरीबले आफ्ना अधिकारीहरूलाई यहूदाका राजा
हिजकियाह अनि यरूशलेमका सबै मानिसहरूका निम्ति
सनहेरीबाका अधिकारीहरूसित सन्देश थियो। १०तिनीहरूले
भने, "अश्शूरका राजा सनहेरीब यसो भन्नु हुन्छ,
'तिमीहरू के कुरामा विश्वास गर्छौ जसले तिमीहरूलाई
युद्धको स्थितिमा पनि यरूशलेममा बसिरहन सिकाये?
११हिजकियाहले तिमीहरूलाई मूर्ख बनाउँदै छन्।
तिमीहरूलाई छल गरेर यरूशलेममा बसिरहन लाएका
छन् जसमा कि तिमीहरू भोक र तिर्खाद्वारा मर्ने छौ।
हिजकियाहले तिमीहरूलाई भन्छन्, "परमप्रभु हाम्रा
परमेश्वरले हामीलाई अश्शूरका राजा देखि बचाउँनु
हुन्छ।" १२हिजकियाह आफैले परमप्रभुको उच्च स्थानहरू
अनि वेदीहरू हटाए। तिनले तिमी यहूदा अनि यरूशलेमका
मानिसहरूलाई भने कि तिमीहरूले केवल एउटा वेदीमा
मात्र पूजा गर्नु पर्छ अनि धूप बाल्नु पर्छ। १३निश्चय नै
तिमीहरू जान्दछौ कि मेरा पुर्खाहरू अनि मैले अन्य
देशका मानिसहरू प्रति के गरेका छु? अन्य देशहरूका
देवताहरूले आफ्ना मानिसहरूलाई बचाउँन सकेनन्। ती
देवाताहरूले तिनीहरूका मानिसहरूलाई नष्ट गर्न देखि
मलाई रोक्न सकेनन्। १४मेरा पुर्खाहरूले ती देशहरूलाई
ध्वंश पारे। कुनै यस्तो देवता छैन जसले मलाई उहाँका
मानिसहरूलाई नष्ट गर्न देखि रोक्न सक्छन्। यसर्थ
तिम्रो देवताले तिमीहरूलाई म बाट बचाउँन सक्छन् भनी
तिमी सोच्छौ? १५हिजकियाहलाई तिमीहरूले मूर्ख तुल्याउन
वा तिमीहरूलाई छल्न नदेऊ। तिनी प्रति विश्वास नगर
किनभने कुनै राष्ट्र वा राज्यका कुनै पनि देवता आफ्ना
मानिसहरूलाई म वा मेरा पुर्खाहरूबाट बचाउँन कहिले
पनि समर्थ भएनन्। यसर्थ तिम्रा देवताले तिमीहरूलाई
नष्ट गर्न बाट मलाई रोक्न सक्छन् भनी नसोच।'"

१६अश्शूरका राजाका अधिकारीहरूले परमप्रभु
परमेश्वरको विरुद्ध अनि परमेश्वरका सेवक हिजकियाहको
विरुद्ध अत्यन्त नराम्रा कुराहरू भने। १७अश्शूरका
राजाले पत्रहरू पनि लेखे जसमा परमप्रभु इस्राएलका
परमेश्वरको अपमान गरिएको थियो। यी शब्दहरू
अश्शूरका राजाद्वारा पत्रहरूमा भनेको थिए: "अन्य
राष्ट्रहरूका देवताहरूले तिनीहरूका मानिसहरूलाई ध्वंश
गर्नबाट मलाई रोक्न सकेनन्। यस्तै प्रकारले हिजकियाहका
परमेश्वरले उहाँका मानिसहरूलाई ध्वंश गर्नबाट मलाई
रोक्न समर्थ हुने छैनन्।" १८तब अश्शूरका राजाका
अधिकारीहरूले यरूशलेमका मानिसहरूलाई जोड़ले कराए
जो शहरका पर्खालमा थिए। ती अधिकारीले हिब्रू भाषा
प्रयोग गरे जब तिनीहरू माथि भएका मानिसहरू प्रति
कराए। अश्शूरका राजाका ती अधिकारीहरूले यरूशलेमका
मानिसहरूलाई भयभीत तुल्याउन भनी यसो गरे। तिनीहरूले
ती कुराहरू भने जसद्वारा तिनीहरू यरूशलेम शहरलाई
कब्जा गर्न सकून्। १९ती अधिकारीहरूले संसारका
मानिसहरूले पूजा गर्ने देवताहरूको विरुद्ध नराम्रा कुराहरू
भने। ती देवताहरू केवल मानिसहरूले अफ्ना हातहरू
द्वारा बनाएका कुराहरू हुन्। त्यही प्रकारले, ती
अधिकारीहरूले त्यस्तै नराम्रा कुराहरू यरूशलेमका
परमेश्वरको विरुद्ध भने।

२०राजा हिजकियाह अनि अगमवक्ता यशैया-आमोसका
छोराले यो समस्याको विषयमा प्रार्थना गरे। तिनीहरूले
ठूलो आवाजमा स्वर्गतिर हेरेर प्रार्थना गरे। २१तब
परमप्रभुले अश्शूरका राजाको छाउनीमा एक स्वर्गदूतलाई
पठाउनु भयो। त्यो स्वर्गदूतले अश्शूरी सेनाका सबै
सैनिकहरू अनि प्रमुखहरू र अधिकारीहरूलाई मारिदिए।
यसर्थ अश्शूरका राजा आफ्नै देश तर्फ घर फर्किए,
अनि तिनका मानिसहरू तिनी प्रति लज्जित थिए। तिनी
आफ्ना देवताको मन्दिर भित्र गए अनि तिनका आफ्नै
केही छोराहरूले तिनलाई त्यही तरवार द्वारा मारिदिए।
२२यसरी परमप्रभुले हिजकियाह अनि यरूशलेमका
मानिसहरूलाई अश्शूरका राजा सनहेरीब अनि सबै अन्य
मानिसहरूबाट बचाउँनु भयो। परमप्रभुले हिजकियाह
अनि यरूशलेमका मानिसहरूको हेरचाह गरिदिनु भयो।
२३धेरै मानिसहरूले यरूशलेममा परमप्रभुका निम्ति
उपहारहरू ल्याए अनि यहूदाका राजा हिजकियाहका
निम्ति मूल्यवान वस्तुहरू ल्याए। त्यस समयदेखि सबै
राष्ट्रहरूले हिजकियाहलाई सम्मान गरे।

२४ती दिनहरूमा हिजकियाह साह्रै बिरामी भए अनि
मृत्युको नजिक पुगे। तिनले परमप्रभुलाई प्रार्थना गरे।
परमप्रभु हिजकियाहसित बोल्नु भयो अनि तिनलाई
संकेत दिनु भयो। २५तर हिजकियाहको हृदय घमण्डले

भरिएको थियो, यसर्थ तिनले परमेश्वरको दयालुपन प्रति
परमेश्वरलाई धन्यवाद चढ़ाएनन्। यसै कारणले गर्दा
परमेश्वर हिजकियाह अनि यहूदा र यरूशलेमका मानिसहरू
प्रति क्रोधित हुनु भयो। २६तर हिजकियाह अनि
यरूशलेममा बस्ने ती मानिसहरूले तिनीहरूको हृदय र
जीवनलाई परिवर्त्तन गरे। तिनीहरू नम्र भए र घमण्ड
गर्न छोड़े त्यसकारण हिजकियाह जीवित रहेसम्म परमप्रभुको
क्रोध तिनीहरूमाथि परेन।

२७हिजकियाहसित धेरै धन अनि सम्मान थिए।
तिनले चाँदी, सुन, मूल्यवान रत्न, मसाला, ढाल अनि
सबै किसिमका चीजहरू राख्ने स्थानहरू बनाए।
२८हिजकियाहका अन्न, नयाँ दाख मद्य अनि तेलहरू,
ती मानिसहरूले पठाएका वस्तुहरू, राख्ने भण्डारहरू
थिए। तिनका सबै किसिमका पशुहरू राख्ने पशुशालाहरू
अनि भेड़ाहरू राख्ने खर्कहरू थिए। २९हिजकियाहले
अनेक शहरहरू पनि निर्माण गरे अनि तिनले धेरै भेँड़ा
अनि गाई बस्तुहरूका बथानहरू पनि प्राप्त गरे।
परमेश्वरले हिजकियाहलाई धेरै धन-सम्पत्ति दिनु भयो।
३०यो हिजकियाह नै थिए जसले यरूशलेममा गीहोन
जल स्त्रोतको माथिल्लो स्त्रोत बन्द गरिदिए अनि ती
पानीलाई दाऊदको शहरको पश्चिम तर्फ बगेर जाने
तुल्याए। अनि तिनले गरेका हरेक कुरामा हिजकियाह
सफल रहे।

३१एक समयमा बाबेलका प्रमुखहरूले हिजकियाह
कहाँ दूतहरू पठाए। ती दूतहरूले एक अदभूत संकेतको
बारेमा सोधे जो राष्ट्रहरूमा प्रकट भएको थियो। जब
तिनीहरू आए, परमेश्वरले तिनको परिक्षा गर्न अनि
हिजकियाहको मनमा के छ ती सबै जान्नका निम्ति
हिजकियाहलाई एक्लो छाड्नु भयो।

३२हिजकियाहले गरेका अन्य कुराहरू र उनको
परमेश्वर प्रतिको विश्वासयोग्यता, "आमोसका छोरो
यशैया अगमवक्ताको दर्शन" भनिने पुस्तक अनि "यहूदा
अनि इस्राएलका राजाहरूका इतिहास" भनिने पुस्तकमा
लेखिएका छन्। ३३हिजकियाहको मृत्यु भयो अनि
आफ्ना पुर्खाहरूसित गाड़िए। मानिसहरूले हिजकियाहलाई
डाँड़ामा गाड़े जहाँ दाऊदका पुर्खाहरूका चिहानहरू छन्।
यहूदाका अनि यरूशलेममा बस्ने सबै मानिसहरूले
हिजकियाहलाई सम्मान प्रदान गरे जब तिनको मृत्यु
भयो। मनश्शे हिजकियाहका स्थानमा नयाँ राजा भए।
मनश्शे हिजकियाहका छोरा थिए।

### मनश्शे यहूदाका राजा

**३३** मनश्शे बाह्र वर्ष उमेरका थिए जब तिनी
यहूदाका राजा भए। तिनी यरूशलेममा पचपन्न
वर्ष सम्म राजा थिए। २मनश्शेले ती कामहरू गरे जो
परमप्रभुले गल्ती हो भन्नुभयो। तिनले ती राष्ट्रहरूका
भयानक अनि पाप पूर्ण तरिका अनुसरण गरे जसलाई
परमप्रभुले इस्राएलका मानिसहरूको सामुन्ने देशबाट
निक्लन वाध्य तुल्याउनु भएको थियो। ३मनश्शेले उच्च
स्थानहरू फेरि निर्माण गरे जसलाई हिजकियाह तिनका
पिताले भत्काइदिएका थिए। मनश्शेले बाल देवताहरूका
निम्ति वेदीहरू निर्माण गरे अनि अशेरा स्तम्भहरू खड़ा
गरे। तिनी तारा-मण्डललाई शिर झुकाउँथे अनि ती
नक्षत्र समूहका पूजा गर्थे। ४मनश्शेले असत्य देवताहरूको
निम्ति वेदीहरू परमप्रभुको मन्दिरमा बनाए। परमप्रभुले
मन्दिरको बारेमा भन्नुभयो, "मेरो नाउँ सदैव यरूशलेममा
रहनेछ।" ५मनश्शेले परमप्रभुका दुइ आँगनहरूमा सारा
तारा-मण्डलहरूका निम्ति वेदीहरू निर्माण गरे। ६मनश्शेले
बलिको निम्ति आफ्नै छोरा-छोरीहरूलाई पनि बेन हिन्नोमको
बेंसीमा होम गरे। मनश्शेले भविष्य भन्ने, जोखाना हेर्ने,
जादू-टुना गर्ने काम गरेर जादूको उपयोग पनि गरे।
तिनले मृत आत्मासित कुरा-कांनी गर्ने र भूत-प्रेतहरूसित
कुरा-कांनी गरे। मनश्शेले धेरै कुराहरू गरे जसलाई
परमप्रभुले गल्ती हो भन्नु भयो अनि यसले परमप्रभुलाई
क्रोधित तुल्यायो। ७मनशशेले एउटा मूर्तिको शालिग
बनाए अनि त्यसलाई परमेश्वरको मन्दिरमा राखे-त्यही
मन्दिर जसको बारेमा परमेश्वरले दाऊद अनि तिनका
छोरा सुलेमान सित कुरा-कांनी गर्नु भएको थियो।
परमेश्वरले भन्नु भएको थियो, "म मेरो नाउँ यो मन्दिर
अनि यरूशलेम त्यो शहरमा राख्छु जसलाई मैले सबै
परिवार समूहका सबै शहरहरूबाट चुनेको छु-अनि मेरो
नाउँ सदा सर्वदा त्यहाँ रहने छ। ८म इस्राएलीहरूलाई
फेरि यो भूमिबाट बाहिर गर्ने छैन जसलाई मैले
तिनीहरूका पुर्खाहरूलाई दिनका निम्ति चुनें। तर मैले
तिनीहरूलाई दिएका सबै आदेशहरू तिनीहरूले पालन
गर्नु पर्ने छ। इस्राएलका मानिसहरूले सबै व्यवस्था,
विधि अनि आदेशहरू पालन गर्नु पर्ने छ जो तिनीहरूलाई
दिनु भनी मैले मोशालाई दिएँ।"

९मनश्शेले यहूदाका मानिसहरू अनि यरूशलेममा
बस्ने मानिसहरूलाई गल्ती कुरा गर्न उत्साहित तुल्याए।
तिनीहरू ती राष्ट्रहरू भन्दा अति नराम्रा थिए जो यो
भूमिमा इस्राएलीहरू भन्दा अघि थिए अनि परमप्रभुले
ती मानिसहरूलाई नष्ट गर्नु भएको थियो।

१०परमप्रभुले मनश्शे अनि तिनका मानिसहरू सित
कुरा-कांनी गर्नु भयो, तर तिनीलहरूले सुन्न अस्वीकार
गरे। ११यसर्थ परमप्रभुले यहूदा माथि आक्रमण गर्नका
निम्ति अश्शूरका राजाका सेनाका सेनापतिहरू ल्याउनु
भयो। ती सेनापतिहरूले मनश्शेलाई पकड़े अनि तिनलाई
आफ्ना बन्दी बनाए। तिनीहरूले तिनलाई अंकुशहरू
लगाइ दिए अनि हातमा पित्तलका साङलाहरू लगाइ
दिए अनि तिनलाई बाबेल देशमा लगे।

१२जब तिनी माथि यी दुःख कष्ट आई पर्‍यो तब
मनश्शेले तिनका परमप्रभु परमेश्वरबाट सहायताको याचना
गरे। मनश्शेले आफ्ना पुर्खाहरूका परमेश्वर समक्ष

स्वयंलाई बिनम्र तुल्याए। १३मनश्शेले परमेश्वरसँग
प्रार्थना गरे अनि तिनलाई सहायता गर्नु होस् भनी
परमेश्वरसित याचना गरे। परमप्रभुले मनश्शेको याचना
सुन्नु भयो अनि तिनका निम्ति दु:खित हुनु भयो।
परमप्रभुले तिनलाई यरूशलेम अनि तिनका सिँहासनमा
फर्केर जान दिनु भयो। तब मनश्शेले जाने परमप्रभु नै
साँचो परमेश्वर हुनुहुन्छ भनी।

१४त्यो घट्ना भए पछि, मनश्शेले दाऊद शहरको
निम्ति एक बाहिरी पर्खाल निर्माण गरे। यो पर्खाल
किद्रोन बेंसीको गीहोन जलस्त्रोतको पश्चिमतिर, मतस्थ
फाटकको प्रवेश द्वार तिर अनि ओपेल डाँड़ाको वरिपरि
फैलिएको थियो। तिनले पर्खाल अत्यन्त अग्लो बनाए।
त्यसपछि तिनले यहूदाका सबै किल्लाहरूमा अधिकारीहरू
राखे। १५मनश्शेले ती विचित्र मूर्तिदेवताहरू हटाए।
तिनले परमप्रभुको मन्दिरबाट मूर्ति निकाले। तिनले
मन्दिर डाँड़ामा अनि यरूशलेममा तिनले निर्माण गरेका
सबै वेदीहरू हटाए। मनश्शेले ती सबै वेदीहरू यरूशलेम
शहर बाहिर निकाले। १६तब उसले परमप्रभुको वेदी
स्थापना गरे अनि त्यसमा मेलबलि अनि धन्यवादका
उपहारहरू अर्पण गरे। मनश्शेले यहूदाका सबै मानिसहरूका
निम्ति परमप्रभु इस्राएलका परमेश्वरको सेवा गर्नु भनी
एक आदेश गरे। १७मानिसहरूले उच्च-स्थानहरूमा
बलिहरू चढ़ाउन थाले, तर तिनीहरूका बलिहरू केवल
परमप्रभु तिनीहरूका परमेश्वरका निम्ति थिए।

१८मनश्शेले गरेका अन्य कुराहरू, अनि तिनका
परमेश्वरसित तिनका प्रार्थना अनि दर्शीहरूका वचनहरू
जसले परमप्रभु इस्राएलका परमेश्वरबाट मनश्शेलाई
दिएका वचनहरू यी सबै कुराहरू, "इस्राएलका राजाहरूको
अधिकारिक उल्लेख" नाउँका पुस्तकमा लेखिएका छन्।
१९मनश्शेको प्रार्थना अनि परमेश्वरले कसरी सुनीदिनु
भयो अनि तिनी प्रती दु:खित हुनु भयो, सो "दर्शीहरूको
पुस्तकमा" लेखिएको छ। मनश्शेका तिनी स्वयं विनम्र
हुनु भन्दा अघिका पापहरू र गल्तीहरू, अनि स्थानहरू
जहाँ तिनले उच्च स्थानहरू निर्माण गरेका थिए अनि
अशेरा स्तम्भहरू स्थापित गरेका थिए सो पनि "दर्शीहरूको
पुस्तकमा" लेखिएका छन्। २०यसरी मनश्शेको मृत्यु
भयो अनि तिनका पुर्खाहरूसित गाड़िए। मानिसहरूले
मनश्शेलाई तिनको आफ्नै राज भवनमा गाड़ि दिए।
आमोन मनश्शेका स्थानमा नयाँ राजा भए। आमोन
मनश्शेका छोरा थिए।

## आमोन यहूदाका राजा

२१आमोन बाईस वर्षका हुँदा यहूदाका राजा भए।
तिनी यरूशलेममा दुइ वर्ष सम्म राजा थिए। २२आमोनले
परमप्रभुको समक्ष नराम्रा कुराहरू गरे। तिनले आफ्ना
पिता मनश्शेले जस्तै परमप्रभुले जो तिनी द्वारा गराउन
चाहनु हुन्थ्यो, ठीक त्यसरी गरेनन्। आमोनले कुँदिएका
मूर्ति अनि सालिगहरूलाई बलिहरू चढ़ाए जो तिनका
पिताले निर्माण गरेका थिए। आमोनले ती मूर्तिहरूको
पूजा गरे। २३आमोनले तिनी स्वयंलाई परमप्रभुको
समक्ष नम्र तुल्याएनन् जसरी मनश्शे, तिनका पिताले
आफूलाई नम्र तुल्याएका थिए। यसकारण आमोन
परमेश्वरको सामुन्ने धेरै दोषी थिए। २४आमोनका
सेवकहरूले तिनी विरुद्ध षड़यन्त्र रचे। तिनीहरूले
आमोनलाई तिनको आफ्नै घरमा मारिदिए। २५तर
यहूदाका मानिसहरूले ती सबै सेवकहरूलाई मारिदिए
जसले राजा आमोनको विरुद्ध षड़यन्त्र रचेका थिए।
त्यसपछि मानिसहरूले योशियाहलाई नयाँ राजा हुन चुने।
योशियाह आमोनका छोरा थिए।

## योशियाह यहूदाका राजा

३४ योशियाह आठ वर्ष पुगेका थिए जब तिनी
राजा भए। तिनी एकतीस वर्षसम्म यरूशलेममा
राजा थिए। २योशियाहले त्यही गरे जो सही थियो।
परमप्रभुले तिनले गरेको चाहनु भएका कुराहरू नै
तिनले गरे। तिनले तिनका पुर्खा दाऊदले जस्तै राम्रा
कुराहरू गरे। योशियाहले उचित कुराहरू गर्नबाट मुख
मोड़ेनन्। ३जब योशियाह उसको राज्यको आठौं वर्षमा
पुगेका थिए तिनले परमेश्वरको अनुसरण गर्न शुरू गरे
जसलाई तिनका पुर्खा दाऊदले अनुसरण गरेका थिए।
योशियाह अझ सानै थिए जब तिनले परमेश्वरलाई
पछ्याउन शुरू गरे। जब योशियाह उनी राजा राज्यको
बाह्रौं वर्षमा थिए तिनले उच्च स्थानहरू, अशेरा
स्तम्भहरू अनि मूर्त्तिहरू जो कुँदिएका थिए, अनि
मूर्त्तिहरू जो यहूदा अनि यरूशलेमका साँचाहरूबाट
निर्माण गरिएका थिए सबै नष्ट गर्न शुरू गरे।
४मानिसहरूले बाल देवताहरूका वेदीहरू भत्काइदिए।
तिनीहरूले योशियाहका सामुन्ने यसो गरे। तब योशियाहले
धूप वेदीहरू काटिदिए जो वेदीमाथि बाललाई अर्पण
गरेका थिए। उसले मूर्त्तिहरू जो कुँदिएका थिए अनि
मूर्तिहरू जो साँचोमा ढालेर निर्माण गरिएका थिए,
भत्काइदिए। तिनले ती मूत्तिहरूलाई धूलो-पीठो पारिदिए।
तब योशियाहले त्यो पीठो ती मानिसहरूका चिहानहरूमा
छर्किदिए जसले बाल देवताहरूलाई बलिहरू चढ़ाएका
थिए। ५योशियाहले ती पूजाहारीहरूका हाड़हरू पनि
जलाइदिए जसले आफ्नै वेदीमा बाल देवताहरूको सेवा
गरेका थिए। यस्तै प्रकार योशियाले यहूदा अनि
यरूशलेमलाई शुद्ध पारे। ६योशियाहले मनश्शे, एप्रैम,
शिमोन देखि नप्ताली सम्मका इलाकाका शहरहरूमा
पनि यसै गरे। ७योशियाहले वेदीहरू अनि अशेरा
स्तम्भहरू भत्काइदिए। तिनले मूर्त्तिहरूलाई धूलो पीठो
पारिदिए। तिनले इस्राएल देश भरि बाल पूजाका निम्ति
उपयोग गरिएका धूप वेदीहरू काटिदिए। त्यसपछि
योशियाह यरूशलेम फर्केर गए।

८जब योशियाह यहूदाका राजाका रूपमा अठाह्रौं
वर्षमा थिए तिनले शापान, मासेयाह अनि योआहलाई
तिनका परमप्रभु परमेश्वरको मन्दिरलाई फेरि निर्माण
अनि स्थापना गर्नु भनी पठाए। शापानका पिताको नाउँ
अजलियाह थियो। मासेयाह शहर प्रमुख थिए, अनि
योआहका पिताको नाउँ योआहाश थियो। योआ त्यही
मानिस थिए जसले जे कुराहरू घटे ती लेखे।
यसरी योशियाहले मन्दिरलाई स्थापना गर्ने आदेश दिए
जसद्वारा तिनले यहूदा अनि मन्दिरलाइ शुद्ध तुल्याउन
सकून्। ९ती मानिसहरू हिल्कियाह, प्रधान पूजाहारी
कहाँ आए। तिनीहरूले तिनलाई धन दिए जो मानिसहरूले
परमेश्वरका मन्दिरका निम्ति दिएका थिए। लेवी
द्वारपालहरूले मनश्शे, एफ्रैमका मानिसहरूबाट अनि रहेका
सबै इस्राएलीबाट धनसंग्रह गरेका थिए। तिनीहरूले यो
धन यहूदा, बिन्यामीन अनि यरूशलेममा बस्ने समस्त
मानिसहरूबाट पनि संग्रह गरेका थिए। १०तब लेवीहरूले
ती मानिसहरूलाई पैसा भुक्तानी गरे जसले परमप्रभुको
मन्दिरको काम देख-रेख गरे। अनि देख-रेख गर्नेहरूले
कर्मीहरूलाई भुक्तानी गरे जसले परमप्रभुको मन्दिर
स्थापित गरे। ११तिनीहरूले धन सिकर्मी अनि निर्माण
कर्त्ताहरूलाई ठूला ढुँङ्गाहरू किन्न जो अघिनै काटि
राखेका थिए अनि काठहरू किन्न भनी दिए। काठहरू
मन्दिरहरूलाई फेरि निर्माण गर्न अनि मन्दिरहरूका
निम्ति आड़ दिने काठ बनाउनमा उपयोग गरिए। विगत
समयमा यहूदाका राजाहरूले मन्दिरहरूको वास्ता गरेका
थिएनन्। ती मन्दिरहरू पुराना अनि ध्वस्त भएका थिए।
१२-१३मानिसहरूले विश्वास पूर्वक काम गरे। तिनीहरूका
निरीक्षकहरू पहत अनि ओबदियाह थिए। यहत अनि
ओबदियाह लेवीहरू थिए, अनि तिनीहरू मरारीका
सन्तान थिए। अन्य निरीक्षकहरू जकर्याह अनि मशुल्लाम
थिए। तिनीहरू कहातका सन्तानहरू थिए। लेवीहरू जो
सङ्गीतका वाध्य यन्त्रहरू बजाउनमा सिपालु थिए तिनीहरूले
श्रमिकहरूको र अन्य सबै कर्मीहरूको निरिक्षण पनि
गर्दथे। केही लेवीहरूले सचिव, अधिकारी अनि
द्वारापालहरूको रूपमा काम गर्दथे।

### व्यवस्थाको पुस्तक पाए

१४लेवीहरूले त्यो धन बाहिर निकाले जो परमप्रभुको
मन्दिरमा थियो। त्यस समयमा पूजाहारी हिल्कियाहले
'परमप्रभुको व्यवस्थाको पुस्तक' पाए जो मोशा द्वारा
दिइएको थियो। १५हिल्कियाहले सचिव शापानलाई
भने, "मैले व्यवस्थाको पुस्तक' परमप्रभुको मन्दिरमा
पाएँ।" हिल्कियाहले त्यो पुस्तक शापानलाई दिए।
१६शापानले त्यो पुस्तक राजा योशियाह कहाँ ल्याए।
शापानले राजालाई सूचना दिए, "तपाईंका सेवकहरूले
तपाईंले तिनीहरूलाई गर्नु भन्नु भएका हरेक कुराहरू
गरिरहेका छन्। १७तिनीहरूले त्यो धन निकाले जो
परमप्रभुको मन्दिरमा थियो अनि तिनीहरूले धन निरीक्षकहरू
अनि कर्मीहरूलाई भुक्तानी गर्दै छन्।" १८तब शापानले
राजा योशियाहलाई भने, "पूजाहारी हिल्कियाहले मलाई
एउटा पुस्तक दिएका छन्।" तब शापानले पुस्तकबाट
पढ़े। तिनी पढ़दै गर्दा राजाका सामुन्ने थिए। १९जब
साजा योशियाहले पढ़िएको व्यवस्थाका शब्दहरू सुने,
तिनले तिनका बस्त्रहरू च्याते। २०तब राजाले हिल्कियाह,
शापानका छोरा अहीकम, मीकाका छोरा अब्दोन, सचिव
शापान अनि सेवक असायालाई एक आदेश दिए।
२१राजाले भने, "जाऊ, मेरा निम्ति अनि मानिसहरूका
निम्ति जो इस्राएल अनि यहूदामा रहेका छन्, परमप्रभु
सित याचना गर। ती पुस्तकका शब्दहरूको बारेमा जो
पाइएको थियो, सोध। परमप्रभु हामी सित अत्यन्त
क्रोधित हुनुहुन्छ किनभने हाम्रा पुर्खाहरूले परमप्रभुको
बचनको पालन गरेनन्। तिनीहरूले यो पुस्तकले गर्नु
भनेका सबै कुराहरू गरेनन्।"

२२हिल्कियाह अनि राजाका सेवकहरू अगमवादिनी
हुल्दा कहाँ गए। हुल्दा शल्लूमकी पत्नी थिइन्।
शल्लूम तोखतका छोरा थिए। तोखत हसराका छोरा
थिए। शल्लूम राज-बस्त्रहरूको हेरचाह गर्थिन्। हुल्दा
यरूशलेमको नयाँ अंशमा बस्थीन्। हिल्किया अनि
सेवकहरूले हुल्दालाई सबै कुरा भने जो भइसकेको
थियो। २३हुल्दाले तिनीहरूलाई भनीन्, "इस्राएलका
परमप्रभु परमेश्वर जे भन्नुहुन्छ त्यो यो हो: राजा
योशियाहलाई भन: २४परमप्रभु जे भन्नुहुन्छ त्यो यो हो,
'म यो स्थानमा अनि यहाँ बस्ने मानिसहरू माथि दुःख
कष्ट ल्याइदिनेछु। म ती सबै भयानक कुराहरू ल्याउनेछु
जो त्यो पुस्तकमा लेखिएका छन् जसलाई यहूदाका
राजाको सामुन्ने पढ़िएको थियो। २५म यसो गर्नेछु
किनभने मानिसहरूले मलाई त्याग गरे अनि अन्य
देवताहरूलाई धूप बाले। ती मानिसहरूले मलाई क्रोधित
तुल्याए किनभने तिनीहरूले सबै नराम्रा कुराहरू गरेका
छन्। यसर्थ म यो स्थान माथि मेरो क्रोध पोखाउने छु।
तातो बल्दो आगो जस्तै मेरो क्रोधलाई निभाउन सकिने
छैन।' २६तर यो कुरा यहूदाका राजा योशियाहलाई भन
जसले तिमीहरूलाई परमप्रभु सित सोध्नु पठाउनुभयो
यही परमप्रभु इस्राएलका परमेश्वर तिमीहरूले सुनेक
वचनहरू बारेमा भन्नुहुन्छ। २७योशियाह जब तैले यो
भूमि अनि बासिन्दाहरूको विषयमा कुराहरू सुनिस् तैले
आफैलाई नम्र बनाइस् अनि तेरो लुगाहरू च्यातिस्। तँ
मेरो सामुन्ने रोइस् अनि मैले यो सुने यसकारण तेरो
हृदय कोमल छ। २८म तँलाई तेरो पिता-पुर्खाहरू कहाँ
लाने छु। तँ तेरो चिहानमा शान्तिसित जाने छस्। तैले
कुनै पनि दुःख कष्टहरू देख्नु पर्ने छैन जो म यो
स्थान माथि अनि यहाँ बस्ने मानिसहरू माथि ल्याउने
छु।'" हिल्कियाह अनि राजाका सेवकहरू यो सन्देश
लिएर राजा योशियाह कहाँ फर्के।

२९तब राजा योशियाहले यहूदा अनि यरूशलेमका सबै अग्रज मानिसहरूलाई आउनु अनि तिनीसित भेट्नु भनी बोलाए। ३०राजा परमप्रभुको मन्दिर सम्म गए। यहूदाका सबै मानिसहरू, अनि यरूशलेममा बस्ने मानिसहरू, पूजाहारीहरू लेवीहरू अनि सबै मुख्य अनि अमुख्य मानिसहरू योशियाहसाथ थिए। योशियाहले तिनीहरूलाई "करारको पुस्तकमा" भएका सबै कुराहरू पढ़ेर सुनाए। त्यो पुस्तक परमप्रभुको मन्दिरमा पाइएको थियो। ३१तब राजा आफ्ना स्थानमा उभिए। तिनले परमप्रभुसित करार गरे। तिनी परमप्रभुको अनुसरण गर्न अनि परमप्रभुको आदेश, नियम, विधिहरू पालन गर्न सहमत भए। योशियाहले आफ्नो सम्पूर्ण हृदय अनि आत्माद्वारा आज्ञा पालन गर्न सहमत भए। तिनी यो पुस्तकमा लेखिएका करारका कुराहरू पालन गर्नसहमत भए। ३२तब योशियाहले यरूशलेम अनि बिन्यामीनका सबै मानिसहरूलाई करार स्वीकार गर्न प्रतिज्ञा गराए। यरूशलेमका मानिसहरूले परमेश्वरको आज्ञापालन गरे, जसरी तिनीहरूका पिता-पुर्खाहरूले परमेश्वरलाई पछ्याएका थिए। ३३इस्राएलका मानिसहरू सित विभिन्न देशका मूर्तिहरू थिए। तर योशियाहले ती भयानक मूर्त्तिहरू सबै ध्वस्त गरिदिए। योशियाहले इस्राएलका सबै मानिसहरूलाई परमप्रभु तिनीहरूका परमेश्वरको सेवा गर्न लगाए। अनि जब सम्म योशियाह जीवित थिए तब सम्म मानिसहरूले तिनीहरूका पुर्खाहरूका परमप्रभु परमेश्वरको सेवा गरिरहे।

### योशियाह निस्तार चाड़ मनाउँछन्

३५ राजा योशियाहले परमप्रभुका निम्ति यरूशलेममा निस्तार चाड़ मनाए। निस्तार चाड़को थुमाको पाठालाई पहिलो महीनाको चौधौं दिनमा मारियो। २योशियाहले तिनीहरूको कार्य गर्नका निम्ति पूजाहारीहरू छाने। तिनले पूजाहारीहरूलाई उत्साह दिए जब तिनीहरू परमप्रभुको मन्दिरमा सेवा गरिरहेका थिए। ३योशियाहले ती लेवीहरूसँग कुरा-कांनी गरे जसले इस्राएलका मानिसहरूलाई शिक्षा दिँन्थे अनि जसलाई परमप्रभुको सेवाको निम्ति पवित्र तुल्याइएका थिए। तिनले ती लेवीहरूलाई भने, "पवित्र सन्दूकलाई मन्दिर भित्र राख जसलाई सुलेमानले निर्माण गरे। सुलेमान दाऊदको छोरा थियो। दाऊद इस्राएलका राजा थिए। पवित्र संदूकलाई काधमा बोकेर एक स्थान देखि सर्को स्थानतिर न लैजाऊ। अब परमप्रभु तिम्रा परमेश्वरको सेवा गर। परमेश्वरका मानिसहरू इस्राएलका मानिसहरूको सेवा गर। ४तिमीहरू स्वयंलाई तिम्रा परिवार समूहहरू अनुसार मन्दिरमा सेवाका निम्ति तयार पार। ती कामहरू गर जो राजा दाऊद अनि तिनका छोरा सुलेमानले गर्नु भनी तिमीहरूलाई दिएका छन्। ५पवित्र स्थानमा लेवीहरूको समूहसित उभिएरबस हरेक भिन्न-भिन्न परिवार समूहका मानिसहरूको निम्ति यसो गर, यसरी तिमीहरू तिनीहरूको सहायता गर्न सक्ने छौ। ६निस्तार चाड़का थुमा पाठाहरू मार, तिमीहरू स्वयंलाई परमप्रभुका निम्ति पवित्र तुल्याऊ। भेड़ाका पाठाहरूलाई तिम्रा दाज्यू-भाइहरू इस्राएलका मानिसहरूका निम्ति तयार पार। परमप्रभुले हामीलाई गर्नु भनी आदेश गर्नु भएका सबै कुराहरू गर। परमप्रभुले हामीलाई ती सबै आदेशहरू मोशाद्वारा दिनु भएको थियो।"

७योशियाहले इस्राएलका मानिसहरूलाई निस्तार चाड़का निम्ति मार्नु भनी ३,००० भेंड़ा अनि बाख्राहरू दिए। तिनले मानिसहरूलाई ३,००० गाई-बस्तुहरू पनि दिए। यी सबै पशुहरू राजा योशियाहका आफ्नै बगालका थिए। ८योशियाहका अधिकारीहरूले पनि मुक्तरूपले मानिसहरूलाई, पूजाहारीहरूलाई अनि लेवीहरूलाई निस्तार चाड़मा उपयोग गर्नु भनी पशुहरू अनि चीज-बीजहरू दिए। प्रधान पूजाहारी हिल्कियाह, जकर्याह अनि यहीएल मन्दिरको जिम्मावार अधिकारीहरू थिए। तिनीहरू पूजाहीहरूलाई २,६०० भेंड़ाका पाठा र बाख्राहरू अनि ३०० गोरूहरू निस्तार चाड़का बलिहरूका निम्ति दिए। ९कोन्नयाह तिनका भाइहरू शमायाह अनि नतनेल, अनि हशबियाह सहित, यीएल अनि योजाबादले ५,००० भेंड़ा र बाख्राहरू अनि ५०० गोरूहरू निस्तार चाड़का बलिहरूका निम्ति लेवीहरूलाई दिए। तिनीहरू लेवीहरूका अगुवाहरू थिए।

१०निस्तार चाड़को सेवाका निम्ति जब हरेक कुरा तयार भए तब पूजाहारीहरू तिनीहरूको स्थानहरूमा गए अनि लेवीहरू तिनीहरूको समूहहरूमा खड़ा भए। राजाले जो आदेश गरे त्यो यस्तै थियो। ११निस्तार चाड़का थुमाहरू मारिए। तब लेवीहरूले पशुहरूका छाला काढ़े अनि रगत पूजाहारीहरूलाई दिए। पूजाहारीहरूले रगत वेदीमा छर्किदिए। १२त्यसपछि तिनीहरूले विभिन्न परिवार समूहहरूलाई होमबलिका निम्ति उपयोग गर्न भनी पशुहरू दिए। यो यसैकारणले गरियो कि होमबलि मोशाले व्यवस्थामा लेखिए अनुसार अर्पण गर्न सकियोस्। तिनीहरूले गोरूहरू सित त्यसै गरे। १३लेवीहरूले निस्तार चाड़का बलिहरूलाई तिनीहरूलाई आदेश गरिएको प्रकारले आगोमा पोले। अनि तिनीहरूले पवित्र भेटीहरूलाई भेंड़ा, किल्ली अनि तावाहरूमा उमाले। तब तिनीहरूले चाँड़ो गरी मासु मानिसहरूलाई दिए। १४यो समाप्त भएपछि, लेवीहरूले आफ्नै निम्ति अनि पूजाहारीहरू जो हारूनका सन्तानहरू थिए-तिनीहरूका निम्ति मासु ल्याए। ती पूजाहारीहरूलाई अंध्यारो नभएसम्म खराएर ब्यस्त राखिए। तिनीहरूले होमबलिहरू अनि बलिका बोसो जलाउन कठिन परिश्रम गरे। १५आसापका परिवारका लेवी गायकहरू ती स्थानहरूमा गए जो राजा दाऊदले तिनीहरू उभिनका निम्ति चुनेका थिए। ती आसाप, हेमान अनि यदूतून-राजाका अगमवक्ता थिए। प्रत्येक

फाटकमा द्वारपालहरूले आफ्ना स्थान छाड्नु परेन किनभने
तिनीहरूका लेवी दाज्यू-भाइहरूले निस्तार चाड़का निम्ति
हरेक कुरा तिनीहरूका निम्ति तयार गरेका थिए।

१६यसरी त्यस दिन राजा योशियाहले आदेश गरे
अनुसार परमप्रभुको आराधनाका निम्ति हरेक कुरा
गरिए। निस्तार चाड़ मनाइयो अनि परमप्रभुको वेदीमा
होम-बलिहरू अर्पण गरिए। १७इस्राएलका मानिसहरूले,
जो त्यहाँ थिए, निस्तार चाड़ अनि अखमीरे रोटीको
चाड़ सात दिन सम्म मनाए। १८निस्तार चाड़, अगमवक्ता
शमूएलको समय देखि यता यस्तो प्रकारले इस्राएलमा
मनाइएको थिएन। इस्राएलका कुनै पनि राजाहरूले यो
जस्तो निस्तार चाड़ कहिले मनाएका थिएनन्। राजा
योशियाह, पूजाहारीहरू, लेवीहरू अनि यहूदा र इस्राएलका
मानिसहरूले जो त्यहाँ थिए यरूशलेमका सबै मानिसहरू
साथ अत्यन्त विशेष रूपले निस्तार चाड़ मनाए।
१९तिनीहरूले यो निस्तार चाड़ योशियाहको शासन
कालको अठाह्रौं वर्षमा मनाए।

### योशियाहको मृत्यु

२०योशियाहले मन्दिरका निम्ति ती सबै असल
कुराहरू गरे। पछि, मिश्र देशका राजा नेको यूफ्रेटिस
नदीको कर्कमीश शहर विरुद्ध लड़ाई गर्न सेना लिएर
आए। राजा योशियाह नेको विरुद्ध लड्न गए। २१तर
नेकोले योशियाह कहाँ दूतहरू पठाए। तिनीहरूले भने,
"राजा योशियाह, यो युद्ध तपाईंको समस्या होइन। म
तपाईंको विरुद्ध लड्न आएको होइन्। म मेरा शत्रुहरू
सित लड्न आएको हुँ। परमेश्वरले मलाई चाड़ो गर
भन्नु भयो। परमेश्वर मेरो पक्षमा हुनुहुन्छ, यसर्थ
मलाई दिकदारी नगर्नुहोस्। यदि तपाईंले म विरुद्ध
लड़ाई गर्नु भयो भने, परमेश्वरले तपाईंलाई नष्ट गर्नु
हुनेछ।" २२तर योशियाह हटेनन्। तिनले नेकोसित लड़ने
निश्चय गरे, यसर्थ तिनले आफ्नो रूप बद्ले अनि
लड़ाई लड्न गए। योशियाहले परमेश्वरको आदेशबारे
नेकोले भनेका कुरा सुनेनन्। २३योशियाह युद्धमा भएको
बेला काँढ़ले लाग्यो। तिनले आफ्ना सेवकहरूलाई भने,
"मलाई यहाँबाट लैजाऊ, म नराम्रो रूपले घाइते भएकोछु।"

२४यसर्थ सेवकहरूले योशियाहलाई तिनको रथबाट
बाहिर निकाले अनि तिनलाई तिनले आफूसित लड़ाईमा
ल्याएको अर्को रथमा हाले। तब तिनीहरूले योशियाहलाई
यरूशलेम लगे। राजा योशियाहको यरूशलेममा मृत्यु
भयो। योशियाहलाई त्यो चिहानमा गाड़ियो जहाँ तिनका
पुर्खाहरूलाई गाड़िएका थिए। यहूदा अनि यरूशलेमका
समस्त, मानिसहरू अति दुःखित थिए किनभने योशियाहको
मृत्यु भएको थियो। २५यिर्मयाहले योशियाहका निम्ति
केही शोक-गीतहरू लेखे अनि गाए। अनि पुरूष एवं
स्त्री गायकहरू आज सम्म ती शोक-गीतहरू गाउँदै
छन्। यो इस्राएलका मानिसहरूले सदैव गर्ने केही कुरा
बन्यो-तिनीहरू योशियाहका निम्ति शोक-गीत गाउँछन्।
ती गीहरू "शोक-गीतहरू" नाउँको पुस्तकमा लेखिएका
छन्।

२६-२७योशियाहले तिनी राजा हुँदा आफ्नो शासनकालको
शुरू देखि अन्त सम्म गरेका सबै अन्य कुराहरू
"इस्राएल अनि यहूदाका राजाहरूको इतिहास" नाउँको
पुस्तकमा लेखिएका छन्। त्यो पुस्तकले परमप्रभु प्रति
तिनको भक्ति अनि तिनले परमप्रभुको व्यवस्था कसरी
पालन गरे सो देखाँउदछ।

### यहोआहाज यहूदाका राजा

३६ यहूदाका मानिसहरूले यहोआहाजलाई
यरूशलेममा नयाँ राजा हुनका लागि चुने।
यहोआहाज योशियाहका छोरा थिए। २यहोआहाज तेईस
वर्षका थिए जब तिनी यहूदाका राजा भए। तिनी
यरूशलेममा तीन महीनासम्म राजा थिए। ३तब मिश्र
देशका राजा नेकोले यहोआहाजलाई कैदी बनाए। नेकोले
यहूदाका मानिसहरूलाई १०० तोड़ा चाँदी अनि एक
तोड़ा सुन दण्डको रूपमा तिर्न लगाए। ४नेकोले
यहोआहाजका भाइलाई यहूदा अनि यरूशलेमका नयाँ
राजा हुन भनी चुने। यहोआहाजका भाइको नाउँ एल्याकीम
थियो। तब नेकोले एल्याकीमलाई नयाँ नाउँ दिए।
तिनले उसको नाउँ यहोयाकीम राखे। तर नेकोले
यहोआहाजलाई मिश्र देश लगे।

### यहोयाकीम यहूदाका राजा

५यहोयाकीम पच्चीस वर्षका थिए जब तिनी यहूदाका
नयाँ राजा भए। तिनी यरूशलेममा एघार वर्षसम्म राजा
रहे। यहोयाकीमले ती कुराहरू गरेनन् जो परमप्रभुले
तिनीद्वरा गरिएका चाहनु हुन्थ्यो। तिनले परमप्रभु तिनका
परमेश्वरको विरुद्ध पाप गरे।

६बाबेलका राजा नबूकदनेसरले यहूदा माथि आक्रमण
गरे तिनले यहोयाकीमलाई कैदगरे अनि काँसाका
साँग्लाहरूले बाँधे। तब नबूकदनेसरले राजा यहोयाकीमलाई
बाबेलमा लगे। ७नबूकदनेसरले परमप्रभुको मन्दिरबाट
केही चीज-बीजहरू लगे। तिनले ती चीज-बीजहरू
बाबेल लगे अनि तिनीहरूलाई तिनले आफ्नै निवास
स्थानमा राखे। ८अन्य कुराहरू जो यहोयाकीमले गरे,
भयानक पाप जो तिनले गरे अनि ती हरेक कुरा जो
गरेकोमा तिनी दोषी छन्, यी सबै कुराहरू "इस्राएल
अनि यहूदाका राजाहरूका इतिहास" नाउँका पुस्तकमा
लेखिएका छन्। यहोयाकीन यहोयाकीमका स्थानमा नयाँ
राजा भए। यहोयाकीन यहोयाकीमका छोरा थिए।

### यहोयाकीन यहूदाका राजा

९यहोयाकीन आठह्र वर्ष उमेरको हुँदा तिनी यहूदाका
राजा भए। तिनी तीन महीना दशदिनसम्म यरूशलेममा

राजा रहे। यहोयाकीनले परमप्रभुको विरुद्ध पाप गरे।
१०बसन्तकालमा राजा नबूकदनेसरले यहोयाकीनलाई ल्याउनु
भनी केही सेवकहरू पठाए। तिनीहरूले यहोयाकीनलाई
अनि परमप्रभुको मन्दिरबाट केही मूल्यवान सम्पत्तिहरू
बाबेलमा ल्याए। नबूकदनेसरले सिदकियाहलाई यहूदा
अनि यरूशलेमका नयाँ राजा हुन चुने। सिदकियाह
यहोयाकीनका एक आफन्त थिए।

### सिदकियाह यहूदाका राजा

११सिदकियाह एक्काईस वर्षका थिए जब तिनी
यहूदाका राजा भए। तिनी एघार वर्षसम्म यरूशलेममा
राजा थिए। १२सिदकियाहले ती कुराहरू गरेनन् जो
परमप्रभुले तिनी द्वारा गरिएका चाहनु हुन्थ्यो। सिदकियाहले
परमप्रभुको विरुद्ध पाप गरे। अगमवक्ता यिर्मयाले
परमप्रभुबाट प्राप्त भएका सन्देशहरू भने। तर सिदकियाहले
स्वयंलाई विनम्र तुल्याएनन् अनि यिर्मयाले भनेका कुराहरू
पालन गरेनन्।

### यरूशलेम ध्वंश भयो

१३सिदकियाह राजा नबूकदनेसरको विरुद्ध गए।
अतीतकालमा नबूकदनेसरले सिदकियालाई नबूकदनेसर
प्रती विश्वासी रहनु भनी प्रतिज्ञा गर्न वाध्य तुल्याएका
थिए। सिदकियाहले परमेश्वरको नाउँ लिए अनि नबूकदनेसर
प्रति विश्वासी रहने प्रतिज्ञा गरे। तर सिदकियाह अति
ढीठ थिए अनि तिनले आफ्नो जीवन बद्लने एवं फर्केर
आउने इस्राएलका परमप्रभु परमेश्वरको आज्ञा पालन
गर्ने कुरा अस्वीकार गरे। १४पूजाहारीहरूका अगुवाहरू
अनि यहूदाका मानिसहरूका प्रमुखहरूले पनि धेरै पापहरू
गरे अनि परमप्रभु प्रति झन बढ़ता अविश्वसनीय बने।
तिनीहरूले अन्य राष्ट्रहरूका नराम्रा उदाहरण अनुसरण
गरे। ती अगुवाहरूले परमप्रभुको मन्दिरलाई अशुद्ध
पारे। परमप्रभुले यरूशलेममा मन्दिरलाई पवित्र तुल्याउनु
भएको थियो। १५परमप्रभुले तिनीहरूका पुर्खाहरूका
परमेश्वरले आफ्ना मानिसहरूलाई चेताउनी दिनका निम्ति
बारम्बार अगमवक्ताहरू पठाउनु भयो। परमप्रभुले यसो
गर्नु भयो किनभने उहाँ तिनीहरू अनि आफ्ना मन्दिर
प्रति दु:खित हुनुहुन्थ्यो। परमप्रभु तिनीहरूलाई वा
आफ्ना मन्दिरलाई नष्ट गर्न चाहनु हुन्न थियो। १६तर
परमेश्वरका मानिसहरूले परमेश्वरका अगमवक्ताहरूलाई
हाँसोका पात्र बनाए। तिनीहरूले परमेश्वरका
अगमवक्ताहरूका कुरा सुन्न अस्वीकार गरे। तिनीहरूले
परमेश्वरका सन्देशहरूलाई तिरस्कार गरे। यसकारण
परमेश्वर आफ्ना मानिसहरू प्रति क्रोधित हुनुभयो अनि
त्यसलाई रोक्नका निम्ति केही थिएन। १७यसर्थ परमेश्वरले
बाबेलका राजालाई यहूदा अनि यरूशलेमका मानिसहरू
माथि आक्रमण गर्न निम्ति ल्याउनु भयो। बाबेलका
राजाले युवाहरूलाई मन्दिरमा भएको समयमा पनि मारिदिए।
यहूदा अनि यरूशलेमका मानिसहरू प्रति तिनको केही
दया-माया थिएन। बाबेलका राजाले युवा अनि बुद्ध
मानिसहरूलाई मारे। तिनले पुरूष अनि स्त्रीहरूलाई
मारे। तिनले रोगी अनि स्वस्थ्य मानिसहरूलाई मारे।
परमेश्वरले यहूदा अनि यरूशलेमका मानिसहरू दण्ड
दिनु नबूकदनेसरलाई अनुमति दिन भयो। १८नबूकदनेसरले
परमेश्वरको मन्दिरका सबै चीज-बीजहरू चाहे त्यो ठूलो
हो वा सानो बाबेलतिर लगे। तिनले मन्दिरबाट, राजाबाट
अनि राजाका अधिकारीहरूबाट सबै मूल्यवान चीजहरू
लगे। १९नबूकदनेसर अनि तिनका सेनाले परमेश्वरको
मन्दिर जलाई दिए। तिनीहरूले यरूशलेमको पर्खालहरू
भत्काए अनि राजाको महल अनि उसका अधिकरीहरूका
भवनहरू जलाईदिए। तिनीहरूले यरूशलेमको प्रत्येक
बहूमुल्य चीजहरू लगे अथवा नष्ट गरिदिए।
२०नबूकदनेसरले ती मानिसहरूलाई बाबेल फर्काइ लगे
जो अझ जीवित थिए अनि तिनीहरूलाई दास हुन बाध्य
तुल्याए। ती मानिसहरू फारस राज्यले बाबेल राज्यलाई
परास्त नगरे सम्म दासको रूपमा बाबेलमा बसे।
२१यस प्रकारले यिर्मयाह अगमवक्ताको माध्यमबाट
परमप्रभुले इस्राएलका मानिसहरू प्रति भन्नु भएका
कुराहरू साँच्चै घट्न गयो। परमप्रभुले यिर्मयाह द्वारा
भन्नु भएको थियो: "यो स्थान सत्तरी वर्षसम्म शून्य
उज्जाड़ भूमि रहनेछ। यो शबात विश्रामको क्षति पूर्तिको
रूपमा हुनेछ जो मानिसहरूले गरेनन्।"
२२कोरेस फारसको राजा रहेको पहिलो वर्ष परमप्रभुले
कोरेसलाई विशेष घोषणा गर्न लगाउनु भयो। उहाँले
यसो गर्नु भयो जस द्वारा परमप्रभुले यिर्मयाह अगमवक्ता
मार्फत दिनु भएका वचनका कुराहरू साँच्चै नै घटित्
हुने छन्। कोरेसले आफ्नो राज्यका हरेक स्थानमा
सन्देशवाहकहरू पठाए। तिनीहरूले यो सन्देश बोके:

२३कोरेस, फारसका राजा भन्छन् - "परमप्रभु,
स्वर्गका परमेश्वरले मलाई सम्पूर्ण पृथ्वीको राजा
बनाउनु भएको छ। उहाँले मलाई उहाँका निम्ति
यरूशलेममा एउटा मन्दिर निर्माण गर्ने जिम्मा दिनु
भएको छ। अब तिमीहरू सबै, जो परमेश्वरका
मानिसहरू हौ, यरूशलेममा जानका निम्ति स्वतन्त्र
छौ। अनि परमप्रभु तिम्रा परमेश्वर तिमीहरू साथ
रहुन्।"

# इतिहासको पहिलो पुस्तक

### आदमदेखि नूहसम्मको वंशावली

१ १-३आदम, सेत, एनोश, केनान, महललेल, येरेद, हनोक, मतूशेलह, लेमेक, नूह।

४नूहका छोराहरू- शेम, हाम अनि येपेत थिए।

### येपेतका सन्तानहरू

५येपेतका छोराहरू- गोमेर, मागोग, मादै, यावान, तूबल, मेशेक अनि तीरास थिए।

६गोमेरका छोराहरू- अश्कनज, दीपत अनि तोगर्मा थिए।

७यावानका छोराहरू- एलीशा, तर्शीश, कित्तीम अनि रोदानीम थिए।

### हामका सन्तानहरू

८हामका छोराहरू- कूश, मिश्रेम, पूत र कनान थिए।

९कूशका छोराहरू- सबा, हवीला, सबता, रामा अनि सबत्का थिए। रामाका छोराहरू शबा अनि ददान थिए।

१०कूशका छोरा, निम्रोद थिए जो पृथ्वीमा पहिलो साहसी योद्धा बनेका थिए। ११मिश्रेमबाट, लूदीहरू, अनामीहरू, लहाबीहरू अनि नप्तूहीहरू, १२पत्रुसीहरू, कस्लूहीहरू (जसबाट पलिश्तीहरू आए) अनि कप्तोरीहरू थिए।

१३कनान सीदोनका पिता थिए। सीदोन तिनका जेठा छोरा थिए। कनान र हेत, १४यबूसी, एमोरी, गिर्गाशी, १५हिव्वी अरकी, सीनी, १६अर्वादी, समारी अनि हमातीहरूका पनि पिता थिए।

### शेमका सन्तानहरू

१७शेमका छोराहरू- एलाम, अश्शूर, अर्पक्षद, लूद अनि अराम थिए। अरामका छोराहरू- ऊज, हूल, गेतेर र मेशेक थिए।

१८अर्पक्षद शेलहका पिता थिए। शेलह एबेरका पिता थिए।

१९एबेरका दुइ छोराहरू थिए। एउटा छोराको नाउँ पेलेग थियो, किनभने तिनको जीवनकालमा पृथ्वीका मानिसहरूको विभिन्न भाषाहरूमा विभाजन भएका थिए। पेलेगको भाइको नाउँ योक्तान थियो। २०योक्तान, अल्मोदाद, शेलेप, हसर्मवेत, येरह, २१हदोराम, ऊजाल, दिकला, २२एबाल, अबीमाएल, शबा, २३ओपीर, हवीला र योबाबका यी सबै योक्तानका छोराहरू थिए।

### अब्राहामका परिवार

२४शेम, अर्पक्षद, शेलह, २५एबेर, पेलेग, रऊ, २६सरूग, नाहोर, तेरह २७अनि अब्राम (अब्रामलाई अब्राहाम पनि भन्दछन्।)

२८अब्राहामका छोराहरू- इसहाक र इश्माएल थिए। २९यी तिनीहरूका सन्तानहरू थिए।

### *हागारका सन्तानहरू*

इश्माएलका जेठा छोरा नबायोत थिए। इश्माएलका अरू छोराहरू- केदार, अदबेल, मिब्साब, ३०मिश्मा, दूमा, मस्सा, हदद, तेमा, ३१यतूर, नापीश अनि केदमा थिए। यी इश्माएलका छोराहरू थिए।

### *कतूराका छोराहरू*

३२कतूरा अब्राहामके उप-पत्नी थिईन। तिनले जिम्रान, योक्षान, मदान, मिद्यान, यिश्बाक अनि शूअहलाई जन्म दिइन।

योक्षानका छोराहरू शबा र ददान थिए।

३३मिद्यानका छोराहरू- एपा, एपेर, हनोक, अबीदा अनि एल्दा थिए। यी सबै कतूराका छोराहरू थिए।

### *साराका छोराहरू*

३४अब्राहाम इसहाकका पिता थिए, इसहाकका छोराहरू एसाव अनि इस्राएल थिए।

३५एसावका छोराहरू- एलीपज, रूएल, यऊश, यालाम अनि कोरह थिए।

३६एलीपजका छोराहरू- तेमान, ओमार, एपी, गाताम र कनज थिए। एलीपज अनि तिम्नाका अमालेक नाउँ गरेको छोरा पनि थिए।

३७रूएलका छोराहरू- नहत, जेरह, शम्मा अनि मिज्जा थिए।

### सेइरबाट एदोमीहरू

३८सेइरका छोराहरू- लोतान, शोबाल, सिबोन, अना, दीशोन, एसेर अनि दीशान थिए।

३९लोतानका छोराहरू- होरी र होमाम थिए। लोतानकी तिम्ना नाउँ गरेकी बहिनी थिइन्।

४०शोबालका छोराहरू- अल्यान, मानहत, एबाल, शपी अनि ओनाम थिए।

सिबोनका छोराहरू- अयीया अनि अना थिए।

४१अनाको छोरा दीशोन थिए। दीशोनका छोराहरू- हम्रान, एश्बान, यित्रान, अनि करान थिए।

४२एसेरका छोराहरू- बिल्हान, जावान अनि याकान थिए। दीशानका छोराहरू ऊज अनि अरान थिए।

## एदोमका राजाहरू

४३इस्राएलमा राजाहरू हुनु भन्दा धेरै अघि नै एदोममा राजाहरू थिए, एदोमका राजाहरूका नाउँ यी हुन:

पहिलो राजा बओरको छोरा बेला थिए। बेलाको शहरको नाउँ दिनहाबा थियो।

४४जब बेलाको मृत्यु भयो जेरहाका छोरा योबाब नयाँ राजा भए। योबाब बोस्राका छोरा थिए।

४५जब योबाबको मृत्यु भयो हूशाम नयाँ राजा भए। हूशाम तेमानी देशका थिए।

४६जब हूशामको मृत्यु भयो बददका छोरा हदद नयाँ राजा भए। हददले मोआब देशमा मिद्यानीहरूलाई परास्त गरे। हददको शहरको नाउँ अबीत थियो।

४७जब हददको मृत्यु भए पछि सम्ला नयाँ राजा भए। सम्ला मास्रेकाका थिए।

४८सम्लाको मृत्यु पछि शाऊल नयाँ राजा भए। शाऊल यूफ्रेटिस नदी किनारमा भएको रहोबोतका थिए।

४९जब शाऊलको मृत्यु भयो अकबोरका छोरा बाल-हनान नयाँ राजा भए।

५०जब बालहनानको मृत्यु भयो हदद नयाँ राजा भए। हददको शहरको नाउँ पाई थियो। हददकी पत्नीको नाउँ महतबेल थियो। महतबेल मत्रेदकी छोरी थिइन्। मत्रेद मेजाहाबकी छोरी थिइन्। ५१तब हददको मृत्यु भयो।

एदोमका अगुवाहरू तिम्ना, अल्या, यतेत, ५२ओहोलीबामा, एला, पीनोन, ५३कनज, तेमान, मिबसार, ५४मग्दीएल अनि ईराम, थिए। एदोमका प्रधान व्यक्तिहरूको सूची यहि हो।

## इस्राएलका छोराहरू

२ इस्राएलका छोराहरू- रूबेन, शिमोन, लेवी, यहूदा, इस्साकार, जबूलून, २दान, यूसुफ, बिन्यामीन, नप्ताली, गाद अनि आशेर थिए।

## यहूदाका छोराहरू

३यहूदाका छोराहरू- एर, ओनान अनि शेला थिए। बतशअ तिनीहरूकी आमा थिइन। बतशअ कनान देशकी स्त्री थिइन। परमप्रभुले देख्नु भयो कि यहूदाका जेठा छोरा एर दुष्ट थियो। यसै कारण परमप्रभुले एरलाई मारिदिनु भयो। ४यहूदाको बुहारी तामारले पेरेस अनि जेरहलाई जन्म दिइन। यसरी यहूदाका पाँच छोराहरू थिए।

५पेरेसका छोराहरू- हेस्रोन र हामूल थिए।

६जेरहका पाँचजना छोराहरू- थिए तिनीहरू जिम्री, एतान, हेमान, कल्कोल अनि दारा थिए।

७जिम्रीका छोरा कर्मी थिए। कर्मीको छोरा आकान* थिए। आकान ती मानिस थिए जसले इस्राएल माथि धेरै कष्ट ल्याएका थिए। आकानले युद्धमबाट लिएका चीजहरू राखे। उसले ती सबै चिजहरू परमेश्वरलाई दिनु पर्ने थियो।

८एतानका छोरा अजर्याह थिए। ९हेब्रोनका छोराहरू यरहमेल, राम अनि कालेब थिए।

## रामका सन्तानहरू

१०राम अम्मीनादाबका पिता थिए, अम्मीनादाब नहशोनका पिता थिए। नहशोन यहूदामा अगुवा थिए। ११नहशोन सल्माका पिता थिए। सल्मा बोअजका पिता थिए। १२बोअज ओबेदका पिता थिए। ओबेद यिशैका पिता थिए। १३यिशै एलीआबका पिता थिए। एलीआब यिशैका जेठा छोरा थिए। यिशैका माहिला छोरा अबीनादाब थिए। तिनका साहिँला छोरा शिमा थिए। १४नतनेल यिशैका काहिँला छोरा थिए। यिशैका अन्तरे छोरा रद्दै थिए। १५ओसेम यिशैका जन्तरे छोरा थिए अनि दाऊद कान्छा छोरा थिए। १६तिनीहरूका बहिनीहरू सरूयाह अनि अबीगेल थिए। सरूयाहका तीन जना छोराहरू अबीशै, योआब अनि असाहेल थिए। १७अबीगेल अमासाकी आमा थिइन्। अमासाका पिता येतेर थिए। येतेर इश्माएली थिए।

## कालेबका सन्तानहरू

१८कालेब हेस्रोनका छोरा थिए। कालेबकी पत्नी अजूबाबाट नानीहरू जन्मे भए। अजूबाको नाउँ यरीओत पनि थियो।* अजूबाका छोराहरू येशेर, शोबाब अनि अर्दोन थिए। १९जब अजूबाको मृत्यु भयो, कालेबले एप्रातलाई विवाह गरे। कालेब अनि एप्रातका एक छोरा थिए। तिनहरूले उसको नाउँ हूर राखे। २०हूर ऊरीका पिता थिए। ऊरी बसलेलका पिता थिए।

२१पछि, जब हेस्रोन साठी बर्षका थिए, तिनले माकीरकी छोरीलाई विवाह गरे। माकीर गिलादका पिता थिए। हेस्रोनले माकीरकी छोरीसित शारीरिक सम्बन्ध

---

**आकान** वा आकार।

**अजूबाको … थियो** हिब्रूमा यो पाठ गाह्रो छ वास्तविक यसले भन्छ: "उसको पत्नी अजूबाद्वारा अनि यरीओतद्वारा यरीओत" हुन सक्छ अर्को पत्नी। कसै पण्डीतहरूले उल्था गर्छ कि अजूबा यरीओतका छोरी थिइन्।

गरे अनि तिनले सगूबलाई जन्म दिइन्। २२सगूब
याईरका पिता थिए। याईरको गिलाद देशमा तेईसवटा
शहरहरू थिए। २३तर गशूर र अरामले याईरका
गाउँहरू कब्जागरे। तिनीहरू मध्ये कनतर त्यसका
वरिपरिका सा-साना शहरहरू थिए। जम्मा साठीवटा
सा-साना शहरहरू थिए। यी सबै शहरहरू गिलादका
पिता माकीरका छोराहरूका थिए।
२४हेस्रोनको मृत्यु एप्राताको कालेबको शहरमा भयो।
तिनको मृत्यु भए पछि, तिनकी पत्नी अबीयाले तिनको
निम्ति छोरो जन्माइन्। त्यो छोराको अशहूर नाउँ दिएको
थियो अशहूर तकोका पिता थिए।

## यरहमेलका सन्तानहरू

२५यरहमेल हेस्रोनका जेठा छोरा थिए। यरहमेलका
छोराहरू राम, बूना, ओरेन, ओसेम र अहियाह थिए।
राम यरहमेलका जेठा छोरा थिए। २६यरहमेलकी
अर्की पत्नी अतारा थिइन्। ओनामकी आमा अतारा
थिइन्।
२७यरहमेलका जेठा छोरा रामका छोराहरू थिए।
तिनीहरू मास, यामीन अनि एकेर थिए।
२८ओनामका छोराहरू शम्मै अनि यादा थिए।
शम्मैका छोराहरू नादाब अनि अबीशूर हो।
२९अबीशूरकी पत्नीको नाउँ अबीहेल थियो।
तिनीहरूका दुइ छोराहरू थिए। तिनीहरूका नाउँ अहबान
अनि मोलीद थिए।
३०नादाबका छोराहरू सेलेद अनि अप्पेम थिए।
सेलेदको मृत्यु बिनासन्तान भयो।
३१अप्पेमका छोरा यिशी थिए। यिशींका छोरा
शेशान थिए। शेशानका छोरा अहलै थिए।
३२यादा शम्मैका भाइ थिए। यादाका छोराहरू येतेर
अनि जोनाथन थिए। येतेरको मृत्यु सन्तान बिहीन भयो।
३३जोनाथनका छोराहरू पेलेत र जाजा थिए। यो
यरहमेलका सन्तानको सूची थियो।
३४शेशानका छोराहरू थिएनन्। तिनका छोरीहरू
मात्र थिए। शेशान कहाँ यर्हा नाउँ गरेका एउटा मिश्री
सेवक थिए।
३५शेशानले आफ्नी छोरीको विवाह यर्हासित गरी
दिए। तिनीहरूका एक छोरा थिए। उसको नाउँ अत्तै
थियो।
३६अत्तै नातानका पिता थिए। नातान जाबादका पिता
थिए। ३७जाबाद एपलालका पिता थिए। एपलाल
ओबेदका पिता थिए। ३८ओबेद येहूका पिता थिए।
येहू अजर्याहका पिता थिए। ३९अजर्याह हेलेसका पिता
थिए। हेलेस एलासाका पिता थिए। ४०एलासा सिस्मैका
पिता थिए। सिस्मै शल्लूमका पिता थिए। ४१शल्लूम
यकम्याहका पिता थिए अनि यकम्याह एलीशामाका
पिता थिए।

## कालेबको परिवार

४२कालेब यरहमेलका भाइ थिए। कालेबका छोराहरू
यी थिए। तिनका जेठा छोरा मेशा थिए। मेशा जीपका
पिता थिए। मारेशा पनि कालेबका छोरा थिए। मारेशा
हेब्रोनका पिता थिए।
४३हेब्रोनका छोराहरू- कोरह, तप्पूह, रेकेम अनि
शेमा थिए। ४४शेमा रहमका पिता थिए। रहम योर्कामका
पिता थिए। रेकेम शम्मैका पिता थिए। ४५शम्मैको
छोरा माओन थिए। माओन बेत्सूरका पिता थिए।
४६कालेबकी उप-पत्नीको नाउँ एपा थियो। एपा
हारान, मोसा अनि गाजेजकी आमा थिइन। हारान
गाजेजका पिता थिए।
४७यहदैका छोराहरू- रेगेम, योताम, गेशान, पेलेत,
एपा अनि शाम हुन।
४८माका कालेबकी अर्की उपपत्नी थिइन्। माका
शेबेर अनि तिर्हानकी आमा थिइन्। ४९माका, चाप
अनि शबाकि पनि आमा थिइन्। चाप मदमन्नाका पिता
थिए। शबा मक्बेना अनि गिबाका पिता थिए। कालेबकी
छोरी अक्सा थिइन्।
५०यो कालेबका सन्तानहरूको सूचि हो। हूर कालेबका
जेठा छोरा थिए। तिनी एप्राताबाट जन्मिएका हुन।
हूरका छोराहरू किर्यात-यारीमका संस्थापक शोबाल,
५१बेतलेहेमका संस्थापक सल्मा अनि बेत-गादेरका
संस्थापक हारेप थिए।
५२शोबाल किर्यात-यारीमका संस्थापक थिए। यो
शोबालका सन्तानहरूको सूची हो- हारोए, मनुहोनीहरूका
आधा मानिसहरू, ५३अनि किर्यात यारीमका परिवार
समूह यिनीहरू- यित्री, पूही, शुमाती अनि मिश्राती
मानिसहरू हुन्। सोराती अनि एश्ताओलीहरू मिश्रानी
मानिसहरूबाट आएका थिए।
५४यो सल्माका सन्तानहरूको सूची हो- बेतलेहेमबाट
मानिसहरू नतोपाती थिए, अतारोत, बेतयोआब, मानहतका
आधा जनसंख्याहरू, सोरी मानिसहरू, थिए। ५५अनि
ती पूजाहरीहरूका परिवार जो याबेशमा, तिरातमा,
शिमातमा अनि सुचामा बस्थे। यी शास्त्रीहरू र केनी
मानिसहरू हुन जो हम्मतबाट आए। हम्मत बेत-रेकाबका
घरका संस्थापक थिए।

## दाऊदका छोराहरू

३ दाऊदका केही छोराहरू: हेब्रोन शहरमा जन्मेका
थिए। यो दाऊदका छोराहरूको सूची हो:
दाऊदका जेठा छोरा अम्मोन हुन। अम्मोनकी आमा
अहीनोअम थिइन। तिनी यिज्रेल शहरकी हुन्।
माहिला छोरा दानिएल थिए। तिनकी आमा अबीगेल
यहूदाको कर्मेलकी थिइन्।
२साहिँला छोरा अब्शालोम थिए। तिनकी आमा
तल्मैकी छोरी माका थिइन्। तल्मै गशूरका राजा थिए।

काँहिला छोरा अदोनियाह थिए। तिनकी आमा हग्गीत
थिइन्।
३अन्तरे छोरा शपत्याह थिए। तिनकी आमा अबीतल
थिइन्। कान्छा छोरा यित्राम थिए। तिनकी आमा
दाऊदकी पत्नी एग्ला थिइन्। ४दाऊदका यी छ जना
छोराहरू हेब्रोनमा जन्मिए। दाऊदले त्यहा सातवर्ष छः
महीना शासन गरे। दाऊदले यरूशलेममा ३३वर्ष सम्म
राज गरे।
५यरूशलेममा जन्मेका दाऊदका छोराहरू यी हुन्।
दाऊदकी पत्नी बेतशेबा अम्मीएलकी छोरी थिइन्।
बेतशेबाबाट चारजना छोरा छोरीहरू भए, शिमा, शोबाब,
नातान र सुलेमान। ६-८अन्य नौ जना छोरा छोरीहरू
थिए, यिभार, एलीशूअ, एलीपेलेत, नोगह, नेपेग,
यापी, एलीशामा, एल्यादा अनि एलीशापेलेत। ९तिनीहरू
सबै दाऊदका छोराहरू थिए। दाऊदकी उपपत्नीबाट
अन्य छोराहरू थिए। तामार दाऊदकी छोरी थिइन्।

## दाऊदको पछि यहूदाका राजाहरू

१०सुलेमानका छोरा रहबाम थिए। अनि रहबामका
छोरा अबियाह थिए। अबियाहका छोरा आसा थिए।
आसाका छोरा यहोशापात थिए। ११यहोशापातका छोरा
योराम थिए। योरामका छोरा अहज्याह थिए। अहज्याहका
छोरा योआश थिए। १२योआशका छोरा अमस्याह
थिए। अमस्याहका छोरा अजर्याह थिए। अजर्याहका
छोरा योताम थिए। १३योतामका छोरा आहाज थिए।
आहाजका छोरा हिजकियाह थिए। हिजकियाहका छोरा
मनश्शे थिए। १४मनश्शेका छोरा आमोन थिए। आमोनका
छोरा योशियाह थिए।
१५यो योशियाहका छोराहरूको सूची यही हो: जेठा
छोरा योहानान थिए। माहिला छोरा यहोयाकीम थिए।
साहिँला छोरा सिदकियाह थिए अनि कान्छा छोरा
शल्लूम थिए।
१६यहोयाकीमका छोराहरू यकोन्याह, तिनका छोरा
सिदकियाह थिए।

## बाबेल कब्जा पछि दाऊदको परिवार

१७यहोयाकीम बाबेलमा कैदी भए पछि यहोयाकीमका
छोरा-छोरीहरूको सूची यही हो। तिनका छोरा-छोरीहरू
शालतीएल, १८मल्कीराम, पदायाह, शेनस्सर, यकन्याह,
होशामा अनि नदब्याह थिए।
१९पदायाहका छोराहरू यरूबाबेल अनि शिमी थिए।
यरूबाबेलका छोराहरू मशुल्लाम अनि हनन्याह थिए।
शलोमीत तिनीहरूकी बहिनी थिइन्। २०यरूबाबेलका
अरू पनि पाँच जना छोरा थिए। तिनीहरूका नाउँ
हशूबा, ओहेल, बेरेक्याह, हसयाह, अनि यूशप-हेसेद
हो।
२१हनन्याहका छोरा पलत्याह थिए तिनका छोरा
यशैयाह थिए अनि तिनका छोरा रपायाह थिए, अनि
तिनका छोरा अर्नान थिए, तिनका छोरा ओबधाह,
तिनका छोरा शकन्याह थिए।
२२यो शकन्याहका सन्तानहरूको सूची हो शमायाह
शमायाहका छ जना छोराहरू थिए: शमायाह, हत्तूश,
यिगाल, बारीह, नार्याह अनि शापात।
२३नार्याहका तीन जना छोराहरू थिए। ती एल्योएनै,
हिजकियाह अनि अज्रीकाम थिए।
२४एल्योएनैका सात जना छोराहरू थिए। ती होदव्याह,
एल्यासीब, पलयाह, अक्कूब, योहानान, दलायाह र
अनानी थिए।

## यहूदाका अन्य कुल समूहहरू

४ यो यहूदाका छोराहरूको सूची हो। ती पेरेस,
हेस्रोन, कर्मी, हूर अनि शोबाल थिए। २शोबालका
छोरा रायाह थिए। रायाह यहतका पिता थिए। यहत
अहूमै अनि लहदका पिता थिए। सोराती मानिसहरू
अहूमै अनि लहदका सन्तान थिए।
३एतामका छोराहरू यिज्रेल, यिश्मा अनि यिदबश
थिए। अनि तिनीहरूकी हस्सलेल पोनी नाउँकी एक
बहिनी थिइन्।
४पनूएल गदोरका पिता थिए अनि एजेर हूशका पिता
थिए।
यी हूरका छोराहरू थिए। हूर एप्रातका जेठा छोरा
थिए अनि एप्राता बेतलेहेमका संस्थापक थिए।
५तकोका पिता अश्शूर थिए। अश्शूरको दुइ पत्नीहरू
थिए। तिनीहरूको नाउँ हेला र नारा थियो। ६नाराका
अहुज्जाम, हेपेर, तेमनी अनि हाहशतारी आमा थिइन।
यिनीहरू नाराद्वारा अश्शूरका पुत्रहरू थिए। ७हेलाका
छोराहरू सेरेत, यिसहार एतमान र कोस थिए। ८कोस
आनूब अनि सोबेबाका पिता थिए। कोस अहर्हेल
परिवार समूहका पनि पिता थिए। अहर्हेल हारूमका
छोरा थिए।
९याबेश उसका दाज्यू-भाइहरू भन्दा धेरै आदरणीय
थिए। तिनकी आमाले भन्थिन्, "मैले उसको नाउँ
याबेश राखें किनभने जब मैले उसलाई जन्म दिदा म
अति वेदनमा थिएँ।"
१०याबेशले इस्राएलका परमेश्वरलाई प्रार्थना गरे र
भने, "म चाहन्छु कि तपाईले मलाई साँच्चै आशीर्वाद
दिनुहुनेछ। म चाहन्छु तपाईले मलाई अधिक भूमि
दिनुहुनेछ। मेरो नजिक रहनु होस् अनि मलाई चोट
पुऱ्याउन कसैलाई पनि नदिनुहोस। तब मलाई कुनै पीडा
हुने छैन।" अनि परमेश्वरले याबेशलाई त्यही दिनु भयो
जो तिनले मागेका थिए।
११कलूब शूअका भाइ थिए। कलूब महीरका
पिता थिए। महीर एश्तोनका पिता थिए। १२एश्तोन
बेत-रापा, पासेह अनि तहिन्नाका पिता थिए।

तहिन्ना इर-नाहशका पिता थिए। ती मानिसहरू रेकाका थिए।

१३कनजका छोराहरू ओत्नीएल अनि सरायाह थिए। ओत्नीएलका छोराहरू हतत अनि मोनोतै थिए। १४मोनोतै ओप्राका पिता थिए। अनि सरायाह योआबका पिता थिए। योआब गहरशीमीका संस्थापक थिए। ती मानिसहरूलाई यो नाउँ दिए किनभने तिनीहरू कारीगरहरू थिए।

१५कालेब यपून्नेका छोरा थिए। कालेबका छोराहरू ईरू, एला, अनि नआम थिए। एलाका छोरा कनज थिए।

१६यहललेलका छोराहरू- जीप, जीपा, तिरया अनि असरेल थिए।

१७-१८एज्राका छोराहरू येतेर, मेरेद, एपेर अनि यालोन थिए अनि बित्याहले मिर्याम, शम्मै अनि यिश्बहलाई जन्म दिए। यिश्बह एश्तमोका पिता थिए। अनि उसकी पत्नी यहूदाबाटका थिइन् जसले यरेद, हेबर र यकूतीएल जन्म दिइन्। यरेद गदोरका पता थिए। हेबेर सोकोका पिता थिए अनि यकूतीएल जानोका पिता थिए। यी सबै फिराऊनकी छोरी बित्याहका छोराहरू थिए तिनी यहूदाकी पत्नी थिइन्।

१९मेरेदकी पत्नी नहमकी बहिनी थिइन्। मेरेदको पत्नी यहूदाकी थिइन्। मेरेदको पत्नीका छोराहरू कीला र एश्तमोका पिता थिए। कीला गेरेमी मानिसहरूबाट थिए। अनि एश्तमो माकाती मानिसहरूबाट थिए। २०शिमोनका छोराहरू अम्नोन, रिन्ना, बेन, हानान अनि तीलोन थिए। यिशीकाछोराहरू जोहेत अनि बेन-जोहेत थिए।

२१-२२यहूदाका छोरा शेला थिए। शेलाका छोराहरू- एर, लादा, योकीम, कोजेबाका मानिसहरू, योआश अनि साराप थिए। एर लेकाका पिता थिए। लादा मारेशा अनि बेत अश्बेयाम मलमलका लुगा बनाउने परिवार समूहका पिता थिए। योआश अनि सारापले मोआबी स्त्रीहरू विवाह गरे। तब तिनीहरू बेतलेहेम फर्की गए। यो परिवारको विषयमा लेखिएका कुराहरू अति पुराना छन्। २३शेलाका ती छोराहरू कर्मी थिए जो माटोका सामानहरू बनाउथे। तिनीहरू नताईम अनि गदेरामा बस्थे। तिनीहरू शहरमा बस्थे अनि राजाका निम्ति काम गर्थे।

### शिमोनका सन्तानहरू

२४शिमोनका छोराहरू नमूएल, यामीन, यारीब, जेरह अनि शाऊल थिए। २५शाऊलका छोरा शल्लूम थिए। शल्लूमका छोरा मिब्साम थिए। मिब्सामका छोरा मिश्मा थिए।

२६मिश्माका छोरा हम्मूएल थिए। हम्मूएलका छोरा जक्कूर थिए। जक्कूरका छोरा शिमी थिए। २७शिमीको सोह्र जना छोरा र छ जना छोरीहरू थिए। तर शिमीका भाइहरूका धेरै छोरा छोरी थिएनन्। शिमीका भाइहरूको परिवार यहूदाका अन्य समूहहरूको जस्तै तिनीहरूको परिवार ठूलो थिएन।

२८शिमीका सन्तानहरू बर्शेबा, मोलादा, हसरशूआल, २९बिल्हा, एसेम, तोलाद, ३०बतूएल, होर्मा, सिक्लग, ३१बेत, मर्काबोत, हसरशूसीम, बेत, बिरी अनि शारेममा बस्थे। तिनीहरू ती शहरमा दाऊद राजा नभए सम्म बसे। ३२यी शहरहरू नजिकका पाँचवटा गाउँ एताम, ऐन, रिम्मोन, तोकेन अनि आशान थिए। ३३त्यहाँ बेला सम्म अन्य गाउँहरू पनि थिए। यहीं तिनीहरू बस्थे अनि तिनीहरूले आफ्ना परिवारकोबारे इतिहास पनि लेखे।

३४-३८यो सूची ती व्यक्तिहरूको हो जो तिनीहरूका परिवार समूहका प्रधान थिए। तिनीहरू मशोबाब, यम्लेक, अमस्याहका छोरा योशा, योएल, योशिब्याहका छोरा येहू, सरायाहका छोरा योशिब्याह, असीएलका छोरा सरायाह, एल्योएनै, याकोबा, याशोहायाह, असायाह, अदीएल, यसीमीएल, बनायाह, अनि जीजा शिपीका छोरा थिए। शिमी अल्लोनका छोरा थिए अनि अल्लोन यदायाहका छोरा थिए। यदायाह शिम्रीका छोरा थिए अनि शिम्री शमायाहका छोरा थिए।

यी मानिसहरूका परिवारहरू खुबै विशाल भए। ३९तिनीहरू गदोर शहर देखि बाहिर बेंसीको पूर्वतिरको क्षेत्रमा गए। तिनीहरू त्यस स्थानमा आफ्ना भेड़ा र गाई बस्तुका निम्ति खर्क खोज्न गए। ४०तिनीहरूले त्यहाँ प्रशस्त मात्रामा फलवान भूमि भेट्टाए। भूमि विस्तृत शान्तिपूर्ण अनि सूनसान थियो। अतीतमा यहाँ हामका सन्तानहरू बस्थे। ४१यो त्यस समय थियो जब हिजकियाह यहूदाका राजा थिए। ती मानिसहरू गदोरमा आए अनि हामीत मानिसहरूसित युद्ध गरे। तिनीहरूले हामीत मानिसहरूका छाउनीहरू नष्ट गरिदिए। ती मानिसहरू मुनि जातिका मानिसहरूसितपनि लड़े जो त्यहाँ बस्थे। यी मानिसहरूले समस्त मुनि मानिसहरूलाई परास्थ गरे। यो स्थानमा अहिले पनि कुनै मुनि जातिका मानिसहरू छैनन्। यसर्थ ती मानिसहरू त्यहाँ बस्न थाले किनभने त्यो भूमिमा तिनीहरूका भेडाहरूका निम्ति घाँस थियो।

४२शिमोन परिवार समूहबाट पाँच सय मानिसहरू सेइरको पहाड़ी देशमा गए। यिशीका छोराहरूले तिनीहरूको अगुवाइ गरे। ती छोराहरू पलत्याह, नार्याह, रपायाह अनि उज्जीएल थिए। शिमोनी जातिका मानिसहरू त्यस स्थानमा बस्ने मानिसहरूसित लडे। ४३त्यहाँ केही बाचेका अमालेकीहरू मात्र अझै बस्दै थिए। यसकारण यी शिमोनीहरूले तिनीहरूलाई मारिदिए। त्यस समय देखि अहिले सम्म ती शिमोनीहरू सेइरमा बसिरहेका छन्।

## रूबेनका सन्तानहरू

५ १-३इस्राएलका जेठा छोरा रूबेन थिए। रूबेनले
जेठो छोराले पाउनु पर्ने विशेष सुविधाहरू, पाउनु
पर्ने थियो। तर रूबेनले आफ्ना पिताकी उपपत्नीसित
शारीरिक सम्बन्ध राखे। यसर्थ ती विशेष सुविधाहरू
यूसुफका छोराहरूलाई दिइयो। परिवारिक इतिहासमा
रूबेनको नाउँ जेठा छोराको रूपमा लेखिएको छैन।
यहूदा आफ्ना भाइहरू भन्दा अधिक बलवान भए
यसर्थ तिनका परिवारबाट प्रधानहरू आए। तर यूसुफका
परिवारले अन्य सुविधाहरू पाए जो सबै भन्दा जेठा
छोराले पाउँथे। रूबेनका छोराहरू हनोक, पल्लू, हेस्रोन
अनि कर्मी थिए।
४यी नाउँहरू योएलका सन्तानहरूका हुन् योएलका
छोरा शमायाह थिए। शमायाहका छोरा गोग थिए।
शिमी गोगका छोरा थिए। ५शिमीका छोरा मीका
थिए। मीकाका छोरा रायाह थिए। रायाहका छोरा बाल
थिए। ६बालका छोरा बेरा थिए। अश्शूरका राजा
तिग्लत-पिलेसेरले बेरालाई आफ्नो घर छोडन करलगाए।
यसर्थ बेरा राजाका कैदी भए। बीरह रूबेन परिवार
समूहका एक अगुवा थिए।
७योएलका भाइहरू अनि तिनका सबै परिवार
समूहहरूलाई त्यसरी नै लेखिएको छ जसरी वंशावलीको
सूचीमा लेखिएको छ यीएल जेठा छोरा थिए, त्यसपछि
जकर्याह, ८अनि बेला, बेला अजाजका छोरा थिए।
अजाज शेमाका छोरा थिए। शेमा योएलका छोरा थिए।
तिनीहरू अरोएरको नेबो अनि बाल-मोनसम्म फैलिएको
क्षेत्रमा बस्थे। ९बेलाका मानिसहरू पूर्वमा यूफ्रेटिस
नदीको पूर्व पट्टिको मरूभूमिको किनारमा बस्थे। किनभने
गिलाद प्रान्तमा तिनीहरूका अनेक गाई थिए। १०जब
शाऊल राजा थिए। बेलाका मानिसहरूले हगारी
मानिसहरूसित युद्ध गरे। तिनीहरूले हगारी मानिसहरूलाई
परास्त गरे। त्यस बेलाका मानिसहरू तम्बूहरूमा बसे
जो हगारी जातिका थिए। तिनीहरू ती तम्बूहरूमा बसे
अनि गिलादको पूर्वतिरको सम्पूर्ण क्षेत्रमा यात्रा गरे।

## गादका सन्तानहरू

११गाद कुल समूहका मानिसहरू रूबेन कुल समूहका
मानिसहरूको छेउमा बस्थे। गादी मानिसहरू बाशान
क्षेत्रमा सलका शहरसम्म बस्थे। १२बाशानमा प्रथम
प्रधान योएल भए। शापाम द्वितीय प्रधान थिए। त्यसपछि
यानै प्रधान भए। १३तिनीहरूका परिवारका सात भाइहरू
मीकाएल, अशुल्लाम, शेबा, योरै, याकान, जीआ
अनि एबेर थिए। १४ती मानिसहरू अबीहेलका सन्तान
थिए। अबीहेल हूरीका छोरा थिए। हूरी यारोहका छोरा
थिए। यारोह गिलादका छोरा थिए। गिलाद मीकाएलका
छोरा थिए। मीकाएल यशीशैका छोरा थिए। यशीशै
यहदोका छोरा थिए। यहदो बूजका छोरा थिए। १५अही
अब्दीएलका छोरा थिए। अब्दीएल गूनीका छोरा थिए।
अही तिनीहरूको परिवार समूहका प्रधान थिए।
१६गाद परिवार समूहका मानिसहरू गिलाद क्षेत्रमा
बस्थे। तिनीहरू बाशानको क्षेत्रमा बाशान वरिपरिका
सा-साना शहरहरूमा अनि शारोन क्षेत्रका सीमानासम्म
फैलिएका सबै खर्कहरूमा बस्थे।
१७योताम अनि यारोबामका समयमा यी सबै
मानिसहरूका नाउँ गादका वंशावलीका सूचिमा लेखिएका
थिए। योताम यहूदाका राजा थिए अनि यारोबाम
इस्राएलका राजा थिए।

## युद्धमा निपुण केही सैनकहरू

१८मनश्शे कुल समूहका आधाकुल अनि रूबेन र
गादका कुल समूहहरूसित ४४,७६० साहसी मानिसहरू
युद्धका निम्ति तयार थिए। तिनीहरू युद्धमा निपूर्ण
थिए। तिनीहरूले ढाल अनि तरवारहरू बोक्थे अनि
तिनीहरू धनु काँड चलाउन पनि सिपालु थिए। १९तिनीहरूले
हगारीहरू र यतूर, नापीश अनि नोदाबका मानिसहरूसित
युद्ध शुरू गरे। २०मनश्शे, रूबेन अनि गादका कुल
समूहहरूका ती मानिसहरूले युद्धमा परमेश्वरसित प्रार्थना
गरे। तिनीहरूले परमेश्वरसित सहायता मागे किनभने
तिनीहरूले उहाँमा भरोसा गरेका थिए। यसर्थ परमेश्वरले
तिनीहरूलाई सहायता गर्नु भयो। परमेश्वरले तिनीहरूलाई
हगारीहरूलाई हराउन आशिष दिनुभयो। अनि तिनीहरूले
अन्य मानिसहरूलाई पनि हराए जो हगारीहरूसित थिए।
२१तिनीहरूले हगारीहरूका पशुहरू लगे। तिनीहरूले
५०,००० ऊँटहरू; २,५०,००० भेड़ाहरू; २,०००
गधाहरू; अनि १,००,००० मानिसहरूलाई कैद गरे।
२२धेरै हगारीहरू मारिए किनभने परमेश्वरले रूबेनीहरू,
गादीहरू र मनश्शेको आधाकुल समूहरूलाई युद्ध जित्न
सहायता गर्नुभएको थियो। तब मनश्शे, रूबेन अनि
गादका कुल समूहहरूका ती मानिसहरू हगारीहरूको
भूमिमा बसे। तिनीहरू त्यहाँ त्यसबेला सम्म बसे
जबसम्म इस्राएलका मानिसहरूलाई कैद गरिएका
थिएनन्।
२३मनश्शेका आधा कुल समूहका मानिसहरू बाशान
क्षेत्रमा बाल-हर्मान, सनीर अनि हर्मोन पर्वत सम्म बस्थे
तिनीहरू अनगन्ती थिए।
२४मनश्शेका आधा कुल समूहका मुख्य मानिसहरू
यी थिए: एपेर, यिशी, एलीएल, अज्रीएल, यिर्मयाह
होदबियाह अनि यहदीएल। ती सबै बलवान र साहसी
मानिसहरू थिए। ती प्रसिद्ध मानिसहरू थिए अनि
तिनीहरू आफ्ना परिवारहरूका प्रमुख अगुवाा थिए।
२५तर ती अगुवाहरूले तिनीहरूका पिता-पुर्खाहरूले
पुज्ने परमेश्वरको विरूद्ध पाप गरे। तिनीहरूले त्यस
भूमिका देवताहरूको पूजा गर्न शुरू गरे। परमेश्वरले
ती मानिसहरू जसलाई पहिले ध्वस्त गर्नु भएको थियो।

२६इस्राएलका परमेश्वरले पूललाई युद्धमा जान इच्छुक तुल्याउनु भयो। पूल अश्शूरका राजा थिए। तिनलाई तिग्लत पिलेसेर पनि भनिन्थ्यो। तिनले मनश्शे, रूबेन अनि गाद कुल समूहका मानिसहरूसित युद्ध गरे। तिनले उनीहरूलाई आफ्ना घर छोडन वाध्य तुल्याए अनि तिनीहरूलाई कैदी बनाए। पूलले तिनीहरूलाई हलह, हाबोर, हारा अनि गोजान नदी नजिकमा ल्याए। इस्राएलीको कुल समूह ती स्थानहरूमा त्यस समय देखि आजसम्म पनि बसिरहेका छन्।

## लेवीका सन्तानहरू

६ लेवीका छोराहरू: गेर्शोम, कहात अनि मरारी थिए।

२कहातका छोराहरू: अम्राम, इसहार, हेब्रोन, अनि उज्जीएल थिए।

३अम्रामका छोरा-छोरीहरू: हारून, मोशा र मरियम थिए।

हारूनका छोराहरू: नादाब, अबीहू, एलाजार अनि ईतामार थिए। ४एलाजार पीनहासका पिता थिए। पीनहास अबीशूका पिता थिए। ५अबीशू बुक्कीका पिता थिए। बुक्की उज्जीका पिता थिए। ६उज्जी जरयाहका पिता थिए। जरयाह मरायोतका पिता थिए। ७मरायोत अमर्याहका पिता थिए। अमर्याह अहीतूबका पिता थिए। ८अहीतूब सादोकका पिता थिए। सादोक अहीमासका पिता थिए। ९अहीमास अजर्याहका पिता थिए। अजर्याह योहानानका पिता थिए। १०योहानान अजर्याहका पिता थिए। अजर्याह ती व्यक्ति हुन जसले यरूशलेममा सुलेमान द्वार निर्माण गरिएको मन्दिरमा पूजाहारीको रूप सेवा गरेका थिए। ११अजर्याह अमर्याहका पिता थिए। अमर्याह अहीतूबका पिता थिए। १२अहीतूब सादोकका पिता थिए। सादोक शुल्लूमका पिता थिए। १३शल्लूम हिल्कियाहका पिता थिए। हिल्कियाह अजर्याहका पिता थिए। १४अजर्याह सरायाहका पिता थिए। सरायाह यहोसादाकका पिता थिए।

१५यहोसादाकलाई उनको घर छोडन बाध्य तुल्याइयो जब परमप्रभुले यहूदा अनि यरूशलेमलाई टाढा पठाउनु भयो। ती मानिसहरूलाई अर्को देशमा कैदी बनाइएको थियो। परमप्रभुले यहूदा अनि यरूशलेमका मानिसहरूलाई कैदी तुल्याउनको निम्ति नबूकदनेसरलाई उपयोग गर्नुभयो।

## लेवीका अन्य सन्तानहरू

१६लेवीका छोराहरू: गेर्शोम, कहात अनि मरारी थिए।

१७गेर्शोमका छोराहरूको नाउँ: लिब्नी र शिमी थिए।

१८कहातका छोराहरू: अम्राम, यिसहार, हेब्रोन अनि उज्जीएल थिए।

१९मरारीका छोराहरू: महली अनि मूशी थिए।

यी लेवीका कुल समूहका वंशावलीको सूचि हो तिनीहरूका नाउँको अघि तिनीहरूका पिताहरूका नाउँ लेखिएका छन्।

२०यी गेर्शोमका सन्तानहरू थिए: लिब्नी गेर्शोमका पुत्र थिए। यहज लिब्नीका छोरा थिए। जीम्मा यहतका छोरा थिए। २१योआह जीम्माहका छोरा थिए। इद्दो योआहका छोरा थिए। जेरह इद्दोका छोरा थिए। यातरै जेरहका छोरा थिए।

२२यी कहातका सन्तानहरू थिए: अम्मीनादाब कहातका छोरा थिए। कोरह अम्मीनादाबका छोरा थिए। अस्सीर कोरहका छोरा थिए। २३एल्काना अस्सीरका छोरा थिए। एब्यासाप एल्कानाका छोरा थिए। अस्सीर एब्यासापका छोरा थिए। २४जहत अस्सीरका छोरा थिए। ऊरीएल नहतका छोरा थिए। उज्जियाह ऊरीएलका छोरा थिए। शाऊल उज्जियाहका छोरा थिए।

२५एल्कानाका छोराहरू अमासै अनि अहीमोत थिए। २६सोपे एल्कानाका छोरा थिए। नहत सोपेका छोरा थिए। २७एलीआब नहतका छोरा थिए। यरोहाम एलीआबका छोरा थिए। एल्काना यरोहामका छोरा थिए। शमूएल एल्कानाका छोरा थिए।

२८शमूएलका जेठा छोरा योएल र कान्छ अब्याह हुन्।

२९यी मरारीका छोराहरू हुन्: महली मरारीका छोरा थिए, लिब्नी महलीका छोरा थिए; शिमी लिब्नीका छोरा थिए। उज्जा शिमीका छोरा थिए। ३०शिमी उज्जाका छोरा थिए। हग्गियाह शिमीअका छोरा थिए। असायाह हग्गियाहका छोरा थिए।

## मन्दिरका संगीतकारहरू

३१यी ती मानिसहरू हुन् जसलाई दाऊदले परमप्रभुको मन्दिरको पालमा करारको सन्दूक राखेपछि सङ्गीतकोहेर विचारका निम्ति छाने। ३२यी मानिसहरूले पवित्र पालमा गाएर सेवा गर्थे। पवित्र पाललाई भेटघाट गर्ने पालपनि भनिन्छ अनि यी मानिसहरूले सुलेमानले यरूशलेममा परमप्रभुको मन्दिर नबनाउञ्जेलसम्म सेवा गरे। तिनीहरूले आफ्ना कामकानिम्ति दिइएका नियमहरूको अनुसरण गर्दै सेवा गरे।

३३यी नाउँ ती मानिसहरू अनि तिनीहरूका छोराहरूका हुन जसले संगीत द्वारा सेवा गरे।

कहात वंशका परिवारहरू थिए: सङ्गीतकार हेमान। हेमान योएलका छोरा थिए। योएल शमूएलका छोरा थिए। ३४शमूएल एल्कानाका छोरा थिए। एल्काना यरोहामका छोरा थिए। यरोहाम एलीएलका छोरा थिए। एलीएल तोहका छोरा थिए। ३५तोह सूपका छोरा थिए। सूप एल्कानाका छोरा थिए। एल्काना योएलका छोरा थिए। ३६योएल अजर्याहका छोरा थिए, अजर्याह

सपन्याहका छोरा थिए। ३७सपन्याह तहतका छोरा
थिए। तहत अस्सिरका छोरा थिए। अस्सि एब्यासापका
छोरा थिए। एब्यासाप कोरहका छोरा थिए। ३८कोरह
यिसहारका छोरा थिए। यिसहार कहातका छोरा थिए।
कहात लेवीका छोरा थिए। लेवी इस्राएलका छोरा
थिए।

३९आसाप हेमानका आफन्त थिए। आसापले हेमानको
दाहिनेतिर बसेर सेवा गर्थे। आसाप बेराक्याहका छोरा
थिए। बेराक्याह शिमाअका छोरा थिए। ४०शिमाअ
मीकाएलका छोरा थिए। मीकाएल बासेयाहाका छोरा
थिए। बसेयाह मल्कियाहका छोरा थिए। ४१मल्कियाह
एत्नीका छोरा थिए। एत्नी जेरहका छोरा थिए। जेरह
अदायाहका छोरा थिए। ४२अदायाह एतानका छोरा
थिए। एतान जीम्माका छोरा थिए। जिम्मा शिमीका
छोरा थिए। ४३शिमी यहतका छोरा थिए। यहत
गेर्शोमका छोरा थिए। गेर्शोम लेवीका छोरा थिए।

४४मरारीका सन्तानहरू हेमान अनि आसापका
आफन्तहरू थिए। तिनीहरू हेमानका देब्रेतिरका गायक
समूह थिए। एतान कीशीका छोरा थिए। किशी
अब्दीका छोरा थिए। अब्दी मल्लूकका छोरा थिए।
४५मल्लूक हश्ब्याहका छोरा थिए। हश्ब्याह अमस्याहका
छोरा थिए। अमस्याह हिल्कियाहका छोरा थिए।
४६हिल्कियाह अम्सीका छोरा थिए। अम्सी बानीका
छोरा थिए। बानी शेमेरका छोरा थिए। ४७शेमेर
महलीका छोरा थिए। महली मूशीका छोरा थिए। मूशी
मरारीका छोरा थिए। मरारी लेवीका छोरा थिए।

४८हेमान अनि आसापका दाज्यू-भाईहरू लेवीहरू
थिए। लेवीहरूलाई पवित्र पालमा काम गर्नको निम्ति
चुनिएका थिए। पवित्र पाल परमेश्वरको घर थियो।
४९तर, हारूनका सन्तानहरूलाई मात्र होमबलिको वेदीमा
अनि धूपवेदीमा धूप बाल्ने अनुमति थियो। हारूनका
सन्तानहरूले परमेश्वरको मन्दिरको अनि पवित्र स्थानमा
सबै कामहरू गर्थे। तिनीहरूले इस्राएलका मानिसहरूलाई
शुद्ध तुल्याउनेरिति पनि गर्थे। तिनीहरूले ती सबै
नियमहरू अनि विधिहरू अनुसरण गर्दथे जसको निम्ति
मोशाले आज्ञा दिएका थिए। मोशा परमेश्वरको दास
थिए।

## हारूनका सन्तानहरू

५०यी हारूनका छोरा थिए, एलाजार हारूनका छोरा
थिए। पीनहास एलाजारका छोरा थिए। अबीहू पीनहासका
छोरा थिए। ५१बुक्की अबीशूका छोरा थिए। उज्जी
बुक्कीका छोरा थिए। जरायाह उज्जीका छोरा थिए।
५२मरायोत जरायाहका छोरा थिए। अमर्याह मरायोतका
छोरा थिए। अहीतूब अमर्याहका छोरा थिए। ५३सादोक
अहीतूबका छोरा थिए। अहीमास सादोकका छोरा
थिए।

## लेवी परिवारहरूका निम्ति घरहरू

५४यी ती स्थानहरू हुन् जहाँ हारूनका सन्तानहरू
बस्दथे तिनीहरूलाई दिएको तिनीहरूको भूमिमा आफ्ना
छाउनी हालेर बस्थे। कहातीहरूले त्यस भूमिको पहिलो
भाग पाए जो लेवीहरूलाई दिइएको थियो। ५५तिनीहरूलाई
हेब्रोन शहर अनि त्यसका वरीपरिका खेतहरू दिइएका
थिए। यो यहूदाको प्रान्तमा थियो। ५६तर शहर
खेतहरू अनि हेब्रोन वरिपरिको गाउँहरू यपुन्नेका छोरा
कालेबलाई दिइयो। ५७हारूनका सन्तानहरूलाई सुरक्षित-
शहरहरू दिइयो: हेब्रोन, लिब्ना, यत्तीर एश्तमो, ५८हीलेन,
दबीर, ५९आशान, युन्ता अनि बेत-शेमेश शहरहरू
पनि दिईयो। तिनीहरूले ती सबै शहरहरू अनि ती
वरिपरिका खेतहरू पाए। ६०बिन्यामीन कुल समूहबाट
तिनीहरूले गिबोन, गेबा, अल्लेमेत अनि अनातोत
शहरहरू पाए। तिनीहरूले ती सबै शहरहरू अनि ती
वरिपरिका खेतहरू पाए। कहात वंशलाई तेह्रवटा
शहरहरू दिईयो।

६१कहातका बाकी सन्तानहरूले मनश्शेका आधा
कुल समूहबाट गोला हालेर दशवटा शहरहरू पाए।

६२ती परिवार समूह जो गेर्शोमका सन्तान थिए
तिनीहरूले तेह्रवटा शहरहरू पाए। तिनीहरूले ती शहरहरू
इस्साकार, आशेर, नप्ताली अनि बाशानका क्षेत्रमा
बस्ने मनश्शेका कुल समूहका अंशबाट पाए।

६३परिवार समूह जो मराका सन्तानहरू थिए, तिनीहरूले
बाह्रवटा शहरहरू पाए। तिनीहरूले ती शहरहरू रूबेन,
गाद अनि जबूलूनका कुल समूहहरूबाट पाए। तिनीहरूले
ती शहरहरू चिट्ठा द्वारा पाए।

६४यसरी इस्राएली मानिसहरूले ती शहहरू अनि
खेतहरू लेवी मानिसहरूलाई दिए। ६५तिनीहरूले
तिनीहरूलाई शहरहरू यहूदा, शिमोन अनि बिन्यामीन
कुल समूहहरूलाई गोला हालेर दिए। ती शहरहरू नाउँ
द्वारा तोकिएका थिए।

६६एप्रैम कुल समूहले कहाती वंशलाई केही शहरहरू
दिए। ती शहरहरू चिट्ठाद्वारा पाए। ६७तिनीहरूले
तिनीहरूलाई सुरक्षित शहरहरू शेकेम, गेजेर दिए।
६८योकमाम, बेथहोरोन, ६९अय्यालोन अनि गात रिम्मोन
शहरहरूपनि दिइए। तिनीहरूले ती शहरहरू सँग खेतहरू
पनि पाए। ती शहरहरू एप्रैमका पहाडी देशमा थिए।
७०अनि मनश्शे कुल समूहका आधाबाट इस्राएली
मानिसहरूले आनेर अनि बिलाम शहरहरू कहातका
वंशहरूलाई दिए। ती कहात वंशहरूले शहरहरूसंगै
खेतहरू पनि पाए।

## अन्य लेवी परिवारहरूले घरहरू प्राप्त गरे

७१गेर्शोम परिवारहरूले बाशान क्षेत्रबाट गोला अनि
मनश्शेका आधा कुल समूहबाट अश्तारोतसंगै तिनीहरूले
खेतहरू यी शहरहरू सितै पाए।

७२-७३गेर्शोम परिवारहरूले केदेश, दाबरत, रामोत अनि अनेम शहरहरू पनि इस्साकारका कुल समूहबाट पाए। तिनीहरूले ती शहरहरू नजिकका खेतहरू पनि यी शहरहरूसितै पाए।

७४-७५गेर्शोम कुलहरूले माशाल, अब्दोन, हूकोक अनि रहोबले पनि आशेरका कुल समूहबाट शहरहरू पाए। तिनीहरूलेसितै खेत अनि शहरहरू पनि पाए।

७६गेर्शोम वंशहरूले गालीलको केदेश, हम्मोन अनि किर्यतैम शहरहरू पनि नप्तालीका कुल समूहबाट पाए। तिनीहरूलेसितै खेतहरू र ती शहरहरू पनि पाए।

७७बाकिरहेका लेवी मानिसहरू मरारी परिवारका थिए। तिनीहरूले रिम्मोन अनि ताबोर शहरहरू जबूलूनका कुल समूहबाट पाए। तिनीहरूले नजिकैको खेतहरू अनि शहरहरूसितै पाए।

७८-७९मरारी परिवारहरूले मरूभूमिको बेसेर अनि यहसा, शहरहरू रूबेनका कुल समूहबाट पाए। रूबेनका कुल समूह यर्दन नदी पारि यरीहो शहरको पूर्वमा बस्थे। यी मरारी परिवारहरूले ती शहरहरू साथै नजिकका खेतहरू पनि पाए।

८०-८१अनि मरारी वंशहरूले गिलादको रामोत, महनेम, हेश्बोन, अनि याजेर शहरहरू गादका कुल समूहबाट पाए। तिनीहरूले ती शहरहरू सगै नजिकका खेतहरू पनि पाए।

## इस्साकारका सन्तानहरू

७ इस्साकारका चारजना छोराहरू थिए। तिनीहरूका नाउँ तोला, पूवा, याशूब अनि शिम्रोन थियो। २तोलाका छोराहरू- उज्जी, रपायाह, यरीएल, यहमै, यिब्साम अनि शमूएल थिए। ती सबै तिनीहरूका परिवारहरूका प्रधानहरू थिए। ती मानिसहरू अनि तिनीहरूका सन्तानहरू शक्तिशाली सैनिकहरू थिए। तिनीहरूका परिवारहरू बढदै गए दाऊद राजा भएको समयमा २२,६०० मानिसहरू युद्धका निम्ति तयार थिए।

३उज्जीका छोरा यिज्रयाह थिए। यिज्रयाहका छोराहरू मीकाएल, ओबदियाह यीएल अनि यिशयाह थिए। ती पाँचै जना तिनीहरूका परिवारहरूका अगुवाहरू थिए। ४तिनीहरूका वंशावलीको सूचिले देखाउँछ कि तिनीहरूसित ३६,००० सेनाहरू युद्धका निम्ति तयार थिए। तिनीहरूको परिवार ठूलो थियो किनभने तिनीहरूका धेरै पत्नीहरू अनि छोरा छोरीहरू थिए।

५वंशावली सूचिले देखाउँछ कि इस्सकारका कुल समूहमा ८७,००० शक्तिशाली सैनिकहरू थिए।

## बिन्यामीनका सन्तानहरू

६बिन्यामीनका तीन जना छोराहरू थिए। तिनीहरूका नाउँ बेला, बेकेर, अनि यदीएल थियो।

७बेलाका पाँच जना छोराहरू थिए। तिनीहरूका नाउँ एस्बोन,,उज्जी, उज्जीएल, यरीमोत अनि ईरी थियो। ती तिनीहरूका परिवारहरूका अगुवाहरू थिए। तिनीहरूका वंशावलीको सूचिले देखाउँछ कि तिनीहरूसित २२,०३४ सैनिकहरू थिए।

८बेकेरका छोराहरू जमीरा, योआश, एलाजार, एल्योएन, ओम्री, यरेमोत, अब्बियाह, अनातोत अनि आलेमेत थिए। ती सबै बेकेरका छोरा छोरीहरू थिए
९तिनीहरूका वंशावलीका सूचिले देखाउँछ कि परिवारका अगुवाहरू को को हुन। अनि तिनीहरूको वंशावलीका सूचिले यो पनि देखा छ कि तिनीहरूसित २०,२०० सैनकहरू थिए।

१०यदीएलका छोरा बिल्हान थिए। बिल्हानका छोराहरू- यूऊश, बिन्यामीन, एहुद, कनाना जेतान, तर्शीश अनि अहीशहरू थिए। ११यदीएलका सबै छोराहरू तिनीहरूका परिवारका मुख्य मानिसहरू थिए। तिनीहरूसित १७,२०० सैनकिहरू युद्धका निम्ति तयार थिए।

१२शुप्पी अनि हुप्पीहरू ईरका सन्तानहरू थिए। हुशीम अहेरका छोरा थिए।

## नप्तालीका सन्तानहरू

१३नप्तालीका छोराहरू यहसीएल, गुनी, येसेर अनि शल्लूम थिए। अनि यी बिल्हाका सन्तानहरू थिए।

## मनश्शेका सन्तानहरू

१४यी मनश्शेका सन्तानहरू हुन: मनश्शेको अरामी उपपत्नीबाट जन्मेका छोराको नाउँ अस्रीएल थियो। तिनले माकीर जन्माइन्। माकीर गिलादका पिता थिए।
१५माकीरले हुप्पी अनि शुप्पी मानिसहरूका समूहकी एउटी स्त्रीलाई विवाह गरे। माकीरका बहिनीको नाउँ माका थियो। अर्कोको नाउँ सलोफाद थियो। सलोफादका छोरीहरू मात्र थिए। १६माकीरकी पत्नी माकाका एउटा छोरा थिए। माकाले यो छोराको नाउँ पेरेस राखिन्। पेरेसको भाइको नाउँ शेरेश थियो। शेरेशका छोराहरू ऊलाम अनि राकेम थिए।

१७ऊलामका छोरा बदान थिए। यी गिलादका सन्तानहरू थिए। गिलाद माकीरका छोरा थिए। माकीर मनश्शेका छोरा थिए। १८माकीरकी बहिनी हम्मोलेकेतका छोराहरू नाउँहरू ईशोद, अबिएजरे अनि महला थिए।

१९शमीदाका छोराहरू अहियान, शेकेम, लिखी अनि अनीआम थिए।

## एप्रैमका सन्तानहरू

२०यी एप्रैमका सन्ताहरूका नाउँहरू यही हो। एप्रैमका छोरा शूतेलह थिए। शूतेलहका छोरा बेरेद थिए। बेरेदका छोरा तहत थिए। २१तहतका छोरा

एलादा थिए। एलादाका छोरा तहत थिए। तहतका छोरा
जाबाद थिए। जाबादका छोरा शूतेलह थिए।
केही मानिसहरू गात शहरमा गएका थिए, तिनीहरूले
गातका मानिस एजेर अनि एलालाई मारे। यसो भयो
किनभने एजेर र एला गित्ती मानिसहरूका गाई बस्तु र
भेड़ाहरू चोर्न गएका थिए। २२एप्रैम एसेर अनि
एलाका पिता थिए। तिनी धेरै दिनसम्म एजेर र
एलादको मृत्युको कारण रोइरहे। एप्रैमका परिवार
उनलाई सान्त्वना दिन आए। २३तब एप्रैमले आफ्नी
पत्नीसित सहवास गरे। एप्रैमकी पत्नी गर्भवती भइन्
अनि एक छोरा जन्माइन्। एप्रैमले त्यो छोराको नाउँ
बरीआ राखे किनभने तिनका परिवार माथि
केही नराम्रो घटना घटेको थियो। २४एप्रैमको छोरी
शेराह थिइन्। शेराहले निम्न बेत होरोन र उच्च बेत
होरोन अनि निम्न उज्जेन शेराह र उच्च उज्जेन शेराह
बनाइन्।
२५रेपा एप्रैमका छोरा थिए। रेशेप रेपाका छोरा
थिए। तेलह रेशेपका छोरा थिए। माहान तेलहका छोरा
थिए। २६लादान माहानका छोरा थिए। अम्मीहूद
लादानका छोरा थिए। एलीशामा अम्मीहूकादा छोरा
थिए। २७नून एलीशामाका छोरा थिए। यहोशू नूनका
छोरा थिए।
२८यी ति शहर अनि देशहरू हुन् जहाँ एप्रैमका
सन्तानहरू बस्थे: बेतेल र यस नजिकका गाउँहरू
पूर्वमा नारान, पश्चिममा गेजेर अनि यस नजिकका
गाउँहरू शेकेम र अज्जा र त्यसका नजिकका गाउँहरू
सम्म पुगे। २९मनश्शेका भूमिका सीमानामा बेत-शान,
तानाक, मगिछौ अनि दोर र ती नजिकका सा-साना
शहरूहरू थिए। यूसुफका सन्तानहरू यी शहरूहरूमा
बस्थे। यूसुफ इस्राएलका छोरा थिए।

## आशेरका सन्तानहरू

३०आशेरका छोराहरू-यिम्ना, यिश्वा, यिश्वी अनि
बरीआ थिए। तिनीहरूकी बहिनीको नाउँ सेराह थियो।
३१बरीआका छोराहरू हेबेर अनि मल्कीएल थिए।
मल्कीएल बिर्जेतका पिता थिए।
३२येप्लेत, शोमेर, होताम अनि तिनीहरूकी बाहिनी
शुअका पिता हेबेर थिए।
३३यप्लेतका छोराहरू पासक, बिम्हाल अनि अश्वात
थिए। यी येप्लेतका छोराहरू थिए।
३४शोमेरका छोराहरू अही, रोहगा, यहूब्बा अनि
अराम थियो।
३५शोमेरका भाइको नाउँ हेलेम थिए। हेलेमका
छोराहरू सोपह, यिम्ना, शेलेश अनि आमाल थिए।
३६सोपहका छोराहरू सूह, हेर्नेपेर, शूआल, बेरी,
यिम्राह, ३७बेसेर, होद, शम्मा, शिल्शा, यित्रान अनि
बेरा थिए।
३८येतेरका छोराहरू- यपून्ने, पिस्पा अनि अरा
थिए।
३९उल्लाका छोराहरू आरह, हन्नीएल अनि रिसिया
थिए।
४०यी सबै मानिसहरू आशेरका सन्तानहरू थिए।
तिनीहरू तिनीहरूका परिवारहरूका अगुवाहरू थिए।
तिनीहरू विशेष रूपले चुनिएका मानिसहरू थिए।
तिनीहरू महान् सैनिकहरू अनि अगुवाहरू थिए।
तिनीहरूका वंशावली इतिहासले बताउँछ कि तिनीहरूका
२६,००० सैनकिहरू युद्धका निम्ति तयार छन् भनी।

## राजा शाऊलको परिवारिक इतिहास

८ बिन्यामीन बेलाका पिता थिए। बेला बिन्यामीनका
जेठा छोरा थिए। असबेल बिन्यामीनका माहिला
छोरा थिए। अहरह बिन्यामीनका साँहिला छोरा थिए।
२नोहा बिन्यामीनका काँहिला छोरा थिए अनि रफा
बिन्यामीनका कान्छा छोरा थिए।
३-५बेलाका छोराहरू अद्दार, गेरा, अबीहूद, अबीशू,
नामान, अहोह, गेरा शपूपान अनि हुराम थिए।
६-७यी एहूदका सन्तानहरू थिए। तिनीहरू गेबामा
तिनीहरूका परिवारका अगुवाहरू थिए? तिनीहरूलाई
आफ्ना घर छाड़न अनि मनहतमा जान वाध्य तुल्याइएको
थियो। एहूदका सन्तानहरू नामान, अहियाह अनि गेरा
थिए गेराले तिनीहरूलाई घर छाडन कर लगाए। गेरा
उज्जा अनि अहीहूदका पिता थिए।
८शहरेमले आफ्नी पत्नीहरू हूशीम अनि बारालाई
मोआबमा त्यागपत्र दिए। तिनले यसो गरे पछि
अर्को पत्नीबाट केही छोरा छोरीहरूको जन्म भयो।
९-१०शहरेमका योबाब, सिब्या, मेशा, मल्काम, यूस,
साकिया अनि मिर्मा तिनकी पत्नी होदेशबाट जन्मिए
तिनीहरू आफ्ना परिवारहरूका प्रधानहरू थिए। ११शहरेम
अनि हुशीमका अबीतूब अनि एल्पाल नाउँका दुइ
छोराहरू भए।
१२-१३एल्पालका छोराहरू एबेर, मिशाम, शेमेद,
बरीअ अनि शेमा थिए। शेमेदले ओनो र लोद
शहरहरू अनि लोदको वरिपरि सा-साना शहरहरू
बसाए। बरीआ अनि शेमा अय्यालोनमा बस्ने परिवार-
परिवारका अगुवाहरू थिए। ती छोराहरूले गातमा बस्ने
मानिसहरूलाई गात छाडन बाध्य गराए।
१४बरीआका छोराहरू, अहियो शाशक अनि यरेमोत
थिए। १५जबदियाह, अराद, एदेर, १६मिखाएल, यिश्पा
अनि योहा थिए। १७एल्पालका छोराहरू जबदियाह,
मशुल्लाम, हिज्की, शेबेर, १८यिश्मरै, यिज्लीआ अनि
योबाब थिए।
१९शिमीका छोराहरू याकीम, जिक्री, जब्दी,
२०एलीएनै, सिल्लतै, एलीएल, २१अदायाह, बरायाह
अनि शिम्रात थिए।

२२शाशकका छोराहरू- यिश्मान, एबेर, एलीएल,
२३अब्दोन, जिक्री, हानान, २४हनन्याह, एलाम,
अन्तोतियाह, २५यिपदिया अनि पनूएल थिए।
२६यरोहामका छोराहरू- शम्शरै, शहर्याह, अतल्याह,
२७यारेश्याह, एलिया अनि जिक्री थिए।
२८यी सबै मानिसहरू आफ्ना परिवारहरूका अगुवाहरू
थिए। तिनीहरूको नाउँ तिनीहरूको वंशावलीको सूचीमा
प्रधानहरूको रूपमा राखिएका छ। तिनीहरू यरूशलेममा
बस्थे।
२९यीएल गिबोनका पिता थिए। तिनी गिबोन शहरमा
बस्थे। यीएलकी पत्नीको नाउँ माका थियो। ३०यीएलका
सबै भन्दा जेठा छोरा अब्दोन थिए। अन्य छोराहरू
शूर, कीश, बाल, नेर, नादाब, ३१गदोर अहियो,
जेकेर अनि मिक्लोत थिए। ३२मिक्लोत शिमाका पिता
थिए। यी छोराहरू पनि यरूशलेममा आफ्ना आफन्तहरूका
नजिकमा बस्थे।
३३नेर कीशका पिता थिए। कीश शाऊलका पिता
थिए अनि शाऊल जोनाथन, मल्कीशू, अबीनादाब
अनि एश्बालका पिता थिए।
३४जोनाथनको छोरा मरिब्बाल थिए। मरिब्बाल मीकाका
पिता थिए।
३५मीकाका छोराहरू पीतोन, मेलेक, तारे अनि
आहाज थिए।
३६आहाज यहोअदाका पिता थिए। यहोअदा आलेमेत,
अज्मावेत अनि जिम्रीका पिता थिए। जिम्री मोसाका
पिता थिए। ३७मोसा बिनाका पिता थिए। रापा बिनाका
छोरा थिए। एलासा रापाहका छोरा थिए अनि आसेल
एलासाका छोरा थिए। ३८आसेलका छ:जना छोराहरू
थिए। तिनीहरूका नाउँ अज्रीकाम, बोकरू, इश्माएल,
शार्याह, ओबदियाह अनि हानान थियो। यी सबै
आसेलका छोरा छोरीहरू थिए।
३९आसेलका भाइ एशेक थिए। एशेकका केही
छोराहरू थिए। यी एशेकका छोराहरू थिए: ऊलाम
एशेकका जेठा छोरा थिए। येऊश एशेकका माहिला
छोरा थिए। एलीपेलेत एशेकका कान्छा छोरा थिए।
४०ऊलामका छोराहरू बलवान सैनिकहरू थिए जो धनु
काँड चलाउनमा खूबै सिपालु थिए। तिनीहरूका धेरै
छोराहरू अनि नातिहरू थिए। सबै जम्मा १५० जना
छोरा र नातिहरू थिए।
यी सबै मानिसहरू बिन्यामीन कुलका थिए।

९ इस्राएलका सबै मानिसहरूको नाउँ तिनीहरूका
वंशावलीको सूचीमा लेखिएको छ। त्यो वंशावलीको
सूची इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा
लेखिएको छ।

### यरूशलेमका मानिसहरू

यहूदाका मानिसहरूलाई कैदी बनाईयो र बाबेलमा
जान बाध्य तुल्याइयो। तिनीहरूलाई त्यस स्थानमा
लगियो किनभने तिनीहरू परमेश्वर प्रति विश्वासनीय
थिएनन्। २सबै भन्दा पहिला फर्केर आउने अनि आफ्नै
भूमि र शहरहरूमा बस्ने मानिसहरू केही इस्राएलीहरू,
पूजाहारी, लेवीहरू अनि सेवकहरू जो मन्दिरमा काम
गर्छन् तिनीहरू थिए।
३यी मानिसहरू यहूदा, बिन्यामीन, एप्रैम अनि मनश्शे
कुल समूहहरूका थिए अनि तिनीहरू यरूशलेममा
बस्थे।
४ऊत्तै अम्मीहूदका छोरा थिए। अम्मीहूद, ओम्रीका
छोरा थिए। ओम्री इम्रीका छोरा थिए। इम्री बानीका
छोरा थिए। बानी पेरेसका सन्तान थिए। पेरेस यहूदाका
छोरा थिए।
५शीलोनी मानिसहरू जो यरूशलेममा बस्थे तिनीहरू
यी थिए: असायाह सबै भन्दा जेठा छोरा थिए अनि
असायाहका छोराहरू। जेरहाका मानिसहरू यी थिए जो
यरूशलेममा बस्थे।
६यूएल र तिनीहरूका आफन्तहरू। जम्मा ६९०
थिए।
७यी मानिसहरू बिन्यामीन कुल समूहका हुन जो
यरूशलेममा बस्थे सल्लू मशुल्लामका छोरा थिए।
मशुल्लाम होदबियाहका छोरा थिए। होदबियाह हस्सनूआका
छोरा थिए। ८यिब्नियाह यरोहामका छोरा थिए। एला
उज्जीका छोरा थिए। उज्जी मिक्रीका छोरा थिए अनि
मशुल्लाम शपत्याहका छोरा थिए। शपत्याह रूएलका
छोरा थिए। रूएल यिबनियाका छोरा थिए। ९बिन्यामीनको
वंशावली इतिहासले देखाउँछ कि तिनीहरू ९५६
संख्यामा थिए अनि यरूशलेममा बस्थे। तिनीहरू सबै
आफ्ना परिवारहरूका अगुवाहरू थिए।
१०यी ती पूजाहारीहरू हुन जो यरूशलेममा बस्थे।
यदायाह, यहोयारीब, याकीन अनि अजर्याह। ११अजर्याह
हिल्कियाहका छोरा थिए। हिल्कियाह मशुल्लामका
छोरा थिए। मशुल्लाम सादोकका छोरा थिए। सादोक
मरायोतका छोरा थिए। मरायोत अहीतूबका छोरा थिए।
अहीतूब परमेश्वरको मन्दिरका एक मुख्य अधिकारी
थिए। १२त्यहाँ यरोहामका छोरा अदायाह पनि थिए।
यरोहाम पशहूरका छोरा थिए। पशहूर मल्कियाहका
छोरा थिए अनि त्यहाँ अदीएलका छोरा मसै पनि थिए।
अदीएल यहजेराका छोरा थिए। यहजेरा मशुल्लामका
छोरा थिए। मशुल्लाम मशिलेमीतका छोरा थिए। मशिलेमीत
इम्मेरका छोरा थिए।
१३त्यहाँ १,७६० जना पूजाहारीहरू थिए। तिनीहरू
आफ्ना परिवारहरूका अगुवाहरू थिए। तिनीहरू
परमेश्वरको मन्दिरमा सेवाको निम्ति जिम्मावार योग्य
मानिसहरू थिए।
१४यी लेवी कुल समूहका मानिसहरू हुन जो
यरूशलेममा बस्थे यश्शूबका छोरा, शमायाह। यश्शूब

अज्रीकामका छोरा थिए। अज्रीकाम हशब्याहका छोरा थिए। हशब्याह मररीका सन्तान थिए। १५यरूशलेममा बस्ने बक्बक्कर, हेरेश, गालाल अनि मतन्याह पनि थिए। मतन्याह मीकाका छोरा थिए। मिका जिक्रीका छोरा थिए। जिक्री आसापका छोरा थिए। १६ओबदिया शमायाहका छोरा थिए। शमायाह गाललका छोरा थिए। गालाल यदूतूनका छोरा थिए। बेरेक्याह आसाका छोरा थिए। आसा एल्कानाका छोरा थिए। बेरेक्याह नतोपाहतीहरूको नजिकमा बस्थे।

१७यी द्वारपालकहरू हुन जो यरूशलेममा बस्थे। शल्लूम, अक्कूब तल्मोन, अहीमान अनि तिनीहरूका आफन्तहरू। शल्लुम तिनीहरूका प्रधान थिए। १८तिनीहरूले यी दिनहरूमा राजाको द्वारको पूर्वतिर सेवा गर्ने। तिनीहरू लेवी परिवार समूहबाट्का द्वारपालकहरू थिए। १९शल्लूम कोरेका छोरा थिए। कोरे एब्यासापका छोरा थिए। एब्यासाप कोरहका छोरा थिए। शल्लूम अनि उसका भाइहरू द्वारपालक थिए। तिनीहरू कोरहका परिवारका थिए। अनि तिनीहरूको काम पवित्र पालका प्रवेश द्वारहरूको रक्षा गर्नु थियो। तिनीहरूले यो काम गरे जसरी तिनीहरूका पिता-पुर्खाहरूले तिनीहरूले भन्दा अघिगर्थे। तिनीहरूका पिता-पुर्खाहरूका काम पवित्र पालको प्रवेशद्वार रक्षा गर्नु थियो। २०अतीतमा पीनहास द्वारपालहरूका निरीक्षक थिए। पीनहास एलाजारको छोरा थिए। परमप्रभु पीनहासको साथमा हुनुहुन्थ्यो। २१जकर्याह जो मेशेलेम्याहका छोरा थिए भेट हुने पालको प्रवेशद्वारका द्वारपालक थिए।

२२जम्मा २१२ जना मानिसहरू भेट हुने पालको द्वार रक्षा गर्नका निम्ति चुनिएका थिए। तिनीहरूका नाउँ तिनीहरूका वंशावलीको इतिहासमा तिनीहरूका गाउँ अनुसार लेखिएका थिए। दाऊद अनि दर्शी शमूएलले तिनीहरूलाई छाने किनभने तिनीहरू विश्वास योग्य थिए। २३द्वारपालकहरू र तिनीहरूका सन्तानहरू परमप्रभुको घर-द्वारहरूको रक्षा गर्ने जिम्मा थिए त्यो पवित्र पालका हो। २४त्यहाँ चारतिर द्वारहरू थिए। पूर्व, पश्चिम, उत्तर अनि दक्षिण। २५द्वापालकका आफन्तहरू जो साना शहरहरूमा बस्थे प्रत्येक सातदिनमा आउनु पर्थ्यो मौकामा तिनीहरूलाई सहयोग गर्नु पर्थ्यो। तिनीहरू आउँथे अनि हरेक पल्ट सात दिन सम्म द्वारपालकहरूलाई सघाउँथे।

२६चारजना द्वारपालकहरू थिए जो सबै द्वारपालकहरूका प्रधान थिए। तिनीहरू लेवी समूदायका मानिसहरू थिए। तिनीहरूको काम परमेश्वरको मन्दिरका कोठाहरू अनि कोषहरूको हेर चाह विचार गर्नु थियो। २७तिनीहरू परमेश्वरको मन्दिरको रक्षा गर्दै रात भरि जागा रहन्थे। तिनीहरू अनि प्रत्येक बिहान परमेश्वरको मन्दिर खोल्ने काम गर्थे।

२८केही द्वारपालकहरूको काम मन्दिरको सेवाहरूमा चलाईने थालहरूको हेरचाह गर्नु थियो। तिनीहरूले यी थालहरू गिन्ति गर्थे जब ती ल्याइन्थे। तिनीहरूले पछि पनि ती थालहरू गिन्ति गर्थे जब ती बाहिर लगिन्थे। २९केही द्वारपालकहरूले सजाइने सामग्रीहरू अनि सबै पवित्र थालहरूको हेरचाह गर्नलाई थिए। तिनीहरूले पीठो, दाखरस, तेल, धूप अनि विशेष तेलको हेरचाह गर्दथे। ३०पूजाहारीहरूलाई मात्र मसला मिसाउने काम दिएको थियो।

३१मत्तित्याह नाउँका एक लेवी मानिस थिए जसको काम भेटी चढ़ाउनमा उपयोग गरिने रोटी बनाउनु थियो। मत्तित्याह शल्लूमका सबै भन्दा जेठा छोरा थिए। शल्लूम कोरह परिवारका थिए। ३२केही द्वारपालकहरू जो कोरहका परिवारमा थिए तिनीहरूको काम हरेक विश्राम दिनमा मेचमा राखिने रोटी तयार पार्नु थियो।

३३लेवीहरू जो सङ्गीतकारहरू अनि आफ्ना परिवारहरूका अगुवाहरू थिए मन्दिरका कोठहरूमा बस्थे। तिनीहरूका अरू काम केहि थिएन किनभने तिनीहरू दिन रात मन्दिरको कामको निम्ति ब्यस्त थिए।

३४यी सबै लेवीहरूका आफ्ना अगुवाहरू थिए। प्रधानहरूको रूपमा तिनीहरूको वंशावलीको सूचीमा नाउँ लेखिएका थियो। तिनीहरू यरूशलेममा बस्थे।

## राजा शाऊलको पारिवारिक इतिहास

३५यीएल गिबोनका पिता थिए। यीएल गिबोन शहरमा बस्थे। यीएलकी पत्नीको नाउँ माका थियो। ३६यीएलका सबै भन्दा जेठा छोरा अब्दोन थिए। अरू छोराहरू सूर, कीश, बाल, नेर, नादाब, ३७गदोर, अहियो, जकर्याह, अनि मिक्लोत थियो। ३८मिक्लोत शिमामका पिता थिए। यीएलका परिवार यरूशलेममा तिनीहरूका आफन्तहरूका नजिक बस्थे।

३९नेर कीशका पिता थिए। कीश शाऊलका पिता थिए अनि शाऊल जोनाथन, मल्कीशू, अबीनादाब अनि एश्बालका पिता थिए।

४०जोनाथनका छोरा मरिब्बाल थिए। मरिब्बाल मीकाका पिता थिए।

४१मीकाका छोराहरू पीतोन, मेलेक, तहरै अनि आहाज थिए। ४२आहाज यादाहका पिता थिए। याराह आलेमेत, अज्मावेत अनि जिम्रीका पिता थिए। जिम्री मोसाका पिता थिए। ४३मोसा बिनाका पिता थिए। रपायाह बीनाका छोरा थिए। एलासा रपायाहका छोरा थिए अनि आसेल एलासाका छोरा थिए।

४४आसेलका छ जना छोराहरू थिए। तिनीहरूका नाउँ थिए: अज्रीकाम, बोकारू, इश्माएल, शार्याह, ओबदियाह अनि हानान हो। ती आसेलका छोरा छोरीहरू थिए।

## राजा शाऊलको मृत्यु

**१०** पलिश्ती मानिसहरू इस्राएलका मानिसहरू सित लड़े। इस्राएलका मानिसहरू पलिश्ती मानिसहरू देखि भागे। धेरै इस्राएलीहरू गिल्बो डाँड़ामा मारिए। २पलिश्तीहरूले शाऊल अनि उनका छोरालाई खेद्दै गए। तिनीहरूले उनीहरूलाई भेट्टाए अनि मारिदिए। पलिश्तीहरूले शाऊलका छोराहरू जोनाथन, अबीनादाब अनि मल्कीशूअलाई मारिदिए। ३शाऊलको चारैतिर घमासान युद्ध भयो। धनुधारीहरूले आफ्ना काँडले शाऊललाई हाने अनि उनलाई घाइतेतुल्याए।

४तब शाऊलले आफ्ना हतियार बोक्नेलाई भने, "तेरो तरवार बाहिर निकाल अनि मलाई मार्न प्रयोग गर। तब ती विदेशीहरूले मलाई चोट पुऱ्याउने छैनन्। अनि मलाई लज्जित बनाउने छैनन् जब तिनीहरू आउँदा।"

शाऊलका हतियार बोक्ने डराए। तिनले शाऊललाई मार्न अस्वीकार गरे। तब शाऊलले आफैलाई मार्न आफ्नै तरवार प्रयोग गरे। तिनी आफ्ना तरवारको चुच्चोमा लड़े। ५हतियार बोक्नेले शाऊलको मृत्यु भएको देखे। तब उसले पनि उ तरवारको चुच्चयोमा लड़े र आत्माहत्या गरे। ६यसरी शाऊल अनि तिनका तीन जना छोराहरूको पनी मृत्यु भयो। शाऊलका परिवार सबैको एकसाथ मृत्यु भयो।

७बेंसीमा बस्ने सबै इस्राएलका मानिसहरूले देखे कि तिनीहरूका आफ्नै सेना भागे। तिनीहरूले देखे कि शाऊल अनि तिनका छोराहरू मरे। यसर्थ तिनीहरूले आफ्ना शहरहरू छोडे र भागे। तब पलिश्ती मानिसहरू इस्राएलका मानिसहरूले छाड़ेका शहरहरूमा आए अनि पलिश्ती मानिसहरू ती शहर कब्जागरि बसे।

८भोलि पल्ट पलिश्ती मानिसहरू मृत शरीरहरूबाट मूल्यवान चीजहरू लिन आए। तिनीहरूले शाऊलको शरीर अनि तिनका छोराहरूका शरीरहरू गिल्बो डाँड़ामा पाए। ९पलिश्तीहरूले शाऊलको शरीरबाट मूल्यवान चीजहरू निकाली लगे। तिनीहरूले शाऊलको शिर अनि हतियारहरू पनी लगे। तिनीहरूले उनीहरूका देशभरि उनीहरूका असत्य देवताहरू अनि उनीहरूका मानिसहरूलाई खबर सुनाउनका निम्ति दूतहरू पठाए। १०पलिश्तीहरूले शाऊलको हतियारहरू तिनीहरूका असत्य देवताहरूको मन्दिरमा राखे। तिनीहरूले शाऊलको शिर दागोनको मन्दिरमा झुण्ड्याए।

११याबेश गिलाद शहरमा बस्ने सबै मानिसहरूले पलिश्ती मानिसहरूले शाऊल प्रति गरेका सबै कुराहरू सुने। १२याबेश गिलादको सबै साहसी मानिसहरू लिएर शाऊल अनि उसका छोराहरूका मृतदेहहरू लिन गए। तिनीहरूले ती मृतदेहहरू याबेश गिलादमा ल्याए। तिनीहरूले शाऊल अनि तिनका छोराहरूको हड्डीहरू याबेशमा एक विशाल रूखमुनि गाडे। त्यस पछि तिनीहरू सात दिनसम्म उपवास बसे।

१३शाऊलको मृत्यु भयो किनभने तिनी परमप्रभु प्रति विश्वासनीय भएनन्। शाऊलले परमप्रभुका वचन पालन गरेनन्। शाऊलले परमप्रभुलाई सोध्नुको सट्टा एउटा भूतप्रेत खेलाउने कहाँ गए अनि तिनको सल्लाह मागे। १४तिनले परमप्रभुको सल्लाह लिएनन्। त्यसै कारणले परमप्रभुले शाऊललाई मारिदिनु भयो अनि राज्य यिशैको छोरा दाऊदलाई दिनु भयो।

## दाऊद इस्राएलका राजा हुन्छन्

**११** इस्राएलका सबै मानिसहरू हेब्रोन शहरमा दाऊदकहाँ आए। तिनीहरूले दाऊदलाई भने, "हामी तपाईकै मासु र रगतहौ। २अतीतमा तपाईले हामीलाई युद्धमा अगुवाइ गर्नु भयो। तपाईले शाऊल राजा हुँदा पनि हाम्रो अगुवाई गर्नु भयो। परमप्रभुले तपाईलाई भन्नु भयो, 'दाऊद तँ इस्राएलका मेरा मानिसहरूलको गोठालो हुनेछ्स। तँ मेरा मानिसहरूको प्रधान हुनेछस।'"

३इस्राएलका सबै बूढ़ा-प्रधानहरू हेब्रोन शहरमा दाऊद कहाँ आए। दाऊदले हेब्रोनमा परमप्रभु समक्ष ती बूढ़ा-प्रधानहरूसित एक करार गरे अनि ती बूढ़ा-प्रधानहरूले दाऊदलाई अभिषेक गरे। तिनीहरूले तिनलाई इस्राएलका राजा बनाए। परमप्रभुले यसो हुन्छ भनी वचन दिनु भएको थियो। परमप्रभुले त्यो वचन दिनका निम्ति शमूएलाई उपयोग गर्नु भएको थियो।

## दाऊदले यरूशलेम कब्जा गरेका

४दाऊद अनि इस्राएलका सबै मानिसहरू यरूशलेम शहर गए। यरूशलेमलाई त्यस समयमा यबूस भनिन्थ्यो। त्यो शहरमा बस्ने मानिसहरूलाई यबूसी भनिन्थ्यो। त्यो शहरमा ५जो मानिसहरू बस्थे तिनीहरूले दाऊदलाई भने, "तपाई हाम्रो शहर भित्र आउन सक्नु हुन्न।" तर दाऊदले ती मानिसहरूलाई परास्त गरिदिए। दाऊदले सियोनको किल्ला लिए। यो स्थान दाऊदको शहर बन्यो।

६दाऊदले भने, "त्यो व्यक्ति जसले यबूसी मानिसहरू माथि आक्रमण गर्छ, मेरा सम्पूर्ण सेनाको सेनापति हुनेछ।" यसर्थ योआबले आक्रमणको अगुवाइ गरे। योआब सरूयाहका छोरा थिए। योआब सेनाका सेनापति बने। ७तब दाऊदले किल्लामा आफ्ना घर बनाए। त्यसै कारणले यसलाई दाऊदको शहर नाउँ दिइएको हो। ८दाऊदले किल्ला वरिपरि शहर बसाए। तिनले यो मिल्लो देखि शहर वरिपरिको सबै ठाउँमा पर्खाल बनाए। योआबले शहरका अन्य भागको मरम्मत गरे। ९दाऊद लगातार सफल हुँदैगए। सर्वशक्तिमान परमप्रभु तिनीसित हुनुहुन्थ्यो।

## तीन वीरहरू

१०यो सूची दाऊदका विशेष सेनापतिहरूको हो। यी बीरहरू दाऊदसित तिनका राज्यमा अति शक्तिशाली बने। तिनीहरू र इस्राएलका सबै मानिसहरूले दाऊदलाई सहयोग गरे अनि तिनलाई राजा बनाए। यो परमेश्वरले वचन दिनु भए जस्तै भयो।

११यो सूची दाऊदका विशेष सैनिकहरूको हो:

याशोबाम हक्मोनी थिए। याशोबाम अधिकारीहरूका अगुवा थिए। याशोबामले एकै पल्टमा तीन सय मानिसहरूलाई आफ्नो भाला प्रयोग गरेर मारे।

१२अर्को अहोही दोदोका छोरा एलाजार थिए। एलाजार ती तीन वीरहरू मध्ये एक थिए। १३एलाजार पास-दम्मीममा दाऊदसँग थिए। पलिश्तीहरू युद्ध लड्न तयारीको निम्ति त्यस स्थानमा आएका थिए। त्यस स्थान एक जौले भरिएको खेत थियो। इस्राएलीहरू पलिश्तीहरू देखि भागे। १४तर ती तीन बीरहरू त्यही खेतमा बसीरहे अनि त्यसलाई रक्षा गरे। तिनीहरूले पलिश्तीहरूलाई परास्त गरे। परमप्रभुले इस्राएलका मानिसहरूलाई महान विजय दिनुभयो।

१५एकपल्ट, दाऊद अदुल्लामको ओड़ारमा थिए, अनि पलिश्ती सेना तल रपाईमको बेंसीमा थिए। तीसजना वीरहरू मध्ये तीनजना वीरहरू दाऊदलाई ओड़ार भेटनसम्म पुगे।

१६अर्कोसमय, दाऊद किल्लामा थिए, अनि पलिश्ती सेनाका एकदल बेतलेहेममा थिए। १७दाऊद तिर्खाएका थिए आफ्ना शहरको पानीका निम्ति यसर्थ तिनले भने, "म चाहन्छु कि कसैले मलाई बेतलेहेम शहरको द्वार नजिकको कूवाबाट केही पानी देओस्।" दाऊदले वास्तवमा त्यो चाहेका थिएनन् तिनी केवल कुरा मात्र गरेका थिए।

१८तर ती तीन जना वीरहरूले पलिश्ती सेनाहरूको बीच भएर युद्धगर्दै बाटो पौलाए र यी तीन व्यक्तिहरूले बेतलेहेमको शहरद्वार छेउको कूवाबाट केही पानी लिए। तब ती तीन वीरहरूले ल्याएको पानी दाऊदकहाँ ल्याए। दाऊदले पानी पिउन अस्वीकार गरे। तिनले त्यो पानी परमप्रभुलाई भेटेको रूपमा भूइँमा खन्याए। १९दाऊदले भने, "परमेश्वर, म यो पानी पिउँन सक्तिनँ। यो पानी मैले पिएँ भने ती व्यक्तिहरूको रगत पिएको जस्तो हुनेछ जसले मेरो निम्ति यो पानी ल्याउँन आफ्ना जीवन खतरामा पारे।" त्यस कारण दाऊदले पानी पिउन अस्वीकार गरे। ती तीन जना वीरहरूले यस्ता अनेक साहसी कार्यहरू गरे।

## अन्य वीर सैनिकहरू

२०योआबका भाइ अबीशै यी तीन बीरहरूका प्रधान थिए। तिनले आफ्ना भाला द्वारा ३०० मानिसहरूसित युद्ध गरे अनि तिनीहरूलाई मारिदिए। अबीशै ती तीन वीरहरू जस्तै प्रसिद्ध थिए। २१अबीशै ती तीस जना वीरहरू भन्दा दोबर प्रसिद्ध थिए। तिनी ती तीन वीरहरू मध्ये एक नभएता पनि तिनी तीसजनाका अगुवा थिए।

२२यहोयादाका छोरा, बनायाह शक्तिशाली "मानिस" थिए। उनी कबसेलबाटका थिए। बनायाहले मोआब देशका दुइजना महान् वीरहरूलाई मारे। एक दिन हिंउ पर्दै थियो, बनायाह भूइँमा भएको खाडल मित्र पसे। अनि एक सिंहलाई मारे। २३अनि बनायाहले एक ठूलो मिश्र देशका सैनिकहरूलाई मारे। ती व्यक्ति प्राय: साँढ़े सात फीट अग्ला थिए। त्यस मिश्र्देशकाहरू संग एउटा भाला थियो त्यो खूबै ठूलो अनि गहुँगो थियो। त्यो जुलाहाको तानको डण्डा जस्तै ठूलो थियो। बनायाहसित एउटा लहुरो मात्र थियो। बनायाहले त्यो मिश्र्देशीको हातमा भएको भाला अठ्याए र उसकोहातबाट खोसे। तब बनायाहले त्यस मिश्र्देशीलाई उसको आफ्नै भालाद्वारा मारिदिए। २४बनायाह यहोयादाका छोराले अनेक यस्ता साहसी कार्य गरे। बनायाह ती तीन वीरहरू जस्तै प्रसिद्ध थिए। २५बनायाह ती तीसजना वीरहरू भन्दा अधिक प्रसिद्ध थिए, तर पनी तीन वीरहरू मध्येका एकजना तिनी थिएनन्। दाऊदले बनायाहलाई आफ्ना अङ्गरक्षकहरूका प्रधान बनाए।

## तीस जना वीरहरू

२६पराक्रमी सैनकहरूका तीस जना बीर योद्धा यी हुन: योआबका भाई असाहेल, बेतलेहेम दोदोका छोरा एल्हानान; २७शम्मोत, हारोद, हेलेस, पेलोनी, २८ईरा, तकोईका ईक्केशका छोरा; अनातोतका अबीएजेर, २९सिब्बकै हुशाती; ईलै, अहोही; ३०नतोपाका महरै; नतोपाकै बानाका छोरा हेलेद, ३१बिन्यामीनके गिबाका रीबैका छोरा; इतै, पिरातोनका, बनायाह, ३२गाशका खोल्चाहरूका हुरै, अर्वातीका अबीएल, ३३ बहरीमका अज्मावेत; शाल्बोनका, एल्याहबा, ३४गीजोनी हाशेमका छोराहरू; जोनाथन, हरारी शागेका छोरा; ३५अहीआम, हरारी साकारका छोरा; एलीपाल, ऊरका छोरा, ३६मेकराहका हेपेर, अहियाह, पेलोनी, ३७कार्मेली हेस्रो, एज्बैका छोरा; नारै, ३८नातानका भाइ; योएल, हग्रीका छोरा; मिभार, ३९अम्मोनी; सेलेक, बेरोतका; नहरै, नहरैले सरूयाहका छोरा योआबको कवच बोकेका थिए। ४०येतेरी, ईरा, सतत्री, गारेब, ४१अहलैका छोरा हित्ती, उरियाह, जाबाद, ४२अदीन, रूबेनको कुल समूहका शीजाका छोरा; अदीना रूबेनको कुल समूहका अगुवा थिए, अनि उसित तीस वीरहरू थिए। ४३हानान, माकाका छोरा; मित्नी, योशापात, ४४उज्जीयाह, अश्तेराती; होतामका छोराहरू शामा अनि यीएल, अरोएका ४५यदीएल, शिम्रीका छोरा अनि तिनका भाइ तिजी योहा, ४६महाबी, एदीएल, यरीबै अनि योशब्याह,

एल्नामका छोराहरू, यित्मा, मोआबी; ४७एलीएल;
ओबेद अनि योबाका यासीएल।

## दाऊदसँग भएका साहसी मानिसहरू

१२ यो मानिसहरूको सूची थियो जो दाऊद कहाँ
समिलित हुन आएका थिए जब तिनी सिक्लगमा
थिए। यो त्यस समयको कुरा थियो जब दाऊद
कीशका छोरा शाऊलबाट लुकेका थिए। यी मानिसहरूले
दाऊदलाई युद्धमा सहायता गरेका थिए। २यी मानिसहरू
आफ्ना दाहिने वा देब्रेहातले आफ्ना धनुहरूबाट काँड़
हान्न सिपालू थिए। तिनीहरूले दुवै हातले आफ्ना
घुयेत्रोद्वारा पनि ढुँङ्गा हान्न सक्थे। तिनीहरू बिन्यामीनका
कुल समूहका शाऊलका आफन्तहरू थिए। तिनीहरू
थिए! ३अहीएजेर, तिनीहरूका प्रधान अनि योआश;
अहीएजेर अनि योआश गिबीयाती शेमाहका छोराहरू
थिए। यजीएल अनि पेलेत; यजीएल र पेलेत अज्मावेतका
छोराहरू थिए। बराका र येहू अनातोत शहरका थिए।
४यिश्मायाह गिबोन शहरका थिए। यिश्मायाह तीन
वीरहरू मध्य एक थिए अनि तिनी तीन वीरहरूका
प्रधान पनि थिए। यिर्मयाह, यहजीएल, योहानान अनि
योजाबाद- गदेरा ती मानिसहरूबाट; ५एलूजै- यरीमोत,
बाल्याह, अनि शमर्याह, शपत्याह, हारूपी, ६एल्काना,
यिशियाह अज्रेल, योएजेर अनि याशोबाम, सबै कोरहका
परिवार समूहका; ७योएलह अनि जबदियाह, गेदोर
शहरका यरोहामका छोराहरू हुन।

## गादी मानिसहरू

८गाद कुल समूहका एक भाग दाऊदसँग मरूभूमिमा
तिनका किल्लामा आएर मिले। तिनीहरू युद्धका निम्ति
शिक्षा पाएका साहसी सैनिकहरू थिए। तिनीहरू ढाल
अनि भाला चलाउनमा सिपालु थिए। तिनीहरू सिंह
जस्तै भीषण देखिन्थे। अनि तिनीहरू पर्वतमा मृगजस्तै
छिटो दगुर्न सक्थे।

९एजेर गाद कुल समूहबाट सेनाका प्रधान थिए।
ओबदियाह अधिकारमा दोस्रो दर्जाका थिए। एलिआब
अधिकारमा तेस्रो दर्जाका थिए। १०मिश्मन्ना अधिकारमा
चौथा दर्जाका थिए। यिर्मयाह अधिकारमा पाँचौं दर्जाका
थिए। ११अत्तै अधिकारमा छैटौं दर्जाका थिए। एलीएल
अधिकारमा सातौं दर्जाका थिए। १२योहानान अधिकारमा
आठौं दर्जाका थिए। एल्जाबाद अधिकारमा नवौं दर्जाका
थिए। १३यिर्मयाह अधिकारमा दशौं दर्जाका थिए।
मकबन्नै अधिकारमा एघारौं दर्जाका थिए।

१४ती मानिसहरू गादी सेनाका प्रधानहरू थिए। त्यस
समूहका सबैभन्दा कमजोर सैनिकले पनि शत्रुका एकसय
सैनिकहरूसित युद्ध गर्न सक्थे। त्यो परिवार समूहका
सबै भन्दा बलवान सैनिक शुत्रुका एकहजार सैनिकहरूसित
युद्ध गर्नसक्थे। १५गाद कुल समूहका मानिसहरू
सैनिक थिए जो वर्षको पहिलो महीना यर्दन नदी पारी
जान्थे। त्यो वर्षाको समय थियो जब यर्दन नदीमा बाढ़ी
आइरहेथ्यो। तिनीहरूले बेंसीहरूमा बस्ने सबै
मानिसहरूलाई खेदी पठाए। तिनीहरूले ती मानिसहरूलाई
पूर्व र पश्चिम तिर खेदे।

## दाऊदसँग अन्य सैनकिहरू मिले

१६बिन्यामीन र यहूदाका कुल समूहहरूबाट अन्य
मानिसहरू किल्लामा दाऊदकहाँ आए। १७दाऊद
तिनीहरूलाई भेट्न बाहिर गए। दाऊदले तिनीहरूलाई
भने, "यदि तिमीहरू शान्तिसित मलाई सहायता गर्न
आएका हौ भने म तिमीहरूलाई स्वागत गर्छु। मेरो
साथ बस। तर यदि तिमीहरू मेरो जासूसी गर्न आएका
हौ भने, जब मैले केही नराम्रो गरेको छैन् तब हाम्रा
पिता-पुर्खाहरूका परमेश्वरले हेर्नु हुनेछ तिमीहरूले के
गर्‍यौ भनी अनि तिमीहरूलाई दण्ड दिनु हुनेछ।"

१८अमासै तीस बीरहरूका अगुवा थिए। तब,
आत्माद्वारा बोल्यो अनि भन्यो।

"दाऊद, हामी तपाईका हौं। यिशैका छोरा, हामी
तपाईसित छौं, तपाईलाई शान्ति, शान्ति होस्! ती
मानिसहरूलाई शान्ति होस जसले तपाईलाई सहायता
गरे! किन? किनभने तपाईको परमेश्वरले तपाईलाई
सहायता गर्नुहुन्छ।"

यसकारण दाऊदले यी मानिसहरूलाई आफ्ना समूहमा
स्वागत गरे अनि तिनीहरूलाई उसका सेनाहरूका
अधिकारीहरू बनाए।

१९मनश्शेका कुल समूहका केही मानिसहरू पनि
दाऊदसित मिले। जब तिनीहरू दाऊदसित मिले तब
तिनी पलिश्तीहरूका साथ शाऊलसित युद्ध गर्न गए।
तर दाऊद अनि तिनका मानिसहरूले पलिश्तीहरूलाई
वास्तवमा सहायता गरेनन्। पलिश्ती प्रधानहरूले
तिनीहरूलाई दाऊदले सहायता गरिरहेछन भन्ने विषयमा
कुरा गरे, तब तिनीहरूले तिनलाई पठाइदिने निश्चय
गरे। ती शासकहरूले भने, "यदि दाऊद तिनका
मालिक शाऊल कहाँ फर्के भने हाम्रा शिरहरू काटिने
छन्।" २०यी मनश्शेका मानिसहरू थिए जो दाऊदसँग
मिलेका थिए जब तिनी सिक्लग शहर गए: अदनाह,
योजाबाद, यदीएल, मीकाएल, योजाबाद, एलीहू अनि
सिल्लतै। यी सबै जना मनश्शेका कुल समूहबाट सेना
अध्यक्षहरू थिए। २१तिनीहरूले दाऊदलाई नराम्रा
मानिसहरूसित लडन सहायता गरेका थिए। ती नराम्रा
मानिसहरू देशको चारै तिर गएर मानिसहरूका
सामानहरू चोर्थे। मनश्शेका यी सबै मानिसहरू साहसी
सैनिकहरू थिए। तिनीहरू दाऊदका सेना प्रधानहरू
भए। २२धेरै भन्दा धेरै मानिसहरू दिन प्रतिदिन दाऊदलाई
सहायता गर्नआए। यसरी दाऊदका धेरै शक्तिशाली
सेनाहरू भए।

## अन्य मानिसहरू हेब्रोनमा दाऊद संग मिले

२३यी संख्याहरू ती मानिसहरूका हुन जो हेब्रोन शहरमा दाऊद कहाँ आए। यी मानिसहरू युद्धका निम्ती तयार थिए। तिनीहरू शाऊलको राज्याधिकार दाऊदलाई दिन आए। यो त्यही कुरा थियो जो हुने छ भनी परमप्रभुले भन्नु भएको थियो। यो तिनीहरूको संख्या हो:

२४यहूदाका कुल समूहबाट युद्धका निम्ति ६,८०० मानिसहरू तयार थिए। तिनीहरूले ढाल र भालाहरू बोक्थे।

२५शिमोनका कुल समूहबाट ७,१०० मानिसहरू थिए। तिनीहरू युद्धका निम्ति तयार सहासी सैनिकहरू थिए।

२६लेवीका कुल समूहबाट ४,६०० मानिसहरू
थिए। २७यहोयादा त्यो समूहमा थिए। तिनी हारून परिवारका अगुवा थिए। यहोयादासित ३,७०० मानिसहरू थिए।

२८सादोक पनि त्यस समूहमा थिए। तिनी एक साहसी युवा सैनकि थिए। तिनी आफ्ना परिवारका बाईस जना अधिकारीहरूसित आए।

२९बिन्यामीन कुल समूहबाट ३,००० मानिसहरू थिए। तिनीहरू शाऊलका आफन्तहरू थिए। धेरै जसो यी मानिसहरू त्यस बेलासम्म शाऊलका परिवार प्रति विश्‍वसनीय रहे।

३०एप्रैम कुल समूहबाट २०,८०० मानिसहरू थिए। तिनीहरू साहसी सैनिकहरू थिए। तिनीहरू आफ्ना गोत्र अनुसार प्रसिद्ध मानिसहरू थिए।

३१मनश्शे कुल समूहका आधाबाट १८,००० मानिसहरू थिए। तिनीहरूलाई नाउँद्वारा आउनु अनि दाऊदलाई राजा बनाउन बोलाइयो।

३२इस्साकार कुल समूहबाट २०० बुद्धिमान अगुवाहरू थिए। ती मानिसहरूले उचित समयमा इस्राएलले गर्नु पर्ने ठीक कुराहरू जान्दथे। तिनीहरूका आफन्तहरूले तिनीहरूको आदेश भन्द थिए।

३३जबूलून कुल समूहमा ५०,००० शिक्षित सैनकिहरू थिए। तिनीहरू सबै किसिमका हतियारहरू चलाउनमा सिपालू थिए। तिनीहरू दाऊद प्रति खुबै बफादारी थिए।

३४नप्तली कुल समूहबाट १,००० अधिकारीहरू थिए। तिनीहरूसित ३७,००० मानिसहरू थिए। ती मानिसहरू ढाल अनि भालाहरू बोक्थे।

३५दान कुल समूहबाट २८,६०० मानिहसहरू युद्धका निम्ति तयार थिए।

३६आशेर कुल समूहबाट युद्धका निम्ति ४०,००० शिक्षित सैनिकहरू तयार थिए।

३७यर्दन नदीको पूर्व तर्फबाट रूबेन गाद अनि मनश्शेका आधा कुल समूहबाट १,२०,००० मानिसहरू थिए। ती मानिसहरूसित सबै किसिमका हतियारहरू थिए।

३८ती सबै मानिसहरू साहसी लडाकुहरू थिए। तिनीहरू दाऊदलाई राजा तुल्याउन दृढ़ संकल्प गरेर हेब्रोनमा आएका थिए। समस्त इस्राएलका राजा बनाउन पूर्ण सहमत भएर हेब्रोन शहरमा इस्राएलका अन्य सबै मानिसहरू पनि दाऊद राजा हुनु पर्छ, भन्ने कुरामा
सहमत थिए। ३९ती मानिसहरूले दाऊदसित हेब्रोनमा तीन दिन बिताए। तिनीहरूले खाए अनि पिए किनभने तिनीहरूका आफन्तहरूले तिनीहरूका निम्ति खाने कुरा
तयार गरेका थिए। ४०तिनीहरूका ती क्षेत्रका छिमेकीहरूले पनि जहाँ इस्साकार, जबूलून अनि नप्तालीका कुल समूहहरू बस्थे! खाने कुरा, गधा, ऊँट, खच्चर अनि गोरूहरूमा लिएर आए। तिनीहरूले प्रशस्त मात्रामा पीठो, नेभाराका डल्ला, किसमिसका भुप्मा, दाखका डल्ला, दाखरस, तेल गाई गोरूहरू अनि भेडाहरू ल्याए। इस्राएलका मानिसहरू अत्यन्त प्रसन्न थिए।

## करारको सन्दूक फर्काई ल्याएको

**१३** दाऊदले आफ्ना सेनाका सबै अधिकारीहरूसित कुरा-काँनी गरे। २तब दाऊदले इस्राएली मानिहसहरूलाई एक साथ बोलाए। तिनले उनीहरूलाई भने, "यदि तिमीहरूको राम्रो विचार होभन्ने सम्भन्छौ भने, अनि यदि परमप्रभु यही चाहनुहुन्छ इस्राएलका सबै क्षेत्रमा हाम्रा दाज्यू-भाईहरूलाई हामी सन्देश पठाऔं साथै पूजाहारीहरू अनि लेवीहरू कहाँ पनि सन्देश पठाऔं जो हाम्रा दाज्यू-भाईहरूसित आफ्ना शहरहरू र ती शहर नजिकका खेतहरूमा बस्छन्। सन्देशमा तिनीहरूलाई आउनु अनि हाम्रो साथ रहनु
भनियोस्। ३करारको सन्दूकलाई यरूशलेममा हामीकहाँ फर्काई ल्याऔं। हामीले करारको सन्दूकको वास्ता गरेका थिएनौं जब शाऊल राजा थिए।"
४यसर्थ इस्राएलका सबै मानिसहरू दाऊदसँग सहमत भए। तिनीहरू सबैले सोचे यसो गर्नु नै उचित हुनेछ।

५यसर्थ दाऊदले मिश्रदेशको शिहोर नदी देखि लेबो हमात शहर सम्मका सबै इस्राएलका मानिसहरूलाई भेला गरे। करारको सन्दूकलाई किर्यत-यारीमबाट फर्काई ल्याउनदा तिनीहरू साथमा आए।
६दाऊद र तिनका साथमा सबै इस्राएलका मानिसहरू यहूदाको बालाहामा गए। बालाहा, किर्यत यारीमको अर्को नाउँ हो। तिनीहरू करारको सन्दूक बाहिर ल्याउनका निम्ति त्यहाँ गए। त्यो करारको सन्दूक परमेश्‍वर परमप्रभुको सन्दूक हो। उहाँ करूब स्वर्ग दूतहरूको माथि बस्नुहुन्छ। यो त्यो सन्दूक हो जसलाई परमप्रभुको नाउँद्वारा पुकारिन्छ।

७मानिसहरूले अबीनादाबको घरबाट करारको सन्दूक सारे। तिनीहरूले सन्दूकलाई नयाँ रथमा राखे। उज्जाह अनि अहियोले रथ हाँक्दै लगे।

८दाऊद अनि इस्राएलका सबै मानिसहरू परमेश्वरको समक्ष उत्सव मनाइरहेका थिए। तिनीहरूले परमेश्वरको स्तुति गर्दै थिए अनि गीतहरू गाउँदै थिए। तिनीरू सारङ्गी, वीणा, ढोल, झ्याली, खैँजडी अनि तुरही बजाउँदै थिए।

९तिनीहरू किदोनको खलामा आए। रथ तान्ने साँढ़ेहरू ठोक्किए अनि करारको सन्दूक झण्डै लड्यो। उज्जाहले सन्दूक समात्न हात बढ़ाए। १०परमप्रभु उज्जाहसित खुबै रिसाउनु भयो। परमप्रभुले उज्जाहलाई मारिदिनु भयो किनभने उसले सन्दूक छोएका थिए। यसरी उज्जाह त्यतिनैखेर परमेश्वरको समक्ष मरे। ११परमेश्वरले उहाँको क्रोध उज्जाह प्रति देखाउनु भयो अनि यसले दाऊदलाई अप्रशन्त तुल्यायो। त्यस समय देखि अहिले सम्म त्यस स्थानलाई "पेरेस-उज्जाह" भनिन्छ।

१२दाऊद त्यस दिन परमेश्वर देखी भयभीत भए। दाऊदले भने, "म करारको सन्दूक यहाँ मेरोमा ल्याउन सक्तिनँ।" १३यसर्थ दाऊदले करारको सन्दूक आफूसित दाऊदको शहरमा लगेगन् तर तिनले एकातिर लागे गिन्ती ओबेद-एदोमको घरमा छोडे। ओबेद-एदोम गात शहरका थिए। १४करारको सन्दूक ओबेद-एदोमका परिवारसित उनको घरमा तीन महीना सम्म रह्यो। परमप्रभुले ओबेद-एदोमका परिवारलाई अनि ओबेद एदोमका हरेक वस्तुलाई आशिष् दिनुभयो।

## दाऊदको राज्य बिस्तार हुन्छ

१४ हीराम सोर शहरका राजा थिए। हीरामले दाऊदकहाँ दूतहरू पठाए। हीरामले देवदार बृक्षका मूढाहरू, डकर्मी र सिकर्मीहरू पनि दाऊद कहाँ पठाए। हीरामले ती दाऊदको निम्ति महल निर्माण गर्नलाई पठाए। २तब दाऊदले देखे कि परमप्रभुले साँच्चै नै तिनलाई इस्राएलका राजा बनाउनु भयो। परमप्रभुले दाऊदको राज्यलाई खुबै विशाल अनि शक्तिशाली तुल्याइदिनु भयो। परमेश्वरले यसो गर्नुभयो किनभने उहाँले दाऊदलाई अनि इस्राएलका मानिसहरूलाई प्रेम गर्नुहुन्थ्यो।

३दाऊदले यरूशलेम शहरमा धेरै स्त्रीहरूलाई विवाह गरे। अनि तिनका धेरै छोरा छोरीहरू भए। ४यरूशलेममा जन्म भएका दाऊदका छोरा छोरीहरूका नाँउ यी हुन्: शम्मूअ, शोबाब, नातान, सुलेमान, ५यिभार, एलीशूअ, एल्पेलेत, ६नोगह, नेपेग, यापी, ७एलीशामा, बेलीयादा अनि एलीपेलेत।

## दाऊदले पलिश्तीहरूलाई पराजित गर्छन्

८पलिश्ती मानिसहरूले सुने कि दाऊद इस्राएलका राजा चुनिएकाछन्। यसर्थ सबै पलिश्ती मानिसहरू दाऊदको खोजिमा गए। दाऊदले यस विषयमा सुने। तब तिनी पलिश्ती मानिसहरूसित युद्ध गर्न निक्ले। ९पलिश्ती मानिसहरूले रपाईमको बेंसीमा बस्ने मानिसहरू माथि आक्रमण गरे अनि तिनीहरूका सर सामानहरू चोरे। १०दाऊदले परमेश्वरलाई सोधे, "के म जाऊँ अनि पलिश्ती मानिसहरूसित युद्ध गुरू? के मलाई तपाईले उनीहरूलाई परास्त गर्नु दिनुहुन्छ?"

परमप्रभुले दाऊदलाई उत्तर दिनु भयो, "जा, म तँलाई ती पलिश्ती मानिसहरूलाई परास्त पार्न दिनेछु।"

११तब दाऊद र तिनका मानिसहरू बाल पराजीम शहरसम्म गए। त्यहाँ दाऊद अनि तिनका मानिसहरूले पलिश्ती मानिसहरूलाई परास्त गरे। दाऊदले भने, "भत्केको बाँधबाट पानी छुट्छ। त्यही प्रकारले परमेश्वरले मेरो शत्रुहरू माथि छुट्नु भयो। परमेश्वरले मेरो माध्यमबाट यसो गर्नुभयो।" त्यसै कारणले त्यस स्थानको नाउँ बाल-पराजीम राखिएको हो। १२पलिश्ती मानिसहरूले बाल पराजीममा आफ्ना मूर्तिहरू छाडेका थिए। दाऊदले आफ्ना मानिसहरू ती मूर्तिहरूलाई जलाउने आदेश दिए।

## पलिश्ती मानिसहरू माथि अर्को विजय

१३पलिश्तीहरूले रपाईमको बेंसीमा बस्ने मानिसहरू माथी फेरि आक्रमण गरे। १४दाऊदले फेरी परमेश्वरसित प्रार्थना गरे। परमेश्वरले दाऊदको प्रार्थनाको उत्तर दिनुभयो। परमेश्वरले भन्नु भयो, "दाऊद, जब तँ आक्रमण गर्दा पलिश्तीहरूको पछि पहाड़ तिर नलाग। त्यसको साटो तिनीहरूको चारै तिर जा अनि पीपलका रूखहरूका पहाड़ी पट्टी लुक। १५अनि त्यस समयमा तिमीले किम्बूको टुप्पोहरूबाट हिड़ीरहेको आवाज सुन्ने छौ। तब तिमीले पलिश्तीहरू माथि आक्रमण गर्नु नै पर्छ। तिमीले यसो अवश्यै गर्नु पर्छ। परमेश्वर आफै तिमीहरूका अघि अघि पलिश्तीका सेनाहरूलाई प्रहार गर्न जानुहुनेछ।" १६दाऊदले त्यसै गरे जो परमेश्वरले तिनलाई गर्नु भन्नुभएको थियो। यसरी दाऊद अनि तिनका मानिसहरूले पलिश्ती सेनालाई परास्त गरे। तिनीहरूले गिबोन शहरदेखि गेजेर शहर सम्मका सबै पलिश्ती सेनाहरूलाई मारे। १७यसरी दाऊद सबै देशहरूमा प्रसिद्ध भए। परमप्रभुले सबै राष्ट्रहरूलाई दाऊददेखी भयभीत तुल्याउनु भयो।

## यरूशलेममा करारको सन्दूक

१५ दाऊदले आफ्ने निम्ति दाऊदशहरमा राजमहलहरू बनाए। तब तिनले करारको सन्दूक राख्नलाई एउटा स्थान बनाए। तिनले त्यसका निम्ति पाल टाँगे। २तब दाऊदले भने, "लेवीहरूलाई मात्र करारको सन्दूक बोक्ने अनुमति छ। किनभने तिनीहरू हुन् जसलाई परमप्रभुले करारको सन्दूक बोक्न

अनि सदा सर्वदा उहाँको सेवा गर्नका निम्ति छान्नु
भएको थियो।”
३दाऊदले इस्राएलका सबै मानिसहरूलाई यरूशलेममा
एकसाथ भेट्नु भने जब लेवीहरूले करारको सन्दूकलाई
बोकेर तिनले यसको निम्ति बनाएको स्थान मा ल्याउने
छन्। ४दाऊदले हारूनका सन्तानहरू र लेवीहरूलाई
एक साथ बोलाए। ५कहातका परिवार समूहबाट १२०
मानिसहरू थिए। ऊरीएल तिनीहरूका मुखिया थिए।
६मरारीका परिवार समूहबाट २२० मानिसहरू थिए।
असायाह तिनीहरूका अगुवा थिए। ७गेर्शोमका परिवार
समूहबाट १३० जना मानिसहरू थिए। योएल तिनीहरूका
अगुवा थिए। ८एलीसापानका परिवार समूहबाट २००
मानिसहरू थिए। शमायाह तिनीहरूका मुखिया थिए।
९हेब्रोनका परिवार समूहबाट ८० जना मानिसहरू
थिए। तिनीहरूका मुखिया एलीएल थिए। १०उज्जीएलका
परिवार समूहबाट ११२ जना मानिसहरू थिए। तिनीहरूका
मुखिया अम्मोनीदाब थिए।

## पूजाहारी र लेवीहरूसित दाऊद कुराकानी गर्छन्

११तब दाऊदले पूजाहारीहरू, सादोक अनि
अबियाथारलाई तिनी कहाँ आउनु भने। दाऊदले यी
लेवीहरूलाई पनि तिनी कहाँ आउनु भने, उरीएल,
असायाह, योएल, शमायाह, एलीएल अनि अम्मीनादाब।
१२दाऊदले तिनीहरूलाई भने, “तिमीहरू लेवी कुल
समूहका अगुवाहरू हौ। तिमीहरू र अन्य लेवीहरूले
आफैलाई पवित्र बनाउनु पर्छ। त्यसपछि करारको
सन्दूकलाई मैले त्यसको निम्ति बनाएको स्थानमा
ल्याउनु पर्छ। १३अघिल्लो पल्ट करारको सन्दूक
कसरी बोक्नु पर्ने भनी हामीले परमप्रभुलाई सोधेनौं।
तिमी लेवीहरूले त्यो बोकेनौ अनि त्यसै कारण परमप्रभुले
हामीलाई दण्ड दिनुभयो।”
१४तब पूजाहारी र लेवीहरूले स्वयमलाई पवित्र
तुल्याए जसद्वारा तिनीहरूले परमप्रभु इस्राएलका
परमेश्वरको करारको सन्दूक बोक्न सके। १५लेवीहरूले
मोशाले आदेश गरे झैं करारको सन्दूकलाई आफ्ना
काँधमा बोक्नमा निम्ति विशेष डन्डा प्रयोग गरे।
तिनीहरूले करारको सन्दूक परमप्रभुले भन्नु भए अनुसार
बोके।

## सङ्गीतकारहरू

१६दाऊदले लेवीहरूलाई आफ्ना सङ्गीतकार दाज्यू-
भाईहरूलाई ल्याउनु भने। सङ्गीतकारहरूले बाजा, वीणा,
सारङ्गी अनि झ्यालीहरू ल्याउनु पर्ने अनि खुशीको
गीत गाउनु पर्ने थियो।
१७तब लेवीहरूले हेमान अनि उसका दाज्यू-भाईहरू
आसाप अनि एतानलाई ल्याए। हेमान योएलका छोरा
थिए। आसाप बेरेक्याहका छोरा थिए। एतान कुशायाहका
छोरा थिए। यी मानिसहरू मरारीका परिवार समूहका
थिए। १८तिनीहरूको परिवारमा दोस्रो दर्जाका थिए।
तिनीहरू जकर्याह, याजीएल, शमीरामोत, यहीएल,
उन्नी, एलीआब, बनायाह, मासेयाह, मत्तित्याह, एलीपलेहु,
मिक्नेयाह ओबेद एदोम र यीएल यी मानिसहरू द्वार
पालहरू थिए।
१९सङ्गीतकार हेमान, आसाप अनि एतानले काँसाका
झ्यालीहरू बजाए। २०जकर्याह, अजीएल, शमीरामोत,
यहीएल, उन्नी, एलीआब, मासेयाह अनि बनायाहले
अलामोत सारङ्गी बजाए। २१मत्तित्याह, एलीपलेहू
मिक्नेयाह, ओबेद-एदोम यीएल अनि अजज्याहले शिमीनीत
निर्देशक अनुसार वीणा बजाए। यो तिनीहरूको प्रतिदिनको
कार्य थियो। २२लेवी प्रमूख कनन्याह गाउने जिम्मामा
थिए। कनन्याहले यो काम पाए किनभने तिनी गाउनमा
खूबै निपुण थिए।
२३बेरेक्याह अनि एल्काना करारको सन्दूकका दुइ
रक्षकहरू थिए। २४पूजाहारीहरू शबन्याह, योशापात,
नतनेल, अमासै, जकर्याह, बनायाह अनि एलीएजेरको
काम करारको सन्दूक अघि-अघि हिंडदा तुरही बजाउने
थियो। ओबेद-एदोम अनि यहियाह करारको सन्दूकका
अन्य रक्षकहरू थिए।
२५दाऊद, इस्राएलका बूढ़ा-प्रधानहरू अनि सेनाका
कप्तानहरू करारको सन्दूक लिन गए। तिनीहरूले
त्यसलाई ओबेद एदोमको घर बाहिर निकाले। प्रत्येक
व्यक्ति खुशी थिए। २६परमेश्वरले लेवीहरूलाई सहायता
गर्नु भयो जसले करारको सन्दूक बोकेका थिए।
तिनीहरूले सातवटा साढ़े र सातवटा भेड़ाहरूको बलिदिए।
२७सबै लेवीहरू जसले करारको सन्दूक बोकेका थिए
तिनीहरूले मलमलका राम्रा पोशाक लगाएका थिए।
कनन्याह, गाउने जिम्माका व्यक्ति अनि सबै गायकहरूका
मलमलका राम्रा पोशाकहरूमा थिए। दाऊदले पनि
मलमल द्वारानिर्मित राम्रा पोशाक लगाएका थिए। अनि
दाऊदले उत्तम मलमलद्वारा निर्मित एपोद पनि लाएका
थिए।
२८यसरी इस्राएलका सबै मानिसहरूले करारको
सन्दूक ल्याए। तिनीहरूले जय-जयकार गरे, तिनीहरूले
नरसिङ्गा तुरहीहरू र झ्याली, वीणा अनि सारङ्गीहरू
बजाए।
२९जब करारको सन्दूक दाऊदको शहरमा
ल्याइपुऱ्याइयो, मीकलले झ्यालबाट हेरिन्। मीकल
शाऊलकी छोरी थिइन्। तब तिनले राजा दाऊदलाई
नाच्दै गरेका अनि यन्त्रहरू बजाउँदै गरेका देखिन्,
अनि तिनले दाऊद प्रतिको आफ्नो श्रद्धा हराइन अनि
तिनले सोचिन दाऊदले आफैलाई मूर्ख बनाइरहेछन्।
१६ लेवीहरूले करारको सन्दूक ल्याए अनि त्यसलाई
दाऊदले टाँगेको पालभित्र राखे। त्यस पछि
तिनीहरूले परमेश्वरलाई होमबलि र मेलबलि अर्पण

गरे। २दाऊदले होमबलि अनि मेलबलि चढ़ाइ सकेपछि
तिनले परमप्रभुको नाउँमा मानिसरूलाई आशीर्वाद दिए।
३त्यस पछि तिनले हरेक इस्राएली पुरूष र स्त्रीहरूलाई
एउटा-एउटा रोटी, केही खजूरका झुप्पा अनि किसमिसहरू
दिए।
४तब दाऊदले करारको सन्दूकको अघि सेवा गर्न
का निम्ति केही लेवीहरूलाई चुने। ती लेवीहरूको
काम उत्सव मनाउने, धन्यवाद दिने अनि इस्राएलका
परमप्रभु परमेश्वरको स्तुति गाउने थियो। ५आसाप
पहिलो दलका प्रमुख थिए। आसापका दलले झ्याली
बजाए। जकर्याह दोस्रो दलका प्रधान थिए। अन्य
लेवीहरू यीएल, शमीरामोत, यहीएल, मत्तित्याह, एलीआब,
बनायाह, ओबेद एदोम अनि यीएल थिए। यी मानिसहरूले
वीणा, अनि सारङ्गी बजाए। ६बनायाह अनि यहजीएल
पूजाहारीहरू थिए जसले सदैव करारको सन्दूक अघि
तुरही बजाउथे। ७यो त्यसबेला थियो जब दाऊदले
पहिलो पल्ट आसाप अनि उनका भाइहरूलाई परमप्रभुको
स्तुतिगान गर्ने काम दिएका थिए।

## दाऊदको धन्यवादको गीत

८परमप्रभुको स्तुति गर। उहाँको नाउँ पुकार। मानिसहरूलाई ती महान कार्यहरूको बारेमा भन जो परमप्रभुले गर्नु भएको छ।

९परमप्रभुको निम्ति गाओ। परमप्रभुको निम्ति स्तुति गान गर। उहाँका आश्चर्यकर्महरूको विषयमा सुनाऊ।

१०परमप्रभुको पवित्र नाउँको गौरव गर। परमप्रभु तर्फ आउने सबै मानिसहरू, प्रसन्न होऊ।

११परमप्रभु र उहाँको शक्ति तर्फ हेर। परमप्रभु कहाँ जाऊ अनि उहाँको सहायता सधैं खोज।

१२ती अचम्मका कामहरू सम्झ जो परमप्रभुले गर्नु भएको छ। उहाँका फैसलाहरू अनि उहाँले गर्नु भएका शक्तिशाली कार्यहरूको स्मरण गर।

१३इस्राएलका मानिसहरू परमप्रभुका दास हुन्। याकूबका सन्तानहरू परमप्रभुका चुनिएका मानिसहरू हुन्।

१४परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ। उहाँले संसार भनि नै न्याय राख्नु हुन्छ।

१५उहाँको करार सदैव सम्झ। उहाँले ती आज्ञाहरू हजारौ पुस्ताहरूका निम्ति दिनुभएको छ।

१६त्यो करारलाई सम्झ जो परमप्रभुले अब्राहामसित गर्नु भएको थियो। उहाँले इसहाकसित गर्नु भएको प्रतिज्ञा सम्झ।

१७परमप्रभुले यसलाई याकूबको निम्ति विधि बनाउनु भयो। यो करार इस्राएलसितको हो जो सदैव लगातार चलिरहन्छ।

१८परमप्रभुले इस्राएललाई भन्नु भयो: "मैले तिमीलाई यो कनानको भूमि सुम्पि दिएँ। यो तिम्रो पैतृक सम्पत्तिको भाग हुनेछ।"

१९जब तिनीहरू एउटा सानो संख्याका मानिसहरू मात्र थिए, अनि केही समयको लागि अन्य राज्यहरूसँग बसि रहे।

२०तिनीहरू एक राष्ट्रदेखि अर्को राष्ट्रमा गए। तिनीहरू एक राज्य देखि अर्को राज्यमा गए।

२१तर परमप्रभुले कसैलाईपनि तिनीहरू माथि चोट पुर्‍याउन दिनु भएन। परमप्रभुले तिनीहरूलाई चोट नपुर्‍याउनु भनी राजाहरूलाई चेतावनी दिनुभयो।

२२परमप्रभुले ती राजाहरूलाई भन्नु भयो, "मेरो अभिषेक भएका व्यक्तिहरूलाई चोट नदेऊ। मेरा अगमवक्ताहरूलाई चोट नदेऊ।"

२३सारा पृथ्वीका मानिस हो, परमप्रभुको निम्ति गाओ। हामीलाई बचाउने परमप्रभुको बारेमा हरेक दिन तिमीले असल समाचार भन्नुपर्छ।

२४सबै राष्ट्रलाई परमप्रभुको महिमाको विषयमा घोषणा गर। हरेकलाई भन उहाँ कति अदभुत हुनुहुन्छ।

२५परमप्रभु महान् हुनुहुन्छ, अनि धेरैले उहाँको महिमा गाउँछन्, परमप्रभुको डर सबै देवताहरूका भन्दा धेरै भयभित हुन्छ।

२६किन? किनभने संसारमा सबै देवताहरू केवल व्यर्थका मूर्तिहरू हुन्। तर परमप्रभुले आकाश बनाउनु भयो।

२७परमप्रभुको महिमा अनि गौरव छ। शक्ति र आनन्दले ठाउँ भर्दछ जहाँ बस्नु हुन्छ।

२८परिवारहरू अनि समूहहरू, परमप्रभुको महिमा र शक्तिको प्रशंसा गर।

२९परमप्रभुको प्रशंसा र उहाँको नाउँको महिमा होस्। परमप्रभु प्रति तिमीहरूका भेटीहरू ल्याऊ। परमप्रभु अनि उहाँको पवित्र सुन्दरताको आराधना गर।

३०उहाँको सामुने डराओ, जो सबै पृथ्वीमाथि छ। जतिसक्दो संसार दृढ़ निमार्ण गरिएको छ। यो हल्लिने छैन।

३१पृथ्वी अनि आकाश प्रशन्न होऊन! सबैतिरका मानिसहरूले भनून्, "परमप्रभुले शासन गर्नुहुन्छ।"

३२समुद्र अनि यसमा भएका सबै वस्तुहरूले जय-जयकार गरून! खेतहरू र तिनीहरूमा भएका हरेक थोकहरूले आनन्द देखाऊन।

३३तब जंङ्गलका वृक्षहरूले गाउने छन्। किन? किनभने परमप्रभु आउनु हुँदैछ। उहाँ पृथ्वीको न्याय गर्न आउनु हुँदैछ।

३४परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ असल हुनुहुन्छ, हो परमप्रभुको प्रेम सदा-सर्वदा लगातार बगीरहन्छ।

३५परमप्रभुसित भन: "हाम्रो परमेश्वर हाम्रा उद्धारकर्ता हामीलाई बचाउँनुहोस हामीलाई एकसात पारिदिनुहोस् र

हामीलाई अन्य देशहरूबाट बचाउनु होस्। यसकारण
हामी तपाईको पवित्र नाउँको स्तुति अनि महिमा गर्न
सकौ जब तपाईको स्तुति गर्छौं।"

**३६**परमप्रभु इस्राएलका परमेश्वरको सदा सर्वदा
स्तुति भइरहोस, जसरी सदा-सर्वदा उहाँको स्तुति
भइरहेकोछ।

तब सबै मानिसहरूले परमप्रभुको स्तुति गर्दै भने,
"आमिन।"

**३७**त्यस पछि दाऊदले आसाप अनि उनका भाइहरूलाई
करारको सन्दूकको सामु छाड़े। दाऊदले तिनीहरूलाई
त्यसको अघि हेरक दिन सेवा गर्न भनी छोड़ेका थिए।
**३८**दाऊदले ओबेद-एदोमलाई र ६८ जना अन्य
लेवीहरूलाई पनि आसाप अनि तिनका भाइहरूसित
सेवा गर्नका निम्ति छाडे। ओबेद एदोम र होस्सा
रक्षकहरू थिए। ओबेद-एदोम यदूतूनका छोरा थिए।

**३९**दाऊदले पूजाहारी सादोक अनि अन्य पूजाहारीहरू
जसले तिनीसित गिबोनको उच्च स्थानमा परमप्रभुको
पाल अघि सेवा गरेका थिए। **४०**हरेक बिहान र
सांझमा सादोक अनि अन्य पूजाहारीहरू होमबलिको
बेदीमा होमबलि चढ़ाउँथे। तिनीहरूले परमप्रभुको
व्यवस्थामा लेखिएका नियमहरू जो परमप्रभुले
इस्राएलीहरूलाई दिनु भएको थियो, पालन गर्नलाई
यसो गर्थे। **४१**हेमान यदूतून अनि अन्य सबै लेवीहरूलाई
स्तुति गान गाउँदै, "परमप्रभुको स्तुति गर, किनभने
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ।" **४२**गायक नाउँ
अनुसार चुनिएका थिए। हेमान अनि यदूतून तिनीहरूका
साथ थिए। तिनीहरूको काम तुरही फुक्नु अनि
झ्याली बजाउनु थियो। जब परमप्रभुका निम्ति भजन
गाइन्थ्यो तिनीहरूले अन्य वाध्ययन्त्रहरू पनि बजाउने
गर्थे। यदूतूनका छोराहरूले द्वारको रक्षा गर्दथे।

**४३**समारोह पछि, सबै मानिसहरू आफ्नो-आफ्नो घर
गए। अनि दाऊद पनि आफ्ना परिवारलाई आशीर्वाद
दिन घर गए।

## परमेश्वरको दाऊदलाई प्रतिज्ञा

**१७** दाऊद आफ्ना घर गए पछि तिनले अगमवक्ता
नातानलाई भने, "हेर, म देवदारको काठले
बनाएको घरमा बसिरहेछु, तर करारको सन्दूक पाल
मुनि राखेको छ। म परमेश्वरको निम्ति एउटा मन्दिर
बनाउन चाहन्छु।"

**२**नातानले दाऊदलाई उत्तर दिए, "तपाई जे गर्न
चाहनुहुन्छ त्यो गर्न सक्नु हुन्छ। परमेश्वर तपाईसित
हुनुहुन्छ।"

**३**तर त्यो रात परमेश्वरको वचन नातान कहाँ आयो।
**४**परमेश्वरले भन्नु भयो, "जा, अनि यी कुराहरू मेरो
दास दाऊदलाई भन: परमप्रभुले भन्नु हुन्छ, 'दाऊद म
बस्नको निम्ति मेरो मन्दिर निर्माण गर्ने व्यक्ति तँ
होइनस्। **५-६**इस्राएललाई मैले मिश्र देशबाट बाहिर
ल्याएको समय देखी आज सम्म म मन्दिरमा बसेको
छैन। म पालको चारैतिर घुमिरहेछु। मैले मानिसहरूलाई
इस्राएलका मानिसहरूका विशेष अगुवाहरू हुनलाई
छानें। ती अगुवाहरू मेरा मानिसहरूका निम्ति गोठालाहरू
तुल्य छन्। जब म इस्राएलका चारैतिर विभिन्न स्थानमा
घुमिरहेथें। त्यसबेला कुनै पनि ती अगुवाहरूलाई मैले
कहिले पनि भनिन् किन तिमीहरूले मेरो निम्ति देवदारू
काठको मन्दिर निर्माण गरेनौ?'

**७**"यसकारण अब, यी सबै कुराहरू मेरो सेवक
दाऊदलाई भन, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, 'मैले
तँलाई गोठाला हुदा खेतबाट ल्याएँ। मैले तँलाई मेरा
इस्राएल मानिसहरूका राजा बनाएँ। **८**तँ जहाँ गए ता
पनि म तेरो साथ थिए। म तँ भन्दा अघि गएँ र तेरा
शुत्रहरूलाई मारिदिएँ। अब म तँलई पृथ्वीको एक
प्रसिद्ध मानिस बनाउनेछु। **९**म यो भूमि मेरो इस्राएली
मानिसहरूलाई दिरहेकोछु। म उनिहरूलाई यस भूमिमा
स्थाप्ना गर्नेछु अनि तिनीहरू त्यहां बस्नेछन्। कसैले
तिनीहरूलाई दिक्दारी दिनेछैन। नराम्रा मानिसहरूले
तिनीहरूलाई चोट पुर्‍याउने छैनन्। जसरी तिनीहरूले
पहिले गरेका थिए। **१०**ती नराम्रा कुराहरू भए, तर
मैले मेरा इस्राएली मानिसहरूको हेरचाहको निम्ति
प्रमुखहरू चुने अनि म तेरा सबै शत्रुहरूलाई पनि
परास्त गर्नेछु।

"'म तँलाई भन्छु कि परमप्रभुले तेरो निम्ति एउटा
राजकीय घरना निर्माण गरिदिनु हुनेछ। **११**जब तेरो
मृत्यु हनेछ अनि तँ तेरा पिता-पुर्खाहरूसित मिल्नेछस म
तेरो आफ्नै छोरालाई नयाँ राजा बनाउनेछ। नयाँ राजा
तेरा छोराहरू मध्ये एक जना हुनेछ। अनि म उसको
राज्यलाई शक्तिशाली बनाउनेछु। **१२**तेरो छोराले मेरो
निम्ति एक मन्दिर निर्माण गर्नेछ। म तेरो परिवारलाई
सर्वदा शासन गर्ने बनाउनेछु। **१३**म उसको पिता हुनेछु
अनि उ मेरो छोरा हुनेछ। तेरो अघि शाऊल राजा
थियो। अनि मैले मेरो सहयोग शाऊलबाट
हटाए। तर म तेरो छोरालाई प्रेम गर्न कहिले पनि
छाड़ने छैन्। **१४**म उसलाई मेरो मन्दिर अनि राज्यको
जिम्मामा सर्वदा राख्ने छु। उसको शासन सर्वदा
चलिरहने छ।'"

**१५**नातानले यो दर्शनबाट परमेश्वरले भन्नु भएका
सबै कुराहरूको विषयमा दाऊदलाई भने।

## दाऊदको प्रार्थना

**१६**तब, राजा दाऊद पवित्र पालमा गए र परमप्रभु
समक्ष बसे। दाऊदले भने, "हे परमप्रभु परमेश्वर
तपाईले मेरा निम्ति अनि मेरा परिवारका निम्ति यति
बिघ्न वास्ता गरिदिनु भयो। म यो किन बुझ्दिन?
**१७**यीनीहरू बाहेक तपाईंले मलाई जान्न दिनु भयो कि

भविष्यमा मेरा परिवारको भाग्य के हुन्छ भनि। तपाईले
मलाई सधै एउटा अति प्रसिद्ध व्यक्तिलाई जस्तै व्यवहार
गर्नुभयो। १८यो भन्दा धेरै म के भन्न सक्छु र?
तपाईले मेरो निम्ति यति धेरै गरिदिनु भयो। अनि म
तपाईको मात्र दास हुँ। तपाईंले मलाई जान्नुहुन्छ।
१९हे परमप्रभु, तपाईले मेरा निम्ति यो अदभुत कार्य
गरिदिनु भयो। तपाईले यसो गर्नुभयो किनभने तपाई यो
चाहनु हुन्थ्यो। २०हे परमप्रभु तपाई जस्तो अन्य कोही
हुने छैन। तपाई बाहेक अन्य ईश्वर छैन। हामीले
कहिले पनि कुनै ईश्वरले यस्तो अदभुत कार्य गरेको
सुनेका छैनौ। २१इस्राएल जस्तै अन्य कुनै राष्ट्र छ?
छैन पृथ्वीमा इस्राएल मात्र यस्तो राष्ट्र हो जसको
निम्ति तपाईले यस्ता अदभुत कार्यहरू गर्नु भयो।
हामीलाई मिश्रदेशबाहिर निकाल्नुभयो अनि तपाईले
हामीलाई स्वतन्त्र बनाउनु भयो। तपाईले आफै स्वयंलाई
प्रसिद्ध तुल्याउनु भयो। तपाईले तपाईका मानिसहरूका
अघि जानु भयो अनि अन्य मानिसहरूलाई हाम्रो निम्ति
तिनीहरूको देश छोडन वाध्य तुल्याउनु भयो। २२तपाईंले
तपाईका इस्राएली मानिसहरूलाई सदा-सर्वदा तपाईंको
बनाउनुभयो। अनि तपाई परमप्रभु तिनीहरूको परमेश्वर
बन्नु भयो।

२३"त्यसैकारण परमप्रभु तपाईले म अनि मेरो
सन्तानहरूको विषयमा के भन्नुभयो यो सदा-सर्वोदा
सत्य रहोस्। तपाईले के भन्नुभयो त्यो गर्नुहोस् तपाईले
गर्नु हुनेछ। २४तपाईको वचन राख्नुहोस् जस द्वारा
मानिसहरूले सदैव तपाईको नाउँको सम्मान गर्नेछन्।
तब मानिसहरूले भन्ने छन्, 'सर्वशक्तिमान परमप्रभु
इस्राएलका परमेश्वर हुनुहुन्छ।' अनि दाऊद तपाईंको
दासको साम्राज्य तपाईंको सामुन्ने स्थापित होस्।

२५"तपाईं आफैले मलाई प्रकट गर्नु भएकोछ। त्यो
तपाईंले मेरो परिवारलाई, राजाहरूको परिवार बनाउँनु
हुनेछ। त्यसै कारण म निधक्क साथ तपाईलाई दयाहरू
मागिरहेछु। २६यसकरण अब मेरो परमप्रभु, तपाई नै
परमेश्वर हुनुहुन्छ। परमेश्वर तपाई स्वयंले मेरा निम्ति
यी असल कुराहरू गरिदिन्छु भनी प्रतिज्ञा गर्नु भएको
छ। २७त्यसकारण मेरो परमप्रभुलाई इच्छा भए तपाईंले
तपाईंको दासको राजवंशलाई आशिष दिनुहोस् यो
तपाईंको उपस्थिमा सदा-सर्वदा लगातार रहनेछ। कारण
परमप्रभु तपाईं आफैले यसलाई आशीर्वाद दिनु भएको
छ। अनि तपाईंले जे आशीर्वाद दिनुभयो सदा-सर्वदै
आशीष हुनेछ।"

### दाऊदले विभिन्न राष्ट्रहरू जित्छन्

१८ पछि दाऊदले पलिश्ती मानिसहरूलाई आक्रमण
गरे। तिनले पलिश्तीहरूलाई परास्त गरे।
तिनले गात शहर अनि त्यसका वरिपरिका सा-साना
अरू शहरहरू पलिश्ती मानिसहरूबाट लिए।

२त्यस पछि दाऊदले मोआब देशलाई परास्त गरे।
मोआबीहरू दाऊदका सेवक बने। तिनीहरूले दाऊदलाई
कर तिर्थे।

३दाऊदले हदर-एजेरको सेनाहरू विरूद्ध पनि युद्ध
गरे। हदर-एजेर सोबाका राजा थिए। दाऊद ती सेनाहरूसित
हमात शहरसम्म लड़े। दाऊदले यसो गरे किनभने
हदर-एजेरले आफ्नो राज्य यूफ्रेटिस नदी सम्म फैलाउने
चेष्टा गरेका थिए। ४दाऊदले हदर-एजेरका १,०००
रथहरू, ७,००० सारथिहरू अनि २०,००० पैदल
सैनकिहरू कब्जामा लिए। दाऊदले हदर-एजेरका बलिया
घोड़ाहरू पनि अपांग बनाइदिए जुन चाही रथ तान्नमा
उपयोग गरिएका थिए। तर दाऊदले १०० वटा
रथहरू तान्ने प्रशस्त घोड़ाहरू आफ्नो निम्ति बचाइदिए।

५अरामी मानिसहरू दमीशक शहरबाट हदर-एजेरलाई
सहायता गर्न आए। हदर-एजेर सोबाका राजा थिए। तर
दाऊदले तिनलाई परास्त गरे र २२,००० अरामी
सैनिकहरूलाई मारिदिए। ६दाऊदले अराममीहरूको राज्य
दमीशका शहरमा सेना लगेर बसाए। अरामी मानिसहरू
दाऊदका सेवक भए अनि तिनीकहाँ कर ल्याउन
थाले। यसरी परमप्रभुले दाऊदलाई जहाँ गए ता पनि
विजय गराउनुभयो।

७दाऊदले हदर-एजेरका सेना प्रधानहरूबाट सुनका
ढालहरू लिए अनि ती यरूशलेममा ल्याए। ८दाऊदले
तेबह अनि कून-शहरहरूबाट धेरै मात्रामा काँसा पनि
ल्याए। ती शहरहरू हदर-एजेरका थिए। पछि सुलेमानले
त्यो काँसालाई काँसाको कुण्ड, काँसाका स्तम्भ र
काँसाका विभिन्न भाँड़ाहरू मन्दिरको निमार्ण गर्नको
निम्ति उपयोग गरे।

९तोऊ हमात शहरका राजा थिए। हदर-एजेर सोबाका
राजा थिए। तोऊले हदर-एजेरका सबै सेनालाई दाऊदले
परास्त पारे भन्ने कुरा सुने। १०यसकारण तोऊले
उसको छोरा हदोरामलाई दाऊद कहाँ उसलाई उसको
विजयमा अभिनन्दन गर्न अनि बधाई दिन पठाए। तिनले
यसो गरे किन भने दाऊद हदर-एजेरका
विरूद्ध लड़ेका थिए अनि तिनलाई परास्त गरेका थिए।
हदर-एजेरका अघि तोऊ सँग युद्ध गरेका थिए।
हदोरामले दाऊदलाई सुन, चाँदी अनि कांसा द्वारा
निर्मित धेरै किसिमका चीज बीजहरू दिए। ११दाऊदले
ती वस्तुहरूलाई पवित्र तुल्याए र परमप्रभुलाई चढ़ाए।
दाऊदले एदोम, मोआब, अम्मोनीहरू, पलिश्तीहरू
अनि अमालेकीहरूबाट ल्याएका सबै चाँदी अनि सुन
पनि त्यसै गरे।

१२अबीशै, सरूयाहका छोराले १८,००० एदोमी
मानिसहरूलाई नूनको बेंसीमा मारे। १३अबीशैले एदोममा
किल्लाहरू बसाए अनि सबै एदोमीहरू दाऊदका सेवक
बनाए। परमप्रभुले दाऊदलाई तिनी जहाँ सुकै गए पनि
विजय दिलाउनु भयो।

## दाऊदका प्रमुख अधीकारीहरू

१४दाऊद सम्पूर्ण इस्राएलका राजा थिए। तिनले
त्यही गरे जो हरेकका निम्ति उचित अनि उत्तम थियो।
१५योआब सरूयाहका छोरा दाऊदका सेनाका सेनापति
थिए। यहोशापात, अहीलूदको छोरा दाऊदले गरेका
कार्यहरूको विषयमा लेखे। १६सादोक अनि अबीमेलेक
पूजाहारीहरू थिए। सादोक अहीतूबका छोरा थिए अनि
अहीमेलेक एबियातारका छोरा थिए। शब्शा लेखपाल
थिए। १७बनायाह करेती अनि पेलेथीहरूका अगुवाइ
गर्ने जिम्मामा थिए। बनायाह यहोयादाका छोरा थिए।
अनि दाऊदका छोराहरू मुख्य अधिकारीहरू थिए।
तिनीहरू राजा दाऊद संघ सेवागर्थे।

## अम्मोनीहरूले दाऊदका मानिसहरूलाई लज्जित तुल्याउँछन्

१९ नाहाश अम्मोनी मानिसहरूका राजा थिए।
केही समयपछि नाहाशको मृत्यु भयो र
तिनको सट्टामा उनका छोरा नयाँ राजा भए। २तब
दाऊदले भने, "नाहाश म प्रति दयालु थिए, यसर्थ म
हानून, नाहाशका छोरा प्रति दयालु हुनेछु।" यसर्थ
दाऊदले तिनको पिताको मृत्यु प्रति हानूनलाई सान्त्वना
दिनका निम्ति दूतहरू पठाए। दाऊदका दूतहरू अम्मोन
देशमा हानूनलाई सान्त्वना दिन गए।

३तर अम्मोनी प्रधानहरूले हानूनलाई भने,
"मूर्खनबन्नुहोस्। दाऊदले वास्तवमा यी मानिसहरू
तपाईलाई सहानुभूति दिन वा तपाईंका मृत पिता प्रति
सम्मान जनाउन पठाएका होइनन् होइन, दाऊदले तिनका
समाचारवाहकहरूलाई तपाईंको देशको जासूसी गर्न भनी
पठाएका हुन। दाऊदले वास्तवमा तपाईंको देशलाई
ध्वंश पार्न चाहन्छन्।" ४यसर्थ हानूनले दाऊदका
समाचारवाहकहरूलाई पकड़े अनि तिनीहरूका दाही
कपाल र काटिदिए। हानूनले तिनीहरूका बस्त्रहरू पनि
कम्मर सम्म काटि दिए। त्यस पछि तिनले तिनीहरूलाई
पठाइदिए।

५दाऊदका मानिसहरूलाई घर जान अप्ठेरो पर्‍यो।
केही मानिसहरू दाऊद कहाँ गए अनि तिनका मानिसहरू
प्रति के घटना घटयो सो भने। यसर्थ राजा दाऊदले
आफ्ना मानिसहरूलाई यो समाचार पठाए "तिनीहरू
तिमीहरूको दाही फेरि नबढुञ्जेल यरीहो शहरमै बस्नु।
त्यस पछि तिमीहरू घर फर्केर आउन सक्छौ।"

६अम्मोनीहरूले सोचे कि दाऊदले तिनीहरूलाई उसको
शत्रु हो भन्ने विचार गरे। तब तिनीहरूले १,०००
तोड़ा चाँदी प्रयोग गरेर मिसुपुतामियाबाट रथहरू अनि
सारथिहरू ज्यालामा ल्याए। तिनीहरूले अराम-माका
अनि सोबाबाट पनि रथहरू अनि सारथिहरू ज्यालामा
ल्याए। ७अम्मोनीहरूले ३२,००० रथहरू ज्यालामा
ल्याए। तिनीहरूले मकाका राजा अनि तिनका सेनालाई
सहायता गर्न गाउनु भनी तिनीहरूलाई ज्याला दिए।
माकाका राजा र उसका सैनिकहरू आए अनि मेदबा
शहरको नजिकमा छाउनी बसाए। अम्मोनीहरू आफै
आफ्ना शहरहरू बाट बाहिर आए र युद्धका निम्ति
तयार भए।

८दाऊदले सुने कि अम्मोनी मानिसहरू युद्धका
निम्ति तयार हुँदैछन्। यसर्थ तिनले योआब अनि
इस्राएलका समस्त सेनालाई अम्मोनी मानिसहरूसित
युद्ध गर्न पठाए। ९अम्मोनीहरू बाहिर आए अनि
युद्धका निम्ति तयार बसे। तिनीहरू शहरद्वारको नजिक
थिए। जो राजाहरू सहायता गर्न आएका थिए तिनीहरू
आफै बाहिर मैदान तिर बसे।

१०योआबले देखे कि तिनीसित लड़नका निम्ति दुइ
सैन्यदलहरू तयार थिए। एक दल तिनको सामुन्ने थियो
अनि अर्को दल तिनका पछिल्लतिर थियो। यसर्थ
योआबले इस्राएलका केही सर्वोत्तम सैनिकहरूलाई छाने।
तिनले तिनीहरूलाई अरामका सेना विरूद्ध लड़न पठाए।
११योआबले इस्राएलका सैनिकहरूलाई अबीशैको
अधीनमा रहने आदेश दिए। अबीशै योआबका भाइ
थिए। ती सैनिकहरू अम्मोनी सेना बिरूद्ध लड़न गए।
१२योअबले अबीशैलाई भने, "यदि अरामका सैनिक
मेरा निम्ति अति शक्तिशाली भए तब तिमीले मलाई
सहायता गर्नुपर्छ। यदि अम्मोनी सैनिक तिम्रा निम्ति
अति शक्तिशाली भए भनि म तिमीलाई सहायता गर्नेछु।
१३हामी साहसी अनि शक्तिशाली बनौ जब हामी हाम्रा
मानिसहरूका निम्ति अनि हाम्रा परमेश्वरको शहरहरूका
निम्ति लड़छौ। परमप्रभुले त्यही गरून् जो उहाँले उचित
ठान्नुहुन्छ।"

१४योआब अनि तिनीसित भएका सेनाले अरामका
सेनालाई आक्रमण गरे। अरामका सेनाहरू योआब
अनि तिनका सेनाहरू देखि भागे। १५अम्मोनी सेनाहरूले
अरामका सेनाहरू भागिरहेको देखे यसर्थ तिनीहरू पनि
भागे। तिनीहरू अबीशै र तिनका सेना देखि भागे।
अम्मोनीहरू आफ्ना शहरमा फर्के अनि योआब यरूशलेम
फर्केर गए।

१६अरामी प्रधानहरूले देखे कि इस्राएलीहरूले
तिनीहरूलाई परास्त गरे। यसर्थ तिनीहरूले यूफ्रेटिस
नदीको पूर्वतिर बसेका अरामी मानिसहरू बाट सहायता
पाउनका निम्ति दूतहरू पठाए। शोपक अरामका हदर-
एजेरका सेनापति थिए। शोपकले ती अन्य अरामी
सैनिकहरूको पनि अगुवाइ गरे।

१७दाऊदले समाचार सुने कि अरामका मानिसहरू
युद्धका निम्ति एकत्रित भइरहे छन्। यसर्थ दाऊदले
इस्राएलका सबै मानिसहरूलाई एकजुट गराए। दाऊदले
तिनीहरूलाई यर्दन नदी पारी लगे। तिनीहरू अरामीहरूको
आमने-सामने भए। दाऊदले आफ्ना सेनालाई युद्धका
निम्ति तयार हुनु हुकुम गरे अनि तिनीहरूले अरामीहरूलाई

आक्रमण गरे। १८अरामीहरू इस्राएलीहरूबाट भागे।
दाऊद र तिनका सेनाले ७,००० सारथिहरू अनि
४०,००० अरामी सैनिकहरूलाई मारे। दाऊद अनि
तिनका सेनाले अरामी सेनाका सेनापति शोपकलाई पनि
मारिदिए।
१९जब हदर-एजेरका अधीकारीहरूले तिनीहरूलाई
इस्राएलले परास्त पारेका देखे, तिनीहरूले दाऊदसित
सन्धि गरे। तिनीहरू दाऊदका सेवक बने। यसर्थ
अरामीहरूले अम्मोनीहरूलाई फेरि सहायता गर्न अस्वीकार
गरे।

## योआबले अम्मोनीहरूलाई नष्ट पार्दछन्

२० बसन्त ऋतुमा, योअबले इस्राएलका
सैनिकहरूलाई युद्धमा लगेर गए। यो वर्षको
त्यो समय थियो जब राजाहरू युद्धमा जान्थे, तर दाऊद
यरूशलेम मै बसे। इस्राएलका सैनिकहरू अम्मोन
देशमा गए अनि त्यसलाई ध्वंश पारे। त्यस पछि
तिनीहरू रब्बा शहरमा गए। सैनिकहरू शहरको चारैतिर
छाउनीमा तिनीहरू जानबाट रोक्नलाई मानिसहरूलाई
शहरको भित्र वा बाहिर त्यहाँ बसे। योआब अनि
इस्राएलका सेना रब्बा शहरको विरूद्ध त्यसलाई ध्वंश
नपारून्जेल सम्म लड़े।
२दाऊदले तिनीहरूका राजाको शिरबाट श्रीपेच निकाले।
त्यो सुनको श्रीपेच लगभग एक तोड़ा* थियो। श्रीपेचचमा
मूल्यवान रत्नहरू थिए। श्रीपेच दाऊदको शिरमा लगाइयो।
तब दाऊदले रब्बा शहरबाट धेरै मूल्यवान बस्तुहरू
पाए। ३दाऊदले रब्बाका मानिसहरूलाई ल्याए अनि
तिनीहरूलाई आरा, फलामका गल अनि बञ्चरो द्वारा
काम गर्न लगाए। दाऊदले अम्मोनीहरूका सबै
शहरहरूलाई पनि त्यसै गर्न लगाए। त्यस पछि दाऊद
अनि सबै सेना यरूशलेम फर्के।

## पलिश्ती दैत्यहरू मारिन्छन्

४पछि इस्राएलीहरूको पलिश्ती मानिसहरूसित गेजेर
शहरमा युद्ध भयो। त्यस समय हूशाका सिब्बकैले
सिप्पैलाई मारे। सिप्पै दैत्यहरूका (रपाईहरूका) एकजना
छोरा थिए। यसरी ती पलिश्ती मानिसहरू इस्राएली
मानिसहरूका दास सरह भए।
५फेरि त्यहाँ इस्राएलीहरू अनि पलिश्तीहरूको बीचमा
युद्ध भयो। एल्हानान, याएरका छोराले लहमीलाई मारे।
लहमी गोल्यतका भाइ थिए। गोल्यत गात शहरका
थिए। लहमीको भाला अत्यन्त ठूलो अनि गह्रौ थियो।
त्यो तानको विशाल डन्डा जस्तै थियो।
६पछि, इस्राएलीहरूले पलिश्तीहरूसित गात शहरमा
युद्ध लड़े। यो शहरमा एकजना दैत्य मानिस थियो।
त्यसको हात अनि खुट्टामा चौबीसवटा औंलाहरू थिए।
त्यस मानिसको प्रत्येक हातमा छः वटा औंलाहरू अनि
प्रत्येक खुट्टामा छ वटा औंलाहरू थिए। त्यो पनि
दैत्यहरूको छोरा थियो। ७यसरी जब त्यस मानिसले
इस्राएललाई निन्दा गर्‍यो, तब जोनाथनले त्यसलाई
मारिदिए। जोनाथन शिमेअका छोरा थिए। शिमेअ
दाऊदका दाज्यू थिए।
८ती पलिश्ती मानिसहरू गात शहरका दैत्यहरूका
(रफाका सन्तान) छोराहरू थिए। दाऊद अनि तिनका
सेवकहरूले ती दैत्य मानिसलाई मारे।

## इस्राएलीहरूको गन्ती गरेर दाऊदले पाप गर्छन

२१ शैतान इस्राएलका मानिसहरूको विरूद्ध थियो।
त्यसले दाऊदलाई इस्राएलका मानिसहरूको
गिन्ती गर्न उत्साहित तुल्यायो। २यसर्थ दाऊदले योआब
र मानिसहरूका अगुवाहरूलाई भने, "जाऊ अनि इस्राएलका
सबै मानिसहरूको गणना गर। देशमा भएका हरेकको
गिन्तीगर। बेर्शेबा शहरदेखि दान शहरसम्म। तब मलाई
भन, जस द्वारा त्यहाँ कति जना मानिसहरू छन् म जान्ने
छु।"
३तर योआबले भने, "परमप्रभुले उहाँको राष्ट्रलाई
सय गुणा विशाल बनाउन्। हजूर, इस्राएलका सबै
मानिसहरू तपाईका दास हुन्। तपाई किन यो काम गर्न
चाहनुहुन्छ, मेरा परमप्रभु राजा तपाईले इस्राएलका सबै
मानिसहरूलाई पापको दोषी तुल्याउनु हुनेछ।"
४तर राजा दाऊद ढीट थिए। योआबले त्यसै गर्नु
पर्‍यो जो राजाले भने। यसर्थ योआब गए अनि
मानिसहरूको गिन्ती गर्दै देश भरि घुमे। त्यस पछि
योआब यरूशलेम फर्की आए। ५अनि कतिजना मानिसहरू
थिए सो दाऊदलाई भने। इस्राएलमा ११,००,०००
मानिसहरू थिए जो तरवार चलाउन सक्थे। अनि
४,७०,००० मानिसहरू यहूदामा थिए जो तरवार
चलाउन सक्थे। ६योआबले लेवी अनि बिन्यामीनका
कुल समूहहरूको गिन्ती लिएनन्। योआबले ती अनि
परिवार समूहहरूको गणना गरेनन् किनभने तिनलाई
दाऊदको आदेश मनपरेन। ७परमेश्वरको नजरमा दाऊदले
नराम्रो कार्य गरेका थिए। यसर्थ परमेश्वरले इस्राएललाई
दण्ड दिनु भयो।

## परमेश्वरले इस्राएललाई दण्ड दिनु हुन्छ

८तब दाऊदले परमेश्वरलाई भने, "मैले अति मूर्खता
पूर्ण काम गरेकोछु। मैले इस्राएलका मानिसहरूको
गणना गरेर अति नराम्रो पाप गरेका छु। त्यसकारण म
तपाईको दासबाट यो पाप हटाई दिनुहोस् भनी याचना
गर्छु।"
९गाद दाऊदका दर्शी थिए। परमप्रभुले गादलाई
भन्नुभयो, १०"जा, अनि दाऊदलाई भन: 'परमप्रभुले जे

**एक तोड़ा** अर्थात् ७५ पाउण्ड व चौतीस किलोग्राम।

भन्नुहुन्छ त्यो यो हो: म तँलाई तीनवटा रोजाइ दिँदैछु।
तैंले ती मध्ये एउटा रोज्नु पर्छ। तब म तैंले रोजे
अनुसार दण्ड दिनेछु।'"
११तब गाद दाऊद कहाँ गए। गादले दाऊदलाई
भने, "परमप्रभु यही भन्नुहुन्छ, 'दाऊद रोज कुन दण्ड
तँ चाहन्छस्? १२प्रशस्त आहर बिना तीन वर्ष, वा तीन
महीनासम्म, तेरो शत्रुहरू देखि भागी हिँडनु जब
तिनीहरू आफ्ना तरवार लिएर तँलाई खेद्धनेछन् परमप्रभुबाट
तीन दिनको दण्ड। भयानक रूढ़ि देश भरि फैलने छ
अनि परमप्रभुका स्वर्गदूतले मानिसहरूलाई ध्वंश गर्दै
इस्राएलको चारैतिर जानेछन्।' दाऊद परमेश्वरले मलाई
पठाउनु भएको हो। अब तपाईले निर्णय गर्नुहोस् कुन
उत्तर मैले उहाँलाई दिनु?"
१३दाऊदले गादलाई भने, "म संकष्टमा परेको छु।
म कुनै मानिसहले मलाई दण्ड दिएको फैसला चाहदिन।
परमप्रभु दयालू हुनुहुन्छ यसकारण मलाई उहाँको हातमा
पर्न दिनोस्।"
१४यसर्थ परमप्रभुले इस्राएलमा भयंकर रोगहरू
पठाउनुभयो अनि ७०,००० मानिसहरू मरे।
१५परमेश्वरले एउटा स्वर्गदूतलाई यरूशलेम ध्वंश त
गर्न पठाउनु भयो। तर जब ती स्वर्ग दूतले यरूशलेममलाई
ध्वंशत गर्न शुरू गरे परमप्रभुले त्यो देख्नु भयो अनि
उहाँलाई दुःख लाग्यो यसर्थ परमप्रभुले यरूशलेममलाई
नाश नपार्ने निश्चय गर्नुभयो। परमप्रभुले स्वर्गदूतलाई जो
नाश गर्दै थिए, भन्नुभयो, "रोक! यति नै पर्याप्त छ।"
परमप्रभुका स्वर्गदूत यबूसी ओर्ननको खलामा उभिएका
थिए।
१६दाऊदले माथितिर हेरे अनि परमप्रभुका स्वर्गदूतलाई
आकाशमा देखे। स्वर्गदूतले तिनको तरवार यरूशलेम
शहर माथि समातिरहेका थिए। तब दाऊद अनि बूढ़ा-
प्रधानहरूले आफ्ना शिरलाई भूइँछुने गरि झुकाएर
प्रणाम गरे। दाऊद अनि बूढ़ा-प्रधानहरूले आफ्ना दुःख
प्रकट गर्नका निम्ति विशेष वस्त्र पहिरेका थिए।
१७दाऊदले परमेश्वरलाई भने, "म त्यही एक हुँ जसले
पाप गर्‍यो। मानिसहरूको गिन्ती गर्नका निम्ति मैले नै
आदेश गरेको थिएँ। म अन्जानमा थिएँ। इस्राएलका
मानिसहरूले केही भूल गरेका थिएनन्। परमप्रभु मेरा
परमेश्वर, मलाई र मेरो परिवारलाई दण्ड दिनुहोस। तर
यो भयानक रोगहरूलाई रोक्नुहोस जसले तपाईका
मानिसहरूलाई मारिरहेछ्।"
१८तब परमप्रभुका स्वर्गदूतले गादलाई भने। तिनले
भने, "दाऊदलाई परमप्रभुको आराधना गर्नका निम्ति
एक वेदी निर्माण गर्नु भन। दाऊदले त्यो बेदी यबूसीका
ओर्ननको खलाको नजिक निर्माण गर्नुपर्छ।" १९गादले
ती कुराहरू दाऊदलाई भने अनि दाऊद ओर्ननको खला
तिर गए।
२०ओर्नान गहूँ कुटदै थिए। ओर्नान फर्के अनि
स्वर्गदूतलाई देखे। ओर्ननका चारजना छोराहरू लुक्नलाई
कुदे। २१दाऊद ओर्नान डाँड़ा तिर उकालो लागे।
ओर्ननले तिनलाई देखे र खला छाड़े। तिनी दाऊद भए
तिर गए अनि तिनको सामुन्ने भूइँछुने गरी शिर झुकाई
प्रणाम गरे।
२२दाऊदले ओर्ननलाई भने, "तिम्रो खला मलाई
बेच। म तिमीलाई पूरा दाम दिनेछु। तब म यो
जग्गालाई परमप्रभुको अराधना गर्नको निम्ति बेदी
निर्माण गर्न उपयोग गर्ने छु। तब यी भयानक रोगहरू
बन्द हुनेछन्।"
२३ओर्ननले दाऊदलाई भने, "यो खला लिनुहोस।
तपाई मेरो स्वामी, महाराजा हुनुहुन्छ। तपाईंलाई जे
इच्छ लाग्छ त्यही गर्नु होस। तपाईलाई होम बलिहरूका
निम्ति गाई-गोरुहरू पनि दिनेछु। म तपाईलाई खलाको
तखताहरू दाउराको रुपमा दिनेछु। म अन्न बलि
चढ़ाउनको निम्ति गहुँ र यी सबै सामानहरू तपाईलाई
दिनेछु।"
२४तर राजा दाऊदले ओर्ननलाई उत्तर दिए, "होइन,
म तिमीलाई पूरा दाम दिन्छु। परमप्रभुलाई अर्पण गर्नका
निम्ति म तिम्रो केही चीज लिँदिन। म त्यो भेट अर्पण
गर्दिन जसको मैले कुनै मूल्य दिनु पर्दैन।"
२५यसर्थ दाऊदले ओर्ननलाई त्यो स्थानको निम्ति
६०० शेकेल जति सुन दिए। २६दाऊदले त्यहाँ
परमप्रभुको आराधना गर्नका निम्ति एउटा बेदी निर्माण
गरे। दाऊदलले होमबलि र मेलबलि चढ़ाए। दाऊदले
परमप्रभुसित प्रार्थना गरे। परमप्रभुले स्वर्गबाट आगो
पठाएर दाऊदलाई उत्तर दिनुभयो। त्यो आगो तल
होमबलिको बेदीमा झर्‍यो। २७तब परमप्रभुले स्वर्गदूतलाई
तिनको तरवार म्यानमा हाल्नु भनी आज्ञा दिनुभयो।
२८दाऊदले देखे कि परमप्रभुले ओर्ननको खलामा
तिनलाई उत्तर दिनुभयो। यसर्थ दाऊदले परमप्रभुको
निम्ति बलि चढ़ाए। २९पवित्र पाल अनि होमबलिको
वेदी गिबोन शहरको उच्च स्थानमा थियो। मोशाले त्यो
पवित्र पाल निर्माण गरेका थिए जब इस्राएलका मानिसहरू
मरूभूमिमा थिए। ३०दाऊद परमेश्वरसित कुरा-कानी
गर्न पवित्र पालमा जान सकेनन् किनभने तिनी भयभीत
थिए। दाऊद परमप्रभुका स्वर्गदूत अनि तिनको तरवारसित
भयभीत थिए।

२२ दाऊदले भने, "परमप्रभु परमेश्वरको मन्दिर
अनि इस्राएलका मानिसहरूका निम्ति भेटीहरू
जलाउने बेदी यहाँ निर्माण गरिने छ।"

### दाऊदले मन्दिर निमार्णको निम्ति योजना बनाउछन्

२दाऊदले इस्राएलमा बस्ने सबै विदेशीहरूलाई एकसाथ
भेला हुने आदेश दिए। दाऊदले विदेशीहरूबाट ढुँगा
काटनेहरू छाने। तिनीहरूको काम परमेश्वरको मन्दिर
बनाउनका निम्ति ढुँङ्गा काटेर तयार गर्ने थियो। ३दाऊदले

फाटकको ढोकाहरूका निम्ति काँटी अनि कब्जाहरू बनाउन फलाम ल्याए। दाऊदले जोख्न पनि नसकिने मात्रामा प्रचुर काँसा ल्याए। ४अनि दाऊदले गिन्ती गर्न नसकिने हिसाबमा देवदारूका मूढ़ाहरू ल्याए। सीदोन अनि सोर शहरका मानिहरूले पनि दाऊद कहाँ धेरै देवदारूका मूढ़ाहरू ल्याए।

५दाऊदले भने, "हाम्रा परमप्रभुको निम्ति हामीले अत्यन्त विशाल मन्दिर बनाउनु पर्छ। तर मेरो छोरा सुलेमान सानै छ यसर्थ त्यसले ती कुराहरू सिकेको छैन जो त्यसले जान्नु पर्छ। परमप्रभुको मन्दिर अत्यन्त विशाल हुनु पर्छ। यो यसको विशाल अनि सुन्दरताको निम्ति सबै राष्ट्रहरूमा प्रसिद्ध अनि उज्ज्वल हुनुपर्छ। त्यसै कारण म परमप्रभुको मन्दिर निर्माण गर्नको लागि योजनाहरू बनाउने छु।" यसकारण उनको मृत्यु अघि दाऊदले मन्दिर निमार्णको निम्ति धेरै योजनाहरू बनाए र सामग्रीहरू दिए।

६त्यस पछि दाऊदले आफ्ना छोरा सुलेमानलाई बोलाए उनलाई इस्राएलका परमप्रभु परमेश्वरको निम्ति मन्दिर बनाउँनु भने। ७दाऊदले सुलेमानलाई भने, "मेरो छोरो, परमप्रभु मेरा परमेश्वरको निम्ति म एउटा मन्दिर बनाउन चाहन्थेँ। ८तर परमप्रभुले मलाई भन्नुभयो, 'दाऊद, तैंले धेरै युद्धहरू लड़ेको छस् र धेरै मानिसहरू मारेको छस्। यसर्थ मेरो नाउँको निम्ति तैंले मन्दिर बनाउन सक्तैनस्। ९तर तिम्रो छोराहरू मध्ये एकजना जो शान्ति प्रिय व्यक्ति हो। म शान्तिको समय प्रदान गर्नेछु। त्यसका वरिपरिका शत्रुहरूले त्यसलाई आक्रमण गर्ने छैनन्। त्यसको नाउँ सुलेमान हो। म इस्राएललाई उ राजा भएको समयमा शान्ति र आरम प्रदान गर्नेछु। १०सुलेमान एउटा हो जसले मेरो निम्ति अवश्यै मन्दिर बनाउनेछ। सुलेमान मेरो छोरा हुनेछ अनि म उसको पिता हुनेछुन्। अनि म उसको राजवंशलाई शक्तिशाली तुल्याउने छु र उसको सन्तानहरूले इस्राएलमा सदा-सर्वदा शासन गर्ने छ।'"

११दाऊदले यो पनि भने अब छोरा, "परमप्रभु तेरो साथ रहून्! तँ सफल बन् अनि तैंले मन्दिर बनाउने छस् भनी परमप्रभुले भन्नु भए जस्तै परमप्रभु तेरो परमेश्रको निम्ति मन्दिर निर्माण गर। १२जसरी पनि परमप्रभुले तपाईंलाई ज्ञान र बुद्धि दिउन्। ताकि जब उहाँले तँलाई इस्राएल माथि अधिकार दिनु हुन्छ, तैले होसियारी साथ परमप्रभु तेरो परमेश्वरको आज्ञा पालन गर्ने छस्। १३यदि तैंले होशियारी साथ ती नियम अनि व्यवस्थाहरू पालन गरिसभने, परमप्रभुले मोशालाई जो दिनु भएको थियो, तैले त्यो सफलता प्राप्त गर्ने छस्। बलवान र साहसी बन। न डराऊ निरूत्साहित नहो।

१४"सुलेमान, मैले परमप्रभुको मन्दिर निर्माण गर्न कठिन परिश्रम गरेको छु। मैले एक लाख तोड़ा* सुन दिएको छु। अनि लगभग दश लाख तोड़ा* चाँदी दिएको छु। मैले यतिबिध्न काँसा र फलाम दिएको छु जसको तौल गर्न सकिँदैन। साथै मैले काठपात र ढुङ्गाहरू दिएकोछु। सुलेमान तैंले त्यस माथि थप्न् सक्छस्। १५तँसित धेरै कारीगरहरू, डकर्मीहरू अनि सिकर्मीहरू छन्। तँसित हरेक प्रकारको काम गर्न सिपालु मानिसहरू छन्। १६तिनीहरू सुन, चाँदी, काँसा अनि फलामका काम गर्नम् सिपालु छन्। तँसित अधिक निपुण कर्मीहरू छन् जसको गिन्ती लिन सकिँदैन। अब काम शुरू गर। अनि परमप्रभु तेरो साथ रहून्।"

१७तब दाऊदले इस्राएलका समस्त अगुवाहरूलाई तिनका छोरा सुलेमानलाई सहायता गर्नु भनी आदेश दिए। १८दाऊदले ती अगुवाहरूलाई भने, "साच्चैनै परमप्रभु तिमीहरूका साथ हुनुहुन्छ। अनि उहाँले तिमीहरूलाई राजनीतिक शान्ति दिनुभएको छ। किनभने उहाँले यस भूमि निवासीहरूलाई परास्ता गर्न मलाई सहायता गर्नु भएकोछ अब परमप्रभु र उहाँका मानिसहरूको यस भूमिमाथि अधिकार गर्दछन्। १९अब तिमीहरूको तन मन अनि धन परमप्रभु तिम्रा परमेश्वर प्रति लगाऊ, अनि उहाँले भन्नु भएका कामहरू गर। परमप्रभु परमेश्वरको पवित्र स्थान र परमप्रभुको निम्ति मन्दिर निर्माण गर। त्यस पछि करारको सन्दूक अनि अन्य सबै पवित्र बस्तुहरू मन्दिरमा ल्याओ।"

## लेवीहरूका निम्ति मन्दिरमा सेवाकार्यका योजनाहरू

**२३** दाऊद वृद्ध भए, यसर्थ तिनले आफ्ना छोरा सुलेमानलाई इस्राएलका नयाँ राजा बनाए। २दाऊदले इस्राएलका समस्त अगुवा पूजाहारीहरू अनि लेवीहरूलाई पनि भेला गरे। ३दाऊदले तीस बर्ष अनि त्यस भन्दा अधिक उमेर भएका लेवीहरूको गिन्ती लिए। जम्मा ३८,००० लेवीहरू थिए। ४दाऊदले भने, "२४,००० लेवीहरूले परमप्रभुको मन्दिर निर्माण कार्यको हेरचाह गर्नेछन्। ६,००० लेवीहरू सुरक्षा कर्म अनि न्यायकर्त्ताहरू हुनेछन्। ५चारहजार लेवीहरू द्वार-पालक हुनेछन् अनि ४,००० विशेष वाध्य-यन्त्र लेवीहरू बनाएको छु। ती यन्त्रहरू तिनीहरूले परमप्रभुको स्तुतिका निम्ति उपयोग गर्नेछन्।"

६दाऊदले लेवीहरूलाई तीन समूहमा विभाजन गरे। ती लेवीका तीन जना छोराहरू गेर्शोन, कहात र मरारीका परिवार समूहहरू थिए।

## गेर्शोनका परिवार समूह

७गेर्शोनको परिवार समूहबाट लादान र शिमी थिए। ८लादानका तीन जना छोराहरू थिए। तिनका सबै भन्दा जेठा छोरा यहीएल थिए। तिनका अन्य छोराहरू जेताम

---

**एक लाख तोड़ा** अर्थात् करीब ३,७५० टन।

**दश लाख तोड़ा** अर्थात् करीब ३७,५०० टन।

अनि योएल थिए। ९शिमीका छोराहरू शलोमोत,
हजीएल अनि हारान थिए। यी तीन छोराहरू लादानको
परिवारका अगुवाहरू थिए।
१०शिमीका चार जना छोराहरू यहत, जीजा, येऊश
अनि बरीआ थिए। ११यहत सबै भन्दा जेठा छोरा थिए
अनि जीजा महिला छोरा येऊश अनि बरीआलाई एकै
परिवारको रूपमा गन्ती गरिन्थ्यो।

## कहातका परिवार समूह

१२कहातका चार जना छोराहरू अम्राम, यिसहार,
हेब्रोन अनि उज्जीएल थिए। १३अम्रामका छोराहरू
हारून अनि मोशा थिए। हारूनलाई अति विशिष्ट
हुनको निम्ति चुनिएको थियो। हारून अनि तिनका
सन्तानहरूलाई सदासर्वदा विशिष्ट हुनको निम्ति चुनिएको
थियो। तिनीहरू परमप्रभुको सेवाको निम्ति सबै पवित्र
सामग्रीहरू तयार गर्नलाई चुनिएका थिए। हारून अनि
तिनका सन्तानहरू परमप्रभुको समक्ष धूप बाल्नुको
निम्ति चुनिएका थिए। तिनीहरू परमप्रभुको सेवाका
निम्ति पूजाहारीरूको रूपमा चुनिएका थिए। तिनीहरूलाई
परमप्रभुको पवित्र नाउँमा मानिसहरूलाई आशीर्वाद दिन
सदाका निम्ति चुनिएको थियो।
१४जहाँ सम्म परमप्रभुका जन मोशा सम्बन्धित
उसका छोराहरू लेवी कुल समूहमा गाभिए। १५मोशाका
छोराहरू गेर्शोम अनि एलीएजर थिए। १६गेर्शोमका सबै
भन्दा जेठा छोरा। शबूएल थिए। १७एलीएजेरका सबै
भन्दा जेठा छोरा रहब्याह थिए। एलीएजेरका अन्य
छोराहरू थिएनन्। तर रहब्याहका धेरै छोराहरू थिए।
१८यिसहारका सबै भन्दा जेठा छोरा शलोमीत थिए।
१९हेब्रोनका सबै भन्दा जेठा छोरा यरियाह, माहिला
छोरा अमर्याह थिए। यहजीएल साहिँला छोरा थिए अनि
यक्माम कान्छा छोरा थिए।
२०उज्जीएलका सबै भन्दा जेठा छोरा मीका अनि
यिशियाह कान्छा छोरा थिए।

## मरारीका परिवार समूह

२१मरारीका छोराहरू: महली र मूशी थिए। महलीका
छोराहरू: एलाजार अनि कीश थिए। २२एलाजारको
छोराहरू नभई मृत्यु भयो। तिनका छोरीहरू मात्र थिए।
एलाजारका छोरीहरूले आफन्तहरूसित विवाह गरे।
तिनीहरूका आफन्तहरू कीशका छोराहरू थिए।
२३मूशीका छोराहरू: महली, एदेर र यरीमोत गरी।
जम्मा तीन जना छोराहरू थिए।

## लेवीका कार्यहरू

२४यी लेवीका सन्तानहरू थिए। सूचीमा तिनीहरूको
नाउँ आफ्ना परिवार-परिवार अनुसार थियो। ती परिवारका
प्रधानहरू थिए। प्रत्येक व्यक्तिको नाउँ सूचीमा लेखिएको
थियो। सूचीमा लेखिएका व्यक्तिहरू बीस वर्ष वा त्यस
भन्दा माथिका थिए। तिनीहरू परमप्रभुको मन्दिरमा सेवा
गर्थे।
२५दाऊदले भनेका थिए, "परमप्रभु इस्राएलका
परमेश्वरले उहाँका मानिसहरूलाई शान्ति दिनुभएको छ।
परमप्रभु सदा सर्वदा रहनको निम्ति यरूशलेममा
आउनुभएको छ। २६यसर्थ लेवीहरूले पवित्र पाल वा
सेवामा उपयोग गरिने कुनै पनि सामग्री बोक्नु पर्नेछैन।"
२७इस्राएलका मानिसहरूका निम्ति दाऊदका अन्तिम
निर्देशन लेवी कुल समूहका सन्तानहरूको गन्ती गर्नु
पर्ने थियो। तिनीहरूले ती लेवी मानिसहरूको गिन्ती
लिए जो बीस अनि त्यस भन्दा बड़ता उमेरका थिए।
२८लेवीहरूको काम हारूनका सन्तानहरूलाई
परमप्रभुको मन्दिरको सेवाकार्यमा सहायता गर्नेथियो।
लेवीहरूले मन्दिरको आँगान अनि मन्दिरका छेउका
कोठाहरूको पनि हेरचाह गर्थे। तिनीहरूको काम सबै
पवित्र चीज बीजहरूलाई शुद्ध गर्नु अनि परमेश्वरको
मन्दिरमा सेवागर्ने काम थियो। २९मन्दिरको टेबिलमा
विशेष रोटी राख्ने तिनीहरू जिम्मा थियो। तिनीहरू
पीठो, अन्नबलि र अखमिरी रोटी पोलेका अनि मिश्रित
भेंटीहरूको पनि जिम्मामा थिए। तिनीहरूले सबै कुराको
नाप-तौल गर्थे। ३०लेवीहरू हरेक बिहान उभिन्थे अनि
परमप्रभु प्रति धन्यवाद चढ़ाउँथे र स्तुति गर्थे। तिनीहरूले
यो पनि हरेक साँझ गर्थे। ३१शाबादथ अनि अरु
चाड़का दिनहरूमा अनि औसी उत्सवमा तिनीहरूले
होमबलिहरू तयार गर्थे। परमप्रभुको अघि तिनीहरू
हरेक दिन सेवा गर्थे। त्यहाँ नियमहरू थिए कति जना
लेवीहरूले सेवा गर्नु पथ्यो। ३२तिनीहरूले पवित्र पाल
साथै पवित्र स्थानको हेरचाह गर्थे। तिनीहरूले आफ्ना
पूजाहारी, हारूनका सन्तानहरूलाई सहायता गर्थे। लेवीहरूले
परमप्रभुको मन्दिरका कामहरूद्वारा पूजाहारीहरूलाई सहायता
गर्थे।

## पूजाहारीहरूका समूहहरू

२४ हारूनका छोराहरूका समूहहरू यी थिए:
हारूनका छोराहरू नादाब, अबीहू, एलाजार
अनि ईतामार थिए। २तर नादाब र अबीहू आफ्ना
पिताको मृत्यु हुन भन्दा अघिनै मरे। अनि नादाब र
अबीहूका छोराहरू थिएनन्। यसर्थ एलाजार अनि ईतामारले
पूजाहारीको रूपमा काम गरे। ३दाऊदले एलाजार र
ईतामारका परिवार समूहलाई दुइ भिन्न समूहहरूमा
विभाजन गरे। दाऊदले यसो गरे की समूहहरूले
तिनीहरूलाई गर्न दिइएका कार्यहरू गर्न सकुन्। दाऊदले
सादोक र अहीमेलेकको सहायताद्वारा यसो गरे। सादोक
एलाजारका सन्तान थिए। तर अहीमेलेक ईतामारका
सन्तान थिए। ४एलाजारका परिवारमा ईतामारका परिवारमा
भन्दा धेरै मुखियाहरू थिए। एलाजारका परिवामा सोह्रजना

मुखियाहरू थिए अनि ईतामारका परिवारमा आठजना
मुखियाहरू थिए। ५मानिसहरू हरेक परिवारमा चुनिएका
थिए। तिनीलाई चिट्ठाद्वारा चुनिएको थियो। केही
मानिसहरूलाई पवित्र स्थानको जिम्मालिनको निम्ति
चुनिएको थियो। अनि अन्य मानिसहरूलाई पूजाहारीको
रूपमा सेवा गर्नको निम्ति चुनिएको थियो। यी सबै
मानिसहरू एलाजार अनि ईतामारका परिवारहरूबाट थिए।
६शमायाह मुखिया थिए। तिनी नतनेलका छोरा थिए।
शमायाह लेवी कुल समूहबाट थिए। शमायाहले ती
सन्तानहरूका नाउँ लेखेका थिए। तिनीले ती नाउँहरू
राजा दाऊद अनि यी मुखियाहरूका सामुन्ने लेखेका
थिए: पूजाहारी सादोक, अहीमेलेक अनि पूजाहारीहरू र
लेवीहरूका परिवार-परिवारका मुखियाहरू। अहीमेलेक
अबियाथारका छोरा थिए। हरेक पल्ट चिट्ठा लगान्थ्यो
अनि एक व्यक्ति छानिन्थ्यो, र शमायाहले त्यस व्यक्तिको
नाउँ लेख्थे। यसरी तिनीहरूले एलाजार अनि ईतामारको
परिवारका मानिसहरू बीच काम विभाजन गरिदिएको
थियो।

७ पहिलो यहोयारीबको दल थियो।
दोस्रो दल यदायाहको थियो।
८ तेस्रो हारीमको दल थियो।
चौथो दल सोरीमको थियो।
९ पाँचौं मल्कियाहको दल थियो।
छैटौं दल मियामीनको थियो।
१० सातौं हक्कोसको दल थियो।
आठौं दल अबियाको थियो।
११ नवौं येशूअको दल थियो।
दशौं दल शकन्याहको थियो।
१२ एघारौं एल्यासीबको दल थियो।
बाह्रौं दल याकीमको थियो।
१३ तेह्रौं हुप्पाको दल थियो।
चौधौं दल येशेबाबको थियो।
१४ पन्ध्रौं बिल्गाको दल थियो।
सोह्रौं दल इम्मेरको थियो।
१५ सत्रौं हेजीरको दल थियो।
अठारौं दल हप्पिसेसको थियो।
१६ उन्नाईसौं पतहियाहको दल थियो।
बीसौं दल यहेजकेलको थियो।
१७ एक्काईसौं याकीनको दल थियो।
बाईसौं दल गमूरालको थियो।
१८ तेईसौं दलायाहको दल थियो।
चौबीसौं दल माज्याहको थियो।

१९यी परमप्रभुको मन्दिरमा सेवा गर्नका निम्ति
छानिएका दलहरू थिए। तिनीहरूले मन्दिरमा सेवा
गर्नका निम्ति हारूनका विधि-विधानहरू पालन गरे।
परमप्रभु इस्राएलका परमेश्वरले ती विधानहरू हारूनलाई
दिनु भएको थियो

### अन्य लेवीहरू

२०बाँकी रहेका लेवीका सन्तानहरूका नाउँ यी हुन्:
अम्रामका सन्तानबाट: शूबाएल शूबाएलका
सन्तानबाट येहदयाह।
२१ रहब्याहका सन्तानबाट: यिशियाह यिशियाह सबै
भन्दा जेठो छोरो थिए।
२२ यिसहार वंशबाट: शलोमोत। शलोमोतका वंशबाट:
यहत।
२३ हेब्रोनका सबै भन्दा जेठा छोरा यरियाह थिए।
अमर्याह हेब्रोनका माहिला छोरा थिए। यहजीएल
तिनका साहिंला छोरा अनि यक्माम कान्छा
छोरा थिए।
२४ उज्जीएलका छोरा मीका थिए। मीकाका छोरा
शमीर थिए।
२५ यिश्याह मीकाका भाइ थिए। यिश्याहका छोरा
जकर्याह थिए।
२६ मरारीका सन्तानहरू महली, मूशी र तिनका
छोरा यजियाह थिए।
२७ मरारीका छोराहरू यजियाबाट: बनो, शोहम
जक्कूर र इब्री नाउँका थिए।
२८ महलीका छोरा एलाजार थिए। तर एलाजारका
छोराहरू थिएनन्।
२९ कीशका कीशबाट छोरा यरहमेल थिए।
३० मूशीका छोराहरू महली, एदेर अनि यरीमोत
थिए।

ती लेवी परिवारहरूका मुखियाहरू हुन्। तिनीहरूको
नाउँ आ-आफ्ना परिवारहरूका सूचीमा लेखिएको छ।
३१तिनीहरू विशेष कार्य गर्नका निम्ति चुनिएका थिए।
तिनीहरूले पनि आफ्ना पूजाहारीहरूले झैं चिट्ठाहाल्थे।
पूजाहारीहरू हारूनका सन्तान थिए। तिनीहरूले राजा
दाऊद, सादोक, अहीमेलेक अनि पूजाहारीहरू अगुवाहरू
अनि लेवीहरू समक्ष चिट्ठा हाले। जब तिनीहरूलाई
कार्य गर्नको निम्ति चुने तर ठूला र साना परिवारहरूलाई
एकै प्रकारको व्यहार गरे।

### संगीतकारहरू

२५ दाऊद र सेनापतिहरूले आसापका छोराहरू
हेमान अनि यदूतूनलाई विशेष कार्य गर्नका
निम्ति छानेका थिए। तिनीहरूको विशेष काम सारङ्गी,
वीणा अनि झ्यालीहरूको प्रयोग गरी परमेश्वरको
वचनको अगमवाणी गर्नु थियो। यस प्रकारले सेवा गर्ने
मानिसहरूको सूची यहाँ छ:
२आसापका परिवारबाट: जक्कूर, योसेफ, नतन्याह
अनि अशरेला। राजा दाऊदले आसापलाई अगमवाणी
गर्नका निम्ति चुने अनि आसापले आफ्ना छोराहरूको
अगुवाइ गरे।

३यदूतूनका परिवारबाट: गदल्याह, सरी, यशयाह,
शिमी, हशबियाह र मत्तित्याह। ती छ: जना थिए।
यदूतूनले आफ्ना छोराहरूको अगुवाइ गरे। यदूतूनले
अगमवाणी गर्नका निम्ति परमप्रभुलाई धन्यवाद दिन र
उहाँको स्तुति गर्नका निम्ति वीणाको उपयोग गरे।

४हेमानका छोराहरू जसले सेवा गरे ती बुक्कियाह,
मत्तन्याह, उज्जीएल, शबूएल, यरीमोत, हनन्याह, हनानी,
एलीआता, गिद्दलती, रोममती-एजेर, योश्बाकाशा,
मल्लोती, होतीर अनि महजीओत थिए। ५यी सबै
मानिसहरू हेमानका छोराहरू थिए। हेमान दाऊदका दर्शी
थिए। परमेश्वरले हेमानलाई शक्तिशाली बनाउने वचन
दिनु भएको थियो। यसर्थ हेमानका धेरै छोराहरू भए।
परमेश्वरले हेमानलाई चौध छोरा अनि तीन जना
छोरीहरू दिनु भयो। ६हेमानले परमप्रभुको मन्दिरमा
गाउन आफ्ना छोराहरूको अगुवाइ गरे। ती छोराहरूले
झ्याली, वीणा अनि सारङ्गीहरू प्रयोग गरे। राजाको
आज्ञा अनुसार आसाप यदूत अनि हेमनले
परमेश्वरको मन्दिरमा सेवा गर्ने त्यो तिनीहरूको यही
तरिका थियो। ७ती मानिसहरू अनि लेवीका कुल
समूहका तिनीहरूका आफन्तहरूलाई परमप्रभुको
महिमा गाउनमा तालिम दिइएको थियो। त्यहाँ २८८
जना मानिसहरू थिए। ८हरेक व्यक्तिले गर्नु पर्ने
विभिन्न किसिमका कामहरू छान्न तिनीहरूले चिट्ठा
लगाए। हरेक व्यक्तिलाई समान व्यवहार गरिन्थ्यो।
जवान अनि बूढ़ा मानिसहरू प्रति एकसमान व्यवहार
गरिन्थ्यो। अनि गुरूलाई शिष्यलाई जस्तै समान व्यवहार
गरिन्थ्यो।

९पहिलो-आसापका छोराहरू (योसेफ) अनि
आफन्तहरूबाट बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
दोस्रो-गदल्याहका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।

१०तेस्रो-जक्कूरका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

११चौथो-यिस्रीका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।

१२पाँचौं-नतन्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

१३छैटौं-बुक्कियाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

१४सातौं-यसरेलाका छोराहरू अनि आफन्तहरूबाट
बाह्र व्यक्तिहरू चुनिएका थिए।

१५आठौं-यशयाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

१६नवौं-मत्तन्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

१७दशौं-शिमीका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।

१८एघारौं-अज्रेलका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

१९बाह्रौं-हशबियाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२०तेह्रौं-शूबाएलका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२१चौधौं-मत्तित्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२२पन्ध्रौं-यरेमोतका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२३सोह्रौं-हनन्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२४सत्रौं-योशबकाशाका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२५अठारौं-हनानीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२६उन्नाईसौं मल्लोतीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२७बीसौं-एलियाताका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२८एक्काईसौं-होतीरका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

२९बाईसौं-गिद्दलतीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

३०तेईसौं-महजीओतका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

३१चौबीसौं-रोम्मती - एजेरका छोराहरू अनि
आफन्तहरूबाट बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

## द्वार पालकहरूको समूह

२६ कोरहका परिवारबाट द्वारपालकहरू यी हुन्।
मेशेलेम्याह अनि तिनका छोराहरू। मेशेलेम्याह
कोरेका छोरा थिए। तिनी आसापका परिवार समूहका
थिए। २मेशेलेम्याहका छोराहरू थिए: जकर्याह सबै
भन्दा जेठा छोरा थिए। यदीएल माहिला छोरा थिए।
जबदियाह साहिँला छोरा थिए। यत्नीएल काहिला छोरा
थिए। ३एलाम अन्तरे छोरा थिए। यहोहानान जन्तेर छोरा
थिए अनि एल्यहोनै कान्छा छोरा थिए।

४ओबेद-एदोम अनि तिनका छोराहरू: ओबेद-एदोमका
सबै भन्दा जेठा छोरा शमायाह थिए। यहोजाबाद तिनका
माहिला छोरा थिए। योआह तिनका साहिला छोरा थिए।
साकार तिनका काहिला छोरा थिए। नतनेल तिनका
अन्तरे छोरा थिए। ५अम्मीएल तिनका जन्तरे छोरा
थिए। यिस्सारकार तिनका खन्तरे छोरा थिए अनि
पुल्लतै तिनका कान्छा छोरा थिए। परमेश्वरले
साँच्चयीनै ओबेद एदोमलाई बर्दान दिनु भएको थियो।
६ओबेद-एदोमका छोरा शमायाह थिए; शमायाहका पनि

छोराहरू थिए। शमायाका छोराहरू तिनीहरूका पिताका परिवारका अगुवाहरू थिए किनभने तिनीहरू योग्य मानिसहरू थिए। ७शमायाहका छोराहरू ओत्नी, रफाएल, ओबेद, एल्जाबाद, एलीहू, अनि समकियाह थिए। एल्जाबादका आफन्तहरू सामर्थ्यवान मानिसहरू थिए। ८यी सबै मानिसहरू ओबेद-एदोमका सन्तानहरू थिए। ती मानिसहरू अनि तिनीहरूका छोराहरू र आफन्तहरू शक्तिशाली मानिसहरू थिए। तिनीहरू असल रक्षकहरू थिए। ओबेद एदोमका ६२ जना छोराहरू थिए। ९मेशेलेम्याहका छोराहरू अनि आफन्तहरू थिए, जो शक्तिशाली व्यक्तिहरू थिए। जम्मा १८ जना छोराहरू अनि आफन्तहरू थिए।

१०यी मरारीका परिवारका द्वारपालकहरू थिए। त्यसमा होसा एक थिए। शिम्री जेठो छोरो अगुवा थिए। यद्यपि शिम्री पहिला जन्मेको छोरा थिएन, उसलाई उसको पिताले अगुवा चुने। ११हिल्कियाह तिनका माहिला छोरा थिए। तबलियाह तिनका साहिँला छोरा थिए, अनि जकर्याह तिनका कान्छा छोरा थिए। होसाका जम्मा १३ छोरा र आफन्तहरू थिए।

१२यी द्वारपालकहरूका समूहहरूमा प्रधानहरू थिए। द्वारपालकहरूले परमप्रभुको मन्दिरमा सेवा गर्ने विशेष तरिका थियो जस्तो तिनीहरूका आफन्तहरूले गर्थे। १३हरेक परिवारलाई एउटा द्वारको रक्षा गर्न दिइएको थियो। एउटा परिवारको निम्ति द्वार छान्न चिट्ठा लगाएको थियो। जवान रा बृद्धहरू प्रति समान व्यवहार गरिन्थ्यो।

१४मेशेलेम्याह पूर्व द्वारको रक्षाका निम्ति चुनिएका थिए। त्यसपछि मेशेलेम्याहका छोरा जकर्याहका निम्ति चिट्ठा लगाए। जकरिया एक बुद्धिमान सल्लाहकार थिए। जकरिया उत्तर द्वारका निम्ति चुनिए। १५ओबेद-एदोम दक्षिण द्वाराका निम्ति चुनिए अनि ओबेद-एदोमका छोराहरू त्यस मन्दिरको रक्षाका निम्ति चुनिए जहां मूल्यवान चीज-बीजहरू राखिएका थिए। १६शुप्पीम अनि होसा पश्चिमद्वार र माथिल्लो सड़कको शल्लेकेत द्वाराका निम्ति चुनिए।

रक्षकहरू एक-अर्काको छेउ छेउमा उभिन्थे। १७छ: जना लेवीहरू हरेक दिन रक्षामा पूर्व द्वार तिर उभिन्थे। चार जना लेवीहरू हरेकदिन रक्षामा उत्तर द्वारतिर उभिन्थे। चारजना लेवीहरू रक्षामा दक्षिण द्वार तिर उभिन्थे अनि दुइजना लेवीहरूले त्यस मन्दिरको रक्षा गर्थे जहाँ मूल्यवान बस्तुहरू राखिएको थियो। १८जति सक्दो पश्चिमी (कचहरीको बाटोमा) चार जना रक्षकहरू थिए अनि दुइजना रक्षकहरू कचहरीमा नै बस्थे।

१९यी, द्वारपालकहरूका समूहहरू थिए। ती द्वारपालकहरू कोरह अनि मरारीका परिवारहरूबाट थिए।

### भण्डारे र अधिकारीहरू

२०अहियाह लेवी कुल समूहबाट थिए। अहियाहले परमेश्वरको मन्दिरका बहुमूल्य वस्तुहरूको हेर चाहको जिम्मा लिएका थिए। जहाँ पवित्र बस्तुहरू राखिएका थिए।

२१लादान गेर्शेन परिवारका थिए। यहीएली लादान परिवार समूहका मुखियाहरू मध्ये एक थिए। २२यहीएलीका छोराहरू जेताम अनि जेतामको भाइ योएल थिए। तिनीहरूले परमप्रभुको मन्दिरका मूल्यवान वस्तुहरूको जिम्मा लिएका थिए।

२३अन्य मुखियाहरू अम्राम, यिसहार, हेब्रोन अनि उज्जीएल कुल समूहका थिए। २४शबूएल परमप्रभुको मन्दिरका मूल्यवान बस्तुहरूको जिम्मेवार प्रधान थिए। शूबाएल गेर्शोमका छोरा थिए। गेर्शोम मोशाका छोरा थिए। २५यी शबूएलका आफन्तहरू थिए: एलाजारबाट तिनका आफन्तहरू: रहब्याह-एलीएजरका छोरा, यशयिया-रहब्याहका छोरा, योराम-यशयियाका छोरा, जिक्री-योरामका छोरा अनि शलोमीत-जिक्रीका छोरा। २६यी शलोमीत र तिनका आफन्तहरू दाऊदले संग्रह गरेका बस्तुहरूको जिम्मामा थिए। सेनाका अधिकारीहरूले पनि चीज बीजहरू मन्दिरका निम्ति दिए। २७तिनीहरूले युद्धमा लिएका कतिपय वस्तुहरू दिए। तिनीहरूले ती वस्तुहरू परमप्रभुको मन्दिरको संचालनको लागि निर्देशण दिए। २८शलोमीत र तिनका आफन्तहरूले दर्शी शमूएल कीशका छोरा शाऊल, नेरका छोरा अबनेर अनि सरूयाहका छोरा योआबले दिएका पवित्र वस्तुहरूको पनि हेरचाह गरे। शलोमीत अनि तिनका आफन्तहरूले सबै पवित्र वस्तुहरूको हेरचाह गरे जुन मानिसहरूले परमप्रभुलाई दिएका थिए। २९केनन्याह यिसहारका परिवारका थिए। कनन्याह अनि तिनका छोराहरू मन्दिर बाहिर काम गर्दथे। तिनीहरूले इस्राएलका विभिन्न भागमाहरूमा प्रबन्धक अधिकारी र न्यायकर्त्ताहरूका रुपमा काम गदथे।

३०हशब्याह हेब्रोन परिवारका थिए। हशब्याह अनि तिनका आफन्तहरूले परमप्रभुका सबै कार्य गर्दथे अनि इस्राएलको यर्दन नदीको पश्चिम तिर राजाको काम-काजको जिम्मावाला पनि थिए। हशव्याहका समूहमा १,७०० जना योग्य मानिसहरू थिए। ३१हेब्रोन परिवारको वंशावलीले यो देखाउँछ कि यरियाह तिनीहरूका अगुवा थिए। दाऊद राजाको चालीसौ वर्षको शासन कालमा उसले उसको अधिकारीहरूलाई बलवान अनि कुशल मानिसहरूको परिवारिक वंशवाली खोज्ने आज्ञा गरे केही योग्य मानिसहरू हेब्रोनीहरूले बीचमा यारजे र गिलादमा पाए। ३२यरियाहका २,७०० जना आफन्तहरू थिए, जो शक्तिशाली व्यक्तिहरू परिवारहरूका मुखियाहरू थिए। राजा दाऊदले ती २,७०० जना आफन्तहरूलाई रूबेन, गाद अनि मनश्शेका आधा कुल समूहहरूलाई परमप्रभुको कार्य अनि राजाको काम-काजको हेर चाह गर्नमा अगुवाइ गर्ने जिम्मा दिए।

### सैन्य समूहहरू

२७ यी इस्राएलीहरूको सूची हो जसले सेनामा
राजाको सेवा गर्थे। प्रत्येक समूहले प्रत्येक
वर्ष एक महीना काम गर्दथै। त्यहाँ परिवारका अगुवाहरू
हजार जना सेनाध्यक्षहरू, सहायक सेनाध्यक्षहरू,
अधिकारीहरू, जलसे राजाको सेवा गर्थे। प्रत्येक सैन्य
समूहमा २४,००० मानिसहरू थिए।

२याशोबाम पहिलो समूहको पहिलो महीनाको जिम्मामा
थिए। याशोबाम जब्दीएलका छोरा थिए। याशोबामको
समूहमा २४,००० व्यक्तिहरू थिए। ३याशोबाम पेरेसका
सन्तानहरूमा एक अगुवा जना थिए। याशोबाम पहिलो
महीनाको निम्ति सबै सैन्य अधिकारीहरूका प्रमुख
थिए।

४दोदै दोस्रो महीनाका निम्ति सैन्य समूहका जिम्मावाला
थिए। तिनी अहोहका थिए। त्यहाँ उसको समूहमा
२४,००० मानिसहरू थिए। मिकलट उनका समूहका
अगुवा थिए।

५तेस्रो सेनापति बनायाह यहोयादाका छोरा बनायाह
तेस्रो महीनाका निम्ति सेनापति थिए। यहोयादा मुख्य
पूजाहारी थिए। बनायाहको समूहमा २४,००० मानिसहरू
थिए। ६यिनी उही बनायाह थिए, जो तीस योद्धाका
एक साहसी सैनिक थिए। बनायाहले ती मानिसहरूको
अगुवाई गरे। बनायाहका छोरा अम्मीजाबाद बनायाहको
समूहका जिम्मामा थिए।

७चौथो सेनापति योआबका भाइ असाहेल थिए।
असाहेल चौथो महीनाका निम्ति सेनापति थिए। पछि
असाहेलका छोरा जबदियाहले सेनापतिको रूपमा तिनको
स्थान लिए। असाहेलका समूहमा २४,००० मानिसहरू
थिए।

८पाँचौ सेनापति शम्हूत थिए। शम्हूत पाँचौ महीनाको
निम्ति सेनापति थिए। शम्हूत जेरह परिवारका थिए।
शम्हूतका समूहमा २४,००० व्यक्तिहरू थिए।

९छैटौं सेनापति ईरा थिए। ईरा छैटौ महीनाको निम्ति
सेनापति थिए। ईरा इक्केशका छोरा थिए। इक्केश
तको शहरका थिए। ईराको समूहमा २४,००० मानिसहरू
थिए। १०सातौं सेनापति हेलेस थिए। हेलेस सातौ
महीनाका निम्ति सेनापति थिए। तिनी पालोनी मानिसहरूबाट
थिए अनि एप्रैमका सन्तान थिए। हेलेसको समूहमा
२४,००० मानिसहरू थिए।

११आठौं सेनापति सिब्बकै थिए। सिब्बकै आठौं
महीनाका निम्ति सेनापति थिए। सिब्बकै हूशाहबाट
थिए। सिब्बकै जेरह परिवारका थिए। सिब्बकैको
समूहमा २४,००० मानिसहरू थिए।

१२नवौं सेनापति अबीएजेर थिए। अबीएजेर नवौं
महीनाका निम्ति सेना पति थिए। अबीएजेर अनातोत
शहरका थिए। अबीएजेर बिन्यामीन कुल समूहका
थिए। अबीएजेरको समूहमा २४,००० मानिसहरू थिए।

१३दशौं सेनापति महरै थिए। महरै दशौं महीनाका
निम्ति सेनापति थिए। महरै नतोपाहका थिए। तिनी जेरह
परिवारका थिए। महरैको समूहमा २४,००० मानिसहरू
थिए।

१४एघारौं सेनापति बनायाह थिए। बनायाह एघारौं
महीनाका निम्ति सेनापति थिए। बनायाह पिरातोनका
थिए। बनायाह एप्रैमका कुल समूहका थिए। बनायाहको
समूहमा २४,००० मानिसहरू थिए।

१५बाह्रौं सेनापति हेल्दै थिए। हेल्दै बाह्रौं महीनाका
निम्ति सेनापति थिए। हेल्दै नतोपाहका थिए। हेल्दै
ओत्नीएल परिवारबाट थिए। हेल्दैको समूहमा २४,०००
मानिसहरू थिए।

### कुल समूहका प्रधानहरू

१६इस्राएलका कुल समूहहरूका मुखियाहरू यी नै
थिए:

रूबेनका: जिक्रीका छोरा एलीएजर। शिमोयोनका:
शपत्याह माकाको छोरा।
१७ लेवीका: कमूएलका छोरा हशब्याह। हारूनका:
सादोक।
१८ यहूदाका: एलीहू (एलीहू दाऊदका भाइहरू मध्ये
एक जना थिए) इस्सकारका: मीकाएलका
ओम्री छोरा।
१९ जबूलूनका: ओबदियाका छोरा यिश्मायाह।
नप्तालीका: यरीमोत अज्रीएलका छोरा।
२० एप्रैमका: अज्जयाहका छोरा होशेया। पश्चिम
मनश्शेका: योएल पदायाहका छोरा।
२१ पूर्व मनश्शेका: जकर्याहका छोरा इद्दो।
बिन्यामीनका: यसीएल अबनेरका छोरा।
२२ दानका: यरोहामका छोरा अज्रेल।

यी इस्राएली कुल समूहका मुखियाहरू थिए।

### दाऊदले इस्राएलीहरूको गन्ती गर्छन्

२३दाऊदले इस्राएलका मानिसहरूको गन्ती गर्ने निश्चय
गरे। त्यहा अति धेरै मानिसहरू थिए किनभने परमेश्वरले
इस्राएलका मानिसहरूलाई आकाशमा भएका ताराहरू
जस्तै धेरै बनाउने प्रतिज्ञा गर्नु भएको थियो। यसर्थ
दाऊदले ती मानिसहरूको मात्र गणना गरे जो बीस वर्ष
अनि त्यस भन्दा माथिका थिए। २४योआब, सरूयाहका
छोराले मानिसहरू गन्ती गर्न शुरू गरे, तर तिनले
सकेनन्। परमेश्वर इस्राएलका मानिसहरूसित क्रोधित
हुनु भयो। त्यसै कारणले गर्दा राजा दाऊदको इतिहासको
पुस्तकमा मानिसहरूको संख्या लेखिएन।

### राजाका प्रशासकहरू

२५यो ती मानिसहरूको सूची हो जसले राजाका
सम्पत्तिको जिम्मा लिएका थिए:

अज्मावेत, अदीएलका छोरा राजा भण्डार कक्षको जिम्मामा थिए। जोनाथन, उज्जियाहका छोरा सा-साना शहर, गाउँ, खेत अनि बुर्जाहरूका भण्डार कक्षका जिम्मामा थिए।
२६ एज्री कलूबका छोरा कृषकहरूको जिम्मा लिएका थिए।
२७ रामा शहरका शिमी दाखबारीको जिम्मा मा थिए। शेपेमका जब्दी दाखबारीहरूबाट आउने दाखरसको हेरचाह अनि भण्डारको जिम्मा मा थिए।
२८ गेदेरका बाल हानान पश्चिमी पहाड़ी देशका भद्राक्ष अनि अञ्जीरको बृक्षहरूका जिम्मावाला थिए। योआश भद्राक्षको तेलको भण्डारको जिम्मावाला थिए।
२९ शारोनका शित्रै शारोन वरिपरिका गाई वस्तुका जिम्मा मा थिए। अद्लेका छोरा शापात बेंसीमा गाई वस्तुहरूका जिम्मा मा थिए।
३० इश्माएले ओबील ऊँटहरूका जिम्मामा थिए। मेरोनोती येहदयाह गधाहरूका जिम्मामा थिए।
३१ हगरीका याजीज भेंड़ा-बाख्राहरूका जिम्मामा थिए।

यी सबै मानिसहरू प्रधान थिए, जसले राजा दाऊदका सम्पत्तिहरूका हेर चाह गर्दथे।
३२जोनाथन एक बुद्धिमानी, सल्लाहकार र लेखापाल थिए। जोनाथन दाऊदका भतीजा थिए। हक्मोनीका छोरा यहीएल राजाका छोराहरू को हेरचाह गर्दथे।
३३अहीतोपेल राजाका सल्लाहकार थिए। हूशै राजाका मित्र थिए। हूशै एरकी मानिसहरूबाट थिए।
३४यहोयादा र एबीयातारले पछि राजाका सल्लाहकारको रूपमा अहीतोपेलले स्थान लिए। यहोयादा बनायाहका छोरा थिए। योआब राजाका सेनापति थिए।

### मन्दिरको निम्ति दाऊदका योजनाहरू

२८ दाऊदले इस्राएलीहरूका सबै अगुवाहरूलाई एकत्रित गरे। तिनले ती सबै अगुवाहरूलाई यरूशलेममा आउन भनि हुकूम दिए। उनले कुल समूहहरूका सबै अगुवाहरूलाई, राजाका सेवामा रहेका सैन्यका सेनापतिहरू, हजारहरूको सेनाध्यक्षहरू, सयहरूका सेनाध्यक्षकहरू, राजा अनि तिनका छोराहरूका सम्पत्ति अनि पशुहरूको हेरचाह गर्ने अधिकारीहरू, राजाका प्रधान अधिकारीहरू, बीरहरू अनि सबै साहसी सैनीकहरूलाई बोलाए।

२राजा दाऊद उठे र भने, "मेरा दाज्यू-भाईहरू अनि मेरा मानिसहरू, मेरा कुरा सुन। म परमप्रभुको करारको सन्दूकको निम्ति एउटा विश्राम स्थान निर्माण गने अतिनै चाहन्थे, एउटा स्थान जो हाम्रो परमप्रभुको खुट्टाको पाउनदन हुन सकोस् मैले मन्दिर निर्माण गर्नलाई धेरै तयारीहरू गरेँ।
३तर परमप्रभुले मलाई भन्नुभयो, 'अहँ, दाऊद, तैंले मेरो नाउँमा मन्दिर बनाउनु पर्दैन। तैले त्यसो गर्नु हुँदैन किनभने तँ एक सैनिक होस्, र तैंले धेरै मानिसहरूलाई मारेको छस्।'

४"परमप्रभु इस्राएलका परमेश्वरले इस्राएलका बाह्र कुल समूहहरूको अगुवाइ गर्नका निम्ति यहूदाका कुल समूहलाई चुन्नु भयो। अनि त्यसपछि परिवार समूहबाट परमप्रभुले मेरा पिताका परिवारलाई चुन्नु भयो। र त्यो परिवारबाट परमेश्वरले मलाई सदाको निम्ति इस्राएलका राजा चुन्नुभयो। परमेश्वरले मलाई इस्राएलको राजा बनाउन चाहनु भयो।
५परमप्रभुले मलाई धेरै छोराहरू दिनु भएको छ। अनि ती सबै छोराहरूबाट परमप्रभुले सुलेमानलाई इस्राएलको नयाँ राजा बनाउन निम्ति छान्नुभयो। वास्तवमा, इस्राएल परमप्रभुको राज्य हो।
६परपमप्रभुले मलाई भन्नुभयो, 'दाऊद, तेरो छोरा सुलेमान त्यही एउटा हो जसले मेरो निम्ति मन्दिर र त्यसका चोकहरू बनाउँनेछ। किन? किनभने मैले सुलेमानलाई मेरो छोरा हुन चुनेकोछु अनि म त्यसको पिता हुनेछु।
७सुलेमानले मेरा नियमहरू र आदेशहरू अहिले पालन गर्दै छ। यदि उसले मेरा नियमहरू पालन गरोस्, तब म सुलेमानको राज्यलाई सदा सर्वदाका निम्ति शक्तिशाली बनाउने छु।'"

८दाऊदले भने, "यसैकारण अब सारा इस्राएलीहरू अनि परमेश्वरका समुदायको समक्ष म तिमीहरूलाई यी कुराहरू भन्दछु: परमप्रभु तिमीहरूका परमेश्वरका सबै आज्ञाहरू पालन गर्नमा सावधान बन। तब मात्र तिमीहरूले यो असल भूमि सदा-सर्वदा राख्न सक्ने छौ। अनि तिमीहरूले यसलाई तिमीहरूका सन्तानहरूलाई सदा-सर्वदाका निम्ति दिन सक्नेछौ।
९अनि तँ, मेरो छोरो सुलेमान, आफ्नो पिताका परमेश्वरलाई चिन। परमेश्वरको सेवा शुद्ध हृदयाले गर। परमेश्वरको सेवा गर्न हृदयबाट नै खुशी बन। किन? किनभने परमप्रभुले हरेक हृदय जाँच्नुहुन्छ। परमप्रभुले तैले सोचको हरेक कुराहरू बझ्नु हुन्छ। यदि तँ सहायताको निम्ति परमप्रभु कहाँ गइस् भने तैले उत्तर पाउने छस्। तर यदि त परमप्रभु देखि टाढ़ा फर्किस भने उहाँले तँलाई संदाको निम्ति त्याग्नु हुनेछ।
१०सुलेमान, तैंले यो बुझ्नु पर्छ कि परमेश्वरले उहाँको पवित्र स्थान अर्थात मन्दिर निर्माण गर्नकोा निम्ति तँलाई चुन्नु भएको छ। शक्तिशाली बन र काम पूर्ण गर।"

११त्यसपछि दाऊदले आफ्ना छोरा सुलेमानलाई मन्दिर निर्माण गर्ने योजनाहरू दिए। ती योजनाहरू मन्दिरको चारै तिरका दलान अनि त्यसका भण्डार कक्षहरू, माथिल्ला कोठाहरू, भित्री कोठाहरू अनि दया आसनका स्थानको निम्ति पनि थिए।
१२दाऊदले मन्दिरका सबै अंशका योजनाहरू बनाएका थिए। दाऊदले ती योजनाहरू सुलेमानलाई दिए। दाऊदले तिनलाई परमप्रभुको मन्दिर वरिपरिका आँगान अनि त्यस वरिपरिका सबै कोठाहरूका योजनाहरू दिए। दाऊदले तिनलाई मन्दिरको भण्डार

कक्षहरू अनि ती भण्डार कक्षहरू जहाँ मन्दिरमा
उपयोग गरिने पवित्र वस्तुहरू राख्थे त्यसका योजनाहरू
दिए। **१३**दाऊदले सुलेमानलाई पूजाहारी अनि लेवीहरूको
समूह बारे भने। दाऊदले सुलेमानलाई परमप्रभुको
मन्दिरको सेवाका सबै कार्यहरू अनि मन्दिरको सेवामा
उपयोग गरिने सबै चीज-बीजहरूको बारेमा भने।
**१४**दाऊदले सुलेमानलाई मन्दिरमा उपयोग गरिने वस्तुहरू
बनाउन कति सुन अनि चाँदी उपयोग गर्नु पर्छ-त्यस
विषयमा पनि भने। **१५**सुनका दियो र सामदानहरूका
निम्ति योजना बनाएका थिए, अनि चाँदीका दियो अनि
सामदानहरूका निम्ति योजानहरू थिए। दाऊदले सुलेमानलाई
प्रत्येक सामदान अनि दियोका निम्ति कति सुन वा चाँदी
उपयोग गर्नु पर्छ सो भने। जहाँ भिन्दा भिन्दै सामदानहरू
आवश्यक हुन्छ त्यहाँ अप्रयोग गर्नुपर्ने थियो। **१६**पवित्र
रोटीको निम्ति उपयोग गरिने प्रत्येक टेबलको निम्ति
कति सुन उपयोग गर्नु पर्छ सो दाऊदले भने। चाँदीका
मेचका निम्ति कति चाँदी उपयोग गर्नु पर्छ सो दाऊदले
भने। **१७**काँटा, छर्कने कचौरा, अनि कलशहरू बनाउन
कति शुद्ध सुन उपयोग गर्नु पर्छ दाऊदले सो पनि भने।
प्रत्येक सुनका थाली बनाउन कति सुन उपयोग गर्नु पर्छ
अनि प्रत्येक चाँदीका रिकाबी बनाउन कति चाँदी
उपयोग गर्नुपर्ने सो दाऊदले भने। **१८**दाऊदले भने,
धूप-वेदी बनाउनलाई शुद्ध सुन उपयोग गर्ने विषयमा
पनि भने। दाऊदले सुलेमानलाई करूबहरूकोलागि सुनको
रथको विषयमा पनि वर्णन गरे। तिनीहरूका पखेटाहरू
परमप्रभुको करारको सन्दूक माथि फैलिनु पर्छ। ती
करूब स्वर्गदूतहरू सुनले बनिएका थिए।

**१९**दाऊदले भने, “यी सबै योजनाहरू परमप्रभुले
मलाई अगुवाइ गर्नुभए अनुसार लेखिएका हुन्। परमप्रभुले
मलाई योजनामा भएका हरेक चीज बुझ्नमा मद्दत
गर्नुभयो।” **२०**दाऊदले आफ्ना छोरा सुलेमानलाई यो
पनि भने, “शक्तिशाली र साहसी बन अनि यो काम
पूर्ण गर। नडराऊ र निरूत्साहित नहोऊ किनभने
परमप्रभु मेरा परमेश्वर तँसित हुनुहुन्छ। सबै कार्य पूर्ण
नभएसम्म उहाँले तँलाई सहायता गर्नु हुनेछ। उहाँले तेरो
साथ छोड्नु हुनेछैन। तैले परमप्रभुको मन्दिर निर्माण
गर्नेछस्। **२१**यहाँ पूजाहारी र लेवीहरूको समूह छन् जो
परमेश्वरको मन्दिरमा सबै कार्यहरू गर्नको निम्ति तयार
छन्। सबै सिपालु कर्मीहरू सबै कार्यहरूमा तँलाई
सहायता गर्न तयार छन। सबै अधिकारीहरू र सबै
मानिसहरूले तपाईको हुकूम मान्नेछन्।”

## मन्दिर बनाउनका निम्ति भेटीहरू

**२९** राजा दाऊदले इस्राएलका सबै मानिसहरूलाई
भने जो एकसाथ एकत्रित भएका थिए,
“परमेश्वरले मेरो छोरा सुलेमानलाई मात्र चुन्नु भएको
छ। सुलेमान सानै छ अनि यो काम गर्नका निम्ति
चाहिने सबै कुरा त्यसले जान्दैन। तर यो काम अत्यन्त
महत्वपूर्ण छ। यो मन्दिर मानिसहरूका निम्ति होइन, तर
परमप्रभु परमेश्वरको निम्ति हो। **२**मैले परमेश्वरको
मन्दिर निर्माणका निम्ति योजना बनाउन मैले मेरो पूर्ण
शक्ति लगाएको छु। सुनका वस्तुहरू बनाउनुका निम्ति
मैले सुन दिएको छु। चाँदीका चीज-बीजहरू बनाउनुका
निम्ति मैले चाँदी दिएको छु। काँसाका सामग्रीहरू
बनाउनुका निम्ति मैले काँसा दिएको छु। फलामका
वस्तुहरू बनाउनुका निम्ति मैले फलाम दिएको छु।
काठका सामग्रीहरू बनाउनुका निम्ति मैले काठ दिएको
छु। मैले जोड़ने स्थानका निम्ति गोमेदक रत्न, अलंकृत
ईंटे, सबै प्रकारका भिन्न-भिन्न रङ्गका बहुमूल्य रत्नहरू
र सेतो संग मर्मरहरू पनि दिएको छु। मैले परमप्रभुको
मन्दिरको निम्ति यस्ता धेरै-धेरै चीज-बीजहरू दिएको
छु। **३**मैले मेरो परमप्रभुको मन्दिरको निम्ति जे दिएको
बाहेक म मेरो आफ्नै टुकरीबाट सुन र चाँदी दिदैछु
किनभने म पवित्र मन्दिर निर्माण गर्नलाई लिप्त भएको
छु। **४**मैले ओपीरको ३,००० तोड़ा शुद्ध सुन दिएको
छु। मैले ७,००० तोड़ा शुद्ध चाँदी दिएको छु। चाँदी
मन्दिरका भित्ताहरूमा लगाउनको निम्ति हो। **५**मैले सुन
र चाँदीका सबै चीज बीजका निम्ति सुन र चाँदी दिएको
छु। जसमा कि कुशल कर्मीहरूले मन्दिरका निम्ति सबै
भिन्न-भिन्न प्रकारका चीज बीजहरू बनाउँन सक्ने छन्।
अब, इस्राएलका मानिसहरू, तिमीहरू कतिजना आज
परमप्रभुका निम्ति स्वयंलाई अर्पण गर्न तयार छौ?”

**६**परिवारहरूका अगुवाहरू, इस्राएली कुल समूहका
अगुवाहरू, एकहजारका सेनाध्यक्षहरू, सयहरूका
सेनाध्यक्षकहरू र अधिकारीहरू व्यस्त भएका सबै
तयार थिए। अनि तिनीहरू सबैले आफ्ना मूल्यवान
वस्तुहरू अर्पण गरे। **७**यी ती वस्तुहरू हुन् जो
तिनीहरूले परमेश्वरको मन्दिरका निम्ति अर्पण गरेका
थिए: ५,००० तोड़ा सुन, १०,००० असर्फी,*
१०,००० तोड़ा चाँदी, १८,००० तोड़ा काँसा, अनि
१,००,००० तोड़ा फलाम। **८**मानिसहरू जोसित मूल्यवान
रत्नहरू थिए ती परमप्रभुको मन्दिरको निम्ति अर्पण
गरे। यहीएलले ती मूल्यवान रत्नहरूको हेरचाह गरे।
यहीएल गेर्शोन परिवारका थिए। **९**मानिसहरू अति
आनन्दित थिए किनभने तिनीहरूले राजीखुसीसित दिएका
थिए। अगुवाहरूले खुला हृदयले स्वतन्त्रता पूर्वक
अर्पण गरेकाथिए र तिनीहरू आनन्दित थिए। राजा
दाऊद पनि अत्यन्तै आनन्दित थिए।

## दाऊदको सुन्दर प्रार्थना

**१०**त्यस पछि दाऊदले सबै मानिसहरूलाई परमप्रभुको
प्रशंसा गर्न भेला गराएका थिए। दाऊदले भने:

---

**१०,००० असर्फी** इब्रानीमा-दारिक।

"परमप्रभु इस्राएलका परमेश्वर, हे हाम्रा पिता, सदा सर्वदाका निम्ति तपाईको प्रशंसा होईरहोस्।

११महानता, शक्ति, गौरव, विजय अनि सम्मान तपाई कै हुन। किन? किनभने पृथ्वी अनि स्वर्गका सबै कुरा तपाईकै हुन्। हे परमप्रभु, राज्य तपाईकै हो। तपाई शिर हुनुहुन्छ, हरेक बस्तु माथि शासन हुनुहुन्छ।

१२धन अनि सम्मान तपाई बाट नै आउँछन्। तपाई सबैमाथि शासन गर्नुहुन्छ। पराक्रम अनि शक्ति तपाईकै हातमा छन्। अनि कसैलाई पनि महान अनि शक्तिशाली बनाउने शक्ति तपाईकै हातमा छन्।

१३यसकारण अब हाम्रा परमेश्वर, हामी तपाईलाई धन्यवाद चढाउँछौं, अनि हामी तपाईको महिमित नाउँको प्रशंसा गर्दछौं।

१४"सबै सत्य कुराहरू चहि म अनि मेरा मानिसहरूबाट आएका होइनन्। यी सबै कुराहरू तपाईबाट मात्र आएका हुन्। हामी केवल तपाईबाट आएका कुराहरू तपाईलाई नै अर्पण गरिरहेकाछौं।

१५किनभने हामी हाम्रा पिता-पुर्खाहरू जस्तै यो संसारमा यात्रा गर्ने परदेशी मात्र हौं। यो पृथ्वीमा हाम्रो समय क्षणिक छन् वितीजाने छाया जस्तो हामी यसलाई रोक्ने आशा गर्दैनौ।

१६हे परमप्रभु हाम्रा परमेश्वर, हामीले यी सबै चिजहरू तपाईको मन्दिर निर्माण गर्नका निम्ति जम्मा गऱ्यौं। हामीले यो मन्दिर तपाईको नाउँको सम्मान गर्नका निम्ति निर्माण गर्दछौं। तर यी सबै वस्तुहरू तपाईबाट आएका हुन्। हरेक थोक तपाईकै हुन्।

१७मेरा परमेश्वर, म जान्दछु कि तपाईले आफ्ना मानिसहरूको जाँच गर्नुहुन्छ अनि तपाईंले धार्मिकता मन पराउनु हुन्छ। म यी सबै वस्तुहरू स्वच्छ अनि ईमान्दार हृदयले तपाई प्रति अर्पण गर्छु। तपाईका मानिसहरू यहाँ एकत्रित भएका म देख्छु र तपाईलाई यी वस्तुहरू अर्पण गर्न तिनीहरू खुशीछन्।

१८हे परमप्रभु तपाई हाम्रा पुर्खा अब्राहाम, इसहाक अनि इस्राएलका परमेश्वर हुनुहुन्छ। कृपया तपाईका मानिसहरूलाई तपाईको काम गर्नमा सहायता गर्नुहोस्। तिनीहरूलाई तपाईप्रति धन्नेवादीहुनमा सहायता गर्नुहोस्।

१९अनि मेरो छोरो सुलेमानलाई तपाई प्रति सत्य रहन सहायता गर्नुहोस्। तपाईको हुकूमहरू व्यवस्था अनि नियमहरूको सदा पालन गर्नमा सधैं त्यसलाई सहायता गर्नुहोस्। सुलेमानलाई यी कुराहरू सम्पन्न गर्नमा सहायता दिनुहोस् अनि यो किल्ला जो मैले योजना गरेकोछु, निर्माण गर्नमा त्यसलाई सहायता दिनुहोस्।"

२०तब दाऊदले भेला भएका सबै समूहका मानिसहरूलाई भने, "अब परमप्रभु तिमीहरूका परमेश्वर प्रति प्रशंसा अर्पण गर।" यसर्थ सारा समुदायले परमप्रभु आफ्ना पुर्खाहरूको परमेश्वरको प्रशंसा अनि आराधना गरे! तिनीहरूले परमप्रभु अनि राजा प्रति सम्मान जनाउन आफ्ना शिर भूँईतिर झुकाए।

## सुलेमान राजा हुन्छन

२१अर्को दिन मानिसहरूले परमप्रभु प्रति तिनीहरूको बलिहरू चढ़ाए। तिनीहरूले होमबलि अर्पण गरे। तिनीहरूले १,००० साँढ़ेहरू, १,००० भेड़ाहरू, १,००० थुमाहरू अनि तिनीहरू साथमा चल्ने अर्घबलि अर्पण गरे। तिनीहरूले धेरै बलिहरू इस्राएलका मानिसहरूका निम्ति अर्पण गरे। २२त्यस दिन मानिसहरू अत्यन्त खुशी थिए किनभने तिनीहरूले त्यहाँ परमप्रभुका साथ खानपीन गरे।

अनि तिनीहरूले दाऊदका छोरा सुलेमानलाई दोस्रो पल्ट राजा बनाए। तिनीहरूले सुलेमानलाई राजाको रूपमा नियुक्त गरे साथै सादोकलाई पनि पूजाहारीको रूपमा नियुक्त गरे। तिनीहरूले यो काम त्यस स्थानमा परमप्रभुको सामुन्ने गरे। २३तब सुलेमान राजाको रूपमा परमप्रभुको सिंहासनमा बसे। सुलेमानले आफ्ना पिताको स्थान लिए। सुलेमान खूबै सफल भए। इस्राएलका सम्पूर्ण मानिसहरूले सुलेमानको आज्ञा पालन गरे। २४सबै अगुवाहरू, योद्धाहरू अनि दाऊदका सबै छोराहरूले पनि उसलाई राजाको रूपमा स्वीकार गरे र तिनको हकूम पालन गरे।

२५परमप्रभुले सुलेमानलाई अत्यन्त महान तुल्याउनु भयो। इस्राएलका सबै मानिसहरू जान्दथिए कि परमप्रभुले सुलेमानलाई महान बनाउदै हुनुहुन्छ। परमप्रभुले सुलेमानलाई राजाले पाउनुपर्ने सम्मान प्रदान गर्नुभयो। सुलेमान अघि इस्राएलका कुनै पनि राजाले यस्तो सम्मान पाएका थिएनन्।

## दाऊदको मृत्यु

२६यसकारण यिशैका छोरा दाऊद सम्पूर्ण इस्राएल माथि चालीस वर्षसम्म राजा थिए। २७दाऊद हेब्रोन शहरमा सात वर्षसम्म राज्य गरे। तब उनी यरूशलेम शहरमा तेंतीस वर्षसम्म राज्य गरे। २८दाऊदको त्यस बेला मृत्यु भयो जब तिनी बुद्ध भए। दाऊदले एक असल र दीर्घ जीवन बिताएका थिए। दाऊदका अनेक सम्पत्तिहरू अनि प्रतिष्ठाहरू थिए। अनि दाऊदका छोरा सुलेमान तिनी पछि नयाँ राजा भए।

२९राजा दाऊदले शुरूदेखि अन्त सम्म जो कामहरू गरे ती दर्शी शमूएल, अगमवक्ता नातान अनि दर्शी गाद द्वारा लिखित पुस्तकहरूमा छन्। ३०ती लेखहरूले इस्राएलका राजाको रूपमा दाऊदले गरेका कामहरूको बारेमा बताउँछन्। तिनीहरूले दाऊदका पराक्रम अनि तिनी माथि घटेका घट्नाहरूको बारेमा देखाँउदछ। अनि तिनीहरूले इस्राएल र यसका वरिपरिका राज्यहरूमा जे भयो त्यसको बारेमा देखाँउदछ।

# राजाहरूको दोस्रो पुस्तक

### अहज्याहका लागि सन्देश

१ आहाब मरेपछि मोआब इस्राएलको विरुद्ध बागी
भए।
२एक दिन अहज्याह सामारियामा काठले बारेको
आफ्नो घरको माथिल्लो कोठाकोबाट लड़े। उनी नराम्रो
पाराले घाइते भए। अहज्याहले आफ्ना दूतहरूलाई
बोलाए र तिनीहरूलाई भन्यो, "एक्रोनका देवता
बालजबूबका पूजाहारीहरूकहाँ जाऊ। उनीहरूलाई सोध
यदि म आफ्नो चोटबाट निको हुन सक्छु।"
३तर परमप्रभुको स्वर्गदूतले तिश्बी एलियालाई भने,
"राजा अहज्याहले सामरीयाबाट केही स्वर्गदूतहरू पठाए।
जाऊ अनि ती मानिसहरूसित भेट गर। तिनीहरूलाई
भन, 'इस्राएलमा एक परमेश्वर हुनुहुन्छ। यसकारण
तिमीहरू किन एक्रोनका देवता बालजबूबलाई प्रश्न
सोधि रहेका छौ? ४तिमीले यस्तो गरेको हुनाले परमप्रभुले
भन्नुहुन्छ अहज्याहलाई तिमी आफ्नो ओछ्यानबाट
उठ्नपाउने छैनौ। तिमी मर्ने छौ।'" त्यसकारण एलिया
हिँड़े।
५दूतहरू अहज्याहकहाँ फर्केर आए। अहज्याहले
दूतहरूलाई भने, "तिमी किन यति चाँड़ै फर्केर आयौ?"
६दूतहरूले अहज्याहलाई भने, "एकजना मानिस
हामीसँग भेट गर्न आयो। उसले हामीलाई राजाकहाँ
फर्केर जानु अनि उनलाई परमप्रभुले भनेको कुरा भन्नु
भन्यो। परमप्रभु भन्नुहुन्छ, 'इस्राएलमा एक परमेश्वर
हुनुहुन्छ। यसकारण तिमीले किन एक्रोनका देवता,
बालजबूबसमक्ष प्रश्न सोध्न दूतहरू पठायौ? तिमीले
यस्तो काम गरेको हुनाले तिमी ओछ्यानबाट उठ्ने
छैनौ। तिमी मर्ने छौ।'"
७अहज्याहले दूतहरूलाई भने, "त्यो मानिस कस्तो
देखिन्थ्यो जसले तिमीलाई भेट्यो अनि तिमीलाई यी
कुराहरू भन्यो।"
८दूतहरूले जवाफ दियो, "त्यो मानिस रौमयुक्त थियो
र कम्मरमा एउटा छालाको पेटी बाँधेको थियो।" तब
अहज्याहले भने, "उनी तिश्बी एलिया हुन।"

### अहज्याहले पठाएका मानिसहरूलाई आगोले नष्ट पार्छ

९अहज्याहले एक जना कप्तान र पचास जना
मानिसहरू एलियाकहाँ पठाए। कप्तान एलियाकहाँ गए।
त्यस बेला एलिया पर्वतको टाकुरामाथि बसेका थिए।
कप्तानले एलियालाई भने, "परमेश्वरको जन, राजाले
तपाईंलाई ओर्लेर, 'आउनु भनी हुकूम गर्नु भएको
छ।'"
१०एलियाले पचास जना मानिसहरूका कप्तानलाई
उत्तर दिए, "यदि म परमेश्वरको जन हुँ, भने स्वर्गबाट
आगो आओस्, अनि कप्तान अनि उनका पचास जना
मानिसहरूलाई नष्ट पारोस्!" तब स्वर्गबाट परमेश्वरको
आगो तल आयो अनि कप्तान तथा उनका पचास जना
मानिसहरूलाई नष्ट पार्‍यो।
११अहज्याहले अर्का कप्तानलाई पचास जना
मानिसहरूसँगै एलियासमक्ष पठाए। कप्तानले एलियालाई
भने, "परमेश्वरको जन, राजाले भनेका छन्, 'चाँड़ै तल
आऊ!'"
१२एलियाले कप्तान र उनका पचास जना मानिसहरूलाई
भने, "यदि म परमेश्वरको मानिस हुँ, भने स्वर्गबाट
आगो आओस् र तिमी र तिम्रा मानिसहरूलाई नष्ट
पारोस्।"
तब स्वर्गबाट आगो आयो र कप्तान तथा उनका
पचास जना मानिसहरूलाई नष्ट पार्‍यो।
१३अहज्याहले तेस्रो कप्तान पचास जना मानिसहरूसँग
पठाए। तेस्रा कप्तान एलियाकहाँ आए। कप्तान घुँड़ा
टेकेर निहुरिए। कप्तानले एलियासमक्ष यसो भनेर बिन्ती
चढ़ाए, "परमेश्वरको जन, म मेरो जीवन र तपाईंका
पचास जना सेवकहरूको जीवनलाई मूल्यवान सम्झनु
होस्, भनी बिन्ती गर्छु। १४स्वर्गबाट आगो आयो अनि
पहिला दुइजना कप्तानहरू तथा उनीहरूका पचास जना
मानिसहरूलाई नष्ट पार्‍यो। तर अब दया गर्नुहोस् अनि
हामीलाई बाँच्न दिनुहोस्।"
१५परमप्रभुको स्वर्गदूतले एलियालाई भने, "कप्तानसँग
जाऊ। उनीसित नड़राऊ।" यसकारण एलिया कप्तानसँग
राजा अहज्याहलाई भेट्न गए।
१६एलियाले अहज्याहलाई भने, "इस्राएलमा परमेश्वर
हुनुहुन्छ। यसकारण किन तिमीले एक्रोनका देवता
बालजबूबसित प्रश्नहरू सोध्नलाई दूतहरू पठायौ। तिमीले
यस्तो काम गरेको हुनाले, तिमी आफ्नो ओछ्यनबाट
उठ्ने छैनौ। तिमी मर्ने छौ।"

### योराम अहज्याहको ठाउँ ओगटछन्

१७परमप्रभुले एलिया मार्फत भन्नुभए अनुसार
अहज्याहको मृत्यु भयो। अहज्याहको छोरा थिएन।
त्यसकारण अहज्याह पछि योराम नया राजा भए।

योरामले यहोशापातका छोरा योहोराम यहूदाका राजा
भएको दोस्रो वर्षमा शासन गर्न शुरू गरे।
१८अहज्याहले अरू जे कामहरू गरे ती सबै नै
'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लिखिएको
छ।

## परमप्रभु बाट एलियालाई बोलाउने योजना

२ जब परमप्रभुले एलियालाई आधीवेहरीमा स्वर्गमा
उठाए लैजान आट्नु भएको थियो। एलिया र
एलीशासँगै गिलगाल छोड़े।
२एलियाले एलीशालाई भने, "कृपया यही पर्ख,
किनभने परमप्रभुले मलाई बेतेल जानु भन्नु भएको
छ।"
तर एलीशाले भने, "परमप्रभु हुनुहुन्छ अनि तिमी
जिउँदै छौ, यसर्थ म शपथ खाएर भन्छु, म तिमीलाई
छोड़्ने छैन।" यसकारण दुइ जना मानिसहरू बेतेलतिर
गए।
३बेतेलमा अगमवक्ताहरूको दल एलीशाकहाँ आयो
अनि उनलाई भन्यो, "तिमीलाई थाह छ परमप्रभुले
तिम्रा मालिकलाई आज लिएर जानु हुनेछ।"
एलीशाले भने, "हो म जान्दछु यो। यस बारे कुरा
नगर।"
४एलियाले एलीशालाई भने, "कृपया यही पर्ख,
किनभने परमप्रभुले मलाई यरीहोमा जानु भन्नुभएको
छ।"
एलीशाले उत्तर दिए, "म शपथ खाएर भन्छु किनभने
परमप्रभु हुनुहुन्छ अनि तिमी जिउँदो छौ, म
तिमीलाई छोड़्ने छैन।" यसकारण दुइ जना मानिसहरू
यरीहोमा गए।
५यरीहोको अगमवक्ताहरूको दल एलीया कहाँ आयो
अनि उनिहरूले उसलाई भने, "के तिमीलाई थाहाँ छ
कि तिम्रो मालिकलाई आज परमप्रभुले तिमी देखी टाढ़ा
लिएर जानु हुदैछ।"
एलीशाले भने, "हो, म जान्दछु यो विषयमा कुरा
नगर।"
६एलियाले एलीशासँग भने, "कृपया यहि पर्ख
किनकि परमप्रभुले मलाई यर्दन तरेर जानु भन्नुभएको
छ।"
एलीशाले भने, "परमेश्वरको साक्षी दिएर म प्रतिज्ञा
गर्छु, म तपाईलाई छोड़्ने छैन।" अनि दुइ व्यक्ति गए।
७अगमवक्ताहरूको दलका पचास जना मानिसहरूले
तिनीहरूको अनुसरण गरे। एलिया र एलीशा यर्दन नदी
मा उभिए। पचास जना मानिसहरू एलिया र एलीशादेखि
टाढ़ा उभिए। ८एलियाले आफ्नो खाष्टो खोले, त्यसलाई
पट्याए र त्यसले पानीमा हिर्काए। पानी देब्रे र दाहिन
तिर दुइ भागमा बाँड़ियो। तब एलिया र एलीशाले
सूक्खा भूइँमाथि हिँड़ेर नदी तरे।
९जब तिनीहरूले नदी तरे एलियाले एलीशालाई भने,
"परमेश्वरले मलाई तिमीबाट लिएर जानु अघि तिम्रो
लागि म के गर्न सक्छु?"
एलीशाले भने, "म तपाईको उत्तराधिकारी हुन
चाहन्छुँ।"*
१०एलियाले भने, "तिमीले अप्ठ्यारो वस्तु माग्यौ।
जब तिमीबाट मलाई लिएर जाँदा यदि तिमीले देख्यौ
भने तब यस्तै हुन्छ। तर तिमीले देखेनौ भने त्यस्तो
हुँदैन।"

## परमेश्वरले एलियालाई स्वर्गमा लानुहुन्छ

११एलिया र एलीशा हिँड़िरहेका थिए अनि कुरा
गरिरहेका थिए। अचानक केही घोड़ाहरू र एउटा रथ
आयो अनि एलीशाबाट एलियालाई छुट्यायो। घोड़ा र
रथ आगो समान थिए। तब एलियालाई हावाबतासमा
स्वर्गमा लगियो।
१२एलीशाले यसलाई देखे अनि चिच्याए, "मेरा
पिता! मेरा पिता! इस्राएलको रथ अनि उहाँका
घोड़सैनिकहरू।"
एलीशाले एलियालाई फेरि कहिले देखेनन्। एलीशाले
आफ्नो लुगालाई पक्रिए अनि आफ्नो शोक देखाउन
च्याते। १३एलियाको खाष्टो भुइँमा झर्‍यो त्यसकारण
एलिशाले त्यसलाई टिपे र यर्दन नदीको किनारमा
उभिए। १४एलीशाले एलियाको खाष्टो लियो र त्यसले
पानीमा हिर्काए। उसले भन्यो, "एलियाका परमेश्वर
परमप्रभु कहाँ हुनुहुन्छ?" जब एलीशाले पानीमाथि प्रहार
गरे। तब पानी दाहिने र देब्रेतिर दुइ भागमा विभाजन
भयो र एलीशाले नदी तरे।

## अगमवक्ता एलियाको विषयमा सोध्छन्

१५जब यरीहोका अगमवक्ताहरूको दलले एलीशालाई
देखे, तिनीहरूले भने, "एलियाको आत्मा अहिले एलीशामा
छ।" तिनीहरू एलीशालाई हेर्न आए। तिनीहरू एलीशा
अघि भुइंमा निहुरिए। १६तिनीहरूले उनलाई भने,
"हेर, हामी पचास जना असल मानिस छौं। कृपया
तिनीहरूलाई जान देऊ अनि आफ्नो मालिक खोज्न
देऊ। हुन सक्छ, परमप्रभुको आत्माले एलियालाई
माथि लगेको छ अनि उनलाई कुनै पहाड़ अथवा
घाटीमा झारेको छ।"
तर एलीशाले उत्तर दिए, "होइन, एलियालाई खोज्न
मानिसहरू नपठाऊ!"
१७अगमवक्ताहरूको दलले एलीशालाई तिनी अलमल्ल
पारूञ्जेलसम्म बिन्ती गरिरहे। तब एलीशाले भने,
"ठीक छ, एलियालाई खोज्न मानिसहरू पठाऊ।"

---

**म तपाईं ... चाहन्छुँ** वास्ताविक म तिम्रो आत्माको दुईगुणा भाग चाहन्छुँ।

अगमवक्ताहरूको दलले ५० जना मानिसहरूलाई एलियालाई खोज्न पठाए। तिनीहरूले तीन दिन खोजे तर तिनीहरूले एलियालाई भेटेनन्। १८यसकारण मानिसहरू यरिहो गए जहाँ एलीशा बसेका थिए। तिनीहरूले उनलाई एलियालाई तिनीहरूले खोज्न नसकेको बताए। एलीशाले तिनीहरूलाई बताए, "मैले तिमीहरूलाई नजानु भनेको थिएँ।"

### एलीशाले पानीलाई शुद्ध पार्छन्

१९शहरका मानिसहरूले एलीशालाई भने, "महाशय, तपाई यस शहरलाई राम्रो ठाउँमा बनाउनुहुनेछ। तर पानी राम्रो छैन। त्यस कारण नै जमीनले अन्नबाली उँमर्दैन।"

२०एलीशाले भने, "एउटा नयाँ कचौरा मकहाँ ल्याऊ र त्यसमा नून हाल।"

मानिसहरूले एलीशा कहाँ कचौरा ल्याए। २१तब एलीशा त्यस ठाउँमा गए जहाँ भुइँबाट पानी बगिरहेको थियो। एलीशाले पानीमा नून हाले। उनले भने, "परमप्रभुले भन्नुभएको छ, 'म यस पानीलाई शुद्ध बनाइरहेको छु। अब देखि यस पानीले कसैलाई मार्ने छैन अथवा जमीनलाई अन्न फल्ने बनाउँनेछ।'"

२२पानी शुद्ध भयो। त्यो पानी अझै आज पनि राम्रो छ। यो यस्तै भयो जस्तो एलीशाले भनेका थिए।

### केही केटाहरू एलीशाको हाँसो उड़ाउछन्

२३एलीशा त्यस शहरबाट बेतेल गए। एलीशा शहरतिर पहाड़मा उकालो चढ़िरहेका थिए अनि केही केटाहरू शहरबाट तल झरिरहेका थिए। तिनीहरूले एलीशाको हाँसो उड़ाउन शुरू गरे। तिनीहरूले उनलाई भने, "माथि चढ़, तँ तालुखुइले मान्छे। माथि चढ़ तँ तालुखुइले मान्छे।"

२४एलीशाले पछि हेरे अनि उनीलाई देखे। उनले परमप्रभुलाई तिनीहरूप्रति नराम्रो होस् भनी बिन्ती गरे। तब बनबाट दुइवटा भालू निस्किए अनि केटाहरूमाथि आक्रमण गरे। भालूद्वारा ब्यालीस केटाहरू च्यातिदिए भए। २५एलीशाले बेतेल छोड़े अनि कर्मेल पहाड़तिर हिँड़े। अनि त्यहाँ बाट एलीशा सामरियातिर फर्किए।

### योराम इस्राएलका राजा हुन्छन्

**३** आहाबका छोरा योराम सामरियामा इस्राएलका राजा भए। यहोशापात यहुदाको राजा हुँदा अठाहौं वर्षकोसमयमा उनले शासन शुरू गरे। योरामले बाह्रै वर्ष शासन गरे। २योरामले ती कामहरू गरे जसलाई परमप्रभुले भूल कार्य भन्नु भएको थियो। तर योराम आफ्ना पिता र माता जस्ता थिएनन् किनभने उनले ती खाँबाहरू उखाले जसलाई उनका पिताले बालको पूजा गर्नका लागि बनाएका थिए। ३तर उनले नबातका छोरा यरोबामको जस्तो पाप गरिनै रहे। योरोबामले इस्राएलीहरूलाई पाप गर्न लगाए। योरामले योरोबामको पाप गर्न रोकेनन्।

### मोआब इस्राएलबाट छुट्टिन्छ

४मेशा मोआबका राजा थिए। मेशासँग धेरै भेड़ा थिए। मेशाले एक लाख भेड़ा र एक लाख भेड़ाका ऊन इस्राएलका राजालाई दिए। ५तर जब आहाब मोआबका राजा इस्राएलका राजाको विरुद्धमा बागी भए।

६तब राजा योराम सामरियाबाट निस्किए अनि इस्राएलका मानिसहरूलाई भेला गरे। ७योरामले यहूदाका राजा यहोशापात कहाँ दूतहरूलाई पठाए। योरामले भने, "मोआबका राजा मेरो विरुद्धमा बागी भएका छन्। के तिमी मोआबको विरुद्धमा लड़न मसँग जाने छौ?"

यहोशापातले भने, "अवश्य, म तिमीसँग जानेछु। मेरो मानिसहरू तिम्रा मानिसहरू जस्तै हुनेछन्। र मेरो घोड़ाहरू तिम्रा घोड़ाहरू जस्तै हुनेछन्।"

### तीनजना राजाहरू एलीशासँग सल्लाह माग्छन्

८यहोशापातले योरामलाई सोधे, "हामी कुन बाटोबाट जाऊँ?"

योरामले जवाफ दिए, "हामी एदोमको मरूभूमिबाट जानुपर्छ।"

९यसकारण इस्राएलका राजा यहूदा र एदोमका राजाहरूसँगै गए। तिनीहरूलाई यात्रा गर्न सात दिन लाग्यो, त्यहाँ सेना र अरू पशुहरूका लागि पर्याप्त पानी थिएन। १०अन्तमा, इस्राएलका राजा योरामले भने, "हाय, मेरो विचारमा मोआबीलीहरूबाट परास्त गर्नका लागि परमप्रभुले हामी तीन जना राजाहरूलाई एउटा ठाउँमा ल्याउनुभयो।"

११तर यहोशापातले भने, "के यहाँ परमप्रभुका कुनै एकजना अगमवक्ताछन् यदि यहाँ छन भने हामी अगमवक्तालाई सोध्नु पर्छ जे परमप्रभु भन्नु हुन्छ हामीले गर्नु पर्छ।"

इस्राएलका राजाका सेवकहरूमध्ये एक जनाले भने, "शापातका छोरा एलीशा यहाँ छन्। एलीशा एलियाका सेवक थिए।"*

१२यहोशापातले भने, "परमप्रभुको वाणी एलीशासँग छ।"

यसकारण इस्राएलका राजा योराम, यहोशापात अनि एदोमका राजा एलीशालाई भेट्न गए।

१३एलीशाले इस्राएलका राजा (योरामलाई) भने,

---

**एलीशा … थिए** साहित्यिक रूपले एलीशाले एलियाहको हातमा पानी खनाए।

"तपाईं मबाट के चाहनुहुन्छ? आफ्ना माता-पिताका अगमवक्ताहरूकहाँ जानुहोस्!"

इस्राएलका राजाले एलीशालाई भने, "होइन, हामी तपाईसँग भेट्न आएका छौं किनभने परमप्रभुले हामी तीन जना राजाहरूलाई सँगै भेला हुन बोलाउनु भएको छ ताकि मोआबीहरुले हामीलाई परास्त गर्न सकोस्।"

१४एलीशाले भने, "यहूदाका राजा यहोशापातको म सम्मान गर्छु अनि म सर्वशक्तिमान परमप्रभुको सेवा गर्दछु। उनी जिउँदै छन् भनेर नै म यहोशापातसँग मात्र भेट्न यहाँ आएँ। म तिम्रो अघि साँचो कुरा भन्छु, यदि यहोशापात यहाँ नभए, म तिमी प्रति ध्यान दिने थिइन। म सम्पूर्ण रूपमा तिम्रो अवहेलना गर्ने थिएँ। १५तर अब मकहाँ यस्तो मानिस ल्याऊ जसले वीणा बजाउँछ।"

जब मानिसले वीणा बजायो, एलीशामा परमप्रभुको आत्मा आउनुभयो। १६तब एलिशाले भने, "परमप्रभु भन्नुहुन्छ कन्दरामा दुलो खन। १७परमप्रभु भन्नुहुन्छ: तिमीले हावा देख्ने छैनौ, तिमीले पानी परेको देख्ने छैनौ। तर त्यो बेंसी पानीले भरिने छ। तब तिमी र तिम्रा गाईहरू र अरू पशुहरूले पिउने पानी पाउने छन्। १८परमप्रभुका लागि यो गर्न सजिलो छ। उहाँले तिमीहरूलाई मोआबीलीहरूलाई जिताउनुहुनेछ। १९तिमीहरूले प्रत्येक दरिलो शहर अनि प्रत्येक राम्रो शहरमाथि आक्रमण गर्ने छौ। तिमीहरूले प्रत्येक राम्रो रूख काट्ने छौ। तिमीहरूले सबै पानीको श्रोतहरू बन्द गर्ने छौ। तिमीहरूले प्रत्येक राम्रो खेतलाई ढुंङ्गाले नष्ट पार्ने छौ जुन तिमीले फ्याँक्ने छौ।"

२०बिहानै बिहानको बलि दिने समयमा एदोमतिरबाट पानी बग्नथाल्यो अनि बेंसी भरियो।

२१मोआबका मानिसहरूले सुने, राजाहरू तिनीहरूको विरोधमा लड़ाइँ गर्न आएका छन्। यसकारण मोआबमा मानिसहरूले ती सबै मानिसरूलाई जो बूढ़ो भए पनि कवच धारण गर्न सक्थे तिनीहरूलाई जम्मा गरे। तिनीहरूले तयार भएर लड़ाइँका लागि सीमानामा पर्खिने काम गरे। २२मोआबका मानिसहरू त्यस बिहान सखारै उठे। उदाउँदै गरेको घाम घाटीको पानी माथि चम्किरहेको थियो, अनि यो मोआबका मानिसहरूको रगत जस्तो देखिन्थ्यो। २३मोआबका मानिसरूले भने, "रगत हेर! राजाहरूले अवश्य नै एक अर्कासँग लड़ाइँ गरे। तिनीहरूले एक अर्कालाई सर्वनाश पारे होलान। हामी लाशहरूबाट बहुमूल्य वस्तुहरू लिन जाऔं।"

२४मोआबीली मानिसहरू इस्राएलीहरूको शिबिरमा आए। तर इस्राएलीहरू बाहिर निस्किए अनि मोआबीली सेनामाथि आक्रमण गरे। इस्राएलीहरूले मोआबीलीहरूलाई लखेटे। इस्राएलीहरूले मोआबीलीसँग लड़ाइँ गर्न तिनीहरूलाई मोआबसम्म पछ्याए। २५इस्राएलीहरूले शहरहरू असल पारे। तिनीहरूले मोआबमा प्रत्येक असल खेतमा ढुङ्गा फ्याके। तिनीहरूले पानीका सबै मुहानहरू बन्दगरे। र तिनीहरूले सबै असल रूख काटेर ढालिदिए। कीरहेरशेत मात्र ढुङ्गाको पर्खालसंग छोड़ियो। तर घुँयेत्रो हान्ने मानिसहरूले कीर-हेरशेतलाई घेरे र त्यसमाथि आक्रमण गरे।

२६मोआबका राजाले थाह पाए, युद्ध जित्न उनकालागि साह्रै नै मुश्किल छ। यस कारण उनले तरवारसमेत सात सय मानिसहरूलाई एदोमका राजाको हत्या गर्न अनि सेनालाई परास्त गर्न पठाए। तर तिनीहरूले एदोमका राजालाई परास्त गर्न सकेनन्। २७तब मोआबका राजाले आफ्नो जेठो छोरालाई लगे। यो त्यही छोरा थियो जो उनीपछि राजा हुनेवाला थिए। शहरको चारैतिर भित्ताहरूमाथि मोआबका राजाले आफ्नो छोरालाई होमबलिको रूपमा बलि चढ़ाउन तयार भए। ठूलो रीस इस्राएलमाथि पर्‍यो। यसकारण इस्राएलका मानिसहरू मोआबका राजालाई छोड़ेर आफ्नो देशतिर फर्किए।

### एक जना अगमवक्ताकी विधवा एलीशासित मदत माग्छिन्

४ अगमवक्ताहरू समूह मध्ये एउटाकी पत्नीले एलीशालाई यसो भनेर बिन्ती गरिन्, "तपाईंको दास मेरो पति अहिले मरे। तपाईलाई थाहै छ कि उनले परमप्रभुको सम्मान गर्दथे। तर उनले एक जना मानिसको ऋण लिएका थिए। र अहिले त्यो मानिसले मेरो दुइजना छोराहरूलाई लिन र तिनीहरूलाई आफ्नो दास बनाउन आइरहेको छ।"

२एलीशाले जवाफ दिए, "म कसरी तिम्रो मदत गर्न सक्छु? मलाई भन, तिमीसँग घरमा के छ?"

आईमाइले भनी, "मसित घरमा केही छैन। मसित एउटा भाँड़ोमा भद्रक्षको तेल मात्र छ।"

३तब एलीशाले भने, "जाऊ र आफ्ना सबै छिमेकहरूबाट कचौराहरू मागेर ल्याऊ। सबै कचौराहरू खाली हुनुपर्छ। धेरै कचौराहरू ल्याऊ। ४त्यसपछि आफ्नो घर जाऊ अनि ढ़ोकाहरू बन्द गर। तिमी र तिम्रा छोराहरू मात्र भित्र हुनेछौ। तब सबै ती भाँड़ाहरूमा तेल खन्याऊ। भाँड़ाहरू भर अनि तिनीहरूलाई बेग्लै ठाउँमा राख।"

५यसकारण आईमाइ एलीशाबाट विदा लिएर आफ्नो घर गई अनि ढ़ोका थुनी। घरभित्र ऊ र उसका छोराहरू मात्र थिए। उसका छोराहरूले उसको नजिक भाँड़ाहरू ल्याए अनि उसले तेल भरी। ६उसले धेरै भाँड़ाहरू भरी। अन्तमा उसले आफ्नो छोरालाई भनी, "मलाई अर्को भाँड़ा देऊ।"

तर सबै भाँड़ाहरू भरिएका थिए। छोराहरूमध्ये एक जनाले आमालाई भन्यो, "अरू भाँड़ा छैन।" त्यस बेला आमखोरामा तेल सकिएको थियो।

७तब आईमाइले परमेश्वरका जनलाई के भयो भनी। एलीशाले उसलाई भने, "जाऊ, तेल बेच अनि बेचेपछि अफ्नो ऋण तिर्ने काम गर। तिमी र तिम्रा छोराहरू रहेको रूपियाँमा गुजारा गर्न सक्छौ।"

## शुनैममा एक जना आईमाइले एलीशालाई एउटा कोठा दिन्छे

८एकदिन एलीशा शुनैम तिर गए। त्यहाँ शुनैममा एक जना प्रख्यात आईमाइ बस्थिइन्। यस आईमाइले एलीशालाई रोके र आफूसंग खाना खान बिन्ती गरिन्। यसकारण एलीशा प्रत्येक पटक त्यस ठाउँ भएर जाने गर्थे त्यहाँ भोजन गर्न बस्थे।

९आईमाइले आफ्नो लोग्नेलाई भनी, "हेर, म बुझ्न सक्छु एलीशा परमेश्वरका पवित्र जन हुन्। उनी सबै समय हाम्रो घर भएर जान्छन्। १०एलीशाका लागि छानामाथि एउटा सानो कोठा बनाई दियौ। त्यस कोठामा एउटा ओछ्यान राखिदियौं। त्यहाँ एउटा चौकी, एउटा कुर्सि अनि एउटा बत्तीदानी राखिदियौ। त्यसपछि जब तिनी हाम्रो घरमा आउँछन्, उनले आफ्नो लागि यो कोठा पाउने छन्।"

११एकदिन एलीशा आईमाइको घरमा आए। उनी त्यस कोठामा गए अनि त्यहाँ विश्राम गरे। १२एलीशाले आफ्नो सेवक गेहजीलाई भने, "यस शुनैमेली आईमाइलाई बोलाऊ।"

सेवकले शुनैमेली आईमाइलाई बोलायो र उ एलीशाको सामु उभियो। १३एलीशाले आफ्नो सेवकलाई भने, "अब यस आईमाइलाई भन, 'हेर तिमीले हाम्रो हेरचाह गर्ने ठूलो कार्य गरेकी छौ। तिम्रो लागि म के गर्न सक्छु? के तिमी चाहन्छौ, हामीले तिम्रो लागी राजालाई भन्नु पर्छ अथवा सेनाका कप्तानलाई?'"

आईमाइले भनी, "म यहाँ आफ्ना मानिसहरूको माझ मा बसेर सुखी छु।"

१४एलीशाले गेहजीलाई भने, "हामी उसका लागि के गर्न सक्छौं?"

गेहजीले उत्तर दिए, "मलाई थाह छ। उसको छोरा छैन अनि उसको लोग्ने बूढ़ो भएको छ।"

१५तब एलीशाले भने, "उनलाई बोलाऊ।"

यसकारण गेहजीले आईमाइलाई बोलाए। ऊ आई अनि दैलौमा उभिई। १६एलीशाले आईमाइलाई भने, "अर्को बसन्तमा यस समय तिमीले आफ्नो छोरालाई अंगालेको हुने छौ।"

आईमाइले भनी, "होइन महाशय! परमेश्वरका जन, मसित ढ़ाँट्ने काम नगर्नुहोस्।"

## शुनैममा आईमाइको छोरा हुन्छ

१७तर आईमाइ गर्भवती भई। एलीशाले भने जस्तै अर्को बसन्तमा आईमाईले छोरा जन्माई।

१८बालक ठूलो भयो। एकदिन बालक आफ्नो बुबा अनि बालि काटनेहरूलाई हेर्न खेत गयो। १९बालकले आफ्नो बुबालाई भन्यो, "अह, मेरो टाउको! मेरो टाउको दुख्दैछ!"

बुबाले आफ्नो सेवकलाई भन्यो, "उसको आमाकहाँ लिएर जाऊ।"

२०सेवकले केटालाई आमाकहाँ पुऱ्यायो। बालक दिउँसोसम्म आमाको काखमा बस्यो। त्यसपछि ऊ मऱ्यो।

## आईमाइ एलीशालाई भेट्न जान्छे

२१आईमाइले बालकलाई एलीशाको ओछ्यानमा सुताई। उसले त्यस कोठाको दैलो बन्द गरी अनि बाहिर गई। २२उसले आफ्नो लोग्नेलाई बोलाई अनि भनी, "कृपया मेरो निम्ति एक जना सेवक र एउटा गधा पठाइ दिनु होस्। त्यसपछि म परमेश्वरका जनलाई भेट्न जानेछु अनि फर्किने छु।"

२३आईमाइको लोग्नेले भन्यो, "तिमी किन आज परमेश्वरको जन कहाँ जान चाहन्छौ? महीनाको पहिलो दिन अथवा बिश्राम-दिनको त होइन।"

उसले भनी, "चिन्ता नगर्नु होस्। सबथोक ठीकठाक हुनेछ।"

२४तब तिनले गधामाथि एउटा काठी राखिए र आफ्नो सेवकलाई भनिन्, "गधालाई छिटो डोऱ्याउ। मैले नभनुञ्जेल सम्म ढीलो नगर्।"

२५आईमाइ परमेश्वरको जनलाई भेटन कर्मेल डाँड़ामा गई।

परमेश्वरको जन एलीशाले शुनेमेली आईमाइलाई टाढ़ाबाट आउँदै गरेको देखे। एलीशाले आफ्नो सेवकलाई भने, "हेर, शुनैमेली आईमाइ! उसलाई लिन अहिले जा! २६उसलाई भन, 'के भूल भयो? तिमी ठीकठाक त छौ? के तिम्रो लोग्ने ठीक छ? के तिम्रो नानी ठीक छ?'"

गेहजीले शुनेमेली आईमाइलाई सबै कुराहरू सोध्यो। उसले उत्तर दिई, "प्रत्येक ठीक ठाक छ।"

२७तर शुनैमेली आईमाइ परमेश्वरको जनसम्म पर्वतमा चढ़ी, ऊ निहुरी अनि एलीशाको चरण स्पर्श गरी। गेहजी शुनैमेली आईमाइलाई तान्न नजिक आयो। तर परमेश्वरको जन एलीशाले गेहजीलाई भने, "उसलाई एक्लै हुन देऊ! ऊ साह्रै दुखी छ अनि परमेश्वरले यस बारे केही भन्नु भएन। परमप्रभुले यो खबर म देखि लुकाउनुभयो।"

२८तब शुनैमेली आईमाइले भनी, "महाशय, मैले कहिले छोरा मागेको थिइन। मैले तपाईलाई भनेको थिएँ, 'मलाई नढ़ाँट्नु होस्।'"

२९तब एलीशाले गेहजीलाई भने, "जान तयार होऊ। मेरो हिँड्ने लौरो तिमीसित लिएर जाऊ कसैसँग

कुरा गर्न नउभिई! यदि कोही मानिससँग भेट भयो भने अभिवादन सम्म नगर्नु यदि कसैले अभिवादन गरे जवाफ नदे। मेरो हिँड्ने लौरो नानीको अनुहारमाथि राखिदे।"

३०तर नानीको आमाले भनी, "म शपथ खाएर भन्छु जस्तो परमप्रभु सदा रहनु हुन्छ अनि तपाई हुनुहुन्छ, म तपाईलाई छोड़ेर जाने छैन।"

यसकारण एलीशा उठे अनि शुनेमेली आईमाइको पछि-पछि हिँड़े।

३१गेहजी एलीशा र शुनैमेली आईमाइ भन्दा पहिले शुनैमेलीको घरमा पुग्यो। गेहजीले नानीको अनुहारमाथि लौरो राखिदियो। तर नानीले केही बोलेन न त कुनै संकेत गरे कि उसले कुनै कुरो सुनेको थियो। तब गेहजी एलीशालाई भेट्न फर्किगयो। गेहजीले एलीशालाई भन्यो, "नानी बिउँभ्केको छैन।"

## शुनैमेली आईमाइको छोरा फेरि जिउँदो हुन्छ

३२एलीशा घरभित्र पसे। उसको ओछ्यानमाथि एक जना बालक लड़िरहेको थियो। ३३एलीशा कोठाभित्र पसे अनि दैलो बन्द गरे। अहिले कोठामा एलीशा र बालक मात्र थिए। तब एलीशाले परमप्रभुलाई प्रार्थना गरे। ३४एलीशा ओछ्यानमाथि चढ़ेर बालकमाथि निहुरिए। एलीशाले आफ्नो मुख बालकको मुखमाथि जोड़े। उनले उसको आँखा बालकको आखाँमाथि राखे उनले आफ्नो हातहरू बालकको हातहरू माथि राखे। एलीशा बालकको शरीर तातो नभए सम्म बालकमाथि पल्टिरहे।

३५त्यसपछि एलीशा अलग भए अनि कोठाको वरिपरि हिँड़िरहे। तिनी फेरि गए अनि बालकमाथि तबसम्म पल्टिरहे जबसम्म उसले सात पटक हाच्छिउँ गरेन अनि आफ्नो आँखा खोल्दैन।

३६एलीशाले गेहजीलाई बोलाए अनि भने, "शुनैमी आईमाइलाई बोलाऊ!"

गेहजीले शुनैमी आईमाइलाई बोलाए अनि ऊ एलीशासामु आई। एलीशाले भने, "तिम्रो छोरालाई उठाऊ।"

३७तब शुनैमी आईमाइ कोठाभित्र पसी अनि एलीशाको खुट्टामा निहुरिई। त्यसपछि उसले आफ्नो छोरालाई उठाई अनि बाहिर निस्कि।

## एलीशा अनि विषालु सिरूवा

३८एलीशा फेरि गिलगाल गए। देशमा अनिकाल थियो। अगमवक्ताहरूको दल एलीशाको अघि बसिरहेका थिए। एलीशाले आफ्नो सेवकलाई भने, "आगोमा ठूलो भाँड़ो राख अनि अगमवक्ताहरूको दलका लागि केही सिरुवा बनाऊ।"

३९एकजना मानिस बाहिर खेतमा साग-पात लिन गए। उसले एउटा जंगली दाख भेट्यो र त्यसबाट केही लौकाहरू टिप्यो। उसले लौकाहरू आफ्नो भोलामा हल्यो र तिनीहरूलाई ल्यायो। उसले जंगली लौकाहरूलाई काट-कुट पारे र एउटा भाँड़ामा हाल्यो। तर अगमवक्ताहरूको दलले कस्तो किसीमको मुल हो चिनेन्।

४०त्यसपछि तिनीहरूले केही सिरूवा मानिसहरूका लागि खान खन्याए। तर जब तिनीहरूले सिरूवा खानु शुरू गरे, तिनीहरू एलीशासामु चिच्याए, "हे परमेश्वरका जन, भाँड़ोमा विष छ।" भोजनको स्वाद बिष जस्तो थियो, त्यसकारण तिनीहरूले त्यो भोजन खान सकेनन्।

४१तर एलीशाले भने, "केही पीठो ल्याऊ।" तिनीहरूले एलीशाका लागि पिठो ल्याए अनि उनले त्यो भाँड़ामा हाले। तब एलीशाले भने, "मानिसहरूका लागि सिरूवा खन्याऊ जसले गर्दा तिनीहरूले खान सकून्।" अनि सिरूवामा कुनै विष थिएन।

## एलीशाले अगमवक्ताहरूको दल्लाई खुवाउँछन्

४२बाल शालीशाहबाट एक जना मानिस आए अनि परमेश्वरको जन (एलीशा)का लागि पहिलो फसलको रोटी ल्याए। यस मानिसले २० वटा जौका रोटीहरू अनि नयाँ अन्न आफ्नो बोरामाल्याए, तब एलीशाले भने, "यो भोजन मानिसहरूलाई देऊ, तिनीहरूले खान सकून्।"

४३एलीशाको सेवकले भन्यो, "के भन्नु हुन्छ? यहाँ एक सय जना मानिसहरू छन्। म ती सबै मानिसरूलाई यो भोजन दिन सक्छु?"

तर एलीशाले भने, "मानिसहरूलाई भोजन खान देऊ। परमप्रभु भन्नुहुन्छ, 'तिनीहरूले खान्छन् अनि अभ्कै पनि भोजन रहने छ।"

४४तब एलीशाको सेवकले अगमवक्ताहरूको दलको सामु भोजन पस्कियो। अगमवक्ताहरूको दलका लागि खाना प्रचुर थियो अनि तिनीहरूले खाएपछि भोजन रह्यो। परमप्रभुले भन्नुभए जस्तै घट्ना भयो।

## नामानको समस्या

५ नामान अरामका राजाको सेनाका कप्तान थिए। नामान आफ्नो राजाकालागि धेरै महत्वपूर्ण थिए। किनभने परमप्रभुले उनलाई अरामको विजयका लागि उपयोग गरेका थिए। नामान महान र शक्तिशाली मानिस थिए, तर तिनी कुष्ठ रोगले ग्रस्त थिए।

२अरामी सेनाले इस्राएलमा लड़ाइँ गर्नका लागि सैनिकहरूको धेरै दलहरू पठाए। सैनिकहरूले मानिसहरूलाई तिनीहरूको दास बनाए। एक पटक तिनीहरूले इस्राएलको भूमिबाट एउटी सानी केटी ल्याए। यो सानी केटी नामानकी पत्नीकी सेविका भई। ३यस केटीले नामानकी पत्नीलाई भनी, "म चाहन्छु, मेरा मालिक नामानले अगमवक्ता एलीशासँग भेट गरून्

जो समरियामा बस्छन्। त्यस अगमवक्ताले नामानको कुष्ठ रोग निको पार्न सक्छन।"

४नामान आफ्नो मालिक (अरामका राजा) कहाँ गए। नामानले अरामका राजालाई ती सबै कुराहरू गरे जो इस्राएली केटीले भनेकी थिई।

५तब अरामका राजाले भने, "अहिले जाऊ र म इस्राएलका राजालाई एउटा पत्र पठाउने छु।"

यसकारण नामान इस्राएल गए। नामानले आफूसँग केही उपहारहरू लगे। नामानले दश तोडा चाँदी, ६,००० शेकेल सुनका टुक्राहरू र दश जोर लुगा लिएर गए। ६नामानले अरामका राजाबाट इस्राएलका राजाका लागि पत्र लगे। पत्रमा लेखिएको छ: "अहिले, यस पत्रले बताउँछ म आफ्नो सेवक नामानलाई तपाईकहाँ पठाउँदै छु। उसको कुष्ठ रोग निको पार्नुहवस्।"

७जब इस्राएलका राजाले पत्र पढ़े, उनले आफूलाई दु:खी र उदाशी देखाउनका लागि आफ्नो लुगा च्याते। इस्राएलका राजाले भने, "के म परमेश्वर हुँ? होइन! मसित जीवन मरण नियन्त्रणको क्षमता छैन। यस कारण अरामका राजाले किन कुष्ठ को रोगीलाई मकहाँ निको पार्न पठाए? यस विषयमा सोचे अनि तिमीले थाह पाए, यो एउटा छल हो। अरामका राजा लड़ाइँ शुरू गर्ने चेष्टा गर्दै छन्।"

८परमेश्वरको जन, एलीशाले सुने, इस्राएलका राजाले आफ्नो दु:ख र रीस देखाउन लुगाहरू, च्याते। यसकारण एलीशाले आफ्नो खबर राजाकहाँ पठाए, "तिमीले आफ्नो लुगा किन च्यात्यौ? नामान मकहाँ आओस्। तब उसले थाह पाउने छ, इस्राएलमा एकजना अगमवक्ता छ।"

९यसकारण नामान आफ्ना घोड़ाहरू अनि रथहरूसँगै एलीशाको घरमा आए अनि ढोकाको बाहिर उभिए।
१०एलीशाले नामानसम्म एक जना दूत पठाए। दूतले भन्यो, "जाऊ अनि यर्दन नदीमा सात पटक धोऊ। तब तिम्रो छाला कुष्ठ निको हुनेछ अनि तिमी शुद्ध हुने छौ।"

११नामान रिसाए अनि फर्किए। उनले भने, "मैले सोचेको थिए एलीशा बाहिर निस्किन्छन् अनि मेरो अघि उभिन्छन् अनि आफ्नो परमप्रभु परमेश्वरलाई आह्वान गर्ने छन्। मैले सोचेको थिएँ, उनले मेरो शरीरमाथि आफ्नो हात हल्लाउने छन् अनि कुष्ठ रोग निको हुनेछ। १२दमीशक्कका नदीहरू अबाना र फारपर इस्राएलका सबै पोखरीहरूका पानी भन्दा राम्रा छन्। मैले दमीशक्का ती नदीहरूमा धुने काम किन नगर्नु अनि निको नहुनु?" नामान साह्रै रिसाएका थिए अनि तिनी फर्किए।

१३तर नामानको सेवकहरू उनकोमा गए अनि उनीसँग कुरा गरे। उनीहरूले भने, "मालिक, यदि अगमवक्ताले तपाईलाई केही महान कार्य गर्नु भनेको खण्ड़मा, तपाई गर्नु हुन्छ, होइन र यसकारण तपाईले उनको आज्ञा पालन गर्नु पर्छ यदि उनी तपाईलाई केही सरल काम गर्नु भन्दछन्। अनि उनले भने, 'नुहाऊ अनि तिमी शुद्ध र स्वच्छ हुनेछौ।'"

१४यसकारण नामानले त्यही गरे जो परमेश्वरको जनले गर्नु भने। नामान नदीमा पसे अनि यर्दन नदीमा सात पटक डुबे। अनि नामान शुद्ध र स्वच्छ भए। नामानको छाला नानीकोछाला जस्तै नरम भयो।

१५नामान अनि उनको सबै दल परमेश्वरको मानिस कहाँ फर्केर आए। उनी एलीशासामु उभिए अनि भने, "हेर, अहिले म जान्दछु इस्राएलमा बाहेक अरू कतै परमेश्वर छैनन्। अब कृपया मबाट एउटा उपहार स्वीकार गर्नुहोस्।"

१६तर एलीशाले भने, "म परमप्रभुको सेवा गर्दछु अनि म शपथ खाएर भन्छु, जब परमप्रभु हुनुहुन्छ म कुनै उपहार स्वीकार गर्दिन।"

नामानले एलीशालाई उपहार स्वीकार गराउन पूरा चेष्टा गरे स्वीकार गर्नु हुन्न भने, "मेरो निम्ति यति काम गर्नुहवस्। १७मेरा खच्चरहरूमा इस्राएलबाट दुइभारी धूलो भर्न दिनुहवस्। किनभने म अरू कुनै परमेश्वरलाई होमबलि अथवा बलिदान चढ़ाउँदिन। म परमप्रभुलाई मात्र बलि चड़ाउनेछु। १८अनि म अहिले प्रार्थना गर्छु, परमप्रभुले यसको लागि मलाई क्षमादान गर्नुहुने छ अगममा मेरा मालिक अरामका राजा असत्य देवताको पूजा गर्नका लागि रिम्मोनको मन्दिरमा जाने छन्। राजा मेरो सहयोगका लागि मतिर निहुरिने छन्। यसकारण मैले रिम्मोनको मन्दिरमा निहुरिनु पर्छ। म अहिले परमप्रभुलाई क्षमा गर्न बिन्ती गर्छु यदि त्यस्तो हुन्छ।"

१९तब एलीशाले नामानलाई भने, "शान्ति सँग जाऊ।"

यसकारण उसले उसलाई छोड़े अनि केही टाड़ पुगे।
२०तर परमेश्वरको जन एलीशाको सेवक गेहजीले भन्यो, "हेर, मेरा मालिक एलीशाले अरामी नामानलाई उसले त्यसको उपहार स्वीकार नगरी नै जानदिएका छन्। परमप्रभ जीवित भए जस्तै म नामानको पछि लाग्नेछु र उसबाट केही लिनेछु।" २१यसकारण गेहजी नामानतिर दगुरे।

नामानले कसैलाई आफूतिर दगुरेको देखे। उनी गेहजी सँग भेट गर्न रथबाट ओर्लिए। नामानले भने, "के सबै ठीकठाक छ?"

२२गेहजीले भन्यो, "हजूर, सबै कुरा ठीकठाक छ। मेरा मालिक एलीशाले मलाई पठाएको छ। उनले भने, 'हेर, दुइजना युवकहरू मकहाँ आए। तिनीहरू एफ्रैमको पहाड़ी देशबाट आएका अगमवक्ताहरू हुन्। कृपया तिनीहरूलाई चाँदीको एक तोड़ा र दुइ जोर फेर्ने लुगाहरू देऊ।"

२३नामानले भने, “कृपया दुइ तोड़ा लैजाऊ!”
नामानले गेहजीलाई चाँदी लिनका लागि राजी गराए।
नामानले दुइवटा थैलोमा दुइ तोड़ा चाँदी हाले अनि
दुइजोर फेर्ने लुगा लिए। तब नामानले ती चीजहरू
आफ्ना दुइ सेवकहरूलाई दिए। सेवकहरूले ती चीजहरू
गेहजीसम्म पुऱ्याए। २४जब गेहजी पहाड़मा आयो,
उसले सेवकहरूबाट ती चीजहरू लगे। गेहजीले
सेवकहरूलाई टाढ़ा पठाए अनि तिनीहरू गए! तब
गेहजीले ती चीजहरू घरमा लुकाए।

२५गेहजी आए अनि आफ्नो मालिक एलीशा सामु
उभिए। एलीशाले गेहजीलाई भने, “गेहजी तँ कहाँ
गएको थिस्?”

गेहजीले भने, “म कतै गएको थिइन।”

२६एलीशाले गेहजीलाई भने, “त्यो साँचो होइन!
मेरो मुटु तँसगै थियो जब त्यो नामान तँ सँग भेट गर्न
आफ्नो रथबाट ओर्लियो। यो धन, लुगा भद्राक्ष, दाख,
भेड़ा, गाइ अथवा पुरूष तथा मैले सेवकहरू लिने
समय होइन। २७अब, तँ र तेरो नानीहरूले नामानको
रोग पाउने छौ। तँलाई सधैका लागि कुष्ठ हुनेछ।”

जब गेहजीले एलीशालाई छोड़यो, गेहजीको छाला
हिउँ जस्तो सेतो भयो। गेहजी कुष्ठको रोगी भयो।

### एलीशा र बञ्चरो

६ अगमवक्ताहरूको दलले एलीशालाई भने, “हामी
त्यस ठाउँमा बसिरहेका छौं। तर हाम्रोनिम्ति ठाउँ
साह्है सानो भयो। २यर्दन नदीमा जाऔं अनि केही काठ
काट्यौ। हामीमध्ये प्रत्येकले मुढ़ो पाउने छौं अनि
हामीले त्यहाँ बस्नका लागि एउटा ठाउँ बनाउने छौं।”

एलीशाले उत्तर दिए, “राम्रो जााऊ अनि त्यो गर।”

३एक जना मानिसले भन्यो, “कृपया हामीसँग
हिँड़नुहोस्।” एलिशाले भने, “म आउनेछुँ।”

४यसकारण एलीशा अगमवक्ताहरूको दलसँग गए।
जब तिनीहरू यर्दन नदीमा पुगे, तिनीहरूले केही रूख
ढ़ाल्न थाले। ५तर जब एक जना मानिस केही
रूखहरू काट्दै थियो, फलामको बञ्चरो बिँड़मा खुस्केर
पानीमा झऱ्यो। त्यो मानिस करायो, “मालिक, मैले
त्यो बञ्चरो मागेर ल्याएको थिएँ।”

६परमेश्वरको जन एलीशाले भने, “त्यो कहाँ झऱ्यो?”
मानिसले ठाउँ देखायो जहाँ बञ्चरो झरेको थियो।
तब एलीशाले एउटा लौरो काटे अनि पानीमा लौरो
फ्याँके। लौरोले गर्दा फलामको बञ्चरो तैरिन थाल्यो।
७एलीशाले भने, “बञ्चरो टिप।” तब मानिस लम्क्यो
अनि बञ्चरो लियो।

### अराम इस्राएललाई फसाउने चेष्टा गर्छ

८अरामका राजा इस्राएलको विरुद्धमा लड़ाइँ
गरिरहेका थिए। उनले आफ्ना सैनिक अधिकारीहरूसँग
सल्लाहको सभा राखे। उनले भने, “यस ठाउँमा
छाउँनी बनाऊँ।”

९तर परमेश्वरका जन एलीशाले इस्राएलका राजाकहाँ
एउटा खबर पठाए। एलीशाले भने, “होशियार रहनुहोस्!
त्यस ठाउँको नजिक नजाउनुहोस् अरामी सैनिकहरू
त्यहाँ तल गाइरहेका छन्।”

१०इस्राएलका राजाले आफ्नो मानिसहरूलाई त्यस
ठाउँमा खबर पठाए कि परमेश्वरको मानिसले यसविषय
चेताउनी दिएका थिए। उसले ती खबरहरू कम्तीमा
तीनपल्टा पठाए त्यसकारण मानिसहरू होसियार भए।

११अरामका राजा यस विषयमा साह्है दुःखी थिए।
अरामका राजाले आफ्ना सैनिक अधिकारिहरूलाई बोलाए
अनि तिनीहरूलाई भने, “मलाई भन, इस्राएलका
राजाको चियो कसले गर्दै छ?”

१२अरामको राजाका अधिकारीहरूमध्ये एक जनाले
भने, “मेरो मालिक र महाराज, हामीमध्ये कोही पनि
गुप्तचर छैन! इस्राएलका अगमवक्ता, एलीशाले इस्राएलका
राजालाई तपाईंले भनेको जे पनि कुराहरू भन्छ
यहाँसम्म कि तपाईले सुत्ने कोठामा बोलेका कुरा पनि
बताइदिन्छन्।”

१३अरामका राजाले भने, “एलीशाको पत्तो लगाऊ
अनि म उसलाई पक्रिन मानिसहरू पठाउने छु।”

सेवकहरूले अरामका राजालाई भने, “एलीशा दोतानमा
छन्।”

१४तब अरामका राजाले घोड़ाहरू, रथहरू अनि धेरै
सैनिकहरू दोतान पठाए। तिनीहरू राति पुगे अनि
शहरलाई घेरे। १५एलीशाको सेवक त्यस बिहान चाँड़ै
उठेको थियो। सेवक बाहिर निस्कियो अनि उसले
देख्यो, शहरलाई चारैतिर बाट घोड़ाहरू र रथहरू
सहित सैनिकले घेरेको थियो।

एलीशाको सेवकले एलीशालाई भन्यो, “हे, मेरा
मालिक, हामी के गर्न सक्छौ?”

१६एलीशाले भने, “नडरा! हाम्रोलागि लड़ाइँ गर्ने
सेना अरामका लागि लड़ाइँ गर्ने सेना भन्दा ठूलो छ।”

१७तब एलीशाले प्रार्थना गरे अनि भने, “परमप्रभु,
म बिन्ती गर्छु तपाई, मेरो सेवकको आँखा खोलि
दिनुहोस् जसले गर्दा उसले देख्न सकोस्।”

परमप्रभुले युवा सेवकको आखाँ खोलि दिनुभयो
अनि सेवकले देख्यो, पाहाड़ आगोको घोड़ा अनि
रथहरूले घेरिएको थियो। तिनीहरू सबै एलीशाको
वारिपरि थिए।

१८ती आगोका घोड़ा र रथहरू एलीशा छेऊ आए।
एलीशाले परमप्रभु संग प्रार्थना गरे अनि भने, “म
प्रार्थना गर्छु तपाईंले यी मानिसहरूलाई अंधा
बनाइदिनुहोस्।”

तब परमप्रभुले त्यसै गर्नुभयो जस्तो एलीशाले भने।
परमप्रभुले अरामी सेनाहरूलाई अंधो बनाइ दिनुभयो।

१९एलीशाले अरामी सेनालाई भने, "यो सही बाटो
होइन, यो सही शहर होइन। मेरो अनुसरण गर। म
तिमीहरू त्यस मानिसकहाँ पुर्‍याँउछु जसलाई तिमीहरू
खोजि रहेका छौ।" त्यसपछि एलीशाले अरामी
सैनिकहरूलाई सामरियामा पुर्‍याए।
२०जब तिनीहरू सामरियामा पुगे, एलीशाले भने,
"परमप्रभु, यी मानिसहरूका आँखा खोलि दिनुहोस्,
यिनीहरूले देख्न सकून्।"
तब परमप्रभुले तिनीहरूको आँखा खोलि दिनुभयो
अनि अरामी सैनिकले देखे, तिनीहरू सामरिया शहरमा
छन्। २१इस्राएलका राजाले अरामी सेनालाई देखे।
इस्राएलका राजाले एलीशालाई भने, "मेरा पिता, के म
तिनीहरूलाई मारिदिऊँ? के तिनीहरूलाई मारिदिऊँ?"
२२एलीशाले जवाफ दिए, "अहँ, तिनीहरूलाई नमार।
तिमीले तिनीहरूलाई तरवारहरू र धनुषहरू र वाणहरूबाट
पक्रेनौ। अरामी सैनिकहरूलाई केही रोटी र पानी देउ।
तिनीहरूलाई खान-पीना देऊ तब आफ्नो मालिकसित
भेट्न घर फर्किन देऊ।
२३इस्राएलका राजाले अरामी सैनिकहरूका लागि
ठूलो भोज तयार गरे। अरामी सैनिकहरूले खान पान
गरे। तब इस्राएलका राजाले तिनीहरूलाई घर फर्काइ
दिए। अरामी सैनिकहरू आफ्ना मालिककहाँ घर
फर्किए। अरामीहरूले इस्राएलको भूमिमा आक्रमण गर्न
कहिले पनि सेनाहरू पठाएन।

## डरलाग्दो अनिकालले सामरियालाई कष्ट दिन्छ

२४यस्तो घटना भएपछि अरामका राजा बेनन्हददले
आफ्ना सेना जम्मा गरे अनि सामारिया शहरलाई घेर्न र
आक्रमण गर्न गए। २५सैनिकहरूले मानिसहरूलाई
शहरभित्र खाद्य ल्याउन दिएनन्। त्यसकारण सामरियामा
डरलाग्दो अनिकाल भयो। सामरियामा यस्तो अनिकाल
भयो कि एउटा गधाको टाउको चाँदीको अस्सी
शेकेलमा बिक्री भयो। एक मुठ्ठी सिमीलाई चाँदीको
पाँच शेकेलमा बिक्री भयो।
२६इस्राएलका राजा शहरको वरिपरि भएको
पर्खालमाथि हिँडिरहेका थिए। एउटी आइमाईले उनलाई
देखेर चिच्याई। आइमाईले भनी, "मेरा मालिक अनि
राजा, मलाई सघाउनु होस्।"
२७इस्राएलका राजाले भने, "यदि परमप्रभुले तिमीलाई
सहायता गर्नु भएन भने म कसरी सहायता गर्ने? मसित
तिमीलाई दिने केही छैन। खलोबाट अन्नको दाना
आएको छैन अथवा दाखरसको कोलबाट दाखरस
ल्याइएको छैन।" २८इस्राएलका राजाले आइमाईलाई
भने, "तिमीलाई के कष्ट छ?"
आइमाईले उत्तर दिई, "यस आइमाईले मलाई भनी,
'मलाई तेरो छोरा दे जसले गर्दा हामी त्यसलाई मार्न
सक्छौ अनि उसलाई आजै खान सक्छौ। त्यसपछि हामी
भोलि हाम्रो खाने छौं।' २९यसकारण हामीले मेरो छोरा
उमाल्यौं अनि उसलाई खायौ। त्यसपछि अर्को दिन मैले
यस आइमाईलाई भनें, 'मलाई तेरो छोरा दे जसले गर्दा
हामी उसलाई मार्न सक्छौं अनि खान सक्छौं।' तर
उसले आफ्नो छोरा लुकाई।"
३०जब राजाले आइमाईलाई के भने, उनले आफूलाई
खिन्न भएको देखाउन आफ्नो लुगा च्याते। जब राजा
पर्खालमाथि हिँड़ेको समयमा मानिसहरूले उनलाई
आफूलाई उदास र दुःखी देखाउन शोक वस्त्र लगाएको
देखे।
३१राजाले भने, "परमेश्वरले मलाई सजाय दिऊन्
यदि यस दिनको अन्तसम्म शापातको छोरा एलीशाको
टाउको उसको जीउमा रहेको छ भने।"
३२राजाले एक जना दूत एलीशा कहाँ पठाए।
एलीशा आफ्नो घरमा बसिरहेका थिए र बूढ़ा-प्रधानहरू
उनीसँगै बसेरहेका थिए। दूत पुग्नअघि एलीशाले भने,
"हेर, एकजना हत्याराले मेरो टाउको काट्नको निम्ति
मानिसहरू पठाउँदै छ। जब दूत यहाँ आइपुग्छ, ढ़ोका
बन्द गर। ढ़ोकालाई पक्रेर राख र उसलाई भित्र पस्न
देखि रोक। म उसको पछि आएको उसको मालिक
पैतालाको आवाज सुन्दैछु।"
३३जब एलीशा आफ्ना ठुलाबड़ा सित कुरा गरिरहेका
थिए, दूत उनीसमक्ष आयो। यस्तो सन्देश थियो: "यो
सङ्कट परमप्रभुबाट आएको हो! म किन परमप्रभुलाई
धेरै बेरसम्म पर्खिनु?"
७ एलीशाले भने, "परमप्रभुको सन्देश सुन! परमप्रभु
भन्नुहुन्छ: 'भोलि यस समयमा प्रशस्त खाद्य हुनेछ
र यो सस्तो पनि हुनेछ। सामारिया शहरको ढोक्काको
छेऊ बजारमा एकजना मानिसले एक शेकेल चाँदी दिएर
एक माना राम्रो पीठो अथवा दुइ माना जौको पीठो
किन्न सक्ने छ।'"
२तब राजाको छेऊमा भएका अधिकारीले
परमेश्वरका जनलाई उत्तर दिए। अधिकारीले भने,
"यदि परमप्रभुले अकाशमा झ्याल बनाए भने पनि
यस्तो हुन सक्दैन।"
एलीशाले भने, "तिमीले यसलाई आफ्नै आँखाले
देख्ने छौ। तर तिमी त्यस खाद्य मध्ये केही पनि खान
पाउने छैनौ।"

## कोरीहरू अरामी शिबिर खालि पाउँछन्

३शहरको ढोक्काको छेऊमा कोर लागेका चार जना
मानिसहरू थिए। तिनीहरूले एका अर्कालाई भने,
"मृत्युको प्रतीक्षा गर्दै हामीहरू किन यहाँ बसिरहेका
छौं? ४सामरियामा खाद्य छैन। यदि हामी शहरमा गयौं
भने हामी त्यहाँ मर्ने छौं। यदि हामी बस्यौं भने पनि
हामी मर्ने छौं। यसकारण अरामी शिबिरतिर नै जाऔं।
यदि तिनीहरूले हामीलाई बस्न दिए भने हामी जिउँदो

रहने छौं। यदि तिनीहरूले हामीलाई मारे भने हामी मर्ने
छौं।"
५यसकारण त्यस बेलुकी चार जना कोरीहरू अरामी
शिबिरतिर लागे। तिनीहरू शिबिरको छेउमा पुगे। त्यहाँ
कोही मानिस थिएन। ६परमप्रभुले अरामी सेनाहरूलाई
रथ, घोड़ा र विशाल सेनाको आवाज सुन्ने बनाउनु
भएको थियो। यसर्थ अरामी सैनिकहरूले एका
अर्कालाई भने, "इस्राएलका राजाले हामीमाथि आक्रमण
गर्नका लागि हित्ती र मिश्रका राजाहरूलाई भाड़ामा
लिएकाछन्।"
७अरामीहरू त्यस बेलुकी भागे। तिनीहरूले सबै
थोक छोड़े। तिनीहरूले आफ्ना पाल, घोड़ा र गधाहरू
छोड़े अनि तिनीहरू आफ्नो जीवन बचाउन भागे।

### कोरीहरू शत्रु शिबिरमा

८जब ती कोरीहरूले छाउनी शुरू भएको ठाउँमा
पुगे, तिनीहरू एउटा पालभित्र पसे। तिनीहरूले खाए
अनि मद्यपान गरे। तब चार जना कोरीहरूले चाँदी,
सुन र लुगाहरू शिबिरबाट लिएरगए। तिनीहरूले चाँदी,
सुन र लुगा लुकाए। तब तिनीहरू फर्किए अनि अर्को
पालभित्र पसे। तिनीहरूले यस पालबाट नगद चीजहरू
लिएर गए। तिनीहरू बाहिर गए अनि ती चीजहरू
लुकाए। ९ती कोरीहरूले एका अर्कालाई भने, "हामी
भूल काम गरिरहेका छौं। आज हामीसित शुभ सूचना
छ। तर हामी चुप छौं। यदि हामीले सूर्योदयसम्म पर्खिने
काम गर्‍यौं, भने हामीले सजाय पाउने छौं। अब राजा
को महलमा बस्ने मानिसहरूकहाँ जाऔं अनि भनौं।"

### कोरीहरूले शुभ समाचार भन्दछन्

१०यसर्थ ती कोरीहरू आए अनि शहरका
द्वारपालकहरूलाई बोलाए। कोरीहरूले द्वारपालकलाई
भने, "हामी अरामी शिबरिमा गएका थियौं। तर हामीले
कुनै मानिस को बोली सुनेनौं। कोही मानिस थिएन।
घोड़ा र गधाहरू अझै बाँधेकै थिए अनि पालहरू
तलसम्म थिए। तर मानिसहरू सबै गइसकेका थिए।"
११तब शहरका द्वारपालकहरूले राजाको महलका
मानिसहरू बोलाएर र सबैलाई सूचना दिए। १२रातीको
समय थियो तर राजा ओछ्यानबाट उठे। राजाले आफ्ना
अधिकारीहरूलाई भने, "अरामी सैनिकहरू हामीसित के
गर्दैछन्, म तिमीहरूलाई बताउनेछु। तिनीहरू जान्दछन्
हामी भोकै छौं। खेतमा लुक्नको निम्ति तिनीहरूले
शिबिर छोड़े। तिनीहरू सोच्दैछन्। 'जब इस्राएलीहरू
शहरबाहिर आँउछन्, तिनीहरूलाई जिउँदै पक्रिने छौं।
अनि त्यसपछि हामी शहरमा पस्ने छौं।'"
१३राजाका एक जना अधिकारीले भने, "शहरमा
अझै रहेका पाँचवटा घोड़ाहरूलाई केही मानिसहरूले
लिएर जाऊन्। घोड़ाहरू चाँड़ै नै त्यसरी मर्नेछन् जसरी
शहरमा रहेका इस्राएलीहरू मर्नेछन्। के भयो थाह
पाउँन ती मानिसरूलाई पठाऔं।"
१४यसर्थ मानिसरूले घोड़ासँगै दुइवटा रथ लिए।
राजाले ती मानिसहरूलाई अरामी सैनिकको खोजीनिति
गर्न पठाए। राजाले तिनीहरूलाई भने, "जाऊ अनि हेर,
के भयो।"
१५मानिसहरू अरामी सैनिकको पछि यर्दन नदीसम्म
गए। बाटोभरि लुगा र हतियारहरू थिए। अरामीहरूले
हतारमा भाग्दा ती चीजहरू फ्याकेका थिए। दूत
सामरिया फर्कियो अनि राजालाई बतायो।
१६तब मानिसहरू अरामी छाउनी तिर दगुरे र
त्यहाँबाट मूल्यवान चीजहरू लगे। प्रत्येकका लागि
पर्याप्त चीजहरू थियो। यसकरण परमप्रभुले भन्नुभएको
जस्तै घटना भयो। एक जना जुन सुकै मानिसले एक
शेकेल चाँदी एक माना राम्रो पिठो अथवा दुइ माना
जौको किन्न सक्ने थियो।
१७राजाले द्वारको हेरचाह गर्नका लागि साह्है मन पर्ने
अधिकारीलाई रोजे। तर मानिसहरू शत्रुको शिबिरबाट
खाद्य सामाग्री लिन दर्गुन थाले। मानिसहरूले अधिकारीलाई
हिर्काएर लड़ाए अनि त्यसमाथि टेक्दै गए अनि ऊ
मर्‍यो। यसकारण यी सब घटनाहरू त्यसरी नै हुँदै गए।
जसरी परमेश्वरका जनले भने जब राजा एलीशाको
घरमा गएका थिए। १८एलीशाले भनेका थिए, "एक
जना मानिसले एक शेकेल चाँदी एक माना राम्रो पिठो
अथवा दुइ माना जौको सामरिया शहरको द्वारनजिक
बजारमा किन्न सक्नु हुनेछ।" १९तर अधिकारीले
परमेश्वरका जनलाई उत्तर दिएका थिए, "परमप्रभुले
आकाशमा झ्यालहरू बनाउनुभए पनि यस्तो घटना हुन
सक्दैन।" अनि एलीशाले अधिकारीलाई भनेका थिए,
"तिमी यस्तो आफ्ना आँखाले देख्ने छौ। तर तिमीले
त्यस खाद्यमध्ये केही खान पाउने छैनौ।" २०अधिकारीसँग
ठीक त्यस्तै घटना भयो। मानिसहरूले उसलाई शहरद्वारमा
हुत्याएर लड़ाए अनि उसलाई कुल्चिए र ऊ मर्‍यो।

### राजा र शुनैमीनेली आईमाइ

८ एलीशाले त्यस आईमाइसँग कुरा गरे जसको
छोरालाई उनले पुर्नजीवित गरेका थिए। एलीशाले
भने, "तिमी र तिम्रो परिवारले अर्को देश जानु पर्छ।
किन? किनभने परमप्रभुले निर्णय लिनुभएको छ, यहाँ
अनिकाल हुनेछ। यो अनिकाल यस देशमा सात वर्ष
सम्म रहने छ।"
२यसकारण आईमाइले त्यसै गरी जस्तो परमेश्वरका
जनले भने। ऊ आफ्नो परिवारसमेत पलिश्तिको देशमा
गएर सातवर्ष बस्न गई। ३सात वर्ष बितेपछि आईमाइ
पलिश्तिहरूको देशबाट फर्की
आईमाइ राजासँग कुरा गर्न गई। उसले आफ्नो घर
र जग्गा फिर्ता पाउँ भनी बिन्ती गर्न पुगी।

४राजा परमेश्वरको जनको सेवक गेहजीसँग कुरा गरिरहेका थिए। राजाले गेहजीलाई भने, "कृपया मलाई एलीशाले गरेको सबै महान कार्यहरू बताऊ।"
५गेजीले राजालाई एलीशाको बारेमा बताउँदा मृत मानिसलाई जिउँदो गरेको सुनाउँदै थियो। त्यस समयमा त्यो आईमाइ जसको छोरालाई एलीशाले फेरि जिउँदो बनाएका थिए, राजाकहाँ पुगी। ऊ राजलाई आफ्नो घर र जग्गा फिर्ता पाऊँ भनी बिन्ती गर्न चाहन्थी। गेहजीले भन्यो, "हे मेरा मालिक महाराज, यो त्यही आईमाइ हो। अनि यो त्यही छोरा हो जसलाई एलीशाले फेरि जिउँदो बनाएका थिए।"
६राजाले आईमाइलाई ऊ के चाहन्छे भनी सोधे अनि आईमाइले भनी।

तब राजाले एक जना अधिकारीलाई बोलाए। राजाले भने, "आईमाइलाई उसको जमीनहरू सबै दिनु। उसलाई जग्गामा छोड़ेको दिनदेखि अहिले सम्म फलेको पनि अन्न दिनु।"

### बेनहदद हजाएललाई एलीशाकहाँ पठाउँछन्

७एलीशा दमीश्कमा गए। अरामका राजा बेनहदद बिरामी थिए। एक जना मानिसले बेनहददलाई भन्यो, "परमेश्वरको जन यहाँ आएको छ।"
८तब राजा बेनहददले हजाएललाई भने, "एउटा उपहार लिनु अनि परमेश्वरको जनसँग भेट्न जानु। उनलाई परमेश्वरसँग सोध्ने बिन्ती गर्नु के म आफ्नो बिरामी बाट मुक्त भएर निको हुनेछु?"
९यसर्थ हजाएल एलीशालाई भेट्न गयो। हजाएलले आफूसँगै उपहार पनि लग्यो। उसले दमीश्कबाट सबै प्रकारका राम्रा चीजहरू लिएर गयो। प्रत्येक चीज बोक्नका लागि ४० वटा ऊँटहरू थिए। हजाएल एलीशाकहाँ पुग्यो। हजाएलले भन्यो, "तपाईको अनुयायी, अरामका राजा बेनहददले मलाई तपाईकहाँ पठाएका हुन। उनी सोध्छन्। के उनी आफ्नो बीरामीबाट मुक्त भएर निको हुनेछन्।"
१०तब एलीशाले हजाएललाई बताए, "जा अनि बेन-हददलाई भन, 'तिमी बाँच्ने छौ।'" तर साँचो अर्थमा परमप्रभुले मलाई भन्नुभयो, 'उनी मर्ने छन्।'"

### एलीशाले हजाएलको बारेमा अगमवाणी गर्छन्

११एलीशा एकटक हेर्न थाले। उनले हजाएललाई एकटक तबसम्म हेरिरहे जबसम्म हजाएललाई असजिलो लाग्दैन। तब परमेश्वरको जन चिच्याउन थाले।
१२हजाएलले भन्यो, "महाशय, तपाई किन चिच्याउनु हुँदैछ?"

एलीशाले उत्तर दिए, "म चिच्याउँदै छु किन भने म जान्दछु तैले इस्राएलीहरूलाई नराम्रो गर्नेछस्। तैले तिनीहरूको दरिलो शहर जलाउनेछस्। तैले तिनीहरूका युवकहरूको हत्या गर्नेछस्। तैले तिनीहरूका नानीहरू मार्नेछस्। तैले गर्भवती आईमाइहरूको गर्भ तुवाउने छस्।"
१३हजाएलले भन्यो, "म शक्तिशाली मानिस होइन। म ती महान काम गर्न सक्दिन।"

एलीशाले भने, "परमप्रभुले मलाई देखाउनुभएको छ, तँ नै अरामको राजा हुनेछस्।"
१४त्यसपछि हजाएलले एलीशाबाट विदा लिए अनि आफ्नो राजाकहाँ गए। बेनहददले हजाएललाई सोधे, "एलीशाले तँलाई के भने?"

हजाएलले उत्तर दियो, "एलीशाले मलाई भने तपाई बाँच्नु हुनेछ।"

### हजाएलले बेनहददको हत्या गर्छ

१५तर अर्को दिन नै, हजाएलले एउटा बाक्लो लुगा लियो अनि पानीमा डुबायो। त्यसपछि उसले बेन-हददको अनुहार छोप्यो अनि सास थुन्यो। बेन-हददको मृत्यु भयो अनि हजाएल नयाँ राजा भयो।

### योराम आफ्नो शासन शुरू गर्छन्

१६यहोशापातका छोरा योराम यहूदाका राजा थिए। योरामले आहाबका छोरा योराम इस्राएलका राजा हुँदा पाँचौ वर्ष शासन शुरू गरे।
१७योराम ३२ वर्षका थिए जब उनले शासन शुरू गरे। उनले यरूशलेममा आठ वर्ष शासन गरे।
१८तर योरामले इस्राएलका राजाहरू जस्तै शासन गरे अनि परमप्रभुले भूल भन्नुभएको कार्यहरू नै गरे। योरामले आहाबको परिवारका मानिसहरू जस्तै नै जीवन यापन गरे। योरामले यस्तै प्रकारले जीवन यापन गरे किनभने उनकी पत्नी आहाबकी छोरी थिइ।
१९तर परमप्रभुले यहूदालाई नष्ट पार्नुभएन किनभने आफ्ना सेवक दाऊदलाई वचन दिनुभएको थियो। परमप्रभुले दाऊदलाई वचन दिनुभएको थियो, उनको परिवारबाट कोही सँधै नै राजा हुनेछ।
२०योरामको समयमा एदोम यहूदाको शासनबाट छुट्टियो। एदोमका मानिसहरूले आफ्ना लागि राजा रोजे।
२१तब योराम र उनका सबै रथहरू लिएर याईरमा गए। एदोमी सैनिकहरूले उनलाई घेरे। योराम र उनका अधिकारीहरूले तिनीहरूमाथि राती आक्रमण गरे। तर योरामका सबै सैनिकहरू भागे।
२२यस प्रकार एदोमीहरू यहूदाको शासनबाट छुट्टिए अनि तिनीहरू आजसम्म यहूदाको शासनबाट स्वतन्त्र छन्।

त्यसै समयमा लिब्ना पनि यहूदाको शासन बाट स्वतन्त्र भयो।
२३योरामले गरेको सबै कामको विषयमा यहूदाका राजाहरूको इतिहासको पुस्तकमा लेखिएको छ।
२४योरामको मृत्यु भयो अनि दाऊद शहरमा आफ्ना

पुर्खाहरूसँगै उसलाई गाड़ीयो। योरामका छोरा अहज्याह नयाँ राजा भए।

### अहज्याह आफ्नो शासन शुरू गर्छन्

२५आहाबका छोरा योराम इस्राएलका राजा भएको १२ औं वर्षमा योरामका छोरा अहज्याह यहूदाका राजा भए। २६अहज्याह २२ वर्षका थिए जब उनले शासन शुरू गरे। उनले एक वर्ष यरूशलेममा शासन गरे। उनको अमाको नाउँ अतल्याह थियो। उनी इस्राएलका राजा ओम्रीकी छोरी थिइन्। २७अहज्याहले ती कार्य गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो। अहज्याहले आहाब परिवारका मानिसहरू जस्तै धेरै भूल कामहरू गरे। अहज्याहले त्यस प्रकारले नै जीवन-यापन गरे किनभने उनकी पत्नी आहाब परिवारकी थिइन्।

### योराम हजाएलको विरोधमा लड़ाइँ गर्दा घाइते

२८-२९योराम आहाबको परिवारबाट आएको थियो। अहज्याह योरामसँग अरामका राजा हजाएलको विरुद्धमा युद्ध गर्न रामोत गिलाद गए। अरामीहरूले योरामलाई धाइते बनाए। राजा योराम इस्राएलमा फर्किए यसकारण तिनी चोटबाट निको हुन सकोस्। योराम यिज्रेलको इलाकामा गए। योरामका छोरा अहज्याह यहूदाका राजा थिए। अहज्याह योरामसँग भेट गर्न यिज्रेल गए।

### एलीशा एक जना नयाँ अगमवक्ता येहूलाई अभिषेक गर्न भन्दछन्

९ एलीशा अगमवक्ताले अगमवक्ताहरूको एउटा दललाई बोलाए। एलीशाले यस मानिसलाई भने, "तयार होऊ अनि यो सानो तेलको सीसी आफ्नो हातमा लेऊ। रामोत-गिलाद जाऊ। २जब तिमी त्यहाँ पुग्छौ, निम्शीका नाती, यहोशापातका छोरा येहूलाई भेट्ने छौ। तब भित्र पस अनि उनलाई आफ्ना दाज्यू भाइ माझबाट उठाउ। उनलाई भित्री कोठामा लिएर जाऊ। ३तेलको सानो सीसी निकाल अनि येहूको टाउकोमाथि तेल खन्याऊ। र भन, 'परमप्रभु यस्तै भन्नुहुन्छ तिमीलाई इस्राएलको नया राजा हुनकोलागि अभिषेक मैले गरेको छु।' तब ढ़ोका खोल अनि हिंड़। न फर्को।"

४यसकारण यो युवक, अगमवक्ता, रामोत गिलाद गयो। ५जब युवक पुग्यो उसले सेनाको सेनापतिलाई बसेको देख्यो। युवकले भन्यो, "सेनापति तिम्रो लागि एउटा सन्देश छ।"

येहूले भने, "हामी सबै यहाँ छौं। हामी मध्ये कसको लागि सन्देश छ?"

युवकले भन्यो, "सेनापति, सन्देश तपाईका लागि हो।"

६येहू उभिए अनि घरभित्र पसे। तब युवक अगमवक्ताले येहूको टाउकोमाथि तेल खन्याए। युवक अगमवक्ताले येहूलाई भने, "इस्राएलका परमेश्वरले भन्नु भएको छ, 'इस्राएल अनि परमप्रभुका मानिसहरूको नयाँ राजाको रूपमा तिमीलाई अभिषेक गर्दै छु। ७तिमीले आफ्नो राजा आहाबको परिवारलाई नष्ट पार्नु पर्छ। यस प्रकार म ईजेबेललाई मेरा सेवकहरू, अगमवक्ताहरू तथा परमप्रभुका सबै सेवकहरूको मृत्य, (जसको हत्या गरिएको थियो) को लागि सजाय दिनेछु। ८यसप्रकार आहाबको सब परिवार मर्नेछ। म आहाबको परिवारको कुनै बालक जिउँदो रहन दिने छैन। यसको कुनै अर्थ हुँदैन त्यो बालक दास हो अथवा इस्राएलको स्वतन्त्र मानिस हो। ९म आहाबको परिवारलाई नबातको छोरा यारोबाम वा अहियाहका छोरा बाशाको परिवार जस्तो बनाउने छु। १०यिज्रेलको इलाकामा ईजेबेललाई कुकुरले खाने छन्। ईजेबेललाई गाड़िने छैन।'"

तब युवक अगमवक्ताले ढोका खोले अनि हिंड़े।

### सेवकहरू येहूलाई राजा घोषित गर्छन्

११येहू आफ्नो राजाका अधिकारीहरूतिर फर्किए। एकजना अधिकारीले येहूलाई सोध, "प्रत्येक कुरा ठीकै छ? त्यो बौलाहा मानिस तिमी कहाँ किन आएछ?"

येहूले सेवकहरूलाई जवाफ दिए, "तिमीलाई त्यो यहाँ छ बौलाह मानिस सधै केही कुराहरूको विषयमा हतारिन्छ?"

१२अधीकारीहरूले भने, "होइन! हामीलाई साँचो कुरा भन। उसले के भन्यो?" येहूले अधिकारीहरूलाई युवक अगमवक्ताले भनेको कुरा बताए। येहूले भने, "उसले भन्यो, 'यो कुरा परमप्रभुले भन्नुभएको हो मैले तिमीलाई इस्राएलको नयाँ राजाको रूपमा अभिषेक गरेको छु।'"

१३तब प्रत्येक अधिकारीले हतार हतार आफ्नो बाहिरी पोशाक खोले अनि येहू अघि सीड़ीमाथि राखे। त्यसपछि तिनीहरूले तुरही फूके अनि घोषणा गरे, "येहू राजा हुन्।"

### येहू यिज्रेल जान्छन्

१४यसर्थ यहोशापातका छोरा अनि निम्शीका नाती येहूले योरामको विरोधमा योजनाहरू बनाए।

त्यस समयमा योराम र इस्राएलीहरू अरामका राजा हजाएलबाट रामोत गिलादको रक्षा गर्ने चेष्टा गरिरहेका थिए। १५राजा योरामले अरामका राजा हजाएलको विरोधमा लड़ाइँ गरे। तर अरामीहरूले राजा योरामलाई घाइते बनाए अनि उनी ती घाउहरू निको पार्नका लागि यिज्रेल गए।

यसकारण येहूले अधिकारीहरूलाई भने, "यदि तिमीहरू सहमत छौ, म नयाँ राजा हुँ, तब शहरको कुनै मानिसलाई यिज्रेलमा खबर भन्नकालागि त्यसै हिंड़न नदिनु।"

१६योराम यिज्रेलमा विश्राम गरिरहेका थिए। यस
कारण येहू आफ्नो रथमा चढ़े अनि यिज्रेलतिर हिँड़े।
यहूदाका राजा अहज्याह पनि योराम सँग भेट गर्न
यिज्रेल आएका थिए।
१७एक जना रक्षक यिज्रेलमा स्तम्भमाथि उभिएको
थियो। उसले येहूको विशाल समूहलाई आउँदै गरेको
देख्यो। उसले भन्यो, "म मानिसहरूको विशाल समुह
देख्दै छु।"
योरामले भने, "तिमीहरूसँग भेट गर्न कसैलाई
घोड़ामा पठाऊ। त्यस दूतलाई ती मानिसहरू शान्तिको
इच्छाले आएका हुन, कि सोध।"
१८यसकारण दूत घोड़ामाथि चढ्यो अनि येहूसँग
भेट्न गयो। दूतले भन्यो, "राजा योरामले सोधेकाछन्,
'के तिमी शान्तिको इच्छाले आएका हौ?'"
येहूले भने, "तिमीले शान्तिको बारे केही गर्नु पर्ने
छैन। आऊ अनि मेरो पछि लाग।"
रक्षकले योरामलाई भन्यो, "दूत जनसमूहकहाँ गयो
तर अहिलेसम्म फर्केर आएको छैन।"
१९तब योरामले अर्को दूतलाई घोड़ामाथि पठाए। यो
मानिस येहूको समूहकहाँ आयो र भन्यो, "राजा योराम
भन्नुहुन्छ। 'शान्ति।'"
येहूले जवाफ दिए, "तिमीले शान्तिसँग केही गर्नु पर्ने
छैन। आऊ र मेरो पछि लाग।"
२०रक्षकले योरामलाई भन्यो, "दोस्रो दूत समूहतिर
गयो, तर अहिलेसम्म फर्केर आएको छैन। एक जना
मानिस आफ्नो रथ बौलाहा जस्तै चलाई रहेको छ। ऊ
निम्शीको नाती येहू जस्तै नै चलाइ रहेको छ।"
२१योरामले भने, "मेरो रथ तयार गर!"
यसकारण सेवकले योरामको रथ ल्यायो। इस्राएलका
राजा योराम अनि यहूदाका राजा अहज्याह दुवै जनाले
आ-आफ्नो रथ लिए अनि येहूसँग भेट गर्न हिँड़े।
तिनीहरूले येहूसँग यिज्रेली नाबोतको जग्गाको छेऊमा
भेट गरे।
२२योरामले येहूलाई हेरेर सोधे, "येहू, तिमी यहाँ
शान्तिको भावनाले आएका हौ?"
येहूले जवाफ दिए, "जबसम्म तिम्री आमा ईजेबेल
वेश्यावृत्ति र तंत्र-मत्रंका गरिरहन्छन् तबसम्म शान्ति
हुनेछैन।"
२३योरामले भाग्नका लागि घोड़ाहरू फर्काए। योरामले
अहज्याहलाई भने, "यो धोखा हो, अहज्याह।"
२४तर येहूले आफ्नो सम्पूर्ण शक्ति लगाएर धनु ताने
र योरामको पीठमा छोड़े। तीर योरामको मुटु छेंडिदै
गयो। योराम आफ्नो रथमा लड़े।
२५येहूले आफ्नो रथचालक बितकरलाई भने,
"योरामको लाश माथि लिएर जाऊ अनि यिज्रेलबाट
नाबोतको खेतमा फ्याँकिदेऊ। थाह छ होला जब तिमी
र म योरामका पिता आहाबसँग घोड़ामा चढ़ेर जाँदा
परमप्रभुले भन्नु भएको थियो उनीसित यस्तो घटना
हुनेछ। २६परमप्रभुले भन्नुभएको, 'हिजो मैले नाबोत र
उनका छोराहरूको रगत देखें। यसकारण म आहाबलाई
यस खेतमा सजाय दिनेछु।' परमप्रभुले यस्तो भन्नुभयो।
यस कारण योरामका लाश उठाऊ अनि परमप्रभुले भने
जस्तै खेतमा फ्याँकिदेऊ।"
२७यहूदाका राजा अहज्याहले यो देखे अनि भागे।
उनले बंगैचाको घर भएर भाग्ने चेष्टा गरे, तर येहू
उनको पछि लागे। यहूले भने, "अहज्याहलाई पनि
मार।"
अहज्याह घाइते भए जब तिनी यिब्लामनजिक गूर
जाने बाटोमा आफ्नो रथमा थिए। अहज्याह मगिद्दो
सम्म पुगे, तर तिनी त्यहाँ मरे। २८अहज्याहका
सेवकहरूले उनको लाश रथमा लादेर यरूशलेम लगे।
तिनीहरूले अहज्याहलाई दाऊदशहरमा उनका पुर्खाहरूसँगै
उनको चिहानमा गाड़े।
२९अहज्याह योराम इस्राएलको राजा भएको एघारौं
वर्षमा यहूदाका राजा भएका थिए।

## ईजेबेलको ड़रलाग्दो मृत्यु

३०येहू यिज्रेल गए अनि ईजेबेलले खबर सुनीन्।
उनले आफ्नो श्रृंगार गरिन, अनि कपाल बाटिन्।
त्यसपछि तिनी झ्यालमा उभिन र बाहिर हेरिन्।
३१येहूले शहरमा प्रवेश गरे। ईजेबेलले भनी, "नमस्कार
जिम्री! ऊ जस्तै नै तिमीले आफ्नो मालिकको हत्या
गर्‍यौ।"
३२येहूले माथि झ्यालमा हेरे। उनले भने, "मतिर
को छ? को?"
दुई अथवा तीन जना नपुंसकहरूले झ्यालबाट बाहिर
येहूलाई हेरे। ३३येहूले तिनीहरूलाई भने, "ईजेबेललाई
तल फ्याँकि देऊ।"
तब नपुसंकहरूले ईजेबेललाई तल फ्याँकि दिए।
ईजेबेलको केही रगत भित्ता र घोड़ामा लाग्यो। घोड़ाहरू
ईजेबेलको लाशमाथि हिड़े। ३४येहू घरभित्र पसे खान
पीन र मद्यपान गरे। तब उनले भने, "अब यस श्रापित
आईमाइलाई राम्रो सँग गाड़िदेऊ, किनभने ऊ एक
राजकुमारी हो।"
३५मानिसहरू ईजेबेललाई गाड़न गए। तर तिनीहरूले
उनको लाश पाउन सकेनन्। तिनीहरूले मात्र उनको
खप्परका, खुट्टा र हातका हत्केलाहरू पाए। ३६यसकारण
मानिसहरू फर्किए अनि येहूलाई बताए। तब येहूले
भने, "परमप्रभुले आफ्नो सेवक तिश्बी एलियाहद्वारा
दिएको सन्देश यो हो। एलियाहले भने: 'कुकुरहरूले
ईजेबेलको लाश यिज्रेलको इलाकामा खाने छन्।
३७ईजेबेलको लाश यिज्रेलको इलाकाको खेतमा मल
हुनेछ। मानिसहरू ईजेबेलको लाश चिन्न असमर्थ
हुनेछन्।'"

### येहू सामरियाका प्रमुखहरूलाई लेख्छन्

**१०** आहाबका सत्तरी जना छोराहरू सामरियामा थिए। येहूले पत्रहरू लेखे अनि सामरियामा यिज्रेलका अगुवाहरू र शासकहरूकहाँ पठाए। उनले पत्रहरू ती मानिसहरूकहाँ पनि पठाए जसले आहाबका छोराहरूको हेरचाह गरेका थिए। पत्रहरूमा येहूले भने,
२-३"यो पत्र पाउने बित्तिकै तिम्रा पिताहरूका छोराहरूमध्ये विशिष्ट अनि योग्य मानिसको छनौट गर। तिमीसँग रथहरू र घोड़ाहरू छन्। अनि तिमी दरिलो शहरमा बसिरहेका छौ। तिमीसँग हतियार पनि छ। छनौट गरेको छोरालाई पिताको सिंहासनमा राख। तब तिम्रो पिताको परिवारका लागि लड़ाइँ गर।"

४तर यिज्रेलका अगुवाहरू तथा शासकहरू साह्रै ड़राएका थिए। तिनीहरू भन्थे, "दुई जना राजा (योराम र अहज्याह) ले येहूलाई रोक्न सकेनन्। यसकारण हामी पनि उनलाई रोक्न सक्ने छैनौ।"

५जुन मानिसले आहाबले घरको हेरचाह गर्‍यो; शहरका बूड़ा-पाका अनि मानिसहरूको देखरेख गर्‍यो जसले आहाबका नानीहरूको हेरचाह गरेका थिए, त्यसले येहूलाई सन्देश पठायो, "हामी तपाईको सेवकहरू हौं। हामी तपाईले भनेको जे पनि गर्नेछौं। हामी कुनै मानिसलाई राजा बनाउने छैनौं। तपाई जे उचित बुझ्नु हुन्छ, गर्नुहोस्।"

### सामरियाका अगुवाहरूले आहाबका नानीहरूलाई मार्छन्

६तब येहूले अगुवाहरूलाई एउटा पत्र लेखे। येहूले भने, "यदि तिमीहरूले मलाई सहायता गर्छौ र मेरो हुकुम मान्ने छौं भने तब आहाबका छोराहरूका टाउका छिनाऊ। अनि भोलि यसै समयमा तिनीहरूलाई यिज्रेलमा ल्याऊ।"

आहाबका सत्तरी जना छोराहरू थिए। तिनीहरू शहरका अगुवाहरूसँग थिए जसले तिनीहरूलाई हुकाउने
गर्दथे। ७जब शहरका अगुवाहरूले पत्र पाए, तिनीहरूले राजाका छोराहरू जम्मा गरे अनि सबै सत्तरी जना को हत्या गरे। तब अगुवाहरूले राजाका छोराहरूका टाउका ड़ालाहरूमा हाले। तिनीहरूले डालाहरू यिज्रेलमा येहूकहाँ
पठाए। ८दूत येहूकहाँ आयो अनि उनलाई भन्यो, "तिनीहरूले राजाका छोराहरूका टाउकाहरू ल्याए।"

तब येहूले भने, "टाउकाहरू शहरको प्रवेशद्वारमा बिहानसम्मा दुई थुप्रो बनाएर राख।"

९येहू बिहानै बाहिर निस्के अनि मानिसहरूको सामु उभिए। उनले मानिसहरूलाई भने, "तिमीहरू निर्दोष छौ। हेर, मेरो मालिकको विरोधमा योजनाहरू मैले बनाएँ। मैले उसलाई मारें। तर आहाबका यी सबै छोराहरूलाई कसले मार्‍यो? तिमीहरूले मार्‍यौ।
१०तिमीहरूलाई थाह हुनु पर्छ परमप्रभुले भनेको प्रत्येक कुरो पूरा हुन्छ। अनि परमप्रभुले आहाबको परिवारको विषयमा यी कुरा भन्नका लागि एलियालाई उपयोग गरे। अहिले परमप्रभुले त्यही काम गर्नुभयो जो उहाँले गर्छु भन्नुभएको थियो।"

११यस प्रकार येहूले यिज्रेलमा बसोबास गर्ने आहाबको परिवारका सबै मानिसहरूको हत्या गरे। येहूले सबै प्रसिद्ध मानिसहरू, परममित्रहरू तथा पूजाहारीहरूको हत्या गरे। आहाबका आफन्तहरूमध्ये कोही जिउँदो रहेन।

### येहू अहज्याहका आफन्तहरूलाई मार्छन्

१२येहूले यिज्रेल छोड़े अनि सामारिया गए। बाटोमा येहू भेड़ा गोठालाहरू भएको ठाउँमा रोकिए जहाँ गोठालाहरूले आफ्ना भेड़ाहरूको ऊनी काट्ने गर्दथे।
१३येहूले यहूदाका राजा अहज्याहका आफन्तहरूसँग भेट गरे। येहूले उनीहरूलाई भने, "तिमी को हौ?"

उनीहरूले उत्तर दिए, "हामी यहूदाका राजा अहज्याहाका आफन्त हौं। हामी नानीहरूका राजा अनि नानीहरूका आमाकी रानीको दर्शन गर्न तल ओर्लिएका छौं।"

१४तब येहूले आफ्ना मानिसहरूलाई भने, "यिनीहरूलाई जिउँदै पक्रौ।"

येहूका मानिसहरूले अहज्याहका आफन्तहरूलाई जिउँदै पक्रिए। ४२ जना मानिसहरू थिए। येहूले तिनीहरूलाई बेत-एकद छेऊ कुपमा मारे। येहूले कुनै पनि मानिसलाई जिउँदो छोड़ेनन्।

### येहू यहोनादाबसित भेट गर्छन्

१५त्यहाँबाट गएपछि येहूले रेकाबका छोरा यहोनादाबसँग भेट गरे। यहोनादाब येहूसँग भेट गर्न आउँदै थिए। येहूले यहोनादाबको स्वागत गरे। उनलाई भने, "म तिम्रो विश्वासी मित्र भए जस्तै के तिमी मेरो विश्वासी मित्र होऊ?"

यहोनादाबले उत्तर दिए, "अवश्य, म तिम्रो विश्वासी मित्र हुँ।"

येहूले भने, "यदि तिमी हौ भने मलाई तिम्रो हात देऊ।"

तब येहू बाहेर निहुरिए अनि यहोनादाबलाई माथि रथमा ताने।

१६येहूले भने, "मसित आऊ! परमप्रभुप्रति मेरा भावनाहरू कति प्रबल छन् तिमी बुझ्न सक्ने छौ।"

यसकारण यहोनादाब येहूको रथमा चढ़े। १७येहू
सामरिया आए अनि आहाबका सबै आफन्तहरूको हत्या गरे जो अझसम्म सामरियामा जिउँदै थिए। येहूले तिनीहरू सबैको हत्या गरे। येहूले ती कार्यहरू गरे जो परमप्रभुले एलियाहलाई भन्नुभएको थियो।

### येहू बालका उपासकहरूलाई बोलाउँछन्

१८त्यसपछि येहूले सबै मानिसहरूलाई जम्मा गरे।

येहूले तिनीहरूलाई भने, "आहाबले बालको सेवा थोरै गरे। तर येहूले बालको सेवा मनग्गे गर्नेछ। १९अहिले नै बालका सबै पूजाहारीहरू अनि अगमवक्ताहरूलाई बोलाऊ। अनि सँगसँगै बालको पूजा गर्ने सबै मानिसहरूलाई बोलाऊ। कोही पनि मानिसलाई यस सभामा नछुटुन। म बाललाई साह्रै ठूलो बलि चढ़ाउँनेछु। म कुनै पनि मानिसलाई मार्ने छु जो यस सभामा उपस्थित हुँदैनन्।"

तर येहू तिनीहरू सँग छल गर्दै थिए। येहू बालका उपासकहरूलाई नष्ट पार्न चाहन्थे। २०येहूले भने, "बालको लागि एउटा पवित्र सभाको आयोजना गर।" अनि पूजाहारीहरूले सभाको घोषणा गरे। २१तब येहूले सबै इस्राएल भूमिका लागि सन्देश पठाए। सबै बालका उपासकहरू आए। घरमा बस्ने कोही पनि मानिस थिएन। बालका उपासकहरू बालको मन्दिरमा आए। मन्दिर मानिसहरूले भरिएको थियो।

२२येहूले बाहिरी पोशाक भन्डारेलाई भने, "बालका उपासकहरूका लागि बाहिरी पोशाक ल्याऊ।" यसकारण त्यस मानिसले बालका उपासकहरूका लागि बाहिरी पोशाक ल्यायो।

२३त्यसपछि येहू र रेकाबका छोरा यहोनादाब बालको मन्दिरभित्र पसे। येहूले बालका उपासकहरूलाई भने, "चारैतिर हेर अनि विश्वस्त होऊ, परमप्रभुका सेवकहरू कोही छैनन्। विश्वस्त होऊ, बालको पूजा गर्ने मानिसहरू मात्र छन्।" २४बालका उपासकहरू बालको मन्दिरमित्र बलिहरू र होमबलि चढ़ाउन पसे।

तर बाहिर येहूका ८० जना मानिसहरू पर्खिरहेका थिए। येहूले तिनीहरूलाई भने, "कोही पनि मानिसलाई भाग्ने मौका न देऊ। यदि कोही मानिसहले एक जना मानिसलाई भाग्ने मौका दियो भने, त्यस मानिसले आफ्नो जीवनदान गर्नु पर्नेछ।"

२५येहूले बलि र होमबली चढ़ाउने बित्तिकै उनले रक्षकहरू तथा सेनापतिहरूलाई भने, "भित्र जाऊ अनि बालका उपासकहरूलाई मार। कसैलाई पनि मन्दिरबाट बाहिर जिउँदो निस्कन नदिनु।"

यसकारण सेनापतिहरूले पातलो तरवार उपयोग गरे अनि बालका उपासकहरूलाई मारे। रक्षकहरू अनि सेनापतिहरूले बालका उपासकहरूका लाश बाहिर फ्याँके। त्यसपछि रक्षकहरू र सेनापतिहरू बालको मन्दिरको भित्री कोठामा गए। २६तिनीहरू बालको मन्दिरमा भएका स्मारक ढुंङ्गाहरू बाहिर निकाले अनि मन्दिरलाई जलाए। २७तब तिनीले बालका स्मारक ढुंङ्गाहरू फोरेर धूलोपीठो बनाए। तिनीले बालको मन्दिरलाई पनि फोरेर धूलोपीटो बनाए। तिनीहरूले बालको मन्दिरलाई आरामकोठा बनाए। मानिसहरू अझै पनि त्यस ठाउँलाई शौचालयको रूपमा उपयोग गर्छन्।

२८यसप्रकार येहूले इस्राएलमा बालको पूजालाई अन्त गरिदिए। २९तर येहू नबातको छोरा यारोबामको पाप कार्यबाट सम्पूर्ण रूपले टाढ़िन सकेनन जसले इस्राएलमा पाप गराएका थिए। येहूले बेतेल र दानमा सुनका बाछाहरूलाई नष्ट पारेनन्।

### इस्राएलमा येहूको शासन

३०परमप्रभुले येहूलाई भन्नुभयो, "तिमीले राम्रो काम गरेका छौ। तिमीले ती कार्यहरू गरेका छौ, जो म भन्छु, राम्रो कार्य हो। तिमीले मैले भने अनुसार नै आहाबको परिवारलाई सर्वनाश पार्‍यौ। यसकारण तिम्रा वंशजहरूले चार पुस्तासम्म इस्राएलमा शासन गर्नेछन्।"

३१तर येहू आफ्नो सम्पूर्ण हृदयले परमप्रभु इस्राएलको परमेश्वरका नियम पालन गर्न सावधान भएनन्। यहूले यारोबामको पापहरू गर्ने देखि रोकनन् इस्राएलाई पाप गर्न लगायो।

### हजाएल इस्राएललाई पराजित गर्छन्

३२त्यस समयमा परमप्रभुले इस्राएललाई टुक्रायाउन शुरू गर्नु भएको थियो। अरामका राजा हजाएलले इस्राएलीहरूलाई इस्राएलको प्रत्येक सीमानामा परास्त गरेका थिए। ३३हजाएलले यर्दन नदीको पूर्वको क्षेत्र गिलादका क्षेत्र, गाद, रूबेन र मनश्शेका परिवार समूहको जग्गासमेत अरोएर देखि लिएर अर्नोन नदीको नजिक गिलाद र बाशान सम्म सम्पूर्ण भूमि जीते।

### येहूको मृत्यु

३४सबै अरू महान कार्यहरू जो येहूले गरेका थिए, इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा लेखिएको छ। ३५येहू मरे अनि उनलाई उनका पुर्खाहरू संगै गाड़ियो। मानिसहरूले यहूलाई सामरियामा गाड़े। त्यसपछि येहूका छोरा योआहाज इस्राएलका नयाँ राजा भए। ३६येहूले सामरियामा २८ वर्ष शासन गरे।

### अतल्याह यहूदामा राजाका छोराहरू मार्छिन्

११ अतल्याह अहज्याहकी आमा थिइन। उनले देखिन, उनको छोरा मर्‍यो। तब उनी उठिन अनि सबै राजाको परिवारलाई मारिन। २यहोशेबा राजा योरामकी छोरी र अहज्याहकी बहिनी थिइ। योआश राजाका छोराहरू मध्ये एक जना थिए। यहोशेबाले योआशलाई आफूसंग लिएर गयो जब सबै अरु नानीहरू मरिसकेका थिए। योहोशापातले योआश र उसको धाईलाई एउटा सुत्ने कोठामा लुकाइन ताकि अतल्याले तिनीहरूलाई नभेटाउन्। यसरी योआश मारिएन।

३तब योआश र यहोशेबा परमप्रभुको मन्दिरमा लुके। योआश त्यहाँ छ वर्ष लुके। अनि अतल्याहले यहूदा भूमिमा शासन गरिन।

४सातौं वर्षमा प्रमुख पूजाहारी यहोयादाले खबर पठाए र करीतो र रक्षकहरूका सेनापतिहरू आए।

यहोयादाले तिनीहरूलाई परमप्रभुको मन्दिरमा ल्याए।
तब यहोयादाले तिनीहरूसँग एउटा सम्झौता गरे।
मन्दिरमा यहोयादाले तिनीहरूलाई शपथ खान बाध्य
गराए। तब उनले तिनीहरूलाई राजाको छोरा (योआश)
देखाए।

५तब यहोयादाले तिनीहरूलाई एउटा आदेश पठाए।
उसले भने तिमीहरूले यो काम अवश्यै गर्नु पर्छ,
“तिमीहरूमध्येको एक तिहाइ यो हप्ता काममा अवश्यै
राजमहलको रक्षा गर्नलाई बस्नु पर्छ। ६तिमीहरूमध्ये
अर्को एक तिहाइ शूरद्वारमा हुनेछन्। र अर्को एक
तिहाइ रक्षकहरू पछिको द्वारको पछाड़ी हुनेछ। यसप्रकार
तिमीहरूले घरको चारैतिर सुरक्षा प्रदान गर्नेछौ। ७दुई
दल जो त्यस हप्तामा विश्राममा छन् तिनीहरूले मन्दिरको
सुरक्षा र राजा यहो यहोशेबाको रक्षा गर्नुपर्छ। ८तिमी
अवश्य नै सब समय राजासँग बस्नु ऊ कुनै ठाउँ जादा
पनि। सबै समूहहरूले राजालाई घेरेर राख्नु पर्छ।
प्रत्येक रक्षकले आफ्नो हातमा आफ्नो हतियार राख्नु
पर्छ। अनि तिमीले त्यो मानिसलाई मार्नु पर्छ जो तिम्रो
साह्रै नजिक आउँछ।”

९सेनापतिले सबै आदेशको पालन गरे जो येहोयादा
पूजाहारीले आदेश गरेका थिए। प्रत्येक सेनापतिले
आफ्ना मानिसहरू लिए। तिनीहरू सबै आए, जो त्यस
हप्ता काममा थियो वा काममा थिएन। सबै मानिसहरू
पूजाहारी योहोयदा कहाँ गए। १०अनि पूजाहारीले
सेनापतिहरूलाई भाला र ढ़ाल दिए। ती भाला र
ढालहरू दाऊदले परमप्रभुको मन्दिरमा राखेका थिए।
११ती रक्षकहरू मन्दिरको दाहिने कुनादेखि देब्रे कुनासम्म
आफ्ना हातहरूमा हतियार लिएर उभिएका थिए।
तिनीहरू वेदी अनि राजाको वरिपरि उभिए। जब उनी
मन्दिरमा गए। १२ती मानिसहरूले योआशलाई बाहिर
निकाले। तिनीहरूले योआशलाई राजमुकुट पहिराए
अनि राजा र परमप्रभुबीच हुने करार गराए। त्यसपछि
तिनीहरूले उनलाई अभिषेक गरे अनि नयाँ राजा
बनाए। तिनीहरूले थप्पड़ी बजाए अनि उदघोष गरे,
“राजा दीर्घायु होऊन।”

१३रानी अतल्याहले रक्षकहरू र मानिसहरूको ध्वनी
सुनिन्, यसकारण उनी परमप्रभुको मन्दिरमा
मानिसहरूसमक्ष गइन। १४अतल्याहले खाँबोको छेउमा
राजालाई देखिन जहाँ साधारणत: उभिने गर्दथे। उनले
अगुवाहरू र मानिसहरूलाई पनि देखिन् जो राजाका
लागि तुरही फूँक्दै थिए। उनले देखिन्, सबै मानिसहरू
औधी खुशी थिए। उनले तुरहीको ध्वनि सुनिन् अनि
आफूलाई खिन्न बनाउन उनले आफ्नो लुगा च्यातिन्।
तब अतल्याह चिच्याइन, “राजद्रोह! राजद्रोह!”

१५यहोयादा पूजाहारीले सेनापतिहरूलाई आदेश दिए,
तिनीहरू सैनिकका अधिकारी हुन। यहोयादाले उनीहरूलाई
भने, “अतल्याहलाई मन्दिरको इलाकाबाट बाहिरलेजाउ।
उनका सबै अनुयाईहरूलाई मार। तर परमप्रभुको
मन्दिरभित्र तिनीहरूलाई नमार।”

१६यस कारण सैनिकहरूले अतल्यालाई पक्रिए।
तिनीहरूले उनलाई मारे जति बेला उनी घोड़शालाको
द्वार हुँदै महलमा गइन।

१७तब यहोयादाले परमप्रभु, राजा र मानिसहरूबीच
एउटा करार गरे। यस करारमा भनिएकोछ, राजा र
मानिसहरू परमप्रभुका हुन। यहोयादाले राजा र
मानिसहरूबीच पनि सम्झौता गराए। यस सम्झौताले
भनिएको छ मानिसहरूका लागि राजाले के गर्नुपर्छ।
अनि यो भनिएको छ मानिसहरूले राजाको आज्ञाको
पालन गर्नुपर्छ अनि अनुसरण गर्नुपर्छ।

१८तब सबै मानिसरू झूठो देवता बालको मन्दिरमा
गए। मानिसहरूले बालको मूर्तिहरूलाई तल झारीदिए
र वेदी भत्काइदिए। र तिनीहरूले उनको वेदी तोडियो।
तिनीहरूले त्यसलाई धेरै टुक्रा पारे। मानिसहरूले बालका
पूजारी मतनलाई पनि वेदीको सामु मारे।

यसप्रकार पूजाहारी यहोयादाले मानिसहरूलाई
परमप्रभुको मन्दिर हेरचाहा गर्न लगाए। १९पूजाहारीले
सबै मानिसहरूलाई बाटो देखाए। तिनीहरू परमप्रभुको
मन्दिरबाट राजाको महलमा गए। राजाका विशेष रक्षकहरू
र सेनापति राजासँगै गए। अनि अरू सबै मानिसहरूले
उनीहरूको अनुसरण गरे। तिनीहरू राजाको घरको
प्रवेशद्वारमा पुगे। तब राजा योआश सिंहासनमा बसे।
२०सबै मानिसहरू प्रसन्न थिए। शहर स्थिर र शान्त
थियो। र रानी अतल्यालाई राजाको महलको नजिक
तरवारद्वारा मारिएको थियो।

२१योआश सात वर्षका थिए जब तिनी राजा बने।

## योआश आफ्नो शासन शुरू गर्छन्

१२ योआशले येहू इस्राएलका राजा हुँदा सातौं
वर्षमा शासन शुरू गरे। योआशले यरूशलेममा
४० वर्ष शासन गरे। योआशकी आमाको नाउँ
बेर्शेबाकी सिब्या थियो। २योआशले त्यही कार्य गरे जो
परमप्रभुले सही भन्नुभएको थियो। योआशले जीवनमा
परमप्रभुको आदेश पालनगरे। उनले ती कार्यहरू गरे
जो पूजाहारी यहोयादाले उनलाई सिकाए। ३तर उनले
अग्ला ठाउँहरू भत्काएनन् मानिसहरू तब सम्म पनि
ती पूजा स्थनहरूमा बलिहरू दिने गर्दथे अनि सुगन्धि
धूप जलाउँने गर्दथे।

## योआश मन्दिर मर्मत गर्ने आदेश दिन्छन्

४-५योआशले पूजाहारीहरूलाई भने, “परमप्रभुको
मन्दिरमा धेरै धन छ। मानिसहरूले मन्दिरमा चीजहरू
दिएका छन्। मानिसहरूले मन्दिरमा कर दिए जब
तिनीहरूको गणना गरियो। अनि मानिसहरूले धन
दिएका छन् कारण यही छ तिनीहरू दिन चाहन्थे।

पूजाहारीहरू तिमीले धन निकाल्नु पर्छ अनि परमप्रभुको
मन्दिर मर्मत खर्च गर्नुपर्छ। प्रत्येक पूजाहारीले धन
उपयोग गर्नुपर्छ। जो उसले सेवा गरेको मानिसहरूबाट
पाउँछन्। उसले त्यस धनको उपयोग परमप्रभुको मन्दिर
भत्किएको मर्मत गर्नमा गर्नुपर्छ।"
६तर पूजाहारीहरूले मरम्मतको काम गरेनन्। योआश
राजा भएको २३ औं वर्षमा पूजाहारीहरूले अझै पनि
मन्दिरको मर्मत गरेनन्। ७यसकारण राजा योआशले
पूजाहारी यहोयादा अनि अन्य पूजाहारीहरूलाई बोलाए।
योआशले यहोयादा र अरू पूजाहारीहरूलाई भने,
"तिमीहरूले मन्दिरको मर्मत गरेका छैनौ? सेवा गरे
वापत मानिसहरूबाट धन लिन बन्द गर। त्यो धन
मन्दिरको मर्मतमा खर्च हुनु पर्छ।"
८पूजाहारीहरू मानिसहरूबाट धन लिन बन्द गर्न
राजी भए। तर तिनीहरूले मन्दिर मर्मत नगर्ने निर्णय
पनि लिए। ९यसकारण पूजाहारी यहोयादाले एउटा
सन्दूक ल्याए अनि त्यसको माथि एउटा प्वाल बनाए।
त्यसपछि यहोयादाले सन्दूकलाई वेदीको दक्षिणतिर राखे।
यो सन्दूक ढोकाको छेऊमा थियो जहाँबाट मानिसहरूले
परमप्रभुको मन्दिरमा आउने गर्द थिए। केही पूजाहारीहरूले
मन्दिरको द्वारपथको पाले काम गर्दथे। ती पूजाहारीहरूले
धन लिने गर्दथे जो मानिसहरू परमप्रभुलाई चढ़ाउने
गर्दथे अनि तिनीहरू त्यो धन सन्दूकमा राख्ने गर्दथे।
१०तब मानिसहरूले रूपियाँ सन्दूकमा हाल्न थाले
जब तिनीहरू मन्दिर जाने गर्दथे। जहिले राजाका सचिव
अनि महा पूजाहारी सन्दूकमा थुप्रै रूपियाँ देख्थे, तिनी
आउँथे अनि सन्दूकबाट रूपियाँ निकाल्थे। तिनीहरू
रूपियाँ थैलोमा राख्थे अनि गन्ती गर्दथे। ११तब
तिनीहरू परमप्रभुको मन्दिरमा काम गर्ने कर्मीहरूलाई
भुक्तानी (ज्याला) दिनेगर्द थिए। तिनीहरू सिकर्मी र
अरू डकर्मीलाई भुक्तानी दिन्थे। जो परमप्रभुको
मन्दिरमा काम गर्दथे। १२तिनीहरूले त्यो रूपियाँ ढुङ्गाको
काम गर्ने अनि ढुङ्गाकाट्नेहरूलाई भुक्तानी दिनमा
उपयोग गर्दथे। अनि तिनी त्यो काठ, काटेको ढुङ्गा
अनि अरू चीज मन्दिर मर्मतका सामाग्री किन्नुमा
उपयोग गर्दथे।
१३-१४मानिसहरूले परमप्रभुको मन्दिरका लागि रूपियाँ
दिए। तर पूजाहारीहरूले त्यो रूपियाँ चाँदीका कचौराहरू,
धूपदानीहरू, हातधूने भाँड़ा, तुरही अथवा कुनै सुन
अनि चाँदीको भाँड़ा बनाउनमा उपयोग गरेनन्। त्यो
रूपियाँ कर्मीहरूलाई भुक्तानी गर्नमा उपयोग गरियो
अनि ती कर्मीहरूले परमप्रभुको मन्दिर मर्मत गरे।
१५कसैले कुनै रूपियाँ गन्ती गरेन र रूपियाँ के भयो
भनी कुनै कर्मीहरूलाई भन्न वाध्य गराएन। किनभने
कर्मीहरूलाई विश्वास गर्न सकिन्थ्यो।
१६मानिसहरूले त्यस बेला रूपियाँ जब तिनीहरूले
दोषबलिहरू र पापबलिहरू चढ़ाए। तर त्यो रूपियाँ
कर्मीहरूलाई भुक्तानी गर्नमा उपयोग गरिएन। त्यो
रूपियाँ पूजाहारीहरूको हुने गर्दथ्यो।

### योआश हजाएलबाट यरूशलेमको रक्षा गर्छन्

१७हजाएल अरामका राजा थिए। हजाएल गात
शहरको विरूद्ध युद्ध गर्नगए। हजाएलले गातलाई
पराजित गरे। त्यसपछि उनले यरूशलेमको विरूद्ध युद्ध
गर्ने योजना बनाए।
१८यहोशापात, यहोराम र अहज्याह यहूदाका राजाहरू
भइसकेका थिए। तिनीहरू योआशका पिता-पुर्खाहरू
थिए। तिनीहरूले परमप्रभुलाई धेरै चीजहरू दिएका
थिए। ती चीजहरू मन्दिरमा राखिएका थिए। योआशले
पनि परमप्रभुलाई धेरै चीजहरू दिएका थिए। योआशले
ती सबै चीजहरू सबै सुन लगे जो मन्दिर र उनको
घरमा राखिएको थियो। तब योआशले सबै ती बहूमुल्य
चीजहरू अरामका राजा हजाएलकहाँ पठाए। तब
हजाएलले यरूशलेमलाई आक्रमण गर्न रोकियो।

### योआशको मृत्यु

१९बाँकी रहेका कुराहरू त्यो योआशले गरे, यहूदाका
राजाहरूको इतिहासको पुस्तकमा लेखिएको छ।
२०योआशका अधिकारीहरूले उनको विरोधमा
योजनाहरू बनाए। तिनीहरूले योआशलाई सिल्लासम्म
जाने सड़कमाथि मिल्लोको घरमा मारे। २१शिम्मातका
छोरा योजाबाद अनि शोमेरका छोरा यहोजाबाद योआशका
अधिकारीहरू थिए। ती मानिसहरूले योआशलाई मारे।
मानिसहरूले योआशलाई उनका पुर्खाहरूसँगै
दाऊदशहरमा गाड़े। योआशका छोरा अमस्याह उनीपछि
नयाँ राजा भए।

### योआहाज आफ्नो शासन शुरू गर्छन्

१३ येहूका छोरा योआहाज सामरियामा इस्राएलका
राजा भए। यहूदामा अहज्याहका छोरा योआश
राजा भएको २३ औ वर्ष थियो। योआहाजले १७ वर्ष
शासन गरे।
२योआहाजले ती कामहरू गरे जसलाई परमप्रभुले
भूल भन्नुभएको थियो। योआहाजले नबातका यरोबामले
पाप कार्य नै गरे जसले गर्दा इस्राएलमा पाप सृष्टि
भयो। योआहाज ती कामहरू गर्न बन्द गरेनन्। ३तब
परमप्रभु इस्राएलसित रिसाउनुभयो। परमप्रभुले
इस्राएललाईलामो समय सम्मको निम्ति अरामका राजा
छोरा हजाएल र हजाएलका छोरा बेनहददको अधीनमा
दिनुभयो।

### इस्राएलका मानिसहरूप्रति परमप्रभुको दया

४तब योआहाजले परमप्रभुसित मद्दतका लागि बिन्ती
चढ़ाए। अनि परमप्रभुले उनको कुरा सुन्नुभयो। परमप्रभुले

इस्राएलको सङ्कट अनि अरामका राजाले इस्राएलीमाथि
गरेको कष्ट देख्नु भएको थियो।
५यस कारण परमप्रभुले इस्राएललाई रक्षा गर्न
एकजना मानिस पठाउनुभयो। इस्राएलीहरू अरामीहरूबाट
मुक्त भए। यसकारण इस्राएलीहरू आ-आफ्नो घर गए
जस्तो तिनीहरूले पहिले गरेका थिए।
६तर इस्राएलीहरूले अझै पनि यारोबामको परिवारले
गरेको पाप कर्म बन्द गरेनन् जसले गर्दा इस्राएलमा
पाप फिँजियो। इस्राएलीहरूले यारोबामले गरेको पाप
गरिनै राखे। तिनीहरूले अशेराको खाँबोलाई सामरियामा
राख्ने काम गरे।
७अरामका राजाले योआहाजको सेनालाई परास्त
गरे। अरामका राजाले सेनाका धेरै मानिसहरू मारे।
उनले मात्र ५० वटा घोड़ा सैनिकहरू, १० वटा
रथहरू अनि १०,००० पैदल सैनिकहरू छोड़ि दिए।
योआहाजका सैनिकहरू दाँई गर्दा हावाले उड़ाएको भुस
जस्तै भए।
८सबै महान कामहरू जो योआहाजले गरेका थिए
इस्राएलका राजाहरूको इतिहासको” पुस्तकमा लेखिएको
छ। ९योआहाज मरे अनि उनलाई पुर्खाहरूसँगै गाड़ियो।
मानिसहरूले योआहाजलाई सामरियामा गाड़े। योआहाजका
छोरा योआश उनीपछि नयाँ राजा भए।

## योआशको इस्राएलमा शासन

१०योआहाजका छोरा योआश सामरियामा इस्राएलका
राजा भए। यो यहूदाका राजा योआशको सैंतीसौं वर्ष
शासन गरेको समय थियो। योआशले इस्रालमा सोह
वर्ष शासन गरे। ११इस्राएलका राजा योआशले ती
कार्यहरू नै गरे जसलाई परमप्रभुले भूल भन्नुभएको
थियो। १२सबै महान कामहरू जो योआश गरेका थिए
अनि उनको यहूदाका राजा अमस्याहले गरेको युद्धको
विषयमा इस्राएलका राजाहरूको इतिहासको पुस्तक
लेखिएको छ। १३योआश मरे अनि उनलाई पुर्खाहरूसँगै
गाड़ियो। यारोबाम नयाँ राजा भए अनि योआशको
सिंहासनमा बसे। योआशलाई इस्राएलका राजाहरूसँगै
सामरियामा गाड़ियो।

## योआश एलीशासित भेट गर्छन्

१४एलीशा बिरामी भए। पछि एलीशा त्यसै बिरामीले
गर्दा नै मरे। इस्राएलका राजा येहोआश एलीशालाई
भेट्न गए। योआश एलीशाका निम्ति रोए। योआशले
भने, “हे मेरा पिता, हे मेरा पिता, रथहरू अनि
इस्राएलका घोड़सवाहरू?”
१५एलीशाले योआशलाई भने, “एउटा धनुष र केही
वाण वाणहरू लेऊ।”
योआशले एउटा धनुष अनि केही तीरहरू लिए।
१६तब एलीशाले इस्राएलका राजालाई भने, “धनु तान्नु
होस।” योआसले धनु ताने तब एलीशाले उसको हात
राजाको हातमाथि राखे। १७एलीशाले भने, “पूर्वको
झ्याल खोल।” योआशले झ्याल खोले। तब एलियाले
भने, “चलाउनु होस्!”
योआशले चलाए। तब एलीशाले भने, “त्यो परमप्रभुको
जीतको वाण हो! अराममाथि जीतको वाण हो। तिमीले
अरामीहरूलाई अपेकमा पराजित गर्नेछौ अनि तिनीहरूलाई
नष्ट पार्नेछौ।”
१८एलीशाले भने, “वाणहरू लेऊ।” योआशले वाणहरू
लिए। तब एलीशाले इस्राएलका राजालाई भने, “भूमिमा
प्रहार गर।”
योआश भूमिमा तीन पटक प्रहार गरे। त्यसपछि
उनले बन्द गरे। १९परमेश्वरको जन योआशसित
रिसाए। उनले भने, “तिमीले पाँच छ पटक प्रहार गर्नु
पर्ने थियो। तब तिमी अरामलाई नष्ट नपारूञ्जेल
जित्नसक्ने थियौ। तर अब, तिमीले अरामलाई तीन
पटकमात्र जित्ने छौ।”

## एलीशाको चिहानमा अचम्भको कुरा

२०एलीशा मरे र मानिसहरूले उनलाई गाड़े। एक
पटक वसन्तमा मोआबी सैनिकहरूको एउटा दल
इस्राएललाई आक्रमण गर्न आयो। २१केही इस्राएलीहरू
एक जना मरेको मानिसलाई गाड़दै थिए अनि तिनीहरूले
सैनिकहरूको त्यस दललाई देखे। इस्राएलीहरूले हतार
हतार एलीशाको चिहानमा लाश फ्याँके अनि भागे। तर
मरेको मानिस एलीशाको हड्डी छुने बित्तिकै जिउँदै भयो
र आफ्नो खुट्टामा उभियो।

## योआश इस्राएलका शहरहरू फेरी जित्छन्

२२योआहाजले शासन गरेको समयमा अरामका राजा
हजाएलले इस्राएलमाथि सङ्कट सृष्टि गरे। २३तर
परमप्रभु इस्राएलीहरू प्रति दयालु हुनुहुन्थ्यो। परमप्रभुले
दया अनि कृपा इस्राएलीहरूलाई देखाउनु भयो। अब्राहाम
इसहाक र याकूबसितको आफ्नो करारको कारण गर्छ।
परमप्रभुले इस्राएलीहरूलाई अझसम्म नष्ट अथवा
टाढ़ा फ्याँकन चाहादैनन् थिए।
२४हजाएल, आरमका राजा मरे र ऊपछि उनका
छोरा बेन-हदद राजा भए। २५मर्न अघि हजाएलले
योआशका पिता योआहाजबाट युद्धमा केही शहर
लिएका थिए। तर अहिले योआश योआशले ती
शहरहरू हजाएलका छोरा बेनहददबाट लिए। योआशले
बेन-हददलाई तीन पटक परास्त गरे अनि इस्राएलका
शहरहरू फिर्ता लिए।

## अमस्याह यहूदामा आफ्नो शासन शुरू गर्छन्

१४ यहूदाका राजा योआशका छोरा अमस्याह
इस्राएलका राजा योआहजाका छोरा योआशको

शासनकालको दोस्रो वर्ष राजा भए। २जब उनले शासन गर्न शरू गर्दा अमस्याह पच्चीस वर्षको थिए। अमस्याहले यरूशलेममा उनन्तीस वर्ष शासन गरे। अमस्याहकी आमा यहोअदीन यरूशलेमकी थिइन।
३अमस्याहले ती कामहरू गरे जो परमप्रभुले सही भन्नुभएको थियो, तर उनले आफ्ना पुर्खा दाऊदले जस्तै सम्पूर्ण रूपले परमेश्वरको अनुसरण गरेनन्। अमस्याहले ती सबै कामहरू गरे जो उनका पिता योआशले गरेका थिए।
४उनले अग्लो ठाउँहरू नष्ट पारेनन्। मानिसहरू अझै ती पूजा स्थलहरूमा बलिहरू र धूपबलि जलाउने गर्दथे।

५जुन समयमा अमस्याहले राज्यलाई कड़ा नियन्त्रणमा राखेका थिए, उनले अधिकारीहरूलाई मारे जसले उनका पितालाई मारेका थिए।
६तर उसले हत्याराहरूका नानीहरूलाई मारेनन् किनभने मोशाको नियमहरू व्यवस्था पुस्तकमा लेखिएका थिए। परमप्रभुले मोशाको व्यवस्थामा यस्तो आदेश दिनुभएको थियो, "माता-पिताहरूलाई उनका नानीहरूले केही गरेकोमा मार्नु हुँदैन। अनि नानिहरूलाई उनका माता-पिताहरूले केही गरेकोमा मार्नु हुँदैन। एक जना मानिसहरूलाई उसले गरेको भूल काम वापत नै मात्र मार्नु पर्छ।"

७अमस्याहले नूनको बेंसीमा १०,००० एदोमीहरूलाई मारेर। युद्धमा अमस्याहरूले सेनालाई जिते अनि त्यस ठाउको नाउँ "योक्तेल" राखे। त्यो ठाउँ आजसम्म "योक्तेल" भनिन्छ।

## अमस्याह योआशको विरोधमा युद्ध चाहन्छन्

८अमस्याहले इस्राएलका राजा येहूका नाती, योआहाजका छोरा योआशकहाँ दूत पठाए। अमस्याहको सन्देश थियो, "आऊ, हामी आपस्तमा मुखामुख गर्‍यौ अनि युद्ध गर्‍यौ।"

९इस्राएलका राजा योआशले यहूदाका राजा अमस्याहलाई उत्तर पठाए। योआशले भने, "लबानोनका एउटा काँड़े झाड़ीले लबानोनकै देवदारू रूखले खबर पठायो। यसले भन्यो, 'तिमीले आफ्नी छोरी मेरो छोरालाई विवाह गर्न देऊ।' तर लबानोनको एउटा जंगली जनावर त्यहाँ त्यतै तिरबाट गयो अनि काँड़े झाड़ीलाई कुल्चि दियो।
१०साँचो हो, तिमीले एदोमलाई जितेका छौ। तर एदोमलाई जितेको कारणले गर्दा तिमी घमण्ड़ी भएका छौ। तर घरमा नै बस र खुशी मनाऔ। आफ्नो लागि सङ्कट सृष्टि नगर। यदि तिमी यस्तो गर्छौ, तिमी लड्ने छौ अनि तिमीसँगै यहूदाको पतन हुनेछ।"

११तर अमस्याहले योआशको चेताउनी नसुने जस्तो गरे। यसकारण इस्राएलका राजा योआश यहूदाको वेतशेमेशमा यहूदाका राजा अमस्याहको विरोधमा युद्ध गर्न हिंड़े।
१२इस्राएलले यहूदालाई परास्त गर्‍यो। यहूदा घरतिर भाग्यो।
१३बेतशेमेशमा, योआश, इस्राएलका राजाले अहज्याहका नाति र योआशका छोराले, यहूदाका राजा अमस्याहलाई बन्दी बनाए। योआशले ४०० हातको यरूशलेमको भित्ता एप्रैमद्वारा देखि कुनाको द्वारसम्म भत्काए।
१४तब योआशले परमप्रभुको मन्दिर र राजाको महलको भन्डारबाट सबै सुन चाँदी र सबै भाँड़ाकुड़ाहरू लगे। योआशले मानिसहरूलाई बन्दीको रूपमा पनि लगे। तब योआश समारिया फर्के।

१५सबै महान कार्यहरू योआशले गरे जसमा उनले यहूदाका राजा अमस्याहको विरोधमा कसरी युद्ध गरे। 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ।
१६योआश मरे अनि उनलाई पुर्खाहरू सँगै गाड़ियो। योआशलाई इस्राएलका राजाहरूसँगै सामरियामा गाड़ियो। योआशका छोरा यारोबाम उनीपछि नयाँ राजा भए।

## अमस्याहको मृत्यु

१७यहूदाका राजा योआशका छोरा अमस्याह इस्राएलका राजा योआहाजका छोरा योआशको मृत्युपछि १५ वर्ष बाँचे।
१८सबै कुराहरू जो अमस्याहले गरे 'यहूदाका राजाहरूको इतिहासमा' लेखिएको छ।
१९मानिसहरूले येरूशलेममा अमस्याहको विरुद्धमा षड्यन्त्र बनाए। अमस्याह लाकीशतिर भागे। तर मानिसहरूले अमस्याहको पछि केही मानिसहरू लाकीशमा पठाए र तिनीलाई त्यही ठाउँमा मारे।
२०मानिसहरूले अमस्याहको लाश घोड़ाहरूमा ल्याए। अमस्याहलाई दाऊदको शहरमा उनका पिता-पुर्खाहरूसँगै गाड़े।

## अजर्याह यहूदाका आफ्नो शासन शुरू गर्छन्

२१तब यहूदाका सबै मानिसरूले अजर्याहलाई नयाँ राजा बनाए अजर्याह १६ वर्षका थिए।
२२यसकारण राजा अमस्याह मरे अनि उनलाई उनका पुर्खाहरूसँगै गाड़ियो। तब अजर्याहले एलतलाई फेरि राजा बनाए अनि यसलाई यहूदामा फर्काइदिए।

## यारोबाम दोस्रो इस्राएलमा आफ्नो शासन शुरू गर्छन्

२३इस्राएलका राजा योआशका छोरा यारोबामले यहूदाका राजा योआशका छोरा अमस्याहको शासनकालको पन्ध्रौं वर्षमा शासन शुरू गरे। यारोबामले ४१ वर्ष शासन गरे।
२४यारोबामले ती कामहरू गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो। यारोबामले नबातका छोरा यारोबामको पाप काम बन्द गरेनन् जसले इस्राएललाई पाप गर्न लगायो।
२५यारोबामले इस्राएलको भूमि फिर्ता लिए जो लेबो हमात देखि अराबाको सागरसम्म फिँजिएको थियो। यो त्यसरी नै भयो जस्तो इस्राएलका परमप्रभुले उहाँको दास अमित्तैक छोरा अगमवक्ता

योना, गात हेपेरबाट काले भन्नुभएको थियो। २६परमप्रभुले त्यो देख्नु भयो सबै इस्राएली, दास हुन वा स्वतन्त्र, सङ्कटमा परेका थिए। इस्राएललाई मद्दत गर्न कोही मानिस थिएन। २७परमप्रभुले इस्राएलको नाउँ संसारबाट हटाउनेछु भन्नुभएको थिएन यसकारण परमप्रभुले योआशका छोरा यारोबामलाई इस्राएलका मानिस बचाउनमा उपयोग गरे।

२८सबै महान कामहरू जो यारोबामले गरे, 'इस्राएलका राजाहरूको इतिहास' पुस्तकमा लेखिएको छ। यसमा यारोबामले इस्राएलका लागि दमीशक र हमात जितेर फिर्ता लिएको कथा सामेल छ। यी शहरहरू यहूदाका थिए। २९यारोबाम मरे अनि उनलाई इस्राएलका उनका आफ्ना पुर्खाहरूसँगै गाड़ियो। यारोबामका छोरा जकर्याह उनीपछि नयाँ राजा भए।

## यहूदाका अजर्याहको शासन

१५ यहूदाका राजा अमस्याहका छोरा अजर्याह इस्राएलका राजा यारोबामको शासन कालको सत्ताईसौं वर्षमा राजा भए। २अजर्याह १६ वर्षका थिए जब उनले शासन गर्न शुरू गरे। उनले यरूशलेममा ५२ वर्ष शासन गरे। अजर्याहकी आमाको नाउँ यकोल्याह थियो, उनी यरूशलेमकी थिइन, ३अजर्याहले ती कामहरू गरे जसलाई परमप्रभुले उचित भन्नुभएको थियो, जस्तो उनका पिता अमस्याहले गरेका थिए। अजर्याहले उनका पिता अमस्याहले गरेको कार्यहरूनै अनुसरण गरे। ४तर उनले अग्ला ठाउँहरू ध्वंस पारेनन्। मानिसहरू अझै ती पूजास्थलहरूमा बलिदानहरू धूपबलिहरू जलाउने गर्दथे।

५परमप्रभुले राजा अजर्याहलाई कोर लागेको रोगी बनाउनुभयो। उनी बाचुन्जेलसम्म कोरी भए। अजर्याह बेग्लै घरमा बस्ने गर्दथे। राजाका छोरा योताम राजाको महलको हेरचाह गर्दथे अनि मानिसहरू न्याय विचार गर्दथे।

६सबै कुराहरू जो अजर्याहले गरेका थिए, 'यहूदाका राजाहरूका इतिहासमा' लेखिएको छ। ७अजर्याह मरे अनि उनलाई उनका पुर्खाहरूसँगै दाऊदशहरमा गाड़ियो। अजर्याहका छोरा योताम उनीपछि, नयाँ राजा भए।

## इस्राएलका जकर्याहको छोटो शासन

८यारोबामका छोरा जकर्याहले इस्राएलको सामरियामा छ महीना शासन गरे। यो समय यहूदाका राजा अजर्याहको शासनकालको अड़तीसौ वर्ष थियो। ९जकर्याहले ती कामहरू गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो। उनले ती कामहरू गरे जो पुर्खाहरूले गरेका थिए। उनले नाबातका छोरा यारोबामले गरेको पापको काम बन्द गरेनन् जसले इस्राएललाई पाप गर्न लगायो।

१०याबेशका छोरा शल्लूमले जकर्याहको विरोधमा षड़्यन्त्र गरे। शल्लूमले इबलियममा जकर्याहलाई मारे। शल्लूम उनीपछि नयाँ राजा भए। ११सबै अरू कामहरू जति जकर्याहले गरे 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ। १२यस प्रकार परमप्रभुको वचन साँच्चो भयो। परमप्रभुले येहूलाई भन्नुभएको थियो, उसको सन्तानका चार पुस्ताहरू इस्राएलका राजाहरू हुनेछन्।

## इस्राएलका शल्लूमको छोटो शासन

१३याबेशका छोरा शल्लूम यहूदाका राजा उज्जियाहको शासनकालको ३९ औं वर्षमा इस्राएलका राजा भए। शल्लूमले सामरियामा एक महीना राज्य गरे।

१४गादीका छोरा मनहेम तिर्साबाट सामरियामा आए। मनहेमले याबेशका छोरा शल्लूमलाई मारे। तब उनीपछि, मनहेम नयाँ राजा भए।

१५शल्लूमले गरेका सबैकामहरू, जकर्याहलाई मार्ने उसको षड्यन्त्र समेत, 'इस्राएलका राजाहरूको इतिहास भन्ने' पुस्तकमा लेखिएको छ।

## इस्राएलका मनहेमको शासन

१६शल्लूमको मृत्युपछि मनहेमले तिप्पूह र यसको वरिपरिको क्षेत्रलाई परास्त गरे। मानिसहरूले उनका लागि शहरकाद्वार खोल्न मानेनन् यस कारण मनहेमले तिनीहरूलाई परास्त गरे अनि शहरका सबै गर्भवती आईमाइहरूको गर्भ तुवाईदिए।

१७गादीका छोरा मनहेम यहूदाका राजा अजर्याहको शासन कालको ३९ औं वर्षमा इस्राएलका राजा भए। सामरियामा मनहेमले दश वर्ष शासन गरे। १८मनहेमले ती कामहरू गरे जो परमप्रभुले भूल भन्नुभएको थियो। मनहेमले नबातका छोरा यारोबामले गरे जस्तो पाप कामबन्द गरेनन् जसले गर्दा इस्राएलमा पाप बढ्यो।

१९अश्शूरका राजा पूल इस्राएलको विरूद्धमा युद्ध गर्न आए। मनहेमले पूललाई १,००० तोड़ा चाँदी दिए, उनले यस्तो गरे जसले गर्दा उसको राज्य बलियो बनाउन पूलबाट सहायता पाउन। २०मनहेमले सबै धनी र शक्तिशाली मानिसहरूलाई कर दिन लगाएर धन सग्रह गरे। मनहेमले प्रत्येक मानिसबाट पचास शेकेल चाँदी कर लिए। त्यसपछि मनहेमले अश्शूरका राजालाई धन दिए। यस प्रकार अश्शूर त्यहाँबाट गए अनि इस्राएलमा बसेनन्।

२१सबै कुराहरू जो मनहेमले गरे 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ। २२मनहेम मरे अनि उनलाई उनका पुर्खाहरूसँगै गाड़ियो। मनहेमका छोरा पकह्याह उनीपछि नयाँ राजा भए।

### इस्राएलका पकहीयाको शासन

२३मनहेमका छोरा पकहीयाह यहूदाका राजा अजर्याहको
शासनकालको ५० औं वर्षमा सामरियामा इस्राएलका
राजा भए। पकहीयाहले दुई वर्ष शासन गरे। २४पकहीयाले
ती कामहरू गरे जो परमप्रभुले भूल भन्नुभएको थियो।
पकहीयाले नबातमा छोरा यारोबामले गरे जस्तो पाप
काम बन्द गरेनन् जसले गर्दा इस्राएलमा पाप बढ्यो।
२५पेकहीया रमल्याहका छोरा, पेकहीयाको सैनिक
सेनापति थिए। पेकहले पचास जना गिलादी मानिसहरू
उनीसँग लगे र पकहीयालाई अर्गम र एरिहसँगै सामरियामा
राजमहल भित्र मारे। तब पेकह नयाँ राजा भए।
२६सबै कामहरू जे जति पकहीयाले गरे इस्राएलका
राजाहरूको इतिहासको पुस्तकमा लेखिएको छ।

### इस्राएलमा पेकहको शासन

२७रमल्याहका छोरा पेकहले यहूदाका अजर्याहको
शासन काल ५२ औं वर्षमा सामरियामा इस्राएलमाथि
शासन गरे। पेकहले २० वर्ष शासन गरे। २८पेकहले
ती कामहरू गरे जो परमप्रभुले भूल भन्नुभएको थियो।
पेकहले नबातका छोरा यारोबामले गरेको पापकाम बन्द
गरेनन् जसले इस्राएलमा पाप बढ्यो।
२९अश्शूरका राजा तिग्लत पिलेसेर इस्राएलको विरोधमा
युद्ध गर्न आए। इस्राएलका राजा पेकह भएको समय
थियो। तिग्लत पिलेसेर इय्योन, आबेल-बेत्माका, यानोह,
केदेश, हासोर, गिलाद, गालील अनि नप्तालीका सबै
क्षेत्रहरू दखलमा लिए। तिग्लत पिलेसेरले ती ठाउँहरूबाट
मानिसहरू बन्दीको रूपमा अश्शूर लगे।
३०एलाका छोरा होशेले रमल्याहका छोरा पेकहको
विरोधमा योजनाहरू बनाए। होशेले पेकहलाई मारे।
त्यसपछि होशे नयाँ राजा भए। यस्तो यहूदाका राजा
उजियाहका छोरा योतामको शासनकालको २० औं
वर्षमा भयो।
३१सबै कुराहरू जे जति पेकहले गरे 'इस्राएलका
राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ।

### यहूदामा योताम शासन गर्छन्

३२उजियाहका छोरा योताम यहूदाका राजा भए।
रमल्याहका छोरा पेकह इस्राएलका राजा हुँदा दोस्रो
वर्षमा यस्तो भयो। ३३योताम २५ वर्षका थिए जब
तिनी राजा भए। योतामले यरूशलेममा १६ वर्ष शासन
गरे। योतामकी आमाको नाउँ यरूशा थियो, तिनी
सादोककी छोरी थिइन। ३४योतामले आफ्ना पिता
उज्जियाह जस्तै ती कामहरू गरे जसलाई परमप्रभुले
सही भन्नुभएको थियो। ३५तर उनले अग्ला ठाउँहरूमा
भएका बालका मूर्ति भत्काएनन्। मानिसहरू अझै ती
अग्ला पूजास्थलहरूमा बलिदानद्वारा दिने गर्द थिए अनि
धूपबलिहरू जलाउँने गर्दथे। योतामले परमप्रभुको मन्दिरको
माथिल्लो ढोका बनाए। ३६सबै कुराहरू जे जति
योतामले गरे 'यहूदाका राजाहरूको इतिहासको पुस्तकमा
लेखिएको छ।
३७त्यस समयमा परमप्रभुले रमल्याहका छोरा पेकह
र अरामका राजा रसीनलाई यहूदाको विरोधमा युद्ध गर्न
पठाउनुभयो।
३८योताम मरे अनि उनका पुर्खाहरूसँगै गाड़िए।
योतामलाई आफ्ना पुर्खा दाऊदशहरमा गाड़ियो। योतामका
छोरा आहाज उनीपछि नयाँ राजा भए।

### आहाज यहूदाका राजा हुन्छन्

१६ योतामका छोरा आहाज पेकह रमल्याहका
छोराको शासनकालको १७ औं वर्षमा यहूदाका
राजा भए। २आहाज २० वर्षका थिए जब तिनी राजा
भए। आहाजले यरूशलेममा १६ वर्ष शासन गरे।
आहाज आफ्ना पुर्खा दाऊद जस्ता थिएनन् आहाजले ती
कामहरू गरे जसलाई परमप्रभुले गलत भन्नुभएको
थियो। ३आहाजले इस्राएलका राजाहरू जस्तै जीवन
बिताए। उनले आफ्नो छोरालाई आगोमा बलि दिए।
उनले राष्ट्रमा घोर पापको नक्कल गरे जसलाई
परमप्रभुले इस्राएलीहरू आएको बेला देश छोड़न
लगाउनुभयो। ४आहाजले अग्ला ठाउँहरू, पहाड़को
शिखर र प्रत्येक हरियो रूखतल बलिदानहरू अनि
धूपबलिहरू जलाउथे।
५अरामका राजा रसीन अनि इस्राएलका राजा
रमल्याहका छोरा पेकह यरूशलेमको विरोधमा युद्ध गर्न
आए, रसीन अनि पेकहले आहाजलाई घेरे तर जित्न
सेकनन्। ६त्यस समयमा अरामका राजा रसीनले अरामका
लागि एलत फिर्ता लिए। रसीनले यहूदाका सबै
मानिसहरूलाई धपाए जो एलतमा थिए। अरामीहरू
एलतमा बस्न थाले अनि तिनीहरू आज पनि त्यहाँ
बस्दैछन्।
७आहाजले अश्शूरका राजा तिग्लत पिलेसेरकहाँ
दूतहरू पठाए। सन्देश थियो: "म तिम्रो सेवक हुँ। म
तिम्रो छोरा जस्तै हुँ आऊ अनि अरामका राजा तथा
इस्राएलका राजाबाट मलाई बचाऊ। तिनीहरू मसित
युद्ध गर्न आएका छन्।" ८आहाजले परमप्रभुको मन्दिर
अनि राजाको घरको भन्डारमा भएको चाँदी र सुन
निकाले। त्यसपछि आहाजले अश्शूरका राजालाई एउटा
उपहार पठाए। ९अश्शूरका राजाले आहाजको कुरा
सुने। अश्शूरका राजा दमीशकको विरोधमा युद्ध गर्न
गए। राजाले शहर दखल गरे अनि दमीशकका
मानिसहरूलाई बन्दी बनाएर किर लगे र उनले रसीनलाई
पनि मारे।
१०राजा आहाज अश्शूरका राजा तिग्लत पिलेसेरसँग
भेट गर्न दमीशक गए। आहाजले दमीशक मा वेदी
देखे। राजा आहाजले यस वेदीको नमूना र ढ़ाँचा

पूजाहारी ऊरियाहकहाँ पठाए। ११तब पूजाहारी उरियाहले
दमीशकबाट आहाजले पठाएको नमूना जस्तै एउटा वेदी
बनाए। पूजाहारी उरियाहले यस प्रकारको वेदी राजा
आहाज दमीशकबाट फर्किनु अघि बनाए।

१२जब राजा दमीशकबाट फर्किए उनले वेदी देखे।
उनले वेदीमा बलिहरू चढ़ाए। १३वेदीमा उनले आहाजले
होमबलि अनि अन्नबलि चढ़ाए। उनले आफ्नो अर्घबलि
चढ़ाए पनि अनि त्यस वेदीमा मेलबलिको रगत छर्किने
काम गरे।

१४आहाजले मन्दिरको सामु परमप्रभु अघि भएको
काँसाको वेदी हटाए। यो काँसाको वेदी आहाजको वेदी
अनि परमप्रभुको मन्दिरको माझमा थियो। आहाजले
काँसाको वेदीलाई आफ्नो वेदीको उत्तर तिर राखे।
१५आहाजले पूजाहारी उरियाहलाई एउटा आदेश दिए।
उनले भने, “यस देशका मानिसहरूले बिहान होमबलि,
बेलुकी अन्नबलि राजाको होमबलि राजाको अन्नबलि
अनि साधारण मानिसहरूको होमबलि अन्नबलिहरू पेय
बलिहरू चढ़ाउँदा ठूलो वेदी उपयोग गर। ठूलो वेदीमा
बलिदान र अरु बलिहरूको रगत छर्कनू। तर म
परमेश्वरसँग प्रश्न सोध्न काँसाको वेदी उपयोग गर्नेछु।”
१६उरियाह पूजाहारीले सबै काम गरे जस्तो राजा
आहाजले आदेश दिएका थिए।

१७काँसाका पाटाहरू भएका गोरूगाड़िहरू र हात
धुने भाँड़ाहरू पूजाहारीहरूका लागि थिए। राजा आहाजले
सबै पाटाहरू तथा भाँड़ाहरू निकाले। उनले ठूलो
खड़कुँले पनि निकाले जसको तल काँसाका गोरूहरू
उभिएका थिए। उनले ठूलो खड़कुँले ढुंङ्गाको आधरमाथि
राखे। १८कर्मीहरूले विश्राम दिनको सभाका लागि
मन्दिरभित्र एउटा छापको ठाउँ बनाए। आहाजले राजाको
बाहिरी प्रवेशद्वार पनि हटाए। आहाजले यी सबै परमप्रभुको
मन्दिरबाट निकाले। आहाजले यस्तो काम अश्शूरका
राजाको कारणले गर्दा गरे।

१९सबै, कुराहरू जे जति आहाजले गरे ‘यहूदाका
राजाहरूको इतिहासको’ पुस्तकमा लेखिएको छ।
२०आहाज मरे अनि उनलाई दाऊदशहरमा पुर्खाहरूसँगै
गाड़ियो। आहाजका छोरा हिजकियाह उनीपछि नयाँ
राजा भए।

### होशे इस्राएलमा आफ्नो शासन शुरू गर्छन्

१७ एलाका छोरा होशेले सामरियामा इस्राएलमाथि
शासन शुरू गरे। यो समय यहूदाका राजा
आहाजको शासनकालको १२ औं वर्ष थियो। होशेले
नौ वर्ष शासन गरे। २होशेले ती कामहरू गरे जसलाई
परमप्रभुले भूल भन्नुभएको थियो। तर होशे अघि
शासन गर्ने इस्राएलका राजाहरू जस्तो खराब थिएनन्।
३अश्शूरका राजा शलमनेसेर होशेको विरोधमा युद्ध
गर्न आए। शलमनेसेरले होशेलाई पराजित गरे अनि
होशे उनको सेवक भए। यस प्रकार होशेले शलमनेसेरलाई
कर तिर्न थाले।

४पछि होशेले मिश्रका राजालाई मद्दत माग्न दूत
पठाए। त्यस राजाको नाउँ सो थियो। त्यस वर्ष होशेले
अश्शूरका राजालाई प्रत्येक वर्ष दिए जस्तै कर दिएनन्।
अश्शूरका राजाले थाहपाए, होशेले उनको विरोधमा
षड्यन्त्र रचेका छन्। यस कारण अश्शूरका राजाले
होशेलाई बन्दी बनाए अनि जेलमा थुने।

५अश्शूरका राजाले इस्राएलमा धेरै ठाउँहरूमा आक्रमण
गरे। त्यसपछि तिनी सामरिया आए। उनले सामरियाको
विरोधमा तीन वर्ष युद्ध गरे। ६अश्शूरका राजाले
इस्राएलका राजा होशेको नवौं वर्षको अवधिमा सामरियालाई
कब्जामा लिए। अश्शूरका राजाले धेरै इस्राएलीहरूलाई
पक्रे र बन्दीको रूपमा अश्शूर लगे। उनले तिनीहरूलाई
हलहमा गोजान, नदीको किनार हाबोर र माहीहरूका
शहरहरूमा छोडी दिए।

७यस्ता घटनाहरू भए किनभने इस्राएलीहरूले परमप्रभु
तिनीहरूको परमेश्वरको विरुद्धमा पाप काम गरेका
थिए। जसले तिनीहरूलाई मिश्र भूमिबाट बाहिर निकालेर
ल्याउनु भएको थियो। परमप्रभुले तिनीहरूलाई मिश्रका
राजा फिरऊनको कब्जाबाट बचाउनुभएको थियो। तर
इस्राएलीहरूले अरू देवताहरूको पूजा गर्न थाले।
८तिनीहरू त्यही कुराहरू गर्न थाले जो अरू मानिसहरू
गर्दथे। र परमप्रभुले ती मानिसहरूलाई भूमि छोड़नवाध्य
गराए जब इस्राएलीहरू आए। इस्राएलीहरूका
राजाहरूले पनि तिनीहरूलाई गलत काम गर्न
लगायो। ९इस्राएलीहरूले लुकेर आफ्ना परमेश्वरको
विरोधमा कामहरू गर्न थाले। अनि ती कामहरू झूटा
थिए।

इस्राएलीहरूले सानो शहरदेखि ठूलो शहरसम्म सबै
शहरहरूमा अग्ला ठाउँहरू बनाए। १०इस्राएलीहरूले
प्रत्येक अग्लो पहाड़माथि अनि प्रत्येक हरियो रूखमुनि
स्मारक ढुँङ्गा अशेर खाँबो खड़ा गरे। ११इस्राएलीहरू
ती सबै पूजा स्थलहरूमा धूपबलि बाल्ने गर्दथे।
तिनीहरूले यी कामहरू ती राष्ट्रहरू जस्तै गरे जसलाई
परमप्रभुले उनीहरूको सामुने देश त्याग्न वाध्य गराउनुभएको
थियो। इस्राएलीहरूले दुष्ट कामहरू गरे जसले परमप्रभुलाई
रीस उठायो। १२तिनीहरूले देवमूर्तिहरूको सेवा गरे।
अनि परमप्रभुले इस्राएलीहरूलाई भन्नुभएको थियो,
“तिमीले यस्तो काम गर्नु हुँदैन।”

१३परमप्रभुले प्रत्येक अगमवक्ता र दर्शीलाई उपयोग
गरेर इस्राएल र यहूदालाई चेताउनी दिनुभएको थियो।
परमप्रभुले भन्नुभयो, “तिमीले गरेको नीच कामबाट
टाढ़ा बस। मेरा आदेश र विधिहरू पालन गर। सबै
नियमहरू पालन गर जो मैले तिम्रा पुर्खाहरूलाई दिएको
थिए। मैले यो नियम तिमीलाई दिनका लागि मेरा
सेवक अगमवक्ताहरूलाई काममा लगाएँ।”

१४तर मानिसहरूले सुनेनन्। तिनीहरू आफ्ना पुर्खाहरू जस्तै ढ़ीठ थिए। तिनका पुर्खाहरूले आफ्नो परमेश्वरमाथि विश्वास गरेनन् १५मानिसहरूले परमप्रभुको नियम र पुर्खाहरूसंग भएको उहाँको करार मान्न स्वीकारेनन्। तिनीहरू परमप्रभुको चेताउनी सुन्न तयार भएनन्। तिनीहरूले देवमूर्तिहरूको पूजा गरे जो कामै नलाग्ने थिए अनि तिनीहरू आफै पनि काम नलाग्ने भए। तिनीहरू आफ्ना वरिपरि भएका राष्ट्रहरूका मानिसहरू जस्तै जीवन यापन गर्न थाले। तिनीहरूले त्यस्तै खराब कामहरू गरे। अनि परमप्रभुले इस्राएलका मानिसहरूलाई चेताउनी दिनुभएको थियो। परमप्रभुले तिनीहरूलाई त्यस्ता खराब कामहरू नगर्नु भन्नुभएको थियो।

१६मानिसहरूले आफ्ना परमेश्वरको आदेश अनुसरण गर्न बन्द गरे। तिनीहरूले दुइवटा सुनको बाछाका मूर्तिहरू बनाए। तिनीहरूले अशेरा खाँबो बनाए। तिनीहरूले आकाशका सबै ताराहरूको पूजा गरे अनि बालको सेवा गरे। १७तिनीहरूले आफ्ना छोरा छोरीहरू आगोमा बलि दिए। तिनीहरूले भविष्यको जानकारी प्राप्तका लागि तंत्र-मंत्र जादू-प्रेत विद्याको उपयोग गरे। तिनीहरूले त्यस्तो काम गर्नका लागि आफूलाई बेचे जसलाई परमप्रभले नराम्रो भन्नुभएको थियो। तिनीहरूको यस्तो कामले परमप्रभुको रीस जगाउनका लागि गरे। १८यस कारण परमप्रभु इस्राएलमाथि साह्रै रिसाउनुभयो अनि आफ्नो नजर देखि टाढ़ामा राख्नुभयो। यहूदाका परिवार समूहबाहेक कोही इस्राएली रहेको थिएन।

## यहूदाका मानिसहरू पनि दोषी छन्

१९तर यहूदाका मानिसहरूले आफ्ना परमप्रभुको आदेश पालन गरेनन्। यहूदाका मानिसहरूले इस्राएलका मानिसहरू जस्तै जीवन यापन गरे।

२०परमप्रभुले इस्राएलका सबै मानिसहरूलाई अस्वीकार गर्नुभयो। उहाँले तिनीहरूमाथि धेरै सङ्कटहरू ल्याउनुभयो अनि, अन्तमा उहाँले तिनीहरूलाई बाहिर फ्याँकी दिनुभयो अनि आफ्नो नजरबाट बाहिर राख्नुभयो। २१परमप्रभुले इस्राएललाई दाऊदको परिवारबाट छुट्ट्यउनुभयो अनि इस्राएलीहरूले नाबातका छोरा योरोवामलाई आफ्नो राजा बनाए। यारोवामले इस्राएलीहरूलाई परमप्रभुको अनुसरण गर्न नदिएर टाढ़ा राखे यारोवामले इस्राएलीहरूलाई ठुलो पाप गर्न लगाए। २२यस प्रकार इस्राएलीहरूले सबै पाप कामहरू अनुसरण गरे जो यारोबामले गरे। तिनीहरूले ती पाप कामहरू परमप्रभुले इस्राएललाई नजरबाट पर नगरून्जेल सम्म बन्द गरेनन्। २३अनि परमप्रभुले भन्नुभयो यस्तो हुनेछ। उहाँले आफ्ना अगमवक्ताहरू मानिसहरूलाई यस्तो भन्न पठाउनुभयो। यस कारण इस्राएलीहरूलाई आफ्नो देशबाट बाहिर अश्शूर पुर्‍याइयो अनि तिनीहरू आजसम्म त्यही छन्।

## सामरियेली मानिसहरूको शुरूआत

२४अश्शूरका राजाले इस्राएलीहरूलाई सामरियाबाट बाहिर लगे। त्यसपछि अश्शूरका राजाले बाबेल कूता, अब्बा, हमात र सपर्वेमबाट मानिसहरू ल्याए। उनले ती मानिसहरूलाई सामरियामा बस्न लगाए। ती मानिसहरूले सामरियामा अधिकार जमाए अनि वरिपरि शहरहरूमा बस्न थाले। २५जब ती मानिसहरू सामरियामा बस्न थाले। तिनीहरूले परमप्रभुको सम्मान गरेनन्। यस कारण परमप्रभुले तिनीहरूमाथि आक्रमण गराउन सिंहहरू पठाउनुभयो। ती सिंहहरूले ती मानिसहरूमध्ये केहीलाई मारे। २६केही मानिसहरूले अश्शूका राजालाई भने, "ती मानिसहरू जसलाई तिमीले लग्यौ अनि सामरियाका शहरहरूमा बस्न लगायौ। त्यस देशका देवताको नियमहरू जान्दैनन्। यस कारण देवताले तिनीहरूमाथि आक्रमण गराउन सिंहहरू पठाए। सिंहहरूले ती मानिसहरूलाई मारे किन भने तिनीहरू त्यस देशका देवताको नियम जान्दैन थिए।"

२७यस कारण अश्शूरका राजाले यस्तो आदेश दिए: "तिमीले सामरियाबाट केही पूजाहारी ल्याउ। ती पूजाहारीहरूमध्ये एक जनालाई पठाऊ जसलाई बन्दी बनाएर सामरिया लगेको थिए। त्यो पूजाहारी जाओस् अनि त्यही बसोस। तर त्यस पूजाहारीले मानिसहरूलाई त्यस देशको देवताको नियम पढ़ाउन सक्नेछन्।"

२८यसकारण पूजाहारीहरूमध्ये एक जना जसलाई अश्शूरीहरूले सामरियाबाट ल्याएका थिए, बेतेलमा बस्न आए। यस पूजाहारीले मानिसहरूलाई कसरी तिनीहरूले परमप्रभुको सम्मान गर्नुपर्छ बताए।

२९तर ती सबै मानिसहरूले आ-आफ्नो देवताहरू बनाए अनि अग्लो ठाउँहरूमा भएका मन्दिरहरूमा तिनीहरूलाई स्थापित गरे जो सामरीहरूले बनाएका थिए। ती मानिसहरूलाई यस्तै गरे जहाँ-जहाँ तिनीहरू बस्थे। ३०बाबेलका मानिसहरूले झूटा देवता सुक्कोत-बनोत बनाए। कूतका मानिसहरूले झूटा देवता नेगेल बनाए। हमातका मानिसहरूले झूटा देवता अशीमा बनाए। ३१अब्बाका मानिसहरूले झूटा देवता नेभज र तर्ताक बनाए अनि सपर्वेका मानिसहरूले आफ्ना झूटा देवताहरूको सम्मान गर्नका लागि आफ्ना नानीहरू आगोमा जलाए। झूटा देवताहरू अद्रमेलेक र अनमेलेक थिए।

३२तर ती मानिसहरूले परमप्रभुको पनि आराधना गरे। तिनीहरूले मानिसहरूबाट अग्ला पूजा स्थलका लागि पूजाहारीहरू रोजे। ती पूजाहारीहरूले ती पूजा स्थलहरूमा मन्दिरभित्र मानिसहरूका लागि बलि दिए। ३३तिनीहरूले परमप्रभुको आदर गरे तर तिनीहरूले आफ्ना देवताहरूको पनि सेवा गरे। ती मानिसहरू आफ्ना देवताहरूको सेवा त्यसरी नै गर्दथे जसरी तिनीहरू ती देशमा गर्दथे जहाँबाट तिनीहरूलाई ल्याइयो।

३४आजसम्म ती मानिसहरू त्यसरी बस्छन् जसरी
तिनीहरू अतीतमा बसेका थिए। तिनीहरूले परमप्रभुको
डर मान्छन् नत भक्ति नै गर्छन्। तिनीहरूले नियमको,
निर्देशन, व्यवस्था अथवा आदेशहरू जुन परमप्रभुले
याकूबको सन्तानहरूलाई दिएको थियो पालन गर्दैनन्।
३५परमप्रभुले इस्राएलका मानिसहरूसँग एउटा करार
गर्नुभयो। परमप्रभुले तिनीहरूलाई आदेश दिनुभयो,
"तिमीहरूले अरू देवताहरूको आदर नगर। तिमीहरूले
तिनीहरूको पूजा गर्नु हुँदैन, सेवा गर्नु हुँदैन अथवा
बलि चढ़ाउनु हुँदैन। ३६तर तिमीहरूले परमप्रभुको
अनुसरण गर्नु पर्छ। परमप्रभु नै परमेश्वर हुनुहुन्छ
जसले तिमीलाई मिश्रबाट बाहिर ल्याउनुभयो। परमप्रभुले
तिमीलाई बचाउनका लागि आफ्नो महाशक्ति उपयोग
गर्नुभयो। तिमीले परमप्रभुको आराधना गर्नुपर्छ अनि
उहाँका लागि बलि चढ़ाउनु पर्छ। ३७तिमीले विधिहरू,
नियमहरू, उपदेशहरू तथा आदेश पालन गर्नु पर्छ जो
उहाँले तिम्रो निम्ति लेख्नुभएको थियो। तिमीले यी
कुराहरू सधैँ हर समय पालन गर्नु पर्छ। तिमीले अरू
देवताहरूको आदर गर्नुहुंदैन। ३८तिमीले त्यो करार
बिर्सिनु हुँदैन जो मैले तिमीहरूसित गरेको थिएँ। तिमीले
अरू देवताहरूको आदर गर्नुहुँदैन। ३९तिमीले परमप्रभु
तिनीहरूको परमेश्वरको मात्र डर मान्नु पर्छ अनि आदर
गर्नुपर्छ। तब उहाँले तिमीलाई तिम्रा सबै शत्रुहरूबाट
बचाउनु हुनेछ।"

४०तर इस्राएलीहरूले सुनेनन्। तिनीहरू त्यही कामहरू
गरिनैरहे जस्तो पहिला गर्दथे। ४१यस प्रकार अहिले
अरू राष्ट्रहरू परमप्रभुको सम्मान गर्छन् तर तिनीहरू
आफ्ना देवताका मूर्तिहरूको पनि सेवा गर्दछ्न्। तिनका
छोरा छोरी र नाता नातिनीहरू त्यही काम गर्छन जो
उनका पुर्खाहरू गर्दथे। तिनीहरू अझै पनि ती कामहरू
गर्छन्।

## हिजकियाह यहूदामा आफ्नो शासन शुरू गर्छन्

१८ आहारजका छोरा हिजकियाह यहूदाका राजा
थिए। एलाका छोरा होशे इस्राएलका राजा
हुँदा तेस्रो वर्षमा हिजकियाहले शासन गर्न शुरू गरे।
२हिजकियाह २५ वर्षका थिए जब उनले शासन गर्न
शुरू गरे। हिजकियाहले यरूशलेममा २९ वर्ष शासन
गरे। उनकी आमा जकर्याहकी छोरीको नाउँ अबी
थियो।

३हिजकियाहले ती कामहरू गरे आफ्ना पुर्खा दाऊद
जस्तै जो परमप्रभुले सही भन्नुभएको थियो।

४हिजकियाहले अल्गा ठाउँहरू भत्काए। उनले स्मारक
ढुङ्गाहरू फोरे अनि अश्तारोत खाँमाहरू ढाले। त्यस
समयमा इस्राएलका मानिसहरूले मोशाद्वारा बनाइएको
काँसाको साँपका लागि धूपबलि जलाउने गर्दथे। यस
काँसको साँपलाई "नेहुरातान" भनिन्थ्यो हिजकियाहरूले
यस काँसाको साँपलाई टुक्रा-टुक्रा पारे किनभने
मानिसहरूले त्यस सापको पूजा गरिरहेका थिए।

५हिजकियाहले परमप्रभु इस्राएलका परमेश्वरमाथि
विश्वास गर्दथे। यहूदाका राजाहरूमा उनी अघि अथवा
पछि हिजकियाह जस्तो व्यक्ति कोही भएन। ६हिजकियाह
परमप्रभुप्रति साह्रै नै विश्वासी थिए। उनले परमप्रभुको
अनुसरण गर्न छोड़ेनन्। उनले आदेशहरू पालन गरे जो
परमप्रभुले मोशालाई दिनुभएको थियो। ७परमप्रभु
हिजकियाहसँग हुनुहुन्थ्यो। हिजकियाह प्रत्येक काममा
सफल भए जो उनले गरे।

हिजकियाह अश्शूरका राजाबाट अलग भए।
हिजकियाहले अश्शूरका राजाको सेवा गर्न बन्द गरे।
८हिजकियाहले गाजासम्म तथा यसको वरिपरि
पलिश्तीलीहरूलाई पराजित गरे। उनले सानो देखि ठूलो
सबै पलिश्तीली शहरहरू पराजित गरे।

## अश्शूरीहरू सामरिया दखल गर्छन्

९अश्शूरका राजा शल्मनेसेर सामरियाको विरोधमा
युद्ध गर्न गए। उनको सैनिकले शहरलाई घेरे यो घटना
यहूदाका राजा हिजकियाहको शासन कालको चौथो
वर्षमा भयो। एलाका छोरा होशे इस्राएलका राजा
भएको सातौ वर्ष पनि थियो। १०तेस्रो वर्षको अन्तमा,
शल्मनेसेरले सामरिया कब्जा गरे। उनले सामरियालाई
यहूदाका राजा हिजकियाहको छैटौं वर्षमा कब्जा गरे।
यो इस्राएलका राजा होशे भएको नवौं वर्ष थियो।
११अश्शूरका राजाले इस्राएलीहरूलाई बन्दी बनाएर
अश्शूर लगे। उनले तिनीहरूलाई हाबीर (गोजान नदी)
किनारमा हलह र मादीमा बसाए। १२यस्तो घटना भयो
किनभने इस्राएलीहरूले परमप्रभु आफ्नो परमेश्वरको
अनुसरण गरेनन्। तिनीहरूले परमप्रभुको करारलाई
मानेनन्। तिनीहरूले ती सबै कुराहरू माननेन् जो
परमप्रभुका सेवक मोशाले आदेश दिएका थिए। इस्राएलका
मानिसहरूले परमप्रभुको करार नसुने जस्तो गरे न त ती
कामहरू गरे करारमा उनीहरूलाई गर्न भनिएको थियो।

## अश्शूर यहूदालाई लिन तयार हुन्छ

१३हिजकियाहको शासनकालको १४औं वर्षमा
अश्शूरका राजा सनहेरीब यहूदाका सबै शक्तिशाली
शहरहरूको विरोधमा युद्ध गर्न गए। सनेहेरीबले ती सबै
शहरहरू जिते। १४तब यहूदाका राजा हिजकियाहले
अश्शूरका राजालाई लाकीशमा एउटा सन्देश पठाए।
हिजकियाहले भने, "मैले भूल गरेको छु। मलाई एक्लै
छोड़िदेऊ। तब तिमीले मागेको जे पनि तिर्न तयार
हुनेछु।"

तब अश्शूरका राजाले यहूदाका राजा हिजकियाहलाई
३०० तोड़ा भन्दा बढ़ी चाँदी तथा ३० तोड़ा भन्दा
बढ़ी सुन तिर्नू भने। १५हिजकियाहले परमप्रभुको मन्दिर

अनि राजाको खजानामा भएको चाँदी दिए। १६त्यस
समयमा हिजकियाहले परमप्रभुको मन्दिरको ढोकाहरू र चौखटहरूमा लगाइएका सुन उत्काए। राजा हिजकियाहले नै ती ढोकाहरू र चौखटहरूमा सुन जोड्ने काम गरेका थिए। हिजकियाहले ती सुन अश्शूरका राजालाई दिए।

## अश्शूरका राजा मानिसहरू यरूशलेम पठाउँछन्

१७अश्शूरका राजाले आफ्ना अत्यन्त महत्वपूर्ण तीनजना सेनापतिहरू विशाल सेनासँगै राजा हिजकियाहकहाँ यरूशलेम पठाए। ती मानिसहरू लाकीशबाट हिंडे अनि यरूशलेम पुगे। तिनीहरू माथिल्लो पोखरिको छेऊको कुलो नजिक उभिए। माथिल्लो पोखरी धोबीको खेत जाने बाटोमा थियो। १८यी मानिसहरूले राजालाई
बोलाए। हिल्कियाहका छोरा एल्याकीम (एल्याकीम राजाको महलको हेरचाह गर्दैथे।) शेब्ना (मुख्य सचिव) र आसापका छोरा योआ (अभिलेखापाल) तिनीहरूसँग भेट गर्न बाहिर आए।

१९सेनापतिहरूमध्ये एक जनाले उनीहरूलाई भने, "अश्शूका राजा, महाराजले जे भनेका छन्, हिजकियाहलाई भन:

तिमी केमाथि विश्वास गर्दछौ? २०तिम्रा वचनहरू
अर्थहीन छन्। तिमी भन्छौ, "युद्धमा मलाई सघाउन तिमीसँग पर्याप्त सल्लाह र शक्ति छ।" तर तिमीलाई कसले विश्वास गर्छ किनभने तिमीले मेरो नियमको उल्लंघन गरेका छौ।
२१तिमी भाँचिएको बेतको लौरोको मद्दत लिदै छौ। यो हिंड्ने लौरो मिश्र हो। यदि कोही मानिस यस लौरोको मंद्दत लिन्छ भने यो भाँचिन्छ र हातहुँदै गएर घाइते बनाउँछ। मिश्रका राजा त्यस्तै हुन ती मानिसहरूका लागि जो उनलाई विश्वास
गर्छन्। २२हुन सक्छ तिमी भन्ने छौ, "हामी परमप्रभु हाम्रा परमेश्वरमाथि विश्वास गर्दछौ।" तर म जान्दछु हिजकियाहले अग्ला ठाउँहरू र वेदीहरू हटाए जहाँ मानिसहरू परमप्रभुको आराधना गर्दथे, हटाए। अनि हिजकियाहले यहूदा र यरूशलेमका मानिसहरूलाई भने, "तिमीहरूले यहाँ यरूशलेममा वेदीको अघि मात्र आराधना गर्ने छौ।"

२३अब अश्शूरका राजा, हाम्रा मालिकसँग सम्झौता गर। म वचन दिन्छु, यदि तिमीले सवार गर्नेहरू भेटाउन सक्छौ भने म तिमीलाई २,००० घोड़ाहरू दिनेछु। २४तिमी मेरा मालिकका
अधिकारीहरूमध्ये तल्लो स्तरका एक जना अधिकारीलाई परास्त गर्न सक्ने छैनौ। तिमी रथ र घोड़ाका सैनिकहरूका लागि मिश्रमाथि भर
पर्छौ। २५म परमप्रभुको आदेश बिना यरूशलेमलाई नष्टपार्न आएको होइन। परमप्रभुले मलाई भन्नुभएको छु "यस देशको विरोधमा जाऊ अनि यसलाई नष्टपार।"

२६तब हिल्कियाहका छोरा एल्याकीम, शेब्ना र योआले सेनापतिलाई भने, "कृपया हामीसँग अरामी भाषामा कुरा गर। हामी त्यो भाषा बुझ्छौ। यहूदाको भाषामा हामीसँग कुरा नगर किनभने पर्खालमाथि उभिएका मानिसहरूले सुन्ने छन्।"

२७तर सैनापतिले तिनीहरूलाई भने, "मेरो मालिकले मलाई तिमी र तिम्रा राजासँग बोल्न मात्र पठाउनुभएको छैन्। म अरू मानिसहरूसँग पनि कुरा गर्नेछु जो पर्खालमा बसिरहेका छन्। तिनीहरूले तिनीहरूको मल-मूत्र तिमीहरूसँगै नै खाने अनि पिउने छन्।"

२८तब सेनापति जोरसित हिब्रू भाषामा कराएर भने, "महाराजाधिराज, अश्शूरका राजाबाट यो सन्देश सुन।
२९राजा भन्दछन्, 'हिजकियाहलाई मूर्ख बनाउन नदेऊ। उनले तिमीलाई मेरो शक्तिबाट बचाउन सक्दैनन्।'
३०हिजकियाहले परमप्रभुप्रति तिमीहरू विश्वास गर्ने बनाउन नसकोस्। हिजकियाह भन्दछन्, 'परमप्रभुले हामीलाई बचाउनु हुनेछ! अश्शूरकाले राजा यस शहरलाई परास्त गर्ने छैनन्!' ३१तर हिजकियाहका कुरा नसुन!
"अश्शूरका राजा यस्तो भन्दछन्: 'मसित शान्ति सन्धि गर अनि मसँग मिल। तब तिमीहरूमध्ये प्रत्येकले आफ्नो आइफल, आफ्नै अंजीर फल अनि आफ्नै कपको पानी खान सक्ने छौ। ३२तिमीहरू यस्तो
तबसम्म गर्न सक्ने छौ जबसम्म म आएर तिमीहरू टाढ़ा आफ्नो देशमा लिएर जान्न। यो ठाउँ अन्न र नयाँ दाखरस, गहुँ र अंङ्गुर र अड़ीर महको देश हो। तब तिमीहरू बाँच्ने छौ, मर्दैनौ। तर हिजकियाहका कुरा नसुन। उनी तिमीहरूको मन बदली गर्न चाहन्छन्। उनी भन्दैछन्। 'परमप्रभुले हामीलाई बचाउनु हुनेछ।'
३३के अर्कै राष्ट्रका देवताहरूमध्ये कसैले अश्शूरका राजाबाट उनको देशलाई बचाउन सक्यो? सकेन! ३४हमात
र अपार्दका देवताहरू कहाँ छन? सपवैम, हेना र इव्वाका देवताहरू कहाँ छन्? के तिनीहरूले मबाट सामरियालाई बचाउन सके? ३५सकेनन् के अरू देशका
देवताहरू मध्ये कसैले आफ्नो देश मबाट बचाउन सके? सकेनन् के परमप्रभुले मबाट यरूशलेमलाई बचाउन सक्नुहुन्छ? सक्दैनन्।"

३६तर मानिसहरू बोलेका थिएनन्। तिनीहरूले सेनापतिलाई एक शब्द पनि भनेनन् किनभने राजा हिजकियाहले तिनीहरूलाई आदेश दिएका थिए। उनले भने, "उनलाई केही नभन।"

३७हिल्कियाहका छोरा एल्याकीम (एल्याकीम राजाको दरबारको अधिकारी थिए) शेब्ना (सेबाका मुख्य सचिव) र आसापका छोरा योआ (अभिलेखापाल)

हिजकियाहसमक्ष आए। तिनीहरूको लुगा च्यातिएको
थियो र तिनीहरू दु:खी भएको बुझिन्थ्यो। तिनीहरूले
हिजकियाहलाई सबै कुरा भने जो अश्शूरका सेनापतिले
भनेका थिए।

### हिजकियाह अगमवक्ता यशैयाहसित कुरा गर्छन्

**१९** राजा हिजकियाहले ती कुराहरू सुने अनि
आफू दु:खी र चिन्तित देखाउनका लागि
उनले आफ्नो लुगा च्याते। त्यसपछि तिनी परमप्रभुको
मन्दिरभित्र पसे।

२हिजकियाहले एल्याकीम (एल्याकीम राजाको
दरबारको अधिकारी थिए) शेब्ना (सेबाका मुख्य सचिव)
अनि पूजाहारीहरूमध्ये बुढ़ा पाकालाई आमोसका छोरालाई
अगमवक्ता यशैयाहकहाँ पठाए। तिनीले फाटेको लुगा
लगाए जसले तिनीहरू दु:खी र उदास भएको देखाँउथ्यो।
३राजाबाट तिनीहरू यो समाचार लगेर गए, "आजको
दिन हाम्रा निम्ति कष्टको दिन छ, 'तिरस्कार र निन्दा
को दिन! बालक जन्माउँदा बल नभएकी स्त्री झैं हामी
भएका छौ। ४सेनापतिका मालिक अश्शूरा राजाले
उनलाई जिवित परमप्रभुको विषयमा नराम्रा कुराहरू
भन्न पठाएका छन्। हुन सक्छ, परमेश्वरले ती सबै
कुराहरू सुन्नु हुन्छ। परमप्रभुले शत्रुलाई सजाय दिनुहुनेछ
यस कारण ती मानिसहरूका लागि प्रार्थना गरि दिनुहोस
जो अझै जिउँदै रहेका छन्।'"

५राजा हिजकियाहका अधिकारीहरू यशैयाहकहाँ गए।
६यशैयाहले तिनीहरूलाई भने, "तिम्रो मालिक
हिजकियाहलाई यो सन्देश देऊ: 'परमप्रभु भन्नुहुन्छ:
अश्शूरका राजाका अधिकारीहरूले मेरो बारेमा गरेका
कुराहरूका लागि ड़र मान्नु पर्दैन। ७म उसमा आत्मा
समावेश गराउँदैछु। उनले अफवाह सुन्ने छ्न्। त्यसपछि
उनी आफ्नो देशतिर फर्किए र भाग्ने छन्। अनि म
उनलाई उनको देशमा तरवारले छिनाउनेछु।'"

### अश्शूरका राजा हिजकियाहलाई फेरि चेताउनी दिन्छन्

८सेनापतिले सुने अश्शूरका राजा लाकीशबाट हिँड़े।
यसकारण सेनापतिले आफ्ना राजालाई लिब्नाको विरूद्धमा
लड़ाइँ गर्दै गरेको पाए।

९अश्शूरका राजाले कूशका तिर्हाकाको विषयमा
एउटा कुखबर सुने। खबर थियो, "तिर्हाका तिम्रो
विरोधमा लड़ाइँ गर्न आएको छ।"

यसकारण अश्शूरका राजाले हिजकियाहकहाँ फेरी
राजदूत पठाए। अश्शूरका राजाले ती राजदूतहरूलाई
एउटा सन्देश दिनु भनी पठाए। उनले यी कुराहरू भने:

१०यहूदाका राजा हिजकियाह यो भन, परमेश्वर
जसमाथि तिमीले भरोसा गर्छौ, "तिमीलाई धोका
दिन्छ उसलाई यो गर्न नदेऊ उसले भन्छ अश्शूरका
राजाले यरूशलेमलाई पराजित गर्ने छैनन्।" ११तिमीले
ती सबै घटनाहरू सुनेका छौ जो अश्शूरका
राजाले अरू सबै देशहरूसित गरेका थिए। हामीले
तिनीहरूलाई पूर्णत: नष्ट गर्‍यौ के तिमी बाच्ने
छौ? अहँ! १२ती देशहरूका देवताहरूले आफ्ना
मानिसहरूलाई बचाएनन्। मेरा पुर्खाहरूले तिनीहरू
सबैलाई शेषपारे। तिनीहरूले गोजान, हारान, रेसेप
र तलस्सारमा बेत-एदेनका मानिसहरूलाई खतम
गरे। १३हमातका राजा कहाँ छन्? अर्पादका
राजा? रूपवैम शहरका राजा? हेना अनि इव्वाका
राजा? तिनीहरू सबै नै खतम भए।

### हिजकियाह परमेश्वरसित प्रार्थना गर्छन्

१४हिजकियाहले राजदूतहरूबाट पत्र लिए अनि
तिनीहरूलाई पढ़े। तब हिजकियाह माथि परमप्रभुको
मन्दिरमा गए अनि तिनले परमप्रभुको सामु पत्रहरू
फिँजाए। १५हिजकियाहले परमेश्वरको सामुन्ने प्रार्थना
गरे अनि भने, "परमप्रभु इस्राएलका परमेश्वर, परमेश्वर
जो करूब स्वर्गदूतमाझ राजा जस्तो बस्नुभएको छ।
तपाई परमेश्वर हुनुहुन्छ तपाई मात्रै धर्तीका सबै
राज्यहरूका परमेश्वर हुनुहुन्छ। तपाईंले नै स्वर्गहरू र
पृथ्वी बनाउनु भयो। १६हे परमप्रभु, कृपया मेरो कुरा
सुनिदिनु होस्। परमप्रभु, मेरो आँखा खोलि दिनु होस्
अनि यो पत्र हेर्नु होस् र शब्दहरू सन्नुहोस जो
सनहेरीबले जीवित परमेश्वरको अपमान गर्नका लागि
पठाएका छन्। १७हे परमप्रभु, यो सत्य हो। अश्शूरका
राजाहरूले ती सबै राष्ट्रहरूलाई खतम पारे। १८तिनीहरूले
ती राष्ट्रहरूका देवताहरूलाई आगोमा फ्याके। तर ती
सोच्चैका देवताहरू थिएनन्। ती केवल काठ र ढुङ्गाका
मूर्तिहरू थिए। जसलाई मानिसहरूले बनाएका थिए।
त्यसै कारणले गर्दा अश्शूरका राजाहरूले तिनीहरूलाई
खतम पार्न सके। १९यसर्थ अब, हे परमप्रभु हाम्रा
परमेश्वर, हामीलाई अश्शूरका राजाबाट बचाउनुहोस्।
तब धर्तीका सबै राज्यहरूले जान्ने छन, तपाई परमप्रभु
मात्र परमेश्वर हुनुहुन्छ।"

२०आमोसका छोरा यशैयाहले हिजकियाहलाई यो
सन्देश पठाए। उनले भने, "परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छ, 'तिमीहरूले म सित अश्शूरका राजा सनहेरिबको
विषयमा प्रार्थना गर्‍यौ। मैले तिमीहरूको प्रार्थना सुनेको
छु।'

२१"सनहेरीबको विषयमा परमप्रभुको सन्देश यो छ!

सियोनकी कुमारी छोरी सोच्छिनन् तिमी महत्वपूर्ण
छौ। उनी तिम्रो हाँसो उड़ाउछन्। यरूशलेमकी छोरी
तिम्रो पीठयूपछि आफ्नो टाउको हल्लाउँछिन।

२२तर कसले तिम्रो अपमान गर्‍यो र हाँसो गर्‍यो?
तिमीले कसको विरुद्धमा कुरा गर्‍यौ? तिमी इस्राएलको
पवित्रताको विरूद्धमा थियौ। तिमीले घमण्ड साथ
व्यवहार गर्‍यौ?

२३तिमीले आफ्ना राजदूतहरू पठायौ परमप्रभुको
अपमान गर्न तिमीले भन्यौ, "म सँगै धेरै मेरा रथहरू
लिई अग्ला पहाड़मा आएँ। म लबानोनको भित्रसम्म
आएँ। मैले लबानोनका अग्ला देवदार रूखहरू असल
सल्लाका रूखहरू ढाले। म लबानोनको अग्लो भागमाथि
गए लहलहाउँदो बनमा पसेँ।
२४मैले कुवा खनें र अञ्जान ठाउँहरूको पानी
पिएँ। मेरो खुट्टाको पैतालाले मैले मिश्र देशका खोलाहरू
सुकाइदिएँ।"
२५त्यो तिमीले भनेकै हो तर के तिमीले सुनेनौ
परमेश्वरले के भन्नुभयो? "मैले धेरै अघि यो योजना
गरें प्राचीनकाल देखि नै मैले यो योजना गरे। अनि
अब, मैले यो हुन दिएको छु। मैले तिमीलाई सुदृढ़
शहरहरू भत्काउन दिएँ अनि तिनीहरूलाई चट्टानको
थुप्रो बनाएँ।
२६शहरका मानिसहरूमा शक्ति थिएन। मानिसहरू
ड़राएका अनि अल्लमल परेका थिए। तिनीहरू खेतका
रूखपात र घाँस जस्ता झर्ने भए। तिनीहरू घरका
छानामा उम्रिएका घाँस जस्तै नै भए अग्लो हुनु अघि
नै मर्ने।
२७म जान्दछु तिमी कहिले बस्छौ म जान्दछु तिमी
कहिले लड़ाइँ गर्न जान्छौ अनि कहिले तिमी घर
फर्किन्छौ। अनि म जान्दछु कहिले तिमी ममाथि
रिसाएको हुन्छौ।
२८पक्कै तिमी म संग रिसाएका थियौ। मैले तिम्रा
अभिमानी अपमानका कुराहरू सुने। यसर्थ म तिम्रो
नाकमा बल्छी ठोक्छु र म तिम्रो मुखमा मेरो लगाम
लगाउँछु। तब म तिमीलाई चारैतिर घुमाउनेछु र तिमी
आएकै बाटो भएर तिमीलाई लैजानेछु।"

## हिजकियाहलाई परमेश्वरको सन्देश

२९"यो नै चिन्ह हुनेछ, जसले साबित गर्छ म
तिमीलाई सहायता गर्नेछु। यस वर्ष तिमी यस्तो अन्न
खाने छौ जुन आफै उम्रिनेछ। अर्को वर्ष, तिमी यस्तो
अन्न खानेछौ जुन बीउबाट प्राकृतिक रूपमा बाहिर
निस्केको हुनेछ। तर तेस्रो वर्षमा तिमीले आफैले
रोपेको बीउबाट फलेको अन्न चलाउनेछौ। तिमीले
दाखको बारी लगाउने छौ र त्यसबाट दाख खानेछौ।
३०यहूदाका परिवारबाट छुट्टिएका अनि छोड़िएका
मानिसहरू फेरी मौलाउन शुरू गर्नेछन्। ३१किनभने
केही मानिसहरू बाँचेका हुनेछन्। तिनीहरू यरूशलेमबाट
बाहिर निस्केर जानेछन्। जो मानिसहरू बाँचेका हुन्छन्
ती सबै सियोन डाँड़ाबाट बाहिर निस्केर जानेछन्।
परमप्रभुको जोशले यो काम हुनेछ।
३२"यसकारण परमप्रभु अश्शूरका राजाको बारेमा
यस्तो भन्नुहुन्छ:
उ यस शहरमा आउने छैन। उ यस शहरमा एउटा
पनि तीर चलाउँनेछैन। उ यस शहरमा आफ्नो ढ़ाल
ल्याउने छैन। उ फोहोर माटो को थुप्रो बनाउने छैन
यस शहरका भित्ताहरूमाथि आक्रमण गर्नेछैन।
३३उ त्यही बाटो फर्किनेछ जुन बाटो आउँछ उ यस
शहरमा आउने छैन। परमप्रभु यसो भन्नुहुन्छ,
३४म यस शहरको रक्षा गर्नेछु अनि यसलाई
बचाउँने छु म यस्तो आफ्नै लागि गर्नेछु अनि मेरा
सेवक दाऊदका लागि गर्नेछु।"

## अश्शूरको सेना नष्ट गरिन्छ

३५त्यस राती परमप्रभुका स्वर्गदूत बाहिर निस्किए
अनि अश्शूरको शिबिरका १,८५,००० मानिसहरू
मारे। जब मानिसहरू बिहान उठे, तिनीहरूले सबै
लाशहरू देखे।
३६यस कारण अश्शूरका राजा सनहेरीबले त्यो ठाउँ
छोड़े अनि नीनवे फर्किए जहाँ तिनी बस्ने गर्दथे।
३७एकदिन सनहेरीब निसोकका मन्दिरमा आफ्नो देवताको
पूजा गरिरहेका थिए। उसका छोराहरू अद्रमेलेक र
शरेसेरले उनलाई तरवारले काटेर मारे। त्यसपछि अद्रमेलेक
र शरेसेर भागेर अरारात प्रदेशमा गए। अनि सनहेरीबका
छोरा एसरहद्दोन उनीपछि नयाँ राजा भए।

## हिजकियाह बीरामी मरणासनमा

२० त्यस समयमा हिजकियाह बिरामी भए र
मरणासनमा थिए। आमोसका छोरा अगमवक्ता
यशैयाले हिजकियाहसँग भेट गरे। यशैयाहले
हिजकियाहलाई भने, "परमप्रभु भन्नुहुन्छ, 'आवेश्यकहरू
तयार गर किनभने तिमी मर्नेछौ। तिमी बाँच्ने छैनौ।'"
२हिजकियाहले आफ्नो अनुहार भित्तातिर फर्काए।
उनले परमप्रभुलाई प्रार्थन् गरे अनि भने, ३"परमप्रभु,
स्मरण गर्नुहोस् मैले आफ्नो हृदयकासाथ तपाँइको सेवा
गरें। मैले त्यही काम गरे जो तपाईंले सही भन्नुभइको
थियो।" त्यसपछि हिजकियाह जोरसित रून थाले।
४यशैयाहले माझको आँगन नाघ्न अघि परमप्रभुको
सन्देश सुने। परमप्रभुले भन्नुभयो, ५"फर्क अनि मेरा
मानिसहरूका अगुवा हिजकियाहलाई भन। उनलाई
भन, 'परमप्रभु तिम्रा पुर्खा दाऊदका, परमेश्वर भन्नुहुन्छ
मैले तिम्रो प्रार्थना सुनेको छु अनि मैले तिम्रो आँसू
देखेको छु। यसर्थ म तिमीलाई निको पार्नेछु। तेस्रो
दिन, तिमी परमप्रभुको मन्दिरमा जानेछौ। ६अनि म
तिम्रो जीवनमा १५ वर्ष आयु थप्नेछु। म तिमी र यस
शहरलाई अश्शूरका राजाको शक्तिबाट रक्षा
गर्नेछु। म यस शहरको रक्षा गर्नेछु। म यो सबै मेरै
लागि गर्नेछु किनभने मेरो सेवक दाऊदलाई वचन
दिएको थिएँ।'"
७तब यशैयाहले भने, "नेभाराको लेप बनाऊ अनि
दुखेको ठाउँमा लगाउ।"

यस कारण तिनीहरूले नेभाराको लेप बनाए अनि
त्यसलाई हिजकियाको दुखेको ठाउँमा लगाए। तब
हिजकियाह निको भए।

## हिजकियाहका लागि संकेत

८यशैयाहले हिजकियाहलाई भने, "परमप्रभुले मलाई
निको पार्नुहुनेछ त्यसको संकेत के हुनेछ अनि मैले
तेस्रो दिन माथि परमप्रभुको मन्दिरमा जानु पर्नेछ?"
९यशैयाहले भने, "तिमी के चाहन्छौ? के छाया
अगाड़ी दश पाइला अथवा पछाड़ी दश पाइला जाओस?
परमप्रभुबाट तिम्रो लागि संकेत यही हो जसले यो
बताउँछ परमप्रभुले त्यो काम गर्नुहनेछ जो उहाँले गर्छु
भन्नुभएको थियो।"
१०हिजकियाहले उत्तर दिए, "छायाँका लागि तलतिर
दश पाइल जानु सजिलो काम हो। होइन, छायाँलाई
दश पाइल् पछि जानु देऊ।"
११तब यशैयाले परमप्रभुसित प्रार्थना गरे र परमप्रभुले
आहाजको खुड़किलो को छाया दश पाइला पछि सारि
दिनुभयो। यो दश पाइला पहिलेको स्थानबाट सरेको
थियो।

## हिजकियाह अनि बाबेलको मानिसहरू

१२त्यस समयमा बलदानका छोरा बरोदक बलदान
बाबेलका राजा थिए। उनले पत्रहरू र एउटा उपहार
हिजकियाहका लागि पठाए। बरोदक बलदानले यस्तो
यसकारण गरे किनभने उनले सुनेका थिए हिजकियाह
बिरामी भएका छन्। १३हिजकियाहले बाबेलबाट आएका
मानिसहरूको स्वागत गरे र तिनीहरूलाई अफ्नो घरमा
भएका सबै बहूमुल्य चीजहरू देखाए। उनले तिनीहरूलाई
आफ्नो भन्डारमा भएको चाँदी, सुन, मसाला, बहूमुल्य
सुगन्धित तेल, हतियारहरू र सबै थोक देखाइदिए।
हिजकियाहको महल र सम्पूर्ण राज्यमा नदेखाएको कुनै
पनि थोक रहेन।
१४तब अगमवक्ता यशैयाह राजा हिजकियाहसमक्ष
आए अनि उनलाई सोधे, "यी मानिसहरूले के भने?
यिनीहरू कहाँबाट आएका हुन?"
हिजकियाहले भने, "तिनीहरू टाढ़ाको देश बाबेलबाट
आएका हुन।"
१५यशैयाहले भने, "तिनीहरूले तिम्रो महलमा के
देखे?"
हिजकियाहले उत्तर दिए, "तिनीहरूले मेरो महलमा
प्रत्येक चीज नै देखे। मेरो भन्डार कुनै यस्तो चीज छैन
जसलाई मैले तिनीहरूलाई देखे भन।"
१६तब यशैयाहले हिजकियाहलाई भने, "परमप्रभुबाट
यो सन्देश सुन। १७समय आउँदै छ जब तिम्रो
महलका सबै चीजहरू र तिम्रा पिता-पुर्खाहरूले थुपारेका
सबै चीजहरू बाबेलमा लगिनेछन्। केही पनि छोड़िने
छैन। परमप्रभु यस्तो भन्नुहुन्छ। १८बाबलीहरूले तिम्रो
छोराहरूलाई लग्नेछन्। अनि तिम्रा छोराहरू बाबेलका
राजाको महलमा नपुंसक हुनेछन्।"
१९तब हिजकियाहले यशैयाहलाई भने, "परमप्रभुको
यो सन्देश राम्रो छ।"
हिजकियाहले यस्तो पनि भने, "त्यो राम्रो हो यदि
मेरो जीवन कालमा साँच्चो शान्ति हुनेछ।"
२०सबै महान कामहरू जो हिजकियाहले गरे जसमा
तलाऊ काम र शहरमा पानी ल्याउन कूलोहरू बनाउने
काम छन् सबको विषयमा 'यहूदाका राजाहरूको इतिहास'
पुस्तकमा लेखिएको छ। २१हिजकियाहको मृत्युभयो
अनि उनलाई उनका पिता-पुर्खाहरूसँगै गाड़ियो। अनि
हिजकियाहको छोरा मनश्शे उनीपछि नयाँ राजा भए।

## मनश्शे यहूदाका कुशासन शुरू गर्छन्

२१ मनश्शे बाह्र वर्षका थिए जब उनले शासन
शुरू गरे। उनले यरूशलेममा ५५ वर्ष
शासन गरे। उनको आमाको नाउँ हेप्सीबा थियो।
२मनश्शेले ती कामहरू गरे जसलाई परमप्रभुले
नराम्रो भन्नुभएको थियो। मनश्शेले अरू मानिसहरूले
गरे जस्तै डरलाग्दा कामहरू गरे। अनि परमप्रभुले ती
राष्ट्रहरूलाई आफ्ना देश छोड्नु वाध्य गराउनुभयो जब
इस्राएलीहरू आए। ३मनश्शेले अग्लाठाउँहरू फेरि
बनाए जसलाई उनका पिताले भत्काएका थिए। मनश्शेले
बालका लागि वेदीहरू पनि बनाए अनि अशेरा खाँबो
निर्माण गरे जसरी इस्राएलका राजाले गरेका थिए।
मनश्शेले आकाशका ताराहरूको पूजा गरे अनि सेवा
गरे। ४मनश्शेले परमप्रभुको मन्दिरमा असत्य देवताहरूको
पूजा गर्न वेदीहरू बनाए। यो त्यही ठाउँ हो जसको
बारेमा परमप्रभु बोल्नु हुनुहुन्थ्यो जब उहाँले भन्नुभयो,
"म मेरो नाउँ यरूशलेममा राख्नेछु।" ५मनश्शेले परमप्रभुको
मन्दिरको दुइवटा आँगनमा अकाशका ताराहरूका लागि
वेदीहरू बनाए। ६मनश्शेले आफ्नो छोराको बलि दिए
अनि यसलाई वेदीमाथि जलाए। मनश्शेले भविष्य
जान्नकालागि धेरै तरीकाहरू उपयोग गरे। उनले भूत-प्रेत
र पिशाचहरूसँग सम्पर्क राख्ने मानिसहरू अनि तंत्र-
मंत्रहरूलाई भेटे।
मनश्शेले ति कामहरू बढ़िभन्दा बढ़ी गरे जसलाई
परमप्रभुले नराम्रो भन्नुभएको थियो। यसले परमप्रभुलाई
रीस उठायो। ७मनश्शेले अश्तारोत देवीको मूर्ति बनाए।
उनले मूर्तिलाई मन्दिरमा स्थापित गरे। परमप्रभुले दाऊद
र दाऊदका छोरा सुलेमानलाई यस मन्दिरको विषयमा
भन्नुभएको थियो, "इस्राएलका सबै शहरहरूमध्ये मैले
यरूशलेमलाई चुनेको थिएँ। म यरूशलेमको मन्दिरमा
आफ्नो नाउँ सदाका लागि राख्नेछु। ८म इस्राएलका
मानिसहरूलाई कहिल्य पनि भूमि छोड़न वाध्य गराउने
छैन जुन मैले उनका पिता-पुर्खाहरूलाई दिएको थिएँ।

म मानिसहरूलाई तिनीहरूको आफ्नो देशमा बस्न दिनेछु यदि तिनीहरू मैले दिएको आदेशहरू पालन गर्छन् र मेरो सेवक मोशाले दिएको शिक्षा पालन गर्छन्।"
९मेनै तर मानिसहरूले परमेश्वरको कुरा सुनेनन्। मनश्शेले इस्राएली आउन अघि कनानमा बस्ने सबै राष्ट्रहरूले गरेको भन्दा बढ़ी दुष्कर्म गरे। अनि परमप्रभुले ती राष्ट्रहरूलाई खतम पार्नुभयो जब इस्राएलका मानिसहरू त्यो भूमिमा आए।

१०परमप्रभुले यी कुराहरू भन्नको लागि आफ्ना सेवक अगमवक्ताहरूलाई उपयोग गर्नुभयो:
११"यहूदाका राजा मनश्शेले उनी अघिका एमोरीहरूले भन्दा बढ़ी घृणित र दुष्कर्म गरे। मनश्शेले देवी देवताका मूर्तीहरूले गर्दा यहूदालाई पनि पाप गर्न लगाए।
१२यसर्थ इस्राएलका परमप्रभु भन्नुहुन्छ सुन, 'म यरूशलेम र यहूदामा धेरै सङ्कट ल्याउनेछु जसले यस विषयमा सुन्नेहरू छक्क पर्नेछ।
१३म सामरियाको नाप्ने सीमा रेखा र आहाबको परिवारलाई नाप्ने साहुल यरूशलेमसम्म फिजाउनेछु। एउटा मानिसले थाल माझ्छ र यसलाई घोप्टाउन्छ। त्यतै म यरूशलेमलाई गरिदिनेछु।
१४तर म मेरो बाँकी मनिसहरूलाई छोड़नेछु। म तिनीहरूलाई तिनीहरूका शत्रुले पराजित गर्‍यानेछु। तिनीहरूका शत्रुहरूले तिनीहरूलाई बन्दी बनाउनछन्। तिनीहरू सैनिकहरूले युद्धको बेलामा पाउने बहुमूल्य चीजहरू जस्तै हुनेछन्।
१५म यस्तो गर्नेछु किनभने मेरा मानिसहरूले मैले गल्ती हो भनेको काम गरे। तिनीहरूले मलाई रीस उठाउने काम मिश्रबाट तिनीहरूका पिता-पुर्खाहरू निस्केको दिनदेखि गरेका छन्।
१६अनि मनश्शेले धेरै निर्दोष मानिसहरूलाई मारे। उनले यरूशलेममा एक छेऊदेखि अर्को छेउसम्म रगतले भरे अनि ती सबै पाप कामहरूको अतिरिक्त छन् जसले यहूदालाई पाप काम गर्न लगाए। मनश्शेले यहूदालाई ती कामहरू गर्न लगाए जसलाई परमप्रभुले नराम्रो भन्नु भएको थियो।'"

१७सबै कामहरू जो मनश्शेले गरे जस्मा उनले गरेको पाप कामहरू पनि छ जस्को विषयमा 'यहूदाका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ।
१८मनश्शेको मृत्यु भयो अनि उनलाई उनका पुर्खाहरूसँगै गाड़ियो। मनश्शेलेलाई उनको महलको बगैचामा गाड़ियो। यसलाई, "उज्जाको बगैचा" भनिन्थ्यो। मनश्शेका छोरा आमोन उनीपछि नयाँ राजा भए।

## आमोनको छोटो शासन

१९आमोन २२ वर्षका थिए जब उनले शासन शुरू गरे। उनले यरूशलेममा दुइ वर्ष शासन गरे। उनको आमाको नाउँ मशूलेमेत थियो जो योत्बाका हारूसकी छोरी थिइन।

२०आमोनले आफ्ना पिता मनश्शे जस्तै ती कामहरू गरे जसलाई परमप्रभुले नराम्रो भन्नुभएको थियो।
२१आमोनले आफ्ना पिता जस्तै जीवन यापन गरे। आमोनले ती देवमूर्तीहरूको पूजा र सेवा गरे जसलाई उनका पिताले गरेका थिए।
२२आमोनले आफ्ना पुर्खाहरूका परमप्रभु, परमेश्वरलाई त्यागे अनि परमप्रभुले चाहे जस्तो जीवन यापन गरेनन्।

२३आमोनका सेवकहरूले उनको विरोधमा षड्यन्त्र गरे अनि उनको आफ्नो महलमा नै उनको हत्या गरे।
२४साधारण मानिसहरूले ती सबै अधिकारीहरूको हत्या गरे जसले राजा आमोनको विरोधमा षड्यन्त्र गरेका थिए। त्यसपछि मानिसहरूले आमोनका छोरा योशियाहलाई उनीपछि नयाँ राजा बनाए।

२५आमोनले गरेको अरू कामहरूको विषयमा 'यहूदाका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ।
२६आमोनलाई उज्जाका बगैचामा उनको चिहानमा गाड़ियो। आमोनका छोरा योशियाह नयाँ राजा भए।

## योशियाह यहूदामा आफ्नो शासन शुरू गर्छन्

२२ योशियाह आठ वर्षका थिए जब उनले शासन शुरू गरे। उनले यरूशलेममा ३३ वर्ष शासन गरे। उनको आमाको नाउँ यदीदा थियो जो बोसकतका अदायाकी छोरी थिइन।
२योशियाहले ती कामहरू गरे जसलाई परमप्रभुले सही भन्नुभएको थियो। योशियाहले आफ्ना पुर्खा दाऊद जस्तै परमेश्वरकोको अनुसरण गरे। योशियाहले परमेश्वरको वचनको पालन गरे उनले त्यही गरे जो परमेश्वरले चाहाँनु भएको थियो।

## योशियाह मन्दिरको मर्मत गर्ने आदेश दिन्छन्

३योशियाह राजा भएको अठारहौं वर्षमा, उनले मशुल्लामका छोरा जाति असल्याहको छोरा, शापानलाई सचिव बनाएर र उनलाई परमप्रभुको मन्दिरमा पठाए। योशियाहले भने,
४"प्रधान पूजाहारी हिल्कियाहकहाँ जाऊ। उनलाई भन, मानिसहरूले परमप्रभुको मन्दिरमा चढ़ाएको धन उनले लिनु पर्छ। द्वारपालकहरूले मानिसहरूबाट त्यो धन सग्रह गरेका थिए।
५पूजाहारीहरूले त्यो धन परमप्रभुको मन्दिर मर्मत गर्न मा कर्मीहरूलाई दिएर उपयोग गर्नु पर्छ। पूजाहारीहरूले त्यो धन परमप्रभुको मन्दिरको काम हेरचाह गर्ने मानिसरूलाई दिएर उपयोग गर्नु पर्छ।
६त्यो धन सिर्कमी गर्कमी र ढुंङ्गाकाटने हरूमा उपयोग गर्नु पर्छ। अनि त्यो धन काठ किन्नु अनि ढुंङ्गा काट्नुमा खर्च गर्नु पर्छ जो मन्दिरमा ठोक्न चाहिन्छ।
७रूपियाँ गन्ती नगर्नु जो तिमी कर्मीहरूलाई दिन्छौ। ती कर्मीहरूलाई विश्वास गर्न सक्नु पर्छ।"

## मन्दिरमा पाइएको विधिको पुस्तक

८प्रधान पूजाहारी हिल्कियाहले सचिव शापानलाई भने, "सुन, परमप्रभुको मन्दिरमा मैले व्यवस्थाको

पुस्तक पाएँ।" हिल्कियाले पुस्तक शापानलाई दिए अनि शापानले त्यो पढ़े।"

९सचिव शापान राजा योशियाहकहाँ गए अनि उनलाई के भयो भने। शापनले भने, "तपाईका सेवकहरूले सबै धन संग्रह गरेका छन् जो मन्दिरमा थियो। तिनीहरूले त्यो परमप्रभुको मन्दिरको काम हेरचाह गर्ने मानिसहरूलाई दिए।" १०तब सचिव शापानले राजालाई भने, "अनि हिल्कियाह पूजाहारीले त्यो पुस्तक मलाई पनि दिए।" तब शापानले राजाका लागि पुस्तक पढ़े र सुनाए।

११जब राजाले व्यवस्थाको पुस्तक का शब्दहरू सुने, उनले आफूलाई उदास र अशान्त देखाउन आफ्ना लुगाहरू च्याते। १२तब राजाले पूजाहारी हिल्कियाह शापानका छोरा अहीकाम, मीकायाहका छोरा अक्बोर, सेनाका सचिव शापान तथा राजाको सेवक असायाहलाई दिएँ। १३राजा योशियाहले भने, "जाऊ अनि परमेश्वरलाई सोध हामीले के गर्नु पर्छ? परमप्रभुलाई मेरो निम्ति, मानिसहरूको निम्ति तथा सम्पूर्ण यहूदाको निम्ति सोध। पाइएको पुस्तकका शब्दहरूको विषयमना सोध। परमप्रभु हामीसित रिसाउनु भएको छ। किन? किनभने हाम्रा पुर्खाहरूले यस पुस्तकका शब्दहरू सुनेनन्। तिनीहरूले सबै आदोशहरू पालन गरेनन् जो हाम्रोलागि लेखिएका थिए।"

## योशियाह र अगमवादिनी हुल्दा

१४यसकारण पूजाहारी हिल्कियाह, अहीकाम, अक्बोर, शापान र असायाह हुल्दा आइमाई अगमवक्ता कहाँ गए। हुल्दा हर्हसको नाती, तिक्वाको छोरा शाल्लूमकी पत्नी थिइन। उ पूजाहारीको लुगाफाटा हेरचाह गर्थ्यो। हुल्दा यरूशलेमको दोस्रो खण्ड़मा बस्ने गर्थिन। तिनीहरू हुल्दासित कुरा गरे।

१५तब हुल्दाले तिनीहरूलाई भनिन, "परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ: त्यो मानिसलाई भन जसले तिमीलाई मकहाँ पठाएका छ। १६'परमप्रभु यस्तो भन्नुहुन्छ म यस ठाउँ र यहाँका मानिसहरूमाथि सकंट ल्याउँदैछु। यी सकंटहरू पुस्तकमा उल्लिखित छन् जसलाई यहूदाका राजाले पढ़े। १७यहूदाका मानिसहरूले मलाई छोड़े अनि अरू देवताहरूका लागि धूपबलि बाले। तिनीहरूले मलाई रीस उठाए। तिनीहरूले धेरै देवमूर्तिहरू बनाए। त्यसै कारणले गर्दा म यस ठाउँको विरोधमा आफ्नो रीस देखाउनेछु। मेरो रीस आगो जस्तो हुनेछ जसलाई थाम्न सकिने छैन।'

१८-१९"यहूदाका राजा योशियाहले तिमीलाई परमप्रभुबाट सल्लाह लिन भनी पठाए। योशियाहलाई यी कुरा भन: 'परमप्रभु इस्राएलका परमेश्वरले भन्नुभएका शब्दहरू तिमीले सुन्यौ। यस ठाउँ र यहाँ बस्ने मानिसहरूको विषयमा मैले भनेको तिमीले सुन्यौ तिम्रो हृदय कमलो थियो। तिमीले दु:ख मान्यौ जब ती कुरा सुन्यौ मैले भनें यस ठाउँमा डरलाग्दो घटनाहरू हुनेछ (यरूशलेम) तिमीले आफ्नो दु:ख देखाउन आफ्नो लुगा च्यात्यौ अनि तिमी रून थाल्यौ। यसैकारण मैले तिम्रो कुरा सुने। परमप्रभु यस्तो भन्नुहुन्छ। २०'म तिमीहरूलाई आफ्ना पुर्खाहरूकहाँ लिएर जानेछु। तिमीहरू मर्नेछौ अनि शान्तिसँग चिहानमा जाने छौ। यसकारण तिम्रा आँखाले सबै सङ्कटहरू देख्ने छैनन् जो म यस ठाउँ यरूशलेममा ल्याउँदै छु।'"

त्यसपछि पूजाहारी हिल्कियाह, अहीकाम, अक्बोर, शापान अनि असायाहले यो सन्देश राजालाई भने।

## मानिसहरू विधि-विधान सुन्दछन्

२३ राजा योशियाहले यहूदा यरूशलेमका सबै अगुवाहरूलाई आउनु अनि उनीहरूसँग भेट गर्नु भनी बताए। २तब राजा माथि परमप्रभुको मन्दिरमा गए। यहूदाका सबै मानिसहरू तथा यरूशलेममा बस्ने मानिसहरू उनीसँगै गए। पूजाहारीहरू, अगमवक्ताहरू अनि सबै मानिसहरू तल्लो तहदेखि माथिल्लो तहसम्मका उनीसँग गए। तब उनले करारको पुस्तक पढ़े। यो व्यवस्थाको पुस्तक थियो जो मन्दिरमा पाइएको थियो। योशियाहले पुस्तक पढ़े जसले गर्दा अरू सबै मानिसहरूले सुन्न सकून।

३राजा खाँबोको छेउमा उभिएर अनि परमप्रभुसित करार गरे। उनले परमप्रभुलाई अनुसरण गर्ने अनि उहाँका आदेशहरू, नियमहरू तथा उहाँका विधिहरू पालनगर्ने वचन दिए। उनले यो सब आत्मा र हृदयका साथ गर्ने वचन दिए। उनले यस पुस्तकमा लेखिएका वचन पालन गर्ने वचन दिए। सबै मानिसहरू राजाले गरेको करारलाई समर्थन गरेको देखाउन उभिए।

४तब राजाले प्रधान पूजाहारी हिल्कियाह, अरू पूजाहारीहरू तथा द्वारपालकहरूलाई बाल देवता, अशेरा देवी तथा आकाशका ताराहरूको सम्मानका लागि बनाइएका थाल र चीज हरू परमप्रभुको मन्दिरबाट बाहिर निकाल्ने आदेश दिए। त्यसपछि योशियाहले ती कुराहरूलाई यरूशलेमबाहिर किद्रोन खोल्साको खेतमा जलाए। तब तिनीहरूले खरानी बेतेलमा लगे।

५यहूदाका राजाहरूले साधारण मानिसहरूलाई पूजाहारीको रूपमा सेवा गर्नका लागि नियुक्ति गरे। यी मानिसहरू हारूनका सन्तानहरू थिएन। झूटा पुरोहितहरूले यहूदाका प्रत्येक शहरहरू अनि यरूशलेमका वरिपरिका सबै शहरहरूका अग्ला ठाउँहरूमा धूपबत्ती बाले। तिनीहरू बाल देवता, सूर्य, चन्द्र, नक्षत्रको पूजा र आकाशका तारा-मण्डलहरूलाई धूपबत्ती बाल्ने गर्दथे। तर योशियाहले ती झूटा पूजाहारीहरूलाई रोके।

६योशियाहले परमप्रभुको मन्दिरबाट अश्तारोत देवीको खाँबो हटाए। उनले अश्तारोत खाँबोलाई किद्रोन उपत्यकामा

शहर बाहिर लगे अनि त्यसलाई त्यहाँ जलाए। तब
उनले डढेको भागलाई धूलो बनाए अनि साधारण
मानिसहरूको चिहानमाथि छर्किदिए।
७तब राजा योशियाहले पुरूषगामीहरूको घर भत्काए
जो परमप्रभुको मन्दिरमा थियो। आईमाइहरू पनि ती
घरहरू उपयोग गर्दथे अनि असत्य देवी अश्तारोतको
सम्मान गर्नका लागि पालको छानो बनाउँने गर्दथे।
८योशियाहले यहूदाका शहरहरूबाट सबै
पूजाहारीहरूलाई निकाले। उसले ती पूजाहारीहरूले धूप
जलाउने उच्च ठाउँहरू गेबादेखि बेशेबासम्मलाई अपवित्र
तुल्याइदिए। योशियाहले यहोशूको देब्रपट्टिको द्वार भएको
उच्च ठाउँ भत्काइदिए। (यहोशू त्यस शहरको शासक
थिए।) ९तर पूजारी जो उच्च ठाउँहरूमा बलि चढ़ाउने
गर्दथ्ये तिनीहरू यरूशलेममा परमप्रभुको वेदीमा आएनन्।
त्यसको सट्टामा तिनीहरूले सधारण मानिसहरूसंग अखमीरे
रोटी खाए।
१०तोपेत हिन्नोमको छोराको उपत्यकामा एउटा ठाउँ
थियो जहाँ मानिसहरू आफ्ना नानीहरू मार्ने गर्दथे अनि
असत्य देवता मोलेकको सम्मानमा तिनीहरूलाई बलि
चड़ाउँने गर्दथे। योशियाहले त्यो ठाउँ भत्काए जसले
गर्दा मानिसहरूले त्यो ठाउँ फेरी उपयोग गर्न नसकुन।
११बितेको समयमा यहूदाका राजाहरूले परमप्रभुको
मन्दिरको द्वारमा केही घोड़ा अनि रथहरू राखेका थिए।
यो नातान मेलेक नाउँ भएका एक जना महत्वपूर्ण
अधिकारीको कोठाको छेऊमा थियो। घोड़ा अनि
रथहरू सूर्य देवताको सम्मानका लागि थिए योशियाहले
घोड़ाहरू हटाए अनि रथहरू जलाए।
१२बितेको समयमा यहूदाका राजाहरूले आहाजको
महलको छाना माथि वेदीहरू बनाएका थिए। राजा
मनश्शेले पनि परमप्रभुको मन्दिरको दुईवटा आँगनहरूमा
वेदीहरू बनाएका थिए। योशियाहले ती सबै वेदीहरू
भत्काए र भाँचिएका टुक्राहरू किद्रोन बेंसीमा
फ्याँकिदिए।
१३बितेको समयमा राजा सुलेमानले यरूशलेम नजिक
विध्वंसक पहाड़माथि केही अग्ला ठाउँहरू बनाएका
थिए। अग्ला ठाउँहरू त्यस पहाड़को दक्षिणतिर थिए।
राजा सुलेमानले सीदोनका मानिसहरूले पूजा गर्ने ड़रलाग्दो
चीज अश्तारोतको सम्मानमा ती पूजा स्थलहरू मध्ये
एउटा बनाए। राजा सुलेमानले मोआबका मानिसहरूले
पूजा गर्ने डरलाग्दो चीज कमोशको सम्मानमा पनि
एउटा वेदी बनाए। र राजा सुलेमानले अम्मोनीहरू
मानिसहरूले पूजा गर्ने ड़रलाग्दो चीज मिल्कोमको
सम्मानमा पनि एउटा अग्लो ठाउँ बनाए। तर राजा
योशियाहले ती सबै पूजाका स्थलहरू अपवित्र बनाइदिए।
१४राजा योशियाहले सबै स्मृति स्तम्भहरू अनि अश्तारोत
खाँबोहरू भाचे। तब उनले मारेका मानिसहरूका हाड़हरू
त्यस ठाउँमा छरे।
१५योशियाहले बेतेलमा अग्लो ठाउँ र वेदी पनि
भत्काए। नबातका छोरा यारोबामले यो वेदी बनाएका
थिए। यारोबामले इस्राएललाई पाप गर्न लगाएका थिए।
योशियाहले अग्लो ठाउँ भत्काएर जलाईदिए। योशियाहले
ढुङ्गाहरूका वेदी टुक्रा-टुक्रा पारे। त्यसपछि उनले
त्यसलाई धूलो पिठो पारे। र उनले अशेरा खाँबोलाई
जलाए। १६योशियाहले चारैतिर हेरे र उसले पहाड़मा
चिहानहरु देखे। उनले मानिसहरू पठाए र तिनीहरूले
चिहानहरूबाट हाड़ निकाले। तब उनले वेदीमाथि हाड़
जलाए। यसरी योशियाहले वेदीलाई अपवित्र तुल्याए।
यो घटना परमेश्वरका जनले भनेको जस्तै भयो।
परमेश्वरका जनले यो कुराहरू घोषणा गरे जब
यारोबाम वेदीको छेउमा उभिएका थिए। त्यसपछि
योशियाहले चारैतिर हेरे र उसले परमप्रभुको मानिसको
चिहान देखे।
१७योशियाहले भने, "मैले देखेको त्यो स्मारक के
हो?"
त्यस शहरका मानिसहरूले उनलाई भने, "यो
परमेश्वरका जनको चिहान हो जो यहूदाबाट आएका
थिए। यी परमेश्वरका मानिसहरूले यी कुराहरूको
विषयमा अगमवानी गरेका थिए जो तिमीले बेतेलको
वेदीमा गरेका छौ।"
१८योशियाहले भने, "परमेश्वरको जनलाई एक्लै
छोड़िदेऊ। उनका हड्डीहरू ननिकाल।" यसर्थ तिनीहरूले
उनका हड्डीहरू र सामरियाबाट आएका अगमवक्ताहरूका
हड्डीहरूलाई छोड़िदिए।
१९योशियाहले सामरीयाका शहरहरूमा भएका अग्ला
ठाउँहरूका मन्दिरहरू पनि सबै भत्काए। इस्राएलका
राजाहरूले ती मन्दिरहरू बनाएका थिए। र त्यसले
परमप्रभुलाई रीस उठायो। योशियाहले बेतेलमा पूजा
स्थलहरू भत्काए जस्तै ती मन्दिरहरू भत्काएका थिए।
२०योशियाहले अग्ला ठाउँहरूका सबै पूजाहारीहरूलाई
मारे जो सामरीयामा थिए। उनले ती वेदीहरूमा भएका
पूजाहारीहरूलाई मारे। यस प्रकार पूजाका ती स्थलहरू
शेष पारे। त्यसपछि उनी यरूशलेम फर्किए।

## यहूदाका मानिसहरू निस्तार पर्व मनाउँछन्

२१तब राजा योशियाहले सबै मानिसहरूलाई आदेश
दिए। उनले भने, "तिमीहरूको परमप्रभु आफ्ना परमेश्वरका
लागि निस्तार पर्व मनाऊ। करारको पुस्तकमा लेखिए
जस्तै गर।"
२२मानिसहरूले निस्तार चाड़ यसरी मनाएका थिएनन्
जुन दिनदेखि न्यायाधीशहरूले इस्राएलमा शासन गर्न
थाले। इस्राएलका कुनै राजा अथवा यहूदाका कुनै पनि
राजाले निस्तार चाड़ यसरी भव्य रूपमा मनाएका
थिएनन्। २३तिनीहरू योशियाह राजा हुँदा अठारहौं
वर्षमा यो निस्तार चाड़ परमेश्वरका लागि मनाए।

२४योशियाहले धामी झाँक्रि, जादुगर, गृह देवता,
देवमूर्तिहरू अनि यहूदा तथा यरूशलेममा मानिसहरूले
पूजा गर्ने सबै ड़रलाग्दा चीजहरू नाश पारे। योशियाहले
यस्तो काम हिल्कियाह पूजाहारीले परमप्रभुको मन्दिरमा
पाइऐको पुस्तकमा लेखिएको विधि पालन गर्नका लागि
गरे।

२५योशियाह जस्ता राजा पहिले कहिले थिएनन्
योशियाह आफ्नो सम्पूर्ण हृदय, आफ्नो सबै आत्मा
तथा आफ्नो सबैशक्तिका साथ परमप्रभु तिर फर्के।
कुनै राजाले मोशाको व्यवस्थाहरू योशियाह जस्तै
अनुसरण गरेनन्। अनि त्यस समय देखि योशियाह
जस्ता कुनै राजा भएनन्।

२६तर परमप्रभु यहूदाका मानिसहरूसँग रिसाउन
छोड़नु भएन। मनश्शेले गरेको सबै कामहरूका लागि
परमप्रभु अझै तिनीहरूसँग रिसाउनुभएको थियो।
२७परमप्रभुले भन्नुभयो, "मैले इस्राएलका मानिसहरूलाई
ठाउँ छोड़न बाध्य (जोड़) गराएँ। म यहूदासँग पनि
त्यस्तै गर्नेछु। म यहूदालाई मेरो दृष्टिबाट निकालि दिनेछु
म यरूशलेमलाई त्याग्नेछु। हो, मैले त्यस शहरलाई
रोजें। म यरूशलेममा मन्दिरको बारेमा कुरा गर्दै थिएँ
जब मैले भनें, 'मेरो नाउँ त्यहाँ हुनेछ।' तर यस
मन्दिरलाईम त्यागिदिनेछु।"

२८सबै अरू कामहरू जो योशियाहले गरे, 'यहूदाका
राजाहरूको इतिहास' पुस्तकमा लेखिएका छन्।

### योशियाहको मृत्यु

२९योशियाहको शासनकालमा मिश्रका राजा फिरऊन-
नेको अश्शूरका राजाको विरुद्धमा युद्ध गर्न यूफ्रेटिस
नदीमा गए। योशियाह नेकोसँग भेट गर्न मगिद्दोया गए।
फिरऊनले योशियाहलाई देखे र उनलाई मारे।
३०योशियाहका अधिकारीहरूले उनको शरीर रथमा
राखे अनि उनलाई मगिद्दोबाट यरूशलेम ल्याए। तिनीहरूले
योशियाहलाई उनको आफ्नो चिहानमा गाड़े।

तब साधारण मानिसहरूले योशियाहका छोरा
यहोआहाजलाई लगे अनि राज्यभिषेक गरे। तिनीहरूले
यहोआहाजलाई नयाँ राजा बनाए।

### यहोआहाज यहूदाका राजा हुन्छन्

३१यहोआहाज तेईस वर्षका थिए जब उनी राजा
भए। उनले यरूशलेममा तीन महीना शासन गरे।
उनको आमाको नाउँ हमूतल थियो, उनी लिब्नाका
यिर्मयाहकी छोरी थिइन। ३२यहोआहाजले ती कामहरू
गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो।
यहोआहाजले ती नै कामहरू गरे जो उनका पुर्खाहरूले
गरेका थिए।

३३फिरऊन नेकोले यहोआहाजलाई हमात देशको
रिब्लामा बन्दी बनाए। त्यस कारण यहोआहाजले
यरूशलेममा शासन गर्न पाएनन्। फिरऊन नेकोले
यहूदालाई १०० तोड़ा चाँदी अनि १० तोड़ा सुन दिनु
वाध्य गरए।

३४फिरऊन-नेकोले योशियाहाका छोरा एल्याकीमलाई
नयाँ राजा बनाए। एल्याकीमले आफ्ना पिता योशियाहको
पद ग्रहण गरे। फिरऊन-नेको एल्याकीमको नाउँ बदली
गरेर यहोयाकीम बनाए। अनि फिरऊन-नेकोले
यहोआहाजलाई मिश्रबाट टाढ़ा लगे। यहोआहाज मिश्रमा
मरे। ३५यहोयाकीमले फिरऊनलाई चाँदी र सुन दिए।
तर यहोयाकीमले साधारण मानिसहरूलाई कर तिर्न
लगाए अनि त्यो धनको उपयोग फिरऊन-नेकोलाई
दिएर गरे। यस कारण प्रत्येक मानिसले आफ्नो भागको
चाँदी र सुन तिऱ्यो। अनि राजा यहोयाकीमले रूपियाँ
फिरऊन-नेकोलाई दिए।

३६यहोयाकीम २५ वर्षका थिए जब उनी राजा
भए। उनले यरूशलेममा ११ वर्ष शासन गरे। उनको
आमाको नाउँ जबीदा थियो, तिनी रूमाका पदायाहकी
छोरी थिइन। ३७यहोयाकिमले ती कामहरू गरे जसलाई
परमप्रभुले भूल भन्नुभएको थियो। यहोयाकीमले त्यही
काम गरे जो उनका पुर्खाहरूले गरेका थिए।

### राजा नबूकदनेस्सर यहूदा आउँछन्

२४ यहोयाकीमको समयमा बाबेलका राजा
नबूकदनेस्सर यहूदा देश आए। यहोयाकीमले
तीन वर्षसम्म नबूकदनेस्सरको सेवा गरे। तब यहोयाकीम
नबूकदनेस्सरको विरोधमा गए अनि उनको शासनबाट
स्वतन्त्र भए। २परमप्रभुले बाबेली, अरामी, मोआबेली
तथा अम्मोनीहरूको दललाई यहोयाकीमको विरोधमा
युद्ध गर्न पठाउनुभयो। परमप्रभुले ती दलहरू यहूदालाई
नष्ट पार्न पठाउनुभयो। परमप्रभुले भन्नुभए जस्तै यस्तो
भयो। परमप्रभुले आफ्ना सेवक अगमवक्ताहरू ती
कुराहरू भन्न पठाउनुभयो।

३परमप्रभुले ती कुराहरू यहूदामा हुनु पर्छ भनी
आदेश दिनुभयो। यस प्रकार उहाँले तिनीहरूलाई उहाँको
दृष्टिबाट बाहिर गर्नुहुन्छ। उहाँले यस्तो गर्नुभयो किनभने
सबै पाप कामहरू मनश्शेले गरेका थिए। ४परमप्रभुले
यस्तो गर्नुभयो किनभने मनश्शेले धेरै निर्दोष मानिसहरूलाई
मारे। मनश्शेले यरूशलेमलाई रक्ताम्मे बनाए। र परमप्रभु
ती पाप कामहरू क्षमा गर्न तयार थिएनन्।

५अरू कामहरू जो यहोयाकीमले गरे, "यहूदाका
राजाहरूको इतिहास" पुस्तकमा लेखिएको छ। ६यहोयाकीम
मरे अनि उनलाई उनका पुर्खाहरूसँगै गाड़ियो। यहोयाकीका
छोरा यहोयाकीन उनीपछि नयाँ राजा भए।

७बाबेलका राजाले मिश्रको नदी देखि लिएर यूफ्रेटिस
नदी सम्म सबै जमीन कब्जा गरे। यो जमीन पहिला
मिश्रको अधीनमा थियो। यसकारण मिश्रका राजाले
मिश्र बढ़ी छोड़न सकेनन्।

### नबूकदनेस्सर यरूशलेम दखल गर्छन्

८यहोयाकीन १८ वर्षका थिए जब उनले शासन शुरू गरे। उनले यरूशलेममा तीन महीना शासन गरे। उनको आमाको नाउँ नहुशता थियो, उनी यरूशलेमको एल्नातानकी छोरी थिइन्।

९यहोयाकीनले त्यही काम गरे जसलाई परमप्रभुले नराम्रो भन्नु भएको थियो। उनले त्यही काम गरे जो उनका पिताले गरेका थिए।

१०त्यस समयमा बाबेलका राजा नबूकदनेस्सरका अधिकारीहरू यरूशलेम आए अनि उनलाई घेरे।
११तब नबूकदनेस्सर, बाबेलका राजाले शहरलाई घेरेको बेलामा आए। १२यहोयाकीन यहूदाका राजा बाबेलका राजासँग भेट गर्न बाहिर निस्किए। यहोयाकीनकी आमा, उनका अधिकारीहरू अगुवाहरू तथा वरिस्ट अधिकारीहरू पनि उनीसँग गए। तब बाबेलका राजाले यहोयाकीनलाई पक्रिए। यस्तो नबूकदनेस्सरको शासनको आठौ वर्षमा भयो।

१३नबूकदनेस्सरले राजाका सबै खजाना र परमप्रभुको मन्दिरको सबै खजाना लगे। नबूकदनेस्सरले सबै सुनका भाँड़ाहरू काटेर टुक्रा-टुक्रा पारे जुन सुलेमान, इस्राएलका राजाले परमप्रभुको मन्दिरमा राखेका थिए। परमप्रभुले भन्नुभए जस्तै नै यो भयो।

१४नबूकदनेस्सरले यरूशलेमका सबै मानिसहरूलाई पक्रिए। उनले सबै अगुवाहरू तथा अरू पनि मानिसहरूलाई पक्रिए। उनले १०,००० मानिसहरूलाई लगे अनि तिनीहरूलाई बन्दी बनाए। नबूकदनेस्सरले सबै दक्ष कर्मी अनि कारीगरहरूलाई लगे। साधारण मानिसहरूमा दरिद्र बाहेक अरू कोही रहेनन्। १५नबूकदनेस्सरले
यहोयाकीनलाई बन्दी बनाएर बाबेल लगे। नबूकदनेस्सरले देशका राजाकी आमा, उनकी पत्नीहरू, अधिकारीहरू अनि अगुवा मानिसहरूलाई पनि लगे। नबूकदनेस्सरले तिनीहरूलाई यरूशलेमबाट बाबेल बन्दीहरूको रूपमा लगे। १६त्यहाँ ७,००० सैनिकहरू थियो। नबूकदनेस्सरले सबै सैनिकहरू र १,००० दक्ष कर्मीहरू लगे। यी सबै मानिसहरू तालिम पाएका र युद्धका लागि तयार थिए। बाबेलका राजाले तिनीहरूलाई बन्दीहरूको रूपमा बाबेल लगे।

### राजा सिदकियाह

१७बाबेलका राजाले मतन्याहलाई नयाँ राजा बनाए। मतन्याह यहोयाकीनका काका थिए। उनले तिनको नाउँ बदली गरेर सिदकियाह बनाए। १८सिदकियाह २१ वर्षका थिए जब उनले शासन गर्न थाले। उनले यरूशलेममा ११ वर्ष शासन गरे। उनको आमाको नाउँ हमूतल थियो जो लिब्नाको यिर्मयाहकी छोरी थिइन्। १९सिदकियाहले ती कामहरू गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो। सिदकियाहले त्यही काम गरे जो यहोयाकीनले गरेका थिए। २०परमप्रभु यरूशलेममा र यहूदा माथि साह्रै रिसाउनुभयो र नै तिनीहरूलाई टाढ़ा पन्छ्याउनुभयो।

### नबूकदनेस्सर सिदकियाहको शासन शेष पार्छन्

सिदकियाहले विद्रोह गरे अनि बाबेलका राजाको आज्ञा पालन गर्न अस्वीकार गरे।

२५ यसकारण नबूकदनेस्सर बाबेलका राजा र उनका सबै सेनाहरू यरूशलेमको विरुद्धमा युद्ध गर्न आए। यो घटना सिदकियाहको नवौं वर्ष राज्यकालको दशौं महीनाको दशौं दिनमा भयो। नबूकदनेस्सरका सेनाले शहरको पर्खाल वरिपरि धेरै घेरा मचान खड़ा गरे। उनले शहरको चारैतिर माटोको भित्ता बनाए। २नबूकदनेस्सरको सेनाहरूले सिदियाह यहूदाका राजाको एगाह्रौं वर्ष नहुञ्जेलसम्म यरूशलेमको चारैतिर बसे। ३शहरमा अनिकाल विकराल हुँदै गयो। चौथो महीनाको नवौं दिन शहरमा साधारण मानिसहरूका लागि अझै खाद्य थिएन।

४नबूकदनेस्सरका सेनाहरूले अन्तमा शहरको भित्तालाई भत्काए। त्यस रात राजा सिदकियाह र उनका सबै सैनिकहरू भागे। तिनीहरूले गोप्यद्वार उपयोग गरे जुन दुइ पर्खाल भएर गएको थियो। यो राजाको बगैचा भएर गएको थियो। शत्रुका सैनिकहरू शहरको वरिपरि थिए तर सिदकियाह र उनका मानिसहरू मरूभूतिको बाटो भएर भागे। ५बाबेली सेनाहरूले राजा सिदकियाहलाई पछ्याए अनि यरीहो छेऊ उनलाई पक्रिए। सिदकियाहाका सबै सैनिकहरूले उनलाई छोड़े अनि भागे।

६बाबेलीहरूले राजा सिदकियाहलाई रिब्लामा बाबेलका राजा कहाँ लगे। बाबेलीहरूले सिदकियाहलाई सजाय दिने निश्चय गरे। ७तिनीहरूले सिदकियाहका छोराहरूलाई उनकै सामु मारे। तब तिनीहरूले सिदकियाहका आखँाहरू निकाले तिनीहरूले उनलाई साङलले बाँधे अनि बाबेल पुऱ्याए।

### यरूशलेमलाई नष्ट पारिन्छ

८नबूकदनेस्सर आफू बाबेलको राजा भएको उन्नाइसौं वर्षको पाँचौ महीनाको सातौं दिन यरूशलेम आए। नबूजरदान नबूकदनेस्सरको प्रमुख सैनिकहरूका अधिनामक थिए। ९नबूजरदानले परमप्रभुको मन्दिर, राजाको महल र यरूशलेमका सबै घरहरू जलाए। उनले मुख्य मानिसहरूका घरहरू पनि जलाए।

१०तब नबूजरदानसँगै भएको बाबेली सेनाहरूले यरूशलेमको वरिपरिको पर्खाहरू लड़ाए। ११नबूजरदानले शहरमा छोड़िएका सबै मानिसहरूलाई पक्रे। नबूजरदानले बाबेलको राजा समक्ष आत्म समर्पण गरेका सबै मानिसहरूलाई बन्दीको रूपमा लगे। १२नबूजरदानले साधारण मानिसहरूमा अत्यन्त दरिद्रलाई मात्र त्यहाँ बस्न

दिए। उनले तिनीहरूलाई बस्न दिए जसले गर्दा तिनीहरू दाख र अन्य बालीको हेरचाह गर्न सकून।

१३बाबेली सैनिकहरूले परमप्रभुको मन्दिरमा भएका सबै काँसाका चीजहरू टुक्रा टुक्रा पारे। तिनीहरूले काँसाको खाँबो, काँसाको गाड़ी अनि विशाल काँसाको खड़कुँलो टुक्र्याए। तब तिनीहरूले त्यो सबै काँसा बाबेल लगे। १४बाबेलीहरूले भाँड़ाहरू, बेल्चाहरू, मोसोदानी, धूपदानीभरू, चम्चीहरू, तथा सबै काँसाका थालहरू लगे जो परमप्रभुको मन्दिरमा उपयोग गरिन्थ्यो। १५नबूजरदानले कराही र थालहरू सबै लगे। उनले सुनले बनिएका सबै चीजहरू सुनका लागि लगे। अनि उनले सबै चाँदीले बनिएका चीजहरू चाँदीका लागि लगे। १६-१७यसकारण नबूजरदानले लगे: २वटा काँसाका खाँबाहरू। प्रत्येक खाँबो १८हात अग्लो थियो। खाँबोमाथिका गजूरहरू तीन हात फिट अग्लो थिए। तिनीहरू काँसाको बनाइएका थिए अनि जालो र दारिमको आकृति जस्ता थिए। दुवै खाँबाहरू एकै प्रकारको आकृत्तिका थिए। ठूलो काँसाको खड़कुँलो, गाड़ीहरू जसलाई परमप्रभुको मन्दिरका लागि सुलेमानले बनाएका थिए।

यी चीजहरूको काँसा जोख्दा साह्है नै गह्रौ थियो।

## बन्दी बनाइएका यहूदाका मानिसहरू

१८मन्दिरबाट नबूजरदानले लगे मुख्य पूजाहारी सरायाह, अर्का पूजाहारी सपन्याह, तीन जन् मानिसहरू जसले प्रवेशद्वारको सुरक्षा गर्ने गर्दथे तिनीहरूलाई पनि लगे।

१९अनि शहरबाट नबूजरदानले एउटा अधिकारीलाई लगे जे सैनाहरूको मुखिया थिए। पाँच जना राजाका सल्लाहकार जो अझै शहरमा नै थिए, एकजना अध्यक्ष जसले साधारण मानिसहरूलाई युद्धको निम्ति जम्मा गर्थे अनि ६० जना साधारण मानिसहरू जो अझै शहरमा थिए।

२०-२१तब नबूजरदानले यी सबै मानिसरूलाई हमातको इलाकामा रिब्लामा बाबेलका राजाकहाँ लगे। बाबेलका राजाले तिनीहरूलाई रिब्लामा मारे। यसरी यहूदाका मानिसहरू आफ्नो देशबाट बन्दीको रूपमा लखेटिए।

## गदल्याह यहूदाका राज्यपाल

२२नबूकदनेस्सर बाबेलका राजाले यहूदा देशमा केही मानिसहरू छोड़ेका थिए। एक मानिस थिए जसको नाउँ गदल्याह थियो, शापानका छोरा अहीकामका छोरा थिए। नबूकदनेस्सरले यहूदामा मानिसहरूका राज्यपाल बनाए। २३सेनाका सेनापतिहरू नतन्याहका छोरा ईश्माएल, कारेहका छोरा योहानान, नतोपातका तन्हमेतका छोरा सरायाह अनि माकाईका छोरा याजन्याह थिए। यी सेनापतिहरू तथा उनका मानिसहरूले थाह पाए, बाबेलका राजाले गदल्यालाई राज्यपाल बनाए। यसर्थ तिनीहरू गदल्याहसँग भेट गर्न मिस्पा गए। २४गदल्याहले यी अधिकारीहरू तथा उनका मानिसहरूलाई शपथ दिए। गदल्याहले तिनीहरूलाई भने, "बाबेल का अधिकारीहरू सित डरमान्नु पर्दैन। यहाँ बस अनि बाबेलका राजाको सेवा गर। तब तिमीहरूका लागि सबै कुरो ठीक हुनेछ।"

२५एलीशामाको नाती नतन्याहको छोरा इश्माएल राजपरिवारका थिए। सातौं महिनामा इश्माएल अनि उनका दशजना मानिसहरूले गदल्याहमाथि आक्रमण गरे अनि मिस्पामा गदल्याह सँगै सबै यहूदीहरू तथा बाबेलीहरूलाई मारे। २६तब सेनाका अधिकारीहरू अनि सबै मानिसहरू मिश्र भागे। कम्ती महत्वपूर्ण देखि बढ़ी महत्वपूर्ण भएका प्रत्येक मानिसहरू भागे किनभने तिनीहरू बाबेलीहरूसित ड़राएका थिए।

२७पछि एबील-मरोदक बाबेलका राजा भए। उनले यहूदाका राजा यहोयाकीनलाई बन्दीगृहबाट मुक्त गरिदिए। यो घटना यहोयाकीन पक्राउ परेपछि, सताइस दिन बाह्रा महीना सैतीसौं वर्षमा भएको थियो। यो एबील-मरोदकले शासनको शुरुको वर्षमा भएको घट्ना हो। २८एबील-मरोदक यहोयाकीनप्रति दयालु थिए। उनले बाबेलमा उनीसँग बस्ने अरू राजाहरू भन्दा यहोयाकीनलाई धेरै महत्वपूर्ण पद दिए। २९एबील-मरोदकले यहोयाकीनलाई बन्दीको लुगा लगाउन बन्द गरे। अनि यहोयाकीनले जीवनको रहल समय प्रत्येक दिन एबील-मरोदकसँग एउटै मेजमा बसेर खाए। ३०यस प्रकार राजा एबील-मरोदकले यहोयाकीनलाई रहल जीवनमा प्रत्येक दिन भोजन प्रदान गरे।

# राजाहरूको पहिलो पुस्तक

### अदोनियाह राजा हुन इच्छुक

१ राजा दाऊद साह्रै बूढ़ा भएका थिए। उनी आफूलाई
न्यानो राख्न सक्दैन थिए। उनका नोकरहरूले
उनलाई कम्बल ओढ़ाए, तर उनी तातिएनन्। २यस
कारण उनका नोकरहरूले उनलाई भने, "तपाईंको
हेरचाह गर्नकोलागि हामी एउटी युवतीको खोजी गर्नेछौं।
ऊ तपाईंसँगै सुत्ने गर्छे अनि तपाईंलाई न्यानो पार्छे।"
३यसकारण राजाका नोकरहरू राजालाई न्यानो पार्नकालागि
एउटी सुन्दरी युवतीको खोजी इस्राएल देशको प्रत्येक
ठाउँमा गर्न थाले। उनीहरूले अबीशग नाउँ भएकी
एउटी केटी भेट्टाए। ऊ शूनम्म शहरकी थिई। उनीहरूले
युवतीलाई राजा कहाँ ल्याए। ४युवती साह्रै नै राम्री
थिई। उसले राजाको हेरचाह र सेवा गरी। तर राजाले
ऊसित संभोग गरेनन्।

५-६अदोनियाह राजा दाऊद अनि उनकी पत्नी हग्गीतका
छोरा थिए। अदोनियाह साह्रै सुन्दर मानिस थिए।
अदोनियाहको जन्म उनको दाजू अब्शालोम पछि भएको
थियो, तर अदोनियाह साह्रै घमण्डी भए अनि राजा हुने
निश्चय गरे। अदोनियाहको साह्रै राजा हुन इच्छुक थिए,
यसकारण उनले आफ्नो लागि एउटा रथ, घोड़ाहरू
अनि ५० जना मानिसहरू आफू अघि हिँड़ाउन ठीक
पारे। राजा दाऊदले आफ्नो छोरालाई कहिल्यै सपारेनन्।
उसले उनलाई कहिल्यै सोधेनन्, "तैले किन यस्तो
व्यवहार गर्दैछस्?"

७अदोनियाहले सरूयाहका छोरा योआब अनि पूजाहारी
एबीयातारसँग कुराकानी गरे। उनीहरूले उनलाई नयाँ
राजा हुनमा सहायता गर्ने निर्णय लिए। ८तर धेरै
मानिसहरू अदोनियाहले गरेको कामसँग सहमत थिएनन्
उनीहरू दाऊदका नै भक्त थिए। उनीहरू पूजाहारी
सादोक, यहोयादाका छोरा बनायाह, नातान अगमवक्ता,
शिमी, रेई अनि राजा दाऊदका विशेष अंगरक्षकहरू
थिए। यसर्थ यी मानिसहरू अदोनियाहको पक्षमा भएनन्।

९एक दिन अदोनियाहले एन्रोगेलको छेउमा जोहेलेत
चट्टानमा केही भेड़ाहरू, गाईहरू अनि बलियो बाछाहरू
एउटा मेलबलि जस्तै बलि चढ़ाए। अदोनियाहले आफ्ना
सबै दाज्यू-भाइहरू अर्थात् राजा दाऊदका अरु छोराहरू
अनि यहूदाका सबै अधिकारीहरूलाई निम्त्याका थिए।
१०तर अदोनियाहले पिताका विशेष अंगरक्षकका आफन्त,
आफ्नो भाइ सुलेमान, बनायाह अथवा अगमवक्ता नातानलाई
निम्तो पठाएनन्।

### नातान र बतशेबा सुलेमानको पक्षमा

११तर नातानले यस विषयमा सुने अनि सुलेमानकी
आमा बतशेबा कहाँ गए। नातानले उनलाई सोधे,
"हग्गीतका छोरा अदोनियाह के गरिरहेको छ, के
तपाईंले सुन्नु भएको छ? ऊ आफूलाई राजा ठान्दैछ
अनि हाम्रा मालिक राजा दाऊद यस विषयमा केही
जान्दैनन्। १२तपाईंको जीवन अनि तपाईंको छोरो
सुलेमानको जीवन संकटमा पर्न सक्छ। तर म तपाईंलाई
आफूलाई बचाउन के गर्नुपर्छ, बताउने छु, १३राजा
दाऊद समक्ष जानुहोस, अनि उनीसँग भन्नुहोस्, 'महाराज,
मेरा स्वामी, तपाईंले मलाई वचन दिनु भएको थियो।
तपाईं पछि मेरो छोरो सुलेमान राजा हुनेछ भनी वचन
दिनु भएको थियो। तब किन अदोनियाह नयाँ राजा
हुँदैछ?' १४तपाईंको बात राजासित गरेको समयमा, म
भित्र आउँनेछु अनि तपाईंले भनेका कुराहरूलाई पुष्टि
गर्छु।"

१५यसकारण बतशेबा राजासँग भेट गर्न उनको भित्री
कोठामा गइन्। राजा साह्रै नै बूढ़ा भएका थिए।
शूनम्मकी केटी अबीशग त्यहाँ उनको हेरचाहा गर्दै
थिई। १६बतशेबा राजाअघि निहुरिन्। राजाले भने, "म
तिम्रोलागि के गर्न सक्छु?"

१७बतशेबाले जवाफ दिइन्, "मेरो स्वामी म तपाईंको
दासलाई परमप्रभु परमेश्वरको नाउँमा मलाई एउटा
शपथ गर्नु भएको थियो। तपाईंले भन्नु भएको थियो,
'तपाईंको छोरा सुलेमान तपाईं पछि राजा हुनेछ। उ मेरो
सिंहासनमा बस्नेछ।' १८अहिले अदोनियाहले उ आफैलाई
राजा बनाइरहेको छ अनि तपाईं यसको लागि पनि
होशियार हुनुहोस्। १९अदोनियाहले विशाल मैत्री भोज
दिदाँ धेरै गाईहरू तथा राम्रा भेड़ाहरू मारेर बलि चढ़ायो।
अदोनियाहले तपाईंका सबै छोराहरूलाई निम्तो दियो।
उसले पूजाहारी एबीयातार अनि सेनापति योआबलाई
निम्तो दियो। तर उसले तपाईंको विश्वासी छोरा
सुलेमानलाई निम्तो दिएन। २०हे मेरा मालिक अनि
महाराज, अहिले इस्राएलका सबै जनगण तपाईंलाई नै
हेरिरहेका छन्। तपाईं पछि अर्को राजा को हुनेछ, यस
निर्णयका लागि तिनीहरू तपाईंलाई नै पर्खिरहेका छन्।
२१तपाईंको मृत्यु अघि नै तपाईंले केही गर्नु पर्छ।
तपाईंले केही गर्नु भएन भने, मृत्युपछि तब तपाईं
तपाईंको पिता-पुर्खासित गाड़िनु भए पछि, मेरो छोरा
सुलेमान र म अपराधी ठाहरिनेछौ।"

२२राजासँग बतशेबा कुराकानी गरिरहेकी थिइन् कि
अगमवक्ता नातान उनलाई भेट्न आए। २३चाकरहरूले
राजालाई भने, "अगमवक्ता नातान आउनु भएको छ।"
नातानले राजा अघि निहुरिएर ढोग दिए। २४अनि भने,
"हे मेरा मालिक अनि महाराज, तपाईंपछि अदोनियाह
नयाँ राजा हुनेछ भनी के तपाईंले घोषणा गर्नु भयो? के
तपाईंले निर्णय लिनु भएको छ, अब अदोनियाहले
शासन चलाउने छ? २५किनभने आज उसले तल
बेंसीमा धेरै साँढ़हरू, मोटा-मोटा बाछाहरू अनि भेड़ाहरू
मेलबलि चढ़ाउन ओर्लिएका छन्। उसले तपाईंका सबै
छोराहरू, सेनापतिहरू अनि पूजाहारी एबीयातारलाई
निम्ताएका थिए। तिनीहरू अहिले उनीसँग खानपानमा
व्यस्त छन्। अनि तिनीहरू भन्दै छन्, 'राजा अदोनियाह
दीर्घायु होऊन्!' २६तर उनले मलाई अथवा पूजाहारी
सादोक अथवा यहोयादाको छोरा बनायाह अथवा तपाईंको
आज्ञाकारी छोरा सुलेमानलाई निम्तो दिएनन्। २७मेरो
मालिक महाराज, हामीलाई नभनी के तपाईंले यस्तो गर्नु
भयो? कृपा गरेर हामीलाई बताउनुहोस्, तपाईंपछि अर्को
राजा को हुनेछ?"

२८तब राजा दाऊदले भने, "बतशेबालाई भित्र बोलाऊ!"
यसकारण बतशेबा भित्र राजासामु आइन्।

२९तब राजाले शपथ गरे: "परमप्रभु परमेश्वरले
मलाई प्रत्येक खतराबाट बचाउनु भएको छ। जसरी
परमेश्वर जीवित हुनुहुन्छ। म शपथ यो तिमीसँग
गर्दैछु। ३०आज म अतीतमा दिएको वचन पूरा गर्नेछु।
इस्राएलका परमप्रभु परमेश्वरको शक्तिको आधारमा मैंले
त्यो वचन दिएको थिएँ। मपछि तिम्रो छोरा सुलेमान
अर्को राजा हुनेछ भनी मैंले वचन दिएको थिएँ। म
पछि ऊ मेरो राज सिंहासनमा विराजमान हुनेछ। म
आफ्नो प्रतिज्ञा पूरा गर्नेछु!"

३१तब बतशेबाले राजा दाऊद सामु भुईंमा निहुरेर
ढोग गरिन्। अनि भनिन्, "दाऊद राजा दीर्घायु होऊन्।"

## सुलेमानलाई नयाँ राजा चुनियो

३२तब राजा दाऊदले भने, "पूजाहारी सादोक, अगमवक्ता
नातान अनि यहोयादाका छोरा बनायाहलाई यहाँ बोलाई
देऊ।" यसकारण तीन जना व्यक्तिहरू राजासँग भेट गर्न
आए। ३३तब राजाले उनीहरूलाई भने, "तिमीहरूसँग
मेरा अधिकारीहरूलाई लिएर जाऊ। मेरो छोरा सुलेमानलाई
आफ्नो खच्चडमा सवार गराऊ। उसलाई गीहोन स्रोतसम्म
लिएर जाऊ। ३४त्यस ठाउँमा पूजाहारी सादोक अनि
अगमवक्ता नातानले उसलाई इस्राएलको नयाँ राजाको
रुपमा अभिषेक गर्नेछन्। तुरही बजाऊ अनि घोषणा
गर, 'यिनी नयाँ राजा, सुलेमान हुन्!' ३५त्यसपछि उसँग
यहाँ फर्केर आऊ। सुलेमान मेरो सिंहासनमा बस्नेछ
अनि मेरो ठाउँमा नयाँ राजा हुनेछ। मैले सुलेमानलाई
इस्राएल अनि यहूदाको शासकको रुपमा छानेको छु।"

३६यहोयादाका छोरा बनायाहले राजालाई जवाफ दिए,
"आमेन! मेरा मालिक अनि महाराज! परमेश्वर स्वयमले
यो भन्नु भएकोछ। ३७मेरा मालिक अनि महाराज,
परमप्रभु तपाईंसँगै हुनुहुन्छ। अनि अहिले विश्वास गर्छु
परमप्रभु सुलेमानसँग हुनुहुनेछ। म आशा गर्छु सुलेमानको
राज्य बढ़नेछ अनि उनी तपाईं भन्दाअझै शक्तिशाली
हुनेछन्, मेरा मालिक राजा दाऊद।"

३८त्यसकारण सादोक, नातान, बनायाह अनि राजाका
अधिकारीहरूले राजा दाऊदको आज्ञा पालन गरे। तिनीहरूले
सुलेमानलाई राजा दाऊदको खच्चड़मा सवार गराए अनि
ऊसँग गीहेन स्रोत गए। ३९पूजाहारी सदोकले पवित्र
पालबाट तेल लगे। सादोकले उनलाई राजा देखाउनका
लागि सुलेमानको शिरमा तेलले अभिषेक गरे। तिनीहरूले
तुरही फुके अनि सबै मानिसहरूले हर्षित हुँदै भने,
"राजा सुलेमान दीर्घायु होऊन्।" ४०तब सबै मानिसहरू
सुलेमानको पछि-पछि शहरमा आए। तिनीहरू बाँसुरी
बजाउँदै थिए अनि भुईं थर्किने गरी कराउँदै थिए।

४१त्यस समयमा अदोनियाह अनि उनका अतिथिहरू
खानपान शेष पार्दै थिए। तिनीहरूले तुरहीको आवाज
सुने। योआबले सोधे, "त्यो हल्ला के हो? शहरमा के
भइरहेको छ?"

४२जब योआब बोल्दै थिए, पूजाहारी एबीयातारका
छोरा जोनाथन आइपुगे। अदोनियाहले भने, "यहाँ आऊ!
तिमी असल मानिस हौ। तिमीले मेरो निमित्त शुभ
समाचार ल्याएको हुनुपर्छ।"

४३तर जोनाथनले जवाफ दिए, "होइन, तपाईंको
लागि यो शुभ समाचार होइन! राजा दाऊदले सुलेमानलाई
नयाँ राजा बनाए। ४४राजा दाऊदले पूजाहारी सादोक,
अगमवक्ता नातान, यहोयादका छोरा बनायाह अनि राजाका
व्यक्तिगत अंगरक्षकहरू पनि ऊ सँगै पठाए। तिनीहरूले
उसलाई राजाको आफ्नो खच्चड़मा सवार गराए। ४५तब
पूजाहारी सादोक अनि अगमवक्ता नातानले गीहोन स्रोतमा
सुलेमानलाई अभिषेक गरे। अनि तिनीहरू शहरमा गए।
जन साधारणले उनको स्वागत गरे अनि अहिले शहरका
जनता औधी प्रसन्न छन्। तपाईंले सुनेको हल्ला त्यही
नै हो। ४६-४७सुलेमान राज-सिंहासनमा बसेका छन्!
राजाका अधिकारीहरू राजा दाऊदलाई अभिवादन पनि
गर्दैछन्। तिनीहरू भन्दै छन्, 'राजा दाऊद, तपाईं महान्
राजा हुनुहुन्छः अब हामी प्रार्थना गर्छौं, तपाईंको
परमेश्वरले सुलेमानलाई पनि महान् राजा बनाउनुहुनेछ।
हामी आशा गर्छौं तपाईंको परमेश्वरले सुलेमानलाई
तपाईंभन्दा बढ़ी नै प्रख्यात बनाउनु हुनेछ अनि हामी
अझै आशा गर्छौं, सुलेमानको राज्य तपाईंको भन्दा पनि
विशाल हुनेछ!' यहाँ सम्म कि राजा दाऊद पनि त्यहाँ
थिए!

राजा दाऊदले आफ्नो ओछ्यानबाट निहुरेर सुलेमानलाई
ढोग गरे। ४८अनि भने, 'इस्राएलका परमेश्वरको स्तुति

गर। परमेश्वरले मेरा छोराहरू मध्ये एक जनालाई मेरो सिंहासनमा बसाउनु भयो अनि यो हेर्न मलाई जीवित राख्नुभयो।"

४९अदोनियाहका सबै अतिथिहरू तर्सिए अनि छिट्टै गए। ५०अदोनियाह पनि सुलेमानसित डराए। यसकारण उनी वेदीमा गए अनि वेदीको सींग समाते। ५१तब कसैले सुलेमानलाई भने, "अदोनियाह तपाईंसित डराएको छ, राजा सुलेमान। अदोनियाह वेदीको सीगं समाते र पवित्र पालमा बसेको छ अनि छोड्न पनि चाहदैन। अदोनियाह भन्दै छ, 'राजा सुलेमानलाई बाचा गर्न भनी देऊ, उसले मलाई नमारोस्।'"

५२सुलेमानले जवाफ दिए, "यदि अदोनियाह साबित गर्छ कि ऊ एक जना असल मानिस हो, तब म प्रतिज्ञा गर्छु उसको टाउकोको एउटा केशलाई पनि केही हुनेछैन। तर यदि उसले नराम्रो काम गर्‍यो भने उ मारिने छ।" ५३तब राजा सुलेमानले केही मानिसहरूलाई अदोनियाहलाई लिन पठाए। मानिसहरूले अदोनियाहलाई राजा सुलेमान समक्ष ल्याए। अदोनियाह राजा सुलेमानको सामु गए अनि निहुरेर ढोग गरे। तब सुलेमानले भने, "घर जाऊ।"

## राजा दाऊदको मृत्यु

२ दाऊदको मर्ने समय आइसकेको थियो। यसकारण दाऊदले सुलेमानसँग कुरा कानी गरे अनि उनलाई भने, २"सबै मानिस जस्तै म मर्न आँटेको छु। तर तँ शक्तिशाली हुँदै जादैछस् अनि महान् व्यक्ति बनिँदैछस। ३अब परमप्रभु तिम्रो परमेश्वरको सबै आदेशहरू सावधानीका साथ पालन गर। उहाँका सबै नियम, आदेश, निर्णय, सल्लाह र करार सावधानीका साथ पालन गर। मोशाको व्यवस्थामा लेखिएका प्रत्येक कुराको पालन गर। यदि तैलें यसो गरिस् भने तब आफूले गरेको प्रत्येक काममा अनि गएको प्रत्येक ठाउँमा सफल हुनेछस्। ४यदि तैले परमेश्वरको आज्ञा पालन गरिस, भने परमेश्वरले मलाई दिनुभएको वचन पूरा गर्नुहुनेछ परमेश्वरले भन्नु भएकोछ, 'यदि तेरा छोराहरूले मेरो आदेश अनुसार हार्दिक श्रद्धाका नियमहरू पालन गरे भने तब तेरो परिवारबाट एक जना मानिस सदा नै इस्राएलको राजा हुनेछ।'"

५दाऊदले यो पनि भने, "तँलाई थाहै छ, सरूयाहको छोरा योआबले मसित के गरेका थिए? उसले इस्राएलीहरूको सेनाका दुइजना सेनापतिहरू, नेराको छोरा अबनेर अनि येतेरको छोरा अमासालाई मारेको थिए। याद गर, उनले तिनीहरूलाई शान्तिको समयमा मारेका थिए। यी मानिसहरूको रगतले उसको तरवारको बेंड पटुका र खुट्टाको जुत्ता रंगिएको थियो। मैले उसलाई दण्ड दिनु पर्थ्यो। ६तर अब राजा तँ छस्। यसकारण तैले उसलाई आफूले सोचेर बुद्धिमत्तापूर्ण दण्ड दिनुपर्छ। तर तैले उसलाई मार्छु नै भनेर निश्चय गर्नुपर्छ।) उसलाई बूढ़ेसकालमा शान्तिका साथ मर्ने मौका नदिनु।

७"गिलादको बर्जिल्लैका सन्ततिप्रति दयालु हुनु। तिनीहरूलाई आफ्नो मित्र सम्झिनु अनि आफ्नो मेजमा भोजन गराउनु। तेरो दाजु अब्शालोमबाट भागी हिड्दाँ तिनीहरूले मलाई सहायता गरेका थिए।

८"अनि याद गर, गेरका छोरा शिमी अझै यहीं छन्। उनी बहूरीमको बिन्यामीन कुल समूह हुन्। याद गर, म महनेमतिर भागेको दिन उनले मेरो विरुद्धमा नराम्रो कुरा भनेका थिए। तब उनी मसित भेट गर्न यर्दन नदीमा आएका थिए। तब मैले उनलाई वचन दिएको थिएँ। मैले परमेश्वर सामु प्रतिज्ञा गरेको थिएँ म शिमीलाई मार्दिन। ९अब उनलाई दण्ड नदिई न छोड़। तिमी बुद्धिमान मानिस हौ, उनीसित के गर्नुपर्छ तिमी राम्ररी जान्दछौ। तर उनलाई बूढ़ेस कालमा शान्तिका साथ मर्न नदेऊ।"

१०तब दाऊदको चोला उठ्यो। उनलाई दाऊदशहरमा गाड़ीयो। ११दाऊदले इस्राएलमा ४० वर्षशासन चलाए। उनले हेब्रोनमा सात वर्ष अनि यरुशलेममा ३३ वर्ष शासन गरे।

## सुलेमानद्वारा राज्यको शासन-नियन्त्रण

१२अब सुलेमान राजा भए। आफ्ना पिता दाऊदको सिंहासनमा उनी विराजमान भए अनि आफ्नो राज्यको शासन पूर्ण नियन्त्रणका साथ गर्न थाले।

१३तब हग्गीतको छोरा अदोनियाह सुलेमानकी आमा बतशेबा समक्ष गए। बतशेबाले उनलाई सोधिन्, "के तिमी शान्त मन लिएर आएका हौ?"

अदोनियाहले जवाफ दिए, "ज्यू, यो शान्तिपूर्ण भेट नै हो। १४मैले तपाईंलाई केही भन्नु छ।"

बतशेबाले, "भन भनिन्।"

१५अदोनियाहले भने, "तपाईंलाई सम्झना छ कुनै समय राज्य मेरो थियो। इस्राएलका सबै जनगण मलाई राजा ठान्दै थिए। तर स्थिति बदलियो। अहिले मेरो भाइ राजा भएको छ परमेश्वरले उसलाई राजाको रुपमा चुन्नुभयो। १६यसर्थ अहिले म तपाईंसँग एक कुरा सोध्न चाहन्छु। कृपया मलाई हुँदैन नभन्नु होला।"

बतशेबाले भनिन्, "तिमी के चाहन्छौ?"

१७अदोनियाहले भने, "मलाई थाहा छ तपाईंले भनेको कुनै पनि कुरा राजा सुलेमान मान्नु हुन्छ। कृपया शूनम्मी युवती अबीशगसँग विवाह गर्ने अनुमति मलाई उनीबाट दिलाई दिनुहोस्।"

१८तब बतशेबाले भनिन्, "ठीक छ, म तिम्रो लागि राजासँग कुरा गर्नेछु।"

१९यसकारण बतशेबा राजा सुलेमानसँग कुराकानी गर्न गइन्। राजा सुलेमानले उनलाई देखे अनि उनीसँग कुरा गर्न उभिए। तब उनले निहुरिएर ढोग भेट गरे

अनि सिंहासनमा बसे। उनले चाकरहरूलाई आमाका लागि अर्को सिंहासन ल्याउन भने। तब तिनी उनको दाहिने पट्टि बसिन्।

**२०**बतशेबाले उनलाई भनिन्, "म तँलाई एउटा सानो कुराका लागि भन्छु। कृपया मलाई हुदैन नभन्नु।"

राजाले भने, "आमा, तपाईंले चाहेको कुनै पनि कुरा माग्न सक्नु हुनेछ। म तपाईंलाई नाइनास्ति हुदैन (भन्नेछैन।)"

**२१**यसर्थ बतशेबाले भनिन्, "शूनम्मी अबीशगसँग विवाह गर्ने अनुमति तेरो दाजु अदोनियाहलाई दे।"

**२२**राजा सुलेमानले आफ्नी आमालाई जवाफ दिए, "तपाईं किन मसित अबीशगलाई दिन माग्नु हुँदैछ? यो मलाई उसलाई राज्य देऊ भनी माग्नु जस्तै नै हो। जे भए ता पनि उनी मेरो ठूला दाज्यू हुन्। पूजाहारी एबीयातार र सरुथाहका छोरो योआबले उनलाई सधाउने छन्!"

**२३**तब राजा सुलेमानले परमप्रभुको नाउँमा शपथ गरे। उसले भने, "यदि मैले यसका लागि अदोनियाहलाई दण्ड दिइन भने परमेश्वरसित मलाई नराम्रो गर्नुहोस् भनी प्रार्थना गर्नेछु अनि उसले आफ्नो जीवनद्वारा मूल्य चुकाउनु पर्नेछ। **२४**परमप्रभुले मलाई इस्राएलको राजा बनाउनुभयो। उहाँले मलाई मेरा पिता दाऊदको राज-सिंहासन दिनुभएकोछ परमेश्वरले आफ्नो वचन पूरा गर्नुभयो अनि राज्य म र मेरो परिवारलाई दिनुभयो। जसरी साचैनै परमप्रभु जीवित रहनु भने अदोनिया आजनै मर्नेछ।"

**२५**राजा सुलेमानले यहोदाका छोरा बनायाहलाई आदेश दिए। बनायाह बाहिर निस्किए अनि अदोनियाहलाई मारे।

**२६**तब राजा सुलेमानले पूजाहारी एबीयातारलाई भने, "मैले तँलाई मार्नु पर्थ्यो, तर म तँलाई आफ्नो घर अनातोत फर्किने मौका दिन्छु। म तँलाई अहिले मार्ने छैन् किनभने तैले परमप्रभु हाम्रा मालिकको पवित्र सन्दूक मेरो पिताको राजा दाऊदको निम्ति बोकेको थिइस् अनि मेरो पिताको सबै कष्ट विभाजन गरेको थिइस्।" **२७**सुलेमानले एबीयातारलाई परमेश्वरको पूजाहारीको रुपमा सेवा गर्न नपाउने कुरा बताए। यो यसरी नै भयो जसरी परमेश्वरले बताउनु भएको थियो। परमेश्वरले पूजाहारी एली अनि उनको परिवारको विषयमा शीलोमा बताउनु भएको थियो। एबीयातार एली परिवारका थिए।

**२८**योआबले यस विषयमा सुने अनि डराए। उनले अदोनियाहको समर्थत गरेका थिए, तर अब्शालोमको गरेनन्। योआब परमेश्वरको पालतिर दगुरे अनि वेदीको सींग समात्न पुगे। **२९**कसैले राजा सुलेमानलाई बताए योआब परमेश्वरको पालको वेदीमा छ। यस कारण सुलेमानले यहोयादाका छोरा बनायाहलाई गएर उसलाई मार्ने आदेश दिए।

**३०**बनायाह परमेश्वरको पालमा गए अनि योआबलाई भने, "राजाको आदेश छ, 'बाहिर आइज!'"

तर योआबले जवाफ दिए, "होइन, म यहीं नै मर्छु।"

यसकारण बनायाह फर्केर राजा कहाँ आए अनि उनलाई योआबले भनेको कुरा बताए। **३१**तब राजाले बनायाहलाई आदेश दिए, "ऊ जसो भन्छ त्यसै गर! उसलाई त्यहीं मार अनि गाड़िदे। तब मेरो परिवार अनि म योआबको दोषबाट मुक्त हुनेछौं। योआबले निर्दोष मानिसहरूको हत्या गरेको हुनाले यो दोष सृष्टि भएको थियो। **३२**योआबले ऊ भन्दा धेरै निर्दोष मानिसहरूको हत्या गऱ्यो। तिनीहरू नेरका छोरा अबनेर अनि येतेरका छोरा अमासा थिए। अबनेर इस्राएलको सेनाका सेनापति थिए अनि अमासा यहूदाको सेनाका सेनापति थिए। मेरो पिता दाऊद यहाँ थिएन तिनीहरू योआबद्वारा मारिएको हो भनि यसकारण परमप्रभुले योआबलाई उसले मारेका मानिसहरूको दण्ड दिनुहुनेछ। **३३**तिनीहरूको मृत्युका लागि ऊ अपराधी हुनेछ अनि उसको परिवार पनि सदाका लागि दोषी हुनेछ। तर परमेश्वरले दाऊद, उनका सन्तानहरू, उनको राज परिवार र उनको राज्यलाई सदा नै शान्ति दिनु हुनेछ।"

**३४**यसै कारण यहोयादाका छोरा बनायाहले योआबलाई मारे। योआबलाई मरुभूमिमा उनको घरको नजिकै नै गाड़ीयो। **३५**तब सुलेमानले यहोयादाका छोरा बनायाहलाई योआबको ठाउँमा सेनाको सेनापति बनाए। सुलेमानले एबीयातारको ठाउँमा सादोकलाई नयाँ पूजाहारीको पदमा नियुक्त पनि गरे। **३६**त्यसपछि राजाले शिमीलाई बोलाए। राजाले उनलाई भने, "यहाँ यरुशलेममा आफ्नोलागि एउटा घर बनाऊ। त्यस घरमा बस अनि शहर नछोड़। **३७**यदि तिमी शहर छोड़छौं अनि किद्रोनको खोल्चा पारी जान्छौ भने तिमीलाई मारिने छ अनि यो नै तिम्रो आफ्नो दोष हुनेछ।"

**३८**यसकारण शिमीले जवाफ दिए, "महाराज, ठीकै छ। म तपाईंको आदेश पालन गर्नेछु।" यस कारण शिमी लामो अवधिसम्म यरूशलेममा बसे। **३९**तर तीन वर्षपछि शिमीका दुइ जना दासहरू भागे। तिनीहरू गातका राजा, माकाका छोरा आकीश कहाँ गए। शिमीले सुने, उनका दासहरू गातमा छन्। **४०**यसर्थ शिमीले आफ्नो जिन खच्चड़माथि राखे अनि गातमा राजा आकीशसमक्ष आफ्ना दासहरू लिन गएका थिए। उनले तिनीहरूलाई त्यहाँ भेटे अनि घर फर्काए।

**४१**तर कसैले सुलेमानलाई सुनायो, शिमी यरुशलेमबाट गात गए अनि फर्केर आए। **४२**यस कारण सुलेमानले उनलाई बोलाए। सुलेमानले भने, "मैले परमेश्वरको नाउँमा तँ सित शपथ गराएको यदि तैले यरुशलेम छाडिस भने तँ मर्ने छस्। मैले चेताउनी दिएको थिएँ, यदि तँ कतै गइस् भने तँ मारिने छस अनि त्यो तेरो आफ्नै दोष हुनेछ जे भनेको थिएँ त्यसमा तँ समहत भइस् तैले भनिस् तैले मेरो आज्ञा पालन गर्नेछु।

४३परमप्रभुको नाउँमा तैले बनाएको प्रतिज्ञा किन उलंघन गरिस्? किन तैले मेरो आज्ञा पालन गरिनस्? ४४तँलाई थाहा छ तैले मेरा पिताको विरुद्धमा धेरै भूल कामहरू गरेको थिइस्। अब ती भूल कामका लागि परमेश्वरले तँलाई दण्ड दिनु हुनेछ। ४५तर परमेश्वरले मलाई आशीर्वाद दिनु हुनेछ। उहाँले दाऊदको राज्यलाई सँधै नै सुरक्षित राख्नु हुनेछ।"

४६तब राजा सुलेमानले यहोयादको छोरा बनायाहलाई शिमीको हत्या गर्ने हुकूम दिए अनि उनले त्यसै पालन गरे। अब राज्यमा सुलेमानको पूर्ण नियन्त्रण थियो।

## सुलेमानलाई बुद्धिको चाहना

३ सुलेमानले मिश्रका राजा फिरऊनकी छोरीसँग विवाह गरेर उनीसँग सन्धि गरे। सुलेमानले उनलाई दाऊद शहरमा ल्याए। यस समयमा सुलेमान आफ्नो महल र परमप्रभुको मन्दिरको निर्माण गर्दै थिए। सुलेमान यरुशलेमको वरिपरि पर्खाल पनि बनाइरहेका थिए। २मन्दिरको निर्माण-कार्य पूरा भइसकेको थिएन। यस कारण मानिसहरू अग्लो ठाउँहरूमा बनाइका वेदीहरूमा पशु बलि दिइरहेका थिए। ३सुलेमानले परमेश्वरलाई प्रेम गर्थे। उसले उसका पिता दाऊदले गरेको आज्ञाहरू पालन गरेर देखाए। तर सुलेमानले दाऊदले उसलाई नभनेका कुरो गरे। यद्यपि सुलेमान अझै बलि चढ़ाउनु, धूप बाल्नु अग्ला ठाउँहरूको उपयोग गर्दै गए।

४राजा सुलेमान बलि चढ़ाउन गिबोन गए। उनी त्यस ठाउँमा जाने कारण के थियो भने त्यो सबै भन्दा महत्वपूर्ण अग्लो स्थल थियो। सुलेमानले त्यस वेदीमा १,००० बलि चढ़ाए। ५सुलेमान गिबोनमा भएको समयमा राति सपनामा परमप्रभु उनकहाँ देखा पर्नुभयो। परमेश्वरले भन्नुभयो, "तँलाई जे चाहिन्छ भन्। म तँलाई त्यो दिनेछु।"

६सुलेमानले जवाफ दिए, "आफ्ना भक्त मेरा पिता दाऊद प्रति तपाईं औधी दयालु हुनुहुन्थ्यो। उहाँले तपाईंको अनुसरण गर्नुभयो। उहाँ धर्मी अनि इमान्दारी थिए। उहाँ पछि, उसलाई एउटा छोरा उसको सिंहासनमा बस्न दिएर महान दया देखाँउनु भयो। ७परमप्रभु मेरो परमेश्वर, मेरा पिता दाऊदको स्थानमा मलाई राजा हुने अनुमति दिनु भएको छ। तर म सानो केटा मात्र छु, मानिसहरू दोहयाउन गर्ने अनुभवको कामेछ। ८म, तपाईंको दास हूँ अनि तपाईंले चुनिएको मानिसहरू मध्ये एक हूँ जो असंख्य छन्। त्यो गन्न सकिदैन। यसकारण शासकले तिनीहरूबीच धेरै निर्णय लिनु पर्छ। ९यसै कारण म तपाईंसमक्ष बुद्धिको माग गर्दैछु जसको कारण म राम्ररी शासन गर्न सकूँ अनि सहीढंगमा जनतालाई न्याय दिन सकूँ। यसले मलाई सही र भूलबीच अन्तर छुट्याउने योग्यता दिने छ। यस महान्, बुद्धिको अभावमा यी महान् मानिसहरू माथि शासन गर्न सम्भव छैन।"

१०सुलेमानले आफ्नो बुद्धिको लागि माग गरेकोमा परमप्रभु प्रसन्न हुनुभयो। ११यसकारण परमेश्वरले उनलाई भन्नुभयो, "तैले आफ्नो लागि दीर्घायु मागिनस् अनि तँहिले धन-सम्पत्तिको माग पनि गरिनस्। तैले आफ्ना शत्रुहरूको मृत्युको माग पनि गरिनस्। तर तैले बुद्धिका लागि बिन्ती गरिस् अनि सही निर्णय लिइस्। १२यस कारण म तैले मागेको कुरा दिनेछु। म तँलाई बुद्धि र विवेक दिनेछु। म तँलाई यस्तो महान् बुद्धिजीवी बनाउने छु जस्तो अतीतमा कोही भएको थिएन। अनि भविष्यमा तँ जस्तो अरु कुनै हुने छैन। १३तँलाई पुरस्कृत गर्नका लागि तैले नमागेको कुराहरू पनि म तँलाई दिनेछु। तेरो सम्पूर्ण जीवनमा सम्पत्ति र सम्मान प्राप्त हुनेछ। संसारमा तँ जस्तो महान् अरु राजा हुने छैन। १४म चाहन्छु, तैले मेरो आज्ञा मान तँ मेरा अनुसरण गर अनि मेरो नियम र आज्ञाको पालन गर। यो काम त्यसरी नै गर जसरी तेरा पिता दाऊदले गरेका थिए। यदि तैले मेरो इच्छा अनुसार काम गरिस भने म तँलाई लामो जीवन दिनेछु।"

१५सुलेमान बिउँझे। उनलाई थाहा भयो सपनामा परमेश्वरले उनीसँग कुराकानी गर्नुभएको। तब सुलेमान यरुशलेम गए अनि परमप्रभुको करारको सन्दूकसामु उभिए। उनले परमप्रभुलाई होमबलि चढ़ाए अनि मेलबलि दिए। त्यसपछि उनले शासन गर्नमा सघाउने सबै प्रमुख व्यक्ति अनि अधिकारीहरूलाई भोज दिए।

१६एक दिन दुइ जना स्त्रीहरू जो बेश्या थिए, सुलेमान कहाँ आए। तिनीहरू राजाको सामु उभिए। १७एक जना स्त्रीले भनी, "महाराज, यो स्त्री र म एउटै घरमा बस्छौं। हामी दुवै जना गर्भवती थियौं अनि नानी जन्माउने बेला भएको थियो। मैले मेरो नानी जन्माएँ त्यस बेला ऊ मसँगै थिई। १८तीन दिनपछि यस आइमाईले पनि आफ्नो नानी जन्माई। त्यस घरमा हामीसँग अरु कुनै मानिस थिएन। हामी दुइ जना मात्र थियौं। १९एक रात यो आइमाई आफ्नो नानीसंग सुतेकी थिई, नानी मरेछ। २०राति नै म सुतेको बेला उसले मेरो नानी मेरो ओछ्यानबाट लगी। मेरो ओछ्यानमा मरेको नानी राखी। २१बिहान म ब्यूँझिएँ अनि मेरो नानीलाई दूध खुवाउन लागें। तर मेरो नानी मरेको थियो। तब मैले त्यसलाई राम्ररी नियालेर हेरें। मैले देखें, त्यो मेरो नानी थिएन।"

२२तर अर्की स्त्रीले भनी, "होइन! जिउँदो नानी मेरो हो। मृत नानी तेरो हो!"

तर पहिलो स्त्रीले भनी, "होइन, तँ गलत छेस्! मृत नानी तेरो हो अनि जिउँदो नानी मेरो हो!" यस प्रकार दुइ जना स्त्री राजा सामु तर्क गर्न लागे।

२३तब राजा सुलेमानले भने, "तिमीमध्ये प्रत्येकले
जिउँदो नानी मेरो हो भन्दै छौ अनि मृत नानीलाई
तिमीहरू अर्काको बताउँदैछौं।"
२४तब राजा सुलेमानले सेवकलाई तरवार लिन
पठाए। २५अनि राजा सुलेमानले भने, "हामी यही गर्ने
छौं। जिउँदो नानीलाई दुइ टुक्रा गरी काट्नेछौ अनि दुवै
आइमाईलाई नानीको आधा-आधा भाग दिनेछौ।"
२६अर्की आइमाईले भनी, "यो ठीक छ। नानीलाई
दुइ टुक्रा पार्नुहोस्। तब हामीमध्ये कोही पनि उसलाई
पाउने छैनौं।"

तर पहिलो आइमाई, जो असली आमा थिई, उ आफ्नो नानीको मायाले व्याकुल थिई। उसले राजालाई भनी, "महाराज, नानीलाई कृपया नकाट्नुहोस् बरु उसलाई नै दिनुहोस्।"

२७तब राजा सुलेमानले भने, "नानीलाई नकाट!
यसलाई पहिलो आइमाईलाई दिइहाल। ऊ नै असली
आमा हो।"
२८इस्राएलका मानिसहरूले राजा सुलेमानको निर्णय
सुने। तिनीहरूले उनको धेरै नै आदर र सम्मान गरे
किनभने उनी बुद्धिमान थिए। तिनीहरूले देखे सही
न्याय गर्नमा उनीसँग परमेश्वरको बुद्धि थियो।

## सुलेमानको राज्य-शासन

४ राजा सुलेमानले इस्राएलका जनता माथि शासन गर्न
थाले। २शासन गर्नमा उनलाई सहयोग गर्ने प्रमुख
अधिकारीहरूको नाम यी हुन।

सादोकका छोरा अजर्याह। अजर्याह पूजाहारी थिए।

३शीशाका छोराहरू एलीहोरेप र अहियाह। एलीहोरेप र अहियाह लेखकहरू थिए।

अहीलूदका छोरा यहोशापात। यहोशापात जनगणको इतिहासको विवरण लेख्ने गर्दथे।

४यहोयादाका छोरा बनायाह। बनायाह सेनापति थिए।

सादोक र एबीयातार। यिनीहरू पूजाहारीहरू थिए।

५नातानका छोरा अजर्याह। अजर्याह जिल्ला राजपालको हाक्किम थिए।

नातानका छोरा याबूद। याबूद राजा सुलेमानका सल्लाहकार अनि पूजाहारी थिए।

६अहीशार। अहीशार महलको प्रत्येक वस्तुका लागि जिम्मेवार थिए।

अब्दाका छोरा अदोनीराम: अदोनीराम दासहरूको अध्यक्ष थिए।

७इस्राएललाई बाह्रवटा क्षेत्रहरूमा विभाजन गरिएको
थियो जसलाई जनपद भनिन्थ्यो। सुलेमानले प्रत्येक
जनपदको राजपाल छान्ने गर्दथे। राजपाललाई आफ्नो
जनपदबाट खाद्य संकलन गर्ने अनि राजा तथा उनको
परिवारलाई खाद्यान दिने आदेश दिइएको थियो। प्रत्येक
वर्षको एक महीनामा राजालाई खाद्यान सामग्री जम्मा
गर्ने दायित्व बाह्र जना राजपालहरू माथि थियो।
८बाह्रजना राजपालहरूका नाउँ यी हुन्:

बेनहर एफ्रैमको पार्वत्य प्रदेशको राजपाल थिए।

९माकश, शाल्बीम, बेतशेमेश अनि एलोनरबेत-तनानका राजपाल बेन्दकेर थिए।

१०अरूबोत, सोको अनि हेपेरका राजपाल बेन-हेसेद थिए।

११बेन अबीनादाब नपोत दोरका राजपाल थिए। उनले सुलेमानकी छोरी तापत-सँग विवाह गरेका थिए।

१२अहीलूदका छोरा बाना तानाक अनि मगिद्दो तथा सारतानको छेउमा भएको सबै बेतशानको राजपाल थिए। यो यिज्रेलको तल बेत-शानदेखि लिएर योकमाम पारि आबेल-महोलासम्म थियो।

१३बेन-गेबेर रामोत गिलादका राज्यपाल थिए। उनी गिलादमा मनश्शेका छोरा याईरको सबै शहरहरू अनि गाउँका पनि राज्यपाल थिए। उनी बाशानमा अर्गोब अञ्चलका पनि शासक थिए। यस इलाकामा वरिपरि ठूला-ठूला पर्खालले घेरेका साठीवटा शहरहरू थिए। अनि शहरहरूको मूल ढोकामा काँसाका बारहरू थिए।

१४इद्दोका छोरा अहीनादाब महनेमका राजपाल थिए।

१५अहीमास नप्तालीका राजपाल थिए। उनको विवाह सुलेमानकी छोरी बासमत सँग भएको थियो।

१६हूशैका छोरा बाना आशेर र आलोतका राजपाल थिए।

१७पारूहका छोरा यहोशापात इस्साकारका राजपाल थिए।

१८एलाका छोरा शिमी बिन्यामीनका राजपाल थिए।

१९ऊरीका छोरा गेबेर गिलादका राजपाल थिए। गिलाद त्यो प्रदेश थियो जहाँ एमोरीहरूका राजा सीहोन अनि बाशानका राजा ओग शासन गर्दथिए। तर गेबेर मात्र यस जनपदका राजपाल थिए।

२०यहूदा र इस्राएलमा धेरै संख्यामा मानिसहरू थिए।
मानिसहरूको संख्या समुद्रतटका बालुवाका कण जति नै
थिये। मानिसहरू सुखी जीवन व्यतीत गर्दैथिए: तिनीहरू
खानपीन गर्दथिए अनि खुशी थिए।
२१सुलेमान यूफ्रेटिस नदी देखि लिएर पलिश्ती
मानिसहरूको धर्ती-सम्म शासन गर्दथे। उनको राज्य

मिश्र देशको सीमानासम्म फिँजिएको थियो। यी देशहरूले सुलेमानकहाँ उपहार पठाए अनि जीवनभरि नै आज्ञा पालन गरिरहे।

२२-२३सुलेमानलाई प्रत्येक दिन चाहिने खाध्य सामग्री यो थियो ऊ आफ्नै निम्ति अनि उनीसँगै मेजमा भोजन गर्ने सबै मानिसहरूका निम्ति:

३० मुरी राम्रो पिठो,
६० मुरी अन्न,
१० वटा राम्रो अन्न खाने त्यो गाईहरू,
२० वटा मैदानमा पालीएको गाईहरू,
१०० वटा भेड़ाहरू,
जंगली जनावरहरू जस्तो मृग, जराया,
चित्तल अनि शिकार गरिएका चराहरू।

२४सुलेमान यूफ्रेटिस नदीको पश्चिम तिरका सबै देशहरूमा शासन गर्दथे। यो क्षेत्र तिप्सादेखि गाजाँसम्म थियो। सुलेमानले राज्यको चारैतिर शान्ति कायम गरेका थिए। २५सुलेमानको जीवनकालमा यहूदा अनि इस्राएलमा, दानदेखि बेर्शेबासम्मका सबै मानिसहरू शान्ति अनि सुरक्षामा थिए। मानिसहरू आफ्नै अंजीरका रुख अनि दाखको लहरा मुनी शान्तिका साथ बस्ने गर्दथे।

२६सुलेमानसित उनका रथहरूका ४,०००* घोड़ाहरू राख्ने र घोड़ सैनिकहरू बस्ने ठाउँ थियो अनि उनीसित १२,००० घोड़ाको हेरविचार गर्ने मानिसहरू (सएसहरू) थिए। २७प्रत्येक महीना बाह जनपद मध्ये एक जना राजपालले सुलेमानलाई ती जिनिसहरू दिने गर्दथे जो उनलाई चाहिन्थ्यो। राजाको मेजमा भोजन गर्ने प्रत्येक मानिसका लागि यो पर्याप्त थियो। २८शासकहरूले यी पशुहरूका निम्ति प्रचुर मात्रमा खाना अनि जौ जुटाउने गर्थे। तिनीहरूले ती अन्नहरू निश्चित ठाउँमा ल्याए।

## सुलेमानको बुद्धि

२९परमेश्वरले सुलेमानलाई ज्यादै बुद्धिमान बनाउनुभयो। सुलेमान धेरै किसिमका कुरा बुझ्न सक्थे। उनको बुद्धि यति महान, थियो, कल्पना गर्न सकिन्न। ३०सुलेमान पूर्वी देशहरूका सबै मानिसहरू अनि सबै मिश्रीहरू भन्दा ज्ञानी थिए। ३१उनी विश्वमा सबै मानिसहरूभन्दा बढ़ी बुद्धिमानी थिए। उनी एज्रही एतानभन्दा पनि बढ़ी बुद्धिमान थिए। उनी हेमान, कलकोल अनि दर्दा भन्दा बढ़ी बुद्धिमान थिए। यिनीहरू माहोलका छोरा थिए। राजा सुलेमान इस्राएल र यहूदाको वरिपरिका सबै देशहरूमा प्रख्यात भए। ३२आफ्नो जीवन-कालमा सुलेमानले ३,००० ज्ञानवर्द्धक शिक्षाहरू अनि १,००५ गीतहरू रचे।

३३सुलेमान प्रकृतिको विषयमा धेरै जान्दथे। उनले लबानोनका विशाल देवदारु रुखहरूको विषयमा शिक्षा दिदा थिए, बाबरी बिरुवाको विषयमा जो भित्ताहरू माथि उम्रिन्थ्ये। उनले जनावरहरू, चराचुरुङ्गी, घस्त्रने जन्तुहरू अनि माछाको विषयमा पनि वार्तालाप गर्दथे। ३४सबै राष्ट्रहरूका मानिसहरू राजा सुलेमानको ज्ञानका कुरा सुन्न आउने गर्दथे। सबै राष्ट्रका राजाहरू आफ्ना बुद्धिमान मानिसहरूलाई राजा सुलेमानको कुरा सुन्न पठाउँने गर्दथे।

## सुलेमान द्वारा मन्दिरको निर्माण

५ हीराम सोरका राजा थिए। हीराम दाऊदका मित्र थिए। यसकारण जब हीरामले दाऊदपछि सुलेमान नयाँ राजा भएको सुने, उनले सुलेमान कहाँ दासहरू पठाए। २सुलेमानले राजा हीरामलाई जे भने, यो हो: ३"तपाईंलाई थाहै छ, मेरा पिता दाऊदले चारैतिर धेरै नै युद्ध गर्नु परेको थियो। यस कारण परमप्रभु उहाँको परमेश्वरको सत्कारमा उहाँ एउटा मन्दिर बनाउने योग्य हुनु भएन। राजा दाऊद तबसम्म पर्खिरहे जबसम्म परमप्रभुले उनलाई सबै शत्रुहरू परास्न गर्ने वरदान दिनुभएनन्। ४तर अहिले परमप्रभु मेरा परमेश्वरले मेरो देशको चारैतिर मलाई शान्ति दिनुभएकोछु। अब मेरो कोही शत्रु छैनन्। मेरा प्रजाहरू संकटमा छैनन्।

५"परमप्रभुले मेरा पितासँग एउटा प्रतिज्ञा गर्नु भएको थियो परमप्रभुले भन्नुभयो, 'तँपछि तेरो छोरालाई राजा बनाउनेछु अनि तेरो छोराले मेरा सत्कारमा एउटा मन्दिर बनाउने छ।' अब म परमेश्वरको सत्कारमा मन्दिर निर्माण गर्ने योजना गर्दैछु। ६यसकारण म तपाईंलाई सहयोग गर्ने अनुरोध गर्दछु। तपाईंका मानिसहरू लबानोन दिनुहोस्। त्यहाँ तिनीहरू मेरा लागि धूपीका रुख काट्ने छन्। मेरा सेवकहरू तपाईंका मानिसहरूसँगै काम गर्नेछन्। आफ्ना मानिसहरूको मजूरीको रुपमा तपाईंले तोक्नु, भएको रकम म दिनेछु। मलाई तपाईंको सहयोगको खाँचो छ। हाम्रा काठकर्मीहरू सीदोनका काठकर्मीजति सिपालु छैनन्।"

७जब हीरामले सुलेमानले मागेको कुरा सुने, उनी औधी खुशी भए। राजा हीरामले भने, "यो विशाल राष्ट्रको शासन गर्ने बुद्धिमान छोरा दाऊदलाई दिएकोमा आज म परमप्रभुलाई धन्यवाद दिन्छु!" ८तब हीरामले सुलेमान कहाँ सन्देश पठाए। सन्देशमा भनिएको थियो, "तपाईंले भन्नु भएको कुरा मैले सुने। तपाईंले मागेको सबै धूपी अनि सल्लाका रुखहरू दिनेछु। ९मेरो सेवकहरूले यी रुखहरू लबानोनदेखि समुद्रसम्म ल्याउनेछन्। तब ती रुखहरू बाँध्नेछु अनि तपाईंले इच्छा गर्नु भएको ठाउँसम्म बगाएर पठाउने छु। त्यहाँ म तिनीहरूलाई जम्मा गर्ने छु अनि तपाईंले तिनीहरूलाई आफ्नो साथ लिएर जान सक्नु हुन्छ।" बदलामा तपाईंले मेरो घर परिवारको लागि खान पठाईदिनुहोस्।"

---

**४,०००** हिब्रू अनि ल्याटिन भने ४०,००० छ।

१०यसकारण हीरामले सुलेमानलाई उसलाई चाहे
जति सक्दो देवदारु अनि गोव्रेसल्लाको रुखहरू जुटाए।
११सुलेमानले हीरामलाई २०,००० मुरी* गेहुँ र २०
मुरी* भद्राक्षको तेल प्रत्येक वर्ष उसको परिवारको
निम्ति जुटाए।

१२परमप्रभुले प्रतिज्ञा गर्नुभए अनुसार सुलेमानलाई
बुद्धि दिनुभयो। हीराम र सुलेमान माझ शान्ति थियो।
यी दुइ राजाहरूले आपसमा सन्धि गरेका थिए।

१३राजा सुलेमानले यस कार्यमा सघाउ पुऱ्याउन
इस्राएलका तीस हजार मानिसहरूलाई बोलाए। १४राजा
सुलेमानले अदोनीराम नाउँको व्यक्तिलाई प्रमुख बनाए।
सुलेमानले मानिसहरूलाई तीन वटा दलमा विभाजन गरे।
प्रत्येक दलमा १०,००० मानिसहरू थिए। प्रत्येक
दलले लबानोनमा एक महीना काम गरे अनि तब दुइ
महीना घर जाने गर्द थिए। १५सुलेमानले पर्वतीय क्षेत्रमा
८०,००० मानिसहरूलाई काममा लगाए। ती
मानिसहरूको काम चट्टान काट्नु थियो। चट्टान बोक्ने
मानिसहरू ७०,००० थिए। १६काम गर्ने मानिसहरूको
काम हेर्ने ३,३०० नाईकेहरू पनि थिए। १७राजा
सुलेमानले मन्दिरको आधारशिलाको निम्ति तिनीहरूलाई
विशाल अनि मूल्यवान ढुङ्गाहरू काट्ने आदेश दिएका
थिए। ती ढुङ्गाहरू सावधानीपूर्वक काटियो। १८तब
सुलेमानका कारीगरहरू, हीरामका कारीगरहरूले अनि
गबालीहरू ढुङ्गामा बुट्टा काट्ने काम गरे। तिनीहरूले
मन्दिर निर्माणको निम्ति ढुङ्गा अनि काठहरू तयार पारे।

## सुलेमानद्वारा मन्दिरको निर्माण

६ तब सुलेमानले मन्दिर बनाउन शुरु गरे। इस्राएलका
मानिसहरूले मिश्र देश छोड़ेको ४८० वर्ष पछिको
कुरा थियो। यो सुलेमान राजाको शासनको चौथो वर्ष
थियो। यो वर्षको दोस्रो महीना, जिबको* महिना
थियो। २मन्दिर ६० हात लामो, २० हात चौड़ा अनि
३० हात अग्लो थियो। ३मन्दिरको मण्डप २० हात
अग्लो अनि १० हात चौड़ा थियो। बरन्डा मुख्य
भागसम्म बडाएको थियो। यसको लम्बाई मन्दिरको
चौड़ाईको बराबर थियो। ४त्यहाँ मन्दिरमा साँगुरा झ्यालहरू
थिए। यी झ्यालहरू बाहिरबाट साधुरो अनि भित्रबाट
फराकिलो थियो। ५तब सुलेमानले मन्दिरको मुख्य
भागको वरिपरि कोठाहरूको लहर बनाए। यी कोठाहरू
एका अर्काको माथि बनाइएका थिए। कोठाहरूको लहर
तीन तल्ला अग्लो थियो। ६कोठाहरू मन्दिरको भित्तासँग
मिलेका थिए, तर तिनका निदालहरू भित्ता माथि
बनाइएका थिएनन्। माथि मन्दिरको भित्ता पातलो थियो।
यसकारण ती कोठाहरूको एकतिर बनाइएको भित्ता
तलको भन्दा पातलो थियो। सबै भन्दा माथिल्लो
तलाका कोठाहरू पाँच हात चौड़ा थिए। माझका
कोठाहरू छ: हात चौड़ा थिए। त्यस माथिका कोठाहरू
सात हात चौड़ा थिए। ७कर्मीहरूले भित्ता बनाउनमा
विशाल ढुङ्गाहरू उपयोग गरे। कर्मीहरूले ढुङ्गा त्यस
ठाउँमा काटे जहाँ जमीनबाट तिनीहरूलाई बाहिर
निकालिइएको थियो। यस कारण मन्दिरमा मार्तल,
बञ्चरो अथवा अरु कुनै फलामको हात हतियारको
हल्ला थिएन।

८मन्दिरको तल्लो तलाको प्रवेश-द्वार दक्षिण तिर
थियो। भित्रतिर दोस्रो तलाका कोठाहरूमा जाने भऱ्याङहरू
थिए अनि त्यहाँबाट तेस्रो तलामा जाने।

९यसकारण सुलेमानले मन्दिरको निर्माण कार्य सिध्याए।
मन्दिरको प्रत्येक भाग धूपीको फल्याक ढाकेको थियो।
१०सुलेमानले भवनको चारैतिर कोठाहरू पनि बनाएर
सिध्याए। प्रत्येक तला पाँच हात अग्लो थियो। कोठाहरूको
आड दिने देवदारुका दलानीहरू घरको कोठाहरू सित
मिलिएको थियो।

११परमप्रभुले सुलेमानलाई भन्नुभयो, १२"यदि तैले
मेरो सबै विधि र विधान पालन गरिस भने म ती सबै
काम गर्नेछु जसका लागि मैले तेरा पिता दाऊदसँग
प्रतिज्ञा गरेको थिएँ। १३अनि तैले बनाएको यस
मन्दिरमा इस्राएलका नानीहरूको बीचमा बस्नेछु। म
इस्राएलका मानिसहरूलाई कहिले पनि छोड़ने छैन।"

## मन्दिरको विवरण

१४यस प्रकार सुलेमानले मन्दिरको निर्माण कार्य
सिध्याए।

१५मन्दिर भित्रका ढुङ्गाका भित्ताहरूलाई धूपीका
फल्याकहरूले ढाकिएको थियो। धूपीका फल्याकहरू
भूइँदेखि छानासम्म ठोकिएका थिए। ढुङ्गाको भूइँमाथि
सल्लाका फल्याकहरू ओछ्याइएका थिए। १६तिनीहरूले
मन्दिरको पछिल्तिर २० हात लामो अनि गहिरो एउटा
कोठा बनाएका थिए। तिनीहरूले यस कोठाका भित्ताहरूमा
ठोकेका थिए। यस कोठालाई महा पवित्र स्थान
भनिन्थ्यो। १७महा पवित्र स्थानको अघि मन्दिरको
मुख्य भाग थियो। यो कोठा ४० हात हामो थियो।
१८तिनीहरूले यस कोठाका भित्ताहरू धूपीका
फल्याकहरूद्वारा ढाकेको थियो भित्ता दिवालका कुनै
ढुङ्गाहरू देखिँदैन थिए। तिनीहरूले देवदारुको तकताहरूमा
लौकाहरूको अनि फूलहरू चित्रहरू कुँदेका थिए।

१९सुलेमानले मन्दिरको पछाड़ी तल गहिरो कोठा
बनाए। यो कोठा परमप्रभुको करारको सन्दूकको लागि
थियो। २०यो कोठा २० हात लामो, २० हात चौड़ा
अनि २० हात अग्लो थियो। २१सुलेमानले यस
कोठालाई शुद्ध सुनले ढाके उनले महा पवित्र स्थानको

---

**२०,००० मुरी** अर्थात १,२०,००० बुशल !

**२० मुरी** अर्थात ६६५ गैलेन, वा १७१ पाथी।

**जिब** महीनाको नाम!

प्रवेश सामुन्ने, सुनको साङ्लीहरू लगाए। २२मन्दिरको सबै भाग सुनले ढाकेको थियो। महा पवित्र स्थान अघिको वेदी पनि सुन जोड़िएको थियो।

२३कर्मीहरूले करूब स्वर्गदूतका मूर्तिहरूका पखेटा समेत बनाएका थिए। भद्राक्ष काठको मूर्तिहरू बनाएका थिए। यी करूब दूतहरूका मूर्तिहरू महा पवित्र स्थानमा स्थापना गरिएका थिए। प्रत्येक स्वर्गदूतको मूर्ति १० हात अग्ला थिए। २४-२६दुवै करूब स्वर्गदूतहरू एउटै नापका थिए अनि एकै प्रकारले बनाइएका थिए। प्रत्येक करूब स्वर्गदूतका दुइवटा पखेटा थिए। पखेटा पाँच हात लामा थिए। एउटा पखेटाको एक छेऊदेखि अर्को छेऊ १० हात लामो थियो। अनि प्रत्येक करूब स्वर्गदूत १० हात अग्लो थिए। २७यी करूब स्वर्गदूतहरूलाई महा पवित्र स्थानमा स्थापना गरिएको थियो। तिनीहरूको पखेटाले एका-अर्काको छेऊमा उभिएका थिए। तिनीहरूको पखेटाले एका अर्कालाई कोठाको माझमा स्पर्श गरेको थियो। अरु दुइ पखेटाहरूले प्रत्येक भित्तालाई स्पर्श गरेको थियो। २८दुइ करूब स्वर्गदूतहरूलाई सुनले जोड़िएको थियो।

२९मुख्य र भित्री कोठाको वरिपरि भित्ताहरूमा करूब स्वर्गदूत, ताड़को रुख अनि फूलहरूको चित्र अंकित गरिएको थियो। ३०दुवै कोठाको भुइंमा सुन जड़िएको थियो।

३१कर्मीहरूले भद्राक्ष काठको दुइवटा दैलो बनाएका थिए। तिनीहरूले ती कोठाहरू महा पवित्र स्थानको प्रवेश-द्वारमा लगाएका थिए। दैलोको चारैतिरको चौखट पाँचवटा बाहुले बनाइएको थियो। ३२तिनीहरूले दुइवटा दैलो भद्राक्ष काठको बनाएका थिए। कर्मीहरूले दैलोमा करूब स्वर्गदूत, ताड़को रुख अनि फूलहरू चित्र अङ्कित गरेका थिए। तब तिनीहरूले दैलोलाई सुनले ढाके।

३३तिनीहरूले प्रवेश-द्वारदेखि मुख्य कोठासम्म पनि दैलो बनाएका थिए। तिनीहरूले एउटा चारकुने दैलोको चौखट बनाउनमा भद्राक्षको काठ उपयोग गरे। ३४तब तिनीहरूले ती दैलोहरू बनाउनमा सल्लाको काठ उपयोग गरे। त्यहाँ दुइवटा दैलाहरू थिए। प्रत्येक दैलोको दुइवटा मोडहरू थिए। ३५तिनीहरूले दैलाहरूमा करूब स्वर्गदूत, ताड़को रुख अनि फूलहरूको चित्रले सजाएका थिए। तब तिनीहरूले तिनलाई सुनले ढाकेका थिए।

३६तब तिनीहरूले भित्री आँगन बनाए। त्यस आँगनको वरिपरि भित्ता बनाए। प्रत्येक भित्ता तीन लहर काटेको ढुङ्गा अनि एक लहर धूपीको काठद्वार बनाइएको थियो।

३७तिनीहरूले मन्दिरको निर्माण कार्य वर्षको दोस्रो महीना जिबमैनामा शुरु गरेका थिए। इस्राएलका राजाको रुपमा सुलेमानको चौथो वर्ष बिताएका थिए। ३८मन्दिर वर्षको आठौं महीना बूलमा पूरा भयो। यो समय सुलेमानले जनगण माथि शासन गरेको एघारौं वर्ष थियो। मन्दिरको निर्माण कार्य पूरा हुनमा सात वर्ष लाग्यो। मन्दिरको निर्माण योजना अनुरुप नै भयो।

## सुलेमानको महलको

७ राजा सुलेमानले आफ्नो लागि एउटा महल बनाए। उसको महल बनाउनका लागि यसलाई १३ वर्ष लाग्यो। २उनले “लबानोनको वन” नाउँ भएको भवन बनाए। यो १०० हात लामो, ५० हात चौड़ा अनि ३० हात अग्लो थियो। यसमा चार लहर देवदारका खाम्बाहरू थिए। प्रत्येक खाम्बाको माथि देवदारको मुकुट थियो। ३खाम्बाहरूको लहरमाथि देवदारुका दलमीहरू थिए। तिनीहरूले देवदारुको दलमीहरूको माथि छानाका लागि देवदारुको तख्ता ठोकेका थिए। खाम्बाको प्रत्येक खण्डमा १५ वटा दलमीहरू थिए। सब जम्मा ४५ वटा दलमीहरू त्यहाँ थिए। ४त्यहाँ तीनलहर एकाआर्कामा फर्किएका ढोकाहरू थिए। ५प्रत्येक छेऊमा तीनवटा दैलाहरू थिए। सबै ढोकाहरू अनि चौखटहरू चारकुने थिए।

६सुलेमानले “खाम्बाहरूद्वार मण्डप” पनि बनाए। यो ५० हात लामो अनि ३० हात चौड़ा थियो। द्वार मण्डपको अघि खाम्बाहरूमा आधारित छानो थियो।

७सुलेमानले एउटा सिंहासन कक्ष पनि बनाए जहाँ तिनी जनगणलाई न्याय दिने गर्दथे। उनले त्यसको नाउँ “न्यायको कक्ष” राखेका थिए। त्यो कोठा भुइंदेखि छानासम्म देवदारको काठ ठोकिएको थियो।

८सुलेमान बस्ने महल न्यायको कक्षको भित्र थियो। यो महल न्यायको कक्ष जस्तै बनाइएको थियो। उनले यस्तै प्रकारको घर आफ्नी पत्नी, मिश्रका राजाकी छोरीका लागि बनाएका थिए।

९यी सबै भवनहरू बहुमूल्य ढुङ्गाका टुक्राद्वारा बनाइएका थिए। यी ढुङ्गाहरू आरा द्वारा चाहिएको आकारमा काटिएका थिए। तिनीहरू अघि अनि पछि काटिएका थिए। यी बहुमूल्य ढुङ्गाहरू जगदेखि भित्ताको माथिल्लो तहसम्म लगाइएका थिए। आँगनको वरिपरिको भित्तासम्म बहुमूल्य ढुङ्गाका टुक्राद्वारा बनाइएका थिए। १०जग ठूला-ठूला बहुमूल्य ढुङ्गाहरूद्वारा स्थापित गरिएको थियो। केही ढुङ्गाहरू १० हात लामा अनि अरु ८ हात लामा थिए। ११यी ढुङ्गाहरूको माथि अरु बहुमूल्य ढुङ्गाहरू अनि देवदारका बलाहरू थिए। १२महलको आँगन, मन्दिरको आँगन अनि मन्दिरको मण्डपको वरिपरि भित्ताहरू थिए। ती भित्ताहरू तीन लहर ढुङ्गा अनि एक लहर देवदारुका काठद्वारा मन्दिर निर्मित थियो।

१३राजा सुलेमानले हीराम नाउँ भएको मानिसलाई एउटा सन्देश सोरमा पठाए। सुलेमानले हीरामलाई यरुशलेम बोलाए। १४हीरामकी आमा नप्ताली कुल समूहको इस्राएली थिईन। उनका मृत पिता सोरका थिए। हीराम

काँसाका जिनिसहरू बनाउँथे। तिनी धेरै नै कुशल अनि
अनुभवी कारीगर थिए। यसै कारण राजा सुलेमानले
आउने निम्तो पठाए अनि हीरामले स्वीकार गरे।
यसकारण राजा सुलेमानले हीरामलाई काँसाको कामको
प्रमुख बनाए। हीरामले काँसाद्वारा बनिने सबै जिनिसहरू
बनाए।

**१५**हीरामले काँसाका दुइवटा खाम्बा बनाए। प्रत्येक
खाम्बा १८ हात लामो अनि १२ हात गोलो थियो।
खाम्बाहरू खोक्रा थिए अनि धातु तीन इञ्च* मोटो
थियो। **१६**हीरामले दुइवटा काँसाका मुकुटहरू पनि
बनाए जो ५ हात अग्ला थिए। हीरामले ती मुकुटहरू
खाम्बाको माथि राखे। **१७**तब उनले जालीहरू मुकुटहरू
ढाक्न साङ्लीहरू बनाए। उसले प्रत्येक मुकुटमाथि
सातवटा राखे। **१८**त्यसपछि उनले दारीम जस्तै देखिने
दुइ लहर अलंकरण बनाए। तिनीहरूले खाम्बाहरूको
माथि मुकुटलाई ढाक्नका लागि प्रत्येक खाम्बाको जाली
माथि ती काँसाका दारीमलाई सजाए। **१९**खाम्बामाथि
स्थापित गरिएका खावाँशीरहरू ५ हात अल्गो थिए त्यो
फूलहरू भैं देखिन्थे। **२०**मुकुटहरू खाम्बाहरूमाथि
राखिएका थिए। तिनीहरू सबै बटुका जस्तो जालीको
माथि थिए। त्यस ठाउँमा प्रत्येक मुकुट वरिपरि २००
वटा दारीमहरू लहरहरू सजाएका थिए। **२१**हीरामले ती
दुइ काँसाका खाम्बाहरूलाई मन्दिरको मण्डपमा स्थापित
गरेका थिए। एउटा खाँबो प्रवेश-द्वारको दक्षिणतिर अनि
अर्को उत्तरतिर गाड़िएको थियो। दक्षिणको खाँबोको
नाउँ याकीन राखियो। उत्तरको खाम्बाको नाउँ बोआज
राखियो। **२२**तिनीहरू फूल अकारका मुकुटहरूलाई
खाम्बाहरूको माथि राखे। यस प्रकार दुइवटा खाम्बाको
काम सिध्याइएको थियो।

**२३**तब हीरामले काँसाको गोलो खडकुँलो बनाए।
तिनीहरूले त्यस खडकुँलोको नाउँ "समुद्र" राखे। भाँड़ो
३० हात गोलो थियो। यो १० हात चौड़ा अनि ५
हात गहिरो थियो। **२४**खड़कुण्डो (द्याम्पाको) बाहिरी
छेऊमा एउटा घेरा थियो। घेराको किनारमा भाँड़ोको
वरिपरि काँसाको लौकाहरूको दुइ लहर थियो। काँसाका
लौकाहरू भाँड़ोको चारैतिर जो राखिए एक टुक्रा
घ्याम्पा सँग थियो। **२५**भाँड़ो १२ वटा काँसाका
साँढ़ेहरूमाथि राखिएको थियो। सबै १२ वटा साँढ़ेहरू
भाँड़ोको बाहिर हेरिरहेका थिए। तीनवटाले उत्तर तिर
हेरेका थिए, तीनवटा पूर्व, तीनवटा दक्षिण अनि तीनवटा
पश्चिमतिर हेरेका थिए। **२६**भाँड़ोको मोटाइ एक बित्ता
मोटो थियो। भाँड़ोको घेरो प्यालाको घेरो अथवा
फूलका पत्रदल जस्तै थियो। भाँड़ोमा २,००० पाथी*
अाँटथ्यो।

**२७**तब हीरामले दशवटा काँसाको ठेलागाड़ाहरू बनाए।
प्रत्येक ४ हात लामो, ४ हात चौड़ा अनि ३ हात
अग्ला थिए। **२८**ठेलागाड़ाहरू चौखटमा चारकुने पाटा
ठोकेर बनाइएका थिए। **२९**ती लौका अनि घेराहरूमाथि
पाटा अनि चौखटहरूमा काँसाका सिंह, साँढ़े अनि
करूब स्वर्गदूतहरू कुँदिएका थिए माथि अनि तल
सिंहहरू र साढेहरू फूलहरू कुदेर कांसलाई मार्तो तले
पिटेर बनाएका थिए। **३०**प्रत्येक ठेला-गाड़ीमा चारवटा
काँसाका चक्काहरू धुराहरू समेत थिए। कूनामा ठूलो
भाँड़ोको आधारकालागि काँसाको टेकुआ बनाइएको थियो।
टेकुआहरूमा काँसालाई पिटेर बनाइएका फूलका आकारहरू
थिए। **३१**त्यहाँ बट्टुकाको मथिल्लो खुल्ला भागको
वरिपरिको निम्ति एउटा आधार थियो, आधार एक हात
अग्लो अनि व्यासको खोल्ने डेढ़ हातहरू थिए।
**३२**चौखटको तल चारवटा चक्काहरू थिए। चक्काहरू,
डेढ़ हात व्यास भएका थिए। चक्काहरूको माभ
धुराहरू ठेलागाड़ासँग जोडिएको थियो। **३३**चक्काहरू
रथका चक्काहरू जस्तै थिए। चक्काको जम्मै जिनिस-धुरी,
घेरो, डन्डीहरू तथा धुराहरू काँसाको बनाइएको थियो।

**३४**प्रत्येक ठेलागाड़ाको चार कुनामा चारवटा आधारहरू
थिए। तिनीहरू सबै ठेलागाड़ासँग जोडिएका थिए।
**३५**प्रत्येक ठेला गाड़ाकोमाथि वरिपरि आधा हात अग्लो
गोलो घेरा थियो। त्यसलाई एउटै बनाउनलाई त्यो
त्यसका आधारहरूसित जोड़िएको थियो। **३६**ठेलागाड़ाको
बगल अनि चौखटमा करूब स्वर्गदूतहरू, सिंह अनि
ताड़को रुखहरूको काँसाको चित्रहरू थिए। यी चित्रहरू
ठेलगाड़ीको सबै ठाउँमा अंकित गरिएका थिए जहाँ-जहाँ
कोठाहरू थिए। ठेलागाड़ाको वरिपरि भएको चौखटमा
फूलहरूका नक्सा कुँदिएका थिए। **३७**हीरामले एकै
प्रकारका दशवटा ठेलागाड़ाहरू बनाए। प्रत्येक गाड़ा
गलेको काँसाबाट अनि ढालेरे बनाएको थियो। यसकारण
सबै गाड़ाहरू एउटै नाप अनि आकारमा बनाएको
थियो।

**३८**हीरामले दशवटा बटुकाहरू पनि बनाए। दशवटा
ठेलागाड़ा मध्ये प्रत्येकका लागि एउटा बटुको थियो।
प्रत्येक बटुको चार हात चौड़ा थियो। बटुकोमा लगभग
४० पाथी क्षमता थियो। **३९**हीरामले मन्दिरको दक्षिणतिर
पाँचवटा अनि उत्तरतिर अरु पाँचवटा ठेलागाड़ीहरू
स्थापित गरेका थिए। **४०-४५**हीरामले भाँडाहरू, बेल्चा
अनि स साना बटुकाहरू बनाए। हीरामले सबै जिनिसहरू
राजा सुलेमानले मागे अनुसार बनाए। परमप्रभुकोको
मन्दिरका लागि हीरामले बनाएका सामानहरूको सूची
यस्तो छ:

२ खाम्बाहरू खाम्बाहरूको माथि बटुका जस्ता
२ मुकुटहरू वरिपरि ढाक्ने
२ जालीहरू दुइवटा जालीका लागि

---

**३ इञ्च** अर्थात चार अङ्गुल!

**२,००० पाथी** अर्थात ११,००० गैलन!

४०० वटा दारीमहरू। खाम्बाहरूको माथि दुइवटा
बटुकाहरूलाई ढाक्ने प्रत्येक जालीका दुइलहर
दारीमहरू थिए।
प्रत्येक ठेलागाड़ामा बटुका भएको दशवटा
ठेलागाड़ाहरू। तल बाह्रवटा साढ़ेहरू माथि
ठूलो भाँड़ो। भाँड़ाहरू, स-साना बेल्चाहरू,
स साना बटुकाहरू अनि सबै भाँड़ाकूड़ाहरू
परमप्रभुको मन्दिरकालागि।

हीरामले यी सबै सामानहरू राजा सुलेमानले चाहे
अनुसार नै बनाए। तिनीहरू सबै पालिस लगाएको
काँसाका बनाइएका थिए। **४६-४७**सुलेमानले यी चीजहरू
बनाउनमा उपयोग गरिएको काँसा कहिले पनि जोखेनन्।
जोख्नु उचित थिएन। यस कारण काँसाको सम्पूर्ण
ओजन थाह भएन। राजाले यी चीजहरू सुक्कोत र
शरतानबीच यर्दन नदीको छेऊमा बनाउने आदेश दिएका
थिए। तिनीहरूले यी जिनिसहरू काँसा गलाएर अनि
भूइँमा बनाइएको साँचोमा ढालेर बनाए।
**४८-५०**सुलेमानले धेरै सुनका सामानहरू मन्दिरका
लागि बनाउने आदेश पनि दिए। सुलेमानले मन्दिरका
लागि सुनद्वारा बनाउन लगाएका सामानहरू यी हुन्:

सुनको वेदी; सुनलो टेबल (परमेश्वरलाई
चढ़ाइएको विशेष रोटी यस यहाँ राखिन्थ्यो।)
सुनको सामादान (महापवित्र स्थानको अघि
उत्तरतिर पाँचवटा अनि दक्षिणतिर पाँचवटा थिए);
सुनका फूलहरू, दियोहरू अनि चिम्टाहरू;
शुद्ध सुनका कचौराहरू, बाती छिमल्ने कैंचीहरू,
स-साना कचौराहरू, थालहरू अनि कोइला बोक्ने
धूपौराहरू; मुख्य कक्षका दैलाहरूका लागि तथा
भित्री कोठा (अति पवित्रस्थल) को दैलाहरूका
लागि सुनका कब्जाहरू बनाए।

**५१**यस प्रकार राजा सुलेमानले परमप्रभुको मन्दिरका
लागि आफूले चाहे अनुरुप काम पूरा गरे। तब राजा
सुलेमानले ती सबै जिनिसहरू जम्मा गरे जो उनका
पिता दाऊदले यस उदेश्यका लागि जोगाएर राखेका
थिए। उनले यी चिजहरू मन्दिरमा ल्याए। उनले चाँदी
र सुन परमप्रभुको मन्दिरको भण्डारमा थन्काए।

## मन्दिरमा करारको सन्दूक

**८** त्यसपछि राजा सुलेमानले इस्राएलका बूढ़ा-प्रधानहरू,
विभिन्न कुल-वंशका प्रमुखहरू, र इस्राएलका
कुल-वंशहरूका अगुवाहरूलाई बोलाए। उनले तिनीहरूलाई
यरुशलेममा आउने आदेश दिए। सुलेमानले परमप्रभुको
करारको सन्दूकलाई दाऊदको शहरबाट जसलाई सियोन
पनि भनिन्थ्यो, ल्याउन चाहन्थे। **२**यसकारण सबै
इस्राएलका मानिसहरू वर्षको सातौं महीनामा त्यसको
महीनाको चाड़को समयमा मानिसहरू सुलेमानसित भेला
हुन्थे।
**३**इस्राएलका सबै बूढ़ा प्रधानहरू त्यस ठाउँमा पुगे।
तब पूजाहारीहरूले पवित्र सन्दूक उठाए। **४**तिनीहरूले
भेट हुने पाल अनि पालमा रहेका सबै पवित्र चीज-बीजहरू
समेत परमप्रभुको पवित्र सन्दूक सित बोके। लेवीकुहरूले
यी सामानहरू बोक्नमा पूजाहारीलाई सघाए। **५**राजा
सुलेमान अनि इस्राएलका सारा समुदाय करारको सम्झौता
सन्दूक अघि भेला भए। तिनीहरूले धेरै बलिहरू
चढ़ाए। तिनीहरूले यति धेरै भेड़ाहरू अनि पशुहरू मारे,
कुनै मानिसले गन्ती गर्न सकेन। **६**तब पूजाहारीहरूले
परमप्रभुकोको करारको सन्दूकलाई यथा स्थानमा स्थापित
गरे। यो ठाउँ मन्दिरमा महा पवित्र स्थानको भित्र
थियो। करारको सन्दूकलाई करूब स्वर्गदूतहरूको पखेटाको
तल स्थापित गरियो। **७**करूब स्वर्गदूतहरूका पखेटा
पवित्र सन्दूक माथि फिँजिएका थिए। तिनीहरूले पवित्र
सन्दूक अनि यसको खाम्बाहरूलाई ढाकि दिए। **८**यी
थाम्ने खाम्बाहरू धेरै लामा थिए। अति पवित्र स्थानको
अघि उभिने कुनै मानिसले खाम्बाहरूको छेऊ देख्न
सकथ्यो। तर बाहिरबाट कुनैपनि मानिसले तिनीहरूलाई
देख्न सक्दैन थिए। खाम्बाहरू आज पनि त्यहाँ छन्।
**९**पवित्र सन्दूक भित्र मात्र दुइवटा ढुङ्गाका पाटीहरू
थिए। यी पाटीहरू तिनै थिए जसलाई मोशाले होरेब
नाउँ भएको ठाउँमा पवित्र सन्दूकभित्र राखेका थिए।
होरेब त्यो ठाउँ थियो जहाँ परमप्रमभुले इस्राएलका
मानिसहरूसँग तिनीहरू मिश्रबाट बाहिर निस्केपछि करार-
बन्धन गरेका थिए।
**१०**पूजाहारीहरूले पवित्र सन्दूकलाई अति पवित्र
स्थानमा स्थापित गरे। जब पूजाहारीहरू पवित्र स्थानबाट
बाहिर आए, परमेश्वरको मन्दिरमा बादल भरियो।
**११**पूजाहारीहरूले आफ्नो काम निरन्तर गर्न सकेनन
किनभने मन्दिर परमेश्वरको महिमाले भरियो। **१२**तब
सुलेमानले भने:
"परमप्रभुले अकाशमा चम्काउँन घाम बनाउनुभयो,
तर उहाँले कालो बादलमा बस्न मन पराउनुभयो।
**१३**मैले तिम्रो लागि अचम्मको मन्दिर बनाएं एउटा
ठाउँ जहाँ तिमी सँधै बस्ने छौ।"
**१४**इस्राएलका सबै मानिसहरू त्यहाँ उभिएका थिए।
यसर्थ राजा सुलेमान तिनीहरूतिर फर्किए अनि परमेश्वरलाई
तिनीहरूका लागि आशीर्वाद दिने बिन्ती गरे।
**१५**तब राजा सुलेमानले भने, "परमप्रभु इस्राएलका
परमेश्वरको प्रशंसा होस्। उहाँले परमप्रभुले भन्नुभयो
उहाँले मेरो पितासँग प्रतिज्ञा गर्नु भएको पूरा
गर्नु भयो।
**१६**'मैले इस्राएलका मानिसहरूलाई मिश्रबाट ल्याएको
दिनदेखि अहिले सम्म मेरै सत्कारमा मन्दिर निर्माण

गर्नका लागि इस्राएलको परिवार समूहहरूबाट कुनै
शहरलाई छानेको थिइन। तर इस्राएलका मानिसहरूमाथि
शासन गर्नका लागि मैले दाऊदलाई मन पराएको छु।'
१७"मेरा पिता दाऊदले परमप्रभु इस्राएलका परमेश्वरको
सत्कार गर्नका लागि एउटा मन्दिर बनाउन साह्रै नै
चाहेका थिए। १८तर परमप्रभुले मेरा पिता दाऊदलाई
भन्नु भएको थियो, 'म जान्दछु, मेरो सत्कारका लागि
तिमी एउटा मन्दिर बनाउन साह्रै नै इच्छुक छौ, अनि
यो राम्रो कार्य हो, तिमी मेरो मन्दिर बनाउन चाहन्छौ।
१९तर तिमी नै त्यो मानिस होइनौ जसलाई मैले मन्दिर
बनाउनका लागि रोजेको छु। तिम्रो छोराले मेरो मन्दिर
बनाउने छ!'

२०"यसकारण परमप्रभुले त्यो प्रतिज्ञा पूरा गर्नु भएको
छ, जो उहाँले दिनुभएको थियो। अहिले म मेरा पिता
दाऊदको ठाउँमा राजा छुँ। अब म परमप्रभुले भन्नुभए
जस्तै इस्राएलका मानिसहरू माथि शासन गर्ने छुँ।
परमप्रभु इस्राएलका परमेश्वरको लागि मैले मन्दिरको
निर्माण गरें। २१मैंले मन्दिरमा पवित्र सन्दूकका लागि
एउटा ठाउँ बनाएँ। पवित्र सन्दूकभित्र परमप्रभुले हाम्रा
पुर्खाहरूसित गर्नुभएको करार-पत्र छ। परमप्रभुले जब
करार गर्नुभयो तब उहाँले हाम्रा पुर्खाहरूलाई मिश्रबाट
बाहिर निकाल्नु भयो।"

२२तब सुलेमान परमप्रभुको वेदी अघि उभिए। सबै
मानिसहरू उनको अघि उभिएका थिए। राजा सुलेमानले
आफ्नाले हात फिँजाए अनि अकाशतिर हेरेर। २३उनले
भने:

"परमप्रभु, इस्राएलका परमेश्वर, अकाश अथवा
धरतीमा तपाईं जस्तो अरु कुनै परमेश्वर छैन। तपाईंले
आफ्ना भक्तहरूसँग करार गर्नुभएको छ किनभने तपाईं
उनीहरूलाई प्रेम गर्नु हुन्छ तपाईं आफ्नो वचनलाई पूरा
गर्नुहुन्छ तपाईं तपाईंको अनुसरण गर्ने मानिसहरूका
लागि दयालु अनि साँचो हुनुहुन्छ। २४तपाईंले आफ्ना
सेवक, मेरा पिता दाऊदसँग प्रतिज्ञा गर्नु भएको थियो
तपाईंले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो तपाईंले प्रतिज्ञा
आफ्नै मुखबाट गर्नु भएको थियो। अनि आफ्नो विशाल
शक्तिको बलमा तपाईंले आफ्नो प्रतिज्ञालाई आज सत्य
साबित गर्नुभयो। २५अब, हे परमप्रभु, इस्राएलका
परमेश्वर, तपाईंले आफ्ना सेवक तथा मेरा पिता
दाऊदसँग गरेको अर्को प्रतिज्ञा पूरा गर्नुहोस्। तपाईंले
भन्नुभएको थियो, 'दाऊद, तिम्रा छोराहरूले ध्यानसँग
मेरा आज्ञा पालन गरुन् जसरी तिमीले गरेका थियौ।
यदि तिनीहरूले यसो गरे भने तिम्रा वंशबाट कसैले
सँधैनै इस्राएलका मानिसहरूमाथि शासन गर्ने छ।'
२६अनि फेरि, हे, परमप्रभु इस्राएलका परमेश्वर, म
तपाईंलाई मेरा पितासँग गरेको प्रतिज्ञालाई निरन्तर राख्न
अनुरोध गर्दछु।

२७"तर, मेरा परमेश्वर! तपाईं साँच्चै पृथ्वीमाथि
बस्न गर्नु हुन्छ? सम्पूर्ण अकाश अनि स्वर्गको सर्वोच्च
स्थानले पनि तपाईंलाई राख्न सक्दैन। तब मैंले बनाएको
यस घरले तपाईंलाई कसरी राख्न सक्छ? २८तर कृपया
मेरा प्रार्थना अनि मेरो अनुरोध सुनी दिनुहोस्। म
तपाईंको सेवक हूं अनि तपाईं मेरो परमेश्वर हुनुहुन्छ।
मेरो यो प्रार्थना सुनीदिनु होस्। आज तपाईंसंग प्रार्थना
गरिरहेको छु। २९विगतमा तपाईंले भन्नु भएको थियो,
'मेरो सत्कार गरिनेछ।' यस कारण यस मन्दिरलाई
रात-दिन हेर्नुहोस्। यस मन्दिरमा गरेको प्रार्थना सुनीदिनुहोस्।
३०परमप्रभु, म अनि तपाईंका मानिसहरू यस ठाउँमा
आउने छौं अनि तपाईंमा प्रार्थना गर्ने छौं। कृपया
प्रार्थनासुनी दिनुहोस्! हामी जान्दछौं, तपाईं स्वर्गमा बस्नु
हुन्छ। हामी हाम्रो प्रार्थना सुनीदिने अनि हामीलाई क्षमा
गर्न अनुरोध गर्दछौं।

३१"यदि एउटा मानिसले अर्को व्यक्तिको विरुद्ध
पापहरू गऱ्यो भने, उसलाई यहाँ वेदीमा ल्याईन्छ। यदि
त्यो मानिस दोषी छैन भने, तब उसले उसलाई निर्दोष
छु भनि शपथ खान लगाउनेछु। ३२तब स्वर्गमा
उसलाई सुन्नुहोस् अनि उसप्रति न्याय गर्नुहोस्। यदि
मानिस दोषी छ भने उसलाई कृपा गरेर दोषी देखाउनुहोस्।
अनि यदि मानिस निर्दोष छ भने कृपया उसलाई निर्दोष
भएको देखाउनु होस्।

३३"कहिले काँही तपाईंका मानिसहरूले तपाईंको
विरुद्धमा पाप कार्य गरे भने उनका शत्रुहरूले उनीहरूलाई
परास्त गर्छन्। तब मानिसहरू तपाईंतिर फर्किन्छन् अनि
तपाईंमा प्रार्थना गर्नेछन्। मानिसहरूले यस मन्दिरमा नै
तपाईंको प्रार्थना गर्नेछन्। ३४कृपया उनीहरूलाई स्वर्गबाट
सुनि दिनुहोस्। तपाईंको मानिसहरूको पापलाई क्षमा गरि
दिनुहोस् अनि तिनीहरूलाई आफ्नो धरती फेरि प्राप्त गर्न
दिनुहोस्। तपाईंले यो धरती उनका पुर्खाहरूलाई दिनु
भएको थियो।

३५"कहिले काँही तिनीहरू तपाईंको विरुद्धमा पापकार्य
गर्छन् अनि तपाईंले तिनीहरूको धरतीमा पानी पर्न नै
बन्द गरी दिनुहुन्छ। तब तिनी यस ठाउँतिर फर्केर
प्रार्थना गर्नेछन् अनि तपाईंको नाउँको स्तुति गर्नेछन्।
तपाईंले तिनीहरूलाई दु:ख दिनुहुन्छ अनि तिनीहरू
आफ्नो पाप कार्यका लागि अफशोच गर्नेछन्। ३६यसर्थ
कृपया स्वर्गमा नै तिनीहरूको प्रार्थना सुनि दिनुहोस्। तब
हाम्रो पाप क्षमा गर्नुहोस्। मानिसहरूलाई सही बाटोमा
हिंड्ने ज्ञान दिनुहोस्। तब, हे परमप्रभु तिनीहरूलाई
दिएको धरतीमा पानी पार्नुहोस्।

३७"धरती साह्रै नै सुक्खा हुनसक्छ अनि यसमा कुनै
अन्न उम्रिने छैन। अथवा जनसाधारणमा महामारी फिँजिन
सक्छ। हुन सक्छ, फल्दै गरेको सबै अन्नहरू कीराहरूद्वारा
नष्ट हुनेछ। हाम्रा मानिसमाथि केही शहरहरूमा तिनका
शत्रुहरूद्वारा आक्रमण हुनेछ। अथवा हाम्रा धेरै मानिसहरू
बीमार हुनेछन्। ३८जब यस मध्ये कुनै एउटा घटछ

अनि जब एउटा व्यक्ति अथवा इस्राएलीहरूले तिनीहरूको
पापहरूको क्षमा माङ्ग छ अनि तिनीहरूले यस मन्दिरबाट
तपाईंकहाँ हात उठाउँछु। ३९तपाईंले आफ्नो वासस्थान
स्वर्गबाट कृपया उसको प्रार्थना सुनिदिनु होस्। मानिसहरूको
मनभित्रके छ। तपाईंले मात्र जान्नुहन्छ। यसकारण
प्रत्येक मानिससित उसले गरेका कार्य अनुसार व्यवहार
गर्नुहोस्। ४०यस्तो गरी दिनु होस् जसले गर्दा तपाईंका
मानिसहरू जतिञ्जेलस बाच्ने छन् त्यतिञ्जेल डराउने
गर्नेछन्, जबसम्म तपाईंले हाम्रा जो पिता-पुर्खाहरूलाई
दिनभएको भूमिमा तिनीहरूलाई बस्न दिनु हुनेछ।

४१-४२“अरु ठाउँका मानिसहरूले तपाईंको महानता
र क्षमताको विषयमा सुन्नेछन्। तिनीहरू टाढ़ा-टाढ़ाबाट
यस मन्दिरमा प्रार्थना गर्न आउने छन्। ४३स्वर्गको
आफ्नै वासस्थानबाट तिनीहरूको प्रार्थना सुनि दिनुहोस्।
कृपया अरु ठाऊँका मानिसहरूले भनेको कुरा विचार
गरिदिनुहोस्। तब ती मानिसहरू डराउने छन अनि
इस्राएलका मानिस सरह तपाईंको आदर गर्नेछन्। तब
सबै ठाऊँका मानिसहरूले जान्नेछन्, मैंले तपाईंको
सम्मानमा यो मन्दिर बनाएँ।

४४“कहिले-कहिले तपाईं आफ्ना भक्तजनलाई
तिनीहरूका शत्रुहरूको विरुद्धमा युद्ध गर्ने आदेश दिनुहुन्छ।
तब तपाईंका मानिसहरू यस शहरतिर बढ़ने छन् जुन
तपाईंले चुन्नुभएको थियो अनि मैंले तपाईंको सम्मानमा
यस मन्दिरको निर्माण गरेको छु। तिनीहरू तपाईंमा
प्रार्थना गर्नेछन्। ४५त्यस समयमा स्वर्गको आफ्नै
वासस्थानबाट तिनीहरूको प्रार्थना सुनि दिनुहोस् अनि
तिनीहरूलाई सहायता गर्नुहोस्।

४६“तपाईंका मानिसहरूले तपाईंका विरुद्धमा पाप
गर्नेछन्। म यो जान्दछु किनभने प्रत्येक मानिसले पाप
गर्छ। तब तिनीहरूसँग तपाईं क्रोधित हुनुहुनेछ र
तपाईंको क्रोधद्वारा। तपाईंले तिनका शत्रुहरूलाई
तिनीहरूमाथि विजय हासिल गराउनु हुनेछ। तिनीहरूका
शत्रुहरूले तिनीहरूलाई बन्दी बनाउने छन् अनि टाढ़ा
नजीक कतै अर्को जग्गामा राख्नेछन्। ४७त्यस टाढ़ाको
ठाऊँमा तपाईंका मानिसहरूले के भयो भनी सोच्ने
छन्। आफ्नो पाप कार्यका लागि तिनीहरू क्षमा-याचना
गर्नेछन् अनि तपाईंमा प्रार्थना गर्नेछन्। तिनीहरू भन्ने
छन्, ‘हामीले पाप गरेका छौं अनि भूल गरेका छौं।’
४८तिनीहरू ती टाढ़ा ठाऊँमा कैदीहरू हुनेछन्। तर यदि
तिनीहरू कैदीमा हुदा सम्पूर्ण हृदयले तपाईं कहाँ
आउँछन् अनि तिनीहरू तपाईंले भूमिलाई हेर्दै प्रार्थना
गर्छ जुन तपाईंले तिनीहरूका पिता-पूर्खालाई दिनु भएको
थियो। यस शहरलाई तपाईंले चुन्नु भएको थियो अनि
यो मन्दिर तर्फ जुन मैले तपाईंको सम्मान मा बनाए।
४९तपाईंले तिनीहरूलाई तपाईंको निवास स्थान स्वर्गबाट
सुनि दिनुहोस् अनि तिनीहरूसित राम्रो व्यवहार गर्नुहोस्।
५०तपाईंका मानिसहरूका सबै पाप क्षमा गरिदिनुहोस्।
अनि तपाईंको विरुद्धमा गरेको पाप क्षमादान दिनुहोस्।
तिनीहरूका शत्रुहरूलाई तिनीहरूप्रति दयालु बनाइ दिनु
होस्। ५१सम्झना रहोस, तिनीहरू तपाईंकै जाति हुन।
सम्झना रहोस, तिनीहरूलाई तपाईंले नै मिश्रबाट ल्याउनु
भएको हो। यसो गरेर तिनीहरूलाई तपाईंले बलेको
आगोबाट बचाउनु भएको थियो।

५२“हे परमप्रभु परमेश्वर, कृपया मेरो प्रार्थना सुनिदिनु
होस् अनि इस्राएलका आफ्ना मानिसहरूको प्रार्थना
सुनिदिनु होस्। तिनीहरूको प्रार्थना कुनै पनि बेला
सुनिदिनुहोस् जब तिनीहरू सहायताका लागि तपाईंसंग
बिन्ती गर्छन्। ५३तपाईंले तिनीहरूलाई पृथ्वीका सबै
मानिसहरूबाट आफ्ना विशेष मानिसहरूको रुपमा
चुन्नुभएको छ। परमप्रभु तपाईंले हाम्रो लागि यस्तो
गर्नेछु भनी वचन दिनुभएको थियो। तपाईंले आफ्नो
सेवक मोशालाई मिश्रबाट हाम्रा पुर्खाहरूलाई ल्याउनमा
प्रयोग भएको थियो।”

५४सुलेमानले परमेश्वरसँग त्यो प्रार्थना गरे। उनले
वेदीको अघि घुँड़ा टेकेका थिए। सुलेमानले आफ्नो
पाखुरा स्वर्गतिर उठाएर प्रार्थना गरे। तब सुलेमानले
प्रार्थना सिध्याए अनि उभिए। ५५तब उनले परमेश्वरसँग
ठूलो स्वरमा इस्राएलका मानिसहरूलाई आशीष दिने
बिन्ती गरे। सुलेमानले भने:

५६“परमेश्वरको स्तुति गर! उहाँले इस्राएलका आफ्ना
मानिसहरूलाई शान्ति दिने प्रतिज्ञा गर्नुभएको छ। अनि
उहाँले हामीलाई शान्ति दिनुभएको छ! परमप्रभुले
आफ्नो सेवक मोशालाई प्रयोग गर्नु भएको थियो अनि
इस्राएलका मानिसहरूलाई धेरै राम्रा-राम्रा प्रतिज्ञा गर्नु
भएको थियो। अनि परमप्रभुले आफ्नो प्रत्येक प्रतिज्ञालाई
पूरा गर्नु भएको छ! ५७म प्रार्थनागर्छु, परमेश्वर सँधै
हामीसँग हुनुहुनेछ जसरी उहाँ हाम्रा पुर्खाहरूसँग हुनुहुन्थ्यो।
म प्रार्थनागर्छु, परमप्रभुले कहिलेपनि हामीलाई
छोड़नुहुनेछैन। ५८म प्रार्थनागर्छु हामी उहाँतिर फर्कनेछौं
अनि उहाँको अनुसरण गर्नेछौं। तब हामी ती सबै ऐन,
निर्णय र आदेशहरू पालन गर्ने छौं जो उहाँले हाम्रा
पुर्खाहरूलाई दिनुभएको थियो। ५९म आशा गर्छु, हाम्रा
परमप्रभुले सँधै नै यो प्रार्थना सम्झना गर्नुहुनेछ जुन मैंले
चढ़ाएको छु। म प्रार्थना गर्छु, परमप्रभुले आफ्नो सेवक
राजा अनि इस्राएलका मानिसहरूका लागि यी सबै
कामहरू गर्नुहुनेछ। म प्रार्थना गर्छु उहाँले यो काम
प्रत्येक दिन गर्नु हुनेछ। ६०(जब परमप्रभुले यी
कार्यहरू गर्नु हुनेछ।) तब संसारका सबै मानिसहरूले
जान्नेछन हाम्रा परमप्रभु नै सत्य परमेश्वर हुन हुन्छ।
६१सबै मानिसहरूले परमप्रभु हाम्रा परमेश्वर प्रति भक्त
र सत्य हुनुपर्छ। तिमीले सँधै नै उहाँको विधि-विधान र
आदेशहरू अनुसरण र पालन गर्नुपर्छ। तिमीले भविष्यमा
पनि नियमित रूपमा नियम पालन गर्नुपर्छ जस्तो अहिले
गर्दैछौं।”

६२तब राजा सुलेमान अनि इस्राएलका सबै मानिसहरूले
उनीसँगै परमप्रभुलाई बलि चढ़ाए। ६३सुलेमानले
२२,००० साँढ़े अनि १,२०,००० भेड़ाहरू बलि
चढ़ाए। यी सबै मेलबलि भेंट बलि थिए। यस प्रकार
इस्राएलका राजा अनि मानिसहरूले परमप्रभुलाई मन्दिर
समर्पण गरेर।

६४त्यस दिन राजा सुलेमानले मन्दिर अघिको आंगन
पनि समर्पण गरे। उनले होमबलि, अन्नबलि अनि
पशुहरूको बोसो चढ़ाए जुन मेलबलि समर्पण थियो।
राजा सुलेमानले यी बलि अनि भेंटीहरू आंगनमा
चढ़ाए। उनले यसो गरे किनभने भित्र परमप्रभुको अघि
बनाइएको काँसाको वेदीमा यी सबै चीजहरू अटाऊँदैन
थियो।

६५यसकारण यस प्रकार राजा सुलेमान अनि इस्राएलका
सबै मानिसहरूले त्यस समयमा चाड़ मनाए। सम्पूर्ण
इस्राएलीहरू उत्तरमा हमात पासदेखि मिश्र नदीको
सीमानाहरूसम्म त्यहाँ थिए। त्यहाँ एउटा ठूलो मानिसहरूको
भिड थियो। तिनीहरू परमप्रभुको सामुने जम्मा भएका
थिए। तब तिनीहरू अझै सात दिनसम्म त्यहाँ बसे।
तिनीहरूले सबैजम्मा १४ दिन चाड़ मनाए। ६६अर्को
दिन सुलेमानले मानिसहरूलाई घर फर्किने आदेश दिए।
तिनीहरू सबैले राजालाई धन्यवाद दिए अनि सबै खुशी
मनाउँदै घर फर्किए। तिनीहरू खुशी थिए किनभने
परमप्रभुले उहाँको सेवक दाऊद र इस्राएलका सबै
मानिसहरूका निम्ति यी सबै राम्रो कार्यहरू गर्नु भएको
थियो।

## परमेश्वर सुलेमानकहाँ फेरि आउँनु हुन्छ

९ यस प्रकार सुलेमानले परमप्रभुको मन्दिर अनि
आफ्नो महलको निर्माण कार्य पूरा गरे। सुलेमानले
ती सबै चीजहरू बनाए जो उनी बनाउन चाहन्थे। २तब
परमप्रभु सुलेमानको सामु त्यसरी नै फेरि प्रकट हुनु
भयो जसरी यस अघि गिबोनमा प्रकट हुन भएको
थियो। ३परमप्रभुले उनलाई भन्नुभयो: “मैले तिम्रो
प्रार्थना सुनें। मैले ती कुराहरू सुनें जुन तिमीले मलाई
गर्ने बिन्ती गरेका थियौ। तिमीले यो मन्दिर बनायौ।
अनि मैले यसलाई पवित्र स्थल बनाएँ। यसकारण मेरो
त्यहाँ सदा-सर्वदा सत्कार हुनेछ। मैं यसकोमाथि नजर
राख्नेछु अनि यसको विषयमा सँधै विचार राख्ने छु।
४तिमीले मेरो सेवा त्यसरी नै गर जसरी तिम्रा पिता
दाऊदले गरेका थिए। उनि असल र इमान्दारी थिए र
तिमीले मैले आज्ञा गरेका सबै कुरा मानेर मेरा
विधि-विधानहरू पालन गर्नै पर्छ।

५“यदि तिमीले यी सब कामहरू गर्‍यौ भने मैं तिम्रो
परिवारबाट एक जनालाई सँधै इस्राएलको राजा बनाउँनेछु
भनी बचन दिन्छु। मैले तिम्रा पिता दाऊदसँग यस्तै
प्रतिज्ञा गरेको थिएँ। मैले उनलाई भनेको थिएँ, इस्राएलको
शासन तिम्रो उनको सन्तानहरूबाट एक जनाले चलाउने
छ। ६तर यदि तिमी अथवा तिम्रा सन्तानले मेरो
अनुसरण गर्न छोड़ेमा अनि नियम र आदेश पालन नगरे
जो मैले तिमीलाई दिएको छु अनि यदि तिमीले अर्कै
देवताहरूको पूजा र प्रार्थना गर्न थाल्यौ भने, ७तब म
इस्राएललाई त्यो भूमि छोड़न वाध्य गराउने छु जुन मैले
तिनीहरूलाई दिएको थिएँ, अनि त्यो अरु मानिसहरूका
लागि इस्राएल एउटा उदाहरण हुनेछ। अरु मानिसहरू
इस्राएलमाथि हाँसो गर्नेछन्। मैले मन्दिरलाई पवित्र
बनाएको छु अनि यो त्यो ठाऊँ हो जहाँ मानिसहरूले
मेरो उपासना गर्छन् तर यदि तिमीले मेरो अनुसरण
गर्दैनौ भने म यसलाई ध्वंस पार्नेछु। ८यो मन्दिर ध्वंस
हुनेछु। प्रत्येक मानिस जो यसलाई हेर्नेछ, आश्चर्य
चकित हुनेछ। तिनीहरूले सोध्ने छन्, ‘परमप्रभुले यो
मन्दिर र भूमि प्रति यस्तो भयंकर कार्य किन गर्नु
भयो?’ ९अरु मानिसहरूले जवाफ दिनेछन्, ‘यस्तो किन
भयो भने तिनीहरूले परमप्रभु आफ्नो परमेश्वरलाई
त्यागेका थिए। उनले आफ्ना पुर्खाहरूलाई मिश्रबाहिर
ल्याएका थिए। तर तिनीहरूले अरु नै देवताहरूका
अनुसरण गर्ने निर्णय लिए। तिनीहरू ती देवताहरूको
पूजा र सेवा गर्न थाले। यसै कारणले गर्दा परमप्रभुले
यी सबै नराम्रा कार्यहरू तिनीहरूका लागि गरिदिनु
भयो।’”

१०परमप्रभुको मन्दिर अनि राजाको महल बनाउनलाई
राजा सुलेमानलाई बीस वर्ष लाग्यो। ११अनि बीस
वर्षपछि राजा सुलेमानले सोरका राजा हीरामलाई गालीलमा
२० वटा शहरहरू दिए। सुलेमानले राजा हीरामलाई यी
शहरहरू दिए किनभने हीरामले सुलेमानलाई मन्दिर र
महल बनाउनमा सघाउ पुर्‍याएका थिए। हीरामले
सुलमानालाई सबै धूपी र सल्लाका रुख अनि सुन
दिएका थिए जो सुलेमानले मागेका थिए। १२यसर्थ
हीरामले सोरबाट शहरहरू हेर्न यात्रा शुरु गरे जो
सुलेमानले दिएका थिए। जब उनले ती शहरहरू देखे,
उनी खुशी भएनन्। १३उसले राजालाई भने, “मेरा प्रिय
भाइ, के यहि शहरहरू तपाईंले दिनु भएको?” राजा
हीरामले त्यस क्षेत्रको नाउँ काबूल राखे अनि त्यो
क्षेत्रलाई आज पनि काबूल भनिन्छ। १४हीरामले मन्दिर
निर्माणमा काम लगाउन राजा सुलेमानलाई १२० तोडा
सुन पठाएका थिए।

१५राजा सुलेमानले दासहरूलाई उसको महल र
मन्दिर बनाउने काममा वाध्य गराएका थिए। तब उसले
ती दासहरूलाई अरु धेरै सामानरू बनाउने काममा
लगाए। उनले मिलो निर्माण गरे। उनले यरुशलेमको
वरिपरि पर्खाल पनि निर्माण गरे। तब उनले हासोर,
मगिद्दो अनि गेसेर शहरहरू फेरि बनाए।

१६कुनै समय मिश्रका राजाले गेसेर शहर माथि
आक्रमण गरेका थिए यसलाई भस्म पारेका थिए।

उनले कनानी मानिसहरूलाई मारे जो त्यहाँ बस्ने गर्दथे।
सुलेमानले फिरऊनकी छोरीसँग विवाह गरे। यस कारण
फिरऊनले त्यो शहर सुलेमानलाई विवाहको दाइजोको
रुपमा दिए। १७सुलेमानले त्यो शहर फेरि बनाए।
सुलेमानले तल्लो बेत-हेरोन पनि बनाए। १८राजा सुलेमानले
यहूदा मरुभूमिमा बालात र तामार शहर पनि बनाए।
१९राजा सुलेमानले ती शहरहरू पनि बनाए जहाँ अन्न
र चीजहरू राख्नेगरे अनि उनले आफ्ना रथ अनि
घोड़ाहरूका लागि ठाउँ बनाए। राजा सुलेमानले धेरै
चीजहरू बनाए जो उनले यरुशलेम, लबानोन अनि
अन्य आफूद्धारा शासित ठाउँहरूमा चाहेका थिए।'

२०ती ठाउँहरूमा जो मानिसहरू थिए तिनीहरू इस्राएली
थिएनन्। ती मानिसहरू एमोरी, हित्ती, परिज्जी, हिब्बी
अनि यबूसी थिए। २१इस्राएलीहरू ती मानिसहरूलाई
सर्वनाश पार्न योग्य भएनन्। तर सुलेमानले तिनीहरूलाई
दासको रुपमा काम गर्न वाध्य गराए। तिनीहरू अझै
पनि दास नै छन्। २२सुलेमानले कुनै इस्राएलीलाई
उनको दास हुन वाध्य गराएनन्। इस्राएलका मानिसहरू
सैनिक, सरकारी अधिकारीहरू, कप्तान अनि रथका
सेनापति र चालक थिए।

२३सुलेमानका योजनाहरूमा ५५० पर्यवेक्षकहरू थिए।
तिनीहरू मानिसहरू हर्ताकर्ता थिए जो काम गर्दथे।
२४फिरऊनकी छोरी दाऊदको शहरबाट महलमा पुगी
जो सुलेमानले उनकै लागि बनाएका थिए। तब उनले
मिल्लो निर्माण गरे।

२५सुलेमान वर्षको तीन पटक वेदीमा होमबलि र
मेलबलि चढ़ाउने गर्दथे। यो त्यही वेदी थियो जसलाई
सुलेमानले परमप्रभुका लागि बनाएका थिए। राजा सुलेमान
परमप्रभुको अघि धूप पनि जलाउँने गर्दथे। तिनले
मन्दिरलाई राम्रो अवस्थामा राखे।

२६राजा सुलेमानले एस्योन गेबेरमा पानी जहाज पनि
बनाए। यो शहर एदोम क्षेत्रमा लाल सागरको किनारमा
एलोत नजिक छ। २७राजा हीरामसित केही मानिसहरू
थिए जो समुद्रको विषयमा मनग्गे जान्दथे। ती मानिसहरू
प्राय: जहाजमा यात्रा गर्दथे। राजा हीरामले ती मानिसहरूलाई
सुलेमानको नाविक बेडामा सेवा गर्न सुलेमानका मानिसहरू
सँग काम गर्न पठाए। २८सुलेमानका जहाजहरू ओपीर
गए। यी जहाजहरूले ओपीरबाट लगभग ४२० तोडा
सुन राजा सुलेमान कहाँ ल्याए।

## शबाकी रानीको सुलेमानसँग भेट

१० शबाकी रानीले सुलेमानको विषयमा सुनेकी
थिइन्। यसकारण तिनी साह्रै अप्ठ्यारा प्रश्नहरू
लिएर उनको जाँच गर्न आइन्। २तिनले सेवकहरूको
साह्रै ठूलो समूह लिएर यरूशलेम तिर यात्रा गरिन्।
ठूलो संख्यामा मसाला, रत्न अनि धेरै सुन बोक्ने
ऊँटहरू पनि तिनीहरूसित थिए। तिनले सुलेमान सँग
भेटं गरिन् अनि उनलाई ती सबै प्रश्नहरू सोधिन् जो
उनले सोचेकी थिइन्। ३सुलेमानले सबै प्रश्नहरूको
उत्तर दिए। तिनको कुनै पनि प्रश्नको उत्तर दिनका
लागि अप्ठ्यारो थिएन। ४शीबाकी रानीले सुलेमान
औधी बुद्धिमान छन् भन्ने बुझिन्। उनले त्यो महल
पनि देखिन् जो राजाले बनाएका थिए। ५रानीले खाना
खाने टेबल र खाद्य-सामग्री पनि देखिन्। तिनले राजाका
अधिकारीका बस्ने ठाउँ अनि हाजिर हुने अनि उसके
देखरेख गर्ने नोकरहरूले लगाएका लुगाहरू उनले
उनको भोजन-सामग्री तथा मन्दिरमा गरिएको भेंट
देखिन्। ती सबै चीजहरूले साँच्चै नै उनलाई चकित
पारेर, 'लामो सास फेर्ने बनाइ दिए।'

६यसर्थ रानीले राजालाई भनिन्, "मैले मेरो देशमा
तपाईंको बुद्धि अनि गरेको सबै कामहरूको विषयमा
धेरै कुरा सुनेकी थिएँ अनि प्रत्येक कुरा साँचो छ!
७मैले तबसम्म विश्वास गरेकी थिइन जबसम्म म
आएर आफ्ना आँखाले हेर्न पाएकी थिइन। म देख्दै छु
मैले जे सुनेकी थिएँ, त्यो भन्दा बढ़ी यहाँ छ। तपाईंको
सम्पत्ति र बुद्धि मानिसहरूले बताएको भन्दा धेरै बढ़ी
छ। ८तपाईंले परमप्रभु तपाईंका परमेश्वरको प्रशसा
गर्नु पर्छ किनभने उहाँ खुशी हुनुभयो अनि तपाईंलाई
इस्राएलका राजा बनाउनु भयो। उहाँले तपाईंलाई
इस्राएलका राजा बनाउनु भयो ताकि तपाईंले जुन सही
हो त्यही गर्नु हुन्छ अनि आफ्ना प्रजाहरूसित असल
व्यवहार गर्नु भयो। ९परमप्रभु तपाईंको परमेश्वरको
स्तुति होस्! उहाँले तपाईंलाई इस्राएलको राजा बनाएर
खुशी हुनुहुन्छ। परमप्रभु परमेश्वरले इस्राएललाई सदा-
सर्वदा प्रेम गर्नुहुन्छ। वहाले तपाईंलाई राजा बनाउनु
भयो। यसकारण तपाईंले तपाईंको अधीनसित के सही
हो अनि सचाइले कार्य गर्नु होस।"

१०तब शीबाकी रानीले राजालाई लगभग १२० तोडा
सुन दिइन्। उनले तिनलाई धेरै मसालाहरू र रत्नहरू
पनि दिइन्। शीबाकी रानीले सुलेमानलाई अरु कसैले
इस्राएलमा ल्याएको भन्दा बढ़ी नै मसाला दिइन्।

११हीरामको जहाजले ओपीरबाट सुन ल्याएको थियो।
ती जहाजले धेरै नै विशेष काठ र रत्नहरू पनि
ल्याएका थिए। १२सुलेमानले मन्दिर र महलमा अघि
दलानी बनाउन काठ प्रयोग गरे उसले गाउने बजाउनेहरूका
निम्ति वीणा र सारङ्गी बनाउनमा काठ प्रयोग गरे।
कसैले पनि यस प्रकारको काठ इस्राएलमा ल्याएको
थिएन अनि कसैले पनि त्यस प्रकारको काठ कहिल्यै
देखेको थिएन।

१३तब राजा सुलेमानले शीबाकी रानीलाई ती उपहारहरू
दिए जुन तिनले आफ्नो लागि चुनिन। तब उनले
तिनलाई यस्ता वस्तुहरू दिए जो तिनले मागिन्।
त्यसपछि, रानी र उनका सेवकहरू आफ्नो देश
फर्किए।

१४राजा सुलेमानले प्रत्येक वर्ष तौल ६६६ तोड़ा* सुन प्राप्त गर्दथे। १५व्यापारिक जहाजहरूमा सुन ल्यान छोड़ेर उनी पसले र व्यापारीहरू अनि अरबका राजा तथा देशका प्रशासहरूबाट पनि सुन प्राप्त गर्दथे।

१६राजा सुलेमानले २०० वटा सुनको पाताका ठूला ढालहरू बनाएका थिए। प्रत्येक ढालमा लगभग ६०० शेकेल कुटेको सुन थियो। १७तीन सयवटा सुनको पाताका साना ढालहरू पनि बनाए। प्रत्येक ढालमा लगभग तीन मीना सुन लागेको थियो। राजाले तिनीहरूलाई "लबानोनको वन" नाउँ भएको महलमा राखेका थिए।

१८राजाले ठूलो हातीको दाँतको सिंहासन पनि बनाए। उनले त्यसलाई शुद्ध सुनले ढाके। १९सिंहासनमा पुग्ने छ:वटा सिँढ़ीहरू थिए। सिंहासनको पछिल्लो भागको आकार गोलो थियो। आसनको दुवैतिर बाहुहरू थिए। आसनको बगलहरूको प्रत्येक सिँढ़ीमा दुइवटा सिंहहरूको मूर्तिहरू। २०छ:वटा सिढ़ीमध्ये प्रत्येकमा पनि दुइवटा सिंह थिए। प्रत्येकको अन्तमा एउटा सिंह थियो। अरु राज्यमा यस प्रकारको केही थिएन्। २१सुलेमानका सबै प्याला र गिलासहरू सुनका थिए। अनि "लबानोनको वन" नाउँक महलमा सबै भाँड़ा-कुड़ाहरू शुद्ध सुनका बनाइएका थिए। महलमा केही पनि चांदीको बनाइएको थिएन। सुलेमानको समयमा सुन यति ज्यादा थियो कि मानिसहरू चाँदीलाई महत्वपूर्ण सम्झिदैन थिए।

२२राजासित धेरै व्यापारिक जहाजहरू थिए। ती जहाजहरू हीरामका जहाजहरू सितै यात्रा गर्थ्यो। प्रत्येक तीन वर्षमा एक पल्ट यी जहाजहरूले सुन, चाँदी, हातीको दाँत पुच्छर नभएको वाँदहरू र मजुरहरू ल्याउने गर्थ्यो।

२३सुलेमान धरतीमा सबैभन्दा महान, राजा थिए। उनी सबै राजाहरू भन्दा बढ़ी धनी र बुद्धिमान थिए। २४सबै ठाउँका मानिसहरू राजा सुलेमानलाई हेर्न चाहन्थे। तिनीहरू परमेश्वरले उनलाई दिएको ज्ञान-बुद्धि सुन्न चाहन्थे। २५प्रत्येक वर्ष मानिसहरू राजालाई हेर्न आउँथे। अनि प्रत्येक मानिसले उपहार ल्याउने गर्दथे। तिनीहरू सुन र चाँदीले बनाएको बस्तुहरू, लुगाफाटा, हतियार, मसाला, घोड़ाहरू र खच्चर ल्याउने गर्दथे।

२६यसकारण सुलेमानसँग धेरै-धेरै रथहरू र घोड़ाहरू थिए। उनीसँग १,४०० रथ अनि १२,००० घोड़ाहरू थिए। सुलेमानले ती रथहरूका लागि विशेष शहरहरू बनाए। यसकारण रथहरू ती शहरहरूमा राखिएको थिए। राजा सुलेमानले केही रथहरू यरूशलेममा आफूसँग पनि राखेका थिए। राजाले इस्राएललाई समृद्ध बनाएका थिए। २७राजाले इस्राएललाई एउटा धनी देश बनाए। यरूशलेम शहरमा चाँदी, चट्टान जस्तै सामन्य थियो अनि देवदारको काठ निम्ति भूमितिर उगने प्राशस्त अञ्जीरको रुख जस्तै सामान्य थियो। २८सुलेमानले मिश्र अनि क्यूएवाट घोड़ाहरू ल्याएका थिए। उनका व्यापारीहरूले तिनीहरूलाई क्यूएमा किने अनि इस्राएलमा ल्याए। २९मिश्रको एउटा रथको मोल लगभग ६०० शेकेल चाँदी थियो अनि एउटा घोड़ाको मोल पौने १५० शेकेल चाँदी थियो। सुलेमानलेलाई हित्ती र अरामीका राजाहरूलाई घोड़ा र रथहरू बिक्री गरिदिए।

## सुलेमान अनि उनकी धेरै पत्नीहरू

**११** राजा सुलेमान आइमाईहरूलाई माया गर्दथे। इस्राएल राष्ट्रका नभएतापनि उनी धेरै आइमाईहरूलाई माया गर्दथे। तिनीहरूमा फिरऊन की छोरी, हित्ती आइमाईहरू अनि मोआब, अम्मोन, एदोम र सीदोनका आइमाईहरू थिए। २बितेको समयमा इस्राएलका मानिसहरूलाई परमप्रभुले भन्नु भयको थियो, "तिमीहरूले अर्को राष्ट्रका मानिसहरूसँग विवाह गर्नु हुँदैन। यदि तिमीले गर्‍यौ भने त्यहाँका मानिसहरूले उनीहरूकै देवताहरूको अनुसरण गर्न वाध्य गर्छन्।" तर सुलेमान ती सबै आइमाईहरूको प्रेममा परे। ३सुलेमानका ७०० पत्नीहरू थिए। (यी आइमाईहरू अर्को राष्ट्रका प्रमुखहरूका छोरीहरू थिए।) उनीसँग ३०० दासीहरू पनि थिए जो उनका लागि पत्नी जस्तै नै थिए। उनकी पत्नीहरूले उनलाई परमेश्वरबाट टाढ़ा जान बाध्य गरे। ४जब सुलेमान बुढ़ा भए, उनकी पत्नीहरूले उनलाई अरु देवताहरूको अनुसरण गर्नु लगाए। सुलेमानले आफ्नो परमप्रभुलाई सम्पूर्ण हृदयले अनुसरण गरेनन् जस्तो उनका पिता दाऊदले गरेका थिए। ५सुलेमानले सीदोन देवता अश्तारोतको पूजा गरे। अनि सुलेमानले अम्मोनीहरूका घिनलाग्दा देवता मिल्कोमको पूजा गरे। ६यसकारण सुलेमानले परमप्रभुको सामु अपराध गरे। उनले आफ्नो परमप्रभुको अनुसरण त्यस प्रकार गरेनन् जसरी उनका पिता दाऊदले गरेका थिए।

७सुलेमानले कमोसको पूजा गर्नका लागि एउटा स्थलको निर्माण गरे। कमोस मोआबीहरूको घृणास्पद देवमूर्ति थियो। सुलेमानले त्यो पूजा-स्थल यरुशलेम छेउको पहाड़मा बनाए। त्यसै पहाड़मा सुलेमानले मोलेकका लागि पूजा-स्थल बनाए। मोलेक अम्मोनीहरूको घृणास्पद देवमूर्ति थियो। ८तब सुलेमानले अरु देशका सबै पत्नीहरूका लागि त्यसै नै गरे। उनकी पत्नीहरू धूप बाल्ने गर्दथे अनि आफ्ना देवताहरूलाई बलि चढ़ाउने गर्दथे।

९सुलेमान परमप्रभु इस्राएलका परमेश्वरलाई पच्छयाउन देखि टाढ़िँदै गए। यस कारण परमप्रभु सुलेमानसँग रिसाउनु भयो। परमप्रभु सुलेमानको सामु दुइ पटक देखा पर्नु भएको थियो। १०परमप्रभुले सुलेमानलाई भन्नु भएको थियो, तिमीले अरु देवताहरूको अनुसरण

---

**६६६ तोड़ा** अर्थात ७९,९२० पाउण्ड वा ३६,५२१ किलोग्राम।

गर्नु हुँदैन। तर सुलेमानले परमप्रभुको आदेश पालन
गरेनन्। ११यस कारण परमप्रभुले सुलेमानलाई भन्नुभयो,
"तिमीले मसित भएको करार भत्ताभुङ बनाउन मन
परायौ। तिमीले मेरो आदेश पालन गरेका छैनौ। यसकारण
म प्रतिज्ञा गर्दछु, म तिमीबाट राज्य लिनेछु। म यसलाई
तिम्रा सेवकहरू मध्ये एक जनालाई दिनेछु। १२तर म
तिम्रा पिता दाऊदको कारण जबसम्म तिमी जीवित
रहन्छौ, म तिम्रो राज्य लिने छैन। म तिम्रो छोरा राजा
नभएसम्म पर्खिनेछु तब म तिनीबाट लिने छु।
१३तैपनि, म तिम्रो छोराबाट सबै राज्य लिने छैन। म
एउटा वंशमाथि शासन गर्न दिनेछु। म यसो दाऊदका
लागि नै गर्नेछु। तिनी राम्रा सेवक थिए। अनि म यो
यरूशलेमका लागि गर्नेछु। मैले मन पराएको शहर यो
नै थियो।"

## सुलेमानका शत्रुहरू

१४त्यस समयमा परमप्रभुले एदोमका हददलाई
सुलेमानको शत्रु बनाउनु भयो। हदद एदोमका राजाको
परिवारका थिए। १५यस्तो यसरी नै भयो। पहिला
दाऊदले एदोमलाई परास्त गरेका थिए। योआब दाऊदको
फौजका सेनापति थिए। योआब एदोममा मरेका मानिसहरू
गाड्न गए। योआबले अझै जिउँदै रहेका सबै मानिसहरूलाई
मारे। १६योआब अनि सबै इस्राएलीहरू एदोममा छ:
महिना बसे। त्यस समयमा तिनीहरूले एदोमका सबै
मानिसहरूलाई मारिदिए। १७तर त्यस समयमा हदद
मात्र सानो केटा थियो। यसकारण हदद मिश्रतिर
भाग्यो। उसको पिताका केही सेवकहरू ऊसँगै गए।
१८तिनीहरूले मिद्यान छोड़े अनि पारान गए। पारानमा
केही अरु मानिसहरू तिनीहरूसँग मिसिए। तब सम्पूर्ण
दल मिश्र गए। तिनीहरू मिश्रका राजा फिरऊनकहाँ गए
अनि गुहार मागे। फिरऊनले हददलाई एउटा घर अनि
केही जग्गा दिए। फिरऊनले उनलाई समर्थन गरे अनि
खानका लागि खाद्य दिए।

१९फिरऊनले हददलाई साह्रै नै मन पराए। उसले
उसको विवाहको व्यवस्ता गरिदिए फिरऊनकी साली
थिइन् रानी तहपनेसकी बहिनी थिइन्। २०यसकारण
तहपनेसकी बहिनीको विवाह हददसँग भयो। तिनीहरूको
एउटा छोरा जन्मियो जसको नाउँ गनूबत राखे। रानी
तहपनेसले गनूबतलाई आफ्ना नानीहरू सँग फिरऊनको
महलमा हुर्किने अनुमति दिइन्।

२१मिश्रमा हददले सुने, दाऊदको चोला उठ्यो।
उनले यो पनि सुने, फौजका सेनापति योआबको मृत्यु
भयो। यसकारण हददले फिरऊनलाई भने, "दयागरी
मलाई मेरो देशमा आफ्नो घर जान दिनुहोस्।"

२२तर फिरऊनले भने, "मैले तिमीलाई चाहिएको
प्रत्येक वस्तु यहाँ दिएको छु! तिमी किन तिम्रो देशमा
फर्किन चाहन्छौ?"

हददले उत्तर दिए, "कृपा गरेर मलाई घर फर्किन
दिनुस्।"

२३परमेश्वरले अर्को एक जना मानिसलाई पनि
सुलेमानको शत्रु बनाउनुभयो। उनी एल्यादाका छोरा
रसोन थिए। रसोन आफ्नो मालिकबाट भागेका थिए।
उनका मालिक सोबाका राजा हददेजेर थिए। २४दाऊदले
जब सोबाको सैनिकलाई परास्त गरेका थिए तब रसोनले
केही मानिसहरूलाई जम्मा गरे अनि एउटा सानो
फौजको प्रमुख भए। रसोन दमीशक गए अनि उहीं
बसे। रसोन दमीशकका राजा भए। २५रसोनले अराममा
शासन गरे। उनी इस्राएलीदेखि घृणा गर्दथे, यस कारण
सुलेमान जीवित रहुञ्जेलसम्म इस्राएलको शत्रु भए।
रसोन र हददले इस्राएलका लागि धेरै समस्याहरू सृष्टि
गरे।

२६नबातका छोरा यारोबाम सुलेमानका सेवकहरू
मध्ये एक जना थिए। यारोबाम एप्रैम कुल समूहका
थिए। उनी सरेदा शहरका थिए। यारोबामकी आमाको
सरुआ नाउँकी विधवा थिइन। उनी राजाको विरोधमा
गईन।

२७यही कारण हो कसरी यरोबाम राजाको विरूद्ध
बागी भए। सुलेमानले मिलो बनाउँदै थिए अनि आफ्ना
पिताको नाउँमा बनिएको दाऊदको शहरको पर्खाल
भित्रको खाली जग्गा मर्मत गराउँदै थिए। २८यारोबाम
एकदमै योग्यवान व्यक्ति थिए। सुलेमानले उसलाई
भएको थाहा गर्नुभयो। यस कारण सुलेमानले यूसुफको
कुल समूहको कर्मीहरूको जिम्मावाला बनाए। २९एक
दिन यारोबाम यरुशलेम यात्रा गरिरहेका थिए। शीलोका
अगमवक्ता अहियाहले उनलाई बाटोमा भेटे। अहियाहले
नयाँ खास्टो ओढ़ेका थिए। ती दुइ जना मानिस बाटोमा
एक्लै थिए। ३०अहियाहले खास्टो खोले अनि च्यातेर
बाह टुक्रा पारे।

३१तब अहियाहले यारोबामलाई भने, "यस खास्टोको
दश टुक्रा तिमी आफ्नोलागि लेऊ। परमप्रभु इस्राएलका
परमेश्वर भन्नुहुन्छ: 'म सुलेमानको राज्यलाई टुक्राउनेछु
अनि तँलाई दश कुलहरू दिनेछु। ३२अनि म दाऊदको
परिवारलाई मात्र एउटा वंशमाथि शासन गर्न दिनेछु। म
तिनीहरूलाई यस वंशलाई मात्र लिन दिनेछु। म यो सब
मेरो सेवक दाऊद अनि यरुशलेमका लागि गर्नेछु।
यरुशालेम त्यो शहर हो जसलाई इस्राएलका सबै
कुलहरूबाट रोजेको थिएँ। ३३म राज्यलाई सुलेमानबाट
लिनेछु किनभने उसले मेरो अनुसरण गर्न छोड़ेको छ।
ऊ सीदोनकी अश्तारोको पूजा गर्दैछ। ऊ मोआबका
देवता कमोस अनि अम्मोनी देवता मिल्कोमको पूजा
गर्दैछ। सुलेमानले साँचो र राम्रो काम गर्न छोड़िसकेको
छ। ऊ मेरो विधि-विधान र आदेशको पालन गर्दैन। ऊ
त्यस प्रकार हिड्ँन जसरी उसका पिता दाऊद हिँड़ेका
थिए। ३४यस कारण नै सुलेमानको कुलबाट राज्यलाइ

लिनेछु। तर म सुलेमानलाई उसको रहल जीवन सम्म
शासन गर्न दिनेछु। यो म मेरो सेवक दाऊदका लागि
गर्नेछु। मैले दाऊदलाई मन पराएँ किनभने उनले मेरो
सबै आदेश र नियमहरू पालन गरे। ३५तर म उसको
छोराबाट राज्यलाई लिनेछु अनि यारोबाम म तिमीलाई
दशवटा कुलहरूमाथि शासन गर्ने अनुमति दिनेछु। ३६म
सुलेमानको छोरालाई एउटा वशंमाथि मात्र शासन गर्ने
अनुमति दिनेछु। म यसो यस कारण गर्छु किनभने मेरो
सेवक दाऊदको शासन यरूशलेममा मेरोसम्म सँधै
रहनेछ। यरूशलेमलाई मैंले आफ्नो शहर रोजेको थिएँ।
३७तर म तिमीले चाहेको प्रत्येक कुरामथि तिमीलाई
शासन गर्ने मौका दिनेछु। तिमी सम्पूर्ण इस्राएल माथि
शासन गर्नेछौ। ३८यी सबै काम म तिम्रो लागि गर्नेछु
यदि तिमीले यदि तिमीले मेरो आदेश पालन गर्‍यो सबै
मेरो आदेशहरू मान्यो भने, यदि तिमी दाऊदले गरे
जस्तै मेरो सबै नियम र आदेशहरू पालन गर्‍यो भने,
म तँ सित हुनेछु अनि तेरो सन्तानहरूलाई तँ पछि मैले
दाऊदलाई गरे जस्तै शासन गर्न अनुमति दिनेछु! म
इस्राएललाई तँलाई सोप्ने छु। ३९म दाऊदका सन्तानहरूलाई
दण्ड दिनेछु किन भने सुलेमानले यस्तो कार्य गर्‍यो। तर
म तिनीहरूलाई कहिल पनि दण्ड दिने छैन।'"

## सुलेमानको मृत्यु

४०सुलेमानले यारोबामलाई मार्ने चेष्टा गरे। तर
यारोबाम भागेर मिश्र गए। तिनी मिश्रका राजा शीशककहाँ
गए। यारोबाम त्यहाँ सुलेमानको मृत्यु नहुञ्जेलसम्म
बसें।

४१सुलेमानले आफ्नो शासन कालमा धेरै महान् अनि
विवेकपूर्ण काम गरेका थिए। यी सबै काम सुलेमानको
इतिहास नाउँक पुस्तकमा लेखिएका छन्। ४२सुलेमानले
सारा इस्राएलमाथि यरुशलेमा चालीस वर्षसम्म शासन
गरे। ४३सुलेमानको मृत्यु पछि उनलाई उनका पूर्खाहरू
सँगै गाड़ीयो। आफ्ना पिता दाऊदको नाउं भएको दाऊद
शहरमा उनलाई गाड़ीयो। तब सुलेमानका छोरा रहबाम
उनीपछि अर्को राजा भए।

## गृह युद्ध

१२ रहबाम राकेम गएका हुनाले रहबामलाई
राजा बनाउनु सबै इस्राएलीहरू शकेम गएका
नबातका छोरा यारोबाम अझै मिश्रमा थिए। २जब
तिनले यो सुने अझ नबातका छोरो यारोबाम मिश्रमा नै
थिए। तिनी राजा सुलेमानबाट भागेका थिए र मिश्रमा
बसेका थिए। तिनी र सारा इस्राएली समूह रहबाम
कहाँ गए अनि भने,

राजा सुलेमान मरेपछि उनलाई उनका पूर्खाहरू सित
गाड़ीयो। त्यसपछि उनका छोरा रहबाम नयाँ राजा भए।
३इस्राएलका सबै मानिसहरू शकेम गए। तिनीहरू
रहबामलाई राजा बनाउन गएका थिए। रहबाम पनि राजा
हुनका लागि शकेम गए। मानिसहरूले रहबामलाई भने,
४"तिम्रा पिताले हामीलाई कठोर परिश्रम गर्न वाध्य
गराए। अब यसलाई हाम्रो लगि सजिलो बनाऊ। तिम्रा
पिताले हामी माथि लगाएको कठोर कार्य रोक। तब
हामी तिम्रो सेवा गर्नेछौं।"

५रहबामले भने, "ऐलेलाई जाऊ अनि तीन दिन पछि
म कहाँ फर्केर आऊ।" यसकारण तिनीहरू सबै
त्यहाबाट गए।

६केही बूढापाका मानिसहरू थिए जसले सुलेमानलाई
जिउँदो रहदा निर्णय लिनुमा सघाएका थिए। यसै कारण
राजा रहबामले ती मानिसहरूलाई उनले के गर्नुपर्छ भनी
सोधे। उनले भने, "ती मानिसहरूलाई म के उत्तर
दिनेछु यस बारेमा तिमीहरू के सोच्छौ?"

७ती बूढ़ा-प्रधानहरूले भने, "यदि आज तपाईंले
मानिसहरूको इच्छा पूरा गरिदिनुभयो र तिनीहरूलाई
दया पूर्ण उत्तर दिनुभयो भने तब तपाईंसँग इमान्दारी
हुनेछ अनि तपाईंको जीवन भरि सेवा गर्नेछन्।"

८तर रहबामले यो उपदेश सुनेनन्। उनले युवकहरूलाई
केही सोधे जो उनका मित्र थिए। ९रहबामले भने,
"मानिसहरूले भने, 'तिम्रा पिताले हामीलाइ दिएको काम
भन्दा सजिलो काम देऊ।' यी मानिसहरूलाई के उत्तर
दिनु हो यस बारे के भन्छौ? तिनीहरूलाई मैले के
बताउनु पर्ने हो?"

१०राजाका युवा साथीहरूले भने, "ती मानिसहरू
तपाईंकहाँ आए अनि भने, 'तिम्रा पिताले हामीलाई
कठोर कार्य गर्न बाध्य गराए। अनि तपाईंलाई तिनीहरूको
काम सजिलो बनाउँन सोधिरहेका छन्।' तिमीले तिनीहरूलाई
भन्नु पर्छ, 'मेरो कान्छी औलो मेरा पिताको कम्मर
भन्दा ठूलो छ। ११मेरो पिताले तिमीहरूलाई कठोर
कार्य गर्न बाध्य गराए। तर म तिमीलाई अझै कठिन
काम गर्न लगाउने छु! मेरा पिताले तिमीहरू माथि काम
गराउन कड़ा आदेश दिएका थिए। म तिमीहरूलाई
कोर्रा लगाउने छु जसमा धातुका धारीला टुक्रा हुनेछन्
तिमीलाई घाइते गर्नका लागि।'"

१२रहबामले मानिसहरूलाई बताएका थिए, "म कहाँ
तेस्रो दिनमा आऊ।" यसकारण तीन दिनपछि इस्राएलका
मानिसहरू रहबाम भए कहाँ फर्केर आए। १३त्यस
समयमा राजा रहबामले तिनीहरूसंग कड़ा कुरा गरे।
उनले बुढ़ा-प्रधानका सर-सल्लाह सुनेनन्। १४उनले
त्यही गरे जो उनका साथीहरूले गर्न भनेका थिए।
रहबामले भने, "मेरा पिताले तिमीहरूलाई कठोर कार्य
गर्न वाध्य गराए। यस कारण म तिमीहरूलाई अझै
कठोर कार्य दिनेछु। मेरा पिताले तिमीहरू माथि काम
गराउन कड़ा आदेश दिएका थिए। म तिमीहरूलाई
घाइते बनाउनका लागि कोर्रा लगाउने छु जसमा धातुका
धारिला टुक्राहरू हुनेछन्।" १५यसकारण राजाले ति

कुराहरू गरेनन् जो मानिसहरूले चाहेका थिए। यो सबको पछि परमप्रभुको इच्छा हुन थियो। परमप्रभुले यो कार्य नाबातका छोरा यारोबामलाई दिएको उनको वचन पूरा गर्नका लागि यस्तो गर्नुभयो! परमप्रभुले उहाँका प्रतिज्ञा यरोबामलाई दिनका निम्ति अगमवक्ता अहियाहलाई प्रयोग गर्नुभयो। अहियाह शीलोका थिए।

१६इस्राएलका सबै मानिसहरूले नयाँ राजाले उनीहरूको बिन्ती सुन्न अस्वीकार गरेको बुझे। यस कारण नै मानिसहरूले राजालाई भने: "के हामी दाऊदको परिवारको हिस्सा हौं? होइनौ! के हामी यिशैको भूमिबाट केही पाउँछौं? पाउँदैनौं। यसकारण इस्राएली हो, हामी आफ्नो घर जाऔं। दाऊदका छोराले आफ्ना मानिस माथि शासन गरुन्!" यस कारण इस्राएलका मानिसहरू घर फर्किए।
१७तर रहबामले अझै इस्राएलीहरू माथि शासन गरिरहे जो यहूदाका शहरहरूमा बसेका थिए।

१८अदोराम नाउँक एक जना मानिस त्यहाँ थिए जो श्रमिकहरूका जिम्मेदारी थिए। तब राजा रहबामले अदोरामलाई मानिसहरूसंग कुरा गर्न पठाए। तर इस्राएलका मानिसहरूले उसलाई ढुङ्गाले उसमाथि हानीरहे। तब राजा रहबाम आफ्नो रथमा चढ्न हतारिए अनि भागेर यरुशलेम गए। १९यसकारण इस्राएलका मानिसहरू दाऊद परिवारको विरोधमा विद्रोह गर्‍यो अनि तिनीहरू आज पनि दाऊदको परिवारको विरोधमा छन्।

२०इस्राएलका सबै मानिसहरूले यारोबाम फर्किएर आएको सुने। त्यसकारण तिनीहरूले उनलाई सभामा बोलाए अनि उनलाई सम्पूर्ण इस्राएलको राजा बनाए। यहूदाको एउटा समूहले मात्र दाऊदको परिवारलाई अनुसरण गरिरह्यो।

२१रहबाम यरुशलेम फर्किए। उनले यहूदा अनि बिन्यामीनको कुल समूहहरूलाई जम्मा गरे। त्यो १,८०,००० सैनिकहरूको फौज थियो। सुलेमानका छोरा रहबाम इस्राएलका मानिसहरूको विरुद्ध लड़ाँइ गर्न चाहन्थे। उसले उसको राज्य फिर्ता लिन चाहन्थे।

२२तर परमप्रभुले एक जना अगमवक्तासँग बोल्नु भयो। उनको नाउँ शमायाह थियो। परमेश्वरले भन्नुभयो,
२३"यहूदाका राजा, सुलेमानका छोरा रहबाम अनि यहूदा तथा बिन्यामीनका मानिसहरूसंग पनि कुरा गर।
२४उनीहरूलाई भन, 'परमप्रभुले भन्नुहुन्छ तिमीहरूले आफ्ना दाज्यू-भाइहरूको विरोध गर्नु हुँदैन। तिमीहरू मध्ये प्रत्येकले घर फर्किनु पर्छ। मैले नै यी घटनाहरू हुने बनाएको हुँ।'" यस कारण रहबामको फौजका सैनिकहरूले परमप्रभुको आदेश पालन गरे। तिनीहरू सबै घर फर्किए।

२५शकेम एप्रेमको पहाड़ी प्रदेशमा एउटा शहर थियो। यारोबामले शकेमलाई अत्यन्त सुदृढ़ शहर बनाए अनि त्यहाँ बस्न थाले। त्यसपछि उनी पनूएल शहर गए अनि त्यसलाई शक्तिशाली बनाए।

२६-२७यारोबामले आफै विचार गरे, "यदि मानिसहरू यरुशलेममा परमप्रभुको मन्दिरमा गइरहे पनि तिनीहरू दाऊदको परिवारद्वारा शासित हुनेछन्। यहूदाका राजा रहबामलाई मानिसहरूले फेरि अनुसरण गर्नेछन्। तब तिनीहरूले मलाई मार्नेछन्।" २८यसकारण राजाले आफ्ना सल्लाहकारहरूलाई के गर्नु पर्ने हो भनी सोधे अनि दुइवटा सुनको बाछाहरू बनाए। राजा यारोबामले उसका मानिसहरूलाई भने, "तिमीहरूले आराधना गर्नका लागि यरुशलेम जानु पर्दैन। हे इस्राएली हो, यी ती देवताहरू हुन् जसले तिमीहरूलाई मिश्रबाट ल्याए।" २९राजा यारोबामले एउटा सुनको बाछा बेतेलमा स्थापित गरे। उनले अर्को सुनको बाछा दान शहरमा स्थापित गरे।
३०तर यो एउटा धेरै ठूलो पाप थियो। इस्राएलका मानिसहरू बाछाहरूको पूजा गर्नका लागि बेतेल र दान शहरहरूमा यात्रा गरे।

३१यारोबामले अग्ला ठाउँहरूमा मन्दिरहरूको पनि निर्माण गरे। उनले इस्राएलका विभिन्न कुल समूहहरूबाट पूजाहारीहरू पनि छाने। तर उसले मानिसहरूबाट पूजाहारीहरू छाने यद्यपि तिनीहरू लेवीहरू थिएनन्।
३२अनि राजा यारोबामले आठौं महिनाको पन्ध्रौं दिनमा एउटा नयाँ चाड़ पालन गर्नु शुरु गरे जुन चाड़ यहूदामा मनाईने जस्तै थियो। यो चाड़ यहूदाहरूको निस्तार चाड़ जस्तै नै थियो। तर यो चाड़ आठौं महिनाको पन्ध्रौं दिन पर्दथ्यो, पहिलो महिनाको पन्ध्रौं दिनमा पर्दैनथ्यो। त्यस समयमा राजा बेतेल शहरको वेदीमा बलिहरू चढ़ाउने गर्दथे। अनि उनी आफूले बनाएका बाछाहरूलाई बलि चढ़ाउने गर्दथे। राजा यारोबामले बेतेलका अग्ला ठाउँहरूका लागि पूजाहारीहरू पनि छाने जो उसले बनाएका थिए।
३३यसकारण यारोबामले इस्राएलीहरूको चाड़ मनाउन आफ्नै समय ठीक गरे। यो आठौं महिनाको पन्ध्रौं दिन थियो। त्यस समयमा उनी बेदीमा बलिहरू चढ़ाउने गर्दथे अनि धूप बाल्दथे जो उनले बनाएका थिए। यो बेतेल शहरमा थियो।

### परमेश्वर बेतेलको विरुद्धमा बोल्नुहुन्छ

**१३** परमप्रभुले यहूदाका एक जना परमेश्वरको जनलाई अगमवक्तालाई बेतेल शहरमा जाने आदेश दिनुभयो। राजा यारोबाम वेदीमा उभिएर धूपबत्ती बालि रहेका थिए तब परमेश्वरको जन त्यहाँ पुगे।
२परमप्रभुले त्यस परमेश्वरको जनलाई वेदीको विरोधमा बोल्ने आदेश दिनुभयो। उनले भने,

"वेदी, परमप्रभुले तिमीलाई भन्नुभएको छ: 'दाऊदको परिवारमा योशीया नाउँ भएको एउटा छोरा जन्मिनेछ। यी पूजाहारीहरू अहिले अग्ला ठाउँहरूमा पूजा गरिहरेका थिए तर वेदी, योशीया ती पूजारीहरूलाई तिमी माथि राख्नेछन् अनि उनले तिनीहरूलाई मार्नेछन्। अहिले ती पूजाहारीहरू तिमी माथि धूपबत्ती बाल्ने गर्छन्। तर

योशीयाले तिमी माथि मानिसको हाड़ जलाउनेछन्। तब
तिमी फेरि उपयोगमा आउनेछैनौ!'"
३यी घटनाहरू हुनेछन्, भनेर त्यस परमेश्वरको
जनले मानिसहरूलाई प्रमाण देखाए। उनले भने, "परमप्रभुले
मलाई बताएको प्रमाण यो नै हो। परमप्रभुले भन्नुभयो,
'यो वेदी भत्किने छ अनि यसको सबै खरानी भूइँमा
खस्ने छ।'"
४जब राजा यारोबामले बेतेलको वेदीको विषयमा
परमेश्वरको जनबाट जानकारी पाए, उसले वेदीबाट
आफ्नो हात हटाए अनि त्यस मानिस तिर देखाए। उनले
भने, "त्यो मानिसलाई बन्दी बनाऊ!" तर जब राजाले
यसो भने, उसको हात कुजे भइहाल्यो। उसले उसको
हात चलाउन सकेन। ५वेदी पनि टुक्रा-टुक्रा भएर
भत्कियो। वेदीको सबै खरानी भूइँमा छरियो। त्यो
परमेश्वरको जनले भनेका प्रमाण थियो त्यो वचन
परमप्रभुबाट भविष्यवाणि भएका थियो। ६तब राजा
यारोबामले परमेश्वरको जनलाई भने, "कृपया परमप्रभु
तपाईंका परमेश्वर सँग मेरो लागि प्रार्थना गर। परमप्रभुलाई
मेरो हात निको पार्नु भन।"
यसकारण त्यस परमेश्वरको जनले परमप्रभुलाई प्रार्थना
गर्‍यो अनि राजाको पाखुरा निको भयो। यो पहिले जस्तै
नै भयो। ७तब राजाले त्यस परमेश्वरका जनलाई भने,
"कृपया मसँग घरमा आउनुहोस्। म सँग भोजन
गर्नुहोस्। म तपाईंलाई उपहार दिनेछु।"
८तर परमेश्वरको जनले राजालाई भने, "यदि तिमीले
मलाई तिम्रो आधा राज्य दिए पनि म तिमीसँग तिम्रो
घर जाने छैन, म यहाँ कुनै चीज खाने पिउने छैन। म
यस ठाउँमा कुनै चिज खाने छु नता पीउने नै छु।
९परमप्रभुले मलाई कुनै चिज नखानु अथवा नपिउनु
भनी आदेश दिनु भएको छ। परमप्रभुले मैले आउँदा
उपयोग गरेको बाटोमा पनि न हिँड्नु भनी आदेश
दिनुभएको थियो।" १०यस कारण अर्को बाटोबाट उनले
यात्रा गरे। उनले त्यही बाटोबाट यात्रा गरेनन् जुन उनले
बेतेलमा आउँदा हिँडेका थिए।
११बेतेल शहरमा एक जना वृद्ध अगमवक्ता बस्दै
थिए। उनका छोराहरू आए अनि बेतेलमा परमेश्वरको
जनले गरेको कार्यको विषयमा उनलाई बताए। तिनीहरूले
आफ्ना पितालाई परमेश्वरको जनले राजा यारोबामलाई
बताएको कुरा सुनाए। १२बूढ़ा अगमवक्ताले भने, "उसले
फर्किंदा कुन बाटोमा यात्रा गर्‍यो?" यसकारण छोराहरूले
आफ्ना पितालाई त्यो बाटो देखाए जसबाट यहूदाबांट
आउँने परमेश्वरको जन गएको थियो। १३बूढ़ा अगमवक्ताले
आफ्ना छोराहरूलाई गधा माथि काठी कस्नु भने।
यसकारण तिनीहरूले गधामाथि काठी कसे। तब अगमवक्ता
गधामा चढ़ेर हिँडे।
१४बूढ़ा अगमवक्ता परमेश्वरका जनको पछि लागे।
बूढ़ा अगमवक्ताले परमेश्वरका जनलाई एउटा तारपीनको
रूखतल बसेको पाए। बूढ़ा अगमवक्ताले सोधे, "के
तिमी नै परमेश्वरका जन हो जो यहूदाबाट आएको
हो?"
परमेश्वरका जनले बताए, "हो, म नै हुँ।"
१५तब बूढ़ा अगमवक्तले भने, "कृपया घर आऊ
अनि मसित भोजन गर।"
१६तर परमेश्वरको जनले भने, "म तिमी सँग जान,
सक्दिन। म यस ठाउँमा खाने-पिउने गर्न सक्दिन।
१७परमप्रभुले मलाई आदेश दिनु भएको छ, 'त्यस
ठाउँमा तैले केही खाने-पिउने गर्नु हुँदैन अनि त त्यही
बाटोबाट फर्किनु हुँदैन जुनबाट पुगेको हुन्छस्।'"
१८तब बूढ़ा अगमवक्ताले भने, "तर म पनि तिमी
जस्तै नै अगमवक्ता हुँ।" तब बूढ़ा अगमवक्ताले एउटा
झूटो कुरा गरे। उनले भने, "परमप्रभुको एक जना
स्वर्गदूत म कहाँ आयो। त्यो स्वर्गदूतले तिमीलाई मेरो
घरमा लानु अनि तिमीलाई खाने-पिउने दिनुभन्यो।"
१९यस कारण परमेश्वरको जन बूढ़ा अगमवक्ताको
घर गए अनि उनी सँगै खान-पीन गरे। २०जब
तिनीहरू खाने मेजमा बसेका थिए, परमप्रभुले बूढ़ा
अगमवक्ता सँग बोल्नु भयो। २१अनि बूढ़ा अगमवक्ताले
परमेश्वरको जनसँग कुरा गरे जो यहूदाबाट आएका
थिए। उनले भने, "परमप्रभुले भन्नुभयो कि तिमीले
उहाँको आदेश पालन गरेका छैनौ! परमप्रभु तिम्रा
परमेश्वरले जो आदेश तिमीलाई दिएको थिए त्यो
तिमीले पालन गरेका छैनौ। २२परमप्रभुले तिमीलाई
कुनै पनि ठाउँमा केही पनि न खानु भन्नु भएको
थियो। तर तिमी फिर्ता आयौ अनि खान-पीन गर्‍यौ।
यस कारण तिम्रो शरीर तिम्रो परिवारको चिहानमा गाड़ीने
छैन।"
२३परमेश्वरको जनले खान-पीन सिध्याए। तब बूढ़ा
अगमवक्ताले गधा माथि उनका लागि काठी राखे अनि
ती मानिस हिँडे। २४घर तिर यात्रा गर्दा बाटोमा एउटा
सिंहले आक्रमण गर्‍यो अनि ती परमेश्वरका जनलाई
मार्‍यो। अगमवक्ताको लाश बाटोमा लडीरहेको थियो।
गधा र सिंह लाशको छेउमा उभिएका थिए। २५केही
अरु मानिसहरू बाटोमा यात्रा गरिरहेका थिए। तिनीहरूले
सिंहलाई लाशको छेउमा उभिएको देख्यो। मानिसहरू
शहरमा आए जहाँ बूढ़ा अगमवक्ता बस्ने गर्दथे अनि
बाटोमा आफूले देखेको विषयमा उसहरूलाई भने।
२६बूढ़ा अगमवक्ताले ती मानिसलाई धोका दिए अनि
फर्काएर ल्याए। उनले भएको घटनाको विषयमा सबै
सुने अनि भने, "यो परमेश्वरको जन हो जसले
परमप्रभुको आदेश पालन गरेन। यसै कारण परमप्रभुले
एउटा सिह उसलाई मार्न पठाउनु भयो। परमप्रभुले ऊ
मर्छ भन्नु भएकोले नै ऊ मर्‍यो।" २७तब अगमवक्ताले
आफ्ना छोराहरूलाई भने, "मेरो गधा माथि काठी
कस।" यसकारण उनका छोराहरूले उनको गधा माथि

काठी कसे। २८बूढ़ा अगमवक्ता निस्के अनि बाटोमा
लाश पाए। गधा र सिंह अझै त्यसको छेउमा उभिएका
थिए। सिंहले लाशलाई खाएको थिएन अनि यस
गधालाई केही गरेको थिएन।

२९बूढ़ा अगमवक्ताले आफ्नो गधामाथि लाश राखे।
उनले लाश शहरमा शोक मनाउन अनि गाड़न ल्याए।
३०बूढ़ा अगमवक्ताले त्यसलाई आफ्नो परिवारको चिहानमा
गाड़े। उसले उसको मृत्यु माथि रूदै विलाप गरे, “हे
मेरो भाई।” ३१त्यसपछि बूढ़ा अगमवक्ताले लाश गाड़े।
तब उनले आफ्नो छोराहरूलाई भने, “जब म मर्छु,
मलाई यही चिहानमा गाड़नु। मेरा हाड़हरू उसको छेउमा
रहून्। ३२परमेश्वरले उनको माध्यम द्वारा जे बोल्नु
भएको थियो साँच्चै नै साँचो साबित हुनेछ। परमप्रभुले
उनलाई बेतेल र सामरियाको डाँड़ाको शहरमा भएका
वेदीहरूको विरोधमा बोल्नु भन्नु भएको थियो।”

३३राजा यारोबाम बदली भएनन्। उनले दुष्ट कार्य
गर्न छोड़ेनन्। उनले विभिन्न परिवार समूहबाट मानिसहरू
छाने र पूजाहारी बनाउने कार्य जारी नै राखे। ती
पूजाहारीहरू अग्लो ठाउँमा पूजा गर्दथे। पूजाहारी हुन
चाहने कुनै पनि मानिसलाई पूजाहारी हुन अनुमाति
दिइन्थ्यो। ३४त्यही पाप थियो जसले यारोवामको घर
पविवार सर्वनाश अनि नष्ट गरेको थियो।

## यारोबामको छोरा को मृत्यु

१४ त्यस बेला यारोबामको छोरा अबिया साह्रै
बिरामी भएको थियो। २यारोबामले आफ्नी
पत्नीलाई भने, “शीलोमा जाऊ। अगमवक्ता अहियाहसँग
भेट गर। अहियाह त्यो मानिस हो जसले भनेको थियो,
म इस्राएलको राजा हुनेछु। आफ्नो लुगाहरू यसरी
लगाऊ कि मानिसहरूले तिमी मेरी पत्नी हौ भनेर थाह
नपाउन्। ३अगमवक्तालाई दशवटा रोटीहरू, केही केक
र एक घैलो मह देऊ। तब उनको छोरालाई के हुन्छ
भनी सोध अगमवक्ता अहियाहले तिमीलाई बताउनेछन्।”

४यस कारण राजाकी पत्नीले त्यही गरिन् उनले जे
भनेका थिए। तिनी शीलो गइन्। तिनी अगमवक्ता
अहियाहको घर गइन्। अहियाह धेरै बूढ़ा थिए अनि
अंधो भएका थिए। ५तर परमप्रभुले उनलाई भने,
“यारोबामकी पत्नी आफ्नो छोराको विषयमा सोध्न
आउँदैछिन्। ऊ साह्रै बीमार छ।” परमप्रभुले अहियाहलाई
बताउनुभयो उसले के भन्नु पर्छ भनेर?

यारोबामकी पत्नी अहियाहको घरमा आई। तिनी भेष
बदली गरेर आएका थिइन्। ६अहियाहले उनलाई
ढोकामा आएको सुने। यसकारण अहियाहले भने,
“आऊ, यारोबामकी पत्नी। किन तिमी मानिसहरूलाई
अरु केही सोच्न लगाउँदै छौ? तिम्रो लागि म सित
केही अशुभ समाचारहरू छन्। ७फर्केर जाऊ अनि
यारोबामलाई भन, इस्राएलका परमप्रभुले यही भन्नु
भएको छ परमप्रभु भन्नुहुन्छ, ‘यारोबाम, मैले इस्राएलका
मानिसहरूको माझबाट तिमीलाई माथि उठाए। मैंले
तिमीलाई मेरा मानिसहरूको शासक बनाए। ८दाऊदको
परिवारले इस्राएलमा शासन गरिरहेको थियो। तर मैंले
तिनीहरूबाट राज्य लिएँ अनि तिमीलाई दिएँ। तर तिमी
मेरा सेवक दाऊद जस्ता छैनौ। उसले सधैं नै मेरो
आदेशहरू पालन गर्‍यो। उसले मलाई सम्पूर्ण हृदयले
अनुसरण गर्‍यो। उसले ती कुराहरू गरे जुन मैंले ठीक
सम्झें। ९तर तिम्रा पापहरू पहिलेका शासकहरूका
भन्दा धेरै छन्। तिमीले तिम्रो आफ्नै निम्ति अन्य
देवताहरूका मूर्ति बनायौ अनि यस द्वारा तिमीहरूले
मलाई एकदमै क्रोधित बनायौ, तिमीहरूले मलाई
तिमीहरूको पीठ पछि राखेका छौ। १०यस कारण,
यारोबाम, म तिम्रो परिवारमाथि बिपत्ति ल्याउने छु। म
तिम्रो परिवारका सबै पुरूष मानिसहरू, चाहे तिनीहरू
तिम्रा नाताका हुन अथवा नोकरहरू मारिदिनेछु। आगोमा
गोबर बले झैं म तिम्रो परिवारलाई सम्पूर्ण रूपले
सर्वनाश गर्नेछु। ११शहरमा तिम्रो परिवारको कोही पनि
मर्दा त्यसलाई कुकुरले खानेछ। तिम्रो परिवारको कोही
व्यक्ति चऊरमा मरेको खण्डमा उसलाई चराहरूले खाने
छन्। यी सबैं कुराहरू परमप्रभुले बोल्नु भएको हो।’”

१२तब अगमवक्ता अहियाहले यारोवामकी पत्नीलाई
भने। उनले भने, “अब तिमी घर जाऊ। तिमी शहरमा
प्रवेश गर्ने बित्तिकै, तिम्रो छोरो मर्नेछ। १३सम्पूर्ण
इस्राएल उसको लागि रुनेछ अनि उसलाई गाड़ीने छ।
यारोबामको परिवारमा तिम्रो छोरो मात्र यस्तो मानिस
हुनेछ जसलाई चाहिं गाड़ीने छ। यस्तो किन भयो भने
ऊ मात्र यारोबामको परिवारमा यस्तो मानिस हो जसले
इस्राएलका परमप्रभु परमेश्वरलाई प्रसन्न पारेकोछ।
१४परमेश्वरले इस्राएलमा नयाँ राजा राख्नु हुनेछ। त्यस
नयाँ राजाले यारोबामको परिवारलाई नष्ट पार्नेछ। यो
घटना चाँड़ै नै हुनेछ। १५तब परमप्रभुले इस्राएललाई
हिर्काउनु हुनेछ। इस्राएलका मानिसहरू भयभीत हुनेछन्।
तिनीहरू पानीको अग्लो अग्लो घाँस जस्तै काम्नेछन्।
परमप्रभुले इस्राएलीहरूलाई त्यो असल भूमिबाट निकाल्नु
हुनेछन जो तिनीहरूका पिता-पुर्खाहरूलाई दिनु भएको
थियो। उनले तिनीहरूलाई यूफ्रेटिस नदीको पारि तितर-बितर
पारिदिनुहुनेछ। यो यस्तो घटना हुनेछ किनभने परमप्रभु
मानिसहरूसँग रिसाउनु भएकोछ। किनकि तिनीहरूले
पवित्र खामाहरू निर्माण गरे। १६यारोबामले पाप गरे
अनि यारोबामले इस्राएलका मानिसहरूलाई पाप गर्न
लगाए। यस कारण परमप्रभुले इस्राएलका मानिसहरूलाई
पराजित गराउनु हुन्छ।”

१७यारोबामकी पत्नी तिर्साको शहरमा फर्केर गइन्।
तिनी तिनको घरमा पस्न साथ साथै तिनका छोराको
मृत्यु भयो। १८सबै इस्राएलीहरूले उसलाई गाड़े अनि
उसका लागि रोए। यो घटना त्यसरी नै भयो जसरी

परमप्रभुले हुन्छ भन्नुभएको थियो। परमप्रभुले आफ्नो
सेवक अगमवक्ता अहियाहलाई यी कुराहरू भन्न प्रयोग
गर्नु भएको थियो।
१९राजा यारोबामले अरु धेरै कामहरू गरेका थिए।
उनले युद्धहरू लड़े अनि जनगणमाथि शासन गरिरहे।
उनले गरेको सबै कामहरू 'इस्राएलका राजाहरूको
इतिहासको पुस्तकमा' लेखिएका छन्। २०यारोबामले
२२ वर्ष सम्म राजाको रूपमा शासन गरे। तब तिनी
मरे अनि उनलाई उनका पुर्खाहरूसँगै गाड़ियो। उनीपछि
उनका छोरा नादाब नयाँ राजा भए।
२१त्यस समयमा सुलेमानका छोरा रहबाम यहूदाका
राजा भए। तिनी ४१ वर्षका थिए। रहबामले यरूशलेम
शहरमा १७ वर्षसम्म शासन गरे। यो त्यही शहर हो
जसमा परमप्रभुले सम्मा नगर्न चाहनुभएको थियो।
उहाँले इस्राएलका सबै शहरहरू मध्ये यस शहरलाई
चुन्नु भएको थियो। रहबामकी आमा नाउँ थिइन्। तिनी
अम्मोनी स्त्री थिइन्।
२२यहूदाका मानिसहरूले परमप्रभुको विरुद्ध पाप गरे
अनि परमप्रभुलाई ईर्ष्यालु बनाए। यी मानिसहरूले
तिनीहरूको पिता-पुर्खाहरूले भन्दा धेरै पाप गरे।
२३मानिसहरूले अग्ला ठाउँहरू, ढुङ्गाका स्मारकहरू
अनि अपवित्र स्तम्भहरू बनाए। तिनीहरूले ती चीजहरू
प्रत्येक अग्ला पहाड़ अनि हरियो रुखतल बनाए।
२४त्यस भूमिमा पुरूष वेश्यालय भवनहरू पनि थिए।
मानिसहरूले राष्ट्रमा जम्मै घृणित कर्महरू गरिरहेका
थिए जसको लागि परमप्रभुले तिनीहरू भन्दा अघिका
मानिसहरूलाई खेद्नु भएको थियो। यस कारण यहूदाका
मानिसहरूले धेरै भूल कामहरू गरे। तिनीहरूभन्दा अघि
त्यस पनि भूमिमा बस्ने मानिसहरूले त्यस्तै नै नराम्रो
काम गरे। अनि परमेश्वरले ती मानिसहरूबाट भूमि
फिर्ता लिनुभयो अनि त्यसलाई इस्राएलका मानिसहरूलाई
दिनुभयो।
२५रहबामको शासनकालको पाँचौ वर्षमा मिश्रका
राजा शीशकले यरूशलेमको विरोधमा आक्रमण गरे।
२६शीशकले परमप्रभुको मन्दिर र राजाको महलबाट
ढिकुटि लगे। तिनीहरूले सुनका ढालहरू पनि लगे, जो
सुलेमानले बनाएका थिए। २७यसकारण रहबामले ती
ठाउँहरूमा राख्न धेरै ढालहरू बनाए। तर यी ढालहरू
काँसाका थिए, सुनका थिएनन्। उनले महलको ढोकामा
रक्षाकालागि राखिएका मानिसहरूलाई ढालहरू दिए।
२८हरेक समय राजा परमप्रभुको मन्दिरमा जाँदा रक्षकहरू
उनीसँग जाने गर्दथे। तिनीहरू ढाल बोक्नेगर्दथे। जब
तिनीहरू काम पूरा गरिसक्थे, रक्षक कक्षको भित्तामा
ढालहरू राख्नेगर्दथे।
२९राजा रहबामले जे कामहरू गरे त्यो सबै 'यहूदाका
राजाहरूको इतिहासको पुस्तकमा' लिखित छ। ३०रहबाम
र यारोबाम सधैं नै एका अर्कासँग युद्ध गरिरहन्थे।
३१रहबामको मृत्यु भयो अनि उनलाई पिता-पुर्खाहरू
सँगै नै गाड़ियो। उनलाई उनका पिता-पुर्खाहरूको चिहानमा
दाऊदको शहरमा गाड़ियो। उनकी आमा नामा थिइन्।
तिनी एक जना अम्मोनी थिइन्। रहबामका छोरा
अबियाम उनको मृत्यु पछि राजा भए।

## यहूदाका राजा अबियाम

**१५** अबियाम यहूदाका नयाँ राजा भए। नाबातका
छोरा यारोबामले इस्राएलमा शासन गर्दा
अठारहऔं वर्षमा यस्तो भयो। २अबियामले यरूशलेममा
तीन वर्ष शासन गरे। उनकी आमाको नाउँ माका
थियो। तिनी अब्शालोमकी छोरी थिइन्।
३उनले त्यस्तै सबै पापका कामहरू गरे जस्तौ
उनका पिताले गरेका थिए। अबियाम परमप्रभु आफ्नो
परमेश्वर प्रति विश्वासी थिएनन्। यसकारण उनी आफ्नो
हजूरबा दाऊद जस्तो विश्वासी थिएनन्। ४दाऊदको
खातिर परमप्रभुले उसलाई एउटा सन्तान यरुशलेमा
दिनुभयो। परमप्रभुले दाऊदका सन्तानलाई यरुशलेममाथि
शासन गर्न दिनुभयो अनि यसलाई रक्षा गर्ने प्रतिज्ञा गर्नु
भयो। ५दाऊदले सधै नै सही काम गरे जो परमप्रभुले
चाहानु हुन्थ्यो। उनले सांधै नै परमप्रभुको आदेश पालन
गरे। एक पटक दाऊदले परमप्रभुको आदेश पालन
गरेनन् जुन समयमा दाऊदले हित्ती उरीयाहको विरोधमा
पाप गरेका थिए। ६रहबाम र यारोबामको बिचमा युद्ध
अबियामको जीवन भरी नै चलिरह्यो। ७अबियामले जे
काम गरे सबै नै 'यहूदाका राजाहरूको इतिहासको'
पुस्तकमा लेखिएको छ।
अबियाम राजा भएको समयमा अबियाम र यरोबामबीच
युद्ध भइरह्यो। ८जब अबियामको मृत्यु भयो उसलाई
दाऊदको शहरमा गाड़ियो। अबियामको छोरा आसा नयाँ
राजा भए।

## यहूदाका राजा आसा

९इस्राएलमा यारोबाम राजा भएको बिसौं वर्षमा आसा
यहूदाका राजा भए। १०आसाले यरूशलेममा ४१ वर्ष
शासन गरे। उनकी हजूरआमाको नाउँ माका थियो।
अनि माका अब्शालोमकी छोरी थिइन्।
११आसाले आफ्ना पिता-पुर्खा दाऊदले गरे जस्तै
परमप्रभुले जे स्वीकृत गर्नु भएको त्यो कामहरू मात्र
गरे। १२त्यस समयमा यस्ता मानिसहरू थिए जो आफ्नो
शरीर यौनका लागि बेचेर अरु देवताहरूको सेवा गर्दथे।
आसाले ती मानिसहरूलाई देश छोड्न वाध्य गराए।
आसाले ती मूतिर्हरु पनि हटाए जो उनका पुर्खाहरूले
बनाएका थिए।
१३आसाले उसको आमा माकालाई पनि रानीको
पदबाट हटाईदिए। माकाले अशेरा देवीको पूजा गर्न
घृणित खाम्बाहरू बनाएकी थिइन्। आसाले ती खाम्बाहरू

ढालिदिए अनि तिनीहरूलाई किदरोन बेंसीमा जलाईदिए।
१४उसले अग्ला ठाउँको पूजास्थानहरू भत्काएनन् तर
उनी आफ्नो जीवनभरी परमप्रभु प्रति सम्पूर्ण हृदयले
विश्वासी रहे। १५आसा र उनका पिताले परमेश्वरलाई
केही चीजहरू दिए। तिनीहरूले सुन, चाँदी र अरु
चीजहरूको उपहार दिए। आसाले ती सबै चीजहरू
मन्दिरमा राखे। १६राजा आसा यहूदाका राजा भएको
समयमा उनी सधैं इस्राएलका राजा बाशाको विरोधमा
लड़िरहेको हुन्थे। १७इस्राएलका राजा बाशा यहूदाको
विरुद्धमा लड़े। बाशाले उसका मानिसहरूलाई आसाको
देश यहूदा जाने देखि रोक्न चाहन्थे। यसकारण उनले
रामा शहरलाई साह्रै सुदृढ़ बनाए। १८यसकारण आसाले
परमप्रभुको मन्दिर अनि राजाको महलबाट सबै चाँदी र
सुन निकाले। उनले सुन-चाँदी आफ्ना सेवकहरूलाई दिए
अनि तिनीहरूलाई अरामका राजा बेनहदद कहाँपठाए।
बेनहदद तब्रिमोनका छोरा थिए। तब्रिमोन हेज्योनका छोरा
थिए। दमिश्क बेनहददको राजधानी शहर थियो। १९आसाले
यो संदेश पठाए, "मेरा पिता र तिम्रा पिता माझ शान्ति
सम्झौता भएको थियो। अहिले म तिमीसित शान्ति
सम्झौता गर्न चाहन्छु। म तिम्रो लागि सुन-चाँदीको
उपहार पठाइरहेको छु। इस्राएलका राजा बाशासित
कृपया शान्ति सम्झौता भंग गर्नुहोस जसले गर्दा ऊ
मेरो देशबाट बाहिर जानेछ अनि हामी लाई अलग
छोड्नेछ।"

२०राजा बेनहददले राजा आसासँग सम्झौता गरे।
तिनले उसको सेनापतिहरू अनि सेनाहरू इस्राएली
शहरहरू इयोन, दान, आबेल-बेतमाका; गलील पोखरीको
वरिपरिका शहर अनि नप्तालीका इलाकामा लड्न पठाए।
२१बाशाले यी आक्रमणको बारेमा सुने। यसकारण
उनले रामालाई सुदृढ़ बनाउन छोड़िदिए। उनले त्यो शहर
त्याग गरे अनि तिर्सातिर फर्किए। २२तब राजा आसाले
यहूदाका जम्मै मानिसहरूलाई आदेश दिए। कसैलाई
पनि माफी भएन। तिनीहरू रामा गए अनि सबै ढुङ्गा र
काठहरू बोके जसद्वारा बाशा तो शहरलाई सुदृढ़ बनाउँदै
थिए। तिनीहरूले ती सामानहरू बिन्यामीनको भूमिमा
गेबा अनि मिस्पा पुऱ्याए। तब राजा आसाले ती दुइ
शहरहरूलाई अझै दरिलो बनाए।

२३राजा आसाले गरेका त्यो प्रत्येक कुरा उसको
सैनिक शक्तिको विषयमा अनि उसले स्थापित गरेका
त्यो शहरहरू यहूदाका राजाहरूको इतिहासको' पुस्तकमा
लेखिएको छ। जब आसा बूढ़ा भए, उनी कुँजा भएका
थियो। २४तिनी मरे अनि उनलाई उनका पुर्खा दाऊदको
शहरमा गाड़ियो। तब आसाका छोरा यहोशापात उनीपाछि
नयाँ राजा भए।

### इस्राएलका राजा नादाब

२५आसाको शासनकालको दोस्रो वर्षमा यारोबामका
छोरा नादाब इस्राएलका राजा भए। नादाबले इस्राएलमा
दुइ वर्ष शासन गरे। २६नादाबले परमप्रभुले जे नराम्रो
सम्झे त्यही गरे। उनले पापका कामहरू त्यसरी गरे
जसरी उनका पिता यारोबामले गरेका थिए। यारोबामले
पनि इस्राएल मानिसहरूलाई पाप गर्न लगाए।

२७बाशा अहियाहका छोरा थिए। तिनीहरू इस्साकार
कुल समूहका थिए। बाशाले राजा नादाबलाई मार्ने
योजना बनाए। नादाबको शासनकालमा सम्पूर्ण इस्राएल
गिब्बतोन शहर को विरुद्ध लड़िरहेको थियो। यो एउटा
पलिश्तीहरू शहर थियो। त्यस ठाउँमा बाशाले नादाबलाई
मारे। २८आसा यहूदाका राजा भएको समय तेस्रो वर्षमा
यो घटना भयो। अनि आशा इस्राएलका अर्का राजा
भए।

### इस्राएलका राजा बाशा

२९बाशा जब नयाँ राजा भए, उनले यारोबामको
परिवारको प्रत्येक सदस्यलाई मारे। बाशाले यारोबामको
परिवारको कसैलाई पनि जिउँदो छोड़ेनन्। परमप्रभुले
जसरी हुनुपर्छ भन्नुभएको थियो यो घटना त्यसरी नै
भयो। परमप्रभुले शीलोबाट आफ्नो सेवक अहियाह
मार्फत भन्नुभएको थियो। ३०यस्तो भयो किन यारोबामले
धेरै पापका कामहरू गरेका थिए। अनि यारोबामले
इस्राएलका मानिसहरूलाई धेरै पाप गर्न लगाए। यारोबामले
परमप्रभु इस्राएलका परमेश्वरलाई रीस उठाए।

३१अरु कार्यहरू जे जति नादाबले गरे इस्राएलका
'राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ।
३२बाशाले इस्राएलमा शासन गरेको समयमा उनी यहूदाका
राजा आशाको विरोधमा युद्ध गरिरहन्थे।

३३आसाले यहूदामा शासन गरेको तेस्रो वर्षमा
अहियाहका छोरा बाशा इस्राएलका राजा भए। बाशाले
तिर्सामा २४ वर्ष शासन गरे। ३४तर बाशाले त्यही सब
कामहरू गरे जसलाई परमप्रभुले भूल कामहरू थिए
भनि भनेको थियो। उनले पनि ती पापहरू गरे जो
यारोबामले गरेको थियो। यारोबामले पनि इस्राएलीहरूलाई
पाप गर्न लगाए।

१६ तब परमप्रभुले हनानीका छोरा येह सित बोल्नु
भयो। परमप्रभु राजा बाशाको विरोधमा बोल्दै
हुनुहुन्थ्यो। २"बाशा, मैले तिमीलाई धूलोबाट माथि
उठाए अनि मैले तिमीलाई मेरो इस्राएलका मानिसहरूको
राजकुमार बनाएँ। तर तिमीले यारोबामको बाटो पहिल्यायौ।
तिमीले मेरा इस्राएली मानिसहरूलाई पाप गर्न लगायौ।
तिनीहरूले आफ्नो पापद्वारा मलाई रीस उठायौ। ३यस
कारण नै म तिमी, बाशा र तिम्रो परिवारलाई नष्ट
पार्नेछु। म तिमी सित त्यस्तै व्यवहार गर्नेछु जस्तो मैले
नबानतका छोरा यारोबामको परिवार सित गरेको थिएँ।
४तिम्रो परिवारका मानिसहरू शहरका बाटोहरूमा मर्नेछन्।
अनि कुकुरहरूले तिनीहरूको लाश खानेछन्। तिम्रो

परिवारका केही मानिसहरू चउरमा मर्नेछन् अनि तिनीहरूको लाशलाई चराहरूले खानेछन्।"

५बाशाको विषयमा सबै जानकारीहरू अनि उनले गरेको महान् कार्यहरूको विवरण 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ। ६बाशा मरे अनि उनलाई तिर्सामा गाड़ियो। उनका छोरा एला उनीपछि नयाँ राजा भए।

७यसकारण परमप्रभुले हनानीका छोरो येहू अगमवक्तालाई बोलाई पठाउनुभयो। उहाँले उसलाई बाशा अनि उसको परिवारको विरुद्धमा एउटा वचन दिनुभयो। बाशाले परमप्रभुको विरोधमा धेरै अशुभकाम गरे। यसले गर्दा परमप्रभुलाई रीस उठ्यो। बाशाले त्यही काम गरे जस्तो यारोबामको परिवारले पहिला गरेका थिए। परमप्रभु साह्रै नै रिसाउनु भएको थियो। किन भने बाशाले यारोबामको परिवारलाई मारेका थिए।

### इस्राएलका राजा एला

८आसा यहूदाका राजा भएको समय छब्बीसौ वर्षमा एला राजा भए। एला बाशाका छोरा थिए। उनले तिर्सामा दुइ वर्ष शासन गरे।

९राजा एलाका अधिकारीहरू मध्ये एक जना जिम्री थिए। जिम्री एलाका आधी रथहरूको सञ्चालन गर्दथे। तर जिम्रीले एलाको विरोधमा षड्यन्त्र रचे। राजा एला तिर्सामा थिए। तिनी अर्साको घरमा मद्यपान गर्दै थिए अनि मदमत्त भएका थिए। अर्सा तिर्साको राजमहलको प्रभारी थियो। १०जिम्री घरभित्र पसे अनि राजा एलाको हत्या गरे। आसा यहूदाको राजा भएको समयमा सत्ताइसौं वर्षमा यस्तो घटना भयो। तब जिम्री एलापछि इस्राएलका राजा भए।

### इस्राएलका राजा जिम्री

११जिम्री नयाँ राजा भएपछि उनले बाशाको परिवारका सबैलाई मारे। उनले बाशाको परिवारका मानिसहरूमा एक जनालाई पनि जिउँदो छोड़ेनन्। जिम्रीले बाशाका साथीहरूलाई पनि मारे। १२यसकारण जिम्रीले बाशाको सम्पूर्ण परिवारलाई नष्ट पारिदिए। यो घटना त्यसरी नै भयो जसरी परमप्रभुले हुन्छ भन्नु भएको थियो जति बेला परमप्रभुले अगमवक्ता येहू मार्फत, बाशाको विरोधमा बोल्नु भएको थियो। १३बाशा र उनको छोरा एलाको पापले गर्दा यस्तो भयो। तिनीहरूले पापको काम गरे अनि इस्राएली मानिसहरूलाई पनि पाप गर्न लगाए। परमप्रभु रिसाउनु भयो किनभने तिनीहरूसँग देवमूर्तिहरू थिए।

१४अरु कामहरू, जे एलाले गरे 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएका छन्।

१५आसा यहूदाका राजा भएको सत्ताइसौं वर्षमा जिम्री इस्राएलका राजा भए। जिम्रीले तिर्सामा सात दिनसम्म शासन गरे। त्यस समयमा इस्राएलको सेनाले गिब्बतोनमा जो पलिश्तिहरूको थियो पाल लगाई रहेका थिए। १६शिविरमा मानिसहरूले सुने, जिम्रीले राजाको विरोधमा गोप्य षड्यन्त्र रचेको छ। तिनीहरूले सुने, उनले राजालाई मारे। यस कारण सबै इस्राएलीहरूले त्यस दिन शिविरमा ओम्रीलाई इस्राएलको राजा बनाए। ओम्री सेनाका सेनापति थिए। १७यस कारण ओम्री र सबै इस्राएलीहरूले गिब्बतोन छोड़े अनि तिर्सामाथि आक्रमण गरे। १८जब जिम्रीले शहरमा आक्रमण गरिएको देखे। उनी महलभित्र पसे अनि आगो सल्काए। उनले महल र आफूलाई जलाए। १९यसकारण जिम्री मरे किनभने उनले पाप गरेका थिए। जिम्रीले त्यो काम गरे जसलाई परमप्रभुले भूल भन्नुभएको थियो। उनले त्यसरी नै पाप काम गरे जसरी यारोबामले गरेका थिए। अनि यारोबामले इस्राएलीहरूलाई पाप गर्न लगाए।

२०जिम्रीको गोप्य षड़यन्त्र अनि अरु कार्यहरू जो जिम्रीले गरे, त्यो कथा 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएका छन्।

### ओम्री इस्राएलका राजा

२१इस्राएली मानिसहरू दुइ दलमा विभाजित भएका थिए। आधी मानिसहरूले गीनतका छोरा तिब्नीको अनुसरण गरे अनि उनलाई राजा बनाउन चाहे। अरु आधी मानिसहरूले ओम्रीको अनुसरण गरे। २२तर ओम्रीका अनुसरण कर्त्ताहरू गीनतको छोरो तिब्नीका अनुसरण कर्त्ताहरू भन्दा बलिया थिए। यस कारण तिब्नीलाई मारियो अनि ओम्री राजा भए।

२३आसा यहूदाको राजा भएको समय एकतीसौं वर्षमा ओम्री इस्राएलका राजा भए। ओम्रीले इस्राएलमा १२ वर्ष शासन गरे। १२ वर्षहरू मध्ये छ: वर्ष उनले तिर्सा शहरमा शासन गरे। २४तब ओम्रीले सामरियाको पहाड़ किने। उनले यसलाई दुइ तोड़ा चाँदीमा शेमेरबाट किने। ओम्रीले पहाड़ माथि एउटा शहर बनाए। उनले पहाड़को मालिक शेमेरको नाउँमा शहर को नाउँ सामरिया राखे।

२५ओम्रीले त्यही काम गरे जसलाई परमप्रभुले भूल भन्नु भएको थियो। ओम्री उनीभन्दा पहिलेका सबै राजाहरू भन्दा दुष्ट थिए। २६उनले त्यही पाप गरे जुन नबातका छोरा यारोबामले गरेका थिए। यारोबामले इस्राएली मानिसहरूलाई पाप गर्न लगाए। यसकारण तिनीहरूले इस्राएलका परमप्रभु परमेश्वरलाई रीस उठाए। परमप्रभु रिसाउनुभो किनभने तिनीहरूले अर्थहीन मूर्तिहरूको पूजा गरे।

२७ओम्रीको विषयमा अरु जानकारीहरू तथा उनले गरेको महान् कार्यको बारेमा 'इस्राएलका राजाहरूको इतिहासको' पुस्तकमा लेखिएको छ। २८ओम्री मरे अनि उनलाई सामारियामा गाड़ियो। उनका छोरा आहाब उनीपछि नयाँ राजा भए।

## इस्राएलका राजा आहाब

२९आसा यहूदाका राजा भएको समयमा अठतीसौं
वर्षमा ओम्रीका छोरा आहाब इस्राएलका राजा भए।
आहाबले सामरिया शहरमा बसेर २२ वर्ष इस्राएलमा
शासन गरे। ३०आहाबले त्यही काम गरे जसलाई
परमप्रभुले भूल भन्नुभएको थियो। अनि आहाब अघिका
राजाहरू भन्दा दुष्ट थिए। ३१आहाबका लागि त्यही
पापको गर्न पर्याप्त थिएन जुन नाबातका छोरा यारोबामले
गरेका थिए। यसकारण आहाबले एतबालकी छोरी
ईजेबेललाई पनि विवाह गरे। एतबाल सीदोनका राजा
थिए। तब आहाबले बालको सेवा र पूजा शुरु गरे।
३२आहाबले बालको पूजा गर्नका लागि सामरियामा
एउटा मन्दिर बनाए। त्यस मन्दिरमा उनले एउटा वेदी
बनाए। ३३आहाबले अशेरा देवीको पूजा गर्नका लागि
एउटा विशेष स्तम्भ पनि स्थापित गरे। आहाबले उनी
भन्दा अघिका सबै राजाहरू भन्दा बढी काम इस्राएलका
परमप्रभुलाई रीस उठाउन गरे।

३४आहाबको शासनकालमा हीएलले जो बेतेलका
थिए यरीहो शहर फेरि बसाए। त्यस समय हीएलले
शहरमा काम शुरु गर्दा उनको ठूलो छोरा अबीरामको
मृत्यु भयो। अनि जब हीएलले शहरको फाटक बनाए,
उनको सानो छोरो सगूब मर्‍यो। यो त्यसरी नै भयो
जसरी परमप्रभुले यस्तो हुन्छ भनी नूनको छोरा यहोशूद्वारा
बोल्नु भएको थियो।

## एलीया र खडेरीको समय

१७ एलिया तिश्बी गिलाद शहरको अगमवक्ता
थिए। एलियाले राजा आहाबलाई भने, "म
इस्राएलका परमप्रभु परमेश्वरको सेवा गर्छु। साचै नै
परमप्रभु जीवित रहनु भए जस्तै, म प्रतिज्ञा गर्छु आउँदो
केही वर्ष न ता पानी पर्छ न शीत नै पर्छ। जब म
आदेश दिन्छु तब मात्र पानी पर्नेछ।"

२तब परमप्रभुले एलियालाई भने, ३"यो ठाउँ छोड
अनि पूर्वतिर लाग। केरीतको सांघुरो घाटी छेउ लूक।
यो घाटी यर्दन नदीको पूर्वमा छ। ४तिमी त्यस नदीको
पानी पिउन सक्छौ। मैले कागहरूलाई त्यस ठाउँमा
तिम्रो लागि खाद्य ल्याउने आदेश दिएको छु।" ५यसकारण
एलियाले त्यसै गरे जस्तो परमप्रभुले उनलाई गर्नु
भन्नुभएको थियो। उनी यर्दन नदीको पूर्व तिर करीत
खोलामा बस्न गए। ६कागहरूले एलियाका निम्ति
प्रत्येक साँझ र विहान मासु र रोटी ल्याए। एलियाले
त्यस नदीबाट पानी पिउथ्ये।

७पानी नपरेकोले गर्दा धेरै समय पछि नाला सूखा
भयो। ८तब परमप्रभुले एलियालाई भन्नुभयो, ९"सीदोनमा
सारपत जाऊ। त्यही बस। त्यस ठाउँमा एउटी आइमाई
छ जसको पति मरेको छ। मैले उसलाई तिम्रो लागि
खाद्य दिनु भनी आदेश दिएको छु।"

१०यसकारण एलिया सारपत गए। उनी शहरको
फाटकमा पुगे अनि त्यहाँ एक जना स्त्रीलाई देखे।
उसको पति मरेको थियो। आइमाई आगोको निम्ति
दाउरा जम्मा गर्दै थिई। एलियाले उसलाई भने, "के
तिमी मेरो निम्ति एउटा लोटामा अलि कति पानी ल्याउन
सक्छौ म पिउन सकूँ?" ११जब स्त्री पानी लिन जान
लागेकी थिईन, एलियाले भने, "कृपया, मेरो निम्ति
केही रोटी पनि ल्याऊ।"

१२स्त्रीले भनिन्, "जीवित परमप्रभु तपाईंको परमेश्वर
समक्ष मैले शपथ गरिभन्छु म सित रोटी छैन। म सित
भाड़ाँमा अलिकति पीठो मात्र छ। अनि म सित ढुंग्रोमा
अलिकति अंड़ीरको तेल छ। म यस ठाउँमा आगोको
निम्ति केही दाउराका टुक्रा जम्मा गर्न आएकी हुँ। म
यसलाई घर लिएर जानेछु अनि हाम्रो निम्ति भोजन
पकाउने छु। मेरो छोरा र म यसलाई खाने छौं अनि
त्यसपछि भोकले मर्नेछौं।"

१३एलियाले स्त्रीलाई भने, "फिक्री नगर। घर जाऊ
अनि तिमीले भने जस्तै गरेर तिम्रो भोजन पकाऊ। तर
पहिला तिमीसँग भएको पीठोबाट सानो रोटी बनाऊ।
त्यो रोटी मेरो निम्ति ल्याऊ। त्यसपछि आफ्नो अनि
छोराका लागि पकाऊ। १४परमप्रभु इस्राएलका परमेश्वर
भन्नु हुन्छ, 'त्यो भाँड़ोको पिठो कहिले रित्तो हुनेछैन्।
ढुंग्रोको तेल कहिले कमि हुने छैन । परमप्रभुले वर्षा
नपठाएको दिनसम्म यो चलि रहने छ।'"

१५यसकारण स्त्री आफ्नो घर गइन्। एलियाले
उनलाई जे गर्नु भनेका थिए तिनले त्यसै गरिन्।
एलिया, स्त्री र उनको छोराको लागि धेरै दिनको खाद्य
थियो। १६पीठोको भाँड़ो अनि तेलको ढुंग्रो कहिले
रित्तो भएन। यो यस्तो भयो जस्तो परमप्रभुले हुन्छ
भन्नुभएको थियो। परमप्रभुले एलिया मार्फत बोल्नु
भएको थियो।

१७केही समयपछि स्त्रीको छोरा बीरामी भयो। ऊ
साह्रै नै भयो। अन्तमा उसले सांस फेर्न नै छोड्यो।
१८तब त्यस स्त्रीले एलियालाई भनिन्, "तपाईं परमेश्वरका
जन तपाईंसित मेरो विरोधमा के छ? के तपाईं यहाँ मैले
गरेको पाप कामहरूको सम्झना गराउन आउनु भएको
हो? के तपाईं यहाँ मेरो छोराको मृत्यु गराउन आउनु
भएको हो?"

१९एलियाले उनलाई भने, "तिम्रो छोरा मलाई देऊ।"
एलियाले तिनीबाट बालकलाई लिए अनि बोकेर त्यसलाई
माथिल्लो तलामा लगे। उनले कोठामा ओछ्यान माथि
उसलाई सुताए जहाँ उनी बस्ने गर्दथे। २०त्यसपछि
एलियाले प्रार्थना गरे, "परमप्रभु मेरा परमेश्वर! यी
विधवाले आफ्नो घरमा बस्न दिएकी छिन्। के तपाईं
उसका लागि अशुभ घटना गर्नु हुन्छ त? के उनको
छोरालाई मर्नदिनु हुन्छ?" २१तब एलिया आफै
बालकमाथि तीन पल्ट पसिए। एलियाले प्रार्थना गरे, "हे

परमप्रभु मेरो परमेश्वर। यस बालकलाई फेरि जीवन दिनु होस्!"

२२परमप्रभुले एलियाको प्रार्थनाको उत्तर दिनुभयो। बालक फेरि सास फेर्न थाल्यो। ऊ जीवित भयो! २३एलियाले बालकलाई बोकेर तल्लो तालामा ल्याए। एलियाले बालकलाई तिनकी हातमा सोम्पीदिए र भने, "हेर, तिम्रो छोरा जिउँदो छ!"

२४स्त्रीले भनिन्, "अहिले मलाई थाह भयो तपाईं साँच्चै नै परमेश्वरबाटको मानिस हुनु हुन्छ। परमप्रभु तपाईं मार्फत बोल्नुहुँदो रहेछ मलाई थाह भयो!"

## एलिया र बालका अगमवक्ताहरू

१८ खड़ेरी परेको तेस्रो वर्ष परमप्रभुले एलियालाई भन्नुभयो, "जाऊ र राजा आहाबसँग भेटं गर। म चाँड़ै पानी पठाउने छु।" २यस कारण एलिया आहाब सँग भेंट गर्न गए।

त्यस समयमा सामरियामा खाद्य थिएन। ३यसकारण राजा आहाबले ओबद्यालाई आफ्नो समक्ष बोलाए। ओबद्या राजाको महलको दायित्वमा थिए। ओबद्या परमप्रभुको साँचो भक्त थिए। ४एक समय जब ईजेबेल सबै परमप्रभुका अगमवक्ताहरूको हत्या गरिहरेकी थिई, त्यस बेला ओबद्याले १०० अगमवक्ताहरूलाई लिएर गए अनि तिनीहरूलाई दुइवटा ओढ़ारमा लुकाए। ओबद्याले ५० जना अगमवक्ताहरूलाई एउटा ओढ़ारमा अनि अरु ५० जनालाई अर्को ओढ़ारमा लुकाए। तब ओबद्याले तिनीहरूका लागि खाद्य र पानी ल्याए। ५राजा आहाबले ओबद्यालाई भने, "म सित आऊ। हामीले प्रत्येक पानीको मुहान र नदीको किनार पाउनेछौ। हुनु सक्छ हाम्रा घोडाहरू र गधाहरू जीवित राख्नुलाई प्रशस्त मात्रमा घाँस पाउनु सक्छौ। होइन भने, हामी तिनीहरूलाई गुमाउने छौ।" ६प्रत्येक मानिसले देशको एउटा अंश छाने जहाँ तिनीहरू पानी खोज्न जाने छन्। तब दुइ जना मानिसहरूले सम्पूर्ण देश भ्रमण गरे। आहाब एउटा दिशातिर एक्लै हिंड़े। ओबद्या अर्को दिशातिर एक्लै हिंड़े। ७ओबद्या भ्रमण गरिरहेको बेला उनले एलियालाई भेटे। ओबद्याले एलियालाई चिने जब उनले उनलाई देखे। ओबद्याले एलिया अघि टाउको निहुराए। उनले भने, "एलिया? के तिमी साँच्चै मालिक हौ?"

८एलियाले उत्तर दिए, "हो म नै हुँ। जाऊ अनि आफ्नो मालिक राजालाई भन, म यहाँ छु।"

९तब ओबद्याले भने, "यदि मैले आहाबलाई तिमी कहाँ छौ बताएँ भने उनले मलाई मार्नेछन। मैले तिमी प्रति कुनै भूल गरेको छैन! तिमी किन मलाई मार्न चाहन्छौ? १०परमप्रभु जस्तै तिम्रा परमेश्वर निश्चित रुपले जीवित हुनुहुन्छ राजा हरेक ठाउँमा तिमीलाई खोजी रहेका छन्! उनले तिमीलाई खोज्न प्रत्येक देशमा मानिसहरू पठाए। यदि एउटा देशका शासकले भने, तिमी यस देशमा छैनौ, तब आहाबले शासकलाई तिमी यहाँ छैनौ भनी प्रतिज्ञा गर्न लगाए। ११अहिले तपाईं चहानुहुन्छ म त्यहाँ जाऊँ अनि उसलाई तपाईं यहाँ हुनुहुन्छ भनी बताऊँ। १२यदि म राजा आहाबलाई तपाईं यहाँ हुनुहुन्छ भनेर बताउन गएँ भने, परमप्रभुको आत्माले तपाईंलाई अन्य कही पुऱ्याउनेछ। राजा आहाब यहाँ आउने छन् अनि उसले तपाईंलाई पाउने छैनन्। तब उहाले मलाई मार्ने छन्! जब म बालक थिए त्यस बेलादेखि नै परमप्रभुको अनुसरण गरें। १३तिमीले थाह पायौ मैले के गरें! ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई मारिरहेकी थिई अनि मैले १०० अगमवक्ताहरूलाई ओढ़ारमा लुकाएँ। मैले ५० जना अगमवक्ताहरूलाई एउटा ओढ़ारमा अनि अरु ५० अगमवक्ताहरूलाई अर्को ओढ़ारमा राखें। मैले तिनीहरूका लागि खाद्य र पानी ल्याएँ। १४अहिले तपाईं चहानुहुन्छ म त्यहाँ गएर तपाईं यहाँ हुनुहुन्छ भनी भन्दा राजाले मलाई मार्नेछन्!"

१५एलियाले उत्तर दिए, "परमप्रभु सर्वशक्तिमानको नाउँमा निश्चित रुपमा रहे भैं जसको म सेवा गर्छु। म शपथ खाएर भन्दछु कि आज म राजा अघि उभिनेछु।"

१६यसकारण ओबद्या राजा आहाब कहाँ गए। उनले एलिया कहाँछन् भनी उनलाई बताए। राजा आहाब एलियालाई भेट्न गए।

१७जब आहाबले एलियालाई देखे उनले भने, "के यो तिमी नै हौ? तिमी नै त्यो मानिस हौ जसले इस्राएलमा संकट सृष्टि गरेको छ!"

१८तब एलियाले उत्तर दिए, "मैले इस्राएलमा संकट सृष्टि गरेको होइन। तपाईं र तपाईंका परिवारले यो संकट सृष्टि गरेको हुन्। तपाईंले संकट त्यस बेला सृष्टि गर्नुभएन जति बेला तपाईंले परमप्रभुको आदेश पालन गर्नुभएन अनि बालको अनुसरण गर्नुभयो। १९अहिले, सबै इस्राएलीहरूलाई डाँड़ामाथि मलाई भेट्न भन्नुहोस। त्यस ठाउँमा बालका ४५० जना अगमवक्ताहरूलाई पनि ल्याउनुहोस। अनि असत्य देवी अशेराका ४०० अगमवक्ताहरूलाई पनि ल्याउनुहोस। रानी इजेबेलले ती अगमवक्ताहरूको समर्थन गर्छन्।"

२०यसकारण आहाबले सबै इस्राएलीहरू र अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा बोलाए। २१एलिया ती मानिसहरू समक्ष आएर। उनले भने, "तिमीहरू कसलाई अनुसरण गर्ने हौ यसको निर्णय कहिले लिनेहो। यदि परमप्रभु नै सत्य परमेश्वर हुनुहुन्छ भने तिमीहरू उहाँलाई नै अनुसरण गर। यदि बाल नै सत्य देवता हो भने तब उनैलाई अनुसरण गर!"

मानिसहरूले केही बोलेनन्। २२एलियाले भने, "म परमप्रभुको एक मात्र अगमवक्ता हुँ! यहाँ म एक्लै छु। तर यहाँ बालका ४५० जना अगमवक्ताहरू छन्। २३यसकारण दुइवटा साँढ़े ल्याऊ। बालका अगमवक्ताहरूले एउटा साँढ़े लिऊन्। तिनीहरूले त्यसलाई मारुन् र काटेर

टुक्रा-टुक्रा पारुन्। त्यसपछि तिनीहरूले मासु दाउरमाथि
राखून्। तर तिनीहरू आगो बाल्न पाउने छैनन्। त्यसपछि
अर्को साँढेलाई म त्यसै गर्छु। म पनि आगो बाल्न शुरु
गर्दिन। २४बालका अगमवक्ताहरूले उनीहरूको देवतालाई
प्रार्थना गर्नेछन् अनि म मेरा परमप्रभुलाई प्रार्थना गर्नेछु।
जुन परमेश्वरले प्रार्थना सुनेर दाउरा बल्न शुरु गर्छन,
तिनै सत्य परमेश्वर हुनेछन्।" सबै मानिसहरूले यसलाई
राम्रो विचार भनेर समर्थन गरे।

२५तब एलियाले बालका अगमवक्ताहरूलाई भने,
"तिमीहरू धेरै छौ। यसकारण पहिला तिमीहरूनै शुरु
गर। एउटा साँढ़े छान अनि तयार गर। तिम्रा देवतालाई
पुकार तर आगो बाल्न पाइनेछैन।"

२६यसकारण अगमवक्ताहरूले साँढ़े लिए, जो
उनीहरूलाई दिइएको थियो। तिनीहरूले त्यसलाई तयार
बनाए। तिनीहरूले विहान देखि मध्यानसम्म प्रार्थना गरे।
तिनीहरूले प्रार्थना गरे, "हे बाल, कृपया हामीलाई उत्तर
देऊ!" तर कुनै आवाज आएन। कसैले उत्तर दिएन।
अगमवक्ताहरू वेदीको वरिपरि नाचे जसलाई तिनीहरूले
बनाएका थिए। तर आगो बल्न बलेन।

२७दिउँसोतिर एलियाले तिनीहरूको खिसी गरे। एलियाले
भने, "यदि बाल साँच्चे नै देवता हुन् भने हुन्छ,
जोड़सित प्रार्थना गर्नुपर्छ! हुन सक्छ, उनी सोच्दै छन्!
अथवा हुन सक्छ उनी व्यस्त छन्! अथवा हुन सक्छ
उनी भ्रमण गर्दैछन्! उनी सुती रहेको हुन सक्छ। हुन
सक्छ तपाईंहरूले जोरसित प्रार्थना गर्दा उनी उठ्न
सक्छन्!" २८अनि ती अगमवक्ताहरूले जोरसित प्रार्थना
गरे। तिनीहरूले तरवार र भालाले काटे। (तिनीहरूले
पूजा गर्ने यस्तै तरीका थियो।) तिनीहरूले आफूमाथि
प्रहार गरिरहे जबसम्म तिनीहरूको शरीर रक्ताम्मे भएन।
२९मध्यदिन बित्यो तर आगो बलेको थिएन। अगमवक्ताहरू
बेलुकीको बलिदान चढ़ाउने समयसम्म तिनीहरूको
व्याकुलता कार्यहरू गरिरहे, तर केही पनि भएन।
बालबाट कुनै उत्तर आएन। कुनै आवाज थिएन। कसैले
पनि सुनेको थिएन।

३०तब एलियाले मानिसहरूलाई भने, "अब मेरो सामु
आओ।" यसकारण सबै मानिसहरू एलियाको वरिपरि
थुप्रिए। परमप्रभुको वेदी भत्किएको थियो। यसकारण
एलियाले ठीक पारे। ३१एलियाले १२ वटा ढुङ्गाहरू
पाए। पत्येक ढुङ्गा याकूबका सन्तानबाटका त्यो एउटा
कुल समूहको निम्ति खडा थियो। याकूब त्यो मानिस
थियो जसलाई परमप्रभुले इस्राएल नाउ दिनुभयोको
थियो। ३२एलियाले परमप्रभुको वेदी स्थापित गर्न यी
ढुङ्गाहरू उपयोग गरे। उनले वेदीको वरिपरि एउटा
खाड़ल खने। त्यो खाडल दुइ माना पानी राख्नका लागि
पर्याप्त चौड़ा र गहिरो थियो। ३३तब एलियाले वेदीमाथि
दाउरा राखे। उनले साँढ़ेलाई टुक्रा-टुक्रा पारेर काटे।
उनले टुक्राहरू दाउरामाथि राखे। ३४तब एलियाले भने,
"चारैवटा भाँड़ाहरूमा पानी भर। पानी मासुका टुक्रा र
दाउरामा खन्याऊ।" फेरि एलियाले भने, "फेरि यसै
गर।" तब उनले भने, "फेरि यस्तै तेस्रो पटक गर।"
३५पानी वेदीबाट तल बग्यो अनि खाडलमा भरियो।

३६यो बेलुकीपखको बलिदानको समय भएको थियो।
त्यसपछि अगमवक्ता एलिया वेदी समक्ष गए अनि
प्रार्थना गरे, "हे परमप्रभु, अब्राहाम, इसहाक र इस्राएलका
परमेश्वर। म तपाईंलाई इस्राएलका परमेश्वर हुनुहुन्छ
भनी प्रमाणित गर्ने बिन्ती गर्छु। अनि प्रमाणित गर्नुहोस्
म तपाईंको सेवक हुँ। मानिसहरूलाई देखाउनुहोस्, यी
सब काम गर्नका लागि तपाईंले मलाई आदेश दिनुभएको
हो। ३७मेरो परमप्रभु, मेरो प्रार्थनाको उत्तर दिनहोस्।
मानिसहरूलाई देखाइ दिनुहोस्, परमप्रभु तपाईं नै परमेश्वर
हुनुहुन्छ। तब तपाईंले मानिसहरूलाई तपाईंतिर फर्काएर
ल्याउनु सक्नु हुन्छ।"

३८यसकारण परमप्रभुले आगो पठाउनुभयो। आगोले
बलिदान, दाउरा, ढुङ्गा र वेदीको वरिपरिको भूमिलाई
जलायो। आगोले खाडलको पानीलाई पनि सूखा बनायो।
३९सबै मानिसहरूले यस्तो भएको देखे। मानिसहरू
भूमिमा निहुरिए अनि भन्न थाले, "परमप्रभु नै परमेश्वर
हुनु हुन्छ! परमप्रभु नै परमेश्वर हुनुहुन्छ!"

४०तब एलियाले भने, "बालका सबै अगमवक्ताहरूलाई
पक्र। कसैलाई भाग्न नदोऊ!" यसकारण मानिसहरूले
सबै अगमवक्ताहरूलाई पक्रिए। तब एलियाले तिनीहरूलाई
कीशोन खोलामा लगे अनि त्यस ठाउँमा तिनीहरूलाई
मारे।

### पानी फेरि पर्छ

४१तब एलियाले राजा आहाबलाई भने, "अब, जाऊ
खान-पीन गर। मूसलाधार पानी परेको आवाज सुन्छु।"
४२यसकारण राजा आहाब खान गए। त्यस बेला
एलिया कर्मेल डाँड़ा माथि चढ़े। पर्वतको चुचुरामा पुगेर
तिनी निहुरिए। उनले आफ्नो टाउको दुइवटा घुँड़ाबीच
राखे। ४३तब एलियाले आफ्नो सेवकलाई भने, "समुद्रतिर
हेर।"

सेवक त्यस ठाउँमा गयो जहाँबाट ऊ समुद्र हेर्न
सक्थ्यो। तब सेवक फर्कियो अनि भन्यो, "मैले केही
देखिन।" एलियाले उसलाई फेरि जानु र हेर्नु भने।
यस्तो सात पटक भयो। ४४सातौ पटक सेवक फर्कियो
अनि भन्यो, "मैले मानिसको मुठीको आकार जस्तै
सानो बादल देखें। बादल समुद्रबाट आउँदै थियो।"

एलियाले सेवकलाई भने, "राजा आहाब कहाँ जा
अनि उनलाई आफ्नो रथ लिनु अनि अहिले घर जानु
भन। यदि उनी अहिले जाँदैनन् भने पानीले उनलाई
रोक्नेछ।"

४५केही छिनपछि आकाश कालो बादलले ढाकियो।
हावा बहनु थाल्यो अनि मूसलाधारे पानी पर्न थाल्यो।

आहाब आफ्नो रथमा चढ़े अनि यीज्रेलतिर यात्रा शुरु
गरे। ४६परमप्रभुको शक्ति एलियामाथि आएको थियो।
एलियाले आफ्नो चारैतिर लुगा कसे जसले गर्दा ऊ
दगुर्न सकोस्। तब एलिया राजा आहाबभन्दा अघि
यीज्रेलतिर दगुरे र पुगे।

## सीनै पर्वतमाथि एलिया

१९ राजा आहाबले ईजेबेललाई सबै थोक बताए
जो एलियाले गरे। आहाबले उनलाई कसरी
एलियाले तरवारले सबै अगमवक्ताहरूलाई मारेको बताए।
२यसकारण इजेबेलले एलिया समक्ष एकजना स्वर्गदूत
पठाइन्। ईजेबेलले भनिन, "म कसम खान्छु भोलि यस
बेलाको पहिले म तिमीलाई त्यसरी नै मार्नेछु जसरी
तिमीले ती अगमवक्ताहरूलाई मार्‍यौ। यदि मैले सकिनँ
भने तब देवताहरूले मलाई मार्नेछन्।"
३जब एलियाले यो सुने, उनी डराए। त्यस कारण
उनी आफ्नो जीवन बचाउन भागे। उनले आफ्नो सेवक
सँगै लगे। तिनीहरू बेर्शेबा, यहूदा गए। एलियाले
सेवकलाई बेर्शेबामा छोड़े। ४त्यसपछि एलिया दिनभरि नै
मरुभूमिमा हिँड़े। एलिया एउटा पोथ्राको तल बसे।
उनले मर्न चाहे। एलियाले भने, "परमप्रभु, मैले धेरै
गरेँ! मलाई मर्न दिनुहोस्। म मेरा पुर्खाहरू भन्दा राम्रो
छुइन।"
५तब एलिया रुखको तल सुते अनि निदाए। एउटा
स्वर्गदूत एलिया कहाँ आए अनि उनलाई छोए। स्वर्गदूतले
भने, "उठ! खाऊ!" ६एलियाले आफ्नो छेवैमा कोइलामा
पकाएको केक र एउटा ढुंग्रोमा पानी देखे। एलियाले
खाई-पिई गरेर तब तिनी फेरि सुते!
७त्यसपछि परमप्रभुका स्वर्गदूत उनीकहाँ फेरि आए।
स्वर्गदूतले भने, "उठ! खाऊ! यदि तिमीले खाएनौ भने
लामो यात्रा गर्नका लागि तिमी बलियो हुँदैनौ।" ८यसकारण
एलिया उठे। उनले खाए अनि पिए। खाद्यले एलियालाई
चालीस दिन र चालीस रात होरेब पुगुञ्जेल हिड्नु
पर्याप्त बलियो बनायो, परमेश्वरको पर्वत होरेबतिर हिँड़ेर
गए। ९त्यहाँ एलिया एउटा ओढ़ारमा गए अनि रातभरि
बसे। तब परमप्रभु एलिया सँग बोल्नु भयो। परमप्रभुले
भन्नुभयो, "एलिया, तिमी किन यहाँ छौ?"
१०एलियाले उत्तर दिए, "परमप्रभु, सर्वशक्तिमान
परमेश्वर, सधैँ मैले सकेसम्म तपाईंको सेवा गरेको छु।
तर इस्राएलका मानिसहरूले तपाईंसित भएको करार
तोड़ेका छन तिनीहरूले तपाईंका वेदीहरू भत्काए।
तिनीहरूले तपाईंका अगमवक्ताहरूलाई मारे। म मात्र
यस्तो अगमवक्ता हुँ जो अहिलेसम्म जिउँदै छु अनि
अहिले तिनीहरू मलाई मार्ने प्रयास गर्दैछन्।"
११तब परमप्रभुले एलियालाई भन्नुभयो, "जाऊ अनि
पर्वत माथि मेरा सामु खड़ा होउ। म तिम्रो छैवैबाट
जानेछु।" तब प्रचण्ड हुरी चल्यो। हुरीले पर्वतहरूलाई
भत्कायो। परमप्रभुको अघि ठूल्ठूला चट्टानहरू फोर्‍यो।
तर त्यो हुरीमा परमप्रभु हुनुहुन्न थियो। त्यस हुरी पछि
एउटा भूइँचालो शुरु भयो तर त्यो भूइँचालोमा पनि
परमप्रभु हुनुहुन्न थियो। १२भूइँचालो पछि आगो दन्कियो।
तर त्यो आगोमा पनि परमप्रभु हुनुहुन्न थियो। आगो
पछि त्यहाँ मधुरो कानेखुसी आए।
१३जब एलियाले आवाज सुने उनले उसको अनुहार
उसको खास्टोले छोपे। तब उनी गए अनि ओढ़ारको
मुखमा उभिए। तब ध्वनिले उनलाई भन्यो, "एलिया,
तिमी किन यहाँ छौ?"
१४एलियाले भने, "परमप्रभु, हे सर्वशक्तिमान परमेश्वर,
मैले सके सम्म सधैँ तपाईंको राम्रो सेवा गरेको छु। तर
इस्राएली मानिसहरूले तपाईंको करारलाई पालन गरेनन्।
तिनीहरूले तपाईंको वेदी भत्काए। तिनीहरूले तपाईंका
अगमवक्ताहरूलाई मारे। अहिले सम्म बाँच्ने अगमकक्ता
मैं मात्र हुँ। अनि अहिले तिनीहरू मलाई मार्ने चेष्टा
गर्दैछन्।"
१५परमप्रभुले भन्नुभयो, "दमीशकको वरिपरि
मरुभूमिसम्म जाने बाटो भएर फर्क। दमीशक जाऊ
अनि अरामका राजाको रुपमा हजाएललाई अभिषेक
गर। १६तब निम्शीका छोरा येहूलाई इस्राएलका राजाको
रुपमा अभिषेक गर। त्यसपछि आबेल महोलाको शापातको
छोरा एलीशालाई अभिषेक गर। तिनी तिम्रो ठाउँमा
अगमवक्ता हुनेछन्। १७हजाएलले धेरै व्यक्तिहरूलाई
मार्नेछन्। हजाएलको तलवारबाट बाँचेकहरूलाई येहूद्वारा
मार्नेछन्। तीजो येहूबाट बाँचेकोलाई एलीशा द्वारा मर्नेछन्।
१८म सित अझैं पनि इस्राएलमा ७,००० मानिसहरू
छन् जसले अझैसम्म बालको अघाडी निहुरिएको छैन्
अथवा बालको मूर्तिलाई चुम्ब गरेको छैन्।"

## एलीशा एक अगमवक्ता बनिन्छन्

१९यसकारण एलियाले त्यो ठाउँ छोड़े अनि शापातका
छोरा, एलीशालाई खोज्न गए। एलीशाले हलो जोतिरहेका
थिए। त्यहाँ तिनको अघि बाह्रा जोड़ी गोरुहरू थिए
अनि बाह्रौं जोड़ी चाँहि तिनीसित थियो। एलिया एलीशा
सामु गए। एलियाले आफ्नो खास्तो एलीशालाई दिए।
२०तत्कालै एलीशाले गोरुहरू छोड़े अनि एलियाको
पछि लागे। एलीशाले भने, "मलाई मेरी आमालाई
म्वाईखान बाबुलाई खान देऊ अनि तिनीहरूलाई विदा
लिनु देऊ। तब म तिम्रो अनुसरण गर्नेछु।"
एलियाले उत्तर दिए, "तिमी त्यसो गर्नु सक्छौ, म
तिमीलाई रोक्दिन।"*
२१तब एलिशाले आफ्नो परिवारसँग बसेर विशेष
भोजन गरे। एलीशा गए अनि आफ्ना गोरूहरू मारे।

---

**म तिमीलाई रोक्दिन** "सहायतिक रूपले, तिमीलाई मैले के गरेको छु?" अथवा "मैले तिम्रो निम्ति के गर्न सक्छु र?"

उनले हलोको काठको उपयोग दाउराको रुपमा गरे
अनि मासु पकाए। तब उनले यसलाई मानिसहरूमा भ्क
बाँड़े अनि तिनीहरूले मासु खाए। त्यसपछि एलीशाले
एलियालाई अनुसरण गर्न थाले। एलीशा एलियाका
सहायक बने।

### बेन-हदद र आहाब लड़ाईँमा जान्छन्

२० बेन-हदद अरामका राजा थिए। उनले आफ्नो
सबै सेनाहरू जम्मा गरे। उनीसँग ३२ जना
राजाहरू थिए। तिनीहरूसँग घोड़ा अनि रथहरू थिए।
तिनीहरूले सामरिया माथि आक्रामण गरे अनि त्यसको
विरोधमा लड़ाइँ गरे। २राजाले इस्राएलका राजा आहाब
कहाँ शहरमा राजदूतहरू पठाए। ३संदेश यस्तो थियो,
"बेन-हदद भन्दछन्, 'तिमीले मलाई तिम्रो चाँदी र सुन
दिनु पर्छ। तिमीले आफ्ना स्वस्नीहरू र नानीहरू पनि
मलाई दिनु पर्छ।'"
४इस्राएलका राजाले उत्तर दिए, "महाराज, मेरा
मालिक म सहमत छु कि म अहिले तिम्रो हुँ अनि
मसित भएको प्रत्येक वस्तु तिम्रो हो।"
५तब स्वर्गदूत फर्केर आहाब कहाँ आए। तिनीहरूले
भने, "बेन-हदद भन्दछन्, 'मैले तिमीलाई पहिले भनेको
थिएँ। तिमीले तिम्रो सबै सून, चाँदी तथा पत्नीहरू र
नानीहरू मलाई दिनु पर्छ। ६भोलि म तिम्रो घर र तिम्रा
अधिकारीहरूको घर खोजीनिधि गर्न मानिसहरू पठाउँदैछु।
तिमीले मेरा मानिसहरूलाई सबै बहुमूल्य वस्तुहरू दिनु
पर्छ अनि तिनीहरूले ती वस्तुहरू म कहाँ ल्याउनेछन्।'"
७यस कारण राजा आहाबले देशका सबै प्रमुख
अगुवाहरूको सभा बोलाए। आहाबले भने, "हेर,
बेन-हदद संकट खोजिरहेका छन्। पहिला उनले मलाई
भने मैले उनलाई मेरा पत्नीहरू, मेरा नानीहरू, मेरो
चाँदी र मेरो सुन दिनु पर्छ। ती वस्तुहरू उनलाई दिन
म राजी भएँ। अनि अहिले उनी सबै वस्तुहरू लिन
चाहन्छन्।"
८तर सबै बूढ़ा-प्रधानहरू र मानिसहरूले भने, "उनको
आज्ञा नमान। उनी जे भन्दछन् त्यो नगर।"
९यसकारण आहाबले एक जना स्वर्गदूत बेन हदद
समक्ष पठाए। आहाबले भने, "म त्यही गर्नेछु जो
तिमीले पहिला भनेका थियौ। तर म तिम्रो दोस्रो आदेश
पालन गर्ने छैन।"
राजा बेन-हददका मानिसहरूले संदेश राजाकहाँ पुऱ्याए।
१०तब दूत राजा बेन-हददबाट अर्को संदेश लिएर
फर्किए। संदेश थियो, "म सामरिमालाई सम्पूर्ण रुपले
नष्ट पार्नेछु। म कसम खान्छु, त्यहाँ मेरा प्रत्येक
मानिसका निम्ति एक मुठी धूलो पनि रहने छैन। मेरा
देवताले मलाई नष्ट पारुन् यदि मैले यस्तो गर्न सकिन
भने!"
११राजा आहाबले उत्तर दिए, "बेन-हददलाई भन जुन
मानिसले कवच धारण गर्छ, त्यसले त्यस मानिसको
जस्तो गर्व नगरोस्, जो त्यसलाई खोल्न मानिसले भैँ
घमण्ड गर्नु हुँदैन।"
१२राजा बेन-हदद अरु शासकहरू सँग आफ्नो
पालमा मद्यपान गरिरहेका थिए। त्यस बेला संदेशवाहकहरू
आए अनि उनलाई राजा आहाबको संदेश दिए। राजा
बेन-हददले आफ्ना मानिसहरूलाई आहाबको शहरलाई
आक्रामण गर्न तयार हुने आदेश दिए। उनका मानिसहरू
तिनीहरू आफै युद्धका निम्ति तयार भए।
१३त्यसै बेला एक जना अगमवक्ता राजा आहाबकहाँ
गए। अगमवक्ताले भने, "राजा आहाब, परमप्रभुले
तिमीलाई भन्नुहुन्छ, 'के तिमीले विशाल सेना देखेका
छौ? म, तिमीलाई तिनीहरूलाई परास्त पार्ने शक्ति
दिइरहकोछु। तब तिमी जान्ने छौ म परमप्रभु हुँ।'"
१४आहाबले भने, "तिनीहरूलाई परास्त गर्नका लागि
तपाईं कसलाई उपयोग गर्न हुनेछ?"
अगमवक्ताले भने, "परमप्रभु भन्नुहुन्छ, 'सरकारी
अधिकारीका साना सहायकहरू।'"
तब राजाले सोधे, "मुख्य सेनालाई कसले नियन्त्रण
गर्छ?"
अगमवक्ताले उत्तर दिए, "तपाईंले।"
१५यसकारण आहाबले सरकारी अधिकारीका तरुण
सहायकहरूलाई भेला गरे। ती जम्मा २३२ जना तन्देरी
मानिसहरू थिए। तब राजाले इस्राएलका सेनाहरूलाई
एकसाथ बोलाए। जम्मा संख्या ७,००० पुग्यो।
१६राजा बेन-हदद अनि ३२ जना राजाहरू जो
उनलाई सघाउथे तिनीहरू आ-आफ्नो पाल भित्र मद्यपान
गरिरहेका थिए। यसै बेला राजा आहाबको आक्रमण
शुरु भयो। १७तन्देरी सहायकहरूले पहिला आक्रमण
गरे। राजा बेन-हददका मानिसहरूले उनलाई भने,
सैनिकहरू सामरियाबाट बाहिर निस्किए। १८यसकारण
बेन-हददले भने, "तिनीहरू लड़ाई गर्न आइरहेका हुनेछन्।
अथवा तिनीहरू शान्तिको कुरा गर्न आइरहेकाछन्।
तिनीहरूलाई जिउँदै पक्र।" १९राजा आहाबका तन्देरी
अधिकारीहरूले आक्रमणको नेतृत्व गरिरहेका थिए।
इस्राएलका सेनाहरूले तिनीहरूलाई अनुसरण गरिरहेका
थिए। २०तब इस्राएलीहरूले प्रत्येकलाई मारे जो
तिनीहरूको बाटोमा खडा थिए। यसकारण अरामका
सेनाहरू भाग्न थाले। इस्राएलका सेनाहरूले तिनीको
पछि लाग्ने काम गरे। राजा बेन-हदद एउटा रथको
घोड़ामा चढ़ेर भागे। २१राजा आहाबले सेनालाई नेतृत्व
दिए अनि अरामको सैनिकहरूबाट सबै घोड़ाहरू अनि
रथहरू कब्जा गरे। यसकारण राजा आहाबले अरामी
सेनालाई परास्त गराए।
२२तब अगमवक्ता राजा आहाब समक्ष गए र भने,
"अरामका राजा, बेन-हदद, आउंदो बसन्तमा तिमीसित
लड़ाइँ गर्न फेरि आउनेछ। यसकारण तिमीले अहिले

आफ्नो घर जानुपर्छ अनि आफ्नो सैनिकलाई बलियो
बनाउनु पर्छ। अनि उनलाई परास्त गर्नका लागि सचेत
योजनाहरू बनाऊ।"

## बेन-हदद फेरि आक्रमण गर्छन्

२३राजा बेन-हददका अधिकारीहरूले उनलाई भने,
"इस्राएलका देवताहरू ता पहाड़हरूका देवता हुन्।
हामीले पर्वतीय क्षेत्रमा लडाइँ गर्‍यौ। यसकारण इस्राएलका
मानिसहरूले जीते। यसकारण हामी उनीहरू सँग त्यस
ठाउँमा लड़ाइँ गर्‍यौ। तब हामी जित्ने छौं। २४तिमीले
यही काम गर्नु पर्नेछ। सैनिकहरूलाई आदेश दिने
अनुमति ३२ जना राजाहरूलाई नदिनु। तिनीहरूको
सैनिकहरूलाई सेनापतिहरूले नै नियन्त्रण गरुन्।

२५"अब तिनी मासिएको सैनिक जस्तै सैनिक गठन
गर। त्यस सेनाका जस्तै घोड़ाहरू र रथहरू
भेला गर। त्यसपछि हामीले सम्मो भूमिमा इस्राएलीहरू
सँग लड़ाइँ गर्नु पर्छ। तब हामी जित्ने छौ।" बेन-हददले
तिनीहरूको सल्लाह माने। उनले त्यही गरे जो तिनीहरूले
भने।

२६यसकारण बेनहददले बसन्तमा अरामीहरूलाई भेला
गरे। उनी इस्राएलीहरू सँग युद्ध गर्न अपेक गए।

२७इस्राएलीहरू युद्धका लागि तयार भए। इस्राएली
मानिसहरू अरामी सैनिकसित युद्ध गर्न हिँड़े। तिनीहरूले
अराम शिबिरको पछाड़ि तिर आफ्नो शिबिर बनाए।
शत्रुको तुलनामा इस्राएलीहरू बाख्राका दुइवटा साना
बथानहरू जस्ता देखिन्थे तर अरामेली सैनिकहरूले सबै
इलाकाहरू ढाकेका थिए।

२८परमेश्वरका जन इस्राएलका राजाकहाँ आए र
भने: "परमप्रभुले भन्नुभएको छ, 'अरामका मानिसहरूले
त्यो सोच्छन्, म, परमप्रभु हुँ पर्वतहरूका मात्र परमेश्वर
हुँ, अनि म सम्म भूमिको पनि परमेश्वर होइन्।
यसकारण म तिमीलाई यो विशाल शत्रुलाई परास्त गर्ने
शक्ति दिन्छु। तब तिमी जान्ने छौ, कि म नै परमप्रभु
हुँ।'"

२९सात दिनसम्म सैनिकहरू एका-अर्काको सामु
शिबिरमा बसिरहे। सातौं दिन लड़ाइँ शुरु भयो। एक
दिनमा इस्राएलीहरूले १,००,००० अरामका सैनिकहरू
मारे। ३०बाँचेकाहरू अपेक शहरतिर भागे। शहरको
पर्खाल ती सैनिकहरू मध्ये २७,००० माथि ढल्यो।
बेन-हदद पनि शहरतिर भागे। उनी एउटा कोठामा
लुके। ३१उनका सेवकहरूले उनलाई भने, "हामीले
सुनेका थियौं, इस्राएलका राजाहरू दयालु छन्। हामी
खस्रो लुगा लगाऔं अनि टाउकोमा डोरी बांधौं।
त्यसपछि इस्राएलका राजा कहाँ जाऔं। हुन सक्छ
उनीले हामीलाई जिउँदो बस्न दिने छन्।"

३२तिनीहरूले खस्रो लुगा लगाएर टाउकोमा डोरी
बाँधे। तिनीहरू इस्राएलका राजाकहाँ गए। तिनीहरूले
भने, "तिम्रो सेवक, बेन-हदद भन्दछन्, 'कृपया मलाई
बाँच्न देऊ।'"

आहाबले भने, "के उनी अझै जिउँदै छन्? उनी
मेरा भाइ हुन।"

३३बेन-हद्दका मानिसहरूले अहाबको शब्दको संकेत
सुन्ने आशा गरेका थिए त्यो उसले बेन-हद्दलाई मार्ने
छैन्। जब राजा आहाबले भन्यो त्यो बेन-हदद उसको
भाइ थियो, सल्लाहकारले लगत्तै भने, "हो, बेन-हदद
तपाईंका भाई हुन्।"

आहाबले भने, "उनलाई मकहाँ ल्याऊ।" यसकारण
बेन-हदद राजा आहाब समक्ष आए। राजा आहाबले
उनलाई उ सितै रथमा बस्नभने।

३४बेन-हददले उनलाई भने, "आहाब, म तिमीलाई
शहरहरू दिनेछु जो मेरा पिताले तिम्रा पिताबाट लिएका
थिए। अनि तिमी दमीशकमा पसलहरू खोल्न सक्ने छौ
जसरी मेरा पिताले सामरियामा गरेका थिए।"

आहाबले उत्तर दिए, "यदि तिमी यसमा सहमत हुन्छौ
भने म तिमीलाई मुक्त रुपमा जान दिने छु।" यसकारण
दुइजना राजाहरूले शान्ति सम्झौता गरे। त्यसपछि राजा
आहाबले राजा बेनहददलाई मुक्त गरे।

## एउटा अगमवक्ता आहाबको विरुद्धमा बोल्छन्

३५एक जना अगमवक्ताले अर्का अगमवक्ताहरूलाई
भने, "म माथि प्रहार गर!" उनले भने परमप्रभुले यसो
गर्न भनी आदेश दिनुभएको थियो। तर अर्का अगमवक्ताले
उनी माथि प्रहार गर्न मानेनन्। ३६यसकारण पहिला
अगमवक्ताले भने, "तिमीले परमप्रभुको आदेश पालन
गरेनौ। यसकारण एउटा सिंहले तिमीलाई मार्नेछ जब
तिमी यो ठाउँ छोड्ने छौ।" अर्का अगमवक्ता त्यो ठाउँ
छोड़े अनि एउटा सिंहले उनलाई मार्‍यो।

३७पहिलो अगमवक्ता अर्को मानिस समक्ष गए अनि
भने, "ममाथि प्रहार गर!"

यस मानिसले उनी माथि प्रहार गर्‍यो अनि
अगमवक्ताहरूलाई घाइते बनायो। ३८यसकारण
अगमवक्ताले आफ्नो अनुहार एउटा लुगाले छोपे। यस
प्रकार उनी को हुन भनी कसैले पनि थाह पाउन
सकेन। अगमवक्ता गए अनि बाटोमा राजाको प्रतीज्ञा
गर्न थाले। ३९जब राजा आए अनि अगमवक्ताले
उनलाई बोलाए र भने, "म युद्धमा लड़ाइँ गर्न हिंड़ो।
हाम्रा चार जना मानिसहरू मध्ये एक जनाले एक जना
शत्रुको सैनिक मकहाँ ल्यायो। मानिसले भन्यो, 'यस
मानिसलाई हेरिराख। यदि यो मानिस भाग्यो भने तैले
आफ्नो जीवन यसको ठाउँमा दिनु पर्छ अथवा तैले एक
तोड़ा सुन दण्ड तिर्नु पर्नेछ।' ४०तर म अरु नै काममा
व्यस्त भएँ। यस कारण त्यो मानिस भाग्यो।"

इस्राएलका राजाले भने, "तिमीले आफैले भनी
सकेकाछौ तिमीलाई सजाय हुनु पर्छ।"

४१तब अगमवक्ताले आफ्नो अनुहारबाट लुगा निकाल्यो।
इस्राएलका राजाले उनलाई हेरे अनि उनी एक जना
अगमवक्ता हुन भनी थाह पाए। ४२तब अगमवक्ताले
राजालाई भने, "परमप्रभु भन्नु भएकोछ, 'तपाईंले त्यस
मानिसलाई मुक्त गराउनु भयो जसलाई मैंले भनेथे त्यो
मर्नु पर्छ। यसकारण उसको सट्टामा तिमी मर्ने छौ अनि
तिम्रा सैनिकहरू उसको सैनिकहरूको सट्टामा मर्नेछन्!'"
४३तब राजा आफ्नो घर सामरिया फर्किए। उनी
चिन्तित र उदास थिए।

## नाबोतको दाखबारी

२१ राजा आहाबको महल सामरिया शहरमा थियो।
महलको छेवैमा दाखबारी थियो। नाबोत नाउँ
भएको मानिस यस बारीको मालिक थियो। २यिज्रेलबाट
आएको थियो। एक दिन आहाबले नाबोतलाई भने,
"तिम्रो दाखबारी मलाई देऊ। म यसलाई सब्जीको
बगैंचा बनाउन चाहन्छु। तिम्रो बारी मेरो महलको छेऊमा
छ। म यसको बदलीमा राम्रो दाखबारी दिनेछु। अथवा,
यदि तिमी चाहन्छौ भने यसको दाम रुपिया दिनेछु।"
३नाबोतले उत्तर दिए, "परमप्रभुले यस्तो हुन रोकुन् म
यसो गर्नेछु। म मेरो भूमि तपाईंलाई दिने छैन किनभने
यो मेरो पिता-पुर्खाको सम्पत्ति हो।"
४यसकारण आहाब घर फर्किए। उनी नाबोतसित
रिसाएका थिए अनि उदास थिए। यिज्रेलको मानिसले
भनेको कुरा उनलाई मन परेनन्। (नाबोतले भनेका
थिए, "म मेरो परिवारको जग्गा दिने छैन्।") आहाब
आफ्नो ओछ्यानमा पल्टिएका थिए। उनले आफ्नो मुख
अर्कोतिर पारे अनि केही नखाने भए।
५आहाबकी पत्नी ईजेबेल उनी समक्ष गइन्। ईजेबेलले
उनलाई भनिन्, "तिमी किन उदास छौ? तिमीले किन
खान मानेनौ?"
६आहाबले उत्तर दिए, "यिज्रेलबाट आएको मानिस
नाबोतलाई मैले उसको बारी दिनु भनी बिन्ती गरें।
उसलाई मैले भने, म उसलाई भनेको दाम दिनेछु।
अथवा उसले चाहेको खण्डमा उसलाई म अर्को बारी
दिनेछु। तर नाबोतले बारी मलाई दिन मानेन।"
७ईजेबेलले भनिन, "तर तिमी इस्राएलका राजा हौ!
ओछ्यानबाट उठ। केही खाऊ अनि तिमीलाई राम्रो
लाग्ने छ। नाबोतको बारी म तिमीलाई उपलब्ध गराउने
छु।"
८तब ईजेबेलले केही पत्रहरू लेखिन्। उनले पत्रमा
आहाबको नाउँमा सही गरिन्। उनले पत्रहरू बन्द
गर्नका लागि आहाबको मोहर उपयोग गरिन्। त्यसपछि
उनले अगुवाहरू र विशेष मानिसहरूलाई पत्र पठाइन
जो नाबोत बसेकै शहरमा बस्ने गर्दथे। ९पत्र यस्तो
लेखिएको थियो। घोषणा गर एउटा यस्तो हुनेछ जब
मानिसहरूले केही खाने छैनन्। तब शहरका सबै
मानिसहरूलाई एउटा सभामा बोलाऊ। सभामा नबोतलाई
मानिसहरूको अघि इज्जतको स्थान देऊ। १०केही
यस्ता मानिसहरू खोज जो नाबोतका लागि असत्य
बोल्नेछन्। ती मानिसहरूले भन्ने छन्, तिनीहरूले नाबोतले
राजा र परमेश्वरको विरोधमा बोलेको सुनेका छन्। तब
नाबोतलाई शहरदेखि बाहिर निकाल अनि उसलाई
ढुङ्गाले हिर्काएर मार।
११यसकारण बूढ़ा-प्रधानहरू अनि मुख्य मानिसहरूले
ईजेबेलले तिनको पत्रमा बताए जस्तै गरे। १२अगुवाहरूले
घोषणा गरे, एक दिन यस्तो हुनेछ जब सबै मानिसहरूले
केही खाने छैनन्। त्यस दिन तिनीहरूले सबै मानिसहरूलाई
एउटा सभामा बोलाए। तिनीहरूले नाबोतलाई मानिसहरूको
अघि विशेष स्थानमा राखे। १३तब दुइ जना बेइमान
मानिसहरूले जनगणलाई भने, तिनीहरूले नाबोतलाई
परमेश्वर र राजाको विरोधमा बोलेको सुनेका थिए।
यसकारण मानिसहरूले नाबेतलाई शहर बाहिर लगे। तब
तिनीहरूले उसलाई ढुङ्गाले मारे। १४तिनीहरूले ईजेबेललाई
एउटा खबर पठाए। खबर थियो: "नाबोत ढुङ्गाले हानेर
मारियो।"
१५जब ईजेबेलले यो सुनिन्, तिनले आहाबलाई
भनिन्, "यिज्रेलीबाटका मानिस नाबोत जसले तपाईंलाई
उसको भूमि बेच्न इन्कार गरेका थिए मर्‍यो। अब
तपाईं हुन्छ जानु सक्छौ अनि तपाईंले चाहेको दाखबारी
अधिकार लिनु सक्नुहुन्छ।" १६जब आहाबले भनेको
नाबोत मर्‍यो सुन्यो ऊ नाबोतको दाखबरीम गयो जुन
दाखबारी यिज्रेलीबाट पाएको थियो अनि त्यसको मालिक
बनियो।
१७त्यस समयमा परमप्रभुले एलियासंग बोल्नु भयो।
(एलिया तिश्बीका अगमवक्ता थिए।) १८"इस्राएलको
राजा आहाब कहाँ जाऊ। उनी नाबोतको दाखबारीमा
हुनेछन्। उसले त्यहाँ बारीको आफ्नो अधिकार लिरहेको
हुनेछु। १९आहाबलाई भन, म परमप्रभु उसलाई भन्छु,
'आहाब! तिमीले' नाबोत नाउँ भएको मानिसलाई मार्‍यौ।
अहिले तिमी उसको भूमि लिइरहेका छौ। यसकारण म
तिमीलाई भन्दैछु! त्यही ठाउँमा तिमी पनि मर्ने छौ जहाँ
नाबोत मरे। त्यही ठाउँमा कुकुरहरूले जसरी नाबोतको
रगत चाटेका थिए, त्यसरी नै तिम्रो रगत पनि चाट्ने
छन्।'"
२०यसकारण एलिया आहाब भए कहाँ गए। आहाबले
एलियालाई देखे र भने, "मेरा शत्रु! तिमीले फेरि मलाई
भेट्यौ।"
एलियाले उत्तर दिए, "हो, मैले फेरि तपाईंलाई
भेटाएको छु। तपाईंले तपाईंको सम्पूर्ण जीवन परमप्रभुको
विरुद्ध पापहरू गरेर विताउनु भयो। २१यसकारण
परमप्रभुले तिमीलाई भन्नुभएको छ, 'म तिमीलाई नष्ट
पार्ने छु। म तिम्रो परिवारको परुष सदस्य सबैलाई नष्ट
गर्ने छु, चाहे तिनीहरू तपाईंका आफान्ताहरू हुन

अथवा तपाईंका दासहरू। २२म तिम्रो परिवारलाई
नबातको छोरा यारोबामको परिवार जस्तै अनि अहियाका
छोरा बाशाको परिवार जस्तै बनाउनेछु। म तिमीलाई
यस्तो गर्नेछु किनभने तिमीले मलाई रीस उठाएकाछौ।
तिमीले इस्राएलका मानिसहरूलाई पाप गर्न लगायौ।
२३अनि ईजेबेलको विषयमा परमप्रभुले यसो भन्नुभयो,
'कुकुरहरूले यिज्रेलको किल्लाको घेरा-भित्तानेर ईजेबेललाई
खानेछ। २४अनि परमप्रभुले यस्तो पनि भन्नुभएको छ,
"तिम्रा परिवारका सदस्यहरूमा कोही शहरमा मरे उसको
लाश कुकुरहरूले खानेछन्। यदि कोही खेतमा मरे
चरा-चुरुङ्गीले उसको लाश खानेछ।'"

२५तिम्रो परिवारमा कुनै पनि मानिस मर्दा त्यसलाई
कुकुरले खाने छ। कोही मानिस चऊरमा मर्दा त्यसलाई
चराहरूले खानेछन्। २६आहाबले बेकामे मूर्तिहरू पूजेर
नराम्रो पाप गरे। यो आम्मारीहरूले गरेकै व्यवहार हो।
यसर्थ परमप्रभुले तिनीहरूबाट भूमि लिए अनि यसलाई
इस्राएलका मानिसहरूलाई दिए।

२७जब एलियाले उसको माषण शेष गरे, आहाबले
उसको खिन्नता प्रगट गर्नका निम्ति आफ्नो वस्त्रहरू
च्याते। तब उनले विशेष शोकको लुगा लगाए। उसले
उपबास गरे अनि ती विशेष लुगाहरूमा सुते। आहाब
साँच्चै साह्रै खिन्न अनि उदास थिए।

२८परमप्रभुले अगमवक्ता जो तिस्बेबाट आएका थिए
एलियालाई भन्नुभयो, २९"के तिमी देख्छौ, आहाब मेरो
सामु कति विनम्र भएको छ। किनभने उसले आफैलाई
मेरो अघि नम्र बनाएको हुनाले, उसको जीवन कालमा
ऊ माथि कष्ट ल्याउदिन। उसको छोरा राजा नहुञ्जेलसम्म
म पर्खिने छु। तब आहाबको परिवारमा म कष्ट
ल्याउनेछु।"

### मीकाया आहाबलाई चेताउनी दिन्छन्

२२ दुइ वर्षको अवधिमा इस्राएल र अराम बीच
शान्ति थियो। २तब, तेस्रो वर्षमा यहूदाका
राजा यहोशापात इस्राएलका राजालाई भेट्न गए।

३यसै समयमा इस्राएला राजाले उसका अधिकारीलाई
सोधे, "अरामको राजाले हामीबाट रामोत गिलादमा
लगेका थिए सम्भना छ? हामीले रामोतलाई फिर्ता
लिनका लागि केही किन गरेनौ? यो हाम्रो शहर
हुनुपर्छ।" ४यसकारण राजाले राजा यहोशापातलाई सोधे,
"तपाईं हामीसित सहभागी हुनुन्छ अनि आरामका
सैनिकहरूको विरुद्ध रामोता युद्ध गर्ने छौ?"

यहोशापतले उत्तर दिए, "हो, म तिमीसँग मिल्नेछु।
मेरा सैनिकहरू अनि मेरा घोड़ाहरू तिम्रो सेनामा सामेल
हुनेछन्। ५तर पहिला हामी परमप्रभुसित सल्लाह गरौं।"

६यसकारण इस्राएलका राजाले अगमवक्ताहरूको एउटा
सभा बोलाए। त्यस बेला प्रात: ४०० अगमवक्ताहरू
थिए। राजाले अगमवक्तालाई सोधे, "के म लड़नु रामोत
जानु पर्छ? अथवा के मैंले अर्को मौकाका लागि पर्खिनु
पर्छ?"

अगमवक्ताहरूले उत्तर दिए, "तिमीले जानु पर्छ अनि
अहिले लड़ाइँ गर्नु पर्छ। परमप्रभुले राजालाई जिताउनु
हुनेछ।"

७तर यहोशापातले भने, "के यहाँ अरु परमेश्वरका
अगमवक्ताहरू छन्? यदि छन् भने हामीले सोध्नु पर्छ
परमेश्वर के भन्नुहुन्छ।"

८इस्राएलका राजाले उत्तर दिए, "एक जना अरु
अगमवक्ता छन्। उनको नाउँ मीकाया हो, इम्लाहाका
छोरा हुन्। तर म उनलाई घृणा गर्दछु। जब उसले
अगमवाणी बोल्दछन् उनी मेरो विषयमा राम्रो कुरा
भन्दैनन्, तर खालि दुभार्ग्यको विषयमा भन्दाछन्।"

यहोशापातले भने, "एकजना राजाले त्यस्ता कुराहरू
भन्नु हुदैन!"

९यसकारण राजाले उसका अधिकारीहरू मध्ये एक
जनालाईं इम्लाहका छोरो मीकायाहलाई ततकालै खोज्नु
भनी अह्राए।

१०त्यस समयमा इस्राएलका राजा र यहूदाका राजा
यहोशापात राजकीय पोषाकमा त्यहाँ थिए। तिनीहरू
सिंहासनहरूमा बसिरहेका थिए। यो सामरियाको प्रवेशद्धारको
छेऊ न्याय-आसनमा थियो। सबै अगमवक्ताहरू तिनीहरूको
सामु उभिएका थिए अनि अगमवाणी गरिरहेका थिए।
११अगमवक्ताहरू मध्ये एकजना सिद्किया नाउँ भएका
मानिस थिए। तिनी केनानीका छोरा थिए। सिद्कियाले
केही फलामका सींगहरू बनाए। तब उनले आहाबलाई
भने, "परमप्रभुले भन्नु भएकोछ, 'तिनी यी फलामका
सींगहरू अरामका सेनाको विरोधमा लड़ाइँ गर्नमा
उपयोग गर्ने छौ। तिमीले तिनीहरूलाई परास्त गर्ने छौ
अनि नष्ट पार्ने छौ।'" १२सबै अरु अगमवक्ताहरू
सिद्कियाले भनेको कुरासित सहमत भए। अगमवक्ताहरूले
भने, "गिलादको रामोतमा जाऊ र लड़ाँईमा विजयी
हौऊ। अहिले प्रस्थान गर्नु पर्छ। तिनीहरूले रामोतमा
अरामका सेनाको विरोधमा लड़ाइँ गर्नुपर्छ।
तिमीले लड़ाइँ जित्ने छौ। परमप्रभुले राजालाई विजयी
गराउनुहुनेछ।"

१३यस्तो भइरहेको बेला अधिकारीहरू मीकायालाई
खोज्न गए। अधिकारीहरूले मीकायालाई भेटे अनि
भने, "अरु सबै अगमवक्ताहरूले भविष्यवाणी गरेका
छन्, राजाको जीत हुनेछ। तिमीले पनि राजाको निम्ति
असल कुराहरूका भविष्यवाणी गर्नु पर्छ।"

१४तर मीकायाले उत्तर दिए, "होइन, म परमप्रभुको
जीवनको शपथ खाएर भन्दछु म त्यो कुराहरू मात्र
भन्छु परमप्रभुले मलाई आज्ञा गर्नु हुन्छ।"

१५तब मीकाया राजा आहाब सामु उभिए। राजाले
सोधे, "मीकाया, के हामी रामोत गिलादमा गाएर युद्ध
गर्नु अथवा नगर्नु?" मीकायाले उत्तर दिए, "हो, तपाईं

झट्टै जानु पर्छ अनि अहिले तिनीहरूसँग युद्ध गर्नु पर्छ। परमप्रभुले राजालाई विजय गराउँनु हुनेछ।"

१६तब आहाबले उत्तर दिए, "तिमी परमप्रभुको शक्तिले बोलि रहेका छैनौ। तिमी आफ्नै शब्दहरू भनिरहेका छौ। यसकारण मलाई साँचो भन! कति पटक मैले तिमीलाई भन्नु पर्छ र भन, मलाई भन परमप्रभु के भन्नुहुन्छ!"

१७यसकारण मीकायाले उत्तर दिए, "म देख्न सक्छु के हुनेछ। इस्राएलका सेनाहरू पर्वत माथि छरिनेछन्। तिनीहरू हेरचाह गर्ने नभएको भेड़ाहरू जस्तै हुनेछन्। यही कुरा परमप्रभु भन्नुहुन्छ, 'यी मानिसहरूको कोही अगुवा छैन। तिनीले घर जानु पर्छ अनि लड़ाइँ गर्नु हुदैन।'"

१८तब इस्राएलका राजाले यहोशापातलाई भने, "सुनहोस, मैले तपाईंलाई भने कि यी अगमवक्ताले कहिले पनि मेरो विषयमा राम्रो कुराहरू भन्दैनन्। उसले मेरो निम्ति विपदको विषयमा मात्र अगमवाणी गर्छ।"

१९तब मीकाले भने, "सुनहोस, यी सबै परमप्रभुका वचनहरू हुन्। मैले परमप्रभुलाई स्वर्गमा सिंहासनमा बसिरहनु भएको देखें। उहाँका स्वर्गदूतहरू उहाँको वरिपरि उभिरहेका थिए। २०परमप्रभुले भन्नुभयो, 'तिमीहरूमध्ये कसले राजा आहाबलाई फसाउने? म चाहन्छु ऊ गिलादको रामोतमा जाओस् अनि त्यहाँ मारियोस्।' विभिन्न स्वर्गदूतहरूले अलग अलग सुझाऊहरू पेश गरे। २१तब परमप्रभुका आत्मा आए र भने, 'म उनलाई फसाउने छु।' परमप्रभुले उत्तर दिनुभयो, 'तिमीले राजा आहाबलाई कसरी फसाउछौ?' २२स्र्वगदूतले उत्तर दिए, 'म आहाबका सबै अगमवक्ताहरूलाई अलमलाउनेछु। म अगमवक्ताहरूलाई राजा आहाब समक्ष झूठो बोल्न लाउनेछु। सबै अगमवक्ताहरूको वचनहरू झूठो हुनेछ।' यसकारण परमप्रभुले भन्नुभयो, 'सही हो, जाऊ राजा आहाबलाई फसाऊ। तिमी सफल हुनेछौ।'"

२३मीकायाले आफ्नो कथा पूरा गरे। तब उनले भने, "यसकारण यहाँ त्यस्तै कुराहरू भए। परमप्रभुले तिम्रो सबै अगमवक्ताहरूलाई तिम्रो सामु झूठो बोल्न लगाउनुभयो। परमप्रभुले आफै नै निर्णय लिनुभएकोछ। तिम्रो अघि ठूलो संकट आउँने छ।"

२४तब केनानियाहका छोरा सिद्किया मीकाया कहाँ गए। उसले मीकायाको अनुहारमा हिर्काए अनि भने, "साँच्चै विश्वास गर्छौ परमप्रभुका शक्ति म देखि गयो अनि मबाट तिमीसंग बोल्नलाई जानुभयो?"

२५मीकाया उत्तर दिए, "त्यहाँ एक समय आउनेछ जतिबेला तिमी एउटा सानो कोठा भित्र जानेछौ अनि तिमी आफै लुक्ने छौ। त्यस समयमा तिमीले थाह पाउनेछौ, कि म साँच्चो बोलिरहेको छु।"

२६तब इस्राएलका राजाले मीकायालाई पक्रिनु भनी उसका अधिकारीहरू मध्ये एक जनालाई आदेश दिए। राजाले भने, "उनलाई पक्राउ गर अनि शहरका राजपाल अमोन अनि राजकुमार योआश समक्ष लिएर जाऊ। २७तिनीहरूलाई भन मीकायालाई जेलमा थुन्नु। उनलाई रोटी र पानी मात्र खान देऊ। म लड़ाइँबाट नफर्किञ्जेल सम्म उनलाई त्यही राख।"

२८तब मीकायाले ठूलो स्वरमा भने, "यदि तपाईं लड़ाइँबाट सुरक्षित फर्केर आउनु भयो भने यो प्रमाण हुन्छ कि परमप्रभुले म द्वारा बोल्नु भएको होइन्। उसले यो पनि भने, "मानिसहरू तिमीहरू सबैले सुन!"

२९तब इस्राएलका र यहोशापात यहूदाका राजा रामोत गिलादमा गए। ३०इस्राएलका राजाले यहोशापातलाई भने, "हामी लडाइँका निम्ति तयारी गर्ने छौं। म यस्तो लुगा लगाउने छु जसले गर्दा म राजा जस्तो देखिन्न। तर तपाईंले विशेष लुगा लगाऊ जसले गर्दा तपाईं राजा जस्तो देखिनुहुन्छ।" यसकारण इस्राएलका राजाले राजा जस्तो नदेखिने लुगा लगाएर लडाइँ शुरु गरे।

३१त्यहाँ अरामको राजासित ३२ जना रथ सेनापतिहरू थिए। राजाले इस्राएलको राजा बाहेक, तिनीहरूको उच्चापदको वास्ता नगर्ने कसैसित पनि युद्ध नलडने आज्ञा दिनु भएको थियो। ३२यसकारण युद्धका समयमा यी सेनापतिहरूले राजा यहोशापातलाई देखे। सेनापतिहरूले सोचे, उनी नै इस्राएलका राजा हुन्। यसकारण तिनीहरू उनलाई मार्न हिंडे। यहोशापात चिच्याउन थाले। ३३सेनापतिहरूले देखे कि ऊ त्यो इस्राएलको राजा होइनन्। यसकारण तिनीहरूले उनलाई मारेनन्। ३४तर एक जना सैनिकले हावामा वाण हान्यो-उसले कुनै मानिस तिर लक्ष्य गरेको थिएन। तर उसको वाणले इस्राएलका राजामाथि प्रहारभयो। वाणले राजालाई सानो ठाउँमा लाग्यो जहाँ उसको कवचले छोपेको थिएन। यसकारण इस्राएलका राजाले उसको रथ सारथीलाई भने, "एउटा वाणले मलाई चोट पार्‍यो। रथलाई यस क्षेत्रबाट बाहिर हाँक। हामीले लड़ाइँ मैदानबाट टाढ़ा जानु पर्छ।"

३५डरलाग्दो लड़ाई भइरहेको थियो। इस्राएलका राजा आफ्नो रथमा नै रहे। उनी रथको एकतिर ढल्कि रहेका थिए। उसले अरामका सेनाहरूलाई हेरिरहेका थिए। उनको रगत तलतिर बगिरहेको थियो अनि रथको तल्लो भागलाई ढाकिरहेको थिए। त्यही दिन बेलुकी तिर राजाको मृत्यु भयो। ३६सूर्यास्त भए पछि एउटा आवाजले भन्यो इस्राएलीहरूका प्रत्येक सैनिक आ-आफ्नो शहर र भूमिमा जाने आदेश भयो।

३७यसकारण यस प्रकार राजा आहाबको मृत्यु भयो। केही मानिसहरूले उनको लाशलाई बोकेर सामरिया ल्याए। तिनीहरूले उनलाई त्यही गाड़े। ३८मानिसहरूले आहाबको रथलाई सामरियाको पोखरीमा धोए। कुकुरहरूले रथबाट राजा आहाबको रगत चाटे। अनि वेश्याहरूले

पानीको उपयोग नुहाउनमा गरे। यी घटनाहरू त्यसरी नै
भए जसरी परमप्रभुले हुन्छ भन्नु भएको थियो।
३९सबै कामहरू जो राजा आहाबले आफ्नो शासन
कालमा गरेका थिए 'इस्राएलका राजाहरूको इतिहासको,
पुसतकमा लेखिएको छ। अनि त्यस किताबले हात्तीको
दाँतको विषयमा बताउँद जसद्वारा राजाले महललाई अझै
सुन्दर बनाएका थिए। पुसतकले त्यस शहरको वर्णन छ
जसलाई राजाले बनाएका थिए। ४०आहाबको मृत्यु भयो
अनि उनलाई पुर्खाहरू सँगै गाड़ियो। उनका छोरा
अहज्याह उनी पछि राजा भए।

## यहूदाका राजा यहोशापात

४१आहाब इस्राएलका राजा भएको समयमा चौथो
वर्षमा यहोशापात यहूदाका राजा भए। यहोशापात आसाका
छोरा थिए। ४२जब यहोशापात ३५ वर्षका थिए ऊ
राजा भएका थिए। उसले येरूशलेममा २५ वर्ष शासन
गरे। यहोशापातकी आमाको नाउँ अजूबा थियो। अजूबा
शिल्हीकी छोरी थिइन्। ४३यहोशापातले आफ्ना पिता
आसाको उदाहरण अनुशहरण गरे। उनले सबै आदेशहरू
पालन गरे जो परमप्रभुले चाहानु भएको थियो।
४४तर यहोशापातले अग्ला स्थलहरूलाई नष्ट गरेनन्।
मानिसहरूले लगातार ती ठाँउहरूमा बलि दिने अनि धूप
बाल्ने काम गरिरहेका थिए। ४५यहोशापातले इस्राएलका
राजासँग शान्ति सम्झौता गरे। यहोशापात साह्रै वीर थिए
अनि धेरै युद्धहरू गरे। यी सबै कुराहरू जो उनले गरे
"यहूदाका राजाको इतिहासको" पुस्तकमा लेखिएको
छन्। ४६यहोशापातले सबै मानिस र स्त्रीहरूलाई पूजाको
स्थान छोड्न वाध्य गराए जसले यौन सम्बन्धका लागि
आफ्नो शरीर बेच्ने गर्दथे। ती मानिसहरू ती पूजा-स्थलमा
त्यस समय देखि सेवा गर्दै आएका थिए जति बेला
उनका पिता आसा राजा थिए।

४७यस समयमा एदोमको भूमिमा कोही राजा थिएनन्।
भूमि राजपाल द्वारा शासन गरिएको थियो।

## यहोशापातको समुद्री जहाज

४८राजा यहोशापातले केही समुद्री जहाज बनाएका
थिए। उनी ती जहाजहरू ओपीर सम्म त्यहाँबाट सुन
ल्याउनका लागि चलाउन चाहन्थे। तर कहिल्यै त्यहाँ
गएनन् एस्योन गेबेरमा आफ्नै बन्दरगाहमा तिनीहरूलाई
नष्ट गरियो। ४९अहाबका छोरो अहज्याहले यहोशापातलाई
सहायता गर्न चहान्थ्ये। अहज्याहले उसका केही नाविकहरू
यहोशापातका नाविकहरूलाई सहायता गर्न पठाए तर
यहोशापातले अहज्याहका नाविकहरूलाई ग्रहण गर्न
अस्वीकार गरे।
५०यहोशापातको मृत्यु भयो अनि उनलाई आफ्ना
पुर्खाहरूको छेऊमा गाड़ियो। उनलाई आफ्ना पुर्खाहरू
सँग दाऊदको शहरमा गाड़ियो। तब उनका छोरा योराम
राजा भए।

## इस्राएलका राजा अहज्याह

५१अहज्याह आहाबका छोरा थिए। तिनी राजा
यहोशापातले यहूदामा शासन गरेको सत्रौं वर्षमा इस्राएलका
राजा भए। अहज्याहले सामरियामा दुइ वर्ष शासन गरे।
५२अहज्याहले परमप्रभुको विरोधमा पाप गरे। उनले
त्यस्तै कामहरू गरे जस्तो उनका पिता आहाब, आमा
इजेबेल अनि नबातका छोरा यारोबामले गरेका थिए। यी
सबै शासकहरूले इस्राएली मानिसहरूलाई पापतिर बढ़ी
लगे। ५३अहज्याहले उनका पिता जस्तै बालको पूजा
अनि सेवा गरे। यसकारण अहज्याहले परमप्रभु इस्राएलका
परमेश्वरलाई रिस उठ्ने बनाए। परमप्रभु ऊ माथि
रिसाउनु भयो, जसरी उहाँ उसका पितासित ऊ भन्दा
पहिला रिसाउनु भएको थियो।

# शमूएलको दोस्रो पुस्तक

**दाऊदले शाऊल मरेको थाहा पाउँछन्**

१ दाऊदले अमालेकीहरूलाई हराएर पछि सिकलग गए। यो शाऊलको मृत्यु भएको केही दिन पछिको कुरा हो। दाऊद त्यहाँ दुइ दिन बसे। २तब तेस्रो दिनमा एउटा जवान सैनिक सिकलगमा आयो। त्यो मानिस शाऊलको छाउनीबाट आएको थियो। त्यसका लुगाहरू च्यतिएको र शिरमा मैला लागेको थियो। त्यसले दाऊदको अघि धोप्टे परेर उनलाई सम्मान गर्न दण्डवत् गर्‍यो।

३दाऊदले त्यसलाई सोधे, "तिमी कहाँबाट आयौ?"

त्यस मानिसले जवाफ दियो, "म इस्राएली पालबाट आउँदैछु।"

४दाऊदले भने, "मलाई भन, के भयो?"

त्यसले भन्यो, "हाम्रा सबै सैनिकहरू भागे। धेरै मानिसहरू मारिए। शाऊल र तिनका छोरा जोनाथन पनि मरे।"

५दाऊदले त्यस सैनिकलाई भने, "तिमीले कसरी जान्यौ शाऊल र जोनाथन मरेको कुरा?"

६त्यो सैनिकले उत्तर दियो, "म गिल्बो पर्वतमाथि थिएँ। मैले शाऊललाई आफ्नो भालामा झुकेको देखें। पलिश्ती सैनिकहरू घोड़ा र रथहरूमा चढ़ेर शाऊलको नजिक आउँदै थिए। ७शाऊल वरिपरि घुमे अनि मलाई देखे र उनले मलाई बोलाए। ८तब शाऊलले मलाई को हो भनी सोधे। म अमालेकी हुँ भनि मैले उत्तर दिए। ९अनि शाऊलले भने, 'म नराम्रो घाइते भएँ। दया गरी मलाई मारिदे। म अधमरो भइसकेकै छु।' १०उनका चोटहरू अति नै खराब थिए मैले निश्चय गरे कि उनि जीउने छैन्न्। यसकारण मैले रोकिएर उनलाई मारें। तब उनको शिरबाट मैले मुकुट र पाखुराबाट बाजू निकालेर, अनि ती चीजहरू मेरो मालिक तपाईंको निम्ति ल्याएको छु।" ११दाऊदले आफू साह्रै दु:खी छु भन्ने देखाउनलाई लगाएका लुगा च्याते। अरू मानिसहरूले पनि त्यसै गरे। १२तिनीहरू दु:खले रोए। साँझसम्म तिनीहरूले केहि खाएनन्। शाऊल र तिनका छोरा जोनाथन परमप्रभुका इस्राएली मानिसहरूको मृत्युको कारण तिनीहरू साह्रै रोए।

**दाऊदले त्यस अमालेकिलाई मार्ने आदेश दिन्छन्**

१३तब दाऊदले शाऊललाई मारें भन्ने जवान सैनिकलाई सोध्छन्, "तिमी कहाँबाट आउँदै छौ?"

त्यस सैनिकले भन्यो, "म विदेशीको छोरा। एकजना अमालेकी हुँ।"

१४दाऊदले सैनिकलाई भने, "परमप्रभुद्वारा राजा बनाउन छान्नु भएका मानिसलाई मार्न तिमी किन डराईनस्?"

१५-१६तब दाऊदले अमालेकीलाई भने, "तेरो मृत्युको निम्ति जिम्मेवार तँ आफै हुनुपर्छ। परमप्रभुले छान्नु भएका मानिसहरूलाई तैंले मारे भन्दैछस्। तेरो आफ्नै भनाईमा त दोषी छस भन्ने बुझिन्छ।" त्यसकारण दाऊदले जवान नोकरलाई बोलाएर त्यस अमालेकीलाई मार्न लगाए। यसकारण त्यो जवान इस्राएलीले त्यस अमालेकीलाई मार्‍यो।

**शाऊल र जोनाथनको लागि दाऊदको दु:खपूर्ण गीत**

१७शाऊल र तिनका छोरा जोनाथनको शोकमा दाऊदले एउटा शोक गीत गाए। १८यहूदाका मानिसहरूलाई यो गीत गाउन सिकाउनु भनी दाऊदले तिनका मानिसहरूलाई अह्राए। यस गीतलाई धनु भनियो। याशारको पुस्तकमा* यो लेखिइएको छ।

१९"इस्राएल, कसरी तेरो महिमा तेरो आफ्नै पहाड़मा नष्ट गरियो। साँच्चै, कसरी ती वीरहरू लढ़े!

२०गातमा यो समाचार नभन। अश्कलोनका बाटाहरूमा यो प्रचार नगर ती पलिश्ती शहरहरूले खुशी मनाउँछन् ती विदेशीहरू रमाउने छन्।

२१म आशा गर्छु कि गिल्बोका पर्वतहरूमा पानी अथवा शीत झर्ने छैन। म यो पनि आशा गर्छु ती खेतहरूले केही पनि भेटी स्वरूप उब्जाउने छैनन। ती वीरहरूका ढालमा खिया लाग्यो शाऊलका ढालमा तेल मोलिएन।

२२जोनाथनको धनुले आफ्नो भागमा परेको शत्रुहरू मार्‍यो अनि शाऊलको तरवारले पनि आफ्नो अंशमा परेको कर्त्तव्य पूरा गर्‍यो। जबसम्म तिनीहरू मरेनन तिनीहरूले शत्रुहरूको रगत बगाए। तिनीहरूले बलिया मानिसहरूको बोसो काटे।

२३शाऊल र जोनाथनले एक दोस्रोलाई प्रेम गरे र जीवनको आनन्द मनाए, अनि मृत्युले पनि तिनीहरूलाई छुट्याउन सकेन। तिनीहरू एउटा गरूड़भन्दा छिटा थिए र एउटा सिंह भन्दा बलिया थिए।

---

**याशारको पुस्तकमा** इस्राएलको युद्ध लेखिइएको छ।

२४इस्राएलकी छोरीहरू, शाऊलको निम्ति रोओ
शाऊलले तिमीहरूलाई राता लुगाहरू दिए र सुनका
गहनाले ढाकिदिए।
२५बलिया मानिसहरू युद्धमा ढले, जोनाथन गिल्बोको
टाकुरामा मरे।
२६हे जोनाथन, मेरो सानो भाइ, मैले तिमीलाई
साँच्चै हराएँ। मैले तिम्रो मित्रताको आनन्द धेरै लिएँ
तिमीले मलाई दिएको मृत्युको प्रेम साँच्चै अचम्मकै
थियो, स्त्रीको प्रेमभन्दा पनि गहिरो थियो।
२७बलिया योद्धा रणभूमिमा नै ढले अब युद्धका
हतियारहरू रहेनन्।"

## दाऊद र तिनका मानिस हेब्रोनतर्फ लागे

२ पछि दाऊदले परमप्रभुसँग सल्लाह मागे। दाऊदले
भने, "के म यहूदाको कुनै शहरमा जाऊँ?"
परमप्रभुले दाऊदलाई भन्नु भो, "हो जानू।"
दाऊदले भने, "त्यसो हो भने म कहाँ जाऊँ।"
परमप्रभुले भन्नु भो, "हेब्रोनतर्फ।"
२त्यसै कारण दाऊद आफ्ना दुइवटी पत्नी लिएर
हेब्रोनतिर लागे। (उसका पत्नीहरू यिज्रेलीबाटकी
अहीनोअम र कर्मेलको नाबाल की विधवा अबीगेल
थिए।) ३दाऊदले तिनका मानिस र उनीहरूका परिवारलाई
पनि ल्याए। तिनी सबै हेब्रोन शहरको छेउछाउमा बसे।

## दाऊदले याबेशका मानिसहरूलाई धन्यवाद दिए

४यहूदाका मानिसहरू हेब्रोनमा आए र दाऊदलाई
यहूदाका राजाको रूपमा अभिषेक गरे। अनि तिनीहरूले
भने, "याबेश गिलादका मानिसहरूले नै शाऊलको
लासलाई गाड़ेका हुन्।"
५दाऊदले उसका दूतहरूलाई याबेश गिलादमा पठाए।
याबेशमा दूतहरूले भने, "परमप्रभुले तिमीहरूलाई
आशिर्वाद दिउन्। तपाईंको स्वामी शाऊल खरानी
भएको कारण ६परमप्रभु तपाईं प्रति दयालु र विश्वासयोग्य
हुनुहुन्छ र म पनि तपाईंप्रति दयालु हुनेछु किनभने
तपाईंले यस्तो दयालु कार्यहरू गर्नु भएकोछ। ७अब
बलियो र सहासी बन्नुहोस्। तपाईंहरूका स्वामी शाऊल
बित्नुभयो। तर यहूदाका परिवार समूहले मलाई तिनीहरूका
राजाको रूपमा अभिषेक गरे।"

## ईश्बोशेत राजा भए

८नेरका छोरा अबनेर शाऊलको फौजमा कप्तान
थिए, अबनेरले शाऊलका छोरा ईश्बोशेतलाई महनैम
लगे। ९गिलाद, अशूर, यिज्रेल, एफ्रैम, बिन्यामीन अनि
सम्पूर्ण इस्राएलको राजा बनाए।
१०ईश्बोशेत शाऊलका छोरा थिए। उसले इस्राएलमाथि
शासन गर्दा उनी ४० वर्षका थिए। उनले २ वर्ष
शासन गरे। तर यहूदाका परिवार समूहले दाऊदलाई
पच्छाए। ११दाऊद हेब्रोनमा राजा थिए। दाऊदले यहूदाका
परिवार समूहलाई साँढ़े सात वर्ष शासन गरे।

## कडा प्रतिद्वन्द

१२नेरका छोरा अबनेर र शाऊलका छोरा ईश्बोशेतका
अधिकारीहरूले महनैम त्यागे र गिबोन गए। १३सुरुयाहका
छोरा योआब र दाऊदका अधिकारीहरू पनि गिबोन
गए। तिनीहरूले अबनेर र ईश्बोशेतका अधिकारीहरूलाई
गिबोनको पोखरीछेउमा भेट्टाए। अबनेरका मानिसहरू
पोखरीको एक छेउमा थिए अनि योआबका मानिसहरू
अर्को छेउमा थिए।
१४अबनेरले योआबलाई भने, "यी सैनिकहरू माझ
एउटा होडबाजी गराऔं।"
योआबले भने, "ठीक छ होड़बाजी होस्।"
१५यसकारण सैनिकहरू उठे। दुइ समूहमा आफ्ना
आफ्ना सैनिकहरूको संख्या निर्धारण गरे। तिनीहरूले
बाह्र सैनिक बिन्यामीन समूहबाट शाऊलको छोराको
पक्षमा छाने। तिनीहरूले दाऊदका अधिकारीहरूबाट
बाह्र जना मानिसहरू छाने। १६प्रत्येक मानिसले शत्रु
सेनाहरूको शिर समाते अनि उसको कोखामा आफ्नो
तरवार रोपिदिए। तब तिनीहरू लड़े अनि
एकैसाथ मरे। यसैकारणले यस ठाउँको नाउँ, "धारिलो
छुरिहरूको मैदान" भनिन थालियो। त्यो ठाउँ गिबोनमा
छ।

## अबनेरले असाहेललाई मार्छन

१७त्यो होड़बाजीले भयंकर युद्धको रूप लियो अनि
दाऊदका अधिकारीहरूले त्यस दिन अबनेर र
इस्राएलीहरूलाई हराए। १८सरूयाहका तीनजना छोराहरू
योआब, अबीशै र असाहेल नामका थिए। असाहेल
जंगली मृग जस्तै कुद्न सक्थे। १९असाहेल सिधा
अबनेर तिर दगुरे र उसलाई खेद्न थाले। २०अबनेर
पछि फर्केर हेरे र सोधे, "अरे तिमी हौ असाहेल?"
असाहेलले भन्यो, "हो, मै हुँ।"
२१अबनेरले असाहेललाई कुनै घात गर्न चाहेका
थिएनन्। यसकारण अबनेरले भने, "मलाई नखेद-बरू
कुनै अर्को सैनिकलाई खेद। तिमीले उसलाई जित्ने छौ
अनि उसको हतियार लैजाऊ।" तर असाहेलले अबनेरलाई
खेद्न छोड़ेनन्।
२२फेरि पनि अबनेरले भने, "मेरो पिछा गर्न छाडि
देऊ, होइन भने मेरो हातबाट तिम्रो हत्या हुन्छ। यदि
तिमी मेरो हातबाट मारियौ भने मैले तिम्रा दाज्यू
योआबलाई कसरी मुख देखाउनु।"
२३तर असाहेलले उसलाई पिछा नगर्न इन्कार गरे।
यस कारण अबनेरले आफ्ना भालाको टुप्पोले असाहेलको
भुँड़ीमा उनिदियो। भाला असाहेलको पछाड़िपट्टि निस्कियो।
अनि असाहेल त्यहीं मऱ्यो।

### योआब र अबीशैले अबनेरलाई खेदे

असाहेलको लास भुइँमा लड्यो। मानिसहरूले हतार
हतार गएर हेरे। २४तर योआब र अबीशैले भने
अबनेर कै पछि लागे। अम्मा पहाड़को पछिल्लो तिर
सुर्य अस्ताउँदै थियो। (अम्मा पहाड गीहको अगाडितिर
गिबोन मरूभूमि जाने बाटो तिर पर्थ्यो) २५बिन्यामीन
परिवार समूहका मानिसहरू पहाड़मा अबनेर कहाँ आए
अनि अबनेरलाई सहायता गर्न भेला भए।

२६अबनेरले योआबलाई चिच्याएर भनें, "के हामी
सधैं एकाअर्कासँग भिड़िरहने? यसबाट दु:ख बाहेक
केही हात लाग्दैन। मानिसहरूलाई आफ्नै दाजू-भाइहरूलाई
नखेद्नु भनेर भन।"

२७तब योआबले भन्यो, "परमेश्वरको नाममा तिमीले
जे भन्दैछौ ठीक हो। यदि तिमीले केही नभनेको भए
मानिसहरूले आफ्ना दाजु-भाइलाई बिहान सम्मै खेदिरहने
थिए।" २८यसकरण योआबले उसको तुरही फूक्यो
अनि मानिसहरूले इस्राएलीहरूलाई खेद्न छोड़े। तिनीहरूले
फेरि इस्राएलीहरूसित युद्ध गर्ने कोशिश गरेनन्।

२९अबनेर र तिनका मानिसहरू यर्दन बेंसी भएर
रातभरि हिँडे। तिनीहरूले यर्दन नदी पार गरी दिनभरिमा
महनैम पुगे।

३०योआबले अबनेरलाई खेद्न छोड़े र फर्के। योआबले
जब उसका मानिसहरू भेला गराए पछि थाहा भयो
असाहेल बाहेक दाऊदका १९ जना अधिकारीहरू
हराएकाछन्। ३१तर दाऊदका अधिकारीहरूले अबनेर
बिन्यामीन परिवार समूहका ३६० जना मानिसहरू
मारेछन्। ३२दाऊदका अधिकारीहरूले असाहेलको
लासलाई उसैका बाबुको चिहानको छेउ बेतेलहमा
गाडे।

योआब अनि उसका मानिसहरू रातभरि हिँडे।
तिनीहरू हेब्रोन पुग्दा घाम भरखर झुल्कँदै थियो।

### इस्राएल र यहूदाको माझमा युद्ध

३ शाऊलका परिवार र दाऊदका परिवार माझ धेरै
लामो समयसम्म युद्ध भयो। दाऊद दिन दिनै
बलिया हुँदैथे। उता शाऊलका परिवारहरू भने कमजोर
हुँदै गए।

### हेब्रोनमा दाऊदका छ जना छोराहरू जन्मिए

२दाऊदका छ: जना छोराहरू हेब्रोनमा जन्मे। अम्नोन
जेठो छोरा थिए, ऊ अहीनोअमको यिज्रेलीकी छोरा
थिए। ३माहिलो छोरो किलाब थिए। उसकी आमा
कर्मेलका नावालकी विधवी अबीगेल थिइन। साहिलो
छोरा अबशालोम थिए। अबशालोमकी आमा गशूरका
राजा तिल्मैकी छोरी माकाह थिइन। ४काँहिला छोरा
अदोनियाह थिए। अदोनियाहकी आमा हग्गीत थिइन्।
अन्तरे छोरो रापत्याह थिए। उसकी आमा अबितल
थिइन। ५कान्छा छोरा यत्र थिए। यत्रोकी आमा
दाऊदकी पत्नी एग्ला थिइन।

### अबनेरले दाऊदका टोलीमा सामेल हुने बिचार गरे

६जब शाऊलका परिवार समूह र दाऊदका परिवार
समूहका बीच युद्ध भयो अबनेर साह्रै बलिया भए।
७शाऊलकी एउटी नोकर्नी एयाहकी छोरी रिश्मा थिई।
ईश्बोशेतले अबनेरसित भने, "तिमीले मेरा बाबुकी
नोकर्नीसित किन सहवास गर्‍यौ?"

८ईश्बोशेतका शब्दहरूले गर्दा अबनेर साह्रै रिसाए।
अबनेरले भने, "म शाऊल र तिनका परिवारप्रति
इमानदारी छु। मैले तिमीलाई दाऊदको हातमा दिइन।
मैले दाऊदलाई तिमीलाई हराउन दिइन। म यहूदाको
पक्षमा काम गर्ने देशद्रोही होइन।* अहिले तपाईंले यस
स्त्रीको विषयमा मलाई दोष दिएर रीसउठाउनु हुन्छ।
९-१०अब म प्रतिज्ञा गर्छु म त्यो साचै नै बनाउँछु कि
परमेश्वर जे कुराहरू भन्नु हुन्छ त्यो हुनेछ। परमप्रभुले
भन्नु भएको छ कि उहाँले शाऊलको परिवारबाट राज्य
खोसेर दाऊदलाई दिन्छु। यहूदा र इस्राएलको राजा
दाऊद हुन्छ भनेर परमप्रभुले सोचिसक्नु भएको छ।
तिनले दानदेखि बेर्शेबा सम्म शासन गर्नेछन्। यदि मैले
त्यसो हुनलाई सहयोग गरिन भने म आशा गर्छु
परमेश्वरले मलाई हानि गर्नुहुन्छ।"

११ईश्बोशेतले केही भन्नुको सट्टा डरायो। १२अबनेरले
दाऊदकहाँ दूत पठाए। अबनेरले खबर दियो, "यो
भूमिमा कसले शासन गर्नु पर्छ हामी बिचमा त्यहाँ
एउटा सन्धि होस् अनि म तिमीलाई इस्राएलका शासक
बन्नमा सहायता गर्छु।"

१३दाऊदले जवाफ दिए, "ठीक छ! म एउटा सन्धि
गर्छु। तर म तिमीलाई एउटा शर्त राख्छु: जब सम्म
तिमी शाऊलकी छोरी मीकललाई लिएर मकहाँ आउँदैनौ
म तिमीसित भेट गर्ने छौन।"

### दाऊदले आफ्नी पत्नी मीकल फिर्ता पाए

१४दाऊदले शाऊलका छोरा ईश्बोशेत कहाँ दूत
पठाए। उसको सन्देश थियो, "मेरी पत्नी मीकल मलाई
फर्काई देऊ। तिनी मेरो प्रतिज्ञा थिइन्। तिनलाई
पाउँनका निम्ति मैले एकसय पलिश्तीहरू मारे।"

१५तब ईश्बोशेतले मानिसहरूलाई लैशका छोरा
पलतीएल कहाँ गए र मीकल ल्याउनु भनेर अह्राए।
१६मीकलका लोग्ने पलतीएल रूँदै उसको पछि बहूरीम
सम्म गए। तर अबनेरले पलतीएललाई, "उसको घर
फर्केर जानु" भनेको हुनाले फर्किए।

---

**म यहूदाको … होइनँ** यहूदाको कुकुरको टाउको होइन
भन्ने अर्थ।

### दाऊदलाई सघाउँनेछु भनेर अबनेरले वचन दिए

१७अबनेरले इस्राएलका अगुवाकहाँ खबर पठाए। तिनले भनिपठाए, "तिमीहरू दाऊदलाई आफ्ना राजा बनाउन चाहिरहेका छौ। १८अब त्यो काम गर। परमप्रभुले दाऊदका सम्बन्धमा भन्नुभएको छ, 'म मेरा इस्राएलका मानिसहरूलाई पलिश्ती र अन्य अरू शत्रुहरूबाट बचाउने छु। म यो काम मेरो सेवक दाऊदलाई लगाएर गर्नेछु।'"

१९अबनेर बिन्यामीनहरूसित पनि यस विषयमा बोले तब उसले हेब्रोनमा इस्राएलका मानिसहरूले के गर्न चाहन्थे अनि बिन्यामीन कुल समूहले पनि के गर्न चाहन्थे भन्नलाई दाऊद भएकहाँ गए।

२०त्यसपछि अबनेर हेब्रोनमा दाऊदकाहाँ आए। तिनले बीस जना मानिसहरू लिएर आएका थिए। दाऊदले अबनेर र तिनका मानिसहरूको लागि भोज गराए।

२१अबनेरले दाऊदलाई भने, "मेरा मालिक राजा, मलाई इस्राएलीहरू तपाईं भएकहाँ ल्याउन दिनुहोस्। त्यसपछि तिनीहरूले तपाईंसँग एउटा सम्झौता गर्नेछन्। अनि तपाईंले चाहानु भए जस्तै इस्राएलमाथि शासन गर्नुहोस्।"

दाऊदले अबनेरलाई जानदिए। अनि अबनेर शान्तसँग गए।

### अबनेरको मृत्यु

२२योआब र दाऊदका अधिकारी युद्धबाट फर्किएर आए। तिनीहरूले धेरै बहुमूल्य चीजहरू शत्रुपक्षबाट जम्मा गरे। दाऊदले अबनेरलाई शान्तसित पठाईसकेका थिए। त्यसै कारण अबनेर हेब्रोनमा दाऊदसँग थिएनन्।
२३योआब र तिनका सम्पूर्ण सैनिक हेब्रोन पुगे। मानिसहरूले योआबलाई भने, "अबनेर नेरका छोरा राजा दाऊद कहाँ आए अनि दाऊदले पनि अबनेरलाई शान्तसित छोड़ि दिए।"

२४योआब राजाकहाँ आएर भने, "तपाईंले के गर्नु भयो? अबनेर तपाईंसित भेट्न आयो तर तपाईंले
त्यसलाई केही गर्नु भएन किन? २५तपाईंले अबनेर नेरका छोरालाई चिन्नु हुन्छ। ती तपाईंलाई धोकादिन आएका हुन्। ती तपाईंको कामकाजहरू अध्ययन गर्न आएका हुन्।"

२६योआबले दाऊदलाई छोड़ेर गयो। उसले सीराको पोखरीको छेउमा भएका दूतहरूलाई अबनेरकहाँ पठायो। दूतहरूले अबनेरलाई फर्काएर ल्याए तर यो कुरा
दाऊदले थाहा पाएनन्। २७जब अबनेर हेब्रोन पुगे योआबले उसलाई मूल द्वारको छेउमा ऊ सित गोप्य कुरा गर्न भनि लागे अनि योआबले अबनेरको भुँडीमा छुरी हान्यो। अबनेर तत्कालै मरे। अबनेरले योआबका भाई असाहेललाई मारेका थिए। यसकरण अहिले योआबले अबनेरलाई मारे।

### अबनेरको मृत्युमा दाऊद रोए

२८पछि दाऊदले यो सुने। दाऊदले भने, "म र मेरो राज्य अबनेरका मृत्युबारे सदा-सर्वदा निर्दोष छ। यो परमप्रभुले जान्नुहुन्छ। २९योआब र उसका परिवारका
सदस्यहरू यसको दोषी छन्। उसका सम्पूर्ण परिवारलाई यसको दोष दिन सकिन्छ। मलाई आशा छ अब योआबका परिवारले साहै कठिनाइका दिन देख्नु पर्नेछ। मलाई पूरा विश्वास छ त्यसका परिवारका सम्पूर्ण सदस्यमा कोरको बिमार सल्कने छ। बैशाखी लगाएर हिंडने छन्, युद्धमा मारिने छन् अनि भोकभोकै रहनु पर्नेछ।"

३०अबनेरले तिनीहरूका भाई असाहेललाई गिबोनको युद्धमा मारेको कारण योआब र उसको भाई अबिशैले अबनेरलाई मार्‍यो।

३१-३२दाऊदले योआब र तिनका सम्पूर्ण मानिसहरूलाई भने, "लगाएका लुगाहरू च्यातेर शोकाकुल वस्त्र धारण गर। अबनेरको मृत्युमा सबै रूनु हुन्छ।" तिनीहरूले अबनेरलाई हेब्रोनमा गाड़े। दाऊद पनि मलामी गए। राजा दाऊद र सम्पूर्ण मानिसहरू अबनेरको चिहानमा रोए।

३३राजा दाऊदले अबनेरको मलामी जाँदा दुःखको गीत गाए:

"के अबनेर मूर्ख अपराधी झै मरे?
३४अबनेर, तिम्रा हातहरू बाँधिएका थिएनन्। तिम्रा खुट्टाहरूमा साङ्ली बाँधिएको थिएन। होइन, अबनेर, तिमीलाई दुष्ट मानिसहरूद्वारा मारीयो।"

तब सबै मानिसहरू तिनको मृत्यु शोकमा फेरि
रूनथाले। ३५दिनभरि नै मानिसहरू आएर दाऊदलाई भोजन ग्रहण गर्न अनुरोध गरे। तर दाऊदले प्रतिज्ञा गरेका थिए। उसले भने, "यदि घाम अस्ताउनु अघि मैले भोजन ग्रहण गरें भने परमेश्वरले मलाई धेरै
दुःखहरूले दण्ड दिऊन्।" ३६सबै मानिसहरूले हेरिरहेका थिए अनि तिनीहरू राजा दाऊदले गरेका कार्यसँग
सन्तुष्ट थिए। ३७यहूदा र इस्राएलका मानिसहरूले बुझे कि राजाको कुनै हात छैन नेरका छोरा अबनेरको
मृत्युमा। ३८राजा दाऊदले उसका अधिकारीहरूलाई भने, "तिमीहरूलाई त्यो थाहा छैन आज इस्राएलका एक महत्वपूर्ण अगुवाको मृत्यु भयो। ३९आज म नयाँ राजा भए तापनि, कमजोर छु अनि यी सरूयाहको छोराहरू जसले मलाई धेरै दुःख दिएका छन। म आशा गर्छु परमप्रभुले यी दुष्ट काम गर्नेलाई तिनको दुष्टताको निम्ति सजाय दिनुहुनेछ।"

### शाऊलको परिवारमा समस्या

४ शाऊलका छोरा ईश्बोशेतले अबनेरको मृत्युको खबर सुन्छ। ईश्बोशेत र तिनका सबै मानिसहरू
डराए। २दुइजना मानिसहरू शाऊलका छोरा ईश्बोशेतलाई

भेट्न गए। ती दुवै मानिसहरू फौजका कप्तानहरू
थिए। तिनीहरूका नाउँ रेकाब र बाना थियो। बेरोतका
शिम्मोनका छोराहरू थिए ती दुइ। (बेरोत बिन्यामीन
कुल परिवार समूहका अधिनस्त भएकोले तिनीहरू
बिन्यामीनी थिए ३तर बेरोतका सबै मानिसहरू गित्तैममा
भागे र अहिले सम्म तिनीहरू त्यही छन्।)
४शाऊलको छोरा जोनाथनका मपीबोशेत नामका
छोरा थिए। जब मपीबोशेत पाँच वर्षको हुँदा यिज्रेलबाट
शाऊल र जोनाथन मारिएको खबर उसको घरमा
आयो। ती शत्रुहरू आइरहेछ भनेर डराइन् मपीबोशेतलाई
स्याहार्ने उसलाई समातेर टाढ भागिन्। तर जब छिटो-छिटो
भाग्न थाली त्यो बालक भुइँमा लड्यो। यसरी उसको
दुवै खुट्टा लङ्गड़ो भयो।
५बेरोतीका रिम्मोनका छोराहरू रिकाब र बाना
मध्यान्हमा ईश्बोशेतको घरमा गए। ईश्बोशेतमा गर्मी
भएकोले आराम गरिरहेका थिए। ६-७रेकाब र बाना
त्यस घरभित्र केही गहुँ लिने निहुमा गए। ईश्बोशेत
आफ्ना ओछ्यानमा पल्टिरहेका थिए। रेकाब र बानाले
ईश्बोशेतलाई छुरीले घोचेर मारे। तब तिनीहरूले त्यसको
टाउको काटेर तिनीहरूसितै लिएर गए। तिनीहरू रातभरि
यर्दन बेंसी भएर हिँड़े। ८हेब्रोन आइपुगे अनि दाऊदलाई
ईश्बोशेतको टाउको सुम्पे।
रेकाब र बानाले राजा दाऊदलाई भने, "तपाईंका
शत्रु शाऊलका छोरा ईश्बोशेतको टाउको यहाँ छ।
उसले तपाईंलाई मार्न चाहान्थ्यो। परमप्रभुले शाऊल र
उसका परिवारका मानिसहरूलाई आज तपाईंको खातिर
सजाय दिनुभयो।"
९तर दाऊदले रेकाब र उसका भाइ बानालाई भने,
"परमप्रभु शाश्वत हुनुहुन्छ, निश्चय नै उहाँले मलाई
धेरै बिपत्तीहरूबाट बचाउनु भएको छ। १०तर पहिले
एकपल्ट एउटा सोच्यो यो समचार मेरो निम्ति असल
थियो र भन्यो, उसले भन्यो, 'हेर्नु होस् शाऊल मर्‍यो।'
उसले सोच्यो यो खबर सुनेर म उसलाई उचित
पुरस्कार दिन्छु। तर मैले त्यसलाई सिकलगमा मारिदिएँ।
११यसैकारण तिमीहरू, दुष्ट मानिसहरूले निर्दोष
मानिसलाई उसको घर भित्र सुतिरहको बेला मार्‍यौ,
अब म तिमीहरूलाई मारेर उसको मृत्युको बदला
लिन्छु, अनि म तिमीहरूलाई यस भूमि देखि धपाइनदिन्छु।"
१२यसकारण दाऊदले उसको सैनिकहरूलाई रिकाब
र बन्नाहलाई मार्ने आदेश दिए। सैनिकहरूले रिकाबको
र शरीरलाई बन्नाहका हात खुट्टाहरू काटेर हेब्रोनको
पोखरीको छेउमा झुण्डयाए। तब तिनीहरूले ईश्बोशेतको
टाउकोलाई अबनेरको चिहान भित्र हेब्रोनमा गाड़े।

## इस्राएलीहरूले दाऊदलाई राजा बनाउँछन्

५ त्यसपछि इस्राएलका सबै परिवार समूहहरू हेब्रोनमा
दाऊदलाई भेट्न आए। तिनीहरूले दाऊदलाई
भने, "हेर्नुहोस्, तपाईं र हामी एउटै परिवारका हौं!
२जब शाऊल हाम्रा राजा थिए, त्यस समयमा पनि
तपाईं इस्राएलका सैनिक अगुवा हुनुहुन्थ्यो। तपाईंले
हामीलाई युद्धमा दोहेयाउनु भयो अनि तपाईंले हामीलाई
युद्धबाट पछि फर्काएर ल्याउनु भयो अनि परमप्रभुले
पनि तपाइलाई घोषणा गरिसक्नु भएकै छ, 'तिमी मेरा
मानिसहरूको गोठालो हुनेछौ, र इस्राएलीहरू माथि
शासक हुनेछौ।'"
३यसरी इस्राएलका सबै अगुवाहरू हेब्रोनमा दाऊदलाई
भेट्न आए। राजा दाऊदले ती सबै अगुवाहरू सँग
परमप्रभुको सामुन्नेमा हेब्रोनमा एउटा सन्धि गरे। त्यसपछि
ती सबै अगुवाहरूले दाऊदलाई राजाको रूपमा अभिषेक
गरे।
४जब दाऊद राजा भए उनि ३० वर्षका थिए। ४०
वर्षसम्म तिनले शासन गरे। ५हेब्रोनमा तिनले यहूदामाथि
साढे सात वर्ष शासन गरे अनि इस्राएल र यहूदामाथि
यरूशलेममा ३३ वर्ष शासन गरे।

## दाऊदले यरूशलेम शहरलाई जित्छन्

६राजा र तिनका मानिसहरू यरूशलेममा बसिरहेका
यबूसीहरूको बिरुद्धमा गए। यबूसीहरूले दाऊदलाई
भने, "तिमी हाम्रा शहरमा पस्नसक्दैनौ। यहाँसम्म हाम्रा
अन्धा र लङ्गडाहरू नै तिमीलाई रोक्न यथेष्ट हुनेछन।"
(तिनीहरूले किन यसो भनेपछि दाऊद तिनीहरूको
शहरभित्र पस्नसक्दैन भन्ने विचार थियो। ७तर दाऊदले
सियोन कै किल्ला जिते। त्यस किल्लालाई दाऊद शहर
बनाइयो।)
८त्यस दिन दाऊदले उसका मानिसहरूलाई भने,
"यदि तिमीहरू यबूसीहरूलाई हराउन चाहान्छौ भने पानी
बगीरहेको सुरूङ्को पर्खाल भित्र भएर 'अन्धा र
लङ्गड़ा' शत्रु भएकहाँ पुग।"
यसकारण मानिसहरूले भन्ने गर्छन्, "अन्धा र
लङ्गडाहरू पवित्र स्थानहरूमा आउन पाउदैन।"
९दाऊद यहि किल्लामा बस्ने गर्ने यसकारण यो
ठाउँलाई "दाऊदको शहर" नाउँ दिए। दाऊदले अर्को
क्षेत्रमा उन्नति गरे अनि यसलाई मिलो नाउँ दिए। त्यस
शहर भित्र उसले धेरै भवनहरू पनि बनाए। १०दाऊद
साहै शक्तिशाली भए त्यस कारण सर्वशक्तिमान परमप्रभुले
तिनको साथ दिनुभयो।
११सोरका राजा हीरामले दाऊदकहाँ दूतहरू पठाए।
हीरामले देवदारुको काठ सिकर्मी र डकर्मीहरू पनि
पठाए। तिनीहरूले दाऊदको लागि एउटा महल बनाए।
१२तब दाऊदले बुझेकि परमप्रभुले तिनलाई साँच्चै
इस्राएलको राजा बनाउनु भएका छन्। दाऊदले यो पनि
बुझे यहाँ पाए कि परमप्रभुले उहाँको राज्य महत्वपूर्ण
परमेश्वरको मानिस, इस्राएलका मानिसहरूको खातिर
दिनु भएको छ।

१३दाऊद हेब्रोनदेखि यरूशलेम गए। यरूशलेममा उसले धेरै पत्नीहरू अनि उप-पत्नीहरू पाए। केहि सन्तानहरू यरूशलेममा जन्मिए। १४यरूशलेममा जन्मिएका छोराहरू हुन्: शम्मू, शोबाब, नातान, सुलेमान, १५यिमार, एलीशू, नेपेग, यापि, १६एलीशमा, एल्यादा तथा एलीपेलेत।

### दाऊद पलिस्तीहरू बिरूद्ध लडछन्

१७पलिस्तीहरूले इस्राएलको राजाको रूपमा दाऊदको अभिषेक भएको खबर सुने। यसर्थ दाऊदलाई मार्नको निम्ति पलिश्तीहरू दाऊदको खोजी गर्न थाले। तर दाऊदले यो थाहा पाएर यरूशलेमको किल्लामा गए। १८पलिश्तीहरू आएर रपाईमको बेंसीमा डेरा जमाए।

१९दाऊदले परमप्रभुलाई सोध्दै भने, "के म पलिश्तीहरूसँग युद्ध गर्न निस्कौं? पलिश्तीहरूलाई हराउनका निम्ति मलाई सहयोग गर्नुहुन्छ?"

परमप्रभुले दाऊदलाई भन्नु भयो, "निश्चय जाऊ, म पलिश्तीहरूलाई परास्त गर्न तिमीलाई सहायता गर्नेछु।"

२०तब दाऊद बाल-पराजीम गए र पलिश्तीहरूलाई त्यही हराए। दाऊदले भने, "परमप्रभुल मेरा शत्रुका सेनाहरूका बाँध भत्किएर छताछुल्ल पोखिएको पानी भगाउनु भयो।" यही कारण दाऊदले त्यस ठाउँको नाउँ "बाल-पराजीम" राखे। २१पलिश्तीहरूले तिनीहरूको देवताको मूर्तीहरू त्यही छोड़ेका थिए। दाऊद र उसका मानिसहरूले तिनीहरू सबै हटादिए हटाए।

२२फेरि पनि पलिश्तीहरूले रपाईमको बेंसीमा आएर पाल हाले।

२३दाऊदले परमप्रभुमा प्रार्थना गरे। त्यस समय परमप्रभुले दाऊदलाई भन्नुभयो, "त्यहाँ माथि नजाऊ। शत्रुका सेनाहरूलाई पछाड़िबाट आक्रमण गर। पीपलका रूखको अर्को तिरबाट आक्रमण गर। २४पीपलको रूखमाथि पलिश्तीहरू बड़िरहेको आवाज सुनिनेछ। त्यसबेला चाँड़ो आक्रमण गर परमप्रभुले पलिश्तीहरूलाई हराउन सहयोग गर्नु हुनेछ।"

२५परमप्रभुले आज्ञा गरे जस्तै दाऊदले गरे। अनि तिनले पलिश्तीहरूलाई हराए। तिनले गेबा देखि गेजेरसम्म खेदेर मारे।

### परमेश्वरको पवित्र सन्दूक यरूशलेम पुर्‍याइयो

६ दाऊदले इस्राएलका कुशल सेनाहरूलाई भेला गराए। त्यहाँ ३०,००० मानिसहरू भेला भए। २तब दाऊद र तिनका मानिसहरू यहूदाको बालाथमा गए। तिनीहरूले यहूदाको बालाथबाट परमेश्वरको पवित्र सन्दूकलाई यरूशलेम पुर्‍याए। मानिसहरू परमेश्वरको आराधना गर्न पवित्र सन्दूकको सामुन्ने गए। पवित्र सन्दूक परमप्रभुको सिंहासन जस्तै हो। पवित्र सन्दूकको माथिल्लो भागमा करूब परीका मूर्तीहरू बिराजमान छन्। अनि परमप्रभु चाहिँ यी परीहरूका माझमा राजा झैं बस्नु भएको छ। ३पहाड़माथि भएको पवित्र सन्दूकलाई अमीनादाबको घरबाट निकाले। तब तिनीहरूले परमेश्वरको भनिएको पवित्र सन्दूकलाई नया गाड़ीमाथि राखे। उज्जा र अहीयो नामका अबीनादाबका छोराहरूले उक्त गाड़ा हाँके।

४यसरी पवित्र सन्दूकलाई पहाड़को अमीनादाबको घरबाट निकाले र उज्जाले गाड़ामा पवित्र सन्दूक राखेर गाडा हाँके अहीओ अघि-अघि बाटोमा हिँडेर गाडालाई मार्ग प्रशस्त गरे। ५दाऊद अनि इस्राएलीहरू नाच्दै र संगीतमय बाजा-गाजाहरू बजाउँदै अघि बड़े। तिनीहरूको बीचमा संगीतमय साधनहरू वीणा, सारङ्गी, खैंजडी, शंकुबाट काठका बाजाहरू अनि झ्यालीहरू थिए। ६जब दाऊदका मानिसहरू नाकोन खलामा आइपुगे गाड़ा तान्ने गोरु ठेस् खाए। गाड़ामा पवित्र सन्दूक हुत्तिएर झण्डै लड्यो। तत्कालै, उज्जाले पवित्र सन्दूकलाई लड्नदेखि रक्षा गरे। ७तर परमप्रभु उज्जासँग रिसाउनुभयो र उज्जलाई मार्नु भयो। उज्जाले पवित्र सन्दूकलाई छोएर लापरवाही गर्‍यो। परमेश्वरको पवित्र सन्दूक कै छेउमा उज्जा मर्‍यो। ८दाऊद साह्रै क्रोधित अनि खिन्न भए किनभने परमप्रभु द्वारा उज्जया मारिए। दाऊदले उक्त स्थानको नाउँ "पेरेस उज्जा" राखे। आज पनि उक्त स्थानको नाउँ पेरेस उज्जा नै भनिन्छ।

९त्यस दिन, दाऊद परमप्रभुसँग डराए। दाऊदले भने, "अब कसरी परमेश्वरको पवित्र सन्दूक म कहाँ ल्याउने?" १०दाऊदले परमप्रभुको पवित्र सन्दूक दाऊदको शहर भित्र लैजान चाहेनन्। दाऊदले परमेश्वरको पवित्र सन्दूकलाई गात देखि ओबेद-एदोमको घरमा राख्ने निर्णय गरे। पवित्र सन्दूकलाई बाटोबाट ओबेद-एदोमको घरमा लगे। ११उक्त घरमा पवित्र सन्दूक तीन महीना सम्म रह्यो। परमप्रभुले ओबेद-एदोम र तिनका परिवारलाई आशीर्वाद दिनुभयो।

१२पछि मानिसहरूले दाऊदलाई भने, "परमप्रभुले ओबेद-एदोमका परिवारलाई आशीर्वाद दिनुभएको छ किनभने उसले परमप्रभुको पवित्र सुन्दूकलाई उसको घरमा राखेकोछ।" तब दाऊद गए र परमेश्वरको पवित्र सन्दूकलाई खुशी अनि आनन्दको साथमा ओबेद-एदोमको घरबाट माथि ल्याए। १३जब मानिसहरू पवित्र सन्दूक बोकेर छ कदम अघि हिड़े, दाऊदले तिनीहरूलाई रोके अनि एउटा साँढ़े र मोटो बाछा बलि चढ़ाए। १४परमप्रभुको अघि दाऊद नाचे। दाऊदले एपोद लगाएका थिए।

१५दाऊद र सारा इस्राएलीहरू दंगदास थिए परमप्रभुको पवित्र सन्दूकलाई शहर भित्र्याउँदा तुरही बजाउँदै आनन्दको आवाज निकाले। १६शाऊलकी छोरी मीकलले झ्यालबाट हेर्दैथिइन्। जब परमप्रभुको पवित्र सन्दूकलाई शहरमा ल्याइयो दाऊद नाच्दै उफ्रँदै गर्नथाले। मीकलले यो

हेरिरहेकी थिई र दाऊदसँग रिसाईन्। तिनले सोचिनन् उ आफैले आफैलाई मुर्ख बनाउँदैछ।

१७दाऊदले पवित्र सन्दूकको निम्ति एउटा छाउनी बनाए। इस्राएलीहरूले परमप्रभुको उक्त सन्दूकलाई त्यस छाउनीमा राखे। त्यसपछि दाऊदले होमबली र मेलबली चढाए।

१८होमबली र मेलबली चढाइसके पछि दाऊदले सर्वशक्तिमान परमप्रभुको नाममा मानिसहरूलाई आशीर्वाद दिए। १९प्रत्येकलाई रोटी, किशमिश र खजूरको रोटी दिएका थिए। तब सबै मानिसहरू घर फर्के।

### मीकलले दाऊदलाई गाली गर्छिन्

२०दाऊद आफ्नो घरमा आशीर्वाद दिन गए। तर शाऊलकी छोरी मीकल तिनलाई भेट्न आइनन्। मीकलले भनिन्, "इस्राएलका राजाले आज आफैलाई सम्मान गरेनन्। आफ्नै नोकर्नीहरूका अघि तपाईंले आफ्नो लुगा खोल्नु भयो। तपाईं त्यही मूर्खमध्येको एक हुनुभयो जसले नलजाई कपडाहरू खोल्छन्।"

२१तब दाऊदले मीकललाई भने, "परमप्रभु आफैले मलाई चुन्नु भयो। न त तिम्रा बाबु न उनका परिवारबाट कसैले परमप्रभुले मलाई इस्राएल अनि उहाँका मानिसहरूमाथि शासन गर्न चुन्नु भयो। त्यसै कारण म अझ पनि परमप्रभुको अघि नाचिरहनेछु। २२म यी कुराहरू गर्नेछु त्यसले सबैलाई धेरै छक्क पार्नेछ। तिमीले मलाई सम्मान गर्ने छैनौ, तर स्त्रीहरू जसको विषयमा तिमी बात गरिरहेकाछौ। मेरो गर्व हुनेछ।"

२३शाऊलकी छोरी मीकलको एउटा पनि नानी भएन। तिनी नानी नजन्माई मरीन्।

### दाऊदले मन्दिर बनाउन चाहे

७ राजा दाऊद आफ्नो नयाँ घरमा सरेपछि, परमप्रभुले उसलाई इस्राएल वरिपरिका सबै देशका शत्रुहरूबाट शान्ति दिनु भयो। २राजा दाऊदले नातान अगमवक्तालाई भने, "हेर्नुहोस्, म देवदारको काठले बनेको सुन्दर घरमा छु तर परमेश्वरको पवित्र सन्दूक भने पालमा छ। हामीले पवित्र सन्दूकको निम्त सुन्दर भवन बनाउनु पर्छ।"

३नातानले राजा दाऊदलाई भने, "तपाईंलाई जे राम्रो लाग्छ त्यही गर्नुहोस्। परमप्रभु नै तपाईंसित हुनुहुन्छ।"

४तर त्यही रात परमप्रभुको आदेश नातानलाई आउँछ। परमप्रभु भन्नुहुन्छ, ५"मेरो सेवक दाऊद कहाँ गएर भनिदेऊ, 'परमप्रभु के भन्नु हुन्छ भने, मलाई बस्नेघर बनाउने तिमी होइनौ। ६इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याउँदा म कहिले पनि घरमा बसिन। म सधैं पालैमा थिए। पाल नै मेरो घर थियो। ७मैले इस्राएलका परिवार समूहलाई देवदारको सुन्दर घर बनाइदेओ भनेर कहिले पनि भनिन। म तिनीलाई यस्तो वचन दिन्छु कि तिम्रा वंश नै राजाहरू हुनेछन्।'

८"मेरो सेवक दाऊदलाई भनिदेऊ: 'सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ: 'मैले तिमीलाई चुने जब तिमी एउटा गोठाला जस्तै थियौ। उहाँले तिमीलाई मेरा मानिसहरू र इस्राएलको शासक बनाउनुभयो। ९तिमी जहाँ जहाँ गयौ म तिमीसितै थिए। मैले तिम्री शत्रुहरूलाई परास्त गरें। मैले तिमीलाई पृथ्वीमा एउटा महत्वपूर्ण व्यक्ति बनाएकोछु। १०-११म इस्राएलीहरूको निम्ति एउटा यस्तो ठाउँ छान्ने छु। म इस्राएलीहरूलाई तिनीहरूको आफ्नै स्थानमा नियुक्त गर्नेछु। अब देखि तिनीहरू फिरन्ते जीवन जीउने छैनन्। शुरुमा मैले इस्राएली मानिसहरूको निम्ति न्याय कर्त्ता नियुक्त गरे। तर नराम्रा मानिसहरूले तिनीहरूलाई साह्रै सताए। अब यस्तो कुरा हुनेछैन। म यस्तो अवस्था सृजना गर्नेछु त्यहाँ केही दु:ख तिमीहरूका शत्रुहरूबाट हुने छैन।

१२"जब तिम्रो जीवन सिद्धिन्छ, तिमी मर्नेछौ अनि तिमीलाई तिम्रा पिता-पूर्खाहरूसितै गाड़िने छ। तर त्यस समय म तिम्रो आफ्नै एक जना नानीलाई राजा बनाउनेछु। १३उसैले मेरो मन्दिर निर्माण गर्नेछ। अनि म उसको राज्यलाई सदा सर्वदा एकदमै शक्तिशाली बनाउनेछु। १४म उसको पिता हुनेछु र उ मेरो छोरा हुनेछ। जब उसले पाप गर्दा, म अरू मानिसहरूद्वारा उसलाई दण्ड दिनेछु। तिनीहरू मेरो यन्त्रहरू हुने छन्। १५तर म उसलाई प्रेम गर्न छोड़दिनँ। मेरो कृपा दृष्टि उ माथि रहन्छ। मेरो माया र दया शाऊलबाट हट्यो। मैले तिमीलाई काखी च्याप्दा शाऊललाई टाढ़ा बनाएँ। म तिम्रा परिवारलाई चाहियसो गर्दिन। १६तिम्रो वंश राजकीय वंशहुनेछ तिमी त्यसमाथि निर्भर छन सक्छौ। त्यहाँ तिम्रो राज्य तिम्रो निम्ति सदा-सर्वदा रहनेछ। तिम्रो सिंहासन (राज्य) सदा-सर्वदा खड़ा रहनेछ।"

१७नातानले दर्शनको विषयमा दाऊदलाई भने। उसले परमेश्वरका वचनको विषयमा प्रत्येक कुराहरू दाऊदलाई बताए।

### दाऊदले परमेश्वरलाई प्रार्थना गर्छन

१८तब राजा दाऊद परमप्रभुको सामुने बसे। दाऊदले भने, "हे परमप्रभु तपाईंले मेरो परिवालाई हामीले चाहेको भन्दा महत्वपूर्ण बनाउनु भएको निम्ति तपाईंलाई धन्यवाद दिन्छु।" तपाईंले किन हामीलाई यस्तो उच्चा स्थान दिनुभयो? १९म एउटा सेवक भन्दा केहि होइन। तपाईं म प्रति यति दयालु बन्नु भयो। तर तपाईंले यस्तै कृपा मेरा सन्तानहरूलाई पनि गर्नेछु भन्नुभयो। हे सर्वोच्च परमप्रभु, के यो तपाईंको मानिसहरूसित बार्तालाप गर्ने सामान्य तरिका हो? २०"तपाईंसित कुरा गर्न म अत्यन्तै कोमल छु।" परमप्रभु , मेरा मालिक, तपाईंलाई थाहै छ म सेवक बाहेक केहि होइन। २१तपाईंले यो

महान काम गर्नु हुनेछ किनभने तपाईंले त्यो गर्छु भन्नु भएको छ, अनि तपाईंले यो तपाईंको इच्छा अनुसार गर्नु हुनेछ। तपाईं चाहनुहुन्छ मैले यी सबै कुराहरू जान्न सकौं। २२परमप्रभु मेरो मालिक यही कारणले तपाईं महान् हुनुहुन्छ। तपाईं अद्वितीय हुनुहुन्छ। तपाईंबाहेक अर्को परमेश्वर छैन। हामीलाई थाहा छ कारण हामीले यी सब तपाईंले गर्नु भएका कार्यहरू सुन्यौ।

२३"तपाईंका मानिसहरू जस्ता इस्राएल र त्यहाँ पृथ्वीमाथि अर्को जाति छैन। तिनीहरू विशेष मानसिहरू हुन्। तिनीहरू दास दासी थिए। तर तपाईंले मिश्रबाट बाहिर ल्याएर स्वतन्त्र बनाइदिनु भयो। तिनीहरूलाई तपाईंका मानिस बनाउनको निम्ति अनि तपाईंको आफ्नै नाउँ बनाउनका निम्ति। आफ्ना मानिसहरू अनि भूमिको खातिर तपाईंले महान र भएयोग्य कार्यहरू गर्नु भयो। २४तपाईंले इस्राएलका मानिसहरूलाई सँधैको निम्ति आफ्नो बनाउनु भयो। अनि परमप्रभु, तपाईं तिनीहरूका परमेश्वर हुनुभयो।

२५"अहिले, परमप्रभु परमेश्वर, तपाईंले मेरो निम्ति केही गरिदिने वचन दिँदैहुनुहुन्छ, तपाईंको सेवकलाई र मेरा परिवारका सन्तानलाई। यसबेला दया गरी आफ्नो वचनलाई पूरा गर्दै मेरा परिवारलाई राजवंश बनाइदिनुहोस्। २६तब तपाईंको नाउँ सदा-सर्वदा सम्मानित हुनेछ। मानिसहरूले भन्नेछन्, 'सर्वशक्तिमान् परमप्रभु परमेश्वरले इस्राएललाई शासन गर्नुहुन्छ। अनि यस्तो होस् कि दाऊद परिवार तपाईंको सामुन्ने स्थापित होस्।'

२७"तपाईं सर्वशक्तिमान्, इस्राएलका परमेश्वर, मलाई धेरै कुरा देखाउनु भयो। तपाईंले भन्नु भयो, 'तेरो परिवारलाई महान बनाइदिन्छु।' यसैले गर्दा म, तपाईंको सेवक, यस्तो प्रार्थना गर्ने विचार लिएँ। २८परमप्रभु मेरा मालिक, तपाईं परमेश्वर हुनुहुन्छ। तपाईंले भन्नु भएका कुराहरूमा म सत्य मान्न सक्छु। अनि तपाईंले भन्नु भयो यी असल कुराहरू मसँग घट्ने छन्। २९मेरा परिवारलाई आशीर्वाद दिनुहोस्। तिनीहरूलाई सधैं तपाईंको सामुन्ने उभिएर सेवा गर्न दिनुहोस्। परमप्रभु मेरा मालिक, तपाईं आफैले यसो भन्नु भएको थियो। तपाईं आफैले मेरा परिवारलाई सधैंभरिको निम्ति आशीर्वाद दिनुभयो।"

## दाऊदले धेरै युद्धहरू जित्छन्

८ पछि, दाऊदले पलिश्तीहरूलाई जित्छन्। पलिश्तीहरूको राजधानी शहरले ठूलो भू-भाग नियमन्त्रणमा राखेका थिए। दाऊदले त्यस भू-भाग माथि अधिकार जमाए। २दाऊदले मोआबका जनतालाई पनि हराए। तिनीहरूलाई जमिनमा लमतन्न सुत्न बाध्य बनाए। तब तिनले एउटा डोरीले नापे। प्रत्येक दुइ नापभित्र पर्न आएकालाई मार्न अह्राए र तेस्रो नापमा परेकालाई छोड़िदिए। यसरी मोआबका मानिसहरू दाऊदका सेवक बनिए। तिनीहरूले उनलाई राजस्व बुझाए।

३रहोबका छोरा हददेजेर सोआका राजा थिए। यूफ्रेटिस नदी क्षेत्रमा अधिकार जमाउन लाग्दा दाऊदले हददेजेरलाई परास्त गरे। ४दाऊदले हददेजेरबाट १,७०० घोड़सवार सैनिक र २०,००० पैदल सेना कब्जामा पारे। १०० बाहेक सबै घोड़ाहरूलाई दाऊदले लङ्गड़ा बनाईदिए।

५दमिशकका अरामीहरू सोबाका राजा हददेजेरलाई सहायता पुर्‍याउन आए। तर दाऊदले ती २२,००० अरामीहरूलाई परास्त गरे। ६त्यसपछि दाऊदले दमिशकको अराममा सेनाको एउटा छाउनी बनाए। अरामीहरू दाऊदका सेवक भए र राजस्व ल्याए। परमप्रभुले दाऊदलाई जतै तरै विजय गराउनु भयो।

७दाऊदले हददेजेरका सेवकहरूबाट सुनका ढालहरू लिए। दाऊदले ती ढालहरू येरूशलेममा ल्याए। ८दाऊदले काँसका धेरै-धेरै सामानहरू तेबह र बेरौतैबाट प्राप्त गरे। (तेवहर बेरौतै शहरूहरू हददेजेरका अधिनमा थिए।)

९हमातका राजा तोईले हददेजेरका सम्पूर्ण सेनालाई दाऊदले परास्त गरेको खबर सुने। १०यसकारण तोईले आफ्ना छोरा योरामलाई दाऊदकहाँ पठाए। दाऊदले हददेजेरलाई परास्त गरेकोले योरामले दाऊदलाई अभिनन्दन गर्दै आशीर्वद दिए, हददेजेरले तोईसँग पहिले धेरै चोटि युद्ध लड़ेका थिए। योरामले सुन, चाँदी र काँसका सामानहरू ल्याएका थिए। ११दाऊदले ती सम्पूर्ण सामानहरू परमप्रभुमा अर्पण गरे। दाऊदले पहिले धेरै राष्ट्रहरूलाई पराजित गरी ल्याएर अपर्णगरेका सामानहरूसँगै ती सामानहरूराखे। १२दाऊदले अराम, मोआब, अम्मोन, पलिश्ती अमालेकहरूलाई हराए। सोबाका राजा रहोबको छोरा हददेजेरलाई पनि हराए। १३दाऊदले १८,००० अरामीहरूलाई खारको बेसीमा मारे। तिनी घर फर्कदा साह्रै ख्याती कमाए। १४दाऊदले एदोममा सैनिक छाउनीहरू बनाए। एदोमका सम्पूर्ण क्षेत्रमा सैनिक छाउनी बनाए। एदोमका सबै मानिसहरू दाऊदका सेवक बने। परमप्रभुले दाऊदलाई जता ततै विजय दिलाउनु भयो।

## दाऊदको शासन

१५दाऊदले इस्राएलभरि नै शासन गरे। दाऊदले आफ्ना मानिसहरूलाई असल र निष्पक्ष न्याय दिन्थे। १६सरूयाहका छोरा योआब सेनाका कप्तान थिए। अहिलूदका छोरा यहोशापात लेखपाल थिए। १७अहीतूबका छोरा सादोक र एबीयातारका छोरा अहीमेलेक पूजाहारीहरू थिए। सरायाह सचिव थिए। १८यहोयादाका छोरा बनायाह करेती र पलेतीहरूका निम्ति अधिकारी थिए। अनि दाऊदका छोराहरू चाहि प्रमुख थिए।

### शाऊलका परिवार प्रति दाऊद दयालु बन्छन्

९ दाऊदले सोधे, "के शाऊलका परिवारका कुनै सदस्य जीवित छन्? जोनाथनको कारणले म उ प्रति दयालु बन्न चाहान्छु।"

२शाऊलका परिवारमा एकजना सीबा नामका नोकर थिए। दाऊदका सेवकहरूले सीबालाई दाऊदको अघि बोलाए। राजा दाऊदले सीबालाई भने, "के तिमी नै सीबा हौ?"

सीबाले भने, "ज्यू, म तपाईंको सेवक सीबा हुँ।"

३राजाले भने, "के शाऊलका परिवारका कुनै सन्तान बाँचेका छन? यदि छन् भने म परमेश्वरको दया उसलाई देखाउन चाहान्छु।"

सीबाले राजा दाऊदलाई भने, "जोनाथनका एकजा छोरा अझै जीवित छन्। तर उसका दुवै खुट्टा लङ्गडो छन।"

४राजाले सीबालाई भने, "त्यो छोरा कहाँ छ?"

सीबाले राजालाई भने, "उनी लो-देबारका अम्मीएलका छोरा मकीरका घरमा छन्।"

५त्यसपछि राजा दाऊदले आफ्ना केही अधिकारीहरूलाई अम्मीएलका छोरा मकीरका घरबाट जोनाथनका छोरालाई ल्याउन लो-देबार पठाए। ६जोनाथनका छोरा मपीबोशेत दाऊदका सामुने शिर झुकाएर दण्डवत गरे।

दाऊदले भने, "मपीबोशेथ?"

मपीबोशेतले भने, "ज्यू हजुर, मै हु, तपाईंको सेवक मपीबोशेत।"

७दाऊदले मपीबोशेतलाई भने, "डराउने काम छैन। म तिमीलाई दया गर्छु। तिम्रो पिताको कारणले म तिमीप्रति दयालु रहनेछु। तिम्रा बाजेका जति पनि जग्गा जमिन थियो म सबै तिमीलाई फिर्ता दिन्छु। तिमी सधै मसँगै टेबलमा बसेर खानेछौ।"

८मपीबोशेतले फेरि केही झुकेर दाऊदलाई भने, "म मरेको कुकुर जत्ति पनि भइन तर पनि तपाईं यति दयालु बन्नु भयो।"

९त्यसपछि राजा दाऊदले शाऊलका नोकर सीबालाई बोलाएर भने, "शाऊलका जे जति जेथा थिए ती सब मैले तिम्रो मालिकका नाति (मपीबोशेत)लाई दिएँ। १०तिमीले मपीबोशेतको जमीनमा तिम्रो छोराहरू अनि नोकरहरूसित खेती गर्ने छौ अनि बाली काट्ने छौ तब तिम्रा मालिकको नातिको लागि प्रचुर भोजन हुनेछ। तर तिम्रा मालिकका नातिले सधै मसित खाना खानेछन्।" सीबाका १५ छोरा र २० जना नोकरहरू थिए। ११सीबाले राजा दाऊदलाई भने, "म तपाईंको सेवक हुँ, तपाईंले जे आदेश दिनु हुन्छ म गर्नेछु।"

यसर्थ मपीबोशेत दाऊदका छोराले जस्तै दाऊदसँगै खाना खान थाले। १२मपीबोशेतका जवान छोराको नाउँ मीका थियो। सीबाका सबै परिवारका सदस्यहरू मपीबोशेतका सेवक बने। १३मपीबोशेतका दुवै खुट्टा लङ्गडा थिए। मपीबोशेत यरूशलेममा बसे र प्रत्येक दिन राजासँगै खान थाले।

### हानूनले दाऊदका मानिसहरूलाई लज्जित बनाउँछन्

१० पछि अम्मोनीहरूका राजा नाहाश मरे। तिनको मृत्युपछि तिनका छोरा हानून नयाँ राजा भए। २दाऊदले भने, "नाहाश मप्रति उदार थिए। यसैले मैले पनि तिनका छोरा हानूनप्रति उदार बन्नुपर्छ।" त्यसैले हानूनलाई उसका पिताको मृत्युको बारे सान्त्वना प्रदान गर्न दाऊदले आफ्ना अधिकारीहरू पठाए।

यसर्थ दाऊका अधिकारीहरू अम्मोनीहरूको देशमा गए। ३तर अम्मोनी अधिकारीहरूले हानूनलाई भने, "दाऊदले आफ्ना मानिसहरू तपाईंको पिताको मृत्युमा तपाईंलाई सान्तवना दिन भनेर पठाएका हुन् भनी तपाईं मान्नु हुन्छ? निश्चय होइन! दाऊदले त यी मानिसहरूलाई तपाईंको शहरको जानकारी लिन पठाएका हुन्। तपाईं विरूद्ध युद्ध गर्ने योजना हो।"

४यसकारणले हानूनले ती अधिकारीहरूलाई पक्रेर आधा दाह्री अनि कम्बरदेखि तलको लुगा काटेर खेदे।

५जब मानिसहरूले दाऊदलाई सुनाए, उनले उसका दूतहरूलाई ती लज्जित व्यक्तिहरू कहाँ पठाए। राजा दाऊदले खबरमा भने, "दाह्री लामो नभइञ्जेलसम्म तिमीहरू यरीहोमा नै बस्नेछौ। तब पछी यरूशलेम आउँछौ।"

### अम्मोनीहरूको विरुद्धमा युद्ध

६अम्मोनीहरूले त्यो सम्झे दाऊदले तिनीहरूलाई उसको शत्रु सोचे। यसकारले गर्दा तिनीहरूले बेत-शहोब र सोबाबाट अरामीहरूलाई ज्यालामा झिकाए। तिनीहरू २०,००० अरामीहरू पैदल सेनाहरू आए। अम्मोनीहरूले पनि माकाका राजासहित १,००० मानिसहरू र तोबबाट १२,००० मानिसहरू ज्यालामा झिकाए।

७दाऊदले यी सबै थाहा पाए। यसैले योआब र धैरै शक्तिशाली सेनालाई पठाए। ८अम्मोनीहरू बाहिर आए अनि युद्धको निम्ति तयार भए। तिनीहरू शहरको द्वारमा खड़ा भए। अरामी सैनिकहरू सोबा र रहोबबाट ती तोब र माका शहरबाट बाहिरका खेतमा जम्मा भएका थिए।

९योआबले देखे तिनीहरू दुवैतिरबाट घेर्दै आए। यसकारण योआबले केही असल इस्राएली सैनिकहरूलाई तहलगाएर अरामीहरूका विरूद्ध युद्ध गरे। १०तब उसले बाँकी मानिसहरूलाई उसको भाइ अवीशैको अधिकारमा लगाए अनि तिनीहरूलाई अम्मोनीहरूको विरुद्धमा खटाए। ११योआबले अबीशैलाई भने, "यदि अरामीहरू मभन्दा शक्तिशाली भए भने तैले मलाई साथ दिनेछस्। र उता अम्मोनीहरू तँभन्दा शक्तिशाली निस्किए म तपाईं सहायता पुर्‍याउनेछु। १२हामी शक्तिशाली

हौं, हाम्रो मानिसहरू, र परमेश्वरको शहरको बचाउका निम्ति सहासी भएर युद्ध लड़ौं परमप्रभुले त्यही गर्नु हुन्छ जो उहाँलाई ठीक लाग्छ।"

१३त्यसपछि योआब र तिनका मानिसहरूले अरामीहरूसँग युद्ध लड़े। अरामीहरू भागे।
१४अम्मोनीहरूले अरामीहरू भागेका देखेर आफू पनि भाग्नथाले।

यसरी तिनीहरू आफ्ना शहर फर्किए। यसरी योआब अम्मोनीहरूसँग लडेर यरूशलेम फर्किए।

### अरामीहरूको फेरि युद्ध लड़्ने विचार

१५अरामीहरूले इस्राएलीबाट हारेको थाहा गर्न थाले। यसकारण तिनीहरूले फेरि ठूलो फौज भेला गरे।
१६हददेजेरले युफ्रेटिस नदी पारी टाढा पठाएर अरामीहरूलाई बोलाउन पठाए। ती अरामीहरू हेलाममा आए। शोबक तिनीहरूका अगुवा थिए जो हददेजेरका सेनाका कप्तान थिए।

१७दाऊदले यी सब सुने। यसर्थ तिनले सबै इस्राएलीहरूलाई भेला गराए। तिनीहरू यर्दन नदी तरेर हेलम पुगे।

अरामीहरू तयारै थिए र धावा बोले। १८तर
दाऊदले अरामीहरूलाई हराए अनि अरामिहरू भागेर गए। दाऊदले ७०० रथका चालक र ४०,००० घोड़सवार सैनिकलाई मारे। दाऊदले शोबाक, अरामी सैनिकहरूका कप्तानलाई पनि मारे।

१९हददेजेरलाई सेवा पुर्‍योइरहेको राजाहरूले देखे इस्राएलीहरूद्वारा परास्त भएको कुरा। यसैले तिनीहरूले इस्राएलीहरूसँग शान्ति सम्झौता गरे र इस्राएलीहरूका सेवक बने। अरामीहरूले फेरि-फेरि अम्मोनीहरूलाई सहयोग पुर्‍याउन डराए।

### दाऊद बेतशेबासँग मिल्छन्

११ बसन्त ऋतुको समय जब राजाहरू युद्धका निम्ति बाहिर आए र दाऊदले योआब, तिनका अधिकारीहरू र सारा इस्राएली सैनिकहरूलाई अम्मोनीहरू नष्ट गर्न पठाउनु भयो। योआबका सेनाहरूले तिनीहरूको राजधानी रब्बा शहरमा पनि आक्रमण गरे।

तर दाऊद यरूशलेममा नै बसे। २साँझमा तिनी
ओछ्यानबाट उठे र राजभवनको कौशिमा टहल्नथाले। त्यहि समय दाऊदले कौशिबाट एउटी स्त्रीलाई नुहाउँदै गरेको देखे। तिनी साह्रै सुन्दरी थिईन्। ३त्यसैकारण
दाऊदले तिनको विषयमा जान्नका निम्ति आफ्ना अधिकारीहरू पठाए। एकजना अधिकारीले बुझेर खबर दिए, "त्यो स्त्री एलीआमको छोरी र हित्तीका उरियाहकी पत्नी बेतशेबा हुन्।"

४दाऊदले उसका दूतहरूलाई त्यो स्त्री बोलाउन पठाए। जब ती स्त्री आइन्, दाऊदले तिनीसँग सहवास गरे। तिनको मासिक धर्मको समय शेष भयो। तब तिनी गइहालीन्। ५र बेतशेबा गर्भबती भइन्। तिनले
दाऊदलाई, "म गर्भवती भएँ" भनेर खबर पठाइन्।

### दाऊदले आफ्नो पाप लुकाउन चाहे

६दाऊदले योआबकहाँ खबर पठाए, "हित्तीका उरिहालाई मकहाँ पठाउनू।"

यसैले योआबले ऊरियालाई दाऊदकहाँ पठाए।
७उरियाह दाऊदकहाँ आए। दाऊदले उरियाहसँग योआबको विषयमा सोधे। सैनिकहरूको हाल खबर सोधे र युद्धको विषयमा जान्न चाहे। ८तब दाऊदले उरियाहलाई
भने, "आराम गर र आनन्दित हो।"

उरियाहले राजभवन छोड़े। राजाले उसलाई उपहारहरू पनि दिए। ९तर उरियाह उसको घरमा गएनन्। उरियाह
राजभवनको बाहिर दैलोमा सुते। राजाका अन्य नोकर चाकर झैँ तिनी सुते। १०नोकर चाकरले दाऊदलाई
भने, "उरियाह घर गएनन्।"

त्यसपछि दाऊदले उरियाहलाई भने, "तिमी टाढाबाट आएका थियौ किन घर गएनौ?"

११उरियाहले दाऊदलाई भने, "परमप्रभुको पवित्र सन्दूक अनि इस्राएलका सैनिकहरू र यहूदाका सैनिक सबै तम्बूमा बस्छन्। मेरा स्वामी योआब, अनि राजा दाऊदका अधिकारीहरू सबै खुल्ला मैदानमा डेरा गरेर बस्छन्। यसैले म घर गएर खाई पिई पत्नीसँग सुत्नु ठीक हैन।"

१२दाऊदले उरियाहलाई भने, "आज यहीं बस। भोलि म तिमीलाई युद्धभूमिमा पठाउँछु।"

उरियाह त्यस दिन रातभरि यरूशलेममा नै
बसे। १३त्यसपछि दाऊदले उरियाहलाई उनलाई भेट्नु
भने। उरियाहले दाऊदसँगै खान-पिन गरे। दाऊदले उरियाहलाई धेरै मताए। तरै पनि उरियाह उसको घरमा गएनन्। तिनी अन्य सेवकहरू झैं राजमहलको प्रवेशद्वार बाहिर सुते।

### दाऊदको उरियाहलाई मार्ने योजना

१४अर्को बिहान दाऊदले योआबलाई पत्र लेखे।
दाऊदले उरियाहलाई नै पत्र थमाए। १५पत्रमा दाऊदले
लेखेका थिए: "उरियाहलाई जहाँ घमासन युद्ध हुन्छ त्यही पठाउनु। एक्लो छोड़िदिनु अनि युद्धमा नै मरोस्।"

१६जब योआबले शहरलाई कब्जा गरे, उसले जहाँ साहसी अम्मोनीहरू थिए ती भेट्टाए। उनले उरियाहलाई त्यही ठाउँमा जान छाने। १७रब्बाका मानिसहरू योआबको
विरूद्ध युद्ध गर्न आए। दाऊदका कतिपय मानिसहरू मरे। मर्नेहरूमा उरियाह पनि थिए।

१८तब योआबले दाऊदलाई युद्धको विषयमा खबर
पठाए। १९योआबले दूतलाई युद्धमा के भएको थियो
भन्नु भनेर पठाए। २०योआबले भने, "हुनसक्छ राजा

रिसाउनु हुनेछ अनि सोध्नु हुनेछन्, 'योआबका सेनाहरू शहरका पर्खाल नजिक किन लड़े? साँचैनै योआबलाई थाहा हुनुपर्ने पर्खालमाथिबाट मानिसहरूले तल वाण चलाउन सक्छन्।
२१के उसलाई थाहा छैन यरूब्बेशेतका छोरा अबीमेलेकलाई कसले मार्‍यो? एउटी आइमाईले जाँतोको ढुँगाले हानेर अबीमेलेक मरेका थिए। त्यस्तो जान्दा जान्दै पनि किन पर्खालकै नजिक गएको?' यदि राजाले यी कुराहरू सोधे भने भन्नु, 'तपाईंको अधिकारी उरियाह पनि मरे।'"

२२दूत गएर योआबले आज्ञा दिएका कुरा सबै दाऊदलाई सुनाए।
२३दूतहरूले दाऊदलाई भने, "अम्मोनका मानिसहरूले हामीलाई मैदानमा धावा बोले। हामी लड़यौ र शहरको फाटकसम्म खेद्‌दै भगायौं।
२४तब शहरको पर्खालबाट तपाईंका अधिकारीहरूलाई मानिसहरूले बाण चलाए। तपाईंका केही अधिकारीहरू मरे। तपाईंका अधिकारी उरियाह पनि यसरी मरे।"

२५दाऊदले दूतहरूलाई योआब कहाँ खबर पठाए: "दुःख मान्ने केही कारण छैन। तरवारले एकजना मानिस पनि मार्न सक्छ अर्को पनि। रब्बाको बिरूद्धमा शक्तिशाली आक्रमण चलाएर विजय प्राप्त गर। यी शब्दहरूले योआबलाई उत्साह प्रदान गर।"

### दाऊदले बेतशेबालाई विवाह गर्छन

२६बेतशेबाले आफ्ना पति उरियाह मरेको थाहा पाउँछिन्। आफ्ना लोग्नेको निम्त रोइकराई गर्छिन्।
२७तिनले शोकाकुल अवस्था पार गरेपछि दाऊदले नोकरलाई बोलाउन पठाउँछन्। तिनी दाऊदकी पत्नी बन्छिन् र दाऊदको छोरा जन्माउँछिन्। तर परमप्रभुलाई दाऊदको कुकर्म ठीक लागेको थिएन।

### नातानको दाऊदसँग कुराकानी

१२ परमप्रभुले नातानलाई दाऊदकहाँ पठाउनुभयो। नातान दाऊदकहाँ गए। नातानले भने, "एउटा शहरमा दुइजना मानिसहरू थिए। एकजना धनी अर्को एकजना गरिब।
२त्यस धनी मानिसका धेरै भेड़ा र पशुहरू थिए।
३तर त्यस गरिब मानिसको एउटा किनेको भेड़ाको सानो पाठी बाहेक् केही थिएन त्यस गरिब मानिसले त्यो पाठीलाई खुवाउँथ्यो। पाठी बिस्तारै ठूलो हुँदै गयो। त्यस गरिब मानिसकै भागबाट पाठी खान्थ्यो र पिउँथ्यो। पाठी त्यस गरिबको छातीमा सुत्थ्यो। यहाँसम्म पाठी त्यस गरिबको छोरी समान थियो।

४"तब एकजना यात्री धनी मानिसलाई भेट्न आए। धनी मानिसहले यात्रीलाई भोजन गराउन चाहान्थे। तर आफ्ना भेडा अथवा पशुहरू मारेर खुवाउन चाहादैन थिए। यसैले धनी मानिसले त्यस गरिब मानिसको भेड़ाको पाठी ल्याएर यात्रीलाई खुवाए।"

५दाऊद धनी मानिसको अत्याचारमा साह्रै रिसाएर। तिनले नातानलाई भने, "परमप्रभुको कसम जसले त्यसो गर्‍यो त्यो मर्छ नै।
६उसले भेड़ाको पाठीको दामको चार दोब्बर दाम तिर्नुपर्छ कारण उसले त्यस्तो डरलाग्दो कार्य कुनै दयामाया बेगरै गर्‍यो।"

### नातानले दाऊदलाई उसको पाप कर्मबारे भने

७तब नातानले दाऊदलाई भने, "त्यो धनी मानिस तिमी नै हौ। परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ: 'मैले तिमीलाई इस्राएलको राजाको रूपमा छाने। शाऊलबाट तिमीलाई बचाएँ।
८मैले तिमीलाई उसकी पत्नीहरू र परिवार लिन अधिकार दिए। अनि मैले तिमीलाई इस्राएल र यहूदाको राजा बनाएँ। यदि त्यो एकदमै कम्ति भए म तिमीलाई अझ ज्यादा दिने थिए।
९यसकारण किन तिमीले परमप्रभुको आदेशलाई घृणा गर्‍यौ? तिमीले परमेश्वरले जो भूल बताउनु हुन्छ तिमी किन त्यही गर्छौ? हित्ती उरियाहको मृत्युलाई अम्मोनीहरूको तरवारको कारण बनायौ। अनि तिमीले उसकी पत्नीलाई तिम्रो आफ्नै बनाउन लियौ। यस्तो प्रकारले उरियाहलाई तरवारले मार्ने तिम्रो जिम्मा हो?
१०यसकारण तरवारले तिम्रा परिवारका कसैलाई त्यही गति बनाउने छ। तिमीले उरियाहकी पत्नी लग्यौ। यसरी नै थाहा हुन्छ मेरो कुनै वास्तानै गरेनौ।'

११"परमप्रभु यसो भन्नुहुन्छ: 'म तिमीमा विपत्ति ल्याइदिन्छु। त्यो विपत्ति आफ्नै परिवारबाट आउनेछ। म तिम्रो पत्नीहरूलाई तिम्रो एउटा धेरै नजिकका व्यक्तिलाई दिनेछु। त्यो मानिस तिम्री पत्नीहरूसँग सुत्नेछ र सबैले त्यो कुरा जान्नेछन्।
१२तिमी त गुप्त रूपमा बेतशेबासँग सुत्यौ। तर म तिमीलाई इस्राएलका मानिसहरूले थाहा पाउने गरी सजाय दिन्छु।'"

१३तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरूद्धमा पाप गरें।"

नातानले दाऊदलाई भने, "तिमीले यत्रो ठूलो पाप गरेर पनि परमप्रभुले क्षमा गर्नेछन्। तिमी मर्ने छैनौ।
१४तर तिमीले जे गर्‍यौ त्यसले गर्दा परमप्रभुका शत्रुहरूले उहाँलाई आदर गर्न छोड़े। यही कारण तिम्रो काखको छोरा मर्नेछ।"

### दाऊद र बेतशेबाको काखे नानी मर्छ

१५त्यसपछि नातान घर गए। परमप्रभुले दाऊद र उरियाहकी पत्नीबाट जुन छोरा जन्मियो, त्यसलाई साह्रै बिमारी बनाइदिनु भयो।
१६दाऊदले शिशुको निम्ति परमेश्वरमा प्रार्थना गरे। दाऊदले खान पिउन नै छोडे। उनी घर गएर भित्रै बस्न थाले। रातभरि भुँइमा नै लड़िरहन थाले।

१७दाऊदका घरका ठूला बडाले दाऊदलाई बलपूर्वक उठाउन खोजे। तर दाऊद उठ्न मानेनन्। उनले खाना

खान पनि मानेन। १८सातौं दिनको दिन शिशु मर्‍यौ।
दाऊदका नोकरहरूले दाऊदलाई शिशु मरेको खबर
भन्न साह्रै डराए। तिनीहरूले भने, “हेर्नुहोस्, शिशु जब
जिउँदै थियो त्यस समय त हामीले दाऊदसँग कुरा गर्न
सकेनौं। हाम्रो कुरा सुन्नै चाहानु भएन। यदि हामीले
शिशु मरेको खबर दियौं भने आफैले आत्महत्या गर्न
सक्लान्।”

१९तर दाऊदले नोकरहरूले कानेखुशी गरेको थाहा
पाए। तब दाऊदले शिशु मरेको अन्दाज गरे। यसैले
दाऊदले नोकरलाई सोधे, “के शिशु मर्‍यो?”

नोकरहरूले जवाफ दिए, “ज्यू, मर्‍यो।”

२०त्यसपछि दाऊद भुँइबाट उठे। आफू स्नान।
लुगाहरू लगाएर तयार भए। त्यसपछि परमप्रभुको
पवित्र स्थानमा आराधना गर्न गए। फर्केर आई खानेकुरा
के छ भनेर मागे। नोकर चाकरले खाना टक्राए, तिनले
खाए।

२१दाऊदका नोकरहरूले तिनलाई सोधे, “तपाईंले
यसो किनगर्नु भयो? जबसम्म शिशु जिउँदै थियो
तपाईंले केही पनि खानुभएन। तपाईं रोइरहनु भयो। तर
जब शिशु मर्‍यो अनि उठेर खाना खानुभयो।”

२२दाऊदले भने, “जबसम्म शिशु जीवित रह्यो मैले
केही खाइन। र रोइ मात्र रहे कारण मैले सोचें,
‘कसलाई थाहा छ? हुनसक्छ परमप्रभु मेरो निम्ति दुःखी
हुनुहुन्छ र शिशुलाई बचाइराख्नु हुन्छ।’ २३तर अहिले
शिशु मर्‍यो। अब पनि म किन नखाई बस्ने? के म
शिशुलाई जीउँदो पाउन सक्छु? सकिंदैन। कुनै दिन म
त्यो भएकहाँ जाउँला, तर त्यो यहाँ मकहाँ आउन
सक्दैन।”

## सुलेमानको जन्म

२४त्यसपछि दाऊदले आफ्नी पत्नी बेतशेबालाई सान्त्वना
दिए। तिनले पत्नीसँग शारिरीक सम्बन्ध पनि स्थापित
गरे। बेतशेबा फेरि गर्भवती भइन्। अर्को छोरा जन्माइन।
दाऊदले छोराको नाउँ सुलेमान राखे। परमप्रभुले
सुलेमानलाई प्रेम गर्नु भयो। २५परमप्रभुले अगमवक्ता
नातानद्वारा सन्देश पठाउनुभयो, नातानले सुलेमानको नाउँ
यददीया राखे। नातानले परमप्रभुको निम्ति यसो गरे।

## दाऊदले रब्बामाथि अधिकार जमाउँछन

२६रब्बा शहर अम्मोनीहरूको राजधानी थियो।
योआबले रब्बामाथि लढ़ाई गरेर अधिकार जमाए।
२७योआबले दाऊदकहाँ दूतहरू पठाएर खबर भने,
“मैले रब्बा बिरूद्ध लडाई गरें। मैले पानीको शहर
जितें। २८अब अरू सैनिकहरू ल्याएर रब्बामाथि
अधिकार जमाउनुहोस् नत्र यदि मैले शहरमाथि अधिकार
जमाए भने शहरको नाउँ मेरो आफ्नो नाममा हुनेछ।”

२९यसैले दाऊदले मानिसहरू भेला पारेर रब्बातिर
लागे। तिनले रब्बामा धावा बोलेर आफ्नो अधिकार
जमाए। ३०दाऊदले उनीहरूका राजाको मुकुट झिकिदिए।
उक्त मुकुटको ओजन झण्डै एक तोडा* सुनको थियो।
त्यसमा बहुमूल्य पत्थरहरू पनि जडित थिए। तिनीहरूले
दाऊदको शिरमा उक्त मुकुट पहिर्‍याए। दाऊदले शहरबाट
धेरै बहुमूल्य सम्पत्ति हात पारे।

३१दाऊदले रब्बा शहरदेखि मानिसहरू बाहिर ल्याए।
तिनीहरूलाई आरा, गल र बञ्जरोहरूले काम गर्न
लगाए। इँटाको काम गर्न लगाए। दाऊदले सबै
अम्मोनीहरूका शहरमा एउटै व्यवहार गरे। त्यसपछि
दाऊद र तिनका फौज यरूशलेम फर्किए।

## अम्नोन र तामार

१३ दाऊदका अब्शालोम नामका एका छोरा थिए।
अब्शालोमकी सानी बहिनी तामार नामकी थिई।
तामार असाध्यै राम्री थिई। दाऊदका अर्का एकजना
अम्मोन नाउँ गरेको छोरा थियो जसले तामारसँग प्रेम
गरेको थियो। २तामार कुमारी थिई। अम्नोनले उसको
कन्यापन भ्रष्ट पार्न सक्छ भन्ने सोचेका थिएनन्। तरैं
पनि अम्नोनले उनलाई साह्रै चाहान्थ्यो। अम्नोनले
उनलाई सधैं सम्झिरहने भएकोले आफै बिरामी भयो।

३अम्नोनका एउट मित्रको नाउँ योनादाब थियो जो
शिमीका छोरा थिए। (शिमी दाऊदका दाजु थिए।)
योनादाब साह्रै चलाक थिए। ४योनादाबले अम्नोनलाई
सोधे, “प्रत्येक दिन तिमी दुब्लाउँदै गइरहेका छौ। तिमी
त राजकुमार हौ। खान लाउनुको कुनै अभाव छैन तरै
पनि दुब्लाउँदै छौ मलाई भन त! किन?”

अम्नोनले योनादाबलाई भने, “म तामारलाई प्रेम
गर्छु। अब्शालोमकी बहिनी हुन् तर म तिमीहरूको
सौतेलो भाइ हुँ।”

५योनादाबले अम्नोनलाई भने, “ओछ्यानमा सुत र
बिमारीले गरे झैं गर। त्यसपछि तिम्रा पिताजी तिमीलाई
हेर्न आउनुहुन्छ। उहाँलाई भन, ‘दया गरी मेरी बहिनी
तामारलाई आउन दिएर मलाई खाना खुवाउनु भन्नुहोस्।
मेरै अगाडि खाना तयार गर्न लगाउनु होस्। म त्यो
हेर्नेछु र उनकै हातले खाना खानेछु।’”

६त्यसरी अम्नोन ओछ्यानमा लडेर बिमारीले जस्तै
गर्न थाले। राजा दाऊद उसका छोरालाई हेर्न आए।
अम्नोनले दाऊदलाई भने, “दया गरी तामार बहिनीलाई
मेरो कोठा भित्र आउन अनुमति दिनुहोस्। दया गरी
भनिदिनु होस् मेरो अघिल्तिर दुइवटा रोटी बनाइदिनुहोस्।
त्यसपछि म तिनकै हातबाट खान्छु।”

७दाऊदले तामारको घरमा दूतहरू पठाए। दूतहरूले
तामारलाई भने, “तिम्रा दाइ अम्नोनका घर गएर खाना
बनाइदिनु हरे।”

---

**एक तोडा** प्रायः ७५ पाउण्ड हो।

### तामारले अम्नोनका निम्ति भोजन बनाउने

८त्यसकारण तामार अम्नोनको घर गइन्। अम्नोन ओछ्यानमा लडिरहेका थिए। तामारले मुछेको आँटा हातमा लिएर थिच्दै रोटी पकाइदिन्। अम्नोनले हेर्दा हेर्दै तिनीले रोटी बनाइन्। ९त्यसपछि तावाबाट रोटी निकालेर अम्नोनलाई भाग लगाइदिन्। तर अम्नोनले खान मानेनन्। अम्नोनले आफ्ना नोकरहरूलाई बाहिर जानु भने, यसैले सबै बाहिर गए।

### अम्नोनले तामारलाई बलात्कार गर्छ

१०तब अम्नोनले तामारलाई भन्छन्, "सुत्ने कोठामा खाना ल्याएर मलाई आफ्नै हातले खुवाइदेऊ।"

त्यसरी तामारले आफूले बनाएको केक लिएर दाइको सुत्नेकोठामा गइन्। ११उनले अम्नोनलाई खुवाउन मात्र थालेकी थिइन्, तर अम्नोनले उनको हात समाते। तिनले उनलाई भने, "बहिनी, आऊ मसँग सुत।"

१२तामारले अम्नोनलाई भनिन्, "होइन, दाजु! मलाई जबरजस्ती नगर्नुहोस्। यस्तो लाजमर्दो काम नगर्नुहोस्। यस्तो भयानक कार्य इस्राएलमा कहिले हुनैसक्दैन। १३यस्तो लाजमर्दो अवस्थाबाट म कहिले पनि मुक्ति पाउने छैन। मानिसहरूले सोच्नेछन् तपाईं एउटा साधारण दुष्ट जस्तैं बन्नु भयो। दया गरी राजासँग भन्नुहोस्। उहाँले हामी दुवैलाई विवाह गर्न दिनुहुनेछ।"

१४तर अम्नोन तामारका कुरा सुन्न पटक्कै राजी भएनन्। तिनी तामारभन्दा बलिया थिए। उसले शारीरिक सम्बन्ध राख्न जबरजस्ती गरे। १५त्यसपछि अम्नोनले तामारलाई घृणा गर्न थाले। पहिले जति माया गर्थे त्योभन्दा ज्यादा घृणा गर्नथाले। अम्नोनले तामारलाई भने, "उठेर यहाँबाट गइहाल।"

१६तामारले अम्नोनलाई भनिन्, "होइन! यसरी मलाई ननिकाल। तिमीले मलाई केही क्षण अघि जे गर्‍यौ त्योभन्दा खराब भएर जानेछ।"

तर अम्नोनले तामारका कुरा पटक्कै सुनेनन्। १७अम्नोनले आफ्ना नोकरहरू बोलाए र भने, "अहिले नै यस केटीलाई कोठाबाट निकाल! त्यसपछि दैलो बन्द गर।"

१८अम्नोनका नोकरले तामारलाई निकालेर दैलो बन्द गरिदिए।

तामारले कन्यकेटीहरूले राजदरवारमा लगाउने लुगा जस्तो लामो बाहुला भएको रङ्गिबरङ्गी लुगा लगाएकी थिईन्। १९तामारले लगाएका विभिन्न रंगको लुगा च्यातेर टाउकोभरि खरानी दलिन्। अनि टाउकोमा हात राखेर रून थालिन।

२०तब, तामारका दाजू अब्शालोमले तिनलाई भने, "के तेरो ठूलो दाजु अम्नोन तँसित थिए? उसले तलाईं चोट पुर्‍यायो? अब, शान्त हो बहिनी। अम्नोन तेरै दाज्यू हो। अब यी कुरा तेरो हृदयमा नली।" त्यसपछि तामार चुप लागिन। तिनी अपमानित स्त्री भई अब्शालोमको घरमा बसिन्।

२१राजा दाऊदले त्यो कुरा सुनेर साह्रै रिसाए तर दाऊदले तिनको पहिला जम्मेका अतिप्रिय छोरो अम्मोनलाई भड़काउन चाहेनन यसकारण केही गरेनन्। २२अब्शालोमले अम्नोनलाई घृणा गर्नथाले। अम्नोनका बारे राम्रो नराम्रो कुनै कुरै गरेनन् अब्शालोमले। आफ्नी बहिनीलाई अम्नोनले व्यविचार गरेको हुनाले घृणा गरे।

### अब्शालोमको प्रतिशोध

२३दुइ वर्ष पछि केही मानिसहरू बाल्हासोरमा अब्शालोमका भेडाका ऊन कात्न आए। यस समय अब्शालोमले राजाका सबै छोराहरूलाई निम्त्याए। २४अब्शालोमले राजालाई भने, "मैले भेड़ाको ऊन कात्न केही मानिसहरू बोलाएको छु। दया गरी राजा अनि उसका अधिकारीहरू पनि आइहिनु होस्।"

२५राजाले अब्शालोमलाई भने, "होइन, छोरा। हामी सबै जादैनौं। यसले तिमीलाई धेरै बोझ हुनेछ।"

अब्शालोमले अनेक बिन्ति गरे। दाऊद नजाने नै भए, तर उसले आशीर्वाद दिए।

२६अब्शालोमले भने, "तपाईं जानु हुँदैन भने मेरा भाइ अम्नोनलाई मसँग जानदिनुहोस्।"

राजा दाऊदले भने, "किन उ तिमीसँग जाने?"

२७अब्शालोमले दाऊदलाई धेरै बिन्ती चढाएपछि अन्त्यमा दाऊदले अम्नोन र अरू छोराहरूलाई जान दिने भए।

### अम्नोनको हत्या हुन्छ

२८तब अब्शालोमले आफ्ना सेवकहरूलाई आदेश दिए, "अम्नोनलाई होश्यार साथ ख्याल राख्नु। जब उ मातेर बेहोस हुन्छ म आदेश दिन्छु। तिमीहरूले अवश्यै अम्नोनलाई मारिदिनु। दण्ड पाउने डर नलिनू। मैले आदेश दिएकोले तिमीलाई कुनै सजाय हुनेछैन। अब बलिया र सहासी बन।"

२९अब्शालोमका जवान सिपाहीहरूले आदेशको पालन गरे। अम्नोनलाई मारे। दाऊदका अरू छोराहरू आ-आफ्ना खच्चरमा चढेर भागे।

### दाऊदले अम्नोनको मृत्युको खबर सुने

३०राजकुमारहरू शहरमा अझ आइपुगेका थिएनन्। तर राजा दाऊदले घटनाको खबर पाइहाले। तर उसले सुनेको खबर थियो, "अब्शालोमले राजाका सबै छोराहरूको हत्या गरिदिए। कुनै पनि छोराहरू जीवित छैनन्।"

३१राजा दाऊदले लगाएको लुगा सबै च्यातेर भुँइमा पछारिए। राजाका सबै अधिकारीहरूले पनि आ-आफ्ना लगाएका लुगा च्याते।

३२तर दाऊदका दाज्यू शिमीका छोरा योनादाबले
भने, "राजाका सबै छोरा मारिइएका छन् भनेर नसोचौं।
खालि अम्नोन मारिइएको हो। अब्शालोमले जुन दिन
अम्नोनले आफ्नी बहिनीको व्यभिचार गरेको थियो त्यसै
दिन देखि योजना बनाएको हो। ३३मेरा मालिक राजा,
तपाईं यो नसोच्नुहोस् सबै छोरा मारिए। खालि अम्नोन
मऱ्यो।"

३४अब्शालोम भागे। शहरको पर्खालमाथि एउटा
रक्षक उभिरहेका थिए। तिनले धेरै मानिसहरू पहाडको
अर्को भागबाट आउँदै गरेका देखे। ३५यसैले योनादाबले
राजा दाऊदलाई भने, "हेर्नुहोस्, मैले भनेको कस्तो
लाग्यो। राजाका छोराहरू आउँदै छन्।"

३६योनादाबले भन्दा नभन्दै राजकुमारहरू आइपुगे।
उनीहरू जोडतोडले रून लागे। दाऊद र अन्य अधिकारीहरू
पनि रून थाले। तिनीहरू साह्रै रोए। ३७दाऊद प्रत्येक
दिन आफ्ना छोरा अम्नोनका लागि रून्थे।

### अब्शालोम भागेर गेशुर गए

अब्शालोम भागेर अम्मीहूदका छोरा तल्मैकहाँ गए।
तल्मै गेशूरका राजा थिए। ३८भागेर गएपछि अब्शालोम
तीन बर्षसम्म गशूरमा बसे। ३९राजा दाऊदको अम्नोनको
मृत्यु माथि शोक घट्यो, तर उसले अब्शालोलाई
एकदमै हराए अनि उसलाई अतिनै हेर्न चाहन्थे।

### योआबले दाऊदकहाँ एउटी ज्ञानी महिला पठाउँछन्

१४ सरूयाहका छोरा योआबले राजा अब्शालोमका
बारेमा साह्रै चिन्तित छन् भन्ने थाहा पाए।
२यसैले योआबले टकोमाबाट एउटी ज्ञानी महिलालाई
लिन भनेर दूतहरू पठाए। योआबले त्यस ज्ञानी महिलालाई
भने, "दया गरी साह्रै शोकित अवस्थाको बहना गर।
पहिरण पनि त्यस्तै लगाऊ। चिटिक्क पर्ने काम छैन।
धेरै दिनदेखि आफन्त मरेर रोइरहेकी स्त्री झै अभिनय
गर। ३राजाको अघि गएर म जे-जे भन्छु त्यही कुरा
गर।" त्यसपछि योआबले त्यस महिलालाई कुरा सिकाए।

४टुकोबाट आएकी त्यस महिलाले झुकेर भुँइतिर
अनुहार पार्दै राजालाई भनिन, "महाराज, मलाई दया
गर्नुहोस्।"

५राजा दाऊदले त्यसलाई भने, "तिम्रो के असुविधा
छ?"

महिलाले भनिन्, "म विधुवी हुँ। मेरा लोग्ने मरे।
६मेरो दुइजना छोराहरू थिए। दुवैजना एकादोस्रामा
बाहिर मैदानमा लड़ाई लड़े। त्यहाँ छुट्याउने कोही
थिएनन्। एउटा छोराले अर्कोलाई माऱ्यो। ७अहिले सबै
परिवारका सदस्यहरू मेरो विरुद्धमा छन्। तिनीहरू
भन्छन्, "त्यस हत्यारा छोरालाई हाम्रो अघि ल्याऊ,
हामी। पनि त्यसलाई मार्छौं। किनभने त्यसले आफ्ना
भाइ माऱ्यो।' मेरो छोरा घरको बत्ती हो। यदि तिनीहरूले
त्यसलाई मारिदिए भने त्यो अन्तिम बत्ती पनि निभ्नेछ।
बाबुको सम्पत्तिको हकदार त्यही एउटै त बाँचि रहेको
छ। यदि त्यो मारियो भने मेरो पतिको नाउँ यस
पृथ्वीबाट नाउँ निश नै मेटिने छ।"

८तब राजाले त्यस स्त्रीलाई भने, "तिमी घर जाऊ।
तिम्रो पक्षमा आदेश दिनेछु।"

९टकोमाकी त्यस महिलाले राजालाई भनिन, "हे
मालिक राजा ठीकै छ दोष मलाई नै आवोस्। तर
तपाईं र तपाईंको राज्य भने निर्दोष छ।"

१०राजाले भने, "यदि कसैले तिमीलाई केही नराम्रो
भन्दैछ भने त्यसलाई मेरो अघि हाजिर गराऊ। त्यसपछि
त्यसले तिमीलाई त्यसरी सताउने छैन।"

११त्यस स्त्रीले भनी, "दया गरी तपाईंले आफ्ना
परमप्रभु तपाईंको परमेश्वरको नाउँ लिएर शपथ दिनोस्
तपाईंले तिनीलाई रोकि दिनहुनेछ। तिनीहरूले उसकै
भाइको मृत्युको बदलामा मेरो छोरालाई मार्न चाहन्छन्।
दया गरेर मलाई विश्वास दिलाउनुहोस् कि मेरो छोरालाई
तिनीहरूबाट बचाउनु हुनेछ।"

दाऊले भने, "म तिमीलाई परमप्रभुको जीउदो नाममा
भनिहरेछु कसैले पनि तिम्रो छोरालाई चोट पुऱ्याउन
छैन। तिम्रो छोरोको शिरबाट एउटा केश पनि भूईमा
खस्ने छैन।"

१२त्यस महिलाले भनिन्, "मालिक राजा, मलाई
केही कुरा भन्न दिनुहोस्।"

राजाले भने, "भन।"

१३तब स्त्रीले भनिन्, "परमेश्वरका मानिसहरूका
विरूद्धमा तपाईंले यो योजना किन बनाउनु भयो? ज्यू,
जब तपाईं नै यसो भन्दै हुनुहुन्छ भने तपाईंनै दोषी
देखिइनु भयो। किनभने तपाईंको छोरो जसलाई घर
छोड़न वाध्य गराइएको थियो, उसलाई फर्केर आउनु
भनिएको छैन। १४एक दिन हामी सबै मर्ने नै हौं हामी
भुँइमा पोखीएको पानी जस्तै छौ जसलाई कसैले पनि
जम्मा गर्न सक्दैन। परमेश्वरले क्षमा दिनुहुन्छ। भागेर
जाने मानिसहरूको निम्ति परमेश्वरको योजना छ।
उहाँले तिनीहरूले फर्केर आउँने भन्ने इच्छ गर्नु हुन्छ।
१५मेरो मालिक राजा, म यति भन्न आएकी हुँ। जस्तो
मानिसहरूले मलाई धम्क्याए। म आफैले सोचे, 'म
राजालाई भन्नेछु। हुनसक्छ राजाले मेरो सहायता गर्लान।
१६मलाई सुनेर राजाले मेरो छोरालाई बचाउनु हुनेछ।
परमेश्वरले प्रदान गर्नुभएको कुराहरूबाट त्यो मानिसले
हामीलाई बञ्चित गराउने प्रयास गरिरहेकोछ।' १७म
निश्चित थिए कि मेरो राजाको वचनले मलाई सहयोग
हुनेछ। कारण तपाईं त परमेश्वरको दूत जस्तै हुनुहुन्छ।
तपाईंलाई राम्रो र नराम्रो के हो थाहै छ। परमप्रभु
तपाईंका परमेश्वर तपाईंको साथमा रहून्।"

१८राजाले त्यस स्त्रीलाई जवाफमा भने, "म तिमीलाई
एउटा प्रश्न गर्छु, मेरो प्रश्नको उत्तर देऊ।" त्यस

स्त्रीले भनी, “मेरा परमप्रभु राजा तपाईं तपाईंको प्रश्न
सोध्नु होस्।”
१९राजाले भने, “योआबले यी सब भन्नु भनेका
थिए तिमीलाई।?”
त्यस महिलाले भनिन्, “मेरा मालिक राजा, तपाईंको
शपथ खादै भन्छु, तपाईंले ठिक भन्नुभयो। तपाईंका
अधिकारी योआबले मलाई सब सिकाएका हुन्।
२०योआबले त्यसो गर्नुको कारण घटनालाई अर्को
प्रकारले तपाईंलाई बुझ्न्लगाउनु हो।मेरो मालिक तपाईं
परमेश्वरका दूत झै ज्ञानी हुनुहुन्छ। पृथ्वीमा के हुँदैछ
तपाईंलाई सबै थाहा हुन्छ।”

### अब्शालोम यरूशलेम फर्कन्छ

२१राजाले योआबलाई भने, “मैले अघिनै निर्णय गरी
सकेको छु। अब जाऊ अनि अब्शालोमलाई लिएर
आऊ।”
२२योआबले भुँइतिर अनुहार झुकाए र तिनले राजा
दाऊदप्रति आभार व्यक्त गर्दै भने, “आज तपाईं म प्रति
खुशी हुनुहुन्छ मैले बुझे तपाईंले मेरो कुरा सुन्नुभयो।”
२३तब योआब गेशूर गएर अब्शालोमलाई यरूशलेम
लिएर आए। २४तर राजा दाऊदले भने, “अब्शालोम
उसको आफ्नै घर जानसक्छ। उ मलाई भेट्न नआवोस्।”
यसैले अब्शालोम आफ्नै घर गए। अब्शालोम राजालाई
भेट्न जान सकेन।
२५मानिसहरूले अब्शालोमको सुन्दरताको साह्रै प्रशंसा
गर्थे। इस्राएलमा अब्शालोम जति सुन्दर अरू कोही
थिएन। टाउको देखि पैताला सम्मै कतै खोट लगाउने
ठाउँ थिएन। २६प्रत्येक वर्षको अन्तमा अब्शालोमले
टाउकोको कपाल काट्थे र तौलन्थे। कपालको ओजन
झण्डै २०० शेकेल हुन्थ्यो। २७अब्शालोमका तीनजना
छोराहरू र एउटी छोरी थिए। छोरीको नाउँ तामार
थियो। तामार साह्रै सुन्दर थिई।

### अब्शालोमले योआबलाई भेट गर्न बाध्य गराउँछ

२८अब्शालोम पूरा दुइ वर्ष यरूशलेममा राजासँग
भेट नगरी बसे। २९अब्शालोमले योआबकहाँ दूत
पठाए। दूतहरूले योआबलाई भने अब्शालोमलाई राजासँग
भेट गराइ देऊ। तर योआब अब्शालोम कहाँ आएनन्।
दोस्रो चोटि पनि अब्शालोमले खबर पठाए। तर योआब
आउन मानेनन्।
३०त्यसपछि अब्शालोमले नोकरहरूलाई अह्राए, “हेर,
मेरो खेतकै छेउमा योआबको जौको बाली पाकिरहेको
छ। गएर त्यसमा आगो लगादेऊ।”
यसरी अब्शालोमका नोकरहरू गएर आगो लगाइदिए।
३१योआब अब्शालोमका घर आए। योआबले
अब्शालोमलाई भने, “तिम्रा नोकरहरूले मेरो खेतीमा
किन आगो लगाए?”
३२अब्शालोमले योआबलाई भने, “मैले तिमीकहाँ
खबर पठाएँ मैले तिनीलाई यहाँ आउनु भने। म
तिमीलाई राजाकहाँ पठाउन चाहान्थे। म तिमीद्वारा
राजालाई सोध्न चाहान्थे मलाई गेशूरबाट यहाँ ल्याउ।
यो मलाई असल हुने थियो यदि म त्यही भएको भए,
मलाई राजासित भेट्न देऊ यदि मैले पाप गरेको भए
उसले मलाई मारून्।”

### अब्शालोमले राजा दाऊदको दर्शन गर्छन

३३तब योआब राजाकहाँ आएर अब्शालोमका सबै
कुरा बताउँछन्। राजाले अब्शालोमलाई बोलाउँछन्।
त्यसपछि अब्शालोम राजालाई भेट्न आउँछन्। राजाका
अघि अब्शालोम झुकेर उभिन्छन्। अनि राजाले
अब्शालोमलाई म्वाई खान्छन्।

### अब्शालोमले धैरै मित्रहरू बनाउँछन्

१५ त्यसपछि अब्शालोमले एउटा रथ र घोडाहरू
राख्छन्। जब रथमा सवार गर्थे त्यस बेला
५० जना मानिसहरू आफू अघि हिंडाउँथे। २बिहानै
उठेर अब्शालोम फाटकमा उभिन्थे। अब्शालोमले
राजाकहाँ न्यायको निम्ति समस्या लिएर जाने
कोही मानिसको निधो लिन्थे। तब अब्शालोमले उक्त
व्यक्तिलाई सोध्थे, “कुन शहरको वासिन्दा हुनुहुन्छ
तपाईं?” त्यस व्यक्तिले जवाफ दिन्थे, “म फलना-
फलना इस्राएलको परिवार समूहबाट आएको हुँ।”
३तब अब्शालोमले भन्ने, “गर्थे तपाईं आफ्नो मामला
जित्ने योग्य हुनुहुन्छ, तर राजा दाऊदले तपाईंहरूको
कुरै सुन्दैनन्।”
४अब्शालोमले यो पनि भन्थे, “अहो, कसैले मलाई
यस देशको न्यायधीश नियुक्ति गरिदिएको भए म
प्रत्येकलाई साँचो न्याय दिनसक्थे।”
५अनि यदि कोही पनि एकजना मानिस अब्शालोमको
अघि आएर झुकेर अभिवादन गरे भने, अब्शालोमले
अघि बढेर साथी जस्तो व्यवहार गरेर हात मिलाउने
गर्थे। ६अब्शालोमले ती कुराहरू प्रयोग गर्थे अनि
प्रत्येकलाई म्वाइ खान्थे जो राजा कहाँ न्यायको निम्ति
आउँद थिए। यसरी अब्शालोमले इस्राएलका प्रत्येकलाई
मुर्ख बनाए।

### अब्शालोमले दाऊदको राज्य लिने योजना बनाउँछ

७चार वर्षपछि, अब्शालोमले राजा दाऊदलाई भने,
“दया गरी मलाई मैले हेब्रोनको परमप्रभुलाई गरेको
प्रतिज्ञा पूरा गर्न जान दिनुहोस्। ८मैले त्यो प्रतिज्ञा म
गेशूरणमा बसेको समयमा गरेको थिएँ। मेरो प्रतिज्ञा
थियो, ‘यदि परमप्रभुले मलाई यरूशलेम फिर्ता गराउनु
भयो भने म परमप्रभुको सेवा गर्नेछु।’”
९राजा दाऊदले भने, “शान्तिसित जाऊ।”

अब्शालोम हेब्रोन गए १०तर अब्शालोमले इस्राएलका सबै परिवार समूहमा गुप्तचर पठाए। ती गुप्तचरहरूले मानिसहरूलाई भने, "जब तिमीहरूले तुरही बजेको सुन्छौ, भन्नु, 'अब्शालोम हेब्रोनमा राजा भएका छन्।'"

११अब्शालोमले २०० मानिसहरूलाई तिनको साथ लानलाई आमन्त्रित गरे। ती मानिसहरूले यरूशलेम छोड़े अनि तिमीसितै हेब्रोन गए। तर तिनको योजना बारे उनीहरू अनभिज्ञ थिए। १२अहीतोपेल दाऊदका एकजना सल्लाहकार थिए। अहीतोपेल गीलोह शहरका बासिन्दा थिए। जब अब्शालोमले बलिदान चढ़ाउन पुगे तब गीलोह शहरबाट अहीतोपेललाई पनि बोलाए। अब्शालोमको योजना ठीकसँग कार्यान्वित हुँदै थियो अनि धेरै भन्दा धेरै मानिसहरू तिनको पक्षमा लाग्नथाले।

## दाऊदले अब्शालोमको षड्यन्त्र बुझे

१३दाऊदलाई खबर दिन भनेर एकजना मानिस दाऊदकहाँ आए। ती मानिसहले भने, "इस्राएलका मानिसहरूले अब्शालोमको नेतृत्वलाई पछ्याउन थालेका छन्।"

१४तब दाऊदले आफूसँग यरूशलेममा छाड़ीएका अधिकारीहरूलाई भने, "हामी चाँड़े जाऔँ। यदि भागेनौ भने अब्शालोमले हामीलाई छोड़ने छैन। छिटो गरी यहाँबाट भागौं होइन भने अब्शालोम आइपुग्छ। हामीलाई खत्तम गर्नेछ। अनि त्यसले यरूशलेमका सबै मानिसहरूलाई मार्नेछ।"

१५राजाका अधिकारीहरूले भने, "तपाईंले जे भन्नुहुन्छ हामी त्यसै गर्नेछौं।"

## दाऊद र तिनका मानिसहरू भाग्छन्

१६राजा दाऊद उसको महलमा बस्ने जति सबैलाई लिएर महलबाट निक्लन्छन्। तर राजाले उसका दश जना उप-पत्नीहरूलाई महलका हेरचाह गर्न राखे १७राजा आफ्ना मानिसहरूका साथमा हिंडे। अन्तिम महलमा पुगेर तिनी रोकिए। १८त्यहाँ देखि सबै अधिकारीहरू राजाको अघि लागे। अघाड़ी ६०० गित्तीहरू राजासित आए। गातमा उनी बसेको समय देखि त्यहाँ तिनीहरू उनसँग थिए अनि करेतीहरू र पलेतीहरू राजाको अघाड़ी गए।

१९राजाले गित्तीबाट आएका इत्तैलाई भने, "तिमीहरू किन हामीसँग हिंड़दैछौ? फर्केर नयाँ राजा (अब्शालोम) सँग बस। तिमीहरू विदेशी हौ। यो तिमीहरूको मातृभूमि होइन। २०क्षणिक समय अघि तिमीहरू म सँग सामेल हुन आएका हौ। अब तिमीहरू मसँग एक ठाउँदेखि अर्को ठाउँ गर्दै घुमिरहनु पर्छ। आफ्ना दाज्यू-भाइहरू लिएर फर्क। दया र विश्वास तिमीहरूलाई देखाउन्।"

२१तर इत्तैले राजालाई भने, "जबसम्म तपाईं परमप्रभु बाच्नुहुन्छ म तपाईंकै साथमा रहने छु। यदि म मर्नु परेता पनि तपाईंसितै रहनेछु।"

२२दाऊदले इत्तैलाई भने, "आऊ, हामी किद्रोन बेंसी तरौं।" त्यसकारण सबै इत्तै र तिनका मानिसहरू अनि तिनीहरूका परिवारहरूले किद्रोन बेंसी तरे।

२३सबै मानिसहरू चिच्चाई रहका थिए। राजा दाऊद र तिनका मानिसहरू मरुभूमि अघि बढ़दै जब किद्रोन बेंसी तरे तिनीहरू रोए। २४सादोक र तिनीसंग भएका लेवीनीहरूले परमेश्वरको करारको सन्दूक बोकेका थिए। तिनीहरूले परमेश्वरको पवित्र सन्दूकलाई राखे। अनि एबीयातारले मानिसहरूले दाऊदसित यरूशलेम नछाडुन्जेलसम्म प्रार्थना गरे।

२५राजा दाऊदले सादोकलाई भने, "परमेश्वरको पवित्र सन्दूकलाई यरूशलेममा नै छोड। यदि परमप्रभु मसित खुशी हुनुहुन्छ भने मलाई यरूशलेम र उहाँको मन्दिरलाई हेर्ने मौका दिनुहुन्छ। २६तर यदि परमप्रभु मसित खुशी हुनहुन्न् भने उहाँले मलाई जे पनि गर्नसक्नु हुन्छ।"

२७राजाले पूजाहारी सादोकलाई भने, "तिमी एकजना द्रष्टा (अगमवक्ताको अर्को नाम) पनि हौ। शान्तसित शहर फर्क। साथमा तिम्रो छोरा अहीमास र एबीयातारका छोरा जोनाथन पनि लैजाऊ। २८तिमीबाट सुन्नलाई म त्यहाँ पर्खिरहनेछु जहाँ मरूभूमि पारि मानिसहरू नदी तर्छन्।"

२९यसैले सादोक र एब्यातारले पवित्र सन्दूकलाई यरूशलेममा फिर्ता लगे र त्यही बसे।

## दाऊद अहीतोपेलको बिरूद्धमा प्रार्थना गर्छन्

३०दाऊद जैतून डाँड़ा उक्ले। तिनी रोए। टाउको ढाकेर खाली खुट्टै हिंड़े। दाऊदका साथमा भएका अन्य मानिसहरूले पनि टाउको ढाके। तिनीहरू पनि रूँदै दाऊदसँग गए।

३१एकजना मानिसले दाऊलाई भने, "अहीतोपेल त्यो एउटा व्यक्ति हो जसले अब्शालोमसँग षड़यन्त्रमा भाग लियो।" तब दाऊदले प्रार्थनामा भने, "परमप्रभु, म भन्दैछु अहीतोपेलको सल्लाहानुरूप कार्य विफल होस्।" ३२दाऊद पहाडको चुचुरोमा उक्ले। जहाँ दाऊदले कहिलेकही परमेश्वरलाई आराधना अर्चना गर्थे। त्यही समय एरेकी हूशै फाटेको कोट अनि टाउकोभरि धुलो हालेर तिनका अघि आए।

३३दाऊदले हूशैलाई भने, "यदि तिमी मसित गयौ भने अर्को हेरचाह गर्ने व्यक्ति हुनेछौ। ३४तर यदि तिमी यरूशलेम फर्क्यौ भने तिमीले अहीतोपेलको सल्लाहलाई विफल पार्न सक्छौ। अब्शालोमलाई भन्नु, 'राजा म तपाईंको सेवक हूँ। मैले तपाईंको पितालाई सेवा गरे। अब म तपाईंको सेवा गर्नेछु।' ३५पूजाहारी सादोक र एबीयातार पनि तिमी सितै हुनेछन्। राजदरवारमा सुनेका

कुरा सबै तिनीहरूलाई बताउने छौ। ३६सादोकका छोरा अहीमास र एबीयातारका छोरा जोनाथन तिनीहरू सितै हुनेछन्। तिमी जे-जे सुन्छौ तिनीहरूद्वारा तिमीले मलाई बुझ्नदेऊ।"

३७तब दाऊदका साथी हुशै शहर गए। अनि अब्शालोम यरूशलेम पुगे।

## सीबाले दाऊदलाई भेट्छन

१६ दाऊद जैतुन डाँड़ाको टापुमा अलिक पर मात्र पुगेका थिए, मपीबोशेतको नोकर सीबाले दाऊदलाई भेटे। सीबासँग जीन लगाम कस्सिएका दुइवटा गधा थिए। गधामा २०० रोटी, १०० झुप्पा किसमिस, १०० ग्रीष्मफल र दाखरस लादिएको एउटा मसक थियो। २राजा दाऊदले सीबालाई सोधे, "यी चीज किन ल्यायौ?"

सीबाले जवाफ दिए, "गधाहरू राज परिवारलाई चढ़नको निम्ति ल्याएको हो। रोटी र ग्रीष्मफलहरू अधिकारीहरूलाई खाना भनेर अनि मरूभूमिमा हिंडदा जो कमजोरी भएर हिंडन सक्दैनन् तिनीहरूका निम्ति दाखरस ल्याएको।"

३राजाले सोधे, "मपीबोशेत खै कहाँ छन्।?"

सीबाले जवाफ दिए, "मपीबोशेत यरूशलेममा नै बसे। तिनले सोचे, 'अब इस्राएलीहरूले मेरा पिताका राज्य मलाई दिन्छन्।'"

४तब राजाले सीबालाई भने, "यही कारणले मेपीबोशेथका जाय जेथा अब म तिमीलाई दिन्छु।"

सीबाले भने, "म तपाईंसँग नतमस्तक छु। मलाई विश्वास छ म तपाईंलाई सधैं रिझाउनसक्छु।"

## शिमीले दाऊदलाई सराप्छ

५दाऊद बहूरीममा आए। बहूरीमबाट शाऊलका परिवारका एकजना मानिस निस्किए। त्यसको नाउँ शिमी थियो, जो गेराका छोरा थिए। शिमीले दाऊदलाई धेरै सराप्दै आए। लगातार नराम्रो नामले सराप्दै थिए।

६शिमीले दाऊद र तिनका अधिकारीहरूलाई ढुङ्गाले हान्न शुरू गरे। तर मानिसहरू र सिपाहीहरूले दाऊदलाई घेरे। ७शिमीले दाऊदलाई सराप दिए। उनले भने, "ए हत्यारा, भाग यहाँबाट छिटो भाग। ८परमप्रभुले तलाईं सजाय दिदैछन्। किन थाहा छ? कारण तैले शाऊलका परिवारलाई मारिस्। तैले शाऊलको राजसिंहासन चोरिस्। तर अहिले ठीक यस्तो गति हुँदैछ तेरो। परमप्रभुले तेरो राज्य तेरो छोरा अब्शालोमलाई दिनुभयो। किन थाहा छ? कारण तँ हत्यारो होस्।"

९सरूयाहका छोरा अबीशैले राजालाई भने, "हे मेरो मालिक राजा यो मरेको कुकुरले किन तपाईंलाई सराप्दैछ? दया गरी मलाई उसको टाउको छिनाउन दिनुहोस्।"

१०तर राजाले जवाफ दिए, "सरूयाहका छोराहरू किन तिमीहरू मेरो मामलाहरूमा हात हाल्छौ? साँच्चो हो, शिमीले मलाई सराप्दै छ। तर सायद परमप्रभुले मलाई सराप्नु उसलाई भन्नु भएको होला।" कसले परमप्रभुलाई उहाँले गर्नु भएको विषयमा प्रश्न गर्न सक्छ र?"

११दाऊदले अबीशै र सारा नोकरहरूलाई भने, "हेर, मेरो आफ्नै छोरा (अब्शालोम) ले मलाई मार्न खोज्दैछ। यो मानिस (शिमी) बिन्यामीन कुल समूहले मलाई मार्ने अधिकार ज्यादा प्राप्त गर्छ। उसलाई एक्लै रहन देऊ। मलाई मनपरि भन्न देऊ। परमप्रभुले नै त्यसो गर्नु भन्नु भएको हो। १२यो हुनसक्छ, परमप्रभुले मैले शिमीद्वारा गालि खाएको देखेर म प्रति दया गर्दै राम्रो गर्नुहुन्छ।"

१३यसकारण दाऊद र तिनका मानिसहरू आफ्नो बाटो लागे। तर शिमीले दाऊदलाई पछ्याए। पहाडको बाटोको अर्कोतिर भएर शिमी हिँडनथाल्यो। यात्रभरि दाऊदलाई गाली गर्दै शिमी हिड़्यो। शिमीले दाऊदलाई ढुंगा र धूलोले पनि हान्यो।

१४राजा दाऊद र तिनका अनुयायीहरू यर्दन नदी पुगे। राजा र अनुयायीहरू थकित थिए। त्यहाँ तिनीहरूले आराम गरे र आफूलाई थकावट मुक्त पारे।

१५अब्शालोम, अहीतोपेले र अन्य मानिसहरू जो इस्राएलवासी थिए यरूशलेम आए। १६दाऊदका एरेकी हूशै नामक साथी अब्शालोमलाई भेट्न आए। उसले अब्शालोमलाई भने, "राजाको चिरायु होस्। राजाको चिरायु होस्।"

१७अब्शालोमले सोधे, "तिमी तिम्रा मित्र दाऊदको विश्वासपात्र किन बनेनौ? यरूशलेम छोड़ेर किन दाऊदसंग गएनौ?"

१८हूशैले भने, "म परमप्रभुले छान्नु भएको मानिसका अधीनमा बस्छु। यी मानिसहरू अनि इस्राएलका मानिसहरूले तपाईंलाई छाने। म तपाईंसँगै बस्छु। १९पहिले मैले तपाईंका पिताको सेवा गरे। अब म तपाईंको सेवा गर्नेछु तपाईं दाऊदका छोरा हुनहुन्छ।"

## अब्शालोमले अहीतोपेलबाट सल्लाह लिन्छन्

२०अब्शालोमले अहीतोपेललाई भन्छन्, "कृपया अब हामीले के गर्नु पर्छ भन।"

२१अहीतोपेलेले अब्शालोमलाई भने, "तिम्रा पिताजीले उहाँका केही पत्नीहरूलाई आफ्नो घर रेखदेख गर्न छोड़नु भएको छ। जाऊ र तिनीहरूसित शारीरिक सम्बन्ध राख। त्यसपछि प्रत्येक इस्राएलीलाई यो थाहा हुनेछ कि तिमीलाई तिम्रा पिताले घृणा गर्छन् भनेर। अनि ती सबै मानिसहरूले तिमीलाई सहयोग पुर्‍याउन उत्साहित हुनेछन्।"

२२तब अब्शालोमको निम्ति तिनीहरूले महलको
छानामा एउटा पाल हाले। अनि अब्शालोमले आफ्ना
पिताका रखौटी पत्नीहरूसित शारीरिक सम्बन्ध राखे।
सबै इस्राएलीहरूले यो देखे। २३त्यस समय अहीतोपेलको
सल्लाह दाऊद र अब्शालोम दुवैका निम्ति साह्रै
महत्वपूर्ण थियो। तिनीहरूले सोचे कि यो त्यति महत्वपूर्णको
हो जति परमेश्वरको वचन एउटा मानिसको निम्ति
हुन्छ।

### अहीतोपेलले दाऊदबारे सल्लाह दिन्छन्

१७ अहीतोपेलले अब्शालोमलाई भने, "दया गरि
मलाई १२,००० मानिस छान्न दिनुहोस्। म
आज राती नै दाऊदको खेदो गर्छु। २जब उ थाकेर
कमजोर भएको हुन्छ म उसलाई पक्रनेछु। म त्यसलाई
धम्काउँछु। तब उसका मानिसहरू सबै भाग्नेछन्। तर
म खालि दाऊदलाई मात्र मार्नेछु। ३त्यसपछि उसका
सेनालाई तपाईंको अनुगामी बनाइदिन्छु। यदि दाऊद मरे
भने सबै मानिसहरू शान्तिसित तपाईंको पछि आउनेछन्।"
४यो योजना अब्शालोम र इस्राएलका अगुवाहरूलाई
राम्रो लाग्यो। ५तर अब्शालोमले भने, "अहिले एरेकी
हूशैलाई बोलाऊ। म उसलाई पनि सोध्छु, उसले के
भन्छ सुनौं।"

### हूशैले अहीतोपेलको सल्लाहलाई खतम पारिदिन्छ

६हुशै अब्शालोम भएकहाँ आए। अब्शालोमले हुशैलाई
भने, "यो अहीतोपेलको योजना हो। के यो योजनालाई
हामी कार्यमा ल्याउन सक्छौं? अथवा सक्दैनौं दया गरेर
तपाईंको विचार भन्नुहोस्।"
७हूशैले भने, "यस समय अहीतोपेलको सल्लाह
ठीक छैन।" ८"तपाईंलाई थाहै छ तपाईंका पिता र
उहाँसँग भएका मानिसहरू धेरै बलियाछन्। तिनीहरू
बच्चाहरू खोसिएका भालू जस्तै हिस्रक छन् तपाईंका
पिता निपुण योद्धा हुनुहुन्छ। उहाँ रातभरी सैनिकहरू
सित रहनु हुन्न। ९जहाँसम्म उहाँ त कुनै गुफा अथवा
अरू कुनै ठाउँमा लुकिसक्नु भयो। यदि तपाईंका
पिताजीले तपाईंका मानिसहरू माथि धावा बोल्नुभयो
भने मानिसहरूले यो खबर सुन्नेछन्। अनि तिनीहरूले
सोच्ने छन्, 'अब्शालोमका अनुयायीहरू हार्दैछन्।' १०तब
सिंह जस्ता सहासी मानिसहरू पनि डराउने छन।
किनभने? इस्राएलका सबै मानिसहरूलाई थाहै छ कि
तपाईंका पिता बलिया लड़ाकु हुन, अनि उनका
मानिसहरू धेरै सहसी छन्।
११"म यो सुझाव दिन्छु: दानदेखि बेर्शेबासम्मका
सबै इस्राएलीहरूलाई भेला गराउनु होस्। मानिसहरू
समुद्रका किनारका बालुवा जस्तै हुनेछन्। त्यसपछि
तपाईं आफै युद्धभूमिमा जानुहोस्। १२हामीले दाऊदलाई
लुकेकै ठाउँमा समाउने छौं। दाऊदलाई धेरै सिपाहीहरूको
साथमा जाइलाग्नु पर्छ। हाम्रो संख्या भुँइमा खसेको
शीतका थोपाहरू जस्तै हुनुपर्छ। हामीले दाऊदलाई
उसका मानिसहरूसँगै मार्नु पर्छ। कसैलाई जिउँदो छाड़ने
होइन। १३तर यदि दाऊद कुनै शहरमा भाग्यो भने,
सबै इस्राएलीहरूले डोरी ल्याउने छन अनि हामी
शहरको पर्खाललाई बेंसीको तल तान्ने छौ एउटा सानो
ढुङ्गा सम्म पनि छोड़िने छैन्।"
१४अब्शालोम अनि इस्राएलीहरूले भने, "एरेकी
हूशैको सल्लाह अहीतोपेलको भन्दा राम्रो छ।" तिनीहरूले
किन यसो भन्यो भने यो परमप्रभु कै योजना हो।
परमप्रभुले अहीतोपेलको राम्रो सल्लाहलाई नष्ट
पारिदिनु भयो। कसरी परमप्रभुले अब्शालोमलाई सजाय
दिनुभयो।

### हुशैले दाऊदलाई चेतावनी पठाउँछन्

१५हुशैले ती कुराहरू पूजाहारी सादोक र एबीयातारलाई
भने। हूशैले अहीतोपेलको अब्शालोम र इस्राएलका
अधिकारीलाई दिएको सल्लाहबारे भने। हुशैले आफूले
दिएको सल्लाहको पनि उल्लेख गरे। हुशैले भने,
१६"दाऊदलाई छिटो खबर पठाऊ। तिनलाई मानिसहरूले
जहाँ मरूभूमि पार गर्छन् त्यहाँ नबस्नु भन्नू। चाँड़ै यर्दन
नदी पार गर्नु भन्नु। यदि नदी पार गरे भने राजा र
तिनका मानिसहरू समातिने छैनन्।"
१७पूजाहारीका छोरा जोनाथन अनि अहीमास एन-
रोगेलमा पर्खिएका थिए। शहरभित्र आफू नदेखिइऊन्
भनेर तिनीहरू चाहान्थे, यसैले एउटी नोकर्नी तिनीहरूकहाँ
आइन र तिनले खबर दिइन्। तब जोनाथन र अहीमास
दाऊदलाई खबर भन्न हिंड़े।
१८तर एउटा केटोले जोनाथन र अहीमासलाई देखे।
त्यो केटो अब्शालोमलाई भन्न दौड्यो। जोनाथन र
अहीमास चाँड़ो चाँड़ो भागे। तिनीहरू बहूरीमका एकजनाको
घरमा आइपुगे। जसको आँगनमा एउटा कुवा थियो।
जोनाथन र अहीमास कुवाभित्र गए। १९त्यस मानिसकी
पत्नीले च्यादरले कुवा ढाकिदिइन। तब तिनले त्यो
च्यादरलाई अन्नले ढाकिन। कुवा अन्नको राश जस्तो
देखिइयो। यसकारण कसैले पनि जोनाथन र अहीमास
त्यहाँ लुकेका छन् भनेर सोच्नै सकेनन्। २०अब्शालोमको
नोकर त्यस महिलाको घरमा आएर सोधे, "अहिमास र
जोनाथन कहाँ छन्?"
त्यस महिलाले अब्शालोमको नोकरलाई भनिन्,
"तिनीहरूले त खोला तरिसके होला।"
अब्शालोमको नोकर जोनाथन र अहीमासको खोजीमा
अघि बढ़यो। तर तिनीहरूलाई भेट्न सकेनन् यसर्थ
अब्शालोमको नोकर यरूशलेम फर्कियो।
२१अब्शालोमको नोकर हिंडेपछि जोनाथन र अहीमास
कुवाबाट निस्किए। तिनीहरू दाऊदलाई खबर भन्न
गए। तिनीहरूले दाऊदलाई भने, "छिटो, नदी पार

गरिहाल्नु होस्। अहीतोपेलले तपाईंको विरूद्धमा यस्तो योजना बनाएको छ।"

२२तब दाऊद र उसका सबै मानिसहरूले यर्दन नदी तरे सुर्य उदय हुन अघि, दाऊदका मानिसहरू प्रत्येकले यर्दन नदी पार गरे।

### अहीतोपेलले आत्माहत्या गर्छन्

२३अहीतोपेलले बुझे कि कुनै इस्राएलीले पनि उनको सल्लाह मानेन। अहीतोपेल आफ्नो गधामा चढ़ेर आफ्नो शहरको घर गए। परिवारका लागि केही योजना बनाएर आफू पासो लागेर मरे। तिनको मृत्युपछि मानिसहरूले उनैका पिताको चिहानको छेउमा गाड़े।

### अब्शालोमले यर्दन नदी पार गरे

२४दाऊद महनैम पुगे। अब्शालोम र उनका साथमा रहेका इस्राएलीहरू यर्दन नदी पार गरेर गए।
२५अब्शालोमले आमासालाई सेनाका नयाँ कप्तान बनाए। आमासाले योआबको ठाउँ लिए। आमासा इश्माएली यित्रका छोरा थिए। आमासाकी आमा अबीगेल सरूयाहकी बहिनी नाहाशकी छोरी थिइन्। सरूया योआबकी आमा थिइन्।

२६अब्शालोम र इस्राएलीहरूले गिलादमा छाउनी बसाए।

### शोबी, माकिर अनि बर्जिलै

२७दाऊद महनैम पुगे। शोबी, माकीर र बर्जिलाइहरू त्यस ठाउँमा थिए। (शोबी रब्बाको अम्मोनी नाहाशका छोरा थिए। माकीरचाहि लोदबारको अमीएलका छोरा थिए। बर्जिलाइ गिलादका रोग्लीमबाट थिए।) २८-२९ती
तीनै जना मानिसहरूले भने, "यस मरूभूमिद्वारा जाने मानिसहरू साह्है थकित र भोक प्यासी छन्।" यसैले तिनीहरूले दाऊद र उनका मानिसहरूका निम्ति धेरै थोक ल्याए। तिनीहरूले ओढने-ओछ्यान, र अन्य भाँड़ा-कुड़ाको बन्दबस्त मिलाइदिए। तिनीहरूले गहुँ, जौ, आटा, उसिनेको फल, सिमी, सुकेको विजन, मह, नौनी, भेड़ा अनि गाईको दूधबाट बनेको चिज ल्याइ दिए।

### दाऊद युद्धको निम्ति तयार हुन्छन्

१८ दाऊदले आफ्ना मानिसहरू गने। तिनले ती मानिसहरूलाई नेतृत्व गर्न १,००० र १०० को माथि कप्तानहरू छाने। २दाऊदले मानिसहरूलाई
तीन भागमा छुट्याए। अनि दाऊदले मानिसहरू पठाए। योआबको एक तिहाइ सैनिकहरूलाई नेतृत्व गरे। अर्को तीन भागको एक तिहाई सैनिकरू योआबका सानो भाइ अबीशैको अधिकारमा थिए अनि तीन भागको अन्तिम तिहाई ईत्तैबाटका गित्तीको अधिकारमा थिए।

राजा दाऊदले मानिसहरूलाई भने, "म पनि तिमीहरूसित जानेछु।"

३तर मानिसहरूले भने, "होइन! तपाईं हामीसित नजानुहोस्। कारण के हो भने, यदि हामी युद्धभूमिबाट विमुख भयौं भने अब्शालोमका मानिसहरूलाई प्रभाव पर्दैन। यदि हामी आधा नै मर्‍यौ भने पनि त्यत्ति फरक पर्दैन। तर तपाईं १०,००० को संख्याका हामीभन्दा महत्वपूर्ण हुनुहुन्छ। तपाईं यहीं शहरमा बस्नु भए असल हुन्छ। यदि हामीलाई दरकार पर्‍यो भनि सहयोग पुर्‍याउनुहोस्।"

४राजाले मानिसहरूलाई भने, "तिमीहरूलाई जे राम्रो लाग्छ म त्यही गर्छु।"

तब राजा द्वारमा खड़ा भए। फौज अघि बड़्यो। सय र हजारको समूहमा तिनीहरू हिड़े।

### "युवा अब्शालोमप्रति निष्ठुर नहुनू!"

५योआब, अबीशै र ईत्तैलाई दाऊदले आदेश दिए। उसले भने, "मेरो खातिर जवान अब्शालोम प्रति दयालू बन्नु।"

राजाले कप्तानहरूलाई के भने सैनिकहरूले सबै सुने।

### दाऊदका सेनाले अब्शालोमका सेनालाई हराउँछन्

६दाऊदका सैनिकहरूले अब्शालोमका इस्राएलीहरूलाई आक्रमण गरे। तिनीहरूले एप्रैमको जंगलभित्र लड़ाई
गरे। ७दाऊदका सेनाहरूले इस्राएलीहरूलाई परास्त
गरे। त्यस दिन २०,००० मानिसहरू मारिए। ८देशभरि
युद्ध फैलियो। तरवारले भन्दा ज्यादा मानिस जंगलमा मरे।

९अब्शालोमले दाऊदका अधिकारीहरूलाई भेटे। अब्शालोम एउटा खच्चरमा चढ़ेर टाढ़ भाग्ने चेष्टा गरे। खच्चर बजराठको रूखको हाँगाहरू मुनि भाग्यो। त्यो हाँगो मोटो थियो, अब्शालोमको टाउको हाँगामा अल्झियो। खच्चर लगातार दौड़िरहयौ अनि ऊ जमीन माथि हाँगामा झुण्डिए।

१०एकजना मानिसले यो घटना देखे। उसले योआबलाई भने, "मैले बाजको रूखमा अब्शालोम झुण्डिरहेको देखे।"

११योआबले त्यस मानिसलाई भने, "तैले मारेर त्यसलाई रूखबाट भुइँमा किन झारिनस्? म तपाईंलाई एउटा पेटी र चाँदीको दश टुक्रा दिने थिएँ!"

१२त्यस मानिसले योआबलाइ भने, "यदि मलाई १,००० चाँदीको टुक्रा दिएको भएता पनि म राजाको छोरालाई केही गर्ने थिइन। कारण राजाले तपाईं अबीशै र इत्तैलाई भएको आदेश हामीले सुन्यौ। राजाले भनेका
थिए, 'नौजवान अब्शालोमले चोट नपुर्‍याउनु।' १३यदि
मैले उसलाई मारेको भए राजाले पत्तो लगाउनु हुने

थियो। अनि तपाईं, याओबले, मेरो रक्षागर्नु हुने
थिएन।"
१४योआबले भने, "म यहाँ तँसंग समय बरबाद
गर्दिन।"
अब्शालोम अझै जीवितै बाजको रूखमा झुण्डिरहेको
थिए। योआबले तीनवटा भाला निकालेर अब्शालोमलाई
हाने। भाला गएर अब्शालोमको मुटुमै रोपियो।
१५योआबका दशजना जवान सिपाही थिए जो योआबका
अंगरक्षक हुन। ती दशजना मानिस अब्शालोमको
वरिपरी भेला भएर उसलाई मारे।
१६अब्शालोमका सेनाहरूलाई नखेद्नु भन्नाका खातिर
योआबले तुरही फूके। १७योआबका मानिसहरूले
अब्शालोमको लाश जंगलको ठूलो दूलोमा फ्याँकिदिए।
तिनीहरूले लाश हालेर उक्त दूलोलाई ढुँगाले पुरिदिए।
अब्शालोमका जति पनि इस्राएली अनुयायीहरू थिए
भागेर घर गए। १८जब अब्शालोम जीवित थिए तिनले
राजाको बेंसीमा एउटा स्तम्भ खड़ा गरेका थिए।
अब्शालोमले भनेका थिए, "मेरो नाउँ जीवित राख्ने
कुनै छोरा छैन।" यसैले तिनले त्यस स्तम्भको नाउँ
आफ्नो नाममा राखे। आज पनि उक्त स्तम्भलाई,
"अब्शालोम स्मृति-चिन्ह" भनिन्छ।

### योआबले दाऊदलाई समाचार पठाउँछन्

१९सादोकका छोरा अहीमासले योआबलाई भने,
"राजा दाऊदलाई खबर दिन मलाई नियुक्त गर्नु होस्।
म उहाँलाई परमप्रभुले उहाँको शत्रुलाई नष्ट गरिदिनु
भयो भनेर सूचना दिन्छु।"
२०योआबले अहीमासलाई जवाफ दिए, "होइन,
आज यो खबर लिएर दाऊद कहाँ जाने तिनी एक
छैनौ। तिमीले यो खबर राजा भए कहाँ अरू कुनै
दिनमा लिएर जाऊ। किन? किनभने राजाका छोरा
मारिएका छन्।"
२१तब योआबले कूशबाट आएका मानिसलाई भने,
"जाऊ अनि तिमीले जे जति देखेका छौ राजालाई
सूचना गर।"
कूशीले योआबलाई शिर झुकाएर तब दाऊदलाई
खबर दिन दगुरे।
२२तर सादोकका छोरा अहीमासले योआबलाई बिन्ती
गरे, "जसरी हुन्छ, दयागरी त्यस कूशीसित समाचार
पुऱ्याउन मलाई पनि पठाउनुहोस्।"
योआबले भने, "यो खबर तँ किन लान्छस्? यो
समाचारहरू दिदा तैंले कुनै पुरस्कार पाउने छैनस्।"
२३अहीमासले जवाफ दिए, "जसरी भएता पनि म
दाऊदकहाँ जान्छु।"
योआबले भने, "ठीक छ, यदि तँ दाऊद कहाँ
जान्छस् भने जा।"
तब अहीमास यर्दन बेसी भएर कूशीलाई नाघेर गए।

### दाऊदले खबर सुन्छन्

२४दाऊद शहरका दुइ द्वारको बीचमा बसिरहेका
थिए। पहरादार पर्खालिहरूको द्वारको छप्परमाथि चढ़े।
पहरादारले एउटा मानिस एक्लै कुद्दै आइरहेको देखे।
२५पहरादारले चिच्याएर राजा दाऊदलाई भने।
राजा दाऊदले भने, "यदि मानिस एक्लै छ भने
त्यसले खबर ल्याउँदैछ।"
शहरको नजिकै त्यो मानिस आइपुग्यो। २६पहरादारले
अर्को मानिस पनि कुद्दै गरेको देखे। त्यो पहरादारले
ढोकेलाई भने हेर त्यो मानिस पनि एकलै कुदेर
आइरहेछ।
राजाले भने, "उसले पनि समाचार ल्याइरहेकोछ।"
२७त्यस पहरादारले भने, "मलाई लाग्दैछ त्यो
पहिला कुद्दै आउने चाहिँ सादोकका छोरा अहीमास
हुनुपर्छ।"
राजाले भने, "अहीमास राम्रो मानिस हो। उसले
राम्रो खबर ल्याउँदैछ।"
२८अहीमासले राजालाई भने, "सबै राम्रै छ।"
राजाका अघि शिर झुकाएर अहीमासले भने, "परमप्रभु
राजाका परमेश्वरको महिमा गाऔ! परमप्रभुले तपाईंको
विरोधीलाई हराउनुभयो, मेरो मालिक राजा।"
२९राजाले भने, "नौजवान अब्शालोम ठीकै छ त?"
अहीमासले जवाफ दिए, "जब मलाई योआबले
पठाए, मैले ठूलो उत्साह देखें। तर के भयो मलाई
थाहा छैन।"
३०तब राजाले भने, "यहाँ उभ र पर्ख।" अहीमास
त्यहाँ उभिए र पर्खिए।
३१कूशी आए। उनले भने, "मेरा मालिक राजालाई
खबर छ। आज परमप्रभुले तपाईंका विरोधीहरूलाई
दण्ड दिनुभयो।"
३२राजाले कूशीलाई सोधे, "के अब्शालोम ठीक छ
त?"
कूशीले जवाफ दिए, "म विश्वास गर्छु जो तपाईंका
बिरूद्धमा थिए ती सबैले त्यो जवान केटो (अब्शालोम)ले
पाएको जस्तै सजाय पाउने छन्।"
३३तब राजाले अब्शालोम मरे भनेर थाहा पाए।
राजा साह्रै दु:खी भए। ऊ द्वारबाट कोठामा गएर रोए।
कोठामा जाँदा रूँदै गए। तिनले भन्दैथिए, "हे मेरो
छोरा अब्शालोम, तिम्रो सट्टामा म मर्नु असल थियो। हे
अब्शालोम, मेरो छोरा, छोरा!"

### योआबले दाऊदलाई गाली गर्छन्

१९ मानिसहरूले योआबलाई खबर सुनाउँछन्।
तिनीहरूले योआबलाई भन्छन्, "हेर्नुहोस्, राजा
अब्शालोमको लागि दु:खी भएर रोइरहेकाछन्।"
२दाऊदका सेनाले त्यस दिन युद्ध जिते। तरै पनि
मानिसरूलाई उक्त दिन पटक्कै चैन भएन। कारण

मानिसहरूले सुने, "राजा आफ्ना छोराको निम्ति साह्रै दु:खी छन्।"

३मानिसहरू चुपचाप शहरमा भित्रिए। पराजित भएर भागेर आएका मानिसहरू जस्तै भए। ४राजाले अनुहार ढाकेका थिए। हे मेरो छोरा "अब्शालोम, मेरो छोरा भन्दै राजा जोडजोडले रोइरहेका थिए।"

५योआब राजाका घरमा आए। योआबले राजालाई भने, "तपाईंले आफ्ना सबै अधिकारीहरूको बेइज्जत गर्दैहुनुहुन्छ। हेर्नुहोस् , ती अधिकारीहरूले आज तपाईंको प्राण बचाए। अनि तिनीहरूले तपाईंका छोरा छोरी, पत्नीहरू र नोकर्नीहरूलाई पनि बचाए। ६जसले तपाईंलाई घृणा गर्‍यो उसैलाई माया गर्नुहुन्छ। आज तपाईंले तपाईंका अधिकारीहरू र आफ्ना मानिसहरूलाई केही जस्तो नठानेको प्रमाण भयो। मलाई यस्तो लाग्दैछ यदि अब्शालोम चाहिँ बाँचेर हामी सबै मारिएको भए तपाईं खुशी हुनुहुन्थ्यो। ७अब उठेर तपाईंका अधिकारहरूलाई उत्साहका केही शब्द भन्नुहोस्। म परमप्रभुको शपथ खाएर भन्छु यदि तपाईं झट्टै बाहिर निस्कनु भएन भने रात हुन अघि कसैले पनि तपाईंलाई सहयोग गर्ने छैन। तपाईंको बाल्यकाल देखिको विपत्तीहरूमा सबभन्दा नराम्रो विपत्ती यो हुनेछ।"

८त्यसपछि राजा शहरको फाटकमा गए। त्यत्ति नै बेला राजा फाटकमा सवारी भए भनेर हल्ला चारैतिर फैलियो। यसैले सबै मानिसहरू राजालाई हेर्न आए।

## दाऊद फेरि राजा भए

अब्शालोमका अनुयायी भएका सबै इस्राएलीहरू भागेर घर गए। ९इस्राएलका सबै कुल र परिवार समूहका मानिसहरूले तर्कबितर्क गरे। तिनीहरूले भने, "राजा दाऊदले हामीलाई पलिश्ती र अन्य शत्रुहरूबाट बचाए। दाऊद अब्शालोमको अघिबाट भागे। १०यसैले हामीले अब्शालोमको शासन छान्यौं। तर अहिले अब्शालोम मरे। उ युद्धमा मारिए। यसर्थ हामीले दाऊदलाइ फेरि राजा बनाउनु पर्छ।"

११राजा दाऊदले पूजाहारीहरू सादोक र एबीयातारकहाँ खबर पठाए। दाऊदले, "यहूदाका अधिकारीहरूलाई भने। 'किन तिमीहरू दाऊदलाई राजसिंहासनमा फेरि बसाउन किन अन्तिम परिवार समूह भयौ? हेर, इस्राएलीहरूले राजालाई फर्काएर ल्याउने बारेमा भने, अनि राजाको डेरामा पुगे। १२तिमीहरू मेरो एउटै परिवार समूहका भाइहरू हौ। तिमीहरू मेरो आफ्नै परिवार छौ। तब किन तिमीहरू राजालाई फर्काएर ल्याउने अन्तिम परिवार भयो।' १३अनि आमासालाई भन, 'तिमी मेरो कुल समूहका हौ। यदि मैले तिमीलाई योआबको स्थानमा सेनाको कप्तान बनाइन भने परमेश्वरले मलाई दण्ड दिउन्।'"

१४दाऊदले यहूदावासीहरूको हृदयमा स्नेह पाए यसैले तिनीहरूले एउटै मानिसको रुपमा मत प्रकट गरे। यहूदाका मानिसहरूले राजालाई खबर पठाए। तिनीहरूले भने, "तपाईं र तपाईंका अधिकारीहरू आउनुहोस्।"

१५तब राजा दाऊद यर्दन नदी आए। यहूदाका मानिसहरू गिलगालमा राजालाई भेट्न आए र उहाँलाई यर्दन नदी पारि लगे।

## शिमीले राजा दाऊदसँग क्षमा मागे

१६गेराका छोरा शिमी बिन्यामीन परिवार समूहका थिए। तिनी बहूरीममा बस्थे। शिमीलाई राजा दाऊद भेट्न हतार लाग्यो। शिमी यहूदाका मानिसहरूसँग आए। १७झण्डै १,००० मानिसहरू बिन्यामीन कुल समूहका शिमीसित आए। सीबा शाऊलका नोकर पनि आए। सीबाले १५ छोराहरू र २० नोकरहरू पनि साथमा ल्याए। यी सबै मानिसहरू यर्दन नदी पुगी राजा दाऊदलाई हेर्न हताएका थिए।

१८ती मानिसहरू यर्दन नदी तरेर राजाका परिवार यहूदामा फिर्ता गराउन गए। मानिसहरूले राजाले जे चाहन्थे त्यही गरे। जब राजा नदी तर्दैथिए, गेराका छोरा शिमी तिनलाई भेट्न आए। १९राजाको अघि भुंइतिर झुकेर शिमीले भने, "मेरा मालिक, मैले जे गरें त्यसलाई भूल नबुझिदिनहोस्। मेरा मालिक राजा, जब तपाईं यरूशलेम छोड़ेर जानुभयो मैले गरेका कुकर्महरू नसम्झनुहोस्। २०मलाई थाहा छ मैले पाप गरेँ। यही कारणले यूसुफ परिवारबाट तपाईंलाई भेट्ने म पहिलो व्यक्ति हुँ, मेरा मालिक राजा।"

२१तर सरूयाहका छोरा अबीशैले भने, "शिमी जसले परमप्रभुद्वारा चुनिएका राजालाई श्रापे अवश्यै मार्नु पर्छ।"

२२दाऊदले भने, "सरूयाहका छोरा म तिमीसित के गरौं? आज तिमी मरो विरूद्धमा छौ। इस्राएलमा कसैलाई पनि मार्नु हुँदैन। आज म जान्दछु इस्राएलको राजा म हुँ।"

२३तब राजाले शिमीलाई भने, "तिमी मर्ने छैनौ।" राजाले शिमीलाई म तिमीलाई मार्दिन भनि वचन दिए।

## मपीबोशेत दाऊदलाई भेट्न जान्छन्

२४शाऊलको नाति मपीबोशेत दाऊदलाई भेट्न आए। राजा गए पश्चात यरूशलेम फर्केर नआइञ्जेल सम्म मपीबोशेतले खुट्टाको वास्ता गरेनन्। दाह्री जुंगा काटेनन् र लुगाफाटा धोएनन्। २५जब मपीवोशेतले राजालाई यरूशलेममा भेटे राजाले उनलाई भने, "जब म यरूशलेमबाट जाँदै थिए तँ किन म सँग गइनस्?"

२६मपीबोशेतले जवाफ दिए, "मेरा मालिक राजा, मेरो नोकरले मलाई झुक्कायो। म लङ्गडो भएको हुनाले मैले मेरो नोकर सीबालाई भनें, 'गधामा जीन लगाम कस म चढ़ेर राजालाई भेट्न जान्छु।' २७तर

मेरो नोकरले मलाई छक्कायो। तिनीहरूले मलाई धोका
दिएर तपाईंलाई भेट्न गए अनि तिनले अघि मलाई
गाली गरे। तर मेरो मालिक राजा तपाईं त परमेश्वरका
दूत जस्तै हुनुहुन्छ तपाईंलाई जस्तो ठीक लाग्छ गर्नुहोस्।
२८तपाईंले मेरा बाजेका सबै सन्तानहरूलाई मार्न सक्नु
हुन्थ्यो। तर तपाईंले त्यसो गर्नुहुँदैन। तपाईंसँगै टेबलमाखान
मलाई स्थान दिनुहुन्छ। यसैले तपाईंलाई गुनासो गर्ने
मेरो अधिकारै छैन।"

२९राजाले मपीबोशेतलाई भने, "यो भन्दा ज्यादा
समस्याहरू मलाई नभन। मैले आदेश दिए: सिबा र
तिमीले जमिन भाग गर्नेछौ।"

३०मपीबोशेतले राजालाई भने, "मेरो मालिक राजा,
तपाईं शान्तिसित घर फर्कनुभएको नै यथेष्ट छ। जमीन
सीबाले नै लगोस्।"

### दाऊदले बर्जितलाई डाके

३१गिलादीको बर्जितले रागलीमबाट आए। तिनी
यर्दन नदीदेखि राजासँगै आए। उसले राजासितै नदी पार
गर्न साथ दिए। ३२बर्जितले ८० वर्ष पुगेका साह्रै बृद्ध
मानिस थिए। दाऊद महनैममा भएका बखत राजालाई
खाना पिना र अन्य सामानहरू तिनैले जुटाइदिए।
बर्जितले यो कार्य सजिलै गर्न सक्थे कारण तिनी साह्रै
धनी थिए। ३३दाऊदले बर्जितलाई भने, "नदी तरेर
मसित आऊ। यदि यरूशलेममा मसित बस म ख्याल
राख्ने छु भने।"

३४तर बर्जितले राजालाई भने, "तपाईंलाई थाहा छ
म कति वर्ष पुगे? म तपाईंसित यरूशलेम जानसक्छु
भनेर तपाईंलाई लाग्छ? ३५म ८० वर्षको मानिस हूँ।
म राम्रो र नराम्रो छुट्याउन नसक्ने गरी बूढो भएँ।
मलाई खान पिनको स्वाद थाहाँ हुँदैन। लोग्ने मानिस र
स्त्रीको स्वर छुट्याउन नसक्ने गरी बूढ़ो भएँ। तपाईंले
मेरो निम्ति किन दु:ख उठाउन चाहानु हुन्छ? ३६तपाईंबाट
मलाई कुनै कुरा चाहिएको छैन। म तपाईंसित यर्दन
नदी पार गर्छु। ३७तर दया गरी मलाई फर्केर आउँन
दिनुहोस्। तब म मेरो आफ्नै शहरमा मर्नेछु र मेरो
आमा-बाबुको चिहानहरूको छेउमा गाड़िनेछु। तर किमहाम
तपाईंको सेवक हुनसक्छ; उसलाई तपाईंसँगै लग्नुहोस्,
मेरो मालिक राजा। तपाईंको इच्छा अनुसार उसलाई
उपयोग गर्न सक्नु हुन्छ।"

३८राजाले जवाफ दिए, "किमहाम मसितै फर्कन्छ।
तपाईंको खातिर म उप्रति दयालु बन्छु। तपाईंलाई जे
पनि म गुण लगाउँछु।"

### दाऊद घर फर्कन्छन्

३९राजाले बर्जितलाई म्वाई खाए र आशीर्वाद दिए।
अनि राजा र अरू मानिसहरू नदी पार गए। बरसीलै
घर फर्किए।

४०राजाले गिलगालको निम्ति यर्दन नदी पार गरे।
किमहाम तिनीसितै गए। यहूदाका सबै मानिसहरू र
इस्राएलका आधा जनताले दाऊदलाई नदी पार गराए।

### इस्राएलीहरूले यहूदाका मानिसहरूसँग तर्क गर्छन्

४१सबै इस्राएलीहरू राजा कहाँ आए, "हाम्रो दाज्यू-
भाईहरू यहूदाका मानिसहरूले तपाईंलाई तपाइका सबै
मानिसहरूसितै यर्दन नदी पारि गुप्तमा लिएर भागे।
किन?"

४२यहूदाका सबै मानिसहरूले इस्राएलीहरूलाई जवाफ
दिए, "कारण राजा हाम्रा नजिकका नातेदार हुन्।
यसको निम्ति तिमीहरू किन रिसाउँछौ? हामीले राजाको
खर्चमा खाना खाएका छैनौं। राजाले हामीलाई कुनै
उपहार पनि दिएका छैनन्।"

४३इस्राएलीहरूले जवाफ दिए, "दाऊदको राज्यको
बाह्रभागमा दश भाग हामीसँग छ। यसैले तपाईंहरूको
भन्दा बढ़ता अधिकार हाम्रो छ। तर तिमीहरूले
हामीलाई ध्यान दिएनै किन? राजालाई ल्याउनु पर्छ भन्ने
पहिलो मानिसहरू हामी नै थियौ।"

तर यहूदाका मानिसहरूले इस्राएलीहरूलाई नराम्रो
जवाफ दिए। यहूदाका मानिसहरूको वचनहरू ती
इस्राएलीहरूको भन्दा ज्यादा कठोर थियौ।

### शेबाले इस्राएलीहरूलाई दाऊदबाट छुट्टै अगुवाई गर्छन

२० त्यहाँ बिक्रीका छोरा शेबा नाउँ गरेको दुष्ट
प्रवृतिका बिन्यामीन कुल समूहका एकजना
मानिस थिए। शेबाले तुरही फुकेर मानिसहरू भेला गर्ने
भए। तब उसले भने,

"हामीसित दाऊदको भाग छैन यिशैको छोरामा हाम्रो
कुनै अंश छैन इस्राएल, हामी सबै घर जाऔं आफ्नो
पालमा।"

२यसैले सबै इस्राएलीहरू दाऊदलाई छोडेर बिक्रीका
छोरा शेबाकापछि लागे। तर यहूदाका सबै मानिसहरू
यर्दन नदी देखि यरूशलेमसम्मै बाटोमा राजाका साथ
बसे। ३दाऊद उनको महल यरूशलेम फर्किएर आए।
दाऊदले आफ्ना १० जना "उप-पत्नीहरूलाई महलको
हेरचार गर्नका निम्ति छोड़ेका थिए। तब दाऊदले ती
उप-पत्नीहरूलाई विशेष महलमा राखेका थिए। यो
घरको सुरक्षा गरिरहेन द्वारपालक त्यहाँ थिए। ती
स्त्रीहरू नमरिञ्जेलसम्म त्यहीं बसे। दाऊदले तिनीहरूका
निम्ति भोजनको बन्दोबस्त गरिदिएका थिए, तर शारीरिक
सम्बन्ध भने गरेन्न। तिनीहरूले विधवाको जस्तै जीवन
बिताए।

४राजाले आमासालाई भने, "यहूदाका मानिसहरूलाई
तीन दिन भित्र मलाई भेट्नु भन्नु। अनि त्यहाँ तिमी
पनि हुने छौ।"

५आमासाले यहूदाका मानिसहरू भेला गर्न गए। तर राजाले दिएको समयभन्दा ज्यादा लगाए।

### दाऊदले अबीशैलाई शेबाको हत्या गर्न अह्राउँछन्

६दाऊदले अबीशैलाई भने, "बिक्रीको छोरा शेबा हाम्रो निम्ति अब्शालोम भन्दा डरलाग्दो हो। मेरा अधिकारीहरूसित शेबालाई पछ्याऊ। शहरको पर्खालमा पस्नु भन्दा अघि उसलाई समात। यदि शेबाले सुरक्षित शहरमा प्रवेश गऱ्यो भने हामीले त्यसलाई भेटन सक्दैनौ।"

७यसैकारण योआब अनि अबीशै बिक्रीको छोरा शेवाको पिछा गर्न यरूशलेम छोड़े। योआबले आफ्ना साथमा करेती, पलेती र अरू सिपाहीहरू लगे।

### योआबले अमासालाई मार्छन्

८जब गिबोनका ठूला चट्टानमा योआब र तिनका सिपाहीहरू आए, अमासा तिनीहरूलाई भेट्न आए। योआबले आफ्नो पोषाक लगाएका थिए। योआबले पेटी कसेका थिए अनि म्यानमा तरवार भिरेका थिए। जस्तो योआब अमासालाई भेट्न गए त्यस्तै योआबको म्यानबाट तरवार खस्यो। योआबले तरवार टिपेर हातमा लिए। ९योआबले अमासालाई सोधे, "भाइ, जाती नै छौ?"

तब योआबले दाहिने हातले अमासाको दाह्री समातेर म्वाई खान खोजे। १०अमासाले योआबको देब्रे हातमा भएको तरवार ख्याल‍ै गरेनन्। त्यही मौकामा योआबले तरवारद्वारा अमासाको भुँडी रोपिदिन्छन्। अमासाको आन्द्रा भुँडी भुँइभरि हुन्छ। योआबले अर्कोचोटि रोप्न परेन-उ मरिसकेको थियो।

### दाऊदका मानिसहरूले अझै शेबाको खोजी गर्छन्

तब योआब र तिनका भाइ अबीशैले बिक्रीको छोरा शेबाको लगातार खोजी गर्छन्। ११योआबका एकजना जवान सिपाही अमासाको लाशको छेउमा उभिएका थिए। त्यस जवान सिपाहीले भने, "ज-जसले योआब र दाऊदलाई समर्थन गर्दछौ, तिमीहरू योआबलाई पछ्याऊ।"

१२अमासाको शरीर बाटोको बीचमा रगतमा मुछिएर लड़िरहेको थियो। त्यस जवान सिपाहीलाई लाग्यो कि अमासाको लाश हेर्न सबै त्यहाँ राकिए। यसैले उसले लाशलाई बाटोबाट खेततिर पल्टाइदियो। तब उसले यस लाशलाई लुगाले ढाकि दियो। १३बाटोबाट अमासाको लाश हटाएपछि मानिसहरू योआबको पछि-पछि लागे। योआबलाई भेटेपछि बिक्रीको छोरा शेबाको खोजीमा लागे।

### शेबा भागेर आबेल-बेतामाका लाग्छन्

१४बिक्रीको छोरा शेबा सबै इस्राएल कुल समूहबाट हुँदै आबेल-बेत-माका तिर लागे। सबै मानिसहरू जम्मा भए अनि शेबाको अनुशरण गरे।

१५योआब र तिनका मानिसहरू आबेल बेत-माका आए। योआबका सेनाले शहरलाई घेरे। तिनीहरूले पर्खालको छेउमा माटो थुपारे, जसद्वारा पर्खाललाई नाग्न सकियोस्। योआबका मानिसहरूले पर्खालका ढुङ्गाहरू फुटाउन थाले, जसले पर्खाललाई लडाउन सकियोस्।

१६तर त्यस शहरमा एउटी ज्ञानी स्त्री थिई। तिनले याओबलाई शहरभित्रबाट कराइन्। तिनले भनिन्, "मेरो कुरा सुन्नुहोस्, योआबलाई यहाँ आउनु भन। म ऊसित कुरा गर्न चाहान्छु।"

१७महिलासँग कुरा गर्न योआब गए। त्यस महिलाले योआबलाई भनिन्, "तपाईं नै योआब हुनुहुन्छ?"

योआबले जवाफ दिए, "ज्यू, म नै हुँ।"

तब त्यस महिलाले भनिन, "मेरो कुरा सुन्नुहोस्।"

योआबले भने, "म सुन्दैछु।"

१८तब त्यस महिलाले भनिन्, "पहिले पहिले मानिसहरू भन्ने गर्थे, 'आबेल-बेतमा सहायता माग जे जस्तो समस्या पनि हल हुन्छ।' १९म यस शहरका शान्तिप्रिय र राजभक्त मानिसहरूमध्ये एकजना हुँ। इस्राएलको एउटा महत्वपूर्ण शहर नष्ट गर्ने चेष्टामा छुँ। किन तपाईं परमप्रभुको सम्पत्ति नष्ट गर्न चाहानु हुन्छ?"

२०योआबले जवाफ दिए, "होइन, मैले केही नष्ट गर्न चाहिरहेको छैन। मैले तिम्रो शहरलाई पनि नष्ट गर्दिन। २१तर एप्रैमको एकजना मानिस तिम्रो यस शहरमा छ। उसको नाउँ शेबा हो, ऊ बिक्रीको छोरा हो। त्यसले राजा दाऊदको विरुद्धमा जाने चेष्टा गऱ्यो। त्यसलाई मेरो जिम्मा लगाइदेऊ, म शहर छोडिहाल्छु।"

त्यस महिलाले योआबलाई भनिन्, "ठीक छ। त्यसको टाउको पर्खालबाट तपाईंलाई दिइने छ।"

२२तब त्यस महिलाले बुद्धिमानी तवरले शहरका सबै मानिसहरूलाई भनिन्। मानिसहरूले बिक्रीको छोरा शेबाको टाउको छिनाए। त्यसपछि पर्खालबाट शेबाको टाउको योआबको निम्ति हुत्याइदिए।

त्यसपछि योआबले तुरही फुके अनि सेनाहरूले शहर छोड़े। सिपाहीहरू घर गए, अनि योआब यरूशलेममा राजाकहाँ गए।

### दाऊदका अधिकारीबर्ग

२३योआब इस्राएली सेनाका कप्तान थिए। यहोयादाका छोरा बनायाहाले करेती र पलेतीहरूका सेनापति थिए। २४अदोनिराम ती कठिन काम गर्न बाध्य गरिएका मानिसहरूका नाईके थिए। अहीलूदका छोरा यहोशापात इतिहासकार थिए। २५शेबा सचिव थिए। सादोक र एबीयातार दुवै पूजाहारी थिए। २६अनि याइरी ईराचाहि दाऊदका मुख्य सल्लाहाकार थिए।

## शाऊलको परिवारलाई सजाय हुन्छ

**२१** दाऊद राजा भएको समयमा अनिकाल लाग्यो।
यस्तो भोकमारी तीन वर्षसम्म रह्यो। दाऊदले
परमप्रभुलाई प्रार्थना गरे अनि परमप्रभुले जवाफ दिनु
भयो। परमप्रभुले भन्नु भयो, "शाऊल र तिनका
परिवार हत्या हुनाले गर्दा यस्तो परिस्थिति भेल्नु
परेको हो। शाऊलले गिबोनीहरू मारेकोले गर्दा यो
अनिकाल लागेको हो।" २(गिबोनीहरू इस्राएली थिएनन्।
तिनीहरू त अमोरीहरू समूहका थिए। इस्राएलीहरूले
गिबोनीहरूलाई केही घात नगर्ने वचन दिएका
थिए। तर शाऊलले गिबोनीहरूलाई मार्न चाहे
कारण थियो शाऊलको इस्राएली र यहूदाप्रति ज्यादा
भुकाव।)

राजा दाऊदले गिबोनीहरूलाई भेला गराए र कुरा
गरे। ३दाऊदले गिबोनीहरूलाई भने, "म तिमीहरूको
निम्ति के गर्न सक्छु? इस्राएलको पापलाई कसरी धुँदा
तिमीहरूले परमप्रभुका मानिसहरूलाई आशीर्वाद दिन
सक्छौ?"

४गिबोनीहरूले भने, "शाऊलका परिवारले गरेको
कार्यको मूल्य चुकाउने त्यति सुन चाँदी छैन। अनि
हामीलाई कुनै पनि मानिसको हत्या गर्ने अधिकार
छैन।"

दाऊदले भने, "ठीक छ, म तिमीहरूको निम्ति के
गर्नसक्छु?"

५गिबोनीहरूले राजा दाऊदलाई भने, "शाऊलले
हाम्रो बिरूद्ध योजना बनायो। इस्राएलमा बस्ने हाम्रा
सबै मानिसहरूलाई खतम गर्न चाहेको थियो। ६दया
गरि शाऊलका सातै छोराहरू हामीलाई दिनुहोस्।
शाऊल परमप्रभुले छान्नु भएको राजा थिए। यसैले
हामी उसका छोराहरूलाई शाऊलको गिबा पर्वतमा
परमप्रभुको अगाड़ि भुण्ड़ायउछौ।"

राजा दाऊदले भने, "ठीक छ, म तिनीहरू तिमीलाई
सुम्पिदिनेछु।" ७तर राजाले जोनाथनको छोरा मपीबोशेतलाई
बचाए। जोनाथन शाऊलका छोरा थिए। परमप्रभुको
साक्षी राख्दै दाऊदले जोनाथनलाई वचन दिएका थिए।
यसैले राजाले मपीबोशेतलाई तिनीहरूबाट आधात पार्नबाट
बचाए।

८दाऊदले आरमोनी र मपीबोशेत* तिनीहरूलाई
सुम्पिए। तिनीहरू शाऊलका र रिश्पाका छोराहरू
थिए। शाऊलकी एउटी छोरी मेराब नाउँकी थिई।
महोलाका बर्जितका छोरा अद्रीएलसँग शाऊलकी उक्त
छोरीको विवाह भएको थियो। यसैले दाऊदले मेराब र
अद्रीएलका पाँचजना छोराहरू लिए। ९दाऊदले यी
सातैजनालाई गिबोनीहरूलाई दिए। गिबोनीहरूले ती
सातैजनालाई गिबा पर्वतमा परमप्रभुको अघि फाँसी
दिए। ती सातैजना सँगै मरे। जौको फसल काट्नुभन्दा
एक दिन अघि उनीहरूलाई मारियो।

## दाऊद र रिश्पा

१०रिस्पा, एयाइकी छोरीले भाड़रा आफ्नै निम्ति
चट्टानमाथि राखिन्। भाड़रा चट्टामाथि फसल काटिने
शुरु देखि लिएर वर्षाको शुरु नहुञ्जेल सम्म बसिन्।
रिश्पाले रात दिन मृत्य शरीरको ख्याल गरिन्। दिन
समयमा कुनै चराहरूलाई लाशको छेउमा आउन दिएनन्
रातमा पनि तिनले जंगली जनावरहरूलाई लाशको
छेउमा आउन दिएनन्।

११मानिसहरूले दाऊदलाई रिश्पाको यस्तो
गतिविधिमाथि सबै जानकारी गराए। १२तब दाऊदले
याबेश गिलादको मानिसहरू शाऊल र जोनाथनका
हड्डीहरू ल्याए पछि याबेशक मानिसहरूले तिनीहरूको
शरीर बेत-शानका सार्वजनिक ठाउँबाट चोरेर ल्याए,
जहाँ पलिश्तीहरूले शाऊल र जोनाथनलाई मारे पछि
गल्बिम भुण्डाएका थिए।

१३दाऊदले याबेश गिलादबाट शाऊल र जोनाथनका
हड्डीहरूल्याए। जो सातजना भुण्ड़ायाइएका थिए उनीहरूका
लाशहरू पनि पाए। १४बिन्यामीन क्षेत्रमा शाऊल र
जोनाथनका हड्डीहरू तिनीहरूले गाड़े। शाऊलका पिता
किशको चिहानको नजिक सुरूङमा मानिसहरूले गाड़े।
राजाको आदेश अनुसार तिनीहरूले काम गरे। तब
परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुभयो।

## पलिश्तीहरूसँग युद्ध

१५पलिश्तीहरूले इस्राएलसँग अर्को युद्ध शुरू गरे।
दाऊद र तिनका मानिसहरू पलिश्तीहरूसँग युद्ध गर्न
गए। तर दाऊद साह्रै कमजोर र थकित थिए।
१६इशबि-बेनोब रपाईम जातिका थिए। इशबि-बेनोबको
भालाको ओजन ३०० शेकेलको थियो। उसको नयाँ
तरवार पनि थियो। उसले दाऊदलाई मार्ने कोशिश
गऱ्यो। १७तर सरूयाहका छोरा अबीशैले त्यस पलिश्तीलाई
मारेर दाऊदको ज्यान बचाए।

तब दाऊदका मानिसहरूले दाऊदसँग प्रतिज्ञा गरे।
उनीहरूले तिनलाई भने, "तपाईं अबदेखि हामीसँग युद्ध
गर्न जानुहुने छैन। यदि जानुभयो भने, इस्राएलले साह्रै
ठूला नेता हराउने छन।"

१८पछि, अर्को एउटा युद्ध गोबमा पलिश्तीहरूसँग
भयो। हूशाका सिब्बकैले त्यहाँ एउटा रपाईम वंशी
सफको हत्या गरे।

१९फेरि पछि गोबमा पलिश्तीहरूसँग युद्ध भयो।
बेतलेहेम याईर गिबका छोरा एल्हनानले गातको गोल्यत
गित्तिका भाई लहमीलाई मारे उसको भाला जुलाहाको
लुगा बुन्ने डन्डा जत्रो ठूलो थियो। २०गातमा अर्को
युद्ध भयो। त्यहाँ एउटा ठूलो मान्छे थियो। त्यस

---

**मपीबोशेत** जोनाथनका छोरा नभएर अरू नै कोही।

मान्छेको दुवै हातमा ६-६ वटा औंला थिए र खुट्टामा
पनि ६-६ वटा औंला गरेर जम्मा २४ औला थिए।
त्यो मानिस पनि रिपाइम वंशकै थियो। २१त्यो मानिसले
इस्राएलीलाई धम्की दियो र तिनीहरूको खिल्ली उड़ायो।
तर जोनाथनले त्यस मानिसको हत्या गरे। जोनाथन
चाहिँ दाऊदका भाइ शिमीका छोरा थिए।

२२यी चारैजना मानिसहरू गातको रपाईमका थिए। तिनीहरू दाऊद र तिनका मानिसहरूद्वारा मारिए।

## परमप्रभुप्रति दाऊदको स्तुति गीत

२२ परमप्रभुले दाऊदलाई शाऊल र तिनका अन्य शत्रुहरूबाट सुरक्षित राख्नुभएको बेला दाऊदले गाएको स्तुति गीत यस्तो छ।

२परमप्रभु मेरो चट्टान मेरो किल्ला मेरो निर्भयस्थल हुनुहुन्छ।

३उहाँ नै मेरो परमेश्वर, मेरो बचाउँको निम्ति म चट्टानमा दौडन्छु परमेश्वर मेरो सुरक्षा कवच उहाँको परमशक्तिले मलाई बचाउँछ परमप्रभु मेरो शरणस्थल हुनुहुन्छ मेरो सुरक्षाको स्थान, मेरो उच्च टाकुरामा निर्दयी शत्रुहरूबाट मलाई बचाउँनुहुन्छ।

४तिनीहरूले मेरो खिल्ली उड़ाए तर मैले सहायताको निम्ति परमप्रभुलाई पुकारें, अनि म मेरा शत्रुहरूबाट सुरक्षित रहें।

५मेरा शत्रुहरूले मलाई मार्न पर्खिरहेका छन्। मृत्युको छालहरू मेरा परिपरि छन्। धेरै बाढ़ले म खलबलिएँ विपत्तिले मलाई व्याकुल बनायो। बाढ़ीले मलाई मृत्यु स्थानमा लगिरहेको थियो।

६चिहानको साङ्लोले म बेहिए मृत्युको पासो मेरो अघिल्तिर पऱ्यो

७हो, मैले परमप्रभुलाई पुकारें जब म खतरामा थिए, मैले परमेश्वरलाई पुकारें। परमेश्वर उहाँको मन्दिरमा हुनुहुन्थ्यो। उहाँले मेरो आवाज सुन्नु भयो। मेरो सहायताको चिच्याई उहाँले सुन्नु भयो।

८पृथ्वी हल्लियो, भुईचालो गयो आकाशको आधार हल्लियो किन? किनभने परमप्रभु रिसाउनु भएको थियो।

९परमेश्वरको नाकबाट धूवाँ निस्क्यो मुखबाट बलिरहेको ज्वाला निस्क्यो उहाँबाट आगोको भुङग्रो निस्क्यो।

१०परमप्रभु आकाश च्यातेर तल आउनुभयो! उहाँ बाक्लो कालो बादलमा उभिनुभयो!

११उहाँ उड़ने दूतहरूमाथि हावामा उड़िरहनु भएको थियो।

१२परमप्रभुले कालो बादललाई तम्बू जस्तै आफूलाई बेर्नुभयो उहाँले बाक्लो बादलबाट पानी जम्मा गर्नुभयो।

१३उहाँको अघि बल्दै गरेको आगो जस्तै बत्ती बाल्यो।

१४परमप्रभु स्वर्गबाट गर्जनु भयो! र अति उच्च परमेश्वरको चर्को स्वर सुनियो।

१५परमप्रभुले आफ्ना काँडहरू हान्नुभयो र आफ्ना शत्रुहरूलाई छरपस्ट पारिदिनुभयो। परमप्रभुको चट्याङद्वारा मानिसहरू साह्रै डराए।

१६परमप्रभु, तपाईं जोड़ले बोल्नुहुँदा शक्तिशाली हावा तपाईंको मुखबाट बह्यो र पानी जति सबै पन्छियो यसैले हामीले समुद्रको फेदलाई देख्न र धरतीको आधारलाई देख्न सक्ने भयौं।

१७परमप्रभुले मलाई सहायता गर्न माथिबाट तल आइपुग्नुभयो परमप्रभुले गहिरो पानीबाट समातेर मलाई बाहिर निकाल्नु भयो।

१८मेरा शत्रुहरू मभन्दा बलिया थिए तिनीहरूले मलाई घृणा गर्थे मेरो लागि शत्रुहरू बलिया थिए यसैले परमेश्वरले मलाई बचाउँनुभयो।

१९म विपत्तिमा थिएँ अनि मेरा शत्रुहरूले मलाई हमला गरे। तर परमप्रभुचाहिँ मेरो पक्षमा त्यहाँ हुनुहुन्थ्यो!

२०परमप्रभुले मलाई माया गर्नुहुन्छ यसैले उहाँले मलाई बचाउनु भयो। उहाँले मलाई सुरक्षित स्थानमा पुऱ्याउनु भयो।

२१परमप्रभुले मलाई पुरस्कृत गर्नुहुन्छ कारण मैले सत्यकार्य गरें मैले कुनै नराम्रो कार्य गरिन, यसैले उहाँले मलाई राम्रै गर्नुहुन्छ।

२२के कारण मैले परमप्रभुको आज्ञा पालन गरें भने। मेरो परमेश्वरको विरूद्ध मैले पाप गरिन।

२३म सधैं परमप्रभुको निर्णयलाई ध्यान दिन्छु म उहाँको नियमलाई पालन गर्छु

२४उहाँको अघि म पवित्र र निर्दोष रहन्छु।

२५यसैले परमप्रभुद्वारा म पुरस्कृत हुनेछु। किन? किनभने मैले ठिकबाहेक केही गरिन! उहाँले देख्नुहुन्छ, मेरा राम्रा कार्यहरू यसैले उहाँले मेरो भलाई गर्नुहुन्छ।

२६यदि कसैले तिमीलाई साच्चै प्रेम गर्छ तब तिमीले पनि उसलाई साचो प्रेम देखाउनु पर्छ। कोही व्यक्ति तिम्रो निम्ति विश्वासी छ भने तिमी पनि तिनीहरूमा विश्वासी रहने छौ।

२७परमप्रभु, तपाईं असल र पवित्र हुनुहुन्छ जो साँच्चै असल र पवित्र हुनेको निम्ति तर, जो खराब छ उसको निम्ति तपाईं चतुर हुनुहुन्छ

२८परमप्रभु, तपाईंले दीन हिन मानिसहरूको सहायता गर्नुहुन्छ तर अहङ्कारीको धज्जी उड़ाउनुहुन्छ।

२९परमप्रभु, तपाईं मेरो आलोक परमप्रभुको ज्योतिले मेरा अँध्यारो भाग्नेछ।

३०तपाईंको सहयोगले परमप्रभु म सिपाहीहरूसित दौड़न सक्छु परमेश्वरको सहायताले म शत्रुहरूको किल्ला र पर्खाल नाघ्नसक्छु।

३१परमेश्वरको बाटो ठीक छ परमप्रभुको वचनको कसी लगाइयो उहाँलाई पच्छ्याउने मानिसहरूको रक्षा गर्नुहुन्छ

३२परमप्रभु भन्दा अर्को ईश्वर छैन हाम्रा परमप्रभु भन्दा अर्को सुरक्षित स्थान कतै छैन।

३३परमेश्वर नै मेरो बलियो किल्ला हुनहुन्छ्। उहाँले पवित्र मानिसहरूको सहायता गर्नुहुन्छ जो उहाँको बाटोमा हिँड्छन्

३४परमेश्वरले जरायो दौड़िएको गतिमा मलाई सहायता गर्नुहुन्छ। उहाँले उच्च स्थानहरूमा मलाई दृढ़ बनाउनु हुन्छ।

३५परमेश्वरले मलाई युद्धको तालिम दिनुहुन्छ यसैले मेरा हातले काँसको धनु झुकाउँनसक्छु।

३६परमेश्वर, तपाईंले मलाई रक्षा गर्दै विजयी तुल्याउनु हुन्छ मेरो शत्रुलाई पराजय बनाउनु हुन्छ

३७मेरा गोड़ा बलिया बनाई कुनै धरमर नगरी बेस्सरी दौड़नसकुँ

३८म मेरा शत्रुहरूलाई नष्ट नगरीञ्जेल सम्म फर्केर आउँदिन!

३९मैले शत्रु नष्ट पारे। तिनीहरूलाई हराएँ! तिनीहरू फेरि उठ्नसक्दैनन् मेरा शत्रुहरू मेरा शरणमा परे।

४०परमेश्वर, तपाईंले मलाई युद्धको निम्ति शक्तिशाली बनाउनु भयो तपाईंले शत्रुहरूलाई मेरो समक्ष भकाउनुभयो।

४१तपाईंले मलाई शत्रुको गर्दनमा हान्ने मौका दिनुभयो, अनि मैले छिनाएँ।

४२मेरा शत्रुहरूले सहायताको अपेक्षा राखे तर तिनीहरूले कुनै सहायता पाएनन् तिनीहरूले परमप्रभुतिर पनि आशा गरे तर कुनै जवाफ पाएनन्

४३मैले शत्रुलाई धूलोपिठो हुनेगरी ठटाएँ तिनीहरू धूलो जस्तै भुँइमा परे गल्लीको हिलो टेके जस्तै मैले तिनीहरूलाई किचिमिची पारे।

४४तपाईंले मेरो बिरूद्ध उठेका मानिसहरूबाट मलाई बचाउँनु भयो। तपाईंले मलाई राष्ट्रको शासक बनाउनु भयो मैले नचिनेका मानिसहरूले पनि अहिले मेरो सेवा गर्दैछन्।

४५विदेशी मानिसहरूले मलाई मान्छन्! जब तिनीहरूले मेरो आदेश सुन्छन्, तिनीहरूले आज्ञा गरिहाल्छन्। विदेशीहरू मसित डराउँछन्।

४६विदेशीहरू डरले कमजोर हुनेछन्। लुकेका ठाउँबाट डरले काम्दै बाहिर निस्कन्छन्।

४७परमप्रभु जीवित हुनुहुन्छ; म मेरो चट्टानको स्तुति गाउँछु परमेश्वर उच्च हुनुहुन्छ। उहाँ नै मेरो चट्टान अनि मेरो रक्षक हुनुहुन्छ।

४८उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले मेरा शत्रुहरूलाई दण्डित तुल्याउनुहुन्छ मानिसहरूलाई मेरा शासनको अधिनमा राख्नुहुन्छ।

४९परमेश्वर, तपाईंले मलाई शत्रुबाट बचाउनु भयो! जो मेरो बिरूद्धमा उठे, तिनीहरूलाई पराजित गराउन मलाई सहयोग पुर्‍याउनु भयो निर्दयीहरूबाट मलाई बचाउनु भयो।

५०परमप्रभु, यही कारणले म राष्ट्रको बीचमा तपाईंको गुण गाउँछु यही कारणले म तपाईंको स्तुति गीत गाउँछु।

५१परमप्रभुले उहाँको राजालाई विजयी गराउन सहायता गर्नुहुन्छ। परमप्रभुले चुन्नु भएको राजालाई प्रेम गर्नुहुन्छ। उहाँ दाऊद र तिनका सन्तानप्रति सदा-सर्वदा दयालु हुनुहुन्छ।

### दाऊदका आखिरी वचनहरू

२३ यी दाऊदका अन्तिम वचनहरू थिनै, यिशैका छोरा दाऊदको सन्देश हो यो। यो सन्देश तिनैको हो-जसलाई परमेश्वरले महान् बनाउनुभयो, जो याकुबको परमेश्वरद्वारा छानिएका राजा जो इस्राएलको मधुर गीतका गायक।

२परमप्रभुको आत्माले मद्वारा बोल्नु भयो। उहाँका वचनहरू मेरो मुखमा थिए।

३इस्राएलको परमेश्वरले भन्नु भयो। इस्राएलको चटानले मलाई भन्नुभयो, "जसले मानिसलाई न्यायपूर्वक शासन गर्छ, जसले परमेश्वरको सम्मान दिएर शासन गर्छ,

४त्यस्ता व्यक्ति हुनेछ सूर्योदय जस्तै; बादल नभएको बिहान जस्तै; पानी परेपछिको घाम जस्तै-जुन पानीले धरतीमा कलिला घाँस उमार्छ।"

५परमेश्वरले मेरा परिवारलाई शक्तिशाली र सुरक्षित बनाउनुभयो। उहाँले मसँग सधैंको निम्ति करार गर्नुभयो। परमेश्वरले त्यो करार अनुमोदन गर्नु भयो र राम्रो बनाउनु भयो। अनि उहाँले मलाई विजय दिनुहुन्छ। म जे इच्छा गर्छु उहाँले त्यही पुर्‍याइदिनु हुन्छ।

६तर दुष्ट मानिसहरू काँढ़ा जस्तै हुन् मानिसले काँढा समात्दैन बरू कतै फ्याँक्छन्।

७यदि कसैले त्यसलाई छोयो भने त्यसले भालाले जस्तै घोच्छ त्यो भाला काठको होस् कि फलामको साँच्चै, ती मानिसहरू काँढ़ा जस्तै हुन्। तिनीहरूलाई आगोमा फ्याँकिन्छ र जलेर खारानी बन्छन्।

### तीन वीरहरू

८तहकमोनि योशैब्बश्शेबेतका अधिकारमा भएका सिपाहीका नामहरू यसप्रकार छन। दाऊदका योशैब्बश्शेबेत तीनजना वीरहरूका कप्तान थिए। योशैब्बश्शेबेतले एकैचोटिमा ८०० मानिसहरूलाई मारे।

९दोस्रो अहोहीबाट दोदोका छोरा एलाजार थिए। तीनजना वीरहरू मध्ये एलाजार एकजना थिए तिनी दाऊदसित थिए जब तिनीहरूले पलश्तीहरूलाई मुकाबिला गरेका थिए जो युद्धका निम्ति जम्मा भए तर इस्राएली

सैनिकहरू पछि हटे। १०एलाजारले आफू नथाकुञ्जेल पलिश्तीहरूसँग सामना गरे। तिनले हातमा तरवार मुठ्याएर लड़ी नै रहे। परमप्रभुले त्यस दिन इस्राएलीहरूलाई ठूलो विजय गराइदिनु भयो। एलाजार एक्लैले विजय प्राप्त गरेपछि मानिसहरू आएका थिए, र आउनुको एक मात्र कारणचाहिँ एलाजारले मारेका शत्रुपक्षका सेनाहरूबाट मालसमान लुट्नु मात्र थियो।

११अर्का थिए हरार निवासी आग्रीका छोरा शम्मा। पलिस्तीहरू एकबद्ध भएर लड़न आएका थिए। दालको खेतमा युद्ध लडे पलिश्तीहरूले। पलिश्तीहरूले मानिसहरूलाई भगाए। १२तर शम्मा खेतको मध्यभागमा उभिएर सामना गरे। तिनले पलिश्तीहरूलाई हराए। त्यस दिन पनि परमप्रभुले इस्राएलीहरूलाई ठूलो विजय गराउनुभयो।

१३एकपल्ट, दाऊद अदूलामको ओढारमा थिए अनि पलिश्ती सैनिकहरू चाहिँ तल रपाईम बेंसीमा थिए। दाऊदका तीस वीर सैनिकहरूमध्ये तीन जनाचाहिँ घस्रिँदै दाऊद भएको गुफामा आए।

१४अर्को एकचोटि, दाऊद किल्लामा थिए अनि एकसमूह पलिश्ती सैनिकचाहिँ बेतलेहेममा थिए। १५दाऊदले उसको शहरको पानी पिउनलाई एकदमै इच्छा गरे। दाऊदले भने, "म आशा गर्छु कसैले मलाई बेतलेहेम शहरछेऊको इनारबाट खाने पानी ल्याइदिओस् भन्ने इच्छा गर्छु!"

१६तर ती तीन वीरहरू पलिश्ती फौजको सामना गर्दै अघि बढ़े र बेतलेहेम शहरको फाटक छेउमा भएको इनारबाट पानी ल्याएर दाऊदलाई दिए। तर दाऊदले उक्त पानी खान मानेनन्। तिनले परमप्रभुलाई चढ़ाएको पानी जस्तै भुइँमा घोप्टाए। १७दाऊदले भने, "परमप्रभु, म यो पानी खान सक्दिन। यदि यो पानी खाएँ भने, जसले प्राणको वास्ता नगरी पानी ल्याए, उनीहरूको रगत खाएको बराबर हुन्छ।" यही कारणले दाऊदले उक्त पानी खान चाहेनन्। यस्तै धेरै बहादुरीपूर्ण कामहरू गरेका थिए ती तीनजना वीरहरूले।

## अरू बहादुर सैनिकहरू

१८सरूयाहाका छोरा, योआबका भाइ अबीशै थिए अबीशै तीसजना वीरहरूका अगुवा थिए। अबीशैले आफ्नो भाला प्रयोग गरेर ३०० शत्रुहरूलाई मारे। १९ती ३० जना वीरहरू मध्ये अबीशै सब भन्दा प्रसिद्ध भए। तिनीहरूका नेता भए यद्यपि तिनीहरू तिनमा बराबरी ख्याति हुन सकेन।

२०यहोयादाका छोरा बनायाह पनि एकजना शक्तिशाली मानिस थिए। उनी कब्सेलवासी थिए। बनायाहले धेरै ठूला ठूला बहादुरी कार्य गरेका थिए। बनायाहले मोआबको अरियलका दुइजना छोरालाई मारेका थिए। बनायाहले एउटा सिंह मारेका थिए। हिउ परेको समयमा सिंह एउटा जमिन भित्रको खाड़लमा थियो। २१बनायाहले एउटा ठूलो शरीर गरेको मिश्री सेनालाई मारे। मिश्रीको हातमा भाला थियो। तर बनायाहको हातमा एउटा लौरो थियो। बनायाहले त्यस मिश्रीको हातबाट भाला खोसे अनि त्यही भालाले त्यो मिश्रीलाई मारे। २२यहोयादाका छोरा बनायाहले यस्ता धेरै बहादुरिपूर्ण कार्य गरे। बनायाह पनि ती तीनजना वीरहरू जस्तै थिए। २३बनायाह त अझ ती तीसजना वीरहरूभन्दा ज्यादा प्रसिद्धि थिए। तर पनि उनी ती तीनजना वीरहरूका सदस्य बनेनन्। बनायाहलाई दाऊदले आफ्ना अंगरक्षक कप्तान बनाए।

## तीसजना वीरहरू

२४योआबका भाइ असाहेल ती तीस जना वीरहरूमध्ये एक थिए। ती तीस जना वीरहरूको समूहमा अन्य वीरहरू यसप्रकारका थिए: बेतलेहेमका दोदोका छोरा एल्हानान्, २५हेरोदाका शम्मा, हेरोदका एलीका, २६बेत-पेलेतका हेलेस, तकोइका इक्केशका छोरा ईरा, २७अनातीतका छोरा अबीएजेर, हुशातका मबून्ने, २८अदोही सल्मोन, नतोपाका महरै, २९नतोपाका बानाका छोरा हेलेब, गिबाका बिन्यामीन परिवार समूहको रीबैका छोरा इत्तै, ३०पिरातोनका बनायाह, गाशका खोल्वाहरूका हिददै, ३१बेत-अराबाका अबी-अल्बोन, बहूरीमका अजमावेत, ३२शाल्बोनका एल्याहबा, गिजोनी याशेनहरारी, शम्माका छोराहरू जोनाथन, ३३हरारी शम्मका छोरा; हरारी शाररका छोरा अहीआम; ३४मकातीका आहसबैका छोरा एलीपेलेत, गिलोनी अहीतोपेलका छोरा एलीआम, ३५कर्मेलका हेस्रो, अर्बी पारै, ३६सोबाका नातानका छोरा यिगाल, गादी बानी, ३७अम्मानी सेलेक, बेरोतका नहरै (नहरैले सरूयाहाका छोरा योआबको हतियार बोक्ने थिए); ३८येतरी ईरा; येतरी गारेब; ३९अनि हित्ती उरियाह। जम्मा मिलाउँदा ३७ जना थिए।

## दाऊदले आफ्ना सेनाको संख्या गन्ती गर्न चाहे

२४ परमप्रभु फेरि एकपल्ट इस्राएलसित रिसाउनु भयो। परमप्रभुले दाऊदलाई इस्राएलीहरूको बिरोधी बनाइदिनु भयो। दाऊदले भने, "इस्राएल र यहूदाका मानिसहरू कति छन् गन्ती गर।"

२राजा दाऊदले सेनाका कप्तान योआबलाई भने, "इस्राएलको दानदेखि बेर्शेबासम्मका सबै वंश परिवार समूहका बीचमा गएर मानिसहरू कति छन् गन्ती गर। त्यसपछि कति मानिस छन् भनेर मलाई थाहा हुनेछ।"

३तर योआबले राजालाई भने, "परमप्रभु परमेश्वरले तपाईंलाई १०० गुणा ज्यादा मानिस दिए र आशीर्वाद दिऊन्। अनि तपाईंका आफ्नै आँखाले ती सबै घटेको देख्न पावोस्। तर तपाईं किन यसो गर्न चाहानु हुन्छ?"

४राजा दाऊदले योआब र सेनाका कप्तानहरूलाई
कड़ाईका साथ जनगणना गर्ने आदेश दिए। यसैले
योआब र सेनाका कप्तानहरू इस्राएलमा जनगणना गर्न
राजाबाट विदा लिएर गए। ५तिनीहरूले यर्दन नदी पार
गरे। तिनीहरूले अरोएरमा डेरा हाले। तिनीहरूको डेरा
शहरको दाहिने भागतिर थियो। (शहर गाद बेंसी
बीचमा अवस्थित छ र याजेरतिर लाग्ने बाटोकै छेउमा
पर्छ।)
६तब तिनीहरू गिलाद र ताहतीम होदशीतिर गए।
फेरि तिनीहरू उत्तरतिरको दान, यान अनि सीदोनतिर
लागे। ७सोरको किल्ला पनि पुगे। हिव्वी र कनानीहरूका
सबै शहरहरू भ्याए। त्यसपछि दक्षिणतिर बेर्शेबा
यहूदाको दक्षिणी क्षेत्रसम्म गए। ८यसरी देशको सबै
क्षेत्र भ्याउन तिनीहरूलाई नौ महीना २० दिन लाग्यो।
नौ महीना २० दिन बिताए पछि तिनीहरू यरूशलेम
फर्किए।
९योआबले राजालाई मानिसहरूको सूची बुझाए।
इस्राएलमा जम्मा ८,००,००० मानिसहरूले तरवार
चलाउन सक्ने रहेछन्। त्यसरी नै यहूदामा पनि ५,००,०००
मानिस रहेछन्।

### परमप्रभुले दाऊदलाई सजाय दिनुहुन्छ

१०जनगणना गरिसकेपछि दाऊदलाई लाज भयो।
दाऊदले परमप्रभुलाई भने, "मैले नगर्ने काम गरेर ठूलो
पाप गरें! परमप्रभु, म बिन्ती गर्छु मेरो पाप कार्यलाई
क्षमा गरिदिनुहोस्। मैले ठूलो मूर्खता गरें।"
११जब भोलिपल्ट बिहान दाऊद उठे, त्यस बेलासम्म
दाऊदको गाद अगमवक्ता कहाँ परमप्रभुको वचन
आइसकेको थियो। १२परमप्रभुले गादलाई भन्नु भयो,
"दाऊदलाई गएर भन, 'परमप्रभु के भन्नुहुन्छ भने: म
तीनवटा विकल्प दिन्छु। त्यसमध्ये कुनै एउटालाई छान्नु
जो म गर्नेछु।'"
१३गाद गएर दाऊदलाई भने, "कुनै तीनवटा मध्ये
एउटा छान्नु:
१-तपाईं र तपाईंको देशमा सात वर्ष सम्म अनिकाल
लाग्नेछ।
२-तपाईंका शत्रुहरूले तपाईंलाई तीन महीनासम्म
खेद्ने छन्।
३-देशमा तीन दिनसम्म महामारी फैलिनेछ।
विचार गरेर कुनै एउटा छान्नुहोस्। जसमा म
परमप्रभुलाई तपाईंको इच्छा जनाउन सकूँ। यसैको
निम्ति परमप्रभुले मलाई तपाईंकहाँ पठाउनु भएको
हो।"
१४दाऊदले गादलाई भने, "म साँच्चै नै अप्ठेरोमा
परें। तर परमप्रभु साहै दयालु हुनुहुन्छ। यसैले हामीलाई
परमप्रभुले जे दण्ड दिए पनि हुन्छ। तर मानिसहरूले
चाहि दण्डित नतुल्याओस्।"
१५यसैले परमप्रभुले इस्राएलमा महामारी फैलाइदिनु
भयो। महामारी फैलिन बिहानदेखि शुरू भएर तोकेको
समय नभइञ्जेल थामिएन। दानदेखि बेर्शेबासम्म
७०,००० मानिसहरू मरे। १६स्वर्गदूतले यरूशलेम
नष्ट पार्नलाई आफ्ना हात उठाए तर परमप्रभुले यो
नराम्रो कुरा भएकोमा दु:खित हुनु हुन्थ्यो। यसकारण
परमप्रभुले स्वर्गदूतलाई मानिसहरू नष्ट गरेको देखी
भन्नु भयो, "अब भयो। अब अझ ध्वंश नहोस्, हात
थाम।" परमप्रभुको दूत यबूसी अरौनाका खलाको
छेउमा थिए।

### दाऊदले अरौनांका खला किन्छन्

१७दाऊदले स्वर्गदूतले मानिसहरूलाई मारेको देख्यो।
दाऊदले परमप्रभुलाई भने, "मैले पाप गरें! मैले
अपराध गरें। अनि यी मानिसहरूले मेरो आज्ञा पालन
गरे, तिनीहरूले मलाई भेड़ाले झै पच्छ्याए। तिनीहरूको
कुनै अपराध छैन। दया गरी मेरा पिताका सन्तानहरूलाई
र मलाई दण्ड दिनुहोस्।"
१८त्यस दिन गाद दाऊदकहाँ गए। गादले भने,
"यबूसी अरौनांको खलामा परमप्रभुका निम्ति एउटा वेदी
बनाउनुहोस्।"
१९दाऊदले गादको सुझाव माने। परमप्रभुले के
चाहनु हुन्थ्यो दाऊदले त्यही गरे। दाऊद अरौनालाई
भेट्न गए। २०अरौनाले दाऊद र तिनका अधिकारीहरू
आउँदै गरेको देखे। अरौनाले शिर झुकाएर प्रणाम
गरे। २१अरौनांले भने, "मेरा मालिक राजा मेरोमा
किन पाल्नुभयो?"
दाऊदले जवाफ दिए, "म तिम्रो खला किन्न भनेर
आएको हुँ। म त्यहाँ परमप्रभुको निम्ति वेदी बनाउँछु।
तब यो महामारी बन्द हुन्छ।"
२२अरौनाले दाऊदलाई भने, "मेरो मालिक राजा
बलिदान चढ़ाउनको निम्ति तपाईंले जे लगे पनि हुन्छ।
होमबलिको निम्ति मसँग गोरूहरू छन्, दाउराका निम्ति
दाइँ गर्ने काठ र जुवा छन् लानुहोस्। २३राजा, मसँग
भएका सबै लग्नुहोस्।" परमप्रभु तिमीहरूका परमेश्वर
तपाईंसँग खुशी रहुन्।"
२४तर राजाले अरौनालाई भने, "होइन! म तिमीलाई
साँचो भन्छु, म त्यस भूमिको पैसा दिन्छु। परमप्रभु
परमेश्वरलाई बिनामूल्यको म केही पनि होमबलि
चढाउँदिनँ।"
यसैले दाऊदले खला र गोरूहरूको मूल्य चाँदीको
५० शेकेल बुझाए। २५त्यसपछि दाऊदले परमप्रभुको
निम्ति एउटा वेदी त्यहाँ बनाए। दाऊदले होमबलि र
मेलबलिहरू चढ़ाए।
परमप्रभुले उनले देशको निम्ति गरेको प्रार्थना स्वीकार
गर्नुभयो। परमप्रभुले महामारीको प्रकोपबाट इस्राएललाई
बचाउनु भयो।

# शमूएलको पहिलो पुस्तक

### एल्काना र तिनका परिवारहरूले शीलोमा आराधना

**१** त्यहाँ एल्काना नाउँ भएका एकजना मानिस थिए। तिनी एप्रैमको पहाड़ी प्रदेश रामा शहरमा बस्थे। तिनी सूपी परिवारका थिए। तिनका पिताको नाउँ यरोहाम, बाजेको नाउँ एलीहू र बराजुको नाउँ तोहू थियो। तोहू चाहि सूपका छोरा थिए। सूप एप्रेम परिवार समूहबाटका थिए।

२एल्कानाका दुइवटी पत्नी थिए। एउटीको नाउँ हन्ना र अर्कीको नाउँ पनिन्ना थियो। पनिन्नाका नानीहरू थिए, तर हन्नाका नानीहरू थिएनन।

३परमप्रभु सर्वशक्तिमानको अघि आराधना गर्न र बलि चढ़ाउन प्रत्येक वर्ष एल्काना रामाबाट शीलोमा जाने गर्थे। शीलोमा परमप्रभुका पूजाहारीको रूपमा होप्नी र पीनहासले सेवा गर्थे। यी दुइ एलीका छोरा थिए। ४जब एल्काना बलि चढ़ाउने गर्थे, उसले उनकी पत्नी पनिन्नाह र उनका छोरा-छोरीलाई भाग दिने गर्थे। ५उनले हन्नालाई जहिले पनि बराबरी भाग भोजन दिन्थे उनले हन्नालाई बढ़ी माया गर्थे किनभने परमेश्वरले उनको कोख बन्द गरिदिनु भएको थियो।

### हन्नालाई पनिन्नाले सताउँथी

६परमप्रभुले हन्नालाई बाँझी पार्नु भएको कारण पनिन्नाले तिनलाई रिस उठाउने गर्थी। ७शीलोमा प्रत्येक वर्ष जब त्यो परिवार परमप्रभुलाई आराधना गर्न र बलिदान चढ़ाउन जान्थे तब पनिन्नाहले हन्नालाई दुःख दिने गर्थिन्। र खसालेर कुरा गर्ने र तिनलाई रूवाएर खाना नखानेसम्म बनाउदथिइन। ८यो सब देखेर एल्काना उनका पतिले भन्थे, "हन्ना तिमी किन रून्छौ? किन केही खाँदिनौ? तिमी किन यति दुःखी छौ? म तिम्रो लोग्ने हुँ र म तिम्रै हुँ। तिमीले सोच्नु पर्छ कि म दशजना छोराहरू भन्दा बढ़ता नै छु।"

### हन्नाले प्रार्थना गर्छिन्

९त्यसपछि हन्ना चुपचाप उठिन् र परमप्रभुको सामु प्रार्थना गर्न गइन्। त्यस समय पूजाहारी एली परमप्रभुको पवित्र आराधनालयको दैलोकै छेउमा एउटा कुर्सीमा बसिरहेका थिए। १०हन्ना साह्रै नै दुःखी थिइन्। यसर्थ जब तिनले प्रार्थना गर्न शुरु गरिन तिनी साह्रै रोइन। ११तिनले परमेश्वरलाई भाकल गर्दै भनिन्, "हे सर्वशक्तिमान परमप्रभु म अफसोसमा छु। तपाईंले मलाई दया गर्नुहोस्। ममाथि कृपालु हुनुहोस् म तपाईंकी दासी हुँ। यदि तपाईंले मलाई एउटा छोरा दिनुभयो भने त्यो बाचुञ्जेलसम्म म त्यसलाई तपाईंकै सेवामा अर्पण गर्नेछु। त्यस बालकले कहिले पनि दाखरस पिउने छैन र त्यसको कपाल पनि काटीने छैन।"*

१२हन्नाले धेरै बेरसम्म परमप्रभुलाई प्रार्थना गरिरहिन्। प्रार्थना गर्दा एलीले हन्नाका ओंठ आवाज बिनै चलिरहेका देखे। १३हन्नाले ओठ चलाए पनि आवाज ननिकालिकन साँच्चै उनको हृदयमा प्रार्थना गरिरहेकी थिइन। १४हन्नाले ज्यादै मद्यपान गरेकी ठानेर एलीले भने, "तिमीले ज्यादै पिएकी छौ। यो दाखरस छोड़ने समय हो।"

१५हन्नाले उत्तर दिएन, "महाशय, मैले कुनै प्रकारको मद्यपान गरेकी छैन। म साह्रै दुःखमा परेकी छु। म त परमप्रभुसँग मेरो दुःखहरू पो बिन्ति गर्दैथिएँ। १६तपाईंले मलाई नराम्री स्त्री ठान्नु हुँदैन। म साह्रै ठूलो कष्टमा परेकी छु र साह्रै दुःखी भएकी छु। मैले धेरै बेरसम्म परेमश्वरलाई प्रार्थना चढ़ाएकी हूँ।"

१७एलीले भने, "यदि त्यसो हो भने शान्तिसित जाऊ। इस्राएलका परमेश्वरले तिम्रो प्रार्थना अवश्य सुन्नु हुनेछ, अनि तिम्रो विन्ती पूरा गर्नु हुनेछ।"

१८हन्नाले भनिन्, "म आशा गर्छु तपाईं पनि मसँग खुशी हुनुहुन्छ।" तब हन्ना गइन् र केही खाने कुरा खाइन्। तिनी फेरि दुःखी भइनन्।

१९भोलिपल्ट बिहानै एल्कानाका परिवारका सदस्यहरू उठे अनि परमप्रभुको आराधना गरे र आफ्नो घर रामामा फर्के।

### शमूएलको जन्म

एल्कानाले आफ्नी पत्नी हन्नासित सहवास गरे। परमप्रभुले पछि हन्नालाई सम्झनु भयो। २०तिनी गर्भवती भइन्। समय पुगेपछि हन्नाले एउटा छोरो जन्माइन्। तिनले छोराको नाउँ शमूएल* राखिन्। तिनले भनिन्, "यसको नाउँ शमूएल हो किनभने यसलाई मैले परमप्रभुसित मागेकी हुँ।"

२१त्यस वर्ष एल्कानाले परमेश्वरसित राखेको भाकल

---

**कहिले … छैन्** यो शपथ एउटा नाजारीले परमेश्वरको सेवा गर्दा पच्छाउने हो। तिनीहरूले तिनीहरूको केश काट्दैनन् अनि तिनीहरू दाख खादैनन् अथवा मद्य पिउदैनन्।

पूरा गर्न र बलि चढ़ाउन (शीलोमा) गए। उनका परिवारका अरू सदस्यहरू पनि गए। २२तर हन्ना गइनन्। तिनले एल्कानालाई भनिन्, "बालकले जब दूध खान छोड्छ र ठोस आहार खान थाल्छ, म यसलाई लिएर शीलोमा जानेछु। तब म बालकलाई परमप्रभुमा अर्पण गर्नेछु। बालक सधैँलाई शीलोमा नै रहनेछ।"

२३हन्नाका लोग्ने एल्कानाले भने, "तिमीलाई जे राम्रो लाग्छ त्यही गर बालकले ठोस भोजन गर्नसक्ने नभइञ्जेल तिमी घरैमा बस। परमप्रभुले तिम्रो वचन* पूरा गरिदिउन्।" यसर्थ तिनी छोराले आमाको दूध नछाड़ेसम्म घरैमा बसिन्।

### हन्नाले शमूएललाई शीलोमा एली भएको ठाउँमा लैजान्छिन्

२४जब नानी ठूलो भयो अनि ठोस भोजन खान थाल्यो हन्नाले नानीलाई परमप्रभुको मन्दिर शीलोमा लगिन। हन्नाले आफूसँग एउटा तीन वर्षको साँढ़े, चार पाथी पीठो र एक मसक दाखरस पनि लिएर गइन्।

२५तिनीहरूले परमप्रभुको आराधना गरे। त्यसपछि साँढ़ेलाई बलि चढ़ाए पश्चात तिनीहरूले नानी पूजाहारी एलीलाई दिए। २६हन्नाले बालकलाई एलीको अघिल्तिर लिएर गइन् र भनिन्, "महाशय, मलाई क्षमा गर्नु होला। म त्यही स्त्री हुँ, जो परमप्रभुलाई प्रार्थना गर्दागर्दै तपाईंका सामु उभिएकी थिएँ। मैले साचो भनिरहेको छु। २७मैले बालकको निम्ति प्रार्थना गरेकी थिएँ अनि परमप्रभुले मलाई बालक दिनुभएर आभारी तुल्याउनु भयो। २८अब यस बालकलाई परमप्रभुमा अर्पण गर्दैछु। सारा जीवन नै परमप्रभुको भएर यो यही रहनेछ।"

तब हन्नाले बालकलाई त्यही छोड़ीदिइन अनि परमप्रभुको आराधना गरिन्।

### हन्नाले धन्यवाद दिन्छिन्

२ हन्नाले प्रार्थना गरिन्: "परमप्रभुमा, म खुशी छु! परमप्रभुमा म विजयको अनुभव गर्छु। तपाईंको मुक्तिमा म खुशी छु अनि मेरो शत्रुहरू माथि धाक जमाउँछु।

२परमप्रभु जस्तो पवित्र कोही छैन। तपाईं बाहेक कोही परमेश्वर छैन। हाम्रो परमेश्वर बाहेक यहाँ अरू कुनै आश्रय छैन।

३अब अहंकार हुदैन! अहंकारपूर्ण वचनहरू अब छैन कारण परमप्रभु परमेश्वर सर्वज्ञानी हुनुहुन्छ। परमेश्वरले मानिसका कार्यहरू तौलनु हुन्छ।

४शूरबीर र योद्धाहरूका धनु भाँचिएका छन् अनि दुर्बलहरू बलिया भएका छन्।

५विगतमा धेरै भोजन प्राप्त गर्नेहरू अब काम नगरी भोजन नपाउने भएका छन्। तर विगतमा जो भोकभोकै थिए, तिनीहरू अहिले भोजन खाएर मोटाएका छन्। आमा बन्ने सौभाग्य नपाएकी स्त्रीहरू अहिले सातवटाकी आमा बन्न सफल छन्! तर जुन स्त्रीका धेरै सन्तानहरू थिए, तिनीहरू सबै गएकाले ती स्त्री दुःखी छन्।

६परमप्रभुले कुनै मानिसहरूलाई मृत्युमा पार्नुहुन्छ, अनि परमप्रभुले नै कुनैलाई जीवन दिनुहुन्छ उहाँले कोही मानिसलाई तल पातालमा पठाउनुहुन्छ अनि अरू कोहीलाई जीउनको निम्ति उठाउनुहुन्छ र जीवन दिनुहुन्छ।

७परमप्रभुले मानिसहरूलाई गरीब तुल्याउनु हुन्छ, अनि उहाँले नै धनी बनाउनुहुन्छ, परमप्रभुले मानिसहरूलाई तल पार्नु हुन्छ र फेरि उच्च आसनमा बसाउनुहुन्छ।

८परमप्रभुले कंगालहरूलाई धूलोबाट उठाउनुहुन्छ, अनि दुःख हटाई दिनुहुन्छ। परमप्रभुले कंगालीहरूलाई राजा संग-संगै बसाउनुहुन्छ। परमप्रभुले कंगालीहरूलाई सम्मानको सिंहासनमा राख्नुहुन्छ। परमप्रभु उनी हुन जसले संसारको जग बसाल्नु भयो अनि त्यसमाथि संसार बनाउनु भयो।

९परमप्रभुले आफ्ना पवित्र मानिसहरूको रक्षा गर्नुहुन्छ, ठेस लागेर लड्नबाट उनीहरूलाई बँचाउनु हुन्छ, तर पापीहरू अन्धकारमा नष्ट भएर डुब्ने छन्। तिनीहरूका शक्ति विजय प्राप्त गर्न सहायक सिद्ध हुनेछैन।

१०परमप्रभुले आफ्ना शत्रुहरूलाई नष्ट पार्नुहुन्छ। सर्वोच्च परमेश्वर स्वर्गबाट उहाँको दुश्मनहरूका विरुद्ध गर्जनुहुन्छ। उहाँले सारा पृथ्वीको न्याय गर्नुहुन्छ, परमप्रभुले आफ्ना राजालाई बलियो पार्नुहुन्छ। उहाँले चुनेका राजालाई बलियो पार्नुहुन्छ।"

११एल्काना र तिनका परिवारका सदस्यहरू सबै रामामा आफ्नो घर फर्के, तर त्यो बालकचाहि शीलोमा नै परमप्रभुको सेवा गर्न पूजाहारीको देखरेखमा रह्यो।

### एलीका दुष्ट छोराहरू

१२एलीका छोराहरू दुष्ट थिए। परमप्रभु प्रति तिनीहरूको कुनै वास्ता थिएन। १३यसरी तिनीहरूले मानिसहरूलाई दुर्व्यवहार गर्थे। पूजाहारीहरूको कर्त्तव्य यो थियो: जब कोही मानिस बलिदान चढ़ाउथ्यो तब पूजाहारीले एउटा भाँड़ाको उम्लीएको पानीमा मासु पकाउनु पर्थ्यो। तब पूजाहारीको सेवकले त्रिशूल लिनु पर्थ्यो। १४पूजाहारीको सेवकले हातमा तिखो त्रिशूल लिएर भाड़ाको मासुलाई काँटाले घोच्नु पर्थ्यो। सेकहरूले काँटाले घोचे जतिमात्र मासु पूजाहारीको भाग हुन्थ्यो।

---

**शमूएल** यस शब्दको अर्थ हुन्छ परमेश्वर। तर एउटा पूर्ण हटाइएमा हिब्रुमा अर्थ निस्कन्छ 'माग्नु' कि त 'शाऊल' नाउँ बन्छ। शमूएलमा कतै कतै शाऊल, शामूएल र माग्नुको श्लेष रूप बनेको पाउँछौ।

**परमप्रभुले ... वचन** एल्कनाले जतिसक्दो एलीको आशीर्वाद हन्नाको निम्ति हो भनि देखाए। (पद-१७)

पूजाहारीले उनै इस्राएलीहरूका निम्ति यसो गर्नुपर्थ्यो जो शीलोमा बलिदान चढ़ाउन आउँथे।

**१५**तर एलीका छोराहरूले यसो गरेनन्। बोसोलाई वेदीमा जलाउनु अघि नै पूजाहारीका सेवक आएर बलिदानको पवित्र भेटि यसरी भनेर सोध्ने गर्थ्यो, "पूजाहारीको लागि पकाउनलाई केहि मासु देऊ, पूजाहारीले पकाएको मासु ग्रहण गर्दैनन् खाली काँचो मासु मात्र।"

**१६**बलि चढ़ाउने मानिसले भन्थ्यो, "पहिले बोसोलाई जलाउँ त्यसपछि तिमीलाई चाहिए जति लैजाऊ।" यदि यस्तो परिस्थितिमा भने पूजाहारीको सेवकले भन्थ्यो, "होइन, त्यो मलाई अहिले नै मासु दिइहाल, यदि दिँदैनौ भने म खोसेर लैजानेछु।"

**१७**यस्तो प्रकारले ती दुइ पूजाहारी होप्नी र पीनहासले परमप्रभु प्रति चढ़ाइएको बलिदानहरूमा श्रद्धा देखाएनन्। तिनीहरूले परमप्रभुको विरुद्धमा महा पाप गरे।

**१८**तर शमूएलले एउटा सहयोगीको रुपमा परमप्रभुको सेवा गर्थ्यो। शमूएलले एउटा विशेष प्रकारको मलमलको पोशाक लगाउथ्यो जसलाई एपोद भनिन्छ। **१९**प्रत्येक वर्ष शमूएलकी आमाले उसलाई एउटा सानो भोटो बनाइदिन्थिन्। प्रत्येक वर्ष लोग्नेसित जब बलि चढ़ाउन शीलो जान्थिन् त्यो भोटो शमूएलाई पुऱ्याइदिन्थिन्।

**२०**एलीले एल्काना र तिनकी पत्नीलाई आशीर्वाद दिन्थे। एलीले भने, "परमप्रभुले यो बालक जसलाई तिमीले परमप्रभुको सेवाको लागि माग्यौ यसको ठाउँमा अरु धेरै नानीहरू परमप्रभु तिनीहरूका साथ अशिष दिउन्।"

एल्काना र हन्ना घर फर्किए अनि **२१**परमप्रभुको निगाह हन्ना माथि थियो। तिनले तीन छोरा र दुइ छोरी जन्माइन्। शमूएल भने परमप्रभुको सामुन्ने बढ्न थाल्यो।

## एलीले दुष्ट छोराहरूलाई तह लगाउन सकेनन्

**२२**एली साह्रै वृद्ध भएका थिए। उसले आफ्ना छोराहरू बार-बार शीलोमा इस्राएलीहरूसित गरेका व्यवहार सुने। भेट हुने पालको ढोकामा सेवा गर्ने स्त्रीहरूसँग तिनीहरूले सहवास गरेको कुरा पनि एलीले सुने।

**२३**एलीले आफ्ना छोराहरूलाई भने, "तिमीहरूले गरेका दुष्ट कार्य मानिसहरूले मलाई सुनाउँछन्। त्यस्ता दुष्ट कार्य किन गर्छौ? **२४**छोरा हो, त्यस्तो खराब कार्य नगर। परमप्रभुका मानिसहरूले तिमीहरूका बारेमा नराम्रो कुरा गर्दैछन्। **२५**मानिसले मानिसको विरूद्धमा दुष्ट कार्य गरेकोमा परमेश्वरले त्यसको न्याय गर्नु हुनेछ। तर कसैले परमप्रभुको विरुद्धमा पाप गर्छ भने, कसले उसलाईं परमेश्वरसित सहायता गर्नेछ?" तर एलीका दुष्ट छोराहरूले पिताका कुरा सुन्न अस्वीकार गरे। तर परमेश्वरले पहिले नै निर्णय लिइसक्नु भएको थियो कि तिनीहरू मर्ने थिए।

**२६**बालक शमूएल भने दिन दिनै ठूलो हुँदै गयो। उसले परमेश्वर र मानिसहरूलाई प्रसन्न पार्थ्यो।

## एलीको परिवारमा डरलाग्दो अगमवाणी

**२७**परमेश्वरका एकजना दास आएर एलीलाई भने, "परमप्रभु भन्नुहुन्छ, 'म तेरो पिता-पुर्खाहरू मिश्रमा फिरऊनको दासत्वमा रहेको समयमा म तेरो पिताको परिवारमा प्रकट भएँ। **२८**इस्राएल भरिका कुलहरू मध्ये तेरो पिताको कुललाई मेरो पूजाहारीको रुपमा चुनेको थिएँ। मैले तिनीहरूलाई मेरो वेदीमाथि धूप बाल्न र मेरो उपस्थितिमा एपोद लाउन छानेको थिएँ। इस्राएलीहरूले चढ़ाएका बलिको भाग उनीहरूसित मैले बाँडे। **२९**तर तैले ती बलि र भेटीहरूमा मेरो आदेश अनुसार आदर गरिनस्। मलाई भन्दा ज्यादा तैले तेरो छोराहरूलाई सम्मान दिइस्। इस्राएलका मेरा मानिसहरूले मलाई चढ़ाएको पवित्र बलिको भोजन खाएर तँ मोटाएकोछस्।' **३०**"परमप्रभु इस्राएलका परमेश्वरले प्रतिज्ञा गर्नुभयो तँ अनि तेरा पिताको सन्तानले सदा-सर्वदा मेरो सेवा गर्नेछन्। तर परमप्रभु अब उता यसो भन्नुहुन्छ, 'यस्तो कहिले हुँदैन! मलाई जसले सम्मान गर्छन् म तिनीहरूको सम्मान गर्छु। तर जसले मेरो अनादर गर्छ ऊ अपमानित हुनेछ। **३१**समय आउँदैछ जब म तेरो सन्तानलाई नष्ट गर्नेछु। तेरो परिवारमा कसैले पनि बुढ़ो भइञ्जेलसम्म जीउने छैनन। **३२**इस्राएलको निम्ति असल दिन आउने छ, तर तैले घरमा खराब दिन देख्नेछस्। तेरो परिवारमा कोही पनि बुढ़ो हुञ्जेल बाँच्ने छैन। **३३**तर तेरा सन्तानको एकजना व्यक्ति मेरो वेदीको पूजाहारीको रुपमा रहनेछ। उसको आँखाको शक्ति रहुन्जेल र शारीरिक शक्ति कम्ती नहुञ्जेल सम्म ऊ रहनेछ। तेरा सन्तान तरवारले काटिएको उसले देख्नेछ। **३४**म तँलाई यो चिन्ह दिनेछु जसले गर्दा तैंले यो साँचो हो भनी जान्नेछस्। तेरा दुवै छोरा होप्नी र पीनहास एकै दिनमा मर्नेछन्। **३५**म एउटा विश्वासयोग्य पूजाहारी नियुक्त गर्नेछु, जसलाई मैले आदेश गरे अनुसार काम गर्नेछ। म त्यस पूजाहारीको परिवारलाई शक्तिशाली बनाउनेछु। उसले जीवनभरी मैले चुनेको राजाको सामु सेवा गर्नेछ। **३६**त्यसपछि तेरो परिवारमा कोही बाँचे भने तिनीहरूले पूजाहारीको अघि आएर झुक्नेछन् र भन्नेछन्, "दया गरी मलाई पूजाहारीको रुपमा नियुक्त गर्नुहोस् ताकि म सँग केही खाने चीज होस्।'"

## परमेश्वरले शमूएललाई बोलाउनु भयो

**३** एलीको अधीनमा रहेर बालक शमूएलले परमप्रभुको सेवा गर्थे। त्यस बेला परमप्रभु मानिसहरूसंग सिधै धेरै जस्तो बोल्नुहुन्थेन। उहाँले धेरै मानिसहरूलाई दर्शनहरू दिनु भएन।

२एली लगभग अन्धा जस्तै भइसकेका थिए। एक रात तिनी ओछ्यानमा पल्टिरहेका थिए। ३शमूएल चाहि पवित्र सन्दूक भएको परमप्रभुको मन्दिरमा सुतिरहेका थिए। परमप्रभुको बत्ती जलिरहेकै थियो। ४परमप्रभुले शमूएललाई बोलाउनु भयो। "म यहाँ हाजीर छु" शमूएलले उत्तर दिए। ५शमूएलले सोचे एलीले उसलाई बोलाएको यसकारण शमूएल हतारीएर एलीकहाँ गए। शमूएलले आफ्नो उपस्थिति जाहेर गरेर भने, "तपाईंले मलाई बोलाउनुभयो, म यहाँ छु।"

तर एलीले भने, "मैले तिमीलाई बोलाएको होइन। आफ्नो ओछ्यानमा गएर सुत"

शमूएल आफ्नो ओछ्यानमा गए। ६परमप्रभुले फेरि बोलाउनु भयो, "शमूएल!" शमूएल फेरि एलीको ओछ्यानमा गएर भने, "तपाईंले मलाई बोलाउनु भएको हो, म यहाँ छु।"

एलीले भने, "मैले बोलाएको छैन मेरो छोरा! जाऊ, गएर सुत।"

७अहिलेसम्म शमूएलले व्यक्तिगत रूपमा परमप्रभुलाई चिनेका थिएनन्। परमप्रभुले शमूएल सँग सिधै बातचित गर्नु भएको थिएन।

८परमप्रभुले शमूलवाई तेस्रो चोटि बोलाउनु भयो। शमूएल उठेर फेरि एलीको छेउ पुगे। शमूएलले भने, "म यहाँ छु, तपाईंले मलाई बोलाउँनु भयो।"

त्यत्तिबेला भने एलीले बुझे कि परमप्रभुले शमूएललाई बोलाउँदै हुनुहुन्थ्यो। ९एलीले शमूएललाई भने, "ओछ्यानमा जाऊ! यदि फेरि बेलाउँनु भयो भने भन्नु, 'परमप्रभु भन्नुहोस्। म तपाईंको दास हुँ र तपाईंले भन्नु भएको सुन्दैछु।'"

यसकारण शमूएल ओछ्यानमा गए। १०परमप्रभु त्यहाँ प्रकट हुनुभयो र पहिलेको जस्तै बोलाउनु भयो, "शमूएल, शमूएल!"

शमूएलले भने, "भन्नुहोस्! परमप्रभु म तपाईंको दास हुँ अनि सुन्दैछु।"

११परमप्रभुले शमूएललाई भन्नुभयो, "म इस्राएलमा केही अचम्मको काम गर्नेछु। जसले यस विषयमा सुन्छ तिनीहरू साहै अचम्मीत हुनेछन्। १२मैले एली र त्यसको परिवारको विरूद्धमा जे जे गर्छु भनेको थिएँ ती सब गर्नेछु। म शुरु देखि अन्त्यसम्म सबै गर्नेछु। १३मैले एलीलाई भनेकै छु कि म त्यसको परिवारलाई सधैंको लागि दण्ड दिनेछु। म त्यसो यसकारणले गर्दैछु भनि एलीलाई थाहा छ। त्यसका छोराहरूले परमेश्वरलाई निन्दा गरे अनि उहाँसित खराब आचरण गरे। तर उसले तिनीहरूलाई शिक्षा दिएन्। १४यसैकारण मैले एलीको परिवारलाई श्राप दिएको छु कि बलिभेटी र अन्नबलिले तिनीहरूलाई पापबाट छुटकारा दिन सक्दैनन्।"

१५बिहानसम्म शमूएल आफ्नो ओछ्यानमै पल्टिरहे उज्यालो हुन साथ झटपट उठेर परमप्रभुका मन्दिरका ढोकाहरू खोले। दर्शनको विषयमा एलीलाई भन्न तिनी डराएका थिए।

१६तर एलीले नै शमूएललाई भने, "शमूएल, मेरो छोरा।"

शमूएलले जवाफ दिए, "भन्नुहोस्, म यहाँ छु।"

१७एलीले सोधे, "परमप्रभुले तिमीलाई के भन्नु भयो! मलाई लुकाउने काम छैन। यदि परमेश्वरको सन्देश सबैलाई नभनेर लुकायो भने परमेश्वरले दण्ड दिनुहुनेछ।" १८शमूएलले केही पनि नलुकाई सबै बताए। शमूएलले एलीबाट केही पनि लुकाएनन एलीले भने, "उहाँ परमप्रभु हुनुहुन्छ। उहाँलाई जे इच्छा लाग्छ त्यसै गर्नुहुन्छ।"

१९शमूएल अझ ठूलो हुँदै गए। परमप्रभु शमूएलसित हुनु हुन्थ्यो। परमप्रभुले शमूएलको कुनै सन्देशलाई पनि झूटो हुने मौका दिनुभएन। २०त्यसबेला सारा इस्राएलका, (दान देखि बेर्शेबा सम्मका) मानिसहरूले शमूएल परमप्रभुका साँचो अगमवक्ता भएको चाल पाए। २१शीलोमा परमप्रभु शमूएलकहाँ प्रकट हुनु भयो। उहाँ आफै शमूएलको अघि परमप्रभुको वचन जस्तै प्रकट हुनु भयो।

४ इस्राएलभरी शमूएलको विषयमा समाचार फैलिन थाल्यो। तर एली भने साह्है बुढ़ो भइसकेका थिए। तर उनका छोराहरूले भने अझै पनि परमप्रभुका अघि दुष्ट कार्य गरिनै रहे।*

## पलिश्तीहरूले इस्राएलीहरूलाई हराए

त्यस समय, इस्राएलीहरू पलिश्तीहरूका विरूद्धमा युद्ध गर्नको निम्ति तयार भए। इस्राएलीले एबेन-एजेरमा छाउनी हाले अनि पलिश्तीहरूले अपेकमा छाउनी हाले। २पलिश्तीहरू इस्राएलीहरू माथि हमला गर्न तयार भए।

पलिश्तीहरूले इस्राएलीहरूलाई हराए। पलिश्तीहरूले इस्राएलका ४,००० सैनिकहरू मारिदिए। ३बाँकी इस्राएली सैनिकहरू फर्केर छाउनीमा पुगे। इस्राएलका बूढ़ा प्रधानले सोधे, "परमप्रभुले पलिश्तीहरूद्वारा हामीलाई किन हराउन दिनुभयो? हामीले शीलोबाट परमप्रभुका करारको सन्दूक उठाएर ल्याऊ। यसो गरेपछि परमेश्वर हामीसँग युद्ध भूमिमा जानुहुनेछ र हामीलाई हाम्रो शत्रुबाट बचाउँनु हुनेछ।"

४त्यसकारण तिनीहरूले शीलोमा मानिसहरू पठाए। सर्वशक्तिमान परमप्रभुको करारको सन्दूक लिएर मानिसहरू आए। सन्दूक माथि करूब स्वर्गदूत विराजमान थिए अनि तिनीहरू त्यस्तो प्रकारले बसेका छन् जसमाथि परमप्रभुले आसन लिनुहुन्थ्यो। एलीका छोरा होप्नी र

---

**तर एली … गरिनै रहे** यो यूनानी उल्थामा पाइएको तर हिब्रूमा होइन्।

पीनहास जो सन्दूकको रेखदेख गर्दथे तिनीहरू पनि उक्त
सन्दूकसँगै आए।
५जब परमप्रभुको करारको सन्दूक छाउनी भित्र
ल्याइयो, इस्राएलीहरूले ठूलो हल्ला गरे। त्यस हल्लाले
भूमि नै हल्लियो। ६पलिश्तीहरूले पनि इस्राएलीहरूका
हल्ला सुने। तिनीहरूले सोधे, "हिब्रूहरूका छाउनीमा
यति साह्रो हल्ला किन हुँदैछ?"
पछि पलिश्तीहरूलाई थाहा भयो कि इस्राएलीहरूका
छाउनीमा करारको सन्दूक आएको छ। ७पलिश्तीहरू
डराएर भने, "परमेश्वर नै तिनीहरूका छाउनीमा आए!
अब हाम्रो के हुने हो। यस्तो पहिले कहिले भएको
थिएन। ८हामी चिन्तित भयौ यस्तो बलियो देवताबाट
अब हामीलाई कसले बचाउँछ? यी तिनै देवता हुन्
जसले मिश्रीहरूलाई जंगलमा महामारी र भंयकर रोगहरू
दिएका थिए। ९पलिश्तीहरू हो सहासी बन! मर्द झैं
काम गर, नत्र ता विगतमा हिब्रूहरू हाम्रा दास थिए,
भने अब लडेनौ भने तिमीहरू उनीहरूका दास हुनेछौ।"
१०पलिश्तीहरूले वीरताका साथ लड़े र इस्राएलीहरूलाई
परास्त पारे। प्रत्येक इस्राएली सेना भागेर आफ्ना
छाउनीमा लुक्न पुगे। इस्राएलको यो साह्रै नराम्रो
पराजय थियो। जम्मा ३०,००० इस्राएली सैनिकहरू
मारिएका थिए। ११पलिश्तीहरूले परमेश्वरको पवित्र
सन्दूक हात पारे र एलीका दुवै छोरा, होप्नी र
पीनहासलाई मारे।
१२त्यस दिन बिन्यामिनी कूलका एकजना मानिस
युद्ध भूमिबाट भागेर हारेको शोक प्रकट गर्न शरीरका
बस्त्रहरू च्यातेर टाउकोभरी धूलै-धूलो खन्याए र शीलोमा
पुगे। १३त्यस समय एली शहरको फाटकहरूको मूल
बाटोमा आफ्नो आसनमा बसिरहेका थिए। तिनी
परमेश्वरको पवित्र सन्दूकको विषयमा ज्यादै चिन्तित
थिए र समाचारको प्रतिक्षा गरिरहेका थिए। त्यो
बिन्यामीनहरूले आए र दुःखी समाचार शहरलाई दियो।
अनि सबै शहरवासी जोड़ले रून थाले। १४-१५एली
अन्ठानब्बे वर्षका बूढ़ा थिए अनि तिनी अन्धा थिए।
जब एलीले रोएको स्वर सुने तिनले सोधे, "मानिसहरू
किन यसरी चिच्याइ-चिच्याइ रोईरहेका?"
उनै बिन्यामिनी मानिस एलीका सामुने पुगेर सारा
घटना बताए। १६तिनले भने, "म युद्धभूमिबाट भागेर
आएको हुँ!"
एलीले फेरि सोधे, "के भयो हैँ छोरा?"
१७बिन्यामिनी मानिसले सारा वृत्तान्त बताए,
"इस्राएलीहरू पलिश्तीहरूका अघि टिक्न नसकेर भागे
इस्राएली पक्षका धेरै सेना युद्धमा मारिए। तपाईंका दुवै
छोरा, होप्नी र पीनहास पनि मारिए अनि परमेश्वरको
पवित्र सन्दूक पनि पलिश्तीहरूले कब्जामा पारेका
छन्।"
१८जब बिन्यामिनी मानिसले परमेश्वरको पवित्र
सन्दूकको घटना बताए, एली ऊ बसेको कुर्सीबाट
पछिल्तिर लड़े, र तिनको मुन्टो भाँचियो, कारण एली
साह्रै बूढ़ा थिए र साह्रै मोटा थिए, उनी त्यही मरे।
एलीले चालिस् वर्षसम्म इस्राएलाई अगुवाइ गरेका
थिए।

### महिमाको अन्त भयो

१९एलीकी बुहारी, पीनहासकी पत्नी त्यस समय
गर्भवती थिईन्। तिनीको नानी जन्माउने समय पुगिसकेको
थियो, परमेश्वरको पवित्र सन्दूक कब्जा गरेको घटना
साथै ससुरा र लोग्नेको पनि मृत्यु भएको खबर
सुन्नेबित्तीकै प्रसववेदना शुरू भयो, यसकारण उसले
घुँड़ा टेकी र तत्कालै एउटा छोरा जन्माईन्। २०जब
तिनी मर्नै लागेकी थिईन्, तिनलाई स्याहार्ने आइमाईहरूले
तिनलाई भने, "नडराऊ! तिम्रो एउटा छोरा भयो।"
तर एलीकी बुहारीलाई त्यस सुखको खबरले कुनै
असर गरेन। २१तर इस्राएलको महिमा हराएको सुनेर
तिनले छोराको नाउँ ईकावोद राखिन्, अर्थ "इस्राएलो
महिमा लगियो!" यसले यो नाउँ राखी परमेश्वरको
पवित्र सन्दूक लुटिएको र आफ्ना ससुरा अनि लोग्नेको
मृत्यु भएको कुरा संकेत गराउँछ। २२तिनले भनिन्,
"इस्राएलको महिमा हरायो।" कारण पलिश्तीहरूले
परमेश्वरको पवित्र सन्दूक कब्जा गरे।

### पवित्र सन्दूक पलिश्तीहरूका निम्ति समस्या बन्यो

५ पलिश्तीहरूले परमेश्रको पवित्र सन्दूकलाई एबेन-
एजेरबाट अश्दोद पुऱ्याए। २पलिश्तीहरूले
परमेश्वरको पवित्र सन्दूकलाई दागोनको मन्दिरमा लगेर
दागोनकै मूर्तिको छेउमा राखे। ३भोलिपल्ट बिहान
अश्दोदवासीहरूले दागोनको मूर्ति घोप्टो परेर परमेश्वरको
पवित्र सन्दूक अघि भूईमा लड़िरहेको देखे। अश्दोदका
मानिसहरूले फेरि त्यो मूर्ति त्यसको ठाउँमा उभ्याए।
४अश्दोदवासीहरूले दागोनको मूर्तिलाई फेरि त्यहि
ठाउँमा राखे। तर फेरि अर्को बिहान अश्दोदवासीहरूले
दागोनको मूर्ति त्यसरी नै परमेश्वरको पवित्र सन्दूक
अघिल्तिर लड़िरहेको भेटे। यस बेला दागोनको टाउको
र हातहरू भाँचिएर सँधारको अघि लड़िरहेको र जीउ
मात्र त्यँही लड़िरहेको भेटियो। ५त्यही व्यवहार आजसम्म
चल्दैछ कि अश्दोदमा दागोनका पुरोहित र मन्दिरभित्र
पस्नेहरू कसैले पनि दागोनको सँधारमा पाइला
राख्दैनन्।
६परमप्रभुले अश्दोदका मानिसहरू साथै छिमेकीहरूका
जीवन पनि कष्ट पूर्ण बनाइदिनुभयो। परमप्रभुले
तिनीहरूलाई असाध्यै दुःख दिनुभयो। गिर्खाको रूढ़ी
फैलाइ दिनुभयो। हुलका हुल मूसाहरू पठाउँनुभयो।
मूसाहरू जहाज र जमिन जताततै दगुरिरहन्थे। शहरवासीहरू
सबै डराउन थाले। ७जब अश्दोदवासीहरूले यो देखे

तिनीहरूले भने, “इस्राएलको परमेश्वरको सन्दूक यहाँ
राख्न सकिन्न। परमेश्वरले हाम्रा देवता दागोनलाई मात्र
होइन तर उहाँले हामीलाई पनि पूरा दण्ड दिनुभयो।”
८अश्दोदका मानिसहरूले पश्लितीका सबै
शासकहरूलाई बोलाए। अश्दोदवासीहरूले ती
शासकहरूलाई सोधे, “हामीले इस्राएलका परमेश्वरको
पवित्र सन्दूकलाई अब के गर्नु पर्ने हो?”
शासकहरूले भने, “इस्राएलका परमेश्वरको पवित्र
सन्दूकलाई अब गात शहरमा पुर्‍याइयोस्।” यसरी
पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूक हटाए।
९फेरि परमेश्वरको पवित्र सन्दूक जब गातमा पुग्यो
तब देखि नै परमप्रभुले त्यस शहरलाई सजाय दिन
थाल्नुभयो। मानिसहरूमा खैलाबैला भयो। परमप्रभुले
के बालक के वृद्ध सबलाई दुःख दिनथाल्नु भयो।
परमेश्वरले गातवासीहरूमा गिर्खाको रूढ़ी फैलाइ दिनुभयो।
१०यसकारण पलिश्तीहरूले परमेशरको सन्दूकलाई एक्रोन
पठाए।
जति बेला परमेश्वरको सन्दूक एक्रोन आइपुग्यो
मानिसहरू कराउन थाले, “इस्राएलका परमेश्वरको
सन्दूक किन हाम्रो शहर एक्रोनमा ल्याएको? के
तिमीहरूले हामीलाई र हाम्रा मानिसहरूलाई मार्न चाहन्छौ?”
११एक्रोनका मानिसहरूले पलिश्ती शासकहरूलाई
एकसाथ बोलाएर भने, “इस्राएलका परमेश्वरको
सन्दूकलाई छिट्टो भन्दा छिट्टो आफ्नै ठाउँमा पठाइदिनु
होस्। नत्र भने यसले हामीहरूलाई नष्ट पार्नेछ।”
एक्रोनका मानिसहरू साह्रै डराएका थिए। परमेश्वरले
त्यस शहरवासीहरूको जीवन कष्टमय बनाइदिनु भयो।
१२मानिसहरू धेरै संख्यामा मरे। जो मरेका थिएनन्
तिनीहरूलाई गिर्खाको रूढ़ीले सताउन थाल्यो र एक्रोनका
मानिसहरूको रोदन स्वर्गसम्मै पुग्यो।

## परमेश्वरको पवित्र सन्दूक फेरि घर लगियो

६ पलिश्तीहरूले पवित्र सन्दूकलाई आफ्नो देशमा
सात महीनासम्म राखे। २पलिश्तीहरूले आफ्ना
पुरोहितहरू र ज्योतिषीहरूलाई बोलाएर भने, “हामीले
परमप्रभुको पवित्र सन्दूकलाई के गर्नु पर्ने हो?
सुझावदिनुहोस्, कसरी सन्दूकलाई फेरि यसको आफ्नै
घरमा पठाउन सकिन्छ?”
३पुरोहितहरू र ज्योतिषीहरूले सुझाव दिए, “यदि
तिमीहरूले इस्राएलका परमेश्वरको पवित्र सन्दूकलाई
पठाउनु भयो भने सौगात नराखी नपठाऊ। तिमीहरूले
केही उपहार चढ़ाउनै पर्छ, जसले तिमीहरूको पाप
मोचन हुनेछ। त्यसपछि तिमीहरू स्वस्थ्य र पवित्र
हुनेछौ। तिमीहरूले यसो गर्नैपर्छ अनि मात्र परमेश्वरले
तिमीहरूलाई दण्डित हुनबाट बचाउँनु हुनेछ।”
४पलिश्तीहरूले सोधे, “इस्राएलका परमेश्वरलाई कस्तो
प्रकारका भेटीहरू दिएमा हामीलाई क्षमा मिल्ने छ?”
पुरोहितहरू र ज्योतिषीहरूले भने, “यहाँ पलिश्तीहरूका
शहरका एक-एकजना प्रमुख गरेर जम्मा पाँचजना
प्रमुख छन्। तिमी जस्तै तिम्रो सबै प्रमुखहरूले एउटै
विमार भोग्नु परिरहेछ। यसर्थ तिमीहरूले पाँचवटा
सुनका गिर्खाको नमूना तयार गर। त्यसरी नै पाँचवटा
सुनका मूसाको नमूना पनि तयार गर। ५गिर्खाहरू र
मूसाका नमूनाहरू बनाऊ त्यसले देशलाई नष्ट गरिरहेको
छ। इस्राएलका परमेश्वरलाई ती सुनका नमूनाहरू
भुक्तानीको रूपमा प्रदान गर। त्यसपछि यो हुन सक्ला
इस्राएलका परमेश्वरले तिमीहरू, तिमीहरूका देवता र
तिमीहरूको देशमा दण्ड दिन बन्द गर्नु हुनेछ। ६फिरऊन
र मिश्रीहरू जस्तै हठी स्वभावका नबन। परमेश्वरले
मिश्रीहरूलाई दण्ड दिनुभयो। यसो गर्दा मात्र मिश्रीहरूले
इस्राएलीहरूलाई मिश्र छोड्नदिए।
७“तिमीहरूले एउटा गाड़ा बनाउनु पर्छ र कहिले
खेत नजोतेका दुइवटा दुहुना गाई बन्दोबस्त गर्नुपर्छ। ती
दुइवटा गाईलाई गाड़ा तान्ने गरी नारेर त्यसका बाछाहरूलाई
भने गोठभित्र थुनिदिनुपर्छ। त्यसो गर्दा बाछाले माऊलाई
पछ्याउँन पाउँदैनन्। ८परमप्रभुको पवित्र सन्दूकलाई
त्यस गाड़ा भित्र राखिदिनु। त्यसैको छेउमा नमूनाको
थैलो पनि राखि दिनु। त्यो नमूना चाँहि तिम्रो पाप
मोचनका निम्ति परमेश्वरलाई भेटी हो। बन्द गाड़ालाई
सोझो बाटो लगाई देऊ। ९त्यसपछि गाड़ा कता जान्छ
ख्याल राख। यदि गाड़ा बेत-शेमेशपट्टि अघि बढ़ेर
इस्राएलको भूमितिर गयो भने त्यसले यो संकेत दिन्छ,
परमप्रभुले नै हामीलाई त्यस्तो ठूलो रोग दिनुभएको हो।
तर गाई बेत-शेमेश तिर गएन भने हामीले बुझ्नेछौ कि
त्यो दण्ड स्वरूप भनिएको देशान इस्राएलका परमेश्वरबाट
भएको होइन। हामीले त्यो बिमार आफै फैलिएको हो
भनेर जान्नुपर्‍यो।”
१०पलिश्तीहरूले पूरोहित र ज्योतिषीहरूले भने झैं
गरे। पलिश्तीहरूले भरखरै ब्याएका दुइवटा गाई खोजेर
ल्याए। गाड़ामा ती गाईहरू नारे र बाछाहरूलाई गोठमा
थुनिदिए। ११त्यसपछि पलिश्तीहरूले गाड़ामा परमप्रभुको
पवित्र सन्दूक राखे। सुनका मूसाहरू र गिर्खाको
नमूनाहरू हालेको थैलो गाड़ामा (सन्दुको छेउमा) राखे।
१२गाई गाड़ा तान्दै सोझै बेत-शेमेशतिर लगे। गाईहरू
कराउँदै सड़कदेखि दाहिने देब्रे कतै नताकी अघि
बढ़िरहे। पलिश्ती शासकहरू पनि बेत-शेमेशको सीमासम्म
पछि-पछि गए। १३बेत-शेमेशका मानिसहरू बेंसीमा
धमाधम गहूँको फसल काटिरहेका थिए। तिनीहरूले
शिर उठाएर हेर्दा पवित्र सन्दूक देखे। तिनीहरूले त्यस
सन्दूकलाई फेरि देख्दा साह्रै रमाए र दौडेर लिन गए।
१४-१५गाड़ा सोझै बेत-शेमेशका यहोशूको खेतमा
एउटा ठूलो चट्टान अगाड़ि रोकियो।
बेत-शेमेशका मानिसहरूले त्यो गाड़ा टुक्रा-टुक्रा
पारे। गाईहरूलाई मारेर परमप्रभुलाई बलिको रुपमा

चढ़ाए। लेवी कुल समूहका मानिसहरूले परमप्रभुको
पवित्र सन्दूक उठाए। तिनीहरूले सन्दूक र सुनका
नमूनाहरू राखिएका थौला उठाएर त्यो चट्टानमाथि
राखे। त्यस दिन बेत-शेमेशका मानिसहरूले परमप्रभुलाई
होमबलि चढ़ाए।
१६पलिश्ती शासकहरूले बेत-शेमेशमा घटेका सम्पूर्ण
घटना हेरेर त्यही दिन एक्रोनतिर लागे।
१७यस प्रकार पलिश्तीहरूले आफूले गरेका पापबाट
क्षमा पाउनलाई परमप्रभुमा गिर्खाको सुनको नमूना
उपहार स्वरूप पठाए। तिनीहरूले पाँचवटा सुनका
गिर्खाको नमूना प्रत्येक पलिश्ती शहरमा एक एकवटा
पठाए। ती शहरहरू हुन् अश्दोद, गाजा, अश्कलोन,
गात र एक्रोन। १८पलिश्तीहरूले सुनका मूसाहरूको
नमूना पनि पठाए। सुनका मूसाहरूको नमूना पनि त्यति
नै संख्यामा थियो जति ती पाँचै पलिश्ती शासकहरूको
शहरको संख्या थियो। ती शहरहरूका वरिपरि पर्खालहरू
थिए अनि प्रत्येक शहरका वरिपरि बस्तीहरू थिए।
बेत-शेमेशका मानिसहरूले परमप्रभुको पवित्र
सन्दूकलाई जुन चट्टानमा राखे, त्यो चट्टान अहिले पनि
बेत-शेमेशका यहोशूको खेतमा छ। १९जब बेत-शेमेशका
मानिसहरूले परमप्रभुको पवित्र सन्दूक देखे त्यो हेरचाह
गर्न तिनीहरूलाई सिकाउने त्यहाँ कुनै पूजाहारी थिएन।
यसकारणले बेत-शेमेशेका सत्तरीजना मानिसहरूलाई
परमेश्वरले मार्नुभयो। परमप्रभुले कठोर दण्ड दिनुभयो
भनेर बेत-शेमेशका मानिसहरूले अलाप विलाप गर्न
थाले। २०यसैले बेत-शेमेशका मानिसहरूले भने, "यस
पवित्र सन्दूकलाई हेरचाह गर्ने पूजाहारी कहाँ छन्? अब
यहाँबाट सन्दूक कता लैजाने हो?"
२१किर्यात्-यारीममा एकजना पूजाहारी छन्। बेत-
शेमेशका मानिसहरूले किर्यात्-यारीमका मानिसहरू भएतिर
दूत पठाए। दूतले गएर भने, "पलिश्तीहरूले परमप्रभुको
पवित्र सन्दूक फिर्ता गरिदिए। तल आएर तपाईंहरूले
त्यो आफ्नो शहरमा लानु होस।"

७ किर्यात्-यारीमका मानिसहरू आए र परमप्रभुको
पवित्र सन्दूक लिएर गए। तिनीहरूले परमप्रभुको
सन्दूकलाई पहाड़मा भएको अबीनादाबको घरमा लगे।
तिनीहरूले अबीनादाबको छोरा एलाजारलाई परमप्रभुको
सन्दूकको रक्षा गर्ने तयारीको सम्बन्धमा एउटा विशेष
उत्सव मनाए। २किर्यात्-यारीमा उक्त सन्दूक बीस
वर्षसम्म रह्यो।

### परमप्रभुले इस्राएलीहरूलाई रक्षा गर्नुहुन्छ

इस्राएलका मानिसहरूले परमेश्वरको निम्ति चाहना
गरे र फेरि परमप्रभुकै अनुशरण गर्न शुरु गरे।
३शमूएलले इस्राएलका मानिसहरूलाई भने, "यदि तिमीहरू
साँचो हृदयले परमप्रभुको शरणमा फर्कन्छौ भने तिमीहरूका
माझबाट विदेशी देवताहरूलाई फ्याकी दिनुपर्छ। तिमीहरूले
अश्तारोतका मूर्ति फ्याँकि देऊ। परमप्रभुमा सम्पूर्ण
रूपले समर्पित गर्नुपर्छ। तिनीहरूले परमप्रभु कै मात्र
सेवा गर्नुपर्छ! त्यसपछि परमप्रभुले तिमीहरूलाई
पलिश्तीहरूका हातबाट बचाउँनु हुनेछ।"
४यसरी इस्राएलीहरूले बाल अनि अश्तारोतका मूर्तिहरू
फ्याकिदिए। इस्राएलीहरूले परमप्रभुकै मात्र सेवा
गर्नथाले।"
५शमूएलले भने, "सबै इस्राएलका मानिसहरूलाई
मिस्पामा भेला गर। म तिमीहरूका निम्ति परमप्रभुसँग
प्रार्थना गर्छु।"
६इस्राएलका मानिसहरू मिस्पामा भेला भए। तिनीहरू
परमप्रभुको सामु पानी खन्याएर चोखिए। यसरी तिनीहरूले
आफ्नो पाप स्वीकार गरे अनि दिनभरी उपवास बसेर
तिनीहरूले भने, "हामीले परमप्रभुका विरूद्धमा पाप
काम गर्‍यौं।" यसरी शमूएल इस्राएलको न्यायकर्त्ता र
नायक भए।
७पलिश्तीहरूले इस्राएलीहरू मिस्पामा भेला हुँदैछन्
भन्ने कुरो थाहा पाए। पलिश्ती शासकहरू र इस्राएलीहरू
विरूद्ध युद्ध लड्न गए। इस्राएलीहरू पनि पलिश्तीहरू
आउँदैछन् भन्ने सुनेर डराउन थाले। ८इस्राएलीहरूले
शमूएललाई भने, "परमप्रभु हाम्रा परमेश्वरसित प्रार्थना
गर्नुहोस्। हामीहरूलाई पलिश्तीहरूबाट रक्षा गर्नुहोस्
भनि परमप्रभुसित भन्नुहोस्।"
९शमूएलले एउटा भेड़ाको पाठो लिए। उनले
परमप्रभुलाई होमबलि अर्पण गर्दै भेड़ाको पाठोलाई पूर्ण
रूपले जलाई दिए। शमूएलले इस्राएलका परमप्रभुलाई
प्रार्थना चढ़ाए। परमप्रभुले शमूएलको प्रार्थनाको जवाफ
दिनुभयो। १०जब शमूएलले होमबलि अर्पण गर्दैथिए
पलिश्तीहरू युद्ध गर्न अघि बढ़े। तर परमप्रभुले
पलिश्तीहरूका छेवैमा प्रचण्ड गर्जन उत्पन्न गराउनुभयो।
पलिश्तीहरूले बुझ्नै सकेनन्। त्यस गर्जनले पलिश्तीहरू
डराए र तितर-बितर भए। तिनीहरूका शासकले पनि
त्यो अवस्थालाई नियन्त्रण गर्न सकेनन्। यसरी
इस्राएलीहरूले पलिश्तीहरूलाई हराए। ११इस्राएलका
मानिसहरूले मिस्पाबाट पलिश्तीहरूलाई खेद्दै गए।
तिनीहरूले पलिश्तीहरूलाई आक्रमण गरे अनि बेत-
करसम्मै खेदे। बाटै भरी तिनीहरूले पलिश्ती सैनिकहरूलाई
मारे।

### इस्राएलमा शान्ति फर्कियो

१२त्यस पछि शमूएलले एउटा विशेष ढुंङ्गालाई
स्मारकको रूपमा मिस्पा र शेनको गाऊँको बीचमा
राखे र "सहायताको चट्टान"* नाउँ दिए। शमूएलले
भने, "परमप्रभुले यस ठाउँसम्म बाटोभरी नै हामीलाई
सहायता गर्नुभयो।"

---

**सहायताको चट्टान** को अर्थ "एबेन-एजेर" हो!

१३पलिश्तीहरूको पूरै हार भयो। तिनीहरूले फेरि इस्राएलका भूमिमा प्रवेश गरेनन्। शमूएलको जीवनभरी नै परमप्रभु पलिश्तीहरूको विरूद्धमा रहनुभयो। १४पलिश्तीहरूले इस्राएलका शहरहरू लिएका थिए। एक्रोन देखि गातसम्मका शहरहरू र त्यसका छेउ छाउका क्षेत्रहरू पनि फिर्ता लिए।

त्यहाँ अमोरीतास र इस्राएली बीच पनि शान्ति थियो।

१५शमूएलले आफ्नो सम्पूर्ण जीवनभरी नै इस्राएलीहरूलाई मार्गदर्शन दिए। १६शमूएलले इस्राएलका एक ठाउँ देखि अर्को ठाउँ सम्मका सम्पूर्ण मानिसहरूलाई न्याय दिलाए। प्रत्येक वर्ष देशको एक कूनादेखि अर्को कुनासम्म यात्रा गरे। उनी गिलगान, बेतेल र मिस्पाको फेरो मार्थे। यसरी शमूएलले इस्राएलमा कुशल र न्याय पूर्वक शासन गरे। १७शमूएलको घर भने रामामा थियो। यसर्थ तिनी संधै त्यहाँ जान्थे। शमूएलले त्यस शहर देखि नै इस्राएलको न्याय र शासन गर्थे। परमप्रभुका निम्ति शमूएलले रामामा एउटा वेदी बनाए।

### इस्राएलीहरूले राजाको माग गरे

८ शमूएल जब वृद्ध भए, तिनले आफ्ना छोराहरूलाई इस्राएलका न्यायकर्त्ता नियुक्त गरे। २शमूएलका जेठा छोराको नाउँ योएल थियो। माहिला छोराको नाउँ चाहिँ अबियाह थियो। योएल र अबियाह बेर्शेबामा न्यायकर्ता थिए। ३तर शमूएलका छोराहरू बाबुको चालमा हिड़ेनन् योएल र अबियाहले घूस खाने गर्थे। चुपचाप घूस लिएर न्यायलयमा अन्याय गर्थे। ४यसर्थ इस्राएलका सबै बूढ़ा-प्रधानहरू शमूएललाई भेट्न रामामा भेला भए। ५बूढ़ा-प्रधानहरूले शमूएललाई भने, "तपाईं बूढ़ा हुनुभयो, तपाईंका छोराहरू तपाईं जस्ता ठीक बाटामा छैनन्। अब, हामीलाई शासन अनि न्याय गर्न अरु देशहरूको जस्तै राजा दिनुहोस्।"

६यसरी बूढ़ा-प्रधानहरूले तिनीहरूलाई मार्ग दर्शन गर्ने एउटा राजा मागे। शमूएलले ठाने यो युक्ति गलत छ। यसर्थ शमूएलले परमप्रभुमा प्रार्थना गरे। ७शमूएललाई परमप्रभुले भन्नुभयो, "मानिसहरूले जसो भन्छन् त्यसै गर। तिनीहरूले तँलाई अस्वीकार गरेका छैनन्। बरू मलाई अस्वीकार गर्दैछन्। तिनीहरूले मलाई तिनीहरूको राजा हुन अस्वीकार गरिरहेका छन्। ८तिनीहरूले सधैं जे गर्थे त्यही गर्दैछन्। मैले तिनीहरूलाई मिश्रबाट बाहिर ल्याएँ। तर तिनीहरूले आज मलाई छाड़ेर अन्य देवताहरूको सेवा गरे। तिनीहरूले तँलाईं पनि त्यस्तै गर्दैछन्। ९यसर्थ मानिसहरूका कुरा सुनेर तिनीहरूले भने झैं गर। तर तिनीहरूलाई एउटा चेतावनी भने दिनू। तिनीहरूलाई भनिदिनु राजाले तिनीहरूलाई के गर्छ। एउटा राजाले मानिसहरूलाई कसरी शासन गर्छन्।"

१०ती मानिसहरूले एउटा राजाको माग गरे। यसकारण परमप्रभुले भन्नु भएका सम्पूर्ण कुराहरू शमूएलले मानिसहरूलाई बताए। ११शमूएलले भने, "यदि तिमीहरू तिमीहरूमाथि शासन गर्ने राजा चाहान्छौ भने राजाले यसो गर्नेछन्। उसले तिमीहरूको छोराहरूलाई लाने छन् अनि उसको सेवा गर्न तिनीहरूलाई विवश पार्नेछन। राजाले तिमीहरूका छोराहरूलाई सैनिक बनाएर उनका रथ सँगसँगै दौड़न लगाउँने छन् र घोड़चढ़ी बनाएर आफ्नो सैनिकमा राख्नेछन्। तिमीहरूका छोरालाई आफ्ना रथको अघि दौडने रक्षक बनाउने छन्। १२राजाले तिम्रो छोराहरूलाई सैनिक बन्न वाध्य गराउने छन्। त्यसमध्ये कोही १,००० मानिसहरूका अधिकारी बन्ने छन अनि अरु ५० जना भन्दा ज्यादा मानिसका।

राजाले तिम्रा छोरालाई उनको खेत जोत्न र फसल काट्न बाध्य गराउनेछन्। कतिलाई फेरि युद्धको निम्ति हातहतियार बनाउन लाउनेछन्। कतिलाई रथको चीजहरू बनाउँन लाउँनेछन्।"

१३"राजाले तिमीहरूका छोरीहरूलाई पनि लानेछन्। तिनीहरूमध्ये कतिलाई खाना पकाउन र रोटी पकाउन विवश गर्नेछन्। अनि कसैलाई अत्तर बनाउन बाध्य गर्नेछन्।

१४"राजाले तिमीहरूको सबभन्दा असल खेतहरू, दाखको बगैचा र भद्राक्षका रुखहरू लानेछन्। अनि तिनीहरूलाई उसको सेवकहरूको हातमा सुम्पिदिनेछन्। १५तिमीहरूको अन्न र दाखको फसलको दशौ भाग राजाले लिनेछन्। अनि अधिकारीहरू अनि सेवकहरूको हातमा सुम्पिदिनेछन् १६राजाले तिमीहरूका कमारा-कमारीहरूलाई पनि लैजाने छन्। उनले असल जातका पशु र गधाहरू पनि तिमीहरूबाट लिनेछन्। यी सबै लगेर आफ्नै उपयोगमा लगाउँने छन्। १७तिमीहरूका भेड़ा बाख्राको दशौ भाग पनि तिनले लिनेछन्।

"अनि तिमी आफै पनि राजाको दास बनिनेछौ। १८तब तिनीहरू आफूले चुनेको राजाबाट छुटकाराको निम्ति रुनेछौ। तर त्यस समय परमप्रभुले कुनै जवाफ दिनुहुने छैन।"

१९तर मानिसहरूले शमूएलको कुरा सुन्दैसुनेन्। तिनीहरूले भने, "होइन! हामीलाई शासन गर्ने एउटा राजा नै चाहिन्छ। २०तब हामी पनि अरु देश सरह हुनेछौ, हामीलाई नेतृत्व दिने, हाम्रो अघि युद्ध लड़ने, हाम्रा निम्ति युद्ध गर्ने हाम्रा राजा हुनेछन्।"

२१शमूएलले मानिसहरूको भनाइ सुने पछि शमूएलले परमप्रभुलाई तिनीहरूका कुरा दोहोऱ्याइदिए। २२परमप्रभुले जवाफ दिनु भयो, "तिनीहरूले चाहे जस्तै! तिनीहरूलाई एउटा राजा देऊ।"

तब शमूएलले इस्राएलका मानिसहरूलाई भने, "ठीकै छ! तिमीहरूले एउटा राजा पाउँने भयौ। अहिले सबै तिमीहरूको शहरमा जाऊ।"

### शाऊलले पिताका गधाहरूको खोजी गर्छ

९ कीश बिन्यामिनी कुलका एकजना महत्वपूर्ण मानिस
थिए। कीश अबीएलका छोरा थिए। अबीएल
जरोरका छोरा थिए। जरोर बकोरतका छोरा थिए।
बकोरत, बिन्यामीन परिवारका मानिस ओपीहकका छोरा
थिए। २कीशका एकजना शाऊल नाउँ गरेका छोरा
थिए। शाऊल अत्यन्तै सुन्दर थिए। त्यहाँ शाऊल जस्तो
सुन्दर कोही पनि थिएनन्। उभिदा शाऊल इस्राएलमा
अन्य मानिसहरू भन्दा अग्ला थिए।

३एक दिन शाऊलका पिता कीशले आफ्ना गधाहरू
हराए। यसकारण कीशले आफ्ना छोरा शाऊललाई
भने, "एकजना नोकरलाई साथमा लिएर गधा खोज्न
जा।" ४शाऊलले गधाहरू खोज्न शुरु गरे। शाऊल
एप्रैमका पहाड़ी देश हुदै शलीशको इलाकातिर पुगे। तर
शाऊल र नोकरले कीशका गधाहरूको पत्तो लगाउन
सकेनन्। ती दुइजना गधाहरू खोज्दै शालेमका चारैतिर
घुमे। तर त्यहाँ पनि गधाहरू थिएन। यसकारण
तिनीहरूले बिन्यामिनीको प्रदेशमा पनि गधा खोज्दै यात्रा
गरे तर त्यहाँ पनि गधाहरू भेट्टाउन सकेनन्।

५अन्त्यमा, शाऊल र उनका नोकर सूप नाउँका
शहरमा पुगे। शाऊलले आफ्ना नोकरलाई भने, "हामीहरू
फर्कौं। अब पिताजीलाई गधाहरूको भन्दा हाम्रो चिन्ता
ज्यादा भइसक्यो होला।"

६तर नोकरले भन्यो, "यस शहरमा परमेश्वरका
एकजना मानिस हुनुहुन्छ। मानिसहरूले उहाँलाई धेरै
मान्छन्। उहाँले जे भन्नुहुन्छ त्यो पुग्छ। यसकारण
हामीहरू शहरमा जाऔ। हुनसक्छ परमेश्वरका मानिसले
हामीलाई अब कता जानुपर्ने हो भनिदिनुहुन्छ होला।"

७शाऊलले आफ्ना नोकरलाई भने, "ठीकै हो, हामी
शहरमा जानसक्छौं। तर हामीले त्यस मानिसलाई के
दिनसक्छौ र? हामीले बोकेका थैलाका भोजन पनि त
सकिसक्यो। हाम्रोमा परमेश्वरका मानिसलाई दिने केहीभेंटी
पनि छैन। हामी सँग दिने लायकको के छ र!"

८फेरि पनि त्यस नोकरले शाऊललाई भन्यो, "हेर्नुहोस्,
मसँग अलिकति धनको रूपमा चाँदीको एक चौथाइ
शेकेल छ। यही हामीले ती परमेश्वरका मानिसलाई
चढ़ायौं भने उहाँले हामीलाई कता जानुपर्ने हो बताउनुहुन्छ।"

९-१०शाऊलले आफ्ना नोकरलाई भने, "त्यो असल
सुझाव हो! हामी जाऔं!" यसरी तिनीहरू शहरमा गए
जहाँ परमेश्वरका मानिस थिए।

११शाऊल र तिनका नोकर पहाड़ उक्लँदै शहरतिर
जाँदै थिए। तिनीहरूले केही जवान स्त्रीहरूलाई बाटोमा
भेंटे जो पानी भर्न आएका थिइन्। शाऊल र तिनका
नोकरले ती ठिटीहरूलाई सोधे, "के दर्शी घरैमा
हुनुहुन्छ?" (प्राचीन समयमा अगमवक्तालाई "दर्शी" भन्थे।)

१२ठिटीहरूले जवाफ दिए, "ज्यू, उहाँ हुनुहुन्छ।
उहाँ तपाईंहरू भन्दा अघि जादै हुनहुन्छ। उहाँ आजै
शहरमा आउँनुभयो। मानिसहरूले भेला भएर उच्च
स्थानहरूमा मेलबलि चढ़ाउने भएका छन्। १३कृपया
जानुहोस् र उहाँलाई शहरमा भेट्नुहुन्छ। यदि तपाईंहरूले
चाँड़ो गर्नुभयो भने उहाँ दर्शीलाई आराधनालयमा खान
जानुभन्दा पहिले भेटिहाल्नुहुन्छ। किनभने दर्शीले
बलिदानलाई आशीर्वाद दिनुपर्छ। मानिसहरूले उहाँ त्यहाँ
नपुगञ्जेल भोजन ग्रहण गर्दैनन्। यसकारण चाड़ो
जानुहोस्।"

१४शाऊल र तिनका नोकर शहर पुग्न पहाड़को
बाटो उक्लन थाले। जस्तो तिनीहरू शहरभित्र पस्दै
थिए, त्यस्तै शमूएल उनीहरूका अघिल्तिर देखा परे।
शमूएल आराधना स्थानतिर जानलाग्दै थिए।

१५एक दिन अगाड़ि परमप्रभुले शमूएललाई भन्नुभएको
थियो, १६"भोलि म यही समय पारेर एउटा मानिसलाई
तँ कहाँ पठाउनेछु। यो मानिस बिन्यामिनी कुलको
सदस्य हो। तैले त्यसलाई अभिषेक गरिदिनुपर्छ। त्यसपछि
त्यो मानिस मेरा इस्राएली मानिसहरूका प्रमुख हुनेछ।
त्यस मानिसले हाम्रा मानिसहरूलाई पलिश्तीहरूबाट
बचाउँने छ। मैले मेरा मानिसहरूको कष्ट देखे र रोदन
सुनेकोछु।"

१७शमूएलले शाऊललाई देखे अनि परमप्रभुले भन्नु
भयो, "मैले तँलाई भनेको मानिस यही हो। यसैले नै
मेरो मानिसहरूलाई शासन गर्नेछ।"

१८शाऊलले मूल-द्वारमा शमूएल कहाँ आएर भने,
"कृपया दर्शी कहाँ हुनुहुन्छ, बताइ दिनुहुन्छ कि?"

१९शमूएलले भने, "म नै दर्शी हुँ। म भन्दा पहिले
नै आराधनाको ठाउँमा जाऊ। तिमी र तिम्रा सेवकले
आज मसित खाना खानेछौ। म तिमीलाई भोलि बिहान
घर जानदिनेछु र जे सोध्नु छ बिहानै सोध्नु। २०ती
गधाहरूको चिन्ता नगर जो तीन दिन पहिले हराएका
थिए। ती गधाहरू फेला परिसकेका छन्। अब तिमीलाई
सारा इस्राएलले नै खोजिरहेकोछ। तिनीहरूले तिमी र
तिम्रा पिताका परिवारलाई नै चाहान्छन्।"

२१शाऊलले जवाफ दिए, "तर म त बिन्यामिनी
कुलको सदस्य हुँ। हाम्रो परिवार इस्राएलको
सबै भन्दा सानो परिवार समूह हो। त्यस माथि पनि
बिन्यामिनी कुलभित्र पनि हाम्रो परिवार समूह सबैभन्दा
सानो छ। तपाई किन भन्नुहुन्छ कि इस्राएलले मलाई
चाहन्छ?"

२२त्यसपछि शमूएलले शाऊल र तिनका नोकरलाई
भोजनालयतिर लिएर गए। लगभग तीस जना मानिसहरू
एकसाथ खाना खान र बलिदानमा भाग गर्न निम्त्याइएका
थिए। शमूएलले शाऊल र तिनका नोकरलाई महात्वपूर्ण
स्थानमा बसाए। २३शमूएलले भान्सेलाई भने, "जो
मैले तिमीलाई दिएको थिए त्यो मासु ल्याउनु। त्यो
मासुको अंश मैले तिमीलाई सुरक्षित राख्न भनेंको
थिए।"

२४भान्सेले फिला ल्यायो अनि शाऊलको अघि टेबलमा राख्यो। शमूएलले भने, "यो त्यही मासु हो जुन मैले तिम्रो निम्ति सुरक्षित राखेको थिएँ। यो खाऊ कारण यो यस्तै विशेष दिनको निम्ति तिम्रो सम्मानको लागि सुरक्षित राखेको थियो।" यसरी त्यस दिन शाऊलले शमूएलसंगै खाना खाए।

२५खाना खाइसके पछि आराधनालयबाट झर्दै तिनीहरू शहरतिर लागे। शमूएलले शाऊलका निम्ति कौसीमा ओछ्यान लगाए शाऊल त्यहीं सुते।

२६भोलिपल्ट बिहानै शमूएलले शाऊललाई उठाउँदै भने, "उठ, म तिमीलाई बाटो देखाइदिन्छु।" शाऊल उठे अनि शमूएलकासाथ घरबाट बाहिरिए।

२७शहरको किनारतिर शाऊल, तिनका नोकर र शमूएल अघि बढ्दै थिए। शमूएलले शाऊललाई भने, "तपाईंको नोकरलाई हामी भन्दा अघि हिड्नु भन्नुहोस। मैले तपाईंलाई परमेश्वरको संदेश सुनाउन बाँकी नै छ।" नोकर तिनीहरू भन्दा केही अघि हिड्ँन थाल्यो।

## शमूएलले शाऊललाई अभिषेक गरिदिए

१० शमूएलले एक ढुँग्रो विशेष तेल लिए र शाऊलको टाउकोमा खन्याई दिए। शमूएलले म्वाई खाँदै भने, "परमप्रभुले तपाईंलाई आफ्ना मानिसहरूका अगुवाको रूपमा अभिषेक गर्नुभएको छ। तपाईंले परमप्रभुका मानिसहरूलाई शासन गर्नुहुनेछ तपाईंले तिनीहरूलाई चारैतिरका शत्रुबाट रक्षा गर्नुपर्छ। परमप्रभुले तपाईंलाई आफ्नो मानिसहरूको शासकको रूपमा अभिषेक गर्नुभएको हो। यहाँ एउटा संकेत छ त्यसले यो सत्य हो भनि प्रमाण दिइने छ। २आज तपाईंले मबाट बिदा भएर जानु भएपछि बिन्यामिनीको सिमानामा भएको राहेलको चिहाननेर सेलमहमा दुइजना मानिसहरू भेट्टाउनु हुनेछ। ती दुइजना मानिसहरूले भन्नेछन्, 'तपाईंले खोजिरहनु भएको गधाहरू कसैले पाएको छ। तपाईंका पिता गधाहरूबारे चिन्तित हुन छाड़ेर तपाईंको निम्ति सुर्ता गर्दै भन्दै हुनुहुन्छ, अब म मेरो छोराको लागि के गरूँ?'"

३तब शमूएलले भने, "तपाईंहरू ताबेरमा बज्राठको रूख नआइञ्जेलसम्म अघि बढ्नुहोस। त्यहाँ तीनजना मानिसहरू भेट्नुहुनेछ। तिनीहरू बेतलमा परमेश्वरको आराधना गर्न गइरहेका हुनेछन्। ती मध्येको पहिलोले तीनवटा पाठा बोकेको हुनेछ। दोस्रोले तीनवटा रोटी र तेस्रोले एक मशक दाखरस बोकेको हुनेछन्। ४ती तीनै जना मानिसले तपाईंलाई अभिवादन गर्नेछन्। तिनीहरूले दुइवटा रोटी दिनेछन्। ती दुइवटै रोटी तपाईंले स्वीकार गर्नुपर्छ। ५त्यहाँबाट तपाईं गिबियत एलोहिम जानुपर्छ। त्यहाँ पलिश्तीहरूको एउटा चौकी छ। जब तपाईं त्यस शहरमा पुग्नुहुन्छ केही अगमवक्ताहरू निक्लदै गरेको भेट्नु हुनेछ। ती अगमवक्ताहरू आराधनास्थानबाट झर्दै गरेका हुनेछन्। तिनीहरूले अगमवाणीहरू बोलिरहेका हुनेछन्। तिनीहरूले खैजड़ी, ढोलक, बाँसुरी र वीणा बजाउँदै गरेका हुनेछन्। ६त्यति बेला परमप्रभुको आत्मा तपाईंमाथि उत्रनुहुनेछ र तपाईंलाई शक्ति दिनुहुनेछ, तपाईं परिवर्तन हुनुहुनेछ। तपाईं भिन्न मानिस हुनुहुनेछ। तपाईं पनि ती अगमवक्ताहरूसितै अगमवाणी बोल्न सक्ने हुनुहुन्छ। ७यी घटनाहरू घटिसके पछि तपाईं जे चाहनुहुन्छ गर्न सक्नुहुन्छ। किन? किनकी परमेश्वर तपाईंसित हुनुहुनेछ।

८"म भन्दा पहिले गिलगाल जानुहोस्। त्यसपछि म तपाईं भएकोमा आउने छु। म त्यहाँ होमबलि र मेलबलि चढ़ाउँनेछु। तर तपाईंले सात दिन पर्खनु पर्नेछ। तब म आउनेछु अनि तपाईंले के गर्नुपर्छ म बताँउनेछु।"

## शाऊल अगमवक्ताको रूपमा

९जब शाऊल शमूएलबाट बिदा लिन फर्के, परमेश्वरले शाऊलको जीवन नै अर्कै बनाइदिनुभयो। त्यही दिन यी सबै घटनाहरू घटे। १०शाऊल र तिनको नोकर गिबियथ एलोहिम गए। त्यहाँ शाऊलले अगमवक्ताहरूको एक समूहलाई भेटे। परमेश्वरको आत्मा शक्तिसाथ शाऊलमाथि तुरुन्तै उत्रियो अनि शाऊलले पनि ती अगमवक्ताहरूको समूहमा अगमवाणी गर्नुभयो। ११ति-जसले शाऊललाई पहिले देखि चिन्थे उनीहरूले शाऊललाई अगमवाणी गरेका देखे। यसर्थ तिनीहरूले एक अर्कासित प्रश्न गर्न थाले, "कीशको छोरालाई के भयो? के शाऊल पनि अगमवक्ताहरू मध्ये एउटा हो?"

१२गिबियथ एलोहिमका एकजनाले भने, "हो! यस्तो देखिँदैछ, ऊ नै तिनीहरूका गुरु हुन्।" यसैकारण यो भनाइ प्रचलित छ: "के शाऊल पनि एउटा अगमवक्ता नै हो?"

## शाऊल घर पुग्छन्

१३शाऊलले अगमवाणी बोल्न छोड़ेपछि घरकै छेउको स्थानमा आराधना गर्न गए।

१४शाऊलका काकाले शाऊललाई र त्यस नोकरलाई भने, "कता गएका थियौ?"

शाऊलले भने, "हामी गधाका खोजीमा थियौ। जब हामीहरूले तिनीहरूलाई पाउँन सकेनौ त्यसपछि हामी शमूएललाई भेट्न गयौं।"

१५शाऊलका काकाले भने, "मलाई भन त, शमूएलले के-के भने?"

१६शाऊलेले भने, "शमूएलले हामीलाई गधाहरू पाइसकेको छ भने।" शाऊलले प्रत्येक कुराहरू बताएनन्। राज्यको बारेमा शमूएलले भनेको कुरा बताएनन्।

## शमूएलले शाऊललाई राजा घोषित गर्छन्

१७शमूएलले सबै इस्राएलका मानिसहरूलाई मिस्पामा परमप्रभुकहाँ भेला हुन बोलाए। १८शमूएलले इस्राएलका मानिसहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, 'मैले इस्राएललाई मिश्रबाट बाहिर ल्याए। मैले तिमीहरूलाई मिश्रको अधीनबाट बचाएँ र अन्य राष्ट्रहरूबाट पनि बचाएँ जसले तिमीहरूलाई चोट पुर्‍याउन चाहन्थे।' १९तर आज तिमीहरूले आफ्नो परमेश्वरलाई अस्वीकार गर्‍यौ। तिमीहरूका परमेश्वरले तिमीहरूलाई सबै दुःख र कष्टहरूबाट बचाउनुभयो। तर तिमीहरू भन्छौ, 'होइन, हामीलाई शासन गर्ने एउटा राजा चाहिन्छ।' यसैकारणले अब परमप्रभुको अगाड़ि परिवारका सदस्यहरू र परिवार समूहहरू लिएर उपस्थित होऊ।"

२०शमूएलले इस्राएलका सबै परिवार समूहलाई उपस्थित गराए। त्यसपछि शमूएलले नयाँ राजा छान्न थाले। पहिलो बिन्यामिनी कुल समूह चुनियो। २१शमूएलले बिन्यामिनी कुलसमूहका प्रत्येकलाई एक-एकजना गरेर अगाड़ि जानु भने। त्यसपछि मन्त्रीको परिवारलाई चुनियो। त्यसपछि त्यही मन्त्री परिवारको प्रत्येकलाई एक एकजना गरेर अगाड़ि जानु भने। यसरी कीशका छोरा शाऊललाई चुनियो।

जब मानिसहरूले शाऊललाई खोजे, त्यहाँ शाऊललाई भेट्टाएनन्। २२अनि तिनीहरूले परमप्रभुसित सोधे, "शाऊल यहाँ अझै आइपुगेकै छैनन्?"

परमप्रभुले भन्नुभयो, "त्यो त्यहाँ भेटी चढ़ाइएका सामानहरूको पछि लुकेकोछ।"

२३मानिसहरूले शाऊललाई सामानहरूको पछाड़िबाट खोजेर निकाले। शाऊल मानिसहरूका माझमा खड़ा भए। त्यहाँ शाऊल अरु भन्दा अग्ला थिए।

२४शमूएलले सबै मानिसहरूलाई भने, "परमप्रभुले चुन्नु भएको मानिसलाई हेर। मानिसहरूमा शाऊल जस्तो मानिस अर्को कोही छैन।"

त्यसपछि मानिसहरूले नारा लगाए, "हाम्रा राजा दीर्घायु रहुन्।"

२५शमूएलले राज्यका नियमहरू मानिसहरूलाई बुझाए। यो एउटा पुस्तकमा पनि लेखे र यस व्यवस्थाको पुस्तकलाई परमप्रभुको अघि राखे। तब तिनले मानिसहरूलाई घर जानु भने।

२६शाऊल पनि गिबामा आफ्ना घर गए। अनि केही वीरपुरुषहरू शाऊलसित गए। अनि परमेश्वरले यी वीर पुरुषहरूको हृदय छुनुभयो। २७तर कोही बदमाशहरूले भने, "यो मानिसले हामीलाई कसरी रक्षा गर्छ?" तिनीहरूले शाऊलको विरूद्धमा नराम्रो भन्न थाले र उपहार नदिनेभए। तर शाऊलबाट कुनै प्रतिक्रिया भएन।

## अम्मोनीहरूका राजा नाहाश

अम्मोनीका राजा नाहाशले गाद र रुबेन कुल समूहरूलाई सताईरहेका थिए। नाहाशले प्रत्येक पुरूषको एउटा दाहिने आँखा निकाल्न लगायो। नाहाशले तिनीहरू कसैलाई पनि सहायता गर्न दिएनन्। अम्मोनीका राजा नाहाशले यर्दन नदीको पूर्वतिर बस्ने प्रत्येक इस्राएली मानिसहरूको दाहिने आँखा निकाले। तर ७,००० इस्राएली मानिसहरू अम्मोनीबाट भागेर याबेश गिलाद आए।

११ झण्डै एक महिना पछि अम्मोनी नाहाश र तिनका सेनाहरूले याबेश गिलादलाई चारैतिरबाट घेरे। याबेशका सबै मानिसहरूले नाहाशलाई भने, "यदि तपाईंले हामीसँग सन्धि गर्नुभयो भने हामी तपाईंका प्रजा बन्न तयार छौ।"

२तर अम्मोनी नाहाशले भने, "यदि मैले जम्मै इस्राएलीहरूका दाहिने आँखा धोचेर निकाल्न सकें भने म तिमीहरूसित सन्धि गर्नेछु। तब मात्र सारा इस्राएलको बेइज्जत हुनेछ।"

३याबेशका प्रमुखले भने, "हामीलाई सात दिनको समय दिनुहोस्। सारा इस्राएलमा हामी दूत पठाउँछौ। यदि कोही पनि सहायता गर्न आएनन् भने हामी आएर तपाईंको अघि समर्पित हुनेछौ।"

## शाऊलले याबेश गिलादलाई बचाउँछन्

४ती दूतहरू गिबामा आए जहाँ शाऊल बस्थे। तिनीहरूले मानिसहरूलाई समाचार दिए। मानिसहरू समाचार सुनेर रून थाले। ५शाऊल आफ्ना खेतबाट गाईहरू लिएर फँर्कदै थिए। शाऊलले खेतको अघि आउँदा मानिसहरू रोइरहेका सुने। शाऊलले भने, "मानिसहरूलाई के कष्ट भयो? किन रोइरहेकाछन्।"

मानिसहरूले याबेशका दूतहरूले जे खबर ल्याएका थिए शाऊललाई बताए। ६शाऊले ध्यान दिएर सबै सुने। त्यति नै बेला शाऊलमाथि परमेश्वरको आत्मा उत्रिनुभयो। शाऊल साह्रै रिसाए। ७शाऊलले एक जोड़ी गाई ल्याए अनि टुक्रा-टुक्रा पारे। अनि ती मासुका टुक्राहरू सबै ती खबर ल्याउने दूतहरूलाई दिए। तिनले ती सबै मासुको टुक्राहरू इस्राएलभरी पुर्‍याउन दूतहरूलाई आदेश दिए। यो सन्देश इस्राएलीहरूलाई दिनुभनि तिनीहरूलाई भने, "आऊ अनि शाऊल र शमूएललाई अनुशरण गर। यदि कसैले यसो गर्दैन भनि तिनीहरूलाई पनि उसको गाईलाई गरेको व्यवहार गरिनेछ!"

परमप्रभुबाट मानिसहरूमा ज्यादै डर पर्‍यो। यसकारण मानिसहरू एकसाथ सबै एउटै मानिसजस्ता भई निस्के। ८शाऊलले सबै मानिसहरूलाई बेजेकमा एकसाथ भेला गराए। त्यहाँ इस्राएलका ३,००,००० र यहूदाका ३०,००० मानिसभेला भए।

६शाऊल र तिनका सैनिकहरूले याबेशका दूतहरूलाई
भने, "गिलादमा याबेशका मानिसहरूलाई भन भोलि
मंध्याह्नभित्र तिमीहरूको उद्धार हुनेछ।"

दूतहरूले शाऊलको सु-सन्देश याबेशका
मानिसहरूलाई दिए। याबेशका मानिसहरू अतिनै खुशी
भए। १०त्यसपछि याबेशका मानिसहरूले अम्मोनी
नाहाशलाई भने, "भोलि हामी तपाईंकहाँ आउनेछौं।
तपाईंलाई जे इच्छा लाग्छ हमीलाई त्यही
गर्नुहोस्।"

११भोलिपल्ट शाऊलले आफ्ना सैनिकहरूलाई तीन
खण्डमा बाँड़े। सूर्योदयको समयपछि शाऊल र तिनका
सैनिकहरू अम्मोनीहरूको छाउनी भित्र पसे। जब
शाऊलले आक्रमण गरे यो रातमा बस्ने रक्षक दलको
अदला-बदली गर्ने समय थियो, शाऊल र तिनका
सैनिकहरूले अम्मोनीहरूलाई मध्याह्न भन्दा पहिले नै
हराए। सबै अम्मोनी सैनिकहरू तितर-वितर भए।
दुइजना अम्मोनी सैनिक एकसाथ हुने मौका कतै
पाएनन्।

१२तब मानिसहरूले शमूएललाई भने, "ती मानिसहरू
कहाँ छन् जसले शाऊललाई राजाको रूपमा शासन
गरेको हेर्न चाहेनन्। ती मानिसहरू हाम्रा सामु झिकाईउन्।
हामी तिनीहरूलाई मार्छौं।"

१३तर शाऊलले भने, "होइन, आज कसैलाई मार्नु
हुँदैन। आज परमप्रभुले इस्राएलको रक्षा गर्नु भएको
छ।"

१४त्यसपछि शमूएलले मानिसहरूलाई भने, "आऊ,
हामी गिलगाल जाऔँ। गिलगालमा हामी शाऊललाई
फेरि राजाकोरूपमा घोषणा गरौं।"

१५यसरी सबै गिलगाल गए। त्यहाँ परमप्रभुको
अगाड़ि शाऊललाई मानिसहरूले राजा बनाए। तिनीहरूले
परमप्रभुलाई मेलबलि पनि चढ़ाए। शाऊल र सबै
इस्राएलीहरूले ठूलो हर्षमा उत्सव मनाए।

## शमूएलले राजाबारे बताए

**१२** शमूएलले सबै इस्राएलीहरूलाई भने: "तिमीहरूले
भनेको प्रत्येक कुरा मैले गरे। तिमीहरू माथि
राजा नियुक्त गरे। २अब तिमीहरूलाई अगुवाई
गर्नको निम्ति राजा हुनुहुन्छ। म बुढ़ो भएँ तर मेरा
छोराहरू तिमीहरूसित छन्। जब म एउटा ठीटो थिएँ,
त्यस बेला देखि तिमीहरूका अगुवा भएर आएँ।
३अहिले म यहाँ छु। यदि मैले कुनै भूलचुक गरेको
भए परमप्रभुको अघि अनि परमप्रभुले चुन्नु भएको
राजाअघि तिमीहरूले भन्नुपर्छ। के मैले कसैको गाई
अथवा गधा चोरेँ? कसैलाई ठगे वा कष्ट पुऱ्याएँ? के
मैले पैसा अथवा एक जोड़ी जुत्ता कहिले घुस
लिएकोछु? यदि मैले यस्तो केही गरेको भए त्यसलाई
म सच्याउनेछु।"

४सबै इस्राएलीहरूले जवाफ दिए, "होइन! तपाईंले
हामी कसैलाई पनि केही नराम्रो गर्नुभएन। हामीलाई
कहिले पनि ठग्नुभएन र केही पनि लिनुभएन।"

५शमूएलले इस्राएलीहरूलाई भने, "परमप्रभु र उहाँले
चुन्नु भएको राजा गवाही हुनुहुन्छ। तिमीहरूले जे-जे
भन्दैछौ उहाँ दुइजनाले सुन्दैहुनुहुन्छ। उहाँहरूलाई पनि
थाहा भयो तिमीहरूले मलाई कुनै दोष दिएनौ।" सबै
मानिसहरूले एकसाथ जवाफ दिए, "साँच्चै हो! परमप्रभु
नै गवाही हुनुहुन्छ!"

६तब शमूएलले मानिसहरूलाई भने, "हो परमप्रभु
हाम्रो गवाही हुनुहुन्छ। परमप्रभुले नै मोशा र हारूनलाई
चुन्नुभयो। अनि उहाँ नै हुनुहुन्छ जसले तिम्रा पिता-
पुर्खाहरूलाई मिश्रबाट बाहिर ल्याउनु भयो। ७अब
तिमीहरू त्यहाँ खड़ा होऊ, म तिमीहरूलाई परमप्रभुले
तिम्रा पिता-पुर्खाहरू र तिमीहरूका लागि गर्नुभएका ती
राम्रा अर्थहरू बताउँछु। ८याकूब मिश्र गए पछि मिश्र
बासीहरूले उसका सन्तानहरूको जीवनलाई धेरै कष्टमय
बनाए। यसर्थ तिनीहरूले परमप्रभुलाई सहायताको निम्ति
रोइकराइ गरे। परमप्रभुले मोशा र हारूनलाई पठाउनु
भयो। मोशा र हारूनले तिमीहरूका पिता-पुर्खाहरूलाई
मिश्रबाट बाहिर लिएर आए अनि यही ठाउँमा बस्ने
व्यवस्था मिलाई दिए।

९"तर तिम्रा पिता-पुर्खाहरूले परमप्रभु परमेश्वरलाई
त्यागे। यसकारण परमप्रभुले तिनीहरूलाई सीसराका
दास हुन दिनुभयो। सीसरा हासोरका सेनाका सेनापति
थिए। त्यसपछि परमप्रभुले तिनीहरूलाई पलिश्ती र
मोआबका राजाका हातमा सुम्पिदिनुभयो। तिनीहरू सबै
तिम्रा पिता-पुर्खाहरूको विरूद्ध लड़े। १०तर तिमीहरूका
पिता-पुर्खाहरूले रूँदै परमप्रभुलाई सहायता मागे।
तिनीहरूले भने, 'हामीले पाप गऱ्यौं। हामीले परमप्रभुलाई
छाड़ेर झूटो देवता बाल र देवी अश्तारोतको सेवा
गऱ्यौं। अब हामीलाई हाम्रा शत्रुहरूबाट बचाउनुहोस्,
हामी तपाईंका सेवक बन्नेछौं।'

११"यसकारण परमप्रभुले यरूब्बाल, बाराक, यिप्तह
अनि शमूएललाई त्यहाँ पठाउनुभयो। परमप्रभुले
तिमीहरूको चारैतिरका शत्रुहरूबाट तिमीहरूलाई रक्षा
गर्नुभयो यसकारण तिमीहरू सुरक्षित रह्यौ। १२त्यस
समयमा पनि अम्मोनीको राजा नाहाश तिमीहरूको
विरूद्ध लडन आएको देख्यौ। तिमीहरूले भन्यौ, 'होइन,
हामीहरूमाथि शासन गर्ने राजा नै चाहिन्छ।' तिमीहरूले
यही भन्यौ यद्यपि परमप्रभु तिमीहरूका परमेश्वर नै
राजा हुनुहुन्थ्यो। १३अब तिमीहरूले चुनेका राजा यहाँ
छन्। परमप्रभुले तिमीहरूमाथि राजालाई नियुक्ति गर्नुभयो।
१४यदि तिमीहरूले उहाँलाई सम्मान गऱ्यौ भने परमप्रभुले
तिमीहरूको रक्षा गर्नु हुन्छ। तर तिमीहरूले परमप्रभुको
डर राख्दै सम्मान गर्नु पर्नेछ। आदेश पालनगर्दै सेवा
गर्नुपर्ने छ। उहाँको विरूद्धमा जाने छैनौ। तिमीहरूका

साथै तिमीहरूलाई शासन गर्ने राजाले पनि परमप्रभु
तिमीहरूका परमेश्वरको अनुसरण गर्नुपर्छ। यदि
तिमीहरूलाई भनेका कुराहरू पालन गर्छौ भने परमेश्वरले
तिमीहरूलाई रक्षा गर्नुहुनेछ। १५तर यदि परमप्रभुले
भनेका तिमीहरूले मानेनौ र उहाँको विरूद्धमा गयौ
भने, उहाँ पनि तिमीहरू र तिमीहरूका शासकको
विरुद्धमा जानुहुनेछ। १६अब अझै चुपचाप उभिएर त्यो
अचम्मको कामलाई हेर, जुन परमप्रभुले तिमीहरूका
आँखा अगाड़ि गर्नुहुनेछ। १७यो गहुँको फसल काट्ने
समय हो। म परमप्रभुसँग प्रार्थना गर्नेछु। म उहाँसँग
बिजुली चम्कँदै पानीपार्ने बिन्ती गर्नेछु। तब तिमीहरूलाई
यो थाहा लाग्ने छ कि तिमीहरूले परमप्रभुको विरुद्धमा
राजा मागेर भूल काम गरेका छौ।"

१८यसकारण शमूएलले परमप्रभुसँग प्रार्थना गरे।
त्यही दिन परमप्रभुले मेघ गर्जनसित पानी बर्साउनु
भयो। यसकारणले गर्दा मानिसहरू परमप्रभु र शमूएलसंग
साह्रै डराए। १९सबै मानिसहरूले शमूएललाई भने,
"दया गरेर परमप्रभु तपाईंका परमेश्वरलाई हाम्रो निम्ति
प्रार्थना गरिदिनु होस, तपाईंका सेवकहरूका निम्ति
हामीहरूलाई नष्ट हुन नदिनु होस्। हामीले धेरै चोटी
पाप गरेका छौं। हामीले राजा मागेर फेरि अर्को पाप
थपेका छौं।"

२०शमूएलले जवाफ दिए, "नडराऊ! यो सत्य हो!
तिमीहरूले त्यस्ता नराम्रा कामहरू गर्‍यौ। तर परमप्रभुलाई
पछ्याउन नछोड़। हृदय देखि नै परमप्रभुको सेवा गर।
२१देवताका मूर्तिहरू केवल मूर्ति मात्र हुन्। त्यसले
तिमीहरूलाई सहायता गर्दैन। यसर्थ त्यसको पूजा नगर।
देवताका मूर्तिहरूले न त तिमीहरूलाई सहायता गर्न
सक्छ न त रक्षा नै तिनीहरू केहि होइनन्। २२तर
परमप्रभुले आफ्ना मानिसहरूलाई छोड़नु हुँदैन। परमप्रभु
तिनीहरूलाई आफ्नो मानिस बनाएर प्रसन्न हुनुहुन्थयो।
यसर्थ उहाँले आफ्नो नाउँको खातिर तिनीहरूलाई त्याग्नु
हुनछैन। २३अनि म तिमीहरूका निम्ति प्रार्थना गर्न
छोड़ने छैन्। यदि मैले तिमीहरूका लागि प्रार्थना गरिनँ
भने परमप्रभु विरुद्ध मेरो पाप हुनेछ। म तिमीहरूलाई
शिक्षा दिइरहन्छु ताकि तिमीहरूले राम्रो र सही जीवन
जिउनेछौ। २४तर तिमीहरूले परमप्रभुको डर अनि
आदर गर्नेपर्छ। तिमीहरूको सम्पूर्ण हृदयले परमप्रभुको
सेवा हुनुपर्छ। उहाँले तिमीहरूका निम्ति गर्नुभएको
अचम्मका कार्यहरूलाई सम्झौ। २५तर यदि तिमीहरूले
हठी र लगातार दुष्ट कार्य गरिरह्यौ भने: परमेश्वरले
तिमीहरू र तिमीहरूका राजालाई नष्ट गर्नु हुनेछ।"

## शाऊलले पहिलो भूल गर्छन्

१३ त्यसबेला शाऊलले राजाको रूपमा एक वर्ष
बिताइसकेका थिए। जब इस्राएलमा शासन
गरेको दुइ वर्ष भएको थियो, २तिनले इस्राएलबाट
३,००० पुरूषलाई छाने। त्यसमध्ये २,००० पुरूष
मिकमाशमा बेतेलको पहाड़ी प्रदेशमा रहनथाले। त्यहाँ
१,००० मानिसहरू बिन्यामीनको अन्तरगत गिबामा
जोनाथनसित रहनथाले। बाँकी रहेका सैनिकहरूलाई घर
पठाइदिए।

३जोनाथन गिबामा गए र पलिश्तीहरूलाई तिनीहरूकै
छाउनीमा हराए। पलिश्तीहरूले यो सुने। तिनीहरूले
भने, "हिब्रूहरूले विद्रोह गरे।"

शाऊलले मानिसहरूलाई सारा इस्राएल भरी तुरही
फुक्न आज्ञा गरे र भने, "जे भएको छ हिब्रूहरूले
सुनोस्।" ४सबै इस्राएलीहरूले यो खबर सुने। तिनीहरूले
भने, "शाऊलले पलिश्तीका अगुवाहरूलाई मारे। अब
भने पलिश्तीहरूले साँच्चै इस्राएलीहरूलाई घृणा गर्नेछन्।"

इस्राएलीहरूलाई शाऊलसँग भेट्नका निम्ति गिलगालमा
बोलाइयो। ५पलिश्तीहरू इस्राएलसित लड़नलाई भेला
हुनथाले। पलिश्तीहरूसँग ३,००० रथ र ६,०००
घोड़सवारी थिए। बालुवाका कण किनारमा थुप्रिए झैं
पलिश्ती सैनिकहरू थुप्रिएका थिए। मिकमाशमा
पलिश्तीहरूले छाउनी हालेका थिए। (मिकमाश बेत-
आवेनको पूर्वतिर पर्छ।)

६इस्राएलीहरूले बुझे कि तिनीहरू खतरामा थिए।
तिनीहरूलाई पलिश्तीहरूले घेरा हालेका थिए अनि
तिनीहरू गुफा चर्कीएको चट्टानमा दगुरेर गए कुवा र
अरु दुलोहरू तिर लुके। ७कोही हिब्रूहरू त यर्दन नदी
पार गरेर गाद अथवा भागेर गिलाद तिर पुगे। शाऊल
भने गिलगालमा नै थिए। तिनका सम्पूर्ण सैनिकहरू
डरले कामिरहेका थिए।

८शमूएलले भने उनी शाऊलसित गिलगालमा भेट्ने
छन्। शाऊलले सात दिनसम्म पर्खे। तर शमूएल
गिलगाल जाँदै गएनन् यसर्थ शाऊललाई सैनिकहरूले
छोड्न शुरू गरे। ९त्यति बेला शाऊलले भने, "मेरो
निम्ति होमबलि र मेलबलि जुटाइदेऊ।" त्यसपछि
शाऊलले होमबलि चढाए। १०तब शाऊलले बलि भेटी
चढ़ाईन सके, शमूएल पनि त्यहाँ आइपुगे। शाऊल
तिनीलाई भेट्न गए।

११शमूएलले सोधे, "तपाईंले यो के गर्नुभयो?"

शाऊलले जवाफ दिए, "धमाधम सैनिकहरूले मलाई
छोड्नलागे। तपाईं पनि यहाँ हुनुहुन्न थियो, अनि
पलिश्तीहरू मिकमाशमा भरिएका थिए। १२मैले सोचें,
पलिश्तीहरू यहाँ गिलगालमा आएर मलाई आक्रमण
गर्नेछन्। मैले अहिलेसम्म परमप्रभुलाई सहायताको निम्ति
बिन्ती पनि गरिन। अन्त्यमा बाध्य भएर मैले होमबलि
चढ़ाएँ।'"

१३शमूएलले भने, "तपाईंले मूर्खता पूर्ण काम
गर्नुभयो। तपाईंले परमप्रभु तपाईंका परमेश्वरको आदेशको
पालन गर्नुभएन! यदि तपाईंले परमेश्वरको आदेशको
उलंघन नगरेको भए परमेश्वरले तपाईंको परिवारलाई

सदाको निम्ति इस्राएलको शासन दिनुहुन्थ्यो। १४अब
तपाईंको शासन अभ्र अघि बढ़ने छैन। परमप्रभुले
यस्तो मानिस खोज्नु भएको थियो जसले उहाँको
आदेश पालन गर्छ। परमप्रभुले उहाँले चाहेको जस्तो
मानिस भेट्टयाउनु भएको छ र परमप्रभुले त्यही मानिसलाई
आफ्ना मानिसहरूको प्रमुख बनाउँनु हुनेछ। तपाईंले
परमप्रभुको आदेश पालन गर्नु भएन यसकारण उहाँले
अर्को नया राजा छान्नु हुनेछ।" १५त्यसपछि शमूएल
उठे र गिलगाल छाड़ेर गए।

## मिकमाशको युद्ध

शाऊल र उसका केही बचेका सैनिकहरूले गिलगाल
छोड़े। तिनीहरू बिन्यामीनको गिबातिर गए। शाऊलले
अहिलेसम्म आफ्ना साथ नछोड़ने मानिसहरूको गन्ती
गरे। तिनीहरू प्रायः ६०० जति रहेछन्। १६शाऊल,
तिनका छोरा जोनाथन र उनीसित भएका सैनिकहरू
बिन्यामीन कहाँ गिबामा गए।

पलिश्तीहरूले मिकमाशमा छाउनी हालेका थिए।
१७पलिश्तीहरूले त्यहाँ रहेका इस्राएलीहरूलाई दण्ड
दिने निश्चय गरे। तिनीहरूका शक्तिशाली सैनिकहरूले
आक्रमण शुरू गरे। पलिश्ती सैनिकहरू तीन भागमा
बाँडिएका थिए। पहिलो दल उत्तरतिरको ओप्रा जाने
सड़कबाट शूआल तर्फ लागे। १८दोस्रो दल दक्षिण पूर्व
बेथ-होरोन जाने सड़क तर्फ लागे तेस्रो दल चाहि
पूर्वतिरको सीमासम्म पुग्ने सड़कतिर लागे। यो सड़क
सबोइमको बेंसीमा मरुभूमि तर्फ फैलिएर गएको थियो।

१९इस्राएलका मानिसहरूले फलामका हात हतियार
बनाउन जान्दैनथे। त्यस समय इस्राएलमा लोहार पाइँदैन्थ्यो।
पलिश्तीहरूले इस्राएलीहरूलाई फलामको हात हतियार
बनाउन सिकाएनन् कारण इस्राएलीहरू आफैले फलामको
हात हतियार बनाए भने पलिश्तीहरूलाई खतरा हुन्छ।
२०पलिश्तीहरूले मात्र हात हतियारमा उध्याउँथे। यदि
इस्राएलीहरूलाई आ-आफ्ना हात हतियार जस्तै, फाली,
कोदालो, बञ्चरो र हँसियामा उध्याउँनु पर्‍यो भने
तिनीहरू पलिश्तीहरू भएको मै जानुपर्थ्यो। २१पलिश्ती
लोहारहरूले फाली र कोदालोमा साँध लगाउन शेकेलको
दुइ-तिहाई चाँदी लिन्थे भने बञ्चरो र गोरू धपाउने
अँङ्कुसे मिलाउनलाई शेकेलको एक-तिहाई लाग्थ्यो।
२२यसर्थ युद्धका दिनहरूमा शाऊलका सैनिकसित न त
फलामको तरवार थियो न त भाला नै। खालि शाऊल
र तिनका छोरा जोनाथनसित फलामको हतियार थियो।

२३पलिश्तीहरूको एक दल सैनिकले मिकमाशको
बेंसीलाई पूर्ण सुरक्षित तुल्याइरहेका थिए।

## जोनाथनले पलिश्तीहरूमाथि आक्रमण गर्छन्

१४ एक दिन शाऊलका छोरा जोनाथनले तिनका
हतियार बोक्ने युवकलाई भने, "हिंड़र बेंसीको
पल्लो पट्टि पलिश्तीहरूको छाउनीमा जाऔं।" तर
जोनाथनले यो कुरा आफ्ना पितालाई भनेन।

२शाऊल पहाड़को किनारा मिग्रोनमा एउटा अनारको
रूखमुनि बसिरहेका थिए। छेवैमा खला पनि थियो।
शाऊलसँग प्राय ६०० मानिसहरू थिए। ३एकजनाको
नाउँ अहियाह थियो। अहिया ईकाबोदका भाइ अहीतूबका
छोरा थिए। ईकाबोद पीनहासका छोरा थिए। पीनहास
एलीका छोरा थिए। अहिले एली शीलोमा परमप्रभुको
पूजाहारी थिए। अहियाह पूजाहारी थिए अनि तिनले
एपोद लगाएका थिए। यी मानिसहरूले जोनाथन गइसकेको
कुरा चाल पाएनन्।

४वाटोको दुवै पट्टि ठूला-ठूला चट्टानहरू थिए।
जोनाथनले त्यही बेंसीको बाटो भएर पलिश्तीहरूको
छाउनीमा पुग्ने निश्चय गरे। बाटोको एकापट्टि बोसेस
नाउँ भएको एउटा ठूला चट्टान थियो र अर्को तर्फ सेन
नाउँ गरेको अर्को चट्टान थियो। ५एउटा ठूलो चट्टान
भने उत्तरतिर मिकमाशलाई हेरिरहे झैं देखिन्थ्यो।
अर्को चट्टानले भने दक्षिणतिर गिबालाई हेरिरहे झैं
देखिन्थ्यो।

६जोनाथनले आफ्नो हतियार बोक्ने युवा सहयोगीलाई
भने, "आऊ, ती विदेशीहरूको छाउनीमा जाऔं। हुन
सक्छ, परमप्रभुले तिनीहरूलाई डराउनको निम्ति हामीलाई
उपयोग गर्नुहुनेछ। हाम्रोसँग ज्यादा सैनिक होस कि
नहोस् परमप्रभुलाई कसैले रोक्न सक्दैन।"

७जोनाथनको हतियार बोक्ने युवकले भन्यो, "तपाईंलाई
जे राम्रो लाग्छ त्यहि गर्नुहोस्। म त तपाईंको साथमा
छँदैछु।"

८जोनाथनले भन्यो, "जाऔं! त्यो बेंसीबाट भएर
सिधै पलिश्ती रक्षकहरू भएतिर जाऔं। हामी तिनीहरूले
देख्ने गरी अघि बढ़ौं। ९यदि तिनीहरूले हामीलाई,
'तिमीहरू त्यही उभिनू जबसम्म हामी त्यहाँ आइपुग्दैनौं
भन्छन भने हामी जहिंतहीं उभिनेछौं। हामी अघि
बढ्दैनौं। १०तर यदि पलिश्तीहरूले हामीहरूलाई 'अगाड़ि
बढ़' भने, हामी तिनीहरू भएसम्म चढ़छौं। किनभने यो
परमेश्वरको चिन्ह हो यो चिन्हको अर्थ हुनेछ परमप्रभुले
तिनीहरूलाई हराउनु हुनेछ।"

११यसर्थ जोनाथन र तिनका सहयोगी पलिश्तीहरूले
देख्ने गरी उभिए। पलिश्ती रक्षकहरूले भने, "हेर!
हिब्रूहरू लुकेको खाल्टोबाट निस्केर आउँदैछन्।"
१२किल्लाको रक्षक पलिश्तीहरूले जोनाथन र तिनका
सहायकलाई कराएर भने, "यहाँ आऊ, तिमीहरूलाई
हामी पाठ सिकाउँनै छौं।"

जोनाथनले आफ्नो सहयोगीलाई भन्यो, "पहाड़ चढ्दा
मेरो पछि आउनु, परमेश्वरले यसरी मिलाउनु भएको छ
कि इस्राएलीहरूले पलिश्तीहरूलाई हराउने छ।"

१३-१४जोनाथन हात खुट्टा टेकेर पहाड़माथि उग्ले।
तिनका सहायक पनि पछि लागे। जोनाथन र तिनका

सहायकले पलिश्तीहरूलाई आक्रमण गरे। पहिलो आक्रमणमा तिनीहरूले बीसजना पलिश्तीहरूलाई आधा एकर जमीनमा मारे। जोनाथनले उसको अघाड़ि आएकाहरूसित लड़ाई गरिनै रहे। पछाड़िबाट तिनका सहायक आए अनि घाईतेहरूलाई मारे।

१५मैदान, छाउनीमा र किल्लामा भएका सबै पलिश्ती सैनिकहरू डराउन थाले। यहाँसम्म भयो कि पलिश्तीहरूका वीरभन्दा वीर सैनिक पनि डराए। जमीन काम्यो र पलिश्ती सैनिकहरू साह्रै नै डराए।

१६शाऊलका रक्षकहरूले बिन्यामीन देशको गिबामा भएका पलिश्ती सैनिकहरू चारै दिशातिर भाग-भाग गरेको देखे। १७शाऊलले आफ्ना छेवैमा भएका सैनिकहरूलाई भने, "सैनिकहरूको गन्ती गर। म यो जान्न चाहन्छु कि कसले छाउनी छोड़े।"

तिनीहरूले गन्ती गरे। छाउनीमा जोनाथन र तिनका सहायक थिएनन्।

१८शाऊलले अहियाहलाई भने, "परमेश्वरको पवित्र सन्दूक ल्याऊ!" त्यस समय सन्दूक इस्राएलीहरूसँग नै थियो। १९शाऊल पूजाहारी अहियाहसँग कुरा गर्दैथिए। शाऊलले परमेश्वरको सुझाव पर्खिरहेका थिए। तर पलिश्तीहरूको छाउनीमा होहल्ला र अशान्ती अझै बढ्दै थियो। शाऊलको धैर्य खतम भइसकेको थियो। अन्त्यमा पूजाहारी अहियालाई शाऊलले भने, "अब भयो प्रार्थना गर्न बन्द गर, हात तल झार।"

२०शाऊलले आफ्ना सैनिकहरूलाई एकत्रित पारे र युद्धको निम्ति निस्किए। पलिश्ती सेनाहरू साँच्चै नै अलमल्ल पारिरहेका थिए। तिनीहरूले एक-अर्कामा तिनीहरूको तरवार लिएर झगड़ा गर्न शुरु गरे। २१केही हिब्रूहरू पनि पलिश्तीहरूसित तिनीहरूका नोकरहरू जस्तै त्यही छाउनीमा थिए। तिनीहरूले पनि पलिश्तीहरूलाई आक्रमण गरे। तिनीहरू पनि इस्राएली शाऊल र जोनाथनसित मिले। २२पलिश्ती सैनिकहरू भाग्दै छन् भन्ने खबर एप्रैमका पहाड़ी प्रदेशमा लुकेका सबै इस्राएलीहरूले सुने। यसैले ती इस्राएलीहरू पनि युद्धमा सामेल भएर पलिश्तीहरूलाई खेद्न थाले।

२३यसरी परमप्रभुले इस्राएलीहरूलाई त्यस दिन रक्षा गर्नुभयो। तिनीहरूले बेत-आवेनको पारिसम्मै लड़ाइलड़े। सबै सैनिकहरू शाऊलका साथ थिए त्यहाँ झण्डै १०,००० पुरूष थिए। एप्रैमका पहाड़ी देशको प्रत्येक शहरमा युद्ध फैलियो।

### शाऊलले दोस्रो चोटि भूल गर्छन्

२४त्यस दिन शाऊलले ठूलो भूल गरे। इस्राएलीहरू भोका र थकित थिए, कारण शाऊलले शपथ खान लगाएका थिए, शाऊलको शपथ थियो, साँझ अघि कसैले केही खाने छैन। "अथवा मैले मेरो शत्रुहरूलाई पराजित नगरून्जेलसम्म खानेकुरा खाए त्यसलाई दण्ड दिइनेछ।" यसर्थ कुनै इस्राएली सैनिकले केही खाएनन्।

२५-२६युद्धको कारणले मानिसहरू जंगलमा गए। तिनीहरूले भुईमा महको चाको देखे। मह भएसम्म तिनीहरू पुगेर पनि मह खाएनन्। शपथ तोड़िने हुनाले डराए। २७तर जोनाथनलाई शपथ बारे केही थाह थिएन। जोनाथनले आफ्ना पिताले जबरदस्ती मानिसहरूलाई शपथ खुवाएको कुरा सुनेका थिएनन्। एउटा लट्ठी जोनाथनसँग थियो। उनले महको चाकामा लट्ठी घुसारे र लठ्ठीमा मह ल्याएर केही मह खाए र फूर्तिलो अनुभव गरे।

२८एउटा सैनिकले जोनाथनलाई भन्यो, "तपाईंका पिताले मानिसहरूलाई एउटा शपथ खान लगाए। तपाईंका पिताले मानिसहरूलाई केही खाएमा दण्डित गरिने शपथ ख्वाए। यसैले मानिसहरू भोकभोकै छन्। यसैले गर्दा मानिसहरू कमजोरी भए।"

२९जोनाथनले भने, "मेरो पिताले देशलाई समस्यामा हाल्नुभयो। हेर त मैले अलिकति मह चाखे को मात्र थिएँ कस्तो फूर्तिलो भएँ। ३०आज मानिसहरूले शत्रु पक्षबाट जे-जे भोजन ल्याएका थिए, ती सब खान पाएका भए कति राम्रो हुन्थ्यो। हामीले अझ धेरै पलिश्तीहरूलाई मार्न सक्थ्यौं।"

३१त्यस दिन इस्राएलीहरूले पलिश्तीहरूलाई हराए। तिनीहरू मिकमाश देखि अय्यालोन सम्मका बाटोभरी लड़े। यसैले मानिसहरू थकित र भोका थिए। ३२तिनीहरूले पलिश्तीहरूबाट भेडा, गाई र बाछाहरू खोसेका थिए। त्यस बेला इस्राएलका मानिसहरू यति भोका थिए कि तिनीहरूले ती पशुहरूलाई त्यही जमिनमा मारे र खाए। जबसम्म पशुहरूमा रगत थियो।

३३शाऊललाई एउटा मानिसले भन्यो, "हेर्नुहोस्! मानिसहरूले परमप्रभुको विरूद्धमा पाप गर्दैछन्। तिनीहरूले रगतै समेत मासु खाँदैछन्!"

शाऊलले भने, "तिमीहरूले पाप गर्दैछौ। यहाँ एउटा ठूलो ढुङ्गालाई पल्टाऊ।" ३४फेरि शाऊलले भने, "मानिसहरूलाई गएर भन कि प्रत्येक मानिसले साँढे र भेड़ा लिएर मकहाँ आओस। यहाँ तिनीहरूले आफ्ना साँढे र भेड़ा मार्नुपर्छ। परमप्रभु विरूद्ध पाप काम नगर! रगतै समेतको मासु नखाओ।"

त्यस रात प्रत्येकले आ-आफ्नो पशुहरू ल्याएर त्यहाँ मारे। ३५शाऊलले परमप्रभुको निम्ति वेदी बनाए। शाऊल आफैले वेदी बनाउन शुरू गरे।

३६शाऊलले भने, "आज राती हामी पलिश्तीहरूलाई लखट्ने छौ। हामीले तिनीहरूबाट प्रत्येक बस्तु खोस्ने छौ। हामीले तिनीहरू सबैलाई मार्ने छौं।"

सैनिकहरूले जवाफ दिए, "तपाईंलाई जे राम्रो लाग्छ, त्यही गर्नुहोस्।"

तर पूजाहारीले भने, "परमेश्वरलाई सोध।"

३७यसकारण शाऊलले परमेश्वरलाई सोधे, "के म पलिश्तीहरूलाई पछ्याउँदै खेदौं? के मलाई पलिश्तीहरूलाई हराउन दिनुहुन्छ?" तर परमेश्वरबाट कुनै जवाफ आएन।

३८यसले गर्दा शाऊलले भने, "सबै नेताहरूलाई मेरो समक्ष बोलाउनु, आज कसले पाप काम गऱ्यो, बुझौ।
३९म इस्राएलको रक्षा गर्ने परमप्रभुको शपथ खाँदै यो प्रतिज्ञा गर्छु, यहाँ सम्म कि मेरो छोरा जोनाथनले नै पाप गरेको छ भने पनि छोड़िने छैन उ मर्ने छ।" तर कसैले पनि उनलाई केही भनेनन्।

४०यसकारण शाऊलले सबै इस्राएलीहरूलाई भने, "तिमीहरू सबै एकतिर उभिनु। म र मेरो छोरा जोनाथन अर्कोतिर उभिन्छौ।"

सबै सैनिकले भने, "तपाईंको जो इच्छा हजुर।"

४१तब शाऊलले प्रार्थना गर्न लागे, "परमप्रभु, इस्राएलको परमेश्वर, तपाईंले तपाईंको दासलाई आज किन जवाफ दिनुभएन, यदि मैले अथवा मेरो छोरा जोनाथनले कुनै पाप गरेको भए परमप्रभु इस्राएलका परमेश्वर ऊरीम दिनुहोस्। यदि तपाईंका इस्राएली मानिसहरूले पाप गरेका भए तुम्मीम दिनुहोस्।"

यस प्रकारले शाऊल र जोनाथन चुनिएका थिए अन्य मानिसहरू चुनिएका थिएनन्।
४२शाऊलले भने, "अब म र मेरो छोरामा कसलाई दोष दिनु पर्ने हो? को दोषी हो?" जोनाथन चुनिएका थिए।

४३शाऊलले जोनाथनलाई भने, "मलाई भन्, तैले के गरिस्।"

जोनाथनले शाऊललाई भन्यो, "मैले अलि कति लट्ठीमा लागेको मह चाखे। यत्तिले नै म मर्नु पर्ने?"

४४शाऊलले भने, "यदि मैले गरेको प्रतिज्ञा पूरा गरिनँ भने परमेश्वरले मलाई खूबै नराम्रो गर्नुहुनेछ। यसर्थ जोनाथन मर्ने पर्छ।"

४५तर सबै सैनिकाहरूले भने, "आज जोनाथनले इस्राएललाई विजयी गरायो। के जोनाथन मर्नै पर्ने? होइन! हामी जीवित परमेश्वरको नाउँमा शपथ खान्छौ कि जोनाथनलाई कसैले हानि गर्न सक्दैन, उसको शिरको एउटा केशसम्म कसैले हल्लाउन सक्ने छैन। परमेश्वरले आज पलिश्तीहरूसँगको युद्धमा जोनाथनलाई सहायता गर्नुभएको छ।" यसरी मानिसहरूले जोनाथनलाई बचाए। तिनलाई मृत्युदण्ड दिइएन।

४६शाऊलले पलिश्तीहरूलाई खेदेनन्। पलिश्तीहरू आफ्नै ठाउँमा फर्किए।

### शाऊल इस्राएलका शत्रुसँग लड़े

४७शाऊलले इस्राएलमा पूरा अधिकार जमाए। शाऊल इस्राएल वरिपरिका शत्रुहरूसित लड़े। शाऊल मोआबी, अम्मोनी, एदोमी, सीबाका राजा र पलिश्तीहरूसंग लड़े। जहाँ-जहाँ गएर लड़े शाऊलले इस्राएलका शत्रुहरूलाई हराए।
४८शाऊल अत्यन्तै सहासी थिए। शाऊलले इस्राएलका मानिसहरूबाट सामान चीज-बीज खोस्न खोज्नहरूको हातबाट पनि इस्राएलीहरूलाई बचाए, शाऊलले यहाँ सम्म कि अमालेकीहरूलाई पनि हराए।

४९शाऊलको छोराहरू जोनाथन, यिश्वी र मल्कीशूअ थिए। शाऊलकी जेठी छोरीको नाउँ मेराब र कान्छी छोरीको नाउँ मीकल थियो।
५०शाऊलकी पत्नीको नाउँ अहीनोम थियो। अहीनोमचाहि अहीमासकी छोरी थिइन्।

शाऊलका सेनापति नेरका छोरा अबनेर थिए। नेरचाहिँ शाऊलका काका थिए।
५१शाऊलका पिता कीश र अबनेरका पिता नेरचाहि अबीएलका छोराहरू थिए।

५२शाऊल जीवनभरी नै सहासी थिए। पलिश्तीहरू विरूद्ध कठिन युद्ध लडे। जहिले पनि कुनै वीरलाई देखेमा शाऊलले आफ्नो सैनिक दलमा त्यसलाई सामेल गर्थे र आफ्नो छेवैमा राखेर राजाको रक्षक बनाउँथे।

### शाऊलले अमालेकीहरूलाई नष्ट गरे

१५ एक दिन शमूएलले शाऊललाई भने, "परमप्रभुले मलाई उहाँका इस्राएली मानिसहरूको राजाको रूपमा तिमीलाई अभिषेक गर्न पठाउनु भएको थियो। अब परमप्रभुको भनाइ सुन।
२सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, 'जब इस्राएलीहरू मिश्रबाट बाहिर आए तब अमालेकीहरूले तिनीहरूलाई कनान जानलाग्दा रोक्ने चेष्टा गरे। अमालेकीहरूले जे गरे मैले देखे।
३अब गएर अमालेकीहरूसित युद्ध गर। अमालेकीहरूसित जे जति छ सम्पूर्ण रूपले नष्ट गर। कसैलाई जिउँदो नछाड़। तिमीहरूले ती सबलाई मार्नु पर्छ, लोग्ने मानिसहरू होस कि स्त्रीहरू केटा-केटीहरू होस् कि काखका नानी। सबलाई मार गाई-गोरू, भेड़ा ऊँट गधा केही बाँकी नराख।'"

४शाऊलले सबै सेनाहरूलाई तेलैममा भेला गराए। त्यहाँ २,००,००० पैदल सेना र १०,००० अन्य मानिसहरू थिए। यसमा यहूदाका मानिसहरू पनि थिए।
५त्यसपछि शाऊल अमालेक शहरतिर लागे र बेंसीमा पर्खेर बसे।
६शाऊलले केनीहरूलाई भने, "तिमीहरू सबैले अमालेकीहरूलाई छोड़ी देऊ। म तिमीहरूलाई अमालेकीहरूसित मार्दिन। कारण तिमीहरूले मिश्रबाट आउँदा इस्राएलीहरूलाई दया गरेका थियौ।" यसपछि केनीहरूले अमालेकीहरूलाई छोड़े।

७शाऊलले अमालेकीहरूलाई हराए, तिनले हवीलाबाट शूरतक मिश्रको सीमानासम्म अमालेकीहरूलाई खेद्दै गए।
८शाऊलले अमालेकीहरूका राजा अगागलाई जिउँदै पक्रे र अगागका सबै सैनिकलाई मारे।
९शाऊल र इस्राएली सैनिकहरूले सम्पूर्ण कुराहरू नष्ट गर्दा नराम्रो मन गरे। यसर्थ तिनीहरूले अगागलाई मारेनन् र बलिया गाईहरू राम्रा जातका भेड़ा र पाठाहरू पनि

बचाएर राखे। राख्न योग्यका सामानहरू राखेर काम
नलाग्ने जति नष्ट गरे।

### शमूएलले शाऊलबाट भएको पाप बताइदिए

१०शमूएलले परमप्रभुबाट खबर पाए। ११परमप्रभुले
भन्नुभयो, "शाऊलले मलाई पछ्याउन छोडीदियो। यसर्थ
म शाऊललाई राजा बनाएर आफै दु:खी छु। म जे
भन्छु त्यसले त्यो गर्दैन।" शमूएल धेरै रिसाए र रातभरी
परमप्रभुसित प्रार्थना गरे।

१२शमूएल भोलिपल्ट बिहान चाँडै नै उठे र शाऊललाई
भेट्न गए। तर मानिसलहरूले शमूएललाई भने, "शाऊल
यहूदाको कर्मेल भन्ने ठाउँमा गएका छन्। शाऊल
त्यहाँ उसको सम्मानमा एउटा स्मारक स्थापित गर्न
गएका छन्। त्यसपछि धेरै ठाउँ भ्रमण गरेर तिनी
अन्त्यमा गिलगाल जानेछन्।"

त्यसपछि शमूएल शाऊल भएको ठाउँमा गए।
अमालेकीहरूबाट लिएका चीजबिजको पहिलो अंश
शाऊलले भेंटीको रूपमा चढ़ाए, शाऊलले तिनीहरूलाई
परमप्रभुको अघि एउटा होमबलि जस्तै चढ़ाए।* १३शमूएल
शाऊलको नजिक गए। शाऊलले स्वागत जनाएर भने,
"परमप्रभुको आशीर्वाद तपाईंमा रहोस्। मैले परमप्रभुको
आज्ञा पालन गरें।"

१४शमूएलले भने, "त्यसो हो भने म यो के सुन्दैछु।
किन मैले भेड़ा र पशुहरूको आवाज सुनेको?"

१५शाऊलले भन्यो, "सैनिकहरूले अमालेकीहरूबाट
पशुहरू लिए। सैनिकहरूले राम्रा भेड़ा र पशुहरू
परमप्रभु तपाईंको परमेश्वरमा बलिचढ़ाउन भनेर बचाए।
तर हामीले अरु सबै चीज नष्ट पार्यौ।"

१६शमूएलले शाऊललाई भने, "चुप लाग! हिजो
राती परमप्रभुले मलाई के भन्नुभयो त्यो म तपाईंलाई
बताउनेछु।"

शाऊलले भने, "ठीक छ, के भन्नु भयो भन्नुहोस्।"

१७शमूएलले भने, "विगतमा, तपाईंले आफैलाई
तुच्छ सम्झनु हुन्थ्यो। तर त्यसपछि तपाईं इस्राएलका
कुलहरूका अगुवा हुनुभयो। इस्राएलको राजाको रूपमा
परमप्रभुले तपाईंलाई चुन्नुभयो। १८परमप्रभुले तपाईंलाई
एउटा विशेष सेवाकार्यको निम्ति पठाउनु भयो। परमप्रभुले
भन्नुभयो, 'अमालेकीहरूकहाँ जाऊ, अनि तिनीहरूलाई
नष्ट पार किनभने तिनीहरू खराब मानिस हुन्। जबसम्म
सम्पूर्णरूपले सकिँदैनन् लड़िबस्नु।' १९तर तपाईंले
परमप्रभुको कुरा सुन्नु भएन। किन? तपाईंले ती
चीजहरू राख्न चाहनुहुन्छ। तपाईंको यो परमप्रभुको
इच्छा विरूद्ध कार्य भयो।"

२०शाऊलले भने, "तर मैले त परमप्रभुको सबै
कुरा माने मलाई जहाँ पठाउनु भयो त्यही गए। मैले
अमालेकीहरू सबैलाई नष्ट गरे। मैले खाली साथमा
एकजना मानिस ल्याएँ तिनीहरूका राजा अगाग।
२१गिलगालमा परमप्रभु तपाईंका परमेश्वरलाई बलि
चढ़ाउन भनेर। सैनिकहरूले राम्रा-राम्रा भेड़ा र पशुहरू
लिए।"

२२शमूएलले जवाफ दिए, "परमप्रभुलाई के ले
खुशी पार्छ होमबलि र बलिदानहरू चढ़ाएर कि उहाँको
आज्ञालाई पालन गरेर? उहाँलाई बलि भेट दिएर भन्दा
उहाँको प्रत्येक आदेशलाई पालन गर्नु राम्रो हो। भेड़ाको
बोसो चढ़ाउनु भन्दा पहिले परमेश्वरको वचन सुन्नु नै
राम्रो हो। २३आज्ञा पालन नगर्नु चाहि तन्त्रमन्त्रको पाप
जस्तै हो। हठी स्वभावको हुनु र आफ्नै इच्छानुसार
हिड़नुचाहि मूर्ति पूजा गरे झै पाप हो। तपाईंले
परमप्रभुको आज्ञा मान्न इन्कार गर्नुभयो। यही कारणले,
अब परमप्रभुले पनि तपाईंलाई राजाको रूपमा इन्कार
गर्नुभयो।"

२४शाऊलले शमूएललाई भने, "मैले पाप गरे। मैले
परमप्रभुको आज्ञा तपाईंले भन्नु भए जस्तै गरिन। म
मानिसहरूसित साह्है डराएँ अनि तिनीहरूले जे भने
माने। २५अब म बिन्ती गर्दछु यो पाप गरेको निम्ति
मलाई क्षमा गरिदिनुहोस्। मतिर फर्किनु होस्, यसकारण
म परमप्रभुको आराधाना गर्न सकौ।"

२६तर शमूएलले शाऊललाई भने, "म तपाईंसँग
जाँदिन। तपाईंले परमप्रभुको वचनलाई उलंघन गर्नुभयो
अनि अहिले परमप्रभुले पनि राजा अस्वीकार गरिदिनुभएको
छ।"

२७जब शमूएले शाऊललाई छोड़ेर हिँडन खोजे,
शाऊलले शमूएलको खास्टोको किनार समाते र त्यो
च्यातियो। २८शमूएलले शाऊललाई भने, "जसरी तपाईंले
मेरो खास्टो च्याति दिनुभयो। यसरी नै परमप्रभुले आज
इस्राएलको राज्य तपाईंबाट च्यात्नु भएकोछ। परमप्रभुले
इस्राएलको राज्य तपाईंको साथीहरू मध्ये एकजनालाई
दिनुभयो। त्यो मानिस तपाईं भन्दा असल छ। २९परमप्रभु
इस्राएलका परमेश्वर हुनुहुन्छ। परमप्रभु शाश्वत हुनुहुन्छ।
परमप्रभु न त झूट्टो बोल्नु हुन्छ न त विचार बदल्नु
हुन्छ। परमप्रभु मानिस जस्तै छिन छिनमा विचार बदल्ने
हुनुहुन्न।"

३०शाऊलले भने, "ठीक छ, मैले पाप गरे। दया
गरी मसित आइदिनुहोस्। इस्राएलका नेताहरू र
मानिसहरूका अघि मेरो केही इज्जत राखिदिनु होस्।
मसित आइदिनु होस्। ताकि म परमप्रभु तपाईंको
परमेश्वरलाई आराधना गर्न सकूँ।" ३१शमूएल
शाऊलसँग गए अनि शाऊलले परमप्रभुलाई आराधना
गरे।

३२शमूएलले भने, "अमालेकीहरूका राजा अगागलाई
मेरो सामु ल्याऊ।"

---

**शाऊलले … चढ़ाए** यो उहिलेको यूनानी भाषामा उल्था
गरिएको हो। यो हिब्रू पाठमा छैन्।

अगागलाई शमूएलको अघि ल्याइयो। साङ्गलाले
बाँधिएको अगागको मनमा थियो, "मलाई निश्चय पनि
मार्दैनन् होला भनेर।"
३३तर शमूएलले अगागलाई भने, "तेरो तरवारले
नानीहरूलाई आमाको काखबाट खोस्यो। त्यसकारण
अब तेरो आमाले तिनका छोरा-छोरीहरू गुमाउने छन्।"
यति भनेर गिलगालमा परमप्रभुको अघि शामूएलले
अगागलाई टुक्रा-टुक्रा बनाएर काटिदिए।
३४त्यसपछि शमूएल त्यहाँबाट हिँडे र रामा गए।
शाऊल चाहि गिबामा आफ्नो घर फर्के। ३५त्यसपछि
शमूएलले शाऊललाई जीवनभरी कहिले भेटेनन्। शमूएल
शाऊलसँग साह्रै दु:खी थिए। परमप्रभु पनि शाऊललाई
इस्राएलका राजा बनाएकोमा दु:खी हुनुहुन्थ्यो।

## शमूएल बेतलेहेम जान्छन्

१६ परमप्रभुले शमूएललाई भन्नुहुन्छ, "कति दिन
शाऊलको निम्ति दु:खीत भइरहन्छस्?
शाऊललाई मैले इस्राएलको राजापदबाट हटाइसके तरै
पनि त्यसको दु:ख मानिरहन्छन्। तँसित भएको सिङ्गा
तेलले भर र बेतलेहेम जा। म तँलाई बेतलेहेमको यिशै
नाउँको मानिसकहाँ पठाउँदैछु। यिशै बेतलेहेममा बस्छ।
मैले त्यसकै एकजना छोरालाई नयाँ राजाको रूपमा
चुनें।"
२शमूएलले भने, "यदि म गएँ भने यो समाचार
शाऊलले सुन्ने छ र मलाई मार्ने छ।"
परमप्रभुले भन्नुभयो, "बेतलेहेममा जा साथमा एउटा
बाछा पनि लानु र भन्नु, 'परमप्रभुलाई बलि चढ़ाउन
आएको।' ३यिशैलाई बलि चढ़ाउन बोलाउनु। त्यसपछि
म तँलाई के गर्नु पर्छ भन्ने छु। तैले त्यस मानिसलाई
अभिषेक गर्नु जुन म तँलाई देखाउँनेछु।"
४शमूएलले त्यसै गरे जो परमप्रभुले तिनलाई गर्नु
भन्नु भएको थियो। शमूएल बेतलेहेम गए। बेतलेहेमका
बूढ़ा-प्रधानहरू डरले कामे। तिनीहरूले शमूएललाई भेटे
र सोधे, "के तपाईं शान्ति पूर्वक आउँनु भयो?"
५शमूएलले भने, "ज्यू, म शान्ति पूर्वक आएँ। म
परमप्रभुलाई बलिदान चढ़ाउन आएको हुँ। तपाईंहरू
पनि पूजाका निम्ति तयार भएर बलिदान चढ़ाउन मसित
आउनु होस।" शमूएलले यिशै र तिनका छोराहरूलाई
तयार पारे। त्यस पछि शमूएलले तिनीहरूलाई बलिदान
चढ़ाउन बोलाए।
६जब यिशै र तिनका छोराहरू आइ पुगे, शमूएलले
एलीआबलाई देखे। शमूएलले सोचे, "निश्चय पनि
परमप्रभुले छान्नु भएको मानिस यिनै हुनु पर्छ।"
७तर परमप्रभुले शमूएललाई भन्नु भयो, "एलीआब
अग्लो र सुन्दर छ। तर यस्तो विचार गर्नु हुदैन।
परमेश्वरले ती चीजहरू हेर्नु हुन्न हो मानिसहरूले
हेर्छन्। मानिसले बाहिरी रूप मात्र हेर्छ; तर परमप्रभुले
उसको हृदय हेर्नुहुन्छ। एलीआब त्यो ठीक मानिस
होइन।"
८त्यसपछि यिशैले तिनका दोस्रो छोरा अबीनादाबलाई
बोलाए। अबीनादाब शमूएलकै छेउ भएर हिँडे। तर
शमूएलले भने, "होइन, यसलाई पनि परमप्रभुले चुन्नु
भएको छैन।"
९त्यसपछि यिशैले शम्मालाई शमूएलको छेउमा बोलाए।
तर शमूएलले भने, "होइन, यसलाई पनि परमप्रभुले
चुन्नु भएको होइन।"
१०यिशैले सातौ छोरा देखाए। तर शमूएलले यिशैलाई
भने, "परमप्रभुले यिनीहरू मध्ये कसैलाई पनि चुन्नु
भएको छैन।"
११शमूएले यिशैलाई सोधे, "के तपाईंका छोराहरू
यति नै हुन्?"
यिशैले भने, "होइन अर्को छोरा छ सब भन्दा
कान्छो, तर अहिले भेड़ा चराउँदैछ।"
शमूएलले भने, "उसलाई यहाँ तुरून्तै लिन पठाऊ।
उ नआइञ्जेल सम्म हामी खान बस्ने छैनौ।"
१२यिशैले कान्छो छोरा लिन तुरुन्तै कसैलाई पठाए।
त्यो छोरा हेर्दै राम्रो थियो, रातो वर्णको युवक। उ
साँच्चै सुन्दर थियो।
परमप्रभुले शमूएललाई भन्नु भयो, "उठेर उसलाई
अभिषेक गर। त्यहि एउटा हो।"
१३शमूएलले सीङबाट तेल निकालेर यिशैको कान्छा
छोराको शिरमा दाजूहरूका अगाड़ी खन्याई दिए।
परमप्रभुको आत्मा एकदमै शक्तिको साथ दाऊदमाथि
त्यस दिन देखि उत्रियो। त्यस पछि शमूएल रामा घरतिर
फर्के।

## शाऊललाई दुष्ट आत्माले सताउन थाल्यो

१४परमप्रभुको आत्माले शाऊललाई त्यागि दियो।
परमप्रभुले दुष्ट आत्मा शाऊल कहाँ पठाउँनु भयो।
त्यसले शाऊललाई साह्रै सतायो। १५शाऊलको नोकरले
भन्यो, "परमेश्वरद्वारा पठाउँनु भएको दुष्ट आत्माले
तपाईंलाई साह्रै दु:ख दियो। १६हामीलाई आदेश दिनुहोस
हामीले कुनै त्यस्तो व्यक्ति खोज्न सकौं जसले वीणा
बजाउन सक्छ। यदि परमप्रभुबाट आएको त्यस दुष्ट
आत्माले तपाईंलाई सताउन थालेछ भने त्यस मानिसले
वीणा बजाउन थाल्नेछ र तपाईंलाई आराम अनुभव
हुनेछ।"
१७शाऊलले नोकर-चाकरहरूलाई भने, "एउटा
मानिसलाई मेरो निम्ति खोज जसले असल तरिकाले
संगीत बजाउँछ। त्यसलाई म कहाँ ल्याऊ।"
१८एउटा नोकरले भन्यो, "एउटा यिशै नाउँका
मानिस छन्। बेतलेहेममा बस्छन्। मैले देखेको छु
यिशैको छोरा। उसले कसरी वीणा बजाउनु पर्छ
जान्दछ। उ साह्रै वीर र युद्ध गर्न जान्दछ। उ साह्रै

फुर्तिलो र सुन्दर छ। परमप्रभु पनि उसैको साथ हुनुहुन्छ।"

१९यसकारण शाऊलले समाचार दिने मानिसलाई यिशैकहाँ पठाए। तिनीहरूले यिशैलाई भने, "तिम्रो दाऊद नाउँको छोरा छ। जसले तिम्रा भेड़ाहरू चराउँछ। उसलाई मकहाँ पठाऊ।"

२०यिशैले शाऊलका निम्ति उपहारको बन्दोबस्त गर्‍यो। यिशैले उपहारको रूपमा एउटा गधा, केही रोटी, एक मशक दाखरस र एउटा बाख्राको पाठो तयार पार्‍यो। यिशैले ती चीजहरू दाऊदका साथ लगाएर शाऊल कहाँ पठायो। २१यसरी दाऊद शाऊल कहाँ गयो र तिनका अगाड़ि हाजिर भयो। शाऊलले दाऊदलाई धेरै प्रेम गरे। दाऊद शाऊलको अस्त्र बोक्ने सहयोगी भए। २२शाऊलले यिशैलाई खबर पठाए, "दाऊद बसेर मेरो सेवा गरोस्। उ मलाई असाध्यै मन पर्‍यो।"

२३जब परमेश्वरले पठाएको दुष्ट आत्माले शाऊललाई दुःख दिन थाल्थ्यो, दाऊदले हातमा वीणा लिएर बजाउँन थाल्दथे र दुष्ट आत्माले शाऊललाई छोडि हाल्थ्यो र शाऊल असल हुन्थे।

## गोल्यतको इस्राएली माथि चुनौती

**१७** पलिश्तीहरूले आफ्ना सैनिकहरूलाई युद्धको निम्ति भेला गराए। तिनीहरू यहूदा स्थित सोकोहमा भेला भए। तिनीहरूको छाउनी सोकोह र अजेकाको बीचमा एपेसदम्मीम नाउँका शहरमा थियो।

२शाऊल र इस्राएली सैनिकहरू पनि एक ठाउँमा भेला भए। तिनीहरूको छाउनी एला बेंसीमा थियो। शाऊलका सैनिकहरूले पंक्ति बाँधे पलिश्तीहरूसित युद्ध गर्न तयार थिए। ३पलिश्तीहरू एउटा पहाड़ माथि थिए, र इस्राएलीहरू अर्को पहाड़ माथि थिए। दुवै पक्षका बीचमा बेंसी थियो।

४पलिश्तीहरूको गोल्यात नाउँ भएको एउटा वीर योद्धा थियो। गोल्यात गात निवासी थियो। गोल्यात झण्डै नौ फीट अग्लो थियो। गोल्यत पलिश्तीहरूका छाउनीबाट बाहिरियो। ५शिरमा काँसाको टोपी लगाएको थियो। शरीरमा माछाको कत्ला जस्तै कवच कोट लगाएको थियो। त्यो रक्षा कवच काँसाको नै थियो यसको ओजन ५,००० शेकेलको थियो। ६गोल्यतले खुट्टातिर पनि काँसाकै कवच लगाएको थियो। काँसाकै भाला पिठ्युमा बोकेको। ७भालाको लट्टी जुलाहाको लुगा बुन्ने डण्डा जत्रो थियो। भालाको ओजन ६०० शेकेलको थियो। गोल्यतको हात-हतियार बोक्ने तिनको अघि-अघि हिँड्थ्यो।

८प्रत्येक दिन गोल्यत बाहिर निस्कन्थ्यो र इस्राएली सैनिकहरूलाई चुनौती दिन्थ्यो। उसको चुनौति थियो, "किन तिमीहरूले युद्धको निम्ति पंक्ति कसेको? तिमीहरू शाऊलका नोकर हौ म त पलिश्ती हुँ। एउटा मानिस छानेर मेरो विरुद्धमा लड़नलाई पठाऊ। ९यदि त्यस मानिसले मलाई मार्‍यो भने तब हामी सबै पलिश्तीहरू तिमीहरूका दास बन्नेछौ। तर यदि मैले त्यस मानिसलाई मारे भने मैले जितेको हुनेछ र तिमीहरू हाम्रो दास हुनेछौ। तिमीहरूले हाम्रा सेवा गर्नुपर्छ।"

१०पलिश्तीले यसो पनि भन्यो, "आज म इस्राएली सेनाहरूलाई गिल्ला गर्छु। एउटा मानिस पठाइदेऊ ताकि म त्यससित लड़न सकुँ।"

११शाऊल र इस्राएली सैनिकहरूले पलिश्तीले भनेको यी सब सुन्थे र साह्रै डराउँथे।

## दाऊद रणभूमिमा जान्छन्

१२दाऊद यिशैका छोरा थिए। यिशै इफ्रातीका छोरा थिए जो बेतलेहेमको, यहूदाका थिए। यिशैका आठजना छोराहरू थिए। शाऊलका समयमा यिशै बूढ़ा भइसकेका थिए। १३यिशैका जेठा, माहिला र साहिला छोराहरू शाऊलसित रणभूमिमा गएका थिए। जेठा छोराको नाउँ एलीआब थियो। माहिला छोराको नाउँ अबीनादाब र साँहिला छोराको नाउँ शम्मा थियो। १४दाऊद चाहिँ कान्छो छोरा थिए। जेठा, माहिला र साँहिला चाहिँ शाऊलको सेनामा थिए। १५कान्छा छोरा दाऊद शाऊलको छाउनी र बेतलेहेममा आफ्ना पिताका भेड़ाहरू हेरचाह गर्न आउने जानेगर्थे।

१६त्यो पलिश्ती गोल्यत प्रत्येक दिन बिहानै बेलुकी इस्राएलीहरूका छाउनीमा आएर ठठ्ठा गर्थ्यो। ४० दिनसम्म त्यसले सधैं त्यस्तै गर्थ्यो।

१७एक दिन यिशैले दाऊदलाई भने, "यस फुर्लुङमा चार पाथी (एक एपा) चिउरा र दशवटा रोटी छन् तिम्रा दाज्यूहरूलाई छाउनीमा लगि देऊ। १८यो १० टुक्रा पनीर पनि लिए जाऊ। तिम्रा दाज्यूहरूको १,००० सेनाको समूहलाई आदेश गर्ने अधिकारीलाई देऊ। दाज्यूहरूले के गर्दै छन् हेर। दाज्यूहरू ठीक-ठाक नै छन् भन्ने प्रमाण पनि लिएर आउनु। १९तिम्रो दाज्यूहरू र सबै इस्राएली सैनिकहरू शाऊलसित एला बेंसीमा छन्। तिनीहरू त्यहाँ पलिश्तीहरूसँग लड्दैछन्।"

२०बिहानै दाऊदले अर्को एउटा गोठालोलाई भेड़ाहरू जिम्मा लगायो। दाऊदले भोजन लियो र यिशैले भने अनुसार हिँड्यो। दाऊदले गाड़ा सोझै छाउनीमा लिएर गयो। सैनिकहरू युद्ध पंक्तिमा गएका थिए अनि युद्ध गर्न लागे झैं हल्ला गरिरहेका थिए। २१इस्राएली र पलिश्ती दुवैतिरका सैनिकहरू युद्ध गर्न तयार रहे।

२२दाऊदले भोजन र सामानहरू भण्डारेको हातमा सुम्पियो र इस्राएली सैनिकहरू भए तिर अगाड़िको पंक्तिमा दगुर्‍यो अनि आफ्नो दाजूहरूको विषयमा सोध्यो। २३जस्तो दाऊदले आफ्ना दाज्यूहरूसँग कुरा गरेको बेला त्यो श्रेष्ठ योद्धा पलिश्ती गोल्यत पलिश्ती

सैनिकबाट निस्केर आयो। गोल्यतले सधैं झैं इस्राएललाई
गाली दिन थाल्यो। दाऊदले पनि गोल्यातले भनेको
कुरा सुन्यो। २४इस्राएली सैनिकहरू त गोल्यतलाई देखे
पछि भाग्न थाले। सबै नै भयभित थिए। २५एकजना
इस्राएलीले भने, “त्यसलाई देख्यौ त्यसले के गरिरहेछ
राम्ररी हेर? त्यो गोल्यत घरि-घरि आएर इस्राएलीहरूलाई
यसरी नै गाली गर्छ। जसले यसलाई मार्छ त्यो धेरै धनी
हुनेछ। राजा शाऊलले धेरै सम्पत्ति दिनुहुनेछ। शाऊलले
उसकी छोरी पनि विवाह गर्न दिनेछन् जसले त्यसलाई
मार्न सक्छ। शाऊलले उसको परिवारलाई इस्राएलमा
स्वतन्त्र बनाउनेछ।”

२६दाऊदले छेवैका मानिसलाई सोध्यो, “त्यसले के
भन्यो? यदि कसैले यो पलिश्तीलाई मार्छ अनि इस्राएलको
इज्जत बचाउँछ भने एउटा विदेशी मात्र त हो, उसले
के इनाम पाउनेछ? यो गोल्यत के हो र? गोल्यत
एकजना पलिश्ती भन्दा बढ़ी केही होइन। त्यसले यो
के सोचिरहेछ? उसले जीवित परमेश्वरका सैनिकहरूलाई
धम्काउन सक्छ।”

२७यसैले इस्राएलीहरूले गोल्यतलाई मार्नेको इनामबारे
दाऊदलाई बताउँछन्। २८दाऊदका जेठा दाज्यू एलीआबले
दाऊद सैनिकहरूसित बात गर्दै गरेको सुने। एलीआब
दाऊदसँग रिसाउँछ। एलीआबले दाऊदलाई भन्ने, “तँ
यहाँ किन आइस्? भेड़ाहरू मरुभूमिमा कसलाई छोड़ेर
आइस? तँ यहाँ आउनुको कारण मैले जाने। तँलाई जे
गर्न पठाइएको हो त्यो गर्न तँ चाहँदैनस्। तँ यहाँ खालि
युद्ध हेर्नलाई मात्र आउन चाहन्थिस्।”

२९दाऊदले भन्यो, “मैले त्यस्तो के गरे र? मैले
कुनै नराम्रो काम गरिन म खालि कुरा गर्दै थिएँ।”
३०दाऊद चारैतिर दौड़िएर अरु सेनाहरूसित त्यही
प्रश्नहरू सोध्न थाल्यो। तिनीहरूले पनि दाऊदलाई
त्यही पहिले कै जस्तो उत्तर दिए।

३१केही मानिसहरूले दाऊदलाई कुरा गर्दै गरेको
सुने। तिनीहरूले दाऊदलाई शाऊल कहाँ पुर्‍याएर
दाऊदले गरेको कुरा सबैलाई सुनाए। ३२दाऊदले
शाऊललाई भन्यो, “त्यस पलिश्ती गोल्यतको कारण
तपाईं हतास नहुनुहोस्। म तपाईंको सेवक हुँ। त्यस
पलिश्तीसँग म लड़ने छु।”

३३शाऊलले भने, “तिमी गएर त्यस पलिश्तीसँग
लड्न सक्ने छैनौ। तिमी सैनिक पनि त होइनौ। तिमी
सानै छौ तर गोल्यत सानै देखि युद्धभूमिमा लड्दै
आएको हो।”

३४तर दाऊदले शाऊललाई फेरि भन्यो, “म, तपाईंको
सेवक हुँ र मेरो पिताको भेड़ा पनि चराउने गर्छु।
भेड़ाका बथानबाट सिंह र भालू आएर भेड़ा लैजान्थे।
३५म त्यस्ता जंगली पशुहरूलाई खेद्दै जान्थे र तिनीहरूका
मुखबाट भेड़ा खोसेर ल्याउँथे। यदि जंगली जन्तुले
मलाई आक्रमण गरे त्यसको मुख मुनिको भुत्ला
समात्थें र त्यसलाई हिर्काउथें। ३६मैले सिंह र भालू
मारेको छु। म त्यस विदेशी गोल्यतलाई त्यसरी नै
मार्नेछु। गोल्यत मर्नु नै पर्छ किनकि त्यसले जीवित
परमेश्वरका सेनाहरूको ठट्टा गरेको छ। ३७परमप्रभुले
मलाई सिंह र भालूहरूबाट बचाउनु भएको छ।
परमप्रभुले यी पलिश्ती गोल्यतबाट पनि बचाउनु हुनेछ।”

शाऊलले दाऊदलाई भने, “ठीक छ जाऊ? परमप्रभु
तिम्रो साथमा रहून्।” ३८शाऊलले दाऊदलाई आफ्नै
पोशाक पहिराइ दिए। शाऊलले काँसाको टोपी दाऊदको
शिरमा अनि आफ्नो हातहतियर शरीरमा लगाइ दिए।
३९दाऊदले तरवार भिरेर यताउता हिडने चेष्टा गर्‍यो।
यसरी शाऊलको पोशाकले दाऊदलाई साह्है असजिलो
बनायो। यस्तो पोशाकको अभ्यास दाऊदलाई थिएन।

दाऊदले शाऊललाई भन्यो, “म यसरी लड्न सक्दिन
मैले तिनीहरूको प्रयोग गरेको छैन।” यसर्थ दाऊदले
सबै फूकाले। ४०दाऊदले हातमा एउटा टेकने लौरो
लियो र खोलाबाट चिल्लो पाँचवटा ढुङ्गा टिप्यो।
गोठालाको झोलाभित्रको थैलीमा उक्त पाँचवटा ढुंगा
हाल्यो र घुयेत्रो हातमा बोक्यो। त्यसपछि त्यो पलिश्ती
गोल्यतलाई हाक दिन बढ्यो।

### दाऊदले गोल्यतलाई मार्छन

४१पलिश्ती गोल्यत विस्तारै दाऊदकहाँ आयो।
गोल्यतको सहायक अघि-अघि ढाल बोकेर हिँड्दै
थियो। ४२गोल्यतले दाऊदलाई हेर्‍यो र हाँस्यो। गोल्यतले
सोच्यो यो सैनिक होइन, खालि सुन्दर र रातोवर्णको
केटो हो। ४३गोल्यतले दाऊदलाई भन्यो, “यो लौरो
केको निम्ति हो? कुकुरलाई जस्तै मलाई खेद्न चाहन्छौ?”
अनि गोल्यतले आफ्ना देवताहरूको नाउँ उच्चारण गरेर
दाऊदलाई सराप्न थाल्यो। ४४गोल्यतले दाऊदलाई
भन्यो, “यता आइज, म तेरो मासु चराहरू र जंगली
जनावरहरूलाई खुवाउँनेछु।”

४५दाऊदले पलिश्ती गोल्यतलाई भन्यो, “तँ मकहाँ
तरवार, बर्छा र भाला प्रयोग गर्न आइस्। तर म तँ
कहाँ इस्राएलका सेनाहरूका परमेश्वर सर्वशक्तिमान
परमप्रभुका नाउँ मात्र लिएर आएको छु। तैंले उहाँको
विरूद्धमा नराम्रो वचन बोलीस्। ४६आज परमप्रभुले
मलाई तँमाथि विजय दिलाउनु हुन्छ! म तँलाई मार्छु।
आज तेरो टाउको काटेर चरा र जंगली
जनावरहरूलाई खुवाउँछु। हामी अन्य पलिश्तीहरूलाई
पनि यसै गर्छौं। त्यसपछि संसारले नै बुझ्नेछ इस्राएलमा
परमेश्वर हुनुहुन्छ भनेर। ४७यहाँ जम्मा भएका सबै
मानिसहरूले बुझ्ने छन् कि परमप्रभुलाई आफ्ना
मानिसहरूलाई बचाउँनका निम्ति तरवार र भाला
चांहिदैन भनेर। युद्ध परमप्रभुको हो अनि तिमी
पलिश्तीहरूलाई हराउनमा परमप्रभुले हामीलाई सहायता
गर्नुहुन्छ।”

४८पलिश्ती गोल्यत दाऊदलाई आक्रमण गर्न सुरियो। र बिस्तारै दाऊद अघि बढ्न थाल्यो। त्यत्ति नै बेला दाऊद दौडिएर लड्न चाडै अघि सऱ्यो। ४९दाऊदले आफ्नो झोलाबाट एउटा ढुङ्गा निकाल्यो र घुँयेत्रोमा राखेर मच्चायो। घुयेत्रोको ढुङ्गा गएर गोल्यतको आँखा बिच निधारमा लाग्यो। गोल्यत घोप्टो परेर भूईंमा लड्यो।

५०यसरी दाऊदले पलिश्तीलाई घुँयेत्रोको ढुङ्गाले हिर्काएर हरायो। उसले ढुङ्गाले हिर्कायो अनि पलिश्तीलाई माऱ्यो। दाऊदसंग तरवार थिएन। ५१यसर्थ उ दौडिएर पलिश्तीको छेउमा गयो। त्यसपछि दाऊदले गोल्यतकै म्यानबाट तरवार झिकेर गोल्यतको टाउको छिनायो। यसरी दाऊदले गोल्यतलाई माऱ्यो।

जब अरू पलिश्तीले उनीहरूको वीर नै मरेको देखे अनि डरले भाग्न थाले। ५२इस्राएल र यहूदाका सैनिकहरूले जयघोषणा गर्दै दगुर्दै पलिश्तीहरूलाई खेद्न थाले। इस्राएलीहरूले पलिश्तीहरूलाई खेद्दै-खेद्दै गातको सिमाना र एक्रोनको ढोकासम्म पुऱ्याए र धेरै संख्यामा पलिश्तीहरू मारे। पलिश्तीहरूको लाश गात र एक्रोनको शारेमसम्म सड़कभरी छरपष्ट थियो। ५३पलिश्तीहरूलाई खेदैं सिमाना कटाए पछि इस्राएलीहरू फर्केर पलिश्तीहरूका छाउनीमा पसे र त्यहाँ धेरै सामानहरू फेला पारे। ५४दाऊदले पलिश्तीको टाउको यरूशलेममा नै पुऱ्यायो। पलिश्तीको हात-हतियार पनि आफ्नै पालमा राख्यो।

## शाऊल दाऊद सँग डराउन थाल्छन्

५५शाऊलले दाऊदलाई गोल्यतसँग लड्न गएको देखेका थिए। शाऊलले सेनाका सेनापति अबनेरसँग सोधे, "अबनेर, त्यस केटोको बाबु चाहिँ को हुन्?"

अबनेरले भने, "मेरो राजा, शपथ लिएर भन्दैछु, मलाई थाहा छैन।"

५६राजा शाऊले भने, "त्यसको बाबुको चाहिँको रहेछ खोजी गर।"

५७जब दाऊद गोल्यतलाई मारेर फर्के, अबनेरले उसलाई शाऊल कहाँ लग्यो। दाऊदको हातमा अझै पनि त्यस पलिश्तीको टाउको झुण्डिरहेको थियो।

५८शाऊलले उसलाई सोधे, "युवक, तिम्रो बाबु को हुन्?"

दाऊदले जवाफ दिए, "म तपाईं कै सेवक बेतलेहेमका यिशैको छोरा हुँ।"

## दाऊद र जोनाथनको घनिष्ट मित्रता

१८ दाऊदले शाऊलसँग कुरा गरिसके पछि जोनाथन र दाऊदको बीचमा मित्रता शुरु भयो। जोनाथनले दाऊदलाई त्यति नै प्रेम गर्थ्यो जति उसले आफूलाई गर्थ्यो।

२शाऊलले दाऊदलाई त्यस दिनदेखि आफूसँगै राख्न थाल्यो। शाऊलले दाऊदलाई आफ्नो बाबुको घर जान दिएन।

३जोनाथनले दाऊदलाई असाध्यै प्रेम गरको हुनाले उसले दाऊदसित एउटा विशेष सन्धि गऱ्यो। ४आफूले लगारहेको कोट फुकालेर जोनाथनले दाऊदलाई दियो। जोनाथनले आफ्नो वर्दिसमेत धनु, तरवार र पेटी दाऊदलाई दियो।

## दाऊदको सफलतामा शाऊलको ध्यान

५शाऊलले दाऊदलाई अरू धेरै युद्धहरूमा पठाए। प्रत्येक युद्धमा दाऊदले नै सफलता पाए। त्यसपछि शाऊलले दाऊदलाई सैनिकहरूको जिम्मा दिए। यसो हुँदा सबै खुशी भए, यहाँ सम्म शाऊलका सबै अधिकारी पनि खुशी भए। ६दाऊद पलिश्तीहरू विरुद्ध युद्ध लड्न जाने गर्थ्यो। युद्ध भूमिबाट घरतिर फर्कदा दाऊदलाई इस्राएलको प्रत्येक शहरबाट स्त्रीहरू स्वागत जनाउन आउँथे। ती स्त्रीहरू नाँच्थे, गाउँथे,सितारा र ढोलक बजाउँथे। तिनीहरूले शाऊलकै छेउमा यसो गरे। ७स्त्रीहरूले यसरी गाउँथे,

"शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।"

८ती स्त्रीहरूका गीतले शाऊललाई खिन्न बनाउँथ्यो र तिनी रिसाउँथे। शाऊलले सोचे, "ती स्त्रीहरूले भन्छन् दाऊदले दश हजार शत्रु माऱ्यो र मैले खालि हजार मात्र मारे।" ९त्यसपछि शाऊलले दाऊदको गतिविधिलाई धेरै नजिकबाट ख्याल राख्न थाले।

## शाऊल दाऊदसँग भयभीत भए

१०अर्को दिन परमेश्वरले पठाउनु भएको दुष्ट आत्माले शाऊललाई पकऱ्यो। शाऊलले आफ्नै घरमा अगमवाणी गर्दै थिए। दाऊदले सधैं झै वीणा बजाए। ११तर शाऊलको हातमा भाला थियो। शाऊलले सोचे, "म दाऊदलाई भित्तैमा टँसाई दिन्छु।" शाऊलले दुइ पल्ट भाला हाने तर दाऊद दुवै चोटि तर्किए।

१२परमप्रभु दाऊदसित हुनुहुन्थ्यो अनि परमप्रभुले शाऊललाई त्याग्नु भएको थियो। यसकारण शाऊल दाऊद सँग भयभीत थिए। १३शाऊलले दाऊदलाई आफू देखि पर गर्न चाहे र १,००० सैनिकका सेनापति बनाइ दिए। दाऊदले आफ्नो सैनिकलाई युद्धमा अगुवाई गरे। १४परमप्रभु दाऊदसित हुनुहन्थ्यो यसकारण दाऊद प्रत्येक कुरामा सफल भए। १५शाऊलले बुझे दाऊद सफल र योग्य थिए जसको कारण शाऊल दाऊदसित झन् ज्यादा भयभीत हुनथाले।

१६तर इस्राएल र यहूदाका सबै मानिसहरूले दाऊदलाई प्रेम गर्थे किनभने उसले तिनीहरूलाई युद्धमा डोहाए अनि तिनीहरूको निम्ति युद्ध गरे।

### शाऊलले आफ्नी छोरीको विवाह दाऊदसँग गरिदिन चाहे

१७तर शाऊलले दाऊदलाई मार्नै चाहन्थे, शाऊलले
दाऊदलाई एउटा जालमा पार्ने योजना सोचे। शाऊलले
दाऊदलाई भने, "म मेरी जेठी छोरी मेराबको विवाह
तिमीसित गरिदिने छु। त्यस पछि तिमी एउटा शक्तिशाली
सैनिक हुनेछौ। तिमी मेरो छोरा जस्तै छौ। त्यस पछि
तिमीले परमप्रभुको युद्धहरूमा सैनिक भएर लड्ने छौ।"
यो खालि धुर्त्याइँ मात्र थियो। शाऊलले साँच्चै सोच्दै
थिए, "अब मैले दाऊदलाई मार्नु पर्दैन। म उसलाई
मेरो निम्ति पलिश्तीहरूलाई मार्न लगाउँछु।"
१८तर दाऊदले भने, "म कुनै महत्वपूर्ण सन्तानबाटको
अनि महत्वपूर्ण व्यक्ति होइन। म राजाकी छोरीलाई
विवाह गर्न सक्दिन।"
१९जब शाऊलकी छोरी मेराबको विवाह दाऊदसँग
गर्ने दिन आयो तब दाऊदले महोलका अद्रीएलसँग
मेराबको विवाह गरिदिए।
२०शाऊलकी अर्की छोरी मीकलले दाऊदसँग प्रेम
गर्थी। केही मानिसहरूले शाऊललाई मीकल र दाऊदको
प्रेम विषयमा सुनाए। यस खबरले शाऊल आनन्दीत
भए। २१शाऊलले सोचे, "म दाऊदलाई फसाउन
मीकाललाई लगाउँनेछु। म दाऊदलाई मीकलसँग विवाह
गर्न दिनेछु। त्यस पछि पलिश्तीहरूद्वारा उसलाई मार्नेछु।"
यसर्थ शाऊलले दाऊदलाई दोस्रो पल्ट भने, "आज नै
तिमीले मेरी छोरीसँग विवाह गर्न सक्छौ।"
२२शाऊलले आफ्ना अधिकारीहरूलाई आदेश दिएर
भने, "दाऊदलाई एकान्त पारेर भन्नु, 'हेर! राजाले
तिमीलाई साह्रै मन पराउँनु हुन्छ। उहाँका अधिकारीहरूले
पनि तिमीलाई मन पराउँछन्। तिमीले उहाँकी छोरीलाई
विवाह गर्नु पर्छ।'"
२३शाऊलका अधिकारीहरूले दाऊदलाई त्यही भने।
तर दाऊदले जवाफ दिए, "के तपाईंहरू सोच्नुहुन्छ
राजाको ज्वाइँ बन्न सजिलो छ? मेरो त्यत्ति धन छैन,
जो म राजाकी छोरीलाई दिऊँ। म त एउटा साधारण
गरीब मानिस मात्र हुँ।"
२४अधिकारीहरूले राजालाई दाऊदको सबै कुरा
बताइदिए। २५शाऊलले फेरि भने, "दाऊदलाई भन,
'दाऊद, राजाले उसका छोरीका निम्ति तिमीबाट दुलहीको
दाम लिन चाहनु हुन्न, तर राजा आफ्ना शत्रुहरूसित
बदला लिन चाहनुहुन्छ। यसर्थ राजाले रुपियाँको सट्टा
एक सय पलिश्तीहरूका खलड़ी मात्र तिमीसँग माग्नुहुन्छ।'"
यो शाऊलको षड्यन्त्र धुर्त थियो। शाऊलले सोच्थे
पलिश्तीहरूले दाऊदलाई मार्ने छन भनेर।
२६अधिकारीहरूले दाऊदलाई सबै कुरो बताए।
दाऊद खुशी भए। राजाको ज्वाइँ हुने यो राम्रो
अवसरलाई छोपेर दाऊदले त्यो कार्य गरे। २७दाऊद र
अरु मानिसहरू पलिश्तीहरूसँग युद्ध गर्न हिंड़े। तिनीहरूले
२०० पलिश्तीहरूलाई मारे। दाऊदले पलिश्तीहरूका
खलड़ी शाऊल कहाँ पुऱ्याए। राजाका ज्वाइँ हुनलाई
दाऊदले यस्तो गरे।
शाऊलले मीकलको विवाह दाऊदसँग गराए।
२८शाऊलले बुझे कि परमप्रभु दाऊदसँग हुनुहुन्छ।
शाऊलले यो पनि बुझे, छोरी मीकलले दाऊदलाई प्रेम
गर्थिन। २९यसर्थ शाऊल झन् झन् दाऊदसँग डराउन
थाले। शाऊल सधैं दाऊदको विरोधी भए।
३०पलिश्ती सेनापतिले बारबार इस्राएलीहरू माथि
लड़ाई गर्थे। तर प्रत्येक पल्ट नै दाऊदले तिनीहरूलाई
हराइदिन्थे। दाऊद शाऊलका अधिकारीहरू मध्ये सबैभन्दा
सफल अधिकारी थिए यसैले दाऊद प्रसिद्ध भए।

### जोनाथनले दाऊदलाई सहायता गरे

१९ शाऊलले आफ्ना छोरा जोनाथन र उसका सबै
अधिकारीहरूलाई दाऊदको हत्या गर्नु भने।
तर जोनाथनले दाऊदलाई एक्दमै प्रेम गर्थे। २-३जोनाथनले
दाऊदलाई होसियार गराए, "सावधान बस! शाऊलले
तिमीलाई मार्ने मौका खेज्दैछन्। बिहानै खेतमा गएर
लुक्नु। म मेरो पितासँग खेतमा आउँछु। हामीहरू तिमी
लुकेकै छेउको खेतमा उभिने छौं। म पितासँग तिम्रो
बारेमा चर्चा गर्छु। त्यसपछि जे थाहाँ पाउँछु तिमीलाई
बताउँछु।"
४जोनाथनले आफ्ना पिता शाऊलसँग कुरा गरे।
जोनाथनले दाऊदको राम्रो पक्षको चर्चा गरे। जोनाथनले
भने, "तपाईं राजा हुनुहुन्छ। दाऊद खालि तपाईंको
सेवक मात्र हो। दाऊदले तपाईंलाई कुनै रीतिले हानि
गरेको छैन। तपाईंले पनि उसको हानि गर्नुहुँदैन।
दाऊदले सधै तपाईंको पक्षमा काम गरे। ५पलिश्ती
गोलियतलाई मार्दा पनि दाऊदले आफ्नो जीवन खतरामा
हालेका थिए। परमप्रभुले सबै इस्राएललाई महान
विजय दिलाउनु भयो। यो सब देखेर तपाईं खुशी
हुनुभयो। अब दाऊदलाई किन मार्न चाहनुहुन्छ! दाऊद
निर्दोष छ। दाऊदको हत्या गर्ने कुनै कारण नै छैन्।"
६शाऊलले जोनाथनको कुरा सुन्यो। शाऊलले शपथ
खाए, "परमप्रभु जीवित रहनु भए झैं दाऊद मारिने
छैन।"
७यसर्थ जोनाथनले दाऊदलाई बोलाए र सबै कुरा
सुनाए। त्यसपछि जोनाथनले दाऊदलाई शाऊल कहाँ
लगे। यस पछि शाऊल र दाऊद पहिलेको जस्तै भए।

### शाऊलले फेरि दाऊदलाई मार्न चाहे

८युद्ध फेरि शुरु भयो अनि दाऊद पलिश्तीहरूसँग
लड़न गए। दाऊदले पलिश्तीहरूलाई परास्त गरे र
तिनीहरू भागे। ९परमप्रभुबाटको दुष्ट आत्माले शाऊलमा
प्रवेश गऱ्यो। शाऊल घरैमा बसिरहेका थिए। शाऊलको
हातमा भाला थियो। दाऊदले वीणा बजाउँदै थिए।

१०शाऊलले भाला हानेर दाऊदलाई भित्तैमा उनिदिने
प्रयास गरे। तर दाऊद उफ्रिएर बाँचे। भाला गएर
भित्तामा गाड़ियो। त्यही रात दाऊद त्यहाँबाट भागे।
११शाऊलले दाऊदको घरमा मानिस पठाए!
मानिसहरूले दाऊदको घरलाई पहरा दिए। तिनीहरू
रातभरी त्यही बसे। बिहानी पख दाऊदलाई मारौंला
भने। तर दाऊदकी पत्नी मीकलले उसलाई सावधानी
गराउँदै भनिन्, "आज राती भाग्नु होस् र आफ्नो ज्यान
बचाउँनु होस्। यदि भाग्नु भएन भने भोलि विहान
तपाईं मारिनु हुनेछ।" १२त्यसपछि मीकलले झ्यालबाट
झरेर भाग्न लगाईन्। १३मीकलले एउटा परिवारिक
मूर्तिलाई ओध्यानमा सुताएर टाउकोमा बाख्राको रौ
राखेर लुगाले ढाकिदिईन्।
१४शाऊलले दाऊदलाई बन्दी बनाउनलाई दूत पठाए।
तर मीकलले भनी, "दाऊद बिरामी हुनुहुन्छ।"
१५शाऊलले दूतलाई फेरि दाऊद पछि पठाए र
भने, "दाऊदलाई यहाँ ल्याउन यदि तिमीले उसलाई
आफ्नो आछ्यानमा सुतिरहेको अवस्थामा ल्याऊ ताकी
म उसलाई मार्न सकूँ।"
१६ती दूत फेरि दाऊदको घर गए। तिनीहरू
दाऊदलाई पक्रन भनेर भित्र गए। तर त्यहाँ गएर देखे
ओछ्यानमा त एउटा मूर्तिको कपाल बाख्राको रौ पो
रहेछ।
१७शाऊलले मीकललाई सोधे, "तैले मलाई यसरी
धोका किन दिइस्? तैंले मेरो शत्रुलाई भगाइस्। दाऊद
भाग्यो।"
मीकलले शाऊललाई भनी, "यदि मैले दाऊदलाई
भाग्नमा सहायता गरिन भने मलाई नै मार्छु भन्यो।"

## दाऊद भागेर रामा डेरामा पुगे

१८दाऊद भागेर शमूएल भएको ठाउँ रामामा पुगे।
दाऊदले तिनी माथि शाऊलले गरेको प्रत्येक कुरा
शमूएललाई सुनाए। त्यसपछि दाऊद र शमूएल दुवै
अगमवक्ताहरू बसेका डेरामा पुगे। दाऊद त्यही बस्नथाले।
१९शाऊलले सुने कि दाऊद रामाको एउटा डेरामा
बस्दैछ। २०शाऊलले दाऊदलाई पक्रिन मानिस पठाए।
तर त्यस डेरामा मानिसहरूले अगमवक्तहरू अगमवाणी
गरिरहेका देखे। त्यस दलको माझमा उभिएर शमूएलले
नेतृत्व दिँदै थिए। परमेश्वरको आत्मा शाऊलका दूतहरूमा
उत्रियो र तिनीहरूले पनि अगमवाणी गर्नथाले।
२१शाऊलले यो खबर पनि सुने र अरू दूतहरू
पठाए। तर तिनीहरूले पनि अगमवाणी गर्न थाले।
तेस्रो चोटि पनि शाऊलले दूतहरू पठाए तर तिनीहरूले
पहिलो तरिका अप्नाए अनि अगमवाणी गर्न लागे।
२२अन्त्यमा, शाऊल आफै रामा गए। शाऊल सेकूको
खलाको छेऊमा एउटा ठूलो कूवा भएतिर आइपुगे र
"शमूएल र दाऊद कहाँ छन्" भनी सोधे।
मानिसहरूले जवाफ दिए, "रामाको छाउनी छेऊमा।"
२३त्यसपछि शाऊल रामाको त्यस डेरामा पुगे।
परमेश्वरको आत्मा पनि शाऊलमा उत्रियो। शाऊलले
पनि अगमवाणी गर्न थाले। शाऊलले बाटोदेखि रामाको
डेरा सम्मै अगमवाणी बोले। २४त्यसपछि शाऊलले
आफ्नो लुगाहरू खोल्न थाले। शमूएलको अघि पनि
शाऊलले अगमवाणी गरिरहे। शाऊल त्यहाँ दिन रात
नाङ्गै लड़िरहे।
यही कारणले मानिसहरू भन्ने गर्छन्, "के शाऊल
पनि अगमवक्ताहरू मध्ये कै एकजना हो?"

## दाऊद र जोनाथनले एउटा सन्धि गर्छन्

२० रामाको छेऊ डेराबाट दाऊद दगुर्दै जोनाथनकहाँ
गए। दाऊदले जोनाथनलाई भने, "मैले के
भूल गरे? मेरो दोष के हो? तिम्रा पिताले मलाई किन
मार्न चाहनु हुन्छ?"
२जोनाथनले भने, "त्यो सत्य हुन सक्दैन। तिमी
मारिने छैनौ। मेरो पिताले मलाई नबताई कुनै काम पनि
गर्नु हुँदैन। उहाँले मलाई मुख्य अनि साधारण सूचना
भन्नुहुन्छ। यसकारण मेरो पिताले र यदि तिमीलाई मार्ने
योजना बनाएको भए मलाई किन भन्नुहुन्न र? यो हुनै
सक्दैन।"
३तर दाऊदले भने, "म तिम्रो मित्र हुँ, भन्ने कुरा
तिम्रो पितालाई राम्ररी थाह छ। तिम्रा पिताले सायद
सोच्नुहुन्छ होला, 'जोनाथनले यो कुरा थाह पाउँनु
हुँदैन। यदि त्यसले थाहा पायो भने दाऊदलाई भन्छ।'
परमप्रभु र तपाईं जीवित रहेसम्म, नै यो सत्य हो मेरो
मृत्यु नजिकै छ।"
४जोनाथनले भने, "तपाईंले मलाई जसो भन्नुहुन्छ म
त्यसैगर्छु।"
५त्यसपछि दाऊदले भने, "हेर भोलि औंसीको चाड़
छ। मैले राजासँग खाना खानुपर्छ। तर साँझ सम्म
मलाई खेतमा लुकेर बस्न देऊ। ६यदि तिम्रा बुबाले म
यहाँ उपस्थित छैन भन्ने थाहाँ पाउनुभयो भने, त्यत्तिबेला
तिमीले भन्नु, 'दाऊद बेतलेहेम घरमा जान चाहन्थ्यो।
तिनका परिवारले नै मासिक बलि चढ़ाउने कुरा छ।
यसकारण दाऊदले मलाई बेतलेहेम झर्न र परिवारसँग
भेटन देऊ भने।' ७यदि तिम्रा पिताले ठीक छ 'भन्नु
भयो भने म बाँचे। तर रिसाउनु भयो भने बुझ्नुहोस
कि उहाँले मलाई घात गर्न चाहनुहुन्छ। ८म माथि दया
गर जोनाथन, म तिम्रो सेवक हुँ। परमप्रभुको अगाड़ि
तिमीले मसँग सम्झौता गरेका छौ। यदि म दोषी छु
भने तब तपाईंले नै मलाई मार्नु होस्। तर मलाई तिम्रा
बुबा कहाँ नलैजाऊ।"
९जोनाथनले भने, "त्यसो त कहिले पनि होइन।
यदि मेरा पिताले तिमीलाई घात गर्न खोज्नु, भएको
मैले थाह पाएँ भने म तिमीलाई सावधान गराउनेछु।"

१०दाऊदले भने, “यदि तपाईंलाई तपाईंका पिताले
गाली गरे भने मलाई सावधान कसले गराउँछ?”
११तब जोनाथनले भने, “हिँड़ खेततिर जाऔं।”
त्यसपछि दुवैजनासँगै खेततिर लागे।
१२जोनाथनले दाऊदलाई भने, “म इस्राएलका परमेश्‍वर
परमप्रभुको अगाड़ि प्रतिज्ञा गर्छु। मेरा पिताको तपाईंको
बारेमा कस्तो सोचाइ छ म त्यो थाह गर्ने प्रतिज्ञा गर्छु।
साँच्चै खराबै सोच्नु भएको छ कि असल सोच्नु
भएको छ तीन दिनभित्र म तपाईंलाई खेतमा खबर
पठाउँछु। १३यदि मेरा पिताले तपाईंलाई चोट पुर्‍याउन
चाहनुभएको हो भने म तपाईंलाई भन्नेछु म यहाँबाट
तपाईंलाई सुरक्षित जानदिनेछु। प्रतिज्ञा गरेको काम मैले
गरिन भने परमप्रभुले मलाई सजाय दिनुहुन्छ। परमप्रभु
तिमीसँग रहून् जसरी उहाँ मेरा पितासँग हुनुहुन्छ।
१४जबसम्म म जीवित रहन्छु मलाई दया गर्नु अनि म
मरेपछि १५मेरा सन्तान माथि दया गर्न नछोड़। परमप्रभुले
पृथ्वीमा भएका तपाईंका सबै शत्रुहरूलाई नष्ट गर्नुहुनेछ।
१६त्यस समय यदि जोनाथनको परिवार दाऊदबाट
अलग्गै हुन्छ भने पनि हबस्। परमप्रभुले चाहिँ दाऊदका
शत्रुहरूलाई सजाय दिउन्।”
१७त्यसपछि जोनाथनले दाऊदलाई तिनीहरूको बीचमा
भएको प्रेमको प्रतिज्ञालाई नवीकरण गर्नु भनि सोधे
किनकी जोनाथनले दाऊदलाई आफू भन्दा ज्यादै प्रेम
गर्थे।
१८जोनाथनले दाऊदलाई भने, “भोलि औंसीको चाड़
हो। तपाईंको ठाउँ रित्तो देखेर मेरा पिताले तपाईं कहाँ
जानुभयो भनि सोच्नुहुनेछ। १९तेस्रो दिनमा पनि तपाईं
जानुहोस् अनि त्यही ठाउँमा लुक्नु जहाँ तपाईं पहिला
लुक्नु भएको थियो जब यो समस्या शुरु हुन्छ त्यही
पहाड़को छेउमा पर्खिन्छु। २०तेस्रो दिन म त्यही
पहाड़मा निशान हान्ने बहनामा आउनेछु र म काँड़
हान्ने छु। २१म एउटा केटालाई काँड़ खोज्न पठाउँनेछु।
यदि सबै ठीकठाक छ भने म केटोलाई भन्ने छु, ‘हेर
काँड़ नजिकै छ! तँ धेरै पर गइस्। मेरो नजिक काँड़
खोज। त्यस बेला लुकेको ठाउँबाट तिमी निस्कन
सक्छौ। शपत खाएर भन्छु कि जसरी परमप्रभु सत्य र
जीवित हुनुहुन्छ, तिमी सुरक्षित छौ। त्यहाँ कुनै खतरा
हुनेछैन। २२तर यदि स्थिति ठीक छैन भने म केटोलाई
भन्नेछु ‘काँड़ धेरै पर पुगेको छ। उता गएर खोजेर
आइज्।’ यदि मैले यसो भनेर अहाएँ भने तिमी भाग्नै
पर्छ। परमप्रभुले नै तिमीलाई टाढ़ा पठाउनु भएको हो।
२३दया गरेर तिम्रो र मेरो बीचको सम्झौता चाहि
नभुल्नू। परमप्रभु सँधै भरी हाम्रो साक्षी हुनुहुन्छ।”
२४त्यसपछि दाऊद खेतमा लुक्न गए।

### उत्सवमा शाऊलको मनोभाव

औंसीको चाड़ आयो। अनि राजा भोजनको निम्ति
आफ्ना आसनमा बसे। २५राजा पर्खाल कै छेउमा सधैं
झैं बसे। उनको ठीक अगाड़ि जोनाथन बसे। अबनेर
राजाको अलिक उता बसे र दाऊदको ठाउँ चाहि रित्तो
थियो। २६त्यस दिन शाऊलले केही पनि भनेनन्।
उनले सोचे, “दाऊदलाई केही भयो होला अथवा
रीतिपूर्वक शुद्ध छैन होला।”
२७तर भोलिपल्ट महिनाको दोस्रो दिन, दाऊदको
ठाँउ अझै खाली नै थियो। त्यसपछि शाऊलले आफ्ना
छोरा जोनाथनलाई सोधे, “हिजो र आज औंसीको
चाड़मा यिशैको छोरा किन उपस्थित भएन?”
२८जोनाथनले भने, “दाऊदले बेतलेहेम घर जान्छु
भनेर मसित अनुमति माग्यो। २९उसले भन्यो, “मेरो
परिवारले हाम्रो शहरमा बलिदान चढ़ाउदैछन् अरे,
यसकारण मलाई घरमा जान दिनुहोस्। मलाई त्यहाँ
जानु भनी दाज्यूले हुकूम दिएका छन् यदि म तपाईंको
साथी हुँ भने जान दिनुहोस् र दाजूहरूसँग भेट्न दिनुहोस्।
त्यही कारणले दाऊद यहाँ राजाको भोजमा आएन।”
३०शाऊल जोनाथनसँग साह्रै क्रोधित भए। उसले
जोनाथनलाई भने, “तँ दुष्ट आइमाईको छोरा होस,
जसले भनेको मान्दैन। अनि त्यो तेरो स्वभाव पनि हो
मलाई थाहाँ छ तैले दाऊदको पक्ष लिएको छस्। तँ
तेरो जन्म दिने आमा र तेरो आफ्नै लागि पनि लाज
पार्छस्। ३१जब सम्म यिशैको छोरा जिउँदो छ तबसम्म
तँ राजा हुने छैनस् नत तेरो राज्य पनि हुने छ। अब
दाऊदलाई मकहाँ लिएर आइज। त्यो एउटा मरेको
मानिस हो।”
३२जोनाथनले पितालाई भने, “दाऊदलाई चाहिँ किन
मार्ने? उसले के भूल गरेको छ?”
३३तर शाऊलले उसको छोरोलाई हत्या गर्नुको
लागि भालाले हान्यो। यसबाट जोनाथनलाई थाहा
लाग्यो कि उसका पिताले दाऊदलाई मार्ने चाहन्थ्यो।
३४जोनाथन रिसाएर टेबिल छोड़ेर हिड़े। जोनाथनलाई
साह्रै अशान्ति लाग्यो कि आफ्नो पितासित रिसाएर
दोस्रो दिनको भोजन पनि उसले खाएनन्। उसको
पिताले उसलाई अपमान गरे। ती उसका पितासित साह्रै
क्रोधित थिए अनि एकदमै दु:खी भए किनभने शाऊलले
दाऊदलाई मार्न चाहन्थे।

### जोनाथनसँग दाऊदको बिदावारी

३५भोलिपल्ट बिहान जोनाथन खेतमा गए। जब
तिनीहरू एक मत भएका थिए जोनाथन एउटा केटालाई
साथमा लिएर दाऊद भए कहाँ गए। ३६जोनाथनले
केटोलाई भने, “कुददै गएर मैले हानेको काँड लिएर
आउनु।” जब केटो कुद्न थाल्यो जोनाथनले त्यस
केटाको टाउको मास्तिर आकाशतिर काँड हाने। ३७काँड
झरेको तिर केटो दगुर्‍यो। तर जोनाथनले कराएर भने,
“काँड तँ भएदेखि धेरै पर पुगेको छ।” ३८फेरि

जोनाथन चिच्यायो, "छिटो गर। काँड लिन जा। त्यहाँ
उभिने होइन।" केटोले काँड ल्याएर आफ्नो मालिकलाई
दियो। ३९यी सब के भइरहेछ केटोलाई केही थाहा
भएन। खालि जोनाथन र दाऊदलाई मात्र थाहा थियो।
४०जोनाथनले धनुकाँड केटोलाई बोक्न दिए। त्यसपछि
जोनाथनले केटोलाई "शहर जा" भनेर पठाए।
४१केटो गयो अनि पहाड़को अर्को पट्टिबाट दाऊद
आए। दाऊदले शिर भूईतिर झुकाएर तीन पटक
जोनाथनलाई अभिवादन गरे। त्यसपछि दाऊद र जोनाथनले
एक-अर्कामा म्वाई खाए र दुवै रोए। जोनाथन भन्दा
दाऊद ज्यादा रोए।
४२जोनाथनले दाऊदलाई भने, "शान्तिसित जाऊ।
हामीले परमप्रभुको नाउँमा एका-दोस्रालाई इमानदारी
साथी हो भनि प्रतिज्ञा गरिरहेका छौ। "हामी र हाम्रा
सन्तानहरूका निम्ति पनि परमप्रभु सधै भरी साक्षी रहनु
हुनेछ।"

## पूजाहारी अहिमेलेकसँग दाऊदको भेट

२१ त्यसपछि दाऊद गए जोनाथन शहरमा फर्किए।
२दाऊद पूजाहारी अहीमेलेकलाई भेट्न नोब
नाउँको शहरमा गए।
अहीमेलेक दाऊदलाई भेट्न बाहिर गए। अहीमेलेक
डरले कामिरहेका थिए। अहीमेलेकले दाऊदलाई भने,
"तपाईं किन एक्लै हुनुहुन्छ? तपाईंसित कोही पनि
छैनन्?"
३दाऊदले अहीमेलेकलाई जवाफ दिए, "राजाले
मलाई विशेष आदेश दिनुभएको छ। उहाँले भन्नु
भएको छ, 'यो यात्राको उद्देश्य कसैले पनि थाहा
नपाओस्। कुनै पनि मानिसले थाहा नपाओस्। जो मैले
भने।' मैले आफ्ना मानिसहरूलाई कहाँ भेट्नु पर्ने हो
बताइदिएको छु। ४अब यो भन तिम्रोमा खानेकुरो के
छ? मलाई पाँचवटा रोटी वा जे छ देऊ।"
५पूजाहारीले दाऊदलाई भने, "मेरोमा त्यस्तो साधारण
रोटी छैन। यदि तर मसँग केही पवित्र रोटी छन्। यदि
तपाईंका अधिकारीहरूले कुनै स्त्रीहरूसँग सहवास गरेका
छैनन्, भने यो रोटी खान सक्छन्।"
६दाऊदले पूजाहारीलाई जवाफ दिए, "आज भोलि
हामीले कुनै स्त्री साथमा राखेका छैनौ। युद्धमा जाँदा
हाम्रा मानिसहरू सधै पवित्र भएर जान्छन् यहाँसम्म
साधारण उद्देश्य सोध्न जाँदा पनि। आज त यो कुरा
झन् साँचो हो कारण अति विशेष कुरा सोध्नु छ।"
७त्यहाँ पवित्र रोटी बाहेक अरू कुनै रोटी थिएन।
यसर्थ पूजाहारीले दाऊदलाई त्यही रोटी दिए। यो त्यही
रोटी थियो जो पूजाहारीले परमप्रभुमा चढ़ाएका थिए।
पूजाहारीले प्रत्येक दिन त्यो रोटी बाहिर राखेर त्यसको
सट्टामा ताजा रोटी राख्थे।"
८त्यस दिन शाऊलका अधिकारीहरू मध्ये एकजना
त्यही थिए। उनी हुन एदोमी दोएग। दोएगलाई त्यहाँ
परमप्रभुको अघि राखेको थियो।* दोएग शाऊलका
गोठालाहरूका प्रमुख थिए।
९दाऊदले अहीमेलेकलाई सोधे, "यहाँ एउटा भाला
अथवा तरवार केही छ? राजाको ज्यादै जरूरी काम
छ। मलाई छिटै जानु छ। मैले तरवार अथवा अन्य
कुनै शस्त्र साथमा लिएर आईन्।"
१०पूजाहारीले भने, "यहाँ खालि एउटा तरवार छ
त्यो पनि पलिश्ती गोल्यतको हो। तपाईंले एलाको
बेंसीमा त्यसलाई मारेर लिएको तरवार हो। त्यो तरवार
एउटा लुगामा बेह्रेर एपोदको पछाड़ि राखेको छ। यदि
तपाईंलाई चाहिन्छ भने लिए हुन्छ।"
दाऊदले भने, "त्यो मलाई देऊ। गोल्यतको जस्तो
तरवार अरू कसैको छैन।"

## दाऊद गातमा भागेर शत्रु कहाँ गए

११शाऊलबाट भागेर दाऊद गातका राजा आकीश
कहाँ पुगे। १२आकीशका अधिकारीहरूलाई यो राम्रो
लागेन। तिनीहरूले भन्छन्, "यो दाऊद हो, इस्राएली
भूमिको राजा। यो त्यही व्यक्ति हो जसको गीत
इस्राएलीहरू गाउँछन्। तिनीहरू नाच्दै उसको बारेमा
यस्तो गाउँछन्:

"शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।"

१३तिनीहरूले के भन्दैछन् दाऊदले ध्यान दिए।
दाऊद गातका राजा आकीशसँग डराए। १४यसर्थ
दाऊदले आकीश र तिनका अधिकारीहरू अघि बौलाहाको
बहाना गरे। तिनीहरूका अघि दाऊदले बौलाहा भएको
नाटक गरे। उनले मूल दोकामा नै थुके र दाहीमा थुक
चुहुनु दिए।
१५आकीशले आफ्ना अधिकारीहरूलाई भने, "हेर
यो मानिसलाई! यो त पागल हो। यस मानिसलाई मेरो
उपस्थितिमा पागल कार्य गर्न यहाँ ल्याउनु अवश्यक
छैन। भविष्यमा फेरि यो मानिसलाई मेरो घरमा नल्याउन।
१६मसँग यस्ता बौलाहा मानिसहरू धेरै छन्। मलाई
तिमीहरूले यसलाई यहाँ ल्याउने कुनै काम थियो भन्ने
लाग्दैन। फेरि-फेरि यसलाई यहाँ मेरो घरमा नल्याउनू!"

## दाऊद विभिन्न ठाउँहरूमा जान्छन्

२२ दाऊदले गात छोड़ेर भागे। दाऊद आदुल्लामको
गुफामा पुगे। दाऊदका दाज्यू-भाइहरू र

**त्यहाँ … थियो** यसको अर्थ यो हुनसक्छ कि दोएग
परमेश्वरको विशेष प्रतिज्ञाको एक भाग थियो। अथवा कुनै
अन्य उद्देशको लागि यसको अर्थ यो पनि हुनसक्यो कि
उसले अपराध गरेको हुनाले उ त्यहाँ राखिएको थियो जस्तै
कसैलाई अचानक मारेको अभियोगमा।

आफन्तहरूले दाऊद आदुल्लाममा छ भनी सुने। तिनीहरू दाऊदलाई भेट्न गए। २धेरै मानिसहरूले दाऊदलाई साथ दिएका थिए। दाऊदलाई साथ दिनेहरूमा तिनीहरू थिए जो केही न केही समस्यामा परेका थिए। कोही ऋणमा डुबेकाहरू थिए कोही आफ्नै जिन्दगीसँग असन्तुष्टि थिए। यिनीहरूले दाऊदलाई साथ दिए र तिनीहरूका नेता दाऊद थिए। त्यहाँ लगभग ४०० पुरुषहरू दाऊदसँग थिए।

३मोआबमा मिस्पा जाँदा दाऊदले आदुल्लाम छोड़े। मोआबका राजालाई दाऊदले भने, "मलाई परमेश्वरले के गरिरहनु भएको छ भनि नजानुञ्जेलसम्म मेरा आमा बाबुलाई तपाईंले यहाँ बस्ने अनुमति दिनुहोस्।" ४यसप्रकार दाऊदले उसका आमा-बुबालाई मोआबका राजा कहाँ ल्याए। जबसम्म दाऊद किल्लामा रहे तबसम्म उनका आमा बाबु मोआबका राजासंग बसे।

५तर अगमवक्ता गादले दाऊदलाई भने, "किल्लामा नबस्नु होस्। बरू यहूदाको भूमिमा जानुहोस्।" यसर्थ दाऊद त्यहाँबाट हारेतको बन तिर गए।

### शाऊलले अहीमेलेकको परिवारलाई नष्ट गरे

६शाऊलले सुने कि उसका मानिसहरूले दाऊद र उनका मानिसहरू कतातिर छन् भन्ने थाहा पाए। शाऊल गिबाको टाकुरामा एउटा रूखको छाहारीमुनि बसिरहेका थिए। शाऊलले हातमा भाला लिएका थिए। तिनका सबै अधिकारीहरू वरिपरि उभिएका थिए। ७शाऊलले आफ्ना वरिपरि उभिएका अधिकारीहरूलाई भने, "बिन्यामीनका मानिसहरू हो सुन, तिमीहरूले विचार गरेका छौ, यिशैको छोरा दाऊदले तिमीहरूलाई खेत तथा दाखका बगान दिएको छ? तिमीहरूले यो पनि सोचेका छौ कि दाऊदले तिमीहरूको उन्नति गराउने छ अनि १,००० र १०० मानिसहरूका अधिकारी बनाउने छ? ८तिमीहरू सबैले मेरो विरूद्ध षड्यन्त्र रच्दैछौ। तिमीहरू कसैले पनि छोरा जोनाथनले यिशैका छोरासँग सन्धि गरेको छ भनेर भनेनौ कसैले मेरो वास्ता गरेनौ। मेरो छोरा जोनाथनले दाऊद मेरो नोकरलाई सहायता गरेको कुरा कसैले पनि भनेनौ। जोनाथनले दाऊदलाई लुकेर रहनु भन्ने गर्थ्यो ताकि उसले मलाई आक्रमण गर्न सकोस्। अनि दाऊदले अहिले त्यही नै गर्दैछ।"

९एदोमी दोएग शाऊलका अधिकारीहरूसँगै उभिरहेको थियो। दोएगले भन्यो, "मैले यिशैका छोरा दाऊदलाई नोब भन्ने ठाउँमा देखें। दाऊद अहीतूबका छोरा अहीमेलेकलाई भेटन आएका थिए। १०अहीमेलेकले परमप्रभुसँग दाऊदका लागि प्रार्थना गरे। तिनले दाऊदलाई भोजन पनि दिए। अनि अहीमेलेकले दाऊदलाई पलिश्ती गोल्यतको त्यो तरवार पनि दिए।"

११त्यस पछि राजा शाऊलले पूजाहारीहरूलाई हाजिर गराउनु भनेर मानिसहरूलाई आदेश दिए। शाऊलले अहीतूबका छोरा अहीमेलेकलाई तिनका आफन्तहरूसितै लिएर आउनु भन्ने आदेश दिए। अहीमेलेकका आफन्तहरू नोबमा पूजाहारी थिए। तिनीहरू सबै राजाका अगाड़ि हाजिर भए। १२शाऊलले अहीमेलेकलाई भने, "हे अहीतूबका छोरा, सुन।"

अहीमेलेकले जवाफ दिए, "भन्नुहोस, मेरो प्रभु।"

१३शाऊलले अहीमेलेकलाई भने, "तिमी र यिशैका छोरा दाऊदले मेरो विरूद्ध किन षड्यन्त्र रच्यौ? तिमीले दाऊदलाई रोटी र तरवार दियौ। परमेश्वरसँग तिमीले उसको लागि विन्ती भाउ पनि गऱ्यौ। अनि अहिले दाऊद सोझै मलाई आक्रमण गर्ने मौका हेर्दैछ।"

१४अहीमेलेकले जवाफ दिए, "दाऊद तपाईंको सबभन्दा भरोसा गर्न योग्यको पात्र हो। तपाईंका कुनै अधिकारी पनि दाऊद जस्ता विश्वासी छैनन्। दाऊद त तपाईंका आफ्नै ज्वाइँ हुन्। साथै दाऊद तपाईंका अंगरक्षकहरूका कप्तान पनि हुन्। तपाईंका परिवारका सबैले दाऊदलाई आदर गर्छन्। १५दाऊदको लागि मैले प्रार्थना गरेको यो प्रथमचोटि होइन। मलाई र मेरा आफन्तहरूलाई दोष नदिनुहोस्। हामी त तपाईंका सेवक हौं। कहाँ के भइरहेछ मलाई केही थाहा छैन।"

१६तर राजाले भने, "अहीमेलेक, तिमी र तिम्रा आफन्तहरू मारिनु नै पर्छ।" १७अनि राजाले आफ्ना छेऊमा उभिएको रक्षकलाई आदेश दिए, "जाऊ, परमप्रभुका ती पूजाहारीहरूलाई मार। यसो गर्नै पर्छ कारण तिनीहरू दाऊदका मानिसहरू हुन्। दाऊद भाग्दै थियो भन्ने जान्दा जान्दै पनि तिनीहरूले मलाई बताएनन्।" तर राजाका अधिकारीहरूले परमप्रभुका ती पूजाहारीहरूलाई मार्न अस्वीकार गरे।

१८यसर्थ राजाले दोएगलाई आदेश दिए। शाऊलले भने, "दोएग, तिमी गएर पूजाहारीहरूलाई मार।" एदोमी दोएग गएर पूजाहारीहरूको हत्या गरे। त्यस दिन दोएगले ८५ जना पूजाहारीहरूलाई मारे। १९नोब पूजाहारीहरूको शहर थियो। दोएगले नोबका सम्पूर्ण मानिसहरूलाई मारे। दोएगले तरवारले पुरूष, स्त्री, बालक र शिशु लगायत सबैलाई मारे। यहाँ सम्म दोएगले गाईं गोरू गधा र भेड़ा समेत बाँकी राखेनन्।

२०तर एबीयातार उम्केर भागे, एबीयातार अहीमेलेकका छोरा थिए। अहीमेलेक चाहि अहीतूबका छोरा थिए। एबीयातार भागेर गए र दाऊदसँग मिले। २१एबीयातारले दाऊदलाई शाऊलले पूजाहारीहरू मारेको वृतान्त बताए। २२त्यसपछि दाऊदले एबीयातारलाई भने, "त्यस दिन नोबमा मैले एदोमी दोएगलाई देखेको थिएँ। मलाई थाहा थियो त्यसले शाऊललाई बताउने छ भनेर। तिम्रा पिताको परिवालाई मारेकोमा म आफूलाई उत्तरदायी ठान्छु। २३त्यो मानिस (शाऊलले) तपाईंलाई मार्न

चाहान्छ र मलाई पनि। तिमी यहीं बस नडराऊ। तिमी
यहाँ मसँग सुरक्षित रहने छौ।"

## दाऊद कीलाको नगरमा

२३ मानिसहरूले दाऊदलाई भने, "हेर्नुहोस्,
पलिश्तीहरूले कीलाको शहरमाथि आक्रमण
गरिरहेका छन्। खलाबाट तिनीहरूले अन्न लूट्न शुरु
गरे।"
२दाऊदले परमप्रभुलाई सोधे, "के मैले पलिश्तीहरू
विरुद्ध युद्ध गर्न जानु?"
परमप्रभु परमेश्वरले दाऊदलाई भन्नु भयो, "जाऊ र
पलिश्तीहरूमाथि जाइ लाग अनि कीला शहरको रक्षा
गर।"
३तर दाऊदका मानिसहरूले भने, "हेर्नुहोस्, हामी
यहाँ यहूदामा डराएर बसिरहेका छौ। साँच्चै पलिश्ती
सेनाहरू अघि पुग्दा हामी झन् ज्यादा डराउने छौं।"
४दाऊदले फेरि परमप्रभुलाई सोधे अनि परमप्रभुले
जवाफ दिनुभयो, "कीलामा जाऊ। म पलिश्तीहरूलाई
हराउन म सहयोग गर्ने छु।" ५यसरी दाऊद र तिनका
मानिसहरू कीलामा गए। दाऊद र तिनका मानिसहरू
पलिश्तीसँग लड़े। दाऊदका मानिसहरूले पलिश्तीहरूलाई
हराए अनि तिनीहरूका पशु लिए। यसरी दाऊदले
कीलाका मानिसहरूलाई बँचाए। ६जब एबीयातार भागेर
दाऊदकहाँ पुगे तिनले आफूसँग एउटा एपोद पनि
लगेका थिए।
७मानिसहरूले शाऊललाई अहिले दाऊद कीलामा छ
भनेर सुनाए। शाऊलले भने, "परमेश्वरले दाऊदलाई
मेरा हातमा सुम्पिनु भएको छ। दाऊद फन्दामा परेकोछ।
उ यस्तो शहरमा पस्यो जहाँ ढोकाहरू छन् र ढोकाहरूमा
ताला लगाउने बारहरू छन्।" ८शाऊलले आफ्ना
सारा सेनाहरूलाई लड़ाईकोलागि भेला गराए। ती
सेनाहरू कीलामा दाऊदका मानिसहरूसँग युद्ध गर्न
तयार रहे।
९शाऊलले दाऊदको विरुद्धमा बनाएको योजना उसलाई
थाहा भयो। दाऊदले पूजाहारी एबीयातारलाई भने,
"एपोद ल्याऊ।"
१०दाऊदले प्रार्थना गरे, "हे परमप्रभु इस्राएलका
परमेश्वर, मैले सुनें कि मेरो कारण शाऊलले यो शहर
नष्ट गर्ने योजना बनाउँदैछ। ११के साँच्चै आउँछ? के
किलाका मानिसहरूले म र मेरो मानिसहरूलाई शाऊलको
हातमा सुम्पी देलान? परमप्रभु इस्राएलका परमेश्वर, म
तपाईंको दास हुँ। मलाई बताउँनुहोस्।"
परमप्रभुले भन्नु भयो, "शाऊल आउँछ।"
१२दाऊदले फेरि आफ्नो प्रश्न दोहोस्याए, "के
कीलाका मानिसहरूले मलाई शाऊलका हातमा
सुम्पिनेछन?"
परमप्रभुले भन्नु भयो, "तिनीहरूले त्यसै गर्नेछन्।"
१३त्यसर्थ दाऊद र तिनका मानिसहरूले कीला
छोड़िदिए। दाऊदसँगै जानेहरू प्राय: ६०० मानिस
थिए। दाऊदको र उसका मानिसहरू एक ठाउँ देखि
अर्को ठाउँ हुँदै घुमिरहे। शाऊलले दाऊद किलाबाट
भागे भन्ने थाहा पाए। यसर्थ शाऊल त्यस शहरतिर
गएनन्।

## शाऊलले दाऊदको खेदो गर्छन्

१४दाऊद मरुभूमिको किल्लामा बस्न पुगे। दाऊद
जीपको मरुभूमिको पहाड़ी क्षेत्रमा गए। शाऊलले सधै
नै दाऊदको खोजी गर्थे, तर परमप्रभुले शाऊलको
हातबाट दाऊदलाई जोगाउनु हुन्थ्यो।
१५दाऊद जीपको मरुभूमिको होरेश भन्ने ठाउँमा
थिए। त्यहाँ शाऊल दाऊदललाई मार्न आइरहेकाले
तिनी साह्रै डराए। १६तर शाऊलको छोरा जोनाथन
दाऊदलाई भेट्न होरेश गए। जोनाथनले दाऊदलाई
परमेश्वरलाई विश्वास गर्न अझ जोड़ गरे। १७जोनाथनले
दाऊदलाई भने, "डराउनु पर्दैन। मेरा पिता शाऊलले
तपाईंलाई हानि गर्ने छैनन्। तपाईं इस्राएलका राजा
हुनुहुनेछ। मचाहिं तपाईं पछिको हुनेछु। यो कुरा मेरा
पिताले पनि जान्दछन्।"
१८जोनाथन र दाऊद दुवैले परमप्रभु अघि एउटा
बाचा-बन्धन गरे। त्यसपछि जोनाथन घरतिर लागे अनि
दाऊद होरेशमानै बसे।

## जीपका मानिसहरूले शाऊललाई दाऊदबारे बताउँछन्

१९जीपका बासिन्दाहरू गिबामा शाऊललाई भेट्न
आए। तिनीहरूले शाऊललाई भने, "दाऊद हाम्रै क्षेत्रमा
लुकेरहेका छन्। ऊ हकीला पहाड़को होरेश नाउँको
किल्लामा छन्, जो यशीमोनको दक्षिणमा पर्छ। २०अब,
महाराज, तपाईं जहिले आए पनि हुन्छ। दाऊदलाई
तपाईंको जिम्मा लगाउने काम हाम्रो भयो।"
२१शाऊलले जवाफ दिए, "परमप्रभुले मलाई सहायता
गरेकोमा तिमीहरूलाई आशीर्वाद दिऊन्। २२जाऊ र
उसको बारे अझ जानकारी लेऊ। दाऊद कहाँ बस्छ
थाहा गर। दाऊदलाई त्यहाँ कसले देख्छ त्यो पनि
बुझिराख। शाऊलले मनमनै विचारे, 'दाऊद साह्रै
चलाक छ। उसले मलाई छक्याउन सक्छ।' २३दाऊद
लुकेको ठाउँहरू पत्ता लगाऊ। त्यसपछि आएर मलाई
वृतान्त बताऊ। त्यस पछि म तिमीहरूसित जानेछु। यदि
दाऊद ती ठाँउहरूमा कतै छ भने यहूदाको प्रत्येक
घरहरूमा छापामारेर म त्यसलाई पत्तालगाउँनेछु।"
२४अनि जीपका मानिसहरू जीपमा फर्किए पछि
शाऊल त्यहाँ गए। दाऊद र तिनका मानिसहरू यशीमोनको
दक्षिणमा भएको अराबाको माओन वनमा थिए। २५शाऊल
र तिनका मानिसहरू दाऊदको खोजीमा गए। तर
मानिसहरूले दाऊदलाई होसियार गराए। शाऊलले

तिमीलाई खोज्दै छ भनेर खबर दिए। त्यसपछि दाऊद
माओनको मरुभूमिको तल चट्टानतिर गए। शाऊलले
दाऊद माओनको मरुभूमितिर गएको कुरा थाहा
पाए। यसरी शाऊल दाऊदको खोजीमा त्यस ठाउँतिर
गए।

२६शाऊल पहाड़को एकापट्टि थिए, त्यही पहाड़को
अर्कोपट्टि दाऊद र तिनका मानिसहरू थिए। दाऊद
शाऊलको पञ्जाबाट बाँच्न हतारिदै थिए। शाऊल र
उसका सिपाहीहरू दाऊदलाई पक्रन पहाड़को चारैतिर
घुमिरहेका थिए।

२७त्यत्ति नै बेला एउटा समाचार-वाहक शाऊल
कहाँ आयो अनि जानकारी दियो, "चाँड़ो आउनुहोस्
पलिश्तीहरूले हामीलाई आक्रमण गर्दैछन्।"

२८यसकारण शाऊलले दाऊदको पिछा गर्न छोड़े
अनि पलिश्तीहरूसँग लड़न गए। यही कारण मानिसहरूले
त्यस ठाउँको नाउँ "छुट्टयाउने चटान" भन्न थाले।
२९दाऊद माओनको मरुभूमि त्यागेर एनगदीको छेउको
किल्लामा गए।

## दाऊदले शाऊललाई लाजमर्दो बनाएको

२४ शाऊलले पलिश्तीहरूलाई खेदिसकेपछि
मानिसहरूले शाऊललाई भने, "दाऊद त
एनगदीको नजिककै मरुभूमिमा छ।"

२सारा इस्राएलबाट शाऊलले ३,००० मानिसहरूलाई
छाने। शाऊलले ती छानिएका मानिसहरू लिएर दाऊद
र तिनका मानिसहरूको खोजी गर्न थाले। तिनीहरूले
घोरल-चट्टानको छेउछाउमा खोजे। ३शाऊल बाटो छेउको
भेड़ा गोठमा आए। त्यहाँ छेउमा एउटा गुफा थियो।
शाऊल आफैलाई लुकाउन गुफा भित्र पसे। दाऊद र
तिनका मानिसहरू धेरै पर गुफाभित्र लुकिरहेका थिए।
४मानिसहरूले दाऊदलाई भने, "आज परमप्रभुले भन्नु
भएको दिन होइन्? उहाँले तपाईंलाई भन्नु भएको
थियो, 'तिम्रो शत्रुलाई म तिम्रो हातमा सुम्पिदिनेछु,
त्यसपछि तिम्रो इच्छानुसार तिम्रो शत्रुलाई जे गर्छौ
गर।'"

त्यसपछि दाऊद घस्रँदै घस्रँदै शाऊलको छेउ पुगे।
दाऊदले शाऊलको खास्टोको एक टुक्रा चाल नपाई
काटिदिए। ५पछि दाऊदलाई शाऊलको टुक्रा खास्टो
काटेकोमा नराम्रो लाग्यो। ६दाऊदले मानिसहरूलाई
भने, "परमप्रभुले मलाई आफ्नो मालिकलाई क्षति
गर्नबाट रोकुन्। शाऊल परमप्रभुले छान्नु भएको राजा
हुन र मैले त्यसो नगरको भए हुने थियो।" ७दाऊदले
यसो भनेर आफ्ना मानिसहरूलाई रोकी राखे। उसले
तिनीहरूलाई शाऊललाई हानि गर्न अनुमति दिएन्।

शाऊल गुफा छोड़ेर आफ्नै बाटो लागे। ८दाऊद
गुफाबाट निस्किएर आए र शाऊललाई बोलाउँदै भने,
"हे मेरो प्रभु! महाराजा!"

शाऊलले पछि फर्केर हेरे। दाऊदले शिर झुकाए।
९दाऊदले शाऊललाई भने, "जब मानिसहरूले भन्छन्,
'दाऊदले तपाईंलाई चोट पुर्‍याउने योजना बनाइरहेछ
तपाईंले किन तिनीहरूको कुरा सुन्नुभयो।" १०म
तपाईंलाई हानि पुर्‍याउने छैन। तपाईं आफ्नै आँखाले
देख्न सक्नुहुन्छ। परमप्रभुले तपाईंलाई आज मेरो हातमा
गुफामै सुम्पिदिनु भएको थियो। तर मैले तपाईंको हत्या
गरिन। तपाईंमाथि म कृपालु भए। मैले भनें, 'म मेरो
मालिकलाई हानि गर्ने छैन। किनभने उनी परमप्रभुले
छान्नु भएको राजा हुन्।' ११यो लुगाको टुक्रा मेरो
हातमा हेर्नुहोस्। मैले यो टुक्रा तपाईंको खास्टोबाट
काटेको हुँ। म तपाईंलाई मार्न सक्थें, तर मैले त्यसो
गरिन। यो कुरा तपाईंलाई थाहा होस् भन्ने म
चाहान्छु। म तपाईंलाई यो जनाउन चाहान्छु कि
तपाईंको विरूद्धमा मैले कुनै योजना बनाएको छैन।
मैले तपाईंलाई कुनै अनिष्ट गरेको छैन। तर तपाईं मेरो
पछि लागेर मलाई मार्न चाहानुहुन्छ। १२परमप्रभुले नै
यसको न्याय गर्नुहुन्छ। मलाई गर्नु भएको अत्यचारको
बदला परमप्रभुले तपाईंलाई दण्डित तुल्याउनु हुनेछ। तर
म आफै तपाईंको विरूद्धमा जाँदिन। १३त्यहाँ एउटा
पूरानो भनाइ नै छ: 'खराब कुरा दुष्ट मानिसहरूबाट
फैलिन्छ।'

मैले कुनै नराम्रो गरिन। म दुष्ट मानिस पनि त
होइन। म तपाईंलाई हानि गर्नेछैन। १४तपाईंले कसलाई
खेदो गर्नु भएको छ? इस्राएलका राजा कसको विरूद्धमा
आक्रमणमा ओर्लिएका छन्? तपाईंले आफ्ना वास्तविक
शुत्रलाई खेदिरहनु भएको छैन। यदि तपाईं मरेको
कुकुर अथवा उपियाँको पछि लाग्नु जस्तै हो। १५परमप्रभुले
यस मामलामा न्याय गर्नुहुनेछ। उहाँले नै हामी दुई
बीचमा निर्णय गरून्। जब उहाँले तपाईंबाट मलाई
जोगाउनु हुन्छ परमप्रभु आफैले देखाउनु हुनेछ कि म
सही छु।"

१६दाऊद चुप्प लागे अनि शाऊलले सोधे, "यो
तिम्रो आवाज हो, मेरो छोरा दाऊद?" त्यसपछि शाऊल
रूनथाले शाऊल धेरै नै रोए। १७शाऊलले भने, "तिमी
म भन्दा धर्मी अनि असल छौ तिमीले म प्रति असल
काम गर्‍यौ, तर म नै तिम्रो विरुद्धमा थिए। १८मेरो
लागि गरेका असल कामहरूका बारे तिमीले भन्यौ।
परमप्रभुले नै मलाई तिम्रो सामु ल्याउनु भयो। तर
तिमीले मलाई केही गरेनौ। १९यसले यो देखाउँछ म
तिम्रो शत्रु होइन। मानिसले शत्रुलाई सहजै पक्रन
सक्दैन र सहजै छोड़दैन पनि उसले शत्रुलाई राम्रो
गर्दैन। परमप्रभुले तिमीलाई इनाम दिनु हुन्छ कारण
तिमीले मलाई केही गरेनौ। २०म जान्दछु तिमी राजा
हुने नै छौ। तिमीले इस्राएल माथि शासन गर्ने नै छौ।
२१अब मलाई एउटा वचन देऊ। परमप्रभुको शपथ
खाएर वचन देऊ कि मेरो सन्तानहरू कसैलाई पनि

मार्ने छैनौ। मेरा पिताको परिवारबाट मेरो नाउँ निशान हटाउँनै छैनौ।"

२२दाऊदले शाऊलसँग शपथ खाए। दाऊदले शाऊलका सन्तानहरू कसैलाई पनि मार्ने छैनन् भन्ने वचन सुनेर शाऊल घरतिर फर्के। दाऊद र तिनका मानिसहरू किल्लातिर लागे।

## दाऊद र मूर्ख नाबाल

२५ शमूएलको मृत्यु भयो। सारा इस्राएलीहरू भेला भएर शमूएलको मृत्युमा दुःख प्रकट गरे। तिनीहरूले शमूएललाई तिनको आफ्नै घर रामामा गाड़े। त्यसपछि दाऊद पारानको मरुभूमितिर लागे।

२माओनमा एकजना असाध्यै धनी मानिस थिए। ऊसित ३,००० भेड़ाहरू र १,००० बाख्राहरू थिए। उसको कर्मेलमा धन-सम्पत्ति थियो। ऊ त्यहाँ आफ्नो भेड़ाको ऊन कत्रन गयो। ३त्यस मानिसको नाउँ नाबाल थियो। ऊ कालेब सन्तानको थियो। नाबालकी पत्नी अबीगेल थिईन, ऊ सुन्दरी र बुद्धिमती थिईन्। तर नाबाल, अति निष्ठुर र नीच स्वभावको मानिस थियो।

४नाबालले भेड़ाको ऊन कत्रँदैछ भन्ने खबर दाऊदले मरुभूमिको क्षेत्रमा नै सुने। ५दाऊदले दशजना युवकहरूलाई नाबालकहाँ पठाए। दाऊदले तिनीहरूलाई भने, "कर्मेलम जाऊ र नाबाललाई मेरो नाउँमा 'अभिवादन' गर।" ६उसलाई भन, "म आशा गर्छु कि तपाईंको परिवार र तपाईं अधिकार गर्नु भएका सबै असलै होलान्। ७मैले थाहाँ पाएँ कि तपाईं आफ्नो भेड़ाको ऊन कत्रँदै हुनुहुन्छ। तपाईंका गोठालाहरू केही समयदेखि हामीसित थिए। हामीले तिनीहरूसित खराब व्यवहार गरेनौ। जब तिनीहरू कर्मेलमा थिए तिनीहरूको केही पनि हराएन अथवा चोरेनन्। ८तपाईंले सेवकहरूलाई सोध्नुहोस् अनि तिनीहरूले सत्य बोल्ने छन्। मेरो जवान मानिसहरूप्रति दया गर्नुहोस्। अहिले उत्सवको समय भएको कारण, तपाईंले जे गर्नु सक्नुहुन्छ मेरो सेनाहरूलाई गरिदिनुहोस्। मेरो निम्ति यति काम गरिदिनुहोस्, तपाईंको मित्र दाऊद।"

९दाऊदका मानिसहरू नाबालकहाँ गए। तिनीहरूले दाऊदको समाचार नाबाललाई सुनाए। १०तर नाबालले दुष्ट आचारण देखाए र भन्ने, "दाऊद को हो? यो यिशैको छोरो को हो? आज भोलि धेरै कमाराहरू आफ्ना मालिक छोड़ेर भाग्दैछन्। ११मसँग रोटी-पानी छ। म सँग मासु पनि छ जुन मैले मेरो भेड़ाहरूबाट ऊन कत्रँनै नोकरहरूका निम्ति तयार पारेकोछु। तर म यो मासु रोटी अनि पानी नचिनेको मानिसहरूलाई दिने छैन्।"

१२दाऊदका मानिसहरू फर्केर गएर नाबालले भनेका सबै कुराहरू दाऊदलाई सुनाए। १३त्यसपछि दाऊदले आफ्ना मानिसहरूलाई भने, "आफ्नो-आफ्नो तरवार भिर।" यसरी दाऊद र उनका मानिसहरूले तरवार भिरे। झण्डै ४०० मानिसहरू दाऊदसँग गए। २०० मानिसहरू मात्र सर-सामानसँग बसे।

## अबीगेलले विपत्ती टारिन

१४नाबालको एउटा नोकरले नाबालकी पत्नी अबीगेललाई भन्यो, "दाऊदले आफ्ना समाचार-वाहकहरूलाई हाम्रा मालिक नाबाल भए ठाउँसम्म पठाए। तर नाबाल तिनीहरू प्रति तुच्छ थिए। १५ती मानिसहरू हाम्रा निम्ति साह्रै असल थिए। जब हामी भेड़ाहरू मैदानमा लिएर जान्थ्यौ। दाऊदका मानिसहरू हामीसितै दिनभरी हुन्थे। अनि तिनीहरूले हाम्रो कुनै नोक्सान गरेनन्। तिनीहरूले कहिले पनि केही चोरेनन्। १६दाऊदका मानिसहरूले दिन रात हाम्रो रक्षा गर्थे। हामीले भेड़ा चराइरहेको समयमा पनि तिनीहरूले हाम्रो चारैतिरबाट पर्खालले झैं रक्षा गऱ्यो। १७यसको विषयमा सोचेर केही गर्नुहोस्। नाबाल साह्रै मूर्ख छन् ऊसित कुरा गर्न सकिँदैन अनि आउने विपत्तिको विषयमा उसलाई चेताउनी दिन सकिँदैन। अब नाबाल र तिनका सन्तानमाथि ठूलो विपत्ति आइलाग्नेछ।"

१८अबीगेलले हतार हतार २०० वटा रोटी, दुइ मशक दाखरस पाँचवटा पकाएको भेड़ा, पाँच पाथी पकाएको चिउरा १०० झुप्पा किसमिस र सुकाएको २०० झुप्पा नेभारा तयार पारी गधाहरूमा लदाइन्। १९त्यसपछि नोकरहरूलाई भनिन्, "यो लिएर जाऊ। म पछि-पछि आउँदै छु।" तर यी सब तिनले आफ्नो लोग्नेलाई भनिनन्।

२०गधामा चढ़ेर अबीगेल त्यस पहाड़को अर्को पट्टिको पखेरामा गइन्। तिनले दाऊदलाई आफ्ना मानिसहरूसँग पहाड़को अर्को पट्टिबाट आउँदै गरेका भेटिन्।

२१अबीगेललाई भेट्न भन्दा अघि दाऊदले भन्दै थिए, "मैले त्यस मरुभूमिमा नाबालको सम्पत्ति रक्षा गरें। मैले यति सुरक्षा गरें कि नाबालले केही नोक्सान भोगेनन्। मैले गरेको सबै व्यर्थ भयो। मैले भलाई गरे तर त्यसले त दुर्व्यवहार गऱ्यो। २२यदि मैले नाबालको परिवारका कुनै पनि पुरुषलाई भोलि बिहान सम्म जीवित रहन दिएँ भने मलाई परमेश्वरले दण्ड दिउन्।"

२३त्यति नै बेला अबीगेल आइपुगिन्। अबीगेलले दाऊदलाई देख्न साथ गधाबाट ओर्लिन् र दाऊदको अघि शिर झुकाईन्। २४तिनको अनुहार दाऊदको अघि भूँइमा निहुराए र अबीगेलले भनिन्, "महाशय कृपया, मलाई केही भन्न दिनुहोस्। मैले भनेका कुरा सुनिदिनुहोस्। जे भयो त्यसका निम्ति मलाई दोषी ठहराउनुहोस्। २५तपाईंले पठाउँनु भएका मानिसहरू मैले देखिनँ। महाशय त्यो काम नलाग्ने नाबालको कुरामा ध्यान नदिनुहोस्। जस्तो उसको नाउँ छ मानिस

पनि त्यस्तै छ। उसको नाउँको अर्थ 'मूर्ख", भए जस्तो
उ पनि मूर्ख नै छ। २६परमप्रभुले तपाईंलाई निर्दोष
मानिसहरूको हत्या गर्नबाट जोगाउनु भयो। जस्तो
परमप्रभु जीवित हुनुहुन्छ त्यस्तै तपाईं पनि जीवित
हुनुहुन्छ। म प्रार्थना गर्छु कि तपाईंका सबै शत्रुहरू
अनि जसले तपाईंलाई क्षति गराउँन चाहन्छन् तिनीहरू
सबै नाबाल जस्तै होउन। २७मैले तपाईंलाई केही
उपहार ल्याएकी छु। तपाईंका मानिसहरूलाई दिनुहोस्।
२८मेरो भूलमा क्षमा दिनु होस्। मलाई थाहा छ
परमप्रभुले तपाईंको परिवारलाई शक्तिशाली तुल्याउनु
हुनेछ र धेरै राजाहरू तपाईंकै परिवारबाट आउनेछन्।
परमप्रभुले यसो गर्नु हुनेछ कारण तपाईंले उहाँको
निम्ति युद्ध गर्नु भएको छ। यसर्थ तपाईं बाँचिञ्जेल
मानिसहरूले तपाईंमा कुनै खोट पाउने छैनन्। २९यदि
कसैले तपाईंलाई मार्न खेदो गर्‍यो भने परमप्रभु तपाईंको
परमेश्वरले तपाईंको जीवनलाई बचाउँनु हुनेछ। तर
घुँयत्रोबाट ढुङ्गा फ्याँकिए झैं परमप्रभुले तपाईंका
शत्रुहरूलाई फ्याक्नु हुनेछ। ३०तपाईंलाई परमप्रभुले धेरै
राम्रो कार्य गर्ने वचन दिनु भएको छ। उहाँले आफ्नो
वचन पूरा गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई इस्राएलको
अगुवा बनाउनुहुनेछ। ३१तर तपाईं निर्दोष मानिसहरूको
हत्या गरेर भूल नगर्नुहोस्। अझै भड्खलोमा नपस्नुहोस्।
परमप्रभुले तपाईंलाई जब सफलता हासिल गराउनु हुन्छ
दया गरी मलाई सम्झनुहोला।"

३२दाऊदले अबीगेललाई जवाफ दिए, "परमप्रभु
इस्राएलका परमेश्वरको प्रशंसा गर। आज उहाँले
तिमीलाई म भए कहाँ पठाउनु भएको निम्ति प्रशंसा
गर। ३३तिम्रो सही विचारको निम्ति परमेश्वरले तिमीलाई
आशीर्वाद दिऊन्। आज निर्दोष मानिसहरूको हत्या
गर्नबाट तिमीले मलाई रोक्यौ। ३४साँच्चै नै परमप्रभु
इस्राएलका परमेश्वर जीवित हुनुहुन्छ म त्यो भन्छु।
यदि तिमी ठीक समयमा नआइपुगेका भए भोलि बिहान
सम्ममा नाबालका एउटै मानिस पनि जीवित रहने
थिएन।"

३५त्यसपछि दाऊदले उपहार स्वीकार गरे। दाऊदले
भने, "शान्तिसित घर जाऊ। मैले तिम्रा सबै कुरा सुने
र म तिमीले भने जस्तै गर्नेछु।"

### नाबालको मृत्यु

३६अबीगेल घर फर्किन। नाबाल घरैमा भोज
मनाइरहेका थियो। नाबाल राजाले जस्तै भोजन खाँदै
थिए। उ मग्न थिए अनि खूबै पिएका थिए। यसर्थ
भोलि बिहान नहुञ्जेल अबीगेलले केही भनिन। ३७भोलि
पल्ट बिहान नाबाल शान्त थियो। यसर्थ उसकी पत्नीले
सबै बताइन्। त्यत्ति नै बेला नाबालमुटुको वेदनाले
पीड़ित भयो। ३८झण्डै दश दिनपछि परमप्रभुले नाबाललाई
मृत्यु दण्ड दिनुभयो।

३९दाऊदले नाबालको मृत्युको खबर सुने। दाऊदले
भने, "परमप्रभुको महिमा होस्। नाबालले मेरो विषयमा
दुष्ट कुरा गरे, तर परमप्रभु परमेश्वरले मेरो पक्ष
लिनुभयो। परमप्रभुले मलाई पाप गर्नबाट बचाउँनु भयो
अनि परमप्रभुले नाबाललाई उसका अपराधको निम्ति
मृत्यु दण्ड दिनुभयो।"

त्यसपछि दाऊदले अबीगेललाई समाचार पठाउनु
भयो अनि दाऊदले उनलाई आफ्नी पत्नी हुने प्रस्ताव
राख्नुभयो। ४०दाऊदका नोकरहरू कर्मेलमा आएर
अबीगेललाई भने, "दाऊदले हामीलाई पठाउनु भएको
छ। तपाईं उहाँकी पत्नी हुनुहोस् भन्नु भनी उहाँले
समाचार पठाउनु भएको छ।"

४१अबीगेलले शिर झुकाइन् र भनिन्, "म तपाईंको
दासी हुँ। म तपाईंको सेवा गर्न राजी छु। म मेरो
स्वामी दाऊदका सेवकहरूका खुट्टा धुन तयार छु।"

४२हतार-हतार तयार भएर गधामा चढ़ी ती दूतहरूसँग
अबीगेल बाटो लागिन्। अबीगेलले आफूसित पाँचजना
सहेलीहरू लगिन् र आफू दाऊदकी पत्नी भइन।

४३दाऊदले यिज्रेलकी अहीनोमलाई पनि विवाह गरेका
थिए। दाऊदका अहीनोम र अबीगेल दुवै पत्नी भए।
४४दाऊदले शाऊलकी छोरी मीकललाई पनि विवाह
गरेका थिए। तर शाऊलले तिनलाई दाऊदबाट खोसे।
शाऊलले गल्लीमको लेशको छोरा पलिश्तीलाई मीकल
दिएका थिए।

### दाऊद र अबीशै शाऊलको छाउनीमा पसे

२६ जीपीका मानिसहरू शाऊललाई भेट्न गिबा
गए। तिनीहरूले शाऊललाई भने, "हकीलाको
पहाड़मा दाऊद लुक्दैछ। यो पहाड़ यशीमोन देखि पारि
पर्छ।"

२शाऊल जीपको मरुभूमितिर गए। शाऊलले ३,०००
सेनाहरू इस्राएलबाट छानेर लगे। शाऊल र उसका
सेनाहरूले जीपको मरुभूमितिर दाऊदलाई खोजे।
३शाऊलले उसको छाउनी हकीलाको पहाड़माथि बाटोको
छेउमा यशीमोन तिर फर्काएर बनाए। दाऊद त्यही
मरुभूमिमा थिए। शाऊलले पीछा गर्दैछन् भन्ने कुरा
तिनलाई थाहा थियो। ४यसर्थ दाऊदले चेवाहरू पठाए।
दाऊदलाई थाहा लाग्यो शाऊल हकीलामा छ भनेर।
५दाऊद शाऊलको छाउनीमा गए। शाऊल र अबनेर
कहाँ सुतिरहेका थिए दाऊदले देखे। (नेरका छोरो
अबनेर शाऊलका सेनाको सेनापति थिए।) शाऊल
छाउनीको बीचमा सुते। सेनाहरू शाऊलको वरिपरि
सुती रहेका थिए।

६दाऊदले हित्ती अहीमेलेक र सरूयाहका छोरा
अबीशैसित बात गरे। (अबीशै योआबका भाइ थिए।)
तिनले भने, "मसँग शाऊलको छाउनीमा को जान्छ?"
अबीशैले जवाफ दिए, "म तपाईंसँग जानेछु।"

७जब रात पर्‍यो दाऊद र अबीशै शाऊलको
छाउनीमा गए। शाऊल छाउनीको मध्य भागमा मस्त
सुतिरहेका थिए। तिनको भाला तिनको शिर नेर भूँईमा
गाड़िएको थियो। अबनेर अरु सैनिकहरूसंगै शाऊलको
वरिपरी मस्त सुतिरहेका थिए। ८अबीशैले दाऊदलाई
भने, "आज परमेश्वरले तपाईंको शत्रुलाई तपाईंको
हातमा सुम्पिनु भएकोछ उसको भालाले उसैलाई रोप्न
मलाई दिनुहोस्। म एकै खेपमा काम सिध्याउँछु।"
९तर दाऊदले अबीशैलाई भने, "शाऊललाई नमार!
परमेश्वरले छान्नु भएको राजालाई घात गर्दा दण्ड
पाइन्छ। १०साँच्चै नै परमेश्वर जीवित हुनुहुन्छ परमप्रभु
आफैले शाऊललाई दण्ड दिनुहुनेछ। शाऊल युद्ध
भूमिमा मरोस अथवा स्वभाविक मृत्यु होस्। ११तर म
परमप्रभुले उहाँका चुनिएका राजालाई केही नोक्सान
नपुर्‍याउन भनी उहाँलाई विन्ति गर्छु। शाऊलको शिरमा
भएको भाला र पानीको सुराही उठाउ अनि हामी
जानेछौ।"
१२यसरी दाऊदले भाला र पानीको सुराही शाऊलको
शिरकै छेउबाट लिए। त्यसपछि दाऊद र अबीशै
छाउनीबाट निस्किए। तिनीहरूले के गरे कसैले पनि
थाहा पाएन। न कसैले देख्यो न त कोही ब्यूँझ्यो।
शाऊल र तिनका सैनिकहरू गहिरो निद्रामा परेको
कारण परमप्रभुले नै तिनीहरूलाई गहिरो निद्रामा
पारिदिनुभएको थियो।

### दाऊदले फेरि पनि शाऊललाई लाजमर्दो बनाए

१३दाऊद बेंसी पार गरेर पारिपट्टि पुगे। शाऊलको
छाउनीबाट पारी पहाड़को टाकुरामा पुगे। दाऊद र
शाऊलका छाउनीहरू धेरै टाढ़ा-टाढ़ा थिए। १४दाऊदले
सेना र खास गरी नेरका छोरा अबनेरलाई ठूलो स्वरमा
कराएर भने, "अबनेर, मलाई जवाफ देऊ!"
अबनेरले जवाफ दिए, "तिमी को हौ? किन महाराजलाई
डाकिरहेछौ?"
१५दाऊदले भने, "तिमी मानिस हौ, कि होइनौ?
अनि इस्राएल भरी सबभन्दा महान तिमी नै छौ। के यो
सत्य होइन? त्यसो हो भने आफ्नो प्रभु महाराजको रक्षा
किन ठिकसित गरेनौ? एउटा साधारण मानिसले तिम्रो
राजालाई मार्न छाउनी भित्र आयो। १६तिमीले एकदमै
नराम्रो काम गर्‍यौ। जस्तो कि परमप्रभु जीवित हुनुहुन्छ,
तिमी र तिम्रा मानिसहरू मर्नु पर्छ। किनभने तिमीहरूले
आफ्ना परमप्रभुका अभिषिक्त राजाको रक्षा गरेनौ। अब
हेर राजाको सिरानी छेउको भाला र पानी पिउने
सुराही। खोई कहाँ छन्?"
१७शाऊलले दाऊदको स्वर चिने। शाऊलले भने,
"मेरो छोरा दाऊद के यो स्वर तिम्रो हो?"
दाऊदले जवाफ दिए, "ज्यू, यो मेरै आवाज हो,
मेरो प्रभु महाराजा।" १८दाऊदले फेरि भने, "हे मेरा
प्रभु, तपाईंले मेरो खेदो किन गर्नु हुदैछ? मैले के भूल
गरें? मेरो के कसुर छ? १९हे मेरो मालिक राजा म
तपाईंको नोकरलाई सुन्नु होस् यदि परमप्रभुले नै
तपाईंलाई म माथि रिस उठाउनुभएको हो भने एउटा
भेट स्वीकार गरिदिनुहोस्। तर यदि मानिसले तपाईंलाई
म माथि रिस उठाउनु भएको हो भने, परमप्रभुले
तिमीहरूलाई केही नराम्रो गर्नुहुनेछ। परमप्रभुले दिनुभएको
भूमि त्याग्न मलाई मानिसहरूले जबरजस्ती गरे। तिनीहरूले
मलाई भने, 'जाऊ र विदेशीसँग बस र विदेशी
देवतालाई पूजागर।' २०मलाई परमप्रभुबाट टाढ़ा मर्न
नदेऊ। इस्राएलका राजा भ्रीङ्गाको पछि लाग्दैछ। तपाईं
पहाड़मा भ्यागुताहरूको पछि लागेको मानिस जस्तो
हुनुभयो।"
२१तब शाऊलले भने, "मैले पाप गरें। मेरो छोरा
दाऊद यता आऊ आज मलाई प्रमाण गरेर देखाइ
देऊ। तिम्रो निम्ति मेरो ज्यान महत्वपूर्ण छ। अब म
तिमीलाई चोट पुर्‍याउने छैन। मैले मूर्खले झैं ठूलो
भूल गरें।"
२२दाऊदले जवाफमा भने, "राजाको भाला यहाँ छ।
यो लिन कुनै एक जना जवानलाई पठाउनुहोस्।
२३परमप्रभुले हरेक मानिसहरूलाई उसको धार्मिकता र
विश्वसनीयताको निम्ति इनाम दिनुहुन्छ। उहाँले राम्रो
काम गर्ने मानिसलाई इनाम दिनुहुन्छ र नराम्रो कार्य
गर्नेलाई दण्ड दिनुहुन्छ। परमप्रभुले तपाईंलाई हराउन
आज मलाई मौका दिनुभयो। तर म परमप्रभुका
अभिषिक्त राजालाई हानि गर्न चाहदिन। २४आज मैले
प्रमाण गरें कि मेरो निम्ति तपाईंको जीवन महत्वपूर्ण
छ। यस्तै प्रकार परमप्रभुले पनि देख्नु हुनेछ मेरो प्राण
उहाँलाई महत्वपूर्ण छ। परमप्रभुले मलाई प्रत्येक खतराबाट
बचाउँनु हुनेछ।"
२५त्यसपछि शाऊलले दाऊदलाई भने, "परमेश्वरले
तिमीलाई आशीर्वाद दिउन्, मेरो छोरा दाऊद। तिमीले
ठूला-ठूला कार्यहरू गर्नेछौ र सफलता पनि पाउँनेछौ।"
दाऊद आफ्नो बाटो लागे र शाऊल घरतिर फर्किए।

### दाऊद पलिश्तीहरूसँग रहन थाले

२७ तर दाऊदले आफै सोचे, "शाऊलले मलाई
एक दिन पक्रिएर मार्ने छ। सबभन्दा राम्रो
मलाई यो हुन्छ पलिश्तीहरू भएकोमा भागेर जानु
त्यसपछि शाऊलले मलाई इस्राएलमा खोज्न छोड़ने छ।
त्यसरी म शाऊलबाट उम्कन सक्नेछु।"
२यसरी दाऊद र तिनका ६०० मानिसहरूले इस्राएल
त्यागे। तिनीहरू माओकका छोरा आकीशकाँ गए।
आकीश गातका राजा थिए, ३दाऊद, तिनका मानिसहरू
र तिनका परिवार गातमा आकीशसँग बसे। दाऊदकी
दुवै पत्नी तिनीसितै थिए। तिनीहरू यिज्रेली अनहीनोअम
अनि कर्मेली अबीगेल थिए। अबीगेल नबालकी विधवा

थिईन्। ४मानिसहरूले शाऊललाई भने कि दाऊद भागेर गात गए। यसर्थ शाऊलले दाऊदको पिछा गर्न छोड़े।

५दाऊदले आकीशसँग भने, "यदि तपाईं मसँग प्रसन्न हुनुहुन्छ भने मलाई शहरमा एउटा ठाउँ तोकिदिनुहोस्। म तपाईंको सेवक मात्र हुँ। म त्यहाँ बस्नेछु, यहाँ राजधानीमा होइन।"

६त्यस दिन आकीशले दाऊदलाई सिकलग शहर दिए। सिकलग चाहि त्यही दिन देखि यहूदा राजाहरूको वंशमा रहेकोछ। ७दाऊद पलिश्तीहरूसँग एक वर्ष चार महिना बसे।

## दाऊदले आकीश राजालाई छक्काए

८दाऊद र तिनका मानिसहरूले मिश्रमा अवस्थित तलैम देखि शूरका अमालेकी गशूर र गिज्रीहरूसित युद्ध गरे। दाऊदले तिनीहरूलाई हराएर सम्पत्ति लुटे। ९दाऊदले त्यस इलाकाका मानिसहरूलाई हराए अनि सबैलाई मारे दाऊदले त्यहाँ भेड़ा, गाई-गोरू, गधा ऊँठ र लुगाहरू लुटे। ऊ फर्किए पछि यी लुटेकाहरू आकीशलाई दिए।

१०दाऊदले धेरै पल्ट यसो गरे। प्रत्येक चोटि नै आकीशले कता कोसँग युद्ध गर्‍यौ भनेर सोध्थे। दाऊदले भन्थे, "मैले दक्षिणपट्टिको यहूदमाथि अथवा 'मैले दक्षिणपट्टिको यरहमेलीमा,' अथवा "दक्षिणपट्टिको केनीहरूमाथि आक्रमण गरे*।" ११दाऊदले गातमा कहिले पनि कुनै लोग्ने मानिस अथवा स्त्रीहरू जिउँदो ल्याएनन्। दाऊदले ठान्थे, "यदि मैले जिउँदो मानिस ल्याएँ भने वास्तवमा म के गर्दैछु, आकीशले थाहा पाउनेछ।"

जब सम्म दाऊद पलिश्तीको भूमिमा बसे तिनले त्यसो गरे। १२आकीशले दाऊदलाई पत्याउन थाले। आकीशले आफैलाई भन्थे, "अब दाऊदलाई आफ्नै मानिसहरूले घृणा गर्ने छन्। इस्राएलीहरूले दाऊदलाई साह्रै घृणा गर्नेछन्। अब दाऊदले सधै मेरो सेवा गर्नेछ।"

## पलिश्तीहरू युद्धको निम्ति तयार

२८ त्यस बेला पलिश्तीहरूले इस्राएलमाथि आक्रमण गर्न सेनाहरू भेला गराए। आकीशले दाऊदलाई भने, "तपाईंले त्यो जान्नु पर्छ तपाईं र तपाईंका मानिसहरू इस्राएलको विरुद्ध युद्धमा मसँग जानुपर्छ।"

२दाऊदले जवाफ दिए, "निश्चय! तपाईंले देख्नुहुन्छ म के गर्न सक्छु।"

आकीशले भने, "राम्रो, म तपाईंलाई मेरो अंगरक्षक बनाउँछु। सधैं मेरो रक्षा गर्नुहोस्।"

## शाऊल र एउटी स्त्री एन्दोरमा

३शमूएल मरे। शमूएलको मृत्युमा सम्पूर्ण इस्राएलीहरूले दु:ख प्रकट गरे। तिनीहरूले शमूएललाई उनकै शहर रामामा गाड़े। पहिला शाऊलले भुतप्रेत खेलाउनेहरू र ज्योतिषीहरूलाई इस्राएल छोड्न वाध्य गरेका थिए।

४पलिश्तीहरू युद्धको निम्ति तयार थिए। तिनीहरू शूनेममा आएर त्यहीं छाउनी बनाए। शाऊलले पनि सबै इस्राएलीहरूलाई भेला गराएर गिल्बोमा छाउनी हाल्न लगाए। ५शाऊल पलिश्ती सेनाहरू देखेर डराए। तिनको मुटु नै काम्यो। ६शाऊलले परमप्रभुमा प्रार्थना गरे तर परमप्रभुले जवाफ दिनुभएन। परमप्रभु परमेश्वरले दर्शनमा पनि केही उत्तर दिनुभएन। परमेश्वरले न त उरीम न ता अगमवक्ताद्वारा नै शाऊललाई जवाफ दिनुभयो। ७अन्त्यमा शाऊलले आफ्ना अधिकारीहरूलाई भने, "मलाई एउटी तंत्र-मंत्र गर्ने महिला ल्याइदेऊ, म त्यसलाई सोध्छु यो युद्धको फल के हुन्छ।"

तिनका अधिकारीहरूले जवाफ दिए, "एन्दोरमा त्यस्ती एउटी स्त्री छे।"

८शाऊलले भेष बद्लाउनको निम्ति भिन्नै लुगा लगाए यसकारण उसलाई नचिनोस्। त्यो रात शाऊल दुइजना मानिस लिएर त्यस स्त्रीलाई भेट्न गए। शाऊलले त्यस स्त्रीलाई भने, "म तिमीलाई भन्नेछु मेरो भविष्य बताउने आत्मा बोलाऊ। म जसको नाउँ दिन्छु त्यसैको आत्मा जगाउनु।"

९तर त्यस स्त्रीले भनी, "तिमी जान्दछौ शाऊलले के गर्‍यो। सबै झाँकी र ज्योतिषीहरूलाई उसले इस्राएलबाट धपायो। तिमीले मलाई अप्ठेरोमा पारेर ज्यान लिन चाहान्छौ।"

१०शाऊलले परमप्रभुको नाउँमा शपथ खाएर त्यसलाई भने, "तिमीले कुनै दण्ड सामना गर्नु पर्ने छैन।"

११स्त्रीले सोधी, "तिमीले कसलाई बोलाउनु लाउँछौ?"

शाऊलले भने, "शमूएलको आत्मालाई बोलाऊ।"

१२शमूएलको आत्मा तिनको अघि देखा पर्‍यो। शमूएललाई देखेर त्यो स्त्रीले जोड़ले चिच्याई। तिनले शाऊललाई भनिन्, "मलाई धोखा दिनुभयो! तपाईं नै शाऊल हुनुहुन्छ।"

१३राजाले स्त्रीलाई भने, "नडराऊ। तिमीले के देख्यौ?"

स्त्रीले भनी, "मैले आत्मा भुइँबाट निस्किएको देखे।"

१४शाऊलले सोधे, "को जस्तो देखिन्छ?"

स्त्रीले जवाफ दिइ, "खास किसिमको लबेदा ओढ़ेको एउटा वृद्ध मानिस जस्तो देखिन्छ।"

त्यसपछि शाऊलले थाहा पाए शमूएल नै हो भनेर। शाऊलले भूइँतिरशिर झुकाए उसलाई अभिवादन गरे।

---

**दक्षिणपट्टिको ... आक्रमण गरे** यि सबै ठाउँहरू एसावका थिए। दाऊदले आचिसलाई विचार गर्न लगायो कि उसले आओ मानिस इस्राएलका विरुद्ध लड़ेको थियो।

१५शमूएलले शाऊललाई भने, "मलाई किन दुखः
दिएको? मलाई किन बोलाएको?"
शाऊलले भने, "म संकटमा छु। पलिश्तीहरू म
सँग युद्ध गर्न आउँदैछन्, अब परमेश्वर मसित हुनु
हुन्न। परमेश्वरले मलाई केही दिनुहुन्न। न त उहाँले
कुनै अगमवक्ता न सपनामा केही भन्नु हुन्छ। यसकारण
तपाईंलाई बोलाएको छु मलाई भन्नुहोस् म के गरौं?"
१६शमूएलले भने, "परमप्रभु तिमीसित हुनुहुन्न। उहाँ
तिम्रो छिमेकी दाऊदसँग हुनुहुन्छ। यसकारण मलाई
किन झन्झट दिएको? १७परमप्रभुले के गर्नु हुनेछ त्यो
भन्न उहाँले मलाई एकपटक आज्ञा गर्नुभयो। अहिले
परमप्रभुले त्यही गर्दै हुनुहुन्छ। परमप्रभुले तिम्रो हातबाट
राजधानी खोस्दै हुनुहुन्छ। अनि उहाँले तिम्रो छिमेकीको
हातमा सुम्पिदिनुहुनेछ। त्यो छिमेकी चाहिँ दाऊद हो।
१८तिमीले परमप्रभुको आज्ञा पालन गरेनौ। तिमीले
अमालेकीहरूलाई पूर्ण नष्ट गरेनौ तिनीहरूलाई यो कुरा
देखाउन कि तिनीहरूसंग परमेश्वर कति क्रोधित हुनुहुन्थ्यो।
यसकारण आज परमप्रभुले तिमीलाई यसो गर्नु हुँदैछ।
१९परमप्रभुले पलिश्तीहरूद्वारा तिमीलाई र इस्राएलका
सेनालाई आज हराउनु हुन्छ। अनि भोलि, तिमी र
तिम्रा छोरा मसित हुनेछौ।"
२०शाऊल तत्कालै लड़े र भूइँमा पसारिए। शमूएलको
कुरा सुनेर शाऊल साह्रै डराए। शाऊल कमजोर
भइसकेका थिए कारण हिजो देखि रात-दिन उनले
केही खाएकै थिएनन्।
२१स्त्री शाऊलको छेउमा आईन। शाऊल साह्रै
डराएको देखी। तिनले भनी, "हेर्नुहोस् म तपाईंकी
सेविका। मैले तपाईंको आज्ञापालन गरें। मैले मेरो
ज्यानलाई जोखिममा हाले र तपाईंले भने झैं गरें।
२२अब मेरो कुरा सुन्नुहोस्। म तपाईंलाई खाने कुरा
दिन्छु। तपाईंले खानैपर्छ। त्यसपछि आफ्नो कार्य गर्न
शक्ति पाउनु हुनेछ।"
२३तर शाऊलले मानेनन्। तिनले भने, "मलाई खान
चाहिँदैन।"
शाऊलका अधिकारीहरूले पनि स्त्रीसँगै केही खानु
भनी अनुरोध गरे। अन्त्यमा शाऊलले तिनीहरूका कुरा
माने। भुइँबाट उठेर बिस्तरामा बसे। २४त्यस स्त्रीले
आफूसँग भएको बलियो बाच्छो मारी। त्यस स्त्रीले
अलिकति पिठो मुछी र खमीर बिनाको रोटी पकाई।
२५र त्यस स्त्रीले भोजन शाऊल र तिनका अधिकारीहरूलाई
पस्कि। तिनीहरूले भोजन खाए र त्यही रात तिनीहरू
उठेर गए।

### "दाऊद हामीसित आउनसक्दैन"

२९ पलिश्तीहरूले अपेकमा तिनीहरूका सबै
सैनिक भेला गराए। इस्राएलीहरूले यिज्रेलको
पानीको मुहान नेर छाउनी हाले। २पलिश्ती अगुवाहरूले
सय र हजारको संख्यामा मानिसहरूलाई अघि बढ़ाए।
दाऊद र तिनका मानिसहरू आकीशको पछिल्तिर
लागे।
३पलिश्ती कप्तानहरूले सोधे, "यी हिब्रूहरूले यहाँ
के गर्दैछन्?"
आकीशले ती कप्तानहरूलाई भने, "यिनी दाऊद
हुन्। दाऊद शाऊलका अधिकारीहरू मध्ये एकजना
थिए। दाऊद मसँग धेरै अघिदेखि छन्। शाऊललाई
त्यागेर आई म सँग बस्न थाले यता मैले कुनै भूलत्रुटि
दाऊदमा पाइँन।"
४तर पलिश्ती कप्तानहरू आकीशसँग रिसाए।
तिनीहरूले भने, "दाऊदलाई फर्काउनुहोस्। तपाईंले
दिनुभएको शहरमा उ फर्कनु पर्छ। रणभूमिमा उ
हामीसित जान सक्दैन। नत्रभने हाम्रो आफ्नै छाउनी
भित्र शत्रु हुनेछ। उसले आफ्नो राजालाई खुशी पार्न
हाम्रै मानिस मार्नेछ। ५दाऊद त्यही मानिस हो जसको
विषयमा इस्राएलीहरू यसो भनेर गीत गाउँदै नाच्थे :

"शाऊलले हजार शत्रुहरू मारे
तर दाऊदले दश हजार मारे।"

६यसकारण आकीशले दाऊदलाई बोलाएर भने,
"जीवित परमप्रभुको नाउँमा, तिमी मेरो भक्त छौ। म
अति प्रसन्नहुने थिएँ यदि तिमीले मेरा सेनामा योगदान
दिएको भए। शुरूदेखि नै तिमी भरपर्दो भएका छौ। तर
पलिश्ती सेनाहरूले तिमीलाई सहमति गर्न चाहदैन।
७शान्तिसित फर्क, पलिश्ती कप्तानहरूका विरुद्धमा
कुनै गलत काम नगर।"
८दाऊदले सोधे, "मेरो गल्ती के हो?" जबदेखि म
तपाईंकहाँ आए मेरो केही दोष पाउनु हुन्छ? मेरा
मालिक मेरा परमप्रभु राजाको शत्रुहरूसित युद्धगर्न
मलाई किन बाधा दिनुहुन्छ?"
९आकीशले जवाफमा भने, "मलाई थाहा छ तिमी
असल मानिस हौ। तिमी परमेश्वरका स्वर्गदूत हौ। तर
पलिश्ती सेनापतिहरूले भन्दैछन्, 'दाऊद हामीसित युद्ध
भूमिमा जान सक्दैन।' १०भोलि बिहानै तिमी र तिम्रा
मानिसहरूसित मैले दिएको शहरमा फर्केर जाऊ।
यसकरण घाम झुल्कनु अघि नै फर्केर जाउ।"
११यसकारण दाऊद र तिनका मानिसहरू बिहानै
उठेर पलिश्ती देशतिर फर्के। बीचमा यता पलिश्तीहरू
चाहिँ यिज्रेल तिर बढ़े।

### अमालेकीहरूले सिकलगमाथि आक्रमण गरे

३० तेस्रो दिन दाऊद र तिनका मानिसहरू सिकलग
आए अनि यो भष्म भएको देखे। जब
अमालेकीहरूले नेगेभ क्षेत्रमा आक्रमण गरे? तिनीहरूले
सिकलगमा आक्रमण गरे अनि शहरमा आगो लगाइदिए।
२तिनीहरूले सिकलगका स्त्रीहरूलाई बन्दी बनाए। बूढ़ा

अथवा जवान सबै मानिसहरूलाई समाते। तिनीहरूले कसैलाई पनि मारेनन्। बन्दी मात्र बनाए।

३जब दाऊद र तिनका मानिसहरू सिकलग आए शहर जलिरहेको पाए। तिनीहरूका पत्नीहरू छोरा-छोरीहरू सबै अमालेकीहरूले लगेकाले कोही थिएनन्। ४त्यसैते दाऊद र अरू मानिसहरू धेरै रोए। ५अमालेकीहरूले दाऊदका दुवै पत्नीहरू यिज्रेली अहीनोअम र कर्मेली नाबालकी विधवा अबीगेललाई पनि हरेर लगेछन्।

६सेनाका सबै मानिसहरू आफ्ना छोरा छोरी सबै बन्दी बनाइएकोमा दुःखी भई रिसाए। मानिसहरूले दाऊदलाई ढुङ्गाले हिर्काएर मार्ने कुरा गर्दैथे। यसले दाऊदलाई साह्रै नराम्रो लाग्यो। तर दाऊदले परमप्रभु उनका परमेश्वरबाट शक्ति पाए। ७दाऊदले पूजाहारी एबीयातारलाई भने, "एपोद ल्याउनुहोस।"

८दाऊदले परमप्रभुलाई बिन्ती गरे, "मेरो परिवारका सदस्यहरूलाई हरण गर्नेहरूलाई के म खेदौं? म तिनीहरूलाई पक्रन सक्छु?"

परमप्रभुले भन्नु भयो, "पछ्याऊँ तिनीहरूलाई। पक्रन सक्छौ र तिम्रो परिवारका सदस्यहरूलाई बचाउन सक्छौ।"

### दाऊद र तिनका मानिसहरूले मिश्री दासलाई पाउँछन्

९-१०दाऊद आफ्ना साथमा ६०० मानिसहरू लिएर बसोर खोल्सामा गए। त्यो ठाउँमा झण्डै २०० मानिस त्यही बसे। त्यहाँ बस्नुको कारण तिनीहरू धेरै कमजोर थिए र थाकेका पनि थिए, यसकारण दाऊद ४०० मानिसहरू लिएर अमालेकीहरूलाई लगातार पछ्याउन थाले।

११दाऊदका मानिसहरूले खेतमा एउटा मिश्रीलाई भेटे। त्यस मिश्रीलाई तिनीहरूले दाऊदका सामु हाजिर गराए। तिनीहरूले त्यस मिश्रीलाई पानी र भोजन दिए। १२तिनीहरूले एउटा टुक्रा नेभाराको रोटी र दुइ झप्पा किसमिस पनि दिए। खाना खाए पछि उनी फुर्तीला भए। तीन दिन तीन रातदेखि न त खाना खाए, न पानी पिए।

१३दाऊदले त्यस मिश्रीलाई सोधे, "तिम्रो मालिक को हो? तिमी कहाँबाट आयौ?"

त्यस मिश्रीले जवाफ दिए, "म एकजना मिश्री हुँ। म एकजना अमालेकीको दास हुँ। तीन दिनअघि म बिरामी भएँ र मालिकले मलाई त्यागिदिए। १४हामीले नेगेव इलाकामा आक्रमण गर्‍यौं जहाँ करेतीहरू बस्थे। हामीले यहूदा र नेगेवमा आक्रमण गर्‍यौ जहाँ कालेबी जाति बस्थे। हामीले सिकलगलाई जलायौं।"

१५दाऊदले भने, "के तिमी मलाई तिनीहरूकहाँ पुर्‍याइदिन सक्छौ जसले हाम्रा परिवारका सदस्यहरूलाई समातेका छन्?"

त्यस मिश्रीले भने, "परमेश्वरको अघि यदि तपाईंले मलाई मार्दिन अथवा मेरो मालिकको घरमा मलाई फिर्ता दिने वचन दिनुभयो भने म तपाईंलाई सहयोग गर्छु।"

### दाऊदले अमालेकीहरूलाई हराउँछन्

१६त्यस मिश्रीले दाऊदलाई अमालेकीहरू भएको ठाउँमा पुर्‍यायो। त्यसबेला अमालेकीहरू खाँदै र पिउँदै भुइँमा पल्टिरहेका थिए। तिनीहरूले पलिश्ती र यहूदाका क्षेत्रबाट जे-जे लूटेका थिए त्यहीसँग रमाइलो मनाइरहेका थिए। १७दाऊदले तिनीहरू माथि आक्रमण गरे र मारे। तिनीहरू घाम झुल्के देखि अर्को दिनको साँझसम्म लडे। अमालेकीहरू कोही भाग्नसकेनन्। खालि ४०० सेनाहरू तिनीहरूका ऊँठमा चढेर गए।

१८अमालेकीहरूले लुटेका जति सबै उनका दुइटी पत्नीहरू सहित दाऊदले उद्धार गरे। १९कोही पनि हराएनन्। बूढ़ा र जवान सबै पुनःप्राप्त गरे। सबैका छोरा छोरी पनि पाइए। अमालेकीहरूले लुटेका प्रत्येक चीज दाऊदले पुनःप्राप्त गरे। २०सबै भेड़ा, बाख्रा, गाई-गोरु दाऊदले फिर्ता लिए। दाऊदका मानिसहरूले ती पशुहरूलाई अघि लगाए। तिनीहरूले भने, "यी सबै दाऊदका उपहार हुन्।"

### भागबण्डा सबैमा बराबर हुने

२१दाऊद बसोर खोल्सामा ती २०० मानिसहरू बसेको ठाउँमा आए। यी मानिसहरू साह्रै कमजोर र थाकेका हुनाले दाऊदसँग जान सकेका थिएनन्। यी मानिसहरू दाऊद र सैनिकहरूलाई भेट्न बाहिर आए। तिनीहरूले दाऊद र सैनिकहरूलाई अभिवादन गरे जब तिनीहरू नजिक आए। २२दाऊदसँग केही दुष्ट मानिसहरू पनि गएका थिए अनि जसले समस्या उब्जाइ रहन्थे। ती दुष्टहरूले भने, "यी २०० मानिसहरू हामीसित गएका होइनन्। यिनीहरूले आफ्ना पत्नी र छोरा-छोरीहरू सिवाय केही पनि पाउने छैनन्।"

२३दाऊदले जवाफ दिए, "होइन, मेरा भाइ हो। त्यसो गर्नु हुँदैन। बिचार गर त परमप्रभुले हामीलाई के दिनुभयो! परमप्रभुले हामीलाई शत्रु हराउन सहयोग गर्नुभयो जसले हामी माथि आक्रमण गर्‍यो। २४तिमीले जे भन्छौ त्यसमा कसैले ध्यान दिनेछैन। जो लड़ाइको मैदानमा जान्छन् र जो यहाँ बसेर माल-समानको रक्षा गर्नेले तिनीहरूको लागि बराबर भागबण्डा हुनेछ। सबैले बराबर भाग बण्डा पाउने छन्।" २५दाऊदले यो आदेश दिए र इस्राएलमा शासन गरे अनि आज पनि इस्राएलमा यही नियम लागू छन्।

२६दाऊद सिकलग आइपुगे। तिनले अमालेकीहरूबाट पाएका सामानहरू यहूदाका आफ्ना मित्रहरू र नेताहरूलाई पठाइदिए। दाऊदले भने, "परमप्रभुका शत्रुबाट खोसेका चीजहरू तपाईंलाई उपहार स्वरूप छ।"

२७दाऊदले त्यसरी नै ती सामानहरू बेतेलका नेताहरूलाई, नेगेबका रमोत, यतीरमा, २८अरोएर, सिपमोत, एस्तमो, २९राकालमा भएकाहरूलाई, यरहमैलीहरू र केनीहरूका शहरहरूमा, ३०होर्मामा, बोराशानमा, अत्ताकमा, ३१अनि हेब्रोनमा भएकाहरूलाई पठाइदिए। दाऊदले तिनका मानिसहरू जहाँ-जहाँ गएका थिए ती सबै ठाउँका नेताहरूलाई पठाइदिए।

## शाऊलको मृत्यु

३१ पलिश्तीहरू इस्राएलको विरुद्धमा लड़े अनि इस्राएलीहरू हारेर भागे। गिल्बो पर्वतमा धेरै इस्राएलीहरू मारिए। २पलिश्तीहरू शाऊल र तिनका छोराहरू विरूद्ध तीव्रता पूर्वक लड़े। पलिश्तीहरूले शाऊलका छोरा जोनाथन, अबीनादाब र मल्कीशूअलाई मारे।

३त्यो युद्ध शाऊलको विरुद्ध चारैतिर मच्चियो। धनुर्धारीको काँड़ले शाऊललाई हिर्कायो अनि तिनी नराम्रो घाइते भए। ४शाऊलले तिनको हातहतियार बोक्ने नोकरलाई भने, "तिम्रो तरवार निकालेर मलाई मार। ती विदेशीहरूको हातबाट म घाइते हुनु अथवा तिनीहरूको हाँसोको पात्र बन्न म चाहदिन।" तर शाऊलको नोकर डराएर त्यसो गर्न सकेन। यसर्थ शाऊलले आफ्नो तरवार निकालेर आत्महत्या गरे। ५नोकरले शाऊल मरेको देखेर तरवार निकालेर आफू पनि शाऊलसँगै मर्‍यो। ६यसरी शाऊल, तिनका तीनजना छोरा र हतियार बोक्ने केटो त्यस दिन सँगै मरे।

## पलिश्तीहरूले शाऊलको मृत्युमा आनन्द मनाए

७बेंसीको अर्कोपट्टि भएका इस्राएलीहरूले इस्राएलका सैनिकहरू भाग्दै गरेको देखे। तिनीहरूले शाऊल र तिनका छोराहरू मरेको देखे। यो देखेर ती इस्राएलीहरू आफ्नो शहर छाड़ेर भागे। त्यसपछि पलिश्तीहरू ती शहरहरूमा आएर बस्न लागे।

८अर्को दिन, पलिश्तीहरू मरेका लाशहरूबाट चीज बिज लुटन गए। तिनीहरूले गिल्बो पर्वतमा शाऊल र तिनका छोराहरू मरेका पाए। ९पलिश्तीहरूले शाऊलको टाउको काटे र तिनको हतियार लगे। तिनीहरूले पलिश्ती र तिनीहरूले पूजा गर्ने देवताको मन्दिर सम्म उक्त समाचार पुर्‍याए। १०तिनीहरूले शाऊलको हात-हतियारहरू अश्तारोतको मन्दिरमा राखे। शाऊलको लासचाहिँ बेतशानको भित्तामा झुण्डाए।

११याबेश गिलादका मानिसहरूले पलिश्तीद्वारा शाऊल माथि घटेका घटनाहरू सुने। १२यसैले याबेशका सबै सैनिकहरू बेत-शान गए। रातभरी तिनीहरू हिँड़े। त्यसपछि तिनीहरूले बेतशानको भित्ताबाट शाऊलको लाश झिके। तिनीहरूले शाऊलका छोराहरूका लाश पनि झिके। त्यसपछि ती लाशहरू याबेश पुर्‍याए। याबेशका मानिसहरूले शाऊल र तिनका छोराहरूका लाशलाई जलाइ दिए। १३त्यसपछि तिनीहरूले शाऊल र तिनका छोराहरूका हड़ीहरू निकाले अनि याबेशमा एउटा ठूलो रूखमुनि गाडे। यसरी याबेशका मानिसहरूले तिनीहरूको दुःख व्यक्त गरे। तिनीहरूले सात दिनसम्म केही पनि खाएनन्।

# रूथको पुस्तक

### यहूदाभित्र अनिकाल

1 धेरै अघि न्यायकर्त्ताहरूले शासन गरेको समयमा
त्यहाँ नराम्रो समय थियो जब खानका निम्ति
पर्याप्त खाद्य थिएन। एलीमेलेक नाउँका एक व्यक्तिले
बेतलेहेम, यहूदा छाड़े। तिनी, तिनकी पत्नी अनि
दुइजना छोराहरू मोआबको पार्वत्य देशमा बसाँई सरेर
गए। २त्यो मानिसको नाउँ एलीमलेक थियो अनि त्यो
मानिसको पत्नीको नाउँ नाओमी थियो अनि दुई
छोराहरूको नाउँ महलोन र किल्योन थियो। यी
मानिसहरू यहूदाको बेतलेहेम एफ्राती परिवारका थिए।
त्यो परिवार मोआबको खेतहरूमा यात्रा गरे अनि त्यहीँ
बसोबास गरे।

३पछि, नाओमीको पति एलीमेलेकको मृत्यु भयो।
यसर्थ नाओमी अनि तिनका दुइ छोराहरू मात्र रहे।
४तिनका छोराहरूले मोआब देशकी स्त्रीहरूसँग विवाह
गरे। एक जनाकी पत्नीको नाउँ ओर्पा अनि अर्काकी
पत्नीको नाउँ रूथ थियो। तिनीहरू मोआबमा लगभग
दशवर्ष बसे। ५अनि महलोन एवं किल्योनको पनि मृत्यु
भयो। यसर्थ आफ्ना पति अनि दुइ छोराहरू बिना
नाओमी एक्ली भइन्।

### नाओमी घर जान्छिन्

६नाओमीले मोआबको खेतहरूमा हुँदा परमप्रभुले
आफ्ना मानिसहरूलाई सहायता गर्नु भएको थियो भन्ने
सुनिन्। उहाँले यहूदामा आफ्ना मानिसहरूलाई भोजन
दिनु भएको थियो। यसर्थ नाओमीले मोआबको खेतहरू
छाड़ी आफ्नो घर फर्किने निश्चय गरिन्। तिनकी
बुहारीहरूले पनि तिनीसित जाने निश्चय गरे। ७तिनीहरूले
आफूहरू बसिरहेको स्थान त्याग गरे अनि यहूदा देशमा
फर्कन थाले।

८तब नाओमीले आफ्ना बुहारीहरूलाई भनिन्, "तिमीहरू
दुबै आफ्नी आमाको घर फर्कीर जानसक्छौ। तिमीहरूले
म अनि मेरा मृत छोराहरू प्रति दया गर्‍यौ। यसर्थ
परमप्रभु तिमीहरू प्रति त्यस्तै दयावान रहून भनी म
प्रार्थना गर्छु। ९म प्रार्थनागर्छु कि उहाँले तिमीहरूलाई
एक एक पति अनि राम्रो घर प्राप्त गर्नमा सहायता
गर्नुहुनेछ।" नाओमीले आफ्ना बुहारीहरूलाई म्वाई खाईन
अनि ती सबै रून थाले।

१०तब ती बुहारीहरूले भने, "तर हामी तपाईंसित
तपाईंको कुलमा नै जान चाहन्छौं।"

११तर नाओमीले भनिन्, "होइन! छोरीहरू, तिमीहरू
आफ्नै घरमा जाऊ। मसित किन जान्छौ? म तिमीहरूलाई
सहायता गर्न सक्तिनँ। मसित तिमीहरूका पति बन्ने
छोराहरू छैनन्। १२घर फर्की जाऊ। नयाँ पतिसित
विवाह गर्नका निम्ति म बृद्धा भइसकेकी छु। यदि म
फेरि विवाह गर्न सक्ने भए तापनि म तिमीहरूलाई
सहायता गर्न सक्तिन। यदि म आज राती गर्भवती भएर
दुइ छोराहरू जन्माएँ भने पनि त्यसले केही सहयोग
पुर्‍याउन सक्तैन। १३तिनीहरूले तिमीहरूलाई विवाह गर्न
भन्दा पहिलो तिनीहरू बढ़ेर ठूलो नहुञ्जेलसम्म पर्खनु
पर्नेछ। म तिमीहरूलाई पतिहरूका निम्ति त्यति लामो
समयसम्म पर्खाउन सक्तिन। त्यसले म तिमीहरू भन्दा
अझै शोकाकुल हुनेछु। अनि म अहिले नै अति
शोकित छु किनभने परमप्रभुले मलाई धेरै कुराहरू गर्नु
भएको छ।"

१४यसर्थ ती स्त्रीहरू फेरि खूबै रोए। तब ओर्पाले
नाओमीलाई म्वाई खाईन अनि गइन्। तर रूथले
तिनलाई अंगालो हालिन र छोड़िनन्।

१५नाओमीले भनिन्, "हेर तिम्री जेठानी आफ्ना
मानिसहरू अनि आफ्ना परमेश्वर कहाँ फर्किर गइन्।
यसर्थ तिमीले पनि त्यसै गर्नुपर्छ।"

१६तर रूथले भनिन्, "तपाईंलाई छाड़न मलाई कर
नलाउनु होस्। मलाई मेरा मानिसहरू तर्फ फर्किर जान
कर नगर्नु होस्। मलाई तपाईंसित नै जानदिनु होस्।
तपाईं जहाँ जानुहुन्छ, म त्यहीँ जानेछु। तपाईं
जहाँ सुत्नु हुन्छ, म त्यहीँ सुत्नेछु। तपाईंका मानिसहरू
मेरा मानिसहरू हुनेछन्। तपाईंका परमेश्वर मेरा
परमेश्वर हुनुहुनेछ। १७तपाईंको जहाँ मृत्यु हुन्छ म
त्यहीँ मर्नेछु। अनि म त्यहीँ गाड़िइनेछु। यदि मैले यो
प्रतिज्ञा पालन गरिन भने म परमप्रभुसित दण्डको
याचना गर्छु केवल मृत्युले मात्र हामीलाई छुट्याउने
छ।"

### घर फर्कोइ

१८नाओमीले देखिन् कि रूथ तिनीसित जान खूबै
चाहन्छिन्। यसर्थ नाओमीले तिनीसित बहस गर्न छाड़िन्।
१९नाओमी र रूथ बेतलेहेम शहर आई नपुगेसम्म
यात्रा गरे। जब ती दुई स्त्रीहरूले बेतलेहेममा प्रवेश गरे
सबै मानिसहरू अत्यन्त उत्साहित भए। तिनीहरूले भने,
"के यो नाओमी हो?"

२०तर नाओमीले मानिसहरूलाई भनिन्, "मलाई नाओमी भनि नबोलाउ, मलाई मारा भनि बोलाउ। यो नाउँ प्रयोग गर किनभने सर्वशक्तिमान परमेश्वरले मेरो जीवनलाई उदास तुल्याइदिनु भएको छ। २१जब म गएँ त्यसबेला मैले चाहेका हरेक कुरा मसित थियो। तर अहिले, परमप्रभले मलाई रित्तो घर ल्याउनु भएको छ। परमप्रभु मेरो विरोधमा हुनुहुन्छ। यसर्थ तिमीहरूले मलाई किन 'सुखी' भन्छौं? सर्वशक्तिमान परमेश्वरले मलाई दण्ड दिनु भएको छ।"

२२यसरी नाओमी अनि तिनकी बुहारी, रूथ (मोआबकी पत्नी) मोआबका खेतहरूबाट फर्किए ती दुइ स्त्रीहरू जौ को बाली काट्ने समयमा बेतेलममा आए।

## रूथले बोअजलाई भेटिछन्

२ बेतलेहेममा एक धनी मानिस बसेका थिए। तिनको नाउँ बोअज थियो। बोआज नाओमीका एलीमेलेकका परिवार नजिकका आफन्तहरू मध्ये एक थिए।

२एकदिन रूथले (मोआबी स्त्री) नाओमीलाई भनिन्, "म खेतहरूतिर जानलाई सोच्दैछु। हुन सक्छ म कसैलाई भेट्ने छु जो म प्रति दयालु हुने छन् अनि उनले आफ्नो खेतमा अन्न मलाई सिला गर्न दिनेछन्।"

३नाओमीले भनिन, "राम्रो छोरी, जान सक्छौ।"

यसर्थ रूथ खेतमा गइन्। तिनी काम गर्नेहरूको पछि पछि लागिन् अनि तिनले त्यहाँ छाड़िएका अन्नहरू जम्मा गरिन्। यस्तो भयो कि तिनी खेतको त्यस भागमा पुगिन् जो एलीमेलेकका परिवारको बोअजको खेत थियो।

४पछि, बोअज बेतलेहेमबाट खेतमा आए। तिनले काम गर्नेहरूलाई अभिवादन गरे। तिनले भने, "परमप्रभु तिमीहरूका साथ रहून्।"

अनि कामदारहरूले उत्तर दिए, "परमप्रभुले तपाईलाई आशिष दिऊन।"

५तब बोअजले तिनका सेवक जो कामदारको नाईके सँग कुरा गरे र सोधे, "त्यो कसकी छोरी हो?"

६ती नोकरले उत्तरदिए, "यी मोआबी स्त्री हुन जो मोआबको खेतहरूबाट नाओमीसित आएकी छिन्। ७ती आज बिहानै आईन अनि तिनले मलाई कर्मीहरूको पछिलागेर भूइँमा छाड़िएका अन्नहरू जम्मा गर्न सक्छु भनी सोधीन। अनि त्यतिबेला देखि तिनीले काम गर्दैछिन्। ऊ परको घर उनको हो।"

८तब बोअजले रूथलाई भने, "सुन नानी। आफ्नो निम्ति अन्न संग्रह गर्न यहाँ मेरो खेतमा बस। तिमीलाई अरू मानिसको खेतमा जान खाँचो छैन। मेरा स्त्री खेतलाहरूको पिछा गर। ९कुन खेतमा तिनीहरू जान्छन् हेर अनि तिनीहरूलाई पछ्याऊ। तिमीलाई दिक्दारी नदिनु भनी मैले जवान मानिसहरूलाई चेतावनी दिएको छु। जब तिमीलाई तिर्खा लाग्छ, मेरा मानिसहरूले पानी पिउने घैलाबाट नै पिउनु।"

१०तब रूथले भूइँ तिर निहुरिएर शिर झुकाइन्। तिनले बोअजलाई भनिन्, "मलाई आश्चर्यलाग्यो तपाईंले मलाई ध्यानदिनु भयो। म एक नौली महिला हुँ। तर तपाईंले मलाई खूबै दया गर्नु भयो।"

११बोअजले तिनलाई उत्तर दिए, "तिमीले नाओमी, तिम्री आमालाई सहायता गरेको विषयमा मलाई सबै थाहा छ। म जान्दछु तिम्रा पतिको मृत्यु भएपछि पनि तिमीले उनलाई सहायता गर्‍यौ। अनि म जान्दछु कि तिमीले आफ्ना पिता-माता एवं आफ्नै देश पनि त्याग गर्‍यौ र यस देशमा आयौ। तिमीले यस देशका कुनै व्यक्तिलाई चिन्दैन थियौ, तर तिमी नाओमी सित यहाँ आयौ। १२तिमीले गरेका सबै असल कुराको निम्ति परमप्रभुले तिमीलाई पुरष्कृत तुल्याउनु हुनेछ। इस्राएलका परमप्रभु परमेश्वरले तिमीलाई प्रशस्त दिनुहुनेछ। तिमी उहाँकहाँ सुरक्षाको निम्ति आयौ अनि उहाँले तिम्रो सुरक्षा गर्नुहुनेछ।"

१३तब रूथले भनिन्, "महाशय, तपाईं मेरो निम्ति अत्यन्त दयावन्त हुनु भयो। म केवल एक सेविका हुँ। म तपाईंका यी स्त्री कामदार जतिको पनि छुइन। तर तपाईंले मलाई दयापूर्ण वचन भनेर मलाई सान्त्वना दिनुभयो।"

१४दिनको खानको समयमा बोअजले रूथलाई भने, "यहाँ आऊ, हामीसित केही रोटी खाऊ। रोटी सिर्कामा भिजाएर खाऊ।"

यसर्थ रूथ ती कामदारहरूसँग बसिन्। बोअजले तिनलाई केही भूटेका अन्न दिए। रूथले नअघाएसम्म खाइन् अनि त्यहाँ केही भोजन उब्रिए। १५तब रूथ उठिन् अनि काममा फर्कि गइन्।

तब बोअजले आफ्ना सेवकहरूलाई भने, "रूथलाई अन्नका बिटा वरिपरि पनि अन्न संग्रह गर्न देऊ। उसलाई नरोक्नु। १६अनि उसलाई केही दानाले भरिएका बाली काटेर उसको काम हलुका गरिदेऊ। उसलाई त्यो अन्न जम्मा गर्न देऊ। उसलाई नरोक।"

## नाओमीले बोअजको बारेमा सुन्छिन्

१७साँझ नपरेसम्म रूथले खेतमा काम गरि रहिन्। त्यसपछि तिनले भूसबाट अन्न अलग गरिन्। त्यहाँ लगभग एक एपा जति जौ थियो। १८रूथले सासुलाई दिईन अनि त्यो अन्न बोकेर शहर तिर लागिन्। तिनले उनलाई त्यो भोजन पनि दिइन् जो दिनको खाजाबाट उब्रिएको थियो।

१९तिनकी सासुले तिनलाई सोधिन्, "तिमीले कहाँबाट यी सबै अन्न जम्मा गर्‍यौ? तिमीले कहाँ काम गर्‍यौ? त्यस मानिसलाई धन्य होस् जसले तिमीलाई ध्यान दिए।"

तब रूथले तिनलाई कोसित काम गरेकी थिइन्
बताइन्। तिनीले भनिन्, “आज मैले जुन मानिससित
काम गरेँ त्यो मानिसको नाउँ बोअज हो।”
२०तब नाओमीले आफ्नी बुहारीलाई भनिन्, “परमप्रभुले
उलाई आशीर्वाद दिऊन्। उनले जीवित र मृतहरू प्रति
आफ्नो दया देखाउने काम जारी राखेका छन्!” तब
नाओमीले आफ्नी बुहारीलाई भनिन्, “बोअज हाम्रा एक
आफन्त हुन्। बोअज हाम्रा एक रक्षक हुन्।”
२१तब मोआबी रूथले भनिन्, “बोअजले मलाई
फर्कि आउनु अनि काम गर्दै गर्नु पनि भनेकाछन्।
फसल कटाई खतम नभएसम्म बोअजले मलाई उनका
कामदारहरूसितै काम गर्नु भनेकाछन्।”
२२तब नाओमीले आफ्नी बुहारी रूथलाई भनिन्,
“मेरी छोरी, उसकी नोकर्नीहरूसंग निरन्तर कामगर्नु
तिम्रो निम्ति असल हुन्छ। यदि तिमीले अर्काको
खेतहरूमा काम गर्‌यौ भने कोही मानिसहरूले तिम्रो
हानी गर्न सक्लान।” २३यसर्थ रूथले बोअजका स्त्री
कामदारहरू नजिक रहेर काम गरिरहिन्। तिनले गहुँको
बाली कटाइ नसिद्धएसम्म अन्न जम्मा गरिन्। तिनले
त्यहाँ गहुँको बाली कटाइको अन्तसम्म पनि काम
गरिन्। रूथ आफ्नी सासू नाओमीको साथ बसिन्।

### खलामा

३ तब नाओमी, रूथकी सासूले रूथलाई भनिन्,
“मेरो छोरी, सम्भवत म तिम्रो निम्ति एक असल
पति अनि घर पाउन सकूँ। त्यो तिम्रो निम्ति असल
हुनेछ। २सम्भवत बोअज नै सही व्यक्ति हुन सक्छन्।
बोअज हाम्रो नजिकको आफन्त हुन्। तिमीले उसका
स्त्री सेविकाहरूका साथ काम गर्‌यौ। आज राती उनी
खलामा काम गरिरहेका हुनेछन्।
३“जाऊ नुहाइ-धुवाइ गर अनि राम्रो वस्त्र राम्ररी
लगाऊ। अनि तल ढीकी कुटने ठाउँमा जाऊ। तर
बोअजसित देखा नपर जबसम्म तिनले रातको भोजन
गरि सक्तैनन्। ४तिनले भोजन गरि सकेपछि तिनी
विश्राम गर्नलाई कहाँ जान्छन। तिनलाई हेर तिनीकहाँ
सुत्नेछन् तिमीले देख्ने सक्ने छौ। त्यहाँ जाऊ अनि
तिनको पाउबाट ओढ्ने वस्त्र उठाऊ। तब त्यहाँ
बोअजसित सुत। तिनले विवाहको विषयमा गर्नुपर्ने कुरो
तिमीलाई भन्ने छन्।”
५तब रूथले भनिन्, “तपाईंले भन्नु भएको कुरो म
गर्ने छु।”
६यसर्थ रूथ तल ढीकी कुटने ठाउँमा गइन्। रूथले
आफ्नी सासूले तिनलाई गर्नु भनेका सबै कुरा गरिन्।
७खाई-पिई सकेपछि बोअज निक्कै सन्तुष्ट थिए। ऊ
अन्नको थुप्रोको छेउमा सुत्न गए। तब रूथ चूपचापसित
उनीकहाँ गइन् अनि तिनको खुट्टाबाट ओढ्ने उचालिन्।
त्यहाँ ढल्किइन्।
८आधारात तिर बोअज निन्द्रामा पल्टे अनि व्यूँझिए।
तिनी अत्यन्त आश्चर्य चकित भए। आफ्नो खुट्टाको
छेउमा एक स्त्री सुतिरहेकी थिइन्। ९बोअजले भने,
“तिमी को हौ?”
तिनले भनिन्, “म रूथ हुँ, तपाईंकी दासी केटी।
तपाईंको ओढ्ने ममाथि पनि फैलाउनु होस्। तपाईं मेरा
रक्षक हुनुहुन्छ।”
१०तब बोअजले भने, “परमप्रभुले तिमीलाई आर्शीर्वाद
दिऊन्, जवान स्त्री। तिमीले मलाई खूबै दया देखायौ।
तिम्रो दया मेरो निम्ति तिमीले नाओमीलाई शुरूमा
देखाएको दया भन्दा महान छ। तिमीले विवाह गर्नका
निम्ति धनी वा गरीब जवान मानिसलाई खोज्न सक्थ्यौ।
तर तिमीले खोजिनौं। ११अब, जवान स्त्री, भयभीत न
बन। तिमीले सोधेका (भनेका) कुराहरू म गर्ने छु।
हाम्रो शहरका सबै मानिस जान्दछन् कि तिमी एक
अत्यन्त असल स्त्री हौ। १२अनि यो सत्य हो। म एक
नजिकको आफन्त हुँ। तर एकजना मान्छे छ जो
तिमीसित म भन्दा नजिकको आफन्त हो। १३आज
राती तिमी यहीँ बस। भोलि बिहान हामी हेर्ने छौ उसले
तिमीलाई सहयोग गर्न सक्छ कि! यो राम्रो हुन्छ यदि
उसले तिमीलाई सहयोग गर्ने निर्णय गर्छ। यदि उसले
तिमीलाई सहयोग दिन अस्वीकार गर्छ भने परमप्रभुको
शपथ खाएर म यो प्रतिज्ञा गर्छु कि म तिमीलाई विवाह
गर्ने छु अनि तिम्रो निम्ति एलीमेलेकको भूमि यसको
दाम तिरेर फर्काइ ल्याउँछु। यसर्थ, बिहान न भएसम्म
यही ढल्क।”
१४यसर्थ बिहान नभएसम्म रूथ बोअजको खुट्टाको
नजिकमा सुतिन्। मानिसहरूले एक अर्कालाई चिन्न
नसक्ने झिसमिसे मानै तिनी उठिन्।
बोअजले तिनलाई भने, “तिमी हिजो राती मकहाँ
आयौ भन्ने कुरा हामी गुप्त राख्दै छौं।” १५तब
बोअजले भने, “तिम्रो ओढ्ने मकहाँ ल्याऊ। अब
त्यसलाई खोलेर समात।”
यसर्थ रूथले आफ्नो ओढ्ने खोलेर समातिन् अनि
बोअजले छ: पाथी* जस्तो जौ नाप गरे, नाओमी,
तिनकी सासूका निम्ति भेंट स्वरूप पठाए। तब बोअजले
त्यसलाई रूथको ओढ्नेमा कुम्लोपारे अनि उसको
पिठ्यूँमा राखि दिए। त्यसपछि तिनी शहरतिर गए।
१६रूथ आफ्नी सासू नोआमीको घर गइन्। नाओमी
ढोकासम्म आइन अनि सोधिन्, “त्यहाँ को छ?”
उनी भित्र गइन् र बोअजले उनको लागि गरेका सबै
उनलाई भनिन्। १७तिनले भनिन्, “बोअजले तपाईंलाई
भेंट स्वरूप यो जौ पठाइदिए। तपाईंको निम्ति कोसेली
नलिई मैले घर जानु हुँदैन भनी बोअजले भने।”
१८नाओमीले भनी, “छोरी, के हुन्छ हामीले त्यो न

---

**छ: पाथी** करीब एक बुशल वा २१.७७२ किलोग्राम जौ।

सुनेसम्म धैर्य धारण गर। बोअजले त्यसबेलासम्म विश्राम
लिनेछैनन् जबसम्म तिनले गर्नु पर्ने कुरा पूर्ण गर्दैनन्।
दिनको अन्त हुन को अघिबाट नै हामीले जान्ने छौं के
हुनेछ।"

### बोअज अनि अन्य आफन्त

**४** बोअज त्यो स्थानमा गए जहाँ शहरद्वारको नजिक
मानिसहरू भेला हुन्छन्। बोअजका नजिकको
आफन्त पार नभएसम्म बोअज त्यहाँ बसे। बोअजले
उनीहरूलाई भने, "यहाँ आऊ साथी! यहाँ बस।"
२तब बोअजले केही गवाहीहरू भेला गरे। बोअजले
शहरका दशजना अगुवाहरूलाई भेला गरे। तिनले
उनीहरूलाई भने, "यहाँ बस्नु होस्।" यसर्थ तिनीहरू
बसे।
३तब बोअजले त्यो नजिकको आफन्तलाई भने,
"नाओमी मोआबको खेतहरूबाट फर्कि आएकी छन्।
उनले त्यो भूमि बिक्री गर्दै छिन् जो हाम्रो आफन्त
एलीमेलेकको हो। ४तिमीलाई यहाँ बसेका मानिसहरू
अनि मेरा मानिसहरू बूढ़ा पाका अगुवाहरूका समक्ष
भन्ने मैले निश्चय गरें। यदि तिमी त्यो भूमिलाई
फर्काउन चाहन्छौ भने तिमी त्यो फर्काउ यदि त्यो भूमि
तिमी फिर्ता लिन चाहँदैनौ भने मलाई भन। म जान्दछु
कि तिमीपछि त्यो भूमिलाई ॠण मुक्त तुल्याउनु सक्ने
अर्को व्यक्ति मै हुँ। यदि तिमी त्यो भूमिलाई किनेर
फिर्ता लिन चाहँदैनौ भने म किन्ने छु।"
५तब बोअजले भने, "यदि तिमीले त्यो भूमि नाओमीको
बाट किन्यौ भने, तिमीले त्यो मृत व्यक्तिकी पत्नी,
मोआबी स्त्री रूथ पनि पाउने छौ। जब रूथको नानी
हुन्छ त्यो नानीले त्यो भूमि पाउनेछ। त्यसरी त्यो मृत
मानिसको नाम परिवारमा रहेनछ।"
६त्यो नजिकको आफन्तले उत्तर दिए, "म त्यो भूमि
फिर्ता गर्न सक्तिन। त्यो भूमि मेरो हुनुपर्छ, तर म त्यो
किन्न सक्तिन। यदि मैले त्यो किनेभने मैले मेरो आफ्नै
भूमि गुमाउन सक्छु। तपाईंले मेरो पुन: किन्ने अधिकार
लिन सक्नु हुनेछ। यसकारण तपाईंले त्यो भूमि किन्नु,
होस् किनभने म यो किन्न सत्तिन।" ७(धेरै समय अघि
इस्राएलमा जब मानिसहरूले सम्पत्ति किन्थे वा ॠण
मुक्त गर्थे, एक व्यक्तिले आफ्नो जुत्ता खोल्थ्यो अनि
अर्को व्यक्तिलाई दिन्थ्यो। त्यो तिनीहरूको किन बेचको
प्रमाण हुन्थ्यो।) ८यसर्थ त्यो नजिकको आफन्तले भने,
"त्यो भूमि किन।" अनि त्यसपछि त्यो नजिकको
आफन्तले आफ्नो जुत्ता खोले र बोअजलाई दिए।
९तब बोअजले अगुवाहरू अनि समस्त मानिसहरूलाई
भने, "तपाईंहरू आज साक्षी हुनुहुन्छ कि नाओमीकोबाट
हरेक चीज म किनी रहेछु। जो एलीमेलेक, किल्योन
अनि महलोनको थियो। १०म मेरी पत्नी बनाउनका
निम्ति, महलोनकी विधवा पत्नी, रूथलाई पनि किनी
रहेछु। म यसो गर्दैछु ताकि त्यो मृत मानिसको सम्पत्ति
उसको आफ्नै परिवारमा रहन्छ। यस प्रकारले मृत
मानिसको नाउँ आफ्ना परिवार अनि आफ्नो देशबाट
अलग हुनेछैन। आज तपाईंहरू यसको साक्षी हुनुहुन्छ।"
११यसर्थ समस्त मानिसहरू अनि अगुवाहरू जो
शहरद्वारको छेउमा थिए, साक्षी भए। तिनीहरूले भने,
"मेरो परमप्रभुले यो स्त्रीलाई, जो तिम्रो घरमा आउँदै
छिन्, तिनलाई राहेल अनि लेआ जस्तै तुल्याउन्।
जसले इस्राएलको बंश निर्माण गरे। तिमी इस्राएलमा
शक्तिशालि बन। बेतलेहेममा प्रसिद्ध बन।"
१२तामारले यहूदाका छोरा पेरेसलाई जन्म दिईन
अनि तिनको परिवार महान बन्यो। त्यही प्रकारले
परमप्रभुले तिमीलाई रूथद्वारा धेरै-धेरै सन्तानहरू दिउन्।
अनि तिम्रो परिवार उहाँको जस्तै महान बनोस्।"
१३यसर्थ बोअजले रूथलाई विवाह गरे। परमप्रभुले
रूथलाई गर्भवती बन्नदिनु भयो। अनि तिनले एक
छोरालाई जन्म दिइन्। १४शहरका स्त्रीहरूले नाओमीलाई
भने:
"परमप्रभु हुनुहुन्छ जसले तिमीलाई यो नानी दिनुभयो
वहाँ प्रति कृतज्ञ होऊ। ऊ इस्राएलमा प्रसिद्ध होस्।
१५यसले तिमीलाई फेरि जीवन दिनेछ अनि तिम्रो
वृद्धा अवस्थामा तिम्रो हेरचाह गर्नेछ। तिम्री बुहारीले
यस्तो गराउन सकिन् तिनले तिम्रो निम्ति यो बालकलाई
गर्भधारण गरिन। तिनले तिमीलाई प्रेम गर्छिन अनि
तिम्रो निम्ति तिनी सातजना छोराहरू भन्दा उत्तम छिन्।"
१६नाओमीले बालकलाई बोकिन र आफ्नो अंगालोमा
लिइन् अनि उसको हेरचाह गरिन। १७छिमेकीहरूले
बालकको नाउँ राखि दिए। ती स्त्रीहरूले भने, "नाओमीको
अब एउटा छोरा छ।" अनि तिनीहरूले उसलाई ओबेद
नाउँदिए। ओबेद यिशैका पिता थिए। अनि यिशै राजा
दाऊदका पिता थिए।

### रूथ अनि बोअजका परिवार

१८पेरेसको पारिवारिक इतिहास यो हो:
पेरेस हेस्त्रोनका पिता थिए।
१९हेस्त्रोन एरामका पिता थिए। एराम अम्मीनादाबका
पिता थिए।
२०अम्मीनादाब नहशोनका पिता थिए। नहशोन
सल्मोनका पिता थिए।
२१सलमोन बोअजका पिता थिए। बोअज ओबेदका
पिता थिए।
२२ओबेद यिशैका पिता थिए। यिशै दाऊदका पिता
थिए।

# न्यायकर्त्ताहरूको पुस्तक

### यहूदा कनानीहरू विरुद्ध युद्धगर्छन्

१ यहोशूको मृत्युपछि इस्राएलका मानिसहरूले
परमप्रभुलाई प्रार्थना गरे। तिनीहरूले भने, "हाम्रा
निम्ति कनानी मानिसहरूको विरुद्ध युद्ध गर्न पहिला
हाम्रो कुन कुल समूह जानु पर्छ?"
२परमप्रभुले इस्राएली मानिसहरूलाई भन्नुभयो,
"यहूदाको कुल समूह जानेछ। म तिनीहरूलाई यो भूमि
लिन सहायता गर्नेछु।"
३यहूदाका मानिसहरूले तिनीहरूको दाजू-भाई
शिमोनका मानिसहरूसित सम्झौता गरे, "आऊ हामीलाई
सहायता गर्न हाम्रो क्षेत्रमा युद्ध गर अनि हामीहरू
त्यसरी नै तिमीहरूको क्षेत्र जित्न तिमीहरूलाई सहायता
गर्नेछौं।" शिमोनका मानिसहरू राजी भए र यहूदाका
मानिसहरू, तिनीहरूका दाज्यू-भाईहरूलाई सहायता गर्न
गए।
४परमप्रभुले यहूदाका मानिसहरूलाई कनानीहरू अनि
परिज्जीहरूलाई पराजित गर्नमा सहायता प्रदान गर्नुभयो।
यहूदाका मानिसहरूले दशहजार मानिसहरूलाई बेजेक
शहरमा मारिदिए। ५बेजेक शहरमा यहूदाका मानिसहरूले
बेजेकका शासकलाई भेट्टाए अनि तिनीहरूसित लड़े।
यहूदाका मानिसहरूले कनानी अनि परिज्जीहरूलाई पराजित
गरे।
६बेजेकका राज्यपाल उम्कने कोशिश गरे। तर
यहूदाका मानिसहरूले तिनलाई खेदे र समाते। जब
तिनीहरूले उसलाई समाते, तिनीहरूले तिनका बूढ़ी-
औंलाहरू काटिदिए। ७तब बेजेकका शासकले भने,
"मैले सत्तरी जना राजाहरूको हात र खुट्टाका बूढ़ी-औंलाहरू
काटिदिएँ। अनि ती राजाहरूले मेरो मेचबाट झरेका
खानेकुराका टुक्राहरू खानु पर्‍यो। मैले ती राजाहरू
प्रति गरेका कुराहरू अहिले म माथि परमेश्वरले
फर्काउनु भयो।" यहूदाका मानिसहरूले बेजेकका
शासकलाई यरूशलेममा लगे अनि त्यहाँ उसको मृत्यु
भयो।
८यहूदाका मानिसहरू यरूशलेमको विरुद्ध लड़े अनि
त्यसलाई कब्जा गरे। यहूदाका मानिसहरूले यरूशलेमका
मानिसहरूलाई मार्न आफ्ना तरवारहरू उपयोग गरे।
त्यसपछि तिनीहरूले त्यस शहरलाई जलाइदिए। ९पछि
यहूदाका मानिसहरू धेरै कनानीहरूसँग युद्ध गर्ने उँधोतिर
आए जो नेगेवको पहाड़ी देश अनि पश्चिमी मैदानतिर
बस्थे।
१०तब यहूदाका मानिसहरू कनानी मानिसहरूको
विरुद्ध युद्ध गर्न गए जो हेब्रोनमा बस्थे। (हेब्रोनको
अर्को नाउँ किर्यत अर्बा थियो) यहूदाका मानिसहरूले
शेसै, अहीमन अनि तल्मै नाउँका मानिसहरूलाई पराजित
गरे।

### कालेब र तिनकी छोरी

११यहूदाका मानिसहरूले त्यो स्थानलाई छोड़े। तिनीहरू
त्यहाँका मानिसहरू विरुद्ध लड़न्को निम्ति दबीर शहर
तर्फ गए। (बितेको समयमा दबीरलाई किर्यतसेपेर
भनिन्थ्यो) १२तर यहूदाका मानिसहरूले युद्ध शुरूगर्नु
अघि कालेबले मानिसहरूलाई शपथ गराए। कालेबले
भने, "म किर्यत-सेपेर माथि लड़ाई गर्न चाहन्छु। म
मेरी छोरी अक्सालाई त्यस मानिससित विवाह गर्न दिनेछु
जसले त्यो शहरमाथि आक्रमण गर्छ अनि त्यसलाई
कब्जा गर्छ। म त्यस मानिसलाई मेरो छोरीसित विवाह
गर्नदिनेछु।"
१३कालेबको कनज नाउँको कान्छो भाइ थियो।
कनजको ओत्निएल नाउँको एउटा छोरो थियो। ओत्निएलले
किर्यत-सेपेर शहरमालाई कब्जा गरे। यसर्थ कालेबले
आफ्नी छोरी अक्सालाई उसको पत्नी हुन दिए।
१४अक्सा ओत्निएलसित बस्नगइन्। ओत्निएलले
अक्सालाई आफ्ना पितासित केही भूमि माग्नु भने।
अक्सा पिता कहाँ गइन्। जब तिनी आफ्नो गधाबाट
ओर्लिन कालेबले तिनलाई भने, "के गल्ती
भयो?"
१५अक्साले कालेबलाई उत्तर दिइन्, "मलाई एक
आशीर्वाद दिनुहोस्। तपाईंले मलाई नेगेबमा एक टुक्रा
जमीन दिनुभयो। कृपया मलाई त्यसमा पानीको व्यवस्था
गरिदिनु होस्।" यसर्थ कालेबले अक्सालाई तिनले
चाहेको कुरा दिए। कालेबले अक्सालाई त्यस भूमिका
माथिल्लो अनि तल्लो पानीको मूलहरू दिए।
१६मोशाका ससुराका सन्तान, केनीहरू यहूदाका
मानिसहरूसंग खजूरका रूखहरूको शहरबाट आराद
नजीक नेगेवमा भएको यहूदाको मरूभूमिमा गए, र
त्यहाँका मानिसहरूसंग बसोबास गर्न लागे।
१७केही कनानी मानिसहरू सपत शहरमा बस्थे।
यसर्थ यहूदा अनि शिमोनका कुल समूहका मानिसहरूले
ती कनानी मानिसहरू माथि आक्रमण गरे। तिनीहरूले
पूर्णरूपले शहरलाई नाश पारे। यसर्थ तिनीहरूले त्यो

शहरको नाउँ होर्मा राखे। १८यहूदाका मानिसहरूले गाजा शहर अनि त्यसका वरिपरिका स-साना शहरहरूलाई पनि अधिकारमा लिए। यहूदाका मानिसहरूले अश्कलोन, एक्रोन शहरहरू अनि ती वरिपरिका सबै स-साना शहरहरूलाई पनि कब्जा गरे।

१९यहूदाका मानिसहरूले जब युद्ध गरे परमप्रभु तिनीहरूका पक्षमा हुनुहुन्थ्यो। तिनहरूले पहाड़ी देशको भूमि लिए। तर यहूदाका मानिसहरूले बेंसीको भूमि लिन असफल भए, किनभने त्यहाँ बस्ने मानिसहरूसित फलामका रथहरू थिए। २०मोशाले कालेबलाई हेब्रोन दिएका थिए। यसर्थ त्यो भूमि कालेबका कुललाई दिए। कालेबका मानिसहरूले अनाकका तीनजना छोराहरूलाई त्यो स्थान छोड़न वाध्य तुल्याए।

### बिन्यामीन कुलका मानिसहरू यरूशलेममा बस्छन्

२१बिन्यामीन कुल समूहले यबूसी मानिसहरूलाई यरूशलेम छोड़न वाध्य तुल्याउन सकेनन्। यसकारण आज पनि, यरूशलेममा यबूसी मानिसहरू बिन्यामीन कुल समूहसित बस्छन्।

### यूसुफका मानिसहरूले बेतेल कब्जा गर्छन्

२२-२३यूसुफका कुल समूहका मानिसहरू बेतेल विरुद्ध लँड़ाई गर्न गए। (अतीतमा बेतेललाई लूज भनिन्थ्यो।) परमप्रभु यूसुफका कुल समूहका मानिसहरूका पक्षमा हुनुहुन्थ्यो। यूसुफका कुल समूहका मानिसहरूले बेतेल शहरमा केही जासूसहरू पठाए। ती मानिसहरू बेतेल शहरलाई पराजित गर्ने मौका खोजीरहेका थिए। २४जब ती जासूसहरूले बेतेल शहरलाई हेर्दैथे तिनीहरूले एकजना मानिसलाई शहर बाहिर आइरहेको देखें र जासूसहरूले त्यस मानिसलाई भने, "हामीलाई शहर भित्र प्रवेश गर्ने एउटा गुप्त मार्ग देखाऊ। हामी शहर माथि आक्रमण गर्नेछौं। तर यदि तिमीले हामीलाई सहायता गर्‍यौ भने हामी तिमीलाई नोक्सान पुर्‍याउने छैनौं।"

२५त्यो मानिसले जासूसहरूलाई शहर भित्र पस्ने गुप्त मार्ग देखाइ दियो। यूसुफका मानिसहरूले बेतेलका मानिसहरूलाई मार्न तिनीहरूका तरवारहरू प्रयोग गरे। तर त्यो मानिस अनि उसको सबै परिवारका सदस्यहरूलाई तिनीहरूले शहर कब्जा गर्न सहायता गरेको कारणले स्वतन्त्र साथ शहर जान दिए। २६त्यो मानिस त्यसपछि त्यस देशमा गयो जहाँ हित्ती मानिसहरू बस्थे र शहर निर्माण गयो। उसले त्यो शहरलाई लूज नाउँ दियो। अनि त्यो शहरलाई आजसम्म पनि लूज नै भनिन्छ।

### अन्य कुल समूहहरू कनानीहरूसित युद्ध गर्छन्

२७कनानी मानिसहरू बेतशान, तानाक, दोर, इब्लाम, मगिदो अनि ती शहरहरू वरिपरिका स-साना शहरहरूमा बस्दै थिए। मनश्शेका कुल समूहका मानिसहरूले ती मानिसहरूलाई ती शहरहरू छोड़न बाध्य तुल्याउन सकेनन्। यसकारण कनानी मानिसहरू त्यहाँ बसे। तिनीहरूले आफ्ना घर छोड़न अस्वीकार गरे। २८पछि इस्राएलका मानिसहरू शक्तिशाली भए अनि कनानी मानिसहरूलाई तिनीहरूका दासको रूपमा कार्य गर्न बाध्य तुल्याए। तर इस्राएलका मानिसहरूले समस्त कनानी मानिसहरूलाई तिनीहरूका भूमि छोड़न बाध्य तुल्याउन सकेनन्।

२९एप्रैम कुल समूहका मानिसहरूसित पनि त्यस्तै (घट्ना) भयो तिनीहरूले कनानी मानिसहरूलाई गेजेर देखि भगाउन सकेनन्। यसर्थ कनानी मानिसहरू एप्रैम गेजेरका मानिसहरूसित बसिरहे।

३०जबूलूनका कुल समूहका मानिसहरूसित पनि त्यस्तै भयो। जबूलूनका मानिसहरूले कनानी मानिसहरूलाई कित्रोन र नहलोल शहरहरूबाट बाहिर निकालेनन् ती कनानी मानिसहरू त्यहाँ रहेर जबूलूनका मानिसहरूसित बसे। तर जबूलूनका मानिसहरूले ती मानिसहरूलाई तिनीहरूका निम्ति दासको रूपमा काम गर्न लगाए।

३१आशेर कुल समूहका मानिसहरूसित पनि त्यस्तै भयो। आशेरका मानिसहरूले अन्य मानिसहरूलाई अक्को, सीदोन, अहलाब, अक्जीब, हेलबा, अपीक अनि रहोब शहरहरू छोड़न कर गरेनन्। ३२आशेरका कुल समूहका मानिसहरूले पनि ती कनानीहरूलाई तिनीहरूका भूमि छोड़न कर लगाएनन्। यसर्थ कनानीहरू आशेरका मानिसहरूसित बसिरहे।

३३नप्ताली कुल समूहका मानिसहरूसित पनि त्यस्तै भयो। नप्तालीका मानिसहरूले कनानी मानिसहरूलाई बेतशेमेश अनि बेतनात शहरहरू छोड़ भनी कर गरेनन्। यसरी नप्तालीका मानिसहरू ती मानिसहरूसित ती शहरहरूमा रहे। ती कनानी मानिसहरूले नप्ताली मानिसहरूका निम्ति दासको रूपमा काम गरे।

३४एमोरी मानिसहरूले दानका कुल समूहका मानिसहरूलाई पहाड़ी देशमा बस्न बाध्य तुल्याए। तिनीहरू पहाड़तिर बस्नु पर्‍यो किनभने एमोरी मानिसहरूले तिनीहरूलाई उपत्यकामा बस्न तल झर्न दिएनन्। ३५एमोरी मानिसहरूले हेरेस पर्वत, अय्यालोन अनि शाल्बीममा रहने निर्णय गरे। पछि यूसुफका कुल समूह शक्तिशाली भए। तब तिनीहरूले एमोरी मानिसहरूलाई तिनीहरूका निम्ति दासको रूपमा काम गर्ने तुल्याए। ३६एमोरी मानिसहरूको भूमि बिच्छी घाँटी देखि सेला अनि सेला पारिको पहाड़ी देशसम्म थियो।

### बोकीममा परमप्रभुका स्वर्गदूत

२ परमप्रभुका स्वर्गदूत गिलगाल शहर देखि बोकीम शहरसम्म गए। स्वर्गदूतले इस्राएलका मानिसहरूलाई

भने। वचन यो थियो: “मैले तिमीहरूलाई मिस्रदेशबाट
बाहिर ल्याएँ। मैले तिमीहरूलाई यो भूमिमा ल्याएँ जो
मैले तिमीहरूका पिता-पुर्खाहरूलाई दिनेछु भनी प्रतिज्ञा
गरेको थिएँ। मैले तिमीहरूलाई भनेको थिएँ कि
तिमीहरूसित गरेको करार कहिले भङ्ग गर्ने छैन। २तर
बद्लामा, तिमीहरूले यस भूमिमा बस्ने मानिसहरूसित
कुनै पनि करार कहिले बाँध्ने छैनौ। तिमीहरूले तिनीहरूका
वेदीहरू नष्ट गर्नुपर्छ। त्यो तिमीहरूलाई मैले भनेको
थिएँ। तर तिमीहरूले मेरो आज्ञा पालन गरेनौं।

३“अब म तिमीहरूलाई भन्नेछु, ‘अब देखि उता यी
मानिसहरूलाई म यो भूमिदेखि धपाउने छैन। यी
मनिसहरू तिमीहरूको निम्ति समस्या बनिनेछन्।
तिनीहरूका असत्य देवताहरूले तिमीहरूलाई पासोमा
पार्नेछन्।’”

४परमप्रभुका स्वर्गदूतले इस्राएलका मानिसहरूलाई
वचन दिइसके पछि मानिसहरू जोड़ले रोए। ५यसर्थ
इस्राएलका मानिसहरूले जहाँ विलाप गरे त्यस स्थानको
नाउँ, बोकीम राखे। बोकीममा इस्राएलका मानिसहरूले
परमप्रभुका निम्ति बलिदानहरू अर्पण गरे।

## अवज्ञा अनि पराजित

६तब यहोशूले मानिसहरूलाई घर जानु भने। यसर्थ
हरेक कुल समूह त्यहाँ बस्नका निम्ति आफ्ना इलाका
ओगट्न गए। ७इस्राएलीहरूले परमप्रभुको सेवा यहोशू
जीवित रहेसम्म गरे अनि उसको मृत्यु पछि पनि जब
सम्म बूढ़ा प्रधानहरू रहीरहे। यी बूढ़ा प्रधानहरूले
इस्राएलका मानिसहरूका निम्ति परमप्रभुले गर्नु भएको
सम्पूर्ण महान कुराहरू देखेका थिए। ८नूनका छोरा,
परमप्रभुका सेवक यहोशूको एक सय दश वर्षको
उमेरमा मृत्यु भयो। ९इस्राएलका मानिसहरूले
यहोशूलाई दफन गरिदिए। तिनीहरूले यहोशूलाई त्यो
भूमिमा गाड़िदिए जुन तिनलाई दिइएको थियो। त्यो
तिम्नात-हेरेसमा गाशपर्वतको उत्तरतर्फ एप्रैमको पहाड़ी
देशमा थियो।

१०त्यसपछि त्यो सम्पूर्ण पुस्ताको मृत्यु भयो, अर्को
पुस्ता बढ़ेर आयो। यो नयाँ पुस्ताले परमप्रभुको विषयमा
अनि परमप्रभुले इस्राएलका मानिसहरूका निम्ति गर्नु
भएको कुराहरू जान्दैनथ्यो। ११यसकारणले इस्राएलका
मानिसहरूले परमेश्वरसितको तिनीहरूको करार झूटा
देवता बालको सेवा गरेर तोड़िदिए। १२परमप्रभुले
इस्राएलका मानिसहरूलाई मिस्रदेशबाट बाहिर ल्याउनु
भएको थियो। अनि यी मानिसहरूका पिता-पुर्खाहरूले
परमप्रभुलाई आराधना गरेका थिए। तर इस्राएलका
मानिसहरूले परमप्रभुको अनुसरण गर्न छोड़िदिए।
इस्राएलका मानिसहरूले तिनीहरूका वरिपरि बस्ने
मानिसहरूका झूटा देवताहरूको पूजा गर्न शुरू गरे।
त्यसले परमप्रभुलाई क्रोधित तुल्यायो। १३इस्राएलका
मानिसहरूले परमप्रभुको आराधना अनुसरण गर्न छोड़े र
बाल र अश्तारोतको पूजा गर्न थाले।

१४परमप्रभु इस्राएलीहरूसित क्रोधित हुनुभयो।
यसकारण परमप्रभुले लुटमार गर्नेहरूलाई इस्राएलीहरूमाथि
आक्रमण गर्ने र सम्पति लूटने अनुमति दिनुभयो।
परमप्रभुले तिनीहरूका वरिपरि बस्ने तिनीहरूका
शत्रुहरूलाई, पराजित गर्न दिनुभयो। इस्राएलीहरूले
तिनीहरू स्वयंलाई आफ्ना शत्रुहरूको आक्रमण विरुद्ध
आफ्नो रक्षा गर्न सकेनन्। १५यदि इस्राएलीहरूले
तिनीहरूका छिमेकिहरूका देवताहरूको सेवा गरे, उहाँले
त्यसो गर्छु भनी प्रतिज्ञा गर्नु भए जस्तै जहिले पनि
इस्राएलीहरू लड़ाई गर्थे परमप्रभु तिनीहरूको विरुद्धमा
रहनु हुन्थ्यो। यसकारण तिनीहरू लगातार पराजित
भइरहे। इस्राएलका मानिसहरूले अनेक कष्ट
पाए।

१६तब परमप्रभुले न्यायकर्त्ता भनिने अगुवाहरू
चुन्नुभयो। यी अगुवाहरूले इस्राएलका मानिसहरूलाई
तिनीहरूको सम्पत्तिहरू लाने शत्रुहरूबाट बचाए। १७तर
इस्राएलका मानिसहरूले आफ्ना न्यायकर्त्ताहरूको कुरा
सुनेनन्। इस्राएलका मानिसहरू परमेश्वर प्रति विश्वासनीय
थिएनन्। तिनीहरूले अन्य देवताहरूको अनुसरण गरे।
अतीतमा इस्राएली मानिसहरूका पिता-पुर्खाहरूले
परमप्रभुको आज्ञा पालन गर्दथे। तर अहिले इस्राएली
मानिसहरू परिवर्तन भए अनि परमप्रभुको आज्ञा पालन
गर्न छोड़े।

१८धेरै पल्ट इस्राएलका शत्रुहरूले मानिसहरू प्रति
नराम्रा कुराहरू गरे। यसर्थ इस्राएलका मानिसहरूले
सहायताको निम्ति विलाप गरे। परमप्रभु धेरै पल्ट
मानिसहरूका निम्ति दुःखीत हुनुभयो। धेरै पल्ट उहाँले
मानिसहरूलाई तिनीहरूका शत्रुहरूबाट बचाउँनको निम्ति
न्यायकर्त्ता पठाउनु भयो। परमप्रभु सदैव ती
न्यायकर्त्ताहरूसित हुनुहुन्थ्यो। यसरी धेरै पल्ट इस्राएलका
मानिसहरूलाई तिनीहरूका शत्रुहरूबाट बचाउँनु भयो।
१९तर जब हरेक न्यायकर्त्ताको मृत्यु हुन्थ्यो, इस्राएलका
मानिसहरू फेरि पाप गर्न अनि असत्य देवताहरूको
पूजा गर्न शुरू गर्थे। इस्राएलका मानिसहरू अति हठी
थिए? तिनीहरूले आफ्ना कुकर्म छोड़न् अस्वीकार गरे।

२०यसर्थ परमप्रभु इस्राएलका मानिसहरूसित क्रोधित
हुनुभयो, अनि उहाँले भन्नुभयो, “यी जातिहरूले तिनीहरूका
पिता-पुर्खाहरूसित गरेको मेरो करारलाई भङ्ग गरेका
छन्। तिनीहरूले मेरो कुरा सुनेनन्। २१यसर्थ इस्राएलका
मानिसहरूका निम्ति म अब उप्रान्त ती जातिहरूलाई
पराजित गरेर मार्ग खुल्ला गरिदिने छैन्। ती मानिसहरू
त्यस बेलासम्म त्यही भूमिमा थिए जब यहोशूको मृत्यु
भयो। अनि म ती जातिहरूलाई यस भूमिमा रहनदिनेछु।
२२म ती जातिहरूलाई इस्राएलका मानिसहरूको जाँच
गर्नमा प्रयोग गर्नेछु। म यो हेर्ने छु कि इस्राएलीहरूले

तिनीहरूका पिता-पुर्खाहरूले झैं परमप्रभुका आज्ञा पालन गर्छन् कि गर्दैनन्।" २३परमप्रभुले ती जातिहरूलाई त्यस भूमिमा रहनदिनु भयो। परमप्रभुले ती जातिहरूलाई देश झट्टै छोड्नु भनी बाध्य तुल्याउनु भएन। उहाँले यहोशूका सेनालाई पराजित गर्न तिनीहरूलाई दिनु भएन।

३ १-२परमप्रभुले ती अन्य जातिहरूका सबै मानिसहरूलाई इस्राएलको भूमि छोड्न कर लगाउँनु भएन। परमप्रभु इस्राएलका मानिसहरूको परीक्षा गर्न चाहनुहुन्थ्यो। यससमय जीवित रहेका कुनै पनि इस्राएलका मानिसहरू कनानको भूमि लिनका निम्ति गरिएको युद्धमा लड़ेका थिएनन्। यसर्थ परमप्रभुले ती अन्य जातिहरूलाई तिनीहरूका देशमा रहन दिनुभयो। (परमप्रभुले इस्राएलका मानिसहरूलाई, जो ती युद्धहरूमा लड़ेका थिएनन्, शिक्षा दिनलाई यसो गर्नु भएको थियो।) परमप्रभुले यस भूमि छोड़न लगाउनु भएका जातिहरूका नाउँ यो हो: ३पलिश्ती मानिसहरूका पाँच जना शासकहरू, समस्त कनानीहरू, सिदोनीहरू अनि हिव्वी मानिसहरू जो लेबानोन पर्वतका बाल-हेर्मोन पर्वतदेखि लेबो-हमातसम्म बस्थे। ४परमप्रभुले ती जातिहरूलाई, इस्राएली मानिसहरूको जाँच गर्नका निम्ति त्यो भूमिमा छोड्नु भएको थियो। उहाँले यो हेर्न चाहनुहुन्थ्यो कि इस्राएलका मानिसहरू परमप्रभुका आज्ञाहरू, जो उहाँले तिनीहरूका पिता-पुर्खाहरूलाई मोशा मार्फत दिनु भएको आज्ञाहरू पालन गर्छन् कि गर्दैनन् भनेर।

५इस्राएलका मानिसहरू कनानी, हित्ती, एमोरी, परिज्जी, हिब्बी अनि यबूसी मानिसहरू साथ बस्थे। ६इस्राएलका मानिसहरू ती मानिसहरूका छोरीहरूसित विवाहवारी गर्न थाले। इस्राएलका मानिसहरूले आफ्ना छोरीहरूलाई ती मानिसहरूका छोराहरूसित विवाह गर्न दिए। अनि इस्राएलका मानिसहरूले ती मानिसहरूका देवताहरू पूज्न थाले।

## पहिलो न्यायकर्त्ता, ओत्निएल

७इस्राएलका मानिसहरूले परमप्रभुसित गरेको करार तिनीहरूले भङ्ग गरे। तिनीहरूले परमप्रभु तिनीहरूका परमेश्वरलाई बिर्से अनि झूटा देवताहरू बाल अनि अशेराको सेवा गरे। ८परमप्रभु इस्राएलका मानिसहरूसित क्रोधित हुनुभयो। इस्राएलका मानिसहरूमाथि शासन गर्न परमप्रभुले अरम-नहैरमका राजा कूशन रिशातैमलाई तिनीहरूलाई हराउने शक्ति दिनुभयो। इस्राएलीहरू आठ वर्षसम्म त्यो राजाको अधीनमा रहे। ९तर इस्राएलका मानिसहरूले सहायताका निम्ति परमप्रभुसित विलाप गरे। परमप्रभुले तिनीहरूलाई बचाउँन एउटा व्यक्तिलाई पठाउनु भयो। त्यो व्यक्तिको नाउँ ओत्निएल थियो। उनी कनज नाउँ गरेका एक व्यक्तिका छोरा थिए। कनज कालेबका कान्छा भाइ थिए। ओत्निएलले इस्राएलका मानिसहरूको सेवा गरे। १०परमप्रभुको आत्मा ओत्निएल माथि आउनुभयो अनि तिनी इस्राएली मानिसहरूका न्यायकर्त्ता बने। ओत्निएलले इस्राएली मानिसहरूलाई युद्ध तर्फ अग्रसर गराए। परमप्रभुले ओत्निएललाई अरामका राजा कूशन रिशातैमलाई पराजित गर्नमा सहायता गर्नुभयो। ११यसरी त्यो भूमि कनजका छोरा ओत्निएलको मृत्यु नभए सम्म चालीस वर्षको निम्ति शान्तिसित रह्यो।

## न्यायकर्त्ता एहूद

१२फेरि इस्राएलका मानिसहरूले परमप्रभुसित गरेको तिनीहरूको करार भङ्ग गरे। यसकारण परमप्रभुले इस्राएलका मानिसहरूलाई पराजित गर्न मोआबका राजा एग्लोनलाई बल दिनुभयो। १३एग्लोनले अम्मोनी अनि अमालेकी मानिसहरूबाट सहायता प्राप्त गरे। तिनीहरू उनीसित मिले अनि इस्राएलका मानिसहरू माथि आक्रमण गरे। एग्लोन अनि उनका सेनाले इस्राएलका मानिसहरूलाई पराजित गरे। अनि तिनीहरूलाई खजूर वृक्षको शहर छोड्न वाध्य तुल्याए। १४मोआबका राजा एग्लोनले इस्राएलका मानिसहरू माथि अठाह्र वर्षसम्म शासन गरे।

१५मानिसहरूले परमप्रभुसित विलाप गरे। यसै कारण परमप्रभुले इस्राएलका मानिसहरूलाई बचाउँनका निम्ति एकजना व्यक्तिलाई पठाउनु भयो। यो व्यक्तिको नाउँ एहूद थियो। एहूद बिन्यामीन कुल समूहका गेरा नाउँको मानिसका छोरा थिए। एहूदले आफ्ना देब्रेहातले लड़ाई गर्ने तालिम लिएका थिए। इस्राएलका मानिसहरूले एहूदलाई मोआबका राजा एग्लोन कहाँ उपहारसितै पठाए। १६एहूदले स्वंयका निम्ति एउटा तरवार बनाएका थिए। त्यो तरवारको दुवै पट्टि धारहरू थिए अनि अठाह इंच लामो थियो। एहूदले त्यो तरवार आफ्नो दाहिने जाँघमा बाँधेका थिए अनि आफ्नो पोशाक मुनि लुकाएका थिए।

१७यसरी एहूदले मोआबका राजा एग्लोन कहाँ भेटी ल्याए। एग्लोन अत्यन्त मोटा मानिस थिए। १८भेटी चढ़ाएपछि तिनले ती मानिसहरूलाई पठाए जसले भेटी बोकेका थिए। १९तिनीहरूले राजदरबार छाड़े। जब एहूद गिलगाल नजिकका मूर्तिहरू भएको ठाउँमा पुगे, तिनी घुमे अनि राजालाई भेट्न फर्किए। एहूदले राजा एग्लोनलाई भने, "राजा, तपाईंको निम्ति मसित गुप्तको सन्देश छ।"

राजाले तिनलाई चूपलाग्नु भने अनि त्यसपछि सबै सेवकहरूलाई कोठाबाट बाहिर पठाए। २०एहूद एग्लोन राजा कहाँ गए। राजा आफ्नो दरबारको माथिल्लो कोठामा एक्लै बसिरहेका थिए।

तब एहूदले भने, "मसित तपाईंको निम्ति परमेश्वरको सन्देश छ।" राजा आफ्नो गद्दीबाट उठे। उनी एहूदका अत्यन्त छेउमा थिए। २१जसै राजा आफ्नो गद्दीबाट

उठदै थिए, एहूदले आफ्नो देब्रेहात बढ़ाएर आफ्नो दाहिने जाँघमा बाँधिएको तरवार निकाले। त्यसपछि एहूदले तरवार राजाको भूँड़ीमा रोपिदिए। २२त्यो तरवार एग्लोनको भूँड़ीमा यति भित्र पस्यो कि त्यसको बीड़ पनि बोसोले छोप्यो। एहूदले एग्लोनदेखि तरवार बाहिर तान्न सकेनन् अनि एग्लोनको आन्द्रा-भूँड़ी बाहिर निस्कियो।

२३एहूदले माथिल्लो कोठाका ढोकाहरू बन्दगरी राजालाई भित्रै ताल्चा लगाएर त्यो निजी कोठाबाट निस्किए। २४एहूदले त्यसपछि मूल कोठा छाड़े अनि सेवकहरू फर्केर भित्र गए। सेवकहरूले माथिल्लो कोठाको ढोका बन्द गरिएको पाए। यसर्थ सेवकहरूले भने, "राजा आफ्ना निजी विश्राम कोठामा विश्राम गरिरहेका हुनुपर्छ।" २५यसर्थ सेवकहरूले धेरै लामो समयसम्म पर्खिरहे। राजाले माथिल्लो कोठाका ढोकाहरू खोलेनन्। आखिरमा सेवकहरू चिन्तित भए। तिनीहरूले चाबी ल्याए अनि ढोकाहरू खोले। जब सेवकहरू भित्र पसे, तिनीहरूले आफ्ना राजालाई भूइँमा मरेर लड़िरहेका, देखे। २६सेवकहरूले राजालाई पर्खदै गर्दा एहूदले उम्कने समय पाए। एहूदले मूर्तिहरू पार गरे र सीरा नाउँ गरेको स्थान तिर गए। २७जब एहूद सीरामा आए तिनले त्यहाँ, एप्रैमको पहाड़ी देशमा, तुरही बजाए। इस्राएलका मानिसहरूले तुरही बजेको आवाज सुने अनि तिनीहरू पहाड़बाट तल झरे, एहूदले तिनीहरूको अगुवाइ गरे। २८एहूदले इस्राएलका मानिसहरूलाई भने, "मेरो अनुसरण गर! परमप्रभुले हाम्रा शत्रुहरू, मोआबका मानिसहरूलाई पराजित गर्नमा हामीलाई सहयोग गर्नु भयो।"

यसर्थ इस्राएलका मानिसहरूले एहूदको अनुसरण गरे। तिनीहरू त्यो भूमिलाई अधिकारमा लिन एहूदसित सजिलैसित तल यर्दन नदी पार गरेर मोआबको भूमिमा पुगे। २९इस्राएली मानिसहरूले लगभग १०,००० बलवान अनि साहसी मानिसहरूलाई मारे। एकजना मोआबी मानिस पनि उम्किएनन्। ३०यसर्थ त्यस दिनदेखि इस्राएलका मानिसहरूले मोआबका मानिसहरू माथि शासनगर्न थाले। अनि त्यो भूमिमा ८० वर्षसम्म शान्ति भईरह्यो।

### न्यायकर्त्ता शमगर

३१एहूदले इस्राएलका मानिसहरूलाई बँचाए पछि, अर्को मानिसले इस्राएललाई बँचायो। त्यो मानिस अनातको छोरा शमगर थियो। ६०० पलिश्ती मानिसहरूलाई मार्न शमगरले गोरू खेध्ने लट्ठीको उपयोग गरे।

### स्त्री न्यायकर्त्ता दबोरा

४ एहूदको मृत्युपछि मानिसहरूले फेरि परमप्रभुसित तिनीहरूको करार भङ्ग गरे। २यसर्थ परमप्रभुले कनानका राजा इस्राएलका मानिसहरूलाई पराजित गर्न याबीनलाई दिनु भयो। याबीनले हासोर नाउँ गरेको शहरमा शासन गर्थे। राजा याबीन सेनाका सेनापति सीसरा नाउँका व्यक्ति थिए। सीसरा हरोशेत हग्गोयिम नाउँको शहरमा बस्थे। ३सीसरासित ९०० फलामका रथहरू थिए। अनि बीस वर्षसम्म तिनी इस्राएलका मानिसहरू प्रति अत्यन्त निष्ठूर भए। यसर्थ तिनीहरूले परमप्रभुसित सहायताको निम्ति विलाप गरे।

४त्यहाँ दबोरा नाउँ गरेकी एउटी अगमवादिनी थिइन्। तिनी लप्पीदोत नाउँ गरेका एकजना व्यक्तिकी पत्नी थिइन्। त्यससमय तिनी इस्राएलको न्यायकर्त्ता थिइन। ५दबोरा दबोराको खूजर-रूख मुनि बस्ने गर्थिन। अनि इस्राएलका मानिसहरू सीसराको विषयमा वकालत गर्न तिनीकहाँ आए। दबोराको खजूरको रूख रामा अनि बेतेल शहरहरूको माझमा, एप्रैमको पहाड़ी देशमा थियो। ६दबोराले बराक नाउँ भएको मानिसलाई एउटा सन्देश पठाइन्। बाराक अबीनोअम नाउँका मानिसका छोरा थिए। बाराक केदेश शहरमा बस्थे जो नप्तालीको इलाकामा थियो। दबोराले बाराकलाई भनिन्, "परमप्रभु इस्राएलको परमेश्वरले तिम्रो निम्ति यो आज्ञा दिनु भएको छ, 'जाऊ अनि नप्ताली अनि जबूलूनका कुल समूहहरूबाट १०,००० मानिसहरूलाई भेला गर। ती मानिसहरूलाई लगेर ताबोर पर्वतमा जाऊ। ७म राजा याबीनका सेनापति सीसरालाई तिमीहरूकहाँ आउन उत्तेजित पार्नेछु। म सीसरालाई तिनका रथहरू, अनि सेनाहरू लिएर किशोन नदीमा आउन लाउनेछु। तब म तिमीहरूलाई त्यहाँ सीसरालाई पराजित गर्नमा सहायता गर्नेछु।'"

८तब बाराकले दबोरालाई भने, "यदि तपाईं मसित जानु हुन्छ भने म जानेछु अनि यसो गर्नेछु। तर यदि तपाईं मसित जानु हुन्न भने म जाने छैन्।"

९दबोराले उत्तर दिइन्, "निश्चयनै म तिमीसित जानेछु," "तर तिम्रो मनोबृत्तिको कारणले जब सीसरालाई पराजित गरिन्छ तिमीलाई सम्मान गरिने छैन। परमप्रभुले एउटी स्त्रीलाई सीसरामाथि पराजित पार्न दिनुहुनेछ।"

यसर्थ दबोरा बाराकसित केदेश शहरमा गइन्। १०केदेश शहरमा, बाराकले जबूलून अनि नप्ताली कुल समूहहरूलाई बोलाए। बाराकले ती कुल समूहहरूबाट तिनको अनुसरण गर्नलाई १०,००० मानिसहरू भेला गरे। दबोरा पनि बाराकसित गइन्।

११अहिले, त्यहाँ हेबेर नाउँ गरेका एकजना मानिस थिए जो केनी मानिसहरूबाट आएका थिए। हेबेरले अन्य केनी मानिसहरूको साथ छोड़ेका थिए। (केनी मानिसहरू होबाबका सन्तान थिए। होबाब मोशाका ससुरा थिए।) हेबेरले सानन्नीम नामक ठाउँमा बञ्राँकाठको रूखद्वारा आफ्नो घर निर्माण गरेका थिए। सानन्नीम केदेश शहरको नजिकमा थियो।

१२कसैले सीसरालाई भने कि अबीनोअमका छोरा बाराक तबोर पर्वतमा थियो। १३यसर्थ सीसराले आफ्ना

९०० फलामका रथहरू भेला गरे। सीसराले सबै मानिसहरूलाई पनि आफूसित एकत्रित गरे। तिनीहरू हरोशेत हग्गोयिम शहरदेखि कीशोन नदी तर्फ हिँड़े।

१४तब दबोराले बाराकलाई भनिन्, "आज परमप्रभुले सीसरालाई पराजित गर्न तिमीहरूलाई सहायता प्रदान गर्नुहुनेछ। तिमीहरू निश्चयनै त्यो जान्दछौ कि परमप्रभुले तिमीहरूलाई युद्ध गर्नको निम्ति डोर्‍याउनु हुनेछ।" यसकारण बाराकले १०,००० मानिसहरूलाई ताबोर पर्वतबाट तल झारे। १५बाराक अनि तिनका मानिसहरूले सीसरालाई आक्रमण गरे। युद्ध भइरहेको समयमा परमप्रभुले सीसरा अनि तिनका रथ अनि मानिसहरूलाई अल्मलाई दिनुभयो। के गर्नु पर्ने तिनीहरूले जानेनन्। यसर्थ बाराक अनि तिनका मानिसहरूले सीसरालाई पराजित गरे। तर सीसराले आफ्नो रथ छोड़िदिए अनि पैदलै भागे। १६बाराक अनि तिनका मानिसहरू सीसराका सेनासित युद्ध गरिरहे। बाराक अनि तिनका मानिसहरूले सीसराका रथहरू र सेनालाई हरोशेत हग्गोयिमसम्म खेदेर लगे। बाराक अनि तिनका मानिसहरूले सीसराका मानिसहरूलाई मार्न तिनीहरूका निम्ति तरवार प्रयोग गरे। सीसराका कुनै पनि मानिसलाई जीवित छोड़ेनन्।

१७तर सीसरा भागे। तिनी त्यो पालमा आए जहाँ याएल नाउँकी स्त्री बस्थिन्। याएल हेबेर नाउँका मानिसकी पत्नी थिइन। तिनी केनी मानिसहरू मध्ये एक थिइन्। हेबेरका परिवार हसोरका राजा याबीन साथ शान्तिसित थिए। यसर्थ सीसरा याएलको पालतिर भागे। १८याएलले सीसरालाई आउँदै गरेको देखिन्, यसर्थ उसलाई भेट्न तिनी बाहिर गइन्। याएलले सीसरालाई भनिन्, "महाशय मेरो पालमा आउनु होस्। भित्र आउनु होस। भयभीत नहुनु होस्।" यसर्थ सीसरा याएलको पालमा गए, अनि तिनले उसलाई एउटा दरीले ढाकिदिइन्।"

१९सीसराले याएललाई भने, "म तिर्खाएको छु। कृपया मलाई केही पानी पिउन देऊ।" याएलसित पशुको छालाद्वारा बनाएका एउटा थैलो थियो। तिनले त्यस थैलामा दूध राखेकी थिइन्। याएलले सीसरालाई दूध पिउँन दिइन्। त्यसपछि सीसरालाई गलैंचाले छोपिदिइन्।

२०तब सीसराले याएललाई भने, "जाऊ, पालको प्रवेशस्थानमा उभिरहु। यदि कोही आएर तिमीलाई, 'यहाँ भित्र कोही छ?', भनेर सोध्यो भने, 'छैन भनेर त्यसलाई भनिदिनु।'"

२१तर याएलले एक कीला र मार्तोल खोजिन्। याएल चूपचाप सीसरा कहाँ गइन्। सीसरा अत्यन्त थकित थिए, यसर्थ तिनी निदाइरहेका थिए। याएलले त्यो पालको किला सीसराका शिर तिर राखिन् अनि त्यसलाई मार्तोलले हिर्काइन्। त्यो पालको कीला सीसराको शिरको छेउ भएर भूइँमा गाड़ियो अनि सीसराको मृत्यु भयो।

२२त्यति नै बेला याएलको पालको छेउमा बाराक, सीसरालाई खोज्दै आए। याएल बाराकलाई भेट्न बाहिर आइन् अनि भनिन्, "भित्रै आउनु होस्, अनि म तपाईंले खोजीरहनु भएको मानिस तपाईंलाई देखाउने छु।" यसर्थ बाराक याएलसँग पालभित्र पसे। त्यहाँ बाराकले सीसरालाई तिनको शिरको छेउबाट पार गएको पालको कीला सहित भूइँमा मरिरहेको भेट्टाए।

२३त्यसदिन परमेश्वरले इस्राएली मानिसहरूका निम्ति कनानका राजा याबीनलाई पराजित गर्न दिनुभयो। २४यसरी इस्राएल मानिसहरूले कनानका राजा याबीनलाई पराजित नपारून्जेल झन-झन शक्तिशाली हुँदै गए। इस्राएलका मानिसहरूले अन्तमा कनानका राजा याबीनलाई नष्ट पारे।

## दबोरा र बाराकको स्तुति गीत

५ इस्राएलका मानिसहरूले सीसरालाई पराजित पारेको दिन, दबोरा अनि बाराक, अबीनोअमका छोराले यो गीत गाए:

२इस्राएलका मानिसहरू युद्धका निम्ति तयार भए। तिनीहरू स्वेच्छाले युद्धमा जाने भए! परमप्रभुलाई धन्यवाद चढ़ाऊ!

३हे राजाहरू हो। सुन हे शासकहरू हो। म गाउनेछु। म स्वयं परमप्रभु प्रति गाउँनेछु। म परमप्रभुका निम्ति, इस्राएलका मानिसहरूका परमेश्वरका निम्ति भजन गाउने छु।

४हे परमप्रभु, अतीतमा तपाईं सेइरबाट आउनुभयो। तपाईं एदोम देशबाट हिँड़नु भयो। तपाईं हिँड़नु भयो, अनि पृथ्वी काम्यो, आकाशबाट वृष्टि भयो, मेघहरूले पानी बर्साए।

५परमप्रभुको अघि पर्वतहरू हल्लिए, सीनै पर्वतका परमेश्वरको अघि, परमप्रभु इस्राएलका परमेश्वरको अघि।

६अनातका छोरा शमगरको समयमा, याएलको समयमा, मुख्य सड़कहरू रित्ता थिए। व्यापारीहरू अनि यात्रीहरू पछिल्लो मार्गबाट हिँड़दथे।

७त्यहाँ कोही सेनाहरू थिएनन्। दबोरा तिमी नआएसम्म, इस्राएलकी आमा बन्नलाई, तिमी नआएसम्म इस्राएलमा कुनै सेनाहरू थिएनन्।

८परमेश्वरले नयाँ अगुवाहरू चुन्नु भयो शहरका द्वारहरूमा लड्नका निम्ति। इस्राएलका ४०,००० सेनाहरू मध्ये कसैले पनि एक ढाल अनि एक भाला पाउँन सकेनन्।

९मेरो हृदय इस्राएलका ती सेनापतिहरूसित छ जो स्वेच्छाले युद्धमा जाने भए!
परमेश्वर प्रति धन्यवाद चढ़ाऊ!

१०सेतो गधाको ढाड़मा चढ्ने, जीनको कम्बलमा बस्ने अनि बाटोमा हिँड़ने तिमी मानिसहरू ध्यान देऊ।

११पशुहरूको लागि पानी भएको खाड़लहरूमा हामी भ्याम्टाको सङ्गीत सुन्दछौ। मानिसहरू परमप्रभुको विजय, इस्राएलमा उहाँका सेनाहरूको विजय जब परमप्रभुका मानिसहरू शहरद्वारमा लड़ेर विजयी भए, त्यस विषयमा गाउँछन्।

१२जाग, व्यूँभ्र दबोरा! जाग, जाग अनि गीत गाऊ! हे अबीनोअमका छोरा बाराक, उठ, जाऊ तिम्रा शत्रुहरूलाई कब्जा गर।

१३अब, बाँचेका अगुवाहरू कहाँ जाऊ। परमप्रभुका मानिसहरू, मसित अनि सेनाहरूसित जाऊ।

१४एप्रैमका मानिसहरू अमालेकको पहाड़ी देशबाट आए। बिन्यामीन, ती मानिसहरूले, तिमी अनि तिम्रा मानिसहरूको अनुसरण गरे। अनि, माकीरका कुलका सेनापतिहरू त्यहाँ उपस्थित थिए। जबूलून कुल समूहको नायकहरू अधिकारीहरू र कर्मचारीहरूसित आए।

१५इस्साकारका अगुवाहरू दबोरासितै आए; तिनीहरूले बाराकलाई सर्मपण गरेका थिए। ती मानिसहरू हिड़ेर भञ्जयाङ गए। रूबेन, तिम्रा सेनाहरूमा अनेक साहसी सेनाहरू छन्।

१६यसर्थ, तिमीहरू किन भेड़ा-शिबिरका अग्निहरूमा अलमली बस्यौ? रूबेनका सेनाहरूले युद्धको बारेमा गहिरो सोच गरे। तर तिनीहरूले आफ्ना भेड़ाहरूका निम्ति बजाएको संगीत सुन्दै छाउनीमा बसे।

१७गिलादका मानिसहरू यर्दन नदीको अर्को तर्फ आफ्ना छाउनीमा बसे। अनि तिमी दानका मानिसहरू तिमीहरू किन तिमीहरूका जहाजका छेउमा बस्यौ? आशेरका मानिसहरू सागर छेउमा बसे, आफ्ना सुरक्षित पोताश्रयमा छाउनी लाएर।

१८तर जबूलून अनि नप्तालीका मानिसहरूले ती पहाड़हरूमा युद्ध गर्दै आफ्ना प्राणलाई जोखिममा पारे।

१९कनानका राजाहरू युद्ध गर्न आए, तर तिनीहरूले कुनै खजाना घरतिर लगेनन्। तिनीहरू मगिदोका खोलाको छेउमा भएको तनाक शहरमा लड़े।

२०स्वर्ग बाट ताराहरू तिनीहरूका निम्ति लड़े, आकाशबाट ताराहरू सीसराको विरुद्ध लड़े।

२१कीशोन नदी-त्यो प्राचीन नदीले सीसराका मानिसहरूलाई बगाएर लग्यो। मेरो आत्मा, पराक्रम सहित अघिबढ़!

२२घोड़ाका टापहरूले भूइँ ठोके। सीसराका शक्तिशाली घोड़ा भ्रन-भ्रन दौड़े।

२३परमप्रभुका स्वर्गदूतले भन्नुभयो, "मेरोज शहरलाई श्राप देऊ, यसका मानिसहरूलाई श्राप देऊ। परमप्रभुलाई सघाउन तिनीहरू सेनासित आएनन्।"

२४याएल केनी हेबेरकी पत्नी थिइन्। तिनी सबै स्त्रीहरूभन्दा अधिक धन्य हुनेछिन्।

२५सीसराले पानी मागे, याएलले उसलाई दूध दिइन्। शासकलाई कचौरामा तिनले राम्रो घिऊ ल्याइदिइन्।

२६तब याएल बाहिर गइन्। अनि पालको कीला लिइन्। तिनको दाहिने हातले एउटा मार्तोल लिइन, जो एकजना मजदूरले उपयोग गर्छ। त्यसपछि तिनले त्यो मार्तोल सीसरा माथि चलाइन्! तिनले उसको शिरमा हिर्काइन अनि उसको कन्चटमा वारपार प्वाल पारिदिइन्।

२७उनी याएलका पाउ माभ्र घोप्टो परे उनको मृत्यु भयो। अनि उनी त्यही लढ़े। जहाँ सीसरा घोप्टो परे, त्यहीँ त्यसको मृत्यु भयो। अनि तिनी त्यहाँ मृत्यु लोगमा पुगे!

२८हेर, त्यहाँ सीसराकी आमा छिन् भ्र्याल देखि बाहिर पर्दाबाट हेरिरहेकी छिन्, अनि विलाप गर्दै छिन्। "सीसराको रथ किन यति ढीलो भयो? उसको रथको आवाज म किन सुन्दिन?"

२९तिनकी सबै भन्दा ज्ञानी सेविकाले तिनलाई उत्तर दिइन् साँच्चै, सेविकाले तिनलाई उत्तर दिइन्।

३०"म निश्चित छु, तिनीहरूले युद्धमा विजय प्राप्त गरे, अनि अहिले तिनीहरू, तिनीहरूले पराजित गरेका मानिसहरूका चीजहरू लिँदैछन्। तिनीहरू ती चीजहरू तिनीहरू स्वयंमा बाँड़दैछन्। प्रत्येक सैनिकहरू एक अथवा दुइ जना युवतीहरू लिँदैछन्। हुनसक्छ, सीसराले एक टुक्रा रङ्गीन वस्त्र भेट्टाए। त्यो यही हो! सीसराले एक टुक्रा बेल-बुट्टादार वस्त्र। हुन सक्छ दुइ टुक्रा विजेता सीसराले लाउनका निम्ति भेट्टाए।"

३१हे परमप्रभु, तपाईंका समस्त शत्रुहरूको यसरी नै मृत्यु होस्! अनि समस्त मानिसहरू जो तपाईं प्रति प्रेम गर्छन्, भुल्कँदो सूर्य जस्तै शक्तिशाली बनून!"

यसरी त्यो भूमिमा चालीस वर्षसम्म शान्ति रह्यो।

## मिद्यानीहरू इस्राएलसित युद्ध गर्छन्

६ फेरि इस्राएलीहरूले परमप्रभुसित तिनीहरूको करार भङ्ग गरेका थिए। यसकारण सात वर्षसम्म परमप्रभुले मिद्यानका मानिसहरूलाई इस्राएलका मानिसहरूमाथि पराजित पार्न दिनु भयो।

२मिद्यानका मानिसहरू अत्यन्त शक्तिशाली अनि
इस्राएलका मानिसहरू प्रति निष्ठूर थिए। यसर्थ इस्राएलका
मानिसहरूले पर्वतहरूमा अनेक लुक्ने ठाउँहरू निर्माण
गरेका थिए। तिनीहरूले आफ्ना भोजनहरू गुफाहरू
अनि भेट्न गाह्रो पर्ने स्थानहरूमा लुकाए। ३तिनीहरूले
त्यसो गरे किनभने पूर्वबाट मिद्यानी अनि अमालेकी
मानिसहरू आएर तिनीहरूका बालीहरू सदैव नष्ट
गरिदिन्थे। ४ती मानिसहरूले त्यो भूमिमा छाउनी थापेर
बस्थे अनि इस्राएलका मानिसहरूले रोपेका बालीहरू
नष्ट गरिदिन्थे। ती मानिसहरूले इस्राएलका मानिसहरूको
गाजा शहर नजिकसम्मका भूमिको फसल नष्ट गरिदिए।

ती मानिसहरूले इस्राएलका मानिसहरूलाई खानका निम्ति केही पनि छाड़ेनन्। तिनीहरूले इस्राएलका मानिसहरूका निम्ति कुनै भेड़ा, वा गाइ-बस्तु वा गधाहरू पनि छाड़ेनन्। ५मिद्यानका मानिसहरू माथि आए अनि त्यस भूमिमा छाउनी थापेर बसे। तिनीहरूले आफ्ना परिवारहरू अनि आफ्ना पशु प्राणीहरू ल्याए। तिनीहरू सलहको हुल झैं धेरै थिए। ती मानिसहरू अनि ऊँटहरू यति धेरै थिए कि तिनीहरूको गन्ती गर्न सम्भव थिएन। यी सबै मानिसहरू त्यस भूमिमा आए अनि त्यसलाई ध्वंश पारे। ६इस्राएलका मानिसहरू मिद्यानका मानिसहरूको कारणले अत्यन्त गरीब भए। यसर्थ इस्राएलका मानिसहरूले सहायताका निम्ति परमप्रभु समक्ष विलाप गरे।

७मिद्यानका मानिसहरूले ती सबै दुष्टकर्महरू गरे। यसर्थ इस्राएलका मानिसहरू सहायताका निम्ति परमप्रभुसित विलाप गर्नलागे। ८यसर्थ परमप्रभुले तिनीहरू कहाँ एक अगमवक्तालाई पठाउनु भयो। अगमवक्ताले इस्राएलका मानिसहरूलाई भने, "परमप्रभु, इस्राएलका परमेश्वरले जे भन्नुहुन्छ त्यो यो हो: 'तिमीहरू मिश्रदेशमा दास थियौ। मैले तिमीहरूलाई मुक्त गरे अनि तिमीहरूलाई त्यस भूमिबाट बाहिर ल्याएँ। ९मैले तिमीहरूलाई मिस्रदेशका शक्तिशाली मानिसहरूबाट बचाएँ। त्यसपछि कनान देशका मानिसहरूले तिमीहरूलाई घात पुऱ्याए। यसर्थ मैले फेरि तिमीहरूलाई बचाएँ। मैले ती मानिसहरूलाई तिनीहरूका भूमि छोड़न लगाएँ। अनि तिनीहरूको भूमि तिमीहरूलाई दिएँ।' १०तब मैले तिमीहरूलाई भने, 'म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। तिमीहरू एमोरी मानिसहरूको भूमिमा बस्नेछौ, तिमीहरूले तिनीहरूका झूटा देवताहरू पूज्न हुदैन थियो।' तर तिमीहरूले मेरो कुरा पालन गरेनौं।"

## परमप्रभुका स्वर्गदूत गिदोन भ्रमण गर्छन्

११त्यस समयमा परमप्रभुका स्वर्गदूत गिदोन नाउँको मानिसकहाँ आए। परमप्रभुका स्वर्गदूत आए र ओप्रा नामक स्थानमा भएको फलाँटको रूखमुनि बसे। त्यो फलाँटको रूख योआश नाउँको मानिसको थियो। योआश अबीएजर परिवारका थिए। यिनी गिदोनका बुबा थिए। मिद्यानीहरूबाट लुकाउनलाई गिदोन दाखरस निकाल्ने ढिकीमा केही गहुँ कुटिरहेका थिए। १२परमप्रभुका स्वर्गदूत गिदोन समक्ष प्रकट भए अनि तिनलाई भने, "महान सैनिक! परमप्रभु तिम्रो साथ रहून्।"

१३तब गिदोनले भने, "म शपथ खान्छु हजूर यदि परमप्रभु हामीसित हुनु भएको भए हामीहरूले किन यति धेरै कष्ट पाइरहेका छौं?" हामीले सुनेका छौं कि उहाँले हाम्रा पिता-पुर्खाहरूका निम्ति आश्चर्य जनक कुराहरू गर्नुभयो। हाम्रा पिता-पुर्खाहरूले हामीलाई भने कि परमप्रभुले नै तिनीहरूलाई मिश्रदेशबाट बाहिर ल्याउनुभयो। तर परमप्रभुले हामीलाई छाड़नुभयो। परमप्रभुले हामीलाई पराजित गर्न मिद्यानी मानिसहरूलाई दिनुभयो।"

१४परमप्रभु गिदोनतर्फ फर्किनु भयो अनि भन्नुभयो, "तेरो शक्ति उपयोग गर। जा मिद्यानी मानिसहरूबाट इस्राएलका मानिसहरूलाई बँचा। म तँलाई तिनीहरूलाई बचाउँन पठाइरहेछु।"

१५तर गिदोनले उत्तर दिए र भने, "मलाई क्षमा गर्नुहोस महाशय। म कसरी इस्राएलीलाई बचाउँन सक्छु र? मनश्शेको कुल समूहमा मेरो गोत्र सबै भन्दा कमजोर छ। अनि म मेरो परिवारको सबै भन्दा कान्छो हुँ।"

१६परमप्रभुले गिदोनलाई उत्तर दिनुभयो र भन्नुभयो, "म तँसित छु। यसर्थ तैले मिद्यानका मानिसहरूलाई पराजित गर्न सक्नेछस्। यो यस्तो हुनेछ कि तँ एक व्यक्तिसित मात्र युद्ध गरिरहेछस्।"

१७तब गिदोनले परमप्रभुलाई भने, "यदि तपाईं मसित खुशी हुनुभयो भने तपाईं साँच्चै नै परमप्रभु हुनुहुन्छ भनी मलाई प्रमाण दिनु होस्। १८कृपया यो प्रतिक्षा गर्नुहोस्। म तपाईं कहाँ फर्की नआएसम्म तपाईं नजानुहोस्। मलाई मेरो भेटी ल्याउन अनि तपाईंको समक्ष त्यसलाई राख्न दिनुहोस्।"

अनि परमप्रभुले भन्नुभयो, "तँ फर्केर नआएसम्म म पर्खीरहने छु।"

१९यसर्थ गिदोन भित्र गए अनि एउटा सानो पाठो उम्लेको पानीमा पकाए। गिदोनले लगभग एक एपा* जस्तो पीठो लिएर अखमीरे रोटी बनाए। त्यसपछि गिदोनले एउटा ढाकीमा मासु हाले अनि मासु उमालेको पानी एउटा भाँड़ामा हाले। गिदोनले मासु, उमालेको मासुको झोल अनि अखमिरे बिनाको रोटी पकाएर बाहिर ल्याए। गिदोनले त्यो भोजन फलाँटको रूखमुनि परमप्रभुलाई दिए। २०परमेश्वरका दूतले गिदोनलाई भने, "त्यो मासु अनि अखमिरे बिनाको रोटी त्यो चट्टान माथि राख। त्यसपछि पानी खना।" गिदोनले उसलाई स्वर्गदूतले भने जस्तै गरे।

२१परमप्रभुको दूतसित हातमा एउटा हिँड़दा टेक्ने लट्ठी थियो। परमप्रभुका दूतले त्यो लट्ठीको टुप्पोले मासु अनि रोटीलाई छोए। तब चट्टानबाट आगो उत्पन्न भयो। मासु अनि रोटी पूर्ण रूपले भस्म भयो। तब परमप्रभुको दूत अदृश्य भए।

२२तब गिदोनले बुझे कि तिनी परमप्रभुको दूतसित कुरा गरिरहेका थिए। यसर्थ गिदोन चिच्याए, "सर्वशक्तिमान परमप्रभु! मैले परमप्रभुका दूतलाई आमने-सामने देखें!"

---

**एक एपा:** अर्थात बीस पाउण्ड ।

२३तर परमप्रभुले गिदोनलाई भन्नुभयो, "शान्त होऊ! भयभीत नहोऊ। तिमी मर्ने छैनौ!"

२४यसर्थ गिदोनले परमप्रभुको आराधना गर्न त्यस स्थानमा एक वेदी निर्माण गरे। गिदोनले त्यो वेदीको नाउँ "परमप्रभु शान्ति हुनुहुन्छ राखे।" त्यो वेदी अझ सम्म ओप्रा शहरमा छँदैछ। ओप्रा त्यो ठाउँ हो जहाँ अबीएजरका परिवार बस्छन्।

### गिदोनले बालको वेदी ढालि दिन्छन्

२५त्यही राती परमप्रभुले गिदोनसित कुरा गर्नुभयो। परमप्रभुले भन्नुभयो, "तेरो बाबुले पालेको सात वर्ष पुगेको जवान साढ़े ले। तेरा बाबुको झूटो देवता बालको एउटा वेदीमा छ। त्यो वेदीको छेउमा एउटा काठको खम्बा पनि छ। त्यो खम्बा झूटा देवी अशेराको सम्मानमा बनाएको छ। त्यो बाल-वेदी ढाल्न साँड़िको उपयोग गर अनि अशेरका खम्बा काटिदे।
२६त्यसपछि परमप्रभु तेरो परमेश्वरको निम्ति ठीक प्रकारको वेदी निर्माण गर। त्यो वेदी यो उच्च भूमिमा निर्माण गर। त्यसपछि त्यो वेदीमा त्यो जवान साँढ़ेलाई मारेर होमबलि दे। तिमीहरूको भेटी जलाउनलाई अशेराको खम्बाको काठ उपयोग गर।"

२७यसर्थ गिदोनले आफ्ना दशजना सेवकहरू लगे अनि परमप्रभुले तिनलाई जे गर्नु भन्नु भएको थियो त्यही गरे। तर गिदोन तिनका परिवार अनि शहरका मानिसहरूले आफूले के गर्दै छु भनी देख्छन् भनी भयभीत भएका थिए। गिदोनले त्यही गरे जो तिनलाई गर्नुभनी परमप्रभुले भन्नु भएको थियो। तर तिनले त्यो काम दिउँसो होइन राती गरे।

२८शहरका मानिसहरू भोलिपल्ट बिहान उठे। अनि तिनीहरूले बालको वेदी नष्ट पारिएको देखे। तिनीहरूले अशेरका खम्बा पनि काटिएका देखे। त्यो अशेराको खम्बा बालको वेदीको छेउमै थियो। ती मानिसहरूले वेदी पनि देखे जो मिदोनले निर्माण गरेको थियो। अनि तिनीहरूले त्यो साँढ़े देखे जसलाई वेदीमा बलिदानहरू चढ़ाइएको थियो।

२९शहरका मानिसहरूले एक अर्कालाई हेरे अनि सोधे, "हाम्रो वेदीलाई कसले ढाली दियो? कसले हाम्रो अशेराको खम्बा काटिदियो? कसले यो साँढ़ेलाई यो नयाँ वेदीमा बलिदान चढ़ायो?" तिनीहरूले अनेक प्रश्नहरू सोधे अनि ती कुराहरू कसले गरे भनी जान्ने कोशिश गरे।

कसैले तिनीहरूलाई भने, "योआशका छोरा गिदोनले यसो गरे।"

३०यसर्थ शहरका मानिसहरू योआश कहाँ आए। तिनीहरूले योआशलाई भने, "तिमीले तिम्रो छोरालाई बाहिर ल्याउनुपर्छ। बालको वेदी उसले ढाल्यो। अनि उसले वेदीको छेउमा भएको अशेरा देवीको खम्बा पनि काटिदियो। यसर्थ तिम्रो छोरा मर्नै पर्छ।"

३१तब योआशले त्यो भीड़लाई भन्यो जो तिनका वरिपरि उभिएका थिए। योआशले भने, "के तिमीहरू बाल देवताको पक्ष लिँदैछौ? के तिमीहरू बालको उद्धार गर्न खोज्दै छौ? यदि कसैले बालको पक्ष लिन्छौ भने उसलाई बिहान हुँदा मारिनु पर्छ। यदि बाल वास्तवमा देवता भएको भए उसले आफ्नो सुरक्षा आफै गर्नु पर्ने।"
३२योआशले भने, "यदि गिदोनले बालको वेदी ढाल्यो भने बाललाई नै उसित बहस गर्न देऊ।" यसर्थ त्यसदिन योआशले गिदोनलाई नयाँ नाउँ दिए। तिनले उसलाई यरूब्बाल भने।

### गिदोनले मिद्यानका मानिसहरूलाई पराजित गर्छन्

३३मिद्यानी, अमालेकी अनि अन्य मानिसहरू इस्राएलका मानिसहरूको विरुद्ध लड्न एक साथ मिले। ती मानिसहरू यर्दन नदी पारि गए अनि यिजरेलको बेंसीमा छाउनी हालेर बसे।
३४परमप्रभुको आत्मा गिदोन माथि आउनुभयो; अनि तिनलाई महान शक्ति प्रदान गर्नुभयो। गिदोनले अबीएजरका परिवारलाई आफ्नो अनुसरण गर्नका निम्ति बोलाउनलाई तुरही फुके।
३५गिदोनले मनश्शेका कुल समूहका समस्त मानिसहरू कहाँ दूतहरू पठाए। ती दूतहरूले मनश्शेका मानिसहरूलाई आफ्ना हतियारहरू लिन अनि युद्धका निम्ति तयार हुन भने। गिदोनले आशेर, जबूलून अनि नप्तालीका कुल समूह कहाँ पनि दूतहरू पठाए। ती दूतहरूले त्यही सन्देश लगे। यसर्थ ती कुल समूहहरू पनि गिदोन अनि तिनका मानिसहरूलाई भेट्न गए।

३६तब गिदोनले परमेश्वरलाई भने, "तपाईंले भन्नुभयो कि तपाईंले मलाई इस्राएलका मानिसहरूलाई बँचाउन सहायता गर्नु हुनेछ। मलाई प्रमाण दिनु होस।
३७म भेड़ाको ऊन ढीकीमा* राख्नेछु। यदि भेड़ाको ऊनमा मात्र शीत परेर सबै भूइँहरू सुक्खा रहेको भए म बुझ्ने छु कि तपाईंले भन्नु भए जस्तै इस्राएलका मानिसहरूलाई बचाउँनका निम्ति तपाईंले मेरो उपयोग गर्नु हुनेछ।"

३८अनि ठीक त्यस्तै नै भयो। गिदोन भोलिपल्ट विहानै उठे अनि भेड़ाको ऊन निचोरे। तिनले भेड़ाको ऊनबाट एक कचौरा भरि पानी निकाले।

३९तब गिदोनले परमेश्वरलाई भने, "म प्रति क्रोधित नहुनुहोस्। मलाई अझ एउटा कुरा सोध्न दिनुहोस। यो भेड़ाको ऊनद्वारा तपाईंलाई अझ एक पल्ट जाँचगर्न मलाई दिनुहोस। यसपल्ट वरिपरिको भूमि शीतले भिज्दा यो भेड़ाको ऊन सुक्खा रहोस्।"

---

**ढीकी** धान कुट्ने ठाउँ।

४०त्यो रात परमेश्वरले त्यही कुरा गर्नुभयो। ठीकै
भेड़ाको ऊन सुक्खा थियो। तर त्यस वरिपरिको भूमि
शीतले भिजेको थियो।

७ बिहानै यरूब्बाल (गिदोन) अनि तिनका सबै
मानिसहरूले एन-हरोदको मूलमा आफ्ना छाउनी
थापे। मिद्यानका मानिसहरू मोरेह नाउँ गरेको पहाड़को
फेदको बेंसीमा छाउनी हालेर बसेका थिए। यो गिदोन
अनि तिनका मानिसहरू बसेका ठाउँ देखि उत्तरमा
थियो।

२तब परमप्रभुले गिदोनलाई भन्नुभयो, "म मिद्यानका
मानिसहरूलाई पराजित गर्न तिमीहरूलाई सहायता दिँदैछु।
तर तँसित त्यो कामका निम्ति अनेक धेरै मानिसहरू
छन्। म इस्राएलका मानिसहरूले मलाई बिर्सेर तिनीहरूले
तिनीहरू स्वयंलाई आफ्नै शक्तिले बँचाएको भनी शेखी
गरेको चाहँदिन। ३यसर्थ अब, एउटा सूचना दे।
तिनीहरूलाई भन्, 'जो कुनै पनि भयभीत छ त्यो गलेद
पर्वत छोड़ेर जान सक्छ। त्यो मानिस घर फर्की जान
सक्छ।'"

त्यस समयमा २२,००० मानिसहरूले गिदोनलाई
छाड़े अनि घर फर्के तर १०,००० मानिसहरू बाँकी
रहे। ४तब परमप्रभुले गिदोनलाई भन्नुभयो, "त्यहाँ
अझ धेरै मानिसहरू छन्। ती मानिसहरूलाई तल
पानीमा लैजा, अनि तेरो निम्ति म त्यहाँ तिनीहरूको
जाँच गर्नेछु। यदि मैले, 'यो मानिस तँसित जानेछ,' भने
मात्र त्यो जानेछ। यदि मैले, 'त्यो तँसित जाने छैन' भने
भनी त्यो जाने छैन।"

५यसर्थ गिदोनले मानिसहरूलाई तल पानीमा लगे।
पानीमा परमप्रभुले गिदोनलाई भन्नुभयो, "मानिसहरूलाई
यसरी छुट्याऊ: मानिसहरू जसले कुकुरले जस्तै जिब्रो
प्रयोग गरेर पानी पिउँछन् तिनीहरू एक समूहमा
हुनेछन्। अनि ती मानिसहरू जो पानी पिउनका निम्ति
घोप्टिन्छन् अर्को समूहमा हुनेछन्।"

६तिनीहरूको हात उपयोग नगरी चाटेर पानी पिउने
मानिसहरूको संख्या ३०० थियो अन्य सबै मानिसहरूले
तल निहुरिएर पानी पिए। ७परमप्रभुले गिदोनलाई भन्नुभयो,
"म ती ३०० मानिसहरूलाई उपयोग गर्ने छु, जसले
कुकुरले जस्तै चाटेर पानी पिए। म तँलाई बचाउँनका
निम्ति ती मानिसहरूको उपयोग गर्ने छु अनि म तँलाई
मिद्यानका मानिसहरूलाई पराजित गर्न दिनेछु। ती अन्य
मानिसहरूलाई आफ्ना घरतर्फ जान देऊ।"

८यसर्थ गिदोनले इस्राएलका अन्य मानिसहरूलाई
घर पठाइदिए। गिदोनले आफूसित ३०० मानिसहरू
राखे। ती ३०० मानिसहरूले घर गएका अन्य मानिसहरूका
आपूर्त्तिहरू अनि तुरहीहरू आफूसित राखे।

मिद्यानका मानिसहरू गिदोनको छाउनी मुनिको बेंसीमा
छाउनी हालेर बसेका थिए। ९राती परमप्रभुले गिदोनसित
कुरा गर्नु भयो। परमप्रभुले तिनलाई भन्नुभयो, "उठ्,
म तँलाई मिद्यानी सेनालाई पराजित गर्न दिनेछु। तल
तिनीहरूको छाउनीमा जा। १०यदि एक्लै जान तँलाई
डर लाग्छ भने, पूराह तेरो सेवकलाई तेरो साथ लैजा।
११मिद्यानका मानिसहरूको छाउनीमा जा। ती मानिसहरू
के भनिरहेछन् सुन्। त्यसपछि तिनीहरू माथि आक्रमण
गर्न तँलाई डर लाग्ने छैन।"

यसर्थ गिदोन अनि पूराह, तिनको सेवक तल शत्रुको
छाउनीको छेउमा गए। १२मिद्यानका मानिसहरू,
अमालेकका मानिसहरू, अनि पूर्वका सबै अन्य मानिसहरू
त्यस बेंसीमा छाउनी लाएर बसेका थिए। त्यहाँ यति धेरै
मानिसहरू थिए कि तिनीहरू सलहका हूल झैं देखिन्थे।
ती मानिसहरू समुद्रको किनारमा बालुवाको कण जस्तै
धेरै तिनीहरूसंग ऊँटहरू पनि थिए।

१३गिदोन शत्रुको छाउनीमा आए अनि एकजना
मानिसले कुरा गरेको तिनले सुने। त्यो मानिसले उसको
साथीलाई उसले देखेको सपनाको कुरा भन्दै थियो।
त्यो मानिसले भन्दै थियो, "एउटा जौको रोटी मिद्यानका
मानिसहरूको छाउनीमा पल्टँदै आएको मैले सपनामा
देखें। त्यो रोटी यति जोड़ले ठोक्कियो कि पाल नै
पल्टियो अनि समतल भयो।"

१४त्यो मानिसको साथीले सपनाको अर्थ जान्यो।
उसले भन्यो, "तिम्रो सपनाको एउटै मात्र अर्थ हुनसक्छ।
तिम्रो सपना इस्राएलको त्यस मानिसको बारेमा हो। यो
सपना योआशाका छोरा गिदोनको बारेमा हो। यसको
मतलब यो हो कि परमेश्वरले गिदोनलाई मिद्यानका
सम्पूर्ण सेनालाई पराजित गर्न सहायता गर्नु हुनेछ।"

१५सपनाको बारेमा त्यस मानिसले कुरा गरेको अनि
त्यसको मतलब के हो त्यो सुनेपछि, गिदोनले परमेश्वर
प्रति शिर झुकाए। त्यसपछि गिदोन इस्राएलका
मानिसहरूको छाउनीमा फर्के। गिदोनले मानिसहरूलाई
भने, "उठ! परमप्रभुले मिद्यानका मानिसहरू पराजित
गर्न हामीलाई सहायता प्रदान गर्नु हुनेछ।" १६तब
गिदोनले ती ३०० मानिसहरूलाई तीन समूहमा विभाजन
गरे। गिदोनले प्रत्येक व्यक्तिलाई एक एक वटा तुरही र
रित्तो भाँड़ो दिए। प्रत्येक भाँड़ा भित्र जल्दै गरेको राँको
थियो। १७तब गिदोनले मानिसहरूलाई भने, "मलाई
हेर अनि म जसो गर्छु त्यसै गर। शत्रुको छाउनीको
किनार तर्फ मेरो अनुसरण गर। जब म छाउनीको
किनारमा पुग्छु, म जसो गर्छु ठीक त्यस्तै गर।
१८तिनका मानिसहरूले शत्रुको छाउनीमा घेरा हाले। म
अनि मेरो साथका समस्त मानिसहरूले आफ्ना तुरही
बजाउने छौ। जब हामी हाम्रा तुरही बजाउँछौं, तिमीहरूले
पनि आ-आफ्ना तुरही बजाऊ। त्यसपछि यी शब्दहरूमा
कराऊ: 'परमप्रभु अनि गिदोनका निम्ति!'"

१९यसरी गिदोनसँग १०० मानिसहरू शत्रुको छाउनीको
किनार तिर गए। शत्रुले रक्षक बद्लि गरेकै पछि
तिनीहरू त्यहाँ आए। यो रातको मध्य अवधि थियो।

गिदोन अनि तिनका मानिसहरूले तुरही बजाए अनि भाँड़ो फुटाए। २०मानिसहरूले आफ्ना देब्रेहातमा राँको लिए अनि दाहिने हातमा तुरही लिएका थिए। ती मानिसहरूले तुरही बजाएको बेला तिनीहरू कराए, “परमप्रभुको निम्ति एक तरवार अनि गिदोनको निम्ति एक तरवार।”

२१गिदोनका मानिसहरू जहाँ तिनीहरू थिए त्यही छाउनीको वरिपरि बसे, तर छाउनी भित्र मिद्यानका मानिसहरू कराउँदै भाग्न शुरू गरे। २२जब गिदोनका ३०० मानिसहरूले आफ्ना तुरही बजाए परमप्रभुले मिद्यानका मानिसहरूलाई तिनीहरूका तरवारद्वारा एक-अर्कालाई मार्न लाउनुभयो। शत्रुका सेना बेतशित्ता शहरतिर भागे, जो सरेरा शहर तर्फ थिए। ती मानिसहरू हाबिल-महोला शहरको सीमानासम्म भागे जो तब्बात शहरको नजिकमा थियो।

२३तब नप्ताली, आशेर अनि मनश्शेका सबै कुल समूहका सैनिकहरूले मिद्यानका मानिसहरूलाई खेदे। २४गिदोनले एप्रैमका समस्त पहाड़ी देश भरि समाचार लिएर दूतहरू पठाए। दूतहरूले भने, “तल झर अनि मिद्यानका मानिसहरूलाई आक्रमण गर। बेतबरा अनि यर्दन नदीलाई अधिकारमा लेऊ। मिद्यानका मानिसहरू त्यहाँ पुग्न अघिबाट नै यसो गरिहाल।”

यसर्थ तिनीहरूले एप्रैम कुल समूहका सबै मानिसहरूलाई बोलाए। बेतबरासम्म यर्दन नदी तिनीहरूले अधिकार गरे। २५एप्रैमका मानिसहरूले दुइजना मिद्यानी अगुवाहरूलाई पकड़े। यी दुइ अगुवाहरूका नाउँ ओरेब अनि जेएब थियो। ओरेबलाई एप्रैमका मानिसहरूले ओरेबको चट्टान नामक स्थानमा हत्या गरे। जएबलाई तिनीहरूले जएबको दाखको कोल नाउँको स्थानमा हत्या गरे। एप्रैमका मानिसहरूले मिद्यानका मानिसहरूलाई खेदे। तर तिनीहरूले पहिला ओरेब अनि जएबको शिरकाटे अनि ती शिरहरू गिदोन कहाँ लगे। गिदोन त्यस स्थानमा थिए जहाँ मानिसहरू यर्दन नदीपारी तर्थे।

८ एप्रैमका मानिसहरू गिदोनसँग क्रोधित भए। जब एप्रैमका मानिसहरूले गिदोनलाई भेट्टाए तिनीहरूले गिदोनलाई सोधे, “तिमीले हामीसँग किन यस्तो व्यवहार गर्‍यौ? तिमीले किन हामीलाई बोलाएनौ जब तिमी मिद्यानका मानिसहरूको विरुद्ध युद्ध गर्न गयौ?”

२तर गिदोनले एप्रैमका मानिसहरूलाई उत्तर दिए, “म कसरी तिमीहरूले गरेको भन्दा अझ राम्रो गर्न सक्छु? के एप्रैमको शिला गरेको दाख मेरो परिवार अबीएजेरको दाखकटनी भन्दा असल छैन र? ३यस्तै प्रकारले अहिले तिमीहरूले राम्रो फसल पाएका छौ। परमेश्वरले तिमीहरूलाई मिद्यानका अगुवाहरू ओरेब अनि जेएबलाई कब्जामा ल्याउन दिनुभयो। तिमीहरूले जे गर्‍यौ त्यो सँग म कसरी मेरो सफलता दाँज्न सक्छु र?” जब एप्रैमका मानिसहरूले गिदोनको उत्तर सुने, तिनीहरू पहिला भए जस्तै क्रोधित भएनन्।

### गिदोनले मिद्यानका दुइ राजाहरूलाई कब्जा गर्छन्

४जब गिदोन अनि तिनका ३०० मानिसहरू यर्दन नदीमा आए, अनि अर्कोतर्फ पार गरे। तर तिनीहरू थकित अनि भोकाएका थिए। ५गिदोनले सुक्कोतका मानिसहरूसित भने, “मेरा सैनिकहरूलाई केही खाना देऊ। मेरा यी सैनिकहरू अत्यन्त थकित छन्। हामीहरू अझ जेबह अनि सल्मुन्ना, मिद्यानका राजाहरूलाई खेदिरहेका छौं।”

६तर सुक्कोत शहरका अधिकारीहरूले गिदोनलाई भने, “तिम्रो सैनिकहरूलाई हामीले केही खाने कुरा किन दिनु? तिमीहरूले जेबह अनि सल्मुन्नालाई पकड़ेका छैनौ।”

७तब गिदोनले भने, “तिमीहरूले हामीलाई खानेकुरा दिँदैनौ। परमप्रभुले मलाई जेबह अनि सल्मुन्नालाई कब्जा गर्न दिनु हुनेछ। त्यसपछि म यहाँ फर्कि आउँछु। म मरूभूमिको काँढ़ा अनि काँढ़ादार पोथ्राले तिमीहरूको छाला उतार्नेछु।”

८गिदोन सुक्कोत शहर छोड़ेर पनूएल शहर तिर गए। गिदोनले पनूएलका मानिसहरूलाई भोजन मागे, जसरी उसले सुक्कोतका मानिसहरूसँग मागेका थिए। तर पनूएलका मानिसहरूले गिदोनलाई सुक्कोतका मानिसहरूले जस्तै उत्तर दिए। ९यसर्थ गिदोनले पनूएलका मानिसहरूलाई भने, “मैले विजय प्राप्त गरे पछि, म यहाँ फर्कि आउनेछु अनि यो किल्लालाई ढालिदिनेछु।”

१०जेबह अनि सल्मुन्ना अनि तिनीहरूका सेनाहरू कर्कोर शहरमा थिए। तिनीहरूका सेनामा १५,००० सैनिकहरू थिए। यी सबै सेनाहरू पूर्वमा छोड़ीएका मानिसहरूका बाँकीरहेका सैनिकहरू थिए। त्यस सेनाका १,२०,००० सशस्त्र सैनिकहरू मारिएका थिए। ११गिदोन अनि तिनका मानिसहरूले पाल बासीका पथ उपयोग गरे। त्यो बाटो नोबह अनि योगबहा शहरको पूर्वतिर थियो। गिदोन कर्कोर शहरमा आए अनि शत्रु माथि आक्रमण गरे। शत्रुका सेनाले आक्रमण हुन्छ भन्ने ठानेका थिएनन्। १२जेबह अनि सल्मुन्ना, मिद्यानका राजाहरू भागे। तर गिदोनले खेदे अनि ती राजाहरूलाई पकड़े। गिदोन अनि तिनका सेनाले शत्रुका सेनालाई पराजित गरे।

१३तब योआशको छोरा गिदोन युद्धबाट फर्के। गिदोन अनि तिनका मानिसहरू हेरेसको घाटी भएर फर्किए। १४गिदोनले सुक्कोत शहरमा एउटा जवान व्यक्तिलाई कब्जा गरे। गिदोनले त्यस जवान व्यक्तिसित केही प्रश्नहरू सोधे। त्यो जवान व्यक्तिले गिदोनका निम्ति केही नाउँहरू लेखिदिए। त्यो जवान व्यक्तिले सुक्कोत शहरका अगुवाहरू अनि बूढ़ा-प्रधानहरूका

नाउँहरू लेखिदिए। ती ७७ जना मानिसका नाउँहरू दिए।

१५त्यसपछि गिदोन सुक्कोत शहरमा आए। तिनले त्यस शहरका मानिसहरूलाई भने, "जेबह अनि सल्मुन्ना यहाँछन्। तिमीहरूले, 'तिम्रा थाकेका सैनिकहरूलाई किन हामीले खाना दिनु? तिमीले जेबह अनि सल्मुन्नालाई अझ पकड़ेका छैनौ" भनेर मेरो खिल्ली उड़ाएका थियौ।'" १६गिदोनले सुक्कोत शहरका बूढ़ा-प्रधानहरूलाई लगे अनि तिनीहरूलाई दण्ड दिन मरूभूमिका काँढ़ा अनि काँढ़ादार पोथ्राद्वारा पिटे। १७गिदोनले पनूएल शहरको किल्लापनि ढालिदिए। त्यसपछि तिनले त्यस शहरमा बस्ने मानिसहरूलाई मारिदिए।

१८तब गिदोनले जेबह अनि सल्मुन्नालाई भने, "तिमीहरूले केही मानिसहरूलाई तबोर पर्वतमा मार्‍यौ। ती मानिसहरू को जस्ता थिए?"

जेबह अनि सल्मुन्नाले जवाफ दिए, "ती मानिसहरू तिमी जस्तै थिए। तिनीहरू प्रत्येक राजकुमार जस्तै देखिन्थे।"

१९गिदोनले भने, "ती मानिसहरू मेरो दाज्यू-भाईहरू थिए। मेरी आमाका छोराहरू। परमप्रभुको शपथ लिएर भन्छु, यदि तिमीहरूले तिनीहरूलाई नमारेको भए त म तिमीहरूलाई अहिले मार्ने थिइन।"

२०त्यसपछि गिदोन येतेरतिर फर्किए। येतेर गिदोनका जेठा छोरा थिए। गिदोनले उसलाई भने, "उठेर यी राजाहरूलाई मारिदेऊ।" तर येतेर केवल एक साना केटो थियो अनि भयभीत थिए। यसर्थ उसले आफ्नो तरवार निकालेन।

२१तब जेबह अनि सल्मुन्नाले गिदोनलाई भने, "अघि आऊ अनि तिमी स्वयं हामीलाई मार। तिमी एक मानिस हौ अनि यो काम गर्न बलियो छौ।" यसर्थ गिदोन उठे जेबह र सल्मुन्नालाई मारिदिए। त्यसपछि गिदोनले जून जस्तो आकृतिको सजावट तिनीहरूका ऊँटका गलाबाट निकालिदिए।

## गिदोन एपोद बनाउछन्

२२इस्राएलका मानिसहरूले गिदोनलाई भने, "तिमीले हामीलाई मिद्यानका मानिसहरूबाट बँचायौ। यसर्थ अब हामीमाथि शासन गर। हामी तिमीले, तिम्रा छोराले अनि तिम्रा नातीले हामी माथि शासन गरेको चाहन्छौ।"

२३तर गिदोनले इस्राएलका मानिसहरूलाई भने, "परमप्रभु तिमीहरूका शासन हुनुहुनेछ। म तिमीहरूमाथि शासन गर्ने छैन। अनि मेरा छोराले तिमीहरूमाथि शासन गर्ने छैन।"

२४इस्राएलका मानिसहरूले पराजित गरेका केही मानिसहरू इश्माएलीहरू थिए। अनि इश्माएली मानिसहरू सुनका कुण्डल लाउँथे। यसर्थ गिदोनले इसाएलका मानिसहरूलाई भने, "तिमीहरूले मेरो निम्ति यो एउटा काम गरेको चाहन्छु। तिमीहरू प्रत्येकले मलाई तिमीहरूले युद्धहुँदा लगेका सुनका कुण्डल एक एकवटा दिएको म चाहन्छु।"

२५यसर्थ इस्राएलका मानिसहरूले गिदोनलाई भने, "तिमी जे चाहन्छौ हामीहरू तिमीलाई दिन खुशी छौ" यसर्थ तिनीहरूले एउटा लुगा भूईमा ओछ्याए। प्रत्येक मानिसले लुगामा एक-एकवटा कुण्डल हाले। २६जब ती सुनको कुण्डलहरू एकत्रित गरिए तिनीहरूको लगभग ओजन १,७००शेकेल* भयो। यसमा इस्राएलका मानिसहरूले गिदोनलाई प्रदान गरेका अन्यभेटहरू संलग्न थिएनन्। तिनीहरूले गिदोनलाई चन्द्रमा आकृतिका अनि आँसुका थोपा आकृतिका मणि-माणिक्य पनि प्रदान गरे। अनि तिनीहरूले बैजनी बस्त्रहरू तिनलाई दिए। ती चीजबीजहरू थिए जो मिद्यानका राजाहरूले पहिरेका थिए। तिनीहरूले तिनलाई मिद्यानी ऊँठहरूको सिक्री पनि दिए।

२७गिदोनले त्यो सुन एउटा एपोद निर्माण गर्नमा उपयोग गरे। तिनले त्यो एपोदलाई ओप्रा नाउँको शहर-तिनको निवास शहरमा राखे। इस्राएलका समस्त मानिसहरूले त्यो एपोदलाई पूजा गरे। यस प्रकारले इस्राएलका मानिसहरू परमेश्वर प्रति विश्वसनीय रहेनन्- तिनीहरूले एपोद पूजे। एपोद एक पासो बन्यो जसले गिदोन अनि तिनका घरानालाई पापगर्न लगायो।

## गिदोनको मृत्यु

२८मिद्यानका मानिसहरूलाई इस्राएलको शासनमा रहन वाध्य तुल्याइयो। मिद्यानका मानिसहरूले अझ कष्ट दिएनन्। अनि त्यस भूमिमा चालीस वर्ष सम्म शान्ति भयो जब सम्म गिदोन जीवित रहे।

२९त्यसपछि यरूब्बाल, योआशाका छोरा आफ्नै घरमा गएर बस्न लागे। ३०गिदोनका आफ्नै सत्तरी जना छोराहरू थिए। तिनका यति धेरै छोराहरू भए किनभने तिनका धेरै पत्नीहरू थिए। ३१गिदोनकी एउटी रखौटी थिइन् जो शकेम शहरमा वस्थिन्। रखौटीबाट तिनका एउटा पुत्र जन्मिए। तिनले त्यसको नाउँ अबीमेलेक राखे।

३२यसरी योआशका छोरा गिदोनको पूरा बूढ़ेसकालमा मृत्यु भयो। गिदोनलाई तिनका बाबुको चिहान छेउमा गाड़िदिए। त्यो चिहान ओप्रा शहरमा थियो। जहाँ अबीएजरका परिवार बस्दथे। ३३गिदोनको मृत्यु हुनासाथ इस्राएलका मानिसहरू फेरि देवताहरू प्रति विश्वसनीय रहेनन् , तिनीहरूले बाल देवको अनुसरण गरे। तिनीहरूले बाल-बरीतलाई आफ्ना देवता बनाए। ३४इस्राएलका मानिसहरूले तिनीहरूका चारैतिर बस्ने तिनीहरूका सबै शत्रुहरूबाट परमप्रभुले बँचाउनु भयो

---

**१,७०० शेकेल** : लगभग ४३पाउण्ड वा बीस किलोग्राम।

तापनि परमप्रभु आफ्ना परमेश्वरलाई सम्झेनन्।
३५इस्राएलका मानिसहरू यरूब्बालका घराना प्रति
आज्ञाकारी थिएनन् यद्यपि तिनीहरूका निम्ति धेरै राम्रो
कुरा तिनले गरेका थिए।

## अबीमेलेक राजा हुन्छन्

९ अबीमेलेक यरूब्बालका छोरा थिए। अबीमेलेक
शकेम शहरमा बस्ने तिनका मामाहरू कहाँ गए।
तिनले आफ्ना मामाहरूलाई अनि आफ्नी आमाका
समस्त घरानालाई भने, २“शकेम शहरका अगुवाहरूलाई
यो प्रश्न सोध: ‘यरूब्बालका सत्तरी जना छोराहरूले
तिमीहरू माथि शासन गरेको राम्रो कि केवल एक
व्यक्तिले शासन गरेको राम्रो? याद राख्नोस्, म तपाईंहरूको
आफन्त हुँ।’”
३अबीमेलेकका मामाहरूले शकेमका अगुवाहरूसित
कुरा गरे अनि अगुवाहरूलाई त्यो प्रश्न सोधे। शकेमका
अगुवाहरूले अबीमेलेकको अनुसरण गर्ने निर्णय गरे।
अगुवाहरूले भने, “आखिर, तिनी हाम्रा भाइ हुन्।”
४यसर्थ शकेमका ती अगुवाहरूले अबीमेलेकलाई सत्तरी
चाँदीका सिक्का दिए। त्यो चाँदी बालबरीत देवताको
मन्दिरको थियो। अबीमेलेकले त्यो चाँदी केही मानिसहरू
ज्यालामा ल्याउनमा उपयोग गरे। यी मानिसहरू बेकामका,
व्यपारी थिए। तिनीहरूले अबीमेलेकलाई जहाँ गए ता
पनि पछ्याउँथे।
५अबीमेलेक ओप्रामा उसको बाबुको घरमा गए।
अबीमेलेकले आफ्ना पिता यरूब्बालका सत्तरी जना
छोराहरूलाई एउटा ढुङ्गामा मारे। तर यरूब्बालका
कान्छा छोरा अबीमेलेकदेखि लुके र भागे। त्यो कान्छा
छोराको नाउँ योताम थियो।
६तब शकेमका सबै अगुवाहरू अनि मिल्लो भवनका
सदस्यहरू एक साथ भए। ती सबै मानिसहरू शकेमको
खम्बाको विशाल वृक्षको छेउमा भेला भए अनि
अबीमेलेकलाई आफ्ना राजा बनाए।

## योतामको कथा

७योतामले सुने कि शकेम शहरका अगुवाहरूले
अबीमेलेकलाई राजा बनाए। जब तिनले यो कुरा सुने,
तिनी गए अनि गिरिज्जीम पर्वतको टाकुरामा उभिए।
योतामले कराएर मानिसहरूलाई यो कथा सुनाए:

शकेम शहरका प्रमुखहरू मेरो कुरा सुन। तब
परमेश्वरलाई तिमीहरूको कुरा सुन्न देऊ।
८एकदिन रूखहरूले तिनीहरूमाथि शासन गर्नका
निम्ति एउटा राजा चुन्ने निश्चय गरे। रूखहरूले
भद्राक्षको रूखलाई भने, “तिमी हामी माथि राजा
बन।”
९तर भद्राक्षको रूखले भन्यो, “मानिसहरू
अनि देवताहरूले मेरो तेलका निम्ति मेरो स्तुति
गर्छन्। के अरू रूखहरू माथि शासन गर्नका
निम्ति गएर मैले तेल बनाउन छोड्नु?”
१०तब रूखहरूले नेभाराको रूखलाई भने,
“आऊ, अनि हाम्रो राजा बन।”
११तर नेभाराको रूखले उत्तर दियो, “के अरू
रूखहरू माथि शासन गर्नका निम्ति गएर मैले
असल, मीठो फल बनाउँन छोड्नु?”
१२त्यसपछि रूखहरूले अंङ्गुरको बोटलाई भने,
“आऊ अनि हाम्रो राजा बन।”
१३तर अंङ्गुरको बोटले उत्तर दियो, “मेरो
दाखरसले मानिस अनि राजाहरूलाई खुशी तुल्याउँछ।
के अरू रूखहरू माथि शासन गर्नका निम्ति
गएर मैले दाखरस उत्पादन गर्न छोड्नु?”
१४आखिरमा सबै रूखहरूले काढ़ाँको पोथ्रालाई
भने, “आऊ अनि हाम्रो राजा बन।”
१५तर काँढ़ाको पोथ्राले रूखहरूलाई भन्यो,
“यदि तिमीहरू साँच्चै नै मलाई तिमीहरूको राजा
अभिषेक गर्न चाहन्छौ भने आऊ अनि मेरो
छायामा आश्रय खोज। तर यदि तिमीहरू यसो
गर्न चाहँदै नौ भने काँढ़ाहरूबाट आगो उत्पन्न
हुनदेऊ। त्यो आगोलाई लबानोनको देवदारुका
रूखहरू समेतलाई जलाउने छ।”

१६“अब यदि तिमीहरू अबीमेलेकलाई राजा बनाउँन
सही अनि ईमानदारी थियो भने। अनि यदि यसो गर्दा
तिमीहरूले यरुब्बाल अनि उसको परिवारलाई जे उचित
थियो त्यही व्यवहार गरेको ठहर्छ भने त्यो असल हो।
१७तर सोच मेरा पिताले तिमीहरूका निम्ति के गरेका
छन्। मेरा पिताले तिमीहरूका निम्ति युद्ध गरे। तिनले
तिमीहरूलाई मिद्यानका मानिसहरूबाट बचाउँदा आफ्नो
जीवनलाई जोखिममा पारे। १८तर अहिले तिमीहरू मेरा
पिताको घराना विरुद्ध भयौ। मेरो पिताका सबै सत्तरी
जना छोराहरू तिमीहरूले एउटै ढुङ्गामा मार्‍यौ। तिमीहरूले
अबीमेलेकलाई शकेम शहरका राजा बनायौ। तिनी मेरो
पिताका कमारीको एउटै छोरा हुन्। तर तिमीहरूले
तिनलाई राजा बनायौ किनभने तिनी तिमीहरूका आफन्त
हुन्। १९यसकारण, यदि तिमीहरू यरूब्बाल अनि
उसको घराना प्रति सही र ईमानदार भएको भए म
आशा गर्छु कि आफ्ना राजाको रूपमा तिमीहरू
अबीमेलेकसित सुखी हुन्छौ। अनि म आशा गर्छु कि
तिनी तिमीहरूसित खुशी हुनेछन्। २०तर शकेमका
अगुवाहरू अनि बेथ मिल्लोका सदस्यहरू, यदि
तिमीहरूले सही ढङ्गले काम नगरेको भए म यो आशा
गर्छु कि अबीमेलेकले आगो निकालेर अनि
तिमीहरूलाई नष्ट गर्नेछ। अनि म आशा गर्छु कि
तिमीहरूले आगो निकाल्ने छौ अनि अबीमेलेकलाई
ध्वंश गर्नेछौ।”

**२१**योतामले यी सबै भनिसके पछि तिनी भागे। तिनी
भागेर बेर नाउँको शहरमा पुगे। योताम त्यही शहरमा
बसे किनभने तिनी आफ्ना दाजू अबीमेलेकसित डराएका
थिए।

### अबीमेलेक शकेम विरुद्ध लड़ाइँ गर्छन्

**२२**अबीमेलेकले इस्राएलका मानिसहरू माथि तीन
वर्षसम्म शासन गरे। **२३-२४**अबीमेलेकले यरूब्बालका
सत्तरी जना छोराहरूलाई मारे अनि तिनीहरू अबीमेलेकका
आफ्नै भाइहरू थिए। शकेमका अगुवाहरूले यो नराम्रो
काम गर्नमा तिनलाई सहयोग गरेका थिए। यसकारण
यरुब्बालका सत्तरी जना छोराहरू मारेको बदला लिनलाई
परमप्रभुले अबीमेलेक अनि शकेमको अगुवाहरूको
विषयमा झगड़ा उत्पन्न गराइ दिनुभयो। **२५**शकेमका
अगुवाहरूले अबीमेलेकलाई अपमान गरे। ती मानिसहरूले
त्यो बाटो भएर यात्रा गर्नेहरूलाई आक्रमण गर्न अनि
लुट्नका निम्ति मानिसहरूलाई पहाड़को टापूमा राखे।
अबीमेलेकले ती आक्रमणहरूको बारेमा थाहा पाए।

**२६**गाल नाउँ गरिएको एउटा मानिस, जो एबेदको
छोरा हुन उसको भाइ-बन्धुहरूसँग शकेम शहरमा
बसाइँ सरे। शकेमका अगुवाहरूले गाललाई भरोसा
गर्न अनि उसलाई अनुसरण गर्ने निर्णय गरे।

**२७**एकदिन शकेमका मानिसहरू दाख टिप्न खेततिर
गए। मानिसहरूले दाखरस तयार गर्नलाई अंङ्गुरहरू
निचारे। त्यसपछि तिनीहरूले आफ्ना देवताको मन्दिरमा
चाड़ मनाउन गए। मानिसहरूले खाए पिए अनि
अबीमेलेको बारेमा नराम्रा कुराहरू भने।

**२८**तब एबेदका छोरा गालले भने, "हामी शकेमका
मानिसहरू हौं। हामीले किन अबीमेलेकको आज्ञा
पालन गर्नु? तिनले आफूलाई को हो भन्ने ठान्छन्?
अबीमेलेक यरूब्बालका एक छोरा हुन्, ठीक हो?
अनि अबीमेलेकले जबूललाई आफ्ना अधिकारी बनाए,
सही हो? हामीले अबीमेलेकको आज्ञा पालन गर्नु
हुँदैन। हामीले हाम्रै मानिसहरू हमोरका मानिसहरूको
अनुसरण गर्नुपर्छ। (हमोर शकेमका पिता थिए।)
**२९**यदि तिमीहरूले मलाई यी मानिसहरूका सेनापति
बनायौ भने म अबीमेलेकलाई नष्ट गर्नेछु। म तिनलाई
भन्नेछु, 'तिम्रा सेनालाई तयार पार अनि युद्धमा आऊ।'"
**३०**जबूल शकेम शहरका राज्यपाल थिए। जबूलले
सुने जो एबेदका छोरा गालले भने अनि जबूल अत्यन्त
क्रोधित भए। **३१**जबूलले अरूमाह शहरमा अबीमेलेक
कहाँ समाचार वाहकहरू पठाए। सन्देश यो हो:

"एबेदका छोरा गाल अनि उसका भाइहरू
शकेम शहरमा आएका छन्। तिनीहरूले तिम्रा
निम्ति कष्ट उब्जाउँदैछन्। गालले सम्पूर्ण शहरलाई
तिम्रो विरुद्ध फर्काइरहेछ। **३२**यसर्थ अब तिमी
अनि तिम्रा मानिसहरू आज राती आउनुपर्छ अनि
शहर बाहिरको खेतमा लुक्नुपर्छ। **३३**त्यसपछि
जब विहान सूर्योदय हुन्छ तब शहरमाथि आक्रमण
गर्नुपर्छ। गाल अनि तिनका मानिसहरू तिमीसित
लड़नका निम्ति शहर बाहिर आउनेछन्। जब ती
मानिसहरू लड़नका निम्ति बाहिर आउँछन्
तिनीहरूप्रति तिमी जे गर्न सक्छौ गर।

**३४**यसर्थ अबीमेलेक अनि तिनका सबै सैनिकहरू
राती उठे अनि शहर तिर गए। ती सैनिकहरू चार
समूहमा छुट्टिए। तिनीहरू शकेम शहरको छेउमा लुके।
**३५**एबेदका छोरा गाल बाहिर गए अनि शकेम शहरको
द्वारको प्रवेश स्थानमा उभिएका थिए। गाल त्यहाँ
उभिरहेको बेला अबीमेलेक अनि उसका सैनिकहरू
आफ्ना लुकेका ठाउँबाट निस्किए।

**३६**गालले सैनिकहरूलाई देखे। गालले जबूललाई
भने, "हेर, त्यहाँ मानिसहरू पर्वतबाट तलतिर आइरहेछन्।"
तर जबूलले भने, "तिमीले मात्र पर्वतका छाँया देख्दै
छौ। ती छायाहरू मानिसहरू जस्तै देखिन्छन्।"

**३७**तर गालले फेरि भने, "हेर, त्यहाँ केही मानिसहरू
नावेलको भूमिबाट ओरालो आइरहेका छन्। अनि त्यहाँ
कसैको शिर मैले मन्त्र-तन्त्र गर्ने रूखमा देखे।"
**३८**जबूलले गाललाई भने, "तिमी अहिले किन धाक
नलाएको? तिमी, 'अबीमेलेक को हो? हामीले किन
तिनको आज्ञा पालन गर्नु' भन्यौ। तिमीले ती मानिसहरूको
खिल्ली उड़ायौ। अब जाऊ, अनि तिनीहरूसित युद्ध
गर।"

**३९**यसर्थ गाल शकेमका अगुवाहरू लिएर
अबीमेलेकसित युद्ध गर्न गए। **४०**अबीमेलेक अनि
उसका मानिसहरूले गाल अनि तिनका मानिसहरूलाई
खेदे। गालका मानिसहरू शकेम शहरको फाटक तर्फ
फर्केर दगुरे। गालका धेरै मानिसहरू फाटक पुग्नु अघि
नै मारिए।

**४१**तब अबीमेलेक अरूमाह शहर तिर फर्किए।
जबूलले गाल अनि उसका भाइहरूलाई शकेम शहर
छोड्न वाध्य तुल्याए।

**४२**भोलिपल्ट शकेमका मानिसहरू खेततिर काम
गर्न गए। अबीमेलेकले त्यस बारे थाहा पाए। **४३**यसर्थ
अबीमेलेकले आफ्ना मानिसहरूलाई तीन समूहमा छुट्याए।
तिनीले शकेमका मानिसहरूलाई अचानक आक्रमण गर्न
चाहन्थे। यसर्थ तिनले आफ्ना मानिसहरूलाई खेतमा
लुकाए। जब उसले मानिसहरूलाई शहर बाहिर निस्केको
देखे तिनले उफ्रिएर तिनीहरू माथि आक्रमण गरे।
**४४**अबीमेलेक अनि उसका समूहले शकेमको फाटक
नजिकको स्थान तिर दगुरे। अन्य दुइ समूहहरू खेतमा
भएका मानिसहरू तिर दगुरे अनि तिनीहरूलाई मारिदिए।
**४५**अबीमेलेक अनि तिनका मानिसहरूले त्यो दिनभरि
शकेम शहरको विरुद्ध युद्धगरे। अबीमेलेक अनि

तिनका मानिसहरूले शकेम शहर कब्जा गरे अनि त्यस शहरका मानिसहरूलाई मारिदिए। त्यसपछि अबीमेलेकले त्यो शहरलाई भत्काए अनि त्यसको ध्वंशावशेषमा नून छरिदिए।

४६त्यहाँ केही मानिसहरू थिए जो शकेमको किल्लामा बस्थे। जब त्यहाँका मानिसहरूले शकेममा भएको घट्ना सुने तिनीहरू एल बरीत देवताका मन्दिरको सुरक्षित कोठामा एकत्रित भए।

४७अबीमेलेकले शकेम किल्लामा सबै अगुवाहरू एक साथ भेला भएका छन् भन्ने कुरा सुने। ४८यसर्थ
अबीमेलेक अनि तिनका मानिसहरू सल्मोन डाँड़ा सम्म गए। अबीमेलेकले एउटा बन्चरो लिए अनि केही हाँगाहरू काटे। उसले ती हाँगाहरू आफ्ना काँधमा बोके। तब, अबीमेलेकले आफूसित भएका मानिसहरूलाई भने, "छिट्टो! मैले जे गरेकोछु त्यसै गर।" ४९यसर्थ
ती सबै मानिसहरूले हाँगाहरू काटे अनि अबीमेलेकको अनुसरणगरे। तिनीहरूले ती हाँगाहरू एल बरीत देवताको मन्दिरको सुरक्षित कोठाको भित्तामा थुपारे। तब तिनीहरूले ती हाँगामा आगो लगाए अनि कोठामा भएका मानिसहरूलाई जलाई दिए। यसरी शकेमको किल्ला नजिक बस्ने प्राय: १,००० पुरुष अनि स्त्रीहरूको मृत्यु भयो।

## अबीमेलेकको मृत्यु

५०त्यसपछि अबीमेलेक अनि उसका मानिसहरू तेबेस शहर तिर गए। अबीमेलेक अनि उसका मानिसहरूले त्यो शहरलाई अधिकारमा लिए। ५१तर शहरभित्र
एउटा सुदृढ़ किल्ला थियो। त्यस शहरका सबै अगुवाहरू, अन्य पुरुष अनि स्त्रीहरू त्यस किल्लातिर दगुरे। जब मानिसहरू किल्ला भित्र थिए तिनीहरूले पछि बाट ढोकाबन्द गरिदिए। तब तिनीहरू किल्लाको छतमा
चढ़े। ५२अबीमेलेक अनि उसका मानिसहरू आक्रमण गर्न किल्लामा आए। अबीमेलेक किल्लाको ढोका सम्म गए। तिनीले किल्लालाई जलाउन चाहन्थे।
५३तर, अब अबीमेलेक किल्लाको ढोकामा उभिएका थिए, छतमा भएकी एउटी स्त्रीले उसको शिरमाथि एउटा जाँतो झारिदिइन्। त्यो जाँतोले अबीमेलेकको
टाउको किच्चाइदिईन। ५४अबीमेलेकले तुरन्तै आफ्ना हतियार बोक्ने सेवकलाई भने, "तेरो तरवार निकाल अनि मलाई मार। तैले मलाई मारेको म चाहन्छु किनकि, 'अबीमेलेकलाई एउटी स्त्रीले मारिन् भनेर।' मानिसहरूले भन्लान। यसर्थ त्यो सेवकले अबीमेलेकलाई आफ्नो तरवारले रोपिदियो, अनि अबीमेलेकको मृत्यु
भयो। ५५इस्राएलका मानिसहरूले अबीमेलेकको मृत्यु भएको देखे। यसर्थ तिनीहरू सबै घर फर्किए।

५६त्यस प्रकार उसले गरेका समस्त दुष्टकर्मको निम्ति परमेश्वरले अबीमेलेकलाई दण्ड दिनु भयो। अबीमेलेकले आफ्ना सत्तरी जाना दाज्यू-भाइहरूलाई मारेर आफ्नो पिताको विरुद्धमा पाप गरे। ५७परमेश्वरले
शकेमका मानिसहरूलाई पनि तिनीहरूले गरेका नराम्रा कुराहरूका निम्ति दण्ड दिनुभयो। यसर्थ योतामले भनेका कुराहरू सत्य भए। (योताम यरूब्बालका कान्छा छोरा थिए। यरूब्बाल गिदोन थिए।)

## न्यायकर्त्ता तोला

१० अबीमेलेकको मृत्यु पछि इस्राएलका मानिसहरूलाई बचाउँनका निम्ति परमप्रभुले अर्को न्यायकर्त्तालाई पठाउनु भयो। त्यो मानिसको नाउँ तोला थियो। तोला, पूआ नाउँ गरेका मानिसका छोरा थिए। पूआ दोदो नाउँका मानिसका छोरा थिए। तोला इस्साकारका कुल समूहका थिए। तोला शमीर शहरमा बस्थे। शमीर शहर एप्रैमको पहाड़ी देशमा थियो।
२तोला तेईस वर्षसम्म इस्राएलका मानिसहरूका निम्ति न्यायकर्त्ता भए। तब तोलाको मृत्यु भयो अनि शमीर शहरमा तिनलाई दफन गरियो।

## न्यायकर्त्ता याईर

३तोलाको मृत्यु भएपछि परमेश्वरद्वारा अर्को न्यायकर्त्तालाई पठाइए। त्यस मानिसको नाउँ याईर थियो। याईर गिलादको इलाकामा बस्थे। याईर बाईस वर्षसम्म इस्राएलका मानिसहरूको न्यायकर्त्ता भए।
४याईरका तीस जना छोराहरू थिए। ती तीस जना छोराहरू तीसवटा गधामा चढ़थे। ती तीस छोराहरूले गिलादका इलाकाका तीसवटा शहरलाई नियन्त्रणमा राखेका थिए। ती शहरहरूलाई आजको दिनसम्म याईरका शहरहरू भनिन्छन्। ५याईरको मृत्यु भयो अनि
तिनी कामोन शहरमा गाड़िए।

## अम्मोनीहरू इस्राएल विरुद्ध युद्धगर्छन्

६फेरि इस्राएलका मानिसहरूले परमप्रभुसित तिनीहरूको करार भङ्ग गरेका थिए। तिमिहरूले झूटा बालदेवता अनि अश्तोरेत को पूजा गर्न थाले। तिनीहरूले अरामका मानिसहरूका देवताहरू, सीदोनका मानिसहरूका देवताहरू, मोआबका मानिसहरूका देवताहरू, अम्मोनका मानिसहरूका देवताहरू अनि पलिश्ती मानिसहरूका देवताहरूको पनि पूजा गर्न थाले। इस्राएलका मानिसहरूले परमप्रभुलाई छाड़े र उहाँको सेवा गर्न बन्द गरे।

७यसर्थ परमप्रभु इस्राएलका मानिसहरू प्रति क्रोधित हुनुभयो। परमप्रभुले पलिश्ती अनि अम्मोनी मानिसहरू द्वारा तिनीहरूलाई पराजित पार्न दिनुभयो। ८त्यसैवर्ष
यर्दन नदीको पूर्वतर्फ गिलादको इलाकामा बस्ने इस्राएलका मानिसहरूलाई ती मानिसहरूले नष्ट गरे। त्यो, यो भूमि थियो जहाँ एमोरी मानिसहरू बस्दथे। इस्राएलका ती मानिसहरूले अठार वर्षसम्म दु:ख भोगे। ९अम्मोनी

मानिसहरू त्यसपछि यर्दन नदी पारि गए। तिनीहरू यहूदा, बिन्यामीन अनि एप्रैमका मानिसहरूसित युद्ध गर्न गए। अम्मोनी मानिसहरूले इस्राएलका मानिसहरू माथि अनेक कष्टहरू ल्याए।

१०यसर्थ इस्राएलका मानिसहरूले सहायताको निम्ति परमप्रभुसंग विलाप गरे। तिनीहरूले भने, "हे परमेश्वर हामीले तपाईंको विरुद्ध पाप गरेका छौं। हामीले आफ्ना परमेश्वरलाई त्याग गर्‍यौ अनि झूटा देवता बाललाई पूज्यौ।"

११परमप्रभुले इस्राएलका मानिसहरूलाई उत्तर दिनुभयो, "जब तिमीहरूलाई मिश्रदेशका, एमोरी, अम्मोनी अनि पलिश्ती मानिसहरूले घात पुर्‍याए तिमीहरूले म कहाँ विलाप गर्‍यौ। मैले तिमीहरूलाई यी मानिसहरूबाट बचाएँ। १२जब सीदोनी, अमालेकी अनि मिद्यानी मानिसहरूले तिमीहरूलाई दुःख दिए तिमीहरू म प्रति रोयौ। ती मानिसहरूबाट पनि मैले तिमीहरूलाई बचाएँ। १३तर तिमीहरूले मलाई त्यागेर अन्य देवताहरू पूज्न थाल्यौ। यसर्थ फेरि तिमीहरूलाई बचाउँन म अस्वीकार गर्छु। १४तिमीहरू अन्य देवताहरूको पूजा गर्न मन पराउँछौ यसर्थ जाऊ, सहायताका निम्ति तिनीहरूलाई पुकार। जब तिमीहरू विपत्मा पर्छौ ती देवताहरूलाई नै तिमीहरूको रक्षा गर्न देऊ।"

१५तर इस्राएलका मानिसहरूले परमप्रभुलाई भने, "हामीले पाप गरेका छौं। तपाईं हामी प्रति जे गर्न चाहनुहुन्छ त्यही गर्नु होस। तर कृपया हामीलाई आज बँचाउनुहोस।" १६तब इस्राएलका मानिसहरूले अरू देवताहरूलाई फ्याँकि दिए। तिनीहरूले फेरि परमप्रभुको आराधना गर्न शुरू गरे। यसरी जब उहाँले तिनीहरूले यातना भोगेको देख्नु भयो तिनीहरू प्रति परमप्रभु दुःखित हुनुभयो।

## यिप्तह प्रमुखको रूपमा चुनिए

१७अम्मोनी मानिसहरू युद्धका निम्ति एकत्रित भए। तिनीहरूको छाउनी गिलादको इलाकामा थियो। इस्राएलका मानिसहरू एकत्रित भए। तिनीहरूको छाउनी मिस्पा शहरमा थियो। १८गिलादको इलाकामा बस्ने मानिसहरूका अगुवाहरूले भने, "जो कसैले हामीलाई अम्मोनी मानिसहरू माथि आक्रमण गर्न अगुवाई गर्छ उही गिलादमा बस्ने सबै मानिसहरूको अगुवा हुनेछ।"

११ यिप्तह गिलादका कुल समूहका थिए। तिनी एक शक्तिशाली सैनिक थिए। तर यिप्तह वेश्याका छोरा थिए। तिनका पिता गिलाद नाउँ गरेका मानिस थिए। २गिलादकी पत्नीका धेरै छोराहरू थिए। जब ती छोराहरू हुर्किए तिनीहरूले यिप्तलाई मन पराएनन्। ती छोराहरूले यिप्तहलाई उसको निवास शहर छोड्न वाध्य तुल्याए। तिनीहरूले उसलाई भने, "तैले हाम्रा पिताको कुनै पनि सम्पत्ति पाउने छैनस्। तँ अर्की स्त्रीको छोरो होस्।" ३यसर्थ यिप्तह आफ्ना भाइहरूको कारणले टाढ़ा गए। तिनी तोबको देशमा बसे। तोबको देशमा केही असभ्य मानिसहरूले यिप्तहको अनुसरण गर्न थाले।

४केही समयपछि अम्मोनी मानिसहरूले इस्राएलका मानिसहरूको विरुद्ध लड़ाई गरे। ५अम्मोनी मानिसहरू इस्राएलको विरुद्ध लड़िरहेका थिए यसर्थ गिलादका बूढ़ा-प्रधानहरू यिप्तह कहाँ गए। यिप्तह तोबको देश त्यागेर गिलादमा फर्केर आएको तिनीहरू चाहन्थे।

६बूढ़ा-प्रधानहरूले यिप्तहलाई भने, "आऊ, अनि हाम्रो अगुवा बन जसमा कि हामी अम्मोनी मानिसहरूको विरुद्ध लड्न सकौं।"

७तर यिप्तहले गिलाद देशका ती बूढ़ा-प्रधानहरूलाई भने, "तिमीहरूले मलाई मेरा पिताको घर छाड्न वाध्य तुल्यायौ। तिमीहरूले मलाई घृणा गर्छौ। यसर्थ अहिले तिमीहरूलाई विपत् परेको बेला मकहाँ किन आएका?"

८गिलादका बूढ़ा-प्रधानहरूले यिप्तहलाई भने, "यसो होइन तर अहिले हामीहरू तपाईंतिर फर्किएका छौं, अब हामीसित मिलेर अम्मोनी मानिसहरूको विरुद्ध युद्ध गर्ने होस भनि तपाईंलाई सोध्न आएका हौ। गिलादमा बस्ने सबै मानिसहरूको तपाईं सेनापति हुनुहुनेछ।"

९तब यिप्ताहले गिलादका अगुवाहरूलाई भने, "यदि तिमीहरू म गिलादमा फर्केर आएको अनि अम्मोनी मानिसहरूको विरुद्ध लड़ेको चाहन्छौ भने ठीक छ। तर यदि विजय प्राप्त गर्न परमप्रभुले मलाई सहायता गर्नु भयो भने म तिमीहरूको नयाँ प्रमुख हुनेछु"

१०गिलादका अगुवाहरूले यिप्तहलाई भने, "हामीले भनेका हरेक कुरा परमप्रभुले सुन्दै हुनुहुन्छ। अनि हामी शपथ खाएर भन्छौं कि तिमीले हामीलाई गर्नु भनेका सबै कुरा गर्नेछौं।"

११यसर्थ यिप्तह गिलादका अगुवाहरू साथ गए। ती मानिसहरूले यिप्तहलाई आफ्ना प्रमुख अनि आफ्ना सेनापति बनाए। यिप्तहले मिस्पा शहरमा परमप्रभुको समक्ष आफ्ना सबै भाकलहरू दोहोर्‍याए।

## अम्मोनका राजालाई यिप्तहको सन्देश

१२यिप्तहले अम्मोनी राजाकहाँ दूतहरू पठाए। ती दूतहरूले राजालाई यो सन्देश दिए: "अम्मोनी अनि इस्राएलका मानिसहरू माझ के समस्या छ? तिमीहरू किन हाम्रो देशमा लड़ाई गर्न आएका छौ?"

१३अम्मोनी मानिसहरूका राजाले यिप्तहका दूतहरूलाई भने, "हामी इस्राएलको विरुद्ध लड़िरहेका छौ किनभने जब इस्राएलका मानिसहरू मिस्रदेशबाट आए तिनीहरूले हाम्रो सीमाना लिए। तिनीहरूले अर्नोन नदी र यब्बोक नदीको बीचको हाम्रो भूमि यर्दन नदी सम्म लिए। इस्राएली मानिसहरूलाई हाम्रो भूमि हामीलाई शान्तिसित फर्काइदिनु भनिदिनु होस्।"

१४यसर्थ यिप्तहका दूतहरूले यो सन्देश यिप्तह कहाँ
ल्याए। तब यिप्तहले दूतहरूलाई फेरि अम्मोनी मानिसहरू
कहाँ पठाए। १५तिनीहरूले यो सन्देश लगे:

यिप्तहले भनेको कुरा यो हो: इस्राएलले
मोआबका मानिसहरूको भूमि वा अम्मोनका
मानिसहरूको भूमि लिएन। १६जब इस्राएलका
मानिसहरू मिस्रदेशको भूमि बाहिर निस्के,
इस्राएलका मानिसहरू मरूभूमि तिर गए।
इस्राएलका मानिसहरू लाल समुद्रमा गए। त्यसपछि
तिनीहरू कादेश गए। १७इस्राएलका मानिसहरूले
एदोमका राजाकहाँ दूतहरू पठाए। दूतहरूले एक
सुविधाको याचना गरे। तिनीहरूले भने, "इस्राएलका
मानिसहरूलाई तपाईंको देश भएर पार हुन दिनुहोस्।"
तर एदोमका राजाले हामीलाई तिनीहरूको भूमि
भएर जान दिएनन्। हामीले यस्तै सन्देश मोआबका
राजा कहाँ पनि पठायौं। तर मोआबका राजाले
पनि हामीलाई उसको भूमि भएर जान दिएनन्।
यसर्थ इस्राएलका मानिसहरू कादेशमानै बसे।

१८त्यसपछि इस्राएलका मानिसहरू मरूभूमि
अनि एदोम र मोआब देशका किनार वरिपरि
भएर गए। इस्राएलका मानिसहरूले मोआब देशको
पूर्वततिर यात्रा गरे। तिनीहरूले अर्नोन नदीको
अर्कोतर्फ छाउनी बनाए। तिनीहरूले मोआब देशको
सीमाना पार गरेनन्। (अर्नोन नदी मोआबदेशको
सीमाना थियो)।

१९त्यसपछि इस्राएलका मानिसहरूले एमोरी
मानिसहरूका राजा सीहोन कहाँ दूतहरू पठाए।
सीहोन हेश्बोन शहरका राजा थिए। दूतहरूले
सीहोनसित याचना गरे, "इस्राएलका मानिसहरूलाई
तपाईंको देशबाट पार हुन दिनुहोस्। हामी हाम्रो
भूमिमा जान चाहन्छौं।" २०तर एमोरी मानिसहरूका
राजा, सीहोनले इस्राएलका मानिसहरूलाई आफ्नो
सीमाना पार गर्न दिएनन्। सीहोनले आफ्ना सबै
मानिसहरूलाई भेला गरे अनि यहसमा छाउनी
बनाए। तब एमोरी मानिसहरूले इस्राएलका
मानिसहरूसित युद्ध गरे। २१तर परमप्रभु,
इस्राएलका परमेश्वरले इस्राएलका मानिसहरूलाई
सीहोन अनि तिनका सेनालाई पराजित गर्नमा
सहायता प्रदान गर्नुभयो। यसरी एमोरी मानिसहरूको
देश इस्राएलका मानिसहरूको सम्पत्ति बन्यो।
२२यसरी अमोरी मानिसहरूको देश इस्राएली
मानिसहरूको भूमि भयो। यस प्रकारले इस्राएलका
मानिसहरूले एमोरी मानिसहरूका समस्त क्षेत्र
प्राप्त गरे। त्यो क्षेत्र अर्नोन नदीदेखि यब्बोक
सम्म अनि मरुभूमिदेखि यर्दन नदी सम्म फैलिएको
थियो।

२३उहाँ नै परमप्रभु, इस्राएलका परमेश्वर
हुनुहुन्थ्यो जसले एमोरी मानिसहरूलाई आफ्ना
भूमि छोड्न बाध्य तुल्याउनु भएको थियो। अनि
परमप्रभुले त्यो भूमि इस्राएलका मानिसहरूलाई
दिनुभयो। के इस्राएलका मानिसहरूलाई यो भूमि
छाड्न लाउन सक्छु भनी तिमी ठान्छौ? २४निश्चयनै
त्यो भूमिमा बस्न सक्छौ जो तिमीहरूका कमोश
देवताले तिमीहरूलाई दिएका थिए। यसर्थ हामी
त्यो भूमिमा बस्नेछौं जो परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई दिनु भएको छ। २५के तिमी सिप्पोरका
छोरा बालाक भन्दा असल छौ र? उनी मोआब
देशका राजा थिए। के उसले इस्राएलका
मानिसहरूसित बहस गरे? के उनी साँच्चै नै
इस्राएलका मानिसहरूसित लड़े?" २६इस्राएलका
मानिसहरू हेश्बोन शहर अनि त्यस वरिपरिका
शहरहरूमा ३०० वर्ष देखि बसेकाछन्। इस्राएलका
मानिसहरू अरोएर शहर अनि त्यस वरिपरिका
शहरहरूमा ३०० वर्ष देखि बस्दै आएका छन्।
इस्राएलका मानिसहरू अर्नोन नदीका तीरमा भएका
सबै शहरहरूमा ३०० वर्षदेखि बस्दै आएका
छन्। किन तिमीहरूले यति धेरै समय सम्म ती
शहरहरूलाई लिने कोशिश गरेनौ? २७इस्राएलका
मानिसहरूले तिमीहरू विरुद्ध केही पाप गरेका
छैनन्। तर तिमीहरूले इस्राएलका मानिसहरूको
विरुद्ध अत्यन्त नराम्रो काम गरिरहेछौ। साँचो
न्यायकर्त्ता परमप्रभुले निर्णय गरून इस्राएलका
मानिसहरू कि अम्मोनी मानिसहरू सहिछन्।

२८अम्मोनी मानिसहरूका राजाले यिप्तहको यो सन्देश
सुन्न अस्वीकार गरे।

## यिप्तहको भाकल

२९तब परमप्रभुको आत्मा यिप्तह माथि आयो।
यिप्तह गिलाद अनि मनश्शेका क्षेत्रबाट पार भए। तिनी
गिलादको मिस्पा शहर तिर गए। गिलादको मिस्पा
शहरदेखि यिप्तह अम्मोनी मानिसहरूका भूमि भएर पार
भए।

३०यिप्तहले परमेश्वरसँग एउटा प्रतिज्ञा गरे। तिनले
भने, "यदि तपाईंले मलाई अम्मोनी मानिसहरू माथि
पराजित गर्न दिनुभयो भने, ३१म तपाईंलाई त्यो प्रथम
बस्तु प्रदान गर्नेछु जुन बस्तु विजय प्राप्त गरेर म
फर्केको बेला मेरो घरबाट निस्कन्छ। परमप्रभुलाई म
त्यो होमबलिको रूपमा अर्पण गर्नेछु।"

३२तब यिप्तह अम्मोनी मानिसहरूको देशमा गए।
यिप्तह अम्मोनी मानिसहरूसित लड़े। परमप्रभुले तिनलाई
तिनीहरूमाथि पराजित गर्नमा सहायता प्रदान गर्नु भयो।
३३तिनले तिनीहरूलाई अरोएर शहरदेखि मिन्नीत शहरसम्म

पराजित गरे। यिप्तहले बीसवटा शहरहरू कब्जा गरे। त्यसपछि तिनी अम्मोनी मानिसहरूसित अबेल-करामीकमा लड़े। इस्राएलका मानिसहरूले अम्मोनी मानिसहरूलाई पराजित गरे। अम्मोनी मानिसहरूको निम्ति एक भयानक पराजित थियो।

३४यिप्तह मिस्पा फर्केर गए। यिप्तह आफ्ना घर गए अनि उसकी छोरी तिनलाई भेट्न घरबाहिर निस्की। तिनी खैजड़ी बजाउँदै अनि नाच्दै थिईन्। तिनी उसकी एउटै छोरी थिईन्। यिप्तहले उसलाई अत्यन्तै प्रेम गर्थे। यिप्तहका अरू छोरा-छोरी थिएनन्। ३५जब यिप्तहले आफ्नो घरबाट पहिला आफ्नै छोरीलाई निस्केको देखे तिनले आफ्नो अफसोस जनाउन आफ्ना बस्त्रहरू च्याते। जब तिनले भने, "हे, मेरी छोरी! तैंले मलाई शेष पारिस्। तैंले मलाई अति भन्दा अति अफसोसमा पारिस्। मैले परमप्रभुसित एउटा भाकल गरेको थिएँ अनि त्यसलाई म परिवर्तन गर्न सक्दिन!"

३६तब उसकी छोरीले यिप्तहलाई भनी, "बाबु, तपाईंले परमप्रभुसित भाकल गर्नुभयो। यसर्थ तपाईंको भाकल पूरा गर्नुहोस्। तपाईंले के गर्छु भन्नु भएको थियो त्यही गर्नुहोस्। आखिरमा, परमप्रभुले तपाईंका शत्रुहरू, अम्मोनी मानिसहरूलाई पराजित गर्नमा सहायता प्रदान गर्नु भयो।"

३७तब यिप्तहकी छोरीले आफ्ना बाबुलाई भनी, "तर पहिला मेरो निम्ति यो काम गरिदिनु होस्। मलाई दुइ महीनासम्म एक्लै छाड़िदिनु होस्। मलाई पहाड़-पर्वततिर जान दिनुहोस्। म विवाह गर्ने छैन् अनि नानीहरू जन्माउने छैन, यसर्थ मलाई अनि मेरी साथीहरूलाई जान दिनुहोस् अनि रून-कराउन दिनुहोस्।"

३८यिप्तहले भने, "जा अनि त्यसो गर।" यिप्तहले उसलाई दुइ महीनाका निम्ति पठाइदिए। यिप्तहका छोरी अनि उनका साथीहरू पहाड़ पर्वतमा बसे। तिनीहरू उसको निम्ति रोए-कराए किनभने तिनले विवाह गर्ने छैन अनि नानीहरू जन्माउने छैन।

३९दुइ महीनाको अन्तमा यिप्तहकी छोरी आफ्ना पिता कहाँ फर्की। यिप्तहले परमप्रभुसित जे भाकल गरेका थिए सो पूरा गरे। यिप्तहको छोरीले कहिले पनि कसैसित शारीरिक सम्बन्ध गरेकी थिइन। यसर्थ इस्राएलमा यो एउटा परम्परा बन्यो। ४०हरेक वर्ष इस्राएली स्त्रीहरूले गिलादका यिप्तहकी छोरीलाई स्मरण गर्थे। इस्राएलका स्त्रीहरू हरेक साल चारदिन यिप्तहकी छोरीका निम्ति विलाप गर्थे।

### यिप्तह अनि एप्रैम

**१२** एप्रैमका कुल समूहका मानिसहरूले तिनीहरूका समस्त सैनिकहरूलाई साथ बोलाए। त्यसपछि तिनीहरू नदी पारिको सापोन शहरमा गए। तिनीहरूले यिप्तहलाई भने, "तिमीले अम्मोनी मानिसहरूको विरुद्ध युद्ध गर्दा हामीहरूलाई सहायताका निम्ति किन बोलाउनु भएन तपाईंलाई तपाईंको घर संगै जलाउने छौं।"

२यिप्तहले तिनीहरूलाई उत्तर दिए, "अम्मोनी मानिसहरूले हामीलाई अनेक समस्याहरू उत्पन्न गराइरहे। यसर्थ म अनि मेरो मानिसहरू तिनीहरूको विरुद्ध लड़ेका हौं। मैले तिमीहरूलाई बोलाएँ, तर तिमीहरू हामीलाई सहायता गर्न आएनौ। ३तिमीहरूले हामीलाई सहायता गर्ने छैनौं भनी मैले देखे। यसर्थ मैले आफ्नै जीवनलाई जोखिममा पारे। अम्मोनी मानिसहरू विरुद्ध लड्न म नदीपारि गएँ। परमप्रभुले मलाई तिनीहरूमाथि पराजित गर्नमा सहयोग प्रदान गर्नु भयो। अब, आज तिमीहरू किन मसित लड़न आउँछौ?"

४त्यसपछि यिप्तहले गिलादका मानिसहरूलाई एक साथ बोलाए। तिनीहरूले एप्रैमका कुल समूहका मानिसहरूको विरुद्ध युद्ध गरे। तिनीहरू एप्रैमका मानिसहरूको विरुद्ध लड़े किनभने ती मानिसहरूले गिलादका मानिसहरूको अपमान गरेका थिए। तिनीहरूले भनेका थिए, "तिमी गिलादका मानिसहरू केही होइनौ एप्रैममा छोड़ीएका मानिसहरू मात्र हौ। तिमीहरूको आफ्नो निवास भूमि धरि छैन। तिमीहरूको अंश एप्रैमको हो। अनि तिमीहरूको अंश मनश्शेको हो।" गिलादका मानिसहरूले एप्रैमका मानिसहरूलाई पराजित गारिदिए। ५गिलादका मानिसहरूले ती स्थानहरू अधिकारमा लिए जहाँबाट मानिसहरू यर्दन नदीपार गर्छन्। ती ठाउँहरूबाट एप्रैम देशतिर जान्छ। एप्रैममा बाँचेका जो कोही पनि नदीमा आउँछन् उसले भन्छन्, "मलाई पारि तर्न देऊ।" तब गिलादका मानिसहरू उसलाई सोध्छन्, "के तिमी एप्रैमका मानिस हौ?" यदि उसले "होइन," भन्यो भने ६तिनीहरूले भन्छन्, "'शिब्बोलेत' शब्द भन।" एप्रैमका मानिसहरू त्यो शब्द ठीकसित भन्न सक्तैन थिए। तिनीहरूले त्यो शब्द ठीकसितले भन्न सक्तैन थियो। तिनीहरूले त्यो शब्दको उच्चारण "सिब्बोलेत" भनी गर्थे। यसर्थ, यदि त्यस व्यक्तिले "सिब्बोलेत" भनी उच्चारण गरे भने गिलादका मानिसहरू बुझ्थे कि उ एप्रैमका मानिस हुन्। यसर्थ उसलाई तिनीहरूले पार गर्ने स्थानमा मारिदिए। तिनीहरूले एप्रैमका ४२,००० मानिसहरूलाई मारे।

७यिप्तह छ: वर्षसम्म इस्राएली मानिसहरूका न्यायकर्त्ता थिए। त्यसपछि गिलादका यिप्तहको देहान्त भयो। तिनीहरूले तिनलाई तिनकै गिलादको शहरमा गाड़िदिए।

### न्यायकर्त्ता इब्सान

८यिप्तह पछि इब्सान नाउँका मानिस इस्राएलका मानिसहरूका न्यायकर्त्ता थिए। इब्सान बेतलेहेम शहरका थिए। ९इब्सानका तीस जना छोराहरू अनि तीस जना छोरीहरू थिए। तिनले आफ्ना तीसजना छोरीहरूलाई ती मानिसहरूसित विवाह गर्न जो तिनका आफन्तहरू

होइनन्। अनि तिनले आफ्ना आफन्त नपर्ने तीस जना
स्त्रीहरू खोजे अनि तिनका छोराहरूले ती स्त्रीहरूलाई
विवाह गरे। इब्सान सात वर्षसम्म इस्राएलका मानिसहरूका
न्यायकर्त्ता थिए। १०तब इब्सानको मृत्यु भयो। तिनलाई
बेतलेहेम शहरमा गाड़ियो।

### न्यायकर्त्ता एलोन

११इब्सान पछि एलोन नाउँका मानिस इस्राएली
मानिसहरूका न्यायकर्त्ता भए। एलोन जबूलूनका कुल
समूहका थिए। तिनी दश वर्षसम्म इस्राएलका मानिसहरूका
न्यायकर्त्ता रहे। १२तब जबूलूनका कुल समूहका एलोनको
मृत्यु भयो। तिनलाई जबूलूनको अय्यालोन शहरमा
गाड़ियो।

### न्यायकर्त्ता अब्दोन

१३एलोनको मृत्युपछि हिल्लेलका छोरा अब्दोन
इस्राएलका मानिसहरूका न्यायकर्त्ता थिए। अब्दोन पिरातोन
शहरका थिए। १४अब्दोनका चालीस जना छोराहरू
अनि तीस जना नातीहरू थिए। तिनीहरू सत्तरी वटा
गधामा चढ़थे। अब्दोन आठ वर्षसम्म इस्राएली
मानिसहरूका न्यायकर्त्ता रहे। १५तब हिल्लेलका छोरा
अब्दोनको मृत्यु भयो। तिनलाई पिरातोन शहरमा दफन
गरिदिए। पिरातोन एप्रैम देशमा छ। यो पहाड़ी देशमा छ
जहाँ अमालेकी मानिसहरू बस्छन्।

### शिमशोनको जन्म

१३ इस्राएलीहरूले फेरि परमप्रभुसित तिनीहरूको
करार भङ्ग गरेका थिए। यसर्थ परमप्रभुले
पलिश्तीहरूलाई चालीस वर्षसम्म तिनीहरूमाथि शासन
गर्न दिनुभयो।

२सोरा शहरमा एक मानिस थिए। त्यो मानिसको
नाउँ मानोह थियो। तिनी दानको कुल समूहका थिए।
मानोहकी एकजना पत्नी थिइन्। तर तिनीहरूको कुनै
नानी जन्मिएका थिएनन्। ३परमप्रभुका दूतले मानोहको
पत्नीलाई दर्शन दिनुभयो। तिनले भने, "तिमी नानीहरू
जन्माउन सक्षम भएकी छैनौ। तर तिमी गर्भवती हुने छौ
अनि एउटा छोरालाई जन्म दिनेछौ। ४कुनै दाखरस वा
अरू कुनै कड़ा पिउने पदार्थ नपिउनु। कुनै भोजन
नगर्नु जो अशुद्धछ। ५किन? किनभने तिमी गर्भवती छौ
अनि तिमीले छोरा जन्माउनेछौ। जन्मेको समय देखि नै
उसलाई परमप्रभुको निम्ति विशेष समर्पण गरिनेछ। उ
एउटा नाजिरी हुनेछ। यसकारण तिमीहरूले कहिले पनि
उसको कपाल काटिदिनु हुँदैन। उसले इस्राएलका
मानिसहरूलाई पलिश्ती मानिसहरूको शक्तिबाट बचाउँन
शुरु गर्नेछ।"

६त्यसपछि ती स्त्री आफ्ना पतिकहाँ गइन् अनि
घटेका कुरा उसलाई भनिन्। तिनले भनी, "परमेश्वरबाट
एउटा व्यक्ति म कहाँ आए। ती परमेश्वरको दूत जस्तै
देखिन्थ्यो। उसले मलाई भयभीत तुल्यायो। त्यो कहाँबाट
आएको थियो त्यो मैले सोधिन। उसले मलाई आफ्नो
नाउँ भनेन। ७तर उसले मलाई भन्यो, 'तिमी गर्भवती
छौ अनि एउटा छोरा जन्माउने छौ। कुनै दाखरस वा
अरू पिइने कड़ा पदार्थ नपिउनु। कुनै अशुद्ध भोजन
नखानु। किन? किनभने त्यो बालकलाई परमेश्वर प्रति
विशेष रूपले जन्मेदेखि मृत्युको दिनसम्म नै समर्पण
गरिनेछ।'"

८तब मानोहले परमेप्रभुलाई प्रार्थना गरे। तिनले भने,
"परमप्रभु म बिन्ती गर्छु तपाईंले पठाउनुभएको मानिसलाई
फेरि हामीकहाँ पठाइ दिनुहोस्। हामी चाहन्छौ कि अब
चाँड़ै जन्मने छोराको निम्ति हामीले के गर्नु पर्ने उसले
हामीलाई सिकाऊन्।"

९मानोहको प्रार्थना परमेश्वरले सुन्नुभयो। परमेश्वरका
दूत फेरि त्यस स्त्री कहाँ आए। तिनी एक खेतमा
बसिरहेकी थिइन् अनि तिनका पति मानोह तिनीसित
थिएनन्। १०यसर्थ त्यस स्त्री आफ्ना पतिलाई भन्न
दगुरिन्, "त्यो मानिस फेरि आयो! जो यहाँ अघिल्लो
दिन म कहाँ आएको थियो।"

११मानोह उठे अनि आफ्नी पत्नीको पीछा
गरे। जब तिनी त्यो मानिस भएकहाँ आए, तिनले
भने, "मेरी पत्नीसित कुरा गर्ने मानिस तपाईं नै
हुनुहुन्छ?"

स्वर्गदूतले भने, "म नै हुँ।"

१२यसर्थ मानोहले भने, "मलाई आशा छ कि
तपाईंले जे भन्नुभयो त्यो सत्य हुनेछ। मलाई भन्नुहोस
केटोले कस्तो प्रकारको जीवन जीउनु पर्छ। उसले के
गर्नुपर्छ?"

१३परमप्रभुका दूतले मानोहलाई भने, "मैले तिम्री
पत्नीलाई भनेका हरेक कुरा गर्नुपर्छ। १४दाखको
बोटमा फलेका कुनै फलपनि उसले खानु
हुँदैन। उसले कुनै दाखरस वा कड़ा पिउने पदार्थ पिउनु
हुँदैन। उसले कुनै यस्तो भोजन खानु हुँदैन जुन अशुद्ध
छ। मैले उसलाई गर्नु भनी आदेश गरेका हरेक कुरा
गर्नुपर्छ।"

१५तब मानोहले परमप्रभुका दूतलाई भने, "हामी,
तपाईं यहाँ एक क्षण बस्नु भएको चाहन्छौं। हामी
तपाईंलाई भोजन गराउनका निम्ति एउटा बाख्राको पाठो
पकाउन चाहन्छौं।"

१६परमप्रभुका दूतले मानोहलाई भने, "मलाई जानबाट
तिमीले रोके पनि म तिम्रो भोजन लिने छैन। तर तिमी
केही तयार गर्न चाहन्छौ भने परमप्रभुलाई एक होमबलि
अर्पण गर।" (मानोहले त्यो व्यक्ति वास्तवमा परमप्रभुका
स्वर्गदूत हुन भनी बुझेनन्।)

१७तब मानोहले परमप्रभुको दूतलाई सोधे, "तपाईंको
नाउँ के हो? हामी जान्न चाहन्छौं। जसमा कि तपाईंले

भन्नु भएका कुराहरू जब साँच्चै नै घटछन् तब हामी
तपाईंलाई सम्मान गर्न सकौं।"
१८परमप्रभुका दूतले भने, "तिमी किन मेरो नाउँ
सोध्छौ? यो यति आश्चर्यजनक छ कि तिमी विश्वास
गर्न सक्तैनौ।"
१९तब मानोहले एक चट्टानमा एउटा बाख्राको पाठो
बलिदान चढ़ाए। उसले बाख्राको बलि चढ़ाए र अन्न
बलि परमप्रभुलाई अर्पण गरे जसले आश्चर्यजनक
कुराहरू गर्नु हुन्छ। २०मानोह अनि उसकी पत्नीले जे
भइरहेछ त्यो हेरिरहे। वेदी देखि आगोको ज्वाला
आकाश तिर उठदै जाँदा परमप्रभुका स्वर्गदूत आगोमा
माथि स्वर्गतिर जानुभयो।
जब मानोह अनि तिनकी पत्नीले त्यो देखे, तिनीहरूले
आफ्नो अनुहार भूँइतिर पारेर शिर झुकाए। २१मानोहले
आखिरमा त्यस व्यक्ति परमप्रभुका स्वर्गदूत थिए भनी
बुझे। परमप्रभुका स्वर्गदूत फेरि मानोहसित देखा पर्नु
भएन। २२मानोहले आफ्नी पत्नीलाई भने, "हामीले
परमेश्वरको दर्शन गर्‍यौं। यसले गर्दा निश्चयनै हाम्रो
मृत्यु हुनेछ।"
२३तर तिनकी पत्नीले तिनलाई भनिन्, "परमप्रभुले
हामीलाई मार्न चाहनुहुन्न। यदि परमप्रभुले हामीलाई
मार्न चाहनु भएको भए हामीले अर्पण गरेका होमबलि
अनि अन्नबलि उहाँले स्वीकार गर्नुहुने थिएन। उहाँले
यी सबै कुराहरू हामीलाई देखाउनु हुने थिएन। अनि
हामीलाई यी कुराहरू उहाँले भन्नुहुने थिएन।"
२४यसरी त्यस स्त्रीको एउटा छोरो जन्मियो। तिनले
उसको नाउँ शिमशोन राखिन्। शिमशोन हुर्किए अनि
परमप्रभुले तिनलाई आशिष् दिनुभयो। २५जब शिमशोन
महनेह दान शहरमा बसिरहेका थिए तब परमप्रभुको
आत्माले शिमशोन माथि कार्य गर्न शुरु गर्‍यो। त्यो
शहर सोरा अनि एश्तोल शहरहरूको माझमा पर्छ।

### शिमशोनको विवाह

**१४** शिमशोन तिम्ना शहर तिर झरे। तिनले त्यहाँ
एउटी पलिश्ती स्त्रीलाई देखे। २जब तिनी
फर्केर घर पुगे उसले उसका बाबु अनि आमालाई
भने, "मैले तिम्नामा एउटी पलिश्ती स्त्रीलाई देखें।
तपाईंहरूले मेरो निम्ति त्यसलाई ल्याइदिनु भएको म
चाहन्छु।"
३तिनका बाबु आमाले भने, "तर निश्चयनै इस्राएलका
कुटुम्बमा एउटी केटी होली जसलाई तैले विवाह गर्न
सक्छस्। के तैले पलिश्ती मानिसहरूकी कन्यालाई
विवाह गर्नु पर्छ? ती मानिसहरूको खतना भएको
छैन्।"
तर शिमशोनले भने, "मलाई त्यही केटी ल्याई
दिनुहोस्। मैले चाहेको त्यही मात्र हो।" ४शिमशोनका
बाबु-आमालाई यो थाहा थिएन कि परमप्रभुले यस्तो
गराउन चाहनु भएको हो। परमप्रभुले पलिश्ती मानिसहरूको
विरुद्ध घटनाहरू केही घटाउनलाई उपाय गरिरहनु
भएको थियो। पलिश्ती मानिसहरूले त्यस समय
इस्राएलका मानिसहरू माथि शासन चलाइरहेका
थिए।
५शिमशोन उसको बाबु-आमा सँगै तल तिम्नामा
गए। तिनीहरू शहर बाहिरको दाखबारीमा आए, त्यस
ठाउँमा एउटा जवान सिंह गर्ज्यो अनि शिमशोनतिर
झम्ट्यो। ६शिमशोनको शरीरमा भयङ्कर शक्तिसित
परमप्रभुको आत्मा आउनुभयो। उसले आफ्ना खाली
हातले सिँहलाई टुक्रा-टुक्रा पारिदिए। यो उसलाई सजिलो
लाग्यो। यो एउटा बाख्राको पाठालाई टुक्रा पारे जतिकै
सजिलो थियो। तर शिमशोनले जे गरे त्यो उसले
बाबु-आमालाई भनेनन्।
७यसर्थ शिमशोन शहर तिर झरे ती पलिश्ती
केटीसित कुरा गरे। तिनले उसलाई खुशी तुल्याइन्।
८धेरै दिनपछि त्यस पलिश्ती केटीसित विवाह गर्न
शिमशोन फर्केर आए। उनी बाटोमा त्यो मरेको सिँहलाई
हेर्न गए। उसले मरेको सिँहको शरीरमा मौरीका
गोला भेट्टाए। तिनीहरूले केही मह बनाएका थिए।
९शिमशोनले केही मह आफ्ना हातले उठाए। तिनी मह
खाँदै हिँड़े। जब तिनी आफ्ना बाबु-आमा कहाँ आए
उसले उनीहरूलाई केही मह दिए। उनीहरूले पनि त्यो
खाए। तर शिमशोनले आफ्ना बाबु-आमालाई त्यो मह
मरेको सिंहको शरीरबाट लिएको भनी भनेनन्।
१०शिमशोनका बाबु ती पलिश्ती केटीलाई हेर्न
झरे। दुलहाहरूको दस्तूर अनुसार भोज दिनु आवश्यक
थियो। यसर्थ शिमशोनले त्यहाँ एउटा भोज दिए।
११जब तिनले भोज दिँदैछन भन्ने पलिश्ती मानिसहरूले
देखे तब तिनीहरूले ऊनीसित रहन तीस जना मानिसहरूलाई
पठाए।
१२तब शिमशोनले ती तीस मानिसहरूलाई भने, "म
तिमीहरूलाई एउटा अड़को थाप्न चाहन्छु। यो भोज
सात दिनसम्म रहने छ। त्यो समय भित्र उत्तर पाउने
कोशिश गर। यदि तिमीहरूले अड्कोको उत्तर त्यो
समय भित्र दियौ भने म तिमीहरूलाई तीसवटा मलमलको
कमेज अनि तीस जोर लाउने लुगाहरू दिनेछु। १३तर
तिमीहरूले उत्तर पाएनौ भने मलाई तीसवटा कमेज
अनि तीस जोर लाउने लुगाहरू दिनुपर्छ।" यसकारण ती
तीस जन मानिसहरूले भने, "तिमीले हामीलाई अड्को
भन, हामी सुन्न चहन्छौं।"
१४शिमशोनले तिनीहरूलाई अड़को सुनाए:

"खानेबाट केही खानेकुरा निस्क्यो। बलवानबाट
केही गुलियो कुरा निस्क्यो।"
ती तीस जना मानिसहरूले तीन दिनसम्म उत्तर
खोज्ने कोशिश गरे तर सकेनन्।

१५चौथो दिन ती मानिसहरू शिमशोनकी पत्नीकहाँ आए। तिनीहरूले भने, "के तिमीले हामीहरूलाई कङ्गाल तुल्याउनका निम्ति यहाँ निमन्त्रण गरेका? तिमीले हाम्रो निम्ति तिम्रो पतिलाई छलेर त्यो अड़को उत्तर भन्न लाउनुपर्छ। यदि हाम्रो निम्ति तिमीले उत्तर ल्याईनौ भने हामी तिमीलाई अनि तिम्रा पिताका घरका सबै मानिसहरूलाई जलाएर मार्नेछौं।"

१६यसर्थ शिमशोनकी पत्नी उसकहाँ गइन् अनि रून थालिन्। तिनले भनिन्, "तिमीले मलाई घृणा गर्छौ। तिमीले वास्तवमा मलाई प्रेम गर्दैनौ। तिमीले मेरो मानिसहरूलाई एउटा अड्को भन्यौ अनि तिमीले मलाई त्यसको उत्तर भन्दैनौ।" तर शिमशोनले तिनलाई भने, "मैले मेरो बाबु-आमालाई पनि भनेको छैन। के मैले तिमीलाई भन्नु?"

१७शिमशोनकी पत्नी भोजको सातै दिन अर्थात अन्तिम दिनसम्म रोइरहिन्। यसर्थ आखिरमा उसले तिनलाई सातौं दिनमा अड़कोको उत्तर बताई दिए। किनभने उसले तिनलाई दिक्दारी बनाईरहेकी थिईन्। त्यसपछि तिनले आफ्ना मानिसहरूकहाँ गइन् अनि तिनीहरूलाई अड़कोको उत्तर भनिदिइन्।

१८यसरी भोजको सातौ दिनमा सूर्य अस्ताउनु अघि ती पलिश्ती मानिसहरूले उत्तर पाए। तिनीहरू शिमशोन कहाँ आए अनि भने,

"महभन्दा गुलियो के हुन्छ? सिंहभन्दा बलियो
के हुन्छ?"

तब शिमशोनले तिनीहरूलाई भने,

"यदि तिमीहरूले मेरो कोरलीलाई नजोतेको
भए तिमीहरूले मेरो अड्को समाधान गरेका हुने
थिएनौ।"

१९शिमशोन अत्यन्त क्रोधित भए। परमप्रभुको आत्मा विशाल शक्ति सहित शिमशोन माथि आउनुभयो। ऊनी अश्कलोन शहर तिर झरे। त्यस शहरमा उसले तीस जना पलिश्ती मानिसहरूलाई मारिदिए। त्यसपछि तिनले ती मृत देहबाट सबै वस्त्रहरू अनि सम्पत्तिहरू लिए। तिनले ती वस्त्रहरू फर्काइ ल्याए अनि ती मानिसहरूलाई दिए जसले उसको अड्को को उत्तर दिएका थिए। त्यसपछि तिनी आफ्ना पिताको घरमा गए।
२०शिमशोनले उसकी नयाँदुलहीलाई आफू-सँग लगेनन्। विवाहको लोकन्तेले तिनलाई राखे।

### शिमशोनले पलिश्तीहरूका निम्ति विपत् ल्याउँछन्

१५ गहुँको फसल कट्नीको समयमा शिमशोन आफ्नी पत्नीलाई भेट्न गए। तिनले आफूसित भेटी स्वरूप एउटा बाख्राको पाठा लगे। तिनले भने, "म मेरो पत्नीको कोठामा जाँदैछु।" तर उनका बाबुले शिमशोनलाई भित्र जान दिएनन्।
२उनका बाबुले शिमशोनलाई भने, "मैले सोचे तिमीले उसलाई घृणा गर्छौ। यसर्थ मैले उसलाई विवाहको लोकन्तसँग विवाह गरि दिएँ। उसकी कान्छी बहिनी अझ सुन्दरी छे। कान्छी बहिनीलाई लैजाऊ।"

३तर शिमशोनले उनलाई भने, "अब, म साचै नै पलिश्ती मानिसहरूमाथि बदला लिनेछु अनि यो तिम्रो दोष हुनेछ।"

४यसर्थ शिमशोन बाहिर गए अनि तीन सय स्यालहरू पक्रे। तिनले एक पल्टमा दुइ स्यालहरू लिए अनि जोड़ा बनाउनका निम्ति तिनीहरूका पुच्छरहरू एकसाथ बाँधिदिए। त्यसपछि तिनले प्रत्येक जोड़ा स्यालको पुच्छरको माझमा एउटा-एउटा राँको बाँधिदिए।
५शिमशोनले स्यालहरूका पुच्छर माझमा भएका राँकोहरू जलाए। त्यसपछि तिनले ती स्यालहरूलाई पलिश्ती मानिसहरूका अन्नबाली तिर धवाई दिए। यस प्रकार तिनले तिनीहरूको खेतमा उम्रिरहेका बोटहरू अनि तिनीहरूले काटेका अन्नका थाकहरू डड़ाइ दिए। तिनले तिनीहरूका दाखका खेतहरू अनि भद्राक्षका बगैचाहरू पनि जलाई दिए।

६पलिश्ती मानिसहरूले सोधे, "यो कसले गऱ्यो?"

शिमशोनले तिनीहरूलाई भने, "शिमशोनले यसो गरे। किनभने उनको ससुराले शिमशोनकी पत्नीलाई तिनको विवाहको लोकन्तेलाई दिए।" यसर्थ पलिश्ती मानिसहरूले शिमशोनकी पत्नी र उसका बाबुलाई जलाएर मारिदिए।

७त्यसपछि शिमशोनले पलिश्ती मानिसहरूलाई भने, "तिमीहरूले मलाई यस्तो नराम्रो व्यवहार गऱ्यौ। यसर्थ अब म तिमीहरू प्रति नराम्रो व्यवहार गर्नेछु। अब म तिमीहरू माथि विपत्ति ल्याइ दिन्छु। म विपत्ति ल्याउन सक्नेछु।"

८तब शिमशोनले पलिश्ती मानिसहरू माथि आक्रमण गरे। तिनीले तिनीहरू धेरैलाई मारे। अनि तिनी एउटा ओड़ारमा बसे। यो ओड़ार त्यो स्थानमा थियो जसको नाउँ एतामको चट्टान भनिन्थ्यो।

९तब पलिश्ती मानिसहरू यहूदाको देशमा गए। तिनीहरू लही नामक स्थानको नजिक अड़िए। तिनीहरूका सेनाले त्यहीं छाउनी थापे अनि युद्धका निम्ति तयारी गरे।
१०यहूदा कुल समूहका मानिसहरूले तिनीहरूलाई सोधे, "तिमी पलिश्ती मानिसहरू किन हामीसित लड्न यहाँ आयौ?"

उनीहरूले उत्तरदिए, "हामी शिमशोनलाई पकड़न आएका हौ। हामी तिनलाई हाम्रो कैदी तुल्याउन चाहन्छौं। हामी तिनलाई हाम्रा मानिसहरू प्रति तिनले गरेका कुराहरूका निम्ति दण्ड दिन चाहन्छौं।"

११तब यहूदाका कुल समूहका ३,००० मानिसहरू शिमशोन कहाँ गए। तिनीहरू एतामको चट्टान

नजिकको ओड़ारमा गए। तिनीहरूले तिनलाई भने,
“तिमीले हामीहरू प्रति के गर्‍यौ? तिमीलाई थाहा छैन
कि पलिश्ती मानिसहरू हामी माथि शासन गर्छन्
भनी?”

शिमशोनले उत्तर दिए, “तिनीहरूले म प्रति गरेका
कुराहरूका निम्ति म केवल तिनीहरूलाई दण्ड
दिन्छु।”

१२तब तिनीहरूले शिमशोनलाई भने, “हामी तिमीलाई
बाँध्न आएका छौं। हामी तिमीलाई पलिश्ती मानिसहरूलाई
दिनेछौं।”

शिमशोनले यहूदाका मानिसहरूलाई भने, “शपथ
खाएर भन कि तिमीहरू स्वयंले मलाई घात गर्ने छैनौ
भनी।”

१३तब यहूदाका मानिसहरूले भने, “हामी मान्छौं।
हामी तिमीलाई केवल बाँध्छौं अनि पलिश्ती मानिसहरूलाई
दिन्छौ। हामी शपथ खान्छौ कि हामी तिमीलाई मार्ने
छैनौं।” यसर्थ तिनीहरूले शिमशोनलाई दुइवटा नयाँ
डोरीले बाँधे। तिनीहरूले तिनलाई चट्टानको ओड़ार देखि
उँभो लगे।

१४जब शिमशोन लही भनिने ठाउँमा आए पलिश्तीहरू
तिनलाई भेट्न आए। तिनीहरू खुशीले कराउँदै थिए।
तब परमप्रभुको आत्मा भयानक शक्तिसित शिमशोन
माथि आउँनुभयो। शिमशोनले डोरी चुँड़ाए। त्यो डोरी
जलेको धागो जस्तै कमजोर देखिन्थ्यो। ती डोरी तिनका
पाखुराबाट झरे मानौं तिनीहरू पग्लिएका थिए।
१५शिमशोनले एउटा मरेको गधाको बङ्गारा भेट्टाए।
तिनले त्यो बङ्गारा लिए अनि एक हजार पलिश्ती
मानिसहरूलाई त्यसद्वारा हत्या गरिदिए।

१६तब शिमशोनले भने;

“मैले तिनीहरूलाई गधाको बङ्गाराले अल्गो
रास लगाएँ। गधाको बङ्गाराले मैले एक हजार
मानिसहरूलाई मारिदिएँ।”

१७जब शिमशोनले बोली सके, तिनले बङ्गारा तल
फ्याँके। यसर्थ त्यस स्थानको नाउँ रामतलही राखियो।

१८शिमशोन अत्यन्त तिर्खाए। यसकारण तिनी
परमप्रभुतिर कराए। तिनले भने, “म तपाईंको दास हुँ।
तपाईंले मलाई यो महान विजय प्रदान गर्नु भयो।
कृपया अब मलाई तिर्खाले मर्न नदिनुहोस्। कृपया
मलाई ती मानिसहरूद्वारा कब्जा गर्न नदिनुहोस् जसको
खतना पनि गरिएको छैन।”

१९लहीमाको भूइँमा एक खाल्डा थियो। परमेश्वरले
त्यो खाल्डा चिरेर खोलि दिनुभयो अनि पानी बाहिर
निस्क्यो। शिमशोनले त्यो पानी पिए अनि केही स्वस्थ
भए। तिनले फेरि बलवान भएको अनुभव गरे। यसर्थ
तिनले त्यो पानीको मूलको नाउँ एन-हक्कोरे राखे। यो
आजसम्म पनि लही शहरमा छ।

२०यसरी शिमशोन बीस वर्षसम्म इस्राएलका
मानिसहरूका न्यायकर्त्ता रहे। त्यो पलिश्ती मानिसहरूको
समयमा थियो।

## शिमशोन गाजा शहरमा जान्छन्

**१६** एकदिन शिमशोन गाजा शहर तिर गए। तिनले
त्यहाँ एउटी वेश्यालाई देखे। तिनी त्यो रात
त्ससित बस्न गए। २कसैले गाजाका मानिसहरूलाई
भने, “शिमशोन यहाँ आएका छन्।” तिनीहरूले
शिमोशोनलाई मार्न चाहन्थे, यसर्थ तिनीहरूले शहर
घेरे। तिनीहरू शहर-द्वारको नजिकमा लुके अनि रातभरि
शिमशोनलाई पर्खिरहे। रातभरि तिनीहरू अत्यन्त
चूपचापसित बसे। तिनीहरूले एका-अर्कालाई भने,
“जब बिहान हुन्छ हामी शिमशोनलाई मार्नेछौं।”

३तर शिमशोन त्यस वेश्यासित आधा रातसम्म मात्र
बसे। शिमशोन आधारातमा उठे। शिमशोनले शहर-द्वार
अठ्याए र तिनले पर्खालिबाट दुवै चौकट निकाले।
शिमोशनले ढोकाको, दुइवटा स्तम्भहरू अनि ढोका
बन्द राख्ने बारहरू भत्काइ दिए। शिमशोनले ती
वस्तुहरूलाई आफ्ना काँधमा हाले अनि तिनीहरूलाई
बोकेर हेब्रोन शहर नजिकको डाँड़ाको टापुमा लगे।

## शिमशोन अनि दलीला

४पछि, शिमशोन दलीला नाउँ भएकी स्त्रीसँगको
प्रेममा फँसे। उनी सोरेक बेंसीकी थिइन्।

५पलिश्ती मानिसहरूका शासकहरू दलीला कहाँ
गए। तिनीहरूले भने, “हामी जान्न चाहन्छौं के चिजले
शिमशोनलाई यति बलवान तुल्याउँछ। त्यो रहस्य तिनलाई
भन्न लगाऊ र उसलाई छल। तब हामी तिनलाई
कसरी पक्रिनु अनि बाँध्नु त्यो जान्ने छौं। तब हामी
तिनलाई नियन्त्रण गर्न समर्थ हुनेछौं। यदि तिमीले यसो
गरि दियौ भने हामी प्रत्येकले तिमीलाई एघार सय
चाँदीका सिक्का गरी दिनेछौं।”

६यसर्थ दलीलाले शिमशोनलाई भनिन्, “तिमी किन
यस्तो बलवान छौ मलाई भन। कसैले बाँधेर तिमीलाई
असहाय तुल्याउन सक्छ?”

७शिमशोनले उत्तर दिए, “कुनै व्यक्तिले मलाई सातवटा
ताजा धनुका नसुकेका बलियो ताँदोले बाँध्नु पर्थ्यो यदि
कसैले त्यति गरे म कुनै अन्य मानिस जस्तै कमजोर
हुनेछु।”

८तब पलिश्ती मुखियाहरूले सातवटा ताजा, नयाँ
ताँदो दलीला कहाँ ल्याइदिए। दलीलाले शिमशोनलाई
ताँदोहरूद्वारा बाँधि दिइन्। ९केही मानिसहरू अर्को
कोठामा लुकिरहेका थिए। दलीलाले शिमशोनलाई भनिन्,
“शिमशोन, पलिश्ती मानिसहरूले तिमीलाई पक्रिन्छन्।”
तर शिमशोनले सजिलैसित ती ताँदोहरू चुँड़ाइदिए। ती
ज्वालाको नजिक परेको धागो जस्तै टुक्रिए। यसकारण

ती पलिश्ती मानिसहरूले शिमशोनको शक्तिको भेद पाएनन्।

१०तब दलीलाले शिमशोनलाई भनिन्, "तिमीले मलाई ढाँट्यौ। तिमीले मलाई मूर्ख पार्‍यौ। कृपया मलाई साँचो भन, कसैले तिमीलाई कसरी बाँध्न सक्छ?"

११शिमशोनले भने, "कसैले मलाई नयाँ डोरीले बाँध्नु पर्छ। तिनीहरूले मलाई ती डोरीहरूले बाँध्नु पर्छ जसलाई पहिला उपयोग नगरिएको हुनुपर्छ। यदि कसैले त्यो गर्‍यो भने म अन्य कुनै मानिसजस्तै कमजोर हुनेछु।"

१२यसर्थ दलीलाले केही नयाँ डोरीहरू लिइन् अनि शिमशोनलाई बाँधिन्। कोही मानिसहरू अर्को कोठामा लुकिरहेका थिए। तब दलीलाले तिनलाई भनिन्, "शिमशोन, पलिश्ती मानिसहरू तिमीलाई पक्रिन आइरहेछन्।" तर तिनले धागो चुँड़ाएको जस्तै ती डोरीहरू सजिलै चुँड़ाए।

१३तब दलीलाले शिमशोनलाई भनिन्, "तिमीले फेरि मलाई ढाँट्यौ। तिमीले मलाई मूर्ख पार्‍यौ। अब मलाई भन कसैले तिमीलाई कसरी बाँध्न सक्छ?"

शिमशोनले भने, "यदि तिमीले मेरो टाउकोका सातवटा कपालको लट्टालाई ताँनमा बुनेर एउटा काँटाले कस्यौ भने म अन्य कुनै मानिस जस्तै कमजोर हुनेछु।"

पछि, शिमशोन सुत्न गए। यसर्थ दलीलाले तिनको टाउकोका कपालबाट सात लट्टा बुन्नका निम्ति तानको उपयोग गरिन्। १४तब दलीलाले पालको कीलाले तानलाई भूइँमा कसिदिइन्। फेरि तिनले उसलाई बोलाईन्, "शिमशोन पलिश्ती मानिसहरू तिमीलाई पक्रिन आइरहेछन्।" शिमशोनले पालको कीला, र तान उखेलि दिए।

१५तब दलीलाले शिमशोनलाई भनिन्, "'म तिमीलाई प्रेम गर्छु' भनी तिमी कसरी भन्न सक्छौ जब तिमीले म माथि विश्वास नै गर्दैनौ भने? तिम्रो भेद मलाई बताउन तिमी अस्वीकार गर्छौ। तिमीले मलाई मूर्ख तुल्याएको यो तेस्रो पल्ट हो। तिम्रो महान शक्तिको भेद तिमीले मलाई भनेका छैनौ।" १६उसले शिमशोनलाई दिनहुँ दिक्दारी बनाईन रहिन्। आफ्नो भेदको बारेमा उसको सोधाइद्वारा तिनी यति थकित भए कि तिनलाई अब मर्छु जस्तो लाग्न थाल्यो। १७अन्तमा, शिमशोनले दलीलालाई सबै कुरा भने। तिनले भने, "मैले कहिले पनि मेरो कपाल काटेको छुइनँ। म जन्मनु अघिबाट नै मलाई परमेश्वर प्रति समर्पण गरिएको थियो। यदि कसैले मेरो कपाल काटिदिए म मेरो शक्ति गुमाउनेछु। म अन्य कुनै पनि मानिस जस्तै कमजोर हुनेछु।"

१८दलीलाले बुझिन् कि शिमशोनले उसलाई तिनको भेद बताए भनी। उसले पलिश्ती मानिसहरूका शासकहरूलाई एक सन्देश पठाइन्। उसले भनिन्, "फेरि फर्की आऊ। शिमशोनले मलाई सबै कुरा भनेकाछन्।" यसर्थ पलिश्ती मानिसहरूका शासकहरू दलीला कहाँ फर्केर आए। तिनीहरूले चाँदिका सिक्का ल्याए जो उसलाई दिन्छौ भनी तिनीहरूले वचन दिएका थिए।

१९जब शिमशोन तिनको काखमा पल्टिरहेका थिए, दलीलाले उनलाई सुत्ने तुल्याईन र एउटा मानिसलाई शिमशोनको कपालका सातवटा लट्टा काटनलाई भित्र बोलाइन्। यसप्रकार उसले शिमशोनलाई कमजोर तुल्याइन्। शिमशोनको शक्तिले उसलाई छोड्यो। २०तब दलीलाले तिनलाई भनिन्, "शिमशोन, पलिश्ती मानिसहरू तिमीलाई पकड़न आइरहेछन्।" तिनी ब्यूँझिए अनि सोचे, "मैले अघि गरे जस्तै म भाग्ने छु अनि स्वयंलाई मुक्त तुल्याउनेछु।" तर शिमशोनलाई थाहा भएन कि परमप्रभुले तिनलाई त्यागी गरिसक्नु भएको थियो।

२१पलिश्ती मानिसहरूले शिमशोनलाई पक्रे। तिनीहरूले तिनका आँखा निकालिदिए अनि तिनलाई गाजा शहरमा लगे। त्यसपछि उनीहरूले भागेर जान नदिनलाई तिनलाई काँसाका साङ्लाहरूले बाँधिदिए। तिनीहरूले शिमशोनलाई झ्यालखानमा हाले अनि जाँतो चलाउन लगाए। २२तर शिमशोनको कपाल फेरि उम्रन थाल्यो।

२३पलिश्ती मानिसका शासकहरू उत्सव मनाउन एकत्रित भए। तिनीहरू आफ्ना देवता दागोनलाई एउटा महान बलिदान अर्पण गर्दैछन्। तिनीहरूले भने, "हाम्रो देवताले हाम्रो शत्रु शिमशोनलाई पराजित गर्नमा सहायता गर्नु भयो।" २४जब पलिश्ती मानिसहरूले शिमशोनलाई देखे, तिनीहरूले आफ्नो देवताको स्तुति गरे। तिनीहरूले भने,

"यो मानिसले हाम्रा मानिसहरूलाई नष्ट गर्‍यो!
यो मानिसले हाम्रा धेरै मानिसहरूलाई मार्‍यो! तर
हाम्रो देवताले हाम्रो शत्रुलाई पक्रिन हामीलाई
सहायता गर्नुभयो।"

२५उत्सवमा मानिसहरू आनन्द मनाइरहेका थिए। यसर्थ तिनीहरूले भने, "शिमशोनलाई बाहिर ल्याऊ। हामी तिनको खिल्ली उड़ाउन चाहन्छौं।" यसकारण तिनीहरूले शिमशोनलाई झ्यालखानबाट ल्याए अनि तिनको खिल्ली उड़ाउन लागे। तिनीहरूले शिमशोनलाई दागोन देवताको मन्दिरमा खम्बाहरूको माझमा उभ्याए। २६एकजना सेवकले शिमशोनको हात समातेको थियो। शिमशोनले त्यसलाई भन्यो, "जहाँ यो मन्दिरलाई अड़्याउने खम्बालाई म छुन सक्छु मलाई त्यहाँ राख।" म त्यसमा अड़ेसलाग्न चाहन्छु।"

२७मन्दिरमा पुरूष अनि स्त्रीहरूको भीड़ थियो। पलिश्ती मानिसका समस्त शासकहरू त्यहाँ थिए। मन्दिरको छतमा प्राय: तीन हजार पुरुष अनि स्त्रीहरू थिए। तिनीहरू हाँस्दै अनि शिमशोनको खिल्ली उड़ाउँदै थिए। २८तब शिमशोनले परमप्रभुसित एउटा प्रार्थना

गरे। तिनले भने, "हे सर्वशक्तिमान परमप्रभु, मलाई
याद गर्नुहोस्। हे परमेश्वर, कृपया अझ एक पल्ट
मात्र मलाई शक्ति दिनुहोस्। मेरा दुइ आँखाहरू निकालि
दिने यी पलिश्ती मानिसहरूलाई दण्ड दिनका निम्ति
मलाई यो एउटा कुरा गर्न दिनुहोस्।" २९त्यसपछि
शिमशोनले मन्दिर माझका दुइ खम्बाहरू समाते। यी
दुइ खम्बाहरूले सम्पूर्ण मन्दिरलाई आड़ दिएको थियो।
तिनले स्वयंलाई ती दुइ खम्बाहरू माझ दह्रिलो राखे।
एउटा खम्बा तिनको दाहिने तर्फ अर्को देब्रे तर्फ थियो।
३०शिमशोनले भने, "मलाई पनि यी पलिश्तीहरूसित
मर्न दिनुहोस्।" तब तिनले सकेसम्म जोड़ले धकेले र
त्यो मन्दिरमा त्यहाँ भएका शासकहरू अनि सबै
मानिसहरू माथि ढल्यो। यस प्रकारले शिमशोन आफू
जीवित हुँदा भन्दा मरणको बेला धेरै पलिश्ती मानिसहरूलाई
मारे।

३१शिमशोनका भाइहरू र तिनका बाबुका परिवारका
सबै मानिसहरू तिनको मृतदेह लिन गए। तिनीहरूले
तिनलाई फर्काइ ल्याए अनि तिनका बाबुलको चिहानमा
तिनलाई गाड़े। त्यो चिहान सोरा अनि एश्तोल शहर
माझमा छ। शिमशोन बीस वर्षसम्म इस्राएलका
मानिसहरूका न्यायकर्त्ता रहे।

## मीकाका मूर्तिहरू

१७ मीका नाउँ गरेका एकजना मानिस थिए जो
एप्रैमको पहाड़ी देशमा बस्थे। २मीकाले आफ्नी
आमालाई भने, "कसैले तिमीबाट १,१०० चाँदीका
टुक्रा चोरेको तिमीलाई थाहा छ। त्यस विषयमा तिमीले
श्राप दिएको मैले सुने। त्यो चाँदी मेरोमा छ। त्यो मैले
लगेको थिएँ।"

उसकी आमाले भनिन्, "हे मेरो छोरो परमप्रभुले
तिमीलाई आशिष दिऊन्।"

३मीकाले त्यो १,१०० चाँदीका टुक्रा आफ्नी
आमालाई फर्काइदिए। तब तिनले भनिन्, "म यो चाँदी
एउटा विशेष भेंटीको रूपमा परमप्रभुलाई दिनेछु। म यो
मेरो छोरालाई दिनेछु जसमा कि उसले एउटा मूर्ति
निर्माण गर्नेछ, अनि त्यसलाई चाँदीले मोड़ने छ। यसर्थ
अब छोरा त्यो चाँदी म तिमीलाई फर्काइ दिन्छु।"

४तर मीकाले त्यो चाँदी आफ्नी आमालाई फर्काइ
दिए। यसर्थ तिनले त्यो चाँदीबाट प्राय: दुइ सय
शेकेलका सिक्का* लिएर ती चाँदीका कारीगरलाई
दिइन्। चाँदी कारीगरले चाँदीले मोड़ेको मूर्ति बनाउन
त्यो चाँदी उपयोग गरे। त्यो मूर्तिलाई मीकाको घरमा
राखियो। ५मीकाको मूर्तिहरू पूजा गर्ने एउटा मन्दिर
थियो। उसले एउटा एपोद अनि केही घर-मूर्तिहरू
बनाए। तब मीकाले आफ्ना एकजना छोरालाई पूजाहारी
बन्न छाने। ६त्यससमय, इस्राएलका मानिसहरूका राजा
थिएनन्। यसर्थ हरेक व्यक्तिहरूले त्यही गरे जो उ
स्वयंले सही छ भन्ने ठान्थ्यो।

७त्यहाँ एक जवान लेवी मानिस थिए। तिनी बेतलेहेम
शहर, यहूदाका थिए। तिनी यहूदाका कुल समूह माझ
बस्दै थिए। ८त्यो जवान मानिसले बेतलेहेम, यहूदा
छाड़े। तिनी बस्नका निम्ति अर्को स्थानको खोजमा
थिए। तिनी यात्रा गर्दै जाँदा मीकाको घर आई पुगे।
मीकाको घर एप्रैमको भूमिको पहाड़ी देशमा थियो।
९मीकाले तिनलाई सोधे, "तपाईं कहाँबाट आउनु
भएको?"

त्यो जवान मानिसले उत्तर दियो।, "म यहूदाको
बेतलेहेम शहरको एउटा लेवी हुँ। म बस्ने स्थान खोजि
रहेछु।"

१०तब मीकाले तिनलाई भने, "मसित बस्नु होस।
मेरो बाबु अनि पूजाहारी बनिदिनु होस्। म तपाईंलाई
हरेक साल दश चाँदीका सिक्का दिनेछु। म तपाईंलाई
लुगाहरू अनि भोजन पनि दिनेछु।" त्यो लेवीले त्यही
गरे जो मीकाले भने। ११जवान लेवी मीका सँग बस्न
सहमत भए। त्यो जवान मानिस मीकाका एउटा छोरा
जस्तै बने। १२मीकाले तिनलाई आफ्ना पूजाहारी हुनलाई
चुने। यसर्थ त्यो जवान मानिस पूजाहारी बने अनि
मीकाको घरमा बसे। १३अनि मीकाले भने, "अब म
सम्झन्छु कि परमप्रभु मप्रति भलो हुनुहुनेछ। म यो
जान्दछु किनभने मेरो साथमा मेरा पूजाहारी बन्नका
निम्ति लेवी कुल समूहका मानिसछन्।"

## दानले लैश शहर कब्जा गर्छन्

१८ त्यस समयमा इस्राएलका मानिसहरूका कुनै
राजा थिएनन्। अनि त्यसबेला दानका कुल
समूह बस्ने स्थानको खोजमा थिए। तिनीहरूको अझसम्म
आफ्नो देश थिएन। इस्राएलका अन्य कुल समूहहरूले
अघि नै आफ्ना भूमिहरू प्राप्त गरिसकेका थिए। तर
दानका कुल समूहले आफ्नो भूमि अझ लिएका
थिएनन्।

२यसर्थ दानका कुल समूहले पाँच जना सैनिकहरूलाई
केही भूमि खोज्नु भनी पठाए। तिनीहरू बस्नका निम्ति
उत्तम स्थान खोज्न हिँड़े। ती पाँच मानिसहरू सोरा
अनि एश्ताओल शहरका थिए। तिनीहरू चुनिए किनभने
ती सबै दानका कुलहरूका थिए। तिनीहरूलाई भनियो,
"जाऊ केही भूमि खोज।"

ती पाँच मानिसहरू एप्रैमको पहाड़ीदेशमा आए।
तिनीहरू मीकाको घरमा आई पुगे अनि रात त्यहाँ
बिताए। ३ती पाँच मानिसहरू जब मीकाको घरको
छेउमा आई पुगे तिनीहरूले जवान लेवी मानिसको स्वर
सुने। तिनीहरूले उसको स्वर चिने यसर्थ तिनीहरू
मीकाको घरमा रोकिए। तिनीहरूले त्यो जवान मानिसलाई

**दुइ सय चाँदीका सिक्का** को अर्थ पाँच पाउण्ड।

सोधे, "कसले तिमीलाई यो स्थानमा ल्याए? तिमी यहाँ
के गर्दैछौ? यहाँ तिम्रो के काम छ?"
४मीकाले तिनका निम्ति गरेका कुराहरूको विषयमा
त्यो जवान मानिसले उनीहरूलाई भने। त्यो जवान
व्यक्तिले भने, "म उनको पूजाहारी हुँ।" मीकाले मलाई
ज्यालामा लिए।
५यसर्थ तिनीहरूले उसलाई भने, "कृपया हाम्रो
निम्ति परमेश्वरसित केही कुराको सोध पुछ गरिदेऊ।
हामी केही जान्न चाहन्छौ: के हाम्रो बस्ने स्थानको
खोज सफल हुन्छ?"
६पूजाहारीले ती पाँच मानिसहरूलाई भने, "हो,
शान्तिसित जाऊ। परमप्रभुले तिमीहरूलाई तिम्रो मार्गमा
डोर्‍याउनु हुनेछ।"
७यसर्थ पाँच मानिसहरू हिँड़े। तिनीहरू लेश शहरमा
आइ पुगे। तिनीहरूले त्यस शहरमा मानिसहरू सुरक्षित
बसेका देखे। तिनीहरूलाई सीदोनका मानिसहरूले शासन
गर्दथे। हरेक कुरा शान्त अनि चकमन्न थियो।
मानिसहरूसित हरेक कुरा प्रशस्त थियो। अनि तिनीहरूलाई
कष्ट पुर्‍याउने कुनै शत्रुहरू छेउमा थिएनन्। तिनीहरू
सीदोन शहर देखि टाढ़ा बस्थे अनि अरामका मानिसहरूसँग
कुनै सम्झौता थिएन।
८ती पाँच मानिसहरू सोरा अनि एश्ताओल शहरतिर
फर्कि गए। तिनीहरूका आफन्तहरूले सोधे, "तिमीहरूले
के बुझ्यौ?"
९ती पाँच मानिसहरूले उत्तर दिए, "हामीले केही
भूमि पायौ, अनि त्यो अति उत्तम छ। हामीले तिनीहरूलाई
आक्रमण गर्नु पर्छ। पर्खी नबस्! हामी जाऊँ अनि त्यो
भूमि लिऔं। १०जब तिमीहरू त्यो स्थानमा आउँछौ
त्यहाँ प्रशस्त भूमि तिमीहरूले देख्नेछौ। त्यहाँका
मानिसहरूले कुनै आक्रमणको अपेक्षा शहरेको तिमीहरूले
देख्नेछौ। निश्चयनै परमेश्वरले त्यो भूमि हामीलाई दिनु
भएको छ।"
११यसर्थ दानका कुल समूहबाट छ, सय मानिसहरू
सोरा अनि एश्ताओल शहरबाट हिँड़े। तिनीहरू युद्धको
निम्ति तयार थिए। १२लेश शहर जाने तिनीहरूको
मार्गमा तिनीहरू यहूदा देशको किर्यात्यारीम शहरको
छेउमा अड़िए। त्यहाँ तिनीहरूले एक छाउनी लगाए।
त्यसैकारणले गर्दा किर्यात्यारीमको पश्चिममा भएको
स्थानलाई आज पनि दानको छाउनी भनिन्छ। १३त्यस
स्थानदेखि ती छ सय मानिसहरू यात्रा गरेर एप्रैमका
पहाड़ी देशतिर गए। त्यसपछि तिनीहरू मीकाको घरमा
आए।
१४यसर्थ ती पाँच मानिसहरू बोले, जसले लेश
वरिपरिका स्थानको खोज गरेका थिए। तिनीहरूले
आफ्ना आफन्तहरूलाई भने, "यी घरहरूमध्ये एउटामा
एपोद छ। अनि त्यहाँ घर-देवताहरू, एउटा कुँदेको
सालिक अनि एउटा चाँदीको मूर्ति पनि छन्। तिमीहरू
जान्दछौ के गर्नु पर्छ-जाऊ ती लेऊ।" १५यसर्थ
तिनीहरू मीकाको घरमा रोकिए जहाँ त्यो जवान लेवी
बस्थे। तिनीहरूले त्यो जवान मानिसलाई ऊ कस्तो छ
भनी सोधे। १६दानका कुल समूहका छ सय मानिसहरू
फाटकको द्वारमा उभिएर बसे। ती सबैका आफ्ना
अस्त्रहरू थिए अनि युद्धका निम्ति तयार थिए।
१७-१८ती पाँच जासूसहरू घरभित्र पसे। पूजाहारी
बाहिर फाटक छेउमा ती छ सय मानिसहरूका साथ
उभिए जो युद्धका निम्ति तयार थिए। ती मानिसहरूले
कुँदेको मूर्ति, एपोद र घर का-मूर्तिहरू उठाए। त्यो
जवान लेवी पूजाहारीले भने, "तिमीहरू के गरिरहेछौ?"
१९ती पाँच मानिसहरूले उत्तर दिए।, "चूप लाग!
एउटा शब्द पनि नबोल। हामीसित आऊ। हाम्रा पिता
अनि हाम्रा पूजाहारी बन। तिमीले चुन्नुपर्छ। के तिमीलाई
एउटा व्यक्तिको निम्ति मात्र पूजाहारी हुनु राम्रो छ? वा
तिमीलाई इस्राएली मानिसहरूका एउटा सम्पूर्ण कुल
समूहको पूजाहारी हुनु राम्रो छ?"
२०यसकुराले ती लेवी व्यक्ति खुशी भए। यसर्थ
उसले एपोद, घर-मूर्तिहरू अनि चाँदीको मूर्ति लिए।
तिनी दानका कुल समूहका ती मानिसहरूसित हिँड़े।
२१त्यसपछि दानका कुल समूहका छ सय मानिसहरू
त्यो लेवी पूजाहारी सहित फर्किए अनि मीकाको घर
छोड़ेर हिँड़े। तिनीहरूले आफ्ना स-साना नानीहरू,
आफ्ना पशुहरू, अनि आफ्ना सबै चीजहरू तिनीहरूका
अघि राखे।
२२दानका कुल समूहका मानिसहरू त्यस भूमि देखि
केही टाढ़ा सम्म गए। तर मीकाका नजिकमा बस्ने
मानिसहरू एक साथ भेला भए। तब तिनीहरूले दानका
मानिसहरूलाई खेद्न थाले, अनि तिनीहरूलाई पक्रे।
२३मीकासित भएका मानिसहरूले दानका मानिसहरूलाई
कराउँदै थिए। दानका मानिसहरू फर्किए तिनीहरूले
मीकालाई भने, "के कष्ट पर्‍यो? तिमीहरू किन
कराइरहेको छौ?"
२४मीकाले उत्तर दिए, "तिमी दानका मानिसहरूले
मेरा मूर्तिहरू लग्यौ। ती मूर्तिहरू म आफैले बनाएको
हो। तिमीहरूले मेरो पूजाहारीलाई पनि लग्यौ। अब
मसित के रह्यो र? 'कसरी तिमीहरूले मलाई के कष्ट
पर्‍यो भनेर सोध्छौ?'"
२५दानका कुल समूहका मानिसहरूले भने, "तिमीले
हामीसित बहस नगरेको राम्रो हो, हाम्रा केही मानिसहरू
धेरै रीसाहा छन् यदि तिमीहरू हामी प्रति करायौ
भने, ती मानिसहरूले तिमीहरूलाई आक्रमण गर्न
सक्छन। तिमीहरू अनि तिम्रा कुलहरूको हत्या
हुन सक्छ।"
२६तब दानका मानिसहरू फर्के अनि आफ्नो बाटो
लागे। ती मानिसहरू तिनका निम्ति अति शक्तिशाली
छन् भन्नेकुरा मीकाले बुझे। यसर्थ तिनी घर फर्किगए।

२७यसरी मीकाले बनाएका मूर्तिहरू दानका मानिसहरूले लगे। तिनीहरूले पूजाहारीलाई पनि लगे जो मीकासित बस्थे। त्यसपछि तिनीहरू लेशमा आए। तिनीहरूले लेशमा बस्ने मानिसहरूलाई आक्रमण गरे। ती मानिसहरू शान्तिसित रहेका थिए। तिनीहरूले कुनै आक्रमणको अपेक्षा गरेका थिएनन्। दानका मानिसहरूले आफ्ना तरवारद्वारा तिनीहरूको हत्या गरिदिए। त्यसपछि तिनीहरूले शहर जलाइदिए।

२८लेशमा बस्ने मानिसहरूलाई उद्धार गर्ने कोही थिएन। ती मानिसहरूबाट सहायता प्राप्त गर्नका निम्ति पनि तिनीहरू सीदोन शहर देखि अत्यन्त टाढ़ा बस्थे। अनि लेशका मानिसको अरामका मानिसहरूसित कुनै सन्धि गरेका थिएनन्-यसर्थ ती मानिसहरूले तिनीहरूलाई सहायता गरेनन्। लेश शहर एउटा उपत्यकामा थियो जो बेतरहोब शहरको थियो। दानका मानिसहरूले त्यस स्थानमा एउटा नयाँ शहर निर्माण गरे। अनि त्यो शहर तिनीहरूको घर बन्यो।
२९दानका मानिसहरूले त्यो शहरलाई नयाँ नाउँ दिए। त्यो शहरलाई लेश भनिन्थ्यो तर तिमीहरूले त्यसको नाउँ परिवर्तन गरेर दान राखे। तिनीहरूले शहरको नाउँ तिनीहरूका पिता-पुर्खा इस्राएलका एक छोरा दानको नाउँमा राखे।

३०दानको कुल समूहका मानिसहरूले दान शहरमा एउटा मूर्ति बनाए। तिनीहरूले गेर्शोमका छोरा जोनाथनलाई आफ्ना पूजाहारी बनाए। गेर्शोम मोशाका छोरा थिए। जोनाथन अनि तिनका छोराहरूले इस्राएली मानिसहरूलाई भूमिबाट कैदमा नलगे सम्म दानको कुल समूहका पूजाहारीहरू रहे।

३१दानका मानिसहरूले तिनीहरू स्वयंका निम्ति मीकाले निर्माण गरेको मूर्ति स्थापन गरे। परमप्रभुको मन्दिर शीलोमा रहेको समय भरि त्यो मूर्ति दान शहरमा थियो।

## एक लेवी मानिस अनि तिनकी स्त्री सेविका

**१९** त्यस समयमा इस्राएलका मानिसहरूका कुनै राजा थिएनन्।

एउटा लेवी व्यक्ति थिए जो एप्रैमको पहाड़ी देशको पछिल्तिर टाढ़ा बस्थे। त्यस मानिसको एउटी स्त्री सेविकाको रूपमा थिइन् जो तिनको निम्ति पत्नी तुल्य थिइन्। ती सेविका यहूदा देशको बेतलेहेम शहरकी थिइन्।
२तर तिनकी सेविकासित त्यो लेवी मानिसको बहस भयो। तिनले उसलाई छोड़िदिइन् अनि यहूदाको बेतलेहेममा आफ्ना बाबुको घरमा फर्किइन्। उनी त्यहाँ चार महिनासम्म बसिन्।
३तब तिनका पति तिनको पछि लागे। तिनी दयापूर्वक उनीसित बात गर्न चाहन्थे जसमा कि उनी तिनीकहाँ फर्केर आउनेछिन्। तिनले आफूसित आफ्ना सेवक अनि दुइवटा गधाहरू लगे। त्यो लेवी मानिस तिनका बाबुको घरमा आए। तिनका बाबुले त्यो लेवी मानिसलाई देखे अनि उसलाई अभिवादन जनाउन बाहिर निस्के। पिता अत्यन्तै खुशी थिए।
४त्यस स्त्रीका बाबुले ती लेवी मानिसलाई घरभित्र लगे। ती लेवीका ससुराले तिनलाई बस्न आग्रह गरे। अनि ती लेवी मानिस तीन दिनसम्म बसे। तिनले खाए, पिए अनि आफ्ना ससूराको घरमा सुते।

५चौथो दिनमा विहानै तिनीहरू उठे। त्यो लेवी मानिस जानलाई तयार हुँदै थियो। तर त्यो जवान स्त्रीका बाबुले आफ्ना जुवाइँलाई भने, "पहिला केही खाऊ। खाए पछि तिमी जान सक्छौ।"
६यसर्थ ती लेवी अनि तिनका ससुरा एक साथ खान र पिउनका निम्ति बसे। त्यसपछि, त्यो जवान स्त्रीका बाबुले त्यो लेवी मानिसलाई भने, "कृपया आज एकरात बस। र आराम स्वयं आनन्द गर। जानका निम्ति आज बेलुकी घर फर्ख।" यसर्थ ती दुइ मानिसहरूले एकसाथ खाए।
७ती लेवी हिँड़नलाई उठे तर तिनका ससुराले फेरि त्यो रात बस्न भनी कर गरे।

८तब पाँचौ दिनमा ती लेवी मानिस बिहान छिट्टै उठे। तिनी हिँड़नलाई तयार थिए। तर त्यस केटीका पिताले आफ्ना जुवाईंलाई भने, "पहिला केही भोजन र विश्राम गर अनि आज बेलुकीसम्म बस।" तिमी खाना खाए पछि जान सक्छौ।

९त्यो लेवी मानिस, तिनकी स्त्री सेविका अनि तिनका सेवक हिँड़नलाई उठे। तर त्यस जवान स्त्रीका पिताले भने, "प्राय: रातपरि सक्यो। दिन प्राय: गइ सक्यो। यसर्थ राती यहीं बस अनि स्वयं आनन्द गर। भोलि बिहान तिमी चाँड़ै उठ्न सक्छौ अनि आफ्नो बाटो जान सक्छौ।"

१०तर ती लेवी अझ अर्कोरात बस्न चाहँदैन थियो। तिनले आफ्नो दुई गधाहरू अनि आफ्नी सेविकालाई लगे। तिनले यबूस (यरूशलेमको अर्को नाउँ) सम्म यात्रा गरे।
११दिन प्राय: बितिसकेको थियो। तिनीहरू यबूस शहरको नजिकमा थिए। यसकारण त्यो सेविकाले आफ्ना मालिक, ती लेवी, मानिसलाई भनिन, "हामी यो यबूसी शहरमा बसौं। आजको रात यहाँ बसौं।"

१२तर उनको मालिक, ती लेवी मानिसले भने, "होइन! हामी यो अनौठो शहरभित्र जानेछैनौ। ती मानिसहरू इस्राएली मानिसहरू होइनन्। हामी गिबा शहरमा जानेछौं।"
१३लेवी मानिसले भने, "आऊ हामी गिबा वा रामासम्म पुग्ने चेष्टा गरौं। हामी यी शहरहरू मध्ये एउटामा रात बिताउन सक्ने छौं।"

१४यसर्थ ती लेवी मानिस अनि तिनका साथका मानिसहरू यात्रा गर्दै गए। सूर्य अस्ताउँदै थियो अनि तिनीहरू गिबा शहर भित्र पसे। गिबा त्यो इलाकामा छ जो बिन्यामीनका कुल समूहको अधीनमा छ।
१५यसर्थ तिनीहरू गिबामा बास बसे। तिनीहरूले त्यो शहरमा रात

बिताउने योजना गरे। तिनीहरू त्यो शहरको चोकमा आए र बसे। तर कसैले पनि तिनीहरूलाई त्यो रात बस्न आफ्ना घरमा बोलाएनन्।

१६त्यो साँझ एक वृद्ध मानिस आफ्नो खेतबाट शहरमा आए। उसको घर एप्रैमको पहाड़ी देशमा थियो। तर अहिले ती गिबा शहरमा बस्दै थिए। (गिबाका मानिसहरू बिन्यामीनका कुल समूहका थिए।) १७ती वृद्ध मानिसले शहरको चोकमा ती यात्री लेवी मानिसहरूलाई देखे। ती वृद्ध मानिसले सोधे, "तिमीहरू कहाँ गइरहेछौ? तिमीहरू कहाँबाट आयौ?"

१८त्यो लेवी मानिसले उत्तर दियो, "हामी यहूदाको बेतलेहेम शहरबाट यात्रा गर्दै आएका हौं। हामी घर गइरहेका छौं। म एप्रैमको पहाड़ी देश पारि निकै परको हुँ। म यहूदाको बेतलेहेममा आएको छु। र अहिले घर फर्कदैछु। र कसैले पनि हामीलाई रात बिताउने ठाउँ दिएनन्। १९तर हामीसित हाम्रो गधाहरूको लागि चार दिनका निम्ति पराल र दाना छ। अनि मसित मेरी सेवीका र मेरो सेवक र आफ्ना निम्ति रोटी र दाखरस छ।"

२०ती वृद्ध मानिसले भने, "मेरो घरमा बस्न तिमीहरूलाई स्वागत छ। तिमीहरूलाई चाहिएका कुनै पनि कुरा म दिनेछु। शहरको चोकमा राती नबस्।" २१तब त्यस वृद्ध मानिसले त्यो लेवी मानिस र तिनीको साथमा भएका मानिसहरूलाई आफ्नो घरमा लगे। उसले गधाहरूलाई खुवाए। तिनीहरूले आफ्ना खुट्टा धोए। त्यसपछि तिनीहरूले केही भोजन खाए अनि पिए।

२२त्यो लेवी मानिस र तिनीसित भएका मानिसहरू आनन्दित भइरहेको बेला त्यस शहरका केही मानिसहरूले त्यो घरलाई घेरे। ती अत्यन्त नराम्रा मानिसहरू थिए। तिनीहरूले ढोका धकेल्न थाले। तिनीहरूले त्यो वृद्ध मानिसलाई कराए त्यो घर जसको थियो। तिनीहरूले भने, "त्यो मानिसलाई बाहिर ल्याऊ, जो तिम्रो घरमा आएको छ। हामी त्यस व्यक्तिसित सहवास गर्न चाहन्छौं।"

२३त्यो वृद्ध मानिस बाहिर निस्के अनि ती नराम्रा मानिसहरूसित बात गरे। उसले भेन, "होइन, मेरो मित्रहरू, यस्तो नराम्रा कुराहरू नगर! ती मानिसहरू मेरो घरका अतिथि हुन। यस्तो भयानक पाप नगर। २४हेर यहाँ मेरी छोरी छे। उसले कहिले पनि अघि कसैसित सहवास गरेकी छैन। म त्यसलाई अब बाहिर तिमीहरू कहाँ ल्याउँछु। तिमीहरू जसरी चाहन्छौ त्यसलाई उपयोग गर्न सक्छौ। तर यी मानिसको विरुद्ध यस्तो भयानक पाप नगर।"

२५तर ती नराम्रा मानिसहरूले वृद्ध मानिसको कुरा सुनेनन्। यसर्थ त्यस लेवी मानिसले आफ्नी सेविकालाई समातेर ती दुष्ट मानिसहरूसित बाहिर पठाइदिए। ती दुष्ट मानिसहरूले उसलाई घात पुर्‍याए अनि रातभरि उसलाई बलात्कार गरे। तब बिहान उज्यालो भए पछि तिनीहरूले उसलाई जान दिए। २६बिहानको उज्यालो हुदा त्यो स्त्री घरमा फर्केर आइन् जहाँ उसका मालिक बस्दैथिए। त्यो सामुन्नेको ढोकामा लडिन्। ती उज्यालो नहुञ्जेल त्यहाँ लडिरहीन्।

२७त्यो लेवी मानिस भोलिपल्ट बिहानै उठे। तिनी घरजान चाहन्थे। बाहिर जानलाई तिनले ढोका खोले। अनि ढोकाको सङ्घारमा एक हात झर्‍यो। त्यहाँ तिनकी स्त्री सेविका थिइन्। ती ढोकामा लड़िरहेकी थिइन्। २८त्यस लेवी व्यक्तिले उसलाई भने, "उठ्! हामी जाऔं।" तर उसले उत्तर दिइनन् तिनी मरिसकेकी थिइन्।

त्यो लेवी मानिसले आफ्नी स्त्री सेविकालाई गधामा राखे र घरतिर हिंड़े। २९जब तिनी आफ्नो घरमा आइपुगे तब तिनले एउटा छुरी लिए अनि आफ्नी स्त्री सेविकाको मृत शरीरलाई बाह्र टुक्रा-टुक्रा पारेर काटे। त्यस पछि तिनले त्यस स्त्रीको बाह्र टुक्रा ती सबै क्षेत्रहरूमा पठाए जहाँ इस्राएलका मानिसहरू बस्थे। ३०त्यसलाई देख्ने हरेकले यसो भने, "इस्राएलमा अघि यस्तो कहिले भएको थिएन। मिश्रदेशबाट निस्केर आएको समयदेखि हामीले यस्तो कुनै कुरा देखेका थिएनौं। यस विषयमा विचार गर अनि के गर्नु पर्ने हामीलाई भन।"

## इस्राएल अनि बिन्यामीन माझ युद्ध

२० यसर्थ इस्राएलका समस्त मानिसहरू एक साथ मिले। तिनीहरू सबै मिस्पा शहरमा परमप्रभुका समक्ष उभिन एक साथ आए। इस्राएलका चारै तिरबाट मानिसहरू आए। गिलादका इस्राएली मानिसहरू समेत त्यहाँ थिए। २इस्राएलका सम्पूर्ण कुल समूहहरूका अगुवाहरू त्यहाँ थिए। तिनीहरूले परमेश्वरका मानिसहरूको जन सभामा आफ्ना-आफ्ना स्थान ग्रहण गरे। तिनीहरूले त्यस ठाउँमा ४,००,००० सशस्त्र सैनिकहरू ल्याए। ३बिन्यामीनका कुल समूहका मानिसहरूले यो सुने कि इस्राएलका मानिसहरू मिस्पामा एकसाथ भेट गरिरहेछन्। इस्राएलका मानिसहरूले भने, "हामीलाई भन यस्तो भयानक कुरा कसरी घट्यो।"

४यसर्थ त्यो हत्या गरिएकी स्त्रीका पतिले तिनीहरूलाई त्यो घटना भने। तिनले भने, "मेरी स्त्री सेविका र म बिन्यामीनको इलाकामा गिबा शहरमा आयौं। हामीले त्यहाँ रात बितायौं। ५तर राती गिबा शहरवासीहरू त्यो घरमा आए जहाँ म बसेको थिएँ। तिनीहरूले घरलाई घेरे अनि मलाई मार्न चाहे। तिनीहरूले मेरी स्त्री सेविकालाई बलात्कार गरे अनि उसको मृत्यु भयो। ६यसर्थ मैले मेरी स्त्री सेविकालाई लगे अनि उसको देहलाई टुक्रा-टुक्रा पारेर काटे। त्यसपछि मैले इस्राएलका प्रत्येक कुल समूहलाई एक एक टुक्रा पठाएँ। हामीले

प्राप्त गरेको भूमिहरूमा मैले बाह्र टुक्रा पठाएँ। मैले त्यसो गरे किनभने बिन्यामीनका मानिसहरूले इस्राएलमा यस्तो भयानक काण्ड गरे। ७अब इस्राएलका सबै मानिसहरू, बोल्नुहोस्। हामीले यसबारे के गर्नु पर्ने तिमीहरूले निर्णयदेऊ।"

८तब, सबै मानिसहरू एकै समयमा उठे। तिनीहरूले एकसाथ भने, "हामी कोही पनि घर जाने छैनौं। अहँ, हामीमा एक जना पनि आफ्नो घर फर्कने छैन। ९अब गिबा शहर प्रति हामी जे गर्छौं त्यो यस्तो छ: हामीले ती मानिसहरू प्रति के गर्नु पर्ने हो परमेश्वरले हामीलाई देखाउन् भनी चिट्ठा गर्ने छौं। १०हामी इस्राएलका सबै कुल समूहका हरेक १०० जनामा १० व्यक्तिहरू चुन्ने छौं। अनि हामी प्रत्येक १,००० बाट १०० मानिसहरू चुन्नेछौं। हामी प्रत्येक १०,००० बाट १,००० मनिसहरू चुन्नेछौं। हामीले चुनेका ती मानिसहरूले सेनाहरूले जस्तै आपूर्ति सामग्रीहरू पाउनेछन्। तब ती मानिसहरू बिन्यामीनको इलाका गिबामा जानेछन् र सेनाले इस्राएलका मानिसहरू माझ गरेको त्यो भयानक कार्यका निम्ति ती मानिसहरूलाई दण्ड दिनेछन्।"

११यसर्थ इस्राएलका सबै मानिसहरू गिबा शहरमा एकसाथ भेला भए। तिनीहरू सबै तिनीहरूले गर्ने कुरामा सहमत भए। १२इस्राएलका कुल समूहहरूले बिन्यामीनका कुल समूहका मानिसहरूकहाँ सन्देश दिएर मानिसहरू पठाए। सन्देश यस्तो थियो: "तिमीहरूका मानिसहरूले गरेको यो भयानक कर्म के हो? १३गिबाका ती दुष्ट मानिसहरूलाई हामी भए कहाँ पठाऊ। हामीलाई ती मानिसहरू देऊ हामी तिनीहरूलाई मार्न सकौं। हामीले इस्राएलका मानिसहरू माझको दुष्टता हटाउनै पर्छ।"

तर बिन्यामीनका कुल समूहका मानिसहरूले आफ्ना कुल इस्राएलका अन्य मानिसहरूका कुरा सुनेनन्। १४बिन्यामीन कुल समूहका मानिसहरूले आफ्ना शहरहरू छाड़े अनि गिबा शहरमा गए। तिनीहरू गिबामा इस्राएलका अन्य कुल समूहहरूसित युद्ध गर्न गए १५बिन्यामीन कुल समूहका मानिसहरूले २६,००० सैनिकहरू भेला गरे। ती सबै सैनिकहरू युद्धमा तालिम प्राप्त थिए। तिनीहरूसित गिबाका ७०० प्रशिक्षित सैनिकहरू पनि थिए १६त्यसमा देब्रेहातद्वारा लड़न सक्ने ७०० प्रशिक्षित सैनिकहरू पनि थिए। तिनीहरू हरेकले अति कुशलतासित घुँयेत्रोको उपयोग गर्न सक्थे। तिनीहरू सबैले एउटा कपाललाई पनि नचुक्ने गरि ढुङ्गा हान्न घुँयेत्रो प्रयोग गर्न सक्थे।

१७बिन्यामीनका कुल समूहका सैनिकहरू बाहेक सबै इस्राएलका कुल समूहहरूका ४,००,००० सशस्त्र अनि लड़ाकु सैनिकहरू भेला भएका थिए। हरेक सैनिक प्रशिक्षित सैनिक थिए। १८इस्राएली मानिसहरू बेतेल शहरसम्म गए। बेतेलमा तिनीहरूले परमेश्वरसित सोधे, "बिन्यामीनका कुल समूहलाई आक्रमण गर्ने पहिलो कुल समूह कुन हुने छ?"

परमप्रभुले उत्तर दिनुभयो, "यहूदाका कुल समूह पहिला जानेछ।"

१९भोलीपल्ट विहानै इस्राएलका मानिसहरू उठे। तिनीहरूले गिबा शहरको नजिकमा छाउनी हाले। २०तब इस्राएली सेना बिन्यामीन सेनासित युद्ध गर्न गए। इस्राएली सेनाहरू बिन्यामीन सेनाहरूको विरुद्ध गिबा शहरमा तयार भए। बिन्यामीन सेनाहरूले २२,००० इस्राएली सैनिकहरूलाई त्यस दिनको युद्धमा मारे।

२१-२३इस्राएलका मानिसहरू परमप्रभुकहाँ गए। तिनीहरू साँझ नभएसम्म रोए। तिनीहरूले परमप्रभुसँग सोधे, "हामी फेरि बिन्यामीनका मानिसहरूको विरुद्ध युद्ध गर्नु? ती मानिसहरू हाम्रा आफन्तहरू हुन्।"

परमप्रभुले उत्तर दिनुभयो, "जाऊ, तिनीहरूको विरुद्ध युद्ध गर।" इस्राएलका मानिसहरूले एक अर्कालाई उत्साह प्रदान गरे। त्यसपछि तिनीहरू फेरि पहिलो दिन युद्ध गरेको जस्तै युद्ध गर्न गए।

२४तब इस्राएलका सेनाहरू बिन्यामीनका सेनाका नजिक आए। यो युद्धको दोस्रो दिन थियो। २५बिन्यामीनका सेनाहरू दोस्रोदिन इस्राएलका सेना माथि आक्रमण गर्न गिबा शहरको बाहिर आए। यसपल्ट बिन्यामीनका सेनाले इस्राएलका अरू १८,००० सेनाहरू मारिदिए। ती सबै मानिसहरू इस्राएली सेनाका प्रशिक्षित सैनिकहरू थिए।

२६त्यसपछि इस्राएलका सबै मानिसहरू बेतेल शहरसम्म गए। त्यस स्थानमा तिनीहरू बसे अनि परमप्रभु प्रति रोइ-कराइ गरे। तिनीहरूले दिनभरि साँझ नभएसम्म केही भोजन गरेनन्। तिनीहरूले परमप्रभुलाई होमबलि अनि मेलबलि पनि अर्पण गरे। २७इस्राएलका मानिसहरूले परमप्रभुसित एक प्रश्न गरे। (ती दिनहरूमा परमेश्वरको करारको सन्दूक बेतेलमा थियो। २८त्यहाँ परमेश्वरको सेवा गर्ने पूजाहारी पीनहास थिए। पीनहास एलाजारका छोरा थिए। एलाजार हारूनका छोरा थिए।) इस्राएलका मानिसहरूले सोधे, "बिन्यामीनका मानिसहरू हाम्रा आफन्त हुन्। हामी तिनीहरूको विरुद्ध युद्ध गर्न फेरि जानु? कि हामीले युद्ध गर्न बन्द गर्नु?"

परमप्रभुले उत्तर दिनुभयो, "जाऊ, भोलि तिनीहरूलाई पराजित गर्न म तिमीहरूलाई सहयोग गर्नेछु।"

२९तब इस्राएलका सेनाले गिबा शहरको वरिपरि केही मानिसहरूलाई लुक्न लगाए। ३०इस्राएलका सेना तेस्रो दिन गिबा शहरको विरुद्ध लड़ाई गर्न गए। तिनीहरूले अघि गरे जस्तै युद्धका निम्ति तिनीहरू तयार भए। ३१बिन्यामीनका सेनाहरू इस्राएलका सेनाहरूको विरुद्ध लड़न गिबा शहर बाहिर आए। इस्राएलका सेना पछिसरे अनि बिन्यामीनका सेनाद्वारा तिनीहरू खेदिन थाले। यसप्रकारले शहरलाई धेरै पछि छाड़न बिन्यामीनका

सेनाप्रति छल गरियो अनि बिन्यामीनका सेनाहरूले पहिला गेरे जस्तै इस्राएली सेनाहरूको हत्या गर्न शुरु गरे। तिनीहरूले इस्राएलका प्राय तीस जना मानिसहरू मारे। तिनीहरूले केही मानिसहरूलाई खेतमा मारे अनि केही मानिसहरूलाई बाटोमा मारे। एउटा बाटो बेतेल शहरतिर गएको थियो अनि अर्कोबाटो गिबा शहर तिर गएको थियो। ३२बिन्यामीनका मानिसहरूले भने, "हामी अघि जस्तै जित्दै छौं।"

इस्राएलका मानिसहरू भाग्दै थिए, तर त्यो एक छल थियो। तिनीहरूले बिन्यामीनका मानिसहरूलाई तिनीहरूका शहरदेखि टाढ़ा बाटोहरूमा लान चाहन्थे। ३३यसर्थ सबै मानिसहरू भागे। तिनीहरू बाल तामार नाउँको स्थानमा रोकिए। इस्राएलका केही मानिसहरू गिबाको पश्चिममा लुकिरहेका थिए। तिनीहरू आफू लुकेका स्थानहरूबाट दगुरे अनि गिबा माथि आक्रमण गरे। ३४इस्राएलका १०,००० उत्तम शिक्षा पाएका सैनिकहरूले गिबा माथि आक्रमण गरे। युद्ध घमासान भयो। तर बिन्यामीनका सेनालाई तिनीहरू माथि कस्तो भयानक घट्ना घट्नेवाला छ त्यो थाहा थिएन।

३५परमप्रभुले इस्राएलका सेनाको उपयोग गर्नु भएर बिन्यामीनका सेनालाई पराजित गरिदिनु भयो। त्यसदिन इस्राएलका सेनाले बिन्यामीनका २५,१०० सैनिकहरूलाई मारिदिए। ती सबै सैनिकहरूलाई युद्धका निम्ति प्रशिक्षित तुल्याइएको थियो। ३६यसर्थ बिन्यामीनका मानिसहरूले तिनीहरू पराजित भएको देखे।

इस्राएलका सेना पछिहटेका थिए। तिनीहरू पछिहटे किनभने तिनीहरूले अचानक-आक्रमण गरेका थिए। तिनीहरूका लुकेका मानिसहरू गिबाको नजिक थिए। ३७ती मानिसहरू, जो लुकेका थिए गिबा शहर तिर लुकेर गए। तिनीहरू छरपष्ट भए अनि शहरमा भएका हरेकलाई आफ्नो तरवारद्वारा मारिदिए। ३८अब इस्राएलका मानिसहरूले ती लुकेका मानिसहरूका साथ एक योजना बनाए। जब तिनीहरूले गीवालाई अधिकार गरे लुकेका मानिसहरूले एउटा धुवाँको चिन्ह पठाए।

३९-४१बिन्यामीनका सेनाले प्राय: तीसजना इस्राएली सैनिकहरू मारेका थिए। यसर्थ बिन्यामीनका मानिसहरू भन्दै थिए, "हामी अघि जस्तै विजय गरिरहेछौं।" तर त्यसैबेला शहरबाट धुवाँको ठूलो बादल माथि उठ्न थाल्यो। बिन्यामीनका मानिसहरू घुमेर फर्किए अनि त्यो धूवाँ देखे। सम्पूर्ण शहर आगोको ज्वालामा थियो। तब इस्राएलका सेना भाग्न छाड़े। तिनीहरू फर्किए र लड्न शुरूगरे। बिन्यामीनका मानिसहरू भयभीत भए। अब तिनीहरूले बुझे तिनीहरू प्रति कस्तो भयानक कुरा घट्नेछ।

४२यसर्थ बिन्यामीनका सेना इस्राएली सेना देखि भागे। तिनीहरू मरूभूमि तिर भागे। तर तिनीहरू लड़ाइँबाट उम्कन सकेनन्। अनि इस्राएलका मानिसहरू शहरहरूबाट बाहिर निस्के र तिनीहरूलाई मारिदिए। ४३इस्राएलका मानिसहरूले बिन्यामीनका मानिसहरूलाई घेरामा पारे अनि तिनीहरूलाई खेद्धन लागे। तिनीहरूले तिनीहरूलाई विश्राम गर्न दिएनन्। तिनीहरूले गिबा पूर्वको इलाकामा तिनीहरूलाई परस्त गरे। ४४यसरी १८,००० साहसी अनि बलवान बिन्यामीन लड़ाकु सैनिकहरू मारिए।

४५बिन्यामीनका सेना फर्किए अनि मरूभूमि तिर भागे। तिनीहरू रिम्मोनको चट्टान नाउँ गरेको स्थान तिर भागे। तर इस्राएलीहरूले बाटो तिर बिन्यामीनका ५,००० सैनिकहरूलाई मारिदिए। तिनीहरूले बिन्यामीनका मानिसहरूलाई खेदिरहे। तिनीहरूले गिदोम नाउँ गरेको स्थानसम्म तिनीहरूलाई खेदे। इस्राएली सेनाले त्यस स्थानमा अरू २,००० बिन्यामीनका मानिसहरूलाई पनि मारे।

४६त्यस दिन बिन्यामीन सेनाका २५,००० मानिसहरू मारिए। ती सबै मानिसहरूले आफ्ना तरवारद्वारा साहससित युद्ध गरे। ४७तर बिन्यामीनका ६०० मानिसहरू मरूभूमि तिर भागे। तिनीहरू रिम्मोनको चट्टान नामक स्थानमा गए अनि त्यहाँ चार महीनासम्म रहे। ४८इस्राएलका मानिसहरू बिन्यामीनको देशमा फर्केर गए। तिनीहरूले तिनीहरू गएका हरेक शहरका मानिसहरूलाई मारे। तिनीहरूले सम्पूर्ण पशुहरूलाई पनि मारे। तिनीहरूले आफूले भेट्टाएसम्मका हरेक वस्तु नष्ट गरिदिए। तिनीहरू आइपुगेका हरेक शहरलाई तिनीहरूले जलाइदिए।

## बिन्यामीनका मानिसहरूका निम्ति पत्नीहरू प्राप्त गर्नु

**२१** मिस्पामा इस्राएलका मानिसहरूले एक शपथ खाएका थिए। तिनीहरूको शपथ यस्तो थियो: "हामीहरूमा कसैले पनि आफ्नी छोरीलाई बिन्यामीनका कुल समूहका कुनै व्यक्तिसित विवाह गर्न दिने छैन।"

२इस्राएलका मानिसहरू बेतेल शहरमा गए। तिनीहरू त्यहाँ साँझ नभए सम्म परमेश्वर समक्ष बसे। तिनीहरू त्यहाँ बस्दा जोड़ले कराए। ३तिनीहरूले परमेश्वरलाई भने, "परमप्रभु तपाईं इस्राएलका मानिसहरूका परमेश्वर हुनुहुन्छ। हामी माथि किन यस्तो भयानक कुरा घट्यो? इस्राएली मानिसहरूको एउटा कुल समूहलाई किन लगियो?"

४अर्को दिन बिहानै इस्राएलका मानिसहरूले एक वेदी निर्माण गरे। तिनीहरूले त्यो वेदीमा परमेश्वरका निम्ति होमबलि अनि मेलबलि चढ़ाए। ५तब इस्राएलका मानिसहरूले भने, "के, कुनै कुल समूह यस्ता छन् जो परमप्रभुको समक्ष हामीसित भेट्न आएनन्?" तिनीहरूले यो प्रश्न गरे किनभने तिनीहरूले एउटा महा शपथ खाएका थिए। तिनीहरूले यो प्रतिज्ञा गरेका थिए कि मिस्पा शहरमा जो अन्य कुल समूहहरू साथ आएनन् तिनीहरूलाई मारिनेछ।

६तब, इस्राएली मानिसहरूले तिनीहरूका आफन्त, बिन्यामीनका मानिसहरू प्रति दु:खीत भए। तिनीहरूले भने, "आज इस्राएलबाट एक कुलसमूह हटाएको छ।
७हामीले परमप्रभुको समक्ष एक भाकल गर्‍यौं। हामीले हाम्रा छोरीहरूलाई बिन्यामीनका कुनै मानिससित विवाह गर्न नदिने शपथ खाएको छौं। बिन्यामीनका मानिसहरूले पत्नीहरू पाउने छन् भनी हामी कसरी निश्चित हुन् सक्छौं?"

८तब इस्राएलका मानिसहरूले सोधे, "इस्राएलका कुन कुल समूह यहाँ मिस्पामा आएन? हामी परमप्रभुको समक्ष आएका छौं। निश्चयनै एक कुल यहाँ थिएन।" तब तिनीहरूले थाहाँ पाए कि इस्राएलका अन्य मानिसहरूसँग भेट गर्न याबेश गिलाद शहरबाट कोही
पनि आएन। ९इस्राएलका मानिसहरूले त्यहाँ को थियो अनि को थिएन त्यो हेर्नलाई हरेकको गन्ती गरे। तिनीहरूले थाहा पाए कि याबेश गिलादको त्यहाँ कोही
थिएन। १०यसर्थ इस्राएलका मानिसहरूले याबेश गिलाद शहर तर्फ १२,००० सैनिकहरू पठाए। तिनीहरूले ती सैनिकहरूलाई भने, "याबेश गिलादमा जाऊ अनि तिनीहरूको तरवारलाई उपयोग गरी त्यहाँ बस्ने हरेक व्यक्ति, स्त्री एवं केटाकेटीहरू समेतलाई मार।
११तिमीहरूले यसो गर्नुपर्छ। तिमीहरूले याबेश गिलादका हरेक मानिसलाई मार्नु पर्छ। हरेक स्त्री जसले कुनै मानिसको साथ सहवास गरेकी छिन् उसलाई पनि मारिदेऊ। तर जुन स्त्रीले कहिले पनि कुनै मानिससित सहवास गरेकी छैन भने उसलाई नमार।" यसर्थ ती
सैनिकहरूले ती कुराहरू गरे। १२ती १२,०००
सैनिकहरूले याबेश गिलाद शहरमा चारसय जवान महिलाहरूलाई भेट्टाए जसले कुनै लोग्ने मानिससित कहिले पनि सहवास गरेका थिएनन्। ती सैनिकहरूले ती स्त्रीहरूलाई कनानको भूमिमा शीलोको छाउनीमा ल्याए।

१३तब इस्राएली मानिसहरूले बिन्यामीनका मानिसहरूलाई एउटा सन्देश पठाए। तिनीहरूले बिन्यामीनका मानिसहरूसित शान्ति सन्धिको प्रस्ताव गरे। बिन्यामीनका मानिसहरू रिम्मोनको चट्टान नामक
स्थानमा थिए। १४यसर्थ बिन्यामीनका मानिसहरू इस्राएलमा फर्केर आए। इस्राएलका मानिसहरूले तिनीहरूलाई तिनीहरूले नमारेका याबेश गिलादका स्त्रीहरू प्रदान गरे। तर बिन्यामीनका सबै मानिसहरूका निम्ति पर्याप्त थिएन।

१५इस्राएलका मानिसहरू बिन्यामीनका मानिसहरू प्रति दु:खीत थिए। तिनीहरू, तिनीहरू प्रति दु:खीत भए किनभने परमप्रभुले तिनीहरूलाई इस्राएलका अन्य कुल समूहहरूबाट पृथक पारिदिनु भएको थियो।
१६इस्राएलका मानिसहरूका प्रमुखहरूले भने, "बिन्यामीनका कुल समूहका स्त्रीहरू मारिए। बिन्यामीनका मानिसहरूका निम्ति, जो अझ जीवित छन्, हामीले कसरी पत्नीहरू प्राप्त गराइदिनु?
१७बिन्यामीनका मानिसहरू, जो अझ जीवितछन्, सन्तानहरू हुनुपर्छ, आफ्ना कुललाई राख्न यस्तो गर्नै पर्छ जसद्वारा इस्राएलका कुल समूह लोप हुनेछैन।
१८तर हामी हाम्रा छोरीहरूलाई बिन्यामीनका मानिसहरूसित विवाह गरी दिन सक्तैनौं। हामीले यस्तो शपथ खाएको छौं: 'कुनै व्यक्ति माथि पनि नराम्रो घटना घट्नेछ जसले बिन्यामीनका कुनै मानिसलाई पत्नी दिन्छ।'
१९तिनीहरूले भने, हेर, शीलोमा परमप्रभुको उत्सव केही दिनसम्म चल्नेछ।" (शीलो बेतेलको उत्तरमा छ अनि बेतेल देखि शकेम जाने बाटोको पूर्वमा छ। तर लबानोन शहरको दक्षिणमा छ।)

२०यसर्थ ती बूढ़ा-प्रधानहरूले बिन्यामीनका मानिसहरूलाई त्यो आफ्ना उपायको बारेमा भने। तिनीहरूले भने, "जाऊ अनि दाखबारीहरूमा लुकी बस।
२१उत्सवको बेला जब शीलोका जवान स्त्रीहरू नाचमा सामेल हुन आउँछन् त्यो समयमा हेर। तब दाखबारीमा जहाँ तिमीहरू लुकिरहेका छौ, त्यहाँबाट दगुर। तिमीहरू हरेकले शीलो शहरका एक एकजना जवान स्त्री लेऊ। ती जबान स्त्रीहरूलाई बिन्यामीनको देशमा लैजाऊ अनि तिनीहरूसित विवाह गर।
२२ती जवान स्त्रीहरूका बाबु वा दाज्यू-भाईहरू आएर हामी प्रति विरोध जनाए भने। हामी भन्नेछौ, 'बिन्यामीनका मानिसहरू प्रति दयालु हुनुहोस्। तिनीहरूलाई ती स्त्रीहरूसित विवाह गर्न दिनुहोस्। तिनीहरूले तिमीहरूबाट स्त्रीहरू लगे, तर तिनीहरूले तिमीहरूको विरुद्ध युद्ध गरेनन्। तिनीहरूले स्त्रीहरू लगे, यसर्थ तिमीहरूले परमेश्वर प्रतिको तिम्रो शपथ भङ्ग गरेनौ। तिमीहरूले तिनीहरूलाई विवाह गर्न स्त्रीहरू दिनेछैनौ भनी शपथ खाएका थियौ। तिमीहरूले बिन्यामीनका मानिसहरूलाई स्त्रीहरू दिएनौ, तिनीहरूले स्त्रीहरू तिमीहरूबाट लगे। यसर्थ तिमीहरूले तिमीहरूको शपथ भङ्ग गरेनौं।'"

२३यसर्थ बिन्यामीनका मानिसहरूले जे गरे त्यो यस्तो छ। जब ती जवान स्त्रीहरू नाच्दै थिए तब प्रत्येक मानिसले ती एउटी-एउटी केटीलाई समाते। तिनीहरूले ती जवान स्त्रीहरूलाई लगे। अनि तिनीहरूसित विवाह गरे। तिनीहरू आफ्ना देशतिर फर्किए। बिन्यामीनका मानिसहरूले त्यो देशमा फेरि शहरहरू निर्माण गरे, अनि तिनीहरू ती शहरहरूमा बसे।
२४तब इस्राएलका मानिसहरू घर फर्के। तिनीहरू तिनीहरूका आफ्नै देश अनि कुल समूहमा फर्के।

२५ती दिनहरूमा इस्राएलका मानिसहरूका कुनै राजा थिएन। यसर्थ हरेकले त्यही गर्थे जो उसले सही सम्झन्थ्यो।

# यहोशूको पुस्तक

### परमेश्वरले यहोशूलाई इस्राएलको अगुवाई गर्नका निम्ति चुन्नुहुन्छ

१ मोशा परमप्रभुका दास थिए। नूनका छोरा यहोशू
मोशाका सहायक थिए। मोशाको मृत्यु भए पछि,
परमप्रभु यहोशूसित बात गर्नुभयो। परमप्रभुले भन्नुभयो,
२"मेरो दास मोशाको मृत्यु भयो। अब तिमी अनि यी
मानिसहरू यर्दन नदी पार गरी जानु पर्छ। तिमीहरू त्यो
भूमिमा अवश्यै जानु पर्छ जुन चाहि तिमीहरू इस्राएलका
मानिसहरूलाई दिदैछु। ३मैले मोशालाई प्रतिज्ञा दिएको
थिए कि म यो भूमि तँलाई दिनेछु। यसर्थ तँ जहाँ
कहीं जानेछस् म तँलाई त्यो भूमि दिनेछु। ४हित्तीहरूको
सम्पूर्ण भूमि, मरूभूमि अनि लबानोनदेखि महानदी
यूफ्रेटिससम्म तिमीहरूको हुनेछ। अनि यहाँ देखि पश्चिमको
भूमध्यसागर (त्यो स्थान जहाँ सूर्य अस्त हुन्छ) सम्मका
समस्त भूमि तेरो सीमाना भित्र हुनेछ। ५कुनै पनि
मानिसले तँलाई सम्पूर्ण जीवन भरी रोक्न सक्ने छैन। म
जसरी मोशासित रहेको थिए, त्यसरी नै म तँसित
रहनेछु। म तँलाई त्याग्ने छैन। म तँलाई कहिले
छाड्नेछैन।

६"यहोशू, तँ दृढ़ अनि साहसी हुनुपर्छ। तैले यी
मानिसहरूको अगुवाइ गर्नुपर्छ जसद्वारा तिनीहरूले आफ्ना
भूमि लिन सकुन्। मैले तिनीहरूका पिता-पुर्खाहरूलाई
प्रतिज्ञा दिएको थिएँ कि म तिनीहरूलाई यो भूमि
दिनेछु। ७तर तँ एउटा अर्कोको कारणले पनि दृढ़ अनि
साहसी हुनुपर्छ। मेरो दास मोशाले तँलाई दिएका
आज्ञाहरू पालन गर्नमा तँ निश्चित हुनु पर्छ। यदि तैले
उसको उपदेशहरू दाहिने देब्रे नफर्कीकन अनुसरण
गरिस् भने तैले गरेका सबै काममा तँ सफल हुनेछस्।
८त्यस व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू सदैव
याद राख। दिन-रात त्यस पुस्तकको अध्यान गर। तब
तँ त्यसमा लेखिएका कुराहरू पालन गर्न निश्चित हुने
छस्। यदि तैंले यसो गरिस् भने तँ ज्ञानी बन्ने छस्
अनि तैले जे कुरा गर्छस् त्यसमा सफल हुने छस्।
९याद राख, मैले तँलाई दृढ़ अनि साहसी हुनु भनी
आज्ञा गरेकोछु। यसकारण, भयभीत नहो, किनभने
परमप्रभु तेरो परमेश्वर तँ जहाँ कँही गएता पनि तेरो
साथ रहनु हुनेछ।"

### यहोशूले आदेश धिन्छन्

१०यसकारण यहोशूले मानिसहरूका अगुवाहरूलाई
आदेश दिए, उसले भने, ११"छाउनी भएर जाऊ अनि
मानिसहरूलाई तयार हुनु भन। मानिसहरूलाई भन,
'केही खाद्य पदार्थ तयार गर। अहिले देखि तीन दिनमा
हामी यर्दन नदी पारी जानेछौं। परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई दिनुहुँदै गरेको भूमि अधिकार
गर्न हामी जानेछौ।'"

१२तब यहोशू रूबेन, गादका कुल समूह अनि
मनश्शेका आधा कुल समूहसित बात गरे, यहोशूले
भने, १३"याद गर परमप्रभुका दास मोशाले तिमीहरूलाई
के भनेका थिए। उनले तिमीलाई भनेका थिए, परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई एउटा विश्राम गर्ने
भूमि दिनुभएको छ, परमप्रभुले यो भूमि तिमीहरूलाई
दिनुभएको हो। १४वास्तवमा, परमप्रभुले तिमीहरूलाई
यर्दन नदीको पूर्व तर्फको यो भूमि दिइसक्नु भएकोछ।
यो भूमिमा तिमीहरूका पत्नीहरू, अनि छोरा-छोरीहरू
तिमीहरूका पशु प्राणीहरू समेत बस्न सक्नेछौ। तर
तिमीहरूका योद्धा मानिसहरू तिमीहरूका दाज्यू-
भाइहरूसित यर्दन नदी पार गरी जानुपर्छ। तिमीहरू
युद्धका निम्ति तयार हुनुपर्छ अनि तिनीहरूलाई आफ्ना
भूमि लिनका निम्ति सहायता गर्नुपर्छ। १५परमप्रभुले
तिमीहरूलाई विश्राम गर्नका निम्ति एक स्थान दिनु
भएकोछ। अनि तिम्रा दाज्यू-भाइहरूका निम्ति पनि
उहाँले त्यसै गर्नु हुनेछ। तर तिमीहरूले तिनीहरूलाई
त्यस बेलासम्म सहायता गर्नु पर्छ, जबसम्म तिनीहरूले
त्यो भूमि प्राप्त गर्ने छैनन्। जुन परमप्रभु तिनीहरूका
परमेश्वरले तिनीहरूलाई दिनु हुँदैछ। तब तिमीहरूको
आफ्नै देश, यर्दन नदीको पूर्व तर्फको देशमा फर्की
आउँन सक्छौ। परमप्रभुको दास मोशाले त्यो भूमि
तिमीहरूलाई दिनु भएको छ।"

१६तब मानिसहरूले यहोशूलाई उत्तर दिए, "हामीलाई
गर्नु भनी जो आज्ञा तपाइले दिनुहुन्छ त्यो हामी गर्नेछौं।
तपाइले हामीलाई जहाँ जानु भन्नुहुन्छ हामी जानेछौं।
१७तपाइले हामीलाई जे भने पनि हामी त्यसको पालन
गर्नेछौं जसरी हामीले मोशाका आज्ञा पालन गरेका
थियौ। हामी परमप्रभुसित एउटा कुराको मात्र याचना
गर्न सक्छौ। हामी यो याचना गर्छौं कि परमप्रभु
तपाईंको परमेश्वर जसरी उहाँ मोशाका साथ हुनुहुन्थ्यो
त्यसरी नै तपाईंको साथ रहनुहुनेछ। १८तब, यदि कुनै
मानिसले तपाईंको आज्ञा पालन गर्न अस्वीकार गर्छ भने
अथवा यदि कुनै मानिस तपाईंको विरूद्ध हुन्छ भने,

त्यस मानिसलाई मारिने छ। मात्र बलियो अनि साहसी
बन्नुहोस्।"

## यरीहोमा दुइ जासूस

२ नूनको छोरा यहोशू र सबै मानिसहरूले शित्तीममा
छाउनी बसाएका थिए। यहोशूले दुइजना
जासूसहरूलाई पठाए। यहोशूले यी मानिसहरूलाई पठाएको
हो भनेर कसैलाई पनि थाहा थिएन। यहोशूले ती
मानिसहरूलाई भने, "जाऊ अनि त्यस भूमिलाई हेर,
विशेष गरी यरीहो शहरलाई हेर।"
यसर्थ ती मानिसहरू यरीहो शहरमा गए। तिनीहरू
एउटी वेश्याको घरमा गए उसको नाउँ राहाब थियो
अनि त्यहाँ बसे। २कसैले यरीहोका राजालाई भने,
"हिजो राती केही मानिसहरू इस्राएलबाट हाम्रो देशको
कमजोरी जान्नलाई आएका छन्।"
३यसकारण यरीहोका राजाले राहाबलाई यो सन्देश
पठाएँ, "तिम्रो घरमा बस्ने मानिसहरूलाई हामी कहाँ
ल्याऊ। तिनीहरू हाम्रो देशको भेद लिन आएका हुन्।"
४स्त्रीले दुई मानिसहरूलाई लुकाई र भनी, "हो दुई
मानिस यहाँ आएका थिए, तर मलाई थाहा भएन
तिनीहरू कहाँबाट आएका थिए। ५साँझमा, जब
शहरको द्वार बन्द हुने बेला भएको थियो, ती मानिसहरू
गए। मलाई थाहा भएन तिनीहरू कहाँ गए। हुनसक्छ
यदि तिमीहरू चाँड़ो गयौ भने तिनीहरूलाई पक्रन सक्ने
छौ।" ६(राहाबले ती कुराहरू भनिन्, तर वास्तवमा,
तिनले ती मानिसहरूलाई छतमाथि लगेकी थिइन्, अनि
तिनले तिनीहरूलाई त्यहाँ थाक पारेर राखेको परालमा
लुकाएकी थिइन्।)
७यसकारण राजाका मानिसहरू शहरबाट बाहिर गए,
अनि मानिसहरूले शहर-द्वारहरू बन्द गरे। राजाका
मानिसहरूले इस्राएलका ती दुई मानिसहरूलाई खोज्न
गए। तिनीहरू यर्दन नदीतर्फ गए अनि ती सबै ठाउँहरू
तिर हेरे जहाँ मानिसहरू नदी पार गर्थे।
८दुई मानिसहरू राती सुत्न तयार थिए। तर राहाब
छतमा गइन् अनि तिनीहरूसित बात गरिन्। ९राहाबले
भनिन्, "म जान्दछु कि परमप्रभुले यो भूमि तपाईंहरूको
मानिसहरूलाई दिनु भएको छ। तिमीहरूले हामीलाई
भयभीत तुल्याउँछौ। यो देशमा बस्ने समस्त मानिसहरू
तिमीहरूसित भयभीत छन्। १०हामीहरू भयभीत भएका
छौं किनभने हामीले सुनेका छौं कि परमप्रभुले तिमीहरूलाई
कुन प्रकारले सहायता प्रदान गर्नु भयो। हामीले सुन्यौं
कि उहाँले लाल समुद्रको पानी सुकाई दिनु भयो जब
तिमीहरू मिश्रदेशबाट बाहिर आयो। तिमीहरूले ती दुई
एमोरी राजाहरू सीहोन अनि ओगलाई के गर्‍यौ,
हामीले त्यो पनि सुन्यौ अनि कसरी तिमीहरूले ती दुई
राजाहरूलाई जो यर्दन नदीको पूर्वमा बस्दथे विनाश
गर्‍यो। ११हामीले ती कुराहरू सुन्यौं अनि हामी
अत्यन्त भयभीत भयौं। अनि जब हामी मध्ये कोही
पनि यस्तो साहसी मानिस छैन जो तिनीहरूसित युद्ध
गर्न सकुन्। किन? किनभने परमप्रभु तिमीहरूका
परमेश्वरले माथि स्वर्ग अनि तल पृथ्वीमा शासन
गर्नुहुन्छ। १२यसकारण अब म चाहन्छु कि तिमीहरूले
मलाई एक वचन देऊ। म तिमीहरू प्रति दयालु थिएँ
अनि तिमीहरूलाई सहायता गरें। यसर्थ परमप्रभु समक्ष
वचन देऊ कि तिमीहरू मेरो परिवार प्रति दयालु
हुनेछौ। कृपया मलाइ भन कि तिमीहरू यसो गर्नेछौं।
१३मलाई भन कि तिमीहरूले मेरो परिवारलाई जीवित
रहन दिनेछौ। मेरो माता-पिता, दाज्यू-भाइहरू, दिदी
बहिनीहरू अनि तिनीहरूका सबै परिवारहरूको लागि
वचन देऊ कि तिमीहरूले हामीलाई मृत्युबाट बचाँउने
छौ।"
१४ती मानिसहरू सहमत भएर तिनीहरूले भने,
"तिमीहरूको जीवनका निम्ति हामी हाम्रो जीवन
दिनेछौ। कसैलाई न भन हामीहरूले के गरिरहेछौ। जब
परमप्रभुले हामीलाई हाम्रो देश दिनु हुनेछ, तब हामी
तिमी प्रति दयालु रहनेछौ। तिमीले हामीलाई विश्वास
गर्न सक्छौ।"
१५त्यो स्त्रीको घर शहरको पर्खालमाथि बनाइएको
थियो। यो पर्खालकै एउटा भाग थियो यसकारण त्यो
स्त्रीले डोरी प्रयोग गरेर ती मानिसहरूलाई शहरको
बाहिरा झ्यालबाट तल झारी दिइन्। १६तब त्यस
स्त्रीले तिनीहरूलाई भनिन्, "पहाड़को पश्चिम तिर
जाऊ जसमा कि राजाका मानिसहरूले अचानक
तिमीहरूलाई भेट्ने छैनन्। त्यहाँ तीन दिन सम्म लुकेर
बस। राजाका मानिसहरू फर्केर आएपछि तिमीहरू
तिमीहरूको बाटो जान सक्नछौ"
१७ती मानिसहरूले तिनलाई भने, "हामीले तिमीसंग
प्रतिज्ञा गर्‍यौ। तर तिमीले हाम्रा आदेशहरू पालन
गर्नुपर्छ, नत्र हामीले गरेको प्रतिज्ञा प्रति हामी उत्तरदायी
हुने छैनौ। १८हामी यो इलाकामा फर्की आउनेछौ। जब
हामी यसो गर्छौ, तिमीले यही रातो डोरी तिम्रो झ्यालबाट
तल रहन दिनु पर्छ र तिमीले तिम्रो बाबु, आमा,
दाज्यू-भाइहरू, अनि सारा परिवारलाई तिम्रो घरभित्र
ल्याउनु पर्छ। १९हामी यो घरमा रहने प्रत्येक मानिसको
सुरक्षा गर्नेछौं। यदि तिम्रो घरमा कसैलाई चोट लाग्यो
भने, तब हामी त्यसको जिम्मावार हुनेछौं। तर यदि
कुनै मानिस तिम्रो घरको बाहिर जान्छ, तब त्यो
मानिसलाई मार्न सकिन्छ। हामी त्यस मानिसका निम्ति
उत्तरदायी हुने छैनौ। यो उसको आफ्नै दोष हुनेछ।
२०हामी तिमीसित यो सम्झौता गरिरहेछौं। तर यदि
तिमीले कसैलाई हामीले के गर्दैछौं सो भन्यौ भने तब
हामी यो सम्झौताबाट मुक्त रहनेछौं।"
२१त्यस स्त्रीले जवाफ दिइ, "तिमीहरूले जे भन्यौ
म ठीक त्यसै गर्नेछु।" त्यस स्त्रीले बिदाइ गरिन अनि

ती मानिसहरू तिनको घर छाड़ेर हिँड़े। अनि त्यस
स्त्रीले रातो डोरी झ्यालमा बाँधिन्।
२२ती मानिसहरूले तिनको घर छाड़े अनि पहाड़मा
गए। तिनीहरू त्यहाँ तीन दिनसम्म बसे। राजाका
मानिसहरूले बाटो भरिहेरे। तीन दिन पछि, राजाका
मानिसहरूले खोजी गर्न छाड़ि दिए अनि फर्केर शहरतिर
गए। २३त्यसपछि ती दुइ मानिस फर्केर यहोशू कहाँ
गए। ती मानिसहरूले पहाड़ छोड़े अनि नदी पार गरे।
तिनीहरूले नूनका छोरा यहोशू कहाँ गए। तिनीहरूले
थाहा पाएका प्रत्येक कुराहरू यहोशूलाई भने।
२४तिनीहरूले यहोशूलाई भने, "परमप्रभुले साँच्चै नै
सम्पूर्ण देश हामीलाई दिनु भएको छ। त्यस देशका
समस्त मानिसहरू हामीसित भयभीत छन्।"

## यर्दन नदीमा अद्भुत कार्य

३ भोलिपल्ट बिहानै उठे यहोशू अनि इस्राएलका
समस्त मानिसहरू अनि शित्तीम छाड़ेर हिँड़े। तिनीहरूले
यर्दन नदी तिर यात्रा गरे, अनि नदी तर्नु अघि छाउनी
हालेर बसे। २तीन दिन पछि अगुवाहरू छाउनी भएर
गए। ३अगुवाहरूले मानिसहरूलाई आज्ञा दिए। तिनीहरूले
भने, "तिमीहरूले पूजाहारी अनि लेवीहरूलाई परमप्रभु
तिमीहरूको परमेश्वरको करारको सन्दूक बोकेका देख्ने
छौ त्यसबेला तिमीहरू तिनीहरूको पछि लाग्नु पर्छ।
४तर धेरै नजिक भएर नपछ्याउनु। तिनीहरूसँग दुई
हजार हातको पछि रहनु। तिमीहरू पहिला यहाँ आएका
थिएनौ। तर यदि तिमीहरूले तिनीहरूलाई पछ्यायौ भने
कहाँ जानु पर्ने तिमीहरूले थाहा पाउनेछौ।"
५त्यसपछि यहोशूले मानिसहरूलाई भने, "तिमीहरूले
स्वयंलाई पवित्र बनाऊ। भोलि परमप्रभुले अद्भुत
कुराहरू गर्नका निम्ति तिमीहरूको उपयोग गर्नु हुनेछ।"
६तब, यहोशूले पूजाहारीहरूलाई भने, "करारको
सन्दूक लेऊ अनि मानिसहरूको अघि गएर नदी पारी
जाऊ।" यसकारण पूजाहारीहरूले सन्दूक उठाए अनि
बोकेर मानिसहरूको अगाड़ी गए। ७तब परमप्रभुले
यहोशूलाई भन्नु भयो, "आज म तँलाई इस्राएलका
समस्त मानिसहरूको नजरमा महान तुल्याउने काम शुरू
गर्नेछु। तब मानिसहरूले जान्ने छन् म मोशाको साथमा
थिएँ त्यसरी नै तेरो साथमा पनि छु। ८पूजाहारीहरूले
करारको सन्दूक बोक्ने छन्। पूजाहारीहरूलाई भन,
'तिमीहरूले यर्दन नदीमा खुट्टा राख्नु पर्छ र पानीमा
उभिनु पर्छ।'"
९तब यहोशूले इस्राएलका मानिसहरूलाई भने, "आऊ,
अनि परमप्रभु तिमीहरूका परमेश्वरको वचन सुन।
१०यहाँ प्रमाण छ कि जीवित परमेश्वर साँच्चै तिमीहरूका
साथ हुनुहुन्छ। यहाँ प्रमाण छ कि उहाँले सँच्चै नै
तिमीहरूका शत्रुहरूलाई परास्त गरिदिनु हुनेछ। उहाँले
कनानी, हित्ती, हिव्वी, परिज्जी, गिर्गाशी, एमोरी अनि
यबूसी मानिसहरूलाई परास्त गर्नुहुने छ, उहाँले तिनीहरूलाई
त्यो भूमि छोड्न वाध्य तुल्याउनु हुनेछ। ११जब तिमीहरू
यर्दन नदी पार गर्छौ सम्पूर्ण संसारका मालिकको
करारको सन्दूक तिमीहरूको अघि जानेछ। १२अब,
बाह्र जना मानिसहरू छान। इस्राएलको बाह्र कुल समुहबाट
एक मानिस छान। १३पूजाहारीहरूले परमप्रभुको सन्दूक
बोक्नेछन्। परमप्रभु सम्पूर्ण पृथ्वीका मालिक हुनुहुन्छ।
जब तिनीहरू पानीमा पस्छन् यर्दन नदीको पानी बग्न
रोकिन्छ। पानी बन्द भएर बाँध जस्तै बनिनेछ।"
१४पूजाहारीहरूले करारको सन्दूक बोके अनि
मानिसहरूले आफ्नो छाउनी छाड़े, मानिसहरूले यर्दन
नदी तर्न तिनीहरूको पछि लागे। १५फसल कटनीको
समयमा यर्दन नदी किनार माथि माथि भएर बग्छ।
यसर्थ नदी पूर्ण रूपले भरिएको थियो। पूजाहारीहरू,
जसले सन्दूक बोकेका थिए, नदीका किनारमा आए र
तिनीहरूले पानीमा टेके। १६अनि पानी बग्न तुरन्तै
बन्द भयो। यो पानी नदीको धेरै टाड़ो अदाम (शरतानको
शहर) सम्म एउटा बाँध जस्तो थुप्रियो, यस्तो प्रकारले
कि अराबाह समुद्र (मृत सागर) तिर बगिरहेको पानी
पुरै काटिएको थियो। मानिसहरू नदी पार गरेर यरीहोको
नजीक पुगे। १७त्यस स्थानको भूमि सूक्खा भयो, अनि
पूजाहारीहरू परमप्रभुको करारको सन्दूक बोकेर नदीको
माझमा पुगे र तिनीहरू रोकिए। पूजाहारीहरू त्यहाँ
पर्खिए तब इस्राएलका सबै मानिसहरू सूक्खा भूमि
भएर हिँड़ेर यर्दन नदी पारी पुगे।

## मानिसहरूलाई स्मरण गराउने ढुङ्गाहरू

४ सबै मानिसहरूले यर्दन नदीपार गरिसके पछि
परमप्रभुले यहोशूलाई भन्नुभयो, २"प्रत्येक कुल
समूहबाट एक-एकजना गरी बाह जना मानिसहरू छान।
३त्यहाँ तिनीहरूलाई नदीमा जहाँ पूजाहारीहरू उभिरहेका
छन् हेर भन्। त्यस स्थानमा बाह्रवटा ढुङ्गा खोज भनी
तिनीहरूलाई भन्। ती बाह्रवाटा ढुङ्गाहरू तैले बोक।
आज राती तिमीहरू जहाँ बस्छौ त्यस स्थानमा ती
बाह्रवटा ढुङ्गाहरूलाई राख।"
४यसकारण यहोशूले प्रत्येक कुल समूहबाट एक
एकजना मानिसलाई चुने। तब तिनले ती बाह्र-मानिसहरूलाई
साथमा बोलाए। ५यहोशूले ती मानिसहरूलाई भने,
"नदीको त्यस ठाउँमा जाऊ जहाँ परमप्रभु तिमीहरूका
परमेश्वरको करारको सन्दूक छ। तिमीहरू प्रत्येकले
एक-एकवटा ढुङ्गा लिनै पर्छ। इस्राएलका बाह कुल
समूह प्रत्येक समूहको लागि तिमीहरूले एक एकवटा
ढुङ्गा लेऊ। यी ढुङ्गा तिमीहरूले आफ्नो काँधमा बोक।
६यी ढुङ्गाहरू तिमीहरूका निम्ति यादको चिन्ह हुनेछन।
भविष्यमा, तिमीहरूका छोरा-छोरीहरूले तिमीहरूलाई
'यी ढुङ्गाहरूको अर्थ के हो? भनी सोध्नेछन्' ७तिमीहरूले

छोरा-छोरीहरूलाई भन्ने छौ कि परमप्रभुले यर्दन नदीको
पानी बग्न बन्द गरिदिनु भयो। जब परमप्रभुको करारको
पवित्र सन्दूक नदीपार भयो। ती ढुङ्गाहरूले इस्राएलका
मानिसहरूलाई यो कुरा सदा याद गर्नमा सहायता
गर्नेछ।"

८यसकारण इस्राएलका मानिसहरूले यहोशूको आज्ञा
पालन गरे। तिनीहरूले यर्दन नदीको माझबाट बाह्रवटा
ढुङ्गाहरू बोके। इस्राएलका बाह्र कुल समूहका प्रत्येकले
एक-एकवटा ढुङ्गा लिए। तिनीहरूले यो काम परमप्रभुले
यहोशूलाई आज्ञा गर्नु भए अनुसार गरे। मानिसहरूले
ती ढुङ्गाहरू आफूसित बोके। त्यसपछि तिनीहरूले ती
ढुङ्गाहरू त्यस स्थानमा राखे जहाँ तिनीहरूले आफ्ना
छाउनी खड़ा गरेका थिए। ९यहोशूले बाह्रवटा ढुङ्गाहरू
यर्दन नदीका माझमा राखे। उसले ती ढुङ्गाहरू त्यस
स्थानमा राखे जहाँ परमप्रभुको पवित्र सन्दूक बोक्द
पूजाहारीहरू उभिएका थिए। त्यस स्थानमा ती ढुङ्गाहरू
आजसम्म पनि छन्।

१०परमप्रभुले यहोशूलाई आज्ञा दिनु भएको थियो
कि मानिसहरूलाई भन कि तिनीहरूले के गर्नु पर्छ।
ती यी कुराहरू थिए जो मोशा र यहोशूले गर्नैपर्छ
भनेका थिए। जबसम्म पवित्र सन्दूक बोकेर पूजाहारीहरू
नदीको माझमा उभिरहे तबसम्म ती कुराहरू पूरा
भएनन्। मानिसहरू हत्तारिएर नदीपारि गए। ११मानिसहरूले
नदी तर्ने काम सके त्यसपछि, पूजाहारीहरूले परमप्रभुको
सन्दूक मानिसहरूको समक्ष बोकेर ल्याए।

१२रूबेन, गाद अनि मनश्शेका आधा कुल समूहका
लड़ाकु मानिसहरूले मोशाका आदेशहरू अनुशरण गरे
र नदी पार गरी अरू मानिसहरूको अगाड़ि गए।
१३झण्डै चालिस हजार सैनिकहरू युद्धका निम्ति तयार
भए, तिनीहरूले यरीहोको मैदानतिर गएर परमप्रभुको
अगाड़ि नदी पार गरे।

१४त्यस दिन परमप्रभुले इस्राएलका सबै मानिसहरूको
नजरमा यहोशूलाई एक महान मानिस बनाउनु भयो।
त्यस समय देखि मानिसहरूले यहोशूलाई सम्मान गर्न
थाले। तिनीहरूले यहोशूलाई तिनको जीवनकाल भरि
त्यही प्रकारले सम्मान गरे जसरी तिनीहरूले मोशालाई
सम्मान गर्थे।

१५सन्दूक बोकेर पूजाहारीहरू नदीमा उभिरहेका
बेला परमप्रभुले यहोशूलाई भन्नु भयो,
१६"पूजाहारीहरूलाई यर्दन नदीबाट बाहिर निस्कनु भनी
आदेश दे।"

१७यसकारण यहोशूले पूजाहारीहरूलाई आदेश दिए।
तिनले भने, "यर्दन नदीको बाहिर आऊ।"

१८पूजाहारीहरूले यहोशूको आज्ञा पालन गरे।
तिनीहरूले आफूसित सन्दूक बोके अनि नदी बाहिर
आए। जब पूजाहारीहरूले नदीको पल्लो छेउको भूमिलाई
छोए, नदीको पानी फेरि बग्न शुरूभयो। पानीले यसको
किनारहरू त्यस्तै गरि ढाक्यो जसरी मानिसहरू नदी पार
गर्नु अघि ढाकेको थियो।

१९मानिसहरूले पहिलो महीनाको दशौं दिनमा यर्दन
नदीपार गरे। मानिसहरूले यरीहोको पूर्व गिलगालमा
छाउनी बसाए। २०मानिसहरूले तिनीहरूसित ती बाह्रवटा
ढुङ्गाहरू बोके जो यर्दन नदीबाट ल्याएका थिए। अनि
यहोशूले ती ढुङ्गाहरूलाई गिलगालमा स्थापना गरे।
२१तब यहोशूले मानिसहरूलाई भने, "भविष्यमा
तिमीहरूका छोरा-छोरीहरूले आफ्ना माता-पितालाई
सोध्नेछन्, 'यी ढुङ्गाहरूको अर्थ के हो?' २२तिमीहरूले
छोरा छोरीहरूलाई भन्नेछौ, 'ती ढुङ्गाहरूले इस्राएलका
मानिसहरूले सूखा भूमि भएर कसरी यर्दन नदी पार गरे
सो सम्झना दिलाउन हामीलाई सहायता गर्नेछ। २३परमप्रभु
तिमीहरूका परमेश्वरले यर्दन नदीको पानीलाई बग्न
बन्द गरिदिनु भयो यसकारण तिमीहरूले सूक्खा भूमि
भएर यर्दन पार गर्न सक्यौ-ठीक त्यही बेलामा जस्तै
जब परमप्रभुले लाल समुद्रको पानीलाई रोकि दिनु भयो
अनि हामीले यसलाई सूवखा भूमि भएर पार गर्न
सक्यौ।' २४परमप्रभुले यस भूमिमा भएका मानिसहरूलाई
उहाँ अति शक्तिशाली हुनुहुन्छ र तिमीहरूले परमप्रभु
तिमीहरूका परमेश्वरलाई प्रत्येक दिन स्मारण गरून
भनी यसो गर्नु भयो।"

५ यसरी इस्राएलका मानिहरूले यर्दन नदी पार
नगरून्जेल यर्दन नदीलाई सूक्खा पारिदिनु भयो।
यर्दन नदीको पश्चिम तर्फ बस्ने एमोरी अनि भूमध्य
सागरको छेउमा बस्ने कनानीहरूका राजाहरूले यस
विषयमा सुने अनि अत्यन्त भयभीत भए। त्यसपछि
तिनीहरू इस्राएलका मानिसहरूको विरुद्ध खड़ा हुन र
युद्ध गर्नको लायक साहसी रहन सकेनन्।

### इस्राएलीहरूको खतना

२त्यसबेला, परमप्रभुले यहोशूलाई भन्नुभयो, "दर्शिन
ढुङ्गाबाट कर्दहरूबना अनि इस्राएलका मानिसहरूको
खतना गर।" ३यसकारण यहोशूले दर्शिन ढुङ्गाबाट
कर्दहरू बनाए। त्यस पछि तिनले गिबियथ हाअरालोथमा
इस्राएल मानिसहरूको खतना गरिदिए। ४-७यसैकारण
यहोशूले मानिसहरूको खतना गरे। इस्राएलका मानिसहरूले
मिश्रदेश छाड़े पछि सबै मानिसहरू जो सेनामा रहन
योग्यका थिए, खतना गरिदिए। यद्यपि मरूभूमिमा हुँदा
धेरै जना लड़ाकू योद्धाहरूले परमप्रभुको आज्ञा पालन
गरेनन्। यसकारण परमप्रभुले यो प्रतिज्ञा गर्नु भएको
थियो, "ती मानिसहरूले त्यो देश जहाँ प्रशस्त खाद्य
वस्तुहरू उम्रन्छ सो देख्न पाउने छैनन।" परमप्रभुले
हामीलाई भूमि दिन्छु भनी हाम्रा पिता-पुर्खाहरूसँग
प्रतिज्ञा गर्नु भएको थियो, तर, ती मानिसहरूका कारण
परमेश्वरले मानिसहरूलाई मरूभूमिमा चालीस वर्षसम्म
यता उता घुम्न बाध्य गराउनु भयो जबसम्म ती सबै

लड़ाकू मानिसहरू मरेनन् अनि तिनीहरूका छोराहरूले
तिनीहरूका स्थान लिए। तर, मिश्रदेशबाट यात्रा गरेको
बेला मरूभूमिमा जन्मेका कुनै केटाहरूको खतना
भएको थिएन। यसकारण यहोशूले तिनीहरूको खतना
गरिदिए।
८यहोशूले सबै मानिसहरूको खतना गरिदिने काम
पूर्ण गरे। मानिसहरूले त्यस स्थानमा छाउनी बनाएर
बसे जब सम्म सबै मानिसहरू निको भएनन्।

## कनानमा पहिलो निस्तार चाड़

९त्यसबेला, परमप्रभुले यहोशूलाई भन्नुभयो, "मिश्रमा
तिमीहरू दास थियौ। अनि जसले तिमीहरूलाई लज्जित
तुल्यायो। तर आज मैले त्यो लाज हटाइ दिएको छु।"
यसकारण यहोशूले त्यस स्थानको नाउँ गिलगाल राखे।
अनि त्यस स्थानलाई आज पनि गिलगाल नै भनिन्छ।
१०जब तिनीहरू यरीहोको मैदान गिलगालमा छाउनी
हालेर बसेका थिए इस्राएलका मानिसहरूले निस्तार
चाड़ मनाए। यो त्यस महीनाको चौधौं दिनको साँझमा
थियो। ११निस्तार चाड़को पछिल्लो दिन मानिसहरूले
भोजन खाए जुन त्यस भूमिमा उम्रिएको थियो तिनीहरूले
अखमिरे रोटी र भुटेको अन्न खाए। १२भोलिपल्ट
बिहान स्वर्गबाट विशेष भोजन आउन बन्द भयो।
मानिसहरूले कनान देशमा उम्रिएका खाद्य पदार्थ खाएको
पछिल्लो दिन यस्तो भयो। त्यसबेला देखि यता इस्राएलका
मानिसहरूले स्वर्गबाट विशेष भोजन पाएनन्।
१३जब यहोशू यरीहोको नजिक थिए उनले माथितिर
हेरे अनि आफ्नो अघि एकजना मानिसलाई उभिरहेको
देखे। त्यो मानिसको हातमा एउटा तरवार थियो। यहोशू
त्यस मानिसकहाँ गए र सोधे, "तपाईं हाम्रा मानिसहरूको
मित्र हुनुहुन्छ, अथवा शत्रु?"
१४त्यस मानिसले उत्तर दिए, "म शत्रु होइन। म
परमप्रभुको सैनिकहरूका कप्तान हुँ। म भर्खरै तिमी
कहाँ आएको छु।" तब यहोशूले भूइँतिर आफ्ना शिर
झुकाए। तिनले सम्मान जनाउन यसो गरे। तिनले
सोधे, "म तपाइको सेवक हुँ। के मेरो मालिकबाट
मलाई केही सन्देश छ?"
१५परमप्रभुका सेनाका कप्तानले उत्तर दिए, "तिम्रो
जुत्ता खोल। जहाँ तिमी उभिरहेको छौ त्यो स्थान
अहिले पवित्र छ।" यसर्थ यहोशूले उसको आज्ञा पालन
गरे।

## यरीहो शहर कब्जा गरे

६ यरीहो शहर बन्द थियो। शहरका मानिसहरू
भयभीत थिए किनभने इस्राएलका मानिसहरू
नजिकमा थिए। कोही पनि शहर भित्र पसेनन् अनि
कोही पनि शहर बाहिर आएनन्।
२तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "हेर, म
यरीहो शहरलाई परास्त गर्नेछु अनि यसको राजा र सबै
लड़ाकूहरू म तिमीलाई दिनेछु। ३प्रत्येकदिन एकपल्ट
आफ्ना सेना सहित शहर वरिपरि हिड़। छ, दिन सम्म
यसो गर। ४पूजाहारीहरूलाई पवित्र सन्दूक बोक्नु भन।
सातजना पूजाहारीहरूलाई भेड़ाको सिङ्गबाट बनाएको
तुरही बोक्नु भन अनि पवित्र सन्दूकको अघि अघि
हिँड्नु भन। सातौ दिनमा, शहर वरिपरि सात पल्ट
घुम। सातौ दिनमा तिनीहरू हिँड़दा पूजाहारीहरूलाई,
तुरही बजाउनु भन। ५पूजाहारीहरूले तुरहीको ठुलो
ध्वनि निकाल्ने छन्। तिनीहरूले तुरहीहरू फुक्नेछन् तब
मानिसहरू कराउनु पर्छ। जब तिमीहरूले यसो गर्छौ
शहरका पर्खालहरू भत्किनेछन् अनि तिम्रा मानिसहरू
शहरभित्र जान समर्थ हुनेछन्।"
६यसकारण नूनका छोरा यहोशूले पूजाहारीहरूलाई
साथमा बोलाए। यहोशूले तिनीहरूलाई भने, "परमप्रभुको
पवित्र सन्दूक बोक। अनि सातजना पूजाहारीहरूलाई
तुरही बोकेर सन्दूकको अगि अगि हिँड्नु भन।"
७त्यसपछि यहोशूले मानिसहरूलाई आदेश दिए, "अब
जाऊ, शहर वरिपरि घुम। सैनिकहरू हात-हतियार
सहित परमप्रभुको पवित्र सन्दूक अगि अगि हिँड़ने
छन्।"
८जब यहोशूले मानिसहरूलाई आज्ञा गरे सातजना
पूजाहारीहरू परमप्रभुको अघि हिँड़न थाले। तिनीहरूले
सातवटा तुरहीहरू बोके अनि बजाउँदै हिँड़े। पूजाहारीहरूले
तिनीहरूलाई परमप्रभुको पवित्र सन्दुकसितै पछ्याए।
९सैनिकहरू हात हतियार सहित ती पूजाहारीहरूका
अघि-अघि हिँड़े जो तुरही बजाउँदै थिए। अनि पछाड़िका
रक्षकहरू पवित्र सन्दूकको पछि पछि हिँड़े। यसरी
तिनीहरू पैदल हिँड़दै अनि तुरही बजाउँदै शहर वरिपरि
हिँड़े। १०यहोशूले मानिसहरूलाई नकराउनु भनी आदेश
दिएका थिए। उनले भने, "नकराऊ। जबसम्म म
तिमीहरूलाई भन्दिन त्यस दिनसम्म एउटा शब्द ननिकाल
अनि तब कराऊ।"
११यसरी यहोशूले पूजाहारीहरूलाई परमप्रभुको पवित्र
सन्दूक बोकेर एकपल्ट शहर वरिपरि घुम्न लगाए। तब
तिनीहरू छाउनीमा फर्किए अनि त्यो रात बिताए।
१२भोलि पल्ट बिहानै यहोशू उठे। पूजाहारीहरूले
परमप्रभुको पवित्र सन्दूक फेरि बोके। १३अनि सातजना
पूजाहारीहरूले सातवटा तुरहीहरू बोके। तिनीहरू हिँड़दै
अनि तिनीहरूका तुरही बजाउँदै परमप्रभुको पवित्र
सन्दूक अघि अघि हिँड़े। हात-हतियार सहितका सैनिकहरू
तिनीहरूको अघि हिँड़े अनि पछाड़िको रक्षकहरू परमप्रभुको
पवित्र सन्दूक पछि-पछि हिँड़े। तिनीहरू हिँड़दै अनि
तुरही बजाउँदै शहर वरिपरि गए। १४यसरी दोस्रो दिन
तिनीहरू शहर वरिपरि सबै एकपल्ट घुमे। अनि
तिनीहरू छाउनी तिर फर्किए। तिनीहरूले छ दिनसम्म
दैनिक यसो गरे।

१५सातौं दिनमा तिनीहरू भिसमिसेमा नै उठे। अनि तिनीहरू शहर वरिपरि सात पल्ट घुमे। तिनीहरू त्यही तरिकाले हिँड़े जसरी अघिल्ला दिनहरूमा हिँड़ेका थिए, तर त्यसदिन तिनीहरू सात पल्ट शहर वरिपरि घुमे। १६जब सातौ पल्ट तिनीहरू शहर वरिपरि घुमे, पूजाहारीहरूले आफ्ना तुरहीहरू बजाए। त्यसबेला, यहोशूले आदेश दिए, "अब कराऊ। परमप्रभुले यो शहर तिमीहरूलाई प्रदान गर्नु हुँदैछ। १७यो शहर अनि यसमा भएका हरेक थोक परमप्रभुका हुन्। केवल राहाब वेश्या अनि तिनका घरमा भएका सबै मानिसहरू मात्र जीवित रहने छन्। यी मानिसहरूलाई मार्नु हुँदैन किनभने राहाबले ती दुई गुप्तचरहरूलाई सहयोग गरेकी थिइन्। १८यो पनि याद राख कि हामीले अन्य सबै कुराहरू नष्ट गर्नु पर्छ। ती कुराहरू नलिनु। यदि तिनीहरूले ती कुराहरू लियौ अनि हाम्रा छाउनीमा ल्यायौ भने तब तिमीहरू स्वयम् नष्ट हुनेछौ। अनि तिमीहरूले इस्राएलका सबै मानिसहरू प्रति पनि कष्ट ल्याउने छौ। १९सुन, चाँदी, काँस र फलामले बनाएका वस्तुहरू परमप्रभुका हुन्। ती वस्तुहरू परमप्रभुको भण्डारमा ल्याउनु पर्छ।"

२०पूजाहारीहरूले तुरही बजाए। मानिसहरूले तुरही बजेका सुने अनि कराउन थाले। ती पर्खालहरू भत्किए अनि मानिसहरू सीधै शहर भित्र कुदे। यसरी इस्राएलका मानिसहरूले त्यस शहरलाई परास्त गरे। २१मानिसहरूले शहरमा भएका हरेक वस्तु नष्ट गरे। तिनीहरूले ती हरेक वस्तु नष्ट गरे जो त्यहाँ जीवित थिए। तिनीहरूले जवान, बृद्ध, मानिसहरू, जवान स्त्री र बृद्ध स्त्रीहरू गाईवस्तु, भेंड़ा अनि गधाहरू सबैलाई मारे।

२२यहोशूले ती दुई गुप्तचरसित कुरा गरे। यहोशूले भने, "वेश्याको घरमा जाऊ। तिनलाई र तिनीसित भएका सबैलाई बाहिर ल्याऊ। यसो गरिहाल किनकि तिमीहरूले तिनलाई प्रतिज्ञा गरेकाछौ।"

२३यसकारण ती दुइ मानिसहरू घर भित्र गए अनि राहाबलाई बाहिर ल्याए। तिनीहरूले तिनका पिता-माता, दाज्यू-भाइ, अनि तिनीसित भएका अन्य सबै मानिसहरूलाई पनि बाहिर ल्याए। तिनीहरूले सबै मानिसहरूलाई इस्राएलका छाउनी बाहिर एक सुरक्षित स्थानमा राखे।

२४त्यसपछि इस्राएलका मानिसहरूले पूरा शहर आगोले जलाइ दिए। तिनीहरूले शहरका सुन, चाँदी, काँसा अनि फलाम द्वारा बनाएको वस्तुहरू बाहेक अन्य सबै वस्तुलाई जलाइ दिए। तिनीहरूले ती वस्तुहरू परमप्रभुको भण्डारमा राखे। २५यहोशूले राहाब वेश्या, तिनका परिवार अनि तिनीसित भएका अन्य सबै मानिसहरूलाई बचाए। यहोशूले तिनीहरूलाई जीवित रहन दिए किनभने राहाबले ती जासूसी गर्न पठाएका दूतहरूलाई सहयोग गरेकि थिइन्, जसलाई यहोशूले यरीहोमा पठाएका थिए। राहाब इस्राएलका मानिसहरू बीच आजसम्म बस्छन्।

२६त्यस समयमा, यहोशूले यो महत्वपूर्ण शपथ लिए। तिनले भने:

"जो कोही मानिस जसले यरीहोको फेरि निर्माण गर्छ त्यो परमप्रभुद्वारा खतरामा पर्नेछ। जो कसैले यो शहरमा जग बसाल्छ त्यसले आफ्नो सबै भन्दा जेठा छोरा गुमाउने छ। जसले त्यस्ता मानिसद्वारा खड़ा गर्छ त्यसले आफ्नो कान्छा छोरा गुमाउने छ।"

२७यसरी परमप्रभु यहोशूका साथ हुनुहुन्थ्यो। र यहोशू सम्पूर्ण देशभरि प्रसिद्ध भए।

### आकानको पाप

७ तर इस्राएलका मानिसहरूले परमेश्वरको आज्ञा पालन गरेनन्। यहूदाका कुलको जेरहको छोरो जब्दी, त्यसको छोरो कर्मी, कर्मीको छोरो आकान थिए। आकानले ती केही वस्तुहरू राखे जसलाई नष्ट गरिनु पर्ने थियो। यसर्थ परमप्रभु इस्राएलका मानिसहरू प्रति अत्यन्त क्रोधित हुनुभयो।

२यरीहोलाई परास्त गरे पछि यहोशूले केही मानिसहरूलाई ऐ शहरमा पठाए। ऐ शहर बेतेलको पूर्वतर्फ बेत-आवनको नजिकमा थियो। यहोशूले तिनीहरूलाई भने, "ऐ शहरमा जाऊ अनि त्यो क्षेत्रमा भएका कमजोरीहरूको पत्तो लगाए।" यसकारण ती मानिसहरू त्यस स्थानमा जासूस गर्न गए।

३पछि, ती मानिसहरू यहोशू कहाँ फर्कोर आए। तिनीहरूले भने, "ऐ शहर एक कमजोर क्षेत्र हो। त्यो स्थानलाई परास्त गर्न हामीलाई हाम्रा सबै मानिसहरूको खाँचो पर्ने छैन। त्यहाँ लड्नका निम्ति २,००० अथवा ३,००० मानिसहरू पठाए हुन्छ। सम्पूर्ण सेना उपयोग गर्नु त्यहाँ खाँचो छैन। त्यहाँ हामीसित लड्नका निम्ति थोरै मानिसहरू मात्र छन्।"

४-५यसर्थ प्राय: ३,००० मानिसहरू ऐ शहरमा गए। तर ऐ शहरका मानिसहरूले इस्राएलका छत्तीस जना मानिसहरू मारे। अनि इस्राएलका मानिसहरू भागे। मानिसहरूले शहर-द्वारदेखि ढुङ्गाका खानी सम्म तिनीहरूलाई खेदे। ऐ शहरका मानिसहरूले तिनीहरूलाई नराम्रो प्रकारले परास्त गरे।

जब इस्त्रएलका मानिसहरूले यो देखे, तिनीहरू अत्यन्त भयभीत भए, अनि आफ्ना साहस गुमाए। ६जब यहोशूले यस विषयमा सुने, तिनले दु:ख प्रगट गर्न आफ्ना वस्त्रहरू च्याते। तिनले पवित्र सन्दूकको सामुन्ने भूइँतिर शिर भुकाए। यहोशू त्यहाँ साँभसम्म बसिरहे। इस्राएलका अगुवाहरूले पनि त्यसै गरे। तिनीहरूले पनि आफ्नो दु:ख प्रगट गर्न आफ्ना शिरमा धुलो हाले।

७यहोशूले भने, "परमप्रभु मेरो मालिक! तपाईंले
हामीलाई यर्दन नदी पारी ल्याउनु भयो। तपाईंले किन
हामीलाई यति टाढ़ा ल्याउनु भयो अनि एमोरी मानिसहरूद्वारा
हामीलाई नष्ट पार्न छोड्नु हुन्छ? हामी इच्छा गर्छौं कि
त्यही हामी यर्दन वारिनै रहेको भए सन्तुष्ट हुने थियौं।
८परमप्रभु म मेरो प्राण द्वारा शपथ गर्छु। अब मैले
भन्न सक्ने केही छैन। इस्राएलले शत्रुहरूको समक्ष
समर्पण गरेको छ। ९कनानी मानिसहरू अनि यो
देशका अन्य सबै मानिसहरूले जे भयो त्यस बारे सुन्ने
छन्। तब तिनीहरूले हामीलाई आक्रमण गर्नेछन् र
हामी सबैलाई मार्नेछन्। तब तपाईंको महान नाउँको
रक्षा गर्नका निम्ति तपाईं के गर्नु हुनेछ?"

१०परमप्रभुले यहोशूलाई भन्नुभयो, "उठ तँ घोप्टो
परेर भूइँ तिर किन झुकि बस्छस्! ११इस्राएलका
मानिसहरूले मेरो विरूद्ध पाप गरेका छन्। तिनीहरूले
करार भङ्ग गरे जो मैले तिनीहरूलाई पालन गर्नु भनी
आज्ञा गरेको थिएँ। तिनीहरूले ती केही वस्तुहरू लगे
जसलाई मैले नष्ट गर्नु भनी आज्ञा दिएको थिएँ।
तिनीहरूले मबाट चोरी गरेका छन्, तिनीहरूले झूटो
काम गरेका छन्। तिनीहरूले ती वस्तुहरू आफ्नै निम्ति
लगे। १२यसकारण इस्राएलका सेनाहरू युद्ध भूमि
देखि भागे। तिनीहरूले त्यसो गरे किनभने तिनीहरूले
नराम्रो काम गरेका थिए। तिनीहरूलाई नष्ट गरिदिनु
पर्छ। जबसम्म मैले आज्ञा दिएका ती चीजहरू तिमीहरूले
ध्वंश पार्दैनौ म तिमीहरूको सहायताको लागि साथमा
रहँदिन।

१३"अब मानिसहरूलाई शुद्ध तुल्याउनका निम्ति
जा। मानिसहरूलाई भन्, 'स्वयंलाई शुद्ध तुल्याऊ।
भोलिको निम्ति तैयार हौ। परमप्रभु इस्राएलका परमेश्वरले
भन्नुहुन्छ, 'केही मानिसहरूले ती वस्तुहरू राखिछोड़ेका
छन् जसलाई उहाँले नष्ट गर्नु भनी आदेश गर्नु भएको
थियो। तँ त्यस बेलासम्म तेरो शत्रुहरूलाई परास्त गर्न
समर्थ हुने छैनस् जबसम्म तैंले ती वस्तुहरूलाई फ्याँक्दैनस्।
१४"'भोलि बिहान तिमीहरू सबै परमप्रभुको समक्ष
उभिनु पर्छ। सबै कुल समूहहरू परमप्रभुको सामुन्ने
खड़ा हुनुपर्छ। परमप्रभुले कुनै एक कुल समूहलाई
चुन्नुहुनेछ। तब त्यो कुल समूह मात्र परमप्रभुको समक्ष
उभिने छन्। तब परमप्रभुले त्यस कुल समूहबाट एक
सन्तानलाई छान्नु हुनेछ। तब त्यो सन्तानमात्र परमप्रभुको
समक्ष उभिनु पर्छ। त्यसपछि परमप्रभुले त्यो सन्तानका
प्रत्येक परिवारलाई हेर्नु हुनेछन्। र परमप्रभुले एक
मानिसलाई छान्नु हुनेछन्। १५त्यो मानिसले जो हामीले
नष्ट गर्नु पर्ने थियो, ती वस्तुहरू राखेकोछ, उसलाई
आगोले नष्ट गरिनेछ। अनि त्यस मानिससित भएका
हरेक वस्तुहरू त्यो सँगै नष्ट गरिनेछ। त्यो मानिसले
परमप्रभुसित भएको करार भङ्ग गर्‍यो। त्यसले इस्राएलका
मानिसहरूका निम्ति अत्यन्त नराम्रो काम गरेको छ।'"

१६भोलि पल्ट बिहानै यहोशूले इस्राएलका सबै
मानिसहरूलाई परमप्रभुको समक्ष लगे। सबै कुल समूह
परमप्रभुको सामुन्ने उभिए। परमप्रभुले यहूदाका कुल
समूहलाई चुन्नु भयो। १७यसर्थ यहूदाका सबै कुल
समूहहरू परमप्रभु-समक्ष उभिए। परमप्रभुले जेरह कुल
समूहलाई छान्नु भयो। त्यसपछि जेरहको सबै कुल
समूहहरू परमप्रभुका सामुन्ने उभिए। जिम्रीका परिवार
चुनिए। १८तब यहोशूले त्यो परिवारका सबै मानिसहरूलाई
परमप्रभुको समक्ष आउनु भन्नु भने। परमप्रभुले कर्मीका
छोरा आकानलाई छान्नु भयो। (कर्मी जिम्रीका छोरा
थिए। अनि जिम्री जेरहका छोरा थिए।)

१९तब यहोशूले आकानलाई भने, "छोरो, तैले
परमप्रभु इस्राएलका परमेश्वरलाई सम्मान गर अनि
उहाँको अघि तेरो पाप स्वीकार गर। मलाई भन तैले
के गरिस् अनि मबाट कुनै कुरा पनि लुकाउने चेष्टा
नगर।"

२०आकानले उत्तर दियो, "यो सत्य हो! मैले
परमप्रभु इस्राएलका परमेश्वरको विरूद्ध पाप गरे। मैले
जे गरे त्यो यो हो: २१हामीले यरीहो शहर अनि त्यहाँ
भएका सबै वस्तुहरू कब्जा गर्‍यौ। मैले बाबेलका
एउटा सुन्दर कोट, दुइ सय शेकेल ओजनको चाँदी
अनि लगभग पचास शेकेल ओजनको सुन देखे। ती
वस्तुहरू मैले आफ्नै निम्ति राख्न चाहेँ। यसकारण मैले
ती वस्तुहरू लिएँ। तपाईंले ती वस्तुहरू मेरो पाल मुनि
भूइँमा गाड़िएको पाउनु हुनेछ। चाँदी कोट मुनि छ।"
२२यसर्थ यहोशूले केही मानिसहरूलाई त्यस
पालमा पठाए। तिनीहरू पालतिर दगुरे अनि ती
वस्तुहरूलाई त्यही पालमा लुकाइएका पाए। चाँदी कोट
मुनि थियो। २३मानिसहरूले ती वस्तुहरू पाल बाहिर
ल्याए र यहोशू अनि इस्राएलका समस्त मानिसहरू
कहाँ लगे। तिनीहरूले ती परमप्रभुको समक्ष भूइँमा
राखिदिए।

२४त्यसपछि यहोशू र सबै मानिसहरूले आकान
जेरहका छोरालाई तिनीहरूका चाँदी, कोट, सुन, त्यसका
छोरा-छोरीहरू, त्यसका गाई-वस्तु, अनि गधाहरू,
भेँड़ाहरू, पाल अनि त्यसका जम्मै वस्तु आकोर
बेंसीमा लगे। २५तब यहोशूले भने, "तैले हामीमाथि
धेरै कष्ट दिइस्, तर अब परमप्रभुले तँमाथि कष्ट
ल्याउनु हुनेछ।" त्यसपछि सबै मानिसहरूले आकान
अनि त्यसका परिवारमाथि तिनीहरू नमरुञ्जेल उनीहरूले
ढुङ्गा वर्षाए तब मानिसहरूले तिनीहरूलाई जलाइ दिए।
२६आकानलाई जलाइसके पछि तिनीहरूले धेरै ढुङ्गाहरू
त्यसको शरीर माथि राखिदिए। ती ढुङ्गाहरू आज सम्म
पनि त्यहाँ छन्। परमेश्वरले आकानमाथि यसरी कष्ट
ल्याइदिनु भयो। त्यसै कारणले गर्दा त्यस स्थानलाई
आकोरको बेंसी भनिन्छ। यसपछि मानिसहरूसित परमप्रभु
क्रोधित हुनु भएन।

## ऐ शहर नष्ट भयो

८ तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "नडरा, निराश
नहो। तेरो सबै योद्धाहरूलाई ऐ शहरमा लैजा। ऐ
का राजालाई परास्त गर्नमा म तँलाई सहयोग गर्नेछु।
म तँलाई त्यसका मानिसहरू, त्यसको शहर अनि त्यस
देश दिँदैछु। २यो समयमा मात्र तिमीहरू सबै सम्पत्ति र
पशुहरू लिन सक्छौ र तिमीहरू आफ्नै लागि राख्न
सक्छौ। अब, तेरा केही सैनिकहरूलाई शहर पछाड़ि
लुक्नु भन्।"
३यसर्थ यहोशू अनि सबै सेनाहरूले ऐलाई आक्रमण
गर्न तयार भए। यहोशूले अति योग्य ३,००० योद्धाहरू
छाने अनि तिनीहरूलाई राती नै पठाई दिए। ४यहोशूले
तिनीहरूलाई यो आज्ञा दिए, "ध्यान दिएर सुन: तिमीहरूले
शहरको पछाड़ि लुकेर पर्खिरहने छौ शहरदेखि धेरै टाढ़ा
नबस्नु ताकि तिमीहरू आक्रमण गर्न तयारी रहनसक।
५अघाड़ि शहर तिर जान मानिसहरूलाई म अगुवाई
गर्नेछु। शहरका मानिसहरू हाम्रो विरूद्ध लड्न बाहिर
आउने छन्। त्यसरी नै हामी पछि फर्कने छौं अनि
तिनीहरू देखि भाग्ने छौं जसरी हामी पहिला भागेका
थियौं। ६मानिसहरूले हामीलाई शहरदेखि टाढ़ा खेद्ने
छन्। तिनीहरूले सोंच्नेछन् कि हामी पहिले भागे झैं
भाग्दैछौं। यसकारण हामी भाग्ने छौं। ७तब तिमीहरू
लुकेको ठाउँबाट बाहिर आउनु पर्छ अनि शहरलाई
अधिकारमा लिनु पर्छ। यसप्रकारले परमप्रभु तिमीहरूका
परमेश्वरले शहरलाई कब्जा गर्न तिमीहरूलाई सहयोग
गर्नुहुनेछ।
८"तिमीहरूले शहर कब्जा गरेपछि, यसलाई जलाउनु
पर्छ। तिमीहरूले परमप्रभुको नियमहरू ठीकसित पालन
गर्नु पर्छ; म जस्तो आशा गर्छु तिमीहरूले ठीक त्यसै
गर्ने छौ।"
९तब यहोशूले ती मानिसहरूलाई तिनीहरूको लुक्ने
ठाउँमा पठाए अनि प्रतिक्षा गर्न लागे। तिनीहरू बेतेल
र ऐ शहर माझको एउटा ठाउँमा गए। यो स्थान ऐ
शहरको पश्चिममा थियो। अनि यहोशू रात भरी
अरूहरूसँग बसे।
१०भोलिपल्ट बिहानै यहोशूले मानिसहरूलाई एक
साथ भेला गरे। तब यहोशू अनि इस्राएलीहरूका
अगुवाहरूले मानिसहरूलाई ऐ शहरतर्फ लिएर गए।
११सबै सैनिकहरू जो यहोशूसित थिए ऐ शहरतर्फ
हिँड़े। तिनीहरू शहरद्वारको सामुन्ने रोकिए। सेनाहरूले
आफ्नो छाउनी शहरको उत्तर तर्फ बनाए। ऐ शहर र
सेनाहरू बीच एक बेंसी थियो।
१२त्यसपछि यहोशूले लगभग ५,००० मानिसहरू
छाने। यहोशूले ती मानिसहरूलाई शहर देखि पश्चिम
तिरका बेतेल अनि ऐ शहर बीचको क्षेत्रमा लुक्न
पठाए। १३यसरी यहोशूले आफ्ना मानिसहरूलाई युद्ध
गर्नका निम्ति तयार पारेका थिए। मुख्य छाउनी
शहरको उत्तर तर्फ थियो। अन्य मानिसहरू पश्चिम
तर्फ लुकेका थिए। त्यस रात यहोशू बेंसी तिर गए।
१४तब ऐ शहरका राजाले इस्राएली सैनिकहरूलाई
देखे। अनि राजा उनका सबै मानिसहरू इस्राएलीहरूसित
युद्ध गर्न गए। तिनीहरू पूर्वपट्टि यर्दनतिर फर्केको युद्ध
भूमिमा गए। ती इस्राएली सैनिकहरू शहरको पछाड़ि
लुकेर पर्खिरहेका छन् भन्ने उसलाई थाहा भएन।
१५यहोशू अनि इस्राएलका सबै मानिसहरूले ऐका
सेनाद्वारा आफूहरूलाई पछि धकेल्न दिए। यहोशू अनि
तिनका मानिसहरू पूर्वमा मरूभूमि तर्फ दौड़न थाले।
१६शहरका मानिसहरू कराउन थाले अनि यहोशू र
तिनका मानिसहरूलाई खेदन थाले। सबै मानिसहरूले
शहर छोड़े। १७ऐ अनि बेतेलका समस्त मानिसहरूले
इस्राएलका सेनालाई खेदे। शहर खुल्ला छाड़ियो कोही
पनि शहरको रक्षा गर्न बसेनन्।
१८तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "आफ्नो
भालालाई ऐ शहर तर्फ फर्काएर बस। म तँलाई त्यो
शहर दिनेछु।" यसकारण यहोशूले आफ्नो भाला ऐ
शहर तर्फ फर्काए। १९इस्राएलका मानिसहरू जो
लुकिरहेका थिए तिनीहरूले यो देखे। तिनीहरू झट्टै
आफ्ना लुकिरहेका स्थानबाट बाहिर आए अनि हत्तारिएर
शहरतर्फ कुदे। तिनीहरूले शहर भित्र प्रवेश गरे अनि
त्यसलाई अधिकारमा लिए। त्यसपछि सैनिकहरूले शहरमा
आगो लाउन थाले।
२०ऐका मानिसहरूले फर्केर हेरे अनि तिनीहरूका
शहर जल्दै गरेका देखे। तिनीहरूले आकाशमा धूँवा
उठेका देखे। यसर्थ तिनीहरूले आफ्ना शक्ति र साहस
हराए। अनि इस्राएलका मानिसहरूलाई खेदन छाड़े।
इस्राएलका मानिसहरू भाग्न छाड़े। तिनीहरू फर्के अनि
ऐका मानिसहरूसित लड्न गए। ऐ का मानिसहरूका
निम्ति भागेर जानको कुनै सुरक्षित स्थान थिएन।
२१यहोशू अनि तिनका मानिसहरूले देखेकि आफ्ना
सेनाले शहरलाई कब्जा गरेका थिए। यो त्यसबेला भयो
जब तिनीहरू भाग्न छाड़ेर, फर्किए अनि ऐका मानिसहरूसँग
लड़नलाई दगुरे। २२त्यसपछि ती लुकेका मानिसहरू
युद्धमा सहयोग गर्न शहर बाहिर आए। इस्राएलका
सेनाहरू ऐ शहरका मानिसहरूका दुवै तिर थिए-ऐ
शहरका ती मानिसहरू फन्दामा परे। तिनीहरूले तब
सम्म युद्ध गरिरहे जबसम्म ऐका एकजना मानिस पनि
जीउँदो रहेनन तिनीहरूका कोही पनि बाँचनेन्। २३तर
ऐका राजालाई जीवित छाड़ियो। यहोशूका मानिसहरूले
तिनलाई यहोशू कहाँ ल्याए।

## युद्धको विवरण

२४युद्धको समयमा, इस्राएलका सेनाहरूले ऐका
मानिसहरूलाई मैदान अनि मरूभूमि तिर खेदे। यसरी
इस्राएलका सेनाहरूले ऐ शहरका मानिसहरूलाई मैदान

तिर अनि मरूभूमि तिर मार्ने काम पूर्ण गरे। त्यसपछि
इस्राएलका मानिसहरू ऐ तिर फर्केर गए अनि शहरमा
अझ जीवितरहेका सबै मानिसहरूलाई मारिदिए। २५ऐ
शहरका समस्त मानिसहरू त्यस दिन मरे। त्यहाँ
१२,००० पुरूष र स्त्रीहरू थिए। २६यहोशूले शहरलाई
ध्वंश गर्नका निम्ति आफ्ना मानिसहरूलाई संकेतको
रूपमा आफ्नो भाला ऐ शहरतर्फ फर्काई राखेका थिए।
यहोशूले उनको भाला जबसम्म समाति रहे तबसम्म ऐ
शहरका मानिसहरू सबै नष्ट भएनन्। २७इस्राएलका
मानिसहरूले शहरका पशु-प्राणीहरू अनि अन्य चीज
बीजहरू आफ्नै निम्ति राखे। परमप्रभुले यहोशूलाई
भन्नुभएको थियो कि मानिसहरूले यसो गर्न सक्छन्।
२८त्यसपछि यहोशूले ऐ शहरलाई जलाइ दिए। त्यो
शहर रित्तो ढुङ्गाहरूको राश बन्यो। त्यो आजसम्म त्यही
रूपमा छ। २९यहोशूले ऐका राजालाई एक रूखमा
झुण्ड्याए। तिनले उसलाई साँझसम्म त्यतिकै झुण्ड्याइ
राखे। सूर्यास्तको समयमा यहोशूले आफ्ना मानिसहरूलाई
ऐका राजाको मृत-शरीरलाई रूखबाट झार्नु भने।
तिनीहरूले त्यसको मृत-शरीरलाई शहर-द्वारमा खसाइ
दिए। त्यसपछि तिनीहरूले मृत-शरीरलाई ढुङ्गाले ढाकि
दिए। त्यो ढुङ्गाको थुप्रो आज सम्म त्यहाँ छ।

## आशिर्वाद एवं अभिशापहरूको पठन

३०तब यहोशूले परमप्रभु, इस्राएलका परमेश्वरका
निम्ति एबाल पर्वतमा एउटा वेदी निर्माण गरे। ३१परमप्रभुका
दास मोशाले इस्राएलका मानिसहरूलाई भनेका थिए,
कि वेदी कसरी निर्माण गर्नु पर्ने। यसर्थ यहोशूले,
मोशाको व्यवस्थाको पुस्तकमा व्याख्या गरे अनुसार
निर्माण गरे। त्यो वेदी नकाटिएको ढुङ्गा द्वारा बनाइएको
थियो। ती ढुङ्गाहरूमा कुनै हात हतियार कहिले प्रयोग
भएको थिएन। तिनीहरूले त्यो वेदीमा परमप्रभु प्रति
होमबलि अर्पण गरे। अनि मेलबलि पनि चढ़ाए।
३२त्यस ठाउँको ढुङ्गामा यहोशूले मोशाको व्यवस्था
लेखे। उसले इस्राएलका समस्त मानिसहरूका निम्ति
हेर्नलाई त्यसो गरे। ३३बूढ़ा-प्रधान, अधिकारी, न्यायकर्त्ता
अनि इस्राएलका समस्त मानिसहरू पवित्र सन्दूक
वरिपरि लेवी पूजाहारीहरूका सामुन्ने उभिएका थिए
जसले परमप्रभुको करारको पवित्र सन्दूक बोकेका
थिए। इस्राएलका मानिसहरू अनि तिनीहरूसित भएका
अन्य मानिसहरू सबै त्यहाँ उभिएका थिए। आधा
मानिसहरू एबाल पर्वतको सामुन्ने उभिएका थिए अनि
अर्को आधा मानिसहरू गीरिज्जीम पर्वतको सामुन्ने
उभिएका थिए। परमप्रभुका दास मोशाले मानिसहरूलाई
यसो गर्नु भनेका थिए। मोशाले तिनीहरूलाई यो
आशीर्वादका निम्ति गर्नु भनेका थिए।
३४तब यहोशूले व्यवस्थाका सबै शब्दहरू पढ़े।
यहोशूले आशीर्वादहरू अनि श्रापहरू पढ़े। तिनले हेरेक
कुरा त्यही प्रकारले पढ़े जुन प्रकारले व्यवस्थाको
पुस्तकमा लेखिएका थिए। ३५इस्राएलका समस्त
मानिसहरू त्यहाँ भेला भएका थिए। सबै स्त्रीहरू,
केटा-केटीहरू अनि सबै विदेशीहरू त्यहाँ थिए जो
इस्राएलका मानिसहरूसित बस्थे। अनि यहोशूले प्रत्येक
आज्ञा पढ़े जो मोशाले दिएका थिए।

## गिबोनीहरूद्वारा यहोशू प्रति छल

९ जब यर्दन नदीको पश्चिम क्षेत्रका राजाहरूले यस
विषयमा सुने, यहोशू र इस्राएलीहरूसँग युद्ध गर्न
सम्मिलित भए। तिनीहरू पर्वतहरूबाट, समतल भूमिबाट,
भूमध्यसागरको किनाराबाट, लबानोनको माथिबाट आए।
तिनीहरू हित्ती, एमोरी, कनानी, परिज्जी, हिव्वी,
यबूसीहरू सबै एक दलमा आए। २यी सबै राजाहरू
एक साथ भेला भए। तिनीहरूले यहोशू अनि इस्राएलका
मानिसहरूको विरूद्ध युद्ध गर्ने योजना बनाए।
३कसरी यहोशूले यरीहो अनि ऐ शहरलाई परास्त
गरे गिबोन शहरका मानिसहरूले त्यस विषयमा सुने।
४यसर्थ ती मानिसहरूले इस्राएलका मानिसहरूलाई मूर्ख
तुल्याउने प्रयत्न गरे। तिनीहरूको योजना यो थियो,
तिनीहरूले दाखरस हाल्ने छालाका पुराना मशकहरू
जम्मा गरे जो चर्केका अनि फुटेका थिए। तिनीहरूले
ती दाखरस हाल्ने छालाका पुराना मशकहरू आफ्ना
पशुहरूमा लधाए। अनि आफ्ना पशुहरू माथि पुराना
थाड्नाहरू लगाए। जसद्वारा यस्तो देखियोस कि तिनीहरू
अत्यन्त टाढ़ाबाट यात्रा गरेर आएका हुन्। ५ती मानिसहरूले
आफ्ना खुट्टामा पुराना जुत्ता लगाए। ती मानिसहरूले
पुराना बस्त्रहरू लगाए। अनि केही बासी रोटी भेट्टाए
जो सूखा अनि ढुड़ी परेका थिए। यसरी ती मानिसहरू
धेरै टाढ़ाका स्थानबाट यात्रा गरेर आएका जस्तै
देखिन्थे। ६तब ती मानिसहरू इस्राएलका मानिसहरूका
छाउनीमा गए। यो छाउनी गिलगाल नजिक थियो।
ती मानिसहरू यहोशू कहाँ गए अनि तिनलाई भने,
"हामी अति टाढ़ा देशबाट यात्रा गरेर आएका हौं हामी
तपाईंसित शान्ति-सन्धि गर्न चाहन्छौं।"
७इस्राएलका मानिसहरूले यी हिव्वी मानिसहरूलाई
भने, "हुन सक्छ तिमीहरूले हामीलाई छल्ने कोशिश
गर्दैछौ। हुन सक्छ तिमीहरू हाम्रो नजिकमा बस्छौ।
हामी तिमीहरूसित सन्धि गर्न सक्तैनौ। जब सम्म हामी
जान्दैनौ तिमीहरू कहाँबाट आएका हौ?"
८ती हिव्वी मानिसहरूले यहोशूलाई भने, "हामी
तपाईंका दासहरू हौं।"
तर यहोशूले सोधे, "तिमीहरू को हौ? तिमीहरू
कहाँबाट आएका हौ?"
९ती मानिसहरूले उत्तर दिए, "हामी तपाईंका दास
हौं। हामी अति टाढ़ा देशबाट आएका हौं। हामी आयौं
किनभने परमप्रभु तपाईंहरूका परमेश्वरले मिश्रमा गर्नु

भएको सबै महान कार्यहरूको विवरण हामीले सुन्यौ।
१०अनि हामीले सुन्यौं कि उहाँले यर्दन नदीको पूर्वतर्फका
एमोरी मानिसहरूका दुइ राजाहरूलाई परास्त गरिदिनु
भयो। ती हेश्बोनका राजा सीहोन अनि अस्तारोत
देशको बाशानका राजा ओग थिए। ११यसर्थ हाम्रा
अगुवाहरू र हाम्रा मानिसहरूले हामीलाई भने, 'तिमीहरूको
यात्राका निम्ति प्रचुर मात्रामा खाद्य पदार्थ बोक। जाऊ
अनि इस्राएलका मानिसहरूसित भेट गर। तिनीहरूलाई
भन, "हामी तपाईंहरूका दासहरू हौं। हामीसित शान्ति
सन्धि गर्नुहोस्।"'

१२"हाम्रा रोटीहरू हेर्नु होस्। हामीले घर छोड्दा यी
तातो र ताजा थिए। तर अहिले तपाईंहरूले देख्न
सक्नुहुन्छ कि यी सूखा अनि पुराना भएको छन।
१३हाम्रा दाखरसका छालाका मशकहरू हेर्नुहोस्। हामीले
घर छोड्दा यी नयाँ अनि दाखमद्यले भरिएका थिए।
अहिले तपाईंहरूले देख्नसक्नु हुन्छ, कि तिनीहरू
चर्केका अनि पुराना भएका छन्। हाम्रा बस्त्र अनि
चप्पलहरू हेर्नु होस्। तपाईंहरूले देख्न सक्नु हुन्छ कि
लामो यात्राले गर्दा हामीले लगाएका कुराहरू प्राय:
थोत्रा भएका छन्।"

१४इस्राएलका मानिसहरू, जान्न चाहन्थे यी
मानिसहरूले सत्य भन्दै छन। यसर्थ तिनीहरूले केही
रोटी चाखे-तर तिनीहरूले परमप्रभुलाई सोधेनन् जो
तिनीहरूले गर्नु पर्ने थियो। १५यहोशू तिनीहरूसित सन्धि
गर्न सहमत भए। तिनीहरूलाई जीवित राख्न तिनी
सहमत भए। इस्राएलका अगुवाहरू यहोशूको यो शपथ
प्रति सहमत भए।

१६तिमीहरूसित सम्झौता गरेको तीन दिन पछि
इस्राएलीले थाहा पाए। कि ती मानिसहरू वास्तवमा
तिनीहरूका नजिकै बस्नेहरू रहेछन। १७यसकारण तेस्रो
दिनमा इस्राएलीहरू तिनीहरूको शहरहरूमा गए। ती
शहरहरू गिबोन, कपीरा, बेरोत र किर्यत्यारैम थिए।
१८तर इस्राएलका सेनाले ती शहरहरूको विरूद्ध युद्ध
गर्ने प्रयत्न गरेनन् तिनीहरूले ती मानिसहरूसित शान्ति-
सम्झौता गरेका थिए। तिनीहरूले परमप्रभु इस्राएलका
परमेश्वरको समक्ष ती मानिसहरूलाई शपथ दिएका
थिए।

सबै मानिसहरूले ती अगुवाहरू विरूद्ध विरोध जनाए
जसले सम्झौता गरेका थिए। १९तर ती अगुवाहरूले
उत्तर दिए, "हामीले हाम्रो शपथ दिएका छौं। हामीले
परमप्रभु इस्राएलका परमेश्वरको सामुन्ने शपथ गरेका
छौं। अब हामी तिनीहरू विरूद्ध लड्न सक्तैनौं। २०यो
त्यही हो जो हामीले गर्नु पर्छ। हामीले तिनीहरूलाई
बाँच्न दिनुपर्छ। हामीले तिनीहरूलाई चोट पुर्‍याउनु हुँदैन
नत्र परमेश्वर हामीसित क्रोधित हुनुहुनेछ किनभने हामीले
तिनीहरूलाई दिएको शपथ भङ्ग हुनेछ। २१यसर्थ
तिनीहरूलाई जीवित रहन देऊ। तर तिनीहरू हाम्रा
सेवक हुनेछन्। तिनीहरूले हाम्रो निम्ति दाउरा काट्नेछन्
अनि हाम्रा सबै मानिसहरूका निम्ति पानी बोक्ने छन्।"
यसर्थ ती अगुवाहरूले ती मानिसहरूसित गरेका प्रतिज्ञा
भङ्ग गरेनन्।

२२यहोशूले गिबोनी मानिसहरूलाई बोलाए। तिनले
भने, "तिमीहरूले हामीसित किन झूटो बोल्यौ? तिमीहरूको
देश हाम्रो छाउनीको छेउमा थियो। तर तिमीहरूले
तिमीहरू टाढ़ा देशका भनेर हामीलाई भन्यौ। २३अब
तिमीहरूका मानिसहरूले अनेक कष्ट पाउने छन्।
तिमीहरूका सबै मानिसहरू दास हुनेछन्-तिमीहरूले
दाउरा काट्नु पर्नेछ अनि परमेश्वरको मन्दिरका निम्ति
पानी बोक्नु पर्नेछ।"

२४गिबोनी मानिसहरूले उत्तर दिए, "हामीले तपाईंसित
झूटो कुरा गर्‍यौ किनभने हामीलाई तपाईंहरूले मार्नु
हुनेछ भनी हामी भयभीत थियौं। हामीले यो सुन्यौं कि
परमेश्वरले उहाँका दास मोशालाई यो सम्पूर्ण देश
तपाईंहरूलाई दिनु भनी आज्ञा दिनु भएको थियो। अनि
परमेश्वरले तपाईंहरूलाई भन्नुभयो यो देशमा बस्ने सबै
मानिसहरूलाई मारिदिनु। त्यसै कारणले हामीले तपाईंसित
झूटो बोल्यौं। २५अब हामी तपाईंहरूका दासहरू हौं।
तपाईं जे उचित ठान्नु हुन्छ तपाईंले गर्न सक्नु हुन्छ।"

२६गिबोनका मानिसहरू यसरी दास भए। तर यहोशूले
तिनीहरूलाई जीवित रहन दिए। यहोशूले इस्राएलका
मानिसहरूलाई तिनीहरूलाई मार्न दिएनन्। २७यहोशूले
गिबोनका मानिसहरूलाई इस्राएलका मानिसहरूका दास
बन्न दिए। तिनीहरूले इस्राएलका मानिसहरूका निम्ति
र परमप्रभुको बेदीका निम्ति दाउरा काट्थे अनि पानी
ल्याउँथे-परमप्रभुले चुन्नु भएको जुन सुकै स्थानमा ती
मानिसहरू आज सम्म पनि दास छन्।

## त्यो दिन सूर्य अटल रह्यो

१० त्यसबेला अदोनिसेदेक यरूशलेमका राजा थिए।
ती राजाले सुनेकि यहोशूले ऐ शहरलाई परास्त
गरे अनि पूर्णरूपले त्यसलाई नष्ट गरिदिए। ती राजाले
थाहा पाए कि यहोशूले यरीहो अनि त्यसका राजालाई
पनि त्यसै गरेका थिए। ती राजाले यो पनि थाहा पाए
कि गिबोनका मानिसहरूले इस्राएलका मानिसहरूसित
शान्ति सन्धि गरेका थिए। अनि ती मानिसहरू यरूशलेमको
अत्यन्त नजिकमा बस्थे। २यसर्थ अदोनिसेदेक अनि
तिनका मानिसहरू अत्यन्त डराएका थिए। गिबोन ऐ
शहर जस्तो सानो शहर थिएन। गिबोन अति विशाल
शहर थियो। यो एउटा राजकीय शहर जस्तै ठूलो
थियो। अनि त्यस शहरका सबै मानिसहरू असल
लड़ाकूहरू थिए। यसकारण राजा भयभीत भए। ३अदोनि
सेदेक, यरूशलेमका राजाले हेब्रोनका राजा होहाम,
यर्मूतका राजा पिराम, लाकीशका राजा यापी र एग्लोनको
राजा दबीरकहाँ समाचारवाहक पठाए, ४"मेरो साथमा

आउनु होस्, अनि मलाई गिबोनमाथि आक्रमण गर्न सहयोग दिनु होस्। गिबोनले यहोशू अनि इस्राएलका मानिसहरूसित शान्ति-सम्झौता गरेकोछ।"

५यसकारण यी पाँच राजाहरूले तिनीहरूका सेनाहरू जम्मा गरे। (पाँच राजाहरू यरूशलेमका राजा, हेब्रोनका राजा, यर्मूतका राजा, लाकीशका राजा अनि एग्लोनका राजा थिए।) तिनीहरू आफ्ना सैनिकहरू लिएर गिबोनमा गए, शहरलाई घेरा हाले अनि लड़ाई लड़े।

६गिबोन शहरका बासिन्दाहरूले गिलगालको छाउनीमा यहोशूकहाँ एकजना समाचारवाहक पठाए। तिनले ल्याएको समाचार यस्तो थियो, "हामी तपाइहरूका दाशहरूलाई नत्याग्नुहोस् चाँड़ै आउनुहोस् र हामीलाई सहायता गर्नुहोस्। पहाड़ी देशका सबै एमोरी राजाहरूले तिनीहरूका सेनाहरूलाई हाम्रो विरूद्ध लड्न ल्याएका छन्।"

७यसर्थ यहोशू आफ्ना सम्पूर्ण सेनाहरू सहित गिलगालबाट हिँड़े। यहोशूका सर्वोत्तम योद्धाहरू तिनीसित थिए। ८परमप्रभुले यहोशूलाई भन्नुभयो, "ती सेनाहरू देखि भयभीत नहौऊ। म तिमीहरूलाई तिनीहरूलाई हराउने शक्ति दिनेछु। ती सैनिकहरूमा कोही पनि तेरो सामाना गर्ने योग्यको छैन।"

९यहोशू अनि तिनका सेना रात भरि गिबोन तर्फ हिँड़े। शत्रुहरूले यहोशू आउँदैछन् भनेर थाहा पाएनन्। यसर्थ यो एक अचनाक पूर्ण कुरा भयो जब तिनले तिनीहरू माथि आक्रमण गरे।

१०परमप्रभुले ती सेनाहरूलाई अन्योलमा पारिदिनु भयो जब इस्राएलले आक्रमण गरे। यसरी इस्राएली तिनीहरूलाई परास्त गरे र महान विजय प्राप्त गरे। इस्राएलका सेनाले शत्रुलाई गिबोन देखि बेथारोनको उकालो बाटो सम्म खेदे। इस्राएलका सेनाले आजेका अनि मक्केदा सम्मका मानिसहरूलाई मारे। ११जब तिनीहरूले शत्रुहरूलाई ओह्रालो बाटोमा बेथारोन देखि आजेकासम्म शत्रुहरूलाई खेद्दै थिए, परमप्रभुले आकाशबाट ठूल्ठूला असिना खसाउनु भयो। यी ठूल्ठूला असिनाहरूद्वारा अनेक शत्रुहरू मारिए। इस्राएली सैनिकहरूका तरवारले भन्दा असिनाद्वारा धेरै मानिसहरूको मृत्यु भयो।

१२त्यसदिन परमप्रभुले इस्राएली एमोरी मानिसहरूलाई परास्त गर्न दिनुभयो। अनि त्यसदिन यहोशू इस्राएलका समस्त मानिसहरूको सामुन्ने उभिए र परमप्रभुलाई भने:

"हे सूर्य, गिबोन माथि स्थिर बस्। चन्द्रमा,
अय्यालोन-बेंसीमाथि स्थिर बस्।"

१३यसर्थ सूर्य स्थिर रह्यो अनि मानिसहरूले आफ्ना शत्रुहरूलाई परास्त नगरेसम्म रोकियो। यो कुरोको उल्लेख याशारको पुस्तकमा लेखिएको छ। सूर्य आकाशको माझमा रोकियो। यो एक दिन पूरा अचल रह्यो। १४यस्तो पहिला कहिले पनि भएको थिएन। अनि यस्तो फेरि कहिले हुनेछैन। यो त्यो दिन थियो जुनदिन परमप्रभुले मानिसको कुरा सुन्नु भयो। परमप्रभु वास्तवमा इस्राएलीहरूका निम्ति लड़िरहनु भएको थियो।

१५यसपछि, यहोशू अनि तिनका सेना गिलगालको छाउनीमा फर्के। १६तर युद्ध भइरहेको समयमा ती पाँचजना राजाहरू भागेर गए। तिनीहरू मक्केदा नजिकको एक गुफामा लुके। १७तर तिनीहरूलाई त्यो गुफामा लुकि रहेको कसैले देखे। यहोशूले यस विषयमा थाहा पाए। १८यहोशूले भने, "गुफा भित्र पस्ने ढोकालाई ठूला चट्टानहरूले बन्द गरिदेऊ। केही मानिसहरूलाई त्यहाँ रखवली गर्न राखि देऊ। १९तर तिमीहरू स्वयं त्यहाँ नबस। शत्रुलाई खेदन जारिराख। तिनीहरूलाई लगातार पछिबाट आक्रमण गर। शत्रुलाई तिनीहरूका शहरमा फर्केर जान नदेऊ। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई तिनीहरू माथि विजय प्रदान गराउँनु भएको छ।"

२०यसरी यहोशू अनि इस्राएलका सेनाले शत्रुहरूलाई मारे। तर केही शत्रुहरू तिनीहरूको शहरमा, जस्का वरिपरि उच्च पर्खालहरू थिए, जान समर्थ भए अनि लुके, ती मानिसहरू मारिएनन्। २१युद्ध पछि यहोशूका मानिसहरू मक्केदामा तिनी कहाँ फर्की आए। त्यसदेशमा इस्राएलका मानिसहरूको विरूद्ध साहसी मानिस कोही पनि थिएनन्।

२२यहोशूले भने, "गुफाको द्वारामा बन्द गरेका ढुङ्गाहरू हटाऊ। ती पाँचजना राजाहरूलाई मकहाँ ल्याऊ।" २३यसर्थ यहोशूका मानिसहरूले ती पाँचजना राजाहरूलाई गुफा बाहिर ल्याए। तिनीहरू यरूशलेम, हेब्रोन, यर्मूत, लाकीश अनि एग्लोनका राजाहरू थिए। २४तिनीहरूले ती पाँचजना राजाहरूलाई यहोशू कहाँ ल्याए। यहोशूले उसका सबै मानिसहरूलाई भने, "यहाँ आऊ, तिनीहरूका खुट्टा यी राजाहरूका घिच्रोमा राख।" यसर्थ यहोशूका सैनिक अधिकारीहरू नजिकमा आए। तिमीहरूले आफ्ना पाउ ती राजाहरूको घिच्रोमा राखे।

२५तब यहोशूले आफ्ना मानिसहरूलाई भने, "बलवान अनि साहसी बन। भयभीत नहौ। म तिमीहरूलाई देखाउनेछु जो परमप्रभुले ती शत्रुहरू प्रति गर्नुहुनेछ जोसित तिमीहरू भविष्यमा लड्नेछौ।"

२६त्यसपछि यहोशूले ती पाँच राजाहरूलाई मारे। तिनीहरूको शरीरलाई तिनले पाँचवटा रूखमा झुण्ड्याइ दिए। यहोशूले साँझ नभएसम्म तिनीहरूलाई रूखमै झुण्डिएर राखे। २७सूर्यास्तको समयमा यहोशूले उसका मानिसहरूलाई रूखहरूबाट मृत शरीरहरू तल झार्ने आदेश दिए। तिनीहरूले मृत शरीरहरू त्यही गुफामा फ्याकिदिए जहाँ स्वयं राजाहरू लुकेका थिए अनि गुफालाई ठूला ढुङ्गाहरूले छोपेका थिए। ती ढुङ्गाहरू

आजसम्म त्यहीं छन्। २८त्यसदिन यहोशूले मक्केदालाई
परास्त गरे। यहोशूले त्यस शहरका राजा र प्रजा
सबैलाई मारि दिए। त्यहाँ मानिसहरू कोही जीवित
छाड़िएन। यहोशूले यरीहोका राजा प्रति जे गरेका थिए
त्यस्तै मक्कैदाका राजा प्रति गरे।

## दक्षिणी शहरहरूलाई लिएको

२९त्यसपछि यहोशू अनि इस्राएलका सबै मानिसहरूले
मक्केदाबाट यात्रा गरे। तिनीहरू लिब्ना गए अनि त्यस
शहर माथि आक्रमण गरे। ३०परमप्रभुले इस्राएलका
मानिसहरूलाई शहर अनि त्यसका राजालाई पराजित
गराइदिनु भयो। इस्राएलका मानिसहरूले त्यस शहरका
प्रत्येक मानिसहरूलाई मारे। एउटा मानिस पनि जीउँदो
रहेनन्। अनि यरीहोका राजालाई गरे जस्तै यहोशूले
त्यस राजालाई पनि गरे।

३१त्यसपछि यहोशू अनि इस्राएलका सबै मानिसहरूले
लिब्ना छाड़े अनि लाकीश तिर गए। यहोशू अनि
तिनका सेनाले त्यो शहरको चारैतिर छाउनी बसाए अनि
त्यस माथि आक्रमण गरे। ३२लाकीश शहर परास्ता
गर्न परमप्रभुले तिनीहरूलाई सहयोग गर्नु भयो। तिनीहरूले
त्यस शहरलाई दोस्रो दिनमा परास्त गरे। इस्राएलीहरूले
त्यस शहरका प्रत्येक मानिसहरूलाई मारिदिए जसरी
तिनीहरूले लिब्नामा मारेका थिए। ३३गेजेरका राजा
होराम लाकीशलाई सहायता गर्नु आए, तर यहोशूले
तिनी र तिनका सेनालाई पनि परास्त गरे। तिनीहरू
मध्ये एक जनालाई पनि जीवित छाड़िएन।

३४तब यहोशू अनि इस्राएलका समस्त सेनाहरूले
लाकीश देखि एग्लोनतर्फ यात्रा गरे। तिनीहरूले एग्लोनको
चारैतिर छाउनी बसाए अनि त्यस माथि आक्रमण गरे।
३५त्यसदिन तिनीहरूले शहरमा अधिकार गरे अनि
शहरका सबै मानिसहरूलाई मारिदिए। यो त्यस्तै कुरा
थियो जो तिनीहरूले लाकीश प्रति गरेका थिए।

३६त्यसपछि यहोशू अनि इस्राएलका सबै मानिसहरूले
एग्लोन देखि हेब्रोनको यात्रामा गए। तब तिनीहरूले
हेब्रोन माथि आक्रमण गरे। ३७तिनीहरूले हेब्रोन नजिकका
सबै स-साना शहरहरू कब्जा गरे। इस्राएलीहरूले त्यस
शहरका राजा अनि सबै मानिसहरूलाई मारिदिए।
एकजना मानिसलाई पनि जीवित राखेनन्। यो त्यस्तै
भयो जस्तो तिनीहरूले एग्लोन प्रति गरेका थिए।
तिनीहरूले शहरलाई ध्वंश पारे त्यहाँ जो थिए सबै
मारिए।

३८तब यहोशू अनि इस्राएलका सबै मानिसहरू
दबीरतिर फर्केर गए र त्यस शहरलाई आक्रमण गरे।
३९तिनीहरूले त्यो शहर, त्यसका राजा अनि दबीर
नजिकका सबै ससाना शहरहरू अधीनमा लिए। तिनीहरूले
त्यस शहरमा भएका हरेक मानिसलाई मारे। कसैलाई
पनि जीवित छाड़िएन। इस्राएलका मानिसहरूले दबीर
अनि त्यसका राजालाई त्यसै गरे जस्तो तिनीहरूले
हेब्रोन अनि त्यहाँका राजालाई गरेका थिए। यो त्यस्तै
कुरा थियो जस्तो तिनीहरूले लिब्ना अनि त्यसका
राजाप्रति गरेका थिए।

४०यसरी यहोशूले पहाड़ी देश, नेगेब, पश्चिमी
तराई, अनि पूर्वी तराईका शहरका सबै राजाहरूलाई
परास्त गरे। परमप्रभु इस्राएलका परमेश्वरले यहोशूलाई
सबै मानिसहरूलाई मारिदिनु भन्नु भएको थियो। यसर्थ
यहोशूले ती स्थानहरूमा कसैलाई पनि जीवित छाड़ेनन्।

४१यहोशूले कादेशबर्ने देखि गाजा सम्मका समस्त
शहरहरू अधिकारमा ल्याए। तिनले गोशेन देखि
(मिश्रदेशमा) गिबोन सम्मका सबै शहरहरू कब्जा गरे।
४२यहोशूले ती सबै शहरहरू अनि तिनीहरूका राजाहरूलाई
एकै चोटि अधीनमा लिए। यहोशूले यसो गरे किनभने,
परमप्रभु इस्राएलका परमेश्वरले इस्राएलका निम्ति युद्ध
गरिरहनु भएको थियो। ४३त्यसपछि यहोशू अनि इस्राएलका
सबै मानिसहरू गिलगालमा आफ्ना छाउनीमा फर्किए।

## उत्तरी शहरहरूलाई परास्त गरे

११ हासोरका राजा याबीनले जो भयो त्यस विषयमा
सबै कुरा सुने। यसर्थ तिनले अनेक राजाहरूका
सेनाहरूलाई साथ बोलाउने निश्चिय गरे। याबीनले
मादोनका राजा, योबाब शिम्रोनका राजा, आक्षापका
राजा, २अनि उत्तरका पहाड़ी देश र मरूभूमिका
राजाहरूलाई सन्देश पठाए। याबीनले किन्नरेत, नेगेव
अनि पश्चिमी तराईका राजाहरूलाई सन्देश पठाए।
याबीनले पश्चिमका नाफोत-दोरका राजालाई पनि सन्देश
पठाए। ३याबीनले त्यो सन्देश पूर्वमा पनि पश्चिममा
भएका कनानी राजाहरूलाई त्यो सन्देश पठाए। तिनले
एमोरी, हित्ती, परिज्जी अनि पहाड़ देशमा बस्ने यबूसी
मानिसहरूलाई पनि सन्देश पठाए। तिनले मिस्पा नजिकको
हेर्मोन पर्वत मुनि बस्ने हिव्वी मानिसहरूलाई पनि
सन्देश पठाए। ४यसकारण यी सबै राजाहरूका सेनाहरू
साथ आए। त्यहाँ अनेक योद्धाहरू, अनि अनेक घोड़ा
एवं रथहरू थिए। यो एक अत्यन्त विशाल सेना
खचाखच देखिन्थ्यो कि त्यहाँ समुद्रको किनारमा भएका
बालुवाका कणहरू जस्तै अनेक मानिसहरू थिए।

५ती सबै राजाहरू इस्राएलको विरूद्धमा एक साथ
जम्मा भए। तिनीहरू एक साथ आए अनि इस्राएलीसित
युद्ध गर्न मेरोम नदी छेऊमा एक साथ छाउनी लगाए।

६तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "त्यो सेनादलसित
नडरा। भोलि यही समयमा तिमीहरूले तिनीहरूका
घोड़ाहरूलाई लङ्गड़े बनाइ सकेका हुनेछौ अनि तिनीहरूका
सबै रथहरू जलाइसकेका हुनेछौ।"

७यहोशू अनि तिनका सम्पूर्ण सेनाले शत्रुलाई उदेक
बनाए। तिनीहरूले शत्रुलाई मेरोम नदीमा आक्रमण
गरे। ८परमप्रभुले तिनीहरूलाई इस्राएलको निम्ति परास्त

पारिदिनु भयो। इस्राएलका सेनाले तिनीहरूलाई मारिदिए
अनि तिनीहरूलाई महान सीदोन, मिश्रपोत मैम अनि
पूर्वमा मिस्पा बेंसी सम्म खेदे। इस्राएलका सेनाहरू
शत्रुहरूका एकजना पनि जीवित रहुञ्जेल सम्म लड़े।
९यहोशूले त्यही गरे जो परमप्रभुले तिनलाई गर्नु भन्नु
भएको थियो। यहोशूले तिनीहरूका घोड़ाका खुट्टाकाटि
दिए र तिनीहरूका रथहरू जलाइदिए।
१०त्यसपछि यहोशू फर्किर अनि हासोर शहरलाई
कब्जा गरे। यहोशूले हासोरका राजालाई मारिदिए।
हासोर ती सबै राज्यहरूका अगुवा थिए जो इस्राएल
विरूद्ध लड़े। ११इस्राएलका सेनाले त्यस शहरका
प्रत्येक मानिसलाई मारिदिए। तिनीहरूले सबै मानिसहरूलाई
पूर्णरूपले नष्ट गरिदिए। त्यहाँ कोही पनि जीवित
छाड़िएनन्। त्यसपछि तिनीहरूले शहर जलाइदिए।
१२यहोशूले यी सबै शहरहरूलाई अधीनमा लिए।
तिनले तिनीहरूका सबै राजाहरूलाई मारिदिए। यहोशूले
ती शहरहरूमा भएका हरेक चीजहरू पूर्णरूपले नष्ट
गरिदिए। तिनले परमप्रभुका दास मोशाले आज्ञा दिए
अनुसार यसो गरे। १३तर इस्राएलका सेनाहरूले
पर्वतहरूमाथि निर्माण भएका शहरहरू जलाएनन्। पर्वतमा
निर्मित शहर हासोर तिनीहरूले जलाए। यो शहर
यहोशूले जलाएको हो। १४इस्राएलका मानिसहरूले
शहरमा भेट्टाएका सबै चीजहरू आफ्नै निम्ति राखे।
तिनीहरूले सबै पशुहरू राखे जो तिनीहरूले शहरमा
पाएका थिए। तर तिनीहरूले त्यहाँका सबै मानिसहरूलाई
मारे। तिनीहरूले कुनै पनि मानिसलाई जीवित रहन
दिएनन्। १५धेरै अघि परमप्रभुले उहाँका दास मोशालाई
यसो गर्ने आज्ञा दिनु भएको थियो। तब मोशाले
यहोशूलाई यो गर्न आज्ञादिए। यहोशूले ती सबै कुराहरू
गरे जो परमप्रभुले मोशालाई भन्नु भएको थियो। कुनै
आदेशहरूमा तिनी शिथिल भएनन्।
१६यसरी यहोशूले सम्पूर्ण देशमा अधिकार गरे।
पहाड़ी देश नेगेव, गोशेनका सबै क्षेत्र, पश्चिमी
तराईका क्षेत्र, यर्दन बेंसी अनि इस्राएलका पर्वतहरू र
नजिकका सम्पूर्ण पर्वतलाई तिनले नियन्त्रणमा लिए।
१७सेइरको नजिकको हालाक पर्वत देखि हेर्मोन
पर्वतमुनिको लबानोन बेंसीको बाल-गादसम्मका सबै
भूमिमा यहोशूको अधिकारमा थियो। यहोशूले त्यस
देशका सबै राजाहरूलाई समातेर मारिदिए। १८यहोशू
ती राजाहरूको विरूद्ध धेरै वर्ष लड़े। १९देश भरिमा
एउटा शहरले मात्र इस्राएलसित शान्ति-सम्झौता गर्‍यो।
त्यो हिव्वीहरूको शहर गिबोन थियो। अरू सबै
शहरहरू युद्ध जितेर लिएका हुन। २०परमप्रभुले चाहनु
हुन्थ्यो कि ती मानिसहरूले सोचुन् कि तिनीहरू
शक्तिशाली थिए। तब तिनीहरू इस्राएलको विरूद्ध
लड़ाइँ गर्नेछन्। यस प्रकारले उहाँले तिनीहरूलाई बिना
दया नष्ट गर्न सक्नु हुनेछ। उनले तिनीहरूलाई त्यस
प्रकारले नष्ट गर्न सक्नेछन्, जुन प्रकारले परमप्रभुले
मोशालाई गर्नु भनी आज्ञा दिनु भएको थियो।
२१अनाकी मानिसहरू हेब्रोन, दबीर, अनाब, यहूदा
र इस्राएलका सारा पहाड़ी देशमा बस्थे। यहोशू
तिनीहरू विरूद्ध लड़े अनि ती सबै मानिसहरू र
तिनीहरूका शहरहरूलाई पूर्ण रूपले नष्ट गरि दिए।
२२इस्राएलमा कुनै अनाकी मानिसलाई जीवित छाड़िएन।
अनाकी मानिसहरू जसलाई जीवित छाड़िए ती गाजा,
गात अनि अश्दोदभित्र थिए। २३यहोशूले इस्राएलको
सम्पूर्ण भूमिलाई परमप्रभुले मोशालाई धेरै अघि भन्नु
भए कै तरीकामा आफ्नो अधिकारमा लिए। अनि
यहोशूले इस्राएलका कुल समूहहरूमा ती भूमिहरू
विभाजन गरे। आखिरमा, युद्ध अन्त भयो अनि त्यो
भूमिमा शान्ति कायम भयो।

### इस्राएलद्वारा परास्त गरिएका राजाहरू

१२ इस्राएलका मानिसहरूले यर्दन नदीको पूर्वतर्फका
भूमिमा अधिकार गरेका थिए। अर्नोनको बेंसी
देखि हेर्मोन पर्वतसम्म अनि यर्दनको बेंसी तर्फका पूर्व
तिरका सम्पूर्ण भूमि तिनीहरूका थिए। यो भूमि
लिनका निम्ति इस्राएलका मानिसहरूले परास्त गरेका
सबै राजाहरू यस प्रकार छन्:
२तिनीहरूले हेशबोन शहरमा बस्ने एमोरी राजा
सीहोनलाई परास्त गरे। तिनले अरोएर क्षेत्रदेखि अर्नोन
कन्दराको बीच हुँदै अनि गिलादको आधा हुँदै यब्बोक
कन्दरासम्म जुन चाहि तिनीहरूको अमोरीहरूसित सीमाना
थियो, शासन गर्थे। ३उसले यर्दन बेसीको पूर्व किन्नरेतको
झील देखि लिएर खारा समुद्र अनि बेत्यशीमोतको
दक्षिणतिर लिएर पिसगाको पहाड़हरू सम्म राज्य गर्दथे।
४तिनीहरूले बाशानका राजा ओगलाई पनि परास्त
गरे। ओग रपाई मानिसहरूबाट थिए। तिनी अस्तारोत
अनि एद्रई भूमिमा बस्थे। ५ओगले हेर्मोन पर्वत,
सलका अनि बाशानका समूर्ण क्षेत्रमा शासन गरे।
तिनको भूमिको सीमाना त्यहाँ अन्त हुन्थ्यो जहाँ गशूर
अनि माका ती मानिसहरू बस्दथे। ओगले गिलादका
आधा भूमिमा पनि शासन गरे। यो भूमि हेश्बोनका
राजा सीहोनको इलाकाको सीमानासम्म थियो।
६परमप्रभुका दास मोशा अनि इस्राएलका मानिसहरूले
यी सबै राजाहरूलाई परास्त गरे। अनि मोशाले त्यो
भूमि रूबेनका कुल समूह, गादका कुल समूह अनि
मनश्शेका आधा कुल समूहलाई दिए। मोशाले तिनीहरूलाई
त्यो भूमि तिनीहरूको आफ्नै नाउँमा गरिदिए।
७यहोशू अनि इस्राएलीहरूले यर्दन नदीको पश्चिमको
भूमिहरूका राजाहरूलाई पराजित गरे। अनि यहोशूले
यो मानिसहरूलाई दिए अनि यसलाई बाह्र कुल समूहमा
विभाजित गरिदिए। यो भूमि उत्तरमा लेबनान बेंसीको
बालगाददेखि दक्षिणमा पर्वत हालाकसम्म जुन (पूर्वतिर)

सेईर (एदोम) तिर अघि बढ़दै विस्तारित थियो। ८यसमा
पहाड़ी देश, पश्चिमी तराई, यर्दन बेंसी, पूर्वी पर्वतहरू,
मरूभूमि अनि नेगेब सम्मिलित थिए। यो भूमि त्यो
थियो जहाँ हित्ती, एमोरी, कनानी, परिज्जी, हिव्वी अनि
यबूसी मानिसहरू बस्थे। यहाँ इस्राएलका मानिसहरूले
परास्त गरेका राजाहरूको सूची छ:

| | | |
|---|---|---|
| ९ | यरीहोका राजा | १ |
| | बेतेल नजीकका ऐका राजा | १ |
| १० | यरूशलेमका राजा | १ |
| | हेब्रोनका राजा | १ |
| ११ | यमूर्तका राजा | १ |
| | लाकीशका राजा | १ |
| १२ | एग्लोनका राजा | १ |
| | गेजेरका राजा | १ |
| १३ | दबीरका राजा | १ |
| | गेदेरका राजा | १ |
| १४ | होर्माका राजा | १ |
| | आरादका राजा | १ |
| १५ | लिब्नाका राजा | १ |
| | अद्रुलामका राजा | १ |
| १६ | मक्केदाका राजा | १ |
| | बेतेलका राजा | १ |
| १७ | तप्पूहका राजा | १ |
| | हेपेरका राजा | १ |
| १८ | अपेकका राजा | १ |
| | लश्शारोनका राजा | १ |
| १९ | मादोनका राजा | १ |
| | हासोरका राजा | १ |
| २० | शिम्रोन-मोरनका राजा | १ |
| | अक्षापका राजा | १ |
| २१ | तानाकका राजा | १ |
| | मगिद्दोका राजा | १ |
| २२ | कादेशका राजा | १ |
| | कर्मेलको योक्रामका राजा | १ |
| २३ | दोर पर्वतको दोरका राजा | १ |
| | गिलगालको गोयीमका राजा | १ |
| २४ | तिर्साका राजा | १ |
| | राजाहरूको मोठ संख्या | ३१ |

## अझसम्म नलिएको भूमि

१३ जब यहोशू अत्यन्त बृद्ध भए, परमप्रभुले
तिनलाई भन्नुभयो, "यहोशू तँ बृद्ध भइसकेको
छस्, तर तैले अझ धेरै भूमि अधिकारमा ल्याउनुछ।
२त्यहाँ पलिश्तीहरू र गश्शूरीहरूको भूमि अझै बाँकी
नै छ, ३भूमि मिश्रको शिहोर नदीदेखि लिएर एक्रोनको
सम्म अनि उत्तरतिरको भूमि सम्म छ। भूमि अझै पनि
कनानी मानिसहरूद्वारा अधिकार भइरहेको छ।
पलिश्तीहरूको पाँच अगुवाहरू गाजी, अश्दोदी,
अश्कलोनी, गात अनि एक्रोनलाई नष्ट भएको छैन, न
ता अव्वी मानिसहरूलाई, ४जो दक्षिणतिर बस्छन्।
कनानीहरूको सबै भूमि (जुन चाहि सीदोनीहरूको हो)
देखि लिएर अपेक सम्म, जहाँ सम्म एमोरीहरूको
सीमानामा पर्छ। ५अनि गीबालीहरूको भूमि लबानोनको
बाल गादको पूर्वतिर देखि लिएर हेर्मोको पर्वतको मुनि
देखि लेबो-हमात प्राप्त गर्न अझै बाकी नै छ।
६"सबै सीदोनी मानिसहरू, पनि जो लबानोनको
पहाड़ी भूमिदेखि लिएर मिश्रपोत मैमसम्म बस्दनछन्। म
यी सबै मानिसहरूलाई इस्राएलीहरूका निम्ति भगाइदिनेछु।
मैले आज्ञा गरे झैँ भूमि तिनीहरूको उत्तराधिकार
अनुसार इस्राएलीहरूको बीचमा बाँड़िदेऊ। ७अब नौ
कुल समूहहरू अनि मनश्शेका आधा कुल समूहको
माझ भूमि विभाजन गर।"

## भूमि-विभाजन

८रूबेन, गाद अनि मनश्शेका अर्को आधा कुल
समूहहरूले सबै तिनीहरूका भूमि अधिनै लिइसकेका
थिए। परमप्रभुका दास मोशाले तिनीहरूलाई यर्दन नदी
पूर्वको भूमि दिए। ९तिनीहरूको भूमि आरोएर देखि
शुरू भएर अर्नोनको बेंसी अनि बेंसीको बिचमा भएको
शहर सम्म थियो। अनि त्यसमा मेदबा देखि दीबोन
सम्मको सम्पूर्ण भूमि सम्मिलित थिए। १०एमोरी
मानिसहरूका राजा सीहोनले शासन गरेका सबै शहरहरू
त्यस भूमिमा थिए। ती राजाले हेश्बोनको शहरमा
शासन गरेका थियो। त्यो भूमि त्यो क्षेत्रसम्म फैलिएको
थियो जहाँ एमोरी मानिसहरू बस्थे। ११गिलाद शहर
पनि त्यस भूमिमा थियो। अनि त्यो क्षेत्र जहाँ गशूर
अनि माकाका मानिसहरू बस्थे त्यस भूमिमा थिए।
सम्पूर्ण हेर्मोन पर्वत अनि सम्पूर्ण बाशानका सलकासम्मको
क्षेत्र त्यस भूमिमा थियो। १२बाशनमा ओगको सम्पूर्ण
राज्य विगतमा जसले अश्तारोत र एद्रईहरूमा शासन,
गरेका थिए। ओग रपाई मानिसहरूको अन्तिम थिए,
मोशाले यी मानिसहरूलाई आक्रमण गरे अनि तिनीहरूको
भूमि लिए। १३इस्राएलका मानिसहरूले गेशूर अनि
माकाका मानिसहरूलाई बाहिर निक्लन बाध्य तुल्याएनन्।
ती मानिसहरू अझसम्म इस्राएलका मानिसहरू माझ
बस्छन्।
१४लेवी कुल समूह मात्र त्यो एक थियो। जसले
कुनै भूमि प्राप्त गरेन। बद्लामा लेवीका मानिसहरूले
ती सबै पशुहरू पाए जो आगोद्वारा परमप्रभु परमेश्वरलाई
अर्पण गरिएका थिए। यो त्यही थियो जो परमप्रभुले
तिनीहरूलाई भाकल गर्नु भएको थियो।
१५मोशाले प्रत्येक कुल समूहलाई रूबेनका कुल
समूहबाट केही भूमि दिएका थिए। तिनीहरूले पाएको
भूमि यो हो, १६यो भूमि अर्नोनको बेंसी नजिकको

अरोएर मेदबा शहरसम्म थियो। यसमा सम्पूर्ण समतल
भूमि अनि बेंसी माफ्कको शहर सम्मिलित थियो।
१७त्यो भूमि हेश्बोनसम्म लगातार थियो। यसमा समतल
भूमिको सबै शहरहरू सम्मिलित थियो। ती शहरहरू
दीबोन, बमोतबाल, बेतबाल्मोन, १८यहसा, कदेमोत, र
मेपात, १९कियतैम, सिब्मा, डाड़ाको बेंसी सेरेथशेहर,
२०बेतपोर, पिसगाको पाखो अनि बेत्यशीमोत थिए।
२१यसरी त्यहाँका सबै भूमिमा अनि सबै क्षेत्रमा एमोरी
मानिसहरूका राजा सीहोनले शासन गर्थे, सम्मिलित
थिए। ती राजाले हेश्बोनमा शासन गर्थे। तर मोशाले
तिनलाई अनि मिद्यानका अगुवाहरूलाई परास्त गरेका
थिए। ती अगुवाहरू एवी, रेकेम, सूर, हूर अनि रेबा
थिए। (यी सबै अगुवाहरू एक साथ सीहोन विरूद्ध
लड़ेका थिए।) यी सबै अगुवाहरू त्यस देशमा बस्थे।
२२इस्राएलका मानिसहरूले बओरका छोरा बिलामलाई
परास्त गरे। (बालामले भविष्य भन्नका निम्ति जादूको
उपयोग गर्ने कोशिश गरे।) इस्राएलका मानिसहरूले
युद्धमा धेरै मानिसहरूलाई मारे। २३जो भूमि रूबेनलाई
दिइएको थियो त्यो यर्दन नदीको किनारमा टुङ्गिएन्थ्यो।
यसर्थ रूबेनलाई दिइएको भूमिमा यी सबै शहरहरू र
सूचीमा भएका तिनीहरूका खेतहरू सम्मिलित थिए।

२४मोशाले गादका कुल समूहलाई दिएको भूमि यही
हो। मोशाले यो भूमि प्रत्येक कुल समूहलाई दिए।

२५याजेरको भूमि अनि गिलादका सम्पूर्ण शहरहरू।
तिनीहरूलाई मोशाले रब्बाको नजिकको अरोएरसम्म
अनि अम्मोनीहरूका आधाभूमि दिए। २६त्यो भूमि
हेश्बोन देखि रामत मिस्पा अनि बेतोनीम सम्मका
क्षेत्रहरू सम्मिलित थिए। त्यो भूमि महनोम देखि
दबीरको सीमानासम्म थियो। २७त्यस भूमि बेथाराम
बेंसी, बेतनिम्रा सुक्कोत, र सापोन सम्मिलित थिए।
अन्य भूमि जो सीहोन, हेश्बोनका राजाले शासन गरेका
थिए यो सबै भूमि सम्मिलित थियो। यो भूमि यर्दन
नदीको पूर्वतर्फ र गालील समुद्रको छेउसम्म थियो।
२८यी सबै भूमिहरू जो मोशाले गादका कुल समूहलाई
दिएका थिए। त्यो भूमिमा सूचीमा भएका सबै शहरहरू
सम्मिलित थिए। मोशाले त्यो भूमि प्रत्येक कुल
समूहलाई दिएका थिए।

२९मोशाले मनश्शेका आधा कुल समूहलाई दिएको
भूमि यही हो। मनश्शेको कुल समूहका सबै कुलका
आधाले यो भूमि प्राप्त गरे:

३०त्यो भूमि महनोमबाट शुरू भएको थियो। त्यो
भूमिमा सम्पूर्ण बाशान सम्मा, र बाशानका राजा
ओगले शासन गरेका सम्पूर्ण भूमि, बाशान र याईरका
सबै शहरहरू सम्मिलित थिए। त्यहाँ जम्मा साट्ठीवटा
शहरहरू थिए। ३१त्यो भूमिमा गिलादको आधा,
अश्तारोत अनि एद्रेई-ओगको राजधानीवरिपरीका शहरहरू
पनि सम्मिलित थिए। यी सबै भूमिहरू मनश्शेका छोरा
माकीरका कुललाई दिए। ती छोराहरू मध्ये आधाले यो
भूमि प्राप्त गरे।

३२मोशाले यी सबै भूमि ती कुल समूहहरूलाई
दिए, मोशाले यसो गरे जब मानिसहरू मोआबको
समतल भूमिको छाउनीमा बसेका थिए। यो यरीहोको
पूर्व यर्दन नदी पारी थियो। ३३मोशाले लेवी कुल
समूहलाई कुनै पनि भूमि दिएनन्। परमप्रभु इस्राएलका
परमेश्वरले प्रतिज्ञा गर्नु भएको छ कि उहाँ स्वयं लेवी
कुल समूहका निम्ति भेट्नु हुनेछ।

१४ पूजाहारी एलाजार, नूनका छोरा यहोशू अनि
इस्राएलका सबै कुल समूहका अगुवाहरूले
कनानमा कुन चाहि भूमि मानिसहरूलाई दिने भनि
निर्णय गरे। २परमप्रभुले धेरै अघि त्यो तरिका मोशालाई
आज्ञा गर्नु भएको थियो जुन तरिकाले उहाँ चाहनु
हुन्थ्यो, कि मानिसहरूले आफ्ना भूमि छानुन्। साढ़े नौ
कुल समूहका मानिसहरूले कुन भूमि कस-कसले
पाउने सो निर्णय गर्नका निम्ति चिट्ठा लगाए। ३मोशाले
अघिनै अढ़ाई कुल समूहलाई यर्दन नदीको पूर्व तिरको
भूमि तिनीहरूलाई दिइसकेका थिए। तर अन्य
मानिसहरूलाई दिए जस्तै लेवी कुल समूहलाई कुनै
भुमि दिइएन। ४ती बाह्र कुल समूहहरूलाई तिनीहरूकै
भूमि पाए। यूसुफका छोराहरू दुइ कुल समूहमा
विभाजन भएका थिए मनश्शे अनि एप्रैम। अनि प्रत्येक
कुल समूहले केही भूमि प्राप्त गरे। तर लेवी कुल
समूहका मानिसहरूलाई कुनै भूमि दिइएन। तिनीहरूलाई
बस्नका निम्ति केवल केही शहरहरू दिए। अनि यी
शहरहरू प्रत्येक कुल समूहका भूमिमा थिए। तिनीहरूलाई
आफ्ना पशुहरू अनि खेतहरू पनि दियो। ५परमप्रभुले
मोशाद्वारा आज्ञा गरे अनुसार इस्राएलको मानिसहरूले
भूमि विभाजित गरे।

## कालेबले आफ्नो भूमि प्राप्त गरे

६एकदिन यहूदाका कुल समूहबाट केही मानिसहरू
गिलगालमा यहोशूकहाँ गए। ती मानिसहरू मध्ये
एकजना कनज्जी-यपुन्नेका छोरा कालेब थिए। कालेबले
यहोशूलाई भने, "परमप्रभुले कादेशबर्नेमा तपाईं र मेरो
विषयमा उहाँको दास मोशालाई भन्नु भएका कुराहरू
तपाईंलाई याद छ। ७हामी जहाँ जाँदै थियौं परमप्रभुका
दास मोशाले मलाई भूमि हेर्न पठाउनुभयो। त्यस
समयमा म चालीस वर्षको थिएँ। जब म फर्के, जो
यसको बारेमा इमान्दारी साथ मैले अनुभव गरेको
थिएँ। मैले मोशालाई भने। ८ती अन्य मानिसहरू जो
मसित गएका थिए तिनीहरूले मानिसहरूलाई ती कुराहरू
भने जसले तिनीहरूलाई भयभीत तुल्याए। तर म
साँच्वी नै विश्वास गरे कि परमप्रभुले त्यो भूमि
हामीलाई दिनुहुनेछ। ९यसकारण त्यसदिन मोशाले मसित
एउटा प्रतिज्ञा गरे। तिनले भने, 'त्यो भूमि जहाँ तिमी

गयौ त्यो तिम्रो हुनेछ। तिम्रा छोरा-छोरीहरू सदाका
निम्ति त्यो भूमिको मालिक हुनेछन्। म त्यो भूमि
तिमीलाई दिनेछु। किनभने तिमीले साँच्चै नै परमप्रभु,
मेरा परमेश्वर माथि विश्वास गरेका छौ।’
१०“अहिले, परमप्रभुले भन्नु भए अनुसार पैंतालीस
वर्ष सम्म उहाँले मलाई जीवित राख्नु भएको छ। त्यस
समयमा हामी सबै मरूभूमिमा बिनाकाम घुमि-हिड्यौं।
अहिले म पचासी वर्ष पुगेँ। ११म अझै उतिकै बलियो
छु जतिबेला मोशाले मलाई बाहिर पठाएका थिएँ। म
त्यसबेला जस्तै आज पनि युद्ध गर्न सक्छु। १२यसर्थ
अब मलाई त्यो पहाड़ी देश दिनुहोस जो परमप्रभुले धेरै
अघि मलाई वचन दिनु भएको थियो। त्यससमय
तपाईंले सुन्नु भयो कि शक्तिशाली अनाकी मानिसहरू
त्यहाँ बस्थे। अनि शहरहरू अत्यन्त ठूला र सुरक्षित
थिए। तर अब, हुन सक्छ, परमप्रभु मेरो साथ हुनुहुन्छ
अनि परमप्रभुले भन्नु भए झैं त्यो भूमि म लिने छु।”
१३यहोशूले यपुन्नेका छोरा कालेबलाई आशीर्वाद
दिए। यहोशूले तिनलाई आफ्नै हुने गरी हेब्रोन शहर
दिए। १४अनि त्यो शहर अझ पनि कनिज्जी यपुन्नेका
छोरा कालेबको अधीनमा छ किनभने उसले परमप्रभु
इस्राएलका परमेश्वर प्रति विश्वास गरे अनि उहाँको
आदेश पालन गरे। १५पहिले त्यो शहरलाई कितर्यर्बा
भनिन्थ्यो। शहरको नाउँ अनाकी मानिसहरू मध्ये सबै
भन्दा महान मानिस अर्बाको नाउँमा राखिएको थियो।
त्यसपछि, त्यो भूमिमा शान्ति छायो।

## यहूदाका निम्ति भूमि

१५ त्यो भूमि जो यहूदालाई दिइएको थियो त्यो
कुल समूहका माझ विभाजन गरियो। त्यो
भूमि एदोमको सीमानासम्म अनि दक्षिणमा तेमानको
सीन मरूभूमिसम्म फैलिएको थियो। २यहूदाको भूमिको
दक्षिणी सीमाना खारा समुद्रको दक्षिण अन्त देखी शुरू
भएको थियो। ३सीमाना अक्रब्बीन छिरुवोंको दक्षिणबाट
जीन मरुभूमि तर्फ अनि माथि कादेश तिर यसको
दक्षिणतिरबाट हुँदै हेस्रोन कटेर अद्दारसम्म अनि त्यहाँबाट
कर्कासम्म गयो। ४यो सीमाना मिश्रको खोला अज्मोन
तिर बड़ेर गएको थियो। अनि त्यसपछि भूमध्य सागर
तर्फ अघि बदेको थियो। यो तिनीहरूको दक्षिणी
सीमाना हो।
५तिनीहरूको पूर्वी सीमाना खारा समुद्र किनार देखि
त्यो क्षेत्र सम्म फैलिएको थियो, जहाँ यर्दन नदी, खारा
समुद्र भित्र बहन्थ्यो। तिनीहरूको उत्तरी सीमाना त्यो
क्षेत्रबाट शुरू भएको थियो, जहाँ यर्दन नदी खारा समुद्र
भित्र प्रवेश गर्थ्यो। ६बेथोग्लमदेखि उत्तरमा बेतराबा
सम्म सीमाना फैलिएको थियो। त्यो सीमाना बोहनको
चट्टान छिचलेर गएको थियो। (बोहन, रूबेनका छोरा
थिए।) ७उत्तरी सीमाना आकोर वेशीदेखि दबीरको
उकालोसम्म छ। तब सीमाना उत्तरतर्फ सोजो गिलगाल
तिर गएको थियो। गिलगाल बाटोको अर्को पट्टि छ
जुन अदुम्मीम पर्वत भएर गएको छ। त्यो सानो
खोलाको दक्षिण पट्टि थियो। त्यो सीमाना एन्शेमेशको
खोला पछिल्तिर गएको थियो। त्यो सीमाना एन्रोगेलमा
अन्त भएको थियो। ८त्यसपछि त्यो सीमाना यबूसी
शहरको दक्षिणी छेउबाट हिन्नोम बेंसी भएर गएको
थियो। (त्यो यबूसी शहरलाई यरूशलेम भनिन्थ्यो।)
त्यस स्थानमा त्यो सीमाना हिन्नोम बेंसीको पश्चिममा
भएको पहाड़को चुचुरो तिर गएको थियो। यो रपाईं
बेंसीको उत्तरतर्फ अन्तमा थियो। ९त्यस स्थान देखि
त्यो सीमाना नेप्तोहको पानीको तलाउ तर्फ गएको
थियो। त्यस पछि त्यो सीमाना एप्रोन नजिकका शहरहरू
तिर गएको थियो। त्यस स्थानमा त्यो सीमाना घुमेर
बाला तिर गएको थियो। बालालाई किर्यत्यारी पनि
भनिन्छ। १०बालामा त्यो सीमाना पश्चिम तर्फ घुमेको
थियो। अनि सेईरको पहाड़ी देश तर्फ गएको थियो।
त्यो सीमाना यारीम पर्वत (कसालोन)को उत्तरी छेउसम्म
भएर तलतिर बेतशेमेश तिर फैलिएको थियो। त्यहाँ
देखि त्यो सीमाना तिम्नामा पार गरेर गएको थियो।
११सीमाना एक्रोनको उत्तरी पहाड़ भएर फैलिएको छ।
त्यस सीमाना बाला पर्वत पार भएर शिक्करोन तिर
सोझैं यब्नेल भएर भूमध्य सागरमा अन्त भएको
थियो। १२भूमध्य सागर यहूदको भूमिको पश्चिमी
सीमामा थियो। यसरी यहूदाको भूमि यी चार
सीमानाहरू भित्र थियो। यहूदाका कुलहरू यो
क्षेत्रमा बस्थे।
१३यहोशूले युपन्नेको छोरो कालेबलाई यहूदाको
निम्ति तोकिएको क्षेत्रभित्रको केही भूमि परमप्रभुले
भन्नु भए झैं नै दिए। तिनले अर्बा किर्यार्वाको शहर
(जसलाई हेब्रोन शहर भनिन्छ) अनाकका पिताले
तिनलाई दिए। १४कालेबले हेब्रोनमा बसेका तीन अनाकी
वंशीहरूलाई त्यो स्थान छोड़न बाध्य तुल्याए। ती
वंशहरू शेशै, अहीमन र तल्मै थिए। तिनीहरू अनाक
वंशका थिए। १५त्यसपछि कालेब दबीर निवासीहरूको
विरूद्ध अघिबढ़े (पहिला, दबीरलाई कीर्यत सेपेर पनि
भनिन्थ्यो।) १६कालेबले भने, “म कीर्यत सेपेर माथि
आक्रमण गर्न चाहन्छु। म मेरो छोरी अक्सालाई त्यस
मानिससँग दिनेछु जसले आक्रमण गरेर त्यो शहरलाई
परास्त गर्छ। म त्यस मानिसलाई मेरो छोरी विवाह गर्न
दिनेछु।”
१७ओत्निएल कालेबका भाई कनजका छोरा थिए।
ओत्निएलले त्यो शहरलाई परास्त गरे, यसकारण
कालेबले आफ्नी छोरी अक्सालाई ओत्निएलसँग विवाह
गरिदिए। १८जब अक्सा ओत्निएल कहाँ आई,
ओत्निएलले अक्सालाई भने तिम्रा बाबु कालेबसित पानी
भएको उब्जाउ भूमिको निम्ति बिन्ती गर। अक्सा

आफ्ना पिताकहाँ गइन्। जब तिनी आफ्नो गधाबाट
ओर्लिइन्, कालेबले सोधे, “तँ के चाहन्छेस्?”
१९अक्साले उत्तर दिइन्, “मलाई एउटा आशीर्वाद
दिनुहोस्। तपाईंले मलाई नेगवमा सूखा भूमि दिनुभयो।
दयागरी मलाई पानी भएको केही भूमि पनि दिनु
होस्।” यसर्थ तिनले चाहेको भूमि कालेबले दिए।
तिनले त्यो भूमिको पानीका माथिल्लो अनि तल्लो
पोखरीहरू दिए।
२०यहूदाका कुल समूहले त्यो भूमि प्राप्त गरे, जो
परमप्रभुले तिमीहरूलाई दिन्छु भनी प्रतिज्ञा गर्नु भएको
थियो। प्रत्येक कुल समूहले भूमिको अंश पाए।
२१यहूदाका कुल समूहले नेगेबको दक्षिणी अंशका सबै
शहरहरू प्राप्त गरे। यी शहरहरू एदोमको सीमाना
नजिकै थिए। यहाँ ती शहरहरूको सूची छ: कब्सेल,
एदेर, यागूर, २२कीना, दीमोना, अदादा, २३केदेश,
हासोर, यित्नान, २४जीप, तेलेम, बालोत, २५हासोरादत्ता,
किरय्योथ-हेस्रोन (हासोर), २६अमाम, शर्मा, मोलादा,
२७हसगद्दा, हेशमोन, बेत्पालेत, २८हसर्शूआल, बेर्शेबा,
बिज्योत्या, २९बाला, ईम, एसेम, ३०एल्तोलद, कसील,
होर्मा, ३१सिक्लग, मद्मन्ना, सन्सन्ना, ३२लबाओत,
शिल्हीम, ऐन अनि रिम्मोन। त्यहाँ सबजम्मा उन्तीसवटा
शहर अनि तिनका सबै खेतहरू थिए।
३३यहूदाका कुल समूहले पश्चिमी तराईमा भएका
शहरहरू पनि पाए। ती शहरहरूको सूची यहाँ छ:
एश्तोल, सारा, अश्ना, ३४जानोह, एन्गान्नीम, तपूह,
एनाम, ३५यर्मूत, अदुल्लाम, सोको, अजेका, ३६शारैम,
अदीतैम, अनि गदेरा (गदेरोतेम) त्यहाँ जम्मा चौधवटा
शहरहरू अनि तिनका सबै खेतहरू थिए।
३७यहूदाका कुल समूहलाई यी शहरहरू पनि दिइए:
सनान, हदाशा, मिग्दलाद, ३८दिलान, मिस्पे, योक्तेल,
३९लाकीश, बोस्कत, एग्लोन, ४०कोब्बन, लहमाम,
कितलीश, ४१गदेरोत, बेत्दागान, नामा अनि मक्केदा।
त्यहाँ जम्मा सोह्रवटा शहर अनि ती वरिपरिका सबै
खेतहरू थिए।
४२यहूदाका मानिसहरूले यी शहरहरू पनि पाए:
लिब्ना, एतेर, आशान, ४३यिप्ताह, अश्ना, नसीब,
४४कीला, अक्जीब अनि मारेशा। त्यहाँ जम्मा नौवटा
शहर अनि ती वरिपरिका खेतहरू थिए।
४५यहूदाका मानिसहरूले एक्रोन शहर अनि यसका
नजिकका सबै स-साना शहरहरू र ती वरिपरिका
खेतहरू पनि प्राप्त गरे। ४६तिनीहरूले एक्रोनको पश्चिमको
क्षेत्र अनि अश्दोद नजिकका सबै खेतहरू अनि
शहरहरू पनि पाए। ४७अश्दोद वरिपरिका सबै क्षेत्र
अनि स-साना शहरहरू यहूदाको भूमिका अंश थिए।
यहूदाका मानिसहरूले गाजा वरिपरिका क्षेत्र अनि
खेतहरू अनि त्यसका नजिकमा भएका शहरहरू पनि
प्राप्त गरे। तिनीहरूको भूमि मिश्रको नदीसम्म लगातार
फैलिएको थियो। अनि तिनीहरूको भूमि, भूमध्य
समुद्रको किनारा छेउ छेउ सम्म लगातार थियो।
४८यहूदाका मानिसहरूलाई पहाड़ी देशका शहरहरू
पनि प्रदान गरे। ती शहरहरूको सूची यहाँ छ: शामीर,
यत्तीर, सोको, ४९दन्ना, किर्यत्सन्ना (दबीर), ५०अनाब,
एश्तमो, अनीम, ५१गोशेन, होलोन, अनि गीलोह।
त्यहाँ जम्मा एघारवटा शहरहरू अनि ती वरिपरिका सबै
खेतहरू थिए।
५२यहूदाका मानिसहरूलाई यी शहरहरू पनि दिइए:
अरब, दुमा, एशान, ५३यानूर्म, बेत्तप्पूह, अपेका,
५४हुम्ता, किर्यतर्बा (हेब्रोन) अनि सीओर। त्यहाँ नौवटा
शहरहरू र ती वरिपरिका सबै खेतहरू थिए।
५५यहूदाका मानिसहरूलाई यी शहरहरू पनि दिइए:
माओन, कर्मेल, जीप, यूता, ५६यिज्रेल, योक्दाम,
जानोह, ५७कैन, गिबा अनि तिम्ना। त्यहाँ जम्मा
दशवोटा शहरहरू अनि ती वरिपरिका खेतहरू थिए।
५८यहूदाका मानिसहरूलाई यी शहरहरू पनि प्रदान
गरिए: हल्हूल, बेत्सर, गदोर, ५९मारात, बेतनोत,
एल्तकोन। सबजम्मा त्यहाँ छवटा शहरहरू अनि ती
वरिपरिका सबै खेतहरू थिए।
६०यहूदाका मानिसहरूलाई रब्बा अनि किर्यतबाल
जोकिर्यत्यारीम यी दुइ शहरहरू पनि दिइए।
६१यहूदाका मानिसहरूलाई मरूभूमिमा भएका शहरहरू
पनि दिइए। यहाँ ती शहरहरूको सूचीछ: बेतराबा,
मिद्दीन, सकाका, ६२निब्शान, नूनको शहर अनि
एनगदी। त्यहाँ सबजम्मा छवटा शहरहरू अनि ती
वरिपरिका सबै खेतहरू थिए।
६३यहूदाका सेना यरूशलेममा बसेका यबूसी
मानिसहरूलाई बाहिर निक्लन बाध्य तुल्याउन समर्थ
भएनन्। यसर्थ आजसम्म यरूशलेममा यहूदाका मानिसहरू
माझ यबूसी मानिसहरू बस्छन्।

### एप्रैम अनि मनश्शेका निम्ति भूमि

१६ यो त्यो भूमि हो जो यूसुफका कुलले प्राप्त
गरे। यो भूमि यरीहो नजिकै यर्दन नदीबाट
शुरू भएर यरीहोको जल क्षेत्रसम्म लगातार फैलिएको
थियो। यो यरीहोको ठीक पूर्वमा थियो। यसको सीमाना
यरीहो देखि माथि तिर बेतेलको पहाड़ी देशसम्म
लगातार फैलिएको थिए। २त्यसपछि त्यो सीमाना बेतेल
(लाज) देखि अरकीको सीमाना अतारोत तर्फ लगातार
गएको थिए। ३तब सीमाना थल्पेतीको सीमानासम्म
पश्चिमतिर गयो। त्यो सीमाना निम्न बेथोरोन तर्फ
गएको थिए। त्यसपछि त्यो सीमाना गेजेर तर्फ गएर
भूमध्य समुद्र तिर फैलिएको थियो।
४यसरी मनश्शे अनि एप्रैमका मानिसहरूले आफ्ना
भूमिप्राप्त गरे। मनश्शे अनि एप्रैम यूसुफका छोराहरू
थिए।

५एप्रैमका मानिसहरूलाई दिइएको भूमि यो हो:
तिनीहरूको पूर्वी सीमाना अत्रोतद्दार, उच्च बेथोरोनको
नजिकैबाट शुरू भएको थियो। ६अनि पश्चिमी सीमाना
मिक्मतातबाट शुरू भएको थियो। त्यो सीमाना पूर्वतिर
तानत्शीलो तर्फ घुमेर पूर्वतिर यानोहसम्म लगातार
गएको थियो। ७त्यसपछि त्यो सीमाना यानोह देखि
तलतिर अतारोत अनि नारासम्म गएको थियो। त्यो
सीमाना यरीहोलाई नछोए सम्म लगातार गएर यर्दन
नदीमा समाप्त भएको थिए। ८त्यो सीमाना तप्पूह देखि
पश्चिम तिर कानाको बेसी तर्फ गएर समुद्रमा समाप्त
भएको थियो। यो सबै भूमिहरू एप्रैमका मानिसहरूलाई
दिइएका भूमिहुन्। त्यस कुल समूहका प्रत्येक वंशले यो
भूमिको एक अंश पाए। ९एप्रैमको सीमानाका अनेक
शहरहरू वास्तवमा मनश्शेका सीमाना भित्र थिए। तर
एप्रैमका मानिसहरूले ती शहरहरू अनि ती वरिपरिका
खेतहरू पाए। १०तर एप्रैमका मानिसहरूले कनानी
मानिसहरूलाई गेजेर शहर छाड्न बाध्य तुल्याउन समर्थ
थिएनन्। यसकारण कनानी मानिसहरू एप्रैमी मानिसहरू
माझ बस्छन्। तर कनानी मानिसहरू एप्रैमी मानिसहरूका
दास भएका छन्।

१७ तब मनश्शेका कुल समूहलाई भूमि दिइयो।
मनश्शे यूसुफका जेठा छोरा थिए। मनश्शेका
जेठा छोरा माकीर थिए, जो गिलादका पिता थिए।
माकीर एकजना महान सैनिक थिए, यसर्थ गिलाद अनि
बाशानका क्षेत्रहरू माकीरका वंशलाई दिए। २मनश्शेका
कुल समूहका अन्य वंशहरूलाई पनि भूमि दिए। ती
कुलहरू अबीएजेर, हेलेक, अस्रीएल, शेकेम, हेपेर
अनि शमीदा थिए। यी सबै मानिसहरू यूसुफका छोरा
मनश्शेका अन्य छोराहरू थिए। यी मानिसका कुलहरूले
भूमिका आफ्ना अंश प्राप्त गरे।

३सलोफाद हेपेरका छोरा थिए। हेपेर गिलादका छोरा
थिए। गिलाद माकीरका छोरा थिए अनि माकीर
मनश्शेका छोरा थिए। सलोफदका कुनै छोराहरू थिएनन्
तर तिनका पाँच जना छोरी थिए। तिनीहरूको नाउँ
महला, नोआ, होग्ला, मिल्का अनि तिर्सा थियो। ४ती
छोरीहरू एलीजार पूजाहारी, नूनका छोरा यहोशू अनि
सबै अगुवाहरूकहाँ गए। ती छोरीहरूले भने, "परमप्रभुले
मोशालाई भन्नुभयो कि उहाँले हामीलाई त्यसरी नै भूमि
दिउन् जसरी हाम्रा पुरूष नातेदारहरूलाई दिइन्छ।"
यसर्थ तिनले परमप्रभुको आज्ञा पालन गरे अनि
छोरीहरूलाई केही भूमि दिए। यसरी यी छोरीहरूले
आफ्ना काकाहरूले जस्तै आफ्नो भूमि पाए।

५यसरी मनश्शेका कुल समूहका यर्दन नदीको
पश्चिमतर्फ दशवटा क्षेत्रहरू अनि यर्दन नदीको अर्को
तर्फका गिलाद अनि बाशानका भूमिका दुइ अधिक
क्षेत्रहरू भए। ६यसरी नै मनश्शेका कुल समूहका यी
स्त्रीहरूले पनि पुरूषहरूले जस्तै भूमि प्राप्त गरे।
गिलादको भूमि बाँकी रहेका मनश्शेका सन्तानहरूलाई
दिइयो।

७मनश्शेका भूमिहरू आशेर अनि मिक्मतात माझको
क्षेत्रमा थिए। यो शकेमको नजिकै छ। यसको सीमाना
दक्षिण तर्फ एन्तप्पूहको क्षेत्रतिर गएको थियो। ८तप्पूह
विरपरिका भूमि मनश्शेका थियो, तर तप्पूह शहर
तिनको थिएन। तप्पूह शहर मनश्शेको भूमिको सीमानामा
थियो अनि यो एप्रैमका मानिसहरूको थियो। ९मनश्शेको
सीमाना दक्षिण तिर कानाको बेंसीसम्म लगातार थियो।
यो क्षेत्र मनश्शेका कुल समूहको थियो, तर शहरहरू
एप्रैमका मानिसहरूका थिए। मनश्शेको सीमाना नदीको
उत्तर तर्फ थियो अनि यो पश्चिम तर्फ भूमध्य
समुद्रसम्म फैलिएको थियो। १०दक्षिण तर्फको भूमि
एप्रैमको थियो। अनि उत्तर तर्फको भूमि मनश्शेको
थियो। भूमध्य समुद्र पश्चिमी सीमानामा थियो। त्यो
सीमानाले उत्तरमा आशेरको भूमि अनि पूर्वमा इस्साकारको
भूमिलाई छोएको थियो।

११मनश्शेका मानिसहरूको इस्साकार अनि आशेर
क्षेत्रहरूमा पनि शहरहरू पनि थिए। बेत्शान, यिवलाम
अनि वरिपरिका स-साना शहरहरू मनश्शेका कुल
समूहको थिए। मनश्शेका मानिसहरू दोर, एन्दोर,
तानाक, मिगद्दो अनि ती शहरहरू वरिपरिका स-साना
शहरहरूमा पनि बस्थे। तिनीहरू नापोतका तीन शहरहरूमा
पनि बस्थे। १२मनश्शेका मानिसहरू ती शहरहरू
परास्त गर्न समर्थ भएनन्। यसर्थ कनानी मानिसहरू
त्यहाँ बसिरहे। १३तर इस्राएलका मानिसहरू शक्तिशाली
भए। जब यस्तो भयो तब तिनीहरूले कनानका
मानिसहरूलाई आफ्ना निम्ति काम गर्न बाध्य तुल्याए।
तिनीहरूले कनानी मानिसहरूलाई त्यो भूमि छोड्न बाध्य
तुल्याएनन्।

१४यूसुफका कुल समूहले यहोशूसित बात गरे र
भने, "तपाईंले हामीलाई भूमिको एक भाग मात्र
दिनुभयो। जब हामी यति धेरै संख्यामा छौ, परमप्रभुले
ज्यादा संख्यामा आशीर्वाद दिनु भएको छ, कि सम्पूर्ण
भूमिबाट हामीलाई एक भाग मात्र दियौ?"

१५यहोशूले तिनीहरूलाई उत्तर दिए, "यदि तिमीहरूसित
अति धेरै मानिसहरू भए तब माथि पहाड़ी भूमिको
जंगलले भरिएको क्षेत्रमा जाऊ अनि त्यो भूमिको जंगल
फाँड़ेर त्यसलाई प्रयोग गर्न सक्छौ। त्यो भूमि अहिले
परिज्जी अनि रपाई मानिसहरूको हो। तर यदि एप्रैमको
पहाड़ी देश तिमीहरूका निम्ति अति सानो भए गएर त्यो
भूमि लेऊ।"

१६यूसुफका सन्तानले भने, "हाम्रो लागि पर्वतहरू
प्रशस्त भूमि हुने छैन, तर हामी ती बेंसीहरूलाई लिन
सक्तैनौ कारण बेशानको नजिकै यिर्जेब बेसीमा बस्ने र
वरिपरिका गाउँहरूमा बस्ने कनानीका रथहरू छन्
(अनि हाम्रो छैन्।)"

१७तब यहोशूले यूसुफ, एप्रैम अनि मनश्शेका
मानिसहरूलाई भने, "तर तिमीहरू त्यहाँ अति धेरै छौ।
अनि तिमीहरू अत्यन्त शक्तिशाली छौ। तिमीहरूले
भूमिको एक हिस्सा भन्दा अधिक पाउनु पर्छ।
१८तिमीहरूले पहाड़ी देश लिने छौ। त्यो एक जङ्गल
हो, तर रूखहरू काटेर त्यस स्थानलाई बस्नका निम्ति
असल तुल्याउन सक्छौ। अनि त्यो सम्पूर्ण भूमि
तिमीहरूको हुनेछ। कनानी मानिसहरूलाई त्यो भूमि
छोड्न तिमीहरूले वाध्य तुल्याउने छौ। तिनीहरू बलिया
र तिनीहरूसित शक्तिशाली हात हतियारहरू भएता पनि
तिमीहरूले तिनीहरूलाई पराजित गर्नेछौ।"

## शेष भूमिको विभाजन

१८ समस्त इस्राएली मानिसहरू शीलोमा एकसाथ
भेला भए। त्यस स्थानमा तिनीहरूले भेट-हुने
पाल लगाए। इस्राएलका मानिसहरूले त्यो देशलाई
नियन्त्रण गरे। त्यस भूमिका सम्पूर्ण शत्रुहरूलाई तिनीहरूले
परास्त गरे। २तर त्यस समय त्यहाँ अझ इस्राएलका
सात कुल समूहहरू थिए परमेश्वरले भाकल गर्नु
भएको भूमि तिनीहरूलाई अझ सम्म पनि प्राप्त भएको
थिएन।

३त्यसपछि यहोशूले इस्राएलका मानिसहरूलाई भने,
"तिमीहरूको भूमि लिन तिमीहरू किन यतिलामो पर्खन्छौ?
परमप्रभु, तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वरले त्यो
भूमि तिमीहरूलाई दिन्छु भन्नु भएको छ। ४यसर्थ
तिमीहरू प्रत्येक कुल समूहले तीन मानिसहरूलाई चुन्नु
पर्छ। म ती मानिसहरूलाई भूमिको निरक्षण गर्न
पठाउने छु। तिनीहरूले त्यो भूमिको विवरण लिनेछन
अनि तिनीहरू घर्केर मकहाँ आउनेछन्। ५तिनीहरूले
त्यो भूमिलाई सात भागमा विभाजन गर्नेछन्। यहूदा र
यूसुफका मानिसहरूले आफ्ना भूमि दक्षिणमा लिनेछन्।
६तर तिमीहरूले भूमिको विवरण दिनु पर्नेछ अनि
त्यसलाई सात भाग गर्नेछन्। मलाई मानचित्र ल्याई देऊ
अनि कुन कुलले कुन भूमि प्राप्त गर्ने सो परमप्रभु
हाम्रा परमेश्वरले निर्णय गरून्। ७लेवी मानिसहरूले
भूमिको हिस्सा पाउँदैन। तिनीहरूको हिस्सा पूजाहारीको
रूपमा परमप्रभुको सेवा गर्नु हो। गाद, रूबेन, मनश्शेका
आधा कुल समूहले तिनीहरूलाई भाकल गरिएका भूमि
पाइसकेका छन्। ती यर्दन नदीको पूर्वतर्फ छन्।
परमप्रभुका दास मोशाले त्यो भूमि तिनीहरूलाई दिइसकेका
छन्।"

८यसर्थ ती चुनिएका मानिसहरू त्यो भूमि हेर्न अनि
त्यसबारे विवरण लेख्नका निम्ति गए। यहोशूले तिनीहरूलाई
भने, "पूरा भूमिमा जाऊ अनि त्यसको विवरण लेख।
त्यसपछि म कहाँ शीलोमा आऊ। त्यस पछि म चिट्ठा
गर्नेछु अनि परमप्रभुले तिमीहरूका निम्ति भूमि विभाजन
गरून्।"

९यसर्थ मानिसहरू त्यस भूमिमा गए। मानिसहरू
सम्पूर्ण भूमिमा गए अनि यहोशूका निम्ति त्यसको
विवरण लेखे। तिनीहरू सबैले शहरहरूको सूची तयार
गरे अनि भूमिलाई सात भागमा विभाजन गरे। त्यसपछि
तिनीहरू यहोशू कहाँ शीलोमा फर्के। १०यहोशूले
शीलोमा परमप्रभुको समक्ष तिनीहरूको निम्ति चिट्ठा
गरे। यस प्रकार यहोशूले भूमि विभाजित गरे अनि
प्रत्येक कुल समूहलाई भूमिको अंश दिए।

## बिन्यामीनको निम्ति भूमि

११त्यो भूमि बिन्यामीनको कुल समूहलाई दियो जो
यहूदा अनि यूसुफका क्षेत्रहरूको माझमा थियो।
बिन्यामीनका कुल समूहका प्रत्येक वंशले आफ्नो भूमि
प्राप्त गरे। बिन्यामीनको निम्ति चुनिएको भूमि यो हो:
१२यर्दन नदीबाट उत्तरी सीमाना शुरू भएको थियो।
सीमाना यरीहको उत्तरी किनार भएर फैलिएको थियो।
त्यसपछि सीमाना पश्चिम तिर पार्वत्य देशतर्फ फैलिएको
थियो। बेतवानको पूर्वमा नपुगेसम्म सीमाना फैलिएर
गएको थियो। १३त्यसपछि सीमाना दक्षिणमा लूज
(बेतेल) तिर फैलियो। तब सीमाना अत्रोतद्दार तिर
झर्‍यो। अत्रोतद्दार तल्लो बेथोरोनको दक्षिणको पहाड़माथि
अवस्थित छ। १४बेथोरोनको दक्षिणी पहाड़मा त्यो
सीमाना दक्षिणतर्फ घुमेर पहाड़को पश्चिम तिर फैलिएको
थियो। सीमाना कियर्थबाल तर्फ फैलिएको थियो (यसलाई
किर्यत्यारीम पनि भनिन्छ।) यो शहर यहूदाका मानिसहरूको
थियो। यो पश्चिमी सीमाना थियो।

१५दक्षिण सीमाना किर्यत्यारीमको नजिकबाट शुरू
भएर नेप्तोह मुहान तर्फ गएको थियो। १६त्यसपछि
सीमाना रपाईहरूको बेंसी उत्तरमा भएको हिन्नोम छोराको
बेंसीको नजिकैको पहाड़को फेद तिर फैलिएको थियो।
सीमाना यबूसी शहरको ठीक दक्षिणमा भएको हिन्नोम
बेंसीको तर्फ झरेको थियो। त्यसपछि सीमाना एन्रोगेल
तर्फ गएको थियो। १७त्यहाँ, त्यो सीमाना उत्तरतर्फ
घुमेर एन्शेमेश तर्फ गएको थियो। सीमाना गलीलोत
तर्फ फैलिएको थियो (गलीलोत, पहाड़मा अदुम्मीम
उकालोको नजिकमा छ।) त्यो सीमाना रूबेनको छोरो
बोहनको नाउँको महान शिला तिर झरेको थियो।
१८त्यो सीमाना अराबको उत्तर तिर फैलिएको थियो र
अराबमा नै झरेको थियो। १९त्यसपछि त्यो सीमाना
बथोग्लाको उत्तर तर्फ भएर खारा समुद्रको उत्तरी
किनारमा अन्त भएको थियो। यो त्यही स्थान हो जहाँ
पुगेर यर्दन नदी समुद्रमा प्रवेश हुन्छ। त्यो दक्षिणी
सीमाना थियो।

२०यर्दन नदी पूर्वी सीमाना थियो। यसरी यो भूमि
बिन्यामीनको कुल समूहलाई प्रदान गरियो। ती सबैतिरका
सीमानाहरू थिए। २१प्रत्येक कुलले आफ्नो भूमि प्राप्त
गरे। यी तिनीहरूका शहरहरू थिए: यरीहो, बेथोग्ला,

एमेकसीस। २२बेत-अराबा, समारैम, बेतेल, २३अब्बीम, पारा, ओप्रा, २४कपरम्मोनी, ओप्नी अनि गेबा। त्यहाँ बाह्र शहरहरू अनि ती वरिपरिका खेतहरू थिए।

२५बिन्यामीनको कुल समूहले गिबोन, रामा, बेरोत, २६मिस्पा, कपीरा, मोसा, २७रेकेम, यिर्पल, तरला, २८सेला, एलेप, यबूसी शहर (अर्थात यरूशलेम), गिबत अनि किर्यत। त्यहाँ चौध शहरहरू अनि ती वरिपरिका खेतहरू थिए। बिन्यामीनका कुल समूहले यी सबै क्षेत्रहरू प्राप्त गरे।

## शिमियोनका निम्ति भूमि

**१९** तब यहोशूले शिमोन कुल समूहका सबै वंशहरूलाई तिनीहरूका भूमिका भाग प्रदान गरे। तिनीहरूले प्राप्त गरेको भूमि त्यो इलाका भित्र थिए जो यहूदाका थिए। २तिनीहरूले जो प्राप्त गरे ती यीहुन्: बेर्शेबा (शेबा पनि भनिन्छ।), मोलादा, ३हजर्शूआल, बाला, एसेम, ४एल्तोलाद, बतूल, होर्मा, ५सिकलग, बेत्मर्काबोत, हसर्सूसा, ६बेत्लबाओत अनि शारूहेन। त्यसमा तेह्र शहरहरू अनि ती वरिपरिका समस्त खेतहरू थिए।

७तिनीहरूले ऐन, रिम्मोन, एतेर, अनि आशान शहरहरू पनि प्राप्त गरे। त्यसमा चार शहरहरू अनि ती वरिपरिका सबै खेतहरू थिए। ८तिनीहरूले शहरहरू वरिपरिका बालात-बेअर सम्मका सबै खेतहरू पनि पाए। यसरी त्यो क्षेत्र थियो जो शिमोनको कुल समूहलाई प्रदान गरिएको थियो। प्रत्येक कुलले आफ्ना भूमि प्राप्त गरे। ९शिमोनको भागको भूमि यहूदाले प्राप्त गरेको इलाका भित्र थियो। यहूदाका मानिसहरूको भूमि तिनीहरूलाई चाहिएको भन्दा ज्यादा थियो। यसर्थ शिमोनका मानिसहरूले तिनीहरूको भूमिको अंश प्राप्त गरे।

## जबलूनका निम्ति भूमि

१०तेस्रो कुल समूहको आफ्ना जमीन प्राप्त गर्ने जबूलूनहरू थिए। जबूलूनका प्रत्येक कुल समूहले तिनीहरूलाई भाकल गरिएका भूमि प्राप्त गरे। जबूलूनको भूमिको सीमाना सारीदसम्म रहेको थियो। ११त्यसपछि त्यो सीमाना पश्चिम तर्फ मरलासम्म फैलिएर ठीक दब्बेशेतलाई भेट्न पुगेको थियो। त्यसपछि त्यो सीमाना योक्नाम नजिकको साँधुरो गल्छी भएर गएको थियो। १२त्यसपछि त्यो सीमाना सारीदको पूर्वबाट घुमेर किस्लोत्ताबोर सम्म पुग्यो। सीमाना दाबरत देखि फैलिएर यापी सम्म पुग्यो। १३त्यसपछि त्यो सीमाना पूर्वतिर गथेपेर अनि इथकासीन तिर फैलिएको थियो। त्यो सीमाना रिम्मोनमा अन्त भएको थियो। त्यसपछि त्यो सीमाना घुमेर नेआतर्फ गएको थियो। १४नेआदेखि त्यो सीमाना घुमेर उत्तरमा हन्नतोन अनि त्यसपछि इफथहेलको बेंसीसम्म फैलिएरको थियो। १५यो सीमाना भित्र काथाथ, नहलल, शीम्रोन, इदलाह अनि बेतलेहेम शहरहरू थिए। त्यहाँ जम्मा बाह्र शहरहरू अनि ती वरिपरिका सबै खेतहरू थिए।

१६यसरी, यी शहरहरू अनि ती वरिपरिका खेतहरू जबूलूनलाई दिए। जबूलूनका प्रत्येक कुलले भूमिका आफ्ना अंश प्राप्त गरे।

## इस्साकारका निम्ति भूमि

१७भूमिको चौथो अंश इस्साकारको कुल समूहलाई प्रदान गऱ्यो। त्यस कुल समूहका प्रत्येक वंशले भूमिको आफ्नो हिस्सा प्राप्त गरे। १८त्यस कुल समूहलाई प्रदान गरिएको भूमि यो हो: यिज्रल, कसुल्लोत, शूनेम, १९हपरैम, शीओन, अनाहारत, २०रब्बीत, किश्योन, एबेस, २१रेमेत, एन्गान्नीम, एन्हद्दा अनि बेतपसेस।

२२तिनीहरूको सीमानाले ताबोर, शहसूमा अनि बेत्शेमेशसम्म गएको थियो। त्यो सीमाना यर्दननदीमा टुङ्गिएको थियो। सब जम्मा त्यसमा सोह्र शहरहरू र ती वरिपरिका खेतहरू थिए। २३यी शहरहरू त्यो भूमिका अंश थिए जो इस्साकारको कुल समूहलाई दिएको थियो। प्रत्येक वंशले भूमिको आफ्नो भाग पाए।

## आशेरका निम्ति भूमि

२४भूमिको पाँचौं भाग आशेरको कुल समूहलाई दिइयो। त्यस कुल समूहका प्रत्येक वंशले भूमिको आफ्ना भाग पाए। २५त्यस कुल समूहलाई दिएको भूमि यो हो: हेलकत, हली, बेतेन, अक्क्षाप, २६अल्लम्मेलेक, अमाद अनि मिशाल।

यसको पश्चिमी सीमाना कर्मेल पर्वत अनि शीहोर्लिब्नातसम्म फैलिएको थियो। २७त्यसपछि सीमाना पूर्व तर्फ घुम्यो र बेत्दागोनसम्म पुगेको थियो। त्यो सीमानाले जबूलून अनि यिप्तहेलको बेंसीलाई भेट्टाएको थियो। त्यसपछि त्यो सीमाना बेतेमेक अनि नीएलको उत्तर तर्फ गएको थियो। त्यो सीमानाले काबूलको उत्तर पार गऱ्यो। २८त्यसपछि त्यो सीमाना एब्रोन, रहोब, हम्मोन अनि कानातर्फ फैलिएको थियो। त्यो सीमाना महा-सीदोन तर्फ लगातार फैलिएको थियो। २९त्यसपछि त्यो सीमाना दक्षिणमा रामा तिर फर्केको थियो। त्यो सीमाना टायरको सुदृढ़ शहर तर्फ लगातार फैलिएर गएको थियो। त्यसपछि त्यो सीमाना घुमेर होसातिर गएको थियो। त्यो सीमाना अक्जीब, ३०उम्मा, अपेक अनि रहोब नजिकको समुद्रमा टुङ्गिएको थियो।

सबजम्मा त्यसमा बाइस शहरहरू अनि ती वरिपरिका खेतहरू थिए। ३१ती शहर अनि ती वरिपरिका खेतहरू आशेरको कुल समूहलाई प्रदान गरिएका थिए। त्यस

कुल समूहका प्रत्येकले भूमिको आफ्ना-आफ्ना हिस्सा
प्राप्त गरे।

### नप्तालीका निम्ति भूमि

३२भूमिको छैटौं भाग नप्तालीको कुल समूहलाई
दिइयो। त्यस कुल समूहका प्रत्येक वंशले भूमिका
आफ्ना भाग पाए। ३३तिनीहरूको भूमिको सीमाना
सानन्नीम नजिकको विशाल बृक्षदेखि शुरूभएको थियो।
यो हेलेपको नजिकै छ। त्यसपछि त्यो सीमाना अदामीनेकेब
अनि यब्नेल भएर गएको थियो। त्यो सीमाना लक्कूम
तर्फ लगातार फैलिएर यर्दन नदीमा टुङ्गिएको थियो।
३४तब त्यो सीमाना अजमोत्ताबोर हुँदै पश्चिम तर्फ
फर्क्यो। त्यसपछि त्यो जबूलूनको दक्षिणी किनारा हुँदै
हुक्कोक पुग्यो अश्शेरको पश्चिमी किनारा अनि त्यसपट्टि
यर्दन नदीको पूर्वपछि छोयो ३५यी सीमानाहरू भित्र
केही सुदृढ़ शहरहरू थिए। ती शहरहरू सिद्दीम, सेर,
हम्मत, रक्कत, किन्नरेत, ३६अदामा, रामा, हासोर,
३७केदेश, एद्रेई, एन्हसोर, ३८यिरोन, मिग्दलेल, होरेम,
बेतनात अनि बेत्शेमेश। जम्मा त्यसमा उन्नाईस शहरहरू
अनि ती वरिपरिका सबै खेतहरू थिए।
३९यी शहरहरू अनि ती वरिपरिका खेतहरू नप्तालीका
कुल समूहलाई दिए। त्यस कुल समूहका प्रत्येकले
आफ्ना भूमि प्राप्त गरे।

### दानका निम्ति भूमि

४०त्यसपछि दान सातौ कुल समूह थियो जसलाई
भूमि दिइयो। ४१यो त्यो भूमि हो जो तिनीहरूलाई
दिएको थियो: सोरा, एश्ताओल, इशेमेस,
४२शाललबीन, अय्यालोन, इत्ला, ४३एलोन, तिम्ना,
एक्रोन, ४४एल्तके, गिब्बतनो, बालात, ४५यहूद,
बनेबरक, गत्रिमोन, ४६मेयरकोन, रकोन जोपाको अनि
नजिकका इलाका।
४७तर दानका मानिसहरूलाई आफ्नो भूमि लिनमा
कष्ट थियो। त्यहाँ शक्तिशाली शत्रुहरू थिए अनि
दानका मानिसहरूले तिनीहरूलाई सजिलैसित परास्त गर्न
सकेन। यसर्थ दानका मानिसहरू इस्राएलको उत्तरतर्फ
गए अनि लेशेमको विरूद्ध लड़े। तिनीहरूले लाएसाहलाई
परास्त गरे अनि त्यहाँ जो बस्थे तिनीहरूलाई मारे।
यसर्थ दानका मानिसहरू लेशेम शहरमा बसे। तिनीहरूले
नाउँ दानमा परिवर्त्तन गरे किनभने त्यो तिनीहरूको कुल
समूहका पिताको नाउँ थियो। ४८यी समस्त शहर अनि
ती वरिपरिका खेतहरू दानका कुल समूहलाई दिइए।
प्रत्येकले भूमिको आफ्नो भाग पाए।

### यहोशूका निम्ति भूमि

४९यसरी अगुवाहरूले भूमि विभाजन गर्ने अनि
विभिन्न कुल समूहलाई ती प्रदान गरिने कार्य पूर्ण गरे।
तिनीहरूले कार्य समाप्त गरिसके पछि इस्राएलका
समस्त मानिसहरूले नूनका छोरा यहोशूलाई पनि केही
भूमि प्रदान गर्ने निश्चय गरे। तिनलाई प्रतिज्ञा गरिएको
भूमि यो थियो। ५०तिनले यो भूमि प्राप्त गरून भनी
परमप्रभुले आज्ञा दिनु भएको थियो। यसर्थ यहोशूलाई
तिनीहरूले एप्रैमको पार्वत्य देशको तिम्नथसेरह शहर
प्रदान गरे। यो त्यही शहर थियो जो तिनलाई चाहिन्छ
भनी यहोशूले तिनीहरूलाई भनेका थिए। यसर्थ यहोशूले
त्यो शहरलाई दृढ़ तुल्याए अनि त्यहाँ बसे।
५१यसरी यी सबै भूमिहरू इस्राएलका विभिन्न कुल
समूहमा विभाजित गरिए। पूजाहारी एलाजार, नूनका
छोरा यहोशू अनि प्रत्येक कुल समूहका अगुवाहरू
भूमि विभाजन गर्न शीलोमा भेला भए। तिनीहरू
भेट-हुने पालको प्रवेशद्वारमा परमप्रभुको समक्ष भेला
भए। यसरी तिनीहरूले भूमि विभाजन पूर्ण गरे।

### शरण शहरहरू

२० तब परमप्रभुले यहोशूलाई भन्नु भयो, २"मैले
तिमीहरूलाई निर्देश दिन्। मैले मोशालाई
आज्ञा गरे भैं सुरक्षाका विशेष शहरहरू निर्माण गर्न
इस्राएलीहरूलाई भन। इस्राएलीहरूलाई शरण स्थानको
विशेष शहरहरू नियुक्त गर्नु भन। ३यदि कुनै मानिसले
अर्को मानिसलाई मार्छ, तर त्यो अन्जानमा हो अनि
उसले त्यस मानिसलाई मार्न चाहेको होइन भने उसलाई
मार्न चाहने उसका आफान्तहरूबाट लुक्नका निम्ति त्यो
शरण शहरमा जान सक्छ।
४"त्यस मानिसले जे गर्नुपर्छ त्यो यो हो। जब त्यो
भागेर ती शहरहरू मध्ये एउटामा जान्छ। त्यो त्यस
शहरको प्रवेश द्वारमा रोकिएर उभिनु पर्छ अनि मानिसहरूका
अगुवाहरूलाई भन्नु पर्छ के भएको थियो। तब
अगुवाहरूले त्यसलाई शहरमा प्रवेश गर्न दिने छन्।
त्यसलाई तिनीहरूँगै बस्न दिऊन्। ५तर त्यस मानिसलाई
खेद्दै आउने मानिस शहरमा पछ्याउँदै आउन सक्नेछ।
यदि यस्तो भयो भने शहरका अगुवाहरूले उसलाई
छोड़नु हुँदैन। तिनीहरूले त्यस मानिसको रक्षा गर्नुपर्छ
जो तिनीहरू कहाँ सुरक्षाको निम्ति आएकोछ किनभने
त्यसले एउटा मानिसलाई अन्जानमा मारेको थियो। उ
क्रोधित भएको थिएन, अनि त्यस मानिसलाई मार्ने
योजना गरेको थिएन। ६त्यो मानिसलाई त्यस शहरको
न्यायलयले त्यसको न्याय नगरे सम्म त्यस शहरमा बस्नु
पर्नेछ। अनि प्रधान पूजाहारीको मृत्यु नहुञ्जेल त्यो त्यस
शहरमा बस्नु पर्नेछ। त्यसपछि त्यो आफ्नै घर भएको
शहरमा फर्की जानसक्नेछ, जहाँबाट त्यो व्यक्ति भागेको
थियो।"
७यसर्थ इस्रएलका मानिसहरूले "शरणस्थान-शहरहरू"
घोषणा गर्नको निम्ति केही शहरहरू चुने। ती शहरहरू
थिए:

गालीलमा नप्तालीको पहाड़ी देश कादेश एप्रैमको
पहाड़ी देश शकेममा।
यहूदाको पहाड़ी देशमा किर्यतर्बा (हेब्रोन)।
८ रूबेनको भूमिको मरूभूमि इलाकाको यरीहोदेखि
यर्दन नदी पारी पूर्वको बेसेर,
गादको भूमि गिलादको रामोत, मनश्शेका भूमिमा
बाशानको गोलान।

९कुनै इस्राएली वा कुनै विदेशी तिनीहरूमाझ बस्ने
जसले अन्जानमा कसैलाई मारेका थिए, उनीहरूलाई
सुरक्षाका ती शहरहरू मध्ये एउटामा भागेर जान
दिइन्थ्यो। तब त्यो मानिस त्यहाँ सुरक्षित हुनसक्थिएन
अनि कसैद्वारा, जसले त्यसलाई खेदिरहेथ्यो, त्यसलाई
मारिदिन्थे। त्यस मानिसलाई त्यस शहरको अदालत द्वारा
जाँच गरिनेछ।

## पूजाहारीहरू अनि लेवीहरूका निम्ति भूमि

२१ लेवी कुल समूहका शासकहरू पूजाहारी
एलाजार, नूनका छोरा यहोशू अनि इस्राएलका
अन्य कुल समूहका शासकहरूसित बात गर्न गए। २यो
कुरा कनानको भूमिको शीलो शहरमा भयो। लेवी
अगुवाहरूले तिनीहरूलाई भने, "हामीहरूलाई बस्नका
निम्ति शहरहरू दिन भनी मोशाद्वारा परमप्रभुले तिमीहरूलाई
आदेश दिएका थिए। अनि उहाँले हामीलाई खेतहरू
पनि दिनु जहाँ हाम्रा पशुहरू चर्छन, भनी तपाईंलाई
आदेश दिनु भएको थियो।" ३यसर्थ इस्राएलका
मानिसहरूले परमप्रभुको यो आदेशको पालन गरे।
तिनीहरूले लेवी मानिसहरूलाई यी शहरहरू अनि
तिनीहरूका पशुहरूका निम्ति ती वरिपरिका भूमि दिए।

४कहातीको कुल, लेवीको वंश समूहका पूजाहारी
हारूनका वंशजहरू थिए। कहाती वंशका अंशलाई तेह्र
शहरहरू दिइए जो यहूदा, शिमोन अनि बिन्यामीनका
इलाका भित्र थिए।

५अन्य कहाती कुलहरूलाई दश शहरहरू दिइए जो
एप्रैम, दान अनि आधा मनश्शेका इलाका भित्र थिए।

६गेर्शोन कुलका मानिसहरूलाई तेह्र शहरहरू प्रदान
गरिए। यी शहरहरू ती इलाकामा थिए जो इस्साकार,
आशेर, नप्ताली अनि बाशानमा भएको आधा मनश्शेका
थिए।

७मरारी कुलका मानिसहरूलाई बाह्र शहरहरू दिइए।
यी बाह्र शहरहरू रूबेन, गाद अनि जबूलूनका इलाकाबाट
आएका थिए।

८यसरी इस्राएलका मानिसहरूले लेवी मानिसहरूलाई
यी शहरहरू अनि ती वरिपरिका खेतहरू दिए जसरी
परमप्रभुले मोशालाई भन्नु भएको थियो।

९यी नाउँहरू ती शहरहरूका हुन् जो यहूदा अनि
शिमोनको इलाकामा थिए। १०कहात कुलबाट शहरहरू
पहिला लेवीहरूलाई प्रदान गरियो। ११लेवीहरूलाई
तिनीहरूले दिए किर्यत-अर्बा (यो हेब्रोन हो। यसको
नाउँ अर्बानामको मानिसको नाउँबाट राखिएको थियो।
अर्बा अनाकका पिता थिए।) तिनीहरूका पशुहरूका
निम्ति पनि कहातीहरूले शहर छेऊका केही भूमि
तिनीहरूलाई दिए। १२तर किर्यतर्बा शहर वरिपरिका
खेत अनि ससाना शहरहरू यपुन्नेका छोरा कालेबका
थिए। १३यसर्थ तिनीहरूले हेब्रोन शहर हारूनका
वंशलाई दिए (हेब्रोन शरणस्थान-शहर थियो।) हारूनका
सन्तानहरूलाई तिनीहरूले लिब्ना, १४यत्तीर, एश्तमो,
१५होलोन, दबीर, १६ऐन, युत्ता अनि बेतशेमेश पनि
दिए। तिनीहरूलाई पशुहरूको निम्ति पनि ती शहरहरू
नजिकका केही भूमि तिनीहरूले दिए। तिनीहरूले ती
दुइ समूहहरूलाई नै शहरहरू दिए।

१७तिनीहरूले हारूनका सन्तानलाई शहरहरू दिए जो
बिन्यामीनका कुल समूहका थिए। यी शहरहरू गिबोन,
गेबा, १८अनातोत अनि अल्मोन थिए। तिनीहरूले यी
चार शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति यी
शहरहरू नजिकैका केही भूमि तिनीहरूलाई दिएका
दिए। १९त्यहाँ जम्मा तिनीहरूले पूजाहारीहरूलाई तेह्र
शहरहरू प्रदान गरे। (सबै पूजाहारीहरू हारूनका सन्तानहरू
थिए।) तिनीहरूले तिनीहरूका पशुहरूका निम्ति पनि
प्रत्येक शहर नजिकैका केही भूमि तिनीहरूलाई दिए।

२०कहात वंशका अन्य मानिसहरूलाई ती शहरहरू
प्रदान गरिए जो एप्रैम कुल समूहका क्षेत्रमा थिए।
तिनीहरूले यी शहरहरू पाए। २१एप्रैमको पहाड़ी देशका
शकेम शहर। (शकेम एक शरण स्थान शहर थियो।)
तिनीहरूले गेजेर, २२किब्सैम अनि बेथहोरोन पनि प्राप्त
गरे। एप्रैमले तिनीहरूलाई चार शहरहरू अनि प्रत्येक
शहर वरिपरिका केही भूमि तिनीहरूका पशुहरूका
निम्ति दिए।

२३दानको कुल समूहले तिनीहरूलाई एल्तके,
गिब्बतौन, २४अय्यालोन अनि गात-रिम्मोन दिए। दानले
तिनीहरूलाई चार शहरहरू अनि तिनीहरूका पशुहरूका
निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

२५मनश्शेको आधा कुल समूहले तिनीहरूलाई तानाक
र गत्रिम्मोन दिए। जम्मा, यो मनश्शेको आधा कुल
समूहले तिनीहरूलाई दुइ शहर अनि तिनीहरूका पशुहरूका
निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

२६कहात कुलका बाँकी मानिसहरूले जम्मा दश
शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक
शहर वरिपरिका केही भूमि पाए।

२७गेर्शोन कुल पनि लेवी कुल समूहमा थिए।
तिनीहरूले यी शहरहरू पाए:

मनश्शेका आधा कुल समूहले तिनीहरूलाई बाशानको
गोलन दिए। (गोलन शरणस्थान-शहर थियो।) मनश्शेले
तिनीहरूलाई बेश्तरा पनि दिए। यो मनश्शेको आधा
कुल समूहले जम्मा दुइ शहरहरू अनि तिनीहरूका

पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

२८इस्साकार कुलसमूहले तिनीहरूलाई किश्योन, दाबरत, २९यर्मत अनि एन्गान्नीम दिए। इस्साकारले जम्मा चार शहरहरू र तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर विरपरिका केही भूमि तिनीहरूलाई दिए।

३०आशेरका कुल समूहले तिनीहरूलाई मिशाल, अब्दोन, ३१हेल्कात, अनि रहोब दिए। जम्मा आशेरले तिनीहरूलाई चार शहरहरू र तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

३२नप्ताली कुल समूहले तिनीहरूलाई गालीलको केदेश दिए। (केदेश शरणस्थान-शहर थियो।) नप्तालीले तिनीहरूलाई हम्मोत्दर अनि कर्तान पनि दिए। नप्तालीले जम्मा तीन शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

३३गेर्शोन कुलले जम्मा तेह्र शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि पाए।

३४अन्य लेवीसमूह मरारी कुलका थिए। मरारी कुलले यी शहरहरू पाए:

जबूलूनका कुल समूहले तिनीहरूलाई योक्नाम, कर्ता, ३५दिम्ना, अनि नहलाल दिए। जबूलूनले जम्मा चार शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका केही भूमि दिए।

३६रूबेन कुल समूहले तिनीहरूलाई बेसेर, यहसा, ३७कदेमोत, अनि मेपात दिए। रूबेनले जम्मा चार शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका भूमि तिनीहरूलाई दिए।

३८गाद कुल समूहले तिनीहरूलाई गिलादको रामोत दिए। (रामोत शरणस्थन-शहर थियो।) तिनीहरूले महनैम, ३९हेस्बोन अनि याजेर पनि तिनीहरूलाई दिए। तिनीहरूलाई गादले जम्मा चार शहरहरू अनि तिनीहरूका पशुहरूका निम्ति प्रत्येक शहर वरिपरिका भूमि तिनीहरूलाई दिए।

४०यसरी, अन्तिम लेवी कुलले जम्मा बाह्र शहरहरू प्राप्त गरे।

४१यसरी लेवीहरूले जम्मा अठचालीस शहरहरू अनि आफ्ना पशुहरूका निम्ति हरेक शहर वरिपरिका केही भूमि प्राप्त गरे। यी सबै शहरहरू ती इलाकामा थिए जो अन्य कुल समूहहरूका थिए। ४२यी प्रत्येक शहरमा आफ्ना पशुहरूका निम्ति केही भूमि थियो। प्रत्येक शहरका निम्ति त्यो प्रकृत थियो।

४३यसरी परमप्रभुले प्रतिज्ञा गर्नु भयो जो उहाँले इस्राएलका मानिसहरूलाई दिनु भन्नुभएको थियो। उहाँले मानिसहरूलाई सबै भूमि दिनुभयो जो उहाँले प्रतिज्ञा गर्नु भएको थियो। मानिसहरूले भूमि लिए अनि त्यहाँ बसे। ४४अनि परमप्रभुले तिनीहरूलाई, उहाँले तिनीहरूका अगुवाहरूसित प्रतिज्ञा गर्नु भए जस्तै, आफ्नो भूमिका चारैतिर शान्ति प्रदान गर्नदिनु भयो। तिनीहरूका कुनै पनि शत्रुहरूले तिनीहरूलाई परास्त गरेनन्। परमप्रभुले इस्राएलका मानिसहरूलाई हरेक शत्रुलाई परास्त गर्न दिनुभयो। ४५परमप्रभुले हरेक प्रतिज्ञा पूर्ण गर्नुभयो जो उहाँले इस्राएलका मानिसहरू प्रति गर्नु भएको थियो। त्यहाँ कुनै पनि प्रतिज्ञाहरू बाँकी रहेनन् जसलाई पूर्ण गर्न चुक्नु भयो। प्रत्येक प्रतिज्ञा सत्य हुन आयो।

### तीन कुल समूहहरू घर जान्छन्

२२ त्यसपछि यहोशूले रूबेन, गाद अनि मनश्शे
कुल समूहहरूका सबै मानिसहरूलाई सभामा
बोलाए। २"परमप्रभुका दाश मोशाले तिमीहरूलाई दिएका
ती सबै आदेश पालन गरे अनि तिनीहरूले मेरो सबै
आदेशहरू पनि पालन गर्‍यौ। ३तिमीहरूले अरू इस्राएली
कुल समूहहरूलाई छोड़िदियौ। सबै आदेशहरू सावधानीसित
पालन गर्‍यौ जुन परमप्रभु तिनीहरूका परमेश्वरले
तिमीहरूलाई दिनुभएको थियो। ४परमप्रभु तिमीहरूका
परमेश्वरले इस्राएलका मानिसहरूलाई शान्ति प्रदान गर्ने
प्रतिज्ञा दिनुभएको थियो। र परमप्रभुले उहाँको वचन
अहिले राख्नु भयो। यसर्थ अब तिमीहरू घर जान
सक्छौ। परमप्रभुका दास मोशाले तिमीहरूलाई यर्दन
नदीको पूर्व तर्फको भूमि दिएका छन्। अब तिमीहरू
त्यस भूमिमा आफ्नो घरमा जान सक्छौ। ५तर याद
राख-त्यो नियम पालन गर्नु पर्छ जो मोशाले तिमीहरूलाई
दिएका थिए। तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरलाई प्रेम गर्नु पर्छ अनि उहाँका आज्ञाहरूको
सदा-सर्वदा पालन गर्नु पर्छ। तिमीहरूले लगातार अनुसरण
अनि लगातार उत्तम प्रकारले उहाँको सेवालाई जारिराख्नु
पर्छ।"

६तब यहोशूले तिनीहरूलाई बिदा दिए र तिनीहरू
घर फर्के। ७मोशाले मनश्शेका आधा कुल समूहलाई
बाशान भूमि दिएका थिए। यहोशूले मनश्शेका अर्को
आधा कुल समूहलाई यर्दन नदीको पश्चिम तर्फको
भूमि दिए। यहोशूले तिनीहरूलाई आशीर्वाद दिए अनि
तिनीहरूलाई घर पठाइ दिए। ८तिनले भने, "तिमीहरू
अत्यन्त धनी भएका छौ। तिमीहरूसित अनेक पशुहरू
छन्। तिमीहरूका धेरै सुन अनि चाँदी अनि बहुमूल्य
मणिहरू छन्। तिमीहरूसित धेरै सुन्दर बस्त्रहरूछन्।
तिमीहरूले तिम्रा शत्रुहरूबाट अनेक वस्तुहरू लग्यौ।
तिमीहरू घरजाऊ अनि ती वस्तु तिमीहरू माझ
विभाजन गर।"

९यसरी रूबेन, गाद अनि मनश्शेका आधा कुल
समूहहरूका मानिसहरूले इस्राएलका अन्य मानिसहरूलाई
छाड़ेर कनानको शीलोमा गए। तिनीहरूले त्यो स्थान
छोड़े अनि गिलादमा फर्के। तिनीहरू आफ्नै भूमिका
घरमा गए तिनीहरूलाई त्यो भूमि मोशाले दिएका थिए।
परमप्रभुले त्यो भूमि तिनीहरूलाई दिनु भनी मोशालाई

आज्ञा गर्नु भएको थियो। १०रूबेन, गाद अनि मनश्शेका
आधा कुलका मानिसहरू गलीलोत नामक स्थानमा
गए। यो यर्दन नदीको छेऊ कनान देश भित्र थियो।
त्यहाँ तिनीहरूले सुन्दर बेदी निर्माण गरे। ११तर
इस्राएलका अन्य मानिसहरू, जो अझसम्म शीलोमा नै
थिए, यी तीन कुल समूहले निर्माण गरेका बेदीको
विषयमा तिनीहरूले सुने त्यो बेदी गलीलोत नामक
स्थानमा कनानको सीमानामा थियो। यो यर्दन नदीको
नजीकैमा इस्राएल तर्फ थियो। १२इस्राएलका सबै
मानिसहरू यी तीन कुल समूह प्रति अत्यन्त क्रोधित
भए। तिनीहरू एकसाथ भेला भए अनि तिनीहरूको
विरूद्ध लड़ाई गर्ने निश्चय गरे।

१३यसर्थ इस्राएलीहरूले केही मानिसहरूलाई रूबेन,
गाद अनि मनश्शेका आधा कुलका मानिसहरूसित
बातचित गर्न पठाए। यी मानिसहरूका अगुवा पूजाहारी
एलाजारका छोरा पीनहास थिए। १४तिनीहरूले कुल
समूहहरूका दशजना अगुवाहरूलाई पनि त्यहाँ पठाए।
त्यस शीलोहमा भएका इस्राएली कुल समूहका प्रत्येक
परिवारबाट एक मानिस थिए।

१५यसर्थ यी एघारजना मानिसहरू गिलाद तिर गए।
तिनीहरू रूबेन, गाद अनि आधा कुल मनश्शेका
मानिसहरूसित कुरा गर्न गए। ती एघारजना मानिसहरूले
तिनीहरूलाई भने, १६"इस्राएलका समस्त मानिसहरूले
तिमीहरूलाई सोध्छन्: किन तिमीहरूले इस्राएलका
परमेश्वरको विरूद्ध यस्तो कुरा गर्‍यौ? किन तिमीहरू
परमप्रभु विरूद्ध भयौ? किन तिमीहरूले तिमीहरू स्वयंका
निम्ति एक बेदी निर्माण गर्‍यौ? तिमीहरूलाई थाहा छ
यो परमेश्वरको उपदेशको विरूद्ध हो। १७याद गर
पोरमा के भएको थियो? त्यस पापको कारणले हामी
अझ दु:ख भोगिरहे छौं। त्यो महापापको कारणले
परमेश्वरले इस्राएलका धेरै जस्तो मानिसहरूलाई साह्रै
विरामी तुल्याउनु भयो। त्यो महामारीको कारणले आज
पनि हामी दु:ख भोगी रहेका छौं। १८अनि अहिले
तिमीहरू त्यही कुरा गरिरहेछौ। तिमीहरू परमप्रभुको
विरूद्ध भइरहेछौ। के तिमीहरू परमप्रभुको अनुसरण
गर्न अस्वीकार गर्छौ? यदि तिमीहरूले जे गरिरहेछौ त्यो
रोकेनौं भने परमप्रभु इस्राएलका परमेश्वर हामी हरेक
मानिस प्रति क्रोधित हुनुहुनेछ। १९यदि तिमीहरू भूमिको
पूजा अर्चनाको निम्ति त्यति उत्तम नभए हाम्रो भूमितिर
आऊ। परमप्रभुको पाल हाम्रो भूमिमा छ। तिमीहरूले
हाम्रो केही भूमि लिन सक्नेछौ, अनि त्यहाँ बस्न सक्ने
छौ। तर परमप्रभुको विरूद्ध नगर। अर्को वेदी निर्माण
नगर। हाम्रो भेट-हुने पालमा परमप्रभु हाम्रा परमेश्वरको
वेदी छँदैछ।

२०"जेरहका छोरा आकान नाउँको मानिसलाई सम्झ।
उसले ती वस्तुहरूलाई ध्वंश गर्नुपर्छ भन्ने आज्ञालाई
पालन गर्न अस्वीकार गरे। त्यो एक मानिसले परमेश्वरको
नियम भङ्ग गरे, तर इस्राएलका समस्त मानिसहरूले
दण्ड पाए। उसको पापको कारण आकानको मृत्यु भयो
साथै अन्य धेरै मानिसहरूको पनि मृत्यु भयो।"

२१रूबेन, गाद अनि आधा मनश्शेका कुल समूहहरूका
मानिसहरूले ती एघार मानिसहरूलाई उत्तर दिए र
तिनीहरूले भने, २२"परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ,
फेरि पनि हामी भन्छौ, कि परमप्रभु हाम्रा परमेश्वर
हुनुहुन्छ। अनि हामीले किन यो काम गर्‍यौ त्यो
परमेश्वरले जान्नु हुन्छ। हामी चाहन्छौ कि तिमीहरूले
पनि यो जान्नुपर्छ। तिमीहरूले न्याय गर्न सक्छौ, हामीले
के गर्‍यौं। यदि हामीले केही गल्ती गर्‍यौ भनी
तिमीहरू विश्वास गर्छौ भने, तिमीहरूले हामीलाई मार्न
सक्छौ। २३यदि हामीले परमेश्वरको नियम भङ्ग गर्‍यौ
भने परमप्रभुलाई नै हामीलाई दण्ड दिउन् भनी याचना
गर्नुहोस्। के हामीले होमबलि, अन्नबलि अनि मेलबलिहरू
अर्पण गर्नका निम्ति यो बेदी निर्माण गरेका हौं भनी
तिमीहरू ठान्छौ? २४अहँ! हामीले त्यो कारण यसलाई
निर्माण गरेका होइनौं। हामीले यो वेदी किन निर्माण
गर्‍यौं? हामीलाई डर थियो कि भविष्यमा तिमीहरूका
मानिसहरूले हामीलाई तिमीहरूको राष्ट्रको एक भाग
हो भन्न अस्वीकार गर्नेछन तब तिमीहरूका मानिसहरूले
भन्न सक्छन् कि हामीहरू इस्राएलका परमप्रभु परमेश्वरको
आराधान गर्न सक्तैनौ। २५तिमीहरूका मानिसहरूले
भन्न सक्छन् परमेश्वरले तिमीहरू र हामी बीचको
सीमानाको निम्ति यर्दन नदी बनाउनु भयो, 'अनि ती
रूबेन र गादका मानिसहरूको इस्राएलमा केही भाग
छैन।' यसकारण तिमीहरूका छोरा-छोरीहरूले हाम्रा
छोरा-छोरीहरूलाई परमप्रभुको आराधना गर्न रोक्न
सक्नेछन्।

२६"यसर्थ हामीले यो वेदी निर्माण गर्ने निश्चय
गर्‍यौं। तर हामीले यसलाई भेटीहरू अनि बलि चढ़ाउनको
निम्ति उपयोग गर्ने योजना गरेका थिएनौं। २७हामीलाई
वेदी चाहिएको वास्तविक कारण यो हो कि हामी हाम्रा
मानिसहरूलाई तिमीहरूले सेवा गर्ने परमेश्वरलाई नै
हामीले पनि आराधना गर्छौं भनी देखाउनलाई हो। यो
वेदी, तिमीहरू अनि हामीहरूका निम्ति अनि हाम्रा
भविष्यका समस्त सन्तानहरूका निम्ति हामीले परमप्रभुको
आराधना गर्छौं, भन्ने कुराको प्रमाण हुनेछ। हामी हाम्रा
होमबलिहरू, अन्नबलिहरू अनि मेलबलिहरू परमप्रभुलाई
प्रदान गर्नेछौं। तिमीहरूका सन्तानहरूलाई हुर्काउन हामी
पनि स्वयं तिमीहरू जस्तै इस्राएलका मानिसहरू हौं
भनी जानुन भन्ने हामीले चाहेको हो। २८भविष्यमा
यदि यस्तो हुनेछ तिमीहरूका सन्तानहरूले यो भन्लान्
हामीहरू इस्राएलका होइनौ, तब हाम्रा सन्तानहरूले
भन्न सक्नेछन्, 'हेर! हामी भन्दा अघि बाँचेका हाम्रा
पिता-पुर्खाहरूले एक वेदी निर्माण गरेका छन्। त्यो वेदी
पवित्र पालमा भएको परमप्रभुको वेदी जस्तै नै छ।

हामी यो वेदीलाई बलिहरू चढ़ाउन उपयोग गर्दैनौ-यो
वेदी यसको प्रमाण हो कि हामी इस्राएलका भाग हौं।'
२९"साच्चै नै हामी परमप्रभुको विरूद्ध जान चाहँदैनौ।
उहाँको अनुसरण नगर्ने हाम्रो इच्छा छैन। हामी जान्दछौं
सत्य वेदी त्यही मात्र हो जो पवित्र पालको समक्ष छ।
त्यो वेदी परमप्रभु हाम्रा परमेश्वरको हो।"
३०पूजाहारी पनीहास अनि तिनीसित भएका अगुवाहरूले
रूबेन, गाद अनि मनश्शेका आधा कुल मानिसहरूले
भनेका यी कुराहरू सुने। यी मानिसहरूले सत्यकुरा
भन्दैछन् भनी तिनीहरू सन्तुष्ट भए। ३१यसकारण
पूजाहारी पनीहासले भने, "अब हामीलाई थाहा भयो
कि परमप्रभु हामीसंग हुनुहुन्छ। अनि हामी जान्दछौ कि
तिमीहरू उहाँको विरूद्ध गएनौं। हामी खुशी छौं कि
इस्राएलका मानिसहरू परमप्रभुद्वारा दण्डित हुने छैनन्।"
३२तब पनीहास अनि अगुवाहरू त्यस स्थान छाड़ेर
घरतर्फ गए। तिनीहरूले रूबेन अनि गादका मानिसहरूलाई
गिलाद भूमिमा छाड़े र कनान तिर फर्के अनि तिनीहरू
इस्राएलका मानिसहरू कहाँ गए के भएको थियो त्यो
भने। ३३इस्राएलका मानिसहरू पनि सन्तुष्ट भए।
तिनीहरू खुशी भए अनि परमेश्वरलाई धन्यवाद चढ़ाए।
तिनीहरूले रूबेन, गाद अनि मनश्शेका मानिसहरूको
विरूद्ध गएर लड़ाईं नगर्ने निर्णय गरे। तिनीहरूले त्यो
ठाउँ जहाँ ती मानिसहरू बस्थे ठाउँलाई ध्वंश नगर्ने
निश्चय गरे।
३४रूबेन अनि गादका मानिसहरूले त्यो वेदीलाई
एउटा नाउँ प्रदान गरे। तिनीहरूले त्यस ठाउँको नाउँ
"'साक्षी' राखे हामी त्यो विश्वास गर्छौं परमप्रभु नै
परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण गर्छौं।"

### यहोशूले मानिसहरूलाई प्रोत्साहन दिन्छन्

२३ परमप्रभुले इस्राएलीहरूलाई तिनीहरूका वरिपरि
भएका शत्रुहरूबाट शान्ति प्रदान गर्नु भयो।
परमप्रभुले इस्राएललाई सुरक्षित तुल्याउनु भयो। धेरै वर्ष
बितेर गए, अनि यहोशू अत्यन्त बृद्ध भए। २यस बेला
यहोशूले समस्त बूढ़ा अगुवाहरू, कुल नायकहरू,
न्यायकर्ताहरू, अनि इस्राएली मानिसहरूका
अधिकारीहरूको सभा राखे। यहोशूले भने, "म अत्यन्त
बृद्ध भएको छु। ३तिमीहरूले ती कुराहरू देख्यौ जो
परमप्रभुले हाम्रा शत्रुहरू प्रति गर्नु भयो। उहाँले
हामीलाई सहायता गर्न यसो गर्नुभयो। परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूको निम्ति युद्ध गर्नु भयो। ४मैले
तिमीहरूलाई भनेका कुरा सम्झ। तिमीहरूका मानिसहरूले
यर्दन नदी अनि पश्चिममा भूमध्य समुद्र माझको भूमि
प्राप्त गर्न सक्ने छौ। मैले त्यो भूमि तिमीहरूलाई दिने
वचन दिएको थिए। तर तिमीहरूले त्यसलाई अझ
अधिकारमा लिएका छैनौ। ५तर परमप्रभु तिमीहरूका
परमेश्वरले त्यहाँ बसेका मानिसहरूलाई त्यो भूमि छाड़न
वाध्य तुल्याउनु हुनेछ। तिमीहरूले त्यो भूमि
लिने छौ। परमप्रभुले त्यहाँ बस्ने मानिसहरूलाई
भूमि छोड़न वाध्य तुल्याउनु हुनेछ। परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूका निम्ति यसो गर्ने वचन
दिनु भएको छ।
६"परमप्रभुले हामीलाई आज्ञा गर्नु भएका सबै
कुराहरू पालन गर्न तिमीहरू सावधान हुनुपर्छ। मोशाको
व्यवस्थाको पुस्तकमा लेखिएका हरेक कुरा पालन
गर। त्यो नियमबाट टाढ़ा नफर्कनु। ७हाम्रो माझ अझ
पनि केही मानिसहरू बसेकाछन् जो इस्राएलका मानिस
होइनन्। ती मानिसहरूले तिनीहरूका आफ्नै देवताहरूको
पूजा गर्छन्। तिनीहरूको देवताहरूको सेवा अथवा
तिमीहरूले पूजा नगर। ८तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको अनुसरण गर्दै जानुपर्छ। बितेका समयमा
तिमीहरूले यसो गरेका थियौ अनि तिमीहरूले यसो गर्दै
जानुपर्छ। ९परमप्रभुले अनेक महान अनि शक्तिशाली
राष्ट्रहरूलाई परास्त गर्नमा सहायता प्रदान गर्नुभयो।
परमप्रभुले ती मानिसहरूलाई छोड़न वाध्य तुल्याउनु
भयो। तिमीहरूलाई परास्त गर्न कुनै राष्ट्रपनि समर्थ
भएन। १०परमप्रभुको सहयोग द्वारा इस्राएलका एक
मानिसले शत्रुहरूका हजार सैनिकलाई परास्त गर्न
सके। किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर
तिमीहरूको निम्ति लड्नु भएको थियो। परमप्रभुले यसो
गर्ने प्रतिज्ञा दिनु भएको थियो। ११यसर्थ तिमीहरूले
परमप्रभु तिम्रा परमेश्वरलाई प्रेम गरिरहनु पर्छ।
१२"परमप्रभुको अनुसरण गर्न नछोड़। ती अन्य
मानिसहरूको मित्र नबन जो इस्राएली होइनन्। तिनीहरूका
कुनै मानिसहरूसित विवाह नगर। तर यदि तिमीहरू यी
मानिसहरूका मित्र बन्यौ भने। १३परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूका शत्रुहरूलाई परास्त गर्नमा सयहोग
गर्नुहुने छैनन्। यी मानिसहरू तिमीहरूका निम्ति पासो
जस्तै हुनेछन। तिनीहरूले तिमीहरूलाई तिम्रा आखाँमा
धुँवा र धूलो परे जस्तै कष्ट दिनेछन्। अनि तिमीहरूलाई
यो उत्तम भूमि छोड़न बाध्य तुल्याउने छन। परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई यो भूमि दिनुभयो।
तर यदि तिमीहरूले यो आज्ञा पालन गरेनौं भने तर
तिमीहरूले यसलाई गुमाउन सक्छौ।
१४"अब प्राय: मेरो मृत्यु हुने समय भयो। तिमीहरू
जान्दछौ अनि साँच्चै विश्वास गर्छौं कि परमप्रभुले
तिमीहरूका निम्ति महान कार्यहरू गर्नु भएको छ।
तिमीहरूलाई थाहा छ। कि उहाँले आफ्ना कुनै पनि
प्रतिज्ञा पूर्ण गर्न चुक्नु भएन। परमप्रभुले सबै प्रतिज्ञा
पूर्ण गर्नु भयो जो उहाँले हामीसँग गर्नु भएको थियो।
१५परमप्रभु तिमीहरूका परमेश्वरले हामी प्रति गर्नु
भएको हरेक उत्तम प्रतिज्ञा सत्य भएको छ। तर त्यसरी
नै परमप्रभुले उहाँका अन्य प्रतिज्ञाहरूलाई सत्य तुल्याउनु
हुनेछ। उहाँले वचन दिनु भएको छ कि यदि तिमीहरूले

नराम्रो कुरा गर्‍यौ भने तिमीहरू माथि नराम्रा कुराहरू
घटनेछन्। उहाँले वचन दिनु भएको छ कि उहाँले
तिमीहरूलाई दिनु भएको यो उत्तम भूमिबाट निक्लन
तिनीहरूलाई उहाँले बाध्य तुल्याउनु हुनेछ। १६यदि
तिमीहरूले परमप्रभु तिमीहरूको परमेश्वरसित गरेको
करार पालन गर्न अस्वीकार गर्‍यौ भने यस्तो हुनेछ।
यदि तिमीहरूले अन्य देवताहरूको पूजा गर्‍यौ भने, यो
भूमि गुमाउने छौ। यदि तिमीहरूले यसो गर्‍यौ भने
तिमीहरू प्रति परमप्रभु अत्यन्त क्रोधित हुनुहुनेछ। तब
उहाँले तिमीहरूलाई दिनु भएको यो उत्तम भूमि तुरन्त
छोड़न बाध्य तुल्याइने छ।"

### यहोशू बिदाइ जनाउँछन्

२४ यहोशूले इस्राएलका सबै कुल समूहहरूलाई
शकेममा एकसाथ भेला हुन बोलाए। तब
उनले बूढ़ा-प्रधानहरू कुलनायकहरू, अनि इस्राएलका
अधिकारीहरू, अनि न्यायकर्त्ताहरू र शासकहरूलाई
पनि बोलाए। यी मानिसहरू परमेश्वर समक्ष उभिए।
२यहोशूले समस्त मानिसहरूलाई भने। तिनले
भने, "म तिमीहरूलाई यो भनिरहेछु जो परमप्रभु
इस्त्रएलका परमेश्वरले तिमीहरूलाई यसो भन्नु
हुन्छ:
थेरै समय अघि, तिमीहरूका पिता-पुर्खाहरू
यूफ्रेटिस नदीको पारी पट्टि बस्थे। म अब्राहाम
अनि नाहोरका पिता तेरह जस्ता मानिसहरूको
विषयमा कुरा गरिरहेछु। त्यस समयमा, ती
मानिसहरूले अन्य देवताहरूको पूजा गदर्थे। ३तर,
म परमप्रभुले तिमीहरूका पिता-पुर्खा अब्राहामलाई
भूमि बाहिर महानदीको अर्को तर्फ लगे। मैले
उसलाई कनानको भूमि भएर लगे र उसलाई
थेरै-थेरै सन्तानहरू दिए। मैले अब्राहामलाई उसको
छोराको नाउँ इसहाक दिए। ४अनि मैले इसहाकलाई
याकूब अनि एसाव नाउँका दुइ छोराहरू प्रदान
गरे। एसावलाई मैले सेइर पर्वत वरिपरिका भूमि
दिएँ। याकूब अनि उसका छोराहरू त्यहाँ बसेनन्।
तिनीहरू मिश्रको भूमिमा बस्न गए।
५तब, मैले मोशा र हारूनलाई मिश्रमा पठाएँ।
तिनीहरूले मेरा मानिसहरूलाई मिश्रदेश बाहिर
ल्याएको म चाहन्थे। मैले मिश्रका मानिसहरू
माथि अनेक भयानक घटनाहरू घटाएँ। त्यसपछि
मैले तिमीहरूका मानिसहरूलाई मिश्र बाहिर निकालेर
ल्याएँ। ६यसरी नै मैले तिमीहरूका अगुवाहरूलाई
मिश्रबाहिर ल्याएँ। तिनीहरू लाल समुद्रमा आए
अनि मिश्रका मानिसहरूले तिनीहरूलाई खेदिरहेका
थिए। त्यहाँ रथ अनि घोड़ सवारहरू थिए।
७यसकारण मानिसहरूले म परमप्रभुलाई सहायताको
निम्ति याचना गरे। अनि तिमीहरू र मिश्रका
मानिसहरू बीचमा मैले अन्धकार स्थापित गरें।
म परमप्रभुले तिनीहरूलाई समुद्र छोप्न बनाए।
मैले मिश्रका सेनालाई जे गरें त्यो त तिमीहरू
आफैले देख्यौ।
त्यसपछि, तिमीहरू लामो समयसम्म मरूभूमिमा
बस्यौ। ८तब मैले तिमीहरूलाई एमोरी मानिसहरूको
देशमा ल्याएँ। यो यर्दन नदीको पूर्वतर्फ थियो।
ती मानिसहरू तिमीहरूको विरूद्ध लड़े, तर मैले
तिनीहरूलाई परास्त गर्न तिमीहरूलाई दिए। ती
मानिसहरूलाई नष्ट गर्ने मैले शक्ति तिमीहरूलाई
प्रदान गरे। तब तिमीहरूले त्यो भूमिलाई अधिकारमा
लियौ।
९तब मोआबको राजा, सिप्पोरका छोरा बालाकले
इस्राएलका मानिसहरू विरूद्ध लड्न तयार भए।
ती राजाले बओरका छोरा बालामलाई बोलाई
पठाए। उसले बालामलाई तिमीहरूलाई श्रापदिन
लगाए। १०तर म, परमप्रभुले बालामको कुरा
सुन्न अस्वीकार गरें। यसर्थ बालामले तिमीहरूलाई
अनेक पल्ट आशीर्वाद दिए। मैले तिमीहरूलाई
बँचाएँ अनि विपत्तबाट निकालें।
११त्यसपछि तिमीहरू यर्दन नदी पारी यरीहो
शहर तर्फ गयौ। यरीहोका मानिसहरू तिमीहरू
विरूद्ध लड़े। एमोरी, परिज्जी, कनानी, हित्ती,
गिर्गाशी, हव्वी अनि यबूसी मानिसहरू पनि
तिमीहरू विरूद्ध लड़े। तर मैले तिनीहरू सबैलाई
तिमीहरूलाई परास्त गर्न दिए। १२जब तिमीहरूका
सेनाहरू अघि बढ़दै थिए मैले तिनीहरूको अघि
बच्छयूँहरूलाई पठाईदिए। ती बच्छयूँहरूले दुईजना
राजाहरूलाई छोड़न बाध्य गरयो। यसरी तिमीहरूले
आफ्ना तरवार अनि धनुको उपयोग नगरी नै त्यो
भूमि लियौ।
१३मैले त्यो भूमि तिमीहरूलाई दिएँ। त्यो
भूमिका निम्ति तिमीहरूले काम गरेनौ-त्यो मैले
तिमीहरूलाई दिएँ। तिमीहरूले ती शहरहरू निर्माण
गरेनौ- ती मैले तिमीहरूलाई दिएँ। तिमीहरूसित
दाखबारी अनि भद्राक्षेका बृक्षका बगौचाहरू छन्,
तर ती बगैचाहरूमा तिमीहरूले विरूवा लाउनु
परेन।"
१४तब यहोशूले मानिसहरूलाई भने, "तिमीहरूले
परमप्रभुका बचनहरू सुन्यौं, यसर्थ तिमीहरूले परमप्रभुको
सम्मान गर्नु पर्छ अनि साँचो भागमा उहाँको सेवा गर्नु
पर्छ। ती अपवित्र देवताहरूलाई फ्याँकि देऊ, जुन
तिमीहरूका पिता-पुर्खाहरूले मिश्रमा र यूफ्रेटिस नदीको
पारिपट्टि पूज्ने गर्थे। अब तिनीहरूले परमप्रभुलाई मात्र
आराधना गर्नु पर्छ।
१५"तर हुन सक्छ, तिमीहरू परमप्रभुको सेवा गर्न
चाहँदैनौ। कसलाई सेवा गर्छौ त्यो तिमीहरूले निर्णय

लिनु पर्नेछ। के तिमीहरू, तिमीहरूका अगुवाहरूले
यूफ्रेटिस नदीको पारिपट्टि बस्दा पूजेका झूटा देवताहरूको
सेवा गर्ने? अथवा, यो भूमिमा बस्ने एमोरी मानिसहरूका
देवताको सेवा गर्ने? तिमीहरू आफैले चुन्नु पर्छ। तर म
अनि मेरो कुलका निम्ति भन्ने के हो भने हामी
परमप्रभुका सेवा गर्ने छौं।"
१६तब मानिसहरूले उत्तर दिए, "हामीहरू परमप्रभुको
अनुशरण गर्न कहिल्यै पनि छाड़ने छैनौं। हामी अन्य
देवताहरूको सेवा कहिले पनि गर्ने छैनौं। १७हामी
जान्दछौं कि परमप्रभु नै परमेश्वर हुनुहुन्थ्यो, जसले
हाम्रा मानिसहरूलाई मिश्रबाट बाहिर निकाल्नु भयो।
त्यस देशमा हामी दास थियौं। तर परमप्रभुले हाम्रा
निम्ति त्यहाँ महान काम गर्नु भयो। उहाँले हामीलाई
त्यो देशबाट बाहिर ल्याउनु भयो, अनि अन्य भूमिहरूबाट
यात्रा गर्दा हामीलाई सुरक्षा प्रदान गर्नु भयो। १८परमप्रभुले
हामीलाई यी भूमिहरूमा बस्ने मानिसहरूलाई परास्त
गर्नमा सहयोग प्रदान गर्नु भयो। परमप्रभुले हामीलाई
जो एमोरी मानिसहरू यो देशमा बस्थे त्यहाँ अहिले
हामी छौ, परास्त गर्नमा सहायता प्रदान गर्नुभयो। यसर्थ
हामी परमप्रभुको सेवा गर्दै जानेछौं। किन? किनभने
उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ।"
१९तब यहोशूले भने, "त्यो सत्य हो। परमप्रभुको
सेवा गर्दैजान तिमीहरू सक्तैनौ। परमप्रभु परमेश्वर
पवित्र हुनुहुन्छ। अनि आफ्ना मानिसहरूले अन्य
देवताहरूको पूजा गरेको परमेश्वरले घृणा गर्नुहुन्छ।
यदि तिमीहरू त्यसरी उहाँको विरूद्ध भयौ भने परमेश्वरले
तिमीहरूलाई क्षमा गर्नु हुने छैन। २०तर तिमीहरूले
परमप्रभुलाई त्यागनेछौ अनि अन्य देवताहरूको सेवा
गर्ने छौ। परमप्रभुले तिमीहरू माथि भयानक घटनाहरू
घटाउनु हुनेछ। परमप्रभुले तिमीहरूलाई नष्ट गर्नु हुनेछ।
परमप्रभु परमेश्वर तिमीहरू प्रति भलो हुनुहुन्छ। तर
यदि तिमीहरू उहाँको विरूद्ध भयौ भने उहाँले तिमीहरूलाई
नष्ट गर्नु हुनेछ।"
२१तब मानिसहरूले यहोशूलाई भने, "अहँ! हामी
परमप्रभुको सेवा गर्नेछौं।"
२२तब यहोशूले भने, "तिमीहरू आफैलाई अनि
तिमीहरूसित भएका मानिसहरूलाई हेर। के, तिमीहरू
सब जान्दछौ अनि सहमत हुन्छौ? के तिमीहरूलाई
परमेश्वरको सेवा गर्नका निम्ति चुनिएको छौ? तिमीहरू
सबै यसका साक्षी छौ?"
मानिसहरूले उत्तर दिए, "हो, यो सत्य हो! हामी
सबैले देख्न सक्छौं कि हामीहरू परमप्रभुको सेवा
गर्नका निम्ति चुनिएका छौं।"
२३तब यहोशूले भने, "त्यसो हो भनी तिमीहरूसित
भएका झूटा देवताहरूलाई फ्याँकि देऊ र परमप्रभु
इस्राएलका परमेश्वरलाई तिमीहरूको सम्पूर्ण हृदयले
प्रेम गर।"
२४तब मानिसहरूले यहोशूलाई भने, "परमप्रभु हाम्रा
परमेश्वरको सेवा गर्नेछौं। हामी उहाँको आज्ञा पालन
गर्नेछौं।"
२५यसर्थ त्यसदिन यहोशूले मानिसहरूका निम्ति एक
करार गरे। यहोशूले त्यो करार शकेम नाउँको शहरमा
गरे। त्यहाँ तिनीहरूले अनुसरण गर्नु पर्ने नियम बन्यो।
२६यहोशूले यी कुराहरू परमेश्वरको व्यवस्थाको पुस्तकमा
लेखे। तब यहोशूले एउटा विशाल ढुङ्गा भेट्टाए। यो
ढुङ्गा त्यो करारको प्रमाण थियो। उनले त्यो ढुङ्गालाई
परमप्रभुको पवित्र पालको नजीकै भएको फलाँटको
रूख मुनि राखे।
२७त्यसपछि यहोशूले सबै मानिसहरूलाई भने, "यो
ढुङ्गाले तिमीहरूलाई आज मैले भनेका कुराहरूको
सम्झना गराउनमा सहायता गर्नेछ। जब परमप्रभु आज
हामीसित बात गरिरहनु भएको बेला यो ढुङ्गा यहाँ
थियो। यसर्थ यो ढुङ्गाले आज के भयो त्यही कुरा
तिमीहरूलाई सम्झना गर्न सहायता गर्नेछ। यो ढुङ्गा
तिमीहरूको विरूद्ध एउटा साक्षी बन्नेछ। यसले
तिमीहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरको विरूद्धमा
जान देखि रोक्नेछ।"
२८तब यहोशूले मानिसहरूलाई घर जानु भने। यसर्थ
हरेक मानिस आफ्ना भूमिमा फर्के।

## यहोशूको मृत्यु

२९त्यसपछि नूनका छोरा यहोशूको मृत्यु भयो।
यहोशू ११० वर्ष उमेरका थिए। ३०यहोशूलाई
तिम्नथसेरहमा उसको आफ्नै भूमिमा गाड़े। यो गाश
डाँड़ाको उत्तरमा भएको एप्रैमको पहाड़ी देशमा थियो।
३१इस्राएलका मानिसहरूले यहोशू जीवित रहेको
समयमा परमप्रभुको सेवा गरेका थिए। अनि यहोशूको
मृत्यु भएपछि पनि मानिसहरूले परमप्रभुको सेवा जारिराखे।
मानिसहरूले परमप्रभुको सेवा गर्दै गए। जब तिनीहरूका
अगुवाहरू जीवित थिए। यी अगुवाहरू नै थिए, जसले
ती कुराहरू देखेका थिए जो परमप्रभुले इस्राएलका
निम्ति गर्नु भएको थियो।

## यूसुफ घर आउँछन्

३२जब इस्राएलका मानिसहरूले मिश्रदेश छाड़े,
तिनीहरूले यूसुफको शरीरका हाड़हरू साथमा बोकेर
हिंड़े। यसरी मानिसहरूले यूसुफका हाड़हरूलाई शकेममा
गाड़िदिए। तिनीहरूले ती हाड़हरू त्यो भूमिमा गाड़े जो
याकूबले शकेम नाउँ गरेका मानिसका पिता हमोरका
छोराहरूकोबाट किनेका थिए। याकूबले त्यो भूमि शुद्ध
चाँदीका एकसय सिक्कामा किनेका थिए। यो भूमि
यूसुफका सन्तानको थियो। ३३हारूनका छोरा एलाजारको
पनि मृत्यु भयो अनि एप्रैमको पहाड़ी देश गिबामा गाड़े।
गिबा एलाजारका छोरा पीनहासलाई दिइएको थियो।

# व्यवस्थाको पुस्तक

### मोशा इस्राएलीहरू सँग कुरा गर्नुहुन्छ

१ जब इस्राएलीहरू यर्दन नदीको पूर्वपट्टि सूप
पारिपट्टिबाट पारान मरुभूमिमा अनि तोफेल, लाबान,
हासेरोत अनि दीसाहाब शहरहरूको बीचमा यर्दन बेंसी
थिए, त्यस समयमा मोशाले तिनीहरूलाई दिएको संदेश
यही थियो।
२सेईर पर्वत भएर होरेब पर्वतबाट कादेश बर्ने पुग्नु
मात्र एघार दिन लाग्छ। ३तर इस्राएलीहरूलाई मिश्र
देशदेखि यस ठाउँमा पुग्न चालीस वर्ष लाग्यो। मोशाले
तिनीहरूलाई चालीसौं वर्षको एघारौं महीनाको पहिलो
दिन परमप्रभुले आदेश गर्नु भएको प्रत्येक कुरा भने।
४परमप्रभुले हेशबोनमा राज्य गर्ने एमोरीहरूका राजा
सीहोन र अश्तारोतमा र एद्रेईमा बस्ने बाशानका राजा
ओगलाई जितेपछि यस्तो भएको थियो। ५यर्दन नदीको
पूर्वपट्टि मोआब देशमा परमप्रभुले दिनु भएको आज्ञाहरू
मोशाले इस्राएलका मानिसहरूलाई सुनाए। मोशाले भने,
६"होरेब पर्वतमा परमप्रभु हाम्रा परमेश्वरले हामीलाई
भन्नुभयो, 'तिमीहरू यस पर्वतमा धेरै दिनसम्म बस्यौ।
७अब पहाड़ी क्षेत्रितिर जाऊ जहाँ अमोरीहरू बस्छन्।
त्यहाँ सबै भूमिहरूको चारैतिर जाऊ। यर्दनको बेंसीमा
जाऊ, पर्वतहरूमा, तराईहरूमा, नेगेवमा, समुद्रका
किनारमा, कनान अनि लबानोन अनि यूफ्रेटिससम्म
जाऊ। ८हेर! म तिमीहरूलाई त्यो भूमि दिँदैछु, जाऊ
अनि त्यस भूमिमा बस, मैंले तिमीहरूका पिता-पुर्खा
अब्राहाम, इसहाक, अनि याकूब र तिनीहरूका भावी
सन्तानहरूलाई यो भूमि दिने प्रतिज्ञा गरेको थिएँ।'"

### मोशा अगुवाहरू छान्छन्

९मोशाले भने, "त्यस समयमा मैले भनेको थिएँ म
तिमीहरूको हेरचाह गर्नु सक्तिनँ। १०अनि भन अहिले
त परमप्रभु तिमीहरूको परमेश्वरले यति धेरैभन्दा धेरै
मानिसहरू बढ़ाउनु भयो तिमीहरू आकाशको ताराहरू
भैं भरिएका छौ। ११अहिले परमप्रभु तिमीहरूका
पिता-पुर्खाका परमेश्वर परमप्रभुले तिमीहरूलाई हजार
गुणा संख्या बेशी बनाऊन अनि प्रतिज्ञा गर्नु भए अनुसार
नै तिमीहरूलाई आशीर्वाद दिऊन। १२तर म तिमीहरूको
हेरचाह गर्न र आफै तिमीहरूका भगड़ाहरू समाधान
गर्न असमर्थ छु। १३यसकारण तिमीहरूले आफ्ना
कुलहरूबाट ज्ञान, 'विवेक तथा अनुभव भएका मानिसहरू
छान म तिनीहरूलाई तिमीहरूको अगुवा बनाउनेछु।'
१४"अनि तिमीहरूले भन्यौ, 'यसो गर्नु असल काम
हो।'
१५"यसकारण मैले तिमीहरूद्धारा चुनेका बुद्धिमान र
अनुभवी मानिसहरूलाई तिमीहरूको अगुवाहरू नियुक्त
गरेँ। यसरी मैले तिमीहरूमध्ये केहीलाई हजार जनाका
अगुवाहरू, सय जनाका अगुवाहरू, पचास जनाका
अगुवाहरू अनि दश जनाका अगुवाहरू नियुक्त गरेँ।
मैले तिमीहरूका प्रत्येक पारिवारिक समूहहरूलाई अधिकारी
नियुक्त गरेँ।
१६"त्यति बेला, मैले ती न्यायकर्त्ताहरूलाई भने,
'कुनै पनि भगड़ामा तिम्रा भाइहरूका कुरा सुन र
ठीक-ठीक न्याय गर, त्यो भगड़ा इस्राएलीहरूमाभ
होस् अथवा इस्राएली र विदेशीहरूमाभ होस्। १७जब
तिमीहरू न्यायकर्त्ता भएर निर्णय लिन्छौ तब तिमीहरूले
सोच्नु हुँदैन को महत्वपूर्ण र महत्वहीन मानिसहरू हुन्।
कसैसँग पनि डराउनु हुँदैन कारण तिमीहरूले गरेको
निर्णय परमेश्वरबाट भएको हुन्छ। तर यदि कुनै
भगड़ाको विषय तिमीहरूको निम्ति कठिन भए त्यो म
कहाँ ल्याऊ।' १८त्यही समयमा तिमीहरूले गर्नु पर्ने
सबै विषयहरू म तिमीहरूलाई भन्नेछु।

### कनानमा जासूसहरू जान्छन्

१९"तब परमप्रभु हाम्रा परमेश्वरको आज्ञा मानेर
हामीले होरेब पर्वत छाड़ी एमोरी मानिसहरूको पहाड़ी
देशको यात्रा गर्‍यौं अनि तिमीहरूले देखेको विशाल
अनि भयंकर मरुभूमि भएर कादेश बर्नेमा पुग्यौं।
२०तब मैले तिमीहरूलाई भनेँ, 'तिमीहरू अब एमोरीहरूको
पहाड़ी देशमा आइपुग्यौ। परमप्रभु हाम्रा परमेश्वरले
हामीलाई यो देश दिनु हुनेछ। २१हेर, परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूलाई त्यो देश दिनुभएको छ। तिमीहरूले
कुनै चीजको फिक्री नगर, कसैसँग नडराऊ परमप्रभु
तिमीहरूका पिता-पुर्खाका परमेश्वरले यस्तै गर्ने आदेश
दिनु भएको छ।'
२२"तर तिमीहरू सबै मकहाँ आएर भन्यौ, 'पहिले
हामी केही मानिसहरू त्यहाँ पठाऊ तिनीहरूले त्यो
भूमिको निर्कोल गर्नेछन् हामी कुन बाटो भएर कुनकुन
शहरहरू भएर त्यस भूमिमा पुग्नेछौं, त्यस विषयमा
समाचार ल्याउनेछन्।'
२३"तिमीहरूको कुरा मन पराएर मैले तिमीहरूको
प्रत्येक कुलबाट एक-एक जना गरी बाह जना मानिसहरू

छानें। २४तब ती मानिसहरू पहाड़तिर लागे अनि
एशकोलको बेंसीमा पुगेर त्यहाँ सब खोजीनिधि गरे।
२५तिनीहरू फर्केर आउँदा त्यहाँबाट हाम्रो निम्ति केही
फलहरू ल्याए अनि त्यो भूमिको विषयमा बताउँदै
परमप्रभु हाम्रा परमेश्वरले हामीलाई राम्रो भूमि दिनु
हुँदैछ भने।'

२६"तर तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको
आज्ञा अवहेलना गरी त्यो भूमि भएको ठाउँमा जान
अस्वीकार गर्‍यौ। २७तिमीहरू छाउनीमा गयौ अनि
गुनासो पोख्दै भन्यौ, 'परमप्रभुले हामीलाई घृणा गर्नुहुन्छ,
परमप्रभुले हामीलाई एमोरी मानिसहरूद्वारा नाश पार्ने
मिश्र देशबाट यहाँ ल्याउनु भयो। २८अब हामी कहाँ
जान सक्छौं? हाम्रा बारह जना जासूस दाज्यू
भाइहरूको समाचारले हामीलाई भयभीत बनाएको छ।
तिनीहरू भन्दछन् त्यस भूमिका मानिसहरू हामी भन्दा
ठूला र अग्ला छन्। आकाश जति अग्ला पर्खाल
भएका शहरहरू छन्। अनि तिनीहरूले त्यहाँ राक्षसहरू
देखे।'

२९"यसकारण मैले तिमीहरूलाई भनें, 'विरक्त नहोऊ,
ती मानिसहरूसँग नडराऊ। ३०परमप्रभु तिमीहरूको
परमेश्वर तिमीहरूकोअघि जानु हुनेछ अनि युद्ध गर्नु
हुनेछ। उहाँले मिश्रका लागि गर्नु भए जस्तै उहाँले गर्नु
हुनेछ। तिमीहरूले आफ्नो अघि गएको त्यहाँ देख्यौ।
३१तिमीहरूले देखेका छौ एकजना मानिसले आफ्नो
छोरोलाई कसरी बोकेर लान्छ त्यसरी नै परमप्रभुले
तिमीहरूलाई लानुहुन्छ। परमप्रभुले तिमीहरूलाई यस
ठाउँसम्म बचाएर ल्याउनु भएको छ।

३२"तर अझ पनि तिमीहरू परमप्रभु आफ्नो
परमेश्वरलाई विश्वास गर्दैनौ। ३३जब तिमीहरू यात्रा
गरिरहेका थियौ छाउनी कहाँ बनाउनु पर्ने निश्चय
गर्नुको निम्ति परमप्रभु तिमीहरूको अघि जानु भयो।
तिमीहरूलाई बाटो देखाउनु उहाँ राती आगोमा अनि
दिउँसो बादलमा जानु भयो।

## मानिसहरूलाई कनान जान दिइएन

३४"तिमीहरूले के भन्यौ परमप्रभुले सुन्नु भयो र
क्रोधित हुनुभयो। उहाँले प्रतिज्ञा गर्दै भन्नुभयो, ३५तिमी
दुष्ट मानिसहरू मध्ये कसैले पनि मैले तिमीहरूका
पिता-पुर्खाहरूलाई दिएको प्रतिज्ञा अनुसार त्यस असल
देशमा पस्न पाउने छैन्। ३६यपून्नेको छोरो कालेबले
मात्र त्यो देश देख्नु पाउनेछ। कालेबले टेकेको भूमि म
उसलाई र उसका सन्तानलाई दिनेछु। किन? किनभने
मैले दिएका सम्पूर्ण आज्ञाहरू उसले पालन गर्‍यो।'

३७"तिमीहरूको कारण परमप्रभु पनि मसित रिसाउनु
भएको थियो। उहाँले मलाई भन्नुभयो, 'मोशा, तिमी
पनि त्यस भूमिमा पस्न सक्तैनौ। ३८तर नूनका छोरा
तिम्रो सहायक यहोशू त्यस भूमिमा जान सक्छन् तिनलाई
उत्साह देऊ किनभने इस्राएलीहरूलाई त्यो भूमि आफ्नो
पार्न तिनी अगि बढ़नेछन्।'

३९"अनि परमप्रभुले हामीलाई भन्नुभयो, 'तिमीहरूको
बालबच्चाहरू शत्रुहरूले लिएर जानेछन् भनेर तिमीहरूले
भन्यौ तर ती नानीहरू त्यस भूमिमा जानेछन्। म ती
नानीहरूलाई दोष दिने छैन कारण तिनीहरू अहिले
अबुझ छन्, यसकारण म त्यो भूमि तिनीहरूलाई दिनेछु
अनि तिनीहरूले त्यो भूमि आफ्नो भनी लिनेछन्।
४०तर तिमीहरू लाल समुद्र पुग्ने उजाड़ भूमि तिरको
बाटो भएर जानु पर्छ!'

४१"तब तिमीहरूले भन्यौ, 'मोशा, हामीले परमप्रभु
अघि पाप गरेका छौं। तर अब हामी परमप्रभु हाम्रा
परमेश्वरले हामीलाई अघि आदेश गरे अनुसार लड़ाइँ
गर्नेछौं।' तिमीहरूले पहाड़ी देशमा आक्रमण गर्ने तयारी
शुरु गर्‍यौ अनि तिमीहरू सबैले आफ्नो हतियारहरू
भिर्‍यौ।

४२"तर परमप्रभुले मलाई भन्नुभयो, 'मानिसहरूलाई
पहाड़मा गएर लड़ाइँ नगर्नु भन किन? किनभने परमप्रभु
तिनीहरूसँग हुनु हुँदैन र शत्रुहरूले तिनीहरूलाई परास्त
गर्नेछन्।'

४३"मैले तिमीहरूलाई भने तर तिमीहरूले सुनेनौ
अनि तिमीहरूले परमप्रभुको आदेशको अवहेलना गर्‍यौ।
तिमीहरूले गर्व गरेर काम गर्‍यौ अनि पहाड़ी देशमाथि
आक्रमण गर्न गयौ। ४४तर पहाड़ी देशमा बस्ने
अमोरीहरूले तिनीहरूको विरुद्ध युद्ध गरे अनि तिनीहरूलाई
सेइरदेखि होर्मामसम्म खेदे। तिनीहरूले एउटा मौरीको
हूल झैं तिमीहरूलाई खोजीरहे। ४५तब मात्र तिमीहरूले
परमप्रभुलाई सहायता माग्यौ तर परमप्रभुले तिमीहरूको
केही सुन्नु भएन। ४६यसकारण तिमीहरू कादेशमा धेरै
समयसम्म बस्यौ।

## इस्राएलीहरू मरुभूमिमा घुमी हिंड़ें

२ "तब परमप्रभुले मलाई भन्नुभयो जस्तो हामीले
गर्‍यौं। हामी लाल समुद्र जाने बाटो भएर मरुभूमिमा
गयौँ। सेईर पर्वत छेऊसम्म जानका लागि हामीले धेरै
दिनसम्म यात्रा गर्‍यौँ। २तब परमप्रभुले मलाई भन्नुभयो,
"३यी पहाड़हरू भएर तिमीहरूले धेरै समय यात्रा गर्‍यौ।
४मानिसहरूलाई यी कुराहरू भन, तिमीहरू सेइरको
भूमिबाट जानेछौ। यो भूमि तिनीहरूका आफन्त, एसावका
सन्तानहरूको हो। तिनीहरू तिमीहरूसित डराउनेछन,
यसकारण, होशियार बस। ५तिनीहरूसित लड़ाइँ नगर।
यो भूमिबाट तिमीहरूलाई एक फुट पनि दिइने छैन
कारण यो पहाड़ी भूमि मैले एसावका मानिसहरूलाई
आफ्नो भूमि बनाउनु भनी दिएको छु। ६तिमीहरूले
एसावका मानिसहरूबाट लिएको खाद्य र पानीको दाम
तिर्नु पर्छ। ७यो विशाल मरुभूमिमा तिमीहरू हिँड़ेको
कुरो उहाँलाई थाहा छ। परमप्रभु तिमीहरूका परमेश्वर

तिमीहरूसित चालीस वर्षसम्म हुनुहुन्छ। तिमीहरूलाई
आवश्यक परेको प्रत्येक कुराहरू उहाँले दिनुभयो,
यसकारण उहाँको स्मरण गर कारण तिमीहरूले गरेको
प्रत्येक कुरोमा उहाँको आशीर्वाद छ।'
८"यसकारण सेईरमा बसोबास गर्ने हाम्रा आफन्तहरू,
एसावका मानिसहरूलाई छाड़ेर हामी गयौं। हामीले यर्दन
बेंसीबाट एलत शहर र एस्योन गेबेर जाने बाटो छाड़ेर
माआबको मरुभूमितिर जाने बाटो लाग्यौं।

### आरमा इस्राएलीहरू

९"परमप्रभुले मलाई भन्नुभयो' 'मोआबका मानिसहरूलाई
कष्ट नदेऊ तिनीहरूसित लड़ाइँ नगर, म तिमीहरूलाई
तिनीहरूको एक टुक्रा भूमि पनि दिनेछैन मैले आर
शहर लूतका सन्तानहरूलाई दिइसकेको छु।'"
१०विगतमा त्यहाँ एमीहरू बस्थे, तिनीहरूको संख्या
धेरै थियो अनि तिनीहरू अनाकीहरू झैं अग्ला अनि
बलिया मानिसहरू थिए। ११अनाकीहरू पनि रपाई
मानिसहरू कै अंश थिए तर मोआबका मानिसहरूले
तिनीहरूलाई एमीहरू भन्दथे। १२पहिले होरीहरू पनि
सेइरमा बस्थे तर एसावका मानिसहरूले तिनीहरूको
भूमि लिए। एसावका मानिसहरूले होरीहरूलाई नष्ट पारेर
तिनीहरूको भूमिमा बसे। परमप्रभुले दिएको भूमिमा
पनि इस्राएलीहरूले त्यहाँका मानिसहरूलाई त्यही गरे।
१३"परमप्रभुले मलाई भन्नुभयो, 'तिमीहरू जेरेद
खोला पारी जाऊ।' यसकारण हामी जेरेद खोला पारी
गयौं। १४जरेद बेंसीबाट कादेश बर्नेसम्म पुग्न हामीलाई
३८ वर्ष लाग्यो तब त्यस वंशका सबै युद्धका
मानिसहरू छाउनीभित्र मरे। परमप्रभुले तिनीहरूलाई
शपथ गर्नु भए झैं गरे। १५परमप्रभु तिनीहरूको
विरुद्ध तबसम्म हुनुहुन्थो जबसम्म तिनीहरू छाउनीबाट
सम्पूर्ण रूपले नष्ट भएनन्।
१६"योद्धाहरू मरेपछि, १७परमप्रभुले मलाई भन्नुभयो,
१८'आज तिमीले आरको सीमाना पार गरेर मोआब
जानैपर्छ। १९तिमीहरू अम्मोनी मानिसहरूको नजिकै
जानेछौ। तर तिनीहरूलाई कष्ट नदेऊ तिनीहरूसँग युद्ध
नगर किनभने म तिनीहरूको भूमिबाट तिमीहरूलाई
केही पनि दिने छैन, किनभने, तिनीहरू लूतका सन्तानहरू
हुन् अनि मैले तिनीहरूलाई त्यो भूमि दिएको छु।'"
२०त्यो भूमि पनि रपाईहरू कै भूमि भनेर जानिन्थ्यो।
त्यहाँ उहिले रपाई मानिसहरू बस्थे। अम्मोनीहरूले
तिनीहरूलाई 'जमजुम्मीहरू' भन्थे। २१तिनीहरू पनि
अनाकीहरू जस्तै अग्ला अनि बलिया थिए। तर
परमप्रभुले जमजुम्मीहरूलाई नष्ट पार्न अम्मोनीहरूलाई
सहायता गर्नु भयो। अम्मोनीहरूले त्यो भूमि लिए अनि
तिनीहरू अहिले त्यहाँ छन्। २२परमेश्वरले तिनीहरूलाई
एसावका मानिसहरूलाई जस्तै गर्नुभयो। विगत समयमा,
सेईरमा होरी मानिसहरू बस्थे। तर एसावका मानिसहरूले
होरीहरूलाई नष्ट गरेर अझ पनि एसावका सन्तानहरू
त्यहाँ बसेका छन्। २३कप्तोरबाट आएका केही
मानिसहरूसित पनि परमेश्वरले त्यस्तै व्यवहार गर्नुभयो।
अब्बी मानिसहरू गाजाको वरिपरिको शहरहरूमा बस्थे।
तर कप्तोरबाट केही मानिसहरू आए अनि अव्वीहरूलाई
नष्ट पारेर कप्तोरबाट आएका ती मानिसहरूले त्यो
भूमि दखल गरे अनि अहिलेसम्म तिनीहरू त्यहीँ छन्।

### अम्मोरीहरूको पराजय

२४"परमप्रभुले मलाई भन्नुभयो, 'अर्नोन खोला पारी
तर्न तयारी बस। हेर, म हेशबोनका राजा अम्मोरी
सीहोन अनि उसको देश तिमीहरूको हातमा दिँदैछु।
तिमीहरू त्यसलाई अधिकारमा ल्याउने चेष्टा शुरु गर र
तिनीहरूको विरूद्ध लड़ाइँ गरेर त्यो भूमि अधिनमा
पार। २५आज म प्रत्येक ठाउँको मानिसहरूलाई
तिमीहरूसित भयभीत हुने बनाउँछु, तिनीहरूले तिमीहरूको
विषयमा सुन्नेछन् अनि डरले काम्नेछन्।'
२६"जब हामी कदेमोत बाँझो भूमिमा थियौं, मैले
हेशबोनका राजा सीहोनलाई शान्तिको संदेश दूत मार्फत्
पठाएँ। तिनीहरूले भने, २७'हामीहरूलाई तिम्रो देश
भएर जाने अनुमति देऊ, हामीहरू सीधा अघि जाने छौ
हामीहरू बाटोमा दाहिने अथवा देब्रे फर्केन छैनौ। हामी
बाटोमा मात्र रोकिने छौ। २८हामीलाई खानु पिउनु देऊ
त्यसको दाम हामी चुकाउनेछौ। हामी तिम्रो देशको बाटो
भएर मात्र जान चाहन्छौ। २९यर्दन नदी पारिको जुन
देश परमप्रभु हाम्रा परमेश्वरले हामीलाई दिनु भएको छ,
त्यहाँ पुग्न तिम्रो देशको बाटो भएर जान देऊ। अरू
मानिसहरू सेईरमा बस्ने एसाव मानिसहरू र आरमा
बस्ने मोआबीहरूले हामीलाई तिनीहरूको देशको बाटो
भएर हिड़्नु दिए।'
३०"तर हेशबोनका राजा सीहोनले हामीलाई उसको
देशबाट जानु दिएनन्। तिमीहरूका परमप्रभु परमेश्वरले
तिनलाई कठोर बनाउनुभयो अनि आज हामीलाई थाहा
छ साँच्चै त्यस्तै भयो।
३१"परमप्रभुले मलाई भन्नुभयो, 'म तिमीहरूलाई
सीहोनका राजा र उसको देश दिँदैछु, जाऊ अनि उसको
देश लेऊ।'
३२"जाहज भन्ने ठाउँमा सीहोन राजा र तिनका
समस्त मानिसहरू हामीसित युद्ध गर्न आए। ३३तर
परमप्रभु हाम्रा परमेश्वरले तिनीहरूलाई हाम्रो हातमा
सुम्पि दिनुभयो अनि राजा सीहोन, तिनका छोराहरू र
सबै मानिसहरू पराजित भए। ३४त्यससमयमा सीहोन
राजाको सबै शहरहरू हामीले कब्जा गर्‍यौ। हामीले
त्यहाँ कुनै पुरुष, स्त्री तथा नानीहरूको जीवन छोड़ेनौ।
३५हामीले खाली गाई-वस्तु र राम्रा-राम्रा चीजहरू मात्र
ती शहरहरूबाट लियौं। ३६त्यहाँको कुनै शहर पनि
हाम्रो सामुन्ने टिक्न सकेन, हामीले अर्नोन बेंसीको

किनारको अरोर शहर अनि बेंसीबीचको अरू शहर
जित्यौं। परमप्रभुले हामीलाई अर्नोन बेंसी र गिलाद
बीचका सबै शहरहरू जिताउनु भयो। ३७तर तिमीहरू
अम्मोनी मानिसहरूको भूमि समीप पनि गएनौ, यब्बोक
नदीको किनार र पहाड़ी देशका शहरहरू पनि गएनौ र
परमप्रभु हाम्रा परमेश्वरले मनाही गर्नुभएको कुनै ठाउँसम्म
पनि गएनौ।

## बाशानका मानिसहरूसित लड़ाइँ

३ "त्यसपछि हामी बाशानपट्टि गयौं। एद्रेईमा बाशानका
राजा ओग र तिनका मानिसहरू हामीहरूसित लड़ाइँ
गर्न आए। २परमप्रभुले मलाई भन्नुभयो, 'ओगसित
नडराऊ। मैले उसलाई तिनीहरूको अघि समर्पित गराउन
निश्चय गरेको छु। हशबोनमाथि शासन गर्ने अम्मोरीका
राजा सीहोनलाई झैँ तिमीले उसलाई पराजित गर्नेछौ
अनि उसका मानिसहरू र सबै भूमि तिमीले पाउनेछौ।'
३"यसकारण परमप्रभु हाम्रा परमेश्वरले बाशानका
राजा ओगलाई पराजित गराउनु भयो। हामीले उसको
कसैलाई पनि बाँकी नराख्ने गरी परास्त पार्‍यौं। ४त्यस
समयमा ओगको अधीनका सबै शहरहरू लियौं। हामीले
ओगका ६० शहरहरू बाशान राज्यभित्रका अर्गेवका
इलाकाहरू कब्जा गर्‍यौ। ५यी सबै शहरहरूका अग्ला-
अग्ला फाटक, पर्खाल र फाटकमा पक्का ढोकाहरू
थिए। त्यहाँ पर्खाल नभएका शहरहरू पनि थिए।
६हामीले ती सब सीहोन राजाका शहरहरू झैँ ध्वंश
पार्‍यौं। त्यहाँका प्रत्येक शहर अनि त्यस शहरका
स्त्री-पुरुष अनि बाल-बच्चाहरू सबै ध्वंश पार्‍यौं। ७तर
हामीले आफ्नो लागि त्यहाँ भएका बहुमूल्य वस्तुहरू र
गाई-गोरूहरू भने सुरक्षित राख्यौं।
८"यस प्रकार हामीले अर्नोन घाटीबाट यर्दन नदीको
पूवपट्टिको भूमि अनि अमोरी राजाहरूबाट हार्मोन
पर्वतलाई लियौं। ९(हेर्मोनलाई सीदोनीहरूले सिर्योन र
एमोरीहरूले सनीर भन्छन्।) १०यसरी हामीले समतलको
सबै भूमिको र गिलादका शहरहरू सल्कादेखि एद्रेईसम्म
बसानको समस्त आफ्नो पार्‍यौं। सल्का र एदरेईहरू
ओगको बाशानका राजा, ओगका शहरहरू थिए।"
११बाशानका राजा ओग रपाई मानिसहरूमा
बाँचेकाहरूमध्ये एक जना थिए। ओगको पलङ्ग फलामको
थियो यो तेह्र फीट लामो अनि छ फीट चौड़ाको थियो।
अम्मोनीहरू बसोबास गर्ने शहर रब्बामा त्यो पलङ्ग
अझसम्म छ।

## यर्दन नदीको पूर्व भूमि

१२"यसकारण हामीले भूमि आफ्नो बनायौ अनि मैले
रूबेनी र गादी कुल समूहलाई यसको भाग दिएँ। मैले
तिनीहरूलाई अर्नोनको भूमिदेखि (जो अर्नोनको बेंसी
हो) गीलादको पहाड़ी देशसितै यसका शहरहरू तिनीहरूलाई
दिएको छु। तिनीहरूले गीलादको आधा भूमि पाएको
छन्। १३गिलादको अर्को आधा भाग र बाशानको सबै
क्षेत्र मैले मनश्शेको आधा कुल समूहलाई दिएँ।"
(बाशान ओगको राज्य थियो। यसलाई रपाईहरूको
देश पनि भनिन्थ्यो। ओगको भूमिको एउटा भागलाई
अर्गोव भनिन्थ्यो) १४मनश्शे परिवार समूहे याईरले
बाशानमा रहेको अर्गोबको सम्पूर्ण क्षेत्र गशूरी र मकाती
मानिसहरूको सीमानासम्म लियो। यसलाई याईरले उसको
नाउँ दिएका थिए आजको दिनसम्म बाशानका क्षेत्रलाई
हब्बात याईर भनेर जान्न सकिन्छ।)
१५"मैले गिलाद माकीरलाई दिएँ। १६रुबेनी र
गादका कुल समूहहरूलाई मैले गिलाद सीमानाबाट शुरु
भएको भूमि दिएँ। यो भूमि अर्नोन बेंसीबाट यब्बोक
नदीसम्म फिँजिएको छ। यब्बोक नदी अम्मोनी मानिसहरूको
सिमाना पर्छ र बेंसीको मध्यभाग एकापट्टिको सिमाना
हो। १७यर्दन नदी छेउको मरुभूमि तिनीहरूको पश्चिमी
सिमाना हो। गालिल झील यस क्षेत्रको उत्तरमा र मृत
समुद्र (खारा समुद्र) यसको दक्षिणमा पर्छ। यो पिस्गा
भीरको सतह हो। तिनीहरू पूर्वमा पर्छन।
१८"त्यस समयमा मैले ती परिवार समूहलाई यो
आज्ञा दिएँ, 'परमप्रभु तिमीहरूका परमेश्वरले यर्दन
नदीको यतापट्टि बस्नलाई भूमि दिनु भएको छ। तर
अहिले तिमीहरूका सेनाहरूले हतियार लिनुपर्छ र अरू
इस्राएलीहरूलाई नदीको अर्कोपटिसम्म लिएर जाँदै गर्नु
पर्छ। १९मैले दिएको भूमिमा तिमीहरूकी पत्नीहरू,
स-साना नानीहरू अनि तिमीहरूका गाई बस्तुहरू (म
जान्दछु तिमीहरूको गाई-वस्तुहरू धेरै छन्) बस्ने छन्।
२०तर परमप्रभुले यर्दन नदीको अर्कोपट्टि दिनु भएको
भूमि इस्राएलीहरूका आफन्तहरूले नपाएसम्म तिमीहरूलाई
सहायता गर्नु पर्छ। तिमीहरूलाई परमप्रभुले शान्ति दिए
झैँ तिनीहरूले शान्ति नपाउञ्जेल तिनीहरूलाई सहायता
गर, तब मैले दिएको भूमिमा तिमीहरू फर्केर आउन
सक्छौ।'
२१"तब मैले यहोशूलाई भने, 'तिमीले यी दुई
राजाहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरले गर्नु भएको
सबै थोक देखेका छौ। तिमीहरू पसेका सबै राज्यहरूमा
परमप्रभुले त्यस्तै गर्नु हुनेछ। २२ती देशहरूका राजाहरूसित
तिमीहरू डराउनु पर्दैन कारण परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरूको पक्षमा युद्ध गर्नुहुनेछ।'

## मोशालाई कनान जाने अनुमति दिइएन

२३"त्यसपछि मैले मेरो निम्ति विशेष केही कुरा
गरीदिनुहोस् भनी परमप्रभुलाई बिन्ती गरें। मैले भनें,
२४'हे परमप्रभु मेरो मालिक! म हजुरको दास हुँ। म
जान्दछु तपाईंले गर्न सक्ने लौकिक तथा अलौलिक
चीजहरूको केही भाग मात्र (अलिकति) मलाई देखाउनु
भएको छ। तपाईंले जुन महान् अनि शक्तिशाली

कर्महरू गर्नु भएको छ त्यस्तो गर्न न त पृथ्वीमा न
स्वर्गमा कुनै ईश्वरले गर्न सक्छन्। २५मलाई यर्दन
नदीपारि जान दिनुहोस् अनि अर्को पट्टिको असल भूमि
हेर्न दिनुहोस्। मलाई लबानोन र सुन्दर पहाड़ी देश हेर्न
दिनुहोस्।'

२६"तर तिमीहरूले गर्दा परमप्रभु मसित रिसाउनु
भयो। उहाँले मेरो कुरा सुन्नु अस्वीकार गर्नु भयो।
परमप्रभुले मलाई भन्नु भयो, 'यति नै प्रयाप्त छ, यस
विषयमा अरू कुरा नगर। २७पिस्गा पर्वतको टाकुरामा
जाऊ अनि पश्चिम, उत्तर, दक्षिण तथा पूर्वपट्टि हेर।
तिमीले त्यहाँ आफ्नै आँखाले यी सब चीजहरू हेर्न
सक्छौ तर तिमी यर्दन नदीपारि चाहिँ जान सक्दैनौ।
२८तिमीले यहोशूलाई उपदेश अवश्य देऊ। तिनलाई
तिमीले उत्साह देऊ। तिनलाई बलियो बनाऊ। भूमि
तिमीले देख्न सक्छौ तर यहोशूले मानिसहरूलाई त्यहाँ
लैजाने छन् अनि तिनीहरूलाई त्यहाँ बस्न सहायता
गर्नेछन्।'

२९"यसकारण हामी बेत-पोर वारि नै बेंसीमा बस्यौं।"

## मोशा मानिसहरूलाई परमेश्वरको विधि-विधानहरू पालन गर्नु भन्छन्

४ "अब, हे इस्राएलका हो! मैले सिकाएको विधिहरू
तथा आदेशहरू सुन। तब तिनीहरू बाँच्नेछौ। तब
तिमीहरू जान सक्छौ तिमीहरूका पिता-पुर्खाहरूका
परमेश्वर परमप्रभुले दिनु भएको भूमि अधिकारमा लिन
सक्छौ। २मैले दिएको आज्ञामा तिमीहरूले थप्न सक्दैनौ।
अनि तिमीहरूले केही पनि लिन हुँदैन। मैले तिमीहरूलाई
दिएको परमप्रभु तिमीहरूको परमेश्वरको आज्ञा पालन
गर्नुपर्छ।

३"बाल पोरमा तिमीहरूले आफ्नो आँखाले तिमीलाई
परमप्रभु तिमीहरूको परमेश्वरद्वारा नष्ट गरेको देख्यौ
जसले झूटा परमेश्वर बाललाई अनुसरण गरेका थिए।
४तर जो परमप्रभु तिमीहरूका परमेश्वरसित थिए,
तिनीहरू सबै आज पनि जीवित छन्।

५"परमप्रभु मेरो परमेश्वरले मलाई जे जति आज्ञा
गर्नु भएको थियो, त्यो मैले तिमीहरूलाई सिकाएँ। मैले
तिमीहरूलाई यी विधि-विधानहरू यसकारण सिकाएँ
तिमीहरू जुन भूमि आफ्नो बनाई बस्न जाँदैछौ त्यहाँ यी
विधि-विधानहरू पालन गर्नेछौ। ६यी विधि-विधानहरू
सावधानीपूर्वक पालन गर, यसो गर्नाले अन्य राष्ट्रहरूका
मानिसहरूले तिमीहरूलाई ज्ञानी तथा बुझ्की सम्झनेछन्।
ती राष्ट्रहरूका मानिसहरूले यी विधि-विधानहरूको विषयमा
सुन्नेछन्। 'तब तिनीहरूले भन्नेछन्। साँच्चै यस राज्यका
मानिसहरू ज्ञानी अनि बुझ्की छन्।'

७"जब हामी सहायता माग्छौ परमप्रभु हाम्रा परमेश्वर
हाम्रै नजिकमा हुनुहुन्छ र यस्ता ईश्वर अन्य कुनै
राष्ट्रमा छैनन्। ८आज मैले सिकाएको विधि-विधानहरू
र व्यवस्थाहरू भएको हाम्रो देश जस्तो अरू कुनै देश
पनि छैन। ९तर तिमीहरू होशियारीसँग बस्नुपर्छ, जबसम्म
तिमीहरू जीवित हुन्छौ तबसम्म तिमीहरूले देखेको कुरो
बिर्सनु हुँदैन। तिमीहरूले यी चीजहरू तिमीहरूका
छोरा-छोरी तथा नाता-नातिनाहरूलाई सिकाउनु पर्छ।
१०होरेब पर्वतमाथि परमप्रभु तिमीहरूका परमेश्वरको
अघि उभिएको दिन सम्झना गर। त्यस समय परमप्रभुले
मलाई भन्नुभयो, 'मेरो कुरा सुन्न मानिसहरू भेला गर,
तब तिनीहरूले मलाई सम्मान गर्न सिक्ने छन् जबसम्म
तिनीहरू पृथ्वीमा बाँच्छन्। अनि तिनीहरूले आफ्ना
छोरा-छोरीहरूलाई मेरो इज्जत गर्न सिकाउने छन्।'
११तिमी नजिकै आयौ अनि पहाड़को फेदमा उभियौ।
त्यो पहाड़ जलेर आकाशसम्म पुग्यो र त्यहाँ कालो,
बाक्लो अँध्यारो बादल थियो। १२परमप्रभुले आगोबाट
तिमीहरूलाई भन्नुभयो तर तिमीहरूले कसैलाई बोल्दै
गरेको आवाज मात्र सुन्यौ, तर तिमीहरूले आकृति
देखेनौ। त्यहाँ आवाज मात्र थियो। १३परमप्रभुले
तिमीहरूलाई दश आज्ञा, आफ्नो करार र ती पालन गर्नु
भनी आज्ञा दिनु भयो, अनि परमप्रभुले करारका
विधि-विधानहरू दुइवटा शिलापाटीमा लेखिदिनु भयो।
१४त्यही समयमा परमप्रभुले यी नियमहरू तिमीहरूलाई
सिकाउने आदेश दिनु भयो जुन यर्दन नदीको वरिपरिको
भूमिमा तिमीहरूले अनुसरण गर्नुपर्छ जसलाई तिमीहरू
आफ्नो बनाएर बाँच्न जाँदैछौ।

१५"त्यस दिन जतिबेला होरेब पहाड़मा आगोबाट
परमप्रभु तिमीहरूसित बोल्नु भयो, तिमीहरूले उहाँलाई
देखेनौ कारण उहाँ निराकार हुनुहुन्थ्यो। १६यसकारण
होशियार बस, जीवित प्राणीहरूको आकारमा मिथ्या
देवताहरूको मूर्तिहरू बनाउने पाप गरी आफै ध्वंश
नबन। पुरुष तथा स्त्रीको आकारमा मूर्ति नबनाऊ।
१७पृथ्वीमा हिँड्ने पशुहरू तथा आकाशमा उड्ने चराहरूको
मूर्तिहरू नबनाऊ। १८भूइँमा घस्रिने जन्तु अथवा पानीमा
पौरने प्राणीहरूको मूर्तिहरू पनि नबनाऊ। १९अनि
सावधान होऊ कारण आकाशमा सूर्य, जून, ताराहरूलाई
पूजा गर्न आकृष्ट नहोऊ। ती वस्तुहरूलाई पूजा नगर।
परमप्रभु तिमीहरूका परमेश्वरले संसारमा त्यसो गर्ने
अरू सबै जातिहरूलाई छोड़दिनु भएको छ। २०तर
परमप्रभुले तिमीहरूलाई मिश्रबाट ल्याई आफ्नो विशेष
मानिसहरू बनाउनु भएको छ। मानौं परमप्रभुले फलाम
पगाल्नु जल्दै गरेको आगोको आरानबाट तिमीहरूलाई
बाहिर निकाल्नु भयो अनि अहिले तिमीहरू उहाँका
मानिसहरू बनिएका छौ।

२१"तिमीहरूको निम्ति परमप्रभु मसित रिसाउनु भयो।
त्यो असल भूमि जहाँ परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई राख्नु हुँदैछ त्यहाँ मलाई यर्दन नदीपारि
जान नदिने कठोर प्रतिज्ञा गर्नु भयो। २२तिमीहरू यर्दन
नदी पारिको असल भूमिमा गएर बस्न सक्छौ तर म

त्यहाँ पस्न सक्तिनँ, मैले यहीं मर्नुपर्छ। २३तिमीहरू त्यस नयाँ भूमिमा सावधानी पूर्वक बस्नुपर्छ र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गरेको करार बिर्सनु हुदैंन। परमप्रभुको आदेश पालन गर र कुनै पनि आकारमा मूर्ति नबनाऊ। २४किन? किनभने, अरू देवता मान्ने मानिसहरूसित परमप्रभु तिमीहरूका परमेश्वर रिसाएर आगो भई जलाएर नष्ट पार्नु हुनेछ।

२५"तिमीहरू त्यहाँ धेरै समयसम्म रहनेछौ र त्यहाँ तिमीहरूको नानीहरू अनि नाता-नातिनहरू हुनेछन्। तिमीहरू नराम्रो काम गर्नु थाल्छौ। त्यहाँ तिमीहरूले नाना प्रकारको मूर्तिहरू बनाउनेछौ जसले परमप्रभुलाई रीस उठाउनेछ। २६यसकारण, म तिमीहरूलाई चेताउनी दिँदैछु स्वर्ग र पृथ्वी मेरा साक्षीहरू हुनेछन् र यदि तिमीहरूले त्यस्तो कुकर्म गरेको खण्डमा तिमीहरू लगत्तै ध्वंश हुनेछौ। त्यो असल भूमिमा पुग्नलाई अहिले तिमीहरू यर्दन नदी पार गर्दैछौ तर यदि तिमीहरूले मूर्तिहरू निर्माण गर्‍यौ भने त्यहाँ धेरै समय बस्न सक्ने छैनौ। यति मात्र कहाँ? तिमीहरू सम्पूर्ण प्रकारले ध्वंश हुनेछौ। २७परमप्रभुले तिमीहरूलाई राष्ट्रहरूमा छरपष्ट पार्नु हुनेछ र तिमीहरू मध्ये केही मात्र जीवित रहेर परमप्रभुले पठाएको भूमिमा जानेछौ। २८त्यहाँ तिमीहरूले मानिसले बनाएको यस्तो देवता मूर्तिको सेवा गर्नेछौ, जसले न सुन्छ, न खान्छ न त गन्ध नै थाह पाउँछ कारण तिनीहरू केवल काठ अथवा ढुङ्गाका मूर्तिहरू हुनेछन्। २९तर अरू भूमिहरू तिर यदि तिमीहरूले आफ्नो सम्पूर्ण हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरलाई खोज्छौ भने तिमीहरूले उहाँलाई पाउनेछौ। ३०जब तिमीहरूमाथि मैले भनेको कुराहरू आइपर्नेछन्, संकष्टमा पर्नेछौ, तब तिमीहरू परमप्रभु आफ्नो परमेशवरको शरणमा पर्नेछौ अनि उहाँको आज्ञा पालन गर्नेछौ। ३१परमप्रभु तिमीहरूका परमेश्वर कृपालु हुनुहुन्छ, यसकारण उहाँले तिमीहरूलाई त्याग्नुहुन्न, तिमीहरूलाई नष्ट पार्नुहुन्न। उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नु भएको करार कहिल्यै विर्सनु हुँदैन।

## परमप्रभुले गर्नु भएका महान कार्यहरूको स्मरण गर

३२"अतीतमा यस्तो कुनै महाकार्य भएको थियो? कहिल्यै पनि भएन। तिमीहरू जन्मनु अघिको कुराहरूलाई नियालेर हेर। सृष्टिकालको अवस्थालाई सम्फ जुन समयमा परमेश्वरले मानिस-जातिको सृष्टि गर्नु भयो। संसारमा भएको सबै कुराहरूलाई गहिरो प्रकारले नियालेर हेर, यो भन्दा महान् कार्य कहिल्यै कतै घटेको कसैले सुनेको छ? छैन! ३३तिमीहरूले परमेश्वरलाई आगोबाट बोल्नु भएको सुनेका छौ र पनि तिमीहरू जीवित नै छौ। तर तिमीहरूलाई थाहा छ अरू मानिसहरूसित यस्तो भएको छ? कहिले पनि भएको छैन। ३४अनि कतै अरू ईश्वरले अर्कै देशमा गएर आफ्नो निम्ति मानिसहरू ल्याउने चेष्टा गरेका छन्? कहिले पनि त्यस्तो गरेका छैनन्। तर तिमीहरू आफैले परमप्रभु तिमीहरूका परमेश्वरलाई यी सब आश्चर्य कार्यहरू सम्पन्न गरेको देखेका छौ। उहाँले तिमीहरूलाई आफ्नो शक्ति प्रदर्शन गर्नु भयो। मानिसहरूले कष्ट अनुभव गरेको पनि तिमीहरूले देखेका छौ। तिमीहरूले अचम्भित अनि आश्चय कर्महरू तथा युद्ध अनि डरलाग्दा घट्नाहरू भएको पनि देखेका छौ। ३५परमप्रभुले यी सब घटनाहरू तिमीहरूलाई देखाउनु भयो जसले गर्दा उहाँ परमेश्वर हुनुहुन्छ भनी तिमीहरू जान्नेछौ। उहाँको बराबर अरू कुनै ईश्वर छैन। ३६तिमीहरूलाई शिक्षा दिनको निम्ति उहाँले स्वर्गबाट आफ्नो आवाज सुनाउनु भयो, पृथ्वीमा उहाँले तिमीहरूको अघि आगोमा देख्नु भयो अनि त्यहाँबाट बोल्नु भयो।

३७"तिमीहरूका पिता-पुर्खाहरूलाई प्रेम गर्नु हुन्थ्यो यसैकारण तिमीहरूलाई उहाँले उनीहरूका सन्तान बनाउन रोज्नु भयो। यसकारण आफ्नो महान् शक्तिद्वारा परमप्रभुले तिमीहरूलाई मिश्रदेशदेखि बाहिर ल्याउनु भयो। ३८उहाँले तिमीहरूलाई तिमीहरूको भन्दा महान अनि शक्तिशाली जातिहरूको भूमिमा पस्ने अनि त्यसलाई तिमीहरूको आफ्नै बनाउनु भयो। उहाँले तिमीहरूलाई तिनीहरूको भूमि बस्न दिनु भयो। अनि उहाँले अफै गर्नु हुँदैछ।

३९"तिमीहरूले बुझ्नु पर्छ अनि मगजमा राख्नु पर्छ, परमप्रभु नै पृथ्वीमा अनि स्वर्गमा परमेश्वर हुनु हुन्छ, अरू परमेश्वर छैनन्। ४०आज मैले तिमीहरूलाई दिनु लागेको उहाँको आज्ञाहरू र विधिहरू तिमीहरूले पालन गर्नैपर्छ र तिमीहरूसँगै तिमीहरूका सन्तानको भलो हुनेछ। अनि परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको भूमि सदा-सर्वदाको निम्ति तिमीहरूकै हुनेछ।"

## मोशा सुरक्षाका शहरहरू रोजछन्

४१यर्दन नदीको पूर्व भागमा मोशाले तीनवटा शहरहरू छान्नु भयो ४२यदि कुनै मानिसले अन्जानमा अथवा कुनै शुत्रता बिनै कुनै अर्को मानिसलाई मार्‍योभने त्यो मानिस आफ्नो बचाऊको निम्ति ती तीन शहरहरू मध्ये कुनै एउटामा भागेर जान सक्थ्यो। तर यदि मारिने मानिससित उसको कुनै शत्रुता थिएन भने मात्र त्यो मार्ने मानिसको सुरक्षा त्यस अवस्थामा हुन सक्थ्यो। ४३मोशाले चुनेका तीन शहरहरू यी नै थिए: रुबेनीहरूको निम्ति बेसेरको अग्लो तराई गादीहरूको निम्ति गिलादमा रामोत अनि मनश्शेहरूको निम्ति बाशानको गोलन।

## मोशाको व्यवस्थाको परिचय

४४मोशाले इस्राएलीहरूलाई परमेश्वरका व्यवस्थाहरू दिए। ४५इस्राएली मानिसहरू मिश्रदेशबाट आएपछि मोशाले यी शिक्षा, विधि-विधान, र नियमहरू तिनीहरूलाई

बताए। ४६जुन समयमा तिनीहरू यर्दन नदी पूर्वपट्टि
अवस्थित बेतपोर पारीको बेंसीमा थिए मोशाले तिनीहरूलाई
यी विधि-विधानहरू दिए। तिनीहरू हेश्बोनमा बस्ने
एमोरीहरूका राजा सिहोनको देशमा थिए। (मिश्रदेशबाट
आउँदा मोशा अनि इस्राएलका मानिसहरूले तिनलाई
पराजित गरेका थिए। ४७तिनीहरूले सिहोनको राज्य र
बाशानका राजा ओगको राज्य कब्जा गरे। यी दुवै
एमोरी राजाहरू यर्दन नदीको पूर्वपट्टि बस्थे। ४८यो
भूमि अर्नोन बेंसीको किनारमा अरोएरदेखि पर्वत सियोन
(हर्मोन पर्वत) सम्म फिँजिएको थियो।) ४९यस भूमि
अन्तर्गत यर्दन नदी पूर्वी भागको सम्पूर्ण बेंसी, दक्षिणमा
अराबा समुद्रसम्म र पूर्वमा पिस्गा पर्वत पर्थ्यो।

### दश आज्ञाहरू

५ मोशाले इस्राएलीहरू सबैलाई बोलाएर भने,
"इस्राएलीहरू हो, आज म जुन विधि-विधानहरू
र नियमहरू बताउँछु, सुन। यी नियमहरू अभ्यास गर
अनि पालन गर्नका लागि दृढ़ बन। २परमप्रभु हाम्रा
परमेश्वरले होरेब पर्वतमा हामीसित करार गर्नु भयो।
३परमप्रभुले हाम्रा पिता-पुर्खाहरूसित होइन तर हामी जो
आजसम्म जीवित छौं, यो करार बाँध्नु भएको छ।
४परमप्रभुले तिमीहरूसित पर्वतमा आगोबाट सामुन्ने भएर
बोल्नु भयो। ५तर तिमीहरू आगोदेखि डरायौ। अनि
तिमीहरू पहाड़मा गएनौ यसकारण म परमप्रभु अनि
तिनीहरूको बीचमा परमप्रभुले के भन्नुहुन्छ भनेर खड़ा
भए। परमप्रभुले भन्नुभयो, ६म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ। मैले तिमीहरूलाई मिश्रदेशबाट जहाँ
तिमीहरू दास थियौ बाहिर आउनमा मार्गदर्शन गरेँ।
यसकारण यी आज्ञाहरू तिमीहरूले पालन गर्नैपर्छ।

७"तिमीहरूले म बाहेक अरू कुनै देवी-देवताहरू
मान्नु हुँदैन।

८"तिमीहरूले कुनै प्रकारको मूर्तिहरू बनाउनु
हुँदैन। तिमीहरूले आकाशमा, पृथ्वीमा तथा पानी
मुनि सतहमा कुनै प्रकारको मूर्ति अथवा आकारको
प्रतिमूर्ति बनाउनु हुँदैन। ९कुनै मूर्तिको सेवा तथा
पूजा नगर। किन? किनभने, म परमप्रभु तिमीहरूका
परमेश्वर हुँ। म ईर्ष्यालु छु र मेरा मानिसहरूले
अरूलाई पूजा गरेको सहन सक्तिनँ। मेरो इच्छा
विरूद्ध पूजा गर्नेहरू मेरा शत्रुहरू हुनेछन् र म
तिनीहरू मात्र होइन तिनीहरूका छोरा-छोरीहरू
देखि नाति-नातिनी अनि पनाति-पनातिनीसम्मलाई
दण्ड भोग्न लाउने छु। १०तर जसले मलाई प्रेम
गर्छन् र मेरो आज्ञाहरू पालन गर्छन् तिनीहरूको
हजारौं पुस्तासम्म म तिनीहरू प्रति कृपालु हुनेछु।

११"यदि कसैले परमप्रभु तिमीहरूको परमेश्वरको
नाउँ व्यर्थमा लिए ती मानिस दोषी हुन्छ अनि
परमप्रभुले उसलाई निर्दोष पार्नु हुन्न, यसकारण
परमप्रभु तिमीहरूका परमेश्वरको नाउँ व्यर्थमा
लिनु हुँदैन।

१२"विश्राम-दिनलाई एक विशेष दिनको रुपमा
लिनु पर्छ जस्तो परमप्रभु तिमीहरूका परमेश्वरले
आज्ञा दिनु भएको थियो। १३सातामा छ दिन
आफ्नो काम गर। १४तर सातौं दिनमा परमप्रभु
तिमीहरूका परमेश्वरको सम्मानमा विश्राम लिनुपर्छ
र त्यस दिन तिमीहरूका छोरा-छोरी तथा नाता-नातिनी,
कमारा-कमारीहरू अथवा तिमीहरूका शहरहरूमा
बस्ने विदेशीहरूले पनि काम गर्नुहुदैन। तिमीहरूका
कमारा-कमारीहरू पनि तिमीहरू झैँ विश्राम लिनु
पर्छ अनि यहाँसम्म कि तिमीहरूले पालेका गेरु,
गधा तथा अरू पशुहरूलाई पनि काम लगाउनु
हुँदैन। १५यो कहिल्यै नबिर्स तिमीहरू मिश्र
देशमा कमारा थियौ र परमप्रभु तिमीहरूका
परमेश्वरको आफ्नो शक्तिले तिमीहरूलाई यहाँ
ल्याउनु भयो। उहाँले तिमीहरूलाई स्वन्त्र बनाउनु
भयो। यसकारण परमप्रभु तिमीहरूका परमेश्वरले
विश्राम-दिनलाई एक विशेष दिनको रूपमा मान्नु
भनी आज्ञा दिनुभएको छ।

१६"परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई आफ्ना आमा-बाबुको आदर गर्नु
भन्नु भएको छ। यदि तिमीहरूले उहाँको आज्ञा
पालन गरे तिमीहरू धेरै दिनसम्म बाँच्नेछौ अनि
परमप्रभु आफ्ना परमेश्वरले दिनुभएको भूमिमा
तिमीहरूको निम्ति प्रत्येक चीज असल हुनेछ।

१७"तिमीहरूले कसैको हत्या गर्नु हुँदैन।

१८"तिमीहरूले व्यभिचारको पाप गर्नु हुँदैन।

१९"तिमीहरूले कुनै चीज चोर्नु हुँदैन।

२०"तिमीहरूले अरू मानिसहरूको विषयमा
कहिल्यै झूटो बोल्नु हुँदैन।

२१"तिमीहरूले अरूकी पत्नीको लालसा राख्नु
हुँदैन। अरूको घर, खेतबारी कमारी, गाई अनि
गधा अथवा केही चीजहरूको लोभ गर्नु हुँदैन।
अरू मानिसहरूको केही कुरोको पनि लालच गर्नु
हुँदैन।"

### मानिसहरू परमेश्वरदेखि डराए

२२मोशाले भने, "यी आज्ञाहरू परमप्रभुले तिमीहरूलाई
जब दिनुभयो तिमीहरू सबै पहाड़मा थियौ। त्यस बेला
आगो, बादल घोर अध्याँरोबाट परमप्रभु बोल्नु भयो।
उहाँले हामीलाई यी आज्ञा दिनु भएपछि अरू केही भन्नु
भएन। उहाँले ती आज्ञाहरू दुइवटा ढुङ्गाका पाटीहरूमा
लेखेर मलाई दिनुभयो।

२३"जब पहाड़ आगोले जलिरहेको थियो त्यसबेला
तिमीहरूले अँध्यारोबाट आवाज सुन्यौ। तब तिमीहरूका
कुल प्रमुखहरू अनि बूढ़ा-प्रधानहरू म कहाँ आए।

२४तिनीहरूले भने, 'परमप्रभु हाम्रा परमेश्वरले हामीलाई आफ्नो महिमा र महानता देखाउनु भयो। हामीहरूले उहाँलाई आगोद्वारा बोल्दै गरेको सुन्यौ अनि थाहा पायौं परमेश्वरले कसैसित कुरा गरेपछि त्यो मानिस निरन्तर बाँच्ने सम्भावना हुन्छ। २५तर यदि परमप्रभु हाम्रा परमेश्वर फेरि हामीहरूसित कुरा गरेको सुन्छौ हामी निश्चय मर्नेछौं। त्यो भयंकर आगोले हामीलाई ध्वंश पार्नेछ तर हामी मर्न चाहदैनौ। २६हामीहरू जस्तै कुनै मानिसले पनि जीवित परमेश्वरलाई आगोद्वारा कुरा गरेको देखेपछि बाँचिरहेको सुनेको छैन। २७मोशा! तपाईं परमप्रभु हाम्रा परमेश्वर नजिक जानुहोस् र उहाँले तपाईंलाई भन्नुभएको सबै कुराहरू सुनेर हामीहरूलाई बताउनु होस्, तपाईंले भन्नु भएको सबै कुरा हामी पालन गर्नेछौं।'

### परमप्रभु मोशासँग बोल्नुहुन्छ

२८"तिमीहरूले भनेको परमप्रभुले सुन्नु भयो र उहाँले मलाई भन्नुभयो, 'मानिसहरूले जे भने त्यो मैले सुनें, अनि त्यो उत्तम लाग्यो। २९म तिनीहरूको सोच्ने तरिकामा परिवर्त्तन गर्न चाहन्थें म चाहन्थें तिनीहरूले मेरो सम्मान गरुन र मेरो आज्ञाहरू हृदयबाट पालन गरुन। तब तिनीहरू र तिनीहरूका सन्तानको प्रत्येक चीज राम्रो हुनेछ।

३०"'जाऊ अनि मानिसहरूलाई आफ्नो-आफ्नो पालभित्र जानु भन। ३१तर मोशा, तिमी यहाँ पर्ख, म तिमीलाई सबै आज्ञाहरू, विधि र विधानहरू बताउने छु जो तिमीले तिनीहरूलाई सिकाउनु पर्छ। यी कुराहरू मैले तिनीहरूलाई बसो-बास गर्नु दिइरहेको भूमिमा बस्दा पालन गर्नु पर्छ।'

३२"यसकारण, परमप्रभुले दिनु भएको आज्ञाहरू पालन गर्दा तिमीहरू अत्यन्तै होशियार हुनुपर्छ। परमेश्वरलाई अनुसरण गर्नु नछोड़। ३३यदि तिमीहरू परमेश्वरले दिनु भएको आदेश अनुसार जीवन निर्वाह गर्छौ भने तिमीहरू बाँचिरहनेछौ अनि प्रत्येक कुराहरू तिम्रो निम्ति राम्रो हुनेछ। तिमीहरू आफ्नो भूमिमा धेरै लामो उमेर बाँच्नेछौ।

### सधैं परमेश्वरलाई प्रेम गर र उहाँको आज्ञा पालन गर

६ "आज्ञा, विधि तथा विधानहरू यी नै हुन् जुन परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई सिकाउनुका निम्ति मलाई बताउनु भयो। तिमीहरूले प्रवेश गर्दै गरेको भूमिमा यी विधि-विधानहरू पालन गर। २सम्पूर्ण जीवनभरि तिमीहरू अनि तिमीहरूका सन्तानहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्मान गर्नुपर्छ। त्यो मैले दिएको उहाँको नियम र आज्ञाहरू अवश्यै पालन गर्नुपर्छ। यदि तिमीहरूले यसो गर्‍यौ भने त्यो नयाँ भूमिमा तिमीहरूले दीर्घायु भोग गर्नेछौ। ३हे इस्राएलीहरू हो! ध्यान पूर्वक सुन अनि यी विधि-विधानहरू पालन गर। तब प्रत्येक चीज तिमीहरूको निम्ति असल रहनेछ र तिमीहरूका बाल-बच्चाहरू धेरै हुनेछन् अनि परमप्रभु तिमीहरूका पिता-पुर्खाहरूका परमेश्वरले प्रतिज्ञा गरे झैं तिमीहरूको भूमि धेरै असल कुराहरूले भरिएको हुनेछ।

४"हे इस्राएली, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५तिमीहरूले आफ्नो सम्पूर्ण शक्ति, सम्पूर्ण प्राण र सम्पूर्ण हृदयले परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्नु पर्छ। ६आज मैले दिएको आज्ञाहरू सधैं सम्झना राख। ७जब तिमीहरू, घरमा विश्राम गर्न बस्छौ अथवा बाटोमा हिड्छौ यी आज्ञाहरूको विषयमा आफ्ना नानीहरूसित कुरा गर जब तिमीहरू उठ बस गर्छौ। ८मेरो यी आज्ञाहरू सम्झना राख्नका लागि लेखेर हातमा बाँध, आफ्ना निधारमा बाँधिराख ९तिनीहरूलाई तिमीहरूको सँधार अनि घरको मूल ढोकाहरूमा लेखेर राख।

१०"परमप्रभु तिनीहरूका परमेश्वरले तिमीहरूलाई यो भूमि दिनु हुनेछ जुन उहाँले तिमीहरूका पिता-पुर्खा अब्राहाम, इसहाक र याकूबसित प्रतिज्ञा गर्नु भएको थियो। उहाँले तिमीहरूलाई समृद्ध र विशाल शहरहरू दिनुहुनेछ जो तिमीहरूले निर्माण गरेको होइन। ११परमप्रभुले राम्रा वस्तुहरूले भरिएका घरहरू तिमीहरूलाई दिनु हुनेछ जो तिमीहरूले त्यहाँ राखेका होइनौ। परमप्रभुले इनारहरू दिनुहुनेछ जो तिमीहरूले खनेको होइनौ। परमप्रभुले दाख र भद्राक्षको खेतबारी दिनु हुनेछ जो तिमीहरूले रोपेका थिएनौ।

१२"तर सावधान परमप्रभुलाई नबिर्स कारण तिमीहरू मिश्रदेशमा कमारा थियौ र परमप्रभुले तिमीहरूलाई त्यहाँबाट निकालेर यहाँ ल्याउनु भयो। १३परमप्रभु तिमीहरूका परमेश्वरको मात्र आदर र सेवा गर। अनि शपथ खाँदा उहाँको नाउँमा मात्र गर, अरू झूटा देवताहरूको नाउँ नलेऊ। १४तिम्रा वरिपरि भएका मानिसहरूका देवता तिमीले पूज्नु हुँदैन। १५परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसितै बस्नु भएकाले यदि तिमीहरूले अरू ईश्वरहरू पूजा गर्छौ उहाँ रिसाउनु हुनेछ पृथ्वीमा तिमीहरूलाई ध्वंश पार्नु हुनेछ।

१६"तिमीहरूले मस्सामा झैं आफ्नो परमप्रभुको परीक्षा लिनु हुँदैन। १७तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएका आज्ञाहरू सावधानीसित मान्नु पर्छ अनि उहाँको अनुशासन नियम र विधि-विधानलाई पालन गर्नु पर्छ। १८तिमीहरूले परमप्रभुलाई प्रसन्न गराउने कामहरू गर्नुपर्छ, जो सही र असल छन्। तब तिमीहरूको निम्ति प्रत्येक चीज नै असल रहनेछ अनि परमप्रभुले तिमीहरूका पिता-पुर्खालाई प्रतिज्ञा गर्नु भएको असल भूमिमा जान सक्नेछौ। १९अनि परमप्रभुले भन्नु भए झैं तिमीहरू आफ्ना शत्रुहरूलाई बाहिर खेद्नेछौ।

### परमप्रभुले जस्तै आफ्ना नानीहरूलाई शिक्षा देऊ

२०“भविष्यामा तिम्रो छोरोले सोध्ला, ‘परमप्रभु हाम्रा परमेश्वरले दिनुभएका शिक्षाहरू, नियम तथा विधि-विधानहरूको अर्थ के हो?’ २१तब तिमी छोरोलाई भन्नेछौ, ‘हामी मिश्रमा फिरऊनको दासहरू थियौं तर परमप्रभुले हामीलाई आफ्नो बाहुबलले त्यहाँबाट बाहिर ल्याउनु भयो। २२परमप्रभुले महान अनि आश्चर्यजनक काम गर्नु भयो। हामीहरूले उहाँलाई यी कामहरू मिश्रवासी, फिरऊन तथा तिनका घरका मानिसहरूमाथि गरेको देख्यौं।

२३“त्यसपछि परमप्रभुले हाम्रा पिता-पुर्खाहरूसित गर्नु भएको प्रतिज्ञा अनुसार भूमि दिनका लागि हामीलाई त्यहाँबाट बाहिर ल्याउनुभयो। २४परमप्रभुले यी सबै विधि-विधानहरू पालन गर्नु हामीलाई लगाउनु भयो। हामीले परमप्रभु हाम्रा परमेश्वरलाई आदर गर्नुपर्छ तब परमप्रभुले आज जस्तै हामीलाई सधैं जीवित राख्नु हुनेछ। २५परमप्रभु हाम्रा परमेश्वरले बताए जस्तै यदि सारा व्यवस्थाहरू होशियारीसँग हामीले पालन गर्‍यौं भने उहाँले भन्नु हुनेछ हामीले राम्रो काम गर्‍यौ।’

### इस्राएलीहरू परमेश्वरका विशेष मानिसहरू

७ “तिमीहरूले आफ्नो बनाउनको निम्ति प्रवेश गरिरहेको भूमिमा परमप्रभु तिमीहरूका परमेश्वरले मार्ग दर्शन गर्नु हुनेछ। तिमीहरूभन्दा अझ ठूला अनि शक्तिशाली सातवटा देशहरू-हित्ती, गिर्गाशी, एमोरी, कनानी, पारिज्जी, हिव्वी र यबूसीहरूलाई परमप्रभुले तिमीहरूलाई बसाउन बलपूर्वक निकाल्नु हुनेछ। २परमप्रभु तिमीहरूका परमेश्वरले यी जातिहरूलाई तिमीहरूको अधीनमा राख्नु हुनेछ अनि तिमीहरूले उनीहरूलाई जित्नेछौ। तिमीहरूले उनीहरूलाई सम्पूर्ण नष्ट पार्ने छौ। तिनीहरूसित कुनै सम्झौता नगर, तिनीहरूप्रति दया नदेखाऊ। ३ती देशका मानिसहरूसित तिमीहरू तथा तिम्रा छोरा-छोरीहरूको वैवाहिक सम्बन्ध हुन नदेऊ। ४किन? कारण, तिनीहरूले तिमीहरूका छोराहरू अथवा छोरीहरूलाई मेरो सेवा गर्नबाट विमुख बनाउनेछन् र तिनीहरूले अरू देवी-देवताहरूको पूजा गर्नेछन्। अनि परमप्रभु तिमीहरूसित अत्यन्तै रिसाएर तिमीहरूलाई ध्वंश पार्नु हुनेछ।

### झूटा देव-देवताहरू ध्वंश पार

५“तिमीहरूले ती जातिहरू प्रति जे गर्नुपर्छ यी हुन् तिमीहरूले तिनीहरूको वेदीहरू र स्मारक ढुङ्गा टुक्रा-टुक्रा पारेर नष्ट गर्नुपर्छ। अनि तिनीहरूको अशेरा देवीका खम्बाहरू काटेर ढाल्नु पर्छ अनि तिनीहरूका मूर्तिहरू जलाउनु पर्छ। ६किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वी भरिका मानिसहरूमध्ये तिमीहरूलाई आफ्ना विशेष मानिसहरू बनाउन मन पराउनु भयो र तिमीहरू परमप्रभुको आफ्नै मानिसहरू हौ। ७किन परमप्रभुले तिमीहरूलाई प्रेम गर्नु भयो अनि आफ्ना विशेष मानिसहरूको रुपमा रोज्नु भयो? यो यसकारण होइन कि तिमीहरू विशाल राष्ट्र छौ! तिमीहरूको जन संख्या अरू सबै भन्दा कम्ती छ। ८तर परमप्रभुले तिमीहरूलाई आफ्नो महान् शक्तिद्वारा मिश्र देशबाट बाहिर निकाल्नु भयो, तिनीहरूको दासत्वबाट मुक्त गराउनु भयो र मिश्र देशका राजा फिरऊनको नियन्त्रणबाट तिमीहरूलाई स्वतन्त्र बनाउनु भयो। किन? किनभने परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुहुन्छ अनि तिमीहरूका पिता-पुर्खाहरूसंग गरेको प्रतिज्ञा पूर्ण गर्नलाई यस्तो गर्नु भयो।

९“यसकारण, सम्झना गर परमप्रभु तिमीहरूका परमेश्वर एक मात्र परमेश्वर हुनहुन्छ जसलाई तिमीहरू विश्वास गर्न सक्छौ। उहाँ आफ्नो करार राख्नुहुन्छ। जसले उहाँलाई प्रेम गर्छ र उहाँका आज्ञाहरूको पालन गर्छ। उहाँ आफ्नो प्रेम दया दर्शाउनु हुन्छ। हजारौ पुस्तासम्म उहाँ आफ्नो दया र प्रेम देखाउनुहुन्छ। १०“तर परमप्रभुले मानिसहरूलाई दण्ड दिनुहुन्छ जसले उहाँलाई घृणा गर्छन्। उहाँ तिनीहरूलाई ध्वंश पार्नुहुन्छ। उहाँ घृणा गर्नेहरूलाई दण्ड दिनु ढिलो गर्नुहुन्न। ११यसकारण आज मैले तिमीहरूलाई दिएको आज्ञाहरू, विधि र विधानहरू तिमीहरूले सावधानी पूर्वक पालन गर्नु पर्छ।

१२“यदि तिमीहरूले ती विधि राम्ररी सुन्छौ अनि यदि अनुसरण गर्नमा होशियार हुन्छौ तब तिमीहरूका पिता-पुर्खाहरूसित तिमीहरूलाई प्रेम गर्छु भनी गरेको करार परमप्रभु तिमीहरूका परमेश्वरले अवश्यै पूरा गर्नु हुनेछ। १३उहाँ तिमीहरूलाई प्रेम गर्नु हुनेछ र आशीर्वाद दिनुहुनेछ अनि तिमीहरूको राष्ट्रलाई विकसित गराउनु हुनेछ। उहाँले तिमीहरूका नानीहरूलाई आशीर्वाद दिनुहुनेछ अनि तिमीहरूलाई अन्नबालि, तेल र नयाँ दाखरस दिनुहुनेछ। उहाँ तिमीहरूका जन्तु तथा भेड़ाहरूलाई पनि नयाँ बाछा-पाठाहरूको निम्ति आशीर्वाद दिनुहुनेछ। तिमीहरूले यी सबै आशीर्वादहरू त्यस भूमिमा पाउने छौ जुन परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूसित प्रतिज्ञा गर्नु भएको थियो।

१४“अरू मानिसहरूले भन्दा तिमीहरूले बढ़ी आशीर्वाद पाउनेछौ। प्रत्येक पति-पत्नी नानी जन्माउन योग्य हुनेछन्। गाईहरूले बाछा-बाछीहरू बियाउने योग्य हुनेछन्। १५परमप्रभुले तिमीहरूलाई रोगी हुनबाट बचाउँनु हुनेछ। परमप्रभुले मिश्रमा तिमीहरूसँग भएको कुनै भयंकर रोग तिमीहरूलाई हुन दिनुहुने छैन। तर परमप्रभुले तिमीहरूका शत्रुहरूलाई ती रोग हुन दिनुहुनेछ। १६तिमीहरूले ती सबै मानिसहरूलाई ध्वंश पार्नुपर्छ जसमा परमप्रभुले परास्त गर्नमा सहायता गर्नु हुनेछ। तिनीहरूको निम्ति शोक नगर, तिनीहरूका देवताहरूको

पूजा नगर। किन? किनभने तिनीहरू पासो हुन्, तिनीहरूले
तिमीहरूको जीवन नष्ट पार्नेछन्।

### परमप्रभु आफ्ना मानिसहरूलाई सहायता गर्ने प्रतिज्ञा गर्नुहुन्छ

१७"'यी देशहरू हामीभन्दा शक्तिशाली छन्।
यिनीहरूलाई कसरी हटाउनु सकिन्छ, यस्ता कुराहरू
मनमा नसोच। १८तिमीहरू तिनीहरूसँग डराउनु हुँदैन।
तिमीहरूले सम्झनु पर्छ मिश्र देशमा परमप्रभु तिमीहरूका
परमेश्वरले फिरऊन र तिनका मानिसहरूलाई के गर्नु
भएको थियो। १९तिमीहरूले परमप्रभुले तिनीहरूलाई
दिनुभएका कष्टहरू देख्यौ। उहाँले गर्नु भएका अचम्मका
चीजहरू तिमीहरूले देख्यौ। तिमीहरूले परमप्रभुले
तिमीहरूलाई मिश्रबाट ल्याउनमा उपयोग गरेको ठूलो
सामर्थ्य र शक्ति देखेका छौ। परमप्रभु तिमीहरूका
परमेश्वरले त्यही सामर्थ्य मानिसहरूको विरोधमा उपयोग
गर्नु हुनेछ जसले तिमीहरूलाई भयभीत पार्छन्।
२०"परमप्रभु तिमीहरूका परमेश्वरले सबै मानिसहरू
जो तिमीहरूदेखि भागेका छन् अनि लुकेका छन्
तिनीहरूको पछि बच्छयूँ पनि पठाउनु हुनेछ। उहाँले
तिनीहरू सबलाई ध्वंश पार्नु हुनेछ। २१ती मानिसहरूसित
नडराऊ किनभने परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसँगै
हुनुहुन्छ र उहाँ महान् र भययोग्य परमेश्वर हुनुहुन्छ।
२२अनि परमप्रभु तिमीहरूका परमेश्वरले ती देशका
मानिसहरूलाई अलि-अलि गर्दै तिमीहरूको भूमिबाट
निस्कन बाध्य गराउनु हुनेछ। तिमीहरूले तिनीहरू
सबैलाई एकै पल्टमा नष्ट गर्ने छैनौ यदि तिमीहरू त्यसो
गर्‍यौ भने जंगलीजनावरहरू तिमीहरूका लागि ज्यादै
बढ्ने छन्। २३तर परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई ती देशहरू जित्ने बनाउनु हुनेछ। जबसम्म
तिमीहरूको विजय हुँदैन तिनीहरूलाई परमप्रभुले अल्मल्याई
दिनु हुने छन्। २४परमप्रभुले तिमीहरूलाई तिनीहरूका
राजाहरूलाई पनि परास्त गर्नमा सघाउनु हुनेछ। तिनीहरूलाई
परास्तगर्नबाट कसैले पनि रोक्ने छैन।
२५"तिमीहरूले तिनीहरूका देव-देवताको मूर्तिहरू
आगोमा फ्याकि दिनु पर्छ अनि जलाएर नष्ट परिदिनु
पर्छ। तिमीहरूले ती मूर्तिहरूमा रहेको सुन अथवा चाँदी
राख्नु हुँदैन। त्यसले तिमीहरूको जीवनमा ध्वंश पार्नेछ,
कारण परमप्रभु तिमीहरूका परमेश्वरले मूर्तिहरू मन
पराउनु हुँदैन। २६तिमीहरूले ती मूर्तिहरू ध्वंश पार्नु
पर्छ, ती मूर्तिहरू आफ्नो घरमा ल्याउनु हुँदैन। तिमीहरूले
मूर्तिहरूलाई घृणा गर्नुपर्छ।

### परमप्रभुको सम्झना

८ "आज म जुन आज्ञाहरू दिइरहको छु ती सब
तिमीहरूले पालन गर्नुपर्छ तब मात्र तिमीहरू महान्
राष्ट्रमा विकास हुन सक्छौ। परमप्रभुले तिमीहरूका
पिता-पुर्खाहरूलाई वचन दिनु भएको भूमि तिमीहरूले
पाउनेछौ। २अनि तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको नेतृत्वमा मरुभूमिमा चालीस वर्षसम्म गरेको
यात्राको सम्झना गर्नुपर्छ। यो तिमीहरूको परमप्रभुले
परीक्षा लिनु भएको थियो कारण उहाँले तिमीहरूलाई
विनम्र बनाउन चाहनु हुन्थ्यो। उहाँले तिमीहरूको हृदयका
सब कुरा जान्न चाहनु हुन्थ्यो। तिमीहरू उहाँको आज्ञा
पालन गर्छौ कि गर्दैनौ जान्न चाहनु हुन्थ्यो। ३परमप्रभुले
तिमीहरूलाई विनम्र बनाउनु भयो अनि तिमीहरूलाई
भोक लग्न दिनु भयो। तब परमप्रभुले मन्न केही यस्तो
चीज जो तिमीहरूले पहिले कहिल्यै जानेका थिएनौ
खुवाउनु भयो। यो तिमीहरूका पिता-पुर्खाहरूले नै कुनै
दिन देखेका थिएनन्। परमप्रभुले किन यसो गर्नु भयो?
किनभने उहाँ तिमीहरूलाई बताउन खोज्नु हुन्थ्यो
मानिसहरू भोजनले मात्र बाँच्दैन, मानिसहरू परमप्रभुले
बताएको कुराहरूमाथि पनि आधारित हुन्छन्। ४बितेको
चालीस वर्षसम्म तिमीहरूले ल्याएको लुगा च्यातिएन,
हिड़ँदा तिमीहरूको गोड़ाहरू सुनिएन, किन? किनभने
परमप्रभुले तिमीहरूको रक्षा गर्नुभयो। ५परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूको निम्ति यी सब गर्नु
भएको सम्झना गर्नु पर्छ। परमप्रभु भनेको आफ्नो
छोरोलाई सिकाउने र सघाउने बाबु जस्तै हुनु हुन्थ्यो।
६"तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरका
आज्ञाहरू अनुसरण गर्नुपर्छ। उहाँलाई अनुसरण गर
अनि सम्झना गर। ७परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई असल देश जहाँ खोला-नाला र मूल
फुटेको पानी पहाड़ र बेंसीहरू भएर बग्छन्, त्यहाँ
लैजानु हुँदैछ। ८त्यो देश जौ, गहुँ, नेभाराको रुख,
दाखको बोट, दारिम, भद्राक्षको तेल र महले भरिएको
छ। ९त्यहाँ तिमीहरूले प्रशस्त खाने कुरा पाउनेछौ,
तिमीहरूलाई आवश्यक पर्ने प्रत्येक चीज पाउनेछौ।
त्यहाँ तिमीहरूले ढुङ्गामा फलाम पाउनेछौ र पहाड़ खन्दा
तामा पाउनेछौ। १०तिमीहरूले खान खोजेको सबै
चीजहरू त्यहाँ पाउनेछौ र त्यस्तो सब चीजले भरिभराऊ
भूमि तिमीहरूलाई दिइएकोमा परमप्रभु तिमीहरूका
परमेश्वरको प्रशंसा तिमीहरूले गर्नेछौ।

### परमप्रभुले जे गर्नु भयो नबिर्स

११"सावधान बस, परमप्रभु तिमीहरूका परमेश्वरलाई
नबिर्स अनि आज मैले दिएको आज्ञा र विधि-विधानहरू
खूबै होशियार भएर पालन गर। १२तब तिमीहरूसित
खानेकुराहरू प्रशस्त हुनेछन् तथा बस्ने राम्रा-राम्रा घरहरू
तिमीहरूले बनाउनेछौ। १३तिमीहरूसित गाई, भेड़ा अनि
बाख्राहरू धेरै बढ़ेर जानेछन् र तिमीहरूसित प्रशस्त
मात्रामा सुन-चाँदी हुनेछ। तिमीहरूलाई कुनै कुराको
अभाव हुनेछैन। १४जब यी सब कुराहरू तिमीहरूसित
हुनेछन् तिमीहरू सावधान बस जसले गर्दा तिमीहरूमा

अहंकार उत्पन्न भयो तिमीहरू मिश्रदेशमा कमारा
थियौ, परमप्रभुले त्यहाँबाट तिमीहरूलाई स्वतन्त्र गराएर
ल्याउनु भयो, यसकारण परमप्रभु तिमीहरूको परमेश्वरलाई
नबिर्स। १५परमप्रभुले तिमीहरूलाई सर्प र बिच्छीहरूले
भरिएको सूखा मरुभूमि हुँदै ल्याउनु भयो। त्यस ठाउँमा
पानी थिएन। यसकारण उहाँले तिमीहरूका लागि
ढुङ्गाहरूबाट पानी निकाल्नु भयो। १६मरूभूमिमा परमप्रभुले
तिमीहरूलाई मन्न खुवाउनु भयो, त्यो यस्तो चीज हो
जुन तिमीहरूका पिता-पुर्खाहरूले पनि देखेका थिएनन्
परमप्रभुले तिमीहरूको परीक्षा लिनु भयो। किन? किनभने
अन्तमा गएर तिमीहरूको निम्ति प्रत्येक चीज नै असल
होस् भनी परमप्रभुले तिमीहरूलाई विनम्र बनाउनु भयो।
१७यस्तो कहिल्यै नभन, 'यी सब सम्पत्ति मैले आफ्नै
शक्ति र योग्यताले पाएँ।' १८परमप्रभु तिमीहरूका
परमेश्वरको स्मरण गर। उहाँ नै एकजना हुनुहुन्छ
जसले तिमीहरूलाई ती सब गर्न शक्ति दिनुहुन्छ। किन
परमप्रभुले यसो गर्नुहुन्छ? किनभने आज उहाँले जे
गरिरहनु भएको छ तिमीहरूका पिता-पुर्खाहरूसित गरिएको
करार पनि त्यस्तै राख्नु चाहनुहुन्छ।

१९"परमप्रभु तिमीहरूको परमेश्वरलाई नबिर्स। अन्य
देवताहरूको पूजा तथा आराधना नगर, तिनीहरूलाई
अनुशरण नगर। यदि त्यसो गर्‍यौ भने म चेताउनी
दिन्छु तिमीहरू निश्चय ध्वंश हुनेछौ। २०तिमीहरूको
निम्ति परमप्रभुले अन्य राष्ट्रहरू ध्वंश पार्नुहुँदैछ र यदि
तिमीहरूले अरू देवता माने तिमीहरूलाई पनि
तिनीहरूलाई जस्तै ध्वंश पारिने छ। किन? किनभने
तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई मान्नु
छाड्यौ।"

### परमप्रभु इस्राएलीहरूलाई साथ दिनुहुन्छ

**९** "हे इस्राएली मानिसहरू हो, सुन! आज तिमीहरू
यर्दन नदी तरेर तिमीहरूभन्दा शक्तिशाली र महान्
राष्ट्रहरूलाई तिनीहरूको भूमिबाट निकाल्न जाँदैछौ।
तिनीहरूका शहरहरू ठूला-ठूला र आकाश समान
अग्ला-अग्ला पर्खाल छन्। २त्यहाँका बासिन्दाहरू
अनाकीहरू हुन र तिनीहरूको विषयमा तिमीहरू जान्दछौ।
तिनीहरू अग्ला-अग्ला र बलिया हुन्छन् जासूसहरूले
'तिनीहरूलाई कसैले जित्न सक्तैन' भनेको सुनेका छौ।
३आज तिमीहरूले त्यो निश्चय गर परमप्रभु तिमीहरूका
परमेश्वर जो तिमीहरूको अघि जानु हुनेछ, जो भस्म
गर्ने आगो झैं हुनुहुन्छ, ती जातिहरूका मानिसहरूलाई
तिमीहरूको अघि लड्ने बनाउनु हुनेछ अनि उहाँले
तिनीहरूलाई नष्ट गर्नु हुनेछ अनि तिमीहरूले तिनीहरूलाई
चाँडै तिनीहरूको भूमिहरूबाट लखेटेर ध्वंश पार्नेछौ।
परमप्रभुले तिमीहरूसित यस्तो हुनेछ भनेर प्रतिज्ञा गर्नु
भएको थियो।

४"परमप्रभु तिमीहरूका परमेश्वरले ती राष्ट्रका
मानिसहरूलाई तिमीहरूको निम्ति देशबाट निकाली दिनु
हुनेछ। 'तर तिमीहरू आफै यस्तो नभन तिमीहरू
धार्मिक मानिसहरू हौ!' यसकारण परमप्रभुले तिमीहरूलाई
त्यहाँ बसाउन ल्याँउनु हुँदैछ। कारण के हो भने
तिमीहरू धार्मिक मानिसहरू भएकाले होइन तर ती
मानिसहरू नै दुष्ट भएकाले तिनीहरूलाई आफ्नो भूमिबाट
बाहिर निकालिँदैछ। ५तिमीहरू तिनीहरूको भूमिमा बस्न
प्रवेश गर्दैछौ, तर यसको कारण यो होइन तिमीहरू
धार्मिक मानिसहरू हौ र सही तरिकाले जीवन यापन
गर्छौ। तर तिनीहरूको दुष्ट्याइले गर्दा परमप्रभु तिमीहरूका
परमेश्वरले तिनीहरूलाई निकाल्नु हुँदैछ र तिमीहरू
त्यहाँ प्रवेश गर्दैछौ। यसो गरेर परमप्रभुले तिमीहरूका
पिता-पुर्खा अब्राहाम्, इसहाक अनि याकूबसित गरेको
प्रतिज्ञा पूरा गर्नु हुँदैछ। ६परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई असल भूमि दिनु हुँदैछ, तर तिमीहरूले
जान्नु आवश्यक छ परमप्रभुले यसो गर्नुको अर्थ यो
होइन तिमीहरू धार्मिक मानिसहरू हौ। सत्य यो हो कि
तिमीहरू हठी मानिसहरू हौ।

### परमप्रभुको रीस सम्झना गर

७"नबिर्स तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई
मरुभूमिमा रीस उठाएका थियौ। मिश्र देश छोड़ेको
दिनदेखि यहाँ आईपुगुञ्जेलसम्म तिमीहरूले परमप्रभुको
आज्ञा पालन गर्न अस्वीकार गरेका छौ। ८होरेब
पर्वतमाथि तिमीहरूले परमप्रभुलाई यति क्रोधित तुल्यायौ
उहाँले तिमीहरूलाई नष्ट पार्नु हुनेथियो। ९म चेप्टा
ढुङ्गाहरू लिनु पहाड़मा गएँ जसमा परमेश्वरले गरेको
करार लेखिएको थियो। म त्यहाँ पहाड़माथि चालीस
दिन अनि चालीस रात केही नखाइ अथवा पानीसम्म न
पिइ बसें। १०ती शिला-पाटीमा आफ्नै औंलाले तिमीहरू
जुन दिन पर्वतमा सँगै भेला भएका थियौ त्यसदिन
उहाँले तिमीहरूलाई आगोद्वारा भन्नु भएका सबै आज्ञाहरू
लेख्नु भयो।

११"यसकारण चालीस दिन चालीस रातको अन्तमा
परमप्रभुको करार लेखिएका दुइवटा च्याप्टो शिला-पाटीहरू
उहाँले मलाई दिनु भयो। १२त्यसपछि परमप्रभुले मलाई
भन्नुभयो, 'उठ अनि चाँडै तल गई हाल। तिमीले
मिश्रदेशबाट ल्याएका मानिसहरू आफै नष्ट भइरहेका
छन्। यति चाँडै तिनीहरूले मेरो आज्ञाहरू पालन गर्नु
छाड़े। तिनीहरूले सुन पगालेर आफ्नो निम्ति मूर्ति
बनाएका छन्।'

१३"परमप्रभुले मलाई यसो पनि भन्नुभयो, 'यी
मानिसहरू अति हठी छन्, मैले निरीक्षण गरें। १४मलाई
यी मानिसहरू नष्ट पार्न दिइयोस् जसले गर्दा म
तिनीहरूको नाउँ स्वर्गबाट मेटाउन सकूँ। त्यसपछि म
तिमीहरूलाई तिनीहरूभन्दा महान् र धेरै शक्तिशाली
राष्ट्र बनाउनेछु।

## सुनको बाछो

१५"पर्वत जलिरहेको थियो, करार लेखिएको दुइवटा शिला-पाटीहरू मेरो हातमा थियो। म पर्वतबाट तल ओर्लिएँ मैले हेरेँ। १६अनि मैले देखे कि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको विरुद्ध पाप काम गरिरहेका थियौ। तिमीहरूले सुन पगालेर बाछोको मूर्ति बनाएको देखें। तिमीहरूले यति चाँड़ै परमप्रभुको आज्ञा पालन गर्न छाड्यौ। १७यसकारण मैले ती पाटीहरू तल फ्याँकी दिएँ अनि मेरो आँखाअघि नै ती टुक्रा टुक्रामा परिणत भए। १८त्यसपछि अघिकै झैं चालीस दिन चालीस रातसम्म केही नखाइ पानीसम्म पनि नपिई परमप्रभु अघि भूइँमा घोप्टिएर शरण परें। तिमीहरूले धेरै पाप गरेको कारण मैले त्यसो गरें। परमप्रभुको निम्ति जुन अनिष्ट थियो त्यही गरेर परमप्रभुलाई क्रोधित तुल्यायौ। १९उहाँ यति साह्रो क्रोधित हुनुहुन्थ्यो तिमीहरूलाई ध्वंश पार्न सक्नु हुन्थ्यो, यसकारण म अति भयभीत थिएँ। तर परमप्रभुले मेरो विन्ती फेरि सुन्नुभयो। २०परमप्रभु हारुनसित पनि साह्रो क्रोधित हुनुहुन्थ्यो र तिनलाई ध्वंश पार्न सक्नु हुन्थ्यो। यसकारण त्यस बेला मैले हारूनको निम्ति पनि प्रार्थना गरें। २१तिमीहरूले बनाएको भयानक बाछाको मूर्ति मैले आगोमा जलाए, टुक्रा टुक्रा पारेर धुलो बनाएँ अनि त्यसपछि पर्वतबाट बगेर आएको खोलामा बगाई दिएँ।

## मोशा इस्राएलीहरूलाई क्षमा दिनु भनी परमप्रभुलाई भन्दछन्

२२"तिमीहरूले परमप्रभुलाई तबेरा, मस्सा अनि किब्रोथ हत्तावामा पनि क्रोधित बनायौ। २३अनि जब परमप्रभुले तिमीहरूलाई कादेशबर्ने छोड्ने आज्ञा दिनु भएको थियो तर तिमीहरू मानेनौ। उहाँले भन्नुभएको थियो, 'जाऊ, मैले दिएको भूमि लेऊ।' तर तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञा पालन गरेनौ। तिमीहरूले उहाँलाई अविश्वास गर्‍यौ अनि उहाँको आज्ञा मानेनौ। २४मैले तिमीहरूलाई जानेको दिन देखि तिमीहरूले परमप्रभुको आज्ञा पालन गर्न अस्वीकार गरेका छौ।

२५"यसकारण म चालीस दिन अनि चालीस रात परमप्रभु अघि निहुरी रहेँ किन? किनभने परमप्रभुले तिमीहरूलाई नष्ट गर्ने निणर्य गर्नु भएको थियो। २६मैले परमप्रभुलाई प्रार्थना गरेर भनें, 'हे परमप्रभु मेरा मालिक! यी मानिसहरूलाई तपाईंले मिश्र देशबाट आफ्नो पराक्रम तथा शक्तिमा छुटाएर ल्याउनु भयो। यिनीहरू तपाईंका आफ्ना मानिसहरू हुन र यिनीहरूलाई नष्ट नगर्नुहोस्। २७तपाईंका सेवकहरू अब्राहाम, इसहाक र याकूबलाई दिनु भएको प्रतिज्ञा सम्झनु होस्। तिनीहरू कति हठी छन् त्यो बिर्सनु होस् अनि तिनीहरूले गरेको पाप तिर नहेर्नु होस्। २८यदि तपाईंले तिनीहरूलाई सजाय दिनुभयो भने मिश्र देशवासीहरूले भन्ने छन्, 'परमप्रभु आफूले दिनु भएको प्रतिज्ञा अनुसार तिनीहरूलाई भूमि दिनु सक्षम हुनु भएन। उहाँले तिनीहरूलाई घृणा गर्नु भयो र मार्नुको निम्ति मरुभूमिमा लैजानु भयो।' २९हे परमप्रभु! तिनीहरू तपाईंका मानिसहरू हुन्। तिनीहरू तपाईंका हुन्। तपाईंले तिनीहरूलाई मिश्रबाट आफ्नो महाशक्ति लगाएर अनि आफ्नो पाखुरा फिँजाएर ल्याउनु भयो।

## करारको नयाँ शिला-पाटी

**१०** "त्यस बेला परमप्रभुले मलाई भन्नुभयो, 'पहिले झैं तिमीले दुईवटा ढुङ्गा काटेर कठोर शिला-पाटी बनाउनु पर्छ। त्यसपछि तिमी पर्वतमा म भएकहाँ आएर एउटा काठको सन्दूक बनाऊ। २पहिलेको शिला-पाटीहरू जुन तिमीले फुटायौ, त्यसमा जे लेखिएको थियो म यी शिला-पाटीहरूमा पनि त्यही शब्दहरू लेख्नेछु। त्यसपछि ती पाटीहरू तिमीले सन्दूकमा राख।'

३"यसकारण मैले बबूल काठको सन्दूक बनाएँ काटेर पहिलेका चेप्टा ढुङ्गा जस्तै बनाएँ। तब म पर्वतमाथि गएँ। मेरो हातमा दुइवटा चेप्टा ढुङ्गाहरू थिए। ४पछि परमप्रभुले पर्वतमा तिमीहरू भेला भएको समयमा आगोद्वारा दश आज्ञाहरू भने झैं त्यही शब्दहरूले पाटीमा लेख्नु भयो। अनि परमप्रभुले मलाई ती पाटीहरू दिनु भयो। ५म पर्वतबाट तल आएँ, मैले पछि ती शिला-पाटीहरू बनाएको काठको सन्दूकभित्र राखें परमप्रभुले मलाई त्यहाँ राख्ने आज्ञा दिनु भयो। अझसम्म ती पाटीहरू त्यो सन्दूकमा छँदैछन्।"

६इस्राएलीहरू बाओथ-बने याकानीहरूको कूवाहरूदेखि हिँड़ेर मोसेरासम्म आए। त्यहाँ हारूनको मृत्यु भयो अनि तिनलाई त्यही गाड़े। हारूनको छोरो एलाजारले बाबुको ठाउँमा पूजाहारीको काम गरे। ७तब इस्राएली मानिसहरू मोसेराबाट गुदगुदासम्म हिड़ेर गए अनि फेरि गुदगुदाबाट खोलाहरू भएको भूमि योतबातामा आए। ८त्यस समयमा कुनै विशेष कामको निम्ति परमप्रभुले लेवी कुललाई अरू कुलबाट छुट्याउनु भयो। तिनीहरूले परमप्रभुका करारको सन्दूक बोक्ने काम गर्न पर्थ्यो। आजसम्म चल्दै आए झैँ तिनीहरूले परमप्रभुको पूजाहारी काम पनि गरे परमप्रभुको नाउँमा तिनीहरूले मानिसहरूलाई आशीर्वाद पनि दिनु पर्थ्यो। ९यसकारण लेवीहरूको भागमा भूमि परेन। तिनीहरूको भागमा परमप्रभु पर्नु भयो जुन परमप्रभुले तिनीहरूलाई प्रतिज्ञा गर्नु भएको थियो। भूमि अरू कुलका मानिसहरूको भागमा मात्र पर्‍यो।

१०"पहिला गरे झैँ म पर्वतमा चालीस दिन चालीस रात बसें। त्यस समयमा परमप्रभुले पनि मेरो प्रार्थना सुन्नुभयो र तिमीहरूलाई ध्वंश नगर्ने निर्णय लिनुभयो। ११परमप्रभुले मलाई आज्ञा दिनुभयो, 'मानिसहरूको यात्रामा मार्गदर्शन गर्न तिमी जाऊ। मैले तिनीहरूका

पिता-पुर्खाहरूलाई दिएको प्रतिज्ञा अनुसारको भूमिमा
तिनीहरू बसोबास गर्न जान्छन्।'

### साँच्चै परमप्रभु के चाहनुहुन्छ

१२"इस्राएलका मानिसहरू हो, अब सुन! परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूबाट के चाहनुहुन्छ?
परमप्रभु तिमीहरूले उहाँलाई सम्मान गरेको र उहाँले
भन्नु भएका कुराहरू मानेको चाहनुहुन्छ। परमेश्वर
तिमीहरूले प्रेम गरेको र उहाँलाई हृदय र प्राणले सेवा
गरेको चाहनुहुन्छ। १३यसकारण आज म तिमीहरूलाई
जुन आज्ञाहरू र विधि-विधानहरू बताउँदैछु ती सब
पालन गर। यी विधि-विधानहरू र आज्ञाहरू तिमीहरू
कै भलोको निम्ति हो। १४आकाशहरू, सर्वोच्च
आकाशमण्डलहरू, पृथ्वी तथा यसमा भएका प्रत्येक
चीज परमप्रभु तिमीहरूका परमेश्वर कै हुन्। १५परमप्रभुले
तिमीहरूका पिता-पुर्खाहरूलाई यति ज्यादै प्रेम गर्नुभयो
उहाँले तिनीहरूका सन्तान तिमीहरूलाई आफ्नो मानिस
बनाउन रोज्नु भयो। उहाँले तिमीहरूलाई सबै अरू
जातिहरूको साट्टामा मन पराउनु भयो अनि आजसम्म
तिमीहरू उहाँले रोज्नु भएको मानिसहरू हौ।

१६"हठी हुन छोड़, आफ्नो हृदय परमप्रभुलाई समर्पण
गर। १७किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर
नै ईश्वरहरूका परमेश्वर र परमप्रभुहरूका परमप्रभु
हुनुहुन्छ। उहाँ महान् परमप्रभु हुनुहुन्छ। उहाँ शक्तिशाली
र आश्चर्यजनक योद्धा हुनुहुन्छ। उहाँको निम्ति प्रत्येक
मानिस एक शरह हो। उहाँको मन धनको वशमा छैन।
१८टुहुरा टुहुरी तथा विधवाहरूलाई उहाँले प्रेम गर्नुहुन्छ।
उहाँले त हाम्रो भूमिमा आउने विदेशीहरूलाई पनि प्रेम
गर्नुहुन्छ। उहाँले तिनीहरू सबैलाई खाने कुरा तथा
लाउने वस्त्रहरू दिनुहुन्छ। १९यसकारण तिमीहरूले पनि
ती विदेशीहरूलाई प्रेम गर किनभने मिश्र देशमा
तिमीहरू विदेशीहरू नै थियौ।

२०"तिमीहरूले परमप्रभु तिमीहरूको परमेश्वरलाई
आदर गर, उहाँलाई कहिल्यै नछोड़ तथा कसम खाँदा
पनि उहाँकै नाउँमा खाऊ। २१परमप्रभु मात्र एकजना
हुनुहुन्छ जसलाई तिमीहरूले प्रशंसा गर्नुपर्छ। उहाँ
तिमीहरूका परमेश्वर हुनुहुन्छ। तिमीहरूले आफ्नै आखाँले
देखेका छौ उहाँले महान् र आश्चर्यपूर्ण कामहरू गर्नु
भएको छ। २२जब तिमीहरूका पिता-पुर्खाहरू मिश्र
देश गए त्यस समय तिनीहरूको जनसंख्या सत्तरी जना
मात्र थियो तर अहिले परमप्रभुले तिमीहरूको परमेश्वरले
तिमीहरूको जनसंख्या धेरै भन्दा पनि धेरै आकाशका
ताराहरू जतिकै धेरै बनाइदिनु भएकोछ।

### परमप्रभुको सम्झना गर

११ "यसकारण तिमीहरूले परमप्रभु तिमीहरूको
परमेश्वरलाई प्रेम गर्नु पर्छ। तिमीहरूले उहाँले
भन्नु भएको कुराहरू गर्नुपर्छ अनि सधैँ उहाँले दिनु
भएको हुकुम, नियम, विधिहरू अनि आदेशहरू अनुसरण
गर्नुपर्छ। २परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
सिकाउन भएको ती सबै महान् कुराहरू आज सम्झना
गर। ती सब कुराहरू हुँदा तिमीहरू थियौ तर
तिमीहरूका नानीहरू होइनन्। तिमीहरूले परमप्रभु कति
शक्तिशाली, कति महान् र उहाँले गर्नु भएको महान्
कामहरू देख्यौ। ३तिमीहरूका बाल-बच्चाले होइन तर
उहाँले देखाउनु भएको चिन्ह र कार्यहरू तिमीहरूले
देख्यौ, तिमीहरूले मिश्र देशका राजा फिरऊन र पूरा
मिश्रदेशमा के गर्नु भयो देख्यौ। ४मिश्र देशका सैन्य
तथा तिनीहरूका घोड़ाहरू अनि रथहरूलाई के गर्नु
भयो तिमीहरूका बाल-बच्चाहरूले होइन तिमीहरूले
देख्यौ। तिनीहरूले तिमीहरूलाई खेद्दै थिए तर परमप्रभुले
तिनीहरूलाई लाल समुद्रको पानीमा डुबाइ दिनुभयो र
सम्पूर्ण ध्वंश पार्नु भयो। ५तिमीहरू यस भूमिमा आई
नपुगुञ्जेल मरुभूमिमा परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूको निम्ति के के गर्नुभयो त्यो तिमीहरूका
बाल-बच्चाले होइन, तर तिमीहरूले देख्यौ। ६रुबेन
कुलका एलीआबका छोराहरू दातान र अबीरामलाई
परमप्रभुले के गर्नुभयो तिमीहरूले देख्यौ। मानिसको
मुख झैँ पृथ्वी फाटेर तिनीहरूका सबै परिवार, पालहरू
अनि तिनीहरूका नोकर चाकरहरू र सबै पशुहरू
निलिएको इस्राएलका सबै मानिसहरूले देखेका छन्।
७तिमीहरूका बाल-बच्चाहरूले होइन तर तिमीहरूले
परमप्रभुले गर्नु भएको ती महान् कार्यहरू देख्यौ।

८"यसकराण यदि आज मैले दिएका आज्ञा तिमीहरूले
सम्पूर्ण रूपले मान्यौ भने तिमीहरू शक्तिशाली बनिने छौ
र यर्दन नदी पार गरी जुन भूमिमा प्रवेश गर्दैछौ त्यस
भूमिलाई आफ्नो दखलमा राख्न योग्य बनिनेछौ। ९जुन
भूमि धेरै असल असल चीजहरूले भरिएको छ र जुन
परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरू र तिनीहरूका सबै
सन्तानहरूलाई दिन शपथ खानु भएको थियो। त्यस
भूमिमा तिमीहरू दीर्घायू जीवन जिउन सक्नेछौ। १०जुन
भूमि तिमीहरू लिँदैछौ, त्यो मिश्र देश जहाँबाट तिमीहरू
आएका छौ त्यस्तो छैन। मिश्र देशमा तिमीहरूले बीउ
छरेर त्यसमा पानी हाल्दा आफ्नो गोड़ाको सहायताले
खुट्टा चलाएर नालाबाट पानी हाल्नु पर्थ्यो। जसरी
साग-सब्जीमा पानी हाल्थ्यौ त्यसरी नै खेतमा पनि हाल्नु
पर्थ्यो। ११तर इस्राएलमा त्यस्तो गर्नु पर्दैन, तिमीहरू
जुन भूमिमा पस्दैछौ त्यहाँ पहाड़हरू छन् र आकाशबाट
परेको पानी तिमीहरूको खेतले पाउँछ। १२परमप्रभु
तिमीहरूका परमेश्वरले त्यस भूमिको हेरचाह गर्नुहुन्छ
अनि वर्षको शुरूदेखि अन्तसम्मै आफ्नो दृष्टि त्यस
भूमिमाथि राख्नुहुन्छ।

१३"परमप्रभु भन्नुहुन्छ, 'आज मैले तिमीहरूलाई
दिएको आज्ञाहरू राम्ररी सुन परमप्रभु तिमीहरूका

परमेश्वरलाई प्रेम गर र आफ्नो सारा हृदय र प्राणले सेवा गर। १४यदि यसो गरे, म ठीक समयमा तिमीहरूको भूमिमा पानी पारि दिनेछु। म शरद र वसन्त ऋतुमा तिमीहरूको निम्ति पानी पारि दिनेछु जसले गर्दा तिमीहरूले अन्न, नयाँ दाखरस र तेल जमा गर्न सक्नेछौ। १५अनि तिमीहरूको गाईबस्तुहरूको निम्ति खेतमा प्रशस्त घाँस उमारी दिनेछु। तिमीहरूको निम्ति प्रशस्त खाने-कुराहरू हुनेछन्।'

१६"मूर्ख नबन, सधैं सावधान भएर बस। अरू देव-देवताहरूलाई पूजा नगर। १७यदि यसो गर्‍यौ भने परमप्रभु तिमीहरूसित रिसाएर आकाश बन्द गरिदिनु हुनेछ र पानी पर्न छोड्ने छ। खेती हुन छोड्ने छ र परमप्रभुले तिमीहरूलाई दिनुहुने असल भूमिमा तिमीहरू चाँडै नै मर्नेछौ।

१८"मैले दिएका यी आज्ञाहरू पालन गर। यी आज्ञाहरू हृदयमा राख। यी आज्ञाहरू लेखेर हातमा बाँध अनि निधारमा टाल जसले गर्दा तिमीहरूलाई यी आज्ञाहरू सम्झना भइरहोस्। १९यी कुराहरू तिमीहरू घरमा बस्दा, बाटोमा हिंड्दा, ढल्कँदा, उठ्दा सधैं सम्झना गर। नानीहरूलाई पनि यी विधिहरू सिकाऊ। २०यी आदेशहरू ढोकाको चौकटहरूमा र घरको फाटकमा लेख। २१तब तिमी र तिमीहरूका नानीहरू धरतीमा लामो अवधि बाच्नेछन् परमप्रभुले तिमीहरूका पुर्खाहरूलाई वचन दिनु भएको थियो। तिमीहरू तबसम्म बाँच्ने छौ जबसम्म धरतीमाथि आकाश छ।

२२"मैले तिमीहरूलाई बताएको आज्ञा पालन गर्न होशियार होऊ, परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर, उहाँले सिकाएको मार्गमा चल अनि उहाँप्रति विश्वासी बन। २३तब, जब तिमीहरू त्यो भूमिमा बस्नु जानेछौ परमप्रभुले त्यहाँका अरू राष्ट्रहरूलाई उच्छेद गर्नु हुनेछ। तिमीहरूले तिमीहरू भन्दा शक्तिशाली र अधिक संख्यामा भएका मानिसहरूबाट त्यो भूमि लिने छौ। २४तिमीहरूले टेके जति भूमि तिमीहरू कै हुनेछ। तिमीहरूको भूमि पूर्वमा यूफ्रेटिस, नदीदेखि पश्चिममा भूमध्य सगारसम्म अनि उत्तरमा लबानोन दक्षिणमा मरुभूमिसम्म हुनेछ। २५परमप्रभुले तिमीहरूको निम्ति प्रतिज्ञा गर्नु भएको छ, जुन जुन ठाउँमा तिमीहरू जाने छौ त्यहाँका मानिसहरू तिमीहरूसित डराउनेछन् एक जना पनि तिमीहरूको विरोध गर्न उभिने छैन।

## इस्राएलको चाहना : आशीर्वाद अथवा सराप

२६"आज म तिमीहरूलाई केही रोज्ने मौका दिंदैछु, तिमीहरूले सराप र आशीर्वाद मध्ये एउटा रोज्नु सक्छौ। २७आज मैले तिमीहरूलाई बताएको परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञाहरू सुनेर पालन गरे तिमीहरूले आशीर्वाद पाउनेछौ। २८तर परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएका आज्ञाहरू पालन गर्नु अस्वीकार गरे तिमीहरूले सराप पाउनेछौ। यसकारण आज मैले बताएको तरिकामा जीवन यापन गर्नु नछोड़ अरू देव-देवताहरू नपूज कारण तिमीहरूले परमप्रभुलाई चिन्छौ अरू देव-देवताहरूलाई चिन्दैनौ।

२९"परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई त्यो भूमिसम्म पुग्नु डोर्‍याउनु हुनेछ र तिमीहरू चाँड़ै त्यहाँ पुग्नेछौ अनि भूमिमा अधिकार लिनेछौ। त्यो समयमा तिमीहरूले गीरिज्जीम डाँड़ामा गएर आशीर्वाद र एबाल डाँड़ामा गएर मानिसहरूलाई सराप घोषणा गर्नु पर्छ। ३०यी पर्वतहरू मोरेका बजराँट रुखहरूको नजिक यर्दन घाटीमा बसेका कनानहरूको भूमिमा अवस्थित छन् जो गिलगालबाट यर्दन नदीको पश्चिमतिर पर्छन्। ३१परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिने भूमि लिन जब तिमीहरू यर्दन नदी पारि जान्छौ अनि जब यो भूमिमा दखल कायम गर्छौ ३२तिमीहरूले नियम र विधिहरू साह्रै होशियारीसँग पालन गर्नुपर्छ जो आज तिमीहरूलाई बताउँछु।

## परमेश्वरको आराधना गर्ने स्थान

१२ "आफ्नो नयाँ भूमिमा तिमीहरूले पालन गर्नु पर्ने विधि-विधानहरू यिनीहरू नै हुन्। त्यस भूमिमा तिमीहरू जतिञ्जेलसम्म बाँच्छौ तिमीहरूले यी विधि-विधानहरू अत्यन्तै सावधानीसँग पालन गर्नु पर्छ। परमप्रभुले तिमीहरूलाई यो भूमि दिनु हुँदैछ र परमप्रभु तिमीहरूको पिता-पुर्खाहरूका परमेश्वर हुनुहुन्छ। २अहिले त्यस भूमिमा बसिरहेका मानिसहरूबाट तिमीहरूले भूमि लिनेछौ। तिमीहरूले ती मानिसहरूले पूजा गर्ने जग्गाहरू सम्पूर्ण रूपले ध्वंश पार्नु पर्छ। यी जग्गाहरू अग्ला-अग्ला पर्वतहरू, डाँड़ाहरूमा र हरियो रुखहरू मुनि छन्। ३तिनीहरूका वेदीहरू फुटाइदिनु, अनि तिनीहरूका पवित्र ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिनु र तिनीहरूका अशेरा देवताहरूका मूर्तिहरू ध्वंश पारिदिनु जसले गर्दा तिनीहरूको झूटा देव देवताहरूका नाउँनिशान केही त्यस ठाउँमा नरहोस्।

४"तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आराधना त्यस ढंगमा गर्नु हुँदैन जसरी ती मानिसहरूले आफ्ना देवताहरूको पूजा गर्छन्। ५तिमीहरूका कुलमा परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो जुन ठाउँमा विशेष बास गर्न चाहनुहुन्छ त्यही ठाउँ तिमीहरूले आफ्नो आराधना गर्ने ठाउँ बनाउनु पर्छ। ६त्यही ठाउँमा होमबलि, बलिदान दशांश अन्न तथा पशु उपहार, विशेष उपहार, भाकल राखिएको उपहार अथवा तिमीहरूले परमप्रभुलाई चढ़ाउन इच्छा गरेको कुनै विशेष उपहार तथा आफ्नो घरमा पहिले जन्मिएको पशु सब चढ़ाउन त्यही ठाउँमा पुर्‍याउनु पर्छ। ७परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने तिमीहरूले खानेछौ र परमप्रभु तिमीहरूका परमेश्वरको तिमीहरूलाई त्यही आशीर्वाद

दिनु हुनेछ, अनि तिमीहरूले आफूले सबै काममा आनन्द भोग गर्नेछौ।

८"अहिलेसम्म हामी आफ्नो इच्छा अनुसारले आराधना गरिरहेका छौं तर अब उसो त्यसरी आराधना नगरौ। ९किन? किनभने अहिलेसम्म तिमीहरू विश्रामस्थान अनि उत्तराधिकारका ठाउँमा पसेका छैनौ जो परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिँदै आउनु भएको छ। १०तर तिमीहरू यर्दन नदी पार गर्छौ अनि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिन लाग्नु भएको भूमिमा अधिकार गरेरे बस्नेछौ। तब परमप्रभुले तिमीहरूलाई सुरक्षित राख्नु सबैतिरका शत्रुहरूबाट सुरक्षा दिनुहुनेछ। ११तब परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्न जुन एउटा ठाउँ चुन्नुहुन्छ त्यही मैले दिएको आज्ञा अनुसार होमबलि, बलिदानहरू, तिमीहरूको अन्न तथा पशुको दशमांश, विशेष बलि तथा परमप्रभुलाई चढ़ाउन भाकल गरेको असल असल चीजहरू त्यहाँ ल्याउनु पर्छ। १२तिमीहरू, तिमीहरूका आफन्तहरू, बाल-बच्चाहरू, कमारा-कमारीहरू र शहरमा बासो-बास गर्ने लेवी कुलका मानिसहरूलाई त्यही स्थानमा ल्याऊ (ती लेवीहरूको निम्ति त्यो भूमिमा कुनै आफ्नो अंश हँदैन) त्यहाँ परमप्रभु तिमीहरूका परमेश्वरसँग आनन्द मनाऊ। १३तिमीहरू निश्चय गर तिमीहरूको होमबलि आफ्नो इन्छा गरेको स्थानमा चढ़ाउने छैनौ। १४परमप्रभुले तिमीहरूको एउटा कुलहरूको कुनै विशेष ठाउँ रोज्नु हुनेछ। होमबलि देऊ तथा कामहरू गर जो मैले तिमीहरूलाई त्यस ठाउँमा गर्नु भनेको थिएँ।

१५"जहाँ जहाँ तिमीहरू बस्छौ त्यहाँ तिमीहरूले हरिण तथा मृग जस्ता असल पशुहरू मारेर जति मासु खान इन्छा गर्छौ खान सक्छौ, जति धेरै परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुन्छ। कुनै पनि मानिस जो शुद्ध अथवा अशुद्ध छ कसैले पनि त्यो मासु खान सक्छ। १६तर रगत पानी भैं भूइँमा पोख्नु पर्छ किनभने रगत खानु हुँदैन।

१७"तर केही चीजहरू यस्ता पनि छन् जो तिमीहरूले आफ्नो शहरमा खान सक्तैनौ। अनि ती चीजहरू हुन नयाँ बालीको दशांश अन्न, नया दाखरस अथवा तेलको दशांश, घरका पशुहरूबाट जन्मिएको पहिलो पाठा अनि तिमीहरूले परमेश्वरलाई चढ़ाउछु भनी शपथ गरेको चीजहरू, तिमीहरूले चढ़ाउनु इच्छा गरेको कुनै विशेष बलिका चीजहरू। १८तिमीहरूले ती चीजहरू आफ्ना बाल-बच्चा नोकर-नोकर्नीहरू तथा आफ्ना शहरहरूभित्र बसो-बास गर्ने लेवी मानिसहरूसँगै लिएर तिमीहरूकै कुल माझमा परमप्रभु तिमीहरूका परमेश्वरले छान्नु भएको स्थानमा परमप्रभुको सम्मुख बसेर खाने पर्छ। तिमीहरूले गर्ने असल असल कार्यहरूमा परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने गरेर आनन्द मनाऊ। १९तर तिमीहरू आफ्नो खाद्य लेवीहरूसँग बाँडनु पर्छ भनी निश्चिन्त होऊ। यस्तो तबसम्म गर जबसम्म आफ्नो भूमिमा बस्छौ।

२०"उहाँले प्रतिज्ञा गरे अनुसार परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको भूमिको सीमाना बढ़ाउनु हुनेछ र जब तिमीहरूलाई मासु खान इच्छा हुनेछ र मासु खान्छु भन्ने छौ, तब जतिसम्म खानु इच्छा हुन्छ खाऊ। २१परमप्रभुले छान्नु भएको स्थान टाड़ो पनि हुन सक्छ र परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको पशुहरूलाई तिमीहरूले मैले भनेको आज्ञा अनुसार आफ्नो समयमा र स्थानमा खान सक्छौ। २२तिमीहरूले हरिण तथा मृगको मासु भैँ यी पशुहरूको मासु पनि खान सक्छौ खाने मानिस शुद्ध अथवा अशुद्ध जस्तो पनि हुन सक्छ। २३तर रगत नखाने निधो गर्नुपर्छ। किन? किनभने रगतमा जीवन हुन्छ र कुनै चीज जसमा जीवन रहन्छ त्यो खानु हुँदैन। २४पानी घोप्टाए भैँ रगत भूइँमा पोखी देऊ। रगत खानु हुँदैन। २५परमप्रभुले असल हो भन्नु भएको काम तिमीहरूले गर्नुपर्छ, तब मात्र तिमीहरू र तिमीहरूका सन्तानहरूलाई राम्रो हुनेछ।

२६"यदि तिमीहरूले परमेश्वरलाई केही विशेष चीज चढ़ाउन चाहन्छौ भने परमप्रभु तिमीहरूका परमेश्वरले छान्नु भएको विशेष स्थानमा जानुपर्छ। अनि यदि तिमीहरूले कुनै विशेष उपहार चढ़ाउन प्रतिज्ञा गर्छौ भने परमप्रभुले छान्नु भएको त्यस विशेष स्थानमा तिमीहरू जानैपर्छ। २७होमबलि त्यही स्थानमा चढ़ाउनु पर्छ र होमबलिको मासु र रगत परमप्रभु तिमीहरूका परमेश्वरलाई वेदीमा चढ़ाउन पर्छ। अन्य बलिदानहरूको निम्ति परमप्रभु तिमीहरूका परमेश्वरको वेदीमा रगत खन्याउनु पर्छ। तब तिमीहरूले मासु खान सक्छौ। २८आज्ञाहरू जो म तिमीहरूलाई दिन्छु पालन गर्दा सावधान होऊ। जब तिमीहरू असल र उचित कामहरू गर्छौ जसले परमप्रभु तिमीहरूका परमेश्वरलाई सन्तुष्ट पार्छ, तब तिमीहरूको निम्ति र तिमीहरूको भावी सन्तानको निम्ति सधैं भलो हुनेछ।

२९"तिमीहरू अरू मानिसहरूको भूमि अधिकार गर्न जादैछौ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको निम्ति ती मानिसहरूलाई ध्वंश पार्नु हुनेछ। तिमीहरूले ती मानिसहरूलाई उच्छेद गर्नेछौं र तिमीहरू त्यहाँ बस्ने छौ। ३०त्यति भइसके पछि सावधान हुनु! ती मानिसहरूलाई ध्वंश पार्नेछौ। तर तिनीहरू भूटो देवताहरू मान्नु पर्ने जालमा नफँस। सावधान बस! भूठो देवताहरूअघि सहायताको निम्ति नजाऊ। यसो नभन, 'तिनीहरूले ती देवताहरू पूजा गर्दथे यसकारण म पनि त्यस्तै प्रकारले पूजा गर्छु।' ३१परमप्रभु तिमीहरूका परमेश्वरलाई त्यसो नगर। त्यस्ता देवताहरूको पूजा नगर! किन? किनभने ती मानिसहरूले परमप्रभुलाई मन नपराउने सबै कुराहरू गर्छन। होमबलि दिदाँ तिनीहरू आफ्ना नानीहरू जलाउन पनि गाह्रो मान्दैनन्।

३२"मैले दिएका आज्ञाहरू होशियारीसँग पालन गर्नु पर्छ। मैले भनेका कुराहरूमा कुनै कुरा थप्ने अथवा घटाउने काम नगर।

## झूटा अगमवक्ताहरू

**१३** "कुनै एकजना अगमवक्ता अथवा सपना व्याख्या गर्ने मानिस तिमीहरूकहाँ आउन सक्छ। उसले तिमीहरूलाई भन्न सक्छ उसले संकेत अथवा आश्चर्यजनक काम देखाउन सक्छ। २उसले भने झैं चिन्ह अथवा आश्चर्यजनक काम साँच्चै हुन सक्छ, तिमीहरूले कहिल्यै नजानेको अन्य देवतालाई उसले मान्न लगाउन सक्छ। उसले भन्न सक्छ, 'हामी यी देवताहरूलाई पूजा गरौं।' ३त्यस मानिसलाई नसुन किनभने परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको परीक्षा लिएको हुनसक्छ। यस्तो हुन सक्छ परमप्रभुलाई तिमीहरूको हृदय तथा प्राणले नै मानिरहेका छौ कि छैनौ जान्न जाँच गरिरहनु भएको होला। ४परमप्रभु तिमीहरूका परमेश्वरलाई आदर गर, उहाँलाई अनुशरण गर। परमप्रभुको आज्ञा पालन गर अनि उहाँले जे भन्नुहुन्छ त्यही गर। उहाँको सेवा गर तथा उहाँलाई कहिल्यै नछोड़। ५अगमवक्ता अथवा स्वप्न-दर्शी मानिसलाई तिमीहरूले मार्नु पनि पर्छ। किन? किनभने, उसले तिमीहरूलाई परमप्रभु तिमीहरूका परमेश्वरलाई नमान्नु भन्यो। उहाँ त्यो परमेश्वर हुनुहुन्छ जसले तिमीहरूलाई मिश्रदेशबाट बाहिर ल्याउनु भयो जहाँ तिमीहरू कमारा-कमारीहरू थियौ। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई जस्तो तरिकाले जीवन यापन गर्ने आज्ञाहरू दिनु भएको छ त्यसबाट उसले अलमलायो। तिमीहरूका मानिसहरूबाट दुष्टता हटाउनको निम्ति तिमीहरूले त्यसलाई मार्नै पर्छ।

६"तिमीहरूका आफ्नै दाज्यू-भाइ, दिदी-बहिनी, छोरा अथवा छोरी, पत्नी सगा-सम्बन्धी कसैले गुप्तरूपले तिमीहरूलाई अन्य देवताहरू पूजा गर्न राजी गराउलान्। तिनीहरू भन्न सक्छन्, 'जाँऊ हामी अन्य देवताहरूलाई पूजा गरौं।' यी देवताहरूलाई तिमीहरू तथा तिमीहरूका पिता-पुर्खाहरूले जानेका थिएनन्। ७ती देवताहरू ती मानिसहरूका हुन् जो तिमीहरूको नजिक अथवा टाढ़ा बसेका हुन्छन् तिनीहरू तिमीहरू कै वरिपरि अरू जग्गामा बसेका हुन्छन्। ८त्यस मानिससँग तिमीहरूले सहमत हुनुहुँदैन। उसलाई न सुन, ऊ प्रति दया नदेखाऊ, उसको सुरक्षा नगर अनि उसलाई नछोड़। ९-१०होइन, त्यसलाई ढुङ्गाले हिर्काएर मार। त्यसलाई मार्न ढुङ्गा टिप्ने मानिसहरू मध्ये तिमी पहिलो हुनु पर्छ र अरू मानिसहरूले पनि त्यस माथि ढुङ्गा फ्याँक्छन्। किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू जो मिश्रदेशमा दास-दासीको जीवन बिताइरहेका थियौ त्यहाँबाट बाहिर निकाल्नु भयो, उहाँले तिमीहरूलाई टाढ़े ल्याउने चेष्टा गर्नुभयो। ११तब इस्राएलका मानिसहरूले थाह पाउँनेछन् र त्यस्तो दुष्टतापूर्वक काम कहिल्यै गर्ने छैनन्।

## शहरहरू जो ध्वंश हुनै पर्छ

१२"परमप्रभु तिमीहरूका परमेश्वरले बस्नको लागि तिमीहरूलाई शहरहरू दिनु भएको छ। कोही समय ती शहरहरू मध्ये कुनै एक शहरको विषयमा नराम्रो कुराहरू सुन्न सक्छौ। तिमीहरू थाहा पाउन सक्छौ १३केही नराम्रा मानिसहरू आफ्नै जाति भित्रका शहरबासीहरूलाई नराम्रो काम गर्न फकाउँदैछन्। तिनीहरू आफ्नै शहरका मानिसहरूलाई भन्न सक्छन्, 'हामी अरू देवताहरूको सेवामा जाऔं।' (ती देवताहरू तिमीहरूले कहिले पनि नदेखेका नजानेका हुन सक्छन्)। १४त्यस विषयमा तिमीहरूले राम्रोसँग खोजी गर्नुपर्छ अनि यदि कुरो सत्य स्थापित भयो त्यस्तो अनिष्ट अथवा घृणित काम भएकै थियो भने। १५ती शहरहरूका मानिसहरूलाई तिमीहरूले तरवारले काटेर मार्नुपर्छ। तिनीहरू सबैलाई नष्ट पार्नुपर्छ र शहर पनि सम्पूर्ण रुपले ध्वंश पार्नु पर्छ। १६तिनीहरूका सबै बहुमूल्य चीजहरू जम्मा गर अनि तिनीहरूलाई शहरको बीचमा लैजाऊ, शहर अनि यसमा भएको प्रत्येक चीजलाई जलाई देऊ। यो परमप्रभु तिमीहरूको परमेश्वरको निम्ति होमबलि हुनेछ। त्यस शहरको पुनर्निर्माण नहोस् र त्यो केवल ढुङ्गाको थुप्रो मात्र बनिरहोस्। १७त्यस शहरमा भएको प्रत्येक चीज परमेश्वरलाई ध्वंश पार्न दिनु पर्छ जसले गर्दा त्यहाँ तिमीहरूको निम्ति केही पनि नहोस्। यदि तिमीहरूले यो आज्ञा पालन गर्‍यौ भने परमप्रभु तिमीहरूसित रिसाउन छोड़नु हुन्छ, उहाँ तिमीहरू प्रति उहाँ दयालु हुनुहुन्छ, उहाँ तिमीहरू प्रति दुःखी हुनुहुन्छ। उहाँले तिमीहरूका पिता-पुर्खाहरूलाई प्रतिज्ञा दिए अनुसार तिमीहरूलाई विशाल समुदाय बनिनमा सहयोग गर्नु हुनेछ। १८यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञाहरू पालन गर्‍यौ भने र परमप्रभु तिमीहरूका परमेश्वरको नजरमा जुन असल छ त्यो मात्र गर्‍यौ भने उहाँले त्यसो गर्नु हुनेछ।

## इस्राएलीहरू परमेश्वरका विशेष मानिसहरू

**१४** "तिमीहरू परमप्रभु आफ्ना परमेश्वरका नानीहरू हौ। यदि तिमीहरूको आफन्तमा कसैको मृत्यु हुन्छ भने तिमीहरूको शरीरलाई नकाट अनि आफ्नो टाउकोको केश नखौर।* २किन? किनभने तिमीहरू अरू मानिसहरूभन्दा भिन्दै हौ। तिमीहरू परमप्रभुको

---

**शरीर … नखौर** यो कार्यहरू मूर्ति पूजकहरूले गर्छन। आधा धर्मी रीतिले अनि आधा विलाप रीतिले रिवाजले इस्राएलीहरू पवित्र जाति भनिन्छ तिनीहरूले यस्तो रीति पच्छाउनु हुँदैन।

विशेष मानिसहरू हौ। परमप्रभु आफ्नो परमेश्वरले
संसारका सबै मानिसहरूको माझबाट तिमीहरूलाई आफ्नो
विशेष मानिस बनाउन रोज्नुभएको छ।

### इस्राएलीहरूलाई खानु अनुमति दिइएका खाद्य वस्तुहरू

३"परमप्रभुबाट घृणा गरिएका चीजहरू कुनै पनि
नखाऊ। ४तिमीहरूले यी पशुहरू खान सक्छौ: गोरु-गाई,
भेड़ा, बाख्रा, ५मृग, हरिण, बराँट, जंगली बोका,
पहाड़ी बोका, चित्तल र पहाड़ी भेड़ाहरू। ६खुर दुई
भागमा चिरिएको छ र उग्राउँछ भने त्यस्ता कुनै पनि
पशु खानुहुन्छ। ७तर ऊँठ, खरायो अथवा भीर खरायो
आदि नखाऊ यद्यपि यी पशुहरू उग्राउँछन्, यिनीहरूको
खुर दुई भागमा चिरिएको छैन। यसकारण यी पशुहरू
शुद्ध तिमीहरूका लागि खानु होइनन्। ८अनि तिमीहरूले
सूंगुर खानु हुँदैन। तिनीहरूको खुरहरू त चिरिएका छन्
तर तिनीहरू उग्राउँदैनन्। यसकारण सूंगुर तिमीहरूको
निम्ति शुद्ध खाना होइन र यसको कुनै अंगको मासु
नखानु। मरेको सूंगुर तिमीहरूले नछुनु।

९"पानीमा भएका प्राणीहरूमा जसको पखेटा र कत्ला
हुन्छ त्यो खानु सक्छौ। १०तर पानीमा हुने प्राणीहरूमा
जसको पखेटा अनि कत्ला हुँदैन त्यस्ता प्राणी तिमीहरूले
खानु हुँदैन कारण त्यो तिमीहरूको निम्ति अशुद्ध खाद्य
हो।

११"तिमीहरूले कुनै पनि शुद्ध पक्षी खान सक्छौ।
१२तर यी पक्षीहरूमा कुनै पनि नखाऊ; गरुड़, गिद्ध र
कालो गिद्ध, १३सबै प्रकारको रातो चील र कालो
चील, १४सबै प्रकारका काला काग १५ठूलो लाटोकोसेरो,
कराउने लाटोकोसेरो, समुद्र-हाँस, सबै प्रकारको बेसारा,
१६सानो लाटोकोसेरो, ठूलो लाटोकोसेरो, सेतो लाटोकोसेरो,
१७मरुभूमिको लाटोकोसेरो, माछा खाने गिद्ध, पानी-काग,
१८सारस, सबै प्रकारको बकुल्लो, फाप्रेचरो अथवा
चमेरो।

१९"पखेटा भएका कुनै किरा नखाऊ किनभने
तिनीहरू अशुद्ध हुन्छन्। २०तर तिमीहरू सबै शुद्ध
चराहरू खानु सक्छौ।

२१"यदि कुनै पशु आफै मरेको भए, त्यो तिमीहरूले
खानु हुँदैन। त्यो मृत पशु तिमीहरूको शहरमा बस्ने
कुनै विदेशीलाई देऊ, उसले त्यो खान सक्छ। अथवा
तिमीहरूले त्यस मृत पशु विदेशीलाई बेच्न सक्छौ, तर
तिमीहरूले खानु हुँदैन। किन? किनभने तिमीहरू परमप्रभु
तिमीहरूका परमेश्वरका विशेष मानिसहरू हौ।

"बाख्राको पाठो त्यसकै माऊको दूधमा नपकाऊ।

### दशांश दिने निर्देश

२२"तिमीहरूले प्रत्येक वर्ष तिमीहरूको खेतको
उब्जनीबाट दशांश जोगाई निर्धारित गरेर राख्नु पर्छ।
२३तब तिमीहरू परमप्रभुले आफ्नो स्थान भनी छानेको
घरमा जानु पर्छ। तिमीहरूको त्यहाँ परमप्रभु तिमीहरूका
परमेश्वरसित भेट हुन जान्छौ। त्यस समय तिमीहरूले
त्यो दशांश अन्न, नयाँ दाखरस तेल, आफ्नो गोठमा
जन्मेको प्रथम भेड़ा बख्राको पाठो खानेछौ। यस
प्रकारले तिमीहरूले सधैँ परमप्रभु तिमीहरूका परमेश्वरलाई
आदर गर्नेछौ। २४तर त्यो निर्धारित ठाउँ टाढ़ो भए
तिमीहरू आफ्नो अन्नहरूको दशांश लिएर जानु नसक्ने
पनि हुन सक्छौ। यस्तो भएको खण्डमा, २५त्यो दशांश
अन्न बेचे र बेचेको दाम लिएर परमप्रभुले छान्नु भएको
घरमा जाऊ। २६तिमीहरूले जे रूचाउँछौ त्यही किन्नु
त्यो पैसा खर्च गर: जस्तै-गाई, भेड़ा, दाखरस अथवा
कुनै अन्य मद्य सामग्री। तब तिमीहरू अनि तिम्रो
परिवारहरूले खाएर अनि परमप्रभु तिमीहरूको
परमेश्वरसित त्यस भूमिमा आनन्द मनाऊ। २७तर
तिमीहरूको शहरमा बस्ने लेवीहरूलाई नबिर्स। किन?
किनभने तिमीहरूको भैँ तिनीहरूको भूमि छैन।

२८"प्रत्येक तीन वर्षको अन्तमा तिमीहरूको अन्न
उब्जनीबाट दशांश संग्रह गर्नु पर्छ। त्यसलाई आफ्नो
शहरको भण्डारमा थुपार। २९यो अन्न लेवीहरूको
निम्ति हो कारण तिमीहरूको भैँ तिनीहरूको आफ्नो
भूमि छैन। यी अन्न शहरका अन्य अभाव ग्रस्त
मानिसहरूको निम्ति पनि हो अनि यो विदेशीहरू,
विधवाहरू र टुहुरा टुहुरी नानीहरूको निम्ति
हो। यदि तिमीहरूले यसो गरे परमप्रभु तिमीहरूका
परमेश्वरले तिमीहरू जे गर्छौ प्रत्येक चीजमा आशीर्वाद
दिनु हुनेछ।

### ऋण मुक्त हुने विशेष वर्ष

१५ "प्रत्येक सात वर्षको अन्तमा तिमीहरूको ऋण
माफ गर्नु नै पर्छ। २तिमीहरूले यो यसरी गर्नु
पर्छ। प्रत्येक मानिस जसले अर्को इस्राएलीलाई ऋण
दिएको छ उसले त्यो ऋण माफ गर्नु पर्छ। उसले ऋण
लिने अर्को इस्राएली भाइलाई ऋण तिर्न लाउनु हुँदैन।
किन? किनभने परमप्रभुले यस वर्ष ऋण माफ गर्ने
आज्ञा दिनु भएको छ। ३तिमीहरूले अर्को कुनै विदेशीलाई
ऋण तिर्नु लगाउनु सक्छौ तर त्यो ऋण कुनै इस्राएलीसित
भए माफ दिनै पर्छ। ४तिमीहरूको भूमिमा कुनै गरीब
मानिस हुने छैन। किन? किनभने परमप्रभुले तिमीहरूलाई
यो भूमि दिनु हुँदैछ अनि तिमीहरूलाई धेरै धेरै
आशीर्वाद दिनु हुनेछ। ५तर तिमीहरूले परमप्रभु तिमीहरूका
परमेश्वरको आज्ञा पालन गर्‍यौ भने मात्र त्यस्तो हुनेछ।
आज तिमीहरूलाई मैले बताएको प्रत्येक आज्ञा खुबै
होशियारीसँग पालन गर्नु पर्छ। ६तब परमप्रभु तिमीहरूका
परमेश्वरले उहाँको प्रतिज्ञा अनुसार आशीर्वाद दिनु
हुनेछ। अनि अन्य राष्ट्रहरूलाई ऋण दिनुको निम्ति
तिमीहरूसित प्रशस्त पैसा-रुपिया हुनेछ। तर तिमीहरूले
अरूबाट ऋण लिनु आवश्यक पर्दैन। तिमीहरूले धेरै

राष्ट्रहरूलाई शासन गर्नेछौ, तर कसैले तिमीहरूलाई
शासन गर्ने छैन।
७"जब तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरले
दिने भूमिमा बस्दैछौ, तिमीहरूको माझमा एकजना
गरीब मानिस हुनु सक्छ। तिमीहरू स्वार्थी हुनु हुँदैन।
त्यस गरीब मानिसलाई सहायता गर्न अस्वीकार नगर।
८त्यस मानिसलाई जुन चीजको जे खाँचो पर्छ त्यो
सहायता गर। त्यसलाई सहायता गर्न तिमीहरू इच्छुक
भई बस्नु पर्छ।
९"सातौं वर्ष जो ऋण माफ गरिने वर्ष हो र यसको
निहुँमा कसैलाई सहायता गर्न अस्वीकार नगर। तिमीहरूको
मनमा दुष्ट विचारलाई पस्न नदेऊ। जुन मानिसलाई
केही सहायताको खाँचो छ उसको विषयमा दुष्ट विचार
नगर। यदि तिमीहरूले त्यस गरीब मानिसलाई सहायता
गर्न अस्वीकार गरे उसले परमप्रभुलाई आरोप गर्नेछ र
तिमीहरूलाई परमप्रभुले पापको दोषी लाग्नेछ यसकारण
गरीब मानिसलाई सहायता दिन अस्वीकार नगर।
१०"तिमीहरूले गरीब मानिसलाई सके अनुसार
देऊ। उसलाई दिँदा नराम्रो नसम्झ। किन? किनभने,
यस्तो असल काम गरे परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई आशिष दिनु हुनेछ। तिमीहरूलाई तिमीहरूको
सबै काममा र तिमीहरूले गरेको प्रत्येक चीजमा उहाँले
तिमीहरूलाई आशिष दिनु हुनेछ। ११त्यो भूमिमा सधैँ
गरीब मानिसहरू रहनेछन् यसकारण तिम्रा भाइलाई
सहायता गर्नु सब समय तयार बस भनी म आज्ञा गर्छु।
तिमीहरूको भूमिमा सहायताको अपेक्षामा बस्ने गरीब
मानिसलाई सहायता देऊ।

### कमारा-कमारीहरूलाई मुक्ति

१२"यदि तिमीहरूले आफ्नो देशका मानिसहरूलाई नै
एउटा हिब्रु मानिस अथवा स्त्री किन्छौ भने, तिमीले
उसलाई आफ्नो सेवामा छ वर्षसम्म राख्न सक्छौ तर
सातौं वर्षमा उसलाई मुक्त गर्नै पर्छ। १३तर जब
उसलाई मुक्त गर्छौ तिमीले उसलाई खाली हात विदा
दिनु हुँदैन। १४तिमीले उसलाई तिम्रो केही गाई-बस्तु,
तिम्रो केही अन्न र तिम्रो केही मद्य दिनुपर्छ। जो
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशीर्वाद
दिनुभएको छ। १५तिमीहरू पनि मिश्र देशमा कमारा-
कमारीहरू थियौ अनि परमप्रभु तिमीहरूका परमेश्वरले
तिमीहरूलाई मुक्ति दिनु भएको हो। यसकारण म
तिमीहरूलाई आज आज्ञा दिइरहको छु।
१६"तर तिम्रा कमारा-कमारीहरू मध्ये कुनै एक
जानले भन्न सक्छ, 'उसले तिमीलाई छोड़ने छैन। उसले
यस्तो भन्न सक्छ, किनभने उसले तिम्रो परिवारलाई प्रेम
गर्छ अनि तिम्रो परिवारमा उसको जीवन राम्ररी बित्दैछ।
१७त्यो कमारालाई आफ्नो कान ढोकामा टाँस्न लगाऊ
र एउटा खाप्सियो लिएर कानमा छेड़ पारिदेऊ। त्यो
सधैँको निम्ति तिम्रो कमारा बनिनेछ। यदि त्यो मानिस
कमारा भए पनि र त्यस्तै प्रकारले बस्न चाहे त्यसै
गर्नु।
१८"कमारा-कमारीहरूलाई मुक्त गर्दा मन नबिगार।
सम्झना गर तिनीहरूले तिमीलाई छ, वर्षसम्म अरू
नोकर-चाकरहरूलाई तिर्नुपर्ने भन्दा आधा ज्यालामा सेवा
पुऱ्याएका छन्। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूले
जे गर्छौ प्रत्येक चीजमा आशीर्वाद दिनु हुनेछ।

### पहिले जन्मेको पशुहरूको विषयमा नियमहरू

१९"तिमीहरूको बगालमा पहिला जन्मेका पशुहरूका
साना बाछाहरू विशेष हुन्छन्। तिनीहरूलाई परमप्रभु
तिमीहरूको परमेश्वरका निम्ति चढ़ाउनै पर्छ। ती पशुहरू
मध्ये कुनैलाई पनि काममा नलगाऊ अनि पहिला
जन्मेको तिमीहरूका भेड़ाहरूबाट ऊन कात्नु हुँदैन।
२०प्रत्येक वर्ष त्यस्ता पशुहरूलाई परमप्रभु आफ्ना
परमेश्वरले जहाँ आफ्नो विशेष ठाउँ भनी रोज्नु हुनेछ
त्यहाँ लैजाऊ र परमप्रभुसित बसी आफ्ना परिवारहरूसँगै
ती पशुहरू खाऊ।
२१"तर यदि कुनै त्यस्तो पशुमा केही खोट रहे
अथवा यदि त्यस्तो पशु लङ्गड़ा अथवा अन्धा भए,
अथवा कुनै दोष रहे तब तिमीहरूले त्यस पशुलाई
परमप्रभु आफ्ना परमेश्वरलाई बलि नदेऊ। २२तर
तिमीहरूले त्यस पशुको मासु घरमै खानु सक्छौ।
कसैले पनि शुद्ध होस् अथवा अशुद्ध, त्यस पशुको
मासु खानु सक्छ। यस्तो पशुहरूको मासु खाने नियम
मृग तथा हरिणको मासु खाने जस्तै हो। २३तिमीहरूले
यसको रगत खानु हुँदैन। यसलाई भूँइमा पानी खन्याए
जस्तै पोख्नु पर्छ।

### निस्तार-चाड़

१६ "आबीब महीनाको सम्झना गर। त्यस समयमा
तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको
सम्मानमा निस्तार चाड़ मनाउनै पर्छ। किन? किनभने
त्यस महीनामा परमप्रभु तिमीहरूको परमेश्वरले
तिमीहरूलाई राती मिश्र देशबाट बाहिर ल्याउनु भएको
हो। २परमप्रभुले जुन घर उहाँको विशेष घर भनी रोज्नु
हुनेछ त्यहाँ तिमीहरू जानै पर्छ। गाईहरू तथा बोकाहरू
तिमीहरूले परमप्रभुको सम्मानमा निस्तार बलिको रूपमा
चढ़ाउनै पर्छ। ३यो बलिमा खमीर भएको रोटी खानु
हुँदैन। तिमीहरूले सात दिनसम्म अखमिरी रोटी खानु
पर्छ। यस रोटीलाई 'कष्टको रोटी' भनिन्छ। मिश्र
देशमा तिमीहरू कति कष्टमा थियौ यसले त्यो सम्झना
गर्नमा सहायता गर्छ। सम्झना गर कति चाढ़ै तिमीहरूले
त्यो भूमि छाड्नु पऱ्यो! तिमीहरूले मिश्र छोड़ेको त्यो
दिनलाई सम्झना गर्नुपर्छ जब तिमीहरू बाँचेका छौ।
४यस देशका मानिसहरूको कसैको घरमा पनि सात

दिनसम्म खमीर रहनु हुँदैन। पहिलो दिनको साँझमा चढ़ाएको बलिको मासु पनि अर्को दिन बिहानभन्दा अघि नै खाई सक्नुपर्छ।

५"परमप्रभु तिमीहरूका परमेश्वरले दिनु हुने भूमिको कुनै पनि शहरमा निस्तारचाड़को बलि गर्नु हुँदैन।
६तिमीहरूले निस्तारचाड़ बलि खाली परमप्रभु तिमीहरूका परमेश्वरले उहाँको आफ्नो नाउँमा रोज्नु भएको घरमा मात्र चढ़ाउनु पर्छ। त्यहाँ खाली घाम अस्ताएपछि मात्र निस्तारचाड़ बलि चढ़ाउनु पर्छ।। यो दिन पवित्र दिन हुनेछ जति वेला परमेश्वरलाई कसरी तिमीहरूले मिश्र देशबाट बाहिर निकाले त्यो सम्झना गर्नेछौ।
७परमप्रभु तिमीहरूका परमेश्वरले रोज्नु भएको ठाउँमा निस्तार बलिको मासु पकाउनु पर्छ अनि खानु पर्छ। तब बिहान तिमीहरू घर जान सक्छौ।
८तिमीहरूले छ दिनसम्म अखमिरी रोटी खानु पर्छ र सातौ दिनमा केही काम गर्नु हुँदैन। यस दिन परमप्रभु तिमीहरूका परमेश्वरको सम्मानमा विशेष सभाको निम्ति मानिसहरू भेला गर्नु पर्छ।

## साताहरूको चाड़ (पेन्टकोस्ट)

९"बाली काट्न शुरु गरेको समयदेखि तिमीहरूले सात साता गन्नु पर्छ।
१०तब परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति साताहरूको चाड़ मनाउनुपर्छ। तिमीले उपहार चढ़ाउन चाहेको कुनै विशेष उपहार चढ़ाऊ। परमप्रभु तिमीहरूका परमेश्वरले कति धेरै आशीर्वाद दिनु भएको छ त्यही परिमाणले उपहार चढ़ाऊ।
११परमप्रभुले आफ्नो नाउँमा विशेष घर रोज्नु हुनेछ र त्यही भूमिमा जाऊ। तिम्रा छोरा-छोरीहरू, कमार-कमारी तथा आफन्तहरू लिएर जाऊ अनि तिमीहरू परमप्रभु तिमीहरूको परमेश्वरको अघि आनन्द मनाऊ। तिमीहरूको शहरहरूमा भएका लेवीहरू, टुहुरा-टुहुरीहरू, विदेशीहरू र विधुवाहरूलाई पनि लैजाऊ।
१२सम्झना गर मिश्र देशमा तिमीहरू पनि कमारा-कमारीहरू थियौ। यसकारण होशियारीसित विधिहरू पालन गर।

## छाप्रो-बासको चाड़

१३"खलामा बाली जम्मा गरेपछि र कोलबाट दाख निकालेको सात दिन पछि तिमीहरूले छाप्रो-बासको चाड़ मनाउनुपर्छ।
१४आफ्नो शहरमा बस्ने लेवीहरू, विदेशीहरू, टुहुरा-टुहुरीहरू र विधवीहरू लगायत आफ्ना छोरा-छोरीहरू, नोकर-चाकरहरूसँगै यो भोज मनाऊ।
१५परमप्रभु तिमीहरूका परमेश्वरले रोज्नु भएको विशेष ठाउँमा यो पर्व सात दिनसम्म मनाऊ। यो तिमीहरूका परमेश्वरको सम्मानमा मनाऊ। तिमीहरू अत्यन्तै आनन्दित हुनुपर्छ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको बालीलाई र तिमीहरूले जे गर्छौ त्यसमा आशीर्वाद दिनु भएको छ।

१६"परमप्रभु तिमीहरूका परमेश्वरले विशेष ठाउँ भनी रोज्नु हुने ठाउँमा वर्षमा तीन पल्ट तिमीहरूका मानिसहरू भेला हुनैपर्छ। तिनीहरू अखमिरी रोटीको चाड़मा, साताहरूको चाड़मा र छाप्रो-बाँसको चाड़मा भेला हुनु पर्छ। त्यहाँ भेट गर्न आउने प्रत्येक मानिसले बलि ल्याउनु पर्छ।
१७परमप्रभुले उसलाई कति धेरै आशिर्वाद दिनु भएको छ त्यो सोचर जति दिन सक्छ उसले बलि दिनुपर्छ।

## मानिसहरूका लागि न्यायकर्त्ता तथा अगुवाहरू

१८"परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु भएको प्रत्येक शहरमा न्यायकर्त्ता तथा अधिकारीहरू हुने मानिसहरूलाई रोज। प्रत्येक कुल समूहले यस्तो गर्नुपर्छ। यी मानिसहरू निष्पक्ष न्याय गर्ने योग्य हुनुपर्छ।
१९जब तिमीहरूले न्याय गर्दा निष्पक्ष हुनुपर्छ, पक्षपाती हुनु हुँदैन। अनि तिनीले पैसा घूसको रूपमा लिनु हुँदैन। पैसाले ज्ञानी मानिसलाई अन्धो बनाउँछ अनि ज्ञानी मानिसहरूका कुराहरू बदली हुन्छन्।
२०उदारता अनि न्याय! तिमीहरूले सँधै असल अनि राम्रो हुन कोशिश गर्नु पर्छ। तब परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको भूमिमा अधिकार गर्ने छौ र जीउने छौ।

## परमेश्वर मूर्तिहरू घृणा गर्नुहुन्छ

२१"जब तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति वेदी बनाउँछौ वेदी पछिल्तिर अशेरा देवीको सम्मानमा कुनै काठको खम्बा राख्नु हुँदैन।
२२परमप्रभु तिमीहरूका परमेश्वरले घृणा गर्नु हुन्छ तिमीहरूले झूटा देवताहरू पूज्नुको निम्ति कुनै विशेष चोखो ढुङ्गा त्यहाँ राख्नु हुँदैन।

## बलिमा असल पशुहरू मात्र चढ़ाऊ

१७ "कुनै गोरु अथवा भेड़ामा केही दोष भए परमप्रभु तिमीहरूका परमेश्वरलाई चढ़ाउनु हुँदैन। किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वरले यस्तो घृणा गर्नुहुन्छ।

## मूर्ति पूजा गर्नेहरूलाई दण्ड

२"सायद तिमीहरूले सुनेको होला परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु हुँदै गरेका शहरहरू मध्ये एउटा शहरमा केही अनिष्ट हुन्छ। सायद तिमीहरूलाई थाहा होला तिमीहरूकै समूहको कुनै पुरूष अथवा स्त्रीले परमप्रभुको विरूद्ध पाप गरेको छ। यो पनि सुनेकै होला तिनीहरूले परमप्रभुको करार भङ्ग गरेका छन्।
३तिनीहरूले अरू देवी देवताहरू पूजेका छन्। अथवा यस्तो पनि हुन सक्छ तिनीहरूले घाम, जून अथवा ताराहरूलाई पूजेका छन्। यो मैले तिमीहरूलाई

बताएको परमप्रभुको आज्ञाको विरोधमा हो। ४यदि तिमीहरूले यस्तो नराम्रो समाचार सुनेका छौ, तब तिमीहरूले यसलाई होशियारसँग अवश्यै जाँच गर्नु पर्छ अनि थाहा लगाउनु पर्छ यस्तो भयङ्कर घटना इस्राएलमा भयो वा भएन। यदि यो साँचे प्रमाणित हुन्छ। ५तब यस्तो अनिष्ट कार्य गर्ने मानिसलाई तिमीहरूले सजाय दिनु पर्छ। त्यस पुरूष अथवा स्त्रीलाई शहरको सार्वजनिक ठाउँको फाटकमा तिमीहरूले लानु पर्छ अनि ढुङ्गाले हानेर मार्नु पर्छ। ६तर यदि त्यसको कसूर देख्ने साक्षी एक जना मानिस मात्र भए त्यसलाई मार्नु हुँदैन, तर दुई अथवा तीन जनाले उसको कसूर सत्य भनी प्रमाण दिए त्यो मानिसलाई मार्नु नै पर्छ। ७ती साक्षीहरूले नै त्यस दोषीलाई मार्न पहिलो ढुङ्गा फ्याँक्नु पर्छ। तब मात्र अरू मानिसहरूले त्यसलाई मार्न ढुङ्गा फ्याँक्नु पर्छ र यस प्रकार तिमीहरूले आफ्नो समूहबाट दुष्टता हटाउने छौ।

## अदालतको अप्ठेरा निर्णयहरू

८“केही समस्याहरू हुन सक्छ जो अधालतमा निणर्य लिनु साह्रै अप्ठयारो हुन्छ। यो हत्याको विषयम हुन सक्छ, दुइजना मानिसहरू बीच विवादको विषयमा हुन सक्छ। अथवा झगड़ामा घाइते भएको मानिसको विषयमा हुन सक्छ। जब यी मामिलाहरू तिमीहरूको शहरहरमा सुनाइ हुन्छ, सही हो पत्तो लगाउन तिमीहरूका न्यायाधीशहरूलाई साह्रै मुश्किल हुन सक्छ। तब तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरले रोजेको विशेष ठाउँमा जानु पर्छ। ९तिमीहरूले पूजाहारीहरू र न्यायाधीश कहाँ, जो लेवी कुलका हुन्, समयमा जानु पर्छ। त्यसपछि ती मानिसहरूले त्यो समस्यामा कुन प्रकारले निर्णय लिनु पर्छ बताउने छन्। १०परमप्रभुको विशेष ठाउँबाट तिनीहरूले आफ्नो निर्णय बताउनेछन् र तिनीहरूको सल्लाह जस्तो हुन्छ, तिमीहरूले त्यस्तै गर्नु पर्छ। ११तिमीहरूले निर्णय स्वीकार गर्न पर्छ अनि तिनीहरूको निर्देश मान्नु पर्छ। तिमीहरूले त्यसै गर्नु पर्छ जस्तो तिनीहरूले गर्नु भन्दछन्। केही परिवर्त्तन न गर।

१२“यदि कुनै मानिसले न्यायकर्त्ता तथा त्यस समयमा परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गरी रहेका पूजाहारीहरूको आज्ञा उलङ्घन गरे तिमीहरूले त्यसलाई सजाय दिनु नै पर्छ। तिमीहरूले त्यस मानिसलाई इस्राएलबाट लखेट्नु पर्छ, त्यो मर्नु पर्छ। १३यस्तो सजाय सबै मानिसहरूले थाहा पाउने छन् डर मान्ने छन् र त्यसपछि तिनीहरूले अझै हठ गर्ने छैनन्।

## राजाको चुनाउ र कर्त्तव्य

१४“जब तिमीहरू परमप्रभु तिमीहरूका परेमश्वरले दिनु भएको भूमिमा पसेर बसो-बास शुरू गर्नेछौ तब तिमीहरूले भन्ने छौ, ‘जस्तो अन्य राज्यहरूमा राजाहरू छन् त्यसरी नै यहाँ पनि हामी राजा राख्छौं।’ १५जब तिमीहरूले यस्तो विचार गर्छौ, तब परमप्रभुले जसलाई राजा रोज्नुहुन्छ तिमीहरूले पनि राजा मनोनित गर्नु पर्छ। तर त्यो मानिस कुनै विदेशी नभएर तिमीहरू कै समूहबाट हुनुपर्छ। १६राजाले आफ्नो निम्ति धेरै-धेरै घोड़ाहरू राख्नु हुँदैन अनि उनले मानिसहरूलाई धेरै घोड़ाहरू लिनु मिश्र देश पठाउनु हुँदैन। किन? किनभने परमप्रभुले तिमीहरूलाई भन्नु भएको छ, ‘तिमीहरू कहिल्यै त्यो बाटो फर्केर जाने छैनौ।’ १७राजाले धेरै पत्नीहरू राख्नु हुँदैन, किनभने त्यसले गर्दा उनी परमप्रभुबाटा पर सर्ने छन्। अनि राजाले धेरै सुन र चाँदी राख्नु हुँदैन।

१८“अनि जब त्यस राजाले शासन गर्न शुरु गर्छ उनले लेवीहरू तथा पूजाहारीहरूकहाँ भएको पुस्तकबाट आफ्नो निम्ति व्यवस्था कानूनको प्रति तयार पारेर आफूसित राख्नु पर्छ। १९राजाले त्यो पुस्तक आफूसित राख्नुपर्छ। किन? किनभने राजाले परमप्रभु उनको परमेश्वरलाई सम्मान गर्नु पर्छ। राजाले व्यवस्थाले गरेको आज्ञा सम्पूर्ण पालन गर्नु सिक्नु पर्छ। २०तब राजाले सोच्ने छैन उनी आफ्ना मानिसहरूबाट कसैको तुलनामा असल छ अनि उनी नियम भन्दा टाढ़ा जाने छैनन तर यलाई सही रूपमा अनुसरण गर्ने छन् इस्राएलमा धेरै समयसम्म शानस गर्नेछन्।

## पूजाहारी तथा लेवीहरूलाई समर्थन

१८ “लेवी कुलका मानिसहरूले इस्राएल भूमिको कुनै अंश पाउने छैनन। तिनीहरू पूजाहारीको रूपमा सेवा गर्नेछन्। तिनीहरूले खाली आगोमा पकाएर परमप्रभुलाई चढ़ाएको बलि खान पाउने छन अनि त्यही खानेकुरा मात्र लेवी कुलका मानिसहरूको अंश हुनेछ। २परमप्रभुले भन्नु भए झैँ लेवीहरूको अंश परमप्रभु मात्र हुनुहुन्छ तर ती लेवीहरूले इस्राएलको भूमिको अंश पाउने छैनन्।

३“जब तिमीहरू गाई अथवा भेड़ाको बलि चढ़ाउँछौ, तिमीहरूले पूजाहारीहरूलाई गाई अथवा भेड़ाको फिला बङराहरू दुवै भाग र भुँड़ीहरू दिनु पर्छ! ४तिनीहरूले पूजाहारीलाई आफ्नो बालीबाट पहिलो भाग दिनु पर्छ। पूजाहारीलाई आफ्नो बालीको प्रथम अन्न, नयाँ दाखरस अनि तेल दिनु पर्छ। लेवीहरूलाई भेड़ाको पहिले काटेको ऊनी पनि दिनु पर्छ। ५किन? किनभने परमेश्वरले तिमीहरूका सबै समूहलाई नियालेर लेवीहरू र तिनीहरूको सन्तानहरूलाई पूजाहारी भई सेवा गर्न सधैका लागि रोज्नु भयो।

६“प्रत्येक लेवी मानिसको मन्दिरमा काम गर्ने विशेष समय छ। तर यदि कुनै लेवी मानिसले अझ अरू धेरै समय सेवामा लगाउनु इच्छा गर्छ भने कुनै पनि समयमा उसले त्यसो गर्न सक्छ। इस्राएलको कुनै पनि शहरमा बस्ने कुनै पनि लेवी मानिसहरू आफ्नो घर छोड़ेर

परमप्रभुले रोज्नु भएको विशेष ठाउँमा आउनु सक्छ अनि उसले यस्तो कुनै पनि समयमा गर्न सक्छ। ७परमप्रभु सम्मुख सेवा गरिरहेका आफ्ना दाज्यू-भाइले पूजाहारी जस्तै परमप्रभु आफ्ना परमेश्वरको नाउँमा त्यो लेवी मानिसले पनि परमप्रभुको सेवा गर्न सक्छ। ८अनि उसको परिवारले स्वाभाविक हिसाबले पाइरहेको अंशमाथि थप अंश अरू पूजाहारीहरूको बराबर उसले पनि पाउँछ।

### इस्राएल अरू देशहरू जस्तो बस्नु हुँदैन

९"जब तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको भूमिमा आउँनेछौ त्यहाँ अरू राष्ट्रका मानिसहरूले गरे जस्तै भयङ्कर कामहरू गर्न नसिक। १०आफ्नो नानीहरूलाई वेदीको आगोमा बलि नदेऊ। भविष्यमा के हुन्छ जान्नका लागि कुनै अगमवक्ता, जादूगर, झाँक्री अथवा तान्त्रिककहाँ नजाऊ। ११कुनै मानिसहरूलाई कसैमाथि टुनामुना गर्न नदेऊ। तिम्रा आफन्तहरू मध्ये कसैलाई झाँक्री तथा जादूगर हुनु नदेऊ। मृत मानिससित बात गर्नु कसैले पनि चेष्टा नगरोस्। १२परमप्रभु तिमीहरूका परमेश्वरले त्यस्ता काम गर्ने मानिसहरूलाई घृणा गर्नुहुन्छ, त्यसकारण उहाँले ती जातिहरूलाई त्यो देशबाट तिमीहरूको निम्ति जोर दिएर निकाल्नु हुदैछ। १३तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरप्रति विश्वास योग्य हुनुपर्छ।

### परमप्रभुको विशेष अगमवक्ता

१४"तिमीहरूले अरू राष्ट्रका मानिसहरूलाई जसले जादूद्धारा आफ्नो भविष्य बताउन लगाउँछन् जबरदस्ती निकाल्नु पर्छ। तर परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई यस्तो गर्नु दिनु हुने छैन। १५परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू कहाँ तिमीहरू माझबाट एक जनालाई अगमवक्ता बनाएर पठाउनु हुनेछ र ऊ म जस्तै हुनेछ अनि तिमीहरूले उसको कुरा सुन्नु पर्छ। १६परमेश्वरले यस्तो अगमवक्तालाई तिमीहरूकहाँ पठाउँदै हुनु हुन्छ किनभने तिमीहरूले उहाँलाई त्यस्तो मानिसहरूकालागि विन्ती गर्‍यौ। जब तिमीहरू होरेब पर्वत (सिनै) माथि परमेश्वरको आवाज सुनेर र हेरोब पर्वतमाथि आगो देखेर भेला भएका थियौ तिमीहरू डराएका थियौ। यसकारण तिमीहरूले भनेका थियौ, 'फेरि परमप्रभु हाम्रा परमेश्वरको आवाज हामीले सुन्नु पाउँदैनौ। फेरि त्यो ठूलो आगो देख्नु सक्दैनौ, नत्र हामी मर्नेछौ।'

१७"परमप्रभुले मलाई भन्नुभयो, 'तिमीहरूले मलाई जे सोध्यौ, राम्रो हो। १८म तिमीहरूका लागि तिमीहरू जस्तै एकजना अगमवक्ता पठाउँनेछु अनि त्यो अगमवक्ता तिनीहरूमाझ एकजना मानिस हुनेछ। उसले मानिसहरूलाई के भन्नु पर्छ त्यो म बताउनेछु र उसले मानिसहरूलाई मेरा प्रत्येक आदेश बताउनु पर्छ। १९त्यो अगमवक्ताले मेरो निम्ति बोल्नेछ अनि जब उसले भनेको कुरो अथवा मेरो आज्ञा कसैले उलङ्घन गरे उसले सजाय पाउँनेछ।'

### झूटा अगमवक्ताहरू कसरी चिन्नु

२०"तर अगमवक्ताले केही कुरा भन्न सक्छ, जुन चाही मैले तिमीहरूलाई भनेको थिइनँ, अनि उसले मानिसहरूलाई भन्न सक्छ मेरो निम्ति बोल्दैछ। यदि यस्तो हुन्छ भने त्यो अगमवक्तालाई अवश्य मार्नु पर्छ। अन्य देवी-देवताहरूको निम्ति बोल्ने अगमवक्ताहरू पनि आउन सक्छ। त्यस्ता अगमवक्तालाई पनि मार्नु पर्छ। २१तिमीहरूले सोचिरहेका होला, 'अगमवक्ताले जे भन्छ त्यो परमेश्वरबाट होइन भनी कसरी जान्नु?' २२यदि कुनै अगमवक्ताले केही बताउँछ ऊ परमेश्वरको निम्ति बोल्दैछ तर त्यो जब पूरा हुँदैन तब तिमीहरूले जान्नेछौ त्यो कुरो परमप्रभुले भन्नु भएको होइन। तिमीहरूले थाहा पाउँनेछौ त्यो अगमवक्ताले आफ्नै विचार बताउँदैछ। ऊसित तिमीहरू डराउनु पर्दैन।

### सुरक्षाका शहरहरू

१९ "अरू जातिका मानिसहरूको भूमि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु हुँदैछ। परमप्रभुले ती जातिहरूलाई ध्वंश पार्नु हुनेछ। जहाँ ती मानिसहरू बस्थे त्यही तिमीहरू बस्नेछौ। तिमीहरूले तिनीहरूको शहरहरू र घरहरू लिने छौ। जब यस्तो हुन्छ। २तिमीहरूले भूमिलाई तीन भागमा बाड्नु पर्छ। ३तब प्रत्येक भागमा तिमीहरूले नजिकै भएको एउटा शहर रोज्नु पर्छ। अनि तिनीहरूले ती शहरहरूमा पुग्ने मार्गहरू निर्माण गर्नुपर्छ। तब कुनै मानिस जसले अर्कोको हत्या गर्छ, त्यो भागेर सुरक्षाको निम्ति त्यस शहरमा पुग्न सकोस्।

४"यदि कसैले मानिसको हत्या गर्छ ती शहरहरूमा सुरक्षाको लागि भागेर जानेछ, यो नियम त्यस मानिसहरूका लागि हुनेछ हत्यारा त्यो मानिस हुनपर्छ जसले अर्को मानिसहरूलाई अचानक मार्छ अनि त्यो मानिस हत्यारा हुन्छ । जसले हत्या गरेको मानिसलाई घृणा गरेको थिएन। ५यहाँ एउटा उदाहरण छ एकजना मानिस आफ्नो साथीलाई लिएर दाउरा लिन वनमा जान्छ। मानिस रूख काट्न बञ्चरो उर्‍याउँछ तर बञ्चरो बिड्बाट छुट्टिन्छ। अर्को मानिसलाई लाग्छ र उसलाई मार्छ। बञ्चरो चलाउने मानिस तीनवटामध्ये कुनै एउटा शहरमा आफ्नो सुरक्षाको निम्ति भागेर जान सक्छ। ६तर यदि शहरहरू निकै टाड़ा छन् भाग्दै गरेको मानिस त्यहाँ पुग्नु सक्दैन अनि पक्राउ पर्छ र हत्या भएको मानिसका रिसाएका आफन्तद्वारा ऊ मारिन सक्छ। तर त्यो मानिस मृत्यु पाउने योग्य थिएन किनभने उसले

मानिसको हत्या घृणा अथवा रीसले गरेको थिएन। ७शहरहरू चाँहि प्रत्येकको निम्ति नजिकै हुनुपर्छ, यसैकारण म तिमीहरूलाई तीनवटा विशेष शहरहरू छान्ने आज्ञा दिन्छु।

८"परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका पिता-पुर्खाहरूलाई त्यो भूमि बढ़ाउने प्रतिज्ञा गर्नु भएको थियो। उहाँले तिमीहरूका पिता-पुर्खाहरूलाई प्रतिज्ञा गर्नु भएको भूमि तिमीहरूलाई दिनुहुन्छ। ९यदि तिमीहरूले उहाँका आज्ञाहरू, जो तिमीहरूलाई म आज बताउँदैछु, सबै पालन गर्छौ, अनि यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरसित प्रेम गर्छौ उहाँले भने अनुसार जीवन निर्वाह गर्छौ, उहाँले यसो गर्नु हुनेछ। तब परमप्रभुले तिमीहरूको भूमि विस्तृत पार्नु हुँनेछ, तिमीहरूले सुरक्षाको निम्ति अझै तीनवटा शहरहरू छान्नु पर्छ। यी तीनवटा शहरहरूअघि छानिएका तीनवटासित थपिएका हुनुपर्छ। १०तब परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिँदै गर्नु भएको भूमिमा निर्दोष मानिसहरू मारिने छैनन्। अनि कुनै मृत्युमा तिमीहरू दोषी बनिनु पर्ने छैन।

११"तर एकजना मानिसहले कुनै अर्को मानिसलाई घृणा गर्न सक्छ। त्यस मानिसले घृणा गरेको मानिसलाई पर्खेर मार्न लुकन सक्छ, उसले त्यस मानिसलाई मार्न सक्छ अनि सुरक्षाका शहरमध्ये एउटामा भागेर जान सक्छ। १२यदि यस्तो हुन्छ हत्याराको शहरका बूढ़ा-प्रधानहरू उसलाई सुरक्षाको शहर बाहिर ल्याउन कसैलाई पठाउन सक्छन्। ती अगुवाहरूले त्यो मानिसका आफन्तलाई दिनुपर्छ। र त्यसलाई मार्नुपर्छ। १३तिमीहरूले त्यसलाई सहानुभूति देखाउनु हुँदैन किनभने त्यो निर्दोष मानिसको हत्यारा हो। तिमीहरूले इस्राएलबाट त्यस्तो दोष बाहिर निकाल्नु पर्छ, तब मात्र तिमीहरूको निम्ति प्रत्येक चीज असल हुनेछ।

## सम्पत्तिको साँध-सीमाना

१४"तिमीहरूले आफ्ना छिमेकीको सम्पत्तिको साँध-सीमाना छुट्ट्याउने ढुङ्गाहरू हटाउनु हुँदैन। उहिले मानिसहरूले सीमाना छुट्ट्याउन त्यसरी ढुङ्गाहरू लगाउँथे। ती ढुङ्गाहरूले परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको भूमिमा सीमाना छुट्ट्याउँछन्।

## गवाहीहरू

१५"यदि कुनै मानिस व्यवस्था विरोधी कार्य गरेकोमा दोषी भए उसको दोष प्रमाण गर्न एक जना गवाही पर्याप्त हुँदैन। त्यस मानिसले साँच्चै दोष गरेको प्रमाणित गर्न दुई अथवा तीनजना गवाहीहरू चाहिन्छन्।

१६"कसैलाई चोट पुर्‍याउने अभिप्रायले एक जना मानिस भूठो साक्षी दिनु अघि आउनु सक्छ। १७यदि यस्तो भएको खण्डमा ती दुवै मानिस परमप्रभुको विशेष मन्दिरमा पूजाहारीहरू र न्यायकर्त्ताहरू जो त्यस समयमा कार्यमा छन्, तिनीहरूको अघि गई न्याय पाउन सक्छन्। १८न्यायकर्त्ताहरूले सावधानीसँग झगड़ामा कसको कसूर छ गहिरिएर खोज्नु पर्छ र तिनीहरूले पत्तो लगाउन सक्छन कतै गवाहीले भूटो बोलेको हो कि? यदि गवाही भूटो बोलेको पाए, १९तिमीहरूले त्यसलाई सजाय दिनु नै पर्छ। त्यस गवाहीलाई त्यही सजाय दिनु पर्छ जुन सजाय उसले अर्को मानिसलाई दिन चाहन्थ्यो। यस प्रकारले तिमीहरूले आफ्ना समूहबाट दुष्टता हटाउँनेछौ। २०अरू मानिसहरूले पनि त्यस मानिसले गरेको दुष्कर्मको प्रतिफल थाहा पाउँछन र फेरि त्यस्तो दुष्कर्म गर्ने साहस गर्दैनन्।

२१"तिमीहरूले त्यस मानिसप्रति सहानुभूति देखाउनु हुँदैन जसले अपराध गरेको हुन्छ जति बेला उसलाई सजाय दिइन्छ। यदि कसैको ज्यान लिन्छ भने उसको जीवन पनि शेष पार्नुपर्छ। नियम छ आँखाको सट्टा आँखा, दाँतको सट्टा दाँत, हातको सट्टा हात र खुट्टाको सट्टा खुट्टा हुनेछ।

## युद्ध सम्बन्धी नियम

२० "जब तिमीहरू आफ्नो शत्रुसँग लड़ाइँ गर्न निस्कन्छौ शत्रु पक्षमा धेरै घोड़ा, रथ र सैन्य देखेर नडराऊ किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसित हुनुहुन्छ जसले तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनु भयो।

२"जब तिमीहरू युद्ध गर्न जान्छौ पूजाहारी गएर सैन्यहरूसित भन्नुपर्छ। ३पूजाहारीले भन्नुपर्छ, 'हे इस्राएलका मानिसहरू हो! म जे भन्छु सुन। आज तिमीहरू आफ्नो शत्रुहरूसँग लड़ाइँ गर्न जाँदैछौ। मन दुर्बल नपार, चिन्ता नगर, नडराऊ। ४किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसित जानुहुँनेछ। उहाँले तिमीहरूलाई शत्रुहरूसित लड़ाइँ गर्नु सहायता गर्नु हुनेछ। तिमीहरूलाई विजय गराउनु सहायता गर्नु हुनेछ।'

५"लेवी अगुवाहरूले, सिपाहीहरूलाई भन्नेछन्, 'यहाँ कोही यस्तो मानिस छ जसले नयाँ घर त बनायो तर उसले अझै अर्पणसम्म गरेको छैन? त्यो मानिस लड़ाइँमा मारिन सक्छ, यसकारण त्यो मानिस फर्केर घर जाओस्। नत्र त्यो मानिस मर्‍यो भने अर्को मानिसले त्यो घर अर्पण गर्न सक्छ। ६के यहाँ त्यस्तो कोही मानिस छ जसले दाखको खेती लगाएको छ तर दाख टिपेर बटुल्न पाएको छैन। यदि यहाँ त्यस्तो कोही मानिस भए त्यो घर फर्केर जाओस्, नत्र यो मानिस लड़ाइँमा मरे उसको खेतमा फलेको दाख अर्को मानिसले भोग गर्नेछ। ७यहाँ कोही यस्तो मानिस छ जसको विवाह ठीक गरिएको थियो तर विवाह भएको छैन। यदि कोही त्यस्तो मानिस यहाँ भए घर फर्केर

जाओस नत्र त्यो मानिस लडाइँमा मरेको खण्ड त्योसित विवाह गर्न ठीक गरिएकी स्त्रीको अर्को मानिससित विवाह हुँनेछ।'

८"ती लेवी अगुवाहरूले सिपाहीहरूलाई भन्नुपर्छ, 'यहाँ कोही यस्तो मानिस छ, जसले आफ्नो साहस हराएर डराइरहेछ? त्यो मानिस घर फर्केर जाओस्। त्यसो गरे उसले अरू सिपाहीहरूको साहस हराउने थिएन।' ९तब अगुवाहरूले सिपाहीहरूलाई त्यति भनी सकेपछि सिपाहीहरूलाई मार्गदर्शन गर्न कप्तानहरू रोज्नु पर्छ।'

१०"जब तिमीहरू शहर आक्रमण गर्न जान्छौ, त्यस समय तिमीहरूले मानिसहरूसँग शान्तिको प्रस्ताव राख्नु पर्छ। ११यदि ती मानिसहरूले शान्तिको प्रस्ताव स्वीकार गरेर मूल ढोकाहरू खोलीदिए तिनीहरू कमाराहरू हुनेछन् र आफ्नो काममा लाग्ने छन्। १२तर यदि तिनीहरूले शान्ति प्रस्ताव अस्वीकार गर्छन र लड़ाइँ गर्न तैयार हुन्छन् भने तिमीहरूले शहरलाई घेर्नु पर्छ। १३अनि जब परमप्रभु तिमीहरूका परमेश्वरले त्यो शहर तिमीहरूलाई दिनु हुनेछ, त्यहाँ भएका सबै मानिसहरूलाई तरवारले काटेर मार्नु पर्छ। १४तर त्यस शहरमा भएका अरू स्त्री, नानीहरू, गाई अनि अन्य प्रत्येक चीज तिमीहरू लान सक्छौ। परमप्रभु तिमीहरूका परमेश्वरले यी सब वस्तुहरू तिमीहरूलाई दिनु भएको हो र तिमीहरू उपयोग गर्न सक्छौ। १५तिमीहरूले सबै शहरहरूसित त्यस्तै ढंगले व्यवहार गर्नु पर्छ जो त्यहाँ छैनन् जहाँ तिमीहरू बस्छौ ती शहरहरू त्यो तिमीहरूदेखि टाड़ामा छन्।

१६"जब तिमीहरू ती शहरहरू जोड्छौ जो परमप्रभुद्वारा दिइने भूमिमा छन्, तिमीहरूले जितेका शहरहरूमा बस्ने प्रत्येकलाई मार्नु पर्छ। १७तर परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको आज्ञा अनुसार हित्ती, एमोरी, कनानी, परिज्जी, र हिव्वी र यबूसीहरू सबैलाई एकदमै नष्ट पार्नु पर्छ। १८त्यसो गरे परमप्रभु तिमीहरूका परमेश्वर विरोधी तिनीहरूले तिमीहरूलाई पाप काम गराउनमा असमर्थ हुनेछन्। तिनीहरूले आफ्नो देवताको पूजा गर्दा गरिने भयङ्कर कार्यहरू तिमीहरूलाई सिकाउने मौका पाउँदैनन्।

१९"जब तिमीहरू कुनै शहरको विरोधमा लड़ाइँ गर्छौ, तिमी त्यस शहरलाई धेरै समयसम्म घेर्न सक्छौ। त्यस समयमा शहर वरिपरि भएका रूखहरूबाट फल खान सक्छौ। तर रूखहरू काटेर ढाल्नु हुँदैन। यी रूखहरू तिमीहरूका शत्रु होइनन्, यसकारण तिनीहरूसित लड़ाइँ नगर। २०तर तिमीहरू ती रुखहरू काट्न सक्छौ यदि तिमी जान्दछौ तिनीहरूमा फल लाग्दैन। तिमीहरूले तिनीहरूलाई त्यस शहरको विरुद्ध लडाइ गर्ने हतियारको रूपमा प्रयोग गर्न सक्छौ। तिमीहरू जबसम्म प्रयोग गर्न सक्छौ तबसम्म शहर परास्त हुदैन्।

### हत्या गरिएको एकजना मानिस भेट्टाइए

२१ "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु भएको भूमिमा यदि तिमीहरूले कुनै हत्या गरिएको लाशलाई खेतमा लड़िरहेको पाए र कसले हत्या गरेको पत्तो लगाउन नसकिए। २तब तिमीहरूका बूढ़ा-प्रधान तथा न्यायाकर्ताहरू अघि आएर हत्या भएको जग्गा शहर देखि कति टाढ़ामा छ त्यो पत्तो लगाउनु पर्छ। ३जब तिमीहरूले जान्ने छौ कुन चाही शहर मृत्य मानिसको नजिकै छ, शहरका बूढ़ा-प्रधानले तिनीहरूको बथानबाट एउटा गाई लानु पर्छ यो गाई कहिले बच्चा नभएको हुनुपर्छ अनि यो गाई कहिले काममा प्रयोग नगरेको हुनुपर्छ। ४शहरका बूढ़ा-प्रधानहरूले कुनै कहिल्यै हलो नलगाएको र बीऊ नछरेको अथवा केही नरोपेको पानी बगिरहेको बेंसी नजिक लगेर त्यस कोरली गाईको घाँटी निमोठनु पर्छ। ५पूजाहारीहरू, लेवीका सन्तान पनि त्यहाँ जानु पर्छ। (परमप्रभु तिमीहरूका परमेश्वरले यी पूजाहारीहरूलाई उहाँको सेवा तथा मानिसहरूलाई उहाँको नाउँमा आशीर्वाद दिनु रोज्नु भएकोछ। जहाँ एक जना मानिसलाई केही चोट लागेको छ प्रत्येक तर्क गरेर को सही छ त्यो निर्णय गर्नेछन्।) ६मृत शरीरको नजिकै भएको शहरका बूढ़ा-प्रधानहरूले घाँटी निमोठिएको गाईमाथि हात धुनु पर्छ। ७यी बूढ़ा-प्रधानहरूले भन्नुपर्छ, 'हामीले यस मानिसलाई मारेनौं अनि यो घटना पनि देखेनौं। ८हे परमप्रभु! तपाईंले इस्राएललाई बचाउनु भयो। हामी तपाईंका मानिसहरू हौ, अब हामीलाई शुद्ध पार्नोस्। यो निर्दोष मानिसलाई मारेकोमा हामीमाथि दोष नलागोस्।' यस प्रकारले त्यस निर्दोष मानिसको हत्या गरेको निम्ति ती मानिसहरू निर्दोष साबित हुनेछन्। ९यसरी तिमीहरूले सही कार्य गर्नेछौ अनि आफ्नो समूहबाट दोष हटाउनेछौ।

### युद्धमा पक्राऊ परेका स्त्रीहरू

१०"तिमीहरूले आफ्नो शत्रुहरू विरुद्ध लड़ाइँ लड़नेछौ तथा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई विजयी तुल्याउनु हुनेछ। तिमीहरूले शत्रुहरूलाई पक्रेर कैदी झैँ लिएर आउनेछौ। ११ती कैदीहरू मध्ये कुनै एउटा सुन्दरी स्त्रीलाई देख्ने छौ जसलाई तिनीहरू विवाह गर्नु चाहन्छौ। १२तब तिमीले उसलाई आफ्नो घरमा ल्याउनु पर्छ अनि उसले आफ्नो केश अनि नङ्ग काट्नु पर्छ।

१३"उसले आफ्नो लुगा खोल्नु पर्छ जसले संकेत दिन्छ तिनी लड़ाइँमा बन्दी भएकी थिइन् अनि आफ्नो माता-पिताबाट छुट्टिएको एक महीना सम्म स्त्री तिम्रो घरमा बसेर विलाप गरोस त्यसपछि तिमी त्यस महिलाकहाँ गएर उसको पति बनिन सक्छौ अनि तिनी तिम्री पत्नी हुन सक्छिन्। १४यदि तिनलाई मन पराएनौ भने पारपाचुके गरिदेऊ उसलाई मुक्त गरि देऊ तर बेच्न भने सक्तैनौ।

कमारीलाई झैँ व्यवहार गर्न पाउँदैनौ किनभने तिमीले
त्यो स्त्रीसँग सहवास गरेका थियौ।

### जेठो छोरो

१५"कुनै मानिसको दुई जना पत्नी हुन सक्छन् र
उसले एउटीलाई वेशी र अर्कीलाई कम्ती प्रेम गर्न
सक्छ। दुवै पत्नीहरूले उसका नानीहरू जन्माएको हुन
सक्छन। अनि जेठो छोरा सब भन्दा कम्ती प्रेम गरेको
पत्नीबाट जन्मिएको हुन सक्छ। १६जब उसले आफ्नो
सम्पत्ति ती नानीहरू मध्ये बाँड्छ उसले प्रेम गरेकी
पत्नीको नानीलाई जेठो नानीको अंश दिन सक्तैन।
१७उसले आफूले प्रेम नगरेकी पत्नीबाट जन्मिएको
जेठो नानीलाई स्वीकार गर्नै पर्छ र त्यो नानीले दुई गुणा
अंश पाउनै पर्छ। किन? किनभने त्यो नानी पहिलो नानी
हो र जेठो छोराको अधिकार उसकै हुन्छ।

### अट्टेरी नानीहरू

१८"कसैको छोरा माता-पिताको आज्ञा पालन नगर्ने
अट्टेरी हुन सक्छ। माता-पिताले छोरालाई दण्ड दिन्छन्
तर त्यो छोरा आफ्नो माता-पितलाई नटेर्ने नै हुन्छ।
१९तब माता-पिताले उसलाई शहरको सभा घरमा
बूढ़ा-प्रधानहरूको अघि लैजानु पर्छ। २०माता-पिताले
शहरका बूढ़ा-प्रधानहरूलाई भन्नु पर्छ: 'हाम्रो छोरा
अट्टेरी छ र हाम्रो कुरा मान्दैन। जब हामी उसलाई
केही काम गर्न अह्राउँछौ ऊ मान्दैन। उसले धेरै खान्छ
र पिउँछ।' २१तब शहरका सबै मानिसहरूले उसलाई
ढुङ्गाले हिर्काएर मार्नु पर्छ। यसरी, तिमीहरूले यस
दुष्टलाई तिमीहरूको बीचबाट हटाउने छौ। इस्राएलका
सबै मानिसहरूले यस्तो खबर थाहा पाउने छन् र
डराउने छन्।

### अपराधीहरू मारिन्छन् अनि रुखमा झुण्डाइन्छन्

२२"कुनै एकजना मानिस पापको दोषी हुन सक्छ र
त्यसलाई मृत्यु दण्ड दिन सकिन्छ। मानिसहरूले त्यसलाई
मारेर एउटा रूखमा उसको शरीर झुण्डाउन सक्छन्।
२३त्यो लाश तिमीहरूले रातभरि रुखमा झुण्ड्याउनु
हुँदैन, त्यस लाशलाई त्यही दिन गाड्नु पर्छ। किन?
किनभने त्यो मानिस जसलाई रुखमा झुण्डाइन्छ परमेश्वरले
सराप दिनु भएको छ। परमप्रभु तिमीहरूका परमेश्वरले
दिनु भएको भूमिलाई तिमीहरूले नष्ट पार्नु हुँदैन।

### अरू नियमहरू

२२ "यदि तिमीले आफ्नो छिमेकीको गाई अथवा
भेड़ा फुस्किएको देख्यौ भने आफूले नदेखे झैं
गर्नु हुँदैन। त्यस पशुलाई त्यसको मालिकको जिम्मा
दिनु पर्छ। २यदि त्यस पशुको मालिक टाड़ाको मानिस
भए अथवा त्यो पशु कसको हो तिमीले जान्न
नसकेसम्म त्यसलाई तिम्रो घरमा ल्याएर राख्नु पर्छ।
त्यसलाई त्यसको मालिक खोज्दै नआउञ्जेलसम्म राख्न
सक्छौ। त्यसको मालिक आएपछि त्यो पशु जिम्मा
लगाउनु पर्छ। ३यदि तिमीले छिमेकीको गधा, लुगा-फाटा
अथवा कुनै पनि चीज पाउँदा यस्तै गरेर आफ्नो
छिमेकीको सहायता गर्नु पर्छ।
४"यदि छिमेकीको गधा अथवा गाई बाटोमा लड़ेको
देख्यौ भने तिमीले थाहा नपाए झैँ गर्नु हुँदैन। त्यसलाई
उठाउनको निम्ति छिमेकीलाई सहायता गर्नु पर्छ।
५"कुनै स्त्रीले पुरुषको लुगाहरू लाउनु हुँदैन अनि
पुरुषले पनि स्त्रीको लुगाहरू लाउनु हुँदैन। परमप्रभु
तिमीहरूका परमेश्वरको निम्ति त्यो अत्यन्तै घृणित हो।
६"तिमी बाटोमा हिड़िरहेको समयमा रुखमाथि अथवा
बाटोको किनारमा चराको माऊ आफ्नो गुड़ँमा बच्चाहरू
लिएर अथवा अण्डामाथि ओथ्रा बसिरहेको पाउन सक्छौ।
तब तिमीले त्यो माऊ चरालाई आफ्नो बच्चाहरूसितै
लैजान हुँदैन। ७आफ्नो निम्ति तिमीले चराको बच्चाहरू
लैजान सक्छौ तर माऊलाई छोड़ी दिनु पर्छ। यदि यो
नियम पालन गर्‍यौ भने तिमी खुशी साथ धेरै दिनसम्म
बाँच्न सक्छौ।
८"जब घर बनाउँछौ छाना वरिपरि देवल लगाउनु
पर्छ। यसो गर्‍यौ भने यदि कोही मानिस छानाबाट
लोट्यो भने त्यसको निम्ति तिमी दोषी बनिनु पर्दैन।

### सँगै नमिसाउनु पर्ने चीजहरू

९"तिमीहरूले आफ्नो दाखबारीमा अन्नको बीऊ छर्नु
हुँदैन। किन? किनभने ती दुवै व्यर्थ हुन्छन् अनि
तिमीले लगाएको बीऊबाट अन्न अथवा दाख केही
पनि पाउनु सक्तैनौ।
१०"गाई र गधा नारेरसँगै जोत्नु हुँदैन।
११"तिमीहरूले ऊनी र सूतीबाट बनाइएका लुगा
लाउनु हुँदैन।
१२"तिमीले धेरै धागाहरूका टुक्रा सँगै बाँधेर फुर्का
बनाउनु पर्छ अनि ती फुर्काहरू आफ्नो लुगाको चार
कुनामा बाँध्नु पर्छ।

### विवाहको नियम

१३"एक जना मानिसले एउटी स्त्रीसित विवाह गरी
सहवास गर्छ। फेरि उसले त्यस स्त्रीलाई मन नपराउन
सक्छ। १४मानिसले झूटो बोल्नु सक्छ, 'मैले यस
स्त्रीसित विवाह गरें तर जब हामीले सहवास गर्‍यौ मैले
थाहा पाएँ तिनी कन्या थिइनन्।' यस्तो कुरा सुनेर
मानिसहरू त्यस स्त्रीको विषयमा नराम्रो सोच्न सक्छन्।
१५यदि यस्तो भएको खण्डमा त्यस केटीको आमा-बाबुले
शहरको सभाघरमा बूढ़ा-प्रधानहरूको सामुन्ने त्यस केटीको
विवाह अघि कसैसित सहवास नभएको प्रमाण
दिन सक्नु पर्छ। १६त्यस केटीका मातापिताले

बूढ़ा-प्रधानहरूलाई भन्नुपर्छ, मैले यस मानिसित मेरी
छोरीको विवाह गरिदिएँ तर अहिले उसले तिनलाई मन
पराउँदैन। १७यस मानिसले मेरी छोरीको बारेमा झूटो
कुरो गरेको छ। उसले भन्यो, 'मैले प्रमाण पाएको
छैन, तिम्री छोरी कन्या छिन्। तर यहाँ प्रमाण छ मेरी
छोरी कन्या छे।'" अनि तिनीहरूले बूढ़ा-प्रधानहरूलाई
लुगा* देखाउनु पर्छ। १८तब शहरका बूढ़ा-प्रधानहरूले
त्यस मानिसलाई बोलाउनु पर्छ अनि सजाय दिनु पर्छ।
१९तिनीहरूले त्यस मानिसलाई चाँदीका चालीस सिक्का
जरिमाना गर्नु पर्छ। इस्राएली स्त्रीको पतिले उसमाथि
लाजमर्दो आरोप लगाएकोले बूढ़ा-प्रधानहरूले त्यो
जरिमानाको रकम केटीको बुबालाई दिनु पर्छ अनि त्यो
कन्या त्यही मानिसको पत्नी भएर बस्नु पर्छ। उसले
छुटानाम गर्न पाउदैन।

२०"तर यस्तो पनि हुनु सक्छ त्यो पतिले आफ्नी
पत्नीमाथि लगाएको आरोप सत्य प्रमाण हुनु सक्छ।
पत्नीको आमा-बुबा त्यस केटीको विवाह पूर्व कसैसित
सहवास नभएको प्रमाण दिनु नसकलान। यदि यस्तो
भयो भने, २१शहरका बूढ़ा-प्रधानहरूले तिनलाई उसको
पिताको घरको ढोकामा ल्याउनु पर्छ अनि शहरका
मानिसहरूले उसलाई ढुङ्गाले हिर्काएर मार्नु पर्छ। किन?
किनभने उसले इस्राएलमा लाजमर्दो काम गरी। उसले
आफ्ना पिताको घरमा वेश्या जस्तै काम गरी, यसकरण
तिमीहरूले यस्तो दुष्टता तिमीहरूका मानिसहरूबाट
अवश्यै निकाल्नु पर्छ।

## लैंगिक सम्बन्धको पाप

२२"यदि कुनै मानिसले अर्काकी पत्नीसित सहवास
गर्दै गरेको फेला पारे त्यस क्रियामा लागेका पुरुष र
स्त्री दुवैलाई मार्नु पर्छ, यसरी इस्राएलबाट अनैतिकता
हटाउनु पर्छ।

२३"यदि कुनै मानिसलाई शहरभित्र मगनी गरेकी
स्त्रीसित लैंगिक कर्म गरेको पाइन्छ, २४तिनीहरू
दुवैलाई शहरको फाटकमा जनसमूह बीच ल्याएर ढुङ्गाले
हिर्काएर मार्नु पर्छ। त्यस मानिसलाई मार्नु पर्छ कारण
उसले अर्काकी पत्नीसित बलात्कारको अपराध गर्‍यो
अनि त्यस स्त्रीलाई मार्नु पर्छ किनभने उसले आफ्नो
नैतिकता बचाउन निम्ति शहरका मानिसहरूबाट सहायता
लिइन। र यस्तो दुष्ट कर्यलाई तिमीहरूका मानिसहरूबाट
हटाउनु पर्छ।

२५"तर यदि कुनै विवाह ठीक भइ सकेकी केटीलाई
कसैले खेतमा एक्लै भेटेर जबरदस्ती बलात्कार गर्छ
भने त्यों पुरुषलाई मात्र मार्नु पर्छ। २६तिमीले त्यस
केटीसँग केही गर्नु हुँदैन। यो घटना यस्तो हो कसैले
आफ्नो छिमेकीलाई आक्रमण गरेर मार्छ किनभने त्यो
केटी एक्ली थिई अनि उसले गरेको गुहार कसैले
सुनेन। यसकारण केटीले सजाय पाउने योग्य दोष गरेकी
छैन। २७त्यस मानिसले त्यस विवाह ठीक भइसकेकी
केटीलाई खेतमा एक्लै पाउँछ र बलात्कार गर्छ। त्यस
केटीले आफ्नो सुरक्षाको निम्ति कराएकी हुन सक्छ तर
त्यहाँ उसलाई सहायता गर्ने कोही थिएन, यसकारण
उसलाई सजाय दिनु हुँदैन।

२८"एकजना मानिसले मङ्गनी पनि नभएकी कन्यालाई
भेटेर जबरदस्ती बलात्कार गरेको हुनु सक्छ। यदि यस्तो
काण्ड मानिसहरूको नजरमा परे, २९त्यस मानिसले
केटीको बुबालाई बीस आउन्स चाँदीको सिक्का तिरेर
त्यस केटीलाई पत्नी बनाए राख्नु पर्छ। किन? किनभने
त्यस मानिसले त्यो केटीसित बलात्कार जस्तो पाप
गरेको हुनाले त्यसलाई आफू बाँचुन्जेल छोड़्न पाउँदैन।

३०"कसैले आफ्नो बुबाकी पत्नीसित सहवास गर्नु
हुदैन्। यस्तो गर्दा उसले आफ्नो बुबालाई लाजमा पर्छ।

## मानिसहरू जो पूजामा भाग लिनु सक्छन्

२३ "लैंगिकअंग कुच्चिएका अथवा लिङ्ग काटिएका
मानिसहरूले इस्राएलका मानिसहरूसंग
परमप्रभुको पूजामा भाग लिन सक्दैनन्। २यदि कसैको
माता-पिताको विधिपूर्वक विवाह भएको छैन। तिनीहरू
पूजामा सम्मिलित हुन पाउने छैनन्। दश पुस्तासम्म
तिनीहरूका सन्तानहरूले पनि पूजामा मिसिन पाउने
छैनन।

३"अम्मोनी र मोआबी तथा तिनीहरूका सन्तानले
दश पुस्तासम्म परमप्रभुको सभामा इस्राएल बासीहरूसँग
सम्मिलित हुन सक्तैनन्। ४किन? किनभने तिनीहरूले
मिश्र देशबाट निक्लेर यात्रा गरेको समयमा तिमीहरूलाई
रोटी र पानी दिन अस्वीकार गरेका थिए। तिनीहरूले
मेसोपोटामियामा पतोरको शहरमा बस्ने बओरको छोरा
बिलामलाई तिमीहरूलाई सराप्नुको निम्ति पैसा दिएर
बोलाए। ५तर परमप्रभु तिमीहरूका परमेश्वरले बिलामका
कुरा सुन्नु भएन र तिनको सराप परमप्रभुले तिमीहरूको
निम्ति आशीर्वादमा परिणत गरिदिनु भयो। कारण परमप्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई प्रेम गर्नुहुन्थ्यो।
६जबसम्म तिमीहरू बाँचिरहन्छौ तबसम्म अम्मोनी र
मोआबीहरूसित कहिल्यै सन्धि स्थापित गर्नु हुँदैन तथा
कदापि तिनीहरूसित मैत्री सन्धि गर्नु हुँदैन।

## इस्राएलीहरूले स्वीकार्नु पर्ने मानिसहरू

७"तिमीहरूले एदोमीहरूलाई घृणा गर्नु हुँदैन कारण
उनीहरू तिमीहरूको सम्बन्धीहरू हो। तिमीहरूले
इस्राएलीलाई घृणा गर्नु हुँदैन कारण तिनीहरूको भूमिमा
तिमीहरू विदेशी थियौ। ८एदोमीहरू र मिश्र देशवासीहरूका

---

**लुगा** रगतको दाग भएको च्यादर त्यो विवाह भएको राती लागेको थियो जुन चाहि केटीले उसको कन्या भएको प्रमाणको रूपमा सुरक्षित राखेकी थिइन्।

तेस्रो पुस्ताका सन्तानहरूबाट इस्राएलीहरूसित परमप्रभुको पूजामा सामेल हुनु सक्छन्।

## सिपाहीहरूको छाउनी सफा राख्नु

९"जब तिमीहरूका सिपाहीहरू आफ्नो शत्रुहरूसँग लड़न युद्ध गर्न जान्छन प्रत्येक चीजबाट टाढ़ामा बस्छन जसले तिमीहरूलाई अशुद्ध बनाउँछ। १०यदि तिमीहरूमध्ये केही स्वप्न दोषले अशुद्ध भएका छौ भने उसले छाउनी बाहिर जानु पर्छ। ११जब बेलुकी हुन्छ उसले पानीमा नुहाउनु पर्छ अनि सूर्य अस्तापछि ऊ फेरि छाउनीमा फर्किन सक्छ।

१२"तिमीहरूले छाउनी बाहिर यस्तो ठाउँ पनि बनाउनु पर्छ जहाँ तिमीहरू दिसा गर्न सक्छौ। १३तिमीहरूले आफ्ना अरू हतियारसंगै एउटा खन्ती पनि राख्नु पर्छ र जब दिसा लाग्छ खाड़ल खन्नु पर्छ अनि दिसा गरी त्यसलाई पुर्नु पर्छ। १४किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूको रक्षा गर्न अनि शत्रुहरूलाई तिमीहरूको नियन्त्रणमा ल्याउनलाई छाउनीभित्र बाहिर तिमीहरूसँगै हुनु हुनेछ। यसकारण छाउनी पवित्र राख्नु पर्छ। यदि परमप्रभुले केही कुरा घिनलाग्दो देख्न हुन्न अनि उहाँ तिमीहरूदेखि गईहाल्नु हुन्छ।

## अरू नियमहरू

१५"यदि कुनै कमारो भागेर तिमीहरूकहाँ आफ्नो मालिकलाई छोड़ेर आउँछ, तिमीले उसलाई उसको मालिककहाँ फर्काउनु हुँदैन। १६आफ्नो इच्छा अनुसार उसले कहाँ मन पराउँछ, जुन शहर उसले रोज्छु, त्यही बस्न सक्छ। तिमीले उलाई कष्ट दिनु हुँदैन।

१७"एक जना इस्राएली स्त्री अथवा पुरुष मन्दिरको वेश्या हुनु सक्तैन। १८पुरुष अथवा स्त्रीले कमाएको धन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति पुऱ्याउनु हुँदैन, त्यस्तो कार्यबाट कमाएको धन परमप्रभुकोलागि उपयोग गर्नु हुँदैन।

१९"जब तिमीहरूले कुनै अर्को इस्राएलीलाई ऋण दिन्छौ, उसबाट ब्याज तिमीहरूले लिनु हुँदैन। त्यो ऋण खानेकुरा पैसा अथवा जे पनि होस्।

२०तिमीहरूले आफ्नो इस्राएली भाइलाई दिएको ऋणमा ब्याज लगाउनु हुँदैन तर कुनै विदेशीलाई दिएको ऋणमा ब्याज लगाउन सक्छौ किनभने परमप्रभु तिमीहरूका परमेश्वरले दिनुभएको भूमिमा प्रवेश गर्नु लागेको छौ अनि तिमीहरूले जे गर्छौ त्यसमा परमप्रभु तिमीहरूका परमेश्वरले आशीर्वाद दिनुहुन्छ।

२१"परमप्रभु तिमीहरूका परमेश्वरलाई चढ़ाउछु भनी जे भाकल गर्छौ त्यो चढ़ाउनमा ढिलो नगर किनभने परमप्रभु तिमीहरूका परमेश्वरले त्यो दावी गर्नुहुन्छ र यदि आफूले गरेको भाकल पूरा गर्न नसके तिमीलाई पाप लाग्नेछ। २२तर यदि भाकल गरेका छैनौ भने त्यो पाप लाग्ने छैन। २३तर आफूले गर्छु भनेको कुरो पूरा गर्नै पर्छ। यदि कुनै विशेष कुरो चढ़ाउछु भनी विषेश भाकल गरे त्यो तिमीहरूले तिमीले पूरा गर्नु नै पर्छ। परमेश्वरले तिमीहरूलाई भाकल गर्न लगाउनु भएको होइन, यसकारण आफूले गरेको भाकल परा गर्नै पर्छ।

२४"जब तिमी कसैको दाखबारी भएर जान्छौ तिमीले जति खान सक्छौ त्यही टिपेर खान सक्छौ तर आफ्नो डालोमा हालेर घर लान सक्दैनौ। २५जब तिमी अरू मानिसको अन्नको खेत भएर कतै जान्छौ तिमीले सकेको अन्न टिपेर खान सक्छौ तर हँसियाले अन्न काटेर घर लिएर जान सक्दैनौ।

२४ "एउटा मानिसले एउटी स्त्रीलाई विवाह गरेको हुन सक्छ अनि पछि तिनमा केही गोप्य कुरा पाउन सक्छ जो उसलाई मन पर्दैन। यदि त्यो मानिस तिनीसँग खुशी छैन भने उसले छुटानामको पत्र लेखेर उसलाई दिनु पर्छ। तब उसले तिनीलाई घरबाट बाहिर पठाउन सक्छ। २जब त्यो स्त्रीले उसको घर छोड़छे उसले अर्को पुरुषसित विवाह गर्नु सक्छे। ३तर यदि उसको नयाँ दोस्रो लोग्नेले पनि उसलाई मन नपराएर छुट्टानाम पत्र दिएर घरदेखि निकाली दिएको खण्डमा अथवा त्यो नयाँ दोस्रो लोग्नेको मृत्यु भएको खण्डमा, ४पहिलो लोग्ने जसले त्यस स्त्रीलाई छुट्टानाम पत्र दिई घरबाट निकालेको थियो उसले त्यही स्त्रीसँग पुन: विवाह गर्नु सक्तैन किनभने त्यो स्त्री अशुद्ध भएकी हुन्छे अनि परमप्रभुले पनि यस्तो विवाहलाई घृणा गर्नुहुन्छ। तिमीले परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु हुँदै गरेको भूमिमा यस्तो पाप हुन दिनु हुँदैन।

५"जब एकजना मानिसले भर्खर विवाह गर्छ उसलाई एक वर्षको निम्ति सेनामा पठाउनु हुँदैन। उसलाई कुनै विशेष काममा पनि लगाउनु हुँदैन। एक वर्षसम्म उसलाई आफ्नै घरमा बस्न दिनु पर्छ र आफ्नी पत्नीलाई खुशी पार्न दिनु पर्छ।

६"तिमीले कसैलाई ऋण दिन्छौ धितोको रूपमा जाँतो अथवा त्यसको कुनै भाग पनि लिनु हुँदैन किन? किनभने त्यो गर्दा उसको भोजन नै लिए जस्तै हुनेछ।

७"यदि कुनै एकजना इस्राएलीले अर्को एकजना इस्राएलीलाई अपहरण गर्छ कमाराको निम्ति बेच्छ भने, त्यस अपहरण कर्तालाई मार्नु पर्छ र तिमीहरूको आफ्नो समूहबाट त्यस्तो दुष्टता बाहिर निकाल्नु पर्छ।

८"यदि तिमीलाई अत्यन्तै नराम्रो चर्म रोग लागेको छ भने लेवी पूजाहारीहरूले सिकाएको सबै कुराहरू तिमीले धेरै होशियारीसँग पालन गर्नु पर्छ। मैले पूजाहारीहरूलाई बताएका कुराहरू तिमीले अत्यन्तै होशियारीसँग पालन गर्नु पर्छ। ९परमप्रभु तिमीहरूका परमेश्वरले मिश्रबाट बाहिर आउँदा मरियमका लागि के गर्नु भएको थियो सम्झना गर।

१०“जब तिमीले कुनै मानिसलाई ऋण दिन्छौ भने धरौटी लिन उसको घरभित्र पस्नु हुँदैन। ११तिमी बाहिर पर्खिनु पर्छ त्यो ऋण लिने मानिसले धरौटी ल्याएर दिन्छ। १२यदि मानिस गरीब छ भने उसले आफ्नो कोट बन्धकको रूपमा दिनु सक्छ जसले उसलाई तातो राख्छ। रातभरिको निम्ति तिमीले कोट धरौटी राख्नु हुँदैन। १३साँझ नै तिमीले फर्काउनु पर्छ। तब उसले सुत्नको लागि तातो लुगा पाउँछ र तिमीलाई आशीर्वाद दिनेछ। परमप्रभु तिमीहरूका परमेश्वरले यसलाई राम्रो कार्य र सही जीवन ठान्नु हुनेछ।

१४“तिमीहरूले ज्यालामा ल्याएको नोकर जो गरीब र संकटमा छ, ठग्नु हुँदैन। त्यो नोकर इस्राएली होस् अथवा तिमीहरूकै कुनै शहरमा बस्ने एक विदेशी, एक जना यसका कुनै फरक पर्दैन। १५घाम अस्ताउनु अघि प्रत्येक दिन उसको ज्याला देऊ किनभने त्यो गरीब छ अनि त्यही पैसामाथि निर्भर गर्छ। यदि तिमीले पैसा दिएनौ भने उसले तिम्रो विरुद्ध परमप्रभुलाई आरोप गर्नेछ र तिमी पापको दोषी बनिनेछौ।

१६“केटा-केटीहरूको अपराधमा आमा-बुबालाई मृत्यु दण्ड दिनु हुँदैन र त्यसरी नै आमा-बुबाको केटा-केटीहरूलाई मृत्यु दण्ड दिनु हुँदैन। ऊ आफैले गरेको नराम्रो कुरामा मात्र मानिसलाई मार्नु पर्छ।

१७“तिमीहरूले विदेशीहरू र टुहुरा-टुहुरीहरूसित राम्रो व्यवहार गर्नु पर्छ। धलौटीको रूपमा विधवाको ओढ़ने लुगा लिनु हुँदैन। १८सम्झना गर तिमीहरू मिश्रदेशमा कमारा कमारीहरू थियौ। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई त्यस ठाउँबाट निकाली स्वतन्त्र पार्नु भयो। यसकारण गरीबहरूको निम्ति यसो गर्नु भनी म बताउँछु।

१९“जब तिमीहरू आफ्नो खेतमा बाली उठाउँदै गरेको हुन्छौ, बिर्सेन एक बिटा अन्न त्यहाँ छोड्यौ भने त्यसलाई लिन नजाऊ। यो विदेशी, विधवा तथा टुहुरा-टुहुरीहरूको निम्ति हुन्छ। यदि तिमीहरूले तिनीहरूको निम्ति केही अन्न छोड़ी दियौ भने परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई त्यसको निम्ति आशीर्वाद दिनु हुनेछ। २०जब भद्राक्षको रूखबाट भाटा अथवा टाँगोले फल झार्छौ, हाँगाहरूमा बाँकी रहेको फल हेर्न जानु हुँदैन। भद्राक्षेको फल जो तिमीहरू छोड़छौ त्यो विदेशी, विधवा र टुहुरा-टुहुरीहरूको निम्ति हुन्छ। २१त्यसरी नै जब तिमीहरू दाखबारीमा फल उठाउन जान्छौ छोड़िएको फल खोज्न फार्किएर नजाऊ, ती फलहरू विदेशी, विधुवा तथा टुहुरा-टुहुरीहरूको निम्ति हुन्छ। २२सम्झना राख तिमीहरू मिश्रदेशमा गरीब कमारा-कमारीहरू थियौ। यसकारण म तिमीहरूलाई गरीबहरूको लागि यस्तो गर भनी बताउँछु।

२५ “जब दुईजना मानिसहरूमाझ वाद-विवाद हुन्छ, तिनीहरू अदालतमा जानु पर्छ। कुन मानिस वेकसूर छ अनि कुन मानिस कसूरदार छ न्यायकर्त्ताले निर्णय गर्ने छन। २यदि न्यायकर्त्ताले निर्णय गर्छन त्यो कसुरदार मानिसलाई कोर्रा लगाउनु पर्छ तब न्यायकर्त्ताले त्यस मानिसलाई घोप्टो परेर सुत्नु लाउनु पर्छ। एकजनाले कोर्रा लगाउनेछ जब न्यायकर्त्ताले हेर्नेछन्। उसले गरेको अपराधमाथि कोर्राको संख्या निर्भर गर्नेछ। ३कुनै मानिसलाई पनि चालीस कोर्रा भन्दा वेशी लगाउनु हुँदैन, यदि तिमीले कसैलाई चालीसभन्दा धेर कोर्रा लगायौ भने यो बुझिन्छ त्यस मानिसको जीवनको तिमीलाई केही महत्व छैन।

४“जब गोरूहरूलाई दाँई गर्न लगाइन्छ तिनीहरूले अन्न खान नपाओस भनेर महला लगाउनु हुँदैन।

५“यदि दाज्यू-भाइ सँगै बस्छन् र तिनीहरू मध्ये एक छोरा नभई मर्छ तब मर्ने भाइकी पत्नीले आफ्नो परिवार बाहिर कसैसित विवाह गर्नु हुँदैन। मर्नेको दज्यू-भाइले उसलाई पत्नी बनाउनु पर्छ अनि उसँगै लैंगिक सम्बन्ध राख्नु पर्छ। यसप्रकार आफ्नो पतिको दाज्यू-भाइले कर्त्तव्य गर्नु पर्छ। उसले जन्माएको पहिलो छोराले आफ्नो मृत पिताको स्थान ओगटनु पर्छ। तब मरेको दाज्यूको नाउँ इस्राएलबाट कहिल्यै नमेटियोस्। ७यदि मानिसले आफ्नो दाज्यू-भाइकी पत्नीलाई राख्न चाहदैन भने दाज्यूकी पत्नीले शहरको सभा घरमा अगुवाहरू अघि जानु पर्छ। अनि तिनेले बूढ़ा-प्रधानलाई भन्नु पर्छ, ‘मेरो मृत पति दाज्यू-भाइले आफ्नो दाज्यू-भाइको नाउँ इस्राएलमा जीवित राख्न चाँहदैनन्। मेरो मृत लोग्नेको दाज्यू-भाई भएको नातले ऊ आफ्नो कर्त्तव्य मसँग पूरा गर्न चाँहदैन।’ ८तब शहरका बूढ़ा-प्रधानहरूले त्यसलाई कुरा गर्छन बोलाउँछन् तर यदि ऊ अझै भन्छ, ‘म उसलाई विवाह गर्दिन,’ ९तब उसको दाज्यू-भाइकी पत्नी बूढ़ा-प्रधानहरूको अघि आउनु पर्छ उसको एउटा खुट्टाको जुत्ता खोल्नु पर्छ उसको अनुहारमा उसले थूक्नु पर्छ तिनले भन्नु पर्छ, ‘मानिस जसले आफ्नो दाज्यूको सन्तानलाई वृद्धि गर्न चाहन्दैन यस्तो व्यवहार गर्नु पर्छ।’ १०तब उसो त्यो मानिसको परिवारलाई इस्राएलमा, ‘जुन मानिसको जुत्ता खोलियो त्यसको परिवार’ भनी चिनिने छ।

११“यदि दुई जना मानिस लड़ाइँ गरिरहेका छन् र तिनीहरू मध्ये एक जनाकी पत्नी आफ्नो पतिको सहायतामा आउँछे तर उसले पतिसित लड़ाइँ गर्ने अर्को मानिसको गुप्त अंग समात्नु हुदैन। १२यदि उसले त्यसो गर्छे भने तिनको हात काटिदेऊ तिनको लागि दुःख नमान।

१३“मानिसहरूलाई ठग्न कम र ज्यादा दुई प्रकारका ढकहरू नराख। एउटै ओजनको निम्ति दुई प्रकारका ठग्ने ढकहरू नराख। १४आफ्नो घरमा केही चीज नाप्ने लामो र छोटो दुई प्रकारको नाप दण्ड नराख। १५तिमीहरूले ठीक र शुद्ध ढक तथा नाप दण्ड मात्र प्रयोग गर्नु पर्छ, तब मात्र परमप्रभु तिमीहरूका परमेश्वरले दिनु लाग्नु

भएको भूमिमा दीर्घायु भएर बाँच्नेछौ। १६परमप्रभु तिमीहरूका परमेश्वरले ती मानिसहरूलाई घृणा गर्नु हुन्छ जसले भूल तथा भ्रूटा ढक-तराजु उपयोग गरेर ठग्छन्। सही अर्थमा, उहाँ सबै मानिसलाई घृणा गर्नु हुन्छ जो गल्ती काम गर्छ।

### अमालेकीहरूलाई ध्वंश पार्नु पर्छ

१७"जब तिमीहरू मिश्रबाट आउँदै थियौ, सम्झना गर अमालेकीहरूले के गरेका थिए। १८तिनीहरूले तिमीहरूलाई आक्रमण गरे जब तिनीहरू कमजोर र थकित थियौ। तिनीहरूले तिमीहरूको मानिसहरूलाई मारे जो बिस्तारै पछि पछि आउँदै थिए। अमिलेकीहरूले परमेश्वरको सम्मान गरेनन्। १९यसकारण संसारबाट नै अमालेकीहरूको नाउँ ध्वंश पार्नु पर्छ। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनु हुने भूमिमा प्रवेश गरे पछि यो काम गर्नेछौ। त्यस भूमिमा उहाँले तिमीहरूलाई सबै प्रकारका शत्रुहरूबाट विश्राम दिनु हुनेछ, तर अमालेकीहरूलाई ध्वंश पार्न नबिर्स।

### पहिलो उब्जनी

२६ "चाँड़ै तिमीहरू भूमिमा पस्ने छौ जो परमप्रभु तिनीहरूका परमेश्वरले तिमीहरूलाई दिनु हुँदै छ तिमीहरूले आफ्नो नियन्त्रणमा भूमि लिनेछौ अनि त्यहाँ बसो-बास गर्नेछौ। २परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको भूमिमा उब्जनीको बाली बटुलेर त्यसको अशं डालोमा हालेर परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो निम्ति रोज्नु भएको विशेष ठाउँमा लैजानु हुनेछ। ३त्यहाँ तत्कालीन पूजाहारीकहाँ जाऊ अनि भन, 'परमप्रभुले हाम्रा पिता-पुर्खाहरूलाई केही भूमि दिन्छु भनी प्रतिज्ञा गर्नु भएको थियो र उहाँलाई सूचना दिन्छ म त्यस भूमिमा आएको छु।'

४"तब पूजाहारीले तिमीबाट डालो लिएर परमप्रभु तिमीहरूका परमेश्वरको वेदीको अघाड़ी राख्नेछन्। ५तब परमप्रभु तिमीहरूका परमेश्वरको अघि तिनी भन्ने छौ, 'मेरो पिता-पुर्खा फिरन्ते आरामी थिए। तिनी मिश्रदेशमा गएर बसो-बास गरे। जति बेला तिनी त्यहाँ गएका थिए उनको कुलमा केही मानिसहरू मात्र थिए तर मिश्रदेशमा उनको परिवार महान् अनि शक्तिशाली राष्ट्रमा परिणत भयो। ६मिश्रीहरूले हामीसित नराम्रो व्यवहार गरे अनि हामीलाई कमारा-कमारीहरू बनाए। अनि हामीलाई बलपूर्वक कठोर काम लगाए अनि अति नै कष्ट दिए। ७तब हामीले परमप्रभु हाम्रा परमेश्वरलाई प्रार्थना गरी तिनीहरूको विषयमा विरोध गर्‍यौ। तब परमप्रभुले हाम्रो प्रार्थना सुन्नु भयो अनि हाम्रो कठोर मेहनत, दु:ख कष्ट हेर्नु भयो। ८यसकारण परमप्रभुले हामीलाई उहाँको अति महान् अदभूत चिन्ह, अनि आश्चर्य अनि उहाँको महान् शक्ति अनि बल प्रयोग गरेर मिश्रबाहिर ल्याउनु भयो। ९यसकारण उहाँले हामीलाई यहाँ दूध र मह बगिरहेको भूमिमा ल्याउनु भयो। १०अब हे परमप्रभु! यस समय मैले जुन अन्न हजुरलाई चढ़ाएँ त्यो हजुरले दिएको भूमिबाट पहिलो उब्जेको अन्न हो।'

"तब तिनीहरूले त्यो अन्न परमप्रभु तिमीहरूका परमेश्वरअघि राखेर पूजा गर्न निहुरिनु पर्छ। ११त्यसपछि तिमीहरूले जति पनि असल चीजहरू परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू र तिमीहरूका परिवारलाई दिनु भएको छ तिमीहरूसितै बस्ने लेवीहरू र विदेशीहरूलाई पनि भाग लगाउनु पर्छ।

१२"प्रत्येक तेस्रो वर्ष दशांश भाग लगाउने वर्ष हो र तिमीहरूको भूमिमा बस्ने लेवीहरू, विदेशीहरू र विधवा अनि टुहुरा-टुहुरीलाई आफ्नो बालीबाट दशांश दिनु पर्छ। तब प्रत्येक शहरमा तिनीहरूको निम्ति प्रशस्त खाने कुराहरू हुनेछ। १३तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई भन्नु पर्छ, 'मैले मेरो घरबाट मेरो बालीको पवित्र अशं निकालेर लेवीहरू, विदेशीहरू र विधवा तथा टुहुरा टुहुरीहरूलाई दिएँ। तपाईंले मलाई दिनु भएको सम्पूर्ण आज्ञाहरू पालन गरेको छु र कुनै पनि आज्ञा उलङ्घन गरेको छैन। मैले ती आज्ञाहरू बिर्सेको छैन। १४जब म दु:खमा थिएँ मैले यो बालीको अन्न खाइन म अशुद्ध थिइन जब यो अन्न बटुलें, यो अन्नबाट मैले मरेका मानिसहरूलाई पनि चढ़ाएको छैन। मैले परमप्रभु मेरा परमेश्वर तपाईंले दिनु भएका सबै आज्ञा पालन गरें तपाईंले दिएका आज्ञाहरू सबै पालन गरेको छु। १५तपाईंको पवित्र वासस्थान स्वर्गबाट तल हुर्नु होस अनि इस्राएलका मानिसहरूलाई र हामीलाई अशीर्वाद दिनुहोस्। तपाईंले हाम्रा पिता-पुर्खाहरूसित प्रतिज्ञा गरेर हामीलाई दिनु भएको दूध र महले भरिएको भूमिलाई पनि आशीर्वाद दिनु होस्।'

### परमप्रभुका आज्ञाहरू पालन गर

१६"आज परमप्रभु तिमीहरूका परमेश्वरले यी सब विधि र नियमहरू पालन गर्नु भनी आज्ञा तिनीहरूलाई दिनु हुनेछ। आफ्नो सम्पूर्ण हृदय र प्राणले यी सब पालन गर्न होशियार होऊ। १७आज तिमीहरूले भनेका छौ परमप्रभु तिमीहरूका परमेश्वर हुनुहुन्छ अनि उहाँले देखाउनु भएको बोटामा हिँड़्ने, उहाँको शिक्षा अनुसरण गर्ने अनि उहाँले बताउनु भएको नियमहरू र निर्णयहरू पालन गर्ने प्रतिज्ञा गरेका छौ। तिमीहरूले भन्यौ उहाँले बताउनु भएको प्रत्येक चीज तिमीहरू गर्नेछौ। १८अनि आज परमप्रभुले तिमीहरूलाई उहाँको आफ्नो मानिसहरू भनी ग्रहण गर्नु भएको छ र यसको निम्ति उहाँले प्रतिज्ञा गर्नु भएको छ। परमप्रभुले तिमीहरूलाई उहाँका सबै आज्ञाहरू पालन गर्नै पर्छ भन्नु भएको छ। १९परमप्रभुले तिमीहरूको राष्ट्रलाई सबै राष्ट्रहरूभन्दा

अग्लो बनाउनु हुनेछ। उहाँले तिमीहरूलाई सम्मान,
प्रशंसा र सुनाम दिनु हुनेछ। अनि उहाँको प्रतिज्ञानुसार
तिमीहरू उहाँका आफ्नै विशेष पवित्र मानिसहरू हुनेछौ।”

## मानिसहरूका लागि स्मारक ढुङ्गाहरू

२७ मोशा र इस्राएलका बूढ़ा-प्रधानहरूले
मानिसहरूसँग बात गरे। मोशाले भने, “आज
मैले तिमीहरूलाई दिएका सबै आदेशहरू पालन गर।
२तिमीहरू चाँड़ै परमप्रभु तिमीहरूका परमेश्वरले दिन
लाग्नु भएको भूमि पुग्न यर्दन नदी पार गर्नेछौ।
त्यसदिन ठूला-ठूला ढुङ्गाहरू खड़ा गरेर त्यसलाई लिपी
देऊ। ३त्यसपछि यी सबै आज्ञाहरू र शिक्षाहरू लेख।
यो काम तिमीहरूले जब यर्दन नदी पार गरेपछि गर्नु
पर्छ। तब तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरले
दिन लाग्नु भएको दूध र महले परिपूर्ण भएको भूमिमा
प्रवेश गर्न सक्छौ। परमप्रभु तिमीहरूको पिता-पुर्खाहरूका
परमेश्वरले त्यो भूमि तिमीहरूलाई दिन्छु भनी प्रतिज्ञा
गर्न भएको थियो। ४यर्दन नदी पार गरेपछि आज म
तिमीहरूलाई जुन आज्ञा दिन्छु तिमीहरूले अवश्य पालन
गर्नु पर्छ। एबाल डाँड़ामा तिनीहरूले ढुङ्गाहरू खड़ा गर्नु
पर्छ र ती ढुङ्गाहरूलाई लिपेर छोप्नु पर्छ। ५केही
ढुङ्गाहरू राखेर परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति
वेदी निर्माण गर। तर ती ढुङ्गाहरू काट्न फलामको
हतियार उपयोग नगर। ६परमप्रभु तिमीहरूका परमेश्वरको
निम्ति वेदी बनाउनका लागि तिमीहरूले काटेका ढुङ्गाहरू
उपयोग गर्नु हुँदैन। अनि तिमीहरू यसमाथि परमप्रभु
तिमीहरूको परमेश्वरको निम्ति होमबलि चढ़ाउनु पर्छ।
७तिमीहरूले त्यहाँ मेलबलि चढ़ाऊनु पर्छ अनि परमप्रभु
तिमीहरूका परमेश्वरअघि खाऊ अनि आनन्द मनाऊ।
८तिमीहरूले खड़ा गरेको ढुङ्गाहरूमा तिमीहरूले
व्यवस्थाका यी सबै कुराहरू लेख्नु पर्छ। स्पष्ट लेख
जसले गर्दा ती सजिलै पढ़न सकियोस्।

## सरापका नियमहरू

९“मोशा र लेवीका पूजाहारीहरूले इस्राएलीहरूलाई
सम्बोधन गरे। मोशाले भने, “हे इस्राएलीहरू हो, चुप
लागेर सुन, आज तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरका
मानिसहरू भएका छौ। १०यसकारण परमप्रभु तिमीहरूका
परमेश्वरले जे गर्नु भन्नु भएको छ प्रत्येक काम गर।
तिमीहरूले उहाँको आज्ञाहरू र नियमहरू अनुशरण
अनि पालन गर्नु पर्छ जुन आज मैले तिमीहरूलाई
आदेश दिएको छु।”

११त्यही दिन मोशाले पनि मानिसहरूलाई यो भने,
१२“तिमीहरू यर्दन नदी पार गरे पछि मानिसहरूलाई
आशीर्वाद दिनको निम्ति शिमोन, लेवी, यहूदा, इस्साकार,
युसूफ र बिन्यामीन कुल समूह गीरीज्जीम डाँड़ामा
हुनेछन्। १३अनि यी कुल समूह- रुबेन, गाद, आशेर
जबुलुन, दान र नप्ताली चाँहि सराप सुन्नु एबाल डाँड़ामा
हुनेछन्।

१४“लेवीहरूले उच्च स्वरमा सबै इस्राएलीहरूलाई
भन्ने छन्: १५‘कारीगरले भैँ जसले खोपेर अथवा
काटेर धातु अथवा केही अन्य चीजको मूर्ति बनाएर
पूजा गर्न गुप्त स्थानमा राख्छ, त्यस मानिसलाई सराप
लाग्छ। ती भूटा देवताहरू मूर्तिहरू मात्र हुन किनकि
ती कुनै कारीगरले काठ, ढुङ्गा अथवा धातुबाट बनाएको
हुन्। परमप्रभुले त्यस्ता कुराहरूलाई घृणा गर्नुहुन्छ।’

“तब सबै मानिसहरूले उत्तर दिनेछन् ‘आमेन!’

१६“लेवीहरूले भन्नेछन्, ‘त्यस मानिसलाई सराप
लागोस् जसले आमा-बुबालाई अनादर अनि अपमान
गर्छ।

तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

१७“लेवीहरूले भन्नेछन्, ‘आफ्नो छिमेकीको साँध
सीमाना मिच्ने मानिसलाई सराप लागोस्।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

१८“लेवीहरूले भन्नेछन्, ‘अन्धा मानिसलाई उल्टा
बाटो देखाउने मानिसलाई सराप परोस्।’

“तब सबै मानिसहरूले भन्नेछन् ‘आमेन।’

१९“लेवीहरूले भन्नेछन्, ‘विदेशी, टुहुरा-टुहुरी र
विधवाले पाउनु पर्ने न्याय नदिने मानिसलाई सराप
परोस्।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२०“लवीहरूले भन्नेछन्, ‘आफ्नी सौतेनी आमासित
सहवास गर्ने मानिसलाई सराप परोस्।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२१“लेवीहरूले भन्नेछन् ‘कुनै प्रकारको पशुसित सम्भोग
गर्ने मानिसलाई सराप लागोस्।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२२“लेवीहरूले भन्नेछन्, ‘उसलाई सराप लागोस्
जसले आफ्नी बहिनी अथवा सौतेनी बहिनीसित लैंगिक
सम्पर्क राख्छ।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२३“लेवीहरूले भन्नेछन्, ‘उसलाई सराप लागोस्
जसले सासूसित लैंगिक सम्पर्क राख्छ।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२४“लेवीहरूले भन्नेछन्, ‘उसलाई सराप लाग्छ जसले
आफ्नो छिमेकीलाई लुकेर हिर्काउँछ।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

२५“लेवीहरूले भन्नेछन्, ‘जो मानिसले पैसा लिएर
निर्दोष मानिसको हत्या गर्छ भने त्यसलाई सराप परोस्।’

“तब सबै मानिसले भन्नेछन्, ‘आमेन।’

२६लेवीहरूले भन्नेछन्, ‘जो मानिसले यस व्यवस्थालाई
समर्थन गर्दैन र पालन गर्नु राजी हुदैनँ त्यसलाई सराप
परोस्।’

“तब सबै मानिसहरूले भन्नेछन्, ‘आमेन।’

### आज्ञा पालन गर्दा आशीर्वाद

२८ “अब यदि तिमीहरू आज मैले बताएको परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञाहरू पालन गर्न होशियार भयौ भने परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूको राष्ट्रलाई पृथ्वीका अन्य सबै राष्ट्रहरू भन्दामाथि राख्नु हुँनेछ। २यदि तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको आज्ञा पालन गर्‍यौ भने यी सबै आशीर्वाद तिमीहरूमाथि लाग्नेछन् र यी सब तिमीहरूका हुनेछन्।

३“शहरमा र गाउँ-बस्तीमा परमप्रभुले तिमीहरूलाई आशिष दिनु हुनेछ।

४“परमप्रभुले तिमीहरूका धेरै नानीहरू होस् भनी आशिष दिनु हुनेछ। परमप्रभुले तिमीहरूको भूमिमाथि आशिष दिनुहुँनेछ जसले गर्दा उब्जाऊ बेशी हुनेछ। परमप्रभुले तिमीहरूका पशुहरूलाई आशिष दिनु हुनेछ र ती पशुहरूले धेरै बच्चाहरू जन्माउने छन्।

५परमप्रभुले तिमीहरूको डालाहरू र पिठो मुछने आह्रीमाथि आशीर्वाद दिनुहुनेछ, अनि सधैँ खाद्य पर्दाथले भर्नु हुनेछन।

६परमप्रभुले तिमीहरूलाई सदा-सर्वदा तथा तिमीहरूले जे गर्छौ प्रत्येक चीजमा आशिष दिनु हुनेछ।

७“तिमीहरूसित लड़ाई गर्न आउने शत्रुहरूलाई पराजित गराउन परमप्रभुले तिमीहरूलाई सहायता गर्नु हुनेछ। शत्रुहरू तिमीहरूसित लड़ाई गर्नु एउटै बाटो भएर आउनेछन् तर तिनीहरू सातवटा बाटा भएर भाग्नेछन्।

८“परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष दिनु हुनेछ र तिमीहरूको ढुकुटीमा तिमीहरू जे गर्छौ प्रत्येक चीजमा परमप्रभुले आशिष दिनु हुनेछ। ९यदि तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरलाई अनुसरण गर्छौ अनि उहाँको आदेशहरू पालन गर्छौ भने परमप्रभुले तिमीहरूलाई उहाँका विशेष पवित्र मानिसहरू बनाउनु हुनेछु १०तब पृथ्वीका सबै मानिसहरूले थाहा पाउनेछन् तिमीहरू परमप्रभुका मानिसहरू हौ र तिनीहरू तिमीहरूसित डराउने छन्।

११“तिमीहरूलाई दिन्छु भनी तिमीहरूको पिता-पुर्खाहरूसित प्रतिज्ञा गर्नु भएको भूमिमा तिमीहरूलाई सन्तान, गाई-बस्तु र खेती-पातीमा परमप्रभुले खुबै उन्नति गराउनु हुनेछ। १२आशिषको भण्डार खोलेर परमप्रभुले तिमीहरूको खेतीको निम्ति ऋतुमा झरी पठाउनु हुनेछ। तिमीहरू जे गर्छौ सबैमा आशीर्वाद दिनु हुनेछ। तिमीहरूले अरू राष्ट्रहरूलाई रूपिया ऋण दिनेछौ तर तिमीहरूलाई तिनीहरूबाट ऋण लिने आवश्यक पर्नेछैन। १३परमप्रभुले तिमीहरूलाई पुच्छर होइन शिर बनाई राख्नु हुनेछ, तिमीहरू सधैँमाथि हुने छौ फेदमा होइन। यदि तिमीहरूले आज मैले बताउँदै गरेको परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरूको निम्ति यस्तो हुनेछ। तिमीहरूले यी आज्ञाहरू होशियारीसँग पालन गर्नु पर्छ। १४आज मैले तिमीहरूलाई दिएका यी उपदेशहरूबाट नर्फक तिमीहरू दाहिने अथवा दुब्रे फर्कनु हुदैन। तिमीहरूले अन्य देवताहरूको सेवा गर्न तिनीहरूलाई अनुसरण गर्नु हुदैन।

### आज्ञा पालन नगर्नेहरूलाई सराप

१५“तर यदि तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरले बताए अनुसार यदि गर्दैनौ तिमीहरू आज मैले बताएका आज्ञाहरू र विधिहरू पालन गर्दैनौ तिमीहरूमाथि यी सब नराम्रा कुराहरू परी आउनेछन्।

१६“परमप्रभुले शहर र खेतहरूमा तिमीहरूलाई सराप्नु हुनेछ।

१७परमप्रभुले तिमीहरूका डालहरू र पिठो मुछने आह्रीमा सराप्नु हुनेछ अनि तिनीहरूमा खाद्य हुने छैन।

१८परमप्रभुले तिमीहरूलाई सराप्नु हुनेछ अनि तिनीहरूका धेरै नानीहरू हुने छैनन्। उहाँले तिमीहरूका भूमिलाई सराप्नु हुनेछ अनि तिमीहरूले राम्रो अन्नबलि पाउने छैनौ। उहाँले तिमीहरूका पशुहरूलाई सराप्नु हुनेछ अनि तिनीहरूले धेरै बाछा-बाछी व्याउने छैनन्।

१९परमप्रभुले सब तिमीहरूलाई सराप्नु समय प्रत्येक कुरोहरूमा सराप्नु हुनेछ जे तिमी गर्छौ।

२०“यदि तिमी अनिष्ट काम गर्छौ अनि परमप्रभुबाट टाढ़ा हुन्छौ, तब उहाँले तिमीलाई अशुभ कार्य भएको बनाउनु हुनेछ। तिमी आफूले गरेको प्रत्येक कार्यमा निराशा र कष्ट पाउने छौ। उहाँले यस्तो तिमीहरू चाड़ै अनि सम्पूर्ण नाश नहुञ्जेलसम्म निरन्तर गर्नु हुनेछ। उहाँले यस्तो गर्नु हुनेछ किनभने तिमीहरू उहाँबाट टाढ़ा भयै अनि उहाँलाई छाड्यौ। २१जबसम्म तिमीहरू दखल भएको भूमिबाट शेष हुदैनौ-ध्वंश हुदैनौ, परमप्रभुले तिमीहरूमाथि भयङ्कर रोगहरू सृष्टि गर्नु हुनेछ। २२परमप्रभुले तिमीहरूलाई विभिन्न रोगहरू, ज्वरो र सुजन दिएर सजाय दिनु हुनेछ। परमप्रभुले प्रचण्ड ताप पठाउनु हुनेछ अनि तिमीहरूले पानी पाउने छैनौ रोग र गर्मीले तिमीहरूको सब बाली नाश हुनेछ जबसम्म तिमीहरू ध्वंश हुदैनौ यी सब नराम्रा कुराहरू तिमीहरूमाथि परिरहनेछन्। २३आकाशमा बादल हुनेछैन र आकाश पालिश घसेको काँसा झैँ देखिनेछ। तिमीले टेकेको भूमि फलाम झैँ कड़ा हुनेछ। २४परमप्रभुले पानी पठाउनु हुनेछैन, आकाशबाट खाली बालुवा र धुलो मात्र झर्नेछ अनि जतिञ्जेलसम्म तिमीहरू ध्वंश हुँदैनौ यस्तो भइरहने छ।

२५“तिमीहरू शत्रुहरूमाथि आक्रमण गर्न एउटा मार्गबाट आउनेछौ तर परमप्रभुले तिमीहरूलाई पराजय हात लगाई दिनुहुनेछ र तिमीहरू सातवटा विभिन्न बाटोहरू भएर भाग्नेछौ। तिमीहरूमाथि जुन नराम्रा कुराहरू आइपर्ने छन त्यसबाट पृथ्वीका समस्त मानिसहरू भयभित हुनेछन्।

२६तिमीहरूका मृत शरीरहरू जंगली पंक्षी र जनावरहरूको आहार बनिनेछ, तिनीहरूलाई तिमीहरूको मृत शरीरबाट धपाउने कोही हुनेछैन।

२७"परमप्रभुले मिश्र बासीहरूलाई झैँ तिमीहरूलाई फोकाहरू दिएर दण्ड दिनुहुनेछ। उहाँले तिमीहरूलाई पिला, गिर्खा र चिलाउने घाउ दिएर दण्ड दिनु हुनेछ। २८परमप्रभुले तिमीहरूलाई बहुलाहा, अन्धा र हृदयमा बेचैनी पारिदिनुहुनेछ।

२९"तिमीहरू दिउँसै बाटोमा अन्धा झैँ हिड़नेछौ। तिमीहरूले गरेको प्रत्येक कुरोमा असफलता मात्र हात लाग्नेछ। घरि-घरि मानिसहरूले तिमीहरूलाई कष्ट दिइरहने छन्, तिमीहरूको वस्तुहरू चोरी भइरहनेछ तर तिमीहरूलाई बचाँउने कोही हुनेछैन।

३०"स्त्री एकजना तिमीसित मगनी हुनेछ तर कोही अर्को मानिस तिनीसित लैंगिक सम्पर्क राख्नेछ। तिमीले घर बनाउने छौ तर त्यसमा बस्नु पाउने छैनौ। तिमीले अङ्गुरको खेती गर्नेछौ तर बाली उठाउन पाउने छैनौ। ३१मानिसहरूले तिम्रा अघिनै तिम्रा गाईहरू मार्नेछन् तर मासु खान पाउने छैनौ। मानिसहरूले तिमीहरूका गधाहरू लानेछन् तर फर्काउने छैनन्। तिमीहरूका शत्रुहरूले तिमीहरूको भेड़ाहरू लानेछन् तर तिमीहरूलाई बचाउँने कोही त्यहाँ हुनेछैन।

३२"तिमीहरूका छोरा-छोरीहरूलाई अरू जातिका मानिसहरूले लैजाने छन्। तिमीहरू आफ्नो छोरा-छोरीहरू आँउछन् कि भनी दिनभरि आखाँ टटाउञ्जेल बाटो हेर्नेछौ तर तिमीहरूले पाउने छैनौ। परमप्रभुले तिमीहरूलाई सहायता गर्नु हुने छैन।

३३"तिमीहरूको सम्पूर्ण मेहनत र अन्नहरू एउटा अपरिचित जातिले लैजानेछ। तिमीहरूसित मानिसहरूले गाली र नराम्रो व्यवहार मात्र गर्नेछन्। ३४तिमीहरूले देखेको चीजहरूले तिमीहरूलाई बौलाहा बनाउँछ। ३५परमप्रभुले कहिले जाति नहुने पिलोद्वारा तिमीहरूलाई दण्ड दिनु हुनेछ। घुँड़ा र खुट्टाहरूमा यी पिलोहरू हुनेछ। यी घाउहरू शरीरमा पैतालादेखि टाउकाको तालुसम्म प्रत्येक अङ्गमा हुनेछ।

३६"तिमीहरूका राजा र तिमीहरूलाई परमप्रभुले तिमीहरूका पिता-पुर्खा तथा तिमीहरूले नचिनेको नदेखेको जातिमा पठाइदिनु हुनेछ। त्यँहा तिमीहरूले काठ तथा ढुङ्गाले बनिएको झूटो देवताको सेवा गर्नेछौ। ३७देशहरू जहाँ परमप्रभुले तिमीहरूलाई पठाउनुहुनेछ त्यहाँ मानिसहरू तिमीहरूमाथि भएको कष्ट देखेर दुःखी हुनेछन् अनि तिनीहरू तिमीहरूमाथि हाँस्नेछन र अपमान गर्नेछन्।

### असफलताको सराप

३८"तिमीहरूको खेतबारीले प्रशस्त अन्न उब्जाउनेछ तर कम्ती हुनेछ, किन? कारण अन्न सलहले खाइदिनेछ। ३९तिमीहरूले दाखको खेती मेहनत गरी लगाउनेछौ तर किराहरूले नष्ट गर्नाले उब्जनी प्रशस्त नभएर दाखरसको निम्ति रस पनि पाउनेछैनौ। ४०तिमीहरूको भूमिमा जता ततै भद्राक्षको रूखहरू भएर पनि त्यसको तेल चलाउन पाउने छैनौ कारण फलहरू सबै भूईंमा झरेर सड्नेछन्। ४१तिमीहरूका छोरा-छोरीहरू धेरै भए पनि तिनीहरूलाई राख्नु पाउने छैनौ किन? किनभने तिनीहरू पक्रा पर्नेछन् अनि कैदमा पर्नेछन्। ४२तिमीहरूको खेतमा सबै अन्न र रुखहरू सलहले नष्ट पारी दिनेछ। ४३तिमीहरूले आफ्नो शक्ति गुमाउने छौ तर तिमीहरूमाझ बस्ने विदेशीहरू धेरै शक्तिशाली हुनेछन्। ४४विदेशीहरूसित तिमीहरूलाई ऋण दिने रुपिया पैसा हुनेछ, तर तिमीहरूसित तिनीहरूलाई ऋण दिने रुपिया पैसा हुनेछैन। तिमीहरू पुच्छर जस्तै हुनेछौ र तिनीहरूले तिमीहरूलाई शिरले शरीर नियन्त्रण गरे झैँ गर्नेछन्।

४५"जबसम्म तिमीहरू ध्वंश हुदैनौ तिमीहरूमाथि आई लाग्ने सरापले खेदै पक्रदै गरिरहनेछ कारण तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरले बताउनु भएको कुराहरू मानेनौ। उहाँले दिनु भएको आज्ञा तथा विधिहरू तिमीहरूले पालन गरेनौ। ४६अनि तिनीहरू सधैं तिमीहरू अनि तिमीहरूका सन्तान अघि इश्वरको न्यायको प्रतीकको रूपमा रहने छन्।

४७"कारण तिमीहरूसित प्रत्येक चीज परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको प्रशस्त हुँदा तिमीहरूले उहाँको सेवा गरेनौ। ४८त्यसकारण तिमीहरूले तिमीहरूको शत्रुहरूको सेवा गर्नेछौ। जो परमप्रभुले तिमीहरूको विद्धमा पठाउनु हुनेछ। तिमीहरू भोकाएका, तिर्खाएका, नाङ्गा र गरीब हुनेछौ। परमप्रभुले तिमीहरूमाथि जुन एउटा भारी लाद्नु हुनेछ तिमीहरूले आफू नाश नहुञ्जलेसम्म हटाउन सक्नेछैनौ।

### शत्रु राष्ट्रको सराप

४९"परमप्रभुले तिमीहरूसित लड़ाई गर्न टाढ़ाबाट एउटा जातिका मानिसहरू ल्याउनुहुनेछ तिनीहरू आकाशबाट गरूड़ झम्टे जस्तै आउने छन्। तिमीहरूले तिनीहरूको भाषा बुझ्ने छैनौ। ५०तिनीहरू निष्टुर हुनेछन्, बूढ़ापाकाको आदर गर्दैनन अनि ससाना नानीहरूप्रति दया देखाउँदैनन्। ५१तिनीहरूले तिमीहरूका पशुहरू र बाली लानेछन्। तिमीहरूको नाश नहुञ्जेलसम्म तिनीहरूले प्रत्येक चीज लाउने छन्। तिनीहरूले तिमीहरूका लागि अन्न, मद्य, तेल, गाईहरू, भेंड़ाहरू अथवा बाख्राहरू छोड़ने छैनन्। तिनीहरूले तिमीलाई नष्ट न गरे सम्म प्रत्येक चीज लाने छन्।

५२"तिमीहरू सोच्छौ त्यस शहरहरूको वरिपरि अग्ला-अग्ला र शक्तिशाली पर्खालहरूले तिमीहरूलाई सुरक्षा दिन्छन्। तर ती पर्खालहरू ढल्नेछन्। त्यस राष्ट्रका मानिसहरूले सबै शहरहरू घेरेर तिमीहरूमाथि आक्रमण गर्नेछन्। परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई

दिनु भएको भूमिमा एउटै शहर पनि बाँकी नराखी
शत्रुहरूले आक्रमण गर्नेछन्। **५३**“तिमीहरूको शहर
थुनुवामा परेको हुनेछ र तिमीहरूलाई यस्ता कष्ट
आइलाग्नेछ कि भोक लाग्दा खान केही नपाएर तिमीहरूले
परमप्रभु तिमीहरूका परमेश्वरले दिनु भएको आफ्नै
सन्तान छोरा-छोरीको मासु खानेछौ।

**५४**“त्यस बेला तिमीहरू माझमा भएका अत्यन्तै
भला मानिसहरू पनि आफ्नै दाज्यू-भाइ, आफूले प्रेम
गरेको पत्नी अनि आफ्नै छोरा-छोरीहरूप्रति पनि अत्यन्तै
निष्ठुर हुनेछन्। **५५**यसकारण भोजनको अभावमा
तिमीहरूले आफ्नै नानीहरू खानेछौ अनि कसैसित बाँड्ने
छैनौ जब शत्रुहरूले तिमीहरूको शहरहरूलाई थुनुवामा
पार्छन अनि तिमीहरूलाई कष्ट दिन्छन् यी सबै नराम्रा
घटनाहरू हुनेछन्।

**५६**“अति कोमल र दयालु स्त्री जसले आफ्नो
कोमलताको कारण भूइँमा पैताला राखेकी छैनन्, ऊ
पनि आफ्नो पति र नानीहरू प्रति निष्ठूरी हुन्छे।
**५७**त्यो स्त्री त्यससमय यति निष्ठूरी हुन्छे उसले
गर्भबाट गुप्तरुपले नानी जन्माउछे र त्यो नानी र
त्यससित निस्केको साल पनि आफै खान्छे कारण त्यहाँ
खाने कुरा केही हुँदैन। जब शत्रुहरू आएर तिमीहरूको
शहरहरू घेर्नेछन र तिमीहरूले कष्ट पाउनेछौ। त्यहाँ
त्यस्ता प्रकारको नराम्रा कुराहरू हुनेछन्।

**५८**“तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरका सबै
आज्ञाहरू र शिक्षाहरू पालन गर्नु पर्छ जो यस व्यवस्थाको
पुस्तकमा लेखिएको छन् र तिमीहरूलाई परमप्रभु
तिमीहरूका परमेश्वरको आश्चर्यपूर्ण र भय योग्य
नाउँको सम्मान गर्नु पर्छ। **५९**परमप्रभुले तिमीहरू र
तिमीहरूका सन्तानलाई धेरै कष्टहरू दिनु हुनेछ।
**६०**तिमीहरूले मिश्रमा धेरै कष्ट र रोगहरू देख्यौ
जसले तिमीहरूलाई नराम्रो कुराहरूले भयभीत बनायो
परमप्रभुले ती सबै तिमीहरूमाथि ल्याउनुहुनेछ।
**६१**परमप्रभुले यस विधिको पुस्तकमा नलेखिएका कष्टहरू
र रोगहरू पनि तिमीहरू नष्ट नहुञ्जेलसम्म ल्याउनु
हुनेछ। उहाँले यस्ता कष्टहरू निरन्तर ल्याउनु हुनेछ।
**६२**आकाशका ताराहरू जतिनै तिमीहरूका संख्या धेरै
हुन सक्छन तर परमप्रभु तिमीहरूका परमेश्वरलाई
नमानेको कारण तिमीहरू एकदमै थोरै संख्यामा रहने
छौ।

**६३**“तिमीहरू प्रति राम्रो हुनका लागि र तिमीहरूको
राष्ट्रको विकास गराउन परमप्रभु जति खुशी हुनु हुन्थ्यो
तिमीहरूलाई नष्ट र ध्वंश पार्नु पनि त्यति नै खुशी हुनु
हुनेछ। त्यो भूमि तिमीहरूले आफ्नै बनाउन जादैछौ तर
मानिसहरूले तिमीहरूलाई भूमिबाट लखेट्नेछन्।
**६४**पृथ्वीका सबै मानिसहरू माझ परमप्रभुले तिमीहरूलाई
छरपष्ट पारिदिनु हुनेछ। परमप्रभुले तिमीहरूलाई पृथ्वीको
एक कुनादेखि अर्को कुनासम्म अन्य राष्ट्रका मानिसहरूमाझ
छरपष्ट पारिदिनु हुनेछ। अनि त्यहाँ तिमीहरू काठ तथा
ढुङ्गाले बनिएका झूटा पुर्खाहरू थाहा नपाइएका देवताहरू
पूज्ने छौ।

**६५**“ती राष्ट्रहरूका माझ तिमीहरूले शान्ति पाउने
छैनौ र विश्रामको निम्ति तिमीहरूले ठाउँ पाउने छैनौ।
परमप्रभुले तिमीहरूको मनमा चिन्ता भरी दिनु हुनेछ।
तिमीहरूका आँखा थाकेका हुनेछन्। तिमीहरू दु:खी
हुनेछौ। **६६**तिम्रो जीवन डरले परिपूर्ण हुनेछ र तिमीहरू
रात-दिन सधैँ डराएको हुनेछौ अनि तिमीहरू आफ्नो
जीवनप्रति विश्वस्त हुने छैनौ। **६७**बिहानै तिमी भन्ने
छौ, ‘यो बेलुकी भए हुनथ्यो बेलुकी तिमी भन्नेछौ, ‘यो
बिहान भए हुन्थ्यो। किन? किनभने तिम्रो हृदयमा डर
हुनेछ अनि तिमीले नराम्रा कुराहरू देख्नेछौ।’ **६८**परमप्रभुले
तिमीहरूलाई जहाजद्वारा मिश्र फर्काउनु हुनेछ मैले
तिमीहरूलाई भने, “तिमीहरूले कहिले त्यस ठाउँमा
जानु पर्दैन तर परमप्रभुले तिमीलाई त्यहाँ पठाउनु
हुनेछ।” मिश्रमा तिमीहरू आफूलाई शत्रुहरू समक्ष
कमारा-कमारीको रूपमा बेच्ने चेष्टा गर्नेछौ तर कसैले
तिमीलाई किन्ने छैन।

### मोआबमा वाचा

**२९** परमप्रभुले होरेब पर्वतमा इस्राएलका
मानिसहरूसँग गर्नु भएको करार बाहेक उहाँले
मोआब देशमा मोशासित अर्को करार गर्ने आदेश दिनु
भयो जब तिनीहरू मोआबमा थिए। त्यो करार यस्तो
छ। **२**मोशाले इस्राएलका सबै मानिसहरूलाई बोलाएर
भने, “परमप्रभुले मिस्त्र देशमा फिरऊन र उसका
सेवकहरू र उसको सम्पूर्ण भूमिका लागि जे गर्नु
भएको थियो तिमीहरूले सबै देख्यौ।

**३**तिमीले आफ्नै आँखाले उहाँले गर्नु भएका ठूला-ठूला
कष्टहरू, अलौकिक कामहरू र अचम्मका चीजहरू
देख्यौ। **४**तर आज पनि तिमीले बुझेनौ के भएको
थियो, परमप्रभुले तिमीलाई बुझ्ने अनुमति दिनु भएको
छैन के देख्यौ अनि सुन्यौ? **५**परमप्रभुले भन्नुभयो,
‘मैले तिमीहरूलाई मरुभूमिमा चालीस वर्षसम्म डोऱ्याउँदा
तिमीहरूको शरीरको लुगा फाटेन, अनि खुट्टामा लगाएको
जुत्ता पनि पूरानो भएन **६**तिमीहरूले रोटी खाएनौ र
दाखरस कुनै प्रकारको मद्य पिएनौ। मैले तिमीहरूलाई
रक्षा गरेर ल्याएँ जसले गर्दा तिमीहरू बुझ्न सक्छौ म
परमप्रभु नै तिमीहरूका परमेश्वर हुँ।

**७**“तिमीहरू यस ठाउँमा आउँदा हेशबोनका राजा
सीहोन र बाशानका राजा ओग हामीलाई आक्रमण गर्न
आए तर तिनीहरूलाई हरायौ। **८**अनि हामीले तिनीहरूको
देश रुबेनी, गाद, अनि मनश्शेको आधा कुललाई
आफ्नो अंशको रुपमा दियौं। **९**यदि तिमीहरूले यस
करारमा भएका आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू
आफूले गरेको प्रत्येक कार्यमा सफल हुने छौ।

१०“आज तिमीहरू सबै जना परमप्रभु तिमीहरूका परमेश्वर अघि उभिरहेका छौ। तिमीहरूका अगुवाहरू, मुखियाहरू, बूढ़ा-प्रधानहरू तथा इस्राएलका सबै बासिन्दाहरू यहाँ छन्। ११तिमीहरूको पत्नी, बाल-बच्चाहरू तथा तिमीहरूसित बस्ने विदेशीहरू लगायत तिमीहरूका दाउरा काट्ने अनि पानी बोक्नेहरू यहाँ छन्। १२आज तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वरसित एउटा करारमा बाँधिनु पर्छ र परमप्रभुले त्यो करार आज बनाउनु हुँदैछ। १३यो प्रतिज्ञासँगै, परमप्रभुले तिमीहरूलाई उहाँको आफ्नै विशेष मानिसहरू बनाउनु भयो, अनि त्यो प्रमाणित गर्नु भएको छ उहाँ तिमीहरूको परमेश्वर हुनुहुन्छ जस्तो उहाँले तिमीहरू अनि तिमीहरूका पिता-पुर्खाहरू अब्राहाम, इसहाक अनि याकूबलाई गर्नु भएको थियो। १४परमप्रभुले तिमीहरूसित मात्र यो करार गर्नु तथा प्रतिज्ञा गर्नु हुँनेछैन, १५तर परमप्रभु तिमीहरूका परमेश्वर सबैसँग यो करार गर्नु हुँदैछ जो उहाँको अघि उभिएका छन् अनि हाम्रा भावी सन्तानहरूसँग जो आज हामीसंग छैनन्। १६तिमीहरूलाई थाहा छ हामी मिश्र देशमा कसरी बाँचेका थियौ अनि तिमीहरूले सम्झना गर हामीहरू कसरी यहाँसम्म आउदा देशहरू भएर यात्रा गर्‍यौं। १७तिमीहरूले ती काठ, ढुङ्गा, चाँदी र सुनले बनिएका घृणित मूर्तिहरू देख्यौ। १८दृढ़ भएर बस तिमीहरूमध्ये कुनै पनि पुरुष अथवा स्त्री, कुल अथवा परिवार समूह परमप्रभु हाम्रा परमेश्वरदेखि टाढ़ा नजाऊ कुनै पनि मानिस अन्य राष्ट्रले मान्ने देवताको सेवा गर्न नजाऊन्। जुन मानिसले त्यसो गर्छ त्यो एउटा उद्भिद जस्तै हो जसले उम्रेर तितो अथवा विषालु फल दिन्छ।

१९“कुनै मानिसले यी सरापहरू सुन्न सक्छ आफूलाई सजिलो ठान्दै भन्छ, ‘म जे गर्दैछु गर्दै लानेछु मासित कुनै अनिष्ट हुने छैन। त्यस मानिसले आफूलाई मात्र नष्ट गर्दैन तर प्रत्येकलाई यहाँसम्म राम्रा मानिसहरूलाई पनि गर्छ।

२०परमप्रभुले त्यस्ता मानिसलाई माफ गर्नु हुन्न। परमप्रभुको रीस र डाहले त्यस्ता मानिस भष्म हुन्छन्। व्यवस्थाको पुस्तकमा लेखिएका सबै नराम्रा कुराहरू त्यसमाथि पर्नेछन् र परमप्रभुले त्यसलाई ध्वंश पारी त्यसको नाउँ निशाना पृथ्वीबाट लोप गराउनु हुनेछ। २१व्यवस्थाको पुस्तकमा लेखिएको करारको सराप अनुसार परमप्रभुले त्यस मानिसलाई दण्ड दिनुका लागि इस्राएलीहरूका सबै कुलहरूबाट अलग गर्नु हुनेछ।

२२“भविष्यमा जब तिमीहरूका सन्तानहरू तथा टाढ़ा-टाढ़ाबाट आएका विदेशीहरूले देख्ने छन् कसरी भूमि नष्ट भयो। तिनीहरूले देख्ने छन् कसरी रोगहरू परमप्रभुले ल्याउनु भयो। २३त्यहाँको भूमि सब गन्धकको आगोले जल्नेछ र नूनले ढाकिनेछ अनि त्यहाँ घाँससम्म उम्रने छैन। परमप्रभुको रीसले त्यो भूमि नष्ट हुनेछ जस्तो सदोम, गमोरा, अदमा र सबोयीम नष्ट गरिएका थिए।

२४“तब अरू सबै राष्ट्रका मानिसहरूले सोध्नेछन्, ‘परमप्रभुले यो भूमिलाई यस्तो पार्नुभयो? उहाँ किन यति विघ्न रिसाउनु भयो?’

२५उत्तर यस्तो हुनेछ, ‘कारण इस्राएलका मानिसहरूले तिनीहरूलाई मिश्र देशबाट ल्याउँदा परमप्रभु तिनीहरूको पिता-पुर्खाहरूको परमेश्वरसित गरिएको करारलाई त्याग गरे। २६तिनीहरू आफूले नचिनेको र परमप्रभुले नबताएको अन्य जातिको देवताहरूको सेवा तथा पूजा गर्न लागे। २७अनि परमप्रभुको क्रोधले यस भूमिका प्रत्येक मानिसहरूमाथि नराम्रा कुरा ल्याए त्यो शिक्षाहरूको पुस्तकमा लेखिएका छन्। २८परमप्रभु अत्यन्तै असन्तुष्ट हुनु भएकोले त्यस भूमिबाट बाहिर निकालेर अहिले तिनीहरूले बसो-बास गरेको भूमिमा राख्नु भयो।’

२९“परमप्रभु हाम्रा परमेश्वरले केही कुरो रहस्यमा राख्नु भयो जो उहाँले मात्र जान्नुहुन्छ। तर परमप्रभुले हामीलाई केही बताउनु भयो अनि ती शिक्षाहरू हाम्रो र हाम्रा सन्तानको निम्ति हुन् र ती सदा सर्वदाको निम्ति रहनेछन्। अनि हामीले व्यवस्थामा भएका सबै आज्ञाहरू पालन गर्नु पर्छ।

## इस्राएलीहरू आफ्नो भूमिमा फर्कन्छन्

३० “मैले तिमीहरूलाई बताएको आशीर्वाद र सरापहरू तिमीहरूमाथि पर्नेछन् अनि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई खेदी पठाउनु भएको भूमिमा ती कुराहरू सम्झना गर्नेछौ। २त्यस समय जब तिमीहरूका सन्तान र तिमीहरू परमप्रभु तिमीहरूका परमेश्वर कहाँ फर्केर आउनेछौ र आज मैले बताएका उहाँका सबै आज्ञाहरू हृदयबाट नै पालन गर्नेछौ। ३तब परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरू प्रति दयालु हुनुहुनेछ र तिमीहरूलाई मुक्त गराई तिमीहरूलाई छरपष्ट पारेर पठाइएका देशहरूबाट फर्काई ल्याउनु हुनेछ। ४यदि तिमीहरूलाई अत्यन्तै टाढ़ा देशहरूमा पठाइएको भए पनि बटुलेर ल्याउनुहुनेछ। ५जुन भूमि तिमीहरूका पिता-पुर्खाहरूको थियो त्यो फेरि तिमीहरूकै हुनेछ। परमप्रभु तिमीहरूको निम्ति असल हुनुहुनेछ र तिमीहरूका पिता-पुर्खाहरूसँग भएको भन्दा धेरै परमप्रभुले तिमीहरूलाई दिनु हुनेछ। अरू जातिमाभन्दा तिमीहरूको जन संख्या धेरै हुनेछ। ६अनि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू र तिमीहरूका सन्तानलाई उहाँका आज्ञाहरू पालन गर्नु इच्छुक बनाउनु हुनेछ। तब तिमीहरूका सम्पूर्ण हृदय र सारा प्राणले परमप्रभुलाई प्रेम गर्नेछौ र बाँच्नेछौ।

७“अनि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको शत्रुहरूमाथि यी सबै सरापहरू ल्याउनु हुनेछ। किनभने

तिनीहरूले तिमीहरूलाई घृणा गरे अनि तिनीहरूमाथि
आक्रमण गरे। ८अनि फेरि तिमीहरूले परमप्रभुको
आज्ञा मान्ने छौ र जुन म आज तिमीहरूलाई बताई
रहेछु, पालन गर्नेछौ। ९परमप्रभु तिम्रा परमेश्वरले तिमी
जुन सुकै काम हातमा लिन्छौ सफल तुल्याइ दिनु
हुनेछ। परमप्रभुले तिम्रो सन्तानमा वृद्धि, गाई-बस्तुहरूमा
बाछा-बाछीहरू वृद्धि तथा खेतबारीको अन्न तथा फल
फूलहरूमा बृद्धि गराई दिनु हुनेछ। परमप्रभु तिम्रा
पिता-पुर्खाहरूसँग खुशी हुनुहुन्थ्यो तिमीहरूसित पनि
त्यस्तै खुशी हुनुहुनेछ। १०व्यवस्थाको यस पुस्तकमा
लेखिएका आज्ञाहरू पालन गर्‍यौ र नियमहरूको अनुसरण
गर्‍यौ भने र यी सबै आफ्नो सम्पूर्ण हृदय र सम्पूर्ण
प्राणले परमप्रभु तिमीहरूको परमेश्वरलाई तिमीहरूले
आज्ञा पालन गर्नेछौ! यी सबै राम्रा राम्रा चीजहरू
तिमीहरूले पाउनेछौ तर परमप्रभु तिमीहरूको परमेश्वरले
जे भन्नु भएको छ त्यो तिमीहरूले मान्नुपर्छ।

## जीवन र मृत्यु

११"आदेश जो म तिमीहरूलाई आज दिँदैछु त्यो
पालनगर्न न अप्ठयारो छ न टाढ़ा नै छ। १२यो आदेश
स्वर्गमा छैन तब तिमीहरूले भन्न सक्छौ, 'हाम्रो निम्ति
को स्वर्ग जानेछ र त्यो लिएर आउनेछ? अनि हामी
सुन्नु र गर्नु सक्छौ।' १३यो आदेश समुद्रको अर्को
किनारमा छैन तब हामी भन्न सक्छौ, 'हाम्रो निम्ति समुद्र
पार गरेर को जानेछ र त्यो लिएर आउनेछ? अनि
हामीले सुन्न र गर्न सक्ने हुन्छौ।' १४होइन, त्यो शब्द
तिमीहरूको अत्यन्तै नजिकै छ, त्यो तिमीहरूले पालन
गर्न सक्छौ कारण त्यो तिमीहरूको मुखमा छ अनि
हृदयमा छ।'
१५"आज मैले तिमीहरूलाई राम्रो र नराम्रो अनि
जीवन र मृत्यु रोज्न गर्न दिएको छु। १६म तिमीहरूलाई
परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्ने र उहाँका
आज्ञाहरू पालन गर्ने, उहाँको विधि तथा नियमहरू
अनुसरण गर्ने आदेश दिन्छु। परमप्रभु तिमीहरूका
परमेश्वरले दिने भूमि आफ्नो बनाउनको निम्ति प्रवेश
गररिरहेका छौ त्यहाँ परमप्रभुले आशिष दिनु हुनेछ र
त्यहाँ तिमीहरू बसो-बास गर्नेछौ अनि तिमीहरूका
सन्तान फिँजिनेछन्। १७तर यदि तिमीहरूले परमप्रभुको
आज्ञा पालन गरेनौ अनि अट्टेरी गरेर अन्य देवताहरूको
सेवा र पूजा गर्‍यौ भने, १८तब तिमीहरू ध्वंश हुनेछौ।
म तिमीहरूलाई चेताउनी दिन्छु यदि तिमीहरूले परमप्रभुलाई
अमान्य गर्‍यौ भने यर्दन नदीपारि पट्टिको भूमि जुन
तिमीहरू आफ्नो बनाउन प्रवेश गर्न लागेका छौ त्यहाँ
धेरै बाँच्ने छैनौ।
१९"आज मैले तिमीहरूलाई स्वर्ग र पृथ्वीलाई साक्षी
राखेर दुइवटा ढुङ्गाहरूबाट एउटा रोज्नु लाउँदैछु। जीवन
अथवा मृत्यु रोज्न सक्छौ। पहिलो रोजाइ आशीर्वाद
ल्याउँछ, अनि अरू रोजाई सराप यसकारण जीवनलाई
रोज। तब तिमी अनि तिमीहरूको नानीहरू बाच्ने छन्।
२०तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम
गर्नै पर्छ र उहाँका आज्ञा पालन गर्नै पर्छ। उहाँलाई
कहिलै त्याग नगर किनभने परमप्रभु नै तिमीहरूका
जीवन हुनु हुन्छ। तब परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरू:
अब्राहाम, इसहाक र याकूबसित गर्नु भएको प्रतिज्ञा
अनुसार पाएको भूमिमा उहाँले दीर्घायु जीवन दिनुहुनेछ।"

## यहोशू नयाँ नायक

३१ तब मोशा अघि बढ़ेर यी शब्दहरू इस्राएलका
मानिसहरूलाई भने। २मोशाले तिनीहरूलाई
भने, "म अहिले १२० वर्षको भएँ। अब म तिमीहरूको
अगुवा हुनु सक्तिनँ। 'तिमी यर्दन नदी तर्ने छैनौ,'
परमप्रभुले मलाई भन्नुभयो। ३परमप्रभु तिमीहरूका
परमेश्वर अगुवा हुनुहुनेछ र तिमी अघि ती जातिहरूलाई
नष्ट पार्नु हुनेछ अनि तिमीले तिनीहरूको भूमि लिनेछौ।
परमप्रभुको प्रतिज्ञा अनुसार यहोशूले तिमीहरूलाई पारि
लैजान नेतृत्व गर्नेछन्।
४"परमप्रभुले तिनीहरूलाई एमोरीहरूका राजाहरू सीयोन
र ओग तथा तिनीहरूको भूमिलाई ध्वंश पार्दा जसो गर्नु
भएको थियो तिनीहरूलाई पनि त्यस्तै गर्नुहुन्छ। ५ती
जातिहरूलाई परास्त पार्न परमप्रभुले तिमीहरूलाई सहायता
गर्नु हुनेछ तर मैले आज्ञा दिए जस्तै तिनीहरूलाई प्रत्येक
कुरो गर्नु पर्छ। ६शक्तिशाली र साहसी बन। तिनीहरूसित
नडराऊ किनभने परमप्रभु तिमीहरूका परमेश्वर
तिमीहरूसंगै हुनु हुन्छ। उहाँले तिमीलाई असफल
गराउनु हुन्न अथवा छोड्नु हुन्न।"
७तब मोशाले यहोशूलाई भने, "बलियो र साहसी
होऊ, तिमीले यिनीहरूका पिता-पुर्खाहरूलाई परमप्रभुले
दिन्छु भनी प्रतिज्ञा गर्नु भएको भूमिमा नेतृत्व गर्नेछौ।"
मोशाले यहोशूलाई भन्दा सबै मानिसहरूले हेरे। इस्राएलका
मानिसहरूलाई तिनीहरूको भूमि आफ्नो गराउनुमा सहायता
गर्नेछौ। ८परमप्रभु तिमीसँगै बसेर तिमीलाई नेतृत्व गर्नु
हुनेछ। चिन्ता नगर उहाँले तिमीहरूलाई छोड़्नु हुँदैन,
नडराऊ।"

## मोशाले व्यवस्था लेख्नुहुन्छ

९तब मोशाले व्यवस्था लेखे र पूजाहारीहरूलाई
दिए। पूजाहारीहरू लेवी कुल समूहका हुन्। तिनीहरूको
काम परमप्रभुको करारको सन्दुक बोक्नु हो। मोशाले
त्यो व्यवस्था इस्राएलका सबै बूढ़ा-प्रधानहरूलाई पनि
दिए। १०त्यस पछि मोशाले ती बूढ़ा-प्रधानहरूलाई भने,
"प्रत्येक सातवर्षको अवधिको अन्तमा यी शिक्षाहरू
प्रत्येक आश्रयको उत्सवको दिन स्वतन्त्रतको वर्षमा
पढ़। ११त्यस बेला परमप्रभु तिमीहरूका परमेश्वरले
रोज्नु भएको ठाउँमा सबै इस्राएली मानिसहरू भेट-घाटको

निम्ति आउँछन् तब सबैले सुन्ने गरी यी व्यवस्था पढ्नु
पर्छ। १२पुरुष, स्त्रीहरू, साना-साना नानीहरू र तिमीहरूका
शहरहरूमा बस्ने विदेशीहरूलाई एकसाथ भेला गर।
तिनीहरूले व्यवस्था सुनेर परमप्रभु तिमीहरूका परमेश्वरलाई
आदर गर्नु सिक्नेछन् अनि उपदेशमा भनिएको सबै
कुराहरू गर्नु सक्षम हुनेछन्। १३यदि तिनीहरूका
सन्तानहरूले व्यवस्थाको शिक्षाहरू जान्दैनन भने तिनीहरूले
उपदेशहरू सुन्नेछन् र परमप्रभु तिमीहरूका परमेश्वरलाई
आदर गर्नु सिक्नेछन्। जबसम्म तिमीहरू आफ्नो देशमा
बाँच्नेछौ तबसम्म तिनीहरूले उहाँको आदर गर्नेछन्।
तिमीहरू चाँडै यर्दन नदी तर्नेछौ अनि भूमि आफ्नो
निम्ति ग्रहण गर्नेछौ।"

### परमप्रभुले मोशा र यहोशूलाई बोलाउनु हुन्छ

१४परमप्रभुले मोशालाई भन्नुभयो, "हेर, तिम्रो मृत्यु
नजिकै आएको छ। यहोशलाई ल्याऊ अनि भेट हुने
पालमा आऊ। म यहोशूलाई उसले गर्ने पर्ने कार्यहरू
बारे बताउनेछु।" यसकारण मोशा र यहोशू भेट हुने
पालमा गए।

१५परमप्रभु लामो बादलको खामोमा देखा पर्नु भयो।
त्यो लामो खम्बा प्रवेशद्वारमा खड़ा थियो। १६परमप्रभुले
मोशालाई भन्नुभयो, "तिमी चाँडै मर्नेछौ। अनि तिमी
आफ्नो पिता-पुर्खाहरूकहाँ गएपछि यी मानिसहरू मप्रति
चाँड़ै अविश्वासी हुनेछन् र तिनीहरूले प्रवेश गर्दै गरेको
भूमिका झूटा देवताहरूलाई पूज्नेछन्। तिनीहरूसित मैले
गरेको करार मान्ने छैनन्। १७त्यस समय म तिनीहरूसित
अत्यन्तै क्रोधित हुनेछु र तिनीहरूलाई छोड़ी दिनेछु र
तिनीहरूलाई सहायता गर्नेछैन र तिनीहरू ध्वंश हुनेछन्।
तिनीहरूमाथि नाना प्रकारका आपत र विपदहरू ल्याउनेछु
र त्यस दिन तिनीहरूले भन्नेछन्, 'हाम्रा परमेश्वर
हामीसँग नभएकोहुनाले नै यस्तो आपत र विपत्तिहरू
आइलागेको हो?' १८तिनीहरूले मलाई छोड़ेर अरू
देवताहरू पूज्ने जस्तो अनिष्ट कार्यहरू गरेको निम्ति म
तिनीहरूलाई सहायता गर्न अस्वीकार गर्छु।

१९"यसकारण अब तिनीहरूको निम्ति यो गीत लेख
अनि सबै इस्राएलीहरूलाई गीत गाउन सिकाउ जसले
गर्दा यो गीत इस्राएलीहरूको विरुद्धमा अनि मेरो
पक्षको साक्षी बनोस्। २०जब म तिनीहरूलाई मैले
दिन्छु भनी तिनीहरूका पिता-पुर्खाहरूसित प्रतिज्ञा गरेको
अनि दूध र मह बगिरहेको भूमिमा ल्याउँछु अनि जति
सक्दो खाएर मोटाए पछि मलाई बिर्सेर अन्य देवताको
सेवा तथा पूजा गर्छन। २१तब धेरै डरलाग्दा कुराहरू
तिनीहरूमाथि घट्नेछन् अनि तिनीहरूले धेरै कष्टहरू
बेहोर्नु पर्छ। त्यस समयमा पनि तिनीहरूका मानिसहरूले
त्यो गीत जान्दछन् र यसले तिनीहरू कति भूल
गरिरहेका थिए बुझाउनेछ। मैले अहिलेसम्म तिमीहरूलाई
भूमिमा ल्याएको छैन जो म दिन्छु भनी प्रतिज्ञा गरेको
थिएँ, तर पहिला नै मैले जानिसकेकोछु तिनीहरूले के
गर्ने योजना बनाउँदैछन्।"

२२यसकारण मोशाले त्यही दिन गीत लेखे अनि
इस्राएलका मानिसहरूलाई यो पढ़ाए।

२३तब परमप्रभुले नूनका छोरो यहोशूसित कुरा
गर्नुभयो। परमप्रभुले भन्नुभयो, "बलियो र साहसी बन,
मैले दिन्छु भनी प्रतिज्ञा गरेको भूमिमा जान इस्राएलका
मानिसहरूलाई नेतृत्व गर, म तिमीसँगै हुनेछु।"

### इस्राएलीहरूलाई मोशा चेताउनी दिन्छन्

२४यी सबै व्यवस्था वचन मोशाले एउटा पुस्तकमा
लेखे। जब तिनले लेखिसके, २५तिनले लेवीहरूलाई
आज्ञा दिए। यी मानिसहरू परमप्रभुका करारको सन्दूक
बोक्छन्। मोशाले भने, २६"व्यवस्थाको यो पुस्तक
ल्याऊ अनि परमप्रभु तिमीहरूका परमेश्वरका करारको
सन्दूकको छेउमा राख। तब यो तिमीहरूको विरुद्धमा
साक्षीको रूपमा हुनेछ। २७म जान्दछु तिमीहरू अट्टेरी
छौ किनभने तिमीहरू आफ्नै पारामा बाँच्न चाहन्छौ।
जब म तिमीहरूसितै थिएँ तब पनि तिमीहरूले परमप्रभुसित
अटेरी गर्‍यौ। यसकारण म जान्दछु मेरो मृत्युपछि पनि
तिमीहरूले उहाँलाई अट्टेरी गर्नेछौ। २८तिमीहरूका कुल
समूहका सबै अगुवाहरू र बूढ़ा-प्रधानहरूलाई लिएर
आऊ। म तिनीहरूलाई यी सबै कुराहरू बताउनेछु अनि
पृथ्वी र स्वर्गलाई तिनीहरूको विरुद्धमा साक्षी बस्न
लगाउने छु। २९म जान्दछु मेरो मृत्युपछि तिमीहरू दुष्ट
हुनेछौ। मैले अनुसरण गर्नु भनी बताएको बाटोबाट
तिमीहरू पर सर्ने छौ। भविष्यमा तिमीहरूको निम्ति
नराम्रो आइलाग्नेछ। किन? किनभने परमप्रभुले नराम्रा
भन्नु भएका कुराहरू तिमीहरू गर्न चाहन्छौ। किनभने
तिमीहरू नराम्रो कुराहरू गर्छौ।"

### मोशाको स्तुति गीत

३०तब मोशाले इस्राएलका सबै मानिसहरूलाई यो
सम्पूर्ण गीत सकून्जेलसम्म सुनाए।

**३२** "हे आकाश! सुन, म बोल्नेछु , हे पृथ्वी!
मेरो मुखको वचनहरू सुन।

२मेरा शिक्षाहरू झरी झैं पर्नेछन्। भूइँमा खस्ने
तुषारो जस्तै झर्नेछन् नरम घासमा पर्ने पानी जस्तै
झर्नेछन् हरिया बोटहरूमा पानी झैं पर्नेछन्।

३किनभने म परमप्रभुको नाउँ घोषणा गर्छु, हाम्रा
परमेश्वरको महानताको प्रशंसा गर।

४"उहाँ चट्टान हुनुहुन्छ कारण उहाँका बाटाहरू सही
छन्, परमेश्वर सत्य र विश्वास योग्य हुनुहुन्छ। उहाँ
असल र इमानदार हुनुहुन्छ।

५अनि तिमीहरू उहाँका असली बाल-बच्चाहरू होइनौ,
तिमीहरूको पापले उहाँलाई धमिल्याउनेछ, कारण तिमीहरू
धूर्त झूटा छौ।

६के परमप्रभुले तिमीहरूको निम्ति गरेकोमा कृतज्ञता
त्यसरी व्यक्त गर्नु पर्छ? होइन, तिमीहरू मूर्ख र
बुद्धिहीन हौ। परमप्रभु तिमीहरूका पिता हुनुहुन्छ।
उहाँले तिमीहरूको सृष्टि गर्नुभयो। उहाँ तिमीहरूका
सृष्टिकर्ता हुनुहुन्छ। उहाँले तिमीलाई समर्थन गर्नुहुन्छ।
७उहिले नै के भएको थियो सम्झना गर, धेरै-धेरै
वर्षअघि भएका कुराहरू सम्झना गर। तिमीहरूका
पितालाई सोध तिमीहरूको अगुवाहरूलाई सोध, तिनीहरूले
भन्नेछन्।
८सर्वोच्च परमेश्वरले पृथ्वीमा मानिसहरूलाई विभाजन
गरी प्रत्येक जातिलाई आफ्नो आफ्नो भूमि दिनु भयो।
परमेश्वरले ती मानिसहरूको निम्ति सीमाना छुट्याउनु
भयो, जति स्वर्गदूतहरू थिए उहाँले त्यति जातिको
सृष्टि गर्नु भयो।
९परमप्रभुको निज हिस्सा उहाँका मानिसहरू हुन्
याकूब परमप्रभुका हुन्।
१०परमप्रभुले याकूबलाई बीरानो अनि बतासले भरिएको
मरुभूमिमा भेट्नुभयो। परमप्रभुले हेर्नको निम्ति याकूबलाई
घेर्न भयो। उहाँले उसलाई आफ्नो आँखाको नानीलाई
झैँ जोगाउनु भयो।
११इस्राएलको निम्ति परमप्रभु गरूड़ झैँ हुनु हुन्थ्यो।
गरुडले उड्न सिकाउनको निम्ति गुँड़बाट बच्चाहरूलाई
घचेटेर निकाल्छ, सुरक्षाको निम्ति ऊ आफ्ना बच्चाहरू
सँगै उड़छे्। उसले बच्चाहरूलाई खस्नुबाट जोगाउन
आफ्नो पखेटा फिँयाउछे। अनि उसले रक्षागर्न
निम्ति सुरक्षित ठाउँमा लिएर जान्छे। परमप्रभु त्यस्तै
हुनुहुन्छ।
१२कुनै अरू विदेशी देवताहरूले उसलाई सहायता
गरेनन् परमप्रभु एक्लैले याकूबको नेतृत्व गर्नु भयो।
१३परमप्रभुले याकूबलाई पहाड़ी देशलाई कब्जा गर्न
लानु भयो अनि याकूबले खेतको उब्जनी लगे।
परमप्रभुले उसलाई पहराको मह दिनुभयो, अनि भद्राक्षको
तेल चट्टानबाट निकालेर बनाउनु भयो।
१४परमप्रभुले इस्राएललाई गाई-गोरुको बथानबाट र
भेड़ाहरूको बगालबाट घीऊ र दूध दिनु भयो; उहाँले
इस्राएललाई मोटो-मोटा थुमाहरू र बाख्राहरू बथानका
असल भेड़ाहरू र अति असल गहुँ दिनुभयो। इस्राएली
तिमीहरूले दाखको रातो रस पियौ।
१५तर यशूरून मोटाए अनि गोरुले झैँ लात हाने।
हो, तिमीहरूलाई प्रशस्त खुवाइयो र मोटा र पुष्ट भयौ,
तब उसले आफ्नै सृष्टि कर्तालाई त्यागे, अनि ऊ त्यस
चट्टानबाट भागे जसले उसलाई बचाएको थियो।
१६परमप्रभुको मानिसहरूले उहाँलाई ईर्षालु बनाए
तिनीहरूले अरू देवताहरूको पूजा गरे। तिनीहरूले ती
भयानक मूर्तिहरू पूजेर परमेश्वरलाई रीस उठाए।
१७तिनीहरूले भूतहरूलाई बलिदानहरू चढ़ाए जो
सत्य देवताहरू थिएनन् तिनीहरू नयाँ देवताहरू थिए।
त्यो तिनीहरूले जान्दैन थिए, ती नयाँ देवताहरू तिमीहरूको
पिता-पुर्खाहरूले जान्दैन थिए।
१८जसले तिमीलाई बनायो, त्यस चट्टानलाई तिमीले
छोड़यौ तिमीले ती परमेश्वरलाई बिर्सियौ जसले तिमीलाई
जन्म दिनु भयो।
१९परमप्रभुले यो देखेर तिनीहरूसित निराश हुनु
भयो। उहाँका आफ्नै छोरा-छोरीहरूले उहाँको रीस
उठाए!
२०यसकारण परमप्रभुले भन्नुभयो, 'म तिनीहरूलाई
त्याग गर्नेछु तब हेरौं के हुन्छ! तिनीहरू विद्रोही
मानिसहरू हुन्। तिनीहरू नानीहरू जस्तै छन् जसले
आफ्नो पाठ सिक्दैन।
२१तिनीहरूले मलाई मूर्तिहरूद्वारा ईर्ष्यालु बनाए जो
ईश्वरहरू होइनन् तिनीहरूले मलाई मूल्यहीन मूर्तिहरूसित
रिसाउने बनाए। म तिनीहरूलाई मानिसहरूसित रिसाउने
बनाउनेछु जो साँचो राष्ट्र होइनन्। म तिनीहरूलाई मूर्ख
जातिका मानिससित रिसाउने बनाउनेछु।
२२मेरो रीस आगो जस्तै बल्नेछ। चिहानको तल्लो
सतहसम्म बलेर। पृथ्वी अनि यसका अरू चिज नष्ट
गर्दै बलेर पहाड़को तलसम्म जलाई दिन्छु।
२३'म इस्राएलीहरूमाथि विपत्ति ल्याउनेछु, म तिनीहरू
माथि आफ्ना सबै वाण चलाउनेछु।
२४तिनीहरू भोकले, दुर्बल हुनेछन् अनि भयङ्कर
रोगहरूले तिनीहरूलाई नष्ट पार्नेछन्। तिनीहरूको विरोधमा
म जंगली जनावर पठाउनेछु। विषालु साँपहरू र
छेपाराहरूले तिनीहरूलाई टोक्ने छन्।
२५बाटा-घाटामा सैनिकहरूले तिनीहरूलाई मार्नेछन्।
तिनीहरूका घरुहरूमा भयंकर घटनाहरू हुनेछन्।
सैनिकहरूले यवा-यवतीहरूलाई मार्नेछन्। तिनीहरूले
नानीहरू अनि बूढ़ा-बूढ़ीलाई मार्नेछन्।
२६मैले इस्राएलीहरूलाई नाश गर्ने विषयमा सोचेँ।
यस कारण म मानिसहरूको बीचबाट तिनीहरूको
सम्झना भेटिदिनेछु।
२७तर म जान्दछु, तिनीहरूका शत्रुहरूले के भन्नेछन्।
शत्रुहरूले बुझ्ने छैनन्। तिनीहरू सेखी गर्नेछन् अनि
भन्नेछन, "परमप्रभुले इस्राएललाई नष्ट गर्नुभएन हामीले
हाम्रै शाक्तिले जित्यौं।'"
२८इस्राएलका मनिसहरू मूर्ख छन्, तिनीहरूले
केही बुझ्दैनन्। २९यदि तिनीहरू ज्ञानी भए तिनीहरूले
बुझ्ने थिए, तिनीहरूले जान्ने थिए तिनीहरूलाई के
हुनेछ।
३०के एकजना मानिसले १,००० मानिसहरूलाई
लखेट्न सक्छ? के दुईजना मानिसहरूले १०,०००
मानिसहरूलाई लखेट्न सक्छन्? यो तब मात्र हुनेछ यदि
परमप्रभुले तिनीहरूलाई शत्रुको हातमा सुम्पिनु हुन्छ।
यो तब मात्र हुनेछ यदि तिनीहरूको चट्टान (परमेश्वरले)
तिनीहरूलाई कमारा जस्तै बेच्नु हुन्छ।

३१हाम्रा शुत्रहरूको 'चट्टान' हाम्रो चट्टान (परमप्रभु) जस्तो शक्तिशाली छैन शत्रुहरूलाई पनि यो थाहा छ।

३२सदोम र गमोरा जस्तै तिनीहरूको अंगूरको लहरा र खेती नष्ट हुनेछ। तिनीहरूको अङ्गुर विष जस्तै तीतो हुनेछ।

३३तिनीहरूको दाखरस साँपको विष झैं छ।

३४परमप्रभु भन्नुहुन्छ, 'म त्यस दण्डलाई साँच्दैछु। मैले यसलाई मेरो भण्डारमा जम्मा गरेको छु।

३५तिनीहरूले गरेको नराम्रा कार्यहरूको निम्ति, म नै तिनीहरूलाई दण्ड दिन्छु। तर त्यो दण्ड त्यस समयको निम्ति जोगाई राखेकोछु जब तिनीहरू चिप्लन्छन् र नराम्रो कार्यहरू गर्छन्। तिनीहरूको निम्ति कष्टको समय नजिकै छ। तिनीहरूको दण्ड चाँडै आउनेछ।'

३६परमप्रभुले आफ्नो मानिसहरूको न्याय गर्नुहुनेछ। तिनीहरू उहाँका सेवकहरू हुन् अनि उहाँ तिनीहरू प्रति दया देखाउनु हुन्छ। उहाँले तिनीहरू शक्तिहीन भएको थाहा पाउनु हुनेछ। कमारा-कमारीहरू र मुक्त मानिसहरू पनि असाहय भएको उहाँले थाहा पाउनु हुनेछ।

३७तब परमप्रभुले भन्नु हुनेछ, 'झूटा देवताहरू कहाँ छन्? त्यो 'चट्टान' कहाँ छ शरण गर्न तिमीहरू दगुरेका थियौ?

३८ती झूटा देवताहरूले तिमीहरूको बलिको बोसो खाए अनि तिनीहरूले चढ़ाएको अर्घका दाखरस पिए। यसकारण तिनीहरू उठून् तिमीहरूको सहायता गरून तब तिमीहरूको रक्षा गरून।

३९'अब हेर, म एक मात्र म नै परमेश्वर हुँ! कतै अरू ईश्वर छैन। म नै मानिसलाई मार्दछु अनि मानिसहरूलाई जीवित पार्दछु म मानिसहरूलाई चोट पुर्‍याउन सक्छु अनि तिनीहरूलाई निको पार्न सक्छु। कसैले मानिसलाई मेरा शक्तिबाट बचाउँनु सक्दैन।

४०म स्वर्गतिर हात उठाउँछु अनि यो कसम खान्छु। म सधैं निश्चित हुन्छु यी कुराहरू हुनेछन्।

४१म प्रतिज्ञा गर्छु, म मेरो चम्किने तरवार उधाउँनेछु, मेरा शत्रुहरूलाई दण्ड दिन यसको प्रयोग गर्नेछु। म तिनीहरूलाई तिनीहरूको कर्म अनुसार दण्ड दिनेछु।

४२मेरा शत्रुहरू मारिनेछन् अनि बन्दी हुनछन्। मेरो काँड़हरू तिनीहरूको रगतले रंगिने छन्। मेरो तरवारले तिनीहरूका सैनिकहरूका शिर काट्नेछ।

४३सारा संसार मानिसहरूका परमेश्वरको निम्ति खुशी हुनुपर्छ। किन? किनभने उहाँले तिनीहरूलाई सहायता गर्नुहुन्छ, उहाँले मानिसहरूलाई दण्ड दिनु हुनेछ जसले आफ्ना सेवकहरूलाई मार्छन्। उहाँले शत्रुहरूको अपराध अनुसार दण्ड दिनुहुन्छ। अनि उहाँले आफ्नो भूमि र मानिसहरूलाई शुद्ध बनाउनु हुनेछ।"

## मोशाले मानिसहरूलाई आफ्नो गीत सिकाउँछन्

४४मोशा र नूनको छोरो यहोशू आए अनि इस्राएलका मानिसहरूले सुनून भनी यस गीतका शब्दहरू गाए। ४५जब मोशाले मानिसहरूलाई यो वचनहरू दिई सके, ४६तब उनले भने, "तिमीहरूले निश्चय गर्नु पर्छ आज मैले बताएका सबै आज्ञाहरू तिमीहरू सम्झना राख्छौ र यस व्यवस्थामा रहेका आज्ञाहरू तिनीहरूले पालन गर्नै पर्छ भनी आफ्ना छोरा-छोरीहरूलाई बताउँनेछौ। ४७नसोच यी उपदेशहरू महत्वहीन छन् ती तिमीहरूको जीवन हुन्। यी शिक्षाहरूद्धारा तिमीहरू यर्दन नदी पारि देश जुन देशमा तिमीहरू बस्न जान तयार छौ त्यहाँ धेरै समयसम्म बस्न सक्छौ।"

## मोशा नबो डाँड़ामा

४८त्यही दिन परमप्रभुले मोशासित बोल्नु भयो। परमप्रभुले भन्नुभयो, ४९"अबारिम पहाड़मा जाऊ। मोआब देशमा नबो पर्वतमा जाऊ जो यर्दन नदीपारि यरीहो शहर छ। तब तिमीले त्यो कनान देशलाई देख्न सक्छौ जुन देश म इस्राएलीहरूलाई बस्न दिँदैछु। ५०तिमी त्यही पर्वतमाथि मर्नेछौ। तिमी पनि त्यसरी नै आफ्नो मानिसहरूसित मिल्नेछौ जसरी तिम्रा दाज्यू हारून होर पर्वतमा मरेर आफ्नो मानिसहरूसित मिले। ५१किन? किनभने जब तिमी सीनको मरुभूमिमा कादेशको नजिक मरीबा पानीमा थियौ तब तिमी दुवैले मेरो विरुद्ध इस्राएलीहरूको अघि पाप गरेको थियौ। तिमीले मेरो सम्मान गरेनौ अनि 'म पवित्र हुँ, भनी मानिसहरूलाई बुझाएनौ। ५२यस कारण अब मैले इस्राएलका मानिसहरूलाई दिँदै गरेको भूमि तिमीले हेर्न सक्छौ तर त्यहाँ पस्न सक्दैनौ।"

## मोशाले मानिसहरूलाई आशीर्वाद दिन्छन्

३३ परमेश्वरको मानिस मोशाले आफ्नो मृत्युभन्दा अघि इस्राएलका मानिसहरूलाई दिएको आशीर्वाद यो नै हो। २मोशाले भने,

"परमप्रभु सीनैबाट आउनुभयो, परमप्रभु सेईरमा बिहानी पखको प्रकाश झैं हुनुहुन्थ्यो। उहाँ पारान डाँड़ामा ज्योति झै चम्कनुभयो। परमप्रभु १०,००० पवित्र मानिसहरूसित आउनु भयो। परमप्रभुका शक्तिशाली सेनाहरू छेऊमा थिए।

३हो, परमप्रभुले मानिसहरूलाई प्रेम गर्नुहुन्छ, उहाँका सबै पवित्र मानिसहरू उहाँको अधीनमा छन्। तिनीहरू सबै तपाईंका पाउमा दण्डवत् गर्नेछन् उहाँको शिक्षाहरू सिकेर, उहाँको अनुसरण गर्छन्।

४मोशाले हामीलाई व्यवस्था दिए। ती शिक्षाहरू याकूबका मानिसहरूको निम्ति हुन्।

५त्यस समयमा, इस्राएलका मानिसहरू र तिनीहरूका बूढ़ा-प्रधानहरू सँगै भेला भए अनि परमप्रभु यशूरूनका राजा हुनुभयो।

## रूबेनको आशीर्वाद

६“रूबेन जीवित रहुन्, र नमरोस्, तर त्यहाँ उनको कुलमा मात्र केही मानिसहरू रहुन्।”

## यहूदाको आशीर्वाद

७मोशाले यहूदाको विषयमा यी कुराहरू भने: “परमप्रभु! यहूदाको अगुवालाई सुन्नुहोस् जब उसले सहायताको निम्ति पुकार्छ। उसलाई मानिसहरूसित पुर्‍याई दिनुहोस्, उसलाई बलियो बनाउनु होस् र उसका शत्रुहरू परास्त गर्न उसलाई सहायता गर्नोस्।”

## लेवीको आशीर्वाद

८मोशाले लेवीहरूको विषयमा यी कुराहरू भने: “लेवी तपाईंको साँचो चेला हो। उसले तुम्मीम र ऊरीम राख्छ। तपाईंले मस्सामा लेवीको मानिसहरूको परीक्षा लिनु भएको थियो। मरीबको पानीमा तपाईंले प्रमाण गर्नु भएको थियो लेवीहरू तपाईंका हुन्।
९आमा-बाबुको विषयमा लेवीले भने, ‘तिनीहरूको निम्ति म वास्ता गर्दिनँ।’ उसले आफ्नो दाज्यू भाइको वास्ता गरेन आफ्नो बाल-बच्चाहरू चिनेन। तर उसले तपाईंका आज्ञाहरू पालन गरे, तपाईंको करार माने।
१०“तिनीहरूले याकूबलाई तपाईंका आदेशहरू सिकाउनेछन्, तिनीहरूले इस्राएललाई तपाईंका व्यवस्था सिकाउनेछन्। तपाईंअघि तिनीहरूले सुगन्धित धूप बाल्नेछन्, तपाईंको वेदीमा होमबलि चढ़ाउनेछन्।”
११“परमप्रभु लेवीका वस्तुहरूलाई आशीर्वाद दिनु होस्। उसले गरेका कुराहरू ग्रहण गर्नु होस्। उसमाथि जाइलाग्नेहरूलाई ध्वंश पार्नु होस्, पराजित पार्नु होस् उसका शत्रुहरूलाई जसले गर्दा तिनीहरूले फेरि कहिल्यै आक्रमण गर्ने छैनन्।”

## बिन्यामीनको आशीर्वाद

१२“मोशाले बिन्यामीनको विषयमा यी कुरा भने। बिन्यामीनलाई परमप्रभुले प्रेम गर्नुहुन्छ। बिन्यामीन उहाँको छेऊमा सुरक्षित रहनेछ। परमप्रभुले उसलाई सधैं रक्षा गर्नुहुन्छ। अनि परमप्रभुले उसको भूमिमा बास गर्नुहुन्छ।”

## यूसुफको आशीर्वाद

१३मोशाले यूसुफ विषयमा यसो भने: “परमप्रभुले उसको भूमिमा आशिष दिऊन माथि आकाश र तल पृथ्वीबाट परमप्रभु पानी पठाउनु होस्।
१४घामले उत्तम फल उसैलाई देओस्। चन्द्रमाले दिएको उत्तम फल उसैलाई होस्।
१५पहाड़ प्राचीन पर्वतहरूले उत्तम फल तिनीहरूलाई उब्जाऊन।
१६पृथ्वीले उब्जने उत्तम चीजहरू उसैलाई देओस्। यूसुफलाई उसको दाज्यू-भाइहरूबाट अलग्ग गराइएको थियो। यसकारण पोथ्रामा बल्दै गरेका परमप्रभुले यूसुफलाई आफ्नोमा भएका सम्पूर्ण उत्तम चीजहरू दिऊन।
१७यूसुफ शक्तिशाली साँढे जस्तै हो। उसका दुई छोराहरू साँढेका सिंगहरू जस्तै छन्। तिनीहरूले राष्ट्रहरूमाथि आक्रमण गर्नेछन् अनि पृथ्वीको छेऊहरूसम्म धकेल्ने छन्। हो मनश्शेसित हजार मानिसहरू छन् अनि एप्रेमसित दश हजार मानिसहरू छन्।

## जबूलून र इस्साकारको आशीर्वाद

१८जबुलुनको बिषयमा मोशाले भने: “ए जबूलून, खुशी होऊ, जब बाहिर जान्छौ, अनि इस्साकार आफ्नो घरमा पालभित्र हर्षित होओं।
१९तिनीहरूले मानिसहरूलाई पहाड़मा बोलाउने छन्, त्यहाँ तिनीहरूले उत्तम बलिहरू चढ़ाउनेछन्। तिनीहरूले सागरबाट ऐश्वर्य अनि सागरको किनारबाट सम्पत्ति भेट्नेछन्।”

## गादको आशीर्वाद

२०गादको विषयमा मोशाले भने: “परमप्रभुको प्रशंसा गर जसले गादलाई धेरै भूमि दिनु भयो! गाद सिंह जस्तै छन्, उनी लमतन्न पर्छन र पर्खन्छन्। तब आक्रमण गर्छन अनि जन्तुहरूलाई टुक्रा-टुक्रा पार्छन।
२१उनले आफ्नो निम्ति सबभन्दा असल अंश छान्छन्। उनले राजाको भाग नै लैजान्छन्। उनीकहाँ मानिसहरूका अगुवाहरू आउँछन्। परमप्रभुले बताउनु भएको असल कार्यहरू उनी गर्छन्। उनी इस्राएलका मानिसहरूका लागि के राम्रो हुन्छ त्यही गर्छन्।”

## दानको आशीर्वाद

२२दानको विषयमा मोशाले भने: “दान सिहंको छोरो हो जुन बाशानबाट उफ्रिन्छ।”

## नप्तालीको आशीर्वाद

२३नप्तालीको विषयमा मोशाले भने: “नप्ताली, तिमीले धेरै राम्रो चीजहरू पाउनेछौ। परमप्रभुले साँच्चै नै तिमीलाई आशिष दिनु हुनेछ। तिमीहरूले गालील झिलको भूमि भेट्ने छौ।”

## आशेरको आशीर्वाद

२४मोशाले आशेर विषयमा यसो भने: “छोराहरूमध्ये आशेर सबैभन्दा बढ़ी आशीर्वाद पाउने हो। ऊ आफ्ना दाज्यू-भाइहरूको खूबै प्यारो होस्। अनि उसले आफ्नो गोड़ाहरू तेलले धुन सकोस्।
२५तिम्रो ढोकामा फलाम र काँसाका तालाहरू लाग्नेछन्। तिमी जीवनभरि शक्तिशाली रहनेछौ।”

## मोशा परमेश्वरको प्रशंसा गर्छन्

२६"यशूरुनमा जस्ता परमेश्वर अरू कोही छैन।
परमेश्वर तिमीहरूलाई सहायता गर्नको खातिर आकाशबाट
आफ्नो प्रतापमा बादलमाथि चढ्नुहुन्छ।
२७परमेश्वर सधैँ बाँच्नु हुन्छ। उहाँ तिम्रो सुरक्षित
ठाउँ हुनुहुन्छ। परमेश्वरको क्षमता सधैँका लागि रहन्छ।
उहाँ तिमीहरूको रक्षा गर्नु हुँदैछ। परमेश्वरले तिमीहरूका
शत्रुहरूलाई तिमीहरूको भूमिबाट खेद्नु हुनेछ। उहाँ
भन्नु हुन्छ, 'शत्रुलाई ध्वंश पार।'
२८यसकारण इस्राएल सुरक्षित रहनेछन् अनि
याकूबको इनार तिनीहरूको हुनेछ। तिनीहरू अन्न र
दाखरसको भूमि पाउनेछन् अनि त्यस भूमिमा प्रशस्त
पानी पर्नेछ।
२९हे इस्राएल! तिमीले आशीर्वाद पाएका छौ, अरू
कुनै जाति तिमी जस्तो छैन। परमप्रभुले तिमीलाई
जोगाउनु भयो। परमप्रभु तिमीलाई सुरक्षित राख्ने बलियो
ढाल जस्तो हुनु हुन्छ। परमप्रभु शक्तिशाली तरवार
जस्तो हुनु हुन्छ। तिम्रा शत्रुहरू तिमीसँग डराएका
हुनेछन् अनि तिमीले तिनीहरूका पवित्रस्थानहरू कुल्चिने
छौ।"

## मोशाको मृत्यु

३४ मोशा नेबो पर्वतमा चढ़े। मोशा मोआबमा
यर्दन बेंसी भएर पस्गा पर्वतको टाकुरामा
गए। यो यरीहोदेखि यर्दन नदी पारि हो। परमप्रभुले
मोशालाई गिलाददेखि दानसम्मको सबै भूमि देखाउनु
भयो। २नप्ताली, एप्रैम र मनश्शेको सबै भूमि, भूमध्य
सागरसम्मको यहूदाको भूमि, ३नेगेब दक्षिण भाग र
खजूरका रुखहरू भएको शहर यरीहो मैदानबाट सोअरसम्म
देखाउनु भयो। ४तब परमप्रभुले मोशालाई भन्नुभयो,
"यही भूमि हो मैले अब्राहाम, इसाहक अनि याकूबलाई
दिन्छु भनी प्रतिज्ञा गरेको थिएँ। मैले तिनीहरूको भावी
सन्तानलाई दिन्छु भनेको थिएँ। तिमीलाई मैले यी भूमि
आफ्नै आँखाले हेर्न दिएँ तर तिमी त्यहाँ जान पाउने
छैनौ।'"
५तब परमप्रभुले भन्नु भए जस्तै परमप्रभुका दास
मोशा मोआब देशमा मरे। ६परमप्रभुले बेत पोर पारि
मोआबको भूमिमा मोशालाई गाड्नु भयो, तर आजसम्म
कसैले मोशाको चिहान कहाँ छ जान्न सकेको छैन।
७मोशा १२० वर्षको उमेरमा मरे पनि तिनका आखाँ
अझै राम्रा थिए, तिनी अझै पनि पहिले जस्तै बलियै
थिए। ८इस्राएलीहरूले मोशाको लागि तीस दिनसम्म
विलाप गरे। तिनीहरू मोआबको यर्दन बेंसीमा शोकको
समय पूरा नहुञ्जेलसम्म बसे।

## यहोशू नयाँ अगुवा हुन्छन्

९मोशाले यहोशूमाथि आफ्नो हात राखेका थिए अनि
उनलाई नयाँ अगुवा नियुक्त गरे। तब नूनका छोरा
यहोशू बुद्धिको आत्माले भरिए। यसकारण यहोशूले
भनेको इस्राएलीहरूले मान्न थाले परमप्रभुले मोशालाई
दिनु भएको आज्ञाहरू तिनीहरूले पालन गरे।।
१०इस्राएलमा मोशा जस्तो अर्को अगमवक्ता थिएनन,
तिनलाई परमप्रभुले मुखामुख चिन्नु भएको थियो।
११मोशालाई परमप्रभुले मिश्रको भूमिमा आश्चर्य चिन्ह
र महान् कार्यहरू गर्नु पठाउनु भएको थियो। फिरऊन
तिनका अगुवाहरू र मिश्र देशका सबै मानिसहरूले ती
अचम्मका कामहरू देखे। १२अरू कुनै अगमवक्ताले
मोशाले झैं महान् भयानक कामहरू तथा आश्चर्य कार्य
गरेको छैनन्। उनले जे गरे ती सब इस्राएलका सबै
मानिसहरूले देखे।

# गन्तीको पुस्तक

### मोशाले इस्राएल मानिसहरूका गन्ती गर्छन्

१ सीनै मरूभूमिको भेट हुने पालमा इस्राएलीहरूले
मिश्र देश छोड़ेको दोस्रो वर्षको दोस्रो महीनाको
पहिलो दिन मोशासित परमप्रभुले कुरा गर्नुभयो। २"उहाँले
भन्नुभयो, तिनीहरूको परिवार र कुल समूह सहित
प्रत्येक व्यक्तिको नाम लेखेर इस्राएली मानिसहरूको
गन्ती गर।

३हारून र तिमीले बीस वर्ष र त्यो भन्दा वेशी उमेर
भएकाहरू सेनामा जान सक्छन् प्रत्येकको गन्ती गरे।
४प्रत्येक कुलका एक एक व्यक्तिले तिमीलाई सहायता
गर्नेछन्। प्रत्येक कुलबाट एक जना व्यक्ति अगुवा
हुनेछ। यी निम्न लिखित व्यक्तिहरूले तिमीलाई
सहायता गर्नेछन्। ५रूबेनको कुलबाट शदेऊरका छोरा
एलीसूर

६शिमोनको कुलबाट सूरीशद्दैको छोरो शलूमीएल;
७यहूदाको कुलबाट अम्मीनादाबको छोरो नहशोन;
८इस्साकारको कुलबाट सूआरको छोरो नतनेल;
९जबूलूनको कुलबाट हेलोनको छोरो एलीआब;
१०यूसुफको उत्तराधिकारीहरूबाट: एप्रैमको कुलबाट
अम्मीहूदको छोरो एलीशामा मनश्शेको कुलबाट पदासूरको
छोरो गमलिएल;
११बिन्यामीनको कुलबाट गिदोनीको छोरो अबीदान;
१२दानको कुलबाट अम्मीशद्दैको छोरो अहीएजेर;
१३आशेरको कुलबाट ओक्रानको छोरो पगीएल;
१४गादको कुलबाट रूएलको छोरो एल्यासाप;
१५नप्तालीको कुलबाट एनानको छोरो अहीरा।"

१६यी सबै मानिसहरू यिनीहरूको कुल समूहका
अगुवाहरू थिए र मानिसहरूले नै यिनीहरूलाई आफ्नो
आफ्नो कुल समूहका अगुवा बनाए। १७तब मोशा र
हारूनले ती मानिसहरूलाई लिए जसलाई अगुवा बनाएका
थिए। १८दोस्रो महीनाको पहिलो दिन तिनीहरूले सबै
समुदायलाई एकै चोटी बोलाएर पुस्ता अनि तिनीहरूको
सन्तानहरूको नाम दर्ता गरेर बीस र बीस भन्दा वेशी
उमेरको प्रत्येक व्यक्तिको सूची तयार गरे। १९परमप्रभुले
मोशालाई दिनु भएको आज्ञा अनुसार तिनले मानिसहरूको
गन्ती सीनै मरूभूमिमा गरे।

२०तिनीहरूले यस्तो प्रकारले संख्या गन्ती गरे
इस्राएलको प्रथम जाति रूबेन र तिनको परिवारको
गणना गरे। बीस र बीस वर्ष भन्दा वेशी उमेरका
व्यक्तिहरू जो सेनामा जान सक्थे तिनीहरूको नामको
सूची बनाइयो। तिनीहरूको पिता-पुर्खाको कुल र परिवार
अनुसार नाम दर्ता गरियो। २१रूबेनको कुलबाट गन्ती
गरिएको संख्या ४६,५०० थियो।

२२तिनीहरूले शिमोनको कुलबाट गन्ती गरे-बीस वर्ष
र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू
प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार
दर्ता गरियो। २३शिमोनलो कुलबाट ५९,३०० व्यक्तिको
गन्ती गर्‍यो।

२४तिनीहरूले गादको कुलबाट गन्ती गरे बीस वर्ष र
उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू
प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार
दर्ता गरियो। २५गादको कुलबाट ४५,६५० व्यक्तिको
गन्ती गर्‍यो।

२६तिनीहरूले यहूदाको कुलबाट गन्ती गरे बीस वर्ष
र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू
प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार
दर्ता गरियो। २७यहूदाको कुलबाट ७४,६०० व्यक्तिको
गन्ती गर्‍यो।

२८तिनीहरूले इस्साकारको कुलबाट गन्ती गरे बीस
वर्ष र उँभोका मानिसहरू जो सेनामा जान सक्थे
तिनीहरू प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार
अनुसार दर्ता गरियो। २९इस्साकारको कुलबाट ५४,४००
व्यक्तिको गन्ती गर्‍यो।

३०तिनीहरूले जबूलूनको कुलको गन्ती गरे बीस वर्ष
र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू
प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार
दर्त्ता गरियो। ३१जबूलूनको कुलबाट ५७,४००
व्यक्तिहरूको गन्ती गरियो।

३२तिनीहरूले एप्रैमको कुल समूहबाट गन्ती गरे।
(एप्रैम-यूसुफको छोरो।) बीस वर्ष र उँभोका मानिसहरू
जो सेनामा जान सक्थे तिनीहरू प्रत्येकको नाम पिता-पुर्खाको
कुल र परिवार अनुसार दर्त्ता गरियो। ३३एप्रैमको
कुलमा गन्ती गरिएको व्यक्तिहरूको सख्या ४०,५००
थियो।

३४तिनीहरूले मनश्शे कुलका मानिसहरूको गन्ती
गरे। (मनश्शे पनि यूसुफका छोरा थिए।) बीस वर्ष र
उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू
प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार
गणना गरियो। ३५मनश्शेको कुलमा गन्ती गरिएको
मानिसहरूको संख्या ३२,२०० थियो।

३६तिनीहरूले बिन्यामीन कुलका मानिसहरूको गन्ती गरे। बीस वर्ष र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार गणना गरियो। ३७बिन्यामीनको कुलमा गन्ती गरिएका मानिसहरूको संख्या ३५,४०० थियो।

३८तिनीहरूले दान कुलका मानिसहरूको गन्ती गरे। बीस वर्ष र उँभोका सबै मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू प्रत्येकको नाम पिता-पुर्खाको कुल र परिवार अनुसार गन्ती गरियो। ३९दानको कुलमा गन्ती गरिएका मानिसहरूको संख्या ६२,७०० थियो।

४०तिनीहरूले आशेर कुलका मानिसहरूको गन्ती गरे। बीस वर्ष र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरू प्रत्येकको नाम पुर्खाको कुल र परिवार अनुसार गणना गरियो। ४१आशेर कुलमा गणना गरिएका मानिसहरूको संख्या ४१,५०० थियो।

४२नप्ताली कुलका मानिसहरूको तिनीहरूले गणना गरे। बीस वर्ष र उँभोका मानिसहरू जो सेनामा जानु सक्थे तिनीहरू प्रत्येकको नाम पुर्खाको कुल र परिवार अनुसार गणना गरियो। ४३नप्ताली कुलमा गणना गरिएको मानिसहरूको संख्या ५३,४०० थियो।

४४मोशा, हारून र इस्राएलका बाह्र जना अगुवाहरूले यी मानिसहरूको गन्ती गरे। (त्यहाँ प्रत्येक कुल समूहबाट एक जना अगुवा थिए।) ४५तिनीहरूले बीस वर्ष र उँभोका मानिसहरू जो सेनामा जान सक्थे तिनीहरूको गन्ती गरे। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो परिवार अनुसार गणना गरियो। ४६तिनीहरूको जम्मा संख्या ६,०३,५५० थियो।

४७लेवी कुल समूहका परिवारका मानिसहरूको गणना इस्राएलका अन्य मानिसहरूसित गरिएन। ४८परमप्रभुले मोशालाई भन्नुभएको थियो: ४९"लेवीको कुल समूहका मानिसहरूको गणना नगर्नु अथवा तिनीहरूलाई इस्राएलका अरू मानिसहरूसित नमिलाउनु। ५०तर तिमीले लेवीहरूलाई करारको पवित्र पाल र यसका सबै वस्तुहरू हेरचाह गर्नुका निम्ति नियुक्त गऱ्यौ। तिनीहरूले पवित्र पाल र यसका सबै वस्तुहरू बोक्नु पर्छ। अनि तिनीहरूले पवित्र पालको सेवा गर्नुपर्छ र तिनीहरूले उनीहरूको छाउनी यसकै वरिपरि बनाउनु पर्छ। ५१जब तिमीले पवित्र पाल सार्थ्यौ लेवीहरूले यसलाई तल झार्नु पर्थ्यो जब तिमीहरू रोकिने छौ, लेवीहरूले यसलाई स्थापित गर्नु पर्थ्यो। कुनै जो विदेशी नजिक आउँनछ त्यसलाई मार्नु पर्छ। ५२इस्राएलीहरूले आफ्नो आफ्नो दल समूह भित्र र आफ्नै झण्डाको छेउ छाउमा शिविर बनाऊन्। ५३तर लेवीहरूले तिनीहरूका छाउनी पवित्र पालकै वरिपरि लगाउन र यसलाई रक्षा गर्नु पर्छ ताकि करारको पवित्र पाल सुरक्षित रहोस् र परमेश्वरको रिसको प्रकोप इस्राएली समुदायमाथि नपरोस्।"

५४यसरी इस्राएलका मानिसहरूले परमप्रभु द्वारा मोशालाई दिनु भएको सबै आज्ञाहरू पालन गरे।

### शिविरको प्रबन्ध

२ मोशा र हारूनलाई परमप्रभुले भन्नुभयो: २"इस्राएलका मानिसहरू प्रत्येकले शिविर भेट हुने पालको वरिपरि लगाउनु पर्छ अनि प्रत्येक कुल दलको आफ्नो झण्डा हुनुपर्छ र प्रत्येक मानिसले आ-आफ्नो दलको झण्डाको समीप शिविर बनाउनु पर्छ।

३"यहूदा शिविर दलहरूले पूर्वतिर घाम झुल्कने पट्टि आफ्नो झण्डाको मुन्तिर शिविर हालुन। यहूदा दलका मानिसहरूको अगुवा अम्मीनादाबका छोरा नहशोन हो। ४तिनको दलमा ७४,६०० मानिसहरू छन्।

५"तिनको समीपमै इस्साकार परिवार दलले शिविर हालुन्। यी मानिसहरूको अगुवा सूआरको छोरो नतनेल हुन्। ६उसको दलमा ५४,४०० मानिसहरू छन्।

७"जबूलून कुल दलले पनि यहूदा दलकै नजीकमा शिविर हालुन्। जबूलूनका मानिसहरूको अगुवा हेलोनको छोरो एलीआब हुन् र, ८तिनको दलमा ५७,४०० मानिसहरू थिए।

९"यहूदाको शिविरमा जम्मा १,८६,४०० मानिसहरू खटाइएका छन्। यी सब मानिसहरू तिनीहरूका विभिन्न परिवार दलमा विभक्त भएका छन्। जब मानिसहरू एक ठाँउदेखि अर्को ठाँउ सर्छन् यहूदा दल पहिला सर्नेछ।

१०"रूबेनको शिविरको झण्डा पवित्र पालको दक्षिणमा रहनेछ। प्रत्येक दलले आफ्नो झण्डा नजिकै शिविर हाल्नेछ। रूबेनका मानिसहरूको अगुवा शदेऊरका छोरी एलीसूर हुन र ११उसको दलमा ४६,५०० मानिसहरू छन्।

१२"शिमोन कुल दलले रूबेन परिवार दलकै नजीक शिविर हाल्नेछ। शिमोनका मानिसहरूको अगुवा सूरीशद्दैको छोरो शलूमीएल हुन। १३उसको दलमा ५९,३०० जना मानिसहरू छन्।

१४"रूबेनको मानिसहरूकै नजिकै गादका मानिसहरूले पनि शिविर हाल्नेछन्। रूएलको छोरा एल्यासाप गादका मानिसहरूको अगुवा हो। १५उसको दलमा ४५,६५० मानिसहरू छन्।

१६"त्यहाँ रूबेनको शिविरमा खटिएका जम्मा १,५१,४५० जना मानिसहरू छन् र जब मानिसहरू एक ठाँउबाट अर्को ठाउँमा सर्छन रूबेनको शिविर दोस्रो दल हुनेछ।

१७"लेवीहरूको शिविरसितै अरू शिविरहरूको माझमा भेट हुने पाल पनि जानेछ। तिनीहरूको जसरी आफ्नो आफ्नो झण्डामा शिविरहरू लगाइएको छ सोही क्रममा लश्करमा जान्छन्।

१८"पश्चिम पट्टिको एप्रैमको शिविर तिनीहरूकै झण्डामा हुनेछ। एप्रैमका मानिसहरूको अगुवा अम्मिहूदका

छोरो एलीशामा हुन। १९उसको दलमा जम्मा ४०,५०० जना मानिसहरू छन्।

२०"एप्रैमका कुल दलको शिविरको नजीकै मनश्शे कुल दलको शिविर हुनेछ। यस दलको अगुवा पदासूरको छोरो गमलीएल हुन। २१उसको दलमा ३२,२०० मानिसहरू छन्।

२२"बिन्यामीन कुल दलको शिविर एप्रैमको कुल दलको शिविर नजीकै रहनेछ अनि यस कुल दलको अगुवा गिदोनीको छोरो अबीदान हुन। २३त्यहाँ जम्मा ३५,४०० जना मानिसहरू उसको दलमा थिए।

२४"एप्रैमको शिविरमा खटिएका मानिसहरूको संख्या १,०८,१०० छ। जब शिविर हिड्छ तिनीहरू तेस्रो लस्करमा हिड्नेछन्।

२५"उत्तर तिर भएको दानको शिविरमा भएका मानिसहरू तिनीहरूको आफ्नो झण्डा मुनि रहनेछन् अनि तिनीहरूको अगुवा अम्मीशद्दैको छोरो अहीएजर हुन। २६उसको दलमा ६२,७०० जना मानिसहरू छन्।

२७"दान कुल दलको शिविर नजीकै आशेर कुल दलको शिविर रहन्छ अनि यस कुल दलको अगुवा ओक्रानको छोरो पगीएल हुन। २८त्यहाँ उसको दलमा ४१,५०० मानिसहरू छन्।

२९"अनि आशेर कुल दलको शिविर नजीकै नप्ताली कुल दलको शिविर रहनेछ र तिनीहरूको अगुवा एनानको छोरो अहीरा हुन्। ३०त्यहाँ उसको दलमा ५३,४०० मानिसहरू छन्।

३१"दान परिवार दलमा मानिसहरूको कुल संख्या १,५७,६०० छ। तिनीहरू आफ्नो-आफ्नो झण्डा लिएर अन्तिम लस्करमा हिड्नेछन्।"

३२इस्राएलीहरूको परिवार अनुसार गन्ती गरिएको मानिसहरू यिनीहरू नै हुन्। गन्ती गरिए अनुसार यिनीहरूको संख्या ६,०३,५५० हो। ३३परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार इस्राएलीहरूसित लेवीहरूको गन्ती गरिएन।

३४यसर्थ इस्राएली मानिसहरूले मोशालाई परमप्रभुले दिनुभएको आज्ञा अनुसार प्रत्येक कुरो गरे। यसरी नै तिनीहरूले आफ्नो-आफ्नो झण्डा नजीकै शिविर बनाए अनि त्यसरी नै आफ्नो-आफ्नो वंश र परिवार अनुसार तिनीहरू लस्करमा हिड़े।

## हारूनको परिवार- पूजाहारीहरू

**३** परमप्रभुले सीनै पर्वतमा मोशासँग कुरा गर्नुहुँदा हारून र मोशाको परिवारको विवरण यस्तो थियो।

२हारूनका दुइजना छोराहरू थिए र नादाब तिनको जेठो छोरा थिए। अरू छोराहरूको नाम अबीहू, एलाजार र ईतामार हो। ३हारूनका यी छोराहरू तेलले अभिषिक्त परमप्रभुको विशेष सेवाका निम्ति पूजाहारीहरूको रूपमा नियुक्त गरिएका थिए।

हारूनका यी छोराहरूलाई परमप्रभुको विशेष सेवामा नियुक्त गरिएको थियो। ४नादाब र अबीहू परमप्रभुको सेवामा रहेको समय मै अपवित्र आगो द्वारा बलिचढ़ाएको पापले सीनै मरूभूमिमा मरे। तिनीहरूको कुनै छोरो थिएन, यसकारण एलाजार र ईतामारले पूजाहारीका स्थान लिएर परमप्रभुको सेवामा लागे। तिनीहरूका बाबु हारूनको जीवन कालमा नै यस्तो घटना घट्यो।

## पूजाहारीका सहायक लेवीहरू

५परमप्रभुले मोशालाई भन्नुभयो, ६"लेवी कुलका जम्मै मानिसहरूलाई ल्याऊ अनि पूजाहारी, हारून सामुन्ने हाजिर गराऊ, तिनीहरू सबै हारून पूजाहारीको सहयोगीहरू हुनेछन्। ७लेवीहरूले भेट हुने पालमा आराधना गर्दा हारूनलाई र त्यहाँ आराधना गर्नु आउने सबै मानिसहरूलाई सहायता गर्नेछन्। ८भेट हुने पालको सबै सर-समानहरूको सुरक्षा तिनीहरूले गर्नेछन् अनि त्यस पालभित्रको दायित्वपूर्ण काम गर्नेछन्।

९"लेवीहरू सबै इस्राएलीहरूबाट चुनिएका हुन्। तिनीहरूलाई हारून र तिनका छोराहरूको सहायकहरूको रूपमा दिनु पर्छ।

१०"हारून र तिनका छोराहरूलाई पूजाहारी रूपमा नियुक्त गर अनि तिनीहरू बाहेक अन्य कुनै पनि व्यक्ति त्यस पवित्रस्थानमा पस्न चेष्टा गरे त्यो अवश्य मारिनु पर्छ।"

११परमप्रभुले मोशालाई भन्नुभयो, १२"याद राख, मैले लेवीहरूलाई इस्राएलका पहिले जन्मने मानिसहरूको सट्टामा लिएको छु। यसकारण लेवीहरू मेरा हुन् र इस्राएलका पहिले जन्मने छोराहरू मलाई दिनु पर्दैन।

१३"जब तिमीहरू मिश्र देशमा थियौ, मैले मिश्रदेशका मानिसहरूका पहिले जन्मेका सबै नानीहरू मारेँ अनि मैले इस्राएलीहरूका पहिले जन्मेका नानीलाई मेरो नानीहरू झैं छुट्टाएँ र त्यसरी नै पहिले जन्मेका पशुहरूलाई पनि छुट्टाएँ। तिनीहरू सबै मेरो हुन् म परमेश्वर हुँ।"

१४सीनै पर्वतमा परमप्रभुले मोशासित फेरि कुरा गर्नुभयो, १५"लेवीहरूको कुलमा सबै वंश तथा परिवार समूहहरू गन्ती गर। एक महिना र यो भन्दा वेशी उमेरको सबै पुरुषहरूको गन्ती गर।" १६परमप्रभुको आज्ञा पालन गरी मोशाले सबै लेवी मानिसहरूको गन्ती गरे।

१७लेवीका तीनजना छोराहरू थिए र तिनीहरूको नाम यस प्रकार छ गेर्शो, कहात र मरारी। १८गेर्शोन वशंको नाम हो लिब्नी र सिमी।

१९कहात वंशको नाम अम्राम, यिसहार, हेब्रोन र उज्जीएल।

२०मरारी वंशहरू हुन महली र मसी। तिनीहरूको पिता-पुर्खाहरू अनुसार लेवीका वंशहरू यिनै हुन्।

२१लिब्नी र सिमीका वंशहरू गेर्शोनका हुन् र तिनीहरू गेर्शोनी वंशका भए। २२एक महिना र अधिकका पुरुष मानिसहरू तिनीहरूका यी दुई परिवार समूहमा सबै ७,५०० जना थिए। २३गेर्शोनी वंशलाई पवित्र पालको पश्चिम पट्टि शिविर लगाउनु पर्थ्यो। २४गेर्शोनी वंशका मानिसहरूका अगुवा लाएलको छोरो एल्यासाप थियो। २५भेट हुने पालमा गेर्शोनी मानिसहरूको काम भेट हुने पाल, बाहिरी पाल, छाना र प्रवेशद्वारको पर्दाको हेरचाह गर्नु थियो। २६पवित्र स्थानको आँगनको प्रवेशद्वारको पर्दा आँगनको पर्दा, पर्दाको डोरीहरू र पर्दामा प्रयोग हुने सबै समानहरू तिनीहरूको हेरचाहमा थियो। त्यो आँगन पवित्र स्थान र वेदीको वरिपरि थियो।

२७अमामी, यिसहार, हेब्रोन र उज्जीएल परिवार समूहहरू कहात वंशका हुन्। २८यस परिवार समूह एक महिना र उँभोका पुरुषहरू ८,३०० थिए। कहातीहरूलाई पवित्र स्थानमा भएको सर-समानको जिम्मावारी थियो। २९कहाती परिवार समूहरूका मानिसहरूले पवित्र स्थानको दक्षिण पट्टि तिनीहरूको शिविर टाँगे। ३०उज्जीएलको छोरो एलीसापान यी कहाती वंशका मानिसहरूको अगुवा थियो। ३१तिनीहरूको कामहरू पवित्र सन्दूक, टेबल, सामदान, वेदीहरू र पवित्र स्थानको पवित्र भाँड़ाहरू अनि पर्दा र पर्दासँग सम्बन्धित सबै कुराहरूको हेरचाह गर्नु थियो।

३२पूजाहारी हारूनको छोरो एलाजार चाँहि लेवीहरूको अगुवाहरूको अगुवा थियो। पवित्र स्थान हेरचाह गर्नेहरू माथि उसको नियन्त्रण थियो।

३३महली र मूशी परिवार समूहहरू मरारी वंशका हुन। यस वंशहरूमा एक महिना र, ३४यस परिवारमा एक महिना अनि त्यस माथिका सबै पुरुषहरू जम्मा ६,२०० जना थिए। ३५मरारी परिवार समूहका मानिसहरूको अगुवाले अबीहेलको छोरा सूरीएलले पवित्र पालको उत्तर तिर तिनीहरूका पालहरू लगाए। ३६मरारीहरूलाई पवित्र स्थानको आधारहरू, यिनीहरूको बारहरू खम्बाहरू र यिनीहरूको प्रयोगमा आउने सबै सरसामानहरू हेरचाह गर्ने जिम्मावारी थियो। ३७वरिपरिको आँगनको खम्बाहरू, कीलाहरू, डोरीहरू, आधारहरू र यस सम्बन्धी प्रयोग गरिने कुराहरू पनि तिनीहरूको जिम्मामा थियो। ३८पवित्र स्थानको पूर्व पट्टि भेट हुने पालको सम्मुख घाम झुल्किने पट्टि मोशा, हारून अनि तिनका छोराहरूले शिविर बसाले। इस्राएली मानिसहरूको निम्ति तिनीहरूले पवित्र स्थान इलाकाको सुरक्षा गरिरहेका थिए। कुनै पनि व्यक्ति जो पवित्र स्थानको नजीक आँउथ्यो त्यसलाई मारिन्थ्यो।

३९परमप्रभुको आज्ञा अनुसार मोशा र हारून द्वार गनिएका एक महिना र उँभोको उमेरका पुरुष लेवीहरूको संख्या जम्मा २२,००० थियो।

### लेवीहरूले जेठो छोरोहरूको स्थान ओगटे

४०परमप्रभुले मोशालाई फेरि भन्नुभयो, "इस्राएली मानिसहरूको पहिले जन्मेका पुरुषहरू जो एक महिना अनि उँभोकाहरूको गन्ती गरी एउटा सूची तयार गर। ४१विगतमा मैले भनेको थिएँ कि इस्राएलीहरूका पहिला जन्मेकाहरूलाई म लिनेछु, तर अहिले म, परमप्रभुले इस्राएलीहरूको पहिला जन्मेको सट्टामा लेवीहरूलाई लिनेछु र इस्राएलीहरूको पहिलो पशुहरूको सट्टामा लेवीहरूकै पहिलो पशुधन लिन्छु।"

४२यसकारण परमप्रभुको आज्ञा अनुसार मोशाले इस्राएलका मानिसहरूको पहिला जन्मेका सबै नानीहरूको गन्ती गरे। ४३मोशाले एक महीना र उँभोका सबै पुरुषहरूको गन्ती गरे अनि सूचीमा २२,२७३ जनाको नाम थियो।

४४परमप्रभुले मोशालाई अझ भन्नुभयो, ४५"इस्राएलीहरूको अन्य मानिसहरूको सट्टामा तिमीले लेवीहरूलाई लेऊ र म अरू मानिसहरूका पशुहरूको सट्टामा लेवीहरको लिनेछु। लेवीहरू मेरो मानिसहरू हुन्। म परमप्रभु हुँ। ४६२२,००० लेवीहरू छन् तर अन्य परिवारको जेठा छोराहरू २२,२७३ हुनाले २७३ जना लेवीहरू भन्दा वेशी हुन्छन्। ४७यी २७३ जना वेशी भएका पुरुषहरूको निम्ति प्रत्येकको पाँच शेकलको हिसाबले लेऊ। (प्रशासनिक परिमाणमा एक शेकल बराबर बीस गेरा हुन्छ)। इस्राएलीहरूबाट यो चाँदी लेऊ। ४८त्यो पैसा हारून र तिनका छोराहरूलाई ती २७३ इस्राएलीहरूको सट्टामा देऊ।'"

४९यसकारण लेवीहरू भन्दा वेशी भएका अन्य मानिसहरूको सट्टामा मोशाले पैसा लिए। ५०उसले इस्राएलीहरूको पहिला जन्मेबाट १,३६५ शेकेल चाँदी (अधिकारीहरूको नाप अनुसार) जम्मा गरे। ५१परमप्रभुको आज्ञा अनुसार त्यो पैसा मोशाले हारून र तिनका छोराहरूलाई दिए।

### कहातीहरूको काम

४ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २"लेवीहरूको बीचमा कहातीहरूको उनीहरूको वंश तथा परिवार समूहको हिसाबले गन्ती गर। ३भेट हुने पालमा सेवा गर्न आउने मध्ये तीस देखि पचास वर्ष उमेर सम्मका मानिसहरूको गन्ती गर। ४कहातीहरूको काम भेट हुने पालमा सब भन्दा पवित्र चीजहरूको हेरचाहा गर्नु हो।

५"जब इस्राएलीहरू नयाँ क्षेत्रमा सर्न तयार हुन्छन्, हारून र तिनका छोराहरूले भेट हुने पाल पर्दा तल झार्नु पर्छ अनि यसले करारको सन्दूकलाई ढाक्नु पर्छ। ६तिनीहरूलाई यसमाथि नरम छाला लगाइ देऊ अनि छालालाई नीलो लुगासित छोपी देऊ अनि बोक्ने डण्डालाई यसको ठाउँमा राख्नु पर्छ।

७"तिनीहरूले पवित्र टेबलमाथि निलो रँगको लुगा
ओछ्याऊन् अनि त्यसमाथि, रिकावी, धूपौरोहरू, बाटाहरू
अनि अर्ध-बलिका कचौराहरू राखून्, अथवा ढुँग्रा
राखिदिऊन। विषेश रोटी त्यो पवित्र टेबलमा सधै
रहोस्। ८तिनीहरूले तिनीहरू माथि रातो लुगा ओछ्याऊन
अनि त्यसमाथि फेरि नरम छालाले यसलाई छोपिदिउन।
बोक्नुको लागि प्रयोग गरिने डण्डाहरू टेबलमा राखुन्।
९"तिनीहरूले निलो लुगाले सामदान, यसको बत्तीहरू,
बत्तीका सलेदोहरू, मसीदानी अनि जुन भाँड़ाहरूबाट तेल
बत्तीमा लगाइन्छ ती भाड़ाहरू सबै ढाकिदिन्। १०त्यसपछि
त्यो सामदान र यसका सबै समानहरू सील छालाको
च्यादरले छोपेर तिनीहरू बोकिने डण्डामा राखुन्।
११"तिनीहरूले सुनको वेदीमाथि निलो लुगाले ढाकि
दिऊन र त्यसमाथि नरम छालाको टुक्राले छोपिदिउन
अनि बोकेर ल्याइएका खम्बाहरू ठाउँमा राखुन्।
१२"पवित्र स्थानमा सेवा गर्दा प्रयोग गरिने वस्तुहरू
तिनीहरूले लैजाऊन र एउटा निलो लुगामाथि नरम
छालाको च्यादरले छोपि दिऊन् र तिनीहरूलाई बोकी
लैजाने डण्डी माथि राखुन्।
१३"काँसको वेदीबाट तिनीहरूले खरानी सफा गरुन्
र त्यसमाथि बैजनी रँगको लुगाले ढाकुन्। १४त्यसपछि
तिनीहरूले त्यस वेदीमा आराधना गर्दा प्रयोग गरिने
वस्तुहरू जस्तै अँगेटी, काँटाहरू बेल्चाहरू छर्कने
बाटाहरू र ती सब काँसाको वेदीमाथि राखुन्। त्यसपछि
तिनीहरूले त्यसमाथि नरम छालाले वेदीलाई ढाकुन र
बोक्नुको लागि प्रयोग गरिने डण्डीहरू यसको ठाउँमा
राखुन्।
१५"जब हारून र तिनका छोराहरूले पवित्र सर-
सामानरहरू छोपिदिन सक्छन् तब कहाती वंशका
मानिसहरूले त्यस समानहरू बोक्न शुरू गर्न सक्छन् र
यसरी तिनीहरूले पवित्रस्थान स्पर्श गर्ने छैनन् नत्र
तिनीहरू मर्नेछन्। भेट हुने पालको सबै सर-समानहरू
कहातीहरूले नै बोकुन्।
१६"पूजाहारी हारूनको छोरो एलाजार वत्तीको तेल,
सुगन्धित धूप दैनिक अन्नबलि अनि अभिषेक तेलको
निम्ति जिम्मावार रहनेछन्। तिनी भेट हुने पाल र
त्यसभित्र भएको प्रत्येक कुरोको जिम्मावार रहनेछ।"
१७परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
१८"कहातीहरूलाई लेवीहरूबाट अलग हुन नदेऊ।
१९तिमीहरूले तिनीहरूको निम्ति यस्तो गर ताकि
तिनीहरू अति पवित्र स्थान नजीक जाऊन् तर नमरून्।
हारून अनि तिनका छोराहरूले कहाती मानिसहरूलाई
पवित्र स्थान भित्र गएर तिनीहरूले बोक्नु पर्ने समानहरू
सबै देखाइ दिऊन्। २०यदि तिमीहरूले त्यसो गरेनौ भने
ती कहाती मानिसहरू भित्र पस्छन् र पवित्र चीजहरू
देख्छन् अनि तिनीहरूले केही समयको निम्ति मात्र पनि
ती पवित्र चीजहरू हेरे भने तिनीहरू निश्चय मर्छन।"

## गेर्शोनीहरूको काम

२१परमप्रभुले मोशालाई भन्नुभयो, २२"गेर्शोनी वंशका
सबै मानिसहरूको आफ्नो आफ्नो परिवार र वंश
अनुसार गन्ती गर। २३सबै भेट हुने पालमा सेवा गर्न
आउने तीस देखि पचास वर्ष उमेरका मानिसहरूको
गन्ती गर।
२४"गेर्शोनी वंशका मानिसहरूले बोक्नु पर्ने र गर्नु
पर्ने काम यही हो। २५पवित्र स्थानको पर्दाहरू, भेट
हुने पाल, त्यसको छाना र त्यसमाथि रहने नरम
छालाको आवरण अनि भेट हुने पालको ढोकाको पर्दा
तिमीहरूले बोक्नु पर्छ। २६पवित्र स्थान वरिपरिको
आँगनमा भएका पर्दाहरू, वेदीको पर्दाहरू, आँगनको
द्वाराहरूका पर्दाहरू र डोरीहरू तथा पर्दामा लाग्ने सबै
सर-समानहरू तिनीहरूले बोकुन्। यी वस्तुहरूका सम्बन्धमा
जे कुराहरू पनि गरिन्छ त्यसको निम्ति गेर्शोनीहरू
मानिसहरू जिम्मावार थिए। २७गेर्शोनी मानिसहरूले जे
पनि गर्छन भारी वोक्ने काम होस् अथवा अन्य काम
हारून र तिनका छोराहरूको आदेश अनुसार गर्नेछन् र
गेर्शोनी मानिसहरूको काम तिनीहरूले देखरेख गर्नेछन्।
यसर्थ गेर्शोनी मानिसहरूलाई तिनीहरूले काममा खटाऊन्।
२८गेर्शोनी वंशका मानिसहरूले भेट हुने पालमा गर्नु
पर्ने काम यिनीहरू नै हुन र पूजाहारी हारूनको छोरो
ईतामारले तिनीहरूको काम देखरेख गर्नेछ।"

## मरारी परिवारको काम

२९-३०"मरारी वंशहरू र परिवारका मानिसहरू ज-
जसले भेट हुने पालमा सेवा गरे अनि तीसदेखि पचास
वर्ष उमेरका छन् तिनीहरू सबैको गन्ती गर। तिनीहरूले
भेट हुने पालको निम्ति विशेष काम गर्नेछन्। ३१भेट
हुने पालमा तिनीहरूले यात्राको समयमा गर्नु पर्ने
कामहरू यिनै हुन् पवित्र स्थानका फल्याकहरू, त्यसका
बारहरू र डण्डीहरू, खम्बाहरू अनि आधारहरू।
३२वरिपरिका आँगनका खम्बाहरू र तिनीहरूका आधारहरू,
कीलाहरू, डोरीहरू र तिनका सबै सामानहरू र यी सब
सामानहरूसित सम्बन्धित सर-सामानहरू तिनीहरूले बोकून।
३३मानिसहरूको सूचि तयार पार्नु र प्रत्येक मानिसले
बोक्नु पर्ने के के हो खटाउनु। हारून पूजाहारीका छोरो
ईतामारले तिनीहरूको काम देखरेख गर्नेछ।"

## लेवी परिवार

३४मोशा, हारून अनि इस्राएली मानिसहरूका
प्रधानहरूले कहाती मानिसहरूको गन्ती गरे। तिनीहरूले
तिनीहरूको वंशहरू र परिवार समूहहरूको गन्ती गरे।
३५तिनीहरूले तीसदेखि पचाससम्म उमेर भएका मानीसहरू
जसले भेट हुने पालमा काम गरेका थिए तिनीहरूको
गन्ती गरे। यी मानिसहरूलाई भेट हुने पालमा विशेष
कामहरू दिइएको थियो।

**३६**कहाती परिवार समूहमा २,७५० मानिसहरू थिए अनि तिनीहरू भेट हुने पालमा विशेष सेवाको निम्ति लायक थिए। **३७**यसर्थ यी कहाती वंशका मानिसहरूलाई भेट हुने पालमा विशेष कामहरूको निम्ति खटाइयो। परमप्रभुले मोशालाई भन्नु भए अनुसार मोशा र हारूनले गरे।

**३८-३९**गेर्शोनी मानिसहरूमा पनि तीसदेखि पचास वर्ष उमेर भएका र भेट हुने पालमा काम गरेकाहरूको गन्ती गरिएको थियो। यी मानिसहरूलाई भेट हुने पालमा विशेष कामको निम्ति खटाइएको थियो। **४०**यस परिवार समूहमा २,६३० मानिसहरू गनिएका थिए। **४१**यी सबै मानिसहरू भेट हुने पालमा सेवारत थिए जसलाई परमप्रभुले दिनु भएको आज्ञा अनुसार मोशा र हारूनले गन्ती गरेका थिए।

**४२**मरारीहरू आफ्नो आफ्नो वंश तथा परिवार अनुसार गनिएका थिए। **४३**तीसदेखि पचास वर्ष उमेर भएका जो भेट हुने पालको सेवामा लागेका थिए तिनीहरूको गन्ती भएको थियो अनि तिनीहरूलाई भेट हुने पालमा विशेष सेवाको निम्ति खटाइएको थियो। **४४**मेरारी परिवार समूहमा ३,२०० मानिसहरू भेट हुने पालमा विशेष सेवाको निम्ति लायक थिए। **४५**यसर्थ यी मरारी परिवार समुहका मानिसहरूलाई भेट हुने पालमा विशेष कामको निम्ती खटइयो। मोशा र हारूनले मोशालाई परमप्रभुले भन्नुभए अनुसार यसो गरे।

**४६**यसर्थ, मोशा, हारून र इस्राएली मानिसहरूका नायकहरूले लेवी मानिसहरूका प्रत्येक वंश र प्रत्येक परिवार समूहको मानिसहरूको गन्ती गरे। **४७**तीसदेखि पचास वर्ष उमेर भएका र भेट हुने पालमा काम गरेका सबै मानिसहरूको तिनीहरूले गन्ती गरे। तिनीहरूलाई भेट हुने पालमा विशेष कामको निम्ति खटाइयो। तिनीहरूले यात्रा गर्दा भेट हुने पाल बोक्ने काम गरे। **४८**तिनीहरूको कुल संख्या ८,५८० थियो।

**४९**परमप्रभुको आज्ञा अनुसार नै मोशाले प्रत्येक मानिसको गन्ती गरेका थिए। प्रत्येक मानिसलाई उसले के बोक्नु पर्थ्यो उसलाई भनिएको थियो। यो परमप्रभुले भन्नुभए जस्तै गरिएको थियो।

## शुद्धता विषय नियम

**५** परमप्रभुले मोशालाई भन्नुभयो, **२**"इस्राएलका मानिसहरूलाई आज्ञा देऊ कि यदि कसैलाई चर्मरोग अथवा धातु रोग सरेको छ, यदि केही स्त्री मासिक धर्ममा छ, यदि कसैले मृत शरीरलाई छोएर अपवित्र छ भने त्यस्तो व्यक्तिहरूलाई छाउनीबाट बाहिर निकाल्नु पर्छ। **३**म छाउनीमा तिमीहरूको बीचमा छु, यसकारण तिनीहरू चाहे पुरुषहरू अथवा स्त्रीहरू हुन तिनीहरूलाई छाउनीबाट निकाली देऊ ताकि तिमीहरूले म बस्ने ठाँउलाई अपवित्र बनाउने छैनौ।"

**४**यसर्थ इस्राएलका मानिसहरूले परमेश्वरको आज्ञा पालन गरी त्यस्ता मानिसहरूलाई शिविर बाहिर पठाई दिए। परमप्रभुले मोशालाई भन्नुभए अनुसार तिनीहरूले गरे।

## जरिमाना

**५**परमप्रभुले मोशालाई भन्नुभयो, **६**"यो कुरा इस्राएलका मानिसहरूलाई भन एकजना व्यक्तिले अर्को व्यक्तिमाथि नराम्रो काम गरिरहेको हुन्छ। (जब कसैले अर्को कसैमाथि अन्याय गर्छ तब उसले परमेश्वरसित पाप गरिरहेको हुन्छ।) त्यो व्यक्ति दोषी हो। **७**त्यसकारण उसले गरेको कुकर्म स्वीकार्नु पर्छ अनि उसले लागेका चीजहरूको निम्ति पूरा मोल दिनु पर्छ साथै व्यक्तिको लागि पाँच भागको एक भाग जोड्नु पर्छ जसलाई उसले सताए। **८**तर यदि त्यो सताएको मर्‍यो भने अनि उसको कोही आफन्ता छैन भने, क्षतिपूर्तिको मोल परमप्रभुको पूजाहारीलाई दिनु पर्छ। यो व्यक्तिले पूजाहारीलाई प्रायश्चितको निम्ति एउटा साँढ़े दिनु पर्छ। पूजाहारीले साँढ़ेलाई बलिदान दिएर उसको लागि प्रायश्चित गर्ने छ।

**९**"मानिसहरूले पूजाहारीलाई चढ़ाएको पवित्र उपहार पूजाहारी कै हुन्छ। **१०**कुनै पनि व्यक्तिले चढ़ाएको पवित्र उपहार उसैको हुन्छ तर यदि उसले पूजाहारीलाई दिए त्यो पूजाहारीको हुन्छ।"

## पत्नीमाथि पतिको शंका

**११**परमप्रभुले मोशालाई भन्नुभयो, **१२**"इस्राएलका मानिसहरूलाई यी कुराहरू भन एकजना पुरुषकी पत्नी त्योसँग विश्वासघाती हुन सक्छे। **१३**तिनले तिनको पतिले चाल नपाई अर्को मानिससित संभोग गर्छे भने। त्यहाँ तिनले दूषित गरेको देखाउनलाई केही साक्षी नहोला अनि तिनका पतिले नजान्ला अनि पत्नीले पनि तिनको पाप प्रकट नगर्लिन्। **१४**तर तिनले गरेको कुकर्मको शंका तिनका पतिले गर्न सक्छ र उसको मनमा पत्नी प्रति डाह जाग्न सक्छ। उसले उसको पत्नी प्रति शंका गर्न सक्छ अनि ऊ प्रति तिनी दूषित थिइन्। **१५**त्यस्तो भएको खण्डमा उसले आफ्नी पत्नीलाई पूजाहारीकहाँ लैजाओस् त्यस व्यक्तिले बलिको निम्ति एपाको दशौं हिस्सा जौको पीठो लानु पर्छ। जौको पीठो परमप्रभुको निम्ति डाही पतिले चढ़ाएको अन्नबलि हुन्छ। त्यसमा उसले तेल हाल्नु हुँदैन अनि धूप पनि जलाउनु हुँदैन। यो अन्नबलि खाली पत्नीको दोष बाहिरा देखाउन मात्र हो।

**१६**"तब पूजाहारीले त्यस स्त्रीलाई नजीक ल्याएर परमप्रभु अघि उभ्याउँछ। **१७**तब पूजाहारीले केही पवित्र पानी माटोको भाँड़ामा हाल्छन् र त्यस पानीमा भेट हुने पालको भूँईको धूलो हाल्छन्। **१८**पूजाहारीले त्यस

स्त्रीलाई परमप्रभुको अघाड़ी उभ्याएर उसको कपालको
चुल्ठो खोलेर हातमा अन्नबलि राखिदिन्छन्। यो जौको
पीठो उसको पति डाहले दिएको हो। त्यही समयमा
उसले आफ्नो हातले पवित्र पानी भएको माटोको भाँड़ा
समात्छन। त्यो पवित्र पानीले त्यस स्त्रीमाथि अनिष्ट
ल्याँउछ।

१९"अनि पूजाहारीले त्यस स्त्री मानिसलाई कसम
खुवाएर भन्छन् 'यदि कुनै पुरुषले तिमीसित यौन
सम्बन्ध नराखेको भए अनि तिमी यस पुरुषसित विवाह
गरे पश्चात बिग्रेकी छैनौ भने तब यस कष्ट ल्याउने
पानीले तिमीलाई कुनै नोक्सान गर्ने छैन्। २०तर यस
मानिससित विवाह गरे पश्चात पनि तिमी अन्य पुरुषसित
अनैतिक सम्बन्ध राखेकी छौ भने तिमी पवित्र होइनौ।
२१तब पूजाहारीले त्यस स्त्रीलाई श्राप पर्ने कसम खान
लाउँछन् र उसले त्यस स्त्री मानिसलाई भन्छन् परमप्रभुले
तिमीलाई त्यस्तो श्राप दिऊन् कि जब जब कुनै
मानिसले अर्को मानिसलाई सराप्छ उसले भन्नेछ कि
जुन भयङ्कर अवस्था त्यस स्त्रीलाई आहिलागेको थियो।'
"यही अवस्था तँ माथि पनि आइपरोस, किनभने
तिम्रो अनैतिक कुकृतिले तिम्रो जिउ सुकेर बाँझी हुनेछौ
अनि तिम्रो पेट सुनिनेछ। २२पूजाहारीले भन्नु पर्छ,
'तिमीले यो श्रापको पानी पिउनु पर्छ अनि यदि तिमीले
पाप गरेको छौ भने तिमीबाट नानीहरू जन्मने छैन,
अनि गर्भ बसी हाले पनि त्यो तुहुनेछ।' अनि त्यस
आइमाईले भन्नुपर्छ, 'तपाईंले जसो भन्नु हुन्छ म
मान्छु। 'आमेन, आमेन।'"

२३"तब यो उसको कसम पूजाहारीले चर्ममा अथवा
कागजमा लेख्नु पर्छ अनि त्यो तितो पानीले लेखिएको
अक्षरहरू मेटिदिनु पर्छ। २४अनि पूजाहारीले त्यो पानी
त्यस स्त्रीलाई पिउन लगाउनु पर्छ र त्यस श्राप पार्ने
पानीले त्यस स्त्रीलाई कष्ट दिन्छ।

२५"तब पूजाहारीले डाही मानिसको भोज बलि
स्त्रीको हातहरूबाट तब यो वेदीमा ल्याउन पर्छ लिएर
परमप्रभुको अघि डोलाउनु पर्छ। २६पूजाहारीले उसको
हातहरू केही अन्नले भरिदिने छ अनि वेदीमाथि
लगाउनेछ अनि त्यहाँ जलाउने छ। त्यहाँ पछि स्त्रीलाई
पानी पीउन लगाउनु पर्छ। २७जब तिनले उसलाई त्यो
पानी पिलाउनेछन् तब यदि त्यो स्त्री आफ्नो पतिसित
अविश्वासी रहेकी छे अनि आफू अपवित्र भएकी छे
भने त्यस पानीले उसलाई कष्ट गराउनेछ जस्तै त्यसले
उसको जिउ सुकिजानेछ अनि पेट फुलिनेछ। त्यो पत्नी
आफ्ना मानिसहरू माझमा श्राप परेको जीवन बिताउनेछे।
२८तर यदि त्यो स्त्री आफ्नो पतिसित विश्वासघात नगरी
पवित्र रहेकी छे भने त्यो स्वभाविक रहन्छे अनि
नानीहरू जन्माउन योग्यकै रहन्छे।

२९"यसर्थ, डाह विषयमा नियम यही हो। जब एक
विवाहित स्त्री आफ्नो पुरुषको साथ बसी त्यस्तो
अनैतिक क्रीड़ा गर्छे, ३०अथवा आफ्नो पत्नीको चरित्रमाथि
कसैलाई शंका लाग्छ भने तब त्यस मानिसले गर्नु पर्ने
कुरो यही हो। पूजाहारीले त्यस स्त्रीलाई परमप्रभुको
अघि उभिनु लगाई यी सब कामहरू गर्नुपर्छ। कानुन
यही हो। ३१पुरुष कुनै पापबाट निर्दोष सावित हुन्छ तर
स्त्रीले भने आफ्नो पाप कर्मको दण्ड पाँउछे।"

### नाजिरीहरू

६ परमप्रभुले मोशालाई भन्नुभयो, २"यी कुरा इस्राएलका
मानिसहरूलाई भन यदि कुनै मानिस अथवा स्त्री,
केही समयको लागि परमप्रभुको निम्ति नाजिरी भाकल
गर्छ भने। ३त्यस व्यक्तिले आफूलाई दाखरस अथवा
कुनै मद्यबाट अलग राख्नु पर्छ अर्थात त्यो व्यक्तिले
कुनै प्रकारको मद्य अथवा नशालु चीज खानु अथवा
पिउनु हुँदैन। अनि त्यस व्यक्तिले कुनै दाखको रस
अथवा दाखको रस हालेको केही पनि खानु हुँदैन।
त्यस व्यक्तिले ताजा होस अथवा सुकेको, दाख खानु
हुँदैन। ४जबसम्म व्यक्ति नाजिरी रहन्छ, पुरुष अथवा
स्त्रीले दाखहरूको बोक्रा अथवा गेड़ा सम्म खानु
हुदैन्।

५"त्यस व्यक्तिले आफू नाजिरी भई बसेको समयमा
व्यक्तिले उसको केश काट्नु अथवा खौरनु हुँदैन।
आफू परमप्रभुको निम्ति अलग भई बसुञ्जेल पवित्र
रहनु पर्छ र उसले आफ्नो केश लामो राख्नु
पर्छ।

६"जतिञ्जेल सम्म उसले आफूलाई परमप्रभुका निम्ति
नाजिरी रूपमा राख्छ ऊ कुनै मुर्दाको नजिक जानेछैन।
७उसको आफ्नो बाबु-आमा, दाज्यू-भाइ, दिदी-बहिनी
जो पनि मरोस् मुर्दाको छेउमा जानु हुँदैन, उसले
तिनीहरूको निम्ति आफूलाई अशुद्ध नबनाओस् किनभने
आफ्नो परमेश्वरका निम्ति आफै नाजिरी भएको चिन्ह
उसको आफ्नो शिरमा छ। ८जति दिन सम्म तिनी
परमप्रभुको लागि अलग रहन चाहन्छ त्यो व्यक्ति
परमप्रभु प्रति पवित्र रहन्छ।

९"अनि यदि कोही हठात उसैको नजिकै मर्छ अनि
उसलाई अशुद्ध बनाउँछ भने परमप्रभुका निम्ति पालिएको
छ उसको कपाल सातौं दिनमा खौरिनु पर्छ। १०तब
आठौं दिनमा उसले दुइवटा ढुकुरको बच्चा अथवा
दुइवटा परेवाको बच्चा भेट हुने पालको प्रवेशद्वारमा
ल्याई पूजाहारीलाई दिओस्। ११तब ती दुइवटा ढुकुर
अथवा परेवा पूजाहारीले एउटा पापबलिको निम्ति चढ़ाउँछ
अनि अर्को होमबलिको निम्ति चढ़ाउँछ। उ मुर्दाको
छेउमा भएर गरेको पापको निम्ति उसले त्यसको लागि
प्राश्चित गर्नु पर्छ। त्यस दिन त्यस व्यक्तिले फेरि आफ्नो
शिर शुद्ध पार्छ। १२अनि फेरि आफूलाई परमप्रभुको
निम्ति अलग राख्छ र एउटा एक वर्षको थुमा ल्याएर
दोषबलिको निम्ति चढ़ाउँछ। उसको अर्पण गरिएको

कपाल अशुद्ध भएको कारण पहिले अलग बसेको
समय गन्तीमा नलिई नयाँ शुरू गर्नु पर्छ। पहिले गरेको
समयमा मुर्दा स्पर्श गरी अशुद्ध भएको हुनाले उसले
यस्तो गर्नुपर्छ।

१३"उसको अलग रहने समय समाप्त भए पछि
नाजिरी भेट हुने पालको प्रवेशद्वारमा जानु पर्छ, १४अनि
परमप्रभुलाई एउटा उपहार चढ़ाऊ। उसको उपहार
यस्तो हुनु पर्छ

एउटा एक वर्षे निष्खोट थुमा होमबलिको निम्ति;
एउटा एक वर्षे निष्खोट भेड़ा पापबलिको निम्ति र
एउटा निष्खोट भेड़ा र एउटा निष्खोट साढ़े भेड़ा मेल
बलिको लागि चढ़ाउनु पर्छ।

१५एक डालो मिहिन पीठोमा तेल मिसाएर बनाएको
अखमिरी रोटी। यी रोटीहरूमा तेल छर्केको हुनु पर्छ।
अन्नबलि र अर्घबलि पनि यी उपहारहरूका अशं हुन्।

१६"पूजाहारीले यी सबै चीजहरू परमप्रभुलाई चढ़ाऊन
र पापबलि र होमबलि चढ़ाऊन। १७त्यस पछि पूजाहारीले
मेलबलिको निम्ति एउटा भेड़ा अखमिरी रोटीको डालोसितै
चढ़ाऊन्। पूजाहारीले आवश्यक अनुसार अन्नबलि र
अर्घबलि पनि चढ़ाऊन्।

१८"अब भेट हुने पालको द्वारमा जाऊ, नाजिरीले
उसको केश खेरोस अनि यसलाई आगोमा जलाओस
जहाँ मेल बलि सेकाउथ्ये।

१९"पूजाहारीले भेड़ोको उसिनेको कधं र डालोबाट
एउटा रोटी र एउटा फुलौरा नाजिरीको हातमा दिऊन।
२०त्यसपछि पूजाहारीले ती सब उपहारहरू डोलाउने
बलिको रूपमा परमप्रभुको अघि डोलाउन। मेलबलिका
निम्ति चढ़ाइएको भेड़ाको ह्याकुलो र साँप्रो पनि यी सब
चीजहरू सहित पूजाहारीको पवित्र भाग हुन्छ। त्यस
पछि त्यो नाजरीले यो दाखरस पिउन सक्छ।

२१"यी नियमहरू नाजिरीले परिपूर्ण गने शपथ हुन्।
त्यस व्यक्तिले यी सब चीजहरू परमप्रभुलाई चढ़ाउनै
पर्छ। यदि कसैले यस भन्दा अधिकको भाकल गर्छ
भने तब उसले आफ्नो वचन राख्नु नै पर्छ। तर उसले
यी नियमहरू नाजिरीको निम्ति राख्नु पर्छ।"

## पूजाहारीले दिने आशीर्वाद

२२परमप्रभुले मोशालाई भन्नुभयो, २३"हारून र
उसका छोराहरूलाई भन, तिमीहरूले यस प्रकारले
इस्राएलका मानिसहरूलाई आशीर्वाद देऊ। तिनीहरूलाई
आशीर्वाद दिदाँ यसो भन्नु।

२४परमप्रभुले तिमीहरूलाई आशीर्वाद दिऊन र रक्षा
गरून्।"

२५परमप्रभुको मुहार (मुखारबिन्द) तिमीहरूमाथि
चम्काऊन, अनि तिमीहरूमाथि अनुग्रह गरुन्।

२६परमप्रभुले तिमीहरू माथि दया दृष्टि राखुन अनि
तिमीहरूमा शान्ति दिऊन।"

२७"यस रीतिले जब इस्राएलका मानिसहरूलाई
अशीर्वाद दिँदा हारून र उसका छोराले मेरो नाम
मानिसहरूमाथि लगाउछन् अनि म तिनीहरूलाई आशीष
दिनेछु।"

## पवित्र पालमा समर्पण

७ जब मोशाले पवित्र पाल खड़ा गरी सके उसले
यसलाई अभिषेक द्वारा परमप्रभुमा समपूर्ण गरे
अनि पवित्र पाल, यसको वस्तुहरू, वेदी अनि यससित
भएका सबै कुराहरू बनाए।

२इस्राएलका मानिसहरूको गन्ती हुदाँ यसका जिम्मावार
मानिसहरू परिवार, प्रधानहरू, र कुल नायकहरूले
परमप्रभुलाई उपहारहरू चढ़ाए। ३तिनीहरूले १२ वटा
गोरूहरूले तानेर ल्याएको ६ वटा ढाकिएको गाडाहरू
परमप्रभुका निम्ति उपहारहरू ल्याए। प्रत्येक दुईजना
अगुवालाई तिनीहरूले एउटा गाड़ा र प्रत्येक अगुवा
एउटा साँढ़े दिए। तिनीहरूले यी उपहारहरू पवित्र
पालमा चढ़ाए।

४परमप्रभुले मोशालाई भन्नुभयो, ५"तिनीहरूबाट यी
उपहारहरू ग्रहण गर ताकि यी उपहारहरू भेट हुने
पालको काममा चलाउन सकीन्छ। यी सब चीजहरू
लेवीहरूले तिनीहरूको कामको सहायतार्थ प्रयोग गर्न
सक्छन्।"

६यसर्थ मोशाले ती गाड़ाहरू र गोरूहरू लिएर
लेवीहरूलाई दिए। ७मोशाले गेर्शोनीहरूलाई तिनीहरूको
कामको निम्ति दुइवटा गाड़ाहरू र चारवटा गोरूहरू
दिए। ८तिनले चारवटा गाड़ाहरू र आठवटा गोरूहरू
पूजाहारी हारूनका छोरा ईतामारको निर्देशनमा काम
गर्नलाई मरारीहरूलाई दिए। ९कहातीहरूलाई तिनले
केही पनि दिएनन किनभने तिनीहरूले गर्नु पर्ने सेवा
केवल पवित्र सर-सामानहरू काँधमा बोक्नु मात्र थियो।

१०जब वेदी अभिषेक गरियो वेदीमा चढ़ाउन प्रधानहरूले
उपहारहरू ल्याए। प्रधानहरूले उपहारहरू वेदीमा ल्याए।
११परमप्रभुले मोशालाई भन्नुभयो, "प्रत्येक दिन एकजना
प्रधानहरूले तिनीहरूको उपहार ल्याऊन।"

१२यहूदा कुलका नायक अम्मीनादाबका छोरा नहशोनले
पहिलो दिन आफ्नो उपहार चढ़ाए।

१३तिनको उपहार यस प्रकारको थियोः तिनको
उपहारमा पवित्र-स्थानमा चलाइएको परिमाण अनुसार
एक सय तीस शेकेलको चाँदीको थाल सत्तरी शेकेल
परिमाणको एउटा छर्कनेबाट यी दुवै भाड़ाहरू अन्नबलिको
निम्ति तेल हालेको मसिनो पीठोले भरिएको थियो,
१४दश शेकेल ओजनको एउटा ठूलो सुनको धूपौरो।
यो धूपौरो सुगन्धले भरिएको थियो। १५होमबलिको
निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे
थुमा, १६पापबलिको निम्ति एउटा बोको। १७अनि
मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा

बोका अनि एक वर्षे पाँचवटा थुमा। १८दोस्रो दिन
इस्साकारका कुलनायक सूआरको छोरो नतनेलले आफ्नो
उपहार ल्याए। १९तिनले ल्याएको उपहार यस प्रकारको
थियो। पवित्र स्थानमा चलाइएको परिमाण अनुसार एक
सय तीस शेकेल चाँदीको थाल, सत्तरी शेकेल चाँदी
परिमाणको एउटा भाँड़ा; यी दुवै भाड़ाँहरू अन्नबलिको
निम्ति तेल हालेको मसिनो पीठोले भरिएको थियो।
२०दश शेकेल चाँदीको एउटा ठूलो सुनको धूपौरो। यो
धूपौरो सुगन्धले भरिएको थियो। २१होमबलिको निम्ति
एउटा जवान साढ़े, एउटा भेड़ा तथा एउटा एक बर्षे
थुमा, २२पापबलिको निम्ति एउटा बोको, २३अनि
मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा
बोका अनि एक वर्षे पाँचवटा थुमा। सूआरको छोरो
नतनेलको उपहार यस्तो थियो।

२४तेस्रो दिन हेलोनका छोरा जबूलून कुलनायक
एलीआबले उपहार चढ़ाए। २५तिनले चढ़ाएको उपहार
यस प्रकार थियो पवित्र स्थानमा चलाइएको परिमाण
अनुसार एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी
शेकेल ओजनको एउटा भाँड़ा; यी दुवै भाड़ाँहरू
अन्नबलिको तेल हालेको मसिनो पीठोले भरिएका
थिए, २६दश शेकेल ओजनको एउटा ठूलो सुनको
धूपौरो। यो धूपौरो सुगन्धले भरिएको थियो। २७होमबलिको
निम्ति एउटा जवान गोरू, एउटा साढ़ भेड़ा अनि एउटा
एक वर्षे थुमा, २८पापबलिको निम्ति एउटा बोको,
२९मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा,
पाँचवटा बोका अनि एक बर्षे पाँचवटा थुमा। हेलोनको
छोरो एलीआबको उपहार यस्तो थियो।

३०चौथो दिन रूबेन कुल नायक सदेऊरका छोरो
एलीसूरले उपहार चढ़ाए। ३१तिनको उपहार यस प्रकारको
थियोः पवित्र स्थानमा चलाइएको परिमाण अनुसार एक
सय तीस शेकेलको चाँदीको थाल, सत्तरी शेकेल
ओजनको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू अन्नबलिको
तेल हालेको मसिनो पीठोले भरिएको थियो, ३२दश
शेकेल ओजनको एउटा ठूलो सुनको धूपौरो। यो धूपौरो
सुगन्धले भरिएको थियो। ३३होमबलिको निम्ति एउटा
जवान साँढ़े, एउटा भेड़ा तथा एउटा एक वर्षे थुमा,
३४पापबलिको निम्ति एउटा बोको, ३५मेलबलिको
निम्ति दुइवटा गोरूहरू, पाँचवटा भेड़ाहरू, पाँचवटा
बोकाहरू अनि एक वर्षे पाँचवटा थुमाहरू। सदेऊरको
छोरो एलीसूरको उपहार यस्तो थियो।

३६पाँचौं दिन सिमोनका कुल नायक सूरीशद्दैको
छोरो शलूमीएलले उपहार चढ़ाए। ३७तिनको उपहार
यस प्रकारको थियो। पवित्र स्थानमा चलाइएको परिमाण
अनुसार एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी
शेकेल ओजनको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू
अन्नबलिको तेल हालेको मसिनो पीठोले भरिएका
थिए, ३८दश शेकेल ओजनको सुनको एउटा ठूलो
धूपौरो। यो धूपौरो सुगन्धले भरिएको थियो। ३९होमबलिको
निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एउटा एक
वर्षे थुमा, ४०पापबलिको निम्ति एउटा वोको,
४१मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा,
पाँचवटा बोका अनि एक वर्षे पाँचवटा थुमा सूरीशद्दैको
छोरो शलूमीएलको उपहार यस्तो थियो।

४२छैटौं दिन गादका कुलनायक रूएलका छोरो
एल्यासापले आफ्नो उपहार चढ़ाए र ४३तिनको उपहार
यस प्रकारको थियो। पवित्र स्थानमा चलाइएको परिमाण
अनुसार एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी
शेकेल ओजन भएको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू
अन्नबलिको तेल छर्केको मसिनो पीठोले भरिएको
थियो। ४४दश शेकेलको सुनको एउटा ठूलो धूपौरो।
यो धूपौरो धूपले भरिएको थियो। ४५होमबलिको निम्ति
एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे थुमा,
४६पापबलिको निम्ति एउटा बोको, ४७अनि मेल
बलिको दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा बोकाहरू
अनि एक वर्षे पाँचवटा थुमा। रूएलको छोरो एल्यासापले
चढ़ाएको बलि यिनीहरू नै हुन्।

४८सातौं दिन एप्रैम वंशको प्रमुख अम्मीहूदको छोरो
एलीशामाले उपहार चढ़ाए। तिनले चढ़ाएको उपहार यस
प्रकार थियो। ४९पवित्र स्थानमा चलाइने परिमाण
अनुसार त्यहाँ एक सय तीस शेकेल चाँदीको थाल,
सत्तरी शेकेल ओजनको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू
अन्नबलिको तेल छर्केको मसिनो पीठोले भरिएको
थियो।

५०दश शेकेल सुनको एउटा ठूलो धूपौरो। यो
धूपौरो सुगन्धले भरिएको थियो। ५१होमबलिको निम्ति
एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक वर्षे थुमा।
५२पापबलिको निम्ति एउटा वोको, ५३अनि मेलबलिको
निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा बोका अनि
एक वर्षे पाँचवटा थुमा। अम्मीहूदको छोरो एलीशामाले
चढ़ाएको बलि यिनीहरू नै हुन्।

५४आठौं दिन मनश्शे कुलको नायक पदासूरका
छोरो गमलीएलले आफ्नो उपहार चढ़ाए। तिनले चढ़ाएको
उपहार यस प्रकारको थियोः ५५पवित्र स्थानमा चलाइएको
ओजन अनुसार एक सय तीस शेकेलको चाँदीको थाल,
सत्तरी शेकेल ओजनको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू
अन्नबलिको तेल छर्केको मसिनो पीठोले भरिएको
थियो।

५६दश शेकेलको सुनको एउटा ठूलो धूपौरो। यो
धूपौरो सुगन्धले भरिएको थियो। ५७होमबलिको निम्ति
एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक वर्षे एउटा
थुमा, ५८पापबलिको निम्ति एउटा बोको, ५९अनि
मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा
बोका अनि एक वर्षे पाँचवटा थुमा। पदासूरको छोरो
गमलीएलले चढ़ाएको बलि यिनीहरू नै हुन्।

६०नवौँ दिन बिन्यामीन कुलका नायक गिदोनीको छोरो अबीदानले आफ्नो उपहार चढ़ाए। तिनले चढ़ाएको उपहार यस प्रकारको थियो। ६१पवित्र स्थानमा चलाइएको परिमाण अनुसार त्यहाँ एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी शेकेल परिमाणको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू अन्नबलिको तेल छर्केको मसिनो पीठोले भरिएको थियो, ६२दश शेकेल ओजन गरिने सुनको एउटा ठूलो धूपौरो। यो धूपौरो सुगन्धले भरिएको थियो। ६३होमबलिको निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे एउटा थुमा, ६४पापबलिको निम्ति एउटा बोको, ६५अनि मेलबलिको निम्ति दुइवटा गोरूहरू, पाँचवटा भेड़ाहरू, पाँचवटा बोकाहरू अनि एक बर्षे पाँचवटा थुमाहरू। गिदोनीको छोरो अबीदानले चढ़ाएका बलिहरू यिनीहरू नै हुन्।

६६दशौँ दिन दान कुलका नायक अम्मीशद्दैको छोरो अहीएजेरले आफ्नो उपहार चढ़ाए। तिनले चढ़ाएको उपहार यस प्रकारको थियो। ६७पवित्र स्थानमा चलाइएको परिमाण अनुसार एक सय तीस शेकेल ओजन चाँदीको थाल, सत्तरी शेकेल परिमाणको एउटा भाँड़ा, यी दुवै भाँड़ाहरू अन्नबलिको तेल छर्केको मसिनो पीठोले भरिएको थियो, ६८दश शेकेलको सुनको एउटा ठूलो धूपौरो। यो धूपौरो सुगन्धले भरिएको थियो। ६९होम बलिको निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे एउटा थुमा, ७०पापबलिको निम्ति एउटा बोको, ७१अनि मेलबलिको निम्ति दुइवटा गोरू, पाँचवटा भेड़ा, पाँचवटा बोका अनि एक बर्षे पाँचवटा थुमा। अम्मीशद्दैनका छोरो अहीएजेरले चढ़ाएको बलिहरू यिनीहरू नै हुन्।

७२एघारौँ दिन आशेर कुलका नायक ओक्रानका छोरो पगीएलले आफ्नो उपहार चढ़ाए। ७३उस द्वारा चढ़ाएको उपहार यस प्रकार थियो। पवित्र स्थानमा चलाइएको परिमाण अनुसार एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी शेकेलको चाँदीको भाँड़ा, यी दुवै भाँड़ाहरू अन्नबलिको तेल छकिएको मसिनो पीठोले भरिएको थियो। ७४दश शेकेल ओजनको सुनको एउटा ठुलो धूपौरो। यो धूपौरो सुगन्धले भरिएको थियो। ७५होमबलिको निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे एउटा थुमा, ७६पापबलिको निम्ति एउटा बोको, ७७अनि मेलबलिको निम्ति दुईवटा गोरूहरू, पाँचवटा भेड़ाहरू, पाँचवटा बोकाहरू अनि एक बर्षे पाँचवटा थुमाहरू। ओक्रानको छोरो पगीएलले चढ़ाएको बलिहरू यिनीहरू नै हुन्।

७८बाह्रौं दिन नप्ताली कुलका नायक एनानको छोरो अहीराले आफ्नो उपहार चढ़ाए। ७९तिनले चढ़ाएको उपहार यस प्रकार थियो। पवित्र स्थानमा चलाइएको परिमाण अनुसार त्यहाँ एक सय तीस शेकेलको चाँदीको थाल, सत्तरी शेकेल चाँदीको भाँड़ा, यी दुवै भाँड़ाहरू अन्नबलिको तेल छर्किएको मसिनो पीठोले भरिएको थियो, ८०दश शेकेल ओजनको सुनको एउटा ठूलो धूपौरो। यो धूपौरो धूपले भरिएको थियो। ८१होमबलिको निम्ति एउटा जवान साँढ़े, एउटा भेड़ा तथा एक बर्षे एउटा थुमा, ८२पापबलिको निम्ति एउटा बोको, ८३अनि मेलबलिको निम्ति दुइवटा गोरूहरू, पाँचवटा भेड़ाहरू, पाँचवटा बोकाहरू अनि एक बर्षे पाँचवटा थुमाहरू। एनानको छोरा अहीराले चढ़ाएको बलि यिनीहरू नै हुन्।

८४मोशाले वेदी अभिषेक गरेको समयमा इस्राएली मानिसहरूका कुल नायकहरूले चढ़ाएका उपहार यिनीहरू नै थिए। बाह्रवटा चाँदीको थाल, बाह्रवटा चाँदीको भाड़ा, बाह्रवटा सुनको ठूलो धूपौरो। ८५प्रत्येक चाँदीको थालको ओजन एकसय तीस शेकेल अनि प्रत्येक चाँदीको भाड़ा ओजन सत्तरी शेकेल थियो। भाँड़ा-कुँड़ाहरूको जम्मै चाँदीको तौल पवित्र स्थानको शेकेलको तौल बमोजिम २,४०० शेकेल थियो। ८६पवित्र स्थानमा चलाइएको परिमाण अनुसार, बाह्रवटा सुनको धूपौरोहरूको ओजन एउटाको दश शेकेल गरी जम्मा एक सय बीस शेकेल थियो।

८७होमबलिको निम्ति चढ़ाइएका पशुहरू जम्मा बाह्रवटा जवान गोरू, बाह्रवटा एक वर्षका पठा भेड़ा, तिनीहरूलाई चाहिने अन्नबलि सहित बाह्रवटा थुमाहरू र पापबलिको निम्ति बाह्रवटा बोकाहरू थिए। ८८मेलबलिको निम्ति चढ़ाइएको पशुहरूको जम्मा संख्या-चौबिसवटा गोरू, साठीवटा भेड़ा, साठीवटा बोका र साठीवटा एक वर्षे थुमा थिए। वेदी अभिषेक गरिएको समयमा चढ़ाइएको उपहारहरू यी नै हुन्।

८९परमेश्वरसित कुरा गर्न जब मोशा भेट हुने पालभित्र गए, करारको सन्दूकमाथिको कृपा-आसनमा दुईजना करूब स्वर्गदूतहरूको माझबाट परमेश्वरले तिनीसँग बोलिरहेको आवाज सुने। यसरी परमेश्वरले तिनीसित कुरा गर्नुभयो।

### सामदान

८ परमप्रभुले मोशालाई भन्नुभयो, २"हारूनलाई भन जब तिमी बत्तीहरू जलाउँछौ, सातवटा बत्तीहरूले सामदानको अघिको क्षेत्रमा प्रकाश पार्नु पर्छ।"

३यसकारण हारूनले यसै गरे। हारूनले बत्तीहरू ठीक ठाँउमा राखेर ठीक दिशा तिर फर्काए ताकि सामदान अघिको क्षेत्रलाई ती बत्तीहरूले उज्ज्यालो पार्न सकोस्। परमप्रभुले मोशालाई दिनुभएको आज्ञा तिनले पुरा गरे। ४सामदान यस प्रकारले बनिएको थियो: सामदान सुन पिटेर बनाइएको थियो अनि यो यसको बैठकदेखि फूलहरू सम्म पिटिएको थियो। त्यो सामदान त्यही ढाँचामा बनिएको थियो परमप्रभुले जुन मोशालाई देखाउनु भएको थियो।

## लेवीहरूको समर्पण

५परमप्रभुले मोशालाई भन्नुभयो, ६"इस्राएलका अरू
मानिसहरूबाट लेवीहरूलाई छुट्याऊ अनि ती लेवीहरूलाई
शुद्ध पार। ७तिनीहरूलाई शुद्ध पार्नको निम्ति तिमीले
यसो गर्नुपर्छ तिनीहरू माथि शुद्धीकरणको पानी छर्किदेऊ
र त्यस पानीले तिनीहरूलाई शुद्ध तुल्याउँछ। त्यसपछि
तिनीहरूले आफ्नो शरीरको सम्पूर्ण रौं काटुन् अनि
आफ्नो लुगाहरू धुऊन् र तिनीहरू यसरी शुद्ध हुन्छन्।
८"तिनीहरूलाई जवान गोरू तिनीहरूको बथानबाट
ल्याउन देऊ अनि यसको मसिनो पीठो तेलसित मिसाएको
अन्यबलिको ल्याउन देऊ त्यसपछि तिमीले अर्को एउटा
बथानबाट जवान गोरू पापबलिका निम्ति ल्याउनु पर्छ।
९त्यस पछि तिमीले ती लेवीहरूलाई भेट हुने पालको
अघि ल्याउनु र इस्राएलको सबै जातिका मानिसहरूलाई
भेला गर। १०जब तिमीले लेवीहरूलाई परमप्रभुको
अघि ल्याउँछौ इस्राएलको सबै मानिसहरूले तिनीहरू
माथि आफ्नो हात राख्नु पर्छ। ११हारूनले लेवीहरूलाई
परमप्रभु अघि इस्राएलका मानिसहरूको विशेष उपहारको
रूपमा अर्पण गर्छन अनि तिनीहरूले परमेश्वरका सेवा
गर्नेछन्।

१२"लेवीहरूले तिनीहरूको हात बहरको टाउको
माथि राख्नु पर्छ र एउटा बहर पापबलिको निम्ति
चढ़ाउनु पर्छ र अर्को चाँहि लेवीहरूको प्रायश्चितका
निम्ति परमप्रभुलाई होमबलिको निम्ति चढ़ाउनु पर्छ।
१३यसरी पूजाहारी हारून र तिनका छोराहरूको सहायताको
निम्ति तिमीले लेवीहरूलाई नियुक्त गर र त्यसपछि
लेवीहरूलाई तिमीले परमप्रभुको निम्ति विशेष उपहार
स्वरुप चढ़ाऊ। १४तिमीले तिनीहरूलाई इस्राएलका
अरू मानिसहरूबाट छुट्टयाउनु पर्छ कारण लेवीहरू मेरा
हुनेछन्।

१५"तिमीले तिनीहरूलाई शुद्ध पारेर विशेष उपहार
स्वरुप अर्पण गरे पछि तिनीहरू भेट हुने पालमा सेवा
गर्न उपयुक्त हुनेछन्। १६बिगतमा मैले इस्राएली
मानिसहरूलाई तिनीहरूबाट जन्मेका पहिलो पुत्रहरू
मलाई दिइन् भनी मागेको थिए। तर अहिले इस्राएली
मानिसहरूबाट पहिले जन्मेको छोराहरूको सट्टामा म
लेवी मानिसहरूलाई लिइरहेकोछु। इस्राएली मानिसहरूले
मलाई लेवी मानिसहरू दिनेछन्। मैले तिनीहरूलाई मेरो
लागि लिएको छु। १७इस्राएलमा जन्मने प्रत्येक जेठो
मेरो हुनेछ चाहे त्यो मानिस होस अथवा पशु, यसमा
कुनै फरक पर्दैन। किन? किनभने मिश्र देशमा मैले
प्रत्येक जेठो नानी र पशु मारेकोछु, अनि मेरो आफन्त
बनाउनको निम्ति प्रत्येक जेठो छोरोलाई रोजें। १८तर
अब म तिनीहरूको सट्टामा लेवी मानिसहरू लिन्छु।
इस्राएलमा अन्य जातिको परिवारहरूबाट जन्मेका जेठो
छोराहरूको सट्टामा म लेवीहरूलाई ग्रहण गर्नेछु।
१९इस्राएलका सबै मानिसहरूबाट मैले लेवी मानिसहरूलाई
चुनें अनि हारून र तिनका छोराहरूलाई भेटी स्वरुप
दिए। तिनीहरूले इस्राएलका सबै मानिसहरूको सेवा
गर्छन जो भेट हुने पालमा आराधनाको निम्ति आउँदथे।
तिनीहरूले इस्राएलको सबै मानिसहरूका निम्ति प्रायश्चित
गर्नेछन्। तब पवित्र स्थान नजिक आँउदा इस्राएली
मानिसहरूका निम्ति कुनै प्रकारको रोग अथवा कष्ट
आई पर्ने छैन्।"

२०त्यसकारण, लेवीहरूका विषयमा परमप्रभुको
आज्ञासित राजी भएर मोशा, हारून अनि इस्राएलका
सबै मानिसहरूले परमप्रभु द्वारा मोशालाई दिएका झैं
प्रत्येक कुरा पालन गरे। २१लेवीहरूले नुहाएर तिनीहरूको
लुगाहरू धोए, हारूनले तिनीहरूलाई परमप्रभुको अघि
विशेष उपहार स्वरूपमा अर्पण गरे अनि लेवीहरूका
निम्ति प्रायश्चित गराएर तिनीहरूलाई सफा बनाए।
२२त्यसपछि लेवी मानिसहरू भेट हुने पालमा सेवा कार्य
गर्न आए। हारून र तिनका छोराहरूले तिनीहरूको
हेरचाह गर्थे अनि हारून र तिनका छोराहरू तिनीहरूको
कामको जिम्मावारी थिए। परमप्रभुले मोशालाई जस्तो
भन्नुभएको थियो हारून र तिनका छोराहरूले त्यसरी नै
कार्यहरू गरे।

२३त्यपछि परमप्रभुले मोशालाई भन्नुभयो, २४"यो
लेवीहरूको नियम निम्ति हो। प्रत्येक लेवीहरू जो
पच्चीस वर्षका अनि माथिका छन्। तिनी सबै भेट हुने
पालको सेवामा भाग लिन आउन पर्छ। २५तर जब
कुनै लेवी मानिस पचास वर्ष भन्दा बेशी उमेरको हुन्छ
उसले त्यहाँ फेरि काम गर्नु पर्दैन र उसले भेट हुने
पालको सेवा कार्यबाट अवकाश लिन्छ। २६पचास वर्ष
अथवा त्यो भन्दा अधिक उमेरका मानिसहरूले भेट हुने
पालको सेवा कार्यमा तिनीहरूका दाज्यू-भाइहरूलाई
सहायता गर्नु सक्छन्। तर तिनीहरूले भारी काम गर्नु
हुँदैन। यस्तो प्रकारले तिमी लेवीहरूलाई काममा खटाउनु
पर्छ।"

## निस्तार चाड़

९ इस्राएली मानिसहरूले मिश्र देश छोड़ेको दोस्रो
वर्षको पहिलो महीनामा सीनै पहाड़को मरूभूमिमा
परमप्रभु मोशासित यसो भन्दै बोल्नुभयो, २"इस्राएलका
मानिसहरूले तोकिएको दिन निस्तार चाड़ मान्नु पर्छ।
३तिमीहरूले यस चाड़लाई यसै महिनाको चौधौं दिनको
गोधुली समयमा मान्नु पर्छ। तिमीहरूले सबै नियम र
विधि-विधानहरू पालन गरेर यो चाड़ मनाउनु पर्छ।"

४यसर्थ मोशाले मानिसहरूलाई निस्तार पर्व मनाउन
लगाए। ५तिनीहरूले पहिलो महीनाको चौधौं दिन गोधुली
वेलामा सीनैको मरूभूमिमा निस्तार चाड़ मनाए। इस्राएलका
मानिसहरूले परमप्रभुले मोशालाई आज्ञा दिनु भए बमोजिम
नै मनाए। ६तर केही मानिसहरूले त्यस दिन निस्तार
चाड़ मनाउन सकेनन् कारण तिनीहरूले मान्छेको लाश

छुएका थिए। यसर्थ ती मानिसहरू त्यस दिन मोशा तथा
हारून भएकहाँ गए। ७ती मानिसहरूले मोशालाई भने,
"हामीले मान्छेको लाश छोएर अशुद्ध भएको कारण
पूजाहारीले हामीलाई तोकिएको समयमा परमप्रभुलाई
उपहार चढ़ाउन दिएनन्। यसर्थ हामीले तोकिएको समयमा
अरू मानिसहरूसित निस्तार चाड़ मनाउन सकेनौं र अब
हामीले के गर्नु पर्ने हो।"

८मोशाले तिनीहरूलाई भने, "यस विषयमा परमप्रभुले
के भन्नु हुनेछ म उहाँलाई सोध्छु।"

९त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो,
१०"इस्राएलका मानिसहरूलाई यसो भन। यो नियम
तिनीहरू र तिनीहरूका भावी सन्तानहरूका निम्ति हो।
यदि कसैले एउटा मुर्दालाई छुन्छ अनि अपवित्र हुन्छ
अथवा कोही टाड़ा गएका छन् यस्तो दुवै अवस्थामा
पनि उसले यो निस्तार चाढ़ मनाउनु पर्छ। ११तिनीहरूलाई
यो चाड़ दोस्रो महीनाको चौथौं दिनको गोधुली बेलामा
मनाउन देऊ। तिनीहरूले थुमासित अखमीरे रोटी र
तीतो साग खानु पर्छ। १२तिनीहरूले चढ़ाएको निस्तारबलि
भोलिपल्ट बिहानसम्म त्यसबाट केही बाँकी नराखून् र
त्यसको कुनै हाड्डी नभाँचुन। सबै निस्तार चाड़को नियम
अनुसार तिनीहरूले मानुन्। १३तर यदि कुनै मानिस
शुद्ध छ अनि टाड़ा पनि गएको छैन अनि अझ उसले
निस्तार चाड़ मनाउँदैन भने, रातको समयमा उसले
परमप्रभुलाई बलिदान नचाढाएको खण्डमा उसलाई उसको
मानिसहरूबाट बहिष्कार गर्नु पर्छ। त्यस्तो व्यक्तिले
उसको पापको निम्ति दण्ड पाउनेछ।

१४"यदि कुनै विदेशी तिमीहरूसित स्थायी रूपले
बासोबास गरिरहेको छ अनि उसले पनि निस्तार चाड़
मनाउन चाहन्छ भने उसले मनाउन सक्छ, तर त्यस
व्यक्तिले निस्तार चाड़को नियम पालन गर्नु पर्छ। त्यो
प्रत्येकको निम्ति नियम हो।"

## आगो र बादल

१५पवित्र वास स्थान, करारको पाल खड़ा गरेको
दिन परमप्रभुको बादलले त्यसलाई ढाक्यो। पवित्र स्थान
माथिको बादल राती आगो जस्तो देखियो। १६सब
समय त्यो बादल पवित्र पालमाथि रह्यो र राती चाँहि
त्यो बादल आगो जस्तो देखिन्थ्यो। १७जब पालमाथिको
बादल सर्थ्यो इस्राएली मानिसहरू पनि हिँड्थे र जब
बादल पालमाथि अड़िन्थ्यो ती मानिसहरूले त्यहीँ शिविर
हाल्थे। १८जब परमप्रभुले आज्ञा गर्नु भयो मानिसहरू
हिड़े र जब वहाँले आज्ञा दिनुभयो मानिसहरू हिड़न
बन्द गरे र तिनीहरूले छाउनी स्थापित गरे। जबसम्म
पवित्र पालमाथि बादल रहन्थ्यो मानिसहरू छाउनी भित्र
रहन्थे। १९कोही समय बादल पवित्र पालमाथि लामो
समयको निम्ति रहन्थ्यो। इस्राएलीहरूले परमप्रभुको
आज्ञा पालन गरेर कतै सर्दैनन् थिए। २०कहिले काही
बादल पवित्र पाल माथि केही दिनको लागि रहन्थ्यो।
परमप्रभुको आज्ञामा तिनीहरू छाउनी बसाल्थे र परमप्रभुकै
आज्ञामा तिनीहरू सर्थे। २१अनि कोही बेला साँझदेखि
बिहान सम्मै अड़िन्थ्यो, र बिहान बादल सरे पछि
तिनीहरू पनि हिड़थे। २२दुई दिन, एक महिना अथवा
पुरै एक वर्ष बादल पवित्र स्थानको पाल माथि अड़िरहे
इस्राएलको मानिसहरूको शिविर पनि त्यहीँ रहन्थ्यो र
कतै सर्दैनथ्यो। तर जब त्यो बादल सर्थ्यो इस्राएलका
मानिसहरू पनि यात्रा शुरू गर्थे। २३परमप्रभुको आज्ञा
अनुसार तिनीहरूले शिविर हाले अनि परमप्रभुकै आज्ञा
अनुसार यात्रा शुरू गरे। मोशाद्वारा तिनीहरूले परमप्रभुको
आज्ञा पालन गरे।

## चाँदीका तुरहीहरू

१० परमप्रभुले मोशालाई भन्नुभयोः २"दुइवटा
तुरहीहरू बनाऊ। चाँदी पिटेर तुरहीहरू बनाउनू।
यी तुरहीहरू मानिसहरूलाई एक साथ भेला गराउनु तथा
कति बेला छाउनीबाट यात्रा शुरू गर्नु पर्ने शंकेतको
निम्ति प्रयोग गरिनेछ। ३यदि दुवै तुरहीहरू लामो तानेर
बजाईयो भने सबै मानिसहरू भेट हुने पालको प्रवेशद्वारमा
भेला हुनेछन्। ४तर जब एउटा मात्र तुरही लामो
बजाइन्छ तब केवल कुलनायकहरू मात्र तिमीलाई भेटन
आउनेछन्। ती प्रमुखहरू इस्राएलका बाह्र कुल समूहका
हुन्।

५"जब तिमीहरूले तुरही बजाएर जागरन ध्वनी
दिन्छौ, पूर्वमा छाउनी बनाउने मानिसहरूले यात्रा शुरू
गर्ने छन्। ६जब तिमीहरूले दोस्रो पल्ट तुरहीको सूक्ष्म
ध्वनी दिन्छौ दक्षिणका छाउनीमा रहेकाहरूले यात्रा शुरू
गर्छन्। तिनीहरूले यात्रा शुरू गराउँदा चेतावनीको तुरही
बजाउनुपर्छ। ७तर जब तिमीहरू मानिसहरूलाई भेला
गराउँछौ भने तुरही दीर्घ फुक्नु पर्छ तर चेतावनी ध्वनि
नदेऊ। ८हारूनका छोराहरू, पूजाहारीहरूले तुरही फुक्नु
पर्छ। तिमीहरूको सन्तानको निम्ति यो नियम हुनेछ।

९"अनि जब तिमीहरू आफ्नो भूमिमा तिमीहरूलाई
आक्रमण गर्ने तिमीहरूको शत्रुको विरुद्धमा युद्ध गर्न
जान्छौ, तिमीहरूले चेतावनी दिने तुरही बजाऊ अनि
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू प्रति ध्यान
दिनुहुनेछ। अनि उहाँले तिमीहरूको रक्षा गर्नुहुनेछ।
१०तिमीहरूको हर्षको दिन, तिमीहरूको औंसीका
चाड़हरूका दिन तिमीहरूले होमबलि र मेलबलि चढ़ाउँदा
तुरही बजाउनु पर्छ। परमप्रभुको स्मरण गर्नु तिमीहरूको
निम्ति यो एउटा विशेष तरिका हुनेछ। म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ।"

## इस्राएलका मानिसहरूले उनीहरूको शिविर सार्छन्

११मानिसहरूले मिश्र देश छोड़ेको दोस्रो वर्षको
दोस्रो महीनाको बिसौं दिन साक्षीको पवित्र पालबाट

बादल सर्‍यो। १२यसकारण इस्राएलका मानिसहरूले सीनै मरूभूमिबाट आफ्नो यात्रा शुरू गरे। यात्रीहरू पारान मरूभूमिमा आइपुग्दा त्यो बादल अड़ियो। १३यसर्थ मानिसहरूले यात्रा शुरू गरेको यही पहिलो पल्ट थियो। परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार तिनीहरूले यात्रा गर्दैथे।

१४यहूदाको दलको शिविरबाट आफ्नो झण्डा लिएर तीन समूह पहिले गए। अम्मीनादाबको छोरो नहशोनले दलको नेतृत्व गरेका थिए। १५इस्साकारको कुलको अगुवाई सूआरका छोरो नतनेलले गरेका थिए। १६अनि त्यसपछि जबूलून कुलको दल आए र यस दलहरूका नायक हलोनका छोरो एलीआब थिए।

१७त्यसपछि पवित्र पाल उठाइयो अनि गेर्शोनी र मरारी कुलका मानिसहरूले त्यो पाल बोके। यसर्थ यस परिवारका मानिसहरू दोस्रो पङ्क्तिमा आए।

१८त्यसपछि रूबेन कुलका मानिसहरूले आफ्नो झण्डा लिएर यात्रा शुरू गरे। पहिलो दल रूबेनकै कुलबाट थियो। शेदेऊरको छोरो एलीसूर यस दलहरूको नायक थिए। १९त्यसपछि शिमोन कुलका मानिसहरू थिए। यस दलहरूका नायक सरीशद्दैका छोरो सलूमीएल थिए। २०अनि त्यसपछि गाद कुलका मानिसहरू आए अनि यस दलहरूका नायक रूएलका छोरो एल्यासाप थिए। २१त्यसपछि कहात कुलका मानिसहरू आए। तिनीहरूले पवित्र-स्थान भित्रको समान बोकेका थिए। तिनीहरू यस्तो समयमा आइपुगे कि त्यस समयमा अन्य मानिसहरूले नयाँ शिविरमा पवित्र पाल खड़ा गरी सकेका थिए।

२२त्यसपछि एप्रैमको शिविरका दलहरू आफ्नो झण्डा लिएर अघि बढ़े। अम्मीहूदका छोरो एलीशामा दलहरूको नेतृत्वमा थिए। २३पदासूरका छोरो गमलीएल मनश्शे कुलका दल नायक थिए। २४त्यसपछि गिदोनीका छोरो अबीदान बिन्यामीन दल समूहका नायक थिए।

२५अन्तमा दान कुल समूहका मानिसहरू तीन दलहरूमा आफ्नो झण्डा लिएर अघि बढ़े। यसमा पहिलो दलहरू दान कुलका मानिसहरू थिए। यस दलहरूको नायक अम्मीशद्दैका छोरो अहीएजेर थिए। २६त्यसपछि ओक्रानको छोरो पगीएल आशेर कुल समूहको दल नायक थिए। २७त्यसपछि नप्ताली कुल समूहका मानिसहरू अघि आए अनि यस दलहरूको नायक एनानका छोरो अहीरा थिए। २८यसरी नै इस्राएलका मानिसहरू एक ठाँउदेखि अर्को ठाँउ बसाँई सर्दै थिए।

२९मोशाले आफ्नो ससुरा रूएल मिद्यानीको छोरो होबाबलाई भने, "परमेश्वरले हामीलाई दिनेछु भनी प्रतिज्ञा गर्नु भएको ठाँउमा हामी जाँदैछौ, हामीसितै आउनुहोस्, हामी तपाईंलाई राम्रो गर्नेछौं। परमप्रभुले इस्राएलका मानिसहरूको निम्ति राम्रो राम्रो चिजहरू दिन्छु भनी प्रतिज्ञा गर्नु भएको छ।"

३०तर होबाबले उत्तर दिए, "होइन म तिमीहरूसित जान्न, म आफ्नौ देश र मानिसहरूकहाँ जान्छु।"

३१तब मोशाले भने, "तपाईंले हामीलाई नछाड्नु होस्। तपाईं हाम्रो पथ प्रदर्शक बन्न सक्नु हुन्छ कारण मरूभूमिको विषयमा हामीले भन्दा बेशी तपाईंले जान्नुहुन्छ। ३२यदि तपाईं हामीसित हिड्नु भए परमप्रभुले हामीलाई दिनु भएको असल चीजहरू बाँड़नेछौं।"

३३होबाब राजी भए अनि परमप्रभुको पर्वतबाट तिनीहरूले यात्रा शुरू गरे। पूजाहारीले परमप्रभुको करारको सन्दूक लिएर मानिसहरूको अगाड़ी हिड़े। तिनीहरूले पवित्र सन्दूक बोकेर नयाँ शिविर बनाउने ठाँउ खोज्दै तीन दिन सम्म हिड़े। ३४परमप्रभुको बादल प्रत्येक दिन तिनीहरू माथि नै रहन्थ्यो अनि प्रत्येक बिहान जब तिनीहरू शिविरबाट यात्रा शुरू गर्थे बादलले तिनीहरूलाई अगुवाई गर्थ्यो।

३५शिविर सार्नलाई जब मानिसहरूले पवित्र सन्दूक उठाँउथे, मोशाले सधैं भन्थे,

"हे परमप्रभु उठ्नुहोस, तपाईंको शत्रुहरू छरपष्ट हुन्। तपाईं देखि तपाईंका शत्रुहरू भागून्।"

३६अनि जब पवित्र सन्दूकलाई त्यसको ठाँउमा राखिन्थ्यो, सधैं मोशाले भन्थे,

"हे परमप्रभु इस्राएलका हजारौं हजारौं मानिसहरू भएको ठाँउमा आउनु होस्।"

## मानिसहरूको नलिश

११ जब मानिसहरूले परमप्रभु अघि एकदमै गनगनाउन थाले, परमप्रभु त्यो सुनेर उहाँ क्रोधित हुनु भयो र तिनीहरूको विरूद्धमा आगो पठाउनु भयो। अनि त्यस आगोले छाउनीको केही किनाराहरू पनि जलायो। २मानिसहरूले मोशालाई सहायता मागे अनि मोशाले परमप्रभुको प्रार्थना गरेर आगो निभाए। ३यसर्थ मानिसहरूले त्यस ठाँउको नाम 'तबेरा' राखे कारण परमप्रभुबाट उत्पत्ति भएको आगोले तिनीहरू कतिलाई पोलेको थियो।

## सत्तरी बूढ़ा-प्रधानहरू

४इस्राएलीहरूसँग रहेको विदेशीहरूको एउटा दलले मासु खान साह्रै इच्छा गरे चाड़ै सबै इस्राएली मानिसहरूले पनि मासुको लागि गनगनाउन थाले। ती मानिसहरूले विलाप गरेर भने, "हामीलाई मासु खानु कसले देला?" ५हामीले मिश्रमा हुँदा बिना मूल्य माछा खाएको सम्झना आँउछ। साग-पातहरू, काँक्रा, खरबुजा, हरियो साग सब्जी, प्याज अनि लसूनहरूको सम्झना आँउछ। ६तर अहिले हामीले भोक नै हरायौं। मन्न बाहेक केही खानेकुरा देख्दैनौ।" ७देख्दा मन्न धनियाँको मसिनो दाना जस्तो हुन्छ र यसको रंग रूखको चोप जस्तो देखिन्छ। ८मानिसहरूले मन्न बटुलेर ढुङ्गाले पिध्थे र भाँड़ामा

पकाउँथे अथवा यसलाई धूलो पारेर फुरौलो बनाउँथे। यसको स्वाद भ्रदाक्षको तेलमा पकाएको फुलौरोको जस्तो थियो। ९जब राती भूँइ शीतले भिज्छ मन्न भूँईमा झर्थ्यो।

१०प्रत्येक परिवारका मानिसहरू आ-आफ्नो पालको प्रवेशद्वारमा बसेर गनगनाई रहेका थिए। यसले परमप्रभुलाई अत्यन्तै रीस उठायो अनि मोशा पनि दुःखीत भए। ११मोशाले परमप्रभुलाई भने, "तपाईंको दासलाई किन कष्ट दिनु भयो? मैले तपाईंलाई किन सन्तुष्ट पार्न सकिन जसले गर्दा यी मानिसहरूको जिम्मावारी ममाथि थप्नु भयो? १२के मैले गर्भ धारण गरेर यी मानिसहरूलाई जन्माएको हुँ र? तपाईंले यिनीहरूका पुर्खाहरूसित प्रतिज्ञा गरेर दिन्छु भनेको भूमिमा एउटी रोगी-सेविकाले नानी बोकेर हिँड़े झैं यी मानिसहरूलाई छातीमा राखेर लैजानु भन्नुहुन्छ। १३जब यी मानिसहरू हामीलाई मासु खान दिनु भन्दै मसँग रुन्छन्, 'त मैले यिनीहरूलाई खुवाउने मासु कहाँ पाउनु?' १४यी मानिसहरूको हेरचाह गर्न म आफै योग्य छैन् कारण ममाथि जिम्मावारी एकदमै बेशी भयो। १५यदि तपाईं मसित यस्तै व्यवहार गर्नुहुन्छ र तपाईंले मलाई मन पराउनु हुन्छ भने बरू मलाई मारिदिनोस ताकि मैले आफ्नै कष्ट भोग्नु पर्दैन।"

१६परमप्रभुले मोशालाई भन्नुभयो, "सत्तरी जना बूढ़ा-प्रधानहरूलाई जम्मा गर जसलाई तिमीले बूढ़ा-प्राधानहरू अनि मानिसहरूको अगुवा जस्तै सम्मान गरेका छौ अनि तिनीहरूलाई म भए कहाँ भेट हुने पालमा ल्याऊ। १७अनि म तल आएर त्यहाँ तिमीसँग कुरा गर्नेछु। अनि तिमीमा भएको केही शक्तिको आत्मा लिनेछु र यसलाई तिनीहरूमाथि हाली दिनेछु। अनि तिनीहरूले पनि तिमीहरूसित मानिसहरूलाई डोह्रयाउने भारहरू लिन सहायता गर्नेछ, ताकि तिमी एक्लै त्यो सबै सहनु पर्दैन।

१८"अनि मानिसहरूलाई भन तिमीहरूले आफैलाई पवित्र बनाएर राख भोलि तिमीहरूले मासु खानेछौ। 'हामी मासु खान चाहन्छौ! हाम्रो लागि मिश्रमा नै राम्रो थियो।' भनी तिमीहरू रोएको परमप्रभुले सुन्नु भएको थियो। यसर्थ अब परमप्रभुले तिमीहरूलाई मासु दिनुहुनेछ र खान सक्ने छौ। १९तिमीहरूले एक दिन, अथवा दुई दिन, अथवा पाँच दिन मात्र होइन दश दिन अथवा बीस दिन भन्दा बढ़ी मासु खानेछौ। २०तिमीहरूले महीना भरि मासु खाने छौ। तिमीहरूले मासु खाने छौ जब सम्म तिमीहरू यसको लागि बिमार हुनेछौ। तिमीहरूलाई यस्तो हुनेछ किनभने तिमीहरूले परमप्रभुको विरुद्ध आरोप लगायौ। परमप्रभु तिमीहरूको माझमा रहनुहुन्छ अनि तिमीहरूलाई के आवश्यक छ जान्नु हुन्छ्। तर रोयौ अनि उहलाई आरोप लगायौ तिमीहरूले भन्यो हामी किन मिश्रमा सदा रहेनौ?'"

२१तब मोशाले भने, "अहिले मसित पैदल हिड़ने ६००,००० मानिसहरू छन् अनि तपाईं भन्नुहुन्छ, 'म तिनीहरूलाई पुरै एक महीना मासु खान दिन्छु।' २२के यी सबै भेड़ा तथा बाखाको बगाल तथा गाई-गोरूको बथान मार्दा पनि तिनीहरूको निम्ति प्रर्याप्त हुन्छ र? के समुद्रका सबै माछाहरू मारे पनि तिनीहरूको निम्ति प्रर्याप्त हन्छ र?"

२३परमप्रभुले मोशालाई भन्नुभयो, "के परमप्रभुको शक्ति सीमित छ? अब तिमीले देख्नेछौ मैले भनेको कुरो तिमीले पाउनेछौ कि छैनौ।"

२४यसकारण मोशा बाहिर आए अनि परमप्रभुले तिनलाई भन्नु भएको कुरा मानिसहरूलाई भने। अनि इस्त्राएलका बूढ़ा-प्रधानहरूबाट सत्तरी जना भेला पारेर तिनीहरूलाई पालको वरिपरि उभ्याए। २५तब परमप्रभु बादलमा तल आउनु भयो र मोशालाई भन्नुभयो। तब परमप्रभुले केही आत्मा जो मोशा माथि थियो लिएर ती इस्त्राएलीहरूको ७० जना बूढ़ा प्रधानहरू माथि हालि दिनु भयो तिमीहरूले अगमवाणी बोल्न शरू गरे। त्यही समय मात्र थियो कि यी मानिसहरूले यस्तो गरे, उनीहरू माथि पवित्र आत्मा आए पछि। २६त्यहाँ छाउनी भित्र दुईजना व्यक्ति एलदाद र मेदाद थिए। तिनीहरूको नाम ७० जना बूढ़ा प्रधानहरूको सूचीमा हालिएको थियो। तर तिनीहरू छाउनी बाहिर गएका थिएनन्। तापनि आत्मा तिनीहरूमाथि पनि आयो र तिनीहरूले अगमवाणी गरे। २७एकजना जवान मानिस मोशा कहाँ दगुर्दै आएर भन्यो, "छाउनीमा एलदाद र मेदादले अगमवाणी गरिरहेका छन्।"

२८युवावस्थाबाट नै मोशाको सहायक रहेको नूनका छोरो यहोशूले तिनलाई भन्यो, "हे परमप्रभु! तिनीहरूलाई रोक्नु होस्।"

२९तर मोशाले उसलाई भने, "के तिमी मेरो डाह गर्छौ? म इच्छा गर्छु कि परमप्रभुले उहाँको आत्मा सबै मानिसहरूलाई आफ्नो हुनेछ यसकारण सबै अगमवक्ताहरू हुन सकुन।" ३०त्यसपछि मोशा अनि सबै इस्त्राएलका बूढ़ा-प्रधानहरू छाउनीमा फर्के।

## बट्टाई चराहरू आउछन्

३१परमप्रभुबाट बतास चल्न थाल्यो र समुद्रबाट बट्टाई चराहरू ल्याएर छाउनीको वरिपरि छरिदियो। यसरी ती बट्टाईहरू यति बिघ्न थिए कि तिनीहरू बाटोमा एकजना मानिसले दिन भरिमा हिड़ी सक्ने लम्बाईमा र जमीनदेखि तीन फुट बाक्लो थियो। ३२तिनीहरूले दिन अनि रात भरि बट्टाई चरा बटुले अनि सब भन्दा कम्ती बटुल्नेले पनि पुग नपुग दश होमर बटुल्यो। मानिसहरूले घाममा मासु सुकाउन छाउनी वरिपरि फिँजाए।

३३यद्यपि तिनीहरूको दाँतले मासु चपाउँदै थिए र तिनीहरूले यो खाई सक्नु अघि परमप्रभु तिनीहरूसित

अतिनै क्रोधित हुनुभयो र परमप्रभुले तिनीहरूमाथि डर
लाग्दो हैजा फैलाइदिनु भयो। ३४यसकारण त्यस ठाँउको
नाम किब्रोथ-हत्तावा राखियो किन भने तिनीहरू मासु
खान धेरै लालची भएका थिए र हैजाले तिनीहरू मरे।
३५किब्रोथ-हत्तावाबाट हसेरोत तिर लागे जहाँ तिनीहरू
बास बसे।

## मरियम र हारूनले मोशाको विरोधमा नालिश गरे

१२ मरियम र हारूनले मोशाको विरुद्धमा आलोचना
गरे किनभने तिनले एउटी कूशी महिलासित
विवाह गरे। २तिनीहरूले भने, “के परमप्रभु मोशा
मार्फत मात्र बोल्नु भयो र? के उहाँ हामी मार्फत बोल्नु
भएन?”
परमप्रभुले यो कुरा सुन्नुभयो। ३मोशा अति नै विनम्र
मानिस थिए। पृथ्वीमा तिनी कुनै पनि मानिस भन्दा
अधिक विनम्र मानिस थिए। ४परमप्रभुले तुरून्तै मोशा,
हारून र मरियमलाई बोलाउनु भयो, “तिमीहरू तीनजना
भेट हुने पालमा आऊ।”
यसकारण ती तीन जना त्यहाँ गए। ५तब परमप्रभु
बादलको खम्बामा आउनु भयो र पालको प्रवेशद्वारमा
उभिनु भयो, “हारून र मरियम!” बोलाउनु भयो। तब
यी दुईजना बाहिरा आए। ६परमप्रभुले भन्नुभयो, “मलाई
सुन! जब तिमीहरू माझ अगमवक्ता छन् म, परमप्रभु
आफै दर्शनमा उसलाई परिचय दिन सक्छु। म सपनामा
त्योसित कुरा गर्न सक्छु। ७तर मोशा त्यस्तो होइन। ऊ
मेरो विश्वासी दास हो र मेरो सबै घरानामा उसलाई
विश्वास गर्न सक्छु। ८जब म उनीसित बात गर्छु, म
आम्ने-साम्ने बात गर्न सक्छु। जे सुकै म सोच्छु उसले
जान्न पर्छ। मैले उसलाई अड़को प्रयोग नगरी भन्न
सक्छु। अनि मोशाले परमप्रभुको रूप देख्न सक्छन्।
यसकारण तिमीहरू किन मेरो दासको विरूद्धमा बोल्न
डराएनौ?”
९परमप्रभु तिनीहरूसित साह्रै क्रोधित हुनुभयो र
तिनीहरूलाई त्याग्नु भयो। १०बादल पालबाटमाथि उठयो।
हारूनले मारियमतिर र हेरे अनि देखे कि तिनको छाला
हिँउ झैँ सेतो भएको थियो अनि त्यो तिनलाई भयङ्कर
चर्म रोग लाग्यो।
११तब हारूनले मोशालाई भने, “महाशय विन्ती छ,
हामीले मूर्खतापूर्वक गरेको पाप दया गरी माफ दिनुहोस।
१२कृपा गरी गर्भमा कुहेको नानीको झैँ उसले आफ्नो
छाला गुमाउनु नदिनुहोस्।” कहिले काही मृत जन्मेको
बच्चाको आधा छाला सड़ेको हुन्छ।
१३यसकारण मोशाले परमप्रभुलाई प्रार्थना गरे, “हे
परमेश्वर कृपा गरी उसलाई रोग मुक्त गराइ दिनु
होस्।”
१४परमप्रभुले मोशालाई उत्तर दिनुभयो, “यदि तिनको
बाबुले तिनको मुखमा थुकिदिए भने, तिनी सात दिन
सम्म लज्जित हुनुपर्छ। यसकारण तिनलाई सात दिन
सम्म छाउनी बाहिर राख। त्यति समय पछि, तिनी
स्वस्थ हुन्छिन। त्यसपछि तिनी छाउनीमा फर्की आउन
सक्छिन्?”
१५यसर्थ तिनीहरूले मरियमलाई सात दिन सम्म
छाउनी बाहिर राखे अनि तिनलाई छाउनीमा फर्काई
नल्याए सम्म मानिसहरू त्यस ठाँउबाट कतै गएनन्।
१६त्यसपछि मानिसहरूले हसेरोतबाट छाउनी उठाई पारान
मरूभूमि सम्म यात्रा गरी त्यहीँ छाउनी हाले।

## कनान देशको अन्वेषण

१३ परमप्रभुले मोशालाई भन्नुभयो, २“केही
मानिसहरूलाई कनान देशको जासूस गर्नु पठाऊ।
त्यही भूमि म इस्राएलका मानिसहरूलाई दिनेछु। बाह्र
कुल समूहहरूको प्रत्येक कुलसमूहबाट एकजना नायक
पठाऊ।” ३यसकारण मोशाले परमप्रभुको आज्ञा पालन
गरे। पारान मरूभूमिमा मानिसहरू छाउनी हालेर बसेको
समय मोशाले यी नायकहरू पठाए। ४ती नायकहरूको
नाम यी नै हुन्:

रूबेनको कुलबाट जक्करको छोरो शम्मू,
५ शिमोनको कुलबाट होरीको छोरो साफात,
६ यहूदाको कुलबाट यपून्नेको छोरो कालेब,
७ इस्साकारको कुलबाट यूसुफको छोरो यिगाल,
८ एप्रैमको कुलबाट नूनको छोरो होशे,
९ बिन्यामीन कुलबाट रफूको छोरो पलती,
१० जबूलूनको कुलबाट सोदीको छोरो गद्दीएल,
११ मनश्शे कुलबाट सूसीको छोरो गद्दी,
१२ दानको कुलबाट गमल्लीको छोरो अम्मीएल,
१३ आशेरको कुलबाट माइकलको छोरो सतूर,
१४ नप्तालीका कुलबाट वोप्सीको छोरो नहबी,
१५ गादको कुलबाट माकीको छोरो गूएल।

१६मोशाले भूमि हेर्न र अध्ययन गर्न पठाएको
मानिसहरूको नाम यी नै हुन्। मोशाले होशेलाई यहोशू
भनी बोलाउँथे।
१७यद्यपि तिनीहरूलाई कनान देश जासूस गर्न
पठाउँदा मोशाले भन्यो, “तिमीहरू पहाड़ीतिर जाऊ।
१८अनि हेर, भूमि हेर्दा कस्तो देखिन्छ। त्यहाँ बस्ने
मानिसहरू बलिया छन् अथवा दूर्वल, अथवा कम्ती
छन् अथवा ठूलो जन सँख्यामा तिनीहरू बस्ने जग्गा
राम्रो छ अथवा खराब, हेरर बुझ। कस्तो शहरमा
तिनीहरू बसेका छन्? १९तिनीहरू राम्रो कि नराम्रो
छन्? तिनीहरू कस्तो किसिमका शहर भित्र बस्छन्?
शहरहरू अत्यन्तै सुरक्षित छन्। तिनीहरू खुल्ला गाउँहरूमा
बस्छन् अथवा किल्लाहरूमा बस्छन्? २०हेर जमीन
मलिलो छ वा रुखा छ, अनि हेर यदि त्यहाँ रूखहरू
छन् कि छैनन्। त्यस भूमिबाट केही फलहरू ल्याउनु

जातिसक्दो कोशिस गर।" त्यस समय दाखको प्रथम उलको कटनीको समय थियो।

२१यसकारण तिनीहरू सीनको मरूभूमि देखि रहोब द्वारा लेबो हमात तिर चढ़े अनि त्यस भूमिको जाँच गरे। २२तिनीहरू नेगेवबाट उँभो चढ़ेर अहीमन, शैशै अनि तल्मै हुँदै हेब्रोन पुगे, जहाँ अनाकका सन्तति बस्ने गर्थे। हेब्रोन शहर मिश्रमा सोआना शहर बनिनु भन्दा सात वर्ष अघि बनिएको थियो। २३त्यस पछि तिनीहरू एश्कोल बेंसीमा आए। तिनीहरूले त्यहाँ एक झुप्पा दाख काटी एउटा घोचोमा दुइजनाले बोकेर ल्याए। तिनीहरूले अनार र नेभारा पनि ल्याए। २४इस्राएलका मानिसहरूले त्यस ठाँउबाट दाखको झुप्पा काटेको हुनाले त्यस ठाँउको नाम नै एश्कोल बेंसी रह्यो।

२५चालीस दिनको अन्तमा तिनीहरू त्यो भूमि बारेमा खोजी गरी फर्के। २६पारान मरूभूमिको कादेश भन्ने ठाँउमा जहाँ मोशा, हारून र सबै इस्राएली मानिसहरूलाई भेला भएर बसेका थिए अनि तिनीहरूको खबर तिनीहरूकहाँ ल्याए अनि तिनीहरूलाई त्यस भूमिको फल देखाए। २७तिनीहरूले मोशालाई भने, "हामीलाई तपाईंले पठाउनु भएको भूमिमा गयौं। साँच्चै नै यो भूमि दूध र मह बगिरहेको भूमि रहेछ। अनि त्यस भूमिबाट हामीले ल्याएको फलहरू यी नै हुन्।

२८जो मानिसहरू त्यस भूमिमा बसेकाछन् तिनीहरू बलिया छन् अनि शहरहरू अत्यन्तै विशाल र पर्खालले घेरिएका छन्। त्यहाँ हामीले अनाकको सन्तानहरू अनाकीहरूलाई पनि देख्यौं। २९नेगेव भूमिमा अमालेकीहरूले बसो-बास गरेको पायौ भने पहाड़ी क्षेत्रमा हित्ती, यबूसी अनि एमोरीहरू, अनि समुद्रको किनार र यर्दन नदीको किनारमा कनानीहरू बसो-बास गर्दै रहेछन्।"

३०त्यसपछि कालेबले मोशाकै नजीक मानिसहरूलाई शान्त गराएर भने, "हामी त्यहाँ तुरून्त जानु पर्छ र यसलाई लिनु पर्छ। किनभने निश्चय नै त्यसमाथि हामीले विजय हासील गर्नेछौं।"

३१तर मानिसहरू जो ऊसित गएका थिए भने, "तिनीहरू माथि आक्रमण गर्नु हामी सक्षम हुने छैनौ किनभने तिनीहरू हामी भन्दा बलिया छन्।"

३२यसकारण तिनीहरूले त्यस भूमिको विषयमा खोजी गरेर नैराश्यपूर्ण वृतान्त इस्राएली मानिसहरूको निम्ति ल्याएका थिए। तिनीहरूले भने, "त्यस भूमिमा धेरै बलिया बलिया मानिसहरू रहेछन् र त्यस भूमिमा जाने कुनै पनि मानिसहरूलाई तिनीहरूले सजिलै जित्न सक्छन्। ३३हामीले त्यहाँ नपीलीहरू अनाकका सन्तान जसबाटलाई देख्यौ र तिनीहरूले हामीलाई मसिनो फट्यांग्राहरूलाई झैं हेरे। साँच्चै तिनीहरूको सामुन्ने हामी फट्यांग्राहरू झैं लाग्थ्यौं।"

## मानिसहरू फेरि गनगनाए

१४ सबै मानिसहरू छाउनीभित्र त्यस रातभरि कराई कराई रोइ रहे। २इस्राएलका सबै मानिसहरूले मोशा र हारूनको विरूद्धमा गनगनाए। सबै मानिसहरूले तिनीहरूलाई भने, "यदि हामी मिश्रदेशमा नै अर्थात् यो मरूभूमिमा मरेको भए राम्रो हुनेथियो। ३किन परमप्रभुले हामीलाई लड़ाईमा तरवारले काटी मार्न त्यस भूमिमा लैजानु हुँदैछ? हाम्रा जहान बालबच्चाहरू पनि लूटिने समान झैं लूटमा पक्रा पर्नेछन्। हामीलाई मिश्र देशमा फर्किनु नै असल हुन्छ।"

४तिनीहरूले एक अर्कामा भने, "एकजना अगुवा चुनौं र मिश्रदेश फर्कौं।"

५सबै इस्राएली मानिसहरूको सामुन्ने मोशा र हारून भूईंमा घोप्टो परे। ६नूनको छोरो यहोशू र यपून्नेको छोरो कालेब भूमिको जाँच गर्न जानेहरू मध्ये दुईजना थिए तिनीहरूले लुगाहरू च्याते मानिसहरूले गनगन गरेकोमा तिमीहरूको दु:ख। ७यहोशू र कालेबले इस्राएलका सम्पूर्ण समुदायलाई भने, "यो भूमि जसलाई हामीले जाँच गर्‍यौं त्यो धेरै राम्रो भूमि छ। ८यदि परमप्रभु हामीसित सन्तुष्ट हुनु भए उहाँको अगुवाईमा हामीलाई त्यस भूमिमा पुर्‍याउनु हुनेछ अनि त्यो दूध र मह बग्ने भूमि हामीलाई दिनु हुनेछ। ९यसर्थ परमप्रभु-विरूद्ध विप्लव नगर, त्यस भूमिका मानिसहरूसित नडराऊ किनभने हामी तिनीहरूलाई सजिलै जित्नेछौं। तिनीहरूको सुरक्षा तिनीहरूबाट हरण गरिएको छ। तर हामीसित भने परमप्रभु हुनुहुन्छ, तिनीहरूसित नडराऊ।"

१०तर त्यहाँ भएका सबै मानिसहरूले यहोशू र कालेबलाई ढुङ्गाले हिर्काएर मार्ने सल्लाह गरे। त्यसपछि भेट हुने पालमा सबै इस्राएली मानिसहरूको सामुन्ने परमप्रभुको महिमा देखा पर्‍यो। ११परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूले कहिले सम्म मसित घृणीत व्यवहार गर्छन्? यिनीहरूको माझमा मैले यी सबै महान चिन्हहरू देखाई सकेको छु र अब कहिले सम्म तिनीहरूले मलाई अविश्वास गर्छन्? १२तिनीहरू माथि म महामारी ल्याएर ध्वंश पार्छु अनि तिमीद्वारा नै म तिनीहरू भन्दा ठूलो र शक्तिशाली राष्ट्र निर्माण गर्नेछु।"

१३तब मोशाले परमप्रभुलाई भने, "मिश्र देशवासीहरूले यदि यो कुरा चाल पाए के भन्लान्? कारण तपाईंले नै यिनीहरूलाई आफ्नो शक्तिको प्रभावले तिनीहरूको माझबाट ल्याउनु भएको हो। १४अनि मिश्रका मानिसहरूले कनानीहरूलाई यस विषयमा भन्नेछन् कारण तिनीहरू जान्दछन् कि तपाईंलाई देखेका छन्। तिनीहरूले यो पनि जान्दछन् कि तपाईं परमप्रभु हुनुहुन्छ र तिनीहरूले जान्दछन् कि मानिसहरूले तपाईंलाई देखेका छन्। तिनीहरूले यो पनि जान्दछन् कि मानिसहरूको अगुवाई गर्ने दिनमा तपाईंले बादलको प्रयोग गर्नु भएको छ भने

रातमा आगोको प्रयोग गर्नु भएको छ। १५यसर्थ अहिले तपाईंले यी मानिसहरूलाई मार्नु हुँदैन। यदि तपाईंले मार्नु भयो भने तपाईंको शक्तिको बारेमा जान्ने सबै राष्ट्रहरूले भन्नेछन्, १६'आफूले शपथ गरेको भूमिमा मानिसहरूलाई ल्याउन नसक्दा परमप्रभुले तिनीहरूलाई मरूभूमिमा मार्नुभयो।'

१७"यसर्थ अहिले हे मालिक आफ्नो महामहिमा प्रदर्शन गर्नुहोस्। तपाईंले प्रतिज्ञा गरे झैं देखाउनु होस्। १८तपाईंले भन्नुभयो, 'परमप्रभु ढिलो क्रोधित हुनुहुन्छ, परमप्रभु करूणामय हुनुहुन्छ। कानून अमान्य गरी जो दोषी बनिन्छ त्यस्ताहरूलाई परमप्रभुले क्षमा दिनुहुन्छ। तर जो दोषी छन् तिनीहरूलाई परमप्रभुले सदैव दण्ड दिनुहुन्छ। परमप्रभुले यस्ता मानिसहरूलाई, तिनीहरूका छोरा-छोरीहरूलाई, तिनीहरूका नाती-नातिनी तथा पनाती पनातिनीहरू सम्मलाई तिनीहरूले गरेको खराब कार्यको निम्ति दण्ड दिनुहुन्छ।' १९अहिले तपाईंले मानिसहरूलाई आफ्नो महान करुणा देखाउनु होस र मिश्र देश छोड़ेर आएको दिनदेखि जसरी क्षमा गर्दै आउनु भएकोछ आज पनि ती मानिसहरूलाई क्षमा गरिदिनु होस्।"

२०परमप्रभुले भन्नुभयो, "तिमीले भने जस्तै म तिनीहरूलाई क्षमा दिनेछु। २१तर म साँचो भन्दछु, जस्तो म जीवित छु र जसरी परमप्रभुको महिमाले पृथ्वी नै भरिन्छ, २२-२३ती सबै मानिसहरू मेरो महिमा र मेरा आश्चर्य चिन्हहरू जो मैले मिश्र देशमा देखाएको देखेका छन् अनि दश पल्ट मलाई परीक्षा लिएका छन् र ऐले मेरो कुराहरू मान्दैनन्, यी सब मानिसहरूले मैले तिनीहरूको पुर्खाहरूसित दिन्छु भनी शपथ गरेको भूमि देख्न पाउने छैनन्। २४तर मेरो दास कालेब जसले भिन्दै प्रकारले सोच्छ अनि त्यसले सम्पूर्ण रीतिले मेरो अनुसरण गर्छ म उसलाई त्यो भूमिमा जहाँ ऊ गयो ल्याउनेछु र उसको सन्तानले त्यो भूमि उपभोग गर्नेछ। २५अमालेकीहरू र कनानीहरू त्यही बेंसीमा बसिरहेका छन्। यसर्थ भोलि तिमीहरूले यो ठाउँ छाड़नु नै पर्छ र लाल समुद्र को बाटो भएर तिमीहरू त्यो मरूभूमिमा फर्की जाऊ।"

## परमप्रभुले मानिसहरूलाई दण्ड दिनुहुन्छ

२६परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २७"मेरो विरुद्धमा यी दुष्ट मानिसहरूले कहिले सम्म नालिश गरिरहने। इस्राएलका मानिसहरूले मेरो विरुद्धमा लगाएको नालिश मैले सुनेको छु। २८तिनीहरूलाई भनी देऊ, 'जस्तो म जीवित छु परमप्रभु भन्नुहुन्छ तिमीहरूले परमप्रभुको विरोधमा जे जति भनेका थियौ ती सब पूर्ण गरी दिनेछु। तिमीहरूलाई जे गर्नेछु त्यो यही हो। २९तिमीहरूको बीचमा प्रत्येक व्यक्ति जो बीस वर्ष अथवा वेशी उमेरको छ अनि मेरो मानिस भनी गन्ती भएको थियो, त्यो यही मरूभूमिमा मर्नेछ। तिमीहरूले म परमप्रभुको विरुद्ध नालिश गर्‍यौ। ३०यसर्थ तिमीहरू मध्ये त्यो मैले दिन्छु भनी प्रतिज्ञा गरेको भूमिमा कोही पनि पस्न पाउने छैन्। केवल यपून्नेको छोरो कालेब र नूनको छोरो यहोशू त्यो भूमिमा पस्नेछन्। ३१तिमीहरूले नालिश गर्‍यौ कि त्यो नयाँ भूमिमा तिमीहरूका शत्रुहरूले तिमीहरूका नानीहरू खोसेर लैजानेछन्। तर म तिमीहरूलाई भन्छु कि म ती नानीहरू ल्याउनेछु र तिनीहरूले त्यसभूमिमा ती चीजहरू आनन्दले उपभोग गर्नेछन जुन तिमीहरूले अस्वीकार गर्‍यौ। ३२तर तिनीहरूको निम्ति तिमीहरू यही मरूभूमिमा नै मर्ने छौ!

३३"'तिमीहरूका नानीहरू मरूभूमिमा चालीस वर्ष सम्म गोठालो भई बस्नेछन्। तिमीहरू म प्रति अविश्‍वासी हुनाको कारणले ती तिमीहरूका नानीहरूले तिमीहरू मरूभूमिमा सबै जना नमरून्जेल सम्म कष्ट भोग्नेछन्। ३४त्यो भूमिको खोजीमा मानिसहरूले चालीस दिन लगाएको हुनाले दिनको एक वर्षको हिसाबले तिमीहरूले चालीस वर्ष सम्म कष्ट भोग्ने छौ। तिमीहरूले चाल पाउनेछौ कि म तिमीहरूको विरोधी हुँदा के हुँदो रहेछ।

३५"'म परमप्रभुले बोलेको हुँ र म प्रतिज्ञा गर्छु कि यी सब दुष्ट मानिसहरू विरुद्ध यी कुराहरू गर्छु नै। यी मानिसहरू मिलेर मेरो विरोधमा खड़ा भए, यसर्थ यो मरूभूमिमा यिनीहरू मर्छन्।'"

३६ती व्यक्तिहरू ज-जसलाई मोशाले भूमि जांच गर्न पठाएका थिए तिनीहरूले भूमिको विषयमा इस्राएली मानिसहरूको निम्ति नराम्रो खबर लिएर आए। यसो गरेर तिनीहरूले सारा समूदायलाई उनको विरूद्धमा गनगन गर्ने बनाए। ३७ती सबै मानिसहरूलाई मार्न परमप्रभुले महामारी खन्याई दिनुभयो किनभने मानिसहरूमा भ्रम फैलाउने कसुर तिनीहरूको थियो। ३८तर नूनका छोरो यहोशू र यपून्नेका छोरो कालेब पनि ती भूमि बिषेयमा खोजी गर्न पठाइएका मानिसहरू बीच कै थिए, ती दुईजनालाई परमप्रभुले रक्षा गर्नुभयो।

## मानिसहरूको पुन:विरोध

३९जब मोशाले यी सब कुराहरू इस्राएली मानिसहरूलाई बताइदिए तिनीहरू अत्यन्तै शोकाकुल भए। ४०बिहानै उठेर मानिसहरू पाहाड़ी इलाका तिर उक्लनु थाले। मानिसहरूले भने, "हामीले पाप गरेका छौं। परमप्रभुलाई हामीले अविश्‍वास गर्‍यौ, यसर्थ हामी पश्‍चताप गर्छौं र हामी परमप्रभुले दिन्छु भनी प्रतिज्ञा गर्नु भएको भूमिमा जानेछौं।"

४१तर मोशाले भने, "परमप्रभुको आज्ञा किन पालन गरिरहेका छैनौ? तिमीहरू सफल हुँदैनौ। ४२त्यसभूमिमा नजाऊ कारण परमप्रभु तिमीहरूको साथमा हुनुहुन्न र शत्रुहरूले साजिलै तिमीहरू माथि विजय प्राप्त गर्नेछ। ४३त्यहाँ अमालेकी र कनानी मानिसहरू तिमीहरूको विरोधमा लड़नेछन्, तर तिमीहरूले परमप्रभुलाई छोड़ी

दिएकोले उहाँ तिमीहरूले लड़ेको लड़ाँईमा साथ दिनुहुने छैन र तिमीहरू सबै मर्नेछौं।"

४४तर मानिसहरूले मोशाको कुरामा विश्वास गरेनन् र तिनीहरू पहाड़ी इलाकातिर गए। तर मोशा रे परमप्रभुको करारको सन्दूक ती मानिसहरूसित गएन। ४५त्यो पहाड़ी इलाकामा बस्ने अमालेकी र कनानी मानिसहरू तलतिर उत्रेर ती इस्राएली मानिसहरूमाथि आइलागे। अमालेकी र कनानी मानिसहरूले इस्राएली मानिसहरूलाई सजिलै परास्त पारि तिनीहरू सबैलाई होर्मासम्म खेद्दै लगे।

### बलिको विषयमा नियमहरू

**१५** परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भन जब तिमीहरू मैले दिन्छु भनेको भूमिमा पस्छौ, ३तिमीहरूले परमप्रभुलाई आगोद्वारा विशेष बलिदान चढ़ाउनु पर्छ। त्यो विशेष बलिदानको सुगन्धले परमप्रभुलाई आनन्द दिनेछ। तिमीहरूले होमबलि अथवा कुनै पनि बाख्रा, भाकल बलिदानको बलि, विशेष बलि, मेलबलि राजीखुशीको बलि अथवा कुनै चाड़को निम्ति विशेष बलिमा गाई-वस्तु र भेड़ा अथवा बाख्राहरू चढ़ाउनेछौ।

४"एकजना व्यक्तिले उपहार ल्याउँदा उसले परमप्रभुलाई अन्नबलि पनि दिनुपर्छ। बलि चढ़ाउँदा अन्नबलिमा एक चौथाई हीन भद्राक्षको तेल हालेर आठ कप मसिनो पीठो ल्याउनु पर्छ। ५जब तिमी होमबलि साथमा अर्घबलिको निम्ति थुमा चढ़ाउँछौ एक चौथाई हीन दाखरस पनि चढ़ाउनु पर्छ।

६"यदि तिमी भेड़ा बलि चढ़ाउँछौ भने तिमीले अन्नबलि पनि तयार पार्नु पर्छ। अन्नबलिमा एपाको दश खण्डको दुइ खण्ड मसिनो पीठोमा हीनको तीन खण्डको एक खण्ड भद्राक्षको तेल मिसाउनु पर्छ। ७अनि अर्घबलिको निम्ति हीनको तीन खण्डको एक खण्ड दाखरस राख्नु पर्छ र यसले परमप्रभुलाई मीठो वास्ना दिनेछ।

८"तिमीले यदि आफ्नो होमबलि, वा बलिदान, मेलबलि अथवा कुनै विशेष भाकलको निम्ति एउटा जवान साँढ़े तयार पार्न सक्छौ। ९त्यस समयमा जवान साढ़ेसित तिमीले अन्न बलि पनि ल्याउनु पर्छ। अन्न बलि आधा हीन भद्राक्षको तेल मिसाएको एपाको दश खण्डको तीन खण्डको मसिनो पीठो हुनु पर्छ। १०अर्घबलिको निम्ति आधा हीन दाखरस पनि ल्याउनु पर्छ। यो बलि आगोद्वारा चढ़ाइन्छ र यसको सुगन्धले परमप्रभुलाई प्रसन्न पार्छ। ११प्रत्येक साँढ़े अथवा भेड़ा अथवा थुमा अथवा बाख्राको पाठो परमप्रभुलाई बलि स्वरुप चढ़ाउँदा यसरी तयार पार्नु पर्छ। १२यी कुनै आवश्यक छैन कति पशुहरू तिमीहरूले तयार गर्छौ, तर तिमीले यो प्रत्येक को निम्ति गर्नु पर्छ।

१३"इस्राएलका प्रत्येक नागरिकले परमप्रभुलाई प्रसन्न गराउँन बलि चढ़ाउँदा यही तरिकाले अगोद्वार चढ़ाउनु पर्छ। १४यदि तिनीहरू बीचमा बस्ने विदेशीहरूले आगोद्वारा बलि चढ़ाएर परमेश्वरलाई खुशी पार्न चाहन्छ भने, तिमीहरूले तिनीहरूले जस्तै बलि चढ़ाउनु पर्छ। १५यही नियमहरू इस्राएलका मानिसहरू र तिनीहरूसित यो देशमा बसो बास गर्ने विदेशीहरू प्रत्येकको निम्ति लागू हुनेछ। यही कानून सदा सर्वदा लागू रहनेछ। तिमी र तिमीहरूसित बसो-बासो गर्ने विदेशीहरू परमप्रभुको उपस्थितीमा एकै हुन्। १६त्यही नियम र विधि तिमीहरूको निम्ति र विदेशीहरूको निम्ति लगाइन्छ जो तिमीहरूसित बसो-बास गर्छन्।"

१७"परमप्रभुले मोशालाई भन्नुभयो, १८"इस्राएलका मानिसहरूलाई भनः जब तिमीहरू मैले लैजाँदै गरेको भूमिमा पुग्छौ, १९अनि त्यस भूमिमा उब्जेको खाद्य जब तिमीहरू खान्छौ, तिमीहरूले परमप्रभुलाई बलि चढ़ाउनै पर्छ। २०तिमीहरूको पहिलो डल्लोबाट तिमीहरूले एउटा रोटी बलि झैं चढ़ाउनु पर्छ। यो तिमीहरूले यस्तै प्रकारले चढ़ाउनु पर्छ जस्तो तिमीहरूको खलाबाट बलिहरू चढ़ाइरहेछौ। २१यो नियम सदा-सर्वदाको निम्ति लागू रहनेछ र त्यो डल्लाबाट परमप्रभुको निम्ति प्रथम बलि तिमीहरूले चढ़ाउँनु पर्छ।

२२"अब परमप्रभुले मोशालाई दिनु भएको आज्ञाहरूमा यदि तिमीहरूले कुनै एक आज्ञा पालन गर्न भूल भयो अथवा बिर्स्यौ भने के गर्नुपर्छ? २३मोशा मार्फत परमप्रभुले यी आज्ञाहरू तिमीहरूलाई दिनुभयो। परमप्रभुले यी आज्ञाहरू तिमीहरूलाई दिनु भएकै दिनदेखि यिनीहरू लागू छन्। अनि यी आज्ञाहरू निरन्तर चलिरहनेछन्। २४यसर्थ यदि तिमीहरूले यी आज्ञाहरू मध्ये कुनै एउटा पालन गर्न भूल्यौ अथवा बिर्स्यौ भने के गर्छौ? यदि यी आज्ञाहरू मध्ये कुनै एउटा आज्ञा इस्राएलका सारा निवासीहरूले पालन गर्न भूले अथवा बिर्से तब इस्राएलका सारा मानिसहरूले परमप्रभुलाई एउटा जवान साँढ़े होमबलि चढ़ाउनु पर्छ। अन्नबलि र अर्घबलि पनि चढ़ाउनु बिर्सनु हुँदैन। यो बलिको सुगन्धले परमप्रभुलाई सन्तुष्ट तुल्याउँछ। तिमीहरूले पापबलिको निम्ति एउटा पाठो पनि चढ़ाउनु पर्छ।

२५"यस प्रकार पूजाहारीले इस्राएलका समस्त मानिसहरूको समुदायलाई प्रायश्चित बनाउँछ त्यसकारण तिनीहरूलाई क्षमा दिनेछ। किनभने तिनीहरूको पाप इच्छाकृत थिएन। यसकारण यसको लागि तिनीहरूले आफ्नो होमबलि र पापबलि चढ़ाए ता कि परमप्रभुले तिनीहरूलाई क्षमा गरुन्। २६त्यहाँ बस्ने सबै इस्राएलीहरू र विदेशीहरूलाई क्षमा गरिन्छ किनभने तिनीहरू सबैले भूलहरू गरेका थिए।

२७"तर यदि एउटाले अञ्जानमा पाप गर्छ भने, एक वर्षको पाठी, पापबलिको बलि झैं चढ़ाउनु पर्छ।

२८यस्तो प्रकारले पूजाहारीले उसको निम्ति प्रायश्चित गराउने छ जसले अञ्जानमा भूल गर्छ क्षमा गरिन्छ। ताकि त्यो व्यक्तिलाई परमप्रभुबाट क्षमा गरिन्छ। २९इस्राएलीहरूको बीचमा मानिसहरू चाहे इस्राएली नागरिकहरू हो अथवा विदेशी जो भए तापनि नियम सबैको निम्ति एउटा हुन्छ जसले अञ्जानमा भूल गर्छ।

३०"तर यदि कुनै एकजना व्यक्तिले जानी-जानी पाप गर्छ भने ऊ चाहे देश अथवा विदेशमा जन्मेको होस् उसले परमप्रभुलाई अपमान गर्छ र त्यस व्यक्तिलाई उसका मानिसहरूबाट बहिष्कृत गराउनु पर्छ। ३१किनभने त्यो मानिसले देखाउँछ कि उसले उहाँको आज्ञालाई तोड़ेर परमप्रभुलाई घृणा गरे। अनि त्यो व्यक्ति उसको परिवारबाट बहिष्कार हुनै पर्छ। ऊ पापको दोषी छ र दण्डित हुनै पर्छ।"

## विश्रामको दिन एकजना व्यक्तिले काम गर्छ

३२जब इस्राएलका मानिसहरू मरूभूमिमा थिए, तिनीहरूले विश्रामको दिनमा एकजना मानिसले दाउरा बटुल्दै गरेको देखे। ३३ती मानिसहरू ज-जसले उसलाई दाउरा बटुल्दै गरेको भेट्टाएका थिए तिनीहरूले उसलाई मोशा, हारून र अरू सबै मानिसहरू भएको ठाँउमा ल्याए। ३४तिनीहरूले त्यस व्यक्तिलाई त्यहाँ राखे कारण उसलाई के दण्ड दिनु पर्ने जानेका थिएनन्।

३५तब परमप्रभुले मोशालाई भन्नुभयो, "त्यो मानिस मर्नु पर्छ। सबै मानिसहरूले उसलाई छाउनी बाहिर ढुङ्गाले हिर्काउनु पर्छ।" ३६यसकारण ती मानिसहरूले उसलाई छाउनी बाहिर ल्याए अनि ढुङ्गाले हिर्काएर मारे। परमप्रभुले मोशालाई आज्ञा दिनुभए अनुसार तिनीहरूले गरे।

## परमेश्वरले आफ्ना मानिसहरूलाई नियम याद गर्न सहयोग गर्नुहुन्छ

३७परमप्रभुले मोशालाई भन्नुभयो, ३८"इस्राएलका मानिसहरूसित कुरा गर। तिनीहरूलाई यी कुराहरू भन् आउने पुस्ताहरू भरि तिमीहरूले फुर्काहरू बनाउनु पर्छ अनि तिनीहरूलाई तिमीहरूको लुगाको कुनामा टाँस्नु पर्छ। त्यस पछि तिमीहरूको लुगाको प्रत्येक कुनाको फुर्काहरूमा निलो धागो बाँध। ३९यसकारण जब तिमीहरूले फुर्का देख्छौ, तिमीहरूले परमप्रभुको आज्ञा सम्झने छौ र तिनीहरूलाई पच्छाउनेछौ अनि तिमीहरू भूल बाटोमा जाने छैनौ, तिमीहरूको आँखा अनि हृदयको लालस पच्छायो, जसले तिनीहरूलाई अविश्वासी बनाउँछ। ४०तब तिमीहरू परमेश्वरको विशेष ब्यक्तिहरू हुनेछौ कारण तिमीहरूलाई आज्ञाहरू पालन गर्न याद आइरहन्छ। ४१म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। म नै एक हुँ जसले तिमीहरूलाई मिश्र देशबाट बाहिर निकालेर ल्याँए। तिमीहरूको परमेश्वर हुनुलाई मैले यसो गरेँ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।"

## केही नेताहरू मोशा विरोधी भए

१६ यिसहारको छोरो, कहातको नाति अनि लेवीको पनाति कोरह अनि रूबेन कुलका एलीआबका छोराहरू दातान र अबीराम अनि पेलेतका छोरा ओन अट्टेरी भए। २इस्राएलका २५० मानिसहरू साथमा लिएर मोशाको विरोधमा गए। ती २५० मानिसहरू नाम चलेका तथा नेताहरू थिए। ३तिनीहरू मोशा र हारूनको विरोध गर्न जम्मा भए अनि तिनीहरूलाई भने, "तपाईंहरू हाम्रो अगुवाहरू भएको अब हामीलाई पूरा भयो! सम्पूर्ण समुदाय पवित्र छन् अनि परमप्रभु हाम्रो माझमा हुनुहुन्छ। तपाईंहरू किन आफैलाई परमप्रभुका अरू मानिसहरू भन्दा उच्चको सम्झनु हुन्छ?"

४जब मोशाले तिनीहरूको कुरा सुने तिनी घोप्टो परेर भूँईमा निहुरीए। ५त्यसपछि मोशाले कोरह र उनका मानिसहरूलाई भने, "भोली बिहान, परमप्रभुले जनाउनु हुनेछ कसलाई हाम्रो अगुवा झैं चुन्नु भएको छ, को पवित्र छ कसलाई उहाँकहाँ नजिक ल्याउनु भएको छ। उहाँ आफैले चुन्नु भएका एकजनालाई उहाँले उहाँको नजिक ल्याउनु हुनेछ। ६यसो गर, तिमी कोरह र तिम्रो मानिसहरूले धुपौराहरू लेऊ। ७त्यसमा आगो हालेर भोलि परमप्रभुको अगाड़ि, धूप हाल। जो कसलाई परमप्रभुले चुन्नुहुन्छ त्यो व्यक्ति पवित्र हो। हामीहरू तिमीहरू लेवीका छोराहरूबाट पूरा भईसकेका छौं।"

८मोशाले पनि कोरहलाई भने, "ए लेवीहरू मेरो कुरा सुन। ९इस्राएलका परमेश्वरले तिमीहरूलाई चुन्नु भएको छ र यसमा तिमीहरू खुशी हुनुपर्छ कि तिमीहरू विशेष मानिसहरू भएकाछौ। इस्राएलका अन्य मानिसहरू भन्दा तिमीहरू बेग्लै हौ। इस्राएलका मानिसहरूलाई आराधनामा सहायता पुऱ्याउन परमप्रभुले तिमीहरूलाई उहाँको नजीक बनाई पवित्र पालको विशेष काम गराउन राख्नु भएको छ। के यो धेरै होइन? १०परमप्रभुले तिमी लेवीहरू, पूजाहारीहरूलाई सहायता पुऱ्याउनको निम्ति उहाँको नजीक ल्याउनु भएकोछ। तर अहिले तिमीहरू पूजाहारीहरू हुने कोशिश गरिरहेका छौ। ११तिमीहरूका अनुयायीहरू र तिमीहरू एक साथ मिलेर परमप्रभु विरुद्ध गयौ। के हारूनले केही भूल गरेका छन्? होइन यसर्थ किन तिमीहरू हारूनको बारेमा नालिश गरिरहेका छौ?"

१२त्यसपछि मोशाले एलीआबका छोराहरू दातान र अबीरामलाई बोलाउन पठाए। तर ती दुईजना मानिसहरूले भने, "हामी आउने छैनौं। १३हामीहरूलाई दूध र मह बगिरहेको देशबाट तिमीले बाहिर लिएर आयौ। तिमीले हामीलाई मार्नको निम्ति मरूभूमिमा ल्यायौ अनि हामीलाई देखाउन चहान्छौ कि हामी माथि तिम्रो अधिकार छ।

१४हामीले तिमीलाई किन पछ्याउनु? तिमीले हामीलाई
मह र दूध बगिरहेको भूमिमा लगेनौ साथै परमेश्वरले
प्रतिज्ञा गरेको भूमिमा पनि पुराएनौ। तिमीले हामीलाई
दाखको खेत पनि दिएनौ। के यी मानिसहरूलाई तिमी
धोका दिन्छौ? होइन! हामी आँउदैनौं।"

१५यसर्थ मोशा साह्रै क्रोधित भए। उनले परमप्रभुलाई
भने, "मैले यिनीहरूलाई केही क्षति पुर्‍याएको छैन।
मैले यिनीहरूबाट एउटा गधा पनि लिएको छैन।
परमप्रभु! हजुरले यिनीहरूबाट कुनै बलि ग्रहण नगर्नु
होस्।"

१६त्यसपछि मोशाले कोरहलाई भन्यो, "भोली तिमी
र तिम्रा सबै अनुगामीहरू र हारून परमप्रभुको अघि
खड़ा हुनुपर्छ। १७प्रत्येकले आफ्नो-आफ्नो धूपौरो लिएर
त्यसमा धूप हाल्नु पर्छ। अनि तिमीहरू प्रत्येकले आफ्नो
धूपौरो परमप्रभु अघि ल्याउनु पर्छ। त्यहाँ दुई सय
पचासवटा धूपौरो हुनुपर्छ। तिमी कोरह र हारूनले पनि
धूपौरो लिनुपर्छ।"

१८यसर्थ तिनीहरू प्रत्येकले धूपौरो लिएर त्यसमा
बलेको कोइला हालेर धूप हाले अनि भेट हुने पालको
प्रवेशद्वारमा मोशा र हारून सँगै उभिए। १९कोरहले
सबै आफ्ना मानिसलाई भेला गरेर भेट हुने पालको
प्रवेशद्वारमा उभिए। तब परमप्रभुको महिमा सबै मानिसहरू
कहाँ प्रगट भयो।

२०तब परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो,
२१"यी सबै मानिसहरूबाट तिमीहरू अलग होऊ र
यिनीहरूलाई म त्यति खेरै ध्वंश पार्नेछु।"

२२मोशा र हारूनले शिर निहुरयाएर भने, "हे
परमेश्वर, तपाईं सबै मानिसको आत्माको परमेश्वर
हुनुहुन्छ। जब एक जना मानिसहरूले पाप गर्छ, के
तपाईं सम्पूर्ण समुदायसित रिसाउनु हुन्छ?"

२३तब परमप्रभुले मोशालाई भन्नुभयो, २४"कोरह,
दातान र अबीरामको पालहरूबाट सम्पूर्ण समुदायलाई
पर हटन भन।"

२५मोशा उठेर दातान र अबीराम भएकहाँ गए।
इस्राएलका सबै बूढ़ा-प्रधानहरूले तिनलाई पछ्याए।
२६मोशाले सबै मानिसहरूलाई चेतावनी दिँदै भने, "यी
दुष्ट मानिसहरूको पालबाट तिमीहरू निस्केर जाऊ।
तिनीहरूको कुनै पनि चीज स्पर्श नगर। यदि तिमीहरूले
छोयौ भने तिनीहरूले गरेको पापले तिमीहरू ध्वंश
पारिनेछौ।"

२७यसकारण मानिसहरू कोरह, दातान र अविरामको
पाल छोड़ेर गए। तब दतान र अबीराम तिनीहरूको
पालमा गए। तिनीहरू तिनीहरूको पत्नीहरू र नानीहरू
सँग छाउनी बाहिर गए।

२८मोशाले भने, "यी मैले भनेका कुराहरू मेरो
आफ्नो मनको विचार होइन, म प्रमाण दिन सक्छु कि
परमप्रभुले मलाई यसो भन्नु भनी अहाउनु भएको हो।
२९यी यहाँका मानिसहरू मर्नेछन्। तर यदि तिनीहरू
साधारण तरिकाले मर्छन्। मानिसहरू सधै मर्ने तरिकाले
मर्छ। तब त्यसले देखाउँछ कि परमप्रभुले साँचै नै
मलाई पठाउनु भएको होइन्। ३०तर यदि परमप्रभुले
केही नयाँ कुरो गर्नुहुन्छ, अनि भूँईले मुख बाएर
तिनीहरू र तिनीहरूकहाँ भएको सबै चीजहरू सहित
तिनीहरू जीवित पुरिन्छन् भने तिमीहरूले जान्नेछौ कि
यी मानिसहरूले परमप्रभुको अपमान गरे र उहाँलाई
अति क्रोधित बनाए।"

३१जब मोशाले यी कुराहरू भनी सके, ती मानिसहरू
उभिएको धरती फाट्यो। ३२धरतीले मुख बाए जस्तै
भएर तिनीहरू सबैलाई निल्यो। कोरहको सबै मानिसहरू,
तिनीहरूको परिवारहरू अनि तिनीहरूकोमा भएको प्रत्येक
चीज धरतीभित्र भासियो। ३३सबै ती मानिसहरू जिउँदै
खाल्डा भित्र पुरिए। यी सबै तिनीहरूले आफ्नो बनाएका
चीजहरू तिनीहरूसँगै पुरिए अनि धरती बन्द भयो।
अनि तिनीहरू सम्पूर्ण रुपले अल्पिए।

३४अरू सबै इस्राएलका मानिसहरूले ती मानिसहरू
पुरिदै गर्दाको आर्तनाद सुनेर चारैतिर तितर बितर हुँदै
भने, "धरतीले हामीलाई पनि निल्छ।"

३५त्यसपछि परमप्रभुकहाँबाट आगो निस्केर गई धूप
चढ़ाउँदै गरेका २५० मानिसहरूलाई पनि ध्वंश पार्‍यो।

३६परमप्रभुले मोशालाई भन्नुभयो, ३७"पूजाहारी
हारूनको छोरो एलाजारलाई भन कि उसले आगोमा
रहेको धुपौराहरू हटाओस् र ती पवित्र भईसकेको
धुपौराहरूबाट आगो वरिपरि छरी दिओस्। ३८ती
मानिसहरूले मेरो विरोधमा पाप गरेकाले त्यही पापले
आफ्नो जीवन गुमाए। तर धुपौराहरू पवित्र छन् कारण
तिनीहरू परमप्रभुलाई समर्पण गरिएका हुन्। ती धुपौराहरू
पिटेर पाता बनाऊ र वेदी छोप्ने काममा प्रयोग गर। यो
इस्राएलका सबै मानिसहरूको निम्ति चेतावनी हुनेछ।"

३९यसकारण पूजाहारी एलाजारले ती मानिसहरूले
ल्याएका काँसाको धुपौराहरू भेला गर्‍यो। मानिसहरू
सबै जलेर खरानी भए तर धुपौराहरू त्यही थिए। तिनले
केही मानिसहरूलाई ती काँसको धुपौराहरू पिटेर पाता
बनाउन लगाई वेदी ढाक्ने काममा प्रयोग गरे। ४०तिनले
यो काम मोशा मार्फत पाएको आज्ञा अनुसार गरे। त्यो
वेदी ढाक्ने पाता चाँहि इस्राएलको मानिसहरूका निम्ति
याद दिलाउने एक चिन्ह हुनेछ कि हारूनको सन्तान
बाहेक अन्य कुनै अनाधिकृत मानिसले परमप्रभु अघि
धूप जलाउने छैन नत्र कोरह र उसको अनुयायीहरू भैँ
ऊ मर्ने छ।

## हारूनले मानिसहरूलाई बचायो

४१अर्को दिन इस्राएलका मानिसहरूको सम्पूर्ण समुदाय
मोशा र हारूनको विरोधमा गुनासो गरे र भने,
"तिमीहरूले परमप्रभुका मानिसहरूलाई मार्‍यौ।"

४२सम्पूर्ण समुदाय मोशा र हारूनको विरोध गर्न
भेला हुँदै गर्दा तिनीहरूले भेट हुने पाल तर्फ हेरे अनि
देखे कि पाललाई बादलले ढाक्यो र त्यहाँ परमप्रभुको
महिमा देखा पर्‍यो। ४३तब मोशा र हारून भेट हुने
पालको सामुन्ने आए।

४४परमप्रभुले मोशालाई भन्नुभयो, ४५"यो समुदायबाट
तिमीहरू अलग हौ ताकि यिनीहरूलाई म अति शीघ्र ध्वंश पार्न सकूँ।" यसर्थ मोशा र हारूनले शिर निहुराए।

४६त्यसपछि मोशाले हारूनलाई भने, "धूपौरो ल्याऊ र त्यसकहाँ वेदीबाट आगो हालेर धूप हाल। अनि त्यो समुदाय भएकोमा झट्टै गएर तिनीहरूलाई प्रायश्चित गर्नुहोस्। किनभने परमप्रभु क्रोधित हुनु भएको छ र महामारी शुरू भएको छ।"

४७यसर्थ मोशाले भने जस्तै हारूनले धूपौरो लिएर मानिसहरूको बीचमा पसे र चाल पाए कि महामारी शुरू भई सकेको थियो अनि धूपौरोमा धूप हाली
मानिसहरूको निम्ति प्राश्चित गरे। ४८तिनी जिउँदो र
मरेको मानिसहरू बीचमा उभिए अनि महामरी रोकियो।
४९कोरहको कारणले मर्नेहरूको संख्याको अतिरिक्त
त्यहाँ महामारीले मरेकाहरूको संख्या १४,७०० पुग्यो।
५०त्यसपछि हारून भेट हुने पालमा मोशालाई भेटन
गए। महामारी थामियो।

## परमेश्वरले हरूनलाई प्रधान पूजाहारी निश्चीत गर्नुभयो

१७ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका
मानिसहरूलाई भन, तिनीहरूले बाह्र पुर्खाका कुल-कुलबाट बाह्रवटा लौरोहरू ल्याऊन्। प्रत्येक लौरामा
आफ्नो नाम लेख। ३लेवी कुलबाट ल्याएको लौरामा
हारूनको नाम लेख। बाह्र कुल समूहको प्रत्येक कुल प्रमुख मानिसको निम्ति एउटा लौरो हुनुपर्छ। यी लौरोहरू भेट हुने पालमा करारको सन्दूक अघि राख। त्यो त्यही ठाँउ हो जहाँ म तिमीलाई भेट्छु। ४इमान्दार
पूजाहारीको निम्ति म एकजना व्यक्तिलाई चुन्छु। म जसलाई चुन्छु त्यस व्यक्तिलाई तिमीले चिन्न सक्छौ
कारण ५उसको लौरोमा नयाँ पालुवाहरू पलाउनेछन्।
यस प्रकारले तिम्रो र मेरो विरोध गर्न मानिसहरूलाई म रोक्छु।"

६त्यसपछि मोशाले इस्राएलका मानिसहरूलाई भने
अनि तिनीहरूका बाह्र कुल नायकहरू प्रत्येकले एउटा गरी बाह्रवटा लौरोहरू दिए। हारूनको लौरो पनि अरू
लौरोहरूसितै थियो। ७मोशाले लौरोहरू करारको सन्दूक
राखिएको पालमा परमप्रभुको अगाड़ी राखे।

८करारको सन्दूक भएको पाल भित्र मोशा अर्को
दिन पसे। अनि लेवी कुल समूहका नायक हारूनको लौरोमा पालुवा पलाएको देखे। त्यति मात्र नभई त्यस पालुवाले कोपिला हालेर फूली बदाम पनि फलेको
थियो। ९मोशाले ती सबै लौरोहरू परमप्रभुको अघिबाट
सबै मानिसहरूको सामुन्ने ल्याए। प्रत्येक कुल प्रमुखले आफ्नो आफ्नो लौरो चिने।

१०तब परमप्रभुले मोशालाई भन्नु भयो, "हारूनको
लौरो करारको सन्दूक अघि लगेर राख। यो सधैँ मेरो विरोधमा नालिश गरी रहनेहरूको निम्ति चेतावनी हुनेछ र मेरो विरोधमा नालिश गर्न बन्द हुनेछ र मैले
तिनीहरूलाई ध्वंश पार्नु पर्दैन।" ११यसर्थ मोशाले
परमप्रभुको आज्ञा अनुसार काम गरे।

१२तर इस्राएली मानिसहरूले मोशालाई भने, "हामी
जान्दछौ कि हामी मर्नेछौ। हामी नष्ट भइसकेका छौं।
हामी ध्वंश भयौं। १३प्रत्येक मानिस जो परमप्रभुको
पवित्र पाल नजिक जान्छ त्यो मर्छ। के हामी पनि मर्छौं?"

## पूजाहारीहरू र लेवीहरूको काम

१८ परमप्रभुले हारूनलाई भन्नुभयो, "अब उसो
तिमी, तिम्रा छोराहरू अनि तिम्रा परिवारिक समूहका मानिसहरू पवित्र स्थानमा केही खराबी गरिए जिम्मावारी हुनेछौ। तिमी र तिम्रा छोराहरू पूजाहारीहरू विरुद्ध गरिएको खराबीको निम्ति जिम्मावारी हुनेछौ।
२तिम्रो परिवार समूहका अन्य लेवी मानिसहरूलाई
तिमीसित काम गराउन ल्याऊ। करारको पालमा काम गर्दा तिम्रा छोराहरूलाई तिनीहरूले सहयोग पुर्‍याउने
छन्। ३लेवी कुलमा भएका ती मानिसहरू तिम्रो
नियन्त्रणमा रहनेछन्। पालभित्र गरिनु पर्ने भैपरी आँउने कामहरू तिनीहरूले गर्नेछन्। तर पवित्र स्थान अथवा वेदीमा राखिएको कुनै पनि चीजको नजिक तिनीहरू जानु हुँदैन। यदि तिनीहरू गए भने तिनीहरू मर्नेछन्
अनि तिमी पनि मर्ने छौ। ४तिनीहरूले तिमीसित भेट
गर्नेछन् र तिमीसितै काम गर्ने छन्। भेट हुने पालको देख रेख गर्ने तिनीहरूको हुनेछ पाल भित्र गरिने सबै काम तिनीहरूले गर्ने छन्। केही पनि तिमी जहाँ छौ त्यहाँ आउनु सहास गर्नेछैन।

५"तिमीले पवित्र स्थान र वेदीको रक्षकको काम
गर्नेछौ ताकि मैले इस्राएलका मानिसहरूसित रिसाउन
नपरोस्। ६हेर! म आफैले ती तिम्रा दाज्यू-भाइ लेवीहरू
इस्राएलका मानिसहरूको बीचबाट लिएकोछु। भेट हुने पालमा काम गर्नको निम्ति ती तिम्रो निम्ति बलि हुन्।
७तर तिमी र तिम्रो छोराहरू मात्र पूजाहारीको रूपमा
सेवा गर्नलाई अनि वेदीको छेउ र पर्दाभित्र जान अनि म तिमीलाई एउटा उपहार दिँदैछु, त्यो तिम्रो पूजाहारीत्व। तर यदि कुनै व्यक्ति पवित्र स्थानको नजिकमा आयो भने त्यो मारिओस्।"

८तब परमप्रभुले हारूनलाई भन्नुभयो, "इस्राएलका
मानिसहरूले मलाई चढ़ाएको सबै पवित्र उपहारहरूको रक्षा गर्नका निम्ति मैले तिमीलाई नियुक्त गरेँ। मैले

तिमी र तिम्रा छोराहरूलाई इस्राएलका मानिसहले चढ़ाएका पवित्र बलिहरू निरन्तर अंशको रूपमा दिएको छु। ९वेदीहरूबाट पाइने वस्तुहरूमा यो सब भन्दा पवित्र वस्तु हो। मानिसहरूले अन्नबलि, पापबलि, दोषबलिहरू ल्याउँछन्। यी बलिहरू महा पवित्र बलिहरूको र नपाकिएको भागबाट तिमीले आफ्नो अंश पाउनेछौ। ती सब तिमी र तिम्रा छोराहरूको हुनेछन्। १०तिमीहरूले ती चीजहरू महा पवित्र स्थानमा मात्र खानु पर्छ। तिम्रो परिवारको प्रत्येक पुरुषले खान सक्छन् तर तिमीले याद राख्नु पर्छ कि ती चीजहरू अत्यन्तै पवित्र हुन्।

११"यो पनि तिम्रै हुनेछ कुनै पनि विशेष उपहार इस्राएलका मानिसहरूले मलाई चढ़ाउँछन्, तिमीसित भएका तिम्रा छोरा-छोरीहरू र तिम्रो निम्ति स्थायी अंशको रूपमा दिन्छु। तिम्रो परिवारका प्रत्येक शुद्ध व्यक्तिले त्यो खान सक्छन्।

१२"इस्राएलका मानिसरूको कुनै पनि पहिलो बाली अथवा उब्जनी जस्तै अन्न, भद्राक्षको तेल र दाखरस, जो तिनीहरूले परमप्रभुमा समर्पण गर्छन, म ती सब तिमीलाई दिन्छु। १३तिनीहरूको खेतमा पाकेको कुनै पनि अन्न जो तिनीहरूले परमप्रभुलाई चढ़ाउन ल्याउछन् त्यो तिम्रो हो र तिम्रो परिवारको कुनै पनि शुद्ध व्यक्तिले त्यो खान सक्छ।

१४"इस्राएलमा प्रत्येक चीज जो परमेश्वरलाई पूर्णरूपले समर्पण गरिन्छ त्यो तिम्रो हो।

१५"प्रत्येक जेठो चाहे व्यक्ति होस अथवा पशु जो आफ्नो आमाको प्रथम गर्भमा आँउछ र परमेश्वरलाई समर्पण गरिन्छ भने त्यो तिम्रो हुनेछ। तर जेठो जन्मेको पशु होस अथवा मानिस त्यसको तिमीले मोल तिर्नु पर्छ। १६जब नानी एक महीनाको हुँदा तिनीहरूले यसको मोल तिर्नु पर्छ। एक महिनाको नानीहरूको मोल पवित्रस्थानको शेकेल परिमाण अनुसार पाँच सेकेल हुन्छ। एक शेकेल बीस गेराको हुन्छ!

१७"तर पहिले जन्मेको गाई, भेड़ा अथवा बाख्राको मोल तिर्नु पर्दैन। यी पशुहरू पवित्र हुन र यिनीहरूको रगत वेदीमा छर्किईन्छ अथवा बोसो पोलिन्छ। यो उपहार आगोमा पोलेर दिइन्छ र यसको सुगन्धले परमप्रभुलाई सन्तुष्ट पार्छ। १८तर यी पशुहरूको मासु भने तिम्रो हुनेछ अनि डोलाइने बलिको ह्याकुलो तिम्रो हुनेछ र अरू बलिको दाहिने साँप्रा पनि तिम्रो हुनेछ। १९मानिसहरूले चढ़ाएको कुनै पनि पवित्र उपहारहरू म, परमप्रभुले, तिमीलाई दिनेछु। म तिम्रो छोरा-छोरीहरू र तिमीलाई दिनेछु र यो नियम सदासर्वदाको निम्ति लागू हुनेछ। यो परमप्रभुसित गरिएको करार हो र भङ्ग गर्न सकिँदैन। म यो प्रतिज्ञा तिमी र तिम्रा सन्तानहरूसित गर्छु।"

२०परमप्रभुले हारूनलाई पनि भन्नुभयो, "तिमीले भूमि पाउनेछैनौं। अनि अरू मानिसहरूले झैं तिमीले त्यहाँ केही आफ्नो बनाउनु पाउने छैनौ। म परमप्रभु नै तिम्रो हुनेछु। प्रतिज्ञा गरिएको अनुसार इस्राएली मानिसहरूले जग्गाजमीनहरू पाउनेछन् तर तिम्रो निम्ति म नै उपहार हुँ।

२१"इस्राएलका मानिसहरूले तिनीहरूसित भएको प्रत्येक चीजको दशांश मलाई दिन्छन। यसकारण त्यो एक दशांश भाग म लेवीका सन्तानहरूलाई दिन्छु। यो तिनीहरूले भेट हुने पालमा छँदा त्यहाँ काम गरे वापत पारिश्रमिक हो। २२तर अन्य मानिसहरू भेट हुने पालको नजीक जानु हुँदैन। यदि गए तिनीहरू मारिनु पर्छ। २३लेवी मानिसहरू काम गरिरहेको समयमा भेट हुने पालको विरोधमा कुनै पाप कार्य हुन गए त्यस पापको उत्तरदायी तिनीहरू हुनेछन्। यही नियम सदासर्वदाको निम्ति लागू रहेनछ। मैले अरू मानिसहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको भूमि लेवी मानिसहरूले पाउने छैनन्। २४तर तिनीहरू सँग भएको प्रत्येक चीजको दशांश इस्राएली मानिसहरूले मलाई चढ़ाउनेछन् र त्यो दशांश म लेवी मानिसहरूलाई दिनेछु। त्यही कारणले लेवी मानिसहरूको विषयमा मैले यस्तो भने: मैले इस्राएलका मानिसहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको भूमि तिनीहरूले पाउने छैनन्।"

२५परमप्रभुले मोशालाई भन्नुभयो, २६"लेवी मानिसहरूसित कुरा गर अनि भन, इस्राएलका मानिसहरूले तिनीहरूसित भएको प्रत्येक चीजको दशांश मलाई दिनेछन् तर त्यसबाट दशांश उपहार स्वरुप परमप्रभुलाई चढ़ाउनु पर्छ। २७अनि यो दशांश परमप्रभुको उपहार हो, यो तिमीहरूले कोल अथवा खलाबाट चढ़ाएका बलि झैं हुन्। २८यस्तै प्रकारले इस्राएली मानिसहरूले तिमीहरूलाई दशांश दिए जस्तै तिमीहरूले पनि परमप्रभुलाई उपहार चढ़ाउनु पर्छ अनि त्यसबाट तिमीहरूले पनि परमप्रभुलाई उपहार दिनु पर्छ अनि यो हारूनलाई दिनु पर्छ। २९जब इस्राएलका मानिसहरूले तिनीहरूको उपहारहरू परमप्रभुलाई दिन्छन्, तिमीहरूले तिमीहरूमा सबै भन्दा असल अनि महापवित्र परमप्रभुलाई चढ़ाउनु पर्छ सबै त्यो उहाँको कारण हुनेछ।

३०"मोशा, लेवी मानिसहरूलाई भन जब तिमीहरूले प्रत्येक असल चीज परमप्रभुलाई चढ़ाउछौ जे इस्राएली मानिसहरूले दिएका थिए, तब यो सम्झिन्छ कि लेवीहरूको आफ्नै अन्न र अर्धबलि हो। ३१त्यसबाट रहेको अंश तिमीहरू र तिमीहरूका परिवारले खानेछन्। यो तिमीहरूले भेट हुने पालमा काम गरे वापत मूल्य हो। ३२अनि यदि तिमीहरूले यसको असल सधैँ परमप्रभुलाई चढ़ायौ भने तिमीहरू कदापि दोषी हुने छैनौ। तिम्रो आफ्नै निम्ति इस्राएलका मानिसहरू द्वारा चढ़ाएका ती पवित्र उपहारहरूको भाग नलैजाऊ अथवा नत्र भने तिमीहरू मर्ने छौ।"

## रातो गाईको खरानी

१९ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २"परमप्रभुले दिनु भएको आज्ञाहरूबाट बनिएको नियम यही हो। इस्राएलका मानिसहरूलाई भन कि तिनीहरूले एउटा एकदमै निष्खोट र कही दाग नभएको कहिले पनि नजोपिएको रातो गाई ल्याऊन। अनि त्यो गाईले कहिले हलो नजोतेको हुनुपर्छ। ३तिमीहरूले त्यो गाई एलाजारलाई दिनुपर्छ र उसले त्यस गाईलाई छाउनी बाहिर ल्याउँछ। यो उसको अघि मारिनु पर्छ। ४त्यसपछि एलाजारले उसको औंलाले केही रगत भेट हुने पालको अघिल्तिर सात पल्ट छर्कनु पर्छ। ५तब उसको सामुन्ने त्यो गाई जलाउनु पर्छ। यसको छाला, मासु, रगत आन्द्रा-भुँड़ी सबै जलाउनु पर्छ। ६पूजाहारीले देवदारु काठ, हिसप र केही रातो धागो ल्याएर गाई जल्दै गरेको आगोमा फ्याँक्नु पर्छ। ७त्यसपछि पूजाहारीले आफ्नो लाउने लुगा धोएर नुहाई ध्वाँई गरी छाउनीमा जानुपर्छ। तर त्यो पूजाहारी साँझसम्म अशुद्ध रहन्छ। ८त्यो गाई पोल्नेले पनि आफ्नो लुगाहरू धोएर नुहाउनु पर्छ, अनि त्यो पनि साँझसम्म अशुद्ध भईरहन्छ।

९"केही शुद्ध मानिसले जलाएको कोरेलीको खरानी बटुलेर छाउनी देखि बाहिर विधिपूर्वक शुद्ध पारिएको ठाँउमा राख्नु पर्छ। खरानी इस्राएलका मानिसहरूलाई सफा गर्नका निम्ति पानीसित राखेका थियो। यो पापबलि हो।

१०"त्यो खरानी बटुल्ने व्यक्तिले पनि आफ्नो लुगा-फाटा धोएर साँझ सम्म अशुद्ध रहोस्।

"इस्राएलका मानिसहरू तथा तिनीहरूको माझमा बस्ने कुनै पनि विदेशीको निम्ति यो अन्तको नियम हो। ११एकजना व्यक्ति जसले मुर्दा छुन्छ त्यो सात दिन सम्म अशुद्ध रहन्छ। १२तेस्रो दिनमा त्यो व्यक्तिले आफैलाई त्यही पानीले शुद्ध पार्ने छ र सातौँ दिनमा उ शुद्ध हुनेछ। तर यदि व्यक्तिहरू तिनीहरू आफै तेस्रो दिनमा शुद्ध भएन भने, तब सातौं दिनमा पनि शुद्ध हुनेछैन। १३यदि कुनै व्यक्तिले मुर्दा छुन्छ र आफैलाई फेरि शुद्ध पार्दैन, त्यसले परमप्रभुको पवित्र पाललाई अशुद्ध पार्छ। यसकारण व्यक्ति इस्राएलबाट काटिदिनेछ। जस्तो पवित्र पानी तिनीहरू माथि छर्केको थिएन यसकारण उसको शरीर अशुद्ध रहन्छ।

१४"यदि कुनै मानिस पाल भित्र मरे भने त्यसको नियम यो हो प्रत्येक जो पाल भित्र बस्ने प्रवेश गर्ने र त्यहाँ प्रत्येक नै अशुद्ध हुनेछ र तिनीहरू सात दिन सम्म अशुद्ध रहन्छन्। १५अनि ढकनी बिनाको प्रत्येक भाँड़ा अथवा बयम अशुद्ध हुन्छ। १६यदि कसैले खुल्ला मैदानमाथि लड़ीरहेको मृत शरीरलाई छुन्छ वा लड़ाँईमा मारिएको कुनै मुर्दा छुन्छ वा मनुष्यको हड्डी चिहानलाई हुन्छ भने, उनी सात दिनसम्म अशुद्ध रहनेछ।

१७"त्यो अशुद्ध मानिसको निम्ति जलाइएको गाईको खरानी एउटा भाड़ामा हाल र त्यसमा बग्दै गरेको पानी यसमा हाल्नु पर्छ। १८कुनै शुद्ध मानिसले त्यस पानीमा हिसप चोपेर भाँड़ाहरू र मानिसहरू माथि छर्किन पर्छ। अनि कसैले हड्डी अथवा चिहान अथवा एउटा मृत शरीर अथवा एउटा युद्धमा मरेको शरीरलाई छोएर अशुद्ध बनाउँछ। भने, त्यो पानी ऊ माथि छर्कनु पर्छ।

१९"त्यस शुद्ध मानिसले अशुद्ध भएको मानिसमाथि तेस्रो र सातौँ दिन छर्किनु पर्छ। यस प्रकार उसले अशुद्ध मानिसहरूलाई सातौँ दिनमा शुद्ध बनाउँछ। त्यो अशुद्ध मानिसले लुगा धोओस अनि पानीमा नुहाओस् र साँझ सम्म अशुद्ध रहन्छ।

२०"यदि एक जना मानिस जो अशुद्ध भएकहाँ अनि ऊ आफै शुद्ध हुँदैन भने त्यस व्यक्तिलाई आफ्नो समुदायबाट बहिष्कार गरियोस् किनभने त्यसले परमप्रभुको पवित्र स्थान अशुद्ध पाऱ्यो। शुद्धीकरणको पानी ऊ माथि छर्किएन यसकारण त्यो व्यक्ति अशुद्ध रह्यो। २१तिनीहरूको निम्ति यो नियम अनन्त रुपले लागु भइरहन्छ। जो व्यक्तिले शुद्धीकरणको पानी छर्किन्छ उसले आफ्नो लुगा-फाटा धुनु पर्छ अनि जुन व्यक्तिले शुद्धीकरणको पानी छुन्छ त्यो व्यक्ति साँझ सम्म अशुद्ध भइरहन्छ। २२प्रत्येक कुरा त्यो व्यक्तिले छोए अशुद्ध रहन्छ अनि कुनै व्यक्ति जसले त्यसलाई छुन्छ त्यो साँझ सम्म अशुद्ध रहन्छ।"

## मरियम को मृत्यु

२० पहिलो महीनामा इस्राएलका मानिसहरू जीन मरूभूमिमा आइपुगे। मानिसहरू कादेशमा बसे अनि त्यही मरियम मरिन् र त्यही ठाउँमा गाड़े।

## मोशाले एउटा गल्ति गर्छन

२त्यस ठाँउमा समुदायको निम्ति पानी थिएन यसकारण मानिसहरू मोशा र हारूनलाई आरोप लगाउन भेला भए। ३मानिसहरूले मोशासित झगड़ा गरेर भने, "जब परमप्रभुको अगाड़ी हाम्रा दाज्यू-भाईहरू मरे, त्यही समय हामी पनि मर्नु पर्थ्यो। ४तिमीहरूले किन परमप्रभुको मानिसहरूलाई यस मरूभूमिमा ल्यायौ? के हामी र हाम्रो पशुहरूलाई मार्न चहान्छौ? ५अनि किन यस्तो खराब ठाँउमा ल्याउन हामीलाई मिश्र देशदेखि अगुवाई गऱ्यो? यस ठाँउमा अन्न हुँदैन, नेभारा, दाख अनि अनारहरू पनि हुँदैन। अनि यहाँ पिउनको निम्ति पानी पनि छैन।"

६यसर्थ मोशा र हारून मानिसहरूको समुदायबाट भेट हुने पालको प्रवेशद्वारमा गए। तिनीहरूले तिनीहरूको शिर भूइमा निहुराए अनि परमप्रभुको महिमा तिनीहरू सामुन्ने देखा पऱ्यो।

७परमप्रभुले मोशालाई भन्नुभयो, ८"तिमी र तिम्रा दाज्यू हारूनले त्यो लौरो लेऊ र मानिसहरूलाई भेला

गर अनि तिनीहरूको सामुन्नेको चट्टानसित बोल। तब चट्टानले तिमीहरूलाई पानी दिनेछ। यसरी मानिसहरू र तिनीहरूको पशुहरूको निम्ति तिमीहरूले चट्टानबाट पानी दिन सक्छौ।"

९यसकारण परमप्रभुले उसलाई आज्ञा दिनु भए बमोजिम मोशाले परमप्रभुको अघिबाट लौरो लिए। १०त्यसपछि मोशा र हारूनले मानिसहरूलाई चट्टानको सामुन्ने भेला गराए। तब मोशाले तिनीहरूलाई भने, "तिमीहरू विद्रोही हो। सुन, के हामीले तिमीहरूको निम्ति यो चट्टानबाट पानी ल्याउनु?" ११तब मोशाले हात उठाएर त्यस चट्टान माथि दुइ पल्ट आफ्नो लौरोले हिर्काए अनि प्रशस्त पानी बाहिर निस्कयो। मानिसहरू र पशुहरूले पानी पिए।

१२त्यसपछि परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "इस्राएलका सबै मानिसहरू यहाँ भेला भएका थिए तर तिमीहरूले म प्रति सम्मान देखाएनौ। तिमीहरूले इस्राएलका मानिसहरूलाई त्यो पानी निक्लने शक्तिको श्रोत म हुँ भन्ने देखाएनौ। तिमीहरूले उनीहरूलाई यो देखाएनौ की तिमीहरूले म माथि भरोसा गर्‍यौ। यसकारण यी समुदायलाई मैले दिन्छु भनेको भूमिमा लैजान अगुवाई गर्न पाउने छैनौ।"*

१३यही ठाँउलाई मरीबाको पानी भनिन्छ जहाँ इस्राएलका मानिसहरूले परमप्रभु अघि विद्रोह गरेका थिए अनि परमप्रभुले यहाँ नै इस्राएली मानिसहरूको बीचमा आफू पवित्र हुँ भन्ने देखाउनु भएको थियो।

## एदोमले इस्राएललाई जान नदिएका

१४मोशाले कादेशबाट एदोमको राजाकहाँ यो समाचार पुर्‍याउन दूतहरू पठाए। तपाईंको भाई इस्राएलले यसो भन्छ, "हामीमाथि आई परेका आपदहरू तपाईंलाई थाहा छ। १५धेरै वर्ष अघि हाम्रा पुर्खाहरू मिश्र देश गएका थिए अनि हामी त्यहाँ धेरै समय सम्म बस्यौं। मिश्र देशका मानिसहरू हामी प्रति निष्ठुर थिए। १६तर हामीले परमप्रभुलाई सहायता माग्यौं। परमप्रभुले हाम्रो बिन्ति सुन्नु भयो र एउटा स्वर्गदूत हामीकहाँ पठाउनु भयो, परमप्रभुले हामीलाई मिश्र देशबाट बाहिर ल्याउनु भएको छ।

"अहिले हामी तपाईंको सिमाना कादेशमा छौं। १७दया गरी हामीलाई तपाईंको भूमि भएर यात्रा गर्न दिनुहोस्। हामी खेत तथा दाखबारी भएर जानेछैनौं, त्यस ठाँउको कुवाहरूबाट पानी पिउँने छैनौ, हामी केवल राजमार्गमा हिड्नेछौं, कतै दायाँ बाया जाने छैनौं। जब सम्म तपाईंको देशमा यात्रा गर्छौं हामी बाटोमा नै रहनेछौं।"

१८तर एदोमका राजाले उत्तर दिए, "हाम्रो देश भएर तिमीहरू यात्रा गर्न पाउदैनौ। यदि हिड्ने चेष्टा गरे हामी तरबार लिएर तिमीहरूसित लड्न आउनेछौं।"

१९इस्राएलीहरूले उत्तर भने, "हामी खाली मूलबाटै भएर मात्र जानेछौं। अनि यदि हाम्रा पशुहरूले कुनै पानी पिए त्यसको मोल तिर्नेछौ। हामी खाली तपाईंको देशको बाटोमा हिड्न चाहान्छौं, हाम्रो निम्ति अरू केही चाहदैनौं।"

२०तर फेरि एदोमले उत्तर दिए, "हाम्रो देशमा तिमीहरूलाई आउन दिदैनौं।"

तब एदोमले शक्तिशाली धेरै सेनाहरू भेला पारेर इस्राएलका मानिसहरूसित युद्ध गर्न निस्के। २१एदोमले इस्राएलका मानिसहरूलाई आफ्नो भूमिको बाटोबाट यात्रा गर्न दिएनन् तिनीहरू अर्कै बाटो भएर गए।

## हारूनको मृत्यु

२२इस्राएलका सबै मानिसहरूले कादेशबाट होर पर्वत सम्म यात्रा गरे। २३होर पर्वत एदोमको सिमाना नजिक थियो। परमप्रभुले मोशालाई भन्नुभयो, २४"अब हारून उसको पुर्खाहरूसित मिल्नेछ। तिमी र हारूनले मरीबाको पानीमा मैले दिएको आज्ञा पालन नगरेकोले मैले इस्राएलका मानिसहरूलाई दिन्छु भनेको भूमिमा तिमीहरू पस्न पाउने छैनौ।

२५"अब हारून र तिनका छोरो एलाजारलाई होर पर्वतमा लिएर आऊ। २६हारूनको लुगा खोलेर उसको छोरो एलाजारलाई लगाई देऊ। हारून त्यहाँ पर्वतमा मर्छ र आफ्नो पिता-पुर्खाहरूसित मिल्न जान्छ।"

२७मोशाले परमप्रभुको आज्ञा पालन गरे। मोशा, हारून र एलाजार होर पर्वतमा गए। सबै इस्राएली मानिसहरूले तिनीहरू गएको देखे। २८मोशाले हारूनको खास लुगाहरू फुकाइदिएर एलाजारलाई लगाई दिए। त्यसपछि हारून त्यही पर्वतमा मरे अनि मोशा र एलाजार पर्वतबाट तल झरे। २९हारून मरेको इस्राएलका सबै मानिसहरूले चाल पाए अनि तीस दिनसम्म शोक पालन गरे।

## कनानीहरूसित युद्ध

२१ आरादाका कनानी राजा नेगेवमा बस्थे। उनले इस्राएली मानिसहरू अटारीमको बाटो भएर आउँदैछन् भन्ने चाल पाए। यसर्थ तिनी गएर इस्राएली मानिसहरू माथि आक्रमण गरे। तिनले केही मानिसहरूलाई पक्राऊ गरेर कैद गरे। २तब इस्राएलका मानिसहरूले विशेष भाकल गरी परमप्रभुलाई पुकारे: "हे परमप्रभु, दया गरी हामीलाई यी मानिसहरूमाथि विजय गराई दिनुहोस र हामी तिनीहरूको शहरहरू नष्ट पारी दिनेछौं।"

---

**इस्राएलका ... छैनौ** मोशा र हारूनको पाप के थियो त्यो मूल पाठबाट प्रष्ट हुँदैन। केही भविश्यवक्ता भन्छन् कि मोशाले चट्टानलाई आज्ञा दिनु पार्थ्यो, यसलाई हिर्काउन हुदैन थियो। अरुहरू भन्छन् कि मोशाले पमेश्वरमा विश्वास राख्नु भन्दा पूरा रिसार हिर्काए।

३परमप्रभुले इस्राएलीहरूको पुकार मान्नु भयो र
कनानीहरूलाई जित्न तिनीहरूलाई सहायता गर्नु भयो।
इस्राएलीहरूले तिनीहरू र तिनीहरूका शहर सम्पूर्ण
ध्वंश पारे। यसर्थ त्यस ठाँउको नाम होर्मा राखियो।

### काँसाको सर्प

४इस्राएली मानिसहरू होर पर्वत छोड़ेर लाल समुद्र
जाने बाटोमा हिड़न लागे। तिनीहरूले एदोम देश वरिपरि
जानलाई त्यो बाटो गए। तर मानिसहरू धैर्यहीन भईसकेका
थिए। ५मानिसहरूले परमेश्वर र मोशाको विरोधमा
कुरा गरे। तिनीहरूले भने, "यो मरूभूमिमा मर्नुको
निम्ति किन हामीलाई मिश्र देशबाट ल्याइयो? कारण
यहाँ न त पानी छ न रोटी। तुच्छ खाना अथवा रोटी
खाँदा खाँदा वाक्क भई सक्यो।"

६यसर्थ परमप्रभुले मानिसहरूको माझमा विषालु
सर्पहरू पठाईदिनुभयो र तिनीहरूले धेरै मानिसहरूलाई
डसेर मार्‍यो। यसरी इस्राएलका धेरै मानिसहरू मरे।
७मानिसहरू आएर मोशासँग भने, "हामी जान्दछौं
परमप्रभु र तपाईंको विरोधमा बोलेर हामीले पाप गर्‍यौं।
परमप्रभुसित प्रार्थना गरेर यी सर्पहरू फर्काउन लगाईदिनु
होस्।" यसकारण मोशाले मानिसहरूको निम्ति प्रार्थना
गरे।

८परमप्रभुले मोशालाई भन्नुभयो, "काँसाको एउटा
सर्प बनाऊ र खम्बा माथि राख। सर्पबाट डसिएको
कुनै व्यक्तिले त्यो खम्बामाथि राखिएको काँसाको सर्पलाई
हेर्छ त्यो मर्ने छैन्।" ९यसकारण मोशाले परमप्रभुको
आज्ञा मानी एउटा काँसाको सर्प बनाई खम्बामाथि राखे।
त्यसपछि जब कुनै व्यक्तिलाई सर्पले टोके उसले त्यो
खम्बा माथि राखिएको काँसाको सर्पलाई हेर्थ्यो र त्यो
बाँच्थ्यो।

### इस्राएलीहरू मोआबमा गए

१०इस्राएली मानिसहरूले त्यो ठाँउ छाड़े अनि ओबोतमा
छाउनी हाले। ११त्यसपछि तिनीहरूले ओबोतबाट हिड़ी
मोआबको पूर्वमा रहेको मरूभूमि ऐ अबारीममा छाउनी
हाले। १२तिनीहरूले त्यो ठाँउ पनि छाड़ी जेरोद बेंसीमा
छाउनी हाले। १३त्यहाँबाट पनि गई अर्नोन नदी पारीको
मरूभूमिमा छाउनी हाले। यो नदी एमोरीहरूको सिमानाबाट
शुरू हुन्थ्यो। त्यो बेंसीमा मोआब र एमोरीहरू बीचको
सिमाना थियो। १४यसकारण परमप्रभुको युद्धको पुस्तकमा
यी कुरा लेखिएका छन्।

"अनि सूपामा वाहेब अनि अर्नोनको बेंसी १५अनि
बेंसीहरूको आरको भिरालोहरू वासस्थान पट्टि जो
मोआबको सिमानामा अवस्थित छन्।"

१६इस्राएलका मानिसहरू त्यस ठाँउ छाड़ेर बेओर
तिर गए। यस ठाँउमा कूवा थियो र परमप्रभुले
मोशालाई भन्नु भयो, "मानिसहरूलाई भेला गरेर ल्याऊ,
म तिनीहरूलाई पानी दिनेछु।" १७तब इस्राएलका
मानिसहरूले यो गीत गाए।

"हे कूवा पानीसित बग्छ। यस विषयमा गीत गाओ।
१८महान व्यक्तिले यो कूवा खने। महान नायकहरूले
यो कूवा खने। तिनीहरूले आफ्नो भारदारहरूसँग हिंड़ने
लहुरोहरूले यो कूवा खने। मरूभूमिमा एउटा उपहार
रहेको छ।"

यसर्थ मानिसहरूले त्यो कुवाको नाम "मत्ताना" राखे।
१९मानिसहरू मत्तानाबाट नहलीएल गए। त्यसपछि तिनीहरू
नहलीएलबाट बामोत गए। २०बामोतबाट मानिसहरू
फेरि मोआब बेंसी गए। यस ठाँउमा पिसगा पर्वतको
टुप्पो मरूभूमि माथि देखिन्छ।

### सीहोन अनि ओग

२१इस्राएलले आफ्नो केही मानिसहरू एमोरीहरूका
राजा सीहोन कहाँ पठाए। ती मानिसहरूले राजालाई
भने, २२"हामीहरूलाई तपाईंहरूको देश भएर जान
दिनुहोस्। हामी तपाईंको दाखबारीहरू तथा खेतमा पस्ने
छैनौं, तपाईंको पोखटीबाट पानी पिउने छैनौं। जब सम्म
हामी तपाईंको देशको सिमानामा पुग्दैनौं हामी मूल
बाटोमा रहने छौं।"

२३तर सीहोनले इस्राएललाई तिनको राज्यको सिमाना
भित्रबाट हिड़्नु दिएनन् अनि आफ्ना मानिसहरूलाई भेला
पारेर इस्राएललाई मरूभूमिमा आक्रमण गर्न आए। तिनी
यहससम्म आए अनि इस्राएलीहरूसित लड़ाँई गरे।"

२४तर इस्राएलीहरूले तिनलाई तरवारको टुप्पोले
घोचेर मारे अनि तिनको भूमि अर्नोन नदीदेखि यब्बोक
नदी सम्म कब्जा गरे। तिनीहरूले अम्मोनीहरूको
सिमानासम्म मात्र लिएर रोकिए कारण अम्मोनीहरूले
आफ्नो सिमाना बलियो गरी सुरक्षा गरेका थिए।
२५यसकारण इस्राएलले एमोरीहरूको सबै शहरहरू
कब्जामा लिएर त्यही बस्न शुरू गरे। तिनीहरूले
हेशबोन र त्यसको वरिपरिको साना साना शहरहरू पनि
आफ्नो अधीनमा लिए। २६हेशबोन त्यो शहर हो जहाँ
अम्मोरीहरूका राजा सीहोन बस्थे। सीहोनले मोओबका
राजासित युद्ध गरी तिनको भूमि अर्नोन नदीसम्म
कब्जामा लिएका थिए। २७यसैकारण गाइनेहरूले यो
गीत गाँउछन्।

तिमीहरू हेशबोन शहरमा आऊ, यो पुर्नस्थापित
होस्। सीहोन शहर फेरि बनियोस्।

२८किनभने हेशबोन शहरबाट आगो शुरू भएर
एउटा ज्वाला सीहोन शहरबाट शुरू भयो। यसले अर र
मोआबलाई ध्वंश पार्‍यो। यसले अर्नोन माथिका उच्च
पर्वतहरू जलायो।

२९ए मोआब तँलाई धिक्कार छ। ए कमोशका
प्रजाहरू हो तिमीहरू नष्ट भयौ। यसले आफ्नो छोराहरूलाई
भगौटे बनाएर र छोरीहरूलाई कैद गराएर, एमोरीहरूका

राजा सीहोनलाई दिएको छ। **३०**तर हामीले ती एमोरीहरूलाई जितेका छौं। हेशबोन देखि दीबोनसम्मै, ध्वंश भयो, र हामीले मेदेबाको नजीक नोपा सम्म, तिनीहरूको शहरहरू नष्ट पारेका छौं।

**३१**यसकारण इस्राएलीहरूले एमोरीहरूको भूमि दखल गरे।

**३२**मोशाले याजेरको शहरमा खूपियाहरू पठाए। मोशाले यसो गरे पछि इस्राएलीहरूले त्यसका वरिपरिका शहरहरू अधीनमा ल्याए अनि एमोरीहरूलाई लखेटे।

**३३**त्यसपछि इस्राएलीहरू बाशानतिर जाने बाटो लागे। बाशानका राजा ओग आफ्नो सेनाहरू लिएर इस्राएलीहरूलाई भेटन अघि बढ़े अनि एद्रईमा तिनीहरूसित युद्ध गरे।

**३४**तर परमप्रभुले मोशालाई भन्नुभयो, "त्यो राजासित नडराऊ, म तिमीलाई जिताउनेछु। हेशबोनमा बस्ने एमोरीहरूका राजा सीहोनलाई जुन व्यवहार गरेका थियौ ओगसित पनि त्यही गर। उसको सबै सेनाहरू र भूमि अधीनमा पार।"

**३५**यसर्थ इस्राएलीहरूले राजा ओग र उसको सेनाहरूलाई परास्त पारे अनि तिनीहरूले उसको छोराहरू, सेनाहरू तथा उसलाई पनि मारेर उसको भूमि अधीनमा लिए।

## बिलाम र मोआबका राजा

**२२** त्यसपछि इस्राएलीहरूले मोआबको यर्दन मैदानहरूमा यात्रा गरे। यरीहो पारी पट्टि यर्दन नदी नजिकै तिनीहरूले पाल हाले।

**२**एमोरीहरूलाई इस्राएलीहरूले गरेको व्यवहार सिप्पोरको छोरो बालाकले देखे। **३**इस्राएलीहरू धेरै संख्यामा भएकोले मोआब डराएका थिए।

**४**मोआबले मिद्यानीका बूढ़ा-प्राधानहरूसित कुरा गरे, "हरियो मैदानमा गोरूले घाँस खाएर नष्ट पारे झैं यी धेरै संख्यामा आएका मानिसहरूले हाम्रा वरिपरि भएको प्रत्येक चीज नष्ट पार्नेछन्।"

सिप्पोरको छोरो बालाक त्यस समय मोआबका राजा थिए। **५**बालकले बओरको छोरा बिलामलाई निमन्त्रण गर्न द्वतहरू पठाए जो युफ्रेटिस् नदिको नजीकै पातोरमा थिए। तिनीहरूले भने मिश्रबाट एउटा जाति आएका छन् अनि तिनीहरूको छाउनीहरूले सम्पूर्ण भूमि ढाकेको छ। अहिले तिनीहरूले मेरो विपरीतमा छाउनी बसाएका छन्। **६**यसकारण अब आएर मेरो पक्षमा तिनीहरूलाई सराप्नु होस, कारण तिनीहरू म भन्दा बलिया छन्। यदि तपाईंले त्यसो गर्नु भए शायद म तिनीहरूलाई परास्त पार्न सक्छु किनभने, मलाई थाहा छ, जसलाई तपाईं आशीर्वाद दिनु हुन्छ, उसलाई आशिर्बाद लाग्छ, र जसलाई तपाईंले सराप्नु हुन्छ उसलाई श्राप लाग्छ।"

**७**मोआब र मिद्यानका बूढ़ा-पाकाहरू बलामसँग कुरा गर्न भनी बाटो लागे। तिनीहरूले भविष्यवाणीको निम्ति आफूसित केही पैसा पनि लिएर गए। **८**तिनीहरू बिलामकहाँ आएर बालाकले भनेको कुरा सुनाए। त्यसपछि बिलामले तिनीहरूलाई भने, "तिमीहरू आज राती यहीँ बस अनि म तिमीहरूलाई परमप्रभुले मलाई जे भन्नुहुन्छ सो बताउँछु।" यसर्थ मोआबले पठाएका मानिसहरू बिलामसित बसे।

**९**सपनामा परमेश्वरले बिलामलाई दर्शन दिनु भयो र भन्नुभयो, "तिमीसित भएका यी मानिसहरू को हुन्?"

**१०**बिलामले परमेश्वरलाई उत्तर दिए, "मोआबका राजा सिप्पोरका छोरा बालाकले मकहाँ दूतहरू पठाएका छन्। **११**उनको सन्देश थियो "हेर्नुहोस् यो जाति मिश्रदेशबाट भएको छ र तिनीहरूको छाउनीले देशलाई ढाकी रहेकोछ। अब आउनु होस् र मेरो पक्षमा तिनीहरूलाई सराप्नु होस। यदि तपाईंले त्यसो गरिदिनु भयो भने सायद म तिनीहरूलाई लँड़ाईमा जितेर धपाउन सक्छु।"

**१२**परमेश्वरले बिलामलाई भन्नुभयो, "तिमी तिनीहरूसित नजाऊ, अनि मानिसहरूलाई नसराप किनभने तिनीहरू म द्वारा अशिषित छन्।"

**१३**त्यसकाण बिहानै उठेर बालाकद्वारा पठाएका बुढ़ा-पाकाहरूलाई बिलामले भने, "तपाईंहरूको देशमा फर्केर जानुहोस् परमप्रभुले मलाई तिमीहरूसित जानु अनुमति दिनु भएन।"

**१४**यसर्थ मोआबका बूढ़ा-पाकाहरू उठेर बालाककहाँ गएर भने, "बिलामले हामीसित आउनु अस्वीकार गरे।"

**१५**"एक पल्ट फेरि बालाकले बिलामकहाँ मानिसहरू पठाए। दोस्रो चोटीका बुढ़ा-पाकाहरू पहिलेको भन्दा धेरै ठूला र सम्मानित थिए। **१६**तिनीहरू गएर बिलामलाई भने, "सिप्पोरको छोरो बालाकको भनाई यस्तो छ, दयागरी तपाईं म भए कहाँ आउन तपाईंले आफैलाई नरोक्नु होस्। **१७**किनभने म तपाईंलाई बड़ो इज्जत साथ सम्मान चढ़ाउनेछु साथै तपाईंले जे भन्नुहुन्छ म मान्नेछु। दया गरी आउनुहोस र मेरो पक्षमा तिनीहरूलाई सराप्नु होस्।"

**१८**तब बिलामले बालाकका मानिसहरूलाई जवाफ दिए, "यदि बालाकले मलाई सुन र चाँदीले भरिएको महल दिए पनि म मेरो परमप्रभु परमेश्वरको आज्ञाचाहे ठूलो वा सानो होस नष्ट गर्दिन। **१९**यसकारण अरूहरू झैं तिमीहरू पनि आज राती यहि बस्। अनि म हेर्छु परमप्रभुले मलाई केही कुरा भन्नु हुन्छ कि।"

**२०**त्यो राती बिलामलाई सपनामा आएर परमेश्वरले भन्नुभयो, "जब यी मानिसहरू तिमीलाई उनीहरूसित लैजान आएका छन्, तिमी उठेर तिनीहरूसित जाऊ, तर म जे भन्छु त्यो मात्र तिमीले गर्नुपर्छ।"

## बिलाम र तिनका गधा

**२१**यसकारण बिलामले बिहानै उठेर जीन लगाम

कसे। त्यसपछि तिनी ती मोआबबाट आएका बूढ़ा-प्रधानहरू
सँग गए। २२बिलाम गएको देखी परमेश्वर रिसाउनु
भयो र उसलाई रोक्न परमप्रभुका बाटोमा स्वर्गदूत
उभिए। बिलाम गधामा चढ़ेका थिए अनि तिनका
दुईजना सेवकहरू पनि तिनीसित थिए।

२३जब गधाले परमप्रभुको स्वर्गदूतलाई हातमा तरवार
लिएर बाटोमा उभिरहेको देख्यो त्यसले बाटो छाड़ेर
खेततिर गयो। यसर्थ बिलामले त्यस गधालाई बाटोमा
फर्काई ल्याउन हिर्कायो।

२४त्यसपछि परमप्रभुका स्वर्गदूत दुवै पट्टि ढुङ्गाको
पर्खाल भएको दुइवटा दाखको खेत बीच साँघुरो बाटोमा
उभिए। २५जब गधाले परमप्रभुको स्वर्गदूतलाई देख्यो
त्यो भित्तमा टाँसियो अनि बिलामको खुट्टा पनि चेप्टाइदियो।
यसर्थ बिलामले फेरि त्यसलाई हिर्काए।

२६त्यसपछि परमप्रभुको स्वर्गदूत अघि बढ़ेर एउटा
एकदमै साघुँरो गल्ली जहाँ पसेर दाहिने-देब्रे फर्कन
नसकिने ठाँउमा उभिए। २७परमप्रभुको स्वर्गदूतलाई
देखेर गधा थचक्क बस्यो। बिलाम रिसले चुर भएर
त्यसलाई आफ्नो लौरोले बेस्सरी हिर्काए।

२८त्यसपछि परमप्रभुले गधालाई मुख खोल्ने अनुमति
दिनुभयो र त्यसले बिलामलाई भन्यो, "मैले तपाईंलाई
के गरें ताकि तपाईंले मलाई यस प्रकारले तीन चोटि
हिर्काउनु भयो?"

२९तब बिलामले गधालाई भने, "तैंले मलाई मूर्ख
बनाइस्। यदि मेरो हातमा तरवार हुँदो हो त म तपाईं
अहिले मार्ने थिँए।"

३०गधाले बिलामलाई उत्तर दियो, "के म तपाईंले
आफ्नो जीवन भरि आज सम्म चढ़ेको गधा होइन्? के
मैले यस्तो अघि कहिले गरेको थिए? बिलामले भने,
होइन्।"

३१त्यसपछि परमप्रभुले बिलामको आँखा खोली दिनुभयो
अनि तिनले परमप्रभुको स्वर्गदूतलाई नाङ्गो तरवार लिएर
बाटोमा उभिरहेको देखे। तब तिनले आफ्नो शिर
निहुर्याए।

३२तब परमप्रभुको स्वर्गदूतले बिलामलाई भने, "किन
तिमीले गधालाई तीन पल्ट हिर्कायौ हेर, म तिमीलाई
रोक्नको निम्ति बाहिर आए किनभने तिम्रो यात्रा मेरो
आज्ञाको विरूद्धमा छ। ३३जब गधाले मलाई देख्यो,
त्यो तीन पल्ट मबाट तर्कन खोज्यो। यदि यो मबाट
नतर्केको भए यो निश्चय थियो कि म तिमीलाई मार्ने
थिँए, तर गधालाई जिउँदै छाड़ि दिने थिए।"

३४तब बिलामले परमप्रभुका स्वर्गदूतलाई भने, "मैले
पाप गरेँ कारण मैले जानिन कि तपाईं मलाई
रोक्नको निम्ति बाटोमा उभिरहनु भएको थियो। तर यदि
मेरो यात्रालाई केही नराम्रो ठान्नु हुन्छ भने म घर
फर्कन्छु।"

३५तब परमप्रभुको स्वर्गदूतले बिलामलाई भने, "तिमी
यी मानिसहरूसित जाऊ, तर म जे भन्छु तिमी त्यो मात्र
बोल। यसकारण बिलाम मोआबबाट आएका बूढ़ा-
प्रधानहरूसँग गए।"

३६जब बालाकले बिलाम आउँदैछ भनेको सुने, ऊ
मोआबी देशको शहरको उत्तरी सिमाना अर्नोन नदीको
नजिक उसलाई भेट्न गए। ३७बालाकले बिलामलाई
भने, "तपाईं मेरोमा आउनुहवस भनी निम्तो दिन मैले
मानिसहरू पठाए? तपाईं किन म भएकहाँ आउनु भएन?
के म तपाईंलाई सम्मान गर्न योग्यको छैन?"

३८त्यसपछि बिलामले बालाकलाई भने, "हेर। म
तिम्रोमा अहिले आएकोछु। म तिमीलाई अहिले नै केही
कुरा भन्न सक्छु? म त्यही कुरा मात्र भन्ने छु जो
परमप्रभु परमेश्वरले मलाई भन्न लगाउनु हुन्छ।"

३९त्यसपछि बिलाम बालाकसित गए। अनि तिनीहरू
किर्यत-हुसोतमा आए। ४०बालाकले गोरूहरू र भेड़ाहरू
बलि चढ़ाए अनि बिलाम र मोआबबाट आएका
बूढ़ा-प्राधानहरूलाई निमन्त्रणा गरे र खान दिए जो
ऊसित आएका थिए।

४१भोलिपल्ट बिहानै बालाकले बिलामलाई बमोत-
बालमा लिएर गए। त्यहाँबाट तिनले इस्राएली मानिसहरूको
केही भाग देखे।

## बिलामको प्रथम अगमवाणी

२३ बिलामले भने, "यहाँ सातवटा वेदी बनाऊ।
अनि सातवटा साँढ़े र सातवटा भेड़ा मेरो
निम्ति तयार पार।" २बालाकले बिलामको इच्छा पुरा
गरिदियो। ती दुइजनाले एक-एकवटा साँढ़े र भेड़ो
प्रत्येक वेदिमा बलि चढ़ाए।

३त्यसपछि बिलामले बालाकलाई भने, "तिम्रो
होमबलिको पछिल्तिर तिमी उभिनु अनि म कही
जान्छु। शायद परमप्रभुले मलाई भेट्नु हुन्छ होला।
उहाँले मलाई जे देखाउनु हुन्छ म तिमीलाई भन्नेछु।"
यसर्थ तिनी एउटा पर्वतको शिखरमा गए।

४परमेश्वर बिलामलाई भेट्न आउनुभयो अनि उनले
परमेश्वरलाई भने, "मैले सातवटा वेदी बनाएकोछु र
एउटा साँढ़े र एउटा भेड़ा बलिको निम्ति प्रत्येक वेदीमा
चढ़ाइएको छ।"

५तब परमप्रभुले बिलामलाई उसले के भन्नु पर्ने
बताउनु भयो, "बालाककहाँ फर्क र उसलाई यो भन।"

६यसर्थ बिलाम बालाककहाँ फर्के। त्यहाँ बलाक
आफूले चढ़ाएको बलिको नजिकै अन्य मोआबका
मुख्य व्यक्तिहरूसित उभिरहेका थिए। तब बिलामले यी
कुराहरू भने:

७बालाक, मोआबका राजाले मलाई यहाँबाट अरामको
पूर्वोत्तर पर्वतहरूमा लगे। बालाकले मलाई भने,
"आऊ मेरो निम्ति याकूबलाई शराप। आऊ
इस्राएलका मानिसहरूको विरोधमा बोल।"

८कसरी म केही कुरालाई सराप्नु जसलाई
परमेश्वरले सरापेको छैन; कसरी म कसैको
विरूद्धमा बोल्नु जसलाई परमप्रभुले विरोध गर्नु
भएको छैन्।
९म पर्वतबाट ती मानिसहरूलाई देख्छु, म
तिनीहरूतिर अग्लो पर्वतबाट हेर्छु, तिनीहरूले
एकान्तमा बस्छन्, तिनीहरू आफैलाई जातिहरू
मध्येको एक जाति भनी सोच्दैनन्।
१०याकूबका मानिसहरूलाई कसले गन्न सक्छन्?
तिनीहरूको संख्या धूलोको कण जत्तिकै असंख्य
छ। तिनीहरूका चार भागको एक भाग पनि
कसैले गन्न सक्तैन। मेरो आत्माले असल मृत्यु
पाओस्, मेरो जीवन तिनीहरूको झैं खुशीयालीमा
अन्त होस्।"

११त्यसपछि बालाकले बिलामलाई भने, "तपाईंले
मलाई के गर्नु भयो? मैले तपाईंलाई मेरा शत्रुहरूलाई
सराप्न ल्याए तर तपाईंले तिनीहरूलाई आशीर्वाद दिनुभयो।"
१२बिलामले उत्तर दिए, "म परमप्रभुले भन्नु भएको
वचन मात्र बोल्नु होशियार रहनु पर्छ।"
१३त्यसपछि बालाकले उसलाई भने, "तपाईं मसँग
यता अर्को ठाँउमा आउनु, जहाँबाट ती मानिसहरूलाई
अझ वेशी सँख्यामा देख्न सक्नु हुन्छ। तपाईंले तिनीहरू
सबैलाई देख्न सक्नुहुन्न खाली एक भाग मात्र देख्न
सक्नुहुन्छ। त्यहाँबाट तपाईंले मेरो पक्षमा सराप्नु होस्।"
१४तब बालाकले बिलामलाई पिसगा पर्वतको चोटीमा
भएको सोफीमको खेतमा लगे अनि त्यहाँ बालाकले
सातवटा वेदी बनाई एउटा साँढ़े र एउटा भेड़ा प्रत्येक
वेदीमा बलि दिए।
१५तब बिलामले बालाकलाई भने, "यो वेदी नजिक
तिमी बस। म परमेश्वरलाई भेट्न त्यस ठाँउमा जान्छु।"
१६यसर्थ बिलामलाई परमप्रभुले भेट्नु भयो अनि
बिलामले के भन्नु पर्ने बताई दिनुभयो। परमप्रभुले
भन्नुभयो, बालाककहाँ जाऊ अनि यसो भन। १७यसकारण
बिलाम बालाकभए कहाँ गए। बालाक होमबलि को
छेऊमा उभिरहेको थियो उसले अन्य मोआबका बूढ़ा-
प्रधानहरूसित बलि चढ़ाए बलाकले सोधे, "परमप्रभुले
के भन्नुभयो?"

## बिलामको दोस्रो अगमवाणी

१८बिलामले अगमवाणी दिए:

"उठ बालाक अनि म जे भन्छु सुन; सिप्पोरका
छोरो, बालाक मेरो कुरा सुन,
१९परमेश्वर मानिस हुनुहुन्न, यसर्थ उहाँ मर्नुहुन्न,
परमेश्वर मानव हुनुहुन्न, यसर्थ उहाँको निर्णय
परिवर्त्तन हुँदैन। यदि परमप्रभुले भन्नुहुन्छ-केही
गर्छु, तब उहाँले गर्नुहुन्छ। यदि परमप्रभुले प्रतिज्ञा
गर्नु भए, प्रतिज्ञाको कुरो पूर्ण गर्नुहुन्छ।
२०परमप्रभुले मलाई भन्नुभयो, ती मानिसहरूलाई
आशीर्वाद देऊ, परमप्रभुले तिनीहरूलाई आशीर्वाद
दिनु भएकोछ, यसर्थ म त्यो बदलाउन सक्तिन।
२१परमेश्वरले याकूबका मानिसहरूमा कुनै त्रुटी
पाउनु भएन, इस्राएलका मानिसहरूमा परमेश्वरले
पाप देख्नु भएन। परमप्रभु तिनीहरूका परमेश्वर
हुनुहुन्छ, अनि उहाँ तिनीहरूको साथ हुनुहुन्छ। ती
महान राजा तिनीहरूसित हुनुहुन्छ।
२२परमेश्वरले ती मानिसहरूलाई मिश्रबाट बाहिर
ल्याउनु भयो तिनीहरू जंगली साँढ़े झै बलिया
छन्।
२३याकूबका मानिसहरूलाई परास्त गर्ने अर्को
कुनै शक्ति छैन। कुनै यस्तो उपाए छैन कि
इस्राएलका मानिसहरूलाई रोक्न सकोस्। याकूब र
इस्राएली मानिसहरूको विषयमा, मानिसहरू भन्दछन्,
'परमेश्वरको महान सृष्टिलाई हेर!'

२४मानिसहरू सिंह झैं बलिया छन् सिंह झैं लड़छन्।
अनि आफ्नो शत्रुलाई परास्त नपारे सम्म त्यो सिंह
विश्राम गर्दैन। अनि त्यो सिंहले विश्राम नै लिँदैन जब
सम्म आफ्नो शत्रु ती मानिसहरूको रगत पिउँदैन।"
२५बालाकले बिलामलाई भने, "आज देखि, तिमी
मानिसहरूलाई आशिष अथवा सराप दिनु हुदैन्।"
२६बिलामले उत्तर दिए, "मैले तिमीलाई अघि नै भने
कि परमप्रभुले जे भन्न लगाउनु हुन्छ म त्यो मात्र
भन्छु।"
२७तब बालाकले बिलामलाई भने, "अब मसँग
आउनु होस् अर्को ठाँउमा। हुन सक्छ परमेश्वर खुशी
भएर ती मानिसहरूलाई सराप्न अनुमति दिनुहुन्छ।"
२८यसर्थ बिलामलाई बालाकले पोर पर्वतको चुचुरामा
लगे। यहाँबाट मरूभूमि देखिन्थ्यो।
२९बिलामले भने, "सातवटा वेदी बनाऊ। त्यसपछि
वेदीमा बलिको निम्ति सातवटा साँढे र सातवटा भेड़ाहरू
तयार पार।" ३०बालाकले ठीक पारे अनि वेदीहरूमा ती
साँढ़े र भेड़ाहरू बलि चढ़ाए।

## बिलामलाई तेस्रो अगमवाणी

२४ जब बिलामले चाल पाए कि परमप्रभु
इस्राएलीहरूलाई आशीर्वाद दिनमा खुशी हुनुहुन्छ,
तिनले आफ्नो जादु टुनाहरू प्रयोग गरेनन, तर तिनी
मरूभूमि तिर फर्केर हेरे। २जब बिलामले मरूभूमि तिर
हेरे तिनले इस्राएली मानिसहरूलाई आफ्नो-आफ्नो कुल
गरि छाउनीहरूमा बसेको देखे। त्यसपछि परमेश्वरको
आत्मा तिनीभित्र आयो। ३अनि बिलामले यो अगमवाणी
दिए:

"यो समाचार बओरका छोरो बिलामबाट हो। म
ती चीजहरूको विषयमा भन्दैछु जो म स्पष्ट
देख्छु।
४म यो वाणी परमेश्वरबाट सुन्छु। परमेश्वर
सर्वशक्तिमानले जे देखाउनु भयो मैले त्यो देखें। म
जो स्पष्ट देख्छु त्यो विनम्र भई भन्छु।
५"हे याकूबका मानिसहरू हो तिमीहरूका पालहरू
कति सुन्दर छन्। हे इस्राएलका बासिन्दाहरू हो!
तिमीहरूका छाउनीहरू कति राम्रा छन्।
६तिमीहरूको पालहरू नदी किनारका बगैंचाहरू
जस्तै एकै पँक्तीमा रोपिएका ताड़का रुखहरू
फैलिए जस्तै, परमप्रभुले रोप्नु भएको घिउकुमारी
जस्तै, पानी नेरको देवदारहरू जस्तै फैलिएका
छन्। ७तिनीहरूका बाल्टीहरू पानीले भरिएर
पोखिनेछन्। अनि तिनीहरूका बीउहरूले प्रशस्त
पानी पाउने छन्। तिनीहरूका राजा अगाग भन्दा
ठूलो हुनेछ, अनि तिनीहरूको राज्य बढ्नेछ।
८"परमेश्वरले तिनीहरूलाई मिश्रदेशबाट ल्याउनु
भयो, तिनीहरूको निम्ति जंङ्गली साँढ़ेको सीड़
जस्तै शक्तिशाली हुनुहुन्छ। ती इस्राएलीहरूले आफ्नो
शत्रुहरूलाई निल्नेछन् र तिनीहरूको हड्डी फुटेर
चूर पर्नेछ अनि तिनीहरूलाई आफ्नो बाणहरूले
छेड़नेछ।
९"विश्राममा तिनीहरू सिंहभैँ सुत्नेछन् अनि
सिंहभैँ-तिनीहरूलाई कसले बिउँझाउने?
"तिनीहरूलाई आशिर्वाद दिने आशीषित हुन् अनि
तिनीहरूलाई सराप्ने श्रापित हुन्।"
१०बिलामसित बालाक रिसाएर हात पड़काए, तिनले
बिलामलाई भने, "मैले तिमीलाई मेरा शत्रुहरूलाई सराप्न
बोलाएको थिएँ तर तिमीले तिनीहरूलाई तीन पल्ट
आशीर्वाद दियौ। ११अब तिमी झट्टै आफ्नो घरमा
जाऊ। मैले भनेको थिँए कि म तिमीलाई ठूलो सम्मान
दिनेछु, तर परमप्रभुले तिमीलाई सम्मान पाउनुबाट बञ्चित
गराउनु भयो।"
१२बिलामले बालाकलाई भन्यो, "के मैले तिम्रा
दूतहरूलाई भनेको थिँइन। १३'यदि बालाकले सुन र
चाँदीले परिपूर्ण महल दिए पनि म परमप्रभुको आज्ञा
विरुद्ध केही गर्दिन?' म त्यही गर्छु जो परमप्रभुले
भन्नुहुन्छ। १४अब म आफ्नो घरमा फर्केर जान्छु। तर
म तिमीलाई चेतावनी दिन्छु कि यी इस्राएलका मानिसहरूले
तिमी र तिम्रा मानिसहरूलाई भविष्यमा के गर्नेछन्,
सुन।"

### बिलामको अन्तिम अगमवाणी

१५तब बिलामले यी कुराहरू भने:
"यो बओरको छोरो बिलाम जसले आफ्नो
आखाँले सफासँग देख्न सक्छ,
१६कसले परमेश्वरको वचन सुन्न सक्छ अनि
कसले सर्वउच्च परमेश्वरबाट ज्ञान प्राप्त गर्न
सक्छ? सर्वशक्तिमान परमेश्वरले यो कुराहरू देखाउनु
भयो त्यो मैले देखेँ। म नम्रता पूर्वक तपाईंलाई
भन्छु के म स्वच्छ देख्छु।
१७"म परमप्रभुलाई देख्न सक्छु, तर अहिले
होइन, म उहाँलाई देख्न सक्छु, तर नजीकबाट
होइन। एउटा राजा तारा जस्तै याकूबको वंशबाट
आउनेछ, इस्राएलका मानिसहरूबाट एक जना
शासक जन्मनेछ। मोआबी मानिसहरूको त्यस
शासकले टाउको किच्चयाउनुहुनेछ अनि शेतको
वंशनै ध्वंश पार्नु हुनेछ।
१८इस्राएलको शत्रु सेईरको भूमि इस्राएलको
दखलमा हुनेछ, एदोमको भूमि पनि तिनीहरूकै
दखलमा रहनेछ जब इस्राएलले बहादुरी
देखाउनेछ। १९"याकूबको वंशबाट शासक आउनेछ,
र त्यस शहरमा बाँचेकाहरूलाई ध्वंश पार्नेछ।"

२०बिलामले अमालेकी मानिसहरूलाई हेरेर अगमवाणी
दिए:
"राष्ट्रहरूमा अमालेक सबै भन्दा शक्तिशाली
हो। तर ध्वंश हुनेछ अमालेक पनि।"

२१तब बिलामले कनानी मानिसहरूलाई हेरेर अगमवाणी
बोले:
"चट्टानमा बनिएको गुँड़ जस्तै तिमीहरू सुरक्षित
छौ।
२२तर केनीहरू पनि ध्वंश पारिनेछन् जब
अश्शूरले तिमीहरूलाई कैदी बनाउँनेछ।"

२३बिलामले तब फेरि अगमवाणी बोले:
"हाय! को जीवित रहनु सक्छ जब परमेश्वरले
यस्तो गर्नु हुन्छ? २४जहाजहरू कित्तीमको किनारबाट
आउनेछन् र तिनीहरूले अश्शूर र एबरलाई परास्त
पार्नेछन्। तर तिनीहरू पनि ध्वंश गराइनेछन्।"

२५त्यसपछि बिलाम उठेर घर फर्के अनि बालाक
पनि आफ्नो बाटो लागे।

### पोरमा इस्राएलीहरू

२५ शित्तीममा जब इस्राएलीहरू बस्दै थिए, त्यति
बेला इस्राएली पुरुषहरूले मोआबी स्त्रीहरूसित
शारीरिक सम्बन्ध राख्न थाले। २मोआबी स्त्रीहरूले
तिनीहरूलाई आफ्नो पूजा आजामा भाग लिन बोलाए।
यसर्थ तिनीहरूले आफ्नो देवताहरूलाई चढ़ाएको बलिहरू
इस्राएली मानिसहरूले खाए अनि ती देव-देवताहरू पूज्न
थाले। ३यसरी इस्राएलीहरूले पोरको बाल-देवता पूज्न

थाले। यसकारण परमप्रभु तिनीहरूसित क्रोधित हुनु भयो।

४परमप्रभुले मोशालाई भन्नुभयो, "यो मानिसहरूका सबै नायकहरूलाई बोलाऊ र तिनीहरूलाई परमप्रभु अघि लगेर समान्य जनसाधरणको सामुन्ने झुण्डाई देऊ। त्यस पछि परमप्रभु इस्राएलका मानिसहरूसित रिसाउनु हुनेछैन।"

५मोशाले इस्राएलका न्यायकर्त्तालाई भने, "तिमीहरू प्रत्येकले आफ्नो परिवार समूहमा त्यस्ता व्यक्तिहरू खोज्नु पर्छ जसले मानिसहरूलाई पोरको बाललाई झूटा देवतालाई पूज्न प्रोत्साहन दिए। तब तिमीहरूले त्यस्ता मानिसहरूलाई मार्नुपर्छ।"

६जाति बेला मोशा अनि इस्राएली समूह भेट हुने पालको प्रवेशद्वारमा भेला भएका थिए त्यति बेला एक इस्राएली पुरुषले एउटी मिद्यानी स्त्रीलाई उसको पालमा ल्यायो। त्यो मोशा तथा अन्य सबै इस्राएली मानिसहरूले देखिरहेका थिए। तिनीहरू रून थाले। ७हारूनको नाति एलाजारका छोरो पीनहासले त्यसरी एउटी स्त्रीलाई पालभित्र लगेको देख्यो। यसर्थ पीनहासले सभा त्यागेर आफ्नो भाला बोकेर। ८त्यस इस्राएली व्यक्तिलाई पछ्याउँदै पालभित्र गयो। त्यसपछि पालभित्रै त्यस स्त्री र इस्राएली पुरुषको शरीरमा भाला रोपी मारी दियो। त्यस बखतमा त्यहाँ इस्राएलीहरू महामारीको प्रकोपमा थिए अनि जब पीनहसले ती दुइजनालाई मार्‍यो त्यो महामारी थामियो। ९त्यस महामारीको प्रकोपमा २४,००० मानिसहरू मरे।

१०परमप्रभुले मोशालाई भन्नभयो, ११"एलाजारको छोरो पूजाहारी हारूनको नाति पीनहासले इस्राएलका मानिसहरूलाई मेरो क्रोधबाट बचायो। उसले यो काम गर्‍यो किनभने ऊ मेरो सम्मानको रक्षा गर्न उत्सुक थियो। यसकारण क्रोधित हुँदा इस्राएलका मानिसहरूलाई मारिन। १२यसै कारणले पीनहासलाई भनिदेऊ, म ऊसित शान्तिको करार राख्नेछु। १३शान्तिको सम्झौता यो हो: ऊ अनि उसका आउने भावि सन्तान सदा सर्वदाको निम्ति पूजाहारीहरू भई रहनेछन्। किनभने ऊ मेरो सम्मानको रक्षा गर्न उत्सुक थियो र उसले इस्राएली मानिसहरूलाई प्रायश्चित गर्‍यो।"

१४जो व्यक्ति मिद्यानी स्त्रीसित मर्‍यो। त्यो थियो शिमोन कुल परिवारको प्रमुख साल्रूको छोरो जिम्री। १५त्यो मर्ने स्त्रीको नाम सूरकी छोरी कोजबी थिई। सूर मिद्यानी वंश घरानाको मुखिया थियो।

१६परमप्रभुले मोशालाई भन्नुभयो, १७"मिद्यानी मानिसहरूसित शत्रु भई तिनीहरूलाई परास्त गर। १८किनभने छल गरेर झूटा देवता पूज्न लगाई, मिद्यानका मुखियाकी छोरी कोजबी जो पोर घटनाको कारणले इस्राएलीहरूमा महामारीले सताएको वखतमा मारिएकी थिई, यसकारण तिमीहरू तिनीहरूको शत्रु बने।"

## मानिसहरूको गन्ती

२६ त्यो डरलाग्दो महामारी पछि परमप्रभुले मोशा र पूजाहारी हारूनको छोरो एलाजारलाई भन्नुभयो, २"सम्पूर्ण इस्राएली मानिसहरूको समुदायमा जो बीस वर्ष अथवा वेशी उमेरका छन्। तिनीहरूलाई गन र तिनीहरूलाई लड़ाईमा जान उपयुक्त हुने परिवार अनुसार सूची बनाऊ।"

३यसकारण मोशा र पूजाहारी एलाजारले तिनीहरूसित यरीहोको पारी यर्दन नदीको नजिक मोआबको मैदानमा कुरा गरे। "तिनीहरूले भने, ४"इस्राएलका सबै मानिसहरू जो बीस वर्ष अनि अधिको छ गन्ती गर, परमप्रभुले मोशा र इस्राएलीहरूलाई आज्ञा गर्नु भए जस्तो जो मिश्रबाट बाहिर आए।"

५रूबेन इस्राएलको जेठो छोरो हो। रूबेनका सन्तान यस प्रकारले छन्:

हनोकबाट हनोकीहरूको कुलसमूह, पल्लूबाट पल्लूईहरूको कुल समूह,

६हिस्रोनबाट हिस्रोनीहरूको कुलसमूह, कर्मीबाट कर्मीहरूको कुल समूह।

७रूबेनहरूका कुलका कुलसमूह यिनीहरू नै थिए। मानिसहरूको जन संख्या ४३,७३० थियो।

८पल्लूका छोरो एलीआब थिए। ९एलीआबका छोराहरू नमूएल, दातान र अबीराम थिए। यी तिनै दातान र अबीराम हुन् जसलाई समुदायबाट चुने अनि तिनीहरू नै मोशा र हारूनको विरोधमा गए। जब तिनीहरूले परमप्रभुको विरोध गरे दातान र अबीराम कोरहको अनुयायीहरूको वीचमा थिए। १०अनि पृथ्वी चर्किएर मुख बायो अनि कोरह र तिनीहरूलाई निल्यो। जब कोरहको अनुयायीहरू मरे अनि जब २५० जना मानिसहरूलाई आगोले भस्म पार्‍यो मानिसहरूलाई चेतावनीको निम्ति एउटा दृष्टान भयो। ११तर कोरहका छोराहरू मरेनन्।

१२कुलसमूह अनुसार शिमोनको सन्तानहरू यी नै हुन्:

नमूएलबाट नमूएलको कुलसमूह, यामीनबाट यामीनीहरूको कुलसमूह, याकीनबाट याकीनीको कुलसमूह,

१३जेरहबाट जेरहीहरूको कुलसमूह, शाऊलबाट शाऊलहीहरूको कुलसमूह,

१४शिमोनहरूका कुलका कुलसमूहहरू यी नै थिए। तिनीहरूमा जम्मा २२,२०० मानिसहरू थिए।

१५तिनीहरूको कुलसमूह अनुसार गादको कुलसमूह यस प्रकारको थियो:

सपोनबाट सपोनीहरूको कुलसमूह, हाग्गैबाट हाग्गैहरूको कुलसमूह, शूनीबाट शूनीहरूको कुलसमूह,

१६ओजनीबाट ओजनीहरूको कुलसमूह, एरीबाट एरीहरूको कुलसमूह,

१७अरोदाबाट अरोदाहरूको कुलसमूह अरेलीबाट अरेलीहरूको कुलसमूह भए।

१८गादाहरूको कुलका कुलसमूहहरू यस प्रकारका थिए र तिनीहरूको जन संख्या ४०,५०० थियो।

१९-२०यहूदाका छोराहरू एर र ओनान थिए र तिनीहरू कनान देशमा मरे। तिनीहरूको कुलसमूह अनुसार यहूदाको सन्तान यस प्रकारको थियोः

शेलहबाट शेलानीहरूको कुलसमूह, पेरेसबाट पेरेसीहरूको कुलसमूह, जेरहबाट जेरहातीहरूको कुलसमूह भए।

२१पेरेसका सन्तानहरू यस प्रकारका थिएः हेस्रोनबाट हेस्रोनीहरूको कुलसमूह, हमूलबाट हामूलीहरूको कुलसमूह।

२२यहूदाको कुलका कुलसमूहहरू यही हो र तिनीहरूको जम्मा जन-संख्या ७६,५०० थियो।

२३तिनीहरूको कुलसमूह अनुसार इस्साकारको सन्तान यस प्रकारको थियोः

तोलाबाट तोलाहीहरूको कुलसमूह, पुव्वाबाट पुव्वाहीहरूको कुलसमूह।

२४याशूबबाट याशबीहरूको कुलसमूह, हिम्रोनबाट हिम्रोनीहरूको कुलसमूह।

२५इस्साकारको कुलका कुलसमूहहरू यही हो र तिनीहरूको जनसंख्या ६४,३०० थियो।

२६तिनीहरूको कुलसमूह अनुसार जबूलूनको सन्तान यस प्रकारको थियोः

सेरेदबाट सेरेदीहरूको कुलसमूह, एलोनबाट एलोनीहरूको कुलसमूह, यहलेलबाट यहेलेलीको कुलसमूह भए।

२७जबूलूनको कुलका कुलसमूहहरू यही हो र तिनीहरूको जनसंख्या ६०,५०० थियो।

२८यूसुफका मनश्शे र एप्रैम नाम गरेका दुई जना छोराहरू थिए। २९मनश्शेबाट भएका सन्तानहरू यिनीहरू नै हुन्

माकीरबाट माकीरी कुलसमूह, (मकीर गिलादका बाबु थिए) गिलादबाट गिलादीहरूको कुलसमूह,

३०गिलादबाट भएका सन्तानहरूः ईएजरेबाट ईएजेरीहरूको कुलसमूह, हेलेकबाट हेलेकीहरूको कुलसमूह,

३१अस्त्रीएलबाट अस्त्रीएलीहरूको कुलसमूह, शेकेमबाट शेकेमीहरूको कुलसमूह,

३२शमीदाबाट शमीदीहरूको कुलसमूह, हपेरबाट हेपेरीहरूको कुलसमूह

३३सलोफाहद हेपेरका छोरो थिए। यिनीबाट कुनै छोरो जन्मेन तर छोरीहरू मात्रै जन्मे। शलोफाहदका छोरीहरू थिए महला, नोआ, होग्लाह, मिल्का अनि तिर्सा। ३४मनश्शेको कुलको कुलसमूहहरू यस प्रकारको छ। तिनीहरूको जन संख्या ५२,७०० थियो।

३५एप्रैमको कुलसमूह यस प्रकार छः

शूतेलहबाट शूतेलहीहरूको कुलसमूह, बेकेरबाट बेकेरीहरूको कुलसमूह, तहनबाट तहनीहरूको कुलसमूह।

३६शूतेलहका कुलसमूह यस प्रकारका थिएः एरानबाट एरानीहरूको कुलसमूह।

३७एप्रैमको कुलका कुलसमूहहरू यस प्रकार थिए अनि तिनीहरू को जन-संख्या ३२,५०० थियो। यूसुफको कुल कुलसमूहहरू तिनीहरू नै हुन्।

३८बिन्यामीनका कुलसमूहहरू यिनीहरू हुन्ः

बेलाबाट बेलाही कुलसमूह, अशबेलबाट अशबेलिहरूको कुलसमूह, अहीरामबाट अहीरामीहरूको कुलसमूह,

३९शूपामबाट शपूपामीहरूको कुलसमूह हूपामबाट हपामीहरूको कुलसमूह भए।

४०अर्द र नामन बेलाका छोराहरू हुन्ः अर्दबाट अर्दीहरूको कुलसमूह, नामानबाट नामानीहरूको कुलसमूह भए।

४१बिन्यामीनको कुलका कुलसमूहहरू यिनीहरू नै थिए। तिनीहरूको जन-संख्या ४५,६०० थियो।

४२दानका कुलसमूह यिनीहरू हुन्ः सूहामबाट शूहामीहरूको कुलसमूह

४३दानको कुलका कुलसमूहहरू यिनीहरू नै थिए अनि सबै सूहामीहरूको जन-संख्या ६४,४०० थियो।

४४आशेरको कुलसमूहहरू यस प्रकार थिएः यिम्नाहबाट यिम्नानीहरूको कुलसमूह, यिशवी बाट यिश्वीहरूको कुलसमूह, बेरीयहबाट बेरीयाहरूको कुलसमूह,

४५बेरीयाहबाट यी परिवारहरू थिएः हेबेरबाट हेबेरीहरूको कुलसमूह, मल्कीएलबाट मल्कीएहरूको कुलसमूह।

४६(आशेरको सेरह नाम गरकी छोरी थिई)। ४७कुलसमूह अनुसार आशेरकुलका यही कुलसमूहहरू थिए र तिनीहरूको जन-संख्या ५३,४०० थियो।

४८कुलसमूह अनुसार नप्तालीबाट यी कुलसमूहहरू थिएः

यहसेलबाट यहसेलीहरूको कुलसमूह, गुनीबाट गुनीहरूको कुलसमूह

४९येसेरबाट येसेरीहरूको वशं शिल्लेमबाट शिल्लेमीहरूको कुलसमूह।

५०कुलसमूह अनुसार नप्ताली कुलका कुलसमूहहरू यिनीहरू नै थिए अनि यिनीहरूको जन-संख्या ४५,४०० थियो।

५१यसर्थ इस्राएली मानिसहरूको जन-संख्या ६,०१,७३० थियो।

५२परमप्रभुले मोशालाई भन्नुभयो, ५३"यी मानिसहरू माझ भूमि वितरण गरिन्छ र तिनीहरूलाई दिइन्छ। यसरी ती सबै गन्तीमा परेका मानिसहरू प्रत्येकले प्रशस्त भूमि पाउनेछन्। ५४ठूलो परिवारले धेरै र सानो परिवारले कम्ती गरी भूमि पाउनेछन्। तिनीहरूलाई

दिइएको भूमि गन्ती गरिएका मानिसहरू बराबर हुनेछ।
५५तर कसले कुन इलाका पाउने हो त्यो चिठ्ठा द्वारा
निर्णय गरिनेछ अनि आफ्ना पुर्खाका कुल अनुसार
नाममा तिनीहरू आफ्नो इलाका निर्धारित हुनेछ। ५६प्रत्येक
कुल समूहको अंश चिठ्ठा द्वारा निर्धारण गरिनेछ।"

५७कुलसमूह अनुसार गन्ती गरिएका लेवीकुलका
कुलसमूहहरू यिनीहरू नै हुन्।

गेर्शोनबाट गेर्शोनीहरूको कुलसमूह कहातबाट
कहातीहरूको कुलसमूह मरारीबाट मरारीहरूको कुलसमूह
भए।

५८लेवी कुलको कुलसमूहहरू यी नै हुन्।

लिब्नीहरूको कुलसमूह, हेब्रोनीहरूको कुलसमूह,
महलीहरूको कुलसमूह, मूशीहरूको कोरहीहरूको
कुलसमूह।

कहात अम्रामका पिता थिए। ५९अम्रामकी पत्नीको
नाम योकेबेद थियो अनि तिनी लेवी कुलसमूहकी
थिइन्। तिनी मिश्रदेशमा लेवी कुलमा जन्मेकी थिइन्।
अनि योकेबेल आम्रामका निम्ति, हारुन, मोशा र
मरियमलाई जन्माईन्।

६०हारून नादाब, अबीहू, एलाजार अनि इतामारका
पिता थिए। ६१तर नादाब र अबीहू परमप्रभुको अघि
अनुमति नभएको आगोमा बलि चढ़ाएको कारणले मरे।

६२एक महीना र अधिक उमरेका पुरुष गन्दा
लेवीहरूको संख्या २३,००० थियो। तिनीहरू
मानिसहरूसित गनिएनन कारण तिनीहरूले इस्राएलका
मानिसहरूसित भूमिमा अंश पाएनन्।

६३यी मानिसहरूको गन्ती मोशा र पूजाहारी एलाजारले
गरेका थिए। मोशा र एलाजार पूजाहारीले इस्राएली
मानिसहरूको गन्ती यरीहोको पारी यर्दन नदीको किनार
मोआबको मैदानमा गरेका थिए। ६४धेरै दिन अघि सिनै
मरूभूमिमा मोशा र हारूनले जुन इस्राएली मानिसहरूको
गन्ती गरेका थिए तिनीहरू मरिसके अनि तिनीहरूमा
कोही पानि जीवित थिएनन्। ६५किन? किनभने तिनीहरू
मरूभूमिमा मर्छन भनी परमप्रभुले भन्नु भएको थियो।
तिनीहरू मध्ये बाँचेकाहरू हुन यपुन्नेको छोरो कालेब र
नूनका छोरो यहोशू।

## सेलोफाकी छोरीहरू

२७ सेलोफादका पाँच जना छोरीहरू थिए (सेलोफा
हेपेरको छोरा थिए, हेपेर गिलादका छोरा
थिए, गिलाद माकीरका छोरा थिए, माकीर मनश्शेका
छोरा थिए र मनश्शे यूसुफका छोरा थिए। तिनीहरूको
नाम यस प्रकारको थियो: महला, नोआ होग्ला, मिल्का
र तिर्सा। २तिनीहरू भेट हुने पालमा मोशा, पूजाहारी
एलाजार, नायकहरू र सारा इस्राएली समुदायको सामुन्ने
उभिएर भने,

३"हाम्रा पिता मरूभूमिमा मर्नुभयो। उहाँ कोरहका
अनुयायीहरू जो परमप्रभुको विरुद्धमा गए, तिनीहरूसित
हुनु हुँदैन थियो। उहाँ पुत्रहीन हुनुहुन्थ्यो र आफ्नै पापले
मर्नुभयो। ४उहाँको छोरो थिएन भन्दैमा किन उहाँको
नाम आफ्नो वंशमा रहँदैन? हामीलाई पनि हाम्रो पिताको
दाज्यू-भाईहरूको बराबरमा जमीन दिनुहोस्।"

५यसर्थ मोशाले यो मामिला परमप्रभु अघि राखे।
६परमप्रभुले मोशालाई भन्नुभयो, ७"सेलोफाकी छोरीहरूले
गरेको बिन्ति न्यायसंगत छ र तिनीहरूले आफ्नो
पिताको दाज्यू-भाईहरूसितै जमीनको अंश पाउनु पर्छ।
यसर्थ जुन जमीन तिमीले तिनीहरूको पितालाई दिने
थियौ त्यो जमीन तिनीहरूलाई देऊ।

८"इस्राएलका मानिसहरूको निम्ति यो नियम बनाएर
राख, 'यदि पुत्रहीन व्यक्ति मरे उसको सबै सम्पत्ति
उसकी छोरीहरूले पाउनेछन्। ९उसकी छोरी पनि नभएको
खण्ड त्यो सम्पत्ति उसको आफ्नो दाज्यू-भाईले पाउनेछ।
१०फेरि यदि उसको दाज्यू-भाई नभएको खण्डमा
उसको काका-बड़ा-बाबुले पाउनेछ। ११उसको काका-
बड़ा-बाबुहरू पनि नभएको खण्डमा उसको सम्पत्ति
आफ्नो साख्खै आफन्तहरूले पाउनेछन्। इस्राएलका
मानिसहरूमा यो नियम रहन्छ। यो आज्ञा परमप्रभुले
मोशालाई दिनु भएको हो।'"

## यहोशू नयाँ अगुवा

१२त्यस पछि परमप्रभुले मोशालाई भन्नुभयो, "यर्दन
नदीको मरूभूमिको पहाड़मा जाऊ। त्यहाँ तिमीले मैले
इस्राएलका मानिसहरूलाई दिन लागेको भूमि देख्नेछौ।
१३त्यो भूमि देखे पछि तिम्रो दाज्यु हारून जस्तै तिमी
पनि मर्नेछौ। १४किनभने, सीनको मरूभूमिमा मानिसहरूले
पानीको निम्ति मसँग भन्दा तिमीले मेरो आज्ञा उलघंन
गरेका थियौ। तिनीहरूको सामुन्ने तिमीले मलाई सम्मान
राखेनौ।" (यो घटना सीन मरूभूमिमा कादेश नजिकको
मरीबाको पानीहरूमा भएको थियो।)

१५मोशाले परमप्रभुलाई भन्नुभयो, १६"परमप्रभु
परमेश्वर हुनुहुन्छ जसले मानिसहरूले के सोचिरहेकाछन्
चाल पाउनु हुन्छ। हे परमप्रभु। म प्रार्थना गर्छु कि यी
मानिसहरूको निम्ति एउटा मानिस अगुवा चुनिदिनु
हुनेछ। १७म प्रार्थना गर्छु कि तपाईंले एउटा मानिस
अगुवा चुनिदिनु होस् ताकि उसले यी मानिसहरूलाई
यस भूमि देखि नयाँ भूमिमा अगुवाई गरेर लानेछ। त्यसो
भए परमप्रभुका मानिसहरू गोठाला बिनाका भेँड़ाहरू
जस्ता हुने छैनन्।"

१८त्यसकारण परमप्रभुले मोशालाई भन्नुभयो, "यहोशू
नूनको छोरो यी मानिसहरूका नयाँ अगुवा हुनेछन्।
ऊसित आत्माको ज्ञान छ तिम्रो हातहरू उसको शिर
माथि राखेर उसलाई अगुवा झैं नियुक्त गर। १९तिनलाई
पूजाहारी एलाजार अनि सारा मानिसहरूको अघि राख र
अगुवा बनाऊ।

२०“उसलाई अधिकार देऊ यसकारण इस्राएलका
सम्पूर्ण समूदायले उसलाई सुन्ने छ। २१यदि यहोशूले
कुनै विषयमा निर्णय लिनु परे तिनी पूजाहारी एलाजार
कहाँ जानेछन् अनि एलाजारले परमप्रभुको उत्तर जान्नको
निम्ति ऊरीम प्रयोग गर्नेछन्। त्यस पछि यहोशू र अन्य
सबै इस्राएलीहरू परमप्रभुको आज्ञा अनुसार चल्नेछन्।
यदि उहाँ भन्नुहुन्छ, ‘तिमीहरू युद्धमा जाऊ,’ तब
युद्धमा जानेछन् र यदि तिमीहरू, ‘घरमा जाऊ’ भनि
भन्नु हुन्छ भने, ‘तब तिनीहरू घर जानेछन्।”
२२परमप्रभुको आज्ञा अनुसार मोशाले गरे। उनले
यहोशूलाई इस्राएलका सारा समुदाय तथा पूजाहारीको
सम्मुख उभ्याए। २३त्यसपछि यहोशू माथि मोशाले
हात राखे अनि परमप्रभुले तिनलाई दिनु भएको आज्ञा
दिए।

## दैनिक बलिहरू

२८ परमप्रभुले मोशालाई भन्नुभयो, २“इस्राएलका
मानिसहरूलाई यो आज्ञा देऊ। मेरो बलिहरू
ल्याउनु निश्चय हुओ आगो द्वारा चढ़ाइने मेरो भोजन
मिठो बसना आउने उपहार सही समयमा चढ़ाऊ।
३अनि तिनीहरूलाई भन, “प्रत्येक दिन नियमित रूपमा
एक बर्षे दुइवटा निष्खोट थुमाहरू निरन्तर होमबलि
चढ़ाउनु पर्छ। ४एउटा थुमा बिहान र अर्को एउटा घाम
अस्ताइ सकेपछि तर अँध्यारो हुन अघि चढ़ाउनु पर्छ।
५अन्नबलिको निम्ति हीनको एक पावा भद्राक्षको
तेलमा मिसाएको एपको दशौं भाग मसिनो पीठो पनि
चढ़ाउनु पर्छ।” ६परमप्रभुको निम्ति मीठो वास्ना आउने
बलि नियमित रुपले सीनै पर्वतमा दिन थालिएको हो।
७एउटा थुमासित हीनको एक पावा गरेर अर्घबलि पनि
दिनुपर्छ। त्यो पेय उपहार चाँहि पवित्र स्थानमा परमप्रभुलाई
चढ़ाऊ। ८त्यसपछि गोधूली बेलामा दोस्रो थुमासित अन्न
बलि र अर्घबलि परमप्रभुलाई सन्तुष्ट पार्न सुगन्धित
वासाना आउने उपहार झैं चढ़ाऊ।”

## विश्राम का बलिहरू

९“विश्रामको दिनमा पनि एक वर्षे निष्खोट दुइवटा
थुमा, एपको दश खण्डको दुई खण्ड तेलमा मुछेको
मसिनो पीठो अर्घबलिसित चढ़ाऊ। १०नियमित रूपमा
चढ़ाउने गरेको दैनिकबलिसित विश्रामको दिनमा पनि
होमबलि गर।”

## मासिक बैठक

११“प्रत्येक महीनाको पहिलो दिन वथानबाट दुइवटा
जवान गोरूहरू, एउटा भेँड़ा एक वर्ष सातवटा थुमाहरू
होमबलिमा तिमीहरूले चढ़ाउनु पर्छ। ती सबै बलिमा
चढ़ाइएका पशुहरू एकदमै निष्खोट हुनु पर्छ। १२प्रत्येक
साँढ़ेसित तेलले मुछेको एपको दश खण्डको तीन खण्ड
मसिनो पीठो अनि प्रत्येक भेड़ासित तेलले मुछेको
एपको दश खण्डको दुई खण्ड अन्नबलिको निम्ति र
१३प्रत्येक थुमासित तेलमा मुछेको एपको दश खण्डको
एक खण्ड मसिनो पीठो अन्नबलिको निम्ति चढ़ाउनु
पर्छ। १४प्रत्येक गोरूको निम्ति आधा हीन दाखरस,
प्रत्येक भेड़ाको निम्ति हीनको तीन खण्डको एक खण्ड
र प्रत्येक थुमाको निम्ति हीनको चार खण्डको एक
खण्ड अर्घबलि स्वरुप दाखरस चढ़ाउनु पर्छ। वर्षको
प्रत्येक महीनाको हरेक औंसीमा चढ़ाउनु पर्ने होमबलि
यही हो। १५होमबलिको अर्घबलि अतिरिक्त तिमीहरूले
पापबलिको निम्ति एउटा बोका पनि चढ़ाउनु पर्छ।

## निस्तारका चाड़

१६“पहिलो महीनाको चौधौँ दिन परमप्रभुको निम्ति
निस्तार चाड़ मनाऊ। १७त्यही महीनाको पन्ध्रौं दिनमा
अखमिरी रोटी सात दिन सम्म खाने शुरू हुन्छ। १८यो
चाड़को पहिलो दिन एउटा विशेष सभा राखियोस्।
त्यसदिन तिमीहरूले केही काम गर्नु हुँदैन। १९त्यस
समयमा तिमीहरूले परमप्रभुको निम्ति होमबलि चढ़ाउनेछौ,
त्यस होमबलिमा दुइवटा बहर एउटा भेँड़ा र सातवटा
एक वर्षे थुमाहरू हुनुपर्छ। तिनीहरू सबै निष्खोट हुनु
पर्छ। २०तिनीहरूसित प्रत्येक साँढ़ेसित तेलमा मुछेको
एपाको दश खण्डको तीन खण्ड, मसिनो पीठो,
भेड़ासित एपाको दश खण्डको दुई खण्ड मसिनो पीठो,
२१र सातवटा थुमाहरूसित प्रत्येकको एपाको दश
खण्डको एक खण्ड गरी मसिनो पीठोको अन्नबलि
चढ़उनु पर्छ। २२तिनीहरूलाई प्रायश्चित गर्नका निम्ति
पापबलिको लागी एउटा बाख्रा बलि चढ़ाउनु पर्छ।
२३तिमीहरूले प्रत्येकदिन बिहान दिने बलिहरूको अतिरिक्त
यी बलिहरू चढ़ाउनु पर्छ।
२४“यस्तै प्रकारले मिठो सुगन्धीत उपहार परमप्रभुलाई
सन्तुष्ट तुल्याउन होमबलि र अन्नबलि चढ़ाउनु पर्छ।
बलिहरू मानिसहरूको निम्ति भोजन हुनेछ। यो बलि
प्रत्येक दिन चढ़ाइने होमबलि र अर्घबलिको अतिरिक्त
हो।
२५“सातौं दिन तिमीहरूले आफ्नो कुनै कार्य नगर्नु र
त्यसदिन एउटा विशेष सभा राख्नु।

## सातौ दिनका चाड़हरू (पेन्तिकोस)

२६“अगौटे फलहरूको दिनहरूमा, सातौ दिनका
चाढ़हरूमा, तिमीहरूले परमप्रभुलाई नयाँ अन्नको बलि
चढ़ाउँनुपर्छ त्यस दिन तिमीहरूले एउटा पवित्र सभा
बोलाउनुपर्छ। तर त्यसदिन तिमीहरूले कुनै कार्य गर्नुहुँदैन।
२७तिमीहरूले परमप्रभुलाई मिठो गन्धले खुशी पार्नको
निम्ति दुइवटा बहर, एउटा भेड़ा र सातवटा एक वर्षे
थुमाहरू होमबलि चढ़ाउनु पर्छ। २८प्रत्येक बाछासित
तेलमा मुछेको एपाको दश खण्डको तीन खण्ड मसिनो

पीठो भेड़ासित एपाको दश खण्डको दुई खण्ड मसिनो पीठो, २९अनि सातवटा थुमाहरू प्रत्येकको निम्ति एपाको दश खण्डको एक खण्ड मसिनो पीठो अन्नबलि चढ़ाउनु पर्छ। ३०तिमीहरूको प्रायश्चितको निम्ति एउटा बोको पनि बलि चढ़ाउनु। ३१तिमीहरूले नित्य चढ़ाउने होमबलि र अन्नबलि वाहेक यी बलिहरू र अर्घबलि पनि चढ़ाउनु पर्छ। बलि चढ़ाइने पशुहरू एकदमै निष्खोट हुनु पर्छ।

## तुरहीको चाड़

२९ "सातौँ महीनाको पहिलोदिन तिमीहरूको निम्ती एउटा विशेष सभा डाकिनु पर्छ। त्यस दिन तिमीहरूले कुनै अरू परिश्रम गर्नु हुँदैन। त्यो दिन तिमीहरूको निम्ति तुरही बजाउने दिन हुन्छ। २तिमीहरूले एउटा बाछा बथानबाट, एउटा भेड़ा र सातवटा एक वर्षे थुमाहरू परमप्रभुलाई मिठो सुगन्ध दिने होमबलि चढ़ाउने छौ। यी पशुहरू सबै निष्खोट हुनुपर्छ। ३परमप्रभुलाई अन्नबलिको निम्ति तेलमा मुछेको एपाको दश खण्डको तीन खण्ड मसिनो पीठो साँढ़ेसित, एपाको दश खण्डको दुई खण्ड भेड़ासित, ४अनि एपाको दश खण्डको एक खण्ड गरी सातवटा थुमाहरूमा प्रत्येक थुमाहरूसित चढ़ाउनु पर्छ। ५तिमीहरूले एउटा बाख्रा तिम्रो पाप प्रायश्चित गर्नका निम्ति बलि चढ़ाउ। ६ती औसीको बलिहरू प्रत्येक महिनाको निम्ति चढ़ाइने बलिहरू र तिनीहरूको साथमा चढ़ाइने अन्नबलि, प्रत्येक दिन चढ़ाइने बलिहरू र तिनीहरूको साथमा चढ़ाइने अन्नबलि तथा अर्घबलि देखि वाहेक हुन्। यी बलिहरू नियम रूपमा हुनु पर्छ र यी बलिहरू आगोद्वारा चढ़ाइनु पर्छ र सुगन्धले परमप्रभुलाई आनन्द तुल्याउनेछ।

## प्रायश्चितका दिन

७"सातौँ महीनाको दशौं दिन त्यहाँ तिमीहरूको निम्ति एउटा विशेष सभा हुनेछ। त्यस दिन तिमीहरू उपवास बस्नु पर्छ अनि कुनै काम गर्नु हुदैन। ८परमप्रभुको निम्ति मगमग सुगन्धित वास्नाको रूपमा एउटा बाछा एउटा भेड़ा अनि सातवटा एक वर्षे थुमाहरू होमबलिमा चढ़ाइनुपर्छ। ती पशुहरूमा कुनै प्रकारको खोट रहनु हुँदैन। ९अनि तिमीहरूले त्यो होमबलिको साढ़ेसित तेलमा मुछेको एपाको दश खण्डको तीन खण्ड मसिनो पीठो, भेड़ासित एपाको दश खण्डको दुई खण्ड तेलमा मुछेको मसिनो पीठो, १०अनि सातवटा थुमाहरूमा प्रत्येकको एपाको दश खण्डको एक खण्ड तेलमा मुछेको मसिनो पीठो चढ़ाउनुपर्छ। ११पापबलिको निम्ति तिमीहरूले एउटा बोका पनि चढ़ाउनुपर्छ। यो बलि चाँहि प्रायश्चित बलिको अतिरिक्त हो र नियमित रुपले चढ़ाएको दैनिक अन्नबलि र अर्घबलिको पनि अतिरिक्त हो।

## छाप्रो-बासको चाड़

१२"सातौँ महिनाको पन्ध्रौँ दिन तिमीहरूले एउटा विशेष सभा राख्न अनि त्यसदिन कुनै दैनिक काम नगर्नू। परमप्रभुको सम्मानमा सात दिनसम्म उत्सव मनाउनू। १३तिमीहरूले बथानबाट तेह्रवटा बहर गोरू दुइवटा भेड़ा र एक वर्षे चौधवटा थुमाहरू परमप्रभुको निम्ति मगमग सुगन्धित वास्ना बनाउनलाई होमबलि चढ़ाउनुपर्छ। यी पशुहरू निष्खोट हुनुपर्छ। १४यो होमबलिसित एपाको दश खण्डको तीन खण्ड तेलसित मुछेको मसिनो पीठो प्रत्येक जवान साँढ़ेसित एपाको दश खण्डको दुई खण्ड तेलसित मिसिएको मसिनो पीठो प्रत्येक भेड़ासित १५र प्रत्येक थुमासित एपाको दश खण्डको एक खण्ड तेलसित मुछेको मसिनो पीठो होमबलि चढ़ाउनु पर्छ। १६यसैसित पापबलिको निम्ति एउटा पाठो पनि चढ़ाउनुपर्छ। यो नित्य चढ़ाइने होमबलि र अन्नबलिको अतिरिक्त हो।

१७"उत्सवको दोस्रो दिन तिमीहरूले बाह्रवटा बहर गोरू, दुइवटा भेड़ाहरू र एक वर्षे चौधवटा थुमाहरू बलि चढ़ाउनुपर्छ। यी बलि दिइने पशुहरूमा कुनै खोट नहोस्। १८तिमीहरूले यी साँढ़े, भेड़ाहरू तथा थुमाहरूसित यिनीहरूको तोकिएको संख्या अनुसार सही परिमाणको अन्नबलि तथा अर्घबलि पनि चढ़ाउनु पर्छ। १९तिमीहरूले पापबलिको निम्ति एउटा वोको पनि चढ़ाउनु पर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिकबलि र यससित चढ़ाइने अन्नबलि र अर्घबलिको अतिरिक्त हो।

२०"उत्सवको तेस्रो दिन तिमीहरूले एघारवटा बहर गोरू, दुइवटा भेड़ो र चौधवटा एक वर्षे थुमाहरू चढ़ाउनु पर्छ। यी चढ़ाइने पशुहरूमा कुनै प्रकारको खोट हुनुहुँदैन। २१तिमीहरूले यी बहर, भेड़ा र थुमाहरू चढ़ाउँदा यिनीहरूको तोकिएको संख्या अनुसार चढ़ाउनु पर्छ र अन्नबलि अर्घबलि पनि सही परिमाणमा चढ़ाउनु पर्छ। २२पाप बलिको निम्ति एउटा बोको पनि चढ़ाउनु पर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिक बलि र त्यससित चढ़ाइने अन्न बलि तथा अर्घबलिको अतिरिक्त हो।

२३"उत्सवको चौथो दिन तिमीहरूले दशवटा बहर गोरू, दुइवटा भेड़ा र चौधवटा एक वर्षे थुमाहरू चढ़ाउनु पर्छ। यी चढ़ाइने पशुहरूमा कुनै प्रकारको खोट हुनु हुँदैन। २४तिमीहरूले यी बहर गोरू, भेड़ो र थुमाहरू चढ़ाउँदा यिनीहरूको तोकिएको संख्या अनुसार चढ़ाउनपर्छ र अन्नबलि र अर्घबलि पनि सही परिमाणमा चढ़ाउनुपर्छ। २५पापबलिको निम्ति एउटा वोको पनि चढ़ाउनुपर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिक बलि र त्यससित चढ़ाइने अन्नबलि तथा अर्घबलिको अतिरिक्त हो।

२६"उत्सवको पाँचौदिन तिमीहरूले नौवटा बाछा, दुइवटा भेड़ो र चौधवटा एक बर्षे थुमाहरू चढ़ाउनु

पर्छ। यी चढ़ाइने पशुहरूमा कुनै प्रकारको खोट हुनु
हुँदैन। २७तिमीहरूले यी बाछा, भेड़ो र थुमाहरू
चढ़ाउँदा यिनीहरूको तोकिएको संख्या अनुसार चढ़ाउनु
पर्छ र अन्नबलि र अर्घबलि पनि सही परिमाणमा
चढ़ाउनु पर्छ। २८पापबलिको निम्ति एउटा बोका पनि
चढ़ाउनु पर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिकबलि र
त्यससित चढ़ाइने अन्नबलि तथा अर्घबलिको अतिरिक्त
हो।

२९"उत्सवको छौंटौं दिन तिमीहरूले आठवटा बाछा,
दुइवटा भेड़ो र चौधवटा एक बर्षे थुमाहरू चढ़ाउनु
पर्छ। यी बलि चढ़ाइने पशुहरूमा कुनै प्रकारको खोट
हुनु हुँदैन। ३०तिमीहरूले यी बाछा, भेड़ो र थुमाहरू
चढ़ाउँदा यिनीहरूको तोकिएको संख्या अनुसार चढ़ाउनु
पर्छ र अन्नबलि र अर्घबलि पनि सही परिमाणको
चढ़ाउनु पर्छ। ३१पापबलिको निम्ति एउटा बोको पनि
चढ़ाउनु पर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिक बलि,
त्यससित चढ़ाइने अन्नबलि तथा पेयबलिको अतिरिक्त
हो।

३२"उत्सवको सातौं दिन तिमीहरूले सातवटा बाछा,
दुइवटा भेड़ो र चौधवटा एक वर्षे थुमाहरू चढ़ाउनु
पर्छ। यी बलि चढ़ाइने पशुहरूमा कुनै प्रकारको
निष्खोट हुनु पर्छ। ३३तिमीहरूले यी बाछा, भेड़ो र
थुमाहरू चढ़ाउँदा यिनीहरूको तोकिएको संख्या अनुसार
चढ़ाउन पर्छ र अन्नबलि र अर्घबलि पनि सही
परिमाणको चढ़ाउनु पर्छ। ३४पाप-बलिको निम्ति एउटा
बोको पनि चढ़ाउनु पर्छ। यो बलि तिमीहरूले चढ़ाउने
दैनिकबलि, त्यससित चढ़ाइने अन्नबलि तथा अर्घबलिको
अतिरिक्त हो।

३५"उत्सवको आठौं दिनमा एउटा विशेष सभा
हुनेछ। त्यस दिन तिमीहरूले परिश्रमको कार्य गर्नु
हुँदैन। ३६त्यस दिन तिमीहरूले परमप्रभुलाई मीठो
वास्नाले खुशी तुल्याउनको निम्ति एउटा बाछा, एउटा
भेड़ो र सातवटा एक वर्षे थुमाहरू चढ़ाउनु पर्छ। ती
बलि चढ़ाइने पशुहरूमा कुनै खोट हुनुहुँदैन। ३७यी
बाछा, भेड़ो र थुमाहरू चढ़ाउँदा यिनीहरूको
तोकिएको संख्या अनुसार चढ़ाउनु पर्छ र अन्नबलि र
अर्घबलि पनि सही परिमाणको चढ़ाउनुपर्छ।
३८तिमीहरूले पाप बलिको निम्ति एउटा बोको पनि
चढ़ाउनुपर्छ। यो बलि तिमीहरूले चढ़ाउने दैनिकबलि,
त्यससित चढ़ाइने अन्नबलि तथा अर्घबलिको अतिरिक्त
हो।

३९"विशेष उत्सवहरूमा होमबलि, अन्नबलि, अर्घबलि
तथा मेलबलि तिमीहरूले परमप्रभुलाई चढ़ाउनु पर्छ। यो
बलि तिमीहरूले चढ़ाउनु खोजेको कुनै विशेष बलि
तथा कुनै भाकल बलिको अतिरिक्त हो।"

४०परमप्रभुले मोशालाई आज्ञादिनुभए अनुसार तिनले
सबै कुराहरू इस्राएली मानिसहरूलाई बताए।

### भाकल दिँदा मान्नु पर्ने विधिहरू

**३०** मोशाले इस्राएलीहरूका कुलनायक
व्यक्तिहरूलाई भने परमप्रभुले आज्ञा गर्नु भएको
कुराहरू यही हुन्:

२"जब एकजना व्यक्तिले परमप्रभुलाई केही चढ़ाउछ
भनी विशेष शपथ गर्छ अथवा परमप्रभुको नाममा केही
गर्छु भनी वाचा बन्धन गर्छ भने उसले त्यो शपथ
अथवा वाचा बन्धन खेर फाल्नु हुँदैन। उसको मुखबाट
निस्केको वचन पुरा गर्नै पर्छ।

३"तर केही जवान स्त्री तिनको बाबुको घरमा रहँदा
नै परमप्रभुलाई केही चढ़ाउँछु भनी विशेष भाकल
गरेकी छे अथवा परमप्रभुको नाममा केही गर्छु भनी
वाचा बन्धन खाएकी भए। ४र उसको बाबुले सुनेर
पनि केही आपत्ति नगरे उसले त्यो आफ्नो भाकल
अथवा वाचा बन्धन पुरा गर्नैपर्छ। ५तर यदि तिनका
बाबुले यसको बारेमा सुने भने र उनलाई त्यसो गर्नबाट
रोके भने, उनले प्रतिज्ञा गरेको कुरा पूरा गर्नु पर्दैन्।
किनभने उनको बाबुले उनलाई मनाही गरे र परमप्रभुले
उनलाई क्षमा दिनेछन्।

६"अनि यदि तिनी एउटा पतिसित विवाह गरेकी छिन्
अनि यस्तो केही गर्ने शपथ अथवा प्रतिज्ञा बनाइन्
भने। ७अनि यदि तिनका पतिले यस विषयमा सुनेर र
तिनलाई रोक्दैनन् भने, तिनले तिनका भाकलहरू अथवा
वाचाहरू गर्नु पर्छ। । ८तर उसको लोग्नेले कुनै दिन
चाल पाएर विरोध गरे उसको भाकल अथवा वाचा
बन्धन भङ्ग हुन्छ अनि परमप्रभुले पनि उसलाई क्षमा
दिनुहुन्छ।

९"विधवा अथवा आफ्नो पतिसित छुटानाम गरेकी
स्त्रीले प्रत्येक भाकल वा शपथ पूरा गर्नु नै पर्छ।
१०"तर कुनै विवाह भएकी स्त्रीले आफ्नो पतिको
घरमा आएर भाकल गर्छे वा वाचा बन्धन खान्छे
११अनि उसको लोग्नेले चाल पाएर पनि कुनै विरोध
नगरे तब उसको सबै शपथ वा वाचा बन्धन पूरा
गर्नुपर्छ। १२तर यदि उसको लोग्नेले चाल पाएर उसले
विरोध गरे उसको शपथ वा वाचा बन्धन त्यहीं अवैद्ध
हुन्छ। उसको लोग्नेले विरोध गरेकोले परमप्रभुले
उसलाई क्षमा गर्नुहुनेछ। १३पतिले उसकी पत्नीलाई
उसको शपथ वा वाचा बन्धन पूरा गर्न पनि दिन सक्छ
वा विरोध गरेर भङ्ग पनि गराउनु सक्छ। १४यदि
पत्नीले गरेको शपथ वा खाएको वाचा बन्धनको विषय
लोग्नेले चाल पाएर पनि त्यस दिन विरोध नगरे त्यस
स्त्री आफ्नो शपथ वा वाचा बन्धनको प्रत्येक
चीज पूरा गर्नु पर्छ। कारण उसले चाल पाएर पनि
विरोध गरेको छैन। १५तर पत्नी गरेको शपथ वा वाचा
बन्धन चाल पाएर पतिले भङ्ग गरी दिन्छ भने शपथ वा
वाचा बन्धन भङ्ग गरिदिएकोमा उत्तरदायी तिनकी लोग्ने
हुनेछ।"

१६लोग्ने-पत्नी तथा विवाह पूर्व आफ्नो आमा-बाबुको घरमा बसेकी जवान केटीको विषयमा परमप्रभुले मोशालाई दिनु भएको नियमहरू यिनीहरू नै हुन्।

## इस्राएलीहरूको मिद्यानीहरूसित युद्ध

३१ परमप्रभुले मोशालाई भन्नुभयो, २"मिद्यानीहरूले इस्राएलीहरू माथि गरेको अन्यायमा तिनीहरूलाई दण्ड देऊ। त्यस पछि, मोशा, तिमी तिम्रा पिता-पुर्खाहरूसित मिल्न जानेछौ।"

३यसर्थ मोशाले मानिसहरूलाई यसो भने, "मिद्यानीहरूसित बद्ला लिन युद्ध गर्नको निम्ति तिमीहरूले आफ्नो मानिसहरूबाट सेनाहरू तयार पार। ४इस्राएलीहरूको प्रत्येक कुलबाट एक हजार मानिसहरू निकाल्नु पर्छ। ५इस्राएलीहरूको बाह्र कुलहरूबाट बाह्र हजार सेनाहरू हुनेछन्।"

६मोशाले बाह्र हजार इस्राएलीहरू युद्धमा पठाए। तिनले पूजाहारी एलाजारको छोरो पीनहासलाई पनि तिनीहरूसित पठाए। पीनहासले आफूसित पवित्र चीजहरू युद्ध-ध्वनी तथा तुरहीहरू लिएर गए। ७परमप्रभुको आज्ञा बमोजिम इस्राएली सेनाहरू मिद्यानी मानिसहरू विरुद्ध लड़े। तिनीहरूले त्यस अञ्चलमा भएका प्रत्येक मिद्यानी पुरुषलाई मारे। ८तिनीहरूले एवी, रेकेम, सूर, हूर र रेर्वा गरी पाँच जना मिद्यानी राजाहरू मारिदिएर बोरको छोरो बिलामलाई पनि तिनीहरूले मारे।

९इस्राएली मानिसहरूले मिद्यानी स्त्रीहरूलाई र बाल-बच्चाहरूलाई कैद गरे अनि तिनीहरूको सबै सम्पत्ति, सबै गाई-वस्तु तथा भेड़ाहरू पनि लगे। १०तिनीहरूले मिद्यानीहरूको गाँउ-वस्ती तथा शहरहरू पनि जलाई दिए। ११इस्राएलीहरूले तिनीहरूको मानिस तथा पशुहरू मोशा, पूजाहारी एलाजार अनि १२इस्राएली अरू मानिसहरूकहाँ ल्याए। युद्धमा तिनीहरूले जे जति लिए सबै इस्राएलीहरूको छाउनीमा ल्याए। इस्राएली मानिसहरूको छाउनी मोआबको यर्दन बेंसीमा थियो। त्यो यरीहोदेखि पारी यर्दन नदीको पूर्वपट्टि थियो। १३तब मोशा पूजाहारी एलाजार तथा इस्राएली प्रमुख व्यक्तिहरू छाउनीबाट बाहिर ती सेनाहरूलाई भेट्न गए।

१४मोशा इस्राएली एक हजार सेनाका सेनापति र एक सय सेनाका सेनापतिहरूसित जो युद्धबाट फर्केका थिए अत्यन्तै क्रोधित भएका थिए। १५मोशाले तिनीहरूलाई भने, "यी स्त्रीहरूलाई तिमीहरूले किन जिउँदो राख्यौ? १६छुट्टानाम भएका स्त्रीहरूले बिलामको उपदेश अनुसार इस्राएलीका मानिसहरूलाई यी स्त्रीहरूले परमप्रभु देखि टाढ़ा गराउन प्रभावित गराएका थिए। यही कारणले मानिसहरूमा विपत्ति पनि आइलागेको थियो। १७यसकारण ती सबै बालकहरूलाई मार र ती पुरूषहरूसित सहवास भएका सबै स्त्रीहरूलाई मार। १८तर शारीरिक सम्बन्ध नगरेका कन्ये केटीहरूलाई तिमीहरूको निम्ति राख।

१९तिमीहरू सात दिन सम्म छाउनी बाहिर रहनु पर्छ। तिमीहरू मध्ये प्रत्येक व्यक्ति अथवा तिमीहरूका कैदीहरू जसले कुनै व्यक्तिलाई मारेको छ अथवा मरेको लाश छोएकोछ उसले आफैलाई तेस्रो दिन र सातौं दिनमा शुद्ध पार्नुपर्छ। २०तिमीहरूले प्रत्येक लुगा, छालाले बनिएको प्रत्येक चीज, बाख्राको भुत्लाले बनिएको प्रत्येक चीज तथा काठले बनिएको प्रत्येक चीज सबै शुद्ध पार्नुपर्छ।"

२१त्यसपछि पूजाहारी एलाजारले युद्धमा गएका सबै सेनाहरूलाई भने, "परमप्रभुले मोशालाई यस्तो आज्ञा गर्नु भएको छ, २२सुन, चाँदी, काँसो, फलाम, जस्ता र सीसा चीजहरू २३आगोलाई प्रतिरोध गर्ने प्रत्येक कुरालाई आगो प्रयोग गरेर शुद्ध पार्नु पर्छ अनि यसलाई शुद्धीकरणको पानीले शुद्ध गर्नुपर्छ, तब यो शुद्ध हुनेछ। तिमीहरूले प्रत्येक कुरालाई पानीसित अवश्यै शुद्ध गर्नु पर्छ त्यो आगोले प्रतिरोध गर्ने सकिदैन। २४सातौं दिनमा आफ्नो लुगा-फाटाहरू धुनू पर्छ अनि तिमीहरू शुद्ध हुनेछौ। त्यसपछि तिमीहरू छाउनीभित्र पस्नू।"

२५त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, २६"पूजाहारी एलाजार सारा समुदायका प्रधानहरू र तिमीले सबै कैदीहरू, पशुहरू र सेनाहरूले युद्धबाट ल्याएका सबै चीजहरू गन। २७तब युद्धमा गएका सेनाहरू र अरू बाँकी इस्राएली मानिसहरू माझ भाग लगाऊ। २८मानिस, गाई-वस्तु, भेड़ा र गधा यी सब सेनाहरूले युद्धबाट ल्याएका प्रत्येक पाँच सय चीजहरूबाट परमप्रभुको निम्ति एउटा कर हिसाबमा राख। २९तिनीहरूको अशंको आधा अंश यी चीजहरू लिएर परमप्रभुको निम्ति भेटी स्वरुप पूजाहारी एलाजारलाई देऊ। ३०प्रत्येक पचास चीजहरूबाट (जो मानिसहरू गाइहरू, गधाहरू, भेड़ा र अन्य पशुहरूलाई समिलित गर्छ) आधा भाग इस्राएलीहरूलाई दिएकाबाट एउटा लिएर लेवीहरूलाई देऊ जसले परमप्रभुको पवित्र पालको हेर चाह गर्छ।"

३१परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार मोशा र पूजाहारी एलाजारले इस्राएली सेनाहरूले युद्धबाट ल्याएका समानहरू वितरण गरे। ३२इस्राएली सेनाहरूले युद्धबाट यी पशु र मानिसहरू ल्याएका थिए: भेड़ा ६,७५,०००, ३३गाई-गोरू ७२,०००, ३४गधा ६१,००० अनि ३५स्त्रीहरू ३२,०००। यी स्त्रीहरू हुन जसले पुरुषसित शारीरिक सम्बन्ध राखेका थिएनन्। ३६ती सेनाहरू जो युद्धमा गएका थिए तिनीहरूले ३,३७,५०० भेड़ाहरू पाए। ३७तिनीहरूले आफ्नो भागबाट ६७५ वटा भेड़ाहरू परमप्रभुलाई चढ़ाए। ३८तिनीहरूले पाएका ३६,००० गाई-गोरूहरूबाट परमप्रभुलाई ७२ वटा कर हिसाबमा चढ़ाए। ३९तिनीहरूले ३०,५०० गधाहरू पाए र यसबाट परमप्रभुलाई ६१ वटा कर हिसाबमा चढ़ाए। ४०तिनीहरूले १६,०००

स्त्रीहरू पाए र यसबाट परमप्रभुलाई ३२ जना कर
हिसाबमा चढ़ाए। **४१**परमप्रभुले मोशालाई भन्नु भए झैं
मोशाले यी सब उपहारहरू परमप्रभुको निम्ति पूजाहारी
एलाजारलाई दिए।

**४२**युद्धमा गएका सेनाहरूले ल्याएको सम्पत्तिबाट
मोशाले बाँड़िको इस्राएली मानिसहरूको आधा भाग
यस्तो थियो: **४३**भेड़ा ३,३६,५००, **४४**गाई-गोरू
३६,०००, **४५**गाधा ३०,५००, **४६**स्त्रीहरू
१६,०००। **४७**यसरी इस्राएली मानिसहरूको भागमा
परेका पशु र मानिसहरूबाट प्रत्येक पचासमा एउटा गरी
लिएर मोशाले परमप्रभुको पवित्र पालको रक्षा गर्ने
लेवीहरूलाई दिए। परमप्रभुको आज्ञा बमोजिम मोशाले
यसो गरे।

**४८**त्यसपछि एक हजार इस्राएली सेनाका कप्तानहरू
र एक सय सेनाका कप्तानहरू मोशाकहाँ आए।
**४९**तिनीहरूले मोशालाई भने, "हामी तपाईंका सेवकहरूले
हाम्रा अधीनमा रहेका सबै सेनाहरू गन्यौ तिनीहरू मध्ये
हामीले कसैलाई पनि गुमाएनौं। **५०**हामीले सुनका
चीजहरू: पैरा, बाला, छाप, औंठी, कुण्डल र बाजूहरू
त्यो हामीले हाम्रो परमप्रभुलाई उपहार जस्तै परमप्रभूको
अघि हाम्रो आफ्नै प्रायश्चितको निम्ति चढ़ायौ।"

**५१**मोशा र एलाजारले तिनीहरूबाट सुनको गहनाहरू
थापे। **५२**ती सबै एक हजार सेनाहरूका र एक सय
सेनाहरूका कप्तानहरूले चढ़ाएको सुनको ओजन
१६,७५० शेकेल* थियो।" **५३**सेनाहरू मध्ये प्रत्येकले
आफ्नो निम्ति केही चीजहरू लिएका थिए। **५४**यसर्थ
मोशा र पूजाहारी एलाजारले परमप्रभु अघि इस्राएली
मानिसहरूको स्मृति चिन्ह स्वरूप ती सुनको गहनाहरू
एक हजार र एक सय सेनाहरूका कप्तानहरूबाट लिएर
भेट हुने पालमा राखे।

## यर्दन नदीको पूर्व पट्टि बसेका कुल समूहहरू

**३२** रूबेन र गाद वंशका मानिसहरूको धेरै धेरै
गाई-वस्तुहरू थिए। यसर्थ जब तिनीहरूले
याजेर र गिलादको भूमि देखे तिनीहरूले ती ठाँउहरू
पशुपालनको निम्ति उपयुक्त सम्झे। **२**यसर्थ रूबेन र
गाद कुलका मानिसहरू मोशा, पूजाहारी एलाजार तथा
इस्राएली मानिसहरूको प्रधानहरूकहाँ गई भने, **३**"अतारोत,
दीबोन, याजेर, निम्रा, हेसबोन, एलाले, सबाम, नबो
अनि बओन **४**जुन भूमि परमप्रभुले इस्राएली मानिसहरूको
निम्ति जित्नु भएको थियो, ती भूमिहरू पशु पालनको
निम्ति उचित रहेकोले र हामी तपाईंको सेवकहरूकहाँ
गाई-वस्तु धेरै भएकोले। **५**यदि तपाईं हामीसित खुशी
हुनुहुन्छ भने ती भूमिहरू हामीलाई दिइयोस। हामी यर्दन
नदी पारी जानु नपरोस।"

**६**मोशाले रूबेनका मानिसहरू र गादका कुल समूहलाई
भने, "तिमीहरूका दज्यू-भाइहरू युद्धमा जानु पर्छ। जब
तिमीहरू यहाँ सदा सर्वदा बस्दा?" **७**यर्दन नदी पारी
परमप्रभुले तिनीहरूलाई दिन चहानु भएको भूमिमा
जानलाई किन तिमीहरू इस्राएली मानिसहरूलाई निरूत्साहित
पार्न चेष्टा गरिरहेकाछौ? **८**तिमीहरूका बाबुहरूले पनि
त्यसै गरेका थिए जति बेला मैले तिनीहरूलाई कादेश-बर्नेबाट
त्यो भूमिको जाँच गर्न पठाएको थिएँ। **९**तिनीहरू
एश्कोल बेंसी सम्म पुगे अनि त्यो भूमिको निरीक्षण
पनि गरे तर तिनीहरूले इस्राएलका मानिसहरूलाई
परमप्रभुले दिनु भएको भूमिमा जान हतोत्साहित बनाए।
**१०**यसर्थ ती मानिसहरूसित परमप्रभु रिसाउनु भयो र
शपथ गर्नु भयो कि, **११**'बीस अनि बीस भन्दा वेशी
उमेर पुगेका मानिसहरू जो मिश्रबाट आएका छन्
तिनीहरूलाई मैले अब्राहाम, इसहाक र याकूबलाई
दिन्छु भनी शपथ गरेको भूमि देख्न पाउने छैनन्।
**१२**कनज्जी किनभने यपून्नेका छोरो कालेब र नूनका
छोरो यहोशू बाहेक तिनीहरू कसैले पनि मलाई पूर्ण
रुपले विश्वास गरेनन्। यपून्नेका छोरो कालेब र नूनका
छोरो यहोशूले मात्र मलाई विश्वास गरे।'

**१३**"इस्राएली मानिसहरूसित परमप्रभु क्रोधित हुनुभयो
र उहाँको नजरमा ती मानिसहरू जसले दुष्टता देखाएका
थिए सबै नष्ट नहोउञ्जेल चालीस वर्ष सम्म उहाँले
तिनीहरूलाई मरूभूमिमा यता उता डुलाउनु भयो। **१४**हे
पापिष्टका सन्तानहरू हो। तिमीहरू इस्राएली
मानिसहरूमाथि परमप्रभुको क्रोध पार्न तिमीहरूले आफ्ना
पुर्खाहरूको जग्गा ओगटेका छौ। **१५**यदि तिमीहरूले
उहाँलाई पछ्याउन छाड़े इस्राएली मानिसहरूलाई उहाँले
यही मरूभूमिमा नै त्याग्नु हुनेछ र तिमीहरूले सबै
मानिसहरूलाई ध्वंश पार्नेछौ।"

**१६**तर रूबेन र गाद कुलका मानिसहरू मोशाकहाँ
गएर भने, "हामी यहाँ आफ्नो गाई वस्तुहरूको निम्ति
गोठ तथा जहान बाल-बच्चाहरूको निम्ति शहर तयार
पार्छौं। **१७**तब यहाँ भएका मानिसहरूबाट हाम्रा नानीहरूको
बचाऊ हुन्छ। तर हामी अन्य इस्राएली मानिसहरूलाई
सहर्षसाथ उनीहरूको भूमिमा पुर्याउन सहायता गर्छौं।
**१८**जबसम्म ती मानिसहरूले आफ्नो-आफ्नो हिस्साको
भूमि पूरै दखलमा गर्दैनन तबसम्म हामी आफ्नो घर
फर्केर आउने छैनौं। **१९**यर्दन नदी पारिको जमीन हामी
लिने छैनौ कारण हाम्रो जमीन यर्दन नदी वारि पूर्व पट्टि
नै हुनेछ।"

**२०**तब मोशाले तिनीहरूलाई भने, "यदि तिमीहरू यी
सब कामहरू गर्छौ भने यो भूमि तिमीहरूकै हुन्छ। तर
तिमीहरूका सेनाहरू परमप्रभु सम्मुख युद्धमा जानै पर्छ।
**२१**तिमीहरूका सेनाहरूले यर्दन नदी पार गरी शत्रुहरूलाई
बलपूर्वक त्यो भूमिबाट निकाल्नु नै पर्छ। **२२**तिमीहरू
त्यति बेला आफ्नो घर फर्कनु सक्छौ जब परमप्रभुले

---

**१६,७५० शेकेल** अथवा ४२० पाउण्ड वा १९० किलोग्राम।

हामीलाई पूरा भूमि लिन सहायता गर्नु हुन्छ। तब परमप्रभु र इस्राएलका मानिसहरूले तिमीहरूलाई दोषी ठराउदैनन्। परमप्रभुले तिमीहरूलाई तिमीहरूको भूमि ग्रहण गर्न दिनु हुन्छ। २३तर यदि तिमीहरूले यी कामहरू गरेनौ भने तिमीहरू परमप्रभुको इच्छा विरुद्ध पाप गर्नेछौ र तिमीहरू निश्चय जान्दछौ कि तिमीहरूले त्यो पापको निम्ति दण्ड पाउनेछौ। २४गाई-वस्तुहरूको निम्ति गोठ र बाल-बच्चाहरूको निम्ति शहरहरू बनाऊ, तर याद गर कि तिमीहरूले आफ्नो प्रतिज्ञा पूरा गर्नपर्छ।"

२५त्यसपछि रूबेन र गाद कुलका मानिसहरूले मोशालाई भने, "हामी तपाईंका सेवक हौं, हजूर हाम्रा मालिक हुनुहुन्छ र हजूरले भन्नु भएको काम हामी निश्चय गर्नेछौं। २६हाम्रा जहान बाल-बच्चाहरू र गाई-वस्तुहरू यही गिलाद शहरमा रहनेछ। २७तर हामी हजूरका दासहरू, जस्तो मालिकको हुकुम हुन्छ परमप्रभुको अघिबाट यर्दन नदी पार गरी युद्धमा जानेछौं।"

२८तब मोशा, पूजाहारी एलाजारले आज्ञा दिए, नूनको छोरो यहोशू अनि इस्राएली मानिसहरूका प्रधानहरूले तिनीहरूलाई आदर गर्नेछ। २९मोशाले तिनीहरूलाई भने, "गाद र रूबेनका मानिसहरू यर्दन नदी पार गरी परमप्रभुको अघिबाट हिँड़दै युद्धमा जानेछन् र तिमीहरूलाई भूमि दखल गर्नु सहायता गर्नेछन्। अनि तिमीहरूले तिनीहरूलाई गिलादको भूमि तिनीहरूकै भाग पार्न दिनेछौ। ३०तर यदि तिनीहरू तिमीहरूसित युद्धमा गएन भने, तिमीहरूले कनान भूमिमा तिमीहरूसित उत्तराधिकार भाग मात्र पाउने छन्।"

३१गाद र रूबेनका मानिसहरूले उत्तर दिए, "परमप्रभुबाट जो आज्ञा हुन्छ त्यो पूरा गर्न हामी प्रतिज्ञा गर्छौं। ३२हामी यर्दन नदी पार गरी परमप्रभुको अघिबाट हुँदै कनानको भूमिमा जानेछौं। अनि हाम्रो भूभाग यर्दन नदीको पूर्व भाग हुनेछ।"

३३यसकरण मोशाले त्यो भूमि गादका मानिसहरू रूबेनका मानिसरू अनि मनश्शेका आधा कुल समूहहरूलाई दिए। (मनश्शे यूसुफका छोरा थिए।) त्यो भूमि एमोरीहरूको राज्य सीहोन र ओगका राज्य, बशानका राजा सम्मिलित हुन्छ। त्यो भूमिमा वरिपरिका सबै शहरहरू सम्मिलित भए। ३४गातका मानिसहरूले दीबोन, अतारोत, अरोएर शहरहरू बनाए। ३५अतारोत-शोपान, याजेर, योगबहा, ३६बेत-निम्रा, अनि बेथारान जुन चाहि सुरक्षित शहरहरू थिए अनि तिनीहरूको झुण्डको निम्ति भेड़ाको खोरहरू निमार्ण गरेका थिए।

३७रूबेनका कुलले हेशबोन, एलाले, कियतैम, ३८नबो, बालमोन र सिब्मा यसलाई नयाँ बनाए। तिनीहरूले नेबो र बालमोन नाम परिवर्त्तन गरिदिए अनि तिमीहरूले शहरहरूलाई आफ्नै नाम दिए जुन तिनीहरूले निमार्ण गरेका थिए।

३९मनश्शेका छोरो माकीरको वंशका मानिसहरू गिलाद गए। तिनीहरूले एमोरीहरूका शहर जितेर त्यही बसे। ४०यसकारण मनश्शेका छोरो माकीरलाई मोशाले गिलाद दिए अनि तिनीहरू त्यही स्थायी भई बसे। ४१मनश्शे कुलका याईर गई त्यहाँका साना साना शहरहरू जिते। तब तिनीहरूले ती शहरहरूको नाम 'याईरका शहरहरू' स-साना राखे। ४२नोबहले केनात र यसका स-साना शहरहरू पराजित गरे उसलाई सबै ठाउँहरूलाई उसको आफ्नै नाम नोबह* दिए।

## मिश्रदेशबाट इस्राएलीहरूको यात्रा

**३३** मोशा र हारूनको नेतृत्वमा दल-दलमा आएका इस्राएलीहरूको यात्रा विवरण यस प्रकारका छन्। तिनीहरूको यात्रा विवरण सहित यिनै जग्गाहरूबाट यात्रा गरेका हुन्। २मोशाले इस्राएलीहरूको यात्रा विवरण परमप्रभुको इच्छा अनुसार लेखे।

३पहिलो महीनाको पन्ध्रौं दिन तिनीहरूले रामसेसबाट यात्रा शुरू गरे। निस्तार-चाड़को पछिल्लो बिहान इस्राएलीहरूले मिश्र देशवासिहरूको सामुन्नेबाट साहसिलो प्रकारले यात्रा गरे। ४त्यस समय मिश्रीहरूले तिनीरूको पहिला जन्मेका छोराहरूलाई गाड़दै थिए जब तिनीहरूलाई र तिनीहरूका देवताहरूलाई परमप्रभुले न्याय गरेका थिए।

५इस्राएलका मानिसहरू रामसेसबाट यात्रा गरी सुक्कोत पुगे। ६सुक्कोतबाट तिनीहरूले एताम पुगेर मरूभूमिको किनारमा छाउनी हाले। ७तिनीहरूले एतामबाट यात्रा गरेर बाल-सपोनको नजीक पी हहीरोतमा गए। तिनीहरूले मिग्दोल नजीक छाउनी हाले।

८ती यात्रीहरू पीहहीरोतबाट गएर समुद्रको बीचबाट मरूभूमिमा पसे एतामको मरूभूमिमा तीन दिन सम्म यात्रा गरी तिनीहरूले मारामा छाउनी बसाले।

९तिनीहरूले माराबाट यात्रा गरी एलीम पुगे। त्यहाँ बाह्रवटा पानीको फोहराहरू सत्तरीवटा खजूरको रूखहरू थिए। यसकारण तिनीहरूले त्यही छाउनी बसाले।

१०ती मानिसहरूले एलीमबाट यात्रा गरी लाल-समुद्र नजीक छाउनी हाले।

११तिनीहरूले लाल-समुद्रबाट यात्रा गरी सीन मरूभूमिमा छाउनी हाले।

१२ती मानिसहरूले सीन मरूभूमिबाट यात्रा गरी दोफकामा छाउनी हाले।

१३ती मानिसहरूले दोफकाबाट यात्रा गरी आलूशमा छाउनी हाले।

१४ती मानिसहरूले आलूशबाट यात्री गरी रपीदीममा छाउनी हाले। त्यस ठाँउमा मानिसहरूको निम्ति पिउने पानी थिएन।

---

**नोबह** यो एउटा व्यक्ति हो।

**१५**ती मानिसहरूले रपीदीमबाट यात्रा गरी सीनै
मरूभूमिमा आफ्नो छाउनी हाले।
**१६**ती मानिसहरूले सीनै मरूभूमिबाट यात्रा गरी
किब्रोथ-हत्तावामा छाउनी हाले।
**१७**ती मानिसहरूले किब्रोथ-हत्तावाबाट यात्रा गरी
हसेरोतमा छाउनी हाले।
**१८**ती मानिसहरूले हसेरोतबाट यात्रा गरी रित्मामा
छाउनी हाले।
**१९**ती मानिसहरूले रित्माबाट यात्रा गरी रिम्मोन
परेशमा छाउनी हाले।
**२०**ती मानिसहरूले रिम्मोन-पेरेशबाट यात्रा गरी लिब्नामा
छाउनी हाले।
**२१**ती मानिसहरूले लिब्नाबाट यात्री गरी रिस्सामा
छाउनी हाले।
**२२**ती मानिसहरूले रिस्साबाट यात्रा गरी केहेलातामा
छाउनी हाले।
**२३**ती मानिसहरूले केहेलाताबाट यात्रा गरी पर्वत
शेपेरमा छाउनी हाले।
**२४**ती मानिसहरूले पर्वत शेपेरबाट यात्रा गरी हरादामा
छाउनी हाले।
**२५**ती मानिसहरूले हरादाबाट यात्रा गरी मखेलोतमा
छाउनी हाले।
**२६**ती मानिसहरूले मखेलोतबाट यात्रा गरी तहतमा
छाउनी हाले।
**२७**ती मानिसहरूले तहतबाट यात्रा गरी तेरहमा छाउनी
हाले।
**२८**ती मानिसहरूले तेरहबाट यात्रा गरी मित्कामा
छाउनी हाले।
**२९**ती मानिसहरूले मित्काबाट यात्रा गरी हरामोनामा
छाउनी हाले।
**३०**ती मानिसहरूले हरामोतबाट यात्रा गरी मसेरोतमा
छाउनी हाले।
**३१**ती मानिसहरूले मसेरोतबाट यात्रा गरी बनि-याकानमा
छाउनी हाले।
**३२**ती मानिसहरूले बेनियाकानबाट यात्रा गरी होरहगिद-
गादमा छाउनी हाले।
**३३**ती मानिसहरूले होरहगिद-गादबाट यात्रा गरी
योतबातामा छाउनी हाले।
**३४**ती मानिसहरूले योतबाताबाट यात्रा गरी अब्रोनामा
छाउनी हाले।
**३५**ती मानिसहरूले अब्रोनाबाट यात्रा गरी एस्योन-
गेबेरमा छाउनी हाले।
**३६**ती मानिसहरूले एस्योन-गेबेरबाट यात्रा गरी सीन
मरूभूमिको कादेशमा छाउनी हाले।
**३७**ती मानिसहरूले कादेशबाट यात्रा गरी होरमा
छाउनी हाले। यो ठाँउ एदोम देशको सिमानाको पर्वत
हो। **३८**परमप्रभुको आज्ञालाई पालन गरेर, पूजाहरूरी
हारून होर पर्वत माथि गए अनि त्यहाँ मरे। हारून
मरेको दिन पाँचौ महीनाको पहिलो दिन थियो र
इस्राएलीहरूले मिश्र छोड़ेको चालीस वर्ष पुगेको थियो।
**३९**जब हारूनको मृत्यु होर पर्वतमा भयो तिनको उमेर
१२३ वर्ष भएको थियो।
**४०**कनान देशको नेगवमा अराद भन्ने एउटा शहर
थियो। त्यस ठाँउमा कनानको राजाले इस्राएली मानिसहरू
आइरहेको सुने। **४१**ती मानिसहरूले होर पर्वतबाट यात्रा
गरी सल-मोनामा छाउनी हाले।
**४२**ती मानिसहरूले सल-मोनाबाट यात्रा शुरू गरी
पूनोनमा छाउनी हाले।
**४३**ती मानिसहरूले पूनोनबाट यात्रा गरी ओबोतमा
छाउनी हाले।
**४४**ती मानिसहरूले ओबोतबाट यात्रा गरी मोआबको
सिमानामा रहेको इय्ये-अबारीममा छाउनी हाले।
**४५**ती मानिसहरूले इय्ये-अबारीमबाट यात्रा गरी दीबोन-
गादमा छाउनी हाले।
**४६**ती मानिसहरूले दीबोन-गादबाट यात्रा गरी अल्मोन-
दिब्लातैममा छाउनी हाले।
**४७**ती मानिसहरूले अल्मोन-दिब्लातैमबाट यात्रा गरी
नबोको नजीक अबारीमको पर्वतमा छाउनी हाले।
**४८**ती मानिसहरूले अबारीमको पर्वतबाट यात्रा गरी
यरीहोको पारीको यर्दन नदीको नजीक मोआबको यर्दन
बेंसीमा छाउनी हाले। **४९**मोआबको मैदानमा ती मानिसहरूले
यर्दन नदीको किनार यर्दन बेंसीमा बते-योशी-मातदेखि
आबेल-शीत्तिम सम्म छाउनी हाले।
**५०**येरीको पारि यर्दन नदी नजीकै मोआबको मैदानमा
परमप्रभुले मोशालाई भन्नुभयो, इस्राएलीहरूलाई भन,
**५१**"जब तिमीहरू कनान भूमिमा यर्दन नदी पार गर्छौ,
**५२**तिमीहरूले ती कनानमा बस्नेहरूलाई जबरजस्ती
खेद्नु पर्छ। तिमीहरूले तिनीहरूका सबै खोपेर बनाएको
मूर्तिहरू र धातुको मूर्तिहरू नष्ट पारिदिनु पर्छ। तिनीहरूको
डाँड़ाका थानहरू सब भत्काइदिनु पर्छ। **५३**मैले
तिमीहरूलाई त्यो भूमि आफ्नो दखलमा राख्न दिएकोले
तब तिमीहरूले त्यसमा बसो बास गर्नु पर्छ। **५४**तिमीहरूको
सम्मानित राजवंश अनुसार तिमीहरूका भूमिका भागहरू
चिठ्ठा लगाएर लेजाऊ। ठूला भागहरू ठूला परिवारहरूलाई
अनि साना भाग साना परिवारहरूलाई देऊ। जहाँ जहाँ
चिट्ठा पर्छ त्यही भूमि लेऊ तिनीहरूले तिमीहरूको भाग
तिमीहरूको पिता-पूर्खाहरूको परिवार अनुसार पाउँनैछौ।
**५५**"यदि तिमीहरूले ती त्यहाँका बासिन्दाहरूलाई
बलपूर्वक लखेटेनौ भने त्यहाँ रहेकाहरू तिमीहरूको
निम्ति तिनीहरू आँखामा बिभ्केको छेस्का अथवा शरीरमा
बिभ्केको काँड़ा भैँ हुनेछ। तिमीहरू बसेको भूमिमा
तिनीहरूले तिमीहरूलाई झंझटमा फसाउनेछन्। **५६**तब
म तिमीहरूलाई त्यही व्यवहार गर्नेछु जो मैले तिनीहरूसित
गुर्छ भनी योजना बनाएकोछु।"

## कनानको सिमानाहरू

३४ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई यो आदेश देऊ: जब तिमीहरू कनान देशमा पस्नेछौ, तिमीहरूलाई दिइएको भूमिको सिमाना यस प्रकार हुनेछ। ३त्यस भूमिको दक्षिण तिर एदोमको नजीक सीन मरूभूमिको केही भाग रहनेछ। त्यस भूमिको दक्षिणी सिमाना खारा समुद्रको पूर्व भागबाट नै शुरू हुनेछ। ४यो सिमानाले अक्राबीमको दक्षिणी भाग नाघेर सीन मरूभूमि हुँदै यसको दक्षिण भागको सिमाना कादेश-वर्ने पर्नेछ। यस सिमानाले हसार अद्दार पुगेर आस्मोन नाघ्नेछ। ५सिमाना अस्मोनबाट मिश्र नदी तिर जानेछ र यो भूमध्य समुद्रमा गई टुङ्गिन्छ। ६यसको पश्चिमी सिमाना भूमध्य समुद्रको किनार हुनेछ र यो तिमीहरूको देशको पश्चिमी सिमाना हो। ७अब आयो तिमीहरूको भूमिको उत्तरी सिमाना: यो सिमाना भूमध्य समुद्र हुँदै होर पर्वतसम्म जानेछ। ८होर पर्वतबाट उत्तरी सिमाना फैलिएर सोझो लेबो-हमात पुग्नेछ र त्यसपछि यो सदादसम्म फैलिएर जानेछ। ९तिमीहरूको उत्तरी सिमाना फैलिएर सिप्रोन सम्म गई हसर एनानमा टुङ्गिनेछ। १०तिमीहरूको देशको पूर्वीय सिमाना हसर-एनान देखि शपाम सम्म जानेछ। ११शपेमबाट यो सिमाना ऐनको पूर्व भएर रिब्लासम्म जान्छ र पहाड़बाट ओह्रालो हुँदै गालील समुद्रको* छेउ सम्म जानेछ। १२त्यसपछि सिमाना यर्दन नदी तिर फैलिँदै खारा समुद्रमा अन्त हुनेछ। तिमीहरूको भूमिको वरिपरिका सिमानाहरू यिनै हुन्।"

१३यसर्थ मोशाले इस्राएलका मानिसहरूलाई यो आदेश दिए, "तिमीहरूले पाउने भूमि यही नै हो। तिमीहरूले आफ्नो नौ कुलहरू र मनश्शे कुलको आधा समूहहरू गरी साढ़े नौ कुलहरूमा चिट्ठा गरेर भूमि वितरण गर्नेछौ। १४रूबेन, गाद आफ्नो निम्ति भूमिको हिस्सा लिई सके। १५ती अढ़ाई कुलका समूहहरूले यर्दन नदी पूर्व यशीहोको नजीक आफ्नो निम्ति भूमि लिए।"

१६त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, १७"यी मानिसहरू पूजाहारी एलाजार अनि नूनका छोरो यहोशूले तिमीहरूलाई भूमि वितरणमा सहायता गर्नेछन्। १८प्रत्येक कुलसमूहबाट एकजना प्रमुखले पनि भूमि वितरण कार्यमा सहायता गर्ने छ। १९ती कुलसमूह नायकहरूको नाम यस प्रकार छ:

यहूदाको कुलबाट यपून्नेका छोरो कालेब,
२० सिमोनको कुलबाट अम्मीहूदको छोरो शेमूएल,
२१ बिन्यामीनको कुलबाट किसलोनको छोरो एलीदाद,
२२ दानको कुलबाट योगीलीको छोरो बुक्की,
२३ यूसुफको सन्तानहरू मनश्शे कुलबाट एपोदको छोरो हन्नीयल,
२४ यूसुफको छोरो एप्रैम कुलबाट सिप्तानको छोरो कमूएल,
२५ जबूलून कुलबाट पर्नाकको छोरो एलीशापन,
२६ इस्साकार कुलबाट अज्जानको छोरो पलतीयल,
२७ आशेरको कुलबाट शलोमीको छोरो अहीहूद,
२८ नप्तालीको कुलबाट अम्मीहूदका छोरो पदहेल।"

२९इस्राएली मानिसहरूलाई भूमि वितरण कार्यमा परमप्रभुले यी मानिसहरूलाई नियुक्त गर्नुभयो।

## लेवीहरूको शहर

३५ येरीहोदेखि पारी मोआबमा यर्दन नदीको नजिकै यर्दन बेंसीमा परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भन कि तिनीहरूको हिस्सामा परेको भूमिका केही शहरहरू लेवीहरूलाई दिऊन। तिनीहरूले ती शहरहरूको वरिपरि रहेका खर्कको भूमि पनि दिऊन। ३लेवीहरू ती शहरहरूमा बस्नेछन् तथा ती गौचर भूमिमा आफ्नो गाई-वस्तुहरू चर्नेछन्। ४तिमीहरूले लेवीहरूलाई शहरहरूका जुन जुन खर्कहरू दिनेछौ त्यो शहरहरूको पर्खालबाट १,००० हात क्षेत्र फैलिएको हुनुपर्छ। ५तिमीहरूले शहरहरूलाई माझमा राखी त्यसको पूर्व पट्टि २,००० हात, पश्चिम पट्टि २,००० हात, उत्तर पट्टि २,००० हात र दक्षिण पट्टि २,००० हात गौचर भूमि हुनु पर्छ। तिनीहरूको शहरहरूको निम्ति गौचर भूमि यही हुनेछ। ६तिमीहरूले लेवीहरूलाई दिएको शहरहरूबाट छवटा शहरहरू बचाऊ शहरहरूको निम्ति रहनेछ। यदि कसैले अञ्जानमा कसैलाई मारे त्यो व्यक्ति भागेर त्यहाँ आफ्नो रक्षाको निम्ति बस्न सक्नेछ। यी छवटा शहरहरू बाहेक तिमीहरूले लेवीहरूलाई ब्यालीसवटा शहरहरू दिनेछौ। ७यसर्थ तिमीहरूले लेवीहरूलाई जम्मा अठचालीसवटा शहरहरू र ती शहरहरूको परिपरिको खर्कहरू दिनेछौ। ८इस्राएलका ठूलो परिवार समूहले धेरै भूमि पाउँछ र इस्राएलका सानो परिवार समूहले थोरै भूमि पाउछ जसले धेरै भूमि पाउँछ तिनीहरूले धेरै शहरहरू दिनु पर्छ अनि ती जसले धेरै भूमि पाउँछ तिनीहरूले केही शहरहरू लेवीहरूलाई दिनु पर्छ।"

९परमप्रभुले मोशालाई भन्नुभयो, १०"इस्राएली मानिसहरूलाई भन 'जब तिनीहरू यर्दन नदी तरेर कनान देशमा पस्नेछन्, ११तिनीहरूले केही शहर चुन्नु पर्छ र तिनीहरूलाई सुरक्षा शहरहरू झैं तयार गर्नु पर्छ। यदि कुनै व्यक्तिले कुनै अर्को व्यक्तिलाई अञ्जानमा हत्या गरे, त्यो हत्यारा आफ्नो सुरक्षाको निम्ति त्यहाँ गई बस्नु सक्छ। १२त्यो हत्यारा मारिने मानिसको आफन्तहरूको बद्लालिने विचारबाट अनि अदालतले हत्याराको कसुरमाथि

---

**गालील समुद्र** अर्थात किन्नरेत झीलको।

न्यायोचित विचार नगरुञ्जेल सम्म त्यहाँ सुरक्षित रहनु सक्छ। १३यस्ता बचाऊ शहरहरू छवटा हुनेछन्। १४जसमा यर्दन नदीको पूर्वमा तीनवटा र कनान देशभित्र तीनवटा हुनेछन्। १५यी शहरहरू, इस्राएलका मानिसहरूका निम्ति सुरक्षा का शहरहरू हुनेछन् विदेशीहरू र यात्रीहरू त्यहाँ बस्नेछन्। यी मानिसहरू मध्ये यदि कसैले अञ्जानमा कुनै अर्को व्यक्तिको हत्या गरे त्यो व्यक्ति ती शहरहरू कुनैमा गएर शरण लिन सक्छ।

१६"कसैलाई मार्न यदि कुनै व्यक्तिले फलामको हतियार प्रयोग गरे त्यो हत्यारा हो र त्यसले प्राण दण्ड पाउनै पर्छ। १७यदि कुनै व्यक्तिले ढुङ्गाले हिर्काएर कसैलाई मार्छ भने, त्यो व्यक्ति पनि हत्यारा नै हो र त्यसलाई पनि प्राण दण्ड दिनै पर्छ। १८यदि कसैले दाउराले हिर्काएर कसैलाई मार्छ भने त्यो पनि हत्यारा नै हो र त्यसले पनि प्राण दण्ड पाउनै पर्छ। १९यदि हत्या भएको परिवारको कुनै सदस्यले ज्यानको साटो ज्यानै लिन चहान्छ भने उसले त्यो हत्यारालाई खोजी मार्न सक्छ।

२०"यदि कसैले कसैलाई घृणा गरेर घचेटछ भने अथवा ऊसमाथि केही चीज फ्याँक्छ अनि उ त्यसैले मर्छ, २१अथवा घृणा गरेर उसलाई हातले हिर्काउँछ र त्यसको चोटले त्यो व्यक्ति मऱ्यो भने त्यो हिर्काउँने व्यक्ति हत्यारा ठहरिन्छ, र उसलाई प्राण दण्ड दिनुपर्छ। त्यो मर्ने व्यक्तिको आफन्तले उसलाई भेटेर मार्छ भने उसले मार्न सक्छ।

२२"तर यदि कसैले कसैलाई अञ्जानमा मारेको हो, अनि त्यो मर्ने व्यक्तिमाथि मार्ने व्यक्तिको शत्रुता होइन, अथवा एक व्यक्तिले केहि चीज फ्याक छ र संयोग वश कसैलाई मार्छ भने यो मर्ने व्यक्तिमाथि घृणा थिएन, २३अथवा उसले मार्छु भनी घचेटेको, कुनै प्रहार गरेको होइन अथवा मार्ने व्यक्तिको त्यस्तो कुनै योजना नै थिएन भने, अथवा त्यो व्यक्तिले केही फ्याँक्दा कसैलाई लाग्यो अनि त्यो मऱ्यो भने त्यो अजानमा घटेको घटना हो। २४तब समूदायले मार्ने व्यक्ति र मर्ने व्यक्तिका आफन्तहरू र हत्यारा बीचमा नियम अनुसार न्याय गर्नुपर्छ। २५त्यो न्यायालयले मानिसलाई मर्ने मानिसका आफन्तहरूबाट मार्न देखी बचाउँछ। र उसलाई फेरि सुरक्षित शहरमा पठाइदिन्छ। हत्यारा त्यही शहरमा रहनु पर्छ जब सम्म प्रधान पूजाहारीले तेलसित अभिषेक गर्दैन मार्दैन।

२६"तर यदि त्यो हत्यारा सुरक्षित शहरको सिमानाबाट बाहिर जान्छु, जुन घरमा त्यो आफ्नो सुरक्षाको निम्ति पुगेको थियो, २७अनि मारिने व्यक्तिका आफन्तहरूले सुरक्षित शहर सिमाना बाहिर हत्यारालाई भेटे हत्या भएको व्यक्तिका आफन्तहरूले त्यसलाई मार्न सक्छन्। हत्या भएको व्यक्तिका आफन्तहरूको कुनै दोष हुने छैन। २८किनभने त्यो हत्यारा सुरक्षित शहरमा प्रधान पूजाहारीको मृत्यु पर्यन्त बस्नु पर्ने थियो। प्रधान पूजाहारीको मृत्यु पछि तिनी आफ्नो घर फर्कनु सक्छ। २९यी नियमहरू ती मानिसहरू जहाँ कहीँ बसे पनि तिनीहरूको निम्ति सदा-सर्वदाको निम्ति कानुन भएर रहनेछ।

३०"यदि कुनै व्यक्तिले कसैलाई मारेको पूरा साक्षीहरू भए मात्र उसलाई मृत्यु दण्ड दिन सकिन्छ। एकजना व्यक्तिले दिएको गवाहीमा मृत्यु दण्ड दिन सकिँदैन।

३१"यदि एक व्यक्ति हत्यारा हो भने उसले प्राण दण्ड भोग्नै पर्छ। पैसा लिएर अथवा घूस खाएर प्राण दण्ड बद्लि गर्न पाँइदैन। उसले प्राण दण्ड भोग्नै पर्छ।

३२"यदि कुनै व्यक्तिले कसैलाई मारेर सुरक्षित शहरमा आश्रय लिनु गएको छ भने, त्यो व्यक्ति प्रधान पूजाहारी नमरूञ्जेल सम्म त्यहाँ बस्नै पर्छ, पैसा दिएर त्यो व्यक्ति आफ्नो घर फर्कन सक्तैन।

३३"निर्दोष व्यक्तिहरूको रगतले तिमीहरूको भूमिलाई दोषित नतुल्याऊ। यदि कसैले हत्या गर्छ भने त्यसको औषधी एउटै छ, त्यो हो प्राण दण्ड। अरू कुनै त्यस्तो पथ छैन कि हत्यालाई मुक्त पार्ने। ३४म परमप्रभु हुँ। म सधैँ इस्राएली मानिसहरूको साथमा तिनीहरूको भूमिमा रहनेछु। म त्यँही हुनेछु, यसर्थ त्यस भूमिलाई निर्दोष मानिसहरूको रगतले दोषित नबनाऊ।"

## सलोफादकी छोरीहरूको देश

३६ मनश्शेको नाति माकीरको छोरो गिलादको सन्तानका प्रधानहरू अघि आए अनि मोशा र इस्राएली मानिसहरूका प्रधानहरूलाई भने, २"परमप्रभुले इस्राएलीहरूलाई चिठ्ठाद्वारा भूमि वितरण गरिदिनु भनी हजूरलाई हुकुम दिनु भएको थियो। अनि हजूर हाम्रा मालिकलाई परमप्रभुले हाम्रा सन्तान सलोफादको अंश चाँहि उनकी छोरीहरूलाई दिनु भनी दिनु भएको थियो। ३अब यदि ती कन्याहरूको विवाह इस्राएलीहरू मध्येकै अन्य कुलका मानिसहरूसित भए त्यो तिनीहरूले पाएको भाग जमीनको हाम्रो कुलको भागबाट काटिएर ती केटीहरूलाई विवाह गर्नेहरूकै भागमा मिल्ने छ। यसर्थ यस प्रकारले हामीले चिठ्ठामा पाएको भूमिको केहि अंश गुमाउने छैनौ। ४इस्राएलीहरूको पुनर्स्थापनाको समय* आउँछ र ती केटीहरूको पैतृक सम्पति तिनीहरूले विवाह गरेको पुरूषहरूकोसित कुलमा मिल्नेछ र यसरी हामीले हाम्रो पिता-पूर्खाहरूबाट पाएको हाम्रो देशंको भूमि गुमाउने छौं।"

५यसर्थ परमप्रभुको निर्देशन अनुसार मोशाले इस्राएलीहरूलाई यस्तो आदेश दिए: "यूसुफ कुलका मानिसहरूले जे भन्दैछन त्यो सही हो। ६सलोफादकी छोरीहरूको सम्बन्धमा परमप्रभुले दिनु भएको आदेशहरू

---

**पुनर्स्थापनाको समय** अर्थात जुबिलि वर्ष।

यी हुन, हुन त तिनीहरूले आफूले मन पराएकोसित
विवाह गर्न सक्छन्। तर तिनीहरूले आफ्नै पिता-पुर्खाहरूको
सन्तान भित्र विवाह गर्नुपर्छ। ७इस्राएलीहरूले पाएको
भूमिको अंश अर्को कुलका मानिसहरूलाई हस्तान्तरण
गर्न सकिदैन। प्रत्येक इस्राएली आफ्नो पैतृक सम्पत्ति
भित्र पर्नुपर्छ। ८इस्राएली कुलको प्रत्येक छोरी जसले
पिता-पुर्खाहरूको सम्पत्ति पाएको छ उसले आफ्नो कुल
भित्रैको पुरूषसित विवाह गर्नुपर्छ ताकि पिता-पुर्खाहरूको
नामको भूमि आफ्नो कुल देखि बाहिर नजावोस।
९यसर्थ एक कुलको मानिसहरूको भूमि अर्को कुलको
मानिसहरू माथि हस्तान्तरण गर्नु नपरोस। आफ्नो कुलको
भूमि आफ्नै कुलमा रही रहोस्।" १०सलोफादकी छोरीहरूले
त्यसै गरे जो परमप्रभुले मोशालाई आदेश दिनु भएको
थियो। ११तिनकी छोरी महला, तिर्सा, होग्ला, मिल्का
र नोआले आफ्नै काकाको छोराहरूसित विवाह गरे।
१२तिनीहरूले यूसुफका छोरा मनश्शेका कुलहरूमा नै
विवाह गरे र तिनीहरूको पैतृक भूमि तिनीहरूकै
पिता-पुर्खाहरूको वंशभित्रै रह्यो।

१३यरीहोको पारिपट्टि यर्दन नदीको किनार नजिक
मोआबको मैदानमा परमप्रभुले मोशा मार्फत इस्राएलका
मानिसहरूलाई दिनु भएको आदेश र नियमहरू यी नै
हुन्।

# लेवीहरूको पुस्तक

### बलिदानहरू अनि भेटिहरू

१ परमप्रभुले मोशालाई भेट हुने पालबाट भन्नुभयो,
२"इस्राएली मानिसहरूलाई भन जब तिनीहरू मध्ये
कुनै मानिसले परमप्रभुको निम्ति बलि चढ़ाउँछ भने,
त्यो तिनीहरूको आफ्नो गाई-गोरू तथा भेड़ा-बाख्राहरूको
बगालबाट हुनुपर्छ।

३"यदि उसले गोरु होमबलि चढ़ाउँछ भने, त्यो
निष्खोट बाछो हुनुपर्छ। उसले बाछो भेट हुने पालको
ढोकामा चढ़ाउनु पर्छ जसले गर्दा त्यो परमप्रभुलाई
ग्रहण योग्य हुनेछ। ४उसले आफ्नो पापको प्रायश्चितको
निम्ति मारिन लागेको पशुमाथि आफ्नो हात राख्नु पर्छ।
अनि परमप्रभुले त्यस व्यक्तिलाई शुद्ध गराउन होमबलि
ग्रहण गर्नुहुनेछ।

५"पछि त्यो बाछो परमप्रभुको सामुन्ने मारोस् तब
हारूनका पूजाहारी छोराहरूले भेट हुने पालको ढोका
नजिक भएको वेदी वरिपरि त्यसको रगत छर्किउन्।
६तब त्यो बाछो अथवा पशुको छाला काढ़ेर त्यसलाई
टुक्रा-टुक्रा पारियोस्। ७तब पूजाहारी हारूनका छोराहरूले
वेदीमा दाउराहरू मिलाएर आगो सल्काउन्। ८हारूनका
छोराहरू अर्थात पूजाहारीहरूले वेदीमा बलेको आगोमाथि
बाछो अथवा पाठोको टाउका टुक्राहरूको बोसो वेदीको
आगोको दाउरा माथि मिलाएर राखुन्।

९"त्यसपछि पूजाहारीले त्यस पशुको खुट्टाहरू र
त्यसको भित्रि भागहरू पानीले पखालोस् र ती सबै
पूजाहारीले आगोद्वारा वेदीमा जलाओस् यो आगोद्वारा
परमप्रभुलाई मन पर्ने सुगन्धित होमबलि समर्पण गरिएको
हुनेछ।

१०"यदि उसको भेटी पशु हो भने, पाठो अथवा
थुमा निष्खोट हुनुपर्छ। जब बलिदानहरू चढ़ाउँदा उसले
पाठो अथवा बोका चढ़ाउनुपर्छ। ११उसले वेदीको
उत्तरपट्टि परमप्रभुको सामुन्ने त्यो काटेर मारोस अनि
पूजाहारी हारूनका छोराहरूले त्यसको रगत वेदीको
वरिपरि सबैतिर छर्कून्। १२तब त्यो बलि टुक्रा-टुक्रा
पारेर काटोस् आन्द्रा-भुँड़ी र अघि पछिका खुट्टाहरू
पखालोस् अनि वेदीको दाउराको आगोमा पूजाहारीहरूले
ती टुक्राहरू, बोसो र टाउको जलाओस। १३त्यसपछि
उसले आन्द्रा-भुँड़ी र अघि पछिका खुट्टाहरू पानीले
पखालोस् र पूजाहारीहरूले ती सबै आगोमा जलाएर
भष्म गरोस। त्यही बलि परमप्रभुको निम्ति सुगन्धित
होमबलि हुनेछ।

१४"यदि ऊ चरा बलिको रूपमा चढ़ाउँछ भने, त्यो
होमबलि ढुकुर अथवा परेवा हुनुपर्छ। १५पूजाहारीले
त्यो बलि वेदीमा ल्याएर टाउको निमोठेर चुँड़ाओस् र
वेदीमा जलाओस्, अनि त्यस परेवाको रगत वेदी भएको
ठाउँमा निकाली देओस्। १६त्यसपछि उसले त्यसको
गलामा भएको खाद्य थैली* निकालोस् अनि वेदीको
पूर्वपट्टि खरानी भएको ठाउँमा फ्याँकोस्। १७त्यसपछि
त्यसलाई पूजाहारीले नटुक्राइकन परेवाको बीचबाट चिरोस्
अनि पूजाहारीले त्यो बलि वेदीमा राखिएको आगोको
दाउरामाथि जलाउन राखोस्। यो पनि परमप्रभुको निम्ति
सुगन्धित होमबलि हो।

### अन्नबलिहरू

२ "जब कोही मानिस परमप्रभुलाई अन्नबलिको केही
बलि चढ़ाउँछ भने त्यो बलि मसिनो पीठोको
होस्। त्यसमा तेल खन्याएर पूजाहारीले सुगन्धित धूप
हालोस्। २तब उसले त्यो बलि हारूनका छोराहरूकहाँ
ल्याउनु पर्छ अनि पूजाहारीले एक मुट्ठी मसिनो अन्नको
पीठो, तेल अनि त्यसबाट धूप झिक्नु पर्छ अनि वेदीमा
परमप्रभुलाई चढ़ाउने सम्झना भेंटीको रूपमा यसलाई
चढ़ाउनु पर्छ। यो आगोद्वारा चढ़ाएको भेंटी हो अनि
यसको वासनाले परमप्रभुलाई प्रसन्न पार्छ। ३बाँकी
रहेको अन्नबलि परमप्रभुको अत्यन्तै पवित्र उपहार
स्वरूप हारूनका छोराहरूका निम्ति रहोस्।

### पकाएको अन्नबलिहरू

४"यदि तिमी चुलामा पकाएको अन्नबलि चढ़ाउँछौ
भने, तेलमा मुछेको अखमिरी मसिनो पिठोको फुलौरा
अथवा तेल हालेको अखमिरी रोटी होस्। ५यदि तिम्रो
अन्नबलि तावामा पकाएको अन्नबलि भए त्यो तेलमा
मुछेको अखमिरी मसिनो पीठोको होस्। ६त्यो मसिनो
गरी पिँधेर टुक्राउ अनि त्यसमा तेल खन्याऊ। त्यही
अन्नबलि हो। ७यदि तिमी अन्न भेंटी ल्याउँछौ जो
तावामा भूटिएको छ भने यो तेलसित मिसाइएको मसीनो
पीठो हुनु पर्छ।

८"जब तिमीले यी कुनै अन्नबलिहरूबाट बनाइएको
परिकार ल्याउँछौ त्यो पूजाहारीलाई देऊ र त्यो पूजाहारीले

---

**खाद्य थैली** चरा-चुरूङ्गीले चारो खाँदा पहिले गलामा जम्मा हुने थैली।

वेदीमा चढ़ाओस्। ९पूजाहारीले अन्नभेटीको केही भाग
छुट्याउनुपर्छ अनि यसलाई स्मरणीय भेंटीको रूपमा
जलाउनुपर्छ, अनि वेदीमा परमप्रभुलाई सुगन्धित भेंटीको
रूपमा चढ़ाउनु पर्छ। १०अन्नबलिबाट रहेको भाग
हारून र तिनका छोराहरूको निम्ति हुनुपर्छ। परमप्रभुको
निम्ति यो आगोद्वारा चढ़ाएको बलि अति पवित्र हो।
११“तिमीले खमीर भएको कुनै पनि अन्नबलि
परमप्रभुलाई चढ़ाउनु हुँदैन अथवा महबाट बनिएको
परमप्रभुको निम्ति उपहार आगोमा जलाउनु हुँदैन। (यहाँ
भनिएको मह हुन सक्छ मौरीको नभई फूलहरूको रस
हुनसक्छ।) १२तिमीहरू वर्षको पहिलो बालीबाट खमीर
र मह चढ़ाउन सक्छौं, तर त्यो बलि भेटीलाई सुगन्धित
भेंटी बनाउन जलाउनु हुँदैन। १३तिमीले प्रत्येक अन्नबलिमा
नूनहालेर ल्याउनुपर्छ। परमेश्वरसित गरेको नूनको करार
तिम्रो अन्नबलिबाट हराउनु हुदैन। तिमीले आफ्नो बलि
नूनसँगै ल्याउँनुपर्छ।

## अगौटे फलहरूबाट अन्नबलि

१४“यदि तिमीहरू वर्षको अगौटे बालीबाट परमप्रभुलाई
भेटी चढ़ाउँछौ भने तिमीहरू पहिले बालीको ताजा
अन्नको अघिल्लो भागलाई पिँधेर अन्न पकाएको भेटी
बनाउनु पर्छ। १५तिमीले त्यसमा तेल अनि सुगन्धित
धूप लगाउनुपर्छ। यो अन्नबलि हो। १६पूजाहारीले
परमप्रभुको निम्ति सबै धूपसित पिँधेको अन्नबाट तयार
गरेको भेटीको केही भाग तेलसित मिसाएर स्मारकको
रूपमा जलाउनु पर्छ।

## मेलबलि

३ “यदि उसको बलि मेलबलिको निम्ति हो भने
गाई-गोरू मध्येको हुनुपर्छ। तर पशु चाही निष्खोट
होस्। २अनि उसले आफ्नो हात त्यस पशुमाथि राखोस्
अनि भेट हुने पालको प्रवेशद्वारमा त्यसलाई मारोस् र
पूजाहारी हारूनका छोराहरूले वेदीको वरिपरी त्यसको
रगत छर्कोस्। ३आगोद्वारा उसले मेलबलिबाट परमप्रभुको
निम्ति खाद्य उपहार स्वरुप आन्द्रा भुँड़ी ढाक्ने बोसो र
आन्द्रामाथि हुने सबै बोसो। ४दुइटै मिर्गौला र त्यस
माथिको बोसो र कम्मर छेउको बोसो अनि मांसपेशीमा
भएको बोसो अनि कलेजामाथिको गर्मजाल समेत
झिकेर चढ़ाओस्। ५तब हारूनका छोराहरूले वेदीको
आगोमाथि बोसो होमबलिसित यो जलाओस्।
आगोद्वारा चढ़ाइएको यो परमप्रभुको निम्ति
सुगन्धित बलि हो।
६“यदि उसको मेलबलि कै भेटी हो भने आफ्ना
भेड़ा अथवा एउटा आफ्ना बाख्राको बगालहरूबाट हो
भने त्यो निष्खोट हुनपर्छ चाहे यो पाठो अथवा पाठी
होस्। ७यदि उसले थुमा बलि चढ़ाउँदैछ भने त्यो
परमप्रभुअघि ल्याउनुपर्छ। ८तब उसले आफ्नो हात त्यो
बलि दिइने पशुको टाउकोमाथि राखोस् र यसलाई भेट
हुने पालको प्रवेशद्वारअघि मारी दिओस्। हारूनका
पूजाहारी छोराहरूले त्यसको रगत वेदीको वरीपरि सब
ठाउँमा छर्किउन्। ९तब परमप्रभुलाई आगोबाट चढ़ाएको
मेलबलिबाट उसले मेरुदण्डबाट सम्पूर्ण पूच्छरको बोसो,
पशुको भित्र भागहरूलाई छोपेको बोसो निकाल्नु पर्छ।
१०दुइवटा मृगौंला र त्यस माथिको बोसो कम्मर
छेउको निकाल्नु पर्छ। छेउको बोसो अनि मृगौंलासहित
कलेजा छोप्ने मासु निकालोस्। ११तब पूजाहारीले
वेदीमाथि भोजन स्वरुप त्यो जलाओस्। यो परमप्रभुको
निम्ति भोजन बलि हो।

## मेलबलिको निम्ति एउटा बाख्रा

१२“यदि उसको बलि एउटा बाख्रा हो भने उसले
त्यो परमप्रभुको सामुन्ने चढ़ाओस्। १३तब उसले आफ्नो
हात त्यसको टाउकोमाथि राखोस् अनि भेट हुने पालको
अघि त्यसलाई मारीदिओस्। अनि हारूनका छोराहरू
पूजाहारीले वेदीको वरीपरि त्यस बलिको रगत छर्किउन्।
१४तब उसले उसको आफ्नो बलिबाट परमप्रभुको
निम्ति आगोद्वारा चढ़ाओस्: आन्द्रा-भुँड़ी छोप्ने बोसो र
आन्द्रामाथिको सबै बोसो, १५दुइवटा मिर्गौला अनि
त्यस माथिको बोसो, डँढ़ाल्नु माथिको माँसपेशी, कलेजा
माथिको उपांग कलेजासितै झिकेर चढ़ाओस्। १६अनि
पूजाहारीले सबै बोसो परमप्रभुको निम्ति वेदीमाथि मीठो
वासनाको रूपमा जलाउँनुपर्छ। यो परमप्रभुको निम्ति
अन्न बलि हो। १७यो नियम तिमीहरूका सन्तानहरू
रहून्जेलसम्म सधैँ रहिरहनेछ जुनसुकै ठाउँमा तिमीहरू
बस्छौ। तिमीहरूले बोसो खानु हुँदैन अथवा रगत पिउनु
हुँदैन।”

## संभोगले भएका पापहरूको निम्ति बलिहरू

४ परमप्रभुले मोशालाई भन्नुभयो, २“इस्राएलका
मानिसहरूलाई भन, “जब एउटा मानिसले नजान्दा
पाप गरे अनि परमप्रभुका आज्ञाहरूमा नगर्नु भनेको
कुनै काम गर्छ भने, त्यस मानिसले तलका कुराहरु
गर्नु पर्छ।
३ “यदि कुनै अभिषिक्त पूजाहारीले ल्याउछ भने पाप
गरेर कर्म गर्छ जसले मानिसहरूमाथि दोष लाग्छ उसले
एउटा निष्खोट जवान साँढ़े उसको पाप प्रायश्चितको
निम्ति परमप्रभुलाई चढ़ाउनु पर्छ। ४अनि उसले साँढ़ेलाई
परमप्रभुअघि भेट हुने पालको प्रवेशद्वारमा ल्याउनु पर्छ
अनि त्यस साँढ़ेको टाउकोमाथि आफ्नो हात राख्नु पर्छ
परमप्रभुअघि त्यसलाई मार्नु पर्छ। ५त्यसपछि अभिषिक्त
भएको पूजाहारीले बलि चढ़ाइएको साँढ़ेको रगत भेट
हुने पालमा ल्याओस्। ६त्यसपछि पूजाहारीले आफ्नो
औँला रगतमा चोबोस् र अति पवित्र जग्गाको पर्दाअघि
परमप्रभुको सामुन्ने रगत सात पल्ट छर्कोस्। ७त्यसपछि

पूजाहारीले धूपवेदीका सीङहरूमा रगतको केही अंश
छर्किनु पर्छ जो भेट हुने पालमा परमप्रभुको सामुन्ने
हुन्छ, अनि साँढ़ैका रहल रगत भेट हुने पालको प्रवेश
द्वारको होमबलिको वेदीको आधारमा खान्याऊन। ८अनि
उसले पाप बलिको साँढ़ेबाट सबै बोसो निकाल्नु पर्छ।
उसले भित्री भागहरूको चारैतिर भएका त्यो बोसो
अवश्यै निकाल्नु पर्छ। ९दुवै मृगौंलाहरू अनि तिनीहरूका
बोसो अनि मांशपेशीको तल्लो भागको भएको बोसो र
कलेजोलाई ढाक्ने बोसो, उसले यसलाई मिर्गौंलाहरू
सितै पापबलिको साँढ़ेबाट निकाल्नु पर्छ। १०मेलबलिको
साँढ़ेबाट निकालिए जस्तै पापबलिको निम्ति चढ़ाइएको
साँढ़ेबाट पनि सबै बोसोहरू निकालोस्। त्यसपछि पूजाहारीले
त्यसलाई बलि होमबलिको वेदीमा जलाओस्। ११तर
साँढ़ेको छाला, त्यसको मासु र टाउको, खुट्टा, आन्द्रा-भुँड़ी,
गोबरसमेत, १२अनि रहल सबै पालबाहिर खरानी थुपार्ने
एउटा चोखो ठाउँमा ल्याउन पर्छ अनि दाउराको
आगोमाथि त्यहाँ जलाउनु पर्छ।

१३"यदि समस्त इस्राएली मानिसहरूले नजान्दा नै
भूल गर्छन अनि तिनीहरूलाई थाहा हुँदैन तिनीहरूले
परमप्रभुको कुनै आज्ञा पालन गरेनन् भने, तब तिनीहरू
दोषी हुनेछन्। १४जब तिनीहरूले परमप्रभुको आज्ञा
विरुद्ध गरेको पाप चाल पाउँछन्, पापबलिको निम्ति
तिनीहरूले बथानबाट एउटा साँढ़े बलि दिऊन्। त्यो साँढ़े
तिनीहरूले भेट हुने पाल अगाड़ी ल्याउनपर्छ। १५अनि
समुदायको मुखियाहरूले साँढ़ेको टाउकोमाथि आफ्नो
हात राख्नु पर्छ अनि त्यसलाई परमप्रभुकोअघि मार्नु
पर्छ। १६तब अभिषिक्त भएका पूजाहारीले साँढ़ेको
रगतबाट केही लिएर भेट हुने पालमा ल्याओस्।
१७अनि पूजाहारीले आफ्नो औंला त्यस रगतमा डुबाएर
परमप्रभु अगाड़ीको पर्दा सामुन्ने सात पल्ट छर्कियोस्।
१८अनि केही रगत वेदीको कुनामा राख्नु पर्छ जो भेट
हुने पालमा परमप्रभुको अघि छ अनि रहल रगत
होमबलिको वेदीमा अगेनोमा खन्याउनु पर्छ जो भेट हुने
पालको प्रवेश हुन्छ। १९अनि उसले सबै बोसो
बलिबाट निकालेर वेदीमा जलाओस्। २०उसले यो
पापबलिलाई जसो गर्छ यसलाई पनि त्यसै गर्नुपर्छ,
यसरी नै पूजाहारीले इस्राएली मानिसहरूको निम्ति
प्रायाश्चित गराउँछन् अनि तिनीहरूको पाप क्षमा हुन्छ।
२१पूजाहारीले साँढ़ेलाई पालको बाहिर ल्याउँनुपर्छ अनि
यसलाई जलाउनुपर्छ जस्तो उसले पहिलो साँढ़ेलाई
गरेको थियो। सम्पूर्ण समुदायकालागि पापबलि हुनेछ।

२२"यदि कुनै शासकले अन्जानमा परमप्रभु उसको
परमेश्वरका आदेशहरू उल्लंघन गर्छ भने दोषी हुन्छ,
२३अनि पछि आफ्नो दोष पत्ता लगाउँछ, उसले आफ्नो
पशुहरूको बथानबाट उपहार स्वरूप भूल्लै भूल्ला
भएको निष्खोट बोका ल्याउनु पर्छ। २४तब उसले
आफ्नो हात त्यस बोकाको टाउकोमाथि राखोस् अनि
होमबलि दिइने ठाउँमा त्यसलाई परमप्रभुकोअघि मारोस्
यो शुद्धिकरणको बलि हो। २५त्यसपछि पूजाहारीले
त्यो पापबलिको केही रगत आफ्नो औलामा लियोस् र
होमबलिको वेदीको कुनामा राखोस् अनि होमबलिको
वेदीको आधारमा रगत खन्याओस् २६उसले पाठोको
सबै बोसो बलिदान वेदीमा त्यसरी नै जालाउनु पर्छ
जसरी मेलबलिको बोसो उसले जलाएको थियो। यस
प्रकारले, उसले गरेको पापको निम्ति पूजाहारीले प्रायश्चित
गर्नेछ अनि परमेश्वरले उसलाई क्षमा दिनुहुनेछ।

२७"यदि समुदायको कुनै मानिसले नजानेर पाप गरे
अथवा परमप्रभुले दिनु भएको निषेधाज्ञाको विरोधमा
काम गरे त्यो दोषी हुनेछ २८अथवा यदि उसले गरेको
पाप आफूले थाहा पाए तब उसले बगालबाट भुल्लै
भुल्लो भएको एउटा बाख्राको निष्खोट पाठी ल्याओस्।
२९तब आफ्नो पाप बलिको निम्ति उसले त्यस पाठीको
टाउकोमा हात राखोस् अनि होमबलि हुने ठाउँमा
मारोस्। ३०तब पूजाहारीले केही रगत औंलाले लेओस्
र होमबलिको वेदीको कुनामा लगाओस् र अरु सबै
रगत वेदीको आधारमा खन्याओस्। ३१अनि मेलबलिमा
गरिएको बलि झैं उसले त्यस बलिबाट सबै बोसो
निकालोस्। पूजाहारीले परमप्रभुको निम्ति मिठो बास्ना
दिनकालागि त्यो वेदीमा जलाओस्। यसरी पूजाहारीले
त्यस मानिसलाई शुद्ध बनाउँछ अनि त्यसलाई क्षमा
गरिनेछ।

३२"यदि कसैले उसको पापबलिको निम्ति भेड़ा
ल्याउँछ भने, तब उसले निष्खोट भेड़ाको पाठो ल्याउनु
पर्छ। ३३उसले पापबलिको टाउँकोमा आफ्नो हात
राख्नु पर्छ अनि यसलाई त्यस ठाउँमा मार्नु पर्छ जहाँ
होमबलिकालागि बलिदान गरिन्छ। ३४तब पापबलिबाट,
पूजाहारीले आफ्नो औंलामा केही रगत लिनु पर्छ अनि
होमबलिको वेदीको सिङहरूमा यसलाई राख्नु पर्छ अनि
रहल रगतलाई वेदीको अगेनोमा खन्याउनु पर्छ। ३५तब
उसले मेलबलि सम्पन्न गरिको थियो, पूजाहारीले
पाठोबाट निकाल्नु पर्छ अनि परमप्रभुका लागि भेटीको
रूपमा यसलाई जलाउँछ। यसरी पूजाहारीद्वारा त्यस
मानिसको प्रायश्चित उसको पापको लागि सम्पन्न हुन्छ
अनि त्यो मानिस पाप मुक्त हुनेछ।

## विभिन्न संभोगका पापहरू

५ "यदि कसैले यस्तो प्रकारले पाप गरे जसमा त्यो
मानिस आफ्नै आँखाले प्रत्यक्ष देखेको अथवा
कानले सुनेको कुरोमा साक्षी भएर पनि भन्दैन भने ऊ
त्यस कामको निम्ति पापी हो, अनि उसले त्यस पापको
निम्ति सजाय भोग्नु पर्छ। २अथवा कोही मानिस
अशुद्ध चीज छुन्छ भने जंगली अथवा पाल्तू पशु
अथवा उड़ने प्राणीको मृत देह छुन्छ, तर कुनै
कारणवश त्यो उसले बिर्सन्छ भने त्यस कामको निम्ति

ऊ दोषी अनि अशुद्ध बनिन्छ। ३एक जना मानिसले मानिएको अशुद्ध अथवा यस्तो कुनै चीज छुन्छ जसले उसलाई अशुद्ध बनाउँछ तर उसले थाहा पाउँदैन, तर जब त्यस मानिसले यस विषयमा थाहा पाउँछ तब उ दोषी हुनेछ। ४अथवा एकजना मानिसले केही राम्रो अथवा नराम्रो काम गर्ने प्रतिज्ञा गर्छ। उसले विचार अनि आफ्नो प्रतिज्ञा बिर्सन्छ। तर जब पछि उसले आफ्नो प्रतिज्ञाको सम्झना गर्छ, तब उसलाई दोषी ठहराइनेछ। ५जब ऊ त्यस्तो कुनै कुरामा दोषी ठहरिन्छ भने, उसले कसरी पाप गऱ्यो त्यो स्वीकार गर्नुपर्छ। ६अनि उसको पाप प्रायश्चितको निम्ति, उसले एउटा जवान भेड़ा अथवा बाख्राको पाठी उसको बथानबाट एउटा दोषबलि जस्तै परमप्रभु कहाँ ल्याउनु पर्छ। यस प्रकारले पूजाहारीले त्यो मानिसको पापबाट मुक्त गराउनको लागि प्रायश्चित कार्य गर्नेछ।

७"यदि उसले आफ्नो दोषबलि चढ़ाउन भेड़ा अथवा बाख्राको पाठीको व्यवस्था गर्न सक्तैन भने, उसले परमप्रभुलाई दोषबलि चढ़ाउनलाई अथवा पापबाट मुक्त हुन र अर्को होमबलिको निम्ति एक जोड़ी परेवा अथवा ढुकुर ल्याउनुपर्छ। ८उसले त्यो ढुकुर अथवा परेवाको जोड़ी पूजाहारीकहाँ ल्याउनुपर्छ र पूजाहारीले एउटा चाँहि पहिले पापबलिको निम्ति चढ़ाओस्। उसले त्यसको घाँटी अँठ्याएर टाउको निमोठोस तर त्यसलाई चुँढ़ाई नहालोस्। ९तब उसले पापबलिको केही रगत शुद्धताको निम्ति वेदीको पाटामा छर्कियोस अनि बाँकी रगत वेदीको आधारमा खँन्याई दियोस्। यो पापबलि हो। १०त्यसपछि पूजाहारीले अर्को चाँहि ढुकुर परेवा नियमानुसार होमबलि चढ़ाओस्। यस्तो प्रकारले पूजाहारीले त्यस पाप गर्ने मानिसलाई उसको पापबाट शुद्ध गराओस् अनि त्यो मानिसले क्षमा पाउँछ।

११"यदि कुनै मानिसले दुईवटा ढुकुरहरू अथवा दुईवटा परेवाहरू किन्न सक्दैन भने। भने तब उसले आफ्नो पापबाट मुक्ति पाउनलाई आठ बटुको मिहिन पीठो चढ़ाउनु पर्छ। उसले पीठोसित तेल मिसाउनु हुदैन अनि कुनै सुगन्धित धूप पनि त्यसमा निसाउनु हुँदैन किनभने त्यो भेटी पापबलि को हुनको निम्ति हुनुपर्छ। १२उसले त्यो पिठो पूजाहारीकहाँ ल्याओस् अनि पूजाहारीले त्यसबाट सम्झना स्वरूप एक मुट्ठी पीठो निकालेर परमप्रभुको निम्ति अग्निहोममाथि वेदीमा जलाओस्। यो पापबलि हो। १३यस प्रकार पूजाहारीले त्यस व्यक्तिलाई उसले गरेको पापबाट क्षमा गराउनेछन्। बाँकी रहेको अन्न चाहिँ पूजाहारीको निम्ति अन्नबलि जस्तै हुन्छ।"

१४तब परमप्रभुले मोशालाई भन्नुभयो, १५"जब एकजना मानिसले परमप्रभुको पवित्र चीजहरू प्रति नजानेर भूल काम गर्छ, उसले आफ्नो पशुहरूको बथानबाट एउटा निष्खोट भेड़ा ल्याउनुपर्छ। भेड़ाको मोल आधिकारिक नाप अनुसार उसको १६पवित्र चीजहरूसित गरेको पापको निम्ति उसले अपराध बीस प्रतिशत जोड़ेर फर्ता दिनुपर्छ। अनि दोषबलिको भेड़ाद्वारा चढ़ाएकोमा पूजाहारीले उसको पापको निम्ति प्रायश्चित गर्नेछ अनि उसलाई पाप क्षमा दिनेछ।

१७"जब कुनै व्यक्तिले परमप्रभुले नगर्नु भनेको कामगर्छ तर उसलाई त्यो थाहा हुँदैन, तब पनि त्यो मानिस दोषी हुनेछ। १८तब उसले गरेको पापको ओजन बराबरको मूल्यमा एउटा निष्खोट भेड़ा पूजाहारीकहाँ दोष बलिको निम्ति ल्याउनुपर्छ। जुन पाप उसले नजानी गरेको थियो पूजाहारीले त्यसले गरेको पापबाट उसलाई क्षमा गराउनेछ। १९यो एउटा दोषबलि हो, किनभने त्यो मानिस परमप्रभुअघि दोषी भएको छ।"

## अरूको निम्ति दोषबलि

६ परमप्रभुले मोशालाई भन्नुभयो, २"जब एकजना मानिस परमप्रभुको विररुद्धमा पाप र विश्वासघात गर्छ अनि आफ्नो छिमेकीलाई धोका दिएर पापकर्म गऱ्यो कसैले राख्न दिएको कुरा बन्धकमा राखेरको कुरा वा चोरेको कुरामा राख्छ अनि छिमेकीसँग झूट बोल्छ। ३अनि यसरी ठगेको अथवा धोका दिएको अथवा अपहरण गरेकोमा आफू निर्दोष हुन झूटो स्वीकार गर्दैन। ४यदि एउटा व्यक्तिले यसरी यी कुराहरू गर्छ तब त्यो मानिस पापको दोषी हुनेछ। त्यो मानिसले सबै कुराहरू ल्याउनु पर्नेछ जे जति उसले चोरीको थियो, अथवा जे जति उसले ठगेर लगेको छ, अथवा जे जति अर्को मानिसले उसलाई उसको निम्ति समाल्न दिएका थिए अथवा जे जति उसले पायो अनि यस विषयमा झूट बोल्यो। ५जे जति उसले झूटा प्रतिज्ञा बनाउँछ। उसले पूरा मोल तिर्नु पर्छ। त्यसले यी सबै थोकहरूमा पाँचौ हिस्सा थपेर फर्काई दिनु पर्नेछ। उसले यो त्यस दिन दिनु पर्छ जहिले ऊ दोषबलि ल्याउँछ।

६"उसले आफूले गरेको दोषको बराबर परिमाणमा दोषबलि स्वरुप पशुहरूको बथानबाट एउटा निष्खोट भेड़ा परमप्रभुको निम्ति पूजाहारीकहाँ ल्याउनुपर्छ। ७अनि पूजाहारीले परमप्रभुअघि उसलाई शुद्ध पारिदिनेछन् अनि तिनी कुनै पनि काम गर्दा जो दोषी हुन्छ यस्तो दोषबाट उसलाई मुक्त गर्नेछन्।"

## होमबलिहरू

८परमप्रभुले मोशालाई भन्नुभयो, ९"यी कुराहरू हारून अनि तिनका छोराहरूलाई आज्ञा दे यो होमबलिको निम्ति विधि हो। होमबलिको बलि वेदीको चुलामा बिहान नहुञ्जेलसम्म रातभरि रहोस् अनि वेदीमा आगो बलिरहोस्। १०पूजाहारीले आफ्नो पोशाक सूती कपड़ाको लगाओस्, सूतीको सुरुवाल पनि उसले भित्री पट्टि लगाओस् र होमबलिको भेटी वेदीमा जलाउँदा निस्केको

खरानी हटाओस् र त्यसलाई वेदीको पछिल्तिर राखोस्।
११पूजाहारीले लगाएको वस्त्र खोलुन् अनि अर्को लुगा
लगाएर खरानीलाई पाल बाहिर पवित्र ठाउँमा लैजाउन।
१२आगो वेदीमाथि लगातार बलिरहन दिनु पर्छ। आगोलाई
निभ्न दिनु हुँदैन। पूजाहारीले प्रत्येक बिहान वेदीमा
दाउरा हाल्नु पर्छ अनि होमबलि त्यसमाथि मिलाएर
राख्नु पर्छ। अनि मैत्रीबलिको बोसो वेदीमा निरन्तर
जलिरहनु पर्छ। १३वेदीमा आगो निरन्तर बलिरहोस्, त्यो
निभ्नु हुँदैन।

### अन्नबलिहरू

१४"अन्नबलिको निम्ति नियम यस्तो छ हारूनका
छोराहरूले अन्नबलि वेदीमाथि परमप्रभुको सामुन्ने ल्याउन्।
१५पूजाहारीले परमप्रभुलाई स्मारक भेटीको रूपमा चढ़ाउन
ल्याएको पीठो र तेलबाट एक मूट्ठी पीठो सुगन्धित
धूपसमेत लिनु पर्छ अनि वेदीमा जलाउनु पर्छ।
१६"रहेको पीठो र तेल चाँहि हारून र उसका
छोराहरूले खानु पर्छ। तिनीहरू त्यो पवित्र ठाउँमा
खमीर नमिसाई खानु पर्छ। तिनीहरूले त्यो भेट हुने
पालको आँगनमा खानुपर्छ। १७त्यो खमीरसित पकाउनु
हुँदैन। मैले मलाई दिएको भेटीहरू तिनीहरूको भागको
रूपमा तिनीहरूलाई दिएको नै छु। त्यो पाप बलि अनि
दोषबलि जस्तै शुद्ध छ। १८परमप्रभुको अन्नबलिबाट
हारूनको पुरूष सन्तानहरू मध्ये कसैले खानु सक्छ।
यो नियम तिम्रो सन्तानहरूको निम्ति सधैंको लागि हो।
यी भेटीहरू छोएर नै कोही पवित्र हुन्छ।"

### पूजाहारीको अन्नबलि

१९परमप्रभुले मोशालाई भन्नुभयो, २०"यो त्यो बलि
हो जसलाई हारून र उसका छोराहरूले परमप्रभुको
निम्ति त्यस दिन चढ़ाउनुपर्छ जहिले हारून प्रधान
पूजाहारीको रूपमा अभिषिक्त हुन्छन्। नियमित आठ
बटुको मिहिन पीठो, यसको आधा विहान चढ़ाउनु पर्छ
अनि आधा साझमा। २१"तेल सित तावामा राम्ररी
भूटेर बनाओस् यो राम्ररी तेलमा मिसाएर परमप्रभुको
निम्ति टुक्रा टुक्रा पारेर मिठो सुगन्धित अन्नबलि
चढ़ाउनु पर्छ।
२२"अनि हारूनका छोरा जो पूजाहारीको रूपमा
अभिषिक्त हुन्छन्, तिनले अन्नबलि तयार पार्नुपर्छ। यो
सधैँको लागि परमप्रभुको स्थायी नियम हो। यसलाई
पूर्ण रूपले जलाउनुपर्छ। २३पूजाहरीले चढ़ाएको प्रत्येक
अन्नबलि सम्पूर्ण रूपले जलाउनु पर्छ यो खानु हुँदैन।"

### पापबलिको नियम

२४परमप्रभुले मोशालाई भन्नुभयो, २५"हारून र
तिनका छोराहरूलाई भन, यो पाप बलिको नियम हो,
जुन ठाउँमा होमबलिको निम्ति परमप्रभुकोअघि मारिन्छ,
त्यसै ठाउँमा पाप बलिको निम्ति पनि मारिनु पर्छ। यो
अत्यन्तै पवित्र हो। २६जुन पूजाहारीले पापबलि चढ़ाउँछ
उसले यो खानुपर्छ। यो भेट हुने पालको आँगन पवित्र
स्थानमा खानुपर्छ। २७जसले यो पापबलिको मासु
छुन्छ, त्यो पवित्र हुन्छ।
"यदि यसको रगत लुगाहरूमा कतै छर्कियो भने त्यो
पवित्र ठाउँमा धुनुपर्छ। २८अनि प्रत्येक माटोको भाँड़ा
जसमा पापबलिको मासु पकाइन्छ, त्यो फुटाउनुपर्छ।
अनि यदि पाप बलिको मासु धातुले बनिएको भाँड़ामा
पकाएको त्यो माझेर पानीले पखाल्नु पर्छ।
२९"पूजाहारीहरूमा भएका प्रत्येक पुरूषले यो खान
सक्छन् र यो अत्यन्त पवित्र हो। ३०तर पाप बलिको
रगत यदि मानिसहरूलाई पवित्र पार्न भेट हुने पालमा
ल्याएको भए त्यो खानु हँदैन। यो आगोमा जलाउनु
पर्छ।

### दोषबलिहरू

७ "दोषबलिको नियम यही हो। यो अत्यन्तै पवित्र
छ। २जहाँ सबै होमबलि मारिन्छ त्यही ठाउँमा
दोषबलिको पनि त्यही गरियोस्। अनि वेदीको वरीपरि
सबैतिर त्यसको रगत छर्कोस्।
३"त्यसको सबै बोसो, बोसे पुच्छर आन्द्रा भुँड़ी छोप्ने
बोसो, ४दुवै मृगौला र त्यसमाथि भएको बोसो,
मिर्गौलासमेत मांशपेशीको तल्लो भागको बोसो अनि
कलेजालाई ढाक्ने मासु मृगौला सितै निकाल्नु पर्छ र
चढ़ाउनु पर्छ। ५पूजाहारीले ती भागहरूलाई परमप्रभुको
निम्ति कै वेदीमा दोषबलिको रूपमा जलाउनु पर्छ।
६"अनि पूजाहारीको घरका प्रत्येक पुरूष मानिसले
त्यो खान सक्छ। यो एकदमै पवित्र हो दोषबलि पवित्र
ठाउँमा खानुपर्छ। ७दोषबलि पापबलि जस्तै हो। यी
दुवैको निम्ति नियमहरू एउटै छन्। बलि पूजाहरीको हो
जसले ऊसित प्रायश्चित गर्छ। अनि यो उसको खाद्य
हो। ८जब पूजाहारीले होमबलि चढ़ाउनु हुन्छ, त्यसको
छाला पूजाहारी कै हुन्छ। ९अनि प्रत्येक अन्नबलि जो
चुलामा पकाएर अथवा तावामा अथवा ताप्केमा पकाएको
जुन पूजाहारीले चढ़ाउँछ त्यो उसैको हुन्छ। १०तर
अर्को अन्नबलि जो तेलमा मिसाएर अथवा सूखा
बनाइन्छ त्यो बराबरी भागमा हारूनका छोराहरूको
हुन्छ।

### मेलबलिहरू

११"परमप्रभुलाई अर्पण गरिने मेलबलिका नियम यही
हो। यदि त्यो कसैले धन्यवाद स्वरुप चढ़ायो भने,
१२उसले उसको धन्यवाद बलिसित खमीर नहाली
तेलमा मुछेको रोटी, खमीर नहाली तेल दलेको बाबर
रोटी र तेलमा डुबाएको शुद्ध पीठोको फुलौरा चढ़ाओस्।
१३उसले मेलबलिसित धन्यवादको भेटी खमीर मिसाएको

रोटी पनि चढ़ाओस्। यसबाट उसले परमप्रभुलाई प्रत्येक
एक एकवटा उपहार चढ़ाउनेछ। १४मेलबलिको रगत
जुन पूजाहारीले छर्कन्छ यो बलि उसैको हुन्छ।
१५धन्यवादको निम्ति मेल बलिको मासु त्यही बलि
चढ़ाएकै दिन खाई सक्नुपर्छ। यसको कुनै अंश अर्को
बिहान सम्म रहनुहुँदैन।

१६"यदि उसको बलि परमप्रभुअघि विशेष भाकल
पूरा गर्नु राखिएको अथवा परमप्रभुलाई भेटी चढ़ाएको
अर्थ लाग्छ। तब बलिदान त्यही दिन खानुपर्छ जहिले
बलि चढ़ाइन्छ अनि रहेको अर्को दिन खानु सकिन्छ।
१७तर यदि केही मासु तेस्रो दिनसम्म रहे आगोमा
जलाउनुपर्छ। १८यदि मेलबलिको मासु तेस्रो दिनमा
खाए, त्यो स्वीकृत हुने छैन, त्यो एउटा चढ़ाउनेको
निम्ति केही गनिने छैन यो अशुद्ध भएको छ। मानिस
दोषी हुनेछ अनि जसले यसलाई खान्छ दण्ड पाउँनेछ।

१९"कुनै अशुद्ध कुरोले छोएको मासु खान हुँदैन।
त्यसलाई आगोमा जलाउनु पर्छ। अनि अरु शुद्ध मानिस
जति छन् तिनीहरूले मेल बलिबाट मासु खान सक्छन्।
२०तर यदि कसैले परमप्रभुको मेलबलिको मासु जब
खान्छ तब ऊ अशुद्ध हुन्छ, तिमीले उसलाई उसका
मानसिहरूबाट छुट्याउनु पर्छ।

२१"जब कुनै मानिसले कुनै अशुद्ध चीज छुन्छ त्यो
अशुद्धता मानिसको अथवा पशुको अथवा अन्य कुनै
घृणित चीज होस र मेलबलिको मासु खाए त्यसलाई
त्यसको मानिसहरूबाट अलग गराउनुपर्छ।"

२२परमप्रभुले मोशालाई भन्नुभयो, २३"इस्राएली
मानिसहरूलाई भन, तिमीहरूले साँढ़े, भेड़ा अथवा
बाख्राहरूको बोसो खानु हुँदैन। २४तिमीहरूले आफै
मरेको पशु अथवा जंगली जानवरहरूले मारेको पशु
अन्य कुनै काममा लाग्न सक्छ, तर तिमीहरूले खानु
हुँदैन। २५परमप्रभुलाई चढ़ाएको पशुको बोसो जुन
मानिसले खान्छ उसलाई उसका मानिसहरूबाट अलग्ग
गराउनुपर्छ।

२६"चराको होस अथवा पशुको तिमीहरूले आफू
बसोबास गर्ने ठाउँमा रगत नखानु। २७यदि कुनै
मानिसले बसेको ठाउँमा रगत खान्छ भने उसलाई
उसका मानिसहरूबाट अलग्ग गराउनुपर्छ।"

## डोलाउने बलिको निम्ति नियम

२८परमप्रभुले मोशालाई भन्नुभयो, २९"इस्राएलका
मानिसहरूलाई भन, 'जसले मेलबलि चढ़ाउँछ, उसले
बलिको निम्ति उपहार आफै लिएर आउनुपर्छ।
३०परमप्रभुलाई चढ़ाउने भेटी आफ्नो हातमा लिएर
परमप्रभुअघि छातीको ह्याकुलो बोसोसमेत डोलाउने
बलिको रूपमा चढ़ाउनुपर्छ। ३१पूजाहारीले बोसो वेदीमा
जलाउनु पर्छ तर हारून र उनका छोराहरूको हुन्छ।
३२मेलबलिको निम्ति चढ़ाएको बलिको दाहिने फिला
चाहि पूजाहारीलाई दिइयोस्। ३३हारूनका छोराहरू मध्ये
एक जना पूजाहारी जसले आफ्नो भागबाट मेलबलिको
रगत र बोसो चढ़ाउँछ। मेलबलिको दाहिने फिला चाहि
पूजाहरीको हुन्छ। ३४किनभने डोलाइने बलिको ह्याकुलो
र मैत्रीबलिको दाहिने तिघ्राको उपहार जो मैले
इस्राएलीहरूबाट लिएको थिएँ पूजाहारी हारून र उनका
छोराहरूलाई नियमित उपहारको रूपमा दिएको छु।"

३५जुन दिन हारून र तिनका छोराहरूलाई परमप्रभुको
सेवा गर्न पूजाहारी पदमा नियुक्ति गरियो त्यसै दिनदेखि
परमप्रभुको निम्ति आगोमा चढ़ाइएका बलिहरूबाट
तिनीहरूको भाग पाउँछन्। ३६परमप्रभुले मानिसहरूलाई
बलिको तिनीहरूको भाग सदा-सर्वदा पूजाहारीलाई दिनु
भन्नु भएकोछ। उहाँले यी आज्ञाहरू त्यस दिन दिनुभयो
जब उहाँले तिनीहरूलाई पूजाहारी नियुक्त गर्नुभयो।

३७यिनीहरू नै होमबलि, अन्नबलि, पापबलि, दोषबलि,
मैत्रीबलि अनि अपर्णबलिका नियमहरू हुन्। ३८जुनदिन
परमप्रभुले सीनै मरूभूमिमा इस्राएलीहरूलाई उहाँको
निम्ति बलि ल्याउने आज्ञा दिनु भयो त्यही दिन
परमप्रभुले मोशालाई यी आज्ञाहरू सीनै पर्वतमा दिनु
भएको थियो।

## मोशाले पूजाहारीहरू तयार पार्छन्

८ परमप्रभुले मोशालाई भन्नुभयो, २"हारून र उसका
छोराहरूलाई तिनीहरूको पूजाहारी पोषक, अभिषेक
तेल, पापबलिको साँढ़े, दुइवटा भेड़ा र एक डालो
अखमिरी रोटीसँग लैजाऊ। ३तब तिनीहरूलाई सम्पूर्ण
मानिसहरूसंग भेट हुने पालमा लैजाऊ।"

४यसर्थ परमप्रभुले तिनलाई आज्ञा दिनु भए झैं
मोशाले भने। मानिसहरू सबै भेट हुने पालमा सँगै
भेला भए। ५मोशाले मानिसहरूलाई भने, "यो परमप्रभुले
आज्ञा दिनु भएको कुरा यही हो।"

६तब मोशाले हारून र तिनका छोराहरूलाई ल्याए
अनि पानीले नुहाइदिए। ७तब मोशाले हारूनलाई बुनेको
कमेज पहराइदिए अनि तिनको कम्मरमा पटुका बाँधिदिए।
त्यसपछि हारूनलाई अलखा पहिराए तब मोशाले तिनलाई
एपोद बाँधिदिए। मोशाले एपोदलाई अलखामा बाँधिदिए।
८तब उनले हारूनको छातीमा 'न्यायको छात्ती पाता'
लगाइदिए अनि गोजीमा "ऊरीम" र "तुम्मीम" राखिदिए।
९परमप्रभुले आज्ञा दिनुभए अनुसार तिनले हारूनलाई
टाउकोमा फेटा बाँधिदिए अनि फेटाको अघिल्लो भागमा
सुनको पवित्र मुकुट लगाइदिए।

१०मोशाले अभिषेक तेल लिएर पवित्र पालको
प्रत्येक ठाउँ र चीजहरूमा छर्किदिए। अनि यसरी
तिनले, ती सब चीजहरूलाई पवित्र पारे। ११उनले
अभिषेक तेल वेदीमा सात पल्ट छर्किदिए। उनले
अभिषेक तेल वेदी अनि भाँड़ा-कुड़ाहरू हातमुख धुने
भाँड़ो अनि कचौरा राख्ने ठाउँलाई पवित्र बनाउन

छर्किदिए। १२त्यसपछि हारूनलाई शुद्ध पार्न अभिषेक तेलको केही अंश तिनको शिरमा खन्याइ दिए। १३त्यसपछि मोशाले हारूनका छोराहरूलाई ल्याए र बुनेको कमिज पहिराई पटुका बाँधिदिएर तिनीहरूलाई टोपी लगाइदिए अनि यी सबै मोशाले परमप्रभुको आज्ञा अनुसार गरेका थिए।

१४यसपछि उनले पापबलिको साँढ़े ल्याए। हारून र तिनका छोराहरूले त्यस साँढ़ेको टाउकोमाथि आफ्ना-आफ्ना हात राखे, १५अनि मोशाले त्यो साँढ़ेलाई मारेर र केही रगत आफ्नो औंलाहरूमा लिएर वेदीको कुना-कुना सबैतिर दले। यस प्रकार तिनले वेदी पवित्र पारे। अनि बाँकी रहेको रगत वेदीको आधारमा खन्याए। यसरी तिनले प्रायश्चित गर्न वेदी पवित्र बनाए। १६मोशाले साँढ़ेको भित्र्यांशको बोसो, कलेजो बोसो, दुइवटा मृगौलाहरू अनि तिनीहरूमाथि भएको बोसो निकाले अनि यी वेदीमा जलाए। १७त्यसपछि तिनले साँढ़ेको अरू बाँकी रहेको छाला, मासु, गोवर तथा अरु भागहरू परमप्रभुको आज्ञा अनुसार पाल बाहिर जलाइदिए।

१८त्यसपछि तिनले होमबलिको निम्ति एउटा भेड़ा ल्याए अनि हारून अनि तिनका छोराहरूले त्यस भेड़ाको शिरमाथि तिनीहरूको हात राखे। १९तब मोशाले भेड़ालाई मारे अनि यसको रगत वेदीको चारैतिर छर्किदिए। २०-२१भेड़ालाई तिनले टुक्रा-टुक्रा पारेर काटे अनि टाउको, टुक्राएको मासु अनि बोसो आगोमा जलाए। तिनले भेड़ाको आन्द्रा-भुँड़ी र खुट्टाहरू पानीले धोए अनि सम्पूर्ण भेड़ालाई नै वेदीको आगोमाथि राखे। यो सुगन्धित बास्नाको लागि होमबलि थियो। यो परमप्रभुले मोशालाई दिएको आदेश अनुसार आगोद्वारा दिइने होमबलि थियो।

२२त्यसपछि तिनले पूजाहारी नियुक्त भएकोमा अर्पण गरिएको अर्को भेड़ा ल्याए अनि हारून र तिनका छोराहरूले आफ्नो हातहरू त्यस भेड़ाको टाउकोमाथि राखे। २३त्यसपछि तिनले त्यो भेड़ालाई मारेर त्यसको रगत हारूनको दाहिने कानको लोतीमा, दाहिने हात र दाहिने खुट्टाको बुढ़ी औंलाहरूमा लगाइदिए। २४मोशाले हारूनका छोराहरूलाई अघि ल्याए अनि तिनीहरूको दाहिने कानको लोती दाहिने हातको औंलो र दाहिने खुट्टकाको बुढ़ी औंलाहरूमा राखिदिए अनि रहेको रगत वेदी वरिपरि छर्किदिए। २५तिनले बोसो, बोसे पुच्छर आन्द्राभुँड़ी छोप्ने सबै बोसो, कलेजो छोप्ने मासु, बोसोसितै दुइवटा मिर्गौला र दाहिने फिला लिए। २६परमप्रभु अघि राखिएको खमीर रहित रोटीको डालोबाट उनले एउटा मोटो अखमीर रोटी, अर्को एउटा अखमीरे रोटी तेल मिसाएको र अखमीरे फुलौरो अनि तिनीहरूलाई बोसो र दाहिने तिघ्रामाथि राखे। २७तब मोशाले ती खाद्यहरू हारून अनि तिनका छोराहरूको हातमा राखिदिए अनि परमप्रभुअघि डोलाउने बलिको रूपमा माथि उठाए। २८तब तिनले तिनीहरूको हातबाट खाद्य लिए अनि होमबलिको वेदीमाथि राखिदिए। यो पूजाहारीहरूको नियुक्ति निम्ति बलिदान थियो। यो एउटा सुगन्धित समुद्रघर भेटी हो जसले परमप्रभुलाई खुशी पार्‍यो। २९परमप्रभुको आदेश अनुसार परमप्रभुमाथि ह्याकुलो विशेष उपहारको रूपमा हल्लाए। पूजाहारीहरूलाई नियुक्त गर्नका निम्ति यो मोशाको भेड़ाको भाग थियो।

३०तिनले केही अभिषेक गरेको तेल अनि रगत लिए जो वेदीमा थियो अनि त्यसलाई हारून र तिनका छोराहरू र तिनीहरूको लुगाहरूमाथि छर्के। यसरी तिनले हारून र तिनका छोराहरूसहित तिनीहरूका लुगाहरू सितै पवित्र पारे। ३१तिनले हारून र तिनका छोराहरूलाई भने, "भेट हुने पालको प्रवेशद्वारमा मासु उसिन र अभिषेक डालोमा भएको रोटीहरूसित खाऊ। ३२तिमीहरूले खाएर उब्रेको मासु र रोटी आगोमा जलाइ देऊ। ३३तिमीहरू पूजाहारी अभिषेक भएको दिनदेखि सात दिनसम्म बाहिरा कतै नजानु, अभिषेकको समय सात दिन हो तिमीहरूले सात दिन पूरा नहोउञ्जेल भेट हुने पाल छोड़नु हुँदैन। ३४तिमीहरूलाई पूजाहारी पदमा नियुक्ति गराउन पवित्र पार्न परमप्रभुले आज्ञा गर्नु भएको थियो जुन आज गरियो। ३५मलाई आज्ञा गरिएको छ तिमीहरू सात दिनसम्म रात-दिन भेट हुने पालको प्रवेशद्वारमा बस्नुपर्छ अनि परमप्रभुको आज्ञा पालन गर्नुपर्छ जसले गर्दा तिमीहरूको मृत्यु हुने छैन।"

३६परमप्रभुले मोशा मार्फत जे जति आज्ञा गर्नु भएको थियो हारून र तिनका छोराहरूले सबै पालन गरे।

### परमेश्वरले पूजाहारीहरूलाई ग्रहन गर्नुभयो

९ आठौं दिनमा मोशाले हारून, तिनका छोराहरू र इस्राएलका बूढ़ा प्रधानहरूलाई बोलाए। २हारूनलाई उनले भने, "बगालबाट निष्खोट एउटा बाछा पापबलिको निम्ति अनि होमबलिको निम्ति एउटा निष्खोट भेड़ा ल्याएर परमप्रभु सम्मुख बलि चढ़ाऊ।" ३इस्राएलका मानिसहरूलाई भन, 'परमप्रभुको अघि पापबलिको निम्ति एउटा बोका, निष्खोट एक वर्ष पुगेको एउटा बाछा अनि होमबलिको निम्ति निष्खोट एउटा एक वर्षको पाठा ल्याऊ। ४अनि एउटा थुमा, एउटा साँढ़े र एउटा भेड़ा मेलबलिको निम्ति अनि अन्न बलि तेल सित मिसाएका उपहार भैं किन? किनभने आज परमप्रभु तिमीहरूको अघि प्रकट हुनुहुनेछ।'"

५यसर्थ मोशाले आज्ञा दिए अनुसार भेट हुने पालअघि तिनीहरूले चीजहरू ल्याए। सम्पूर्ण मानिसहरू परमप्रभुअघि आएर उभिए। ६त्यसपछि मोशाले भने, "परमप्रभुले तिमीहरूलाई यस्तो कार्य गर्नु भनी आज्ञा दिनु भएको थियो जसले गर्दा परमप्रभुको महिमा तिमीहरू प्रति झल्कियोस्।"

७त्यसबेला मोशाले हारूनलाई भने, “तिमी वेदीको नजिक जाऊ, तिम्रो पापबलि अनि होमबलि चढ़ाऊ, आफ्नो र मानिसहरूको निम्ति पाप प्रायश्चित गर। परमप्रभुले आज्ञा गर्नु भएको अनुसार मानिसहरूले ल्याएका बलिदानहरू चढ़ाएर तिनीहरूका निम्ति प्रायश्चित गरे।”

८त्यसपछि हारून आफ्नो निम्ति वेदीको नजिक गएर पापबलिको निम्ति बाछो मारे। ९पछि हारूनका छोराहरूले तिनको नजिक त्यसको रगत ल्याए, अनि तिनले आफ्नो औँलोमा रगत लिएर वेदीको कुना कुनामा लगाए अनि बाँकी रगत वेदीको आधारमा खँन्याए। १०तब परमप्रभुले मोशालाई आदेश गर्ने बित्तिकै हारूनले मृगौला, गर्भजालो, कलेजो ढाक्ने मासु अनि पशुको बोसो वेदीमा जलाए। ११पाल बाहिर हारूनले मासु र छाला आगोमा जलाइदिए।

१२त्यसपछि तिनले होमबलि स्वरुप भेड़ा मारे। हारूनका छोराहरूले तिनलाई रगत दिए अनि वेदीका वरिपरि छर्के। १३अनि हारूनका छोराहरूले पशुका टुक्राहरू अनि यसको टाउको उसलाई दिए। तब हारूनले ती सबै वेदीमा जलाए। १४फेरि तिनले आन्द्रा-भुँडी र खुट्टा पखालेर होमबलिसँगै वेदीमाथि जलाए।

१५त्यसपछि तिनले मानिसहरूको निम्ति बलिदान ल्याएर तिनीहरूको पापबलिको बोका मारे अनि पहिला गरे जस्तै पापबलिको निम्ति जलाए। १६त्यसपछि हारूनले होमबलि ल्याए अनि आज्ञानुसार बलि दिए। १७तब तिनले अन्नबलि ल्याए अनि त्यसबाट एक मुठ्ठी लिएर बिहानको होमबलिसित वेदीमा चढ़ाए।

१८अनि तिनले मानिसहरूको मेलबलिको निम्ति साँढ़े र भेड़ा मारे। हारूनका छोराहरूले रगत लिएर तिनलाई दिए अनि तिनले त्यो सबै तिर छर्के। १९अनि साँढ़े र भेड़ाको बोसो, आन्द्रा-भुँड़ी छोप्ने बोसो, मगौला र कलेजा छोप्ने मासु तिनका छोराहरूले तिनलाई दिए। २०तिनीहरूले ह्याकुलामाथि बोसो राखे अनि तिनले त्यो बोसो वेदीमाथि जलाए।

२१अनि मोशालाई परमप्रभुले दिएको आदेश अनुसार उनले परमप्रभुलाई ह्याकुलो र दाहिने तिघ्रो डोलाउने बलिको रूपमा चढ़ाए।

२२तब हारूनले मानिसहरू प्रति हात उठाएर तिनीहरूलाई आशीर्वाद दिए। यसरी पापबलि, होमबलि र मेलबलि चढ़ाई सिध्याए पछि तिनी वेदीबाट तल ओर्लिए।

२३त्यसपछि मोशा र तिनी भेट हुने पालमा गए। जब तिनीहरू बाहिर आए तिनीहरूले मानिसहरूलाई आशीर्वाद दिए। तब परमप्रभुको महिमा सबै मानिसहरूमा झल्कियो। २४परमप्रभुको सामुन्नेबाट आगो उत्पन्न भयो अनि वेदी माथिको होमबलि र बोसोलाई खरानी पार्‍यो। जब सबै मानिसहरूले यो देखे तिनीहरू कराए अनि आ-आफ्ना अनुहार भूइँतिर निहुराए।

### परमेश्वरले नादाब अनि अबीहू नष्ट पार्नु हुन्छ

१० त्यसपछि हारूनका छोराहरू नादाब र अबीहूले परमप्रभुअघि धूप जलाउनको लागी आफ्नो धूपदानीमा आगो उपयोग गर्दै सल्काए जसकालागि उहाँले तिनीहरूलाई अनुमति दिनु भएको थिएन। २यसर्थ परमप्रभुको उपस्थितिबाट आगो निस्कियो र तिनीहरूलाई परमप्रभुको सामुन्ने जलायो।

३त्यसपछि मोशाले हारूनलाई भने, “परमप्रभुले जे भन्नु भएको थियो त्यसको अर्थ यही थियो। ‘पूजाहारीहरू जो मेरो सामुन्ने आउँछन् तिनीहरूद्वारा म सम्मानित हुनुपर्छ अनि सबैकोअघि म पवित्र हुनुपर्छ।’” अनि हारून नबोली बसे।

४मोशाले हारूनका काका उज्जीएलका छोराहरू मीशाएल र एलसापानलाई बोलाए अनि भने। उनले तिनीहरूलाई भने, “आऊ अनि आफ्ना काकाको छोराहरूलाई पवित्र स्थानबाट बाहिर पालसम्म लैजाऊ।”

५यसैले तिनीहरूले उनीहरूलाई पहिरेकै पोषाकमा मोशाको आदेश अनुसार पाल बाहिर उनीहरूलाई उठाएर लगे।

६तब मोशाले हारून र तिनका छोरा एलाजार र ईतामारलाई भने, “तिनीहरूको शिरको कपाल नखौर शोक देखाउनलाई आफ्ना लुगाहरू नच्यात, तब तिमीहरू मर्ने छैनौ, अनि परमप्रभु सबै मानिसहरूको विरुद्धमा क्रोधित हुनुहुने छैन। तर नादाब र अबीहूका लागि जो परमप्रभुद्वारा उत्पन्न गरेको आगोले गर्दा मरे, इस्राएलका सारा बासिन्दाहरू जो तिमीहरूका आफन्त छन् विलाप गर्न सक्छन्। ७भेट हुने पालको प्रवेशद्वार, बाहिर तिमीहरू नजानु नत्र तिमीहरू मर्ने छौ। किनभने परमप्रभुले अभिषेक गरेको तेल तिमीहरूमाथि छ।” यसकारण तिनीहरूलाई मोशाले जे भनेका थिए त्यही गरे। ८त्यसपछि परमप्रभुले हारूनलाई भन्नभयो, ९“जब तिमी र तिम्रा छोराहरू भेट हुने पालभित्र पस्छौ तिमीहरूले दाखरस अथवा मादक वस्तु पिउनु हुदैन नत्र तिमीहरू मर्नेछौ। यो नियम भविष्यका तिम्रा सन्तानहरूको निम्ति सधैँ रहोस्। १०किनभने तिमीहरूले कुन पवित्र अनि कुन अपवित्र र कुन शुद्ध अनि कुन अशुद्धमा भेद राख्नुपर्छ। ११अनि परमप्रभुले मोशाद्वारा इस्राएलीहरूलाई दिनुभएको नियमहरू तिनीहरूलाई सिकाउँनुपर्छ।”

१२मोशाले हारूनका बाँचेका छोराहरू एलाजार र ईतामरलाई भने, “अन्नबलि लैजाऊ जो रहेको छ यसमा कुनै खमीर नमिसाऊ अनि वेदीको नजिक गएर खाऊ किनभने यो अतिनै पवित्र छ। १३अनि यो तिमीहरूले पवित्र ठाउँमा खानु किनभने यो तिमी अनि तिम्रा छोराहरूको निम्ति परमप्रभुलाई चढ़ाइएको अंश हो। त्यसको लागि मैले आज्ञा दिएकोछु।

१४"तिमी र तिम्रा छोरा-छोरीहरूले समारोह शुद्ध ठाउँमा बसेर डोलाउने बलिको ह्याकुलो र तिघ्रो खान सक्छौ किनभने तिनीहरू तिमी र तिम्रा छोरा-छोरीहरूको निम्ति इस्राएलका मानिसहरूद्वारा मेलबलिको रूपमा दिइएका छन्। १५तिनीहरूल डोलाइएको बलिको तिघ्रा र ह्याकुलो अनि बोसो पनि आगोद्वारा चढ़ाउन ल्याउनु पर्छ। यो तिमी र तिम्रा नानीहरूको निम्ति परमप्रभुको आदेश अनुसार सधैँको निम्ति हुनेछ।"

१६जब मोशाले पापबलिको बोको खोजे तब उनले त्यो पहिले नै पोली सकेको पाए। यसर्थ एलाजार र ईतामार, जो हारूनका बाँचेका छोराहरू हुन, तिनीहरूसित मोशा रिसाए उनले भने, १७"तिमीहरूले किन पापबलिको मासु पवित्र स्थनमा बसेर खाएनौ? किनभने त्यो बलि अत्यन्तै पवित्र हो। अनि परमेश्वरले मानिसहरूको दोष निवारणको निम्ति परमप्रभुअघि तिमीहरूलाई दिनुभएको हो। १८तिमीहरूले बोकाको रगत पवित्र स्थलभित्र ल्याएनौ। यसर्थ मैले आदेश अनुसार तिमीहरूले पवित्र स्थान भित्र मासु खाएको हुनु पर्छ।"

१९तब हारूनले मोशालाई भने, "आज कै दिन तिनीहरूले आफ्ना पापबलि र होमबलि परमप्रभुको सामु चढ़ाए तापनि ममाथि यस्ता कुराहरू परिआएका छन्। यदि मैले आज पापबलिको मासु खाएको भए, के यसले परमप्रभुलाई खुशी बनाउने थियो?"

२०जब मोशाले यी कुरा सुने, तिनी यो कुरासँग सहमत भए।

### सामूहिक भोजनको नियम

११ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भनः 'पृथ्वीका प्राणीहरूमध्ये तिमीहरू यी प्राणीहरू खान सक्छौः ३तिमीहरू कुनै पनि प्राणी खान सक्छौ जसको खुर चिरिएको हुन्छ अनि जो उग्राउँछ।

४-६"तिमीहरूले खानु ऊँट हुँदैन किनभने यो उग्राउँछ तर यसको खुर चिरिएको छैन, भुइँभालु किनभने यो उग्राउँछ तर यसको खुर चिरिएको हुँदैन। खरायो यद्यपि यो उग्राउँछ। यसको खुर चिरिएको हुँदैन किनभने यी अशुद्ध हुन्। ७अनि सुङ्गूर-यसको खुर चिरिएको त छ तर यसले उग्राउँदैन, यसर्थ यो तिमीहरूको निम्ति फोहोर तथा अशुद्ध छ। ८तिमीहरूले यी पशुहरूको मासु नखानु अनि यी पशुहरूको सिनु नछुनु। यी पशुहरू तिमीहरूको निम्ति अशुद्ध अनि फोहोर हुन्।

### समुद्री खाद्य विषयमा नियम

९"पानीमा हुने सबै प्राणीहरू तिमीहरूले खान सक्छौ, जलचर प्राणीहरूमा जसको पखेटा र कत्ला हुन्छ, चाहे त्यो नदी अथवा समुद्रको, तिमीहरू खान सक्छौ। १०-११नदी अनि समुद्रका सबै प्राणीहरूमा जसको पखेटा अथवा कत्ला हुँदैन त्यसलाई घृणा गर्नु अनि नखानु। यस्ता पशुहरू तिमीहरूको निम्ति घृणित हुन अनि तिमीहरूले तिनीहरूको मासु खानु हुँदैन तिमीहरूले तिनीहरूको मृत शरीरहरूलाई हुनु हँदैन। १२जलचर प्राणीहरू मध्ये जसको पखेटा अनि कत्ला हुँदैन त्यसको मासु खानु तिमीहरूको निम्ति निषेध मान्नुपर्छ।

### चराहरू जो खानु हुँदैन

१३"चराहरूमा यी तिमीहरूको निम्ति घृणित हुन् अनि तिमीहरूले यिनीहरूको मासु खानु हुँदैन गरुड़, गिद्ध, कालो गिद्ध, १४रातो चील र सबै प्रकारका कालो चील, १५सबै थरीका कागहरू, १६ठूलो लाटकोसेरो, कराउने लाटकोसेरो, समुद्री चराहरू र सबै जातका बाजहरू, १७सानो लाटोकोसेरो, पानी काग, भुल्का, १८सेतो लाटोकोसेरो, मरुभूमिमा हुने लाटोकोसेरो, माछा खाने चील, १९सारस, सबै प्रकारको बकुल्ला, फाप्रेचरो र चमेरो।

### किराहरूको मासु खाने नियम

२०"तिमीहरूले प्रत्येक पखेटा भएका किराहरूलाई जो घस्रेर हिँड़छन्, खानमा बारेको सम्झनु पर्छ। २१तर तिमीहरूले उफ्रिन जोर्नी भएका खुट्टा हुने पखेटा भएका किराहरू खान सक्छौ।

२२यी किराहरू मध्ये तिमीहरूले खान सक्छौः प्रत्येक प्रकारको सलह, पखेटा सलह; प्रत्येक जातको किथ्रा र फटेग्राँ खानु सक्छौ।

२३"चार खुट्टे तर पखेटा भएका प्रत्येक जातका किराहरू तिमीहरूको निम्ति घृणित हुन्छ, यो तिमीहरूले खानु निषेध मान्नुपर्छ। २४निम्न लिखित प्राणीहरूले तिमीहरूलाई फोहोर अनि अपवित्र पार्छ। कुनै पनि मानिस जसले तिनीहरूको सिनु छुन्छ त्यो साँझसम्म अपवित्र रहन्छ।

२५अनि कुनै पनि मानिस जसले तिनीहरूको कुनै पनि अङ्ग सिनु बोक्छ, उसले आफ्नो लुगा धुनुपर्छ अनि साँझसम्म त्यो अपवित्र रहनेछ।

### पशुहरूको विषयमा धेरै नियमहरू

२६-२७"कुनै प्राणी जसको चिरिएको खुर त छ तर उग्राउँदैन भने त्यो तिमीहरूको निम्ति अपवित्र हो। जसले पनि यसलाई छुन्छ अशुद्ध हुन्छ। चार खुट्टाले हिँड़छ तर पन्जाले टेकेर हिँड़छन् भने त्यस्तो प्रत्येक पशु तिमीहरूको निम्ति अपवित्र हो। कुनै पनि मानिस जसले त्यसलाई छुन्छ त्यो साँझसम्म अपवित्र हुन्छ। २८जसले यस्तो पशुको लाश बोक्छ, साँझसम्म अशुद्ध रहन्छ अनि यसले आफ्नो लुगा धुनुपर्छ। त्यस्ता पशुहरू तिमीहरूको निम्ति अशुद्ध हुन्।

## घस्रने पशुहरूको विषयमा नियमहरू

२९"भूँईमा घस्रने प्राणीहरू मध्ये यिनीहरू तिमीहरूको निम्ति अपवित्र हुन्-जस्तै न्याउरीमुसो, मुसो, सबै जातको छेपारोहरू, ३०माउसुली, गोहोरो, भालेमुँग्रो, बालुवामा हुने छेपारो अनि रङ्ग बद्लने छेपारो। ३१घस्रनेहरूमा यिनीहरू तिमीहरूको निम्ति अशुद्ध हुन्। कसैले यी प्राणीहरूमध्ये कुनैको पनि लाश छोए त्यो मानिस साँझसम्म अशुद्ध रहनेछ।

## अशुद्ध पशुहरूको विषयमा नियमहरू

३२"अनि यदि अशुद्ध पशुहरू मध्ये कुनै मर्छ अनि केहि कुरामा पर्छ तब त्यो वस्तु अशुद्ध हुनेछ यो काठ, लुगा, छाला, पाठाको छालाको लुगा (भाङग्रा) अथवा कुनै काम आउने भाँड़ो किन नहोस्। यदि यस्तो भए, यसलाई पानीमा डुबाउनु पर्छ अनि यो साँझसम्म अशुद्ध रहनेछ। ३३माटोको भाड़ामा मरेका यी प्राणीहरूमध्ये कुनै परे त्यो भाड़ामा रहेको चीज पनि अशुद्ध हुनेछ र त्यो भाँड़ा फुटाउनु पर्छ। ३४यदि त्यो भाँड़ामा पानी थियो अनि त्यसले अर्को कुनै खाद्य छुन्छ। त्यो अशुद्ध हुनेछ। अनि यदि कुनै पिउने वस्तु त्यस भाँड़ामा थियो भने त्यो पनि अशुद्ध हुनेछ। ३५यदि त्यो मरेको वस्तुको कुनै पनि अंग मात्र केही चीजमा परे त्यो चीज अशुद्ध हुनेछ। यदि त्यो बस्तु चुला अथवा अँगेटी हो भने त्यो भत्काउनु पर्छ।

३६"तर यदि कोही पानीको मुहान अथवा कूवाँमा भए त्यो अशुद्ध हुँदैन तर जसले मरेको लाश छुन्छ त्यो चाँहि अशुद्ध हुन्छ। ३७अनि यदि त्यो मृत देह कुनै बीउमाथि झरे त्यो बीउ शुद्ध नै रहन्छ। ३८तर यदि ती बीउहरूमाथि पानी हालेको छ र त्यस्तो सिनु पर्‍यो भने ती बीउहरू तिमीहरूको निम्ति अशुद्ध हुनेछन्।

३९"यदि तिमीहरूका पशुहरूमध्ये कुनै मर्छ जसलाई खानको निम्ति तिमीहरूलाई अनुमति दिइएको छ, तब व्यक्ति जसले यसको मृत शरीरलाई छुन्छ साझसम्म अशुद्ध रहनेछ। ४०यदि कसैले त्यस मरेको पशुको कुनै भागको मासु खान्छ तब त्यस मानिसले आफ्नो लुगा धुनु पर्छ र साँझसम्म ऊ अशुद्ध रहनेछ। यदि कसैले त्यस्तो पशुहरूको लाश छुन्छ ऊ साँझसम्म अशुद्ध रहनेछ अनि उसले आफ्ना लुगाहरू धुनु पर्छ।

४१"अनि प्रत्येक प्राणी जो भुइँमा घस्रन्छ त्यसलाई तिमीले घृणा गर्नैपर्छ अनि तिमीले त्यो खानु हुँदैन। ४२कुनै पनि प्राणी जो भुइँमा आफ्नो पेटले सुल्कन्छ अथवा चार अथवा धेरै खुट्टाले घस्रन्छ त्यस्तो प्राणी तिमीहरूले खानु हुँदैन। तिनीहरूलाई घृणा गर्नुपर्छ। ४३यस्ता घस्रने प्राणीबाट तिमीहरू कुनै पनि परिस्थितिमा अशुद्ध नहुनु। यिनीहरूलाई छोएर अशुद्ध नबन। ४४किनभने म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। तिमीहरूले आफूलाई पवित्र राख्नु पर्छ। तिमीहरू पवित्र होऊ किनभने म पवित्र छु। तिमीहरू भूइँमा प्राणीहरूद्वारा अशुद्ध हुनु हुँदैन ४५म परमप्रभु तिमीहरूका परमेश्वर हुँ जसले तिमीहरूलाई मिश्र देशबाट तिमीहरूका परमेश्वर हुनका निम्ति बाहिर ल्याएँ, तिमीहरू पवित्र बन किनभने म पवित्र छु।"

४६पशु, पंक्षी, जलचर अनि भूइँमा घस्रने सबै प्राणीहरूका निम्ति विधिहरू यी नै हुन्। ४७पवित्र र अपवित्र र पशुहरूमा मासु खानु हुने र नहुने छुट्याउने नियम यी नै हुन्।"

## सुत्केरीका नियमहरू

१२ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भन: यदि कुनै स्त्री गर्भवती हुन्छे र एउटा छोरा जन्माउँछे तब ऊ सात दिनसम्म अशुद्ध रहन्छे जस्तो ऊ रजस्वलाको समयमा अशुद्ध हुन्छे। ३अनि आठौं दिनमा नवजात बालकको खतना गरिनुपर्छ। ४सुत्केरी आइमाईले शुद्धिकरणको निम्ति तैतीस दिनसम्म पर्खनुपर्छ। आइमाईले कुनै पवित्र चीज छुनु हुँदैन तथा पवित्र स्थानतिर जानु हुँदैन जबसम्म उसको शुद्धी हुने दिन पूरा हुँदैन। ५यदि कुनै स्त्रीले छोरी जन्माइ त्यो स्त्री स्वाभाविक रजस्वलाको दिनमा झैं दुई हप्तासम्म अशुद्ध रहन्छे। अनि उसले आफ्नो रजस्वलाबाट शुद्धीकरणको निम्ति छयसट्ठी दिनसम्म पर्खनुपर्छ।

६"शुद्ध हुने दिन शेष भएपछि उसले छोरा पाएकी होस् अथवा छोरी, होमबलिको निम्ति एउटा एक बर्षे थुमा अनि पापबलिको निम्ति परेवाको एउटा बच्चो अथवा ढुकुरको बच्चो उसले पूजाहारी कहाँ भेट हुने पालको प्रवेशद्वारमा ल्याउनुपर्छ। ७त्यसपछि पूजाहारीले उसको बलि परमप्रभुलाई चढ़ाउँछन् र ऊ सुत्केरी आफ्नो रजस्वलाबाट शुद्ध हुन्छे। यो नानी जन्माउँने कुनै पनि स्त्रीको निम्ति विधि हो। ८यदि उसले थुमा चढ़ाउन सक्तिन भने होमबलि र पापबलिको निम्ति एक जोड़ी परेवाका बचेरा अथवा ढुकुर ल्याउनु पर्छ र पूजाहारीले उसलाई शुद्ध पार्छ अनि ऊ शुद्ध हुन्छे।"

## चर्म रोग संबन्धी नियमहरू

१३ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २"यदि कुनै मानिसको आफ्नो शरीरको छालामा कुनै वर्णान्तर दाग, विफिरा अथवा कुनै घाउ छ भने त्यसबाट कुनै हानिकारक चर्म रोग हुन सक्ने सम्भावना रहे उसलाई हारून अथवा तिनका पूजाहारी छोराहरू भएको ठाउँमा लैजानु पर्छ। ३पूजाहारीले उसको चर्मरोग जाँच गर्नु पर्छ अनि यदि पूजाहारीले घाउमा भएका रौँ फुलेको थाहा पाउनुहुन्छ घाउ छालाभन्दा गहिरो छ तब त्यो हानिकारक चर्मरोग हो। जब पूजाहारीले जाँच सक्नु हुन्छ तब त्यस मानिसलाई अशुद्ध घोषणा गरिनु पर्छ।

४“तर यदि त्यो दाग उसको शरीरको छालामाथि चहकिलो दाग मात्र हो अनि त्यो छालाभन्दा गहिरो छैन अनि रौ पहिल्यै फुलेको छैन तब पूजाहारीहरूले उसलाई सात दिनसम्म अरु मानिसहरूदेखि अलग्गै राख्नु पर्छ। ५यदि उसको जाँचमा त्यो घाउमा परिर्वतन नभए, अथवा घाउ नफैलिएको भए, पूजाहारीले त्यस मानिसलाई अरु सात दिन अलग्ग राख्नु पर्छ। ६अनि सातौं दिनमा पूजाहारीले त्यो घाउलाई एक पल्ट फेरि जाँच गर्नु पर्छ, र यदि त्यो घाउ मत्थर भएको छैन् अनि छालाको अरु ठाउँतिर फिँजिएको छैन भने तब पूजाहारीले उसलाई शुद्ध घोषणा गर्नु पर्छ। त्यो केवल खटिरा हो। अनि त्यस मानिसले आफ्नो लुगा धुनु पर्छ अनि ऊ शुद्ध हुनेछ।

७“तर यदि त्यस मानिसले पत्तो लगाउँछ पूजाहरीले जाँच गरेपछि उनले घोषणा गर्नुअघि घाउ बढ़ेको छ, तब ऊ फेरि जाँच गराउनकालागि पूजाहारीकहाँ जानु पर्छ। ८अनि यदि पूजाहारीले जाँच गर्दा छालाको घाउ फैलिएको पाए त्यस मानिसलाई पूजाहारीले अशुद्ध ठहराउनेछन्! यो एक हानिकारक रोग हो।

९“यदि कुनै मानिसलाई छालाको सरूवा रोग लागे उसलाई पूजाहारीकहाँ ल्याउनुपर्छ। १०-११यदि पूजाहारीले जाँच गर्दा रोगीको छालामा सेतो सुनिएको पाउनु भयो र त्यसको रौं सेतो भएको र सुनिएको ठाँमा आलो घाउ रहेछ भने, यो धेरै समय सम्म रहने छालाको रोग हो र पूजाहारीले त्यसलाई अशुद्ध ठहराउन्।

१२“यदि त्यो चर्मरोग शरीर भरी टाउकोदेखि खुट्टासम्म फैलिएको छ भने १३पूजाहारीले जाँच गरेर उसलाई शुद्ध ठहराउन सक्छन कारण ऊ सेताम्मे भएको हुन्छ र ऊ शुद्ध हो। १४तर त्यस मानिसमा आलो मासु देखिने बित्तिकै अशुद्ध हुनेछ। १५आलो मासु अशुद्ध हो र पूजाहारीले जाँच गर्ने बित्तिकै त्यो अशुद्ध भनी ठहराउने छन्। त्यो सरुवा रोग हो।

१६-१७“अनि फेरि आलो मासु सेतो हुन्छ तब मानिसले पूजाहारीकहाँ अवश्यै जानुपर्छ अनि पूजाहरीले त्यस मानिसलाई जाँच गर्नु पर्छ, यदि आलो मासु सेतो भएको छ, तब पूजाहारीले त्यस मानिसलाई अवश्यै शुद्ध घोषणा गर्नु पर्छ, किनभने त्यो मानिस शुद्ध छ।

१८“यदि कसैको छालामा एक प्रकारको फोका छ अनि यो निको भएको छ, तब त्यस ठाउँमा सेतो दाग अथवा रातो-सेतो चहकिलो दाग बनिन्छ। १९पछि त्यस ठाउँमा सेतो वर्णान्तर रातो सेतो उज्जवल दाग बनिन्छ, तब त्यो मानिस पूजाहारीकहाँ जाओस्। २०जब उसलाई जाँच गर्दा यदि पूजाहारीले फोका छाला भन्दा गहिरो भेट्छन् अनि रौं सेतो भएको छ, पूजाहारीले उसलाई अशुद्ध घोषणा गर्नु पर्छ। यो फोकाबाट निस्केको एउटा हानिकारक चर्मरोग हो २१तर यदि पूजाहारीले सेतो रौं भेट्दैनन् अनि घाउ छालाभन्दा गहिरो छैन तर नरम भएको छ, तब उनले उसलाई अरु मानिसहरूबाट सात दिनसम्म छुट्याएर राख्नु पर्छ। २२यदि त्यो घाउ छालामा फैलिएको पाए त्यो मानिस अशुद्ध भएको घोषणा गर्नुपर्छ कारण त्यो एक सरुवा रोग हो। २३तर यदि त्यो रातो दाग त्यही नफैलिरहयो भने त्यो पिलोको दाग मात्र हो र पूजाहारीले त्यस मानिसलाई शुद्ध ठहराउनु पर्छ।

२४“अथवा कसैको छाला पोलेर रातो वर्णे मासु भएको छ भने पूजाहारीले जाँच गर्नु पर्छ अथवा पोलेको ठाउँमा सेतो दाग रहे पनि जाँज गर्नुपर्छ यदि पूजाहारीले उज्ज्वल दागमा रौं सेतो भएको अनि घाउ छालाभित्र गाड़िन थालेको पाए, २५यो पोलेको घाउबाट फैलिएको हानिकारक रोग हो। तर घाउ सुकेको पाए। त्यस मानिसलाई अरुबाट सात दिनसम्म यो हानिकारक चर्मरोग हुनाले पूजाहारीले अशुद्ध घोषणा गर्नैपर्छ। २६तर यदि पूजाहारीले जाँच गर्दा त्यो चहकिलो दागमा सेतो रौं भेट्दैनन् र घाउ पनि छालाभन्दा गाड़िएको पनि भेट्दैनन्, तर घाउ नरम भएको भेट्छन्, तब उनले मानिसलाई अरुबाट सात दिन लागि छुट्याउनु पर्छ। २७त्यसपछि सातौं दिनमा पूजाहारीले रोगीलाई जाँच गरुन, यदि रातो दाग छालामा फैलिएको भए उनले त्यस रोगीलाई अशुद्ध घोषणा गरुन् कारण यो एक हानिकारक चर्मरोग हो। २८तर यदि त्यो रातो दाग आफ्नै स्थानमा रही अरुतिर फैलिएन भने र त्यो नरम रहे, पोलिएको बाट भएको वर्णान्तर हो र पूजाहारीले त्यस मानिसलाई शुद्ध घोषणा गरुन् किनभने उसको त्यो पोलिएको घाउबाट बनिएको दाग मात्र हो।

२९“यदि कुनै पुरूष अथवा स्त्रीको टाउको अथवा चिउँड़ोमा सरुवा घाउ निस्केको छ अनि घाउ छालभन्दा गहिरो कपाल पातलो र पहेलो छ, तब पूजाहारीले उसको घाउ जाँच गर्नु पर्छ। ३०अनि पूजाहारीले घाउ हानिकारक भएको घोषणा गर्नु पर्छ। ३१पूजाहारीको जाँचमा यदि दाग छालाभन्दा गहिरो छैन अनि त्यहाँ कालो कपाल पाएको छैन भने त्यस मानिसहरूलाई अरुबाट सात दिनसम्म छुट्याउन पर्छ। ३२सातौं दिनको दिन पूजाहारीले घाउ जाच्नु पर्छ। यदि घाउ फैलिएको छैन। त्यसमा पहेलो रौ छैन अनि बाहिरी छालाभन्दा दाग गहिरिएको छैन। ३३त्यस मानिसले दारी आफै काटोस्। तर उसले दाग चाँहि नकाटोस। पूजाहारीले त्यस रोगी मानिसलाई सात दिनको निम्ति फेरि अरु मानिसहरूबाट अलग राखून्। ३४सातौं दिनको दिन पूजाहारीले उसको दाग जाँचून् अनि यदि उसले त्यो दाग छालामा फैलिएको नभेटे र दाग निस्केको ठाउँको छाला नदबिएको भए पूजाहारीले उसलाई शुद्ध घोषित गरून्। त्यस मानिसले आफ्नो लुगा धोवोस् र शुद्ध होस्। ३५तर यदि त्यो मानिस शुद्ध घोषित भए पछि दाग छालामा फैलिए। ३६यदि दाग छालमा फिँजिएको

छ भने पूजाहारीले उसको जाँच गर्नु पर्छ यदि छालामा
दाग फिँजिएको भेट्नेछन्, पहेलो कपालको खोजी गर्ने
आवश्यकता छैन। त्यो मानिस अशुद्ध छ। ३७तर यदि
दाग निको भएको घाउ देख्दा त्यसमा केही परिवर्त्तन
नपाए अनि कालो रौँ पलाएको भए त्यो दाग निको
भएको हो। त्यो मानिस शुद्ध छ अनि पूजाहारीले त्यस
मानिसलाई शुद्ध भनी घोषणा गरून्।

३८"यदि कुनै पुरुष अथवा स्त्रीको शरीरै भरि सेतो
दाग भए, ३९पूजाहारीले जाँच गर्नु पर्छ र यदि उनी
भन्छन् त्यस मानिसको जिउको दाग मात्र धमिलिएको
सेतो दाग हो, तब यो एउटा डाबर मात्र हो जो
छालामा निस्किएको छ। डाबर हानिकारक हुँदैन। त्यो
मानिस शुद्ध छ।

४०"जब कुनै मानिसको टाउकोको कपाल झर्छ भने
त्यो मानिस खुइले मात्र हो अशुद्ध होइन। ४१यदि
उसको टाउकोको अगिल्तिर एक भाग खुइलियो भने
त्यो मानिस शुद्ध हो, ऊ तालु खुइले मात्र हो। ४२तर
उसको खुइलेको तालुमा अथवा निधारमा रातो घाउ
निस्कियो भने त्यो हानिकारक चर्मरोग हो जुन उसको
शिरबाट फैलिन शुरू गरेको हुनु पर्छ। ४३उसलाई
पूजाहारीले जाँचून् र यदि त्यसरी जाँच्दा उसको टाउकोमा
अथवा निधारमा भएको घाउ हानिकारक चर्मरोग जस्तो
देखियो भने, ४४त्यो मानिस अशुद्ध हो कारण उसको
त्यो घाउ हानिकारक रोग हो। यसर्थ उसको टाउकोमाथि
घाउ निस्केकोले पूजाहारीले उसलाई अशुद्ध घोषणा
गरून्।

४५"यदि एक जना मानिसलाई हानिकारक चर्मरोग
लाग्छ, उसले आफ्नो लुगाहरू च्यात्नु पर्छ अनि शिरको
केश छरपस्ट राख्नु पर्छ अनि उसले आफ्नो माथिको
ओठ छोपेर 'अशुद्ध! अशुद्ध' भन्दै कराउनु पर्छ।
४६त्यो मानिस अशुद्ध रहनेछ जबसम्म उसमा यो रोग
रहन्छ। उसले एक्लै बस्नु पर्छ अनि उसले आफ्नो घर
शिबिर बाहिर बनाउनु पर्छ।

४७"जब कुनै लुगामा, त्यो लुगा ऊनी अथवा सूती
जे नै होस्, ४८कुनै बुनेको सूती अथवा ऊनी अथवा
छालाको कुनै कुनै चीज होस यदि त्यसमा ढुस्सी पलायो
भने र ४९पलाएको ठाउँ हरियो अथवा रातो भयो भने,
पूजाहारीलाई जाँच गराउनु पर्छ कारण त्यो ढुस्सी
फैलिएको हो। ५०पूजाहारीले त्यो ढुस्सी दागलाई हेरुन्
अनि त्यो दाग भएको चीजलाई सात दिनसम्म अलग्ग
राखून्। ५१सातौँ दिनमा फेरि पूजाहारीले त्यस चीजलाई
जाँच गरुन् र यदि त्यो दाग लुगामा,* वा कुनै पनि
चीजमाथि (ऊनी-सूती-छाला जे नै हो) ढुस्सी फैलिएको
पाए त्यो अशुद्ध हो। ५२त्यो ढुस्सी लागेको वस्तु चाहे
ऊनी, सूती अथवा छाला जे सुकैले बनिएको होस्, यदि
त्यसमा ढुस्सी फैलिएको पाए त्यो वस्तु नै आगोमा
जलाउनुपर्छ।

५३यदि पूजाहारीले उनको जाँचमा त्यो वस्तु चाहे
त्यो सूती, ऊनी अथवा छालाले बुनेको सिलाएको जे
जस्तो सुकै होस् त्यसमा ढुस्सी फैलिएको नपाए,
५४पूजाहारी मानिसहरूलाई त्यो वस्तु धुने आदेश दिऊन
र त्यसलाई अझ सात दिनसम्म अलग्ग राख्न लगाउन।
५५लुगा धोएपछि पूजाहारीले त्यसलाई हेर्नु पर्छ अनि
यदि ढुसीको दाग बदली भएको पाइन्छ अनि फिँजिएको
छैन, यो अशुद्ध हुन्छ। यसलाई दुस्सी अघि
लागेको होस् अथवा पछि आगोमा जलाउनु
पर्छ।

५६"यदि त्यो वस्तु पूजाहारीले जाँच गर्दा त्यो
धोएपछि त्यसमा दाग हराएको पाए लुगा चाहे सूती,
ऊनी छाला जे सुकैको होस्, दाग भरिको ठाउँ काटेर
फ्याँकोस्। ५७यदि पूजाहारीको जाँचमा त्यो वस्तु, जे
सुकैले, बनिएको किन नहोस्, त्यो दाग फैलिँदै गएको
पाए त्यसलाई आगोमा जलाउनुपर्छ। ५८तर यदि धुँदा
त्यो दाग लुगाबाट जे सुकैले बनिएको किन नहोस्
हराएको पाए, फेरि धुनु पर्छ अनि त्यो शुद्ध हुन्छ।"

५९लुगा चाहे बुने अथवा सिलाएको होस त्यो चाहे
ऊनी, सूती अथवा छाला जे सुकैको किन नहोस् ढुसी
लागे शुद्ध अशुद्ध भनी निर्णय गर्ने विधिहरू यी नै
हुन्।

## चर्मरोग लागेको मानिस निको हुँदाको नियमहरू

१४ परमप्रभुले मोशालाई भन्नुभयो, "२जब एक
जना मानिस चर्मरोगबाट निको हुन्छ, उसले
शुद्ध हुनको निम्ति यी नियमहरू पालन गर्नु पर्छ।
३पूजाहारीले पाल बाहिर त्यो मानिस भएको ठाउँमा
गएर जाँच गरुन अनि त्यो चर्मरोग लागेको मानिस
निको भएको पाए पूजाहारीले ४उसलाई शुद्ध गराउनुको
निम्ति दुइवटा शुद्ध चरा, एक टुक्रा सल्लाको काठ,
अलिकति रातो धागो र हिसप ल्याउने आदेश दिऊन्।
५त्यसपछि पूजाहारीले ती दुइवटा मध्ये एउटा चरालाई
माटोको भाँड़ामा भएको ताजा पानीमाथि मार्ने आज्ञा
दिऊन्। ६अर्को जिउँदो चरालाई पूजाहारीले लिएर,
सल्लाको काठ, रातो धागो अनि हिसपसित अघिल्लो
चराको रगत मिसिएको पानीमा चोबलून। ७अनि चर्म
रोग निको पारिनु पर्ने मानिसमाथि त्यो पानी सात पल्ट
छर्किउन्। त्यसपछि त्यो मानिस शुद्ध भयो भनी घोषणा
गरियोस्। अनि त्यो जीवित चरालाई पूजाहारीले खुल्ला
मैदानमा छाड़िदिऊन्।

८"तब मानिसले जसलाई शुद्ध गराइदै थियो, आफ्नो
लुगाहरू धुनु पर्छ कपाल खौरिनु अनि नुहाउनु पर्छ
अनि त्यो मानिस शुद्ध हुन्छ। तब मानिस आफ्नो

---

**लुगामा** लाग्ने ठूसी अथवा घरको देवलमा उम्रने एक
प्रकारको च्याउ अथवा लेऊ घरको छानामा उम्रने च्याउ।

पालभित्र पस्न सक्छ तर सात दिनसम्म पालभित्र पस्नु
हुँदैन्। ९सातौं दिन उसले आफ्नो कपाल, दाही अनी
आँखी रौं खौरोस् उसले सबै कपाल खौरोस्, आफ्नो
लुगा धुवोस् अनि ऊ शुद्ध हुन्छ।
१०“आठौं दिनको दिन त्यो चर्मरोग लागेको मानिसले
भेड़ाको दुइवटा निष्खोट पाठो अनि एक वर्षको पाठी
जसको कुनै खोट छैन र अन्नबलिको निम्ति तेलमा
मुछेको डेढ़ पाथी मसिनो पिठो र आधा माना तेल
ल्यावोस्। ११शुद्ध पार्ने पूजाहारीले भेट हुने पालको
फाटकमा परमप्रभुअघि चर्म रोग भएको मानिस र
उसको भेटीहरू ल्याउनु पर्छ। १२तब पूजाहारीले एउटा
पाठो अनि आधा माना तेल ल्याउनु पर्छ अनि
परमप्रभुको निम्ति दोषबलिलाई डोलाउने बलिको रूप
चढ़ाउनु पर्छ। १३उनले पापबलि र होमबलि चढ़ाउने
पवित्र स्थानमा मार्नु पर्छ किनभने यो दोषबलि पापबलि
जस्तै हो। यो पूजाहारीको हो अत्यन्तै पवित्र हुन्छ।
१४“पूजाहारीले दोषबलिबाट केही रगत लिनु पर्छ र
शुद्ध हुने मानिसको दाहिने कानको लोतीमा, दाहिने
हातको र दाहिने खुट्टाको बूढ़ी-औलाँहरूमा यसलाई
दल्नु पर्छ। १५त्यसपछि पूजाहारीले आधा माना तेल
लिएर आफ्नो देब्रेहातको हत्केलामा हालून्। १६त्यसपछि
पूजाहारीले आफ्नो देब्रे हातको हत्केलामा दाहिने हातको
औंला डुबाएर परमप्रभुअघि सात पल्ट छर्किऊन।
१७हत्केलामा बाँकी रहेको तेल शुद्ध हुने मानिसको
दाहिने कान, उसको दाहिने हातको बूढ़ी औंलामाथि,
दाहिने खुट्टाको बूढ़ी औंलामाथि खनाउनु पर्छ जुन
ठाउँमा उसले दोषबलिको रगत छर्केको थियो। १८उसको
हत्केलामा रहेको तेल त्यो शुद्ध पारिदै गरिएको मानिसको
टाउकोमा लगाउनु पर्छ त्यस्तै प्रकारले पूजाहारीले उसलाई
परमप्रभुअघि शुद्ध पार्नु पर्छ।
१९“तब पूजाहारीले पापबलि चढ़ाउनु पर्छ अनि
मानिसलाई उसको अशुद्धताबाट शुद्ध गर्नु पर्छ अनि
त्यसपछि उनले होमबलि मार्नु पर्छ। २०पूजाहारीले
होमबलि अनि अन्नबलि वेदीमा चढ़ाएर त्यस मानिसलाई
प्रायश्चित गर्नु पर्छ अनि त्यो मानिस शुद्ध हुनेछ।
२१“तर यदि ऊ गरीब छ अनि त्यसको व्यवस्थामा
गर्नु सक्दैन भने तब उसले शुद्ध हुनका लागि एउटा
भेड़ा दोष बलिको रूपमा ल्याउनु पर्छ अनि एपाको
दश खण्डको एक खण्ड तेल मिसाइएको मिहिन पीठो
अनि एक माना जैतुनको तेल अन्न बलिको रूपमा
ल्याउनु पर्छ। २२अनि आफूले व्यवस्था गर्न सके
अनुसार दुइवटा ढुकुर अथवा परेवाको बच्चा, एउटा
पापबलिको निम्ति र अर्को होमबलिको निम्ति ल्याओस्।
२३“उसको शुद्धताको निम्ति आठौं दिनमा ती सब
भेट हुने पालको ढोकामा परमप्रभुको सामुन्ने पूजाहारीकहाँ
ल्याओस्। २४तब पूजाहारीले दोषबलिको पाठो र तेल
लिएर डोलाउने बलिको रूपमा परमप्रभुअघि हल्लाउनु
पर्छ। २५त्यसपछि दोषबलिको निम्ति भेड़ाको पाठो
मरियोस् र त्यसको केही रगत शुद्ध पारिनु पर्ने
मानिसको दाहिने कानको लोतीमा, दाहिने हातको र
दाहिने खुट्टाको बूढ़ी-औंलाहरूमा लगाऊन्। २६अनि
पूजाहारीले तेल त्यही देब्रे हातको हत्केलामा खन्याउनु
पर्छ। २७त्यसपछि पूजाहारीले हत्केलाको तेल दाहिने
हातको औंलाले परमप्रभु अघि सात पल्ट छर्किऊन्।
२८अनि पूजाहारीले उसको हातमा रहेको केही तेलबाट
लिएर त्यो शुद्ध पारिनु पर्ने मानिसको दाहिने कानको
लोतीमा, दाहिने हातको बूढ़ीऔंला र दाहिने खुट्टाको
बूढ़ीऔंलामा जहाँ दोषबलिको रगत लगाइ दिएको थियो
त्यही लगाई दिऊन। २९पूजाहारीको हत्केलामा बाँकी
रहेको तेल शुद्ध पारिनु पर्ने मानिसको शिरमा परमप्रभुअघि
उसलाई शुद्ध पार्न लगाई दिऊन।
३०“तब जवान ढुकुर अथवा परेवा जे हुन्छ उसले
जोगाड़ गर्न सक्छ। ३१एउटा पापबलिको निम्ति अनि
अर्को होमबलिको निम्ति पूजाहारीले अन्नबलिसित
चढ़ाऊन्। यसरी पूजाहारीले त्यो शुद्ध पारिनु पर्ने
मानिसलाई परमप्रभुकोअघि प्रायश्चित गराउने छन्।”
३२एक जना मानिसहरू चर्म रोगबाट मुक्त भएपछि
शुद्ध हुनको निम्ति यी नियमहरू छन्। यी नियमहरू
तिनीहरूका लागि हुन जो आफूलाई शुद्ध बनाउनका
लागि नियमित बलि चढ़ाउन जोगाड़ गर्न सक्दैनन्।

## घरमा ढुसीको निम्ति नियमहरू

३३परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, ३४“जब
मैले तिमीहरूको दखलमा दिनु लागेको कनान देशमा
तिमीहरू पुग्छौ, अनि म तिमीहरूको कुनै घरमा ढुसी
पठाउनेछु, ३५तब त्यो घरको मालिक आओस् र
पूजाहारीलाई भनोस्, ‘मेरो घरमा ढुसी परे जस्तै लाग्छ।’
३६“त्यसपछि पूजाहारीले आफू घर जाँच गर्नुअघि
त्यस घरको प्रत्येक चीज बाहिर निकाल्ने आदेश दिऊन
कारण घरको प्रत्येक चीज नै अशुद्ध हुँदैन। ३७त्यसपछि
पूजाहारी घर जाँच गर्न आऊन् र यदि उनले घरको
भित्तामा लागेको ढुसीमा रातो अथवा हरियो टाटो पाए
त्यो भित्तामा ढुस्सी गहिरिएको बुझिनेछ र, ३८तब
पूजाहारीले बाहिर निस्केर सात दिन सम्मको निम्ति
घरको ढोका बन्द गरिदिऊन।
३९“पूजाहारीले सात दिनमा फर्केर घर निरीक्षण गर्नु
पर्छ। यदि घरको भित्तामा ढुसी फैलिएको पाइन्छ
४०पूजाहारीले आदेश दिनुपर्छ, मानिसहरूले त्यस घरको
भित्ताको ढुसी लागेको ठाउँको ढुङ्गाहरू भत्काउन र ती
ढुङ्गाहरू शहर बाहिर लगी कुनै फोहोर ठाउँमा फ्याँकून्।
४१त्यसपछि पूजाहारीले त्यस घरको भित्ता सबै खुर्किन
लगाऊन् र मानिसहरूले खुर्केर निस्केको वस्तु सबै
शहरबाहिर कही मैला ठाउँमा फ्याँक्न लगाऊन र त्यस
भित्तामा नयाँ लेप लगाउन आज्ञा दिउन्। ४२तिनीहरूले

फूटेका ढुङ्गाहरूलाई नयाँ ढुङ्गासित फेर्नु पर्छ। घरको मालिकले नयाँ लेप लगाउनु पर्छ।

४३"एकपल्ट घरको भित्ताका ढुङ्गाहरू फ्याँकेर खुर्केर लिउन लगाउँदा पनि यदि त्यस घरको भित्तामा फेरि ढुसी निस्कन्छ भने ४४त्यहाँ जाँच गर्न पूजाहारी आऊन् र यदि ढुसी त्यहाँ फैलेर घरको माल-तालहरू नष्ट पार्दैछ भने त्यो घर अशुद्ध हो। ४५त्यस घरको ढुङ्गाहरू, काठपातहरू निकालेर शहर बाहिर कुनै मैला ठाउँमा फ्याँक्नुपर्छ। ४६यदि कुनै मानिस त्यस्तो निषेधित घरमा पसे त्यो साँझसम्म अशुद्ध हुनेछ। ४७यदि कुनै मानिस त्यस घरमा सुते उसले आफ्नो लुगा धुनुपर्छ। यदि कसैले त्यस घरभित्र खाए पनि उसले आफ्नो लुगा धुनुपर्छ।

४८"पूजाहारी आएर परीक्षण गर्दा त्यस घरमा लिउन लगाई सक्दा ढुसी नफैलिएको पाए, ढुसी हराइसकेको हुँदा पूजाहारीले त्यो घर शुद्ध भएको घोषणा गरुन्। किन? किनभने ढुस्सी हटेको छ।

४९"अनि घर शुद्ध पार्न पूजाहारीले दुइवटा चराहरू, धूपीको काठ, हिसोफ र रातो धागो लानु पर्छ। ५०ती दुई चराहरू मध्ये एउटालाई माटोको भाँडामा भएको पानीमाथि उसले मारोस्। ५१अनि धूपीको काठ, हिसोफ, रातो धागो र जिउँदो चरा लिएर बग्दै गरेको पानीमाथि मारेको चराको रगतमा चोबेर उसले सात पल्ट घरमा रगत छर्किनु पर्छ। ५२यी सबै धूपीको काठ, हिसोफ, जिउँदो चरा, रातो धागो द्वारा ऊ घर शुद्ध बनाउनेछ। ५३यति गरे पछि त्यो जिउँदो चरालाई उसले मैदानमा खुला छोड़िदिओस्। यसरी उसले त्यो घर शुद्ध पार्नेछ र घर पनि शुद्ध हुनेछ।"

५४ती चर्म रोगको निम्ति नियमहरू, ५५ढुस्सीको निम्ति लुगाको टुक्रामाथि अथवा घर भित्र। ५६यो सबै प्रकारको छालाको फोका, सुनीयकोहरूको विषयमा नियमहरू छालामाथि डाब अथवा चहकिलो दाग शुद्ध पार्ने तरीका हो। ५७चर्मरोग र ढुस्सीको निम्ति विधी यो नै हो। यी नियमहरूले सिकाउँछ जब चीजहरू शुद्ध हुन्छ, अनि जब चीजहरू अशुद्ध हुन्छ, यी धेरै प्रकारका बीमारहरूको नियमहरू हुन्।

## शरीरबाट धातुको निम्ति नियमहरू

१५ परमप्रभुले मोशा र हारूनलाई भन्नु भयो, २"इस्राएलका मानिसहरूलाई बोलाऊ अनि तिनीहरूलाई भन: 'यदि कुनै मानिसको प्रमेह हुन्छ भने तब त्यो मानिस अशुद्ध हो। ३यदि उसको प्रमेह थामिन्छ अथवा चलि रहन्छ, ऊ अशुद्ध हुन्छ अनि यो उसको अशुद्धता हो।

४"ओछ्यानमा यस्तो मानिस सुत्यो भने प्रत्येक कुरामा ऊ अशुद्ध बनिन्छ। प्रत्येक कुरामा ऊ बसे त्यो पनि अशुद्ध बहुन्छ। ५यदि कसैले उसको ओछ्यान छुन्छ भने, ऊ पनि अशुद्ध हुन्छ अनि उसले आफ्नो लुगा धुनु पर्छ अनि पानीमा नुहाउनु पर्छ। साँझसम्म ऊ अशुद्ध रहन्छ। ६यदि एकजना मानिस कुनै चीजमाथि बस्छ जसमा स्राव भएको मानिस बसेको थियो, उसले आफ्नो लुगा धुनु पर्छ अनि पानीमा नुहाउनु पर्छ। साँझसम्म ऊ अशुद्ध रहन्छ। ७यदि एकजना मानिसले प्रेमह भएको मानिसलाई छुन्छ, उसले आफ्नो लुगा नुहाएपछि धुनु पर्छ अति ऊ बेलुकीसम्म आफू अशुद्ध रहने छ।

८"यदि यस्तो रोगीले कुनै मानिसलाई थुक्यो भने, उसले पानीमा नुहाएर आफ्नो लुगा धोओस् अनि साँझसम्म अशुद्ध रहने छ। ९त्यो धातुको रोग लागेको मानिस जसमा चढ्छ त्यही अशुद्ध हुन्छ। १०कुनै पनि चीज यदि त्यो रोगी तल रहन्छ अनि उसले हुन्छ भने त्यो अशुद्ध बनिन्छ। जो मानिसले त्यो चीज बोके उसले नुहाएर आफ्नो लुगा धुनुपर्छ अनि साँझसम्म त्यो मानिस अशुद्ध रहनेछ।

११"यदि प्रेहम हुने मानिसले कसैलाई हात नधोइ छुन्छ, तब मानिस जो छुइन्छ यो अशुद्ध हुन्छ अनि त्यस मानिसले आफ्नो लुगा धुनु पर्छ, नुहाउनु पर्छ अनि साँझसम्म अशुद्ध रहनेछ।

१२"यदि प्रेहम हुने मानिस माटोको भाँड़ा छुन्छ, यसलाई फुटाउनु पर्छ अनि काठको भाँड़ा पानीले पखाल्नु पर्छ।

१३"जब त्यो रोगी निको हुन्छ, उसले आफ्नो शुद्धिको निम्ति सात दिन पर्खियोस्, आफ्नो लुगा धोओस् अनि ताजा पानीले नुहाओस् अनि त्यो शुद्ध हुनेछ। १४आठौँ दिन दुइवटा परेवा अथवा ढुकुर लिएर ऊ परमप्रभुअघि आउनु पर्छ अनि ती सबै पूजाहारीलाई भेट हुने पालको प्रवेशद्वारमा दिनु पर्छ। १५पूजाहारीले दुइवटा चराहरू चढ़ाउनु पर्छ। एउटा पाप बलिको निम्ति अनि अर्को होमबलिको निम्ति चढ़ाउनु पर्नेछ। यस तरीकामा, पूजाहारीले प्रहेम हुने मानिसलाई परमप्रभुअघि शुद्ध बनाउने छन्।

## पुरुषहरूको निम्ति नियमहरू

१६"यदि कुनै पुरुषको स्वत: वीर्य पतन भए उसले आफ्नो शरीर पानीमा नुहाओस अनि ऊ साँझसम्म अशुद्ध रहनेछ। १७लुगा अथवा छाला जसमा वीर्य झर्छ धुनु पर्छ अनि ऊ बेलुकीसम्म अशुद्ध रहनेछ। १८यदि कुनै स्त्रीसँग सुतेको बेला पुरूषको वीर्य पतन भए ती दुवैले नुहाऊन अनि साँझसम्म अशुद्ध रहनेछन्।

## स्त्रीहरूको निम्ति नियमहरू

१९"यदि एकजना स्त्रीको मासिक रजस्वला नियमित छ उसको रजस्वलाको अशुद्धता सात दिनसम्म रहनेछ। यदि कसैले उसलाई छुन्छ, ऊ सात दिनसम्म अशुद्ध

हुन्छ। २०एउटी स्त्रीको रजस्वला भएको समयमा त्यो
जुन चीजहरूमा बस्छिन् अनि सुत्छिन् ती सब अशुद्ध
हुन्छन्। २१कसैले ऊ सुतेको ओछ्यान छोए, त्यसले
आफ्नो लुगा धुनुपर्छ, आफूले पनि नुहाउनुपर्छ अनि
साँझसम्म अशुद्ध रहनेछ। २२यदि कुनै मानिसले ऊ
बसेको कुनै चीज छोए, उसले आफ्नो लुगा धुनुपर्छ,
नुहाउनु पर्छ अनि साँझसम्म अशुद्ध रहनेछ। २३कसैले
त्यो रजस्वाला स्त्री बसेको कुनै चीज छोए उसले
आफ्नो लुगा धोओस र साँझसम्म आफै पनि अशुद्ध
रहनेछ।

२४“कुनै स्त्री रजस्वला भएको समय कसैले ऊसित
सहवास गरे त्यो पुरुष सात दिनसम्म अशुद्ध हुन्छ। त्यो
पुरुष सुतेको प्रत्येक ओछ्यान नै अशुद्ध हुन्छ।

२५“कुनै स्त्रीको आफ्नो नियमित समय बाहेक धेरै
दिनसम्म रजस्वला भइरहे, अथवा नियमित रजस्वलापछि
पनि रगत प्रवाह रहे, नियमित रजस्वला भए, ऊ
अशुद्ध हुन्छे। ऊ जब सम्म रगतस्वला रहन्छ
त्यतिञ्जेलसम्म अशुद्ध रहनेछिन्। २६मासिक रजस्वलाको
समयमा जस्तै जुन ओछ्यानमा ऊ स्त्री सुतछिन् त्यो
ओछ्यान पनि त्यतिञ्जेलसम्म अशुद्ध रहन्छ। उसको
मासिक रजस्वला हुँदा अशुद्ध भए, उसले छुन्छिन् त्यो
चीज अशुद्ध हुन्छ। २७मानिससम्म अशुद्ध हुन्छ जसले
ती चीजहरू छुन्छ। मानिसले आफ्नो लुगा धुनुपर्छ।
अनि पानीमा नुहाएपछि, साँझसम्म अशुद्ध रहन्छ।
२८त्यस स्त्रीले उसको रजस्वला रोकिएपछि सात दिनसम्म
पर्खनुपर्छ। त्यसपछि त्यो स्त्री शुद्ध हुन्छे। २९तब
आठौं दिनमा स्त्रीले दुइवटा ढुकुर अथवा परेवा लिनुपर्छ
र तिनीहरू पूजाहारीकहाँ भेट हुने पालको प्रवेशद्वारमा
लैजानुपर्छ। ३०तब पूजाहारीले ती दुइवटा मध्ये एउटालाई
पापबलिको निम्ति अनि अर्कोलाई होमबलिको निम्ति
चढ़ाउनुपर्छ। यसरी पूजाहारीले उसलाई परमप्रभुको सामुन्ने
शुद्ध पार्नेछन्।

३१“यसर्थ तिमीले इस्राएलका मानिसहरूलाई अशुद्ध
भएको विषयमा सतर्क गराउनु पर्छ। यदि तिमी ती
मानिसहरूलाई चेताउनी दिँदैनौ भने तिनीहरूले मेरो
पवित्र पाललाई अशुद्ध पार्न सक्छन् तब तिनीहरू मर्नु
पर्छ।”३२वीर्य पतन भएकाहरूको निम्ति यी नै विधिहरू
हुन्। यी विधिहरू वीर्य पतन हुँदा जो अशुद्ध हुन्छन्
तिनीहरूको निम्ति पनि हुन्। ३३अनि यी विधिहरू
आफ्नो मासिक रजस्वलाबाट अशुद्ध हुने स्त्रीहरूको
निम्ति हुन्। अनि अशुद्ध स्त्रीहरूसँग सुतेर जो मानिसहरू
अशुद्ध बनिन्छन् उनको निम्ति यी विधिहरू हुन्।

## प्रायश्चितको दिन

१६ हारूनका छोराहरू मध्ये दुई जना परमप्रभुलाई
धूप चढ़ाउँदै गर्दा मरे। त्यस समयपछि परमप्रभुले
मोशालाई भन्नुभयो। २परमप्रभुले भन्नुभयो, “तेरो दाज्यू
हारूनलाई भन। उसलाई सम्झाऊ उसको इच्छा अनुसार
जतिबेला चाह्यो त्यतिबेला पर्दा पछाड़ी महा-पवित्रस्थान
जहाँ पवित्र सन्दूक राखिएको छ त्यहाँ कहिले पनि
नजाऊन। यस पवित्र सन्दूकमाथि भएको कृपा-आसन
छ अनि म त्यो कृपा-आसनमाथि बादलमा दर्शन दिन्छु।
यदि हारून त्यस कोठामा गए ऊ मर्न सक्छ।

३“महापवित्र स्थानभित्र पस्नु भन्दाअघि हारूनले यसै
गर्नु पर्छ। हारूनले पापबलिको निम्ति एउटा साँढ़े र
होमबलिको निम्ति एउटा भेड़ा चढ़ाउँनु पर्छ। ४हारूनले
आफ्नो सारा शरीर पानीले पखाल्नु पर्छ। तब उसले यी
वस्त्रहरू धारण गर्नुपर्छ: उसले लिनिनको पवित्र वस्त्र
धारण गर्नु पर्छ। उसले लिनिनको भित्री लुगाहरू पनि
लगाउनु पर्छ। उसले आफ्नो टाउकोमा लिनिनको फेटा
र कम्मरमा लिनिनको पटुका कस्नु पर्छ। यी वस्त्रहरू
पवित्र हुन्।

५“हारूनले दुइवटा पाठाहरू पापबलिको निम्ति लानु
पर्छ अनि एउटा भेड़ी होमबलिको निम्ति इस्राएलका
मानिसहरूबाट लिनु पर्छ। ६तब हारूनले पापबलिको
निम्ति साँढ़े चढ़ाउनु पर्छ। पापबलि ऊ आफ्नै निम्ति
हो। हारून आफ्नो परिवार र आफैलाई पवित्र पार्नु
उसले यसो गर्नु पर्छ।

७“तब हारूनले दुइवटा बोकाहरू भेट हुने पालको
ढोकामा परमप्रभुअघि ल्याउनु पर्छ। ८हारूनले ती
ढुईवटा बोकाहरू माझ चिट्ठा लगाउँछ, एउटा परमप्रभुको
निम्ति हुन्छ र अर्को मानिसहरूको दोष निवारणको
निम्ति छाड़ा छोड़नु पर्छ।

९“चिट्ठामा परेको बोकालाई हारूनले पापबलिको
निम्ति परमप्रभुलाई चढ़ाउनेछ। १०दोष निवारणको निम्ति
चिट्ठा परेको बोकालाई हारूनले परमप्रभुअघि ल्याई
मरुभूमिमा खुला छाड़िदिनेछ। यो मानिसहरूलाई शुद्ध
बनाउनको लागि हो।

११“त्यसपछि हारूनले आफ्नो निम्ति पापबलि का
लागि साँढ़े चढ़ाउँछ, उसले आफ्नो परिवार र आफूलाई
पवित्र पार्छ। उसले आफ्नो पापबलिको निम्ति साँढ़े
मार्नुपर्छ। १२त्यसपछि परमप्रभुको अघि वेदीबाट हारूनले
पर्दाको पछि कोठामा कोइला भरेको कराही ल्याउनु
पर्छ अनि उसले धुलो पारेर पिँधेको दुई मुट्ठी सुगन्धित
धूप ल्याउनुपर्छ। १३परमप्रभुअघि उसले धूप आगोमा
हाल्नु पर्छ। तब धूपको धूवाँले करारमाथि विशेष
आवरणको रूपमा ढाक्ने छ। यस प्रकार हारून मर्ने
छैन। १४ऊ साँढ़ेको केही रगत औंलाले लिन्छ अनि
यसलाई विशेष आवरणमाथि छर्कन्छ। उसले आफ्नो
औंलोले रगत विशेष आवरणअघि सात पटक छर्कने
छ।

१५“तब हारूनले मानिसहरूकोलागि पापबलिको बलि
दिनेछ। हारूनले पर्दा पछाड़ीको कोठामा बोकोको रगत
ल्याउनु पर्छ। उसले साँढ़ेको रगतले जे गरेको थियो

बोकाको रगतले पनि त्यसै गर्नु पर्छ। उसले विशेष
आवरणअघि अनि माथि बोकाको रगत छर्कनु पर्छ।
१६यसरी हारूनले महा पवित्रस्थान शुद्ध पार्ने काम
गर्छ। इस्राएलका मानिसहरूलाई शुद्ध पार्न हारूनले यी
सब कार्य गर्नु पर्छ। तिनीहरूले धेरै पापहरू गर्छन र
तिनले भेट हुने पालको निम्ति पनि यस्तो कार्यहरू गर्नु
पर्छ कारण यो धेरै अशुद्ध मानिसहरूमाझमा छ।
१७हारून महा पवित्र स्थानमा यसलाई अनि मानिसहरूलाई
शुद्ध पार्न गएको समयमा भेट हुने पालमा कोही मानिस
पनि नहोस्। जबसम्म हारून बाहिर आउँदैन तबसम्म
त्यहाँ कोही मानिस नजाऊन्। यसकारण, हारून र
उनको परिवार शुद्ध होऊन। अनि इस्राएलका सम्पूर्ण
मानिसहरूलाई उनले शुद्ध पार्नेछन्। १८तब हारून
बाहिर परमप्रभुकोअघि वेदी समक्ष यसलाई शुद्ध पार्नु
जाने छन्। साँढ़े अनि बोकाको अलिकति रगत लिने
छन् अनि वेदीको सबै कूनाहरूमा घस्ने छन्। १९तब
उनले औंलाले वेदीमा सात पल्ट रगत छर्कने छन्।
यसरी उहाँ वेदी शुद्ध पार्ने छन् किनभने इस्राएलका
मानिहरूले यसलाई अशुद्ध बनाएका थिए।

२०"यसर्थ, हारूनले महा पवित्र स्थान, भेट हुने
पाल अनि वेदी शुद्ध पार्नेछन्। त्यसपछि हारूनले
परमप्रभुको निम्ति जिउँदो बोका ल्याउनेछन्। २१जिउँदो
बोका माथि हात राखेर उसले सबै पापहरू, सबै
अपराधहरू अनि इस्राएली मानिसहरूले गरेको सबै
भूल कर्महरू स्वीकार गर्नेछन्। यसरी मानिसहरूको सबै
पाप बोकामाथि राखेर उसले त्यसलाई मरुभूमिमा जानु
छाड़िदिने छन्। एकजना मानिस बोकालाई मरुभूमितिर
लिएर जान पर्खिरहेको हुनेछ। २२यसर्थ बोकाले
मानिसहरूको सबै पापहरू एकान्त ठाउँमा बोकेर लैजाने
छ। मानिस जसले बोकालाई लिएर जान्छ, उसले
यसलाई मरुभूमिमा छोड़ने छ।

२३"त्यसपछि हारून भेट हुने पालमा जान्छन् अनि
महापवित्र स्थानमा जाँदा लगाएको सूतीको लुगाहरू
फूकाल्नु पर्छ। उनले ती लुगाहरू त्यही छोड़नु पर्छ।
२४उसले पवित्रस्थानमा आफ्नो शरीर पानीले पखाल्ने
छ। तब उसले आफ्नो लुगाहरू लगाउने छ। ऊ बाहिर
आउने छ अनि उ आफ्नै निम्ति र मानिसहरूको निम्ति
होमबलि चढ़ाउने छ। यस तरीकाले ऊ आफै अनि
मानिसहरूको निम्ति उसले प्रायश्चित बनाउँछ। २५तब
तिनले पापबलिको बोसो वेदीमा जलाउनुपर्छ।

२६"मानिस जसले बोका लिएर जान्छ, पानीमा
आफ्नो शरीर पखाल्नु पर्छ अनि आफ्नो लुगा धुनु पर्छ।
त्यसपछि छाउनी भित्र आउनेछ।

२७"पवित्र चीजहरू शुद्ध पार्न महा पवित्रस्थानमा
ल्याइएका पापबलिको साँढ़े र बोकोलाई पाल बाहिर
ल्याउनु पर्छ। पूजाहारीले तिनीहरूको छाला, शरीर र
गोबर आगोमा जलाउनेछन्। २८त्यसपछि त्यो जलाउने
मानिसले आफ्नो लुगा अनि शरीर पानीमा पखाल्नु पर्छ।
त्यसपछि तिनी छाउनीमा आउन सक्छन्।

२९"यो विधि तिमीहरूको निम्ति सदा-सर्वदा चलिरहने
छ। सातौँ महीनाको दशौँ दिन, तिमीहरूले भोजन लिनु
हुँदैन।* तिमीहरूले कुनै काम गर्नु हुँदैन। तिमीहरूको
देशमा बस्ने यात्रीहरू अथवा विदेशीहरू कसैले पनि
कुनै काम गर्ने छैन। ३०किन? किनभने, यसदिन
पूजाहारीले तिमीहरूलाई नुहाई दिनेछन् अनि पवित्र
पार्नेछन्। तब तिमीहरू परमप्रभुको सामुन्ने शुद्ध हुनेछौ।
३१त्यो दिन तिमीहरूको महत्वपूर्ण साबात दिन हो।
तिमीहरूले कुनै खाद्य खानु हुदैन। यो नियम सधैँ
चलिरहने छ।

३२"यसर्थ प्रधान पूजाहारी हुन अभिषेक भएको
मानिसले सब चीजहरू पवित्र पार्ने काम गर्नेछन्।
आफ्नो बाबुका उत्तराधिकारी तिनै हुन्। ती पूजाहारीले
पवित्र सुती लुगा लगाउनु पर्छ। ३३उनले महा-पवित्र
स्थान, भेट हुने पाल अनि वेदी शुद्ध पार्नु पर्छ। अनि
सबै पूजाहारीहरू र इस्राएलका मानिसहरूलाई शुद्ध पार्नु
पर्छ। ३४इस्राएलका मानिसहरूलाई शुद्ध पार्ने विधि सदा
सर्वदा चलिरहनेछ। तिमीहरूले वर्षमा एक चोटी यी सबै
कार्यहरू गर्नु पर्छ। किन? किनभने इस्राएलका मानिसहरूको
पाप कर्मले गरेको थिए।"

यसर्थ परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार
तिनीहरूले कामहरू गरे।

## पशुहरू मारेर खाने नियमहरू

१७ परमप्रभुले मोशालाई भन्नुभयो, २"हारून, तिनका
छोराहरू र इस्राएलका समस्त मानिसहरूलाई
भन। तिनीहरूलाई भन, परमप्रभुले दिनुभएको आज्ञा
यही हो। ३इस्राएलीहरूले एउटा साँढ़े एउटा पाठो
अथवा एउटा बोका पालको बाहिर अथवा भित्र काट्नु
सक्थ्यो। ४त्यस मानिसले भेट हुने पालको ढोकामा
पशुलाई ल्याउनुपर्छ। उसले पशुको एक भाग परमप्रभुलाई
उपहार चढ़ाउनुपर्छ। पशु मारेपछि उसले परमप्रभुलाई
उपहार स्वरूप एक भाग चढ़ाउनै पर्छ। यदि उसले
परमप्रभुलाई यसको एक भाग उपहार चढ़ाउँदैन भने
त्यस मानिसलाई आफ्ना मानिसहरूबाट छुट्याउनु पर्छ।
५यो विधि यसकारण बनाइएको हो जसले गर्दा इस्राएलका
मानिसहरूले आफ्नो मेलबलि परमप्रभुलाई चढ़ाउन्।
तिनीहरूले मैदानमा मारेको पशु परमप्रभुकहाँ भेट हुने
पालको ढोकोमा ल्याउनु पर्छ। ६तिनीहरूले पूजाहारीकहाँ
ल्याउनु पर्छ र पूजाहारीले ती पशुहरूको रगत भेट हुने
पालको ढोकामा परमप्रभुको वेदीमा छर्किनु पर्छ र
पशुहरूको बोसो पूजाहारीले वेदीमा जलाओस् जसले

**भोजन लिनु हुदैन** अथवा उपवास बस्नु वा "तिमीहरू आफै
नम्र बन।"

गर्दा यसको सुगन्धले परमप्रभुलाई आनन्दित तुल्याओस्।
७अब उसो तिनीहरू 'बोका मूर्तिहरूलाई' आफ्नो बलि
चढ़ाउने छैनन्। तिनीहरू अरु देवताहरूको पछि लागेका
छन्। त्यसरी तिनीहरूले वेश्याहरू सरह आचरण गरे।
यी नियमहरू सधैंका लागि चल्नेछन्।
८"मानिसहरूलाई भन कोही इस्राएली अथवा
तिमीहरूसँग बस्ने कोही विदेशीले होमबलि वा बलिदान
चढ़ाउन सक्छ। ९तर यदि ऊ यो चढ़ाउँछ, तब उसले
आफ्नो बलि भेट हुने पालको प्रवेशद्वारमा परमप्रभुसमक्ष
उपहारको रूपमा लानु पर्छ। यदि ऊ यसो गर्दैन,
उसलाई आफ्ना मानिसहरूबाट छुट्याउनु पर्छ।
१०"इस्राएलीहरू मध्ये कसैले ऊ नागरिक होस्
अथवा यात्री विदेशी जो तिमीहरूसंग रगत खान्छ, म
उसको विरुद्ध रहनेछु अनि म उसलाई आफ्ना
मानिसहरूबाट छुट्याउनेछु। ११किन? किनभने शरीरको
प्राण रगतमा हुन्छ मैले यो तिमीहरूलाई वेदीमा आफूलाई
शुद्धपार्न दिएकोछु, कारण रगतले नै मानिसहरूलाई शुद्ध
पार्छ। १२यसर्थ म इस्राएलीहरूलाई भन्दछु तिमीहरू
मध्ये, कसैले चाहे, स्वदेशी होस अथवा विदेशी जो
तिमीसँग वास गर्छ उसले रगत खानु हुँदैन।
१३"इस्राएलको कुनै पनि मानिस त्यो नागरिक होस्
अथवा विदेशी, जो सुकै होस्, यदि उसले खानु हुने
पशु अथवा चरा समाते; उसले त्यसको रगत भूइमा
खन्याएर धुलोले छोपोस्। १४तिनीहरूले किन यस्तो
गर्नैपर्छ? किनभने, यदि मासुमा रगत छ, प्राणीमा प्राण
अझै विद्यमान छ। यसर्थ म इस्राएलीहरूलाई आदेश
दिन्छु तिनीहरूले कुनै मासु खानु हुँदैन जसमा रगत
हुन्छ। जुन मानिसले रगत खान्छ, यसलाई छुट्याइन्छ।
१५"यदि कुनै मानिसले आफै मरेको पशुको मासु
खान्छ, अथवा अन्य कुनै पशुले मारेको पशुको मासु
खान्छ त्यो मानिस साँझसम्म अशुद्ध रहनेछ। त्यो
मानिस स्वदेशी होस् अथवा विदेशी, यदि तिमीहरूको
माझमा भए उसले आफ्नो लुगाहरू धुनैपर्छ अनि शरीर
सम्पूर्ण नुहाउनु पर्छ। १६यदि त्यस मानिसले आफ्नो
लुगाहरू धुँदैन अनि शरीर सम्पूर्ण नुहाउदैन भने ऊ
पापको दोषी बनिनेछ।"

## सहवास विषयका नियमहरू

१८ परमप्रभुले मोशालाई भन्नुभयो,
२"इस्राएलीहरूलाई भन म तिमीहरूका परमेश्वर
हुँ। ३बितेका दिनहरूमा तिमीहरू मिश्रदेशमा थियौ
मिश्रीहरूले त्यो देशमा गरिरहेका छन्। म तिमीहरूलाई
कनान देशमा लैजादैछु यसर्थ तिमीहरूले त्यस्तो केही
नगर जे त्यस ठाउँमा ती मानिसहरू गर्छन्। तिनीहरूको
दस्तुर नमान्नु। ४तिमीहरूले मेरो विधि-विधानहरू मान्नुपर्छ
र ती विधानहरूको अनुसरण गर। किन? किनभने, म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ५यसकारण, तिमीहरूले
मेरो विधि-विधानहरू पालन गर्नैपर्छ। जुन मानिसले यी
विधि-विधानहरू पालन गर्छ, यहाँ तिनीहरू यस द्वारा
बाच्ने छौ।
६"तिमीहरूले आफ्नो नजिक सम्बन्धीसँग सहवास
गर्नु हुँदैन। म परमप्रभु हुँ।
७"तैले तेरी आमासित लैंगिक सम्बन्ध राख्नु हुँदैन।
यसले तेरा बुबालाई लाजमर्दो बनाउनेछ। तिनी तेरी
आमा हुन् यसकारण तैले तिनीसंग लैंगिक सम्बन्छ गर्नु
हुँदैन। ८यदि उनी तिम्री आमा नभए पनि तिम्रा बाबुकी
स्वास्नी भएकीले तिमीले उनीसित सहवास गर्नु हुँदैन।
किन? किनभने त्यो तिम्रा बाबुसित सहवास गरे जस्तै
हो। ९बहिनी आमापट्टिको होस् अथवा बाबुपट्टिको
अथवा उनी तिम्रै घरमा जन्मिएको होस् अथवा बाहिरबाट
नै आएकी होस्, उनीसित तिमीले सहवास गर्नु हुँदैन।
१०"तिम्री नातिनी तिम्रै परिवारको एउटा अंश हो
यसर्थ तिमीले ऊसँग लैंगिक सम्बन्ध राख्नु हुँदैन।
११"तिम्रा बाबु र उनकी स्वास्नीकी छोरी भए ऊ
तिम्री बहिनी हो, तिमीले ऊ सित सहवास गर्नु हुँदैन।
१२"तिम्रा बुबाकी दिदी-बहिनी उनको नजिकको
आफन्त हुन्। यसर्थ तिनीहरूँग तिमीले लैंगिक सम्बन्ध
राख्नु हुँदैन। १३तिम्री आमाकी बहिनी-दिदी उनको
अति नजिकको सम्बन्धी हुन्, यसर्थ उनीसित तिमीले
सहवास गर्नु हुँदैन। १४तिमीले तिम्रा बुबाका दाज्यू-भाईलाई
उनकी स्वास्नीसित लैंगिक सम्बन्ध राखेर अपमान गर्नु
हुँदैन किनभने तिनी तिमीहरूकी काकी हुन्।
१५"तिमीले तिम्री बुहारीसित लैंगिक सम्बन्ध राख्नु
हुदैन तिनी तिम्रो छोराको स्वास्नी हुन्। तिमीले ऊसित
लैंगिक सम्बन्ध राख्नु हुँदैन।
१६"तिमीले आफ्नो भाउज्यूसित लैंगिक सम्बन्ध
राख्नु हुँदैन, कारण यसो गर्छौ भने यो तिमीले आफ्नो
दाज्यू भाईसित लैंगिक सम्बन्ध राखेको जस्तो हुनेछ।
१७"आमा र उसकी छोरीसित तिमीले सहवास नगर।
अनि यी आमाकी नातिनी हो चाहे उसको छोराकी छोरी
होस्। ऊसित सहवास नगर। नातिनीहरू तिनको नजिकको
सम्बन्धी हुन् र तिनीहरूसित सहवास गर्नु हुँदैन।
उनीहरूसित सहवास गर्नु गलत हो।
१८"जब तिम्री स्वास्नी अझै जीवित नै छिन् भने
तिमीले उसकी दिदी बहिनीसित सहवास गर्नु हुँदैन,
आफ्नी स्वास्नी जीवित रहे उसकी बहिनीलाई बिहे गर्नु
हुँदैन कारण ती दिदी-बहिनीमा शत्रुता हुन्छ।
१९"तिमीले रजस्वला भएको समयमा एकजना स्त्रीसँग
शारिरिक सम्बन्ध राख्न तिनको छेउमा जानु हुदैन
किनभने त्यस समयमा तिनी अशुद्ध हुन्छिन्।
२०"अनि तिमीले आफ्नो छिमेकीकी स्वास्नीसित पनि
सहवास गर्नु हुँदैन यसले तिमीलाई अशुद्ध बनाउँछ।
२१"तिमीले आफ्नो छोरा-छोरी आगोद्वारा मोलेकलाई
नचढ़ाऊ। यदि तिमीले यसो गर्छौ भने यसले बुझाउछ

कि तिमीले आफ्ना परमेश्वरको नाउँलाई बदनाम गरिरहेका
छौ। म तिम्रो परमप्रभु हुँ।
२२"तिमीले स्त्रीसित जस्तै मानिससित सहवास नगर।
त्यो घोर पाप हो।
२३"कुनै पशुसित सम्भोग नगर। यसले तिमीलाई
अशुद्ध पार्छ। स्त्री जातिले पनि पशुसित सम्भोग गर्नु
हुँदैन कारण यो अस्वाभाविक दुराचार हो।
२४"तिमीहरू आफै त्यस्ता अधर्म कर्महरू नगर
कारण म त्यस्ता अधर्म कर्म गर्नेहरूलाई तिनीहरूको
देशबाट निकाल्दैछु। २५तिनीहरूले आफ्नो भूमिलाई
त्यसरी अशुद्ध बनाएको कारण अहिले त्यो भूमिले
आफ्ना मानिसहरूलाई उच्छेद गरिरहेछ।
२६"यसर्थ तिमीहरूले मेरा विधि-विधानहरू मान्नुपर्छ
र तिमीहरूले कुनै पनि त्यस्ता अधर्म पाप कर्म गर्नु
हुँदैन। यी विधानहरू इस्राएलीहरूका निम्ति हुन्, अनि
यी नियमहरू तिमीहरूसँगै त्यहाँ बस्नेहरूका निम्ति पनि
हुन्। २७त्यो भूमि अशुद्ध भएको छ कारण त्यहाँ
पहिलेका बासिन्दाहरूले त्यस्ता घोर पाप कर्महरू गरेका
थिए। २८यदि तिमीहरूले पनि त्यसै गर्‍यौ भने ती
पहिलेका मानिसहरूलाई जसरी त्यो भूमिले हटाएको
थियो तिमीहरूलाई पनि हटाउनेछ। २९यदि कुनै मानिसले
त्यस्तो घोर पाप कर्म गरे त्यस मानिसलाई उसको
आफन्तहरूबाट अलग गरिनेछ। ३०अन्य मानिसहरूले
त्यस्तो अधर्म पाप कर्म गरेका थिए। तर तिमीहरू मेरो
विधि-विधानहरू पालन गरेर बस अनि त्यस्ता अधर्म
पाप कर्महरू कुनै पनि नगर। ती पाप कर्महरू गरेर
आफैलाई अशुद्ध नपार, म परमप्रभु तिमीहरूका परमेश्वर
हुँ।"

## इस्राएल परमेश्वरको हो

१९ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका
सबै मानिसहरूलाई भन: म परमप्रभु तिमीहरूको
परमेश्वर हुँ। तिमीहरू सबै पवित्र होऊ, कारण म
पवित्र छु।
३"तिमीहरू मध्ये प्रत्येकले आफ्नो आमा-बाबुलाई
सम्मान गर्नुपर्छ अनि विश्रामको दिन पालन गर्नुपर्छ। म
परमप्रभु तिमीहरूको परमेश्वर हुँ।
४"मूर्तिहरूको पूजा नगर अनि आफ्नो निम्ति धातु
पगालेर देवताहरूको मूर्तिहरू नबनाऊ। म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ।
५"जब तिमीहरूले परमप्रभुलाई मेलबलि चढ़ाउछौ,
तिमीहरूले रीतिपूर्वक त्यो चढ़ाउनुपर्छ जसले गर्दा तिमीहरूले
चढ़ाएको परमप्रभुले ग्रहण गरुन। ६तिमीले यसलाई
त्यही दिन खान सक्छौ जुन दिन तिनीहरू यसकाई
चढ़ाउँछौ। अनि अर्को दिन पनि खान सक्छौ। तर यदि
कुनै बलि तेस्रो दिनसम्म रहेको छ भने यसलाई
आगोमा जलाउनुपर्छ। ७तेस्रो दिनसम्म रहेको बलि
अशुद्ध हुन्छ, यसर्थ त्यो खानु हुँदैन। ८यदि कुनै
मानिसले यसलाई खान्छ त्यो मानिस पापको दोषी हुन्छ
किनभने उसले परमप्रभुको पवित्र चीजहरूको सम्मान
गरेको हुँदैन। त्यस मानिसलाई आफ्ना मानिसहरूबाट
छुट्याउनु पर्छ।
९"जब तिमीहरू बाली उठाउने समय भएपछि आफ्नो
बाली काट्छौ, खेतको आखिरी कुनासम्म नकाट अनि
उठाउँदा भूँईमा झरेको अन्न नटिप। १०जब तिमीहरू
अङ्गुरको बोटबाट अंङ्गुर टिप्छौ, सबै अंङ्गुर न टिप
अथवा झरेको अंङ्गुर नटिप। तिनीहरूको भूमिमा
भएका गरीब अनि विदेशीहरू निम्ति छाड़ी देऊ। म
परमप्रभु तिमीहरूको परमेश्वर हुँ।
११"तिमीहरूले चोर्नु हुँदैन, मानिसहरूलाई ठग्नु हुँदैन
अनि एकार्कामा झूठो नबोल्नु। १२मेरो नाम लिएर
झूटो कसम नखाऊ, यदि त्यसो गर्छौ तिमीहरूले
परमेश्वरको नामलाई सम्मान नगरेको बुझिनेछ। म
परमप्रभु हुँ।
१३"तिमीहरूले आफ्नो छिमेकीसित नराम्रो काम नगर।
उसलाई नलुट। तिमीहरूले कुनै हाजिरामा काम गर्ने
मानिसको हाजिरा एक रातभरिको निम्ति पनि नरोक।
१४"बहिराका मानिसलाई नसराप। अन्धालाई लड़ाउने
हेतुले उसको बाटोमा केही नराख। आफ्ना परमेश्वरको
सम्मान गर्नुपर्छ। म परमप्रभु हुँ।
१५"न्याय गर्दा सच्चाइले गर्नुपर्छ। न्याय गर्दा गरीब
अथवा दया र धनी भनी सम्मान नगर। आफ्नो
छिमेकीसित न्याय गर्दा पनि सच्चाइले न्याय गर्नुपर्छ।
१६मानिसहरूको विरुद्ध झूठा कुराहरू गरेर नहिँड़।
यस्तो कुनै काम नगर् जुन तिम्रो कामले छिमेकी
विपदमा पर्न सक्छ। म परमप्रभु हुँ।
१७"तिमीले हृदयबाट आफ्ना इस्राएली मित्रलाई घृणा
गर्नु हुँदैन। यदि तिम्रो छिमेकीले केही अनिष्ट गरेको छ
भने उसलाई जानकारी देऊ, तिमीहरू उसले गर्दा
पापको दोषी हुने छैनौ। १८मानिसहरूले तिमीप्रति गरेका
अनिष्ट कामहरू बिर्सिदेऊ। तिम्रा छिमेकीहरूलाई आफूलाई
झैँ माया गर। म परमप्रभु हुँ।
१९"तिमीहरूले मैले भनेको नियमहरू पालन गर्नैपर्छ।
दुई प्रकारका पशुहरू मिसिन नदेऊ। आफ्नो खेतमा दुई
प्रकारका बीउ नछर। दुई प्रकारका धागाले बनिएको
लुगा नलगाऊ।
२०"यदि कुनै मानिसले अर्काकी कमारी जो आफ्नो
मालिकबाट छुटकारा पाइसकेकी छैन त्यससँग सहवास
गरे तिनीहरू दुईलाई सजाय दिनुपर्छ तर मृत्युदण्ड
होइन। किनभने त्यो कमारी आइमाईले आफ्नो
मालिकबाट छुटकारा पाइसकेकी थिइन्। २१त्यस मानिसले
आफ्नो दोषबलि परमप्रभुकहाँ भेट हुने पालको ढोकामा
ल्याउनुपर्छ। त्यस मानिसले दोषबलिको निम्ति भेड़ा
ल्याउनुपर्छ। २२त्यस मानिसले पाप गरे बापत उसको

पाप मोचनको निम्ती पूजाहारीले परमप्रभुअघि भेड़ा
चढ़ाउनेछन् त्यसपछि त्यो मानिस उसले गरेको पापहरूबाट
मुक्त हुनेछ।
२३"भविष्यमा तिमी आफ्नो देशमा जानेछौ र त्यहाँ
धेरै फलका बोटहरू खानको निम्ति रोप्नेछौ। तर तीन
वर्षसम्म तिमीले ती बोटहरूबाट फल प्रयोग गर्न पाउने
छैनौ। २४चौथो वर्षमा फलेका फलहरू परमप्रभुमा
प्रशंसाको निम्ती हुनेछन्। यी फलहरू परमप्रभुको निम्ति
पवित्र बलि हुनेछ। २५त्यसपछि पाँचौ वर्षमा फलेको
फलहरू तिमीहरू खान सक्छौ। यदि तिमीहरूले यसो
गर्छौ बोटहरूले धेरै फल फलाउने छन्। म परमप्रभु
तिमीहरूको परमेश्वर हुँ।
२६"यदि कुनै मासुमा रगत रहेको छ भने तिमीले
त्यो मासु खानु हुँदैन।
"भविष्यको विषयमा बताउँदा तन्त्र-मन्त्र अथवा जादू
उपयोग नगर।
२७"तिम्रो अनुहारको छेउमा बढ़ेको कपाल नकाट
अनि तिम्रो दाह्रीको छेऊ नछाँट। २८मृत मानिसको
सम्झनामा शरीरको मासु नकाट। तिम्रो आफ्नो शरीरमा
कुनै छाप नबनाउनू। म परमप्रभु हुँ।
२९"तिम्रो छोरीलाई वेश्या बनाएर अपमान नगर।
तिम्रो देशलाई यस्ता पापहरूद्धारा भरिन नदेऊ अनि
देशमा मानिसहरूलाई वेश्या हुने अनुमति नदेऊ।
३०"तिमीले विश्रामका दिनहरूमा काम नगर। तिमीले
मेरो पवित्रस्थानको आदर गर्नुपर्छ। म परमप्रभु
हुँ।
३१"तिमीहरू झाँक्री-जादूगर बोक्सी तथा मन्त्र गर्नेतिर
नलाग अनि आफैलाई तिनीहरूबाट अशुद्ध नपार। म
तिमीहरूको परमप्रभु परमेश्वर हुँ।
३२"बूढ़ा-पाका मानिसहरूलाई उभिएर सम्मान गर
जब तिनीहरू तिम्रो एउटा कोठामा अथवा घरभित्र
पस्छन्। आफ्ना परमेश्वरको डर अनि सम्मान गर। म
परमप्रभु हुँ।
३३"तिमीहरूको आफ्नो देशमा बसोबासो गर्ने
विदेशीहरूसित दुर्व्यवहार नगर। विदेशीहरूलाई र
देशवासीहरूलाई समान व्यवहार गर, ३४तिनीहरूलाई
माया गर जस्तो आफूलाई गर्छौ किनभने तिमीहरू पनि
मिश्रको भूमिमा विदेशी थियौ। म परमप्रभु तिमीहरूको
परमेश्वर हुँ।
३५"तिमीले मानिसहरूलाई सच्चाइसँग न्याय गर।
जब तिमी केही चीज नाप्छौ अनि तौलिन्छौ निष्पक्षतापूर्वक
नाप अनि तौल। ३६तिमीसित तौलिन ढक तराजू र
नाप, र तौलहरू ठीक हुनुपर्छ। म परमप्रभु तिमीहरूको
परमेश्वर हुँ। मैले तिमीहरूलाई मिश्रदेशबाट बाहिर
ल्याएँ।
३७"तिमीहरूले मेरो विधि-विधानहरू सबै जानेर पालन
गर्नुपर्छ। म परमप्रभु हुँ।"

## मूर्ति पूजा गर्नेहरूलाई चेताउनी

२० परमप्रभुले मोशालाई भन्नुभयो, २"तिमीले
इस्राएलीहरूलाई यी कुराहरू भन्नुपर्छ
इस्राएलीहरू मध्ये कोही पनि होस् देशी अथवा विदेशी,
तिनीहरू मध्ये कसैले आफ्ना नानीहरूबाट एक जनालाई
मिथ्या देवता मोलेकलाई दिन्छ भने उसलाई मार्नैपर्छ।
यस देशका मानिसहरूले उसलाई ढुङ्गाले हिर्काएर मार्नुपर्छ।
३म त्यस मानिसको विरोधमा हुनेछु। उसलाई म आफ्ना
मानिसहरूबाट छुट्याउनेछु। किन? किनभने उसले आफ्ना
नानीहरू मोलेकलाई दिन्छ अनि यसरी मेरो पवित्र
नामको सम्मान गरेन अनि मेरो पवित्र स्थानलाई अशुद्ध
बनाउँछ। ४जब त्यस मानिसले मोलेकलाई आफ्नो नानी
दिन्छ समुदायका मानिसहरूले उसलाई ध्यान दिदैनन्
अनि उसलाई मार्दैनन्, ५म त्यस मानिसलाई साथै
त्यसको परिवारलाई विरोध गर्नेछु। म तिनलाई तिनको
आफ्नै मानसिहरूबाट अलग गर्नेछु। ती सबै मानिसहरू
जो मोलेकको पूजा गर्न प्रभावित भएका थिए, म
तिमीहरूलाई तिमीहरूको आफ्नै मानिसहरूबाट अलग
गर्नेछु। ६कुनै मानिस जो सल्लाह लिनु झाँक्री अथवा
जादूगर कहाँ जान्छ, उसले मलाई अविश्वास गर्दैन
यसर्थ म उसलाई आफ्ना मानिसहरूबाट छुट्याउनेछु।
७"तिमी आफैलाई पवित्र बनाऊ अनि पवित्र भएर
बस। किनभने, म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।
८मेरा विधिहरू सम्झना गर अनि तिनीहरूलाई अनुसरण
गर। म तिमीहरूको परमप्रभु हुँ जसले तिमी सबै
मानिसहरूलाई पवित्र बनाउँछु।
९"यहि कुनै मानिसले आफ्नो आमा अथवा बाबुलाई
सराप दिन्छ भने त्यास मानिसलाई मारिनुपर्छ। जब
उसले आफ्नो आमा-बाबुलाई सराप दिएको कारण
उसको मृत्युको जिम्मावारी ऊ आफै हुनेछ।

## व्यभिचारका पापहरूको निम्ति दण्ड

१०"यदि कुनै मानिसले आफ्नो छेमिकीकी स्वास्नीसित
सहवास गरे ती दुवैलाई मार्नुपर्छ कारण ती दुवैजना
व्यभिचारको दोषी हुन्। ११यदि कुनै मानिसले आफ्नो
बाबुकी स्वास्नी (सौतेनी आमा) सँग सहवास गर्छ भने
ती दुवै जनालाई मारिनुनै पर्छ, आफ्नो मृत्युको निम्ति
तिनीहरू स्वयं जिम्मेवार हुन्। यो त्यस मानिसले आफ्नै
बाबुसित सहवास गरे झैं हो।
१२"यदि कुनै मानिसले आफ्नो छोरा बुहारीसित
सहवास गरे ती दुइजनालाई मार्नैपर्छ। तिनीहरू आफै
तिनीहरूको मृत्युको निम्ति जिम्मेवार छन् कारण तिनीहरूले
खुबै अधम व्यभिचार गरेका हुन्छन्।
१३"यदि एकजना मानिसले अर्को पुरुषसँग स्त्रीसँग
झैं सहवास गरे, तिनीहरूले भयंकर पाप गरेको
बुझिन्छ। तिनीहरूलाई मार्नै पर्छ र तिनीहरू स्वंय
आफ्नो मृत्युको निम्ति जिम्मेवार हुन्छन्।

१४"यदि एकजना मानिसले आमा र छोरी दुवैसँग
शारिरिक कर्म गर्छ यो व्यभिचार पाप हो। तिमीले
मानिसहरूमा यस्तो व्यभिचार हुन दिनु हुँदैन। तिमीले
मानिस अनि स्त्री दुवैलाई आगोमा जलाउनु पर्छ।

१५"यदि कुनै मानिसले पशुसँग सम्भोग गरे त्यस
मानिस र पशुलाई मार्नुपर्छ। १६यदि कुनै स्त्री पशुसँग
सम्भोग गरे त्यस स्त्री र पशुलाई मार्नु र्पछ। तिनीहरू
आफ्नो मृत्युको निम्ति आफै जिम्मेवार हुन्छन्।

१७"यदि कुनै दाज्यूभाई आफ्नी बहिनी अथवा
सौतेनी बहिनीसित लैंगिक कर्म गर्छ, यो लाजमर्दो कुरा
हो। तिनीहरूलाई जनताअघि दण्ड दिनुपर्छ र आफ्ना
मानिसहरूबाट छुट्याउनु पर्छ। आफ्नी दिदीबहिनीसित
जुन मानिसले शारिरिक कर्म गर्छ उसलाई उसको
पापको निम्ति दण्ड दिनैपर्छ।

१८"यदि कुनै मानिस रजस्वलाको समयमा स्त्रीसित
लैंगिक सम्बन्ध राख्छ भने स्त्रीपुरुष दुवैलाई तिनीहरूका
मानिसहरूबाट छुट्याउनु पर्छ। तिनको रगतको मूल
देखाएर तिमीहरूले पाप गरेका छौ।

१९"तिमीले आफ्नी फुपु अथवा काकीसित लैंगिक
सम्बन्ध राख्नु हुँदैन यो सगोत्र सम्भोग हो र तिम्रो
पापको निम्ति तिमीले दण्ड पाउनु पर्छ।

२०"कुने मानिसले आफ्नो काकाको पत्नीसित लैंगिक
सम्बन्ध राख्नु हुँदैन किनभने यसो गर्नु आफ्नो काकासित
लैंगिक सम्बन्ध राखे जस्तै हो। तिनीहले पापको लागि
दण्ड भोग्नैपर्छ। तिनीहरू अपुताली नै मर्नेछन्।

२१"यदि कुनै पुरुषले आफ्नी भाउज्यू अथवा भाइबुहारी
सहवास गर्छ भने त्यो अनुचित हो। यो दाज्यूसित
सहवास गरे झैं नै हो। तिनीहरू अपुताली रहनेछन्।

२२"म तिमीहरूलाई जुन देशमा लँदैछु त्यहाँ तिमीहरू
बस्नेछौ। मेरो विधि-विधानहरू सम्झना गर अनि पालन
गर। यदि तिमीहरूले मेरा विधि-विधानहरू पालन गर्छौ
भने तिमीहरू त्यस देशबाट निकालिने छैनौ। २३म त्यस
देशका अरु मानिसहरूलाई बलपूर्वक बाहिर निकाल्दैछु।
किन? किनभने तिनीहरूले त्यस्ता पापहरू गरे। म ती
कर्महरू घृणा गर्छु, यसर्थ तिमीहरूले तिनीहरूको जीवन
शैली नपछ्याऊ।

२४"मैले तिमीहरूलाई पहिल्यै भनिसकेको छु म
तिमीहरूलाई तिनीहरूको भूमि दिनेछु, अनि यो तिमीहरूको
हुनेछ। यो भूमि दूध र महले भरिएको हुनेछ। म
परमप्रभु तिमीहरूको परमेश्वर हुँ जसले तिमीहरूलाई
अन्य राष्ट्रबाट छुट्टाए।

"मैले तिमीहरूसित भिन्दै प्रकारले व्यवहार गरेको छु
कारण तिमिहरूलाई मैले मेरो विशेष मानिसहरू बनाएको
छु। २५यसर्थ, तिमीहरूले शुद्ध अनि अशुद्ध पशु-
पक्षीहरूलाई भिन्नै प्रकारले व्यवहार गर्नुपर्छ। अशुद्ध
पशु चराहरू अनि घस्रिने प्राणीहरू खाएर तिमीहरू
आफैलाई अशुद्ध बनाऊ मैले तिनीहरूलाई तिमीहरू
निम्ति अशुद्ध झैं छुट्टाएको छु। २६मैले तिमीहरूलाई
मेरा विशेष मानिस बनाउनलाई तिमीहरूलाई पवित्र
पारेको छु। यसर्थ तिमीहरू मेरो निम्ति पवित्र रहनुपर्छ।
किन? किनभने म परमप्रभु हुँ अनि पवित्र छु।

२७"एकजना मानिस जो झाँक्री अथवा जादूगर छ
उसलाई मार्नु पर्छ। मानिसहरूले तिनीहरूलाई ढुङ्गाले
हिर्काएर मार्नु पर्छ। तिनीहरूलाई मृत्यु चाहिन्छ।"

### पूजाहारीहरूको निम्ति नियमहरू

२१ परमप्रभुले मोशालाई भन्नुभयो, "यी कुराहरू
हारूनका छोराहरू पूजाहारीहरूलाई भन:
पूजाहारीले लाश छोएर आफैलाई अशुद्ध पार्नु हुँदैन।
२तर यदि मृतक मानिस उनको साक्खै पर्ने हो भने
मात्र उनले लाश छोएर आफूलाई अशुद्ध पार्न सक्छन्।
यदि मृतक मानिस उनका आमा अथवा बाबु, उनका
छोरा-छोरी, दाज्यू-भाइ। ३अथवा अविवाहित दिदी-बहिनी
भए तिनले लाश छोएर आफैलाई अशुद्ध पार्न सक्छन्।
(कन्ये दिदी अथवा बहिनी उनको साक्खै मानिन्छ
जबसम्म तिनीहरूको बिहे हुँदैन, यसर्थ तिनीहरू मरेको
खण्ड पूजाहारीले लाश छोएर आफूलाई अशुद्ध पार्न
सक्छन्।) ४तर यदि मरेको मानिस बिहे द्वारा आफन्त
पर्छ, पूजाहारीले लाशलाई छोएर त्यसले उ आफूलाई
अशुद्ध बनाउन सक्दैनन्।

५"पूजाहारीहरूले शोक गर्न आफ्नो केश नखौराउन्,
दाहीको कुना कुना नकाटुन् अनि शरीरमा कुनै चोट
नबनाउन्। ६पूजाहारीहरू आफ्नो परमेश्वरको निम्ति
पवित्र बस्नु पर्छ। उनीहरूले परमेश्वरको नाममा सम्मान
देखाउनु पर्छ। किन? किनभने तिनीहरूले परमप्रभुको
निम्ति आगोद्वारा बलिहरू चढ़ाउँछन जो तिनीहरूको
परमेश्वरको निम्ति खाद्य हो। यसर्थ उनीहरू पवित्र
रहनुपर्छ।

७"पूजाहारीले परमेश्वरलाई विशेष रुपले सेवा गर्छ
यसकारण तिनीहरू कुनै वेश्या, कुनै अरु मानिससित
सहवास गरेकी स्त्री अथवा कुनै मानिसले त्यागेकी
स्त्रीसित बिहे नगरुन्। ८पूजाहारीलाई पवित्र व्यवहार
गरिनु पर्छ। किन? किनभने तिनीहरूले परमेश्वरको
निम्ति खाद्य बोक्छन् अनि म पवित्र छु। म परमप्रभु हुँ
अनि म तिमीलाई पवित्र बनाउँछु।

९"यदि एकजना पूजाहारीकी छोरी वेश्या भई भने
उसले आफ्नो सम्मान नष्ट पार्छे, आफ्नो बाबुलाई
लाजमर्दो पार्छे, यसर्थ उसलाई आगोमा जलाउनुपर्छ।

१०"प्रमुख पूजाहारी आफ्नै दाज्यू-भाइहरूबाट छानिन्छन्
अनि उनको टाउकोमा अभिषेक तेल खन्याइन्छ। यसरी
उनलाई प्रमुख पूजाहारीको विशेष कार्यको निम्ति छानिन्छ।
उनको वस्त्रादि पनि विशेष हुन्छ। यसर्थ उनले
मानिसहरूअघि शोक गर्नु हुँदैन। उनले आफ्नो कपाल
फुकाउनु हुँदैन अनि लुगा च्यात्नु हुँदैन। ११यदि उनको

बुबा अथवा आमा मरेको भए पनि उनी लाशको
छेऊमा नजाऊन् र लाश छोएर उनले आफूलाई अशुद्ध
नबाऊन्। १२प्रधान पूजाहारी पवित्र स्थानबाहिर जानुहुँदैन,
यदि उ मलामि जान्छ उ अपवित्र हुनेछ। तब उसले
पवित्र स्थानलाई अपवित्र बनाउँछ। अभिषेक तेल
उनको टाउकोमा खन्याएर उनलाई मानिसहरूबाट
छुट्याइन्छ हो। म परमप्रभु हुँ।

१३"प्रधान पूजाहारीले कन्ये केटीलाई बिहे गर्नुपर्छ।
१४प्रमुख पूजाहारीले वेश्या, छुटानाम गरेकी आइमाई र
विधवालाई बिहे गर्नु हुँदैन। प्रमुख पूजाहारूरीले आफ्ना
मानिसहस्रबाट कन्येलाई मात्र बिहे गर्नु पर्छ। १५यसरी
उनका नानीहरूलाई अरु मानिसहरूले आदर गर्नेछन्।
उनको विशेष कार्यको निम्ति म परमप्रभुले उनलाई
अल्गा राखेको छु।"

१६परमप्रभुले मोशालाई भन्नुभयो, १७"हारूनलाई
भन; यदि उनका सन्तानहरू मध्ये कसैमा कुनै शारीरिक
खोट भए, उसले आफ्नो परमेश्वरलाई खाद्य चढ़ाउने
निवेदन गर्नु हुदैन। १८कुनै मानिस जसको केही खोट
भएको भए उसले पूजाहारी भएर मलाई सेवा नगरोस्
मेरो निम्ति बलिहरू नल्याओस्। यस्ता मानिसहरूले
पूजाहारी भएर सेवा गर्न सक्तैनन्:

अन्धा मानिसहरू, लङ्गड़ा मानिसहरू, अनुहारमा
नराम्रा दाग भएका मानिसहरू, हात अथवा खुट्टाहरू
लामा-लामा भएका मानिसहरू,

१९हात अथवा खुट्टा भाँचिएका मानिसहरू,
२०कुप्रो पिठिउँ भएको बाउन्ने, आँखाको रोग
भएको, चिलाउने घाउ भएको, लुतो लागेको सन्धिमा
चोटलागेको नपुंसक मानिसहरू।

२१हारूनका सन्तानहरूमध्ये विकृति भएकोहुनाले
परमप्रभुलाई आगोद्वारा बलिहरू चढ़ान सक्दैन अनि
उसले आफ्नो परमेश्वरलाई पुऱ्याउनु सक्दैना। २२त्यो
मानिस पूजाहारीको परिवारको एकजना सदस्य भएकोले
गर्दा उसले आफ्नो परमेश्वरको दुवै पवित्र अनि
महापवित्र खाद्य खानु सक्छ। २३तर अति पवित्र
स्थानमा पर्दाबाट जान सक्तैन अनि वेदीको नजिक पनि
जानु सक्तैन। किन? किनभन उसलाई केही खोट
लागिको छ र उसले पवित्र स्थानलाई अपवित्र पार्नु
हुँदैन। म परमप्रभुले ती स्थानहरू पवित्र पारेको छु।"

२४यसर्थ मोशाले यी कुराहरू हारून, उनका छोराहरू
अनि इस्राएलका समस्त मानिसहरूलाई भन्नुभयो।

२२ परमप्रभुले मोशालाई भन्नुभयो, २"हारून र
त्यसका छोराहरूलाई भनः इस्राएलका
मानिसहरूले मलाई जे चढ़ाउँछन ती चीजहरू पवित्र
हुन्छन्। ती मेरा हुन् यसकारण तिमी पूजाहारीहरूले यी
चीजहरू नचलाउनु। यदि तिमीहरूले आफ्नो लागि ती
पवित्र चीजहरू चलायौ भने तब तिमीहरूले मेरो पवित्र
नामको आदर नगरेको बुझिन्छ। म परमप्रभु हुँ।
३हारून अनि उसका छोराहरूलाई भनिदेऊ। यदि
तिमीहरूका सन्तानहरूबाट कसैले यी चीजहरू छुन्छ
जब त्यो मानिस अशुद्ध छ। त्यस मानिसलाई छुट्याउनु
पर्छ। इस्राएलका मानिसहरूले ती चीजहरू मलाई
दिएका छन्। म परमप्रभु हुँ।

४"यदि हारूनका सन्तानहरू मध्ये कसैलाई छालाको
डरलाग्दो रोग अथवा धातु स्राव रोग छ भने ऊ शुद्ध
नहोउञ्जेलसम्म पवित्र खाद्य खान सक्दैन। यो नियम
सबै अशुद्ध पूजाहारीहरूको निम्ति हो। पूजाहारीले शुद्ध
हुन सक्छ जब ऊ मरेको शरीर छुन्छ अथवा आफ्नो
स्राव गराउँछ। ५उनले कुनै घस्रने अशुद्ध पशुहरू छोए
पनि अशुद्ध हुन सक्छन्। के गर्दा अथवा कसरी कुनै
व्यक्ति अशुद्ध भयो त्यो कुनै मुख्य कुरा होइन, तर
कुनै पूजाहारीले अशुद्ध मानिसलाई छुँदा नै अशुद्ध
भइहाल्छन्। ६यी चीजहरू मध्ये कुनैलाई छुइन्छ त्यो
मानिस साँझसम्म अशुद्ध रहन्छ। उसले पानीमा ननुहाएसम्म
पवित्र खाद्य खानु सक्दैन। ७घाम अस्ताएपछि मात्र उनी
पवित्र हुनु सक्छन् अनि पवित्र खाना खानु सक्छन्।
किन? किनभने पवित्र खाना उनको हुन्छ।

८"यदि कुनै पूजाहारीले आफै मरेको अथवा
जंगली जनावरले मारेको पशु भेट्छन् उनले त्यो खानु
हुँदैन, यदि खान्छन् उनी अशुद्ध हुन्छन्। म परमप्रभु
हुँ।

९"मैले आदेश गरेअनुसार पूजाहारीले गर्नुपर्छ जसले
गर्दा तिनीहरू धेरै सजग बस्नु पर्छ। पवित्र चीजहरू
तिनीहरूले गर्दा अपवित्र नहुन्। यदि तिनी सजग हुन्छन्
भने, तिनीहरू मर्दैनन्। म परमप्रभुले यही विशेष
कर्मको निम्ति तिनीहरूलाई अरु मानिसहरूबाट छुट्याएको
छु। १०पूजाहारीसित बस्ने पाहुना अथवा ज्यालामा काम
गर्न आएको मजदूरले पवित्र भोजन खान हुँदैन,
पूजाहारीको परिवारले मात्र पवित्र भोजन खान सक्छन्।
११तर पूजाहारीको घरमा जन्मेका कमारा-कमारी अथवा
पूजाहारीले आफ्नै पैसाले किनेको कमारा-कमारीले पनि
पवित्र खाद्यको भाग खान सक्छन्। १२पूजाहारीकी
छोरीले अर्को परिवारको मानिससँग पनि बिहे गर्न
सक्छे। यदि उसले यसो गर्छे भने उसले बलिबाट
निकालिएको पवित्र खाद्य खान सक्दिन। १३पूजाहारीको
कुनै छोरी विधवा हुनु सक्छे अथवा उसलाई आफ्नो
पतिद्वारा छुट्याउन सक्छ अनि यदि तिनीहरूका छोरा-
छोरीहरूलाई सहायता गर्ने छैन भने ऊ आफ्नो बुबाको
घरमा जान सक्छे। तब उसले आफ्नो बुबाको भागबाट
केही अंश पवित्र खाद्य खान सक्छे। कुनै पनि
मानिसहरूले त्यहाँबाट खानुहुदैन पूजाहारीको परिवारले
मात्र यो भोजन खान सक्छ। १४यदि कुनै मानिसले
पवित्र थाहा नपाई खान्छ भने उसले त्यसको पाँचौ
भाग थपेर पूजाहारीलाई दिनुपर्छ।

१५"इस्राएलका मानिसहरूले परमप्रभुलाई बलि चढ़ाउन सक्छन् र यी बलिहरू नै पवित्र बनिन्छन्। यसर्थ पूजाहारीहरूले यी पवित्र बलिहरू अपवित्र पार्नु हुँदैन।
१६यदि पूजाहारीहरूले यी उपहारहरूलाई पवित्र मान्दैनन्, तिनीहरूले जब यी पवित्र चीजहरू खान्छन् तब आफ्नो पाप अझै थपिरहेका हुन्छन्। तिनीहरूलाई पवित्र तुल्याउने परमप्रभुम नै हुँ।"

१७परमप्रभुले मोशालाई भन्नुभयो, १८"हारून, उनका छोराहरू र इस्राएलका समस्त मानिसहरूलाई भनः इस्राएलमा बसोबास गर्ने विदेशी होस अथवा देशी, त्यस मानिसको बलि कुनै विशेष बलि होस् अथवा त्यो उसको भाकलको बलि होस्।
१९-२०"ती उपहारहरू परमेश्वरलाई चढ़ाउन इच्छा गर्ने मानिसले चढ़ाएका हुन्। यसर्थ कुनै खोट भएको बलि तिमीहरूले ग्रहण गर्नु हुँदैन कारण त्यस्तो बलि म ग्रहण गर्दिनँ। साँढ़े, बाख्रा अथवा भेड़ा जुन सुकै उपहार होस् तर त्यो पुरुष अनि निष्खोट हुनुपर्छ।

२१"कुनै व्यक्तिले मेलबलि अथवा परमप्रभुलाई स्वेच्छाले आफ्नो भाकल पूरा गर्न बलि चढ़ाउनु सक्छ, तर त्यो बलि बलियो अनि निष्खोट हुनुपर्छ त्यो साढ़े होस् अथवा भेड़ा।
२२तिमीहरूले परमप्रभको वेदीको आगोमा कुनै प्रकारको रोगी पश उपहार स्वरूपमा चढ़ाउनु हुँदैन। यसर्थ कुनै बलि तिनीहरू परमप्रभुलाई चढ़ाउछौ त्यो अन्धो, लंगड़ो, अयोग्य अनि चर्मरोग अथवा धातुरोग भोगेको छ भने यस्ता पशुहरू उपहारको रूपमा चढ़ाउनु हुँदैन।

२३"कोही समयमा लामो खुट्टा भएको अथवा खुट्टाहरू ठीकसँग नबढ़ेको साँढ़े अथवा थुमा पनि हुन्छन्, अनि यदि पशुहरूबाट कसैले परमप्रभुलाई विशेष बलि चढ़ाउन चाहे त्यो परमप्रभुले ग्रहण गर्नु हुन्छ। तर यस्तो पशुको बलि कुनै भाकल गरिएको बलि ग्रहण गर्नुहुन्न।

२४"यस्तो पशु न चढ़ाऊ जसको अडाकोस कुच्याएको अथवा काटिएको छ। यस्तो आफ्नो भूमिमा नचढ़ाऊ।

२५"यस्ता प्रकारका पशुहरू विदेशीहरूबाट आफ्ना परमेश्वरलाई खाद्यको रूपमा चढ़ाउन न ल्याऊ। किनभने ती पशुहरू घाइते छन् तिनीहरू खोट लागेका छन् अनि ग्रहण योग्य हुँदैनन्।"

२६परमप्रभुले मोशालाई भन्नुभयो, २७"जब बाछो, अथवा पाठा अथवा सानो बोका जन्मन्छ त्यसको माऊले त्यसलाई आफूसंगै सात दिनसम्म राख्नुपर्छ आनि त्यसपछि आठौं दिन यो परमप्रभुद्वारा आगो बलिको रूपमा स्वीकार गरिनेछ।
२८तर तिमीले त्यही दिन माऊ र पाठो बलि चढ़ाउनु हुँदैन। यो नियम गाईहरू र भेड़ाहरूमा पनि लाग हुन्छ।

२९"यदि तिमी परमप्रभुलाई धन्यवाद बलि चढ़ाउछौ, तिमीले चढ़ाउँन सक्छौ तर त्यो बलि परमेश्वरलाई ग्रहणयोग्य हुनुपर्छ।
३०तिमीले त्यो बलि चढ़ाएको पशुको मासु त्यही दिन खाई सक्नुपर्छ भोलि बिहानसम्म बाँकी राख्नु हुँदैन। म परमप्रभु हुँ।

३१"मेरो आज्ञाहरू याद राख अनि पालन गर। म परमप्रभु हुँ।
३२इस्राएलका मानिसहरूले मलाई विशेष रूपेमा स्वीकार गर्नु पर्छ। मेरो नाउँको आदर गर्नु पर्छ। म परमप्रभु हुँ अनि तिमीहरूलाई पवित्र बनाउँछु।
३३मैले तिमीहरूलाई मिश्र देशबाट ल्याएँ। म तिमीहरूको परमेश्वर भएको छु। म परमप्रभु हुँ।"

### विशेष पवित्र दिनहरू

२३ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भन तिमीले परमप्रभुले रोज्नु भएका चाड़हरूलाई पवित्र पर्वहरू भनी घोषणा गर। ती विशेष पवित्र दिनहरू यी नै हुन्

### विश्राम दिन

३"छ दिनसम्म काम गर, सातौं दिन विश्राम मानिनेछ र त्यस दिन विशेष विश्रामको दिन, एक पवित्र सभाको दिन हुनेछ। त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नु। तिमीहरूको सब घरमा यस दिनलाई परमप्रभुको विश्राम मानिन्छ।

### निस्तार

४"यी सब परमप्रभुद्वारा तोकिएका चाड़हरू हुन्, तिमीले यी दिनहरूलाई पवित्र सभा भनी घोषणा गर्ने छौ।
५परमप्रभुको निस्तार पहिलो महीनाको चौधौं दिनको साँझमा शुरू हुन्छ।

### अखमिरी रोटीको चाड़

६"त्यही महीनाको पन्ध्रौं दिन अखमिरी रोटीको चाड़ हुन्छ। तिमीले सात दिनसम्म अखमिरी रोटी खानेछौ।
७यो चाड़को पहिलो दिन तिमीले विशेष सभा गर्नेछौ। त्यस दिन काम गर्ने छैनौ।
८सात दिनसम्म तिमीले परमप्रभुलाई आगोद्वारा बलि चढ़ाउन बलिहरू ल्याउनु पर्छ। तब सातौ दिनमा फेरि अर्को विशेष सभा हुन्छ अनि त्यस दिन तिमीले कुनै काम गर्ने छैनौ।"

### अगौटे फसलको चाड़

९परमप्रभुले मोशालाई भन्नुभयो, १०"इस्राएलका मानिसहरूलाई भन म तिमीहरूलाई जुन देश दिन्छु त्यसमा तिमीहरू जानेछौ अनि त्यहाँ बाली काट्नेछौ। त्यस समयमा तिमीहरूको पहिले बालीको उब्जनीको एक बिटा पूजाहारीकहाँ ल्याउनू।
११पूजाहारीले बिटालाई परमप्रभु अघि डोलाओस् यसकारण तिमीहरूलाई स्वीकार गर्नेछ उसले त्यो विश्राम भेलि पल्ट गर्नेछ।

१२“जुन दिन तिमीहरूले अन्नको बिटा परमप्रभुको
अघि डोलाउने छौ त्यस दिन तिमीहरूले परमप्रभुलाई
होमबलि चढ़ाउन एउटा एक वर्षे निष्खोट थुमा ल्याउन।
१३अंडीरको तेलमा मिसाएको सोलह बटुको मसिनो
पीठोको अन्नबलि पनि चढ़ाउनुपर्छ। तिमीहरूले पनि
चढ़ाउनु पर्छ र तिमीहरूले एक लीटर मद्य चढ़ाएको
बलिको बास्नाले परमप्रभुलाई आनन्दित पार्नेछ।
१४तिमीहरूले परमप्रभुलाई नयाँ फसल उपहार नचढ़ाएसम्म
तिमीहरूले रोटी, भूटेको अन्न, अथवा ताजा अन्नहरू
खानु हुदैन। तिमीहरू जहाँ बसे पनि यी नियमहरू पुस्ता
पुस्तासम्म चलि रहनेछन्।

### साताहरूको चाड़

१५“परमप्रभुलाई डोलाउने अन्नको बिटा ल्याएको
दिनबाट सात हप्ताहरू गन। १६सातौं हप्ताहरू पछिको
आइतवार (त्यो पचास दिनपछि) तिमीहरूले परमप्रभुको
निम्ति नयाँ अन्नको बलि ल्याउँनेछौ। १७त्यस दिन
तिमीहरूले आफ्नो घरबाट दुइवटा खमीर मिसाएको
रोटी ल्याउनु पर्छ खमीर अनि सोह बटुको पीठो
उपयोग गरेर यी रोटीहरू पकाऊ। त्यो डोलाउने बलिक
लागि हुनेछ त्यो तिम्रो पहिलो उब्जनीबाट परमप्रभुको
निम्ति अन्न बलि हुनेछ।

१८“एउटा साँढ़े दुइवटा भेड़ाहरू अनि सातवटा एक
वर्षे पाठहरू अन्नबलि अनि अर्घबलिसित चढ़ाउनु
पर्नेछ। यी सबै पशुहरू निष्खोट हुनुपर्छ। यी पशुहरू
आगोद्वारा जलाइने होमबलि हुनुपर्छ अनि यसको बास्नाले
परमप्रभुलाई खुशी पार्नेछ। १९तिमीहरूले पापबलिको
निम्ति एउटा बोका अनि दुइवटा एक वर्षे पाठाहरू पनि
मैत्रीबलिको निम्ति चढ़ाउनु पर्छ।

२०“पूजाहारीले रोटीले तिनीहरूलाई परमप्रभुको
अघि दुइवटा थुमाहरूसित डोलाउने तिनीहरू परमप्रभुको
निम्ति पवित्र हुन्छ र ती सबै पूजाहारीको हुनेछ।
२१तिमीहरूले त्यस दिन केही काम गर्ने हुँदैन
अनि एउटा पवित्र सभा बोलाउनेछौ। यो नियम
तिमीहरू घरहरूमा तिमीहरूको पुस्तौ-पुस्तासम्म चलि
रहने छ।

२२“जब तिमीहरू आफ्नो जमीनमा बाली उठाउछौ
खेतको कुना-कुनासम्म नउठाऊ अनि त्यसरी छोड़िएको
अन्न उठाउनु फर्केर नजाऊ। ती सब गरीबहरू तथा
तिमीहरूको जमीन भएर जाने विदेशीहरूको निम्ति छोड़ी
देऊ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।”

### तुरहीको चाड़

२३परमप्रभुले मोशालाई भन्नुभयो, २४“इस्राएलका
मानिसहरूलाई भन सातौं महीनाको पहिलो दिन तिमीहरूको
विशेष विश्रामको दिन हुन्छ र मानिसहरूलाई यो पवित्र
सभा हो भनी सम्झाउन तुरही बजाऊ। २५तिमीहरू
सामान्य काम नगर तिमीहरूले आगोद्वारा चढ़ाउने बलि
परमप्रभु कहाँ ल्याउँनेछौ।”

### प्रायश्चितको दिन

२६परमप्रभुले मोशालाई भन्नुभयो, २७“प्रायश्चितको
दिन सातौं महीनाको दशौ दिनमा पर्छ। त्यसदिन तिमीहरूले
केही खानु हुँदैन अनि तिमीहरूले आगोद्वारा परमप्रभुलाई
बलि चढ़ाउनु पर्छ अनि पवित्र सभा गर्नुपर्छ। २८त्यस
दिन तिमीहरूले केही काम गर्ने छैनौ, किन? किनभने
त्यो दिन तिमीहरूको प्रायश्चितको दिन हो। त्यसदिन
पूजाहारी परमप्रभुको सामुने जानेछन् र तिमीहरूलाई
पवित्र पार्न उत्सव गर्नेछन्।

२९“यदि कुनै मानिसले यस दिनमा उपवास बस्न
अस्वीकार गरे उसलाई उसका मानिसहरूबाट छुट्याउनु
पर्छ। ३०यदि कुनै मानिसले त्यस दिन केही काम गर्छ
म उसलाई उसका मानिसहरूको बीचबाट शेष पार्नेछु।
३१त्यसदिन तिमीहरूले कुनै काम गर्नु हुदैन अनि यो
विधि तिमीहरू जहाँ बस्छौ त्यहाँ सधैंको निम्ति चालू
रहनेछ। ३२यो दिन तिमीहरूको निम्ति एक विशेष
विश्रामको दिन हो र तिमीहरूले त्यसदिन केही खाने
छैनौ। यो विशेष विश्रामको दिन त्यस महिनाको नवौ
दिनको साँझबाट शुरु हुनेछ र भोलिपल्ट साँझसम्म
रहनेछ।”

### छाप्रो-वासको चाड़

३३परमप्रभुले मोशालाई भन्नुभयो, ३४“इस्राएलका
मानिसहरूलाई भनः सातौं महीनाको पन्ध्रौं दिनमा छाप्रो-
बासको चाड़ मनाउनुपर्छ। यो चाड़ परमप्रभुको निम्ति
सात दिनसम्म चली रहनुपर्छ। ३५कसैले यस चाड़को
पहिलो दिन केही काम गर्नु हुदैन् जब पवित्र सभा
गरिनेछ। ३६तिमीहरूले परमप्रभुको निम्ति आगोद्वारा
सात दिनसम्म बलि ल्याउनु पर्छ अनि आठौं दिन
तिमीहरूले अर्को पवित्र सभा गर्ने पर्छ। आगोको बलि
परमप्रभुलाई चढ़ाउनु पर्छ, तिनीहरू त्यस केही काम
गर्नु हुँदैन अनि यो पवित्र सभा हुनेछ।

३७“परमप्रभुको विशेष चाड़हरू यी नै हुन। यी
दिनहरूमा पवित्र सभाहरू हुनेछन्, तिमीहरूले परमप्रभुलाई
आगोबाट बलिहरू चढ़ाउनेछौ। होमबलि, अन्नबलि,
अर्धबलिहरू अरु अन्य बलिदानहरू चढ़ाउँनेछौं। ती
बलिहरू तिमीहरूले ठीक समयमा चढ़ाउनेछौ।
३८तिमीहरूले चढ़ाउने यी बलिहरू परमप्रभुको विश्राम
दिनहरूको स्मरण र विशेष भाकलको निम्ति हो।
तिनीहरू केही योग्यको बलिहरू तिमीहरूले परमप्रभुलाई
दिन सक्छौ।

३९“सातौं महीनाको पन्ध्रौं दिन जब तिमीहरू आफ्नो
जमीनबाट फसल बटुल्छौ तब सात दिनसम्म परमप्रभुको
चाड़हरू मनाउनुपर्छ। पहिलो दिन अनि आठौं दिन

विशेष विश्रामको दिन हुनेछ। ४०पहिलो दिनमा तिमीहरूले फलको बोटहरूबाट राम्रो राम्रो फलहरू बटुल्नु पर्छ अनि खजूरको हाँगाहरू, मोटो पातभएका रूखहरूका हाँगाहरू र खोलाको किनारमा हुने लहरे-पीपलका हाँगाहरू बटुलेर परमप्रभु तिमीहरूका परमेश्वरकोअघि सात दिन आनन्द मनाउनु पर्छ। ४१प्रत्येक वर्ष तिमीहरूले सात दिनसम्म परमप्रभुको निम्ति यो चाड़ मनाउनु पर्छ। यो चाड़ सातौं महीनामा मनाइनेछ र यो विधि सधैं चलिरहनेछ। ४२इस्राएलमा जन्मने सबै मानिसहरू सात दिनसम्म ती अस्थायी छाप्रोहरूमा बास बस्नेछन्। ४३किन? किनभने तिमीहरूका सन्तानले जान्न पाउँनेछन्। त्यसै कारण जब मैले इस्राएलीहरूलाई मिश्रको भूमि बाहिर ल्याए, मैले तिनीहरूलाई दक्षिण छाप्रेहरूमा बस्न लगाए। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।"

४४यसर्थ मोशाले परमप्रभुलाई सम्मान गरिने सबै चाड़हरू इस्राएलका मानिसहरूलाई बताइदिए।

### पानस अनि पवित्र रोटी

**२४** परमप्रभुले मोशालाई भन्नभयो, २"इस्राएलका मानिसहरूलाई आदेश देऊ तिनीहरूले निरन्तर ज्योतिको निम्ति आफैले भद्राक्ष पिसेर तयार पारेको शुद्ध तेल ल्याउनु पर्छ। ३परमप्रभुअघि भेट हुने पालमा करार सन्दुकको पर्दा बाहिर साँझबाट बिहान नहुञ्जेलसम्म हारूनले निरन्तर बत्ती जलाऊन। यो विधि तिमीहरूका सन्तान बाँचुञ्जेलसम्म सधैं चलिरहनेछ। ४हारूनले परमप्रभुको अघि सुनौलो बत्तीदानमा निरन्तर बत्ती जलाइरहनेछन्।

५"मसिनो पीठोको बाह्रवटा रोटी प्रत्येक रोटीमा सोलह बटुको पीठो उपयोग गरेर पकाऊ। ६परमप्रभुअघि प्रत्येक पंक्तिमा छवटा गरेर सुनको मेजमा रोटी सजाऊ। ७प्रत्येक पंक्तिमा शुद्ध सुगन्धित धूप जलाऊ। यसले परमप्रभुलाई आगोद्वारा बलि चढ़ाएको सम्झना गराउन सहायता गर्छ। ८प्रत्येक विश्रामको दिन हारूनले परमप्रभुअघि यसरी रोटी राखुन्। इस्राएलका मानिसहरूको निम्ति यो करार सधैंको निम्ति रहनेछ। ९हारून र उनका छोराहरूले पवित्र स्थलमा त्यो रोटी खानेछन्। किन? किनभने त्यो रोटी धेरै पवित्र छ। यो परमप्रभुको निम्ति आगोद्वारा जलाएर चढ़ाइने बलिहरूमा एउटा हो र यो हारूनको निम्ति स्थायी अंश हुनेछ।"

### त्यो मानिस जसले परमेश्वरलाई सराप दियो

१०इस्राएली आमा र मिश्री पिताको एकजना छोरा थियो जो इस्राएलमा बस्थ्यो। त्यो मानिस इस्राएलीहरूको माझमा थियो अनि एक दिन उसले अर्को इस्राएलसित लड़ाइँ गर्नु शुरू गर्‍यो। ११इस्राएली आमाको छोरोले सराप्दै परमप्रभुको नामको नराम्रो कुरा गर्‍यो अनि मानिसहरूले उसलाई मोशाकहाँ ल्याए। (आमाको नाम शलोमीत थियो अनि तिनी दान कुलकी दिब्रीकी छोरी थिइन्।) १२मानिसहरूले त्यस मानिसलाई कैदी झैं पक्रिए अनि स्पष्ट न्यायको निम्ति परमप्रभुको आज्ञाको लागि पर्खे।

१३तब परमप्रभुले मोशालाई भन्नभयो, १४"मानिसलाई ल्याऊ जसले शिविरबाहिर सराप्यो। ती जसले उसको सराप सुने तिनीहरूलाई पनि बोलाऊ अनि ती तिनीहरूले आफ्ना हात उसको टाउकोमा राख्नु पर्छ। तब इस्राएलको सम्पूर्ण समुदायले उसमाथि मरुञ्जेसम्म ढुंगा हिर्काउनु पर्छ। १५तिमीले इस्राएलका मानिसहरू भन: "यदि कुनै मानिसले आफ्नो परमेश्वरलाई सराप्छ भने उसलाई दण्ड दिनु पर्छ। १६यदि कुनै मानिसले परमप्रभुको निन्दा गर्छ अथवा सराप्छ इस्राएलको सम्पूर्ण समुदायले उसलाई ढुंगाले हिर्काएर मार्नुपर्छ। यदि एउटा विदेशीले निन्दा गर्छ भने उसलाई अवश्यै मार्नु पर्छ जस्तो इस्राएलमा जन्मएको निन्दालाई मार्छ।

१७"अनि यदि एकजना मानिसले कुनै अर्को मानिसको हत्या गर्छ भने त्यसलाई मार्नुपर्छ। १८यदि कुनै व्यक्तिले अर्काको पशुलाई मारे त्यसले बदलामा अर्को एउटा पशु दिनुपर्छ। १९अनि यदि कुनै मानिसले अर्को मानिसलाई चोट ल्याउँछ। त्यस मानिसलाई पनि चोट नै पारि दिनुपर्छ। २०हड्डी भाँचेको भए हड्डी नै भाँची दिनुपर्छ एउटा आँखा फुटाई दिएको भए उसको पनि आँखा नै फुटाइदिन पर्छ र दाँत भाँची दिएको भए त्यसको पनि दाँत नै भाँची दिनुपर्छ। जे जस्तो चोट पारेकोछ त्यसलाई पनि त्यही गर्नुपर्छ। २१यदि कसैले कुनै मानिस मारे त्यो मार्ने मानिसलाई पनि मार्नुपर्छ। यदि कसैले अर्को कसैको पशु मारे त्यसले पनि उसको साटोमा एउटा त्यस्तै पशु दिनुपर्छ।

२२"कानून विदेशीको निम्ति अनि आफ्नो देशका मानिसहरूको निम्ति साँचो रहनेछ। किन? किनभने म परमप्रभु तिमीहरूको परमेश्वर हुँ।"

२३तब मोशाले मानिसहरूलाई यी कुराहरू बताए अनि तिनीहरूले जसले सरापेको थियो त्यस मानिसलाई पाल बाहिर ल्याएर ढुङ्गाले हिर्काएर मारे। यसर्थ इस्राएलीहरूले त्यही गरे जो परमप्रभुले मोशालाई आज्ञा दिनु भएको थियो।

### जमीनको निम्ति विश्रामको समय

**२५** परमप्रभुले सीनै पर्वतमा मोशालाई भन्नुभयो, २"इस्राएलका मानिसहरूलाई भन, जब तिमीहरू जमीनमा पुग्छौ, जो म तिमीहरूलाई दिन्छ, त्यस समय तिमीहरूले परमप्रभुको सम्मानमा भूमिलाई विशेष विश्राम दिनु पर्छ। ३छ वर्षसम्म तिमीहरूले बीऊहरू रोप्न सक्छौ अनि छ वर्ष सम्म दाख बगैंचामा कलम काट्न सक्छौ, फलहरू बटुल्न सक्छौ। ४तर सातौं वर्षमा तिमीहरूले जमीनलाई विश्राम दिएर त्यहाँ बीऊहरू छर्ने

छैनौ, त्यहाँका बोटहरू छिमोल्ने छैनौं कारण परमप्रभुको
सम्मानमा यो विशेष विश्राम हुनेछ। ५उब्जनी उठाइसकेपछि
त्यहाँ आफै उम्रेका बोटहरूबाट अन्न उठाउनु सक्तैनौ
अनि नछिमोलेको दाख बोटहरूबाट फल बटुल्न सक्तैनौ।
जमीनले एक वर्ष विश्राम पाउनेछ।

६"यदि भूमिलाई विश्राम दिएको भएता पनि तिमीहरूको
निम्ति अनि तिमीहरूका मानिसहरूको अनि नोकर-
नोकरनीहरूको निम्ति दैनिक मजदूरहरू तथा तिमीहरूसंग
बस्ने विदेशीहरूको निम्ति प्रशस्त फसल हुनेछ।
७तिमीहरूले घरेलू र अरु पशुहरूको निम्ति पनि त्यहाँ
प्रशस्त फसल हुनेछ।

## ज्यूबिलि-विमोचनको वर्ष

८"तिमीहरूले सात वर्ष सात पल्ट गन्नु जसको
प्रतिफल ४९ वर्ष निस्कन्छ। त्यस समयको औघिमा
त्यहाँ भूमिलाई सात वर्षको निम्ति विश्राम हुनेछ।
९सातौँ महीनाको दशौँ दिन जुन प्रायश्चितको दिन हुन्छ
भेड़ाको सिँगको तुरही बजाउनु। यो सारा देशभरि
बजाउनु पर्छ। १०तिमीहरूले पचासौ वर्षलाई विशेष वर्ष
रूपमा मनाउनेछौ अनि सारा देशका सबै मानिसहरूको
निम्ति स्वतन्त्रताको घोषणा गर्नेछौ, जसलाई जयन्ती
उत्सवको रूपमा मनाइनेछ। यस समयमा प्रत्येक मानिसले
आफ्नो सम्पत्ति फिर्ता पाउनेछ। प्रत्येक सेवक आफ्नो
घरमा फर्किनेछ। आफ्नो घर-जमीनमा जानेछ, आफ्नो
परिवार भएकोमा फर्केर जानेछ। ११तिमीहरूको निम्ति
यो पचासौ वर्ष एक विशेष उत्सवको वर्ष हुनेछ। त्यति
बेला कुनै पनि बीऊ नछर विजन नलगाऊ, आफै
फलेको अन्न नउठाऊ अनि नछिमोलेको दाखबाट
नबटुल। १२यो वर्ष तिमीहरूको निम्ति महोत्सवको
वर्ष* हो र यो पवित्र समय मान्नु। तिमीहरूले खेतमा
उठाएको अन्न खानु। १३जयन्ती वर्षमा प्रत्येक मानिसले
आफ्नो सम्पत्ति फिर्ता पाउनेछ।

१४"जब तिमीहरूले आफ्नो जमीन बेच्दा आफ्ना
छिमेकीहरूलाई नठग। उसले पनि तिमीलाई नठोगोस्
जब तिमी ऊबाट जमीन किन्छौ। १५जब तिमी तिमीहरूको
छिमेकीको जमीन किन्छौ तब विगत वर्षको उत्सवको
संख्यालाई गन र उचित मूल्य गणना गर्नु ती संख्याहरू
उपयोग गर। किन? किनभने तिम्रो छिमेकीले तिमीलाई
अर्को (उत्सव) सम्म सही तरीकाले खेती-पाती गर्नको
निम्ति बेचेको छ। १६तिमीले वर्षहरू अनुसार दामको
हिसाब गर्नु पर्छ। यदि त्यहाँ धेरै वर्षहरू बाकी रहे
उत्सव दाम ज्यादा हनु पर्छ। यदि वर्षहरू कम्ति भए
दाम किम्ति हुनु पर्छ। किनभने उसले तिमीलाई
अन्नहरू संख्याहरू मात्र बेचेका हुन्। १७एकार्कालाई
नठग। आफ्नो परमेश्वरलाई आदर गर। म परमप्रभु
तिमीहरूका परमेश्वर हुँ।

१८"मेरो विधि-विधानहरू याद राखेर पालन गरे
तिमीहरू आफ्नो जमीनमा आराम साथ बस्न सक्छौ।
१९अनि जमीनले प्रशस्त बाली उब्जाउनेछ र तिमीहरूसित
अन्नको केही कमी नहुँदा तिमीहरू आनन्दले बाँच्नु
सक्छौ।

२०"तर हुन सक्छ तिमीहरूले भन्न सक्छौ, 'यदि
हामीले बीऊ छरेनौ अथवा बाली उठाएनौ भने सातौँ
वर्षमा खाने हामी सित केही रहदैन।' २१चिन्ता नगर!
छैटौँ वर्षमा म मेरो आशीर्वाद दिने छु जसले गर्दा
जमीनले तीन वर्षको निम्ति बाली उब्जाउनेछ। २२जब
तिमीहरू आठौँ वर्ष बाली लगाउछौ त्यस समयमा
पहिलेको अन्न नै खाइरहेको हुनेछौ। नवौँवर्ष तिमीहरूको
बाली पाकी सक्दा पनि तिमी त्यही पुरानो अन्न नै खाँदै
गरेका हुनेछौ।

## सम्पत्तिको विषयमा नियमहरू

२३"भूमि साच्चै नै मेरो हो यसकारण तिमीहरूले
सदाको निम्ति बेच्न सक्तैनौ। तिमीहरू त मेरो जमीनमा
मसँग बस्न आएका परदेशी अथवा यात्रीहरू मात्र हौ।
२४मानिसहरूले जमीन बेच्न सक्छन् तर फेरि तिनीहरूको
परिवारको सदस्यले त्यो भूमि फिर्ता गर्न सक्छ।
२५तिमीहरूको देशमा कुनै मानिस एकदमै गरीब हुँदा
जमीन बेच्नु सक्छ तर उसको अति नजिकको आफन्त
आएर आफ्नो मानिसको निम्ति त्यो भूमि किन्न सक्छ।
२६कुनै गरीब मानिसलाई उसको जमीन किनी दिने
आफन्त नहोला, तर उसको प्रशस्त धन भएको समयमा
आफैले यो जमीन किन्न सक्छ। २७त्यो जमीन किन्न
उचित मूल्य तिर्न उसले बेचेको वर्षबाट किन्ने समयसम्म
कति वर्ष उसले त्यस जमीनमा खेती गर्‍यो, त्यो गनोस्
र बाँकी रहेको वर्षहरूमा त्यस जमीनबाट कति उब्जनी
हुन्छ त्यसको मूल्य तिरेर आफ्नो जमीन किनोस् तब
त्यो जमीन फेरि उसको हुन्छ। २८तर यदि त्यस
मानिसको जमीन किन्न प्रशस्त धन कमाउन नसके
अनि जमीनको मूल्य तिर्न नसके महोत्सव वर्षसम्म त्यो
जमीन किन्ने मानिस कै भइरहनेछ। तब विशेष महोत्सवको
समयमा त्यो जमीन फेरि पुरानो त्यसको मालिकलाई
फर्काइनेछ र त्यो जमीन त्यसको सही मालिक कै
हुनेछ।

२९"यदि कुनै मानिसले पर्खाल लगाएको शहरभित्रको
घर बेच्छ भने उसले एक वर्षभित्र घर उक्साउने
अधिकार पाउनेछ। ३०तर यदि त्यो बेच्ने मालिकले
बेचेको दिनबाट एक वर्ष भित्रमा फर्काउन नसके त्यो
पर्खालको घेराभित्रको घर किन्ने मानिस तथा उसको

**महोत्सवको वर्ष** यस शब्दलाई 'ज्यूबिलि' भनिएको छ र यसको अर्थ निस्तार चाड़ अथवा प्रत्येक सातवर्षमा मनाउनु भनी परमप्रभुले मोशालाई बताउनु भएको हो। 'ज्यूबिलि' शब्द हिब्रू शब्दबाट आएको र यसको अर्थ महोत्सव अथवा निस्तार चाड़ मनाँउदा सिंग बजाउनु पनि भनिएको छ।

सन्तानहरूको स्थायी सम्पति हुनेछ। महोत्सवको समयमा त्यो घर पुरानो मालिकलाई फर्काइने छैन। ३१तर पर्खालले नघेरिएको जग्गा खुल्ला मैदान सरह रहन्छ र त्यस्तो ठाउँको घर बेचिएको खण्डमा महोत्सवको बेला पहिलेको मालिकले नै त्यो घर पाउँनेछ।

३२"तर लेवीहरूको शहर विषयमा: लेवीहरूसित तिनीहरूको घर फिर्ता पाउने अधिकार छ जो तिनीहरूको शहरहरू भित्र छ। ३३लेवी शहर भित्रको लेवीहरूको घर यदि कुनै मानिसले किनेको भए पनि महोत्सवको समयमा त्यो घर फेरि पुरानो मालिकैकोमा फर्केर जान्छ। किन? किनभने लेवी शहर भित्रका घरहरू लेवी परिवारहरू कै हुन्। इस्राएलीहरूले लेवीहरूलाई ती घरहरू दिएका हुन्। ३४लेवी शहरहरूको वरिपरि रहेका खेतहरू तथा चउरहरू बेच्न सक्दिैन किनभने ती सब सदाको निम्ति लेवीहरू कै हुन्।

## कमारा मालिकहरूको निम्ति नियमहरू

३५"तिमीहरूको शहर भित्रैको कोही मानिस यति गरीब हुन सक्छ कि उसले आफैलाई पनि गुजारा गर्न नसक्ला। यस्तो खण्डमा तिमीहरूले उसलाई परदेशी पाहुनालाई जस्तै तिमीहरूसितै बस्न दिनुपर्छ। ३६तिमीहरूले उसलाई ऋण दिए सूद-ब्याज वा नाफा नलिन र आफ्नो परमेश्वरको सम्मानमा उसलाई तिमीहरूसित बस्न देऊ। ३७उसलाई ऋण दिए सूद नलगाऊ अनि उसलाई खान बेचेको खाद्यमा नाफा नराख। ३८म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। तिमीहरूका परमेश्वर हुनुलाई र कनान देश तिमीहरूलाई दिनु मैले तिमीहरूलाई मिश्रदेशबाट बाहिर ल्याएँ।

३९"तिमीहरूको आफ्नै देशको कुनै मानिस यति गरीब हुनु सक्छ कि उसले आफैलाई तिमीहरू कसै कहाँ कमारा सरह बेच्न सक्छ तर तिमीहरूले उसलाई कमारालाई भै नखटाऊ। ४०महोत्सवको समयसम्मलाई उसलाई कुनै परदेशी अथवा मजदूरी गर्न खटाइएको मानिसलाई भैँ व्यवहार गर। ४१तब ऊ अनि उसका छोरा-छोरीहरू तिमीहरूदेखि मुक्त हुनेछन्। ऊ आफ्नो पूर्खौली सम्पत्तिमा फर्केर आउनु सक्छ। ४२किन? किनभने त्यस्ता मानिसहरू मेरा सेवकहरू हुन। मैले तिनीहरूलाई मिश्रबाट ल्याएँ। तिनीहरूलाई कमाराको रूपमा बोच्नु हुँदैन। ४३तिमीहरू तिनीहरूको निम्ति निष्ठुर मालिक हुनुहुँदैन। तिमीहरूले आफ्नो परमेश्वरको डर अनि आदर गर्नुपर्छ।

४४"तिमीहरूको स्त्री तथा पुरुष कमारी-कमाराहरूका विषयमा: आफ्नो वरिपरिका देशहरूबाट तिमीहरूले कमारा-कमारीहरू पाउन सक्छौ। ४५तिमीहरूकै देशमा बसो-बास गर्ने विदेशीहरूबाट पनि बालक-बालिका कमारा-कमारीहरू पाउँन सक्छौ। ती बालक कमारा-कमारीहरू तिमीहरूका हुनेछन्। ४६तिमीहरूको मृत्युपछि ती विदेशी कमारा-कमारीहरू तिम्रा नानीहरू हुनेछन् अनि तिनीहरू सधैँको निम्ति तिमीहरूकै हुनेछन्। तिमीहरूले विदेशीहरूलाई कमारा-कमारीहरू बनाउन सक्छौ तर इस्राएली मानिसहरू तिमीहरूको आफन्तहरूप्रति तिमीहरू निष्ठूर मालिक बनिनु हुँदैन।

४७"तिमीहरूकहाँ आउने विदेशी अथवा परदेशीहरू धनी पनि हुन सक्छन् अनि तिमीहरूको आफ्नै देशका दाज्यू-भाइहरू अत्यन्तै गरीब भई तिनीहरूको कमारा बनी बिक्री हुन सक्छन्। ४८यदि यस्तो भएको खण्डमा त्यस मानिससित फिर्ता किन्ने अधिकार छ। उसलाई उसको दाज्यू-भाइहरू मध्ये कसैले किन्नु सक्छ। ४९अथवा उसको काका-मामा तथा उसको काका-मामाका छोराहरूले अथवा उसको आफ्नै आफन्तका कुनै मानिसले उसलाई किन्न सक्छ। अथवा ऊ आफैले पनि आफ्नो प्रशस्त धन जोगाड़ गरे आफैलाई फेरि किन्न सक्छ।

५०"तिमी कसरी दाम तोक्न सक्छौ? अर्को जयन्ती वर्षसम्म विदेशीलाई उसले बेचेको दिनदेखि वर्षहरू गन। तोक्नको निम्ति त्यस संख्यालाई उपयोग गर। किन? किनभने उसले सही रूपमा केही वर्षको निम्ति मात्र किनेको थियो। ५१यदि अर्को जयन्ती वर्षको समय आउन अझै निकै वर्ष छ, त्यस मानिसले निकै बेशी दाम तिर्नु पर्छ। तर दाम वर्षको संख्यामा भर पर्छ। ५२अनि फेरि यदि अर्को महोत्सव वर्ष आउँन केही वर्ष मात्र रहे उसले आफ्नो पुरानो दाम भन्दा धेरै कम्ती रकम तिर्नुपर्छ। ५३त्यो मानिस त्यसको मालिकसँग एक दैनिक हाजिरमा काम गर्ने मजदूर झैं रहनसक्छ अनि त्यस विदेशी मालिकले ऊसंग दुष्ट व्यवहार नगरोस्।

५४"यदि त्यस मानिसलाई कसैले उक्साएको खण्डमा, त्यो मानिस अर्को महोत्सव वर्षमा स्वतन्त्र उस्कनु सक्छ महोत्सवको वर्षमा उसका नानीहरू पनि स्वतन्त्र बनिनु सक्छन्। ५५किन? किनभने, इस्राएलीहरूलाई मिश्र देशमा तिनीहरूको दासत्वबाट उकासेर मेरो आफ्नो दास-दासीहरू बनाउन ल्याएको हुँ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।

## परमेश्वरको आदेश पालन गर्दा पाइने इनाम

२६ "तिमीहरू आफ्नै निम्ति मूर्ति नबनाऊ आफ्नो भूमिमा ढोग गर्नु, मूर्तिहरू अथवा स्मारक नबनाऊ। किन? किनभने म परमप्रभु तिमीहरूको परमेश्वर हुँ।

२"मेरा विशेष विश्राम दिनहरूलाई याद गर अनि मेरो पवित्र स्थानलाई आदर गर। म परमप्रभु हुँ।

३"मेरा नियमहरू अनि आज्ञाहरू याद राख अनि तिनीहरूको पालन गर। ४यदि तिमीहरूले यी कुराहरू गर्छौ भने पानी पर्ने समयमा तिमीहरूलाई पानी दिनेछु। जब यस्तो हुन्छ, जमीनले खेती उब्जाउनेछ अनि

रूखहरूमा फल लाग्नेछन्। ५तिमीहरूको दाई अंङ्गुर
टिप्ने समयसम्म रहनेछ अनि अंङ्गुर टिपाई फसल रोप्ने
समयसम्म रहनेछ। तिमीहरू जति चाहन्छौ त्यति खानेछौ
अनि आफ्नो भूमिमा सुरक्षित बस्नेछौ। ६म तिमीहरूको
देशमा शान्ति दिनेछु र तिमीहरू शान्ति साथ बस्न
पाउनेछौ। नोक्सानदायक पशुहरूलाई म तिमीहरूको
देशबाट निकालिदिनेछु अनि तिमीहरूलाई धम्काउन अथवा
डर देखाउन कोही मानिस आउने छैन कारण कुनै सेना
तिमीहरूको देश भएर जान पाउँनेछैन।

७"तिमीहरूले आफ्नो शत्रुहरूलाई खेद्नेछौ, र तरवारले
मार्नेछौ। ८तिमीहरू पाँच जनाले एक सय जना शुत्रहरूलाई
पराजित गर्नेछौ अनि तिमीहरू एक सय जनाले तिमीहरूको
दश हजार शत्रुहरूलाई पराजित गर्नेछौ। तिमीहरूले
तिमीहरूको शत्रुहरूलाई नाश गर्नेछौ।

९"म तिमीहरूलाई दया गर्नेछु र तिमीहरूलाई ठूलो
सन्तान पनि धेरै नानीहरू जन्माउने शक्ति दिनेछु। म मेरो
करार तिमीहरूसित सही राख्नेछु। १०तिमीहरूसँग प्रशस्त
अन्न रहनेछ र तिमीहरूले नयाँ वर्षको खेती उठाउँदा
पनि पुरानो वर्षको अन्न रही रहनाले त्यो पुरानो अन्न
तिमीहरूले फ्याँक्नु पर्नेछ नत्र तिमीहरूकोमा नयाँ बाली
उठाएर राख्ने स्थल हुने छैन। ११तिमीहरूको माझमा
परमप्रभु आएर बस्ने पवित्र जग्गा-पवित्र पाल बसाल्नेछु।
म तिमीहरूबाट घृणा गर्ने छैन। १२म तिमीहरूसितै
बस्नेछु। म तिमीहरूको परमेश्वर हुनेछु अनि तिमीहरू
मेरा मानिसहरू हुनेछौ। १३म परमप्रभु तिमीहरूको
परमेश्वर हुँ। तिमीहरू मिश्र देशमा दास थियौ तर मैले
तिमीहरूलाई त्यहाँबाट बाहिर ल्याएँ। तिमीहरू दासत्वको
बोझले निहुर्‍याइएको थियौ तर अब म तिमीहरूको
जुवालाई भचिदिनेछु अनि म तिमीहरूलाई धर्मीकता
सित शिर ठाड़ो गरी हिड़्ने तुल्याउनेछु।

## परमेश्वरको आज्ञा भंगको दण्ड

१४"तर यदि तिमीहरूले मेरा ती आज्ञाहरू मान्दैनौ,
१५यदि तिमीहरूले मेरो विधिहरू र आज्ञाहरूको अवहेलना
गर्छौ यो मेरो करार भङ्ग गरेको जस्तो हुनेछ। १६यदि
तिमीहरूले यसो गर्छौ भने, तब म तिमीहरूमाथि
भयंकर कष्टहरू ल्याउनेछु। तिमीहरूमाथि रोग तथा
ज्वरो ल्याइदिनेछु। ती रोगहरूले तिम्रा आँखाहरू फुटाइ
दिनेछन् अनि तिमीहरूको जीवन अन्त गराइदिनेछ।
तिमीहरूले खेती गरे पनि सफल हुने छैनौ, तिमीहरूका
शत्रुहरूले तिम्रा अन्न बलीहरू खाइनदेनछन्। १७म
तिमीहरूको विरोधमा हुनेछु र तिमीहरूलाई शत्रुले
परास्त गर्नेछ। ती शत्रुहरू जसले तिमीहरूलाई घृणा
गर्छन् तिमीहरूमाथि शासन गर्नेछन्। तिमीहरू भागिरहने
छौ यद्यपि कसैले तिमीहरूलाई खेदेको हुँदैन।

१८"यति गर्दा पनि तिमीहरूले मलाई नमाने तिमीहरूले
गरेको पापको सात गुणा वेशी सजाय दिनेछु। १९अनि
तिमीहरूको गर्वको महानगरलाई म भत्काउनेछु। आकाशले
तिमीहरूलाई पानी दिनेछैन र त्यसरी नै पृथ्वीले तिमीहरूलाई
अन्न दिने छैन। आकाश र पृथ्वी तिमीहरूको निम्ति
क्रमश फलाम र काँसा जस्ता हुनेछन्। २०तिमीहरूले
पूरा मेहनत त गर्छौ तर त्यसबाट केही लाभ हुनेछैन
अनि तिमीहरूलाई नत जमीनले अन्न दिनेछ नत
रुखहरूले फल दिनेछ।

२१"अझ तिमीहरू मेरो विरोध गर्छौ र मैले भनेको
मान्दैनौ भने तिमीहरूलाई सात गुणा अधिक हिसाबले
हिर्काउनेछु। जति तिमीहरू पाप गर्छौ त्यति नै वेशी
तिमीहरूले दण्ड भोग्ने छौ। २२म तिमीहरू विरुद्ध
जंगली जनावरहरू पठाउनेछु अनि तिनीहरूलाई तिमीहरूका
नानीहरू लैजानेछन्। तिनीहरूले तिमीहरूको पशुहरू
मार्नेछन अनि तिमीहरूका धेरै मानिसहरू मारिनेछन्।
बाटाहरू खाली हुनेछन्।

२३"यति हुदा पनि यदि तिमीहरू चेतेनौ भने अनि
मेरो विरोध गरिरह्यौ भने, २४तब म आफै तिमीहरूको
विरुद्ध जानेछु र तिमीहरूको पापहरूको निम्ति सात
गुणा दण्ड दिनेछु। २५तिमीहरूले मेरो करार भङ्ग
गर्‍यौ, यसर्थ म तिमीहरूलाई दण्ड दिन तिमीहरूको
विरुद्ध शुत्रहरू ल्याउनेछु। तिमीहरू बचाऊको निम्ति
आफ्नो शहरभित्र जानेछौ तर म त्यहाँ रोगहरू फैलाइदिनेछु
अनि तिमीहरूका शत्रुहरूले तिमीहरूलाई जित्ने छन्।
२६म तिमीहरूको अन्न वितरण विछिन्न बनाउनेछु।
दश जना स्त्रीहरूले एउटै चुल्होमा भान्सा पकाउनेछन्।
तिनीहरूले एक-एक जना गरेर रोटी नाप्नेछन्। तिमीहरूले
खानेछौ तर तिमीहरू अघाउने छैनौ।

२७"अझ पनि यदि तिमीहरूले मेरो ओदशहरू मान्न
अस्वीकार गर्‍यौ अनि मेरो विरोधमा रह्यौ। २८तब म
मेरो साँच्चै रीस देखाउनेछु! म तिमीहरूको परमप्रभु,
तिमीहरूको पाप परिणामभन्दा सात गुणा वेशी दण्ड
दिनेछु। २९तिमीहरू यति साह्रो भोको हुनेछौ कि
तिमीहरूले आफ्नै छोरा-छोरीहरूको मासु खानेछौ। ३०म
तिमीहरूको पूजा गर्ने अग्ला स्थलहरू ध्वंश पारि
दिनेछु अनि धूपका वेदीहरू भत्काइदिनेछु। म तिमीहरूको
लाशहरूलाई तिमीहरूको मूर्तिहरूमाथि लड़ाइदिने छु।
तिमीहरू मबाट एक्दमै घिनलाग्दो भएका छौ। ३१म
तिमीहरूको पवित्र स्थलहरू शून्य पारिदिनेछु, म
तिमीहरूका शहरहरू ध्वंश पारिदिनेछु अनि म तिमीहरूले
चढ़ाएको सुगन्धित बलिहरू ग्रहण गर्दिनं। ३२म तिमीहरूको
देश खाली पार्नेछु तब तिमीहरूको शत्रुहरू पनि त्यो
देखेर छक्कै पर्नेछन्। ३३म तिमीहरूलाई देश विदेशमा
छरपुष्ट पार्नेछु र मेरो तरवार निकालेर तिमीहरूलाई शेष
गर्नेछु। तिमीहरूको भूमि रित्तिनेछ अनि शहरहरू नाश
हुनेछन्।

३४"तिमीहरूको देश खाली पारेर तिमीहरूलाई शत्रुको
देशमा लगिनेछ जसले गर्दा तिमीहरूको देशले पूर्ण

आराम पाउनेछ र देशले पनि आरामको समयको आनन्द
लिनेछ। ३५जमीन खाली हुनेछ अनि जमीनले विश्राम
पाउनेछ जो तिमीहरू त्यहाँ हुँदा यसले पाएको थिएन।
३६बाँचेकाहरूले पनि शत्रुको जमीनमा बस्न साहस
पाउनेछैन। तिनीहरू प्रत्येक चीजसँग भयभीत रहनेछन्
अनि हावाले उढ़ाएको पत्कर झैं यता र उता भागिरहने
छन्। तिनीहरू कसैले पछिबाट लखेटे झैं भागिरहने
छन् र लड़ने छन्। ३७कसैले नखेदे पनि तिनीहरू
कसैले तरवारलिएर खेदे झैँ भागेर एकर्कामा ठोकिदै
लड्नेछन्।

"तिमीहरू शत्रुहरूको सामुन्ने उभिने साहस पाउने
छैनौ। ३८तिमीहरू अर्काको देशमा नष्ट हुनेछौ। ३९यसर्थ
ती बाँकी बाँचेकाहरू पनि शत्रुहरूको देशमा आफ्नो
पापहरूका लागि सड़ेर जानेछन्। तिनीहरूका पुर्खाहरू
जसरी सड़ेर गए त्यसरी नै तिनीहरू पनि शत्रुहरूको
मुलुकमा सड़ेर शेष हुनेछन्।

### त्यहाँ जहिले पनि आशा छ

४०"तर यदि ती मानिसहरूले आफ्नो पाप, पिता-
पुर्खाहरूले गरेको पाप, तिनीहरू मेरो विरोधमा रहेको
सत्य र तिनीहरूले विश्वास घात गरेको अधर्म स्वीकार
गरे, ४१यदि तिनीहरूले म तिनीहरूको शत्रु भएको र
शत्रुहरूको देशमा पठाएको सत्य स्वीकारे अनि तिनीहरू
मेरो निम्ति विदेशीहरू झैं भए पनि यदि तिनीहरूको
दुष्ट हृदयलाई नम्र पारी आफ्नो पापको दण्ड भोग्छन्
भने, ४२मैले याकूब, इसहाक र अब्राहामसँग गरेको
करार र त्यस देशलाई पनि सम्झनेछु।

४३"जमीन रित्तो रहनेछ र त्यसले विश्रामहरूको
आनन्द लिनेछ। ती बाँकी बाँचेकाहरूले* तिनीहरूले
गरेको पापको दण्ड ग्रहण गर्नेछन्, तिनीहरूले मेरो
विधिहरू घृणा गरेको र विधिहरू मान्नु अस्वीकार
गरेको कारण नै तिनीहरूले सजाय भोगेको हो भनी
बुझे भने, ४४तिनीहरूले साँच्चै नै पाप गरेका हुन्। तर
यदि मेरो सहायता खोजे म तिनीहरूलाई अस्वीकार गर्ने
छैन। तिनीहरूलाई पुरै नष्ट पार्ने छैन, तिनीहरू शत्रुको
देशमा बसेका भए पनि तिनीहरूले भनेको कुरा सुन्नेछु
कारण म आफ्नो करार बिर्सने छैन। किन? किनभने म
परमप्रभु तिमीहरूको परमेश्वर हुँ। ४५तिनीहरूको निम्ति
म तिनीहरूका पिता-पुर्खाहरूसित गरेको करार सम्झनेछु।
तिनीहरूका पिता-पुर्खाहरूलाई मैले मिश्रबाट बाहिर ल्याएर
म तिनीहरूको परमेश्वर बनिएको सत्य अन्य जातीहरूलाई
थाहा छ। म परमप्रभु हुँ।"

४६परमप्रभुले इस्राएलका मानिसहरूलाई दिएको विधि-
विधानहरू, नियमहरू र शिक्षाहरू यी नै हुन् र यी
विधिहरू नै परमप्रभु अनि इस्राएलका मानिसहरूमाझ
भएको करार हो। परमप्रभुले सीनै पर्वतमा यी विधिहरू
मोशालाई भन्नुभयो अनि उनले तिनीहरू इस्राएलका
मानिसहरूलाई दिए।

### भाकलहरूको महत्व हुन्छ

२७ परमप्रभुले मोशालाई भन्नुभयो, २"इस्राएलका
मानिसहरूलाई भनः कुनै मानिसले विशेष
सेवाको निम्ति कुनै मानिस नै चढ़ाउने परमप्रभुसँग
भाकल गर्न सक्छ। त्यो मानिसको दाम पूजाहारीले
तोकनुपर्छ। किनभने त्यसरी चढ़ाउने मानिसहरूले चढ़ाइएको
मानिस फर्काउँदा परमप्रभुलाई दाम तिर्नुपर्छ। ३बीस वर्ष
देखि साठ्ठी वर्ष बीच मानिसको मोल चाँदीको पचास
शेकेल हुन्छ। तिमी चाँदीका लागि अधिकारिक नाप
उपयोग गर्नुपर्छ। ४एउटै उमेर भएकी स्त्रीहरूको मोल
तीस शेकल हो। (तिमीहरू चाँदीको निम्ति अधिकारी
नाप प्रयोग गर्नुपर्छ।) ५पाँच वर्षदेखि बीस वर्ष पुगेको
मानिसको दाम बीस शेकेल चाँदी र यही उमेरकी
स्त्रीको दाम दश शेकेल चाँदी। ६एक महीनाबाट पाँच
वर्षसम्म पुगेको केटोको दाम पाँच शेकेल चाँदी अनि
केटीको दाम तीन शेकेल। ७साठी वर्ष अथवा बढ़ीको
पुरुषको दाम पन्ध्र शेकेल र स्त्रीको दाम दश शेकेल
चाँदी हुन्छ। (चाँदीको परिणाम सरकारी परिणाम अनुसार
हुनुपर्छ)

८"यदि कुनै मानिस एकदमै गरीब भए उसलाई
पूजाहारीकहाँ ल्याउनु र त्यस मानिसले कति तिर्नु पर्ने
निर्णय गर्नेछन्। बाँचिकाहरू अथवा बाँकी रहेका परमप्रभुको
आज्ञा अवहेलना गर्दा परमप्रभुले दिनु भएको दण्डको
भोगाइ र बाँचेका मानिसहरू।

### परमप्रभुलाई उपहार

९"केही पशुहरू परमप्रभुलाई बलि स्वरूप चढ़ाउन
सकिन्छ। यदि कुनै मानिसले तिनीहरू मध्ये एउटा पशु
ल्याए त्यो पवित्र हुन्छ। १०जुन पशु उसले परमप्रभुलाई
चढ़ाउने प्रतिज्ञा गरेको थियो, उसले चेष्टा गर्नु हुँदैन
अनि अर्को पशुसित साट्नु हुँदैन। उसले त्यो पशु अर्को
पशु साट्नु हुँदैन। राम्रो पशुसित नराम्रो अथवा नराम्रोसँग
राम्रो पशु साट्नु हुँदैन। यदि कुनै मानिसले गर्छ त्यसो
दुवै पशुहरू पवित्र हुनेछन् र दुवै परमप्रभुको हुनेछन्।

११"कोही पशुहरू परमप्रभुको निम्ति बलिहरू चढ़ाउँन
सकिँदैन यदि कुनै मानिसले त्यस्तो अपवित्र पशु
परमप्रभुलाई चढ़ाउन ल्याए, त्यो पूजाहारीकहाँ ल्याउनुपर्छ।
१२त्यो पशु चाहे राम्रो होस अथवा नराम्रो केही भिन्नता
हुँदैन तर दाम पूजाहारीले तोक्नेछ। पूजाहारीले दाम
तोकेपछि त्यो पशुको दाम त्यही रहनेछ। १३यदि त्यो

**बाँचेकाहरू** अथवा बाँकी रहेका परमप्रभुको आज्ञा अवहेलना
गर्दा परमप्रभुले दिनु भएको दण्ड भोगाई मर्नेहरूको बीचबाट
बाँचेका मानिसहरू।

मानिस त्यो पशु फर्काउन चाहन्छ, उसले यसको
दाममाथि अझै एक पाँचौ अंश थप्नुपर्छ।

## घरको मूल्य

१४“अब यदि कुनै मानिसले आफ्नो घर परमप्रभुलाई
अर्पण गर्न चाहान्छन भने, पूजाहारीले त्यस घरको दाम
तोक्नुपर्छ। त्यो घर गत्तिलो होस अथवा नराम्रो यसमा
कुनै भिन्नता रहँदैन, यदि पूजाहारीले मूल्य तोकेपछि
त्यही नै पक्का मूल्य हुनेछ। १५यदि त्यस मानिसले
त्यो घर फेरि फर्काउन खोजे उसले तोकेको दाममा
अझ पाँचौ अशं थप्नुपर्छ र त्यो घर फेरि उसैको
हुनेछ।

## सम्पत्तिको मूल्य

१६“यदि कुनै मानिसले आफ्नो खेतको एउटा अंश
परमप्रभुमा अर्पण गर्छ, तब अर्पिएको जमीनको अंशको
दाम बीउको परिमाण अनुसार तोकिनु पर्छ जो जमीनको
त्यस आदेशमा छर्न सकिन्छ। एक होमर* जौको बीउ
जाने जमीनको पचास शेकेल* चाँदीको दरले दाम तोक्न
सकिन्छ।। १७यदि कुनै मानिस आफ्नो जमीन जयन्ती
वर्षमा परमप्रभुलाई चढ़ाउँछ तब यसको दाम
पूजाहारीद्वारा तोकिनेछ। १८तर यदि त्यस दाताले उत्सवपछि
जमीन दान गर्छ भने त्यसको दाम पूजाहारीले हिसाब
गरेर पक्का दाम तोक्नुपर्छ। अर्को महोत्सव वर्षसम्म
कति वर्ष बाँकी रहन्छ त्यही प्रकारले उसले मूल्य
तोक्नुपर्छ। १९यदि त्यही दामले आफ्नो जमीन फर्काउन
चाहे तोकिएको दाममा अझ एक पाँचौ अंश थपेर
लिओस् तब त्यो जमीन फेरि उसको आफ्नो हुन्छ।
२०यदि त्यस दाताले मूल्य चुकाएर आफ्नो जमीन
फर्काएन भने त्यो जमीन पूजाहारीको हुन्छ। तर यदि
त्यो जमीन अरु कसैले किने फेरि दामाले फर्काउन
सक्तैन। २१महोत्सवको वर्षमा जमीन मुक्त गरिदिन्छ।
यो परमप्रभुको निम्ति पवित्र भूमि झैं परमप्रभुलाई
सम्पूर्ण रूपले अपर्ण गरिएको हुन्छ यो सधैंको निम्ति
पूजाहारीको हुनेछ।
२२“यदि कुनै मानिसले, आफ्नो पारिवारिक सम्पत्ति
नभई कुनै उसले किनेको जमीन परमप्रभुलाई अर्पण
गर्छ भने, २३तब पूजाहारीले त्यो वर्षदेखि महोत्सव
वर्षसम्म रहेको वर्षको हिसाबले जमीनको दाम तोकोस्,
तब त्यो जमीन परमप्रभुको हुनेछ। २४महोत्सव वर्षमा
त्यो जमीन फेरि जुन मालिकबाट दाताले किनेको थियो
उसैको हुन्छ।

२५“कुनै चीजको दाम तोकिदा पवित्रस्थानको
प्रशासनद्वारा अधिकारिक नाप अनुसार तोकिनु पर्छ।
प्रशासनको विधि अनुसार एक शेकेल बराबर बीस
गेराह हुन्छ।

## पशुहरूको मूल्य

२६“मानिसहरूले परमप्रभुलाई गाई तथा भेड़ाहरू पनि
विशेष बलिको रुपमा चढ़ाउन सक्छन्। तर यदि चढ़ाइने
पशु माऊको प्रथम थुमा अथवा बाछो हो भने त्यो
परमप्रभुकै हो। यसर्थ मानिसहरूले ती पशुहरू परमप्रभुलाई
विशेष बलि स्वरुप चढ़ाउन सक्तैनन्। २७तर यदि त्यो
पहिला जन्मिएको पशु अशुद्ध छ। तब त्यस मानिसले
फेरि यसलाई किनेर फर्काउनुपर्छ। पूजाहारीले त्यो
पशुको दाम तोक्छ र किन्नेले त्यसमा पाँचौ अंशको
एक अंश थपेर किन्नुपर्छ। तर यदि त्यही व्यक्तिले
नकिने पूजाहारीले उसले तोकेको दाममा त्यो पशु
बेच्नुपर्छ।

## विशेष उपहार

२८“मानिसहरूले परमप्रभुलाई विशेष उपहारहरू
चढ़ाउँछन् र यी उपहारहरू परमप्रभुको हुनेछन्। अनि
किन-बेच गर्न सकिँदैन। पारिवारिक सम्पत्तिका यी
उपहारहरू मानिस, पशु, जमीन अनि कुनै वस्तु हुन
सक्छन्।
२९“यदि यस्तो विशेष उपहार मानिसको छ भने तब
उसले किनेर फिर्ता ल्याउन सक्दैन र त्यसलाई अवश्यै
मार्नु पर्छ।
३०“सबै बालीका अन्नहरूबाट दशांश परमप्रभुको
हो, यसको अर्थ खेतीको अन्न तथा रुखका फलहरूको,
दशांश परमप्रभुको हो। ३१यसर्थ यदि कुनै मानिसले
त्यो अंश फिर्ता लिनु चाहन्छ भने उसले उसको
दशांशको दाममा पाँच भाग अंश दाम थप्नुपर्छ अनि
मात्र किन्न सक्छ।
३२“मानिसहरूको गाई तथा भेड़ाहरूबाट प्रत्येक दशौं
पशु पूजाहारीले लिन सक्छन् किनभने प्रत्येक दशांश
पशु परमप्रभुको हो। ३३त्यो छानिएको पशु असल हो
अथवा होइन त्यस विषयमा त्यसको मालिकले चिन्ता
गर्ने काम छैन। उसले त्यो पशु अर्को एउटासँग साट्न
सक्तैन, यसो गरे ती दुइटै पशुहरू परमप्रभुका हुन्छन्।
त्यो पशु किनेर फर्काउन सकिँदैन।”
३४सीनै पर्वतमा परमप्रभुले मोशालाई इस्राएलका
मानिसहरूका निम्ति दिनु भएका आज्ञाहरू यीनै हुन्।

---

**होमर** एउटा सुक्खा नाप प्राय ६ बुसल।

**शेकल** एक शेकल प्राय २.५ आउन्स।

# प्रस्थानको पुस्तक

### मिश्रदेशमा याकूबको परिवार

१ याकूबले आफ्ना छोराहरूसित मिश्रदेशतिर यात्रा गरे अनि तिनका प्रत्येक छोरोसित आफ्नो-आफ्नो परिवार थिए। इस्राएलका छोराहरू यिनीहरू नै हुन्: २रूबेन, शिमोन, लेवी, यहूदा, ३इस्साकार, जबूलून, बिन्यामीन, ४दान, नप्ताली, गाद र आशेर। ५याकूबका आफ्नै परिवारका जम्मा सन्तानहरू सत्तरी जना थिए। यूसुफ याकूबका बाह्रजना छोराहरू मध्ये एकजना थिए (तर तिनी पहिलेदेखि नै मिश्रमा थिए।)

६यूसुफ, उनका दाज्यू-भाइहरू अनि त्यस पुस्ताका सबै मानिसहरूको मृत्यु भयो। ७तर इस्राएलका मानिसहरूका धेरै बाल-बच्चाहरू थिए अनि तिनीहरूका सन्तान बढ़ि नै रहे। इस्राएलका मानिसहरू शक्तिशाली भए र इस्राएलीहरूले नै मिश्र देश भरियो।

### इस्राएलका मानिसहरूको दुःख

८तब नयाँ राजाले मिश्रदेशमा शासन गर्न थाले। त्यो राजाले यूसुफलाई चिन्दैन थिए। ९त्यो राजाले आफ्ना मानिसहरूलाई भने, "इस्राएलका मानिसहरूलाई हेर, तिनीहरू विशाल संख्यामा छन् र हामीभन्दा बलिया पनि छन्। १०यी इस्राएलीहरूको संख्या वृद्धिमा अंकुशे लगाउन हामीले केही योजनाहरू बनाउनु पर्छ। यदि हामीसित कसैले लड़ाइँ गरे यी इस्राएलीहरू शत्रु पक्षपट्टि लाग्न सक्छन्। अनि तिनीहरूले हामीलाई जितेर हामीबाट उम्कन सक्छन्।"

११मिश्रीहरूले इस्राएलीहरूको जीवन कष्टपूर्ण पार्ने निर्णय गरे। यसर्थ मिश्रीहरूले इस्राएलीहरूमाथि कमारा-स्वामीहरू नियुक्त गरे। ती स्वामीहरूले फिरऊनको निम्ति पिताम र रामसेस शहरहरू बनाउन ती इस्राएलीहरूलाई जोर लगाए। राजाले यी शहरहरू अन्न र अरू चीजहरू राख्न प्रयोग गरे।

१२मिश्रीहरूले इस्राएलीहरूलाई कठिन-कठिन कामहरू गर्न लगाउन थाले, तर जति तिनीहरूलाई काममा लगाउन्थ्यो त्यति नै तिनीहरूको संख्या बढ़थ्यो अनि फैलिन्थे। अनि मिश्रीहरू इस्राएलीहरूसँग अझै डराउन थाले। १३यसर्थ तिनीहरूलाई मिश्रीहरूले अझ कठिन कामहरू गर्न लगाए।

१४मिश्रीहरूले इस्राएलीहरूको जीवन कठिन बनाइ दिए। मिश्रीहरूले इस्राएलीहरूलाई ईंटा र त्यसको मसला बनाउँने जस्ता कठिन काम गर्न वाध्य गराए। तिनीहरूलाई खेतमा पनि कठिन काम गर्न वाध्य गराए। तिनीहरूलाई खेतमा पनि कठिन कामहरू गर्न जोर दिए। तिनीहरूले गर्ने प्रत्येक काममा नै इस्राएलीहरूलाई सह्रै कठिन अप्ठयारोमा पारे।

### सेविकाहरू जसले परमेश्वरलाई पछ्याए

१५हिब्रू स्त्रीहरूले नानी जन्माउने समयमा हेरचाह गर्ने त्यहाँ दुइजना सुँड़ेनीहरू थिए। तिनीहरूको नाउँ शिप्रा र पूआ थियो। मिश्र देशका राजाले ती दुइ सुँड़ेनीसँग कुरा गरे।

१६राजाले तिनीहरूलाई भने, "जब तिमीहरूले एउटा हिब्रू स्त्रीहरूलाई नानी जन्माउनमा सहायता गर्नेछौ, यदि छोरी जन्मिछे भने उसलाई बाँच्न देऊ। तर यदि छोरा जन्मिछ भने तब त्यसलाई अवश्य मारिदेऊ।"

१७तर ती सुँड़ेनीहरूले परमेश्वरलाई सम्मान गर्थे। यसकारण तिनीहरूले राजाको हुकुम पालन नगरी, जन्मेका बालकहरूलाई बाँच्न दिए।

१८तब राजाले ती सुँड़ेनीहरूलाई बोलाए र तिनीहरूलाई भने, "तिमीहरूले यस्तो किन गर्‍यौ? तिमीहरूले बालकहरूलाई किन बाँच्न दियौ? यसो किन गर्‍यौ?"

१९सुँड़ेनीहरूले फिरऊनलाई उत्तर दिए, "महाराज! हिब्रू स्त्रीहरू मिश्री स्त्रीहरूभन्दा ज्यादै बलिया छन्। हामीहरू तिनीहरूलाई सहायता गर्न पुग्नअघिनै नानी जन्माइसकेका हुन्छन्।" २०-२१परमेश्वर सुँड़ेनीहरूसित खुशी हुनुहुन्थ्यो, यसकारण परमेश्वर तिमीहरू राम्री हुनुहुन्थ्यो, उहाँले तिनीहरूलाई आफ्नै परिवारहरू बनाउने अनुमति दिनुभयो। हिब्रू मानिसहरूका धेरै नानीहरू हुँदै गए अनि तिनीहरू साह्रै शक्तिशाली भए।

२२यसकारण राजा फिरऊनले आफ्ना सबै मानिसहरूलाई आदेश दिए: "सबै बालिकाहरूलाई बाँच्न देऊ। तर जब प्रत्येक पल्ट बालक जन्मन्छ तिमीहरूले उसलाई नील नदीमा अवश्यै फ्याँक्नु पर्छ।"

### शिशु मोशा

२ एकजना मानिस जो लेवी कुलका थिए, तिनले लेवी कुलकै एउटी आइमाईलाई विवाह गरे। २त्यो महिला गर्भवती भई अनि छोरा जन्माई। त्यो बालक अत्यन्त सुन्दर थियो। यसर्थ उसकी आमाले उसलाई तीन महीनासम्म लुकाएर राखी। ३जब उनले त्यसलाई अझ लामो समयसम्म लुकाउन सकिन उसले

एउटा डालो बनाई अनि त्यसलाई अलकत्राले लिपि कारण यसो गर्दा त्यो पानीमा बग्न्थ्यो, उसले त्यो बालकलाई डालो भित्र हाली अनि डालो निगालोधारी बीच नील नदीको छेउमा राखी। ४त्यस नानीकी दिदीले बालकलाई के हुँदो रहेछ भनेर हेर्नको निम्ति केही टाढ़ा बसी।

५जब फिरऊनकी छोरी नील नदीमा नुहाउन आइन् तिनकी सेवीकाहरू नील नदीको छेउमा हिँड़े, फिरऊनकी छोरीले डालो अग्ला निगालो घारिको बीचमा देखिन्। यसर्थ तिनले त्यो डालो ल्याउन तिनीहरू मध्ये एकजनालाई अह्राइन्। ६राजकुमारीले ती डालो खोलिन् र त्यसभित्र एउटा बालकलाई रोइरहेको पाइन्। बालक रोइरहेकोमा त्यो राजकुमारी दुःखी भइन्। त्यसपछि तिनले थाहा पाइन् कि त्यो बालक कुनै हिब्रूको हो।

७त्यस बालककी दिदीले फिरऊनको छोरीलाई सोधी, "म एउटी हिब्रू आइमाईलाई खोजूँ जसले यो नानीलाई तपाईंको निम्ति स्यार सुसार गर्नु सक्छे?"

८फिरऊनकी छोरीले भनी, "हुन्छ, ल्याई देऊ।"

यसर्थ त्यो केटी गएर त्यस नानीकी आफ्नै आमालाई लिएर आई।

९फिरऊनकी छोरीले नानीकी आमालाई भनी, "यो नानी लैजाऊ अनि यसलाई हेरचाह गर र म तिमीलाई त्यसका निम्ति ज्याला दिनेछु।"

तब आइमाईले नानीलाई लगी र उसलाई हेरचाह गरी। १०त्यो नानी हुर्क्यो अनि केही समयपछि त्यस आइमाईले राजकुमारीलाई नानी दिई। त्यो राजकुमारीले नानी ग्रहण गरी अनि त्यो नानीलाई उसले पानीबाट तानेर निकालेको हुनाले त्यसको नाउँ मोशा राखी।

### मोशाले आफ्ना मानिसहरूलाई सहायता गर्छन

११जब मोशा बढ़ेर ठूलो भए, उनी बाहिर गए अनि हिब्रू, आफ्ना मानिसहरूलाई कठिन काम गर्न लगाएको देखे। एक दिन मोशाले एकजना मिश्री मानिसले मोशाको एकजना हिब्रू मानिसलाई हिर्काउँदै गरेको देखे। १२मोशाले चारैतिर हेरे र त्यहाँ कोही अरू मानिसहरू नभएकाले त्यस मिश्री मानिसलाई मारेर बालुवा तल पुरे।

१३अर्को दिन दुइ जना हिब्रू मानिसहरूलाई आपस्तमा लड़ाइँ गर्दै गरेको भेटे। तिनीहरू मध्ये एकजनाको कसुर भएको उनले पाए अनि तिनलाई भने, "तिमीले किन आफ्नो छिमेकीलाई नोक्सान पुऱ्याइरहेकाछौ?"

१४त्यस मानिसले उत्तर दियो, "कसले तिमीलाई हाम्रो न्यायकर्ता र शासक बनायो? के तिमीले मलाई पनि मार्न लागिरहेकाछौ जस्तो तिमीले त्यो मिश्री मानिसलाई मारेका थियौ?"

तब मोशा डराए। उनले सोचे, "मैले के गरेको थिएँ त्यो थाह पाए छ।"

१५मोशाद्वारा हत्या गरेको विषयमा फिरऊनले पनि थाह पाए, अनि उसलाई मार्ने निश्चय गरे। यसकारण मोशाले आफैलाई फिरऊन देखि बाँच्नको निम्ति भागेर मिद्यानमा गए।

### मोशा मिद्यानमा

जब मोशा मिद्यानमा पुगे ऊ कुनै कुवाको नजिक बसे। १६त्यहाँ एक जना मिद्यान पूजाहारी बस्थे जसका सातवटी छोरीहरू थिए। छोरीहरू तिनीहरूका पिताका भेड़ाहरूका लागि त्यही कुवामा पानी निकाल्न आए। तिनीहरूले डुँड़मा पानी भर्ने प्रयास गरिरहेका थिए। १७तर त्यहाँ केही भेड़ा गोठालाहरू जो त्यहाँ थिए केटीहरूलाई पछ्याउने चेष्टा गरे। यसकारण मोशाले केटीहरूलाई बंचाए अनि पानी झिके र पशुहरूलाई दिए।

१८तब ती केटीहरू तिनीहरूको बाबु रूएलकहाँ गए तिनीहरूका बाबुले तिनीहरूलाई सोधे, "किन आज तिमीहरू यति चाँड़ै घरमा आएकाछौं?"

१९केटीहरूले उत्तर दिए, "हो बाबु, गोठालाहरूले हामीलाई पछ्याउने चेष्टा गरे, तर एकजना मिश्र देशी मानिसले हाम्रो निम्ति पानी ताने र हाम्रा पशुहरूलाई खुवाए।"

२०यसकारण रूएलले आफ्नी छोरीहरूलाई भने, "त्यो मानिस कहाँ छ? किन तिमीहरूले उसलाई एक्लै छोड़िऊ? उसलाई यहाँ बोलाऊ अनि उसले हामीसँगै खाओस्!"

२१मोशा रूएलसँग बस्न राजी भए। रूएलले आफ्नी छोरी सिप्पोरासँग मोशाको विवाह गरिदिए। २२सिप्पोरा गर्भवती भई अनि एउटा छोरा जन्माइ मोशाले आफ्नो छोरोको नाउँ गेर्शोम राखे किनभने मोशाले त्यस भूमिमा अपरिचित थिए जो उनको थिएन।

### परमेश्वर इस्राएललाई सहयोग गर्ने निर्णय लिनु हुन्छ

२३धेरै समय बिते पश्चात् मिश्रका राजाको मृत्यु भयो। तर इस्राएलका मानिसहरू अझै कठोर काम गर्नु बाध्य थिए। यसकारण तिनीहरूले सहायताको निम्ति प्रार्थना गरे अनि तिनीहरूको प्रार्थना परमेश्वरले सुन्नु भयो। २४परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नु भयो र उहाँले अब्राहाम्, इसहाक अनि याकूबसित ऊ गर्नु भएको करार सम्झनु भयो। २५परमेश्वरले इस्राएलका मानिसहरूको कष्टहरू देख्नु भयो अनि चाँड़ै तिनीहरूलाई सहायता गर्नु पर्ने उहाँले बुझ्नु भयो।

### जलिरहेको पोथ्रा

३ त्यस समय मोशा उसको ससूराका भेड़ाहरूको हेरचाह गर्दैथिए। तिनका ससूरा यित्रो मिद्यानमा पूजाहारी थिए। मोशाले भेड़ाहरू मरुभूमिको पश्चिमतिर

लगे। मोशा होरेब, परमेश्वरको पहाड़ गए। २पर्वतमा
मोशाले परमप्रभुको दूतलाई एउटा बल्दै गरेको पोथ्रामा
देखे। पोथ्रामा आगो जलिरहेको थियो तर पोथ्रा चाँहि
भस्म भएको थिएन। उनले हेरे त्यो आगो पोथ्रामा
जलि रहेको थियो तर पोथ्रा भस्म भएको थिएन।
३मोशाले विचार गरे, "किन पोथ्रा आगो द्वारा नाश
भएको छैन?"

४जब परमप्रभुले मोशालाई त्यो दृश्य ध्यान पूर्वक
हेर्न आएको देख्नुभयो परमप्रभुले पोथ्राबाट यसो भन्दै
बोलाउनु भयो, "मोशा! मोशा!" मोशाले उत्तर दिए,
"म यहाँ छु।"

५तब परमेश्वरले भन्नुभयो, "नजिक नआऊ। जुन
ठाउँमा तिमी उभिरहेका छौ त्यो भूमि पवित्र हो यसर्थ
आफ्नो जुत्ता खोल। ६म तिम्रा पिता-पुर्खाहरूका परमेश्वर
हुँ। अब्राहाम, इसहाक र याकूबको परमेश्वर हुँ।"

मोशाले उसको अनुहार छोपे किनभने ऊ परमेश्वर
तिर हेर्न डराएको थिए।

७परमेश्वरले उनलाई भन्नुभयो, "मिश्रमा भएका मेरो
मानिसहरूले कष्ट भोगेको मैले देखेको छु। मैले
तिनीहरूको शोकपूर्ण प्रार्थनाहरू सुनेको छु, जब तिनीहरूका
कमारा मालिकहरूले जबरदस्ती कठिन कामहरू गर्न
लगाए। म तिनीहरूको दुःखको कारण पनि जानेछु।
८अब म त्यहाँ जान्छु अनि मेरो मानिसहरूलाई मिश्री
मानिसहरूबाट बचाउँछु। म तिनीहरूलाई त्यस स्थानबाट
निकालेर तिनीहरूले कष्ट भोग्नु नपर्ने स्थानमा लिएर
जान्छु। त्यो ठाउँ धेरै-धेरै असल चीजहरूले भरिएको
हुनेछ र कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र
यबूसी जस्ता विभिन्न जातिका मानिसहरू बसो-बास
गर्छन। ९मैले इस्राएलका मानिसहरूको पुकार सुनेकोछु।
मैले देखें मिश्रीहरूले तिनीहरूका निम्ति जीवन कति
कठोर बनाइदिएका छन्। १०यसकारण अब म तिमीलाई
फिरऊन कहाँ पठाउँछु। जाऊ अनि मेरा मानिस
इस्राएलीहरूलाई मिश्रबाट बाहिर ल्याऊ।"

११तर मोशाले परमेश्वरलाई भने, "म कुनै एउटा
त्यस्तो महान मानिस होइन। म कसरी त्यो मानिस हुन
सक्छु जो फिरऊन कहाँ जान सक्छ र इस्राएलीहरूलाई
मिश्रबाट बाहिर ल्याउन सक्छ?"

१२परमेश्वरले भन्नुभयो, "तिमीले भलो गर्न सक्छौ
किनभने म तिमीसित हुनेछु। यही प्रमाण हुनेछ कि मैले
तिमीलाई पठाउँदैछु तिमीले इस्राएलीहरूलाई मिश्र देशबाट
अगुवाई गरेपछि, तिमी आउनेछौ अनि यही पर्वतमा
आराधना गर्नेछौ।"

१३तब मोशाले परमेश्वरलाई भने, "जब म इस्राएलीहरू
कहाँ जान्छु अनि तिनीहरूलाई भन्छु, 'म तिमीहरूका
पिता-पुर्खाहरूका परमेश्वरद्वारा पठाइएको हुँ,' अनि
तिनीहरूले तपाईंको नाउँ सोधेकोमा मैले के भन्नु
पर्नेछ?"

१४तब परमेश्वरले मोशालाई भन्नुभयो, "म जो हुँ
त्यही हुँ तिनीहरूलाई भनिदेऊ, 'म हुँ,' भन्नेले तिमीलाई
तिनीहरूकहाँ पठाएको हो।"

१५परमेश्वरले मोशालाई अझ भन्नुभयो, "तिमीले
इस्राएलीहरूलाई के भन्नु पर्छ भने, 'परमप्रभु तिम्रो
पिता-पुर्खाहरूका परमेश्वर, अब्राहामका परमेश्वर,
इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुनुहुन्छ।
मेरो नाउँ सदैव परमप्रभु रहनेछ। यही रूपमा मानिसहरूले
मलाई पुस्तौं-पुस्तासम्म चिन्नेछन्,' यसैकारण मानिसहरूलाई
भन, 'परमप्रभुले मलाई तिमीहरू कहाँ पठाउनु भएको
छ।'"

१६परमेश्वरले मोशालाई फेरि भन्नुभयो, "जाऊ
अनि इस्राएलका बूढ़ा प्रधानहरूलाई एकत्रित गर अनि
तिनीहरूलाई भन, 'यहोवा, तिमीहरूका पिता-पुर्खाहरूका
अब्राहाम, इसहाक अनि याकूबका परमेश्वर मेरोअघि
मानिस जस्तै प्रकट हुनुभयो अनि मलाई भन्नु भयो,
यहाँ मिश्रमा भोगेका कष्टहरू र शोकहरू उहाँलाई
थाह छ र तिमीहरूलाई उहाँ कष्टबाट मुक्त गराउनु
चाहनु हुन्छ। १७उहाँले यसो भन्नु भयो ऊ तिमीहरूलाई
मिश्रबाट बाहिर निकाल्नु हुनेछ, अनि विभिन्न जातिहरूको
भूमिमा लानु हुनेछन् जस्तै कनानी, हित्ती, एमोरी,
परिज्जी, हिव्वी र यबूसीहरू अनि दूध र मह बगिरहेको
भूमिमा पुऱ्याउनु हुनेछ।' १८ती बूढ़ा-प्रधानहरूले
तिमीहरूको कुरा सुन्नेछन्। त्यसपछि तिमी र बूढ़ा-प्रधानहरू
मिश्रका राजा कहाँ जानेछौ। तिमीले राजालाई भन्ने छौ
'यहोवा हिब्रू मानिसहरूका परमेश्वर हुन। हाम्रा परमेश्वर
हामीकहाँ आउनु भयो अनि हामीलाई तीन दिनसम्म
मरुभूमिमा यात्रा गर्न भन्नुभयो। हामीले हाम्रा परमेश्वर
यहोवालाई त्यहाँ बलिहरू चढ़ाउनु पर्नेछ।'

१९"तर म जान्दछु मिश्रको राजाले तिमीहरूलाई जान
दिनु हुँदैन कुनै महाशक्तिले मात्र उहाँलाई जानु दिने
बनाउनेछौ। २०यसर्थ तिनीहरूमाझ म अचम्मका कुराहरू
गर्न महाशक्ति प्रयोग गर्नेछु। जब म महाशक्तिको प्रयोग
गर्छु राजाले तिनीहरूलाई छोड़न बाध्य गर्नेछु। २१अनि
म मिश्रका मानिसहरूलाई इस्राएली मानिसहरूप्रति दयालु
बनाउँनेछु। जब इस्राएलीहरूले मिश्र छाड़छन् तिनीहरू
रित्तै हात जाने छैनन्। २२हिब्रू महिलाहरूले तिनीहरूका
मिश्री छिमेकीहरूसित सुन र चाँदीको चीजहरू अनि
लुगाहरू माग्ने छन्। तिमीहरूले ती चीजहरू तिमीहरूका
छोरा-छोरीहरूलाई लगाईदिने छौ। यस प्रकार तिमीहरूले
मिश्रबाट सम्पत्ति लिएर आउनेछौ।"

## मोशाको निम्ति प्रमाण

४ तब मोशाले परमेश्वरलाई भने, "तर इस्राएलीहरूले
मलाई विश्वास गर्ने छैनन जब म तिनीहरूलाई
भन्छु तपाईंले मलाई पठाउनु भयो। तिनीहरू भन्ने छन्,
परमप्रभु तिमीअघि प्रकट भएनन्?'"

२तर परमप्रभुले मोशालाई भन्नुभयो, "त्यो तिम्रो हातमा भएको के हो?"

मोशाले उत्तर दिए, "यो मेरो हिंड्ने लहुरो हो।"

३तब परमेश्वरले मोशालाई भन्नु भयो, "त्यो तिम्रो हिड्ँने लहुरो भूँईमा फ्याँकि देऊ।"

मोशाले आफ्नो लहुरो भूईंमा फ्याँकिदिए पछि अचनाक लहुरो सर्पमा परिणत भयो। मोशा डराए अनि त्यहाँबाट टाढ़ा गए। ४तर परमप्रभुले मोशालाई भन्नुभयो, "अघि बढ़ र सर्पको पुच्छरमा समात।"

मोशा सर्प नजिक पुगे अनि त्यसको पुच्छरमा समाते। जब मोशाले सर्पलाई समाते त्यो फेरि लहुरो नै भइहाल्यो। ५तब परमप्रभुले मोशालाई भन्नु भयो, "आफ्नो लहुरो तिमीले यसरी नै प्रयोग गर, अनि मानिसहरूले विश्वास गर्नेछन् परमप्रभु तिनीहरूका पिता-पुर्खहरूको परमेश्वर, अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर अनि याकूबका परमेश्वर तिम्रोअधि प्रकट हुनु भएको थियो।"

६त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "म तिमीलाई अर्को एउटा प्रमाण दिनेछु। आफ्नो लुगाभित्र हात हाल।"

यसर्थ मोशाले लगाएको लुगा खोले अनि आफ्नो हात त्यसभित्र हाले। तब मोशाले उसको हात लुगाबाट बाहिर निकाल्दा उसको हात सेतो हिउँ जस्तो दागै दागले भएको पाए।

७तब परमेश्वरले भन्नुभयो, "अब फेरि तिम्रो हात लुगाभित्र हाल।" यसकारण मोशाले आफ्नो हात लुगाभित्र फेरि हाले मोशाले आफ्नो हात लुगाभित्र हालेर फेरि बाहिर निकाले। त्यो फेरि पहिल्यैको जस्तो राम्रो भयो।

८तब परमेश्वरले मोशालाई भन्नुभयो, "यदि मानिसहरूले तिमीलाई विश्वास गर्दैन जब तिमी हिंड्ने लहुरो उपयोग गर्छौ जब तिमी तिनीहरूलाई यो संकेत देखाउँछौ, तिनीहरूले तिमीलाई विश्वास गर्नेछन्। ९यी दुइ संकेतहरू देखाउँदा पनि तिनीहरूले तिमीहरूलाई आफै विश्वास गरेनन भने तिमीले नील नदीबाट केही पानी ल्याऊ। त्यो पानी भूईंमा खन्याऊ, यसले भूईं छुने वित्तिकै त्यो रगतमा परिवर्त्तन हुनेछ।"

१०तर मोशाले परमप्रभुलाई भने, "तर परमप्रभु, म तपाईंलाई साँचो भन्दैछु म दक्ष वक्ता होइन। म कहिल्यै राम्रो बोल्ने योग्यको हुन सकेको छैन। अनि अहिले तपाईंसित कुरा गरें पछि पनि म असल वक्ता होइन। तपाईंलाई थाहै छ म ढिलो बोल्छु र उत्कृष्ट शब्दहरू उपयोग गर्दिन।"

११त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "मानिसको मुख कसले बनायो? अनि मानिसलाई कसले बहिरो, बोल्न नसक्ने बनाउन सक्छ? कसले मानिसलाई अन्धो बनाउन सक्छ? कसले मानिसलाई देख्न सक्ने बनाउन सक्छ? त्यो म नै एक हुँ जसले यी सब कर्महरू गर्न सक्छ, म यहोवा हुँ। १२यसकारण, तिमी जाऊ, जब तिमी कुरा गर्छौ म तिमीसित हुनेछ। म तिमीलाई भन्नु पर्ने शब्दहरू दिनेछु।"

१३तर मोशाले भने, "हे मेरो परमप्रभु! मलाई होइन, अरू कसैलाई पठाउनु होस्।"

१४तब परमप्रभु मोशासित रिसाउनु भयो अनि उसलाई भन्नु भयो, "तिम्रो दाज्यू हारून जो लेवी कुलका हुन्। म हारूनलाई तिम्रो सहायताको निम्ति पठाउनेछु। तिनी कुशल वक्ता हुन्। तिमीलाई भेटन हारून आउदैछन् र तिमीलाई देखेर तिनी खुशी हुनेछन्। १५ऊ तिमीसँग फिरऊन कहाँ जानेछ। म तिमीहरूलाई भन्नेछु के भन्नु पर्ने हो। तब तिमीले हारूनलाई भन्नुपर्छ, अनि हारूनले फिरऊनसित बोल्ने सही शब्दहरू चुन्नेछ। १६तिम्रो दाज्यू हारूनले पनि मानिसहरूसँग बोल्ने छन्। तिमी महान राजा जस्तै भैँ हुनेछौ अनि हारून तिम्रा अधिकृत वक्ता बनिनेछन्। १७यसर्थ अब तिमी जाऊ। तिमीसित तिम्रो हिड्ने लहुरो लैजाऊ अनि मैले बताएको संकेतहरू मानिसहरूलाई देखाऊ अनि बुझाऊ म तिमीसँगै छु।"

### मोशा मिश्र फर्किन्छन्

१८तब मोशा आफ्ना ससूरा यित्रोकहाँ गए। मोशाले तिनलाई भने, "दया गरी मलाई मिश्र देश फर्किन दिनुहोस। मेरा मानिसहरू अझै जीवित छन् कि? म भेट्न चाहन्छु।" यित्रोले मोशालाई भन्यो, "अवश्य, तिमी शान्तिसित जान सक्छौ।"

१९जब, मोशा मिद्यानमा थिए, परमप्रभुले उनलाई भन्नुभयो, "अहिले तिमी मिश्रमा फर्केर जानु सुरक्षित छ। ती मानिसहरू जसले तिमीलाई मार्न चाहन्थे अहिले सबै मरिसकेका छन्।"

२०यसर्थ मोशाले आफ्नो नानीहरू र पत्नीलाई गधामाथि चढ़ाए अनि मिश्र फर्के। तिनले परमेश्वरको शक्ति भएको आफ्नो लहुरो पनि साथै लगे।

२१मिश्र जाँदा बाटोमा, परमप्रभुले मोशालाई भन्नुभयो, "जब तिमी फिरऊनसित कुरा गर्छौ मैले तिमीलाई दिएका सबै शक्तिको चमत्कारहरू सबै सम्झना गर। तर म फिरऊनलाई मानिसहरूलाई जान नदिने अट्टेरी बनाउँछु। २२तब तिमीले फिरऊनलाई भन्नुपर्छ। २३परमप्रभु भन्नुहुन्छ, 'इस्राएल मेरो जेठो छोरा हो। अनि जान देऊ र मेरा उपासना गर्न देऊ, नत्र भने उहाँले तिमीहरूको जेठो छोरो मारिदिनु हुनेछ।'"

### मोशाको छोरालाई खतना गरिन्छ

२४मिश्रको बाटोमा जाँदा, रात बिताउन मोशा एक ठाउँमा रोकिए। परमप्रभुले तिनलाई त्यस ठाउँमा भेटेर मार्ने इच्छा गर्नुभयो। २५तर सिप्पोराले ढुङ्गाको छुरीले आफ्नो छोराको खतना गरिदिइन्। उसले छाला निकालेर

मोशाको खुट्टा छुइन। तब तिनले मोशालाई भनिन,
“तिमी मेरो रगत साइनो भएको लोग्ने हौ।” २६सिप्पोराले
यसो भनिन् किनभने उसले आफ्नो छोराको खतना गर्नु
थियो यसकारण परमप्रभुले मोशालाई क्षमा गर्नुभयो
अनि उसलाई मार्नु भएन।

## मोशा र हारून परमेश्वरको सम्मुख

२७परमप्रभुले हारूनसित कुरा गर्नु भएको थियो।
परमप्रभुले उसलाई भन्नुभएको थियो, “तिमी मरुभूमिमा
जाऊ अनि मोशालाई भेट।” यसर्थ हारून गए अनि
परमेश्वरको पर्वतमा मोशालाई भेटे अनि मोशालाई
चुम्बन दिए। २८मोशाले हारूनलाई बताए किन परमप्रभुले
उसलाई पठाउनु भयो अनि कुन चमत्कारहरू र
संकेतहरू प्रमाणको निम्ति तिनले देखाउनु पर्ने थियो ती
सबै मोशाले हारूनलाई बताए।
२९यसर्थ मोशा र हारून गए अनि तिनीहरूले
इस्राएली मानिसहरूका सबै अगुवाहरूलाई भेला गरे।
३०त्यसपछि हारूनले मानिसहरूसँग कुरा गरे। उनले
परमप्रभुले मोशालाई भनेका सबै कुराहरू तिनीहरूलाई
बताईदिए। त्यसपछि मानिसहरूलाई देखाउनाको निम्ति
सबै प्रमाणहरू प्रदर्शन गरे। ३१मानिसहरूले विश्वास
गरे परमप्रभुले नै मोशालाई पठाउनु भएको रहेछ।
इस्राएलका मानिसहरूले थाह पाए परमप्रभुले तिनीहरूका
दुःख अनि कष्ट बुझ्नु भएको छ अनि तिनीहरूको
सहायताका निम्ति आउनु भएको छ। यसर्थ तिनीहरू
निहुरिए अनि परमेश्वरको आराधना गरे।

## मोशा र हारून फिरऊनको सामुन्ने

५ मानिसहरूसँग कुरा गरेपछि मोशा र हारून
फिरऊनकहाँ गए। तिनीहरूले भने, “परमप्रभु
इस्राएलीहरूका, परमेश्वर भन्नुहुन्छ, ‘मेरो मानिसहरूलाई
भरूभूमिमा जाऊन अनि तिनीहरूले मेरो सम्मानमा भोज
मनाउन सकून।’”
२तर फिरऊनले भने, “परमप्रभु को हुनुहुन्छ? मैले
किन उहाँको आज्ञा पालन गर्नु पर्छ? मैले किन
इस्राएलीहरूलाई जान दिनु पर्छ? म यो परमप्रभुको हो
चिन्दिन, अनि म इस्राएलीहरूलाई जान दिँदिनँ।”
३तब हारून र मोशाले भने, “हिब्रूहरूका परमेश्वरले
हामीसित कुरा गर्नु भयो। यसर्थ हामीहरूलाई तीन
दिनसम्म मरुभूमिमा यात्रा गर्न दिनुहोस् भनी विन्ती
गर्छौं। हामी परमप्रभु हाम्रा परमेश्वरलाई त्यहाँ बलि
चढ़ाउने छौं। यदि हामीले त्यसो गरेनौं भने उहाँले
हामीमाथि रोगहरू लगाउनु हुनेछ अथवा शत्रुहरूद्वारा
आक्रमण गराउनु हुनेछ।”
४तर फिरऊनले तिनीहरूलाई भने, “हारून र मोशा!
तिमीहरूले कर्मचारीहरूलाई विरक्त पारिरहेका छौ।
तिनीहरूलाई आफ्नो काम गर्न देऊ! जाऊ तिमीहरू
आफ्नो काम गर। ५हिब्रूहरू ती मिश्रीहरूभन्दा ज्यादै
संख्यामा छन्, अनि तिमीहरू उनीहरूलाई काम गर्नबाट
रोक्न चाहन्छौ।”

## फिरऊनले मानिसहरूलाई दण्ड दिन्छन्

६त्यही दिन इस्राएलीहरूको निम्ति कठोर काम दिनु
भनी फिरऊनले आदेश दिए। फिरऊनले कमारा मालिकहरू
र हिब्रू परिदर्शकहरूलाई भने, ७“अहिलेसम्म ईंटा
बनाउने कर्मीहरूलाई तिमीहरूले पराल दिइरहेका छौ।
अब उसो तिनीहरू आफैले पराल बटुल्नु पर्छ अनि
ईंटा बनाउनु पर्छ। ८तिनीहरूले पहिले झैं त्यति नै
संख्या ईंटा बनाउनु पर्छ। तिनीहरू अल्छी भएका छन्
अनि त्यसैकारण तिनीहरू यहाँबाट जाने अनुमति मागि
रहेका छन् त्यसैले तिनीहरू आफ्ना परमेश्वरलाई बलि
चढ़ाउन अनुमति माग्दैछन्। ९यसर्थ तिनीहरूलाई कठोर
काम दिएर व्यस्त राख। तिनीहरूले मोशाका झूटा
कुराहरू सुन्ने समय पाउने छैनन्।”
१०यसर्थ मिश्र देशका कमारा मालिकहरू र हिब्रू
परिदर्शकहरू इस्राएली मानिसहरू कहाँ गए र भने,
“तिमीहरूलाई ईंटा बनाउन फिरऊनले पराल नदिने
निर्णय लिएका छन्। ११तिमीहरू आफै गएर आफ्ना
ईंटा बनाउने पराल खोज। तर तिमीहरूले आफ्नो निम्ति
पराल खोजेर पनि ईंटा चाँहि पहिले जति बनाउँथ्यौ
त्यति नै संख्यामा बनाउनु पर्छ।”
१२यसर्थ ती मानिसहरू पराल बटुल्नलाई मिश्र देशमा
प्रत्येक ठाउँमा गए। १३कमारा मालिकहरूले
मानिसहरूलाई झन कठोर काममा लगाए। तिनीहरूलाई
बलपूर्वक पहिले बनाए जति नै ईंटा बाउने आदेश
दिए। १४मिश्री कमारा मालिकहरूले हिब्रू
परिदर्शकहरूलाई चुनेर मानिसहरूको कामको निम्ति
उत्तरदायी बनाएका थिए। मिश्र कमारा मालिकहरूले ती
हिब्रू नायकहरूलाई पिटे अनि तिनीहरूलाई भने,
“तिमीहरूले किन पहिले जति ईंटा बनाइरहेका छैनौ,
यदि तिमीहरूले त्यति समय बनाउन सकथ्यौ भने
अहिले बनाउन सक्छौ?”
१५त्यसपछि हिब्रू परिदर्शकहरू फिरऊनकहाँ गए।
तिनीहरूले अर्जी गरे। “हामी तपाईंका सेवकहरू हौ,
किन हामीसित यस्तो व्यवहार गर्नु हुँदैछ? १६तपाईंले
हामीलाई पहिला पराल दिँदै हुनु हुन्थ्यो। तर अहिले
आफ्नो आफ्नो निम्ति पराल जम्मा गर्नु पर्छ। तर
पहिलेको जति नै ईंटाहरू बनाउन हामीलाई भन्नुपर्छ।
अहिले हामीलाई मालिकहरूले कुट्छन। तपाईंहरूका
मानिसहरू यस्तो गरेर गल्ती गर्दैछन्।”
१७फिरऊनले जवाफ दिए, “तिमीहरू अल्छे छौ र
तिमीहरू काम गर्न चाहदैनौ यसकारण तिमीहरू मलाई
छोड़ी दिनु भन्छौ। त्यसैले यहाँको काम छोड़ेर तिमीहरू
आफ्नो परमप्रभुलाई बलि चढ़ाउन खोज्छौ। १८अब

तिमीहरू आ-आफ्नो काममा जाऊ तर तिमीहरूलाई
पराल दिने छैनौ। र तिमीहरूले अब पनि त्यति नै
ईंटाहरू बनाउनु पर्छ जति पहिले बनाउँथ्यौ।"
१९हिब्रू परिदर्शकहरूले बुझे तिनीहरूले पहिले जाति
ईंटा बनाउन सक्ने छैनन् र तिनीहरू अप्ठेरोमा पर्नेछन्।"
२०जब तिनीहरू फिरऊनलाई भेटेर जाँदैथे तिनीहरूले
मोशा र हारूनलाई भेटे। मोशा र हारूनले तिनीहरूलाई
पर्खिरहेका थिए। २१यसैकारण तिनीहरूले मोशा र
हारूनलाई भने, "तपाईंहरूले साँच्चे गल्ती गर्नु भयो
जब तपाईंहरूले फिरऊनलाई हामीलाई छोड्ने कुरा
गर्नुभयो। परमप्रभुले तपाईंहरूलाई दण्ड दिऊन। किनभने
तपाईंहरूले फिरऊन र उसका अधिकारीहरूलाई हामीसित
घिनाउने बनाउनु भयो। तपाईंले तिनीहरूलाई हामीलाई
मार्ने निहुँ दिनु भएको छ।"

## मोशा परमेश्वरसित शिकायत गर्छन्

२२तब मोशाले परमप्रभुसित प्रार्थना गर्दै भने, "हे
मालिक! तपाईंले आफ्नो मानिसहरूसित किन नराम्रो
व्यवहार गर्नु भयो? तपाईंले मलाई यहाँ किन पठाउनु
भयो? २३म फिरऊनकहाँ गएँ र तपाईंले जे भन्नु
भएको थियो त्यही कुरा गरें। तर त्यस समयदेखि
फिरऊन तिनीहरू प्रति अधिक क्रोधित भएका छन् अनि
तपाईंले तिनीहरूलाई केही सहायता गर्नु भएन।"
**६** तब परमप्रभुले मोशालाई भन्नुभयो, "अब तिमीले
हेर्नेछौ फिरऊनलाई म के गर्नेछु। म मेरो महाशक्ति
उसको विरोधमा चलाउनेछु अनि उसले मेरा मानिसहरूलाई
जान दिनेछ। तिनीहरूलाई पठाउनको निम्ति फिरऊन
यति व्याकुल हुनेछ कि उ आफैले तिनीहरूलाई
जबरदस्ती पठाउनेछ।"
२तब परमेश्वरले मोशालाई भन्नु भयो, "म परमप्रभु
हुँ, ३अब्राहाम, इसहाक र याकूबको अघि प्रकट
भएको थिएँ। तिनीहरूले मलाई एल-सदाई* भने।
तिनीहरूले मेरो नाउँ यहोवा (परमप्रभु) भने जाने।
४मैले तिनीहरूसित करार बाँधे। मैले तिनीहरूलाई
बसो-बास गर्न कनान भूमि दिनेछु भनी प्रतिज्ञा गरें।
तिनीहरू त्यस भूमिमा बसे तर त्यो भूमि तिनीहरूको
आफ्नै थिएन। ५इस्राएलीहरू पीरले कराएको मैले
सुनेको छु। म जान्दछु इस्राएलका मानिसहरू मिश्र
देशका दास हुन। अनि म मेरो करार सम्झना गर्छु।
६यसर्थ ती इस्राएलका मानिसहरूलाई भन, 'म परमप्रभु
हुँ, म तिमीहरूलाई मिश्रीहरूद्वारा जबरजस्ती लगाएको
कामबाट मुक्त गर्नेछु। म तिमीहरूलाई दासत्वबाट
स्वतन्त्र गर्नेछु। म यसलाई मेरो महा शक्ति अनि महान
न्यायले पूर्ण गर्ने छु। ७तिमीहरू मेरा मानिसहरू हुनेछौ
अनि म तिमीहरूका परमेश्वर हुनेछु। म परमप्रभु
तिमीहरूको परमेश्वर हुँ र तिमीहरूलाई मैले मिश्रको
मानिसहरूबाट स्वतन्त्र पारेको थाह पाउनेछौ। ८मैले
अब्राहाम, इसहाक, याकूबसित महान प्रतिज्ञा गरेको
थिएँ। मैले तिनीहरूलाई एउटा देश दिनेछु भनी वचन
दिएको थिए। यसैकारण म तिमीहरूलाई त्यो देशमा
लानेछु। म त्यो देश तिमीहरूलाई दिनेछु र त्यो देश
तिमीहरूको हुनेछ। म परमप्रभु हुँ।'"
९यसर्थ मोशाले इस्राएलीका मानिसहरूलाई प्रत्येक
कुरा भने तर मानिसहरू यति कठोर परिश्रम गरिरहेका
थिए तिनीहरूले मोशाका कुरा धैर्यसित सुनेनन्।
१०तब परमप्रभुले मोशालाई भन्नुभयो, ११"जाऊ
अनि मिश्रको राजा फिरऊनलाई भन इस्राएलका
मानिसहरूलाई उसको भूमिमा जान दिनोस्।"
१२तर मोशाले उत्तर दिए, "इस्राएली मानिसहरूले
मेरा कुरा सुन्दैनन् भने। फिरऊनले मेरो कुरा कसरी
सुन्छन्? म एउटा एकदमै अयोग्य वक्ता हुँ।"
१३परमप्रभुले मोशा र हारूनसँग कुरा गर्नुभयो।
उहाँले तिनीहरूलाई इस्राएली मानिसहरूसित अनि
फिरऊनसँग कुरा गर्ने आज्ञा दिनुभयो। परमप्रभुले
तिनीहरूलाई भन्नु भयो, इस्राएलका मानिसहरूलाई मिश्रबाट
बाहिर लैजाऊ।

## इस्राएलका केही परिवारहरू

१४इस्राएल कुल समूहका अगुवाहरू यिनीहरू हुन्:
इस्राएलीको प्रथम पुत्र रूबेन थिए। रूबेनको छोराहरू:
हनोक, पल्लू, हेर्सोन र कर्मी थिए। त्यो रूबेनको
परिवार थियो। १५शिमोनका छोराहरू हुन्: यमूएल,
यामिन, ओहद, याकिन, सोहर र शाऊल। (शाऊल
कनानी पत्नीबाट जम्मेका छोरा थिए) यो शिमोनको वंश
थियो। १६लेवी एक सय सैतीस वर्ष बाँचे अनि उनका
छोराहरू गेर्शोन, कहात र मरारी हुन्। १७गेर्शोनका
छोराहरू लिब्नी अनि शिमी थिए। तिनीहरूका पनि
आफ्नै परिवारहरू थिए। १८कहात एक सय तेत्तिस वर्ष
बाँचे अनि तिनका छोराहरू हुन अम्राम, यिसहार, हेब्रोन
र उज्जीएल। १९महली अनि मूशीहरू मरारीका छोराहरू
थिए। यी सबै परिवारहरू लेवीबाट जन्म भएका थिए।
२०अम्राम एक सय सैतीस वर्षसम्म बाँचे। तिनले
आफ्ना फूपु (पिताको बहिनी) योकेबेदसित विवाह गरे।
अम्राम अनि येकेबेदबाट मोशा र हारून जन्मे अम्राम
१३७ वर्ष बाँचे। २१यिसहारका छोराहरू हुन कोरह,
नेपेग, र जिक्री। २२मीशाएल, एल्सापान अनि सिथ्री
उज्जीएलका छोराहरू थिए। २३हारूनले अम्मीनादाबकी
छोरी तथा नहशोनकी बहिनी एलीशेबासित विवाह गरे।
हारून र एलीशेबाले नादाब, अबीहू, एलाजार अनि
ईतामारलाई जन्मे दिए। २४कोरहका छोराहरू (कोरहका
पिता-पूर्खाहरू) हुन, अस्सीर, एलकाना र अबिआसाप।
२५हारूनका छोरो एलाजारले पतीएलकी छोरीसित विवाह

**एल-सदाई** अर्थात् सर्वशक्तिमान परमेश्वर।

गरे अनि तिनीबाट पीनहास जन्मे। यी सबै मानिसहरू इस्राएलको छोरो लेवीबाट जन्मेका हुन्।

२६हारून र मोशा यही परिवारका हुन। अनि यी दुई जना नै ती मानिसहरू हुन जोसित परमेश्वरले कुरा गर्नु भयो, "मेरा मानिसहरूलाई दल दलमा मिश्र बाहिर ल्याउनु पर्छ।" २७हारून र मोशा नै ती मानिसहरू हुन जसले मिश्रका राजा, फिरऊनसित कुरा गरे। तिनीहरूले इस्राएली मानिसहरूलाई मिश्रबाट छोड़न फिरऊनलाई भने।

### परमेश्वर मोशालाई फेरि बोलाउनु हुन्छ

२८मिश्र देशमा परमप्रभुले मोशासँग कुरा गर्नुभयो र २९उसलाई भन्नुभयो, "म परमप्रभु हुँ। मैले के तिमीहरूलाई जो भने मिश्रको राजा फिरऊनलाई भन।"

३०तर मोशाले उत्तर दिए, "म अकुशल वक्ता हुँ, यसर्थ फिरऊनले मेरा कुरा सुन्ने छैनन्।"

७ परमप्रभुले मोशालाई भन्नु भयो, "म तिमीसँग हुनेछु, फिरऊनको अघि तिमी एकजना देवता जस्तै हुनेछौ अनि हारून तिम्रो अगमवक्ता हुनेछ। २तिमीले प्रत्येक चीज हारूनलाई भन जो मैले तिमीलाई आज्ञा गरेको छु। त्यसपछि उसले ती सबै कुराहरू फिरऊनलाई भन्नेछ अनि फिरऊनले इस्राएली मानिसहरूलाई मिश्रबाहिर पठाउँनेछ। ३तर फिरऊनलाई म अट्टेरी बनाउनेछु। अनि मिश्रमा म धेरै आश्चर्यकर्मका चिन्हहरू देखाउनेछु अनि मैले भनेका कुरा उसले ग्रहण अझै गर्नेछैन् र ४यसैकारण, म मिश्रलाई दण्ड दिनेछु अनि म मेरा इस्राएली मानिसहरूलाई बाहिर ल्याउनेछु। ५तब मिश्रीहरूले जान्नेछन म परमप्रभु हुँ, म तिनीहरूको विरोधमा हुनेछु अनि तिनीहरूले जान्ने छन्। तब म आफ्ना मानिसहरूलाई तिनीहरूको देशबाट निकाल्ने छु।"

६परमप्रभुले तिनीहरूलाई भनेका कुराहरू मोशा र हारूनले पालन गरे। ७तिनीहरूले जब फिरऊनसित कुरा गरे त्यस समय मोशा ८० वर्ष र हारून ८३ वर्षका थिए।

### मोशाको टेक्ने लहुरो सर्प बनिन्छ

८परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, ९"फिरऊनले तिमीलाई केही शक्ति प्रदर्शन गर्नु भन्नेछ। हारूनलाई आफ्नो लहुरो फिरऊनको अघि भूईंमा फ्याँक्नु भन। फिरऊन हेरिरहेको हुन्छ, लट्ठी सर्प हुनेछ।"

१०यसर्थ मोशा र हारूनले परमप्रभुको आदेश पालन गरेर फिरऊन कहाँ गए। हारूनले फिरऊन र तिनका अधिकारीहरूले हेरेको समयमा आफ्नो लहुरो तल फ्याँकिदिए अनि त्यो लहुरो सर्प भयो।

११तब राजाले त्यहाँका ज्ञानी मानिसहरू तथा जादूवालाहरूलाई बोलाए। ती मानिसहरूले आफ्नो तन्त्र-मंत्र प्रयोग गरे र हारूनले गरे जस्तै गर्न सके। १२तिनीहरूले पनि आफ्ना-आफ्ना लहुरो भुईंमा फ्याँके अनि ती फ्याँकेका लहुरोहरू सर्पमा परिणत भए। तर हारूनको लहुरोले सबै लहुरा निली दियो। १३तर फिरऊन अट्टेरी नै बसे अनि मानिसहरू जान दिएनन्। यो त्यस्तो भयो परमप्रभुले जस्तो भन्नु भएको थियो।

### पानी रगत बनिन्छ

१४तब परमप्रभुले मोशालाई भन्नु भयो, "फिरऊन अट्टेरी गरिरहेकोछ। उसले मानिसहरूलाई जान दिँदैन। १५बिहानै फिरऊन नदीतिर जानेछ। नील नदीको किनारमा उसलाई भेट। त्यो सर्प बनिएको लहुरो लगेर जाऊ।

१६उसलाई यसो भन: 'परमप्रभु हिब्रूहरूका परमेश्वरले मलाई तपाईंकहाँ यो भन्नु पठाउनु भएको छ, "मेरा मानिसहरूलाई मेरो उपासना गर्न मरुभूमिमा पठाऊ।" अहिलेसम्म तपाईंले उहाँको कुरा मान्नु भएको छैन।

१७यसर्थ परमप्रभु भन्नुहुन्छ उहाँ परमप्रभु हुनुहुन्छ भनी बुझाउनको निम्ति उहाँले तपाईंलाई केही देखाउनु हुनेछ। म यो मेरो हातको लहुरो नील नदीको पानीमा हिर्काउनेछु र नदी रगतमा परिवर्तन हुनेछ। १८नदीका माछाहरू मर्नेछन् अनि पानी गाउन थाल्नेछ। तब मिश्रका मानिसहरूले नील नदीको पानी पिउनु सक्ने छैनन्।'"

१९परमप्रभुले मोशालाई भन्नु भयो: "हारूनलाई भन् कि उसले आफ्नो हातको लहुरोले मिश्र देशका मानिसहरूले जम्मा गरेको पानीको कुवा, नहर, नदी, ताल प्रत्येक ठाउँमा हिर्काओस् जब उसले त्यसो गर्छ सबै पानी रगतमा परिवर्तन हुनेछ। यहाँसम्म तिनीहरूले काठ र ढुङ्गाको भाँड़ामा राखेको पानी पनि रगत बनिनेछ।"

२०यसर्थ परमप्रभुले आज्ञा गर्नु भएका सबै कुरा मोशा र हारूनले गरे। हारूनले आफ्नो लहुरो उठाएर नील नदीको पानीमा हिर्काए। उसले यसो फिरऊन र उसका अधिकारीहरूको सामुन्नेमा गरे। यसो गरेपछि नदीको सबै पानी रगतमा परिणत भयो।

२१पानीका माछाहरू मर्न थाले अनि नदीको पानीबाट कुहेको गन्ध आउन थाल्यो। यसर्थ मिश्रका मानिसहरूले नदीबाट पानी पिउन सकेनन्। मिश्रमा जता ततै रगत भयो। २२जादूगारहरूले आफ्नो मंत्र प्रयोग गरे अनि तिनीहरूले पनि त्यसै गरे। यसर्थ फिरऊनले मोशा र हारूनको कुरा मान्न अस्वीकार गरे। त्यस्तै भयो जस्तो परमप्रभुले भन्नु भएको थियो।

२३फिरऊन आफ्नो राजमहलमा फर्के। मोशा र हारूनले जे गरे त्यस विषयमा उनले केही त्यती पत्तो दिएनन्।

२४मिश्र देशका मानिसहरूले नदीको पानी खान

सकेनन्। यसकारण तिनीहरू नदीको वरिपरि पिउने
पानीका लागि कुवाहरू खन्न लागे।

### भ्यागुताहरू

२५परमप्रभुले नील नदीलाई परिणत गरेपछि सात
दिन बित्यो,

८ तब परमप्रभुले मोशालाई भन्नु भयो, "फिरऊन
कहाँ जाऊ र भन, 'परमप्रभु भन्नुहुन्छ, मेरो
मानिसहरूलाई मेरो आराधना गर्न जान दिइयोस्। २यदि
तिमी मेरो मानिसहरूलाई छोड्न अस्वीकार गर्छौ, तब म
मिश्र देशलाई भ्यागुताहरूले भरिदिनेछु। ३नील नदी
भ्यागुताले भरिनेछ। भ्यागुताहरू नदीबाट आउने छन्
अनि तिमीहरूका घरभित्र पस्नेछन। तिनीहरूको सुत्ने
कोठाहरू र ओछ्यानहरू भरि हुनेछन। भ्यागुताहरू रोटी
बनाउने भाँड़ाहरू अनि अधिकारीहरूका घरहरूमा
भरिनेछन्। ४भ्यागुता तपाईं, तपाईंका मानिसहरू र
तपाईंका अधिकारीहरूका वरिपरि हुनेछन।'"

५तब परमप्रभुले मोशालाई भन्नु भयो, "हारूनलाई
आफ्नो टेक्ने लहुरो नदीहरू, खोला, पोखरीमाथि राख्न
भन भ्यागुताहरू बाहिर जमीनमा निस्कनेछन्।"

६यसर्थ हारूनले आफ्नो लहुरो मिश्र देशको पानीमाथि
उठाए अनि ती सब पानीबाट भ्यागुताहरू बाहिर निस्केर
मिश्रको भूमिका भरिन थाले।

७जादूगरहरूले पनि त्यसै गरेर मिश्र देशमा भ्यागुताहरू
ल्याए। ८फिरऊनले मोशा र हारूनलाई बोलाए। फिरऊनले
भने, "म र मेरा मानिसहरूबाट भ्यागुताहरू हटाउन भनी
परमप्रभुलाई भन, म मानिसहरूलाई आफ्ना परमप्रभु
अघिबलि चढ़ाउनु छोड़ीदिनेछु।"

९मोशाले फिरऊनलाई भने, "भन्नुहोस् भ्यागुताहरू
कहिले जावोस्। म तपाईं, तपाईंका मानिसहरू तथा
तपाईंका अधिकारीहरूको निम्ति प्रार्थना गर्नेछु। तब
भ्यागुताहरूले तपाईंहरू र तपाईंका घर छोड़ने छन् र
नदीमा मात्र रहनेछन्।"

१०फिरऊनले भने, "भोलिसम्म।"

मोशाले भने, "तपाईंले जे भन्नु भयो त्यसै हुनेछ।
यसरी तपाईंले जान्नु हुनेछ, त्यहाँ कोही परमप्रभु हाम्रा
परमेश्वर जस्तो छैन, ११भ्यागुताहरूले तपाईं र तपाईंका
मानिसहरू र अधिकारीहरूलाई छोड़ेर जानेछन, र
भ्यागुताहरू नदीमा मात्र रहनेछन्।"

१२मोशा र हारून फिरऊनबाट बिदा लिएर बाहिर
निस्के। मोशाले परमप्रभुलाई परमेश्वरले फिरऊनकहाँ
पठाएका भ्यागुताको विषयमा चिच्याए र भने। १३अनि
मोशाले प्रार्थनामा गरेको माग परमप्रभुले पूरा गरिदिनु
भयो। भ्यागुताहरू घर, आँगन र खेतमा मरे। १४मरेका
भ्यागुताहरू सड़ेर पूरा देशमा नै दुर्गन्धि चल्न शुरू
भयो। १५फिरऊनले देखे तिनीहरू भ्यागुताहरूबाट मुक्त
भए अनि फेरि उनी अट्टेरी भए मोशा र हारूनले जे
गर्नु भनेका थिए फिरऊनले गरेनन्। जस्तो नै भयो जो
परमप्रभुले भने।

### जुम्राहरू

१६तब परमप्रभुले मोशालाई भन्नुभयो, "हारूनलाई
भन उसले आफ्नो लहुरो उठाएर भुँईको धूलोमा
हिर्काओस् अनि धूलो मिश्रमा जता ततै जुम्रामा परिणत
हनेछ।"

१७तिनीहरूले त्यसै गरे। हारूनले जमीनको धूलोमाथि
आफ्नो लहुरोले हिर्काए अनि धूलो मिश्रको जता ततै
जूम्रामा परिणत भयो। जुम्रा पशु र मानिसहरूमा सरे।

१८यसर्थ जादूगरहरूले आफ्नो छल प्रयोग गरेर
त्यसरी नै जुम्राहरू उब्जाउने चेष्टा गरे। तर ती
जादूगरहरूले धूलोबाट जूम्राहरू बनाउन सकेनन्। जूम्रा
मानिसहरू र जनावरहरूमाथि नै रहे। १९यसर्थ जादूगरहरूले
फिरऊनलाई भने यो परमेश्वरको शक्तिले यस्तो भयो।
तर फिरऊनले तिनीहरूका कुरा सुन्न मानेनन्। परमप्रभुले
जे भन्नु भएको थियो त्यही भयो।

### झीँगाहरू

२०परमप्रभुले मोशालाई भन्नु भयो, "बिहान उठ
अनि फिरऊनकहाँ जाऊ। फिरऊन नदीमा जानेछ।
उसलाई भन, परमप्रभु भन्नुहुन्छ, 'मेरा मानिसहरूलाई
मेरो आराधना गर्न जानदेऊ। २१यदि तपाईंले मेरो
मानिसहरूलाई जान दिनु हुन्न भने म झीँगाहरू तिमी,
तिम्रा अधिकारीहरू र तिम्रा मानिसहरूको विरूद्धमा
पठाउनेछु। झीँगाहरू तिम्रो र तिम्रा अधिकारीहरूका
घरहरूमा जानेछन। मिश्रका सबै घरहरू झीँगाले भरिनेछन्।
जमीन पनि झीँगाले भरिनेछ। २२तर इस्राएलहरू र
मिश्रका मानिसहरूसित एकै प्रकारको व्यवहार गर्दिनँ
गोशेनमा जहाँ मेरा मानिसहरू बस्छन् त्यहाँ झीँगा
हुनेछैनन। यसप्रकार तिमीले चाल पाउँने छौ कि म
परमप्रभु यस भूमिमा छु। २३यसर्थ भोलि म अरूलाई
भन्दा मेरो मानिसहरूलाई अलग प्रकारले व्यवहार गर्छु।
मेरो प्रमाण त्यही हुनेछ।'"

२४त्यसपछि परमप्रभुले जे भन्नु भएको थियो, त्यही
भयो। धेरै-धेरै झीँगाहरू मिश्रमा आए। फिरऊन र
तिनका अधिकारीहरूको घर झीँगाले भरिए अनि मिश्र
देश भरी नै झीँगै-झीँगा भए। झीँगाहरूले देश नै
नष्ट पारिरहेका थिए। २५त्यसपछि फिरऊनले मोशा र
हारूनलाई बोलाएर तिनीहरूलाई भने, "यही भूमिमा
तिमीहरूले आफ्नो परमेश्वरलाई बलि चढ़ाओ।"

२६तर मोशाले भने, "यसो गर्नु ठीक हुँदैन। परमप्रभु
हाम्रा परमेश्वरलाई पशु बलिदान चढ़ाउँदा मिश्र देशका
मानिसहरूले भयानक कुरा हो भनी सम्झन्छन्। यदि
यहाँ हामीले बलिदान चढ़ायौ भने मिश्रदेशका मानिसहरूले
देख्नेछन् र तिनीहरूले हामीमाथि ढुङ्गा हिर्काउने छन्।
२७हाम्रा परमप्रभु परमेश्वरले आज्ञा गर्नु भए झैं

परमप्रभुलाई बलिदान चढ़ाउनु हामीलाई तीन दिन मरुभूमिमा
यात्रा गर्नु दिनुहोस्।"
२८यसर्थ फिरऊनले भने, "म परमप्रभु तिमीहरूका
परमेश्‍वरलाई बलि चढ़ाउन मरुभूमिमा जान दिनेछु। तर
तिमीहरू ज्यादै टाढ़ा जान पाउँने छैनौ अहिले जाऊ
अनि मेरो निम्ति प्रार्थना गर।"
२९मोशाले भने, "म बिदा लिन्छु र भोलिनै तिमी,
तिम्रा मानिसहरू र तिम्रा अधिकारीहरूका घरबाट भ्यागाहरू
हटाइ दिनु भनी परमप्रभुसित प्रार्थना गर्नेछु। तिमीले
परमप्रभुलाई बलि चढ़ाउनमा मानिसहरूलाई बाधा दिनु
हुँदैन।"
३०त्यसपछि मोशाले फिरऊनबाट बिदा लिए अनि
परमप्रभुलाई प्रार्थना गरे। ३१मोशाले विन्ती गरे जस्तै नै
परमप्रभुले गर्नु भयो। परमप्रभुले फिरऊन, उसका
अधिकारीहरू र उसका मानिसहरूका घरहरूबाट भ्यागाहरू
हटाइदिनु भयो। भ्याँगा एउटा रहेन। ३२तर फिरऊन
फेरि अट्टेरी भए अनि मानिसहरूलाई जान दिएनन्।

## खेतका पशुहरूको रोग

९ तब परमप्रभुले मोशालाई फिरऊनकहाँ गएर यसो
भन: "परमप्रभु, हिब्रू मानिसहरूका परमेश्‍वर
भन्नुहुन्छ, 'मेरा मानिसहरूलाई मेरो आराधना गर्न जान
देऊ।' २यदि मेरो मानिसहरूलाई जान दिएनौ र रोकी
राख्यौ भने, ३तब परमप्रभुले आफ्नो शक्ति तिम्रा खेतका
पशुहरूमाथि प्रयोग गर्नुहुनेछ। तिम्रा सबै घोड़ाहरू,
गधाहरू, ऊँटहरू, गाई वस्तुहरू अनि भेड़ाहरूमाथि
भयानक रोगले ग्रस्त हुनेछन्। ४परमप्रभुले इस्राएलीहरूको
र मिश्रीहरूका पशुहरूलाई भिन्दा भिन्दै व्यवहार गर्नु
हुनेछ। इस्राएलीहरूका कुनै पशु मर्ने छैनन्। ५यस्तो
अनिष्ट हुने समय परमप्रभुले तोक्नु भएको छ। परमप्रभुले
यस्तो विपत्ति यस भूमिमा भोलि ल्याउनु हुनेछ।'"
६परमप्रभुले जे गर्छु भन्नु भएको थियो त्यसै गर्नु
भयो। अर्को दिन बिहान मिश्रका सबै पशुहरू मरे। तर
इस्राएलीहरूका एउटा पनि पशु मरेनन्। ७फिरऊनले
आफ्नो मानिस इस्राएलीहरूका कुनै पशु मरे कि मरेन
पत्तो लगाउन पठायो। तर इस्राएलीहरूका कुनै पशु
मरेनन्। फिरऊन अट्टेरी थियो इस्राएली मानिसहरूलाई
उसले जानु दिएन।

## खट्टिराहरू

८परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "चुल्हाको
खरानी हत्केलाभरी लेऊ। मोशा, फिरऊन अघि त्यो
खरानी हावामा उड़ाईदेऊ। ९त्यो धूलो बनिन्छ र मिश्रको
भूमिमाथि उड़नेछ। जब धूलोले गर्दा मिश्रका मानिसहरू
र पशुहरूलाई छालामा खटिराहरू निस्कनेछन्।"
१०यसर्थ मोशा र हारूनले एउटा भट्टीबाट खरानी
लिए अनि फिरऊनको अघि उभिए। मोशाले खरानी
हावामा फ्याँकिदिए अनि मानिसहरू तथा पशुहरूको
छालामा खटिरा निस्कन थाल्यो। ११मोशाले गरे जस्तो
जादूगरहरूले गर्न सकेनन् कारण तिनीहरू पनि यस
रोगले ग्रस्त थिए। यस्तो मिश्र देशमा जता-ततै भयो।
१२तर परमप्रभुले फिरऊनलाई अट्टेरी नै बनाई राख्नु
भयो, यसर्थ मोशा र हारूनका कुरा सुन्न उसले
अस्वीकार गर्‍यो। परमप्रभुले मोशालाई भन्नु जस्तै नै
भयो

## असिना

१३तब परमप्रभुले मोशालाई भन्नुभयो, "बिहान चाँड़ै
उठ अनि फिरऊनकहाँ जाऊ। उसलाई भन, 'परमप्रभु
हिब्रू मानिसहरूका परमेश्‍वर भन्नुहुन्छ, 'मेरा मानिसहरूलाई
जान देऊ तिनीहरूले मेरो आराधना गरुन। १४यदि मेरा
मानिसहरूलाई यसो गर्न दिएनौ भने म मेरो सम्पूर्ण
शक्ति तिमी, तिम्रा मानिसहरू अनि तिम्रा अधिकारीहरूमाथि
प्रयोग गर्नेछु। तब तिमीले जान्ने छौ संसारमा म जस्तो
परमेश्‍वर अरू छैन। १५तिमी र तिम्रा मानिसहरूलाई
यस भूमिबाट बाहिर ल्याउन म मेरो शक्ति प्रयोग गर्न
सक्छु। १६तर मैले तिमीलाई मेरो शक्ति प्रकटको
निम्ति राखेको हुँ। यसो गर्दा संसारका मानिसहरूले मेरो
विषयमा बुझ्ने छन्। १७तिमी अझै पनि मेरो मानिसहरूको
विरोधमा छौ कारण तिमीले अझसम्म मुक्ति दिएका
छैनौं। १८यसर्थ भोलि यही समयमा अत्यन्तै नराम्रो
असिना पार्नेछु। यस प्रकारको असिना मिश्र एउटा राष्ट्र
बनिएदेखि कहिल्ये परेको थिएन। १९अब, तिमीले
आफ्नो पशुहरूलाई सुरक्षित ठाउँमा राख्नुपर्छ। प्रत्येक
तिम्रो चीज जो अहिले खेतमा छ, त्यो तिमीले सुरक्षित
ठाउँमा राख्नुपर्छ। किन? किनभने मानिस होस् अथवा
पशु जे पनि खेतमा हुन्छ त्यसलाई मारिनेछ। तिम्रो घर
भित्र नराखिएको कुनै पनि वस्तुमाथि असिना पर्नेछ।'"
२०फिरऊनका केही अधिकारीहरू ज-जसले परमप्रभुको
वचनलाई आदर गरेका थिए, तिनीहरूले आफ्ना पशुहरू
र कमारा-कमारीहरू घरभित्र राखे। २१तर अरू
मानिसहरूले परमप्रभुको वचन ध्यान दिएका थिएनन्
तिनीहरूका पशुहरू अनि कमारा-कमारीहरू खेतमा नै
छोड़ी दिए।
२२परमप्रभुले मोशालाई भन्नु भयो, "तिम्रो पाखुरा
हावामामाथि उठाऊ अनि मिश्रभरी असिना पर्न शुरू
हुनेछ। मिश्रमा प्रत्येक मानिस, पशु र उद्भिदमाथि
असिना पर्नेछ।"
२३तब मोशाले आफ्नो लहुरो हावामा उठाए अनि
परमप्रभुले बिजुली गर्जन र असिनाहरू मिश्रमाथि पठाउनु
भयो। २४असिना परिरहेको थियो र सँग-सँगै बिजुली
पनि चम्किरहेको थियो। मिश्र एउटा राष्ट्र भए पछि
सब भन्दा बढ़ी असिना परेको यही थियो। २५मिश्रका
सबै मानिसहरू, पशु अनि उद्भिद आँधी-बेरीले ध्वंश

पाऱ्यो। असिनाले खेतका रूखहरू पनि भाँचिदियो।
२६असिना नपरेको ठाउँ चाँहि गोशेन मात्र थियो जहाँ
इस्राएलका मानिसहरू बस्थे।

२७फिरऊनले मोशा र हारूनलाई बोलाए। तिनीहरूलाई
भने, "यस पल्ट मैले पाप गरेकोछु। परमप्रभु सही
हुनुहुन्छ। म र मेरा मानिसहरू गलत छौं। २८परमेश्वर
द्वारा पारेको असिना अनि गर्जन एकदमै बेशी भयो।
परमेश्वरसित आँधी थाम्नको निम्ति प्रार्थना गर, म
तिमीहरूलाई जान दिनेछु। तिमीहरूले यहाँ बस्नु पर्ने
छैन।"

२९मोशाले फिरऊनलाई भने, "जब म शहर छोड्छु,
म मेरो पाखुरा परमप्रभुसँगको प्रार्थनामा उठाउँनेछु गर्जन
र असिना पर्न रोकिनेछ। तब तिमीलाई थाहा हुनेछ
परमप्रभु यो भूमिमा हुनुहुन्छ। ३०तर म जान्दछु तिमी
अनि तिम्रा अधिकारीहरू अझै पनि परमप्रभु परमेश्वरसित
डराएका छैनौ अनि सम्मान गर्दैनौ।"

३१पातमा बिउहरू लागि सकेको थियो अनि जौमा
फूल फूलिसकेको थियो। यसकारण यो उद्भिदहरू नष्ट
भयो। ३२गहूँ र कठिया गहूँ अरु अन्नहरू भन्दा
ढिलो उम्रन्छ यसकारण यो नष्ट भएन। ३३मोशाले
फिरऊनबाट विदा लिए अनि शहर बाहिर गए।
उनले आफ्नो हात प्रार्थनामा उठाए गर्जन, अनि र
असिना रोकियो अनि त्यसपछि पानी पर्न थामियो।

३४जब फिरऊनले असिना पानी अनि गर्जन रोकिएको
देखे उनले फेरि परमेश्वरको विरूद्ध पाप गरे, फिरऊन
र उसका अधिकारीहरू अट्टेरी भए। ३५उनले इस्राएलका
मानिसहरूलाई स्वतन्त्रता गर्नु अस्वीकार गरे। परमेश्वरले
मोशालाई जे भन्नु भएको थियो त्यो पूरा भयो।

## सलहहरू

**१०** परमप्रभुले मोशालाई भन्नु भयो, "फिरऊनकहाँ
जाऊ। मैले फिरऊन र उसका अधिकारीहरूलाई
जिद्दी बनाएको छु। मैले मेरा शक्तिशाली चमत्कारहरू
प्रदर्शन गर्न यसो गरें २अनि तिमीले आफ्नो छोरा-छोरी
तथा नाती नातिनाहरूलाई मैले मिश्रमा प्रदर्शन गरेका
शक्तिशाली चमत्कारहरू र अन्य चीजहरू भन्न सक्ने
छौ। तब तिमीहरू सबैले जान्नेछौ म परमप्रभु हुँ।"

३यसर्थ मोशा र हारून फिरऊनकहाँ गए। तिनीहरूले
उसलाई भने, "परमप्रभु, हिब्रूहरूका परमेश्वर भन्नुहुन्छ,
'तिमी कहिलेसम्म मलाई अस्वीकार गर्छौ? मेरो मानिसहरू
मेरो आराधना गर्न जाऊन्। ४यदि तिमीले मेरा
मानिसहरूलाई जान दिएनौ भने भोलि म तिम्रो भूमिमा
सलहहरू ल्याइ दिनेछु। ५सलहहरूले जमीन ढाक्नेछन्।
जमीनमा धेरै सलहहरू हुनेछन्। तिमीले जमीन देख्न
सक्ने छैनौ। सलहले खेतका प्रत्येक कुरा अनि रूखहरू
खानेछन्। ६मिश्रमा भएका सबै घरहरू, तपाईंका
कर्मचारी र तपाईंका घर सलहहरूले छोप्नेछन्। त्यहाँ
तपाईंका पिता-पुर्खाहरूले देखेको भन्दा अधिक सलहहरू
हुनेछन। त्यहाँ यति धेरै सलहरू देखियो की मिश्रदेशमा
मानिसहरू बसो-वास गर्न लागे यता त्यति कहिल्यै
देखिएका थिएनन्।'" त्यसपछि मोशाले फिरऊनबाट विदा
लिए।

७त्यसपछि कर्मचारीहरूले फिरऊनलाई सोधे,
"कहिलेसम्म हामी यी मानिसहरूको फन्दामा परिरहने
छौं? तिनीहरूका परमप्रभु परमेश्वरलाई आराधना गर्न
मानिसहरूलाई जान दिनोस्। यदि तपाईंले जान दिनु
भएन भने, तपाईंले चाल पाउनुअघि नै मिश्र ध्वंश
हुनेछ।"

८यसकारण फिरऊनका सेवकहरूले मोशा अनि
हारूनलाई फिरऊनकहाँ फर्काएर ल्याए। फिरऊनले
तिनीहरूलाई भने, "जाऊ अनि परमप्रभु तिमीहरूका
परमेश्वरको आराधना गर। तर साँच्चै को जाँदै छन्
मलाई भन?"

९मोशाले उत्तर दिए, "हाम्रा केटा-केटी, बूढ-बूढी
जति छन् सबै जानेछन्। हामी हाम्रा छोरा-छोरीहरू, हाम्रा
भेडा तथा गाई वस्तुहरू पनि लिएर जानेछौं। हामी सबै
जानेछौं कारण परमेश्वरको भोज हामी सबैको निम्ति
हो।"

१०फिरऊनले तिनीहरूलाई भने, "मैले तिमीहरू र
तिमीहरूको केटा-केटीहरूसमेत जान दिँदा मेरो लागि
परमप्रभु साँच्चै नै तिमीहरूसित हुनुपर्छ। तिमीहरूले
केही नराम्रो योजनाहरू बनाइरहेका छौ। ११होइन! मात्र
तिम्रा मानिसहरू परमप्रभुको आराधना गर्न लान सक्छ।"
अनि फिऊनले मोशा र हारूनलाई पठाए।

१२परमप्रभुले मोशालाई भन्नुभयो, "तिम्रो पाखुरा
मिश्र देशमाथि उठाऊ र सलह आउनेछन अनि मिश्रको
समस्त भूमिमा फैलिनेछन। असिनाले नष्ट नपारेको सबै
उद्भिदहरू सलहले खाईदिने छन।"

१३यसकारण मोशाले आफ्नो टेक्ने लाठ्ठी मिश्र
देशमाथि उठाए अनि परमप्रभुले पूर्वबाट आँधी बेरी
पठाउनु भयो। हावा बिहान बेलुका पूरै चलिरहयो। जब
बिहान भयो मिश्र भूमिमा हावाले सलह ल्यायो। १४सलहहरू
मिश्र देशमा उड़ेर आए अनि जमीनमा बसे। सलह
मिश्रदेशमा यति विध्न आए कि यति विध्न न विगतमा
कहिल्यै देखिएका थिए न भविष्यमा नै देखिनेछन।
१५ती सलहहरूले सबै भूमि ढाके अनि मैदान नै छोपे।
असिनाले ध्वंश नपारेको जम्मै फलहरू र उद्भिदहरू
सलहले खाए।

१६फिरऊनले मोशा र हारूनलाई झट्टै बोलायो
फिरऊनले भन्यो, "मैले परमप्रभु तिमीहरूका परमेश्वर
र तिमीहरूका विरोधमा पाप गरेको छु। १७अब यस
पल्टको निम्ति मेरो पाप क्षमा गरिदेऊ। परमप्रभुलाई
ममाथि आइलागेको यो 'मृत्यु' (सलहहरू) हटाई दिनु
भनी भन।"

१८मोशाले फिरऊनबाट विदा लिएर परमप्रभुलाई प्रार्थना गरे। १९यसर्थ परमप्रभुले हावाको दिशा फर्काएर पश्चिम तिरगर्नु भयो र यसले सलहहरूलाई मिश्रबाट उड़ायो अनि निगालोको समुद्रमा* पुर्‍यायो। एउटै पनि सलह मिश्रमा रहेनन। २०तर फेरि परमप्रभुले फिरऊनलाई अट्टेरी बनाइदिनु भयो यसकारण उसले इस्राएली मानिसहरूलाई जान दिएन।

## अँध्यारो

२१तब परमप्रभुले मोशालाई भन्नु भयो, "तिम्रो हातमाथि हावामा उठाऊ अनि अँध्यारोले मिश्रलाई ढाक्नेछ। अँध्यारो यति निष्पट्ट हुनेछ तिमीले त्यो अनुभव गर्नेछौ।"

२२मोशाले आफ्नो हात उठायो अनि अन्धकारले मिश्रलाई ढाक्यो। त्यो अंध्यारो मिश्रमा तीन दिनसम्म रह्यो। २३त्यहाँ कसैले कसैलाई देख्न सक्तैन थियो। तर जहाँ इस्राएलका मानिसहरू थिए त्यहाँ अंध्यारो भएन।

२४फेरि फिरऊनले मोशालाई बोलाए। फिरऊनले भने, "जाऊ अनि परमप्रभुको आराधना गर। आफ्नो छोरा-छोरीहरूसँगै लान सक्छौ, तर तिमीले भेड़ा र गाई-वस्तुहरू यही छोड़र जानु पर्छ।"

२५मोशाले भने, "तपाईंले हामीलाई परमप्रभु हाम्रो परमेश्वरलाई बलिदानहरू अनि होमबलिहरू चढ़ाउनु जानु दिनुपर्छ।" २६जब हामी परमप्रभुलाई आराधना गर्न जान्छौ। हामीले हाम्रा पशुहरू पनि लाने छौं। एउटै पनि भाग छाड़ने छैनौं। परमप्रभुको आराधनामा के कुराहरूको आवश्यक पर्छ, त्यो हामी पनि जान्दैनौं। हामीले आफ्नो आवश्यकता त्यस समयमा मात्र बुझ्नेछौं जति बेला हामी हाम्रो गन्तव्य स्थानमा पुग्छौं।"

२७परमप्रभुले फेरि फिरऊनलाई अट्टेरी बनाउनु भयो। यसर्थ तिनीहरूलाई जानु दिनुमा फिरऊनले फेरि पनि अस्वीकार गरे। २८तब फिरऊनले मोशालाई भने, "जाऊ, यहाँबाट। तिमी फेरि कहिलै आउनु पर्दैन यदि तिमी मलाई हेर्न आयौ भने, मर्नेछौ।"

२९तब मोशाले फिरऊनलाई भने, "एउटा विषयमा तिमी सही छौ, कारण म तिमीलाई हेर्न फेरि कहिल्यै आउने छैन।"

## पहिले जन्मनेहरूको मृत्यु

११ तब परमप्रभुले मोशालाई भन्नु भयो, "मैले अझ फिरऊन अनि मिश्रमाथि एउटा विपत्ति ल्याउनुपर्छ। त्यसपछि मात्र उसले तिमीहरूलाई मिश्रबाट जान मात्र दिँदैन बलपूर्वक जानु भनी जोर लगाउनेछ। २तिमीले यो समाचार इस्राएलका मानिसहरूलाई दिनु पर्छ 'पुरूष अनि स्त्रीहरू! तिमीहरूले आफ्ना-आफ्ना छिमेकीहरूसँग सुन र चाँदीले बनिएका चीजहरू माग्नु पर्छ। ३परमप्रभुले मिश्रका मानिसहरूलाई तिमीहरूप्रति दयालु हुनेछ। मिश्री मानिसहरू र फिरऊनका शासकहरूले मोशालाई पहिलेदेखि महान मानिस भनी मान्दछन्।'"

४मोशाले मानिसहरूलाई भने, "परमप्रभु भन्नुहुन्छ, 'आज मध्य-रातमा म मिश्र भएर जानेछु, ५अनि प्रत्येक पहिला जन्मेको छोरा, फिरऊनको पहिलो छोरो मिश्रको शासक देखि लिएर जाँतो पिस्ने कमारीको पहिलो छोरोसम्म मिश्रमा मार्नेछ। पहिला जन्मिएका सबै मर्छ जसले मकै पिन्छ। पहिला जन्मेको सबै मानिसहरू अनि पशुहरू मर्नेछन्। ६मिश्रमा दु:खको क्रन्दनहरू हुनेछ त्यहाँ मिश्रमा त्यस्तो दु:ख पूर्ण क्रन्दनहरू कहिल्यै भएको थिएन अनि त्यहाँ फेरि कहिल्यै हुने छैन। ७तर कुनै पनि इस्राएली मानिसमाथि यस्तो घटना हुनेछैन। यहाँसम्म कि तिनीहरूलाई कुकुरले पनि भुक्ने छैन। इस्राएली मानिसहरूमा मात्र होइन तिनीहरूका पशुहरूलाई पनि कुनै नोक्सान हुनेछैन। तिमीले जान्ने छौ यस प्रकारले म इस्राएली मानिसहरू अनि मिश्रीहरूमा भिन्दा भिन्दै प्रकारको व्यवहार गर्नेछु। ८त्यसपछि मिश्रका सबै पदाधिकारीहरू मेरोअघि निहुरिने छन् र मेरो आराधना गर्नेछन्। तिनीहरूले भन्नेछन्, "जाऊ! तिमीसँगै आफ्ना सबै मानिसहरूलाई लैजाऊ।" तब मोशा रिसाएर म फिरऊनलाई छोड़नेछु।'"

९तब परमप्रभुले मोशालाई भन्नु भयो, "फिरऊनले तिम्रो कुरा सुनेको छैन। किन? यसकारण म मिश्रमा आफ्नो महाशक्ति देखाउन सकूँ।" १०त्यसैले गर्दा मोशा र हारूनले फिरऊनअघि धेरै आश्चर्य कर्म गर्न सके। र यसैको निम्ति परमप्रभुले फिरऊनलाई अति अट्टेरी बनाउनु भयो, जसले गर्दा उसले इस्राएलीहरूलाई आफ्नो देशबाट जान दिएन।

## निस्तार

१२ जब तिनीहरू मिश्रमा थिए, परमप्रभुले मोशा र हारूनलाई भन्नु भयो। २"यो महिना नै तिमीहरूको निम्ति वर्षको पहिलो महिना हुनेछ। ३यो आदेश इस्राएलका सारा समुदायका निम्ति हो। यो महिनाको दशौं दिनमा आफ्ना घरका मानिसहरूको निम्ति प्रत्येक मानिसले एउटा थुमा ल्याउनु पर्छ। ४एउटा पाठो खाई सक्नलाई यदि कुनै मानिसको घरमा प्रशस्त मानिसहरू नभए उसले त्यस दिनको भोजमा भाग लिनको निम्ति छिमेकीलाई नित्याउनु पर्छ। प्रत्येक मानिसलाई पुग्ने पाठो हुनुपर्छ। ५पाठो एक वर्षको र खोट रहित हुनुपर्छ। पाठो भेड़ा अथवा बाख्राको जुन भए पनि हुन्छ। ६तिनीहरूले त्यो पाठोलाई महिनाको चौधौं दिनसम्म सावधानीसँग राख्नु पर्छ। त्यस दिन इस्राएली समुदायका मानिसहरूले साँझमा ती पाठाहरू

**निगालो समुद्र** निगालो घारी हुनुपर्छ।

मार्नु पर्छ। ७यी पशुहरूको रगत सबै मानिसले जम्मा गर्नुपर्छ। अनि ढोकाका चौखटाहरूमा र घरका जहाँ पाठाहरू खाइन्छन ढोकाहरूमाथि छर्नु पर्छ।

८"त्यो राती पाठो आगोमा पोलेर खानु पर्छ। तिमीहरूले तितो जड़ी-बुट्टी र खमीर बिनाको रोटी खानुपर्छ। ९पाठो काँचो अथवा पानीमा उमालेर खानु हुँदैन। त्यो पाठो सबै आगोमाथि सेकाउनु पर्छ, त्यसको भित्र, टाउको र खुट्टाहरू शरीरबाट नछुट्टाई आगोमाथि सेकाउनु पर्छ। १०बिहानसम्म मासुहरू बाँकि नराख। यदि केही मासुहरू रह्यो भने, त्यसलाई आगोमा जलाउनु पर्छ।

११"जब तिमीहरू भोजन खान्छौ कतै बाहिर यात्रामा जाँदा जस्तै लुगा लाउनुपर्छ। तिमीहरूका खुट्टामा जुत्ता र हातमा टेक्ने लाठी हुनै पर्छ र हतार-हतार खानु पर्छ। किन? किनभने यो परमप्रभुको निस्तार हो।

१२"आज राती म मिश्रभित्र पस्नेछु अनि पहिले जन्मेका मानिसहरू र पशुहरूलाई नष्ट गर्नेछु। यस प्रकारले म मिश्रका सबै देवताहरूको न्याय गर्नेछु, म परमप्रभु हुँ। १३तर तिमीहरूका घरमा लगाएका रगत चाँहि एउटा विशेष चिन्ह हुनेछ र म जुन घरमा रगत लगाएको देख्छु त्यसलाई छोड़ेर जान्छु। म मिश्र देशका मानिसहरूको निम्ति हानिकारक रोग उत्पन्न गर्छु। तर त्यो खराब बिमारले तिमीहरू कसैलाई पनि असर गर्दैन।

१४"यसकारण यो एउटा स्मरणीय दिन हुनेछ। अनि तिमीहरूको निम्ति यो एक विशेष पवित्र चाड़ हुनेछ। तिमीहरूका संन्तानहरूले सदा सर्वदा यो पवित्र चाड़लाई परमप्रभुलाई भक्ति गर्ने दिनको रुपमा मान्नु पर्छ। १५यस चाड़मा तिमीहरूले अखमिरी रोटी सात दिनसम्म खाने छौ। यस पवित्र चाड़को पहिलो दिन तिमीहरूले आफ्ना-आफ्ना घरबाट समस्त खमीर बाहिर निकाल्ने छौ। यो पवित्र चाड़मा सात दिनसम्म कसैले पनि खमीर खाने छैनौ। यदि कसैले खमीर त्यस समयमा खायो भने त्यसलाई अरू इस्राएलीबाट बहिष्कृत गरिनेछ। १६यो पवित्र चाड़को पहिलो र अन्तिम दिनमा पवित्र सभा हुनेछ। यी दिनमा तिमीहरूले केही पनि काम गर्नु हुँदैन। यी दिनमा तिमीहरूको निम्ति एउटै काम भोजन तयार गर्नु हुन्छ। १७तिमीहरूले यो अखमिरी रोटीको पवित्र चाड़लाई सम्झना गर्नु पर्छ, कारण यही दिन मैले तिमीहरूलाई मिश्रबाट दल बनाएर गरी बाहिर ल्याए। तिम्रा सन्तानहरू सबैमा सदा-सर्वदा यो एउटा नियम होस्। १८यसर्थ पहिलो महिनाको चौधौं दिनको साँझ देखि तिमीहरूले खमीर बिनाको रोटी खान शुरू गर्ने छौ। तिमीहरूले खमीर बिनाको रोटी पहिलो महिनाको एक्काईसौं दिनको साँझसम्म खानेछौ। १९सात दिनसम्म तिमीहरूका घरमा कुनै खमीर रहनु हुँदैन। कुनै पनि मानिस चाहे त्यो इस्राएली होस अथवा विदेशी यदि तिनीहरूले यस समयमा खमीर खायो भने उसलाई इस्राएलीको समुदायबाटै अलग्ग गराउनु पर्छ। २०यी पवित्र दिनहरूमा तिनीहरू जता सुके भए पनि खमीर भएको केही पनि खानुँ हुदैन। तिमीहरूले त्यहि खमीर बिनाको रोटी खानु पर्छ।"

२१यसर्थ मोशाले सबै बूढ़ा-प्रधानहरूलाई बोलाए। मोशाले तिनीहरूलाई भने, "तिमीहरूका परिवारका निम्ति थुमाहरू ल्याऊ। र निस्तारको निम्ति थुमाहरू मार। २२हिसपको झुप्पा लेऊ अनि रगतले भरिएको भाँड़ामा डुबाऊ अनि ढोकाको चौकटकोमाथि तथा वरिपरि लगाऊ। बिहान नहुञ्जेल कसैले पनि घर छाड्नु हुँदैन। २३जब परमप्रभु मिश्रमा पहिला जन्मेको छोराहरूलाई मार्न जानुहुनेछ अनि ढोकाका फल्याक अनि खाम्बाहरूमाथि रगत पोतेको देख्नु हुनेछ। तब परमप्रभुले त्यस घरलाई रक्षा गर्नु हुँनेछ। उहाँ ती ढोकाद्वारबाट जाँदा परमप्रभुले विनाशक शक्ति ती घरहरूमा पसेर नाशगर्नबाट रोक्नुहुनेछ। २४तिमीहरूले यो आदेश याद राख्नुपर्छ। यो नियम सदा-सर्वदा तिम्रा सन्तानहरूको निम्ति हुनेछ। २५तिमीहरू जब परमप्रभुले दिनु भएको भूमिमा जानेछौ तिमीहरूले यो चाड़ पालन गर्नुपर्छ। २६जब तिमीहरूका नानीहरूले तिमीहरूलाई सोध्नेछन्, 'किन हामी यो चाड़ मनाउछौं?' २७तब तिमीहरूले जवाफ दिनेछौ, 'यो निस्तार चाड़ परमप्रभुको सम्मानमा मानिएको हो। नानीहरूलाई तिमीहरू भन्नेछौ, जब हामीहरू मिश्रमा थियौं, परमप्रभुले इस्राएलीको घरहरू छोड़ेर जानु भयो। उहाँले मिश्री मानिसहरूलाई मार्नु भयो अनि हाम्रो रक्षा गर्नुभयो। यसकारण अहिले मानिसहरू उहाँलाई निहुरिएर दण्डवत गर्छन् र आराधना गर्छन्।'"

२८परमप्रभुले यो आदेश मोशा र हारूनलाई दिनु भएको थियो, यसर्थ इस्राएलीहरूले त्यही गरे जे परमप्रभुले आदेश दिनु भएको थियो।

२९मध्यरातमा मिश्र देशीहरूका पहिले जन्मेका सबै छोराहरू, मिश्रका शासक फिरऊनको पहिलो छोरो देखि झ्यालखानामा सजाय भोग्दै गरेको कैदीको छोरोसम्मलाई मार्नुभयो। पशुहरूमा पनि पहिले जन्मेका सबै मार्नु भयो। ३०त्यस रात मिश्रमा प्रत्येक घरको कोही न कोही मरे। फिरऊन, उसका अधिकारीहरू अनि मिश्रका सबै मानिसहरू चिच्याँउदै रोए।

## इस्राएलीहरूले मिश्र छोँड़छन्

३१तब त्यस राती फिरऊनले मोशा र हारूनलाई बोलाए। फिरऊनले तिनीहरूलाई भने, "तयार होऊ अनि हाम्रा मानिसरूलाई छोड़ेर जाऊ। तिमी र तिम्रा मानिसहरूले त्यसै गर्न सक्छौ जो तिमी भन्छौ तिमीहरू जाऊ अनि आफ्नो परमप्रभुको आराधना गर। ३२तिमीहरूले भने झैँ आफ्ना-आफ्ना भेड़ा तथा गाई-वस्तुहरू लिएरै

जाऊ। तिमीहरूले मलाई पनि आशीर्वाद देऊ।" ३३मिश्र देश वासीहरूले पनि भने, "तिमीहरू चाँड़ै गइहाल। किन? किनभने, यदि तिमीहरू गएनौ भने हामीहरू सबै मर्न सक्छौ।"

३४इस्राएली मानिसहरू यति हतारमा थिए तिनीहरूले रोटीमा खमीर मिसाउने समय पाएनन्। यसकारण तिनीहरूले आटा, भाड़ाहरूमा आफ्ना काँधमाथि बोकेर ल्याए। ३५तब इस्राएलीका मानिसहरूले त्यही गरे जे मोशाले तिनीहरूलाई गर्नु भनेका थिए। तिनीहरूले मिश्र देशका आफ्नो छिमेकीहरूसित लुगा, अनि सुन चाँदीले बनिएको चीजहरू माँगे। ३६परमप्रभुले मिश्रका मानिसहरूलाई दयालु बनाई दिनु भयो अनि तिनीहरूले जे मांगे त्यही दिए।

३७इस्राएली मानिसहरूले रामसेसबाट, सुक्कोतसम्म यात्रा गरे। तिनीहरू लगभग ६,००,००० थिए। यस संख्यामा नानीहरूको गन्ति गरिएको थिएन। ३८तिनीहरूसित धेरै भेड़ा, बाख्रा गाई-वस्तु र अरू चीजहरू थिए। तिनीहरूसित अन्य धेरै थरिका मानिसहरू यात्रा गरिरहेका थिए। ३९ती मानिसहरूसँग रोटीमा खमीर मिसाउने समय पनि थिएन अनि तिनीहरूले यात्राको निम्ति कुनै विशेष भोजन तयार पारेका थिएनन्। यसकारण तिनीहरूका साधरण खमीर बिनाको रोटी बाहेक अरू कुनै खाने कुरा थिएन।

४०इस्राएली मानिसहरू ४३० वर्षसम्म मिश्रमा बसे। ४१ठीक ४३० वर्षपछि परमप्रभुका समस्त सेनाहरू मिश्रबाट गए। ४२यसर्थ त्यो विशेष छ। जब परमप्रभुले गरेको मानिसहरूले सम्झने छन। त्यो रात सबै इस्राएली मानिसहरूको हृदयमा सदा-सर्वदा रहनेछ।

४३परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "यहाँ निस्तारका निम्ति विधिहरू छन् कुनै पनि विदेशीले निस्तार चाड़को भोजन खान पाउनेछैन। ४४तर यदि कुनै मानिसले कमारो किन्छ र त्यसको खतना गराइदिन्छ भने, त्यो कमरोले निस्तारको भोजन खान सक्छ। ४५तर तिमीहरूको माझमा बस्ने कुनै पनि ज्यालाका मजदूर अथवा विदेशीहरूले निस्तारको भोजन खानु हुँदैन।

४६"प्रत्येक परिवारले एउटा घर भित्र नै भोजन गर्नुपर्छ, कुनै पनि भोजन बाहिर लानु हुँदैन। थुमाको कुनै हड्डी भाँच्नु हुँदैन। ४७इस्राएलका सारा समुदायले यो चाड़ मनाउनु पर्छ। ४८यदि कोही मानिस तिमीहरूसित बसो-बासो गर्छ तर त्यो इस्राएली होइन र यो परमप्रभुको निस्तार चाड़मा भाग लिन चाहन्छ भने उसको खतना गरिनु नै पर्छ। त्यसपछि त्यो इस्राएली नागरिक बराबर हुन्छ र उसले निस्तार भोजनमा भाग लिन सक्छ। तर यदि उसको खतना गरिएको छैन भने निस्तार भोजनमा भाग लिन सक्तैन। ४९खतना नभएको कुनै पनि मानिसहरूले परमप्रभुको भोजनमा भाग लिनु हुँदैन। यो प्रत्येक मानिसहरूको लागि यो सत्य र निष्पक्ष नियम हो त्यो देशी अथवा विदेशमा जन्मेका नागरिक होस् यो नियम प्रत्येकलाई हुनुपर्छ।"

५०यसर्थ इस्राएलका सारा मानिसहरूले परमप्रभुले मोशा र हारूनलाई दिनु भएका आदेशहरू पालन गरे। ५१यस प्रकारले परमप्रभुले इस्राएलका सबै मानिसहरूलाई मिश्र देशबाट बाहिर लिएर जानु भयो। मानिसहरू झुन्ड-झुन्डमा यात्रा गरे।

**१३** त्यसपछि परमप्रभुले मोशालाई भन्नु भयो, २"तिमीले इस्राएलमा जन्मेको प्रत्येक पहिले पुरुष शिशु मलाई दिनुपर्छ। त्यसको अर्थ हुन्छ पहिला जन्मेको प्रत्येक बालक अनि पहिला जन्मेको प्रत्येक पाठो मेरो हुनेछ।"

३मोशाले मानिसहरूलाई भने, "यस दिनलाई सम्झना गर। तिमीहरू मिश्रमा कमारा-कमारीहरू थियौ। तर आजको दिन परमप्रभुले आफ्नो महाशक्ति प्रयोग गरी तिमीहरूलाई स्वतन्त्र पार्नुभयो। तिमीहरूले खमीर मिसाएको रोटी खानै हुँदैन। ४आज, आबीबको महीनामा तिमीहरूले मिश्र छाड्यौ।

५"परमप्रभुले तिमीहरूका पिता-पुर्खाहरूलाई विशेष वचन दिनुभएको छ। उहाँले तिमीहरूलाई कनानी, हित्ती, एमोरी, हिव्वी अनि यबूसी मानिसहरूको भूमि दिने प्रतिज्ञा गर्नु भयो। परमप्रभुले तिमीहरूलाई त्यस भूमिमा लानु हुनेछ जहाँ दूध र मह बग्छन्। यसकारण तिमीहरूले यो रीति प्रत्येक वर्ष यही महीनामा पालन गर्नुपर्छ।

६"सात दिनसम्म तिमीहरूले अखमिरे रोटी खानुपर्छ। सातौ दिनमा तिमीहरूले ठूलो भोज गरेर मनाउँनु पर्छ अनि यस भोजले परमप्रभुप्रति सम्मान जनाउँनेछ। ७यसर्थ सात दिनसम्म तिमीहरूले अखमिरे रोटी खानु हुँदैन। तिमीहरूको भूमिमा सात दिनसम्म खमीर हुनुहुँदैन। ८त्यस दिन तिमीहरूले आफ्ना नानीहरूलाई भन्नु पर्छ, 'हामी यो भोज खाँदैछौ किनभने आजको दिन परमप्रभुले हामीहरूलाई मिश्रबाट बाहिर ल्याउनु भएको थियो।'

९"यस पवित्र चाड़ले तिमीहरूलाई सम्झना गराउने छ यो हातमा बाँधिको धागो आँखाअघि राखिएको चिन्ह जस्तो हुनेछ। यस पवित्र दिनले तिमीहरूलाई परमप्रभुले दिनु भएको उपदेशहरू सम्झना गराउनेछ। यसले तिमीहरूलाई त्यही दिनको सम्झना गराउँछ परमप्रभुले आफ्नो महाशक्ति प्रयोग गरेर तिमीहरूमाथि करुणा गर्नु भएको थियो। १०यसकारण प्रत्येक वर्ष यो दिनलाई ठीकसित सम्झना गर।

११"परमप्रभुले तिमीहरूलाई त्यस भूमिमा लैजानु हुनेछ जसलाई उहाँले तिमीहरूलाई दिनेछु भनी वचन दिनु भएको थियो। अहिले त्यस भूमिमा कनानी मानिसहरू बस्छन्। तर परमप्रभुले तिमीहरूका

पिता-पुर्खाहरूलाई त्यो भूमि तिमीहरूलाई दिन्छु भनी वचन दिनु भएको थियो। परमेश्वरले जब तिमीहरूलाई त्यो भूमि दिनुहुन्छ, १२तिमीहरूले सम्झना गर्नु पर्छ। तिमीहरूले आफ्नो पहिलो छोरो अनि पहिलो उहाँलाई समर्पण गर्नुपर्छ। १३तिमीहरूले गधा उद्धार गर्नु एउटा थुमा समर्पण गर्न सक्छौ तर यदि गधा गराउनु सकेनौ भने त्यसलाई गर्दन फुटाएर मार्नु पर्छ। तर पहिले जन्मेको छोरो तिमीहरूले परमप्रभुबाट छुट्याएर ल्याउनु पर्छ।

१४"भविष्यमा तिमीहरूका सन्तानले सोध्न सक्छन् तिमीहरूले यस्तो किन गर्छौ। अनि तिमीहरूको उत्तर हुनेछ, 'हामीहरू मिश्र देशमा कमारा-कमारी थियौं अनि परमप्रभुले उहाँको शक्ति प्रयोग गरी हामीलाई यहाँ ल्याउनु भयो। १५मिश्र देशमा फिरऊनले अट्टेरी गरेर हामीलाई त्यहाँबाट बाहिर पठाउन अस्वीकार गरे। यसर्थ परमप्रभुले त्यहाँ जन्मेका प्रत्येक मानिस र पशुका पहिले जन्मेका छोराहरू तथा बच्चाहरू मारिदिनु भयो। यही कारणले मेरा प्रथम जन्मेका छोरो परमप्रभुबाट उद्धार गर्न प्रथम जन्मेको डाँगो पशु भेटी चढ़ाँउछु।' १६यो तिमीहरूको हातमा कसेको धागो जस्तै हो र यो तिमीहरूका आँखाको सामुन्ने राखेको चिन्ह जस्तो हो। यसले हामीलाई सधैं सम्झना गर्न सहायता गर्छ कसरी परमप्रभुले उहाँको महाशक्ति चलाएर हामीहरूलाई मिश्रबाट ल्याउनु भयो।"

### मिश्रबाहिर यात्रा

१७फिरऊनले मानिसहरूलाई छोड़न लगाए। परमप्रभुले मानिसहरूलाई पलिश्तीहरूको भूमिको बाटो जानु दिनु भएन। समुद्रकोबाटो सब भन्दा छोटो छ तर परमप्रभुले भन्नुभयो, "यदि मानिसहरू त्यो बाटो जान्छन् भने तिनीहरूले लड़ाइँ गर्नु पर्नेछ। यस्तो हुँदा तिनीहरूको मन विचार बदलन सक्छ अनि मिश्रमा नै फर्किएर जानेछन्।" १८यसकारण परमप्रभुले तिनीहरूलाई मरुभुमि हुँदै समुद्रबाट* लानु भयो। इस्राएली मानिसहरू मिश्रबाट बाहिर निस्कदा युद्धको पोशाकमा थिए।

### यूसुफ घर जान्छन्

१९मोशाले यूसुफको अस्थिहरू लिएर हिंड़े। मर्नु अघि यूसुफले इस्राएलीहरूसँग आफ्नो लागि यस्तो गर्ने प्रतिज्ञा गराएका थिए। यूसुफले भने, "जब परमेश्वर तिमीहरूलाई सुरक्षा दिनु हुन्छ मेरा अस्थिहरूलाई मिश्रदेखि बाहिर लान नर्बिस।"

### परमप्रभुले आफ्ना मानिसहरूको अगुवाइ गर्नुहुन्छ

२०इस्राएलका मानिसहरूले सुक्कोत छाड़े अनि एथाममा छाउनी लगाए। एतामम मरुभूमि नजिक थियो। २१परमप्रभुले दिउँसो अग्लो बादललाई र राती अग्लो आगोको खम्बोलाई तिनीहरूलाई बाटो देखाउन उपयोग गर्नु भयो। आगो तिनीहरूलाई उज्यालो दिन्थ्यो र तिनीहरू राती पनि यात्रा गर्न सक्थे। २२अग्लो बादल दिनमा आगोले खम्बा रातीमा अनि रातको समयमा आगो तिनीहरूसँगै हुन्थे।

**१४** तब परमप्रभुले मोशालाई भन्नु भयो,
२"इस्राएलीहरूलाई पी-हहीरोत फर्की जानु भन।
तिनीहरूलाई भन, मिग्दोल अनि समुद्रको बीचमा
बालसपोन कै नजिक छाउनी लगाऊ।' ३फिरऊनले
सोच्नेछ इस्राएलका मानिसहरू मरुभूमिमा हराए छन।
अनि उसले सोच्नेछ मानिसहरूको जाने ठाउँ छैन। ४म
फिरऊनलाई अट्टेरी बनाउनेछु अनि उसले तिमीहरूको खेदो गर्नेछ, तर म फिरऊन र उसका सेनाहरूलाई पराजित गराउनेछु। तब मिश्रदेशका मानिसहरूले जान्नेछन् कि म परमप्रभु हुँ।"

### फिरऊनले इस्राएलीहरूलाई खेद्छ

५इस्राएलका मानिसहरू भागे भन्ने समाचार फिरऊनले थाहा पायो। जब फिरऊन र उसका अधिकारीहरूले पनि यो खबर सुने, तिनीहरूले के गरेका थिए त्यस विषयमा आफ्नो विचार बदली गरे। फिरऊनले भने, "हामीहरूले किन इस्राएली मानिसहरूलाई तिनीहरूको दासत्वबाट जान दियौं?"

६यसर्थ फिरऊनले आफ्नो रथ ठीक पाऱ्यो अनि
आफूसँगै आफ्नो मानिसहरूलाई लियो। ७उसले आफ्ना
सर्वश्रेष्ठ मानिसहरूमध्ये ६०० जना अनि आफ्ना सारा रथहरू लिए। प्रत्येक रथमा एकजना अधिकारी थिए।
८इस्राएलका मानिसहरू निडर साथ बढ़िरहेका थिए, तर परमप्रभुले फिरऊनलाई अट्टेरी बनाइ दिनु भयो, यसर्थ उसले इस्राएलीहरूलाई खेद्यो।

९मिश्री फौजसित धेरै घोड़ा, सेना अनि रथहरू थिए। तिनीहरूले इस्राएलीहरूलाई खेदे र लाल समुद्रको नजिक बालसिपोनमा जहाँ तिनीहरूले छाउनी लगाएका थिए तिनीहरूलाई पक्रे।

१०इस्राएलीले फिरऊनलाई उसका मिश्रदेशीहरूसित
आउँदै गरेको देखे। तिनीहरू साह्रै डराएका थिए अनि
तिनीहरूले परमप्रभुलाई गुहार मागे। ११तिनीहरूले
मोशालाई भने, "तिमीले हामीहरूलाई मिश्रबाहिर किन ल्यायौ? मिश्रमा के धेरै चिहानहरू थिएनन्? किन? तिमीले हामीलाई मरुभूमिमा मार्न ल्यायौ। १२हामीले
मिश्रमा तिमीलाई भनेका थियौ "यस्तो परी आउनेछ। 'मिश्रमा हामीले भनेका थियौ कि हाम्रो चिन्ता नगर्नु होस्।' हामीलाई मिश्रमा बस्न दिनुहोस र मिश्र वासीहरूको सेवा गर्न देऊ। यसरी मरुभूमिमा आएर मर्नु भन्दा त त्यही बसी कमारा-कमारी हुनु नै असल थियो।"

---

**नर्कटको समुद्र** अर्थ नरकट घारी हुन सक्छ।

१३तर मोशाले उत्तर दिए, "नडाराऊ तिमीहरू जहाँ
छौ यही उभिने काम गर अनि हेर आज परमप्रभुले
तिमीहरूलाई बचाउनु हुनेछ। तिमीहरूले यी मिश्रबासीलाई
फेरि कहिल्यै देख्ने छैनौ। १४तिमीहरूले केही गर्नु
पर्दैन तर स्थिर भएर बस। परमप्रभुले तिमीहरूको
निम्ति युद्ध गर्नु हुनेछ।"

१५तब परमप्रभुले मोशालाई भन्नुभयो, "अहिलेसम्म
मसँग तिमी किन कराइरहेका छौ? इस्राएली मानिसहरूलाई
अघि बढ्न शुरू गर्नु भन्। १६लाल समुद्रमाथि तिम्रो
लाठी उठाऊ अनि समुद्र दुइ भाग हुन्छ, तब मानिसहरू
सूखा जमीनमा हिँडेर जानेछन्। १७मिश्रदेशका मानिसहरूले
तिमीहरूलाई खेदिरहेका छन् किनभने मैले तिनीहरूलाई
अट्टेरी बनाएको छु। तर म फिरऊन र उसको घोड़ा
तथा रथहरू भन्दा शक्तिशाली छु भन्ने तिमीलाई
देखाउने छु। १८तब मिश्रदेशवासीहरू जान्नेछन् कि म
परमप्रभु हुँ। जब म फिरऊन, उसका सेना, घोड़ाहरू
तथा रथहरूलाई पराजित पार्नेछु तब त्यहाँका मानिसहरूले
मलाई आदर गर्नेछन्।"

### परमप्रभुले मिश्रका सेनालाई पराजित गर्नुहुन्छ

१९तब परमप्रभुका स्वर्गदूत मानिसहरूका पछि लागे।
(परमप्रभुका स्वर्गदूत खास गरी मानिसहरूलाई डोऱ्याउन
तिनीहरूका अघि-अघि थिए।) यसकारण बादलको
खामो मानिसहरूको अघिबाट सरेर पछाडिपट्टि गयो।
२०यसरी त्यो बादल इस्राएली अनि मिश्रदेशी मानिसहरूको
माझमा उभियो। यसले इस्राएलीहरूलाई उज्यालो दियो
अनि मिश्रदेशी मानिसहरूलाई अँध्यारो। अँध्यारोले गर्दा
फिरऊनका सेनाहरू इस्राएलीहरूको नजिक आउन
सकेनन्। २१मोशाले आफ्नो लहुरो लाल समुद्रमाथि
उठाए अनि परमप्रभुले पूर्वबाट तेजसित बतास
चलाइदिनुभयो। बतास रात भरी नै चलिरह्यो, पूर्वीय
बतासले समुद्रलाई सुकाईददियो अनि यसलाई दुइ भाग
पारि दियो। २२इस्राएलका मानिसहरू सूखा जमीनमाथि
हिँडेर समुद्र पार गरे। तिनीहरूको दाहिने र देब्रेपट्टि
समुद्रको पानी पर्खाल झै उभिएको थियो। २३फिरऊनका
घोड़ सैनिक अनि रथहरूले इस्राएलीहरूलाई समुद्र
बीचमा खेदे। २४एकाबिहानै परमप्रभुले बादल अनि
आगोको खाँबोबाट मिश्रका सेनालाई हेर्नु भयो। अनि
उहाँले तिनीहरूलाई आक्रमण गर्नु भयो अनि पराजित
पार्नु भयो।

२५रथका पाङ्ग्राहरू भासिए अनि रथलाई नियन्त्रणमा
राख्न कठिन पऱ्यो। मिश्रदेशका मानिसहरू जोरले
कराए, "हामी यहँबाट भागौं, परमप्रभु हाम्रो विरूद्ध
इस्राएलका मानिसहरूको पक्षमा लड़ाइँ गर्नु हुँदैछ।"

२६तब परमप्रभुले मोशालाई भन्नु भयो, "समुद्रमाथि
तिम्रो लहुरो उठाऊ जसले गर्दा पानी मिश्रहरूका
घोड़ाहरू र रथहरूमाथि फर्केर जाऊन।"

२७यसकारण बिहान उज्यालो हुनअघि मोशाले आफ्नो
लहुरो समुद्रमाथि उठाए अनि समुद्र फेरि पानीले
भरियो। मिश्रका मानिसहरू त्यहाँबाट भाग्ने चेष्टा गर्दै
थिए तर परमप्रभुले तिनीहरूलाई समुद्रमा डुबाएर मारिदिनु
भयो। २८त्यसको पानी पहिलाको स्थानमा फर्कियो
अनि रथ र घोड़ाहरू सबैलाई डुबायो। फिरऊनका
सम्पूर्ण सेनाहरू जो इस्राएलीहरूलाई खेद्दै आएका थिए
डुबेर नष्ट भए। तिनीहरू कोही पनि बाँचेनन्। २९समुद्रको
पानी भाग-भाग भएर इस्राएलीहरूको दाहिने र देब्रेपट्टि
उभियो र इस्राएलका मानिसहरू सूखा जमीनमा हिँडेर
पारि गए। ३०यसरी त्यस दिन परमप्रभुले इस्राएलीहरूलाई
बचाउनु भयो र ती मानिसहरूले मिश्री मानिसहरू लाल
समुद्रको किनारमा देखे। ३१इस्राएलका मानिसहरूले
परमप्रभुको महाशक्ति थाह पाए जब उहाँले मिश्रका
सेनाहरूलाई परास्त गर्नु भयो। यसकारण मानिसहरू
परमप्रभुसित डराए। तिनीहरूले फेरि परमप्रभु र उहाँका
सेवक मोशामाथि विश्वास गर्नु थाले।

### मोशाको गीत

१५ त्यसपछि मोशा अनि इस्राएलीहरूले परमप्रभुको
निम्ति यो गीत गाउन थाले।

"म परमप्रभुको निम्ति गाउनेछु। उहाँले महान कार्य
गर्नु भयो। उहाँले घोड़ाहरू तथा सवारीहरूलाई समुद्रमा
फ्याँकि दिनुभयो।

२परमप्रभु मेरो शक्ति हुनुहुन्छ, उहाँले मलाई बचाउनु
हुन्छ। परमप्रभु मेरो परमेश्वर हुनुहुन्छ, अनि म उहाँको
स्तुति गर्छु। परमप्रभु मेरो पिता-पुर्खाहरूको परमेश्वर
हुनुहुन्छ अनि म उहाँको आदर गर्छु।

३परमप्रभु एउटा योद्धा हुनुहुन्छ, उहाँको नाउँ परमप्रभु
हो।

४उहाँले फिरऊनका रथहरू र सेनालाई समुद्रमा
मिल्काई दिनु भयो। फिरऊनका अत्यन्तै असल सैनिकहरू
लाल समुद्रमा डुबे।

५गहिरो पानीले तिनीहरूलाई डुबायो अनि तिनीहरू
ढुङ्गा झै गहिराईमा भासिए।

६"तपाईंको दाहिने बाहु अद्भूत शक्तिशाली छ। हे
परमप्रभु, तपाईंको दाहिने बाहुलीले शत्रुको विनाश
गऱ्यो।

७आफ्नो महान महिमामा तपाईंले ती मानिसहरूको
नाश गर्नु भयो जसले तपाईंको विरोध गरे। तपाईंको
रीसले परालको आगोले झैं तपाईंका शत्रुहरूलाई बाल्यो।

८तपाईंको नाकबाट निस्केको सासले पानीलाई एक
ठाउँमा थुपारी दियो। बगिरहेको पानी पर्खाल झैं
उभियो। समुद्रको गहिराइ सतहमा ठोस बनियो।

९"शत्रुले भन्यो, 'म तिनीहरूलाई खेद्नेछु र समात्नेछु,
म तिनीहरूको सम्पूर्ण सम्पति लुट्नेछु। म मेरो तरवार
निकाल्नेछु र तिनीहरूलाई पराजित गर्नेछु।'

१०तर तपाईंले तिनीहरूमाथि फुकिदिनु भयो अनि तिनीहरू समुद्रमा ढाकिए। तिनीहरू नाप्न नसकिने गहिरो समुद्रमा डुबे।

११"के कतै परमप्रभु जस्तो अन्य देवाताहरू छन्? अँह, तपाईं झैं अन्य देवता कतै छैनन्- तपाईं आश्चर्यपूर्ण पवित्र हुनुहुन्छ! तपाईं विष्मय पूर्ण शक्तिशाली हुनुहुन्छ! तपाईं अचम्मको काम गर्नुहुन्छ।

१२तपाईं आफ्नो दाहिने बाहुली तेर्स्याउनु हुन्छ अनि पृथ्वीलाई नाश गर्नु हुन्छ।

१३तर आफ्नो दयाद्वारा आफूले बचाएका मानिसहरूलाई तपाईंको दयाले डोर्‍याउनु हुन्छ। अनि आफ्नो क्षमताले तिनीहरूलाई पवित्र प्रसन्न भूमिमा डोर्‍याउनु हुन्छ।

१४"अरू राष्ट्रहरूले यो कथा सुन्ने छन् र तिनीहरू डराउने छन्। पलिश्तीका मानिसहरू डरले काम्ने छन्।

१५एदोमका प्रमुखहरू डरले काम्नेछन्, मोआबका प्रमुखहरू डरले काम्नेछन्। कनानीहरूले तिनीहरूको साहस हराउनेछन्।

१६जब मानिसहरूले तपाईंको शक्ति चाल पाउँछन् तिनीहरू भयभीत हुनेछन्। जबसम्म तपाईंका मानिसहरू पार हुँदैनन्, तिनीहरू चट्टान जस्ता हुनेछन्।

१७हे परमप्रभु तपाईंले आफ्नो मानिसहरूलाई आफ्नो पर्वतमा डोर्‍याउनु हुनेछ। तपाईंले बसोबासो गर्न बनाएको सिंहासनको नजिकमा तपाईंले तिनीहरूलाई बस्न दिनु हुनेछ।

१८परमप्रभुले सदा-सर्वदाको निम्ति शासन गर्नुहुनेछ।"

१९हो, साँच्चै नै यस्तै भयो। फिरऊनका घोड़ाहरू, घोड़सवार र रथहरू सबै समुद्रमा डुबे। अनि परमेश्वरले तिनीहरूमाथि समुद्रको सबै पानी ल्याउनुभयो। तर इस्राएलीहरू समुद्रको माझबाट सूखा भूमिमा हिंडे।

२०त्यसपछि हारूनकी दिदी महिला अगमवादिनी मरियमले खैजड़ी समातिन मरियम र अरू स्त्रीहरू गाउन र नाच्न थाले। मरियमले यी शब्दहरू दोहर्‍याइन।

२१"परमप्रभुप्रति गीत गाउ, उहाँले महान कार्य गर्नु भएको छ, उहाँले घोड़ाहरू र सवारहरूलाई समुद्रमा फ्याकिदिनु भयो।"

२२मोशाले इस्राएलीहरूलाई लाल समुद्रदेखि शूरको मरुभूमितिर डोर्‍याउने गरे। तिनीहरू मरुभूमिमा तीन दिनसम्म यात्रा गरे। तिनीहरूले पिउने पानी कतै भेटेनन्।

२३तीन दिनपछि ती मानिसहरू मारामा आइपुगे। मारामा पानी त थियो तर पिउँन नसकिने तीतो थियो। (यसकारण मानिसहरूले त्यस ठाउँको नाउँ मारा राखे।)

२४मानिसहरू मोशासित गुनासो पोख्न थाले। मानिसहरूले भने, "अब हामीहरूले के पिउने छौ?"

२५मोशाले परमप्रभुलाई पुकार गरे। यसर्थ परमप्रभुले तिनलाई एउटा रूख देखाउनु भयो। मोशाले त्यस रूखलाई पानीमा डुबाए अनि पानी पिउने लायकको भयो।

त्यस ठाउँमा परमप्रभुले मानिसहरूको परीक्षा लिनु भयो अनि तिनीहरूका निम्ति उहाँले नियम बनाइ दिनु भयो। परमप्रभुले ती मानिसहरूमा विश्वासको पनि परीक्षा गर्नुभयो। २६परमप्रभुले भन्नु भयो, "तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञा पालन गर्नु पर्छ। उहाँले भन्नु भएको आज्ञाहरू तिमीहरूले मान्नै पर्छ। यदि तिमीहरूले उहाँका आज्ञाहरू पालन गर्‍यौ र नियमहरू मान्यौ भने मिश्रवासीहरू जस्तै तिमीहरू रोगी हुने छैनौ म परमप्रभु हुँ। म एक जना हुँ जसले तिमीहरूलाई स्वस्थ राख्छ।"

२७तब मानिसहरू एलीमतिर लागे। एलीममा बाह्रवटा जलस्त्रोत र सत्तरीवटा खजूरको रूखहरू थिए। यसर्थ मानिसहरूले त्यस पानीको नजिक आफ्नो छाउनी बनाए।

**१६** त्यसपछि ती मानिसहरूले एलीमबाट यात्रा शुरू गरेर एलीम र सीन बीचको सीनै मरुभूमिमा आइपुगे। तिनीहरू त्यस स्थानमा मिश्र देश छोड़ेको दोस्रो महीनाको पन्ध्रौं दिनमा आइपुगे। २इस्राएलका मानिसहरू फेरि गुनासो गर्न थाले। मानिसहरूले मरुभूमिमा मोशा र हारूनको विरूद्ध गुनासो गरे। ३मानिसहरूले भने, "यदि परमप्रभुले हामीलाई मिश्र देशमा नै मर्न दिनु भएको भए राम्रो हुने थियो त्यहाँ हामीलाई खानलाई प्रशस्त अन्न थियो। जे होस त्यहाँ हाम्रो निम्ति हामीले मागेको प्रशस्त खाने कुरो थियो। हामीलाई आवश्यक परेका सबै खाध्यहरू थिए तर अहिले तिमीहरूले हामीहरूलाई यहाँ मरुभूमिमा ल्यायौ अब हामी भोकैले मर्ने भयौं।"

४त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "म तिमीहरूको निम्ति खाध्य आकाशबाट झारी दिन्छु। त्यो खाध्य तिमीहरूको निम्ति हुनेछ अनि प्रत्येक दिन मानिसहरू बाहिर जान्छन र आफूलाई चाहिएको खाध्य बटुलेर ल्याउँछन्। मैले मानिसहरूलाई भनेको कुरो गर्छन अथवा गर्दैनन् त्यो बुझ्नको निम्ति म त्यसो गर्छु। ५छैटौं दिनमा जब मानिसहरूले तिनीहरूको भोजन तयार गर्छन, तिनीहरूले दुई दिनको निम्ति प्रशस्त पुग्ने भोजन तयार गर्नु पर्छ।" ६तब मोशा र हारूनले सारा इस्राएलीहरूलाई भने, "साँझ सम्ममा तिमीहरूले जान्ने छौ परमप्रभुले नै तिमीहरूलाई मिश्र बाहिर ल्याउनु भएको हो। ७तिमीहरूले परमप्रभुलाई गुनासो पोख्यौ अनि उहाँले त्यो गुनासो सुन्नु भयो। यसकारण भोलि बिहान तिमीहरूले उहाँको महिमा थाह पाउनेछौ। तिमीहरू हामीहरूसँग गन-गन गरिरहन्छौ र हुन सक्छ अब हामीले केही आराम पाउँने छौं।"

८अनि मोशाले भने, "तिमीहरूले गन-गन गरिरहेका छौ र परमप्रभुले पनि तिमीहरूको गुनासो सुन्नु भएको

छ। यसर्थ आज राती परमप्रभुले तिमीहरूलाई मासु
दिनुहुन्छ अनि बिहान तिमीहरूको आवश्यकता अनुसार
रोटी दिनु हुनेछ। तिमीहरूले हारून, र मलाई गन-गन
गरिरहेका छौ। हुनु सक्छ अब हामीले केही आराम
पाउने छौं। यति बुझ तिमीहरू हारून, र मेरो विरूद्धमा
होईन तर परमप्रभुको विरूद्धमा गन-गन गरिरहेका छौ।"
९तब मोशाले हारूनलाई भने, "इस्राएली मानिसहरूसँग
कुरा गर अनि तिनीहरूलाई भन, 'परमप्रभुकहाँ सँगै
आऊ किनभने उहाँले तिमीहरूको गुनासो सुन्नु भएकोछ।'"
१०हारून इस्राएलका मनिसहरूसँग बोले। तिनीहरू
सबै एक ठाउँमा भेला भएका थिए। जब हारून कुरा
गरिरहेका थिए मानिसहरू फर्के र मरुभूमिमा हेरे। अनि
तिनीहरूले परमप्रभुको महिमा बादलमा प्रकट भएको
देखे।
११परमप्रभुले मोशालाई भन्नुभयो, १२"मैले
इस्राएलीहरूको गुनासो सुनेको छु। यसर्थ तिनीहरूलाई
भन, 'तिनीहरूले आज रातीमासु खानेछन् र बिहान रोटी
खानेछन्। तब तिमीहरूले जान्नेछौ म नै परमप्रभु
तिमीहरूको परमेश्वर हुँ।'"
१३त्यस रात बट्टाई चराहरू छाउनी वरिपरि आए।
बिहान त्यहाँतिर सबै छाउनी वरिपरि शीत परेको थियो।
१४जब शीत सुक्यो भुइँमा पातलो तुसारोको पलाक
जस्तो थियो। १५इस्राएलीहरूले यी सबै देखेर एक
अर्कामा सोधे, "यो के हो?"* तिनीहरूले सोधे किनभने
तिनीहरूलाई थाहा थिएन यो के थियो। तब मोशाले
तिनीहरूलाई भने, "यो परमप्रभुले तिमीहरूलाई दिनु
भएको भोजन हो! १६परमप्रभु भन्नु हुन्छ, 'प्रत्येक
मानिसले उसलाई आवश्यक परे जत्ति भोजन जम्मा गर्नु
पर्छ, तिमीहरू प्रत्येकले परिवारको एक मानिसको
निम्ति एक-एक ओमेर* खाध्य जम्मा गर्नु पर्छ।'"
१७तब इस्राएली मानिसहरूले यसै गरे। प्रत्येक
मानिसले खाध्य बटुले अनि कतिपय मानिसहरूले
अरूले भन्दा वेशी खाध्य कुरा बटुले। १८खाध्य ओजन
गर्दा प्रत्येकले वेशी बटुल्ने को थियो पाइयो। तर त्यहाँ
प्रशस्त चाहिँ थिएन। तिमीहरूमध्ये प्रत्येकले आफू र
आफ्नो पारिवारलाई खानु पुग्नें भन्दा बढ़ी बटुलेको
थियो
१९मोशाले तिनीहरूलाई भने, "अर्को दिनको निम्ति
खाध्य नजोगाऊ।" २०तर केही मानिसहरूले मोशाको
कुरा सुनेनत्। ती मानिसहरूले भोलिपल्टको निम्ति पनि
खाध्य जोगाए तर खानामा किरा पर्‍यो र गनाउन
थाल्यो। यसकारण त्यसो गर्ने मानिसहरूसँग रिसाए।
२१प्रत्येक दिन बिहान मानिसहरूले आफूलाई चाहिए
जति भोजन बटुले। तर जब दिन तातिन्थ्यो हराउँथ्यो।
२२छैटौं दिनचाहिँ मानिसहरूले दुइ गुणा बढ़ी ओमेर
खाध्य बटुले तिनीहरूले प्रत्येकका लागि दुई डाला
बटुले। यसर्थ अगुवाहरू आए र मोशालाई यो सबै
बताए।
२३मोशाले तिनीहरूलाई भने, "परमप्रभुले भन्नु भएको
जस्तै नै भयो। यसो भयो कारण भोलि परमप्रभुको
सम्मानमा मनाइने विश्रामको दिन हो। तिमीहरूलाई जति
आवश्यक पर्छ आज त्यति खाध्य पकाउन सक्छौ तर
भोलि बिहानको निम्ति यस खाध्यको रहल राख।"
२४तब मोशाले भने झैं मानिसहरूले अर्को दिनका
निम्ति खाध्य बँचाएर राखे तर त्यो खाध्यमा बिग्रिएन,
कुनैमा किरा परेन।
२५शनिवारको दिन मोशाले मानिसहरूलाई भने, "आज
परमप्रभुलाई सम्मान गर्ने विशेष विश्रामको दिन हो।
यसर्थ तिमीहरू कोही पनि बाहिर मैदानमा जाने छैनौ र
हिजो बचाएको भोजन खाने छौ। २६तिमीहरूले हप्तामा
छः दिनको निम्ति खाध्य बटुल्नु पर्छ अनि सातौँ दिन
विश्रामको दिन हो यसकरण भूँईमा केही कुनै विशेष
खाद्य हुनेछैन।"
२७केही मानिसहरू सातौ दिनमा पनि खाद्य बटुल्नु
गए तर तिनीहरूले कही पनि पाएनन। २८तब परमप्रभुले
मोशालाई भन्नु भयो, "कहिलेसम्म तिम्रा मानिसहरूले
मेरो आज्ञाहरू र उपदेशहरू अस्वीकार गर्नछन्?" २९हेर,
परमप्रभुले तिम्रालागि शनिवारलाई एउटा विश्रामको दिन
बनाउनु भयो। अनि छैटौं दिनमा परमप्रभुले तिमीहरूलाई
दुइ दिनको निम्ति प्रशस्त खाद्य दिनु हुन्छ। सातौंदिनमा
तिमीहरू प्रत्येकले विश्राम लेऊ। तिमीहरू जहाँ छौ
त्यही बस।" ३०यसर्थ मानिसहरूले सातौं दिनमा विश्राम
गरे।
३१इस्राएलीहरूले त्यस विशेष भोजनलाई "मन्न*"
भन्न थाले। मन्न मसिनो धनियाँको बिऊ जस्तो सेतो
थियो अनि खाँदा मह मिसाएर बनाएको पात्लो रोटी
जस्तै स्वादिलो थियो। ३२मोशाले भने, "परमप्रभुले
भन्नु भयो, 'तिमीहरूका सन्तानको निम्ति एक ओमेर
खाद्य जोगाएर राख। मैले तिमीहरूलाई मिश्रबाट लिएर
आउँदा मरुभूमिमा दिएको खाद्य भनी तिनीहरूले हेर्न
सक्छन्।'"
३३अनि मोशाले हारूनलाई भने, "एउटा भाँड़ो
ल्याऊ र त्यसमा एक ओमेर मन्न भरेर परमप्रभुकोअधि
राख। आफ्ना सन्तानको निम्ति जोगाऊ।" ३४परमप्रभुले
मोशालाई आज्ञा गरे जस्तै नै हारूनले गरे। हारूनले
मन्नको भाँड़ा लगे अनि करार सामुने राखे।)
३५इस्राएलीहरू ४० वर्षसम्म मन्न खाँदै बसे। तिनीहरूले
तबसम्म मन्न खाए जबसम्म तिनीहरू जुन भूमिमा बस्नु
थियो त्यहाँ आई पुगेनन्। तिनीहरूले कनान प्रदेश

**यो के हो** हिब्रू भाषामा "मन्न"।

**एक ओमेर** दुई लिटर थियो।

**मन्न** को अर्थ "यो के हो?"

नजिकै नपुगुञ्जेल मन्न खाए। ३६(प्राय: एक ओमेर अर्थात् एपको दशौं भागको भाड़ोद्वारा तिनीहरूले मन्न जोखे।)

१७ सीनैको मरुभूमिबाट सबै इस्राएली दलसँगै यात्रा गरे। परमप्रभुको आज्ञा अनुसार तिनीहरू एक ठाउँदेखि अर्को ठाउँ यात्रा गरे। जब तिनीहरू रपीदीम पुगे त्यही छाउनी बनाए। त्यस ठाउँमा मानिसहरूको निम्ति पिउने पानी थिएन। २यसर्थ तिनीहरू मोशाको विरोधमा कुरा गर्न लागे अनि तिनीहरूले भने, "हामीलाई पिउने पानी देऊ।"

मोशाले तिनीहरूलाई भने, "तिमीहरू किन मसित बहस गर्छौं? किन परमप्रभुको परीक्षा लिन्छौ?"

३तर मानिसहरू पानीको निम्ति साह्रै तिर्खाएका थिए, यसर्थ तिनीहरूले लगातर मोशा विरूद्ध गन गन गरिरहे। मानिसहरूले भने, "किन तिमीले हामीलाई मिश्र देशबाट बाहिरा ल्यायौ? के तिमीले हामी हाम्रा बाल-बच्चा तथा गाई-वतुहरू सबै पानी बिना मरून भनी लिएर आएका हौ?"

४अनि मोशाले परमप्रभुलाई विन्ती गरे, "म यी मानिसहरूसित के गर्न सक्छु? तिनीहरू मलाई मार्न तैयार छन्।"

५परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएली मानिसहरूअघि जाऊ र तिनीहरूबाट केही बूढ़ा-प्रधानहरूलाई तिमीसँगै लैजाऊ। र आफ्नो लहुरो पनि ल्याऊ। त्यो लहुरो त्यही हो जुन तिमीले नील नदीमा हिर्काउनमा प्रयोग गरेका थियौ। ६म तिमीहरूको अघि होरेबमा सिनै पर्वतको चट्टानमाथि म हुनेछु। त्यो लहुरोले चट्टानलाई हिर्काउ अनि त्यो चट्टानबाट पानी निस्कनेछ, तब मानिसहरूले त्यो पानी पिउन सक्छन्।"

मोशाले त्यही गरे जुन इस्राएलका बूढ़ा-प्रधानहरूले त्यो देखे। ७मोशाले त्यस ठाउँको नाउँ मरीबा र मस्सा राखे किनभने यो त्यही ठाउँ हो जहाँ इस्राएली मानिसहरूले उनको विरोद्धमा गए अनि परमप्रभुको परीक्षा लिएका थिए। मानिसहरू जान्न चाहन्थे, परमप्रभु तिनीहरूसित हुनुहुन्छ अथवा हुन्न।

८रपीदीममा अमालेकी मानिसहरू आए अनि इस्राएली मानिसहरूसित लड़ाइँ गरे। ९यसर्थ मोशाले यहोशूलाई भने, "केही मानिसहरूलाई छान र भोलि अमालेकीहरूसित युद्ध गर्न जाऊ। म पर्वतमाथि बसेर तिमीलाई हेर्नेछु। म त्यहाँ परमेश्वरको लहुरो पक्री रहनेछु।"

१०यहोशूले मोशाको आज्ञा पालन गरे। अर्को दिन उनी अमालेकीहरूसित युद्ध गर्न गए। त्यही समय मोशा, हारून र हूर पर्वतको टाकुरामा गए। ११केही समयमा जब मोशाले आफ्नो हात हावामामाथि उठाउँथे इस्राएलीहरूले युद्धमा जित्थे तर जब मोशा आफ्नो हात तल झार्थे अमालेकीहरूले जित्नु शुरु गर्थे।

१२केही समय पछि मोशाका पाखुरा थाके। मोशासित भएका मानिसहरूले बस्नको निम्ति एउटा ढुङ्गा ल्याए अनि हारून र हूरले मोशाको हात उठाएर राखे। मोशाको एकापट्टि हारून र हूर अर्कोपट्टि थिए। तिनीहरूले मोशाको हातहरू घाम नअस्ताउञ्जेल सम्ममाथि उठाई राखे। १३यसरी यहोशू र उसका मानिसहरूले अमालेकीहरूलाई यस युद्धमा परास्त गरे।

१४तब परमप्रभुले मोशालाई भन्नु भयो, "यस युद्ध बारे एउटा पुस्तकमा लेख अनि यहोशूलाई भन म अमालेकीहरूलाई सम्पूर्ण रूपले ध्वंश गरिदिनेछु।"

१५तब मोशाले त्यहाँ एउटा वेदी बनाए। उनले यसको नाउँ दिए, "परमप्रभु मेरो झण्डा हो।" १६मोशाले भने, "मैले परमप्रभुको सिहांसनतिर हात बढ़ाएको थिएँ। यसकारण परमप्रभुले अमालेकीहरूको विरोधमा लड़ाइँ गर्नु भयो उहाँ यो सधैं गर्नु हुन्छ।"

### मोशालाई उनका ससूराबाट सल्लाह

१८ मोशाका ससूरा यित्रो मिद्यानका पूजाहारी थिए। यित्रोले इस्राएली मानिसहरूलाई परमेश्वरले धैरे प्रकारले सद्यएको सुन्नुभयो यित्रोले इस्राएली मानिसहरूलाई परमप्रभुले मिश्रबाट बाहिर ल्याएको कुरा पनि सुने। २यसर्थ यित्रो मोशा कहाँ गए, यित्रोले मोशाकी पत्नी सिप्पोराहलाई पनि सँगै ल्याए (मोशाले सिप्पोरालाई तिनको घरमा पठाएका थिए किनभने मोशाले उसलाई घर पठाएका थिए। ३यित्रोले मोशाका दुइ छोराहरूलाई पनि सँगै लाए। जेठो छोरोको नाउँ गेर्शोम थियो कारण जति बेला छोरो जन्मेको थियो, मोशाले भने, "म परदेशमा प्रवासी भइ रहें।" ४अर्को छोरोको नाउँ एलीएजेर राखियो, किनभने जब ऊ जन्मियो तब मोशाले भने, "मेरो पिता-पुर्खाहरू परमेश्वरले मलाई सहायता गर्नु भयो अनि फिरऊनको तरवारबाट मलाई बचाउनु भयो।" ५यित्रो मोशा कहाँ गए जब मोशाले परमेश्वरको पर्वतमाथि मरुभूमिमा छाउनी बनाएका थिए। यित्रोसित मोशाकी पत्नी र दुइजना छोराहरू थिए।

६यित्रोले मोशाकहाँ समाचार पठाए। यित्रोले भने, "म तिम्रा ससूरा यित्रो हुँ। म तिमी कहाँ तिम्री पत्नी र दुवै छोराहरूलाई लिएर आउँदैछु।"

७यसकारण मोशा आफ्ना ससुरालाई भेट्न गए। मोशा उसकोअघि निहुरिए अनि उसलाई चुम्बन गरे। तिनीहरूले एका-अर्काको स्वस्थको बारेमा सोधपूछ गरे। तिनीहरू मोशाको पालमा गए। ८मोशाले यित्रोलाई प्रत्येक कुरा भने जे परमप्रभुले इस्राएलीहरूको निम्ति फिरऊन र मिश्रलाई गर्नु भएको थियो। मोशाले यित्रोलाई तिनीहरूले यात्रा गर्दा सामना गर्नु परेको स्थितिहरू पनि बताए। परमप्रभुले इस्राएलीहरूलाई

सकंट घड़ीमा कसरी बचाउनु भयो त्यो पनि मोशाले
आफ्नो ससुरालाई बताए।
९परमप्रभुले इस्राएलका मानिसहरूका निम्ति गर्नु
भएका असल कुराहरू सुनेर यित्रो खुशी भए। मिश्र
देशीहरूबाट इस्राएलका मानिसहरूलाई परमप्रभुले मुक्त
गर्नु भएकोलागि यित्रो आनन्दित थिए। १०यित्रोले भने,
"परमप्रभुको स्तुति होस। उहाँले तिमीहरूलाई मिश्रका
मानिसहरूबाट स्वतन्त्र गराउनु भयो। परमप्रभुले
तिमीहरूलाई फिरऊनबाट बचाउनु भयो।
११अब म जान्दछु परमप्रभु सबै देवताहरूभन्दा महान
हुनुहुन्छ। तिनीहरूले सोचे तिनीहरू नियन्त्रणमा थिए तर
परमप्रभुले के गर्नु भयो।"
१२तब यित्रोले परमेश्वरलाई बलिहरू र भेटी चढ़ाए।
तब हारून र इस्राएलका सबै बूढ़ा-प्रधानहरू मोशाका
ससूरा यित्रोसित परमेश्वर सँगै भोजन गरे।
१३अर्को दिन मोशाको मानिसहरूको न्याय गर्ने काम
थियो। मानिसहरू दिनभरी नै मोशाकहाँ आए।
१४मोशाले मानिसहरूको न्याय गरेको यित्रोले देखे।
उनले सोधे, "यो तिमी एक्लै किन गरिरहेका छौ? तिमी
एक्लै न्यायधीश छौ? अनि किन दिनभरी मानिसहरू
तिमीकहाँ आइरहन्छन्?"
१५तब मोशाले आफ्नो ससुरालाई भने, "मानिसहरू
मकहाँ तिनीहरूका समस्याहरूप्रति परमेश्वरको निर्णय
के छ त्यो सोध्न आउँछन्। १६यदि तिनीहरूसित भन्ने
कुरो छ भने तिनीहरू मकहाँ आउँछन्। कुन मानिस
सही छ म निर्णय गर्छु। यसरी म मानिसहरूलाई
परमेश्वरले बताउनु भएको नियम र शिक्षाहरू
सिकाउँछ।"
१७तर मोशाका ससूराले उसलाई भने, "यस्तो कार्य
गर्ने यो सही तरीका होइन। १८एक्लो मानिसको निम्ति
यो वेशी काम हो। तिमी एक्लै यी सबै कार्यहरू गर्न
सक्तैनौ, तिमी थाक्छौ अनि मानिसहरू पनि थाक्छन्।
१९अब मेरो कुरा सुन। मलाई केही सल्लाह दिनु देऊ,
अनि म प्रार्थना गर्छु परमेश्वर तिमीसँग हुनु हुनेछ।
तिमीले मानिसहरूका निम्ति परमेश्वरको अघि बोल्नु
पर्छ, अनि मानिसहरूका मुद्दाहरू सुन्नु पर्छ। २०तिमीले
परमेश्वरका नियम र विधि विधानहरू मानिसहरूलाई
सिकाउनु पर्छ। नियमहरू नभत्काउने चेताउनी देऊ।
मानिसहरू कसरी बाँच्नु पर्छ सिकाऊ। तिनीहरूले के
गर्नु पर्छ बताऊ। २१तर तिमीले ती मानिसहरू मध्ये
कोही मानिसहरू न्यायधीश र अगुवाहरू हुने पनि राज्नु
पर्छ।
"जसमाथि भरोसा गर्न सक्छौ त्यस्ता असल
मानिसहरूलाई छान जो परमेश्वरको सम्मान मान्छन्।
यस्ता मानिसहरूलाई रोज जो पैसामा आफ्नो निर्णय
परिवर्त्तन गर्दैनन्। अनि यी मानिसहरूलाई मानिसहरूमाथि
शासकहरू नियुक्त गर। एक हजार, एक सय, पचास
अनि दश मानिसहरूका समूहहरूका शासकहरू हुनु
पर्छ। २२यी अगुवाहरूले मानिसहरूलाई न्याय गरून।
यदि कतै महत्वपूर्ण मामला रहे ती शासकहरू तिमीकहाँ
आउन सक्छन्। तर अन्य मामलामा तिनीहरूले नै न्याय
दिऊन। यसरी तिम्रो कार्य भारहरू हल्का हुन्छ।
२३यदि तिमीले यी कार्यहरू परमप्रभुको इच्छामा गर्छौ
भने तिमी आफ्नो कार्य गर्नमा सफल हुनेछौ। अनि
त्यही समयमा मानिसहरू आफ्ना समस्याहरू समाधान
भएपछि घर जानु सक्छन्।"
२४यसकारण मोशाले आफ्नो ससुराले भने जस्तै
गरे। २५उनले इस्राएलीहरूबाट योग्य मानिसहरू छाने।
उनले तिनीहरूलाई अरू मानिसहरूमाझ नायक बनाए।
उनले मानिसहरूलाई हजार, एक सय, पचास अनि
दसको समूहको शासक बनाए। २६यी अगुवाहरूका
लागि मानिसहरूको न्यायधीश थिए। मानिसहरू यी
अगुवाहरू कहाँ सधैं आफ्ना कुराहरू लिएर आउँथे।
२७केही समय पछि मोशाले आफ्नो ससूरा यित्रोलाई
विदा दिए र यित्रो फर्केर आफ्नो घर गए।

### इस्राएलसित परमेश्वरको करार पत्र

**१९** इस्राएलीहरू मिश्र छोड़ेर बसाई सर्दा तेस्रो
महिनामा सीनै मरुभूमिमा पुगे। २तिनीहरू
रपीदीमबाट सीनै मरुभूमिमासम्म यात्रा गए र तिनीहरूले
आफ्नो छाउनी होरेब पर्वतको नजिकै मरुभूमिमा बनाए।
३तब मोशा परमेश्वरसित भेट गर्न पर्वतमा चढ़े।
परमप्रभुले मोशासित कुरा गर्नु भयो अनि तिनलाई भन्नु
भयो, "यी कुराहरू याकूबको ठूलो परिवारलाई भन:
४'तिमीलाई देख्यौ मैले तिमीहरूलाई मिश्रबाट चील झैं
ल्याएँ। ५यसकारण म अहिले तिमीहरूलाई मेरा आज्ञा
पालन गर अनि मेरो करार अनुशरण गर भन्छु। यदि
तिमीहरूले यसो गर्यौ भने तिमीहरू मेरो आफ्नै
मानिसहरू हुनेछौ। सम्पूर्ण संसार मेरो हो। ६तिमीहरू
मेरो लागि पूजाहारीहरूको एउटा विशेष राष्ट्र हनेछौ।
मोशा तिमीलाई मैले तिमीलाई भनेका कुरा कुराहरू
इस्राएली मानिसहरूलाई अवश्यै भन्नुपर्छ।"
७मोशा पर्वतबाट तल आए अनि मानिसका
अगुवाहरूलाई बोलाए। मोशाले सबै कुरा तिनीहरूलाई
भने जुन परमप्रभुले उनलाई आज्ञा दिनुभएको थियो।
८सबै मानिसहरू राजी हुँदै भने, "परमप्रभुले जे भन्नु
हुन्छ हामी गर्ने छौं।"
त्यसपछि मोशा फर्केर परमेश्वरकहाँ पर्वतमाथि गए
अनि मानिसहरूले भनेका कुरा मोशाले परमप्रभुलाई
भने। ९तब परमप्रभुले मोशालाई भन्नु भयो, "म
तिमीकहाँ बाक्लो बादलकी रूपमा आउँनेछु। म तिमीसित
बोल्नेछु। मैले तिमीसँग कुरा गरेको सबैले सुन्ने छन्।
म यसो गर्नेछु जसले गर्दा ती मानिसहरूले तिमीले
भनेको कुरा सधैं विश्वास गर्नेछन्।"

त्यसपछि मानिसहरूले भनेका सबै कुराहरू मोशाले परमेश्वरलाई भने।

१०अनि परमप्रभुले मोशालाई भन्नु भयो, "आज र भोलि तिमीले मानिसहरूलाई एक विशेष सभाको निम्ति तयारी राख्नु पर्छ। मानिसहरूले आफ्ना लुगाहरू धुनुपर्छ।
११अनि तेस्रो दिन मेरो निम्ति तयार हौऊ। तेस्रो दिन परमप्रभु सीनै पर्वतमा आउनु हुनेछ अनि सबै मानिसहरूले मलाई देख्नेछन्। १२-१३तर तिमीले मानिसहरूलाई पर्वतदेखि पर बस्नु भनी भन्नु पर्छ। लाईन लगाऊ ताकि मानिसहरूले लाईन पार नगरून्। यदि कुनै मानिस अथवा पशुले पर्वत स्पर्श गरे त्यो मारिनु पर्छ। त्यसलाई ढुङ्गाले हिर्काएर अथवा काँड़ले हानेर मार्नु पर्छ। तर त्यसलाई कसैले नछोओस्। तुरही नबजुञ्जेल मानिस पर्खि रहनुपर्छ तब मात्र मानिसहरूमाथि पर्वतमा जान सक्छन्।"

१४यसर्थ मोशा पर्वतबाट तल झरे अनि मानिसहरू भएको ठाउँमा गए। तिनले मानिसहरूलाई विशेष सभाको निम्ति तयार पारे अनि तिनीहरूले आ-आफ्ना लुगा धोए।

१५तब मोशाले मानिसहरूलाई भने, "तीन दिनपछि परमेशवरसित हुने सभाको निम्ति तयार बस। त्यस समयसम्म पुरूषहरूले स्त्रीहरूलाई छोनु हुँदैन।"

१६तेस्रो दिन बिहान बाक्लो बादल पर्वतमा झर्‍यो। त्यहाँ बिजुलीको चमक देखियो आकाशको गर्जनको साथै तुरहीको एकदमै चर्को आवाज सुनियो। छाउनीमा भएका मानिसहरू डराए। १७तब मोशाले मानिसहरूलाई परमेश्वरसँग भेट् गर्न अगुवाई गरे। तिनीहरू पर्वतको फँदेमा नै उभिए। १८सीनै पर्वत धुवाँले ढाकिएको थियो। पर्वतमाथि निस्केको धुवा भट्टीदेखि निस्केको जस्तै थियो। यस्तो भयो किनभने परमप्रभु पर्वतमा आगोमा आउनु भयो। सम्पूर्ण पर्वत पनि जोरसित हल्लियो। १९तुरहीको आवाज झन् झन् चर्को हुदै गयो। प्रत्येक पल्ट मोशाले परमेश्वरसित बोले परमेश्वरले उसलाई गर्जन जस्तो आवाजमा उत्तर दिनु भयो।

२०अनि परमप्रभु सीनै पर्वतमा ओर्लिनु भयो। परमप्रभु स्वर्गबाट पर्वतको टाकुरामा आउनु भयो। तब उहाँले मोशालाई पर्वतको टाकुरामाथि बोलाउनु भयो अनि मोशा पर्वतमाथि गए। २१परमप्रभुले मोशालाई भन्नु भयो, "तल झर अनि मानिसहरूलाई मेरो नजिक नआउन र मलाई नहेनै चेताउनी देऊ। यदि तिनीहरूले त्यसो गरे धेरै जना मर्नेछन्। २२पूजाहारीहरूलाई यो पनि भन जो परमप्रभुको सामुन्ने आउँछन तिनीहरूले आफैलाई पवित्र बनाउनु पर्छ। तिनीहरूले त्यसो गर्दैनन भने तब म तिनीहरूलाई दण्ड दिनेछु।"

२३मोशाले परमप्रभुलाई भने, "तर मानिसहरू सीनै पर्वतमाथि आउन सक्तैनन्। तपाईं आफैले हामीलाई पवित्र भूमिमा धर्का कोर्नु अनि मानिसहरूलाई नाध्न नदिनु भन्नु भयो।"

२४परमप्रभुले उसलाई भन्नु भयो, "मानिसहरू कहाँ जाऊ, हारूनलाई भेट अनि आफूसँगै मकहाँ लिएर आऊ, तर पूजाहारी र मानिसहरूलाई मेरो नजिक आउन नदेऊ। यदि तिनीहरू नजिक आए म तिनीहरूलाई दण्ड दिनसक्छु।"

२५यसर्थ मोशा तल मानिसहरू भएकहाँ गए र तिनीहरूलाई यी सब कुराहरू बताए।

### दश आज्ञाहरू

२० तब परमप्रभुले भन्नुभयो, २"म परमप्रभु तिमीहरूको परमेश्वर हुँ। मैले तिमीहरूलाई मिश्र देशबाट बाहिर ल्याएँ जहाँ तिमीहरू कमारा-कमारीहरू थियौ।

३"तिमीहरूले मबाहेक अरू कुनै देवता पूज्नु हुँदैन।

४"तिमीहरूले कुनै मूर्ति बनाउनु हुँदैन। कुनै प्रकारको मूर्ति अथवा नक्सा नबनाऊ जो आकाशमा अथवा तल पृथ्वीमाथि, पृथ्वी मुनि पानीमा छ।
५कुनै पनि प्रकारको मूर्ति त्यस्तो प्रतिरूपको पूजा नगर र त्यसको अगाड़ी ननिहुर। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। म मेरा मानिसहरूले अरू देवताहरूको पूजा गरेको घृणा गर्छु। यदि कसैले मलाई घृणा गर्छ भने, तिनीहरूका सन्तानहरू, नाती-नातिनाहरूलाई म तिनीहरूको अपराधका निम्ति जिम्मेवार ठहाउनेछु। ६तर म हजारौ पुस्तासम्म ती सन्तानहरूसित दयालु हनेछु जसले मलाई प्रेम गर्छ र मेरो आज्ञाहरू पालन गर्छ।

७"तिमीहरूले परमप्रभु तिमीहरूको परमेश्वरको नाउँ दुरुपयोग गर्नु हुँदैन। जसले परमप्रभुको नाउँको दुरुपयोग गर्छन् तिनीहरूलाई बाँच्न दिनु हुँदैन।

८"विश्राम दिनलाई एक विशेष दिन भनी मान्नु पर्छ भनी सधैं ध्यानमा राख। ९हप्तामा छ दिन आफ्नो काम गर।

१०"तर सातौं दिन परमप्रभु तिमीहरूका परमेश्वरको सम्मानमा विश्रामको दिन हो। यसर्थ त्यो दिन कसैले पनि काम गर्नु हुँदैन तिमीहरूका कमारा-कमारीहरू, छोरा-छोरीहरू अनि तिमीहरूका पशुहरू तथा तिमीहरूका शहरहरूमा भएका विदेशीहरूले पनि काम गर्नु हुँदैन। ११किन? किनभने परमप्रभुले छ दिनमा आकाश, पृथ्वी, समुद्र अनि तिनीहरूमा भएका प्रत्येक चीज सृष्टि गर्नु लगाउनु भयो अनि सातौं दिनमा उहाँले विश्राम लिनु भयो। यस प्रकारले विश्राम दिनलाई परमप्रभुले आशीर्वाद दिनु भयो। त्यस दिनलाई परमप्रभुले विशेष दिन बनाउनु

भयो। १२तिमीहरूले आफ्ना आमा-बाबुलाई आदर
गर्न पर्छ। यसो गर्‍यौ भने तिमीहरू परमप्रभु
तिमीहरूको परमेश्वरद्वारा दिइने भूमिमा धेरै समयसम्म
बाँच्न सक्नेछौ।

१३“तिमीहरूले कसैको हत्या गर्नु हुँदैन।

१४“तिमीले व्यभिचार गर्नु हुँदैन।

१५“तिमीले कुनै चीज चोरी गर्नु हुँदैन।

१६“तिमीले अरूको विषयमा झूटो गवाही दिनु
हुँदैन।

१७“तिमीहरूले छिमेकीहरूका घर, पत्नी, पुरूष
अनि स्त्री, कमारा, कमारीहरू अथवा तिनीहरूको
केही चीजहरूको चाहना गर्नु हुँदैन”

### मानिसहरू परमेश्वरसित डराउँछन्

१८यस समयमा मानिसहरूले बेंसीमा गर्जनहरू सुने
अनि पहाड़मा आगो देखे। तिनीहरूले तुरहीको आवाज
सुने। तिनीहरूले पर्वतबाट धुवाँ निस्केको देखे। मानिसहरू
डराए र डरले कामे। तिनीहरू पर्वतदेखि धेरै टाढ़ा
उभिएर हेरे। १९तब मानिसहरूले मोशालाई भने, “यदि
तपाईं हामीसित कुरा गर्न चाहनु हुन्छ भने हामीहरू
तपाईंका कुरा सुन्छौ तर दया गरेर परमेश्वरले हामीसँग
कुरा नगरून। यदि त्यस्तो भयो भने, हामी मर्नेछौं।”

२०तब मोशाले मानिसहरूलाई भने, “नडराऊ, परमेश्वर
तिमीहरूलाई जाँच्न आउनु भएकोछ। उहाँ चाहनु हुन्छ
तिमीहरूले उहाँको डर मान्नु पर्छ। जसले गर्दा तिमीहरूले
पाप गर्ने छैनौं।”

२१जब मोशा कालो बादलभित्र गए जहाँ परमेश्वर
हुनु हुन्थ्यो मानिसहरू पर्वतदेखि टाढ़ै उभिए। २२तब
परमप्रभुले इस्राएली मानिसहरूलाई यी कुराहरू भन्नु
भनी मोशालाई भन्नु भयो, “स्वर्गबाट मैले तिमीसित
कुरा गरेको तिम्रा मानिसहरूले देखे। २३यसकारण म
सँग-सँगै पूज्नको निम्ति चाँदी अथवा सुनको मूर्तिहरू
नबनाऊ। २४मेरो निम्ति एउटा विशेष वेदी बनाऊ। त्यो
वेदी बनाउन माटो प्रयोग गर। यो वेदीमा बलिको
रूपमा होमबलि अथवा मेलबलि चढ़ाऊ र त्यसको
निम्ति आफ्ना भेड़ा, गाई तथा बाख्राहरूको उपयोग
गर। यो काम तिमीहरूले प्रत्येक ठाउँमा गर जहाँ म
तिमीहरूलाई मेरो सम्झना गर भन्छु। तब म आउँछु
अनि तिमीहरूलाई आशिर्वाद दिन्छु। २५यदि ढुङ्गाको
वेदी बनायौ भने फलामको हतियारले काटेको
ढुङ्गाहरूको नलगाऊ। तिमीहरूको धातुका हतियारले
गर्दा वेदी अपवित्र हुन्छ। २६वेदीसम्म पुग्ने
सिँढ़ीहरू नबनाऊ। वेदीसम्म जाने सिँढ़ी बनाएर नउक्लनु
किनभने त्यसो गर्दा त्यसमाथि तिमीहरूको नग्नता
देखिनेछन।” तिमीहरूको शरीर लुगाभित्र तलबाट
देखिनेछ।”

### अरू नियम अनि आज्ञाहरू

२१ त्यसपछि परमेश्वरले मोशालाई भन्नुभयो,
“तिमीले मानिसहरूलाई दिनु पर्ने अन्य नियमहरू
यिनै हुन्:

२“यदि तिमीहरूले हिब्रू कमारा-कमारी किन्यौ भने
त्यसले तिमीहरूको छ वर्षसम्म मात्र सेवा गर्नेछन्। छ:
वर्षपछि ती स्वतन्त्र हुनेछन्। ती कमाराले तिमीलाई
केही पनि तिर्नु पर्नेछैन। ३यदि त्यो मानिस, तिम्रो
कमारा हुनअघि विवाह नगरेको भए पत्नी बिनै स्वतन्त्र
हुनेछ। तर यदि त्यो मानिस कमारा हुनुअघि नै विवाह
गरेको भए उसले आफू स्वतन्त्र हुँदा पत्नीलाई पनि
साथै लिएर जानेछ। ४यदि कमारा अविवाहित छ भने
उसको मालिकले उसलाई विवाह गराई दिन सक्नेछ।
अनि त्यसरी विवाह भएपछि त्यसकी पत्नीबाट छोरा-छोरी
जन्मे त्यसकी पत्नी तथा छोरा-छोरीहरू मालिकका
हुन्छन। त्यस कमाराले आफ्नो सेवा काल पूरा गरी
आफू मात्र स्वतन्त्र भएर जानेछ।

५“तर कमाराले भन्न सक्छ, ‘म आफ्ना मालिकलाई
प्रेम गर्छु। म आफ्नी पत्नी र नानीहरूलाई पनि प्रेम
गर्छु। यसकारण म स्वतन्त्र हुन मन पराउँदिन।’ ६यदि
यस्तो परिस्थिति भए त्यस मालिकले उसलाई न्यायकर्त्ता
अघि ल्याएर ढोका अथवा ढोकाको चौकटमा उभ्याउने
छ र मालिकले कुनै सियोले उसको कान छेडी दिनेछ।
त्यसो गरे पछि त्यो कमारा मालिकको सेवामा जीवन
भरी रहनेछ।

७“कुनै मानिसले आफ्नी छोरीलाई कमारीको रूपमा
बेच्न चाहन्छ भने कमारा स्वतन्त्र हुने नियम उसलाई
लागू हुँदैन। ८यदि मालिकले विवाह गर्ने योजनामा
कमारी किन्छ तर उसित खुशी हुँदैन भने उसको
बाबुलाई त्यो कमारी केही किन्न दिनपर्छ। त्यो मालिकले
अरुलाई बेच्नु हुँदैन किनभने उसले त्यस कमारीलाई
धोका दिएको छ। ९यदि त्यस मालिकले आफ्नी कमारी
छोरोसित विवाह गरिदिने वचन दिए उसले त्यस केटीलाई
कमारीलाई जस्तो व्यवहार गर्नु हुदैन तर आफ्नो छोरीलाई
जस्तो व्यवहार गर्नुपर्छ।

१०“यदि मालिकले अर्की आइमाई विवाह गरे उसले
पहिलेकी पत्नीलाई कम्ती खाना र कम्ती लुगा-फाटा
दिनु हुँदैन। उसले उसको पहिलो पत्नीलाई लगातार
दाम्पत्य अधिकार अवश्यै दिनुपर्छ। ११मालिकले त्यस
आइमाईको निम्ति यी तीन प्रकारको कार्यहरू
गर्नै पर्छ। यदि उसले त्यसो नगरे त्यो आइमाईले
स्वतन्त्रता पाउनु पर्छ अनि आफ्नो स्वतन्त्रताको निम्ति
केही तिर्नु पर्दैन।

१२“यदि त्यस मानिसले कसैलाई हिकएर मार्छ भने
त्यो मानिस पनि मारिनु पर्छ। १३तर यदि कुनै घटना
घट्छ र कुनै मानिसले कसैलाई योजना बिनै मार्छ भने,
परमेश्वरको इच्छा अनुसार त्यस्तो भएको हो। म यस्तो

जग्गा रोज्छु जहाँ मानिसहरू आफ्नो सुराक्षाको निम्ति भागेर जान सक्छन्। मानिसहरू, त्यस ठाउँमा गएर आफ्नो ज्यान जोगाउन सक्छन्। १४तर यदि कसैले कसैलाई घृणा गरी अथवा रीसमा योजना गरी मार्छ भने त्यो हत्याराले दण्ड भोग्नै पर्छ। त्यसलाई मेरो वेदी देखि टाढ़ा लैजाऊ र मार।

१५“कुनै मानिसले आफ्नो बाबु अथवा आमालाई चोट पुऱ्याउँछ भने त्यस मानिसलाई मार्नै पर्छ।

१६“यदि कुनै मानिसले कसैलाई कमारा बनाई बेच्न अथवा आफ्नै कमारा बनाउन चोरी गर्छ भने त्यस मानिसलाई मार्नै पर्छ।

१७“यदि कुनै मानिसले आफ्नो आमा-बाबुलाई सराप्छ भने त्यसलाई मार्नै पर्छ।

१८“मानिलेऊ त्यहाँ दुइजना मानिसहरू झगड़ा गरिरहेका छन्, अनि एउटाले अर्कोलाई मुड़की र ढुङ्गाले हिर्कायो। अथवा त्यो चोट लागेको मानिस मरेन, तर ओछ्यानमा लाग्यो। १९यदि चोट लागेको मानिस उठेर लहुरोको भरमा यता उता हिँड़छ भने हिर्काउनेले चोट लाग्ने मानिसलाई क्षतिपूर्ति दिनुपर्छ अनि स्वस्थ हुने समयसम्म सहायता गर्नुपर्छ।

२०“कोही मालिकले आफ्नो कमारा-कमारीलाई लट्ठीले कुट्छ अनि यस्तो हिकाईले उसको मृत्यु हुन्छ भने त्यो हत्याराले सजाय पाउनैपर्छ। २१तर यदि कमारा-कमारी मरेन अनि एकदुइ दिनमा राम्रो भई हाल्यो भने हिर्काउने मानिसलाई सजाय हुँदैन। किन? किनभने कमारा-कमारीको निम्ति उसले दाम तिरेको छ र कमारा कमारी उसका सम्पत्ति हुन्।

२२“दुइ जना मानिस झगड़ा गर्न सक्छन अनि यसरी झगड़ा गर्दा तिनीहरूले कुनै गर्भवती स्त्रीलाई चोट पुग्न सक्छ। यसरी चोट लागेकाले त्यस गर्भवती स्त्रीले समय नपुगी तुह्यो भने। यदि त्यो स्त्रीलाई अन्य कतै चोट नलागे त्यो दोषी मानिसले दण्ड तिर्नु पर्छ। त्यस स्त्रीको पतिले दण्डको रकम तोक्नेछ। न्यायकर्त्ताहरूले त्यस मानिसलाई डाँड़को रकम तय गर्नु मद्दत गर्नेछन्। २३तर यदि त्यस स्त्रीलाई गहिरो चोट लागे, जसले चोट पुऱ्याउँछ उसले सजाय भोग्नु पर्नेछ। एउटा जीवनको सट्टामा अर्को जीवन लेऊ। २४तिमीले आँखाको सट्टामा आँखा, दाँतको सट्टामा दाँतु, हातको सट्टामा हात, खुट्टाको सट्टामा खुट्टा। २५डामको ठाउँमा डाम, खोस्रेको सट्टामा खोस्रिने नै अनि चोटको ठाउँमा चोट नै लिनु पर्छ।

२६“यदि कसैले आफ्नो कमाराको आँखों फुटाउँछ र ऊ आन्धो हुन्छ भने त्यो कमारा केही नतिरी स्वतन्त्र हुन सक्छ। उसको आँखों नै उसले पाउने स्वतन्त्रता दाम हुन्छ। कमारा-कमारी दुवैको निम्ति एउटै नियम लागू हुन्छ। २७यदि कुनै मालिकले कमारालाई मुखमा हिर्काएर दाँत फुकाली दिन्छ भने त्यस कमाराले कुनै पैसा नतिरी त्यो स्वतन्त्र भएर जान सक्छ। उसको दाँत नै उसले तिर्नु पर्ने दाम हुन्छ। यस्तो परिस्थितिमा पनि कमारा तथा कमारीको निम्ति त्यही नियम लागू हुन्छ।

२८“यदि कसैको गोरूले कुनै पुरूष अथवा स्त्रीहरूलाई मार्छ भने त्यस गोरूलाई पनि ढुङ्गाले हिर्काएर मार्नु पर्छ। तिमीहरूले त्यो गोरूको मासु खानु हुँदैन तर त्यस गोरूको मालिक निर्दोष हुन्छ। २९त्यस गोरूले पहिले कसैलाई हानेको थियो अनि त्यसको मालिकलाई चेताउनी दिइएको थियो तर उसले गोरूलाई बाँधेन। तब तिमीले गोरू र त्यसको मालिकलाई ढुङ्गाले हिर्काएर मार्नु पर्छ। ३०तर यदि गोरूले हानेर मारिएको मानिसको परिवारले क्षतिपूर्ती लिन्छ भने त्यो गोरूको मालिकलाई मार्नु हुँदैन। तर उसले क्षतिपूर्ती अवश्यै गर्नु पर्छ।

३१“कुनै मानिसको छोरा अथवा छोरी त्यसरी मारिए पनि त्यही नियम लागू हुन्छ। ३२तर यदि गोरूले कुनै कमारा अथवा कमारीलाई मारे गोरूको मालिकले कमारा-कमारीको मालिकलाई तीस शेकेल चाँदी तिर्नु पर्छ अनि गोरूलाई ढुङ्गाले हिर्काएर मार्नु पर्छ।

३३“कुनै मानिसले इनारको ढकनी हटाउन सक्छ अथवा मैदानमा एउटा इनार खन्न सक्छ र त्यसको ढकनी लाउँदैन अनि त्यसभित्र एउटा साँढ़े अथवा गधा खस्न सक्छ। ३४इनारको मालिकले पशुको क्षतिपूर्ति तिर्नु पर्छ। क्षतिपूर्ति तिरे पछि त्यो जाकिने पशु त्यसको सम्पत्ति हुन्छ।

३५“यदि कुनै मानिसको गोरूले अर्का मानिसको गोरू मार्छ भने तिनीहरूले जिउँदो गोरूलाई बेच्नु पर्छ तब तिनीहरूले बेचेको मूल्य र मृत गोरू बराबरी बाढ़नु पर्छ। ३६तर यदि कुनै मानिसको गोरूले अरू पशुहरूलाई हान्छ भने यसको मालिकले यसलाई नियंत्रण गर्दैन भने उसको गोरूले हानेको पशुको बदलामा पशु दिनु पर्छ। गोरूको मालिकले मरेको पशु लान सक्छ।

२२ “यदि कसैले एउटा गोरू अथवा भेड़ा चोरेर त्यसलाई मार्छ अथवा बेच्छ भने त्यसले त्यो गोरूको बदलामा पाँचवटा गोरू तिर्नु पर्छ अथवा भेड़ाको बदलामा पाँचवटा भेड़ाहरू तिर्नु पर्छ।

२यदि चोरलाई राती चोरी गर्दा भेटाएर कसैले मारिदियो भने त्यसको मृत्युमा कोही जिम्मावारी हुदैन। ३तर घटना दिउँसो घटे त्यो मार्ने मानिसलाई हत्याराको दोष लाग्नेछ। यदि तिरो तिर्ने उसमा क्षमता छैन भने त्यो चोर दण्ड तिर्नको निम्ति कमारा जस्तै बेचिनु पर्छ। ४तर यदि जुन पशु उसले बेच्छ अझै जिउँदै छ भने उसले तिमीलाई चोरिएको प्रत्येक पशुको सट्टामा दुइ दुइवटा पशुहरू दिनुपर्छ। त्यसमा केही फरक पर्दैन। त्यो पशु गोरू, गधा अथवा भेड़ा जुन सुकै होस्।

५“यदि एक जना मानिस उसका पशुहरूलाई छिमेकीको जमीन अथवा दाख बारीमा चर्न दिए त्यस पशुको

मालिकले हर्जना स्वरूप आफ्नो खेतको सबभन्दा राम्रो फसल अथवा दाखरस दिनुपर्छ ६एकजना मानिसले आफ्नो खेतको काँड़े पोथ्राहरू जलाउन आगो लाउन सक्छ तर उसले लगाएको आगो बढ़े त्यसले उसको अन्न-बाली बढ़िरहेको खेती जल्न सक्छ। यस्तो भएको खण्डमा त्यो आगो लगाउने मानिसले उसले जलाएको चीजको जरीमाना तिर्नु पर्छ।

७"कुनै मानिसले आफ्नो चीजवीज अथवा पैसा आफ्नो छिमेकीकहाँ राख्न सक्छ। तर यदि ती चीजहरू तथा पैसा छिमेकीको घरबाट चोरी भए उसले के गर्नु पर्छ? यदि चोर पक्राउ परे, उसले चोरेको भन्दा दुइ गुणा ज्यादा तिर्नु पर्छ। ८तर यदि तिमीले चोरलाई पक्रन सकेनौ घर मालिक न्यायकर्त्ताको सम्मुख जानु पर्छ अनि त्यही मानिसले चोरेको हो होइन न्यायकर्त्ताले निर्णय लिनु हुनेछ।

९"यदि दुइ जना मानिसमा तिनीहरूका साँढ़े, गधा, भेड़ा लुगा अथवा केही चीजहरू हराएकोमा झगड़ा भए, तिनीहरूले के गर्नु पर्छ? एकजनाले भन्नेछ, 'यो मेरो हो,' ती दुवै मानिस न्यायकर्त्तासम्मुख जानु पर्छ अनि न्यायकर्त्ताले तिनीहरूबीच को दोषी हो निर्णय गर्नु हुनेछ। त्यो मानिस जसलाई न्यायकर्त्ताले यही दोषी हो भनी निर्णय भएमा उसले त्यस चीजले मूल्य दोबर तिर्नु पर्नेछ।

१०"कुनै एकजना मानिसले आफ्नो गधा, गोरू, भेड़ा अथवा अरू कुनै पशु केही समयको निम्ति आफ्नो छिमेकीलाई हेरचाह गर्न भनी छोड़न सक्छ। तर यदि त्यो पशु चोरियो अथवा त्यसलाई चोट लाग्यो अथवा मर्‍यो अनि कसैले त्यस्तो कसरी भयो देखेन, तिमीहरूले के गर्नु पर्छ? ११त्यो उसले चोरेको होइन भनी छिमेकीले स्पष्टीकरण दिनु पर्छ। यदि उसको कुरो साँचो हो भने उसले त्यो पशु मैले चोरेको होइन भनी परमप्रभु अघि कसम खानु पर्छ, त्यस पशुको मालिकले आफ्नो छिमेकीलाई कसम खवाउनु पर्छ। अनि त्यो छिमेकीले त्यस नोक्सानको निम्ति मालिकलाई केही तिर्नु पर्दैन। १२तर यदि त्यो पशु छिमेकीले चोरेको भए उसले पशुको मालिकलाई जरीमाना दिनुपर्छ। १३यदि आफ्नो छिमेकीको पशुलाई जंगली जनावरले मारेको हो भने उसले प्रमाणको निम्ति पशुको शरीर ल्याउनु पर्छ। त्यसरी मारिएको पशुको निम्ति मालिकलाई छिमेकीले केही तिर्नु पर्दैन।

१४"एकजना मानिसले उसको छिमेकीबाट एउटा पशु पैंचो लियो अनि मालिक नहुँदा पशुलाई चोट लाग्यो अथवा मर्‍यो भने, पैंचौ लिने मानिसले अवश्यै पशु साट्न पर्छ। १५तर यदि त्यो मालिक त्यही पशुसित भए उसको छिमेकीले जरीमाना दिनु पर्दैन। अथवा, त्यस छिमेकीले आफूले काम गराउन भनी त्यो पशु ज्यालामा ल्याएको हो। तर त्यो मर्‍यो अथवा त्यसलाई चोट लागे उसले केही क्षतिपूर्ति तिर्नु पर्दैन। उसले कामको निम्ति दिएको ज्याला नै त्यो नोक्सानको निम्ति प्रशस्त हुन्छ।

१६"यदि एकजना मानिसले बागदान नभएकी कन्या केटीलाई प्रलोभनमा पार्छ र त्यससित सुत्छ भने उसले त्यो केटीलाई विवाह गर्न पर्छ। अनि उसले त्यो केटीको बाबुलाई सम्पूर्ण दाइजो दिनु पर्नेछ। १७यदि त्यो केटीको बाबुले त्यस केटीलाई उसित विवाह गर्न नदिए पनि त्यस मानिसले बाबु चाँहिलाई पूरा धन दिनु पर्नेछ।

१८"तिमीहरूले आइमाईलाई तंत्र मंत्र गर्न दिनु हुँदैन। यदि उसले मंत्र-तंत्र गर्छ तब उसलाई मार्नु पर्छ।

१९"यदि कुनै मानिसले पशुसित सम्भोग गर्छ भने त्यस मानिसलाई मार्नु पर्छ।

२०"यदि कुनै मानिसले कुनै अर्कै देवतालाई बलि चढ़ाउँछ भने तब त्यस मानिसलाई सर्वनाश पार्नु पर्छ।

२१"सम्झना गर विगत समयमा तिमीहरू मिश्र देशमा विदेशी थियौ, यसर्थ तिमीहरूको देशमा जो विदेशी छ उसलाई तिमीहरूले ठग्नु अथवा नोक्सान पुर्‍याउनु हुँदैन।

२२"जुन स्त्रीको लोग्ने छैन अथवा जुन केटा-केटीहरूको आमा-बाबु छैनन तिनीहरूको निम्ति कुनै कुभलो गर्नु हुँदैन। २३यदि कसैले विधवाहरू अथवा टुहुरा-टुहुरीहरूलाई हानि गर्छ तब मलाई यो थाह हुनेछ अनि तिनीहरूको कष्ट म सुन्नेछु। २४अनि म तिमीहरूसित रिसाउनेछु अनि तिमीहरूलाई तरवारले मार्नेछु। तब तिमीहरूका पत्नीहरू विधवा र नानीहरू टुहुरा-टुहुरी हुनेछन्।

२५"यदि मेरा मानिसहरूमा कोही गरीब छ र तिमीहरू उसलाई ऋण दिन्छौ भने तिमीले उसलाई पैसाका लागि ब्याज लिनु हुँदैन अनि तिमीले उसलाई ऋण फर्काउन जोर दिनु हुँदैन। २६कुनै मानिसले ऋण लिंदा आफ्नो कोट बन्धक राख्न सक्छ। तर तिमीले त्यो कोट सूर्यास्त हुनअघि नै फर्काउनु पर्छ २७किनभने त्यो मानिसको आफ्नो शरीर ढाक्ने लुगा केही हुँदैन र राती जाड़ोले सुत्नु सक्तैन। अनि यदि त्यस मानिसले मलाई पुकारे म उसको पुकार सुन्नेछु। म उसको पुकार सुन्छु कारण म दयालु छु।

२८"तिमीहरूले तिमीहरूका परमेश्वर अथवा तिमीहरूका शासकहरूलाई सराप्नु हुँदैन।

२९"बाली उठाउने समयमा तिमीहरूले आफ्नो खेतबारीको पहिलो फसल र दाखरस मलाई चढ़ाउन पर्छ। यसो गर्नमा ढिलो नगर्नू।

"तिमीहरूका जेठा छोरा मलाई चढ़ाऊ। ३०तिमीहरूले पशुहरूको पहिला जन्मेको बाछो र पाठो मलाई चढ़ाऊ। बाछा अनि पाठो आफ्ना माऊसँग सात

दिनसम्म बसून, अनि त्यसलाई आठौ दिनमा मलाई
चढ़ाऊ।
३१"तिमीहरू विशेष मानिसहरू हौ। यसर्थ जंगली
जनावरले मारेको पशुको मासु खानु हुँदैन। त्यो कुकुरले
खाओस्।

२३ "कसैको विरोधमा झूटो नबोल। यदि तिमी
अदालतमा साक्षी छौ भने झूठो बोलेर दुष्ट
मानिसहरूलाई सघाउनमा सहमत न होऊ।
२"गल्ती कर्म गर्ने मानिसहरूको समूहमा सामेल
नहोऊ। यदि तिमीहरूले अदालतमा साक्षी दिनु परे
बहुसंख्यकको पक्षमा नलाग।
३"मुद्दा मामला लागेको मानिसहरूलाई गरीब भए
पनि सहयोग नगर।
४"यदि तिमीले तिम्रो शत्रुको हराएको गोरू अथवा
गधा भेटायौ भने उसको पशु उसलाई नै फर्काई देऊ।
५"यदि तिमीले देख्यौ तिम्रो शत्रुको गधा गह्रौं
भारीको कारणले लड्यो तिमीले त्यसलाई उठाएर सहायता
गर्नु पर्छ।
६"गरीब मानिससति न्यायालयमा अन्याय नगर।
७"कसैलाई झूटो दोष नलगाऊ। एउटा निर्दोष
मानिसको हत्या नगर जसले अन्याय गरेको छ त्यसलाई
म निर्दोष मान्दिन।
८"घूस स्वीकार नगर, घूसले न्यायलाई अन्धा बनाउन
सक्छ अनि निर्दोष मानिसको अधिकारलाई अस्वीकार
गर्छ।
९"विदेशी नागरिकहरूमाथि कहिले पनि अत्याचार
नगर। एक समयमा तिमीहरू पनि मिश्र देशमा विदेशी
थियौ यसकारण तिमीहरू जान्दछौ एउटा विदेशी कस्तो
हुन्छ।

### विशेष छुट्टीहरू

१०"छ वर्षसम्म आफ्नो जमीनमा बीउ छर, फसल
काट। ११तर सातौं वर्षमा त्यो जमीन उपयोग नगर्।
त्यस जमीनमा कुनै बिरूवा नरोप, तर यदि त्यहाँ केही
चीजहरू आफै उब्जन्छ भने गरीबहरूलाई खान देऊ।
अनि छोड़िएको अन्नहरू जनावरहरूलाई खान देऊ।
तिम्रा दाखको बगैंचा र भद्राक्षको रूखहरूमाथि पनि
त्यसरी नै व्यवहार गर।
१२"छ दिनसम्म काम गर सातौं दिन विश्रामको दिन
हो। यसो गर्दा तिमीहरूका गोरूहरू गधाहरू, कमारा-
कमारीहरू अनि विदेशीहरूले पनि विश्राम गर्ने समय
पाउँन।
१३"मैले भनेका सबै काम गर्न निश्चित होऊ।
अरू देवताहरूको पूजा नगर। तिमीले तिनीहरूको नाउँ
पनि उच्चारण नगर।
१४"प्रत्येक वर्षको तीन पल्ट तिमीहरूले मेरो निम्ति
विशेष चाड़ आयोजना गर्नु पर्छ। १५जब तिमीहरूले
अखमिरे रोटीको चाड़ मनाउँछौ तिमीहरूले मेरा आज्ञाहरू
पालन गर्नु पर्छ। त्यस समयमा तिमीहरूले अखमिरे
रोटीको खानेछौ। यो सात दिनसम्म यस्तै चलिरहन्छ।
तिमीहरूले यसो आबीब महीनामा* गर्नेछौ किनभने
त्यही समयमा जब तिमीहरू मिश्रबाट निस्केर आएका
थियौ। त्यो समयमा तिमीहरूले मेरो निम्ति एउटा भेटी
ल्याउनु नै पर्छ।
१६"जब प्रत्येक वर्ष तिमीहरूले लगाएको बालीको
प्रथम फलहरू उठाउनु शुरू गर्छौ। तिमीहरूले अन्न
भित्र्याउने चाढ़ मनाउनु पर्छ अनि वर्षको अन्तमा जब
बालीको अन्तिम फल उठाउछौ त्यस समय छाप्रोवासको
चाड़ मनाउनु पर्छ। १७यसर्थ एक वर्ष भित्र सबै
मानिसहरूले परमप्रभु तिमीहरूका मालिक कहाँ तीन
पल्ट आउनु पर्छ।
१८"जब तिमीले पशु मारेर त्यसको रगत बलि
चढ़ाउँछौ खमीर मिसाएको रोटी चढ़ाउनु हुँदैन। अनि
त्यो बलि चढ़ाएको पशुको मासु खान्छौ भने त्यो एकै
दिनमा खाई सक्नु पर्छ। अर्को दिनको निम्ति मासु
नराख।
१९"जब तिमीहरूले पहिलो बाली उठाउँछौ, तिमीहरूले
उब्जाउ परमप्रभु आफ्ना परमेश्वरको घरमा ल्याउनु
पर्छ।
"तिमीहरूले पाठोको मासु खानु हुँदैन जसलाई त्यसकै
माउको दूधमा उमालिन्छ।"

### परमेश्वरले इस्राएललाई आफ्नो जमीन लिनुमा सहायता गर्नु हुन्छ

२०परमेश्वरले भन्नुभयो, "म तिम्रोअघि एकजना
स्वर्गदूत पठाउँदैछु। त्यस स्वर्गदूतले तिमीहरूलाई मैले
तयार पारेको ठाउँमा पुग्नमा मद्दत गर्नेछ। २१त्यस
स्वर्गदूतले भनेको मान र उसलाई पछ्याऊ। त्यसको
विरोध नगर। त्यस स्वर्गदूतले तिमीहरूले गरेको कुनै
प्रकारको भूल काम क्षमा गर्ने छैन्। मेरो शक्ति उससँग
छ। २२उसले भनेको प्रत्येक कुरा पालन गर। मैले
भनेको प्रत्येक कुरा तिमीले मान्नु पर्छ। यदि तिमीहरूले
यी सबै कुरा मान्यौ भने, म तिमीहरूका शत्रुहरूको
शत्रु हुनेछु। अनि तिमीहरूको विरोधमा हुने प्रत्येकको
म विरोध गर्नेछु।"
२३"मेरो स्वर्गदूतले तिमीहरूलाई एमोरीहरू हित्ती,
परिज्जी, कनानी, हिब्बी र यबूसीहरूको को विरोद्धमा
लिएर जानेछ अनि म तिनीहरूलाई पराजित गर्नेछु।
२४"तिनीहरूका देवताहरूलाई पूजा अथवा ढोग
नगर, तिमीहरूले उनीहरूको जीवन शैली ग्रहण नगर।
तिमीहरूले तिनीहरूका मूर्तिहरू अनि अ-पवित्र खाम्बाहरू

---

**अबीब महीना** यो वसन्त ऋतु आर्थत मार्च अप्रैल मा पर्ने
इस्राएलीहरूको पहिलो महीना।

चूर पारिदेऊ। २५तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको
आराधना गर्नै पर्छ। यदि तिमीहरूले यसो गरे म प्रशस्त
रोटी र पानीको निम्ति तिमीहरूलाई आशीर्वाद दिन्छु।
तिमीहरूको सम्पूर्ण रोगहरू हटाई दिनेछु। २६तिमीहरू
कसैको पत्नीहरू बाँझी अथवा गर्भपात हुने छैन, अनि
म तिमीहरूलाई लामो जीवन दिनेछु।

२७"म तिमीहरूको अघि मेरो महाशक्ति पठाउनेछु
अनि सबै राष्ट्रहरू जहाँ तिमीहरू यात्रा गर्नेछौ भयग्रस्त
हुनेछन् अनि म तिनीहरूलाई परास्त पार्नलाई मदत
गर्नेछु। २८म तिमीहरूको अघि ठूलो सकंट पठाउनेछु
र यसले हिव्वी, कनानी र हित्ती मानिसहरूलाई तिमीहरूबाट
टाढ़ा भगाउनेछ। २९तर ती मानिसहरूलाई म तिम्रो
भूमि एकै वर्षमा छोड़न बाध्य गराउने छैन् नत्र त्यो
भूमि खाली हुनेछ अनि त्यहाँ जंगली जनावरहरू बढ़ेर
तिमीहरूलाई नोक्सानमा पार्नेछन। ३०जबसम्म तिमीहरूको
जनसंख्या प्रचूर मात्रमा बढ़ेर यो भूमि भरिदैन म
तिनीहरूलाई बिस्तारै निकाल्नेछु।

३१"म तिमीहरूलाई लाल समुद्रदेखि फरात नदीसम्म
सबै भूमि दिनेछु। त्यो भूमिको पश्चिम सीमाना पलिस्ती
नदी भूमध्य सागर र पूर्व सीमाना अरबको मरुभूमिसम्म
हुनेछ। म तिमीलाई त्यहाँका मानिसहरूलाई पराजित गर्ने
अनुमति दिनेछु अनि तिमीहरूले तिनीहरूलाई त्यहाँबाट
बलपूर्वक जान वाध्य गराउनेछौ। ३२तिमीले ती मानिसहरू
अथवा तिनीहरूका देवी-देवताहरूसित कुनै करार गर्नु
हुँदन। ३३तिनीहरूलाई तिम्रो भूमिमा बस्नै नदेऊ। यदि
तिमीले तिनीहरूलाई त्यहाँ बस्न दियौ भने तिनीहरूले
तिमीहरूलाई जालोभारी गरी मेरो विरोधमा पाप गर्न
लगाउने छन। अनि तिमीहरू तिनीहरूका देवी-देवताहरू
पूज्न लाग्नेछौ।"

## परमेश्वर अनि इस्राएल तिनीहरूको करार बनाउनछन्

२४ परमेश्वरले मोशालाई भन्नु भयो, "तिमी,
हारून, नादाब, अबीहू अनि सत्तरी इस्राएलका
जना अरू बूढ़ा-प्रधानहरूसित पर्वतमाथि आउनु पर्छ
अनि टाढ़ोबाट मेरो आराधना गर्नु पर्छ। २तब मोशा
परमप्रभु सामुन्ने आफै आउनेछन् तर अन्य मानिसहरू
परमप्रभु नजिक जाने छैनन् अनि रहल मानिहरूले
पर्वतमाथिसम्म पनि जानु हुँदैन।"

३मोशाले मानिसहरूलाई परमप्रभुले बताका सबै आदेश
र निर्देशहरू बताए। तब मानिसहरू भने, "परमप्रभुले
भन्नु भएका सबै आदेश तथा निर्देशहरू हामी पालन
गर्नेछौं।"

४अनि मोशाले परमप्रभुका सबै आज्ञाहरू लेखे।
अर्को बिहान मोशाले पर्वतको फेदीमा एउटा वेदी बनाए
अनि इस्राएलीहरूको बाह्र कुल समूहहरूलाई प्रतिनिधित्व
गराउनु बाह्रवटा ढुङ्गाहरू राखे। ५तब मोशाले केही
इस्राएली युवकहरूलाई बलिहरू चढ़ाउन पठाए। ती
मानिसहरूले परमप्रभुलाई होमबलि र मेलबलिको रूपमा
गोरूहरू चढ़ाए।

६मोशाले बलिको आधा रगत जोगाएर कचौरामा
राखे। र आधा वेदीमाथि छर्किए।

७मोशाले करारको पुस्तक मानिसहरूका निम्ति पढ़े
अनि मानिसहरूले भने, "परमप्रभुले आदेश गर्नु भएको
प्रत्येक चीज हामी गर्ने छौं।"

८तब मोशाले बलिको गोरूको रगत भएको कचौरा
लिए अनि मानिसहरूमाथि छर्के। उनले भने, "परमप्रभुले
तिमीहरूसित विशेष करार गर्नु भएकोछ भनी यस
रगतले देखाउँछ। परमेश्वरले बनाउनु भएका नियमहरू
यस करारको एउटा अंश हो।"

९तब मोशा, हारून, नादाब, अबीहू र ७०
जना इस्राएलका बूढ़ा-प्रधानहरू पर्वतमा चढ़े।
१०इस्राएलीहरूले इस्राएलका परमेश्वरलाई केही
चीजमाथि जो आकाश जस्तो स्वच्छ नीलम देखियो
उभिरहनु भएको देखे। ११इस्राएलीहरूको अगुवाहरूले
परमेश्वरलाई देखे तर उहाँले तिनीहरूलाई ध्वंश पार्नु
भएन। तिनीहरू सबैले सँगै खाए अनि पिए।

## मोशा परमेश्वरको आज्ञा लिन जान्छन्

१२परमप्रभुले मोशालाई भन्नु भयो, "पर्वतमाथि
मकहाँ आऊ। मैले मेरा शिक्षाहरू र नियमहरू ढुङ्गाको
पाटीहरूमा लेखेको छु। ती पाटीहरू म तिमीलाई
दिनेछु।"

१३यसकारण मोशा र उसका सहायक यहोशू उठे
अनि मोशा परमेश्वरको पर्वतमाथि चढ़े। १४मोशाले
बूढ़ा-प्रधानहरूलाई भने, "हामीहरू नफर्कुञ्जेल यही
पर्ख। जब म जान्छु, तिमीहरूबीच कसैको झगड़ा भए
हारून र हूर कहाँ लानु पर्छ।"

## मोशा परमेश्वरसित भेंट गर्छन्

१५तब मोशा पर्वतमाथि गए, र पर्वत बादलले
ढाकेको थियो। १६परमप्रभुको महिमा सीनै पर्वतमा
आयो। बादलले छ दिनसम्म पर्वतलाई ढाक्यो। सातौं
दिनमा परमप्रभुले मोशासँग बादलबाट कुरा गर्नु भयो।
१७परमप्रभुको महिमा इस्राएलीहरूको दृष्टिमा पर्वतमाथि
जलिरहको आगो झैं प्रकट भयो।

१८तब मोशा अझै धेरै बादलभित्र गए। पर्वतमाथि
मोशा चालीस दिन र चालीस रात बसे।

## पवित्र चीजहरूको निम्ति भेटीहरू

२५ परमप्रभुले मोशालाई भन्नु भयो,
२"इस्राएलीहरूलाई मेरो निम्ति उपहारहरू
ल्याउनु भन। प्रत्येक मानिसले हृदयबाट निश्चय गर्नु
पर्छ ऊ मलाई के दिनु चाहन्छ। मेरो निम्ति उपहारहरू
ग्रहण गर। ३ती मानिसहरूबाट तिमीले ग्रहण गर्नु पर्ने

उपहारको सूची यस प्रकार छन्: सुन, चाँदी अनि
काँसा, ४निलो, बैजनी अनि रातो सुतीको धागो,
मलमलको कपड़ा बाख्राको भुत्ला। ५रातो रंगले रंगाएको
भेड़ाको छाला अनि नरम चर्म, बबुलको काठ।
६बत्तिको निम्ति तेल, अभिषेक तेलको निम्ति मसला,
अनि सुगन्धित धूपको लागि मसला। ७अनि एपोद को
निम्ति बहमूल्य रत्नहरू र न्यायको थैली।"

## पवित्र पाल

८परमेश्वरले अझ भन्नु भयो, "मानिसहरूले मेरो
निम्ति पवित्र स्थान बनाउन सक्छन अनि म तिनीहरूमाझ
बस्न सक्छु। ९त्यो पवित्र पाल र त्यस भित्रका प्रत्येक
चीज कस्तो देखिनु पर्छ म तिमीलाई बताउँछु। प्रत्येक
चीज मैले तिमीलाई देखाए जस्तै बनाऊ।

## करारको सन्दूक

१०"बबुल काठको एउटा सन्दूक बनाऊ। यो पवित्र
सन्दूक दुइ हात आधा लामो अनि एक हात आधा
चौड़ाइ र एक हात आधा उचाइँको हुनुपर्छ। ११यो
सन्दूकको भित्र अनि बाहिर शुद्ध सुनले मोहोर्नु पर्छ।
सन्दूकको बाहिर वरिपरि सुनको घेरा बनाउनु पर्छ।
१२सुनको चारवटा मुन्द्रीहरू बनाऊ अनि सन्दूकको
प्रत्येक सुरमा दुइ दुइवटा मुन्द्रीहरू लगाइदेऊ। १३बबुल
काठको डण्डाहरू बनाऊ अनि तिनीहरूलाई सुनले
मोहोरी देऊ। १४सन्दूकको दुवैतिरको मुन्द्रीहरूमा डण्डा
हाल अनि यिनको सहायताले त्यसलाई बोक। १५ती
मुन्द्रीहरूबाट डण्डा बाहिर ननिकाल ती डण्डाहरूलाई
मुन्द्रीमा नै रहन देऊ।
१६"मैले दिँदै गरेको करार त्यस सन्दूकभित्र राख।
१७त्यसपछि दुइ हात आधा लामो अनि एक हात आधा
चौड़ाईको शुद्ध सुनको एउटा ढकनी बनाऊ। १८"अनि
मार्तेलले पिटेर सुनलाई दुइवटा करूब दूतहरू बनाऊ।
अनि दुवैलाई ढकनीकोमाथि छेउ छेउमा लगाई देऊ।
१९एउटा करूब एक छेउमा अनि अर्कोलाई अर्को
छेउमा राख। अनि ढकनी र दूतहरू यस्तो यस प्रकारले
जोड़नु पर्छ तिनीहरू एउटै टुक्राले बनिएको जस्तो होस्।
२०करूब दूतहरू एक अर्कापट्टि फर्किएको हुनुपर्छ
अनि तिनीहरूका पखेटाहरू ढकनीमाथि फैलिएको
हुनुपर्छ। २१म तिमीलाई करार पत्र दिन्छु र त्यो तिमीले
सन्दूक भित्र ढकनी लगाएर राख्नु पर्छ। २२जब म
तिमीलाई भेट्छु, करारको सन्दूकमाथि राखिएको करूब
स्वर्गदूत बीचबाट तिमीसित कुरा गर्नेछु। त्यही स्थानबाट
इस्राएली मानिसहरूलाई म आफ्नो आज्ञाहरू दिनेछु।

## टेबल

२३"दुइ हात आधा लमाई, एक हात आधा चौढ़ाइ,
र एक हात आधा उचाइ भएको एउटा बबुल काठको
टेबल बनाऊ। २४टेबललाई शुद्ध सुनले मोहोर अनि
चारैतिर सुनको बिट लगाएर सुसज्जित गर। २५तब चार
औंलो फराकिलो घेरा बनाऊ र त्यसको वरिपरि सुनको
घेरा लगाऊ। २६त्यसपछि चारवटा सुनको कुण्डलहरू
बनाएर टेबलको खुट्टा भएका चार कुनामा राख।
२७टेबलको चारै तिर घेरामा मुन्द्रीहरू लगाऊ। मुन्द्रीमा
डण्डाहरू लगाऊ अनि यसलाई टेबल बोक्न प्रयोग
गर। २८डण्डाहरू बनाउन बबुलको काठ प्रयोग गर
अनि त्यसलाई सुनले मोहोर। ती डण्डाहरू टेबल
बोक्नमा प्रयोग गर। २९शुद्ध सुनको थाल, धुपौरो,
गाग्रो तथा भाँड़ाहरू बनाऊ। गाग्रो र भाँड़ाहरू पेय
बलिहरू चढ़ाउँदा खन्याउन प्रयोग गरिनेछ। ३०टेबलमाथि
मलाई विशेष पाव-रोटी चढ़ाऊ त्यो रोटी संधै त्यहाँ
मेरोअघि हुनु पर्छ।

## सामदान

३१"त्यसपछि तिमीले एउटा सामदान बनाउनु पर्छ।
सामदानको डण्डा र आधार अकबरी सुनकै बनाउनु
पर्छ। शुद्ध सुनको फूल, फूलका कोपिलाहरू, र
पत्रहरू बनाऊ र यी सबैलाई एकै ठाउँमा जोड़।
३२"त्यस सामदानका छ:वटा हाँगाहरू हुनुपर्छ एक
पट्टि तीनवटा अर्कोपट्टि तीनवटा। ३३प्रत्येक हाँगामा
तीनवटा फूलहरू हुनु पर्छ। यी फूलहरू, पत्र तथा
कोपिलाहरू बदामको फूल जस्तै बनाऊ। ३४सामदानमाथि
अझ चारवटा फूलका पत्तीहरू बनाऊ। यी फूलहरूका
कोपिला र पत्रहरू पनि बदामका फूल जस्तै हुनु पर्छ।
३५सामदानमाथि हाँगाहरूको तीन एकको जोड़ीमा, यी
बीचमा यी फूलहरू एक एकवटा लगाऊ। ३६कोपिलाकाा,
पत्रहरू अनि सम्पूर्ण सामदान शुद्ध सुनले बनिएको
हुनुपर्छ। यिनीहरू सबै एउटा सुनको टुक्राबाट मार्तोलले
पिटेर बनाएको हुनुपर्छ। ३७तब सामदानमाथि राख्ने
सातबटा दियाहरू बनाऊ अनि यिनले अघिल्लो भागको
क्षेत्रमा ज्योति दिऊन्। ३८चिम्टा र तावाहरू शुद्ध
सुनको बनाउनु पर्छ। ३९एक तोड़ा* शुद्ध सुन चलाएर
सामदान अनि यसमा चलाउनको निम्ति अरू सहयोगी
चीजहरू बनाउनु पर्छ। ४०चीजहरू मैले तिमीलाई
पर्वतमाथि देखाएको नमूना जस्तै हुनु पर्छ।"

## पवित्र पाल

२६ "दशवटा पर्दाले पवित्र पाल बनाउनु पर्छ। यी
पर्दाहरू सुती-कपड़ा, निलो, बैजनी अनि रातो
रेशमको लुगाले बनिएको हुनुपर्छ अनि करूब स्वर्गदूतहरूको
आकृति पर्दाहरूमा बनाउनु पर्छ। २हरेक पर्दा अठाईस
हात लामो हुन पर्छ। चार हात चौड़ाइको हुनुपर्छ अनि
सबै पर्दाको नाप बराबरी हुनुपर्छ। ३पाँचवटा पर्दाहरूको

**एक तोड़ा** ३४.५ किलो ग्राम।

एउटा समूह अनि अर्को पाँचवटा पर्दाहरूको अर्को
एउटा समूह बनाऊ। ४पहिला समूह पर्दाको किनारमा
निलो लुगाको एउटा सुर्काउनी बनाऊ। दोस्रो समूह
पर्दाको किनारमा पनि तिमीले त्यसै गर। ५हरेक पर्दाको
हरेक किनारमा पचासवटा सुर्काउनीहरू बनाऊ। ६त्यसपछि
ती पर्दाहरूसँगै जोड्नका लागि पाँचासवटा सुनको मुन्द्रीहरू
बनाऊ। दुइवटा समूहको पर्दालाईसँगै जोड़ेर एउटा
पवित्र पाल बनाऊ।

७“तब अर्को पाल पवित्र मण्डप ढाक्नका निम्ति
बनाऊ। त्यो पाल बाख्राका भुत्लाले बुनेर बनाऊ। पाल
एघारवटा पर्दाहरू गाँसेर बनाऊ। ८यी प्रत्येक पर्दाहरू
टुक्राका नाप तीस हात लमाइ र चार हात चौड़ाइ गरी
सबै बराबर हुनुपर्छ। ९पहिले पाँचवटा टुक्रा जोड़ेर एक
भाग अनि अरू छ:वटा टुक्राहरू जोड़ेर अर्को भाग
तयार पार। छ:वटा पर्दालाई पालभित्र प्रवेश द्वारमाथि
पट्टाएर राख। १०एक भागको आखिरी किनारमा पचासवटा
सुर्काउनी बनाऊ र अर्को भागमा पनि त्यसरी नै
पचासवटा सुर्काउनी बनाऊ। यी सुर्काउनीहरूले भाग
भाग पर्दाहरूलाई एउटै पाल बनाउछन्। ११काँसाका
पचासवटा मुन्द्रीहरू बनाऊ अनि दुइ समूह पर्दाहरू
एउटा एकलो पाललाई जोड्नको निम्ति प्रयोग गर।
१२यो पाल पहिले बनाइएको पवित्र पाल भन्दा बढ़ी
लामो हुन्छ। यसरी यस पालको पर्दाको आधा भागको
किनारा पवित्र पालको पछाड़ी झुण्डिनेछ। १३यो पालको
पर्दा पवित्र पालको वरिपरि अन्तिम किनारमा पनि एक
हात झुण्डिएर रहनेछ। यसकारण यस पालले पवित्र
पाललाई पूर्ण रूपले ढाक्नेछ। १४बाहिरबाट ढाक्नलाई
अरू दुइवटा पर्दा बनाऊ। दुइवटा पर्दामा एउटा चाँहि
भेड़ाको छालालाई रातो रंग लगाएर बनाऊ र अर्को
चाँहि नरम छालाको बनाऊ।

१५“पवित्र पाल स्थापना गर्नको निम्ति लामो बबुलको
काठको फल्याकहरू प्रयोग गर। १६अवश्यै फल्याकहरू
दश हात लामा अनि एक हात आधा चौड़ा हुनै पर्छ।
१७एका अर्कोलाई समान्तर गर्नको निम्ति प्रत्येक र
जोड़ी फल्याकहरूलाई एकै साथ जोड्नको निम्ति
चुकुलहरू प्रयोग गर। १८पवित्र पालको दक्षिण पट्टि
जोड्न बीसवटा फल्याकहरू बनाऊ, १९अनि यी
फल्याकलाई सीधा गर्नको निम्ति चालीसवटा चादीका
आधारहरू बनाऊ। प्रत्येक फल्याकको एउटा आधारमा
लगाऊ, दुइवटा आधारहरू एउटा फल्याकमा लगाऊ।
२०पवित्र पालको उत्तरी भागमा अझ बीसवटा फल्याकहरू
बनाऊ। २१अनि यस फल्याकहरूलाई सिधा बनाउन
चालीसवटा चादीको आधारहरू प्रत्येक फल्याकको निम्ति
दुइ दुइवटा बनाऊ। २२अझ छवटा फल्याकहरू
बनाऊ। २३पवित्र पालको पछिल्लो भागको कुनामा
दुइवटा फल्याकहरू बनाऊ। २४कुनाको फल्याकहरू
फेदसम्म फैलिएको हुनुपर्छ। टुप्पाको मुन्द्रीहरूमा
फल्याकहरूसँगै जोड़िएको हुनुपर्छ अनि त्यस्तै प्रकारले
फेदको कुनाहरूको निम्ति गर्नु पर्छ। २५त्यहाँ पश्चिमी
किनारका निम्ति आठवटा फल्याकहरू हुनुपर्छ अनि
प्रत्येकलाई दुइवटा गरी जम्मा सोहवटा चाँदीका
आधारहरूको आवश्यकता पर्नेछन्।

२६“पवित्र पालमाथि पट्टिको पाँचवटा फल्याकको
किनार बनाउनमा बबुल काठ प्रयोग गर। २७पवित्र
पालको अर्को किनारको फल्याकमाथि पाँचवटा डण्डाहरू
बनाउनु पर्छ। अनि पवित्र पालको पश्चिमी किनार
फल्याकमाथि पाँचवटा डण्डाहरू बनाउनु पर्छ। २८माझको
डण्डा हरेक फल्याकको मध्य भागबाट एक छेऊ देखि
अर्को छेऊसम्म पुगेको हुनुपर्छ।

२९“फल्याकहरू र डण्डाहरू सुनले मोहोरी देऊ
अनि सुनको मुन्द्रीहरू बनाऊ। ३०मैले तिमीलाई पर्वतमा
देखाए बमोजिम नै पवित्र पाल बनाऊ।

## पवित्र पालको भित्री भाग

३१“निलो, बैजनी र राता धागाले बटारेको सुती
कपड़ाका पर्दाहरू बनाऊ। यसलाई करूब स्वर्गदूतका
नक्साहरूले सुसज्जित पार। ३२बबुल काठको चारवटा
खम्बाहरू बनाऊ अनि ती खम्बाहरूलाई सुनले मोहोर।
प्रत्येक खम्बाको निम्ति सुनको अंकुशेहरू बनाऊ अनि
सीधा पार्नका निम्ति चाँदीको आधारहरू बनाऊ। त्यसपछि
ती सुनका अंकुसेमा पर्दा झुण्डाई देऊ। ३३करारको
सन्दूकलाई पर्दाको पछाड़ी राख। यस पर्दाले पवित्र
स्थानलाई महापवित्र स्थानबाट छुट्टाउँछ। ३४महापवित्र
स्थानभित्र करारको सन्दूकमाथि ढकनी लगाऊ।

३५“पर्दाको बाहिर पट्टि तिमीले बनाएको विशेष
टेबल राख। यो टेबल पवित्र पालको उत्तरपट्टि हुनुपर्छ।
पवित्र पालको दक्षिणपट्टि सामदानलाई यो टेबिलको
सोझोमा हुनेछ राखी देऊ।

## पवित्र पालको ढोका

३६“निलो, बैजनी र रातो सुतीको धागो बाटेर एउटा
पर्दा बनाएर पवित्र पालको प्रवेशद्वार पर्दा बनाऊ।
३७यस पर्दामा सुनले बनिएको अंकुसेहरू लगाऊ। अनि
बबुलको काठको पाँचवटा खम्बाहरू सुनले बेरेर बनाऊ।
यी पाँचवटा खम्बाको निम्ति काँसा आधारहरू बनाऊ।”

## होमबलिहरूको निम्ति वेदी

२७ “बबुल काठको एउटा वेदी बनाऊ।
त्यो वेदी पाँच हात लामो तथा पाँच हात
चौड़ा र तीन हात उचाइ वर्ग आकारमा बनिनु पर्छ।
२त्यस वेदीको चारैवटा कुनामा एक एकवटा सिंग
बनाऊ र प्रत्येक सिंगलाई यस्तो प्रकारले जोड़ कि सबै
एउटै टुक्राले बनिएको देखियोस्। तब वेदीलाई काँसाले
मोहोरी देऊ।

३"वेदी सफा गर्न चाहिने सामग्रीहरू करूवा, मासु उठाउने काँटाहरू, तावाहरू कोप्रे भाँड़ाहरू यी सबै काँसाको बनाउनु पर्छ। ४वेदीको निम्ति एउटा काँसाको जाली जस्तै कोरेसो बनाऊ। त्यस कोरेसोको चारै कुनामा काँसाको चारवटा कुण्डलहरू लगाई देऊ। ५त्यो कोरेसो चाँहि वेदीको तहको मनि टासिएको हुनुपर्छ। अनि वेदीको तल आधा भागसम्म फैलिएको हुनुपर्छ।

६"वेदीको निम्ति डण्डाहरू बबुल काठको बनाऊ र त्यसलाई काँसाले मोहोर। ७वेदीमा भएका कुण्डलहरूमा दुइतिरबाट यी डण्डाहरू पसाउँनु र वेदी बोक्नु पर्दामा यी डण्डाहरू प्रयोग गर्नु पर्छ। ८वेदी बनाउँदा एउटा खाली सन्दूक जस्तो फल्याकबाट बनाउनु पर्छ। त्यो मैले तिमीलाई पर्वतमा देखाए जस्तै हुनुपर्छ।

## पवित्र पाल वरिपरिको आँगन

९"पवित्र पालको आँगन हुनपर्छ। एक सय हात लामो एउटा पर्दा लगाएर आँगन बनाऊ यो दक्षिण भागमा हुनुपर्छ। त्यो पर्दा राम्रोसँग बुनेको सुतीको लुगाले बनाउनु पर्छ। १०र बीसवटा खम्बाहरू बनाऊ अनि ती बीसवटा खम्बाहरूको लागि बीसवटा काँसले बनिएका आधारहरू प्रयोग गर। डण्डाहरूको निम्ति अंकुसे र बन्धनहरू चाँदीको बनाउनु पर्छ। ११उत्तर तिर पनि एक सय हात लामो पर्दा अनि त्यो पर्दाको निम्ति पनि बीसवटा खम्बाहरूसँग बीसवटा काँसाको आधारहरू हुनुपर्छ। तिनीहरूको निम्ति अंकुशे र बन्धन चाँदीको बनाउनु पर्छ।

१२"पवित्र पालको पश्चिम तिरको आँगनमा पचास हात लामो पर्दा होस। त्यस पर्दाको निम्ति दशवटा डण्डाहरू र दशैवटा आधारहरू लगाऊ। १३पवित्र पालको पूर्वपट्टि आँगनमा पनि पचास हात लामो पर्दा लगाऊ। १४एकापट्टि पन्ध्र हात लामो पर्दा हुनुपर्छ अनि त्यसमा तीनवटा खम्बा र तीनैवटा आधारहरू हुनुपर्छ। १५यसको अर्कोपट्टि पनि पन्ध्र हात लामो पर्दा, तीनवटा डण्डा र तीनैवटा आधारहरू हुनुपर्छ।

१६"आँगनको प्रवेशद्वार ढाक्नको निम्ति बीस हात लामो निलो, बैजनी र रातो धागोले मसिनो बुनेको सुती कपड़ाको पर्दा लगाऊ। पर्दामा बेलबुट्टा काढ़ेर नक्सा बनाउनु पर्छ। त्यस पर्दाको निम्ति चारवटा डण्डाहरू र चारवटा आधारहरू लगाउनु पर्छ। १७आँगनका चारैतिरका पर्दाहरूको अंकुसे र त्यसलाई अड़्याउने सबै खम्बाका आधार पीतलले मोहरेको हुनुपर्छ। १८आँगन एक सय हात लामो अनि पचास हात चौड़ा हुनुपर्छ। आँगन वरिपरिको पर्दाको उचाइ चाँहि पाँच हात हुनुपर्छ। पर्दा मसिनो सुती कपड़ाको हुनुपर्छ। डण्डा तथा खम्बाको निम्ति लगाइने आधार काँसाको हुनुपर्छ। १९पवित्र पालमा प्रयोग गरिने सबै आँगन वरिपरिका वस्तुहरू अनि पालका चुकुलहरू अनि आँगन काँसाको हुनुपर्छ।

## दियोको निम्ति तेल

२०"भद्राक्षको शुद्ध तेल ल्याई निरन्तर दियाहरू बाल्न इस्राएलीहरूलाई आदेश देऊ। २१हारून र उसका छोराहरूले दियाहरूको ध्यान राख्नेछन। तिनीहरू भेट हुने पालको प्रथम कक्षामा जानेछन् अनि यो कक्षा पर्दाको पछाड़ी बाहिर जसले दुइटा कोठाहरूलाई छुट्याउँछ। तिनीहरूले परमप्रभुको सम्मुख दियाहरू निरन्तर बाली राख्नकालागि प्रत्येक साँझ विहान हेरचाह गर्नेछन्। इस्राएली मानिसहरू तथा तिनीहरूका सन्तानहरूले यो नियमका सदा-सर्वदा पालन गर्नु पर्छ।"

## पूजाहारीहरूको निम्ति पोशाक

२८ परमप्रभुले मोशालाई भन्नु भयो, "तिम्रो दाज्यू हारून, उसका छोराहरू नादाब, अबीहू, एलाजार अनि ईतामारलाई इस्राएली मानिसहरूलाई छोड़ेर तिमी कहाँ आउनु भन। यी मानिसहरू पूजाहारी भएर मेरो सेवा गर्नेछन्।

२"तिम्रो दाज्यू हारूनको निम्ति विशेष पोशाक बनाऊ। यी पोशाकहरूले उसलाई सम्मान र आदर दिनेछन्। ३इस्राएली मानिसहरूमा यस प्रकारको पोशाक बनाउन निपुर्ण मानिसहरू छन्। मैले ती मानिसहरूलाई विशेष ज्ञान दिएकोछु। हारूनको निम्ति ती मानिसहरूलाई पोशाक बनाउनु भन। ती पोशाकहरूले उसलाई पूजाहारी जस्तै सजाउँछ। ४ती मानिसहरूले पोशाक छालाको थैलो एपोद एउटा डोरी, झालर लगाएको डोरी, एउटा फेटा अनि एउटा पेटी बनाउनु पर्छ। ती मानिसहरूले यो पवित्र पोशाकहरू हारून र उसका छोराहरूका निम्ति बनाउनु पर्छ। तब हारून अनि उसका छोराहरू अधिकृत पूजाहारी हुन्छन्। ५ती मानिसहरूलाई भन यी पोशाकहरू बनाउँदा सुनको धागो, मिहीन वस्त्र र निलो, बैजनी अनि रातो धागो प्रयोग गरून्।

## एपोद र पेटी

६"एपोद बनाउँदा ती मानिसहरूले मिहीन वस्त्र, निलो, बैजनी अनि रातो धागो र सुनको धागो प्रयोग गरून्। यो कार्य अत्यन्तै शिपालु मानिसहरूले गर्नु पर्छ। ७यी दुवै टुक्राले कांधे बन्धन हुनुपर्छ, एउटाले अर्कोको छेउ जोड़िएको हुनुपर्छ।

८"यी मानिसहरूले एपोदको निम्ति पेटी पनि अत्यन्तै सावधानीसित बनाउनु पर्छ। पेटी पनि तिनीहरूले एपोद बनाउँदा जस्तै सुनको धागो, मसिनो गरी बाटेको सुती कपड़ा, निलो, बैजनी अनि रातो धागोहरूले बनाउनु पर्छ।

९"गोमेद पत्थरहरू लेऊ र याकूबका बाहजना छोराहरूको नाउँ लेख प्रत्येक पत्थरमा छ जनाको नाउँ लेख। १०तिनीहरूको नाउँहरू जन्म क्रम अनुसार

सूचित गर। ११इस्राएलीका नाउँहरू रत्नहरूमा खोप। यी कामहरू यस्तै प्रकारले गर्नु पर्छ जसरी शिल्पकारहरूले मोहोरमा नाउँ अनि नक्शा खोप्नो गर्छन्। यसकारण खोपिएका रत्नहरू सुनको पातामा ठोकिएको हुनुपर्छ। १२तब यी खोपिएको रत्नहरू एपोदको काँधहरूमाथि लगाई देऊ। जब हारून परमप्रभुको सामुने उभिन्छ, उसले एपोद जहाँ याकूबका छोराहरूले नाउँ खोपेर जोड़ेको रत्नहरू छन् काधहरूमाथि लगाउँछ। यी रत्नहरूले परमप्रभुलाई इस्राएलीहरूको विषयमा सम्झना गराउँछ। १३सुनका दुइवटा आकारहरू बनाऊ अनि १४शुद्ध सुनका धागोहरू बाटेर दुइवटा साङ्गली बनाऊ र दूई समूहलाई जोड़ी देऊ।

## न्यायको थैली

१५"प्रधान पूजाहारीका निम्ति एपोद बनाउने निपुण शिल्पकारहरूले न्यायको थैली बनाउनु पर्छ। यस्तो थैली बनाउँदा पनि ती शिल्पकारहरूले सुनको धागो, मसिनो गरी बाटेको सुती कपड़ा अनि निलो, बैजनी र राता धागाहरू प्रयोग गर्नु पर्छ। १६न्यायको थैली दोबारेको चारपाटे हुनुपर्छ। त्यो थैली एक बित्ता लामो र एक बित्ता चौड़ाइको हुनुपर्छ। १७न्यायको थैलीमा यी रत्नहरू चार लहरमा जोड़। पहिलो लहरमा साड़ियस, पुष्पराज, र पन्ना, १८दोस्रो लहरमा फिरोजा, नीलम र लाल हीराको १९तेस्रो लहरमा नीलमणि, हाकिक र कटेला र २०चौथो लहरमा पीतमणि, आनिक्स अनि स्फारिक हुनु पर्छ। रत्नहरू सुनको घेरामा राख्नुपर्छ। २१प्रत्येक रत्नमा इस्राएलको बाह्र वंशहरूमध्य एक-एकको नाउँ खोपिएको हुनुपर्छ। खोप्ने काम निपुणतासँग गरिएको हुनु पर्छ।

२२"न्याय थैलीको निम्ति शुद्ध सुनको साङ्गली बनाऊ। यी साङ्गलीहरू डोरी जस्तै बटारिएको हुनुपर्छ। २३सुनका दुइवटा मुन्द्रीहरू बनाऊ र तिनीहरूलाई दुइवटा न्याय थैलीको छेऊमा जोड़ी देऊ। २४दुइवटा सुनको डोरीहरू दुइवटा मुन्द्रीहरू न्यायको थैलीमाथि छेउमा जोड़ी देऊ। २५दुवै साङ्गलाहरू मिलाएर एपोदको कुममाथि चौखटमा साङ्गलाको अर्को अन्त बाँध। यसले न्यायको थैलीलाई एपोदको अघि थाम्छ। २६अझै दुइवटा सुनको मुन्द्रीहरू बनाऊ अनि तिनलाई न्यायको थैलीको अर्को दुइ कुनामा राखिदेऊ। यो एपोदको छेऊम न्यायको थैलीको भित्री भागमा हुनेछ। २७अझै दुइवटा सुनको कुण्डलहरू बनाएर एपोदको अघाड़ीपट्टिको भागमा काँधको मुनि राख। एपोदको पेटीमाथि सुनका मुन्द्रीहरू लगाऊ। २८न्यायको थैली कुण्डल र एपोदको कुण्डल बाँध्न निलो डोरीको प्रयोग गर। यसरी न्यायको थैली पेटी नजिक रहन्छ र एपोदसित बाध।

२९"हारून जब पवित्र स्थानमा जान्छन् उनले आफ्नो छातीमा त्यो न्यायको थैली लगाएको हुनुपर्छ। यसरी इस्राएलाका बाह्र जना छोराहरूको नाउँ हारूनको छातीमाथि परमप्रभुको सम्झनामा सदा-सर्वदा रहनेछ। ३०ऊरीम र तुम्मीम सधै त्यो न्यायको थैलीमा राखिएको हुनुपर्छ। हारून जब परमप्रभुको सामुन्ने जान्छन उनको छातीमाथि ती राख्नुपर्छ। यसकारण हारून जब परमप्रभु अघाड़ी हुन्छन् इस्राएली मानिसहरूलाई न्याय गराइने साधनहरू सबै आफूसित राखिएको हुन्छ।

## पूजाहारीको निम्ति अन्य पोशाक

३१"एपोदको निम्ति निलो रंगको लबेदा तिमीले बनाऊ। ३२शिरको लागि बीचमा प्वाल बनाऊ अनि प्वालको किनारमा कोटको कलर च्यातिनुबाट बचाउनुलाई बुने झैं सिलाऊ। ३३पोशाकको फेरो वरिवरि निलो, बैजनी अनि रातो धागोले दारीमहरू बनाऊ र तिनलाई झुण्डाऊ। ३४सुनको घण्टीहरू दारीमहरू बीच-बीचमा पोशाकको वरिपरि झुण्डाऊ। यसरी पोशाकको किनारमा दारीमहरू अनि एक पछि अर्को गर्दै घण्टीहरू झुण्डाऊ। ३५हारून जब पूजाहारी भई सेवा गर्छन तिनले यो लवेदा लगाएर गर्छन। हारून जब पवित्र स्थानभित्र जान्छन र त्यहाँबाट निस्कन्छन घण्टीहरू बज्नेछन अनि यसरी हारून मर्ने छैनन्।

३६"मानिसहरूले मोहर बनाए झैं शुद्ध सुनको पाता बनाऊ अनि त्यसमा यी शब्दहरू खोप परमप्रभुको निम्ति पवित्र।" ३७यो फेटामो निलो धागो बाँधिदेऊ। यो सुनको पाता फेटामा अघिल्तिर हुनुपर्छ। ३८हारूनले आफ्नो शिरमाथि त्यो लगाउनेछन अनि यसरी इस्राएली मानिसहरूले परमप्रभुलाई चढ़ाएको पवित्र उपहारको जिम्मावार हुनेछन्। यसकारण हारूनले त्यो सुनको पाता सधैँ आफ्नो शिरमा राख्नेछन् जसले गर्दा मानिसहरूले चढ़ाएका सबै उपहारहरू ग्रहण परमप्रभुले गर्नु हुनेछ।

३९"सेतो लबेदा बनाउनलाई मसिनो सुती कपड़ा प्रयोग गर। फेटा बनाउन मिहीन लुगा प्रयोग गर। पेटीमा बुट्टाहरू सिलाएर बनाऊ। ४०हारूनका छोराहरूको निम्ति पनि लबेदा पटुका र फेटाहरू बनाऊ। यी वस्त्रहरूले तिनीहरूलाई सम्मान अनि गौरव प्रदान गर्नेछन्। ४१हारून र तिनका छोराहरूले ती पोशाकहरू लगाएपछि तिनीहरूलाई तेलले अभिषेक गरिदेऊ। यसरी तिनीहरू नियुक्त हुनेछन् अनि पवित्र भएर मेरो निम्ति पूजाहारीहरू झैं सेवा गर्नेछन्।

४२"पोशाकहरूको लागि सुती लुगा प्रयोग गर। त्यो पोशाक तिनीहरूले कमरदेखि तिग्रासम्म लगाउँनु पर्छ। ४३हारून र तिनका छोराहरू जति बेला भेट हुने पालभित्र पस्छन तिनीहरूले त्यो लुगा लाउनु पर्छ। पूजाहारी भई काम गर्न जुन बेलामा पनि तिनीहरू पवित्र स्थानको वेदी नजिक जान्छन् तिनीहरूले त्यो पोशाक लगाएको हुनुपर्छ। यदि तिनीहरूले ती वस्त्रहरू धारण नगरी त्यसरी भित्र पसे दोषी भई मर्ने छन्। यी सब

हारून अनि तिनका भावी सन्तानको निम्ति सदा-सर्वदाका
लागि पालन गरिनु पर्ने नियम हुनेछन्।"

## पूजाहारीहरू नियुक्त हुँदा मनाइने उत्सव

२९ त्यसपछि परमप्रभुले मोशालाई भन्नु भयो,
"हारून र तिनका छोराहरूले आफू पूजाहारी
भई विशेष रूपमा मेरो सेवा कसरी गर्नु पर्छ भनी
तिमीले देखाउनको निम्ति के गर्नु पर्छ म तिमीलाई अब
भन्नेछु। तिमीले निष्खोट एउटा बाछा र दुइवटा भेड़ाको
पाठाहरू जोगाड़ गर। २त्यसपछि खमीर बिनाको गहुँको
मिहीन पिठो जगड़ा गरी रोटी बनाउनु त्यसमा भद्राक्षको
तेल मिसाऊ। अनि त्यस पिठोको पात्लो रोटी बनाएर
त्यसमाथि तेल छर्क। ३रोटीहरू डालोमा हाल र यो
हारून अनि उसको छोराहरूकहाँ साँढ़े अनि पाठाहरूसँगै
ल्याऊ। ४त्यसपछि हारून र तिनका छोराहरूलाई भेटहुने
पालको प्रवेश द्वार अघि ल्याएर नुहाउन लगाऊ।
५हारूनलाई सेतो पोशाक एपोद अनि निलो पोशाक
लगाइदेऊ। उसलाई न्यायको थैली अनि एपोद लगाउन
लगाऊ। त्यसपछि त्यो सुन्दर पेटी तिनलाई लगाइदेऊ।
६उसको टाउकोमा फेटा लगाइदेऊ अनि पवित्र मुकुट
फेटामाथि राखि देऊ। ७हारूनको शिरमा अभिषेक गर्ने
तेल छर्किदेऊ।
८"त्यसपछि हारूनका छोराहरूलाई त्यस स्थानमा
ल्याऊ। बुनेको सेतो लबेदा तिनीहरूलाई लगाई देऊ।
९त्यसपछि तिनीहरूको कम्मरमा पटुका बाँधिदेऊ।
तिनीहरूलाई फेटा कसि देऊ। तब तिनीहरू पूजाहारी
बनिन्छन् र आराधना गर्न शुरू गर्छन् अनि त्यही नियम
अनुसार जुन नियम सदा-सर्वदाको निम्ति चलिरहन्छ।
तिनीहरू पूजाहारी रहन्छन्। यही तरीकाले हारून अनि
तिनका छोराहरूलाई तिमीले पूजाहारी बनाउने छौ।
१०"त्यसपछि भेट हुने पालको प्रवेशद्वारमा बाछोलाई
ल्याऊ अनि हारून र उसका छोराहरूले बाछोको
शिरमाथि तिनीहरूको हात राखून्। ११तब बाछोलाई
परमप्रभुको सामुन्ने भेट हुने पालको प्रवेशद्वारमा मार।
१२बाछाको केही रगत तिम्रो औंलामा लैजाऊ अनि
यसलाई वेदीको सिङ्गहरूमाथि राख। बाँकी रहेको जम्मै
रगत वेदीको फेदमा खन्याइदेऊ। १३बाछाको आन्द्रा
भुंड़ी छोपिएको बोसो कलेजोको भाग बोसो, दुइवटा
मिर्गौलाहरू अनि त्यो मिर्गौलाहरूमाथि भएका बोसो
सबै उठाऊ अनि वेदीमा जलाई देऊ। १४बाछोको
मासु, छाला अनि भुड़ी ल्याऊ अनि त्यसलाई छाउनी
बाहिर जलाई देऊ। यो पाप बलि हो।
१५"त्यसपछि हारून अनि उसको छोराहरूलाई
भेड़ाहरूमध्ये एउटाको शिरमाथि हातहरू राख्नु भन।
१६त्यसपछि त्यो भेड़ा मारेर त्यसको रगत जम्मा गर।
रगतलाई वेदीको वरिपरि छर्किदेऊ। १७तब भेड़ालाई
टुक्रा-टुक्रा बनाएर सम्पूर्ण रूपले धोऊ अनि खुट्टाहरू
पनि धोऊ र यी सबै भेड़ाको चीजहरू यसको शिरसितै
राख। १८तब सम्पूर्ण भेडालाई वेदीमा जलाई देऊ।
यसको सुगन्धले परमप्रभुलाई प्रसन्न तुल्याउँछ। अनि
त्यस्तो होम बलि जुन हो आगोद्वारा चढ़ाईन्छ।
१९"हारून र तिनका छोराहरूलाई अर्को पाठोको
शिरमाथि हात राख्नु भन। २०त्यस भेड़ालाई मार र
त्यसको केही रगत ल्याऊ। हारून र तिनका छोराहरूको
दाहिने कानको लोतीमा त्यो रगत लगाइदेऊ। अनि केही
रगत तिनीहरूको दाहिने हातको बूढ़ी औंलाहरू लगाइदेऊ।
र दाहिने खुट्टाको बूढ़ी औंलामाथि केही रगत राख।
त्यसपछि रगतलाई वेदीको वरिपरि छर्क। २१त्यसपछि
वेदीबाट केही रगत झिकेर अभिषेक गर्ने तेलसित
मिलाऊ र हारून र तिनका छोराहरूमाथि छर्किदेऊ।
तिनीहरूका पोशाकहरूमाथि पनि छर्किदेऊ। यसले हारून
र तिनका छोराहरूले मेरो विशेष रूपले सेवा गर्नेछन्
भन्ने झल्काउँछ। अनि यसले तिनीहरूको लुगाहरू
पनि विशेष समयमा मात्र प्रयोग गरिन्छ भनी दर्शाउँछ।
२२"त्यसपछि भेड़ाबाट बोसो झिक। पुच्छरको बोसो
निकाल आन्द्रा भुँड़ी छोप्ने बोसो अनि भित्री कलेजो
अनि दुवै मिर्गौला अनि तिनीहरूमाथिको बोसो र दाहिने
खुट्टा निकाल। २३त्यसपछि एउटा टुक्रा रोटी, एउटा
केकको रोटी, तेलमा पकाएको फूलौरो र डालोबाट
अखमिरो नभएको पातलो रोटी निकाल जुन चाँहि
परमप्रभुको अघि छ। २४ती चीजहरू हारून अनि
उनको छोराहरूलाई देऊ। तिनीहरूले यी चीजहरू
तिनीहरूको हत्केलामा राखून् अनि तिनीहरूलाई परमप्रभुको
सामुन्ने उठाउन। २५त्यसपछि हारून र तिनका छोराहरूबाट
यी सब चीजहरू लेऊ र वेदीमा पाठोसितै राख। अनि
वेदीमा प्रत्येक चीज जलावोस्। यो आगोद्वारा चढ़ाइएको
होमबलि हो। यसको सुगन्धले परमप्रभुलाई सन्तुष्ट
तुल्याउँछ।
२६"त्यसपछि त्यो पाठोबाट ह्याकुलो झिक। (यो
त्यही पाठो हो जुन हारूनलाई प्रधान पूजाहारी बनाउँने
उत्सवमा उपयोग गरिनेछ।) पाठोको ह्याकुलो परमप्रभु
सम्मुख विशेष भेटी स्वरूप समाती राख। पशुको त्यो
भाग तिम्रो हुन्छ। २७तब पाठोको त्यो ह्याकुलो र
खुट्टा समात जुन हारूनलाई प्रधान पूजाहारी बनाउँदा
उपयोग गरिएको थियो। त्यस भागहरूलाई पवित्र
बनाऊ र तिनीहरू हारून अनि उसको छोराहरूलाई
देऊ। २८इस्राएली मानिसहरूले यी अंशहरू हारून र
तिनका छोराहरूलाई सधैँ दिनेछन्। जहिले पनि
इस्राएलीहरूले परमप्रभुलाई चढ़ाएको मेलबलिहरू
चढ़ाउँछन् ती बलिका भागहरू पूजाहारीहरूलाई दिनेछन्।
२९"हारूनको निम्ति बनाएको विशेष पोशाकहरू
उसका सन्तानहरूलाई दिइन्छ जब तिनीहरूलाई पूजाहारी
अभिषेक गरिन्छन्। ३०हारून पछि तिनको छोरो प्रधान
पूजाहारी हुनेछ। हारूनको त्यस छोराले ती पोशाकहरू

सात दिनसम्म लगाउनेछ जब त्यो पवित्र स्थानमा
सेवाको निम्ति भेट हुने पालमा आउनेछ।
३१"हारूनलाई प्रधान पूजाहारी बनाउँदा उपयोग गरिएको
भेड़ाको मासु पकाऊ। त्यो मासु पवित्र स्थानमा पकाऊ।
३२त्यसपछि हारून र तिनका छोराहरू भेट हुने पालको
ढोका अघि बसेर त्यो मासु र डालोमा भएको रोटी पनि
खाने छन्। ३३यी चीज तिनीहरू पूजाहारी हुँदा तिनीहरूको
प्रायश्चितका निम्ति चढ़ाइएका हुन अब तिनीहरूले ती
उपहारहरू खानु पर्छ। अन्य मानिसहरूले यी उपहारहरू
खानु हुँदैन किनभने यी चीजहरू पवित्र हुन्। ३४यदि
हारूनलाई पूजाहारीको रूपमा अभिषेक गर्दा बलि
चढ़ाएका रोटी अथवा मासु बिहानसम्म रहे त्यो जलाउनु
पर्छ। अर्को दिन तिमीहरूले त्यो रोटी अथवा मासु
खानु हुदैन किनभने तिनीहरू पवित्र छन्।
३५"तिमीहरूले यी सबै चीजहरू हारून र उसका
छोराहरूको निम्ति मैले तिमीहरूलाई आदेश गरे जस्तै
गर्नु पर्छ। तिनीहरूका पूजाहारी नियुक्ती को उत्सव
लगातार सात दिनसम्म चल्नु पर्छ। ३६यी सात दिनसम्म
प्रत्येक दिन तिमीहरूले एउटा बाछा बलि चढ़ाउनु पर्छ।
यो हारून र उसको छोराहरूको प्रायश्चितका निम्ति
हुनेछ। तिमीहरूले एउटा बाछा पनि वेदीको शुद्धताको
निम्ति चढ़ाउनु पर्छ। तिमीहरूले शुद्ध भद्राक्षको तेल
वेदीमाथि खन्याएर यसलाई पवित्र बनाउनु पर्छ। ३७सात
दिनसम्म तिमीहरूले वेदीको लागि प्रायश्चित गर्नेछौ
अनि पवित्र पार्नेछौ। त्यस समय वेदी अत्यन्तै पवित्र
हुनेछ। कुनै चीजहरूले वेदीलाई छुनेहो भने त्यो पनि
पवित्र हुनुपर्छ।
३८"प्रत्येक दिन तिमीले वेदीमा उपहार चढ़ाउनु नै
पर्छ। तिमीले दुइवटा एक वर्षे थुमाबलि चढ़ाउनु पर्छ।
३९तिमीहरूले पहिलो थुमा बिहान अनि दोस्रो थुमा
घाम अस्ताउँदा बलि दिनु पर्छ। ४०-४१जब तिमीले
पहिलो थुमा बलि दिनेछौ त्यस समय एक दशांश
एपाको राम्रो गहूँको पिठोसित भद्राक्षको एक पावा टीन
कूटेको तेल अनि एक पावा टीन दाखरसको अर्घबलि
बलिमिसाऊ चढ़ाऊ। जब तिमीहरूले साँझमा दोस्रो
बलि चढ़ाउँछौ पहिलो थुमालाई बिहान गरे झैं गर्नु गर
बलिको सुगन्धले परमप्रभुलाई खुशी पार्छ।
४२"तिमीहरूले यी चीजहरू बलिदान स्वरूप
परमप्रभुलाई तिमीहरूका सन्तानहरू बाँचुञ्जेलसम्म प्रत्येक
दिन जलाउनु पर्छ। भेट हुने पालको प्रवेश द्वारमा यसो
गर। यो त्यो स्थान हो जहाँ म परमप्रभुले तिमीहरूलाई
भेट्नेछु र तिमीहरूसित कुरा गर्नेछु। ४३त्यस स्थानमा
म इस्राएली मानिसहरूलाई भेट्छु अनि मेरो महिमाले
त्यो स्थान सधैं पवित्र बनिरहनेछ।
४४"यसर्थ म भेट हुने पाल र वेदी पवित्र पार्नेछु। म
हारून र तिनका छोराहरूलाई पनि पवित्र बनाउँनेछु अनि
तिनीहरूले मलाई पूजाहारीहरू झैं सेवा गर्न सक्छन्।
४५म इस्राएली मानिसहरूको परमेश्वर भई तिनीहरूसँग
बस्ने छु। ४६तिनीहरूले जान्नेछन् म नै परमप्रभु
तिनीहरूका परमप्रभु परमेश्वर हुँ जसले तिनीहरूलाई
मिश्र बाहिर निकाले म तिनीहरू माझ वास गर्न सकूँ।
म परमप्रभु तिनीहरूको परमेश्वर हुँ।"

## धूप जलाउँनको निम्ति वेदी

**३०** परमेश्वरले मोशालाई भन्नु भयो, "बबुल
काठको वेदी बनाऊ। यो वेदी तिमीले धूप
बाल्नको निम्ति प्रयोग गर्नेछौ। २तिमीले त्यो वेदी यो
वर्गाकारमा बनाउनु पर्छ जसको लम्बाइ अनि चौड़ाइ
एक हातको र उचाइँ दुइ हातको रहनेछ। त्यसवेदीको
चार कुनामा सिङ्गहरू हुनेछन्। यी सिङ्गहरू वेदीसित
एउटै काठले बनिएको जस्तो हुनुपर्छ। ३वेदीमाथिका
सबै किनारहरू अनि यसको सिङ्गहरू सुनले मोहोर।
वेदीको वरिपरि सुनको एउटा घेरा बनाऊ। ४दुइवटा
सुनको मुन्द्रीहरू बनाऊ प्रत्येकलाई वेदीको छेउमा घेरा
मुनि जोड़ी छेऊ वेदी बोक्नको निम्ति यी मुन्द्रीहरूमा
लौराहरू लगाइदेऊ। ५लौहाहरू बबुल काठको बनाऊ
अनि तिनीहरूलाई सुनले मोहोर। ६वेदीलाई पर्दाहरूअघि
राख जसले करारको सन्दूकलाई ढाक्छ र त्यस ढकनीले
सन्दूकलाई छोप्छ। त्यो ढकनी त्यही ठाउँ हो जहाँ म
तिमीसित भेट गर्नेछु।
७"प्रत्येक बिहान हारूनले वेदीमा सुगन्धित धूप
जलाउन पर्छ। उसको यो कार्य बत्तीहरूको हेरचाह गर्न
आउँदा गर्नेछन्। ८साँझमा पनि जति बेला तिमी बत्तीको
हेर्न चाहा गर्न आउँछौ त्यस समयमा उसले सुगन्धित
धूप जलाउनु पर्नेछ। यसर्थ परमप्रभुको सामुने तिनीहरूको
सन्तान जतिञ्जेल रहन्छ सदा सर्वदा धूप जलाउनु पर्छ।
९यस वेदीमा अरू कुनै प्रकारको धूप अथवा होमबलि
अन्नबलि अथवा अर्घबलि प्रयोग गर्नु हुँदैन।
१०"वर्षमा एकपल्ट हारूनले परमप्रभुलाई एउटा विशेष
बलि चढ़ाउनेछ। हारूनले शुद्धिकरण बलिको त्यो रगत
प्रयोग गरेर वेदीलाई प्रायश्चित गर्छन्। हारूनले वेदीको
सिङ्गहरूमा त्यो रगत चढ़ाउनेछन। त्यो वस्तु परमप्रभुको
निम्ति महा पवित्र हुनेछ।"

## मन्दिरको निम्ति कर

११परमप्रभुले मोशालाई भन्नुभयो, १२"इस्राएलीहरूको
गन्ती गर जसद्वारा तिमीले त्यहाँ कति जन-संख्या छ
थाहा पाउनेछौ। हरेकले आफ्नो जीवन बचाउनु परमप्रभुलाई
केही भेटी दिनु पर्छ। नत्र तिनीहरूले कष्ट भोग्नु पर्छ
जब तिमी उनीहरूको गन्ती गर्छौ। १३गन्ती गरिएका
प्रत्येक अधिकारिक नापमा आधा शेकेल तिर्नुपर्छ।
(एक शेकेल बीस गेराको हुन्छ) यो एउटा बलिदान
परमप्रभुको लागि हो। १४गन्ती गरिएकोहरूमा प्रत्येक
बीस वर्ष अथवा अधिक उमेर भएकाहरूले यो उपहार

चढ़ाउनु पर्छ। १५बलि धनी र गरीब बीच कुनै भिन्नता
बिनै सबैले बराबर तिर्नु पर्छ तर धनीले वेशी र गरीबले
कम्ती तिर्नु हुँदैन। यो बलि तिम्रो आफ्नो जीवनको
लागि हो। १६उद्धारको पैसा भेट हुने पालको सेवामा
प्रयोग गर। यो बलिदानले इस्राएलीहरूलाई सम्झना
गराउँछ तिनीहरूका जीवनको निम्ति मोल तिरिएको
छ।"

## हात गोड़ा धुने कचौरा

१७परमप्रभुले मोशालाई भन्नु भयो, १८"काँसाको
एउटा भाँड़ा बनाऊ, त्यसलाई काँसाको आधारमा राख।
यो भाँड़ा भेट हुने पाल र वेदीको बीचमा राखि देऊ
अनि धुनको निम्ति यस भित्र पानी भर। १९हारून
अनि उनका छोराहरूले तिनीहरूको हातहरू अनि
खुट्टाहरू यो पानीले धुनु पर्छ। २०जब हारून अनि
उसका छोराहरू भेट हुने पालभित्र पस्छन अथवा
वेदीको छेउमा आएर परमप्रभुलाई आगोद्वारा बलिदानहरू
चढ़ाउँछन्। २१यदि तिनीहरूले हात खुट्टा धोए भने
तिनीहरू मर्ने छैनन्। यो नियम हारून र तिनका
मानिसहरूको निम्ति भविष्यमा पनि सदा-सर्वदा
चलिरहनेछ।"

## अभिषेकको तेल

२२त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, २३"राम्रो
मसलाहरू जम्मा गर। ५०० शेकेल तरल मूर्र त्यसको
आधा (अर्थात २५० शेकेल) मिठो सुगन्धित दालचिनी
अनि २५० शेकेल मिठो सुगन्धित काठ, २४अनि
५०० शेकेल तेजपात ल्याऊ। एक टीन भद्राक्षको तेल
पनि ल्याँनु पर्छ यी सबै चीजहरूको नाप अधिकारिक
नाप अनुसार गर।

२५"यी सबै चीजहरू एक साथ मिलाएर मिठो
सुगन्धित पवित्र अभिषेक गर्ने पवित्र तेल बनाऊ।
२६यो तेल भेट हुने पाल अनि करारको सन्दूकमाथि
छर्क। २७अनि टेबलमाथि, सामदान सबै सामानहरूमाथि
अनि सबै सामानहरू अनि धूप वेदीमाथि। २८होमबलि
चढ़ाउने वेदी र त्यसमाथिको प्रत्येक चीजहरूमा यो तेल
हाल। कचौरा अनि यसको आधारमा पनि यो तेल
हाल। २९यी सबै चीजहरू महा पवित्र हुनेछन्।
यसलाई स्पर्श गर्ने कुनै पनि वस्तु पवित्र हुनपर्छ।

३०"हारून अनि उसका छोराहरूलाई यो तेलले
अभिषेक गर। तिनीहरू पवित्र हुनेछन अनि पूजाहारीले
जस्तै मेरो सेवा गर्नेछन्। ३१इस्राएलीहरूलाई भन,
तिमीहरूका संन्तानहरू रहुञ्जेल सदा-सर्वदा यो मेरो
पवित्र अभिषेकको तेल हुनेछ। ३२यो पवित्र तेललाई
तिमीहरूको शरीरमा साधरण प्रकारले नदल। अरू कुनै
तेल यस तरीकाले नबनाऊ। यो तेल पवित्र हो
तिमीहरूको निम्ति विशेष तेल मानिनु पर्छ। ३३यदि
कुनै मानिसले यो तेल बनाउँछ अनि यो विदेशीलाई
दिन्छ जो एउटा पजाहारी होइन, तब त्यो मानिसलाई
उसका मानिसहरूबाट अलग्ग राख्नु पर्छ।"

## सुगन्धित धूप

३४त्यसपछि परमप्रभुले मोशालाई भन्नु भयो, "यी
सुगन्धित मसलाहरू लेऊः खोटो, कस्तुरी गन्ध, सालधूप
अनि शुद्ध धूप। यी सबै मसलाहरूको मात्रा बराबर हनु
आवश्यक छ। ३५सुगन्धित धूप बनाउन यी सबै मसला
मिसाऊ र जसरी सुगन्धित तेल बनाएको तरीकामा नै यो
धूप पनि बनाउनु पर्छ। शुद्ध र पवित्र पार्नको निम्ति
त्यसमा नुन पनि मिलाऊ। ३६केही धूपहरू पिँदैर
एकदमै मसिनो बनाऊ। त्यो धूलोलाई भेट हुने पालभित्र
जहाँ म तिमीलाई भेट्छु, करारको सन्दूक छेउमा राख।
यो धूपको धूलो मात्र विशेष उद्धेश्यमा प्रयोग गर्नु पर्छ।
३७यस प्रकारले बनाएको धूपलाई केही उद्धेश्यको
निम्ति प्रयोग नगर। तिमीले यसलाई परमप्रभुको निम्ति
विशेष तरिकाले प्रयोग गर्नु पर्छ। ३८कोही मानिसहरूले
आफ्नो निम्ति यस प्रकारको विशेष धूप बनाउन खोज्ला
र उसले त्यसको सुगन्ध लिन सक्ला, तर यदि कुनै
मानिसले त्यसो गरे उसलाई उसको आफन्तहरूबाट
छुट्टयाउनै पर्छ।"

## बजलेल र ओहोलीआब

३१ तब परमप्रभुले मोशालाई भन्नु भयो, २"यहूदाको
परिवारबाट बजलेल ऊरीको छोरा हूरको
नातीलाई मेरो निम्ति विशेष काम गर्न चुनेको छु।
३मैले बजलेललाई परमेश्वरको आत्मासित परिपूर्ण
पारिदिएको छु अनि उसलाई सबै किसिमको निपुणता,
कुशलता, अनि ज्ञानले आशीष दिएको छु। ४उसले
सुन, चाँदी अनि काँसाको सुन्दर-सुन्दर वस्तुहरू बनाउन
सक्छ किनभने उ एउटा राम्रो शिल्पकार हो। ५बजलेलले
सबै प्रकारको कामहरू गर्न सक्छ जस्तै सुनमा कुँदन
पत्थर घेरा लगाउनको निम्ति ढुङ्गा काट्नु अनि सबै
उदेश्यको निम्ति काठहरू काटन सक्छ। ६दान कुलका
अहीसामको छोरा ओहोलीआबलाई मैले बजलेलको
सहयोगीको रूपमा चुनेको छु। मैले दिएको आदेश
अनुसार सबै प्रकारका चीजहरू बनाउन सकून्
भनेर अन्य सबै कर्मीहरूलाई पनि कार्यक्षमता दिएको
छु।

७भेट हुने पाल, कराको सन्दूक, सन्दूकको
ढकनी, भेट हुने पालका सबै सामानहरू,
८टेबल अनि त्यसका सबै सामानहरू, सामदान
र यसका सबै सामानहरू, धूप जलाउने वेदी,
९होमबलिको निम्ति वेदी र वेदीमा प्रयोग गर्ने
सहयोगी कचौराहरू अनि आधाहरू।

१०पूजाहारी हारूनको निम्ति विशेष पोशाकहरू,
हारूनका छोराहरू जब पूजाहारी भई सेवा गर्छन,
तिनीहरूको निम्ति विशेष पोशाकहरू।
११अभिषेकको निम्ति सुगन्धित तेल अनि
सुगन्धित धूप मैले तिमीलाई आज्ञा दिए अनुसार
ती कर्मीहरूले यी सबै चीजहरू बनाउनु पर्छ।"

## विश्राम दिन

१२तब परमप्रभुले मोशालाई भन्नु भयो, १३"इस्राएली
मानिसहरूलाई भन: 'मेरो विशेष विश्रामको दिनको
नियम तिमीहरूले पालन गर्नु पर्छ। तिमीहरूका भावी
सन्तानक निम्ति तिमी र म बीचको चिनो हुनेछ। यी
नियमहरू एउटा नियमहरूले दर्शाउनेछन म परमप्रभुले
तिमीहरूलाई मेरा आफ्ना मानिस बनाएको हुँ।
१४"'विश्राम दिनलाई एक विशेष दिनको रूपमा
मान। यदि कुनै मानिसले विश्रामलाई अन्य दिन सरह
मान्छ त्यो मानिसलाई मार्नु नै पर्छ। यदि कुनै
मानिसले विश्रामको दिन काम गर्छ त्यस मानिसलाई
उसका आफन्तहरूबाट छुट्ट्याउनु पर्छ। १५काम गर्नको
निम्ति छ: दिन पूरा रहन्छ तर सातौं दिन चाँहि
परमप्रभुको निम्ति एकदमै विशेष आरामलिने दिन
हुनेछ। कुनै पनि मानिस जसले विश्राम दिनमा काम
गर्छ भने त्यस मानिसलाई मृत्यु दण्ड दिइनेछ।
१६इस्राएलीहरूले विश्राम दिनलाई विशेष दिन भनी
सम्झना राख्नु पर्छ। यस सम्झौतालाई इस्राएलीहरूले
पुस्तौ पुस्तासम्म सदा-सर्वदाको निम्ति पालन गरून।
१७विश्राम दिन म अनि इस्राएलीहरूको बीच एउटा
संकेत हो। परमप्रभुले छ: दिन काम गर्नु भयो र
आकाश र पृथ्वी बनाउनु भयो अनि सातौं दिन उहाँले
विश्राम लिनु भयो।'"
१८यसरी परमप्रभुले मोशासित सीनै पर्वतमा कुरा गरे
शेष गर्नु भयो। त्यसपछि उहाँले दुइवटा शिला-पाटीहरूमा
आफ्नै औंलाले करार लेखेर मोशालाई दिनु भयो।

## सुनको बाछा

**३२** मोशा पर्वतबाट तल नओर्लेको धेरै दिन
भइसकेको मानिसहरूलाई थाहा भयो। यसर्थ
मानिसहरूले हारूनलाई वरिपरि घेरेर भने, "हेर, मोशाले
हामीलाई अगुवाई गरी मिश्रबाट बाहिर लिएर आउनु
भयो। हामीलाई थाहा छैन तिनलाई के भयो। यसर्थ
हाम्रो अगुवाई गर्न हाम्रोलागि केही देवताहरू बनाऊ।"
२हारूनले तिनीहरूलाई भने, "तिमीहरूकी आफ्नी
पत्नीहरू अनि छोरीहरूले कानमा लगाएका सुनको
कुण्डलहरू मकहाँ ल्याऊ।"
३यसकारण सबै मानिसहरूले कानका सुनको
कुण्डलहरू जम्मा गरे अनि हारून कहाँ ल्याए।
४हारूनले तिनीहरूबाट सुन लिए, पगालेर यसको एउटा
बाछोको मूर्ति बनाए अनि उनले यसलाई सुनले मोहरी
दिए।
तब मानिसहरूले भने, "हे इस्राएल यिनीहरू तिमीहरूको
देवताहरू हो जसले तिमीहरूलाई मिश्र बाहिर ल्याए।"
५हारूनले यी सब देखे अनि तिनले बाछाको अघि
एउटा वेदी बनाए। त्यसपछि तिनले घोषणा गरे, "परमप्रभुको
सम्मानमा भोलि एक विशेष चाड़ मनाइनेछ।"
६मानिसहरू बिहान चाँडै उठे पशुहरू मारेर होमबलिहरू
चढ़ाए अनि मेलबलिहरू चढ़ाए। मानिसहरू खान तल
बसे, तब रमाइलो गर्न उठे।
७तब परमप्रभुले मोशालाई भन्नु भयो, "पर्वतबाट
तल ओर्ली हाल। तिमीले मिश्र देशबाट ल्याएका ती
तिम्रा मानिसहरूले असाध्यै पाप गरिरहेका छन्। ८तिनीहरूले
यति चाड़ै नियमहरूलाई त्यागे जुन मैले तिनीहरूलाई
अनुसरण गर्नु भनी आज्ञा दिएको थिएँ। तिनीहरूले सुन
पगालेर एउटा बाछो बनाएका छन् र त्यही बाछोलाई
पूजा गर्दैछन् र बलिहरू चढ़ाइरहेका छन्। ती मानिसहरूले
भने, 'हे इस्राएली, यहाँ तिमीहरूका देवताहरू छन्
जसले तिमीहरूलाई मिश्रबाहिर ल्याए।'"
९परमप्रभुले मोशालाई भन्नुभयो, "त्यो मैले देखे यी
मानिसहरू एकदमै अट्टेरी छन्। १०यसकारण मलाई
एक्लो छोड़िदेऊ मेरो क्रोध तिनीहरूमाथि उठनेछ अनि
तिनीहरूलाई ध्वंश गरिदिनेछ। तब म तिम्रा सन्तानलाई
एउटा ठूलो जाति बनाउनेछु।"
११तर मोशाले परमप्रभु उसका परमेश्वरलाई शान्त
गराए अनि भने, "हे परमप्रभु तपाईंका आफ्नै मानिसहरूसित
चाँडै क्रोधित नहुनुहोस्। तपाईंले यी मानिसहरूलाई
मिश्रबाट तपाईंका विशाल अद्भुत शक्ति र
बल प्रयोग गरेर बाहिर ल्याउनु भयो। १२यदि तपाईंले
तिनीहरूलाई ध्वंश पार्नु भयो भने, 'मानिसहरूले सोच्ने
छन् परमप्रभुले मानिसहरूलाई मिश्र बाहिर लगेको
कारण तिनीहरूलाई पर्वतमाथि ध्वंश पार्न मात्र रहेछ।'
यसर्थ तपाईंका आफ्नै मानिसहरूसँग क्रोधित नहुनुहोस।
तपाईंको मन बदली गर्नुहोस् र तपाईंका मानिसहरूलाई
नमार्नु होस। १३अब्राहाम, इसहाक तथा याकूबलाई
सम्झना गर्नु होस, ती मानिसहरूले तपाईंलाई सेवा
गरेका थिए अनि तपाईंले एउटा प्रतिज्ञा गर्नुभयो।
तपाईंले भन्नु भयो, 'म तिमीहरूका सन्तानलाई आकाशका
ताराहरू भन्दा वेशी बनाउनेछु अनि तिनीहरूलाई सम्पूर्ण
भूमि दिनु भयो। यो भूमि तिनीहरूलाई सदाको निम्ति
हुनेछ।'"
१४यसर्थ परमप्रभुले आफ्नो हृदयलाई कोमल बनाउनु
भयो अनि उहाँले के गर्न चाहनु भएको थियो त्यो गर्नु
भएन। उहाँले तिनीहरूलाई ध्वंश गर्नु भएन।
१५तब मोशा पर्वतबाट तल ओर्लिए। तिनीसित
दुवैपट्टि करार लेखिएको दुइवटा शिला-पाटीहरू थियो।
यी पाटीहरूमा दुवै पट्टि लेखेको थियो। १६यी पाटीहरू

परमेश्वर आफैले बनाउनु भयो, अनि यसमाथि आज्ञाहरू
लेख्नु भयो।
१७जब मोशा पर्वतबाट तलतिर ओर्लिंदै थिए यहोशूले
मानिसहरूलाई चिँच्याउदै गरेको सुने, यहोशूले मोशालाई
भने, "मैले छाउनीभित्र युद्धको ध्वनि सुने।"
१८मोशाले उत्तर दिए, "यो आवाज सेनाहरूको
विजय ध्वनि होइन। अनि यो हार्ने सेनाहरूको आवाज
पनि होइन। त्यो आवाज जो म सुन्दैछु, त्यो संगीतको
स्वर हो।"
१९मोशा छाउनी नजिक आइपुगे अनि त्यहाँ एउटा
बाछो र मानिसहरू नाच्दै गरेको देखे। मोशा एकदमै
क्रोधित भए अनि तिनीसित भएको च्याप्टो ढुङ्गाहरू
भूँईमा फ्याँके। पर्वतको बेंसीमा ती ढुङ्गाहरू फुटेर
टुक्रा-टुक्रा भए। २०तब मोशाले बाछालाई पगाले र
यसलाई धूलो पारे। तब उनले धूलोलाई पानीभित्र हाले,
उनले त्यो पानी इस्राएलीहरूलाई पिउन कर लगाए।
२१उसले हारूनलाई भने, "यी मानिसहरूले तिमीलाई
के गरे? किन तिनीहरूमाथि तिमीले यस्तो ठूलो पाप
ल्यायौ?"
२२हारूनले उत्तर दिए, "हजूर, क्रोधित नहुनु होस्।
तपाईंलाई थाहा छ यी मानिसहरू सधैं केही गल्ती गर्न
तैयार नै रहन्छन्। २३यी मानिसहरूले मलाई भने,
'मोशाले हामीलाई मिश्र देशबाट अगुवाई गर्नु भयो, तर
उहाँलाई के भयो हामी जान्दैनौ, यसर्थ हाम्रो अगुवाई
गर्न केही देवताहरू बनाऊ।' २४यसकारण मैले
तिनीहरूलाई भनें तिनीहरूको सुन ल्याऊ तिनीहरूले त्यो
मलाई दिए। मैले त्यो सुन आगोमा हाले र आगोबाट
त्यो बाछो निस्क्यो।"
२५मोशाले देखे हारूनले मानिसहरूलाई नियन्त्रणबाट
बाहिर जान दिए, मानिसहरू जंगली जस्तो कुदिरहे अनि
तिनीहरूका सबै शत्रुहरूले तिनीहरूको मूर्खको जस्तो
व्यवहार देखे। २६यसर्थ मोशा छाउनीको प्रवेशद्वारमा
उभिए र भने, "परमप्रभुलाई समर्पण गर्ने जो पनि मेरो
वरिपरि भेला हुनुपर्छ। सबै लेवीहरू उनको वरिपरि
भेला भए।"
२७त्यसपछि मोशाले तिनीहरूलाई भने, "परमप्रभु
इस्राएलका परमेश्वरले के भन्नु भएको छ म तिमीहरूलाई
भन्नेछु 'प्रत्येकले हातमा तरवार लिएर छाउनीको एक
कुनादेखि अर्को कुनासम्म जानुपर्छ। तिमीहरूले आफ्ना
दाज्यू-भाइ, साथीहरू, अनि छिमेकीहरूलाई मार्नै पर्छ।'"
२८लेवीहरूले मोशाको आज्ञा पालन गरे अनि त्यस
दिन लगभग तीन हजार इस्राएलीहरूले ज्यान गुमाए।
२९त्यसपछि मोशाले भने, "आज तिमीहरूका छोराहरू
अनि दाज्यू-भाइ मारेर आफूलाई परमप्रभुको सेवामा
सर्मपण गर्‍यौ। यसको निम्ति तिमीहरूले आशिष
पाउनेछौ।"
३०अर्को बिहान मोशाले मानिसहरूलाई भने,
"तिमीहरूले असाध्यै ठूलो पाप गर्‍यौ। अब म परमप्रभुकहाँ
जानेछु। हुन सक्छ म तिमीहरूको पापका निम्ति
प्रायश्चित गर्नु सक्छु।" ३१तब, मोशा परमप्रभुकहाँ गए
अनि भने, "दया गरी सुन्नु होस्, यी मानिसहरूले
सुनको देवता बनाए र साह्रै नराम्रो पाप गरेका थिए।
३२अब यिनीहरूका पाप क्षमा गरि दिनुहोस्। यदि
तिनीहरूलाई क्षमा गर्नु हुँदैन भने तपाईंले लेख्नु भएको
पुस्तकबाट मेरो नाउँ निशान मोटाइ दिनुहोस्।"
३३तर परमप्रभुले मोशालाई भन्नु भयो, "ज-जसले
मेरो विरोधमा पाप गरेकाछन्, म तिनीहरूको नाउँहरू
मेरो पुस्तकबाट हटाउने छु। ३४यसर्थ तल गएर मैले
जहाँ जानु भन्छु त्यहाँ तिनीहरूको अगुवाइ गर। मेरो
स्वर्गदूतले तिमीलाई अगुवाई गर्नेछ। जब पाप गर्ने
मानिसहरूलाई दण्ड दिने समय आउँछ तिनीहरूलाई
दण्ड दिइनेछ।" ३५यसर्थ परमप्रभुले मानिसहरूमाथि
डरलाग्दो बिमार खन्याई दिनु भयो। उहाँले यसो गर्नु
भयो किनभने हारूनले अगुवाइ गरेका मानिसहरूले
एउटा सुनका बाछो बनाएका थिए।

## "म तिमीहरूसित जाने छैन"

३३ तब परमप्रभुले मोशालाई भन्नु भयो, "तिमी र
तिम्रा मानिसहरू जसलाई तिमीले मिश्र देशबाट
ल्याएका छौ त्यो ठाउँबाट गईहाल। अनि तिमीहरू त्यो
भूमिमा जाऊ जुन मैले अब्राहाम, इसहाक र याकूबलाई
दिन्छु भनी प्रतिज्ञा गरेको थिएँ। मैले तिनीहरूलाई वचन
दिएर भनेको थिएँ, तिमीहरूका भावी सन्तानलाई म त्यो
भूमि दिनेछु। २म एकजना स्वर्गदूतलाई तिम्रो अगुवाइ
गर्न पठाउनेछु अनि कनानी, एमोरी, हित्ती, परिज्जी,
हिव्वी अनि यबूसीहरूलाई तिनिहरूको भूमि छोड्न
बाध्य गराउनेछु। ३यसर्थ तिमीहरू त्यो भूमिमा जाऊ
जुन भूमि असल-असल चीजहरूले भरिभराऊ छ। म
तिमीहरूसित जादिँन र यदि म तिमीहरूसित गएँ भने,
हुन सक्छ, तिमीहरूलाई म आधा बाटोमा नै ध्वंश
पार्नेछु कारण तिमीहरू अत्यन्तै अट्टेरी छौ।"
४मानिसहरू यस्तो दु:ख पूर्ण समाचार सुनेर चिन्तित
भए। तिनीहरूले गर-गहनाहरू लगाएनन्। ५परमप्रभुले
मोशालाई भन्नु भयो, "इस्राएलीहरूलाई भन, 'तिमीहरू
अट्टेरी छौ। यदि म तिमीहरूसँग केही क्षणका निम्ति
पनि जानु पर्ने भए म तिमीहरूलाई ध्वंश पार्ने थिएँ।
अब तिमीहरूले आफ्नो गहना निकाल अनि म निश्चय
गर्ने छु, तिमीहरूलाई के गर्नुपर्ने हो।'" ६यसकारण
गहनाहरू होरेब पर्वतमा इस्राएलीहरूले फुकालिदिए।

## अस्थायी भेट हुने पाल

७मोशाले छाउनी केही अघि लगे अनि छाउनी त्यहाँ
बसाले अनि त्यसलाई "भेट हुने पाल" नाउँ दिए। कुनै
मानिस जसले परमप्रभुबाट केही माग्ने इच्छा गर्छ ऊ

भेट हुने पालमा जानु पर्थ्यो जो छाउनी बाहिर थियो।
८जति बेला मोशा पालमा जान्थे, मानिसहरू तिनको
आफ्नै पालहरूको ढोकाहरूमा खड़ा हुन्थे। जबसम्म
उनी भेट हुने पालभित्र पस्दैन थिए। तिनीहरूले मोशालाई
हेर्थे। ९मोशा भेट हुने पालमा जान्थे बादलको लामो
स्तम्भ भैंमाथिबाट तल आउँथ्यो। त्यो बादलको खामो
पालको द्वारमा खड़ा भई पर्खिरहन्थ्यो यसरी परमप्रभुले
मोशासँग कुरा गर्नु हुन्थ्यो। १०यसर्थ जब बादलको
खम्बालाई मानिसहरूले देख्थे तिनीहरू आफ्नो-आफ्नो
पालको द्वारमा गएर परमेश्वरको आराधना गरी निहुरिन्थे।
११यस रीति अनुसार परमप्रभुले मोशासँग साथी
जस्तै कुरा गर्नु हुन्थ्यो। परमप्रभसँग कुरा गरिसकेपछि
मोशा पालमा फर्कन्थे। तर उसको युवक सहायक
नूनको छोरा यहोशू पालभित्र नै रहन्थ्यो।

### परमप्रभुको महिमा मोशाले देखे

१२मोशाले परमप्रभुलाई भने, "तपाईंले मलाई यी
मानिसहरूलाई अगुवाइ गर्ने आदेश दिनु भयो तर यो
भन्नु भएन तपाईंले मसँगै कुन मानिस पठाउनु हुन्छ।
तपाईंले मलाई भन्नु भयो, 'म तिमीलाई राम्ररी जान्दछु र
म तिमीसित अत्यन्तै खुशी छु।' १३यदि मैले तपाईंलाई
साँच्चै खुशी पारेको भए मलाई तपाईंका तरीकाहरू
बताउनु होस्। म तपाईंलाई जान्न चाहन्छु। तब म
तपाईंलाई नित्य प्रसन्न पारिराख्छु। स्मरण रहोस यी सबै
मानिसहरू तपाईंका हुन्।"
१४परमप्रभुले उत्तर दिनु भयो, "म आफै तिमीसित
जानेछु र तिम्रो अगुवाइ गर्नेछु।"
१५त्यसपछि मोशाले परमप्रभुलाई भने, "यदि तपाईं
हामीसित जानुहुन्न भने हामीलाई पनि यस ठाउँबाट
नपठाउनुहोस। १६नत्र हामीहरू कसरी थाहा पाउँछौ
तपाईं ती मानिसहरू र मसँग खुशी हुनुहुन्छ। यदि
तपाईं हामीसित जानु भएन भने ती मानिसहरूका लागि
म र अरू मानिसहरूमा केही भिन्नता रहेन।"
१७तब परमप्रभुले मोशालाई भन्नुभयो, "तिमीले जो
भन्यौ म गर्नेछु। किनभने म तिमीसँग प्रसन्न छु अनि
म तिमीलाई राम्रो जान्दछु।"
१८त्यसपछि मोशाले भने, "अब दया गरी मलाई
तपाईंको महिमा देखाउनुहोस।"
१९तब परमप्रभुले भन्नुभयो, "म मेरा सबै परिपक्क
भेलो धर्म तिम्रो अघाड़ी जानमा लागि गर्नेछु। म
'यहोवा' मेरो नाउँ घोषणा गर्ने छु, किनभने म परिपक्क
कल्याण कार्य र प्रेम आफूले मन पराएको मानिसअघि
देखाउने छु। २०तर तिमीले मेरो अनुहारलाई हेर्न
असमर्थ हुनेछौ। कुनै पनि मानिसले मलाई हेर्न सक्दैन
अनि जिउँदो रहन सक्दैन।"
२१"परमप्रभुले भन्नुभयो, हेर मेरो छेउमा एउटा
चट्टान छ अनि तिमी यसमा उभिन सक्छौ। २२मेरो
महिमा त्यहाँ जाने छ। म तिमीलाई त्यस चट्टानमा लामो
चर्केको ठाउँमा बसाउनेछु। अनि जब म त्यहाँ जान्छु
मेरो हातले तिमीलाई छोप्ने छ। २३त्यसपछि म मेरो
हात हटाउनेछु र तिमीले मेरो पछिल्तिरको भाग देख्नेछौ,
तर मेरो अनुहार देख्न सक्ने छैनौ।"

### नयाँ शिला पाटीहरू

३४ परमप्रभुले मोशालाई भन्नुभयो, "तिमी आफैले
पहिलाको जस्तै दुइवटा चेप्टा ढुङ्गाहरू काट।
म त्यही शब्दहरू नयाँ ढुङ्गाहरूमाथि लेख्नेछु मैले जुन
पहिले तिमीले धूलो पारेको ढुङ्गामाथि लेखेको थिएँ।
२भोलि बिहानै तयार भएर सीनै पर्वतमा म भएकहाँ
आऊ। त्यस पर्वतको टाकुरामा मेरोअघि उभिनु। ३तिमीसित
कसैलाई पनि आउन नदेऊ। पर्वतको कुनै ठाउँमा
कसैलाई दखिनु हुदैन। पर्वतको बेसीमा तिमीहरू कसैको
गाई, गोरू अथवा भेड़ाहरू चर्न पाउने छैनन्।"
४यसकारण अर्को दिन मोशाले दुइवटा चेप्टा ढुङ्गाहरू
तयारी बनाए अनि बिहानै उ सीनै पर्वतमाथि चढ़े।
परमप्रभुद्वारा आज्ञा भएका सबै कुरा मोशाले गरे। उनी
त्यहाँ ती दुइवटा टुक्रा चेप्टो ढुङ्गा लिएर गए। ५परमप्रभु
उनी भएकहाँ तल पर्वतमाथि बादलमा आउनु भयो
अनि मोशाको अघि उभिनु भयो। मोशाले परमप्रभुको
नाउँको उच्चारण गरे।
६परमप्रभु मोशाको अघि जानु भयो अनि भन्नुभयो,
"म यहोवा अनि म परमप्रभु हुँ। म करूणापूर्ण अनि
दयालु हुँ। म रिसाउनुमा ढीलो, म प्रेमले परिपूर्ण अनि
विश्वास योग्य छु। ७एउटा पुस्तादेखि अर्को पुस्तासम्म
परमप्रभुले कृपा देखाउनु हुन्छ। उहाँले मानिसहरूलाई
तिनीहरूको दुष्टता, कुकर्म अनि विद्रोहमा क्षमा गर्नुहुन्छ।
तर दोषी मानिसलाई दण्ड दिन उहाँ बिर्सिनु हुन्न।
तिनीहरूद्वारा गल्ती गरिएको कारण तिनीहरूका छोरा-
छोरीहरू, नाति-पनाति, तिनीहरूका संन्तानले तेस्रो अथवा
चौथो पुस्तासम्म दुःख भोग्नु पर्छ।"
८तब भट्टै मोशा भुइँमा घोप्टे अनि परमप्रभुको
आराधना गरे। तब मोशाले भने, ९"हे परमप्रभु यदि
तपाईं मसित खुशी हुनुहुन्छ भने हामीसँग हिँड्नु होस्।
म जान्दछु यी मानिसहरू अट्टेरी छन् हामीद्वारा कुकर्म
गरेकोमा क्षमा गर्नुहोस् अनि हामीलाई तपाईंका आफ्नै
मानिसहरू भनी ग्रहण गर्नु होस।"
१०तब परमप्रभुले भन्नुभयो, "म यो करार तिम्रा
सबै मानिसहरूसँग बनाउन गइरहेछु। म यस्तो आश्चर्यजनक
कामहरू गर्नेछु जुन यस पृथ्वीको कुनै भूमिमा अथवा
राष्ट्रमा कहिल्यै भएका थिएनन्। तिमीहरू प्रत्येकले
देख्नेछन् म परमप्रभु अनि महान सर्वोच्च हुँ। ११आज
म जुन आज्ञाहरू दिनेछु त्यो पालन गर अनि म एमोरी,
कनानी, हित्ती, परिज्जी, हिव्वी अनि यबूसीहरूलाई
भूमि छोड़न् जोर लगाउनेछु। १२तर होशियार होऊ,

कुनै मानिससँग सन्धि नगर जुन भूमिमा तिमीहरू बस्न
गइरहेका छौ। यदि तिमीहरूले तिनीहरूसित सन्धि गऱ्यौ
भने तिनीहरूले तिमीहरूलाई नराम्रो कार्य तिर लैजान्छन्।
१३यसकारण तिनीहरूको वेदीहरू नष्ट गरिदेऊ तिनीहरूका
पवित्र खम्बाहरू भत्काइदेऊ अनि तिनीहरूका डण्डाहरू
टुक्रा टुक्रा पारिदेऊ। १४अरू कुनै देवताको आराधना
नगर। परमप्रभुको नाउँ एल-कनाह हो डाह गर्ने
परमेश्वर।

१५"होशियार होऊ त्यस ठाउँमा बस्ने मानिसहरूसँग
कुनै सन्धि नगर, नत्र तिमीहरूले तिनीहरूका देवताहरूको
आराधना र अनि बलिदान दिन शुरू गर्ने छौ।
तिनीहरूले तिमीहरूलाई बलिदानका भोजन खानु निम्त्याउने
छन्। १६तिमीहरू तिनीहरूको छोरीहरूलाई तिमीहरूको
छोराहरूसित विवाह गरिदिन सक्छौ। तर तिनीहरूका
छोरीहरू वेश्या झैं झूटो देवताहरूको आराधना गर्छन्।
तिम्रा छोराहरूलाई पनि त्यही गर्न लगाउनु सक्छन्।

१७"मूर्तिहरू नबनाऊ।

१८"अखमिरे रोटीको चाड़ मनाऊ। मैले तिमीहरूलई
आज्ञा दिए अनुसार सात दिनसम्म खमीर
बिनाको रोटी खाऊ। यो आबीब महीनामा गर, किनभने
त्यो त्यही महीनामा हो जब तिमीहरू मिश्र बाहिर
आएका थियौ।

१९"गई वस्तु होस् अथवा भेड़ा तिनीहरूको पशुहरूबाट
पहिले जन्मेको मेरो हो। २०प्रत्येक पहिले जन्मेको
गधासित थुमा साट्न सक्छौ। यदि तिमीले थुमासित
गधा साटेनौ भने, तिमीले गधाको मण्टो भाँचि दिनुपर्छ।
तिमीहरूले मबाट आफ्ना छोराहरूको उद्धार गर्नुपर्छ।
कुनै मानिस मेरोअघि बिना भेटी आउनु हुँदैन्।

२१"तिमीले छ दिन काम गर्नेछौ र सातौं दिन विश्राम
लिनु पर्छ। यो विश्राम तिमीहरूले बाली रोप्ने र उठाउने
समयमा पनि लिनु पर्छ।

२२"साताको चाड़ पहिलो अन्न बाली उठाऊ र
मनाऊ। अन्न भित्र्याउने चाड़ ऋतुको आखिरमा मनाऊ।

२३"वर्षमा तीन पल्ट सबै इस्राएली मानिसहरू र
तिनीहरूका छोराहरू परमप्रभु तिनीहरूका स्वामी
इस्राएलका परमेश्वरकहाँ जानु पर्छ।

२४"तिमीहरू जब आफ्नो भूमिमा जानेछौ म
तिमीहरूका शत्रुहरूलाई बलपूर्वक भगाईदिनेछु। म
तिमीहरूको भूमिको सिमाना विस्तारित गर्नेछु। जब
तिमीहरू वर्षमा तीन पल्ट परमप्रभु आफ्ना परमेश्वरको
सामुन्ने जान्छौ तिमीहरूको भूमि कसैले पनि लाने चेष्टा
गर्ने छैन।

२५"जब तिमीले मलाई बलिदान चढ़ाउँछौ, रगतसँग
कुनै खमीर नचढ़ाऊ।

"निस्तार चाड़को मासु अर्को बिहानसम्म नराख।

२६"तिमीहरूको फसलबाट पहिलो अन्नहरू परमप्रभु
तिमीहरूका परमेश्वरको घरमा ल्याऊ।

"कहिलो पाठीलाई त्यसकी माऊको दूधमा नै पकाउनु
हुँदैन।"

२७परमप्रभुले मोशालाई भन्नु भयो, "मैले तिमीलाई
भनेका सबै कुराहरू लेख। यी कुराहरू करार छुन्,
जुन मैले तिमी र इस्राएलीहरूसँग गरिरहेकोछु।"

२८त्यहाँ मोशा चालीस दिन र चालीस रातसम्म
परमप्रभुसँग बसे। तिनले न ता केही खाए न ता पिए।
मोशाले करारका वचनहरू अर्थात् दश आज्ञाहरू दुइवटा
पाटीहरूमा लेखे।

## मोशाको उज्जवल अनुहार

२९त्यसपछि मोशा सीनै पर्वतबाट तल आए। उनले
आफूसित दुइ शिला-पाटीहरू ल्याए। मोशाले थाह
पाएनन् उनको अनुहार चम्किरहेको थियो किनभने
उनले परमप्रभुसँग कुरा गरेका थिए। ३०हारून र
इस्राएली मानिसहरूले देखे मोशाको अनुहार चम्किरहेको
थियो। तिनीहरू उनको छेउमा जान डराए। ३१मोशाले
हारून अनि सबै बूढ़ा-प्रधानहरूलाई आफूसित बस्न
बोलाए। मोशाले तिनीहरूसँग कुरा गरे। ३२त्यसपछि
इस्राएलीहरू मोशाको छेउमा आए अनि उनले परमप्रभु
द्वारा सीनै पर्वतमाथि दिनु भएका ती आज्ञाहरू तिनीहरूलाई
दिए।

३३जब तिनले मानिसहरूसित कुरा गरी सके पछि
तिनले आफ्नो अनुहार ढाके। ३४कुनै पनि समय जब
मोशा कुरा गर्नको निम्ति परमप्रभुअघि जान्थे आफ्नो
अनुहार नढाकी जान्थे। त्यसपछि मोशा बाहिर आएर
परमप्रभुले दिनु भएका आज्ञाहरू इस्राएलका मानिसहरूलाई
सुनाउथे। ३५इस्राएली मानिसहरूले मोशाको अनुहार
चम्किरहेको देखे। यसकारण अर्को पल्ट परमप्रभुसँग
कुरा गर्न नजाउञ्जेलसम्म मोशाले आफ्नो अनुहार छोपिरहे।

## विश्राम-दिन विषयमा नियमहरू

**३५** मोशाले सबै इस्राएलीहरूलाई एक जग्गामा
भेला पारे अनि तिनीहरूलाई भने, "परमप्रभुका
आज्ञाहरू म तिमीहरूलाई भन्छु।

२"काम गर्नको निम्ति छ दिन छ र सातौ दिन
तिमीहरूको निम्ति विश्राम गर्ने विशेष दिन हो। सात
दिन परमप्रभुलाई समर्पण गरिएको हो। कुनै पनि
मानिस जसले विश्राम दिनमा काम गर्छ त्यो मारिनु नै
पर्छ। ३विश्राम दिनमा तिमीहरूले तिमीहरू बसेको
भूमिमा आगो पनि बाल्नु हुँदैन।"

## पवित्र पालको निम्ति सामग्री

४इस्राएलका सबै मानिसहरूलाई मोशाले भने,
"परमप्रभुले दिनु भएको आज्ञा यही हो। ५परमप्रभुको
निम्ति विशेष उपहारहरू भेला गर। तिमीहरू प्रत्येकले
के चढ़ाउन चाहन्छौ हृदयले निर्णय गर। त्यसपछि

परमप्रभुलाई चढ़ाउन उपहार लिएर आउनु पर्छ। सुन, चाँदी, काँसा, ६निलो, बैजनी अनि रातो धागो र मसिनो सुती कपड़ा, र बाख्राको भुत्ला, ७तन्काएको बाख्राको छाला, नरम छाला र बबुलको काठ। ८दीयोको निम्ति तेल, अभिषेक तेल बनाउनको निम्ति मसला र सुगन्धित धूपको निम्ति मसला। ९गोमेदक-रत्न तथा एपोदमा र न्यायको थैलीमा कुदाउने अरू रत्नहरू ल्याऊ।

१०तिमीहरू जो निपुण कर्मीहरू छौ, परमप्रभुले गर्नु भन्नु भएको आज्ञा अनुसरण गरेर सब चीजहरू बनाउनु पर्छ। ११पवित्र पाल, त्यसको बाहिरी पाल र त्यसलाई आवरणहरू, अंकुसे, बार, खम्बा अनि आधारहरू, १२पवित्र सन्दूक, त्यसका डण्डाहरू अनि आवरण र पर्दा जसले पवित्र सन्दूक राखिने जग्गा ढाक्नेछ। १३टेबल अनि यसको डण्डाहरू र यसको चीज-बीजहरू जो टेबलमाथि राखिन्छ अनि विशेष रोटी परमप्रभुको अघाड़ी राखिन्छ। १४बत्तीको निम्ति सामदान, त्यसले सबै सामग्रीहरूमा प्रकाश दिन्छ, अनि तेल त्यो जलेर प्रकाश दिन्छ। १५धूपको निम्ति वेदी अनि त्यसका डण्डाहरू, अभिषेक गर्ने तेल, अनि सुगन्धित धूप र पवित्र पालको प्रवेशद्वारमा लगाइने पर्दा, १६होमबलिको निम्ति वेदी अनि काँसाको कोरेसो डण्डाहरू अनि वेदीमा प्रयोग गरिने सबै चीजहरू, काँसाको बटुका र तिनका आधार, १७आँगन वरिपरिको पर्दा। तिनीहरूका डण्डाहरू र आधार जुन आँगनको फाटकमा राखिएको थियो। १८चुकुलहरूले पवित्र पाल अनि आँगनका वरिपरिको पर्दाहरू अड़ाउनलाई प्रयोग गरिएका चुकुलहरू स्थिर राख्छन् अनि डोरी जसले ती चुकुललाई बाधेर राख्छ। १९पवित्र स्थानमा पूजाहारीहरूले विशेष बुनेको लुगा लगाउनु पर्छ। हारून अनि उसका छोराहरूले पूजाहारी भई सेवा गर्दा यी पोशाकहरू लगाउँथे।"

### मानिसहरूबाट महाउपहारहरू

२०तब इस्राएली मानिसहरू मोशालाई छोड़ेर गए। २१तिनीहरू जसले परमप्रभुलाई भेटीहरू चढ़ाउन इच्छा गरे तिनीहरूले सबै भेटीहरू ल्याए। ती भेटीहरू भेट हुने पालको काममा अनि विशेष पोशाकको निम्ति प्रयोग गरियो। २२सबै पुरूष र स्त्रीहरू ज-जसले भेटी चढ़ाउनु चाहन्थे सबै प्रकारको सुनका गहनाहरू ल्याए। तिनीहरूले कुण्डल, औठी र अंकुसेहरू ल्याए। तिनीहरू सबैले परमप्रभुको निम्ति यी भेटीहरू चढ़ाए।

२३प्रत्येक मानिसहरू जोसित मिहीन सुती अथवा निलो, बैजनी, रातो धागो, मसिनो सुती कपड़ा थिए, परमप्रभुलाई चढ़ाउन ल्याए। प्रत्येक मानिस जससित बाख्राका भुत्ला अनि सुकाएको बाख्राको छाला अथवा मिहीन छाला थियो ती छालाहरू परमप्रभुलाई चढ़ाउन ल्याए। २४प्रत्येक जोसँग चाँदी अथवा काँसा थियो परमप्रभुकहाँ विशेष भेटीहरू स्वरूप चढ़ाए। जोसँग बबुलको काठ थियो यो काममा प्रयोग गराउनु ल्याए। २५प्रत्येक निपुण स्त्रीहरूले मसिनो सुती कपड़ा, निलो, बैजनी अनि रातो धागो बनाए। २६ती सबै स्त्रीहरू जो निपुण थिए अनि सहायता गर्न चाहन्थे तिनीहरूले पनि बाख्राको भुत्लाबाट लुगाहरू बनाए।

२७नायक मानिसहरूले पनि गोमेद अनि र अन्य रत्नहरू ल्याए। यी रत्नहरू एपोद अनि न्याय थैलीमाथि लगाए। २८मानिसहरूले मसला र भद्राक्षको तेल पनि ल्याए। ती चीजहरू सुगन्धित धूप, अभिषेक तेल बत्तीको निम्ति तेल प्रयोग गरियो।

२९इस्राएलका सारा मानिसहरू जसले भेटी चढ़ाउने इच्छा गर्थे तिनीहरू सबैले परमप्रभुलाई भेटी चढ़ाउने चीजहरू ल्याए। सम्पूर्ण हृदयले आफूलाई इच्छा लागेको चीजहरू चढ़ाए। परमप्रभुले मोशा र इस्राएली मानिसहरूलाई बनाउनु भन्नु भएको चीजहरू बनाउन थालियो।

### बजलेल र ओहोलीआब

३०तब इस्राएली मानिसहरूलाई मोशाले भने, "हेर, यहूदा कुल समूहका ऊरीका छोरो बजलेललाई परमप्रभुले चुन्नु भयो। (ऊरी हुरका छोरा हुन्।) ३१परमप्रभुले बजलेलमा परमेश्वरको आत्मा भर्नु भयो। उहाँले बजलेललाई सब प्रकारको सीप र ज्ञान दिनुभएको छ। ३२उसले सुन, चाँदी अनि पीतलमा कसरी आकार बनाउनु पर्छ जान्दछ। ३३उसले पत्थर तथा गहनाहरू चाहिए अनुसार कुँद्न सक्छ। उसले काठमा खोप्न अनि काठबाट सबै प्रकारको चीजहरू बनाउन सक्छ। ३४परमप्रभुले बजलेल र ओहोलीआबलाई विशेष सीप दिनु भएकोछ र तिनीहरूले अरू मानिसहरूलाई पनि सिकाउन सक्छन् (ओहोलीआब दान कुल समूहका अहीसामाकको छोरो हो) ३५परमप्रभुले तिनीहरूलाई काठ र धातुमा। कुँदने र बुट्टा बनाउने) अनि निलो, बैजनी अनि रातो धागोबाट लुगा अनि मिहीन सुती लुगा बनाउने सीप दिनु भएको छ।

**३६** "यसकारण बजलेल, ओहोलीआब अनि अरू सबै निपुण कर्मीहरूलाई आज्ञा परमप्रभुले दिनुभएको अनुसारका चीज बनाउनु पर्छ। परमप्रभुले पवित्र स्थान बनाउन आवश्यक पर्ने चीज बनाउनु ती निपुण कर्मीहरूलाई सीप दिनु भयो।"

२त्यसपछि मोशाले बजलेल, ओहोलीआब अनि अरू सबै निपुण मानिसहरूलाई बोलाए ज-जसलाई परमप्रभुले विशेष ज्ञान दिनुभएको थियो। ती मानिसहरू पनि आए किनभने तिनीहरूले यो काममा सहायता गर्न चाहन्थे। ३मोशाले तिनीहरूलाई ती सब चीजहरू दिए जो इस्राएली मानिसहरूले परमप्रभुको निम्ति उपहार स्वरूप ल्याएका थिए अनि तिनीहरूले ती सबै चीजहरू पवित्र स्थान निर्माण गर्न प्रयोग गरे। मानिसहरूले प्रत्येक बिहान भेटीहरू ल्याए। ४आखिरमा ती सबै कर्मीहरूले

तिनीहरूले गर्दै गरेको काम रोके। तिनीहरू मोशाकहाँ
गए र भने, ५“मानिसहरूले उपहारहरू धेरै ल्याए।
अहिले हामीसँग परमप्रभुले आज्ञा गर्नु भए अनुसार
चीजहरू बनाउन चाहे भन्दा प्रशस्त समानहरू छन्।”
६तब मोशाले पुरै छाउनीमा यो समाचार पठाए:
“अब कुनै पनि पुरूष अथवा स्त्रीले पवित्र स्थानका
निम्ति केही पनि भेटी ल्याउनु पर्दैन।” यसकारण
मानिसहरूले भेटीहरू ल्याउन रोके। ७मानिसहरूले
आवश्यक भन्दा बेशी भेटीहरू पठाए।

### पवित्र पाल

८तब निपुण कर्मीहरूले पवित्र पाल निर्माण गर्न
शुरू गरे। तिनीहरूले मसिनो सुतीको कपड़ा अनि
निलो, बैजनी अनि रातो धागोहरू बाट दशवटा पर्दाहरू
बनाए। तिनीहरूले प्रत्येक पर्दाहरूमाथि करूब
स्वर्गदूतको बुट्टा बनाए। ९त्यहाँ बनिएका प्रत्येक पर्दा
एउटै नापको थिए। २८ हात लामो अनि ४ हात
चौड़ाइ भएको। १०ती कर्मीहरूले पाँचवटा पर्दाहरूलाई
जोड़ेर एउटा बनाए, अनि तिनीहरूले अर्को पाँचवटा
पर्दाहरूलाईसँगै जोड़ेर अर्को एउटा पर्दा बनाए।
११पहिलाको पर्दाको अन्तिम किनारमा सुर्काउनी बनाउन
तिनीहरूले निलो लुगा प्रयोग गरे। तिनीहरूले अर्को
समूहको अन्तिममा पनि त्यसै गरे। १२एक समूहको
अन्तिम पर्दामा पचास सुर्काउनी र अर्को समूहको
अन्तिम पर्दामा पनि पचास सुर्काउनीहरू थिए। सुर्काउनीहरू
एकार्को थिए। १३त्यसपछि तिनीहरूले सुनका पचासवटा
अंकुसेहरू ती दुइ पर्दालाई जोड़न बनाए अनि यसरी
पवित्र पालसँगै जोड़िएर एउटै भयो।
१४त्यसपछि कर्मीहरूले पवित्र पाल ढाक्नको निम्ति
अर्को एउटा पाल बनाए। तिनीहरूले एघारवटा पर्दाहरू
बनाउन बाख्राको भुत्ला प्रयोग गरे। १५तीस हात लामो
अनि चार हात चौड़ा सबै पर्दाहरू एउटा नापका बनाए।
१६ती कर्मीहरूले पाँचवटा पर्दा जोड़ेर एउटा ठूलो र
फेरि छ वटा पर्दा जोड़ेर अर्को समूह बनाए। १७एक
समूहको आखिरी पर्दाको अन्तिम किनारामा तिनीहरूले
पचासवटा प्वालहरू पारे अनि अर्को समूहको अन्तिम
किनारामा पनि पचासवटा प्वालहरू पारे। १८ती दुइ
समूहका पर्दाहरू जोड़ेर एउटा पाल बनाउन तिनीहरूले
काँसाको पचासवटा अंकुसे बनाए। १९तब तिनीहरूले
पवित्र पालको निम्ति अझ दुइवटा आवरणहरू बनाए।
एउटा आवरण रातो रंगले रंगाएको भेड़ाको छालाबाट
अनि अरू नरम छालाहरूबाट बनाए।
२०तब तिनीहरूले बबुल काठको फल्याकहरू पवित्र
स्थानलाई सहायता गर्न बनाए। २१प्रत्येक फल्याक दश
हात लामा अनि एक हात आधा चौड़ाइको थियो।
२२प्रत्येक फल्याक बनाउँदा दुइवटा खम्बाहरू एका
अर्कोमा बाख्राको भुत्लासित जोड़िएका थिए। यी सबै
फल्याकहरू पवित्र स्थानको निम्ति थिए। २३पवित्र
स्थानको दक्षिण पट्टिको निम्ति तिनीहरूले बीसवटा
फल्याकहरू बनाए। २४त्यसपछि तिनीहरूले चालीसवटा
चाँदीको आधारहरू बनाए तिनीहरूले दुइवटा आधारहरू
प्रत्येक फल्याकमा लगाए। २५तिनीहरूले पवित्र पालको
उत्तर पट्टिको निम्ति पनि बीसवटा फल्याकहरू बनाए।
२६तिनीहरूले चालीसवटा आधारहरू बनाए, तिनीहरूले
दुइवटा आधारहरू प्रत्येक फल्याकमा लगाए। २७पवित्र
पालको पश्चिम भागको तिनीहरूले अझै छ:वटा
फल्याकहरू तैयार गरे। २८पवित्र पालको पछिल्तिरको
कुनाको निम्ति पनि तिनीहरूले दुइवटा फल्याकहरू
बनाए। २९अनि यी फल्याकहरू तल सबै सँगै जोड़िएका
थिए। माथिल्लो भागमा कुनाका फल्याकहरू एउटा
अंकुसेले जोड़िएका थिए। ती कर्मीहरूले अरू कुनाका
फल्याकहरू पनि त्यसरी नै जोड़ेका थिए। ३०यसकारण
त्यहाँ जम्मा आठवटा फल्याकहरू अनि प्रत्येक फल्याकको
दुइवटा आधारहरू थिए, जम्मा सोहवटा चाँदीका आधारहरू
थिए।
३१कर्मीहरूले बबुलको काठ पवित्र पालको एक
पट्टिको फल्याक पाँच पट्टी बनाउन प्रयोग गरे। ३२प्रयोग
गरे अर्को पट्टिको फल्याकहरूको निम्ति पाँचवटा
पट्टीहरू अनि पवित्र पालको पछि पट्टिको फल्याकहरूको
पश्चिम पट्टि। ३३तिनीहरूले मध्य फल्याकहरूबाट एक
कुना देखि अर्को कुनासम्म छिराएर पठाउनलाई बनाए।
३४तिनीहरूले यी फल्याकहरूलाई सुनले मोहोरे। तब
तिनीहरूले पट्टी समात्नको निम्ति मुन्द्राहरू बनाए।
तिनीहरूले बारहरूलाई सुनले मोहोरे।
३५तिनीहरूले महापवित्र स्थानका पर्दाहरू बनाउदा
मिहीन निलो सुती लुगा बैजनी र रातो धागो प्रयोग गरे
अनि तिनीहरूले मिहीन सूती लुगामाथि करूब स्वर्गदूतको
चित्रमा बुट्टा भरे। ३६तिनीहरूले बबुल काठको चारवटा
खम्बाहरू बनाएर सुनले मोहरे। ती खम्बाहरूका निम्ति
सुनको अंकुसेहरू बनाए। तिनीहरूले ती खम्बाहरूको
निम्ति चारवटा चाँदीका आधारहरू पनि बनाए। ३७त्यसपछि
पवित्र पालको प्रवेशद्वार ढाक्न तिनीहरूले पर्दा
बनाए। यस पर्दाको निम्ति मिहीन सूती अनि निलो,
बैजनी अनि रातो धागो प्रयोग गरे र पर्दामा नक्शा
सिलाए। ३८प्रयोग द्वारमाथि पर्दाको लागि तिनीहरूले
पाँचवटा खम्बाहरू तथा अंकुसेहरू बनाएर खम्बाका
सुर्काउनीहरू र पर्दाका खाम्बालाई सुनले मोहोरे। ती
पाँचवटा खम्बाको लागि तिनीहरूले पाँचवटा आधारहरू
बनाए।

### करारको सन्दूक

३७ बजलेलले बबुल काठको पवित्र सन्दूक बनाए।
त्यो सन्दूकको लमाइ दुइ हात आधा, चौड़ाइ
र उचाइ एक हात आधाको थियो। २त्यसको भित्र र

बाहिर उसले सुनले मोहोस्यो उसले सन्दूकको वरिपरि सबैमा सुनको घेरा बनाए। ३सन्दूकको एकपट्टि दुइवटा मुन्द्री लगाए। ४उसले बबुल काठका डण्डाहरू बनाए अनि तिनीहरूलाई सुनले मोहोरी दियो। ५उसले डण्डाहरू सन्दूकको दुवै भागमा भएका मुन्द्रीहरू भित्र घुसास्यो। यी डण्डाहरू सन्दूक बोक्न प्रयोग गर्थे। ६तब सन्दूकको आवरण शुद्ध सुनले बनाए। यो दुइ हात आधा लामो अनि एक हात आधा चौड़ाइँको थियो। ७तब आवरणको प्रत्येक छेउममा बजलेलले करूब स्वार्गदूतको सुनको दुइवटा आकृतिहरू कुँदे। ८उनले एउटा करूब स्वर्गदूतलाई आसानको एक छेउमा राखे, उनले अर्को करूब स्वर्ग दूतलाई आसानको अर्को छेउमा राख्यो, र करूब स्वर्गदूतलाई आसानसित जोड़े तिनीहरू एउटै भए। ९करूब स्वर्गदूतका पखेटाहरू असानमाथि फैलिएका थिए, र तिनीहरूले त्यसलाई ढाकेका थिए। स्वर्गदूतहरू एक-अर्काका सम्मुख आसानभित्र हेरिरहेका थिए।

## विशेष टेबल

१०बजलेलले बबुल काठबाट एउटा टेबल बनाए। यो टेबलको लमाइ दुइ हात चौड़ाइ एक हात अनि एक हात आधा उचाइँ थियो। ११उनले टेबललाई शुद्ध सुनले मोहोरी दिए अनि सुनको घेरा टेबलको वरिपरि बनाए। १२उनले टेबलको वरिपरि चार औंलो ठूलो ताक्ता बनायो। उनले फल्याकको वरिपरि सबैतिर सुनले मोहोरी दियो। १३फेरि उनले सुनको चारवटा मुन्द्रीहरू बनाए र त्यस टेबलको चारकुनामा र खुट्टाको छेउमा लगाए। १४उनले फल्याकको नजिकै मुन्द्रीहरूलाई जोड़े। डण्डाहरू मुन्द्रीहरूभित्र टेबल बोक्न लगाए। १५तब उनले बबुल काठको डण्डा बनाए अनि यसलाई सुनले मोहोस्यो। ती डण्डाहरू टेबल बोक्नुमा प्रयोग गर्थे। १६त्यसपछि उनले टेबलमा प्रयोग गरिने वस्तुहरू थालहरू, धुपौरोहरू, कोपरा पेयबलि चढ़ाउन गाग्री बनाए। यी सबै शुद्ध सुनबाट बनाए।

## सामदान

१७त्यसपछि उनले सामदान बनाए। उनले शुद्ध सुनलाई मार्तोलले कुटेर सामदानको आधार अनि डण्डा बनाए। तब उनले कोपिला, फूल र पत्र बनाएर एकै ठाँउ जोड़े। १८त्यो सामदानको एकापट्टि तीनवटा र अर्को तिर तीनवटा गरी जम्मा छ वटा शाखाहरू थिए। १९प्रत्येक शाखामा तीनवटा फूलहरू थिए। यी फूलहरू वदामको फल जस्तै र त्यससित कोपिला र पत्रहरू पनि थिए। २०त्यो सामदानको डण्डामा चारवटा फूलहरू थिए। तिनीहरूको आकार बदामको फूलसित कोपिला अनि पातहरू जस्ता थिए। २१सामदानका दुइ पाटाबाट निकालिएको तीन तीनवटा गरी छ:वटा शाखामा फूल, कोपिला र पत्रहरू थिए। ती फूलहरू शाखा निस्किएको ठाउँमा थिए। २२सबै फूल सामदानका, हागाहरू शुद्ध सुनबाट बनाए। यी सबै भाग एउटै बनाउनलाई सँगै जोड़िएका थिए। २३उनले सामदानको निम्ति सातवटा दियोहरू बनाए। उनले शुद्ध सुनबाट सलेदो मिलाउने थाली बनाए। २४उनले एक तोड़ा शुद्ध सुनको सामदान अनि सबै सामग्री बनाए।

## धूप जलाउँनको निम्ति वेदी

२५बजलेलले वेदी बनाउनका लागि बबुल काठका उपयोग गरे। यो वेदी धूप बाल्नमा उपयोग हुन्थ्यो। यो एक हात लामो, एक हात चौड़ा अनि दुइ हात उच्चइँको थियो। यो वेदी वर्गकार थियो। प्रत्येक कुनामा एक-एकवटा गरी यस वेदीमा चावटा सिङ्गहरू थिए। यी सिङ्गहरू एउटै बनाउनलाई वेदीसित जोड़िएको थियो। २६उनले सिङहरूमाथि अनि सिङ्गका पाटाहरू शुद्ध सुनर त्यसपछि वेदीको वरिपरि सुन पगालेर घेरा ठोके। २७उनले सुनको दुइवटा मण्डपहरू बनाएर वेदीको दुवै पट्टि मोहोरेको भित्र जोड़ी दिए। यी मुन्द्रीहरू वेदी उठाएर कतै लाँदा डण्डाहरू घुसार्ने काममा प्रयोग हुन्थे। २८उनले त्यसपछि बबुल काठको डण्डा बनाएर त्यसलाई सुनले मोहोरे।

२९त्यसपछि उनले अभिषेक गर्ने पवित्र तेल अनि सुगन्धित शुद्ध धूप बनाए। उनले सबै चीजहरू सुगन्धित अत्तर बनाउनेले झैं बनाए।

## होमबलिको निम्ति वेदी

३८ त्यसपछि बजलेलले होमबलिको निम्ति बबुल काठको एउटा वेदी बनाए। यो वेदी पाँच हात लामो, पाँच हात चौड़ा अनि तीन हात अग्लो थियो। २उनले यस वेदीको चार कुनामा लगाउन चारवटा सिङ्गाहरू बनाए। उनले वेदीलाई काँसाले मोहरे। ३त्यसपछि उनले त्यस वेदीमा प्रयोग गरिने हतियारहरू सबै काँसाकै बनाए। उनले भाँड़ाहरू, करूबहरू, काँटा र तावाहरू सबै काँसाको बनाए। ४त्यसपछि उनले वेदीको निम्ति एउटा जाली बनाए अनि यसको मनि उसले किनारा राख्यो। यो वेदीको आधा भागसम्म पुगेको थियो। ५त्यसपछि उनले डण्डाहरूलाई समात्न चारवटा काँसाको मुन्द्रीहरू बनायो। यी मुन्द्रीहरू चार किनाराहरूमा थिए। ६उसले वेदी बोक्ने डण्डा बबुल काठका बनाएर त्यसलाई काँसाले मोहरे। ७वेदी बोक्न मुन्द्रीहरूमा डण्डा हाले। वेदी रित्तो सन्दूक झैं खोक्रो फल्याकले बनिएको थियो।

८उनले काँसाको बाटा र त्यसलाई अड़ाउने आधारहरू बनाए। उनले काँसाको ऐना बनायो जुन ती आइमाईहरूले चढ़ाएका थिए। यी आइमाईहरू भेट हुने पालको प्रवेशद्वारमा सेवा गर्थे।

### पवित्र पाल वरिपरिको आँगन

९उनले सबै आँगनको वरिपरि पर्दाहरूको पर्खाल
बनाए। दक्षिणतिर एक सय हात लामो पर्दाहरू पर्खाल
बनाए। पर्दाहरू मिहीन सुती लुगाको बनाए। १०बीसवटा
खम्बाहरूले दक्षिण तिरको पर्दाहरूलाई सहारा दिएको
थिए। ती खम्बाहरू बीसवटा काँसाका आधारहरूमाथि
थिए। खम्बाहरू र पर्दाको डण्डाको निम्ति अंकुसेहरू
चाँदीले बनिएका थिए। ११आँगनको उत्तर तिर एक
सय हात लामो पर्दाहरूको बार जस्तो थियो। त्यहाँ पनि
बीसवटा खम्बाहरू र तिनीहरूलाई अड्याउन बीसवटा
खम्बाको निम्ति काँसाका आधारहरू थिए। खम्बा र
पर्दाको डण्डाको निम्ति अंकुसेहरू चाँदीले बनिएका
थिए।

१२आँगनको पश्चिम तिर पचास हात लामा पर्दाहरूको
बार थियो। त्यहाँ दशवटा खम्बाहरू र दशवटा आधारहरू
थिए। खम्बाहरू र पर्दाको लागि अंकुरहरू चाँदीका
बनाएका थिए

१३आँगनको पूर्व पट्टिको लम्बाई पचास हात थियो।
आँगनको प्रवेशद्वार यही दिशामा थियो। १४प्रवेशद्वारको
एकापट्टि भएको पर्दाको पर्खालको लमाइँ पन्ध्र हात
थियो। त्यता पट्टि तीनवटा खम्बा र तीनवटा आधारहरू
थिए। १५प्रवेशद्वारको अर्को तिरको पर्खालको लमाई
पनि पन्ध्र नै थियो। त्यहाँ पनि तीनवटा खम्बा र
तीनवटा आधारहरू थिए। १६आँगन वरिपरि लगाइएका
पर्दाहरू मिहीन सुती लुगाले बनिएका थिए। १७खम्बाको
निम्ति आधारहरू काँसाको बनिएका थिए। अंकुसेहरू र
पर्दाका डण्डाहरू चाँदीले बनिएका थिए। खम्बाकोमाथिल्लो
भाग चाँदीले मोहोरेको थियो। आँगनमा लगाइएका सबै
खम्बाका पर्दामा चाँदीको डण्डाहरू लगाइएका थिए।

१८आँगनको मूलद्वारमा लगाइएका पर्दाहरू मिहीन
सुती लुगाले बनिएको र रातो, बैजनी र निलो धागोले
बुटा गरेको थिए। पर्दाहरूमा बुट्टा बनाइएको थियो।
आँगन वरिपरिका पर्दा बीस हात लामो र पाँच हात
अग्ला थिए। १९यो पर्दालाई काँसाको आधारमा
उभ्याइएका चारवटा खम्बाहरूमा अकुंसेहरू थियो।
खम्बाहरूसित लगाइएको अङ्कुसेहरू चाँदीका थिए।
पर्दाका डण्डाहरू र खम्बाका शिरमा चाँदीले मोहोरिएका
थिए। २०पवित्र पालको र आँगन वरिपरि लगाइएका
पर्दाका कीलाहरू काँसाले बनिएका थिए।

२१पवित्र पालमा प्रयोग गरिएका सबै चीजहरूको
सूची बनाउन मोशाले लेवी मानिसहरूलाई आज्ञा दिए।
जस्तै करारको मण्डप हारूनका छोरो ईतामार त्यो सूची
बनाउने मानिस थियो।

२२यहूदा वंशको नाति अनि ऊरीका छोरो बजलेलले
प्रत्येक चीज मोशालाई परमप्रभुले दिनु भएको आज्ञा
अनुसार बनाए। २३दान वंशको अहीसामाकको छोरो
ओहोलीआबले पनि उसलाई सहायता पुऱ्याए। ओहोलीआब
एक शिल्प कर्मी तथा चित्रकार थिए। ऊ पनि मसिनो
सुतीको कपड़ा अनि निलो, बैजनी अनि रातो धागोले
बुट्टा बुन्न निपुण थिए।

२४पवित्र स्थान निर्माण गर्न उनन्तीस तोड़ा र सात
सय तीस शेकेलभन्दा ज्यादा सुन परमप्रभुलाई बलिदानको
रूपमा भेटी चढ़ाए (यो ओजन मन्दिरका अधिकारी
अनुसार थियो।)

२५सबै गन्ती गरिएका मानिसहरूले लगभग एक
सय तोड़ा अझै एक हजार सात सय पचत्तर शेकेल
चाँदीहरू चढ़ाए। (अधिकारीहरू द्वारा गरिएको ओजन)
२६त्यहाँ छ लाख तीन हजार पाँच सय पचास जना
मानिसहरू बीस वर्ष अथवा त्यो भन्दा ज्यादा उमेर
मानिसहरूको गन्ती गरिएको थियो। प्रत्येक मानिसले
अधिकारीले प्रयोग गरेको ओजन अनुसार आधा शेकेल
चाँदी तिर्नु पर्थ्यो।

२७परमप्रभुको पवित्र पाल अनि पर्दाहरूको निम्ति
एक सय आधारहरू बनाउँदा तिनीहरूले एक सय तोड़ा
चाँदी प्रयोग गरे। तिनीहरूले प्रत्येक आधारको निम्ति
एक तोड़ा चाँदी खर्च गरे। २८थोरैभन्दा थोरै सत्र सय
पचहत्तर शेकेल चाँदी पर्दाको निम्ति अंकुसेहरू बनाउन
र खाम्बाहरू मोहोर्न प्रयोग गरे।

२९अनि सत्तर तोड़ा अनि दुइ हजार चार सय शेकेल
काँसा भन्दा वेशी परमप्रभुका निम्ति चढ़ायो। ३०त्यो
काँसा भेट हुने पालको प्रवेशद्वारको आधारहरू बनाउनमा
प्रयोग गरे। तिनीहरूले पीत्तलको वेदी, काँसाको जाली
र वेदीमा चाहिने समानहरू बनाए। ३१काँसा आँगन
वरिपरि र प्रवेश द्वारको पर्दाहरूको निम्ति आधारहरू
बनाउन पनि प्रयोग गरे। अनि पवित्र पालको कीलाहरू
र आँगन वरिपरिका पर्दाको कीलाहरू बनाउँदा पनि
प्रयोग गरे।

### पूजाहारीहरूका विशेष पोशाकहरू

३९ पूजाहारीहरूले पवित्र स्थानमा सेवा गर्दा लगाउने
विशेष लुगाहरू बनाउदा ती चित्रकारहरूले
निलो, बैजनी अनि राता धागाको प्रयोग गरे। परमप्रभुले
मोशालाई आज्ञाहरू दिए अनुसार तिनीहरूले हारूनको
निम्ति विशेष लुगाहरू बनाए।

### एपोद

२तिनीहरूले एपोद सुनको धागो, मिहीन सुतीको
लुगा अनि निलो, बैजनी र रातो धागोले बनाए।
३तिनीहरूले सुनलाई पिटेर पातलो च्याप्टो पारे अनि
त्यसलाई काटेर धागो बनाए। तिनीहरूले यी धागोलाई
दक्षतापूर्वक मसिनो सुतीको लुगा अनि निलो, बैजनी र
रातो धागोहरूसित मिलाएर काम गरे। ४तिनीहरूले
एपोदको निम्ति काँधको टुक्राहरू बनाए अनि एपोदको
दुइवटा छेऊ बाँधिदिए। ५एपोद जस्तै तिनीहरूले यो

मिहीन सुती लुगा सुनको धागो, निलो, बैजनी अनि रातो धागोले बनाए। तिनीहरूले यसलाई परमेश्‍वरले मोशालाई आज्ञा दिनु भए अनुसार बनाए।

६ती शिल्पकारहरूले एपोदको सुनको घेराहरूमा गोमेद पनि लगाए। त्यसका मणिहरूमा तिनीहरूले इस्राएलीहरूको छोराको नाउँ कुँदे। ७तिनीहरूले ती मणिहरू एपोदको कुमका टुक्राहरूमा जोड़िदिए। यी मणिहरूले परमेश्‍वरलाई इस्राएलीहरूको सम्झना गराउँछन्। तिनीहरूले त्यही गरे जो परमप्रभुले मोशालाई आज्ञा दिनु भएको थियो।

## न्यायको छाती-पाता

८तब तिनीहरूले न्यायको थैली बनाए। एपोद झैं यो निपुणता पूर्वक बनाए। यो सुनको धागो, मसिनो मिहीन सुती लुगा, निलो, बैजनी र रातो धागोले बनाइएको थियो। ९न्यायको छाती-पाता वर्गादार जेब बनाउन पट्टाएर आधा बनाइएको थियो। यो एक बित्ता लामो अनि एक बित्ता चौढ़ाको थियो। १०त्यसपछि कर्मीहरूले न्यायको छाती-पातामाथि सुन्दर रत्नहरूको चार लहर गरी मणि लगाए। पहिलो लहरमा मानिक, पुष्पराज र पन्ना थियो। ११दोस्रो लहरमा नीर लाल हीरा थियो। १२तेस्रो लहरमा धमकान्त, सूर्यकान्त र मर्तिस थियो। १३अनि चोथोमा लहर पिरोज, गोमेद र स्फटिको थियो। यी मणिहरू सुन कुदिएका थिए। १४न्यायको छाती-पाता भित्र बाहबटा रत्नहरू थिए। त्यहाँ एउटा रत्न इस्राएलीको प्रत्येक वंशका निम्ति थियो। प्रत्येक इस्राएलीको नाउँ एउटा रत्नमाथि खोपिएको थियो।

१५न्यायको छाती-पाताको निम्ति कर्मीहरूले शुद्ध सुनका दुइवटा साङ्‌ली बनाए। ती साँङ्‌लीहरू डोरी झैं बटारिएका थिए। १६तिनीहरूले सुनको दुइवटा मुन्द्रीहरू बनाए न्यायको थैली दुइ कुनामा अड्काए। तिनीहरूले सुनको दुइवटा घेराहरू (कुमामाथि एपोदको लागि टुक्राहरू) बनाए। १७तिनीहरूले थैलीको कुनाहरूमा सुनको मुन्द्रीहरूबाट साँङ्‌ली हाले। १८तिनीहरूले सुनको साँङ्‌लीको अर्को पट्टिको अन्त कुमको जोड़ेको घेरा सुनमा लगाए। तिनीहरूले यो एपोदको अघिल्लो भागमा बाँधे। १९तिनीहरूले न्यायको छाती-पातामा अन्य दुइ कुनामा अरू दुइवटा सुनको मुन्द्रीहरू जोड़े। यो एपोदको छेउमा न्यायको छाती-पाताको किनारा भित्रपट्टि थियो। २०तिनीहरूले सुनका दुइवटा मुन्द्रीहरू एपोदको काँधको टुक्रामा लगाए। यो मुन्द्रीहरू गाँसिने ठाउँको छेउमा पेटीको अलिकतिमाथि थियो। २१त्यसपछि तिनीहरूले न्याय थैलीमाथिको मुन्द्रीहरूदेखि एपोदमाथिको मुन्द्रीहरू बाँध्न निलो डोरी प्रयोग गरे। यसप्रकारले न्याय थैली एपोदसित बलियोसँग बाँधन् सकिन्थ्यो। तिनीहरूले प्रत्येक चीज परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार नै गरे।

## पूजाहारीहरूको निम्ति अन्य पोशाकहरू

२२त्यसपछि तिनीहरूले एपोदको निम्ति लबेदा बनाए। निपुण शिल्पीले बुनेको निलो लुगाबाट तिनीहरूले यो लबेदा बनाए। २३लबेदाको बीचमा तिनीहरूले एउटा दुलो पारे अनि त्यस दुलोको वरिपरि एउटा लुगाको टुक्रा लगाएर सिलाए जसले गर्दा त्यो दुलोको छेऊ नच्यातियोस।

२४तिनीहरूले मसिनो गरी बाटेको सुतीको लुगा अनि निलो, बैजनी अनि राता धागाहरू प्रयोग गरेर सबै लुगाको फेरा वरिपरि दारिमहरू बनाए। २५फेरि तिनीहरूले शुद्ध सुनका घण्टीहरू बनाए अनि तिनीहरूले ती घण्टीहरूलाई लुगाको फेरोमा दारिमहरूको बीचमा झुण्डाइदिए। २६परमप्रभुले मोशालाई दिनु भएको आज्ञा अनुसार नै तिनीहरूले घण्टीहरू अनि दारिमहरू एकपछि अर्को गर्दै पोशाकको फेरोमा वरिपरि झुण्डाइदिए।

२७निपुण शिल्पीहरूले हारून र तिनका छोराहरूको निम्ति कमेजहरू बुने। यी कमेजहरू मसिनो सुती कपड़ा बनिएका थिए। २८ती शिल्पीहरूले मसिनो सुती लुगाले फेटाहरू पनि बनाए। टोपी अनि भित्रीय लुगाहरू पनि तिनीहरूले मिहीन सुती लुगाबाट बनाए। २९जस्तो मोशालाई परमप्रभुले आज्ञा दिनु भएको थियो, तिनीहरूले मसिनो सुतीको लुगा, निलो, बैजनी अनि रातो कातेको धागो लगाएर बुट्टा भरेको पेटी बनाए।

३०तब तिनीहरूले शुद्ध सुनबाट पवित्र मुकुटमा लगाउन पातो बनाए त्यस पातोमाथि यी शब्दहरू खोपे 'परमप्रभुको निम्ति पवित्र'। ३१तिनीहरूले पातोलाई निलो डोरीले बाँधे, तब तिनीहरूले निलो डोरीले फेटामा बाँधे परमप्रभुले मोशालाई आज्ञा दिए जस्तै गरे।

## मोशा पवित्र पाल निरीक्षण गर्छन्

३२परमप्रभुले आज्ञाहरू दिनु भए अनुसार नै इस्राएलीहरूले पवित्र पाल, अर्थात् भेट हुने पाल निर्माण समाप्त गरे। ३३तब तिनीहरूले समाप्त भएका सबै कुराहरू मोशाकहाँ ल्याए जस्तै पवित्र पाल अनि पालहरू भित्रको सबै चीजहरू अंकुसेहरू, बारहरू फल्याकहरू र आधार खाम्बाहरू। तिनीहरूले मोशालाई पाल छोप्न रातो रङ्गले रङ्गएको भेड़ाको छालाले बनाएको छत देखाए। ३४तिनीहरूले मोशालाई बाख्राको सुकेको रातो छालाले बनिएको पाल छोप्ने सील छालाबाट बनाइएको पर्दा देखाए। अनि तिनीहरूले अति पवित्र स्थानको प्रवेशद्वार ढाक्ने पर्दा पनि मोशालाई देखाए।

३५तिनीहरूले मोशालाई करारको सन्दूक देखाए। तिनीहरूले तिनलाई सन्दूक बोक्ने डण्डाहरू, सन्दूकको कृपा-आसान पनि देखाए। ३६तिनीहरूले उनलाई टेबल अनि यसको सबै भाँड़ा बर्तनहरू र विशेष रोटी पनि देखाए। ३७तिनीहरूले मोशालाई शुद्ध सुनले बनिएको

सामदान दियोहरू, सामदानको निम्ति प्रयोग गरिने सबै सामानहरू अनि बत्तीहरू बाल्नको निम्ति तेल देखाए।
३८तिनीहरूले मोशालाई सुनको वेदी, अभिषेक गर्ने तेल, सुगन्धित धूप पालमा जाने द्वार ढाक्ने पर्दा पनि देखाए।
३९तिनीहरूले उनलाई काँसाको वेदी, काँसाको कोरेसो अनि (वेदी बोक्नु प्रयोग हुने) डण्डाहरू देखाए। तिनीहरूले उनलाई वेदीमा प्रयोग गरिने प्रत्येक चीजहरू देखाए तिनीहरूले उसलाई हात खुट्टा धुने कचौरा अनि यसको आधार देखाए।

४०तिनीहरूले मोशालाई आँगनको निम्ति पर्दाहरू, यसको खम्बाहरू, खम्बाको आधारहरू, आँगनको प्रवेशद्वारका निम्ति पर्दा डोरीहरू, पाल-कीलाहरू अनि पवित्र स्थान जुन भेट हुने पाल हो त्यहाँ चाहिने सबै चीजहरू देखाए।

४१त्यस पवित्र क्षेत्रमा सेवा गर्ने पूजाहारीहरूका निम्ति जुन तिनीहरूले बुनेर बनाएका पोशाकहरू थिए ती मोशालाई देखाए। तिनीहरूले हरून उसका छोरीहरूका निम्ति बनाइएका विशेष पोशाकहरू पनि मोशालाई देखाए। ती लुगाहरू तिनीहरूले पूजाहारी भई सेवा गर्दा लाउनु पर्दथ्यो।

४२इस्राएली मानिसहरूले प्रत्येक चीज नै परमप्रभुले मोशालाई दिनुभएको आज्ञा अनुसार गरे।
४३जब मोशाले प्रत्येक चीजहरू परमप्रभुले आज्ञा गरे अनुसार मानिसहरूले बनाएको देखे, उनले तिनीहरूलाई आशीर्वाद दिए।

## मोशा पवित्र पाल स्थापना गर्छन्

४० तब परमप्रभु मोशालाई भन्नु हुन्छ,
२“पवित्र पाललाई जुन भेट हुने पाल पनि भनिन्छ पहिलो महीनाको पहिलो दिन स्थापना गरिनु पर्छ।
३पवित्र पालभित्र करारको सन्दूक राखेर त्यसलाई पर्दाले ढाकिदेऊ।
४त्यसपछि टेबल ल्याऊ र त्यसमाथि राखिनु पर्ने प्रत्येक चीज राख। सामदानलाई पालभित्र ल्याऊ अनि त्यसमा दियोहरू जलाऊ।
५धूप चढ़ाउनलाई सुनको वेदीको पालभित्र राख। वेदीलाई करारको सन्दूक अघि राख। तब पवित्र पालको प्रवेशद्वारमा पर्दा लगाऊ।

६“तब होम बलिको लागि पवित्र पालको प्रवेशद्वारमा जसलाई भेट हुने पाल पनि भनिन्छ वेदी राख।
७भेट हुने पाल र वेदीको बीचमा बाटा राख। त्यस बाटामा पानी हाल।
८आँगनको वरिपरि पर्दाको पर्खाल लगाऊ। तब आँगनको प्रवेश द्वारको अघि पर्दा लगाऊ।

९“अभिषेक गर्ने तेल लिएर पाल तथा त्यसमा भएका प्रत्येक चीजलाई अभिषेक गर। यदि तिमीले ती सबै चीजमा अभिषेक तेलले अभिषेक गरेर तिनीहरू सबैलाई पवित्र पार्नेछौ।
१०होमबलिको वेदीमाथि अनि वेदीको निम्ति प्रयोग गरिने सबै चीजहरूमा तेल छर्क। यसले ती सबै चीजहरूलाई पवित्र अनि वेदी अति पवित्र बनाउँछ।
११बाटा र त्यस मुनिको आधार पवित्र पार्न तिनीहरूमाथि अभिषेक गर।

१२“हारून र तिनका छोराहरूलाई भेट हुने पालको प्रवेश द्वारमा ल्याएर पानीले नुहाउन लगाऊ।
१३त्यसपछि हारूनलाई विशेष लुगा लगाई पवित्र पार्न तेलले अभिषेक गर। त्यसपछि उसले पूजाहारी भई मेरो सेवा गर्न सक्छ।
१४त्यसपछि उसका छोराहरूलाई लुगा लुगाइ देऊ।
१५छोराहरूलाई पनि बुबालाई गरेकै प्रकारले अभिषेक गरिदेऊ। तब तिनीहरूले पनि पूजाहारी भई मेरो सेवा गर्न सक्छन्। जब तिमी तिनीहरूलाई अभिषेक गर्छौ तब तिनीहरू पूजाहारी हुन्छन्। भविष्यमा पनि त्यो परिवार पूजाहारी नै भइरहनेछ।”
१६परमप्रभुले आज्ञा गर्नु भए अनुसार नै मोशाले प्रत्येक चीज गरे।

१७त्यसकारण पवित्र पाल ठीक समयमा स्थापन गरियो। इस्राएलीहरूले मिश्र छोड़ेको यो दोस्रो वर्षको पहिलो महीनाको पहिलो दिन थियो।
१८मोशाले पवित्र पाल स्थापित गरे। तिनले पहिले आधारहरू राखे अनि त्यसपछि आधारहरूमाथि फल्याकहरू राखे। तब उसले बार र तक्कहरू भित्र लगाए अनि खम्बाहरू ठड़ाए।
१९तब मोशाले पवित्र पालमाथि कृपा-आसान राखे परमप्रभुले दिनु भएको आज्ञा अनुसार तिनले यसो गरे।

२०मोशाले करार पत्र पवित्र सन्दूकभित्र राखे। मोशाले सन्दूकमाथि डण्डाहरू राखे अनि ढकनीले ढाके।
२१तब मोशाले पवित्र सन्दूक पवित्र पालभित्र राखे अनि यसको अघि पर्दा झुण्डाइदिए। यस प्रकारले पर्दा पछाड़ी करारको सन्दूकलाई तिनले सुरक्षित पारे। तिनले परमप्रभुले दिनु भएको निर्देशन यसो अनुसार गरे।
२२तब मोशाले भेट हुने पालमा टेबल राखे। यो तिनले पवित्र सन्दूकको उत्तर तिर राखे। यो तिनले पवित्र पालभित्र पर्दाको अघाड़ी राखे।
२३तब उनले टेबलमाथि परमप्रभुको सामने रोटी राखे। तिनले परमप्रभुले तिनलाई दिनु भएको आज्ञा अनुसार यसो गरे।
२४उनले सामदान भेट हुने पालको दक्षिण भागमा टेबलको अघाड़ी राखे।
२५उनले परमप्रभुको अघि दियाहरू बाले। तिनले यी सब कामहरू परमप्रभुले तिनलाई दिनु भएको आज्ञा अनुसार गरे।

२६तब तिनले सुनको वेदी भेट हुने पाल भित्र राखे। वेदी पर्दाको अघिल्तिर राखे।
२७तब तिनले वेदीमा सुगन्धित धूप बाले। उनले यो परमप्रभुले दिनु भएको आज्ञा अनुसार गरे।
२८तब मोशाले पवित्र पालको प्रवेश द्वारमा पर्दा लगाए।

२९मोशाले होमबलिहरूका निम्ति वेदीलाई पवित्र पालको, (जसलाई भेट हुने पाल पनि भनिन्छ) प्रवेशद्वारमा राखे। उनले वेदीमाथि होमबलि र अन्नबलिहरू चढ़ाए। उनले यो सबै परमप्रभुले आज्ञा गरे अनुसार नै गरे।

**३०**तब मोशाले बाटा भेट हुने पाल र वेदीको माझमा राखे। तिनले बाटामा हात धुनलाई पानी पनि राखे।

**३१**मोशा, हारून र तिनका छोराहरूले आफ्ना हात-खुट्टा धुन यो बाटामा उपयोग गरे। **३२**तिनीहरू भेट हुने पालमा पस्दा प्रत्येक पल्ट आफ्नो हात-खुट्टा धोए अनि त्यसरी नै तिनीहरू वेदी सामने जाँदा पनि हात-खुट्टा धोए। तिनीहरूले परमप्रभुले आज्ञा गरे अनुसार यसो गरे।

**३३**मोशाले पवित्र पालको आँगन वरिपरि पर्दा लगाए। तिनले आँगनमा वेदी राखे। अनि आँगनको प्रवेशद्वारमा पर्दा लगाए। मोशाले यी सबै काम समाप्त गरे।

### परमप्रभुको महिमा

**३४**भेट हुने पाललाई बादलले ढाक्यो र परमप्रभुको महिमाले पवित्र पाल परिपूर्ण भयो। **३५**बादल त्यहाँ बसेकाले र पवित्र पालभित्र परमप्रभुको महिमा भरिएकोले मोशा भेट हुने पालभित्र जान सकेनन्।

**३६**जब बादल पवित्र पालबाटमाथि उठ्थ्यो इस्राएलीहरूले आफ्नो यात्रा शुरू गर्थे। **३७**तर जब बादल पवित्र पालबाटमाथि उठ्दैनथ्यो भने मानिसहरू हिँड्ने चेष्टा गर्दैनथे। तिनीहरू बादलमाथि नउठुञ्जेलसम्म एकै ठाउँमा बसिरहन्थे। **३८**यसर्थ दिउँसो पवित्र पालमाथि परमप्रभुको बादल रहन्थ्यो अनि राती बादलमा आगो देखिन्थ्यो। यसर्थ जब यात्रा गर्थे समस्त इस्राएलीहरू बादल देख्न सक्थे।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html

# मत्तीले लेखेको सुसमाचार

### येशूको पारिवारिक इतिहास

*(लूका ३:२३-३८)*

१ यो येशू ख्रीष्टको पारिवारिक इतिहास हो। उहाँ
दाऊदका परिवारबाट आउनु भयो। दाऊद अब्राहामका
परिवारका हुन्।

२ अब्राहाम इसहाकका पिता थिए।
इसहाक याकूबका पिता थिए।
याकूब यहूदा र उनका दाजु-भाइहरूका पिता
थिए।
३ यहूदा पेरेज र जाराका पिता थिए
(तिनीहरूकी माता तामार थिइन्)।
पेरेज हेस्रोनका पिता थिए।
हेस्रोन आरामका पिता थिए।
४ आराम अमिनादाबका पिता थिए।
अमिनादाब नास्सोका पिता थिए।
नास्सोन सल्मोनका पिता थिए।
५ सल्मोन बोअजका पिता थिए।
(बोअजकी माता राहब थिइन्)।
बोअज ओबेदका पिता थिए।
(ओबेदकी माता रूत थिइन्)।
ओबेद यिस्सीका पिता थिए।
६ यस्सी राजा दाऊदका पिता थिए।
दाऊद शुलेमानका पिता थिए।
(शुलेमानकी माता उरियाकी पत्नी थिइन्)।
७ शुलेमान रोओबामका पिता थिए।
रोओबाम अबियाका पिता थिए।
अबिया आसाफका पिता थिए।
८ आसाफ योसाफातका पिता थिए।
योसाफात योरामका पिता थिए।
योराम ओजियाका पिता थिए।
९ ओजिया योआथामका पिता थिए।
योआथाम आहाजका पिता थिए।
आहाज एजेकियाका पिता थिए।
१० एजेकिया मनस्सेका पिता थिए।
मनस्से आमोसका पिता थिए।
आमोस योसियाका पिता थिए।
११ योसिया याकोनियस र उसका भाइहरूका पिता
थिए।
(यो त्यसै समयको कुरा हो जुनबेला यहूदीहरूलाई
दासका रूपमा बेबिलोनमा लगिएका थिए)।
१२ तिनीहरूलाई बेबिलोनमा लगिए पछि:
येकोनियास शालतिएलका पिता थिए,
शालतिएल जरूबाबेलका पिता थिए।
१३ जरूबाबेल अबिउदका पिता थिए।
अबिउद एलियाकिमका पिता थिए।
एलियाकिम आजोरका पिता थिए।
१४ आजोर सादोकका पिता थिए।
सादोक आखिमका पिता थिए।
आखिम एलिउदका पिता थिए।
१५ एलिउद एलियाजरका पिता थिए।
एलियाजर मत्थानका पिता थिए।
मत्थान याकूबका पिता थिए।
१६ याकूब यूसुफका पिता थिए।
यूसुफ मरियमका लोग्ने थिए
अनि मरियम येशूकी माता थिइन।
येशूलाई ख्रीष्ट* भनिन्थ्यो।

१७ यसरी अब्राहामदेखि दाऊदसम्म चौध पुस्ताहरू
थिए। दाऊदको समय देखि मानिसहरूलाई बेबिलोन
पुर्‍याइने बेलासम्म चौध पुस्ताहरू थिए। अनि यहूदीरूलाई
बेबिलोनमा लगिएकादेखि ख्रीष्टसम्म चौध पुस्ता धिए।

---

**ख्रीष्ट** मसीह वा परमेश्वरको रूपमा चुनिएको।

## येशू ख्रीष्टको जन्म

*(लूका २:१-७)*

१८येशू ख्रीष्टकी आमा मरियमको मङ्गनी यूसुफसंग भएको थियो। तर तिनीहरूको विवाह हुनु भन्दा अघिनै, मरियमले थाहा पाइसकेकी थिइन कि तिनी गर्भवती थिइन्। मरियम पवित्र आत्माको* शक्तिद्वारा गर्भवती भएकी थिइन्। १९मरियमका लोग्ने, यूसुफ एक धार्मिक मानिस थिए। उनी विवाह हुन अघिनै मरियमलाई मानिसहरूका माझमा लज्जित बनाउन चाँहदैन थिए। त्यसैले उनी गोप्य प्रकारले मरियमलाई त्याग गर्ने पक्षमा थिए।

२०तर जब यूसुफले यसो गर्ने विचार लिदाँ, परमप्रभुका एक दूत उनी कहाँ सपनामा आए। दूतले भने, "यूसुफ, दाऊदको पुत्र,* मरियमलाई आफ्नी पत्नी स्वरूप ग्रहण गर्न तिमीले डराउनु पर्दैन। उनको गर्भको शिशु पवित्र आत्माबाट भएको हो। २१उनले एउटा पुत्रको जन्म दिनेछिन्। तिमीले उनको नाउँ येशू* राख्नू। उनलाई त्यस्तो नाउँ दिनु, किनभने, उहाँले नै आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट उद्धार गर्नुहुनेछ।"

२२अगमवक्ताद्वारा परमप्रभुले बोल्नु भएको वचन पूरा होस् भनेर यी सब हुन आएका हुन्। २३"कन्या गर्भवती हुनेछिन्, र एउटा पुत्र जन्माउनेछिन्, तिनीहरूले उहाँको नाउँ इम्मानुएल राख्नेछन्।"* (इम्मानुएलको अर्थ हो "परमेश्वर हामीसित हुनुहुन्छ।")

२४जब यूसुफ निद्राबाट ब्युँझे; प्रभुको दूतले तिनलाई जे भनेका थिए त्यही गरे। यूसुफले मरियमलाई विवाह गरे। २५तर यूसुफसंग मरियमको कुनै सहबास भएन, जबसम्म उनले एउटा पुत्रको जन्म दिइनन्। अनि यूसुफले पुत्रको नाउँ येशू राखिदिए।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

**दाऊदको पुत्र** दाऊद परिवारको एक व्यक्ति, इस्राएलको दोस्रो राजा, ख्रीष्टपूर्व १००० बर्ष।।

**येशू** येशूको नाउँको अर्थ उद्धारक।

**"कन्या … राख्नेछन्"** यशैया ७:१४।

## ज्योतिषीहरू येशूलाई भेटन् आउँछन्

**२** यहूदिया भन्ने ठाउँको बेथलेहेम शहरमा येशूको जन्म भएको थियो। हेरोद* राजा भएका बेलामा उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए। २ती ज्योतिषीहरूले मानिसहरूलाई सोधे, "यहूदीहरूका राजा भएर जन्मेका उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा देख्यौं। जसले उहाँ जन्मेका संकेत भयो। हामीले पूर्वी आकाशमा उदय हुँदै गरेको तारा देख्यौं। हामी उहाँको उपासना गर्न आएका छौं।"

३राजा हेरोदले यहूदीहरूका यी नयाँ राजाको बारेमा सुने। हेरोद यस घटनाबाट बेचैन बने। अनि यरूशलेमका सबै बासिन्दाहरूलाई पनि यो समाचारले बेचैन तुल्यायो। ४हेरोदले सबै मुख्य यहूदी पूजाहारीहरू र जनताका शास्त्रीहरूको एउटा सभा बोलाए। उनले तिनीहरूलाई सोधे, "ख्रीष्टको जन्म कहाँ हुने हो।" ५तिनीहरूले उत्तर दिए, "यहूदीयाको बेतलेहेम शहरमा; अगमवक्ताद्वारा यसबारे वचनमा लेखिएको छ:

६ 'बेथलेहेम, यहूदाको मुलुक, तिमी यहूदाका
शासकहरूका माझ महान छौ। हो, तिमीबाट
एकजना शासक आउनेछन् अनि जो मेरा
मानिस, इस्राएलको गोठाला हुने छन्।'"

*मिका ५:२*

७त्यसपछि हेरोदले पूर्वका ती ज्योतिषीहरूलाई सुटुक्क बोलाए। हेरोदले तिनीहरूबाट तिनीहरूले प्रथम पटक तारा देखेको समय ठीकसँग पत्तो गरे। ८त्यसपछि हेरोदले ती ज्योतिषीहरूलाई बेथलेहेममा पठाए। हेरोदले तिनीहरूलाई भने "जाऊ अनि बालकको बारेमा ठीकसँग पत्तो लगाऊ। जब ती बालकलाई भेट्टाउनेछौ, तब मलाई खबर गर, र म पनि गएर तिनलाई उपासना गर्नेछु।"

९ज्योतिषीहरूले राजाका सबै कुरा सुने अनि गए। जुन तारा तिनीहरूले पूर्वमा देखेका थिए, फेरि त्यही तारा तिनीहरूले देखे। ज्योतिषीहरूले तारालाई पछ्याउन लागे। ती साना बालक भएको ठाउँमा नपुगुञ्जेल त्यो तारा तिनीहरूको अघि-अघि लाग्यो, र त्यहीँ अड़ियो।

**हेरोद** ख्री. पू. ४० देखि ख्री. पू. ४ सम्म यहूदियाको महान शासक।

[१०]तारा देखेर ज्योतिषीहरू अत्यन्तै खुशी भए। [११]तिनीहरू
बालक भएको घरमा गए त्यहाँ सानो बालकलाई
आफ्नो आमा मरियमसँग देखे। तिनीहरूले शिर निहुराएर
बालकलाई दण्डवत गरे अनि आराधना गरे। बालकलाई
ल्याइदिएका उपहारहरू तिनीहरूले खोले अनि सुन, धूप
र मूर्रका भेटी उनलाई चढ़ाए। [१२]तर परमेश्वरले
तिनीहरूलाई तिनीहरूको सपनामा चेतावनी दिनुभयो।
परमेश्वरले तिनीहरूलाई "हेरोदकहाँ फर्केर नजाओ"
भनी चेतावनी दिनुभयो। त्यसपछि तिनीहरू अर्कै बाटो
भएर आफ्नो देशमा फर्किए।

### मातापितासँग येशू मिस्त्रदेशमा

[१३]ज्योतिषीहरू गएपछि, परमप्रभुका एउटा दूत सपनामा
यूसुफकहाँ देखा परे। दूतले भने, "उठ, साना बालक र
उहाँकी आमालाई साथमा लिई मिस्त्रदेशमा भागिहाल।
हेरोदले साना बालकलाई खोज्न लागिरहेछ। उसले साना
बालकलाई मार्न चाहन्छ। मैले नभने सम्म तिमी त्यहीँ
बस्नू।"

[१४]अनि यूसुफ उठेर साना बालक र उनको आमालाई
साथमा लिई त्यसै बखत मिस्त्रदेशतर्फ लागे। तिनीहरूले
रातीनै घर छोड़े। [१५]हेरोदको मृत्यु नभएसम्म यूसुफ
मिस्त्रदेशमा नै बसे। अगमवक्ताद्वारा परमेश्वरले भन्नु
भएको वचन यस तरिकाले पूर्ण भयो। परमेश्वरले भन्नु
भयो, "मैले आफ्नो पुत्रलाई मिस्त्र देशबाट बोलाएँ।"*

### बेतलेहेममा हेरोदद्वारा ससाना बालकहरूको हत्या

[१६]ज्योतिषीहरूबाट हेरोदले धोका पाएको अनुभव
गरे तिनी साहै रिसाए। अनि बेतलेहेम र त्यसका
छेउछाउमा भेट्टाएका सबै स-साना बालकहरूलाई मार्ने
आदेश दिए। ज्योतिषीहरूबाटै हेरोदले बालक जन्मेको
समय पत्ता लगाएका थिए। त्यसबेलादेखि अहिलेसम्म
दुइ वर्षको अवधि बितेको थियो। अनि हेरोदले दुइ वर्ष
र त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाएका
थिए। [१७]तब यर्मिया अगमवक्ताद्वारा परमेश्वरले भन्नु
भएको वचन सत्य भयो:

[१८] "रामामा एउटा स्वर सुनियो, रूवाबासी र
आलाप-विलापको, राहेलका आफ्ना शिशुहरूका
लागि विलाप थियो; शान्त बन्न तिनले अस्वीकार
गरिन् किनकि, तिनका बालकहरू अब जीवित
थिएनन्।"

*यर्मिया ३१:१५*

### यूसुफ र मरियम मिस्त्रदेशबाट फर्कन्छन्:

[१९]हेरोद मरेपछि, परमप्रभुका एकजना दूत सपनामा
यूसुफकहाँ देखा परे। यो घटना त्यसबेला भयो जब
यूसुफ मिस्त्रदेशमा नै थिए। [२०]स्वर्गदूतले यसो भने,
"उठ, अनि साना बालक र उहाँकी आमालाई लिएर
इस्त्राएल जाऊ। बालकलाई मार्न चाहने ती मानिस
अहिले मरिसकेका छन्।"

[२१]त्यसपछि यूसुफ उठे, बालक साथै आमालाई
लिएर इस्त्राएलतर्फ आए। [२२]तर यूसुफले यहूदियामा
वर्त्तमान अर्खिलाउस राजा भएको कुरो सुने। आफ्नो
बाबु हेरोदको मृत्युपछि अर्खिलाउस राजा भए। त्यसैले
त्यहाँ जान यूसुफ डराए। सपनामा पनि तिनलाई चेतावनी
भयो। त्यसपछि तिनले त्यो ठाउँ छाड़े अनि गालीलीको
इलाकामा गए। [२३]यूसुफ नासरत भन्ने ठाउँमा पुगे अनि
त्यतै बस्न लागे। यसरी अगमवक्ताद्वारा बोलिएको बचन
सत्य भयो। परमेश्वरले भन्नुभयो कि "ख्रीष्टलाई नासरी*
भनिने छ।"

### बप्तिस्मा दिने यूहन्नाको कार्य

*(मर्कूस १:१-८; लूका ३:१-६, १५-१७; यूहन्ना १:१९-२८)*

**३** त्यसै समयमा बप्तिस्मा दिने यूहन्ना देखापरे। अनि
यहूदियाको मरूभूमिमा प्रचार गर्न थाले। [२]तिनले
भने, "पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन
परिवर्त्तन गर, किनभने चाँड़ै स्वर्गको राज्य आउन
लागेको छ।" [३]बप्तिस्मा दिने यूहन्ना उही हुन् जसको
विषयमा यशैया अगमवक्ताद्वारा यसो भनेका छन्। यशैयाले
भनेका थिए:

"मरूभूमिमा एकजना कराइरहेछन्, 'परमप्रभुको
बाटो तयार पार; उहाँको मार्गहरू सोझ्याऊ।'"

*यशैया ४०:३*

---

**"मैले … बोलाएँ"** होशे ११:१।

**नासरी** नासरी नगरको एकजना व्यक्ति, सम्भवत नाम "हाँगा" अथवा "शाखा"। हेर्नोस यशैया ११:१।

४यूहन्नाको लुगाफाटा ऊँटको रौंको बनिएको थियो। तिनको कम्मरमा छालाको पेटी थियो। तिनको आहार सलह र बनमह थियो। ५यूहन्नाको सन्देश सुन्न मानिसहरू एकत्र भए। यरूशलेम र सबै यहूदिया र यर्दन नदी वरिपरि सबै भागका मानिसहरू आएका थिए। ६आफ्ना पाप स्वीकार गरे पछि मानिसहरू आए अनि यूहन्नाद्वारा यर्दन नदीमा बप्तिस्मा* गरियो।

७धेरै फरिसीहरू* र सदुकीहरू* यूहन्नाद्वारा बप्तिस्मा गराइनका निम्ति आए। जब यूहन्नाले तिनीहरूलाई देखे तिनले भने, "तिमीहरू सर्पका सन्तान हौ, आउन लागेको परमेश्वरको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेतावनी दियो? ८तिमीहरू यस्तो काम गर जसबाट तिमीहरूको हृदय र रहन-सहन साँच्चै परिवर्त्तन भएको बुझिनेछ। ९अनि 'अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ' भन्ने कुरा आपसमा विचार नगर। म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी चट्टानबाट अब्राहामका लागि सन्तान प्रदान गर्नु सक्नु हुन्छ। १०अनि अहिलेनै रूखहरूको* फेदमा बञ्चरो परेको छ। असल फल नफलाउने हरेक रूखहरू काटेर ढालिन्छ अनि आगोमा हालिन्छ।

११"म चाहिँ तिमीहरूले पश्चात्ताप गर्‍यौ भनी देखाउनका निम्ति पानीद्वारा बप्तिस्मा गरिदिन्छु। तर मपछि आउने एक म भन्दा शक्तिशाली हुनुहुन्छ, जसको सामुन्ने म उहाँको जुत्ता खोल्ने लायकको पनि छैन, उहाँले नै तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १२उहाँले अन्न र भूसलाई अलग पार्नु* निफन्ने नाङ्लो आफ्नो हातमा लिनु भएको छ, उहाँले गहुँ संग्रह गरी आफ्नो गहुँ भकारीमा जम्मा गर्नुहुनेछ। अनि भूस जति कहिल्यै ननिभ्ने आगोमा जलाउनु हुनेछ।"

---

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुबाउनु, अथवा चोब्नु।

**फरिसीहरू** यहूदी धार्मिक सम्प्रदायकाहरू जसले जेविस आज्ञा र नीतिको पालन सही रूपमा गर्दछन्।

**सदुकीहरू** यहूदी धार्मिक गुटका प्रमुख। तिनीहरूले खाली पुरानो नियमको प्रथम पाँचवटा पुस्तकहरूलाई मात्र मानेका छन्। तिनीहरूको विश्वासमा मानिसहरू मृत्यु पछि फेरि जन्मदैनन्।

**रूखहरू** ती मानिसहरू जसले येशूलाई स्वीकारेनन्। तिनीहरू यस्ता "रूखहरू" हुन जुन काटिनेछन्।

**उहाँले … पार्नु** यूहन्ना अनुसार खराब मानिसहरूबाट येशूले असल मानिसहरू अलग पार्नु हुनेछ।

### यूहन्नाद्वारा येशूको बप्तिस्मा
*(मर्कूस १:९-११; लूका ३:२१-२२)*

१३त्यसै बेला येशू गालीली भएर यर्दन नदीमा आउनु भयो। येशू यूहन्नाद्वारा बप्तिस्मा लिनुका निम्ति यूहन्नाकहाँ आउनुभयो। १४तर यूहन्नाले उनी येशूलाई बप्तिस्मा दिनु योग्यको छैन-भन्ने कोशिशगरे उनलेसोधे, "तपाँई मकहाँ बप्तिस्मा लिन किन आउनु भयो? म आफैले तपाइँबाट बप्तिस्मा लिनु पर्ने हो।"

१५येशूले भन्नुभयो, "अहिलेलाई यस्तै हुनदेऊ। हामीले सबै कुरा गर्नुपर्छ जो सहीछन्।" त्यसपछि यूहन्ना येशूलाई बप्तिस्मा गर्न सहमत भए।

१६अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो। स्वर्ग उहाँको निम्ति उघ्रियो अनि परमेश्वरको आत्मालाई ढुकुरझैं आफूमाथि ओर्लँदै गरेको बस्दै गरेको देख्नु भयो। १७तब स्वर्गबाट एउटा आवाज आएको सुनियो। आवाजले भन्दथ्यो, "यिनी मेरा पुत्र हुन् अनि यिनलाई म माया गर्दछु। म यिनीसँग अत्यन्त आनन्दित छु।"

### येशूको निम्ति कठिन परीक्षा
*(मर्कूस १:१२-१३; लूका ४:१-१३)*

**४** यसपछि आत्माले येशूलाई मरूभूमिमा लगे। दुष्टात्माद्वारा परीक्षा गरिनका निम्ति येशूलाई त्यहाँ लगिएको थियो। २चालीस दिन र चालीस रात येशूले केही खानुभएन। यसपछि उहाँ भोकाउनु भयो। ३शैतान येशूकहाँ उनलाई प्रलोभित तुल्याउन आयो। दुष्टात्माले भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुंगाहरू रोटी होऊन् भनी आज्ञा दिनुहोस्।"

४जवाफमा येशूले भन्नुभयो, "धर्मशास्त्रमा यस्तो लेखिएको छ:

> 'मानिस रोटी खाएर मात्र बाँच्दैन, परमेश्वरको
> मुखबाट निस्केको हरेक वचनले बाँच्नेछ।'"
>
> *व्यवस्था ८:३*

५त्यसपछि शैतानले येशूलाई पवित्र शहरमा लग्यो। त्यो दुष्टात्माले येशूलाई मन्दिरको गजूरमाथि राख्यो। ६शैतानले भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यहाँबाट तल हामफाल्नुहोस्। किन? किनभने धर्मशास्त्रमा यस्तो लेखिएको छ:

'परमेश्वरले तपाईंको निम्ति स्वर्गदूतहरूलाई खटाउनुहुनेछ, अनि तिनीहरूले तपाईंलाई हात-हातमा उचाल्नेछन्, जसद्वारा, तपाईंको खुट्टाहरू ढुंगामा बजारिनु नपुगोस्।'"

*भजनसंग्रह ९१:११-१२*

[७]येशूले उत्तर दिनुभयो, "धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ:

'तिमीले प्रभु आफ्नो परमेश्वरलाई परीक्षा नगर।'"

*व्यवस्था ६:१६*

[८]त्यसपछि शैतानले येशूलाई एउटा अति अल्गो
पर्वतमा पुर्‍यायो। उसले येशूलाई संसारका सबै राज्यहरू,
त्यहाँ भएका वैभव देखायो। [९]शैतानले भन्यो, "यदि
तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने यी सबथोक
म तपाईंलाई दिनेछु।"
[१०]येशूले शैतानलाई भन्नुभयो, "म देखि टाढा जाऊ,
शैतान। धर्मशास्त्रमा यस्तो लेखिएको छ,

'तिमीले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् गर्नु, अनि उहाँकै मात्र सेवा गर्नु पर्छ।'"

*व्यवस्था ६:१३*

[११]त्यसपछि दुष्टात्माले येशूलाई छोड़िदियो। अनि
केही स्वर्गदूतहरू येशूकहाँ आएर उहाँलाई सेवा-टहल
गरे।

## गालिलीमा येशू आफ्नो कामको शुरुमा

*(मर्कूस १:१४-१५; लूका ४:१४-१५)*

[१२]येशूले यूहन्ना थुनामा परे भन्ने कुरा सुन्नु भयो।
त्यसपछि उहाँ गालिलीतर्फ लाग्नुभयो। [१३]येशू नासरतमा
बस्नु भएन। उहाँ गालिली झील नगरको नजिकको
कर्फनहूममा बस्नु भयो। कर्फनहूम जबूलून अनि नप्तालीका
क्षेत्रमा पर्छ। [१४]येशूले यशैया अगमवक्ताद्वारा बोलिएको
यीनै वचनलाई पूरा गर्नका निम्ति यसो गर्नु भयो,

[१५] "जबुलूनको मुलुक र नप्तालिको मुलुक, यर्दन नदी पारि समुद्रको बाटो भएर गालिली, अयहुदीहरूको मुलूक—

[१६] जुन मानिसहरू अन्धकारमा थिए, तिनीहरूले एउटा ठूलो ज्योति देखे: ज्योति तिनीहरू प्रति उदाए जो त्यस अन्धकार मूलुकमा चिहान जस्तै ठाउँमा बाँच्न परेको थियो।"

*यशैया ९:१-२*

[१७]यसैबेलादेखि येशूले प्रचार गर्न थाल्नुभयो। उहाँले
भन्न लाग्नुभयो, "तिमीहरू पश्चत्ताप गर अनि आफ्नो
रहन-सहन परिवर्त्तन गर, किनभने, स्वर्गको राज्य नजिक
आइपुगेको छ।"

## येशू केही चेलाहरू चुन्नुहुन्छ

*(मर्कूस १:१६-२०; लूका ५:१-११)*

[१८]गालीली झीलको छेउ भएर येशू हिंड़िरहनु भएको
थियो। उहाँले दुइजना दाजुभाइलाई देख्नुभयो, शिमोन
जसलाई पत्रुस भनिन्थ्यो र तिनको भाइ अन्द्रियास। दुवै
दाजुभाइ माछावाला थिए अनि तिनीहरूले समुद्रमा जाल
हान्दै माछा मार्दै थिए। [१९]येशूले भन्नुभयो, "मेरो पछि
लाग, म तिमीहरूलाई बेग्लै प्रकारको जालहारी बनाउनेछु।
तिमीहरूले मानिसहरूलाई भेला गर्ने काम गर्नुपर्छ
माछालाई होइन।" [२०]शिमोन र अन्द्रियास दुवैले आफ्नो
जाल त्यति नै बेला छाड़िदिए र येशूको पछि लागे।
[२१]गलीली झील भएर येशू हिँड़दै जानुभयो। उहाँले
अरू दुइजना दाजुभाइलाई देख्नुभयो, याकूब र यूहन्ना
जो जब्दीका छोराहरू थिए। तिनीहरू माछा मार्न भनेर
जाल हान्नलाई तयार गर्दैथिए। येशूले ती दुइ दाजुभाइलाई
पनि बोलाउनु भयो। [२२]तिनीहरूले पनि तुरन्तै आफ्नो
डुङ्गा र तिनीहरूका बाबुलाई छोड़ेर येशूको पछि लागे।

## येशूको उपदेश र मानिसहरूको चंगाई

*(लूका ६:१७-१९)*

[२३]येशूले गालिलीका सबै ठाउँहरूमा यात्रा गर्नुभयो।
उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन लाग्नुभयो
अनि स्वर्गको राज्यका बारेमा सुसमाचारहरू प्रचार
गर्नुभयो। उहाँले मानिसहरूमा भएका हरेक किसिमका
रोग र शारीरिक कमजोरीहरू निको पार्नुभयो। [२४]उहाँको
कीर्ति सिरियाभरि फिँजियो, अनि मानिसहरूले शारीरिक
रूपले रोगी भएका सबै रोगीहरूलाई उहाँकहाँ ल्याउन
थाले। ती रोगी मानिसहरू कैयौ प्रकारका रोग र
कष्टले पीड़ित थिए। कतिजना मानिसहरू एकदमै नराम्रा
रोगले पीड़ित थिए भने कतिजना भूत-प्रेत र पिशाच

लागेकाहरू थिए। कतिजना छारेरोग लागेकाहरू र
कतिजना पक्षाघात भएकाहरू थिए। येशूले तिनीहरू
सबैलाई निको बनाइदिनु भयो। [२५]धेरै-धेरै मानिसहरूले
उहाँलाई पछ्याउन लागे। ती मानिसहरू गालीली,
डेकापोलिस*, यरूशलेम, यहूदिया तथा यर्दन नदी
पारिका अन्य इलाकाबाट आएकाहरू थिए।

### येशूद्वारा मानिसहरूलाई शिक्षा

*(लूका ६:२०-२३)*

**५** येशूले त्यहाँ भएका धेरै मानिसहरूलाई देख्नुभयो।
येशू डाँडामा उक्लेर बस्नुभयो। उहाँका शिष्यहरू
त्यहाँ उहाँका नजिकमा आएका थिए। [२]उहाँले तिनीहरूलाई
सिकाउनु थाल्नुभयो। उहाँले भन्नुभयो,

३ "ती व्यक्तिहरू धन्यहुन् जसले तिनीहरू आत्मिक रूपले दरिद्र छन् भनी बुझेकाछन्, स्वर्गको राज्य तिनीहरूकै हो।
४ धन्य शोक गर्नेहरू, परमेश्वरले तिनीहरूलाई सान्त्वना दिनु हुनेछ।
५ धन्य विनम्र हुनेहरू, किनभने तिनीहरूले पनि पृथ्वीको भूमिको अंश पाउनेछन्। (परमेश्वरले प्रण गर्नु भएकोछ।)
६ धन्य धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू, परमेश्वरले तिनीहरूलाई पनि तृप्त पारिदिनेछन्।
७ धन्य दयावानहरू, जसले दया देखाउनेछन्, तिनीहरूले दया पाउनेछन्,
८ धन्य शुद्ध-हृदय हुनेहरू, तिनीहरूले परमेश्वरलाई देख्नेछन्।
९ धन्य शान्ति मेल मिलाप गराउनेहरू, परमेश्वरले तिनीहरूलाई आफ्ना पुत्र ठान्नेछन्।
१० धन्य धार्मिकताका निम्ति सताइएकाहरू, स्वर्गका राज्य तिनीहरूकै हुनेछ।

[११]"धन्य हौ तिमीहरू जव मानिसहरूले निन्दा गर्नेछन्
र चोट पुर्‍याउनेछन्। झूटो बोलेर हरेक किसिमका दुष्ट
कुरा गरेर तिमीहरूको खेदो गर्नेछन्, किनभने तिमीहरू
मेरा चेलाहरू हौ। [१२]सुखी र खुशी बन। स्वर्गमा
तिमीहरूलाई ठूलो इनाम मिल्नेछ। किनभने तिमीहरूका
अधिका अगमवक्ताहरूलाई तिनीहरूले यसरीनै व्यवहार
गरेका थिए।

### तिमीहरू नून र ज्योति जस्तै छौ

*(मर्कूस ९:५०; लूका १४:३४-३५)*

[१३]"तिमीहरू पृथ्वीका नून हौ। यदि नूनको स्वाद नै
छैन भने, फेरि नुनिलो के-ले पार्ने र? यदि नूनमा नूनको
स्वाद नै छैन भने त्यो ता-फालिन र मानिसका खुट्टाले
कुल्चनबाहेक अरू केही कामको हुँदैन।
[१४]"तिमीहरू ज्योति हौ जसले संसारलाई उज्यालो
पार्छ। डाँड़ामा बसालिएको नगर अदृष्य रहन सक्तैन।
[१५]त्यसरीनै मानिसहरूले बत्ती बालेर पाथीमुनि राख्तैनन्।
त्यसको सट्टामा तिनीहरूले त्यसलाई सामदानमा राख्छन्।
जसद्वारा घरमा भएका सबै मानिसहरूले उज्यालो पाउनेछन्।
[१६]त्यसै गरी, अरूका निम्ति तिमीहरू पनि उज्यालो
बनिदिनु पर्छ। तिमीहरूले गरेका सुकर्महरू मानिसहरूले
देख्नेछन्। स्वर्गमा बस्नु हुने पिताको महिमा गर्नेछन्।

### येशू अनि पुरानो नियम लेखाई

[१७]"म मोशाको व्यवस्था अथवा अगमवक्ताहरूद्वारा
लेखिएको रद्द गर्न आएको भन्ने नसम्झ, रद्द गर्न
होइन, तर पूरा गर्न म आएको छु। [१८]म साँचो भन्दछु।
जबसम्म स्वर्ग र पृथ्वी बितेर जाँदैन, व्यवस्थाको हरेक
कुरा पूर्ण हुनेछ सबै कुरा पूरा नहोउञ्जेल कुनै
किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा विन्दु पनि
लुप्त हुनेछैन। [१९]हरेक व्यक्तिले प्रत्येक आदेश पालन
गर्नैपर्छ यदि त्यो आदेश सामान्य नै किन नहोस्। यदि
कुनै व्यक्तिले एउटा पनि आदेश पालन गर्न चाँहदैन
अनि अरूलाई पनि आदेश पालन नगर्नु भनी सिकाउँछ
भने स्वर्गको राज्यमा त्यो सबैभन्दा तुच्छ कहलाइनेछ।
तर जसले आदेश पालन गर्छ अनि अरूलाई पनि
आदेश पालन गर्न सिकाउँछ, त्यो नै स्वर्गको राज्यमा
ठूलो कहलाइनेछ। [२०]म भन्दछु कि धर्मशास्त्र र
फरिसीहरू* भन्दा तिमीहरूले राम्रो काम गर। यदि
तिमीहरू तिनीहरूलाई उछिन्न सफल भएनौ भने तिमीहरूले
स्वर्गको राज्यमा प्रवेश गुमाउने छौ।

---

**डेकापोलिस** दश शहर। गालिलीको खीयि इलाका एकपल्ट यसको दशवटा शहर दियो।

**फरिसीहरू** यहूदी धार्मिक सम्प्रदायकाहरू जसले यहूदि आज्ञा र नीतिको पालन सही रूपमा गर्दछन्।

## येशूद्वारा रीस बारे शिक्षा

२१"तिमीहरूले सुनेका छौ, धेरै अधिका मानिसहरूलाई
यसो भनिएको थियो, 'कसैको हत्या नगर।* जसले
हत्या गर्छ, त्यो व्यवस्थाको समक्ष उभिनु पर्नेछ।' २२तर
म तिमीहरूलाई भन्दछु, कोही अन्य व्यक्तिसित नरिसाऊ।
सबैजना प्रत्येकनै तिम्रा भाइ हुन्। यदि तिमी अरू
मानिससँग रिसाउँछौ भने, तिमी इन्साफको निम्ति खड़ा
हुनु पर्नेछ। यदि तिमीले अर्को व्यक्ति सित नराम्रा कुरा
गर्‍यौ भने तिमी यहूदीहरूको महासभाको* समक्ष
उभिनु पर्नेछ। यदि अर्को व्यक्तिलाई 'बेवकूफ' भन्छौ
भने तिमी नरकको अग्निको भीषणतामा पर्नेछौ।

२३"जब तिमीले परमेश्वरलाई भेटी चढ़ाउनेछौ त्यसबेला
तिमी अरूहरूलाई पनि सम्झ। यदि तिमीले वेदीमा भेटी
चढ़ाउँदा तिम्रो विरुद्धमा तिम्रो भाइको हृदयमा केही छ
भन्ने सम्झ्यौ भने, २४त्यही वेदीको छेउमा तिम्रो भेटी
छोड़। पहिला तिमी जाऊ अनि त्यो मानिससित मिलाप
गर। तब तिमी फर्की आएर आफ्नो भेटी बेदीमा
चढ़ाऊ।

२५"यदि तिम्रो विरोधीले तिमीलाई न्यायालयमा लँदैछ
भने उसित मिलाप गरिहाल। न्यायालय पुग्नु अघिनै
तिमीले यसो गर। यदि तिमी उसको साथी बन्न
असफल भयौ भने उसले तिमीलाई न्यायाधीशको हातमा
सुम्पिदेला, न्यायाधीशले तिमीलाई रक्षकको हातमा
सुम्पिदेलान् अनि तिमीलाई झ्यालखानामा थुनिदिनेछ।
२६अनि म तिमीलाई भन्दछु कि तिमीले ऋृणको
अन्तिम पैसा नतिरुञ्जेल तिमी त्यहाँबाट कुनै तरिकाले
उम्कने छैनौ।

## येशूद्वारा व्यभिचार बारे शिक्षा

२७"तिमीहरूले यसो भनेको सुनेका छौ, 'व्यभिचारको
पापबाट अलग बस।'* २८तर म तिमीहरूलाई भन्दछु,
जसले स्त्रीलाई खराब इच्छाले हेर्दछ, त्यसले अघिबाटै
उसित त्यसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ।
२९यदि तिम्रो दाहिने आँखाले तिमीलाई बाधा पुर्‍याउँछ
भने, त्यसलाई निकालेर फालिदेऊ। किनभने तिम्रो
सम्पूर्ण शरीर नरकमा पर्नुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये
एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुन्छ। ३०यदि
तिम्रो दाहिने हातले तिमीलाई पाप गराउँछ भने त्यसलाई
काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा
जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु तिम्रो
निम्ति हितकारी हुन्छ।

## येशूद्वारा छुटानाम बारे शिक्षा

*(मत्ती १९:९; मर्कूस १०:११-१२; लूका १६:१८)*

३१"यसलाई यसप्रकारले भनिएको छ, 'जसले आफ्नो
पत्नीलाई त्याग गर्ला, त्यसले उसलाई त्यागपत्र लेखी
देओस्।'* ३२तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नो
पत्नीलाई व्यभिचारको पापको कारण बाहेक अन्य
कारणले त्याग गर्ला, उसलाई त्यसले व्यभिचारिणी
तुल्याउँछ, र जसले त्याग गरेकोसित विवाह गर्ला,
त्यसले पनि व्यभिचार गर्नेछ।

## येशूद्वारा प्रतीज्ञा बारे शिक्षा

३३"फेरि तिमीहरूले सुनेका छौ, कि हाम्रा पुर्खाहरूलाई
यसो भनिएको थियो, 'जब तिमी शपथ खान्छौ, त्यो
प्रतिज्ञा नतोड़। परमेश्वरको निम्ति आफ्नो प्रतिज्ञा पूरा
गर।'* ३४तर म तिमीहरूलाई भन्दछु, स्वर्गको नाउँमा
कसम वा प्रतिज्ञा खाँदै नखाऊ, किनभने स्वर्ग परमेश्वरको
सिंहासन हो। ३५पृथ्वीको नाममा कसम नखाऊ, किनभने
पृथ्वी परमेश्वरको पाउदान हो। यरूशलेमको नाउँमा
कसम नखाऊ, किनभने त्यो महाराजाको नगर हो।
३६अनि आफ्नो शिरको कसम वा शपथ पनि नखाऊ,
किनभने तिमी आफ्नो शिरको एउटा केशलाई पनि सेतो
वा कालो तुल्याउन सक्तैनौ। ३७यदि तिमी 'हो' भने 'हो'
भन 'होइन' भने 'होइन' भन। औ यी भन्दा बढ़ता चाहिँ
दुष्ट-तर्फबाट भएको हो।

## येशूद्वारा बदला बारे शिक्षा

*(लूका ६:२९:३०)*

३८"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो,

---

**'कसैको हत्या नगर'** प्रस्थान २०:१३; व्यवस्था ५:१७।

**महासभा** यहूदीहरूका सम्बन्धमा प्रमुख शासन गर्ने सम्मेलनलाई "महासभा" भनिन्थ्यो।

**'व्यभिचारको ... बस'** प्रस्थान २०:१४; व्यवस्था ५:१८।

**'जसले आफ्नो ... लेखी देओस्'** व्यवस्था २४:१।

**'जब तिमी ... पूरा गर'** लेवी १९:१२; गन्ती ३०:२; व्यवस्था २३:२१।

'आँखाको बद्ला आँखा, र 'दाँतको बद्ला दाँत।'*
३९तर म तिमीहरूलाई भन्दछु, 'दुष्टको सामना नगर।
यदि कसैले तिम्रो दाहिने गाला चट्काइदियो भने
त्यसलाई अर्कोतिरको पनि फर्काइदेऊ। ४०यदि कसैले
मुद्धा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई
तिम्रो खास्टो पनि दिइहाल। ४१यदि कसैले तिमीलाई
एक माइलसम्म जबरजस्त हिँड्न लाउँछ भने उसित दुइ
माइलसम्म जाऊ। ४२यदि कसैले तिमीसित केही माग्छ
भने त्यो दिइहाल। कुनै व्यक्तिले कर्जा लिन चाहेमा पनि
केही दिन अस्वीकार नगर।

### सबैलाई प्रेम गर

*(लूका ६:२७-२८; ३२:३६)*

४३"तिमीहरूले यसो भनिएको सुनेका छौ, 'तिम्रो
छिमेकीलाई प्रेम गर र तिम्रो शत्रुलाई घृणा गर।'*
४४तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम
गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर।
४५यदि तिमीले यसो गऱ्यौ भने तिमी स्वर्गको पिताका
साँचो पुत्र हुनेछौ। किनभने उहाँले दुष्ट र असल दुवैका
निम्ति घाम लगाइदिनुहुन्छ। अनि न्यायीहरू एवं अन्यायीहरू
दुवैका मानिसहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ। ४६यदि
तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने
तिमीहरूले कुनै इनाम पाउने छैनौ। महसूल उठाउनेहरूले
पनि त्यसै गर्लान्। ४७अनि यदि तिमीहरू आफ्ना
साथीभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरू
मानिसहरूसँग असल ठहर्नेछैनौ। परमेश्वर नमान्ने मानिसहरू
पनि आफ्ना साथीभाइहरूसँग असल नै हुन्छन्।
४८यसैकारणले तिमीहरू सिद्ध होऊ, जसरी तिमीहरूका
स्वर्गका पिता सिद्ध हुनुहुन्छ।

### येशूद्वारा दान बारे शिक्षा

६ "होशियार बस, जब तिमीहरू राम्रो काम गर्छौ,
अरू मानिसहरूका उपस्थितिमा त्यस्ता देरवावटका
निम्ति काम नगर। यदि त्यसो गऱ्यौ भने स्वर्गमा भएका
तिम्रा पिताबाट तिमीहरूलाई केही इनाम मिल्नेछैन।
२"जब तिमी दरिद्रिहरूलाई सहायता दिँदछौ त्यसको
विज्ञापन नगर। कपटीहरूले जस्तो कार्य नगर। तिनीहरूले
अरूले देखुन भनेर तिनीहरू दरिद्रिलाई सहायता गर्न
अघिबाटै आफ्ना तुरही बजाउँछन्। तिनीहरूले सभाघरहरू
र गल्लीहरूमा यसो गर्छन्। मानिसहरूबाट प्रशंसा पाउनलाई
तिनीहरू यसो गर्दछन्। म तिमीहरूलाई साँचो भन्छु, यो
नै ती सबै इनामहरू हुन जो तिनीहरूले पाउने छन्।
३तर जब तिमी दरिद्रिका निम्ति दान-पुण्य गर्दछौ, एकदमै
गुप्ती रुपले गर। कसैले केही नजानोस् कि तिमी के
गर्न लागिरहेछौ। ४तिम्रो दान-पुण्य गुप्त रूपमा होस्।
गुप्त रुपमा गरेका तिम्रो दान-पुण्य तिम्रा पिताले अवश्यै
देख्नेछन्। तब तिम्रा पिताले, जसले गुप्तरूपमा के
गरिएको देखेकाछन् उहाँले तिमीलाई इनाम दिनुहुनेछ।

### येशूद्वारा प्रार्थना बारे शिक्षा

*(लूका ११:२-४)*

५"जब तिमी प्रार्थना गर्दछौ, तब कपटीहरूले जस्तो
प्रार्थना नगर। कपटीहरू सभाघरहरूमा र गल्लीहरूमा
उभिएर अरूले देखून् भनी प्रार्थना गर्दछन्। म तिमीहरूलाई
साँचो भन्दछु, तिनीहरूले यी सबै इनाम पाउनेछन्।
तिनीहरूले इनाम पाइसकेका छन्। ६जब तिमी प्रार्थना
गर्दछौ, तिमी आफ्नो भित्री कोठामा पसी ढोका बन्द
गर। अनि त्यसपछि तिमी आफ्ना पितालाई प्रार्थना गर।
जो गुप्त ठाउँमा हुनुहुन्छ। गुप्तरूपमा गरेका सबै कुरा
तिम्रा पिताले देख्नु हुनेछ, अनि तिमीलाई उहाँले इनाम
दिनुहुनेछ।
७"अनि जब तिमी प्रार्थना गर्दछौ, तब परमेश्वरलाई
नजान्ने अरु मानिसहरूले जस्तो व्यवहार नगर। तिनीहरू
अर्थ विहीनका कुरा गर्छन्। तिमीले त्यसप्रकारले प्रार्थना
गर्नु हुँदैन। तिनीहरूले सोँचेका हुन्छन् कि परमेश्वरले
तिनीहरूका कुरा सुन्नुहुनेछ किनभने तिनीहरू अनेक
कुराहरू भन्छन्। ८त्यस्ता मानिसहरू जस्तो नहोऊ।
तिमीहरूले पितासंग माग्न अघिनै तिमीहरूलाई कुन-कुन
कुराको खाँचो छ, सो तिमीहरूका पिताले जान्नुहुन्छ।
९यसैले जतिबेला तिमी प्रार्थना गर्दछौ, त्यसबेला यसरी
प्रार्थना गर:

'हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, हामी प्रार्थना
गर्दछौं कि तपाईंको नाउँ सँधै पवित्र रहोस्।'
१० हामी प्रार्थना गर्दछौं, तपाईंको राज्य आवोस्
अनि तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा
पूरा होस्।

---

**'आँखाको … दाँत'** प्रस्थान २१:२४; लेवी २४:२०।

**'तिम्रो … घृणा गर'** लेवी १९:१८।

११ आज हामीलाई प्रत्येक दिन चाहिने भोजन
दिनोस।
१२ हाम्रा अपराधहरू क्षमा गरिदिनुहोस्। जसरी
हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका
छौं।
१३ हामीलाई प्रलोभनमा पर्न नदिनुहोस् तर हामीलाई
दुष्टबाट बँचाउनु होस्।*

१४यदि, तिमीहरूले तिनीहरूको कसूर क्षमा ग-यौ भने
तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले पनि तिमीहरूलाई
क्षमा गर्नुहुनेछ। १५यदि तिमीहरूले मानिसहरूका कसूर
क्षमा गरेनौ भने तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले
पनि तिमीहरूका कसूर क्षमा गर्नु हुनेछैन।

### येशूद्वारा उपवास बारे शिक्षा

१६“जब तिमीहरू उपवास बस्तछौ, तब कपटीहरू
जस्ता उदास अनुहार नबनाऊ। कपटीहरूले जस्तो आचरण
नगर। मानिसहरूलाई उपवास बसेको देखाउनलाई तिनीहरू
आफ्नो अनुहारलाई अनौठो देखिने तुल्याउँछन्। म
तिमीहरूलाई साँचो भन्दछु, ती कपटीहरूले पाउने सबै
इनाम यही हो। तिनीहरूले इनाम पाइसकेका छन्।
१७यसर्थ जब तिमीहरू उपवास बस्छौ, आफूलाई सुन्दर
पारेर बस। आफ्नो अनुहार धोऊ। १८तब मानिसहरूले
तिमीहरू उपवास बसिरहेका छौ भन्ने कुरा जान्ने छैनन्।
तर तिमीहरूले देख्न नसकेका पिताले देख्नुहुनेछ। गुप्तमा
भएका तिम्रा पिताले सबै कुराहरू देख्नुहुनेछ। अनि
उहाँले नै इनाम दिनु हुनेछ।

### धन-सम्पत्ति भन्दा परमेश्वर महान हुन्

*(लूका १२:३३-३४; ११:३४-३६; १६:१३)*

१९“आफ्नो निम्ति पृथ्वीमा सम्पत्ति नथुपार। खिया र
किराहरूले सम्पत्ति ध्वंस पारिदिनेछ। अनि चोरहरूले
पनि तिम्रो घर फोरेर त्यहाँको सम्पत्ति चोर्छन्। २०तर
आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार। स्वर्गमा भएको
धन-सम्पत्ति खिया र किराहरूले नष्ट पार्ने होइन। चोरले
पनि त्यहाँ पसेर चोर्न सक्तैन। २१कारण जहाँ तिम्रो
सम्पत्ति हुन्छ, त्यहीँ तिम्रो मन पनि हुनेछ।
२२“तिम्रो शरीरको ज्योति आँखा हो। यदि तिम्रा
आँखाहरू ठिक छन् भने, तिम्रा सारा शरीर उज्यालो
रहने छ। २३तर यदि तिम्रा आँखा खराब छन् भने तिम्रा
सारा शरीर अँध्यारो हुनेछ। यदि तिम्रो उज्यालो चाहिँ
अँध्यारो भयो भने, त्यो अँध्यारो घनघोर हुनेछ।
२४“कसैले पनि दुई मालिकको चाकरी एकै समयमा
गर्न सक्तैन। यदि उसले एउटालाई घृणा र अर्कोलाई
प्रेम गर्नेछ। अथवा त्यो एउटासित झुक्नेछ, र अर्कोलाई
तुच्छ ठान्नेछ। यसैले एउटै समयमा एकैसाथमा तिमीहरूले
परमेश्वर र धनको चाकरी गर्न सक्तैनौ।

### परमेश्वरको राज्यमा पहिले आऊ

*(लूका १२:२२-३४)*

२५“यसैले म तिमीहरूलाई भन्दछु, बाँच्नलाई के
खानु पर्ने भन्ने बिषयमा तिमीहरू चिन्तित हुनु हुँदैन।
तिमीलाई शरीरको निम्ति चाहिने बस्त्रका निम्ति तिमीहरू
फिक्री नगर। खानेकुरा भन्दा जीवन धेरै मूल्यवान छ।
अनि लुगाफाटा भन्दा शरीर धेरै मूल्यवान छ। २६चरा-
चुरुङ्गीलाई हेर, तिनीहरूले नता कहिले बीउनै छर्छन्, न
अन्नको फसल काट्छन्। न भकारीहरूमा बटुल्छन्। तर
तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनु हुन्छ।
अनि तिमीहरूलाई थाहा छ कि ती चराचरुङ्गीहरू भन्दा
तिमीहरू बहुमूल्य छौ। २७फिक्री मात्र गरेर कसैले
जीवनमा केही घड़ी बढ़ाउन सक्छ?
२८“अनि लुगाफाटाको निम्ति तिमीहरू किन फिक्री
गर्छौ? बँगैचाको फूलहरू प्रति विचार गर, ती कसरी
बढ़दछन्। तिनीहरू न त आफ्नो लागि परिश्रम गर्दछन्,
न त बस्त्रका निम्ति धागो कात्दछन्। २९तैपनि म
तिमीहरूलाई भन्दछु, महान अनि धनी राजा सुलेमान
पनि यी फूलहरू मध्ये एउटा जत्ति पनि सिँगारिएका
थिएनन्। ३०परमेश्वरले यसै प्रकारले जमीनमा झारपात
उमारेर सजाउँनु हुन्छ। जसलाई आज देखिन्छ भोलि
आगोमा फयाँकिनेछ अनि जलाइनेछन्। यसैले परमेश्वरले
नै तिमीहरूलाई अझ राम्ररी लुगाफाटा पहिराइदिनु
हुनेछैन र? यति अल्पविश्वास नराख! ३१यसर्थ फिक्री
नगर अनि नभन, ‘हामी के खाऔंला? वा हामी ‘के
लगाउँला? ३२परमेश्वरमा विश्वास नगर्नेहरू यी सबै
कुराहरू पाउने इच्छा गर्दछन्। यसैले फिक्री नगर,

---

**पद १३** केही ग्रीक प्रतिलिपिहरूमा पद १३ थपिएको छ: “सदा सर्वदाको निम्ति राज्यको लागि शक्ति अनि गौरव तिम्रो हो। आमिन।”

किनभने स्वर्गमा बस्नुहुने पिताले तिमीहरूलाई यी सबै
थोकको आवश्यक छ भनी जान्नुहुन्छ। ३३तिमीहरू अरू
थोक भन्दा परमेश्वरको राज्य अनि परमेश्वरका
धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई
तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुने छ,
३४जसद्वारा भोलिको निम्ति तिमीहरूले त्यत्ति फिक्री गर्नु
पर्ने छैन। प्रत्येक दिनको आ-आफ्नै समस्या हुन्छ।
भोलिको दिनको पनि आफ्नै समस्याहरू छ।

### येशूद्वारा निसाफ बारे शिक्षा

*(लूका ६:३७-३८; ४१-४२)*

**७** "अरू प्रति निसाफ नगर, जस्तो कि परमेश्वरद्वारा
तिमीहरूको निसाफ गरिइने छैन तिमीहरूको निसाफ
गर्नु हुने छैन। २जुन नियम उपयोग गरी तिनीहरू
अरूको निसाफ गर्दछौ, उसै गरी तिमीहरू पनि निसाफ
गरिनेछौ। अनि जुन उपाय प्रयोग गरी अरूलाई तिमीहरू
क्षमा गर्नेछौ त्यही उपाय उपयोग गरी तिमीहरूलाई क्षमा
प्रदान गरिने छ। ३किन? तिमी आफ्नो भाइको आँखामा
भएको सानो कसिङ्गर देख्तछौ, तर तिम्रो आफ्नै आँखामा
भएको ठूलो काठको चोइटा भने देख्तैनौ। ४अथवा
कसरी तिमी तिम्रो भाइलाई भन्नसक्छौ, 'मलाई तिम्रो
आँखाबाट कसिङ्गर निकाल्नदेऊ,' जब तिम्रो आफ्नै
आँखामा त्यो काठको ठूलो चोइटा रहेको छ? ५तिमी
कपटी हौ। पहिले तिम्रो आफ्नै आँखामा भएको त्यो
ठूलो काठको चोइटा निकाल त्यसपछि मात्र तिमीले
आफ्नो भाइको आँखामा भएको कसिङ्गर देख्न समर्थ
हुने छौ।
६"कुकुरहरूलाई पवित्र चीजहरू नदेऊ। तिनीहरूले
तिमीलाई झम्टने छन् अनि टुक्रा टुक्रा पारी च्यात्नेछन्।
आफ्ना मोतीहरू सुँगुरका अगाड़ि नफाल। तिनीहरूले
केवल ती कुल्चने छन्।

### जे चाहन्छौ परमेश्वरलाई माग

*(लूका ११:९-१३)*

७"माग, तब परमेश्वरले तिमीहरूलाई दिनुहुनेछ।
खोजी गर तब तिमीहरूले पाउनेछौ। ढक्ढकाऊ, तब
ढोका तिमीहरूको लागि उघ्रनेछ। ८साँचो हो, जसले
माग्दछ त्यसले पाउँदछ। जसले खोज्दछ उसले भेट्टाउँदछ।
अनि जसले ढकढकाउँछ उसको निम्ति ढोका खुलिनेछ।
९"तिमीहरूको छोरो होला? यदि तिमीहरूको छोरोले
रोटी मागे, के तिमीहरू उसलाई ढुंगा दिन्छौ? अहँ!
१०अथवा, जब तिम्रो छोरोले माछा माग्छ के तिमी
उसलाई साँप दिन्छौ? अहँ! ११तिमी परमेश्वर झैं
होइनौ-तिमी दुष्ट हौ। तर तिमी जान्दछौ कसरी आफ्ना
नानीहरूलाई राम्रो चीजहरू दिनु। यसकारण निश्चय
स्वर्गका तिम्रा पिताले तिनीहरूले मागेको चीजहरू अझ
राम्ररी दिनुहुनेछ।

### प्रमुख नियम

१२"अरू मानिसहरूले तिमीहरूलाई जे जसो गरून्
भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई
त्यसै गर। यो नै मोशाको नियमको अर्थ हो अनि
अगमवक्ताहरूको उपदेश हो।

### स्वर्ग र नर्कको बाटो

*(लूका १३:२४)*

१३"साँघुरो फाटकबाट भित्र पस, जसले स्वर्ग तिर
पुर्‍याउँछ। नर्कमा जाने बाटो एकदमै सजिलो छ। अनि
फाटक पनि फराकिलो छ। धेरै मानिसहरू यहीबाट
पस्दछन्। १४जीवनको बाटोमा लाने फाटक सानो छ।
अनि बाटो अति कठिन छ। केवल अल्प मानिसहरूले
मात्र त्यो बाटो भेट्टाउँछन्।

### अरूहरू जे गर्दछन् त्यो हेर्नु

*(लूका ६:४३-४४; १३:२५-२७)*

१५"झूँठा अगमवक्ताहरूबाट होशियार बस। तिनीहरू
भेड़ाँका भेषमा तिमीहरूकहाँ आउँछन्। तर भित्र तिनीहरू
खतरनाक ब्वाँसोहरू झैं हुन्छन्। १६तिनीहरूले गरेका
कामहरूबाट तिनीहरूलाई चिन्न सकिन्छ। जसरी मानिसले
काँड़ाका बोटबाट अङ्गूर पाउन सक्दैन अथवा काँड़ादार
पोथ्राबाट नेभारा पाउन सकिँदैन। त्यसरी नै नराम्रा
मानिसहरूबाट राम्राकामहरू हुँदैनन्। १७त्यसरी नै, प्रत्येक
असल रूखले राम्रो फल फलाउँछ। अनि नराम्रो रूखले
नराम्रै फल फलाउँछ। १८एउटा असल रूखले कहल्यै
पनि खराब फल फलाउँदैन अनि नराम्रो रूखले कहिल्यै
असल फल फलाउँदैन।" १९असल फल दिन नसक्ने
प्रत्येक रूख काटेर ढालिन्छ र आगोमा हालिन्छ।
२०यसकारण तिनीहरूका कर्मबाट तिमीहरूले झूँठा
अगमवक्ताहरूलाई चिन्नेछौ।

[२१]"हरेक मानिस, जो मलाई प्रभु, भन्छन्, स्वर्गको
राज्यमा पस्न पाउनेछैन, तर जसले मेरा परमप्रभुको
इच्छा पालन गर्दछ त्यसले स्वर्गको राज्यमा प्रवेश गर्न
पाउँदछ। [२२]अन्तिम दिनमा धेरैले मलाई भन्नेछन्, 'तपाईं
नै हाम्रा परमप्रभु हुनुहुन्छ। हामीले तपाईंकै नाउँमा
भविष्यवाणी बोल्यौ; अनि तपाईंकै नाउँमा हामीले ती
दुष्टहरूलाई निकाली पठायौं अनि अनेक अनौठा
चमत्कारहरू गऱ्यौ।' [२३]तब म तिनीहरूलाई खुल्लमखुल्ला
भन्नेछु, 'मबाट टाढ़ो जाऊ तिमीहरूले पापपूर्ण कामहरू
गरेकाछौ। तिमीहरूलाई मैले कहिल्यै चिनेको छैन।"

## बुद्धिमान र मूर्खमानिसहरू

*(लूका ६:४७-४९)*

[२४]"हरेक व्यक्ति जो मैले भनेका यी कुराहरू सुन्छ
अनि पालन गर्छ उनै बुद्धिमान हो। बुद्धिमान मानिसले
आफ्नो घर चट्टानमा निर्माण गरेको छ। [२५]त्यहाँ घनघोर
पानी पऱ्यो अनि बाढ़ी आयो। तुफानी हुरीले त्यो घरलाई
हान्यो। तर पनि त्यो घर ढलेन। किनकि त्यो घर
चट्टानमाथि निर्माण गरिएको थियो। [२६]तर प्रत्येक व्यक्ति
जसले मेरा कुरा सुन्छ तर मेरो अनुसरण गर्दैन, त्यो
एउटा मूर्ख मानिस जस्तै हो। उसले आफ्नो घर
बालुवामाथि बनायो। [२७]अति बृष्टिको कारणले बाढ़ी
आयो, आँधीले घरलाई हान्यो अनि त्यो ठूलो आवाज
सहित ढल्यो।" [२८]येशूले यी कुराको उपदेश गरिसक्नु
भएपछि उहाँका उपदेशले मानिसहरू छक्क परे। [२९]किनकि
येशूले तिनीहरूका कानुनको शास्त्रीहरूले भैं सिकाउनु
भएन। तर अख्तियार भएका व्यक्तिले जस्तो सिकाउनु
भयो।

## येशूद्वारा कुष्टरोगीलाई निको पार्नुभयो

*(मर्कूस १:४०-४५; लूका ५:१२-१६)*

८ येशू डाँड़ाबाट ओर्लनुभयो। अनेकौं मानिसहरूले
उहाँलाई पछ्याए। [२]त्यसैबेला एउटा कुष्टरोगी उहाँ
छेउ आइपुग्यो। येशूको अघि आफ्नो शिर निहुराँउदै
त्यसले भन्यो, "परमप्रभु तपाँइको इच्छा भए मलाई
जाति पार्न सक्नुहुन्छ।"
[३]येशूले त्यो मानिसलाई छुनु भयो। उहाँले भन्नुभयो,
"म तिमीलाई जाति गर्न चाहन्छु। तिमी जाति भइजाऊ।"
अनि तुरून्तै उसको कुष्ट रोग जाति भइहाल्यो। [४]तब
येशूले त्यस मानिसलाई भन्नुभयो, "हेर कि यसबारे
तिमीले कसैलाई नभन्नू। तर आफै जाऊ अनि पूजाहारीलाई
देखाऊ र प्रमाणको लागि मोशाको आज्ञानुसार, तिनीहरूका
समक्ष भेटी चढ़ाऊ। जसले गर्दा मानिसहरूले तिमीलाई
जाति भएको देख्न सक्ने छन्।"

## येशूले अधिकारीको नोकरलाई जाति पार्नुभयो

*(लूका ७:१-१०; यूहन्ना ४:४३-५४)*

[५]येशू कफर्नहुममा पुग्नुभयो। जब उहाँले नगरमा
प्रवेश गर्नुभयो, एकजना सेनाका अधिकारी उनी कहाँ
आए अनि उहाँको सहयोगको निम्ति याचना गरे।
[६]अधिकारीले भने, "प्रभु! मेरो नोकर पक्षवातले थलिएर
मेरो घरमा पलङ्गमा लडिरहेको छ। उसले आफ्नो शरीर
घुमाउनु-फिराउनुसम्म सकेको छैन अनि उग्र व्यथाले
पीड़ित छ।"
[७]येशूले ती अधिकारीलाई भन्नुभयो, "म त्यहाँ जानेछु
अनि तिनलाई निको पारिदिनेछु।"
[८]अधिकारीले जवाफ दियो, "परमप्रभु! तपाईं मेरो
घरमा पस्न हुने त्यति योग्यको म छैन। तर तपाईंले एक
वचन भनि दिनुहोस् अनि मेरो नोकर निको भइहालोस्।
[९]म केही अरू कसैको अधिनमा छु। अनि मेरो
अधिनमा अरू सैनिकहरू छन्। यदि मैले कुनै एकजना
सिपाहीलाई भनें, 'जाऊ' अनि उ जान्छ। अनि अर्को
एक सिपाहीलाई मैले भनें, 'आऊ', अनि उ आँउछ।
यदि मैले मेरो नोकरलाई भनें, "यो गर" अनि उसले
त्यो गर्छ। मलाई थाहा छ तपाईंलाई पनि यस्तो गर्ने
शक्ति छ।"
[१०]जब येशूले यी सबै कुराहरू भनेको सुन्नुभयो,
उहाँ आश्चर्यचकित हुनुभयो। उहाँले आफ्नो साथमा
भएका ती सबै मानिसहरूलाई भन्नुभयो, "म तिमीहरूलाई
साँचो भन्दछु, इस्राएलमा पनि मैले कुनै व्यक्ति यस्तो
दृढ़ विश्वासी भएको पाइन। [११]धेरै मानिसहरू पूर्व र
पश्चिमबाट आई पुग्ने छन् अनि तिनीहरू स्वर्गको
राज्यमा अब्रहाम, इसहाक र याकूब सँग भोजन गर्नका
निम्ति मेचमा बस्नेछन्। [१२]तर मानिसहरू जसको राज्य
हुनुपर्ने थियो तिनीहरू अन्धकार भित्र अफालिइनेछन्।
अनि त्यो ठाउँमा मानिसहरू व्यथाले रूवाबासी र दाहा
किट्नेछन्।"
[१३]तब येशूले त्यस अधिकारीलाई भन्नुभयो, "तिम्रो
घरमा जाऊ। तिमीले विश्वास गरे जस्तै तिम्रो नोकर

निको भइसकेको हुनेछ।” अनि ठीक त्यसैबेला उसको
नोकर निको भयो।

### येशूद्वारा धेरै मानिसहरू निको पारिएका

*(मर्कूस १:२९-३४; लूका ४:३८-४१)*

१४येशू पत्रुसको घरमा जानुभयो। त्यहाँ येशूले पत्रुसको
सासू कड़ा ज्वरोले थलिएर पलङ्मा लड़िरहेको पाउनु
भयो। १५जसै येशूले तिनको हात छुनु भयो तिनी निको
भइन्। अनि तिनी उठिन् र उहाँको सेवा गरिन।
१६त्यसै साँझ मानिसहरूले भूत लागेका धेरै जनालाई
लिएर येशूकहाँ आए। येशूले भूतहरूलाई खेद्नु भयो।
जो-जो विमारी परेका थिए ती सबै ठीक भए। १७यशैया
अगमवक्ताले भनेका सबै कुरा येशूले पूरा गर्नुभयो:

“उहाँले हाम्रा यातनाहरू हटाइदिनु भयो, अनि
हाम्रा रोगहरू उहाँले बोक्नु भयो”

*यशैया ५३:४*

### येशूका चेलाहरू

*(लूका ९:५७-६२)*

१८येशूले देख्नुभयो उहाँलाई धेरै मानिसहरूले घेरेका
थिए। अनि आफ्ना चेलाहरूलाई झीलको अर्को तिर
जानु भन्नु भयो। १९त्यसबेला एकजना शास्त्रीहरू उहाँकहाँ
आए अनि भने, “हे गुरूज्यू! तपाँईं जता जता जानुहुन्छ,
म तपाईंको पछि पछि लाग्नेछु।”
२०येशूले तिनलाई भन्नुभयो, “स्यालहरूका बस्ने
प्वाल हुन्छ, चराचुरूङ्गीको बस्ने गुँड़ हुन्छ। तर मानिसको
पुत्रको लागि ता शिर अढ़ाउने ठाउँ सम्म छैन।”
२१अर्को एकजना मान्छे, जो येशूको चेलाहरूमध्ये
एकजना थियो तिनले येशूलाई भने, “हे परमप्रभु,
पहिला गएर मलाई मेरा बाबुलाई गाड्न दिनुहोस्।
त्यसपछि म तपाईंलाई पछ्याउनेछु।”
२२तर येशूले ती मानिसलाई भन्नुभयो, “मेरो पछि
लाग, मरेका मानिसहरूले तिनीहरूको आफ्नो मुर्दाहरूलाई
आफै गाड्न।”

### येशूद्वारा आँधीको रोकावट

*(मर्कूस ४:३५-४१; लूका ८:२२-२५)*

२३येशू एउटा डुङ्गामा चढ्नुभयो अनि उहाँका चेलाहरू
पनि पछि लागे। २४जब डुङ्गाले किनार छाड्यो, त्यसैबेला
झीलमा अचानक एक भयङ्कर आँधी शुरू भयो।
छालहरूले डुङ्गालाई प्राय: छोप्यो। तर येशू सुतिरहनु
भएको थियो। २५चेलाहरू गए अनि ब्युँझाए अनि
तिनीहरूले भने, “हे परमप्रभु, हामीलाई बँचाउनुहोस्
हामी डुब्न लागिरहेछौं।”
२६येशूले भन्नुभयो, “तिमीहरू किन डराउँछौ?
तिमीहरूसित त्यत्ति विश्वास छैन।” तब येशू उठ्नुभयो
अनि आँधी र छालहरूलाई आज्ञा गर्नु भयो। आँधी
थामियो, अनि झीलमा पुरा शान्ति हुनगयो।
२७सबै मानिसहरू छक्क परे। तिनीहरू भन्नलागे,
“उहाँ कस्तो मानिस हुनुहुन्छ? किनभने हावा अनि
समुद्रले पनि उहाँको आज्ञा मान्दो रहेछ।”

### भूत लागेको दुइजना मानिसहरूलाई चंगाई पार्नु भयो

*(मर्कूस ५:१-२०; लूका ८:२६-३९)*

२८गदरिनीहरूको मुलुकको एउटा झीलको अर्कोतर्फ
येशू आइपुग्नु भयो। त्यहाँ दुइजना मानिस येशूकहाँ
आए। तिनीहरूलाई भूत लागेको थियो। तिनीहरू
चिहानगुफामा बस्दथे। तिनीहरू अत्यन्तै डरलाग्दो थिए।
यसले गर्दा मानिसहरू त्यो बाटो भएर हिँड़ने आँट गर्दैन
थिए। २९ती दुइजना येशू कहाँ आए अनि चिच्याउन
लागे, “हामीबाट तिमी के चाहन्छौ, परमेश्वरको-पुत्र?
के ठीक समयको अघिबाटै हामीलाई दण्ड दिन तिमी
यहाँ आएका हौ?”
३०छेवैको क्षेत्रमा सुँगुरहरूको एक बथान चरिरहेको
थियो। ३१भूतहरूले येशूलाई बिन्ती गर्न लागे, “यदि
तपाईंले यी मानिसहरूबाट हामीलाई धपाउन चाहनुहुन्छ
भने, दया गरी हामीलाई ती सुँगुरको बथानमा पस्न
दिनुहोस्।”
३२येशूले तिनीहरूलाई भन्नुभयो, “जाऊ!” तब ती
भूतहरूले मानिसहरूलाई छाड़े र सुँगुरहरूमा पसे। त्यसपछि
ती सम्पूर्ण बथानहरू डाँड़ाको भिरालो धारबाट झील
तिर ओह्रलिए। ती सबै झीलमा डुबे। ३३ती रखवालाहरू
भागे र शहरतिर गए अनि सबैलाई सुँगुरहरू अनि
भूतहरू चढ़ेका मानिसहरू बारेको कथा सुनाउन थाले।
३४तब नगरका सबै मानिसहरू येशूलाई हेर्न गए। जब
मानिसहरूले येशूलाई देखे, तिनीहरूले तिनीहरूको मुलुक
छाड़न भनी निवेदन गरे।

### येशूले पक्षवातको रोगीलाई निको पार्नुभयो
*(मर्कूस २:१-१२; लूका ५:१७-२६)*

९ येशू एउटा डुङ्गामा चढ्नुभयो अनि झील पार
गर्नुभयो अनि आफ्नो शहरमा पुग्नुभयो। २केही
मानिसहरू एकजना पक्षवात रोगीलाई आफूहरूसित लिएर
येशू भएकहाँ पुगे। त्यो मानिस ओछ्यानमै लडिरहेको
थियो। येशूले देख्नु भयो कि तिनीहरूमा औंधी विश्वास
छ। अनि उहाँले त्यो पक्षवातको रोगीलाई भन्नुभयो,
"सुखी होऊ, जवान मान्छे तिम्रो पापहरू क्षमा गरिएको
छ।"
३केही शास्त्रीहरूले यी कुराहरू सुने। तिनीहरूले
आफू माझ त्यस कुराको वहस गरे, "यो मानिस
परमेश्वरले जस्तै कुरा गर्छ उसले परमेश्वरकै निन्दाको
कुरा गरे जस्तो छ।"
४तिनीहरूले यस्तै सोँचिरहेका होलान् भनेर येशूले
जान्नु भयो अनि उहाँले भन्नु भयो, "किन तिमीहरू
यस्तो दुष्ट विचारहरू आफ्नो मनमा राख्छौ? ५-६यो
पक्षवातरोगीलाई कुन भन्नु सजिलो छ: 'तिम्रा पापहरू
क्षमा गरिए' अथवा 'उठ' र 'हिँड' भन्नु। म तिमीहरूलाई
यो देखाउने छु कि यस धरतीमा मानिसको पुत्रलाई पाप
क्षमा गर्ने शक्ति प्राप्त छ। तब येशूले पक्षवातका
रोगीलाई भन्नुभयो, "उठ तिम्रो बिछ्यौना बोक र घर
जाऊ।" ७अनि त्यो मान्छे उठ्यो र घरतिर लाग्यो।
८मानिसहरू यो देखी छक्क परे। मानिसहरूलाई यस्तो
शक्ति प्रदान गरेकोमा तिनीहरूले परमेश्वरको प्रशंसा
गरे।

### येशूद्धारा मत्तीलाई बोलावट
*(मर्कूस २:१३-१७; लूका ५:२७-३२)*

९जब येशू गइरहनु भएको थियो, उहाँले एकजना
मत्ती नाम गरेको मान्छेलाई भेट्नुभयो। मत्ती महसूल
उठाउने अड्डामा बसिरहेका थिए। येशूले भन्नुभयो,
"मसित आऊ।" त्यसपछि मत्ती जुरूक्क उठे अनि येशूको
पछि लागे।
१०येशू बेलुकीको भोजन मत्तीकै घरमा खाँदै हुनु
हुनुहुन्थ्यो। धेरै महसूल उठाउनेहरू र पापीहरू आएका
थिए अनि येशू र उहाँका चेलाहरूसँगै भोजन गर्दै थिए।
११येशूले ती मानिसहरूसँग खाना खाइरहेका फरिसीहरूले
देखे। फरिसीहरूले येशूका चेलाहरूलाई सोधे, "किन
तिमीहरूका गुरूले महसूल उठाउने र पापीहरूसँग बसेर
खाना खानु भएको?"
१२फरिसीहरूले भन्दै गरेको कुरा येशूले सुन्नुभयो।
अनि उहाँले भन्नुभयो, "खास मानिसहरूलाई वैद्यको
आवश्यकता पर्दैन। जो रोगी छन् उसैलाई वैद्यको
आवश्यकता पर्दछ। १३म तिमीहरूलाई एउटा कुरा
भन्नेछु। जाऊ अनि सिक, यसको अर्थ के हो: 'म
पशुको बलिदान चाहन्नँ। म मानिसहरूमा दया चाहन्छु।'*
म यहाँ धार्मिक मानिसहरूलाई भेट्न आएको होइन। म
यहाँ पापीहरूलाई भेट्न आएको हुँ।"

### येशू अरू यहूदीहरू जस्ता हुनुहुन्न
*(मर्कूस २:१८-२२; लूका ५:३३-३९)*

१४त्यसपछि यूहन्नाका चेलाहरू येशूकहाँ आए।
तिनीहरूले येशूलाई भने, "हामी अनि फरिसीहरू धेरै
जसो उपवास बस्तछौं। तर तपाईंका चेलाहरू किन
उपवास बस्तैनन्?"
१५येशूले भन्नुभयो, "विवाहका बेलामा जो दुलहासँग
हुन्छन्, दु:खी हुन सक्तैनन्। तर त्यस्तो समय आउँछ
जब तिनीहरूबाट दुलहालाई अलग लगिन्छ। तब तिनीहरू
दु:खी बन्छन्। अनि तिनीहरू उपवास लिन्छन्।
१६"कसैले पुरानो वस्त्रमा भएको प्वालमा नखुम्चिएको
लुगाको टुक्रा टाल्दैन। यदि कसैले त्यसो गरे त्यो टालो
पुरानो लुगाबाट च्यातिन्छ र त्यो प्वाल झन नराम्रो
हुन्छ। १७कसैले पनि नयाँ दाखरसलाई दाखरसको पुरानो
थैलाहरूमा हाल्दैन। किनभने दाखरसको पुरानो थैलाहरू
फुट्नेछन्, दाखरस पोखिनेछ अनि थैलाहरू नष्ट हुनेछन्।
तर मानिसहरूले नयाँ थैलाहरूमा नयाँ दाखरस हाल्दछन्।
अनि दाखरस र थैलाहरू दुबै सुरक्षित रहन्छन्।"

### येशूद्धारा मृत युवतीले जीवन फिर्ता पाउँछिन् अनि रोगी स्त्री आरोग्य प्राप्त गर्छिन्
*(मर्कूस ५:२१-४३; लूका ८:४०-५६)*

१८येशू यी कुराहरू भनिरहनु हुँदैथियो, त्यसैबेला
महासभाका एकजना प्रमुख उहाँकहाँ आए। येशूको
अघि शिर झुकाए, अनि भने, "मेरो छोरी भर्खरै
स्वर्गबास भई, कृपया आउनुहवस् अनि तपाईंको हात

---

**'म पशुको … दया चाहन्छु'** होशे ६:६।

त्यसमाथि राखिदिनुहोस् अनि त्यसले आफ्नो जीवन फिर्ता
पाउनेछ।"
१९तुरन्तै येशू उठ्नु भयो अनि तिनीसित जानुभयो।
उहाँका चेलाहरू पनि पछि लागे। २०बाह्र बर्षदेखि रगत
बहने रोगले ग्रस्त एक स्त्री त्यहाँ थिईन। येशूको
पछिल्तिर आएर उसले उहाँको बस्त्रलाई छोइन्। २१त्यो
स्त्रीले सोँच्दै थिइन, "यदि मैले उहाँको कोट छोएँ मात्र
भने पनि म ठीक भइजानेछु।" २२येशू पछिल्तिर फर्किनु
भयो अनि उसलाई देख्नु भयो अनि भन्नु भयो, "प्यारी
छोरी खुशी होऊ। तिम्रो विश्वासले तिमीलाई निको
पारेको छ।" त्यतिनै बेला त्यो स्त्री ठीक भइन्।
२३येशू यहूदी शासकसँग हिँड्दै हुनुहुन्थ्यो। उहाँ
तिनको घरमा पुग्नुभयो। उहाँले मानिसहरूलाई शोक
संगीत बजाइरहेको देख्नुभयो। उहाँले धेरै मानिसहरूलाई
त्यहाँ रोइरहेको देख्नुभयो (किनभने युवती मरेको थिई)।
२४येशूले भन्नुभयो, "पर जाऊ। यो युवती मरेकी छैन।
उ केवल निदाइरहेकी छे।" यो देखेर मानिसहरूले
उहाँको हाँसो गरे। २५जब मानिसहरूलाई घरबाट बाहिर
पठाइए, तब येशू युवतीको कोठामा प्रवेश गर्नुभयो।
उहाँले युवतीको हात समात्नु भयो अनि त्यो युवती
उठी। २६तब यस कुराको खबर सारा मुलुक भरि
फिँजियो।

## येशूद्वारा धेरै मानिसहरू निको भएका

२७जब येशू त्यो स्थानबाट गइरहनु भएको थियो,
दुइजना अन्धो मानिसले उहाँलाई पछ्याए। ती अन्धाहरूले
ठूलो स्वरले भन्न लागे, "हे दाउदका पुत्र, कृपया
हामीलाई सहायता गर्नुहवस्।"
२८जब येशू घरभित्र पस्नुभयो, ती अन्धा मानिसहरू
उहाँकहाँ आए। उहाँले ती अन्धाहरूलाई भन्नुभयो, "के
म तिमीहरूलाई फेरि देख्नसक्ने बनाउँछु भनेर तिमीहरूलाई
विश्वास लाग्छ?" अन्धा मानिसहरूले उत्तर दिए, "हो,
परमप्रभु, हामीलाई विश्वास लाग्छ।"
२९त्यसपछि येशूले तिनीहरूका आँखाहरू छुनु भयो
अनि भन्नुभयो, "मैले तिमीहरूलाई देख्नसक्ने बनाउनु
सक्छु भन्ने विश्वास तिमीहरूसित छ। यस्तै हुन देऊ।"
३०त्यसपछि तिनीहरूले तुरन्तै देख्न सके। येशूले तिनीहरूलाई
कड़ा चेतावनी दिनु भयो, उहाँले भन्नु भयो, "यो कसैले
थाहा पाउनु हुँदैन।" ३१तर ती अन्धा मानिसहरू बाहिर
गए अनि येशूको खबर त्यस क्षेत्रमा चारैतिर फिँजाए।
३२जब ती दुइ मानिस जान लागेका थिए, केही
मानिसहरूले अर्को एकजनालाई येशूकहाँ ल्याए। उसलाई
भूत लागेको हुनाले त्यो व्यक्तिले बोल्ने शक्ति गुमाएको
थियो। ३३येशूले त्यस मानिसबाट भूत भगाइदिनुभयो।
त्यसपछि त्यो मान्छे बोल्न थाल्यो। मानिसहरू छक्क परे
अनि भन्नलागे, "इस्राएलमा यसप्रकारको घटना पहिले
कहिल्यै घटेको देखिएको थिएन।"
३४तर फरिसीहरूले भने, "भूतहरूको नेता एउटै छ
जसले उहाँलाई भूत धपाउने शक्ति दिएको छ।"

## येशू मानिसहरूको लागि दुःख मान्नु हुन्छ

३५येशूले सारा शहर र गाउँहरू हुँदै यात्रा गर्नुभयो।
तिनीहरूका महासभाहरूमा शिक्षा दिनु भयो अनि राज्यको
बारेमा सुसमाचारहरू प्रचार गर्नु भयो।। येशूले सबै
प्रकारका रोग र बिमारीहरू निको पार्नुभयो। ३६उहाँले
भीड़ देख्नुभयो अनि उनीहरूको निम्ति दयावान बन्नुभयो।
किनभने तिनीहरू असहाय अनि चिन्तित थिए। तिनीहरू
गोठालो नभएका भेड़ाँहरू जस्तै थिए। ३७येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "फसल काट्न धेरै छन् तर
फसल काट्ने कर्मीहरू कम्ती छन्। ३८प्रभु फसलका
मालिक हुनुहुन्छ। उहाँलाई प्रार्थना गर जसद्वारा उहाँले
आफ्ना फसल संग्रह गर्न अधिक कर्मीहरू पठाउनु
हुनेछ।"

## येशू प्रचारका निम्ति आफ्ना प्रेरितहरूलाई पठाउनु हुन्छ

*(मर्कूस ३:१३-१९; ६:७-१३; लूका ६:१२-१६; ९:१-६)*

**१०** येशूले उहाँका बाह्र चेलाहरूलाई बोलाउनु भयो।
उहाँले तिनीहरूलाई दुष्टात्माहरूलाई धपाउने
सामर्थ्य दिनुभयो। उहाँले हरेक प्रकारको रोग र विमारहरू
निवारण गर्न सक्ने सामर्थ्य तिनीहरूलाई दिनुभयो। २ती
बाह्र प्रेरितहरूको* नाउँ यस प्रकार छ: शिमोन जसलाई
पत्रुस पनि भनिन्छ अनि उसको भाइ आन्द्रियास,
याकूब, जब्दीको छोरो याकूब; अनि उसको भाइ
यूहन्ना; ३फिलिप र बारथोलोमाइ; थोमास र मत्ती, कर
उठाउने; याकूब, अल्फयसको छोरो; र थेदियस; ४शिमोन
कनानी* र इस्करयोतको यहूदा, जसले येशूलाई
विश्वासघात गरेको थियो।

---

**प्रेरितहरू** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिसहरू।

**कनानी** कनानीहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

५येशूले यी बाह्रजना प्रेरितहरूलाई आज्ञा दिनुभयो। त्यसपछि उहाँले तिनीहरूलाई राज्यको विषयमा प्रचार गर्न भनी पठाउनुभयो। येशूले भन्नुभयो, "अयहूदीहरूकहाँ नजाऊ। अनि त्यो कुनै पनि शहरमा नजाऊ जहाँ समारिहरू बस्छन्। ६बरू इस्राएली मानिसहरूकहाँ जाऊ। तिनीहरू हराएका भेड़ाँहरू झैं छन्। ७जब तिमीहरू जान्छौ, घोषणा गर: 'स्वर्गको राज्य आउनै लागेको छ।' ८रोगीहरूलाई निको पार, मरेकाहरूलाई जीवनमा ल्याऊ। कुष्ट रोगीहरूको उपचार गर। मानिसहरूबाट भूत धपाऊ। म तिमीहरूलाई सित्तैंमा यी शक्तिहरू दिन्छु। यसर्थ सित्तैंमा तिनीहरूलाई सघाऊ। ९तिमी आफ्ना साथमा पैसा सुन, चाँदी र तावाँहरू नलैजाऊ। १०झोला समेत नबोक यात्राका निम्ति लाउने फाल्टो लुगाफाटा वा जुत्ता नलैजाऊ। हिड़ँनलाई लौरो समेत नबोक। एक कर्मीलाई उसले चाहेका सबै चीजहरूको बन्दोबस्त हुनुपर्छ।

११"जब तिमीहरू कुनै नगर वा शहरतिर जान्छौ त्यहाँ कुनै न कुनै योग्य व्यक्तिलाई भेट अनि त्यो स्थान न छाड़े सम्म उसको घरमा बस। १२तिमी घरभित्र पस्न साथै त्यसलाई भन, 'तपाईंलाई शान्ति होओस्।' १३घरभित्र भएका मानिसहरूले तिमीहरूलाई स्वागत जनाए भने तिनीहरू तिम्रो शान्तिको कामना ग्रहण गर्न योग्यका छन्। यदि तिनीहरूले स्वागत नजनाए तिमीहरूको शान्तिको कामना फिर्त्ता लेऊ किनभने तिनीहरू तिमीहरूको शान्ति कामनाका योग्य छैनन्। १४यदि कुनै घर वा शहरले तिमीहरूलाई स्वागत नगरे अथवा तिमीहरूको कुरा नसुने, त्यो ठाउँ छोड़दा गोड़ाको धुलोसम्म टकटकाउनु। १५तिमीहरूलाई म साँचो भन्दछु। न्यायको दिनमा तिनीहरू प्रतिको व्यवहार सोदोम र गमोरा नगरहरू प्रतिको भन्दा नराम्रो हुनेछ।

### येशूद्वारा समस्याहरू बारे चेतावनी

*(मर्कूस १३:९-१३; लूका २१:१२-१७)*

१६"सुन! म तिमीहरूलाई ब्वाँसोका बीचमा भेँड़ा झै पठाउँछु। यसकारण सर्प झैं चनाखो बन। अनि ढुकुर झैं निर्दोष बन। १७सबै मानिसहरूदेखि सतर्क बन। तिनीहरूले तिमीहरूलाई गिरफ्तार गर्नेछन् अनि अदालतमा पठाइदिनेछन्। तिनीहरूले आफ्नो सभाघरहरूमा लगेर कोर्रा लाउनेछन्। १८तिनीहरूले तिमीहरूलाई राज्यपाल अनि राजाहरूकोमा अघि लानेछन्। मेरो कारणले गर्दा तिनीहरूले यसो गर्नेछन्। तिमीहरू ती हाकिम अनि राजाहरू अनि अ-यहूदीहरूको समक्ष मेरो बारेमा भन्नेछौ। १९जब तिमीहरू गिरफ्तार हुनेछौ, के बोल्नु पर्ने र कसरी बोल्नु पर्ने भन्ने बारे चिन्तित नबन। त्यसबेला तिमीहरूले भन्नु पर्ने कुराहरू तिमीहरूलाई बताइनेछ। २०वास्तवमा तिमीहरू बोल्दैनौ परमपिताको आत्मा तिमी मार्फत बोल्नुहुनेछ।

२१"दाजु भाइहरू आफ्नै दाजु-भाइहरूको विरुद्ध हुनेछन् अनि तिनीहरूलाई मार्न लाउने छन्। बाबुहरूले आफ्नै छोराहरूलाई मार्न लाउनेछन्। छोराछोरीहरू आमाबाबुहरूको विरूद्ध उठ्नेछन्, र तिनीहरूलाई मार्ने व्यवस्था गर्नेछन्। २२सबै मानिसहरूले तिमीहरूलाई घृणा गर्नेछन् किनभने तिमीहरूले मलाई पछ्याउन लागेको हुनेछौ। तर जसले आखिरसम्म सहन्छ उसको उद्धार हुनेछ। २३जब एउटा शहरबाट तिमीहरू खेदिनेछौ तब अर्को शहरमा जाऊ। म तिमीहरूसित साँचो भन्दछु। तिमीहरू मानिसको पुत्र आउनको अघिबाट नै इस्राएलको सबै शहरहरू भएर जान समर्थ हुने छैनौ।

२४"कुनैपनि चेला यस्तो हुँदैन जो गुरू भन्दा श्रेष्ट होस्। कुनै पनि दास यस्तो हुँदैन जो मालिकभन्दा श्रेष्ठ होस्। २५एउटा चेलाको निम्ति आफ्ना गुरू जस्तै बन्नु पर्याप्त छ। एक दासको निम्ति आफ्ना मालिक जस्तै बन्नु पर्याप्त छ। यदि घरका ठूलाबड़ालाई नै बीलजीबुल अथवा शैतान भनिन्छ भने, परिवारका अरू सदस्यहरूलाई त्यो भन्दा नराम्रो कहलाइने छ।

### परमेश्वरसंग डराऊ मानिसहरूसंग होइन

*(लूका १२:२-७)*

२६"यसकारण ती मानिसहरूदेखि डराउने काम छैन। छोपिएका प्रत्येक कुरा उघारिइनेछ। गुप्त रहेका प्रत्येक कुरालाई प्रकट गरिइनेछ। २७यी सबै कुराहरू म तिमीहरूलाई अँध्यारोमा भन्छु तर तिमीहरूले यो कुरा उज्यालोमा भन्नु पर्छ। यी कुराहरू म तिमीहरूका कानमा कानेखुशी गर्नेछु तर तिमीहरूले यी सबै कुराहरू सबैलाई खुल्लम खुल्ला भन्नु पर्दछ। २८मानिसहरूदेखि भय प्राप्त नगर। तिनीहरूले खालि तिम्रो शरीर मार्नेछन्। तिनीहरूले आत्मालाई मार्न सक्ने छैनन्। तिमीहरू उनी एकसित डराउनु पर्नेछ जसले तिम्रो शरीर र आत्मालाई नै नर्कमा लैजान्छ। उहाँले शरीर र आत्मालाई नरकमा

पठाउनु सक्न हुन्छ। २९चराहरू बेच्नुपर्दा दुइटा चराको दाम एक पैसा मात्र तिर्नु पर्नेछ। तर तिम्रा पिताको इच्छा बिना एउटै चरापनि मर्न सक्तैन। ३०तिम्रा टाउँकामा कतिवटा केशहरू छन् ती समेत परमेश्वरले जान्नुहुन्छ। ३१यसकारण डर नमान। तिमीहरू ती चराहरूभन्दा धेरै उत्कृष्ट छौ।

### विश्वास बारेमा बहस

*(लूका १२:८-९)*

३२“जब कुनै एक व्यक्ति अरू मानिसहरूको सम्मुख हुन्छ अनि भन्छ कि ममाथि उसको विश्वास छ तब म पनि स्वर्गको पिता अघि भन्नेछु त्यो मानिस मेरै हो भनी। ३३तर जब कुनै व्यक्ति अरूको सम्मुख उभिएर उसको ममाथि म विश्वास छैन भनेर भन्छ भने त्यो मानिस मेरो आफ्नो होइन भनेर म भन्नेछु। मेरा स्वर्गको पिता अघि पनि म यसै भन्नेछु।

### येशूलाई पछ्याउनाले दुःख लिन सक्नेछ

*(लूका १२:५१-५३; १४:२६-२७)*

३४“यस्तो पनि नसम्भ कि म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ। म पृथ्वीमा शान्ति ल्याउनलाई आएको होइन। तर म तरवार ल्याउनुलाई आएको हुँ। ३५-३६म यो उद्देश्यले आएको हुँ।

> ‘कुनै व्यक्तिको परिवारको इच्छा पत्रमा नाउँ भएका आफ्नै मान्छे उसको निम्ति शत्रु बन्द छ। एउटा छोरो बाबुको विरूद्ध हुन्छ, एउटी छोरी उसकी आमाको विरूद्ध हुन्छे, एउटी बुहारी उसकी सासूको विरूद्ध हुन्छे।’
>
> *मिका ७:६*

३७“जसले मलाईभन्दा आफ्ना बाबु-आमालाई धेरै माया गर्छ उ मलाई अनुसरण गर्न योग्यको हुँदैन। जसले मलाईभन्दा धेरै माया आफ्नो छोरा-छोरीलाई गर्छ, उ मलाई अनुसरण गर्न योग्यको हुँदैन। ३८यदि कुनै व्यक्तिले उसले मलाई अनुसरण गरेको बेला उसलाई दिएको क्रूस स्वीकार गर्दैन भने उ मलाई अनुसरण गर्ने योग्य को हुँदैन। ३९जसले आफ्नो जीवनलाई भेटछ त्यसलाई गुमाउनेछ। तर जसले आफ्नो जीवन मेरो निम्ति गुमाउँछ उसले यसलाई प्राप्त गर्नेछ।

### जसले तिमीलाई ग्रहण गर्छन्, परमेश्वरले आशिष दिनुहुन्छ

*(मर्कूस ९:४१)*

४०तिमीहरूलाई जसले ग्रहण गर्छ मलाई पनि ग्रहण गर्दछ। अनि जसले मलाई ग्रहण गर्छ मलाई पठाउने परमेश्वरलाई पनि ग्रहण गर्दछ। ४१जसले अगमवक्तालाई भेटछ अनि उनको स्वागत गर्छ उसले अगमवक्ताको इनाम पाउँछ। त्यसरी नै जसले एक असल मानिसलाई ग्रहण गर्दछ, किनभने उनीएक असल मानिसहुन् उसले असल व्यक्तिको इनाम पाउँछ। ४२यदि कसैले यी सानाहरू मध्ये, जो मेरा चेलाहुन्, कसैलाई सहायता गर्ला उसले आफ्नो इनाम पाउनेछ। त्यस व्यक्तिले एक कचौरा चिसोपानी मात्र दिएता पनि इनाम पाउने छ।”

### येशू र बप्तिस्मा दिने यूहन्ना

*(लूका ७:१८-३५)*

**११** आफ्ना बाह्रै चेलाहरूलाई शिक्षा दिँदै येशूले आफ्ना कुराहरू शेष गर्नुभयो। त्यसपछि उहाँ गालिलीका शहरहरू तिर प्रचार गर्न अनि शिक्षा दिन जानुभयो।

२बप्तिस्मा दिने यूहन्ना कैदमा थिए। ख्रीष्टले गरेका सबै कुराहरू उनले सुने। अनि यूहन्नाले आफ्ना चेलाहरूलाई येशूकहाँ पठाए। ३यूहन्नाका चेलाहरूले येशूलाई सोधे, “यूहन्नाले आउँदैछ भन्नुभएको मानिस तपाईं नै हुनुहुन्छ, कि अरू कुनै मानिसलाई हामीले पर्खनु पर्ने हो?”

४येशूले भन्नुभयो, “यूहन्नाकहाँ जाऊ तिमीहरूले सुनेका अनि देखेकाबारे वर्णनगर। ५अन्धोहरूले दृष्टि फेरि पाउँछन्; लङ्गडो मानिस हिड्नँसक्ने हुन्छन्; कुष्ट रोगीहरू जाति हुन्छन्; बैह्रोहरू सुन्नसक्ने हुन्छन्; मरेकाहरू जागी उठ्छन्; अनि गरीव मानिसहरू सुसमाचारहरू सुन्छन्। ६यदि कुनै व्यक्तिले मलाई ग्रहण गरे तिनी धन्य हुन्छन्।”

७जब यूहन्नाका चेलाहरू आफ्ना मार्गमा जाँदैथिए, येशूले ती मानिसहरूलाई यूहन्नाको बारेमा भन्न लाग्नु भयो। उहाँले भन्नुभयो, “तिमीहरू मरूभूमिमा के हेर्न निस्क्यौ? के बतासले हल्लाइराखेको निगालोलाई? ८वास्तवमा केको निम्ति तिमीहरू मरूभूमिमा गयौ? राम्रो वस्त्र पहिरने मानिसलाई हेर्न? ती मानिसहरूलाई राम्रा-राम्रा वस्त्र पहिरिनेहरू जो राजमहलहरूमा बस्छन्। ९यदि यसो होइन भने के हेर्नलाई तिमीहरू बाहिर

निस्केका हौ? कुनै एक अगमवक्ता? हो, म भन्दछु,
यूहन्ना नै एक अगमवक्ताभन्दा महान हुन्। [१०]यूहन्ना नै
एकहुन् जसको विषयमा धर्मशास्त्रमा लेखिएको छ:

'सुन! म आफ्नो दुतलाई तिमीहरूको अघि
पठाउँछु। उसले तिमीहरूकोलागि बाटो तयार
गरिदिनेछ।' *मलाकी ३:१*

[११]म तिमीहरूलाई साँचो भन्दछु: वप्तिस्मा दिने
'यूहन्ना पृथ्वीमा जन्मेका कुनै पनि मानिसभन्दा महान
छन्। तरैपनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ,
त्यो यूहन्नाभन्दा ठूलो हो। [१२]बप्तिस्मा दिने यूहन्नाको
समयदेखि यसो अहिलेसम्म स्वर्गको राज्य बलजफत
अघि बढ्दैछ। बलको प्रयोग गर्ने मानिसहरू स्वर्गराज्यलाई
आफ्नो स्वामीत्वमा ल्याउने प्रयास गरिरहेका छन्। [१३]सबै
अगमवक्ताहरू र मोशाको व्यवस्थाले यूहन्नासम्मनै
अगमवाणी गरेका छन्। तिनीहरूले पछिहुने ती घटनाहरू
प्रति भविष्यवाणी गरेका छन्। [१४]यदि अगमवक्ता र
व्यवस्थाले भनेका कुरामा तिनीहरू विश्वास गर्छौ भने,
यूहन्नानै एलिया हो भनेर पनि तिमीहरूले विश्वास
गर्नेछौ। व्यवस्था र अगमवक्ताहरूले उनी आउनेछन्
भनेर भनेका छन्। [१५]प्रत्येक मानिस जसले सुन्नुसक्छ,
सुन्नु पर्छ।

[१६]"आजका मानिसहरूको बारेमा मैले के भन्ने?
तिनीहरू के जस्ता छन्? आजका मानिसहरू बजारमा
खेल्ने ससाना केटाकेटीहरू जस्ता छन्। एक दल का
केटाकेटीहरूले अर्का दलकाहरूलाई बोलाउँछन्,

[१७] 'तिमीहरूको निम्ति हामीहरूले संगीत बजायौ,
तर तिमीहरू नाचेनौ; हामीहरूले दु:खका गीत
गायौं, तर तिमीहरू दु:खी भएनौ।'

[१८]मानिसहरू त्यस्तै छन् भनेर मैले किन भनें?
किनभने जब यूहन्ना आए उनले अरूले जस्तै खाएनन्
अनि दाखमद्य पिएनन। अनि मानिसहरूले भनेछन्,
'उसलाई भूत लागेको छ।' [१९]मानिसका पुत्र अरू
मानिसहरूले जस्तै खाँदै पिउँदै आए। मानिसहरूले भने
'उसलाई हेर, उसले अति धेरै खान्छ अनि एक पियक्कड़
हो। उ कर उठाउनेहरू र पापीहरूको मित्र हो।' तर
बुद्धि चाहिँ उसले के गर्छ उसले गरेको कामबाट सिद्ध
हुन्छ।"

## येशू विश्वास नगर्नेहरूलाई सतर्क गराउनु हुन्छ

*(लूका १०:१३-१५)*

[२०]येशूले ती नगरहरूलाई आलोचना गर्न लाग्नु भयो
जहाँ उहाँले उहाँका धेरै जस्ता चमत्कारहरू गर्नु भएको
थियो। येशूले ती नगरहरूका बासिन्दाहरूलाई आलोचना
गर्नु भयो किनभने तिनीहरू आफ्ना जीवन पथ परिवर्त्तन
गर्न राजी थिएनन। [२१]येशूले भन्नुभयो, "ए कोराजिन!
तँलाई धिक्कार छ! ए बेथसैदा!* तँलाई धिक्कार छ। मैले
तिमीहरूलाई धेरै चमत्कारहरू गरिदिएँ। यदि यस्तै
चमत्कारहरू टायर र सदोममा* गरिएको भए त्यहाँका
मानिसहरूले धेरै समय अघि नै भाङ्गराको बस्त्रलाएर र
खरानी धसेर पश्चताप गरिसक्ने थिए। [२२]तर म भन्दछु,
न्यायको दिनमा टायर र सदोमकोभन्दा तिमीहरूको
हालत खराब हुनेछ। [२३]तँ कफर्नहुम, के तँ स्वर्गसम्म
उचालिने छस् र? अहँ तँलाई तल मृत्युको स्थान सम्म
फ्कारिनेछ। तँमाथि मैले धेरै आश्चर्यमय कामहरू गरेको
छु। यदि त्यस्तै चमत्कारहरू सदोममा भएको भए,
त्यहाँका मानिसहरूले सबै पापहरू गर्न छोड़िसकेका
हुनेथिए अनि त्यो नगर आजसम्म रहनेथियो। [२४]तर म
तिमीलाई भन्छु कि न्यायको दिनमा सदोमको भन्दा
तिम्रो हालत अरू नराम्रो हुनेछ।"

## येशू आफ्नु मानिसहरूलाई विश्राम प्रदान गर्नुहुन्छ

*(लूका १०:२१-२२)*

[२५]त्यसपछि येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र
पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु। म
तपाईंको प्रशंसा गर्दछु किनकि तपाईंले यी कुराहरू
बुद्धिमान र समझदार मानिसहरूबाट लुकाउनुभयो। तर
तपाईंले यी तिनीहरूप्रति प्रकट गरिदिनु भयो जो ससाना
बालकहरू झैं छन्। [२६]मेरा पिता, तपाईंले यस्तो गर्नु
भयो, जो वास्तवमै तपाईंले गर्न चाहनु भएको थियो।

[२७]"मेरा पिताले मलाई सबै व्यवस्था गरिदिनु भएको
छ। पिताले बाहेक अरू कसैले पुत्रलाई चिन्दैन। पुत्रले
बाहेक अरू कसैले पितालाई चिन्दैन। अनि पुत्रले जुन

---

**कोराजिन, बेथसैदा** गालिली पोखरी छेउका शहरहरू जहाँ
येशूले मानिसहरूलाई प्रचार गर्नु भयो।

**टायर र सदोम** लेबनानका शहरहरू जहाँ खराब मानिसहरू
वास गर्थे।

मानिसहरू प्रति पितालाई प्रकट गर्ने इच्छा गर्छ तिनीहरूले
मात्र पितालाई चिन्ने छन्।
२८"मकहाँ आऊ। "जो थकित औ कष्टले दबिएकाहरू
हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।
२९मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक। म
विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो
आत्मामा विश्राम पाउनेछौ। ३०हो, मेरो कामकुरो ग्रहण
गर्नु सजिलो छ। तिमीहरूलाई दिइने भार हल्का छ।"

## यहूदीहरूद्धारा येशूको चर्चा

*(मर्कूस २:२३-२८; लूका ६:१-५)*

**१२** त्यो समय, येशू शबाथको दिनमा अन्नका
खेतहरूबाट जानुहुँदै थियो, येशूका चेलाहरू
पनि उहाँसँगै थिए। तिनीहरू भोकाएका थिए। ती
चेलाहरू अन्नका बाला टिप्न र खान लागे। २फरिसिहरूले
यो देखे। तिनीहरूले येशूलाई भने, "हेर्नुहोस्! तपाईंको
चेलाहरू शबाथको दिन गर्नु निषेध गरिएका कुरा
गर्दैछन्।"
३उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, तिनी र
तिनीसँगका व्यक्तिहरू भोकाउँदा के गरेथे, के तिमीहरूले
पढ़ेका छैनौ? ४दाऊद परमेश्वरको घरमा गए। दाऊद र
तिनका साथीहरूले परमेश्वरलाई चढाइएको रोटी खाए।
दाऊद र तिनका साथीहरूले यसरी रोटी खानु नियमको
विरूद्ध थियो। केवल पूजाहारीहरूलाई खाने अनुमति
थियो। ५अनि तिमीहरूले मोशाको व्यवस्थामा यो पनि
निश्चयनै पढ़ेको हुनुपर्छ कि कसरी प्रत्येक शबाथको
दिनमा पूजारीहरूले मन्दिरमा शबाथ वा विश्राम नियम
भङ्ग पार्दछन्। तरै पनि पूजाहारीहरूलाई त्यस दोषको
निम्ति दोषी ठानिन्दैन। ६म तिमीहरूलाई भन्दछु, 'यहाँ
मन्दिरभन्दा ठूलो' केही छ। ७धर्मशास्त्रमा भनिएको छ,
'म पशु-बलीको इच्छा गर्दिनँ। म मानिसहरूमा दया
चाहन्छु।'* वास्तवमा तिमीहरू ती शब्दहरूको अर्थ के
हो त्यो पनि जान्दैनौं। यदि ती शब्दहरूका अर्थ
तिमीहरूले बुझ्यौ भने ती निर्दोषहरूलाई तिमीहरूले दोष
लाउने थियौ।
८"मानिसको पुत्र शबाथ दिनको पनि परमप्रभु हो।"

## येशूले डुँडोहात निको पार्नु भयो

*(मर्कूस ३:१-६; लूका ६:६-११)*

९येशू त्यहाँबाट हिँड्नु भयो अनि तिनीहरूको सभाघरमा
जानुभयो। १०उहाँले सभाघरमा एउटा सुकेर चाउरिएको
हात भएको मानिसलाई देख्नु भयो। केही यहूदीहरू
येशूलाई दोष लगाउनलाई निहुँ खोजिरहेका थिए। अनि
तिनीहरूले उहाँलाई सोधे, "के विश्रामको दिनमा कसैलाई
निको पार्नु न्यायोचित छ?"
११उहाँले भन्नुभयो, "यदि तिमीहरूमध्ये कसैको
एउटा भेड़ाँ छ, र त्यो शबाथको दिनमा एउटा खाल्डामा
खस्यो भने के उसले त्यसलाई आफ्नो हातले समातेर
बाहिर तान्दैन? १२अनि एउटा मान्छे भेँड़ाभन्दा अधिक
श्रेष्ठ हुन्छ। त्यसर्थ शबाथको दिनमा भलो गर्नु कानूनले
दिन्छ।"
१३तब उहाँले त्यस डुँडेहात भएको मानिसलाई भन्नुभयो,
"मलाई तिम्रो हात हेर्न देऊ।" त्यसले येशू भएतिर हात
पसा-यो। अनि उसको हात, त्यो अर्को हात जस्तै निको
भयो। १४तर फरिसीहरू बाहिर गए अनि येशूलाई
मार्नका निम्ति योजना बनाए।

## येशू परमेश्वरले चुनेका सेवक थिए

१५फरिसीहरूले के गर्न लागिरहेका थिए सो येशूलाई
थाहा भयो। अनि उहाँले त्यो ठाउँ छोड़नुभयो। धेरै
मानिसहरूले उहाँलाई पछ्याउन लागे। उहाँले सबै
रोगीहरूलाई निको पारी दिनु भयो। १६उहाँले मानिसहरूलाई
चेतावनी दिनुभयो कि उहाँ को हुनुहुन्थ्यो भनी अरूलाई
नभन्नु। १७येशूले यी कुराहरू यशैया अगमवक्ताले
भनेका कुराहरू पूर्ण गर्नका निम्ति गर्नु भयो।

१८ "यहाँ मेरो सेवक छ; मैले उसलाई चुनेको हुँ।
म उसलाई प्रेम गर्छु अनि म उसित खुशी छु।
म मेरो आत्मा उसमा हालि दिनेछु। अनि
उसले नै अन्य राष्ट्रहरू प्रति न्यायको घोषणा
गर्नेछ।
१९ उसले झगड़ा गर्नेछैन न त चिच्याउने नै छ।
उसको स्वर कसैले पनि गल्लीहरूमा सुन्ने
छैन।
२० उसले बाङ्गि सकेको निगालो भाँच्ने छैन।
उसले जलिरहेको दीयो पनि निभाउने छैन जो

---

**'म … चाहन्छु'** होशे ६:६।

निभ्दै जाँदैछ। उसले यी सब गरिरहनेछ जबसम्म
साँचो न्यायले विजय प्राप्त गर्दैन।
२१ सबै राष्ट्रहरूले उमाथिनै आशा गर्नेछ।"

*यशैया ४२:१-४*

## परमेश्वरद्धारा येशूको शक्ति

*(मर्कूस ३:२०-३०; लूका ११:१४-२३; १२:१०)*

२२त्यसपछि केही मानिसहरूले एकजना मानिसलाई
येशूकहाँ ल्याए। उ अन्धो थियो अनि बोल्न सक्दैनथ्यो
किनकि, उसलाई भूत लागेको थियो। उहाँले त्यसलाई
निको पार्नुभयो अनि त्यस मानिसले बोल्न अनि देख्न
सक्यो। २३सबै मानिसहरू चकित भए। तिनीहरूले भने,
"निश्चयनै यी मानिस नै दाऊदका पुत्र हुन् जसलाई
परमेश्वरले हामीकहाँ पठाउने प्रतिज्ञा गर्नु भएको थियो?"
२४फरिसीहरूले मानिसहरूले यसो भनेका सुने।
तिनीहरूले भने, "येशूले मानिसहरूबाट भूत भगाउनका
निम्ति बिल्जीबुलको शक्तिको प्रयोग गर्दछन्। बिल्जीबुल
भूतहरूको नायके हो।"
२५येशूले फरिसीहरूले सोचेका कुरा थाहा पाउनुभयो।
अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "आपसमा झगड़ा
गर्ने कुनै पनि राज्य ध्वंस हुनेछ अनि हरेक नगर जो
विभाजन भएको छ त्यो जीवित रहने छैन। त्यसरीनै
विभाजन भएको कुनै परिवार सफल हुँदैन। २६यदि
शैतानले दृष्टान्तमा खेदछ भने त्यो विभाजित हुन्छ अनि
आफैविरुद्धमा जुझ्छ। तब कसरी उसको राज्य टिक्न
वा चल्न सक्छ? २७तिमीहरूले भन्दैछौ कि मैले
शैतानको शक्तिद्वारा भूतहरू भगाउँदैछु। यदि यो सत्य हो
भने, तिम्रा मानिसहरूले भूत भगाउन कुन शक्तिको
प्रयोग गर्दैछन्। यसकारण तिमीहरूका आफ्नै मानिसहरूले
तिमीहरूको भूल खुट्याउनेछन्। २८तर म परमेश्वरका
आत्माको शक्तिद्वारा भूतहरू भगाउँछु। यसबाट यो थाहा
हुन्छ कि परमेश्वरको राज्य अघिनै तिमीहरूमा आइसकेको
छ।
२९"यदि कुनै व्यक्तिले कुनै एक बलवान व्यक्तिको
घरमा लूटपाट गर्न चाहन्छ भने, सर्वप्रथम उसले त्यो
बलवान व्यक्तिलाई साङ्लोले बाँधेर राख्नुपर्छ। त्यसपछि
मात्र त्यो व्यक्तिले घर लुट्न सक्दछ।
३०"जो व्यक्ति मसित छैन, त्यो मेरो विरूद्धमा छ।
त्यो, जो मसित काम गर्दैन मेरो विरूद्धमा काम
गरिरहेको हुन्छ। ३१यसैले म तिमीहरूलाई भन्दछु,
तिनीहरूले गरेका हरेक पापका निम्ति मानिसहरूलाई
क्षमा प्रदान गरिन सकिन्छ। अनि तिनीहरूले भनेका सबै
नराम्रा शब्दहरूको निम्ति मानिसहरूलाई क्षमा प्रदान गर्न
सकिन्छ। तर यदि कसैले पवित्र आत्माको विरूद्धमा
कुरा गर्छ भने उसलाई क्षमा गरिनेछैन। ३२यदि कसैले
मानिसका पुत्रका विरूद्धमा कुरा गरे उसलाई क्षमा
हुनेछ। यदि कसैले पवित्र आत्माको विरूद्धमा-कुरा गरे
क्षमा हुनेछैन। त्यस मानिसलाई न ता अहिले क्षमा
दिइन्छ न ता भविष्यमानै।

## तिमीहरूको कर्मले बताउँछ, तिमीहरूको हौ

*(लूका ६:४३-४५)*

३३"यदि तिमीहरू असल फल चाहन्छौ भने तिमीहरूले
बृक्षलाईनै असल तुल्याउनु पर्छ। यदि तिमीहरूको बृक्ष
नै नराम्रो छ भने त्यसको फल पनि असल नराम्रो
हुनेछ। किनकि त्यसको फलबाटनै बोट चिन्न सकिन्छ।
३४ए साँपहरू, तिमीहरू दुष्ट मतिका छौ। तिमीहरूबाट
कसरी असल कुराहरू आउनसक्छ। हृदयमा जे कुरा
थुपारिएको छ त्यही कुराहरूनै मुखले बोल्दछ। ३५असल
व्यक्तिले असलै कुराहरू हृदयमा थुपारेको हुन्छ। यसैले
हृदयमा थुपारेको जस्तो राम्रै कुराहरू उसले बोल्दछ।
तर एउटा दुष्ट व्यक्तिले हृदयमा दुष्ट कुराहरूनै राखेको
हुन्छ अनि बात गरेको बेला हृदयमा भएका दुष्ट
कुराहरू नै उसले बोल्दछ। ३६यसर्थ म तिमीहरूलाई
भन्दछु प्रत्येक मानिसले आफूले बोलेका हरेक लापरवाही
कुराहरूको विवरण न्यायको दिनमा दिनुपर्नेछ। ३७तिमीलाई
तिम्रा आफ्नै कुराहरूद्वारा न्याय गरिनेछ। तिम्रा कतिपय
कुराहरूले तिमीलाई सही तुल्याउँछ अनि तिम्रा कतिपय
कुराहरूले तिमीहरूलाई दोषी ठहराउनेछ।"

## प्रमाणकालागि येशूसँग यहूदीहरू सोध्छन्

*(मर्कूस ८:११-१२; लूका ११:२९-३२)*

३८तब व्यवस्थाका केही शास्त्रीहरू र फरिसीहरूले
येशूलाई जवाफ दिए। तिनीहरूले भने, "गुरूज्यू हामी
तपाईंबाट एउटा आश्चर्यको चिन्ह चाहन्छौं।"
३९येशूले उत्तर दिनु भयो, "दुष्ट र अविश्वासी
मानिसहरूले प्रमाणकालागि चमत्कार खोज्दैछन्। तर
त्यस्ता मानिसहरूलाई प्रमाणकालागि कुनै चमत्कार देखाइने
छैन। केवल अगमवक्ता योनाको चिन्ह मात्र दिइने छ।
४०तीन दिन र तीन रात सम्म योना एउटा ठूलो माछाको

पेटमा थियो। त्यसरी नै तीन दिन र तीन रात सम्म
मानिसको पुत्र पृथ्वीको कोख भित्र रहनेछ। ४१अनि
न्यायको दिनमा तिनीहरू दोषीछन् भनी देखाउनका निम्ति
निनवेका मानिसहरू यस पुस्ताको साथ खड़ा हुनेछ।
किनभने योनाले तिनीहरूलाई उपदेश दिएका थिए, अनि
तिनीहरूले आफ्नो जीवननै बदलेका थिए। अनि अझ
यहाँ एक व्यक्ति छ त्यो योना अगमवक्ता भन्दा महान
छ। ४२न्यायको दिनमा दक्षिणकी महारानी यस पुस्ताको
साथ खड़ा हुनेछिन अनि उनैले तिनीहरूलाई दोषी भनी
प्रमाण गर्ने छिन्। किनभने सुलेमानका ज्ञानहरू सुन्न
महारानीले धेरै-टाढ़ासम्मको यात्रा गरेकी थिइन्। अनि
अझ यहाँ एक व्यक्ति छ त्यो सुलेमानभन्दा महान छ।

### अशुद्ध आत्माले भरिएका आजका मानिसहरू

*(लूका ११:२४-२६)*

४३"जब एक दुष्ट आत्मा मानिसबाट निस्केर जान्छ,
त्यो ओबानो ठाउँतिर विश्राम खोज्दै हिडछ तर त्यसले
भेट्टाउन सक्तैन। ४४तब आत्माले भन्छ, 'म आफ्नै
अघिको घरमा फर्किजानेछु, जसलाई मैले छाड़े।' त्यो
फर्केर आउँछ अनि अझ रित्तो घर भेट्छ सफा अनि
सुग्घर पारेको भेट्टाउँछ। ४५त्यसपछि त्यो दुष्टात्मा जान्छ,
र त्यो भन्दा बढ़ता दुष्ट आत्मा अरू सातवटा दुष्टात्माहरू
ल्याउँछ। तब सबै दुष्टात्माहरू त्यस व्यक्ति भित्र पसेर
त्यहाँ बास गर्छन् अनि त्यस मानिसले अघि पाएको
अवस्था भन्दा नराम्रो हुन्छ। अनि त्यही अवस्था त्यो
दुष्ट पुस्तामाथि पनि हुन्छ।"

### येशूका चेलाहरूनै आफ्नो परिवार

*(मर्कूस ३:३१-३५; लूका ८:१९-२१)*

४६जब येशू मानिसहरूसित अझ बातचीत गर्दै
हुनुहुन्थ्यो उहाँका आमा र भाइहरू बाहिर उभिरहेका
थिए। तिनीहरू येशूसँग बात गर्न चाहन्थे। ४७कुनै
एकजनाले भने, "तपाईंकी आमा र भाइहरू बाहिर
उभिरहेका छन्, अनि तिनीहरू तपाईंसँग बात गर्न
चाहन्छन्।"

४८येशूले त्यो व्यक्तिलाई जो उहाँसित बोल्दै भन्नुभयो,
"मेरा आमा को हुन्? मेरा भाइहरू को हुन्?" ४९आफ्ना
चेलाहरूलाई संकेत गर्दै उहाँले भन्नुभयो, "हेर। यी नै
मेरा आमा र भाइहरू हुन्। ५०जसले मेरा स्वर्गको
पिताले चाहनु भए झैं गर्दछ उनीहरूनै मेरा भाई, बहिनी
र आमा हुन्।"

### येशू बीउ र बीउ छर्नेको बिषयमा कथा भन्नुहुन्छ

*(मर्कूस ४:१-९; लूका ८:४-८)*

**१३** ठीक त्यही दिन येशू बाहिर गएर झीलको
छेउमा बस्नु भयो। २उहाँ अनेकौं मानिसहरूद्वारा
घेरिएका थिए। अनि एउटा डुङ्गामा चढ़नु भयो। जब
सबै मानिसहरू किनारमा बसेका थिए। ३कथाहरूको
उपयोग गरेर उहाँले मानिसहरूलाई धेरै शिक्षा दिनुभयो।
येशूले बताउनुभयो, "केही खेतीवाला बीउ रोप्नलाई
निस्के। ४जब तिनी बीउ रोप्दै थिए, केही बीउहरू
बाटोमा छरिए। चराहरू आएर ती बीउहरू खाए। ५केही
बीउहरू चट्टानमय खेतमा झरे। तर त्यो जमीन त्यत्ति
गहिरो थिएन। ती बीउहरू चाँड़ै उम्रनथाले, किनभने
जमीन त्यत्ति गहिरो थिएन। ६तर जब घाम लाग्नथाल्यो,
ती विरूवाहरू प्रचण्डघाममले सुकेर गए किनभने तिनीहरूका
जराहरू थिएनन्। कतिपय बीउहरू काँड़ाघारीमा खसे।
जब काँड़ाहरू बढ़दै गए तिनीहरूले ती विरूवाहरूलाई
उम्रन दिएनन्। ७कतिपय बीउहरू मलिलो माटोमा खसेका
थिए। ८अनि ती बीउहरू उम्रिए अनि फसल उत्पन्न
गरे। कतिपय बोटहरूले सय, कतिपयले साठी, अनि
कतिपयले तीस गुणा गरेर फल दिए। ९उ जसले सुन्न
सक्छ मेरो कुरासुन।"

### येशूले उपदेश गर्दा किन कथा भन्नु भयो

*(मर्कूस ४:१०-१२; लूका ८:९-१०)*

१०चेलाहरू आए अनि येशूलाई सोधे, "जब तपाईंले
उपदेश गर्नुहुन्छ तपाईंले किन कथाहरू प्रयोग गर्नुहुन्छ?"

११येशूले जवाबदिनु भयो, "स्वर्गको राज्यको सत्य-
रहस्यहरूको बारेमा तिमीहरूले मात्र बुझ्नसक्छौ। तर
अरूहरूले ती जान्नसक्तैनन्। १२जसले बुझ्न सक्तछ
उसलाई अरू बुझाइनेछ अनि उसले चाहे भन्दा धेरै
बुझ्न पाउनेछ। तर जसले बुझ्न सक्तैन उसले जति
बुझेकोछ त्यो पनि उसकोबाट हटाउने छ। १३यसैले, ती
मानिसहरूलाई उपदेश गर्दा म कथाहरू प्रयोग गर्छु।
तिनीहरू हेर्दछन्, तर तिनीहरू देख्दैनन्। तिनीहरू सुन्छन्
तर तिनीहरूले सुनेकाहुँदैनन् अनि तिनीहरू बुझ्दैनन्।
१४यसरी यशैयाले जुन भविष्यवाणी गरे त्यो तिनीहरूमा
पूर्ण भयो।

‘तिमीहरू सुन्न त सुन्छौ तर बुझ्दैनौं। तिमीहरू
हेर्न त हेर्छौ तर कहिले देख्दैनौ।
१५ हो, यी मानिसहरूको हृदय कठोर भएको छ।
कान भएर पनि यिनीहरू सुन्न अस्वीकार गर्छन्
यद्यपि तिनीहरूको आखाँछ तिनीहरू हेर्दैनन्।
यस्तो भएको छ त्यसकारण तिनीहरूले आफ्ना
आँखाले देख्दैनन्। आफ्नाकान द्वारा सुन्दैनन्
अनि मन द्वारा बुझ्दैनन्। यो यस्तै भएको छ
कि निको हुनका निम्ति तिनीहरू म कहाँ
आउँदैनन।’

*यशैया ६:९-१०*

१६तर तिमीहरू धन्य छौ किनभने तिम्रो आँखाहरूले
देख्न सक्छन्, अनि तिम्रा कानहरूले सुन्न सक्छन्। १७म
तिमीहरूलाई साँचो भन्दछु। धेरै अगमवक्ताहरू र धार्मिक
मानिसहरू अहिले तिमीहरूले देखेका कुराहरू हेर्न
चाहन्थे। तर तिनीहरूले ती कुराहरू देख्न सकेनन्। अनि
धेरै अगमवक्ताहरू र धार्मिक मानिसहरू अहिले तिमीहरूले
सुनेका कुराहरू सुन्न चाहन्थे। तर तिनीहरूले ती
कुराहरू सुन्न सकेनन्।

## येशूद्वारा बिउहरूको व्याख्या

*(मर्कूस ४:१३-२०; लूका ८:११-१५)*

१८“अब कृषकको बारेमा कथा सुन। १९बाटोमा
छरिएको बीउ के हो? त्यो बीउ एक मानिस हो जसले
राज्यको बारेमा उपदेश केही सुन्छ तर बुझ्दैन। दुष्ट
आउँछ अनि उसको मनमा रोपिएको कुराहरू लैजान्छ।
२०अनि चट्टानमय भूमिमा खसेको बीउहरू चाहिँ के
हुन्? ती बीउहरू त्यो मानिस जस्तै हुन् जसले उपदेश
सुन्छ अनि आनन्दसित तुरुन्तै ग्रहण गर्दछ। २१तर त्यो
मानिसले त्यो सन्देशलाई गहनरूपले उसको जीवनमा
पस्न दिँदैन। त्यो उपदेशलाई त्यसले थोरै बेरसम्म मात्र
उसको जीवनमा राख्छ। उपदेशको कारणले जब उसले
कष्ट र सतावट सामना गर्नुपर्छ त्यसले तत्काल आफ्नो
विश्वास गुमाउँछ। २२अनि काँढ़ाहरूमा छरिएको बीउहरू
चाहिँ के हुन्? ती बीउहरू ती मानिसहरू जस्तै हुन्
जसले उपदेश सुन्दछन् तर जीवनको बारे फिक्री गर्छन्
अनि पैसाको प्रेमले निस्सासिन्छ। यसले गर्दा उपदेशले
फलफलाउन सक्तैन। २३तर मलिलो जमीनमा झरेका
बीउहरू चाहिँ के हुन्? ती बीउहरू ती मानिसहरू जस्तै
हुन् जसले उपदेश सुन्छ अनि त्यसलाई बुझ्छ। त्यो
बिरूवा उम्रन्छन् अनि कहिले काँही सयगुणा ज्यादा,
कहिले साठी गुणा ज्यादा, अनि कहिले तीसगुणा
अधिक फल दिन्छ।”

## गहुँ र सामाको कथा

२४त्यसपछि येशूले तिनीहरूलाई सिकाउन अर्को
कथा सुनाउनु भयो। उहाँले भन्नुभयो, “स्वर्गको राज्य
मानिस जस्तो हो जसले आफ्नो खेतमा असल बीउ
छरयो, २५त्यो रात सबै मानिसहरू निदाइरहेका थिए।
त्यो मानिसको शत्रु आयो अनि गहुँको बीच-बीचमा
सामा छर्‍यो अनि गयो। २६केही समयपछि गहुँ पल्हायो
अनि टुप्पाको गठनहुन थाल्यो। त्यही समय सामा पनि
बढ़्न थाल्यो, २७अनि चाकरहरू आए अनि मालिकलाई
सोधे, ‘हजूरले आफ्नो खेतमा असल बीऊ रोप्नु भएको
होइन? तब सामाको बोट चाहिँ कहाँबाट आयो?’
२८“त्यो मानिसले उत्तर दियो, ‘केही शत्रुले त्यो
छरेको थियो।’
“चाकरहरूले सोधे, ‘त के हामी गएर ती सामा
उखालेको तपाईं चाहनु हुन्छ?’
२९“त्यो मानिसले उत्तर दियो, ‘अहँ, किनभने जब
तिमीहरूले सामा उखाल्छौ तब तिमीहरूले सामासित गहुँ
समेत उखाल्न सक्छौ। ३०फसलको समयसम्म सामा र
गहुँ दुवैलाई सँगसँगै उम्रन देऊ। फसल कटाइको
बेलामा म खेतालाहरूलाई भन्नेछु, “पहिले सामा बटुलेर
तिनीहरूलाई जलाउनुको निम्ति बिटा-बिटा बाँध। त्यसपछि
गहुँ बटुल र मेरो भण्डारमा हाल।”’”

## येशू अरू धेरै कथाहरू भन्नुहुन्छ

*(मर्कूस ४:३०-३४; लूका १३:१८-२१)*

३१तब येशूले मानिसहरूलाई अर्को कथा भन्न लाग्नु
भयो। “स्वर्गको राज्य एउटा रायोको बीउ जस्तो हो।
एकजना मानिसले त्यसलाई लियो अनि आफ्नो खेतमा
रोप्यो। ३२त्यो बीउ अरू बीउहरूमध्ये सबैभन्दा सानो
बीउ हो। तर जब यो उम्रन्छ, तब यो त्यो बगैंचाको
सबभन्दा ठूलो पोथ्रा हुन सक्छ। त्यो रूख जस्तै उम्रन
सक्छ हाँगाहरू यति ठूला उम्रन सक्छन् कि चराहरूले
आफ्ना निम्ति गुँड बनाउन सक्छन्।”
३३येशूले अर्को कथा भन्नुभयो, “स्वर्गको राज्य
खमीर जस्तो छ जसलाई एक स्त्रीले लगेर रोटी बनाउन

एउटा ठूलो भाँड़ामा पिठोसित मिसाइन्। त्यो खमीरै
पीठोको सबै डल्लालाई खमीरी बनायो।"
३४येशूले मानिसहरूलाई यी सबैकुराहरू भन्नलाई
कथाहरू उपयोग गर्नु भयो। वास्तवमा उहाँले तिनीहरूलाई
कथाहरूको उपयोग नगरी कहिले केही भन्नु भएन।
३५अगमवक्ताद्वारा भनिएका कुराहरूलाई पूर्णगर्न यस्तो
भयो,

"म कथामा बोल्छु, म संसारको सृष्टि भएको
समय देखि गुप्त राखिएका कुराहरू भन्नेछु।"

*भजनसंग्रह ७८:२*

## येशूले कथाहरूको अर्थ व्याख्या गर्नु हुन्छ

३६त्यसपछि सबै मानिसहरूलाई त्यहीं छाड़ेर येशू
घरतिर लाग्नुभयो। उनका चेलाहरू उहाँकहाँ गए अनि
भने, "कृपया हामीलाई खेतको सामाको कथाको अर्थ
व्याख्या गरिदिनु हवस।" ३७येशूले उत्तर दिनुभयो, "खेतमा
असल बीउ छर्ने व्यक्ति मानिसको पुत्र हो। ३८संसार नै
खेत हो। असल बीउहरू राज्यमा प्रभुकै मानिसहरू हुन्।
सामा दुष्टका नानीहरू हुन्। ३९नराम्रो बीउहरू छर्ने
शत्रुको नानीहरू हो। फसलकाट्ने समय चाहिँ संसारको
अन्त हो। अनि फसलकाट्नेहरू प्रभुका दूतहरू हुन्।
४०"सामाहरू बटुले पछि ती आगोमा जलाइन्छ,
संसारको अन्तमा पनि त्यस्तै हुन्छ। ४१मानिसको पुत्रले
आफ्ना दूतहरू पठाउनेछन्, अनि तिनीहरूले ती सबैलाई
भेला गर्नेछन् जसले पाप गर्छन् अनि ती जसले दुष्टता
गर्छन् अनि दूतहरूले उनीहरूलाई राज्यदेखि बाहिर
निकालि दिने छन्। ४२स्वर्गदूतहरूले तिनीहरूलाई ज्वलन्त
भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रूवाबासी गर्दै
अनि दाँतकिट्दै रहनेछन्। ४३तब धार्मिकहरू घाम जस्तै
चम्कने छन्। तिनीहरू आफ्ना पिताको राज्यमा हुनेछन्।
ए मानिसहरू जसले सुन्छौ मलाई सुन्नु पर्छ।

## सम्पती र मोतीको कथा

४४"स्वर्गको राज्य खेतमा लुकाइएको सम्पत्ति जस्तै
हो। कुनै एक दिन एउटा मान्छेले त्यो पायो, उखूबै
खुशी भयो। उसले त्यसलाई फेरि खेतमा लुकायो। तब
उ गयो अनि आफुसंग भएको सबै चिजहरू बेच्यो
अनि त्यो खेत किन्यो।
४५"फेरि, स्वर्गको राज्य एक बिक्रेता जस्तै हो
जसले असल मोतीहरू खोज्छ। ४६एकदिन त्यो बिक्रेताले
एउटा बहुमूल्य मोती फेला पारयो। त्यो बिक्रेता गयो
अनि आफूसँग भएको सबै बेचेर त्यो मोती किन्यो।

## माछामार्ने जालको कथा

४७"स्वर्गको राज्य समुद्रमा फिँजाएको माछामार्ने जाल
जस्तै हो। त्यो जालमा विभिन्न किसिमका माछाहरू
पर्‍यो। ४८त्यो जालभरि माछा थियो। तब जालहारीले
त्यो जाललाई किनारमा तान्यो, भूईंमा बसेर तिनीहरूले
राम्रो किसिमका माछाहरू छुट्याउन अनि आफ्नो टोकरीमा
हाल्न थाले। अनि तिनीहरूले नराम्रा किसिमका माछाहरू
फयाँकिदिए। ४९संसारको अन्तमा पनि यस्तै हुनेछ।
स्वर्गदूतहरू आइपुग्ने छन् अनि राम्रा मानिसहरूबाट
नराम्रा मानिसहरूलाई अलग गर्नेछन्। ५०स्वर्गदूतहरूले
तिनीहरूलाई जल्दो भट्टीमा फालिदिनेछन्। ती मानिसहरू
पीढ़ाले रूनेछन् अनि दाँतकिटनेछन्।"
५१तब येशूले आफ्ना शिष्यहरूलाई सोध्नुभयो, "के
यी सबै कुराहरू तिमीहरूले बुझ्यौ?"

तिनीहरूले उत्तर दिए, "ज्यू, हामीले बुझ्यौं।"
५२तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "प्रत्येक
कानूनका शिक्षक जसले स्वर्ग राज्यको बारेमा सिक्छन्
तिनी एउटा घरको मालिक जस्तै हुन्। उसले आफ्नो
घरमा पुराना र नयाँ चीजहरू जोगाड़ गरेका छन्। अनि
उसले ती पुराना र नयाँ चीजहरू बाहिर झिक्तछन्।"

## येशू आफ्नो शहर जानुहुन्छ

*(मर्कूस ६:१-६; लूका ४:१६-३०)*

५३आफ्नो शिक्षा-प्रचारको कथा भनी सकेर येशूले
त्यो स्थान छाड़्नु भयो। ५४येशू जहाँ हुर्कनु भएको थियो
त्यहाँ पुग्नुभयो। येशूले सभाघरमा तिनीहरूलाई तिनीहरूको
शिक्षा दिनुभयो। मानिसहरू उहाँप्रति अचम्भित भए।
अनि सोधे, "चमत्कारहरू गर्ने यस्तो बुद्धि र शक्ति
उहाँले कहाँबाट प्राप्त गर्नु भयो? ५५उहाँ उनै सिकमीको
पुत्र हुन्। अनि उहाँकी माता मरियम हुनुहुन्छ। याकूब,
यूसुफ, शिमोन र यहूदा उहाँका भाइहरू हुन्। ५६अनि
उहाँका सबै बहिनीहरू अहिले हामीसँग छन्। यसर्थ,
उहाँले यी कुराहरू गर्ने यत्रो बुद्धि र शक्ति कहाँबाट
प्राप्त गर्नुभयो?" ५७यसर्थ मानिसहरूले येशूलाई स्वीकार
गर्न सकेनन्।

तर येशूले तिनीहरूलाई भन्नुभयो, "अरू मानिसहरूले
अगमवक्तालाई आदर गर्छन्। तर आफ्नो शहरमा अनि

उहाँको आफ्नै घरमा भएका मानिसहरूले अगमवक्तालाई
त्यसरी मानिसहरूले उनको सम्मान गर्दैनन्।"
[58]त्यस स्थानका मानिसहरूले येशूलाई विश्वास
नगरेका हुनाले उहाँले त्यहाँ त्यति धेरै चमत्कारहरू गर्नु
भएन।

## हेरोद येशूका बारेमा सुन्छन्

*(मर्कूस ६:१४-२९; लूका ९:७-९)*

**१४** त्यस समयमा हेरोद, गालिलीका शासकले
मानिसहरूबाट येशूका बारेमा खबर सुनेका थिए।
[2]हेरोदले आफ्ना नोकरहरूलाई भने, "यो व्यक्ति साँच्चै
बप्तिस्मा गर्ने यूहन्ना हुन। उनी मृत्युबाट बौरी उठेका
छन्। यसैले उनले यत्रो चमत्कारहरू गर्न सक्छन्।"

## कसरी बप्तिस्मा दिने यूहन्ना मारिए

[3]यसअघि हेरोदले यूहन्नालाई कैद गरेका थिए।
हेरोदले यूहन्नालाई सांग्लोले बाँधेर कैदमा पारेका थिए
हेरोदियासको कारणले। हेरोदले यूहन्नालाई पक्रेका थिए।
हेरोदियास, हेरोदको दाजु फिलिपकी स्वास्नी थिइन्।
[4]हेरोदले यूहन्नालाई पक्रेका थिए किनभने यूहन्नाले
हेरोदलाई भनेका थिए, "तिमीलाई हेरोदियास राख्ने
अनुमति छैन।" [5]यसैकारणले हेरोदले यूहन्नालाई मार्न
चाहन्थे। तर मानिसहरूदेखि उसलाई डर थियो। मानिसहरूमा
यूहन्ना एकजना अगमवक्ता थिए भन्ने विश्वास थियो।
[6]हेरोदको जन्म दिनमा, हेरोदियासकी छोरीले हेरोद
अनि तिनका अतिथिहरूका निम्ति नृत्य गरी। हेरोद खूबै
खुशी भए। [7]अनि उसले चाहेको कुनैपनि चीज उसलाईदिने
वचनको हेरोदले शपथलिए। [8]केचाहिँ माग्नु पर्ने हो
हेरोदियासले आफ्नी छोरीलाई भनिन्। यसर्थ उसले
हेरोदलाई माँगिन, "कृपया बप्तिस्मा दिने यूहन्नाको
टाउको मलाई यहाँ एउटा थालमा दिनुहोस्।" [9]राजा
हेरोद खूबै दु:खी भए। तर छोरीले जे चाहन्छे त्यो
उसलाई दिने बचनको शपथ लिएंका थिए। अनि
हेरोदसँगै खाने मेचमा बसेका मानिसहरूले पनि यो
(शपथ) सुने। उसले आफ्नी छोरीले चाहेको कुरा
ल्याउने आदेश दिए। [10]यसर्थ उनले केही मानिसहरूलाई
पठाए अनि तिनीहरूले कैदमा परेका यूहन्नाको टाउको
काटे। [11]तिनीहरूले यूहन्नाको टाउको एउटा थालमा
ल्याए अनि केटीलाई दिइयो। छोरीले सो टाउको आफ्नी
आमा हेरोदियास कहाँ लगी। [12]यूहन्नाका चेलाहरू
आए अनि तिनको देह लगेर गाड़े। अनि तिनीहरू
येशूकहाँ गए अनि भएका घटनाहरू वर्णन गरे।

## पाँचहजारभन्दा अधिक मानिसहरूलाई भोजन प्रबन्ध

*(मर्कूस ६:३०-४४; लूका ९:१०-१७; यूहन्ना ६:१-१४)*

[13]जब येशूले यूहन्नाका प्रति भएका घटनाहरू
सुन्नुभयो, उहाँ एउटा नाउमा चढ़ेर त्यो स्थानमा प्रस्थान
गर्नुभयो। जहाँ एकजना मानिस पनि बसेका थिएनन्। तर
मानिसहरूले येशू गइसक्नु भएको कुरा थाहा पाए।
येशूको पछि लाग्न स्थलपथ भएर तिनीहरूले आफ्ना
शहर छाडे। [14]जब येशू नाउबाट उत्रनु भयो, त्यहाँ
उहाँले मानिसहरूको भीड़ देख्नुभयो। उहाँ तिनीहरूप्रति
अत्यन्त दु:खी हुनुभयो, अनि तिनीहरूमा विरामी
परेकाहरूलाई निरोग तुल्याइदिनु भयो।
[15]त्यसै अपरान्ह चेलाहरू येशूकहाँ पुगे अनि भन्नलागे,
"यहाँ कुनै मानिस बस्दैनन्। अनि अब धेरै ढिलो भयो।
तिनीहरूलाई पठाइदिनुहोस् जसमा कि तिनीहरू आफै
गएर आफ्ना निम्ति आहारहरू किन्न सकून्।"
[16]येशूले भन्नुभयो, "मानिसहरू जानु पर्दैन। तिमी
स्वयं तिनीहरूलाई खानका निम्ति केही देऊ।"
[17]चेलाहरूले भने, "तर हामीहरूसित सब जम्मा
पाँचवटा रोटी र दुइवटा माछा मात्र छन्।"
[18]येशूले भन्नुभयो, "ती रोटी र माछाहरू मेरोमा
ल्याऊ।" [19]त्यसपछि येशूले सबै मानिसहरूलाई घाँसमा
बस्नु भन्नु भयो। उहाँले पाँचवटा रोटी र दुइवटा माछा
लिनुभयो। उहाँले आकाशतर्फ हेर्नुभयो अनि परमेश्वरलाई
धन्यवाद दिनुभयो। त्यसपछि उहाँले रोटीहरू टुक्राउनुभयो।
उहाँले चेलाहरूलाई ती रोटी दिनुभयो, अनि चेलाहरूले
मानिसहरूमाझ ती वितरण गरे। [20]सबैले खाए अनि
सन्तुष्ट भए। सबै मानिसहरूले खाना खाइसके, पछि
चेलाहरूले उब्रिएका टुक्राहरू बटुलेर बाह्रवटा टोकरीहरूमा
भरे। [21]त्यहाँ प्राय: पाँच हजार मान्छेहरू थिए, स्त्री एवं
नानीहरूको गिन्ती नगरी। खाना खानेहरूमा आइमाई र
नानीहरू पनि थिए।

## येशू पानी माथि हिड्नु भयो

*(मर्कूस ६:४५-५२; यूहन्ना ६:१५-२१)*

[22]तब येशूले चेलाहरूलाई डुङ्गामा चढ़न अनि
झीलको अर्को तर्फ जान लगाउनु भयो। अनि येशूले

भन्नु भयो कि उहाँ केही पछि आउनु हुनेछ। मानिसहरूलाई
घर पठाउनका निम्ति येशू त्यहाँ बस्नुभयो। २३मानिसहरूलाई
बिदा गरिसकेपछि, येशू एक्लै प्रार्थना गर्नलाई डाँड़ामा
चढ़्नुभयो। अबेर समय सम्म उहाँ एक्लै त्यहाँ बस्नुभयो।
२४यसबेलासम्म डुङ्गा धेरै पारि पुगिसकेको थियो। वायु
विपरित भएकोले छालहरूले गर्दा डुङ्गालाई कठिन
परिरहेथ्यो।

२५बिहानको तीन अनि छ बजे माझ, येशूका
चेलाहरू डुङ्गामा नै थिए। येशू पानीमाथि हिड़्दै तिनीहरू
भएतिर जानुभयो। २६उहाँलाई पानीमा हिड्दै गरेको देखेर
चेलाहरू डराउन लागेका थिए। "यो भूत हो।" तिनीहरू
डरले चिच्याए। २७तर येशूले तत्कालै भन्नुभयो, "साहसी
होऊ यो म हुँ! डराउनु पर्दैन्।"

२८पत्रुसले भने, "प्रभु, यदि यो वास्तवमा तपाईं नै
हुनुहुन्छ भने, मलाई पानीमाथि हिडेर तपाईंकहाँ आउन
भन्नुहवस्।"

२९येशूले भन्नुभयो, "आऊ पत्रुस।"

त्यसपछि पत्रुसले डुङ्गा छोड़े अनि पानी भएर हिँड़ी
येशूभएकहाँ गए। ३०पानीमाथि हिँड़दा पत्रुसले कड़ा
बतास र छालहरू आएको देखे। अनि भयभीत भए।
उनी भयभीत थिए अनि पानीमा डुब्नलागे। उनी चिच्याए,
"प्रभु, मलाई बचाउनुहोस्।"

३१त्यसपछि येशूले पत्रुसको हात समात्नु भयो।
उहाँले भन्नुभयो, "तिमीमा थोरै विश्वास छ, किन
तिमीले शंका गऱ्यौ?"

३२जब पत्रुस र येशू दुवै डुङ्गामा चढ़े आँधी
थामियो। ३३अनि डुङ्गामा भएका चेलाहरूले येशूलाई
पूजे अनि भन्न लागे, "साँच्चै तपाईं परमेश्वरका पुत्र
हुनुहुन्छ।"

## येशूले धेरै बिमारी मानिसहरूलाई निको गर्नुहुन्छ

*(मर्कूस ६:५३-५६)*

३४जब तिनीहरूले तलाउ पार गरे, त्यसपछि तिनीहरू
गनेसरेतको किनारमा पुगे। ३५त्यस स्थानका निवासीहरूले
येशूलाई देखे। उहाँ वास्तवमा को हुन् भनेर तिनीहरूले
जान्न पाए। तिनीहरूले त्यस क्षेत्रका वरिपरिका सवै
मानिसहरूलाई येशूको आगमन बारेमा भने। मानिसहरूले
धेरै रोगीहरूलाई येशूकहाँ पुऱ्याए। ३६तिनीहरूले उहाँको
कोटको किनारा मात्र पनि छुनलाई अनुमति माँगे ताकि
तिनीहरूको बिमार जाति होस्।

## परमेश्वरका कानून अनि मानिसका नियम

*(मर्कूस ७:१-२३)*

१५ त्यसपछि केही फरिसीहरू र शास्त्रीहरू येशूकहाँ
आए। तिनीहरू यरूशलेमबाट आएका थिए
अनि भन्न लागे, २"तपाईंका चेलाहरूले किन हाम्रा
पुर्खाहरूले बनाएका नियमहरू भङ्ग गर्दछन्? खानभन्दा
अघि तिनीहरू हात धुँदैनन्।"

३येशूले तिनीहरूलाई उत्तर दिनुभयो, "तिमीहरू पनि
किन तिमीहरूका दस्तुरको निम्ति परमेश्वरको आज्ञा
भङ्ग गर्दछौ? ४परमेश्वरले भन्नु भएको छ, 'आफ्ना बाबु
र आमाको आदर गर।'* फेरि उहाँले भन्नु भएको छ,
'जसले आफ्ना बाबु अनि आमालाई अपमान गर्छ
त्यसलाई मार्नुपर्छ।'* ५तर तिमीहरू ती मानिसहरूलाई
सिकाउँछौ कि उसले आफ्ना बाबु वा आमालाई यो
भन्न सक्छ, 'मसित तिमीलाईमदत मा उपयोग गर्ने केही
छ, तर म तिमीलाई मदतगर्न त्यसको उपयोग गर्नेछैन
किनभने म यो परमेश्वरलाई प्रदान गर्नेछु।' ६तिमीहरू
त्यस व्यक्तिलाई आफ्नो पिताको आदर नगर्नु भन्छौ।
यसरी तिमीहरू आफ्नो नियमका निम्ति परमेश्वरको
आदेश एकातिर सार्छौ। ७तिमीहरू कपटीहरू हौ। यशैयाले
तिमीहरूको बारेमा सही बोले। यशैयाले भने,

८ 'यी मानिसहरू मलाई आदर गरे भनी भन्छन्
तर तिनीहरूको आफ्नो हृदय मदेखि टाढ़ाछ।
९ तिनीहरूले मलाई अर्पण गरेको पूजा व्यर्थ छ।
तिनीहरूले ती कुराहरू सिकाउँछन् जो केवल
मानव निर्मित नियमहरू हुन्।'"

यशैया २९:१३

१०येशूले मानिसहरूलाई आफुकहाँ बोलाउनु भयो।
उहाँले भन्नुभयो, "म तिमीहरूलाई केही भन्छु। सुन
अनि यसलाई बुझ। ११जे जतिकुरा मुखभित्र पस्तछ,
त्यसले मानिसहरूलाई अशुद्ध गराँउदैन। तर जे मुखबाट
बाहिर निस्कन्छ, त्यसैले मानिसहरूलाई अशुद्ध तुल्याउँछ।"

१२तब चेलाहरू येशूकहाँ आए अनि उहाँलाई भने,
"के तपाईंलाई थाहा भयो कि तपाईंले भन्नुभएको
कुराबाट फरिसीहरू रिसाए भनेर?"

---

**'आफ्ना … गर'** प्रस्थान २०:१२; व्यवस्था ५:१६।

**'जसले … मार्नुपर्छ'** प्रस्थान २१:१७।

[१३]येशूले भन्नुभयो, "स्वर्गको मेरा पिताले नरोपेको प्रत्येक बोट नै उखेलिनेछ। [१४]फरिसीहरूलाई छाड़ि देऊं। तिनीहरू मानिसहरूलाई अगुवाई त गर्छन्, तर तिनीहरूको अगुवाई एउटा अन्धाले अर्को अन्धालाई डोऱ्याएको जस्तो हुन्छ। अनि जब एक अन्धाले अर्को अन्धालाई डोऱ्याउँछ तब दुवै खाल्डामा पर्नेछन्।"

[१५]पत्रुसले भने, "अघि तपाँईंले मानिसहरूलाई भन्नु भएको कुराको हामीलाई व्याखा गर्न हवस्।"

[१६]येशूले सोध्नुभयो, "के तिमीहरूलाई पनि यसलाई बुझ्नमा अझ कठिन परिरहेको छ? [१७]तिमीहरू जान्दैनौ कि मुखबाट खाएको खानेकुरा पेटमा पुग्दछ। अनि त्यसपछि शरीरदेखि बाहिर जान्छ। अनि नालामा जान्छ। [१८]मुखबाट जे निस्कन्छ वास्तवमा त्यसको उत्पत्ति हृदयमा हुन्छ अनि त्यसैले मानिसलाई अशुद्ध तुल्याउछ। [१९]किनभने हृदयबाट यस्ता नराम्रा कुराहरू आँउछ दुष्ट विचार, हत्या, व्यभिचार, यौन अनैतिकता, चोरी, कसम खाएर ढाँट्नु, निन्दा। [२०]यी कुराहरूले मानिसलाई अशुद्ध तुल्याउँछ। तर हात नधोई खानाले मानिसलाई अशुद्ध तुल्याउँदैन।"

## येशूबाट अयहूदी स्त्रीहरूलाई मद्दत

*(मर्कूस ७:२४-३०)*

[२१]येशू त्यो ठाउँ छोड़ेर जानु भयो अनि टायर र सिडोनका क्षेत्रतिर जानुभयो। [२२]त्यस क्षेत्रकी कुनै एउटी कनानी स्त्री येशूकहाँ आई। तिनी चिच्याईन, "परमप्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरो छोरीलाई भूतले सताएको छ अनि ऊ साह्रै यातनामा छे।"

[२३]तर येशूले त्यस स्त्रीलाई जवाब दिनु एउटा शब्द पनि भन्नु भएन। अनि चेलाहरू उहाँकहाँ आएर विन्ती गर्न लागे, "कृपया यो स्त्रीलाई पठाइदिनु हवस्, यसले हाम्रो पिछा गर्दै कराइरहेकी छे।"

[२४]येशूले भन्नुभयो, "इस्राएलका हराएको भेड़ाको निम्ति मात्र जानु भनी परमेश्वरले मलाई पठाउनु भएको हो।"

[२५]त्यो स्त्री फेरि येशूकहाँ आई। येशूको अघि नतमस्तक हुँदै त्यसले भनी, "प्रभु, मलाई सहायता गर्नुहोस्।"

[२६]उहाँले उत्तर दिनु भयो, "नानीहरूको रोटी लिएर कुकुरलाई दिनु असल होइन?"

[२७]त्यो स्त्रीले भनी, "हो प्रभु, तर कुकुरहरूले आफ्नो मालिकको टेबलबाट झरेको रोटीको टुक्रा खान्छन्।"

[२८]तब येशूले भन्नुभयो, "हे नारी। तिमीमा ठूलो विश्वास रहेछ। तिमी जे चाहान्छौ म गर्नेछु।" अनि त्यसको छोरी त्यसैबेला निको भइहाली।

## येशूले अनेक रोगहरू जाति गर्नु भयो

[२९]त्यसपछि येशूले त्यो ठाउँ छोड्नुभयो अनि गालीली पोखरीको किनारमा जानुभयो। येशू डाँड़ामा चढ़नु भयो अनि त्यहाँ बस्नुभयो।

[३०]धेरै, मानिसहरू येशूकहाँ आए। ती मानिसहरूले थुप्रै रोगीहरूलाई लिएर आए अनि येशूको अघि राखिदिए। लङ्गड़ो, अन्धो, डुँडो अनि बैह्रोमानिसहरू भीड़द्वारा ल्याइएका थिए। येशूले यी सबैलाई निको पारिदिनु भयो। [३१]व्यक्तिहरू जो लाटा थिए बोल्न समर्थ भए। डुँड़ा बलिया भए। जो लङ्गड़ो थिए, हिड़्न सके अनि मानिसहरू छक्क परे कारण कुँजोहरू बलवान भए। हिड़्नै नसक्नेहरू हिड़्न भए। अन्धोहरूले देख्न सकेको थाहापाएर मानिसहरू आश्चर्य चकित भए। यी सबै देखेर तिनीहरूले इस्राएलका परमेश्वरलाई धन्यवाद चढ़ाए।

## चार हजारभन्दा अधिक मानिसहरूलाई येशूले खुवाउनु भएको

*(मर्कूस ८:१-१०)*

[३२]येशूले आफ्ना चेलाहरूलाई बोलाउनु भयो अनि भन्नुभयो, "यी मानिसहरूप्रति म अति दुःखी छु। अहिले तिनीहरू मसँग तीनदिनसम्म छन्, अनि तिनीहरूको खानेकुरा छैन। म तिनीहरूलाई रित्तो पेट पठाउन सक्दिनँ। घर जाने बाटोमा तिनीहरू मुर्च्छा पर्न सक्छन्।"

[३३]चेलाहरूले येशूलाई सोधे, "यी मानिसहरूलाई खुवाउन यति विघ्न भोजन हामी कहाँ पाउन सक्छौं? कुनै पनि शहरदेखि हामी धेरै टाड़ामा छौ।"

[३४]येशूले उत्तर दिनु भयो, "तिमीहरूसित कतिवटा रोटी छन्?"

चेलाहरूले उत्तर दिए, "हामीसित सातवटा रोटी र केही ससाना माछा छन्।"

[३५]येशूले सबैलाई भूँइमा बस्नु भन्नुभयो। [३६]येशूले सातवटा रोटी र माछा लिनुभयो। अनि आहारकोलागि परमेश्वरलाई धन्यवाद दिनुभयो। उहाँले त्यसलाई भाँचेर

चेलाहरूलाई दिनुभयो। तिनीहरूले मानिसहरूलाई बाँड़िदिए।
३७सबै मानिसले खाना खाए अनि तृप्त भए। चेलाहरूले
उब्रेका आहार बटुले अनि सातवटा टोकरीभरि उठाए।
३८प्राय: चार हजार मानिसहरू थिए। जसले खाना
खाए। त्यसमा स्त्री र बालकहरू पनि थिए। ३९जब
तिनीहरूले खाए येशूले तिनीहरूलाई घर जानु भन्नुभयो।
उहाँ एउटा डुङ्गामा चढ़ेर मग्दानको क्षेत्रमा जानुभयो।

## यहूदी नेताहरूद्वारा येशूको परीक्षा

*(मर्कूस ८:११-१३; लूका १२:५४-५६)*

**१६** फरिसीहरू र सदुकीहरू येशूकहाँ आए। तिनीहरू
येशूको परीक्षा लिन चाहन्थे। अनि तिनीहरूले
येशूलाई परमेश्वरबाट आएको हो भन्ने प्रमाणको निम्ति
चमत्कार देखाउने विन्ति गरे।
२येशूले भन्नुभयो, "जब तिमीहरूले सूर्यास्त भएको
देख्छौ, तिमीहरू भन्छौ, आकाश रातो छ, मौसम राम्रो
हुनेछ।" ३अनि बिहान तिमीहरू भन्छौ। आकाश
अन्धकार र रातो छ, यसकारण आज आँधी चल्ने छ।
यी मौसमका संकेतहरू हुन्। जब तिमीहरू ती आकाशमा
देख्छौ तिमीहरू त्यसको संकेत बुझ्छौ। एवंरीतले, अहिले
के भइरहेछ त्यो तिमीहरूले बुझ्नु पर्छ। यी पनि
संकेतहरू हुन्। तर यी संकेतहरूको अर्थ तिमीहरू
बुझ्दैनौ। ४दुष्ट अनि पापी मानिसहरूले चिन्हको निम्ति
चमत्कार खोज्छन्। तर तिनीहरूलाई योनाको चिन्ह*
बाहेक अरू चिन्ह देखाइनेछैन।" त्यसपछि अन्यत्र कतै
जानका निम्ति उहाँले त्यो स्थान छाड़्नु भयो।

## येशूद्वारा यहूदी नेताहरूका विरूद्ध चेतावनी

*(मर्कूस ८:१४-२१)*

५येशू अनि उहाँका चेलाहरू गालिली पोखरीको
अर्को तिर जानुभयो। तर चेलाहरूले रोटी लैजान भुले।
६येशूले तिनीहरूलाई भन्नुभयो, "आफैलाई बचाउ।
फरिसीहरू र सदुकीहरूको खमीर चालबाट स्वयंलाई
जोगाऊ।"
७चेलाहरूले यो भनाइको अर्थ बहस गर्न थाले।
तिनीहरूले भने, "उहाँले यसो भन्नु भयो किनभने
हामीहरूले रोटी ल्याएनौ?"
८येशूले चेलाहरूका धारणा बुझ्नुभयो। अनि उहाँले
तिनीहरूलाई भन्नुभयो, "किन रोटीको विषयमा तिमीहरू
कुरा गर्न लागिरहेछौ? तिमीहरूसित फ्यातुलो विश्वासछ।
९तिमीहरूले अझै नबुझेको? पाँचवटा रोटी जो पाँचहजार
मानिसहरू खुवाइएको कुरा अनि तिमीहरूले कतिवटा
टोकरी बटुल्यौ तिमीहरूलाई याद भएन? १०अनि त्यसरीनै
चार हजार मानिसहरूले सातवटा रोटी खाएको कुरा
अनि कति टोकरी तिमीहरूले बटुल्यौ, तिमीहरूलाई
थाहा छैन? ११यसर्थ तिमीहरू किन बुझ्दैनौ कि म
रोटीको विषयमा बात गरिरहेछु भनी? म तिमीहरूलाई
फरिसीहरू र सदुकीहरूको खमीरको विरुद्ध सावधान
हुनु भन्दैछु।"
१२तब उहाँले रोटीको खमीरदेखि होइन, तर फरिसीहरू
र सदुकीहरूको शिक्षा देखि तिनीहरू होशियार बस्नु
भन्नु भएको रहेछ भनी बुझे।

## पत्रुस भन्छन् येशूनै ख्रीष्ट हुन्

*(मर्कूस ८:२७-३०; लूका ९:१८-२१)*

१३जब येशू सिजरिया फिलिप्पीका इलाकामा पुग्नुभयो।
उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "म मानिसको
पुत्र हुँ। म त्यो हुँ भनी तिनीहरू कसलाई भन्छन्?"
१४चेलाहरूले उत्तर दिए, "कसैले तपाईंलाई बप्तिस्मा
दिने यूहन्ना भनेर भन्दछन्। कसैले तपाईंलाई एलिया हुन
भन्दछन्। अनि कसैले तपाईंलाई यर्मिया अथवा कुनै
अगमवक्ताहरूमा एकजना ठान्छन्।"
१५तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,
"तिमीहरूको विषयमा चाहिँ? तिमीहरू मलाई को भनि
भन्छौ?"
१६शिमोन पत्रुसले जवाफ दिए, "तपाँईं ख्रीष्ट हुनुहुन्छ,
जीवित परमेश्वरको पुत्र।"
१७येशूले भन्नुभयो, "तिमी धन्य हौ, हे योनाको
छोरो शिमोन। कुनै पनि मानव जातिले तिमीलाई यो
सिकाएको होइन। स्वर्गमा भएका मेरा पिताले तिमीलाई
प्रकाश गरिदिनु भएको हो। १८यसैले म भन्दछु, तिमी
पत्रुस हौ। अनि म मेरो मण्डली यो चट्टानमाथि
बनाउनेछु। मेरो मण्डलीलाई हराउन मृत्युको शक्तिहरू
समर्थ हुनेछैन। १९म स्वर्गको-राज्यको साँचोहरू (चाबी)
तिमीहरूलाई दिनेछु। जब तिमी यो पृथ्वीमा न्यायकालागि
बोल्नेछौ तब त्यो न्याय परमेश्वरको न्याय हुनेछ। जब

---

**योनाको चिन्ह** योना ठूलो माछाको पेटभित्र तीन दिन भए जस्तै येशू चिहान भित्र तीन दिन रहनु हो। (योना १-२)

तिमीले यो पृथ्वीमा कसैलाई क्षमा दिनेछौ तब त्यो क्षमा परमेश्वरको क्षमा हुनेछ।" २०त्यसपछि येशूले उहाँका चेलाहरूलाई कसैलाई पनि उहाँ नै ख्रीष्ट हो भनेर नभन्नु भनी चेतावनी दिनुभयो।

### येशू भन्नुहुन्छ उहाँ मर्नु पर्छ

*(मर्कूस ८:३१-९:१; लूका ९:२२-२७)*

२१त्यसै बेलादेखि यसो येशूले आफ्ना चेलाहरूलाई यो स्पष्ट्याउन शुरू गर्नुभयो कि उहाँ यरूशलेम जानुपर्नेछ। अनि यहूदीहरूका अग्रज प्रमुखहरू, मुख्य पूजाहारीहरू अनि कानूनका शास्त्रीहरूले उहाँलाई धेरै यातनामा पार्नेछन्। अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँलाई मारिनु नै पर्नेछ। उहाँ तेस्रो दिनमा मृत्युबाट बौरी उठनु हुनेछ।

२२पत्रुसले येशूलाई एकलै एकातिर लगेर टिका पिप्पणी गर्न लागे। पत्रुसले भने, "परमेश्वरले तपाईंलाई यस्ता कुराबाट बचाउँनु हुनेछ, हे परमप्रभु तपाँई माथि यस्तो कुरो आई पर्नेछैन।"

२३तब येशूले पत्रुसतिर फर्केर भन्नुभयो, "तिमी म देखि टाड़ो जाऊ, शैतान! तिमीले मलाई मदत गरिरहेका छैनौ। परमेश्वरले सोच्नु भएको जस्तो तिमीले सोच्दैनौ। तिमी मानिसहरूले सोचे जस्तै सोंच्छौ।"

२४त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यदि कसैले मलाई पछ्याउन चाहान्छ भने उसले आफूलाई चाहिएको चीजहरू प्रति अहँ भन्नु पर्छ। उसलाई प्रदान गरिएको क्रूस उसले स्वीकार गर्नै पर्छ अनि त्यसपछि मलाई उसले पछ्याउनु पर्छ। २५जसले आफ्नो जीवन बचाउन चाहन्छ उसले यसलाई गुमाउछ अनि जसले मेरो निम्ति जीवन गुमाउँछ उसले यसलाई रक्षागर्छ। २६कुनै व्यक्तिलाई के उत्तम वा लाभहुन्छ यदि उसले सम्पूर्ण संसार प्राप्त गर्छ तर आफ्नै जीवन गुमाउँछ? आफ्नो जीवन फिर्ता प्राप्त गर्नलाई कुनै व्यक्तिले के दिनसक्छ? २७आफ्ना पिताको महिमासित मानिसको पुत्र आफ्ना दूतहरूसँग आउनेछ। त्यसबेला मानिसका पुत्रले प्रत्येकलाई आफ्नो कामको निम्ति इनामहरू दिनेछ। २८म तिमीहरूलाई साँचो भन्दछु। कोही मानिसहरू जो यहाँ उभिरहेका छन्, तिनीहरूले आफ्नो मृत्युको अघि मानिसका पुत्रले आफ्नो राज्य लिएर आएको देख्नेछन्।"

### येशू मोशा र एलिया संग थिए

*(मर्कूस ९:२-१३; लूका ९:२८-३६)*

**१७** छः दिनपछि, येशूले पत्रुस, याकूब अनि युहन्ना (याकूब को दाजु)लाई लिए अनि तिनीहरूलाई एउटा अग्लो पर्वततिर लानु भयो। तिनीहरू एकान्तमा थिए। २ठीक तिनीहरूको आँखा अघि, येशू परिवर्त्तित हुनुभयो। उहाँको मुहार घाम जस्तै चम्किलो भयो। अनि उहाँको पहिरन प्रकाश वा ज्योति जस्तै सेतो भयो। ३तब तिनीहरूले दुइजना मानिसहरूलाई येशूसँग बातचीत गरिरहेका देखे। तिनीहरू मोशा र एलिया थिए।

४पत्रुसले येशूलाई भने, "प्रभु, यो उत्तम हो कि हामी यहाँ छौ। यदि तपाईंइच्छा गर्नुहुन्छ भने म यहाँ तीनवटा आश्रयहरू निर्माण गर्नेछु, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति अनि एउटा एलियाको निम्ति।"

५जब पत्रुस कुरा गरिरहेका थिए, एक्कासि एक उज्यालो बादलले तिनीहरूलाई ढाकिहाल्यो। बादलबाट एउटा आवाज आयो। आवाज यस्तो थियो, "यी मेरा पुत्र हुन् अनि म उनलाई प्रेम गर्दछु। म उनीसित अति आनन्दित छु। उसको आज्ञा मान।"

६चेलाहरूले यो आवाज सुने। तिनीहरू खूबै डराए, अनि तिनीहरू भूईंतिर अनुहार पारेर लड़े। ७तर येशू आफ्ना चेलाहरूकहाँ आउनुभयो। अनि तिनीहरूलाई छुनु भयो। उहाँले भन्नुभयो, "उठ। तिमीहरू डराउनु पर्दैन।" ८चेलाहरूले पुलुक्क हेरे, तर कसैलाई देखेनन्। त्यहाँ केवल येशू हुनुहुन्थ्यो।

९येशू र उहाँका चेलाहरू पहाड़बाट ओह्र्लँदै थिए। उहाँले चेलाहरूलाई आज्ञा दिनुभयो, "पहाड़मा तिमीहरूले देखेको ती घटनाहरू बारे मानिसकोपुत्र मृत्युबाट बौरी नउठे सम्म कसैलाई केही भन्नु हुँदैन। त्यसपछि मात्र तिमीहरूले देखेका कुराहरू मानिसहरूलाई भन्नू।"

१०चेलाहरूले येशूलाई प्रश्नगरे, "किन कानूनका शास्त्रीहरूले ख्रीष्ट आउनुभन्दा पहिले एलिया आउनु पर्छ भनेका हुन्?"

११येशूले भन्नुभयो, "एलिया आँउदैछन् भनेर तिनीहरूले ठीकै भनेका हुन्। अनि यो साँचो हो कि एलिया आउनेछन् अनि आएरै सबै कुराको ठीकसित व्यवस्था गर्नेछन्। १२तर म तिमीहरूलाई भन्दछु, एलिया अघिनै आइसकेका छन् तर तिनीहरूले उनलाई चिन्दैनन्। उनलाई तिनीहरूले आफूले जे चाहे त्यही गरे। त्यसरी नै

मानिसका पुत्रले पनि तिनीहरूका हातबाट यातना पाउने
छन्।"
१३ तब चेलाहरूले येशूले तिनीहरूलाई बप्तिस्मा दिने
यूहन्नाको बारेमा कुरा गरेको अर्थ बुझे।

## येशूद्वारा रोगी बालकलाई निको

*(मर्कूस ९:१४-२९; लूका ९:३७-४३)*

१४ येशू अनि उहाँका चेलाहरू फेरि मानिसहरू कहाँ
जानुभयो जहाँ तिनीहरू थिए। एउटा मानिस येशूको
अघि निहुरिए। १५ त्यो मानिसले भन्यो, "परमप्रभु, मेरो
छोरोप्रति दयालु हुनुहवस्। उसलाई छारेरोग लागेको छ
अनि यसैद्वारा पीड़ित छ। मेरो छोरो बारम्बार आगो र
पानीमा लड़्दछ। १६ मैले मेरो छोरोलाई तपाईंको चेलाहरूकहाँ
ल्याएँ, तर तिनीहरूले उसलाई निको पार्न सकेनन्।"
१७ येशूले उत्तर दिनुभयो, "तिमीहरूमा विश्‍वास छैन।
तिमीहरूको जीवननै भ्रष्ट छ। तिमीहरूसँग म कहिलेसम्म
बस्न सकुँला? तिमीहरूसँग कहिलेसम्म म सहन गर्नु?
त्यो बालकलाई यता ल्याऊ।" १८ येशूले बालकभित्र
भएको भूतलाई आज्ञागर्नु भयो। त्यो भूत त्यो बालकबाट
बाहिर निस्क्यो, अनि त्यसबेला देखि बालक जाती भयो।
१९ तब चेलाहरू येशूकहाँ एकान्तमा आए। तिनीहरूले
भने, "हामीले बालकबाट भूत भगाउन पूरा प्रयास
गरेका थियौं। तर हामीले त्यसलाई भगाउन सकेनौं।
किन हामीहरूले भूत भगाउन सकेनौ?"
२० येशूले उत्तर दिनुभयो, "तिमीहरूले भूत भगाउन
सकेनौ, किनभने तिमीहरूमा एकदमै कम्ती विश्‍वास छ।
म तिमीहरूलाई साँचो भन्दछु। यदि तिमीहरूको विश्‍वास
तोरीको दाना झैं हुँदो हो, त पर्वतलाई तिमीहरूले
आज्ञादिन सक्ने थियौ, "यहाँदेखि त्यहाँ जा।" अनि त्यो
सर्ने थियो। सबै कुरा तिमीहरूको निम्ति सम्भव बन्नेथियो।"
२१ *

## येशू आफ्नो मृत्यु बारे चर्चा गर्नुहुन्छ

*(मर्कूस ९:३०-३२; लूका ९:४३-४५)*

२२ त्यसपछि, चेलाहरू गालिलीमा भेला भए। येशूले
तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई मानिसहरूको
नियन्त्रणमा सुम्पिइनेछ। २३ ती मानिसहरूले मानिसको
पुत्रलाई मारिदिनेछन्। तर तेस्रो दिनमा मानिसको पुत्र
बौरी उठनेछन्।"
येशूलाई मारिनेछ भन्ने सुनेर चेलाहरू खुबै दु:खित
भए।

## येशूद्वारा कर तिर्ने बारे शिक्षा

२४ येशू अनि उनका चेलाहरू कफर्नहुममा जानुभयो।
कफर्नहुममा केही मानिसहरू पत्रुसकहाँ आए। ती मानिसहरू
दुइ ड्राकमा कर उठाउनेहरू थिए। तिनीहरूले सोधे, "के
तिमीहरूका गुरूले दुइ ड्राकमा कर तिर्दैछन?"
२५ पत्रुसले जवाबदिए, "हो, येशूले ती करहरू तिर्नुहुन्छ।"
त्यसपछि पत्रुस येशू भएको घरमा गए। पत्रुसले केही
बोल्न अघिनै, भन्नुभयो, "यो संसारमा राजाले मानिसहरूबाट
विभिन्न प्रकारका करहरू प्राप्त गर्दछन्। तर कर तिर्ने
मानिसहरू को हुन्?. के तिनीहरू राजाका बालकहरू
हुन्? अथवा ती अरू मानिसहरू हुन्? तिम्रो यस प्रति
के बिचार छ?"
२६ पत्रुसले उत्तर दिए, "अरू मानिसहरूले कर
तिर्छन्।"
येशूले भन्नुभयो, "त्यसो भए राजाका बालकहरूले
कर तिर्ने आवश्यकता पर्दैन। २७ तर हामी यी कर
उठाउनेहरूलाई रीस उठाउन चाँहदैनौ। यसर्थ यसप्रकारले
कर बुझाऊ। पोखरीमा जाऊ अनि माछा समात्न
बल्छीहान। तिमीले समातेको पहिलो माछा लेऊ, त्यसको
मुख खोल अनि तिमीले चार ड्रकमाको एउटा मुद्रा
पाउनेछौ। त्यो मुद्रा कर उठाउनेहरूलाई देऊ। त्यसैबाट
तिम्रो र मेरो कर चुक्ता हुनेछ।"

## येशू सोध्नुहुन्छ सबभन्दा महान को हो?

*(मर्कूस ९:३३-३७; लूका ९:४६-४८)*

**१८** त्यसैबेला चेलाहरू येशूकहाँ आए अनि सोधे,
"स्वर्गको राज्यमा सबभन्दा महान को होलान्?"
२ येशूले एकजना सानो बालकलाई आफूकहाँ
बोलाउनुभयो। अनि चेलाहरूको अघि त्यो बालकलाई
उभ्याउनुभयो। ३ अनि भन्नुभयो, "म तिमीहरूलाई साँचो
भन्दछु। यदि तिमीहरू सानो बालकहरू जस्तै परिणत
भएनौ भने तब तिमीहरू स्वर्गको राज्यमा कहिल्यै प्रवेश

---

**पद २१** केही ग्रीक लिपिहरूमा पद-२१ छ: "त्यस्तो आत्मा आउनेछ यदि तिमीहरूले प्रार्थना र उपवास गर्न सक्यौ भने।"

गर्न सक्नेछैनौ। [४]जसले आफूलाई यो सानो नानी झै नम्र
बनाउन सक्छ स्वर्गको राज्यमा उही महान हुन्छ।
[५]"यदि कुनै व्यक्तिले मेरो नाममा यो बालकलाई
ग्रहण गर्छ भने, उसले मलाई ग्रहण गरेको हुनेछ।

## पापको बारेमा चेतावनी

*(मर्कूस ९:४२-४८; लूका १७:१-२)*

[६]यदि यी कुनै एक सानो बालकले ममाथि विश्वास
राख्छ भने, अनि कसैले त्यो बालकलाई पापमा पार्छ
भने यो त्यो व्यक्तिको निम्ति अति नराम्रो हुनेछ।
त्यस्ताको निम्ति त घाँटीमा एउटा ठूलो जाँतो झुण्ड्याएर
स्वयंलाई अगाध समुद्रमा डुबाइदिनु बेस हुनेछ। [७]जुन
कारणले मानिसहरूलाई पाप गराउँछ यस संसारमा म ती
मानिसहरूको निम्ति दु:ख अनुभव गर्दछु। यस्तो घटना
हुनैपर्छ। तर यस्तो गर्ने मानिसहरूलाई कहिल्यै राम्रो
हुनेछैन। [८]यदि तिम्रो हात वा खुट्टाले तिमीलाई पाप
गर्नलाउँछ भने त्यसलाई काट अनि फालिदेऊ। तिम्रो
निम्ति शरीरको एक अँग नभई जीवन बिताउनु दुइहात
अनि दुइ खुट्टाहरू लिएर नरकको अग्निमा जल्नु भन्दा
उत्तम हुनेछ। [९]यदि तिम्रा आँखाले तिमीलाई पापगर्न
लाउँछ भने त्यसलाई निकाल अनि फालिदेऊ। दुइवटा
आँखा भएर सधै भरिलाई नरकको अग्निमा फालिनुभन्दा
एउटा आँखा लिएर जीवनमा प्रवेशगर्नु तिम्रा निम्ति
असल हुनेछ।

## येशूद्वारा हराएको भेड़ाको कथा

*(लूका १५:३-७)*

[१०]"होशियार बन। यी साना बालकलाई तुच्छ नठान।
म तिमीहरूलाई भन्दछु कि यी बालकहरूका स्वर्गमा
दूतहरू छन्। अनि ती दूतहरू स्वर्गमा मेरा पिताका
साथमा छन्। [११]*परमेश्वरको पुत्र हराएकाहरूलाई
वचाउन आउनु भएकोछ।
[१२]"तिमीहरू के सोच्छौ? यदि कुनै मानिसको १००
वटा भेड़ाहरू छन्, अनि कुनै एउटा हराएको छ, भने
अरू ९९ वटा भेंड़ालाई डाँड़ामा छोडेर उ हराएको
एउटा भेंड़ालाई खोज्न जाँदैन? के यो ठीक होइन?
[१३]अनि जब उसले हराएको भेंड़ा भेट्टाउँछ तब उ
आफूसित भएका ९९ वटा भेंड़ामा भन्दा त्यो एउटा
भेंड़ा पाएर गद्‌गद् हुनेछ। म तिमीहरूलाई साँचो भन्दछु।
[१४]त्यसरीनै तिम्रा स्वर्गको पिताको इच्छा यो छ कि यी
कुनै पनि साना नानीहरू नहराओस्।

## जब कसैले गल्ती गर्छ

*(लूका १७:३)*

[१५]"यदि तिम्रा भाइ वा बहिनीले तिम्रो विरुद्ध केही
गल्ती गर्‍यो भने जब उ एकान्तमा छ तिमी उसकोमा
जाऊ। अनि भन उसको के गल्ती छ। यदि त्यो
व्यक्तिले तिमीलाई सुन्न चाहे, भने उसलाई तिम्रा भाइ
भएर रहन मदद देऊ। [१६]यदि उसले सुन्न अस्वीकार
गर्‍यो भने अरू एक वा दुइ मानिसहरूलाई ल्याऊ
जसमा कि ती दुइ वा तीन साक्षीहरूले त्यहाँ जे जति
कुरा भए ती प्रमाणित गर्नेछन्। [१७]यदि उसले तिनीहरूका
कुरा पनि सुन्न नचाहे तब यसलाई मण्डली समुदाय
समक्ष ल्याऊ। मण्डली समुदायलाई पनि उसले सुन्न
नचाहे उसलाई परमेश्वरमा विश्वास नगर्ने भनेर अनि
कर उठाउने सरह व्यवहार गर।
[१८]"म तिमीहरूलाई साँचो भन्दछु। जब यो पृथ्वीमा
तिमी न्यायको लागि बोल्दछौ, त्यो न्याय परमेश्वरबाट
हुनेछ। जब तिमीले यो पृथ्वीमा क्षमाको बचन दिन्छौ,
त्यो क्षमा परमेश्वरबाट हुनेछ।
[१९]"म तिमीलाई भन्छु, "यो पृथ्वीमा केही कुराको
बारेमा तिमीहरूमध्ये दुइजना एक भई सहमत भयौ भने
त्यसको निम्ति प्रार्थना गर्नसक्छौ। अनि तिमीहरूले जुन
चीजको निम्ति प्रार्थना गर्छौ त्यो मेरा स्वर्गको पिताबाट
प्राप्त गर्नेछौ। [२०]यो साँचो हो, किनभने दुइ वा
तिनजनाले ममाथि विश्वास राख्छ, अथवा भेला हुन्छन्
भने, म त्यहाँ तिनीहरूका साथमा हुन्छु।"

## क्षमाको कथा

[२१]त्यसपछि पत्रुस येशूकहाँ आएर सोधे, "प्रभु जब
मेरा भाईले मप्रति घरिघरि गल्ती गर्दछ, तब मैले कति
पटक सम्म उसलाई क्षमा गर्नु? के सातपल्ट सम्म?"
[२२]येशूले उत्तर दिनुभयो, "म तिमीहरू सबैलाई
भन्दछु, यदि उसले आफ्नो गल्ती गरिरहयो भने पनि
तिमीले सात गुणा सत्तत्तर पटकसम्म क्षमा दिनुपर्छ।"

---

**पद ११** केही ग्रीक लिपिहरूमा पद ११ छ: "मानिसका पुत्र हराएकाहरूलाई रक्षा गर्न आएका हुन्।"

२३"यसकारण स्वर्गको राज्य राजा जस्तै छ जसले
आफ्ना नोकरहरूबाट हिसाब मिलाउने निश्चय गर्छ।
२४राजाले हिसाब मिलाउन शुरू गरे। एक नोकर हजारौं
चाँदीको सिक्काको ऋणी थियो। २५त्यो नोकर आफ्नो
ऋण तिर्न असमर्थ थियो। राजाले उसलाई, उसकी
स्वास्नी, उसका नानीहरू अनि उसित भएका सबै कुरा
उसले राजालाई तिर्नुपर्ने ऋणको परिमाण सम्म बेच्ने
आदेश गरे।

२६"तर त्यो नोकर मालिकको खुट्टामा पर्‍यो अनि
मालिकलाई विन्ती गर्‍यो, 'मेरो निम्ति केही धैर्य राखि
दिनुहोस्। अनि मलाई लागेको जे जति ऋण छ म
तिर्नेछु।' २७यो सुनेर मालिकलाई नोकरप्रति दया जाग्यो।
मालिकले त्यो नोकरलाई भन्यो कि उसले उसको ऋण
तिर्नु पर्ने छैन अनि उसलाई मुक्त जान दिए।

२८"केही समय पछि, त्यो नोकरले अर्को नोकरलाई
भेट्टायो, जसले उसबाट एकसय चाँदीका सिक्का ऋण
लगेको थियो। उसले त्यसको घोक्रो अँठ्यायो अनि
भन्यो, 'मेरो ऋण तुरन्तै तिरिहाल्।'

२९"त्यो नोकर उसको घुँडा टेकेर विन्ती गर्न लाग्यो,
'मेरो निम्ति धैर्य धारण गर्नोस् मलाई लागेको ऋण म
चुक्ता गर्नेछु।'

३०"तर त्यो पहिलो नोकरले धैर्य गर्न सकेन। त्यसले
अर्को नोकरको विरुद्ध न्यायकर्तालाई नालिश गर्‍यो
अनि उसलाई जेलमा पुर्‍याइदियो। ऋण चुक्ता नगरून्जेल
उनी जेलमा बस्न पर्‍यो। ३१अरू सबै नोकरहरूले यो
घटना देखे। तिनीहरू दु:खी भए अनि तिनीहरूले आफ्ना
मालिकलाई यो घटनाको वृतान्त सुनाइदिए।

३२"तब मालिकले नोकरलाई बोलाए अनि उसलाई
भने, 'तिमी दुष्ट नोकर होऊ। तिमीले मबाट धेरै ऋण
लगेका थियौ, अनि मैले त्यो क्षमा गरिदिए किनभने
तिमीले मलाई याचना गर्‍यौ। ३३मैले तिमीलाई दया
देखाए जस्तै तिमीले पनि तिम्रो सहनोकरलाई दयादेखाउन
सकेनौ?' ३४मालिक खूबै रिसाएका थिए, अनि दण्डका
निम्ति त्यस नोकरलाई जेलमा पठाए। सम्पूर्ण ऋण
नतिरून्जेल तिनी जेलमा नै बस्नुपर्‍यो।

३५"राजाले पनि स्वर्गमा भएका मेरा पिताले जे
गर्नुहुन्छ त्यही गरे यदि तिमीहरू प्रत्येकले आफ्ना
भाइ-बहिनीहरूलाई आफ्ना हृदयले क्षमा गरेनौ भने तब
मेरा स्वर्गको पिताले तिमीहरूलाई पनि क्षमा दिनु हुने
छैन्।"

## येशूद्वारा सम्वन्ध विच्छेद बारे शिक्षा

*(मर्कूस १०:१-१२)*

१९ यी सबै कुराहरू सुनाएपछि येशूले गालीली
छाड्नुभयो। यर्दन नदीको पारि पट्टि छेवमा
भएको यहुदिया जिल्लाभित्र उहाँ पुग्नुभयो। २धेरै
मानिसहरूले येशूको पिछा गरे। येशूले रोगी मानिसहरूलाई
त्यहाँ निको पारिदिनु भयो।

३केही फरिसीहरू येशूकहाँ तिनको, परीक्षा गर्न त्यहाँ
आए। तिनीहरूले येशूलाई सोधे, "के कुनै पनि निहुँमा
कसैले आफ्नी स्वास्नीलाई त्याग्न सक्छ?"

४येशूले उत्तर दिनुभयो, "के तिमीहरूले धर्मशास्त्रमा
पढ़ेका छैनौ? जब परमेश्वरले संसारको सृष्टि गर्नुभयो,
'उहाँले नै नर र नारी बनाउनु भयो।'* ५अनि परमेश्वरले
भन्नु भयो, 'त्यसकारण मानिसले आफ्नो आमा-बाबुलाई
आफ्नो स्वास्नीसँग मिल्नका निम्ति छोड्नु पर्छ। अनि यी
दुइ व्यक्तिहरू एक हुनेछन्।'* ६यसर्थ दुइजना व्यक्तिहरू
दुइ रँहदैनन् एकहुन्छन्। परमेश्वरले यी दुईलाई एक
पारेका हुन्। यसैकारणले कसैले तिनीहरूलाई अलग
पार्नु हुँदैन।" ७फरिसीहरूले सोधे, "यदि त्यसो भए
मोशाले किन एउटा मान्छेलाई प्रमाणपत्र लेखेर आफ्नी
पत्नीसित छुटानाम गर्ने आज्ञा दिए?"

८येशूले भन्नुभयो, "मोशाले तिमीहरूलाई आफ्नी
स्वास्नीहरूसँग छुटानाम गर्ने अनुमति दिएको कारण के
हो भने तिनीहरूले परमेश्वरको शिक्षालाई स्वीकार गर्न
अस्वीकार गर्‍यौ। तर शुरूमा यो यस्तो थिएन। ९जो म
भन्दछु जसले आफ्नो स्वास्नीलाई त्यागेर अर्को स्त्रीसँग
विवाह गर्दछ भने उसले व्यभिचार गर्दछ। एउटा मान्छेले
आफ्नो स्वास्नीलाई त्यागेर अर्की स्वास्नीसँग त्यत्तिबेला
विवाह गर्न पाउँदछ जब उसको पहिलेको स्वास्नीले
अरू कुनै व्यक्तिसँग व्यभिचार गर्दछे।"

१०चेलाहरूले येशूलाई भने, "यदि त्यही कारणले
मात्र एउटा मान्छेले आफ्नो स्वास्नीलाई त्याग्न सक्छ
भने विवाह नगर्नु नै असल हुन्छ।"

११येशूले जवाफ दिनुभयो, "केही मानिसले यो
सत्यतालाई मान्न सक्तैन। तर परमेश्वरले कसै-कसैलाई
मात्र यसलाई मान्न सक्ने बनाउनु भएको छ १२कोही
मानिसहरूले किन विवाह गर्नसक्तैन भन्ने बारे विभिन्न

---

**'उहाँले ... भयो'** उत्पत्ति १:१७ वा ५:२।

**'त्यसकारण ... एक हुनेछन्'** उत्पत्ति २:२४।

कारणहरू छन्। तिनीहरूमध्ये कोही जन्माउने क्षमता बिना नै जन्मेका हुन्छन्। अनि केही मानिसहरूलाई, अरू मानिसहरूले केही समय पछि त्यस्तो गराएको हुन्छ। कोही अरू स्वर्गको राज्यको निम्ति विवाह अस्वीकार गर्छन्। तर जसले विवाह गर्न सक्छ उसले विवाह बारे यो शिक्षा मान्नु पर्दछ।"

### येशूद्वारा बालकहरूको स्वागत

*(मर्कूस १०:१३-१६; लूका १८:१५-१७)*

[13]त्यसपछि मानिसहरू आफ्ना बालकहरूलाई लिएर येशूकहाँ गए ताकि येशूले नानीहरू माथि आफ्ना हात राखरे आर्शिवाद दिऊन अनि प्रार्थना गरी दिऊन। जब उहाँका चेलाहरूले यो देखे, तिनीहरूले मानिसहरूलाई येशूकहाँ आफ्ना बालकहरू ल्याँउदा हप्काए।
[14]तर येशूले भन्नुभयो, "ससाना बालकहरूलाई मकहाँ आउन तिनीहरूलाई नरोक। किनभने स्वर्गको राज्य ती मानिसहरू को हो जो यी साना बालकहरू समान छन्।"
[15]त्यसपछि तिनीहरूमाथि हात राखेर येशू त्यहाँबाट जानुभयो।

### धनी व्यक्तिद्वारा येशूलाई मान्न अस्वीकार

*(मर्कूस १०:१७-३१; लूका १८:१८-३०)*

[16]एउटा मानिस येशूकहाँ आए अनि सोधे, "गुरूज्यू, के असल काम मैले गर्नु पर्ने जसद्वारा म अनन्त जीवन प्राप्त गर्नसक्छु?"

[17]येशूले उत्तर दिनुभयो, "असल के हो? तिमीले मलाई किन यसरी सोध्दैछौ? खालि परमेश्वर मात्र असल हुनुहुन्छ। यदि तिमी अनन्त जीवन पाउन चाहन्छौ भने, तिमीले आज्ञाहरू पालन गर्नु पर्दछ।"

[18]त्यस मानिसले सोधे, "कुन आज्ञाहरू?" येशूले उत्तर दिनुभयो, "'कसैको हत्या नगर, कसैसित व्यभिचार नगर; नचोर, झूँठा गवाही नदेऊ, अरूको निन्दा गर्नु हुँदैन,
[19]आफ्ना आमा-बाबुको आदर गर'* अनि 'आफैलाई प्रेम गरे जस्तो अरूलाई पनि प्रेम गर।'*"

[20] त्यो जवान मानिसले भने, "मैले यी सब आज्ञाहरू पालन गरेको छु। अब अरू मैले के गर्नु पर्छ?"

[21]येशूले उत्तर दिनुभयो, "यदि तिमी सिद्ध हुन चाहन्छौ भने, आफूमा भएको जे जति चीजहरू छन् बिक्री गर। ती पैसा-रूपियाँ गरीबहरूलाई बाँढ़। यदि तिमीले त्यसो गर्‍यौ भने तिमीले स्वर्गमा भएको सम्पत्ति प्राप्त गेर्नछौ। तब तिमी आउँछौ अनि मेरो पछि लाग्छौ।"

[22]तर यो कुरा सुनेर त्यो जवान मानिस खूबै दुःखी बन्यो किनभने त्यो धनी मानिस थियो। यसर्थ तिनी येशूबाट गए।

[23]त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। एउटा धनी मानिसलाई स्वर्गको राज्यमा पस्न पाउनु खुबै कठिन हुन्छ।
[24]धनी मानिसलाई परमेश्वरको राज्यमा पस्नु भन्दा बरू ऊँटलाई सियोको नाथ्रीबाट छिर्न सजिलो पर्नेछ।"

[25]जब चेलाहरूले यस्ता कुरा सुने, तिनीहरू खूबै अचम्भित भए। तिनीहरूले सोधे, "यदि यस्तो भए कसले उद्धार पाउन सक्छ त?"

[26]येशूले चेलाहरूलाई हेर्नुभयो अनि भन्नुभयो, "मानिसहरूको निम्ति यो असम्भव छ। तर परमेश्वरका निम्ति हरेक कुरा सम्भव छ।"

[27]पत्रुसले येशूलाई भने, "हामीले हामीसित भएका प्रत्येक कुरा त्यागेर तपाईंको पछि लाग्यौं। हामीले के पाउनेछौं?"

[28]येशूले चेलाहरूलाई भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। जब नयाँ संसारको सृष्टि हुनेछ। मानिसको पुत्र त्यो महान सिंहासनमा बस्ने छ। अनि तिमीहरू पनि इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्दै बाह्र वटा सिंहासनहरूमा बस्नेछौ।
[29]अनि ती जस-जसले मेरो निम्ति आफ्नो घर, दाजुभाइ, दिदी-बहिनी, बाबु-आमा, छोरा-छोरीहरू, अनि जग्गा-जमीनहरू छोड़ेको छ तिनीहरूले ती छोड़ेको भन्दा धेरै अधिक पाउनेछन्। अनि तिनीहरूले अनन्त जीवन पाउने छन्।
[30]अहिले धेरै जसो जो उच्च ओहोदामा पुगेकाछन् भविष्यमा होंँचो स्थान पाउनेछन्। अनि अहिले धेरै जसो जो निम्न स्थानमा परेका छन् भविष्यमा उच्च ओहोदामा पुग्नेछन्।

### येशूद्वारा खेतालाहरूको कथा

२० "स्वर्गको राज्य एउटा जमीनको मालिक जस्तो हो जसको अङ्गुरको खेत थियो। एक बिहान सबेरै आफ्नो अंङ्गुरको खेतमा काम गराउन खेतालाहरू

---

**'कसैको हत्या … आदर गर'** प्रस्थान २०:१२-१६।

**'आफैलाई … प्रेम गर'** लेवी १९:१८।

ज्यालामा लिन गए। [२]प्रत्येक दिनको ज्याला
भनेर उसले ती खेतालाहरूलाई चाँदीको एक सिक्का
दिन मान्यो अनि आफ्नो अङ्गूर खेतमा काम गर्न
तिनीहरूलाई पठाए।

[३]"प्राय: नौ बजेतिर बजार गर्न भनी जब उनी बाहिर
गए उसले केही मानिसहरू उभिरहेको देखे। ती मानिसहरू
कामरहित थिए। [४]अनि भूमिपतिले तिनीहरूलाई भन्यो,
'यदि तिमीहरूलाई मेरो अङ्गूर खेतमा काम गर्ने इच्छा
छ भने, म तिमीहरूले जति खट्तछौ त्यसको सही
ज्याला दिन्छु।' [५]त्यसपछि तिनीहरू काम गर्नलाई अङ्गूर
खेतमा गए।

"फेरि त्यो मानिस एकपल्ट प्राय: बाह्र बजे अनि
अर्कोपल्ट तीन बजेतिर बाहिर निस्कियो। दुवैपल्ट तिनले
अङ्गुर खेतमा काम गर्नलाई ज्याला दिएर खेतालाहरूलाई
ल्यायो। [६]फेरि प्राय: पाँच बजे उ बजार गर्न निस्कियो।
फेरि केही मानिसहरूलाई केही नगरी त्यसै उभिरहेको
देख्यो। उसले तिनीहरूलाई सोध्यो, 'केही काम नगरी
तिमीहरू किन यहाँ बसिरहेका छौ?'

[७]मानिसहरूले भने, 'कसैले हामीलाई काममा लाएनन्।'

"उसले भन्यो, 'त्यसो भए तिमीहरू पनि मेरो
अङ्गुरको खेतमा गएर काम गर्न सक्छौ।'

[८]"जब साँझ पर्‍यो त्यो खेतको मालिकले खेतालाहरूको
निरीक्षकलाई भन्यो, 'सबै खेतालाहरूलाई बोलाऊ अनि
तिनीहरूको ज्याला बाँड़ि देऊ। अन्तिम खेताला देखि
प्रथमतिर भुक्तान शुरू गर।'

[९]"पाँच बजेतिर आएका खेतालाहरू जसले पाँच बजे
काम शुरूगरे तिनीहरूले आफ्ना खर्च पाए। प्रत्येकले
एउटा चाँदीको सिक्का पाए। [१०]त्यसपछि पहिले ल्याएका
खेतालाहरूले आफ्ना खर्च पाए। तिनीहरूले पहिले
पाएका खेतालाहरूभन्दा अधिक खर्च पाउने आशा
गरेका थिए। तर तिनीहरूले पनि अरूले जस्तै एक-एकवटा
चाँदीको सिक्का मात्र पाए। [११]जब तिनीहरूले एउटा मात्र
चाँदीको सिक्का पाए तिनीहरूले भूमिपतिसित विरोध गरे।
[१२]खेतालाहरूले विरोध गरे, 'पछिबाट आएकाहरूले
खालि एक घण्टा मात्र काम गरेका छन्। तर तिनीहरूलाई
पनि हामीलाई जस्तै एउटा चाँदीको सिक्का दिइयो। अनि
हामीले भने सारा दिन प्रचण्ड घाममा काम गरेका छौं।'

[१३]"तर त्यो मानिस जो जमीनको मालिक थियो,
खेतालाहरूमध्ये एकजनालाई भने, 'साथी, मैले तिमीलाई
अन्याय गरेको छैन। एउटा चाँदीको सिक्कामा नै काम
गर्न मसित तिमी मानेको थियौ। हो कि होइन? [१४]यसैले
आफ्नो ज्याला थाप अनि जाऊ। मैले ज्यालामा ल्याएको
अन्तिम खेतालालाई पनि तिमीलाई जस्तै दिन चाहन्छु।
[१५]के मेरो पैसाले जे पनि गर्ने मेरो अधिकार छैन?
अथवा म उदार छु भनेर तिमीलाई आहिस लाग्यो?'

[१६]"त्यसरीनै जो अहिले अन्तमा छ भविष्यमा उ
पहिलो हुन्छ। अनि जो अहिले पहिलो स्थानमा छ
भविष्यमा अन्तिम स्थानमा हुनेछ।"

## येशूद्वारा आफ्नै मृत्यु बारे कुरा

*(मर्कूस १०:३२-३४; लूका १८:३१-३४)*

[१७]येशू यरूशलेम जानु हुँदैथियो। उहाँका बाह्रै
चेलाहरू पनि उहाँका साथमा थिए। जब उनीहरू जाँदै
थिए, येशूले तिनीहरूलाई भेला गर्नुभयो अनि निजीरूपमा
बात गर्नुभयो। एकजनासँग कुरा गर्नु भयो। उहाँले
तिनीहरूलाई भन्नुभयो, [१८]"हामीहरू यरूशलेम जाँदैछौ।
मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र कानूनका
शास्त्रीहरूको हातमा सुम्पिइनेछ। तिनीहरूले मानिसका
पुत्रलाई मृत्यु दण्डदिनेछन्। [१९]तिनीहरूले मानिसको पुत्रलाई
अ-यहूदीहरूको हातमा सुम्पनेछन्। तिनीहरूले उहाँलाई
गाली गर्नेछन्, कोर्रा लाउनेछन् अनि क्रूसमा झुण्ड्याएर
मार्नेछन्। तर मरेको तेस्रो दिनमा उहाँ बौरी उठ्नु
हुनेछ।"

## आमाद्वारा विशेष बिन्ती

*(मर्कूस १०:३५-४५)*

[२०]तब जब्दीकी स्वास्नी येशू कहाँ आइन्। उसको
छोराहरू पनि साथमा थिए। उनले शिर निहुराएर
येशूलाई दण्डवत गरीन अनि येशूसित केही कुरो
मागिन्।

[२१]येशूले सोध्नुभयो, "तिमी के चाहन्छौ?"

उनले भनिन्, "तपाईंको राज्यमा यी मेरा छोराहरूमध्ये
एकजनालाई तपाईंको दाहिने पट्टि र अर्कोलाई तपाईंको
देब्रे हातपट्टि बस्न पाउनलाई बचन दिनुहोस्।"

[२२]अनि येशूले ती छोराहरूलाई भन्नुभयो, "तिमीहरू
के मागिरहेका छौ त्यो तिमीहरूले बुझ्केका छैनौ। मैले
जुन कष्ट भोग्न लागिरहेको छु के त्यस्तो तिमीहरू
सहन गर्नसक्छौ?"

छोराहरूले उत्तर दिए, "हामी गर्नसक्छौं!"

[२३]येशूले तिनीहरूलाई भन्नुभयो, "निश्चयनै मैले जुन
यातना भोग्ने छु त्यही तिमीहरूले पनि भोग्नुपर्छ। तर म
कसैलाई मेरो दाहिने र देब्रेपट्टि बसाउन सक्तिनँ। मेरा
पिताले ती मानिसहरू निश्चित गरि सक्नु भएको छ
जसले ती स्थान पाउने छन्। उहाँले नै ती स्थानहरू ती
व्यक्तिहरूकालागि तयार पार्नु भएको छ। ती ठाउँहरू
तिनीहरूकै हुनेछन्।"
[२४]अरू दसजना चेलाहरूले यी कुराहरू सुने। तिनीहरू
ती दुइ भाइसँग औधी रिसाए। [२५]येशूले सबै चेलाहरूलाई
एकै ठाउँ भेला हुन बोलाउनु भयो। उहाँले भन्नुभयो,
"तिमीहरू जान्दछौ कि अयहूदी मानिसहरूमा अधिकार
दर्शाउन चाहन्छन्। अनि तिनीहरूका मुख्य मानिसहरू
मानिसहरूमाथि नै आफ्नो अधिकार दर्शाउन चाहन्छन्।
[२६]तर तिमीहरू यस्तो हुनु हुँदैन। यदि तिमीहरूमध्ये
कोही ठूलो मान्छे हुन चाहन्छौ भने, उसले तिमीहरूको
नोकर जस्तो सेवा गर्नुपर्छ। [२७]यदि तिमीहरूमध्ये कोही
पहिलो व्यक्ति हुनचाहन्छौ भने, उसले दास जस्तो भएर
तिमीहरूको सेवा गर्नुपर्छ। [२८]मानिसको पुत्रसँग पनि
यस्तै हुनेछ। मानिसको पुत्र अरू मानिसबाट सेवा पाउन
आएको होइन। तर मानिसको पुत्र अरू मानिसहरूको
सेवागर्न आएको हो। मानिसको पुत्र आफ्नो सम्पूर्ण
जीवनलाई धेरै मानिसहरूको रक्षाको निम्ति समर्पण गर्न
आएका हुन्।"

## येशूद्वारा दुइजना अन्धोको उपचार

*(मर्कूस १०:४६-५२; लूका १८:३५-४३)*

[२९]जब येशू अनि उहाँका चेलाहरू येरिकोबाट जाँदै
थिए, धेरै मानिसहरूले उहाँलाई पछ्याए। [३०]बाटोको
किनारमा दुइजना अन्धा व्यक्तिहरू बसिरहेका थिए। ती
अन्धाहरूले येशू त्यतैतिर बाट पार हुँदै गरेको सुने।
अनि ती अन्धाहरू चिच्याए, "प्रभू, दाऊदका पुत्र,
हामीमाथि दया गर्नुहोस्।"
[३१]सबै मानिसहरूले ती अन्धाहरूलाई हप्काए।
तिनीहरूले ती अन्धाहरूलाई नबोल्नु भने। तर ती
अन्धाहरू अझ जोड़ले चिच्याए, "प्रभु, दाऊदका पुत्र,
हामीमाथि दया गर्नुहोस्।"
[३२]येशू रोकिनु भयो, अन्धाहरूलाई बोलाउनु भयो
अनि भन्नुभयो, "तिमीहरू मबाट के गरिएको इच्छा
गर्छौ?"
[३३]अन्धाहरूले उत्तर दिए, "परमप्रभु हामी देख्न
चाहन्छौ।"
[३४]येशूलाई अन्धाहरूप्रति दया जाग्यो। येशूले ती
अन्धाहरूको आँखाहरू स्पर्श गर्नुभयो अनि तिनीहरू
देख्ने योग्यका भए। त्यसपछि तिनीहरू येशूलाई पछ्याउन
लागे।

## येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भएको

*(मर्कूस ११:१-११; लूका १९:२८-३८; यूहन्ना १२:१२-१९)*

**२१** येशू अनि उहाँका चेलाहरू यरूशलेम नजिक
आइपुग्न लागेका थिए। तर तिनीहरू पहिले
'जैतुन-डाड़ा' को बेथफागेमा रोकिनु भयो। येशूले आफ्ना
दुइ चेलाहरूलाई त्यहाँका एउटा नगरमा पठाउनु भयो।
[२]येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरूले
देखेको शहरमा जाऊ। त्यहाँ प्रवेश गर्न साथ एउटा
गधालाई बाँधिएको भेट्टाउनेछौ। त्यो गधासँग एउटा
बछेड़ा पनि हुनेछ। तिनलाई फुकालेर मकहाँ ल्याऊ।
[३]यदि कसैले तिमीहरूलाई केही प्रश्न गरे उसलाई
भनिदेऊ, 'मालिकलाई यी गधाहरूको जरूरत परेको छ।
उहाँले ती चाँड़ै फर्काइदिनुहुनेछ।'"
[४]अगमवक्ताले भनेको यो कुरा पूरा होस् भनेर यो
यस्तो भएको हो:

[५] "सियोनको नगरलाई भन, 'अब तिमीहरूको
राजा आउनु हुँदैछ। उहाँ विनम्र हुनुहुन्छ अनि
गधामा चढ़ेर आउनु हुँदैछ, उहाँ एउटा भारी
बोक्ने पशुमाथि आउनु हुँदैछ, जो काम गर्नकै
खातिर जन्मेको पशु हो।'"

*जकरिया ९:९*

[६]चेलाहरू गए अनि येशूले निर्देश गरे अनुसार गरे।
[७]चेलाहरू गधा र त्यसको बछेड़ालाई लिएर येशूकहाँ
फर्की आए। तिनीहरूले आफ्ना वस्त्रहरू गधालाई
ओड़ाइदिए, अनि येशू त्यसमाथि बस्नु भयो। [८]येशू
यरूशलेम तिर जाने बाटोमा गधामा चढ़ेर जानुभयो। धेरै
मानिसहरूले येशूको निम्ति बाटोमा वस्त्रहरू ओछ्याइदिएका
थिए। अरू मानिसहरूले रूखका हाँगाहरू काटे अनि
बाटोमा ओछ्याइ दिए। [९]कोही मानिसहरू येशूको अघि-अघि
हिँड्दै थिए। कोही मानिसहरू येशूको पछि-पछि हिँड्दै
थिए। मानिसहरू कराउन लागे,

"दाऊदको पुत्र होसन्ना!* 'प्रभुका नाउँमा
आउने उनी धन्य हुन्!'

*भजनसंग्रह ११८:२६*

स्वर्गको परमेश्वरलाई प्रशंसा गर।"

[१०]त्यसपछि येशू यरूशलेम भित्र जानुभयो। सम्पूर्ण
नगर भ्रममा परे। तिनीहरूले सोधे, "यो को हो?"
[११]येशूसँगै आएका मानिसहरूले जवाफ दिए, "उनी
येशू हुन्। गालीली नगरको नासरतका अगमवक्ता उनी
नै हुन्।"

### येशू मन्दिरतर्फ जानुहुन्छ

*(मर्कूस ११:१५-१९; लूका १९:४५-४८; यूहन्ना २:१३-२२)*

[१२]येशू मन्दिरतर्फ लाग्नुभयो। उहाँले सबै किन-बेच
गर्नेलाई त्यहाँदेखि धपाउनु भयो। उहाँले पैसा लेनदेन
गरिने मेचहरू पल्टाइदिनु भयो। अनि येशूले ढुकुर
बेच्नेहरूको बेञ्चहरू पनि पल्टाइदिनु भयो। [१३]येशूले
त्यहाँ भएका व्यक्तिहरूलाई भन्नुभयो, "धर्मशास्त्रमा
यस्तो लेखिएको छ, 'मेरो घरलाई प्रार्थनाको घर भनिनेछ।'*
तर तिमीहरू परमेश्वरको घरलाई डकैतहरूको 'घाटीमा
परिणत गरिरहेछौ।'*"
[१४]केही अन्धा र केही लङ्गड़ा मानिसहरू मन्दिरमा
येशूकहाँ आए। येशूले ती मानिसहरूलाई निको पारिदिनु
भयो। [१५]मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यो दृष्य
देखे। तिनीहरूले येशूका चमत्कार कार्यहरू अनि मन्दिरमा
बालकहरूले येशूलाई नै प्रंशसा गरिरहेका देखे। बालकहरू
भन्दै थिए, "दाऊदका पुत्र, होसन्ना!" यसमा पूजाहारीहरू
र शास्त्रीहरू क्रोधित भए।
[१६]मुख्य पूजाहारीहरू र शास्त्रीहरूले येशूलाई सोधे,
"वालकहरूले के भनिरहेका छन् तपाँईले सुन्नु भो?"
येशूले उत्तर दिनुभयो, "अवश्य। के तिमीहरूले
कहिले धर्मशास्त्रहरूमा पढ़ेका छैनौ? 'तिमीहरूले
नानीहरूलाई स्तुति गर्नु भनी सिकायौ?'*"

[१७]त्यसपछि येशूले त्यो ठाउँ र तिनीहरूलाई छोड्नुभयो
अनि नगरदेखि बाहिर बेथानीमा जानुभयो। त्यो रात
येशूले त्यहीँ बिताउनु भयो।

### येशूद्वारा विश्वासको शक्ति प्रदर्शन

*(मर्कूस ११:१२-१४; २०-२४)*

[१८]भोलिपल्ट बिहानै, येशू नगरतिर फर्किरहनु भएको
थियो। उहाँ भोकाउनु भएको थियो। [१९]बाटोको किनारमा
येशूले एउटा नेभाराको रूख देख्नु भयो। येशू नेभाराको
रूखको छेउमा गएर उहाँले केही फल खाने इच्छा
गर्नुभयो। तर त्यो नेभाराको रूखमा त्यस्तो खाने फल
केही थिएन। त्यहाँ पातैपात मात्र थियो। अनि येशूले त्यो
रूखलाई भन्नुभयो, "अब उप्रान्त तँमा फल लाग्ने
छैन।" अचानक त्यो रूख ओइलायो अनि मर्‍यो।
[२०]चेलाहरूले यी सब देखे। तिनीहरू चकित भए।
तिनीहरूले सोधे, "कसरी नेभारको रूख सुक्यो अनि
फट्टै मरिहाल्यो?"
[२१]येशूले उत्तर दिनुभयो, "म तिमीहरूलाई साँचो
भन्दछु। यदि तिमीहरूमा विश्वास छ र त्यसमा शंका
छैन भने, मैले जस्तै तिमीहरूले पनि गर्न सक्नेछौ।
तिमीहरूले त्योभन्दा धेरै गर्नसक्नेछौ। तिमीले यस पहाड़लाई
भन्न सक्छौ, 'ए पहाड़ जा अनि समुद्रमा खस।' यदि
तिमीहरूमा विश्वास भए, यी सत्य हुनसक्नेछ। [२२]यदि
तिमीहरूमा विश्वास भए, प्रार्थना द्वारा तिमीहरूले चाहेका
कुनै पनि वस्तु प्राप्त गर्नसक्ने छौ।"

### यहूदी नेताहरूद्वारा येशूको शक्ति माथि शंका

*(मर्कूस ११:२७-३३; लूका २०:१-८)*

[२३]येशू मन्दिरतर्फ जानुभयो। जब उहाँले सिकाइरहनु
भएको थियो, मुख्य पूजारीहरू र जन-साधारणका
अग्रजहरू येशूकहाँ आए। तिनीहरूले येशूलाई भने,
"हामीलाई भन्नुहोस्। यी कार्यहरू गर्न तपाईंको के
अधिकार छ? यस्तो अधिकार तपाईंलाई कसले प्रदान
गर्‍यो?"
[२४]येशूले उत्तर दिनुभयो, "म पनि तिमीहरूलाई एउटा
प्रश्न सोध्न चाहन्छु। यदि तिमीहरूले मलाई उत्तर दियौ
भने, म पनि भन्नेछु कि कुन अधिकारले म यी
कुराहरू गरिरहेछु। [२५]"मलाई भन: यूहन्नाको बप्तिस्मा
परमेश्वरबाट वा मानिसबाट भयो?"

---

**होसन्ना** मदतका निम्ति परमेश्वरप्रति प्रार्थना।

**'मेरो … भनिनेछ'** यशैया ५६:७।

**'घाटीमा … गरिरहेछौ'** यर्मिया ७:११।

**'तिमीहरूले … भनी सिकायौ?'** भजनसंग्रह ८:३।

मुख्य पूजारीहरू र यहूदी अग्रज नेताहरूले येशूको
यो प्रश्न बारे बहस गरे। तिनीहरू आफू बीचमा बात
चीत गर्न थाले, "यदि हामीले यूहन्नाको बप्तिस्मा
परमेश्वरबाटै भएको थियो, भन्यौ भने उहाँले भन्नु
हुनेछ, 'त्यसो भए तिमीहरूले यूहन्नालाई किन विश्वास
नगरेको?' २६यदि हामीहरूले 'यो बप्तिस्मा मानिसबाटै
भएको थियो,' भन्यौ भने सबै मानिसहरू हामीहरूसँग
रिसाउने छन्। हामी मानिसहरूबाट सावधान हुनुपर्छ
किनभने तिनीहरू सबै यूहन्ना एकजना अगमवक्ता हो
भनेर विश्वास गर्छन्।"

२७त्यसपछि तिनीहरूले येशूलाई जवाफ दिए, "हामी
जान्दैनौ कि यूहन्नामा कहाँबाट त्यस्तो शक्ति आयो।"

तब येशूले भन्नुभयो, "त्यसो भए म पनि भन्ने छैन
कि कुन अधिकारले म यी सब कार्यहरू गरिरहेछु।"

## येशूद्वारा दुइजना पुत्रको कथा

२८"तिमीहरू यसको बारेमा के सोच्छौ? एकजना
व्यक्तिका दुइजना छोराहरू थिए। त्यो व्यक्तिले आफ्नो
पहिलो छोरालाई भने, 'छोरा, जाऊ अनि गएर आज
अङ्गूरको खेतमा काम गर।'

२९छोराले उत्तर दियो, 'म जाँदिन।' केही समयपछि
उसले आफ्नो विचार बद्ल्यो, अनि गयो।

३०"त्यसपछि पिता अर्को छोराकहाँ गए अनि भने,
'छोरा, जाऊ अनि आज मेरो अङ्गूरको खेतमा काम
गर।' छोरोले जवाफ दियो, 'हुन्छ, महाशय, म जान्छु
अनि काम गर्छु।' तर त्यो छोरा गएन।

३१"अब यी दुइ छोराहरूमा कुन चाहिँले तिनीहरूको
पिताले चाहेको कुरा गर्‍यो?"

यहूदी नेताहरूले उत्तर दिए, "पहिलो छोरोले।"

येशूले तिनीहरूलाई भन्नुभयो, "म साँचो कुरा
तिमीहरूलाई भन्दछु। तिमीहरू सोँच्दछौ कर उठाउनेहरू
र वेश्याहरू खराब मानिसहरू हुन्। तर परमेश्वरको
राज्यमा तिमीहरूले प्रवेश पाउनको अघि तिनीहरूले
प्रवेश पाउनेछन्। ३२यूहन्ना सही जीवन बाँच्ने उपाय
देखाउनलाई आएका थिए। तर तिमीहरूले यूहन्नालाई
पटक्कै विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूको
यूहन्ना प्रति विश्वास थियो। अनि कर उठाउनेहरू र
वेश्याहरूले यूहन्नालाई विश्वास गरेको तिमीहरूले देखेका
थियौ। तर अझै पनि तिमीहरूले उनलाई विश्वास गर्न
आफ्नो विचार परिवर्त्तन गरेनौ।

## परमेश्वरले आफ्ना पुत्रलाई पठाउँनुहुन्छ

*(मर्कूस १२:१-१२; लूका २०:९-१९)*

३३"यो कथालाई सुन: कुनै मान्छेको जमीन थियो।
उसले खेतमा अङ्गूरको बोट रोप्यो। उसले अङ्गूरको
खेतको वरिपरि देवल निर्माण गर्‍यो। अनि त्यसभित्र
अङ्गूर पेल्ने कोलखनेको थियो। फेरि त्यो मान्छेले एउटा
मचान बनायो। उसले आफ्नो खेत कोही खेतालाहरूलाई
लगानी दियो अनि उ यात्रामा गयो। ३४केही समय
पछि, फसल उठाउने समय भयो। अनि त्यस व्यक्तिले
आफ्नो नोकरहरूलाई बालीको आफ्नो अंश बटुल्न
पठायो।

३५"तर खेतालाहरूले ती नोकरहरूलाई समाते अनि
एकजनालाई पिटे, अर्कोलाई मारिदिए अनि अर्कोलाई
ढुङ्गाले हानेर मारिदिए। ३६फेरि त्यो खेत-मालिकले
खेतालाहरूकहाँ अरू नोकरहरूलाई पठायो। उसले
पहिलेभन्दा धेरै नोकरहरू पठाएको थियो। तर खेतालाहरूले
तिनीहरू प्रति त्यसरी नै व्यवहार गरे। ३७त्यसपछि उसले
आफ्नै छोरालाई खेतालाहरूकहाँ पठायो। उसले भन्यो,
'खेतालाहरूले मेरो छोरालाई आदर देखाउनेछन्।'

३८"तर खेतीवालहरूले जब छोरालाई देखे, तिनीहरूले
एक अर्कालाई भन्न थाले, 'यो भूमि मालिकको छोरा
हो। यो खेत उसको हुनेछ। हामी त्यसलाई शेष पारौ
जसद्वारा उसको खेत हाम्रो हुनेछ।' ३९अनि खेतालाहरूले
छोरालाई समाते, उसलाई खेत बाहिर मारेर फ्याँकिदिए।

४०"अब जब अङ्गूर खेतको मालिक आउँछ
खेतालाहरूप्रति उसले कस्तो व्यवहार गर्नेछ?"

४१ती यहूदी पूजाहारीहरू र नेताहरूले भने, "तिनले
ती दृष्टहरूलाई भयानक मृत्युद्वारा मार्नेछन्। त्यसपछि
तिनले आफ्नो खेत अरू खेतालाहरूलाई खजानामा
दिनेछन्। तिनले त्यो अङ्गूरखेत ती किरायदारहरूलाई
देलान् जसले फसल उठाएको समयमा तिनको आफ्नो
अंश दिनेछन्।"

४२येशूले तिनीहरूलाई भन्नुभयो, "निश्चयनै तिमीहरूले
यो धर्मशास्त्रमा पढ़ेका छौ:

> 'जुन ढुङ्गालाई डकर्मीहरूले रद्द गरे, त्यही ढुङ्गा
> कुनाको शिरमा मुख्य ढुँगा बन्यो, यो परमप्रभुले
> गर्नु भएको हो अनि यो हाम्रो समक्ष विचित्रको
> छ।'

*भजनसंग्रह ११८:२२-२३*

४३“त्यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको
राज्य तिमीहरूबाट खोसिनेछ। त्यस पछि परमेश्वरले
यस्ता मानिसहरूलाई दिनु हुनेछ जसले परमेश्वरले
आफ्ना राज्यमा चाहनु भएका किसिमका फलहरू
उत्पन्न गर्नेछन्। ४४अनि जो कोहीपनि त्यो ढुङ्गामाथि
खसे उ टुक्रा टुक्रा बन्नेछ। यदि त्यो ढुङ्गा कसैमाथि
खस्यो भने त्यसले त्यसलाई धूलोपिठो पार्नेछ।”

४५येशूले भन्नु भएको यो कथालाई मुख्य पूजाहारीहरू
र फरिसीहरूले सुने। येशूले तिनीहरूकै बारेमा बोल्दै छ
भन्ने कुरा तिनीहरूले बुझे। ४६तिनीहरू येशूलाई पक्रने
उपाय खोजीरहेका थिए। तर तिनीहरू मानिसहरूदेखि
डराउँथे। किनभने मानिसहरूलाई येशू अगमवक्ता हुन्
भन्ने विश्वास थियो।

## बेलुकीको भोजनमा बोलाइएका मानिसहरूको कथा

*(लूका १४:१५-२४)*

**२२** मानिसहरूलाई बुझाउनका निम्ति येशूले थुप्रै
कथाहरू भन्नुभयो। २“स्वर्गको राज्य राजा
जस्तैहो, जसले आफ्ना छोराको विवाहमा भोजनको
व्यवस्था गरिएको हुन्छ। ३राजाले केही मानिसहरूलाई
भोजमा निमंत्रण गरेका थिए। जब भोज तयार भयो,
राजाले आफ्ना नोकरहरूलाई ती मानिसहरूलाई बोलाउन
पठाए। तर मानिसहरूले राजाको यस भोजमा उपस्थित
हुन अस्वीकार गरे।

४“तब राजाले अझ धेरै नोकरहरू पठाए। राजाले
नोकरहरूलाई भने, ‘मैले निम्ताएका ती मानिसहरूलाई
खाना तयार भयो भनेर भन्नु। मैले मेरा गोरूहरू अनि
पुष्ट्याएका पशुहरू मारेको छु। सबै कुरा तयारी छ।
विवाहको भोजमा सामेल हुनुहवस्।’

५“नोकरहरूले ती मानिसहरूलाई भोजमा आउने
आग्रह गरे। तर तिनीहरूले नोकरहरूलाई उत्तर दिन
अस्वीकार गरे। ती मानिसहरू अरू नै केही गर्न गए।
एकजना आफ्ना खेतमा गए, अनि अर्को आफ्नो
व्यापारतिर लागे। ६कसैले नोकरहरूलाई समाते पीटे
अनि तिनीहरूलाई मारि दिए। ७यो सुनेर राजा क्रोधित
भए। राजाले आफ्नो सेना पठाए, ती हत्याराहरूलाई मारे
अनि तिनीहरूको शहर जलाएर भष्म पारिदिए।

८“त्यसपछि, राजाले आफ्ना नोकरहरूलाई भने,
‘विवाहको भोज तयारी छ। मैले ती मानिसहरूलाई
बोलाएको हुँ, तर तिनीहरू यो भोजमा सामेल हुन
योग्यको भएनन्। ९यसकारण तिमीहरू गल्लीका कुना
कुनामा जाऊ अनि देखेकाहरू जतिलाई भोजमा सामेल
हुन निम्त्याएर ल्याऊ। तिनीहरूलाई मेरो भोजमा आऊ
भनिदेऊ।’ १०अनि नोकरहरू गल्लीहरूतिर गए। तिनीहरूले
भेटेसम्म सबैलाई भेला पारे। तिनीहरूले राम्रा नराम्रा
मानिसहरू सबैलाई भोजमा सामेल गराउन लगे। त्यो
ठाउँ मानिसै-मानिसको भीड़ले भरियो।

११“त्यसपछि ती खाँदैगरेका मानिसहरूलाई हेर्न भनी
राजा आए। कुनै एकजनालाई विवाहको पोशाकमा
नभएको राजाले भेट्टाए। १२राजाले भने, ‘मित्र, तिमी
यहाँ भित्र कसरी आयौ? विवाहकोलागि लाउने पोशाक
तिमीले लगाएका छैनौ।’ तर त्यो मानिसले केही बोलेन।
१३अनि राजाले आफ्ना नोकरहरूलाई भने, ‘त्यसका हात
खुट्टा बाँधेर त्यसलाई अँध्यारोमा फालिदेऊ जहाँ मानिसहरू
दुःखले रूवाबासी गर्दै र दाहा किट्दै बस्छन्।’

१४“हो अवश्य, धेरै मानिसहरू बोलाइएका थिए।
तर चुनिएका थोरै मात्र छन्।”

## केही यहूदी नेताहरू येशूलाई छल गर्छन्

*(मर्कूस १२:१३-१७; लूका २०:२०-२६)*

१५त्यसपछि फरिसीहरूले त्यो स्थान छाड़े जहाँ येशूले
सिकाँउदै हुनुहुन्थ्यो। येशूलाई प्रश्नहरूको जालमा पार्न
तिनीहरू सहमत भए। १६फरिसीहरूले येशूलाई फँसाउन
केही मानिसहरू पठाए। तिनीहरूले केही आफ्नै मानिसहरू
र केही हेरोदी दलका मानिसहरूलाई पठाए। ती मानिसहरूले
भने, “गुरूज्यू, तपाईं अति इमानदार हुनुहुन्छ भनेर हामी
जान्दछौं। हामी जान्दछौं कि तपाईंले परमेश्वरको मार्ग
बारे ठीकसित सिकाउनुहुन्छ। तपाईं कसैसित डराउनु
हुन्न। तपाईंको अघि सबै मानिसहरू समान छन्। यसर्थ
हामीलाई तपाईंको धारणा भन्नुहवस्। १७सिजरलाई कर
तिर्नु मुनासिब हो कि होइन?”

१८तर ती मानिसहरूले नराम्रो जालसाजी गर्दैछन्
भनेर येशूले बुझी हाल्नुभयो। अनि उहाँले भन्नुभयो,
“तिमीहरू कपटीहरू हौ। केही भूँठो निहुँमा तिमीहरू
मलाई फँसाउन चाहन्छौ? १९कर तिर्नमा उपयोग गरिने
सिक्का मलाई देखाऊ।” ती मानिसहरूले येशूलाई एक
चाँदीको सिक्का देखाए। २०येशूले फेरि भन्नुभयो, “सिक्कामा
कसको चित्र छ? अनि कसको नाम त्यहाँ अंकित छ।”

२१ती मानिसहरूले उत्तर दिए, “यो सिजरको चित्र हो
अनि सिजरको नाम अंकित छ।”

येशूले फेरि भन्नुभयो, “जो सिजरको हो त्यो
सिजरलाई देऊ अनि परेमश्वरलाई देऊ जो परमेश्वरको
हो।
[२२]ती मानिसहरूले येशूले भन्नुभएको कुरा सुने,
अनि तिनीहरू छक्क परे। येशूलाई त्यहीं छोड़ेर तिनीहरू
गए।

### केही सदुकीहरू येशूलाई फँसाउन चाहन्छन्

*(मर्कूस १२:१८-२७; लूका २०:२७-४०)*

[२३]त्यही दिन केही सदुकीहरू येशूकहाँ आए। सदुकीहरू
यो विश्वास गर्थे कि कुनै व्यक्ति मृत्युबाट बौरी उठ्ने
छैन। सदुकीहरूले येशूलाई एउटा प्रश्न गरे; [२४]तिनीहरूले
भने, “गुरूज्यू, मोशा अनुसार कुनै विवाहित पुरूष
बालबच्चा नभइकन मरे, तब उसको भाइले आफ्ना
दाजुका निम्ति नानीहरू जन्माउन त्यस विधवा आइमाईलाई
विवाह गर्नु पर्छ। [२५]हामी बिच सात दाजुभाइ थियौं।
जेठाले विवाह गर्‍यो अनि मर्‍यो। उसको कुनै बालबच्चा
थिएन। यसर्थ उसको भाइले ती विधवी आइमाईलाई
विवाह गरे। [२६]त्यसपछि त्यो दोस्रो भाइ पनि मरयो।
त्यस्तै घटना तेस्रो भाइसँग पनि घट्यो अनि त्यस्तै अरू
भाइहरूसँग गर्दै सात भाइसम्म घट्यो। [२७]तिनीहरू सबै
मरेपछि त्यो आईमाई पनि मरी। [२८]तर ती सातैजना
भाइहरूले त्यस आईमाईलाई विवाह गरेका थिए। जब
तिनीलाई बौराई उठाइन्छ, को चाँहि त्यस स्त्रीको पति
हुन्छ?”
[२९]येशूले उत्तर दिनुभयो, “तिमीहरू गल्तीमा छौ,
किनभने धर्मशास्त्रमा के लेखेको छ त्यो जान्दैनौ। अनि
किनभने परमेश्वरको शक्तिको बिषयमा पनि तिमीहरू
केही जान्दैनौ। [३०]त्यसबेला जब मानिसहरू मृत्युबाट
बौरी जीवनमा आँउछ त्यहाँ विवाहको प्रश्न नै आँउदैन।
मानिसहरू एका-अर्कामा विवाह गर्ने छैनन्। सबै मानिसहरू
स्वर्गको दूतहरू झैं हुनेछन्। [३१]यसकारण मृत्युबाट बौरी
उठेको बिषयमा परमेश्वरले तिमीहरूलाई के भन्नु
भएको छ त्यो पढ़ेका छैनौ। [३२]परमेश्वरले भन्नुभएको
छ, ‘म अब्राहामको परमेश्वर, इसहाकको परमेश्वर,
अनि याकूबको परमेश्वर हुँ।’* यसको मतलब परमेश्वर
मृत मानिसहरूका परमेश्वर हुनुहुन्न तर जिँउदा मानिसहरूका
परमेश्वर हुनुहुन्छ।”

**‘म अब्राहामको … परमेश्वर हुँ’** प्रस्थान ३:६।

[३३]यी सबै कुराहरू मानिसहरूले सुने। येशूको शिक्षामा
तिनीहरू छक्क परे।

### सबैभन्दा ठूलो आज्ञा कुन हो?

*(मर्कूस १२:२८-३४; लूका १०:२५-२८)*

[३४]फरिसीहरूले सुने कि येशूले सदुकीहरूलाई यस्तो
प्रकारले उत्तर दिनु भयो कि येशूले तिनीहरूलाई चुप
बनाई दिनु भयो अनि फरिसीहरू जम्मा भए। [३५]एकजना
फरिसी मोशाका प्रखर कानुनी बक्ता थिए। त्यो फरिसीले
येशूलाई परीक्षा गर्ने इच्छा गरे। [३६]फरिसीले येशूलाई
सोधे, “गुरूज्यू, व्यवस्थामा सबैभन्दा ठूलो आज्ञा कुन
हो?”
[३७]येशूले उत्तर दिनुभयो, “‘तिमीले आफ्ना परमप्रभु
परमेश्वरलाई प्रेम गर्नुपर्छ। आफ्नो सम्पूर्ण हृदयदेखि,
सम्पूर्ण आत्मादेखि अनि सम्पूर्ण मनले प्रेम गर्नुपर्छ।’*
[३८]यहीनै पहिलो र सर्वमहान आज्ञा हो। [३९]दोस्रो आज्ञा
पहिलो जस्तै मुख्य छ: ‘आफूलाई जस्तै अरू मानिसलाई
पनि प्रेम गर।’* [४०]अगमवक्ताहरूको सबै व्यवस्था र
रचनाहरू यिनै दुई आज्ञाहरूमा आधारित छन्।”

### येशूद्वारा फरिसीहरूलाई प्रश्न

*(मर्कूस १२:३५-३७; लूका २०:४१-४४)*

[४१]जब फरिसीहरू सँगै थिए, येशूले तिनीहरूलाई
एउटा प्रश्न गर्नुभयो, [४२]“ख्रीष्टको विषयमा तिमीहरूको
के धारणा छ? उहाँ कसको पुत्र हुनुहुन्छ!”
फरिसीहरूले उत्तर दिए, “ख्रीष्ट दाऊदका पुत्र हुन्।”

[४३]त्यसपछि येशूले फरिसीहरूलाई भन्नुभयो, “यदि
त्यसो भए दाउदले उहाँलाई किन ‘परमप्रभु’ भने? दाऊद
पवित्र आत्माको शक्तिद्वारा बोलिरहेका थिए।

[४४] दाऊदले भने, ‘प्रभुले मेरा प्रभुलाई भन्नुभयो,
मेरो दाहिनेपट्टि बस, अनि म तिम्रा शत्रुहरूलाई
तिम्रा वशमा राख्नेछु।’

*भजनसंग्रह ११०:१*

**‘तिमीले … प्रेम गर्नुपर्छ’** व्यवस्था ६:५।

**‘आफूलाई … प्रेम गर’** लेवी १९:१८।

[४५]दाऊदले ख्रीष्टलाई 'परमप्रभु' भन्दछन्। त्यसो भए कसरी उ दाऊदको पुत्र हुनु सक्छ?" [४६]कुनै पनि फरिसीहरूले येशूको यो प्रश्नको उत्तर दिन सकेनन्। अनि त्यसदिनदेखि कसैले पनि येशूलाई अझ अधिक प्रश्नहरू गर्ने साहस गरेनन्।

### येशूद्वारा धार्मिक गुरूहरूको आलोचना

*(मर्कूस १२:३८-४०; लूका ११:३७-५२; २०:४५-४७)*

**२३** तब येशूले मानिसहरू र आफ्ना चेलाहरूसँग कुराकानी गर्नुभयो। येशूले भन्नुभयो, [२]"कानूनका शास्त्रीहरू र फरिसीहरू मोशाको नियमको विषयमा शिक्षादिन अधिकारयुक्त छन्। [३]यसर्थ तिनीहरूले जे भन्नेछन् ती तिमीहरूले सुन्नु अनि पालन गर्नु। तिनीहरूले अह्राएका जे पनि कामहरू गर्नु। तर तिनीहरूको जीवनशैली अनुसरण नगर। तिनीहरू केही गर्नु भनी तिमीहरूलाई अह्राउँछन् तर आफू ती केही गर्दैनन्। [४]मानिसहरूलाई पालनगर्नु अति कठीन पर्ने नियमहरू तिनीहरू बनाउँछन्। ती नियमहरू पालन गर्नु भनेर अरूलाई कर गर्दछन्। तर तिनीहरू आफै चाँहि कुनै नियम पालन गर्ने चेष्टा थरि गर्दैनन्।

[५]"तिनीहरू मानिसहरूलाई देखाउनका निम्ति राम्रा कुरा गर्दछन्। तिनीहरू आफ्ना धर्मशास्त्रहरूका विशेष सन्दूक राख्छन्। तिनीहरू सन्दूकहरू ठूला-ठूला बनाउँछन्। अनि मानिसहरूले देँख्न सकोस् भन्ने ठानेर तिनीहरू आफ्ना प्रार्थनामा लगाउने वस्त्रहरू लामा-लामा बनाउँछन्। [६]ती कानुनका शास्त्रीहरू र फरिसीहरू उत्सवहरूमा विशेष आसनहरू ओगट्न रूचाउँछन्। त्यसरी नै सभाघरहरूमा पनि मुख्य आसनहरू प्राप्त गर्न चाहन्छन्। [७]बजारहरूमा पनि तिनीहरू मानिसहरूबाट सम्मानको इच्छा गर्छन। अनि तिनीहरूलाई 'गुरू' भनी सम्बोधन गरेको चाहन्छन्।'

[८]"तर तिमीहरूले 'गुरू' भनाउनु हुँदैन। तिमीहरू सबै दाजुभाईहरू अनि दिदी बहिनीहरू हौ। तिमीहरूको एक मात्र 'गुरू' हुनुहुन्छ। [९]अनि यो पृथ्वीमा कसैले पनि कसैलाई 'पिता' भनी सम्बोधन नगर्नू। तिमीहरूको एक मात्र पिता हुनुहुन्छ। उहाँ स्वर्गमा हुनुहुन्छ। [१०]अनि तिमीहरूले 'मालिक' भनाउँनु हुँदैन। तिमीहरूको एकमात्र मालिक हुनुहुन्छ, ख्रीष्ट। [११]तिमीहरूमाझ जो सबै भन्दा महान छ, उ तिमीहरूको सेवक हुनु पर्छ। [१२]जसले आफूलाई ठूलो देखाउँछ उसलाई नम्र तुल्याइने छ। जसले आफूलाई नम्र बनाउँछ उसैलाई महान तुल्याइन्छ।

[१३]"शास्त्रीहरू र फरिसीहरू तिमीहरूका निम्ति यो अति नराम्रो हुनेछ। तिमीहरू कपटीहरू हौ। तिमीहरू स्वर्गको राज्यमा प्रवेश गर्न चाहने मानिसहरूको ढोका थुन्छौ। तिमीहरू आफै पनि प्रवेश गर्दैनौ, अनि प्रवेश गर्न इच्छा गर्ने अरूहरूलाई पनि बाधा दिन्छौ। [१४]*

[१५]"तिमी शास्त्रीहरू र फरिसीहरूका निम्ति यो असुविधाजनक हुनेछ। तिमीहरू कपटीहरू हौ! तिमीहरू एक व्यक्तिलाई आफ्नो मतमा ल्याउनकालागि समुद्र र भूमिका सबै स्थानहरू चाहाँन्छौ। जब त्यस्तो कोही व्यक्ति भेट्टाउँछौ, तिमी त्यसलाई आफूभन्दा दोबर दुष्ट तुल्याउँछौ। अनि तिमीहरू यति नराम्रो हुन्छौ कि तिमीहरू नरकको योग्य हुन्छौ।

[१६]"यी शास्त्रीहरू र फरिसीहरूलाई असुविधाजनक हुन्छ। तिमीहरू अन्धो छौ अनि तिमीहरू अरूलाई अगुवाइ गर्छौ। तिमीहरू भन्दछौ, 'यदि कसैले मन्दिरको नाममा शपथ गर्‍यो भने तब त्यो अर्थहीन हुन्छ। तर यदि कसैले मन्दिरको सुन छोएर शपथ गर्‍यो भने, उसले त्यो शपथ पालन गर्नुपर्छ' [१७]तिमीहरू अन्धो-मूर्खहरू हौ! सुन ठूलो हो कि सुनलाई पवित्र पार्ने मन्दिर ठूलो? [१८]अनि तिमीहरू भन्दछौ, 'यदि कसैले वेदी छोएर शपथ गर्‍यो भने त्यो केही होइन। तर यदि कसैले बेदीमाथिको भेटी छोएर शपथ गर्‍यो भने त्यो आफ्नो कसमको ऋणी हुन्छ।' [१९]तिमीहरू अन्धो हौ। भेटी कि भेटीलाई पवित्र तुल्याउने वेदी ठूलो हो? [२०]जसले प्रतिज्ञा गर्नलाई वेदीको प्रयोग गर्छ उसले दुवै बेदी अनि त्यसमा भएका हरेक चीज छोएर प्रतिज्ञा गरेको हुन्छ। [२१]अनि जसले प्रतिज्ञा गर्नलाई मन्दिरको प्रयोग गर्छ जो कोही पनि मन्दिर अनि मन्दिरमा बस्ने 'एक' छोएर शपथ गरेको हुन्छ। [२२]अनि जसले स्वर्गका नाउँमा शपथ गर्छ उसले परमेश्वरको सिँहासन अनि त्यस सिँहासनमा बस्ने "एक" छोएर शपथ गरेको हुनेछ।

[२३]"शास्त्रीहरू र फरिसीहरूलाई यो नराम्रो हो। तिमीहरू कपटीहरू हौ। आफूमा भएको हरेक चीजको,

---

**पद १४** ग्रीक लिपिहरूमा यस्तो पाइन्छ: "कानूनको शास्त्री अनि फारिसीहरूका निम्ति यो अत्यन्त नराम्रो हो। तिमीहरू कपटीहरू हौ। तिमीहरू विधवाहरूको घर लिन्छौ, अनि देखावटका निम्ति लामो प्रार्थना भन्छौ। यसर्थ तिमीहरूलाई धेरै अझ कड़ारूपले दण्ड दिइनु पर्छ।"

पुदीना, सूप अनि जीरा को दश भागमा एक भाग मात्र
परमेश्वरलाई दिन्छौ। तर तिमीहरू विश्वासीपना, दयापूर्ण,
विश्वासी हुने जस्ता व्यवस्थाका प्रमुख कुराहरू लत्याउँछौ।
तिमीहरूले ती कुराहरू पनि नलत्याइकन यी कामहरू
गर्नुपर्ने हो। [२४]तिमीहरू अन्धा छौ तर अरूलाई अगुवाइ
गर्ने कोशिश गर्छौ। तिमीहरू भुसुना चाँहि चाल्दछौ तर
ऊँटलाई चाँहि निल्दछौ। तिमीहरू त्यस्तै छौ।

[२५]"शास्त्रीहरू र फरिसीहरूका निम्ति यो नराम्रो हो।
तिमीहरू कपटीहरू हौ। तिमीहरू आफ्नो प्याला र
थालीलाई बाहिरबाट मात्र धुँदछौ। तर तिनीहरू भित्र भने
तिमीहरूले अरूलाई ठगेर हत्याएका बस्तुहरू अनि
तिमीहरू स्वयंलाई सन्तुष्ट पार्नु उपयोग गरिने चिजहरूले
भरिएका हुन्छन्। [२६]ए अन्धा फरिसीहरू पहिला प्यालाको
भित्रपट्टि सफा गर अनि यसलाई चोखो बनाऊ। तब
प्यालाको बाहिरी भाग पनि चोखो हुनेछ।

[२७]"कानुनका शास्त्रीहरू र फरिसीहरूलाई यो राम्रो
हुँदैन। तिमीहरू कपटी हौ। तिमीहरू चूना पोतेका
चिहानहरू जस्ता छौ, जो बाहिरबाट सुन्दर देखा पर्छन्।
तर भित्रपट्टि मरेका मानिसहरूको हड्डीहरू अनि जति
भएका फोहोर चीजहरू छन्। [२८]तिमीहरू पनि त्यस्तै
हौ। बाहिरबाट मानिसहरूका निम्ति तिमीहरूलाई राम्रै
देखिन्छ। तर भित्र तिमीहरूमा छल र कपटले परिपूर्ण
छौ।

[२९]"शास्त्रीहरू र फरिसीहरूलाई यो राम्रो हुँदैन।
तिमीहरू कपटीहरू हौ। अघिका अगमवक्ताहरूकोलागि
तिमीहरूले चिहान बनाउँथ्यौ। असल मानिसहरूको
चिहानहरू सिंगार्छौ। [३०]अनि तिमी भन्दछौ, 'यदि हामी
हाम्रा पूर्खाहरूका समकालीन हुँदा हौ, ता ती
अगमवक्ताहरूलाई मार्न हामी उनीहरूलाई सहयोग गर्ने
थिएनौ।' [३१]यसरी अगमवक्ताहरू मार्नेका सन्तान हामी
हौं भन्ने स्वीकार आफै तिमीहरू दिन्छौ। [३२]तब जाऊ
अनि आफ्ना पुर्खाहरूले शुरू गरेका पापकर्मलाई समाप्तीमा
ल्याऊ।

[३३]"तिमीहरू सर्पहरू हौ। तिमीहरू विषालु सर्पका
संतानहरू हौ। परमेश्वर देखि तिमीहरू उम्कन सक्तैनौ।
तिमीहरू सबै दोषी पाइनेछौ छौ अनि नरकमा जानेछौ।
[३४]यसकारण म तिमीहरूलाई भन्दछु: 'म तिमीहरूकोलागि
अगमवक्ताहरू बुद्धिमान मानिसहरू र शास्त्रीहरू पठाउँछु।
यीमध्ये कतिपयलाई तिमीहरूले मार्नेछौ। तिमीहरू कसैलाई
भुण्डाउनेछौ। तिमीहरूले कसैलाई तिम्रा सभाघरहरूमा
कोर्रा लाउने छौ अनि शहर शहर खेदो गर्नेछौ। [३५]अनि
पृथ्वीमा भएका सबै राम्रा मानिसहरू जो मारिएका छन्
तिनीहरूको रगतको निम्ति तिमीहरूलाई दोष्याइनेछ।
हाबिल जस्ता राम्रा मानिसको रगतका निम्ति अनि
बेराचियाको छोरो जकरियाको रगतका निम्ति जसलाई
मन्दिर र बेदीको माझमा मारिएको थियो अनि जो
पृथ्वीमा हाबिल देखि जकरियाको समयसम्म मारिएका
सबै राम्रा मानिसहरूका रगतका निम्ति तिमीहरू दोषी
ठहर्नेछौ। [३६]म तिमीहरूलाई साँचो भन्दछु। यी सबै कुरा
तिमीहरू अहिले बाँचेका मानिसहरू माथि घटने छ।

### येशूद्वारा यरूशलेमका मानिसहरूलाई चेतावनी

*(लूका १३:३४-३५)*

[३७]"हे यरूशलेम, यरूशलेमा तिमीहरूले
अगमवक्ताहरूलाई मार्छौ अनि तिमीहरू कहाँ परमेश्वरद्वारा
पठाइएका संदेशवाहकहरूलाई ढुङ्गाहान्छौ। धेरै पल्ट मैले
तिम्रा मानिसहरूलाई मद्दत गर्न चाहेको हुँ। जसरी
पोथीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ त्यसरीनै
मैले तिम्रा मानिसहरूलाई बटुल्न चाहेको हुँ। तर
तिमीहरूले मलाई त्यसो गर्नु दिएनौ। [३८]तिमीहरूको घर
पनि उजाड़ छोड़िनेछ। [३९]म भन्दछु, अब उप्रान्त
तिमीहरूले मलाई फेरि देख्ने छैनौ, जहिलेसम्म तिमीहरू
भन्दैनौ: 'उनी धन्य हुन् जो परमप्रभुको नाउँमा आउँछन्।'" *

### मन्दिरको भविष्य ध्वंस

*(मर्कूस १३:१-३१; लूका २१:५-३३)*

**२४** जसै येशू मन्दिर छोड़ेर कतै जानु हुँदै थियो
उहाँका चेलाहरू मन्दिरको भवनहरू देखाउन
आए। [२]येशूले चेलाहरूलाई भन्नुभयो, "यी भवनहरू
हेर? म तिमीहरूलाई साँचो भन्दछु यी भवनहरू ध्वंस
गरिनेछन्। कुनै ढुङ्गा अर्को ढुङ्गामाथि छाडिने छैन।"

[३]केही पश्चात् येशू भद्रासे डाँडामा बसिरहनु भएको
थियो। चेलाहरू येशूको साथमा एकान्तमा आए। तिनीहरूले
भने, "यो घटना कहिले हुनेछ कृपया हामीलाई पनि
भन्नुहोस्। तपाईंको आगमनको अनि संसारको अन्तको
संकेत के हुनेछ?"

[४]येशूले भन्नुभयो, "होशियार बन। तिमीहरूलाई कसैले
मुर्ख बनाउनु नपाओस। [५]धेरै मानिसहरू आउनेछन् अनि

---

**'उनी … आउँछन्'** भजनसंग्रह ११८:२६।

मेरो नाम लिनेछन्। तिनीहरूले भन्नेछन्, ‘म नै ख्रीष्ट
हुँ।’ अनि तिनीहरूले धेरैलाई मूर्ख बनाउनेछन्। ६तिमीहरूले
लँड़ाईका बारेमा सुन्नेछौ। अनि तिमीहरूले अब हुने
लँड़ाईको बारेमा पनि समाचार सुन्नेछौ। तर डराउनु
पर्दैन। यी सब घटनाहरू हुनैपर्छ। तर अन्त अझ
भविष्यमा छ। ७किनभने राष्ट्रले राष्ट्रको विरोध गर्नेछ
अनि राज्यले राज्यको विरोध गर्नेछ। अनी धेरै ठाँउमा
अनिकाल लाग्नेछ अनि भूँई चालो जानेछ। ८तर यी
सब कुनै कुराको नयाँ जन्म हुन अघि भएको व्यथा
जस्तै हुनेछ।

९“त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार
गर्नेछन्। मानिसहरूले तिमीहरूलाई शासकहरूको अघि
सुम्पनेछन् अनि घात गर्नेछन् र मार्नेछन्। तिमीहरूले
ममाथि विश्वास गर्नाले मानिसहरूद्वारा तिमीहरू घृणित
हुनेछौ। १०त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास
हराउनेछन्। तिनीहरू एकअर्कामा विरोध गर्नेछन् अनि
एकर्कालाई घृणा गर्नेछन्। ११अनेकौं झूँटा अगमवक्ताहरू
निस्कनेछन्। तिनीहरूले मानिसहरूलाई झुँटो कुराहरूमा
विश्वास गराउने कोशिश गर्नेछन्। १२संसारैभरि थुप्रै
दुष्टहरू देखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम
देखाउने छैनन्। १३तर अन्तसम्मै जो दृढ़ रहन्छ उही नै
सुरक्षित हुनेछ। १४संसारैभरि परमेश्वरको राज्यको बारेमा
सुसमाचारहरू प्रचार गरिनेछ। प्रत्येक राष्ट्रलाई नै यी
कुराहरू भनिनेछ। त्यसपछि अन्त आउने छ।

१५“दानियल अगमवक्ताले ‘ध्वंस हुने कारणहरूको
डरलाग्दा कुराहरू’* भने। तिमीहरूले यस्तो डरलाग्दा
कुराहरू पवित्र ठाउँ मन्दिरमा उभिएर देख्नेछौ।” व्यक्ति
जसले यो पढ़छ उसले यसको अर्थ बुझ्नुपर्छ। १६“त्यसबेला
यहूदियाका मानिसहरू पहाड़तिर भाग्नुपर्छ। १७मानिसहरू
कतै नरोकिई कुनै समय खेर नफाली, भाग्नेछन्। यदि
कुनै व्यक्ति घरको छानामा छ भने घरबाट केही
लिनुलाई ऊ तल झर्नु हुँदैन। १८यदि कोही खेतमा छ
भने उ पनि कोट लिनलाई फर्की जानु हुँदैन। १९त्यसबेला,
गर्भवती भएका स्त्रीहरूलाई अनि दूध पिउने नानी
भएका आमाहरूका निम्ति खूबै दुःखपूर्ण हुनेछ। २०शबाथ
र ठण्डाको समयमा यसरी भाग्नु नपरोस् भनी प्रार्थना
गर। २१किन? किनभने त्यसबेला अत्यन्त दुःख पर्नेछ
जुन सृष्टिको शुरू भएदेखि अहिलेसम्म संसारमा यस्तो
दुःख भएको थिएन। अनि पछि कहिल्यै पनि भविष्यमा
यस्तो दुःख आइपर्ने छैन। २२परमेश्वरले त्यो महासङ्कटको
समय छोट्याएका छन्। यदि त्यो समय छोट्याइएन भने,
कुनै मानिस पनि बाँच्ने छैन। तर आफूले चुनेका
मानिसहरूलाई मदत गर्नलाई परमेश्वरले त्यो समयलाई
छोटो पार्नु भएको छ। २३त्यसबेला कसै-कसैले तिमीहरूलाई
यसो भन्नसक्छ, ‘हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ।’ अथवा
अर्को कसैले भन्नसक्छ, ‘उहाँ त्यहाँ हुनुहुन्छ।’ तर
तिनीहरूलाई विश्वास नगर। २४झूँठो ख्रीष्ट र झूँठो
अगमवक्ताहरू देखा पर्नेछन् अनि ठूला-ठूला कुराहरू र
चमत्कारहरू गर्नेछन्। सम्भव भए परमेश्वरले चुन्नु
भएका मानिसहरूलाई समेत धोका दिनका निम्ति तिनीहरूले
यसो गर्नेछन्। २५हेर, मैले अघिबाटै यस बारेमा तिमीहरूलाई
सतर्क गराएको छु।

२६“कसैले भन्नेछ, ‘ख्रीष्ट मरूभूमिमा हुनुहुन्छ।’ तर
ख्रीष्टलाई भेटन मरूभूमितिर नजाऊ। अरू कसैले
भन्नसक्छ, ‘ख्रीष्ट त्यो कोठामा हुनुहुन्छ।’ तर त्यसलाई
विश्वास नगर। २७जब मानिसको पुत्र आउनुहुन्छ,
उहाँलाई सबै मानिसहरूले देख्न पाउनेछ। यसबेला
आकाशमा बिजुली चम्केर चारैतिर उज्यालो भएजस्तो
हुनेछ। जसलाई चारैतिर देखिनेछ। २८मेरो आगमन त्यस्तै
स्पष्ट हुनेछ, जब तिमीहरू गिद्धहरू भेला भएका
देखछौ तिमीलाई थाहा हुन्छ त्यहाँ मृतदेह छ।

२९“ती दिनका सङ्कटहरूको तुरन्तै पछि।

‘घाम अँध्यारो हुनेछ, अनि जूनले पनि आफ्नो
उज्यालो दिने छैन। ताराहरू आकाशबाट झर्नेछन्,
अनि आकाशका सबै चीजहरू हेरफेर हुनेछ।’

*यशैया १३:१०; ३४:५*

३०“त्यसबेला आकाशमा मानिसको पुत्रको चिन्ह
हुनेछ। संसारभरिका सबै मानिसहरू रूनेछन्। सबै
मानिसहरूले मानिसको पुत्रलाई आकाशमा बादलसँग
आँउदै गरेको देख्नेछन्। मानिसको पुत्र शक्ति र महान
गौरव लिएर आउनु हुनेछ। ३१मानिसको पुत्रले परमेश्वरका
चुनिएका मानिसहरूलाई चार वायुहरूबाट, आकाशका
एक छेउ देखि अर्को छेउसम्मबाट बटुल्नका निम्ति
तुरहीको ठूलो आवाज सहित आफ्ना स्वर्गदूतहरूलाई
पठाउनेछन्।

३२“नेभाराको रूखले तिमीहरूलाई शिक्षा दिनेछः जब
नेभाराको रूखको हाँगाहरू हरियो देखिन्छ अनि कोमल

---

**‘ध्वंस … कुराहरू’** दानिएल ९:२७; १२:११; ११:३१।

र नयाँ पातहरू लाग्दै छ भने, तिमीहरू जान्दछौ ग्रीष्म
ऋृतु नजिक छ। [३३]तिमीहरूसित पनि यो यस्तै हो। जब
तिमीहरू यस्तो भएको देख्छौ, त्यसबेला तिमीहरूलाई
समय नजिक छ अनि आउन तयार छ भनी थाहा
हुनेछ। [३४]म तिमीहरूलाई साँचो भन्दछु। यी सबै
कुराहरू यस पुस्ताका मानिसहरू जीवित रहेका समयमै
हुनेछन्। [३५]आकाश अनि पृथ्वी ध्वंस गरिनेछ, तर मैले
बोलेका शब्दहरू कहिल्यै नाश हुनेछैन।

### परमेश्वरले मात्र घटना हुने समय जान्दछन्

*(मर्कूस १३:३२-३७; लूका १७:२६-३०, ३४-३६)*

[३६]"कुनै व्यक्तिले पनि त्यो समय र दिन जान्दैन जब
यी कुराहरू घटछन्। पुत्र र स्वर्गदूतहरूले पनि जान्दैनन्।
केवल पिताले जान्नुहुन्छ। [३७]जब मानिसको पुत्र आउनुहुन्छ,
त्यसबेला त्यस्तै स्थिति हुनेछ जस्तो स्थिति नूहको
समयमा भएको थियो। [३८]त्यसबेला जल-प्रलय हुन अघि
मानिसहरू खाइ पिइरहेका थिए। मानिसहरू विवाह गर्दै
थिए अनि आफ्ना छोरा अनि छोरीहरूलाई विवाह गर्न
दिइरहेका थिए। मानिसहरूले त्यत्तिबेला सम्म यसो
गरिरहेका थिए जबसम्म नूह डुङ्गामा चढ़ेका थिएनन्।
[३९]मानिसहरूले के भइरहेको थियो भनेर केही जानेका
थिएनन्। तर त्यसैबेला जलप्रलय भयो अनि सबै नष्ट
भए। मानिसको पुत्रको आगमनको समयमा पनि यस्तै
हुनेछ। [४०]दुइजना मानिसहरू खेतमा काम गरिरहेका
हुनेछन्। एकजनालाई उठाइने छ अनि अर्कोलाई छोड़िइनेछ।
[४१]दुइजना स्त्रीहरू जाँतोमा अन्न पिँधिरहेका हुनेछन्।
एउटालाई लगिनेछ अनि अर्कोलाई छोड़िनेछ।

[४२]"यसकारण सधैं तयार बस। कतिबेला तिम्रो
परमप्रभु आउनु हुनेछ त्यो दिन तिमीलाई थाहा हुने छैन।
[४३]तिम्रो मनमा सम्झना राख: यदि घर मालिकले
कतिबेला चोर आउँछ भनेर जान्यो भने, तब तिनी तयार
बस्ने छन्। तिनी सतर्क रहनेछन् अनि आफ्नो घरभित्र
चोर पस्न दिने छैनन्। [४४]यसकारण तिमीहरू पनि तयार
बस। मानिसको पुत्र यस्तो समयमा आउनेछन् जसको
तिमीहरूले आशा गरेका हुनेछैनौ।

### असल नोकरहरू र खराब नोकरहरू

*(लूका १२:४१-४८)*

[४५]"को चाँहि बुद्धिमान र विश्वासी नोकर छ अनि
भूमिपतिले उसलाई आफ्ना सबै नोकरहरूको जिम्मा
अनि तिनीहरूलाई आफ्ना खाना ठीक समयमा दिने
जिम्मा दियो। [४६]जब मालिक आउँछ अनि नोकरलाई
दिइएको काम गरिरहेको भेट्दछ, तब त्यो नोकर खुशी
हुन्छ। [४७]म तिमीहरूलाई साँचो भन्दछु। त्यो मालिकले
उसलाई आफूसित भएको प्रत्येक वस्तुको जिम्मामा
राख्छ। प्रत्येक कुराहरूको ख्याल गर्दछ। [४८]तर नोकर
नै दुष्ट छ र आफ्नो मालिक झट्ट आउँदैन भनेर
सम्झन्छ भने त्यसबेला के हुन्छ? [४९]त्यसपछि उसले
अरू नोकरहरूलाई पिट्न थाल्छ। उ आफुजस्तै अरू
मानिसहरूसँग बसेर खान र पिउन लाग्छ। [५०]अनि जब
आफूले मालिक आइपुग्नेछ भनि नसोचेको दिनमा
मालिक आइपुग्नेछ अनि उसले त्यसबेला केही जानेको
हुँदैन। [५१]त्यसपछि मालिकबाट उसले दण्डित हुनुपर्छ।
मालिकले उसलाई कपटीहरूसँग सामेल गराइदिनेछ।
त्यहाँ मानिसहरू दाह्रा किटी रोइरहेका हुन्छन्।

### दशजना कन्याहरूको कथा

**२५** "त्यसबेला स्वर्गको राज्य दशजना कन्याहरू
जस्तै हुनेछ, जो आ-आफ्ना दियो लिएर दुलहा
पर्खन गए। [२]पाँचजना कन्याहरू मूर्ख थिए। अनि
पाँचजना कन्याहरू बुद्धिमती थिए। [३]ती पाँचजना मूर्ख
कन्याहरूले आफ्ना दीयो लिए तर ती सित फाल्टो तेल
लगेनन्। [४]तर पाँचजना बुद्धिमती कन्याहरूले आफ्ना-आफ्ना
दीयोहरू लिए अनि तिनीहरूले जगमा पनि तेल बोकेका
थिए। [५]तर दुलहा आउन एकदमै ढीलो भयो। सबै
कन्याहरू थकित भए अनि निदाउन थाले।

[६]"मध्यरातमा कोही करायो, 'दुलहा आउँदैछन्। उनलाई
भेटन बाहिर आऊ।'

[७]"तब सबै कन्याहरू व्युँझिए। तिनीहरूले आ-आफ्ना
दीयोहरू तयार पारे। [८]तब बुद्धिहीन कन्याहरूले बुद्धिमती
कन्याहरूलाई भने, 'हामीलाई तिमीहरूको केही तेल
देऊ किनभने हाम्रोमा भएको तेल सकियो अनि हाम्रा
दीयोहरू निभ्दैछन्।'

[९]"बुद्धिमती कन्याहरूले उत्तर दिए, 'होइन! किनभने
हाम्रोमा भएको तेल हामी अनि तिमीलाई पर्याप्त हुँदैन।
बरू, यो असल हुन्छकि दोकानमा जाऊ अनि स्वयंका
निम्ति केही (तेल) किन।'

[१०]"त्यसपछि ती पाँचजना बुद्धिहीन कन्याहरू तेल
किन्नलाई गए। जब तिनीहरू जाँदै थिए, त्यसैबेला
दुलहा आइपुगे अनि तयार रहेकी सबै कन्याहरू

दुलहासंग विवाहको भोज गर्न गए। त्यसपछि ढोका
थुनियो अनि ताला लगाइयो।
११“केही समयपछि अरू कन्याहरू आए। तिनीहरूले
भने, ‘स्वामी, स्वामी हामीलाई ढोका खोलिदिनुहोस् भित्र
पस्छौं।’
१२“दुलहाले उत्तर दिए, ‘म तिमीहरूलाई साँचो
भन्दछु। म तिमीहरूलाई चिन्दिनँ।’
१३“यसकारण सँधै सतर्क बस। तिमीहरू जान्दैनौ कि
मानिसको पुत्र कुन दिन वा कुन समयमा आउने हुन्।”

### तीनजना नोकरहरूको कथा

*(लूका १९:११-२७)*

१४“स्वर्गको राज्य त्यो व्यक्ति जस्तैछ जो आफ्नो घर
देखि अर्को स्थान तर्फयात्रा गर्छ। जानको अघि उसले
आफ्नो नोकरहरू बोलाउँछन् अनि आफ्ना चिजहरूको
जिम्मा तिनीहरूलाई सुम्पन्छ। १५उसले विचार गर्‍यो कि
प्रत्येक नोकरले कति वस्तुको हेरचाह गर्न सक्छ। उसले
एकजना नोकरलाई पाँच थैला पैसा दियो। अर्कोलाई दुइ
थैला पैसा दियो। अनि तेस्रोलाई एक थैलो पैसा दियो।
त्यसपछि उसले आफ्नो यात्रा शुरू गर्‍यो। १६नोकर
जसलाई पाँच थैला पैसा दिइएको थियो त्यो तुरन्त
व्यापार गर्न त्यो स्थान छोड़ेर हिँड्‍यो।। उसले अरू पाँच
थैलो पैसा बढ़ाउने काम गर्‍यो। १७दुइ थैलो पैसा
पाउनेले पनि त्यसै गर्‍यो। उसले पनि आफ्नो सबै
रूपियाँ व्यापारमा लगायो अनि त्यत्तिकै दुइ थैलो पैसा
कमायो। १८तर एक थैलो मात्र पैसा पाउने नोकर गयो
अनि भूइँमा दुलो खन्यो। त्यसले त्यो पैसा दुलो भित्र
पुर्‍यो।
१९“धेरै समयपछि मालिक घर फिरे। उसले
नोकरहरूलाई ती रूपियाँहरू तिमीहरूले के के गर्‍यौ
भनेर सोध्यो। २०पाँच थैलो पैसा पाउने नोकर पैसा
लिएर मालिककहाँ गयो। त्यसले भन्यो, ‘महाशय,
तपाईंले मलाई पाँच थैला पैसा विश्वास गरेर जिम्मा
दिनुभएको थियो। यसकारण अरू पाँच थैलो पैसा
कमाउनलाई मैले ती रूपियाँ उपयोग गरें।’
२१“मालिकले उत्तर दिए, ‘तिमीले राम्रो गर्‍यौ। तिमी
असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ। त्यत्ति
थोरै पैसा लिएर तिमीले धेरै उन्नति गर्‍यौ। यसकारण म
तिमीलाई अरू धेरै जिम्मावारी दिन सक्छु। आऊ अनि
मसित खुशी बाँढ।’
२२“त्यसपछि दुइ थैलो पैसा पाउने नोकर मालिककहाँ
गयो। त्यसले भन्यो, ‘महाशय तपाईंले मलाई दुइ थैलो
पैसा जिम्मा दिनुभएको थियो। यसकारण मैले त्यो पैसा
उपयोग गरें अनि अरू दुइ थैलो कमाएँ।’
२३“मालिकले जवाफ दिए, ‘तिमीले राम्रो गर्‍यौ।
तिमी असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ।
त्यत्ति थोरै पैसा लिएर तिमीले धेरै उन्नति गर्‍यौ।
यसकारण म तिमीलाई अरू धेरै जिम्मावारी दिन्छु।
आऊ अनि मसित खुशी बाँढ।’
२४“त्यसपछि एक थैलो पैसा पाउने नोकर मालिककहाँ
गयो। त्यसले भन्यो, ‘महाशय, मैले तपाईंलाई धेरै कठोर
मानिसको रूपमा जान्न पाएँ। विरूवानै नरोपी तपाईंले
फसल उठाउन चाहनु भयो। बिऊ नै नरोपी तपाईंले
अन्न बटुल्न चाहनु भयो। २५यसकारण म धेरै भयभित
भएँ। मैले तपाईको पैसा जमीनमा लुकाँए तपाईंले
दिनुभएको त्यो थैलो यही हो।’
२६“मालिकले जवाफ दिए, ‘तिमी एक नराम्रो र
अल्छे नोकर हौ! तिमीले भन्यौ मैले जहाँ बिरूवा
रोपिनँ त्यहाँ फसल उठाउन पठाएँ, अनि जहाँ बिऊ
रोपिनँ त्यहाँ म अन्न उठाउन गएँ। २७यसकारण तिमीले
मेरो पैसा बैंकमा जम्मा गर्नु पर्दथ्यो। अनि म जब
फर्केर आएको हुन्थें त्यसबेला ती सबै पैसा पाउनु
सकथें। साथै त्यो पैसा माथि सुद पनि पाउनु सक्थें।’
२८“यसकारण मालिकले अरू नोकरहरूलाई भने,
‘त्यो नोकरबाट पैसाको थैलो खोस अनि त्यो जोसित
दश थैलो पैसा छ उसैलाई देऊ। २९जो सित जति धेरैछ
उसले अरू धेरै पाउनेछ। उसले चाहे भन्दा धेरै
पाउनेछ। तर जोसित केही छैन, उसित भएको पनि
उबाट खोसिइनेछ।’ ३०त्यसपछि मालिकले भने, ‘यो
बेकामे नोकरलाई बाहिर अँध्यारोमा निकालि देऊ। जहाँ
मानिसहरू दु:ख र कष्टमा दाह्रा किट्दै रूवाबासी
गरिरहेका छन्।’

### मानिसका पुत्रद्धारा सबै मानिसहरूलाई न्याय

३१“मानिसको पुत्र फेरि आउनु हुनेछ। उहाँ अत्यन्त
गौरवसँग आउनु हुनेछ। सबै स्वर्गदूतहरू पनि उहाँसँग
आइपुग्ने छन्। उहाँलाई राजाको रूपमा सिंहासनमा
विराजमान गराउने छ। ३२उहाँको अघि संसारभरका सबै
मानिसहरू भेला हुनेछन्। अनि मानिसको पुत्रले ती
मानिसहरूलाई दुई अलग अलग दलमा बाँड़नेछन्। यो

भेड़ा र बाख्राहरूलाई अलग दलमा पारे जस्तै हुनेछ।
३३मानिसको पुत्रले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि
राख्नुहुनेछ अनि बाख्राहरूलाई आफ्नो देब्रेपट्टि राख्नु
हुनेछ।
३४"अनि राजाले आफ्नो दाहिने पट्टि बसेकाहरूलाई
भन्नु हुनेछ, 'आऊ, मेरा पिताले तिमीहरूलाई धेरै
आर्शीवाद दिनुभएको छ। आऊ अनि परमेश्वरले तिमीप्रति
प्रतिज्ञा गर्नु भएको राज्य ग्रहण गर। सृष्टिको शुरूदेखि
नै यो तिमीहरूको निम्ति तयारी गरिएको थियो। ३५यो
तिमीहरूको राज्य हो, किनभने म भोकाएको बेला
तिमीहरूले मलाई खाना दिएका थियौ। म तिर्खाएको
बेला तिमीहरूले मलाई पिउन दिएका थियौ। म एकलै
र घरबाट टाढ़िएको थिएँ, अनि तिमीहरूले मलाई
तिमीहरूको घरमा स्वागत गरेका थियौ। ३६म नाङ्गो
थिएँ, अनि तिमीहरूले मलाई लुगाफाटा लाउन दिएका
थियौ। म रोगी थिएँ, अनि तिमीहरूले मलाई स्याहार
गऱ्यौ। म कैदी थिएँ, अनि तिमीहरूले मलाई हेर्न
आएका थियौ।'
३७"तब धार्मिक मानिसहरूले जवाफ दिनेछन्, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले, भोकाउनु भएको देख्यौ अनि
हामीले खाना दियौं? हामीले तपाईं तिर्खाउनु भएको
कहिले देख्यौ अनि हामीले पिँउन दियौ? ३८हामीले
तपाईंलाई कहिले एक्लो अनि घरदेखि टाढ़िएको देख्यौ
अनि हामीले तपाईंलाई हाम्रो घरमा निम्तो गऱ्यौ?
३९तपाईं कहिले नाङ्गो हुनुहुन्थ्यो र हामीले पहिरिनका
निम्ति लुगाफाटा दियौं। हामीले कहिले तपाईंलाई रोगी
देख्यौं वा कैदमा पायौं र हामी तपाईंलाई सहयोग गर्न
आयौ?'
४०"तब राजाले तिनीहरूलाई उत्तर दिने छन्, 'म
तिमीहरूलाई साँचो भन्दछु। यहाँ तिमीहरूले मेरा यी
मानिसहरूका निम्ति जे जति गऱ्यौ, ती जतिनै नगण्य
भएता पनि तिमीहरूले मेरा निम्ति गरेको हो।'
४१"त्यसपछि आफ्नो देब्रेपट्टि बसेका मानिसहरूलाई
राजाले भन्नेछन्, 'मदेखि टाढ़ा जाऊ। परमेश्वरले अघिनै
तिमीहरूलाई दण्ड दिने निश्चय गर्नु भएको छ। जाऊ
आगोमा पस जो सँधै जलिरहन्छ। त्यो आगो दुष्टहरू र
तिनका दूतहरूकालागि बनिएको हो। ४२तिमीहरू जाइहाल,
किनभने म भोकाएको थिएँ, तिमीहरूले केही खान
दिएनौ। म तिर्खाएको थिएँ, तिमीहरूले केही पिउन
दिएनौ। ४३म घरदेखि एक्लै र टाढ़ोमा थिएँ, अनि
तिमीहरूले मलाई तिमीहरूको घरमा बोलाएनौ। म नाङ्गो
थिएँ, अनि तिमीहरूले मलाई पहिरिनलाई वस्त्रहरू
दिएनौ। म रोगी थिएँ, अनि कैदमा थिएँ, अनि
तिमीहरूले मेरो परवाह नै गरेनौं।'
४४"त्यसपछि तिनीहरूले पनि उत्तर दिए, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले भोकाएको र तिर्खाएको देख्यौं?
हामीले कहिले तपाईंलाई एक्लो घरदेखि टाढ़ो भएको
देख्यौं? अनि हामीले तपाईलाई कहिले नाङ्गा वा बिरामी
वा कैदमा परेको देख्यौ? अनि यी सब देखेर हामीले
मदत गरेनौ?'
४५"त्यसपछि राजाले तिनीहरूलाई उत्तर दिए, 'म
तिमीहरूलाई साँचो भन्दछु, 'यी कुनैका निम्ति जे पनि
तिमीहरूले गरेनौ, ती जतिनै नगण्य भएता पनि तिमीहरूले
मेरा निम्ति गरेनौ।'
४६"त्यसपछि ती नराम्रा मानिसहरू सदा दण्डित
हुनका निम्ति जाने छन्। तर राम्रा मानिसहरू चाँहि
अनन्त जीवन प्राप्त गर्न जानेछन्।"

### यहूदी नेताहरूद्वारा येशूलाई मार्ने षड़यन्त्र

*(मर्कूस १४:१-२; लूका २२:१-२; यूहन्ना ११:४५-५३)*

**२६** यी सब प्रवचन शेष गरिसके पछि येशूले
आफ्ना चेलाहरूलाई भन्नुभयो, २"तिमीहरूलाई
थाहै छ दुइ दिन पछि निस्तार-चाड़* शुरू हुनेछ। त्यसै
दिन मानिसको पुत्रलाई क्रूसमा टांगिनलाई उनका शत्रुहरू
कहाँ सुम्पिइनेछ।" ३तब मुख्य पूजाहारीहरू र यहूदी
अगुवाहरू प्रमुख पूजाहारीको ठाँउमा भेला भए। प्रमुख
पूजाहारीको नाम कैयाफा थियो। ४त्यस सभामा येशूलाई
कसरी पक्रिने भन्ने उपाय तिनीहरूले निकाले। तिनीहरूले
केही भ्रूटो निहुँ गरेर येशूलाई पक्रिने अनि मार्ने निश्चय
गरे। ५तिनीहरूले भने, "निस्तार-चाड़को दिनमा हामी
येशूलाई पक्रन सक्तैनौ। हामी मानिसहरू रिसाएको र
दङ्गा गरेको चाहँदैनौ।

### एउटी आईमाईद्धारा विशेष केही गराइ

*(मर्कूस १४:३-९; यूहन्ना १२:१-८)*

६येशू बेथानीमा हुनुहुन्थ्यो। उहाँ कुष्टरोगी शिमोनको

---

**निस्तार-चाड़** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्भ्कनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्। लेवी २३:४-८; व्यवस्था १६:१-८।

घरमा हुनुहुन्थ्यो। ७जतिबेला येशू त्यहाँ हुनुहुन्थ्यो, एउटी
आईमाई तिनी कहाँ आइन्। उसँग भरी बहुमूल्य अत्तर
हालेको एउटा सङ्गमर्मरको भुँडुल्को थियो। येशूले खाँदै
गर्नु भएको बेला त्यसले येशूको टाउकोमा त्यो सुगन्धित
अत्तर खन्याइन्।

८चेलाहरूले त्यो देखे अनि तिनीहरू त्यो आईमाई
प्रति रिसाए। चेलाहरूले सोधे, "यो अत्तर किन नष्ट
गरेको? ९यसलाई धेरै दाममा बेचेर गरीबहरूलाई दिन
सकिन्थ्यो।"

१०येशूले यी सब थाहा पाउनुभयो। येशूले भन्नुभयो,
"तिमीहरूले यो आईमाईलाई किन दिक्दारी दिइरहेछौ?
उसले मलाई असल कार्य गरेकी छिन्। ११ती गरीब
मानिसहरू सदा तिमीहरू साथछन्।* तर म सँधै
तिमीहरूको साथ रहने छैन। १२त्यस स्त्रीले मेरो शरीरभरि
अत्तर छरिदिइन्। उसले मलाई म मरे पछि मृत-संस्कारको
निम्ति तयार पारेकी हुन्। १३म तिमीहरूलाई साँचो
भन्दछु। यो सुसमाचारहरू सारा संसारमा प्रचार गरिनेछ।
अनि प्रत्येक ठाउँमा यो स्त्रीले गरेकी सु-कार्यहरूलाई
पनि भनिनेछ। अनि मानिसहरूले तिनलाई सँधै सम्झने
छन्।"

## यहूदा येशूको शत्रु

*(मर्कूस १४:१०-११; लूका २२:३-६)*

१४त्यस पछि बाह्रजना चेलाहरूमध्ये एकजना मुख्य
पूजाहारीहरूकहाँ गए। त्यो चेलाको नाउँ यहूदा इस्करयोती
थियो। १५यहूदाले भन्यो, "म तिमीहरूलाई येशू सुम्पनेछु।
यसको लागि तिमीले मलाई कति पैसा दिन्छौ?"
पूजाहारीहरूले तिनलाई चाँदीका ३० सिक्का दिए।
१६त्यसबेलादेखि यहूदाले येशूलाई सुम्पिदिने मौका खोज्न
लाग्यो।

## येशूले निस्तार-चाड भोज खानु भयो

*(मर्कूस १४:१२-२२; लूका २२:७-१४, २१-२३; यूहन्ना १३:२१-३०)*

१७अखमिरी रोटीको पहिलो दिन, चेलाहरू येशूकहाँ
आए। चेलाहरूले भने, "निस्तार-चाड़को भोजन गर्न
हामी तपाईंलाई तयार पारिदिन्छौं। हामीले कहाँ खाना
तयार गरेको तपाई चाहनु हुन्छ?"

१८येशूले भन्नुभयो, "शहरतिर जाऊ। मैले चिनेको
मानिसको घरमा जाऊ। उसलाई गुरूले यसो भन्नु
भएको छ भनेर भन, 'मेरो तोकिएको समय अति
नजिक आएको छ। म निस्तार चाड़को भोजन मेरा
चेलाहरूसित तिम्रो घरमा खानेछु।" १९चेलाहरूले येशूको
सल्लाह पूर्ण गरिदिए। तिनीहरूले निस्तार-चाड़को भोज
तयार पारे।

२०जब साँझ भयो, येशू आफ्ना चेलाहरूसाथ
खानामा बसेका हुनुहुन्थ्यो। २१तिनीहरू सबैले खाना
खाइरहेका थिए। येशूले भन्नुभयो, "म तिमीहरूलाई
साँचो भन्दछु। तिमीहरूमध्ये कुनै एकजनाले मलाई
विश्वासघात गर्नेछौ।"

२२चेलाहरूले यो सुनेर दुःखी भए। प्रत्येकले उहाँलाई
सोधे, "प्रभु, निश्चयनै म त्यो एक जना होइन-ठीक
हो?" २३येशूले जवाफ दिनुभयो, "जसले मेरो कचौरामा
म सित हात डुबायो त्यसैले मलाई विश्वासघात गर्नेछ।
२४मानिसको पुत्र जानेछन् अनि मर्नेछन्, धर्मशास्त्रमा
यस्तै लेखिएको छ। तर मानिसको पुत्रलाई मार्नुको
निम्ति सुम्पने त्यस व्यक्तिले नराम्रो परिणाम भोग्नु पर्नेछ।
यस्तो हुनुभन्दा त त्यो मान्छे नजन्मिएकै बेस थियो।"

२५अनि यहूदाले जसले येशूसित विश्वासघात गरे
येशूलाई भने, "गुरूज्यू, निश्चयनै म त्यो एकजना
होइन-ठीक हो?"

येशूले भन्नुभयो, "हो, यो तिमी नै हौ।"

## परमेश्वरको रात्री-भोजन

*(मर्कूस १४:२२-२६; लूका २२:१५-२०; १ कोरिन्थी ११:२३-२५)*

२६जब तिनीहरू खाँदै थिए, येशूले रोटी लिनुभयो।
येशूले रोटीको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र
त्यसलाई टुक्रा पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई
रोटी दिनुभयो। येशूले भन्नुभयो, "यी रोटीहरू लेऊ अनि
खाऊ। यो रोटी नै मेरो शरीर हो।"

२७त्यसपछि येशूले एक प्याला दाखरस लिनुभयो।
येशूले त्यसकोलागि परमेश्वरलाई धन्यवाद दिनुभयो अनि
त्यो चेलाहरूलाई दिनुभयो। येशूले भन्नुभयो, "तिमीहरू
प्रत्येकले यसबाट पिओ। २८यो दाखरस मेरो रगत हो।
मेरो रगतले परमेश्वरकोबाट उहाँको मानिसहरूकालागि
नयाँ करारको प्रारम्भ गर्नेछ। यो रगत धेरै मानिसहरूलाई
तिनीहरूको पापहरूको क्षमाको लागि दिइन्छ। २९म
तिमीहरूलाई भन्दछु: म यो दाखरस फेरि पिउँदिन

---

**ती … साथछन्** व्यवस्था १५:११।

जबसम्म मेरो पिताको राज्यमा नयाँ जस्तै भएर हामीहरू
एकै साथ पिउँदैनौ।"
[३०]तिनीहरू सबैले एउटा भजन गाए। त्यसपछि
उनीहरू 'भद्रासे पर्वतमा' गए।

### येशूले भन्नुभयो उहाँका चेलाहरूले उहाँलाई छोड्नेछन्

*(मर्कूस १४:२७-३१; लूका २२:३१-३४; यूहन्ना १३:३६-३८)*

[३१]येशूले चेलाहरूलाई भन्नुभयो, "आज मध्यरातमा
मेरो कारणले तिमीहरूले आफ्नो विश्वास हराउनेछौ।
किनभने यो धर्मशास्त्रहरूमा लेखिएको छ:

'म गोठालोलाई प्रहार गर्नेछु, अनि बथानका
भेड़ाहरू छरपष्ट हुनेछन्'

*जकरिया १३:७*

[३२]म मरेपछि, म मृत्युदेखि बौरी उठ्नेछु। त्यसपछि म
गालिली जानेछु। तिमीहरू पुग्नु अघिनै म त्यहाँ जानेछु।"
[३३]पत्रुसले भने, "सबै चेलाहरूले तपाईंको कारणले
विश्वास हराउन सक्नेछन्। तर म मेरो विश्वास कहिल्यै
हराउँदिन।"
[३४]येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु।
आज कै रातमा भाले बास्नु अघि तिमीले मलाई
तीनपल्ट इनकार गरिसकेका हुनेछौ।"
[३५]तर पत्रुसले उत्तर दिए, "म तपाईंलाई कहिल्यै
इनकार गर्नेछैन म पनि तपाईं साथै मर्नु परेता पनि।"
अनि सबै चेलाहरूले यही कुरा दोहोर्‍याए।

### येशूद्वारा एकान्तमा प्रार्थना

*(मर्कूस १४:३२-४२; लूका २२:३९-४६)*

[३६]त्यसपछि येशू आफ्नो चेलाहरूसाथ गेत्समनी
भन्ने ठाउँमा जानुभयो। येशूले तिनीहरूलाई भन्नुभयो,
"तिमीहरू यहीं बस, म चाँहि त्यहाँ गएर प्रार्थना गर्छु।"
[३७]येशूले पत्रुस र जब्दीको दुइ छोराहरूलाई उहाँको
साथमा लिनुभयो। अनि येशू खूबै दु:खी र विचलित
बन्नुभयो। [३८]येशूले पत्रुस र जब्दीको दुइ छोराहरूलाई
भन्नुभयो, "मेरा आत्मा दु:खै दु:खले भरिएको छ। मेरो
हृदय पीरले छिया-छिया भएको छ। तिमीहरू यहाँ मसँग
जागो बस अनि पर्ख।"
[३९]अनि येशू तिनीहरू भएदेखि केही परतिर जानुभयो।
येशू भूइँमा घोप्टो पर्नुभयो अनि प्रार्थना गर्न लाग्नुभयो,
"मेरा पिता, सम्भव भए मलाई यातनाको यो प्याला
नदिनुहोस्। तर यो मैले चाहेको रूपमा होइन तपाईंले
चाहनु भएको रूपमा होस्।" [४०]त्यसपछि येशू आफ्ना
चेलाहरू भएकहाँ फर्किनुभयो। येशूले तिनीहरूलाई मस्त
निदाइरहेको पाउनुभयो। येशूले पत्रुसलाई भन्नुभयो, "तिमी
मेरो निम्ति एक घण्टा पनि जागा बस्न सक्तैनौ?
[४१]जागा भएर बस अनि प्रार्थना गर, जसद्वारा तिमी
आसक्तीमा पर्ने छैनौ। तिम्रो आत्मा राजी छ तर तिम्रो
शरीर कमजोर छ।"
[४२]त्यसपछि येशू फेरि दोस्रोपटक जानुभयो अनि
प्रार्थना गर्न लाग्नु भयो, "मेरा पिता, यदि मैले यसलाई
नपिए सम्म यो यातनाको प्याला मबाट हटाइन सम्भव
न भए तपाईंले चाहनु भए जस्तै हुन दिनु हवस्।"
[४३]येशू फेरि आफ्ना चेलाहरू भएकहाँ जानु भयो
यस पल्ट पनि येशूले तिनीहरूलाई मस्त सुतिरहेका
पाउनुभयो किनभने तिनीहरूको आँखाहरू भारी थिए।
[४४]यसकारण तिनीहरूलाई छाड़ेर येशू केही पर जानु
भयो अनि फेरि प्रार्थना गर्न लाग्नुभयो। तेस्रो पटकको
प्रार्थनामा पनि उहाँले त्यही याचना गर्नुभयो।
[४५]तब येशू चेलाहरूकहाँ जानुभयो अनि भन्नुभयो,
"तिमीहरू अझै सुतिरहेको र विश्राम गरिरहेकै छौ?
मानिसको पुत्रलाई पापीहरूको हातमा सुम्पिने समय
नजिक आइसकेको छ। [४६]उठ! हामी गइहाल्न पर्छ।
यहाँ मलाई विश्वासघात गर्ने आउँदै छ।"

### येशू पक्राउ पर्नु भयो

*(मर्कूस १४:४३-५०; लूका २२:४७-५३; यूहन्ना १८:३-१२)*

[४७]जतिबेला येशू बातचीत गर्दै हुनुहुन्थ्यो, यहूदा
त्यहाँ आइपुगे। बाह्रजना चेलाहरूमध्ये यहूदा एकजना
थिए। यहूदासँग थुप्रै मानिसहरू थिए। ती मानिसहरू
मुख्य पूजाहारीहरू र जनताका अग्रजहरूले पठाएका
थिए। यहूदाका ती मानिसहरू तरवार र भालाहरूद्वारा
सज्जित थिए। [४८]यहूदाले येशूलाई चिनाउन भनेर
तिनीहरूलाई यो संकेत दिए। यहूदाले भने, "म जसलाई
म्वाइँ गर्छु उही नै येशू हो। उसैलाई पक्रनु।" [४९]अनि
यहूदा सिधै येशूकहाँ गए अनि भने, "हे गुरूज्यू!"
त्यसपछि यहूदाले येशूलाई म्वाइँ खाए।
[५०]येशूले भन्नुभयो, "हे मित्र, तिमी के गर्न आएका
छौ त्यो गर।"
त्यत्तिनै बेला मानिसहरू आए अनि येशूलाई हात
हाले अनि उहाँलाई पक्रिए। [५१]जब यस्तो भयो तब
येशूको साथमा भएका एकजना चेलाले आफ्नो हात

पसारेर तरवार झिक्यो। उसले प्रधान पूजाहारीको नोकरलाई
हान्यो अनि कान चट्ट छिनाइदियो।
५२येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार त्यसकै
ठाउँमा हाल। जसले तरवार चलाउँछ उसलाई तरवारले
नै मार्दछ। ५३तिमी यस्तो सोच्छौ कि मेरा पितालाई,
मलाई सहायता गर्नुहोस् भनी म विन्ती गर्न सक्तिनँ अनि
उहाँले स्वर्गदूतहरूका बाह्र पल्टन झट्टै पठाउनु हुन्न?
५४तर त्यस अवस्थामा धर्मशास्त्रहरूमा लेखिएका कुरा
कसरी पूर्ण हुनेछ? धर्मशास्त्रले भन्छ यो यस्तै हुनुपर्छ।"
५५तब येशूले सबै मानिसहरूलाई भन्नुभयो, "तिमीहरू
मकहाँ तरवार र भालाहरू लिएर आयौ, मानौं म एक
अपराधी हूँ। म प्रत्येक दिन मन्दिरमा बसेर सिकाइरहेको
हुन्थे अनि तिमीहरूले मलाई त्यहाँ पक्रेनौ। ५६तर यी
सबै कुराहरू अगमवक्ताहरूले लेखे अनुसार पूर्ण हुनका
निम्ति भयो।" त्यसपछि येशूको सबै चेलाहरू उहाँलाई
एक्लो छोड़ेर भागे।

### येशू यहूदी प्रमुखहरूको अघि

*(मर्कूस १४:५३-६५; लूका २२:५४-५५, ६३-७१;
यूहन्ना १८:१३-१४, १६-१४)*

५७जसले येशूलाई पक्रेको थियो येशूलाई प्रमुख
पूजाहारी कैयाफाको घरमा पुऱ्याए। शास्त्रीहरू र बूढ़ा
यहुदी अग्रजहरू त्यहाँ भेला भएका थिए। ५८पत्रुसले
येशूलाई पछ्याए, तर उ येशूको नजिक भएर होइन।
जब येशूलाई प्रधान पूजाहारी कहाँ लगिँदै थियो पत्रुस
प्रधान पूजाहारीको घरको आँगनसम्म आए। उनी त्यहाँ
गएर पालेहरूको नजिकमा बसे। यी सबै कुराहरू कसरी
अन्त हुनेछ भनी पत्रुस हेर्न चाहन्थे।
५९प्रधान पूजाहारीहरू र यहुदी नेताहरूको सम्पूर्ण
महासभाले येशूको विरूद्धमा कुनै न कुनै झूँठो खोट
देखाउने कोशिश गरे जसद्वारा तिनीहरू येशूलाई मार्न
सक्थे। ६०धेरै मानिसहरू आए अनि येशूको विरुद्ध
झूँठा अभियोगहरू लगाए। तर महासभाले येशूलाई
मार्नसकिने त्यस्तो कुनै अभियोग पाउन सकेनन्। तब
दुइजना मानिस आएर भन्न लागे, ६१"यो मानिसले भने
'म परमेश्वरको मन्दिर भत्काउन सक्छु अनि तीन
दिनभित्र फेरि म यसलाई बनाइदिन सक्छु।'"
६२अनि प्रमुख पूजाहारीले उठेर येशूलाई भन्नलागे,
"यी मानिसहरूले तपाईंको विरूद्धमा अभियोग ल्याएका
छन्। के आफूमाथि लगाइएका आरोपहरूप्रति तपाईंको
जवाफ केही छैन? के तिनीहरूले ठीकै भनेका हुन्?"
६३येशूले केही भन्नु भएन।
तब प्रमुख पूजाहारीले येशूलाई भने, "अहिले तपाईं
शपथमा हनु हुन्छ, जीवित परमेश्वरको नाउँमा हामीलाई
सत्यकुरा भन्नु हवस भनी म तपाईंलाई आदेश गर्छु।
हामीलाई भन्नुहोस् के तपाईं नै ख्रीष्ट, परमेश्वरको पुत्र
हुनुहुन्छ?"
६४येशूले भन्नुभयो, "हो, म नै हुँ। तर म भन्दछु
भविष्यमा तपाईंले मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि
बसिरहेको अनि स्वर्गको बादलमा आउँदै गरेको देख्नु
हुनेछ।"
६५प्रमुख पूजाहारीले जब यो कुरा सुने उनी खूबै
क्रोधित भए। आफ्नै वस्त्र च्यात्दै उनले भन्न लागे, "यो
मानिसले परमेश्वरको निन्दा गरेको हो! हामीलाई अरू
बेसी प्रमाणको के खाँचो छ? तिमीहरू सबैले यिनले
परमेश्वरको विरूद्धमा निन्दा गरेका सुन्यौ। ६६तिमीहरूको
के राय छ?"
यहूदीहरूले जवाफ दिए, "उनी दोषी छन् उनी मृत्यु
दण्डको योग्यछन्।"
६७त्यसपछि मानिसहरूले येशूको मुखमा थुकिदिए।
त्यसपछि तिनीहरूले उनलाई मुक्काले हिर्काए। कसै-कसैले
येशूलाई झापट दिए। ६८तिनीहरूले भने, "तिमी अगमवक्ता
ख्रीष्ट हो भन्ने प्रमाण देखाउ! जसले तिमीलाई पिट्यो
त्यो को हो?"

### येशूलाई चिन्दछु भन्न पत्रुस डराए

*(मर्कूस १४:६६-७२; लूका २२-५६-६२;
यूहन्ना १८:१५-१८, २५-२७)*

६९त्यसबेला, पत्रुस आँगन बाहिर बसिरहेका थिए।
एउटी नोकर्नी केटी पत्रुसकहाँ आइपुगी। त्यो केटीले
भनी, "तिमी येशूसँगै थियौ, जो गालीलीबाट आउनुभएको
थियो।"
७०तर पत्रुसले त्यहाँ उपस्थित भएका सबै मानिसहरूको
अघि यो कुरालाई अस्वीकार गरे। उनले भने, "मैले
केही बुझिन कि तिमीहरू के कुरा गरिरहेका छौ?"
७१त्यसपछि पत्रुसले त्यो ठाउँ छोड़े। ढोकामा अर्को
केटीले तिनलाई देखी। त्यहाँ भएका मानिसहरूलाई
त्यसले भनी, "यही मानिस नासरतको येशूसँग थियो।"

७२पत्रुसले फेरि अस्वीकार गर्‍यो। उनले भने, “परमेश्‍वरको नाउँमा शपथ खाएर भन्दछु कि यो मानिसको हो म चिन्दिनँ!”

७३केहीसमयपछि, केही उभिरहेका मानिसहरू पत्रुसकहाँ गए अनि भने, “हामी जान्दछौ कि तिनीहरू मध्ये तिमी एक येशूको चेला हौ। तिम्रो कुरा गराइले त्यो प्रमाण गर्छ।”

७४तब पत्रुसले धिक्कार्न लागे। दृढ़ भएर उनले भन्नलागे, “म परमेश्‍वरको नाउँमा शपथ खाएर भन्दछु कि यो मानिस को हो म चिन्दिनँ।” पत्रुसले यसो भन्ने
वित्तिकै भाले बास्यो। ७५तब पत्रुसलाई येशूले भनेका कुराहरू सम्झना भयो: “भाले बास्न अघिनै मलाई तिमीले तीनपल्ट अस्वीकार गर्नेछौ।” त्यसपछि पत्रुस बाहिर गएर धुरूधुरू रोए।

### येशूलाई बड़ा हाकिम पिलातसकहाँ लगियो
*(मर्कूस १५:१; लूका २३:१-२; यूहन्ना १८:२८-३२)*

२७ भोलिपल्ट बिहानै, सबै मुख्य पूजाहारीहरू र अग्रज प्रधानहरूले येशूलाई मार्न आपसमा सरसल्लाह गरे।
२तिनीहरूले येशूलाई सांग्लोले बाँधे। त्यसपछि तिनलाई बड़ा हाकिम पिलातस कहाँ पुर्‍याए। तिनीहरूले येशूलाई पिलातसलाई सुम्पिदिए।

### यहूदाको आत्महत्या
*(प्रेरित १:१८-१९)*

३यहूदाले येशूलाई मृत्यु दण्ड दिएको बुझे। यहूदा एकजना थिए जसले येशूलाई विश्‍वासघात गरेका थिए। यहूदालाई यसमा अत्यन्त दु:ख लाग्यो अनि उसले ३० वटा चाँदीका सिक्का मुख्य पूजाहारीहरू अनि बुढ़ा यहूदी नेताहरू कहाँ फर्काइ दियो।
४यहूदाले भने, “मैले पाप गरें, मैले एकजना निर्दोष मानिसलाई मार्न ल्याएँ।”

यहूदी प्रमुखहरूले भने, “हामीलाई यसको वास्ता छैन। यो तिम्रो समस्या हो, हाम्रो होइन।”

५यसकारण यहूदाले चाँदीका जम्मै सिक्काहरू मन्दिरभित्र फालिदियो। त्यसपछि यहूदाले त्यो ठाउँ छाड्यो अनि आफै झुण्डिएर आत्महत्या गर्‍यो।

६मुख्य पूजाहारीले सिक्काहरू बटुले। तिनीहरूले भने, “कानून अनुसार यस्ता पैसाहरू मन्दिरको पैसासँग मिसाउनु हुँदैन, किनभने यो पैसा कसैको मृत्युको लागि दिइएको हो।”
७त्यसपछि तिनीहरूले ती सिक्काहरूबाट कुम्हालेको खेत किन्ने निश्चय गरे। यो जमीनलाई तिनीहरूले यरूशलेममा घुम्न आउँदा मरेकाहरूको लाश गाड्ने ठाउँ बनाउने मतो गरे।
८यसै कारणले आजसम्म त्यो खेतलाई रगतको जमीन भन्ने गरिन्छ।
९यसरी यस्तो हुनेछ भनेर यर्मिया अगमवक्ताले जे भनेका थिए सो पूर्ण भयो।

> “तिनीहरूले ३० वटा चाँदीका सिक्काहरू
> लिए। यहूदीहरूले त्यतिनै पैसा उहाँकै जीवनको
> लागि चुक्ता गर्ने निश्चय गरेका थिए।
> १०परमप्रभुले
> मलाई आदेश गर्नु भए झै तिनीहरूले ती ३०
> वटा सिक्काहरू कुम्हालेको जमीन किन्न
> चलाए।”*

### बड़ाहाकिम पिलातसद्वारा येशूलाई प्रश्‍नहरू
*(मर्कूस १५:२-५; लूका २३:३-५; यूहन्ना १८:३३-३८)*

११येशू बड़ा हाकिम पिलातसको अगाड़ि उभिनु भयो। पिलातसले उहाँलाई प्रश्‍न गरे। उनले सोधे, “के तिमी नै यहूदीहरूको राजा हौ?”

येशूले जवाफ दिनुभयो, “हो, म हुँ।”

१२जब मुख्य पूजाहारीहरू र अग्रज यहूदी प्रधानहरूले येशू विरुद्ध अभियोग लगाए, उहाँले कुनै उत्तर दिनु भएन।

१३अनि पिलातसले येशूलाई भने, “तिमीले तिमीमाथि लगाएका अभियोगहरू सुनेनौ। किन तिमीले उत्तर दिदैनौ?”
१४तर येशूले पिलातसलाई केही जवाफ दिनु अस्वीकार गर्नुभयो। यसमा पिलातस खूबै चकित भए।

### येशूलाई मुक्त गर्नु पिलातसको प्रचेष्टा असफल
*(मर्कूस १५:६-१५; लूका २३:१३-२५; यूहन्ना १८:३९-१९:१६)*

१५प्रत्येक वर्ष निस्तार चाडको समयमा बढ़ा हाकिमद्वारा थुनुवामा परेका एकजना जसलाई मानिसहरू मुक्त गर्न भनी चाहन्छन्, मुक्त गरिने गरिन्छ।
१६त्यसबेला एकजना एकदमै दुष्ट कैदी थुनुवामा परेका थियो। त्यसको नाम येशू बरब्बा थियो।
१७सबै मानिसहरू पिलातसकै घरमा थुप्रिएका थिए। पिलातसले मानिसहरूलाई भने, “तिमीहरूको लागि एकजना मानिसलाई मुक्त गरिनेछ। कुन मानिसलाई मैले मुक्त गरिदिएको चाहन्छौ: येशू बरब्बा, वा येशू

---

**“तिनीहरूले … किन्न चलाए”** जकरिया ११:१२-१३; यर्मिया ३२:६-९।

जसलाई ख्रीष्ट भनिन्छ!" १८पिलातस जान्दथे कि
मानिसहरूले नै इर्ष्याको कारणले येशूलाई तिनीकहाँ
सुम्पिएका हुन्।
१९जब तिनी न्यायकर्त्ताको कुर्सीमा बसेका थिए,
उनकी धर्मपत्नीले तिनलाई एउटा समाचार पठाइन्।
समाचार यस्तो थियो: "त्यो निर्दोष मानिसको विरुद्ध
केही नगर्नुहोस्। तिनको बारेमा आज राती मैले सपना
देखेकी छु। अनि जसले मलाई अत्यन्त विचलित
तुल्याएको छ।"
२०तर मुख्य पूजाहारीहरू र यहूदी अग्रजहरूले
बरब्बालाई मुक्त गरिदिनुपर्छ अनि येशूलाई मार्नुपर्छ भनी
विन्ती गर्नु भनी मानिसहरूलाई सुझाए।
२१पिलातसले भने, "बरब्बा र येशू मध्ये तिमीहरूको
लागि मैले कसलाई छोड़िदिनु पर्ने हो?"
मानिसहरूले उत्तर दिए, "बरब्बालाई मुक्त गरिदिनु
हवस्!"
२२पिलातसले सोधे, "त्यसो भए येशू जसलाई ख्रीष्ट
भनेर भनिन्छ? के गर्नुपर्ने?"
सबै मानिसहरूले भने, "उसलाई क्रूसमा झुण्ड्याएर
मार्नुपर्छ!"
२३पिलातसले सोधे, "किन? उसले के गल्ती गरेको
छ?" तर सबैले उच्च स्वरले कराएर भने, "उसलाई
क्रूसमा झुण्ड्याएर मार्नुपर्छ।"
२४पिलातसले देखे कि अब कसै गरेर पनि मानिसहरूको
निर्णय बद्लाउन सकिँदैन। अनि उनले यो पनि देखे कि
मानिसहरू उत्तेजित भइरहेका थिए अनि झन झन
जोड्ले कराउँदै थिए। पिलातसले सबैको अघि पानी
लिए अनि आफ्ना हातहरू धोई पखाले। त्यसपछि उनले
भने, "मलाई यो मानिसको मृत्युको निम्ति दोषी ठहऱ्याइने
छैन। दोष तिमीहरू माथि पर्नेछ।"
२५सबै मानिसहरूले उत्तर दिए, "हामी साथ साथै
हाम्रा छोरा छोरीहरू यो मानिसको मृत्युको भागी
हुनेछौं।" २६अन्तमा पिलातसले तिनीहरूका निम्ति
बरब्बालाई छोड़िदिए। पिलातसले केही सैनिकहरूलाई
येशूलाई कोर्रा लाउन लगाए। त्यसपछि उसले येशूलाई
क्रूसमा झुण्ड्याएर मार्नलाई तिनीहरूको हातमा सुम्पिदिए।

## पिलातसको सैनिकहरूद्वारा येशूको खिल्ली
*(मर्कूस १५:१६-२०; यूहन्ना १९:२-३)*

२७त्यसपछि पिलातसका सैनिकहरूले येशूलाई
बड़ाहाकिमको महलमा ल्याई पुऱ्याए। सबै सैनिकहरू
येशू वरिपरि भेला भए। २८तिनीहरूले येशूको लुगाफाटा
उतारिदिए अनि रातो वस्त्र लगाइदिए। २९तब तिनीहरूले
काँढ़ाको मुकुट बनाए अनि येशूको टाउकोमा पहिराइदिए।
अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लठ्ठी
थमाइदिए। त्यसपछि ती सैनिकहरू येशूको अघि घुँड़ा
टेके अनि उनको खिल्ली उड़ाउन थाले। तिनीहरूले
भन्न लागे, "हे यहूदीहरूको राजा हामी तिमीलाई
सलाम गर्छौं।" ३०सैनिकहरूले येशूलाई थुकिदिए। अनि
उसको लठ्ठीले उनलाई नै टाउकामा चुट्न थाले। ३१जब
तिनीहरूले येशूको खिल्ली उड़ाइसके तब तिनीहरूले
उनको बस्त्र उतारिदिए अनि फेरि उनकै बस्त्र लगाइदिए
त्यसपछि येशूलाई झुण्ड्याएर मार्नलाई लिएर केही टाढा
गए।

## येशूलाई क्रूसमा झुण्ड्याइयो
*(मर्कूस १५:२१-३२; लूका २३:२६-४३; यूहन्ना १९:१७-२७)*

३२सैनिकहरू येशूलाई लिएर शहरदेखि बाहिर गइरहेका
थिए। सैनिकहरूले कुनै एउटा मानिसलाई जबरजस्ती
गरेर येशूकोलागि क्रूस ल्याउन लगाए। सिरिनमा बस्ने
त्यो मानिसको नाम शिमोन थियो। ३३तिनीहरू गलगथा
भन्ने ठाउँमा आइपुगे। (गलगथाको अर्थ "खप्परे ठाँउ"
हो)। ३४जब तिनीहरू गलगथामा पुगे सैनिकहरूले
येशूलाई दाखरस पिउन दिए। यो दाखरससित पित्त
मिसाइएको थियो। येशूले यसलाई चाख्नु भयो तर पिउन
अस्वीकार गनुभयो। ३५तब सैनिकहरूले येशूलाई क्रूसमा
टँगाए। त्यसपछि सैनिकहरूले येशूको लुगाफाटा पाउनलाई
आफूमाझ बाढ़नलाई चिठ्ठा गरे। ३६तिनीहरू त्यहाँ बसे
रखवाली गरे येशूको। ३७तिनीहरूले येशूको विरूद्धमा
लेखिएको एउटा दोष-पत्रलाई उहाँको टाउकोमाथि
राखिदिए। यो पत्रमा लेखिएको थियो: **"यी यहूदीहरूका
राजा येशू हुन्।"** ३८येशूसँगै दुइजना डाकूहरूलाई पनि
क्रुसमा झुण्ड्याइएको थियो। एउटा डाकूलाई येशूको
दहिनेपट्टि र अर्को डाकूलाई उहाँको देब्रेपट्टि झुण्ड्याइए
को थियो। ३९आउने जाने मानिसहरूले येशूलाई निन्दा
गर्थे मानिसहरूले टाउँको हल्लाएर निन्दा गर्दथे अनि
भन्दथे ४०"तिमीले नै भनेका हौ" मन्दिर भत्काउ अनि
म तीनदिन भित्रमा मन्दिर फेरि बनाइदिन्छु। अब
आफूलाई बचाऊ! त्यो क्रूसबाट ओर्ल, यदि तिमी साँच्चै
परमेश्वरको पुत्र हौ भने!"

४१मुख्य पूजाहारीहरू, शास्त्रीहरू, र अग्रज यहूदी
प्रधानहरू पनि त्यहीँ थिए। ती मानिसहरूले पनि येशूको
खिल्ली उड़ाउन थाले। ४२तिनीहरूले भने, "उनले
अरूलाई बचाएका छन्। तर आफैलाई उनले बँचाउन
सकेनन्। मानिसहरूका अनुसार उनी नै इस्राएलका राजा
हुन्। यदि उनी नै इस्राएलका राजा हुन भने, अब
उनलाई क्रूसबाट ओर्लनु देऊ। त्यसपछि हामी उनलाई
विश्वास गर्नेछौं। ४३उनले परमेश्वरमाथि विश्वास राखे।
यसकारण अब परमेश्वरले नै उनलाई बचाऊन्, यदि
परमेश्वरले इच्छा गर्नु हुन्छ भने। उहाँ आफैले भन्नु
भएको छ, म नै परमेश्वरको पुत्र हुँ।" ४४अनि त्यस्तै
प्रकारले येशूको छेउमा टांगिएका डाकूले पनि उहाँका
निन्दा गरे।

## येशूको मृत्यु

*(मर्कूस १५:३३-४१; लूका २३:४४-४६; यूहन्ना १९:२८-३०)*

४५ठीक दिउँसो बाह्र बजे सम्पूर्ण देशमा नै अँध्यारो
छायो। यस्तो अन्धकार प्राय: तीन घण्टा सम्म भइरहयो।
४६प्राय: ३ बजे तिर येशू ठूलो स्वरमा कराउनु भयो,
"एली, एली, लामा सबकथानी?" यसको अर्थ, "मेरा
परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन एकलै
छाड्नु भयो?"*

४७छेउमा उभिरहेका केही मानिसहरूले यी सबै सुने।
अनि भने, "उहाँले एलियालाई बोलाउनु हुँदैछ।"

४८एक्कासि तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर गई
एउटा स्पञ्ज लिएर आयो। त्यसले त्यो स्पञ्ज सिर्कालि
भरेर एउटा लट्ठीमा बाँधेर राखेको थियो। अनि उसले
येशूलाई पिउन दिनका निम्ति स्पञ्ज उठाउन त्यसको
उपयोग गरे। ४९तर अरू मानिसहरूले भने, "हामी पर्खौ
अनि हेरौ उहाँलाई बँचाउन एलिया आउने हुन् कि
होइनन्।"

५०येशू फेरि एक पल्ट ठूलो स्वरमा चिच्याउनु
भयो। अनि प्राण त्याग्नु भयो।

५१जब येशू मर्नु भयो, मन्दिरको पर्दा आफै दुई
टुक्रा भएर च्यातियो। त्यो टुप्पादेखि फेदसम्म वार पार
च्यातियो। एकाएक भौँचालो गयो अनि चट्टानहरू फाटे।
५२चिहानहरू उघ्रिए, अनि परमेश्वरका मरिसकेका धेरै
मानिसहरू चिहानबाट बौरी उठे। ५३जब येशू बौरी
उठनुभए पछि, ती मानिसहरू जो चिहानबाट बौरी
उठेका थिए पवित्र नगर भित्र गए अनि धेरैले तिनीहरूलाई
देखे।

५४सेनाका अधिकारी अनि सैनिकहरू जसले येशूको
रक्षा गरिरहेका थिए तिनीहरूले भुँइचालो गएको र अरू
विघ्न घटेको अनुभव गरे। तिनीहरू खूबै भयभीत भए
अनि भने, "साँच्चै नै उहाँनै प्रमेश्वरको पुत्र हुनुहुन्थ्यो।"

५५क्रूस देखि धेरै टाढा बसेर धेरै आईमाईहरूले
हेरिरहेका थिए। ती आईमाईहरूनै गालीलीदेखि येशूको
साथ उनको देखरेख गर्न आएका थिए। ५६मरियम
मग्दलिनी, याकूब र यूसुफकी आमा मरियम अनि
जब्दीका छोराहरूकी आमा ती स्त्रीहरू मध्ये थिए।

## येशूलाई गाडियो

*(मर्कूस १५:४२-४७; लूका २३:५०-५६; यूहन्ना १९:३८-४२)*

५७त्यसै बेलुकी यूसुफ नाम गरेको एकजना धनी
मानिस यरूशलेममा आए। अरिमिथिया नगरमा बस्ने
उनी येशूकै एकजना चेला भएका थिए। ५८यूसुफ
पिलातसको सामु आए अनि येशूको लाशको निम्ति
तिनलाई विन्ती गरे। पिलातसले आफ्ना सैनिकहरूलाई
यूसुफलाई त्यो लाश दिनु भन्ने आदेश गरे। ५९त्यसपछि
यूसुफले त्यो लाश लिए अनि एउटा पातलो लुगाले
बह्रे। ६०यूसुफले येशूको त्यो लाशलाई एउटा नयाँ
चिहानमा राखे जसलाई उनी आफैले भर्खरै चट्टानमा
खोपी बनाएका थिए। तब उनले चिहानको ढोका
एकदमै ठूलो ढुङ्गा लडाउँदै ल्याएर बन्द गरिदिए। यति
गरेपछि यूसुफ आफ्नो बाटो लागे। ६१मरियम मग्दलिनी,
अनि मरियम नाम गरेकी अर्को आईमाई पनि चिहानको
अर्को पट्टि बसिरहेका थिए।

## येशूको चिहानमा पहरा

६२त्यस दिनलाई तयारीको दिन भनिन्थ्यो। भोलिपल्ट,
मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ पुगे।
६३तिनीहरूले भने, "स्वामी, हामीलाई थाहा छ कि त्यस
ठगाहाले त्यो जिउँदो छँदा 'तीन दिनपछि म फेरि बौरी
उठ्नेछु' भनेको थियो।' ६४यसकारण तीन दिनसम्म त्यो
चिहानमा पहरा दिने आदेश पालेहरूलाई दिनुहोस्।
उसको चेलाहरू आएर त्यहाँबाट उसको लाश चोरेर
लैजान सक्छन्। अनि तिनीहरूले मानिसहरूलाई 'तिनी

---

**"मेरा … छाड्नु भयो?"** भजनसंग्रह २२:१।

मरेकोबाट जागे' भन्नसक्छन्। यसपल्टको धोका पहिलेको
भन्दा धेरै भयानक हुनसक्छ।"
[६५]पिलातसले भने, "केही सैनिकहरूलाई लिएर जाऊ
अनि आफूले सकेसम्म चिहानलाई सुरक्षित राख।"
[६६]यसकारण तिनीहरू त्यहाँ गए अनि ढुङ्गाले बन्द गरेर
मोहर लगाए अनि पालेहरू खटाएर चिहानलाई सुरक्षित
बनाए।

## येशू बौरी उठेको समाचार

*(मर्कूस १६:१-८; लूका २४:१-१२; यूहन्ना २०:१-१०)*

२८ शबाथको पछिल्लो दिन सप्ताहको पहिलो दिन
थियो। पहिलो दिनको भुक्भुके उज्यालो बेलामा
मरियम मग्दलिनी र मरियम नाम गरेकी अर्की आईमाई
चिहान हेर्न गए।
[२]त्यसबेला त्यहाँ ठूलो भौंचालो गयो। स्वर्गबाट
प्रभुको एउटा दूत तल तिर ओर्ले। त्यो स्वर्गदूत
चिहानतर्फ गए अनि चिहानको ढुङ्गालाई पल्टाएर पर
सारे। त्यसपछि उनी त्यसमथि बसे। [३]ती स्वर्गदूत बिजुली
जस्तै चम्किला थिए। उनको लुगाफाटा हिउँ जस्तो सेतो
थियो। [४]ती स्वर्गदूतलाई देखेर सैनिकहरू डरले कामे
अनि मृतप्राय: भएर लड़े।
[५]त्यो स्वर्गदूतले आईमाईहरूलाई भने, "तिमीहरू
डराउनु पर्दैन। म जान्दछु तिमीहरू येशूलाई खोजिरहेका
छौ, जसलाई क्रूसमा झुण्ड्याएर मारिएको थियो। [६]तर
येशू यहाँ हुनु हुन्न। उहाँ मृत्युबाट बौरी उठनु भएको
छ, उहाँले अघि भने जस्तै। आऊ अनि त्यो स्थान हेर
जहाँ उहाँको शरीर राखिएको थियो। [७]अनि झट्टै अब
गएर उहाँका चेलाहरूलाई भनिदेऊ। तिनीहरूलाई भन,
'येशू पुनर्जीवित हुनु भएको छ। उहाँ गालीली जानुहुन्छ।
त्यहाँ तिमीहरूको अघि नै उहाँ पुग्नु हुनेछ। त्यहाँनै
उहाँलाई तिमीहरूले देख्न पाउनेछौ।'" फेरि ती स्वर्गदूतले
भने, "मैले तिमीहरूलाई अहिल्यै भनेको छु।"
[८]त्यसपछि ती आईमाईहरू त्यो चिहान छोड़ेर गए।
तिनीहरू डराए, तर खुशी पनि भए। तिनीहरू उहाँका
चेलाहरूलाई त्यहाँ भएको घटनाहरू सुनाउन दगुरे। [९]तर
जब ती आईमाईहरू उहाँका चेलाहरूलाई भन्न दगुर्दै
थिए, येशू तिनीहरूकै अघि उभिरहेको हुनुहुन्थ्यो। येशूले
भन्नुभयो, "अभिवादन छ!" आईमाईहरू येशुकहाँ गए।
तिनीहरूले झट्ट उहाँको पाउ पक्रेर उहाँलाई उपासना
गरे। [१०]अनि येशूले तिनीहरूलाई भन्नुभयो, "डराउनु
पर्दैन। जाऊ अनि मेरा भाइहरूलाई गालीलीमा जान
भनिदेऊ। तिनीहरूले मलाई त्यहाँ देख्न पाउनेछन्।"

## यहूदी प्रमुखहरूलाई सूचना

[११]तिनीहरू त्यहाँ उहाँका चेलाहरूलाई भन्न हिँड़े।
केही समय पछि चिहानलाई पहरा दिइरहेका सैनिकहरू
शहरमा गए। तिनीहरू प्रमुख पूजाहारीहरू कहाँ गए
अनि तिनीहरूलाई सम्पूर्ण घटना बारे सुनाए। [१२]तब
मुख्य पूजाहारीहरू अनि अग्रज यहुदी भेटे अनि सर-सल्लाह
गरे। तिनीहरूले सैनिकहरूलाई घुस दिने योजना मिलाए।
[१३]तिनीहरूले सैनिकहरूलाई भने, "मानिसहरूलाई भन्नू
कि राती हामी निदाइरहेको बेला येशूका चेलाहरू आएर
उहाँको मृतदेह लिएर गए। [१४]कतै बड़ा हाकिमको
कानमा यो खबर पुग्यो भने हामी उहाँलाई मनाएर
तिमीहरूलाई कुनै पनि अप्ठेरोबाट मुक्त गर्नेछौं।" [१५]तब
तिनीहरूले सो पैसा लिए अनि पूजाहारीहरूले भने
बमोजिम काम गरे। तिनीहरूका कथा यहूदीहरू
माझ फैलिए अनि तिनीहरू माझ अहिले सम्म
प्रचलित छ।

## येशूको आफ्ना चेलाहरूसँग कुराकानी

*(मर्कूस १६:१४-१८; लूका २४:३६-४९;*

*यूहन्ना २०:१९-२३; प्रेरित १:६-८)*

[१६]एघाहरजना चेलाहरू गालिली गए। [१७]तिनीहरू
येशूले भन्नुभएको डाँड़ामा पुगे। चेलाहरूले येशूलाई
पर्वतमाथि देखे। तिनीहरूले येशूको उपासना गरे। तर
केही चेलाहरूमा शंका थियो। [१८]येशूले तिनीहरूकहाँ
आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीका सारा अधिकार
मलाई दिइएको छ। [१९]यसकारण जाऊ अनि सबै
राष्ट्रका मानिसहरूलाई मेरा चेलाहरू बनाओ। तिनीहरूलाई
पिता, पुत्र र पवित्र आत्माका नाममा बप्तिस्मा देऊ।
[२०]जे जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन
गर्न तिनीहरूलाई सिकाऊ। अनि संसारको अन्तसम्म म
सदैव तिमीहरूको साथमा हुनेछु।"

# मर्कूसले लेखेको सुसमाचार

## येशूको आगमन

*(मत्ती ३:१-१२; लूका ३:१-६, १५-१७; यूहन्ना १:१६-२८)*

**१** येशूख्रीष्ट, परमेश्वरको पुत्रको सुसमाचार, अगमवक्ता यशैयाले भनेको घटनाबाटै आरम्भ हुन्छ। २यशैयाले लेखेका छन्:

> "सुन! म मेरो सेवकलाई तिम्रो अगि-अगि पठाउँछु। जसले तिम्रो बाटो तयार गर्नेछ।"
>
> *मलाकी ३:१*

> ३ "मरूभूमिमा कोही कराइरहेको छ: 'परमप्रभुको बाटो तयारपार, उहाँका गोरेटोहरू सोझो बनाऊ।'"
>
> *यशैया ४०:३*

४बप्तिस्मा दिने यूहन्ना आए अनि उजाड़-स्थानमा मानिसहरूको बप्तिस्मा गर्ने काम गरे। तिनले मानिसहरूलाई भने आफ्नो जीवन परिवर्त्तन गर्न चाहेको देखाउनलाई बप्तिस्मा* गरिनु पर्छ। यसरी तिनीहरूको पापहरू क्षमा हुनेछ। ५यहूदा र यरूशलेमका सम्पूर्ण मानिसहरू यूहन्ना कहाँ गए। तिनीहरूले आफूले गरेका पापहरूको पश्चाताप गरे। अनि तिनीहरूलाई यर्दन नदीमा यूहन्नाले बप्तिस्मा दिए। ६यूहन्नाले ऊँटको रौंबाट तयार गरिएका लुगाफाटा पहिरिएका थिए। उनको कम्मरमा छालाको पेटी थियो। तिनले सलह र बनमह खान्थे। ७त्यसपछि यूहन्नाले मानिसहरूमा प्रचार शुरू गरे: "म भन्दा पछि एक व्यक्ति आउनु हुनेछ, उहाँ म भन्दा महान हुनुहुन्छ। म निहुरेर उहाँको जुत्ताको फिता खोलिदिन लायकको छैनँ। ८म पानीद्वारा तिमीहरूलाई बप्तिस्मा दिन्छु तर उहाँले तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ।"

## येशूको बप्तिस्मा भयो

*(मत्ती ३:१३-१७; लूका ३:२१-२२)*

९त्यसै बेला यूहन्ना भएको स्थानमा गालीलीको नासरत भन्ने शहरबाट येशू आउनु भयो। यर्दन नदीमा यूहन्नाले येशूलाई बप्तिस्मा दिए। १०जब येशू पानीदेखि बाहिर निस्कनु हुँदै थियो, उहाँले आकाश खुल्ला देख्नुभयो। पवित्र आत्मा ढुकुरको रूप लिएर येशूकहाँ ओर्लनु भयो। ११स्वर्गबाट एउटा आवाज आयो अनि भन्यो: "तिमी मेरो पुत्र हौ अनि म तिमीलाई प्रेम गर्दछु। म तिमीसँग धेरै आनन्दित छु।"

## येशूको परीक्षा

*(मत्ती ४:१-११; लूका ४:१-१३)*

१२त्यसपछि पवित्र आत्माले येशूलाई मरूभूमितर्फ पठाउनुभयो। १३चालिसदिनसम्म येशू त्यही मरूभूमिमा हुनुहुन्थ्यो। उहाँ त्यहाँ जंगली जानवारहरूसगँ हुनुहुन्थ्यो। जबसम्म येशू मरूभूमिमा हुनुहुन्थ्यो, उहाँ शैतानदेखि परीक्षित बन्नुभयो। स्वर्गदूतहरू आए अनि येशूलाई मदत गरे।

## येशूद्वारा चेलाहरूको चुनाव

*(मत्ती ४:१२-२२; लूका ४:१४-१५; ५:१-११)*

१४त्यसपछि यूहन्नालाई कैदमा पारियो। येशू गालील जानुभयो अनि परमेश्वरको सुसमाचार प्रचार गर्नु भयो। १५येशूले भन्नुभयो, "यही नै उचित समय हो। परमेश्वरको राज्य नजीक छ। तिमीहरूले आफ्नो रहन-सहन र हृदय परिवर्त्तन गर अनि सुसमाचारहरूमा विश्वास गर।"

१६गालीलीको झील भएर येशू हिँडिरहनु भएको थियो। येशूले शिमोन* र उसको भाइ अन्द्रियासलाई देख्नुभयो। यी दुवैजना माछा पक्रनेहरू थिए अनि पोखरीमा माछा समात्न जाल हान्दै थिए। १७येशूले

---

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुवाउनु, अथवा चोब्नु।

**शिमोन** शिमोनको अर्को नाउँ पत्रुस थियो।

तिनीहरूलाई भन्नुभयो, “आऊ अनि मसँग हिंड़। म
तिमीहरूलाई बेग्लै प्रकारको माछा पक्रनेहरू बनाउँछु।
तिमीहरू मानिसहरू बटुल्ने काम गर्नेछौ माछाहरू होइन।”
१८त्यसकारण शिमोन र अन्द्रियासले तिनीहरूको जाल
फ्याँकिदिए अनि येशूलाई पछ्याए। १९येशू गालीली
झील भएर केही पर गइरहनु भएको थियो। उहाँले
अरू जब्दीका दुइजना छोराहरू दाज्यु भाइ याकूब र
यूहन्नालाई देख्नु भयो। तिनीहरू आफ्नो डुङ्गामा चढ़ेर
माछा मार्न जाल तयार गर्दैथिए। २०तिनीहरूका पिता
जब्दी र उनका काम गर्नेहरू पनि तिनीहरूसित डुङ्गामा
नै थिए। जब येशूले यी दुइ दाजुभाइलाई देख्नुभयो,
उहाँले तिनीहरूलाई आफूकहाँ बोलाउनु भयो। तिनीहरू
आफ्ना पितालाई छोड़ेर येशूकहाँ आए।

### येशूद्वारा दुष्टात्मा भएको मानिसको उद्धार

*(लूका ४:३१-३७)*

२१येशू अनि उहाँका चेलाहरू कपर्नहुममा जानुभयो।
त्यसैबेला उहाँले शबाथको दिनमा सभाघरमा पसी
मानिसहरूलाई शिक्षा दिनलाग्नु भयो। २२त्यहाँ मानिसहरू
येशूको उपदेश सुनेर चकित भए। कानुनका शास्त्रीहरूले
झैं येशूले तिनीहरूलाई सिकाउनु भएन। येशूले तिनीहरूलाई
कुनै अधिकार भएको व्यक्तिले जस्तो सिकाउनु हुन्थ्यो।
२३जतिबेला येशू सभाघरमा हुनुहुन्थ्यो, त्यसबेला एकजना
दुष्टत्मा लागेको मानिस त्यहाँ थिए। २४त्यो चिच्यायो,
“नासरतको येशू, हामीदेखि तपाईं के चाहनु हुन्छ? के
तपाईं हामीलाई सर्वनाश गर्न आउनु भएको हो? म
तपाईंलाई जान्दछु। तपाईं—परमेश्वरकै पवित्र एक जन
हुनुहुन्छ।”
२५येशूले दुष्टात्मालाई हकार्नु भयो अनि भन्नुभयो,
“चूपलाग!” त्यस मानिसबाट निस्केर बाहिर आइज!”
२६त्यो दुष्टात्माले उसलाई जोडले झट्काएको थियो।
त्यसैबेला त्यो दुष्टात्मा ठूलो स्वरले चिच्याएर त्यसबाट
बाहिर निस्क्यो।
२७सबै मानिसहरू छक्क परे। तिनीहरूले एका-अर्कामा
भन्नुलागे, “यहाँ के भइरहेको छ? शायद यो मानिसले
केही नयाँ कुरो सिकाइरहेका होलान्। उहाँले अधिकारपूर्वक
सिकाइरहनु भएको छ। उहाँले दुष्टात्मालाई आज्ञा
गर्नसक्नु हुन्छ। अनि त्यो दुष्ट आत्माले उहाँको हुकुम
पालन गर्छ।” २८अनि यसो हुने बित्तिकै चाडै नै येशूको
खबर गालीलीको सबै मुलुकभरि जतातत्तै फैलियो।

### येशूद्वारा अनेकौं मानिसहरू निको भएका

*(मत्ती ८:१४-१७; लूका ४:३८-४१)*

२९येशू अनि उहाँका चेलाहरूले सभाघर छाड़नुभयो।
तिनीहरू सबै याकुव र यूहन्नासँग शिमोन र अन्द्रियासको
घरमा जानुभयो। ३०शिमोनको सासू ज्वरोले थलिएर
ओछ्यान परेकी थिइन। मानिसहरूले येशूलाई तिनको
बारेमा सबै कुरा सुनाए। ३१त्यसपछि येशू तिनको
ओछ्यान छेउमा जानुभयो। येशूले ती स्त्रीको हात
समात्नु भयो अनि तिनलाई उठनमा मदत गर्नुभयो। यसो
गर्ने बित्तिकै जरो हरायो। तिनी जांति भइन्। त्यसपछि
तिनले उहाँहरूको सेवा गरिन्।
३२त्यस साँझमा जब सूर्य अस्तायो, मानिसहरूले
अनेकौं रोगीहरूलाई येशूकहाँ ल्याए। तिनीहरूले भूत
लागेकाहरूलाई पनि ल्याए। ३३शहरका सारा मानिसहरू
घरको ढोकामा भेला भएका थिए। ३४येशूले बेग्ला-बेग्लै
रोग लागेकाहरू सबैलाई निको पार्नुभयो। येशूले
मानिसहरूमा लागेका धेरै भूतहरू भगाउनु भयो। तर
येशूले भूतहरूलाई बोल्न दिनु भएन, किनभने भूतहरूले
उहाँ को हुनुहुन्छ भनेर जान्दथे।

### येशूद्वारा सुसमाचार सुनाउने योजना

*(लूका ४:४२-४४)*

३५भोलिपल्ट बिहान, येशू चाँड़ै उठ्नुभयो। उहाँले
घर छोड़नुभयो, जतिवेला अन्धकार नै थियो। येशू
एकान्तमा जानुभयो अनि प्रार्थना गर्न लाग्नु भयो।
३६केही समयपछि, शिमोन र उनका साथीहरू येशूलाई
खोज्न गए। ३७तिनीहरूले येशूलाई भेटे अनि भन्नलागे,
“सबै मानिसहरू तपाईंलाई नै हेरिरहेका छन्।”
३८येशूले भन्नुभयो, “हामी यहाँ वरिपरिका अर्को
शहरहरूमा जानुपर्छ। त्यसर्थ ती ठाउँहरूमा पनि म
प्रचार गर्न सक्नेछु। त्यसैले म आएँको हुँ।” ३९अनि
येशूले गालीलीको सबै ठाउँहरूमा यात्रा गर्नुभयो। उहाँले
तिनीहरूका सभाघरहरूमा प्रचारगर्नु भयो अनि मानिसहरूमा
लागेका भूतहरू भगाइदिनु भयो।

### येशूद्वारा एकजना रोगी निको भएको

*(मत्ती ८:१-४; लूका ५:१२-१६)*

४०एकजना कुष्ट रोग लागेको मानिस येशूकहाँ
आए। त्यसले घुँड़ा टेकेर येशूलाई बिन्ती गर्न लाग्यो,

"तपाईंमा त्यस्तो शक्ति छ, यदि तपाँईले चाहनु भयो भने
म निको हुनसक्छु।"
४१येशूलाई त्यस मानिसप्रति दया लाग्यो। उहाँले त्यस
मानिसलाई छुनुभयो र भन्नुभयो, "म तिमीलाई निको
पार्न चाहन्छु। निको होऊ।" ४२त्यसपछि त्यस मानिसको
कुष्टरोग हरायो, अनि त्यो निको भयो।
४३येशूले त्यस मानिसलाई जाने आज्ञा दिनुभयो।
उहाँले त्यसलाई कड़ा चेतावनी पनि दिनुभयो। ४४येशूले
भन्नुभयो, "होशियार बन, तिम्रो निम्ति मैले गरेको काम
बारे कसैलाई केही नभन्नू। तर पुजाहारीकहाँ गएर
आफूलाई देखाऊ। अनि परमेश्वरलाई केही भेटी चढ़ाऊ
किनभने तिमी निको भएका छौ। मोशाले बताए बमोजिम
भेटी चढ़ाऊ। त्यसबाट मानिसहरूलाई तिमी निको भयौ
भन्ने थाहा हुने छ।" ४५तर त्यो मानिस त्यहाँबाट गयो
अनि येशूले आफूलाई निको पार्नु भएको बारेमा जताततै
सबै मानिसहरूसंग कुरा गर्‍यो। अनि येशूको खबर
फैलियो। यसकारण येशूले खुल्लमखुल्ला शहरमा प्रवेश
गर्नु भएन। येशू मानिसहरू नबस्ने ठाउँतिर जानुभयो।
तर सबै शहरहरूबाट मानिसहरू येशूलाई भेटन आए।

### येशूद्वारा पक्षाघातको रोगी मानिस निको भएको

*(मत्ती ९:१-८; लूका ५:१७-२६)*

**२** केही दिनपछि, येशू कफर्नहुममा फर्कनुभयो। येशू
घरमा हुनु हुन्थ्यो भन्ने खबर सवैले थाह पाए।
२धेरै मानिसहरू येशूको शिक्षा सुन्न आए। भवन
खचाखच थियो। त्यहाँ भित्र कुनै ठाउँ थिएन न ता
ढोका बाहिर नै उभिने ठाउँ थियो। येशू ती मानिसहरूलाई
सिकाइरहनु भएको थियो। ३केही मानिसहरूले पक्षाघात
रोगीलाई येशूकहाँ ल्याई पुऱ्याए। चारजना मानिसहरूले
त्यो पक्षघाती रोगीलाई बोकेका थिए। ४तर ती मानिसहरूले
त्यो रोगीलाई येशू कहाँ ल्याउन सकेनन् किनभने त्यहाँ
मानिसहरूको अत्यधिक भीड थियो। यसकारण ती
मानिसहरू येशू भएको छाना माथि चढ़ेर गए, तिनीहरूले
त्यहाँ छानामा एउटा प्वाल पारेका थिए। त्यसपछि
तिनीहरूले त्यो पक्षाघात रोगीसुतेको ओछ्यान् तलतिर
झारे। ५येशूले देख्नुभयो कि, ती मानिसहरूमा अत्यधिक
विश्वास थियो। त्यसपछि येशूले ती पक्षाघात रोगीलाई
भन्नुभयो, "ए युवक, तिम्रो पापहरू क्षमा भयो।"
६केही कानुनको शास्त्रीहरू त्यहीँ बसिरहेका थिए।
तिनीहरूले येशूले गर्नुभएको कार्यकलाप देखे, अनि
तिनीहरू स्वयं सोच्न लागे। ७"उहाँले किन यस्तो कुरा
गर्नु हुन्छ? उहाँले यस्तो कुरा गरिरहनु भएको छ जो
परमेश्वरको विरूद्धमा छ। केवल परमेश्वरले पापहरूलाई
क्षमा गर्नुसक्नु हुनेछ।"
८येशूले शास्त्रीहरूले आपसमा उहाँको बारेमा के-के
कुरा सोचिरहेका थिए भन्ने थाहा पाउनुभयो। अनि
येशूले सोध्नु भयो, "किन तिमीहरूको मनमा यस्तो प्रश्न
उठिरहेको छ? ९-१०मानिसको पुत्रलाई पृथ्वीमा पापहरूलाई
क्षमा गर्ने अधिकार छ। तर म यो कसरी तिमीहरूलाई
प्रमाण गर्नसक्छु! यो पक्षाघात रोगीलाई' के भन्नु
सजिलो छ? 'तिम्रा पापहरू क्षमा गरिएको छ,' भन्नु वा,
'उठ, आफ्नो बिस्तरा बोक अनि हिँड़िहाल' भन्नु? तर
म तिमीहरूलाइे अब देखाउनेछु कि पापहरू क्षमागर्ने
मेरो अधिकार छ भनी।" यसो भनेर येशूले त्यो पक्षाघात
रोगीलाई भन्नुभयो, ११"म तिमीलाई भन्दछु उठ, आफ्नो
विछ्यौना बोक अनि घर जाऊ।" १२त्यो पक्षाघातको
रोगी जुरूक्क उठ्यो। उसले आफ्नो विस्तरा उठायो अनि
कोठादेखि बाहिरियो। सबै मानिसहरूले देख्न सके। सबै
मानिसहरू छक्क परे अनि परमेश्वरलाई प्रशंसा गर्न
लागे। तिनीहरूले भने, "हामीले यस्तो चमत्कार कहिल्यै
देखेका थिएनौं!"

### लेवी (मत्ती) येशूलाई पछ्याउँछन्

*(मत्ती ९:९-१३; लूका ५:२७-३२)*

१३येशू फेरि झीलतिर जानुभयो। धेरै मानिसहरूले
उहाँलाई पछ्याउन थाले। अनि येशूले तिनीहरूलाई
शिक्षा दिनुभयो। १४येशू झीलतिर जानु हुँदै थियो।
उहाँले अल्फयसको छोरो लेवीलाई देख्नुभयो। लेवी
कर-कार्यालयमा बसिरहेको थियो। येशूले तिनलाई भन्नुभयो,
"तिमी मसँग हिँड़।" लेवी जुरूक्कै उठ्यो र येशूलाई
पछ्याउन लाग्यो।
१५त्यस दिन, येशूले लेवीको घरमा नै खाना खानुभयो।
त्यहाँ थुप्रै कर-उठाउनेहरू, पापीहरू येशू अनि उहाँका
चेलाहरूसित खाना खाइरहेका थिए। त्यहाँ घेरै मनिसहरू
थिए जसले येशूलाई पछ्याउन लागेका थिए। १६केही
शास्त्रीहरूले (तिनीहरू फरिसीहरू थिए) येशूलाई पापीहरू
र कर उठाउनेहरूसँग खाना खाइरहेका देखे। तिनीहरूले
येशूको चेलाहरूलाई भने, "किन उहाँले कर उठाउनेहरू
र पापीहरूसँग खाना खानु भएको हो?" १७येशूले यी
कुरा सुन्नु भयो, अनि उहाँले तिनीहरूलाई भन्नुभयो,

"निरोगीहरूलाई वैद्यको आवश्यकता पर्दैन। रोगी मानिसहरूलाई नै वैद्यको आवश्यकता पर्छ। म असल मानिसहरूलाई बोलाउन यहाँ आएको होइन। म पापीहरूलाई बोलाउन यहाँ आएको हुँ।"

### येशू अरू धार्मिक प्रमुखहरू भन्दा फरक

*(मत्ती ९:१४-१७; लूका ५:३३-३९)*

१८यूहन्नाका चेलाहरू र फरिसीहरू* उपवास बसेकाथिए। केही मानिसहरू येशूकहाँ आए अनि भन्न लागे, "यूहन्नाका चेलाहरू उपवास बसेका छन् अनि फरिसीहरूका चेलाहरू पनि उपवास बसेका छन्। तर तपाईंको चेलाहरू किन उपवास बस्तैनन?"
१९येशूले जवाफ दिनुभयो, "जब कुनै विवाह हुन्छ, दुलहाका अतिथिहरू तिनीहरूलाई दुलहा तिनीहरूको साथ रहेसम्म उपवास बस्ने कारण छैन। उनी तिनीहरूसाथ भए सम्म त्यहाँ उपवास हुन सक्तैन। २०तर समय आउनेछ जब दुलहालाई तिनीहरूबाट अलग लगिन्छ। त्यसबेला तिनीहरूले उपवासलिन्छन्।
२१"कसैले पनि पुरानो कोटमा नखुम्चिएको टालो टाल्दैन। यदि उसले त्यसो गरे त्यो टालो खुम्चिनेछ अनि कोटबाट निस्कने छ। तब प्वाल अझ ठूलो हुनेछ। २२त्यसरी नै, कसैले पनि नयाँ दाखरस पुरानो दाखरसको थैलामा खन्याउन चाहँदैन। किन? किनभने नयाँ दाखरसले त्यो थैलो नै फटाउँछ अनि दाखरस र दाखरसको थैलाहरू दुवै नष्ट हुन्छ। यसर्थ मानिसहरूले नयाँ दाखरस नयाँ थैलोमा भर्न मन पराउँछन्।"

### कोही यहूदीहरूद्वारा येशूको निन्दा

*(मत्ती १२:१-८; लूका ६:१-५)*

२३सबाथको दिनमा, येशू आफ्ना चेलाहरू साथ अन्नका खेतहरू भएर जाँदै हुनुहुन्थ्यो। चेलाहरूले हिँड्दै गर्दा अन्नका बालाहरू टिप्न लागे। २४फरिसीहरूले यो देखेर येशूलाई भने, "तपाईले देख्नु भयो, तपाईंका चेलाहरूले के गरिरहेकाछन्? सबाथको दिनमा यसो गर्नु कानूनको विरुद्ध हो।"
२५येशूले भन्नुभयो, "तिमीहरूले कहिल्यै पढ़ेका छैनौ कि जब दाऊद अनि उनका सङ्गीहरू भोकाएका थिए अनि खानेकुरा चाहन्थे त्यस बेला दाऊदले के गरे? २६यस्तो घटना अवीथर जस्ता प्रधान पूजाहारीको समयमा भएको थियो। दाऊदले, परमेश्वरको घरमा पसेर परमेश्वरलाई चढ़ाइएको रोटी खाएको थिए। अनि मोशाको कानुन अनुसार खालि पूजाहारीहरूले रोटी खान सक्छन्। दाऊदले आफ्नो साथमा भएका सबै मानिसहरूलाई पनि केही रोटीहरू दिए।"
२७त्यसपछि येशूले फरिसीहरूलाई भन्नुभयो, "शबाथको दिन, मानिसहरूलाई सहयोग गर्नु भनेर नै शुरू भएको हो। शबाथ दिनको नियमहरू पालन गर्नैपर्छ भनेर मानिसहरू बनेको होइन। २८यसैले मानिसको पुत्र नै शवाथ दिनको पनि परमप्रभु हुन्।"

### येशूद्वारा कोरीको हात निको

*(मत्ती १२:९-१४; लूका ६:६-११)*

**३** अर्को दिन येशू सभाघरमा जानुभयो। त्यहाँ एकजना एउटा हात डुँड़े भएको मानिस थियो। २कोही यहूदीहरू त्यहाँ येशूले शबाथको दिनमा त्यसलाई निको पार्नुहुन्छ कि भनी उहाँको ध्यान सहित चियो गर्दैथिए। तब तिनीहरूले दोष लाउन सक्थे। ३येशूले त्यो डुँड़े हात भएको मानिसलाई भन्नुभयो, "यहाँ खडा हौ अनि सबै मानिसहरूले तिमीलाई देख्नु सक्नेछन्।"
४अनि येशूले मानिसहरूलाई भन्नुभयो, "शबाथको दिनमा, कुन चाँहि काम गर्नु अनुमति दिइन्छ: असल गर्नु वा खराब गर्नु? कसैको प्राण बँचाउनु वा नाश गर्नु?" मानिसहरूले येशूलाई कुनै जवाब दिएनन्।
५येशूले चारै तिर मानिसहरूलाई रिसाएर हेर्नुभयो। उहाँ खूबै दुखि:त बन्नुभयो किनभने तिनीहरू कठोर हृदयका थिए। येशूले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात मलाई देखाऊ।" त्यस मानिसले आफ्नो हात येशू कहाँ पसार्‍यो अनि तुरून्तै निको भइहाल्यो। ६तब फरिसीहरू गए अनि हेरोदीयसहरूलाई लिएर येशूलाई कसरी मार्ने योजना बनाउन शुरू गरे।

### अनेकौं मानिसहरू येशूको पछि लाग्छन्

७येशू आफ्ना चेलाहरूसित झीलतिर जानुभयो। गालीलीका अनकौं मानिसहरूले उहाँलाई पछ्याए। ८यहूदीया, यरूशलेम इदुमिआ यर्दननदीको अर्कोतर्फ

**फरिसीहरू** फरिसीको अर्थ "अलग गरिएको व्यक्ति"। फरिसीहरू यहूदीहरूको एक दल थियो। ख्रीष्टको समयमा यहूदीहरूमा तिनीहरूको शक्ति र प्रभाव ठूलो थियो।

अनि टायर र साइडनका इलाकाबाट पनि धेरै मानिसहरू
त्यहाँ आई पुगे। ती मानिसहरू येशूले गरेका सबै
कुराहरू सुनेर आएका थिए। ९उहाँले ती सबै मानिसहरूलाई
देख्नुभयो। अनि उहाँले आफ्ना चेलाहरूलाई एउटा सानो
डुङ्गा तयार गर्नु भन्नु भयो। उहाँले यस्तो आदेश गर्नुभयो
किनभने भीड़को कारणले थिचोमिचो पो हुने होकि भन्ने
डर थियो १०येशूले धेरै मानिसहरूलाई निको तुल्याउनु
भएको थियो। यसर्थ सबै रोगी मानिसहरूले उहाँलाई
छुन भनेर ठेलमठेला गर्दथे। ११कसैलाई दुष्टआत्मा
लागेको थियो। जब ती दुष्टात्माहरूले येशूलाई देख्यो,
तिनीहरूले उहाँ अघि शिर निहुराए अनि कराए, "तपाईं
परमेश्वरको पुत्र हुनुहुन्छ!" १२तर उहाँ को हुनु हुन्छ
मानिसहरूलाई नचिनाउनु भनी ती दुष्टात्माहरूलाई कड़ा
आज्ञा दिनुभयो।

### येशूले आफ्ना बाह्र चेलाहरू छान्नु भयो

*(मत्ती १०:१-४; लूका ६:१२-१६)*

१३त्यसपछि येशू पहाड़माथि लाग्नुभयो। येशूले कोही
मानिसहरूलाई आफू कहाँ बोलाउनु भयो। ती मानिसहरूलाई
येशूले नै छान्नु भएको थियो। ती मानिसहरू येशू
भएकहाँ पुगे। १४येशूले बाह्रजनालाई चुन्नु भयो अनि
तिनीहरूलाई प्रेरित भनेर भन्नुभयो। येशूले ती बाह्रजना
मानिसहरूलाई उहाँसित बस्नु अनि प्रचारका निम्ति अरू
स्थानमा पठाउन चाहनुहुन्थ्यो। १५अनि येशूले ती
मानिसहरूमा अरू मानिसहरूमा लागेको दुष्ट आत्मा
हटाउने शक्ति प्राप्त होस् भन्ने चाहनुहुन्थ्यो। १६येशूले
छान्नु भएका ती बाह्रजना मानिसहरू थिए: शिमोन
(जसलाई उहाँले पत्रुस नाउ दिनु भएको थियो); १७याकूब
र यूहन्ना, जब्दीका छोराहरू (जसलाई येशूले बोअनर्गेश
नाउँ दिनु भएको थियो जसको अर्थ हुन्छ "गर्जनका
छोराहरू"); १८अन्द्रियास, फिलिप, बर्थलमै, मत्ती, थोमा,
याकूब (अल्फयसको छोरो,) थेदियस, सिमोन कनानी*,
१९अनि यहूदा इस्करयोत जसले येशू सित विश्वासघात
गरेको थियो।

### कसैले येशूमा शैतान भएको ठान्छन्

*(मत्ती १२:२२-३२; लूका ११:१४-२३; १२:१०)*

२०त्यसपछि, येशू घर जानुभयो। तर फेरि अनेकौं
मानिसहरू त्यहाँ भेला भए। त्यहाँ यति विघ्न मानिसहरू
थिए कि येशू र आफ्ना चेलाहरूले भोजन खान पनि
पाउनु भएन। २१येशूका परिवारका सदस्यहरूले यी सबै
थाहा पाए। तिनीहरूले उहाँको मन ठेकानमा छैन भनी
उहाँको जिम्मा लिन तिनीहरू आए।

२२अनि यरूशलेमबाट आएका शास्त्रीहरूले भने,
"बील्जीबुल (शैतान) उहाँभित्र रहेको छ! उसले
दुष्टआत्माहरूको मालिकद्धारा अधिकार पाएर मानिसहरूमा
भएको दुष्ट-आत्माहरू भगाउँदछ।"

२३यसकारण येशूले सबैलाई एकत्र गर्नु भयो अनि
मानिसहरूलाई शिक्षा दिनलाई नीति कथाहरूको दृष्टान्त
दिनु भयो। येशूले भन्नुभयो, "शैतानले शैतानलाई
मानिसहरूबाट कसरी निकाल्न सक्छ? २४यदि कुनै राज्य
विभक्त भएर आफ्नै विरूध्द झगड़ा गरे त्यो धेरै चल्न
सक्तैन। २५अनि एक परिवार विभक्त भएर अनि फुट
भएका अंश एक अर्कासित लड़िरहे त्यो परिवारको
रूपमा खड़ा रहन सक्तैन। २६अनि जब शैतान शैतानसँगै
र आफ्नै मानिसहरूसँग झगडा गर्छ भने त्यो धेरै दिन
टिक्न सक्तैन। यो अवस्थामा शैतानको अन्त हुनेछ।
२७यदि कुनै व्यक्ति एकजना बलवान मानिसको घरमा
उसका चीजबीज चोर्न भनी पस्न चांहन्छ भने उसले
पहिले त्यो बलवान व्यक्तिलाई डोरीले बाध्नु पर्छ। तब
मात्र त्यसले त्यो बलवान मानिसको घरबाट चीजहरू
लुट्न सक्तछ। २८म तिमीहरूलाई साँचो भन्दछु। मानिसहरूले
गरेका सबै पापहरू अनि निन्दाहरू क्षमा हुनेछ। २९तर
पवित्र आत्माका* विरुद्ध कसैले गरेका खराब कुराहरू
कहिल्यै क्षमा हुनेछैन। किनभने उ सँधै त्यो पापको दोषी
बन्नु पर्नेछ।"

३०येशूले यसो भन्नुभयो किनभने शास्त्रीहरूले येशूभित्र
दुष्टात्मा रहेको छ भनेका थिए।

### येशूको चेलाहरू नै उहाँको साँचो परिवार

*(मत्ती १२:४६-५०; लूका ८:१९-२१)*

३१तब येशूका आमा र भाइहरू आए। उनीहरू
बाहिरै खड़ा भएर एकजनालाई येशूलाई बोलाउन पठाए।
३२धेरै मानिसहरू येशूका वरिपरि बसेका थिए। तिनीहरूले

---

**कनानी** कनानीहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

येशूलाई भने, "तपाईंका आमा र भाइहरू तपाईंलाई पर्खेर बाहिर बसिरहेका छन्।"

[33]येशूले उत्तर दिनु भयो, "को चाँहि मेरा आमा हुन्? को चाँहि मेरा भाइहरू हुन्?" [34]तब येशूले आफ्ना वरिपरि गोलो भएर बसेका मानिसहरूलाई हेर्नुभयो। उहाँले भन्नुभयो, "यी मानिसहरू नै मेरा आमा र भाइहरू हुन्! [35]मेरा साँचा भाइहरू अनि बहिनीहरू र आमा तिनीहरूनै हुन् जसले परमेश्वरले चाहे अनुसार कर्म गर्दछन्।"

## बीउ छर्ने खेतीवालको वारेमा नीतिकथा

*(मत्ती १३:१-९; लूका ८:४-८)*

४ अर्को समय, येशू झीलको किनारमा हुनु हुन्थ्यो अनि मानिसहरूलाई उपदेश दिन लाग्नु भयो। धेरै धेरै मानिसहरू येशूका वरिपरि भेलाभए। यसर्थ येशू समुद्रमा एउटा डुङ्गामा चढनु भयो अनि त्यहाँ बस्नुभयो। सबै मानिसहरू समुद्रको किनारमा नै रहे। [2]येशूले डुङ्गाबाट सिकाउनु भयो। येशूले तिनीहरूलाई नीति कथाहरूको उपयोग गरेर धेरै कुराहरू सिकाउनु भयो। उहाँले भन्नुभयो, [3]"सुन! एकजना खेतीवाला बीउ छर्न गयो। [4]जब त्यसले बीउ छर्‍यो केही बीउहरू बाटोमा छरियो। चराचुरूङ्गीहरू आए अनि ती बीउहरू खाइदिए। [5]केही बीउहरू चट्टान भएको भूईंमा छरिए जहाँ त्यत्ति माटो थिएन। माटोको गहिराई नभएकोले त्यहाँ छिट्टै ती बिरूवाहरू उम्रे। [6]तर जब घाम लाग्यो ती विरूवाहरूलाई डड़ाइदिए अनि ती सुकीगए किनभने तिनीहरूको जरा त्यत्ति गहिरोमा थिएन। [7]कतिपय बीउहरू काँड़ाघारीमा पर्‍यो, जब काँड़ाहरू बढ़ेर आए अनि ती विरूवाहरूलाई त्यसले राम्ररी बढ़न दिएन। अनि ती विरूवाहरूमा फल लाग्न सकेन। [8]केही बीउहरू राम्रा माटोमा परे। राम्रा माटोमा ती उम्रिए। ती बढे अनि फल दिनसक्ने भए। केही बोटहरूले तीस गुणा, केहीले साठी गुणा र केहीले सय गुणा जति पनिफल फलाए।"

[9]अनि येशूले भन्नुभयो, "तिमीहरू मध्येजसले सुनिरहेकाछौ, मेरो कुरा सुन।"

## येशू भन्दछन् उहाँले किन दृष्टान्तहरू उल्लेख गर्नुभयो

*(मत्ती १३:१०-१७; लूका ८:९-१०)*

[10]अनि जब येशू एक्लै हुनु हुन्थ्यो, बाह्रजना प्रेरितहरू* र उहाँका अरू चेलाहरूले उहाँले भन्नुभएको नीतिकथाहरूको बारेमा सोध्न थाले।

[11]येशूले भन्नुभयो, "खालि तिमीहरूले मात्र परमेश्वरको राज्यको रहस्य बारे जान्नसक्छौ। तर अरू मानिसहरूलाई म नीतिकथाहरू भनेरै सबै कुरा दिन्छु। [12]किनकि:

'तिनीहरू हेर्न ता हेर्छन्, तिनीहरू देख्तैनन्,
तिनीहरू सुन्न ता सुन्छन्, तिनीहरू बुझ्दैनन्
यदि तिनीहरूले देखे र बुझे भने, तिनीहरू
बद्लिनेछन् र क्षमा हुनेछ।'"

*यशैया ६:९-१०*

## येशू बीउको व्याख्या गर्नुहुन्छ

*(मत्ती १३:१८-२३; लूका ८:११-१५)*

[13]येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "के सित तुलना गर्न सक्छ? यदि तिमीहरूले बुझ्न सकेनौ भने कसरी अरू नीतिकथा बुझ्ने छौ? [14]खेतीवाला एउटा व्यक्ति जस्तै हो जसले परमेश्वरको वचनलाई छर्दछ। [15]कहिलेकहीँ ती वचनहरू बाटोतिर छरिन्छन्। यी सब ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको वचन सुन्दछ। अनि शैतान आउँछ अनि तिनीहरूमा रोपिएका वचनलाई लगेर जान्छ। [16]अरूहरू चट्टान भएको माटोमा छरिएका बीउहरू जस्तै हुन्। तिनीहरू वचन सुन्दछन् अनि तत्काल आनन्दसाथ स्वीकार गर्दछन्। [17]तर तिनीहरूले आफ्नो जीवनमा गहिरो रूपमा ती वचनहरू ग्रहण गर्दैनन्। तिनीहरूले क्षणिक रूपमा मात्र यसलाई ग्रहण गर्दछन्। अनि जब वचनको कारणले तिनीहरू संकट अनि खेदोमा पर्छन् झट्टै तिनीहरूले विश्वास छोड़िदिन्छन्। [18]अरू मानिसहरू काँड़ाघारीमा परेको बीउहरू जस्तै हुन। तिनीहरू बचनहरू सुन्दछन्। [19]अनि यी कुराहरू तिनीहरूका जीवनमा आइपर्छ: जीवनको चिन्ता, रूपियाँ-पैसाको लालच, अनि अरू त्यस्तै थोकहरूको चाहना। यस्ता कुराहरूको कारणले वचनहरूको विकास हुन सक्तैन। अनि वचनहरू तिनीहरूका जीवनमा फलदायी पनि हुँदैनन्। [20]अरू मानिसहरू मलिलो माटामा रोपिएका बीउहरू झैं हुन्छन्। तिनीहरू वचन सुन्दछन् अनि ग्रहण गर्दछन्। अनि बचनहरू तिनीहरूमा बढ़दछन् र फल दिने योग्य हुन्छन् कहिले

---

**प्रेरितहरू** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिसहरू।

तीस गुणा, कहिले साठी गुणा, अनि कहिले सय गुणा सम्म।"

### तिमीमा जे जति छ त्यो प्रयोग गर

*(लूका ८:१६-१८)*

[२१]अनि येशूले तिनीहरूलाई भन्नुभयो, "कि तिमीहरूले कुनै दीयोलाई पाथीमुनि वा ओछ्यानमुनि राख्नु भनेर ल्याउँछौ? होइन तिमीहरूले दीयोलाई सामदान माथि राख्नलाई ल्याउँछौ। [२२]लुकाइएका प्रयेक कुराहरू देखा पर्नेछ। सबै गुप्ति कुराहरू प्रकाशमा आाउनेछ। [२३]तिमीहरू जसले मलाई सुनिरहेका छौ, सुन।"

[२४]तब उहाँले भन्नुभयो, "तिमीहरूले जे पनि सुन्छौ त्यस कुराहरूमाथि राम्ररी बिचार गर। तिमीहरूले जे जति अरूलाई दिर्दछौ त्यत्तिनै परमेश्वरले तिमीहरूलाई दिनुहुनेछ। [२५]तर परमेश्वरले तिमीहरूलाई अझ अधिक दिनुहुनेछ। जोसित छ उसले अझ धेरै पाउनेछ। तर जससित छैन, आफूसित भएको त्यो पनि उसले हराउनु पर्नेछ।"

### येशू बीउको बारेमा भन्नु हुन्छ

[२६]त्यसपछि येशूले भन्नुभयो, "परमेश्वरको राज्य एकजना मानिस जस्तै हो जसले जमीनमा बीउ छर्दछ। [२७]बीउहरू उम्रन्छन् बढ्न थाल्दछ। मानिस सुतेको होस वा उठेको त्यो दिन होस् कि रात होस् बीउ उम्रँदै जान्छ। मानिसहरूले जान्दैन त्यो कसरी उम्रन्छ। [२८]कसैको सहयता नपाई नै जमीनले अन्न उर्मार्छ। पहिले बोट उम्रन्छ। त्यसपछि बाला अनि त्यसरीनै बोटभरि अन्नको दाना लाग्दछ। [२९]जब अन्न पाक्छ, मानिसले त्यसलाई काट्दछ। यो नै फसलकाट्ने उचित समय हो।"

### राज्य रायोको दाना जस्तै हो

*(मत्ती १३:३१-३२, ३४-३५; लूका १३:१८-१९)*

[३०]त्यसपछि येशूले भन्नुभयो, "परमेश्वरको राज्य यस्तै हो भनेर हामी के-को दृष्टान्त उपयोग गर्न सक्छौ? यसको वर्णन गर्न कुन दृष्टान्त हामी उपयोग गर्न सक्छौ? [३१]परमेश्वरको राज्य रायोको दाना जस्तै हो। रायोको दाना एकदमै सानो बीउ हो जसलाई भूइँमा छरिन्छ। [३२]तर जब तिमीहरूले यसको बीउ छर्दछौ, यो उम्रदै बढ्छ अनि यो तिमीहरूको बगैंचामा सबैभन्दा अग्लो बोट भएर देखा पर्दछ। यसको ठूलठूला हाँगाहरू हुन्छन्, जङ्गली चराचुरूङ्गीहरू आउँदछन् अनि गुँड़ बनाएर आफूलाई घामको पोलाइ वा झुस्लाइबाट जोगाउँदछ।"

[३३]येशूले मानिसहरूलाई सिकाउन यस्ता थुप्रै दृष्टान्त भन्नुभयो। उहाँले तिनीहरूले जतिसम्म बुझ्दछन् त्यही स्तरसम्म सिकाउनुभयो। [३४]मानिसहरूलाई सिकाउनलाई येशूले दृष्टान्त उपयोग गर्नुभयो। तर जब येशू र उहाँका चेलाहरूमात्र एकान्तमा एकत्र भएका हुन्थे, येशूले तिनीहरूलाई सबै कुरा व्याख्या गरिदिनु हुन्थ्यो।

### येशूले आँधी थाम्नु भयो

*(मत्ती ८:२३-२७; लूका ८:२२-२५)*

[३५]त्यसदिन साँझमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "हामी झील पारितर्फ तरौं।" [३६]येशू र चेलाहरूले मानिसहरूलाई त्यहीं छोड़े। उनीहरू सबै येशू पहिले चढ़िरहनु भएको डुङ्गाद्वारा गए। उनीहरूसँग अरू डुङ्गाहरू पनि थिए। [३७]समुद्रमा त्यस बेला डरलाग्दो आँधी चल्यो। समुद्रका छालहरूले डुङ्गाको छेऊमा हान्यो अनि डुङ्गामा पानी पस्नलाग्यो। डुङ्गाप्राय: पानीले भरिन लाग्यो। [३८]येशू डुङ्गाको पछिल्लो पट्टि हुनुहुन्थ्यो सिरानीमा टाउको राखेर उहाँ सुतिरहनु भएको थियो। चेलाहरू गएर उहाँलाई ब्युँझाए। तिनीहरूले भने, "हे गुरूज्यू, हामीहरू डुब्दै छौ। के वास्ता गर्नु हुन्न?"

[३९]तब येशू जुरूक्क उठ्नुभयो अनि त्यो आँधीलाई हकार्नु भयो। येशूले झीललाई भन्नु भयो, "चूपचाप बस। शान्त होऊ।" अनि तत्कालै आँधी थामियो अनि झील शान्त बन्यो। [४०]येशूले चेलाहरूलाई भन्नु भयो, "तिमीहरू किन यस्तो कायर? तिमीहरूमा अझपनि विश्वास छैन?" [४१]चेलाहरू खूबै डराए अनि एका अर्कासित बहस गर्न लागे, "उहाँ कस्तो प्रकारको मानिस हुनुहुन्छ? यतिसम्म कि आँधी र छालहरूले पनि उहाँको आज्ञा मान्दछ।"

### दुष्टात्मा बाट छुट्कारा एक व्यक्ति

*(मत्ती ८:२८-३४; लूका ८:२६-३९)*

**५** येशू र उहाँका चेलाहरू झीलको अर्को किनारतिर भएका गिरासीन मानिसहरूकहाँ जानुभयो। [२]जब येशू डुङ्गाबाट बाहिरिनु हुँदै थियो त्यसैबेला चिहानबाट दुष्ट आत्मा लागेको एउटा मानिस उहाँलाई भेटन आयो। [३]यो मानिस चिहानहरूमा बस्ने गर्दथ्यो। त्यसलाई

कसैले अधीन गर्न सकेनन्, यतिसम्म कि सांग्लाले
बाँधेर पनि। ४धेरैपल्ट मानिसहरूले त्यसको हात र
खुट्टाहरू साँग्लोले बाँधेर राख्ने चेष्टा गरे। तर त्यसले
आफ्ना हात र खुट्टामा बाँधेका सांग्लोहरू चुँड़ाइदिन्थ्यो।
त्यसलाई वशमा राख्न कसैको शक्ति थिएन। ५रात र
दिन चिहानको वरिपरि र पहाड़तिर त्यो मानिस डुलिरहन्थ्यो।
त्यो चिच्याएर रून्थ्यो अनि आफैले आफैलाई ढुंगाले
काट्दै हिँड़थ्यो।

६जब येशू टाड़ामा हुनुहुन्थ्यो, त्यो मानिसले उहाँलाई
देख्यो। त्यो येशूकहाँ दगुरेर गयो अनि उहाँको अघि
निहुरियो। ७-८येशूले त्यस मानिसलाई भन्नुभयो, “ए
दुष्टात्मा, यस मानिसबाट बाहिर निस्की।” अनि त्यो
मानिस तिखो स्वरले चिच्यायो, “मबाट तपाईंले के
चाहनुहुन्छ, येशू, सर्वोच्च परमेश्वरका पुत्र? म परमेश्वरमा
शपथ हालेर तपाईंलाई बिन्ती गर्दछु मलाई शान्ति
नदिनुहोला!”

९त्यसपछि येशूले त्यस मानिसलाई सोध्नु भयो,
“तिम्रो नाम के हो?”

त्यसले उत्तर दियो, “मेरो नाउँ फौज* हो, किनभने
हमीहरू धेरै छौं।” १०ती आत्माहरूले येशूलाई घरि घरि
त्यस इलाकाबाट बाहिर निकाला नगरियोस् भनि विन्तीगरे।

११त्यहाँ नजिकैको एउटा पहाड़मा धेरै सूँगुरहरूको
बथान चरिरहेको थियो। १२भूतात्माहरूले येशूलाई बिन्ती
गर्नलागे, “हामीलाई ती सूँगुरहरू भएको ठाउँमा
पठाईदिनुहोस्। हामीलाई तिनीहरू भित्र जानु दिनुहोस्।”
१३अनि येशूले तिनीहरूलाई त्यसै गर्न दिनुभयो। ती
भूतात्मा मानिसलाई छोड़ेर सुँगुरहरू मा पसे। त्यसपछि
ती सूँगुरहरू भिरालो पहाड़ अनि समुद्र तिर हुर्रिन लागे।
सबै सूँगुरहरू डुबे। त्यो बगालमा प्राय: २००० वटा
सूँगुरहरू थियो।

१४सूँगुर गोठालाहरू पनि भागिगए। तिनीहरू शहर र
बस्ती तिर गए। तिनीहरूले भएका सबै घटनाहरू
मानिसहरूलाई सुनाए तब मानिसहरू भएको घटना हेर्न
आए। १५मानिसहरू येशूकहाँ आए। तिनीहरूले भूतात्मा
लागेका मानिसलाई त्यहाँ देखे। त्यस मानिसले लुगाफाटा
पहिरिएको थियो अनि त्यसको मानसिक अवस्था ठीकै
थियो। सबै मानिसहरू भयभीत थिए। १६कोही मानिसहरू
त्यहाँ थिए जसले येशूले गरेका कुराहरू देखेका थिए।
ती मानिसहरूले अरू मानिसहरूलाई नराम्रो आत्माले
भेट्टाएको त्यस मानिसलाई के भएको थियो त्यो व्याख्या
गरे। तिनीहरूले सूँगुरहरूको बारेमा पनि सुनाए। १७अनि
मानिसहरूले बिन्ती गर्दै येशूलाई त्यहाँबाट कतै जानुहोस्
भने।

१८येशू डुङ्गामा चढ़दै हुनुहुन्थ्यो, दुष्टात्माहरूदेखि
मुक्त भएको त्यस मानिसले येशूसँगै जानलाई बिन्ती
गर्‍यो।

१९तर येशूले त्यस मानिसलाई उहाँसँग जानलाई
अनुमति दिनुभएन। येशूले भन्नुभयो, “आफ्नो घर-परिवार
र साथीहरू भएकहाँ जाऊ। परमप्रभुले तिमीहरूकालागि
जे जति गर्नुभएको छ त्यस बारे सबैलाई भन। परमेश्वरले
मलाई दया गर्नु भयो भनी तिनीहरूलाई भन।” २०तब
त्यो मानिस गयो अनि त्यहाँका दस-शहरका* मानिसहरूलाई
येशूले गर्नु भएको महान कार्यहरूको बारेमा सुनायो।
सबै मानिसहरू चकित बनेका थिए।

### येशूद्वारा मृत युवतीलाई प्राणदान अनि रोगी स्त्रीलाई आरोग्य प्रदान

*(मत्ती ९:१८-२६; लूका ८:४०-५६)*

२१येशू डुङ्गामा चढ़ेर समुद्रपार गरी झीलको अर्को
तर्फ जानुभयो। समुद्रको त्यस किनारमा उहाँका वरिपरि
धेरै मानिसहरू भेला भए। २२सभाघरका एकजना प्रमुख
जसको नाउँ याइरस थियो उहाँ भएतिर आए। याइरसले
येशूलाई देखे अनि येशूलाई दण्डवत गरे। २३याइरसले
येशूलाई एकोहोरो बिन्ती गरिरह्यो र भन्यो, “मेरी सानी
छोरी मर्न आँटेकी छे। कृपया झट्टै आउनुहोस् र उस
माथि तपाईंको हात राख्नुहोस्। त्यसपछि उ निको हुनेछ
अनि बाँच्नेछ।”

२४अनि येशूले याइरसको साथ दिनुभयो। धेरै
मानिसहरूले येशूलाई पछ्याए। येशूलाई वरिपरि घेरिएको
भीड़ले उहाँलाई धकेलीरहेको थियो।

२५ती मानिसहरूसँग एउटी आईमाई पनि थिई। त्यस
आईमाईलाई बाह्र वर्ष अघिदेखि रगत बग्ने व्यथा
थियो। २६त्यो आईमाई खूबै पीड़ित थिई। धेरै डाक्टरहरूले
त्यसको उपचार गरे। आफ्ना भए जति सबै सम्पत्ति
त्यसले खर्च गरेकी थिई। तर उसमा सुधार पटक्कै
आएन। त्यसको व्यथा अझ बिग्रँदै गयो। २७त्यस

**फौज** फौज नामको अर्थ हुन्छ अत्यन्तै धेरै। रोम सेनामा एउटा फौजमा प्राय: ५,००० मान्छेहरू थिए।

**दस-शहर** गालीली झीलको किनारमा अवस्थित दसवटा त्यसबेलाका ग्रिसेलो शहरहरू।

आईमाईले येशूको बारेमा सुनेकी थिई। मानिसहरूको
भीड़ भएर गई त्यस स्त्री पछिल्तिरबाट येशू कहाँ आई
अनि उहाँको कोट छोई। २८त्यसले बिचार गरी, "यदि
मैले उहाँको कोट मात्रपनि छुन पाएँ भने म जाती
हुनसक्छु।" २९अनि जब त्यसले उहाँको कोट छोई
तत्कालै रगत बग्न बन्द भयो। त्यस आईमाईले आफ्नो
सारा जीउ नै व्यथा मुक्त भएको अनुभव गरी। ३०अनि
येशूले आफूबाट शक्ति सञ्चार भइरहेको अनुभव गर्नुभयो।
उहाँ रोकिनु भयो अनि भीड़तर्फ फर्कनुभयो। अनि
उहाँले सोध्नु भयो, "कसले मेरो वस्त्र छोयो?"

३१चेलाहरूले येशूलाई भने, "तपाईंको वरिपरि यति
विघ्न मानिसहरू छन्। तपाईलाई ठेल्दैछन्। तर तपाईं
सोध्नु हुन्छ 'मलाई कसले छोयो?'"

३२तर येशूले त्यो छुने मानिसलाई पत्ता लगाउन
घरि-घरि हेर्न लाग्नु भयो। ३३त्यस आईमाईले आफु
निको भएको ठानी। अनि त्यो आई अनि येशूको
चरणमा घोप्टी। त्यो डरले काँपिरहेकी थिई। त्यसले
सारा सत्य येशूलाई सुनाई। ३४येशूले त्यस आईमाईलाई
भन्नुभयो, "हे स्त्री, तिमी निको भयौ किनभने तिमीले
विश्वास गर्‍यौ। शान्तिसित जाऊ। अब तिमी तिम्रो
रोगबाट मुक्त भयौ।"

३५येशू अझैसम्म त्यहाँ बोलिरहनु भएको थियो।
केही मानिसहरू सभाघरका प्रमुखका घरबाट आए।
तिनीहरूले भने, "तिम्रो छोरी मरी सकी। अब गुरूज्यूलाई
दु:ख दिने आवश्यकता छैन।"

३६तर मानिसहरूले भनेका कुरामा येशूले वास्ता गर्नु
भएन। येशूले सभाघरका प्रमुखलाई भन्नुभयो, "डराउनु
पर्दैन; खाली विश्वास गर।"

३७येशूले पत्रुस, याकूब, याकूबका भाइ यूहन्ना
बाहेक अरू कसैलाई पनि उहाँको साथमा आउन
अनुमति दिनु भएन। ३८येशू अनि उहाँका चेलाहरू
सभाघरका प्रमुखका घरमा जानु भयो। येशूले अनेकौं
मानिसहरू चित्कार गरिरहेको अनि रोईरहेको सुन्नु
भयो। त्यहाँ खूब अलमल थियो। ३९येशू घरभित्र
पस्नुभयो अनि मानिसहरूलाई भन्नुभयो, "तिमीहरू किन
चित्कार गरेर यत्रो हल्ला मच्चाइ रहेछौ? यो नानी
मरेको छैन। उ सुती रहेकी छ खाली।" ४०तर तिनीहरूले
येशूमाथि हाँसो गरे। येशूले सबै मानिसहरूलाई घरदेखि
बाहिर जानुभन्नु भयो। उहाँले बालिकाको बाबु, आमा
अनि आफ्ना तीनजना चेलाहरूलाई लिनुभयो अनि त्यो
केटी भएको कोठाभित्र जानुभयो। ४१अनि बालिकाको
हात समातेर येशूले भन्नुभयो, "तालिता कूमी!" (जसको
अर्थ, "सानी बालिका, म तिमीलाई उठ भन्दैछु!")
४२सानी बालिका जुरूक्कै उठी अनि हिँड्न लागी।
(बालिका १२ वर्ष पुगेकी थिई)। बाबु, आमा र
चेलाहरू यो देखी छक्क परे। ४३येशूले ती बाबु र
आमालाई यस बारेमा कसैलाई पटक्क केही नभन्नु भनेर
कडा निर्देश दिनुभयो। त्यसपछि येशूले त्यस युवतीलाई
केही खानेकुरा दिनु भनेर अह्राउनुभयो।

## येशू आफ्नो शहरमा जानुहुन्छ

*(मत्ती १३:५३-५८; लूका ४:१६-३०)*

६ येशूले त्यस ठाउँ छोड्नुभयो अनि उहाँ आफ्नो शहर
फर्कनुभयो। उहाँका चेलाहरू उहाँसँगै गए। २शबाथको
दिनमा येशूले सभाघरमा शिक्षा दिनु शुरू गर्नुभयो। धेरै
मानिसहरू उहाँको शिक्षा सुनेर छक्क परे। तिनीहरूले
भने, "यो मानिसले यो शिक्षा कहाँबाट पाए? यो ज्ञान
उहाँले कहाँबाट पाएका हुन्? कसले उहाँलाई यो
दिएका हुन्? अनि यस्तो चमत्कारहरू गर्ने शक्ति उहाँले
कहाँबाट पाएका हुन्? ३के उहाँ त्यही सिकर्मी होइनन्?
अनि के उहाँकी आमा मरियम अनि याकूब, योसेफ,
यहूदा र सिमोन भाइहरू होइनन्? अनि के उहाँका
बहिनीहरू यहाँ हामीसँग छैनन्?" ती मानिसहरूले येशूलाई
स्वीकार गर्न सकेनन्।

४येशूले मानिसहरूलाई भन्नुभयो, "अरू मानिसहरूले
अगमवक्तालाई आदर गर्दछन्। तर आफ्नै शहरमा आफ्नै
आफन्तहरू अनि आफ्नै परिवार माझमा एक अगमवक्ताको
आदर हुँदैन।" ५येशूले त्यस शहरमा त्यत्ति धेरै चमत्कारहरू
गर्न सक्नु भएन। उहाँले केही पीड़ित मानिसहरूलाई
तिनीहरूमाथि आफ्नो हात राखेर निको पारेको मात्रै हो।
६ती मानिसहरूमा विश्वास थिएन भन्ने कुरामा येशू
अत्यन्तै अचम्भित हुनु भयो। त्यसपछि येशू त्यसै
इलाकाका गाउँहरूतिर जानुभयो अनि सिकाउन लाग्नुभयो।

## येशू प्रचारका निम्ति आफ्ना प्रेरितहरूलाई पठाउनु हुन्छ

*(मत्ती १०:१, ५-१५; लूका ९:१-६)*

७येशूले बाह्रजना चेलाहरूलाई आफूकहाँ बोलाउनुभयो।
येशूले तिनीहरूलाई दुइ-दुइ जनाको दलमा पठाउनु
भयो। येशूले दुष्टात्माहरूमाथि अधिकार जमाउने शक्ति

तिनीहरूलाई दिनुभयो। ८येशूले चेलाहरूलाई भन्नुभयो:
"यात्रामा जाँदा तिमीहरूले साथमा एउटा लौरो बाहेक
केही नबोक्नु। रोटी नबोक, झोला नबोक अनि गोजीमा
पैसाहरू पनि नबोक। ९जुत्ता लगाऊ, आफूले लगाएको
लुगाफाटाहरू मात्र बोक। १०जब तिमीहरूकुनै घरमा
पस्छौ, तब त्यो शहर नछोड़ेसम्म त्यो घरपनि नछोड।
११यदि कुनै शहरले तिमीहरूलाई स्वागत गरेन वा
तिमीहरूका कुरा सुनेन भने त्यो शहर छोड़। शहर
छोडदा तिम्रा पैतालाका धुलोहरू पनि टक्टकाइ देऊ।
यही नै तिनीहरूलाई चेतावनी हुनेछ।"
१२चेलाहरूले त्यो ठाँउ छोड़ी अर्को ठाउँहरूमा गए।
तिनीहरूले मानिसहरूमा प्रचार गरे अनि भने तिमीहरूले
आफ्नो हृदय र रहन-सहन परिवर्त्तन गर्नुपर्छ। १३चेलाहरूले
मानिसहरूमा भएका धेरै दुष्टात्माहरूलाई भगाइदिए।
अनि तिनीहरूले रोगीहरूलाई भद्रासेको तेल घसे अनि
निको पारिदिए।

## हेरोदले येशूलाई बप्तिस्मा दिने यूहन्ना नै ठान्दछन्

*(मत्ती १४:१-१२; लूका ९:७-९)*

१४राजा हेरोदले येशूको बारेमा सुने, किनभने अहिलेसम्म
येशूलाई सबैले चिनिसकेका थिए। कसै कसैले भने,
"ऊ नै बप्तिस्मा दिने यूहन्ना हुन। मृत्युबाट उहाँलाई
बौराइएको हो। यसैले उहाँले चमत्कारहरू गर्नु सक्नु
हुन्छ।"
१५अरू कति मानिसहरूले भने, "उही नै एलिया
हो।"
अरू मानिसहरूले भने, "येशूनै अगमवक्ता हुनुहुन्छ।
उहाँ अगमवक्ताहरू जस्तै हुनुहुन्छ जो धेरै वर्ष अघि
बाँचेका थिए।"
१६हेरोदले येशूको बारेमा यी सब कुरा सुनिसकेका
थिए। तिनले भने, "मैले टाउँको काटेर यूहन्नालाई
मारेको थिएँ। अहिले यूहन्नानै मृत्युबाट बौरी उठेको
छ।"

## बप्तिस्मा दिने यूहन्ना कसरी मारिए

१७हेरोद आफैले आफ्ना सिपाहीहरूलाई यूहन्नालाई
पक्रनु भनेर हुकूम दिएका थिए। अनि यूहन्नालाई कैदमा
राखियो। हेरोदले यी सब काम आफ्नो भाइ फिलिपकी
स्वास्नी हेरोदियासलाई ऋृणी तुल्याउन गरेका थिए। तर
हेरोदले हेरोदियासलाई विवाह गरेको थियो। १८यूहन्नाले
हेरोदलाई भनेका थिए, तिमीलाई तिम्रा भाइकी स्वास्नीसँग
बिवाह गर्नु अधिकार छैन। १९यसैकारणले गर्दा हेरोदियासले
यूहन्नालाई घृणा गर्न थालेकी थिइन। अनि हेरोदियास
उसलाई मार्न चाहन्थिन। तर हेरोदियासले यूहन्नालाई
मार्न सकेकी थिइन। २०किन भने हेरोद यूहन्नालाई मार्न
भयभीत थिए। हेरोदलाई थाहा थियो कि यूहन्नालाई
मानिसहरूले एक धार्मिक र पवित्र मानिस हुन् भनेर
मान्दथे। यसैले हेरोदले यूहन्नालाई जोगाए। यूहन्नाको
शिक्षा वा उपदेश सुन्न हेरोदलाई आनन्द लाग्थ्यो। तर
यूहन्नाका उपदेशले हेरोदलाई खूबै बाधा पनि भयो।
२१अब हेरोदियासले यूहन्नालाई मार्ने सही समय
पाइन। यो घटना हेरोदको जन्मदिनमा भयो। हेरोदले
आफ्ना प्रमुख सरकारी अधिकारीहरू, सेनाका सेनापतिहरू,
अनि गालीलीका सबै प्रमुख व्यक्तिहरूलाई आफ्नो
जन्मत्सवमा बेलुकीको भोजको व्यवस्था गरे।
२२हेरोदियासकी छोरी आई अनि नाची अनि उसले हेरोद
र उसका अतिथिहरूलाई जो उ सँग खाँदै थिए खुशी
पारी।
अनि राजा हेरोदले आफ्नी छोरीलाई भने, "तिमीले
चाहेको केही पनि माग म तिमीलाई त्यो दिनेछु।"
२३हेरोदले शपथ खाएर बचन दिए "तिमीले जे पनि
माग्दछौ म त्यो दिनेछु, तिमीलाई मेरो राज्यकै आधा
हिस्सा समेत दिनेछु।"
२४छोरी त्यहाँबाट गई अनि आफ्नो आमालाई सोधी,
"राजा हेरोदसँग म के चीज माँगू?"
उसकी आमाले जवाफ दिई, "बप्तिस्मा दिने यूहन्नाको
टाउँको माग।"
२५तत्कालै छोरी राजा भएकहाँ गई। अनि उसले
राजालाई भनी, "दया गरी मलाई बप्तिस्मा दिने यूहन्नाको
टाउँको दिनुहोस्। अहिले नै एउटा थालमा मलाई त्यो
ल्याइदिनुहोस्।"
२६राजा हेरोद खूबै दु:खित बने। तर छोरीले मागेको
जे चीजपनि पुरा गर्न उसले कसम खाएको थियो। अनि
खाना खानु बसेका मानिसहरूले उसले भनेका यी सबै
कुरा सुनेका थिए। यसैले उसले मागेको कुरा अस्वीकार
गर्न हेरोदले चाहेन। २७त्यसपछि हेरोदले एकजना सैनिकलाई
यूहन्नाको टाउँको ल्याउनु भन्ने हुकूम गर्‍यो। त्यो
सिपाही गयो अनि यूहन्नाको टाउँको झ्यालखानामा
काट्यो। २८केही बेरपछि उसले यूहन्नाको टाउँको एउटा

थालमा लिएर आयो। त्यसले टाउँको त्यो केटीलाई
दियो। अनि उसले त्यो आफ्नो आमालाई दिई। २९यूहन्नाको
चेलाहरूले यो घटना भएको सबै सुने। अनि तिनीहरू
आए यूहन्नाको देह लगे अनि त्यसलाई चिहानमा लगेर
राखे।

### येशूद्वारा पाँचहजार भन्दा अधिकलाई भोजन

*(मत्ती १४:१३-२१; लूका ९:१०-१७; यूहन्ना ६:१-१४)*

३०येशूले पठाउनु भएका प्रेरितहरू फर्केर उहाँ कहाँ
आइपुगे। तिनीहरू उहाँको वरिपरि भेला भए अनि
तिनीहरूले गरेका र सिकाएका सबै कुरा उहाँलाई
सुनाए। ३१येशू र उहाँका चेलाहरू खूबै व्यस्त ठाउँमा
थिए। त्यहाँ धेरै-धेरै मानिसहरू आई जाई गरिरहेकाथिए।
येशू र उहाँका चेलाहरूलाई खानसम्म समय थिएन।
उहाँले चेलाहरूलाई भन्नुभयो, "मकहाँ आऊ। हामी
सबै एकान्त जगहमा जाऔं। त्यहाँ तिमीहरूलाई केही
विश्राम मिल्नेछ।"

३२यसकारण येशू र उहाँका चेलाहरू एउटा डुङ्गामा
चढ़ेर एउटा निर्जन ठाउँमा जानुभयो। ३३तर धेरै मानिसहरूले
उनीहरूलाई गएको देखे। तिनीहरूले थाहा पाए ती येशू
नै हुनुहुन्छ भनेर। अनि सबै शहरका मानिसहरू येशू
भएकै तिर दगुरे। येशू पुग्नुभन्दा अघिनै मानिसहरू त्यहाँ
पुगे। ३४जब येशू किनारमा पुग्नुभयो त्यहाँ अनेकौं
मानिसहरू उहाँले देख्नु भयो। यो देखेर येशू तिनीहरूप्रति
दयालु बन्नुभयो, किनभने तिनीहरू गोठालो बिनाको
भेड़ाहरू जस्तै थिए। अनि उहाँले ती मानिसहरूलाई धेरै
कुराहरू सिकाउनु भयो।

३५साँझको बेला थियो। येशूका चेलाहरू उहाँ कहाँ
आए। तिनीहरूले भने, "यो एक टाढा स्थान हो अनि
अहिले अबेर पनि भइसक्यो। ३६यसकारण यी
मानिसहरूलाई, आफैलाई खानका निम्ति केही किन्न
छेउछाउका खेत र शहरमा जानलाई पठाइदिनु हवस।"

३७तर येशूले भन्नुभयो, "तिमीहरूले तिनीहरूलाई
केही खाना देऊ।"

चेलाहरूले येशूलाई भने, "के! यत्रो मानिसलाई
खुवाउन रोटीहरू किन्न हामी जानु? त्यति धेरै रोटीहरू
किन्ने पैसा कमाउनलाई हामीले एक महीना काम गर्नु
पर्नेछ!"

३८येशूले चेलाहरूलाई भन्नुभयो, "तिमीहरूसँग अहिले
कतिवटा रोटी छन्? जाऊ अनि हेर।"

चेलाहरूले तिनीहरूसित भएको रोटीहरू गिन्ती गरे।
तिनीहरू येशूकहाँ आए अनि भन्नलागे, "हामीसँग
पाँचवटा रोटी र दुइवटा माछाका टुक्रा छन्।"

३९तब येशूले आफ्नो चेलाहरूलाई आदेश गर्नुभयो,
"सबै मानिसहरूलाई झुण्ड-झुण्ड भएर हरियो घाँसमा
बस्नु भन।" ४०अनि सबै गए अनि झुण्ड-झुण्डमा बसे।
प्रत्येक झुण्डमा प्राय: ५० जना वा १०० जना मानिस
थिए। ४१उहाँले पाँचवटा रोटी र दुइवटा माछाको टुक्रा
लिनुभयो। उहाँले आकाशतर्फ हेर्नुभयो अनि रोटीको
निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनु भयो। अनि उहाँले
ती रोटीहरू टुक्रा पारेर मानिसहरूलाई दिनु भनी आफ्ना
चेलाहरूलाई दिनु भयो। उहाँले ती माछाहरूलाई टुक्रा
पार्नु भयो अनि प्रत्येकलाई दिनुभयो। ४२सबैले खाए
अनि अघाए। ४३मानिसहरूले प्रशस्त खाना खाए पछि
चेलाहरूले बाहवटा टोकरीहरू उब्रिएका रोटी र माछा
का टुक्राहरूले भरे। ४४त्यहाँ पाँचहजार मानिसहरू थिए
जसले खाना खाए।

### येशू पानीमाथि हिँडनुभएको

*(मत्ती १४:२२-३३; यूहन्ना ६:१५-२१)*

४५तब, येशूले आफ्ना चेलाहरूलाई डुङ्गामा चढ़ेर
बेथसेदा झीलको अर्कोतर्फ जान लगाउनु भयो। केहीसमय
पछि उहाँ आउने छु भनी उहाँले भन्नु भयो। उहाँ ती
सबै मानिसहरूलाई आ-आफ्ना घर पठाउन चाहनु
हुन्थ्यो। ४६तिनीहरूलाई विदा गरेपछि, येशू पहाड़तिर
प्रार्थना गर्न जानुभयो।

४७त्यस रात, डुङ्गा समुद्रको बीचमा थियो। अनि येशू
चाहिँ एकलै भूमिमा हुनुहुन्थ्यो। ४८येशूले डुङ्गालाई
समुद्रको धेरै टाड़ा पुगेको देख्नुभयो। उहाँले डुङ्गा
खियाउनलाई चेलाहरूले कष्ट गरिरहेको देख्नुभयो।
किनभने आँधी तिनीहरूको विरुद्ध बगिरहेको थियो। यो
त्यस्तै तीन र छ बजे बिहान बीचको समय थियो। उहाँ
डुङ्गा भएतिर जानुभयो। उहाँ पानी भएर हिँड्नु भयो।
उहाँले लगातार हिँड़ेर डुङ्गालाई समेत पार गर्ने इच्छा
गर्नुभयो। ४९यसैबेला चेलाहरूले येशूलाई पानीमा आँउदै
गरेको देखे। तिनीहरूले सोचे त्यो भूत हो। चेलाहरू
डरले चिच्याए। ५०सबै चेलाहरू उहाँलाई देखेर भयभीत
भए। तर उहाँले तिनीहरूलाई तुरन्तै भन्नुभयो, "साहस
राख। यो म नै हुँ! डराउनु पर्दैन।" ५१त्यसपछि उहाँ
चेलाहरू सहित डुङ्गाभित्र जानुभयो। अनि आँधी शान्त

भयो। चेलाहरू एकदमै छक्क परे। ५२तिनीहरू येशूले
पाँचवटा रोटीलाई धेरै पारेका देखेका थिए। तर यसको
अर्थ के हो भनेर तिनीहरू जान्दैनन् थिए। तिनीहरू यी
सब बुझ्नलाई योग्य थिएनन्।

### येशूले धेरै मानिसहरूलाई निको पार्नुभयो

*(मत्ती १४:३४-३६)*

५३येशूका चेलाहरूले झील पार गरे। तिनीहरू
गनेसरेतको किनारमा आइपुगे। तिनीहरूले डुङ्गालाई त्यहाँ
बाँधेर राखे। ५४जब तिनीहरू डुङ्गाबाट बाहिरिए, मानिसहरूले
येशूलाई देखे। तिनीहरूले उहाँ को हुनुहुन्छ भनेर चिने।
५५ती मानिसहरू त्यो क्षेत्रका वरिपरि दगुर्दै गएर
मानिसहरूलाई येशू यहाँ हुनुहुन्छ भन्न लागे। उहाँ
भएका ठाँउमा ती मानिसहरूले अनेकौं रोगीहरूलाई
ल्याएर आए। ५६येशू त्यस क्षेत्रको शहर, नगर र
गाउँहरू सबै ठाउँमा जानुभयो। अनि जहाँ-जहाँ उहाँ
जानुभयो मानिसहरूले रोगीहरूलाई बजारमा ल्याए।
तिनीहरूले येशूलाई ती मानिसहरूलाई केवल उहाँका
लुगाको छेउ छुन दिनुहवस् भनी बिन्ती गरे। अनि सबै
मानिसहरू जसले येशूलाई छोए निको पनि भए।

### परमेश्वरको नियम र आज्ञाले मानिसहरू बनिन्छन्

*(मत्ती १५:१-२०)*

७ फरिसीहरू र कोही शास्त्रीहरू यरूशलेमबाट आएका
थिए। तिनीहरू येशूको वरिपरि भेला भए। २तिनीहरूले
येशूका कोही चेलाहरूले मैला हातले खाना खाइरहेको
देखे। ("मैला हात"-को अर्थ मानिसहरूले हातहरू
धोएका थिएनन्)। ३फरिसीहरू र सबै यहूदीहरूले राम्ररी
हातहरू यस्तो विशेषरूपले नधोई खाना खान बस्दैनन्।
तिनीहरू आफ्ना पुर्खाहरूले दिएको शिक्षाको मुताबिक
यसो गर्ने गर्छन्। ४यहूदीहरूले बजारमा केही चीजहरू
किने भने त्यसलाई पनि विशेषरूपले नधोई खाँदैनन्।
तिनीहरूले आफ्ना पुर्खाहरूबाट प्राप्त गरेका अरू धेरै
रीति-तिथिहरू पनि त्यसरी नै पालन गर्छन् जस्तै कचौराहरू,
गाग्रो वा घैलाहरू र तामाका भाँड़ाकुँड़ाहरू माझ्ने (धुने)
इत्यादि।
५यसकारण फरिसीहरू र शास्त्रीहरूले येशूलाई सोधे,
"तपाईंको चेलाहरूले त हामीले जस्तो आफ्नो पुर्खाहरूको
रीतिहरू पालन गर्दैनन्? तिनीहरूले किन फोहोर हातले
खान्छन्?"
६येशूले जवाफ दिनुभयो, "तिमीहरू सबै कपटीहरू
हौ। यशैयाले तिमीहरूको विषयमा ठीकै भनेका छन्।
यशैयाले लेखेका छन्:

'यी मानिसहरूले तिनीहरूका ओठद्वारा मलाई
आदर गर्दछन्, तर तिनीहरूको हृदय मदेखि धेरै
टाढा छन्।
७ तिनीहरूको मप्रतिको भक्ति अर्थहिन हो। किनभने
तिनीहरूले सिकाएका कुराहरू केवल मानिसहरूले
बनाएका नियममात्र हुन'

*यशैया २९:१३*

८तिमीहरूले परमेश्वरको आज्ञालाई त्यागेका छौ अनि
तिमीहरू मानिसहरूको परम्परा मान्दछौ।"
९तब येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू ठान्दछौ
तिमीहरू चलाख छौ भनेर। तिमीहरू आफ्नो परम्परालाई
कायम राख्न परमेश्वरको आज्ञालाई परतिर सार्छौ १०मोशाले
भनेका छन्, 'तिमीहरूले आफ्नो आमा र बाबुलाई
आदर गर्नैपर्छ।'* फेरि उनले भनेका छन्, 'कसैले
आफ्नो बाबु र आमाको खराब कुरा गर्छ भने त्यसलाई
मार्नु पर्छ।'* ११तर तिमीहरू भन्छौ कि यदि कसैले
उसको बाबु र आमालाई भन्नेछ, 'ममा केही छ
जसलाई तपाईंहरूको सहायताको निम्ति प्रयोग
गर्नसक्छु। तर म तपाईंहरूको सहायताको निम्ति यसो
गर्न चाहन्नँ किनभने मैले यसलाई परमेश्वर प्रति भेट
को रूपमा अलग राखेको छु।' १२तिमीहरू त्यस
व्यक्तिलाई भन कि त्यसले आफ्ना बाबु र आमाको
निम्ति केही गर्ने आवश्यकता छैन। १३यसकारण
परमेश्वरले जे आदेश गर्नु भएको छ त्यो मान्न त्यति
महत्वपूर्ण होइन भनी तिमीहरू सिकाउँछौ तर तिम्रो
नियमहरू मानिसहरूले पछ्याउनु अति महत्वपूर्ण छ।
अनि त्यस्तै प्रकारले तिमीहरू अरू पनि धेरै यस्ता
कुराहरू गर्छौ।"
१४येशूले फेरि भीड़हरूलाई आफूकहाँ बोलाउनुभयो।
उहाँले भन्नुभयो, "प्रत्येकले मलाई राम्ररी सुन्नुपर्छ अनि
बुझ्नु पर्छ कि म के भनिरहेछु। १५यस्तो केही कुरा छैन
जो कुनै व्यक्ति भित्र बाहिरबाट पस्छ जसले उसलाई

---

**'तिमीहरूले ... गर्नैपर्छ'** प्रस्थान २०:१२; व्यवस्था ५:१६।

**'कसैले ... मार्नु पर्छ'** प्रस्थान २१:१७।

अशुद्ध पार्छ। तर मानिसको भित्रबाट बाहिर आउने कुराहरूले नै मानिसलाई अशुद्ध पार्न सक्छन्।" [१६]*

[१७]त्यसपछि येशूले भीड़लाई छाड़नु भयो अनि घर जानुभयो। चेलाहरूले उहाँलाई त्यो दृष्टान्त बारेमा सोधे। [१८]येशूले भन्नुभयो, "के तिमीहरूलाई अझै पनि यो बुझ्न गाह्रो परिरहेछ? के तिमीहरू जान्दैनौ कि कुनै व्यक्तिमा जे पनि बाहिरबाट पस्छ त्यसले उसलाई अशुध्द पार्न सक्तैन? [१९]किनभने खाना मुटुभित्र जाँदैन तर भूँडीमा जान्छ अनि तब यो शरीरबाट बाहिर नालीमा आउँछ।" (जब येशूले यसो भन्नुभयो उहाँले यस कुरालाई स्पष्ट पार्नु भयो कि सबै खाद्यपदार्थ सफा हुन्छन्।)

[२०]फेरि येशूले भन्नुभयो, "जे कुराहरू मानिस बाहिर निस्कन्छ त्यसैले उसलाई अशुद्ध तुल्याउँछ। [२१]सबै अशुद्ध कुराहरू मानिसका भित्रबाटै आउँछ ती मानिसको हृदयबाट निस्कछ ती खराब बिचार, व्यभिचार पापहरू, चोरी, हत्या, [२२]कुदृष्टि, स्वार्थीपन, निन्दा, धोका, अश्लीलता, इर्ष्या, अभद्रता,अहंकार, पापाचार, घमण्ड अनि मूर्खता हुन्। [२३]यी सबै नराम्रा कुराहरू मानिसका भित्रबाटै निस्कन्छन अनि अशुद्ध तुल्याउँछ।"

## येशूद्वारा अयहूदी आईमाईलाई मद्दत

*(मत्ती १५:२१-२८)*

[२४]येशूले त्यो ठाउँ छाड़नुभयो अनि टायरको जिल्लातिर जानुभयो। येशू त्यहाँको एउटा घरमा जानुभयो, उहाँ त्यहीँ नै भएको कुरा मानिसहरूले थाहा नपाओस् भन्ने चाहनुहुन्थ्यो। त्यहाँ उहाँको उपस्थितिलाई गुप्त राख्न सम्भव थिएन। [२५]एउटी आईमाईले येशू त्यहीँ हुनुहुन्छ भन्ने थाहा पाई। त्यसको छोरीलाई दुष्टात्मा लागेको थियो। यसकारण त्यो आईमाई येशूकहाँ आएकी थिई अनि उहाँका चरणमा परी। [२६]त्यो आईमाई यहूदी थिइनन्। त्यो सिरियाको फोनिकेमा भन्ने ठाउँमा जन्मेकी ग्रीक थिई। त्यसले आफ्नो छोरीमा लागेको दुष्टात्मालाई भगाउन उहाँलाई बिन्ती गरी।

[२७]येशूले त्यस आईमाईलाई भन्नुभयो, "केटाकेटीहरूले खाने रोटी लिएर कुकुरहरूतिर फ्याँक्नु उचित होइन। पहिले केटा-केटीहरूले जे जति खान्छन् खाऊन्।"

[२८]आईमाईले भनी, "प्रभु, त्यो साँचो हो। तर टेबल मुनिका कुकुरहरूले पनि केटाकेटीले छोड़ेका खानेकुराहरू खान्छन्।"

[२९]तब येशूले त्यस आईमाईलाई भन्नुभयो, "यो खूबै राम्रो जवाफ हो। यसर्थ तिमी जानसक्छौ। तिम्रो छोरीलाई दुष्टात्माले छोड़िसकेको छ।"

[३०]त्यो आईमाई घर गई अनि छोरीलाई ओछ्यानमा पल्टिरहेकी देखी। दुष्टात्मा गई सकेको थियो।

## बैहो मानिस येशूद्वारा निको भएको

[३१]त्यसपछि येशूले टायरको इलाकाहरू छोड़नुभयो अनि सिडोन भएर डेका पोलिस* इलाका हुँदै गालीली झीलतिर जानुभयो। [३२]जब उहाँ त्यस ठाउँमा पुग्नुभयो, केही मानिसहरूले उहाँकहाँ एकजना मानिसलाई लिएर आए। त्यो मानिस बैहो र लाटो थियो। ती मानिसहरूले उहाँलाई त्यो मानिसमा उहाँको हात राखेर निको परिदिनुहोस् भनी बिन्ती गरे।

[३३]येशूले त्यस मानिसलाई भीडबाट उहाँसंगै अलग लानुभयो। उहाँले आफ्नो हातका औंलाहरू त्यो मानिसको कानहरूमा राख्नुभयो। त्यसपछि थुक्नुभयो अनि त्यो मानिसको जिब्रो छुनुभयो। [३४]येशूले आकाशमा हेर्नुभयो अनि उहाँले लामो निःश्वास लिनु भयो। उहाँले त्यस मानिसलाई भन्नुभयो, "इफ्फाता!" (यसको अर्थ "खोलिजा") [३५]जब येशूले त्यसो गर्नुभयो, त्यस मानिसको कान खोलियो अनि जिब्रो खकुलो भयो। अनि उ आफ्नो जिब्रो उ सुन्न सक्ने र स्पष्ट बोल्ने भयो।

[३६]येशूले यी सबै भएका घटना बारे कसैलाई नभन्नु भनेर तिनीहरूलाई कड़ा आज्ञा गर्नुभयो। उहाँले सँधै नै मानिसहरूलाई आफ्नो बारेमा केही नभन्नु भनेर आज्ञा गर्नु भएको छ। तर जति उहाँले मानिसहरूलाई उहाँको बिषयमा कसैलाई नभन्नु भन्नु भयो त्यति नै मानिसहरूले भने। [३७]मानिसहरू साँच्चै चकित भए। तिनीहरूले भने, "येशूले जे पनि गर्नु भएको छ उचित गर्नुभएको छ। येशूले बैहोलाई पनि सुनसक्ने अनि लाटोलाई पनि बोल्न सक्ने बनाउनु हुन्छ।"

---

**पद १६** ग्रीक लिपिहरूमा पद १६ मा पाइन्छ: "तिमीहरू जसले मलाई सुनिरहेकाछौ, सुन।"

**डेका पोलिस** दस शहर, गालीली झीलको पूर्वपट्टिको एकसमयको दसवटा प्रमुख शहरहरू।

## येशूद्वारा चार हजार भन्दा अधिक मानिसलाई भोजन

*(मत्ती १५:३२-३९)*

८ अर्को एक समय येशूको साथमा धेरै मानिसहरू थिए। मानिसहरूसँग खानेकुरा केही थिएन। अनि उहाँले आफ्ना चेलाहरूलाई बोलाउनु भयो। २येशूले भन्नुभयो, "यी मानिसहरू प्रति मलाई अति दया लाग्छ। तीनदिनदेखि तिनीहरू मसँग छन्। अनि अहिलेसम्म तिनीहरूसँग खानेकुरा केही छैन। ३म तिनीहरूलाई भोकै तिनीहरूको घर पठाउन सक्तिंन किनभने, तिनीहरू बाटामा नै बेहोश हुनेछन्। कतिजना त यहाँदेखि धेरै टाढ़ामा बस्ने गर्छन्।"

४येशूका चेलाहरूले भने, "तर हामी कुनै पनि शहरभन्दा टाढ़ामा छौं। यति धेरै मानिसहरूका लागि त्यत्ति धेरै रोटीहरू कहाँ पाइएला?"

५तब येशूले तिनीहरूलाई सोध्नु भयो, "तिमीहरूसँग कतिवटा रोटीहरू छन्?"

चेलाहरूले जवाफ दिए, "हामीहरूसँग सातवटा रोटीहरू छन्।"

६येशूले तिनीहरू सबैलाई भूइँमा बस्ने निर्देशन दिनुभयो। उहाँले सातवटा रोटीहरू लिएर परमेश्वरलाई धन्यवाद चढ़ाउनुभयो, अनि रोटीहरू टुक्रा पार्नु भयो अनि चेलाहरूलाई ती रोटीहरू मानिसहरूलाई बाँढ्न दिनु भयो चेलाहरूले त्यसै गरे। ७चेलाहरूसँग केही माछाहरू पनि थिए। येशूले तिनीहरूका लागि परमेश्वरलाई धन्यवाद चढ़ाउनुभयो अनि चेलाहरूलाई ती मानिसहरूमा बाँढ्नु भन्नु भयो। ८सबै मानिसहरूले खाए अनि तृप्त भए। तब उब्रिएका रोटीका टुक्राहरूद्वारा चेलाहरूले सात टोकरी भरे। ९प्राय: त्यहाँ भएका चार हजार मानिसहरूले खाना खाए। तिनीहरूले खाइसके पछि, येशूले तिनीहरूलाई घरमा जानु भन्नुभयो। १०त्यसपछि उहाँ आफ्ना चेलाहरूसँग दलमनुथाको जिल्लातिर डुङ्गामा चढ़ेर जानुभयो।

## फरिसीहरूले येशूको परीक्षा लिने प्रयास गरे

*(मत्ती १६:१-४)*

११फरिसीहरू येशूकहाँ आए अनि उहाँलाई केही प्रश्नहरू सोधे। तिनीहरूले येशूको जाँच लिन चाहन्थे। तिनीहरूले येशू परमेश्वरबाट आउनु भएको हो भनी प्रमाणको निम्ति उहाँलाई चमत्कार गर्नुभने। १२येशूले गहिरो नि:श्वास लिनु भयो अनि भन्नुभयो, "तिमीहरूले किन प्रमाणको रूपमा चमत्कार हेर्न चाहेको? म तिमीहरूलाई साँचो भन्दछु। कुनै यस्तो चमत्कार प्रमाणको रूपमा तिमीहरूलाई देखाइने छैन।" १३तब येशूले तिनीहरूलाई छोड्नुभयो र डुङ्गामा चढ़नु भयो अनि झीलको अर्को तिर जानुभयो।

## येशूद्वारा यहूदी प्रमुखहरूलाई चेतावनी

*(मत्ती १६:५-१२)*

१४डुङ्गामा भएको बेला चेलाहरूसँग खालि एउटा रोटी थियो। तिनीहरूले आफूसित धेरै रोटीहरू लैजान बिर्सेका थिए।

१५येशूले तिनीहरूलाई सतर्क गराउनु भयो, "होशियार बस! फरिसीहरूको खमीर र हेरोदको खमीरबाट आफूलाई रक्षा गर।"

१६चेलाहरूले यसकुराको अर्थ बारे चर्चा गरे। तिनीहरूले भने, "उहाँले यसो भनेको कारण हामीसँग रोटी छैन भन्नु भएको हो।"

१७चेलाहरूले रोटीकै बारेमा कुरा गरिरहेको हो भन्ने येशूले थाहा पाउनु भयो। अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "रोटी छैन भन्ने बारेमा तिमीहरू किन बात गरिरहेछौ? अझसम्म तिमीहरूले नदेखेको अनि नबुझेको? तिमीहरू बुझ्नसक्तैनौ? १८के तिमीहरूको आँखाहरूले देख्न सक्तैन? के तिमीहरूको कानहरूले सुन्न सक्तैन? के तिमीहरूलाई थाहा छैन कि हामीसित प्रशस्त रोटी नहुँदा मैले के गरे! १९मैले पाँचवटा रोटीलाई पाँचहजार जना मानिसहरूको माझमा बाँड़िको थिएँ तिमीहरूलाई थाहा छैन? कतिवटा टोकरी भरी थाहा छैन? उब्रेका खानाहरू बटुल्यौ?"

चेलाहरूले उत्तर दिए, "हामीले बाह्र टोकरी खाना बटुल्यौं।"

२०"अनि त्यो पनि सम्झ कि मैले सात वटा रोटीलाई चारहजार जना मानिसहरूमाझ बाँड़िको थिएँ। कतिवटा टोकरीहरूमा उब्रेका खानाहरू बटुलेका थियौ त्यो तिमीहरूलाई थाहा छ?"

चेलाहरूले उत्तर दिए, "हामीले सात टोकरीहरू बटुल्यौ।"

२१फेरि येशूले तिनीहरूलाई भन्नुभयो, "यसकारण मैले गरेका ती कुराहरू सम्झनु। तर अझै तिमीहरूले बुझ्न सकेका छैनौ?"

## बेथसेदामा अन्धो मानिस निको भएको

[२२]येशू र उहाँको चेलाहरू बेथसेदामा आउनु भयो।
कोही मानिसहरूले एक अन्धा मानिसलाई येशू कहाँ
ल्याए र त्यसलाई छोइदिनुहोस् भनेर बिन्ति गरे। [२३]अनि
येशूले अन्धो मानिसको हात समातेर उसलाई गाउँ
बाहिर लैजानु भयो। त्यस मानिसका आँखाहरूमा थुक्नु
भयो अनि आफ्ना हातहरू त्यसमथि राख्नु भयो, अनि
अन्धालाई सोध्नुभयो, "तिमीले देख्न सक्छौ अहिले?"
[२४]अनि उसले माथि हेरे अनि भने, "म मानिसहरूलाई
रूखहरूजस्तै, हिँड्रिरहेका देख्छु।"
[२५]फेरि येशूले आफ्नोहात त्यसको आँखा माथि
राख्नुभयो, तब त्यो मान्छेले आफ्नो आखाँ पूरा खोल्यो।
उसले आफ्नो दृष्टि फेरि प्राप्त गर्‍यो अनि उसले सबै
कुरा स्पष्ट देख्यो। [२६]येशूले त्यसलाई घर जाऊ भनेर
पठाउनु भयो अनि भन्नुभयो "शहरमा नजाउ।"

## पत्रुस अनुसार येशू नै ख्रीष्ट हुन्

*(मत्ती १६:१३-२०; लूका ९:१८-२१)*

[२७]येशू र चेलाहरू सिजरिया फिलिप्पीका गाउँहरूमा
जानुभयो। बाटोमा जाँदै गर्दा, येशूले आफ्ना चेलाहरूलाई
सोध्नुभयो, "मानिसहरूले म को हुँ भनी भन्दछन्?"
[२८]चेलाहरूले उत्तर दिए, "कति मानिसहरूले तपाईंलाई
बप्तिस्मा दिने यूहन्ना हुन् भन्छन्। कति मानिसहरूले
तपाईंलाई एलिया* भन्दछन्। अनि अरू-कसैले तपाईंलाई
अगमवक्ताहरूमा एक हुन् भन्दछन्।"
[२९]त्यसपछि येशूले तिनीहरूलाई सोधे, "तिमीहरू म
को हुँ भनी भन्दछौ?"
पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ।"
[३०]येशूले चेलाहरूलाई कड़ासित भन्नुभयो, "कसैलाई
म को हुँ भनेर नभन्नू।"

## येशू भन्नुहुन्छ उहाँ मर्नु पर्छ

*(मत्ती १६:२१-२८; लूका ९:२२-२७)*

[३१]त्यसपछि उहाँले चेलाहरूलाई सिकाउन शुरू गरे
कि मानिसको पुत्रले धेरै कष्टहरूको सामना गर्नुपर्छ।
येशूले तिनीहरूलाई सिकाउनु भयो कि बृद्ध यहूदी
प्रमुखहरू, मुख्य पूजारीहरू तथा शास्त्रीहरूले मानिसको
पुत्रलाई अस्वीकार गर्नेछन्। उहाँले तिनीहरूलाई सिकाउनु
भयो कि मानिसको पुत्रलाई* मारिनु पर्छ अनि मरेको
तीन दिनपछि बौरी उठ्नेछन्। [३२]येशूले पछि घट्ने
प्रत्येक घटनाहरूको बारेमा तिनीहरूलाई भन्नुभयो। उहाँले
कुनै कुरालाई गुप्ति राख्नु भएन। पत्रुसले येशूलाई
अलग्ग लगे अनि येशूले भनेका कुराहरूको आलोचना
गरे। [३३]तर येशू फनक्क फर्के अनि चेलाहरूलाई हेर्नु
भयो। अनि उहाँले पत्रुसलाई हकार्नुभयो। अनि उहाँले
पत्रुसलाई भन्नुभयो, "शैतान! म देखि टाढ़ो बस्!
परमेश्‍वरले सोच्नु भए जस्तो तिमीले सोच्दैनौ। तिमीले
मानिसहरूले जस्तै सोच्छौ।"
[३४]तब येशूले मानिसहरूलाई आफूकहाँ बोलाउनुभयो।
उहाँका चेलाहरू पनि त्यहीं थिए। अनि उहाँले भन्नुभयो,
"यदि कसैले मलाई अनुशरण गर्नचाहन्छ भने, त्यसले
स्वयंलाई 'अस्वीकार' गरोस् उसले उसलाई दिइएका
क्रूस (कष्टहरू)-लाई ग्रहण गर्नुपर्छ, अनि मलाई पछ्याउनु
पर्दछ। [३५]जसले आफ्नो प्राण बँचाउन चाहन्छ उसले त्यो
गुमाउनु पर्नेछ। अनि जसले ममाथि र सुसमाचारको
लागि उसको जीवन गुमाउने गर्दछ उसले मात्र आफ्नो
जीवनलाई बचाउँन सक्नेछ। [३६]किनभने मानिसले सारा
संसार हात पारेर पनि आफ्नो आत्मा गुमायो भने
त्यसलाई के फाइदा भयो? [३७]किनभने आफ्नो आत्मा
फिर्ता पाउनको निम्ति मानिसले केही पनि तिर्न सक्तैन।
[३८]अहिले जो बाँचिरहेका छन् तिनीहरू अत्यन्त पापमय
अनि नराम्रो समयमा बाँचिरहेका छन्। यदि कोही म र
मेरो वचनदेखि शर्माउँछ भने म पनि ती मानिससँग
शर्माउँछु। म त्यत्तिबेला लज्जित हुन्छु जब पिताको पूर्ण
महिमामा र पवित्र दूतहरूसँग आउनेछु।"

**९** त्यसपछि येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो
भन्दछु। यहाँ उभिरहेका मध्ये केही मानिसहरूले
तिनीहरूले मर्नभन्दा अघिबाटै परमेश्‍वरको राज्य आएको
देख्नेछन्। परमेश्‍वरको राज्य शक्ति लिएर आउनेछ।"

## येशू मोशा र एलियासँग

*(मत्ती १७:१-१३; लूका ९:२८-३६)*

[२]छ दिनपछि येशू, पत्रुस, याकूब र यूहन्नालाई लिएर
अग्लो डाँड़ामा जानुभयो। त्यहाँ तिनीहरू मात्र थिए। जब

---

**एलिया** ख्री. पूर्व ८५० बर्ष अघि परमेश्‍वरको बारेमा बोल्ने व्यक्ति।

**मानिसको पुत्र** येशूले स्वयंलाई 'मानिसको पुत्र' भनेर पनि चलाउनु सम्बोधन गर्नु हुन्छ। दानिएल ७:१३-१४ यो नाउँ मसीहलाई पनि सम्बोधन गरेको थियो।

ती चेलाहरूले उहाँलाई हेरिरहेका थिए, त्यहाँ येशूको
रूप नै बद्‌लियो। ३येशूको लुगाफाटा उज्यालो अनि
चम्किलो भयो। लुगाफाटा यतिसम्म उज्यालो र सेतो
भए कि पृथ्वीको कुनैपनि सेतो पार्नेले त्यति सेतो पार्न
सक्तैन। ४जब तिनीहरूले हेरिरहेका थिए दुइजना मानिसहरू
हाजिर भए अनि तिनीहरू येशूसित बात गरिरहेका थिए।
ती मोशा र एलिया थिए।

५पत्रुसले येशूलाई भने, "गुरूज्यू, हामीलाई यसबेला
यहाँ भएको असल छ। हामी यहाँ तपाईंकोलागि,
मोशाकोलागि र एलियाको लागि डेरा बनाउँछौं।" ६के
भन्नु पर्नेहो सो पत्रुसलाई थाहा भएन किनभने उ आफै
र अरू दुइजना चेलाहरू डराएका थिए।

७त्यसपछि बादल आएर उनीहरूलाई ढाक्यो। बादलबाट
एउटा आवाज आयो अनि भन्यो, "यो मेरो प्यारो पुत्र
हो अनि म उसलाई माया गर्छु। उसले भनेको पालन
गर!"

८अचानक जव पत्रुस, याकूब र यूहन्नाले वरिपरि
हेरे तिनीहरूले त्यहाँ कसैलाई पनि देखेनन्। येशू मात्र
उनीहरू सित थिए।

९येशू अनि चेलाहरू डाँड़ाबाट ओर्लंदै हुनुहुन्थ्यो,
उहाँले चेलाहरूलाई आज्ञा गर्नुभयो, "डाँड़ामा देखेका
कुराहरूलाई तिमीहरूले कसैलाई नभन्नू। मानिसको पुत्र
मृत्युबाट बौरी नउठेसम्म पर्खने गर। त्यसपछि तिमीहरूले
यहाँ जे देख्यौ ती मानिसहरूलाई भन्न सक्छौ।"

१०तब चेलाहरूले येशूको कुरा माने अनि तिनीहरूले
देखेका कुराहरू नभन्ने भए। तर तिनीहरूले येशूले भन्नु
भएको "मृत्यु देखि बौरनु" भन्ने कुराको अर्थको
विषयमा तिनीहरू स्वयं माझ बहस गर्दै थिए। ११तब
तिनीहरूले उहाँलाई सोधे, "किन शास्त्रीहरूले पहिला
एलिया आउनुपर्छ भनेका होलान्?"

१२येशूले उत्तर दिनुभयो, "यो सत्य हो कि एलिया
पहिले आउँनेछन्। एलिया आउँनेछ अनि सबै कुरा जस्तो
हुनुपर्छ त्यस्तै व्यवस्था गर्नेछ। तर धर्मशास्त्रमा यो किन
लेखिएको छ कि मानिसको पुत्रले धेरै कष्ट भोग्नु
पर्नेछ अनि मानिसहरूले उ प्रति किन खुबै नराम्रो
व्यवहार गर्नेछन्? १३तर म तिमीहरूलाई भन्दछु, एलिया
पहिल्यै नै आइसकेका छन्। अनि मानिसहरूले तिनीहरूले
चाहे जति उनी प्रति गरे। धर्मशास्त्रमा उसमाथि यस्तै
घटनाहरू हुनेछ भनेर लेखिएको छ।"

## येशूद्वारा रोगी केटो निको भएको

*(मत्ती १७:१४-२०; लूका ९:३७-४३)*

१४त्यसपछि येशू, पत्रुस, याकूब अनि यूहन्ना अरू
चेलाहरू सित सामेल भए। उनीहरूले धेरै मानिसहरू
आफ्ना वरिपरि देखे। चेलाहरूसँग शास्त्रीहरूको बहस
चलिरहेको थियो। १५जब मानिसहरूले येशूलाई देखे,
तिनीहरू अत्यन्त छक्क परे। उहाँको स्वागत गर्न तिनीहरू
दौड़िए।

१६येशूले प्रश्नगर्नु भयो, "शास्त्रीहरूसँग तिमीहरू के
को बारेमा बहस गरिरहेका थियौ?"

१७भीड़बाट एकजना मानिसले जवाफ दियो, "हे
गुरूज्यू, मैले तपाईंकहाँ मेरो छोरो ल्याएको छु। मेरो
छोरालाई दुष्टात्मा लागेको छ। त्यो दुष्टात्माले मेरो
छोरोलाई बोल्नमा नै वाधा दिइरहेको छ। १८त्यो दुष्टात्माले
मेरो छोरोलाई आक्रमण गर्छ अनि भूँइमा बजार्छ। मेरो
छोरोले मुखबाट फीँज निकाल्छ दाह्रा किट्छ अनि कड़ा
हुन्छ। मैले तपाईंको चेलाहरूलाई मेरो छोराबाट त्यस
दुष्टात्मालाई हटाइ दिउन् भनी बिन्ती गरें, तर तिनीहरूले
सकेनन्।"

१९येशूले उत्तर दिनुभयो, "तिमीहरूले विश्वास नै
गर्दैनौ। तब कतिबेर म तिमीहरूसँग बस्नसक्छु। तिमीहरूसँग
कतिबेर धैर्य लिएर म बस्नसक्छु? त्यो ठिटोलाई मकहाँ
ल्याओ।"

२०त्यसपछि चेलाहरूले त्यो ठिटोलाई येशूकहाँ ल्याए।
जब दुष्ट आत्माले येशूलाई देख्यो, त्यसैबेला त्यसले
ठीटोलाई आक्रमण गऱ्यो। ठिटो भूइँमा लड़्यो अनि
छटपटाउन लाग्यो। त्यसले मुखबाट फीँजहरू निकालिरहेको
थियो।

२१येशूले त्यस ठिटोको बाबुलाई सोध्नु भयो, "कहिले
देखि यो ठिटो यी सबबाट पिड़ित छ?".

बाबुले जवाब दिए, "बाल्यकाल देखि नै। २२दुष्टात्माले
घरि-घरि त्यसलाई आगोमा अनि पानीमा पछारेर मार्न
खोज्छ। यदि तपाईंले त्यसका निम्ति केही गर्नुसक्नु हुन्छ
भने कृपया हामीमाथि, दया गरी मदत गर्नुहोस।"

२३येशूले ठिटोको बाबुलाई भन्नुभयो, "'तिमीले भन्यौ,'
यदि तपाईंले सक्नुहुन्छ भने? यदि कसैले विश्वास गऱ्यो
भने हरेककुरा सम्भव हुन्छ।"

२४त्यस ठिटोको बाबु चाँहि यो सुनेर खूबै उत्तेजित
भयो। त्यसले भन्यो, "म विश्वास गर्छु। मेरो विश्वास
अझ बढ़ाउनमा मलाई मदत गर्नुहोस्।"

[२५]येशूले देख्नुभयो कि धेरै मानिसहरू त्यहाँ के
भइरहेको होला भनेर हेर्नलाई आइरहेका थिए। तब
उहाँले दुष्टात्मालाई हकार्दै भन्नुभयो, "तँ दुष्टात्माले यी
केटोलाई बहिरो अनि लाटो तुल्याएको छस्। म तँलाई
आज्ञा गर्दछु कि त्यो ठिटोबाट बाहिर निक्लिहाल अनि
अब कहिले पनि भित्र नपस्।"

[२६]त्यो दुष्टात्मा करायो। ठिटोलाई तल भूइँमा पछार्‍यो।
अनि त्यो उसको शरीरबाट बाहिर निस्कियो। ठिटोलाई
मरेको जस्तै देखियो। मानिसहरूले भने, "त्यो त मर्‍यो।"
[२७]तर येशूले ठिटोको हात समात्नु भयो अनि त्यसलाई
उठ्नलाई मदत गर्नुभयो।

[२८]त्यसपछि येशू घरतर्फ लाग्नुभयो। उहाँका चेलाहरू
मात्र उहाँसँग थिए। तिनीहरूले भने, "हामीले त्यो
दुष्टात्मालाई बाहिर निकाल्न नै सकेनौ, किन होला?"

[२९]येशूले भन्नुभयो, "त्यस प्रकारको आत्मालाई खालि
प्रार्थना गरेर मात्र बाहिर निकाल्न सकिन्छ।"

### येशूले आफ्नो मृत्यु बारे भन्नुभयो

*(मत्ती १७:२२-२३; लूका ९:४३-४५)*

[३०]त्यसपछि येशू अनि उहाँका चेलाहरूले त्यस
ठाउँलाई छोड्नुभयो। तिनीहरू गालीली भएर गए। तर
येशूले उनीहरू कहाँ छन् भनेर मानिसहरूले पत्तो
नपाओस् भन्ने चाहेका थिए। [३१]येशूले उनको चेलाहरूलाई
मात्र सिकाउन चाहनुहुन्थ्यो। उहाँले तिनीहरूलाई भन्नुभयो,
"मानिसको पुत्रलाई मार्न मानिसहरूका हातमा सुम्पिदिनेछन्।
तीन दिनपछि म मृत्युबाट बौरी उठ्नेछु।" [३२]तर चेलाहरूले
केही बुझेनन् कि येशूले के भन्नुभएको हो। अनि
उहाँले के भन्नुभएको हो भनेर सोध्न डराए।

### येशू भन्दछन को महान हो

*(मत्ती १८:१-५; लूका ९:४६-४८)*

[३३]येशू र आफ्ना चेलाहरू कफर्नहुम जानुभयो। जब
उनीहरू एउटा घरमा थिए। अनि उहाँले आफ्ना चेलाहरूलाई
सोध्नुभयो, "यात्रा गर्दै गर्दा तिमीहरूले के बहस गर्दै
थियौ?" [३४]तर चेलाहरूले जवाफ दिएनन्, किनभने
तिनीहरूले बाटोमा कुरा गर्दै आउँदा उनीहरूको माझमा
सबभन्दा महान को होला भन्ने कुराको चर्चा भएको
थियो।

[३५]येशू बस्नुभयो अनि बाह्रजना चेलाहरूलाई आफूकहाँ
बोलाउनुभयो। उहाँले भन्नुभयो, "यदि कसैले आफूलाई
पहिलो बनाउन चहान्छ भने, उसले आफूलाई अरू
मानिसहरूलाई भन्दा अन्तिम व्यक्ति बनाउनु पर्छ अनि
अरू सबैको सेवा गर्नुपर्छ।"

[३६]त्यसपछि येशूले एउटा सानो बालकलाई लिएर
आउनु भयो। उहाँले त्यस बालकलाई चेलाहरू अघि
उभ्याउनु भयो। उहाँले बालकलाई आफ्नो बाहुमा लिनुभयो
अनि भन्नुभयो, [३७]"यदि कसैले मेरो नाममा यस्तो
बालकहरूलाई ग्रहण गर्छ भने, त्यसो त त्यस मानिसले
मलाई पनि ग्रहण गरेको बराबर हुन्छ। यदि कसैले
मलाई स्वीकार गर्छ भने त्यसले, जसले मलाई पठाउनु
भयो उसलाई पनि स्वीकारेको हुनेछ।"

### जो तिमीहरूको विरुद्धमा छैन, त्यो तिमीहरूपट्टि छ

*(लूका ९:४९-५०)*

[३८]यसकारण यूहन्नाले भने, "गुरूज्यू, हामीले एकजना
मानिसलाई तपाईंका नाम लिएर अर्को मानिसमा भएको
दुष्टात्माहरू भगाउँदै गरेको भेट्यौ। त्यो हामीमध्ये कोही
पनि होइन। त्यसैले, त्यसलाई हामीले रोक्यौं, किनभने
त्यो हाम्रो दलको मानिस थिएन।"

[३९]येशूले भन्नुभयो, "त्यसलाई नरोक। यदि मेरो
नाममा कसैले शक्तिपूर्ण कामहरू गर्छ भने उसले मेरो
बारेमा खराब कुरा गरेको हुँदैन। [४०]यदि कोही व्यक्ति
हाम्रो विरुद्धमा छैन भने उ हामीसित छ। [४१]म
तिमीहरूलाई साँचो भन्दछु। तिमीलाई ख्रीष्टको मानिस
मानेर यदि कसैले एक प्याला पानी दिई सहायता गर्छ
भने, उसले आफ्नो इनाम कहिल्यै गुमाउने छैन्।

### येशूले पापको बारेमा चेतावनी

*(मत्ती १८:६-९; लूका १७:१-२)*

[४२]"यदि यी मध्ये कुनै एउटा सानो बालकले ममा
विश्वास गर्दछ अनि अर्कोले त्यसलाई पाप गर्न लाउँछ
भने उसको लागि यो राम्रो हुनेछ कि आफ्नो घाँटीमा
जाँतो बाँधेर समुद्रमा हाम फालोस। [४३]यदि तिमीहरूको
हातले तिमीहरूलाई पाप गर्न लाउँछ भने, त्यसलाई
काटिदिनु पर्छ। तिम्रो निम्ति शरीरको एक अङ्ग न भए
पनि असल जीवनमा प्रवेश गर्नु दुइ हात भएर पनि
नरकमा जानु भन्दा उत्तम हो। जहाँ बलेको आगो
कहिल्यै निभ्दैन। [४४]* [४५]यदि तिम्रो खुट्टाले तिमीलाई

**पद ४४** ग्रीक प्रलिलिपि मर्कूस ४८ मा जस्तै लेखिएको छ।

पाप गर्नु लाउँछ भने त्यसलाई काटिदेऊ। तिम्रो शरीरको एक अँग बिना परमेश्वरको राज्यमा प्रवेश गर्नु दुवै खुट्टा भएर नरकमा जानु भन्दा उत्तम हो। ४६* ४७यदि तिम्रो आँखाले तिमीलाई पाप गराउँछ भने त्यसलाई निकाल। तिम्रा निम्ति एउटा आँखा लिएर परमेश्वरको राज्यमा प्रवेश गर्नु दुइवटा आखाँ भएर नरकमा फ्याँकिइनु भन्दा उत्तम हो। ४८नरकमा जसलाई कीरा लाग्दछ त्यो कहिल्यै मर्दैन। नरकमा, आगो पनि कहिल्यै निभ्दैन। ४९प्रत्येक आगोले दण्डित हुनेछ।

५०"नून राम्रो हुन्छ। यदि नूनले नूनको स्वाद नै हराएको छ भने त्यसलाई फेरि नुनिलो बनाउन सकिँदैन। यसैले असल बन। अनि एका-अर्कामा शान्ति कायम गर।"

### येशूद्धारा छुटानाम बारे शिक्षा

*(मत्ती १९:१-१२)*

**१०** त्यसपछि येशूले त्यो ठाउँ छाड्नुभयो। उहाँ यहूदियाको र इलाका औ यर्दन नदीको पारिपट्टि जानुभयो। फेरि अनेकौं मानिसहरू उहाँ भएकहाँ आए। अनि उहाँले अघिझैं मानिसहरूलाई सिकाउनुभयो।

२केही फरिसीहरू येशूकहाँ आए। तिनीहरूले येशूलाई परीक्षा लिने कोशिश गरे। तिनीहरूले उहाँलाई भने, "के कुनै मानिसले आफ्नो स्वास्नीसँग छुटानाम गर्नु उचित हो?"

३येशूले उत्तर दिनुभयो, "मोशाले तिमीहरूलाई कस्तो आज्ञा पालन गर्नु भन्नुभएको छ?"

४फरिसीहरूले भने, "मोशाले अनुमति दिए कि मानिसले एउटा छुटानाम पत्र लेखेर आफ्नो स्वास्नीसँग छुटानाम गर्न सक्छ।"

५येशूले भन्नुभयो, "मोशाले त्यो आज्ञा तिमीहरूलाई नै लेखिदिएको हो। किनभने परमेश्वरको शिक्षा ग्रहण गर्न तिमीहरूले चाहेका छैनौ। ६तर जब परमेश्वरले संसार बनाउनु भयो, 'उहाँले मानिसहरूलाई पुरूष र स्त्रीको रूपमा बनाउनु भयो।'* ७'त्यसकारण कुनै मानिस आफ्नो बाबु र आमा त्याग्छ र आफ्ना स्वास्नीसँग बस्छ। ८अनि तब ती दुइजना मानिस एक हुन्छन्।'* ९यसकारण मानिसहरू अलग हुँदैन जसलाई परमेश्वरले एक बनाएका छन्। तिनी दुइजना रहँदैनन्, एक हुन्छन्।"

१०त्यसपछि, येशू र चेलाहरू घरभित्र थिए। चेलाहरूले येशूलाई फेरि छुटानाम बारे सोधे। ११उहाँले भन्नुभयो, "यदि कुनै व्यक्तिले आफ्नो पत्नीदेखि छुटानाम गर्छ अनि अर्को स्त्रीसँग विवाह गर्छ भने त्यसले आफ्नो स्वास्नीसँग व्यभिचारको पाप गरेको ठहरिन्छ। १२त्यसरी यदि कुनै स्त्रीले आफ्नो लोग्ने सँग छुटानाम गर्छे अनि अर्को लोग्नेसँग विवाह गर्छे भने त्यो पनि व्यभिचार हो।"

### येशूद्धारा बालकहरूलाई ग्रहण

*(मत्ती १९:१३-१५; लूका १८:१५-१७)*

१३मानिसहरूले तिनीहरूको बालकहरूलाई येशू समक्ष ल्याए ताकि उहाँले तिनीहरूलाई छुनु हुनेछ। तर चेलाहरूले मानिसहरूलाई बालकहरू लिएर आएकोमा हकारे। १४त्यहाँ जे घटना घट्यो येशूले देख्नुभयो। उहाँले बालकहरूलाई उहाँकहाँ नआउनु भनेर रोकेकोमा क्रोध प्रकट गर्नुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, "साना बालकहरूलाई मकहाँ आउन देऊ। तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य तिनीहरूको नै हो जो यी बालकहरू जस्तै छन्। १५म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूले परमेश्वरको राज्यलाई ग्रहण गर्नै पर्दछ, जसरी सानो बालकले दिइएको कुरा स्वीकार्दछ, नत्र भने तिमीहरू कहिल्यै त्यहाँ पस्न पाउने छैनौ।" १६त्यसपछि येशूले त्यस बालकलाई आफ्नो बाहुमा लिनुभयो। उहाँले आफ्नो हातहरू तिनीहरूमाथि राख्नुभयो अनि आशीर्वाद दिनुभयो।

### एकजना धनी मानिस येशूलाई पछ्याउन नचाहेको

*(मत्ती १९:१६-३०; लूका १८:१८-३०)*

१७येशू हिड्न लाग्नु भयो, त्यसैबेला एउटा मानिस दगुर्दै आयो, येशूको अघि घुँडा टेक्यो। त्यस मानिसले उहाँलाई भन्नु भयो, 'असल, गुरूज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नु पर्छ?"

१८येशूले उत्तर दिनुभयो, "तिमीले मलाई किन असल भन्दैछौ? कुनै व्यक्ति असल छैन। खालि परमेश्वर मात्र असल हुनुहुन्छ। १९यसैले म तिम्रो प्रश्नको उत्तर दिँदछु। तिमी आज्ञाहरू ता जान्दछौ: 'तिमीले कसैको हत्या गर्नु हुँदैन, कसैलाई व्यभिचार गर्नु हुँदैन, चोर्नु हुँदैन, झूटो

---

**पद ४६** ग्रीक प्रलिपि मर्कूस ४८ मा जस्तै लेखिएको छ।

**'उहाँले … बनाउनु भयो'** उत्पत्ति १:२७।

**'त्यसकारण … एक हुन्छन्'** उत्पत्ति २:२४।

साक्षी दिनु हुँदैन, अरूलाई ठग्नु हुँदैन। तिमीले आफ्नो बाबु र आमालाई सम्मान गर्नैपर्छ।'*"

[२०]त्यो मानिसले भने, "गुरूज्यू, मैले यी सब आज्ञाहरू मेरो बालकपनदेखि नै पालन गर्दै आएको छु।"

[२१]येशूले त्यस मानिसलाई फर्केर हेर्नुभयो। उहाँले त्यसलाई प्रेम दर्शाउनु भयो अनि भन्नुभयो, "तिमीले पालन गर्नु पर्ने अझै एक अधिक आज्ञा छ। जाऊ अनि आफ्नो सबै चीजहरू बेचिदेऊ। गरीब मानिसहरू माझ त्यो पैसा बाँड़िदेऊ। यसको निम्ति स्वर्गमा तिमीलाई इनाम मिल्नेछ। त्यसपछि मकहाँ आऊ अनि मलाई पछ्याऊ।"

[२२]जब त्यस मानिसले येशूबाट यी सबै कुरा सुने उसको अनुहार अँध्यारो भयो। त्यो मानिस दु:खी बन्यो अनि गयो किनभने त्यो खुबै धनी थियो।

[२३]त्यसपछि येशूले आफ्नो चेलाहरूलाई हेर्नुभयो अनि तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको राज्यमा पस्नलाई एकजना धनी मानिसलाई निकै गाह्रो पर्छ!"

[२४]अनि येशूका कुरामा चेलाहरू अचम्ममा परे। तर येशूले तिनीहरूलाई फेरि भन्नु भयो! "हे मेरो नानीहरू परमेश्वरको राज्यमा पस्नु अति गाह्रो छ। [२५]धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा ऊँटलाई सियोको नाथ्रीबाट छिरेर जानु सजिलो छ।"

[२६]चेलाहरू अति अचम्भित भए अनि एक-अर्कामा चर्चा गर्न लागे, "त्यसो भए को चाँहि पस्नसक्छ?"

[२७]येशूले चेलाहरूलाई हेर्नुभयो अनि भन्नुभयो, "मानिसहरूको निम्ति यी सब असम्भव छ। तर यी सबै परमेश्वरमा असम्भव छैन। किनभने, परमेश्वरको निम्ति यी सबै सम्भव छ।"

[२८]पत्रुसले येशूलाई भने, "हामीले सब त्याग्यौ अनि तपाँइको अनुशरण गर्‍यौ।"

[२९]येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। प्रत्येक मानिस जसले मेरो निम्ति आफ्नो घर, दाजुभाई, दिदी-बहिनी, आमा, बाबु, बालकहरू वा खेत-जमीन छोड़ेर सुसमाचारमा लागेको छ [३०]उसले आफूले त्यागेको भन्दा सयौं गुणा अधिक पाउनेछ। यहाँ यस संसारमा त्यस मानिसले घरहरू दाजुभाइहरू, दिदी-बहिनीहरू, आमाहरू, बालकहरू अनि खेत सबै पाउनेछ। यी सहित उसले यातना पाउने छ। तब आउने वाला संसारमा उसले अनन्त-जीवन पाउनेछ। [३१]अहिले धेरै जो पहिलो छन् भविष्यमा तिनीहरू अन्तमा पर्नेछन्। अनि अहिले धेरै जो अन्तमा छन् तिनीहरू भविष्यमा पहिलो हुने छन्।"

### येशू आफ्नो मृत्यु बारे फेरि चर्चा गर्नुहुन्छ

*(मत्ती २०:१७-१९; लूका १८:३१-३४)*

[३२]येशू र आफूसँग भएका अरु मानिसहरू यरूशलेम गइरहनु भएको थियो। उहाँले मानिसहरूको अगुवाइ गरिरहनु भएको थियो। येशूका चेलाहरू चकित भइरहेका थिए। अनि जो मानिसहरू तिनीहरूका पछि-पछि थिए तिनीहरू भने डराइरहेका थिए। उहाँले बाह्रजना चेलाहरूलाई फेरि भेला गर्नुभयो अनि तिनीहरूलाई भन्न लाग्नु भयो, उहाँलाई के हुनेवाला छ? [३३]येशूले भन्नुभयो, "हामीहरू यरूशलेम जाँदैछौ। मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र शास्त्रीहरूका अघि सुम्पिइने छन्। तिनीहरूले मानिसको पुत्रलाई मृत्यु दण्ड दिनेछन्। तिनीहरूले मानिसको पुत्रलाई अयहूदीहरूलाई सुम्पनेछन्। [३४]तिनीहरूले उहाँलाई थुक्नेछन्, कोर्रालाउने छन् अनि उहाँलाई मार्ने छन्। तर उहाँको मृत्युको तीन दिनपछि, फेरि उहाँ बौरी उठ्नुहुने छ।"

### याकूब र यूहन्ना आफ्नो निम्ति अनुरोध गर्छन्

*(मत्ती २०:२०-२८)*

[३५]त्यसपछि जब्दीका छोराहरू याकूब र यूहन्ना उहाँ कहाँ आए। तिनीहरूले भने, "गुरूज्यू तपाईंले हाम्रो निम्ति हामी जे चाहन्छौ सो गरिदिनुहोस्।"

[३६]येशूले भन्नुभयो, "मैले तिमीहरूलाई के गर्नु पर्ने भनी चाहन्छौ?"

[३७]तिनीहरूले भने, "जब हामी तपाईको महिमामा आउँछौ हामी एक जनालाई तपाईंको दाहिने तिर अनि अर्कोलाई तपाईको देब्रे तिर बस्ने अनुमति दिनुहोस्।"

[३८]येशूले भन्नुभयो, "तिमीहरूले बुझ्दैनौ कि तिमीहरू के मागिरहेका छौ। के मैले भोग्नु पर्ने जस्तै कष्टहरू तिमीहरूले सहन गर्नसक्छौ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?"

[३९]छोरोहरूले जवाफ दिए, "अवश्य, हामी सक्छौं।"

येशूले छोरोहरूलाई भन्नुभयो, "साँच्चैनै तिमीहरूले पनि मैले सहनुपर्ने जस्तै कष्टहरू सहनु मैले लिए जस्तै

---

**'तिमीले कसैको ... सम्मान गर्नैपर्छ'** प्रस्थान २०:१२-१६; व्यवस्था ५:१६-२०।

बप्तिस्मा तिमीहरूले पनि लिनु पर्छ। [४०]तर म मेरो दाहिने वा देब्रेपट्टि कसलाई बसाउनु पर्ने हो त्यो चुन्न सक्तिनँ। यी स्थानहरू अरूका निम्ति हुन्। तिनीहरूकै निम्ति ती ठाउँहरू तयार पारिएका हुन्।"

[४१]अरू दसजना चेलाहरूले यी सबै सुने। तिनीहरू याकूब र यूहन्नासँग रिसाए। [४२]येशूले सबै चेलाहरूलाई उपस्थित हुन बोलाउनु भयो। उहाँले भन्नुभयो, "अयहूदीहरूको पनि आफ्ना मानिसहरू छन् तिनीहरूलाई शासकहरू भनिन्छ। तिमीहरूले जान्दछौ कि तिनीहरूले आफ्ना शक्तिको प्रभाव देखाउँदछन्। अनि तिनीहरूका प्रमुखहरूले आफ्नो सम्पूर्ण शक्तिहरू मानिसहरूमा प्रयोग गर्न मन पराउँछन्। [४३]तर तिमीहरूसँग यस्तै अभ्यास चाँहि हुँदैन। यदि तिमीहरूमध्ये कसैले महान पुरुष हुन चाह्यौ भने तब उ तिम्रो नोकर हुनुपर्छ। [४४]यदि तिमीहरूमध्ये कसैले प्रमुख बन्न चाह्यौ भने उ सबैको कमारो हुनुपर्छ। [४५]त्यसरी नै, मानिसको पुत्र सेवा लिनु होइन तर सेवा गर्नु आएको हो। मानिसको पुत्र उनको आफ्नै जीवन दिन अनि अरू धेरै मानिसलाई बँचाउन आएका हुन्।"

## येशूद्वारा अन्धो मानिस निको

*(मत्ती २०:२९-३४; लूका १८:३५-४३)*

[४६]तब उनीहरू यरीहो शहरमा आइपुगे। तब येशू आफ्ना चेलाहरू र अरु धेरै मानिसहरूसँग त्यो शहर छोड्दै हुनु हुन्थ्यो। एउटा अन्धो मानिस, बारतिमै (तिमैयुसको छोरो) नाम गरेको सड़कको एक छेउमा बसिरहेको थियो। त्यसले सँधै पैसा मागिरहन्थ्यो। [४७]त्यस अन्धो मानिसले नासरतदेखि येशू त्यत्तैतिर आउनु हुँदैछ भन्ने सुन्यो। त्यो चिच्याउन लाग्यो, "येशू, दाऊदका पुत्र, कृपया मलाई मदत गर्नुहोस्।"

[४८]धेरै मानिसहरूले त्यस अन्धो मानिसलाई हकारे अनि चुप लाग्नु भने। निन्दा गरे। तिनीहरूले त्यसलाई केही नबोल्नू हूकुम गरे। तर त्यो अन्धो मानिस झन झन चिच्याइनै रह्यो, "ए दाऊदका पुत्र मलाई मदत गर्नुहोस्।"

[४९]येशू त्यँही रोकिनु भयो अनि भन्नुभयो, "त्यस मानिसलाई मकहाँ आउनु भन।"

अनि तिनीहरूले त्यस अन्धो मानिसलाई बोलाए। तिनीहरूले भने, "खुशी होऊ! उठ! येशूले तिमीलाई बोलाउनु हुँदैछ।" [५०]त्यो अन्धो मानिस जुरुक्क उठयो। उसले आफ्नो वस्त्र त्यहीँ फ्याँक्यो, उफ्र्यो अनि येशूकहाँ गयो।

[५१]येशूले त्यस मानिसलाई भन्नुभयो, "मैले तिम्रो निम्ति के गरेको चाहन्छौ?"

त्यो अन्धो मानिसले जवाफ दियो, "हे गुरूज्यू! म फेरि मेरो दृष्टि चाहन्छु।"

[५२]येशूले भन्नुभयो, "जाऊ, तिमी निको भयौ किनभने तिमीले विश्वास गर्‍यौ।" त्यसपछि त्यस अन्धो मानिसले फेरि दृष्टि प्राप्त गरे। त्यसले येशूलाई नै पछ्यायो।

## राजा झैं येशूको यरूशलेममा प्रवेश

*(मत्ती २१:१-११; लूका १९:२८-४०; यूहन्ना १२:१२-१९)*

**११** येशू अनि उहाँका चेलाहरू यरूशलेम पुग्नै लागेका थिए। जैतून डाँड़ामा भएको बेथानी र बेथानी शहरमा उनीहरू आइपुगे। त्यहाँ येशूले आफ्नो दुइजना चेलाहरूलाई केही गर्न भनी पठाउनु भयो। [२]येशूले चेलाहरूलाई भन्नुभयो, "शहरमा जाऊ अनि त्यहाँ देख्नेछौ। जब त्यहाँ पुग्नेछौ, तिमीहरूले त्यहाँ एउटा गधालाई सांग्लोले बाँधिर राखेको पाउनेछौ। त्यो गधामाथि अहिलेसम्म कोही चढ़ेको छैन। त्यो गधालाई फुकालेर मकहाँ ल्याऊ। [३]यदि कसैले त्यो गधालाई कहाँ लगिरहेको छौ भनेर सोधे त्यसलाई भनिदिनु, 'स्वामीलाई यो आवश्यकता छ। उहाँले त्यसलाई फेरि चाँड़ै फर्काइदिनुहुन्छ।'"

[४]चेलाहरू शहर पुगे। तिनीहरूले त्यहाँ बाहिर गल्लिमा एउटा घरको ढोकाको छेउमा एउटा जवान गधालाई बाँधेर राखेको पाए। चेलाहरूले गधालाई फुकाले। [५]त्यहाँ उभिरहेका केही मानिसहरूले यी सब देखे। तिनीहरूले सोधे, "तिमीहरूले यो के गर्दैछौ? त्यो गधालाई त्यहाँबाट किन फुकालिरहेछौ?" [६]चेलाहरूले येशूले भन्नु भए झैं उत्तर दिए। मानिसहरूले ती चेलाहरूलाई गधा दिन अनुमति दिए। [७]त्यसपछि चेलाहरूले येशूकहाँ गधा पुर्‍याए। तिनीहरूले आफ्ना वस्त्रहरू गधामाथि चढ़ाए अनि येशू त्यसमाथि वस्नु भयो। [८]अनेकौं मानिसहरूले सड़कमा येशूको निम्ति भनेर आफ्ना वस्त्रहरू ओछ्याए। कतिजनाले रुखका हाँगाहरू काटेर सड़कमा ओछ्याए। [९]केही मानिसहरू येशूको अघि-अघि हिंड़दै थिए। केही मानिसहरू उहाँकै पछि-पछि हिंड़दै थिए। सबै मानिसहरू कराउँदै थिए,

"'उहाँको प्रशंसा गर!' 'स्वागत् गर! परमेश्वरले उसलाई आर्शिवाद गरून जो प्रभुको नाउँमा आउनु हुँदैछ!'

*भजनसंग्रह ११८:२५-२६*

१० हाम्रा पिता दाऊदको राज्यलाई परमेश्वरले आशीर्वाद दिऊन्। जुन राज्य आउनेछ! स्वर्गको परमेश्वरलाई प्रशंसा!"

११येशू यरूशलेममा जानुभयो अनि मन्दिरभित्र पस्नुभयो। मन्दिरको वरिपरि उहाँले हेर्नुभयो। तर अबेर भइसकेको थियो। यसकारण उहाँ आफ्ना बाह्रजना प्रेरितहरूलाई लिएर बेथानी पुग्नुभयो।

### येशूले भन्नुभयो नेभाराको रूख मर्नेछौ
(मत्ती २१:१८-१९)

१२अर्कोदिन, तिनीहरूले बेथानी छोड्नुभयो। येशू भोकाउनु भएको थियो। १३येशूले टाढ़ामा एउटा नेभाराको रूख देख्नु भयो। त्यहाँ पुगेर केही नेभाराको फलहरू छ कि भनेर हेर्नुभयो। तर त्यहाँ पातहरू मात्रै थिए। किनकि त्यो समय नेभारा फल्ने समय थिएन। १४अनि उहाँले त्यो रूखलाई भन्नुभयो, "मानिसहरूले अब उप्रान्त तेरो फलहरू फेरि कहिल्यै खाने छैन।" उहाँका चेलाहरूले यी सबै कुरा सुने।

### येशूको मन्दिरतर्फ प्रस्थान
(मत्ती २१:१२-१७; लूका १९:४५-४८; यूहन्ना २:१३-२२)

१५तिनीहरू यरूशलेम जानुभयो। येशू मन्दिर जानुभयो। उहाँले मन्दिर इलाकाबाट बेच्ने र किन्नेहरूलाई बाहिर निकाल्नु भयो। उहाँले विभिन्न पैसा-रूपियाँका लेन-देन गर्नेहरूको टेबलहरू पल्टाइदिनु भयो। ढुक्कुर बेच्नेहरूको चौकीहरू पनि उहाँले पल्टाइदिनु भयो। १६येशूले कसैलाई पनि मन्दिर भएर केही चीजहरू बोकेर ल्याउने अनुमति दिनु भएन। १७तब उहाँले तिनीहरूलाई सिकाउनु भयो। उहाँले भन्नुभयो, "धर्मशास्त्रहरूमा यस्तो लेखिएको छ, 'मेरो घर सबै जातिका निम्ति प्रार्थनाको घर कहलाइनेछ'* तर तिमीहरूले परमेश्वरको घरलाई 'चोरहरू लुक्ने घर'*-मा परिवर्त्तन गरिरहेछौ।'"

१८मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यी सब कुराहरू थाहा पाए। तिनीहरूले येशूलाई मार्ने उपाय रच्न थाले। प्राय: सबै मानिसहरू येशूको शिक्षामा चकित परेका हुनाले तिनीहरू येशूसंग डराएका थिए। १९त्यसै रात, येशू अनि उहाँका चेलाहरूले शहर छोड्नुभयो।

### येशूद्वारा विश्वासको शक्ति-प्रदर्शन
(मत्ती २१:२०-२२)

२०अर्को बिहान, येशू आफ्ना चेलाहरूसँग जाँदै हुनु हुन्थ्यो। तिनीहरूले नेभाराको रूख देखे जसलाई येशूले शराप दिनु भएको थियो। नेभाराको रूख जरादेखि टुप्पो सम्मै सुकिसकेको थियो। २१पत्रुसले येशूलाई भने, "गुरूज्यू, नेभाराको रूखलाई हेर्नु हवस जसलाई तपाईंले हिजो सराप दिनु भएको थियो। अहिले त्यो सुकिसकेको र मरिसकेको छ!"

२२येशूले जवाफ दिनुभयो, "परमेश्वरमा विश्वास राख। २३म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूले यो पर्वतलाई भन्नसक्छौ, 'जा अनि समुद्रमा खस्।' अनि यदि तिमीहरूको मनमा कुनै शंकाहरू छैन अनि तिमीले विश्वास गरेको खण्डमा तिमीले भनेको कुरा घटने छ। तब परमेश्वरले तिम्रो निम्ति यसो गरिदिनु हुनेछ। २४यसैले तिमीहरूले पाइने वस्तुको निम्ति प्रार्थना गर भन्दछु। अनि यदि विश्वास गर्‍यौ भने तिमीहरूले ती चीजहरू पाइसकेका छौ तब त्यो तिम्रो आफ्नै हुनेछ। २५जब तिमीहरू प्रार्थनाका निम्ति तयार हुन्छौ, अनि कसैको विरूद्धमा तिमीहरूमा भएको नराम्रो भाव सम्भना भयो भने, त्यसलाई क्षमा गरिदेऊ। यसो गर्‍यौ भने स्वर्गका पिताले पनि तिमीहरूका सबै पापहरू क्षमा गरिदिनु हुनेछ।" २६*

### यहूदी प्रमुखहरूद्वारा येशूको सामर्थ्यमाथि सन्देह
(मत्ती २१:२३-२७; लूका २०:१-८)

२७येशू अनि उहाँका चेलाहरू फेरि यरूशलेम जानुभयो। येशू मन्दिरको वरिपरि जाँदै हुनुहुन्थ्यो। मुख्य पूजाहारीहरू, शास्त्रीहरू र अग्रज यहूदी प्रमुखहरू उहाँकहाँ आए। २८तिनीहरूले येशूलाई भने, "हामीलाई भन्नुहोस्! यत्रो के-के गर्नलाई तपाईंसँग कुन चाहिँ

---

**'मेरो घर ... कहलाइनेछ'** यशैया ५६:७।

**'चोरहरू लुक्ने घर'** यर्मिया ७:११।

**पद २६** प्रारम्भिक ग्रीक लिपिहरू अनुसार: "यदि तिमीहरूले कसैलाई क्षमा गर्‍यौ भने स्वर्गका पिताले पनि तिमीहरूका सबै पापहरू क्षमा गरिदिनु हुनेछ।"

त्यस्तो अधिकार (शक्ति) छ?" कसले तपाईलाई यो अधिकार दिएका हुन्।"

[२९]येशूले भन्नुभयो, "म तिमीहरूलाई एउटा प्रश्न राख्दछु। यदि तिमीहरूले मेरो प्रश्नको जवाफ दियौ भने तब म तिमीहरूलाई भन्नेछु कि यी सब गर्नलाई मेरो के अधिकार छ। [३०]यूहन्नाको बप्तिस्मा परमेश्वरबाट भएको हो वा मानिसबाट भएको हो? मलाई जवाफ देऊ!"

[३१]ती यहूदी प्रमुखहरूले येशूको प्रश्न बारे बहस गरे। तिनीहरू एका-अर्कामाभ्रूमा बात चीत गर्न लागे, "यदि हामीले जवाफ दियौं, 'यूहन्नाको बप्तिस्मा परमेश्वरबाट भएको हो,' येशूले भन्नु हुनेछ, 'त्यसो भए तिमीहरूले यूहन्नालाई किन विश्वास नगरेको?' [३२]तर यदि हामीले भन्यौ, 'यूहन्नाको बप्तिस्मा मानिसबाट भएको हो,' मानिसहरू हामीसँग रिसाउनेछन्।" (ती मानिसहरूसँग भयभीत थिए। सबैलाई यूहन्ना एकजना अगमवक्ता हुन् भनेर विश्वास थियो)।

[३३]तब तिनीहरूले येशूलाई जवाफ दिए, "हामी यसको सही उत्तर जान्दैनौ।"

तब उहाँले भन्नुभयो, "तब यी सब कामहरू गर्नलाई मसित कुन त्यसो अधिकार छ म पनि तिमीहरूलाई भन्दिनँ कि कुन अधिकारद्वारा म यी कुराहरू गरिरहेको छु।"

### परमेश्वरले आफ्नो पुत्र पठाउँनु भयो

*(मत्ती २१:३३-४६; लूका २०:९-१९)*

**१२** येशूले मानिसहरूलाई सिकाउनलाई दृष्टान्तहरूको उपयोग गर्नु भयो। उहाँले भन्नुभयो, "कुनै एकजना मानिसले एउटा खेतमा अङ्गूर रोपे। त्यस मानिसले खेतको वरिपरि बार लगाए अनि त्यसमा एउटा कोल खोपे। त्यसपछि त्यसले एउटा मचान बनायो। त्यसले आफ्नो खेत केही खेतीवालहरूलाई भाडामा दिए। त्यसपछि त्यो मानिस परदेश लाग्यो। [२]केही समय पछि अङ्गूरको फसल उठाउने बेला आयो। त्यसपछि त्यस मानिसले आफ्नो अंश ल्याउनलाई खेतबारीमा एकजना नोकरलाई पठायो। [३]तर खेतालाहरूले त्यस नोकरलाई पक्रे अनि पिटे। तिनीहरूले नोकरलाई रित्तै हात फर्काइदिए। [४]फेरि त्यस मानिसले अर्को नोकरलाई पठाए। खेतीवालाले त्यसलाई टाउकोमा हिर्काए। तिनीहरूले त्यसलाई कुनै इज्जत दिएनन्। [५]फेरि त्यस मानिसले अर्को ती खेतीवालाहरूकहाँ नोकरलाई पठाए। तर खेतीवालाहरूले त्यसलाई मारिदिए। त्यस मानिसले अरू धेरै नोकरहरूलाई पठाए। तर खेतीवालहरूले कतिजनालाई पिटे अनि कतिजनालाई मारिदिए।

[६]"अब त्यस मानिससँग खेतीवालहरूकहाँ पठाउनलाई एउटै मात्र व्यक्ति रहेको थियो। त्यो व्यक्ति त्यही मानिसको छोरो थियो। त्यस मानिसले छोरोलाई माया गर्थ्यो। तर पनि त्यसले आफ्नो छोरोलाई खेतीवालहरूकहाँ पठाउने निश्चय गऱ्यो। उसले पठाउन सक्ने त्यो मात्र अन्तिम व्यक्ति थियो। त्यस मानिसले भन्यो, 'खेतीवालहरूले मेरो छोरोलाई त आदर गर्ने नै छन्।'

[७]"तर खेतीवालहरूले आफूहरू माभ्र वहस गरे, 'यो मालिकको छोरो हो। यो खेतबारी उसको हुन्छ। यसकारण हामी यसलाई मारौ तब यो खेतबारी हाम्रै हुनेछ।' [८]तब ती खेतालाहरूले छोरोलाई पक्रिए, मारे अनि अङ्गूर बारी बाहिर फेँकिदिए।

[९]"यसकारण यो अङ्गूर बारीको मालिकले के गर्नेछ? त्यो अङ्गूर बारीमा जानेछ अनि ती खेतीवालहरूलाई मार्नेछ। तब त्यसले त्यो अङ्गूर बारी अरू नै खेतीवालहरूलाई दिनेछ। [१०]निश्चय नै तिमीहरूले धर्मशास्त्रमा यी वचनहरू पढ़ेका हौला:

'निर्माताहरूले अस्वीकार गरेका ढुंगाहरू नै
कुनाको डुङ्गा बनेको छ।
[११] परमप्रभुले नै यस्तो गर्नु भएको हो, अनि हाम्रो
निम्ति यो अचम्म भएको छ।'"

*भजनसंग्रह ११८:२२-२३*

[१२]ती यहूदी प्रमुखहरूले येशूले भन्नु भएको यो कथा सुन्न पाए। तिनीहरूले यो कथा तिनीहरूको आफ्नै बारेमा हो भन्ने बुझे। यसकारण कसरी हुन्छ येशूलाई पक्रने उपायमा तिनीहरूलागे। तर मानिसहरूदेखि तिनीहरूलाई डर पनि थियो। अनि ती यहूदी प्रमुखहरू येशूलाई छोड़ेर अन्यत्र कतै गए।

### यहूदी प्रमुखहरूद्वारा येशूलाई छक्याउने चेष्टा

*(मत्ती २२:१५-२२; लूका २०:२०-२६)*

[१३]त्यसपछि, यहूदी प्रमुखहरूले हेरोदीअन्स भन्ने दलका केही मानिसहरू र केही फरिसीहरूलाई येशू भएकहाँ पठाए। तिनीहरूले येशूलाई केही भूल गराएर

पक्रन चाहन्थे। १४फरिसीहरू र हेरोदीअन्सहरू येशूकहाँ
पुगे अनि भन्न लागे, "हे गुरूज्यू, हामी जान्दछौं कि
तपाईं एक इमान्दार मानिस हुनुहुन्छ। अरूले के भन्लान्
भनेर तपाईं डराउनु हुँदैन। सबै तपाईंको अगाडी एउटै
हुन्। अनि तपाईंले परमेश्वरको मार्ग ठीकसित सिकाइरहनु
भएको छ। हामीलाई भन्नुहोस्: के सिजरलाई कर
बुझाउनु उचित छ? हामीले कर तिर्नु पर्ने हो कि नतिर्नु
पर्ने हो?"

१५तर येशूले तिनीहरूको कपट बुझ्नु भयो। उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू मलाई किन जालमा
पार्न खोज्दैछौ? ल्याऊ मलाई एउटा चाँदीको सिक्का। म
त्यसलाई हेर्न चाहन्छु।" १६तिनीहरूले येशूलाई एउटा
सिक्का दिए अनि उहाँले सोध्नुभयो, "यो सिक्कामा कसको
चित्र अङ्कित छ? अनि यसमा कसको नाउँ लेखिएको
छ?" तिनीहरूले जवाफ दिए, "यो सिजरको चित्र हो
अनि उसको नाउँ।"

१७अनि येशूले तिनीहरूलाई भन्नुभयो, "सिजरको
चीजहरू सिजरलाई नै देऊ। अनि परमेश्वरको चीजहरू
परमेश्वरलाई नै देऊ।" ती येशूको कुरा सुनेर छक्क परे।

### केही सदुकीहरूद्वारा येशूलाई छक्क्याउने चेष्टा

*(मत्ती २२:२३-३३; लूका २०:२७-४०)*

१८तब केही सदुकीहरू येशूकहाँ आए। (सदुकीहरूमा
विश्वास थियो कि मृत्युबाट कुनै पनि व्यक्ति बौरी उठ्ने
छैन)। सदुकीहरूले उहाँलाई एउटा प्रश्न राखे। १९तिनीहरूले
भने, "गुरूज्यू, मोशाले लेखेका छन् कि यदि कुनै
विवाहित मानिस मऱ्यो भने अनि उसको पत्निको कुनै
सन्तान छैन भने त्यसबेला उसको भाइले त्यो विधवालाई
आफ्नो दाजुकोलागि सन्तान जन्माउन विवाह गर्नु पर्छ।
त्यसपछि आफ्नो दाजुकोलागि तिनीहरूले सन्तान बनाउन
सक्नेछ। २०सातजना दाजुभाइ थिए। पहिलो दाजुले
विवाह गरे अनि मरे। उसको कुनै सन्तान थिएन।
२१त्यसपछि दोस्रो भाइले त्यस स्त्रीलाई विवाह गरे। उ
पनि मऱ्यो अनि कुनै सन्तान भएन। त्यस्तै घटना घट्यो
तेस्रो भाइसँग पनि। २२सबै सात दाजुभाइले त्यस
स्त्रीलाई विवाह गरे अनि प्रत्येक मरे। कुनै पनि सात
दाजुभाइबाट सन्तान भएन। अन्तमा त्यो स्त्री पनि मरी।
२३तर सबै सातजना दाजुभाइले त्यसलाई विवाह गरेको
थियो। यसकारण जब मानिस मरेर बौरी उठ्नेछ त्यसबेला
त्यस स्त्रीको, चाँहि लोग्ने को हुने छन्?"

२४येशूले जवाफ दिनु भयो, "तिमीहरू अत्यन्तै
गल्तीमा छौ? किनभने धर्मशास्त्रहरूमा के लेखिएको
कुरा पनि अनि परमेश्वरको शक्तिको बारेमा तिमीहरूले
केही जानेका छैनौ। २५जब मानिस मरेर बौरी उठ्नेछ
त्यसबेला त्यहाँ कुनै विवाह हुने छैन। मानिसहरूले
एक-अर्कामाझ विवाह गर्ने छैनन्। तिनीहरू स्वर्गमा
स्वर्गदूतहरू जस्तै हुनेछन्। २६मरेका मानिसहरूको
पुनरूत्थानको विषयमा मोशाले लेखेको जल्दो पोथ्राको
कथा पुस्तकमा तिमीहरूले पढ़ेका छैनौ? परमेश्वरले
भन्नु भएको छ: 'म अब्राहामको परमेश्वर हुँ, इसहाकको
परमेश्वर र याकूबको परमेश्वर।*' २७परमेश्वर मरेका
मानिसहरूका परमेश्वर होइनन् तर जीवित मानिसहरूका
परमेश्वर हुन्। तिमी सदुकीहरू भूलमा परेका छौ!"

### कुन आज्ञा सबभन्दा महान हो?

*(मत्ती २२:३४-४०; लूका १०:२५-२८)*

२८कानुनको शास्त्रीहरूमा एकजना येशूकहाँ आए।
उसले सदुकीहरू र फरिसीहरूसँग येशूले बहस गरिरहेको
सुने। उसले येशूले तिनीहरूका प्रश्नहरूको ठीक जवाफ
दिइरहेको सुने। अनि उहाँलाई सोधे, "कुन चाँहि आज्ञा
सबभन्दा प्रमुख छ?"

२९येशूले उत्तर दिनुभयो, "सबभन्दा महान आज्ञा
यस्तो छ: 'इस्राएलका मानिसहरू, सुन! परमप्रभु हाम्रो
परमेश्वर नै एक प्रभु हुन्। ३०तिमीहरूले तिमीहरूको
परमप्रभु परमेश्वरलाई सारा मनले, सारा आत्माले, सारा
प्राणले र सारा शक्तिले उहाँलाई प्रेम गर्नुपर्छ।'* ३१दोस्रो
महान आज्ञा यस्तो छ: 'तिमीहरूले आफूलाई प्रेम गरे
जस्तो अरू मानिसहरूलाई पनि प्रेम गर।'* यी आज्ञाहरू
भन्दा अन्य आज्ञाहरू महान छैन।"

३२शास्त्रीहरूले उत्तर दिए, "हे गुरूज्यू, त्यही नै
ठीक उत्तर हो। तपाईंले जे भन्नुभयो त्यो ठीक हो।
परमेश्वर नै एक प्रभु हुन्, अनि अरू कुनै परमेश्वर
छैनन्। ३३अनि एउटा मानिसले आफ्नो सारा मनले, सारा
प्राणले, र सारा शक्तिले परमेश्वरलाई प्रेम गर्नुपर्छ। अनि
आफूले आफूलाई प्रेम गरे जस्तै अरू मानिसहरूलाई
पनि प्रेम गर्नुपर्छ। यी आज्ञाहरू सबै अर्पणहरू अनि

---

**'म … परमेश्वर'** प्रस्थान ३:६।

**'इस्राएलका … प्रेम गर्नुपर्छ'** व्यवस्था ६:४-५।

**'तिमीहरूले … प्रेम गर'** लेवी १९:१८।

परमेश्वरलाई गरिएको अरू बलिदानहरू भन्दा अत्यन्त
मुख्य छन्।"
३४येशूले त्यस मानिसले बुद्धिमानपूर्वक जवाफ दिएको
पाउनु भयो। अनि उहाँले त्यस मानिसलाई भन्नुभयो,
"तिमी स्वर्गको राज्य नजिक छौ।" त्यसपछि अरू कुनै
मानिसले पनि उहाँलाई अरू धेरै प्रश्नहरू गर्ने साहस
गरेनन्।

### के ख्रीष्टनै दाऊदको पुत्र हुन् ?

*(मत्ती २२:४१-४६; लूका २०:४१-४४)*

३५येशूले मन्दिरमा सिकाइरहनु भएको थियो। उहाँले
भन्नुभयो, "किन शास्त्रीहरूले ख्रीष्ट नै दाऊदको पुत्र
भनेका हुन्? ३६पवित्र-आत्मामा दाऊद आफैले भन्नुभएको
छ:

> 'परमप्रभुले मेरो प्रभुलाई (ख्रीष्टलाई) भन्नु
> भएको छ:
> मेरो छेउमा दाहिनेपट्टि बस, अनि म तिम्रा
> शत्रुहरूलाई तिम्रा वशमा पार्नेछु।'
>
> *भजनसंग्रह ११०:१*

३७दाऊद आफैले ख्रीष्टलाई 'प्रभु' भन्नुहुन्छ। तब
कसरी ख्रीष्ट दाऊदको पुत्र हुनसक्छ?" धेरै मानिसहरूले
येशूलाई खूबै आनन्दित भएर सुने।

### येशूद्धारा शास्त्रीहरूको आलोचना

*(मत्ती २३:१-३६; लूका २०:४५-४७)*

३८येशूले लगातार सिकाउनु भयो। उहाँले भन्नुभयो,
"शास्त्रीहरूदेखि होशियार बस। तिनीहरू लामा वस्त्रहरू
पहिरिएर आफूलाई प्रमुख देखिनको निम्ति हिँड्न मन
पराउँछन्। अनि तिनीहरू आफूलाई बजारमा हुँदा
मानिसहरूले तिनीहरूलाई आदर गरून् भन्ने चाहन्छन्।
३९सभाघरहरूमा पनि तिनीहरूले अति मुख्य ठाउँहरू
ओगट्न चाहन्छन्। अनि भोजहरूमा पनि त्यसरी नै
सम्मानका ठाउँहरूमा बस्न चाहन्छन्। ४०तिनीहरू
विधवाहरूसँग कप्टयाइँ गर्दछन् र तिनीहरूलाई लुट्छन्।
अनि आफैले लोकाचारको निम्ति लामो-लामो प्रार्थनाहरू
गर्ने गर्दछन्। परमेश्वरले तिनीहरूलाई धेरै दण्ड दिनुहुनेछ।"

### विधवाद्धारा भेटी चढ़ाएको अर्थ बुझाउने चेष्टा

*(लूका २१:१-४)*

४१येशू मन्दिरको ढुकुटी सामु बस्नुभयो जहाँ आएर
मानिसहरूले पैसा चढ़ाउने गर्दथे। उहाँले धेरै धनी
मानिसहरूले मन्दिरको ढुकुटीमा धेरै पैसा हालेको हेर्नुभयो।
४२तब एकजना दरिद्र विधवा आई अनि दुइवटा ससाना
ताँबाका सिक्काहरू दिई। ती सिक्काहरूको मूल्य एक
पैसा भन्दा कम थियो।
४३येशूले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाउनु
भयो। उहाँले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु।
यो दरिद्र विधवाले खालि दुइवटा स-साना सिक्काहरू
चढाई। तर वास्तवमा अरू धनी मानिसहरूले दिएको
भन्दा त्यसले धेरै दिई। ४४ती मानिसहरूको धेरै छ; तर
तिनीहरूले आफूलाई नचाहिएको मात्र दिएको हो। त्यो
स्त्री धेरै गरीब छे। तर त्यसले आफूमा भएको सबै नै
दिई। अनि त्यसले ती पैसाहरू आफूलाई मदत
पुऱ्याउनकोलागि नै हो भन्ने ठानी।"

### मन्दिरको भविष्य-संहार

*(मत्ती २४:१-४४; लूका २१:५-३३)*

**१३** येशूले मन्दिरको इलाका छोड़न लाग्नु भएको
थियो। कुनै एकजना चेलाले उहाँलाई भने,
"गुरूज्यू हेर्नुहोस्। यी मन्दिरको भवनहरू धेरै ठूला-ठूला
ढुंगाहरूले बनेर अति सुन्दर भएको छ।"
२येशूले भन्नुभयो, "के तिमीहरू यी ठूला भवनहरू
देख्छौ? यी भवनहरू सबै ध्वंस हुनेछ। प्रत्येक ढुंगाहरू
भूँइमा फेँकिनेछ। एउटाको माथि अर्को कुनै ढुंगा त्यहाँ
हुने छैन।"
३त्यसपछि, येशू भद्रासे डाँड़ामा बसिरहनु भएको
थियो। उहाँ पत्रुस, याकूब, यूहन्ना र अन्द्रियास सँग
अलग्ग हुनुहुन्थ्यो। तिनीहरू सबैले मन्दिर देख्न सके।
४तिनीहरूले येशूलाई सोधे, "हामीलाई भन्नुहोस् , कहिले
यस्तो घटना घट्नेछ? अनि यी सब घटना हुनलाग्दा के
संकेत हुनेछ?"
५येशूले चेलाहरूलाई भन्नुभयो, "होशियार बस!
कसैले तिमीहरूलाई मूर्ख नबनाओस्। ६धेरै मानिसहरू
मेरा नाममा आउनेछन्। तिनीहरूले भन्नेछन्, 'म नै एक
हुँ।' अनि तिनीहरूले धेरै मानिसहरूलाई मूर्ख तुल्याउनेछन्।
७तिमीहरूले लड़ाईं र लड़ाईहरूको बारेमा सुन्न पाउनेछौ।
अनि अरू हुने लँड़ाईहरूको बारेमा पनि कथाहरू
सुन्नेछौ। तर डराउनु पर्दैन। अन्तको समय आउन अघिनै
यी घटनाहरू घट्नेछ। ८राष्ट्रहरू अन्य राष्ट्रहरूसित
लड़ाइ गर्नेछन्। राज्य-राज्यहरू माझ लड़ाई चल्नेछ।

विभिन्न ठाउँहरूमा भूकम्प जानेछ। यस्तो समय पनि आउने छ जतिबेला खानलाई केही कुरा हुनेछैन। यी कुराहरू केही कुराहरू नयाँ जन्म हुने प्राथमिक समयमा जस्तै कष्टपूर्ण हुनेछ।

९“तिमीहरू होशियारी बन। मानिसहरूले तिमीहरूलाई पक्रनेछ अनि न्यायकोलागि लैजानेछ। तिनीहरूले सभाघरहरूमा तिमीहरूलाई पिटनेछन्। तिमीहरूलाई हाकिमहरू र राजाको सामु जबरजस्ती उभ्याइनेछ। तिमीहरूले मेरो बारेमा साक्षी दिनु पर्नेछ। तिमीहरूले मलाई पछ्याएको कारणले गर्दा यी सबै हुनेछ। १०यसभन्दा अघिनै सबै जातिहरू सुसमाचारहरू प्रचार गरिनु पर्छ। ११तिमीहरूको पक्राउ हुनेछ अनि न्यायको भागी बन्नु पर्नेछ। तर तिमीहरूले त्यहाँ जे भन्नेछौ त्यस बारे डराउनु पर्ने छैन। त्यसबेला परमेश्वरले तिमीलाई जे दिनुहुन्छ त्यही भन्नु पर्नेछ। त्यसबेला वास्तवमा तिमी आफै बोलिरहेको हुने छैनौं। पवित्र-आत्मा बोलिरहेको हुनेछ।

१२“दाजुभाइहरूले दाजुभाइहरूलाई मार्न विश्वासघात गर्नेछन्। बाबुहरू आफ्नै बालकहरूप्रति विश्वासघात गर्नेछन् अनि मार्नेछन्। बालकहरू पनि आफ्नै आमाबाबुहरूको विरुद्धमा उठ्नेछन् अनि ती आमाबाबुहरूलाई मार्ने छन्। १३सबै मानिसहरूले मलाई पछ्यायौ भनेर तिमीहरूलाई घृणा गर्नेछन्। तर जो चाँहि अन्तसम्म नै बलवान रहन्छ उ मात्रै बाँच्ने छ।

१४“जहाँ यो हुनु हुँदैन थियो ‘त्यस स्थानमा उभिएर तिमीहरूले भनायक चिज देख्नेछौ’ ती कुरा जसले ध्वंस पार्नेछ।” (व्यक्ति जसले पढ्छ यसको अर्थ वास्तवमा के हुन्छ बुझ्नुपर्छ।) “त्यसबेला यहूदियाका मानिसहरू पहाड़हरूतिर भाग्नु पर्छ। १५मानिसहरू समय नफाली भाग्नु पर्छ। यदि कुनै मानिस घरको छानामा छ भने घरबाट केही निकाल्नलाई उ तलतिर ओर्लेनु हुदैंन। १६यदि कुनै व्यक्ति आफ्नो खेतबारीमा छ भने त्यो पनि फर्केर आफ्नो वस्त्र ल्याउन त्यहाँ जानेछैन। १७त्यसबेला गर्भवती स्त्री वा ससाना नानीका आमाहरूलाई पनि भयानक हुनेछ। १८यस्तो घटना शीतको समयमा नहोस् भनेर प्रार्थना गर। १९किनभने ती दिनहरूमा जुन कष्ट हुन्छ त्यो यस्तो हुन्छ कि परमेश्वरले संसारको सृष्टि गरेको देखि अहिलेसम्म फेरि भएको छैन। अनि यस्तो दु:खहरू फेरि घटने छैन। २०उहाँका मानिसहरूको निम्ति परमेश्वरले त्यो भयानक समयलाई सीमित पार्ने निश्चय गर्नु भएको छ। यदि त्यो समय नछोटाइए कोही पनि बाँच्ने छैन। तर परमेश्वरले आफूद्वारा चुनिएका आफ्नै मानिसहरूका निम्ति सहायता पुर्याउनलाई त्यो समय छोट्याएका हुन्। २१त्यसबेला, यदि केही मानिसहरूले तिमीहरूलाई भने, ‘हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ।’ अथवा, ‘उहाँ त्यहाँ हुनुहुन्छ।’ यसलाई विश्वास नगर। २२झूटो ख्रीष्टहरू र झूटो अगमवक्ताहरू आउनेछन् अनि परमेश्वरले चुनेका मानिसहरूलाई धोका दिनु सम्भव भए संकेत र चमत्कारहरू गर्ने छन्। २३यसकारण होशियारी बन। यी सब हुन अघि नै मैले सतर्क गराएको छु।

२४“तर त्यसपछिका दिनहरूमा यस्तो दु:खका समय पछि,

‘सूर्य अँध्यारो हुनेछ, अनि जूनले पनि ज्योति
दिनेछैन।
२५ आकाशबाट ताराहरू झर्नेछन्, अनि आकाशका
सबै शक्तिहरू डगमगाउने छन्।’

*यशैया १३:१०; ३४:४*

२६“त्यसपछि मानिसहरूले मानिसको पुत्रलाई महान शक्ति र गौरवका साथ बादलमा भएर आउँदै गरेको देख्नेछन्। २७मानिसको पुत्रले आफ्ना स्वर्गदूतहरूलाई पृथ्वीको चारैतिर पठाउनु हुनेछ। स्वर्गदूतहरूले पृथ्वीका प्रत्येक कुनाबाट चुनिएका मानिसहरूलाई भेला गर्नेछन्।

२८“नेभाराको रूखले हामीलाई पाठ पढ़ाउनेछ: जब नेभाराको रूखको हाँगाहरू हरियो र कलिलो हुनेछ नयाँ पातहरू उम्रन थाल्नेछ, तब तिमीहरूले ग्रीष्म नजिक छ भनेर बुझ्नेछौ २९त्यसरीनै जब तिमीहरू यी कुराहरू घटेका देख्नेछौ तब तिमीहरूले पनि जान्ने छौ कि मैले तिमीहरूलाई भनेका कुराहरूको समय नजिकमा अनि ठीक ढोकामा छन्। ३०म तिमीहरूलाई साँचो भन्दछु। यी सबै कुराहरू यही समयका मानिसहरू जीवित भएकै बेला हुनेछन्। ३१स्वर्ग अनि पृथ्वी ध्वंस हुनेछ। तर मैले भनेका वचनहरू कहिल्यै नाश हुने छैन।

३२“कसैले पनि त्यो दिन र समय थाहा पाउने छैन। पुत्र र स्वर्गमा भएको स्वर्गदूतहरूले समेत त्यो दिन र समय जान्ने छैन। त्यो दिन र समय केवल पिताले मात्र जान्नु हुन्छ। ३३होशियार बस। सँधै तयारी बस! त्यो समय कहिले आउने भनी तिमीले जान्दैनौ। ३४यो परदेश गइरहेको मानिस जस्तै हो अनि जसले घर छोड्छ। त्यो मानिसले आफ्नो नोकरहरूलाई घर जिम्मा दिएको हुन्छ। त्यसले प्रत्येक नोकरलाई विशेष काम गर्न लाएको हुन्छ

अनि उसले पालेलाई होशियार साथ ढोकाको रक्षा गरेर
सतर्क बस्नु भनेर आज्ञा दिन्छ। [३५]यसकारण तिमीहरू
सँधै सतर्क बस। यो घरको मालिक कहिले फर्की
आउला भनेर तिमीहरूले थाहा पाएकै हुँदैनौ। उ
निश्चयनै बेलुका वा मध्य रातमा, वा अति बिहानै, वा
घाम झुल्केपछि आउनेछ। [३६]मालिक एक्कासि फर्किनेछ।
यदि तिमीहरू तयारी र सतर्क रहयौ भने उसले
तिमीहरूलाई सुतिरहेको पाउने छैन। [३७]म तिमीहरूलाई
यसो भन्दछु, अनि प्रत्येकलाई यसो भन्दछु, 'सतर्क
बस!'"

### यहूदी प्रमुखहरूद्धारा येशूलाई मार्ने योजना

*(मत्ती २६:१-५; लूका २२:१-२; यूहन्ना ११:४५-५३)*

**१४** अब केवल दुइ दिन रहयो निस्तार* र अखमिरी
रोटीको चाड़को निम्ति। मुख्य पूजाहारीहरू र
शास्त्रीहरू येशूलाई पक्रने अनि मार्ने जाल साजीको
भयानक खोजमा थिए। [२]तिनीहरूले भने, "तर चाढ़को
समयमा हामीले येशूलाई पक्रन हुँदैन किनभने मानिसहरू
क्रोधित हुनेछन् अनि दङ्गा मच्याउने डर हुन्छ।"

### एउटी स्त्रीद्वारा विशेष केही गर्ने चेष्टा

*(मत्ती २६:६-१३; यूहन्ना १२:१-८)*

[३]येशू बेथानियामा हुनुहुन्थ्यो। सिमोन कुष्ठरोगीको
घरमा एउटा मेचमा उहाँ खाना खाँदै हुनुहुन्थ्यो। त्यसैबेला
एउटी स्त्री उहाँकहाँ आई। त्यस स्त्रीले एउटा अति
मूल्यवान सिंगमर्मरको भुँडुल्को भरि अत्तरको सुगन्ध
भरेर ल्याएकी थिई। त्यो सुगन्ध शुद्ध जटामसीद्वारा तयार
गरिएको थियो। त्यस पछि त्यस स्त्रीले जारको बिर्को
खोली अनि येशूको टाउँकोमा सुगन्ध खान्याइदिई।
[४]केही चेलाहरूले जसले यी देखेर रिसाए अनि
एक-अर्कामा भन्न लागे कुरा गर्न थाले। तिनीहरूले
भने, "त्यसले किन यो सुगन्ध नष्ट गरेको? [५]त्यो सुगन्ध
वर्षभरिको कमाइ हो। यसलाई बेच्न सकिन्थ्यो अनि
पैसा गरीबलाई दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस
स्त्रीको कडा आलोचना गरे।
[६]येशूले भन्नुभयो, "त्यस स्त्रीलाई एक्लो छोड़ीदेउ।
त्यसलाई तिमीहरूले किन दिक्दारी दिइरहेछौ? त्यसले
मलाई खूबै राम्रो काम गरी। [७]गरीब मानिसहरू सँधै
तिमीहरूसँग हुनेछन्। तिमीहरूले जतिबेला चाहन्छौ त्यत्तिबेला
तिनीहरूलाई मदत गर्नसक्छौ। तर म सँधै तिमीहरूसंग
हुने छैन। [८]त्यस स्त्रीले मलाई जे जति गर्न सक्यी त्यत्ति
गरी। त्यसले मेरो-शरीर माथि सुगन्ध छरि दिई। त्यसले
मलाई मर्न अघिनै गाड़नको तयारीकालागि यसो गरी।
[९]म तिमीहरूलाई साँचो भन्दछु। जहाँ कहींपनि सारा
संसारका मानिसहरूलाई सुसमाचारहरू प्रचार गरिनेछ,
अनि सारा जग्गामा सुसमाचारहरू सुनाऊ, त्यस स्त्रीले
गरेको कुराहरू पनि उसको संझनाका निम्ति भनिनेछ।"

### येशूको शत्रुहरूलाई सहयोग गर्न यहूदा तत्पर

*(मत्ती २६:१४-१६; लूका २२:३-६)*

[१०]त्यसपछि बाह्रजना विशेष सहयोगीहरूमध्ये एकजना
चेला मुख्य पूजाहारीहरू भएकहाँ गयो। यो चेलाको
नाम थियो यहूदा इस्कारियोत। यहूदाले येशूलाई तिनीहरूको
हातमा सुम्पेको चाहन्थ्यो। [११]मुख्य पूजाहारीहरू यो
सुनेर खुबै खुशी थिए। यसकोलागि तिनीहरूले उसलाई
जतिपनि पैसा दिन तयार थिए। अनि येशूलाई तिनीहरूको
हातमा सुम्पन उचित समयको प्रतीक्षा यहूदाले गरिरहेका
थिए।

### निस्तार चाड़को भोज

*(मत्ती २६:१७-२५; लूका २२:७-१४, २१-२३; यूहन्ना १३:२१-३०)*

[१२]यो अखमिरी रोटीको पहिलो दिन थियो। यो त्यस्तै
समय थियो जुनबेला यहूदीहरूले निस्तारको पाठोहरूलाई
बलिदान दिने गर्दथे। येशूको चेलाहरू उहाँकहाँ आइपुगे
अनि भने, "हामी जानेछौ अनि निस्तार चाड़को भोजन
तिमीहरूले खानको निम्ति तयार पार्नेछौं। तपाईंले
हामीहरूले कहाँ निस्तार चाडको भोज तयार गरेको
चाहनुहुन्छ?"
[१३]येशूले आफ्नो दुइजना चेलाहरूलाई नगर पठाउनु
भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "नगरमा जाऊ।
त्यहाँ एउटा मानिसलाई जारमा पानी बोकेर आइरहेको
भेटनेछौ। तिनको पछि लाग। [१४]त्यो मानिस एउटा
घरभित्र पस्नेछ। त्यही घरमा गएर त्यो घरको मालिक
संग भन: 'गुरूज्यू भन्नुहुन्छ म अनि मेरा चेलाहरू

---

**निस्तार** यहूदीहरूको महत्वपूर्ण दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्। लेवी २३:४-८; व्यवस्था १६:१-८।

निस्तार चाडको भोज खाने कोठा कहाँ होला।' १५घर मालिकले तिमीहरूलाई माथिल्लो तलाको ठूलो कोठा देखाउनेछ जो सजाएर तयार पारेको छ। हाम्रा निम्ति त्यहाँ बन्दोबस्त गर।"

१६यसकारण चेलाहरू गए अनि नगरमा पसे। येशूले भन्नु भएको जस्तै तिनीहरूले सबै कुराहरू भेट्टाए। यसर्थ तिनीहरूले नै निस्तार चाडको भोज तयार गरे।

१७साँझमा, येशू आफ्ना बाह्रजना प्रेरितहरू लिएर त्यो घरमा जानुभयो। १८जब तिनीहरू खाँदै थिए, येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरू बाह्रजनामध्ये कुनै एकजनाले मलाई विश्वास घात गर्नेछौ। त्यो एकजनाले मसँगै अहिले खाइरहेको छ।"

१९चेलाहरू यो सुनेर खुबै दुःखी भए। तिनीहरू एक एकले येशूलाई भने, "निश्चयनै त्यो म होइन: ठीक हो?"

२०येशूले भन्नुभयो, "उ बाह्रजना मध्ये एक हो। उ त्यही हो जसले मसँगै कचौरामा रोटी चोप्दैछ। २१मानिसको पुत्र जानेछन् अनि मर्नेछन्। किनकि उनको बारेमा धर्मशास्त्रहरूमा लेखिएको छ। तर त्यस व्यक्तिलाई धिक्कार छ जसद्वारा मानिसको पुत्रलाई विश्वासघात गरिनेछ। बरु त्यो व्यक्तिलाई यो धेरै राम्रो हुनेथियो यदि त्यो पहिल्यै नजन्मेको भए।"

### प्रभुभोज

*(मत्ती २६:२६-३०; लूका २२:१५-२०; १ कोरिन्थी ११:२३-२५)*

२२जब उनीहरू खाँदै थिए, येशूले केही रोटी लिनुभयो अनि त्यसको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो। तब उहाँले त्यसलाई टुक्रा-टुक्रा पार्नुभयो अनि आफ्नो चेलाहरूलाई दिनुभयो। उहाँले भन्नुभयो, "यो लेऊ यो मेरो शरीर हो।"

२३त्यसपछि येशूले प्याला लिनुभयो अनि यसकोलागि परमेश्वरलाई धन्यवाद दिनुभयो। तब उहाँले त्यो आफ्ना चेलाहरूलाई दिनुभयो। तिनीहरूले प्यालाबाट पिए।

२४त्यसपछि येशूले भन्नुभयो, "यो मेरो करारको रगत हो। यो रगत धेरै मानिसहरूका निम्ति पोख्याइएको हो। २५म तिमीहरूलाई साँचो भन्दछु। म यो मद्य फेरि त्यसबेलासम्म पिउँदिन जुनबेला सम्म म परमेश्वरको राज्यमा यसलाई नयाँ पिएको हुँदिनँ।"

२६तब तिनीहरूले भजन गाए अनि भद्रासे-डाँड़ा तिर गए।

### येशूका सबै चेलाहरूले उहाँलाई छोड़े

*(मत्ती २६:३१-३५; लूका २२:३१-३४; यूहन्ना १३:३६-३८)*

२७त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरू सबैले आफ्नो विश्वास हराउनेछौ। यो कुरा धर्मशास्त्रहरूमा लेखिएको छ:

> 'म गोठालोलाई मार्नेछु, अनि भेड़ाहरू छरस्पष्ट हुनेछन्।'
>
> *जकरिया १३:७*

२८तर म मरेपछि, म फेरि मृत्युबाट बौरनेछु। त्यसपछि म गालीली जानेछु। तिमीहरू त्यहाँ पुग्न अघिनै म त्यहाँ पुगेको हुनेछु।"

२९पत्रुसले भने, "यदि सबैले आफ्नो विश्वास हराए पनि म कहिल्यै मेरो विश्वास हराउने छैन।"

३०येशूले जवाफ दिनुभयो, "म तिमीलाई साँचो भन्दछु। आजकेरात भाले दोस्त्रोपल्ट बास्नअघि तिमीले मलाई तीनपल्ट इन्कार्ने छौ।"

३१तर पत्रुसले जोर दिएर भने, "म कहिल्यै तपाईंलाई इन्कार्ने छैन यदि म तपाईंसँगै मर्न परेता पनि!" त्यसरी नै अरु चेलाहरूले पनि त्यही कुरा भने।

### येशूद्वारा एकान्तमा प्रार्थना

*(मत्ती २६:३६-४६; लूका २२:३९-४६)*

३२येशू अनि उहाँका चेलाहरू गेतसमनी नाउँ भएको एउटा ठाउँमा जानुभयो। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरिञ्जेल यहाँ बस।" ३३येशूले पत्रुस, याकूब र यूहन्नालाई आफूसँग बोलाउनु भयो। त्यसपछि उहाँ अत्यन्त दुःखी र खिन्न हुनुभयो। ३४उहाँले पत्रुस, याकूब र यूहन्नालाई भन्नुभयो, "मेरो आत्मा दुःखै-दुःखले भरिन लागे जस्तो छ जस्तो कि म मर्न लागे। मलाई यहीं पर्ख अनि सतर्क बस।"

३५अनि येशू तिनीहरू भएदेखि केही परसम्म जानुभयो र त्यसपछि भूइँमा लड्नु भयो अनि प्रार्थना गर्नुभयो कि यदि सम्भव भएमा यही बेला उहाँको कष्टका घड़ी उहाँबाट बितेर जावोस्। ३६उहाँले प्रार्थना गर्नुभयो, "अब्बा, पिता! सबै कुराहरू तपाइँमा सम्भव छ। कृपया मबाट यो कचौरा हटाइदिनुहोस्। तर मेरो इच्छा बमोजिम होइन, तर तपाईं जे जस्तो चाहनुहन्छ त्यही गर्नुहोस्।"

३७तब येशू आफ्ना चेलाहरू भएकहाँ फर्केर आउनुभयो। उहाँले तिनीहरूलाई सुतिरहेको पाउनु भयो। उहाँले पत्रुसलाई भन्नुभयो, "शिमोन, तिमी सुतिरहेको छौ? के मेरो निम्ति एकघण्टासम्म पनि जागा रहन सक्तैनौ? ३८जागा बस अनि प्रार्थना गर, जसमा कि तिमी प्रलोभनमा पर्ने छैनौ। आत्मा राजी छ तर शरीर कमजोर छ।"

३९फेरि येशू बाहिर जानु भयो अनि त्यही प्रार्थना गर्नुभयो। ४०फेरि उहाँ आफ्ना चेलाहरू भएकहाँ फर्कनु भयो। फेरि उहाँले तिनीहरूलाई सुतिरहेकै पाए। तिनीहरूका आँखाहरू थकित देखिन्थे। तिनीहरूले जान्दैन थिए कि येशूलाई के भन्नु पर्ने हो।

४१येशूले तेस्रो पटक प्रार्थना गरिसकेपछि, उहाँ आफ्ना चेलाहरू भएकहाँ जानुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू अझै सुतिरहेको अनि विश्राम गरिरहेका छौ? अति भयो! मानिसको पुत्रलाई पापी मानिसहरूको हातमा सुम्पिने समय आइपुग्यो। ४२उठ! हामी जानैपर्छ। यहाँ त्यो एकजना आउँदैछ जसले मलाई विश्वासघात गर्नेछ।"

## येशू पक्राउ पर्नुभयो

*(मत्ती २६:४७-५६; लूका २२:४७-५३; यूहन्ना १८:३-१२)*

४३जब येशू अझ बोलिरहेको हुनुहुन्थ्यो, यहूदा त्यहाँ आइपुगे। यहूदा बाह्रजना चेलाहरू मध्ये एकजना थिए। यहूदासँग थुप्रै मानिसहरू थिए। ती मानिसहरूलाई मुख्य पूजाहारीहरू, शास्त्रीहरू र अग्रज यहूदीहरूले पठाएका थिए। ती मानिसहरूका साथमा तरवार र घोँचाहरू थिए।

४४यहूदाले उनीहरूलाई यो संकेत दिएका थिए। "म जुन एकलाई म्वाईं खान्छु उही नै येशू हो। उसैलाई पक्रनु र उसलाई लानु अनि रक्षा गर्नु।" ४५यहूदा आउन साथ येशू कहाँ गए अनि भने, "गुरूज्यू!" त्यसपछि उसले उहाँलाई म्वाईँ खाए। ४६तब मानिसहरूले येशूलाई अठ्याए अनि उहाँलाई पक्राउ गरे। ४७कुनै एकजना उभिरहेको चेलाले आफ्नो तरवार निकाल्यो अनि त्यसले प्रधान पूजाहारीको एउटा नोकरलाई हान्यो अनि उसको कान काटिदियो।

४८तब येशूले मानिसहरूलाई भन्नुभयो, "तिमीहरू तरवार र घोचाँहरू लिएर म कहाँ मलाई एक अपराधी झैं मानेर आएका छौ? ४९प्रत्येक दिन म मन्दिर इलाकामा तिमीहरूसित सिकाइरहेको हुन्छु। त्यहाँ तिमीहरूले मलाई पक्रेनौ। तर धर्मशास्त्रहरूमा लेखिएका कुराहरू पूरा हुनैपर्छ।" ५०त्यसपछि सबै चेलाहरूले उहाँलाई छोड़ेर गए अनि भागे।

५१एउटा जवान मानिसले येशूलाई पछ्याइरहेको थियो। उसले खालि एउटा मलमल मात्र लगाएको थियो। तिनीहरूले उसलाई पनि पक्राऊ गर्ने कोशिश गरे। ५२तर त्यसले त्यो मलमलको बस्त्र छाड्यो अनि बस्त्र विहीन् भाग्यो।

## येशू यहूदी प्रमुखहरूको सामु

*(मत्ती २६:५७-६८; लूका २२:५४-५५, ६३-७१; यूहन्ना १८:१३-१४, १९-२४)*

५३येशूलाई पक्रने मानिसहरूले उहाँलाई प्रमुख पूजाहारीको घरमा पुऱ्याए। त्यहाँ सबै मुख्य पूजाहारीहरू, यहूदी अग्रजहरू र शास्त्रीहरू भेला भए। ५४पत्रुसले येशूलाई पछ्याउँदै थियो, तर उ उहाँका त्यत्ति नजिक थिएन। पत्रुसले येशूलाई प्रधान पूजाहारीको घरको चौक नपुगेसम्म पछ्याए। त्यो त्यहाँ रक्षकसाथ बसिरहेको थियो अनि आगो ताप्दै थियो।

५५मुख्य पूजाहारीहरू, पूजाहारीहरू र पूरा यहूदी महासभाले येशूलाई मार्नका निम्ति येशू विरुद्ध झूटो प्रमाण खोजिरहेका थिए। तर तिनीहरूले कुनै त्यस्तो प्रमाण पाएनन्। ५६अनेकौं मानिसहरू आए अनि येशूको विरुद्धमा झूटो आरोपहरू लगाए। तर ती प्रमाणहरू एक अर्कामा मिल्दैन्थ्यो।

५७त्यसपछि केही मानिसहरू उठे अनि येशूको विरुद्धमा झूटो साक्षी दिए। तिनीहरूले भने, ५८"हामीहरूले यस मानिसले भनेका सुनेका छौं, 'मानिसहरूले बनाएको यो मन्दिर म ध्वंस गरिदिनेछु। त्यसको तीन दिनमा, म अर्को मन्दिर बनाइदिनेछु—जुन मन्दिर मानिसहरूले बनाएको हुँदैन।'" ५९तर यी मानिसहरूले भनेका कुरामा पनि कोही सहमत हुने होइन।

६०त्यसपछि प्रमुख पूजाहारी सबै मानिसहरूको अघि खड़ा भए अनि येशूलाई भन्नलागे, "यी मानिसहरूले तपाईंको विरुद्धमा धेरै कुरा बोले। आफ्नो विरुद्धमा आएको यस्तो आरोपहरूको विरुद्धमा तपाईंको भन्नु पर्ने केही छ? के यी मानिसहरूले साँचो कुराहरू गरिरहेका

छन्?" [61]तर येशू चूप चाप बस्नु भयो। उहाँले कुनै उत्तर दिनु भएन।

प्रमुख पूजाहारीले उहाँलाई फेरि अर्को प्रश्न गरे: "के तपाँई परम धन्य परमेश्वरको पुत्र, ख्रीष्ट नै हुनुहुन्छ?"

[62]येशूले जवाफ दिनुभयो, "हो, म नै परमेश्वरको पुत्र हुँ। तिमीहरूले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने पट्टि बसेर स्वर्गको बादलसित आउँदै गरेको देख्नेछौ।"

[63]जब प्रमुख पूजाहारीले यो कुरा सुने, उनी खूबै रिसाए। उसले आफ्नो वस्त्र च्यात्यो अनि भने, "हामीलाई अब अरू धेरै गवाहीहरूको आवश्यकता छ र? [64]तिमीहरू सबैले यो मानिसले परमेश्वरको निन्दा गरेको सुन्यौ। तिमीहरूको के निर्णय छ?"

सबैले येशूलाई भूल ठहर गरे। अनि मारिनु पर्छ भने। [65]त्यहाँ भएका कतिजनाले येशूलाई थुके। तिनीहरूले येशूको अनुहार छोपिदिए अनि उहाँलाई हिर्काए। तिनीहरूले भने, "तपाईं अगमवक्ता हो भनेर हामीलाई देखाउनुहोस्।" त्यसपछि सुरक्षाकर्मीहरूले उहाँलाई लगे अनि कुटे।

### येशूलाई चिन्दछु भनेर भन्न पत्रुस डराए

*(मत्ती २६:६९-७५; लूका २२:५६-६२; यूहन्ना १८:१५-१८, २५-२७)*

[66]त्यति बेला पत्रुस चौकमा नै थियो। प्रमुख पूजाहारीको एकजना नोकर्नी केटी त्यहाँ आई। [67]त्यसले पत्रुसलाई आगो ताप्दै गरेको देखी। त्यो पत्रुसको नजिकै आएर हेरी।

तब त्यो केटीले भनी, "नसरतको येशूसँग तिमी पनि थियौ?"

[68]तर पत्रुसले अस्वीकार गर्‍यो। त्यसले भन्यो, "म जान्दिन अनि बुझ्दिन कि तिमीले के भनिरहेकी छौ।" तब पत्रुस त्यो ठाउँ छोड़ेर चौकको प्रवेशद्वारतिर गए। त्यसबेला भाले बास्यो।

[69]त्यो नोकर्नी केटीले उनलाई त्यहाँ देखी। फेरि त्यस केटीले त्यहाँ उभिरहेकाहरूलाई सोधी, "यो मानिस तिनीहरूमध्ये कै एकजना हो।" [70]फेरि पत्रुसले यी कुरा साँचो होइन भनेर भने।

केहीक्षण पछिनै, केही मानिसहरू जो त्यहाँ उभि रहेका थिए, पत्रुसलाई भने, "हामी तिमीलाई ती मध्ये हरूको एकजना हो भनेर चिन्दछौं किनभने तिमी बासी हौ।"

[71]त्यसपछि पत्रुसले धिक्कार्न लागे अनि उनले भने, "तिमीहरूले जुन मानिसको बारेमा कुरा गर्दैछौ तिनलाई म चिन्दिनँ भनेर परमेश्वरको नाममा शपथ खाँदछु।"

[72]अनि तुरन्तै, दोस्त्रोपल्ट भाले बास्यो। त्यसपछि पत्रुसले येशूले भन्नु भएको अघिका कुराहरू सम्झन थाले: "दुइपल्ट भाले बास्न अघिसम्म तिमीहरूले मलाई चिन्दिनँ भनेर तीनपल्ट इन्कार्ने छौ।" पत्रुस त्यसपछि खुबै दु:खित भए अनि रून लागे।

### पिलातस हाकीमद्वारा येशूप्रति प्रश्नहरू

*(मत्ती २७:१-२, ११-१४; लूका २३:१-५; यूहन्ना १८:२८-३८)*

**१५** अति विहानै, मुख्य पूजाहारीहरू, यहूदी अग्रजहरू, शास्त्रीहरू र सबै यहूदी महासभाले योजना बनाए। तिनीहरूले येशूलाई सांग्लोले बाँधे अनि पिलातस कहाँ पुर्‍याए। तिनीहरूले येशूलाई पिलातसकहाँ सुम्पिदिए।

[2]पिलातसले येशूलाई सोधे, "के तिमी नै यहूदीहरूको राजा हौ?"

येशूले भन्नुभयो, "हो, त्यो सत्य हो।"

[3]मुख्य पूजाहारीहरूले उनी विरुद्ध अनेकौं अभियोग लगाएका थिए। [4]यसर्थ पिलातसले उनलाई फेरि एक प्रश्न गरे। "के तिमी जवाफ दिन चाहँदैनौ? हेर तिनीहरूले कतिवटा अभियोगहरू तिमी विरुद्ध गरिरहेछन्।?"

[5]तर येशूले उत्तर दिनु भएन। यसर्थ पिलातस एकदमै छक्क परे।

### पिलातसद्वारा येशूलाई मुक्त गर्ने चेष्टा निष्फल

*(मत्ती २७:१५-३१; लूका २३:१३-२५; यूहन्ना १८:३९-१९:१६)*

[6]प्रत्येक वर्ष निस्तार चाडको समयमा कैदमा परेका एकजनालाई हाकीमद्वारा जेलबाट मुक्त गरिन्थ्यो। मानिसहरूले चाहेकालाई कुनै पनि कैदीलाई उसले मुक्त गरिदिन्छ। [7]त्यसबेला बरब्बा नाउँ गरेका एकजना द्रोही अरू साथ कैदमा थियो। तिनीहरूले दङ्गामा एउटा हत्या गरेको थियो। [8]मानिसहरू उहाँकहाँ आए अनि उहाँले सँधै गरे झैं एकजना कैदीलाई मुक्त गरिदिन भनी आग्रह गरे।

[9]पिलातसले मानिसहरूलाई भने, "के तिमीहरूले यहूदीको राजालाई मैले छोड़िदिएको चाहन्छौ?" [10]पिलातसले

यसो भने किनभने मुख्य पूजाहारीहरूले येशूलाई उनीकहाँ
सुम्पिदिएको अहिंसाको (इर्ष्या) कारणले हो भनी जान्दथे।
११तर मुख्य पूजाहारीहरूले मानिसहरूलाई येशूको सट्टामा
बारब्बाको मुक्तिको माँग गर्नु भनी उक्साए।
१२पिलातसले मानिसहरूलाई फेरि एकपल्ट सोधे,
“तब यो मानिसलाई के गर्नुपर्ने जसलाई तिमीहरू
यहूदीहरूका राजा भन्दछौ?”
१३मानिसहरू फेरि चिच्याए, “उसलाई क्रुसमा
टाँग्नुहोस्।”
१४पिलातसले तिनीहरूलाई भने, “किन? उसले के
त्यस्तो भूल गरेको छ?”
तर मानिसहरू झन जोर जोरसँग कराउन लागे,
“उसलाई क्रुसमा टाँग्नुहोस्।”
१५पिलातसले मानिसहरूलाई खुशी तुल्याउन चाहन्थे,
यसर्थ उसले बरब्बालाई तिनीहरूको निम्ति छोड़िदियो।
अनि पिलातसले सिपाहीहरूलाई येशूलाई कोर्रा लगाउने
हुकूम दियो। तब पिलातसले येशूलाई क्रूसमा टाङ्गनका
निम्ति सिपाहीहरूको हातमा जिम्मा दियो।
१६पिलातसका सिपाहीहरूले येशूलाई हाकीमको भित्र
(जसलाई प्रेटोरियम भनिन्छ) ल्याए। तिनीहरूले सबै
रक्षकहरूलाई एकत्रित गरे। १७सिपाहीहरूले येशूलाई
बैगुने लुगा लगाई दिए। अनि तिनीहरूले उहाँलाई लगाई
दिनका निम्ति काँड़ाको मुकुट बनाए। १८त्यसपछि तिनीहरूले
येशूलाई भने, “यहूदीहरूका राजा हामी तपाईंलाई सलाम
गर्छौं!” १९तिनीहरूले उहाँलाई टाउकोमा कैयौं पटक
लट्ठीले हिर्काए। तिनीहरूले उहाँमाथि थुके अनि घुँड़ा
टेकेर उनलाई पूजा गरे। २०उहाँमाथि गिल्ला गरिसके
पछि तिनीहरूले उहाँको बैगुने लुगाफाटा उतारिदिए,
अनि उहाँको आफ्नै लुगाफाटा लगाइदिए। तब तिनीहरूले
येशूलाई क्रूसमा झुण्ड्याउनलाई बाहिर ल्याए।

## येशूलाई क्रूसमा झुण्ड्याएर मारियो

*(मत्ती २७:३२-४४; लूका २३:२६-४३; यूहन्ना १९:१७-२७)*

२१साइरेनीका एकजना मानिस नगरतिर जाँदै थिए।
उनी आलेकजाण्डर र रूफसको बाबु शिमोन थिए।
शिमोन आफ्नो खेतबाट फर्किरहेथ्यो। सिपाहीहरूले
शिमोनलाई येशूको क्रूस बोक्न जबरजस्ती गरे। २२तिनीहरूले
येशूलाई गलगथा भन्ने ठाउँमा पुऱ्याए। (गलगथाको
अर्थ हुन्छः “खोपड़ीको ठाँउ”) २३गलगथामा सिपाहीहरूले
येशूलाई मद्य पिउन वाद्य गरे। यो मदसँग मीर्र*
मिसाइएको थियो। तर येशूले पिउनु भएन। २४तिनीहरूले
उहाँलाई क्रूसमा काँटी ठोकेर टाँगि दिए। तब तिनीहरूले
येशूका वस्त्रहरू भाग पारे तिनीहरू मध्ये अनि निर्णय
गरे कि चिट्ठामा तिनीहरू प्रत्येकले के पाउछन्।
२५तिनीहरूले येशूलाई क्रूसमा टाङ्गन्दा बिहानी पखको
नौ बजेको थियो। २६येशूको विरुद्धमा लगाइएको
आरोपहरूको लिखित सूचना क्रूसमा थियो। सूचना-पत्रमा
भनिएको थियोः **“यहूदीहरूको राजा।”** २७तिनीहरूले
दुइजना डाकूहरूलाई पनि क्रूसमा टाँगेका थिए। तिनीहरू
एकजना येशूको दाहिनेपट्टि र अर्को देब्रेपट्टि थिए। २८*
२९ओहोर-दोहोर गर्ने मानिसहरू येशूलाई खिशी गर्थे।
तिनीहरू टाउको हल्लाउँदै भन्दथे, “तपाईं त्यही मानिस
होइनौ जसले मन्दिर भत्काएर तीन दिन भित्रै बनाइदिन्छु
भन्ने? ३०अब क्रूसबाट तल ओर्लनुहोस् अनि आफैलाई
बचाउनु हवस्।”
३१यस्तै प्रकारले मुख्य पूजाहारीहरू र शास्त्रीहरूले
येशूलाई गिज्याए। तिनीहरू एक-अर्कामा भनिरहेका
थिए, “उसले अरू मानिसहरूलाई बचायो। तर आफैलाई
बँचाउन सकेन। ३२यदि ऊ ख्रीष्ट, इस्राएलको राजा हो
भने, ऊ क्रूसबाट तल झरेर आओस जसद्वारा हामी
यसलाई देख्न सकौं अनि उसमा विश्वास गरौं।” ती
जसलाई उहाँ सँगै क्रूसमा झुण्ड्याइयो तिनीहरूले पनि
उहाँको अपमान गरे।

## येशूको मृत्यु

*(मत्ती २७:४५-५६; लूका २३:४४-४९; यूहन्ना १९:२८-३०)*

३३मध्यान्हको बेला सारा देशमा अन्धकार भयो।
अन्धकार तीनबजेसम्म लगातार रह्यो। ३४ठीक तीनबजे
येशू ठूलो स्वरमा चिच्याउनु भयो, “एलोई, एलोई,
लामा सबकथनी?” यसको अर्थ हो, “हे मेरा परमेश्वर,
मेरा परमेश्वर, किन मलाई तपाईंले एक्लै छोड्नुभयो?”*
३५त्यहाँ उभिरहेका केही मानिसहरूले यो सुने।
तिनीहरूले भने, “सुन! उहाँले एलियालाई बोलाइरहनु
भएको छ।”

---

**मीर्र** मदसँग मिसाइने एक प्रकारको दुःख भुल्ने औषधि।

**पद २८** धर्मशास्त्र अनुसार उहाँलाई अपराधीहरूको साथमा राखिएको थियो। अनि धर्मशास्त्रको कुरा पूर्ण भयो।

**“हे मेरा … छोड्नुभयो?”** भजनसंग्रह २२:१।

३६तुरून्तै एकजना मानिस दगुरेर गयो अनि एउटा
स्पञ्ज ल्याएर आयो। त्यस मानिसले स्पञ्जमा सिर्का भर्‍यो
अनि एउटा लट्ठीमा लगाएर उसले येशूलाई पिउन दियो।
त्यस व्यक्तिले भन्यो, “अब हामी पर्खौं अनि हेरौं एलिया
आएर उहाँलाई क्रूसबाट तल ओराल्ने हुन् कि होइनन्।”
३७तब येशू ठूलो स्वरले चिच्याउनु भयो अनि प्राण
त्याग्नु भयो।
३८जब येशू मर्नु भयो, मन्दिरको पर्दा टुप्पो देखि
फेद सम्म दुइ टुक्रा भएर आफै च्यातियो। ३९सिपाहीका
अधिकारी जो येशूको अघि उभिएका थिए उहाँ कसरी
मर्नु भयो सो देखे अनि भने, “यो मानिस निश्चयनै
परमेश्वरको पुत्र हुन्!”
४०केही स्त्रीहरू केही पर टाडो उभिएर क्रूसतर्फ
हेरिरहेका थिए। तिनीहरूमध्ये मग्दलिनी मरियम, सालोमी,
अनि याकूब र यूसुफकी आमा मरियम पनि त्यहीं थिई।
(याकूब उसको कान्छो छोरो थियो) ४१ती स्त्रीहरू तिनै
थिए जसले गालीलीसम्म येशूको साथ दिएका थिए
अनि उहाँको देखभाल गरेका थिए। अरू धेरै स्त्रीहरू
पनि त्यहाँ थिए। तिनीहरू पनि येशूसँगै यरूशलेम
आएका थिए।

## येशू गाडिनु भयो

*(मत्ती २७:५७-६१; लूका २३:५०-५६; यूहन्ना १९:३८-४२)*

४२यो दिनलाई तयारीको दिन भनिन्थ्यो। (जसको
अर्थ हो शबाथ दिनको अघिल्लो दिन) रात पर्दै थियो।
४३अरिमथियाको यूसुफ नाम गरेका मानिस साहसपूर्वक
पिलातस कहाँ गए अनि येशूको लाशको लागि विन्ति
गरे। यूसुफ यहूदी महासभाको एक प्रभावशाली सदस्य
थिए। मानिसहरूमध्ये तिनी नै एकजना यस्ता व्यक्ति थिए
जसले परमेश्वरको राज्य आउने बाटो हेर्दैथिए। ४४येशू
अघिनै मरिसक्नु भयो भन्ने सुनेर पिलातस छक्क परे।
येशूलाई रक्षा गरिरहेको सैनिक अधिकारीलाई तिनले
बोलाए। पिलातसले येशू अघिनै मरि सके भनी उसलाई
सोधे। ४५अनि सैनिक अधिकारीले पिलातसलाई येशू
अघिनै मरिसकेको कुरा सुनाए। यसकारण पिलातसले
यूसुफलाई नै उहाँको लाश दिने निश्चय गरे। ४६यूसुफले
केही पातलो लुगा किनेका थिए। तिनले क्रूसबाट
उहाँलाई ओहाले अनि त्यो लुगामा उहाँलाई बेहे।
त्यसपछि यूसुफले चट्टान खोपेर बनाएको एउटा चिहानमा
उहाँलाई राखे। तब चिहानको द्वार बन्द गर्नलाई एउटा
चट्टान उहाँले पल्टाए। ४७मग्दलिनी मरियम, र यूसुफकी
आमा मरियमले त्यो स्थान देखे जहाँ येशूलाई लेटाइयो।

## येशू मृत्युबाट बौरी उठेको समाचार

*(मत्ती २८:१-८; लूका २४:१-१२; यूहन्ना २०:१-१०)*

**१६** शबाथ दिनको अर्कोदिन, मग्दलिनी मरियम,
सलोमी र याकूबकी आमा मरियमले केही
सुगन्धित वस्तुहरू किने। तिनीहरूले ती सुगन्धित वस्तुहरू
येशूको शरीरमा लगाइदिन चाहन्थे। २सप्ताहको पहिलो
दिनको एकदमै बिहान, तिनीहरू चिहानमा गइरहेका
थिए। यसबेलासम्म घाम झुल्केकै थिएन। ३ती स्त्रीहरू
एक-अर्कामा कुरा गर्दै थिए, “चिहानको ढोकामा त्यहाँ
एउटा ठूलो ढुंगा छ। कसले त्यो ढुंगा हाम्रो निम्ति
पल्टाइदेला?”
४जब स्त्रीहरूले देखे तिनीहरूले ढुंगा हटाइएको
पाए। त्यो ढुंगा अति ठूलो थियो, तर ढोकाबाट यसलाई
पल्टाइएको थियो। ५तिनीहरू चिहान भित्र गए। त्यहाँ
तिनीहरूले एकजना सेतो वस्त्र लाएको जवान मानिसलाई
चिहानको दाहिने पट्टि बसिरहेको देखे। ती स्त्रीहरू
डराए। ६उसले भने, “डराउनु पर्दैन। तिमीहरूले नासरतको
येशूलाई, खोजिरहेछौ जसलाई क्रूसमा टाँगेका थिए।
उहाँ मृत्युबाट बौरी उठ्नु भएको छ! उहाँ यहाँ हुनु
हुन्न। हेर, यहाँ त्यो स्थान छ जहाँ उहाँलाई मृत्यु पछि
राखिएको थियो। ७अब जाऊ अनि उहाँका चेलाहरूलाई
खबर गर। अनि पत्रुसलाई पनि भनिदेऊ। तिनीहरूलाई
भनिदेऊ, ‘येशू गालीली जानु भइरहेको छ। तिनीहरू
पुग्नुभन्दा अघिनै उहाँ त्यहाँ हुनु हुनेछ। उहाँले अघिबाटै
तिमीहरूलाई भने झैं उहाँलाई त्यहाँ देख्न पाउने छौ।’”
८ती स्त्रीहरू खूबै डराए अनि अल्मलमा परे।
तिनीहरूले चिहान छोड़े अनि दगुरे। डरको कारणले के
घटना भएको थियो त्यसबारे तिनीहरूले कसैलाई केही
भनेनन्।

---

*(प्रस्तुत पुस्तकमा मर्कूसको पुराना ग्रीक प्रतिलिपीहरू यहाँ शेष हुन्छ।)*

## केही चेलाहरूले येशूलाई देख्छन्

*(मत्ती २८:९-१०; यूहन्ना २०:११-१८; लूका २४:१३-३५)*

९सप्ताहको पहिलो दिनमा येशू मृत्युबाट बौरी उठ्नु
भयो। उहाँ पहिले मरियम मग्दलिनी सित देखा पर्नु

भयो। जसबाट उहाँले सातवटा भूतहरू निकाल्नु भएको
थियो। १०जब उसले येशूलाई देखी तिनी गईन अनि
उहाँका चेलाहरूलाई भनी। उहाँका चेलाहरू उहाँका
निम्ति दु:खी भएर विलाप अनि रोइ-कराई गरिरहेका
थिए। ११मरियमलें येशू जीवित नै हुनुहुन्छ भनेर खबर
गरिन अनि उनीले उहाँलाई देखें भनी तिनीहरूलाई
भनिन। तर चेलाहरूले उसलाई विश्वास गरेनन्।

१२त्यसपछि ती दुइ बाहिरखेतमा हिंड़िरहेका बेला
उहाँ तिनीहरूप्रति अर्को रूपमा देखा पर्नुभयो। तर उहाँ
मारिन अघिको समयको जस्तो देखिँदैनथ्यो। १३ती
चेलाहरू फर्केर गए अनि अरू चेलाहरूलाई यी
कुराहरू वर्णन गरे। तर तिनीहरूले पनि विश्वास गरेनन्।

### येशू प्रेरितहरूसंग कुराकानी गर्नु भयो

*(मत्ती २८:१६-२०; लूका २४:३६-४९; यूहन्ना २०:१९-२३, प्रेरित १:६-८)*

१४पछि आफ्ना एघारजना चेलाहरू प्रति देखापर्नु
भयो जब तिनीहरू खाँदैथिए। येशूले तिनीहरूमा विश्वास
कम भएकोमा अनि जसले उहाँलाई बौरी उठेको देखेर
दिएको समाचारमा विश्वास नगरेकोमा तिनीहरूको
आलोचना गरे।

१५येशूले चेलाहरूलाई भन्नुभयो, "सारा संसारको
हरेक स्थानमा जाऊ र प्रत्येकलाई सुसमाचार प्रचार गर।
१६जसले विश्वास गर्छ अनि बप्तिस्मा लिन्छ त्यो बाँच्ने
छ। तर जसले विश्वासै गर्दैन भने दोषी हुनेछ। १७अनि
विश्वास गर्ने मानिसहरूले प्रमाणका निम्ति यी कुराहरू
गर्नेछन्। तिनीहरूले दुष्टात्माहरू मेरो नाउँमा भगाउने
छन्। तिनीहरूले कहिल्यै नसिकेका भाषाहरू बोल्नेछन्।
१८तिनीहरूले यदि सर्पहरू समाते पनि तिनीहरूलाई
चोटपटक लाग्नेछैन। यदि तिनीहरूले घातक विष पिए
पनि तिनीहरूलाई कुनै हानि हुनेछैन। यदि तिनीहरूले
आफ्ना हात रोगीहरू माथि राखे भने तिनीहरू निरोगी
हुनेछन्।"

### येशूको स्वर्गारोहण

*(लूका २४:५०-५३; प्रेरित १:९-११)*

१९यी सबै तिनीहरूलाई भानिसके पछि प्रभु येशूलाई
स्वर्गतिर लगियो। त्यहाँ येशू परमेश्वरको दाहिनेपट्टि बस्नु
भयो। २०चेलाहरू पृथ्वीको सबै कुनामा गए अनि
सुसमाचार प्रचार गरे। अनि परमप्रभुले तिनीहरूलाई
सहायता गरे अनि चमत्कार गर्ने शक्ति चेलाहरूलाई
दिइएकाले सुसमाचार प्रमाण भए।

# लूकाले लेखेको सुसमाचार

### येशूको जीवन बारेमा लूका लेख्छन्

१ प्रिय थियोफिलस, किनभने धेरै मानिसहरूले हाम्रा
बीचमा घटेका घटनाहरूको विषयमा इतिहास लेख्ने
चेष्टा गरेका छन्। [२]तिनीहरूले ती कुराहरू नै लेखेका
छन् जुन कुराहरू शुरूदेखि नै हामीलाई ती मानिसहरू
जो साक्षीहरू र परमेश्वरका संदेशको सेवकहरूले
बताँउदै आएका छन्। [३]हे माननीय, म आफैले शुरू
देखि नै होशियार साथ सबै कुराहरूको अध्ययन गरेको
छु। त्यसैले, मैले सोँचे मैले पनि तिमीहरूका लागि
क्रमानुसार यी कुराहरू लेख्नै पर्छ। यसैले, मैले यी
कुराहरू एउटा पुस्तकमा समावेश गरेको छु। [४]तिमीहरूलाई
बुझाउनुको लागि जुन तिमीहरूले सिकेका छौ त्यही
कुराहरू नै सत्य हो भन्न, मैले यी कुराहरू लेखेको
छु।

### जकरिया अनि इलीशिबा

[५]यहूदामा हेरोदको शासन कालमा जकरिया नाउँ
गरेको एकजना पूजाहारी थिए। जकरिया अबिया पूजाहारी
दलका थिए। जकरियाकी पत्नी हारून परिवारको थिईन।
तिनको नाउँ इलीशिबा थियो। [६]ती दुवै जकरिया र
इलीशिबा परमात्मा समक्ष असल व्यक्ति थिए। जहाँ
सम्म प्रभुको जम्मै आज्ञा र नियमहरूको सम्बन्ध छ
तिनीहरू निष्कलंक थिए। [७]तर जकरिया र इलीशिबा
नि:सन्तान थिए। इलीशिबा गर्भवती हुन सकिन; अनि
तिनीहरू दुवै वृद्ध भइसकेका थिए।

[८]जब उनको दलको सेवा गर्ने पालो थियो जकरियाले
परमेश्वर अघि मानिसहरूको सेवा पूजाहारी भएर गरे।
यस्तै उसको दलको सेवा गर्ने समय थियो। [९]पूजाहारीहरूले
सँधै एकजना पूजाहारीलाई धूप दिने गर्दथे। जकरिया
यस्तै काम गर्नलाई छानिएको थियो। यसकारण उसले
प्रभुको मन्दिरमा धूप जलाउनु पर्थ्यो। [१०]त्यहाँ जम्मै
मानिसहरू बाहिर एकत्रित भएका थिए। धूप दिइएकै
बेला तिनीहरू प्रार्थना गर्नमा तल्लीन थिए। [११]त्यसपछि
धूप जलिरहेको दाहिनेपट्टि परमप्रभुको एक स्वर्गदूत
जकरियाको अघिपट्टि उभिएको थियो। [१२]जब उसले
स्वर्गदूतलाई देख्यो, जकरिया भ्रममा पर्‍यो अनि त्यो
डरले आत्तियो। [१३]त्यो दूतले त्यसलाई भनी, “जकरिया,
नडराऊ। तिम्रो प्रार्थनालाई परमेश्वरले सुनिदिनु भएकोछ।
तिम्री पत्नी इलीशिबाले एउटा शिशु जन्म दिनेछे। उसको
नाउँ तिमीले यूहन्ना राखिदिनू। [१४]उसले तिमीहरूमा
आनन्द र खुशीयाली ल्याउनेछ। उसको जन्मले धेरै-धेरै
मानिसहरूमा सुख ल्याउनेछ। [१५]प्रभुको सामुन्ने यूहन्ना
एकजना महान व्यक्ति बनिनेछ। उसले दाखरस अथवा
मदिरा कदापि लिने छैन। तिनको जन्मबाट नै तिनी
पवित्र आत्माले* भरिएको हुनेछन्। ।[१६]तिनी धेरै
यहूदीहरूलाई तिनीहरूको परमेश्वर प्रभुतिर खिचिने माध्यम
हुनेछन्। [१७]आफै तिनी अग्रदूत झैं परमप्रभुको अघि
अघि जानेछन्। एलिया जस्तै तिनी पनि शक्ति-सम्पन्न
व्यक्ति बन्नेछन्। एलियामा भएकै आत्मा उसमा पनि
हुनेछ। बाबुहरू र छोरोछोरीहरू माझ उनैले नै शान्ति
बनाई राख्नेछन्। तिनीहरू जसले परमेश्वरको आज्ञा
पालन गर्दैनन् त्यस्ताहरूलाई धार्मिक व्यक्तिहरूले जस्तै
सोँच्ने बनाउने छन्। परमप्रभुको आगमनका निम्ति
मानिसहरूलाई उसले नै तयारी पार्नेछन्।”

[१८]जकरियाले स्वर्गदूतलाई भने, “यो कुरा साँचो हो
भनेर म कसरी निश्चित हुनु? म एउटा बुढ़ो मानिस हुँ,
अनि मेरी स्वास्नी पनि बुढ़ी नै छिन्?”

[१९]त्यो दूतले जवाफ दिए, “म गब्रिएल हुँ। म
परमेश्वरको अघि खड़ा रहन्छु। परमेश्वरले नै मलाई
तिमीसित कुरा गर्न र यिनै खुशीको सुसमाचार दिन
पठाउनु भएको हो। [२०]अब सुन! यी कुराहरू पुरा

---

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

नहुञ्जेल सम्म तिमी हुनेछौ र बोल्नसक्नेछैनौ। किन?
किनभने मैले भनेको कुराहरू जो आफ्नो समयमा सत्य
हुनेछ तिमीले विश्वास गरेका छैनौं।"
२१बाहिरपट्टि, मानिसहरूले जकरियालाई पर्खिरहेका
थिए। मन्दिरमा यति लामो समय सम्म बसेको देखेर
तिनीहरू छक्क परिरहेका थिए। २२त्यसपछि जकरिया
बाहिर आए, तर उनी बोल्न नसक्ने भएका थिए। उनी
ती मानिसहरूका अघि देखा मात्र पर्न सक्थे। तब
तिनीहरूले उसले मन्दिरभित्र केही दर्शन पाएको चाल
पाए। उसले तिनीहरूसित इशारा मात्र गरिरहे अनि लाटा
भैं बसिरहे। २३जब जकरियाको सेवाको दिन पूरा भयो,
उ आफ्नो घरतिर लाग्यो।
२४केही समय पछि जकरियाको स्वास्नी इलीशिबा
गर्भवती भईन। अनि पाँच महीनासम्म उनी घरदेखि
बाहिर निस्किनन्। इलीशिबाले भनिन, २५"हेर, मलाई
परमप्रभुले के गर्नु भएको छ! उहाँले मेरो एउटा नानी
जन्मियोस भनी निर्णय लिनु भयो। परमप्रभुले ममाथि
यति दया गर्नु भयो कि अब उसो मानिसहरूको
सामुन्नेबाट मलाई लाजमुक्त पार्नु भयो।"

## कन्या मरियम

२६-२७इलीशिबाको छैटौं महीनामा, गालीलको एउटा
शहर नासरतमा बस्ने एउटा दूत गब्रिएलसँग परमेश्वरले
एउटी कन्याकहाँ पठाइदिनु भयो। तिनी दाऊदको परिवारको
एक यूसुफ नाउँ गरेको व्यक्तिसँग मगनी भएकी थिइन।
त्यो कन्याको नाउँ मरियम थियो। २८त्यो दूत मरियम
कहाँ गए अनि भने, "शुभकमना छ। परमप्रभु तिमीसितै
हुनुहुन्छ। तिमी उहाँको खुवै प्रिय छौ।"
२९तर त्यो स्वर्गदूतले भनेका यी कुराहरूमा मरियम
खुबै विचलित भईन। मरियम छक्क परीन र भनिन, "यो
अभिनन्दनको अर्थ के हो?"
३०त्यो दूतले उसलाई भने, "डराउनु पर्दैन मरियम,
किनभने परमेश्वर तिमीसित अत्यन्त खुशी हुनुहुन्छ।
३१सुन! तिमी गर्भवती हुनेछौ अनि तिमीले एउटा छोरो
जन्माउनेछौ। अनि उसको नाउँ तिमीले येशू राख्नू।
३२उहाँ महान हुनुहुनेछ। मानिसहरूले उहाँलाई परम
परमेश्वरका पुत्र कहलाउनेछन्। परमप्रभु परमेश्वरले
उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ।
३३उहाँले याकूबका मानिसहरूमाथि सँधैका लागि शासन
गर्नुहुनेछ। येशूको राज्यको अन्त कहिल्यै हुनेछैन।"
३४मरियमले त्यो दूतलाई भनिन, "जब म कन्या नै
छु, यस्तो कसरी हुन सक्छ?"
३५त्यो दूतले मरियमलाई भने, "पवित्र आत्मा तिमीमाथि
आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले
तिमीलाई ढाक्नेछ। यसकारणले जुन पवित्र जन्मनेछ
उसलाई परमेश्वरको पुत्र कहलाइनेछ। ३६यस विषयमा
ध्यान देऊ: तिम्रो सम्बन्धी इलीशिबा पनि गर्भवती छिन्
तिनको अवस्था वृद्ध अनि बाँझी कहलाइए पनि
अहिले तिनी छ महिनाबाट गर्भवती भएकी छिन्।
३७किनभने परमेश्वर जस्तै कुरो गर्न सक्नुहुन्छ।"
३८मरियमले भनी, "म परमप्रभुको सेवक हुँ। तपाँईले
भने जस्तो म माथि घट्नु सक्छ।" त्यसपछि त्यो दूत
उनीबाट विदा भए।

## जकरिया र इलीशिबासँग मरियमको भ्रमण

३९लगत्तै मरियम तयारी भईन अनि यहूदिया गाउँको
पहाड़ी नगरमा हत्तारिएर गइन। ४०उ जकरियाको घरमा
गईन् अनि इलीशिबालाई शुभकामना दिईन्। ४१जब
इलीशिबाले मरियमको शुभकामना सुनिन्, तब तिनको
गर्भको नानी चल्यो। अनि इलीशिबा पवित्र-आत्माद्वारा
पूर्ण भई। ४२तिनले जोरले चिच्याएर भनी, "अरू
स्त्रीहरूलाई भन्दा परमेश्वरले तिमीलाई धेरै आशीर्वाद
दिनुभएको छ। अनि गर्भमा रहेको नानी पनि त्यस्तै
अनुगृहित छ। ४३यस्तो कसरी हुन सक्यो कि मेरा
परमप्रभुकी माता मेरोमा आउनु पर्‍यो? ४४जब मैले
तिम्रो अभिनन्दन सुने, मेरो गर्भमा भएको बालक हर्षले
उफ्र्‍यो। ४५तिमीलाई आर्शीवाद छ किनभने प्रभुले
तिमीलाई भन्नु भएको कुरा हुनेछ भन्ने तिमीमा विश्वास
थियो।"

## मरियमद्वारा परमेश्वरको प्रशंसा

४६त्यसपछि मरियमले भनिन्:

४७ "मेरो आत्माले परमप्रभुको प्रशंसा गर्दछ; अनि
मेरो हृदय परमेश्वरमा आनन्दित हुँदछ जो मेरा
मुक्तिदाता हुनुहुन्छ।
४८ किनभने उहाँले आफ्नो क्षुद्र दासी प्रति कृपा

गर्नु भयो हो, अब उप्रान्त सबै मानिसहरूले
मलाई अनुगृहित मान्नेछन्,
४९ किनभने सर्वशक्तिमान परमेश्वरले मेरो निम्ति
ठूलो कार्यहरू गर्नु भएको छ। उहाँको नाउँ
पवित्र छ।
५० जसले परमेश्वरलाई उपासना गर्छ उसको पुस्तौं
सम्म उहाँ दयालु हुनुहुन्छ।
५१ उहाँले आफ्नु बाहुबलद्वारा कठिन कार्यहरू
शक्तिशाली गर्नु भएको छ। उहाँले घमण्डीहरूलाई
तिनीहरूको मनहरूको घमण्ड नष्ट गरिदिनु
भएको छ।
५२ उहाँले शक्तिशाली शासकहरूलाई सिंहासनबाट
हटाउनुभएको छ, अनि नम्रहरूलाई उचाल्नुभएको
छ।
५३ उहाँले भोकाहरूलाई असल खाद्यहरूले तृप्त
पार्नुभएको छ। तर स्वार्थी र धनीहरूलाई रित्तै
हात फर्काइदिनु भएको छ।
५४ उहाँ आफ्ना सेवक इस्राएललाई सहायता गर्नु
आउनु भएको छ। उहाँले हामीलाई उहाँको
कृपा दिनु भएको छ।
५५ उहाँले अब्राहाम र उनका सन्तानलाई दया गर्न
हाम्रा पुर्खाहरूलाई दिएको वचन अनुसार सम्झनु
भयो।"

५६मरियम इलीशिबासंग प्राय: तीन महीनासम्म बसी।
त्यसपछि घर फर्की।

## यूहन्नाको जन्म

५७जब इलीशिबाको जन्म दिने समय भयो तिनले
एउटा छोरो जन्माइन्। ५८उसको छिमेकीहरू र आफन्तहरूले
उप्रति परमप्रभु परमेश्वरले अति नै अनुग्रह देखाएको
सुनेका थिए। तिनीहरू मरियमसँग खुशी थिए।

५९बालक आठ दिनको भएपछि तिनीहरू उसको
खतना* गर्न आए। तिनीहरूले उसको नाउँ जकरिया
राख्न चाहन्थे किनभने यो उसकै बाबुको नाउँ थियो।
६०तर उसकी आमाले भनिन, "होइन। उसको नाउँ
यूहन्ना हुनेछ।"

६१मानिसहरूले इलीशिबालाई भने, "तर तिमीहरूको
परिवारमा यस्तो नाउँ भएको कोही छैन।" ६२त्यसपछि
तिनीहरूले तिनका बाबुलाई संकेत गरे, "तिमीले यसको
नाउँ के राख्ने इच्छा गरेका छौ?"

६३जकरियाले केही लेख्न पाटी माँगे। तब उसले
लेखिदिए, "उसको नाउँ यूहन्ना हो।" तिनीहरू छक्क परे।
६४त्यही बेला जकरियाको मुख खोलियो। उसको जिब्रो
चल्यो अनि उनी बोल्न थाले। उसले परमेश्वरको
प्रशंसा गरे। ६५अनि उसको सबै छिमेकीहरू डराए।
यहूदियाको पहाड़ी क्षेत्रका बासिन्दाहरू यस विषयमा
कुराहरू गर्न थाले। ६६जम्मै मानिसहरू जजसले यी
कुराहरू सुने तिनीहरू निकै प्रभावित भए "यो केटो
पछि के बनिन्छ होला?" परमप्रभु त्यस बालक साथ
हुनाले त्यस्तो सोचिएको थियो।

## जकरियाद्वारा परमेश्वरको प्रशंसा

६७त्यसपछि यूहन्नाको बाबु जकरियामा पवित्र-आत्मा
भरियो। अनि तिनले यस्तो अगमवाणी दिन थाले:

६८ "इस्राएलका प्रभु परमेश्वरको प्रशंसा गर कारण
उहाँले आफ्ना मानिसहरूलाई सहायता गर्नु
भयो अनि तिनीहरूलाई स्वतन्त्र दिनुभयो।
६९ परमेश्वरकै सेवक दाऊदका परिवारबाट उहाँले
हामीलाई शक्तिशाली मुक्तिदाता दिनु भएको छ।
७० उहाँले भन्नु भएको थियो कि उहाँले यी सब
गर्नु हुनेछ। धेरै अघिनै उहाँका पवित्र
अगमवक्ताहरूबाट उहाँले यी सब कुराहरू
भन्नु भएको हो।
७१ उहाँले हामीलाई शत्रुहरूदेखि अनि हामीलाई
घृणागर्ने शक्तिहरूदेखि जोगाउनु भएको छ।
७२ उहाँले हाम्रा पुर्खाहरूलाई दया गर्नेछु भन्नु
भएको छ। उहाँले पवित्र-प्रण पनि स्मरण गर्नु
भएको छ।
७३ उहाँले हाम्रा पुर्खा अब्राहामको अघि शपथ
खानुभएको छ।
७४ उहाँले हामीलाई हाम्रो शत्रुहरूको पञ्जाबाट
स्वतन्त्र राख्ने शपथ लिनु भएको छ औ
हामीलाई निर्भयपूर्वक उहाँको सेवामा राख्नु
हुनेछ।

---

**खतना** परमेश्वरले अब्राहामलाई गरेजस्तो प्रत्येक यहूदी बालकलाई गरिने, टाउकोको केश मुडुल्याउने कार्य। (उत्पत्ति १७:९-१४)।

७५ जब सम्म हामी जीवित रहन्छौ हामी पवित्र
अनि परमेश्वर अघि सही मार्गमा रहने छौं।
७६ "ए बालक, तिमी महामहिमको अगमवक्ता
कहलाइनेछौ। उहाँको आगमनको मार्ग तयारी
पार्न तिमी सर्वप्रथम परमेश्वरको अघि जानेछौ।
७७ तिमीले उहाँका मानिसहरूलाई तिनीहरूको
पापहरूबाट क्षमा पाएर कसरी बाँच्नेछन् त्यो
जान्न दिनेछौ।
७८ "परमेश्वरको प्रेमपूर्ण करूणा पाएर हाम्रा निम्ति
स्वर्गबाट एउटा नयाँ उज्यालो दिन चम्कनेछ।
७९ उहाँले अन्धकारमा बसेका, मृत्युको डरमा
परेकाहरूलाई मदत गर्नु हुनेछ। उहाँले हामीलाई
शान्तिको मार्गतिर पथ-प्रदर्शन गर्नु हुनेछ।"

८०यसरी नै ती सानो बालक बढ्दै गयो र आत्मामा
शक्तिमान हुँदै गयो। जबसम्म इस्राएलमा मानिसहरूलाई
शिक्षा दिन तिनी आएनन् त्यत्तिबेला सम्म यूहन्ना
मानिसहरूदेखि टाढ़ा भएर बसे।

## येशूको जन्म

*(मत्ती १:१८-२५)*

२ त्यसैबेला अगस्टस सिजरले रोमको अधीनमा रहेका
सबै देशहरूलाई एउटा आदेश पठाए। त्यो आदेश
अनुसार जम्मै मानिसले आफ्नो नाउँ पंजिकृत गराउनु
पर्थ्यो। २यो नै पहिलो पल्टको यस्तो जनगणना थियो।
क्युरिनियस सिरियाको राज्यपाल हुँदा यो भएको हो।
३जम्मै मानिसहरू आफ्नो शहरहरूमा नाउँ पंजिकृत
गराउनु गए।

४यूसुफ पनि गालीलको नासरत शहरबाट यहूदियाको
बेतलेहेम नामक शहरमा गए। बेतलेहेम शहरलाई दाऊदको
शहर भनिन्थ्यो। यूसुफ त्यहाँ गए कारण तिनी दाउदका
सन्तानका थिए। ५यूसुफ पंजिकरणको लागि मरियमसँगै
गए किनभने मरियमसँग उसको विवाह निश्चित भइसकेको
थियो। मरियम यसबेला गर्भवती थिइन। ६यूसुफ र
मरियम बेतलेहेममा हुँदा नै बालक जन्मने समय भएको
थियो। ७अनि तिनले प्रथम पुत्र जन्माइन। त्यसबेला
धर्मशाला भित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो
बालकलाई लुगाहरूले बेरिन अनि एउटा डुँड़मा सुताइन।

## येशूको बारेमा केही गोठालाहरूले सुने

८त्यो राती त्यस क्षेत्रमा बाहिर खेतमा केही गोठालाहरू
आफ्नो भेँड़ाहरू हेरचाह गरिरहेका थिए। ९परमप्रभुको
एउटा दूत यसैबेला तिनीहरूको अघि उभिए। प्रभुको
महिमा तिनीहरूको चारैतिर चम्किरहेको थियो। ती
गोठालाहरू खुबै डराए। १०तर त्यो स्वर्गदूतले तिनीहरूलाई
भने, "डराउनु पर्दैन, किनभने म तिमीहरूलाई शुभ
समाचारहरू भन्न लागेको छु। यसले सबै मानिसहरूलाई
अत्यन्त हर्षित तुल्याउनेछ। ११किनभने आज नै दाऊदको
शहरमा तिमीहरूको निम्ति एकजना मुक्तिदाताको जन्म
भएको छ। उहाँ ख्रीष्ट, प्रभु हुनुहुन्छ। १२उहाँलाई
तिमीहरूले यसरी चिन्नेछौ: तिमीहरूले एउटा बालकलाई
लुगाले बेह्रेको र डुँड़मा लड़ाइरहेको भेट्टाउनेछौ।"

१३त्यसपछि अचानक अनगन्ति स्वर्गीय दूतहरू पहिलो
दूतसँग भेला हुनेछन्। सबै दूतहरूले यसो भन्दै परमेश्वरको
प्रशंसा गरिरहेका हुन्छन्:

१४ "स्वर्गमा परमेश्वरलाई महिमा। अनि जति
मानिसहरूसँग परमेश्वर खुशी हुनुहुन्छ तिनीहरूमा
शान्ति रहोस्।"

१५ती स्वर्गदूतहरूले गोठालाहरूलाई छोड़े अनि स्वर्गतिर
प्रस्थान गरे। गोठालाहरू आपसमा कुरा गरे, "अब
हामी बेतलेहेम जाऔँ, अनि के भएको छ हेरौं, जसको
विषयमा परमप्रभु परमेश्वरले हामीलाई थाहा दिनु भएको
छ।"

१६तिनीहरू हतार हतार त्यहाँ गए अनि मरियम र
यूसुफलाई भेटे अनि बालक डुँड़मा सुतिरहेको थियो।
१७गोठालाहरूले बालकलाई देखे। तब तिनीहरूले यो
बालकको विषयमा दूतले जे भनेका थिए सुनाए।
१८गोठालाहरूको कुरा सुनेर सबै छक्क परे। १९मरियमले
यी सबै कुराहरू आफ्नै हृदयमा राखिन र ती विषयहरूमा
सोचिरहिन्। २०गोठालाहरूले तिनीहरूले देखेका र सुनेका
घटनाहरूको निम्ति परमेश्वरप्रति प्रशंसा गर्दै र महिमा
गाउँदै आफ्ना भेड़ाहरू भएको ठाँउमा फर्के। स्वर्गदूतले
तिनीहरूलाई वर्णन गरे भैँ सबै सत्य सावित भयो।

२१जब बालक आठ दिनको भयो, उसको खतना
गरियो अनि नाउँ येशू राखियो। यो त्यही नाउँ हो जुन
बालक गर्भमा आउनु अघि नै स्वर्गदूतले भनेको थियो।

### येशूलाई मन्दिरमा उपहारहरू प्रदान

२२मोशाको व्यवस्था अनुसार जब मरियम र यूसुफलाई
चोख्याउने दिन आइपुग्यो तिनीहरूले बालकलाई प्रभु
अघि साक्षात गराउनु यरूशलेम लगे। २३परमप्रभुको
नियममा यस्तो लेखिएको छ: "यदि कुनै परिवारमा
पहिलो सन्तान पुरुष जन्मे उसलाई 'प्रभुको निम्ति पवित्र
मानिन्छ।'"* २४अनि, "तिमीले एकजोड़ी ढुकुर अथवा
एकजोड़ी बच्चा परेवा बलिदान स्वरूप प्रदान गर्नु
पर्छ।"* अनि यसकारण परमप्रभुको नियम अनुसार यो
बलिदान प्रदान गर्न यरूशलेम गए।

### शिमियोनले येशूलाई देखे

२५शिमियोन नाउँ गरेको एकजना मानिस यरूशलेममा
बस्थे। उनी भक्त र खुबै धार्मिक व्यक्ति थिए। उनी
इस्राएलको मुक्ति हेर्न प्रतीक्षा गरिरहेका थिए अनि
उनीमा पवित्र-आत्मा थिए। २६प्रभु ख्रीष्टलाई नदेखे
सम्म तिमी मर्नेछैनौ, भनेर उनलाई पवित्र आत्माले
भनेका थिए। २७आत्माले तिनलाई डोऱ्याउँदै मन्दिरमा
आए। यहूदी कानून अनुसार जे गर्नु पर्ने थियो त्यही
गर्नलाई येशूका माता पिताले बालकलाई मन्दिरमा
ल्याए। २८शिमियोनले आफ्नो पाखुरामा बालक लिए
अनि परमेश्वरलाई प्रसंशा गरे अनि भने:

२९ "अब, हे प्रभु, आफ्नो वचन अनुसार तपाईंको
सेवकलाई विदा दिनुहोस्
३० किनभने मैले मेरा आँखाले तपाईंको उद्धार
देखेको छु।
३१ जो तपाईंले नै समस्त राष्ट्रहरूको अघि तयार
पार्नु भएको हो।
३२ तपाईंको पथ-प्रदर्शनमा अयहूदीहरूको लागि
प्रकाश उनी नै हुन। उनले नै तपाईंका
मानिसहरूलाई इस्राएलमा महिमा ल्याउने छन्।"

३३उनको विषयमा शिमियोनले यस्तो कुरा गरेको
देखेर येशूको आमा-बाबु छक्क परे। ३४त्यसपछि शिमियोनले
तिनीहरूलाई आर्शीवाद दिए अनि मरियम, येशूकी
आमालाई भने, "यो बालक इस्राएलमा धेरैको उत्थान र
पतनको कारण हुनेछ। उनी चिन्ह हुनेछन् र जसलाई
कतिपयद्वारा अस्वीकार गरिनेछ। ३५यसकारण धेरै
मानिसहरूको विचारहरू प्रकाशमा आउनेछन्। अनि
एउटा तरवारले तिम्रो मुटु पनि छेड़ेर जानेछ"

### हन्नाले येशूलाई देखिन्

३६हन्ना, एकजना अगमवादिनी-स्त्री पनि त्यहीँ मन्दिरमा
थिईन्। तिनी अशेर कुलको फनुएलकी छोरी थिईन।
हन्ना धेरै बुढी भइसकेकी थिइन। बिहे गरेर तिनले
दाम्पत्य जीवन खाली सात वर्ष मात्र बिताइन। ३७त्यसपछि
तिनको लोग्ने मरेको थियो अनि तिनी विधवा भएकी
थिइन औ अहिले तिनी चौरासी वर्ष पुगेकी थिइन। हन्ना
सँधै मन्दिरमा हुने गर्थिन। उनी कहीँ जाँदिन थिइन। रात
दिन उपवास र प्रार्थना गर्दै मन्दिरमा परमेश्वरको
आराधना गर्थिन। ३८ठीक समयमा तिनी त्यो बालकको
आमा-बाबुकहाँ आई पुगिन औ परमेश्वरलाई धन्यवाद
दिन थालिन। ती जम्मै जजसले यरूशलेमको छुटकाराको
निम्ति अपेक्षा गरिरहेका थिए तिनीहरूसँग उनको विषयमा
बात गरिन्।

### यूसुफ र मरियम घर फर्किए

३९यूसुफ र मरियमले परमप्रभुको व्यवस्था अनुसार
सबै काम सिध्याए अनि तिनीहरू गालीलको आफ्नै
शहर नासरतमा गए। ४०सानो बालक दिनप्रति दिन बढ़दै
गए। उनी बलियो हुँदै गए अनि ज्ञान भरियो। परमेश्वरको
अनुग्रह तिनको साथ थियो।

### येशूको बाल्यपन

४१निस्तार* चाड़को बेला प्रत्येक वर्ष नै येशूको
आमा-बाबु यरूशलेम जानेगर्थे। ४२जब येशू बाह्र वर्षको
भए, सँधै झैं तिनीहरू त्यो भोजमा सामेल भए। ४३जब
भोज सिद्धियो तिनीहरू घर फर्किरहेका थिए। तर केटो
येशू यरूशलेममा नै बसे। उनको विषयमा आमा-बाबुलाई
केही थाहा भएन। ४४तिनीहरूले सोचे कि तिनी अन्य
यात्रीहरूसँग छन् अनि यसकारण तिनीहरू दिनभरी
हिड़ीरहे। तब तिनलाई आफ्नो साथी तथा आफन्तहरू
माझ तिनीहरूले खोज्न लागे। ४५तर किनभने यूसुफ र

---

**"यदि कुनै … पवित्र मानिन्छ"** हेर्नोस प्रस्थान १३:२, १२।

**"तिमीले … गर्नु पर्छ"** लेवी १२:८।

**निस्तार** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्।

मरियमले उहाँलाई ती तिनीहरू बीचमा नदेख्ता तिनीहरू
तिनलाई खोज्न यरूशलेम फर्के। ४६तीन दिनपछि तिनीहरूले
तिनलाई मन्दिरमा भेटे। येशू मन्दिरमा धार्मिक शिक्षकहरूसँग
तिनीहरूका कुराहरू सुन्दै र तिनीहरूलाई प्रश्न गर्दै
बसिरहेका थिए। ४७जजसले तिनलाई सुने तिनको समझ
र उत्तरहरूमा छक्क परीरहेका थिए। ४८जब तिनका माता
पिताले तिनलाई भेटे तिनीहरू आश्चर्य चकित भए।
तिनकी आमाले तिनलाई भनिन, "पुत्र, तिमीले हामीलाई
किन यसो गऱ्यौ? तिम्रो बाबु अनि म तिमीलाई खोज्दा
साह्है चिन्तित थियौ।"

४९तब येशूले तिनीहरूलाई भने, "तपाईंहरूले मलाई
किन खोजिरहनु भएको? के तपाँईहरू जान्नु हुन्न कि
मेरा पिताको कार्य जहाँ हुन्छ म त्यहीँ रहनु पर्छ?"
५०तर तिनीहरूले येशूले उनीहरूलाई दिएको उत्तरको
अर्थ बुझ्न सकेनन्।

५१तब येशू तिनीहरूसँगै नासरत गए। उहाँले आफ्ना
आमाबाबुले भनेका सबै कुराहरू माने। तर उनकी
आमा भने अझै यही कुराहरूनै मनमा राखिरहेकी
थिइन। ५२येशू शारीरिक गठनमा जति बढ्थे, तिनको
बुद्धिमा पनि बढ्दै थिए अनि परमेश्वर र मानिसहरूबाट
स्नेह पाइरहेका थिए।

### यूहन्नाको प्रचार

*(मत्ती ३:१-१२; मर्कूस १:१-८; यूहन्ना १:१९-२८)*

**३** सिजर टाइबेरियसको पन्ध्रौं वर्षमा पन्तियस पिलातस
यहूदियाका राज्यपाल थिए, अनि जब हेरोद गालीलीका
शासक थिए तिनको भाइ फिलिप इतुरिया र त्राखोनितिसका
शासक थिए अनि लुसानियस अबिलेनेका शासक थिए।

२जब अन्नास र कैयाफा प्रधानपूजाहारीहरू भएका
थिए उजाड़ स्थानमा जकरियाको छोरो यूहन्नाले परमेश्वरको
वचन पाए। ३तिनी यर्दन नदीको वरिपरिको जम्मै
स्थानहरूमा गए। तिनीहरूको पापहरू मोचनको लागि
बप्तिस्मा लिएर हृदय र जीवन परिवर्तन गरेको देखाउने
तिनले मानिसहरूलाई प्रचार गर्दैथिए। ४यी सबै कुराहरू
अगमवक्ता यशैयाले लेखेको पुस्तकको वर्णन अनुसार
भयो:

"उजाड़स्थानमा कराइरहेको आवाज: 'प्रभुका
निम्ति मार्ग तयार राख। उहाँको पथहरू सोझो
पार।
५ प्रत्येक भञ्ज्याङ पुरिनेछ। अनि हरेक डाँड़ा र
ढिस्कना सम्म पारिनेछ अप्ठेरा बाटोहरू समतल
पारिनेछ अनि दुर्गम बाटोहरू सहज बनाइनेछ
६ सबै मानिसहरूले परमेश्वरको मुक्तिको दर्शन
गर्नेछन्।'"

*यशैया ४०:३-५*

७यूहन्नाद्वारा बप्तिस्मा गराइनुलाई मानिसहरू आए।
यूहन्नाले तिनीहरूलाई भने, "तिमीहरू विषालु साँपहरू
जस्तै छौ! तिमीहरूलाई परमेश्वरको क्रोध जो आँउदैछ
जसबाट भाग्न कसले भन्यो? ८तिमीहरूले आफ्नो हृदय
परिवर्त्तन गरिसकेका छौ भन्ने देखाउनलाई उचित कामहरू
गर्नुपर्छ। घमण्ड नगर अनि भन, 'अब्राहाम हाम्रा पिता
हुन्।' म तिमीहरूलाई भन्छु कि परमेश्वरले अब्राहामका
लागि यी चट्टानहरूबाट पनि सन्तान उत्पन्न गर्न सक्नुहुन्छ।
९रूखहरू काट्नलाई बञ्चरो पनि तयारी छ। प्रत्येक रूख
जसले असल फल दिदैंन त्यसलाई काटिनेछ अनि
आगोमा फालिनेछ।"

१०मानिसहरूले यूहन्नालाई सोधे, "हामीले के गर्नुपर्ने
हो?"

११यूहन्नाले उत्तर दिए, "यदि तिमीहरूकोमा दुइवटा
दौरा छ भने अर्को नहुनेलाई एउटा देऊ। खानेकुरा छ
भने पनि अरूसँग बाँड़।"

१२कर उठाउनेहरू पनि यूहन्नाकहाँ आए। तिनीहरूले
बप्तिस्मा लिन चाहन्थे। तिनीहरूले यूहन्नालाई भने,
"गुरुज्यू, हामीले के गर्नु पर्छ?"

१३यूहन्नाले तिनीहरूलाई भने, "तिमीहरूलाई जति
उठाउने आदेश छ त्यो भन्दा ज्यादा कर नउठाऊ।"

१४कोही सिपाहीहरूले यूहन्नालाई सोधे, "हामीले
चाँहि के गर्ने?"

यूहन्नाले तिनीहरूलाई भने, "बलपूर्वक मानिसहरूबाट
पैसा नलेऊ। कसैको बारेमा झूटो नबोल। आफुले
कमाएको जे जति पैसा छ त्यसैमा सन्तुष्ट होऊ।"

१५सबै मानिसहरू ख्रीष्ट आउनु हुन्छ भनेर आशामा
थिए अनि यूहन्नाको बारेमा अचम्भ मानिरहेका थिए।
तिनीहरूले सोचे, "के तिमीलाई लाग्दैन कि उहाँ नै
ख्रीष्ट हुनु हुन्छ?"

१६यूहन्नाले प्रत्येकलाई उत्तरदिए, "म तिमीहरूलाई
पानीद्वारा बप्तिस्मा दिन्छु, तर म पछि जुन एक आउने

छन् उहाँले मैले भन्दा धेरै महान कार्य गर्न सक्नु हुन्छ।
म उहाँको जुत्ताको फिता मात्र पनि खोल्न सक्ने
योग्यको छैन। उहाँले तिमीहरूलाई पवित्र-आत्मा र
आगोले बप्तिस्मा गर्नु हुनेछ। १७उहाँले खला सफा पार्नु
तयार हुनुहुन्छ। उहाँले राम्रो अन्नलाई भूसदेखि अलग
पार्नु हुनेछ। उहाँले असल अन्नलाई उहाँको ढुकुटीमा
थुपार्नु हुनेछ। अनि नराम्रो जति उहाँले कहिल्यै ननिभ्ने
आगोमा जलाइदिनु हुन्छ।" १८त्यसपछि तिनले
मानिसहरूलाई धेरै अरू कुराहरूले उत्साह दिए अनि
सुसमाचारहरू उनीहरूलाई भने। यूहन्नाले सुसमाचारहरू
लगातार सुनाउन थाले।

### यूहन्नाको काम कसरी समाप्त भयो

१९हेरोदले आफ्नो भाइकी स्वास्नी हेरोदियाससँग
अनैतिक सम्बन्ध राखेकोले यूहन्नाले हाकिम हेरोदलाई
झपारेका थिए, हेरोदले गरेको अरू पनि धेरै दुष्ट
कार्यहरूको निम्ति यूहन्नाले उसलाई झपारेका थिए।
२०हेरोदले त्यस्तै नराम्रो काम गरेको थियो: उसले
यूहन्नालाई झ्यालखानामा पनि थुनेको थियो। हेरोदले
गरेको नराम्रो कामहरूमा यो एउटा थप हो।

### यूहन्नाद्वारा येशूको बप्तिस्मा

*(मत्ती ३:१३-१७; मर्कूस १:९-११)*

२१जब सबै मानिसहरूलाई बप्तिस्मा गराइयो, येशू
पनि आए अनि बप्तिस्मा लिए। येशूले प्रार्थना गरिरहनु
भएको बेला आकाश खोलियो। २२अनि शारीरिक
रूपमा ढुकुर झैँ उनी माथि पवित्र आत्मा आयो।
त्यसपछि स्वर्गबाट आवाज आयो, "तिमी मेरा पुत्र हौ
अनि म तिमीलाई प्रेम गर्छु। म तिमीसँग अत्यन्त
आनन्दित छु।"

### योसेफको पारिवारिक इतिहास

*(मत्ती १:१-१७)*

२३जब येशूले उनको कार्य गर्न थाले त्यसबेला
तिनको उमेर झण्डै तीस वर्ष पुगेको थियो। मानिसहरूले
सोँचेका थिए येशू यूसुफको पुत्र थिए। यूसुफ एलीका
पुत्र थिए। २४एली मत्तातका पुत्र थिए। मत्तात लेवीका
पुत्र थिए। लेवी मल्कीका पुत्र थिए। मल्की यान्नाका
पुत्र थिए। यान्ना यूसुफका पुत्र थिए। २५यूसुफ
मत्ताथियासका पुत्र थिए। मत्ताथियास आमोसका पुत्र
थिए। आमोस नहूमका पुत्र थिए। नहूम इसलीका पुत्र
थिए। इसली नग्गैका पुत्र थिए। २६नग्गै माथका पुत्र
थिए। माथ मत्ताथियासका पुत्र थिए। मत्ताथियास सेमैनका
पुत्र थिए। सेमैन योसेखका पुत्र थिए। योसेख योदाका
पुत्र थिए।

२७योदा योआननका पुत्र थिए। योआनन रेसाका
पुत्र थिए। रेसा यरुबाबेलका पुत्र थिए।
यरुबाबेल शालतिएलका पुत्र थिए। शालतिएल नेरीका
पुत्र थिए। २८नेरी मल्कीका पुत्र थिए। मल्की अद्दीका
पुत्र थिए। अद्दी कोसामका पुत्र थिए। कोसाम एलमादमका
पुत्र थिए। एलमादम एर्का पुत्र थिए। २९एर् यहोशूका
पुत्र थिए। यहोशू एलीएजरका पुत्र थिए। एलीएजर
योरीमका पुत्र थिए। योरीम मत्तातका पुत्र थिए। मत्तात
लेवीका पुत्र थिए।

३०लेवी शिमियोनका पुत्र थिए। शिमियोन यहूदाका
पुत्र थिए। यहूदा यूसुफका पुत्र थिए। यूसुफ योनानका
पुत्र थिए। योनान एल्याकीमका पुत्र थिए। ३१ एल्याकीम
मलेआका पुत्र थिए। मलेआ भिन्नाका पुत्र थिए।
भिन्ना मत्ताथाका पुत्र थिए। मत्ताथा नातानका पुत्र थिए।
नातान दाऊदका पुत्र थिए। ३२दाऊद यिशैका पुत्र थिए।
यिशै ओबेदका पुत्र थिए। ओबेद बोअजका पुत्र थिए।
बोअज सल्मोनका पुत्र थिए। सल्मोन नहशोनका पुत्र
थिए।

३३नहशोन अम्मीनादाबका पुत्र थिए। अम्मीनादाब
आरामका पुत्र थिए। आराम हेस्रोनका पुत्र थिए। हेस्रोन
फारेसका पुत्र थिए। फारेस यहूदाका पुत्र थिए। ३४यहूदा
याकूबका पुत्र थिए। याकूब इसहाकका पुत्र थिए।
इसहाक अब्राहामका पुत्र थिए। अब्राहाम तेरहका पुत्र
थिए। तेरह नाहोरका पुत्र थिए। ३५नाहोर सरूगका पुत्र
थिए। सरूग रऊका पुत्र थिए। रऊ पेलेगका पुत्र
थिए। पेलेग एबेरका पुत्र थिए। एबेर शेलहका पुत्र
थिए।

३६शेलह केनानका पुत्र थिए। केनान अर्पक्षदका पुत्र
थिए। अर्पक्षद शेमका पुत्र थिए। शेम नूहका पुत्र थिए।
नूह लेमेखका पुत्र थिए। ३७लेमेख मतूशेलहका पुत्र
थिए। मतूशेलह हनोकका पुत्र थिए। हनोक येरेदका पुत्र
थिए। येरेद महलालेलका पुत्र थिए। महलालेल केनानका
पुत्र थिए। ३८केनान एनोशका पुत्र थिए। एनोश शेतका

पुत्र थिए। शेत आदमका पुत्र थिए। आदम परमेश्वरका
पुत्र थिए।

### शैतानद्वारा येशूप्रति परिक्षा

*(मत्ती ४:१-११; मर्कूस १:१२-१३)*

४ येशू यर्दन नदीदेखि फर्किनु भयो। उहाँ पवित्र-आत्माले
परिपूर्ण हुनुहुन्थ्यो। त्यो आत्माले उहाँलाई उजाड़स्थान
तिर डोऱ्‍याायो। २त्यहाँ चालिस दिनसम्म उहाँलाई शैतानले
परिक्षा लिए। उहाँले त्यसबेला केही पनि खानु भएन।
जब ती दिनहरू बिते, उनी खुबै भोकाउनु भयो।
३शैतानले उहाँलाई भन्यो, "यदि तिमी परमेश्वरको
पुत्र हौ, यो ढुङ्गालाई रोटी बनिनु आदेश देऊ।"
४उहाँले उत्तर दिनुभयो, "धर्मशास्त्रमा यो लेखिएको
छ:

'रोटी खाएर मात्र मानिसहरू जीउँदो रहदैन।'"

*व्यवस्था ८:३*

५तब शैतानले येशूलाई एउटा अग्लो ठाँउमा लग्यो
अनि एकै क्षणमा पृथ्वी भरी रहेका सवै राज्यहरू
देखायो। ६तब शैतानले येशूलाई भन्यो, "म तपाईंलाई
यी सबै राज्यहरूको अधिकार, शक्तिहरू र तिनीहरूमा
भएको गौरवसंगै दिनेछु। यी सबै मलाई दिइएको छ। म
यी सब कसैलाई पनि दिनसक्छु। ७यदि तँपाईले मलाई
उपासना गरे म यी सब तँपाईलाई दिन्छु।"
८उहाँले उत्तर दिनुभयो, "धर्मशास्त्रहरूमा यो लेखिएको
छ:

'तिमीले परमप्रभु तिम्रो परमेश्वरको उपासना
गर्नु पर्छ। अनि उहाँको मात्र सेवा गर्नुपर्छ!'"

*व्यवस्था ६:१३*

९तब त्यो शैतानले येशूलाई यरूशलेममा पुऱ्‍यायो
अनि उहाँलाई मन्दिरको गजूरमा उभ्यायो। त्यसले येशूलाई
भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने
यहाँबाट फाल हान्नु होस! १०किनभने धर्मशास्त्रमा यो
लेखिएको छ:

'उहाँले तिम्रो रक्षाको लागि आफ्नो स्वर्गदूतहरूलाई
आदेश गर्नु हुनेछ।'

*भजनसंग्रह ९१:११*

११यो पनि लेखिएको छ:

'तिनीहरूले तिमीलाई हातमै थाम्नेछन्, जसद्वारा
तिम्रो पाउ ढुङ्गामा बजारिने छैन्।'"

*भजनसंग्रह ९१:१२*

१२येशूले उत्तर दिए: "यो पनि धर्मशास्त्रमा भनिएको
छ:

'परमप्रभु तिम्रो परमेश्वरको परीक्षा लिनु हुँदैन।'"

*व्यवस्था ६:१६*

१३शैतानले येशूलाई प्रत्येक पक्षबाट सताई सके पछि
उसको अनुकूल समय नआइञ्जेल सम्मको निम्ति छाड़ेर
गयो।

### येशूद्वारा मानिसहरूलाई शिक्षा

*(मत्ती ४:१२-१७; मर्कूस १:१४-१५)*

१४येशू पवित्र आत्माको शक्ति लिएर गालीलमा
फर्के। गालीलभरि उहाँको बारेमा समाचारहरू फैलियो।
१५उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन शुरू गर्नुभयो।
सबै मानिसहरूले उहाँको प्रशंसा गरे।

### येशू आफ्नो शहरमा जानुहुन्छ

*(मत्ती १३:५३-५८; मर्कूस ६:१-६)*

१६येशूले आफु हुर्केको शहर नासरतको पनि यात्रा
गरे। शबाथको दिनमा अघि भैं उनी सभाघरमा गए।
तिनी त्यहाँ (धर्मग्रन्थबाट) केही पढ़नलाई उभिए। १७यशैया
अगमवक्ताद्वारा लेखिएको ग्रन्थ उनलाई दिइएको थियो।
तिनले ग्रन्थ पल्टाए अनि एक ठाउँ जहाँ निम्नलिखित
कुरा लेखिएको भेट्टाए:

१८ "परमप्रभुको आत्मा ममाथि छ। परमेश्वरले
मलाई अभिषेक गर्नु भएको छ केही पनि
नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई
परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएको
छ, कैदीहरूलाई मुक्ति पार्न अनि अन्धो

मानिसहरूलाई देख्न सक्ने पार्न परमेश्वरले
मलाई पठाउनु भएको छ अनेकौं यातनामा
पिल्सिएका मानिसहरूलाई मुक्त पार्न।
१९ अनि घोषणा गर्नु कि आफ्नो मानिसहरूलाई
बचाउने प्रभुलाई उचित समय आएको छ।”
*यशैया ६१:१-२*

२०उनले ग्रन्थ बन्द गर्नुभयो। उहाँले त्यो ग्रन्थ
सहयोगीलाई दिएर त्यहीँ बस्नुभयो। सभाघरमा भएका
प्रत्येक मानिसले उनलाई हेरिरहेका थियो। २१येशू
तिनीहरूसँग बोल्न थाले। उनले भने, “मैले तिमीहरू
अघि जो धर्मग्रन्थको अंश पढें त्यो आज पढ्दै गर्दा नै
पूर्ण भयो।”

२२सबै मानिसहरूले येशूको प्रसंशा गरे। उनको
मिठासपूर्ण शब्दहरूमा तिनीहरू लट्ठ परे। तिनीहरूले
भने, “कसरी उनले यसरी बोल्नु सकेका? के तिनी
यूसुफका पुत्र होइनन्?”

२३येशूले तिनीहरूलाई भने, “म जान्दछु कि तिमीहरूले
मलाई यो उखान भन्नेछौ, ‘ए वैद्य! आफैलाई निको
पार।’ ‘तिमीले जे कफर्नहुममा गर्‍यौ त्यो हामीले सुन्यौं।
अब तिमीले आफ्नै शहरमा पनि त्यही गर।’” २४त्यसपछि
उनले भने, “म तिमीहरूलाई साँचो भन्दछु। अगमवक्तालाई
आफ्नै गाँउ-शहरमा कहिल्यै स्वीकार गरिदैन। २५म जे
भन्दैछु त्यो साँचो हो। एलियाको समयमा साढ़े तीन
वर्षसम्म इस्राएलको जमीनमा ठूलो अनिकाल पर्‍यो।
सारा देशमा कतै पनि खाने कुरा थिएन। त्यसबेला
इस्राएलमा विधवाहरू थुप्रै थिए। २६तर एलियालाई ती
कुनै विधवाकोमा पठाइएन। सिदोन प्रदेशको जरेपेठ भन्ने
ठाउँमा चाँहि एलियालाई एउटी विधवाकोमा पठाइयो।
२७अनि अगमवक्ता एलिशाको समयमा इस्राएलमा धेरै
कोड़ीका रोगीहरू थिए। तर नमान बाहेक कसैलाई पनि
निको पारिएन। अनि नमान इस्राएलवासी नभई सिरियावासी
थिए।”

२८सबै मानिसहरू जो सभाघरमा थिए यो कुराहरू
सुने अनि साह्रै रिसाए। २९मानिसहरू उठे अनि येशूलाई
शहर छाड्नु वाध्य गराए। तिनीहरूको शहर एउटा
टाकुरामा अवस्थित थियो। तिनीहरूले येशूलाई टाकुराको
किनारामा पुर्‍याए अनि तिनीहरू उनलाई तल खसाल्न
चाहन्थे। ३०तर उनी तिनीहरूको माझबाट निस्केर गए।

## येशूद्वारा दुष्टात्मा लागेको मानिस निको

*(मर्कूस १:२१-२८)*

३१गालीलको कफर्नहुम भन्ने नगरमा येशू गए।
तिनले शबाथको दिन मानिसहरूलाई शिक्षा दिए। ३२तिनीहरू
येशूको शिक्षामा छक्क पर्थे कारण उनी अधिकारसित
सिकांउथे। ३३सभाघरमा एकजना दुष्ट-आत्मा लागेको
व्यक्ति थियो। त्यो मानिस ठूलो स्वरमा चिच्यायो।
३४“नासरतको येशू! हामीबाट तपाईं के चाहनुहुन्छ? के
हामीलाई नाश गर्नु तपाईं यहाँ आउनु भएको हो? म
तपाईंलाई जान्दछु परमेश्वरका एक पवित्र जन।” ३५तर
येशूले त्यो दुष्टात्मालाई गाली दिनुभयो, “चूप लाग। यो
मानिसदेखि निस्कि हाल्।” त्यो दुष्टात्माले मानिसहरूकै
अघिपट्टि त्यो मानिसलाई भुँइमा पछारिदियो। त्यसपछि
दुष्ट आत्माले त्यो मानिसलाई केही नोक्सान नगरी छाड़ी
दियो।

३६सबै मानिसहरू छक्क परे अनि आपसमा कुरा गरे,
“यसको अर्थ के हो? येशूले त अधिकार अनि
शक्तिसित दुष्ट आत्माहरूलाई निस्कन आदेश गर्छन औ
तिनीहरू पनि निस्की हाल्छन्।” ३७त्यसपछि त्यस इलाकाको
प्रत्येक ठाउँमा येशूको कीर्ति फैलियो।

## येशूद्वारा पत्रुसको स्वास्नीको आमा निको

*(मत्ती ८:१४-१७; मर्कूस १:२९-३४)*

३८येशूले सभाघर छाड़े। तिनी शिमोनको घरमा गए।
शिमोनको सासू कड़ा ज्वरोले सिकिस्त बिमार थिई।
तिनीहरूले उहाँलाई तिनको निम्ति केही गरिदिनुहोस्
भनी विन्ती गरे। ३९येशू तिनको नजिक गए अनि
जरोलाई हटने आदेश दिए। जरो झट्टै हरायो। तब तिनी
उठिन अनि तिनीहरूको सेवामा लागिन।

## येशूद्वारा धेरै मानिसहरू निको

४०घाम अस्ताउन लाग्दा सबै मानिसहरू जसका
आफ्ना मानिसहरू बिरामीहरू थिए तिनीहरूलाई येशूकहाँ
ल्याए। तिनीहरू बेग्ला-बेग्लै रोगले पिड़ित थिए। तिनले
प्रत्येक बिरामीलाई छोए अनि तिनीहरूलाई जाती पारे।
४१धेरै मानिसहरूदेखि भूतहरू बाहिर निस्क्यो। तिनीहरू
चिच्याउँदै थिए, “तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ।” तर
तिनले ती भूतहरूलाई चुप बस्ने आदेश दिए। येशू नै
ख्रीष्ट थिए भनेर भूतहरूले जानेका थिए।

### येशूको विभिन्न शहरहरूमा प्रस्थान

*(मर्कूस १:३५-३९)*

[४२]अर्को दिन येशू एकान्त ठाउँमा जानुभयो। तर
भीड़ले उहाँलाई खोजिरहेको थियो औ तिनी भएको
जग्गामा तिनीहरू आए। जब तिनीहरूले येशूलाई देखे,
तिनीहरूले उहाँलाई तिनीहरूलाई नछाड़नु भनी विन्ती
गर्दै थिए। [४३]तर येशूले तिनीहरूलाई भने, "मैले अरू
शहरहरूमा पनि परमेश्वरको राज्य बारे सुसमाचारहरू
भन्नु पर्छ। यही कारण मलाई पठाइएको छ।"
[४४]तब येशूले यहूदियाका सभाघरहरूमा प्रचार गरे।

### पत्रुस, याकूब र यूहन्ना येशूको पछि लागे

*(मत्ती ४:१८-२२; मर्कूस १:१६-२०)*

**५** येशू गेन्नेसरेत झीलको किनारमा उभिनु भयो।
तिनको वरिपरि धेरै मानिसहरू भीड़लाग्दै थिए।
तिनीहरू परमेश्वरको शिक्षा सुन्न चाहन्थे। [२]येशूले
झीलको किनारमा दुइवटा डुङ्गा देखे। माछावालाहरू
डुङ्गाबाट निस्के औ तिनीहरूको माछा मार्ने जालहरू धुँदै
थिए। [३]उहाँ एउटा डुङ्गामा चढ़नु भयो जुन शिमोनको
थियो अनि उसलाई त्यो डुङ्गालाई किनारको अलिक
छेउमा लाउन लगाउनु भयो। तब तिनी त्यसमा बसे अनि
मानिसहरूलाई सिकाउनु थाले।
[४]जब येशूले आफ्नो भनाई सके, तिनले शिमोनलाई
भने, "यो डुङ्गालाई गहिरो पानी तिर लैजाऊ अनि माछा
मार्न जाल फिजाऊ।"
[५]शिमोनले उत्तर दिए, "मालिक, हामीले सारा रात
परिश्रम गर्‍यौं र पनि एउटै माछा समात्न सकेनौ। तर
किनभने तपाईंले भन्नु भयो, म जाल फिजाउँछु।"
[६]तिनीहरूले आफ्नो जाल पानीमा फ्याँके। तिनीहरूको
जाल भरी माछा परेर जाल फाट्न आँटेको थियो।
[७]तिनीहरूले अरू डुङ्गामा भएका आफ्ना साझेदारहरूलाई
पनि सहायताको लागि संकेत दिए। साझेदारहरू आए
अनि डुङ्गमा यति माछा लादे कि डुङ्गाहरू डुब्न खोज्यो।
[८-९]थुप्रै माछाहरू समातेकोमा माछावालहरू सबै नै
छक्क परेका थिए। जब शिमोन पत्रुसले यी सब देखे,
तिनले येशूको अघि दण्डवत गरे अनि भने, "मदेखि
टाढ़ा जानुहोस, परमप्रभु। म पापी मानिस हुँ।" [१०]जब्दीका
पुत्रहरू याकूब र यूहन्ना पनि छक्क परे। याकूब र
यूहन्ना शिमोनसँगै माछा मार्दै थिए।
येशूले शिमोनलाई भने, "डराउनु पर्दैन। अब उसो
तिमीहरू माछा मार्ने छैनौ तर मानिसहरू समात्ने* छौ।"
[११]तिनीहरूले आफ्ना डुङ्गाहरू किनारमा ल्याए। अनि
तिनीहरूले ती सबै छोड़ेर येशूको पछि लागे।

### येशूद्वारा एकजना बिमारी निको

*(मत्ती ८:१-४; मर्कूस १:४०-४५)*

[१२]जब एकपल्ट येशू एउटा शहरमा हुनु हुन्थ्यो,
त्यहाँ एउटा शरीर कोड़ीले भरी पीड़ित व्यक्ति पनि
थियो। जब त्यसले येशूलाई देख्यो, उनको अघि
निहुरिएर विन्ती गर्न लाग्यो, "प्रभु, मलाई निको पारिदिनुहोस्।
म जान्दछु तपाईंले चाहनु भयो भने मलाई जाती पार्नु
सक्नु हुन्छ।"
[१३]येशूले भने, "म तिमीलाई निको पार्न चाहन्छु।
निको होऊ!" त्यसपछि उहाँले त्यस मानिसलाई छोए।
झट्टै कोढ़ले छोड़्यो। [१४]येशूले तिनलाई आदेश दिए,
"यस्तो भएको कुरा कसैलाई नभन्नू। तर आफै गएर
पूजाहारीलाई देखाउनु औ मोशाले भने झैं आफु निको
भएकोमा परमेश्वरलाई बलि चढ़ाउनु। यसबाट तिमी
निको भएको प्रमाण हुन्छ।"
[१५]तर येशूको विषयमा समाचार अझ प्रचार हुँदै
गयो। धेरै मानिसहरू उनीबाट सुन्न आँउथे औ विमार
निको भएर जान्थे। [१६]येशू प्राय: नै एकान्त ठाउँमा
प्रार्थना गर्न जानु हुन्थ्यो।

### येशूद्वारा पक्षवातको रोगी निको

*(मत्ती ९:१-८; मर्कूस २:१-१२)*

[१७]एक दिन येशूले मानिसहरूलाई शिक्षा दिदैं हुनुहुन्थ्यो,
फरिसीहरू र व्यवस्थाका शास्त्रीहरू पनि त्यहीँ नै
बसिरहेका थिए। तिनीहरू यरूशलेम, यहूदिया र गालीलका
सबै शहरहरूबाट आएका थिए। परमप्रभुले उनलाई
निको पार्ने शक्ति दिएका थिए। [१८]एकजना पक्षवातको
रोगी त्यहाँ थियो। तब केही मानिसहरूले एकजना
विमारीलाई एउटा खाटमा लिएर आए अनि तिनीहरूले
भित्र ल्याउने र येशूको अघि राख्ने चेष्टा गर्दै थिए।
[१९]तर त्यहाँ मानिसहरूको त्यत्ति भीड़ थियो कि येशू
भएकहाँ पुग्नलाई बाटो थिएन। त्यसकारण ती मानिसहरू

---

**मानिसहरू समात्ने** मानिसहरूलाई ख्रीष्ट प्रति आत्मिक तवरले ल्याउनु।

घरको छानामाथि चढ़े अनि केही भिँगटीहरू हटाएर
प्वाँलबाट त्यो विमारी मानिसलाई उसको खाटसँगै
भीड़को विचमा औ येशूको अघि ओह्याले। [२०]तिनीहरूको
अटल विश्वास देखेर तिनले भने, "मित्र, तिम्रा पापहरू
क्षमा भयो।"

[२१]व्यवस्थाका शास्त्रीहरू र फारिसीहरू परस्परमा
बात गर्न लागे, "यो मानिस को हो? उसले जे भन्दैछ,
परमेश्वरको विरोधमा भन्दैछ। केवल परमेश्वरले मात्र
पापहरूलाई क्षमा गर्न सक्छन्।"

[२२]तर येशूले तिनीहरूले के सोँचे थाहा पाए। उनले
भने, "तिमीहरू मनमा यस्तो प्रश्नहरू किन गर्छौ?
[२३]कुन चाँहि सजिलो छ: तिम्रो 'पाप क्षमा भन्नु' अथवा
'उठ अनि जाऊ भन्नु?' [२४]तर म तिमीहरूलाई देखाउनेछु
कि धरतीमा मानिसको पुत्रसँग पापहरू क्षमा गर्ने
अधिकार छ।" तब उहाँले त्यस पक्षवात रोगीलाई भन्नु
भयो, "म तिमीलाई भन्छु, उठ, तिम्रो बिछौना बाँध
अनि घर जाऊ।"

[२५]सबैको अघि त्यो तुरन्तै उठ्यो, आफ्नो विछ्यौना
च्याप्यो अनि परमेश्वरको प्रशंसा गर्दै घरतिर लाग्यो।
[२६]सबै मानिसहरू चकित भए। अनि परमेश्वरको प्रशंसा
गर्न थाले। तिनीहरू भयभित भए अनि भने, "हामीले
आज अचम्भका कुराहरू देख्यौं।"

## लेवी (मत्ती) येशूलाई पछ्याउँछन्

*(मत्ती ९:९-१३; मर्कूस २:१३-१७)*

[२७]यसपछि येशू बाहिर गए अनि कर-कार्यालयमा
एकजना कर-संग्रहकर्त्तालाई बसिरहेको देखे। त्यसको
नाउँ लेवी थियो। येशूले त्यसलाई भने, "मेरोपछि लाग।"
[२८]लेवी जुरूक्क उठ्यो अनि प्रत्येक कुरा छोड़ेर येशूको
पछि लाग्यो।

[२९]तब लेबीले येशूको निम्ति आफ्नो घरमा एक
भव्य भोजको व्यवस्था मिलायो। त्यहाँ कर-उठाउनेहरू
र अरू मानिसहरूको पनि ठूलो भीड़ थियो जो
तिनीहरूसँगै मेचमा खाँदैथे। [३०]तर फरिसीहरू र नियमका
शास्त्रीहरू चेलाहरूका विरुद्धमा यसो भन्दै गनगनाउन
लागे, "तिमीहरू कर उठाउनेहरू र पापीहरूसित किन
खान-पीन गर्छौ?"

[३१]येशूले उत्तर दिए, "निरोगीलाई वैद्यको आवश्यक
पर्दैन तर रोगीहरूलाई वैद्यको आवश्यक पर्छ। [३२]म
धार्मिक मानिसहरूलाई बोलाउनु आएको होइन, तर म
त पापीहरूलाई तिनीहरूका हृदय र रहन-सहन परिवर्त्तन
गर भनी बोलाउनु यहाँ आएको हुँ।"

## येशूद्वारा उपवास-विषयको प्रश्नमा उत्तर

*(मत्ती ९:१४-१७; मर्कूस २:१८-२२)*

[३३]तिनीहरूले येशूलाई भने, "फरिसीहरूले झैं यूहन्नाको
चेलाहरूले पनि समय समयमा उपवास र प्रार्थना
गर्दछन्। तर तँपाईको चेलाहरू त सधैँ खान र पिउनमा
मात्र छन्।"

[३४]येशूले तिनीहरूलाई भन्नुभयो, "कुनै पनि विवाहमा,
जन्तीहरूलाई दुलहा तिनीहरूका साथमा बसुञ्जेल उपवास
बस्न सक्तैन। [३५]तर समय यस्तो आउँछ जब दुलहा
तिनीहरूबाट छुट्टिनु पर्दछ। त्यस समय तिनीहरू उपवास
बस्नेछन्।"

[३६]येशूले तिनीहरूलाई यो दृष्टान्त सुनाउनु भयो:
"कुनै मानिसले नयाँ लुगा च्यातेर पुरानो लुगा टाल्दैन।
किन? किनभने त्यसो गरे नयाँ लुगा बिग्रन्छ, अनि
टालेको टुक्रा पुरानो लुगासँग मिल्दैन। [३७]कसैले पनि
नयाँ दाखरसलाई पुरानो दाखरसको भाँड़ामा कहिल्यै
भर्दैन। किन? किनभने नयाँ दाखरसले मशकहरू फुटाउँछ।
जसले गर्दा दाखरस चुहेर जान्छ औ मशकहरू पनि
नष्ट हुन्छन्। [३८]मानिसहरूले सँधै नयाँ दाखरसलाई नयाँ
मशकमा राख्छन्। [३९]कसैले पनि पुरानो दाखरस पिए
पछि नयाँ दाखरस पिउन खोज्दैन। किनभने उसले भन्छ,
'पुरानो दाखरस नै असल।'"

## शबाथको दिनको येशूनै प्रभु

*(मत्ती १२:१-८; मर्कूस २:२३-२८)*

**६** एक समय, शबाथको दिनमा येशू अन्नको खेतहरू
भएर जाँदै थिए। उहाँका चेलाहरूले अन्नका बालाहरू
टिप्दै तिनीहरूको हातमा माँड़िर खाए। [२]कोही फरिसीहरूले
भने, "तिमीहरू किन त्यसो गर्दैछौ? शबाथको दिनमा
यसो गर्नु मोशाको व्यवस्थाको विरुद्ध हो?"

[३]येशूले उत्तर दिनु भयो, "तिमीहरूले पढ़ेका छैनौ
दाऊदले जब तिनी र तिनीसित हुनेहरू भोकाएका थिए
तब के गरेका थिए? [४]दाऊद परमेश्वरका घर गए अनि
तिनले परमेश्वरलाई चढ़ाएको रोटी लिए अनि खाए।
अनि तिनले रोटीहरू आफूसँग हुने मानिसहरूलाई बाँड़े।

वास्तवमा यो मोशाको व्यवस्था विरुद्ध थियो। व्यवस्था
अनुसार केवल पूजाहारीहरूलाई मात्र यस्तो रोटी खान
अनुमति छ।" ५अनि येशूले फरिसीहरूलाई भने, "मानिसका
पुत्र नै शबाथ दिनको प्रभु हुन्।"

### शबाथको दिनमा येशूद्वारा एकजना मानिस निको

*(मत्ती १२:९-१४; मर्कूस ३:१-६)*

६अर्को एक शबाथको दिन येशू सभा घरमा गए।
उनले मानिसहरूलाई उपदेश दिए। एकजना दाहिने हात
सुकेको मानिस त्यहाँ थियो। ७व्यवस्थाका शास्त्रीहरू र
फरिसीहरू त्यो शबाथको दिन पनि येशूले कसैलाई
निको पार्छन् कि भनेर हेर्दै बसिरहेका थिए। तिनीहरू
चाहन्थे येशूबाट केही भूल होस् अनि उनलाई दोष
लगाउन पाइयोस्। ८तर येशूले तिनीहरूले के विचार
गर्दैछन् भनी बुझी हाल्नु भयो। उहाँले त्यो सुकेको हात
भएको मानिसलाई भन्नुभयो, "उठ, अनि यी मानिसहरूको
अघाड़ि उभ।" यसकारण त्यो मानिस जुरूक्कै उठ्यो अनि
त्यहाँ उभियो। ९येशूले तिनीहरूलाई भन्नु भयो, "म
तिमीहरूलाई सोध्दछु शबाथको दिनमा के काम गर्न
उचित होला: राम्रो वा नराम्रो? जीवन बँचाउनु वा जीवन
नाश गर्नु?" १०येशूले ती वरिपरि बसेका सबैलाई
हेर्नुभयो। अनि त्यस मानिसलाई भने, "खोई मलाई तिम्रो
हात हेर्न देऊ।" त्यस मानिसले उहाँलाई हात देखायो।
त्यसको हात तुरन्तै निको भइहाल्यो। ११फरिसीहरू र
कानूनका शास्त्रीहरू साह्रै रिसाए। तिनीहरू आपसमा
तर्क गर्न लागे, "येशूलाई हामी के गर्नु पर्ने हो?"

### येशूद्वारा बाह्रजना चेलाहरूको चुनाइ

*(मत्ती १०:१-४; मर्कूस ३:१३-१९)*

१२त्यस समयमा येशू एउटा डाँड़ामा गएर प्रार्थना गर्ने
गर्नु हुन्थ्यो। सारा रात तिनले प्रार्थना गरेर विताउनु
हुन्थ्यो। १३भोलिपल्ट विहान, उनले आफ्नो चेलाहरूलाई
बोलाए। तीमध्ये बाह्रजनालाई तिनले छाने। उहाँले
तिनीहरूलाई "प्रेरित" नाउँ दिए। तिनीहरू थिए: १४शिमोन
(येशूले तिनलाई पत्रुस नाउँ राख्नु भएको थियो) र
अंन्द्रियास पत्रुसको भाइ; याकूब र यूहन्ना, फिलीप र
बर्थुलमाई; १५मत्ती, थोमा, याकूब (अल्फाइको छोरो),
अनि शिमोन (जसलाई जेलोट* पनि भनिन्छ), १६यहूदा
(याकूबको छोरो) अनि यहूदा इस्करयोती। यो यहूदा नै
तीमध्ये एकजना हो जसले येशूलाई शत्रुहरूको हातमा
सुम्पेको थियो।

### येशूद्वारा मानिसहरूलाई शिक्षा अनि उपचार

*(मत्ती ४:२३-२५; ५:१-१२)*

१७येशू र प्रेरितहरू डाँड़ाबाट ओर्लेर आए। उनी
त्यहाँ एउटा सम्म जग्गामा उभिए। उहाँका चेलाहरूको
एउटा ठूलो भीड़ त्यहाँ थियो। अनि टायर र सायडन
सागरतटका नगरहरूबाट र यहूदियाका सबै ठाउँबाट,
यरूशलेमबाट आएका धेरै मानिसहरू पनि त्यहाँ थिए।
१८तिनीहरू सबै त्यहाँ उहाँलाई सुन्न र आफुलाई निरोग
पार्न आएका थिए। उहाँले शैतानको दुष्टात्माले पीड़ित
मानिसहरूलाई निको पारिदिए। १९सबैले येशूलाई छुने
चेष्टा गरिरहेका थिए, किनभने उहाँबाट शक्ति ती
सबैलाई निको पार्दै बाहिर निस्किरहेथ्यो।
२०उनले आफ्ना चेलाहरूलाई हेरे अनि भने,

"हे दीन मानिसहरू, तिमीहरूलाई आर्शीवाद छ,
किनभने परमेश्वरको राज्य तिमीहरूकै हो।
२१ तिमीहरू, जो अहिले भोकाएकाहरूलाई पनि
आशीर्वाद छ, किनभने तिमीहरू तृप्त हुनेछौ।
तिमीहरू, जो अहिले रोइरहेकाहरूलाई आर्शीवाद
छ, किनभने तिमीहरू खुशीसँग हाँस्नेछौ।

२२"मानिसको पुत्रको कारणले यदि तिमीहरूलाई
मानिसहरूले घृणा गरे, आफ्नो समूहबाट निकाली दिए,
तिनीहरूले निन्दा गरे, तिनीहरूले तिमीहरूलाई अस्वीकारे
तिमीहरू धन्य हौ। २३त्यसबेला रमाऊ अनि खुशीले
उफ्र किनभने स्वर्गमा तिमीहरूले ठूलो इनाम पाउनेछौ।
तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई त्यसै गरेथे,
त्यसरीनै ती मानिसहरूले तिमीहरूलाई पनि त्यही व्यवहार
गर्नेछन्।
२४ "तर धनी मानिसहरू हो तिमीहरूलाई हाय,
किनभने तिमीहरूले सुखी जीवन भोगेकाछौ।
२५ तिमी अघाएकाहरूलाई, हाय, किनभने तिमीहरू
भोकाउनेछौ। तिमी अहिले हाँसिरहेकाहरूलाई,
हाय, किनभने तिमीहरू शोक गर्नु र रूनु
पर्नेछ।

**जेलोट** जेलोटहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

२६"हाय, तिमीहरूको बारेमा मानिसहरूद्धारा प्रशंसा
गरिएको भए पनि, किनभने तिनीहरूका पुर्खाहरूले पनि
झूटो अगमवक्ताहरूलाई सधैं प्रशंसा गरे।

## शत्रुहरूलाई प्रेम गर

*(मत्ती ५:३८-४८; ७:१२)*

२७"म तिमीहरूलाई भन्दछु जसले मलाई सुनिरहेका
छौ, आफ्ना शत्रुहरूलाई प्रेम गर। जसले तिमीहरूलाई
घृणा गर्छन तिनीहरूलाई पनि राम्रै गर। २८तिमीहरूलाई
सराप्नेहरूलाई पनि आर्शीवाद देऊ। तिमीहरूसित दुर्व्यवहार
गर्नेहरूको लागि पनि प्रार्थना गर। २९यदि कसैले
तिमीहरूको गालामा थपड़ लगाए उसलाई अर्को गाला
पनि थापी देऊ। यदि कसैले तिम्रो कोट लगेको छ भने
उसलाई कमीज लिनु नरोक। ३०जसले माग्छ प्रत्येकलाई
देऊ। यदि कसैले तिम्रो केही लगेको छ भने उसलाई
त्यो चीज फर्काई नमाग। ३१अरूबाट तिमी जे माग्छौ,
अरूको निम्ति त्यही गरी देऊ। ३२जसले तिमीहरूलाई
प्रेम गर्छन तिनीहरूलाई मात्र प्रेम गरे, तिमीहरू कुनै
प्रशंसाको योग्य हुन सक्छौ? अँह। पापीहरू पनि
तिनीहरूलाई प्रेम गर्नेहरूलाई प्रेम नै गर्दछन्। ३३यदि
तिमी ती मानिसहरूको निम्ति मात्र भलाई गर्छौ जजसले
तिम्रो भलाई गर्छन, भने के तिमी प्रशंसाको योग्य हुन
सक्छौ? होइन, कारण यस्तो त पापीहरूले पनि गर्छन्।
३४यदि फिर्ता पाउने आशामा तिमी कसैलाई ऋृण दिन्छौ
भने के तिमी प्रशंसाको योग्य हुन सक्छौ? होइन,
पापीहरू पनि पापीहरूलाई त्यति नै फिर्ता पाउने आशामा
ऋृण दिन्छन्। ३५यसैले आफ्ना शत्रुहरूलाई प्रेम गर।
तिनीहरूसँग राम्रो गर, अनि तिनीहरूबाट केही आशा
नराखी ऋृण देऊ। यदि तिमीहरूले यसो गर्‍यौ भने
तिमीहरूले ठूलो इनाम पाउनेछौ, तिमीहरू परम परमेश्वरका
बालकहरू झैं हुनेछौ किनभने परमेश्वर बैगुनी तथा
दुष्टहरूप्रति पनि कृपालु हुनुहुन्छ। ३६जस्तो तिम्रा पिता
प्रेम र दयालु छन् त्यस्तै प्रेम र दयालु बन।

## आफैले आफैलाई नियाल

*(मत्ती ७:१-५)*

३७"अरूको न्याय नगर, अनि अरूले पनि तिम्रो
न्याय गर्ने छैन। अरूलाई भर्त्सना नगर, अनि अरूले
पनि तिम्रो भर्त्सना गर्दैन। अरूलाई क्षमा गर, अनि
तिमीले पनि क्षमा पाउने छौ। ३८अरूलाई दिने गर अनि
तिमीले पनि पाउनेछौ। तिमीहरूले राम्रो ओजनमा पाउने
छौं, तिमीहरूलाई खाँदी खाँदी, हल्लाँउदै काखमा पोखिने
गरी पाउनेछौ जुन नापले तिमी अरूलाई दिदछौ परमेश्वरले
पनि तिमीहरूलाई त्यही नापले दिनेछन्।"
३९येशूले तिनीहरूलाई यो दृष्टान्त भने: "के एउटा
अन्धाले अर्को अन्धालाई डोर्‍याउन सक्छ? अँहँ! दुवै नै
खाड़लमा जाकिनु पुग्नेछ। ४०एउटा शिष्य आफ्नो गुरूभन्दा
माथि हुन सक्तैन। तर प्रत्येक मानिस जसले पूर्णरूपले
सिकिसक्छ तब मात्र उ गुरू झैं बन्नसक्छ।
४१"जब तिमी आफ्नो आँखामा गत्तिलो छेस्का
पसेको थाहा पाउदैनौ, भाइको आँखामा परेको धुलो
किन देख्छौ? ४२तिमीहरूले कसरी आफ्नो भाइलाई
भन्नसक्छौ, 'ए भाइ, मलाई तिम्रो आँखामा भएको धुलो
निकाल्न देऊ।' जब तिमीहरूले आफ्नो आँखामा परेको
ठूलो छेस्कालाई पनि देख्न सक्तैनौ। तिमीहरू कपटी
छौ। पहिले, तिमीहरू आफैले आफ्नो आँखाबाट ठूलो
छेस्का निकाल। त्यसपछि तिमीहरूले स्पष्टसँग तिमीहरूको
भाइको आँखामा परेको धुलो निकाल्न देख्नेछौ।

## दुइ प्रकारले फल

*(मत्ती ७:१७-२०; १२:३४-३५)*

४३"एउटा खराब बोटले असल फल कहिल्यै दिँदैन।
त्यसरी नै एउटा नराम्रो बोटले राम्रो फल दिनु सक्तैन।
४४हरेक बोट त्यसले दिएको फलबाट चिन्न सकिन्छ।
मानिसहरूले काँड़े पोथ्राबाट नेभारा बटुल्न सक्तैनन्।
अनि तिनीहरूले काँड़े पोथ्राबाट अंगुर बटुल्न सक्तैनन्।
४५एउटा असल मानिस आफ्नो हृदयमा असल कुरा नै
राख्छ। अनि उसले आफ्नो हृदयबाट असल कुरा बाहिर
निकाल्दछ। तर एउटा दुष्ट व्यक्तिले आफ्नो हृदयमा दुष्ट
कुराहरू नै राखेको हुन्छ। अनि उसले नराम्रा कुराहरू
नै बाहिर निकाल्दछ। जुन कुरो हृदयमा परिपूर्ण छ त्यही
नै मुखबाट निस्कन्छ।

## दुइ प्रकारका मानिसहरू

*(मत्ती ७:२४-२७)*

४६"जब मैले भनेको मान्दैनौ भने किन मलाई 'प्रभु,
प्रभु' भन्दछौ? ४७हरेक मानिस जब म कहाँ आउँदछ
अनि मेरो वचनहरू सुन्दछ र पालन गर्छ, म तिमीहरूलाई

उहाँ कस्ता हो देखाउनेछु। [४८]उ एकजना घर बनाउने मानिस जस्तै नै हो। उसले गहिरो खनेर बलियो चट्टानमाथि जग बसाल्न सक्नेछ। जतिबेला नदीमा बाढ़ी आँउछ पानीले घरलाई धक्का दिन्छ तर त्यसले घरलाई हल्लाउन सक्तैन कारण त्यो घर राम्ररी बनिएको हुन्छ। [४९]तर जो मानिस मेरो वचन सुन्छ तर पालन गर्दैन भने त्यो मानिस राम्ररी घड़ेरी नबसाई घर बनाउने मानिस जस्तै हो जसको घर नदीको वाढ़ीको झोक्काँ लाग्दै झट्टै पल्टिन्छ औ सम्पूर्ण रूपले ध्वंश हुन्छ।"

### येशूद्वारा एकजना नोकर निको

*(मत्ती ८:५-१३; यूहन्ना ४:४३-५४)*

**७** जब येशूले मानिसहरूलाई उपदेश दिई सिध्याउनु भयो उहाँ कफर्नहुम जानु भयो। [२]कफर्नहुममा एकजना सैनिक अफिसर थियो। उसको एकजना नोकर सिकिस्त बिमारी थियो; त्यो मर्नै लागेको थियो। त्यस अफिसरले नोकरलाई खुबै माया गर्ने गर्थ्यो। [३]जब उसले येशूको बारेमा सुन्यो तब बूढ़ा यहूदी प्रधानहरूलाई उनीकहाँ पठाए। त्यस नोकरलाई बचाउनुको लागि आउन भनी बिन्ती गर्न पठायो। [४]ती मानिसहरू येशूकहाँ गए, अनि त्यो अफिसरलाई सहायता गर्नु मार्मिक तरिकाले आग्रह गर्दै भने, "त्यो अफिसर तपाँईको सहायता पाउनु साँच्चै योग्यको छ।" [५]तिनले हाम्रा मानिसहरूलाई माया गर्छन र हाम्रो निम्ति सभाघर पनि बनाइदिएका छ।"

[६]यसकारण येशू ती मानिसहरूसँग गए। उनी घरबाट टाढ़ा पुग्दै अफिसरले आफ्ना साथीहरूलाई उहाँसँग यसो भनी विन्ती गर्न पठायो, "हे प्रभु, तपाईं मेरो घरमा आउने कष्ट नगर्नुहोस्। तँपाई जस्तो व्यक्ति मेरो घरमा पाउ कष्ट गर्न योग्यको म छैन। [७]यसकारण म आफै पनि तपाईंकहाँ व्यक्तिगत रूपमा जान योग्यको सम्भिन्न तँपाईले आदेश मात्र दिनुहोस् मेरो नोकर जाती हुन्छ। [८]तपाईंको अधिकार मलाई थाहा छ। म पनि अरू मानिसहरूको अधिकारको वशमा छु। अनि मेरो अधिकारमा सैनिकहरू छन् यदि म एकजना सैनिकलाई भन्दछु, 'जाऊ', अनि त्यो जान्छ। अनि अर्को सैनिकलाई भन्दछु, 'आऊ', अनि त्यो आउँछ। अनि यदि मेरो नोकरलाई भन्दछु, 'यो गर', अनि त्यसले गर्छ।"

[९]जब येशूले यी कुरा सुन्नु भयो, उहाँ छक्क पर्नु भयो। येशू उनलाई पछ्याएर आउने मानिसहरू पट्टि फर्के अनि भने, "म तिमीहरूलाई भन्छु, मैले यस्तो विश्वास सारा इस्राएलमा पनि पाइन।"

[१०]येशूलाई बोलाउन गएका सबै मानिसहरू घर फर्किए। तिनीहरूले त्यो नोकरलाई निको भइसकेको भेटे।

### येशूद्वारा एकजना मानिसले जीवन पाउँदछ

[११]अर्को दिन येशू नैन भन्ने शहरमा गए। उहाँका चेलाहरू र धेरै मानिसहरू पनि उनी सँगै गहरहेका थिए। [१२]जब येशू शहरको फाटक नजिक पुगे, उनले मुर्दा लगिरहेको देखे। एउटी विधवीको एउटै भएको छोरो मरेको थियो। जब लाश लगिरहेको थियो शहरका धेरै मानिसहरू ती विधवीसँग थिए। [१३]जब प्रभु येशूले तिनलाई देखे तिनी त्यस विधवाको निम्ति हृदयबाट दुःखी भए। तिनलाई भने, "नरोऊ।" [१४]येशू शवपेटिकाको नजिक पुग्नु भयो अनि त्यसलाई छुनु भयो। लाश लगिरहेका मलामीहरू टक्क अड़िए। उनले त्यो मरेको केटोलाई भने, "ए युवक, म तिमीलाई भन्दछु, उठ।" [१५]त्यसपछि त्यो मेरेको केटो तत्कालै उठेर बस्यो अनि बात गर्न शुरू गऱ्यो। येशूले त्यस केटो त्यसको आमालाई सुम्पिदिए।

[१६]सबै मानिसहरू छक्क परे अनि यसो भन्दै परमेश्वरलाई प्रशंसा गरे, "एकजना महान अगमवक्ता हामीकहाँ आउनु भएको छ।" अनि तिनीहरूले यो पनि भन्दै थिए, "परमेश्वरले आफ्ना मानिसहरूको हेरचाह गरिरहनु भएको छ।"

[१७]उहाँको विषयको यो खबर सारा यहूदिया र यसको वरिपरि देशमा फिँजियो।

### यूहन्नाद्वारा एउटा प्रश्न

*(मत्ती ११:२-१९)*

[१८]यूहन्नाका चेलाहरूले यी सब घटनाहरूको विषयमा तिनलाई जानकारी गराए। यूहन्नाले आफ्ना चेलाहरूमध्ये दुइजनालाई बोलाए। [१९]यूहन्नाले तिनीहरूलाई प्रभु येशूसँग सोध्न पठाए, "एकजना जो आउनेवाला थिए तँपाई नै हुनु हुन्छ? अथवा अझ अरूलाई नै पर्खनु पर्छ?"

[२०]त्यसपछि मानिसहरू येशूकहाँ आए। तिनीहरूले भने, "बप्तिस्मा दिने यूहन्नाले हामीलाई यो सोध्नलाई

तपाईंकहाँ पठाएका छन्, 'के आउनेवाला तपाईं नै हुनुहुन्छ, अथवा हामी अफ्र बाटो हेरौं?'"

२१ त्यसै बेला, येशूले धेरैलाई तिनीहरूको रोग, व्यथा र शैतानबाट दुष्ट आत्माहरू छुटाउनु भयो। उनले धेरै अन्धो मानिसलाई पनि देख्नसक्ने बनाए। २२ अनि उनले यूहन्नाको चेलाहरूलाई भने, "तिमीहरूले यहाँ जे कुराहरू देख्यौ अनि सुन्यौ गएर यूहन्नालाई भन। अन्धो मानिस पनि निको भयो र देख्ने भयो। लङ्गड़ाहरू हिँड्नथाले। कोढ़ीहरू कोढ़रहित भए। बहिराहरूले सुन्न थाले। मरेकाहरूले जीवन पाए। अनि गरीब मानिसहरू परमेश्वरको राज्यको सुसमाचारहरू सुनिरहेका छन्। २३ कसैले मलाई ग्रहण गर्दा समस्यामा पर्दैन भने त्यो अनुगृहित पुरुष धन्य हो।"

२४ जब यूहन्नाको चेलाहरू गए, येशूले यूहन्नाको विषयमा भन्न लाग्नु भयो: "तिमीहरू उजाड़-स्थानमा के हेर्न जान्छौ? बतासले हल्लाइरहेको निगालोलाई ? २५ मरूभूमिमा तिमीहरू के हेर्न आयौ? एउटा सुन्दर वस्त्र लगाएको मानिस हेर्नलाई? होइन। सुन्दर र राम्रा वस्त्रहरू लगाउनेहरू त राज-दरवारमा बस्छन्। २६ साँच्चै, तिमीहरू यहाँ के हेर्न आयौ? एकजना अगमवक्ता? अँ, म तिमीहरूलाई भन्दछु, यूहन्ना अगमवक्ता भन्दा पनि श्रेष्ठ हुन्। २७ उनी ती व्यक्ति जसको विषयमा यस्तो लेखिएको छ:

> 'सुन! म आफ्नो सहयोगीलाई तिम्रो अघि पठाउँछु। उसले तिम्रो अघि बाटो तयार पार्नेछ।'
>
> *मलाकी ३:१*

२८ म तिमीहरूलाई भन्दछु, यूहन्नानै अहिलेसम्म जन्मेका मानिसहरूमा सबभन्दा ठूलो हुन्। तापनि जो परमेश्वरको राज्यमा सानो छ त्यो तिनीभन्दा ठूलो छ।"

२९ जब मानिसहरूले यस विषयमा सुने, तिनीहरूले माने कि परमेश्वरको शिक्षा राम्रो छ। ती कर उठाउनेहरू पनि सहमत भए। ती मानिसहरूलाई यूहन्नाद्वारा नै बप्तिस्मा गराइएको थियो। ३० तर फरिसीहरू र व्यवस्थाका शास्त्रीहरूले तिनीहरूको लागि बनाइएको परमेश्वरको अभिप्रायलाई तिनीहरूको निम्ति यूहन्नाबाट बप्तिस्मा लिन अस्वीकार गरेर रद्ध गरे।

३१ "यस युगको मानिसहरूको विषयमा मैले कसरी वर्णन गर्नु? तिनीहरू के जस्ता छन्? ३२ ऐलेका मानिसहरू बजारमा बसिरहेका केटा-केटीहरू जस्तै छन्। एउटा दलको नानीहरूले अर्को दलको नानीहरूलाई बोलाउँछन् अनि भन्छन्:

> 'हामीले तिमीहरूको निम्ति बाँसुरी बजायौं, तर तिमीहरू नाचेनौ; हामीले बिलौनाका गीत गायौं तर तिमीहरू रोएनौ।'

३३ बप्तिस्मा दिने यूहन्ना आए तर अरू मानिसहरूले जस्तो खानेकुरा खाएनन् अनि दाखरस पिएनन्। अनि तिमीहरू भन्दछौ, 'उसलाई भूत लागेको छ।' ३४ मानिसको पुत्र चाँहि अरू मानिसहरू भैं खाँदै र दाखरस पिउँदै आए। अनि तिमीहरू भन्दछौ, 'हेर उसलाई। खुब खान्छ अनि पिउँछ। कर-उठाउनेहरू र पापीहरूको मित्र हो उ।' ३५ तर कार्यहरूको आधारमा ज्ञान सही प्रमाणित हुन्छ।"

### शिमोन फारिसी

३६ फरिसीहरूमध्ये एकले येशू सँगै बसेर खानु निम्त्याए। उनी फरिसीको घरमा गए अनि खानु बसे। ३७ त्यो शहरमा एकजना पापी स्त्री थिई। त्यसले येशूलाई फरिसीको घरमा खाना खाएको थाहा पाई। त्यसले एउटा स्फटिकको पात्रमा केही सुगन्धित लिएर आई। ३८ त्यो येशूको पछि चरण छेउमा रूदैं उभिई। त्यसले आफ्नो आँसुले येशूको चरण भिजाउनु थाली। त्यसले आफ्नो केश राशिले उहाँको चरण पुछी त्यसले चरणमा म्वाईं खाई अनि सुगन्धित खनाइदिई। ३९ त्यो फरिसी जसले येशूलाई आफ्नो घरमा निम्तो दिएको थियो उसले पनि यी सब देखे। उसले मनमनै सोचे, "यदि यो मानिस अगमवक्ता हुँदो हो, उसले जान्ने थियो कि त्यो स्त्री जसले उसको पाउ छुइरहेकी छे उ को अनि कुन स्तरकी हो। किनभने त्यो पापिनी हो।"

४० येशूले फरिसीलाई भन्नुभयो, "शिमोन, तिमीलाई मैले केही भन्नु छ।"

शिमोनले भने, "तपाईंले मलाई के भन्नु चाहनुहुन्छ? गुरुज्यू!"

४१ येशूले भने, "त्यहाँ दुइजना मानिस थिए। दुवैले एउटै महाजनबाट ऋृण लिएका थिए। तिनीहरू मध्ये एकजनाले ५०० चाँदीको सिक्का लिएका थिए। अर्कोले ५० चाँदीको सिक्का लिएका थिए। ४२ तिनीहरूकोमा

त्यत्ति पैसा थिएन, यसले गर्दा तिनीहरूले आफ्नो ऋृण चुक्ता गर्नसकेनन्। तर महाजनले ती दुवैको ऋृण मोचन गरिदियो। ती दुइजनाहरूमध्ये कसले त्यो महाजनलाई धेरै माया गर्थ्यो होला?"

४३शिमोनले भन्यो, "मेरो विचारमा जसले धेरै ऋृण लगेको थियो त्यसैले उहाँलाई धेरै माया गर्थ्यो होला।"

येशूले शिमोनलाई भन्नुभयो, "तिम्रो कुरा ठीक हो।"
४४त्यसपछि उनले त्यस स्त्रीलाई हेरेर शिमोनलाई भन्नु भयो, "तिमीले यो स्त्रीलाई देख्यौ? जब म तिम्रो घरमा आएँ, तिमीले मेरो खुट्टा धुनु पानी दिएनौ। तर त्यसले मेरो खुट्टाहरू त्यसको आँसुले धोइ दिई अनि केश राशिले पुछिदिई।
४५तिमीले मलाई म्वाईं खाएनौ, तर उसले भने म यहाँ आएदेखि मेरो खुट्टामा म्वाईं खान रोकिएकी छैन।
४६तिमीले मेरो टाउकोमा तेल घसिदिएनौ, तर उसले मेरो चरणमा सुगन्ध दलिदिई।
४७यसकारण म तिमीलाई भन्दछु कि उसको धेरै पापहरू क्षमा भयो। यति स्पष्ट छ कि उसले धेरै माया देखाई। जसलाई केही पाप क्षमा गरिन्छ उसले कम्ती माया पोखाँउछ।"

४८त्यसपछि येशूले स्त्रीलाई भने, "तिम्रो पापहरू क्षमा भएको छ।"

४९खान बसेकाहरूले भन्न लागे, "यस मानिसले आफैलाई को हो भनी ठान्छन्? पापबाट पनि क्षमा गर्ने मानिस, यो को हो?"

५०येशूले त्यस स्त्रीलाई भने, "तिम्रो विश्वासले तिमीलाई रक्षा गर्‍यो। अब तिमी शान्तिसित जाऊ।"

## येशूसँग एउटा समूह

८ अर्को दिन, येशूले परमेश्वरको राज्यको बारेमा प्रचार र सुसमाचारहरू बताँउदै गाँउ, शहर औ नगरहरू यात्रा गर्दै गए। बाह्रैजना प्रेरितहरू उनी सँगै थिए।
२त्यहाँ उनीसँग त्यस्ता स्त्रीहरू पनि थिए जसलाई उनले रोग मुक्त तथा दुष्टात्माबाट छुटकारा पारेका थिए। तिनीहरू माझ एकजना मरीयम नाउँ भएकी स्त्री पनि थिई। त्यो मग्दलिनी शहरको वासिन्दा थिई। उसकोबाट सातवटा भूतहरू निकालिएको थियो।
३अरू पनि स्त्रीहरू: जोन्ना, चूजाकी पत्नी (हेरोदको सहयोगी) योअन्ना, सुजाना, र धेरै अरू स्त्रीहरू त्यस स्त्रीसँग थिई। ती स्त्रीहरूले येशू र उहाँको प्रेरितहरूलाई आफ्नै रूपिँया पैसा दिएर मदत पुर्‍याए।

## येशूद्धारा बीउ छर्नेको कथा प्रयोग

*(मत्ती १३:१-१७; मर्कूस ४:१-१२)*

४येशूले यात्रा गर्नु भएको प्रत्येक शहरका मानिसहरू भेला भएर उनलाई घेरी रहेका थिए। उनले तिनीहरूलाई यो दृष्टान्त भने:

५"एकजना खेतीवाला बीउ छर्नलाई निस्क्यो। जब त्यसले बीउ छर्न थाल्यो कतिपय बीउहरू बाटोतिर झर्‍यो। मानिसहरूले बीउहरू टेके अनि चरा-चुरुङ्गीले ती बीउहरू खाइदिए।
६केही बीउहरू चट्टानमा छरिए। ती बीउहरू उम्रन थाले पनि चिसोपनको अभावले सुकी गयो।
७कतिपय बीउहरू काँढ़ाघारीमा छरिए। ती बीउहरू उम्रन थाले, तर पछिबाट ती काँढ़ाहरू बढ़ेर तिनीहरूलाई पनि बढ़न रोक्यो।
८अनि कतिपय बीउहरू राम्रै जमीनमा परे। ती बीउहरू उम्रन लागे अनि सय गुणा धेरै अन्न दिनसक्ने भयो।"

उनले कथा भनेर शेष गर्नु भयो पछि भने, "तिमीहरू जसले मलाई सुन्दैछौ, सुन!"

९चेलाहरूले उहाँलाई प्रश्न गरे, "यो कथाको अर्थ के हो?"

१०येशूले भन्नु भयो, "तिमीहरूलाई परमेश्वरको राज्यको रहस्य जान्नलाई मौका दिइएको छ। तर दृष्टान्तहरू म अरू मानिसहरूलाई पनि प्रयोग गर्दै छु। कारण के हो भने:

> 'तथापि तिनीहरू हेर्नेछन्, तर देख्दैनन्; अनि
> तिनीहरू सुन्दछन्, तर बुझ्दैनन्।'
>
> *यशैया ६:९*

## येशूद्धारा बीउको दृष्टान्त व्याख्या

*(मत्ती १३:१८-२३; मर्कूस ४:१३-२०)*

११"यो दृष्टान्तको अर्थ के हो भने: बीउ परमेश्वरको शिक्षा हो।
१२बाटोमा झरेको बीउहरू के भए होला? तिनीहरू पनि परमेश्वरको शिक्षा सुन्नेहरू जस्तै हुन्, तर तब शैतान आउँछ अनि तिनीहरूका मनबाट ती शिक्षाहरू लगेर जान्छ। त्यसैले त्यस्ता मानिसहरूले शिक्षामा विश्वास गर्दैनन् अनि जोगिनेछन्।
१३तर चट्टानमा झरेको बीऊहरू चाँहि के हुन्? तिनी चाँहि परमेश्वरको शिक्षाहरू सुन्नेहरू जस्तै हुन् अनि खुशीसँग ग्रहण गर्छन्। तर ती मानिसहरू गहिरो हुँदैन। तिनीहरू केही समय सम्म मात्र

आफ्नो विश्वासमा रहन्छ। त्यसपछि जब केही परीक्षा
आउँछ, तिनीहरू विश्वास गर्न छोड़छन् अनि परमेश्वरदेखि
टाढ़ा बस्छन्। [१४]काँढ़ाघारीमा झरेको बीऊहरू चाँहि के
होला? तिनीहरू पनि ती मानिसहरू जस्तै हुन् जसले
परमेश्वरको शिक्षा सुन्दछन्, तर तिनीहरू जीवनका
चिन्ता, धन, सुख चैनमा परेर निसासिन्छन्। त्यसैले
तिनीहरूबाट फलहरू लाग्न पाउँदैन। [१५]अनि त्यो राम्रो
जमीनमा परेको बीऊहरू चाँहि के होला? तिनीहरू पनि
ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको शिक्षालाई
असल र इमान्दार मनले सुन्दछन्। तिनीहरू परमेश्वरको
शिक्षा पालन गर्दछन् अनि धैर्यसँग राम्रो फलहरू पनि
फलाउँदछन्।

### आफुले बुझेजति बुझाऊ

*(मर्कूस ४:२१-२५)*

[१६]"कुनै मानिसले पनि बत्ती बालेर भाँड़ाले छोप्दैन
अथवा खाटमुनि राख्दैन। तर त्यो मानिसले बत्ती बालेर
टेबलमा नै राख्दछ जसद्वारा आउने मानिसहरूले प्रशस्त
उज्यालो पाउँदछन्। [१७]लुकेका प्रत्येक कुराहरूनै स्पष्ट
देखिनेछ अनि उज्यालोमा ल्याइनेछ। [१८]यसर्थ कसरी
सुन्न पर्ने हो सतर्क हौऊ। जसले केही बुझ्न सक्तछ
त्यसले अरू धेरै जान्न पाउँदछ। तर जसले बुझ्दैन,
उसकोमा जति छ त्यो पनि हराउँछ।"

### येशूको चेलाहरूनै उनको साँचो परिवार

*(मत्ती १२:४६-५०; मर्कूस ३:३१-३५)*

[१९]येशूको आमा र भाइहरू उनलाई भेट्न आए।
अत्यन्तै भीड़ भएको कारणले तिनीहरूले उहाँलाई भेटन
गाह्रो पर्‍यो। [२०]कसैले उहाँलाई भने, "तपाईंको आमा र
भाइहरू तपाईंलाई बाहिर पर्खेर उभिरहेकाछन्। तिनीहरू
भेट्न चाहन्छन्।"
[२१]येशूले तिनीहरू सबैलाई उत्तर दिनुभयो, "मेरा
आमा र मेरा भाइहरू तिनीहरू हुन् जसले परम्मेश्वरको
शिक्षा सुन्दछन् अनि त्यसलाई पालन गर्दछन्।"

### चेलाहरू येशूको शक्ति हेर्दछन्

*(मत्ती ८:२३-२७; मर्कूस ४:३५-४१)*

[२२]एक दिन येशू अनि चेलाहरू एउटा डुङ्गामा चढ़े।
उहाँले तिनीहरूलाई भने, "आऊ मसित झीलको अर्को
पट्टि जाऔं।" अनि तिनीहरू हिँड़न थाले। [२३]जब
तिनीहरूले डुङ्गा खियाए, येशू निदाइहाले। झीलमा एउटा
ठूलो आँधी चल्यो। डुङ्गामा पानी भरिनु थाल्यो औ
तिनीहरू खतरामा पर्न गए। [२४]चेलाहरू येशूकहाँ गए
अनि उहाँलाई व्युँझाए। तिनीहरूले भने, "मालिक!
मालिक! हामी डुब्न लाग्यौ।"

येशू उठनु भयो। उहाँले आँधी र छालहरूलाई
आदेश दिए। आँधी थामियो, अनि झील शान्त बन्यो।
[२५]उहाँले चेलाहरूलाई भने, "तिमीहरूको विश्वास कहाँ
छ?"

चेलाहरू डराए अनि चकित भए। तिनीहरू आपसमा
कुरा गर्न लागे, "उनी कस्ता मानिस हुन्? उनी आँधी र
छाललाई आदेश दिन्छन् अनि तिनीहरू पनि उनको
आदेश पालन गर्छन्।"

### दुष्टात्मा लागेको मानिस

*(मत्ती ८:२८-३४; मर्कूस ५:१-२०)*

[२६]तिनीहरू झीलमा डुङ्गा खियाउँदै थिए। उनीहरू
गालील पारीको इलाकामा पुगे जहाँ गेरासिन मानिसहरू
बस्थे। [२७]जब येशू त्यो डुङ्गाबाट उत्रे, त्यसैबेला शहरबाट
आएको एकजना मानिस उनलाई भेटन आए। त्यस
मानिसलाई भूत लागेको थियो। त्यस मानिसले धेरै
समयदेखि लुगा लाउँदैन थियो। त्यो मानिस घरमा नबसेर
चिहानघारी तिर बस्थ्यो। [२८-२९]त्यसलाई भूतले धेरै
पटक समात्ने गरेको थियो। त्यसलाई जेलमा राखियो
अनि हात खुट्टाहरू साँग्लोले बाँधियो। तर त्यस मानिसले
सधैं साँग्लोहरू चुड़ाउथ्यो, अनि उसलाई भूतले एकान्त
ठाँउतिर खेदथ्यो। तर येशूले त्यस मानिसबाट त्यो
भूत-आत्मालाई बाहिर निस्किने आदेश दिनुभयो। त्यो
मानिस येशूको अघाड़ि घोप्टेर ठूलो स्वरले चिच्यायो,
"हे, परमेश्वरको पुत्र येशू, मबाट तपाईं के चाहनुहुन्छ?
हे सर्वोच्च परमेश्वरको पुत्र, दया गरी मलाई यातना
नदिनुहोस्।"
[३०]येशूले त्यसलाई सोध्नु भयो, "तिम्रो नाम के हो?"
त्यस मानिसले जवाफ दियो, "लेजिअन।"* त्यसले
"लेजिअन" भन्यो किनभने धेरै शैतानहरू उ भित्र
पसेका छन्। [३१]ती भूतहरूले तिनीहरूलाई अनन्त अँध्यारोमा

---

**लेजिअन** धेरै मानिस, रोम सेनामा भएको ५,००० मानिसलाई
लेजिअन भनिन्छ।

नपुराइयोस् भनी याचना गरे। ३२त्यस पहाड़मा एउटा
ठूलो बथान सुङ्गूरहरू चरिरहेको थियो। ती भूतहरूले
तिनीहरूलाई सुँगुरहरूमा पसाइदिनुहोस् भनी येशूलाई
बिन्ती गरे अनि उनले तिनीहरूलाई त्यसै गर्ने अनुमति
दिनुभयो। ३३तब भूतहरू त्यो मानिसबाट निस्क्यो अनि
सुँगुरहरूमा पस्यो। त्यति भएपछि सुँगुरहरू पहाड़ र
समुद्रको किनार तिर भागाभाग गर्न लाग्यो। सबै
सुँगुरहरू डुब्यो।

३४जब सुँगुर गोठालाहरूले चाल पाए, तिनीहरू पनि
भागे। तिनीहरूले यो घटना त्यहाँको बस्ती र शहरमा
सबैतिर सुनाए। ३५मानिसहरू के भयो भनेर बाहिर
निस्किए। तिनीहरू येशूकहाँ आए अनि त्यहाँ त्यो मानिस
जसबाट भूतहरू भागेको थियो उनको खुट्टामा बसिरहेको
पाए। त्यो मानिसले लुगा लगाएको थियो अनि त्यसको
मनोस्थिति ठीकै थियो। मानिसहरू डराए। ३६मानिसहरू
जो त्यस घटनाको दर्शक थिए अरू मानिसहरूलाई
येशूले कसरी त्यो भूत लागेको मानिसलाई निको पार्नु
भयो बताए। ३७गेरासनका सबै मानिसहरूले येशूलाई
त्यस ठाँउ छाड़ी कतै जान बिन्ती गरे। तिनीहरू खुबै
डराएका थिए।

अनि उनी एउटा डुङ्गामा चढ़नु भयो अनि गालीलीतर्फ
जानु भयो। ३८त्यो मानिस जसलाई उनले निको पार्नु
भएको थियो त्यसले पनि येशूसँगै जान बिन्ती गर्‍यो। तर
येशूले यसो भन्दै त्यो मानिसलाई जान लगाए, ३९"घरतिर
जाऊ अनि परमेश्वरले तिम्रो निम्ति जे गर्नु भयो
त्यसबारे मानिसहरूलाई सुनाऊ।"

त्यसपछि त्यो मानिस येशूले त्यसको निम्ति के-के
गरे सारा शहरका मानिसहरूलाई भन्दै हिड्यो।

### येशूद्वारा मृत युवतीलाई जीवन-दान अनि विमारी स्त्रीलाई आरोग्य प्रदान

*(मत्ती ९:१८-२६; मर्कूस ५:२१-४३)*

४०जब येशू गालील फर्के, मानिसहरूले उहाँलाई
स्वागत गरे। सबैले उनकै निम्ति प्रतीक्षा गरिरहेका थिए।
४१एकजना याइरस नाउँ भएको मानिस येशूकहाँ आए।
याइरस सभाघरको प्रमुख थियो। त्यसले येशूको पाउमा
परेर उहाँलाई आफ्नो घरमा जानु बिन्ती गर्‍यो। ४२याइरसको
एउटी मात्र छोरी थिई। त्यो बाह्र बर्ष पुगेकी थिई, अनि
मर्न लागेकी थिई।

जब येशू याइरसको घरमा जानु हुँदैथ्यो, मानिसको
भीड़ले तिनलाई वरिपरिबाट ठेलमठेल गरी रह्यो।
४३एकजना बाह्र बर्षदेखि रगत बग्ने व्यथा भएकी
एउटी आइमाई पनि त्यहाँ थिई। आफ्नो सारा जेथा
वैद्यको ओखती मूलोमा खर्च गर्दा पनि तिनलाई निको
पार्ने कोही निस्केनन्। ४४त्यो आइमाई पछिपट्टि आएर
येशूको कोटको छेउ छोई। त्यसै समयदेखि त्यसको रगत
बग्न थामियो। ४५अनि येशूले भने, "मलाई कसले
छोयो?"

सबैले भने कि तिनीहरू कसैले उनलाई छोएका
छैनन्। पत्रुसले भने, "गुरुज्यू, मानिसहरू वरिपरि छन्
अनि तिनीहरूले तपाईंलाई ठेलिरहेका छन्।"

४६तर येशूले भने, "कसैले मलाई छोयो। मैले मबाट
शक्ति निस्केर गएको चाल पाएँ।" ४७जब त्यो आईमाईले
यी कुराहरू सुनी, ऊ लुक्न सकिन, उ काम्दै आई
अनि येशूको अघि निहुरिएर दण्डवत गरी। ती जम्मै
मानिसहरूको अघि त्यस आइमाईले येशूलाई स्पर्श किन
गरी अनि कसरी झट्टै आफ्नो रोगबाट मुक्त भएकी
थिई बताई। ४८येशूले त्यस आइमाईलाई भने, "मेरी
छोरी, तिम्रो विश्वासले तिमी निको भयौ। शान्तिसँग
जाऊ।"

४९जब येशू बात गरिरहेका थिए, एकजना सभाघर
प्रमुखका घरवाट आए अनि भने, "तिम्रो छोरी मरिसकेकी
छ। गुरूलाई अझ कष्ट दिने कुनै कारण परेन।"

५०येशूले यो कुरा सुने। उनले याइरसलाई भने,
"नडराऊ! केवल विश्वास गर अनि तिम्रो छोरी निको
भई हाल्नेछे।"

५१येशू त्यो घरमा जानुभयो। उहाँले आफ्नो साथमा
पत्रुस, यूहन्ना, याकूब र त्यो केटीको बाबु र आमालाई
पनि लानु भयो। उहाँले अरू मानिसहरूलाई भित्र पस्न
दिनु भएन। ५२सबै मानिसहरू त्यो केटी मरेकोमा रूँदै
शोक गरिरहेका थिए। तर येशूले भन्नुभयो, "नरोऊ।
त्यो मरेकी छैन, उ सुतिरहेकी छे।"

५३मानिसहरू येशूको कुरा सुनेर हाँस्नलागे किनभने
त्यो केटी मरकी छ भनेर तिनीहरूलाई थाहा थियो।
५४तर येशूले त्यो केटीको हात समात्नु भयो अनि
भन्नुभयो, "सानो छोरी, उठ!" ५५त्यसको प्राण फर्की
आयो, अनि त्यो जुरूक्क उठी। येशूले भने, "यसलाई
केही खान देऊ।" ५६त्यो केटीका आमाबाबुहरू छक्क

परे। उनले यो घटनाको विषयमा तिनीहरूलाई कसैलाई नभन्नु भनी आदेश दिनु भयो।

### येशूले बाह्रजना प्रेरितहरूलाई पठाए

*(मत्ती १०:५-१५; मर्कूस ६:७-१३)*

**९** येशूले बाह्रजना प्रेरितहरूलाई एक साथमा बोलाउनु भयो। उहाँले बिमारीहरूलाई निको पार्ने र भूतहरूलाई भगाउने शक्ति र अधिकार तिनीहरूलाई दिनुभयो। [२]येशूले तिनीहरूलाई परमेश्वरको राज्यको बारेमा घोषणा गर्नु बिमारीहरू र रोग निको पार्न बाहिर पठाए। [३]उहाँले प्रेरितहरूलाई भन्नुभयो, "जब कतै हिँड्दछौ, साथमा लौरो खानेकुरा, झोला र पैसा-रूपियाँ केही नलैजाऊ। आफूले शरीरमा लगाएका लुगाफाटा मात्र साथमा लैजाऊ। [४]कुनै घरमा गयौ भने फर्किने समय नभएसम्म त्यही बस। [५]यदि शहरका मानिसहरूले तिमीहरूलाई स्वागत गरेनन् भने त्यो शहर देखि बाहिर जाऊ, अनि खुट्टाको धूलो समेत टक्टकाएर जाऊ। यो तिनीहरूको विरोधमा साक्षी हुनेछ।"

[६]त्यसकारण प्रेरितहरू बाहिर गए। तिनीहरू सुसमाचार प्रचार गर्दै र प्रत्येक बिमारी मानिसलाई निको पार्दै सबै शहरहरूमा यात्रा गरे।

### येशूको बारेमा हेरोद अन्योल

*(मत्ती १४:१-१२; मर्कूस ६:१४-२९)*

[७]हाकीम हेरोदले यी सब घटनाहरू थाहा पाए। तिनी अन्योलमा परे किनभने कतिजना मानिसले भने, "बप्तिस्मा दिने यूहन्ना मृत्युबाट बैँरी उठेका छन्।" [८]अरू मानिसहरूले भने, "एलिया हामीकहाँ आउनु भएको छ।" अनि अरू कोही मानिसहरूले भने, "धेरै समय अघिका अगमवक्ताहरूमा एकजना मृत्युबाट बैँरी उठेका छन्।" [९]हेरोदले भने, "मैले यूहन्नाको टाउको छिनाएको हुँ। तर म जसको विषयमा सुन्दैछु त्यो मानिस को हो?" हेरोदले येशूलाई हेर्ने प्रयास गरे।

### येशूद्वारा पाँच हजार भन्दा अधिक मानिसलाई भोजन

*(मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४; यूहन्ना ६:१-१४)*

[१०]जब प्रेरितहरू फर्कि आए, तिनीहरूले गरेका सम्पूर्ण विवरण सुनाए। त्यसपछि येशूले तिनीहरूलाई बेत्सैदा भन्ने एउटा शहरमा सुटुक्कै लिएर गए। [११]तर तिनी कहाँ गए मानिसहरूले थाह पाए। तिनीहरू उहाँको पछि लागे। तिनीहरूलाई येशूले स्वागत गरे अनि परमेश्वरको राज्यको बारेमा तिनीहरूलाई बताए। उहाँले बिमारीहरूलाई निको पारे।

[१२]साँझमा बाह्रैजना प्रेरितहरू आए येशू कहाँ अनि भने, "यो ठाउँमा कुनै मानिस बस्दैन, यिनीहरूलाई फर्काइदेऊ, यी मानिसहरूलाई तिनीहरूको खाना र सुत्ने व्यवस्थाको लागि वरिपरिकै बस्ती र शहरहरूमा जाऊन्।"

[१३]तर येशूले ती प्रेरितहरूलाई भने, "तिनीहरूको निम्ति खानाको व्यवस्था गर।"

प्रेरितहरूले भने, "हामीसँग पाँचवटा रोटी र दुई टुक्रा माछा मात्र छन्। के तपाईं चाहनु हुन्छ हामी गएर तिनीहरूका लागि खानेकुरा किनेर ल्याऔँ?"

[१४]त्यहाँ तिनीहरू प्रायः पाँच हजार जति पुरुषहरू छन्।

उनले आफ्ना प्रेरितहरूलाई भने, "तिनीहरूलाई एक दलमा ५० जना गरेर बस्न लगाऊ।"

[१५]त्यस पछि चेलाहरूले त्यसै गरे अनि सबै मानिसहरू भुँइमा बसे। [१६]येशूले पाँचवटा रोटी र दुइवटा माछा लिए। उनले आकाशतर्फ हेरे अनि खानेकुराको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाए। त्यसपछि तिनले ती खानेकुरा टुक्रा टुक्रा पारे अनि प्रेरितहरूलाई दिए। उनले खानेकुरा मानिसहरूलाई बाँड्नु प्रेरितहरूलाई अह्राए। [१७]सबैले अघाउञ्जेल खाना खाए अनि प्रेरितहरूले उब्रेको खाना बटुले जो बाह्र डालोमा भरी भयो।

### पत्रुस भन्छन् येशूनै ख्रीष्ट हुन्

*(मत्ती १६:१३-१९; मर्कूस ८:२७-२९)*

[१८]एकपल्ट येशू एक्लै प्रार्थनामा बसेका थिए। जम्मै चेलाहरू एकैसाथ त्यहाँ आए। येशूले तिनीहरूलाई सोधे, "मानिसहरूको विचारमा म को हुँ?"

[१९]चेलाहरूले भने, "कसैले तँपाईलाई बप्तिस्मा दिने यूहन्ना हुन भन्छन्। कति मानिसहरूले तपाईंलाई एलिया भन्छन्। अनि कति मानिसहरूले पहिलेका अगमवक्ताहरू मध्ये जीवनमा फर्कि आएका हुन् भन्छन्।"

[२०]त्यसपछि येशूले आफ्ना चेलाहरूलाई सोधे, "अनि तिमीहरूको विचारमा चाँहि म को हुँ?"

पत्रुसले भने, "परमेश्वरदेखि आउनु भएको तपाईं ख्रीष्ट हुनुहुन्छ।"

२१येशूले यो कुरा कसैलाई नभन्नू भनेर तिनीहरूलाई चेतावनी दिए।

### येशू भन्नुहुन्छ उहाँ मर्नु पर्छ

*(मत्ती १६:२०-२८; मर्कूस ८:३०-९:१)*

२२त्यसपछि येशूले भने, "मानिसका पुत्रले धेरै कष्ट सहनु पर्छ। बूढ़ा अगुवा यहूदीहरू, मुख्य पूजाहारीहरू र कानूनका शास्त्रीहरूले तिनलाई अस्वीकार गर्छन्। मानिसको पुत्रलाई मारिनेछ। तर मरेको तेस्रो दिन उनीलाई फेरि बौराई उठाइनेछ।"

२३येशूले तिनीहरूलाई भने, "यदि कसैले मलाई पछ्याउन चाहन्छ भने उसले आफ्नो सबै इच्छाहरू 'अस्वीकार' गर्नु पर्छ। उसले प्रत्येक दिन क्रूसको कष्ट भोग्नु पर्छ अनि मलाई पछ्याउनु पर्छ। २४जसले आफ्नो जीवन बँचाउन चाहन्छ भने त्यसले त्यो हराउनु पर्छ तर जसले मेरो निम्ति जीवन दिन्छ त्यो चाँहि बाँच्न पाउँछ। २५किनभने के लाभ हुन्छ यदि कसैले सारा संसार जितेर पनि आफैलाई नोक्सानमा पार्छ अथवा हराउँछ? २६यदि कुनै व्यक्ति म र मेरो शिक्षासँग लजाउँछ भने जति बेला मेरा पिताको र मेरो महिमा लिएर पवित्र स्वर्गदूतहरूसँग आँउछु त्यति बेला त्यो सित म पनि लजाँउछु। २७म तिमीहरूलाई साँचो भन्दछु तिमीहरूको मृत्यु अघि तिमीहरू मध्ये केही मानिसहरूले यहीँ उभिएर परमेश्वरको राज्य देख्नपाउने छन्।"

### मोशा, एलिया र येशू

*(मत्ती १७:१-८; मर्कूस ९:२-८)*

२८प्राय: आठ दिनपछि येशूले यी कुराहरू भने, उनले पत्रुस, यूहन्ना र याकूबलाई लिए अनि पर्वतमा गएर प्रार्थना गरे। २९जब येशूले प्रार्थना गरिरहेका थिए, उहाँको अनुहार बद्लियो अनि उनले लगाएको वस्त्र सेतो भएर चम्कने भयो। ३०दुइजना मानिस त्यहाँ प्रकट भए औ येशूसँग बात गर्न लागे। तिनीहरू मोशा र एलिया थिए। ३१मोशा र एलिया पनि चम्के अनि तिनीहरू येशूसँग उनको मृत्यु विषयमा बात गर्दै जो यरूशलेममा हुनेवाला थियो। ३२पत्रुस र अरूहरू मस्त निदाएका थिए। तिनीहरू बिउँझिए अनि येशूको महिमा देखे। तिनीहरूले येशूको साथमा बसेका दुइजना उभिएका मानिसलाई देखे। ३३जब मोशा र एलिया जान लागेका थिए, पत्रुसले भने, "हे मालिक, हामीलाई यहीँ बस्नु असल छ। हामी यहाँ तीनवटा डेरा बनाउँछौं एउटा तपाईंलाई, एउटा मोशालाई अनि एउटा एलियाको लागि।" पत्रुसले जान्दैन थियो कि उसले के भनिरहेको छ।

३४पत्रुसले जब यी कुराहरू भन्दै थिए, त्यसैबेला तिनीहरूलाई वरिपरिबाट बादलले ढाक्यो। पत्रुस, याकूब र यूहन्ना बादलले ढाकेको देखी डराए। ३५बादलबाट एउटा आवाज यसो भन्दै आयो। "यो मेरो पुत्र हो। मैले उसलाई छानेको छु। उहाँको पालन गर।"

३६जब त्यो आवाज आयो, येशू मात्र त्यहाँ थिए। पत्रुस, याकूब र यूहन्ना चुपचाप रहे। तिनीहरूले के देखे कसैलाई भनेनन्।

### येशूद्वारा दुष्टात्मा लागेको ठिटो निको

*(मत्ती १७:१४-१८; मर्कूस ९:१४-२७)*

३७भोलिपल्ट, येशू, पत्रुस, याकूब र यूहन्ना पाहाड़बाट तल झरे। मानिसको ठूलो भीड़ले उहाँलाई भेट्न आयो। ३८भीड़बाट एकजनाले चिच्याएर येशूलाई भने, "गुरुज्यू, दया गरी आउनुहोस् अनि मेरो पुत्रलाई हेरिदिनु होस्। त्यो मेरो एउटै पुत्र हो। ३९शैतानको दुष्ट आत्मा मेरो पुत्रमा आउँछ अनि त्यो त्यति नै बेला चिच्याउँछ औ त्यसले आफुमाथि वश हराउँछ अनि मुखबाट फीँज निकाल्छ। त्यो दुष्टआत्माले सँधै कष्ट दिन्छ अनि त्यसबाट फर्केर कहिल्यै जाँदैन। ४०मैले तपाँईको चेलाहरूलाई पनि त्यसबाट दुष्टात्मा निकाली दिनु भने तर तिनीहरूले त्यसो गर्न सकेनन्।"

४१येशूले उत्तर दिए, "हे अविश्वासी औ भड़किएका वंशकाहरू हो! कहिले सम्म म तिमीहरूसँग बस्नु अनि सहेर रहनु?" तब उनले त्यो मानिसलाई भने, "तिम्रो पुत्र यता ल्याऊ।"

४२जब ठिटो आउँदैथियो, त्यो भूतले त्यसलाई त्यहीँ भुँइमा पछारी दियो अनि त्यो केटो काम्दै थियो अनि आफ्नो नियन्त्रण बाहिर रह्यो। तर येशूले त्यस दुष्टात्मालाई कड़ा चेतावनी दिए। त्यसपछि त्यो केटोलाई निको पारी त्यसको बाबुलाई उनले सुम्पिदिए। ४३परमेश्वरको महान शक्ति देखेर सबै मानिसहरू आश्चर्य चकित भए।

## येशूद्वारा आफ्नै मृत्युको विवरण

*(मत्ती १७:२२-२३; मर्कूस ९:३०-३२)*

येशूले गरेका चीजहरूदेखि मानिसहरू अझसम्म आश्चर्य चकित थिए। उनले आफ्नो चेलाहरूलाई भने,
४४"अब म तिमीहरूलाई जे भन्दैछु कहिल्यै नबिर्सनु: मानिसका पुत्रलाई केही मानिसहरूको नियन्त्रणमा सुम्पिइनेछ।"
४५तर चेलाहरू येशूले भनेको यी कुराहरूको केही अर्थ बुझेनन्। यसको अर्थ तिनीहरूले थाहा नपाउन् भनेर नै लुकाएर राखिएको थियो। तर चेलाहरू त्यस विषयमा उहाँलाई सोध्न डराए।

## सबभन्दा मुख्य व्यक्ति

*(मत्ती १८:१-५; मर्कूस ९:३३-३७)*

४६येशूका चेलाहरू आपसमा तिनीहरूमध्ये को चाँहि सब भन्दा महान होला भनेर बहस गर्न थाले।
४७येशूले तिनका चेलाहरूले गरेको बहसको विषय बुझिहाले। यसकारण उनले एउटा बालकलाई लिए अनि आफ्नो छेउमा उभाए।
४८अनि आफ्नो चेलाहरूलाई भने, "यदि कसैले मेरो नाम लिएर यस बालकलाई ग्रहण गर्छ भने, त्यसले मलाई पनि ग्रहण गरिरहेछ। अनि कसैले मलाई ग्रहण गर्छ भने, उसले ती मलाई पठाउनेलाई ग्रहण गर्छ। जुन व्यक्ति तिमीहरू माझ नगन्य छ, उही सब भन्दा महान हो।"

## जो तिमीहरूको विरुद्धमा छैन, त्यो तिमीहरूपट्टि छ

*(मर्कूस ९:३८-४०)*

४९यूहन्नाले जवाफ दिए, "गुरुज्यू, मानिसहरूदेखि भूतहरू भगाउनलाई एकजना व्यक्तिले तपाईंको नाउँ लिँदैथ्यो। त्यो व्यक्ति हाम्रो दलमा नभएकोले हामीले उसलाई त्यसो गर्न बाधा दियौं।"
५०येशूले यूहन्नालाई भने, "त्यसलाई नरोक। यदि कुनै व्यक्ति तिम्रो विरुद्धमा छैन भने त्यो तिमीपट्टि नै हुन्छ।"

## समारिया शहर

५१येशूको स्वर्गारोहणको समय नजीक आउँदै थियो। उनले यरूशलेम जाने निश्चय गरे।
५२येशूले कोही मानिसहरूलाई आफू भन्दा अघि पठाए। ती मानिसहरू येशूको निम्ति प्रत्येक कुरो तयार राख्नलाई सामरियाको एउटा शहरमा गए।
५३तर त्यहाँका मानिसहरूले उहाँलाई ग्रहण गर्न मानेनन् किनभने उनी यरूशलेम तर्फ गई रहेका थिए।
५४याकूब र यूहन्नाले र येशूका चेलाहरूले सबै देखे। तिनीहरूले भने, "प्रभु, के हामीले स्वर्गबाट आगो बोलाएर मानिसहरूलाई भष्म पार्नु भन्ने तपाईं चाहनुहुन्छ?"*
५५तर येशूले पछि फर्केर तिनीहरूलाई हप्काए।*
५६त्यसपछि येशू र उहाँका चेलाहरू अर्को शहरतिर लागे।

## येशूको अनुसरण

*(मत्ती ८:१९-२२)*

५७उनीहरू सबै नै बाटोमा जाँदैथिए। कुनै एकले उहाँलाई भने, "तपाईं जहाँ जानुहुन्छ म पनि तपाईंसँगै जान्छु।"
५८येशूले भने, "स्यालहरूको बस्ने दूलोहरू छन्। चराचुरुङ्गीहरूको बस्ने गुँड़हरू छन्। तर मानिसको पुत्रलाई कुनै ठाउँ छैन जहाँ उसले आफ्नो शिर अड़ाउन सकोस्।"
५९येशूले अर्को मानिसलाई भने, "मेरो पछि लाग।"
तर त्यो मानिसले भन्यो, "प्रभु, पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।"
६०तर येशूले तिनलाई भने, "मुर्दाहरूलाई आफ्नै मुर्दा मानिस गाड्न देऊ। तिमी जाऊ अनि परमेश्वरको राज्यको विषयमा प्रचार गर।"
६१अर्को मानिसले भने, "प्रभु म तपाईंको पछि लाग्नेछु, तर पहिले मेरो आफन्तहरूबाट बिदा लिन दिनुहोस्।"
६२येशूले भने, "यदि कुनै व्यक्तिले हलोमा हात लगाएर पछिल्तिर हेर्छ, त्यो परमेश्वरको राज्यको लायक छैन।"

---

**पद ५४** केही ग्रीक प्रतिलिपिहरूमा यस्तो थपिन्छ: "… जस्तो एलियाले गर्‍यो।"

**पद ५५** केही ग्रीक लेखहरूमा यस्तो छ- "अनि येशूले भने, 'तिमीहरू जान्दैनौ कि तिमीहरू कस्तो आत्मासित सम्बन्धित छौ। ५६ मानिसको पुत्र आत्मा नष्ट गर्न होइन तर बचाउन आएको हो।'"

### येशूले बहात्तर जनालाई पठाउनु भयो

**१०** त्यसपछि, प्रभु येशूले ७२* जना मानिसहरूलाई
छान्नु भयो। उनले तिनीहरूलाई दुई दुई जनाको
दल बनाई आफू जुन जुन शहर र ठाउँहरू जान
चहान्थे ती ठाँउहरूमा आफ्नो अगुवा बनाई पठाए।
[२]येशूले भने, “फसल त धेरै छ, तर खेतालाहरू कम
छन्। यसर्थ फसलका प्रभुलाई निवेदन गर ताकि उनले
आवश्यकता अनुसार खेतालाहरू पठाउन सकुन। [३]अब
तिमीहरू जानसक्छौ। तर सुन! म तिमीहरूलाई पठाउँदैछु,
अनि तिमीहरू ब्वाँसोहरू माझ भेड़ा जस्तै हुनेछौ।
[४]पैसा, झोला, जुत्ता केही साथमा नलैजाऊ। बाटो
हिड़दा मानिसहरूसँग बोल्न नछाड़। [५]कसैको घरमा पस्न
अघि, भन, ‘यस घरमा तिमीहरूलाई शान्ति रहोस।’
[६]यदि शान्तिप्रिय मानिस त्यहाँ छ भने, तिमीहरूको
शान्तिको आशीर्वाद उहीसँग रहनेछ। यदि त्यहाँ शान्तिप्रिय
मानिस छैन भने तिमीहरूको शान्तिको आर्शीवाद
तिमीहरूसँगै फिर्ता हुनेछ। [७]शान्त घरमा बस। मानिसहरू
जे खान-पिउन दिन्छन् खाऊ। किनभने एकजना कर्मचारीले
आफ्नो ज्याला पाउनु योग्य छ। अर्को घरमा बस्नलाई
पहिलो घर नछोड़। [८]यदि तिमीहरू शहरमा जान्छौ र
मानिसहरूले त्यहाँ स्वागत गर्छन् भने, तिनीहरूले जे
खानेकुरा दिन्छन् खाऊ। [९]त्यस ठाँउका विमारीहरूलाई
निको पार। अनि तिनीहरूलाई भन, ‘परमेश्वरको राज्य
तिमीहरूको नजिक आएको छ।’ [१०]तर जब तिमीहरू
शहरमा जान्छौ, अनि मानिसहरूले त्यहाँ तिमीहरूको
स्वागत नगरे, शहरको गल्लीहरूमा आऊ अनि भन,
[११]‘तिमीहरूको विरोधमा हाम्रा पाइतालामा टाँसिएको
तिम्रो शहरको धूलो समेत टक्टकाएर जाँदैछौ। तर यो
याद राख्नु परमेश्वरको राज्य नजिकै आएको छ।’ [१२]म
तिमीहरूलाई भन्छु, न्यायको दिन त्यो शहरका मानिसहरूको
अवस्था सदोमका मानिसहरूको भन्दा अझ दयनीय
हुनेछ।

### येशूद्वारा विश्वास नगर्नेहरूलाई चेतावनी

*(मत्ती ११:२०-२४)*

[१३]“ए खोराजिन! तँलाई धिक्कार छ! ए बेत्सैदा!
तँलाई धिक्कार छ। मैले तिमीहरूमा धेरै चमत्कारहरू
गरेँ। यदि त्यही चमत्कारहरू टायर र सीदोनमा गरिएको
भए, त्यहाँका मानिसहरूले आफ्नो जीवनशैली परिवर्त्तन
अघि नै गरिसकेका हुन्थे अनि तिनीहरूले पाप गर्न
छोड़िसकेका हुन्थे। तिनीहरूले अघि नै शरीरमा भाँग्रा
लगाएर र खरानी धसेर आफ्नो पापहरूको निम्ति
पश्चाताप गरी सकेका हुन्थे। [१४]तर न्यायको दिनमा
टायर र सायडनका मानिसहरूका अवस्था भन्दा तिमीहरूको
अवस्था अझ दयनीय हुनेछ। [१५]ए कफर्नहुम! तिमी
स्वर्गमा उचालिने छौ? अँहँ! तिमीलाई पनि मृत्यूको
ठाउँमा खसालिनेछ।

[१६]“उ जसले तिमीलाई सुन्छ भने मलाई सुनेको
हुन्छ। तर उ जसले तिमीलाई अस्वीकार गर्छ, मलाई
ग्रहण गर्न अस्वीकार गरेको हुन्छ। अनि जसले मलाई
ग्रहण गर्न अस्वीकार गर्छ, त्यसले ‘ती एक’ जसले
मलाई पठाए, उसलाई अस्वीकार गरेको हुन्छ।”

### शैतान झर्दछ

[१७]जब ती सत्तरी जना मानिसहरू फर्केर आए,
तिनीहरू खुबै खुसी थिए। तिनीहरूले भने, “प्रभु, जब
तपाईंको नाउँ हामीले आदेश दियौ भूतहरूले पनि हाम्रो
आज्ञा माने!” [१८]येशूले तिनीहरूलाई भने, “मैले शैतानलाई
स्वर्गबाट बिजुली चम्के झैं खसिरहेको देखें। [१९]सुन,
मैले तिमीहरूलाई साँपहरू र बिच्छिहरूलाई कुल्चने
शक्ति दिएको छु। मैले तिमीहरूलाई शत्रुहरूको सबै
शक्ति माथि अधिकार दिएको छु। अनि कसैले तिमीहरू
माथि हानी पुर्‍याउँदैन। [२०]तर ती आत्माहरू तिमीहरूको
आज्ञालाई पालन गर्दछ भनेर तिमीहरू खुशी हुनु हुँदैन।
बरू तिमीहरूको नाम स्वर्गमा लेखिएको छ भनी त्यसमा
खुशी होऊ।”

### येशूको पितामा प्रार्थना

*(मत्ती ११:२५-२७; १३:१६-१७)*

[२१]त्यसपछि येशूलाई पवित्र-आत्माले अत्यन्त खुशी
बनायो। उहाँले भन्नु भयो, “हे स्वर्ग र पृथ्वीका प्रभु
पिता! म तपाईंलाई धन्यवाद चढ़ाउँछु। म तपाईंको
प्रसंशा गर्छु कि बुद्धिमान र समझदार मानिसहरूबाट
तपाईंले यी कुराहरू लुकाएर राख्नु भएको छ। तर
तपाईंले यी कुराहरू ती बालकहरू सरहका सरल
मानिसहरूमा देखाइदिनु भयो। हो पिता, तपाईंले यसो
गर्नुभयो किनभने त्यो तपाईंको रूचि थियो।

---

**७२** लूकाको केही ग्रीक प्रतिलिपिहरूमा ७० भनिन्छ।

[२२]"मेरा पिताले मलाई सब थोकहरू दिनुभएको छ। कसैले जान्दैन कि 'पुत्र' को हो-केवल पिताले मात्र जान्नुहुन्छ। अनि पिता को हुन, कसैले जान्दैन-केवल पुत्रलाई थाहा छ। मानिसहरूमा पितालाई तिनीहरूले जान्दछन् जसलाई पुत्रले बताउनु खोजेको छ।"

[२३]त्यसपछि येशू एक्लै आफ्ना चेलाहरूसँग थिए, उहाँ तिनीहरू पट्टि फर्के अनि भने, "तिमीहरू धन्य हौं। जो तिमीहरूले देख्दैछौ त्यो देख्छ। [२४]म तिमीलाई भन्छु, धेरै अगमवक्ताहरू अनि राजाहरूले हेर्न चहान्थे जो तिमीहरूले देखिरहेका छौ, तर तिनीहरूलाई यी बस्तुहरू देखेनन्। अनि धेरै अगमवक्ताहरू र राजाहरू, सुन्न चहान्थे तर तिनीहरूले ती सुनेनन्।"

## असल सामरीको कथा

[२५]त्यसपछि एकजना कानूनका शास्त्री त्यहाँ खड़ा भए अनि तिनले येशूलाई जाँच्ने चेष्टा गरे। तिनले भने, "गुरुज्यू, मैले अनन्त जीवन पाउनलाई के गर्नुपर्छ?"

[२६]येशूले तिनलाई भने, "व्यवस्थामा के लेखिएको छ? तिमीले त्यसमा के पढ़छौ?"

[२७]त्यस मानिसले भन्यो, "'तिमीले तिम्रो प्रभु-परमेश्वरलाई आफ्नो सारा हृदय, सारा आत्मा, सारा शक्ति अनि सारा मनबाट प्रेम गर्नु पर्छ।'* अनि 'तिमीले आफैलाई जस्तो अरू मानिसहरूलाई पनि प्रेम गर्नुपर्छ।'*"

[२८]येशूले त्यस मानिसलाई भने, "तिम्रो उत्तर सही छ। त्यही गर अनि तिमीले अनन्त जीवन पाउनेछौ।"

[२९]त्यस मानिसले उसको प्रश्नलाई सिद्ध गर्न चाहान्थ्यो। यसर्थ, उसले येशूलाई भन्यो, "तर ती मानिसहरू को को हुन् जसलाई मैले प्रेम गर्नु पर्छ?"

[३०]यसको उत्तरमा येशूले भने, "एकजना मानिस यरूशलेमदेखि यरिको गइरहेका थिए। केही डाकूहरूले तिनलाई घेरे। तिनीहरूले तिनको लुगा च्याते अनि कुटे। त्यसपछि त्यो मानिसलाई त्यहीँ भुँइमा लड़ाएर छोड़ि राखे। त्यो मानिस प्राय: मरिसकेको थियो। [३१]संयोगवश एकजना यहूदी पूजाहारी त्यही समय त्यो बाटोमा गइरहेको थियो। त्यो पूजाहारीले जब उसलाई देखे, तिनी त्यस मानिसलाई मदत गर्न रोकिएनन्; तिनी हिंड़िनै रहे।

'तिमीले ... गर्नु पर्छ' व्यवस्था ६:५।

'तिमीले ... गर्नुपर्छ' लेवी १९:१८।

[३२]एकजना लेवी* पनि त्यही बाटो आयो। उसले त्यस घाइते मानिसलाई देख्यो, तर उ अर्को पट्टि लाग्यो। [३३]त्यसपछि एकजना सामरी* त्यही बाटोमा आयो। तिनी त्यो घाइते मानिस लड़िरहेको ठाउँमा आए। तिनले जब त्यो घाइते मानिसलाई देखे तिनलाई त्यो मानिस माथि दया जाग्यो। [३४]सामरी त्यस मानिस भएकहाँ गए अनि जैतुनको तेल र दाखरस लगाएर उसको चोटहरूमा पट्टी बाँधिदियो। तब तिनले त्यो घाइते मानिसलाई गधामा चढ़ाए अनि एउटा पौवामा लिएर गए। त्यस मानिसको स्याहार गरे। [३५]अर्को दिन, त्यो सामरीले दुइवटा चाँदीको सिक्का पौवाको मालिकलाई दिए। सामरीले भने, 'यो मानिसको हेरचाह गरिदिनुहोस्। यदि यस मानिसमाथि अझै तिमीले खर्च गरे, म फर्केर आँउदा तिर्नेछु।'"

[३६]त्यसपछि येशूले भने, "यी तीन जना मध्ये डाकूहरूले घाइते बनाएको मानिसलाई कसले प्रेम दर्शायो?"

[३७]नियमको शास्त्रीले उत्तर दिए, "त्यसैले जसले त्यो मानिसलाई मदत गरे।"

येशूले तिनलाई भने, "तिमी पनि जाऊ अनि त्यसै गर।"

## मरियम र मार्था

[३८]जब येशू र उहाँका चेलाहरू जाँदै थिए, येशू एउटा शहर भित्र पसे। मार्था नाउँ गरेकी एउटी स्त्रीले उनलाई आफ्नो घरमा सत्कार गरिन्। [३९]मार्थाको एउटी मरियम नाउँ गरेकी बहिनी थिइन्। मरियम येशूको पाउ नेर बसेर उहाँको शिक्षा सुनिरहेकी थिई। तर उसको दिदी मार्था चाँहि घरको काममा नै व्यस्त थिइन। [४०]मार्थाले धेरै काम गर्नु पर्दा रिसाउँथी। मार्थाले गएर भनी, "प्रभु! मेरो बहिनीले मलाई एक्लै घर धन्धामा छोड़ेकीमा तपाईं व्याकुल हुनु हुन्न? दयागरी त्यसलाई भनिदिनोस् त्यसले मलाई मदत गरोस्।"

[४१]अनि प्रभुले त्यसलाई भने, "मार्था, मार्था, तिमीले धेरै कुराको विषयमा चिन्ता र फिक्री गर्दी रहेछौ। [४२]एउटै कुरा चाँहि महत्वपूर्ण हुन्छ। मरियमले आफ्नो

**लेवी** लेवीहरू लेवी समूहका मानिसहरू थिए जसले यहूदी पूजाहारीलाई मन्दिरमा सघाउँथे।

**सामरी** समारीयामा बस्ने, केही मात्रामा यहूदी वर्गको, तर यहूदिहरूद्वारा अस्वीकृत र उपेक्षित मानिस।

लागि कुन असल हो छोनेकी छे अनि त्यो ऊबाट
कहिल्यै खोसिने छैन्।"

### येशूद्वारा प्रार्थना बिषय-शिक्षा

*(मत्ती ६:९-१५; ७:७-११)*

**११** एक समय येशू कुनै एक ठाउँमा प्रार्थना
गरिरहनु भएको थियो। जब प्रार्थना गरी सक्नु
भयो, उहाँको चेलाहरू मध्ये एकजनाले उहाँलाई भने,
"यूहन्नाले आफ्ना चेलाहरूलाई प्रार्थना कसरी गर्नु पर्छ
सिकाए। प्रभु हामीलाई पनि प्रार्थना गर्नुपर्छ सिकाउनुहोस्।"
२येशूले चेलाहरूलाई भने, "जब तिमीहरू प्रार्थना
गर्छौ, तब यसरी गर:

'हे पिता! हामी प्रार्थना गर्छौं कि तपाईंको नाउँ
सधैँ पवित्र रहोस्। हामी प्रार्थना गर्दछौं कि
तपाईंको राज्यको आगमन होस्।
३ दिनहुँ चाहिने भोजन हामीलाई दिनहोस्।
४ हामीले गरेका पापहरू क्षमा दिनुहोस्, जस्तो
हामीले हामीसँग भूल गर्नेहरूलाई क्षमा दिएका
छौं। अनि हामीलाई कठिन परीक्षामा
नल्याउनुहोस्।'"

### लगातार प्रश्न

५-६फेरि येशूले तिनीहरूलाई भने, "मानिलेऊ,
तिमीहरूमध्ये कोही एकजना तिमीहरूको साथीको घरमा
आधा रातमा जाउला अनि भनौला, 'मेरा एकजना मित्र
मलाई भेट्न अर्को शहरबाट आएका छन्। तर उहाँलाई
खाना खुवाउनलाई मसित केही छैन। दया गरी मलाई
तीनवटा रोटी देऊ।' ७घरभित्रबाट तिम्रो मित्रले भन्नेछ,
'जाऊ, मलाई तकलीफ नदेऊ। ढोका अघि नै बन्द
भइसकेको छ। म र मेरा पुत्रछोरीहरू ओछ्यानमा छौं।
अहिले उठेर म तिमीलाई रोटी दिन सक्तिनँ।' ८म के
भन्दछु भने मित्रताको नाताले मात्र ऊ उठदैन अनि रोटी
दिदैनँ, तर उसलाई चाहिएको वस्तु यदि उसले लगातार
मागिरह्यो भने उसको ढीटपनाले गर्दा मित्रले उ उठेर
मागेको कुरो दिनेछ। ९फेरि म तिमीहरूलाई भन्दछु,
"माग अनि तिमीहरूलाई दिइने छ, खोज अनि तिमीहरू
पाउने छौ, ढक्ढकाउ अनि तिमीहरूको निम्ति ढोका
उघारिनेछ। १०किनभने हरेक जसले माग्दछ, उसले
पाउँदछ, अनि जसले खोज्दछ उसले पाउँदछ। अनि
जसले ढक्ढकाँउछ, ढोका उघारिनेछ। ११तिमीहरूमध्ये
कसको छोरो होला? यदि तिम्रो छोरोले माछा माँगे,
तिमी उसलाईके दिन्छौ? के तिम्रो पुत्रलाई तिमी साँप
दिन्छौ? अँहँ! तिमी उसलाई माछा नै दिनेछौ। १२अथवा,
तिम्रो पुत्रले अण्डा माग्यो भने, त्यसलाईके बिच्छी
दिन्छौ? अहँ! १३तिमी पनि अरू मानिसहरू जस्तै दुष्ट
छौ। तर तिमीहरू जान्दछौ आफ्ना बालकहरूलाई कसरी
राम्रो चीजहरू दिनुपर्छ। तिम्रा स्वर्गका पिताले उहाँसित
माग्नेहरूलाई पनि कति अधिक पवित्र आत्मा दिनु
हुनेछ।

### परमेश्वरबाट येशूले शक्ति पाउनु भएको

*(मत्ती १२:२२-३०; मर्कूस ३:२०-२७)*

१४कुनै समयमा एकजना मानिसबाट येशूले लाटा
बनाउने भूत निकाली दिए। जब त्यो भूत बाहिर
निस्क्यो, त्यो मानिस बोल्नसक्ने भयो। मानिसहरू छक्क
परे। १५तर कोही मानिसहरूले भने, "बालजिबुल,
भूतहरूको मालिकको शक्ति प्रयोग गरेर उनले भूतहरू
भगाउँछन्।"
१६अरूले पनि येशूको जाँच लिन चाहन्थे। तिनीहरूले
उहाँलाई स्वर्गबाट ल्याइएको एउटा चिन्ह देखाउनु
लगाए। १७तर येशूले तिनीहरूको विचार चाल पाए।
यसकारण येशूले भने, "हरेक राज्य, जो बाँड़िएको छ
अनि आपसमा झगड़ा गर्छ भने त्यो आफै नाश हुन्छ।
त्यसरी नै एउटा परिवार आपसमा झगड़ा गरिरहन्छ भने
त्यो पनि नष्ट हुन्छ। १८यसर्थ, यदि शैतान पनि
आपसमा झगड़ा गरे उसको राज्य कति दिन रहला?
तिमीहरू भन्दछौ कि भूतहरू भगाउनलाई मैले
बालजिबुलको शक्तिलाई काममा लगाएँ। १९यदि मैले
बालजिबुलको शक्तिलाई लगाएर भूतहरू धपाउँछु भने,
तिम्रो मानिसहरूले अरूबाट भूतहरू धपाउँनलाई कुन
शक्तिको प्रयोग गर्छन्? यसर्थ तिम्रो आफ्नै मानिसहरूले
तिमीहरू भूलमा छौ भन्ने प्रमाण दिन्छन्। २०तर म
भूतहरू भगाउन परमेश्वरको शक्ति प्रयोग गर्छु। यसबाट
प्रमाण हुन्छ कि परमेश्वरको राज्य तिमीहरूकहाँ आइसकेको
छ।

२१"जब कुनै बलवान मानिसले धेरै हात-हतियारहरू
लिएर आफ्नो घरको रक्षा गर्दछ भने, त्यसको घरमा

सबै मालमत्ताहरू सुरक्षित नै रहन्छ। [२२]तर यदि उ भन्दा
बलियो मानिस आएर उसलाई जित्छ भने तब त्यो अझ
बलियो मानिसले सब हात हतियारहरू जसमाथि बलियो
व्यक्तिको भरोशा थियो। खोसेर लैजान्छ। तब त्यो अझ
वलियो मानिसले आफ्नो इच्छा अनुसार त्यो बलियो
मानिसको मालहरू व्यवहार गर्छ।
[२३]"यदि कुनै मानिस मसँग छैन भने उ मेरो
विरोधमा छ, जो मानिस मसँग काम गर्दैन उ मेरो
विरोधमा छ।

## रित्तो मानिस

*(मत्ती १२:४३-४५)*

[२४]"जब एक मानिसबाट दुष्टात्मा निस्कन्छ, यो
शबाथको निम्ति ओबानो ठाउँहरू खोजी हिड़्छ। अनि
जब यसले कतै आराम गर्ने ठाँउ पाउँदैन, यसले भन्छ,
'म जुन घरदेखि बाहिर आएको थिएँ त्यँही फर्कन्छु।'
[२५]जब त्यो आत्मा त्यो घर फर्कन्छ त्यसले त्यो घर
बढ़ारिएको पाउँछ। [२६]तब त्यो दुष्ट आत्मा अरू
सातवटा दुष्ट आत्माहरू लिन जान्छ जो त्यो भन्दा
अझ दुष्ट छन्। अनि ती सबै आत्माहरू एकसाथ गएर
त्यो मानिसभित्र पस्छन् र बास गर्छन्। तब त्यस
मानिसको अवस्था पहिलो भन्दा झन् खराब हुन्छ।"

## मानिसहरू साँचो रूपमा खुशी थिए

[२७]जब येशूले यी कुराहरू बोल्दै थिए एउटी स्त्री
जो त्यहाँ थिई येशूलाई यसो भन्दै जोरले कराई, "धन्य
हुन ती माता जसले तँपाईलाई गर्भधारण गरीन अनि
धन्य ती स्तन जसले तपाँईलाई खुवायो।"
[२८]तर उहाँले भन्नुभयो, "मानिसहरू जसले परमेश्वरको
वचनहरू सुन्छन् अनि पालन गर्छन् तिनीहरू वास्तविक
रूपमा खुशी छन्।"

## हामीलाई प्रमाण दिनुहोस्

*(मत्ती १२:३८-४२; मर्कूस ८:१२)*

[२९]मानिसहरूको भीड़ बिस्तार-बिस्तार बढ़दै गयो।
येशूले भने, "यस युगमा रहेका मानिसहरू दुष्ट छन्।
तिनीहरू चिन्हको रूपमा परमेश्वरबाट चमत्कार
चाहन्छन्। तर कुनै चिन्ह तिनीहरूलाई दिइने छैन।
केवल योनामा भएको चमत्कार मात्र चिन्ह हुनेछ।"
[३०]योना निनवेका वासिन्दाहरूको लागि चिन्ह हुनेछ।
त्यसरी नै यस पुस्ताको लागि मानिसका पुत्र पनि चिन्ह
हुनेछ। [३१]न्यायको दिन दक्षिण देशकी रानी यो पुस्ताका
मानिसहरू विरूद्ध उठ्नेछिन् अनि तिनीहरू दोषी हुन्
भनी प्रमाण दिनेछिन्। किन? किनभने सुलेमानको ज्ञानमय
शिक्षा सुन्न तिनी धेरै टाड़ोबाट आएकी थिइन। अनि म
भन्दछु कि सुलेमान भन्दा म महान हुँ। [३२]न्यायको
दिनमा निनवेका मानिसहरू यी पुस्ताको मानिसहरू
विरूद्धमा उठ्नेछन् अनि तिनीहरू दोषी भएको प्रमाण
दिनेछन्। किन? किनभने जतिबेला योनाले मानिसहरूलाई
प्रचार गरे तिनीहरूले आफ्नो हृदय र रहन-सहन समेत
परिवर्त्तन गरे। अनि म तिमीहरूलाई भन्दछु म योना
भन्दा महान हुँ।

## संसारका निम्ति ज्योति बन

*(मत्ती ५:१५; ६:२२-२३)*

[३३]"कुनै पनि मानिसले बत्ती बालेर पाथीमुनि राख्नैन
अथवा लुकाउँदैन। बरू भित्र पस्नेहरू सबैले देखून्
भनेर त्यो बत्ती सामदानमाथि राखिन्छ। [३४]तिम्रो शरीरको
बत्ती तिम्रो आँखा हो। यदि तिम्रो आँखाहरू ठीक छन्
भने, तिम्रो सारा शरीर उज्यालोले भरिन्छ। यदि तिम्रो
आँखाहरू नै खराब छ भने, तिम्रो सारा शरीर नै
अँध्यारो हुनेछ। [३५]यसैले होशियार होऊ। तिमीमा भएको
उज्यालो अंध्यारोमा परिणत नहोस्। [३६]अत: यदि तिम्रो
शरीर पूर्ण उज्यालोले भरिएको छ भने अनि यसको
कुनै भाग अंध्यारो छैन भने त्यो पुरै चम्कन्छ, मानौ
कुनै बत्तीको किरण तिमीमाथि चम्किरहेको छ।"

## येशूद्वारा फरिसीहरूको चर्चा

*(मत्ती २३:१-३६; मर्कूस १२:३८-४०; लूका २०:४५-४७)*

[३७]येशू बोली सकेपछि, एकजना फरिसीले सँगै
खाना खानु भनी आग्रह गरे। अनि येशू गए अनि खान
बसे। [३८]तर खाना खान भन्दा अघि येशूले हात
नधोएको देखेर फरिसी छक्क परे। [३९]यसमा प्रभुले भने,
"तिमी फरसीहरू खाली कचौरा अनि थालको बाहिर
पट्टिमात्र धुन्छौ तर भित्र चाँहि तिमीहरू लोभ औ
दुष्टताले भरिएका छौं। [४०]तिमीहरू मुर्ख हौ। जसले
बाहिरी भाग बनाए उनैले भित्री भाग पनि बनाए। हो
कि होइन? [४१]तर भित्रपट्टि जो जे छ त्यो गरीब

मानिसहरूलाई देऊ। त्यसपछि तिमी पनि पूर्णरूपले सफा
हुनेछौ। ४२धिक्कार तिमी फरिसीहरूलाई! तिमीहरूकोमा
भएको पुदिना, आरूद अनि बगैंचामा भएका अन्य
जम्मै चीजहरूको दशांश परमेश्वरलाई चढ़ाउछौ, तर
तिमीहरू परमेश्वर प्रति न्याय र प्रेम अवहेलना गर्छौ।
यही कुराहरू तिमीहरूले गर्नु पर्ने हो जब तिमीहरू
अन्य कामहरू गरिरहेका हुन्छौ। ४३धिक्कार तिमी
फरिसीहरूलाई, तिमी सभाघरहरूमा मुख्य-मुख्य आसनहरू
मात्र चहान्छौ। त्यसरीनै बजार जाँदा मानिसहरूले
तिमीहरूलाई आदर गरून् भन्ने चाहन्छौ। ४४धिक्कार छ
तिमी फारसीहरूलाई! किनकि तिमीहरू कसैबाट पनि
याद नहुने चिहानहरू जस्ता छौ। मानिसहरू नजानीकन
त्यही माथि भएर हिड़ँछन्।"

### येशू र यहूदि गरूहरूको वार्तालाप

४५व्यवस्थाका शास्त्रीहरू मध्ये एक जनाले येशूलाई
भने, "गुरु, जब तपाईंले यी कुराहरू गर्नुहुन्छ, तपाईंले
हामीलाई पनि निन्दा गर्नु हुदैँछ।"
४६येशूले उत्तर दिनुभयो, "धिक्कार तिमी व्यवस्थाका
शास्त्रीहरूलाई! तिमीहरू मानिसहरूले पालन गर्न कठिन
नियमहरू बनाउँछौ। तिमीहरू मानिसहरूलाई यी नियम
पालन गर्न वाध्य गराउँछौ। तर तिमीहरू आफै भने ती
पालन गर्ने चेष्टा समेत गर्दैनौ। ४७धिक्कार तिमीहरूलाई,
किनभने तिमीहरू अगमवक्ताहरूको निम्ति चिहान बनाउँछौ।
तर ती अगमवक्ताहरू तिनै हुन् जसलाई तिम्रा पूर्खाहरूले
मारेका थिए। ४८यसले यो सिद्ध हुन्छ भने तिमीहरू
तिम्रा पुर्खाहरूले गरेका कर्महरूमा सहमत भइरहेका
छौ। तिनीहरूले अगमवक्ताहरूको हत्या गरे अनि तिमीहरू
अगमवक्ताहरूको निम्ति चिहान बनाउँछौ। ४९यसैले
परमेश्वरको ज्ञानले भन्यो, 'म अगमवक्ताहरू र प्रेरितहरू
तिनीहरूका निम्ति पठाउनेछु। तिनीहरूले कोही
अगमवक्ताहरू र प्रेरितहरूलाई मार्नेछन् अनि अरूलाई
सताउनेछन्।' ५०त्यसैले यो पृथ्वीको सृष्टिदेखि जति पनि
अगमवक्ताहरू मारिए वर्त्तमान पुस्ताको तिमी मानिसहरू
यसको निम्ति दण्डित हुनु पर्नेछ। ५१हाबिल देखि
जकारिया जसलाई वेदी र मन्दिर माझ मारिएका थिए
तिनीहरू सबैको मृत्यूको निम्ति। हो, म तिमीहरूलाई
भन्छु, आज जति पनि तिमी मानिसहरू बाँचिरहेका छौ
ती काण्डको लागि सबै दण्डित हुनु हुनेछौ।

५२"धिक्कार तिमी नियमका शास्त्रीहरू! परमेश्वरका
ज्ञानको कुराहरूको चाबी तिमीहरूले लगेका छौ। तिमीहरू
आफैले सिकेनौ, अनि अरूहरूलाई सिक्न पनि वाधा
गऱ्यौ।"
५३जब येशू जान लागेका थिए, व्यवस्थाका शास्त्रीहरू
र फरिसीहरूले धेरै कष्ट दिए। उहाँलाई धेरै प्रश्नहरूले
आक्रमण गरे। ५४उहाँले केही भन्नु हुन्थ्यो कि भनेर
तिनीहरूले जालमा फसाँउने चेष्टा गरे।

### फरिसीहरू झैं नबन

१२ हजारौ हजार मानिसहरू एकसाथ भेला भएका
थिए। तिनीहरू यति विघ्न थिए कि तिनीहरू
एकार्कामा कुल्चन्थे। मानिसहरूलाई सम्बोधन गर्न अघि
येशूले उनका चेलाहरूलाई भने, "तिमीहरू फरिसीहरूको
खमीर देखि होशियार बस। मेरो भन्नुको अर्थ तिनीहरूको
कप्टाँईमा होशियारी बस। २प्रत्येक कुरो जो लुकाइएको
छ त्यो बाहिरिन्छ। प्रत्येक रहस्यका कुराहरू जान्न
दिइनेछ। ३ती वचनहरू जो तिमीले अन्धकारमा भनेका
छौ त्यो उज्यालोमा सुनिनेछ। तिमीले कोठा भित्र
कानेखुसी गरेको कुरो घरको छानाबाट घोषणा गरिनेछ।"

### केवल परमेश्वरसँग डराऊ

*(मत्ती १०:२८-३१)*

४त्यसपछि येशूले मानिसहरूलाई भने, "म तिमीहरूलाई
भन्दछु, ए मेरा साथीहरू! मानिसहरूदेखि नडराऊ।
मानिसहरूले शरीरको हत्या गर्नसक्छ, तर त्योभन्दा बढ़ी
तिनीहरूले केही गर्न सक्तैन। ५तर कोसित डराउनुपर्छ म
तिमीहरूलाई बताउनेछु। तिमीहरू उहाँ एकसँग डराउनु
पर्छ जससित मारे पछि नरकमा फ्याँक्न सक्ने शक्ति छ।
हो, मात्र उनी एक छन् जससित तिमीहरू डराउनु पर्छ।
६"पाँचवटा ससाना चराचुरुङ्गीहरूको दाम दुइ पैसा
मात्र पर्छ। तर परमेश्वरले ती मध्ये एउटा पनि भुल्दैनन्।
७हो, तिमीहरूको शिरमा कति केश छन् त्यो पनि
परमेश्वरलाई थाहा छ। यसकारण नडराऊ। ती चराचुरुङ्गीहरू
भन्दा तिमीहरू धेरै मूल्यवान् छौ।

### येशूबाट लज्जित हुनु पर्दैन

*(मत्ती १०:३२-३३; १२:३२; १०:१९-२०)*

८"म तिमीहरूलाई भन्दछु, यदि कुनै व्यक्तिले अरू

मानिसहरूको सामुन्ने उसलाई मेरो हो भन्छ भने, म पनि त्यसरी परमेश्वरको दूतहरूको सामुन्ने भन्छु कि त्यो व्यक्ति मेरो हो। [९]तर यदि कुनै व्यक्तिले अरू मानिसहरूको सामने उसलाई मेरो होइन भने म त्यसलाई मेरो होइन भन्नेछु। यी सब म परमेश्वरका दूतहरूको अघि भन्नेछु।

[१०]"यदि कसैले मानिसको पुत्रको विरुद्धमा कुरा गरे त्यसलाई क्षमा हुनेछ। तर यदि कुनै व्यक्तिले पवित्र आत्माको विरुद्धमा निन्दा गरे त्यो क्षमा हुने छैन।

[११]"जब मानिसहरूले तिमीहरूलाई सभाघरहरूमा भएका शासक अनि अधिकारी अघि पार्छन के भन्नु र आफ्नो बचाऊको निम्ति कसरी के बोल्नु पर्ने त्यसमा हतास नहोऊ। [१२]त्यस समय पवित्र आत्माले नै तिमीलाई भन्नु पर्ने कुराहरू सिकाउनु हुनेछ।"

## येशूद्वारा स्वार्थीपन-विरुद्ध चेतावनी

[१३]भीड़बाट एकजना मानिसले येशूलाई भने, "हे गुरु, हाम्रा पिता मर्नु भयो। आफ्नो पिताको धन-सम्पत्तिको मसँग अंश-वण्डा गर्नलाई मेरो दाजुलाई भनिदिनु होस्।"

[१४]तर येशूले त्यसलाई भने, "कि मैले तिमीहरूको बाबुको सम्पत्ति तिमीहरू दुइजना माझ वितरण गर्न पर्छ? मलाई कसले निर्णायक बनायो?" [१५]फेरि येशूले तिनीहरूलाई भने, "होशियार होऊ अनि सबै प्रकारका स्वार्थीपनबाट आफुलाई जोगाऊ। कसैकोमा चाहिएको सम्पत्ति भन्दा वेशी हुनु सक्छ, तर त्यसले उसलाई जीवन दिन सक्तैन।"

[१६]अनि उहाँले यस्तो एउटा दृष्टान्त भन्नु भयो: "कुनै समयमा एकजना धनी व्यक्ति थियो। त्यसको जमीनमा असल अनि प्रशस्त अन्नबाली उब्जन्थ्यो। [१७]त्यो व्यक्ति आफै सोँच्दथ्यो, 'मैले के गर्ने? मसित भएका यति प्रशस्त अन्न राख्ने ठाउँ नै छैन।' [१८]तब त्यस धनी व्यक्तिले भन्यो, 'म जान्दछु मैले के गर्नु पर्ने हो। म मेरा भकारीहरू भत्काउँछु र त्यसलाई अझ ठूलो पार्छु। ती नयाँ भकारीहरूमा म सबै अन्नहरू र अरू मेरा राम्रो चीजहरू राख्नेछु। [१९]तब म आफैलाई भन्नेछु, मेरोमा प्रशस्त राम्रो राम्रो समानहरू छन्। आउने धेरै वर्षको लागि मैले थुपारेको छु। आरामसित बस, खाउ, पिउ अनि जीवनमा आनन्द मनाउ।' [२०]तर परमेश्वरले त्यस मानिसलाई भने, 'तिमी मूर्ख हौं, आज रातीनै तिमी मर्नेछौ। अनि तिमीले आफ्नै लागि तयार पारेका चीजहरू कसको हुनेछ?'

[२१]"यसर्थ जसले आफ्नु निम्ति मात्र थुपार्छ त्यसले त्यो मानिसलाई के हुन्छ र परमेश्वरको अघि यस्ता व्यक्ति धनी होइन।"

## परमेश्वरको राज्यलाई पहिलो ठान

*(मत्ती ६:२५-३४; १९-२१)*

[२२]येशूले आफ्ना चेलाहरूलाई भने, "यसकारण म तिमीहरूलाई भन्दछु, बाँच्नका निम्ति खानेकुरा चाहिन्छ भन्ने विषयमा चिन्ता नगर। तिम्रो शरीरको विषयमा पनि चिन्ता नगर कि तिमी के लगाउँछौ? [२३]खानेकुरा भन्दा जीवन धेरै मूल्यवान छ। अनि लुगाफाटा भन्दा शरीरको महत्व धेरै छ। [२४]चराचुरुङ्गीहरूलाई हेर। तिनीहरू बीउ छर्दैनन् अनि वाली लाउँदैनन्। चराचुरूङ्गीहरूले भँड़ार अथवा भकारीहरूमा खानेकुरा थुपार्दैनन्। तर परमेश्वरले तिनीहरूलाई पेट भरी खुवाउँछन्। अनि चराचुरुङ्गीहरू भन्दा तिमीहरू धेरै मूल्यवान हौ। [२५]तिमीहरू कसैले चिन्ताद्वारा आफ्नु आयुमा केही समय थप्नु सक्छ? [२६]यदि तिमीहरू ससाना कुराहरू नै गर्न सक्दैनौ भने, ठूला विषयको किन फिक्री गर्छौ? [२७]जंगली फूलहरूलाई हेर। सोच, तिनीहरू कसरी उम्रन्छन्। तिनीहरू आफ्नै लागि केही गर्दैनन् न त वस्त्र नै बनाउँछन्। म तिमीहरूलाई भन्दछु कि सुलेमान जस्ता राजा आफ्नो समस्त वैभवको साथ पनि यी फूलहरूमा एउटा झैं वस्त्रहरू पहिरिएको थिएन। [२८]परमेश्वरले नै जमीनमा ती घाँसलाई वस्त्र लगाइदिन्छन्, जुन आज यहाँ छ भोलि त्यसलाई आगोमा फालिन्छ। यसैले तिमीहरूले जान्न पर्छ कि परमेश्वरले नै तिमीहरूलाई अझ धेरै राम्रो वस्त्र पहिराइ दिनेछन्। तिम्रो एकदमै थोरै विश्वास छ। [२९]त्यसरी नै तिमीहरूले के खाउँला अनि के लाउँला भनी चिन्ता नगर। यस विषयमा कुनै चिन्ता नगर। [३०]संसारका सबै मानिसहरू यी चीजहरूको पछि लाग्छन्। तर तिमीहरूका पिताले जान्दछन् कि तिमीहरूले यी सब चहान्छौ। [३१]यसकारण तिमीहरूले खोज्नु पर्ने मुख्य त परमेश्वरको राज्य नै हो। तब तिमीहरूलाई यी सब बस्तुहरू पनि दिइनेछ।

## सम्पत्तिमा भरोसा नगर

[३२]"हे साना भेड़ाहरू नडराऊ। तिमीहरूका पिताले
तिमीहरूलाई राज्य दिन चाहनुहुन्छ। [३३]आफ्नोमा भएका
सबै सम्पत्ति बेचेर जसलाई चाहिन्छ तिनीहरूलाई पैसा
देऊ। धन यो संसारमा स्थायी रहँदैन। तर स्वर्गको
भण्डार हासिल गर। त्यो भण्डार सँधैको निम्ति रहन्छ।
स्वर्गमा तिम्रा भण्डार चोरहरूले चोर्न सक्तैन, न त
किराहरूले नै नष्ट पार्न सक्छ। [३४]तिम्रो हृदय त्यहीँ
हुनेछ जहाँ तिम्रो भण्डार रहनेछ।

## सँधै तयारी बस

*(मत्ती २४:४५-५१)*

[३५]"तयारी बस! वस्त्र लगाऊ अनि तिम्रो बत्ती
उज्यालो होस्। [३६]त्यो नोकरहरूले झैं व्यवहार गर जो
विवाह भोजबाट फर्की आउने आफ्नो मालिकको लागि
पर्खी रहेको हुन्छ। मालिक आउँछ अनि ढोका ढक्ढकाउँछ।
नोकरले मालिकका निम्ति ढोका खोलिदिन्छ। [३७]धन्य
हुन ती नोकरहरू जो मालिक घर फर्कदाँ घरमा
सतर्कता साथ बसेका हुन्छन्। म तिमीहरूलाई साँचो
भन्छु, मालिक आफै आफ्नो काम गर्दा लाउने लुगा
लगाँउछ अनि उसको नोकरहरूलाई कुर्सीमा बस्न
लाउँछ। त्यसपछि मालिक स्वयंले तिनीहरूलाई खाना
बाँड़िदिन्छ। [३८]तर नोकरहरूले, सायद आफ्ना मालिकलाई
मध्य रात सम्म अथवा त्यसपछि पनि पर्खनु पर्ला। तर
तिनीहरू खुशी हुन्छन् कारण तिनीहरूका मालिक आउँदा
तिनलाई पर्खिरहेका पाउने छन्। [३९]यो कुरा सम्झी
राख: घरका मालिकले कति बेला चोर आउँछ भन्ने
कुरा चाल पायो भने उसले चोरलाई घर फोर्न दिएको
हुँदैन। [४०]यसर्थ, तिमीहरू पनि सतर्क हौं! मानिसका
पुत्र अचानक आउनेछ जब कि उनी आउने तिमीहरूले
आशा नै गरेका हुँदैनौ।"

## विश्वासी नोकर को होला?

[४१]पत्रुसले भन्यो, "हे प्रभु! तपाईंले हामीलाई मात्र
अथवा प्रत्येकलाई यो कथा भन्नु हुन्छ?"
[४२]प्रभुले भने, "को चाँहि ज्ञानी र विश्वासी नोकर
होला? विश्वासी नोकर त्यही हो जसमाथि अन्य
नोकरहरूलाई ठीक समयमा तिनीहरूको भाग खाना
दिन्छ भनी विश्वास गर्छ। [४३]मालिक आँउदा आफुले
अहाएको अनुसार नोकर काममा व्यस्त रहेको पायो
भने त्यो नोकर अति खुशी हुनेछ। [४४]म तिमीहरूलाई
साँचो भन्छु, मालिकले त्यस नोकरलाई आफ्नो जेथा
जति छ त्यसको रक्षक नियुक्ती गर्छ। [४५]तर यदि नोकर
दुष्ट प्रवृत्तिको छ र आफ्नो मालिक झट्टै फर्कदैन भन्ने
सोँच्छ भने त्यसको प्रतिफल के होला? त्यो नोकरले
अरू नोकर पुरुष र स्त्रीहरूलाई कुट-पीट गर्ला अनि
खाई पिई मातेर मस्त बस्ला। [४६]जब मालिक आँउछ
उसलाई तत्पर रहेको पाउँदैन। यस्तो त्यस दिन आउनेछ,
त्यो नोकरले मालिक आँउछ भन्ने सोचेकै हुँदैन मालिक
आँउदैछ भन्ने पत्तो हुँदैन। मालिकले त्यस नोकरलाई
सजाय दिनेछ अनि त्यसलाई अन्य अविश्वासीसित
पठाइदिन्छ।
[४७]"त्यो नोकरले जान्दथ्यो, उसको मालिकले के
चाहान्थ्यो तर ऊ काम गर्न तत्पर रहँदैन अथवा
मालिकले अहाएको काम गर्न चेष्टा गरेन, यसर्थ त्यस
नोकरले अधिक सजाय पाँउछ। [४८]उसको मालिकले जे
चहान्छ यदि त्यो नोकरले जान्दैन तर जे गर्छ सयाय
योग्यको काम गर्छ, उसको के गति होला? त्यस
नोकरले सजाय त पाँउछ नै, तर उसले भन्दा कम्ती
सजाय पाउँछ जुन नोकरले मालिकले के चहान्छ जान्दछ
तर गर्दैन। जुन व्यक्तिलाई बेसी दिइएको छ, उसको
जिम्मेवारी पनि बेसी हुन्छ। अझ जसमाथि बेसी
विश्वास गरिएको छ ऊबाट बेसी कै आशा पनि
राखिएको हुन्छ।"

## येशूको बारेमा मानिसहरूको असहमति

*(मत्ती १०:३४-३६)*

[४९]येशू बोली रहे: "म पृथ्वीमा आगो ल्याउन
आएको हुँ। तर मैले कसरी आशा गर्ने कि यो
अघिदेखि नै सल्किरहेको रहेछ भन्ने। [५०]म बप्तिस्मा
गरिने विभिन्न तरिकाबाट बप्तिस्मित* हुन परेको छ।
यो कामको अन्त नभइञ्जेल सम्म म विचलित नै
रहनेछु। [५१]के तिमीहरू सम्झन्छौ कि पृथ्वीलाई शान्ति
दिन नै म आएको हुँ? अँहँ! म पृथ्वीलाई भाग गर्न
आएको हुँ। [५२]अहिले देखि पाँच जनाको एउटा परिवार

---

**बप्तिस्मा … बप्तिस्मित** यहाँ यी शब्दहरूको खास अर्थ छ "बप्तिस्मा गरिने" अथवा दु:खहरूमा "गाड़िन्छ"।

विभाजन हुनेछ, तीन जना दुइ जनाको विरुद्धमा जानेछ,
अनि दुइजना तीन जनाको विरुद्धमा हुने छन्।

५३ पिता र पुत्रहरू विभाजनमा आउनेछ: पुत्र
पिताको विरुद्धमा हुनेछ। अनि पिता पुत्रको
बिरुद्धमा हुनेछ। आमा र छोरीहरू माझ
विभाजन आउनेछ: छोरी आमाको विरुद्धमा
हुन्छे। आमा छोरीको विरुद्धमा हुन्छे। सासू र
बुहारी माझ फाटो आउनेछ: बुहारी सासूको
विरुद्धमा हुन्छे। सासू बुहारीको विरुद्धमा हुन्छे।"

## समयलाई बुझ्दा

*(मत्ती १६:२-३)*

५४तब येशूले मानिसहरूलाई भने, "जब तिमीहरूले
पश्चिममा बादल बटुलिँदै गरेको पाउनेछौ, तिमीहरू
भन्छौ, 'आँधी-वेरी आउनेछ।' अनि यस्तै हुन्छ। ५५त्यसरीनै,
जब दक्षिणबाट बतास चल्न थाल्छ, तिमीहरू भन्नेछौ,
'अब गरमको दिन आउनेछन्।' अनि तिमीहरू ठीक हौ।
५६तिमीहरू कपटीहरू हौ! तिमीहरू जान्दछौ कसरी
आकाश र पृथ्वीको इशाराहरू बझ्नु।

## आफ्नो समस्याहरू समाधान गर

*(मत्ती ५:२५-२६)*

५७"के चाँहि सही हो भन्ने तिमीहरू माझ किन
निर्णय लिन सक्तैनौ? "तब तिमीहरू किन बुझ्न सक्तैनौ
अहिले के भइरहेको छ? ५८मानिलेऊ, कुनै व्यक्तिसँग
तिम्रो झगड़ा छ, अनि तिमी न्यायालय जानु लागेका
छौ। तर न्यायालय पुग्न अघि नैं त्यो झगड़ा मिलाउन
जे आवश्यक हुन्छ हरेक कुरो गर। यदि त्यसो नगरे
विपक्षीले तिमीलाई न्यायधिश अघि उभ्याउने छ। अनि
न्यायधिशले अधिकारीलाई सुम्पिनेछ औ उनले तिमीलाई
जेलमा थुन्नेछ। ५९म तिमीलाई भन्छु, जब सम्म तिमी
माथि तोकिएको पैसा पैसा सम्म तिमी चुक्ता गर्दैनौ
तिमीले त्यहाँबाट छुटकारा पाउने छैनौं।"

## तिम्रो हृदय परिवर्तन गर

१३ त्यसबेला कोही मानिसहरू येशूसँग थिए। ती
मानिसहरूले गालीलीका मानिसहरूको विषयमा
एउटा कथा येशूलाई सुनाए। पिलातसले कतिपय मानिसहरू
उपासना गरिरहेको बेला मारेका थिए। पिलातसले ती
मानिसहरूको रगत परमेश्वरलाई बलिदान चढ़ाएको
पशुहरूको रगतसँग मिसाए। २येशूले उत्तर दिए,
"तिनीहरूमाथि यस्तो घटना घट्यो भनी के तिमीहरू
गालीलीका अन्य मानिसहरू भन्दा तिनीहरू अझ पापी
थिए भन्ने सौच्छौ? ३होइन, तिनीहरू त्यस्ता थिएनन्। तर
तिमीहरूले पनि आफ्नो हृदय र जीवन परिवर्त्तन गरेनौ
भने तिमीहरू पनि सर्वनाश हुनेछौ। ४सिलोआमको
धरहरा तिनीहरू माथि झरेर अठाह्र जना मर्ने मानिसहरूको
विषयमा तिमीहरू के सौंच्छौं? के तिमीहरू तिनीहरूलाई
यरूशलेमका अन्य सबै मानिसहरू भन्दा धेरै पापी
सम्झन्छौ? ५तिनीहरू त्यस्ता थिएनन्। तर म तिमीहरूलाई
भन्दछु, यदि तिमीहरूले आफ्नो हृदय र रहन-सहन
परिवर्त्तन गरेनौ भने, तिमीहरू पनि त्यसरीनै नाश
हुनेछौ?"

## उपयोगी नभएको रूख

६येशूले यो दृष्टान्त कथा भने, "एकजना मानिसको
एउटा नेभाराको रूख थियो। त्यसले त्यो रूखलाई
आफ्नै अङ्गूर घारीमा रोपेको थियो। त्यो मानिस रूखमा
फल लाग्यो कि भनेर हेर्न आयो, तर केही पाएन।
७त्यस अङ्गूर घारी हेरचाहको लागि त्यसले एकजना
नोकर पनि राखेको थियो। त्यसर्थ त्यो मानिसले आफ्नो
नोकरलाई भन्यो, 'मैले तीन वर्ष अघिदेखि यो रूखमा
फल खोजिरहेछु, तर मैले केही पाइँन। यसलाई काटी
देऊ! किन त्यसै जमीन खेरा फाल्ने?' ८तर नोकरले
उत्तर दियो, 'मालिक! फलको लागि अझ एक वर्ष
यस रूखलाई राखौं। मलाई यसको वरिपरि खत दिनोस्
अनि मल हाल्न दिनोस्। ९हुनसक्छ, आउँदो वर्ष यो
रूखले अवश्यै फल देला यदि त्यसबेला सम्म पनि
रूखले फल दिएन भने त्यसलाई काटी दिऊँला।'"

## येशूद्वारा शबाथको दिनमा एउटी स्त्रीलाई निको पार्छन

१०शबाथको दिन येशूले सभाघरहरूमा शिक्षा दिए।
११सभाघरमा एउटी स्त्री थिई। ऊ भित्र दुष्टात्मा पसेको
थियो जसद्वारा ऊ अठाह्र वर्षबाट कक्रेकी थिई।
त्यसको ढाड़ कुप्रो थियो अनि सिधा उभिन सक्तिनथी।
१२जब येशूले उसलाई देखे, तिनले भने, "नारी, तिमी

रोगबाट मुक्त भयौ।" १३येशूले ऊ माथि हात राखे।
त्यसपछि ऊ उठ्न सकी अनि परमेश्वरको प्रशंसा गरी।

१४शबाथको दिन यसरी येशूले जाती पारेकोमा
सभाघरका प्रमुख येशूसँग रिसाएका थिए। यसकारण
उहाँले त्यहाँ उपस्थित मानिसहरूलाई भने, "छ दिन
काम गरिन्छ। अनि कुनै दिन निको पार्नको लागि कोही
आउन सक्छ। तर शबाथको दिन निको हुनको निम्ति
नआउनू।"

१५प्रभुले उनलाई भने. "तिमीहरू कपटी हौ। तिमीहरू
सबैले तिमीहरूको गोरू अथवा गधा खोलेर गोरू
अथवा तवेलाबाट तिनीहरूलाई पानी पियाउन लैजान्छौ।
तिमीहरू यो शबाथको दिन पनि गर्छौ? १६यो स्त्री
जसलाई मैले निको पारें उ हाम्रै यहूदीकी छोरी हुन्। तर
शैतानले उसलाई अठाह्र बर्ष सम्म बाँधेर राख्यो। के
शबाथको दिन उसको बन्धनबाट छुटाउने काम ठीक
थिएन?" १७जब येशूले यसो भने, सबै मानिसहरू जसले
उनको निन्दा गरे तिनीहरू लज्जित भए। अनि भीड़का
सबै मानिसहरू येशूले गरेको त्यस्तो अचम्भित कार्यको
निम्ति खुशी भए।

### परमेश्वरको राज्य के जस्तो होला?

*(मत्ती १३:३१-३३; मर्कूस ४:३०-३२)*

१८त्यसपछि येशूले भने, "परमेश्वरको राज्य के
जस्तो छ? त्यसलाई म के सित तुलना गरूँ? १९परमेश्वरको
राज्य रायोको बीउ जस्तै छ जो कुनै मानिसले लियो
अनि आफ्नो बगैंचामा रोप्यो। त्यो बीउ उम्रियो अनि
बढ़ेर रूख भयो। आकाशका चराहरूले त्यसको हाँगाहरूमा
गुँड़ लगाए।"

२०येशूले फेरि भने, "म परमेश्वरको राज्यलाई
केसित तुलना गरुँ? २१यो खमीर जस्तो हो जो एक
स्त्रीले कुनै एउटा ठूलो भाँड़ामा आँटासँग रोटी बनाउन
मिसाउँछे। त्यो खमीरले सबै मुछेको आँटालाई फुलाउँछ।"

### साँघुरो ढोका

*(मत्ती ७:१३-१४, २१-२३)*

२२येशू प्रत्येक गाउँ र शहरमा शिक्षा दिँदै गए। तिनी
यरूशलेम जान यात्रा गरिरहेका थिए। २३कसैले उहाँलाई
भने, "परमप्रभु! कतिजना मानिसहरूलाई मुक्ति दिनु
सकिन्छ केवल कोही?"

येशूले भने, २४"साँघुरो ढोकाबाट नै पस्ने कड़ा
कोशिश गर, किनभने यही स्वर्गको बाटो हो। धेरै
मानिसहरू त्यहाँबाट पस्ने कोशिश गर्छन्, तर कोही पनि
सफल हुन सक्तैन। २५यदि कुनै घर मालिक आफ्नो घर
ढोकामा ताला लगाउँछ भने, तिमीले बाहिर उभिएर
ढोका ढक्ढकाउनु सक्छौ, तर उसले ढोका खोल्दैन।
तिमी भन्न सक्छौ, 'महाशय, हाम्रो निम्ति ढोका
खोलिदिनुहोस्।' तर त्यो मानिसले भन्नेछ, 'म जान्दिन
तिमी कहाँबाट आएका हौ?' २६तब तिमी भन्नु शुरू
गर्छौ, 'हामीले एकसाथ खायौं पियौं। हाम्रो शहरका
सड़कहरूमा तपाईंले सिकाउनु भयो।' २७अनि फेरि
उसले भन्नेछ, 'म तिमीलाई चिन्दिनँ, तिमी कहाँबाट
आएका हौ? मदेखि टाड़ा जाऊ। तिमीहरू सबैले नै
भूल गर्छौ।' २८तिमीहरूले परमेश्वरको राज्यमा अब्राहाम,
इसहाक, याकूब र जम्मै अगमवक्ताहरूलाई भेटनेछौं।
तर तिमीहरू बाहिर फ्याँकिनेछौ। तब तिमीहरू रूनेछौ
औ दाह्रा किटनेछौ। २९मानिसहरू पूर्व, पश्चिम, उत्तर र
दक्षिणबाट आउनेछन्। परमेश्वरको राज्यमा तिनीहरू
कुर्सीमा आसन लिनेछन्। ३०अहिले जो तल्लो स्तरमा
बसेका छन् परमेश्वरको राज्यमा तिनीहरूले उच्च स्थानमा
बस्न पाउनेछन्। अनि जो अहिले उच्च आसनमा बसेका
छन् परमेश्वरको राज्यमा तिनीहरू तल्लो आसनमा
बस्नेछन्।"

### यरूशलेममा येशूको मृत्युको भविष्यवाणी

*(मत्ती २३:३७-३९)*

३१त्यसैबेला कोही फारसीहरू येशूकहाँ आए अनि
भने, "यहाँदेखि टाड़ा जाऊ अनि लुक। हेरोदले तपाईंलाई
मार्न चाहन्छ।"

३२येशूले तिनीहरूलाई भने, "जाऊ अनि त्यो स्याललाई
भन, 'आज र भोलि मानिसहरूमा भएको भूत आत्माहरू
भगाउँछु अनि विमारहरू निको पार्ने काम गर्छु। तेस्रो
दिन, मेरो सबै काम सिद्धिने छ।' ३३तर आज र भोलि
मैले मेरो काम गर्नै पर्छ। तब अर्को दिन, म जानै पर्छ,
किनभने सबै अगमवक्ताहरू यरूशलेमा मर्नै पर्छ।

३४"ए यरूशलेम, यरूशलेम! तिमीहरूले
अगमवक्ताहरूलाई मार्छौ अनि परमेश्वरले तिम्रोमा पठाएको
ती मानिसहरूलाई ढुंगाले हिर्काउछौ। धेरै पल्ट तिमीहरूको
मानिसहरूलाई मैले सहयोग गर्न इच्छा गरें। मैले

तिनीहरूलाई कुखुराको पोथीले जसरी आफ्ना चल्लाहरूलाई
पखेटा मुनि भेला गर्छ त्यसरी नै भेला गर्न चाहान्थैं। तर
तिमीहरूले मलाई त्यसो गर्न दिएनौ। ३५यसर्थ अब
तिमीहरूको घर पूर्णरूपले उजाड़ हुनेछ। म तिमीहरूलाई
भन्छु, यसकारण मलाई तिमीहरूले त्यतिञ्जेल देख्न
पाउने छैनौ जबसम्म तिमीहरूले भन्ने छैनौ कि 'स्वागत!
परमेश्वरले तिनलाई आशिर्वाद दिऊन जो परमप्रभुको
नाउँमा आँउछन्।'*"

## के शबाथको दिनमा उपचार गर्नु उचित छ?

**१४** एक शबाथको दिन, कुनै एक मुख्य फरिसीको
घरमा खाना खानु येशू जानु भयो। त्यहाँ भएका
सबै मानिसहरूले उनलाई खुबै नजिकबाट जाँचिरहेका
थिए। २एकजना जलोदर रोगीलाई येशूको अघि ल्याइएको
थियो। ३येशूले फरिसीहरू र शास्त्रीहरूलाई सोध्नु भयो,
"शबाथको दिन कसैलाई निको पार्नु उचित हो वा
होइन?" ४तर तिनीहरूले येशूको प्रश्नको उत्तर दिन
सकेनन्। यसकारण उनले त्यस मानिसलाई ल्याए अनि
उसलाई निको पारे। तब उहाँले त्यस मानिसलाई
पठाइदिनु भयो। ५येशूले फारिसीहरू र व्यवस्थाहरूका
शास्त्रीहरूलाई भने, "यदि तिमीहरूको पुत्र अथवा काम
गर्ने जन्तु शबाथको दिन कुवामा जाकिए त्यसलाई झट्टै
निकाल्दैनौ र?" ६ती फरिसीहरू र व्यवस्थाहरूका
शास्त्रीहरू येशूले भनेको कुरामा केही भन्न सकेनन्।

## आफ्नै प्रशंसा नगर

७तब येशूले देख्नु भयो कि केही अतिथिहरूले
असल कुर्सीहरू रोजिरहेका थिए। यसकारण उनले यो
दृष्टान्त कथा सुनाए: ८"जब कसैले तिमीलाई विवाह
भोजमा निम्त्याउछ, मुख्य आसन दखल नगर। ती
व्यक्तिले तिमीहरू भन्दा पनि मुख्य व्यक्ति निम्त्याएको
हुन सक्छ। ९अनि यदि तिमी मुख्य आसनमा बसिरहेको
छौ भने निम्त्याउने व्यक्तिले तिमीलाई सम्झाउनेछ, 'यो
मानिसलाई तिम्रो आसन देऊ।' तब अन्तिम आसनमा
गएर तिमीले बस्नु पर्नेछ। अनि तिमी बड़ो शर्ममा
पर्नेछौ। १०यसकारण जब कुनै व्यक्तिले तिमीलाई निम्त्याए,
गएर निम्न स्तरीय आसन ओगोट। तब त्यो तिमीलाई
निम्त्याउने व्यक्ति आएर भन्नेछ, 'मित्र, तिमी अझ
मुख्य आसनमा बस।' त्यतिबेला सबै अतिथिहरूले
तिमीलाई सम्मान गर्नेछन्। ११किनभने जसले आफैलाई
माथि उठाउँछ त्यो तल झर्नु पर्छ। तर जसले आफैलाई
निम्न स्तरको मान्छ त्यसलाई उच्च तुल्याइनेछ।"

## तिमीहरूलाई इनाम मिल्नेछ

१२त्यसपछि येशूले तिनलाई निम्त्याउने फरिसीलाई
भने, "जब कुनै दिन तिमीहरूले बिहान वा बेलुकीको
भोजन गराउन इच्छा गर्छौ, त्यसबेला केवल आफ्ना
साथीहरू, दाजुभाइहरू, आफन्तहरू, र धनी छिमेकीहरूलाई
मात्र नबोलाऊ। बदलामा तिनीहरूले पनि तिमीहरूलाई
खाना खान निम्तो दिन्छन् अनि तिम्रो इनाम पाइहाल्नेछौ।
१३यसको सट्टामा, जब कुनै त्यस्तो भोज गर्छौ, ती
गरीबहरू, कुजो, लङ्गड़ा र अन्धाहरूलाई बोलाऊ।
१४त्यसपछि तिमी धन्य हुनेछौ, किनभने क्षतिपूर्ण गर्न
तिनीहरूकोमा केही हुँदैन। तिनीहरूको केही पनि हुँदैन।
तर जब असल मानिस मृत्युबाट बौरी उठ्नेछ त्यसबेला
तिमीहरूले इनाम पाउनेछौ।"

## महाभोजको एउटा दृष्टान्त

*(मत्ती २२:१-१०)*

१५येशूसँग बसिरहेका धेरै मानिसहरूमध्ये एकजनाले
यो कुरा सुन्यो। त्यस मानिसले येशूलाई भन्यो, "तिनीहरू
जजसले परमेश्वरको राज्यमा भोज खान पाउँछन्, तिनीहरू
साँच्चैनै धन्य हुन्।"
१६येशूले त्यस मानिसलाई भने, "कुनै एक मानिसले
विशाल भोजको व्यवस्था गरेको थियो। त्यसले धेरै
मानिसहरूलाई बोलाएको थियो। १७जब खाना खाने
बेला भयो, त्यस मानिसले आफ्नो नोकरलाई पाहुनाहरूलाई
बोलाउनु पठायो, 'आउनुहोस् प्रत्येक चीज तयारी छ।'
१८तर सबै पाहुनाहरूले भने कि तिनीहरू जान असमर्थ
थिए। प्रत्येकले एक एक वहना लगायो। पहिलो
व्यक्तिले भन्यो, 'मैले भर्खरै एउटा खेत किनेको छु,
यसर्थ यसलाई हेर्न म जानु पर्छ। दया गरी माफ
गर्नुहोस्।' १९अर्को व्यक्तिले भन्यो, 'मैले भर्खरै पाँच
जोर गोरू किनेको छु, त्यसले गर्दा म तिनीहरूलाई
काम सिकाउन जानु पर्छ। मलाई दया गरी माफ
गर्नुहोस्।' २०तेस्रो व्यक्तिले भन्यो, 'मैले भर्खरै विवाह
गरेको छु। म आउन सक्तिनँ।' २१त्यसपछि त्यो नोकर

---

**'स्वागत! ... आँउछन्'** भजनसंग्रह ११८:२६।

फर्कियो। त्यसले आफ्नो मालिकलाई वृतान्त सुनायो। मालिक अत्यन्तै रिसायो अनि भन्यो, 'चाँढ़ो गर। शहरका गल्ली र साँघुरो बाटो तिर जाऊ अनि गरीब मानिसहरू, लङ्गड़ा र अन्धो तथा लुलाहरूलाई ल्याऊ।' २२तब त्यस नोकरले मालिकलाई भन्यो, 'मालिक, तपाईंले जे भन्नु भएको थियो, त्यो मैले गरेँ, तर अझै अरू मानिसहरूलाई बसाउने ठाउँ छ।' २३मालिकले नोकरलाई भने, 'मूल सड़कहरू र गाँउले बाटोतिर जाऊ मानिसहरूलाई यता आउन भन ताकि घर भरियोस। म तिमीलाई भन्छु। २४मैले निम्तो दिएकाहरू मध्ये कसैले पनि मसँग भोज चाख्न पाउने छैन।'"

## तिमी पहिला योजना बनाऊ

*(मत्ती १०:३७-३८)*

२५धैरै मानिसहरूले येशूसँग यात्रा गरिरहेका थिए। उहाँ तिनीहरूपट्टि फर्कनु भयो अनि भन्नु भयो, २६"यदि कोही मानिस म कहाँ आँउछ भने, अनि मलाई भन्दा अधिक उसको बाबु, आमा, स्वास्नी, पुत्र-छोरी, दाजुभाइ तथा दिदी-बहिनीहरूलाई प्रेम गर्छ भने त्यो मानिस मेरो चेला हुन सक्तैन। कुनै पनि व्यक्तिले आफ्नो जीवनलाई भन्दा बड़ी मलाई धेरै प्रेम गर्नु पर्छ। २७यदि कसैले आफ्नो क्रूस (समस्या) नउठाई मलाई पछ्याउँछ भने त्यो व्यक्ति मेरो चेला हुन सक्तैन। २८यदि तिमी एउटा भवन बनाउन चाहन्छौ भने, तिमीले पहिले बसेर त्यो बनाउनलाई कति खर्च लाग्ने हो त्यसको छलफल गर्नु पर्छ। भवनको काम पुरा सिध्याउनलाई त्यत्ति तिम्रोमा भएको पैसाले पुग्छ पुग्दैन त्यो हेर्नु पर्छ। २९यदि तिमीले यसो नगरे, काम त शुरू गर्न सक्छौ तर त्यसलाई पूरा गर्न सक्तैनौ। अनि यदि पूरा गर्न नसके सबै मानिसहरूले तिमीलाई खिसी गर्नेछन्। ३०तिनीहरूले भन्ने छन्, 'यो मानिसले घर बनाउनु त शुरूगऱ्यो तर पूरा गर्नु भने सकेन।'

३१"यदि कुनै राजा अर्को राजासँग युद्ध गर्न जाँदैछ भने, पहिले उ बस्न पर्छ, योजना बनाउनुपर्छ। यदि त्यसको दश हजार मानिसहरू छन् अनि उसको विपक्षी बीस हजार मानिसहरू लिएर आँउदैछ भने, त्यसले निर्णय गर्नु पर्छ कि ऊ विजयी हुन सक्छ कि सक्तैन। ३२यदि उसले त्यो राजालाई जित्न सक्तैन भने उसले आफ्नो मानिसहरू अर्को राजाकोमा शान्ति प्रस्ताव राख्नुको निम्ति पठाउनु पर्छ। ३३त्यसरी नै, तिमीहरूले पहिले योजना बनाउनु पर्छ। मलाई पछ्याउने हो भने तिमीहरूले प्रत्येक कुरालाई छाड़नु पर्छ। नत्र तिमीहरू मेरो चेला बन्न सक्तैनौ।

## आफ्नो प्रभाव नहराऊ

*(मत्ती ५:१३; मर्कूस ९:५०)*

३४"नुन असल चीज हो। तर यदि नुनले आफ्नो नुनिलो स्वाद हरायो भने, यो वेकामे हुन्छ। त्यसलाई फेरि नुनिलो बनाउन सकिदैन। ३५त्यसलाई तिमीहरूले माटो सरह अथवा विरूवाका मलका लागि समेत प्रयोग गर्न सक्तैनौ। मानिसहरूले त्यसै फ्याँकिदेनेछन्।

"जसले मलाई सुनिरहेका छौ सुन।"

## स्वर्गमा आनन्द

*(मत्ती १८:१२-१४)*

**१५** अनेकौं कर उठाउनेहरू र पापीहरू येशूकहाँ उनलाई सुन्न आए। २तब फरिसीहरू र व्यवस्थाका शास्त्रीहरूले विरोध प्रकट गर्न थाले, "हेर! यो मानिसले पापीहरूलाई पनि ग्रहण गर्छ अनि सँगै बसेर खान्छ।"

३त्यसपछि येशूले तिनीहरूलाई यो दृष्टान्त सुनाए: ४"तिमीहरू मध्ये कसैको सय वटा भेँड़ाहरू छन् अनि ती मध्ये एउटा हरायो, त्यो उनान्सय भेँड़ालाई छोड़ेर हराएको एउटा भेड़ा खोज्न जान्छ। त्यो भेड़ा जबसम्म पाउने छैन ऊ खोजी रहने छ। ५अनि जब उसले हराएको भेड़ा पाउँछ ऊ अति खुशी हुन्छ। त्यो मानिसले भेड़ालाई आफ्नो काँधमा बोकेर ल्याउनेछ। ६जब त्यो मानिस उसको घरमा फर्केर आँउछ, आफ्नो साथीहरू र छिमेकीहरूकोमा जान्छ अनि भन्छ, 'म जस्तै खुशी होऊ, किनभने मैले हराएको भेड़ा पाएँ।' ७त्यस्तै प्रकारले म भन्दछु, तिमीहरूलाई स्वर्गमा अति आनन्द हुन्छ जब एउटा पापीले आफ्नो हृदय परिवर्त्तन गर्छ अनि अन्य उनान्सय असल मानिसहरूले आफ्नो हृदय परिवर्त्तन गर्न कुनै आवश्यक पर्दैन।

८"मानीलेऊ एउटी स्त्रीसँग दशवटा चाँदीका सिक्काहरू छन्, यदि उसले एउटा सिक्का हराई, त्यसले बत्ती बाल्छे अनि त्यो घरमा खोज्दै बढ़ार्छे। जबसम्म उसले सिक्का पाँउदिन खुब ध्यानपूर्वक खोज्छे। ९अनि जब उसले त्यो हराएको सिक्का पाउँछे, उसले आफ्नो साथीहरू र

छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसित खुशी होऊ
किनभने मैले हराएको सिक्का पाएँ।' १०त्यसरी नै, म
भन्दछु, परमेश्वरको दूतहरूको अघि खुशी छाउँछ जब
एकजना पापीले आफ्नो हृदय परिवर्त्तन गर्छ।"

### उड्न्ता पुत्र

११त्यसपछि येशूले भने, "एकजना मानिसको दुइ
पुत्रहरू थिए। १२कान्छो छोरोले आफ्नो बाबुलाई भन्यो,
'पिता हाम्रो सम्पत्तिमा मेरो भागमा जे जति अंश पर्छ
मलाई दिनुहोस्।' अनि बाबुले आफ्नो धन-सम्पत्ति ती
दुई पुत्रहरूलाई बाँड़िदिए। १३केही दिन पछि कान्छो
छोरोले आफ्नो सबै सम्पत्ति बटुल्यो अनि गयो। त्यो
टाड़ो देशमा गयो। त्यहाँ त्यसले मूर्खले झैं आफ्नो
रुँपिया-पैसा सब खर्च गर्‍यो। १४आफुमा जे जति थियो
सबै त्यसले स्वाहा पार्‍यो। तब, त्यो ठाउँमा खड़ेरी
पर्‍यो, अनि पानी पटक्कै परेन। देशभरी मानिसहरूले
खानेकुरा पाउन छाड़े। त्यो खुबै भोकायो अनि उसलाई
पैसाको आवश्यक पनि पर्‍यो। १५अनि त्यस ठाँउको
कुनै एकजना मानिसकहाँ गयो अनि आफ्नो जीविकाको
लागि त्यसले त्यहाँ काम लियो। अनि उसले त्यसलाई
खेतमा सुँगुरहरू हेर्न पठायो। १६त्यो व्यक्ति त्यत्ति
भोकाएको थियो कि उसले जुन चारो सँगुरहरूले
खाँदैथ्यो खान खोज्यो। तर कसैले त्यसलाई केही दिएन।
१७तब उसले आफूलाई मूर्ख भएको अनुभव गर्‍यो।
उसले भन्यो, 'मेरा बाबुको जति नोकरहरू छन् तिनीहरूकोमा
आवश्यक भन्दा वेशी खाना छ। तर म यहाँ भोकले
मर्न लागेको छु। १८म उठ्छु अनि यहाँबाट बाबुकहाँ
जान्छु अनि म उनलाई भन्नेछु बाबु! मैले परमेश्वर
अनि तँपाईको अघि पनि पाप गरें। १९म तपाईंको छोरो
भनिनु अब उसो योग्यको छैन। मलाई तपाईंकै एकजना
नोकर झैं राख्नु होस्।' २०यसरी त्यो केटो उठ्यो अनि
आफ्नो बाबु भेटन गयो।

### छोरो फर्किन्छ

"जब निकै परै आँउदै थियो, त्यसको बाबुले देख्यो
अनि आफ्नो छोरोप्रति बाबुको मनमा खुबै दया जाग्यो।
अनि पिता छोरो भएकहाँ दगुर्दै गएर अंगालो हाले औ
म्वाँई खाए। २१छोरोले भन्यो, 'बाबु, मैले परमेश्वर र
तपाईंको अघि पाप काम गरेको छु। म तपाईंको छोरो
भनिन अब उसो योग्यको छैन।' २२तर उसको बाबुले
उसको नोकरहरूलाई अह्राए, 'चाँड़ो! राम्रा-राम्रा लुगाफाटा
ल्याऊ अनि यसलाई लगाई देऊ। हातमा औंठी पनि
लगाइदेऊ अनि खुट्टामा जुत्ता पनि लगाइदेऊ। २३त्यो
मोटो बाछा ल्याऊ, त्यसलाई मार अनि हामी खाएर
भोज मनाँउछौ। २४किनभने यो मेरो छोरो मरेको थियो,
तर अहिले ऊ जीवित फर्की आएको छ। उ हराएको
थियो, तर उसलाई अहिले पाइएको छ।' त्यसपछि
तिनीहरूले भोजको व्यवस्था शुरू गरे।

### जेठो छोरोको आगमन

२५"उसको जेठो छोरो खेतमा थियो। ऊ बिस्तारै
घरमा आयो। उसले त्यहाँ नाच गान भइरहेको सुन्यो।
२६यसर्थ जेठो छोरोले एकजना नोकरलाई बोलाएर
सोध्यो, 'यी सब किन भइरहेको छ?' २७नोकरले उत्तर
दियो, 'तिम्रो भाइ फर्केर आएको छ। तिम्रो बाबुले
भोजको लागि मोटो बाछा मार्न लगाएका छन् किनभने
भाइ सकुशल फर्केर आएकोमा तिनी अत्यन्तै खुशी
थिए।' २८त्यो जेठो छोरो रिसायो अनि भोजमा जान मन
गरेन। यसर्थ उसको बाबु आफै गएर तिनलाई उत्सवमा
सम्मिलित हुन आग्रह गरे। २९त्यो छोरोले बाबुलाई
भन्यो, 'मैले यत्रो वर्ष सम्म नोकर झैं तपाईंको सेवा
गरें। मैले सँधै तपाईंको आज्ञा पालन गरें। तर मेरो
निम्ति तपाईंले एउटा सानो पाठा सम्म दिनु भएन ताकि
म मेरा मित्रहरूसँग भोज मनाउँन सक्थे। ३०तर तपाईंको
यो छोरोले आफ्नु पुरै सम्पत्ति वेश्याहरूको संगतमा
उड़ाएको हो। अनि ऊ घर आउँदा चाँहि मोटो बाछो
समेत मार्न लाउनु भयो।' ३१अनि बाबुले छोरोलाई भने,
'एई छोरो! तिमी त सँधै मसँगै छौ। मेरोमा भएको सारा
सम्पत्ति तिम्रै हो। ३२हामी सबै खुशी हौं औ भोज गरौं।
किनभने तिम्रो यो भाइ मरेको थियो अनि जिउँदो फर्की
आएको छ। उ हराएको थियो तर अहिले पाइएको
छ।'"

### असल सम्पत्ति

१६ येशूले आफ्ना चेलाहरूलाई भने, "एकजना धनी
मानिस थिए। तिनले आफ्नो व्यापारको हेरचाहको
निम्ति एकजना प्रवंधक नियुक्त गरेका थिए। केही समय
पछि त्यो धनी मानिसले चाल पाए कि त्यस प्रवंधकले

उसको सम्पत्ति नष्ट पार्दै थियो। २यसकारण तिनले त्यो
प्रवंधकलाई बोलाए अनि भने, 'मैले तिम्रो बारेमा सुनेको
छु। तिमीले खर्च गरेको मेरो रूपियाँ-पैसाको विवरण
देऊ। अब उसो तिमी मेरो प्रवंधक रहन पाउने छैनौ।'
३त्यसपछि त्यो प्रवंधकले आफै सोच्न लाग्यो, 'मैले के
गर्नु पर्ने हो? मेरो मालिक मलाई कामबाट निकाल्नेवाला
छन्। खेतमा काम गर्ने मेरो शक्ति छैन। मलाई माग्न
पनि लाज लाग्छ। ४म जान्दछु मैले के गर्नु पर्छ ताकि
जब मैले मेरो काम गुमाउँछु, अरू मानिसहरूले मलाई
तिनीहरूको घरमा बोलाउने छन्।' ५यसकारण त्यो
प्रवंधकले जजसले पैसा लगेका थिए प्रत्येकलाई बोलायो।
त्यसले पहिलो व्यक्तिलाई भन्यो, 'तिमीले मेरो मालिकलाई
कति तिर्नुपर्छ?' ६त्यस व्यक्तिले भन्यो, 'मैले तिनलाई
चार हजार किलोग्राम जैतुन तेल दिनुपर्छ।' त्यो प्रवंधकले
त्यसलाई भन्यो, 'यहाँ तिम्रो सूची छ; बसेर झट्टै सूची
घटाउने कामगर र दुईहजार किलोग्राम लेख।' ७त्यसपछि
प्रवंधकले अर्को व्यक्तिलाई भन्यो, 'तिमीले मेरो मालिकलाई
कति तिर्नुपर्छ?' त्यस मानिसले भन्यो, 'मैले तिनलाई एक
सय बस्ता गहुँ दिनुपर्छ।' तब त्यो प्रवंधकले भन्यो, 'यहाँ
तिम्रो सूची छ। यसलाई घटाऊ अनि अस्सी बस्ता
लेख।' ८पछि मालिकले त्यो इमान्दारहीन प्रवंधकको
प्रशंसा गरे किनभने उसले चलाकी साथ काम गऱ्यो।
हो, संसारिक मानिसहरू आत्मिक मानिसहरू भन्दा
तिनीहरूको मानिसहरूसित व्यवसायमा चतुर हुन्छन्।

९"म तिमीहरूलाई भन्दछु, संसारमा भएका तिम्रो
चिजहरू प्रयोग गरेर आफ्नो मित्रहरू बनाऊ। जब ती
चीजहरू सकिन्छ, तब तिमीहरूलाई अनन्त बास स्थानमा
स्वागत हुनेछ। १०यदि कुनै व्यक्तिलाई सानो कुरोमा
विश्वास गर्न सकिन्छ भने ठूलो ठूलो कुरामा पनि
विश्वास गर्न सकिन्छ। यदि कुनै व्यक्ति सामान्य कुरामा
इमान्दारहीन छ भने ठूला-ठूला कुरामा पनि इमान्दारहीन
हुन्छ। ११यदि तिमीलाई सांसारिक सम्पत्तिमा विश्वास
गर्न सकिंदैन, तिमीहरूलाई कसरी साँचो सम्पत्तिको
लागि विश्वास गरिन्छ। १२यदि तिमीहरूले अर्काको
सामानहरूमा विश्वासी प्रमाण गर्न सकेनौ भने तिमीहरूलाई
कसले तिमीहरूकै समानहरू दिनेछ?

१३"एकै समयमा एउटा नोकरले दुइजना मालिकको
सेवा गर्न सक्तैन। त्यो नोकरले एकजना मालिकलाई
घृणा गर्छ अनि अर्कोलाई प्रेम गर्छ, अथवा त्यो
एकजनाको भक्त हुन्छ भने अर्कोलाई मन पराउँदैन।
एकै समयमा तिमीहरूले परमेश्वर र सम्पत्तिको सेवा
गर्न सक्तैनौ।"

### परमेश्वरको नियम परिर्वत्तन हुँदैन

*(मत्ती ११:१२-१३)*

१४फरिसीहरूले यी सब सुनिरहेका थिए। फरिसीहरूले
येशूको निन्दा गरे किनभने तिनीहरू सबैले धनलाई प्रेम
गर्थे। १५येशूले ती फरिसीहरूलाई भने, "तिमीहरू
मानिसहरूको अघि भलादमीको स्वभाव देखाँउछौ। तिमीहरू
भित्र के छ परमेश्वर जान्नु हुन्छ। जुन कुरो मानिसको
लागि मूल्यवान छ परमेश्वरको निम्ति त्यसको केही
मूल्य छैन।

१६"परमेश्वरले मानिसहरू मोशाको नियम र
अगमवक्ताहरूका ग्रन्थहरू अनुसार बाँचेको चहान्छन।
तर बप्तिस्मा दिने यूहन्ना आएपछि नै परमेश्वरको
राज्यको सुसमाचारहरू सुनाइयो। अनेकौं मानिसहरू
परमेश्वरको राज्यमा पस्न पाउनलाई परिश्रम गरिरहेका
छन्। १७नियमको सुक्ष्म अंश पनि परिवर्त्तन गरिनु भन्दा
स्वर्ग र पृथ्वी नै अल्पिनु अझ सजिलो छ।

### छुटानाम र पुनर्विवाह

१८"यदि कुनै व्यक्तिले आफ्नो स्वास्नीसँग छुटानाम
गर्छ र अर्को स्त्रीलाई विवाह गर्छ भने, ऊ व्यभिचार
पापको दोषी हुनेछ। अनि कुनै व्यक्तिले छुटानाम भएकी
स्त्रीलाई विवाह गर्छ भने त्यसलाई पनि व्यभिचार गरेकै
पाप लाग्नेछ।"

### धनी मानिस र लाजरस

१९येशूले भने, "एउटा धनी मानिस थियो। उसले
बहुमूल्य लुगाहरू लगाँउथ्यो। त्यो त्यति धनी थियो कि
प्रत्येक दिन भोज खुवाउन सक्थ्यो। २०त्यहाँ लाजरस
नाउँ गरेको एक गरीब मानिस बस्थ्यो। त्यो त्यस धनी
मानिसको घरको ढोका अघि सुती रहन्थ्यो। त्यसको
शरीर घावै घावले भरिएको थियो। २१यदि त्यसले त्यस
धनी मानिसले खाएर उब्रेको खान पाए पनि सन्तुष्ट
हुन्थ्यो। कहिले काँही कुकुरहरूले त्यसको घाव चाटिरहेका
हुन्थ्यो। २२केही सयम पछि लाजरस मऱ्यो। स्वर्ग
दूतहरूले लाजरसलाई बोकेर अब्राहामका हातमा सुम्पिदिए।

त्यो धनी मानिस पनि मऱ्यो अनि उसलाई दफ्नाइयो।
२३त्यसलाई पातालमा पठाइयो अनि खुबै कष्टमा पऱ्यो।
त्यो धनी मानिसले टाड़ोबाट अब्राहामले लाजरसलाई
आफ्नो हातमा लिएको देख्यो। २४त्यसले चिच्यायो,
'पिता अब्राहाम, म माथि दया गर्नुहोस्! लाजरसलाई
मकहाँ पठाइदिनुहोस् ताकि त्यसले आफ्नो औंला पानीमा
चोब्नु सक्छ र मेरो जिब्रोलाई शीतल पारी दिओस।'
किनभने यो आगोमा म कष्ट पाइरहेकोछु।' २५तर
अब्राहामले भने, 'मेरो बालक, सम्झ, तिमी कसरी
बाचिरहेको थियौ? तिम्रो जीवनमा दामीदामी धेरै चीजहरू
थिए। लाजरसकोमा सबै नराम्रो चीजहरू मात्र थियो।
अहिले त्यो यहाँ सुखमा छ, अनि तिमी चाँहि कष्ट
पाइरहेछौ। २६तिमीहरू र हाम्रो बीचमा पनि एउटा ठूलो
खाडल छ। यहाँबाट कोही पनि तिमीहरू भएकोमा पुग्न
सक्तैन अनि त्यहाँबाट पनि कोही यता तर्न सक्तैन।'
२७त्यो धनी मानिसले भन्यो, 'तब हे पिता अब्राहाम।
लाजरसलाई मेरो पृथ्वीमा बाबुको घर पठाइदिनुहोस्।
२८मेरा पाँचजना भाइहरू छन्। यदि लाजरसले तिनीहरूलाई
चेतावनी दिए भने, तिनीहरू यो कष्टमय ठाउँमा आउने
छैनन्।' २९तर अब्राहामले भने, 'तिनीहरूको लागि पढ्नु
मोशाको व्यवस्था र अगमवक्ताहरूको ग्रन्थहरू छन्,
तिनीहरूले तिनीहरूबाट नै सुनुन।' ३०तर त्यो धनी
मानिसले भन्यो, 'अँह! पिता अब्राहाम! यदि कोही
मरेकाहरूबाट एक जना त्यहाँ गए, तिनीहरूले विश्वास
गर्नेछन् अनि हृदय र जीवन परिवर्तन गर्नेछन्।' ३१फेरि
अब्राहामले भने, 'अँह। यदि तिम्रा भाइहरूले मोशा र
अगमवक्ताहरूलाई सुन्दैनन् भने, तिनीहरूले मृत्युबाट
उठेर आएकाहरूलाई पनि ध्यान दिंदैनन्।'"

## पापको कारण नबन र सँधै क्षमा गर्न तयार हौ

*(मत्ती १८:६-७, २१-२२; मर्कूस ९:४२)*

**१७** येशूले उहाँको चेलाहरूलाई भने, "मानिसमा
पाप गराउने घटनाहरू घट्छ नै। तर जसले
त्यसो गर्छ, उसलाई अत्यन्तै दु:ख हुन्छ। २त्यो व्यक्ति
जो दुर्वल व्यक्तिहरू माथि अन्याय गर्छ त्यसले कठोर
प्रतिफल भोग्नु पर्छ। तर त्यसको लागि गलामा जाँतो
बाँधेर सागरमा फ्याँकिनु असल हुनेछ। ३यसकारण
होशियार बस।

"यदि तिम्रो भाइले पापहरू गर्दैछ भने उसको दोष
देखाइ देऊ। तर उसले पश्चाताप गर्छ पाप कर्म बन्द
गर्छ भने उसलाई माफ देऊ। ४तिम्रो भाइ यदि दिनमा
सातवटा भूल गर्छ र यदि उसले प्रत्येक पल्ट नै भूल
स्वीकार्छ भने उसलाई माफ देऊ।"

## तिम्रो विश्वास कति ठूलो छ?

५प्रेरितहरूले प्रभुलाई भने, "हाम्रो विश्वास
बढ़ाईदिनोस्।"

६प्रभुले भने, "यदि तिमीमा रायोको गेड़ा जत्रो मात्र
विश्वास छ भने, तिमीहरू त्यस किम्बुको रूखलाई
भन्न सक्छौ, 'तँ आफै उखेलिएर समुद्रमा रोपिन जा!'
अनि त्यो रूखले तिमीहरूको आज्ञा पालन गर्नेछ।

## विश्वासी नोकर हुने चेष्टा गर

७"मानिलेऊ तिमीहरूमध्ये कसैको एकजना नोकर छ
जो खेत जोतिरहेको हुन्छ अथवा भेड़ा चराइरहेको छ।
जब काम सिध्याएर भित्र आँउछ, त्यसलाई तिमी के
भन्छौ? 'आऊ अनि खाना खानु बस?' ८अँह! तिमी
त्यो नोकरलाई भन्नेछौ, 'मेरो निम्ति खाना तयार पार
अनि मलाई खाना दिनुको लागि लुगा लगाऊ। जब म
खाई पिई सक्छु तब तिमी खाऊ।' ९नोकरले त्यसरी
आदेश पालन गरेकोमा त्यो अभारी हुन्छ? हुँदैन।
१०तिमीसँग पनि यस्तै हो। जब तिमीहरूलाई गर्नु दिएको
प्रत्येक काम गर्दछौ, तिमीहरूले भन्नु पर्छ, 'हामी कुनै
खास धन्यवाद पाउने योग्यको होइनौ। हामीले जे गर्नु
पर्ने थियो त्यही काम मात्र गरेका छौ।'"

## धन्यवादी बन

११येशू यरूशलेमतिर जाँदै हुनु हुन्थ्यो। उहाँ सामरिया
र गालील हुँदै जानु भयो। १२उहाँ एउटा गाँउमा
आइपुग्नु भयो। त्यहाँ उहाँलाई दसजना मानिसहरूले
भेटे। ती मानिसहरू येशूको एकदम नजिक आएनन्,
किनभने तिनीहरू सबै कोड़ीका बिमारीहरू थिए। १३तर
ती मानिसहरूले येशूलाई चर्को स्वरमा भने, "हे येशू
गुरुज्यू! दया गरी हामीलाई सहयता गर्नुहोस्।"

१४जब येशूले ती मानिसहरूलाई देख्नु भयो, उहाँले
भन्नु भयो, "जाऊ अनि पूजाहारीहरूलाई तिमीहरू
आफैलाई देखाऊ।"

जब ती दसजना मानिसहरू पूजाहारीहरूकहाँ जाँदै
थिए, तिनीहरू निको भए। १५जब कुनै एकजना
मानिसले आफु निको भएको थाहापायो, त्यो फर्केर
येशूकहाँ गयो। त्यसले ठूलो स्वरमा परमेश्वरलाई धन्यवाद
चढ़ायो। १६त्यो येशूको चरणमा घोप्टियो अनि येशूलाई
धन्यवाद चढ़ायो। त्यो मानिस यहूदी नभई सामरी थियो।
१७येशूले भन्नु भयो, "दसजना मानिस निको भए, ठीक
हो? अरू नौजना कहाँ छन्? १८के यो सामरी मात्र
परमेश्वरलाई धन्यवाद चढ़ाउन आएको?" १९तब येशूले
त्यसलाई भन्नु भयो, "उठ! तिमी जान सक्छौ। तिम्रो
विश्वासले तिमी निको भयौ।"

### परमेश्वरको राज्य तिमीभित्रै छ

*(मत्ती २४:२३-२८, ३७-४१)*

२०कोही फरिसीहरूले येशूलाई सोधे, "परमेश्वरको
राज्य कहिले बनिन्छ?"

येशूले भने, "परमेश्वरको राज्य बनिदैंछ तर त्यस्तो
बनिँदैन जुन तिम्रो आँखाले देख्न सक्छ। २१मानिसहरूले
भन्ने छैनन्, 'हेर, परमेश्वरको राज्य यहीँ छ!' अथवा,
'त्यो त्यहाँ छ'! होइन, परमेश्वरको राज्य तिमी भित्रै
छ।"

२२तब येशूले चेलाहरूलाई भने, "समय आउनेछ
जब तिमीहरूले मानिसको पुत्रको कुनै दिन हेर्नलाई खुबै
चाहना गर्नेछौ, तिमीहरू हेर्न योग्यका हुने छैनौ।
२३मानिसहरूले तिमीहरूलाई भन्नेछन्, 'हेर, यो त्यहाँ
छ!' अथवा 'हेर, यो यहाँ छ!' जहाँ छौ तिमीहरू त्यहीँ
बस, टाड़ा नजाऊ अनि नखोज।

### जब येशू फेरि आँउछन्

२४"तिमीहरूले यो जान्नेछौ कि मानिसको पुत्र फेरी
कहिले आँउछ। उहाँको आउने दिन बिजुली जस्तो हुनेछ
जुन आकाशको एक अन्तबाट अर्को अन्त सम्म
चम्कन्छ। २५तर त्यो भन्दा अघि, मानिसको पुत्रले
अनेकौं कष्टहरू सहनुपर्छ अनि यो पुस्ताका
मानिसहरूबाट अस्वीकृत हुनुपर्छ। २६मानिसको पुत्र आँउदा
पनि त्यही हुनेछ जुन नूहको समयमा भएको थियो।
२७नूहको समयमा, जब सम्म नूह डुङ्गामा पसेनन्
मानिसहरू खान्थे, पिउँथे, विहे गर्दै थिए, अनि गराउदैथे।
तब बाढ़ी आयो अनि सबै नष्ट पार्‍यो। २८यो पनि
लूतको समय जस्तै हुनेछ जब परमेश्वरले सदोमको
सर्वनाश गरे। ती मानिसहरू खाँदै थिए, पिउँदै थिए,
किन्दै थिए, विक्री गर्दै थिए, रोप्दै थिए अनि आफ्नै
लागि भवनहरू बनाउँदै थिए। २९लूतले शहर छाड़ने
समय सम्म मानिसहरू यी सब गरिरहेकै थिए। तब
आकाशबाट आगो र गन्धक बर्स्यो अनि प्रत्येकलाई
नष्ट पार्‍यो। ३०जब मानिसको पुत्र आउनु हुन्छ, एकदमै
त्यही हुनेछ।

३१"त्यसदिन, यदि कोही मानिस उसको घरको
छानामा छ भने, अनि उसको समानहरू घरभित्र छ भने
ऊ ती समानहरू लिन जानु पर्दैन। त्यसरी यदि कोही
मानिस खेतमा छ भने त्यसले पनि नै घर फर्किनु पर्दैन।
३२विचार गर, लूतकी पत्नीलाई के भएको थियो।
३३जुन व्यक्तिले आफ्नो जीवन बँचाउन चाहन्छ उसले
त्यो गुमाउनेछ। तर कसैले आफ्नो जीवन गुमाउँछ भने
त्यसले यो बचाँउनेछ। ३४त्यसबेला एउटा पलङ्गमा दुइजना
व्यक्तिहरू एक साथ सुतिरहेको हुनेछन्, एकजनालाई
लगिने छ अनि अर्कोलाई छोड़िने छ। ३५दुईजना स्त्रीहरू
एक साथ काम गरिरहेको हुने छन, एउटीलाई लगिने
छ अनि अर्कीलाई छोड़िनेछ।" ३६*

३७चेलाहरूले येशूलाई भने, "यो कहाँ हुनेछ, प्रभु?"

येशूले उत्तर दिए, "जहाँ लाश हुन्छ त्यहाँ गिद्दहरू
भेला हुन्छन्।"

### परमेश्वरले मानिसहरूलाई उत्तर दिन्छन्

**१८** त्यसपछि येशूले चेलाहरूलाई सँधै प्रार्थना गर्नु
अनि कहिल्यै निराश नहुनु भनेर शिक्षा दिए।
येशूले तिनीहरूलाई सिकाउन यस्तो दृष्टान्त भने: २"कुनै
एउटा शहरमा एकजना न्यायाधीश बस्थे। उसले परमेश्वरबारे
वास्तै गर्दैन थिए। उसले यो पनि वास्ता गर्दैन थिए कि
मानिसहरूले उसको बारेमा के-के सोच्छन्। ३त्यही
शहरमा एकजना नारी थिई। त्यसको लोग्ने मरिसकेको
थियो। त्यो नारीले धेरै पल्ट त्यो न्यायाधीशलाई भनी,
'यहाँ एउटा मानिस छ जसले मलाई अन्याय गर्दैछ। मेरो
अधिकार बचाई दिनुहोस्।' ४तर न्यायाधीशले त्यस

---

**पद ३६** लूकाको केही यूनानी प्रतिहरूमा पद ३६ जोड़िएको
छ। दुईजना मानिसहरू एउटै खेतमा हुनेछन्, एउटालाई लगिनेछ
र अर्कोलाई छोड़िनेछ।

नारीलाई कुनै प्रकारको सहायता गर्न चाहेन। लामो
समय पछि न्यायाधीशले बिचार गऱ्यो, 'परमेश्वरको
बारेमा म वास्तै राख्तिनँ। अनि मानिसहरूले मेरो
विषयमा के सोच्छन् त्यसको पनि म वास्ता गर्दिन। ५तर
यो विधवाले भने मलाई हैरान पारी। यदि त्यसले चाहेको
न्याय गरिदिएँ भने उसले मलाई छोड़िदिने थिई। नत्र
घरीघरी आउँछे अनि त्यसले मलाई हैरान बनाउँछे।'"
६तब प्रभुले भन्नु भयो, "सुन! त्यो अन्यायी न्यायाधिशले
जे भन्यो, त्यसमा केही अर्थ छ। ७के परमेश्वरले
छानेका मानिसहरूलाई न्याय दिदैंनन्? तिनीहरू रात-दिन
उनलाई कराउँछन्। परमेश्वरले आफ्नो मानिसहरूलाई
जवाफ दिनलाई अल्छी गर्दैनन्। ८म तिमीहरूलाई भन्दछु,
परमेश्वरले आफ्नो मानिसहरूलाई झट्टै न्याय दिनु हुने
छ। तर जब मानिसको पुत्र फेरि आउनु हुन्छ, के
उहाँले पृथ्वीमा उहाँलाई विश्वास गर्ने मानिसहरू पाउनु
हुन्छ?"

### परमेश्वरसँग ठीक बस

९कतिजना मानिसहरूले सोचे कि तिनीहरू खुबै
असल थिए। तिनीहरूले प्रत्येकलाई हेला गर्छन्। येशूले
तिनीहरूलाई उपदेश दिन एउटा यस्तो दृष्टान्त सुनाए:
१०"कुनै एक समयमा फरिसी र एकजना कर उठाउने
व्यक्ति थिए। एकदिन ती दुवै मन्दिरमा प्रार्थना गर्न गए।
११फरिसी कर उठाउने देखि केही टाड़ो उभियो। जब
त्यो फरिसीले प्रार्थना शुरू गऱ्यो, त्यसले भन्यो, 'हे
परमेश्वर, तपाँईलाई धन्यवाद दिन्छु किनभने म अरू
जस्तो नराम्रो मानिस होइन। म चोरी, ठग र व्यभिचारी
पापहरू गर्दिन। म तपाईंलाई धन्यवाद चढ़ाउँछु कारण म
यो कर उठाउने जस्तो नराम्रो होइन। १२म असल छु;
म हप्तामा दुइपटक उपवास बस्छु अनि आफ्नो कमाईबाट
दशांश दान गर्छु।'
१३"त्यो कर उठाउने एक्लै अलि पर उभिरहेको
थियो। जब त्यसले प्रार्थना गऱ्यो, त्यसले स्वर्गपट्टि पनि
हेरेन। त्यसले परमेश्वरको अघि आफूलाई अति तुच्छ
पायो। त्यसले भन्यो, 'हे परमेश्वर, म प्रति दया
गर्नुहोस्। म एउटा पापी हुँ।' १४म तिमीहरूलाई भन्दछु,
जब त्यो घर गयो, त्यो परमेश्वरसँग ठीक थियो। तर
त्यो फारिसी, जसले आफुलाई असल हुँ भन्ने सम्झन्थ्यो
त्यो परमेश्वरसँग ठीक थिएन। जुन व्यक्तिले आफुलाई
ठूलो ठान्दछ त्यो तुच्छ हुनेछ। तर जुन व्यक्तिले
आफूलाई तुच्छ ठान्छ त्यो महान हुनेछ।"

### परमेश्वरको राज्यमा को पस्न पाउने छ?

*(मत्ती १९:१३-१५; मर्कूस १०:१३-१६)*

१५कोही मानिसहरूले आफ्ना केटाकेटीहरू येशूकहाँ
ल्याँउदै थिए ताकि येशूले तिनीहरूलाई छोइ दिउन। तर
चेलाहरूले जब देखे, तिनीहरूले मानिसहरूलाई हकारे।
१६तर येशूले ती ससाना बालकहरूलाई बोलाए अनि
चेलाहरूलाई भने, "ती ससाना बालकहरूलाई मकहाँ
आउन देऊ। तिनीहरूलाई नरोक। किनभने परमेश्वरको
राज्य यी बालकहरू जस्तै मानिसहरूको हो। १७म
तिमीहरूलाई साँचो भन्दछु तिमीहरूले ससाना बालकले
केही थोक ग्रहण गरे जस्तै परमेश्वरको राज्यलाई पनि
ग्रहण गर्नु पर्छ। नत्र तिमीहरू कहिल्यै प्रवेश गर्ने
छैनौ!"

### एकजना धनी मानिसद्वारा येशूलाई एउटा प्रश्न

*(मत्ती १९:१६-३०; मर्कूस १०:१७-३१)*

१८एकजना यहूदी नेताले येशूलाई सोधे, "हे असल
गुरू, अनन्त जीवन पाउँन मैले के गर्नु पर्छ?"
१९येशूले तिनलाई भने, "तिमीले मलाई किन असल
भन्दछौ? केवल परमेश्वर मात्र असल हुनुहुन्छ। २०तैपनि
म तिम्रो प्रश्नको उत्तर दिन्छु। तिमीले परमेश्वरको
आज्ञाहरू जान्दछौ: 'व्यभिचार नगर्नु, कसैको हत्या
नगर्नु, नचोर्नु, अरूको विषयमा झूटो नबोल्नु, बाबु-
आमालाई सम्मान गर।'*"
२१तर त्यो अगुवाले भने, "म सानोदेखि यी आज्ञाहरू
पालन गर्दै आएको छु।'"
२२जब येशूले यस्तो सुने, उहाँले त्यो नेतालाई भने,
"तर त्यहाँ अझै एउटा तिमीले गर्नुपर्ने काम बाँकी छ।
तिम्रोमा भएको सबै चीजहरू बिक्री गर अनि पैसाहरू
गरीब मानिसहरूलाई बाड़िदेउ अनि स्वर्गमा तिमीले
इनाम पाउनेछौ। त्यसपछि तिमी आऊ अनि मलाई
पछ्याऊ!" २३तर जब उसले यी कुराहरू सुन्यो ऊ
अत्यन्त दु:खी भयो किनभने त्यो मानिस साह्रै धनी
थियो।

---

**'व्यभिचार ... गर'** प्रस्थान २०:१२-१६; व्यवस्था ५:१६-२०।

२४जब येशूले त्यो मानिसलाई दु:खी भएको देख्नु भयो, उहाँले भन्नुभयो भने, "साँचै धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु कठिन छ। २५हो, धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु भन्दा त बरू ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो पर्छ।"

### कसले चाँहि उद्धार पाउँछ?

२६जब त्यहाँ भएका मानिसहरूले यो सुने, तिनीहरूले भने, "त्यसो भए कसले उद्धार पाउँछ?"

२७येशूले भन्नु भयो, "जे मानिसको निम्ति असम्भव काम छ परमेश्वरको निम्ति सम्भव छ।"

२८पत्रुसले भने, "के हामीले सबै कुरा त्याग्यौं र तपाईंको अनुयायी भएका छौं?"

२९येशूले भन्नु भयो, "म तिमीहरूलाई साँचो भन्दछु। प्रत्येक व्यक्ति जसले आफ्नो घर, स्वास्नी, दाज्युभाइहरू, आमाबाबु, अथवा बालकहरू परमेश्वरको राज्यको निम्ति छोड़ेको छ ३०तिनले यो जीवनमा यी सब भन्दा धेरै पाउनेछ। अनि जब त्यो मानिस मर्छ, त्यसले परमेश्वरसँग सँधैको लागि बस्ने मौका पाउनेछ।"

### येशू आफ्नो मृत्यु बारे फेरि चर्चा गर्नुहुन्छ

*(मत्ती २०:१७-१९; मर्कूस १०:३२-३४)*

३१त्यसपछि येशूले बाहै प्रेरितहरूलाई अर्को तिर लानु भयो, उहाँले तिनीहरूलाई भन्नु भयो, "सुन! हामीहरू यरूशलेम जाँदैछौं। मानिसको पुत्रका विषयमा अगमवक्ताहरूले जे-जे लेखेकाछन् ती सबै पूरा हुनेछ। ३२उहाँकै मानिसहरू उहाँको विरुद्धमा जानेछन् अनि उहाँलाई अयहूदीहरूको हातमा सुम्पिइनेछ। तिनीहरूले उहाँको उपहास गर्नेछन्, अनि उनलाई थुक्ने छन्। ३३तिनीहरूले उनलाई कोर्रा लगाउनेछन् अनि मार्नेछन्। तर उनी मरेको तीन दिनपछि, उनी फेरि बौरी उठनेछन्।" ३४प्रेरितहरूले यी कुराहरूको अर्थ बुझ्ने चेष्टा गरे, तर ती वास्तविक कुरा बुझ्न सकेनन् कारण यो तिनीहरूबाट लुकेको थियो अनि तिनीहरूले केही पनि बुझेनन्।

### येशूद्वारा अन्धो मानिस निको

*(मत्ती २०:२९-३४; मर्कूस १०:४६-५२)*

३५येशू यरीको शहर नजिक आइपुगे। त्यहाँ एकजना अन्धो मानिस बाटोको छेऊमा बसिरहेको थियो। त्यो अन्धोले मानिसहरूसँग भीख मागिरहेको थियो। ३६जब त्यसले त्यही बाटोबाट भीड़ आएको चाल पायो, त्यसले सोध्यो, "के भइरहेको छ?"

३७ती मानिसहरूले त्यसलाई भने, "नासरतको येशू यो बाटो आउँदैछन्।"

३८त्यो अन्धो मानिस अत्यन्त हर्षित भयो अनि भन्यो, "येशू, दाऊदका पुत्र। ममाथि दया गर्नोस्!"

३९मानिसहरू जो भीड़ अगाड़ी थिए त्यो अन्धो मानिसलाई गाली गर्न लागे। तिनीहरूले त्यसलाई नबोल्नू भने। तर त्यो अन्धो मानिस जोड़ जोड़ले चिच्यायो, "हे दाऊदका पुत्र! ममाथि दया गर्नोस।"

४०येशू त्यहाँ उभिनु भयो अनि भन्नुभयो, "त्यो अन्धो मानिसलाई मकहाँ ल्याऊ!" जब त्यो अन्धो मानिस येशू भएकोमा पुग्यो, उहाँले सोध्नु भयो, ४१"तिमीले मबाट के गरिदिएको चाहन्छौ?"

त्यो अन्धो मानिसले भन्यो, "प्रभु, म फेरि देख्न चाहन्छु।"

४२येशूले त्यसलाई भन्नुभयो, "दृष्टि पाऊ, तिम्रो विश्वासले तिमीलाई बचाएको छ।"

४३त्यसपछि त्यो मानिसले देख्न सक्ने भयो। त्यसले परमेश्वरलाई धन्यवाद चढ़ाँउदै येशूलाई पछ्याउन लाग्यो। जति पनि मानिसहरूले यी सब देखे तिनीहरूले परमेश्वरको प्रशंसा गर्न थाले।

### जक्कै

१९ येशू यरीहो शहर भएर जाँदै हुनुहुन्थ्यो। २यरीकोमा एकजना जक्कै नाउँ भएको मानिस बस्थे। तिनी कर उठाउने हाकीम औ धनवान व्यक्ति थिए। ३तिनी येशू को थिए भनी हेर्न चाहन्थे। अरू मानिसहरू पनि त्यहाँ उहाँलाई हेर्न चाहन्थे। जक्कै एकदमै पुड़को मानिस थिए अनि उनले मानिसहरूको भीड़मा तिनले येशूलाई देख्न सक्ने थिएनन्। ४अनि येशू आँउदै गरेको ठाँउ पुग्न तिनी अघि दौड़े। तिनी नेभाराको रूखमा चेढ़े जहाँबाट तिनले येशूलाई देख्न सक्थे। ५जब येशू त्यो जग्गामा आइपुग्नु भयो उहाँले जक्कैलाई रूखमाथि देख्नु भयो उहाँले तिनलाई भन्नु भयो, "जक्कै, झट्टै! तल ओर्लेर आऊ! आज म तिम्रो घरमा बास बस्नु पर्छ।"

६त्यसपछि जक्कै झट्टै तल ओर्लेर आए। तिनी आफ्नो घरमा येशूलाई स्वागत गर्न पाउँदा खुबै खुशी

भए। ७सबै मानिसहरूले यो देखे। तिनीहरू यसो भन्दै
विरोध गर्न लागे, "हेर येशू कस्ता मानिससंग बस्नु
हुदैंछ? जक्कै पापी हो।"
८जक्कैले प्रभुलाई भन्यो, "म असल काम गर्न
चहान्छु। म गरीबहरूलाई मेरो आधा सम्पत्ति दिनेछु।
अनि यदि मैले कसैलाई ठगेकोछु भने तिनीहरूलाई चार
गुणा अधिक तिर्नेछु।"
९येशूले भने, "यो मानिस असल हो। निश्चय नै यी
अब्राहामको परिवारको हुनुपर्छ। आज जक्कै आफ्नो
पापहरूबाट मुक्त भएको छ। १०मानिसको पुत्रले हराएका
मानिसहरूलाई खोज्नु र बचाउनु आएका छन्।"

## परमेश्वरले दिनुभएको चीजहरूको प्रयोग

*(मत्ती २५:१४-३०)*

११येशू यरूशलेम नजीकै पुगेका थिए। कोही
मानिसहरूले सोचे कि परमेश्वरको राज्य झट्टै आउँदैछ।
१२मानिसहरूले यस्तै सोँचेका होलान् भनेर येशूले थाहा
पाउनु भयो, अनि उहाँले तिनीहरूलाई यो कथा सुनाए:
"एकजना कुलीन मानिस आफ्नो निम्ति राजा हुनु टाढ़ा
देशमा जानलाई तयारी गर्दै थिए। तब फर्केर घर आई
आफ्ना मानिसहरूमा पनि शासन गर्ने थिए। १३यसकारण
तिनले आफ्ना दशजना नोकरहरूलाई भेला गराए। तिनले
प्रत्येकलाई एक-एक थैलो पैसा दिए। तिनले भने, 'म
फर्केर नआउञ्जेल यो तिमीहरूले व्यापार गर्दै गर।'
१४तर राज्यमा भएका अरू मानिसहरूले उसलाई घृणा
गरे। अनि तिनीहरूले एकदल आफ्ना मानिसहरूलाई
यसो भन्न पठाए, 'हामी यस मानिसलाई राजा बनाउन
चहँदैनौ।'
१५"तर त्यो मानिसलाई राजा बनाइयो। जब तिनी
आफ्नो देश फर्के तिनले भने, 'ती नोकरहरूलाई
बोलाऊ जससित मेरा पैसा छन्। म जान्न चाहन्छु
तिनीहरूले ती पैसाबाट कतिसम्म कमाए।' १६पहिलो
नोकर आयो अनि भन्यो, 'मालिक, मैले दस थैलो पैसा
कमाएँ तपाईंले दिनु भएको एक थैलो पैसाले।' १७राजाले
त्यो नोकरलाई भने, 'अति राम्रो! तिमी असल नोकर
हौ। तिमीहरू सानो कुरामा विश्वासी थियौं। यसकारण
म मेरा दशवटा शहर शासन गर्न तिमीलाई नियुक्ती
गर्छु।' १८दोस्रो नोकरले भने, 'मालिक, मैले तपाईंको
एक थैलो पैसाले अरू पाँच थैलो पैसा कमाएँ।'
१९राजाले त्यो नोकरलाई भने, 'तिमीले पनि पाँचवटा
शहरहरूमा शासन गर!' २०त्यसपछि अर्को नोकर
आयो। त्यसले राजालाई भन्यो, 'मालिक! यहाँ तपाईंको
पैसाको थैलो छ। मैले यसलाई लुगाले बेह्रेर लुकाइराखेको
थिएँ। २१मलाई तपाईंदेखि अति डर थियो किनभने
तपाईं अत्यन्त कठोर मानिस हुनुहुन्छ। तपाईंले आफूले
नकमाएको पनि लानु हुन्छ, तपाँईले बीउ नछरी वाली
काट्नु हुन्छ।' २२त्यसपछि राजाले त्यो नोकरलाई भने,
'तिमी खराब नोकर हौ! म तिमीलाई तिम्रै शब्दहरूबाट
न्याय गर्छु। तिमीले भन्यौ म कठोर मानिस हुँ। तिमीले
यसो पनि भन्यौ कि मैले जे कमाएको थिइनँ त्यो पैसा
लिन्छु अनि जे रोपेको थिइनँ त्यसको फसल उठाउँछु।
२३यदि यी सबै साँचो हो भने मेरो पैसालाई तिमीले
व्याङ्कमा राख्न सक्थ्यौ। अनि जब म फर्केर आँए, मेरो
रुपियाँले व्याज कमाएको हुन्थ्यो।' २४त्यसपछि राजाले
त्यहाँ उभिरहेका मानिसहरूलाई भने, 'रुपियाँको थैलो
यसबाट लेऊ, अनि जुन नोकरकोमा दस थैली रुपियाँ
छ त्यसलाई नैं देऊ।' २५ती मानिसहरूले राजालाई भने,
'तर मालिक, त्यो नोकरको त अघिबाटै दश थैलो
रुपियाँ छ।' २६राजाले भने, 'म भन्छु जसकोमा धेरै छ
उसलाई धेरै नै दिइन्छ, अनि जसकोमा छैन, त्यसकोमा
जो छ त्यो पनि लगिन्छ। २७अहिले मेरो शत्रुहरू कहाँ
छन्? खोई तिनीहरू कहाँ छन जसले म राजा भएको
चहादैनथे? ती शत्रुहरूलाई यहाँ ल्याऊ अनि मेरो अघि
तिनीहरूको हत्या गर।'"

## येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भएको

*(मत्ती २१:१-११; मर्कूस ११:१-११; यूहन्ना १२:१२-१९)*

२८यी सबै कुराहरू जब येशूले भनिसके उनी
यरूशलेमतिर गए। २९उहाँ जैतून नाउँ गरेको पहाड़
नजीकको बेथफागे र बेथानी शहरमा पुगे। उहाँले
आफ्ना दुइजना चेलाहरूलाई बोलाउनु भयो अनि
३०तिनीहरूलाई भन्नु भयो, "यहाँ जुन गाउँ तिनीहरूको
सामुन्ने छ त्यहाँ जाऊ। जब शहरमा पस्न लागेका हुन्छौ
त्यहाँ एउटा गधालाई बाँधिराखेको पाउनेछौ। त्यो गधामा
पहिले कोही पनि चढ़ेको छैन। गधाको लगम फुकाल,
अनि त्यसलाई मकहाँ लिएर आऊ। ३१कसैले गधा
किन खोल्दैछौ भनी तिमीलाई सोधे, भन, 'यो गधा
मालिकलाई चाहिएको छ।'"

३२दुवै चेलाहरू शहरतिर लागे। तिनीहरूले गधालाई
येशूले भन्नु भएभैँ पाए। ३३जब ती चेलाहरूले गधालाई
डोरी खोल्दैथे, गधाको मालिकहरूले चेलाहरूलाई सोधे,
"किन तिमीहरू गधा खोल्दैछौ?"
३४चेलाहरूले जवाफ दिए, "मालिकलाई यसको
अवश्यकता छ।" ३५यसकारण तिनीहरूले त्यो गधालाई
येशूकहाँ ल्याए। चेलाहरूले आफ्ना लुगाहरू गधाको
पिठ्यूँमा बिछ्याए। त्यसपछि तिनीहरूले येशूलाई त्यो
गधामा चढ़ाए। ३६येशू गधामाथि चढ़ेर यरूशलेम तर्फ
लाग्नुभयो। मानिसहरूले येशूकालागि आफ्ना लुगाहरू
बाटोमा ओछ्याए।
३७येशू यरूशलेम पुग्नै लागेका थिए। उनी जैतून
ड़ाँड़ाको फेदीमा पुगेका थिए। चेलाहरूको सम्पूर्ण भीड़
नै खुशी थिए। तिनीहरू परमेश्वरलाई धन्यवाद चढ़ाउँदै
थिए। तिनीहरूले परमेश्वरको शक्तिपूर्ण कार्यहरू देखेर
उहाँलाई कराई कराई धन्यवाद चढ़ाउदैथे। ३८तिनीहरूले
भने,

"'धन्य हुन, ती राजा जो प्रभुको नाउँमा
आउँछन्।'

*भजनसंग्रह ११८:२६*

स्वर्गमा शान्ति होस् अनि परमेश्वरमा महीमा
होस्।"

३९भीड़मा उभिएर कोही फरिसीहरूले येशूलाई भने,
"गुरुज्यू! यस्तो कुराहरू नभन्नू भनेर तपाईंका चेलाहरूलाई
भन्नुहोस्।"
४०तर उहाँले भन्नुभयो, "म तिमीहरूलाई भन्छु, यी
कुराहरू भन्नै पर्छ। यदि मेरा चेलाहरूले यी कुराहरू
भनेनन् भने, यी ढुङ्गाहरू यसको लागि चिच्याउनेछन्।"

## यरूशलेमकोलागि येशूको बिलौना

४१येशू यरूशलेम नजीक आई पुगे। उनले शहरलाई
हेरे अनि त्यसको निम्ति विलाप गरे। ४२उनले यरूशलेमको
विषयमा भने, "तिम्रोमा केले शान्ति ल्याउँछ यदि तिमीले
आज बुझेको भए असल हुने थियो। तर तिमीले
जान्दैनौ, किनभने यो तिम्रो आँखाबाट ओझेल परेको
छ। ४३एउटा समय आउँदैछ कि तिम्रो शत्रुहरूले तिम्रो
वरिपरि वाधाहरू खड़ा गराउने छन्। तिमीलाई तिनीहरूले
वरिपरिबाट घेर्नेछन् अनि तिमी सबै तिरबाट घेरामा
पर्नेछौ। ४४तिनीहरूले तिमीलाई र तिम्रा मानिसहरूलाई
ध्वंस पार्नेछन्। तिम्रो भवनहरूको एक ढुङ्गा माथिको
अर्को ढुङ्गा पनि छाड़िने छैन्। यो घट्नेछ कारण तिमी
जान्दैनौ तिमीलाई बचाउन परमेश्वर कहिले आउँछन्।"

## येशूको मन्दिरतर्फ प्रस्थान

*(मत्ती २१:१२-१७; मर्कूस ११:१५-१९; यूहन्ना २:१३-२२)*

४५येशू मन्दिरमा जानु भयो। त्यहाँ के के बेच्नेहरूलाई
खेद्नु भयो। ४६उहाँले भन्नु भयो, "धर्मशास्त्रमा यस्तो
लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर हुनेछ।'* तर
तिमीहरूले यसलाई 'डाँकुहरूको वास स्थलमा परिणत
गरेका छौ।'*"
४७येशूले मन्दिरमा दिनहुँ शिक्षा दिनु हुन्थ्यो। मुख्य
पूजाहारीहरू, नियमका शास्त्रीहरू र कोही मानिसहरूका
प्रमुखहरू येशूलाई मार्ने दाऊ खोजिरहेका थिए। ४८तर
यस कामको लागि तिनीहरूले उपाय पाएनन किनभने
सबै मानिसहरू ध्यान पूर्वक येशूका कुराहरू सुनिरहेका
थिए। मुख्य पूजाहारीहरू, नियमका शास्त्रीहरू र प्रमुखहरूले
येशूलाई कसरी मार्न पर्ने हो जान्दैन थिए।

## यहूदि प्रमुखहरूद्वारा येशूलाई प्रश्न

*(मत्ती २१:२३-२७; मर्कूस ११:२७-३३)*

२० एक दिन येशू मन्दिरमा थिए अनि मानिसहरूलाई
शिक्षा दिइरहेका थिए। उहाँले परमेश्वरको राज्यको
विषयमा सुसमाचारहरू भनिरहेका थिए। मुख्य पूजाहारीहरू,
नियमका शास्त्रीहरू र बूढ़ा यहूदी प्रमुखहरू तिनी
भएकोमा प्रश्न गर्न आए। २तिनीहरूले सोधे, "हामीलाई
भन्नु होस्, कुन अधिकारले तँपाई यी सब काम गर्नु
हुन्छ? कसले तपाईंलाई यस्तो अधिकार दियो?"
३येशूले उत्तर दिए, "म पनि तिमीहरूलाई एउटा
प्रश्न सोध्छु। भन मलाई: ४जब यूहन्नाले मानिसहरूलाई
बप्तिश्मा दिए त्यो अधिकार तिनले परमेश्वर अथवा
मानिसबाट पाएका थिए?"
५तिनीहरूले यस विषयमा आपसमा बहस गरे, "यदि
हामीले भन्यौं, 'यूहन्नाको बप्तिस्मा परमेश्वरबाट भएको
थियो,' तब उनले भन्नेछन्, 'त्यसो भए यूहन्नालाई किन

---

**'मेरो … हुनेछ'** यशैया ५६:७।

**'डाकुहरूको … गरेका छौ'** यर्मिया ७:११।

विश्वास नगरे को?’ ६तर यदि हामीले भन्यौं, ‘यूहन्नाको
बप्तिस्मा मानिसद्वारा भएको हो,’ तब सबै मानिसहरूले
हामीलाई ढुङ्गा हान्नेछन्, किनभने तिनीहरूले यूहन्नालाई
अगमवक्ताको रूपमा विश्वास गर्छन्।” ७अनि तिनीहरूले
भने, “यो कहाँबाट आयो हामी जान्दैनौ।”

८यसर्थ येशूले तिनीहरूलाई भने, “त्यसैले म यी
कामहरू कुन अधिकारबाट गर्दैछु, भन्दिन।”

### परमेश्वरले पुत्रलाई पठाउँछन्

*(मत्ती २१:३३-४६; मर्कूस १२:१-१२)*

९त्यसपछि येशूले दृष्टान्त कथा सुनाए, “एकजना
मानिसले खेतमा अङ्गूरहरू रोपे। उसले आफ्नो खेत
केही खेतालाहरूलाई किरायमा दिए। त्यसपछि त्यो
मानिस धेरै समयको लागि बाहिर गयो। १०त्यसपछि,
खेतमा अङ्गूरको फसल उठाउने समय आयो। अनि त्यो
मानिसले आफ्नो एकजना नोकरलाई ती खेतालाहरूकहाँ
आफ्नो पाउनु पर्ने अङ्गूरको भाग लिन पठायो। तर
खेतालाहरूले त्यो नोकरलाई कूटपीट गरे अनि खाली
हात पठाइदिए। ११फेरि त्यो मानिसले अर्को नोकर
पठायो। खेतालाहरूले त्यो नोकरलाई पनि पिटे। तिनीहरूले
त्यसलाई कुनै सम्मान गरेनन्। ती खेतालाहरूले उसलाई
खाली हात पठाए। १२उसले अझ तेस्रो नोकर पठायो।
खेतालाहरूले त्यसलाई नराम्रो प्रकारले कुटे अनि बाहिर
फ्याँकिदिए। १३त्यो खेतको मालिकले भने, ‘अब मैले
के गर्नु पर्ने हो? म मेरो प्यारो छोरोलाई पठाउनेछु।
हुनसक्छ खेतालाहरूले मेरो छोरोलाई आदर गर्छन।’
१४जब खेतालाहरूले छोरोलाई देखे, तिनीहरूले आपसमा
भने, ‘यो हाम्रो मालिकको छोरो हो। यो खेत उसकै
हुनेछ। यसलाई मारौं, तब यो खेत हाम्रो हुनेछ।’
१५त्यसपछि खेतालाहरूले उसको छोरोलाई खेतबाट
बाहिर निकालिदिए अनि त्यसलाई मारे।

“यो खेतको मालिकले अब के गर्नेछ? १६तिनी
आउनेछन्, अनि ती खेतालाहरूलाई मार्नेछन्। त्यसपछि
तिनले त्यो खेत अन्य खेतालाहरूलाई दिनेछन्।”

मानिसहरूले यो कथा सुने। तिनीहरूले भने, “अहँ!
यस्तो कहिल्यै नहोस्।” १७तर येशूले तिनीहरूको आँखामा
हेर्नुभयो अनि भन्नुभयो, “त्यसो भए, यो श्लोकको अर्थ
के होला:

‘डकर्मीहरूले नचाहेका ती ढुङ्गा त्यही शीर्ष
ढुङ्गा बन्यो’?

*भजनसंग्रह ११८:२२*

१८प्रत्येक मानिस जो ती ढुङ्गामा बजारिनु पुग्छ
चकनाचूर हुनेछ। अनि यदि त्यो ढुङ्गा कसैमाथि खसे
त्यसले तिनलाई धुलो पिठो पार्नेछ!”

१९येशूले भनेको यो कथा यहूदी प्रमुखहरूले सुने।
तिनीहरूकै निम्ति भनिए झैं बुझे। त्यसर्थ तिनीहरूले
त्यति बेलै येशूलाई पक्रिने चेष्टा गरे। अनि तिनीहरू
मानिसहरूसँग पनि डराए।

### यहूदी प्रमुखहरूद्वारा येशूको परीक्षा लिने चेष्टा

*(मत्ती २२:१५-२२; मर्कूस १२:१३-१७)*

२०यसपछि कानूनका शास्त्रीहरू र मुख्य पूजाहारीहरूले
येशूलाई होसियारीसित चियो गरे। तिनीहरूले केही
जासुसहरू येशूकहाँ पठाए अनि तिनीहरूलाई भद्र मानिस
झैं व्यवहार गर्न भने। तिनीहरूले येशूको भनाईमा केही
खोट निकाल्नु चाहान्थे। यदि तिनीहरूले कुनै खोट पाए
येशूलाई राज्यपाल अघि सुम्पिदिने थिए, जसको येशूमाथि
शक्ति अनि अधिकार थियो। २१अनि तिनीहरूले येशूलाई
सोधे, “गुरुज्यू, हामी बुझ्छौ कि तँपाई जे बोल्नु हुन्छ
अनि शिक्षा दिनु हुन्छ त्यो सही छ। तँपाई सबै
मानिसहरूलाई निष्पक्षसित त्यहीकुरा सिकाउनु हुन्छ।
अनि तपाईं सँधै नै परमेश्वरको मार्गको विषयमा सत्य
सिकाउनु हुन्छ। २२हामीलाई भन्नुहोस्, के हामीले
कैसरलाई कर तिर्नु उचित छ वा छैन?”

२३तर येशूले तिनीहरूको चलाकी चाल पाइ हाले।
यसर्थ उहाँले तिनीहरूलाई भने, २४“एउटा सिक्का मलाई
देऊ। यो सिक्कामा कसको नाम छ? अनि यसमा कसको
चित्रको छाप छ?”

तिनीहरूले भने, “सिजरको।”

२५येशूले तिनीहरूलाई भन्नुभयो, “त्यसो हो भने
सिजरको चीज सिजरलाई नै देऊ अनि परमेश्वरको
परमेश्वरलाई नैं देऊ।”

२६उहाँको ज्ञानमय उत्तर सुनेर तिनीहरू छक्क परे।
तिनीहरूले केही भन्न सकेनन्। मानिसहरूको अघि
तिनीहरूले येशूलाई केही कुरामा पनि पक्रन सकेनन्,
यसर्थ तिनीहरू चुपचाप बसे।

### कोही सदुकीहरूद्वारा येशूको परीक्षा लिने चेष्टा

*(मत्ती २२:२३-३३; मर्कूस १२:१८-२७)*

२७कोही सदुकीहरू येशूकहाँ आए। तिनीहरू विश्वास
गर्दथे कि मानिस मरेपछि फेरि कहिल्यै बौरी उठ्दैन।
तिनीहरूले येशूलाई भने, २८"गुरुज्यू, मोशाले लेख्नु
भएको छ कि यदि कुनै विवाहित मानिस सन्तान
नजन्माई मऱ्यो भने उसकी स्वास्नीलाई उसको भाइले
दाजुको सन्तानको निम्ति बिहे गर्नुपर्छ अनि दाज्यूको
लागि बच्चा जन्माउनु पर्छ। २९कुनै एक समयमा
सातजना दाजुभाइ थिए। जेठा दाजुले एउटी स्त्रीलाई
विवाह गरे, तर मरिहाले। उसको कुनै सन्तान थिएन।
३०अनि दोस्रो भाइले त्यो विधवालाई विवाह गरे, अनि
उ पनि मरिहाले। ३१तब तेस्रो भाइले उसलाई विहे
गऱ्यो अनि उ पनि मऱ्यो। त्यस्तै घटना अरू भाइहरूसित
पनि घट्यो। तिनीहरू सबै बच्चाहरू नभई मरे। ३२अन्तमा
त्यो स्त्री पनि मरी। ३३तर सबै सात दाजुभाइहरूले
त्यसलाई विवाह गरेका थिए। अनि जब मानिसहरू मरेर
बौरिन्छन् त्यो स्त्री कसकी स्वास्नी हुन्छे?"
३४येशूले ती सदुकीहरूलाई भने, "पृथ्वीमा मानिसहरूले
आपसमा विवाह गर्छन्। ३५तर ती मानिसहरू जसलाई
भविष्यको संसारको निम्ति योग्य ठानिन्छ अनि मृत्युबाट
उठाई ल्याइन्छ तिनीहरू विहे गर्दैनन अथवा तिनीहरूको
विहे गराइदैन। ३६त्यतिवेला तिनीहरू स्वर्गदूत झैं हुनेछन्
अनि मर्ने छैनन्। तिनीहरू परमेश्वरका बालकहरू हुन्।
किनभने तिनीहरूलाई पुनर्जीवित गराइएका छन्।" ३७मोशाले
जलिरहेका पोथ्राको वर्णन गर्दा स्पष्टरूपले भनेका छन्
कि मानिसहरू मृत्युबाट बौरी उठनेछन्। परमप्रभुलाई
मोशाले 'अब्राहामको परमेश्वर, इसहाकका परमेश्वर
औ याकूबका परमेश्वरले भनेकाछन्।'* ३८परमेश्वर
मरेकाहरूको परमेश्वर होइनन् तर उनी जीवित मानिसहरूका
परमेश्वर हुन्। सबै मानिसहरू जो परमेश्वरका हुन्
तिनीहरू जिउँदो छन्।"
३९कोही शास्त्रीहरूले भने, "गुरू, तपाँईको उत्तर
सही हो।" ४०उहाँलाई अरू धेरै प्रश्न गर्ने साहस
कसैलाई हुँदैन।

**'अब्राहामको ... भनेकाछन्'** प्रस्थान ३:६।

### के ख्रीष्टनै दाऊदको पुत्र हुन् ?

*(मत्ती २२:४१-४६; मर्कूस १२:३५-३७)*

४१त्यसपछि येशूले भने, "मानिसहरूले किन ख्रीष्टलाई
दाऊदको पुत्र भन्छन्? ४२भजनको पुस्तकमा, दाऊद
आफै भन्छन्:

'प्रभु परमेश्वरले मेरा प्रभु ख्रीष्टलाई भनेका
छन्: तिमी मेरो दाहिनेपट्टि बस,
४३ अनि म तिम्रा शत्रुहरूलाई तिम्रा शक्तिको
वशमा पार्नेछु।'

*भजनसंग्रह ११०:१*

४४दाऊदले ख्रीष्टलाई 'प्रभु' भनी सम्बोधन गर्छन्।
तब कसरी ख्रीष्ट दाऊदको छोरो हुन सक्छन्?".

### नियमका शास्त्रीहरू विरुद्ध चेतावनी

*(मत्ती २३:१-३६; मर्कूस १२:३८-४०; लूका ११:३७-५४)*

४५जव सबै मानिसहरूले सुनिरहेका थिए। येशूले
आफ्ना चेलाहरूलाई भने, ४६"व्यवस्थाका शास्त्रीहरूदेखि
होशियार बस। तिनीहरू लामो बस्त्र लगाएर वरिपरि
घुम्न चाहन्छन्। तिनीहरू बजारतिर जाँदा मानिसहरूले
सम्मान गरून् भन्ने चाहन्छन्। सभाघरहरूमा महत्वपूर्ण
आसन ओगट्न चाहन्छन्। भोजहरूमा तिनीहरू अझ
वेशी सम्मानित आसन ओगट्न चाहन्छन्। ४७तर
तिनीहरू विधवाहरूलाई धोका दिन्छन् औ तिनीहरूको
घर लुट्छन्। अनि तिनीहरू देखावटीको लागि लामा
प्रार्थना गर्छन्। परमेश्वरले तिनीहरूलाई धेरै कड़ा दण्ड
दिनेछन्।"

### साँचो दान

*(मर्कूस १२:४१-४४)*

**२१** येशूले कोही धनी मानिसहरूले मन्दिरको दान-
पेटीमा उपहारहरू हाल्दै गरेको देखे। २त्यहाँ
उहाँले एकजना गरीब विधवालाई दुइवटा ताँबाका साना-साना
सिक्काहरू पेटीमा हाल्दै गरेको देखे। ३येशूले भने, "म
तिमीहरूलाई साँचो भन्दछु, यो गरीब विधवाले अरू
सबैले भन्दा धेरै दिई। ४किनभने धनीहरूले आफूलाई
नचाहिएको सम्पत्तिबाट भेटी चढ़ाए। तर यो विधुवा
अत्यन्तै गरीब छे अनि उसले आफ्नो जति थियो सबै

दिई। त्यो पैसा त्यसलाई आफ्नै जीविकाको लागि
चाहिन्थ्यो।"

### मन्दिरको ध्वंस

*(मत्ती २४:१-१४; मर्कूस १३:१-१३)*

५कोही चेलाहरू मन्दिरको विषयमा बात गरिरहेका
थिए। तिनीहरूले भने, "सुन्दर ढुङ्गाहरूद्वारा बनाइएको यो
एउटा सुन्दर मन्दिर हो। परमेश्वरलाई चढ़ाइएको ती
राम्रा-राम्रा चीजहरू हेर।"
६तर येशूले भन्नुभयो, "एउटा समय आउनेछ,
अहिले यहाँ तिमी जो देख्छौ प्रत्येक चीज नै नाश
हुनेछ। प्रत्येक ढुङ्गानै फ्याँकिनेछ। कुनै एउटा ढुङ्गा पनि
अर्को माथि रहने छैन्।"
७ती चेलाहरूले येशूलाई सोधे, "हे गुरू, कहिले
यस्तो घटना हुनेछ? यी घटनाहरू हुनेवाला छ भनी
जान्नलाई कस्तो संकेत पाइने छ?"
८येशूले भन्नुभयो, "सर्तक बस! मूर्ख नबनिनु। मेरो
नाम लिंदै धेरै मानिसहरू आउनेछन्। तिनीहरूले भन्नेछन्,
'म नै ख्रीष्ट हुँ,' अनि, 'सही समय आएको छ!' तर
तिनीहरूलाई नपछ्याऊ। ९जब तिमीहरूले लड़ाई र
हलचलको विषयमा सुन्नेछौ, नडराऊ। यही कुरा पहिले
हुनेछ। त्यसपछि अन्त आउनेछ।"
१०तब येशूले तिनीहरूलाई भने, "राष्ट्र-राष्ट्रहरूमाझ
लड़ाई चल्नेछ। राज्य-राज्यहरूमाझ झगड़ा चल्नेछ।
११ठूलो भूकम्पहरू जानेछ, अनि विभिन्न ठाउँमा अनिकाल
अनि विमारीहरू फैलिनेछ। भयानक घटनाहरू घटनेछ
अनि स्वर्गबाट विशाल विशाल संकेतहरू दिइने छ।
१२"तर यी घटनाहरू हुन अघि, मानिसहरूले
तिमीहरूलाई पक्रिने छन् अनि तिमीहरूलाई सताउनेछन्।
तिनीहरूका सभाघरहरूमा तिमीहरूको न्याय गरिनेछ
अनि तिमीहरूलाई झ्यालखानामा हाल्नेछन्। राजाहरू र
राज्यपालहरू अघि तिमीहरूलाई उभ्याइनेछ। मानिसहरूले
तिमीहरूलाई यसो गर्नुको कारण तिमीहरू मेरा चेलाहरू
हौ। १३तर यसले मेरो विषयमा केही भन्ने मौका पनि
मिल्नेछ। १४तिमीहरूले आफ्नो बचाऊको लागि के
भनिनु पर्छ त्यस विषयमा चिन्ता गर्नु पर्दैन। १५म
तिमीहरूलाई यस्तो शब्द ज्ञान दिनेछु कि तिमीहरूको
कुनै शत्रुले पनि जवाफ दिन सक्तैन। १६तिमीहरूको
बाबु-आमा, दाजुभाइहरू, आफन्तहरू, र मित्रहरूले
समेत तिमीहरू प्रशासनलाई सुम्पिनेछौ, अनि तिनीहरूले
तिमीहरू मध्ये कतिलाई मार्ने पनि छन्। १७सबै मानिसहरूले
तिमीहरूलाई मेरो अनुशरण गरेकोमा त्याग गर्नेछन्।
१८तर यी सब कुराहरूले शिरको केश पनि नष्ट
हुनेछैन। १९तिमीहरूको विश्वासले गर्दा यी सबै चिजहरूबाट
बाँच्ने छौ।

### यरूशलेमको ध्वंस

*(मत्ती २४:१५-२१; मर्कूस १३:१४-१९)*

२०"तिमीहरूले यरूशलेमको वरिपरि सबै तिरबाट
फौजले घेरेको पाउनेछौ। तब तिमीहरूलाई थाहा हुनेछ
कि यरूशलेमको पतनको समय नजिक आएछ। २१त्यसबेला
यहूदाका मानिसहरू डाँड़ाकाँड़ातिर भाग्नु पर्छ। मानिसहरूले
तत्कालै यरूशलेम छोड़नु पर्छ। यदि तिमीहरू शहर
नजिकै छौ भने, त्यहाँभित्र नजाऊ। २२अगमवक्ताहरूले
परमेश्वरले उहाँका मानिसहरूलाई दण्ड दिनेछन् भनी
लेखेका छन्। त्यो यही समय हो जब ती जम्मै कुराहरू
पुरा हुनेछ। २३त्यस समय गर्भवती महिला र दुधे
बालकका आमाहरूको निम्ति भयानक हुनेछ। किन?
किनभने यो भूमिमा अति कष्ट आइपर्नेछ। परमेश्वरको
रीस ती मानिसहरू माथि पर्नेछ। २४कतिजना मानिसहरू
सिपाहीहरूद्वारा मारिनेछन्। कतिजनालाई कैदी बनाई सबै
देशहरूमा लगिनेछ। यरूशलेमको पवित्र शहरमा अयहूदी
तिनीहरूको समय शेष नहुञ्जेल पाइताला ठटाएर हिंड़ी
रहनेछन्।

### नडराऊ

*(मत्ती २४:२९-३१; मर्कूस १३:२४-२७)*

२५"सूर्य, चन्द्र र ताराहरूमा पनि आश्चर्यमय घटनाहरू
घट्नेछन्। अनि पृथ्वीमा सबै राष्ट्रहरू सङ्कटमा पर्नेछन्।
सागरका गर्जन र उर्लेका झोक्काहरूले तिनीहरूलाई
अत्तालाउनेछ। २६मानिसहरू भयभित हुनेछन्। संसारमा
के हुने हो भनी चिन्ताले तिनीहरू आतङ्कित हुनेछन्।
आकाशको शक्तिहरू हल्लाइनेछ। २७तब मानिसको
पुत्रलाई शक्ति र महामहिमाको साथ बादल माथि आँउदै
गरेको देखिनेछ। २८जब यी सब चीजहरू शुरू हुनथाल्छ,
नडराउनु। माथितिर हेर, अनि खुशी बन। किनभने जति
बेला परमेश्वरले तिमीहरूलाई मुक्ति दिनु हुन्छ, त्यो
समय नजीक छ।"

## मेरा वचनहरू अनन्तसम्म रहनेछ

*(मत्ती २४:३२-३५; मर्कूस १३:२८-३१)*

२९त्यसपछि येशूले यस्तो दृष्टान्त कथा भन्नुभयो:
"यी सबै रूखहरूलाई हेर। नेभाराको रूख यसको लागि
असल उदाहरण हो। ३०जब यो हरियो हुनेछ (बढ्नेछ),
तिमीहरूलाई थाहा हुनेछ कि ग्रीष्म ऋृतु नजिकै आयो।
३१त्यसरीनै जब यी सब भइरहेको देख्नेछौ, तब परमेश्वरको
राज्य नजिकै आइ पुग्न लागेको हुनेछ।
३२"म तिमीहरूलाई साँचो भन्दछु। जबसम्म यी
घटनाहरू घटी सक्नैनन वर्त्तमान पुस्ता तुरिएको हुँदैनन्।
३३स्वर्ग र पृथ्वी ध्वंस हुनेछ; तर मैले भनेका वचनहरू
कहिले खेरो जाने छैन्।

## हर समय तयार बस

३४"होशियार बस! आफ्नो समय महाभोजहरूमा
मात्र नबिताऊ। अथवा, संसारिक कुराहरूमा मात्र समय
नफाल। किनभने त्यो दिन तिमीमा घराप परे झैं भट्टै
आई लाग्नेछ। ३५पृथ्वीमा भएका सबै माथि यस्तो
एक्कासी आइपर्नेछ। ३६यसर्थ, हर समय तयार बस।
प्रार्थना गर जसद्वारा तिमी ती आई पर्ने संकटबाट बाँच्न
सक्ने छौ। प्रार्थना गर ताकि तिमीहरू मानिसको पुत्र
अघि खड़ा हुन सक्नेछौ।"
३७येशूले दिन भरी मन्दिरमा उपदेश दिए अनि राती
शहर बाहिर गए अनि जैतुन भन्ने पाहाड़मा बिताए।
३८प्रत्येक बिहान मानिसहरू मन्दिरमा जान्थे अनि येशूको
शिक्षा सुन्थे।

## यहूदी नेताहरू येशूलाई मार्न चाहन्छन्

*(मत्ती २६:१-५, १४-१६; मर्कूस १४:१-२, १०-११; यूहन्ना ११:४५-५३)*

२२ यहूदीहरूको अखमिरी रोटीको चाडको समय
नजीकै आइरहेको थियो। २मुख्य पूजाहारीहरू र
शास्त्रीहरूले येशूलाई मार्ने उपाय खोज्दै थिए। तर
मानिसहरूदेखि तिनीहरू डराँउथे।

## येशूको विरुद्ध यहूदाको योजना

३येशूको बाह्रजना प्रेरितहरूमध्ये एकजनाको नाम
यहूदा थियो जसलाई इस्कारयोत भनिन्थ्यो। शैतान
यहूदाको भित्र पस्यो अनि त्यसलाई नराम्रो कार्य गर्न
प्रेरित गऱ्यो। ४मन्दिरलाई पहरा दिइरहेका सिपाहीहरू र
मुख्य पूजाहारीहरूसँग कुराकानी गर्नलाई यहूदा त्यहाँ
गयो। यहूदाले तिनीहरूसँग येशूलाई सुम्पने विषयको
उपाय बारे कुराकानी गऱ्यो। ५यस विषयमा मुख्य
पूजाहारीहरू अत्यन्त खुशी भए। यदि यहूदाले येशूलाई
सुम्पेको खण्डमा तिनीहरूले रूपियाँ दिने कबुल गरे।
६यहूदा सहमत भयो। त्यसपछि यहूदाले येशूलाई तिनीहरूकहाँ
सुम्पने अवसर खोज्न थाल्यो। यो काम गर्दा भीड़
नरहोस भन्ने यहूदा चाहान्थ्यो।

## निस्तार चाड़को खाना तयारी

*(मत्ती २६:१७-२५; मर्कूस १४:१२-२१; यूहन्ना १३:२१-३०)*

७यो अखमिरी रोटी खाने दिन थियो। त्यो दिन
यहूदीहरूले निस्तारको पाठोहरू वलिदान गरे। ८येशूले
पत्रुस र यूहन्नालाई भन्नुभयो, "जाऊ अनि हाम्रो लागि
निस्तार खाना तयार पार।।"
९पत्रुस र यूहन्नाले येशूलाई सोधे, "तँपाई हामीले
कहाँ खाना तयार पार्न रूचाउनु हुन्छ?"
येशूले तिनीहरूलाई भने, १०"सुन! जब तिमीहरू
शहर जान्छौं, त्यहाँ तिमीहरूले एउटा मानिसलाई एक
जार पानी ल्याँउदै गरेको भेट्ने छौ। त्यसलाई पछ्याऊ।
त्यो त्यहीँ एउटा घरमा पस्नेछ। त्यसकै पछि तिमीहरू
लाग। ११त्यस घरका मालिकलाई भन, 'हाम्रा गुरुज्यूले
तिनी र तिनका चेलाहरू निस्तार भोज कहाँ बसेर खाने
सोध्न पठाएका छन्।' १२त्यसपछि त्यो घरको मालिकले
आफ्नो घरको माथिल्लो तलाको ठूलो कोठा देखाउनेछ।
यो कोठानै तिमीहरूको निम्ति तयार परिनेछ। निस्तारको
भोज त्यहीँ तयार गर।"
१३त्यसपछि पत्रुस र यूहन्ना त्यहाँदेखि निस्किए।
येशूले भनेका प्रत्येक कुराहरू नै तिनीहरूले भेटे। अनि
तिनीहरूले निस्तारको भोज पनि तयार पारे।

## प्रभु भोज

*(मत्ती २६:२६-३०; मर्कूस १४:२२-२६; १ कोरिन्थी ११:२३-२५)*

१४तिनीहरूको निस्तारको भोज गर्ने समय भएको
थियो। येशू र प्रेरितहरू टेबलको वरिपरि बसिरहेका
थिए। १५येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो मृत्यु अघि
तिमीहरूसँग बसेर निस्तारको भोजन गर्ने बड़ो इच्छा

थियो। १६किनभने जब सम्म परमेश्वरको राज्यमा
यसको सही अर्थ पाइदैन म निस्तार भोजन गर्ने छैन।"
१७त्यसपछि उहाँले एक प्याला दाखरस लिनु भयो।
उहाँले परमेश्वरलाई यसको निम्ति धन्यवाद दिनुभयो।
त्यसपछि उनले भने, "यो कप लैजाऊ अनि यसैबाट
सबैलाई बाँढ़। १८म तिमीहरूलाई भन्छु, "म चाँहि
परमेश्वरको राज्य नआए सम्म पिँउदिन।"
१९त्यसपछि येशूले केही रोटी लिनु भयो। उहाँले
रोटीको लागि परमेश्वरलाई धन्यवाद दिए अनि टुक्रा
पार्नु भयो। उहाँले ति प्रेरितहरूलाई दिनु भयो अनि
उहाँले भन्नु भयो, "यो मेरो शरीर हो जुन म तिमीहरूलाई
दिदैंछु। मेरो स्मृतिको निम्ति यसो गर।" २०त्यसरीनै,
खाना खाई सकेपछि, येशूले प्याला उठाउनु भयो अनि
भन्नु भयो, "यस प्यालाको तात्पर्य परमेश्वर र उहाँको
मानिसहरू माभ्कको एउटा नयाँ करार हो। यो नयाँ
करार मेरो रगतबाट शुरू हुन्छ जुन मैले तिमीहरूको
लागि बगाँए।"

## येशूको विरुद्ध को जानसक्छ

२१येशूले भन्नुभयो, "तिमीहरूमध्ये कोही एकजनाले
मलाई धोका दिनेछौ। उसको हात मेचमा मसँगै छ।
२२परमेश्वरले जे योजना गरेका छन् त्यो मानिसको
पुत्रले पुरा गर्नेछ। तर धिक्कार छ उसलाई जसले हत्याको
निम्ति मानिसको पुत्रलाई सुपिन्छ।"
२३त्यसपछि प्रेरितहरू आपसमा कुरा गर्न लागे,
"हामी मध्ये कसले चाँहि येशूलाई त्यसो गर्छ होला?"

## नोकर जस्तो व्यवहार गर

२४तब तिनीहरू मध्ये को चाँहिँ सबै भन्दा महान
होला भनी प्रेरितहरूले बहस गरे। २५तर येशूले तिनीहरूलाई
भन्नुभयो, "संसारका राजाहरूले तिनीहरूका मानिसहरूमाथि
शासन गर्छन। जो मानिसहरू अधिकारमा छन् तिनीहरू
आफैलाई 'राष्ट्रको महा-सहायकहरू भनिनेछ।' २६तर
तिमीहरू चाँहि त्यस्तो नहुनु। तिमीहरूको माभ्कमा जो
महान छ ऊ सानो जस्तो हुनु पर्छ, अनि ऊ जो नेताहरू
हो, नोकर जस्तो हुनुपर्छ। २७को चाँहि प्रमुख हुन: ऊ
जो टेबलमा बसिरहेको छ वा उहाँलाई सेवा पुऱ्याइरहेको?
टेवलमा बस्ने व्यक्ति चाँहि ठूलो हो, होइन र? तर
तिमीहरूको माभ्कमा म नोकर जस्तै हुँ!

२८"तिमीहरू तिनीहरू हौ जो मेरो संघर्षहरूमा
छेउमा बसेका थियौं। २९मेरो पिताले मलाई एउटा राज्य
दिनुभएको छ। म पनि मसित भएको शासन शक्ति
तिमीहरूलाई दिनेछु। ३०मेरो राज्यमा मेरो टेबलमा बसेर
तिमीहरूले खाने र पिउनेछौ। तिमीहरू सिंहासनमा बस्नेछौ
अनि इस्राएलको बाहैवटा जातिको न्याय गर्नेछौ।

## आफ्नो विश्वास नहराऊ

*(मत्ती २६:३१-३५; मर्कूस १४:२७-३१; यूहन्ना १३:३६-३८)*

३१"शैतानले जाँच गर्न सोधे, कृषकहरूले तिनीहरूको
गहुँ जाँच गरे जस्तै तिमीहरूको जाँच लिनेछ। ए
शिमोन, शिमोन, ३२मैले प्रार्थना गरेको छु कि तिमीहरूले
विश्वास गुमाउने छैनौ। मकहाँ फर्के पछि तिमीहरूको
दाजुभाइहरूलाई अभ्क समर्थ बनाउन मदत गर।"
३३तर पत्रुसले येशूलाई भने, "प्रभु, म तपाईंसँग
झ्यालखाना जानु तयार छु। म तपाईंसँगै मर्नु पनि तयार
छु।"
३४तर येशूले भन्नुभयो, "पत्रुस, आज भाले बास्न
अघि नैं, मलाई तिमीले चिन्छु भन्न तीन पल्ट अस्वीकार
गर्नेछौ।"

## कष्ट सहन तयार बस

३५तब येशूले प्रेरितहरूलाई भन्नुभयो, "जब मैले
तिमीहरूलाई मानिसहरूमा प्रचार गर्न, विना पैसा, भोला
अनि जुत्ताहरू विना पठाएँ, के तिमीहरूलाई केही
अभाव भयो?"
प्रेरितहरूले भने, "भएन।"
३६येशूले तिनीहरूलाई भन्नुभयो, "तर अब तिमीहरूसँग
पैसा, थैली जे छ त्यो लैजाऊ। यदि तिमीहरूसँग तरवार
छैन भने, आफ्नो कोट बेच र एउटा किनिराख। ३७यो
धर्मशास्त्रले भन्छ।

'मानिसहरूले भने उनी अपराधी हुन्।'
*यशैया ५३:१२*

धर्मशास्त्रमा लेखिएको कुरा साँचो हुनै पर्छ। यो मेरै
विषयमा लेखिएको थियो, अनि अहिले साँचो
भइरहेछ।"

³⁸चेलाहरूले भने, "हेर्नुहोस्, परमप्रभु, यहाँ दुइवटा
तरवारहरू छन्!"

येशूले तिनीहरूलाई भने, "दुइवटा नै प्रशस्त हुनेछ।"

## येशूले प्रेरितहरूलाई प्रार्थना गर्नु भन्नुभयो

*(मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२)*

³⁹येशूले शहर (यरूशलेम) छोड्नुभयो अनि सधैं झैँ
जैतुन पाहाड़तिर जानुभयो। उहाँका चेलाहरू पनि उहाँसँगै
गए। ⁴⁰जब उहाँ त्यो ठाउँमा पुग्नु भयो, उहाँले
चेलाहरूलाई भन्नुभयो, "प्रार्थना गर कि प्रलोभन सामना
गर्नु नपरोस्।"

⁴¹तब येशू तिनीहरूदेखि पचास कदम टाढ़ा जानुभयो।
उहाँले घुँड़ा टेक्नुभयो अनि प्रार्थना गर्नुभयो, ⁴²"हे
पिता, यदि यो तपाईंको इच्छा हो भने, यो कष्टको कप
मदेखि हटाइदिनुहोस्। तर यो तपाईंको इच्छा बमोजिम
गरियोस मेरो इच्छा बमोजिम होइन।" ⁴³त्यसपछि स्वर्गबाट
एउटा दूत देखा पर्‍यो अनि येशूलाई दृढ़ बनायो। ⁴⁴येशू
अति संकष्टमा पर्नुभयो; उहाँले मानसिक तीब्र वेदनामा
झट्टै प्रार्थना गर्नुभयो। रगत बगे जस्तै उहाँका अनुहारबाट
पसीना चुह्यो। ⁴⁵जब उहाँले प्रार्थना शेष गर्नुभयो, उहाँ
आफ्ना चेलाहरूकहाँ जानु भयो। तिनीहरू मस्त निद्रामा
थिए किनभने तिनीहरू सुर्ताले क्लान्त थिए। ⁴⁶येशूले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन सुतिरहेका छौ?
झट्ट उठ अनि प्रार्थना गर ताकि तिमीहरूले प्रलोभनको
सामना गर्नु नपरोस।"

## येशू पक्रा पर्नुभयो

*(मत्ती २६:४७-५६; मर्कूस १४:४३-५०; यूहन्ना १८:३-११)*

⁴⁷जतिबेला येशू बोलिरहनु भएको थियो, एक हूल
मानिसहरू त्यहाँ आइपुगे। बाहजना प्रेरितहरूमध्ये
एकजना जसलाई यहूदा भनिन्थ्यो त्यो हुललाई अगुवाई
गरिरहेको थियो। यहूदा येशूको नजिकै उहाँलाई म्वाई
खान आयो।

⁴⁸तर येशूले उसलाई भन्नुभयो, "हे यहूदा, म्वाँई
खाएर तिमी मानिसको पुत्र सुम्पिदैछौ? ⁴⁹येशूका चेलाहरू
पनि त्यहीं उभिरहेका थिए। तिनीहरूले के भइरहेको
थियो बुझे। चेलाहरूले येशूलाई सोधे, "हे प्रभु, के
हामीले हाम्रा तरवारहरू चलाउ?" ⁵⁰अनि तिनीहरूमध्ये
एकजना चेलाले त्यसको तरवार चलायो अनि त्यसले
प्रधान पूजाहारीको नोकरको दाहिने कान काटिदियो।

⁵¹येशूले भन्नुभयो, "थाम" तब उहाँले नोकरको
कान छुनु भयो अनि त्यसलाई निको पारिदिनु भयो।

⁵²येशूलाई पक्रनु आउनेहरूमा मुख्य पूजाहारीहरू,
बूढ़ा यहूदी प्रधानहरू र मन्दिरको सिपाहीहरू थिए।
येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन तरवारहरू
र लठ्ठीहरू लिएर आएका छौ? के मलाई कुनै अपराधी
जस्तो लाग्छ? ⁵³म तिमीहरूसँगै प्रत्येक दिन मन्दिरमा
हुने गर्थें। तिमीहरूले मलाई त्यहाँ किन पक्रेनौ? तर यो
अन्धकारले शासन चलाउने समय हो।"

## येशूलाई पत्रुसले अस्वीकार गरे

*(मत्ती २६:५७-५८, ६९-७५ मर्कूस १४:५३-५४, ६६-७२;*
*यूहन्ना १८:१२-१८, २५-२७)*

⁵⁴तिनीहरूले येशूलाई पक्रे अनि टाढ़ामा लगे।
तिनीहरूले उहाँलाई प्रधान-पूजाहारीको घरमा पुर्‍याए।
पत्रुस पनि तिनीहरूसँगै गए तर त्यो येशूको नजिक
गएन। ⁵⁵सिपाहीहरूले घरको आँगनको माझमा आगो
फुके अनि वरिपरि बसे। पत्रुस पनि तिनीहरूसँगै बसे।
⁵⁶एउटी नोकर्नीले पत्रुसलाई त्यहाँ बसिरहेकी देखी।
आगोको उज्यालोले गर्दा उसले उसलाई देख्न सकी।
त्यस केटी पत्रुसको अनुहार नियाल्न नजिक गएर हेरी।
त्यसले भनी, "यो मानिस पनि उसैसंगै थियो।"

⁵⁷तर पत्रुसले हो भन्न मानेन। त्यसले भन्यो, "हे
आइमाई, म उहाँलाई जान्दिनँ।" ⁵⁸केही समय पछि,
अर्को मानिसले पनि पत्रुसलाई देख्यो अनि भन्यो, "तिमी
पनि तिनीहरू मध्ये एक हौ।"

तर पत्रुसले भन्यो, "मानिस, म होइन।"

⁵⁹प्राय: एकघण्टापछि, अर्को मानिसले भन्यो, "निश्चय
यो मानिस उहाँसंगै थियो। किनभने यो पनि गालीलीबाट
आएको हो।"

⁶⁰तर पत्रुसले भन्यो, "हे मानिस, तिमीले के
विषयमा कुरा गर्न लागिरहेछौ म जान्दिन?"

जब पत्रुस बोलिरहेको थियो तुरन्तै भाले बास्यो।
⁶¹त्यसपछि प्रभु येशू फर्कनु भयो अनि पत्रुसलाई
हेर्नुभयो। अनि पत्रुसले प्रभुले अघि भनेका कुराहरू
सम्झियो: "आज भाले बास्न अघि, तिमीले मलाई

तीनपल्ट अस्वीकार गर्नेछौ।" ६२त्यसपछि पत्रुस बाहिर गयो अनि ग्वाँ ग्वाँ रूयो।

### मानिसहरूद्वारा येशूको उपहास

*(मत्ती २६:६७-६८; मर्कूस १४:६५)*

६३-६४कोही मानिसहरू जसले येशूलाई पहरा दिइरहेका थिए तिनीहरूले येशूको उपहास यसरी गरे: तिनीहरूले आँखामा पट्टी बाँधिदिएर उहाँलाई देख्न नसक्ने बनाए। त्यसपछि तिनीहरूले उहाँलाई हिर्काए अनि भने, "यदि तिमी अगमवक्ता हौ भने, भन तिमीलाई कसले हिर्कायो?" ६५अनि धेरै तरिकाले तिनीहरूले उहाँको निन्दा गरे।

### यहूदी अग्रजहरूको अघि येशू

*(मत्ती २६:५९-६६; मर्कूस १४:५५-६४; यूहन्ना १८:१९-२४)*

६६अर्को विहान, मानिसहरूका बूढ़ा प्रधानहरू, मुख्य पूजाहारीहरू अनि कानुनको शास्त्रीहरू एक साथ आए। तिनीहरूले येशूलाई आफ्नो महासभामा लगे। ६७तिनीहरूले भने, "यदि तपाईं नै ख्रीष्ट हुनुहुन्छ भने, हामीलाई सत्य बताउनु होस्।"

येशूले तिनीहरूलाई भन्नुभयो, "यदि मैले म नै ख्रीष्ट हुँ भने, तिमीहरूले मलाई विश्वास गर्ने छैनौ। ६८अनि यदि मैले तिमीहरूलाई सोधें भने त्यसको जवाफ पनि दिँदैनौ। ६९तर अब उसो, मानिसको पुत्र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नेछ।"

७०तिनीहरू सबैले भने, "त्यसो भए के तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ?" येशूले तिनीहरूलाई भन्नुभयो, "हो, तिमीहरूले जे भन्छौ, त्यो सही हो।"

७१तिनीहरूले भने, "हामीलाई अरू साक्षी किन खाँचो पऱ्यो? हामी आफैले उसले यसो भनेका सुनेका हौं!"

### बड़ा हाकीम पिलातसद्वारा येशूलाई प्रश्न

*(मत्ती २७:१-२, ११-१४; मर्कूस १५:१-५; यूहन्ना १८:२८-३८)*

**२३** त्यसपछि तिनीहरू सबै उठे अनि येशूलाई पिलातसकहाँ पुऱ्याए। २तिनीहरूले उहाँलाई दोष दिन थाले। तिनीहरूले पिलातसलाई भने, "उहाँले हाम्रा मानिसहरूलाई पथ भ्रष्ट गराँउदै थिए र हामीले उहाँलाई पक्रेका छौं। उहाँले सिजरलाई कर तिर्नु विरोध गर्नुहुन्छ। उहाँ दावी गर्नु हुन्छ, उहाँ ख्रीष्ट राजा हुन्छ।"

३पिलातसले येशूलाई भने, "के तपाईं यहूदीहरूका राजा हुनुहुन्छ?"

येशूले उत्तर दिनुभयो, "हो, त्यो सही हो।"

४पिलातसले मुख्य पूजाहारीहरू अनि अग्रज मानिसहरूलाई भने, "मैले यो मानिस माथि आरोप थोप्न कुनै दोष पाइन।"

५तिनीहरूले घरि-घरि भने, "तर यो मानिसले! यहूदीयाभरि मानिसहरूलाई उहाँको शिक्षाले उत्तेजित पारी रहनु भएको छ। उहाँले गालीलीमा शुरू गर्नुभयो, अनि अहिले यहीँ हुनुहुन्छ।"

### पिलातसद्वारा येशूलाई हेरोदकहाँ पठाइन्छ

६यो सुने पछि यो व्यक्ति गालीलीबाट आएको हो होइन पिलातसले सोधे। ७पिलातसले चाल पाए कि येशू हेरोदको क्षेत्रका थिए। त्यस समय हेरोद यरूशलेममा नै थिए। त्यसैले पिलातसले उहाँलाई हेरोदकहाँ पठाए। ८जब हेरोदले येशूलाई देखे, उनी अत्यन्त खुशी भए। हेरोदले येशूको विषयमा सबै सुनेका थिए। यसैले धेरै दिनदेखि येशूलाई भेट्ने उनको इच्छा थियो। येशूले केही चमत्कार देखाउन् भन्ने हेरोदले आशा गरे। ९हेरोदले उहाँलाई अनेकौं प्रश्नहरू गरे, तर येशूले कुनै उत्तर दिनुभएन। १०मुख्य पूजाहारीहरू र नियमका शास्त्रीहरू त्यहीँ उभिरहेका थिए। तिनीहरू येशूको विरुद्ध दोष लगाएर कराइरहेका थिए। ११तब हेरोद र तिनका सिपाहीहरूले येशूलाई खिसी गरे। तिनीहरूले येशूलाई राजाको पोशाक पहिराइ दिएर उहाँको खिल्ली उढ़ाए। त्यसपछि हेरोदले फेरि उहाँलाई पिलातस भएकहाँ नै पठाए। १२बितेका दिनहरूमा हेरोद र पिलातस माझ शत्रुता थियो। तर त्यसै दिन ती दुइमाझ मित्रता शुरू भयो।

### येशूको प्राणान्त

*(मत्ती २७:१५-२६; मर्कूस १५:६-१५; यूहन्ना १८:३९-१९:१६)*

१३पिलातसले मुख्य पूजाहारीहरू र यहूदी प्रमुखहरू लगायत सबै मानिसहरूलाई बोलाए। १४पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले यो मानिसलाई मकहाँ ल्यायौ। तिमीहरूले भन्यौ कि यो व्यक्तिले मानिसहरूलाई उत्तेजित गराइरहेको छ। तर मैले तिमीहरूकै अघि उहाँलाई जाँचे। तर तिमीहरूले लगाएको कुनै पनि

दोषारोपनमा मैले उहाँमाथि कुनै दोष पाइन। १५त्यसरीनै
हेरोदले पनि उहाँमा कुनै दोष देखेनन्। तिनले त्यसैले
गर्दा उहाँलाई हामीकहाँ पठाएका हुन्। हेर, येशूले कुनै
दोष गर्नु भएको छैन कि उहाँले मृत्यु दण्ड पाउन्।
१६यसकारण, म उहाँलाई हलुका सजाय दिएर छोड़िदिनेछु।"
१७*

१८तर सबै मानिसहरू चिच्याए, "उसलाई मार्नै पर्छ।
बरू बरब्बासलाई छोड़िदिनुहोस्।" १९बरब्बासले शहरमा
दङ्गा फैलाएको कारणमा झ्यालखानमा परेका थिए।
त्यसले हत्या पनि गरेको थियो।

२०पिलातसले येशूलाई मुक्त गर्नु चाहन्थे। फेरि उनले
येशूलाई छोड़िदिने बारे तिनीहरूसँग कुरा गरे। २१तर
तिनीहरू चिच्याइरहे, "उसलाई क्रूसमा झुण्ड्याऊ, उसलाई
क्रूसमा झुण्ड्याऊ।"

२२तेस्रोपल्ट पिलातसले मानिसहरूलाई भने, "किन?
उहाँले त्यस्तो के गल्ती गर्नु भएको छ? उहाँ दोषी
हुनुहुन्नँ। उहाँलाई मार्नै पर्ने केही कारण भेट्टाइँन।
यसकारण सामान्य सजाय दिएर म उहाँलाई छोड़िदिनेछु।"

२३तर येशूलाई क्रूसमा झुण्डाएर मार्नु पर्छ भने
विन्ति गर्दै मानिसहरू चिच्याइ रहे। २४तिनीहरू यति
साह्रो चिच्याए कि पिलातसले तिनीहरूको निवेदन पुरा
गर्ने निर्णय लिए। २५मानिसहरू बरब्बासलाई मुक्त गराउन
चाहन्थे। बरब्बासले मानिसहरूको हत्या गरेको र आतङ्क
फैलाएको आरोपमा कैदमा परेको थियो। पिलातसले
बरब्बासलाई मुक्त गरिदिए। तिनीहरूको इच्छा अनुसार
जे गर्नु चहान्थे त्यही गर्न तिनीहरूलाई येशूलाई तिनले
सुम्पिए।

## येशूलाई क्रूसमा झुण्डाएर मारियो

*(मत्ती २७:३२-४४; मर्कूस १५:२१-३२; यूहन्ना १९:१७-२७)*

२६सिपाहीहरूले येशूलाई मार्न टाड़ा लगेर गए।
त्यसैबेला एउटा मानिस खेतबाट आफ्नो शहरतिर फर्किरहेको
थियो। त्यसको नाम शिमोन थियो। शिमोन साइरेनीवासी
थिए। सिपाहीहरूले शिमोनलाई येशूको पछि-पछि क्रूस
बोकेर हिँड्न बाध्य गराए।

२७थैरै मानिसहरू येशूको पछि लागे। कोही स्त्रीहरू
दुखी भएर विलाप गरिरहेका थिए। २८तर येशूले फर्केर
ती स्त्रीहरूलाई भन्नुभयो, "ए यरूशलेमका स्त्रीहरू हो,
मेरो निम्ति नरोओ । तिमीहरू आफ्नै निम्ति र आफ्नो
पुत्र-छोरीको निम्ति विलाप गर! २९समय त्यस्तो आइरहेको
छ कि मानिसहरूले भन्नेछन्, 'धन्य हुन ती स्त्रीहरू
जसले कहिल्यै पनि बालकहरूलाई दुध चुसाएनन्।
३०त्यसपछि मानिसहरूले पर्वतहरूलाई भन्नेछन्, 'हामीमाथि
खस्!' अनि पहाड़लाई भन्नेछन्, 'हामीलाई छोप!'*
३१जब जीवन सुखी हुँदा यदि मानिसहरूले यस्तो कर्म
गर्छन भने, जब नराम्रो समय आएको बेला के हुने
होला?"

३२दुइजना अरू अपराधीहरूलाई पनि उहाँसँगै मार्न
अघि लगाइएको थियो। ३३येशू र ती दुइ अपराधीहरूलाई
"खप्पर" भन्ने ठाँउमा लगियो। सिपाहीहरूले येशूलाई
काँटी ठोकेर क्रूसमा टाँगे। क्रूसको दुइ छेउमा तिनीहरूले
ती दुइ अपराधीहरूलाई पनि टाँगे। तिनीहरूले एकजनालाई
येशूको दाहिनेपट्टि र अर्कोलाई देब्रेपट्टि राखे। ३४येशूले
भन्नुभयो, "पिता, तिनीहरूलाई माफ दिनुहोस किनभने
तिनीहरू के गरिरहेछन्, जान्दैनन्।"

सिपाहीहरूले चिट्ठा उढ़ाएर उनको लुगाहरू बाँड़े।
३५मानिसहरू येशूलाई हेरेर उभिए। यहूदी प्रमुखहरू
येशूलाई यसो भन्दै निन्दा गरे, "यदि ऊ नै परमेश्वरले
छान्नु भएको, ख्रीष्ट हो भने, जसरी उसले अरूलाई
बचायो उसले आफैलाई बचाउने काम गरोस?"

३६सिपाहीहरूले पनि येशूको खिल्ली उड़ाए। तिनीहरू
येशूको नजीक गए अनि उहाँलाई दाखरस सँगको
सिर्का-दिए। ३७ती सिपाहीहरूले भने, "यदि तिमी
यहूदीहरूको राजा हौ भने आफैले आफैलाई बचाऊ।"
३८क्रूसको माथिल्लो भागमा यी शब्दहरू लेखिएको
थिए: "यो यहूदीहरूको राजा हो।"

३९एकजना अपराधीले येशूलाई अपमान गर्दै भने,
"के तपाईं ख्रीष्ट होइन? त्यसो हो भने आफुलाई
बँचाउनुहोस् अनि हामीलाई पनि बँचाउनुहोस्।"

४०तर अर्को अपराधीले गाली गर्‍यो अनि भन्यो,
"के तिमी परमेश्वरसँग डराउँछौ? हामी चाँड़ै मर्नेछौं।
४१तिमी र म अपराधी हौ; हामीले मर्नै पर्छ किनभने
हामीले अपराध गरेका छौं। तर यस मानिसले केही भूल

---

**पद १७** लूकाको केही ग्रीक लिपिमा पद १७ जोड़िएको छ: किन कि प्रत्येक निस्तार चाड़को समयमा तिनले तिनीहरूको निम्ति कैदीहरू मध्ये एक जनालाई छोड़िदिनु पर्थ्यो।

**मानिसहरूले … 'हामीलाई छोप!'** होशे १०:८।

गरेको छैन!" ४२त्यसपछि उसले येशूलाई भन्यो, "हे येशू! जब तपाईं राजा भएर शासन गर्नुहुन्छ त्यसबेला मलाई सम्झनु होस्।"

४३तब येशूले त्यसलाई भन्नुभयो, "सुन! म जे भन्दछु त्यो साँचो हो: आज नै तिमी पनि मसँग स्वर्ग-लोकमा हुनेछौ!"

### येशूले प्राण त्याग्छन्

*(मत्ती २७:४५-५६; मर्कूस १५:३३-४१; यूहन्ना १९:२८-३०)*

४४मध्यान्हको समय थियो, अनि सारा देश भरि नै तीन बजे सम्म अन्धकार छायो। ४५सूर्यको उज्यालो थिएन! मन्दिरको पर्दा दुइटुक्रा भएर वारपार च्यातियो। ४६येशू चिच्याउनुभयो, "पिता, म तपाईंलाई मेरो आत्मा दिँदैछु।" यति भनेर उहाँले प्राण त्याग्नु भयो।

४७सैनिक अधिकारीले के भएको थियो देखे। तिनले परमेश्वरको प्रशंसा गर्दै भने, "निश्चय यी मानिस असल मानिस हुन्।"

४८धेरै मानिसहरू यो दृश्य हेर्न त्यहाँ भेला भएका थिए। जब तिनीहरूले के भयो, देखे तिनीहरूले आफ्नो हृदय ग्रहौं गराए अनि गए। ४९येशूका घनिष्ट सबै साथीहरू त्यहीं थिए। गालीलदेखि येशूलाई पछ्याएर आउने केही स्त्रीहरू पनि त्यहाँ थिए। तिनीहरू क्रूसदेखि धेरै टाड़ामा थिए अनि हेरिरहेका थिए।

### अर मथियाका योसेफ

*(मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७; यूहन्ना १९:३८-४२)*

५०-५१यहूदीहरूको अरमथिया शहरबाट आएको एकजना मानिस थिए। तिनको नाउँ यूसुफ थियो। तिनी असल र धार्मिक मानिस थिए। उ परमेश्वरको राज्य आउन भनी पर्खिरहेका थिए। यूसुफ यहूदी महासभाका सदस्य थिए। तर तिनले येशूलाई मार्ने अरू यहूदी अगुवाहरूको निर्णयलाई तिनले सहमती दिएका थिएनन्। ५२तिनी पिलातसकहाँ येशूको शरीर माग्न गए। पिलातसले तिनलाई येशूको शरीर दिन राजी भए। ५३अनि यूसुफले क्रूसबाट शरीरलाई तल ओहालेर एउटा लुगाले बेहे। अनि तिनले येशूको शरीर लगे अनि चट्टानमा खनिएको चिहानमा राखे। यो चिहान अघि कहिल्यै चलाइएको थिएन। ५४त्यो तयारीको दिन थियो। जब सूर्य अस्ताँउथ्यो, शबाथको दिन शुरू हुनेथ्यो।

५५गालीलबाट येशूसँगै आएका स्त्रीहरूले यूसुफलाई पछ्याउन लागे। तिनीहरूले चिहान अनि त्यस भित्र शरीर कसरी राखिएको थियो देखे। ५६त्यसपछि तिनीहरू सुगन्धित मसाला तयार पार्न घर गए।

विश्रामको दिन मोशाको नियमको आदेश अनुसार तिनीहरूले विश्राम गरे।

### येशू मृत्युबाट बौरी उठे

*(मत्ती २८:१-१०; मर्कूस १६:१-८; यूहन्ना २०:१-१०)*

**२४** सप्ताहको पहिलो दिन सखारै येशूको शरीर राखिएको चिहानमा आईमाईहरू आए। तिनीहरूले तयार पारेको सुगन्धित-मसलाहरू ल्याए। २चिहानको प्रवेशद्वारा बन्द गर्नलाई एउटा ठूलो ढुङ्गा राखिएको थियो। तर तिनीहरूले त्यो ढुङ्गा चिहान देखि कतै गुड्याइ पठाएको पाए। ३तिनीहरू भित्र पसे तर प्रभु येशूको शरीर देखेनन्। ४जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका थिए, दुइजना मानिसहरू अति नै उज्यालो पहिरनमा तिनीहरूको समिपमा उभिए। ५ती स्त्रीहरू अत्यन्त डराए, तिनीहरूले आ-आफ्ना शीर निहुराए। ती दुइ मानिसहरूले ती स्त्रीहरूलाई भने, "जीउँदो मानिसलाई तिमीहरू किन मरेकोहरूको माझमा खोजिरहेका छौ? ६येशू यहाँ छैनन्। उहाँ मृत्युबाट बौरी उठनु भएको छ। उहाँले गालीलमा तिमीहरूलाई भन्नु भएको कुरा थाहा छ? ७उहाँले भन्नु भएको छ कि मानिसको पुत्रलाई पापीको हातमा सुम्पिइनेछ, क्रूसमा टाँगिनेछ, अनि मरेको तेस्रो दिन बौरी उठ्नेछन्।" ८तब ती स्त्रीहरूले येशूले के भन्नु भएको थियो सम्झना गरे।

९ती स्त्रीहरूले चिहान छोड़े अनि एघारजना प्रेरितहरू र अरू चेलाहरू भएकहाँ गए अनि सबै यी घटनाहरू बारे तिनीहरूले भने। १०ती स्त्रीहरू मरियम मग्दलिनी, यूहन्ना याकूबकी आमा मरियम र अरू स्त्रीहरू थिए। तिनीहरूले ती प्रेरितहरूलाई भएका सबै घटनाहरू सुनाए। ११तर प्रेरितहरूले ती स्त्रीहरूले तिनीहरूलाई भनेका कुरालाई फोस्रो सम्झेर पत्याएनन्। १२तर पत्रुस जुरूक्कै उठ्यो अनि चिहान तिर दगुर्‍यो। त्यो निहुरियो अनि हेर्‍यो। सुतीको लुगा जुन येशूको शरीर लपेटिएको थियो वाहेक उसले केही देखेन। जे भएको थियो त्यस विषयमा अन्योलमा पर्दै त्यो घर गयो।

## इम्माउसको बाटोमा

*(मर्कूस १६:१२-१३)*

[१३]त्यसै दिन येशूका दुइजना चेलाहरू इम्माउस नाउँ गरेको शहर गइरहेका थिए। यो ठाउँ यरूशलेमदेखि सात माइल टाड़ो पर्थ्यो। [१४]तिनीहरूले घटेका ती सब घटनाहरू बारे कुरा गरिरहेका थिए। [१५]जब तिनीहरू यी कुराहरू गरिरहेका थिए, येशू आफै तिनीहरूको नजिक आउनुभयो अनि तिनीहरूसँगै हिँड़नु भयो। [१६]तर ती दुइजनालाई येशूले चिन्न दिइएको थिएन। [१७]त्यसपछि येशूले भन्नुभयो, "तिमीहरूले हिँड्दै गर्दा के विषयमा बात गरेको हो?"

ती दुइजना रोकिए। तिनीहरूको अनुहार दुःखी देखियो। [१८]तिनीहरू मध्ये एकजना क्लेओपास नाउँ भएकोले भने, "यरूशलेमको एकजना मानिस यरूशलेममा घेटेको घटनाहरू बारे नजान्ने व्यक्ति सायद तिमी मात्र हौकी।"

[१९]येशूले तिनीहरूलाई भन्नुभयो, "कस्तो घटनाहरू?"

तिनीहरूले उहाँलाई भने, "यो नासरतको एकजना व्यक्ति येशूको विषयको कुरो हो।" उहाँले परमेश्वर अनि मानिसहरूको अघि कर्म अनि वचनले देखाउनु भयो कि उहाँ एकजना महान अगमवक्ता हुनु हुन्थ्यो। [२०]तर हाम्रा मुख्य पूजाहारीहरू अनि नेताहरूले उहाँलाई मृत्यु दण्ड दिनु औ क्रूसमा टँगाउनु सुम्पिए। [२१]हामीले आशा गरेका थियौ कि उहाँ नै एक जना हुनु हुन्थ्यो जसले इस्राएललाई मुक्त गराउँनु हुँदै थियो। तर यी सब घटनाहरू घटे। यी सब घटना घटेको आज तेस्रो दिन हो। [२२]तब आज हाम्रा केही स्त्रीहरूले हामीलाई आश्चर्यचकित कुराहरू भने। बिहानै उठेर ती स्त्रीहरू येशूलाई राखिएको चिहानमा गए। [२३]तर तिनीहरूले उहाँको शरीर त्यहाँ पाएनन्। तिनीहरू फर्के अनि तिनीहरूले दुइजना स्वर्गदूतहरूको दर्शन पाएको कुरा बताए। स्वर्गदूतहरूले भने कि येशू जीवित हुनुहुन्छ! [२४]त्यसपछि हाम्रा केही मानिसहरू पनि चिहानमा गए। ती स्त्रीहरूले भने झैँ चिहान खाली थियो। तिनीहरू कसैले येशूलाई देखेनन्।"

[२५]तब येशूले तिनीहरूलाई भन्नु भयो, "तिमीहरू मूर्ख हौ अनि अगमवक्ताहरूले भनेको प्रत्येक कुराहरू विश्वास गर्न ढिलो गर्‍यौ। [२६]ती अगमवक्ताहरूले भनी सकेका थिए कि ख्रीष्टलाई उहाँको गौरव भित्र पस्न यी सब कुराहरू भोग्नु आवश्यक थियो।" [२७]त्यसपछि येशूले धर्मशास्त्रमा मोशा देखि लिएर अन्य जम्मै अगमवक्ताहरूद्वारा जे लेखिएको थियो प्रत्येक कुरो बताउनु शुरू गर्नु भयो। धर्मशास्त्रहरूमा उनी आफ्नु विषयमा जे लेखिएको थियो उहाँले बताउनु भयो।

[२८]जब तिनीहरू इम्माउस छेउ पुगे अनि येशूले वहाना गर्नु भयो कि उहाँ त्यहाँबाट अझै जानु छ। [२९]तर तिनीहरूले उहाँलाई यसो भन्दै अनेक बिन्ती गरे, "हामीसितै बस्नुहोस्, दिन धेरै बिन्ती सक्यो: प्रायः रात परी सक्यो!" तब उहाँ तिनीहरूसँग बस्नु राजी हुनु भयो।

[३०]येशू जब मेचमा उनीहरूसँग बस्नु भयो उहाँले केही रोटीहरू लिनु भयो अनि त्यसको निम्ति धन्यवाद दिनु भयो। तब तिनले त्यो टुक्रा पार्नु भयो अनि तिनीहरूलाई दिनुभयो। [३१]त्यस बेला तिनीहरूको आँखा खोलियो अनि तिनीहरूले येशूलाई चिन्न सके तर उहाँ तिनीहरूबाट विलिन हुनु भयो। [३२]ती दुइजना आपसमा बात मारे, "जब येशू बाटामा हामीसँग बात गर्नु हुँदै थियो, हामीभित्र आगो जलिरहेको अनुभव गरेका थियौ। यो साँचै रोमांचित थियो कि जतिवेला उहाँले हामीलाई धर्मशास्त्रको साँचो अर्थ खोलिरहनु भएको थियो।"

[३३]तब ती दुइजना जुरूक्क उठे अनि यरूशलेमतिर फर्किए। तिनीहरूले एघार जना प्रेरितहरू र अरू एक साथ एक ठाउँमा भेला भएका थिए। ती एघार चेलाहरू र तिनीहरूसँग भएका अरू मानिसहरूले भने, [३४]"प्रभु येशू साँच्चै नै मृत्युबाट बौरी उठ्नु भएको छ अनि उहाँ शिमोनको अघि देखा पर्नु भयो।"

[३५]त्यसपछि ती दुइजनाले बाटोमा जे भएको थियो सुनाए। तिनीहरूले भने, उहाँले रोटी टुक्रा पार्दा कसरी येशूलाई चिने।

## येशू चेलाहरू सामु देखा पर्नु भयो

*(मत्ती २८:१६-२०; मर्कूस १६:१४-१८; यूहन्ना २०:१९-२३; प्रेरित १:६-८)*

[३६]जब ती दुइजना मानिसले यी कुराहरू गर्दै थिए, येशू आफै चेलाहरूको माझमा उभिनु भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।"

[३७]तर चेलाहरू अचम्भित भए अनि डराए। तिनीहरूले प्रेत देखिरहेछन् भन्ने पनि सोचे। [३८]तर उहाँले भन्नुभयो,

"तिमीहरू किन विचलित हुन्छौ? तिमीहरूले देखेकै कुरामा किन शंका गर्छौ? ३९मेरा हात र खुट्टाहरू हेर। म साँच्चै हुँ। मलाई स्पर्श गर। हेर, मेरो मासु र हड्डी छ। एक भूतको शरीर र हड्डी हुँदैन।"

४०तब येशूले आफ्ना हातहरू खुट्टाहरू देखाउनु भयो। ४१तिनीहरू अत्यन्तै खुशी भएको कारणले अझ विश्वास गर्न सकेनन्। तिनीहरू अचम्भित भए। येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ खाने कुरा छ?" ४२तिनीहरूले एकटुक्रा पकाएको माछा उहाँलाई दिए। ४३त्यो लिनु भयो तिनीहरूको अघि खानु भयो।

४४उहाँले तिनीहरूलाई भन्नुभयो, "जब म तिमीहरूसँग थिएँ मैले के भने त्यो सम्झना गर। मैले भने, मोशाको व्यवस्थामा अगमवक्ताहरूको पुस्तकमा मेरो विषयमा भनिएको अनि भजन संग्रहमा भनिएका प्रत्येक कुरा पुरा हुनेछ।"

४५त्यसपछि उहाँले धर्मशास्त्रहरूमा लेखिएका सबै कुराहरू बुझ्न मन खोली दिनु भयो। ४६उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएकै छ कि ख्रीष्टलाई मारिनेछ अनि तेस्रो दिनमा उहाँ बौरी उठ्नु हुनेछ। ४७-४८तिमीहरूले यी सबै घटना देख्यौ, तिमीहरू नै साक्षी छौं। तिमीहरू जानु पर्छ अनि सबै मानिसहरूमा प्रचार गर कि तिनीहरूको पापहरू क्षमा गर्न सकिन्छ। तिनीहरूलाई भनिदेऊ कि तिनीहरूले आफ्नो हृदय परिवर्तन गर्नै पर्छ अनि आफ्ना पापहरूको दु:ख प्रकट गरून्। यरूशलेमबाट शुरू गरेर मेरो नाममा यी कुराहरू प्रचार गर। सारा संसारका मानिसहरूमा यो सुसमाचारहरू सुनाउनै पर्छ। ४९सुन! मेरा पिताले तिमीहरूको निम्ति केही दिने प्रतिज्ञा गर्नु भएको छ; म यो तिमीहरूलाई पठाउनेछु। तर तिमीहरू स्वर्गबाट शक्ति प्राप्त नगरून्जेल यहाँ यरूशलेममा नै पर्खिरहो।"

## येशूको स्वर्गारोहण

*(मर्कूस १६:१९-२०; प्रेरित १:९-११)*

५०येशूले आफ्ना चेलाहरूलाई बेथानीसम्म लैजानुभयो। उहाँले आफ्नो हात उचाल्नु भयो अनि तिनीहरूलाई आशीर्वाद दिनु भयो। ५१उहाँ तिनीहरूलाई आशीर्वाद दिँदै गर्दा, उहाँ तिनीहरूबाट छुट्टिनु भयो अनि स्वर्गमा लगियो। ५२चेलाहरूले उहाँको आराधना गरे। त्यसपछि तिनीहरू यरूशलेम फर्किए। तिनीहरू अत्यन्तै खुशी थिए। ५३सारा समय परमेश्वरकै प्रशंसा गर्दै तिनीहरू मन्दिरमा बसे।

# यूहन्नाले लेखेको सुसमाचार

### ख्रीष्ट संसारमा आउनु भयो

**१** संसार सृष्टि हुन पहिल्यै त्यहाँ वचन* थियो। त्यो
वचन परमेश्वर संग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर
हुनुहुन्थ्यो। २उहाँको वचन नै शुरूमा परमेश्वर संग
हुनुहुन्थ्यो। ३र उहाँकै माध्यमबाट विश्व सृजना हुन
सक्यो। उहाँ बिना केही सृजना हुन सकेन। ४उहाँ स्वयं
जीवन हुनुहुन्थ्यो। त्यो जीवन मानिसहरूको निम्ति ज्योति
थियो। ५त्यो ज्योति अँध्यारोमा चम्कन्छ। अनि अन्धकारले
ज्योतिलाई जित्न सक्दैन।

६परमेश्वरद्वारा पठाइएको यूहन्ना* नाउँका एक
मानिस थिए। ७यूहन्ना त्यही ज्योतिको विषयमा साक्षी
दिनु आएका थिए। उनकै माध्यमद्वारा मानिसहरूले
ज्योति र विश्वासबारे जान्न-सुन्न पाए। ८यूहन्ना ज्योति
थिएनन्, तर उनी ज्योतिको बारेमा साक्षी दिनु आएका
थिए। ९सत्य-ज्योति संसारमा आईरहका छन् भनेर उनले
बताई दिए। त्यो ज्योतिले सम्पूर्ण मानिसहरूलाई ज्योति
दिनेछ। १०उहाँ संसारका हुनुहुन्थ्यो, संसार उहाँ द्वारा हुन
आयो, तर संसारले उहाँलाई चिनेन। ११उहाँ स्वयंले
सृजना गरेको संसारमा आउनुभयो तर उहाँको आफ्नो
मानिसहरूले उहाँलाई स्वीकार गरेनन्। १२केही मानिसहरूले
मात्र उहाँलाई स्वीकार गरे। ज-जसले उहाँलाई स्वीकार
गरे उनीहरूलाई मात्र परमेश्वरको सन्तान हुने अधिकार
उहाँले दिनुभयो। १३ती बालकहरू प्राकृतिक तवरबाट
जन्मेका थिएनन्। तिनीहरू तिनीहरूको आमा-बाबुको
शरीरिक इच्छा अथवा योजनाबाट जन्मेका होइनन्।
बद्लामा तिनीहरू परमेश्वरबाट जन्मेका थिए।

१४वचन शरीर हुन आए र हामी माझ बसे। हामीले
उहाँको महिमा देख्यौं, अनि हामीले पिताका एकमात्र
पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं। वचन
अनुग्रह र सत्यले पूर्ण थियो। १५यूहन्नाले ख्रीष्टकै
सम्बन्धमा मानिसहरूलाई भने, "उहाँ एकजना हुनुहुन्छ
जसका विषयमा म भनिरहेको थिएँ, 'जो म पछि आउनु
हुन्छ, उहाँ म भन्दा महान हुनुहुन्छ। किनभने उहाँ
मभन्दा पहिल्यै आउनु भएको थियो।'"

१६उहाँ वचन अनुग्रह र सत्यको भण्डार हुनुहुन्छ।
हामीले उहाँबाट धेरै आशिष पाएका छौं। १७मोशाबाट
व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको
बाटो येशू ख्रीष्टबाटै आउन गयो। १८कसैले पनि
कहिल्यै परमेश्वरलाई देखेका छैनन्। तर एकमात्र पुत्र
जो परमेश्वर हुनुहुन्छ अनि जो पिताको अति नजिकमा
हुनुहुन्छ र जसले हामीलाई परमेश्वर चिनाउनु भएको
छ।

### यूहन्नाले येशू विषय बताउनु हुन्छ
*(मत्ती ३:१-१२; मर्कूस १:२-८; लूका ३:१५-१७)*

१९यरूशलेममा यहूदीहरूले केही पूजाहारीहरू र
लेवीहरू* यूहन्ना कहाँ पठाए। तिनीहरूलाई यूहन्ना को
हो "तिमी को हौ?" भनी सोध्न पठाए।

२०यूहन्नाले प्रत्युत्तर दिनलाई हिच्किचाएनन्, खुलस्त
भनी दिए, "म ख्रीष्ट होइन।"

२१यहूदीहरूले यूहन्नालाई सोधे, "तब तिमी को हौ?
तिमी एलिया हौ?" यूहन्नाले उत्तर दिए, "होइन, म
एलिया होइन।"

यहूदीहरूले सोधे, "तिमी अगमवक्ता हौ?"

यूहन्नाले उत्तर दिए, "होइन, म अगमवक्ता होइन।"

---

**वचन** ग्रीक शब्दमा "लोगोस," जसको अर्थ कुनै पनि प्रकारको संचार। यसलाई "समाचार" भनी रूपान्तर गर्न सकिन्छ। यहाँ, यसको अर्थ ख्रीष्ट हो, परमेश्वरले आफ्नो विषयमा मानिसहरूलाई यसरी भन्नु भयो।

**यूहन्ना** यूहन्ना जसले बप्तिस्मा दिए, त्यही व्यक्ति जसले मानिसहरूलाई ख्रीष्ट आउँनु हुदैंछ भन्ने कुरो बताए।

**लेवीहरू** लेवीहरू लेवी समूहका मानिसहरू थिए जसले यहूदी पूजाहारीहरूलाई मन्दिरमा सघाउँथे।

२२तब यहूदीहरूले सोधे, "तब तिमी को हौ? आफ्नो विषयमा हामीलाई बताऊ कि जसले हामीलाई पठाए तिनीहरूलाई बताउनु सकूँ। तिम्रो विषयमा तिमी के भन्छौ?"

२३यूहन्नाले तिनीहरूलाई अगमवक्ता यसैयाको वाणीहरू भने:

> "मरूभूमिमा चिच्याई हिँड्ने व्यक्तिको म आवाज हुँ: 'परमप्रभुको निम्ति सोझो बाटो बनाऊ भन्दै।'"
>
> *यशैया ४०:३*

२४ती यहूदीहरू फरिसीहरूबाट* पठाइएका थिए। २५तिनीहरूले यूहन्नालाई सोधे, "यदि तिमी ख्रीष्ट होइनौ भने, एलिया होइनौ, भविष्यवक्ता होइनौ किन मानिसहरूलाई बप्तिस्मा दिन्छौ?"

२६यूहन्नाले उत्तर दिए, "म पानीले मानिसहरूलाई बप्तिस्मा दिन्छु। तर एकजना व्यक्ति तिमीहरूसँगै अहिले हुनुहुन्छ जसलाई तिमीहरू चिन्दैनौ। २७ती एक मात्र व्यक्ति जो मेरो पछाड़ि आउनुहुन्छ, जसको म जुत्ताको फिता खोल्ने योग्य सम्म छैन।"

२८यी सबै कुराहरू यर्दन नदीको अर्को स्थान बेथानियामा भइसकेको हो। जहाँ यूहन्नाले मानिसहरूलाई बप्तिस्मा दिइरहेका थिए।

२९अर्को दिन येशूलाई आफूतिर आईरहनु भएको यूहन्नाले देखेर भने, "हेर, परमेश्वरका थुमा* जसले संसारको पापहरू उठाई लाने छ। ३०त्यो उही हो जसको विषयमा मैले भनेको थिएँ। 'एकजना पुरुष मेरो पछि आउनेवाला हुनुहुन्छ जो म भन्दा महान हुनुहुन्छ किनभने उ म भन्दा पहिले नै अस्तित्वमा थियो।' ३१उहाँ को हुनुहुन्छ भनेर पनि म जान्दिन थिएँ, तर म मानिसहरूलाई पानीले बप्तिस्मा दिंदै आँए ताकि यहूदीहरूले जानुन कि उहाँ ख्रीष्ट हुनुहुन्छ भनेर।

३२-३३तब यूहन्नाले भने, "ख्रीष्ट को थिए भनेर पनि जान्दिन थिएँ। तर परमेश्वरले मलाई पानीले मानिसहरूलाई बप्तिस्मा दिन पठाउनु भएको हो। अनि परमेश्वरले मलाई भन्नुभयो, 'तिमीले आत्मा ओर्लिंदै एक जना मानिसमाथि बसेको देख्ने छौ। त्यही मानिसले पवित्र आत्माद्वारा* बप्तिस्मा दिनेछन्।'" यूहन्नाले भने, 'मैले यो सबै भइरहेको देखेको छु। मैले स्वर्गबाट आत्मा ओर्लंदै गरेको देखें। मैले पवित्र आत्मालाई ढुक्कुर जस्तै देखें अनि उहाँमाथि बसेको देखें। ३४मैले यो देखेको हुँ र म प्रमाण दिन्छु कि उहाँ परमेश्वरका पुत्र हुन।"

### येशूका प्रथम चेलाहरू

३५अर्को दिन फेरि यूहन्ना त्यहाँ उपस्थित थिए। उनीसँग उहाँका दुइजना चेलाहरू थिए। ३६यूहन्नाले येशू हिंडिरहेका देखे र उनले भने, "हेर, परमेश्वरका थुमा।"

३७यूहन्नाको कुरा सुनिसके पछि ती दुइ चेलाहरू येशूको पछि लागे। ३८येशू फर्केर हेर्नुभयो र उहाँको पछि ती दुइजना चेला आइरहेको देखेर उहाँले भन्नुभयो, "तिमीहरू के चाहन्छौ?"

ती दुइजनाले भने, "रब्बी, तपाईं कहाँ बस्नु हुन्छ?"

३९येशूले उत्तर दिनुभयो, "मसँग आऊ अनि तिमीहरूले देख्नेछौ।" तब ती दुइजना येशूसँग गए। तिनीहरूले येशू बस्नु भएको ठाउँ देखे। त्यस दिन येशूसँगै तिनीहरू बास बसे। त्यसबेला चार बजी सकेको थियो।

४०यूहन्नाबाट येशूको विषयमा जाने पछि तिनीहरू येशूकै पछि लागे। ती दुइजना मध्ये एकजनाको नाउँ अन्द्रियास थियो। तिनी शिमोन पत्रुसको भाइ थिए। ४१पहिले अन्द्रियासले आफ्नो भाई शिमोनलाई खोज्ने काम गरे। शिमोनलाई अन्द्रियासले भने, "हामीले मसीह* पाएका छौं"

४२तब शिमोनलाई अन्द्रियासले येशूकहाँ ल्याए। येशूले शिमोनतर्फ हेर्दै भन्नु भयो, "तिमी योआन्नेसको छोरो शिमोन हौ। तिमीलाई केफास* भनेर भनिन्छ।"

---

**फरिसीहरू** फरिसीको अर्थ "अलग गरिएको व्यक्ति"। यहूदी धार्मिक सम्प्रदायकाहरू जसले जेविस आज्ञा र नीतिको पालन सही रूपमा गर्दछन्।

**थुमा** भेड़ोको पाठा। बाइबलमा येशूलाई "लाम्पेड घेद" पनि भनिन्छ जसको अर्थ प्रभुको भेंड़ो नभनेर यहाँ 'प्रिय छोरो' बनाईएको छ।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

**मसीह** मसीहको अर्थ 'ख्रीष्ट' हो।

**केफास** जुन ग्रीक भाषामा पतरस जस्को अर्थ चट्टान।

[४३]अर्को दिन गालील जानलाई येशूले निश्चय
गर्नुभयो। येशूले फिलिपलाई भेट्नु भयो र भन्नु भयो
“मलाई पछ्याउ।” [४४]अन्द्रियास र पत्रुस जस्तै फिलिप
पनि बेथसेदा शहरका थिए। [४५]फिलिपले नथनेललाई
भेट्टाए र भने, “मोशाले व्यवस्थामा के लेख्नु भएको थियो सम्झ। मोशाले एकजना मानिसको विषयमा आईरहेछ भनी लेख्नु भएको थियो जो आइरहेको छ। अगमवक्ताहरूले पनि उहाँको विषयमा लेख्नु भएको थियो। हामीले उहाँलाई नै पायौ। उहाँको नाउँ येशू हो, योसेफका पुत्र। उहाँ नासरतका हुनुहुन्छ।”

[४६]तर नथनेलले फिलिपलाई सोधे, “के नासरतबाट केही राम्रा कुरो आउन सक्छ?”

फिलिपले उत्तर दिए, “आऊ अनि हेर।”

[४७]येशूले नथानेललाई आफूतर्फ आईरहेको देख्नु भयो र भन्नुभयो, “यो आईरहेको मान्छे साँच्चि नै एकजना इस्राएली हुन्। उनमा त्यस्तो कुनै खोट छैन।”

[४८]नथनेलले उनलाई सोधे, “मलाई कसरी तपाईंले चिन्नु हुन्छ?”

येशूले उत्तर दिनुभयो, “फिलिपले तिमीसँग मेरो विषयमा बात गर्न भन्दा पहिल्यै तिमी नेभाराको रूखमुनि हुँदै खेरी नै तिमीलाई देखे।”

[४९]तब नथनेलले येशूलाई भने, “गुरू तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ। तपाँई इस्राएलका राजा हुनुहुन्छ।”

[५०]येशूले नथनेललाई भन्नुभयो, “तिमी यसकारण
विश्वास गर्दैछौ कि मैले तिमीलाई नेभाराको रूख मुनि
देखेको थिए भनेर? तिमीले यो भन्दा महान चीज देख्ने
छौ।” [५१]तब येशूले पनि भन्नुभयो, “म तिमीलाई सत्य
भन्नेछु। तिमीहरू सबैले स्वर्ग उघ्रिएको देख्नेछौं अनि तिमीले ‘परमेश्वरका स्वर्गदूतहरूलाई मानिसको पुत्रमाथि* जाँदै तल आँउदै’* गरेको देख्नेछौं।’”

## कानामा विवाह-समारोह

२ दुइदिन पश्चात् गालीलको काना भन्ने शहरमा
विवाह समारोह भइरहेको थियो। येशूको आमा त्यहाँ
हुनुहुन्थ्यो। [२]येशू अनि उनका चेलाहरूलाई पनि त्यहाँ
निम्ताइएको थियो। [३]विवाह समारोहमा प्रशस्त दाखरस
थिएन। दाखरस जति सकिसके पछि येशूकी आमाले उहाँलाई भनिन “तिनीहरूसँग अब रक्सी छैन।”

[४]येशूले उत्तर दिनुभयो, “प्रिय नारी, मैले के गर्न पर्छ, मलाई नभन मेरो समय अझ आई सकेको छैन।”

[५]येशूकी आमाले नोकरहरूलाई भनिन्, “उनले जे भन्छन् त्यही गर।”

[६]त्यहाँ ढुंगाका ठूल-ठूला छ वटा पानीका घ्याम्पाहरू थिए। यहूदीहरूले आफ्ना शुद्धी धर्मानुष्ठानमा ती पानीका घ्याम्पाहरू चलाउने गर्दथे। प्रत्येक घ्याम्पाहरू बीस अथवा तीस गेलेन परिमाणको थियो।

[७]येशूले नोकरहरूलाई भन्नुभयो, “घ्याम्पाहरू पानीले भर।” तब: नोकरहरूले चुली-चुलीसम्म घ्याम्पाहरूमा पानी भरिदिए।

[८]तब येशूले नोकरहरूलाई भन्नुभयो, “अब केही
पानी घ्याम्पाबाट निकाल र लगेर समारोहका अध्यक्षक
कहाँ पुर्‍याऊ।” तिनीहरूले त्यसै गरे। [९]विवाह समारोहका
मुखियाले चाखे, पानी दाखरस भईसकेको थियो। दाखरस
कहाँबाट आयो तिनलाई थाहा भएन। तर यो विषय
नोकरहरूलाई मात्र थाहा थियो जसले पानी ल्याएका
थिए। तब मुखियाले बेहुलालाई* बोलाउन पठाए र
[१०]उनले बेहुलालाई भने, “मानिसहरूले पहिले राम्रो दाखरस सँधै बाँड्छन्। पछि पाहुनाहरू मात्तै गएपछि अलिक सस्तो रक्सी बाँड्न थाल्दछन्। तर तिमीले अहिलेसम्म राम्रो दाखरस जोगाएर राखेका रहेछौ।”

[११]येशूले सर्वप्रथम गालीलको काना शहरमा गर्नु भएको चमत्कार यही थियो। येशूले आफ्नो महानता देखाउनु भयो। अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।

[१२]त्यसपछि येशू कफर्नहुम शहर तर्फ जानु भयो। उहाँकी आमा, भाइहरू अनि चेलाहरू उहाँसँगै गए। तिनीहरू केही दिनको लागि मात्र कफर्नहुममा बास बसे।

---

**मानिसको पुत्र** येशूले स्वयंलाई ‘मानिसको पुत्र’ भनेर पनि चलाउनु सम्बोधन गर्नु हुन्छ। दानिएलमा ७:१३-१४ यो नाम मसिहीलाई पनि सम्बोधन गरेको थियो।

***‘तिमीले … तल आँउदै’*** उत्पत्ती २८:१२।

**बेहुला** विवाहको निम्ति योग्य पुरुष।

### येशूको मन्दिरतर्फ प्रस्थान

*(मत्ती २१:१२-१३; मर्कूस ११:१५-१७; लूका १९:४५-४६)*

१३यहूदीहरूको निस्तार चाड़* अति नजिक थियो।
अत: येशू यरूशलेमतर्फ जानु भयो। १४यरूशलेममा येशू
मन्दिर तर्फ जानु भयो। उहाँले मन्दिरमा मानिसहरूले
गाईगोरू, भेड़ा अनि परेवाहरू बेच्दै गरेको देख्नु भयो।
अन्य मानिसहरू टेबलमाथि बसिरहेको देख्नु भयो।
तिनीहरू लेनदेन र मानिसको पैसाको व्यापार गरिरहेका
थिए। १५येशूले केही डोरीका टुक्राहरूलिएर कोर्रा
बनाउनु भयो। तब जम्मै ती मानिसहरूलाई भेंड़ा र गाई
सहित मन्दिर बाहिर लघार्नु भयो। येशूले लेनदेन गरिएको
पैसा छरपुष्ट पार्दै टेबल उल्टाई दिनुभयो। १६येशूले ती
ढुकुरहरू बेचीरहेका मानिसहरूलाई भन्नुभयो, "यी चीजहरू
यहाँबाट लगेर गईहाल। मेरो पिताको घरूलाई किनबेचको
बजार जस्तो नबनाऊ।"

१७यो भइसकेपछि येशूका चेलाहरूले धर्मशास्त्रमा
के लेखिएको थियो त्यस्को सम्झना गरे:

"तिम्रो घरको व्यग्रताले मलाई मार्ने छ।"

*भजनसंग्रह ६९:९*

१८यहूदीहरूले येशूलाई भने, "यी चीजहरू गर्ने
तपाँईको अधिकारको प्रमाणको लागि चमत्कार देखाउनु
होस्।"

१९येशूले भन्नुभयो, "यो मन्दिरलाई ध्वंश पार र
फेरि म यसलाई तीन दिनमा बनाई दिनेछु।"

२०यहूदीहरूले भने, "यो मन्दिर निर्माण गर्नलाई
मानिसहरूलाई छ्यालीस वर्ष लागेको थियो। यसकारण
यसलाई तीन दिन भित्रमा फेरि बनाउन सक्छु भनेर
कसरी घोषणा गर्न सक्छौ?"

२१वास्तवमा मन्दिरको संदर्भ येशूलाई आफ्नो देहसँग
थियो। २२मृत्युबाट उहाँ बौरी उठी सकेपछि उहाँले त्यसो
भनेको कुरा उनका चेलाहरूले सम्झे। तब येशूले
भन्नुभएको वचन र धर्मशास्त्रमा तिनीहरूले विश्वास
गरे।

२३यहूदीहरूका निस्तार चाड़को समय येशू यरूशलेममा
हुनुहुन्थ्यो। उहाँको चमत्कारहरू देखिसकेपछि धेरै
मानिसहरूले उहाँ माथि विश्वास गर्न थाले। २४तर
येशूले तिनीहरूमाथि विश्वास राख्नुभएन। किन त्यसो
गर्नु भयो? किनभने ती मानिसहरूले उहाँप्रति के
सोचिरहेका हुन्थे, २५कसैले मानिसहरूको विषयमा उहाँलाई
भन्नु पर्ने आवश्यक थिएन किनभने उहाँले मानिसको
हृदयमा के छ जान्नु हुन्थ्यो।

**निस्तार चाड़** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मीश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन्न प्रत्येक वर्ष विशेष खाना खान्छन्। लेवी २३:४-८; व्यवस्था १६:१-८।

### येशू र निकोदेमस

३ त्यहाँ निकोदेमस नाउँ भएको एकजना मानिस थिए।
तिनी फरिसीहरू मध्ये एक अनि यहूदीहरूका अगुवाहरू
मध्ये एकजना थिए। २एक रात निकोदेमस् येशूकहाँ
आए। उनले भने, "रब्बी* हामी जान्दछौ तपाईं परमेश्वरद्वारा
पठाईएको एकजना शिक्षक हुनुहुन्छ। किनभने परमेश्वरको
सहयोग बिना तपाईंले जुन चमत्कारहरू गर्नु हुँदैछ कुनै
मानिसले गर्न सक्तैन।"

३येशूले उत्तर दिनु भयो, "म तिमीलाई सत्य कुरा
भन्छु। मानिस फेरि एकपल्ट जन्मनु पर्छ। यदि मानिस
फेरि जन्मेन भने, त्यसले परमेश्वरको राज्यमा प्रवेश
पाउने छैन।"

४निकोदेमसले भने, "एक व्यक्ति जो बुढ़ो छ, उ
फेरि कसरी जन्मन सक्छ? के उ पुन: आमाको
गर्भभित्र दोस्रो पल्ट पस्न सक्छ अनि फेरि जन्मन्छ?"

५तर येशूले भन्नुभयो, "म तिमीलाई सत्य कुरा
भन्छु। मान्छे पानी र आत्माबाट जन्मनु नै पर्छ। यदि उ
त्यसरी जन्मेन भने, परमेश्वरको राज्यमा प्रवेशगर्न सक्तैन।
६मान्छेको शरीर आमा-बाबुबाट जन्मिन्छ। तर मान्छेको
आत्मिक जीवन आत्माबाट जन्मिन्छ। ७आश्चर्य नमान,
मैले तिमीलाई भने, 'तिमी पुन: जन्मिनै पर्छ।' हावा जता
चाहन्छ त्यतै बहन्छ। तिमीले हावा बहेको सुन्छौ। ८तर
हावा कहाँबाट आउँदछ र कतातिर गईरहेछ तिमी
जान्दैनौ। यसर्थ मान्छे त्यस्तै हुँदछ जो आत्माबाट
जन्मन्छ।"

९निकोदेमसले सोधे, "यी सबै कसरी सम्भव हुनसक्छ?"

१०येशूले भन्नुभयो, "तिमी इस्राएलको एक शिक्षक
हौ। तर अझसम्म यी कुराहरू बुझ्दैनौ? ११म तिमीलाई
सत्य कुरा भन्छु। हामी जे जान्दछौ त्यसको विषयमा
कुरा गर्नेछौ। हामीले जे देखेका छौ त्यसको साक्षी
दिन्छौ। तर पनि तिमीले हाम्रो साक्षी स्वीकार गर्दैनौ।

**रब्बी** अर्थ गुरू।

[१२]पृथ्वीमा भएका कुराहरूका विषयमा मैले भनि सकेकोछु।
तर तिमी विश्वास गर्दैनौ। तब तिमीले कसरी विश्वास
गर्ने छौ यदि मैले स्वर्गीय वस्तुहरूको विषयमा कुरा गरे
भने? [१३]मानिसको पुत्र बाहेक कोही कहिल्यै स्वर्ग
गएको छैन। उहाँ नै एक हुन जो स्वर्गबाट तल आए।
[१४]"मोशाले मरूभूमिमा साँपलाई उठाउनु भयो।
मानिसको पुत्रसँग पनि त्यस्तै छ। मानिसको पुत्र पनि
उचालिनु पर्छ। [१५]त्यसर्थ उहाँमाथि विश्वास गर्ने प्रत्येकले
अनन्त जीवन पाउनेछ।"

[१६]हो, परमेश्वरले संसारलाई यति साह्रो माया गर्नु
भयो कि आफ्ना एकमात्र छोरालाई दिनु भयो। परमेश्वरले
आफ्ना छोरालाई दिनुभयो त्यस द्वारा उहाँमाथि विश्वास
गर्ने हरेक नाशहुने छैन तर अनन्त जीवन प्राप्त गर्नेछ।
[१७]परमेश्वरले आफ्ना छोरोलाई संसारको न्याय गर्नलाई
पठाउनु भएको होइन। तर परमेश्वरले आफ्ना पुत्रलाई
उबाट संसार बाँचोस् भनेर पठाउनु भएको हो। [१८]जसले
परमेश्वरको पुत्र माथि विश्वास गर्दछ उ दोषी ठहरिँदैन।
तर जसले विश्वास गर्दैन र उसको पहिल्यै न्याय
भइसको छ उ वहिष्कृत हुन्छ। किन? किनभने त्यस
व्यक्तिले परमेश्वरको एउटै पुत्र माथि विश्वास गरेको
छैन। [१९]मानिसहरूको न्याय यही आधारमा गरिन्छ:
संसारमा ज्योति आएको छ, तर मानिसहरूले ज्योतिको
बद्लीमा अन्धकार मन परायो। किन? किनभने तिनीहरूले
दुष्ट कामहरू गरिरहेका थिए। [२०]प्रत्येक जसले दुष्ट-
कर्महरू गर्दछ त्यसले ज्योतिलाई घृणा गर्छ। तिनी
ज्योति तर्फ आउने छैन। किनभने उसको दुष्ट कामहरू
ज्योतिमा देखिने छ। [२१]तर त्यो जसले सत्यको बाटो
पहिल्याएर अनि ज्योति तर्फ आउँदछ यसर्थ यो देखाइने
छ कि उसको काम परमेश्वर मार्फत गरिएको हो।*

## येशू र बप्तिस्मा दिने यूहन्ना

[२२]त्यसपछि, येशू र उहाँका चेलाहरू यहूदियाको
इलाकातिर गए। त्यहाँ येशू आफ्ना चेलाहरूसँग बस्नुभयो
र मानिसहरूलाई बप्तिस्मा* दिनु भयो। [२३]यूहन्नाले पनि
एनोनमा मानिसहरूलाई बप्तिस्मा दिइरहेका थिए। एनोन
भन्ने ठाउँ सालीमको छेउमा पर्दछ। यूहन्नाले त्यहीँ
बप्तिस्मा दिए किनभने त्यहाँ प्रशस्त पानी थियो।
मानिसहरू बप्तिस्मा लिन त्यहाँ गइरहेका थिए। [२४]यो
घटना यूहन्ना जेलमा थुनुवा पर्नु अगाडि यस्तो भयो।

[२५]यूहन्नाका चेलाहरू र केही यहूदीहरू माझ
धार्मिक शुद्धीकरण* विषय वाद-विवाद भइरहेको थियो।
[२६]त्यसैले चेलाहरू यूहन्ना कहाँ आए। तिनीहरूले भने,
"गुरूज्यू, के तपाईं त्यो मान्छेलाई सम्झनु हुन्छ जो
तपाँईसँग यर्दन नदी पारी थियो? उनी त्यही एक मानिस
हुन जसको विषयमा तपाईंले मानिसहरूलाई भनिरहनु
भएको थियो। अहिले उनले मानिसहरूलाई बप्तिस्मा
दिइरहेछन् अनि धेरैजना उनी कहाँ गइरहेछन्।"

[२७]यूहन्नाले उत्तर दिए, "मान्छेले त्यही मात्र पाउन
सक्छ जो परमेश्वरले दिनुहुन्छ।" [२८]तिमीहरू आफैले
सुनेका छौ कि 'म ख्रीष्ट होइन भनेर। म एकमात्र त्यो
व्यक्ति हुँ जसलाई उहाँको निम्ति बाटो तयार पार्न
परमेश्वरले पठाउनु भएको हो।' [२९]बेहुली बेहुलाकै मात्र
हो। बेहुलाको साथी जो उसको छेउमा उभिन्छ उसको
आवाज सुन्दा आनन्दित हुँदछ, म सँग त्यही आनन्द छ
अनि अहिले यो आनन्द पूर्ण भएको छ। [३०]उहाँ अधिक
महत्वपूर्ण हुनु पर्छ अनि म अल्प महत्वपूर्ण हुनु पर्छ।

## उहाँ एकमात्र स्वर्गबाट आउनु भएको

[३१]"तर एक जो स्वर्गबाट आउनु हुन्छ, उनी सबै
भन्दा महान हुनुहुन्छ। जुन व्यक्ति पृथ्वीबाट आउँदछ उ
पृथ्वीकै हो र उसले जे पनि पृथ्वीबाटै गर्दछ। जो
एकमात्र स्वर्गबाट आउनुहुन्छ उहाँ सबैभन्दा महान
हुनुहुन्छ। [३२]उहाँले जे देख्नु र सुन्नुभएको छ, त्यसको
साक्षी उहाँ दिनुहुन्छ, तर मानिसहरूले उहाँको साक्षीलाई
स्वीकार गर्दैनन्। [३३]उनीहरू जजसले उहाँको साक्षीलाई
स्वीकार गर्छ। तिनीहरूले परमेश्वरले सत्य बोलेको साक्षी
गर्दछ। [३४]उहाँले जो परमेश्वरद्धारा पठाइएको छ परमेश्वरको
संदेश भन्नु हुन्छ। परमेश्वरले उहाँलाई सीमाहीन आत्मा
प्रदान गर्नुभयो। [३५]पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ अनि
हरेक बस्तुमा शक्ति प्रदान गर्नु भएको छ। [३६]जुन
व्यक्तिले पुत्रमाथि विश्वास गर्छ उसले अनन्त जीवन
प्राप्त गर्दछ। तर जुन व्यक्तिले पुत्रको आज्ञा मान्दैन

---

**पदहरू १६-२१** केही विद्वानहरू पदहरू १६ देखि २१ सम्म येशूको वचनहरू भनी सोच्छन्। अरूहरू भन्छन् यी यूहन्नाले लेखेका हुन्।

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुबाउनु, अथवा चोब्नु।

**धार्मिक शुद्धीकरण** यहूदीहरूका धार्मिक नियम थियो, खान, आराधना गर्न र केही विशेष कार्य गर्न अगाडि शुद्धीकरण गर्ने नियम।

उसले त्यो जीवन देख्ने छैन। परमेश्वरको क्रोध उमाथि
रहनेछ।"

## येशू एक सामरी स्त्रीसँग बोल्नुहुन्छ

४ येशूले यूहन्नाले भन्दा धेरै चेलाहरू बनाउँनु हुदैछ
साथै बप्तिस्मा पनि दिनु हुदैछ भन्ने फरिसीहरूले
सुने। २तर वास्तवमा येशू स्वयंले बप्तिस्मा दिनु भएको
थिएन। उहाँका चेलाहरूले उहाँकै निम्ति मानिसहरूलाई
बप्तिस्मा दिइरहेका थिए। फरिसीहरूले उहाँको विषयमा
सुनीसकेका थिए भनेर येशूलाई थाहा थियो। ३त्यसैले
येशू यहूदिया छोड़ेर गालील फर्कनु भयो। ४गालील
जाँदा येशूलाई सामरी देशभएर जानु पर्थ्यो।

५सामरी अन्तर्गत सिचार भन्ने नगरमा येशू आईपुग्नुभयो।
यो नगर याकूबले आफ्ना छोरो यूसुफलाई दिएको
जमीनको नगीच पर्थ्यो। ६याकूबको कुवा त्यहाँ थियो।
येशू आफ्नो लामो यात्राबाट थाकेपछि त्यही कुवाकै
छेउमा विश्राम गर्न बस्नुभयो। त्यसबेला प्राय: मध्याह्नको
समय थियो। ७एकजना सामरी स्त्री मानिस कुवामा पानी
भर्नलाई आई। येशूले तिनलाई भन्नुभयो, "दया गरेर
मलाई पिउने पानी देऊ।" ८त्यस समय येशूका चेलाहरू
खाना किन्न गएका थिए।

९सामरी स्त्रीले उत्तर दिई, "तपाँईले पानी मागेको
देखेर म छक्क परे। तपाईं यहूदी हुनुहुन्छ अनि म
एकजना सामरी स्त्री!" यहूदीहरूको सामरीहरूसँग* कुनै
सम्बन्ध छैन।

१०येशूले उत्तर दिनुभयो, "यदि परमेश्वरले के प्रदान
गर्नु हुन्छ अनि उ जसले पानी माँग्दै छ, तिमीले जानेको
भए, तिमी मलाई माग्ने थियौं र म तिमीलाई जीवनको
पानी दिने थिएँ।"

११त्यस स्वास्नी मानिसले भनी, "महोदय, त्यस्तो
जीवनरूपी पानी कहाँ पाउनुहुन्छ? यो कुवा निकै गहिरो
छ, पानी निकाल्न तपाईंसंग केही छैन। १२तपाईं हाम्रो
पूर्खा याकूबभन्दा पनि महान हुनुहुन्छ? याकूबले यो
कुवा हामीलाई दिनुभयो। उहाँले यसैबाट पानी पिउनु
भयो। उहाँका छोराहरू र उहाँका गाई-बस्तुहरूले यही
कुवाबाट पानी पिए।"

१३येशूले उत्तरमा भन्नुभयो, "प्रत्येक व्यक्ति जजसले
यसको पानी पिउँदछ तिनीहरू पुन: तिर्खाउने छन्। १४तर
त्यस व्यक्ति जसले, मैले दिएको पानी पिउँदछ उ फेरि
तिर्खाउने छैन्। मैले जुन पानी उसलाई दिन्छु त्यो व्यक्ति
भित्र पानीको स्त्रोत बनिनेछ। जुन पानीले अनन्त जीवन
दिन्छ त्यही स्त्रोतबाट बहनेछ।"

१५त्यस स्त्रीले येशूलाई भनी, "महोदय, मलाई यो
पानी दिनुहोस् ताकि म कहिल्यै तिर्खाउने छैन अनि म
अझ बेसी पानी भर्न यहाँ आईरहन पर्दैन।"

१६येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो पतिलाई
बोलाऊ अनि यहाँ फर्केर आऊ।"

१७त्यस स्त्रीले भनी, "तर मेरो पति छैन।"

येशूले तिनलाई भन्नुभयो, "तिमीले सही भन्यौ कि
तिम्रो पति छैन। १८तिम्रो पाँच जना पतिहरू थिए, अनि
तिमीसित जुन पुरुष अहिले बसिरहेको छ त्यो तिम्रो पति
होइन। "तिमीले जे भन्यौ साँचो हो।"

१९त्यस स्त्रीले भनी, "महोदय, अब म जान्न सक्छु
कि तपाईं एक अगमवक्ता हुनुहुन्छ।" २०हाम्रा पुर्खाहरूले
यो पर्वतमा उपासना गर्थे। तर तपाईं यहूदीहरू भन्नुहुन्छ
कि यरूशलेम नै त्यो स्थान हो जहाँ हामीले परमेश्वरको
उपासना गर्नु पर्छ।"

२१येशूले भन्नुभयो, "मलाई विश्वास गर, नारी!
एउटा समय आईरहेकोछ जब तिमीले पितालाई यो
पहाड़मा अथवा यरूशलेममा आराधना गर्ने छैनौं। २२तिमी
सामरीहरू जे आराधना गर्दछौं त्यो जान्दैनौ। हामी
यहूदीहरू के आराधना गर्दछौं त्यो जान्दछौं। मुक्ति
यहूदीहरूबाटै आउँदछ। २३समय आईरहेछ जब सत्य
आराधकहरू आफ्ना पितालाई आत्मा र सत्यतामा
उपासना गर्नेछन्। अनि त्यो समय आइसकेको छ। यस
किसिमका आराधकहरूलाई नै पिताले चाहनुहुन्छ।
२४परमेश्वर आत्मा हुनुहुन्छ। यसैले जसले परमेश्वरलाई
पुज्दछ उहाँलाई आत्मा र सत्यतामा नै पुज्नु पर्छ।"

२५त्यस स्त्रीले भनी, "म जान्दछु मसीह (ख्रीष्ट
भनिन्छ) आउनु हुँदैछ।" "जब उहाँ आउनु हुन्छ, उहाँले
हामीलाई प्रत्येक कुराको व्याख्या गर्नु हुनेछ।"

२६तब येशूले भन्नुभयो, "एक जो तिमीसित बोलिरहेछु,
म मसीह हुँ।"

२७त्यस समय येशूका चेलाहरू शहरबाट फर्केर
आए। तिनीहरू येशूलाई एक जना स्त्रीसँग यसरी बात
गरिरहेको देखेर छक्क परे। तर तिनीहरू कसैले पनि

---

**सामरी** यहाँ अनुवादमा नेपाली 'सामरी' बनाइएको छ। सामरीहरू वास्तवमा यहूदी समुदाय नै हुन। तर यहूदीहरूले तिनीहरूलाई शुद्ध वा खाटी यहूदी मान्दैनन्। यसैले सामरी स्त्रीले आफूलाई यहूदीहरूभन्दा निम्न ठान्दछन्।

सोध्ने आँट गरेनन्, "तँपाई के चाहानु हुन्छ?" वा "तपाईं यस स्त्रीसँग किन बात गरिरहनु भएको छ?"

२८तब त्यस स्त्रीले पानी भर्ने गाग्रो त्यतै छाड़ी र नगर तिर लागी। तिनले शहरवासीहरूलाई भनिन्, २९"एकजना मानिसले मैले गरेको सबै कुरा बताइदिनुभयो। आऊ उहाँलाई हेर। के उहाँ ख्रीष्ट हुन सक्छ?" ३०तब मानिसहरू शहर छाड़े अनि येशू कहाँ गए।

३१जब त्यस स्त्री नगरमा थिई, येशूका चेलाहरूले उहाँलाई आग्रह गरिरहेका थिए, "गुरूज्यू, केही खानुहोस!"

३२तर येशूले उत्तर दिनुभयो, "मसँग खाने भोजन छ, जुन तिमीहरूलाई थाहा छैन।"

३३तब चेलाहरूले आपसमा सोधे, "के कसैले येशूलाई केही भोजनहरू ल्याई दिएका थिए?"

३४येशूले भन्नुभयो, "मेरो भोजन जसले मलाई यहाँ पठाँउनु भएको छ उहाँको इच्छालाई अनुसरण गर्नु हो अनि उहाँले मलाई दिएको काम पुरा गर्नु हो। ३५'जब तिमीहरू रोपाई गर्छौ र भन्छौ बाली काटन अझै चार महीना छ, तर तिमीहरू आफ्ना आँखा खोल र मानिसहरूलाई हेर।' तिनीहरू पनि बाली काटने समय भएको खेतबारी जस्ता छन्। ३६अहिले सम्म, जसले बाली काट्छ उसैले ज्याला पाउँछ। उसैले अनन्त जीवनको लागि फसल थुपार्दछ। यसैले जसले रोपाई गर्दछ र जसले बाली काट्दछ दुवै सँगै आनन्दित हुँदछ। ३७यसर्थ त्यो भनाई, 'एकजना मान्छेले रोप्छ अनि अर्को मान्छेले बाली काट्छ योस विषय सत्य छ।' ३८तिमीहरूलाई मैले बाली काट्न पठाए जुन तिमीहरूले रोपेनौ। अरुले काम गरे र तिनीहरूका कामबाट तिमी लाभान्वित भयौ।"

३९त्यो नारीको प्रमाणको कारणले गर्दा सामरी नगरमा धेरै जसो मानिसहरूले विश्वास गरे। तिनले भनिन्, "उहाँले मैले जे गरेकी थिए प्रत्येक कुरा भन्नु भयो।" ४०तब सामरीवासीहरू येशूकहाँ आए। येशूलाई उनीहरूसँगै बस्ने आग्रह गरे। तब येशू त्यहाँ दुइ दिन बस्नुभयो। ४१तर अझ धेरै मानिसहरूले उहाँकै वचनको कारणले उहाँलाई विश्वास गरे।

४२मानिसहरूले सामरीकी त्यस स्वास्नी मानिसलाई भने, "प्रथम हामीले तिमीले जे भन्यौ त्यसको कारणले गर्दा येशूमाथि विश्वास गर्‍यौ। तर अब हामीले आफ्नो लागि जे सुनेका छौं त्यही कारणले विश्वास गर्छौं। हामीले अब बुझ्न थाल्यौ कि उहाँ मात्र एक त्यस्तो व्यक्ति हुनुहुन्छ जसद्वारा यो संसार बाँच्न सक्छ।"

## येशूले एकजना अफिसरको छोरोलाई निको पार्नु भयो

*(मत्ती ८:५-१३; लूका ७:१-१०)*

४३दुइ दिन बितीसके पछि त्यो ठाँउ छाडेर येशू गालीलमा जानुभयो। ४४येशूले अघि बाटै भनिसक्नु भएको थियो कि उहाँको आफ्नो शहरमा अगमवक्तालाई आदर गरिदैन। ४५यसर्थ जब येशू गालीलमा आईपुग्नु भयो तिनीहरूले उहाँलाई स्वागत गरे कारण तिनीहरूले येशूले यरूशलेमको निस्तार चाड़मा गरेका सबै कुराहरू देखी सकेका थिए। तिनीहरू पनि चाडको लागि गएका थिए।

४६येशू गालील अन्तर्गत कानामा फेरि जानुभयो जहाँ येशूले पानीलाई दाखरसमा परिवर्तन गर्नु भएको थियो। त्यहाँ कफर्नहुममा एकजना राजाका अधिकारी थिए। त्यो अधिकारीको छोरो बिमारी थियो। ४७त्यस मानिसले यहूदियाबाट येशू गालीलमा तर्फ आइरहनु भएको भनी सुने। तब येशूलाई भेट्न तिनी कानातर्फ गए। उसले येशूलाई कफर्नहुममा आउने अनि उसको छोरोलाई निको पारीदिन बिन्ती गर्‍यो। उसको छोरो मर्न आँटेको थियो। ४८येशूले उनलाई भन्नुभयो, "तिमीहरूले आश्चर्यपूर्ण कुराहरू र चमत्कारिक संकेतहरू हेर्नु पर्छ नत्र तिमीहरूले विश्वास गर्ने छैनौ।"

४९राजाको अधिकारीले भन्यो, "महोदय, मेरो छोरो मर्न अघि मेरो घरमा एकपल्ट आई दिनुहोस।"

५०येशूले उत्तर दिनुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।"

येशूले भन्नु भएको कुरा त्यस मानिसले विश्वास गरे अनि घर फर्की आए। ५१घर जाँदै गर्दा बाटामा उसको नोकरसँग भेट भयो। नोकरले भने, "तपाईंको छोरो ठीक भएको छ।"

५२त्यस मानिसले सोधे, "कुन समयबाट त्यो निको हुन थाल्यो?" उसको नोकरले उत्तर दियो, "हिजो एक बजेदेखि तपाईंको छोरोको ज्वरो हट्यो।"

५३त्यस अधिकारीले बुझ्यो कि येशूले उसलाई त्यही समयमा भन्नुभएको थियो, "तिम्रो छोरो जीवित रहनेछ।" यसर्थ उनी लगायत घरका सबै मानिसहरूले येशूमाथि विश्वास गरे।

५४यहूदियाबाट गालीलमा आएपछिको यो दोस्रो चमत्कारपूर्ण कार्य येशूले गर्नुभएको हो।

## तलाउको छेउमा भएको मानिसलाई येशूले निको पार्नुहुन्छ

५ त्यसपछि येशू यहूदीहरूका विशेष चाड़का लागि
यरूशलेम जानुभयो। २यरूशलेममा पाँचवटा
दलानहरूले घेरिएको एक तलाऊ छ। यहूदीहरूका
भाषामा यसलाई बेथेस्दा भनिन्छ। यो तलाऊ भेड़ा-ढोकाको
नगीचमा छ। ३धेरै रोगी मानिसहरू त्यही कुवाको ती
दलानमा लड़िरहेका थिए। तिनीहरूमा कोही अन्धाहरू,
कोही लङ्गड़ाहरू अनि कोही पक्षाघात भएकाहरू थिए।*
४* ५त्यहाँ अठ्तीस वर्ष देखि रोगले ग्रस्त भएको
एकजना रोगी थियो। ६येशूले त्यस व्यक्तिलाई त्यहाँ
लड़िरहेको देख्नु भयो। येशूलाई त्यो व्यक्ति लामो
समयदेखि बिमार भएको थाहा थियो। अत: येशूले त्यस
व्यक्तिलाई सोध्नु भयो, "तिमी निको हुन चाहन्छौ?"
७त्यस रोगीले उत्तर दियो, "महाशय, मलाई त्यो पानी
चलिरहेको बेला त्यहाँ पस्न सहायता गर्ने कोही छैन्।
मैले कोशिश गर्दा गर्दै मेरो अधि कुवामा मानिस पसि
हाल्छ।"
८तब येशूले भन्नुभयो, "उठ! तिम्रो ओछ्यान उठाऊ
र हिड़"
९तब तुरन्तै त्यो मानिस निको भयो। त्यो मानिसले
आफ्नो ओछ्यान उठायो र हिंड्न थाल्यो। त्यस्तो घटना
भएको दिन शबाथको दिन* थियो।
१०तब यहूदीहरूले त्यस मानिसलाई भने, "आजको
दिन शबाथको दिन हो। शबाथको दिन यसरी ओछ्यान
बोकेर जानु, हाम्रो व्यवस्थाको विरुध्द हो।"
११तर त्यस मानिसले भन्यो, "जुन व्यक्तिले मलाई
निको तुल्याउनु भयो, उनैले भन्नुभयो, 'तिम्रो ओछ्यान
उठाऊ र हिंड़।'"
१२यहूदीहरूले सोधे, "तिमीलाई त्यसरी ओछ्यान
बोकेर जाउ भन्ने मानिस को हो?"
१३तर त्यो मानिसले जसद्वारा आफू निको भएको
थियो, उहाँ को हुनुहुन्थ्यो चिनेन। त्यस बेला त्यहाँ धेरै
मानिसहरू थिए र येशू सुटुक्क गइसक्नु भएको थियो।
१४केही समय पछि येशूले त्यस मानिसलाई मन्दिरमा
भेटाउनु भयो। येशूले उनलाई भन्नु भयो, "हेर, अब
तिमी ठीक भयौ। तर अब पाप नगर, तिमीमाथि अझ
खराब घटनाहरू घट्नेछ।"
१५तब त्यो मानिस यहूदीहरूकहाँ गयो र तिनीहरूलाई
भनिदियो कि जसले तिनलाई निको पार्नु भयो उहाँ येशू
हुनु हुँदोरहेछ।
१६येशूले त्यस्ता कामहरू शबाथको दिनमा गर्नु
भएको थियो। यसैले यहूदीहरूले येशू विरूद्ध नराम्रा
कामहरू गर्ने थाले। १७तर येशूले यहूदीहरूलाई भन्नुभयो,
"मेरो पिताले कहिल्यै काम रोक्नु भएन। अनि यसैले म
पनि काम गर्न रोक्दिन।" येशूले यी कुराहरू भने पछि,
यहूदीहरूले उहाँलाई मार्ने अझ निश्चय गरे।
१८किनभने, "येशूले शबाथको दिनमा व्यवस्था मात्र
भङ्ग गरेनन्। उहाँले परमेश्वर नै उहाँको आफ्नो पिता
हुन पनि भन्नु भयो। अनि यसप्रकारले येशूले आफूलाई
परमेश्वरको समान तुल्याए!"

## येशूमा परमेश्वरको अधिकार छ

१९तर येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो
भन्छु। पुत्रले एक्लै केही गर्न सक्तैन। पिताले गरेको
कामहरू देखे पछि मात्र पुत्रले त्यसै गर्दछ। पिताले जे
गर्दछ पुत्रले त्यही गर्दछ। २०पिताले पुत्रलाई माया
गर्नुहुन्छ अनि आफूले गरेको सम्पूर्ण कार्यहरू पुत्रलाई
देखाउनु हुन्छ। यो मानिस निको भयो। तर पिताले यो
भन्दा पनि महान कार्य पुत्रलाई देखाउनु हुन्छ। तब
तिमीहरू सबै छक्क पर्नेछौ। २१पिताले मरेका मानिसहरू
उठाउनु भयो र तिनीहरूलाई जीवन दिनु भयो। त्यस्तै
प्रकारले पुत्रले पनि जसलाई चाहनु हुन्छ तिनीहरूलाई
जीवन दिनु हुन्छ। २२अनि पिताले कसैको न्याय गर्नु
हुन्न। न्याय गर्ने सम्पूर्ण अधिकार पिताले पुत्रलाई सुम्पनु
भएको छ। २३परमेश्वरले यसो गर्नु भएको छ, ताकि
सबै मानिसहरूले पुत्रलाई आदर गर्ने छन् जसरी पितालाई
आदर गरेका छन्। यदि उ जसले पुत्रलाई आदर गर्दैन

---

**पद ३** ३ पदको अन्तमा ग्रीक प्रतिलिपिहरूमा थपिन्छ "अनि तिनीहरूले पानी हल्लिञ्जेल पर्खे।"

**पद ४** केही पछिका प्रतिलिपिले पद ४ मा थपेको छ: "कुनै कुनै समयमा प्रभुको दूत पोखरीमा आए अनि पानी हल्लाए। दूतले यसो गरे पछि जो पहिलो व्यक्ति पोखरी भित्र जान्थ्यो त्यो उसको कुनै पनि विमारबाट निको हुन्थ्यो।

**शबाथको दिन** जसको अर्थ विश्रामको दिन भनिएको छ। यहूदीहरूका सप्ताहको यो सातौ दिन हो। अनि यहूदीहरूका लागि यो विशेष धार्मिक पर्व पनि हो।

उसले पितालाई पनि आदर गर्दैन जसले उहाँलाई
पठाउनु भयो।

२४“म तिमीहरूलाई साँचो भन्दछु, यदि कुनै व्यक्तिले
मेरो कुरा सुन्दछ र मेरा पितामा विश्वास गर्दछ भने
उसले अनन्त जीवन पाउने छ। त्यो व्यक्तिलाई कहिल्यै
न्याय गरिने छैन। उनी मृत्युबाट बाहिर आएका हुन् अनि
जीवनमा प्रवेश गरेका हुन्। २५म तिमीहरूलाई साचो
भन्दछु, एउटा समय आइरहेको छ। वास्तवमा त्यो समय
अहिले नै आइसकेको छ। मानिसहरू जो मरेका छन्
उनीहरूले परमेश्वरको पुत्रको आवाज सुन्नेछन्। अनि
जजसले ती सुनेका कुराहरू मान्नेछन् उनीहरूले अनन्त
जीवन पाउनेछन्। २६जीवन पिताबाट आउँदछ र पुत्रलाई
पनि उहाँले जीवन-दान दिने अधिकार प्रदान गर्नुभएको
छ। २७अनि पिताले आफ्ना पुत्रलाई मानिसहरूलाई न्याय
गर्ने अधिकार दिनुभएकोछ। किन? किनभने उहाँ मानिसको
पुत्र हुनुहुन्छ। २८यसमा अचम्म नमान। समय आइरहेछ
जब सम्पूर्ण मानिसहरू जो मरेका छन्, तिनीहरूले
उहाँको आवाज सुन्नेछन्। २९तब तिनीहरू जजसले राम्रो
कामहरू गरेका छन् बौरी उठनेछन् अनि अनन्त जीवन
पाउनेछन्। तर तिनीहरू जजसले आफ्नो जीवनमा दुष्ट
कामहरू गरेका छन्, दोषी ठहरिनुको लागि बौरिनेछन्।

### येशूले यहूदीहरूसँग लगातार वार्तालाप गरिरहनु भयो

३०“म एक्लै केही पनि गर्दिनँ। म परमेश्वरबाट
जस्तो सुन्छु त्यही प्रकारले न्याय गर्छु। यसैले मेरो निर्णय
ठीक हुन्छ। किन? किनभने म आफैलाई खुशी पार्ने
कोशिश गर्दिन। तर म उहाँलाई खुशी पार्न चाहन्छु
जसले मलाई पठाउनु भयो।

३१“यदि मैले आफ्नो साक्षी आफैले दिन्छु तब मेरो
साक्षी समर्थित हुँदैन। ३२तर त्यहाँ अन्य व्यक्ति छ जसले
मेरो विषयमा मानिसहरूलाई बताउँदछ। अनि म जान्दछु,
उनले जे भन्छन् ती सबै कुराहरू सत्य हुन्।”

३३“तिमीहरूले यूहन्ना समक्ष मानिसहरू पठायौ।
अनि उनले तिमीहरूलाई सत्य कुरा भने। ३४मलाई मेरो
विषयमा भन्नलाई मान्छेको आवश्यकता छैन। तर म
तिमीहरूलाई ती कुराहरू भन्नेछु ताकि तिमीहरू बाँच्न
सक्छौ। ३५यूहन्ना एक बत्ती थियो जुन बलेको थियो र
प्रकाश दियो। अनि अल्प समयको लागि मात्र पनि त्यो
ज्योति पाँउदा तिमीहरू आनन्दित भयौ।

३६“तर मसँग मेरै विषयमा जुन साक्षी छ त्यो
यूहन्नाको भन्दा महान छ। जुन कामहरू म गरिरहेकोछु
त्यही नै मेरो साक्षी हो। पिता जसले मलाई पठाउनु
भयो त्यो कामहरू शेष गर्नलाई दिनु भयो। ३७पिता
जसले मलाई पठाउनु भयो उहाँले मेरो बारेमा साक्षी
पनि दिनुभयो। तर तिमीहरूले उहाँको आवाज कहिले
सुनेनौ र तिमीहरूले उहाँलाई कहिले देखेनौं। ३८पिताको
संदेशले पनि तिमीहरूमा काम गरिरहेको छैन। किनभने
जसलाई पिताले पठाउनु भयो उहाँलाई विश्वास गर्दैनौ।
३९तिमीहरूले धर्मशास्त्रमा सावधानसित अध्ययन गर
किनभने तिमीहरू सोच्दछौ कि ती धर्मशास्त्रद्वारा तिमीहरूले
अनन्त जीवन पाउनेछौ अनि यिनै धर्मशास्त्रले मेरो
विषयमा गवाही दिन्छन्। ४०तर तिमीहरू जीवन पाउनलाई
मकहाँ आउँन चाँहदैनौ।

४१“म मानिसहरूबाट प्रशंसा चाहन्न। ४२तर म
तिमीहरूलाई जान्दछु तिमीहरूमा परमेश्वरको प्रेम छैन।
४३म मेरो पिताबाट आएको हुँ- अनि म उहाँकै निम्ति
बोल्दछु। तर तिमीहरूले मलाई ग्रहण गर्दैनौ। तर यदि
कुनै व्यक्ति आँउछ अनि आफ्नै विषयमा बोल्छ भने,
उसलाई तिमीहरू ग्रहण गर्नेछौ। ४४तिमीहरू एकाअर्कामा
प्रशंसा गरेको रूचाउँछौ। तर तिमीहरूले त्यो प्रशंसाको
खोजी गर्दैनौ जो एक परमेश्वरबाट मात्र आँउछ। तब
तिमी कसरी विश्वास गर्न सक्छौ? ४५नसम्झ कि म
पिता समक्ष तिमीहरूको विरोधमा भन्नेछु। मोशा ती
व्यक्ति हुन् जसले तिमीहरू विरूध्द बोल्छन्। अनि उनै
एक हुन जसमाथि तिमीहरूले बचाऊको आशा गरयौ।
४६यदि तिमीहरूले साँच्ची नै मोशालाई विश्वास गरेको
भए, तिमीहरूले मलाई पनि विश्वास गर्ने थियौ?
किनभने मोशाले मेरो विषयमा लेख्नु भएको छ। ४७तर
तिमीहरूले मोशाले के लेखे त्यसलाई विश्वास गर्दैनौ
भने तब म जे भन्छु तिमीहरूले कसरी विश्वास गर्न
सक्छौ?”

### येशूले पाँच हजार भन्दा बेसीलाई खुवाउनु भयो

*(मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४; लूका ९:१०-१७)*

**६** यसपछि, येशू गालीलको झील पारि जानुभयो।
२धेरै ठूलो भीड़ले येशूलाई पछ्यायो किनभने तिनीहरू
विरामीहरूलाई निको पार्न चमत्कारहरू गर्नुभएको देखेका
थिए। ३येशू डाँडा माथि जानु भयो अनि आफ्ना

चेलाहरूसँग त्यहाँ बस्नु भयो। ४त्यसबेला यहूदीहरूको
निस्तार चाड़को समय प्राय: आइसकेको थियो।

५येशूले आफ्नो पलक उठाउनु भयो अनि धेरै
मानिसहरू उहाँकहाँ आइरहेको देख्नु भयो। येशूले
फिलिपलाई भन्नुभयो, "हामीले तिनीहरूलाई खुवाउनको
निम्ति रोटीहरू कहाँ किन्न सक्छौं?" ६येशूले यो प्रश्न
फिलिपलाई जाँच्नलाई सोध्नु भएको थियो। उहाँलाई
थाहा भइसकेको थियो कि उहाँले के गरिरहनु भएको
छ।

७फिलिपले उत्तर दिए, "यदि हामी सबैले महिना भरि
काम गर्‍यौ भने पनि प्रत्येकलाई एक एक टुक्रा रोटी
दिने पैसा पुग्ने छैन।"

८त्यहाँ अर्को एक जना येशूका चेला थिए। तिनी
शिमोन पत्रुसका भाइ अन्द्रियास थिए। ९अन्द्रियासले
भने, "यहाँ एक जना केटो छ। जसकोमा पाँच वटा
जौको रोटी र दुइ टुक्रा साना साना माछा छन्। तर यो
त्यति विघ्न मानिसहरूको लागि केही होइन।"

१०येशूले भन्नुभयो, "मानिसहरूलाई बस्न लाऊ।"
यो घाँसै घाँस भएको ठाउँ थियो। त्यहाँ ५,००० जति
मानिसहरू बसिरहेका थिए। ११येशूले रोटी लिनु भयो र
परमेश्वरलाई यसको निम्ति धन्यवाद दिनुभयो, अनि
त्यहाँ बसेका जम्मैलाई रोटी बाँड़नु भयो। माछा पनि
त्यसरीनै बाँड़नु भयो। येशूले मानिसहरूलाई जति चाहान्थे
त्यति नै दिनु भयो।

१२जब तिनीहरूले खाई सके, येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "उब्रेका टुक्राहरू बटुल। केही
पनि नष्ट नपार।" १३तब चेलाहरूले उबिएको रोटीको
टुक्राहरू बटुले। पाँचवटा जौको रोटीहरू मानिसहरूले
खाएर उब्रेको टुक्राहरू तिनीहरूले ठूलाठूला बाह्रवटा
डोकोहरू भरे। पाँचवटा रोटीहरू र दुइवटा माछाबाट
मात्र शुरू गरेका थिए। चेलाहरूले ती उब्रेका टुक्राहरू
ठूलठूला बाह्र डोकोहरूमा भरे।

१४येशूले त्यस्तो चमत्कार गर्नुभएको मानिसहरूले
देखे। तिनीहरूले भने, "संसारमा जो अगमवक्ता आउनेवाला
हुनु हुन्थ्यो साँच्चै उहाँ नै हुनु हुँदो रहेछ।"

१५येशूले बुझ्नु भयो कि आउने अनि उहाँलाई
जबरजस्ती राजा बनाउने योजना मानिसहरूले गर्दै थिए।
यसकारण, तिनले त्यो ठाँउ छाड़े अनि एक्लै पहाड़मा
गए।

## येशू पानीमा हिंड्नु हुन्छ

*(मत्ती १४:२२-२७; मर्कूस ६:४५-५२)*

१६त्यस साँझ येशूका चेलाहरू गालील झील तर्फ
गए। १७यसबेला अन्ध्यारो भइसक्दा पनि येशू फर्कनु
भएको थिएन। चेलाहरू डुङ्गामा चढ़े अनि कफर्नहुम
जान लागे। कफर्नहुम समुद्रको अर्को पट्टि थियो।
१८हावा जोड़ले चलेकोले गर्दा त्यस समुद्रमा ठूलो छाल
उठेर डुङ्गालाई उल्टा घचेटिरहेको थियो। १९तिनीहरूले
तीन-चार कोशसम्म डुङ्गा खियाएर लगे। तब तिनीहरूले
येशूलाई देखे। उहाँ पानीमाथि हिँड़िरहनु भएको थियो।
उहाँ डुङ्गा भए तर्फ आउनु भयो। चेलाहरू डराए। २०तर
येशूले तिनीहरूलाई भन्नु भयो, "नडराउ, यो म हुँ।"
२१जब उहाँले तिनीहरूसँग बात गर्नुभयो उहाँलाई डुङ्गामा
ल्याउन पाँउदा तिनीहरू आनन्दित भए। तब डुङ्गा
जमीनतिर आई पुग्यो जुन ठाउँमा तिनीहरू पुग्न चाहन्थे।

## मानिसहरूले येशूलाई खोजे

२२अर्को दिन आई पुग्यो। कोही मानिसहरू समुद्रको
अर्को किनारतिर बसेका थिए। येशू अब आफ्ना
चेलाहरूसँग जानु भएन भन्ने कुरा ती मानिसहरूले
थाहा पाए, तर तिनीहरू आफै छोड़ीए। तिनीहरूले पनि
थाहा पाए त्यहाँ एउटा मात्र डुङ्गा थियो। २३तर
तिबेरियासबाट केही डुङ्गाहरू आए। ती डुङ्गाहरू त्यही
ठाँउ नजिक थामिए जहाँ परमप्रभुले परमेश्वरलाई
धन्यवाद दिए पछि त्यो भीड़ले रोटी खाएको थियो।
२४ती मानिसहरूले त्यहाँ अब न त येशू न उहाँका
चेलाहरू नै देखे। यसर्थ तिनीहरू डुङ्गाहरू लिएर
कफर्नहुमतिर लागे। किनभने तिनीहरू येशूलाई भेटन
चाहन्थे।

## येशू जीवनको रोटी हुनुहुन्छ

२५मानिसहरूले येशूलाई समुद्र पट्टि देखे। तिनीहरूले
उहाँलाई सोधे, "गुरूज्यू, तपाईं यहाँ कहिले आई पुग्नु
भयो?" २६उहाँले उत्तर दिनु भयो, "तिमीहरूले मलाई
किन खोजिरहेछौ? के मेरो चमत्कारहरू जसले मेरो
शक्तिको प्रमाण दिन्छ देखे पछि मलाई खोजीरहेका छौ?
अहँ! म सत्य भन्छु, तिमीहरूले मलाई खोजेको कारण
के हो भने तिमीहरूले रोटी खायौ र पुरा अघायौ।
२७जुन खाद्य नष्ट हुन्छ त्यसको निम्ति काम नगर तर
जुन खाद्य नष्ट हुँदैन अनि अनन्त जीवन दिन्छ त्यसको

निम्ति काम गर। मानिसको पुत्रले तिमीहरूलाई त्यस्तो खाद्य दिनु हुन्छ। पिताले देखाएका छन् कि उनी मानिसका पुत्र सँग छन्।"

[२८]मानिसहरूले येशूलाई सोधे, "परमेश्वरले हामीबाट कस्तो प्रकारको काम चाहनु हुन्छ।"

[२९]येशूले उत्तर दिनुभयो, "परमेश्वरले तिमीहरूबाट कस्तो काम चाहनुहुन्छ भने तिमीहरू उहाँले पठाउनु भएको एक माथि विश्वास गर्नु पर्छ।"

[३०]तब मानिसहरूले सोधे, "तपाँईं परमेश्वरले पठाएको प्रमाण दिनलाई एक हो भन्ने के चमत्कार गर्नु सक्नु हुन्छ? यदि हामीले तपाँईंको चमत्कार देख्यौ भने तब तपाईं माथि विश्वास गर्नेछौं। तपाईं के गर्नु हुनेछ? [३१]मरूभूमिमा हाम्रा पूर्खाहरूले मन्न खाए। यो धर्मशास्त्रमा लेखिएको छ, 'परमेश्वरले स्वर्गबाट रोटी खानलाई दिनुभयो।'*"

[३२]येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्छु। मोशा तिनी एक होइनन् जसले तिमीहरूलाई स्वर्गबाट रोटी दिए। तर मेरा पिताले तिमीहरूलाई स्वर्गबाट साँचो रोटी दिनुहुन्छ। [३३]परमेश्वरको रोटी के हो? परमेश्वरको रोटी भनेको त्यो चीज हो जुन स्वर्गबाट आर्लेर संसारलाई जीवन दिनुहुन्छ।"

[३४]मानिसहरूले भने, "प्रभु, त्यो रोटी हामीलाई सँधै दिनुहोस्।"

[३५]तब येशूले भन्नुभयो, "म त्यो रोटी हुँ जसले जीवन दिँदछ। जुन व्यक्ति मेरोमा आउँदछ उ कहिल्यै भोको हुँदैन। जुन व्यक्तिले ममाथि विश्वास गर्दछ उ कहिल्यै तिर्खाउँदैन। [३६]तर मैले तिमीहरूलाई भनिसकेको छु कि यद्यपि मलाई देखेका छौ तापनि तिमीहरूले मलाई विश्वास गर्दैनौ। [३७]जुन मानिसहरू पिताले मलाई दिनुहुन्छ मकहाँ आउने छन्। मकहाँ जो आँउछन् म कसैलाई पनि फर्काउने छुइन। [३८]परमेश्वरले जे चाहनु हुन्छ त्यो काम गर्न म स्वर्गबाट आएको हु। मैले चाहेको काम गर्नलाई म आएको होइन। [३९]मैले कसैलाई पनि गुमाउनु हुँदैन जुन परमेश्वरले मलाई दिनुभयो अनि अन्तिम दिनमा मैले तिनीहरूलाई जीवनमा उठाउनु पर्छ। उहाँ एक जसले मलाई पठाउनु भयो, उहाँको यही इच्छा हो। [४०]प्रत्येक मानिस जसले परमेश्वरका पुत्रलाई चिने र विश्वास गरे तिनीहरूले अनन्त जीवन पाए। म तिनीहरूलाई अन्तिम दिनमा उठाउने छु। यो मेरा पिता परमेश्वरको इच्छा हो।"

[४१]यहूदीहरूले येशूको विषयमा गुनासो प्रकट गर्न शुरु गरे। येशूले भन्नु भएको थियो, "म नै रोटी हुँ जुन स्वर्गबाट तल आएकोछ।" [४२]यहूदीहरूले भने, "यो येशू हो। हामी उहाँका बाबु-आमा चिन्दछौं। उ यूसुफको छोरो हो। उसले कसरी भन्न सक्छ, 'म स्वर्गबाट तल आएको हुँ?'

[४३]तर येशूले भन्नु भयो, "एकाअर्कामा गनगनाउनु बन्द गर। [४४]पिता एक हुनुहुन्छ जसले मलाई पठाउनु भयो अनि मानिसहरूलाई म समक्ष ल्याईदिनु हुन्छ। तिनीहरूलाई म अन्तिम दिनमा जीवनमा उठाउने छु। कोही पनि आफ्नो मर्जीले आउन सक्तैन। केवल पिताले मात्र मकहाँ ल्याइदिनु सक्नुहुन्छ। [४५]अगमवक्ताहरूले लेखे: 'परमेश्वरले सबैलाई सिकाउनु हुनेछन्।'* मानिसहरू जसले पितालाई सुन्नेछन् अनि उहाँबाटै सिक्ने छन् मकहाँ आउनेछन्। [४६]मैले यो भन्न खोजेको होइन कि पितालाई कसैले देखेकाछन्। तिनी मात्र एक हुन जो पिताबाट आएकाछन् जसले पितालाई देखेका छन्। [४७]म तिमीहरूलाई साँचो भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन हुनेछ। [४८]म रोटी हुँ जसले जीवन प्रदान गर्दछ। [४९]तिमीहरूका पुर्खाहरूले मरुभूमिमा मन्ना खाए तरै पनि अन्य मानिसहरू जस्तै तिनीहरू मरे। [५०]म त्यो रोटी हुँ जो स्वर्गबाट आयो। यदि कुनै व्यक्तिले यो रोटी खाँदछ भने उ कहिल्यै मर्दैन। [५१]म जिउँदो रोटी हुँ जो स्वर्गबाट आएको हो। जो व्यक्तिले त्यो रोटी खाँदछ उ अनन्त सम्म बाँच्दछ। यो रोटी मेरो शरीर हो। म दिनेछु ताकि संसारका मानिसहरूले जीवन पाउने छन्।"

[५२]तब यहूदीहरूको आपसमा वादविवाद शुरू भयो। तिनीहरूले भने, "यो मान्छेले कसरी आफ्नो शरीर खान दिन्छ?"

[५३]येशूले भन्नु भयो, "म साँचो भन्छु। तिमीहरूले मानिसको पुत्रको शरीर खानै पर्छ। उसको रगत पिउनु नै पर्छ। यदि तिमीहरूले त्यसो गरेनौ भने तिमीहरूले जीवन पाउने छैनौ। [५४]तर जसले मेरो शरीर खान्छ र रगत पिउँछ उसको जीवन अमर हुन्छ। अन्तिम दिनमा म उसलाई उठाउनेछु। [५५]मेरो शरीर साँचो भोजन हो। मेरो रगत साँचो पिउने कुरा हो। [५६]जसले मेरो शरीर

---

**'परमेश्वरले ... दिनुभयो'** भजनसंग्रह ७८:२४।

**'परमेश्वरले ... हुनेछन्'** यशैया ५४:१३।

खान्छ र रगत पिउँदछ तब त्यो व्यक्ति म भित्र र म उ
भित्र हुनेछ। ५७जीवित पिताले मलाई पठाएका हुन्।
उहाँको कारणले म बाँच्छु। यसर्थ जसले मलाई खाँदछ
मेरो कारणले पनि ऊ बाँच्ने छ। ५८म त्यो रोटी जस्तो
होइन जुन हाम्रा पुर्खाहरूले मरूभूमिमा खाए औ अन्य
मानिसहरू सरह मरे। म स्वर्गबाट आएको त्यो रोटी हुँ।
उ जसले यो रोटी खाँदछ, अनन्त बाँच्ने छ।" ५९येशूले
ती कुराहरू त्यतिबेला गर्नुभयो जब उहाँ कफर्नहुम
नगरको यहूदीहरूको एक सभाघरमा सिकाउनु हुँदैथ्यो।

### धेरै चेलाहरूले येशूलाई छाड़े

६०धेरै येशूका चेलाहरूले यस्तो सुनेपछि भने, "यो
शिक्षा बुझ्न गाह्रो छ। कसले यो शिक्षा ग्रहण गर्न
सक्छ?"

६१येशूले चेलाहरू गन्गनाउँदैछन् भन्ने थाहा पाउनु
भयो। तिनीहरूलाई भन्नुभयो, "के यस शिक्षाले तिमीहरूलाई
ठेस लाग्छ? ६२तब तिमीहरूले मानिसको पुत्रलाई जहाँ
उ पहिले थियो, त्यहाँ जाँदै गरेको देख्यौ भने के हुन्छ?
६३त्यो आत्मा हो जसले मानिसलाई जीवन दिन्छ।
शरीरबाट केही फाईदा छैन। म जो चीज तिमीहरूलाई
भन्छु त्यो आत्मा हो तिनीहरूले जीवन दिन्छ। ६४तर
तिमीहरू मध्ये कसैले विश्वास गर्दैनौ।" येशूलाई शुरूबाट
नै थाहा थियो कस कसले विश्वास गरेनन् औ कसले
धोका दिन्छ। ६५येशूले भन्नु भयो "त्यसैले मैले भनेकोछु
'पिताले अनुमति नदिए सम्म कोही पनि म भएकोमा
आउन सक्तैन।'"

६६जब येशूले त्यसो भन्नुभयो, उनका धेरै चेलाहरू
पछि हटे र उहाँको पछि लाग्न छाड़े।

६७येशूले बाह्रजना चेलाहरूलाई भन्नुभयो, "तिमीहरू
पनि छाड्न चाहन्छौं?"

६८शिमोन पत्रुसले उहाँलाई जवाब दिए, "परमप्रभु
हामी कसकोमा जाऔँ? तँपाईकोमा शिक्षा छ जसले
अनन्त जीवन दिन्छ। ६९हामी तपाईं माथि विश्वास
गर्छौं। हामी जान्दछौ कि तपाईं मात्र एक पवित्र हुनुहुन्छ
जो परमेश्वरबाट आउनु भएको हो।"

७०तब येशूले उत्तर दिनुभयो, "मैले तिमीहरू बाह्रजनालाई
चुन्छु। तर पनि तिमीहरूमा एकजना दुष्ट छ।"

७१येशूले यहूदाको विषयमा भनिरहेका थिए। यहूदा
शिमोन इस्करियोतको छोरो थिए। यहूदा ती बाह्र
चेलाहरू मध्येका एकजना थिए। किनभने उसले उहाँलाई
धोका दिनेवाला थिए।

### येशू र उहाँका भाइहरू

७ यो घटनापछि, येशूले गालील देशको चारैतिर यात्रा
गर्नुभयो। येशूले यहूदियामा भ्रमण गर्नु चाहानु भएन
किनभने यहूदीहरूले उहाँलाई मार्ने मौका खोजी रहेका
थिए। २त्यसबेला यहूदीहरूको छाप्रो वासको चाड़*
थियो। ३तब येशूका भाइहरूले उहाँलाई भने, "तपाईले
यता छोड़ेर यहूदाको पर्वमा जानुपर्छ। तब तपाईंका
चेलाहरूले त्यहाँ तपाईंले गर्नु भएका महान कार्य देख्न
सक्ने छन्। ४यदि कसैले आफूलाई जनसमूह माझ
प्रकाश गर्न चाहन्छ भने, उसले आफ्नो काम गुप्तीरूपले
गर्नु हुँदैन। संसारलाई आफू स्वयंले देखाऊ। तिमीले
गरेका चमत्कारहरू तिनीहरूले देखुन्।" ५(येशूका
भाइहरूले सम्म उहाँमाथि विश्वास गर्दैन थिए।) ६येशूले
उहाँका भाइहरूलाई भन्नुभयो, "मेरो निम्ति ठीक समय
अझै आईपुगेको छैन। तर कुनै समय पनि तिमीहरूका
लागि जानेबेला आउँछ। ७संसारले तिमीहरूलाई घृणा
गर्न सक्तैनन्। तर यो संसारले मलाई घृणा गर्छ। किनभने
मैले तिनीहरूलााई तिनीहरूका कामहरू दुष्ट छन् भनी
देखाएँ। ८यसर्थ तिमीहरू पर्वमा जाऊ। म पर्वमा यस
पल्ट जाँदिन। मेरो निम्ति ठीक समय अझै आएको
छैन।" ९त्यति भनिसकेपछि, उहाँ गालीलमा नै बस्नु
भयो।

१०तब येशूका भाइहरू पर्वतिर गए। तब उहाँपनि
पर्वमा जानुभयो। तर येशू खुल्लम खुल्ला त्यहाँ जानुभएन,
तर गुप्तरूपले जानुभयो। ११त्यो पर्वमा यहूदीहरूले
येशूलाई खोजे। तिनीहरूले भने, "त्यो मानिस कहाँ छ?"

१२त्यहाँ धेरै मात्रामा मानिसहरूका घुइँचो थियो।
तिनीहरू मध्ये कोहीले येशूको विषयमा गुप्त प्रकारले
कुरा गरिरहेका थिए। कतिपय मानिसहरूले भने, "उहाँ
एक असल मानिस हुनु हुन्छ।" तर कतिपयले भने,
"होइन, मानिसहरूलाई मूर्ख बनाउँदछ।" १३तर कसैको
पनि येशूको विषयमा खुल्लम खुल्ला प्रकारले कुरा गर्ने
आँट थिएन। मानिसहरू यहूदी अगुवाहरूसँग डराउँदथे।

---

**छाप्रो वासको चाड** मोशाको समयमा यहूदीहरूका आफ्ना मानिसहरू मरूद्यानमा अल्मलिरहेको ४० दिनसम्मको संझना गर्ने दिन हो। यो पर्व जुन प्रत्येक वर्ष यहूदीहरूले मनाउँदछन्। यहाँ 'यहूदीहरूका विश्रामको पर्व' भनेर अनुदित छ।

### येशूले यरूशलेममा शिक्षा दिनुभयो

१४त्यो पर्व आधा जस्तो सिद्धिन थालेको थियो। तब
येशू मन्दिरको प्राङ्गणमा जानुभयो अनि मानिसहरूलाई
सिकाउनु शुरू गर्नुभयो। १५यहूदीहरू छक्क परे। तिनीहरूले
भने, “यो मानिस कहिल्यै स्कूलमा पढेन उसले कसरी
यति विघ्न कुराहरू जाने?”

१६येशूले जवाफमा भन्नु भयो, “जुन कुराहरू म
पढ़ाइरहेछु त्यो मेरो आफ्नै होइन। मेरो शिक्षा उहाँबाट
आउँदछ जसले मलाई पठाउनु भयो। १७यदि कुनै
व्यक्तिले परमेश्वरको इच्छा अनुसार काम गर्न चाहन्छ
भने तब उसले मेरो शिक्षण परमेश्वरबाटै आँउछ भनी
बुझ्नेछ। यो मेरो आफ्नै शिक्षण होइन भनेर उसले
जान्दछ। १८कुनै व्यक्ति जसले आफ्नो विचार मात्र
बताउँदछ उसले आफै मात्र सम्मान पाउनलाई प्रयास
गर्दछ। तर जुन व्यक्ति जसले आफूलाई पठाउने को
सम्मान ल्याउने प्रयास गर्दछ उसले सत्य बोल्दछ। अनि
उसकोमा केही असत्य रहने छैन। १९के मोशाले
तिमीहरूलाई व्यवस्था प्रदान गर्नु भएन? तर तिमीहरू
कसैले ती व्यवस्था पालन गरेनौ। किन तिमीहरू मलाई
मार्न चाहन्छौ?”

२०मानिसहरूले जवाब दिए, “एक भूतआत्मा तिमीभित्र
छ र त्यसले तिमीलाई बौलाहा बनाएको छ। कसले
तिमीलाई मार्न चहान्छ?”

२१येशूले तिनीहरूलाई भन्नुभयो, “मैले एक चमत्कार
गरेँ र तिमीहरू सबै छक्क पर्‍यौ। २२मोशाले तिमीहरूलाई
खतनाको बारेमा नियम प्रदान गर्नुभयो। तर खासमा
खतनाको नियम मोशाबाट आएको होइन। खतना हाम्रो
पिता पुर्खाबाट आएको हो जो मोशा भन्दा अगाड़ि
थिए। कहिले काँही शबाथको दिनमा तिमीहरू एक
शिशु को खतना गर्छौ। २३यसले के देखाउँछ भने
एकजना व्यक्तिले मोशाको नियम उलङ्घन नहोस् भनी
शबाथको दिनमा खतना लिन सक्छ। तब मैले शबाथकै
दिनमा एकजना व्यक्तिको सम्पूर्ण शरीर निको पार्दा
तिमीहरू मसित किन रिसाउँछौ? २४बाहिरी रूपलाई
जाँच गर्न छाड़ी देऊ। निष्पक्ष बन र सत्य अनुसार जांच
गर।”

### येशू नै ख्रीष्ट हो भनेर मानिसहरू छक्क परे

२५यरूशलेमका कोही बासिन्दाहरूले भने, “यो त्यही
मानिस होइन जसलाई मानिसहरूले मार्ने चेष्टा
गरिरहेकाछन्?” २६हेर, तिनी खुल्लम खुल्ला शिक्षा
दिइरहेका छन्। यद्यपि कसैले उहाँलाई शिक्षा दिन रोक्ने
चेष्टा गरिरहेका छैनन। के अग्रजहरूले उनी नै ख्रीष्ट
हुन भन्ने निर्णय गरे?” २७तर हामी जान्दछौ उहाँ कहाँ
बाट आएका हुन। जब ख्रीष्ट आउनु हुनेछ, उहाँ
कहाँबाट आउनु हुन्छ कसैलाई थाहा हुँदैन।”

२८येशूले मन्दिरको प्राङ्गणमा शिक्षा दिइरहनु भएको
थियो। येशूले ठूलो स्वरमा भन्नु भयो, “हो, तिमीहरू म
को हुँ र कहाँबाट आएको हो भनेर जान्दछौ। तर म
आफ्नै अधिकारबाट आएको भने होइन। मलाई कसैले
पठाएका हो जो सत्य हुनुहुन्छ। तिमीहरू उहाँलाई
जान्दैनौ। २९तर म मात्र उहाँलाई जान्दछु अनि म
उहाँबाटै आएको हुँ। उहाँले नै मलाई पठाउनु भएको
हो।”

३०जब येशूले त्यसो भन्नुभयो, मानिसहरूले उहाँलाई
पक्रन चाहन्थे तर कसैले पनि उहाँलाई छुनसम्म
सकेनन्। येशूलाई अहिले नै मारि हाल्नु पर्ने ठीक समय
भएको थिएन। ३१तर धेरै जनाले येशूमा विश्वास गरे।
मानिसहरूले भने, “हामी ख्रीष्ट आउनु हुन्छ भनेर
पर्खिरहेका छौ। जब ख्रीष्ट आउनु हुनेछ तब उहाँले यो
मानिसले भन्दा अझ बढ़ी चमत्कारहरू गर्न सक्नछन्?
होइन, अत: यही मान्छे ख्रीष्ट हुनुपर्छ।”

### यहूदीहरूले येशूलाई पक्रने प्रयास गरे

३२फरिसीहरूले येशूको विषयमा मानिसहरूले
गुप्तीरूपमा कुराहरू गरेको सुने। यसैले प्रमुख पूजाहारीहरू
र फरिसीहरूले येशूलाई पक्रन मन्दिरको कोही प्रहरीहरूलाई
पठाए। ३३तब येशूले भन्नुभयो, “अब केही क्षण म
तिमीहरू सँग बस्नेछु। तब म उहाँकोमा जानेछु जसले
मलाई पठाउनु भयो। ३४तिमीहरूले मलाई खोज्ने छौ,
तर तिमीहरूले मलाई भेट्‌ने छैनौ। अनि जहाँ म हुन्छु
त्यस ठाउँमा तिमीहरू आउन सक्नेछैनौ।”

३५यहूदीहरूले आपसमा भने, “उ कहाँ जानेछ कि
हामीले उसलाई भेटन सक्ने छैनौं? के उ यूनानीहरूमा
जानेछ जहाँ हाम्रा मानिसहरू वस्दछन्? के तिनी यूनानी
मानिसहरूलाई शिक्षा दिन जानेछन्? ३६उसले भन्छ,
‘तिमीहरूले खोज्यौ भने पनि मलाई भेट्ने छैनौ।’ उसले
यसो पनि भन्दछ, ‘म जहाँ छु तिमीहरू त्यहाँ आउन
सक्तैनौ।’ यसको अर्थ के हो?”

### पवित्र आत्माको विषयमा येशूले भन्नु हुन्छ

३७पर्वको अन्तिम दिन थियो। यो एकदमै मुख्य दिन थियो। त्यसदिन येशू उभिनु भयो र ठूलो स्वरमा भन्नुभयो, "यदि कुनै मानिसहरूलाई तीर्खा लागेको छ भने मकहाँ आऊ र पिऊ। ३८यदि कुनै व्यक्तिले मलाई विश्वास गर्छ भने, उसको हृदयबाट जिउँदो पानी बग्ने छ। धर्मशास्त्रमा यही लेखिएकोछ।" ३९येशूले वास्तवमा पवित्र आत्माको विषयमा बताइरहनु भएको थियो। आत्मा मानिसहरूलाई अझसम्म दिइएको थिएन किनभने येशू अझसम्म मरेको छैन अनि गौरवतर्फ नै उठेको छैन। तर पछि, ती जसले येशूमा विश्वास गरे आत्मा पाउने छन्।

### येशूको विषयमा मानिसहरूको वादविवाद

४०मानिसहरूले येशूले भन्नु भएका ती कुराहरू सुने। कोही मानिसहरूले भने, "यो मानिस साँच्ची नै अगमवक्ता हो।"

४१अन्य मानिसहरूले भने, "उनी ख्रीष्ट हुन्।"

अन्यहरूले भने, "ख्रीष्ट गालीलबाट आएको होइन। ४२धर्मशास्त्र अनुसार ख्रीष्ट दाऊदको परिवारबाट आउने छन्। अनि अझ धर्मशास्त्रले भन्दछ कि ख्रीष्ट बेतलेहेमबाट आउने छन्, त्यो शहर जहाँ दाऊद बस्थे।" ४३तब येशूको विषय लिएर परस्परमा तिनीहरू सहमती भएनन्। ४४कोही मानिसहरूले येशूलाई पक्रन चाहन्थे। तर कसैले पनि तिनीमाथि आफ्ना हात हालेनन्।

### यहूदी अगुवाहरूले विश्वास गर्न अस्वीकार गरे

४५मन्दिरको पहरेदार, प्रमुख पूजाहारीहरू र फरिसीहरू भए कहाँ फर्के। तिनीहरूले मन्दिरका पहरेदारलाई सोधे, "तिमीले किन येशूलाई ल्याएनौ?"

४६मन्दिरका पहरेदारले उत्तर दियो, "कुनै व्यक्तिले पनि अझ सम्म यस प्रकारले शिक्षा दिएको छैन!"

४७फरिसीहरूले उत्तर दिए, "तब तिमीहरू पनि मूर्ख बनियौ। ४८अगुवाहरू कसैले येशूमा विश्वास गरेको छ, यही होइन? कुनै फरिसीहरूले उसमाथि विश्वास गरेको छ?.होइन! ४९तर ती मानिसहरू जो बाहिर छन् जसले व्यवस्थाको नियमको विषयमा केही पनि जान्दैनन् तिनीहरूले मात्र उहाँलाई विश्वास गरेकाछन्। परमेश्वरले तिनीहरूलाई श्राप दिनु भएको छ।"

५०तर निकोदिमस् ती अगुवाहरूमध्ये एकजना थिए। निकोदेमस त्यो व्यक्ति थियो जो येशूलाई हेर्न पहिल्यै गएको थियो उनले भने, ५१"हाम्रो व्यवस्थाले उबाट पहिले नसुनी तथा उसले के गरेकोछ नजानी एक व्यक्तिलाई दण्ड दिनु हामीलाई अनुमति दिँदैन।"

५२यहूदी अगुवाहरूले उत्तर दिए, "तिमी पनि गालीलीबाटै आएको हौ? धर्मशास्त्र अध्ययन गर अनि तिमीले जान्ने छौ कि कुनै पनि अगमवक्ता गालीलबाट आउँदैन्।"

---

*(यूहन्नाको यी पदहरू ७:५३-८:११ सम्म सबैभन्दा पुरानो र असल यूनानी लिपीहरूमा पाइदैंन।)*

### व्यभिचारमा आईमाई समातियो

५३सबै यहूदी अगुवाहरू घर गए।

८ येशू जैतून डाडाँमा जानुभयो। २बिहानै येशू मन्दिर तर्फ फर्कनुभयो। सबै मानिसहरू येशूकहाँ आए। येशू बस्नु भयो र तिनीहरूलाई सिकाउनु भयो। ३उ व्यवस्थाका शिक्षकहरू र फरिसीहरूले एकजना आईमाईलाई त्यहाँ ल्याए। त्यस आईमाईले व्यभिचार गरिरहेको बेला समातिएकी थिई। ती यहूदीहरूले त्यस आईमाईलाई बलजफ्ती जनसमूह समक्ष ल्याए। ४तिनीहरूले येशूलाई भने, "गुरूज्यू, यस आईमाई पर-पुरुषसँग यौन सम्बन्धमा रहेको बेला समातिई। ५मोशाको व्यवस्थाले आदेश गर्दछ कि यस्तो आईमाईलाई ढुंगाले हानेर मार्नु पर्छ। अब तपाईं के भन्नु हुन्छ?" ६यहूदीहरूले येशूलाई जालमा पार्नका निम्ति त्यस्ता प्रश्नहरू गरिरहेका थिए। तिनीहरू येशूले गल्ती कुरा गरोस् भन्ने चाहन्थे। ताकि तिनीहरूले उहाँलाई आरोप लगाउन सकु। तर येशू निहुरनु भयो र आफ्ना औंलाले जमीनमा लेख्न थाल्नु भयो। ७यहूदीहरूले लगातार त्यही प्रश्न येशूलाई सोधिरहें। तब येशू उभिनु भयो अनि भन्नुभयो, "तिमीहरू माझमा कुनै एक व्यक्ति जो पाप रहित छ त्यो व्यक्ति उसलाई ढुङ्गा हान्नु प्रथम व्यक्ति हुनुपर्छ।" ८तब फेरि येशू निहुँरनु भयो र जमीनमा लेख्नु भयो।

९जब येशूले भनेको तिनीहरूले सुने तिनीहरू एक पछि अर्को गर्दै त्यहाँबाट जान थाले। बूढा मानिसहरूले पहिला छाड़े र त्यसपछि अरूअरूले छाड्दै गए। येशू एक्लो छाड़िनु भयो त्यस आईमाईसँग। त्यस आईमाई उहाँ समक्ष उभिरहेकी थिई। १०येशू उठनु भयो अनि

तिनलाई सोध्नु भयो, "नारी, तिनीहरू कहाँ छन्? तिनीहरू कसैले तिमीलाई दोषी ठहराउन सकेनन्?"

[११]उसले भनी, "महोदय, मलाई कसैले दोषी ठहऱ्याउन सकेन।"

तब येशूले भन्नुभयो, "तब म पनि तिमीलाई दोषी ठहऱ्याउँदिन, तिमी जान सक्छौ, तर फेरि पाप नगर्नू।"

## येशू संसारको ज्योति हुनुहुन्छ

[१२]त्यसपछि, येशू फेरि मानिसहरूसँग कुराकानी गर्न थाल्नु भयो। उहाँले भन्नुभयो, "म संसारको ज्योति हुँ। जुन व्यक्ति मेरो पछि लाग्दछ उ कहिल्यै अन्धकारमा पर्ने छैन। त्यस व्यक्तिले ज्योति पाउने छ जसले जीवन प्रदान गर्दछ।"

[१३]तब फरिसीहरूले येशूलाई भने, "तपाँई आफै आफ्नु साक्षी दिइरहनु भएको छ। यसर्थ तपाँईको साक्षी अमान्य ठहरिन्छ।"

[१४]येशूले जवाब दिनुभयो, "हो, यदि मैले यी कुराहरू आफ्नै विषयमा भनि रहेको छु। तर मैले भनेका कुरा सत्य हुन्। किनभने म जान्दछु म कहाँबाट आएको हुँ र कहाँ जान्छु। म तिमीहरू जस्तो होइन। तिमीहरू जान्दैनौ म कहाँबाट आएँ र कतातिर गइरहेछु।
[१५]तिमीहरूले मलाई अन्यमानिसलाई सरह न्याय गर्दैछौ। म कुनै व्यक्तिलाई न्याय गर्दिनँ। [१६]तर यदि मैले न्याय गरें भने, मेरो न्याय सत्य हुनेछ। किन? किनभने जब म न्याय गर्दछु म एक्लो हुन्न। पिता जसले मलाई पठउनु भयो उहाँ मसँग हुनुहुन्छ। [१७]तिमीहरूको आफ्नै व्यवस्था छ कि यदि दुइ जना गवाहीले एउटै कुरा भन्यो भने तिमीहरूले स्वीकार गर्नैपर्छ। [१८]म त्यस्तै एक गवाही हुँ जसले आफ्नै विषयमा भन्दछ। अनि पिता जसले मलाई पठाउनु भयो उहाँ अर्को गवाही हुनुहुन्छ।"

[१९]मानिसहरूले सोधे, "तपाईंको पिता कहाँ छ?"

येशूले जवाबमा भन्नुभयो, "तिमीहरूले मलाई अथवा मेरो पितालाई चिन्दैनौ। यदि तिमीहरूले मलाई चिन्दछौ भने, तिमीहरूले मेरो पितालाई पनि चिन्दछौ।" [२०]येशूले यी कुराहरू मन्दिरमा सिकाई रहनु भएको बेलामा भन्नुभयो। उहाँ त्यस ठाउँको छेवमा हुनुहुन्थ्यो जहाँ सबै जना मानिसहरू भेटी चढाउन आउँथे। तर कुनै व्यक्तिले पनि उहाँलाई पक्रेनन्। येशूको ठीक समय अझ आइपुगेको थिएन।

## येशूको विषयमा यहूदीहरूले बुझेनन्

[२१]फेरि, येशूले मानिसहरूलाई भन्नुभयो, "म तिमीहरूलाई छोड़ेर जानेछु। तिमीहरूले मलाई खोज्ने-छौ, तर तिमीहरू आफ्नै पापले मर्नेछौं। जहाँ म गइरहेछु त्यहाँ तिमीहरू आउन सक्तैनौ।"

[२२]तब यहूदीहरूले आपसमा सोधे, "के येशूले आफैलाई मार्नेछ? के यसको अर्थ यो हो जब उहाँले भन्नु भयो, "'जहाँ म गइरहेको छु त्यहाँ तिमीहरू आउन सक्तैनौ?"'

[२३]तर येशूले ती यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू यहाँ तलबाट आएका हौ। तर म माथिबाट आएको हुँ। तिमीहरू यस संसारका हौ, तर म यस संसारको होइनँ।
[२४]मैले भनिसकें तिमीहरू आफ्नै पापहरूमा मर्नेछौं। हो, तिमीहरू आफ्नै पापहरूमा मर्नेछौ, यदि तिमीहरूले मलाई म उही हो* भनेर विश्वास गरेनौ भने।"

[२५]यहूदीहरूले सोधे, "तब तिमी को हौ?"

येशूले जवाब दिनुभयो, "शुरूदेखि नै मैले तिमीहरूलाई जे भनिरहेछु म त्यही हुँ। [२६]तिमीहरूका विषयमा मलाई धेरै कुराहरू भन्नु छ। तिमीहरूलाई म तिम्रो न्याय गर्न सक्थें, तर उहाँ एक जसले मलाई पठाउनु भयो सत्य उहाँ नै हुनुहुन्छ। उनैकोबाट जे कुरा मैले सुने ती कुरा हरू बोल्छु।"

[२७]येशू कुन विषयमा कुरा गरिरहेछन् भनेर मानिसहरूले बुझ्दैनन्। येशूले तिनीहरूलाई पिताको विषयमा भनिरहनु भएको थियो। [२८]यसैले येशूले मानिसहरूलाई भन्नुभयो, "तिमीहरूले मानिसको पुत्रलाई उठाउने छौं त्यतिबेला मात्र म उही हुँ भनेर तिमीहरू जान्ने छौ। तिमीहरूले जान्नेछौं कि जुन कुराहरू म गरिरहेछु त्यो मेरो आफ्नै अधिकारबाट गरेको होइन। तिमीहरूले जान्नेछौ कि मैले जे जति कुराहरू भन्दैछु त्यो पिताबाट मैले जानेको हो।
[२९]परमेश्वर जसले मलाई पठाउनु भयो उहाँ मसँग हुनुहुन्छ। म सधैं त्यही कुरा गर्दछु जसले उहाँलाई खुशी दिँदछ। यसैले उहाँले मात्र मलाई एकलै छोडनु भएन।"
[३०]जब येशूले यी कुराहरू गरिरहनु भएको थियो, धेरै मानिसहरूले उहाँलाई विश्वास गरे।

---

**म उही हो** यसको अर्थ 'म येशू हुँ' हुन्छ यसैले यहाँ अनुवादमा 'म उही हुँ' गरिएको छ।

## येशूले मुक्त हुने विषय बताउनु हुन्छ

३१तब येशूले भन्नुभयो कि यहूदीहरू जसले उहाँमा
विश्वास गरे, “यदि तिमीहरूले लगातार मेरो शिक्षाहरू
पालन गरिरह्यौ भने तिमीहरू साँच्चै मेरो चेलाहरू हौं।
३२तब मात्र तिमीहरूले सत्य जान्नेछौ। अनि सत्यले
तिमीहरूलाई मुक्ति गराउने छ।”

३३यहूदीहरूले जवाब दिए, “हामी अब्राहामका सन्तान
हौं। अनि हामी कहिल्यै कसैको दास भएका छैनौ। तब
किन भन्छौ, ‘तिमी,’ स्वतन्त्र हुनेछौ?”

३४येशूले जवाब दिनुभयो, “म साँचो भन्दछु। प्रत्येक
मानिस जसले लगातार पाप गर्छ उ पापको दास हो।
पाप उसको मालिक हो। ३५दास सदैव मालिकको
परिवारसँग बस्दैन। तर छोरो सधैं परिवारसँग बस्छ।
३६यसर्थ जब पुत्रले तिमीहरूलाई स्वतन्त्र पार्दछ, तब
तिमीहरू सत्यरूपमा स्वतन्त्र हुनेछौ। ३७म जान्दछु तिमीहरू
अब्राहामका सन्तान हौ। तर तिमीहरू मलाई मार्न
चाहन्छौ। किन? किनभने तिमीहरू मेरो शिक्षा स्वीकार
गर्न चाहँदैनौ। ३८म भनिरहेछु कि जे पिताले मलाई
देखाउनु भयो तर तिमीहरूले त्यो काम गर्दछौ जो तिम्रा
पिताबाट तिमीहरूले सुन्यौ।”

३९यहूदीहरूले भने, “हाम्रा पिता अब्राहाम हुन्।”

येशूले भन्नुभयो, “यदि तिमीहरू साँच्चि नै अब्राहामका
सन्तानहरू हुँदो हो ता तिमीहरूले त्यही कुराहरू गर्ने
थियौ जुन कुरो अब्राहामले गरे। ४०म मानिस हुँ जसले
परमेश्वरबाट सुनेको सत्य बताए। तर तिमीहरू मलाई
मार्ने प्रयास गर्छौ। अब्राहामले त्यस्ता कुरा गरेनन्।
४१तब तिमीहरूले त्यही कुराहरू गरिरहेकाछौं जो तिम्रा
आफ्नै पिताले गर्छन।”

तर यहूदीहरूले भने, “हामी त्यस्ता अवैद्य बालकहरू
होइनौं जसले कहिल्यै पनि आफ्ना पिता को थिए
जानेनौ। परमेश्वर नै हाम्रा पिता हुन्। हाम्रा अरू पिता
छैनन्।”

४२येशूले ती यहूदीहरूलाई भन्नु भयो, “यदि परमेश्वर
साँच्चै तिमीहरूका पिता भएको भए तिमीहरूले मलाई
प्रेम गर्ने थियौ। म परमेश्वरबाटै आएको हुँ, र म यहाँ
छु। म आफ्नै अधिकारबाट आएको होइन। परमेश्वरले
मलाई पठाउनु भयो। ४३तिमीहरूले यी कुराहरू किन
बुझ्दैनौ. जो म सिकाउँछु? किनभने तिमीहरूले मेरो
शिक्षा स्वीकार गर्न सक्तैनौं। ४४तिमीहरूका पिता शैतान
हो। तिमीहरू उसका सन्तान हौ। उसले जे चाहान्छ
तिमीहरू त्यही गर्दछौ। शैतान आदिकालदेखि नै हत्यारा
थियो। उ सधैं सत्यको विरुद्ध छ अनि उ भित्र सत्य
छैन। जब उ झूठो बोल्छ तब उसले त्यो झूठो
स्वभाविक रूपले बोल्छ हो शैतान असत्यवादी अनि
असत्यको पिता हो। ४५म साँचो भन्दछु। त्यसैले तिमीहरू
मलाई विश्वास गर्दैनौ। ४६म पापको दोषी छु भनेर
तिमीहरूमा कसले प्रमाण दिन सक्छौं? म तिमीहरूलाई
सत्य भन्दछु किन तिमीहरू मलाई विश्वास गर्दैनौ?
४७जो परमेश्वरको हो उसले परमेश्वरले भन्नु भएका
कुरा मान्दछ। तर तिमीहरू परमेश्वरले जे भन्नु हुन्छ
त्यो स्वीकार्दैनौ, किनभने तिमीहरू परमेश्वरका होइनौ।”

## येशूले आफ्नै र अब्राहामको विषयमा भन्नुहुन्छ

४८यहूदीहरूले उत्तर दिए, “हामीहरूले भन्यौ तिमी
सामरी हौं। अनि दुष्टात्मा तिमी भित्र छ। के यस्तो
भन्नु हामी सही छैनौं?”

४९येशूले उत्तर दिनुभयो, “म भित्र दुष्टात्मा छैन। म
आफ्ना पितालाई सम्मान गर्छु तर तिमीले मलाई सम्मान
गर्दैनौ। ५०म आफ्नै सम्मान पाउने कोशिश गरिरहेको
छुँइन उहाँ एक हुनुहुन्छ जसले मेरो निम्ति सम्मान
चाहानु हुन्छ। उहाँ न्यायकर्ता हुनुहुन्छ। ५१म साँचो
भन्छु। यदि कुनै व्यक्तिले मेरो शिक्षा पालन गर्छ भने,
त्यो व्यक्ति कहिल्यै मर्ने छैन।”

५२यहूदीहरूले येशूलाई भने, “अब हामी पक्का भयौं
कि तिमीभित्र दुष्टात्मा छ अनि अगमवक्ताहरू अनि
अब्राहाम पनि मरे। तर तिमी भन्छौ, ‘जुन व्यक्तिले तिम्रो
शिक्षा पालन गर्दछ उ कहिल्यै मर्ने छैन।’ ५३के तिमी
आफैलाई हाम्रा पिता अब्राहामभन्दा महान सोच्छौ?
अब्राहाम मरे। अनि अगमवक्ताहरू पनि मरे। तिमी
आफूलाई के सम्झन्छौ?”

५४येशूले जवाब दिनुभयो, “यदि मैले आफूलाई
सम्मान दिएको भए, त्यो सम्मान व्यर्थ हो। जसले
मलाई सम्मान दिनुभयो उहाँ मेरा पिता हुनुहुन्छ। अनि
जसलाई तिमीहरू आफ्नो परमेश्वर भन्छौ। ५५तिमीहरू
वास्तवमा उहाँलाई चिन्दैनौ। म उहाँलाई चिन्दछु। यदि
मैले मेरा पितालाई चिनिनँ भने म तिमीहरू जस्तै झूटो
हुनेछु। तर म उहाँलाई चिन्दछु। अनि म उहाँले जे
भन्नुहुन्छ पालन गर्छु। ५६तिम्रा पिता अब्राहाम म आउने
दिन हेर्नलाई हर्षित थिए। उनले त्यो दिन देखे र हर्षित
भए।”

[५७]यहूदीहरूले येशूलाई भने, "तिमीले अब्राहामलाई
देखका छौ? तिमी ५० बर्ष पनि पुगेका छैनौ!"

[५८]येशूले उत्तर दिनुभयो, "म तिमीलाई साँचो भन्छु।
अब्राहाम जन्मन अघि म छु।" [५९]जब येशूले त्यसो
भने, मानिसहरूले उहाँमाथि ढुंगाहरू टिपेर हाने। तर
येशू लुक्नु भयो र मन्दिर छाड़ेर जानुभयो।

## अन्धा जन्मेको मानिसलाई येशूले निको पार्नु भयो

९ जब येशू हिडिरहनु भएको थियो, उहाँले एकजना
अन्धो मान्छेलाई देख्नु भयो। त्यो मान्छे जन्मै देखि
अन्धा थियो। [२]येशूका चेलाहरूले सोधे, "गुरूज्यू यो
मान्छे जन्मै देखि को अन्धो हो। कसको पापले उसलाई
अन्धा जन्मायो? उसको आफ्नै पाप वा उसको मातापिताको
पाप?"

[३]येशूले उत्तर दिनुभयो, 'यो नत उसको नत उसकी
माताको पापहो जसले उसलाई अन्धा सृष्टिगरिन्। उ
जन्मै देखिको अन्धो हो ताकि उसलाई निको पारेर
मानिसहरूलाई परमेश्वरको शक्ति देखाउन सकियोस्।
[४]अहिले जब दिनको समय छ हामीले उनैको कामहरू
गर्नु पर्छ जसले मलाई पठाउनु भयो। रात पर्न आँटेको
छ। अनि कसैले पनि राती काम गर्दैन। [५]जब म
संसारमा छु, म संसारको ज्योति हुँ।"

[६]यसो भनिसकेर, येशूले भूँइमा थुक्नु भयो र
त्यसबाट केही माटोको हिलो बनाउनु भयो अनि येशूले
त्यसलाई त्यस मानिसको आँखामा राखिदिनु भयो।
[७]येशूले त्यस मानिसलाई भन्नुभयो, "जाऊ सिलोआमको
पोखरीमा गएर पखाल।" (सिलोआमको अर्थ हुन्छ
'पठाउनु') तब त्यो मानिस पोखरीमा गयो र धोयो। अब
उ देख्ने लायकको भयो।

[८]कोही मानिसहरूले पहिले त्यस मानिसलाई भीख
मागिरहेको देखेका थिए। ती मानिसहरू र उनको
छिमेकीहरूले भने, "हेर! यो त्यही मान्छे होइन जो सधैं
बसेर भिख माग्दथ्यो?"

[९]कोही मानिसहरूले भने, "हो! त्यो त्यही हो।" तर
अन्य मानिसहरूले भने, "अहँ, उ त्यो मान्छे होइन, उ
त्यस्तै देखिएको मात्र हो।"

तब त्यस मानिसले भन्यो, "म त्यही मानिस हुँ जो
पहिले अन्धो थिएँ।"

[१०]मानिसहरूले जान्न चाहन्थे, "के भयो? तिमीले
कसरी दृष्टि प्राप्त गर्‍यौ?"

[११]त्यस मानिसले जवाब दिए, "त्यो मानिस जसलाई
येशू भन्दछौ उहाँले धुलोबाट हिलो बनाउनु भयो। उहाँले
त्यो मेरो आँखामा राखिदिनु भयो। तब उहाँले मलाई
भन्नुभयो, "सिलोआमा जाऊ र पखाल। तब म सिलोआमा
गएँ र पखालें। अनि तब मैले देख्न थालें।"

[१२]मानिसहरूले त्यस मानिसलाई सोधे, "त्यो मान्छे
कहाँ छ?"

त्यस मानिसले भन्यो, "मलाई थाहा छैन।"

## येशूले निको पार्नु भएको त्यस मान्छेलाई यहूदीहरूले प्रश्न गरे

[१३]त्यसपछि मानिसहरूले त्यस मान्छेलाई फरिसीहरूकहाँ
ल्याए। यो त्यही मानिस थियो जो पहिला अन्धो थियो।
[१४]येशूले धूलोको हिलो बनाएर त्यस मानिसको आँखा
निको पारिदिनु भयो। जुन दिन येशूले त्यस्तो काम
गर्नुभयो त्यो दिन शबाथको दिन थियो। [१५]फरिसीहरूले
पनि त्यस मानिसलाई सोधे, "कसरी तिमीले तिम्रो दृष्टि
पायौ?"

त्यस मानिसले उत्तर दियो, "उहाँले धूलोको हिलो
मेरो आँखामा राखीदिनुभयो। मैले मेरो आँखा पखाले र
अब मैले देख्न सकें।"

[१६]कोही फरिसीहरूले भने, "त्यस मानिसले शबाथको
दिन पालन गर्दैन। यसैले उ परमेश्वरबाट आएको
होइन।"

अन्य मानिसहरूले भने, "तर जो मानिस पापी छ
उसले यस्तो चमत्कारहरू गर्न सक्तैन।" ती यहूदीहरू
आपसमा सहमत हुन सकेनन्।

[१७]यहूदी अगुवाहरूले फेरि त्यस मानिसलाई सोधे,
"यो मान्छेले तिमीलाई निको पार्‍यो अनि तिमीले देख्न
सक्यौं। तिमी उसको बारेमा के भन्छौ?"

त्यस मानिसले उत्तर दिए, "उहाँ एक अगमवक्ता
हुनुहुन्छ।"

[१८]यहूदीहरूले त्यस मानिस त्यसरी निको भएको
घटनामा विश्वास गरेनन्। तिनीहरूले त्यो मान्छे पहिले
अन्धा र पछि निको भएको विश्वासै गरेनन्। यसर्थ
तिनीहरूले उसको आमा बाबुलाई बोलाए। [१९]अनि
यहुदीहरूले त्यसको आमा बाबुलाई सोधे, "यो तिमीहरूको
छोरो हो? तिमीहरू भन यो जन्मैले अन्धो थियो। तब
अहिले उसले कसरी देख्न सक्यो?"

२०त्यसको आमा-बाबुले उत्तर दिए, "हामी जान्दछौं
यो मेरो छोरो हो। अनि हामी जान्दछौ उ जन्मन्दै अन्धो
थियो। २१तर अहिले उसले कसरी देख्न सक्छ हामी
जान्दैनौं। अनि हामी जान्दैनौ कसले उसलाई दृष्टि दियो।
उसैलाई सोध्नुहोस्। उ अहिले ठूलो भएको छ अनि
आफ्नो विषयमा उत्तर उ आफैले दिने छ।" २२उनको
आमा-बाबुले यहूदी अगुवाहरूको डरले गर्दा त्यसो
भनेको हुन्। यहूदी अगुवाहरूले पहिल्यै निर्णय लिइसकेका
थिए कि जजसले येशूलाई ख्रीष्ट भन्छन उ दण्डित
हुनेछ। अनि ती मानिसहरूलाई सभाघरबाट*
निकालिदिनेछन। २३यसैकारणले गर्दा उसको आमा-बाबुले
भने, "उ ठूलो भएकोछ उसैलाई सोध्नु होस्।"

२४तब यहूदी अगुवाहरूले त्यस मानिस जो पहिला
अन्धो थियो फेरि दोस्रोपल्ट बोलाएर भने, "तिमीलाई
परमेश्वरको महिमा राख्न सत्य बोल्नु पर्छ। हामी
जान्दछौ कि यो मानिस पापी हो।

२५त्यस मानिसले उत्तर दियो, "उहाँ पापी हुन भनेर
म जान्दिन। तर म यति मात्र जान्दछु: म अन्धो थिएँ र
अहिले देख्न सक्ने भएँ।"

२६यहूदीहरूले सोधे, "उसले के गऱ्यो? तिम्रो आँखा
कसरी निको पाऱ्यो?"

२७त्यस मानिसले उत्तर दियो, "मैले तपाईंहरूलाई
पहिल्यै भनिसकेको छु। तर तपाईंहरूले सुन्नु नै भएन।
किन तपाईंहरू फेरि सुन्न चाहनु हुन्छ?. के तपाईंहरू
पनि उहाँको चेलाहरू हुन चाहनु हुन्छ?"

२८यहूदी अगुवाहरू एकदम रीसले चूर भए अनि
त्यस मानिसलाई अपशब्दद्वारा गाली गरे। तब तिनीहरूले
भने, "तिमी त्यस मानिसको चेला हौ। हामी मोशाका
चेलाहरू हौ। २९हामी जान्दछौं कि परमेश्वर मोशासँग
बोल्नु भयो। तर हामी त्यस मानिसको विषयमा चाहिँ
एकदमै जान्दैनौ, उ कहाँबाट आएको हो।"

३०त्यस मानिसले उत्तरदियो, "यो कस्तो अचम्भको
कुरो हो। येशू कहाँबाट आउनु भयो, तपाँईहरू जान्नु
हुन्न। तर उहाँले मेरो आँखालाई निकोपारि दिनु भयो।
३१हामी सबै जान्दछौं कि परमेश्वरले पापीहरूको कुरा
सुन्नु हुन्न। तर परमेश्वरले हरेक व्यक्तिबाट सुन्नु हुन्छ
जो भक्त छ अनि परमेश्वरले चाहे जस्तै गर्छ। ३२यस्तो
कहिल्यै पनि सुनिएको थिएन कि कसैले एक जन्मको
अन्धा व्यक्तिलाई दृष्टि दियो। ३३त्यो मान्छे परमेश्वर
बाटै आएको हुनपर्छ। यदि उनी परमेश्वरबाट नआएको
भए उसले यस्तो कुनै कुरागर्न सक्ने थिएनन्।"

३४यहूदी अगुवाहरूले उत्तर दिए, "तिमी पापैपापले
भरिएर जन्मिएको रहेछौ। तिमीले हामीलाई सिकाउन
खोज्छौं?" तिनीहरूले त्यस मानिसलाई घच्याडेर निकालिदिए।

### आत्मिक अन्धोपन

३५यहूदीहरूले त्यस मानिसलाई निकालीदिएको येशूले
चाल पाउनु भयो। येशूले त्यस मानिसलाई भेटेर भन्नुभयो,
"तिमी मानिसको पुत्रमाथि विश्वास गर्छौ?"

३६त्यस मानिसले सोध्यो, "मानिसको पुत्र को हुन्,
महोदय? मलाई बताउनु होस, तब म उहाँमा विश्वास
गर्न सक्छु।"

३७येशूले त्यस मानिसलाई भन्नुभयो, "तिमीले उसलाई
देखिसकेका छौ। मानिसको पुत्र उही हुन जो तिमीसँग
अहिले बोलिरहेको छ।"

३८त्यस मानिसले भन्यो, "हो, प्रभु म विश्वास
गर्छु।" त्यसपछि उसले येशूलाई दण्डवत् गऱ्यो।

३९येशूले भन्नुभयो, "म यस संसारमा न्याय गर्न
आएको हुँ। म त्यसकारणले आएको हुँ कि अन्धा
मानिसहरूले देख्न सकोस्। म त्यसकारणले आएको हुँ
कि देख्न सक्नेहरू अन्धा होउन।"

४०कोही फरिसीहरू येशूको नजिकै थिए। तिनीहरूले
येशूले त्यसो भन्नु भएको सुने। तिनीहरूले सोधे, "हामी
पनि अन्धा छौ भनेर तिमी भनिरहेछौ?"

४१येशूले भन्नुभयो, "यदि तिमीहरू साँच्चि नै अन्धा
भएको भए तिमीहरू पापको दोषी हुने थिएनौं। तर
अहिले तिमीहरूले देख्छु भन्यौं यसकारण तिमीहरूको
दोष रहिरहन्छ।"

### भेंड़ावाला र उसको भेंड़ा

१० येशूले भन्नुभयो, "म तिमीहरूलाई साँचो भन्दछु।
जब कुनै पनि एक व्यक्ति भेंडा-गोठभित्र पस्दछ,
उ ढोकाबाट पस्दछ। यदि त्यो अर्को तिरबाट पस्छ भने
त्यो चोर अनि डाकु हो। २तर कुनै व्यक्ति ढोका खोलेर
गोठमा पस्दछ तब उ गोठाला हो। ३जसले ढोकाको
देखरेख गर्छ उसैले गोठालाको लागि ढोका खोल्दछ।
अनि भेंड़ाले पनि उसैको कुरा सुन्छ। गोठालाहरूले

---

**सभाघर** अंग्रजीमा "सिनोगग" भनिएको छ। जसको अर्थ हुन्छ
बाईबलमा यहूदीहरू भेला भएर सभा वा प्रार्थना गर्ने ठाउँ।

नामद्वारा आफ्नो भेंड़ाहरूलाई डाक्दछन अनि गोठ बाहिर
निकाल्दछन्। [४]गोठालाले सबै भेड़ाहरू बाहिर निकाल्दछ।
तब उ सबैको अघि जाँदछ तिनीहरूको अगुवाई गर्दछ।
भेंड़ाहरू उसैको पछि लाग्दछन् किनभने तिनीहरूले
उसको आवाज चिन्दछन्। [५]भेंडाहरूले नचिनेको व्यक्तिलाई
पछ्याउँदैन। तिनीहरू त्यस्ता नचिनेको मान्छेदेखि टाड़ा
भाग्दछन्, किनभने तिनीहरूले उसको आवाज चिन्दैनन्।"
[६]यसरी येशूले मानिसहरूलाई एउटा कथा सुनाउनु भयो।
तर त्यस कथाको तात्पर्य के हो तिनीहरूले बुझ्नेनन्।

## येशू असल गोठालो हुन्

[७]येशूले फेरि भन्नुभयो, "म साँचो भन्दछु। म
भेंडाहरूको लागि ढोका हुँ। [८]जो मेरो अघि आए,
तिनीहरू सबै चोरहरू र डाकुहरू हुन्। भेंड़ाले तिनीहरूलाई
ध्यान दिएनन्। [९]म ढोका हुँ। जुन व्यक्ति मद्वारा पस्दछ
उ जोगिन्छ। त्यो व्यक्ति भित्र आउने र बाहिर जाने
योग्य हुँदछ। उसले चाहेको जति सबै कुराहरू पाउने
छ। [१०]एक चोर चोर्नु, मार्नु र ध्वंस गर्न मात्र आउँदछ।
तर म जीवन-दान गर्न आएँ-त्यस्तो जीवन जुन पूर्ण र
असल छ।

[११]"म असल गोठालो हुँ। असल गोठालोले भेंड़ाको
निम्ति आफ्नो जीवन प्रदान गर्दछ। [१२]पैसा दिएर राखेको
कर्मी र खास गोठालोमा भिन्नता हुँदछ। तलब दिएर
राखेका गोठालाहरूको आफ्नो भेडा हुदैन। जब उसले
ब्वाँसो देख्दछ, उ भेड़ालाई छाडेर भाग्दछ। तब ब्वाँसोले
भेंड़ाहरू माथि आक्रमण गरेर छरस्पष्ट पार्दछ। [१३]किन
भने उ तलबमा राखिएको मान्छे हो। त्यसकारणले
भाग्छ। उसले भेडाको देखरेख गर्दैन। उसलाई भेडाको
चिन्ता हुँदैन। उसलाई भेडासँग कुनै मतलब रंहदैन।

[१४-१५]"म त्यो गोठालो हुँ जसले भेंड़ालाई साँचो
मनले रक्षा गर्छ। म मेरा भेंड़ाहरू चिन्दछु जसरी पिताले
मलाई चिन्नुहुन्छ। अनि भेंड़ाले पनि मलाई चिन्दछ
जसरी म पितालाई चिन्दछु। म ती भेंड़ाहरूका लागि
जीवन अर्पण गर्छु। [१६]मसँग अन्य भेंड़ाहरू पनि छन्।
तिनीहरू यस झुण्डमा छैनन्। मैले तिनीहरूलाई पनि
अगुवाई गर्नु पर्छ। तिनीहरूले मेरो आवाज सुन्नेछन्, तब
तिनीहरू एउटै झुण्डमा हुनेछन् तब त्यहाँ, एउटा बगाल
अनि एउटै गोठालो हुदँछ। [१७]मेरो पिताले मलाई प्रेम
गर्नुहुन्छ किनभने म मेरो जीवन दिनु तयार छु ताकि त्यो
म फेरि फिर्ता लिनेछु। [१८]मबाट कसैले जीवन लिन
सक्दैन, मेरो आफ्नै जीवन आफ्नो इच्छाले दिन्छु मेरो
आफ्नो जीवन दिने अधिकार छ। अनि त्यसैलाई पुन:
प्राप्त गर्ने अधिकार पनि छ। यही नै त मेरा पिताले
मलाई गर्नु भन्नुभयो।"

[१९]फेरी यहूदीहरूको आपसमा सहमती भएनन्, किनभने
येशूले यी कुराहरू भन्नु भएको थियो। [२०]धेरै यहूदीहरूले
भने, "दुष्टात्मा उसमा छ र उ बौलाहा भएको छ।
किन उसलाई ध्यान दिनु?"

[२१]तर अन्य यहूदीहरूले भने, "दुष्टात्माले भेट्टाएको
मान्छेले यस्तो प्रकारको कुरा गर्नसक्तैन। के दुष्टात्माले
अन्धा मान्छेहरूका आँखा निको पार्न सक्छ? अहँ!"

## येशूको विरुद्ध यहूदीहरू

[२२]यरूशलेममा हिउँदको बेला थियो साथै समर्पणको
पर्व* पनि आयो। [२३]येशू मन्दिरको प्राङ्गण अन्तर्गत
सुलेमानका दलानमा टहलिरहनुभएको थियो। [२४]यहूदीहरूले
येशूलाई वरिपरि घेरे। तिनीहरूले भने, "कहिलेसम्म
तिम्रो विषयमा हामीलाई रहस्यमा राख्छौ? यदि तिमी
ख्रीष्ट नै हौ भने, हामीलाई स्पष्ट पार।"

[२५]येशूले उत्तर दिनुभयो, "मैले तिमीहरूलाई पहिल्यै
भनिसकेको छु, तर तिमीहरूले विश्वास गरेनौ। म
चमत्कारहरू गर्छु, मेरो पिताको नाममा। ती चमत्कारहरूले
मेरो बारेमा प्रमाण दिन्छ। [२६]तिमीहरू तर विश्वास
गर्दैनौ। किन? किनभने तिमीहरू मेरा भेंड़ाहरू होइनौं।
[२७]मेरो भेंड़ाहरू मेरो आवाज सुन्दछन्। म तिनीहरूलाई
जान्दछु र तिनीहरूले मलाई पछ्याउँदछन्। [२८]म मेरा
भेंड़ाहरूलाई अमर जीवन दिँदछु। तिनीहरू कहिल्यै मर्ने
छैनन्। अनि कसैले पनि तिनीहरूलाई मेरो हातबाट
खोसेर लान सक्तैन। [२९]मेरा पिताले मेरो भेंड़ा मलाई
दिनु भयो। उहाँ सबैभन्दा महान हुनुहुन्छ। कसैले पनि
मेरो पिताको हातबाट भेंड़ा खोसेर लान सक्तैन। [३०]पिता
र म एकै हौं।"

[३१]फेरि यहूदीहरूले येशूलाई मार्न ढुंगा टिपे। [३२]तर
येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताबाट तिमीहरूलाई
मैले धेरै राम्रा कामहरू देखाइसकेको छु। ती चीजहरू
मध्ये कुन चाँहि कामको लागि मलाई ढुगांले हिर्काउन
खोज्छौ?"

---

**समर्पणको पर्व** यहूदीहरूले पौष महिनाको एउटा हप्तामा
मनाउने उत्सव।

[३३]यहूदीहरूले भने, "तिमीले कुनै राम्रो काम गरेकोमा
तिमीलाई हामी ढुङ्गाले हानेर मार्ने छैनौं। तर तिमीहरूले
भनेका ती कुराहरू परमेश्वरको विरुद्ध छन्। तिमी
खाली मान्छे मात्र हौं, तर तिमी भन्छौ तिमी परमेश्वर
समान हौ। त्यही कारणले गर्दा हामीले तिमीलाई ढुंगाले
हिर्काएर मार्न खोजेका हौं।"
[३४]येशूले उत्तर दिनुभयो, "यो तिमीहरूको व्यवस्थामा
लेखिएको छ, 'मैले भने, तिमीहरू देवहरू हौ।'* [३५]यो
धर्मशास्त्रले तिनीहरूलाई देव भन्यो। मानिसहरू जसले
परमेश्वरको सुसमाचार ग्रहण गरे। अनि धर्मशास्त्रमा
सधैँ सत्य छ। [३६]यसर्थ तिमीहरू मलाई किन भन्छौ,
"तिमी परमेश्वरको निन्दा गर्छौ, किनभने मैले भने, 'म
परमेश्वरको पुत्र हुँ?' पिताले मलाई चुन्नु भयो अनि
संसारमा पठाउनु भयो। [३७]यदि मैले मेरा पिताको
कामहरू गर्दिन भने मलाई विश्वास नगर। [३८]तर यदि
मैले मेरा पिताका कामहरू गरें भने तिमीहरूले मलाई
विश्वास गर्नु पर्छ। यदि तिमीले मलाई विश्वास गरेनौ
भने, म जे गर्छु मेरो काममा विश्वास गर। तब
तिमीहरूले थाहा पाउने छौ अनि बुझ्ने छौ कि म
परमेश्वरमा छु औ परमेश्वर ममा हुनुहुन्छ।"
[३९]यहूदीहरूले येशूलाई फेरि पक्रने प्रयास गरे। तर
येशू तिनीहरूबाट उम्कनु भयो।
[४०]त्यसपछि येशू फेरि यर्दन नदीको क्षेत्र पार गरेर
जानु भयो। येशू त्यस ठाउँ जानु भयो जहाँ यूहन्नाले
पहिला बप्तिस्मा दिएका थिए। [४१]येशू त्यहाँ बस्नु भयो
र उहाँ कहाँ धेरै मानिसहरू आए। मानिसहरूले भने,
"यूहन्नाले कहिल्यै चमत्कार देखाएनन। तर यूहन्नाले
जुन मानिसको विषयमा जो सबै भन्नुभयो त्यो साँचो
थियो।" [४२]अनि त्यहाँ धेरै मानिसहरूले येशूमा विश्वास
गरे।

## लाजरसको मृत्यु

**११** त्यहाँ लाजरस नाउँ गरेका एकजना मानिस थियो
जो बिमार थिए। उनी बेथानी भन्ने नगरमा
बस्थे। यो त्यो शहर थियो जहाँ मरियम र उनको बहिनी
मार्था बस्थे। [२]मरियम त्यही नारी थी जसले प्रभुमाथि
अत्तर लगाई दिएकी थी र आफ्ना केशले उहाँको खुट्टा
पुछेकी थी। लाजरस मरियमको दाजु थिए, जो हालमा
बिमार थियो। [३]मरियम र मार्थाले येशूकहाँ समाचार
पठाए, "प्रभु, तपाईंको प्रिय मित्र लाजरस बिमार छ।"
[४]जब येशूले त्यस्तो सुन्नुभयो, उहाँले भन्नुभयो, "यो
बिमारले उसलाई मृत्यु गराउनेछैन। तर यो बिमारी
परमेश्वको महिमाको निम्ति हो। यस्तो घटना परमेश्वरको
पुत्रको महिमा ल्याउनलाई भएको छ।" [५]येशूले मरियम,
मार्था र लाजरसलाई प्रेम गर्नु भयो। [६]जब येशूले
लाजरसको बिमारीको विषयमा सुन्नु भयो, उहाँ जहाँ
हुनुहुन्थ्यो त्यहाँ अझ दुईदिन सम्म बस्नु भयो। [७]तब
येशूले उहाँका चेलाहरूलाई भन्नुभयो, "हामी यहूदिया
जानु पर्छ।"
[८]चेलाहरूले उत्तर दिए, "तर गुरूज्यू यहुदियामा
यहुदीहरू तपाँईलाई ढुंगाले हिर्काउन चाहन्छन्। जो केही
अघि भएको थियो। तपाईं त्यहाँ किन जानु चाहनु
हुन्छ?"
[९]येशूले उत्तर दिनुभयो, "दिनमा बाह्रघण्टा प्रकाश
रहन्छ होइन? यदि कुनै मानिस दिनको समयमा हिंडछ
भने उ ठोक्किने छैन र लड्ने छैन। किन? किनभने उसले
यो संसारको ज्योतिले देख्न सक्छ?" [१०]तर जो मान्छे
राती हिंड्छ उ ठोकिन्छ। किन? किनभने देख्नको लागि
उसकोमा कुनै ज्योति हुँदैन।"
[११]येशूले ती कुराहरू भनिसकेपछि, उहाँले भन्नुभयो,
"हाम्रा मित्र लाजरस सुतीरहेछन्। तर म त्यहाँ उसलाई
उठाँउन जानेछु।"
[१२]चेलाहरूले उत्तर दिए, "प्रभु, यदि उ सुन्छ भने,
उ निको हुनेछ।"
[१३]येशूको मतलब थियो लाजरस मरीसकेको थियो
भनेर। तर चेलाहरूले बुझे कि उहाँले भन्नु भएको
अर्थ उनी स्वाभाविक निद्रामा थिए। [१४]त्यसपछि येशूले
स्पष्ट प्रकारले भन्नु भयो, "लाजरस मरीसक्यो। [१५]अनि
म खुशी छु कि म त्यहाँ थिइनँ। म तिमीहरूको लागि
खुशी छु किनभने तिमीहरूले ममा विश्वास राख्ने छौ
अब हामी उनी कहाँ जाँऊ।"
[१६]तब थोमाले (जसलाई दिदुमस भनिन्थ्यो) अन्य
चेलाहरूलाई भने, "हामी पनि जानेछौं अनि येशूसँगै
यहूदियामा मर्नेछौं।"

## बेथानीमा येशू

[१७]येशू बेथानीमा आईपुग्नु भयो। त्यहाँ येशूले लाजरस
पहिल्यै मरीसकेको र चार दिन देखि चिहानमा परेको

---

**'मैले … हौ'** भजनसंग्रह ८२:६।

चाल पाउनु भयो। १८बेथानी यरूशलेम देखि प्राय: तीन किलोमिटर टाड़ा थियो। १९धेरै यहूदीहरू मार्था र मरियम कहाँ आएका थिए। यहूदीहरू उनीहरूलाई दाजु लाजरसको मृत्युमा सान्तवना दिनलाई आएका थिए।

२०मार्थाले सुनी कि येशू तिनीहरूलाई भेट्न आई रहनु भएको छ। तिनी येशूलाई अभिनन्दन गर्नलाई गइन। तर मरियम चाँहि घरमा नै बसी। २१मार्थाले येशूलाई भनी, "प्रभु, यदि तपाईं यहाँ हुनु भएको भए, मेरा दाजु मर्ने थिएनन्। २२तर अहिले पनि म जान्दछु कि तपाँईले परमेश्वरसँग जे मागे पनि उहाँले तँपाईलाई दिनु हुनेछ।"

२३येशूले भन्नुभयो, "तिम्रो दाजु जीउँदो हुनेछ।"

२४मार्थाले उत्तर दिइन, "म जान्दछु कि उ फेरि जाग्ने छ र जीउँदो हुनेछ जब मानिसहरू अन्तिम दिनमा पुनरूत्थान हुनेछन्।"

२५येशूले उनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ।" जुन व्यक्तिले ममा विश्वास गर्दछ उ मरे पनि उसले जीवन पाउने छ। २६अनि जुन व्यक्ति ममा बाँच्छ अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छ्यौ?"

२७मार्थाले उत्तर दिई, "हो, प्रभु, म विश्वास गर्छु तपाईं नै ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र। तपाईं मात्र एक हुनुहुन्छ जो संसारमा आउनु भएको थियो।"

### येशू रुनु हुन्छ

२८मार्थाले त्यसो भनीसके पछि उनी आफ्नो बहिनीकहाँ गईन अनि गुप्तरूपमा मार्थाले मरियमलाई भनी, "गुरूज्यू यहाँ हुनुहुन्छ। उहाँले तिमीलाई सोधी रहनुभएको छ।" २९जब मरियमले त्यस्तो सुनी, तिनी जुरूक्क उठिन र येशूकहाँ गईन। ३०येशू गाँउ भित्र आईसक्नु भएको थिएन। उहाँ अझसम्म त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थासंग भेट भएको थियो। ३१यहूदीहरू मरियमसँग घरमा थिए। तिनीहरूले उनलाई सान्तवना दिइरहेका थिए। तिनीहरूले मरियमलाई छिट्टै उठेर गएको देखे। तिनीहरूले सोचे कि तिनी लाजरसको चिहानमा गएकी हुन्। तिनीहरूले सोचे कि उनी त्यहाँ रून गएकी हुन्। तिनीहरूले उनलाई पछ्याए। ३२मरियम त्यस ठाउँमा गइन जहाँ येशू हुनुहुन्थ्यो। जब उनले येशूलाई देखिन उ झुकेर चरणमा ढोगिन। मरियमले भनी, "प्रभु, यदि तपाईं त्यहाँ हुनु भएको भए, मेरा दाजु मर्ने थिएन।"

३३येशूले मरियम रोएकी देख्नु भयो। येशूले उनको पछि यहूदीहरू आइरहेको देख्नु भयो। तिनीहरू पनि रोई रहेका थिए। येशू एकदम उदास अनि विचलित हुनु भयो। ३४येशूले सोध्नुभयो, "तिमीले उसलाई कहाँ राखेका छौ।"

तिनीहरूले भने, "प्रभु, आउनु होस् अनि हेर्नुहोस।"

३५येशू रुनुभयो।

३६अनि यहूदीहरूले भने, "हेर! येशूले लाजरसलाई खुबै माया गर्नु हुन्थ्यो।"

३७तर कोही यहूदीहरूले भने, "येशूले अन्धा मान्छेको आँखा निको पारिदिनु भयो। के उहाँले उसलाई बचाँउन केही गर्नु सक्नु हुने थिएन उसलाई मर्नबाट रोक्न सक्नु हुने थिएन?

३८येशू फेरि हृदय भित्रबाट अति शोकित हुनुभयो।

### येशूले लाजरसलाई फेरि जीउँदो पार्नुहुन्छ

येशू चिहानमा जानु भयो जहाँ लाजरसलाई राखिएको थियो। चिहान ओड़ार जस्तो बनाइएको थियो जो ढुंगाले ढाकिएको थियो। ३९येशूले भन्नुभयो, "ढुंगा हटाऊ।"

मार्थाले भनिन, "तर प्रभु, लाजरस मरेको चार दिन भइसक्यो तपाईलाई नराम्रो गन्ध आउनेछ।" मार्था लाजरसको बहिनी थी।

४०तब येशूले मार्थालाई भन्नुभयो, "के मैले तिमीलाई भनेको थिइन? कि यदि तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्ने छौ?"

४१तब तिनीहरूले प्रवेशद्वारको ढुंगा हटाई दिए। तब येशूले आफ्ना आँखा उठाउनु भयो र भन्नुभयो, "पिता, तपाँईले मलाई सुन्नु भएकोमा म धन्यबाद प्रकट गर्छु। ४२म जान्दछु कि तपाईंले सधैं मलाई सुन्नुहुन्छ। तर मैले यो कुराहरू भने किनभने मानिसहरू मेरो वरिपरि छन्। म तिनीहरूलाई विश्वास दिलाउन चाहन्छु। कि तपाईंले मलाई पठाउनु भएको हो।" ४३येशूले यति भनिसकेपछि उहाँले जोड आवाजमा डाक्नुभयो, "लाजरस निस्क, बाहिर आऊ!" ४४मृत मान्छे बाहिर निस्क्यो। उसका हात र खुट्टाहरू मलमलका लुगाका टुक्राहरूले बेह्रिएका थिए। उसको अनुहार रूमालले ढाकिएको थियो।

येशूले मानिसहरूलाई भन्नुभयो, "उसको लुगाहरू खोलीदेऊ र उसलाई जान देऊ।"

## यहूदी अगुवाहरूले येशूलाई मार्ने योजना गरे

*(मत्ती २६:१-५; मर्कूस १४:१-२; लूका २२:१-२)*

४५मरियमलाई हेर्न भनी त्यहाँ धेरै यहूदीहरू आए।
तिनीहरू येशूले गर्नु भएका अचम्मको काम देखे। अनि
ती मध्ये धेरै यहूदीहरूले येशूमा विश्वास गरे। ४६तर
कोही यहूदीहरू फरिसीहरू भएकहाँ गए। येशूले गर्नुभएको
कुरा फरिसीहरूलाई बताइदिए। ४७तब प्रमुख पूजाहारीहरू
र फरिसीहरूले यहूदी परिषदको एक सभा डाके।
तिनीहरूले भने, "हामीले के गर्नु पर्ने? यो मानिसले धेरै
चमत्कारहरू गरिरहेछ। ४८यदि हामीले उनलाई त्यस्तो
गर्न दिइरह्यौ भने सबै मानिसहरूले उमाथि विश्वास
गर्नेछन्। तब रोमीहरू आउनेछन् र हाम्रा मन्दिर अनि
राष्ट्र लानेछन्।"
४९तिनीहरू मध्ये कयाफा भन्ने एकजना मानिस
थिए। उनी त्यस वर्षका प्रमुख पूजाहारी थिए। कयाफाले
भने, "तिमीहरू केही पनि जान्दैनौ। ५०सम्पूर्ण राष्ट्र
ध्वंश हुनुभन्दा मानिसहरूका निम्ति एक जना मर्नु उत्तम
हो। तर तिमीहरू यो बुझ्दैनौ।"

५१कयाफाले जे भने त्यो तिनले आफ्नै भनेनन्। त्यस
वर्षको उनी प्रमुख पूजाहारी थिए। यसर्थ उ वास्तवमा
भविष्यवाणी गर्दै थिए कि येशू यहुदी मानिसहरूका
निम्ति मर्नु हुनेछ। ५२तर, येशू यहूदी मानिसहरूका
निम्ति मर्ने छन्। तर येशू उहाँ ती छरिएकाहरूलाई एक
बनाउनका लागि मर्नुहुनेछ।
५३त्यस दिन यहूदी अगुवाहरूले येशूलाई मार्ने योजना
शुरू गरेका थिए। ५४यसैले खुल्ला भएर येशू यहूदीहरूका
माझमा हिड्नु बन्द गर्नुभयो। येशू यरूशलेम छोड़ेर
मरूभूमि छेउकै स्थानमा जानु भयो। उहाँ इफ्राइम भन्ने
शहरमा जानु भयो। येशू आफ्ना चेलाहरूसँग त्यहाँ बस्नु
भयो।
५५त्यसबेला यहूदीहरूका निस्तार पर्वको समय नजिक
आइरहेको थियो। धेरै मानिसहरू यो चाड अगाड़ि नै
यरूशलेम तर्फ लागे। तिनीहरू केही विशेष चीज
बनाउन गए आफैलाई शुद्ध पार्नलाई। ५६मानिसहरूले
येशूलाई खोजे। तिनीहरू मन्दिरको क्षेत्रमा उभिए अनि
परस्परमा सोधपूछ गरे, "तिमीहरू के भन्छौ? के उहाँ
निस्तार चाड़मा आउनु हुने छैन?" ५७तर येशूको विषयमा
प्रधान पूजाहारीहरू र फरिसीहरूले विशेष आदेश दिएका
थिए। तिनीहरूले भने कि यदि कसैले येशू कहाँ थियो
भनेर थाहा पायो भने त्यस व्यक्तिले तिनीहरूलाई भन्नै
पर्छ, ताकि तिनीहरूले पक्रन सक्थे।

## येशू आफ्ना मित्रहरूसँग बेथानीमा

*(मत्ती २६:६-१३; मर्कूस १४:३-९)*

१२ निस्तार चाड हुनुभन्दा छ दिन अघि येशू बेथानी
तर्फ जानुभयो। बेथानी त्यो शहर थियो जहाँ
लाजरस बस्थे। लाजरस येशूले मृत्युबाट उठाएका मानिस
हुन्। २बेथानीमा तिनीहरूले येशूको निम्ति रात्री-भोजको
व्यवस्था गरेका थिए। मार्थाले भोजन बाँडने काम गरी।
लाजरस येशूसँग बसेर खानेहरू मध्ये एकजना थिए।
३मरियमले शुद्ध जटामसीबाट बनिएको सुगन्धित महलम
ल्याई। मरियमले त्यो मलहम येशूको खुट्टामा खन्याइ
दिई। त्यसपछि उहाँको खुट्टा आफ्ना केशले पुछीदिई।
अनि त्यो सुगन्ध सम्पूर्ण घरभरि फैलियो।
४यहूदा इस्करयोती त्यहाँ थिए। यहूदा येशूका चेलाहरूमा
एक थिए। (उ मात्र एक थियो जो पछि येशूका विरोधी
भए)। यहूदाले मरियमले त्यसो गरेको मनपराएन।
५उसले भन्यो, "त्यो सुगन्धको मूल्य तीनसय चाँदीका
सिक्का पर्छ। यो बेच्न सकिन्थ्यो अनि वदलामा पैसा
गरीबहरूलाई दिनु पर्थ्यो।" ६यहूदा आफै गरीबहरूसँग
सम्बन्धित थिएन। यहूदाले यसो भनेको कारण उ स्वयं
चोर थियो। यहूदाले चेलाहरूका पैसाको बक्सा राख्थ्यो
र उसले बेला बेलामा पैसा त्यो बक्साहरूबाट चोर्थ्यो।
७तब येशूले भन्नुभयो, "उसलाई दिक्क नदेऊ। आजको
लागि यो सुगन्ध उसले बँचाएकी थिई। आज कै दिनमा
मेरो दफनको निम्ति तयार गर्नु छ। ८गरीब मानिसहरू
सधैं तिमीसँग हुने छन्।" तर म तिमीहरूसँग सँधै बस्ने
छैन।"

## लाजरस विरुद्ध षड़यन्त्र

९येशू बेथानीमा हुनुहुन्छ भनेर धेरै यहूदीहरूले सुने।
तब तिनीहरू येशूलाई हेर्न त्यहाँ गए। तिनीहरू त्यहाँ
लाजरसलाई पनि हेर्न गए। लाजरस जसलाई येशूले
मृत्युबाट जगाउनु भएको थियो। १०यसैले प्रमुख
पूजाहारीहरूले लाजरसलाई पनि मार्ने योजनाहरू गरे।
११लाजरसले गर्दा, धेरै यहूदीहरूले आफ्ना प्रमुख
अगुवाहरूलाई छोड़ेर येशूलाई विश्वास गर्न थालेका
थिए। त्यही कारणले गर्दा यहूदी अगुवाहरूले लाजरसलाई
मार्न चाहेका थिए।

### येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भएको

*(मत्ती २१:१-११; मर्कूस ११:१-११; लूका १९:२८-४०)*

[१२]अर्को दिन येशू यरूशलेमतिर आईरहनु भएको छ
भनेर त्यहाँका मानिसहरूले सुने। तिनीहरूमा धेरैजसो
यहूदीहरूका निस्तार चाडमा आउनेहरू थिए। [१३]मानिसहरूले
ताडको रूखको हाँगाहरू लिए अनि येशूलाई भेटन गए।
मानिसहरू कराए,

"'उहाँको प्रशंसा गर!' 'स्वागत् गर! परमेश्वरले
उसलाई आर्शिवाद गरून जो प्रभुको नाउँमा
आउनु हुँदैछ!'

*भजनसंग्रह ११८:२५-२६*

परमेश्वरले इस्राएलका राजालाई आशीष
दिनुहुन्छ!"

[१४]येशूले एउटा गधा पाउनु भयो र त्यसमा चढ्नु
भयो। यो धर्मशास्त्रमा भने जस्तै भयो:

[१५] सियोन नगर* नडराऊ! हेर! तिम्रो राजा आइरहेछ।
उहाँ गधाको बछेड़ामाथि चड़ेर आइरहेका छन्।"

*जकरिया ९:९*

[१६]येशूका चेलाहरूले त्यसबेला के भइरहेको थियो
बुझेनन्। तर येशूको पुनरूत्थान पछि तिनीहरूले
येशूको महिमा सम्झे कि यी कुराहरू उहाँकै विषयमा
लेखिएको थियो अनि मानिसहरूले उहाँकै निम्ति यी
कुराहरू गरेकाथिए।

### मानिसहरूले येशूको विषयमा भने

[१७]जब येशूले लाजरसलाई चिहानबाट जगाउनु भयो
अनि तिनलाई चिहानबाट बोलाउनु भयो त्यसवेला त्यहाँ
धेरै मानिसहरू येशूसँग थिए। अब ती मानिसहरूले
येशूले के गर्नुभयो अरूहरूलाई बताउन थाले। [१८]धेरै
मानिसहरू येशूलाई हेर्न भनेर बाहिर निस्के कारण
तिनीहरूले सुनेका थिए कि येशूले चमत्कार पूर्ण
कार्यहरू गर्नु भएको थियो। [१९]यसर्थ फरिसीहरूले
एकाअर्कामा भने, "हेर, हामीले कुनै कार्य सम्पन्न गर्न
सकेका छैनौ। व्यर्थको सवै मानिसहरू उनलाई
पछ्याँउदैछन्।"

### येशूले जीवन र मृत्यु विषय भन्नुहुन्छ

[२०]तिनीहरूमा कोही मानिसहरू ग्रीकका पनि थिए।
तिनीहरू कोही ती मानिसहरू थिए जो यरूशलेममा
निस्तार चाडमा आएका थिए। [२१]ती ग्रीकका मानिसहरू
फिलिप कहाँ गए। फिलिप गलिलीमा बेत्सैदाबासी थिए।
ग्रीस मानिसहरूले भने, "महोदय, हामी येशूलाई हेर्न
चाहन्छौ।" [२२]फिलिप गएर अन्द्रियासलाई भने। अनि
फिलिप र अन्द्रियास गएर येशूलाई भने।

[२३]येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई
महिमा ग्रहण गर्ने बेला आइपुग्यो। [२४]म तिमीहरूलाई
साँचो भन्दछु। गहुँको दाना भूइँमा झर्नु पर्छ अनि मर्छ।
तब यो बढ्छ र धेरै बीऊहरू उब्जाउँछ। तर यो मरेन
भने यो सधैं खाली एउटै बीउमात्र रहन्छ। [२५]जसले
आफ्नो जीवनको माया गर्दछ उसले जीवन गुमाउँदछ।
तर जसले आफ्नो जीवनलाई घृणा गर्दछ यस संसारमा
उसले अनन्त जीवन पाउँदछ। [२६]जसले मेरो सेवा गर्दछ
उसले मलाई पछ्याउनु नै पर्छ। तब मात्र मेरो सेवक म
जहाँ-जहाँ हुँदछु त्यतै मसँग हुँदछ। मेरो पिताले तिनीहरूलाई
सम्मान दिनुहुनेछ जसले मेरो सेवा गर्छन्।

### येशूले आफ्नै मृत्युको विषयमा भन्नुहुन्छ

[२७]"अहिले मेरो हृदय व्याकुल छ। मैले के भन्नु
पर्ला र? के मैले भन्नु पर्छ, 'पिता मलाई कष्टको
बेलाबाट बचाई दिनु होस्? होइन, यस्तो बेलामा म
आउनको कारण नै दु:ख पाउनुको निम्ति हो।" [२८]पिता,
तपाईंको नामको महिमा प्रदान गराउनु होस्।"

तब स्वर्गबाट आवाज आयो, "मैले त्यो नाउँमा
महिमा ल्याएको छु। अनि म फेरि महिमा ल्याउनेछु।"

[२९]उभिरहेका मानिसहरूको भीडले त्यो आवाज सुने।
ती मानिसहरूले यसलाई गर्जन भने।

तर अरू मानिसहरूले भने, "स्वर्गदूत उहाँसँग बोले!"

[३०]येशूले मानिसहरूलाई भन्नुभयो, "त्यो आवाज
तिमीहरूको लागि हो, मेरो लागि होइन। [३१]अब संसार
(दुष्ट)को न्याय गर्ने बेला आयो। अब यस संसारको
शासक फ्याँकिने छ। [३२]म पृथ्वीबाट उचालिने छु। अनि
जब यस्तो हुँदछ, म सबै मानिसहरूलाई मकहाँ ल्याउने

---

**सियोन** यहाँ सियोन नगरवासी गरिएको छ। यसको शाब्दिक
अर्थ हो सियोनका छोरी, अर्थ यरूशलेम।

छु।" ३३उहाँको मृत्यु कुन प्रकारले हुनेछ त्यो संकेत
दिनलाई उहाँले त्यसो भन्नुभयो।

३४मानिसहरूले भने, "तर हाम्रो व्यवस्थाले भन्छ
ख्रीष्ट अनन्त बाँच्ने छ यसर्थ तपाईं कसरी भन्नुहुन्छ,
'मानिसको पुत्र उचालिनु पर्छ? यो मानिसको पुत्र'
भनेको को हो?"

३५तब येशूले भन्नु भयो, "ज्योति अझ केही
समयको लागि तिमीहरूसँग रहनेछ। यसर्थ जति वेला
सम्म उज्यालो छ त्यति वेला सम्म हिडडुल गर ताकि
अंध्यारोले तिमीहरूलाई समात्ने छैन। जो व्यक्ति अन्धकारमा
हिंड्छ उसले उ कहाँ गई रहेछ थाहा पाउँदैन। ३६यसर्थ
ज्योति जबसम्म तिमीहरूसँग रहन्छ त्यसमा विश्वास
राख। तब तिमीहरू ज्योतिको सन्तानहरू हुनेछौं।" यति
भनि सकेर येशू जानुभयो। येशू त्यस्तो जग्गामा जानु
भयो जहाँ कसैले उहाँलाई भेट्न सक्तैन।

### यहूदीहरूले येशूमा विश्वास गरेनन्

३७येशूले यी धैरै चमत्कारहरू गर्नुभयो। ती मानिसहरूले
त्यस्तो देखिसके पश्चात् पनि उहाँमाथि विश्वास गरेनन्।
३८यो भयो अगमवक्ता यशैयाको वचन पुरा होस्:

> "प्रभु, हामीले भनेका कुराहरूमा कसले विश्वास
> गर्‍यो? परमप्रभुको शक्ति कसले देख्यो?"
>
> *यशैया ५३:१*

३९यसकारण मानिसहरूले विश्वास गरेनन्। किनभने
यशैयाले अझ भने,

४० "परमेश्वरले मानिसलाई अन्धा बनाइदिनु भयो।
परमेश्वरले उनीहरूका हृदय कठोर पारिदिनु
भयो। परमेश्वरले यसो गर्नुको कारण तिनीहरूले
आफ्नै आँखाले नदेखोस् भनेर तिनीहरूले हृदयले
वुझ्न नसकोस भनेर नत्रता तिनीहरू मकहाँ
निको हुन फर्कने छन्।"

*यशैया ६:१०*

४१यशैयाले यसो भनेको कारण उनले उहाँको महिमा
देखेका थिए। अनि उनको विषयमा भने।

४२तर धैरै मानिसहरूले येशूमा विश्वास गरे। कतिपय
यहूदी अगुवाहरू सम्मले येशूमा विश्वास गरे। तर
तिनीहरू फरिसीहरू देखि डराउँथे। यसैले तिनीहरूले
येशूमा विश्वास गरे भनेर खुल्लम-खुल्ला भनेनन्।
तिनीहरूलाई सभाघरबाट निकाली देला कि भन्ने डर
थियो। ४३ती मानिसहरू परमेश्वरबाट धेरै प्रशंसा गरिनु
भन्दा मानिसहरू बाटै प्रशंसा गरिएको मन पराउँथे।

### येशूको उपदेशले मानिसहरूलाई न्याय गर्नेछ

४४तब येशू जोड्ले कराएर भन्नुभयो, "जसले मलाई
विश्वास गर्दछ उसले मलाई मात्र विश्वास गर्दैन जसले
मलाई पठाउनु भयो उहाँलाई पनि विश्वास गर्छ।
४५जसले मलाई देख्दछ उसले उहाँलाई देख्दछ जसले
मलाई पठाउनु भयो। ४६म ज्योति हुँ र यस संसारमा
आएँ र जसले मलाई विश्वास गर्दछ उसले अन्धकारमा
बस्न पर्दैन।

४७"म मानिसहरूलाई न्याय गर्न यस संसारमा आएको
होइन। म संसारमा मानिसहरूलाई बचाउन आएँ। म
एक होइन जसले मानिसहरूलाई न्याय गर्छ। जसले मेरो
शिक्षा सुन्दछ तर पालन गर्दैन। ४८जसले मलाई अस्वीकार
गर्छ र मैले भनेका कुराहरू मान्दैन उसको लागि
न्यायकर्त्ता छँदैछ। मैले जुन संदेश भने त्यसैले अन्तिम
दिनमा त्यस व्यक्तिको निम्ति न्याय गर्नेछ। ४९किन?
किनभने जुन कुराहरू मैले बताए त्यो मेरो आफ्नै
थिएन। पिता जसले मलाई पठाउनु भयो र के भन्नु र
के शिक्षा दिनु भने त्यही गरें। ५०र म जान्दछु कि
अमर जीवन उहाँकै आज्ञाबाट आउनेछ। यसकारण म
जे भन्दछु पिताले जे जे भन्नु भएको छ।"

### येशूले आफ्ना चेलाहरूको खुट्टा धुनुभयो

१३ यो प्राय: यहूदीहरूको निस्तार चाड आइसकेको
बेला थियो। येशूले जान्नु हुन्थ्यो कि अब
उहाँको संसार छोड्ने समय आइपुगेको छ। अब आफ्ना
पिता कहाँ फर्की जाने समय आइपुगेको छ। येशूले सधैं
तिनीहरूलाई प्रेम गर्नु भयो जो उहाँसँग त्यस संसारमा
थिए। अब येशूले तिनीहरूलाई आफ्नो पूर्ण प्रेम देखाउने
समय आएको थियो।

२येशू र उहाँका चेलाहरूको, निम्ति बेलुकाको
भोजन थियो। शिमोन इस्करयोतीको छोरा यहूदालाई
येशूको विरुद्ध हुने कुरा अघिबाटै दुष्टात्माले प्रेरित
गराएको थियो। ३पिताले येशूलाई सबै कुरा माथि शक्ति
दिनु भएको थियो। येशूले यी कुराहरू जान्नुहुन्थ्यो। उहाँ

यो पनि जान्नु हुन्थ्यो कि उहाँ परमेश्वरबाट आएको
हो। अनि परमेश्वर तर्फै फर्किरहेका थिए भन्ने पनि
जान्नु हुन्थ्यो। ४जब तिनीहरूले खाई रहेका थिए, येशू
उठनु भयो र आफ्ना पोशाकलाई पन्साउनु भयो। उहाँले
तौलिया लिएर आफ्नो कम्मरमा बेह्रनुभयो। ५तब येशूले
भाँडामा पानी खन्याउनु भयो। उहाँले तब चेलाहरूका
खुट्टा धुन थाल्नु भयो। र आफ्ना कम्मरमा बेह्रेको
तौलियाले उनीहरूका खुट्टा पुछिदिनुभयो।

६येशू शिमोन पत्रुस कहाँ आउनु भयो। तर पत्रुसले
येशूलाई भने, "प्रभु, मेरो खुट्टा धुनु पर्दैन।"

७येशूले जवाबमा भन्नुभयो, "अहिले मैले के गरिरहेछु
तिमी जान्दैनौ। तर पछि बुझ्ने छौ।"

८पत्रुसले भने, "अहँ! तपाईंले मेरो खुट्टा कहिल्यै
धुनु हुँदैन।"

येशूले भन्नुभयो, "यदि मैले तिम्रो खुट्टा धोईन भने
मसँग तिम्रो कुनै अंश रहने छैन।"

९शिमोन पत्रुसले भने, "प्रभु, मेरो खुट्टा मात्र होइन
मेरो हात र टाउँको पनि धोईदिनु हवस्।"

१०येशूले भन्नुभयो, "नुहाईसकेपछि एक व्यक्ति सम्पूर्ण
रूपले सफा हुँदछ। उसको खुट्टा मात्र धुनु पर्दछ।
तिमीहरू सबैजना शुद्ध छौ तर कोही कोही मात्र छैन।"
११येशूले उहाँको विरुद्ध को जाने छ चिन्नुहुन्थ्यो।
त्यसैकारणले येशूले भन्नुभयो, "तिमीहरूमा सबै शुद्ध
छैनौं।"

१२येशूले तिनीहरूका खुट्टा धोईसक्नु भयो। तब
आफ्ना पोशाक लगाई टेबलतर्फ फर्की जानुभयो। उहाँले
भन्नुभयो, "तिमीहरू जान्दछौ मैले तिमीहरूलाई के
गरें?" १३तिमीहरूले मलाई 'गुरूज्यू' र 'प्रभु' भनेर
बोलाउँछौ। अनि यो ठीक हो किनभने म त्यही हुँ।
१४म तिमीहरूका प्रभु र गुरू हुँ। किनभने मैले
तिमीहरूका खुट्टा एक नोकरले जस्तो धोएँ। यसैले
तिमीहरूले पनि एकअर्काको खुट्टा धुनु पर्छ। १५मैले
तिमीहरूको अघि उदाहरणको लागि यो गरें। र तिमीहरूले
एकाअर्कामा त्यसै गर्नुपर्छ जस्तो मैले गरें। १६म सत्य
भन्छु। एक नोकर उसको मालिक भन्दा ठूलो हुँदैन
जसलाई केही कार्यको निम्ति पठाइएको छ उ ती
पठाउने भन्दा ठूलो होइन। १७यदि तिमीहरूले यी
कुराहरू जान्दछौं, गर्‍यौ भने सुखी हुनेछौं।

१८"मैले तिमीहरू सबैको विषयमा भनिरहेको होइन।
मैले छानेका मानिसहरू म चिन्दछु। तर धर्मशास्त्रमा जे
भनिएको छ त्यो हुन्छ: 'जसले मेरो भोजन खायो उ नै
शत्रु भयो।' १९अब यसो हुन अगाडि नै म भनिरहेछु।
जब यस्तो घटनेछ तब म उहीनै हुँ भनेर तिमीहरूले
विश्वास गर्नेछौ। २०यसर्थ म साँचो भन्छु। जसले मैले
पठाएको व्यक्तिलाई ग्रहण गर्दछ तब उसले मलाई पनि
ग्रहण गर्दछ। र जसले मलाई ग्रहण गर्छ भने उसले
मलाई जसले पठाउनु भयो उहाँलाई पनि ग्रहण गर्छ।"

### येशूले धोखा दिनेको विषयमा भन्नुहुन्छ

*(मत्ती २६:२०-२५; मर्कूस १४:१७-२१; लूका २२:२१-२३)*

२१जब येशूले यी कुराहरू भनी सकेपछि, येशू
आत्मामा अत्यन्तै दु:खित हुनुभयो। उहाँले खुल्लम-खुल्ला
भन्नुभयो, "म साँचो भन्छु कि तिमीहरू मध्ये एकजना
मेरो विरुद्ध हुनेछौ।"

२२येशूका चेलाहरूले एकअर्कालाई हेरे। तिनीहरूले
बुझेनन् कि येशूले कसको विषयमा भनिरहनु भएको
थियो। २३उहाँका चेलाहरू मध्ये एकजना उहाँकै छेउमा
वसिरहेका थिए। तिनलाई येशूले अत्यन्त प्रेम गर्नु
हुन्थ्यो। २४शिमोन पत्रुसले त्यस चेलालाई इशारा गरेर
सोध्नु लगाए कि उहाँले भन्नुभएको व्यक्ति को होला।

२५त्यो चेला उहाँको छातीमा अडेस लाग्यो अनि
सोध्यो, "प्रभु त्यो को होला जो तपाईंको विरुद्ध जाने
छ?"

२६येशूले जवाफ दिनुभयो, "म यो रोटी प्यालामा
चोब्ने छु र जसलाई म त्यो चोवेको रोटी दिन्छु उ नै
मेरो विरुद्ध हुनेछ।" यसर्थ येशूले रोटीको एक टुक्रा
लिनु भयो। उहाँले त्यो चोब्नु भयो र शिमोन इस्करयीतीको
छोरो यहूदालाई दिनुभयो। २७जब यहूदाले त्यो रोटीको
टुक्रा लियो शैतान उसकोभित्र पस्यो, येशूले यहूदालाई
भन्नु भयो, "तिमीले जे गर्नु छ त्यो भट्टै गरिहाल!"
२८भोजनमा बसिरहेकाहरू कसैले येशूले यहूदालाई त्यसो
भन्नुभएको तात्पर्य बुझेनन्। २९यहूदा मात्र एक त्यस्ता
चरित्रको थियो जसले पैसाको बाकस् राख्दथ्यो। अरूहरूले
के सोचे भने येशूले यहूदालाई भोजको निम्ति आवश्यक
चीजहरू किन्नलाई पठाउनु भयो। अर्थात् यसो पनि
अरूहरूले सम्झे कि येशूले गरीबहरूका लागि केही
किन्न यहूदालाई पठाउनु भयो भनेर।

३०यहूदा येशूले दिनुभएको त्यो रोटीको टुक्रा ग्रहण
गर्‍यो र तुरुन्तै बाहिर निस्की हाल्यो। त्यसबेला रात
परिसकेको थियो।

### येशूले आफ्नो मृत्यु विषय भन्नु हुन्छ

[३१]यहूदा जब गइसकेको थियो, तब येशूले भन्नु भयो, "अब मानिसको पुत्रले महिमा प्राप्त गर्छ अनि परमेश्वरले मानिसको पुत्रबाट महिमा प्राप्त गर्नुहुन्छ। [३२]यदि परमेश्वरले पनि उसको माध्यमबाट महिमा प्राप्त गर्दछ भने, उहाँले छोरोलाई स्वयंबाट महिमा दिनुहुनेछ तुरून्तै।"

[३३]येशूले भन्नुभयो, "मेरा बालकहरू म तिमीहरूसँग केही समय सम्म मात्र रहने छु। तिमीहरूले मलाई खोज्ने छौ। अनि यहूदीहरूलाई मैले जे भने त्यो तिमीहरूलाई भन्नेछु अब जहाँ म गइरहेछु त्यहाँ तिमीहरू आउन सक्तैनौ।

[३४]"म तिमीहरूलाई नयाँ आज्ञा दिन्छु: एकअर्कामा प्रेम गर। तिमीहरूले मैले जस्तो एकाअर्कामा प्रेम गर्न पर्छ। [३५]यदि तिमीहरूले आपस्तमा प्रेम गर्‍यौ भने यस तरीकाबाट सबै मानिसहरूले जान्नेछन् कि तिमीहरू मेरा चेलाहरू हौ।"

### येशूले भन्नुहुन्छ कि पत्रुसले उहाँलाई इनकार गर्नेछ

*(मत्ती २६:३१-३५; मर्कूस १४:२७-३१; लूका २२:३१-३४)*

[३६]शिमोन पत्रुसले येशूलाई सोधे, "प्रभु, तपाईं कहाँ जानु हुँदैछ?"

येशूले जवाब दिनुभयो, "जहाँ म गइरहेछु त्यहाँ तिमी पछ्याउन सक्तैनौ अब। तर पछि मात्र सक्ने छौ पछ्याउन।"

[३७]पत्रुसले सोधे, "प्रभु, अहिले म तपाईंलाई किन पछ्यान सक्तिन? म तपाईंको निम्ति मर्न तयार छु!"

[३८]येशूले जवाब दिनुभयो, "साँचिनै तिमी आफ्नो जीवन मेरो निम्ति त्याग्न सक्ने छौ? म साँचो भन्छु। भाले बास्न अघि, तिमीले तीनपल्ट भन्नेछौ कि तिमीले मलाई चिन्दैनौ।"

### येशूले आफ्ना चेलाहरूलाई ढाढस दिनुहुन्छ

**१४** येशूले भन्नुभयो, "आफ्ना हृदयहरूलाई दु:खी हुन नदेऊ। परमेश्वरमा भरोसा गर। अनि ममा भरोसा गर। [२]त्यहाँ मेरा पिताको घरमा धेरै कोठाहरू छन्। यदि यो सत्य नभएको भए म तिमीहरूलाई भन्ने थिइनँ। म त्यहाँ तिमीहरूको व्यवस्था मिलाउन गईरहेछु। [३]म गए पछि तिमीहरूको लागि सबै व्यवस्था मिलाईसके पछि म फर्की आउनेछु। तब म तिमीहरूलाई त्यहाँ लानेछु। तब तिमीहरू म जहाँ छु त्यहीँ हुनेछौ। [४]म जुन ठाउँमा गईरहेछु तिमीहरू त्यो बाटो जान्दछौ।"

[५]थोमाले भने, "प्रभु, तपाईं कहाँ गइरहनु भएको छ हामी जान्दैनौ। तब हामीले बाटो कसरी जान्ने?"

[६]येशूले भन्नुभयो, "म नै बाटो हुँ, म नै सत्य र जीवन हुँ। पिताकोमा जाने माध्यम हुँ। [७]यदि तिमीहरूले मलाई चिनेको भए तब मेरो पितालाई पनि चिन्नेछौ। तर अब तिमीहरू पितालाई जान्नेछौ। तिमीहरूले उहाँलाई देखेका छौ।" [८]फिलिपले येशूलाई भने, "प्रभु, हामीलाई पिता देखाइदिनुहवस्। त्यही हामीलाई पर्याप्त हुनेछ।"

[९]येशूले जवाफ दिनु भयो, "फिलिप धेरै समय देखि म तिमीहरूसँगै छु र पनि मलाई चिन्दिनौ भन्छौ? जसले मलाई देखेको छ उसले मेरो पितालाई पनि देखेको छ। यसर्थ तिमी कसरी भन्छौ, 'हामीलाई पिता देखाउनु होस?' [१०]के तिमीहरू विश्वास गर्छौ कि म पिताभित्र छु र पिता मभित्र हुनुहुन्छ भनेर? जुन कुराहरू मैले भने त्यो मबाट आएको होइन। पिता मभित्र बाँच्नु हुन्छ अनि उहाँले आफ्नो काम आफै गर्नुहुन्छ। [११]मैले पहिल्यै भनी सके कि विश्वास गर, ममा पिता हुनुहुन्छ र पितामा म हुन्छु। अथवा मैले गरेको कामहरूको कारणले गर्दा पनि विश्वास गर। [१२]म तिमीहरूलाई सत्य भन्छु। जसले ममा विश्वास गर्छ उसले पनि त्यस्तै काम गर्नेछ जो म गर्छु। उसले वास्तवमा त्यो भन्दा पनि महान काम गर्नेछ। किनभने म पिताकहाँ गइरहेछु। [१३]अनि मेरो नाममा केही पनि माग्यौ भने, म तिमीहरूको लागि गार्दिनेछु। तब पिताको महिमा पुत्रको माध्यमबाट देखिने छ। [१४]यदि तिमीहरूले मेरो नाममा केही माग्यौं भने, म दिनेछु।

### पवित्र आत्माको प्रतिज्ञा

[१५]"यदि तिमीहरू मलाई प्रेम गर्‍यौ भने, तब तिमीहरूले मेरो आज्ञा पालन गर्नेछौ। [१६]म मेरो पितालाई माग्ने छु र उहाँले तिमीहरूलाई अर्को सहायक* दिनु हुनेछ। उहाँ तिमीहरूसँग सधैँ रहने सहायक दिनुहुनेछ। [१७]सहायक सत्यको आत्मा* हो। संसारले उहाँलाई

---

**सहायक** अथवा, "आरामदायक," पवित्र आत्मा।

**सत्यको आत्मा** पवित्र आत्मा। परमेश्वरको सत्य येशूको चेलाहरूलाई बुझाउन यो उहाँको कार्य हो। हेर्नुहोस् यूहन्ना १६:१३।

स्वीकार गर्न सक्तैन। किन? किनभने संसारले उहाँलाई देख्दैन र बुझ्दैन। तर तिमीहरू उहाँलाई जान्दछौ। उहाँ तिमीहरूसँग बाँच्नु हुन्छ र उहाँ तिमीहरूभित्र नै हुनु हुनेछ।

१८“म तिमीहरूलाई आफ्ना आमा-बाबुले अनाथहरू छोड़े जस्तो एक्लै छाड़ने छैन। म तिमीहरूकहाँ फर्कि आउने छु। १९केही समय पछि बाटै मलाई संसारमा मान्छेहरूले फेरि देख्ने छैन। तर तिमीहरूले मलाई देख्ने छौं। तिमीहरू बाँच्ने छौं किनभने म बाँच्छु। २०त्यस दिनमा तिमीहरूले जान्ने छौं कि म पितामा छु। तिमीहरूले जान्ने छौ कि तिमीहरू ममा र म तिमीहरूमा हुनेछु। २१यदि कसैले मेरो आज्ञाहरू ग्रहण गर्छ र यसलाई पालन गर्दछ, त्यस व्यक्तिले मलाई प्रेम गर्दछ। अनि मेरा पिताले तिनलाई प्रेम गर्दछन् जसले मलाई प्रेम गर्दछ। अनि म त्यस व्यक्तिलाई प्रेम गर्छु। म उमाथि प्रकट हुनेछु।”

२२तब यहूदाले (इस्करयोत यहूदा होइन) भन्यो, “तर प्रभु, किन तपाईंले आफूलाई हामी समक्ष प्रकट गर्नुहुन्छ र संसार समक्ष किन गर्नुहुन्न?”

२३येशूले भन्नुभयो, “यदि कसैले मलाई प्रेम गर्छ भने, उसले मेरो शिक्षा पालन गर्दछ। अनि मेरो पिताले पनि तिनलाई प्रेम गर्नुहुन्छ। म र मेरो पिता तिनीकहाँ आउनेछौ र तिनीसँगै बस्ने छौ। २४तर जसले मलाई प्रेम गर्दैन उसले मेरो शिक्षा पालन गर्दैन। यो शिक्षा जुन तिमीले सुन्दैछौ वास्तवमा मेरो होइन। यो पिताबाट आएको हो जसले मलाई पठाउनु भयो।

२५“मैले यी सबै कुराहरू भनिसकेको छु तिमीहरूसँग रहँदा नै। २६तर सहायकले सबै कुराहरूको शिक्षा दिनेछन्। सहायकले मैले जे भने ती सबै कुराहरू सम्झना गराउने छ। यो सहायक नै पवित्र आत्मा हो जसलाई पिताले मेरो नाममा पठाउनु हुनेछ।

२७“म तिमीहरूलाई मेरो शान्ति छाड़दछु, यो मेरो आफ्नै शान्ति तिमीहरूलाई दिँदछु। म तिमीहरूलाई शान्ति दिन्छु, यो त्यो शान्ति होइन जुन संसारले दिन्छ। यसकारण तिमीहरूको हृदय विचलित नहोस् अनि कुनै विषयमा पनि नडराऊ। २८म गईरहेछु भनेको तिमीले सुन्यौ, तर फेरि तिमीहरूकहाँ आउने छु। यदि तिमीहरूले मलाई प्रेम गरेको भए तिमीहरू खुशी हुने थियौ कि म पिताकहाँ गईरहेछु। किन? किनभने पिता मभन्दा महान हुनुहुन्छ। २९यो हुनुभन्दा पहिल्यै मैले यो कुरा भनिसकेको छु। जब यी सबै हुनेछ अनि तिमीहरूले विश्वास गर्ने छौ। ३०तिमीहरूसँग कुरा गर्ने समय छैन। यो संसारको शासक आइरहेछ। तर ममाथि उसको शक्ति चल्दैन। ३१तर संसारले जान्नै पर्छ कि मैले मेरो पितालाई प्रेम गर्छु। यसैले म त्यही जस्ताको तस्तै गर्दछु, जुन उहाँले मलाई गर्नु भन्नु भयो।

“आऊ अब, हामी यस ठाउँलाई छोड़ी जाऊ।”

## येशू अङ्गूरको बोट

**१५** येशूले भन्नुभयो, “म साँचो अङ्गूरको बोट हुँ, मेरो पिता माली हुनुहुन्छ। २म मेरो प्रत्येक हाँगा जसमा फल फल्दैन त्यो उहाँ काटिदिनु हुन्छ। अनि उहाँले प्रत्येक हाँगाहरू छाँट्नु र सफा गर्नुहुन्छ ताकि त्यसले फल फलाउन सकोस्; त्यसो गर्दा यसले अझ बढ़्ता फल दिनेछ। ३मेरो उपदेशको कारणले गर्दा तिमीहरू पहिल्यै शुद्ध भइसकेका छौ। ४मभित्र बस, म तिमीहरू भित्र रहनेछु। कुनै पनि एक्लो हाँगाले फल दिँदैन। त्यो मूल बोटमा अन्तर्निहित भएको हुनैपर्छ। तिमीहरूसँग पनि यही कुरा लागू हुँदछ। तिमीहरू एक्लै फल फलाउन सक्तैनौ। तिनीहरू ममा हुनुपर्छ।

५“म अङ्गूरको बोट* हुँ र तिमीहरू त्यसका हाँगाहरू हौ। यदि जो कोही ममा रह्यो भने त्यसले धेरै फल दिनेछ। किनभने म बिना तिमीले केही गर्न सक्तैनौ। ६यदि कोही ममा रहँदैन भने तब उ त्यो हाँगा जस्तो हुन्छ जो फ्याँकिएर जान्छ। त्यो हाँगा मर्दछ। मानिसहरूले त्यस्तो मरेको हाँगाहरू टिपेर आगोमा हालिदिन्छ र तिनीहरू जल्छन्।

७“यदि तिमीहरू ममा रह्यौ र मेरो शिक्षाहरू तिमीहरूमा रह्यो भने, तब तिमी जे पनि चाहन्छौ माग अनि त्यो तिमीलाई दिइने छ। ८तिमीले अधिक फलहरू फलाऊ र सिद्ध गर कि तिमीहरू मेरा चेलाहरू हौ। यसले मेरो पितालाई महिमा दिदछ। ९म तिमीहरूलाई प्रेम गर्दछु जसरी मलाई पिताले गर्नुहुन्छ। अब मेरो प्रेममा निरन्तर रहौं। १०मैले मेरो पिताको आज्ञा पालन गरें र निरन्तर उहाँको प्रेममा रही रहकोछु। यस्तै प्रकारले यदि तिमीहरूले मेरो आज्ञा पालन गर्‍यौं भने

---

**अङ्गूरको बोट** नेपाली बाइबलको अनुवादमा ‘दाख’ को बोट भनिएको छ जुन साधारण मानिसले बुझ्दैनन् जति ‘अङ्गूरको बोट’ भन्दा बुझ्छ।

तिमीहरू मेरो प्रेममा निरन्तर रहने छौं। [११]मैले यी
कुराहरू भनिसकेको छु, यसैले तिमीहरूले त्यस्तै आनन्द
पाउन सक्नेछौं जुन मसँग छ। म तिमीहरूको आनन्द
एक पूर्ण आनन्द भएको देख्न चाहन्छु। [१२]यसैकारणले
म तिमीहरूलाई आज्ञा गर्दछु: एकअर्कामा प्रेम गर
जसरी मैले तिमीहरूलाई प्रेम गरें। [१३]महान प्रेम त्यस
व्यक्तिले देखाउन सक्छ जसले आफ्नो मित्रको लागि
आफ्नो जीवन वलिदान दिनसक्छ। [१४]तिमीहरू मेरो भित्र
हौं यदि तिमीहरूले मेरो आज्ञा अनुसार काम गर्‍यौ भने।
[१५]म तिमीहरूलाई नोकरहरू भनेर डाक्ने छैन। एक
नोकरले उसको मालिकले के गर्छ भनेर केही पनि
जान्दैन। अब म तिमीहरूलाई मित्र भनेर बोलाउँछु
किनभने मेरा पिताले मलाई जे-जे भन्नुभयो ती सबै
तिमीहरूलाई भनि सकेको छु। [१६]तिमीहरूले मलाई
चुनेनौ; मैले तिमीहरूलाई चुने। अनि मैले तिमीहरूलाई
नियुक्ति गरेकोछु: जाऊ अनि फल फलाऊ। म यो फल
तिमीहरूको हृदयमा फलीरहेको देख्न चाहन्छु। तब
पिताले तिमीहरूले जे पनि चाहन्छौ त्यो मेरो नाममा
दिनुहुनेछ। [१७]यही मेरो आज्ञा हो: एकाअर्कालाई प्रेम
गर।

## येशूले आफ्ना चेलाहरूलाई सावधान गर्नुहुन्छ

[१८]“यदि यो संसारले तिमीहरूलाई घृणा गर्छ भने
याद गर कि संसारले मलाई प्रथम घृणा गर्‍यो भनेर।
[१९]यदि तिमीहरू संसारकै थियौं भने तिमीहरूलाई उसकै
आफ्नै मानिसहरू सरह प्रेम गर्ने नैं छ। तर मैले
तिमीहरूलाई संसारबाट छाने। यसैले तिमीहरू संसारसँग
सम्बन्धित छैनौ। यसैकारणले संसारले तिमीहरूलाई घृणा
गर्दछ। [२०]मैले तिमीहरूलाई भनेका कुराहरू सम्झ: एक
नौकर उसको मालिक भन्दा श्रेष्ट हुँदैन। यदि मानिसहरूले
मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन्, यही
मानिसहरूले मेरो शिक्षा पालन गरे भने तिनीहरूले
तिमीहरूको आज्ञा पालन गर्नेछन्। [२१]मानिसहरूले यी
सबै कुराहरू मेरो कारणले गर्दा तिमीहरूलाई गर्नेछन्।
उहाँलाई तिनीहरूले चिन्दैनन् जसले मलाई पठाउनु
भयो। [२२]यदि म नआएको भए र संसारका मानिसहरूलाई
नबताएको भए तब तिनीहरू पापका-दोषी हुने थिएनन्।
तर अब मैले तिनीहरूलाई जनाए र अब तिनीहरूको
पापबाट माफी हुने छैन। [२३]जसले मलाई घृणा गर्दछ,
उसले मेरो पितालाई पनि घृणा गर्दछ। [२४]मैले ती
मानिसहरू माझ जस्तो कुराहरू गरे अन्य कुनै व्यक्तिले
कहिल्यै गरेन। यदि मैले त्यस्तो कुराहरू नगरेको भए,
तिनीहरू पापको-दोषी हुने नै थिएनन्। तर मैले जे-जे
गरें ती सबै तिनीहरूले देखी सकेका छन्। तथापि
तिनीहरूले मलाई र मेरा पितालाई घृणा गर्छन्। [२५]तर
यस्तो भयो किनकि उनीहरूको व्यवस्थामा लेखिएको
कुरा सत्य हुने भयो: यस्तो लेखिएको छ ‘कुनै कारण
बिना नै तिनीहरूले मलाई घृणा गरे।’

[२६]“म तिमीहरूलाई पिताबाट सहायक पठाईदिनेछु।
सहायक सत्यको आत्मा हो जो पिताबाट आउँदछ। जब
उनी आउँछन, उसले मेरो विषयमा बताउने छन्।
[२७]अनि तिमीहरूले मेरो विषयमा मानिसहरूलाई भन
किनभने तिमीहरू शुरूदेखिनै मसंग छौ।

**१६** “मैले यी कुराहरू तिमीहरूलाई भने ताकि
तिमीहरूले आफ्नो विश्वास हराउने छैनौ।
[२]तिनीहरूले तिमीहरूलाई सभाघरहरू*बाट बाहिर
निकालिदिने छन्। समय आँउदैछ ताकि मानिसहरूले
तिमीहरूलाई मारेर परमेश्वरको सेवा गर्दैछौं भन्ने सोच्नेछन्।
[३]मानिसहरूले यी सबै कुराहरू गर्नेछन् कारण न त
तिनीहरूले पितालाई चिनेका छन् न त मलाई नै
चिन्दछन्। [४]यी कुराहरू म तिमीहरूलाई अहिले भन्दैछु।
अत: जब यी कुराहरू हुने समय आउनेछ, तब
तिमीहरूले मैले होशियारी गराएको सम्झनेछौ।

## पवित्र-आत्माको कार्य

“मैले यी कुराहरू तिमीहरूलाई शुरूमा भनिन,
किनभने म त्यसबेला तिमीहरूसँगै थिएँ। [५]अब म
उहाँकैमा गईरहेकोछु जसले मलाई पठाउनुभयो। तर
तिमीहरू कसैले पनि मलाई सोधेनौ, ‘तपाईं कहाँ
गइरहुन भएको छ?’ [६]तिमीहरूका हृदय उदासिनताले
भरिएको छ किनभने मैले तिमीहरूलाई ती कुराहरू
भने। [७]तर म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूको
भलाईको निम्ति म टाढिनु नै राम्रो छ। किन? किनभने
जब म जानेछु तिमीहरूका लागि सहायक पठाइदिने छु।
तर यदि म गईन भने, सहायक तिमीहरूकहाँ आउनुहुनेछैन।
[८]जब सहायक आउँछन्, उहाँले संसारलाई यी विषयहरूमा
प्रमाण दिनु हुनेछ: पापको विषय, धार्मिकताको विषय र

**सभाघर** यहूदीहरूले धर्मशास्त्र पढ्ने, प्रार्थना गर्ने ठाउँ हो।

न्यायको विषयमा। ९सहायकले मानिसहरूको जीवनमा
पाप छ भनेर प्रमाण गर्ने छन् किनभने तिनीहरूले ममा
विश्वास गर्दैनन्। १०उसले मेरो धर्मिकताको प्रमाण
तिनीहरूलाई गराउने छन्, किनभने म पिताकहाँ नै गई
रहेछु। तब तिमीहरूले मलाई फेरि देख्ने छैनौ। ११अनि
सहायकले न्यायको विषयमा सत्य कुराको प्रमाण संसारलाई
गराउने छ, किनभने यस संसारको शासकलाई पहिल्यै
नै जाँची सकेको छ।

१२"मलाई अझ तिमीहरूसँग धेरै कुराहरू भन्नु छ।
तर अहिले ती कुराहरू तिमीहरूलाई अधिक हुनेछ र
ग्रहण गर्न साह्रो पर्नेछ। १३तर जब सत्यको आत्मा
आउँदछ, उहाँले तिमीहरूलाई सबै सत्यतामा अगुवाई
गर्नु हुनेछ। उहाँले भविष्यका कुराहरू घोषणा गर्नु
हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे
सुन्नु हुन्छ त्यही बताउनु हुन्छ। १४सत्यको आत्माले
मकहाँ महिमा ल्याउनु हुनेछ। कसरी? उसले मबाट
कुराहरू पाउने छन् र तिमीहरूलाई ती सबैकुरा व्याख्या
गर्नेछन्। सबै कुराहरू जो पितासँग छन् ती सबै मेरा
हुन्। १५त्यसैकारणले म भन्दैछु त्यस आत्माले जे
कुराहरू मबाट पाउने छन् र ती सबै तिमीहरूलाई
घोषणा गर्नेछन्।

## उदासीनता खुशीयालीमा परिवर्तन

१६"केही बेरपछि तिमीहरूले मलाई देख्ने छैनौ। अनि
अर्को केही पछि मलाई फेरि तिमीहरूले देख्ने छौ।"

१७कोही चेलाहरूले आपसमा भने, "येशूले जब
त्यसो भन्नु हुन्छ त्यसको मतलब के हो, 'केही बेरपछि
तिमीहरूले मलाई देख्ने छैनौ अनि तब केही बेरपछि
मलाई फेरि देख्ने छौं?' 'त्यसो जब भन्नु हुन्छ म
पिताकहाँ जादैछु त्यसको अर्थ के हो?'" १८चेलाहरूले
सोधे, "केही बेरपछि भन्नुको 'उहाँको तात्पर्य के हो?'
उहाँले के भनिरहनु भएको छ हामीले केही बुझेनौ।"

१९येशूले जान्नुभयो कि चेलाहरूले त्यस विषयमा
उहाँलाई सोध्न चाहन्छन्। तब येशूले आफना चेलाहरूलाई
भन्नुभयो, "तिमीहरू आपसमा सोधिरहेछौं मेरो भन्नुको
तात्पर्य जब मैले भने, 'केही बेरपछि तिमीहरूले मलाई
देख्ने छैनौ। तिमीहरूले यो जान्नलाई आपसमा बहस
गरेका छौ। त्यसपछि फेरि अर्को केही बेरपछि देख्ने
छौ? २०म साँचो तिमीहरूलाई भन्छु। तिमीहरू रूने छौ
र दु:खी हुनेछौ तर संसार प्रसन्न हुने छ। तिमीहरू
दु:खी हुने छौं तर तिमीहरूका दु:ख आनन्दमय हुने छ।
२१जब एक नारीले बालकलाई जन्म दिने समय हुन्छ,
उसलाई पीड़ा हुँदछ, किनभने उनले जन्माउने समय
आएको हुँदछ। तर जब बालक जन्मिसक्दछ, उनले
अघिका पीड़ाहरू भुल्छिन, किनभने उनले बालक
संसारमा जन्मिएको खुशीमा अघिका पीड़ाहरू त्यसै
भुल्दछिन। २२तिमीहरूसँग पनि ठीक त्यस्तै हुनेछ।
अहिले तिमीहरू दु:खी छौ। तर म तिमीहरूलाई फेरि
देख्नेछु र तिमीहरू खुशी हुने छौ। अनि कसैले पनि
तिमीहरूको खुशी खोसेर लाने छैन। २३त्यस दिन
तिमीहरूले मलाई केही पनि सोध्ने छैनौं। म तिमीहरूलाई
साँचो भन्दछु। मेरो नाममा जे मागे पनि मेरा पिताले
तिमीहरूलाई दिनु हुनेछ। २४तिमीहरूले अझसम्म मेरो
नाममा केही पनि मागेकै छैनौ। माग अनि तिमीहरूले
पाउनेछौं। अनि तिमीहरूका आनन्द पूर्ण हुनेछ।

## संसार माथि विजय

२५"यी कुराहरू मैले तिमीहरूलाई अर्थ लुकाएर
भनिसकेको छु। तर समय आउँदैछ म तिमीहरूसँग
खुल्ला पारेर यी कुराहरू भन्नेछु। मेरा पिताको विषयमा
म तिमीहरूलाई सरल भाषामा भन्नेछु। २६त्यस समय
मेरो नाममा मेरा पितालाई बिन्ती गर्ने छौ। तर मैले
भनिरहेको छैन कि तिमीहरूको निम्ति म मेरा पितालाई
भन्नेछु। २७किनभने पिता आफैले तिमीहरूलाई प्रेम
गर्नुहुन्छ। उहाँले तिमीहरूलाई प्रेम गर्नुहुन्छ किनभने
तिमीहरूले मलाई प्रेम गरेकाछौ। त्यसकारणले तिमीहरूले
विश्वास गर्छौ कि म परमेश्वरबाट आएको हुँ। २८म
पिताबाट संसारमा आएँ। अब म यो संसार छोड़ेर पिता
कहाँ फर्केर जाँदैछु।"

२९तब येशूका चेलाहरूले भने, "तपाईंले अहिले
हामीलाई खुलस्त भन्नुभयो। त्यस्तो बुझ्नै नसक्ने अप्ठेरो
नबनाई तपाईंले भन्नु भएन। ३०हामीले अब बुझ्न सक्छौ
कि तपाईंले प्रत्येक कुरा जान्नु हुन्छ। तपाईंले सोध्न
अगाड़ि नै कुनै पनि व्यक्तिको उत्तर दिन सक्नुहुन्छ। यही
कारणले हामीलाई विश्वास दिलाउँछ कि तपाईं परमेश्वर
बाटै आउनु भएको हो।"

३१येशूले भन्नुभयो, "यसर्थ: अब तिमीहरूले विश्वास
गर्‍यौ? ३२ध्यानले सुन, तिमीहरू छरिएर बस्ने समय

आईरहेछ। तिमीहरू प्रत्येक आफ्नै घरमा छरस्पष्ट हुने
छौं। त्यो समय अब आएको छ। तिमीहरूले मलाई
छाड्नेछौ। म एकलो रहनेछु। तर म वास्तवमा एक्लो
रहने छैन किनभने पिता मसँग रहनु हुनेछ।
३३"मैले तिमीहरूलाई यी कुराहरू भनेको छु ताकि
तिमीहरूलाई ममा शान्ति रहोस। यस संसारमा तिमीहरूलाई
संकट हुनेछ। तर साहसी बन। मैले संसारलाई पराजित
गरेको छु।"

### आफ्ना चेलाहरूका लागि येशू प्रार्थना गर्नुहुन्छ

**१७** यति कुराहरू भनिसकेपछि येशूले स्वर्गतिर हेर्नु
भयो र प्रार्थना गर्नु भयो, "पिता ठीक समय
आइपुग्यो। यसकारण तपाईंको पुत्रलाई महिमा प्रदान
गर्नु हवस् ताकि पुत्रले तपाईंलाई महिमा दिन सकोस्।
२तपाईंले सबै मानिसहरू भन्दा माथि पुत्रलाई शक्ति
दिनुभयो ताकि पुत्रले सबैलाई अनन्त जीवन दिन सकोस्
जुन तपाईंले तिनलाई दिनुभएकोछ। ३यो अनन्त जीवन
हो: मानिसहरूले तपाईंलाई मात्र साँचो परमेश्वर भनेर
चिनुन र येशू ख्रीष्टलाई चिनुन जसलाई तपाईंले पठाउनु
भयो। ४जुन काम तपाईंले मलाई सुम्पिनु भएको थियो
त्यो मैले पूर्ण गरें। पृथ्वीमा तपाईंको महिमा ल्याएँ।
५अनि अब पिता, मलाई महिमा प्रदान गुर्नहोस् तपाईंसँग।
मलाई त्यो महिमा दिनु हवस् तपाईंको जो मसँग संसार
बनिनु पहिल्यै थियो।
६"तपाईंले मलाई केही मानिसहरू संसारबाट दिनु
भयो। मैले तिनीहरूलाई तपाईं को हुनुहुन्छ देखाई
सकेको छु। ती मानिसहरू तपाईंकै हुन् र मलाई
दिनुभयो। तिनीहरूले तपाईंको शिक्षा पालन गरे। ७अब
तिनीहरूले बुझे कि सबै थोक जुन मलाई दिनु भयो ती
तपाईंबाटै आएको हो। ८मैले ती मानिसहरूलाई तपाईंले
मलाई दिएकै शिक्षाहरू दिएकोछु। तिनीहरूले ती शिक्षाहरू
स्वीकारे। तिनीहरूले बुझे कि म साँच्चिनै तपाईंबाट नै
आएको हुँ अनि तिनीहरूले विश्वास गरे कि तपाईंले नै
मलाई पठाउनु भएको हो। ९तिनीहरूकै निम्ति अब म
प्रार्थना गर्दछु। म तिनीहरूका निम्ति प्रार्थना गरिरहेको
छैन जो संसारमा छन्। तर म तिनीहरूका निम्ति प्रार्थना
गरिरहेको छु जो तपाईंले मलाई दिनुभयो। किनभने
तिनीहरू तपाईंकै हुन्। १०जे ममा छ त्यो सबै तपाईंकै
हो, अनि जे जति तपाईंकोमा छ त्यो मेरै हो। अनि ती
मानिसहरूले मेरो लागि महिमा ल्याउँछन्। ११अब म
तपाईं कहाँ आईरहेछु। म अब संसारमा बस्ने छैन। तर
ती मानिसहरू संसारैमा रहने छन्। पवित्र पिता, तिनीहरूलाई
सुरक्षा गर्नु हवस। तिनीहरूलाई तपाईंको नामको शक्तिद्वारा
सुरक्षित राख्नु हवस (नाउँ जुन मलाई दिनु भयो), तब
तिनीहरू एक हुनेछन्, तपाईं र म जस्तै एक। १२जब
सम्म म तिनीहरूसँग थिएँ मैले तिनीहरूलाई सुरक्षित
राखें। मैले तिनीहरूलाई तपाँइको नामको शक्तिबाट
सुरक्षित राखें जुन तपाईंले मलाई दिनुभयो। मैले तिनीहरूलाई
जोगाएँ। अनि तिनीहरू मध्ये एकजना मात्र लुप्त भयो।
उनी लुप्त हुनलाई आफै छानिएका थिए। ऊ लुप्त भयो
जसबाट धर्मशास्त्रमा लेखिएको कुरा पूर्ण भयो।
१३"म तपाईं कहाँ आइरहेछु। तर जबसम्म म यस
संसारमा हुनेछु म तिनीहरूका निम्ति प्रार्थना गर्नेछु। यी
कुराहरू म भन्दछु ताकि तिनीहरूले मेरो आनन्द प्राप्त
गरून्। म तिनीहरूले सबै मेरा आनन्द पाउन भन्दछु।
१४मैले तिनीहरूलाई तपाईंको सबै शिक्षाहरू दिएँ र
संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनभने तिनीहरू यस
संसारका होइनन् जस्तै म यो संसारको होइन। १५मैले
तँपाईंसँग तिनीहरूलाई संसारबाट लगिदिनुहोस् भनेर
भनिरहेको छैन। तर तिनीहरूलाई दुष्टबाट जोगाई राख्नु
होस् चाँहि भनिरहेछु। १६तिनीहरू संसारका होइनन्
जस्तो कि म पनि यस संसारको होइन। १७तपाईंको
सत्यद्वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस।
तपाईंको शिक्षा सत्य हो। १८जसरी तपाईंले मलाई
संसारभित्र पठाउनु भयो त्यसरी नै मैले तिनीहरूलाई
संसारभित्र पठाएको छु। १९अब म स्वयंलाई सेवा गर्न
तयार पारिरहेछु। यो म तिनीहरूकै लागि गर्छु ताकि
साँचो रूपमा तिनीहरू तपाईंको सेवा गर्न तयार होउन।
२०"म ती मानिसहरूका लागि प्रार्थना गर्छु अनि म
प्रत्येकको लागि प्रार्थना गरिरहेछु जसले मलाई उनीहरूको
शिक्षाको कारणले विश्वास गर्छन्। २१पिता, म प्रार्थना
गर्छु कि जसले म मा विश्वास गर्छन, तिनीहरू एक
होऊन्। जसरी तपाईं ममा हुनुहुन्छु, म तपाईंमा। म
प्रार्थना गर्छु ताकि तिनीहरू हामीमा एक होऊन।
संसारले यो विश्वास गर्नेछ कि तपाईंले नै मलाई
पठाउनु भएको हो। २२तपाईंले दिनु भएको महिमा मैले
तिनीहरूलाई दिएको छु। त्यो महिमा दिएँ कि तिनीहरू
एक होऊन, जसरी तपाईं र म एक हौ। २३जस्तो म
तिनीहरूमा अनि तपाईं ममा तिनीहरू एकरूपले एक

होऊन तव त्यसबाट संसारले जान्नेछ कि मलाई तपाँईले
पठाउनु भएको हो अनि संसारले जान्ने छ तपाईंले
तिनीहरूलाई प्रेम गर्नुहुन्छ जस्तो तपाईंले मलाई प्रेम
गर्नुहुन्छ।
२४"पिता, म जहाँ हुन्छु तिनीहरू, जो तपाईंले मलाई
दिनुभएको छ, म संग नै होऊन। म यो इच्छा गर्छु
तिनीहरूले मेरो महिमा देखुन। यो महिमा तपाईंले मलाई
दिनुभएको हो किनभने संसार बनिनु भन्दा अगाड़ि
तपाईंले मलाई प्रेम गर्नु हुन्थ्यो। २५धार्मिक पिता,
संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई जान्दछु।
अनि यी मानिसहरूले मलाई तपाईंले पठाउनु भएको हो
भनेर जान्दछन्। २६मैले तिनीहरूलाई तपाईं कस्तो हुनु
हुन्छ देखाएँ। अनि अझ म तिनीहरूलाई तपाईं कस्तो
हुनुहुन्छ देखाउने छु। तब तिनीहरूले मैले तपाँईबाट पाए
जस्तै प्रेम पाउन सक्छन्। अनि म तिनीहरूमा बाँच्ने
छु।"

## येशू पक्राउपर्नु भयो

*(मत्ती २६:४७-५६; मर्कूस १४:४३-५०; लूका २२:४७-५३)*

१८ जब येशूले प्रार्थना सिध्याउनु भयो, उहाँले
आफ्ना चेलाहरू लिएर जानुभयो। तिनीहरू किद्रोन
घाटीपारि गए। अर्कोपट्टि त्यहाँ ओलिब रूखहरूको
बगैंचा थियो। येशू र उहाँका चेलाहरू त्यहाँ गए।
२यहूदा, उहाँको विश्वासघातकले पनि त्यो ठाउँ
चिन्दथ्यो, किनभने आफ्ना चेलाहरूसँग त्यहाँ उसलाई
भेटनु हुन्थ्यो। ३यहूदाले एकदल सेनाहरू लगेर त्यसै
वगैंचातिर गयो। यहूदाले प्रमुख पूजाहारीहरू र फरिसीहरूबाट
पनि केही प्रहरीहरू ल्याएको थिए। तिनीहरूले मशाल,
बत्ति र हतियारहरू बोकेर आएका थिए।
४येशू यी सबै घटनाहरू उहाँमाथि हुनेछ भनेर जान्नु
हुन्थ्यो। येशूले बाहिर आएर सोध्नु भयो, "तिमीहरू
कसलाई खोजी रहेका छौं?"
५ती मानिसहरूले भने, "नासरतको येशूलाई।"
येशूले भन्नुभयो, "म येशू हुँ।" यहूदा जो येशूका
विश्वासघातक त्यहीँ उभिरहेको थियो। ६जब येशूले
भन्नुभयो, "म येशू हुँ," तब मानिसहरू पछि पछि हटे
अनि भूइँमा लोटे।
७येशूले तिनीहरूलाई फेरि सोध्नु भयो, "तिमीहरू
कसलाई खोजीरहेका छौं?" मानिसहरूले भने, "नासरतको
येशूलाई।"
८येशूले भन्नुभयो, "मैले तिमीहरूलाई भने म येशू
हुँ। यसर्थ: यदि तिमीहरूले मलाई नै खोजीरहेका हौ
भने, यी अरू मानिसहरूलाई जानदेऊ।" ९उहाँले यो
भन्नु भयो ताकि उहाँले जे भन्नुभएको थियो त्यो पुरा
हुन सक्यो, "तपाईंले मलाई दिनु भएको मध्ये कसैलाई
पनि गुमाइनँ।"
१०शिमोन पत्रुसकोमा एउटा तरवार थियो। उसले
तरवार निकालेर प्रमुख पूजाहारीको नोकरलाई प्रहार
गर्‍यो। पत्रुसले त्यसको दाहिने कान काटिदियो। त्यस
नोकरको नाउँ माल्कस थियो। ११येशूले पत्रुसलाई
भन्नुभयो, "तिम्रो तरवार म्यानमा राख! संकटको प्याला
पिताले मलाई दिनुभएको छ के मैले त्यो नपिउँनु?"

## अन्नास्को अगाडि येशूलाई लगियो

*(मत्ती २६:५७-५८; मर्कूस १४;५३-५४; लूका २२:५४)*

१२त्यसपछि सिपाहीहरू र तिनीहरूका सेनापति अनि
यहूदीका प्रहरीहरूले येशूलाई पक्रे। १३तिनीहरूले येशूलाई
बाँधे अनि पहिले उहाँलाई अन्नासको अगाडि लगे।
अन्नास प्रधान पूजाहारी कैयाफाका ससुरा थिए जो
यसवर्षको निम्ति प्रधान पूजाहारी थिए। १४कैयाफा तिनी
हुन् जसले यहूदीहरूलाई भनेका थिए कि जम्मै मानिसहरूको
निम्ति एउटा मान्छे मर्नु उचित छ।

## पत्रुसले झूट बोले येशूको बारेमा

*(मत्ती २६:६९-७०; मर्कूस १४:६६-६८; लूका २२:५५-५७)*

१५शिमोन पत्रुस र येशूका अर्का चेला उहाँ सँगै
गए। ती चेलाले प्रमुख पूजाहारीलाई चिनेका थिए।
यसर्थ उनी येशूसँग प्रमुख पूजाहारीको घरको प्रांगण
भित्र गए। १६तर पत्रुस बाहिरै ढोका नजिक बस्यो। ती
चेला जसले प्रमुख पूजाहारीलाई चिन्यो र बाहिर आयो।
उनी त्यस केटीसँग बोले जसले मानिसहरूलाई ढोका
खोलीदिई। तब उसले पत्रुसलाई भित्र ल्याए। १७द्वारपाल
केटीले पत्रुसलाई भनी, "तिमी पनि त्यस मानिसको
चेलाहरू मध्ये एक हौ?"
पत्रुसले जवाब दियो, "अहँ, म होइन।"
१८जाडोको दिन थियो। यसैले नोकरहरू र द्वारपालहरू
आगोको भुङ्ग्रो बनाए। तिनीहरू आगोको वरिपरि उभिदैं
आफूलाई न्यानो पारिरहेका थिए। पत्रुस पनि तिनीहरू
सँगै उभिइरहेका थिए।

### प्रधान पूजाहारीले येशूलाई प्रश्नहरू गरे

*(मत्ती २६:५९-६६; मर्कूस १४:५५-६४; लूका २२:६६-७१)*

१९प्रधान पूजाहारीले येशूलाई उनका चेलाहरू र उनको शिक्षाको विषयमा सोधे। २०येशूले उत्तर दिनुभयो, "म सधैं सबै मानिसहरूसँग खुल्लम-खुल्ला बोलेको छु। मैले सधैं सभाघर र मन्दिरको क्षेत्रमा जहाँ सबै यहूदीहरू जम्मा हुन्छन् खुल्लम-खुल्ला शिक्षा दिएको छु। मैले कहिले पनि कुनै कुरो गुप्त राखिनँ। २१यसर्थ किन प्रश्न गर्नुहुन्छ? जस जसले मेरो शिक्षा सुनेकाछन् ती मानिसहरूलाई सोध्नु होस्। मैले के भने तिनीहरू निश्चय जान्दछन्।

२२जब येशूले त्यसो भन्नु भयो, एकजना द्वारपालले, जो नजिकै उभिइरहेको थियो उहाँलाई हिर्कायो। त्यस द्वारपालले भन्यो, "तैले प्रमुख पूजाहारीसँग त्यसरी बात गर्ने होइन।"

२३येशूले उत्तरमा भन्नुभयो, "यदि मैले केही गल्ती भनेको भए, यहाँ जो व्यक्तिहरू छन् तिनीहरूको सामुन्ने प्रमाण गर के भूल छ। यदि मैले सही कुराहरू गरे भने, मलाई तिमी किन हिर्काउँछौ?"

२४तब अनासले येशूलाई कैयाफा मुख्य पूजाहारी कहाँ पठाए। त्यसबेला सम्म येशू बाँधिएकै हुनुहुन्थ्यो।

### पत्रुसले फेरि भूट बोल्यो

*(मत्ती २६:७१-७५; मर्कूस १४:६९-७२; लूका २२:५८-६२)*

२५शिमोन पत्रुस आगोको छेउमा आफूलाई न्यानो पार्दै उभिरहेको थियो। केही मानिसहरूले पत्रुसलाई भने, "तिमी त्यस मान्छेको चेलाहरू मध्ये एक हौ?"

तर पत्रुसले अस्वीकार गर्दै भन्यो, "अहँ, म होइन।"

२६प्रमुख पूजाहारीको एकजना नोकर त्यहाँ थियो। त्यो नोकर त्यस मान्छेको आफन्त थियो जसको कान पत्रुसले काटेको थिए। नोकरले भन्यो, "तिमीलाई उसँग मैले बगैंचामा देखेको होइन!"

२७तर फेरि पत्रुसले भन्यो, "अहँ! म उनीसँग थिइनँ।" अनि त्यहीबेला भाले बास्यो।

### पिलातसको समक्ष येशूलाई ल्याइयो

*(मत्ती २७:१-२, ११-३१; मर्कूस १५:१-२०; लूका २३:१-२५)*

२८त्यसपछि यहूदीहरूले येशूलाई कैयाफाबाट लिएर रोम राज्यपालको महलतर्फ गए। यो बिहानी पख थियो। यहूदीहरू महलभित्र पसेनन्। तिनीहरू आफूले आफूलाई अशुद्ध राख्न चाहेनन् किनभने तिनीहरूले निस्तार चाडको भोज खानु थियो। २९यसर्थ पिलातस बाहिर निस्केर यहूदीहरूलाई सोधे, "यस मानिसको विरुद्धमा तिमीहरूले के अभियोग लगाएका छौ?"

३०यहूदीहरूले भने, "यो अपराधी हो, त्यसैले तपाईंको समक्ष ल्याएका छौं।"

३१पितालसले यहूदीहरूलाई भने, "तिमीहरू यिनलाई आफै लैजाऊ अनि र तिमीहरूकै व्यवस्था अनुसार न्याय गर।"

यहूदीहरूले भने, "तर तपाँईको कानुनले कुनै मानिसलाई मृत्यु दण्ड दिनु हामीलाई अनुमति दिँदैन।" ३२यस्तो भयो ताकि येशूले कस्तो मृत्यु वरण गर्ने उहाँको वचन पुरा हुन सक्थ्यो।"

३३त्यसपछि पिलातस महलभित्र फर्के। पिलातसले येशूलाई बोलाएर सोधे, "तिमी यहूदीहरूका राजा हौ?"

३४येशूले भन्नुभयो, "यो तपाईंको आफ्नै प्रश्न हो कि अरूले तपाँईलाई मेरो विषयमा सोध्न लगाएको हो?"

३५पिलातसले भने, "म यहूदी होइन! तिम्रै मानिस र तिनीहरूका प्रमुख पूजाहारीहरूले तिमीलाई मलाई सुम्पिए। तिमीले के भूल गरेका छौ?"

३६येशूले भन्नुभयो, "मेरो राज्य यस संसारको होइन। यदि म यस संसारको हुँदो हुँ तब मेरा सेवकहरूले मलाई यहूदीहरूको हातमा पर्नबाट बचाउनुको निम्ति लड़ाई गर्ने थिए। तर मेरो राज्य भिन्दै जग्गाको हो।"

३७पिलातसले भन्यो, "यसर्थ तिमी राजा हौ?"

येशूले उत्तर दिनुभयो, "तिमीले भन्यौ म राजा हुँ। त्यो सत्य हो। सत्यको साक्षीको लागि म जन्मेको थिए। त्यसैकारणले गर्दा म संसारमा आएको हुँ। अनि प्रत्येक मानिस जो सत्यको पक्षमा छ, मेरो कुरा सुन्दछन्।"

३८पिलातसले भने, "सत्य के हो?" पिलातसले त्यसो भने पछि, तिनी फेरि बाहिर यहूदीहरूकहाँ गए अनि भने, "मैले यस मानिस माथि आरोप लगाउनु केही दोष पाइन। ३९तिमीहरूको एक रीति अनुसार मैले तिमीहरूको निस्तार चाडको समयमा एक जना कैदीलाई मुक्ति दिनु छ। तिमीहरू यस 'यहूदीहरूका राजालाई' मुक्ति दिओस् भनेर चाहन्छौं?'"

४०यहूदीहरूले फेरि चिच्याउदै भने, "अहँ, यसलाई होइन! बारब्बालाई मुक्त गरियोस्।" (बारब्बा एक डाकू थिए।)

**१९** तब पिलातसले येशूलाई लैजाने र कोर्रा लगाउने आदेश दिए। २सिपाहीहरूले काँड़ादार हाँगाहरूका एक मुकुट गुँथे अनि येशूको टाउकोमा लगाई दिए। त्यसपछि तिनीहरूले बैगुनी रंगको वस्त्र उनको शरीरमा पहिराइ दिए। ३सिपाहीहरूले धेरैपल्ट येशूको छैउमा आउँदै भने, "प्रणाम, हे यहूदीहरूका राजा!" भन्दै उहाँको अनुहारमा थप्पड़ लगाए।

४फेरि पिलातस एक पल्ट बाहिर निस्के र यहूदीहरूलाई भने, "हेर! म येशूलाई तिमीहरू कहाँ ल्याउँदैछु किनभने मैले उसको विरुद्धमा आरोप लगाउने कुनै कारण पाइनँ।" ५येशू बाहिर आए। उहाँले काँड़ेदार मुकुट र बैगुनी वस्त्र लगाउनु भएको थियो। पिलातसले यहूदीहरूलाई भने, "त्यो मान्छे यही हो।"

६जब अगुवा पूजाहारीहरू र यहूदीका द्वारपालहरूले येशूलाई देखे, तिनीहरू चिच्याए, "क्रूसमा यसलाई टांगनुहोस, क्रूसमा यसलाई टांगनुहोस।

तर पिलातसले भने, "तिमीहरू यिनलाई लैजाऊ र क्रूसमा टांग। मैले उनीमाथि आरोप लगाउने कुनै कारण नै पाइनँ।"

७यहूदीहरूले उसलाई उत्तर दिए, "हाम्रो व्यवस्था बमोजिम उ मर्नै पर्छ, किनभने उसले दावी गरेको छ कि उ परमेश्वरको पुत्र हो भनेर।"

८जब पिलातसले यो सुने, उनी साह्रै डराए। ९पिलातस महल भित्र फेरि पसे। उनले येशूलाई सोधे, "तिमी कहाँबाट आएका हौ?" तर येशूले उसलाई जवाब दिनुभएन। १०पिलातसले भने, "के तिमी मसँग बोल्दैनौ? याद गर, तिमीलाई मुक्त पार्ने अधिकार ममा छ। अनि तिमीलाई क्रुसमा टाङ्ने अधिकार पनि ममा छ।"

११येशूले जवाफ दिनुभयो, "तिमीलाई माथिबाट नदिइएको भए ममाथि तपाँईको केही अधिकार हुने थिएन। त्यसले ती मानिस जसले मलाई तिमीलाई सुम्पियो उ तिमी भन्दा महापापको दोषी हो।"

१२त्यसपछि, पिलातसले येशूलाई मुक्त पार्ने कोशिश गरे। तर यहूदीहरूले तिनलाई कराउँदै भने, "कसैले आफैलाई राजा बनाउछ भने त्यो सिजर विरोधी हो। यसर्थ उसलाई तपाईं छुटकारा दिनु हुन्छ भने तपाईं सिजरको मित्र हुनु हुन्न।"

१३पिलातसले यहूदीहरूले के भने सुने। यसैले उसले येशूलाई महल बाहिर ल्याए त्यस ठाउँलाई "ढुंगाको पाटी" भनिन्छ। जसलाई हिब्रू भाषामा "गब्बथा" भनिन्छ। त्यो न्याय-आसनमा पिलातस बसे। १४यो प्रायः निस्तार चाड़को तयारीको दिनको मध्यान्ह थियो। पिलातसले यहूदीहरूलाई भने, "तिमीहरूका राजा यहाँ छ?"

१५यहूदीहरू चिच्याए, "त्यसलाई उतै लानु होस, लानु होस! त्यसलाई! क्रूसमा मार्नु होस्।"

पिलातसले यहूदीहरूलाई सोधे, "के मलाई तिमीहरूको राजालाई क्रूसमा टांगनु लगाउँछौ?"

प्रमुख पूजाहारीहरूले भने, "सिजर मात्र हाम्रो राजा हुनुहुन्छ।"

१६तब येशूलाई क्रूसमा झुण्ड्याएर मार्न भनेर तिनीहरूलाई पिलातसले सुम्पे।

## येशू क्रूसमा मर्नुभयो

*(मत्ती २७:३२-४४; मर्कूस १५:२१-३२; लूका २३:२६-४३)*

सिपाहीहरूले येशूलाई लगे। १७येशूले आफ्नो क्रूस बोक्नुभयो अनि उहाँ "खोपड़ी ठाउँ" तर्फ जानु भयो (हिब्रु भाषामा "गलगथा" भनिन्छ) १८गलगथामा येशूलाई क्रूसमा टाँगे। तिनीहरूले दुइजना मानिसहरू उहाँको दुई पट्टि अनि येशूलाई बीचमा राखे। १९पिलातसले "संकेत पटमा लेखे अनि क्रूसमा टाँसिदिए। त्यो संकेतपटमा लेखिएको थियो **"नासरतको येशू, यहूदीहरूको राजा।"** २०पिलातसले त्यो हिब्रु, ल्याटिन र ग्रीक भाषामा लेखेका थिए। धेरै यहूदीहरूले त्यो संकेतपट पढ़े किनभने क्रूसमा येशूलाई टाँगेको ठाउँदेखि शहर नगीचमा थियो। २१यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, "यहूदीहरूका राजा भनेर, नलेख्नु होस, बरू लेख्नुहोस, "यो मान्छेले भनेको छ, म यहूदीहरूका राजा हुँ।"

२२पिलातसले उत्तर दिए, "मैले जे लेखें-लेखें, बद्‌ली गरिने छैन।"

२३क्रूसमा येशूलाई टाँगिसकेपछि सिपाहीहरूले उहाँका वस्त्र उतारिदिए र त्यस वस्त्रलाई तिनीहरूले चार टुक्रामा च्याते प्रत्येक सिपाहीले एक-एक गरेर पाए। तिनीहरूले कुर्त्ता सम्म खोलिदिए जो एउटै लुगाको टुक्रालाई माथि देखि तलसम्म सिलाएको थियो। २४यसर्थ सिपाहीहरूले आपसमा भने, "यसलाई हामीले भाग गर्न

च्यात्न हुँदैन। यसलाई चिट्ठा गराऊ कसको नाउँमा
पर्छ।" धर्मशास्त्रमा भने जस्तै त्यो हुनगयो:

"तिनीहरूले आपसमा मेरा लुगाहरू बाँड़े अनि
मेरो लुगामा चिट्ठा गरे।"

*भजनसंग्रह २२:१८*

सिपाहीहरूले त्यसै गरें।
२५येशूकी आमा क्रूसकै नजीक उभिएकी थिइन।
उहाँकी आमाको बहिनी क्लिओफसकी धर्मपत्नी पनि
मरियम सँग उभिरहेकी थिइन। मग्दलिनी मरियम पनि
उभिरहेकी थिइन। २६येशूले आफ्नी आमालाई देख्नु
भयो। उहाँले ती उभिनेहरूमा आफ्ना चेलाहरूलाई पनि
देख्नु भयो। उहाँले आफ्नो आमालाई भन्नु भयो, "प्रिय
नारी तिम्रो पुत्र यहाँ छ।" २७त्यसपछि आफ्ना चेलालाई
भन्नुभयो, "यहाँ तिम्री आमा हुनुहुन्छ।" तब त्यसपछि,
ती चेलाहरूले येशूकी आमालाई आफ्ना घरमा लगे।

### येशू मर्नु भयो

*(मत्ती २७:४५-५६; मर्कूस १५:३३-४१; लूका २३:४४-४९)*

२८त्यसपछि, येशूले जान्नुभयो कि सबै कामहरू
सिद्धियो। उहाँले धर्मशास्त्रमा लेखिएको सिद्ध होस भनी
भन्नुभयो, "मलाई तिर्खा लाग्यो।"* २९त्यहाँ सिर्काले
भरिएको एउटा भाँड़ो थियो। यसर्थ सिपाहीहरूले स्पञ्जमा
त्यो शोष्यो र हिसप उद्भिदको हाँगामा त्यसलाई डुबाए।
त्यसलाई तिनीहरूले येशूको मुखसम्म पुर्‍याइदिए। ३०उहाँले
सिर्का खानु भयो, खाद लिनु भयो। तब उहाँले
भन्नुभयो, "सिद्धियो।" येशूको शिर झुक्यो र उहाँले
अन्तिम सास फेर्नु भयो।
३१यो तयारीको दिन थियो। अर्को दिन विशेष
शबाथको दिन थियो। यहूदीहरूले शबाथको दिन त्यो
मृत शरीर क्रूसमा झुण्ड्याई राख्न चाहेनन्। तब तिनीहरूले
पिलातसलाई ती मानिसहरूको खुट्टा भाँच्नको निम्ति
आदेशमागे ताकि तिनीहरू छिटो मर्न सकुन। अनि
तिनीहरूको मृत शरीर क्रुसबाट तल निकाल्न सकियोस।
३२सिपाहीहरू आए र पहिला येशूको छेउको क्रुसको
मान्छेको खुट्टा भाँचे। त्यसपछि तिनीहरूले क्रुसमा भएको
येशूकै छेउको अर्को मान्छेको खुट्टा भाँचे। ३३तर जब

**"मलाई तिर्खा लाग्यो।"** हेर्नुहोस् भजनसंग्रह २२:१५; ६९:२१।

ती सिपाहीहरू येशूको छेउमा गए, तिनीहरूले देखे उहाँ
अघि नै मरिसक्नु भएको थियो। यसैले तिनीहरूले
उहाँको खुट्टा भाँचेनन्। ३४तर एकजना सिपाहीले भालाद्वारा
उहाँको कोखामा घोच्यो। रगत र पानी बाहिर निस्कियो।
३५उ जसले त्यो देख्यो उ साक्षी भयो अनि उसको
साक्षी सत्य छ। उसले जान्दछ कि उसले साँचो
बोलिरहेको छ। उसले साक्षी दिन्छ ताकि तिमीहरूले
पनि विश्वास गर्न सक्छौ। ३६यी सबै कुराहरू घटे
ताकि धर्मशास्त्र साँचो हुनेछ: "उहाँको एउटै हड्डी पनि
भाँचिने छैन।"* ३७अर्को धर्मशास्त्र भन्छ: "मानिसहरूले
उनलाई हेर्नेछन जसलाई भालाले रोप्ने छन्।"*

### येशू गाडिनुभयो

*(मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७; लूका २३:५०-५६)*

३८त्यसपछि अरिमथियावासी योसेफ नाम भएकोले
पितालसलाई येशूको मृतशरीर लैजान पाऊँ भनेर विन्ती
गरे। योसेफ येशूका चेलाहरू मध्ये एक थिए। तर
तिनले यहूदीहरूको डरले यो गुप्त राखे। पिलातसले
योसेफलाई येशूको शरीर लान सक्छ भनेर अनुमति दिए
त्यसकारण योसेफ येशूको शरीर लिएर गए। ३९निकोदेमस
योसेफसँग गए। निकोदेमस त्यो एक मानिस थिए जो
येशूकहाँ राती आउदथ्यो र बात गर्दथ्यो। निकोदेमसले
१०० पाउण्ड जति मसलाहरू त्यहाँ ल्याए। त्यो गन्धरस
र एलवाको मिश्रण थियो। ४०यी दुइ मानिसहरूले
येशूको मृत शरीर लगे। उहाँको शरीर तिनीहरूले
गन्धरस सहित सुती कपड़ाले बाँधे। यसरी नै यहूदीहरूले
मानिसहरूलाई गाडदथे। ४१जुन ठाउँमा येशूलाई क्रूसमा
टाँगिए, त्यहाँ एक बगैंचा थियो। बगैंचामा एक नयाँ
चिहान थियो। कुनै मानिस पनि पहिल्यै कहिले त्यहाँ
गाडेको थिएन। ४२मानिसहरूले येशूलाई त्यही नयाँ
चिहानमा राखे कारण यो नजिक थियो अनि यहूदीहरू
आफ्ना शबाथको दिन तयारी गर्न थालेका थिए।

### केही चेलाहरूले येशूको चिहान रित्तो पाए

*(मत्ती २८:१-१०; मर्कूस १६:१-८; लूका २४:१-१२)*

२० सप्ताहको पहिलो दिन बिहानै मरियम मग्दलिनी
येशूको चिहानमा गई। तिनले देखिन कि त्यो

**"उहाँको … छैन"** भजनसंग्रह ३४:२०।

**"मानिसहरूले … रोप्ने छ"** जकरिया १२:१०।

ठूलो चट्टान जो चिहानको द्वारमा राखिएको थियो त्यो
ढुंगा हटाइएको देखी। २यसैले मरियम शिमोन पत्रुस र
अन्य चेलाहरू कहाँ गई (जसलाई येशूले माया गर्नुहुन्थ्यो।)
मरियमले तिनीहरूलाई भनिन, "तिनीहरूले प्रभुको देहलाई
चिहानबाट लगेछन्। हामी जान्दैनौ तिनीहरूले उहाँलाई
कहाँ राखेका छन्।"
३यसकारण पत्रुस र अन्य चेलाहरू चिहानमा जानलागे।
४तिनीहरू दुवै दुगरे, तर अन्य चेलाहरू पत्रुस भन्दा
छिटो दगुरे। यसैले अरू चेलाहरू चिहानमा पहिले पुगे।
५चेलाहरूले निहुरिएर तलतिर हेरे। उनले सुती लुगाको
टुक्राहरू मात्र त्यहाँ रहेको देखे, उनी भित्र झरेनन्।
६त्यसपछि शिमोन पत्रुस उसको पछि आईपुग्यो। पत्रुस
चिहान भित्र गयो। उसले सुती लुगाको टुक्रा मात्र त्यहाँ
रहेको देख्यो। ७उसले येशूको टाउँको बाँधिएको लुगा
पनि देख्यो। त्यो लुगा पट्टाएर सुतीको कपड़ाका टुक्रादेखि
अलग्ग राखिएको थियो। ८त्यसपछि अर्को चेला पनि
पस्यो। यो मानिस अघि चिहानमा पहिलो पुग्ने चेला
थियो। तिनले भित्र पुगेर जे देखे त्यो विश्वास गरे। ९ती
चेलाहरूले अझ बुझेका थिएनन कि धर्मशास्त्रले
भनेकाछन् कि येशू मृत्युबाट जागी उठनै पर्छ।

### येशू मरियम मग्दलिनीको अघि देखा पर्नु भयो

*(मर्कूस १६:९-११)*

१०त्यसपछि चेलाहरू घर फर्के। ११तर मरियम
चिहानकै बाहिर उभिएर, रोईरही। जब रोई रहेकी थिइन्
चिहान भित्र हेर्न तिनी निहुरिइन। १२मरियमले सेतो
वस्त्रमा दुइ स्वर्गदूतहरू देखी। तिनीहरू जहाँ येशूको
शरीर थियो त्यही बसीरहेका थिए। एकजना स्वर्गदूत
येशूको टाउँकोपट्टि र अर्को दूत येशूको खुट्टापट्टि
बसीरहेका थिए।
१३स्वर्गदूतहरूले मरियमलाई सोधे, "हे! नारि, किन
रोईरहेकी छौं?"
मरियमले जवाबदिई, "कसैले मेरा प्रभुको शरीर
लगेर गएछ। तिनीहरूले कहाँ राखेका छन् मलाई थाहा
छैन।" १४मरियमले यति भनिसकेर जब फर्की उनले
उहाँलाई त्यहाँ उभिरहनु भएको देखी। तर उनले येशू
भनेर चिनिनन्।
१५येशूले उनलाई सोध्नुभयो, "नारी, तिमी किन
रोइरहेछौ? तिमी कसलाई खोजीरहेछौ?"
मरियमले उहाँलाई त्यहाँ बगैंचाको माली सम्झी। तब
मरियमले उहाँलाई सोधी, "के तिमीले येशूलाई लग्यौ,
महोदय? भन उहाँलाई कहाँ राखेका छौ। म त्यही जाने
छु र उहाँलाई लाने छु।"
१६येशूले उसलाई भन्नुभयो, "हे मरियम।"
मरियम येशू तर्फ फर्की र यहूदी भाषामा भनि,
"रब्बोनी।" (अर्थ "गुरूज्यू") १७येशूले उसलाई भन्नुभयो,
"मलाई नछोऊ। म अझसम्म पिताकोमा गई सकेको
छुइँन। तर मेरा दाजु-भाइहरू भएकोमा जाउँ र
तिनीहरूलाई यसो भन: 'म मेरो र तिमीहरूका पिताकहाँ
फर्की जाँदैछु। म मेरो र तिमीहरूको प्रभुकहाँ फर्की
जाँदैछु।'"
१८मरियम मग्दलिनी चेलाहरू कहाँ गईन् अनि
उनीहरूलाई भनिन, "मैले प्रभुलाई भेटेँ।" अनि येशूले
जे भन्नु भएको थियो ती सब भनिदिइन।

### येशू चेलाहरूकहाँ देखा पर्नु भयो

*(मत्ती २८:१६-२०; मर्कूस १६:१४-१८; लूका २४:३६-४९)*

१९सप्ताहको पहिलो दिन थियो। चेलाहरू त्यो बेलुकी
भेला भएका थिए। यहूदीहरूको डरले दैलोहरू बन्द
थियो। तब येशू आउनु भयो र तिनीहरूका सामुने
उभिनु भयो। येशूले भन्नुभयो "शान्ति तिमीहरूसँग
रहोस्।" २०येशूले यति भनेपछि उहाँले आफ्ना हात र
कोखादेखाउनु भयो। जब चेलाहरूले प्रभुलाई देखेर धेरै
खुसी भए।
२१त्यसपछि येशूले फेरि भन्नुभयो, "शान्ति तिमीहरूसँग
रहोस्। पिताले मलाई पठाउनु भयो। त्यस्तै प्रकारले अब
म तिमीहरूलाई पठाइरहेछु।" २२यति भनिसकेपछि, येशूले
चेलाहरूलाई फुक्नुभयो अनि भन्नुभयो, "पवित्र आत्मा
ग्रहण गर" २३यदि तिमीहरूले मानिसहरूका पाप क्षमा
गरिदियौ भने तिनीहरूका पापहरू क्षमा हुनेछ। यदि
त्यसो गरेनौ भने तिनीहरूका पापहरू क्षमा हुनेछैन्।"

### येशू थोमासंग देखापर्नुभयो

२४थोमा जसलाई दिदिमस भनिन्छ, येशू चेलाहरूकहाँ
आउनु हुँदा थिएनन्। बाहजना मध्ये थोमा एक थिए।
२५अरू चेलाहरूले थोमालाई भने, "हामीले प्रभुलाई
देख्यौं।" थोमाले भने, "म त्यति बेला सम्म विश्वास
गर्दिन जबसम्म काँटीले छेड़िएका दागहरू उहाँको हातमा

देख्दिन अनि औला त्यो काँटीको दागहरूमा राख्दिन र
उहाँको कोखामा मेरो हात राख्दिन।"
२६एक हप्तापछि सबैजना चेलाहरू घरमा जम्मा
भएका थिए। थोमा तिनीहरूसँग थिए। दैलो बन्द थियो,
तर येशू आउनु भयो र तिनीहरू समक्ष उभिनु भयो।
उहाँले भन्नुभयो, "शान्ति तिमीहरूमा रहोस।" २७त्यसपछि
येशूले थोमालाई भन्नुभयो, "आऊ तिम्रो औंला यहाँ
छिराऊ।" मेरा हातहरू हेर तिम्रा हात मेरा कोखामा
पसाऊ। शंका गर्न छाड़ अनि विश्वास गर्न थाल।"
२८थोमाले येशूलाई भने, "मेरा प्रभु अनि मेरा
परमेश्वर।"
२९येशूले थोमालाई भन्नुभयो, "तिमीले मलाई विश्वास
गऱ्यौ किनभने तिमीले मलाई देख्यौ। ती मानिसहरू
धन्यहुन् जस-जसले मलाई नदेखीकनै विश्वास गरे।"

## यूहन्नाले यो पुस्तक किन लेखे

३०येशूले धेरै अन्य चमत्कारहरू देखाएको उहाँका
चेलाहरूले देखेका थिए। ती चमत्कारहरू यस पुस्तकमा
लेखिएको छैन। ३१तर ती कुराहरू लेखिए ताकि
तिमीहरूले विश्वास गर्न सक्छौ कि येशू नै ख्रीष्ट हो;
जो परमेश्वरको पुत्र हो भनी जब तिमीहरू उहाँलाई
विश्वास गर्छौ, तिमीहरूले उहाँको नाममा जीवन पाउन
सक्छौं।

## येशू सातजना चेलाहरूसंग देखा पर्नु भयो

२१ त्यसपछि, येशू फेरि आफ्ना चेलाहरू समक्ष देखा
पर्नु भयो। यो तिबिरियास झीलको छेउमा भएको
थियो। यो यसरी हुन गयो। २कोही चेलाहरू भेला
भएका थिए। तिनीहरू शिमोन पत्रुस, थोमा (दिदिमस
भनिने), गालीलको कानाका नथानेल, जबदीका दुइ
छोराहरू र अन्य दुइजना उनका अन्य चेलाहरू त्यहाँ
थिए। ३शिमोन पत्रुसले भन्यो, "म माछा पक्रन जान्छु।"
अरू चेलाहरूले भने, "हामी तिमीसितै जाने छौ।"
तब सबै चेलाहरू गए र डुङ्गामा चढ़े। त्यसरात
तिनीहरूले केही पक्रन सकेनन्।
४अर्को मिरमिरे बिहानमा येशू किनारमा उभिनुभयो।
तर चेलाहरूले येशू हुनुहुन्थ्यो भनेर चिनेनन्। ५तब
येशूले तिनीहरूलाई भन्नुभयो, "साथीहरू हो! तिमीहरूले
कुनै माछा पक्रियौं?"
चेलाहरूले भने, "अहँ"
६येशूले भन्नुभयो, "माछा मार्ने जाल फ्याँक तिमीहरूको
डुङ्गाको दाहिने पट्टि। तिमीहरू त्यहाँ केही माछाहरू
पाउने छौ।" तिनीहरूले त्यसै गरे। तिनीहरूले यति धेरै
माछाहरू पक्रे कि तिनीहरूले डुङ्गातर्फ जाल तान्न पनि
सकेनन्।
७येशूले प्रेम गर्नु हुने चेलाले पत्रुसलाई भन्यो, "ती
मानिस प्रभु हुन्।" पत्रुसले "ती मानिस प्रभु हुन्" भनेको
सुने र आफ्ना ओढ़ने बेरेर पानीमा हामफाले किनभने
तिनले काम गर्नलाई लुगा खोलेका थिए। ८अन्य
चेलाहरू डुङ्गामा चढ़ेर किनारमा आए। तिनीहरूले
माछाले भरिएको जाल ताने। तिनीहरू किनार देखि टाड़ा
थिएनन्। तिनीहरू लगभग सय गज भित्रथिए। ९जब
तिनीहरू किनारमा पुगे, तिनीहरूले जलीरहेको तातो
कोइला देखे। त्यहाँ आगोमा केही माछा अनि केही
रोटीका टुक्रा थिए। १०येशूले भन्नुभयो, "तिमीहरूले
भर्खरै पक्रेको केही माछाहरू ल्याऊ।"
११शिमोन पत्रुस डुङ्गातर्फ गए र किनार तिर जाल
ताने। त्यो ठूलठूलो माछाले भरिएको थियो। त्यहाँ जम्मा
एक सय त्रिपन्नओटा माछाहरू थिए। माछाहरू एकदमै
ग्रहौं थियो र पनि जाल फाटेन। १२येशूले तिनीहरूलाई
भने, "आऊ अनि खाऊ।" कुनै पनि चेलाहरूले
उहाँलाई सोध्ने आँट गरेनन्, "तपाईं को हुनुहुन्छ?"
तिनीहरूलाई उहाँ प्रभु नै हुनुहुन्छ भनेर थाहा थियो।
१३येशू गए अनि रोटी लिए। उहाँले रोटी लिएर
तिनीहरूलाई दिनुभयो। येशूले माछा पनि लिएर तिनीहरूलाई
दिनुभयो।
१४यस्तो प्रकारले येशूले आफ्नो मृत्युबाट पुनरुत्थान
भएर चेलाहरू सित यो तेस्रोपल्ट देखा पर्नु भयो।

## पत्रुससँग येशूको वार्तालाप

१५जब तिनीहरूले खाईसके, येशूले शिमोन पत्रुसलाई
भन्नुभयो, "योआनेसको पुत्र शिमोन, यी अन्य मानिसहरूले
भन्दा ज्यादा तिमी मलाई प्रेम गर्छौ?"
पत्रुसले जवाबमा भने, "गुरूज्यू, प्रभु, तपाईं जान्नु
हुन्छ म प्रेम गर्छु तपाईंलाई।"
त्यसपछि येशूले पत्रुसलाई भन्नुभयो, "मेरा भेंडाहरूलाई
सम्हाल।"
१६फेरि पत्रुसलाई भन्नुभयो, "शिमोन योआनेसको
पुत्र, तिमी मलाई प्रेम गर्छौ?"

पत्रुसले जवाब दिए, “गुरूज्यू, प्रभु, तपाईं जान्नु
हुन्छ म तपाईंलाई प्रेम गर्छु।”
त्यसपछि येशूले भन्नुभयो, “मेरा भेंड़ाहरूको* हेरचाह
गर।”
१७तेस्रोपल्ट येशूले पत्रुसलाई सोध्नुभयो, “शिमोन,
योआनेसको पुत्र, तिमी मलाई प्रेम गर्छौ?”
पत्रुस उदास भए किनकि येशूले उसलाई तेस्रो पल्ट
सोध्नुभयो, “तिमी मलाई प्रेम गर्छौ?” पत्रुसले भने, “प्रभु
तपाईं सब थोक जान्नुहुन्छ। मैले तपाईंलाई प्रेम गर्छु
भनेर पनि जान्नुहुन्छ।”
येशूले पत्रुसलाई भन्नुभयो, “मेरा भेंड़ाहरूलाई सम्हाल।
१८म तिमीलाई साँचो भन्छु। जब तिमी जवान थियौ,
तिमीले आफ्नो पेटी स्वयं कस्थ्यौ र जहाँ इच्छा छ
त्यहाँ जान्थ्यौ। जब तिमी बूढ़ा हुनेछौं तिमी हात
छाड़नेछौं र कोही अरूले पेटी कसिदिनेछ। त्यही व्यक्तिले
तिमीलाई अगुवाई गर्नेछ जहाँ जान तिम्रो इच्छा नभएतापनि।”
१९येशूले देखाउनु चाहान्थे कस्तो मृत्युले पत्रुसले
परमेश्वरलाई महिमा प्रदान गर्नेछ। त्यसपछि उहाँले
पत्रुसलाई भन्नुभयो, “मेरो पछि लाग।”
२०पत्रुसले फर्केर हेर्दा देखे जुन चेलाहरू येशूलाई
प्रेम गर्थे उहाँको पछि हिड़्न थाले। त्यो त्यही चेला जो
साँझको भोजमा प्रभुको छातीमा अड़ेसिएर बसेका थिए
र भनेका थिए, “प्रभु, त्यो को होला जसले तपाईलाई
विश्वासघात गर्ने छ?” २१जब पत्रुसले त्यस भक्तलाई
देखे, उसले येशूलाई सोध्यो, “प्रभु, उसलाई के गर्ने?”
२२येशूले जबाब दिनुभयो, “यदि म चाहन्छु कि जब
सम्म म आँउदिन त्यो जीवित रहे तिमीलाई के भयो त?
तिमी मेरो पछि लाग।”
२३यसरी यो कुरा भाइहरूमा यति सम्म फैलिन गयो
कि उसको त्यो चेला मर्दैन। तर येशूले त्यो मर्दैन भनी
भन्नु भएको थिएन। तर यो भन्नु भएको थियो कि,
“यदि म यो चाहान्छु कि जबसम्म म आउँदिन त्यो यहीं
जीवित रहे तिमीलाई के भयो त?”
२४उही यो चेला हो जसले यस भनाइको साक्षीदिन्छ
औ जसले यी लेखेका छन्। हामी जान्दछौ कि उसको
साक्षी सत्य छ।
२५येशूले अरूपनि धेरै कामहरू गर्नु भएको छ। ती
विषयमा एक एक गरेर सबै लेखिए भने म सोच्दछु कि
जो पुस्तकहरू लेखिन्छ ती यति अधिक हुनेछ कि सारा
पृथ्वीमा त्यो अटाउने छैन।

---

**भेंड़ाहरू** येशूले उहाँको चेलाहरूलाईको बुझाउनु यी शब्दहरू प्रयोग गर्नु भयो। यूहन्ना-१०।

# प्रेरितहरूका काम

## लूकाले अर्को किताप लेख्छन्

**१** प्रिय थियोफिलस, मैले मेरो प्रथम पुस्तकमा, येशूले जे-जे गर्नु भयो र सिकाउनु भयो पत्येक कुरो लेखें। २मैले येशूको सम्पूर्ण जीवन बारे लेखें, प्रारम्भदेखि उहाँ स्वर्ग तिर उचालिनु भए सम्म। यो घटना हुनु अघि उहाँद्वारा चुनिएका प्रेरितहरूसित* उहाँले बातचित गर्नु भयो। प्रेरितहरूले के गर्नु पर्छ भन्ने कुरा पवित्र आत्माको* सहयोग लिएर उहाँले बताउनुभयो। ३यी सबै घटनाहरू येशूको मृत्यु पछि भयो, अनि उहाँले आफ्ना प्रेरितहरूलाई आफू जिउँदो रहेको शक्तिशाली प्रमाणहरूले प्रमाण गर्नु भयो। येशू मृत्युबाट बौरी उठे पछि प्रेरितहरूले उहाँलाई चालीस दिनको अवधिमा धेरै पल्ट देखे। उहाँले तिनीहरूसँग परमेश्वरको राज्यको विषयमा बताउनु भयो। ४एक समय जब येशू तिनीहरूसँग खाई रहनु भएको थियो, उहाँले तिनीहरूलाई यरूशलेम नछोड्ने कुरा भन्नुभयो। उहाँले भन्नुभयो, "पिताले तिमीहरूका लागि प्रतिज्ञा गर्नु भएकोछ, जुन मैले तिमीहरूलाई पहिल्यै भनिसकेको छु। त्यो प्रतिज्ञा प्राप्त गर्नलाई तिमीहरूले यरूशलेममा पर्खिनु पर्छ। ५यूहन्नाले मानिसहरूलाई पानीसित बप्तिस्मा* दिए, तर थोरै दिनमा तिमीहरूले पवित्र आत्माद्वारा बप्तिस्मा लिने छौ।"

## येशूको स्वर्गारोहण

६प्रेरितहरू जम्मा भए। तिनीहरूले येशूलाई सोधे, "प्रभु के यो इस्राएललाई राज्य फेरि फिर्ता दिने तपाँईको समय यही हो?"

७येशूले तिनीहरूलाई भन्नुभयो, "पिता मात्र एक हुनुहुन्छ जसको मिति र समयहरू निर्णय गर्ने अधिकार छ।" तिमीहरू यी कुराहरू बारे जान्न सक्तैनौ। ८तर पवित्र आत्मा तिमीमाथि आउनु हुनेछ अनि तिमीहरूले शक्ति पाउने छौ। तिमीहरू मानिसहरूमा मेरो साक्षी हुनेछौ। पहिले तिमीहरू यरूशलेमका मानिसहरूको निम्ति साक्षी हुनेछौ। तब तिमीहरूले यहूदियामा, सामरियामा अनि संसारका प्रत्येक ठाउँका मानिसहरूलाई बताउने छौं।"

९येशूले प्रेरितहरूलाई ती कुराहरू भनिसके पछि उहाँमाथि आकाश सम्म उचालिनु भयो। प्रेरितहरूले हेर्दा हेर्दै येशू बादलभित्र पस्नु भयो अनि तिनीहरूले उहाँलाई देख्न सकेनन्। १०येशू टाढ़ा गइरहनु भएको थियो अनि प्रेरितहरूले आकाश तर्फ हेरिरहेका थिए। अचानक दुइजना मानिसहरू सेतो वस्त्र धारण गरेर तिनीहरूका छेउमा उभिए। ११ती दुइजना मानिसहरूले प्रेरितहरूलाई भने, "गालीलका मानिसहरू, तिमीहरू यहाँ किन आकाशतर्फ हेर्दै उभिरहेकाछौ? तिमीहरूले येशूलाई तिमीहरू देखि स्वर्गआरोहण भएको देख्यौ। जसरी तिमीहरूले उहाँलाई जानु भएको देख्यौ त्यसरी नै उहाँ फर्की आउनु हुनेछ।"

## एक नयाँ प्रेरित चुनिए

१२त्यसपछि प्रेरितहरू जैतुन पर्वतदेखी यरूशलेम तिर लागे। यो पर्वत यरूशलेम देखि प्राय आधा माईल टाड़ो छ। १३प्रेरितहरू शहरभित्र पसे। तिनीहरू त्यही ठाउँमा गए जहाँ तिनीहरू बसेका थिए; यो कोठा माथिल्लो तलामा थियो। प्रेरितहरू थिए: पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप, थोमा, बर्थुलमै, मत्ती, याकूब

---

**प्रेरितहरू** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिसहरू।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वर औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन।

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति चीजलाई पानीमा हलुका डुबाउनु अथवा चोब्नु।

(अल्फयसको छोरो) र शिमोन (कनानी*) र यहूदा
(याकूबको छोरो)।
१४प्रेरितहरू एक साथ थिए। एकै उद्देश्यको लागि
तिनीहरूले लगातार प्रार्थना गरिरहेका थिए। केही नारीहरू,
र मरियम येशूको आमा, अनि उनका भाइहरू पनि
त्यहाँ प्रेरितहरूसँग थिए।
१५केही दिन पश्चात् त्यहाँ विश्वास गर्नेहरूको सभा
भइरहेको थियो। सभामा झण्डै एक सय बीस जना
मानिसहरू थिए। पत्रुस उभिए र भने, १६-१७"भाइहरू
हो, दाऊदको माध्यम पवित्र आत्माले केही घटनाहरू
घटनेछन् भनी धर्मशास्त्रमा भनेका थिए। उनी यहूदाको
विषयमा बात गरिरहेका थिए जो हाम्रा दलका एक जना
थिए। यहूदाले हामीसित सेवा गरेका थिए अनि ती
मानिसहरूका मार्ग दर्शक भए जसले येशूलाई पक्रे।"
१८यहूदालाई पैसा दिएर त्यसो गर्न खटाइएको थियो।
आफ्नो दुष्ट कामको पैसाले एउटा जमीन किन्यो। तर
यहूदा उँधो मुण्टो भएर पछारियो, त्यसको शरीर खुल्ला
भएर फुट्यो, सबै आन्द्रा भुँड़ीहरू निस्किए। १९यो
घटनाबाट सम्पूर्ण यरूशलेमका जनसाधरणले शिक्षा पाए।
त्यसै कारणले गर्दा त्यो खेतको नाउँ मानिसहरूले
हकल्दामा राखे। तिनीहरूको भाषामा हकल्दमाको अर्थ,
"रगतको खेत" हुन्छ।
२०पत्रुसले भने, "भजनसंग्रहमा यहूदाको विषयमा
यस्तो लेखिएको छ:

'उसको घर जनहीन होस्। कोही पनि त्यहाँ
नबसुन।' *भजनसंग्रह ६९:२५*

अनि यस्तो पनि लेखियो:

'त्यसको काम अरू कसैले लैजाओस।'
*भजनसंग्रह १०९:८*

२१-२२यसर्थ अब अर्को मान्छे हामीसँग सम्मिलित
होस र येशूको पुनरुत्थान हुनुभएको साक्षी बनोस्। यो
मान्छे हाम्रै टोलीको हुनुपर्छ जो प्रभु येशूको जीवनकाल
भरि हामीसँग रहेको हुनु पर्दछ। यो मान्छे यूहन्नाले
मानिसहरूलाई बप्तिस्मा दिएको दिनदेखि येशूको स्वर्ग
आरोहण भएको दिनसम्म हामीसँग रहेको हुनुपर्छ।"
२३प्रेरितहरूले दुइजना मान्छेहरू टोलीको समक्ष राखे।
एकजना योसेफ बर्णबास थिए। जसलाई जस्तस पनि
भनिन्थ्यो। अर्को मानिस मत्तियास थियो। २४-२५प्रेरितहरूले
प्रार्थना गरे, "प्रभु, तपाईंले सबैको मनका कुराहरू
जान्नु हुन्छ। हामीलाई देखाउनु होस यी दुइजना मध्ये
कसलाई यो काम गराउन तपाँईले छान्नु भएको छ।
यहूदाले छाडे अनि तिनी वास्तवमा कहाँका थिए त्यहीं
गए। प्रभु, हामीलाई देखाउनुहोस् कि कुन मान्छेले एक
प्रेरितको स्थान लिनु पर्ने हो।" २६प्रेरितहरूले दुइजनाबाट
एकजना छान्नलाई चिट्ठा गरे। चिट्ठामा मत्तियासको नाउँ
पर्‍यो। यसैकारणले अन्य एघारजना प्रेरितहरू सहित ऊ
पनि एक प्रेरित हुन पुगे।

### पवित्र आत्माको आगमन

२ जब पेन्तिकोसको* दिन आइपुग्यो, प्रेरितहरू सबै
एकै ठाउँमा जम्मा भएका थिए। २अचानक स्वर्गबाट
जोड़ले हुरी वतास चले जस्तै एउटा आवाजले तिनीहरू
जुनकोठामा बसिरहेका थिए सम्पूर्ण प्रकारले ढाकिदियो।
३तिनीहरूले आगोका ज्वालाहरू जस्तो देखे। ती ज्वालाहरू
विभाजित भएर प्रत्येक व्यक्ति माथि बस्यो। ४तिनीहरू
सबै पवित्र आत्माले परिपूर्ण भए र तिनीहरूले विभिन्न
भाषाहरूमा बोल्नथाले। पवित्र आत्माले तिनीहरूलाई
त्यसो गर्न शक्ति प्रदान गर्नुभयो।
५त्यसबेला यरूशलेममा केही धार्मिक यहूदीहरू बस्थे।
तिनीहरू संसारको प्रत्येक राष्ट्रबाट आएका थिए। ६तिनीहरू
धेरै जसो आवाज सुने पछि आए। प्रेरितहरूले आआफ्ना
भाषामा बोलेको सुनेर तिनीहरू छक्क परे। ७यी सबै
यहूदीहरू यसमा आश्चर्य चकित भए। तिनीहरूले बुझेनन्
कि कसरी प्रेरितहरू यस्तो गर्न सक्षम भए। तिनीहरूले
भने, "हेर! यी मानिसहरू जो बोलिरहेका छन् तिनीहरू
सबै गालीलबाट आएका हुन्। ८तर हामी तिनीहरूले
बोलेका शब्दहरू हाम्रो आफ्नै भाषामा सुनिरहेका छौ।
यो कसरी सम्भव भयो? हामी विभिन्न ठाउँहरूबाट
आएका हौं: ९पार्थीया, मेदीया, एलाम, मेसोपोटामिया,
यहूदिया, कपोदिसिया, पोन्टस, एशिया, १०फ्रिगिया,

---

**कनानी** कनानीहरू एक यहूदी राजनैतिक दलका थिए। जसले
अहिंसाद्वारा पनि रोमीहरूबाट इस्राएल स्वतन्त्र गराउने चेष्टा
गरिरहेको थिए।

**पेन्तिकोस** यहूदीहरूको गहुँ फसल उठाउने उत्सव। यो निस्तार
भन्दा पचासदिन पछि आँउथ्यो।

प्याम्फिलिया, मिस्रदेश, साईरिनि छेउको लिबिया, रोम
११क्रेती र अरबीयाबाट। हामी कतिपय जन्मजात यहूदीहरू
हौं अनि अरू कसैलाई यहूदी धर्ममा परिवर्त्तन गरिएको
छ। हामी ती विभिन्न देशहरूबाट आएका हौ। तर हामी
ती मानिसहरूलाई हाम्रो आफ्नै भाषामा सुन्न सक्छौ।
हामी तिनीहरूले परमेश्वरको विषयमा भनेका सबै महान
कुराहरू बुझ्न सक्छौं।" १२मानिसहरू सबै आश्चर्य
चकित र अलमल्ल भए। तिनीहरूले आपसमा प्रश्न गरे,
"यसको मतलब के हुन सक्थ्यो?" १३तर अन्य मानिसहरू
तिनीहरू माथि हाँसिरहेका थिए। ती मानिसहरूले सोचे
कि प्रेरितहरूले खुब दाखरस पिए अनि माते।

### पत्रुसको मानिसहरूलाई सम्बोधन

१४त्यसपछि पत्रुस अन्य एघार जना प्रेरितहरूसित
उभिए। सबै जनसमुदायले सुन्ने गरेर उनले जोड्सँग
कराएर भने। उनले भने, "मेरा यहूदी दाजु-भाइहरू र
यरूशलेमका बासिन्दाहरू, मलाई ध्यान दिएर सुन! म
तिमीहरूले जान्नु पर्ने आवश्यक कुराहरू भन्न लागेको
छु। १५यी मानिसहरू तिमीहरूले सोचे जस्तै मातेका
छैनन्। अहिले बिहानको भर्खर नौ मात्र बजेको छ।
१६आज यहाँ भइरहेका कुरा अगमवक्ता योएलले भनेका
हुन्:

१७ 'परमेश्वरले भन्नु हुन्छ:
अन्तिम दिनहरूमा सबै मानिसहरूमाथि मेरो
आत्मा खन्याईदिनेछु, तिम्रा छोरा अनि छोरीहरूले
अगमवाणी गर्नेछन्। तिम्रा जवान मानिसहरूले
दर्शनहरू देख्नेछन्। तिम्रा बूढ़ा मानिसहरूले
विशेष दर्शनहरू देख्नेछन्।
१८ त्यसबेला, म मेरो आत्मा खनाउनेछु, मेरो
सेवकहरू, पुरुष र स्त्रीहरूमाथि, अनि तिनीहरूले
अगमवाणी गर्नेछन्।
१९ म छक्क पर्दो चीजहरू माथि आकाशमा देखाउनेछु,
तल पृथ्वीमा, म प्रमाणहरू दिनेछु त्यहाँ रगत,
आगो, र घन धुँवा हुनेछ।
२० घाम अन्धकारमय भई बद्लिने छ अनि जुन
रगत सरह रक्तिम हुनेछ तब महान र महिमामयी
प्रभुको दिन आउनेछ।
२१ अनि हरेक व्यक्ति ज-जसले प्रभु माथि विश्वास
गर्नेछ बचाइनेछ।'

*योएल २:२८-३२*

२२"मेरो यहूदी दाजु-भाइहरू, यी शब्दहरूमा ध्यान
देऊ: नासरतको बासिन्दा येशू विशिष्ट मानिस हुनुहुन्थ्यो।
परमेश्वरले यो स्पष्ट रुपमा तिमीहरूलाई देखाउनु भयो।
परमेश्वरले येशूको माध्यमद्वारा शक्तिशाली अनि
आश्चर्यजनक कुराहरू गरेर यसलाई प्रमाण गर्नुभयो।
तिमीहरू सबै जनाले यी कुराहरू देखेका छौ। २३येशूलाई
तिमीहरूमा सुम्पिएको थियो अनि तिमीहरूले उहाँलाई
मार्‍यौ। ती मानिसहरूका सहायता लिएर जोसित परमेश्वरको
नियम छैन तिमीहरूले येशूलाई क्रूसमा किला ठोक्यौ।
तर परमेश्वरलाई यी सबै घटना हुने थियो भनेर थाहा
थियो। यो परमेश्वरकै योजना थियो। परमेश्वरले यो
योजना धेरै अघि बनाउनु भएको थियो। २४येशूले
मृत्युको पीड़ा खप्नु पर्‍यो, तर परमेश्वरले उहाँलाई
मृत्युबाट छुटकारा दिनुभयो। मृत्युले येशूलाई समाल्न
सकेन। परमेश्वरले येशूलाई मृत्युबाट ल्याउनु भयो।
२५दाऊदले येशूको विषयमा यस्तो भनेका थिए:

'सँधै मैले प्रभुलाई सम्मुख देखें मलाई बचाउँन
उहाँ मेरो दाहिनेतिर हुनु हुन्छ।'
२६ यसैले मेरो हृदय आनन्दित छ र मेरो मुखले
आनन्दसित बोल्दछ। मेरो शरीर पनि आशामा
बाँच्नेछ,
२७ किनभने तपाँईले मेरो प्राणलाई पातालमा छोड्नु
हुने छैन। तिमीहरूले आफ्ना एक पवित्रलाई
चिहानमा कुहुनु दिने छैनौ।
२८ तिमीहरूले मलाई कसरी बाँच्न सिकायौ तिमीहरू
मेरो छेउमा आउने छौ अनि मलाई आनन्दले
भरिदिने छौ।'

*भजनसंग्रह १६:८-११*

२९"मेरा दाजु-भाइहरू, म तिमीहरूलाई पूर्ण रूपले
हाम्रा पूर्खा दाऊदको विषयमा भन्न सक्छु। उहाँ मर्नु
भयो र गाडियो। उहाँको चिहान अझ सम्म हामीसँग
छ। ३०दाऊद एक अगमवक्ता थिए अनि परमेश्वरले
भन्नु भएका कुराहरू जान्दथे। परमेश्वरले दाऊदलाई
वचन दिनु भएको थियो कि उनकै परिवारबाट कुनै
एकजनालाई दाऊद जस्तै राजा बनाउने छु। ३१यस्तो
घटना हुन अगावै दाऊदलाई यो कुरा थाहा
थियो। यसैकारण येशूको पुनरुत्थानको विषयमा दाऊदले
भने:

'उहाँलाई नरकमा छाडिएको थिएन। उहाँको
शरीर चिहानमा सड़ेन।'

[३२]यो उनै येशू हुन जसलाई परमेश्वरले मृत्युबाट
बौराए, हामी सबै त्यस सत्यको साक्षी छौं। [३३]यसकारण
परमेश्वरले उनको दाहिने पट्टि येशूलाई उठाए। परमेश्वरले
उहाँलाई पवित्र आत्मा दिनु भयो, जो उहाँले दिनु प्रतिज्ञा
गर्नु भएको थियो। अनि उहाँले त्यो पवित्र आत्मा
खनाए जो तिमीहरूले अहिले देख्छौं अनि सुन्छौ।
[३४]दाऊद स्वर्गमा गएका छैनन्। यो त येशू हुनुहुन्थ्यो
जो स्वर्ग जानुभयो। दाऊद आफैले भने:

'प्रभुले मेरो प्रभुलाई भन्नु भयो: मेरो दाहिने
तर्फ बस,
३५ जबसम्म तिम्रा शत्रुहरू तिम्रो पाइताला मुनि
राख्दिन'

*भजनसंग्रह ११०:१*

[३६]"यसैले सबै यहूदी मानिसहरूले यो सत्यलाई जान्नु
पर्छ: परमेश्वरले येशूलाई प्रभु र ख्रीष्ट बनाउनु भयो।
उहाँ त्यही मानिस हुनुहुन्थ्यो जसलाई तिमीहरूले क्रूसमा
किला ठोक्यौ।"

[३७]जब मानिसहरूले त्यो सुने तिनीहरू अत्यन्तै
दु:खीत भए। तिनीहरूले पत्रुस र अन्य प्रेरितहरूलाई
सोधे, "हे भाइहरू हो, हामीले के गर्नु पर्ने?"

[३८]पत्रुसले तिनीहरूलाई भने, "तिमीहरूका हृदयहरू
अनि जीवनहरू परिवर्तन गर, तब तिमीहरू प्रत्येकलाई
येशू ख्रीष्टको नाउँमा बप्तिस्मा हौं। तब तिमीहरूका
पापहरूलाई क्षमा दिनेछ र तिमीहरूले पवित्र-आत्माको
उपहार पाउने छौं। [३९]यो प्रतिज्ञा तिमीहरूको लागि अनि
तिमीहरूको बालकहरूको लागि अनि ती सबै मानिसहरूका
लागि पनि हो जो टाढामा छन्। यो ती प्रत्येक
मानिसहरूका लागि हो जसलाई प्रभु हाम्रा परमेश्वरले
आफैमा बोलाउनु हुन्छ।"

[४०]पत्रुसले तिनीहरूलाई यी अनि अन्य अनेक
शब्दहरूद्वारा चेतावनी पनि दिए, "उनीहरूलाई आग्रह
गरे कि स्वयं तिमीहरूले यी दुष्ट सन्तानहरूबाट जोगाऊ।"
[४१]तब ती मानिसहरू जसले पत्रुसका सन्देश माने,
बप्तिस्मा लिए। त्यस दिनमा झण्डै तीन हजार जति
मानिसहरू विश्वासीहरूको झुण्डमा थपिए। [४२]ती
विश्वासीहरू लगातार आपसमा भेटघाट गरिरहे। तिनीहरूले
आफ्ना समय प्रेरितहरूले दिएका शिक्षा सिक्नमा प्रयोग
गरे। तिनीहरू एकअर्कामा साझेदार भए। तिनीहरू एक
साथ खाँदै थिए अनि एक साथ प्रार्थना गर्दै थिए।

## विश्वासीहरूको बांढाई

[४३]प्रेरितहरूले धेरै शक्तिपूर्ण र आश्चर्यपूर्ण कामहरू
गरे। अनि प्रत्येक मान्छेले आश्चर्य मिश्रित भय अनुभव
गरे। [४४]सबै विश्वासीहरू सँगै बसे। सबै कुराहरू
आपसमा बाँडचुँड गरे। [४५]विश्वासीहरूले आफ्नो जमीनहरू
र आफ्नो जे जति सम्पत्तिहरू थिए, सबै बेचे अनि
बेचेर पाएको पैसा हरेक व्यक्तिको आवश्यकताको
अनुपातमा बाँडि। [४६]तिनीहरू प्रत्येक दिन मन्दिरको
प्राङ्गणमा भेट्थे। तिनीहरू सबैको एउटै उद्देश्य थियो।
तिनीहरू आनन्दित भएर औ इमान्दारी हृदय लिएर
आफ्ना घरमा सँगै रोटी टुक्राए अनि खाए। [४७]तिनीहरूले
परमेश्वरको प्रशंसा गरे अनि सबै मानिसहरूले उनीहरूलाई
मन पराउँथे। अधिक भन्दा अधिक मानिसहरूले संरक्षण
पाए र प्रभुले तिनीहरूलाई विश्वासीहरूको हूलमा
सम्मिलित गरे।

## पत्रुसले एक लङ्गड़ो मान्छेलाई निको पार्दछ

३ एकदिन पत्रुस र यूहन्ना मन्दिर गए। त्यतिबेला
अपरान्हको तीन बजेको थियो। यो दैनिक प्रार्थना
गर्ने बेला थियो। [२]जब तिनीहरू मन्दिर प्राङ्गण तिर
गइरहेका थिए, त्यहाँ एकजना मानिस थिए। जीवनभरि
नैं त्यो मान्छे लङ्गड़ो थियो। उ हिंड्न सक्तैन थियो,
यसैले केही साथीहरूले उसलाई बोक्ने गर्थे र प्रत्येक
दिन मन्दिरमा ल्याउने गर्थे। तिनीहरूले त्यो लङ्गड़ो
मान्छेलाई मन्दिर बाहिर एउटा ढोकाको मध्ये छेउमा
राखे जसलाई सुन्दर-द्वार भनिन्थ्यो। त्यहाँ त्यस मान्छेले
मन्दिर जाने मान्छेहरूसँग पैसा माग्ने गर्थ्यो। [३]त्यसदिन
त्यो मान्छेले पत्रुस र यूहन्नालाई मन्दिरको प्राङ्गणभित्र
गइरहेको देख्यो। उसले तिनीहरूसंग पैसा माग्यो। [४]पत्रुस
र यूहन्नाले त्यस लङ्गडो मान्छेलाई एक टक लाएर हेरे
अनि पत्रुसले भने, "हामीलाई हेर!" [५]त्यस मान्छेले
तिनीहरूबाट केही पाउने आशाले तिनीहरूलाई ध्यान
लगाएर हेर्‍यो। [६]तर पत्रुसले भने, "मसँग कुनै सुन
अथवा चाँदी छैन, तर मसँग जे छ त्यो तिमीलाई दिनेछु।
नासरतको येशू ख्रीष्टको शक्तिले-जुरूक्क उठ र हिंड्।"
[७]त्यसपछि पत्रुसले त्यस मान्छेको दाहिने हात पक्रेर
उठाए अनि अचानक उसको खुट्टा अनि गोली गाँठाहरू

तगड़ा भयो। [८]त्यो मान्छे उफ्रियो र जुरूक्क खड़ा उभियो
र हिंड्न थाल्यो। त्यो मन्दिरको प्राङ्गणभित्र तिनीहरू सँगै
गयो। त्यो हिडदै, उफ्रँदै, परमेश्वरको स्तुति गाइरहेको
थियो। [९-१०]सबै मानिसहरूले उसलाई चिने। मानिसहरूले
चिने कि त्यो मान्छे लङ्गडो थियो र उ प्रत्येक दिन
मन्दिरको सुन्दरद्वारको सामु बसेर पैसा माग्दथ्यो। अब
तिनीहरूले त्यही मान्छेलाई हिंड्दै र प्रभुको स्तुति गाउँदै
गरेको देखे। मानिसहरू छक्क परे। तिनीहरूले यो कसरी
हुन सक्यो भनेर बुझ्न सकेनन्।

### पत्रुस मानिसहरू सँग बोल्दछ

[११]त्यो मानिसले पत्रुस र यूहन्नालाई लगातर समाति
रह्यो। सबै मानिसहरू चकित भएका थिए कारण त्यो
लङ्गड़ो मान्छे निको भएको थियो। तिनीहरू पत्रुस र
यूहन्ना भएको सुलेमानको दलानमा दगुरे। [१२]जब पत्रुसले
यस्तो देखे, उनले मानिसहरूलाई भने, “मेरा यहूदी
दाजु-भाइहरू हो! तिमीहरू किन यसमा अचम्भ मानिरहेका
छौ?” तिमीहरूले हामीलाई यस्तो प्रकारले हेरिरहेकाछौ
कि मानौं, हामीले हाम्रो शक्ति र भक्तिले त्यो मान्छेलाई
हिंड्ने सामर्थ बनायौ। [१३]होइन! यो परमेश्वरले गर्नु
भएको हो! उहाँ अब्राहामका परमेश्वर, इसहाकका
परमेश्वर र याकूबका परमेश्वर हुनुहुन्छ। उहाँ हाम्रा सबै
पुर्खाहरूका परमेश्वर हुनुहुन्छ। उहाँले उहाँका खास
सेवक येशूलाई गौरान्वित तुल्याउनु भयो जसलाई तिमीहरूले
मार्न भनी सुम्पियौ। पिलातसले येशूलाई मुक्त गरिदिने
निर्णय गरेका थिए। तर तिमीहरूले येशूलाई हामी
चाहँदैनौ भन्यौ। [१४]येशू पवित्र र असल हुनुहुन्थ्यो, तर
तिमीहरूले भन्यौ तिमीहरू उनलाई चाँहदैनौ। तिमीहरूले
येशूको सट्टामा ज्यानमारालाई छोड़ी माग्यौ। [१५]अनि
तिमीहरूले एक यस्तो व्यक्तिलाई मार्‍यौं जो जीवन श्रोत
हुनुहुन्छ! तर परमेश्वरले उहाँलाई मृत्युबाट बौराउनु
भयो। हामी त्यस्को साक्षी छौं- हामीले आफ्नै आँखाले
देखेका हौं। [१६]येशूमा विश्वास रहेकै कारण यो व्यक्ति
अहिले निको भयो। यस्तो हुन गएको कारण चाहिँ
हामी येशूको शक्तिमा पूर्ण विश्वास राख्दछौं। येशूमा
विश्वास भएको कारणले यो व्यक्ति निको भएको छ।
तिमीहरूले उसलाई देख्छौ अनि तिमीहरूले उसलाई
चिन्छौ।

[१७]“मेरा दाजु-भाइहरू, तिमीहरूले येशूलाई के के
गर्‍यौ, म जान्दछु। तिमीहरूले आफैले बुझेनौ तिमीहरू
के गरिरहेका थियौ, तिमीहरूका नेताहरूले पनि बुझेनन्।
[१८]परमेश्वरले सबै अगमवक्ताहरूको माध्यमद्वारा भनिसक्नु
भएको थियो कि ख्रीष्ट पीड़ित हुनेछन र मर्नेछन्। मैले
तिमीहरूलाई भनेको छु कसरी परमेश्वरले यी कुराहरू
पूर्ण गर्नुभयो। [१९]यसैले तिमीहरूले आफ्ना हृदयहरू र
जीवन परिवर्त्तन गर्नै पर्छ! परमेश्वर तर्फ फर्क अनि
उहाँले तिमीहरूको पापहरूलाई क्षमा दिनुहुन्छ। [२०]त्यसपछि
प्रभुले तिमीहरूलाई आत्मिक विश्रामको समय दिनुहुनेछ।
उहाँले येशूलाई पठाउनुहुनेछ, जसलाई उहाँले तिमीहरूका
निम्ति ख्रीष्टको रूपमा चुन्नु भएको छ। [२१]तर येशू
त्यसबेला सम्म स्वर्गमा बस्नै पर्छ, जब सम्म हरेक
थोक फेरि व्यवस्थित हुदैंन। परमेश्वरले यस समयको
विषयमा धेरै पहिल्यै उहाँको पवित्र अगमवक्ताद्वारा
भनिसक्नु भएको थियो। [२२]मोशाले भन्नुभयो, ‘प्रभु
तिमीहरूका परमेश्वरले तिमीहरूलाई एकजना अगमवक्ता
दिनुहुनेछ। त्यो अगमवक्ता तिमीहरूका आफ्नै सम्प्रदायबाट
आउनेछन्। उ म जस्तै हुनेछ। ती अगमवक्ताले भनेका
सबै कुराहरू तिमीहरूले पालन गर्नुपर्नेछ। [२३]यदि कुनै
व्यक्तिले त्यो अगमवक्ताको भनाई पालन गरेन भने
उसलाई परमेश्वरको मानिसहरूबाट अलग्ग गरिनु पर्छ
अनि ध्वंश पारिनु पर्छ।’* [२४]शामूएल र सबै अन्य
अगमवक्ताहरू जो उनी पछि आए परमेश्वरको निम्ति
बोले अनि तिनीहरूले यो समयको बारेमा भने। [२५]तिमीहरूले
अगमवक्ताहरूले जे भने ती ग्रहण गरिसकेका छौ।
तिमीहरूले परमेश्वर अनि तिमीहरूका पुर्खाहरू माझ
भएको सम्झौता स्वीकार गरिसकेकाछौ। प्रभुले तिमीहरूका
पिता अब्राहामलाई भन्नुभयो, ‘पृथ्वीमा भएको सबै
राष्ट्रहरू तिमीहरूका सन्ततिद्वारा धन्य हुनेछ।’*
[२६]परमेश्वरले उहाँका खास सेवक पठाउनु भयो। उहाँले
उनलाई पहिले तिमीहरू कहाँ नै पठाउनु भयो। तिमीहरू
प्रत्येकलाई दुष्ट पथबाट हटाएर आशीष दिनुलाई परमेश्वरले
येशूलाई पठाउनु भयो।”

### यहूदी सभा समक्ष पत्रुस र यूहन्ना

४ जब पत्रुस र यूहन्ना मानिसहरूसंग बोलिरहेका थिए,
केही मानिसहरू तिनीहरूकहाँ आए। तिनीहरू यहूदी
पूजाहारीहरू मन्दिरको देखरेख गर्नेहरूको कप्तान र

---

**‘प्रभु तिमीहरूका … पारिनु पर्छ’** व्यवस्था १८:१५, १९।

**‘पृथ्वीमा … हुनेछ’** उत्पत्ति २२:१८; २६:२४।

केही सदुकीहरू* थिए। २पत्रुस र यूहन्नाले जे जति कुराहरू मानिसहरूलाई सिकाए त्यसकारणले तिनीहरू रिसाइसकेका थिए। ती दुइ प्रेरितहरूले भन्दै थिए मानिसहरू मृत्युबाट जाग्नेछन्। येशूको उदाहरण दिएर तिनीहरूले यो सिकाए। ३यहूदी अगुवाहरूले पत्रुस र यूहन्नालाई पक्रे अनि जेलमा थुनामा राखे। रात परिसकेको थियो, यसैले तिनीहरूले पत्रुस र यूहन्नालाई अर्को दिन सम्म जेलमा राखे। ४तर धेरै मानिसहरू जजसले पत्रुस र यूहन्नाको समाचार सुनेका थिए, तिनीहरू विश्‍वासी बनिए। यसर्थ अहिले त्यहाँ प्राय: पाँच हजार पुरूषहरू विश्‍वासीहरूको हूलमा थिए।

५अर्को दिन यहूदी अगुवाहरू, बूढ़ा यहूदी अगुवाहरू र शास्त्रीहरू यरूशलेममा भेट्न भए। ६हन्नास प्रधान पूजाहारी केफास, यूहन्ना र अलेकजाण्डरहरू त्यहाँ थिए। सबै मानिसहरू जो प्रधान पूजाहारी चुनिने एक परिवारका थिए, त्यहाँ थिए। ७तिनीहरूले पत्रुस र यूहन्नालाई सबैजना समक्ष उभ्याए। यहूदी अगुवाहरूले तिनीहरूलाई धेरै पल्ट सोधे, "यस लङ्गड़ो मान्छेलाई तिमीहरूले कसरी ठीक पार्‍यौ? के शक्तिले तिमीहरूले यो काम गर्‍यौ? कसको अधिकार लिएर तिमीहरूले यसो गर्‍यौ?"

८तब पवित्र आत्माले पत्रुस परिपूर्ण भयो। उनले तिनीहरूलाई भने, "मानिसहरूका अगुवाहरू र बूढ़ा अगुवाहरू: ९तिमीहरूले यस्ता असल काम गरेको विषयमा अहिले हामीलाई प्रश्‍न गरिरहेछौ कि यो लङ्गड़ो मान्छे कसरी निको भयो? १०तिमीहरू सबै, यहूदी मानिसहरूले जानोस कि यो लङ्गड़ो मान्छे नासरतका येशू ख्रीष्टको शक्तिद्वारा निको भएको हो! जसलाई तिमीहरूले क्रूसमा किला ठोक्यौं। परमेश्‍वरले उहाँलाई मृत्युबाट जीवनमा बौराउनु भयो। यो मानिस लङ्गड़ो थियो, तर अब ठीक छ। उ तिमीहरू सामु उभिन सामर्थ छ येशूको शक्तिले गर्दा! ११येशू हुनुहुन्छ

> 'यो ढुंगालाई तिमी डकर्मीहरूले कुनै महत्व नै दिएनौ तर यो ढुंगा मूल-ढुंगा हुनगएको छ।'
> *भजनसंग्रह ११८:२२*

१२येशू मात्र एक त्यस्तो हुनुहुन्छ जो मानिसहरूलाई बचाउन योग्य हुनु हुन्छ। उहाँको नाँउ मात्र यो संसारका मानिसहरूलाई दिइएको एक शक्ति हो, जसद्वारा हामीलाई बचाइन सकिन्छ।"

१३यहूदी अगुवाहरूले जाने कि पत्रुस र यूहन्नामा कुनै त्यसो खास प्रशिक्षण र शिक्षा छैन रहेछ भनेर। तर अगुवाहरूले पत्रुस र यूहन्ना निडरसाथ बोलेका पनि देखेका थिए। यसैले तिनीहरू छक्क परेका थिए। त्यसपछि मात्र तिनीहरूले पत्रुस र यूहन्ना येशूसँगै रहन्थे भनेर थाहा पाए। १४त्यो लङ्गड़ो मान्छे दुई प्रेरितहरूको छेउमा बसेका देखे। तिनीहरूले त्यो मान्छे निको भएको थियो। यसैकारणले तिनीहरूले ती प्रेरितहरूले भनेको विरूद्ध केही उत्तर दिन सकेनन्। १५यहूदी अगुवाहरूले तिनीहरूलाई महासभाबाट बाहिर जान भने। त्यसपछि ती यहूदी नेताहरू आपसमा अब के गर्नु पर्ने भन्ने कुरामा वहश गरे। १६तिनीहरूले भने, "हामीहरूले ती प्रेरितहरूसित के गर्नु पर्ने? यरूशलेमका प्रत्येक मानिसहरूले जान्दछन् कि तिनीहरूले ठूलो आश्‍चर्यकर्म गरेकाछन्। यो छर्लङ्ग छ। हामी यसलाई सत्य होइन भनेर भन्न सक्तैनौ। १७तर हामीहरू तिनीहरूलाई येशूको विषयमा मानिसहरूलाई अझ धेरै नबताउनु भनेर धम्काऔं। तब यो विषय मानिसहरू बीच अझ फैलिने छैन।"

१८यसर्थ यहूदी अगुवाहरूले पत्रुस र यूहन्नालाई फेरि भित्र बोलाए। तिनीहरूले तिनीहरूलाई कुनै कुरा मानिसहरूलाई येशूको नाउँमा नसिकाउनु भनी आदेश गरे। १९तर पत्रुस अनि यूहन्नाले उत्तर दिए, "परमेश्‍वर समक्ष के सही छ? तिमीलाई सुन्नु कि परमेश्‍वरलाई? तिमीहरू आफै निर्णय गर।" २०हामी चुपचाप बस्न सक्तैनौ। हामीले जे-जे सुन्यौ र देख्यौ हामीले ति मानिसलाई भन्नु पर्छ।" २१-२२यहूदी अगुवाहरूले तिनीहरूलाई दण्ड दिने कुनै त्यस्तो आधार पाएनन किनभने जे भएको थियो त्यसमा सबै मानिसहरू परमेश्‍वरको प्रशंसा गरिरहेका थिए। यो चमत्कार नैं परमेश्‍वरबाट प्रमाण थियो। जुन मानिस निको पारियो तिनी चालीस वर्षभन्दा ज्यादा उमेर पुगेका थिए! यसैकारणले यहूदी अगुवाहरूले ती प्रेरितहरूलाई घरिघरि चेतावनी दिए अनि तिनीहरूलाई पठाइ दिए।

### पत्रुस र यूहन्ना विश्‍वासीहरू कहाँ फर्किए

२३पत्रुस र यूहन्नाले यहूदी अगुवाहरूका सभा छोड़े

---

**सदुकीहरू** एक प्रमुख यहूदी धार्मिक गुट, तिनीहरूले खाली पुरानो नियमको प्रथम पाँचवटा पुस्तकहरूलाई मात्र मानेका छन्। तिनीहरूको विश्‍वासमा मानिसहरू मृत्यु पछि फेरि जन्मदैनन्।

अनि आफ्ना हूलतिर गए। तिनीहरूले आफ्ना हूललाई
मुख्य पूजाहारीहरू अनि बूढ़ा यहूदी अगुवाहरूले के-के
भनेका थिए सबै बताई दिए। २४जब विश्वासीहरूले यो
सुने, तिनीहरू सबैले परमेश्वरलाई एउटै हृदयले प्रार्थना
गरे। तिनीहरूले प्रार्थना गरे, "प्रभु, तँपाई नै एक हुनु
हुन्छ जसले पृथ्वी, अकाश, समुद्र र तिनीहरूमा भएका
प्रत्येक वस्तु यस पृथ्वीमा बनाउनु भयो। २५हाम्रा पिता
दाऊद तपाईंको सेवक हुनुहुन्थ्यो। पवित्र आत्माद्वारा
उनले यी शब्दहरू लेखे:

'किन संसारका मानिसहरू परमेश्वरको विरुद्ध
योजनाहरू तयार पार्छन? यी सबै आशाहीन
छन्।
२६ पृथ्वीका राजाहरू, शासकहरू परमप्रभु र उहाँका
ख्रीष्ट विरुद्ध लड़ाँई लड्न एक ठाँउमा भेला
भए।'

*भजनसंग्रह २:१-२*

२७यी कुराहरू साँच्चि नैं घटेका थिए जब हेरोद,
पन्तियस पिलातस, जातिहरू अनि यहूदीहरू येशूको जो
तिमीहरूका पवित्र सेवक हुनु हुन्छ, जसलाई तिमीहरूले
ख्रीष्ट हुनुको लागि नियुक्ति दियौ विरुद्धमा यरूशलेममा
'एकत्रित भयौ'। २८यी सबै मानिसहरू तपाईंले तपाईंको
शक्ति अनि ज्ञानले योजना गरेका सबै कर्म गर्नु एकत्रित
भए। २९अनि, अब, सुन्नुहोस परमप्रभु! तिनीहरूले के
भनीरहेछन्। तिनीहरूले हामीलाई डर देखाउने कोशिश
गरीरहेछन्! परमप्रभु, हामी तपाईंको सेवकहरू हौ।
हामीलाई ती कुराहरू भन्नलाई सहयोग गर्नुहोस जुन
तपाईं हामी द्वारा साहससँग भनेको चाहनु हुन्छ। ३०प्रमाणहरू
दिएर अनि तपाईंको पवित्र सेवक येशूको नाँउद्वारा
चमत्कारहरू गरेर ती रोगी व्यक्तिहरूलाई निको पारी
तपाईंको शक्ति देखाउनु होस।"

३१विश्वासीहरूका प्रार्थना पछि, तिनीहरू जहाँ जुन
ठाउँमा भेला भएका थिए त्यो ठाउँ हल्लियो। तिनीहरू
पवित्र आत्माले पूर्ण भए, र तिनीहरूले परमेश्वरको
सन्देश साहससाथ भने।

## विश्वासीहरूको अंश

३२विश्वासीहरू हृदय अनि आत्मामा एक भएका
थिए। त्यस टोलीमा भएका कसैले पनि आफ्ना चीजहरूलाई
आफ्नो भनेनन्। बरु सट्टामा, तिनीहरूसित प्रत्येक भएका
थोकमा साझेदार भए। ३३प्रभु येशूको मृत्युबाट पुनरुत्थान
भएको बारेमा प्रेरितहरूले ठूलो शक्तिसंग साक्षी दिए।
अनि परमेश्वरले सबै विश्वासीहरूलाई धेरै आशीर्वाद
दिनुभयो। ३४तिनीहरूले चाहेका सबै वस्तुहरू प्राप्त गरे।
जजसका आफ्ना जमीन र घरहरू थिए पैसाको निम्ति
बेची दिए। ३५तिनीहरूले बिक्रीबाट पाएको पैसा
प्रेरितहरूलाई दिए। त्यसपछि हरेकलाई उसको आवश्यकता
अनुसार दिइए।

३६विश्वासीहरू मध्ये एकजनाको नाउँ यूसुफ थियो।
प्रेरितहरूले तिनलाई बर्णाबास भन्दथे। 'बर्णाबास' नाउँको
अर्थ हुन्छ "व्यक्ति जसले अरूलाई सहयोग गर्छ।" उनी
साइप्रस देशका एकजना लेवी* थिए। ३७यूसुफको
आफ्नै खेत थियो। त्यो उनले बेची दिए अनि उसले
बिक्रीबाट पाएको पैसा प्रेरितहरूलाई दिए।

## हननिया र सफीरा

**५** हननिया नाँउ भएको एक मानिस थिए। उसकी
स्वास्नीको नाउँ सफीरा थियो। हननियाले केही
सम्पिति बेचे। २तर उनले बेचेर पाएको पैसाको केही
अंश मात्र प्रेरितहरूलाई दिए। उसले बचेको पैसाको
केही अंश आफ्नो लागि राख्यो। उनकी स्वास्नीलाई त्यो
कुरा थाहा थियो तर उ पनि सहमत थिई। ३पत्रुसले
भने, "हननिया, तिमीले किन आफ्नो हृदय शैतानलाई
नियन्त्रण गर्नु दियौ? तिमीले पवित्र आत्मालाई धोका
दिने प्रयास गर्‍यौ। तिमीले तिम्रो जमीन बेच्चौं, तर
आफ्नै लागि तिमीले किन बेचेको पैसाबाट केही अंश
राख्यौ? ४जमीन बेच्न अगाडी, त्यो तिम्रो थियो। अनि
त्यो बेची सकेपछि पनि, तिमी त्यो पैसा तिमीले चाहेको
कुरामा चलाउन सक्थ्यौ। यस्तो नराम्रो काम गर्ने विचार
तिम्रो मनमा किन आयो? तिमीले परमेश्वरलाई ढाँट्यौ
हामी मान्छेलाई होइन।" ५-६जब हननियाले त्यस्तो सुने,
उ लड्यो र मरिहाल्यो। केही युवाहरू आए अनि
उसको शरीर ढाकिदिए। त्यसपछि त्यसलाई बाहिर निकालेर
गाड़िदिए! अनि प्रत्येक मानिसले त्यस्तो घटनाको विषयमा
सुनेपछि भयभीत बने।

---

**लेवी** लेवीहरू लेवी समूहका मानिसहरू थिए जसले यहूदी
पूजाहारीलाई मन्दिरमा सघाउँथे।

७प्राय: तीन घण्टा पछि तिनकी स्वास्नी सफीरा भित्र
आई। उसलाई आफ्नो लोग्ने प्रति त्यस्तो घटना घटन
गएको थाहा थिएन। ८पत्रुसले उसलाई भन्यो, "जमीन
बेचेर तिमीले कति पैसा पायौ, मलाई भन। यति पैसामै
तिमीले जमीन बेच्यौ?"

सफीराले उत्तर दिइ, "हो, हामीले जमीन बेचेर
पाएको पैसा त्यति नै हो।" ९पत्रुसले भन्यो, "किन तिमी
र तिम्रो लोग्ने प्रभुको आत्मा जाँच्न सहमत भयौ? सुन!
तिमीले ती पदचापहरू सुन्यौ? यी ती मानिसहरूका हुन
जो भर्खर तिम्रो लोग्नेलाई दफन गरेर दैलोमा आइपुगेका
छन्! तिनीहरूले तिमीलाई पनि त्यसै गरी बोकेर बाहिर
लानेछन्।" १०त्यति नै बेला सफीरा उसको खुट्टामा लड़ी
र प्राण त्यागि। ती युवाहरू आए अनि उसलाई
मरिसकेको भेट्टाए। तिनीहरूले उसलाई त्यसरी नै बाहिर
लगे अनि उसलाई उसको लोग्नेकै छेउमा गाड़िदिए।
११जम्मै विश्वासीहरू र अन्य मानिसहरूले ती घटनाहरू
सुनेपछि सबै भयग्रस्त भए।

### प्रभुका प्रमाणहरू

१२प्रेरितहरूले मानिसहरू माझ अनेक चमत्कारहरू
अनि आश्चर्यमय कार्यहरू गरे। प्रेरितहरू एकैसाथ
सुलेमानको दलानमा थिए। तिनीहरू सबैको एउटै उद्देश्य
थियो। १३कसैले पनि प्रेरितहरूसँग सामेल हुने आँट
गरेनन् तर सबै मानिसहरूले प्रेरितहरूको विषयमा राम्रै
कुरा गरे। १४अनि धेरै मानिसहरू, दुवै पुरुषहरू र
नारीहरूले प्रभुमा विश्वास गरे अनि विश्वासीहरूको
टोलीमा सामेल गरिए। १५अत: तिनीहरूले बिमारी
मानिसहरूलाई गल्लीहरूमा ल्याए। पत्रुस आईरहेकाछन्
भन्ने मानिसहरूले सुनेका थिए। यसैले तिनीहरूले
बिमारीहरूलाई ओछ्यान अनि चट्टाइहरूमा राखे। किनभने
तिनीहरूले सोचे यदि पत्रुसको छाया सम्म पनि बिमारीहरूमा
पर्‍यो भने ती बिमारीहरूलाई निको हुन यथेष्ट हुनेछ।
१६मानिसहरू यरूशलेम वरिपरि को शहरहरूबाट आएका
थिए। तिनीहरूले बिमारीहरू र साथै तिनीहरूलाई पनि
ल्याए जसलाई दुष्ट आत्माहरूले सताएको थियो। तिनीहरू
सबै निको भए।

### यहूदीहरूले प्रेरितहरूलाई रोक्ने प्रयास

१७प्रधान पूजाहारी र उनका साथीहरू (त्यस टोलीलाई
सदुकीहरू भनिन्थ्यो) इर्ष्याले भरिए। १८तिनीहरूले
प्रेरितहरूलाई पक्रे अनि जेलमा थुने। १९तर राती प्रभुको
दूतले जेलको दैलोहरू खोलिदिए अनि तिनीहरूलाई
बाहिर ल्याए अनि भने, २०"जाऊ र मन्दिरमा उभिनू
अनि मानिसहरूलाई यो नयाँ जीवनको विषयमा प्रत्येक
कुरा वर्णन गर।" २१जब प्रेरितहरूले यो सुने, तिनीहरू
मन्दिरमा विहानै गए अनि सिकाउन शुरू गरे।

प्रमुख पूजाहारी र उनका साथीहरू आई पुगे।
तिनीहरूले यहूदी मानिसका समस्त अगुवाहरू सहित
सभाघरको सभा डाके। तिनीहरूले प्रेरितहरूलाई
कैंदखानाबाट ल्याउन भनी केही मानिसहरू पठाए।
२२जब तिनीहरू जेल गंए तिनीहरूले प्रेरितहरूलाई पाउन
सकेनन्। तब तिनीहरू फर्केर आए अनि यस विषयमा
यहूदी अगुवाहरूलाई बताए। २३तिनीहरूले भने, "जेल
बन्द र सुरक्षित रूपले ताल्चा मारेको थियो। प्रहरीहरू
दैलोमा उभिरहेका थिए। तर जब हामीले दैलो खोल्यौ,
जेल खाली थियो।" २४मन्दिरका प्रहरीका कप्तान र
मुख्य पूजाहारीहरूले त्यो सुने। तिनीहरू अन्योलमा परे।
तिनीहरू यसबारेमा अश्चर्यचकित भए अनि भने, "यसको
परिणाम अब के हुने हो?" २५तब अर्को मान्छे आयो र
तिनीहरूलाई भन्यो, "ध्यान दिनुहोस! जसलाई तपाईंहरूले
जेलमा हाल्नुभएको थियो तिनीहरू मन्दिरको प्राङ्गणमा
उभिरहेका छन्। तिनीहरूले मानिसहरूलाई शिक्षा दिइरहेका
छन्।" २६त्यसपछि कप्तान र उनका मान्छेहरू बाहिर
निस्के अनि प्रेरितहरूलाई पक्रे अनि तिनीहरूलाई ल्याए।
तर सिपाहीहरूले तिनीहरूलाई बलजफ्ती गरेनन्, किनभने
तिनीहरू जनतासँग डराउँथे। सिपाहीहरू डराए किनभने
मानिसहरू क्रोधित हुनेछन् अनि तिनीहरूलाई ढुङ्गा हान्ने
छन्।

२७सिपाहीहरूले प्रेरितहरूलाई यहूदी सभामा ल्याए
अनि यहूदी अगुवाहरू समक्ष उभ्याए। प्रधान पूजाहारीले
सोध खोज गरे। २८उनले भने, "यस मानिसको विषयमा
मानिसहरूलाई कहिले पनि केही नसिकाउनु भनी हामीले
तिमीहरूलाई कड़ा आदेश दिएका थियौं। तर हेर,
तिमीहरूले के गरेका छौ! तिमीहरूले यरूशलेम नै
तिमीहरूको शिक्षाले भरिदियौ। तिमीहरूले यस मानिसको
मृत्युको जिम्मेवार हामीलाई ठहर्‍याउने कोशिश
गरिरहेछौ।"

२९पत्रुस र अन्य प्रेरितहरूले जवाब दिए, "हामीले
मानिसहरूलाई भन्दा परमेश्वरलाई मान्नु पर्छ। ३०तिमीहरूले
येशूलाई मार्‍यौ। तिमीहरूले उहाँलाई क्रूसमा झुण्ड्यायौ।

तर परमेश्वरले जो हाम्रा पुर्खाहरूका परमेश्वर हुन
उहाँलाई मृत्युबाट बौराउनु भयो। ३१येशूलाई परमेश्वरले
अगुवा अनि मुक्ति दाताको रूपमा आफ्ना दाहिने तर्फ
उठाउनु भयो। परमेश्वरले यसो गर्नुभयो ताकि सबै
यहूदीहरूले आफ्ना हृदय र जीवन परिवर्त्तन गर्न सकुन
अनि पापहरूका निम्ति उहाँबाट क्षमा प्राप्त गर्न सकुन।
३२हामी यी कुराका साक्षी छौ। अनि पवित्र आत्मा पनि
जो परमेश्वरले तिनीहरूलाई दिनुभएको थियो जसले
उहाँको आज्ञा पालन गरे, यी कुराहरूको लागि साक्षी
छन्।"

३३यहूदी नेताहरू यी कुरा सुनेपछि रीसले चुर भए।
तिनीहरूले प्रेरितहरूलाई मार्न चाहन्थे। ३४फरिसीहरू*
मध्ये एकजना त्यस सभामा जुरूक्क उठे, उसको नाउँ
गमलिएल थियो। उनी शास्त्री थिए र सबै जनताले
उनलाई इज्जत गर्थे। तिनले मानिसहरूलाई केही क्षणको
लागि प्रेरितहरूलाई सभागृहबाट बाहिर लैंजान भने।
३५त्यसपछि उनले तिनीहरूलाई भने, "इस्राएलका मानिसहरू
हो, यी मानिसहरू प्रति तपाँईहरूले जे गर्ने योजना गर्नु
हुँदैछ त्यसमा सावधान हुनु होस। ३६याद गर केही समय
अघि के भएको थियो जब थ्यूदास प्रकट भयो? तिनले
आफू मुख्य मानिस भएको दावी गरे। झण्डै चार सय
मानिसहरूले उनलाई साथ दिए। तर उसलाई मारियो।
उसको अनुयायीहरू छरपष्ट भए अनि आन्दोलन त्यसै
शेष भयो। ३७त्यसपछि गालीलवासी यहूदा नाउँ भएको
एकजना मानिस आए। यो जनगणनाको समय थियो।
उसले केही मानिसहरूलाई आफूपछि लाग्न पनि लगाए
र अगुवाई गऱ्यो। उ पनि मारियो। अनि तिनका पछि
लाग्नेहरू छरपष्ट भए। ३८यसर्थ अब म तिमीहरूलाई
भनिरहेछु: ती मानिसहरूबाट टाड़ा रहौ। तिनीहरूलाई
एक्लै छाड़ीदेऊ। यदि तिनीहरूको योजना मानिसहरूबाट
अथवा जे तिनीहरूले गरिरहेका छन त्यो मानिसहरूबाट
हो भने यो असफल हुनेछ। ३९तर यदि यो परमेश्वरबाट
भएको हो भने, तब तिमीहरूले तिनीहरूलाई रोक्नु
सक्ने छैनौं। तिमीहरूको लड़ाई परमेश्वर स्वयंको
विरुद्ध को लडाई भएर समाप्त होला।"

गमलिएलले भनेको कुरामा यहूदी अगुवाहरू सहमत
भए। ४०तिनीहरूले प्रेरितहरूलाई फेरि बोलाए। तिनीहरूले
तिनीहरूलाई कुट-पिट गरे अनि येशूको विषयमा
मानिसहरूलाई केही अझ अरू नबताउनु भने। त्यसपछि
तिनीहरूले तिनीहरूलाई छाड़ी दिए। ४१प्रेरितहरू त्यो
सभा छाड़ेर गए। येशूको नाउँमा यसरी अपमानित पाइनु
योग्य भएकोमा उनीहरू खुशी भए। ४२तिनीहरूले
मानिसहरूलाई शिक्षा दिन छाड़ेनन् अनि येशू नै ख्रीष्ट
हुनु हुन्छ भन्ने सुसमाचार मानिसहरूलाई भन्न छाडेनन्।
तिनीहरूले प्रत्येक दिन मन्दिरमा, घर-घरमा त्यसरी नैं
प्रचार गरे।

## विशेष कामको लागि सातजना चुनिए

६ धेरै भन्दा धेरै मानिसहरू येशूका चेला हुन थाले।
तर त्यही अवधिमा, ग्रीक-भाषी चेलाहरूले यहूदी
भाषी चेलाहरूको विरूध्द नालिस गरे। तिनीहरूले दावी
गरे कि तिनीहरूका विधवाहरूलाई दैनिक वितरणमा
ठीक भाग पाइरहेका छैनन्। २यसर्थ बाह्जना प्रेरितहरूले
ती सबै समूहका चेलाहरूलाई एक साथ बोलाए र
तिनीहरूलाई भने, "हामीले आहार वितरणमा सहायता
गर्नका निम्ति परमेश्वरको वचन सिकाउने काम लत्याएका
छौ तर यो हाम्रो निम्ति उचित होइन। ३यसैले दाजु-भाइहरू
हो, तिमीहरूबाटै सात जना मानिसहरू चुन। तिनीहरू
सबै पुरुष जाति हुनपर्छ जसको बारेमा मानिसहरूले ती
असल छन् भनोस। तिनीहरू जो चुनिन्छन् ज्ञान अनि
पवित्र-आत्माले परिपूर्ण भएको हुनपर्छ। हामी तिनीहरूलाई
यो काम गर्न नियुक्त गर्ने छौ। ४यसप्रकारले हामी हाम्रो
समय प्रार्थना गर्नमा र परमेश्वरको वचन प्रचार गर्नमा
लगाउन समर्थ हुनेछौ।"

५चेलाहरूका जम्मै टोलीले त्यस्तो विचार मन पराए।
तब तिनीहरूले यी सातजना मानिसहरू छाने: स्तिफनस
(विश्वासपूर्ण र पवित्र आत्माले परिपूर्ण भएको मानिस)
फिलिप, प्रखुरस, निकनोर, तीमोन, पर्मिनास र निकोलस
एन्टिओकको, जो पहिले यहूदी भएका थिए। ६त्यसपछि
तिनीहरूले यिनीहरूलाई लगे अनि प्रेरितहरूकहाँ उपस्थित
गराए। तिनीहरूले प्रार्थना गरे अनि आफ्ना हातहरू ती
मानिसहरूमाथि राखे।

७परमेश्वरको वचन धेरै मानिसहरूकहाँ पुग्दै थियो।
यरूशलेममा चेलाहरूको संख्या बढ्दै गइरहेको
थियो। धेरै यहूदी पूजाहारीहरू पनि यस विश्वासका
चेला बने।

---

**फरिसीहरू** फरिसीको अर्थ "अलग गरिएको व्यक्ति"। फरिसीहरू यहूदीहरूको एक दल थियो। ख्रीष्टको समयमा यहूदीहरूमा तिनीहरूको शक्ति र प्रभाव ठूलो थियो।

### स्तिफनसको विरुद्ध यहूदीहरू

[8]स्तिफनस एक अनुग्रही अनि शक्तिशाली व्यक्तिले मानिसहरू माझ आश्चर्यमय कुराहरू अनि चमत्कार गरे। [9]तर कतिपय यहूदीहरू आए अनि स्तिफनसँग तर्क गरे। यी यहूदीहरू स्वाधीन सभाघरबाट आएका थिए। यी यहूदीहरू साइरिनीबाट आएका थिए। अलेक्जेन्ड्रिया अनि सिलिसिया अनि एशियाका थिए। तिनीहरूले स्तिफनसँग बहस गरे। [10]तर आत्माले स्तिफनलाई बुद्धिमानीसँग बोल्न सघाइरहेको थियो। यसर्थ यहूदीहरूले तिनी सित बहस गर्न सकेनन्। [11]तब उनीहरूले केही मानिसहरूलाई घुस दिएर बोल्न लगाए, “हामीले मोशा र परमेश्वरका विषयमा स्तिफनसले धर्म निन्दा गरेको सुनेका छौं।” [12]यसो गरेर तिनीहरूले मानिसहरू, अग्रज यहूदी अगुवाहरू र शास्त्रीहरूलाई उक्साए (चम्काए)। तिनीहरू क्रूद्ध भए अनि तिनीहरू आए अनि स्तिफनसलाई समाते अनि तिनीहरूले उनलाई यहूदी सभाघरमा यहूदीहरूका सभामा उपस्थित गराए। [13]तिनीहरूले केही भूटा साक्षीहरू पनि ल्याए। ती भूटा साक्षीहरूले भने, “यस मान्छेले सदैव यो पवित्र स्थान अनि मोशाको नियम विरुद्ध बोल्छ। [14]नासरतका येशूले यो ठाउँ ध्वंश पार्नेछ अनि मोशाले हामीलाई दिनुभएको दस्तुरहरू बदल्नेछ भनी यो मानिसले भनेको सुनेका छौं।” [15]सभामा बसीरहेका सबै मानिसहरूले स्तिफनसलाई आँखा गाड़ेर हेरे। उनको अनुहार स्वर्गदूतको जस्तो देखिन्थ्यो, हरेकले त्यो देख्यो।

### स्तिफनसको भाषण

**७** प्रधान पूजाहारीले स्तिफनसलाई भने, “के यी कुराहरू सत्य हुन्?” [2]स्तिफनसले उत्तर दिए, “मेरा यहूदी पिताहरू र दाजु-भाइहरू, मलाई ध्यानसित सुन। हाम्रा पुर्खा अब्राहाम समक्ष महिमामय परमेश्वर प्रकट हुनुभयो। अब्राहाम त्यसबेला मेसोपोटामियामा थिए। यो उहाँ हारानमा रहनु भन्दा पहिलेको कुरा हो। [3]परमेश्वरले अब्राहामलाई भन्नुभयो, ‘तिम्रो देश र त्यहाँका तिम्रा मानिसहरूलाई छोड़ अनि त्यो देशमा जाऊ, म तिमीलाई देखाउने छु।’* [4]यसैले अब्राहामले क्याल्डिया छाड़े अनि हारानमा बस्न गए। अब्राहामको पिताको मृत्युपछि उनलाई परमेश्वरले यो ठाँउमा पठाउनु भयो, जहाँ अहिले तिमी बस्छौ। [5]तर उहाँले अब्राहामलाई त्यो जमीनको कुनै टुक्रा आफ्नो बनाउनु दिनुभएन, खाली यसको एक फुट मात्र पनि दिनुभएन। तर तिनले प्रतिज्ञा गरे कि भविष्यमा त्यो जमीन उसको अनि उसको उत्तराधिकारीको हुनेछ। यद्यपि त्यस बेला अब्राहामको कुनै सन्तान थिएन। [6]परमेश्वरले उनलाई भन्नुभयो, ‘तिम्रो सन्तानहरूले यो ठाउँ छोड्नु पर्नेछ अनि परदेशीको रूपमा अर्को ठाउँमा बस्नु पर्नेछ। त्यहाँका मानिसहरूले तिनीहरूलाई दास बनाउने छन् र चार सय वर्षसम्म कुव्यवहार गरेर राख्नेछन्। [7]तर म त्यो राष्ट्रलाई दण्ड दिनेछु जुन राष्ट्रले तिनीहरूलाई दास बनाउनेछन्।’* परमेश्वरले पनि भन्नुभयो, ‘तब तिम्रा मानिसहरू त्यस देशबाट निस्की आउनेछन् अनि तिनीहरूले यस ठाउँमा मलाई आराधना गर्नेछन्।’* [8]परमेश्वरले अब्राहामसँग एक करार बाँध्नुभयो; यस करारको संकेत खतना थियो। यसर्थ जब अब्राहामको छोरो भयो, उनले त्यो आठ दिनको पुग्दा खतना गरिदिए। उनको छोरोको नाउँ इसहाक थियो। पछि उसले आफ्नो छोरो याकूबको पनि खतना गरे। पछि याकूबले आफ्ना छोराहरूलाई त्यसै गरे। ती छोराहरू पछि बाह्जना पिताहरू भए।

[9]“त्यसपछि ती पिताहरू योसेफसँग डाह गर्ने भए। योसेफलाई मिस्त्रदेशमा दास बनाउन बेचे। तर योसेफसँग परमेश्वर हुनुहुन्थ्यो। [10]योसेफले धेरै दु:ख-कष्टहरू सामना गर्नु पर्‍यो, तर परमेश्वरले उनलाई ती सबै दु:ख-कष्टहरूबाट बचाउनु भयो। फिरऊन मिश्रदेशका राजा थिए। उहाँले योसेफलाई मन पराउनु भयो अनि आदर पनि गर्नु भयो किनभने योसेफमा परमेश्वरबाट पाएको ज्ञान थियो। उसले युसुफलाई मिश्र देशका राज्यपाल बनाए अनि तिनलाई उहाँको घरका सम्पूर्ण मानिसहरू माथि शासन गर्ने अधिकार दिए। [11]तर सम्पूर्ण मिश्रदेश र कनानमा अनिकाल लागेको थियो। यसले मानिसहरूलाई अत्यन्त यातना भोगायो। हाम्रा पिताहरूले खाने-कुरा केही पाउन सकेनन्। [12]तर याकूबले त्यहाँ मिश्रदेशको गोदामहरूमा अन्नको राश छ भनेर थाहा पाए। अत: उनले हाम्रा पिताहरूलाई त्यहाँ पठाए। तिनीहरूको त्यो प्रथम मिश्रदेश यात्रा थियो। [13]पछिबाट तिनीहरू त्यहाँ दोस्त्रोपल्ट गए। त्यसबेला योसेफले आफ्ना

---

**‘तिम्रो देश … देखाउने छु’** उत्पत्ति १२:१।

**‘तिम्रो … बनाउनेछन्’** उत्पत्ति १५:१३-१४।

**‘तब तिम्रा … गर्नेछन्’** उत्पत्ति १५:१४; प्रस्थान ३:१२।

भाइहरूलाई ऊ को हो बतायो। अनि फिरऊनले
योसेफको परिवारको विषयमा जान्न पायो। [१४]तब
योसेफले उनका पिता याकूबलाई मिश्रदेशमा निमन्त्रण
गर्न केही मानिसहरू पठाए। उनले जम्मै आफन्तहरू
पनि निम्त्याए (जम्मा पचहत्तर जना मानिसहरू)। [१५]अत:
याकूब मिस्त्रदेश आए। याकूब र हाम्रा पिताहरू नमरून्जेल
सम्म त्यहाँ बसे। [१६]त्यसपछि तिनीहरूका शरीरहरू
शकेममा पठाइयो अनि तिनीहरूलाई चिहानमा राखियो।
यो त्यही चिहान हो जुन अब्राहामले शकेममा हमोरका
छोराहरूबाट चाँदी दिएर किनेको थियो।

[१७]"मिश्रदेशमा यहूदीहरूका संख्या बढेर गयो। त्यहाँ
अधिक भन्दा अधिक हाम्रा मान्छेहरू उपस्थित थिए।
परमेश्वरले अब्राहामलाई दिनु भएको वचन पूरा हुने
समय नजिक आइरहेकोथ्यो। [१८]त्यसपछि एक अर्को
राजाले मिश्रदेशमा शासन गर्न थाल्यो। उसले यूसुफको
विषयमा केही पनि जानेन। [१९]त्यस राजाले हाम्रो
मानिसहरूलाई हानी पुऱ्याउन धूर्त तरिकाहरू प्रयोग
गऱ्यो। उसले तिनीहरूको भर्खर जन्मेका नानीहरू मरोस
भनी बाहिर राख्न वाध्य गरायो। [२०]यो त्यसबेलाको कुरा
हो जब बालक मोशा जन्मेको थियो। त्यो एउटा खुबै
सुन्दर अनि परमेश्वरलाई खुशी पार्ने बालक थियो।
उसलाई तीन महीनासम्म आफ्नो पिताको घरमा पाले।
[२१]जब तिनीहरूले मोशालाई बाहिर निकाले, फिरऊनकी
छोरीले तिनलाई आफ्नै छोरो सरह स्याहार सुसार गरिन्।
[२२]मिश्रदेशवासीहरूले तिनलाई तिनीहरूले जानेको प्रत्येक
विषयको प्रशिक्षण दिए। तिनी वचन अनि कर्ममा दृढ़
भए।

[२३]"जब मोशा चालीस वर्षका भए, उनको आफ्ना
यहूदी दाजु-भाइहरूलाई भेटने निर्णय लिए। [२४]मोशाले
एक यहूदीलाई मिश्रदेशवासीले नराम्रो व्यवहार गरेको
देखे। यसर्थ तिनी त्यो यहूदीको रक्षा गर्न गए अनि त्यो
मिश्रदेशीलाई मारे जसले यहूदीमाथि कुव्यवहार गरिरहेको
थियो। [२५]परमेश्वरले उनलाई उनीहरूकै बचाऊको लागि
प्रयोग गरिरहनु भएको तिनको यहूदी भाइहरूले बुझ्लान
भन्ने मोशाले सोचे। तर तिनीहरूले त्यो बुझेनन्।
[२६]अर्को दिन मोशाले दुइ यहूदीहरूलाई आपसमा झगड़ा
गरेको देखे। उनले तिनीहरूलाई शान्त गराउन खोजे।
उनले भने, 'ए मानिस हो! तिमीहरू दाजु-भाइहरू हौ!
किन तिमीहरू एकाअर्का प्रति नराम्रो व्यवहार गरिरहेछौ?'
[२७]जुन मान्छेले अर्को मान्छेसित कुव्यवहार गर्दैथ्यो
त्यसले मोशालाई घचेट्यो अनि भन्यो, 'कसले तिमीलाई
हाम्रो शासक अनि न्यायधिश बनायो? [२८]जसरी तिमीले
हिजो मिश्रदेशवासीलाई माऱ्यौ त्यसरी नै मलाई मार्छौ?'*
[२९]जब मोशाले त्यस्तो सुने तिनले मिश्रदेश छोड़े। उनी
मिदयानको देशमा नौला व्यक्ति जस्तै बस्न थाले अनि
त्यहाँ उनका दुइ छोराहरू भए।

[३०]"चालीस वर्षपछि मोशा सीनैं पर्वतको मरूभूमिमा
थिए। बलिरहेको पोथ्राको ज्वालामा एकजना स्वर्गदूत
तिनको अघाड़ि देखापरे। [३१]जब मोशाले यस्तो देखे,
उनी अचम्भित भए। जब उनी नियालेर हेर्न नजिक गए,
मोशाले प्रभुको आवाजले भन्दै गरेको सुने। [३२]प्रभुले
उनलाई भन्नुभयो, 'म तिम्रा पिताहरूको परमेश्वर,
अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर, याकूबका
परमेश्वर हुँ।'* मोशा डरले काम्न थाले। उसलाई त्यस
बल्दै गरेको पोथ्रामा हेर्न साहस भएन। [३३]प्रभुले
उनलाई भन्नुभयो, 'तिम्रा जुत्ताहरू खोल, किनभने जुन
ठाउँमा तिमी उभिरहेकाछौ त्यो पवित्र भूँई हो। [३४]मैले
मेरा मानिसहरूलाई मिश्रदेशमा अत्यन्तै कष्ट पाइरहेको
देखेँ। मैले तिनीहरूको विलाप सुने। म तिनीहरूलाई
बचाउन तल झरे। अब आऊ, म तिमीलाई मिस्त्रदेश
पठाउँछु।'*

[३५]"यो मोशा त्यही व्यक्ति थियो जसलाई यहूदीहरूले
चाँहिदैन भनेका थिए। तिनीहरूले उनलाई भनेका थिए,
'कसले तिमीलाई हाम्रो शासक र न्यायधिश बनायो?'*
त्यही मानिसलाई परमेश्वरले शासक र उद्धारकको
रूपमा पठाउनु भएको थियो। परमेश्वरले मोशालाई
स्वर्गदूतको माध्यम पठाउनु भएको थियो जो जल्दै
गरेको पोथ्रामा उनी अघि देखापरेको थियो। [३६]तब
मोशाले मानिसहरूका अगुवाई गरे। उनले आश्चर्यमय
कुराहरू अनि चमत्कारहरू मिश्रदेशमा लाल सागरमा
अनि मरूभूमिमा चालीस वर्ष सम्म गरे। [३७]उनी त्यही
मोशा थिए जसले यहूदीहरूलाई भनेका थिए, 'परमेश्वरले
तिमीहरूको लागि तिमीहरूकै माझबाट एक अगमवक्ता
पठाउनु हुनेछ। उनी म जस्तै नै हुनेछन्।'* [३८]उनी त्यही

---

**'कसले … मलाई मार्छौ?'** प्रस्थान २:१४।

**'म तिम्रा … हुँ'** प्रस्थान ३:६।

**'तिम्रा जुत्ताहरू … पठाउँछु'** प्रस्थान ३:५-१०।

**'कसले … बनायो?'** प्रस्थान २:१४।

**'परमेश्वरले … हुनेछन्'** व्यवस्था १८:१५।

मोशा हुन जो यहूदीहरूकै जमघटमा एकत्रित भएर मरूभूमिमा सँगै थिए। तिनी त्यो स्वर्गदूतसँग जो सीनै पर्वतमा तिनीसित बोले अनि हाम्रा पिताहरूसँग थिए। मोशाले परमेश्वरबाट समाचारहरू प्राप्त गरे जेले जीवन दिन्छ। मोशाले हामीलाई ती समाचारहरू दिए।

[३९]"तर हाम्रा पिताहरूले मोशाका आज्ञा पालन गर्न चाहेनन्। तिनलाई स्वीकार गरेनन्। अनि तिनीहरूले मिश्रदेश फर्की जाने इच्छा गरे। [४०]हाम्रा पिताहरूले हारून्लाई भने, 'मोशाले हामीलाई मिस्रदेश बाहिरा निकालेर ल्याए। तर उसलाई के भयो हामी जान्दैनौं। हाम्रो निम्ति केही देवताहरू सृष्टि गरिदेऊ जो हाम्रो अघि जानेछन् अनि हामीलाई अगुवाइ गर्नेछन्।'* [४१]यसकारणले मानिसहरूले बाछो जस्तो देखिने एउटा मूर्ति बनाए। त्यसपछि तिनीहरूले त्यसलाई बलिहरू चढ़ाए। मानिसहरू आफ्नै हातले त्यस्तो चीज बनाँए भनेर अत्यन्त खुशी थिए। [४२]तर परमेश्वर तिनीहरूबाट टाड़ा जानुभयो अनि तिनीहरूलाई आकाशको भूटो देवताहरूको पूजा गर्न छाड़िदिनु भयो। अगमवक्ताहरूका पुस्तकमा लेखिए जस्तै यो घट्यो:

'तिमी यहूदीहरूले चालीस वर्षसम्म यो मरूभूमिमा
मेरा निम्ति पशु-बलि अनि भेटीहरू अर्पण
गरेनौ
४३ तिमीहरूले तिमीहरू सित मोलेकको तम्बू अनि
तिम्रो देवता रिफमका तारा ल्यायौ।
तिनीहरू मूर्तिहरू थिए जो तिमीहरूले पुज्नलाई
बनायौ। ती मूर्तिहरू थिए जसलाई आराधनाको
निम्ति बनाइएको थियो। यसैकारण म तिमीहरूलाई
बेबिलोन देखि निक्कै टाड़ा पठाउने छु।'

*अमोस ५:२५-२७*

[४४]"हाम्रा पिताहरूसँग मरूभूमिमा "पवित्र मण्डप" थियो। कसरी तम्बू बनाउन मोशालाई परमेश्वरले बताउनु भयो। तिनले परमेश्वरले देखाउनु भएको योजना अनुसार बनाए। [४५]तब यहोशूले हाम्रा पिताहरूलाई अरू राष्ट्रहरूको जमीन हत्याउनुमा अगुवाइ गरे। हाम्रा मानिस जमीन भित्र पसे अनि परमेश्वरले अन्य राष्ट्रहरूलाई बाहिर खेद्नु भयो। जब हाम्रा मानिसहरू त्यस नयाँ जमीनमा गए, तिनीहरूले आफूसित त्यही मण्डप लगेर गए। हाम्रा मानिसहरूले त्यो मण्डप आफ्ना पिताहरूबाट प्राप्त गरेका थिए, अनि तिनीहरूले त्यसलाई दाऊदको समय सम्म जोगाएर राखे। [४६]परमेश्वर दाऊदसँग अत्यन्त खुशी हुनुभयो। दाऊदले परमेश्वरलाई याकूबको परमेश्वरको निम्ति भवन निर्माण गर्न दिनुहोस भनी परमेश्वरलाई आग्रह गरे। [४७]तर सुलेमान जसले उहाँको लागि भवन निर्माण गरे।

[४८]"तर मानिसको हातले बनाएको भवनहरूमा सर्वश्रेष्ठ परमेश्वर बस्नु हुन्न। जस्तो अगमवक्ताले भन्छन्:

'प्रभुले भन्नु हुन्छ स्वर्ग मेरो सिंहासन हो।
४९ पृथ्वी त्यो ठाउँ हो जहाँ मेरा खुट्टाहरू आराम
गर्दछ। कस्तो प्रकारको घर तिमी मेरो लागि
बनाउन सक्छौ? मैले आराम गर्न सक्ने स्थान
त्यहाँ कहाँ छ?
५० के मेरा हातहरूले यी सबै कुराहरू बनाएको
होइन?'"

*यशैया ६६:१-२*

[५१]तब स्तिफनसले भने, "तिमी अट्टेरी यहूदी अगुवाहरू! तिमीहरूले आफ्ना हृदय परमेश्वरलाई दिएका छैनौ! तिमीहरूले उहाँलाई कहिल्यै सुनेनौ! पवित्र-आत्माले तिमीहरूलाई जे भन्छ, त्यो तिमीहरूले सधैं विरोध गर्छौ। तिम्रा पुर्खाहरूले त्यसै गरे अनि तिमीहरू उनीहरू जस्तै छौं। [५२]तिमीहरूका पुर्खाहरूले नसताएका कुनै अगमवक्ता होलान? ती अगमवक्ताहरूले एक धार्मिक आउनु हुनेछ भनेर पहिल्यै भनिसकेका थिए। तर तिमीहरूका पुर्खाहरूले तिनीहरूलाई मारे। अनि अहिले तिमीहरूले एक धार्मिक व्यक्ति प्रति विश्वासघात गर्‍यौं अनि उहाँलाई मार्‍यौ। [५३]तिमीहरू त्यही मानिसहरू हौं जसले स्वर्गका दूतहरूले दिएको मोशाको नियमलाई ग्रहण गर्‍यौं तर तिमीहरूले पालन गरेनौं।"

## स्तिफनस मारियो

[५४]जब यहूदी नेताहरूले यी कुरा सुने तिनीहरू रीसले चूर भए अनि उनको विरुद्ध दाह्रा किटन थाले। [५५]तर स्तिफनस पवित्र-आत्माले परिपूर्ण थिए। स्तिफनसले उँभो आकाश तिर हेरे। उनले परमेश्वरको महिमा देखे। उनले येशूलाई परमेश्वरको दाहिने तर्फ उभिरहेको

**'मोशाले … गर्नेछन्'** प्रस्थान ३२:१।

देख्यो। ५६स्तिफनसले भने, "हेर! मैले स्वर्ग खुल्ला
अनि मानिसको पुत्र परमेश्वरको दाहिने तर्फ उभिरहेको
देख्छु!"
५७तुरून्तै समस्त यहूदी अगुवाहरू एकसाथ ठूलो
स्वरमा चिच्याए। तिनीहरूले आफ्ना हातले कान बन्द
गरे। तिनीहरू सबै एकसाथ स्तिफनस तिर दौड़े।
५८तिनीहरूले उनलाई शहर बाहिर फ्याँकि अनि ढुंगा
हान्न थाले। ती मानिसहरू जजसले स्तिफनसको विरूद्ध
झूटो कुरा गरेकाथिए तिनीहरूले आफ्ना पोशाक खोलेर
शाऊल नाउँको एक युवकलाई दिए। ५९अनि त्यसपछि
तिनीहरूलले स्तिफनस माथि ढुंगा हान्न शुरू गरे। तर
स्तिफनस प्रार्थना गरिरहेका थिए। उनले भने, "प्रभु
येशू, मेरो आत्मा ग्रहण गर्नुहोस!" ६०तब उनी घूँडा
टेके अनि जोड़ले चिच्याए, "प्रभु, यिनीहरूलाई यो
पापको निम्ति दोष नदिनुहोस! यति भनिसके पछि
स्तिफनसले देह त्याग गरे।

८ शाऊलले स्तिफनसलाई मार्न आफ्नो सहमती
दिए।

## विश्वासीहरूलाई सतावट

२-३केही भक्त जनहरूले स्तिफनसलाई गाड़े। तिनीहरूले
उनको निम्ति शोक गरे। त्यही दिन देखि यहूदीहरूले
यरूशलेममा विश्वासीहरूलाई खुबै यातना दिन थाले।
शावलले पनि मण्डली ध्वंश गर्ने प्रयास गरिरहेका थिए।
उ तिनीहरूको घरमा गए। उसले पुरुष र स्त्रीहरूलाई
समाते, तान्दै बाहिर निकाले अनि जेलमा थुने। सम्पूर्ण
विश्वासीहरूले यरूशलेम छोड़ेर गए। त्यहाँ प्रेरितहरू
मात्र बसे। विश्वासीहरू यहूदीया र सामरिया भरि
फैलिएका थिए। ४विश्वासीहरू जो चारैतिर छरिएका
थिए, जहाँ तिनीहरू गए, परमेश्वरको सुसमाचार
मानिसहरूलाई सुनाए।

## फिलिपले सामरियामा प्रचार गर्दछ

५फिलिप सामरिया शहरमा गए अनि ख्रीष्टको
विषयमा प्रचार गरे। ६मानिसहरूले त्यहाँ फिलिपले
चमत्कारहरू गरेका सुने अनि देखे। फिलिपले भनेको
कुराहरू मानिसहरूको भीड़ले एक मनले ध्यान लगाएर
सुने। ७धेरै जसो मानिसहरू दुष्ट आत्माहरूले भेट्टाएका
थिए। तर दुष्ट आत्माहरू जोड़ले चिच्याएर मानिसहरूबाट
बाहिर निस्के। पक्षाघात लागेको र लङ्गडो मानिसहरू
निको भए। ८त्यही कारणले गर्दा त्यस शहरमा मानिसहरू
अत्यन्त आनन्दित थिए।
९तर त्यस शहरमा शिमोन नाउँ गरेको एकजना
मानिस थिए। फिलिप त्यहाँ आउन भन्दा अघि तिनी
जादू गर्दै थिए अनि सामरियाका मानिसहरूलाई चकित
पारेका थिए। शिमोनले घमण्ड साथ आफूलाई महान-व्यक्ति
दावी गर्थे। १०निम्नस्तरका देखि अति प्रमुख व्यक्तिहरूले
शिमोन प्रति खूबै ध्यान दिए। तिनीहरूले भने, "यस
मानिसकोमा ईश्वरीय शक्ति छ त्यसैलाई 'महान शक्ति'
भनिन्छ!" ११शिमोनले आफ्ना जादू-कलाद्वारा
मानिसहरूलाई धेरै समयदेखि प्रभावित पारेका थिए अनि
तिनीहरू उनका भक्त भएका थिए। १२तर फिलिपले
मानिसहरूलाई परमेश्वरको राज्यको विषयमा सुसमाचार
एवं येशू ख्रीष्टको नाउँको विषयमा बताइदिए। पुरुष-स्त्रीहरू
जसले विश्वास गरे तिनीहरूले बप्तिस्मा लिए। १३शिमोन
स्वयँले विश्वास गरे अनि बप्तिस्मा लियो। फिलिप
एकदम नजिकमा बसे। उनले फिलिपले गरेका चमत्कारहरू
अनि महान कार्यहरू देखे। शिमोन छक्क परे।
१४प्रेरितहरू अझसम्म यरूशलेमा नै थिए। तिनीहरूले
सामरियाका मानिसहरूले परमेश्वरको वचनलाई स्वीकार
गरे भन्ने बारेमा सुने। यसैकारणले तिनीहरूले पत्रुस र
यूहन्नालाई सामरिया पठाए। १५जब तिनीहरू सामरिया
पुगे, तिनीहरूले सामरियाका विश्वासीहरूले पवित्र-आत्मा
पाओस् भनेर प्रार्थना गरे। १६ती मानिसहरू प्रभुयेशूको
नाउँमा बप्तिस्मा भएका थिए, तर पवित्र-आत्मा तिनीहरू
कसैमाथि पनि आईपुगेको थिएन। यही कारणले गर्दा
पत्रुस र यूहन्नाले प्रार्थना गरे। १७तब ती प्रचारकहरूले
तिनीहरूका हात मानिसहरूमा राखी दिए अनि तब
तिनीहरूले पवित्र-आत्मा प्राप्त गरे।
१८प्रेरितहरूले तिनीहरूमाथि हात राखिदिँदा
मानिसहरूलाई पवित्र आत्मा दिइएको शिमोनले देखे।
अत: शिमोनले प्रेरितहरूलाई पैसा दिँदै। १९शिमोनले
भने, "यो शक्ति मलाई पनि दिनुहोस ताकि जब मैले
कसै माथि हात राख्दा उसले पवित्र आत्मा प्राप्त
गरोस।"
२०पत्रुसले तिनलाई भने, "तिमी र तिम्रो पैसा दुवै
नष्ट भई जाओस! किनभने तिमीले सोच्यौ कि तिमीले
प्रभुको उपहार पैसाले किन्न सक्छौ। २१यस काममा
हामीसँग अंश ग्रहण गर्न सक्तैनौ। किनभने तिम्रो हृदय
परमेश्वर समक्ष सही छैन। २२तिम्रो हृदय बदल अनि यी

कुकामहरू देखि टाढ़ा भई हाल। प्रभुलाई प्रार्थना गर।
हुनसक्छ तिम्रो यस्तो सोंचाइलाई उहाँले क्षमा गरिदनु
हुन्छ। २३किनभने तिमी कटु इर्ष्या अनि पापको अधीनमा
भएको म देख्दछु।"

२४शिमोनले जवाब दिए, "तिमीहरूले मेरो लागि
प्रभुलाई प्रार्थना गरिदेऊ। प्रार्थना गरिदेऊ कि तिमीहरूले
भनेका कुनै पनि कुरा म माथि नघटोस्।"

२५त्यसपछि, ती दुइ प्रेरितहरूले आफ्नो साक्षी दिए
अनि परमप्रभुको सन्देश सुनाए। अनि त्यसपछि तिनीहरू
यरूशलेम फर्के। तिनीहरू जाँदा हुँदी सामरीयाका धेरै
शहरहरू भएर गए अनि जता-जता पस्दै गए त्यतातिर
मानिसहरूलाई सुसमाचार प्रचार गरे।

## एथियोपियावासीलाई फिलिपले शिक्षा दिए

२६परमेश्वरको एक दूतले फिलिपलाई भन्यो, "झट्ट
तयार हौ र दक्षिणतर्फ जाऊ। यरूशलेम देखि गाजातर्फ
जाने बाटो जाऊ- त्यो बाटो मरूभूमि भएर जान्छ।"
२७अत: फिलिप तयार भए अनि गए। बाटोमा उनले
एकजना एथियोपियावासी मान्छेलाई देखे जो नपुंसक
थिए। उनी एथियोपिया देशकी रानी कन्दकीको ठूलो
अधिकारी थिए। उनी रानीका जम्मै पैसा-रूपियाँका
जिम्मेवार थिए। त्यो मानिस आराधना गर्न यरूशलेम
गएका थिए। २८अहिले उ आफ्नो रथमा बसेर घर तर्फ
गईरहेका थिए। तिनी अगमवक्ता यशैयाको पुस्तक
पढ़िरहेका थिए। २९आत्माले फिलिपलाई भने, "त्यस
रथमा जाऊ र त्यसको छेउमा बस।" ३०तब फिलिप
रथको छेउमा दगुरे अनि त्यो मान्छेले पढ़ी रहेको सुने।
उसले यशैया अगमवक्ताको पुस्तक पढ़ीरहेको थियो।
फिलिपले उसलाई भने, "के तिमीले पढ़ेको कुरा
बुझ्दैछौ?"

३१त्यस मानिसले भन्यो, "म कसरी बुझ्न सक्छु?
मलाई त्यस्तो मान्छेको खाँचो छ जसले व्याख्या मलाई
गरिदिन सक्छ।" त्यसपछि उसले फिलिपलाई चढ़ेर
उसको छेउमा आएर बस्नु निमन्त्रण गऱ्यो। ३२उसले
पढ़दै गरेको धर्म शास्त्रको अंश यस्तो थियो:

> "जसरी भेड़ा काटिन लगिन्छ भेड़ाको पाठा
> कत्रनेको चुपचाप सामु उभिन्छ, त्यसरी नै उनी
> रहे।
> ३३ उनको उपहास गरियो अनि उनका अधिकारहरू
> खोसिए। पृथ्वीमा उनको जीवन समाप्त भयो
> अनि उनको संन्तानहरूको विषयमा भन्नु को
> समर्थ हुनेछ?"

*यशैया ५३:७-८*

३४त्यस अधिकारीले फिलिपलाई भने, "दया गरेर
मलाई भन्नुहोस अगमवक्ताले कसको विषयमा भनेका
हुन्? उनले आफ्नै विषयमा कि अन्य कसैको विषयमा
भनेका हुन?" ३५फिलिपले बताउन थाले। उनले त्यही
धर्मशास्त्रको अंशबाट शुरू गरे अनि येशूको विषयमा
सुसमाचार उसलाई भने।

३६उनीहरू बाटोमा गइरहेको बेला तिनीहरू पानी
भएको ठाउँमा पुगे। अधिकारीले भन्यो, "हेर! यहाँ पानी
छ! कसले मलाई बप्तिस्मा हुन देखि रोक्न सक्छ?"
३७* ३८त्यसपछि अफिसरले रथ थाम भनेर आदेश
गऱ्यो। दुवै फिलिप र अधिकारी पानी भए तिर
ओह्रालिए अनि फिलिपले तिनलाई बप्तिस्मा गरिदिए।
३९जब तिनीहरू पानी बाहिर आए प्रभुको आत्मा
फिलिपबाट खोसियो अधिकारीले उनलाई फेरि कहिल्यै
पनि देखेन्। अधिकारी आफ्नो घरको बाटो लागे। उनी
खुशी थिए। ४०तर फिलिप अश्दोदको शहरमा देखा
परे। उनी सिजरियाको शहर तिर गईरहेका थिए।
अश्दोद देखि सिजरिया जाँदा बाटामा पर्ने प्रत्येक शहरमा
उनले सुसमाचार प्रचार गरे।

## शावलको जीवन परिवर्त्तन

९ त्यसैबेला शावलले यरूशलेममा परमप्रभुका
अनुयायीहरूलाई अझै डर देखाउँदै अनि तिनीहरूलाई
मार्ने प्रयास गरिरहेको थियो। यसैले तिनी प्रधान पूजाहारी
कहाँ गए। २शावलले प्रधान पूजाहारीलाई दमीशकमा
सभाघरहरूलाई ख्रीष्टका मार्ग पहिल्याउनेहरू
खोजीनिकाल्ने उनलाई अधिकार दिँदै चिट्ठीहरू लेखी
दिनुहोस भने। उसले यदि कुनै पुरुष वा स्त्री विश्वासीहरू
भेट्टाए भने तिनीहरूलाई पक्रेर यरूशलेम फर्काई
ल्याउनेछ।

३तब शावल दमीशक गए। जब उ शहरको नजीक
पुग्यो, अचानक आकाशबाट प्रज्वलित ज्योति उनको

---

**पद ३७** प्रकाशको केही पछिल्लो प्रतिलिपिहरूमा पद ३७
थपिन्छ: "फिलिपले उत्तर दिए, 'यदि तिमी तिम्रो सम्पूर्ण हृदयले
विश्वास गर्छौ भने, तिमी गर्न सक्छौ।' अधिकारीले भने, 'म
विश्वास गर्छु कि येशू ख्रीष्ट परमेश्वरकै पुत्र हुनु हुन्छ।'"

चारैतिर चम्कियो। [४]शावल भूइँमा लड़े। उसले एउटा
आवाज उसैसँग बोलीरहेको सुने, "शावल, शावल!
तिमी मलाई किन सताईरहेछौ?"

[५]शावलले भन्यो, "तपाईं को हुनुहुन्छ प्रभु?"

त्यो आवाजले जवाब दियो, "म येशू हुँ। जसलाई
तिमी दु:ख दिइरहेछौ। [६]उठ अनि शहर तर्फ जाऊ।
त्यहाँ कसैले तिमीलाई के गर्नु पर्ने बताई दिने छ।"

[७]शावलसँग यात्रा गरीरहेका मानिसहरू त्यहाँ ठिङ्गै
उभिए। ती मानिसहरूले आवाज सुने तर कतै पनि
कोही पनि देखेनन्। [८]शावल भूइँबाट उठे। उसको
आँखा खोलियो तर केही देख्न सकेन। अत: शावलसँग
आएका मानिसहरूले उनको हात पक्रेर तिनलाई
दमीशकसम्म लगे। [९]तीनदिन सम्म शाऊलले नदेख्न
सक्यो, न खायो न पियो।

[१०]दमीशकमा येशूका एक चेला थिए। उनको नाउँ
हननिया थियो। प्रभुले हननियासँग सपनामा भन्नुभयो,
"हननिया!"

हननियाले उत्तर दियो, "म यहाँ छु, प्रभु।"

[११]प्रभुले हननियालाई भन्नुभयो, "उठ अनि 'सोझो
गल्ली' भन्ने गल्लीतिर जाऊ। यहूदाको घर पत्ता
लगाऊ। टार्सस भन्ने ठाउँका शावल नाउँ भएको
मान्छेलाई खोज। उ अहिले त्यहाँ प्रार्थना गरिरहेछ।
[१२]शावलले दर्शन देख्यो। आफ्नो सपनामा उसले हननिया
भन्ने मान्छे आफू भएतिर आयो र तिनका हातहरू
आफू माथि राखिदियो। जसद्वारा उसले फेरि देख्न
सकून्।"

[१३]तर हननियाले उत्तर दियो, "प्रभु धेरै जनाले मलाई
यस मानिसको विषयमा भनिसकेको छ। तिनीहरूले भने
यस मानिसले यरूशलेममा तपाईंका पवित्र मानिसहरूलाई
कतिको सताएको छ। [१४]अहिले ऊ दमीशकमा आइपुगेको
छ। मुख्य पूजाहारीहरूले तँपाईमा विश्वास गर्ने मानिसहरू
सबैलाई पक्रनु भनेर उसलाई अधिकार दिएको छ।"

[१५]तर प्रभुले हननियालाई भन्नुभयो, "जाऊ! मैले
शावललाई मेरो विषयमा राजाहरूलाई, यहूदीहरूलाई र
अन्य जातिहरूलाई बताउनुको निम्ति एक पात्रको रूपमा
चुनेको छु। [१६]म उसलाई सबै कुरा देखाउनेछु जसले
गर्दा मेरो नाउँको लागि उसले कष्ट भोग्नु पर्छ।"

[१७]अत: हननिया त्यहाँबाट यहूदाका घरतर्फ लाग्यो।
उसले आफ्नो हात शावलमा राखे अनि भने, "शावल,
मेरो भाइ, प्रभु येशू जो तिमी आउँदा बाटोमा देखापर्नु
भयो उहाँले मलाई तिम्रोमा पठाउनु भएको छ ताकि
तिमीले फेरि देख्न सक र पवित्र आत्माद्वारा तिमी
भरिपूर्ण होऊ।" [१८]तुरन्तै, माछाको कत्लाहरू जस्तो
केही उसको आँखाबाट खस्यो। शावल फेरि देख्न सक्ने
भयो! उ उठे र बप्तिस्मा लिए। [१९]त्यसपछि उसले
अलिकति भोजन गरे र शरीरमा पुन शक्ति प्राप्त गरे।

## शावलले दमीशकमा प्रचार गर्दछन्

शावल केही दिनसम्म येशूका चेलाहरूसँग दमीशकमा
बसे। [२०]चाँडै उसले यहूदीहरूका सभाघरहरूमा येशूको
विषयमा प्रचार गर्न थाले। उनले मानिसहरूलाई भने,
"येशू परमेश्वरका पुत्र हुनुहुन्छ।"

[२१]सबै मानिसहरू शावलको त्यस्तो कुरा सुनेर छक्क
परे। तिनीहरूले भने, "यो त्यही मान्छे होइन जो
यरूशलेममा थियो अनि यही नाउँमा विश्वास गर्ने
मानिसहरूलाई नष्ट गर्ने प्रयास गर्दै थियो? के उ यहाँ
येशूका अनुयायीहरूलाई पक्रन अनि तिनीहरूलाई
यरूशलेममा मुख्य पूजाहारीहरूकहाँ लान आएको होइन?"

[२२]तर शावल झन झन प्रभावशाली भए अनि येशू
नै ख्रीष्ट हुनुहुन्छ भनी सिद्ध गर्दै दमीशकमा बस्ने
यहूदीहरूलाई अल्मल्ल पारिदिए।

## शावल यहूदीहरूबाट बाँचे

[२३]धेरै दिन पछि यहूदीहरूले शावललाई मार्ने योजनाहरू
बनाए। [२४]यी यहूदीहरूले रात-दिन शहरको ढोकामा
शावललाई ढुकिरहेका थिए। तिनीहरू उनलाई मार्न
चाहन्थे। तर शावलले तिनीहरूका योजना जानि सकेका
थिए। [२५]एक रात उनका केही विश्वासीहरूले त्यस
शहरबाट भाग्न उनलाई मद्दत गरे। तिनीहरूले शावललाई
एउटा टोकरी भित्र हाले अनि नगर पर्खालको एउटा
प्वालबाट छिराएर तल झारे।

## शावल यरूशलेममा

[२६]त्यसपछि शाऊल यरूशलेमतिर गए। उनले
विश्वासीहरूको झुण्डमा सम्मिलित हुन कोशिश गरे तर
तिनीहरू उनीबाट डराए। किनभने शावल साँचि नै
येशूका चेला हुन भनेर विश्वास गरेनन्। [२७]तर बर्णाबसले
उनलाई स्वीकार गरे अनि प्रेरितहरू कहाँ ल्याए अनि
कसरी शावलले दमीशकको बाटोमा प्रभुलाई देखेका
थिए अनि कसरी प्रभु उनीसित बोल्नु भयो सो

तिनीहरूलाई वर्णन गरे। अनि उसले शाऊलले कुनै
डरबिना येशूको विषयमा दमीशकमा कसरी प्रचार गरे
सो पनि भने।

२८अनि त्यसकारण शाऊल विश्वासीहरूसँगै बसे।
उनी जताततै निर्भय भएर यरूशलेममा प्रभुको प्रचार गर्दै
हिड़े। २९शावल प्राय: ती यहूदीहरूसँग वार्तालाप गर्थे
जसले ग्रीक भाषा जान्दथे। तिनीहरूसँग उनले तर्क-वितर्क
पनि गरे। तर उनीहरूले शाऊललाई मार्ने प्रयास गरे।
३०जब चेलाहरूले त्यो कुरा थाहा पाए कि तिनीहरूले
शाऊललाई सिजरिया भन्ने शहरमा लगे। त्यहाँ देखि
तिनीहरूले उनलाई टार्सस शहरमा पठाए।

३१त्यसरी चारैतिर यहूदीया, गालील र सामरियाका
मण्डलीहरूमा शान्ति छायो। विश्वासीहरूको समुदाय
पराक्रमी भए किनकि तिनीहरू प्रभुको डरमा बसेका
थिए अनि पवित्र आत्माले उत्साहित तुल्याएका थिए।
त्यसैले गर्दा विश्वासीहरूको संख्यामा बृद्धि हुन थाल्यो।

### पत्रुस लिड्डामा र जोप्पामा

३२पत्रुसले यरूशलेम वरिपरिका सम्पूर्ण शहरहरू
यात्रा गरे। तिनले ती विश्वासीहरूलाई भेटघाट गरे जो
लिड्डामा बस्थे। ३३लिड्डामा तिनको एकजना आठ वर्ष
देखि पक्षघात बिमारले ग्रस्त भएको एनियास भन्ने
मान्छेसँग भेट भयो। एनियास आफ्नो बिछ्यौनाबाट चल्न
सक्तैन थियो। ३४पत्रुसले तिनलाई भने, "एनियास, येशू
ख्रीष्टले तिमीलाई निको पार्नु हुन्छ, उठ अनि तिम्रो
बिछ्यौना मिलाऊ।" एनियास तत्काल जुरूक्क उठ्यो।
३५लिड्डा अनि शारोनमा सबै मानिसहरूले उसलाई देखे
अनि प्रभु येशू तर्फ फर्किए।"

३६जोप्पा भन्ने शहरमा येशूका एकजना चेली थिई।
उनको नाउँ तबिता थियो। उनको ग्रीक नाउँ डोरकस्
थियो जसको अर्थ हो "हरिणी"। तिनले मानिसहरूका
लागि सदैव असल कामहरू गरेकी थिईन अनि खाँचो
परेकाहरूलाई सधैं पैसा दिन्थिन। ३७पत्रुस लिड्डामा
भएको बेला तबीता बिमार भई अनि मरी। तिनीहरूले
उनको शरीर धोई-पखालेर माथिल्लो तल्लामा राखीदिए।
३८जोप्पामा भएका चेलाहरूले पत्रुस लिड्डामा थियो भन्ने
सुने। लिड्डा जोप्पाको छेउमा थियो। यसर्थ तिनीहरूले
पत्रुस कहाँ दुइजना मान्छेहरू पठाए। तिनीहरूले उनलाई
बिन्ती गरे, "दया गरेर हामी भएको ठाउँमा छिटो
आउनुहोस!" ३९पत्रुस तयार भए अनि तिनीहरूसँग
लागे। जब तिनी आइपुगे तिनीहरूले तिनलाई माथिल्लो
कोठामा लगे। सबै विधवाहरू पत्रुसका वरिपरि रूँदै
उभिए। तिनीहरू रोई-कराई अनि विलाप गरिरहेका
थिए। तबिता जीउँदो हुँदाखेरी बनाएकी कोटहरू साथै
अन्य पोषाकहरू तिनीहरूले देखाए। ४०पत्रुसले ती
सबैजनालाई बाहिर जान भनेर पठाए। उनले घुँड़ा टेके
अनि प्रार्थना गरे। त्यसपछि तिनी तबीताको मृतशरीरपट्टि
फर्किए र भने, "तबीता जुरूक्क उठ!" उनले आँखाहरू
खोलिन्। जब तिनले पत्रुसलाई दखिन तिनी थप्पक ठाड़ो
बसिन्। ४१पत्रुसले तिनलाई हातको साहरा दिएर उठाए।
त्यसपछि उनले विश्वासीहरूलाई डाके, विधुवीहरूलाई
कोठाभित्र बोलाए। तिनले तबिता जीउँदो भएकी तिनीहरूलाई
देखाए! ४२जोप्पाका चारैतिरका मानिसहरूले त्यो घटनाको
विषयमा सुने। धेरैजना प्रभु पट्टि लागे। ४३पत्रुस जोप्पामा
धेरै दिनसम्म बसे। उनी शिमोन नाउँको छालाको काम
गर्ने कर्मीसँग बसे।

### पत्रुस र कर्नीलियस

१० सिजरिया भन्ने शहरमा कर्नीलियस नाउँ भएको
एकजना मानिस थिए। उनी रोमन एकाईका
पल्टनका एक जना कप्तान थिए जसलाई "इटालियन"
भनिन्थ्यो। २कर्नीलियस एक धार्मिक मानिस थिए। उनी
र अन्य मानिसहरू जो उनकै घरमा बस्थे सत्य साँचो
परमेश्वरलाई आराधना गर्थे। उनले गरीबहरूलाई यथाशक्य
पैसा-रूपिया दिन्थे। कर्नीलियसले नित्य परमेश्वरको
प्रार्थना गर्थे। ३एक पल्ट अपरान्ह तीन बजेतिर, कर्नीलियसले
स्पष्ट एक दर्शन देखे। त्यहाँतिनले एक स्वर्गदूत आफूतिरै
"कर्नीलियस!" भन्दै आइरहेको देखे।

४कर्नीलियसले स्वर्गदूतलाई डराएर हेरे अनि भने,
"तपाईं के चाहनु हुन्छ, प्रभु?"

स्वर्गदूतले भने, "परमेश्वरले तिम्रो प्रार्थना सुन्नु भयो
अनि गरीब, दु:खीहरूप्रति गरेको दान देख्नु भयो।
परमेश्वरले तिम्रो सम्झना गर्नु हुँदैछ। ५केही मानिसहरू
जोप्पा शहरमा पठाऊ। शिमोनलाई फर्काई ल्याउन तिम्रा
केही मानिसहरू पठाऊ जसलाई पत्रुस पनि भनिन्छ।
६शिमोन जुन मान्छेकोमा बस्दैछ उसको नाउँ पनि
शिमोन नैं हो। उ छालाको काम गर्ने हो। उसको घर
समुद्रको नजिकमा थियो।" ७कर्नीलियससँग बोल्ने स्वर्गदूत
गयो। कर्नीलियसलले आफ्ना दुइजना नोकरहरू र एकजना
सिपाहीलाई बोलाए। त्यो सिपाही धार्मिक प्रवृतिका

व्यक्ति थिए। तिनी कर्नीलियसको व्यक्तिगत सहयोगी थियो। ८कर्नीलियसले ती तीनैजनालाई राम्ररी गरेर कुरा सम्झायो। त्यसपछि तिनीहरूलाई जोप्पा पठाईदिए।

९अर्को दिन ती तीनैजना यात्रा गरिरहे अनि जोप्पा शहर नजीक आईपुगे। त्यसबेला पत्रुस छत माथि प्रार्थना गर्न भनी गए। त्यो मध्याह्नको बेला थियो। १०पत्रुस भोको थिए। तिनी खान चाहन्थे। तिनीहरूले भोजन तयार गरीरहेको बेला दर्शन देखे। ११उनले आकाश खुल्ला देखे अनि ठूलो लुगाको टुक्रा जस्तो केही तल खसीरहेथ्यो। त्यो ठूलो लुगा त्यसका चार कुना द्वारा अड़िएको थियो अनि भूइँमा झरिएको थियो। १२प्रत्येक किसिमका प्राणी त्यहाँ थिए- हिंड्ने प्राणीहरू, घस्रिने प्राणीहरू, अनि हावामा उड्ने चरा-चुरूङ्गीहरू। १३त्यसपछि एक आवाजले पत्रुसलाई भन्यो, "उठ पत्रुस, कुनैपनि एउटा सजीव प्राणी मारेर खाऊ।"

१४तर पत्रुसले भने, "म त्यस्तो कहिल्यै गर्नै छैन, प्रभु! मैले त्यस्तो कुनै पनि अशुद्ध र अपवित्र खाना खाएको छैन।"

१५तर आवाजले उसलाई दोस्रो पल्ट भन्यो, "परमेश्वरले ती सबै कुराहरू शुद्ध भएको घोषणा गर्नु भएको छ। यसर्थ तिमी त्यसलाई 'अपवित्र' नसोच!'" १६यस्तो घटना तीनपल्ट भयो। त्यसपछि सबै चीजहरू आकाशतिरै फर्काएर लग्यो।

१७यस्तो दर्शनको मतलव के होला भनेर पत्रुस छक्क परिरहे।

यसबेला कार्नीलियसले पठाएका मान्छेहरूले शिमोनको घर पत्ता लगाए। तिनीहरू दैलोमा उभिरहेका थिए। १८तिनीहरूले जोड़ले बोलाए अनि सोधे, "के शिमोन पत्रुस यहाँ बस्दैछ?"

१९पत्रुस त्यही दर्शनको विषयमा सोचिरहेका थिए। तर आत्माले उनलाई भन्नुभयो, "हेर! तीन जना मान्छेहरूले तिमीलाई खोजिरहेछ। २०उठ अनि तल्लो तल्लामा जाऊ। ती मानिसहरूसँग अप्ठेरो नमानी जाऊ। मैले तिनीहरूलाई तिमी कहाँ पठाएको हुँ।" २१तब पत्रुस ती मानिसहरू भएकहाँ तल्लो तल्लामा ओर्ले। उनले भने, "तिमीहरूले खोजीरहेको मानिस म हुँ। तिमीहरू किन यहाँ आयौं?"

२२ती मानिसहरूले भने, "कर्नीलियस एक सैनिक अफिसर हुन्। उनी धार्मिक प्रवृतिका मानिस हुन्; उनी परमेश्वरको आराधना गर्दछन्। सम्पूर्ण यहूदीहरूले उहाँलाई सम्मान गर्दछन्। एक पवित्र स्वर्गदूतले उहाँको घरमा तपाईंलाई निमन्त्रणा गर्नु भन्नु भएथ्यो ताकि उहाँले तपाईबाट केही सन्देशहरू सुन्न सकुन।" २३पत्रुसले तिनीहरूलाई भित्र आउने र आज राती केवल त्यही बस्ने आग्रह गरे।

अर्कोदिन पत्रुस तयार भएर ती तीनजना मानिसहरूसँग गए। केही जोप्पाका चेलाहरू पनि पत्रुस सँग गए। २४अर्कोदिन तिनीहरू सिजरिया भन्ने शहरमा आईपुगे। कर्नीलियसले तिनीहरूलाई पर्खीरहेका थिए। उनले पहिल्यैबाट आफ्ना सन्तानहरू र आफ्नो साथीहरूलाई घरमा भेला गरिसकेका थिए। २५जब पत्रुस घर भित्र पसे, कर्नीलियसले उनीसँग भेट गरे अनि पत्रुसको पाउमा निहुरिएर श्रद्धा गरे। २६तर पत्रुसले उनलाई उठ्ने आग्रह गरे। पत्रुसले भने, "उठ! म केवल तिमी जस्तै मान्छे हुँ।"२७पत्रुस कर्नीलियससँग वार्तालाप गर्दै भित्र पसे अनि त्यहाँ बढ़ी मात्रमा मानिसहरू भेला भएका देखे। २८उनले तिनीहरूलाई भने, "तिमीहरूले जान्दछौं कि यहूदी भएर अरू वंशका मानिसहरूसँग यसरी संगत गर्नु अथवा मानिसहरूकोमा जानु यहूदीहरूको व्यवस्थाको विरुद्ध हो। तर परमेश्वरले मलाई देखाई सक्नु भएको छ कि मैले कसैलाई 'अपवित्र' अथवा 'अशुद्ध' भनेर भन्नु हुँदैन। २९त्यसैकारणले म यहाँ कुनै आक्षेप विनै आएँ। अब मलाई भन्नु के कारणले मलाई यसरी बोलाएको हो।"

३०कर्नीलियसले भने, "चार दिन अघि, त्यसबेला म घरमा प्रार्थना गरीरहेको थिए। त्यो अपरान्ह तीन बजेको थियो। त्यही समयमा भएको हो। अचानक एकजना स्वर्गदूत चम्किलो लुगा लगाएर मेरो सामुन्ने उभिए। ३१तिनले भने, "कर्नीलियस! परमेश्वरले तिम्रो प्रार्थना सुन्नु भयो अनि गरीब-दु:खीहरूलाई तिमीले दान दिएको देख्नु भयो। परमेश्वरले तिमीलाई याद गर्नु हुन्छ। ३२त्यसैले शहर जोप्पामा मान्छेहरू पठाऊ र शिमोनलाई यहाँ आउने निवेदन गर जसलाई पत्रुस पनि भनिन्छ। पत्रुसलाई आउने आग्रह गर। उनी सिमोन छालाको कर्मीको घरमा बसेका छन्। उसको घर समुद्रको छेउमा छ।' ३३यसकारण मैले तँपाईंलाई तुरन्त लिएर आउन भनि मान्छे पठाए। तपाईं आइदिनु नैं हाम्रो लागि राम्रो भयो। यहाँ हामी अब परमेश्वर समक्ष छौं ती सबै कुराहरू सुन्नलाई जो प्रभुले भन्नु भनी तँपाईलाई आदेश दिनु भएको छ।"

### कर्नीलियसको घरमा पत्रुसको भाषण

३४पत्रुसले बोल्न शुरू गरे, "अब मैले साँच्चै बुझ्छु
कि परमेश्वरको निम्ति सबै मानिसहरू एक समान हुन्।
३५अनि हरेक राष्ट्रमा परमेश्वरले त्यसलाई स्वीकार
गर्नुहुन्छ, जसले उहाँको आराधना गर्छ अनि जे सही छ
त्यो गर्छ। ३६परमेश्वर यहूदीहरूसँग बोल्नु भएको छ।
परमेश्वरले येशू ख्रीष्टको जो सबै मानिसका परमप्रभु
हुनुहुन्छ जसको माध्यमद्वारा शान्तिको सुसमाचार उनीहरूका
लागि पठाउनु भयो। ३७यहूदीया भरि के भयो भन्ने
कुरा तिमीहरूलाई थाहा होला। यो गालीलमा यूहन्नाले
बप्तिस्माको बारेमा मानिसहरूलाई प्रचार गरे पछि शुरू
भएको हो। ३८तिमी नासरतका येशूको विषयमा जान्दछौ।
परमेश्वरले उहाँलाई पवित्र-आत्मा र शक्ति प्रदान' गरेर
ख्रीष्ट बनाउनु भयो। येशू चारैतिर मानिसहरूका लागि
राम्रो काम गर्दै जानुभयो अनि प्रेतात्मा वा दुष्टात्मा
लागेका मानिसहरूलाई उहाँले निको पार्नुभयो। यसले
परमेश्वर येशूको साथमा भएको प्रमाण दिदँछ। ३९हामीले
उहाँले यहूदीया र यरूशलेममा गर्नु भएका सम्पूर्ण
कार्यहरू देख्यौं। हामी त्यो देखिरहेका छौ। त्यसको
साक्षी बनिरहेछौ। तर तिनीहरूले उहाँलाई काठले बनाएको
क्रूसमा झुण्ड्याएर मारे। ४०तर, उहाँको मृत्यु भएको
तीन दिन पछि परमेश्वरले उहाँलाई बौराउनु भयो अनि
मानिसहरूलाई छर्लङ्ग येशूलाई देखाइदिनु भयो। ४१तर
येशूलाई सबै मानिसहरूले देख्न सकेनन्। जजसलाई
परमेश्वरले साक्षीको रूपमा छान्नु भएको थियो तिनीहरूले
मात्र येशूको दर्शन पाए। हामी ती साक्षीहरू हौं उहाँ
मृत्युबाट बौरे पछि हामीले येशूसँगै खानापिना गर्‍यौ।
४२येशूले हामीलाई प्रचार गर्नु अनि मानिसहरूलाई
भन्नुभयो कि उहाँलाई मात्र परमेश्वरले जीउँदो मानिसहरू
अनि मृतहरूको पनि न्याय गर्नका निम्ति छान्नु भएको
हो। ४३प्रत्येक मानिस जसले येशू माथि विश्वास गर्दछ
येशूको नाउँमा उसले पापहरू माफ पाउनेछ। सम्पूर्ण
अगमवक्ताहरूले उनको सत्यता सावित गरे।"

### अ-यहूदीहरूसँग पवित्र-आत्मा

४४पत्रुस बोलिरहेको बेला सन्देश सुन्ने ती सबै
मानिसहरूमा पवित्र आत्मा उत्रनु भयो। ४५यहूदी
विश्वासीहरू जो पत्रुससँग त्यहाँ आएका थिए तिनीहरू
छक्क परे किनकी अ-यहूदीहरूमा पनि पवित्र-आत्माको
उपहार बर्षिएको थियो। ४६यहूदीहरूले ती अ-यहूदीहरूले
विभिन्न भाषाहरू बोलेका र परमेश्वरको स्तुति गरेको
सुने। त्यसपछि पत्रुसले भने, ४७"के कसैले पानीलाई
रोक्न सक्छ जसद्वारा यी मानिसहरूलाई बप्तिस्मा गर्नबाट
रोक्न सकिन्छ? तिनीहरूले पनि हामीहरूले जस्तै पवित्र
आत्मा प्राप्त गरेका छन्!" ४८तब पत्रुसले कर्नीलियस,
उनका सन्तानहरू अनि साथीहरूलाई येशू ख्रीष्टको
नाउँमा बप्तिस्मा दिने आज्ञा दिए। तब मानिसहरूले
पत्रुसलाई केही दिनसम्म त्यही बसीदिने बिन्ती गरे।

### पत्रुस यरूशलेम फर्कन्छन्

११ यहूदीयामा प्रेरितहरू र दाजु-भाइहरूले अ-
यहूदीहरूले पनि परमेश्वरको शिक्षालाई स्वीकार
गरेको थाहा पाए। २तर जब पत्रुस यरूशलेम फर्किए
कतिपय यहूदी विश्वासीहरूले उनीसँग त्यस विषयमा
बहस गरे। ३तिनीहरूले भने, "तपाईं ती अ-यहूदीहरूका
घर जानुभयो। तपाईंले त्यस्ता मानिसहरूसँग बसेर भोजन
सम्म गर्नुभयो!"

४पत्रुसले तिनीहरूलाई सम्पूर्ण कथा विस्तार गरेर
बताए। ५उनले भने, "म जोप्पा शहरमा थिएँ। मैले
प्रार्थना गरीरहेको बेला मैले एउटा दर्शन पाएँ। त्यस
दर्शनमा मैले ठूलो लुगा जस्तो केही आकाशबाट तल
ओर्लिरहेको देखें। त्यसलाई त्यसको सबै चारै कोणबाट
समातिएको थियो। त्यो म भएकोमा आयो। ६जब मैले
भित्र हेरें मैले त्यहाँ चारखुट्टे स्थलचर पशुहरू जंगली
जनावर, घस्त्रने सर्प जातिय प्राणि अनि आकाशका
चराचुरूङ्गीहरू देखे। ७तब मैले एक आवाजले मलाई
भनिरहेको सुने, 'उठ पत्रुस! कुनै पनि जीवित प्राणी मार
र खाऊ!' ८तर मैले भने, 'म कदापि त्यसो गर्ने छैन,
प्रभु! मैले त्यस्तो कुनै चीज खाएको छैन जुन अपवित्र
अथवा अशुद्ध हो।' ९तर आकाशबाट आएको आवाजले
फेरि भन्यो, 'परमेश्वरले घोषणा गर्नुभयो कि यी सबै
चीजहरू शुद्ध छन। यसर्थ तिमी तिनीहरूलाई अपवित्र
नसोच!' १०यस्तो तीनपल्ट भयो। त्यसपछि सम्पूर्ण थोक
आकाश तिरै लगियो। ११त्यसै समयमा म बसिरहेको
त्यस घरमा तीनजना मानिसहरू आए। ती तीनजना
मान्छेहरूलाई सिजरिया शहरबाट मेरो निम्ति पठाइएका
थिए। १२आत्माले मलाई नहिच्चिकिचाइ कन जाऊ भन्नुभयो।
यी छ: जना दाजु-भाइहरू पनि मसँग गए। हामी
कर्नीलियसको घरमा गयौं। १३कर्नीलियसले घरमा उभिरहेको
स्वर्गदूतलाई देखेको कुरा गरे। स्वर्गदूतले उनलाई भने,

'केही मानिसहरू जोप्पातिर पठाऊ अनि शिमोन पत्रुसलाई आउनु भन्ने निमन्त्रण गर। [१४]उनले तिमीहरूलाई ती कुरा भन्नेछन् जसले तिमीलाई अनि तिम्रा घरमा बस्ने सबै मानिसहरूलाई बचाउँनै छन्।' [१५]जब मैले भाषण शुरू गरेँ, पवित्र आत्मा तिनीहरूमा त्यसरीनै आउनु भयो जसरी प्रारम्भमा हामी कहाँ आउनुभएको थियो। [१६]तब मलाई प्रभु येशूको वचनको सम्झना भयो। प्रभुले भन्नुभएको थियो, 'यूहन्नाले मानिसहरूलाई पानीले बप्तिस्मा गरे, तर तिमी पवित्र आत्माद्वारा बप्तिस्मा हुनेछौ।' [१७]प्रभुले ती मानिसहरूलाई त्यही उपहार दिनु भयो जुन हामीलाई दिनुभएको थियो जसले परमप्रभु येशू ख्रीष्ट माथि विश्वास गरे। तब म को हुँ परमेश्वरको काम बन्द गर्ने?"

[१८]जब यहूदी विश्वासीहरूले यी कुराहरू सुने, तिनीहरूले तर्क गर्न छाड़े। तिनीहरूले परमेश्वरको प्रशंसा गरे र भने, "तब परमेश्वरले अ-यहूदीहरूलाई पनि हृदय परिवर्तन गर्ने अनि हाम्रो जस्तै जीवन प्राप्त गर्ने अनुमति दिनु भयो।"

### एन्टिओक तर्फ सुसमाचार

[१९]स्तिफनस मारिए पछि खेदो शुरू गरिएको कारणले विश्वासीहरू चारै तर्फ छरपष्ट भए। कतिपय विश्वासीहरू फोनिसिया, साइप्रस र एन्टिओक जस्ता टाढ़ाटाढ़ा ठाउँहरूमा गए। तर तिनीहरूले यहूदीहरूलाई मात्र सुसमाचार भने। [२०]कतिपय ती विश्वासीहरू साइप्रस र साइरेनीका नागरिकहरू थिए। जब ती मानिसहरू एन्टिओक आईपुगे, तिनीहरू ग्रीकहरूसँग पनि बोल्न लागे अनि तिनीहरूलाई प्रभु येशूको विषयमा सुसमाचार भने। [२१]प्रभुको शक्ति तिनीहरूसँग थियो। अनि ठूलो संख्यामा मानिसहरूले परमप्रभुलाई विश्वास गर्न अनि अनुसरण गर्न लागे।

[२२]एन्टिओकमा नयाँ विश्वासीहरू भएका समाचारहरू यरूशलेमको मण्डलीमा पुग्यो। यसैले तिनीहरूले बर्णाबासलाई एन्टिओकमा पठाए। [२३-२४]बर्णाबास एक असल व्यक्ति थिए। उ पवित्र-आत्मा र विश्वासले परिपूर्ण थियो। जब उनी त्यहाँ आइपुगे पछि बर्णाबासले एन्टिओकका मानिसहरूमा परमेश्वरले अत्यन्त अधिक आशीर्वाद दिएको देखे। यसले उनलाई अत्यन्त खुशी बनायो। उनले त्यहाँका सम्पूर्ण विश्वासीहरूलाई प्रोत्साहन दियो। उनले तिनीहरूलाई भने, "आफ्ना विश्वासहरू कहिल्यै नहराऊ। सधैं परमप्रभुको आज्ञा भित्री हृदयले पालन गर।" अधिक भन्दा अधिक मानिसहरू परम प्रभुका विश्वासीहरू भए।

[२५]त्यसपछि, बर्णाबास टार्सस भन्ने शहरतर्फ लागे। उनी शावललाई खोजीरहेका थिए। [२६]शावललाई जब उनले भेट्टाए, बर्णाबासले तिनलाई एन्टिओक लगे। शावल र बर्णाबास त्यहाँ पुरा एक बर्ष बसे। तिनीहरूले त्यँहा मण्डलीका सभाहरूमा भाग लिए अनि धेरै मानिसहरूलाई शिक्षा दिए। प्रथमपल्ट एन्टिओकमा विश्वासीहरूलाई "ख्रीष्टियनहरू" भनिए।

[२७]यस समयमा केही अगमवक्ताहरू यरूशलेमबाट एन्टिओक तिर गए। [२८]तिनीहरू मध्ये एकजना अगाबस थियो। एन्टिओकमा अगाबस उभिए अनि पवित्र-आत्माको मार्फत अगमवाणी गरे, "सम्पूर्ण संसारभरि महा अनिकाल हुनेछ।" (यो सम्राट क्लौडियसको समयमा घट्यो)। [२९]चेलाहरूले यहूदीयामा बस्ने आफ्ना दाजू-भाइ र दिदी-बहिनीहरूलाई सहायता पठाउने निर्णय गरे। प्रत्येकले आफूले जति सकिन्छ दिने निर्णय लिए। [३०]तिनीहरूले पैसा बटुले र बर्णाबास र शावललाई दिए। तिनीहरूले ती पैसा यहूदीयाका अग्रजहरूलाई दिए।

### हेरोद अग्रिपाले मण्डलीलाई सताए

**१२** त्यति नै बेला (त्यही समयमै) राजा हेरोदले मण्डलीका कतिपय मानिसहरूलाई सताउन थाले। [२]हेरोदले याकूबलाई तरवारले मार्नु भन्ने हुकुम गरे। याकूब यूहन्नाका भाइ थिए। [३]हेरोदले देखे कि यहूदीहरूले त्यो मन पराए। यसकारण उनी अघि गए अनि पत्रुसलाई पनि पक्रे। यो घटना यहूदीहरूको निस्तार चाड़को* समयमा घटेको थियो। [४]हेरोदले पत्रुसलाई पक्रेर जेलमा थुनामा राखे। सोह्र-जना सिपाहीहरूले पत्रुसलाई कड़ा नजरमा राखे। हेरोदले पत्रुसलाई निस्तारचाड़को पछि जनता समक्ष ल्याउने योजना गरे। [५]यसैले उनले पत्रुसलाई जेलमा राखे। तर मण्डलीले पत्रुसको लागि परमेश्वरलाई लगातर प्रार्थना गरीरहे।

### पत्रुसले जेल छोड़दछन्

[६]पत्रुस दुइजना सिपाहीहरूका माझमा सुतीरहेका थिए। उनलाई दुइटा साङ्गलाले बाँधिएको थियो। अरू

---

**निस्तार चाड़** यहूदीहरूको महत्वपूर्ण दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्।

सिपाहीहरू कैदखानाको ढोकामा पहरा दिइरहेका थिए।
यो रातको समय थियो। हेरोदले पत्रुसलाई भोलिपल्ट
जनतासमक्ष ल्याउन सोंचीरहेथ्यो। [७]अचानक परमप्रभुको
स्वर्गदूत त्यहाँ उभियो। कोठाभरि प्रकाश चम्कियो।
स्वर्गदूतले पत्रुसलाई एकपट्टि स्पर्श गरेर उनलाई व्यूँझाए।
दूतले भने, “चाँड़ो, उठ!” साङ्गलाहरू पत्रुसका हातहरूबाट
सुल्किए। [८]स्वर्गदूतले पत्रुसलाई भने, “तयार हौ, तिम्रा
जुत्ताहरू लगाऊ।” पत्रुसले त्यसै गरे। दूतले भन्यो,
“तिम्रो वस्त्र लगाऊ र मेरो पछि लाग।” [९]तब स्वर्गदूत
त्यहाँबाट निस्किए र पत्रुस पनि उनैको पछि लागे।
पत्रुसले जानेन कि स्वर्गदूतले जे गरिरहेका थिए त्यो
साँचो थियो। उसले सोच्यो कि उसले दर्शन देखिरहेछन्।
[१०]पत्रुस र स्वर्गदूत पहिलो त्यसपछि दोस्रो पहरे चौकीहरू
भएर निस्किए। तब तिनीहरू फलामको द्वार भए तिर
पुगे जसले तिनीहरूलाई शहरदेखि छुट्याएको थियो। त्यो
प्रवेशद्वार तिनीहरूको निम्ति आफै खुलियो। त्यस द्वार
भएर तिनीहरू बाहिर निस्के र एक खण्डको दूरी पार
गरेर गए। त्यसपछि अचानक स्वर्गदूत अल्पियो।

[११]तब पत्रुसले के भएको थियो भनेर थाहा पाए
अनि आफैलाई भने, “अब मैले थाहा पाएँ कि यो
वास्तवमा सत्य रहेछ। परमप्रभुले आफ्ना स्वर्गदूत पठाउनु
भयो अनि मलाई हेरोदबाट बचाउनु भयो। यहूदीहरूले
ममाथि केही अप्रिय घटना हुन्छ भनी सोचे होलान्। तर
मलाई प्रभुले ती सबै कष्ट (विपत्त) हरूबाट मुक्त पार्नु
भयो।”

[१२]त्यसको विषयमा जाने पछि पत्रुस मरियमको
घरतर्फ लागे। मरियम यूहन्नाकी आमा थिइन्। यूहन्नालाई
मर्कूस पनि भनिन्थ्यो। धेरै मानिसहरू त्यहाँ जम्मा
भएका थिए। तिनीहरू सबैले प्रार्थना गरीरहेका थिए।
[१३]पत्रुसले बाहिरबाट दैलो ढकढकाए। रोदा नाउँ गरेकी
केटी ढोका खोल्न भनी गई। [१४]रोदाले पत्रुसको
आवाज चिनी र खुशी भई। खुशीले गर्दा उसले ढोका
खोल्न सम्म भुली। उनी भित्र गई र जम्मा भएका
भुण्डलाई भनी, “पत्रुस ढोकामा हुनुहुन्छ!” [१५]तिनीहरूले
रोदालाई भने, “तँ पागल होस!” तर उसले यो साँचो हो
भनी रही। ती भुण्डले भने, “यो पत्रुसको स्वर्गदूत
हुनुपर्छ।”

[१६]तर पत्रुसले दैलो ढकढकाई रहे। जब चेलाहरूले
ढोका उघारे तब उनीहरूले पत्रुसलाई देखे। तिनीहरू
उनलाई देखेर छक्क परे। [१७]पत्रुसले हातको ईशारा गरेर
तिनीहरूलाई चुपचाप बस्नु भने। उनले, कसरी परमप्रभुले
उनलाई जेलबाट मुक्त गराईदिनु भयो, वर्णन गरे। उनले
भने, “याकूब र अन्य दाजु-भाइहरूलाई पनि बताई
दिनु।” पछिबाट पत्रुस अर्को ठाँउ तर्फ लागे।

[१८]अर्कोदिन सिपाहीहरू अत्तालिए। तिनीहरू छक्क पर्दै
थिए पत्रुसलाई के भएको हुन सक्थ्यो? पत्रुस यसरी
हराएकोमा तिनीहरू अन्योलमा परे। [१९]राजा हेरोदले
पत्रुसलाई चारैतिर खोज तलाश गरे तर उसलाई पाउन
सकेनन्। तब हेरोदले सिपाहीहरूलाई सोधखोज गर्न
थाले। पत्ता नलाग्दा सिपाहीहरूलाई नै मार्ने हुकुम दिए।

## हेरोद अग्रिपाको मृत्यु

पछि हेरोद यहूदीयाबाट सिजरिया शहर तर्फ लागे र
केही समयको लागि त्यही बसे। [२०]हेरोद टायर र
सायडनवासीहरूसँग अत्यन्त रिसाएका थिए। यसर्थ तिनीहरू
एक समूहको रूपमा हेरोद कहाँ आए। तिनीहरूले
हेरोदका निजी सेवक बलस्तको सहयोग प्राप्त गरे
अनि हेरोदलाई शान्तिको लागि बिन्ती गरे। किनभने
तिनीहरूले राजा हेरोदको देशबाट नै भोजन प्राप्त गर्दै
थिए।

[२१]हेरोदले तिनीहरूसँग एकदिन भेट्ने ठीक गरे।
त्यस दिन हेरोदले सुन्दर शाही-पोषाक लगाएका थिए।
उनी राजसिंहासनमा बसे अनि मानिसहरूलाई सम्बोधन
गरे। [२२]मानिसहरू चिच्याए, “यो त परमेश्वरको आवाज
हो मान्छेको होइन!” [२३]हेरोदले यस्तो प्रशंसा ग्रहण गरे
अनि प्रभुको महिमालाई मान्यता दिएन। यसैले परमप्रभुका
दूतले उनलाई रोगी तुल्याए। उसलाई भित्र भित्र कीराले
खायो अनि मरे।

[२४]परमेश्वरको सन्देश चारैतर्फ फिंजिरहेथ्यो अनि
अधिक भन्दा अधिक मानिसहरूलाई पूर्ण प्रभाव पार्‍यो।
विश्वासीहरूका भुण्डहरू धेरै गुणा बढ़ेर जान लाग्यो।

[२५]बर्णाबास र शावलले यरूशलेममा आफ्ना काम
सिद्धाए पछि एन्टिओक फर्के। तिनीहरूका साथमा
याकूब मर्कूस पनि थियो।

## बर्णाबास र शावलले खास काम प्रदान गरे

**१३** एन्टिओकको मण्डलीमा केही अगमवक्ताहरू र
शिक्षकहरू थिए। तिनीहरू बर्णाबास, सिमिओन
(उसलाई पनि भनिन्थ्यो) लुसियस (साइरिनीवासी) मनेन
(हेरोद राजासँगै हुर्किएको थियो) र शावल थिए। [२]ती

मानिसहरू सबैले प्रभुको सेवा गरिरहेका थिए अनि
उपवास लिएका थिए। पवित्र आत्माले तिनीहरूलाई
भन्नुभयो, “खास कामको लागि मलाई बर्णाबास र
शावल देऊ। मैले तिनीहरूलाई त्यो काम गर्नलाई
छानेको छु।”
[३]तब तिनीहरूले उपवास र प्रार्थना गरे, तिनीहरूले
बर्णाबास र शावल माथि आफ्नो हात राखे अनि बाहिर
पठाए।

## साइप्रसमा बर्णाबास र शावल

[४]बर्णाबास र शावललाई पवित्र आत्माले पठाउनु
भएको थियो। तिनीहरू सिल्युसियामा शहरतर्फ गए।
तिनीहरू सिल्युसियाबाट जलयात्रा गर्दै साइप्रस पुगे।
[५]जब तिनीहरू सलामिस भन्ने ठाउँमा पुगे, त्यँहा
यहूदीहरूका सभाघरहरूमा तिनीहरूले परमेश्वरको
समाचारको प्रचार गरे। यूहन्ना मर्कूस पनि सहयोगीको
रूपमा तिनीहरूसँगै थिए।
[६]तिनीहरूले सम्पूर्ण टापु पार गरेर पाफोस भन्ने
शहरमा आईपुगे। तिनीहरूले त्यहाँ एक यहूदी जादूवाला
भेटे। उसको नाउँ बारयेशू थियो। उनी एक झूटो
अगमवक्ता थिए। [७]बारयेशू सँधै नै सर्गियस पौलस
प्रशासक सित बस्दथ्यो। सर्गियस पौलस एक बुद्धिमानी
व्यक्ति थिए। उनले बर्णाबास र शावललाई बोलाए। उनी
परमेश्वरको सन्देश सुन्न चाहन्थे। [८]तर जादूगर इलुमास
बर्णाबास र शावलको विरोधमा थियो। ग्रीक भाषामा
येशूलाई इलुमास भनिन्छ। इलुमासले प्रशासकलाई येशू
माथि विश्वास गर्न देखी रोक्न चाहन्थे। [९]तर शावल
पवित्र आत्माले पूर्ण भएका थिए। पावल (शावलको
अर्को नाउँ) ले इलुमासलाई हेरे। [१०]अनि भने, “तँ
शैतानको छोरो! तँ सबै सही कुराको शत्रु होस्! तँमा
शैतानी छक्कापञ्जा मात्र छ। के तैले सधैं परमप्रभुको
सत्यहरूलाई झूटहरूमा परिणत गर्न छोड्दैनस! [११]अब
प्रभुले तँलाई छुनु हुनेछ अनि तुरन्तै तँ अन्धा हुनेछस्।
केही समय सम्मलाई तँ केही देख्न सक्ने छैनस् घामको
किरणसम्म पनि।”
तुरन्तै इलुमास माथि धुम्म अनि अन्धकार झर्‍यो।
उ वरिपरि घुम्यो, अनि हात समातेर उसको मार्ग
देखाउनलाई मानिसहरू खोज्यो। [१२]जब प्रशासक सर्गियस
पावलले यो देखे, उनले विश्वास गरे। प्रभुको शिक्षाको
विषयमा उनी आश्चर्य चकित भए।

## पावल र बर्णाबासले साइप्रस छाड़े

[१३]पावल र उनीसँग भएका मानिसहरू पाफोसबाट
जहाजमा गए। तिनीहरू प्याम्फिलियाको एक शहर
पर्गामा आई पुगे। तर यूहन्ना मर्कूसले तिनीहरूलाई
छाड़े, उनी यरूशलेममा फर्के। [१४]तिनीहरूले आफ्ना
यात्रा जारी राखे अनि पर्गा देखि पिसिदिया शहरको
एन्टिओकतिर गए। शबाथको समयमा, तिनीहरू
यहूदीहरूका सभाघर भित्र गए र बसे। [१५]मोशाका
नियमहरू र अगमवक्ताहरूको पुस्तकहरू पाठ गरिए।
त्यसपछि सभाघरको कर्मचारीहरूले पावल र बर्णाबासलाई
एक समाचार पठाए। यो समाचारमा भनिएको थियो:
“बन्धुहरू, यदि तँपाईंहरू केही हुन्छ, जो मानिसहरूका
निम्ति लाभदायक छ भने, कृपया भन्नुहोस!”
[१६]पावल उभिए। उनले आफ्नो हात उठाए र भने,
“मेरा यहूदी दाजु-भाइहरू एवं अन्य जनसमूह जसले
साँचो प्रभुलाई श्रद्धा गर्दछ, कृपया मेरो कुरालाई ध्यान
सित सुनि देऊ! [१७]इस्राएलका परमेश्वरले हाम्रा पिताहरू
छान्नु भयो। प्रभुले जब तिनीहरू मिश्रदेशमा परदेशी
भएर बसेको बेला परमेश्वरले तिनीहरूलाई सफल
हुनका निम्ति सहयोग गर्नुभएको थियो। परमेश्वरले
तिनीहरूलाई मिश्रदेशबाट आफ्ना महान शक्तिद्वारा निकाली
ल्याउनु भयो। [१८]अनि परमेश्वरले उनीहरूको व्यवहार
त्यस मरूभूमिमा चालीस वर्ष सम्म सहनु भयो। परमेश्वरले
कनान देशमा सातवटा राष्ट्रहरूलाई पूर्ण नष्ट पार्नु भयो।
उहाँले ती जमीनहरू केवल उहाँका मानिसहरूलाई
दिनुभयो। [२०]यी सम्पूर्ण दयाभाग लगभग् ४५० वर्षको
अवधि सम्म थियो।
“त्यसपछि, परमेश्वरले अगमवक्ता शामूएलको
अवधिसम्म तिनीहरूलाई न्यायकर्त्ताहरू दिनुभयो। [२१]तब
मानिसहरूले राजाको माग गरे। परमेश्वरले क्रूसका
छोरो शावललाई दिनुभयो। शावल बिन्यामीन कुलका
थिए। उनले उनी चालीस वर्षसम्म राजा भएर राज गरे।
[२२]शावललाई हराउनु भएपछि परमेश्वरले दाऊदलाई
तिनीहरूका राजा बनाउनु भयो। परमेश्वरले दाऊदको
विषयमा यसो भन्नु भयो: ‘यस्सीको छोरा दाऊद एउटा
व्यक्ति हो जसले मैले सोचे जस्तो सोच्छ। मैले चाहे
अनुसार सबै कामहरू उसले गर्नेछ।’ [२३]परमेश्वरले
आफ्नो वचन अनुसार दाऊदको एक सन्तानलाई एक
मुक्तिदाताको रूपमा इस्राएलमा पठाउनु भयो। त्यो वंश
येशू हुनुहुन्छ। [२४]येशू आउन अघि यूहन्नाले सबै

यहूदीहरूमा प्रचार गरे। यूहन्नाले तिनीहरूलाई भने
तिमीहरू स्वयं परिणत हुन चाहन्छौ भनी देखाउनका
निम्ति बप्तिस्मा लेऊ। २५ यूहन्नाले आफ्नो काम सिध्याउने
बेलामा भने, 'म को हुँ भनेर तिमीहरू ठान्छौ? म
ख्रीष्ट होइन। तर उहाँ म पछि आउनु हुनेछ। म उहाँको
जुत्ता फुकाल्ने सम्मको योग्यको छैन।'

२६ "मेरा दाजु-भाइहरू, अब्राहाम परिवारका नानीहरू
अनि तिमी धर्मभीरू अ-यहूदीहरू, ध्यान दिएर मेरो कुरा
सुन। यो मुक्तिको समाचार हामी कहाँ पठाइसकेको छ।
२७ यरूशलेमका निवासीहरू अनि तिनीहरूका अगुवाहरूले
येशू स्वयं नै मुक्तिदाता हुन् भनेर जान्दै जानेनन्।
अगमवक्ताहरूले येशूको विषयमा लेखेका शब्दहरू हरेक
शबाथका दिनमा मानिसहरू प्रति पढ़िन्छ तर तिनीहरूले
ती बुझेनन्। यहूदीहरूले येशूलाई निन्दा गरे। तर
अगमवक्ताहरूले भनेको शब्दहरू पूर्ण भयो। २८ तिनीहरूले
येशू किन मर्नु पर्छ भन्ने त्यस्तो कुनै खास कारण
भेटाएनन्, तर तिनीहरूले उहाँलाई मार्न भनी पिलातस
सित माग गरे। २९ यी यहूदीहरूले येशूको विषयमा के
हुनेवाला थियो, धर्मशास्त्रमा लेखिएका सबै पुरा गरे।
तब तिनीहरूले येशूलाई क्रूसबाट झारे अनि चिहानमा
हाले। ३० तर परमेश्वरले उहाँलाई मृत्युबाट बौरी उठाउनु
भयो! ३१ यस घटनापछि, धेरै दिन, मानिसहरू जो-जो
येशूसँग गालिलीदेखि यरूशलेमसम्म साथ गएका थिए
उनीहरूले उनलाई देखे। अहिले ती मानिसहरूनै उहाँको
अरू मानिसहरूका निम्ति साक्षी हुन्। ३२ हाम्रा पूर्वजहरूलाई
दिएको प्रतिज्ञाको बारेमा सुसमाचार हामी तिमीहरूलाई
भन्छौ। ३३ हामी तिनीहरूका बालकहरू हौं अनि परमेश्वरले
यो प्रतिज्ञा हाम्रा निम्ति येशूलाई मृत्युबाट बौराइ उठाउनु
भएर पूरा गर्नु भएको छ। हामीले भजनसंग्रहमा पनि यो
कुरा पढ़छौं:

> 'तिमीहरू मेरा पुत्र हौं। आज म तिमीहरूका
> पिता भए'
>
> *भजनसंग्रह २:७*

३४ परमेश्वरले येशूलाई मृत्युबाट बौराउनु भयो। येशू फेरि
कहिल्यै पनि चिहानभित्र पस्नु हुनेछैन न त धुलो नै
हुनुहुनेछ। तब परमेश्वरले भन्नुभयो:

> 'म तिमीहरूलाई पवित्र र सत्य प्रतिज्ञाहरू
> दिनेछु जुन मैले दाऊदलाई दिएँ।'
>
> *यशैया ५५:३*

३५ तर अर्को ठाउँमा परमेश्वरले भन्नुहुन्छ:

> 'तिम्रो पवित्र एकको शरीरलाई चिहानमा कुहुन
> दिइने छैन।'
>
> *भजनसंग्रह १६:१०*

३६ दाऊदले आफ्नो अवधि भरि परमेश्वरको इच्छा
अनुसार सेवा गरे। त्यसपछि दाऊदको मृत्यु भयो अनि
उनका आफ्नै पिताहरूसँग दफन गरियो। अनि उसको
शरीर चिहानमा सड्यो। ३७ तर 'एक' जसलाई परमेश्वरले
मृत्युबाट बौराउनु भयो उहाँको शरीर चिहानमा कुहेन।
३८-३९ दाजु-भाइहरू तिमीहरूले यो बुझ्नुपर्छ: उहाँको
मार्फत तिमीहरूलाई तिमीहरूको पापहरूको निम्ति क्षमा
प्रदान गरिएको छ। अनि हरेक व्यक्ति जसले उहाँमा
विश्वास गर्छ ती सबै कुराहरूबाट मुक्त गरिन्छ जसको
निम्ति मोशाको व्यवस्थाले तिमीलाई मुक्त गर्न सकेन।
४० अगमवक्ताहरूले केही घटना घट्नेछ भनेर भने
होशियार! सावधन! यस्तो घटनाहरू आफूमा घटन
नदेऊ। अगमवक्ताले भने:

> ४१ 'जसले शंका गर्छन्, सुन! तिमीहरू छक्क पर्न
> सक्छौ, तर मेरो नजरदेखि टाढ़ा हौ अनि तुरन्तै
> मर किनभने तिमीहरूको अवधिमा म केही
> गर्नेछु जुन तिमीहरू विश्वास गर्ने छैनौ। यदि
> कसैले तिमीलाई त्यसको वर्णन दिँदा पनि
> तिमीहरूले विश्वास गर्नेछैनौ!'"
>
> *हबक्कूक १:५*

४२ पावल र बर्णाबासले सभाघर छोड़ेर गईरहेको
बेला मानिसहरूले फेरि अर्को विश्रामको दिनमा आउनुहोस्
भने अनि यी कुराहरूबाट अझ अधिक भन्नुहोस भनी
तिनीहरूलाई विन्ती गरे। ४३ सभा सिद्धिए पछि धेरै
यहूदीहरूले अनि धेरै मानिसहरू जो यहूदी धर्ममा
परिणत भएका थिए अनि सत्य परमेश्वरको आराधना
गर्दथिए, तिनीहरूको पछि गए। पावल अनि बर्णाबास
तिनीहरूसित बोले अनि परमेश्वरको अनुग्रह पाइरहनु
उत्साह दिए।

४४ अर्को विश्रामको दिनमा, शहरका प्राय: जम्मै
मानिसहरू प्रभुको वचन सुन्नलाई एकत्रित भए। ४५ जव
यहूदीहरूले ती मानिसहरूलाई त्यहाँ देखे तिनीहरूमा

खूबै डाह उत्पन्न भयो। तिनीहरूले नराम्रा शब्दहरू भने
अनि पावलसँग तर्क वितर्क गरे। ४६तर पावल र
बर्णाबासले निडर भएर बोले। "परमेश्वरको सन्देश
पहिला तिमी यहूदीहरूलाई भन्न आवश्यक थियो। तर
तिमीहरूले सुन्न अस्वीकार गर्‍यौं। तिमीहरू आफैले
आफूलाई अनन्त जीवनको निम्ति अयोग्य ठान्यौ अब
हामी अन्य जातिहरू तर्फ फर्कने छौं। ४७यही नै
परमप्रभुले हामीलाई गर्नु भनी आदेश गर्नु भएको छ।
परमप्रभुले भने:

'मैले तिमीहरूलाई अन्य जातिको लागि ज्योति
बनाएको छु, ताकि तिमीहरूले मुक्तिको मार्ग
सारा संसारमा देखाउन सक्छौ।'"

*यशैया ४९:६*

४८जब अ-यहूदीहरूले पावलले त्यसो भनेको सुने
तिनीहरू खुशी भए। तिनीहरूले प्रभुको सन्देशलाई
सम्मान दिए। अनि कतिपय मानिसहरूले त्यो सन्देशमा
विश्वास गरे। तिनीहरू त्यही मानिसहरू थिए जसलाई
अनन्त जीवनको लागि छानिएका थिए।

४९अनि प्रभुको सन्देशले सारा क्षेत्रभरि प्रचार पाइरहेथ्यो।
५०तर यहूदीहरूले शहरका कतिपय मुख्य नारीहरू जो
सत्य परमेश्वरको आराधना गरिरहेका थिए, अनि मुख्य
पुरूषहरूलाई पावल र बर्णाबासको विरुद्ध उस्काए। ती
मानिसहरूले पावल र बर्णाबासलाई सताउने काम शुरू
गरे अनि तिनीहरूलाई शहरबाट बाहिर निकाले। ५१यसै
कारणले पावल र बर्णाबासले तिनीहरूको विरूद्ध आफ्ना
खुट्टाका धुलाहरू टक्टकाए। त्यसपछि तिनीहरू
आइकोनियम भन्ने शहरतर्फ लागे। ५२तर एन्टिओकमा
भएका चेलाहरू आनन्दित र पवित्र आत्माले परिपूर्ण
थिए।

## पावल र बर्णाबास आइकोनियममा

**१४** पावल र बर्णाबास आइकोनियम शहरमा गए।
तिनीहरू यहूदीहरूका सभाघर भित्र पसे (उनीहरूले
प्रत्येक शहरमा गरे जस्तै) तिनीहरूले यस्तो प्रकारले
बोले कि धेरै यहूदीहरू अनि अ-यहूदीहरूले उनीहरूले
भनेका कुरामा विश्वास गरे। २तर केही यहूदीहरूले
विश्वास गरेनन्। ती यहूदीहरूले अ-यहूदीहरूलाई उक्साए
अनि विश्वासीहरूको बिरुद्ध कुभावना सृष्टि गरे। ३तब
पावल र बर्णाबास आइकोनियममा लामो समय सम्म
बसे र प्रभुको विषयमा निडर भई प्रचार गरे। तिनीहरूले
परमेश्वरको दयाको प्रचार गरे। अनि प्रभुले तिनीहरूलाई
चमत्कारहरू र आश्चर्यमय कुराहरू गर्ने शक्ति दिनु
भएर तिनीहरूका सन्देश प्रमाणित गर्नुभयो। ४कतिपय
मानिसहरू यहूदीहरूका पक्षमा थिए, जब अन्य मानिसहरू
पावल र वर्णाबासको पक्षमा थिए। यसरी त्यो शहरका
मानिसहरू दुइ भागमा बाँड़िए।

५कतिपय अ-यहूदीहरू, कतिपय यहूदीहरू अनि
यहूदीहरूका अगुवाहरूले पावल र वर्णाबासलाई हानि
पुर्‍याउने प्रयास गरे। तिनीहरूले उनीहरूलाई ढुंगाले
हिर्काएर मार्न चाहन्थे। ६जब पावल र बर्णाबासले त्यस्तो
षड़यन्त्रहरू थाहा पाए तब तिनीहरूले त्यो शहर छोडे
अनि लाइकाओनियाका लिस्त्रा अनि डर्बी शहरहरू अनि
त्यसका वरिपरिका क्षेत्रहरू तर्फ गए। ७तिनीहरूले त्यहाँ
पनि सुसमाचार प्रचार गरे।

## पावल लिस्त्रा र डर्बीमा

८लिस्त्रामा एकजना लङ्गड़ो मानिस थियो। उ जन्मै
देखि लङ्गड़ो थियो अनि कहिले पनि हिंड़ेको थिएन।
९उसले पावलले भनेका कुराहरू सुन्यो। पावलले उसलाई
सोझैं हेरे अनि यो थाहा पाए कि उसमा जाति हुन्छु
भन्ने प्रशस्त विश्वास थियो। १०यसर्थ पावल जोडले
चिच्याए, "आफ्नो खुट्टामा उभी!" त्यो मान्छे उफ्रियो र
वरिपरि हिंड़न थाल्यो। ११जब पावलले जे गरे त्यो
मानिसहरूले देखे तिनीहरू लाइकाओनिया भाषामा चिच्याए।
तिनीहरूले भने, "देवताहरू मानिसहरू जस्तै भएका छन्
अनि तिनीहरू हामी कहाँ आएका छन्!" १२मानिसहरूले
बर्णाबासलाई "जिउस"* र पावललाई "हर्मेस"* भन्न
लागे किनभने उनी प्रमुख वक्ता थिए। १३जिउसको
मन्दिर शहरको नजिकमा थियो। त्यस मन्दिरका पूजाहारीले
नगरका द्वारहरूमा केही साँढ़िहरू अनि फूलका मालाहरू
ल्याए। त्यो पूजाहारी र त्यहाँका बस्ने मानिसहरूले
पावल र बर्णाबास प्रति बलि अर्पण गर्न चहान्थे।

१४तर जब ती प्रेरितहरू पावल र बर्णाबासले त्यस्तो
कुरा थाह पाए, तिनीहरूले तिनीहरूको आफ्नै लुगाहरू

---

**जिउस** ग्रीकका मुख्य देवता।

**हर्मेस** अर्को देवता ग्रीकका। विश्वास छ अन्य देवताहरूका स्वर्गदूत।

च्याते।* मानिसहरू तिर दौड़े अनि चिच्याए: [१५]“हे
मानिसहरू हो! तिमीहरूले किन यसो गरिरहेछौ? हामी
देवताहरू होइनौ! हामी तिमीहरू जस्तै मानिसहरू मात्र
हौ! हामी तिमीहरूलाई सुसमाचार भन्न आयौं ताकि
तिमीहरू यस्ता बेकारका कुराहरूबाट हट्न सक्छौ अनि
जीवित परमेश्वर तर्फ फर्कन्छौ। उहाँ नै ‘एक’ हुनुहुन्छ
जसले आकाश, पृथ्वी, समुद्र अनि यिनीहरूमा भएका
हरेक थोक बनाउनु भयो। [१६]बितेका दिनहरूमा उहाँले
सबै जातिहरूलाई आफ्नो इच्छा अनुसार बाँच्न दिनुभयो।
[१७]तर ईश्वरले गर्नु भएको कार्यले परमेश्वरको
वास्तविकताको प्रमाण गर्‍यो। उहाँले तिमीहरूका लागि
असल कामहरू गर्नुभयो। उहाँले तिमीहरूलाई आकाशबाट
वर्षा दिनुभयो। उहाँले ठीक समयमा नै तिमीहरूलाई
फसल दिनु भयो। उहाँले तिमीहरूलाई प्रशस्त आहार
दिनुभयो र साथै तिमीहरूका हृदय आनन्दले परिपूर्ण
पारीदिनु भयो।” [१८]पावल र बर्णाबासले तिनीहरूलाई ती
कुराहरू भने। तरै पनि तिनीहरूले ती भीड़लाई तिनीहरू
प्रति बलिहरू अर्पण गर्न नदिनुलाई निकै संघर्ष गर्नु
पर्‍यो।

[१९]त्यसपछि एन्टिओक र आइकोनियमबाट केही
यहूदीहरू आए। तिनीहरूले पावल र बर्णाबासको विरुद्ध
मानिसहरूलाई भडकाए अनि त्यसैकारणले तिनीहरूले
पावल माथि ढुंगा हिर्काए र शहरदेखि बाहिर तानी
निकाले। मानिसहरूले पावललाई मारियो भनी सोचे।
[२०]येशूका चेलाहरू (विश्वासीहरू) पावलको वरिपरि
जम्मा भए। अनि उनी उठे र शहरतिर फर्किए।
अर्कोदिन उनी र बर्णाबसले त्यो शहर छाड़े अनि डर्बी
तिर लागे।

### एन्टिओक तिर फर्काई

[२१]पावल र बर्णाबासले डर्बीमा सुसमाचार प्रचार गरे।
धेरै मानिसहरू येशूका चेला भए। पावल र बर्णाबास
लिस्त्रा, आइकोनियम र एन्टिओक शहर तिर फर्किए।
[२२]ती शहरहरूमा तिनीहरूले चेलाहरूलाई आत्मिकरूपले
पराक्रमी तुल्याए। तिनीहरूले उनीहरूलाई विश्वासमा दृढ़
रहन सहायता गरे। तिनीहरूले भने, “हामी परमेश्वरको
राज्यमा अनेक यातनाद्वारा प्रवेश गर्नु पर्छ।” [२३]तिनीहरूले
हरेक मण्डलीको निम्ति अग्रजहरू नियुक्त गरे। तिनीहरूले
ती अग्रजहरूका निम्ति उपवास र प्रार्थना गरे। ती
अग्रजहरूले प्रभुमा आफ्ना विश्वास सुम्पे अनि यसैकारणले
पावल र बर्णबासले तिनीहरूलाई उहाँको देखरेखमा
छाड़े।

[२४]पावल र बर्णाबास पिसिदिया देश भएर गए।
त्यसपछि तिनीहरू प्यामफिलिया भन्ने देशमा आए।
[२५]तिनीहरूले सन्देश पर्गा शहरमा प्रचार गरे अनि
अटालिया भन्ने शहर तर्फ गए। [२६]अनि त्यहाँबाट समुद्र
यात्रा गरेर तिनीहरू सिरिया अन्तर्गत एन्टिओकतिर गए।
यो त्यस्तो शहर थियो जहाँ विश्वासीहरूलाई परमेश्वरको
अनुग्रहमा सुम्पिए अनि यो काम गर्न पठाइए। अब
तिनीहरूले त्यो काम सिद्ध्याएका थिए।

[२७]जब पावल र बर्णाबास त्यहाँ आईपुगे तिनीहरूले
मण्डलीका सदस्यहरूको एक सभामा बोलाए। परमेश्वरले
तिनीहरूसँग जे गर्नु भयो सो वृतान्त कुराहरू तिनीहरूले
विश्वासीहरूलाई बताइदिए। तिनीहरूले भने, “परमेश्वरले
ढोका उघारिदिनु भयो ताकि अन्य जातिहरूले पनि
विश्वास गर्न सकून्!”

[२८]पावल अनि बर्णाबास चेलाहरूसित धेरै लामो
समय सम्म एण्टिओकमा बसे।

### यरूशलेममा सभा

**१५** त्यसपछि कतिपय मानिसहरू यहूदियाबाट
एन्टिओकमा आए। तिनीहरूले अ-यहूदी दाजु-
भाइहरूलाई शिक्षा दिन शुरु गरे: “मोशाको व्यवस्था
अनुसार जबसम्म खतना हुदैनौ तबसम्म तिमीहरूको
मुक्ति हुने छैन।” [२]पावल र बर्णाबास यस्तो शिक्षाको
घोर विरोधी थिए अनि तिनीहरूले यस विषयमा ती
मानिसहरूसँग वादविवाद गरे। तब मण्डलीले पावल,
बर्णाबास र अन्य मानिसहरूलाई यरूशलेम पठाउने
निर्णय लिए। ती मानिसहरू त्यस विषयमा प्रेरितहरू र
अग्रजहरूसँग अझ वहस गर्न गए।

[३]उनीहरूको यात्रालाई मण्डलीले सहयोग गर्‍यो।
तिनीहरू फोनिसिया र सामरिया भएर गए। ती देशहरूमा
तिनीहरूले कसरी अ-यहूदी मानिसहरू सत्य परमेश्वरतर्फ
मोडिए भनेर बताए। यो खबरले सबै दाजु-भाइहरूलाई
खुबै आनन्द तुल्यायो। [४]पावल, बर्णाबास र अन्य
मानिसहरू यरूशलेम आईपुगे। त्यहाँका प्रेरितहरू, अग्रजहरू
र सम्पूर्ण विश्वासीहरूले तिनीहरूलाई स्वागत गरे।

---

**तिनीहरूले … च्याते** यसले बताउँछ कि तिनीहरू साह्रै रिसाए।

पावल, बर्णाबास र अन्य मानिसहरूले परमेश्वरले
उनीहरूबाट गर्नु भएको सबै कुराहरू भने। [५]यरूशलेममा
कतिपय विश्वासीहरू जो फरिसीहरूको दलका थिए
उठे अनि भने, "अ-यहूदी विश्वासीहरूले खतना गर्नै
पर्छ। मोशाको व्यवस्था मान्नै पर्छ भनेर हामीले भन्नु
पर्छ!"

[६]तब प्रेरितहरू, अग्रजहरू यस समस्या माथि एकत्रित
भएर अध्ययन गर्न थाले। [७]यस विषयमा त्यहाँ लामो
तर्क सभा बस्यो। पत्रुस उभिए अनि भने, "मेरा
दाजु-भाइहरू, प्रारम्भिक दिनहरूमा के भयो तपाँईहरू
राम्रोसँग जान्नु हुन्छ। परमेश्वरले तँपाईहरू माझबाट मैं
उहाँको सुसमाचारको संदेश अ-यहूदीहरूलाई प्रचार गर्नलाई
मलाई छान्नु भयो। तिनीहरूले मबाट सुसमाचार सुने र
विश्वास गरे। [८]परमेश्वरले प्रत्येकको हृदय जान्नु हुन्छ
अनि उहाँले यी अ-यहूदीहरूलाई स्वीकार गर्नभो।
परमेश्वरले हामीलाई उहाँले दिए जस्तै तिनीहरूलाई
पवित्र आत्मा दिएर हामीलाई यो देखाउनु भएको छ।
[९]परमेश्वरको लागि ती मानिसहरू कुनै पनि खण्डमा
हामी भन्दा भिन्न छैनन्। विश्वासद्वारा परमेश्वरले उनीहरूका
हृदय शुद्ध पारीदिनु भयो। [१०]तिमीहरू किन अ-यहूदी
दाजु-भाइहरूको घिच्रोमा जुवा बाँधिदिनु चाहान्छौ? के
तिमीहरू परमेश्वरलाई क्रोधित बनाउन प्रयास गरीरहेका
छौ? हामी र हाम्रा पिताहरू त्यो जुवा बोक्न असमर्थ
थिए! [११]होइन, हामी विश्वास गर्छौ कि दुवै हामी र
यी मानिसहरू प्रभु येशू को दयाबाट बचाइने छौ।"

[१२]त्यसपछि सम्पूर्ण दल नै शान्त भए। तिनीहरूले
पावल र बर्णाबासको कुराहरू ध्यान दिएर सुने। पावल
र बर्णावासले तिनीहरूका माध्यम अ-यहूदीहरू माझ
परमेश्वरले गर्नु भएका जम्मै चमत्कारहरू र आश्चार्यजनक
कामहरू बारे वृतान्त सुने। [१३]तिनीहरूले भनी सकेपछि
याकूबले भने, "मेरा दाजु-भाइहरू, ध्यान लगाएर मलाई
सुन। [१४]शिमोनले तिमीहरूलाई कसरी परमेश्वरले अ-
यहूदीहरूलाई आफ्नो प्रेम प्रकट गर्नु भयो सोही कुरा
बताए। प्रथमपल्ट परमेश्वरले अ-यहूदीहरूलाई ग्रहण
गर्नुभो अनि तिनीहरूलाई आफ्नो मानिस बनाउनु भो।
[१५]अगमवक्ताहरूको वचनहरू यो सँग सहमत छ:

१६ 'म त्यसपछि फर्की आउने छु। म दाऊदको घर
फेरि बनाउने छु, जुन ढलेको छ। उसको
घरको भागहरू फेरि बनाइदिने छु। जुन ध्वंश
भएको छ। अनि म उसको घर नयाँ बनाउनेछु।
१७ ताकि अन्य सबै मानिसहरूले प्रभुलाई खोज्नेछन्
अन्य सबै अ-यहूदीहरू पनि मेरा आफ्ना
मानिसहरू हुन्। प्रभुले त्यसै भन्नु भयो। अनि
उहाँ मात्र एक हुनुहुन्छ जसले सबै यी चीजहरू
गर्नुहुन्छ।

*अमोस ९:११-१२*

१८ ती चीजहरू प्रारम्भको कालदेखि नै जानिएको
हो।'

[१९]"यसैले हामीले अ-यहूदीहरूलाई बोझ दिनुहुँदैन
जो परमेश्वरप्रति फर्केकाछन्। [२०]बरू हामीले तिनीहरूलाई
यी कुराहरूमा बताउँदै एउटा चिट्ठी लेख्नु पर्छ:

मूर्तिलाई चढ़ाएको चीजहरू नखाऊ। यसले
खाद्य अशुद्ध पार्छ। कुनै यौन पापहरू नगर।
रगत नखाऊ। निमोठेर मारिएका पशुहरू नखाऊ।

[२१]तिनीहरूले त्यसो गर्नु हुँदैन किनभने त्यहाँ अझै
त्यस्ता मानिसहरू छन् जसले मोशाको व्यवस्था
सिकाउदछन्। मोशाको वचनहरू धेरै वर्ष देखि प्रत्येक
शबाथको दिनमा सभाघरमा पढ़िन्दैछ।"

## अ-यहूदी विश्वासीहरूलाई चिट्ठी

[२२]तब प्रेरितहरू, अग्रजहरू र समस्त मण्डलीले
निर्णय लिए कि पावल र बर्णाबासको साथमा आफ्नै
केही मानिसहरू एन्टिओकमा पठाउने। तिनीहरूले यहूदा
जसलाई बर्णाबास पनि भनिन्छ र सिलासलाई छाने। ती
मानिसहरूलाई यरूशलेमका दाजु भाइहरूले खुबै सम्मान
गर्थे। [२३]मण्डलीले तिनीहरूका हातमा यो चिट्ठी पठाए।

एन्टिओक नगर औ सिलिसिया र सिरिया
देशका अयहूदी दाजु भाइहरूलाई तिमीहरूका
दाजु भाइ प्रेरितहरू, अग्रजहरूबाट अभिवादन:
प्रिय दाजु-भाइहरू,

[२४]हामीले सुनेका छौ कि कतिपय हाम्रा मण्डलीका
मानिसहरू तिमीहरू कहाँ आए अनि तिनीहरूले
भनेका कुराहरूले तिमीहरूलाई दु:खी र खिन्न
पार्‍यो। तर हामीले तिनीहरूलाई त्यसो भन

भनेर भनेनौ! [२५]तिमीहरूकोमा केही चुनिएका
मानिसहरू पठाउन एकमत भएका छौं। तिनीहरू
हाम्रा प्रिय मित्र बर्णाबास र पावल सँग
आउनेछन्। [२६]तिनीहरूले प्रभु येशू ख्रीष्टको
सेवामा आफ्नो जीवन समर्पण गरेका छन्।
[२७]त्यसैले हामीले उनीहरूसँग यहूदा र सिलासलाई
पनि पठाउँदै छौं। तिनीहरूले त्यही चिट्ठीमा
भएका कुराहरू मुखले भन्न गइरहेका छन्।
[२८]पवित्र आत्माले सोच्दछ कि हामीहरूले
तिमीहरूलाई अधिक जिम्मेवारी दिनु हुँदैन।
अनि त्यसमा हामी सहमत छौं। तिमीहरूले यति
मात्र गर्नु आवश्यक छ:

२९ मूर्तिहरूलाई अर्पण गरिएको खाद्य नखाऊ।
रगत नखानु निमोठेर मारिएको पशुहरू नखानु
कुनै प्रकारको पनि यौन पापहरू नगर्नु। यदि
तिमीहरू उपर्युक्त कुराहरूबाट टाढ़ा रहन्छौ
भने, तिमीहरूले राम्रो गर्नेछौ। अब हामी बिदा
भन्छौ।"

[३०]यसर्थ पावल, बर्णाबास, यहूदा र सिलासले यरूशलेम
छाड़ेर एन्टिओक गए। त्यहाँ तिनीहरूले विश्वासीहरूको
समूह भेला पारे अनि तिनीहरूलाई चिट्ठी दिए।
[३१]विश्वासीहरूले त्यो चिट्ठी पढ़िसके पछि त्यसले उत्साहित
पारेकोमा तिनीहरू आनन्दित भए। [३२]यहूदा र सिलास
पनि अगमवक्ताहरू थिए। तिनीहरूलाई उत्साह दिनु र
दृढ़ बनाउनु तिनीहरूले पनि निकै कुराहरू गरे। [३३]त्यहाँ
केही समय बसे पछि यहूदा र सिलास फर्के। तिनीहरूले
विश्वासीहरूबाट शान्तिको आर्शीवाद पाए पछि यरूशलेमका
दाजु भाइहरू जसले तिनीहरूलाई त्यस काममा पठाएका
थिए तिनीहरूकहाँ फर्के। [३४]*

[३५]तर पावल र बर्णावास एन्टिओकमा नै बसे।
तिनीहरू र अन्य मानिसहरूले त्यहाँ सुसमाचार प्रचार गरे
अनि र प्रभुको संदेश सिकाए।

### पावल र बर्णाबास छुट्टिए

[३६]केही दिन पछि, पावलले बर्णाबासलाई भने,
"हामीले धेरै शहरहरूमा प्रभुको सन्देश भन्यौ। हामी ती
शहरहरूमा हाम्रा दाजुभाइ दिदी-बहिनीहरू के गर्दै
होलान भनेर हेर्नलाई एकपल्ट भेटन जानु पर्छ।"
[३७]बर्णाबासले यूहन्ना मर्कूसलाई पनि सँगै लैजान चहान्थे।
[३८]तर तिनीहरूको प्रथम यात्रामा नै तिनीहरूलाई यूहन्ना
मर्कूसले छाडेका थिए। प्याम्फिलियामा; उनले तिनीहरूसँग
एक साथ काम गरेनन्। यसैले पावलले उनलाई साथमा
नलिनु जोड़ गरे। [३९]पावल र बर्णाबास माझमा यस
विषयमा गहन चर्चा भयो। तिनीहरू छुट्टिए अनि भिन्दा
भिन्दै बाटोहरू लागे। बर्णाबास मर्कूसलाई लिएर समुद्रयात्रा
गर्दै साइप्रसतिर लागे। [४०]पावलले सिलासलाई चुने अनि
गए। अन्टिओकका दाजु-भाइहरूले पावललाई प्रभुको
रेखदेखमा राखे अनि बाहिर पठाइदिए। [४१]मण्डलीहरू
अझ बलियो बनाँउदै पावल र सिलास सिरिया र
सिलिसिया देशहरू हुदैं गए।

### तिमोथी पावल र सिलाससँग गए

**१६** पावल डर्बी र लिस्त्रा नगरहरूमा पुगे। ख्रीष्टका
एकजना चेला तिमोथी त्यहाँ थिए। तिमोथीकी
आमा यहूदी थिइन तर येशूमा विश्वास गर्थिन। उसको
बाबु ग्रीक थिए। [२]लिस्त्रा र आइकोनियमवासी
विश्वासीहरूले तिमोथीलाई सम्मान गर्दथे। तिनीहरूले
उनको विषयमा राम्रो कुरा गर्थे। [३]पावलले आफ्नो
यात्रामा तिमोथीलाई साथ लान चहान्थे। तर त्यस
इलाकामा बस्ने यहूदीहरूलाई उनको बाबु यहूदी होइन
ग्रीक हुन भनेर थाहा थियो। यसैले पावलले यहूदीहरूलाई
खुशी पार्नका लागि तिमोथीलाई खतना गरे। [४]तिनीहरू
नगरहरू हुदैं यात्रा गरे अनि यरूशलेमका प्रेरितहरू र
अग्रजहरूले दिएको निर्णयहरू र नियमहरू विश्वासीहरूलाई
बताए अनि तिनीहरूलाई यी नियमहरू पालन गर्न भने।
[५]यसकारण मण्डलीहरू विश्वासमा बलियो बनिदै अनि
दिन प्रति दिन संख्यामा बढ़दै थियो।

### पावललाई एशियाबाट बोलाइयो

[६]पावल र तिनीसँग अन्य मानिसहरू फ्रिगिया र
गलतिया भन्ने देश हुँदै गए। पवित्र आत्माले तिनीहरूलाई
एशिया देशमा सुसमाचार प्रचार गर्ने अनुमति दिनुभएन।
[७]पावल र तिमोथी माइसिया देश तिर लागे। तिनीहरू
बिथनिया देश जान चाहन्थे। तर येशूको आत्माले
त्यतातिर जाने अनुमति दिनुभएन। [८]यसर्थ तिनीहरू

---

**पद ३४** केही ग्रीकका प्रतिलिपिहरू, पद ३४: "तर सिलासले त्यहाँ बस्ने निर्णय लिए।"

माइसिया देश भएर त्रोआस शहर गए। [9]त्यस रात
पावलले एउटा दर्शन देखे। उनको दर्शनमा एकजना
मानिस म्यासिडोनियाबाट उनकोमा आयो। त्यस मानिस
त्यहाँ उभियो र विन्ती गऱ्यो, "म्यासिडोनिया पार गर्नु
होस अनि हामीलाई सहयोग गर्नुहोस्!" [10]पावलले
त्यस्तो सपना देखे पछि। हामी तुरन्त म्यासिडोनिया जान
तयार भयौ। हामीले बुझ्यौं कि परमेश्वरले हामीलाई ती
मानिसहरूलाई सुसमाचार भन्न बोलाउनु भएको हो।

### लिडियाको परिवर्तन

[11]एउटा जहाजमा त्रोआस छाड़ी हामी समुद्रयात्रा गर्दै
सोमोथ्रेसको टापूतिर गयौं। अर्कोदिन हामी समुद्रयात्रा
गरेर नियापोलिस नगर आई पुग्यौ। [12]त्यसपछि हामी
फिलिप्पी गयौ। यो म्यासिडोनिया अञ्चलको मुख्य नगर
हो अनि यो रोमीहरूको नगर हो। हामीहरू यहाँ केही
दिन बस्यौं।

[13]शबाथको दिनमा हामी नगरको मुख्य फाटकबाट
निस्क्यौं अनि नदी तिर गयौ। हामीले सोच्यौं कि त्यहाँ
प्रार्थना गर्ने एउटा ठाउँ हुन सक्थ्यो। केही स्वास्नी
मानिसहरू त्यहाँ भेला भएका थिए। यसकारण हामी
बस्यौ अनि तिनीहरूसँग बात गर्न लाग्यौं। [14]त्यहाँ
थाइआटीरा भन्ने नगरबाट लिडिया नाउँकी एक स्वास्नी
मानिस पनि थिई। उसको पेशा बैगुनी लुगा बेच्ने थियो।
तिनले साँचो परमेश्वरको आराधना गर्थी। लिडियाले
पावल बोलेको सुनिरहेकी थिई अनि प्रभुले पावलले
भनेको कुरा विश्वास गराउन उसको हृदय उगारीदिनु
भयो। [15]तिनी र उनका घरमा बस्ने सबैलाई बप्तिस्मा
गरियो। त्यसपछि लिडियाले आफ्नो घरमा हामीलाई
निम्तो गरिन्। तिनले भनिन्, "यदि तपाईहरूले मलाई
प्रभु येशूको साँचो विश्वासी मान्नु हुन्छ भने, मेरो घरमा
आउनु होस अनि बस्नु होस।" तिनले आफ्ना घरमा
हामीलाई बस्न भनी जोड़ गरिन।

### पावल र सिलास जेलमा

[16]एक समय जब हामी प्रार्थना स्थलमा गईरहेको
बेला यो घटना घट्यो। एउटी नोकर्नी केटीले हामीलाई
भेटी। उभित्र एउटा खास आत्मा* थियो। त्यस आत्माले
उसलाई भविष्यमा के हुन सक्छ भन्ने कुरा बताउने
शक्ति दियो। त्यसो गरेर त्यस नोकर्नीले आफ्नो मालिकहरूको
निम्ति धेरै पैसा कमाउने गर्थी। [17]त्यस केटीले पावल र
हामीलाई पछ्याई। त्यो चिच्याई अनि भनी, "यी मानिसहरू
एकदमै सर्वोच्च परमेश्वरको सेवक हुन्! तिनीहरूले
मुक्तिको बाटो तिमीहरूलाई बताइरहेछन।" [18]उसले
यस्तो धेरै दिनसम्म गरी। यसले पावललाई दिक्क लाग्यो
अनि यसैले उ फर्क्यो अनि त्यो आत्मालाई भन्यो, "येशू
ख्रीष्टको शक्तिले म तँलाई आज्ञा गर्छु, त्यस केटीबाट
बाहिर निस्की!" त्यो आत्मा लगत्तै बाहिर निस्क्यो।

[19]त्यस केटीका मालिकहरूले त्यो देखे अनि
तिनीहरूलाई थाहा भयो अनि तिनीहरूले बुझे कि अब
त्यस केटीलाई पैसा कमाउन लाउन सक्तैनन्। यसैले
तिनीहरूले पावल र सिलासलाई पक्रे अनि मुख्य ठाउँमा
पुऱ्याए जहाँ नगर अधिकारीहरू थिए। [20]पावल र
सिलासलाई पक्रेर ल्याए अनि हाकिमहरूलाई भने, "यी
मानिसहरू यहूदी हुन्। यिनीहरूले हाम्रो शहरमा गड़बड़ी
गराइरहेछन्। [21]यिनीहरूले दस्तुरहरू निकाल्दैछन् जो
हामीलाई ग्रहण गर्न अनुमति छैन्। हामी रोमन
नागरीकहरू हौ र ती कुराहरू गर्न सक्तैनौ।" [22]भीड़ले
मानिसहरूलाई पावल र सिलासमाथि आक्रमण गर्न
साथ दियो। त्यहाँका हाकिमहरूले पावल र सिलासको
लुगाहरू च्याती दिए र मानिसहरूलाई कुट्ने आदेश
दिए। [23]तिनीहरूले पावल र सिलासलाई धेरैपल्ट कुट-
पिट गरे अनि तिनीहरूलाई जेलमा थुने। जेलका
अधिकारीलाई तिनीहरूले भने, "यिनीहरूलाई खुबै
होशियारी साथ पहरा दिनु!" [24]जेलको अधिकारीले
त्यस्तो विशेष आदेश सुनेपछि पावल र सिलासलाई निक्कै
भित्र पुग्ने जेलमा थुने। उनले तिनीहरूका खुट्टा ठिङ्गुरामा
कसे।

[25]मध्यरात तिर पावल र सिलासले प्रार्थना र प्रभुको
भजनहरू गाइरहेका थिए। अन्य कैदीहरूले तिनीहरूलाई
सुने। [26]अचानक त्यहाँ ठूलो भूईंचालो आयो जसले
जेलको जग पनि हल्लियो। त्यसपछि तुरुन्तै जेलको सबै
ढोकाहरू खोलिए। सबै कैदीहरू बाँधिएका साङ्गलाहरूबाट
मुक्त भए। [27]जेल अधिकारी जागे। उसले जेलका सबै
ढोकाहरू खोलिएका देखे। कैदीहरू अघि नै भागी
सकेको कुरा उसले सोंच्यो। अत: तरवार निकालेर जेल
अधिकारी आफैलाई मार्न तयार भएको थियो। [28]तर
पावल चिच्यायो, "आफैलाई घात नगर। हामी सबै जना
यहीँ छौं।"

---

**खास आत्मा** भूतवाट भएको एक आत्मा जसले खास बुद्धि दियो।

[29]जेल अधिकारीले बत्ती ल्याउन आदेश गरे। त्यसपछि उ डरले काम्दै भित्र दौड्यो उ पावल र सिलासको सामु लडयो। [30]त्यसपछि तिनीहरूलाई बाहिर निकाल्यो अनि भन्यो, "महोदयहरू! मुक्ति पाउनलाई मैले के गर्नु पर्ला?"

[31]तिनीहरूले उसलाई भने, "प्रभु येशूमा विश्वास गर तब तिमी र तिम्रो घरका मानिसहरूले मुक्ति पाउनेछन्।" [32]यसर्थ पावल र सिलासले प्रभुको सन्देश जेल अधिकारी र उसको घरमा भएका सबैलाई भने। [33]निक्कै रात छिप्पिसकेको थियो, त्यसकारण जेल अधिकारीले पावल र सिलासलाई लिएर तिनीहरूका घाउहरू धोइदिए। तुरन्तै जेल अधिकारी र उसको जम्मै कुटुम्बलाई बप्तिस्मा दिइयो। [34]तब जेल अधिकारीले पावल र सिलासलाई आफ्नो घर लगे अनि केही भोजन गराए। उ र उसको कुटुम्बका सबै मानिसहरू अत्यन्तै खुशीभए किनभने तिनीहरूले परमेश्वरलाई विश्वास गरेका थिए।

[35]अर्को बिहान हाकीमहरूले केही सिपाहीहरूलाई जेल अधिकारीकहाँ खबर दिएर पठाए; "ती मानिसहरूलाई छोड़ीदिनू!"

[36]जेल अधिकारीले पावललाई भन्यो, "हाकीमहरूले यी सिपाहीहरू तिमीहरूलाई छोड़न लाउन पठाएका हुन। तपाईंहरू अब शान्तिले जान सक्नु हुन्छ।"

[37]तर पावलले सिपाहीहरूलाई भने, "तिम्रो हाकीमहरूले हामीले गल्ती गरेको कारण प्रमाण गर्न सकेनन्। तर तिनीहरूले हामीलाई मानिसहरूका अगाडि कुट-पिट गरे अनि जेलमा थुने। हामी रोमी नागरिक हौ, यसैले हाम्रो अधिकार छ। अहिले तिनीहरूले हामीलाई गुप्ती रूपमा पठाउन चहान्छन्? होइन! तिनीहरू स्वयं आउनु पर्छ अनि हामीलाई बाहिर निकाल्नु पर्छ।"

[38]सिपाहीहरूले जे पावलले भने ती हाकीमहरूलाई सुनाई दिए। जब हाकीमहरूले पावल र सिलास रोमी नागरिक भनेर जाने, तिनीहरू भयग्रस्त भए। [39]अत: तिनीहरू पावल र सिलासकहाँ आएर आफ्नो भूल प्रति क्षमा-याचना गरे। तिनीहरूले पावल र सिलासलाई जेलबाट निकालेर शहर छाड़ी जाऊ भने। [40]तर तिनीहरू जेलबाट निस्के पछि सिधैं लिडियाको घरतिर लागे। तिनीहरूले त्यहाँ कतिपय दाजु-भाइहरूलाई देखे र तिनीहरूलाई उत्साह दिए। त्यसपछि पावल र सिलास आफ्नो बाटो लागे।

### थिस्सलोनिकामा पावल र सिलास

**१७** पावल र सिलास अम्फिपोलिस र अपोल्लोनिया भएर आफ्नो यात्रातिर लागे। तिनीहरू थिस्सलोनिका भन्ने शहरमा आई पुगे। जहाँ यहूदीहरूको एउटा सभाघर थियो। [2]पावल त्यस सभाघरमा यहूदीहरूलाई हेर्न सधैं झैं गए। ती विश्राम दिनहरूमा धर्मशास्त्रको विषयमा पावलले उनीहरूसँग चर्चापरिचर्चा गरे। [3]पावलले यहूदीहरूसित धर्मशास्त्रको व्याख्या गरिरहे अनि उनले ख्रीष्ट मर्नै पर्छ र मृत्युबाट जाग्न पर्छ भन्ने यथार्थ बताए। पावलले भने, "यी मानिस येशू जसको विषयमा म तिमीहरूलाई घोषणा गरी रहेछु उहाँ ख्रीष्ट हुनुहुन्छ।" [4]कतिपय यहूदीहरूले उनको कुरा विश्वास गरे अनि पावल र सिलाससँग सम्मिलित हुने निर्णय गरे। त्यहाँ अनेकौं धर्मभक्त ग्रीक पुरुषहरू र अनेक विशिष्ट नारीहरू जो थिए तिनीहरू पनि पावल र सिलाससँग सामेल भए।

[5]तर जुन यहूदीहरूले विश्वास गरेनन्, डाह गरे। तिनीहरूले केही दुष्ट मानिसहरू जो बजारमा घुमिहिड़थे भाड़ामा ल्याए। ती दुष्ट मानिसहरूले त्यहाँ थुप्रेर शहरमा खैलाबैला मच्चाउन थाले। तिनीहरू पावल र सिलासलाई खोज्न जेसनको घर गए। तिनीहरू पावल र सिलासलाई जनसमक्ष ल्याउन चाहन्थे। [6]तर ती मानिसहरूले पावल र सिलासलाई भेटेनन्। यसैले जेसन र अन्य विश्वासीहरूलाई तान्दै घचेट्दै नगरका अधिकारीहरू समक्ष ल्याए। तिनीहरू कराए, "यी मानिसहरूले संसारको प्रत्येक ठाँउमा नै समस्या खड़ा गरेका छन्। अहिले तिनीहरू यहाँसम्म पनि आईपुगे! [7]जेसनले आफ्ना घरमा तिनीहरूलाई बास दिए। तिनीहरू सबैले सिजरको नियमहरू विरुद्ध काम गरिरहेछन्। तिनीहरू भन्छन्, येशू नाउँको अर्कै एक जना राजा छन्।"

[8]नगर अधिकारीहरू र अन्य मानिसहरूले ती आरोपहरू सुने अनि तिनीहरू एकदम खिन्न भए। [9]तिनीहरूले जेसन र अन्य विश्वासीहरूलाई जरिमाना तिर्न लगाए अनि तिनीहरूलाई छाड़ी दिए।

### पावल र सिलास बिरिया तिर जान्छन्

[10]त्यही रात विश्वासीहरूले पावल र सिलासलाई बिरिया भन्ने नगर तर्फ पठाए। बिरियामा तिनीहरू यहूदीहरूका सभाघरमा गए। [11]यी यहूदीहरू थिस्सलोनिकामा भन्दा असल थिए। तिनीहरूले खुबै

चासो लिएर पावल र सिलासले भनेको संन्देश सुनिरहेथे।
यहूदीहरूले प्रत्येक दिन धर्मशास्त्र पढ्ने गर्थे। तिनीहरू
कुरा सत्य नै हो की भनेर जान्न चाहन्थे। १२तिनीहरू
धेरैले विश्वास गरे औ धेरै प्रमुख ग्रीक पुरुष र
नारीहरूले पनि ती कुराहरू विश्वास गरे। १३तर जब
यहूदीहरूले बिरियामा पनि पावल र सिलासले परमेश्वरको
वचनको विषयमा प्रचार गरिरहेको थिस्सलोनियामा थाहा
पाए, तिनीहरू बिरियामा पनि आए। अनि तिनीहरूले
आएर बिरियाका मान्छेहरूलाई भड़काए अनि आन्दोलित
पार्न शुरू गरे। १४यसैले विश्वासीहरूले पावललाई
समुन्द्रतटमा भट्टै पठाए। तर सिलास र तिमोथी त्यही
बिरियामा बसे। १५विश्वासीहरू जो पावलसँग गए
तिनीहरूले पावललाई एथेन्स् सम्म पुऱ्याए। तब तिनीहरू
तिमोथी र सिलासलाई पावलको खबर लिएर गए।
खबरमा थियो: "जतिसक्दो चाँड़ो मकहाँ आईहाल।"

### एथेन्समा पावल

१६पावलले तिमोथी र सिलासलाई एथेन्समा पर्खिरहेका
थिए। पुरा नगर नै मूर्तिहरूले भरिएको देखेर पावलको
हृदय विचलित थियो। १७सभाघरमा पावल यहूदीहरू र
धर्मभक्त ग्रीकहरूसँग बात गरे। पावलले बजारमा डुली
हिड़ने मानिसहरूसँग पनि बात गरे। १८त्यहाँ कतिपय
इपिक्युरीया र स्तोइक दार्शनिकहरूसँग निक्कै विचार-विमर्ष
भयो।

तिनीहरू मध्ये कतिले भने, "यो कथा वाचकले के
भन्न खोजिरहेको छ?" जब पावलले येशू अनि उहाँको
मृत्युबाट बौरी उठेको वर्णन गरिरहेथे। केही अरूले
भने, "उसले अन्य कोही देवताहरूका विषयमा कुरा
गरेको जस्तो लाग्छ।" १९तिनीहरूले पावललाई अरैयापागस्
महासभामा लगे। तिनीहरूले भने, "जुन नयाँ शिक्षा
तपाँई प्रचार गर्नु हुदैछ हामीलाई यो विषयमा केही
बताउनु सक्नु हुन्छ? २०यस्तो प्रकारको कुरा हामीले
अधि कहिल्यै सुनेका थिएनौ।" हामी तँपाईको शिक्षाको
अर्थ बुझ्न चहान्छौ।" २१एथेन्सका सम्पूर्ण मानिसहरू र
अन्य देशहरूबाट आएका मानिसहरू जो एथेन्समा थिए
तिनीहरू अत्यन्तै नयाँ विचारको विषयमा कुरा गरेर र
सुनेर आफ्नो सबै समय बिताइरहन्थे।

२२त्यसपछि पावल अरैयापागस् महासभा अगाडि
उभिए र भने, "एथेन्सका मानिसहरू, म तपाईहरूलाई
प्रत्येक तरिकामा अति धार्मिक पाउँछु। २३म तपाईंहरूको
नगर भित्र गएँ अनि तपाईहरूले पुज्ने कुराहरू पनि
देखे। मैले त्यहाँ एउटा वेदी पनि पाए जहाँ लेखिएको
रहेछ: **'अनजान देवतालाई।'** तपाईं त्यस देवतालाई पूज्नु
हुँदो रहेछ जसलाई जान्नुहुन्न। म उही परमेश्वरको
विषयमा भनीरहेछु! २४उहाँ त्यही परमेश्वर हुनुहुन्छ
जसले सारा संसार बनाए र संसारका सबै थोक बनाए।
उहाँ धरती र स्वर्गका परमप्रभु हुनुहुन्छ। उहाँ मानिसहरूले
बनाएका मन्दिरहरूमा बस्नु हुन्न! २५उहाँनै जीवन, प्राण
र प्रत्येक चीज मानिसहरूलाई दिनुहुन्छ। उहाँलाई
मानिसहरूको कुनै सहयोगको खाँचो छैन। उहाँलाई
चाहेका सबै कुराहरू उहाँसँग छन्। २६परमेश्वरले
प्रारम्भमा एकजना पुरुष बनाउनु भयो अनि त्यही
मानिसबाट विभिन्न मानव जाति बनाउनु भयो। परमेश्वरले
तिनीहरूलाई संसारको प्रत्येक ठाउँमा पनि बस्न दिनुभयो।
परमेश्वरले तिनीहरूलाई कति समय सम्म र कुन
अञ्चलमा बस्ने पक्का गरिदिनु भयो। २७परमेश्वरले
उहाँलाई मानिसहरूले खोजेको चाहनु हुन्थ्यो। हुन सक्छ
तिनीहरूले वरिपरि उहाँलाई अध्यारोमा खोज्लान् अनि
पाउलान। तर वास्तवमा उहाँ हामी प्रत्येकबाट टाढ़ो
हुनुहुन्न।

२८ 'हामी उहाँसँगै बाँच्छौ। हामी उहाँसँगै हिंड्छौ।
हामी उहाँसँगै छौं।'

जस्तो तपाईंहरूका कविहरूले पनि भने:

'हामी उहाँकै बालकहरू मात्र हौ।'

२९हामी परमेश्वरका बालकहरू हौ। यसैले, हामीले
यस्तो सोच्नु पर्दैन कि परमेश्वर सुन, चाँदी अथवा
ढुङ्गाका मूर्ति जस्ता हुनुहुन्छ। उहाँ मानव कल्पनाले
बनिएका कुनै कला जस्तो हुनुहुन्न। ३०बितेका दिनहरूमा
मानिसहरूले परमेश्वरलाई बुझेनन्, तर उहाँले ध्यान
दिनु भएन। तर अब, परमेश्वरले सबै मानिसहरूलाई
प्रत्येक ठाँउमा आफ्नो हृदय र जीवन परिवर्तन गर्न
आदेश दिनु हुन्छ। ३१परमेश्वरले संसारका सारा
मानिसहरूलाई ठीक सँग जाँच्न एक दिन निर्णय गरी
सक्नु भएको छ। यो गर्नुको लागि उहाँले एकजना
मानिसलाई उपयोग गर्नुहुन्छ। परमेश्वरले पहिल्यै एक
व्यक्ति चुन्नु भएको थियो अनि परमेश्वरले मृत्युबाट
बौराएर यो प्रत्येकलाई प्रमाण दिनुभयो!"

[३२]जब तिनीहरूले येशू मृत्युबाट बौरी उठेको विषयमा
सुने कतिपयले गिल्ला गरे। तर अरूले भने, “कोही
अर्को समयमा यस विषयमा तिमीले हामीलाई अझ
भन्नेछौ।” [३३]पावल तिनीहरूबाट गए। [३४]तर कतिपय
मानिसहरूले पावलसँग सम्मिलित भए अनि विश्वासी
बने। ती विश्वास गर्नेहरूमा एकजना डियनुसियस थिए।
उनी अरियोपेगस महासभाका एक सदस्य थिए। अर्को
विश्वास गर्ने व्यक्ति एक डामारिस नाउँ भएकी स्त्री
थिई र केही अरूहरूले पनि विश्वास गरे।

## कोरिन्थमा पावल

**१८** पछि, पावलले एथेन्स छोड़े अनि कोरिन्थ गए।
[२]तिनले त्यहाँ अक्वीला नाउँ भएको एकजना
यहूदी भेटे। अक्वीला पोन्टस भन्ने प्रदेशमा जन्मिएका
थिए। तर उनी र उनकी पत्नी प्रिस्किला भर्खरै
इटालीबाट कोरिन्थ आईपुगेका थिए किनभने क्लौडियसले*
सबै यहूदीहरूले रोम छोड़नु पर्छ भन्ने आदेश गरेका
थिए। पावल तिनीहरूलाई भेटन गए। [३]तिनीहरूको काम
पावलले जस्तै तम्बू बनाउने गर्थे। पावल तिनीहरू सँगै
बसे र तिनीहरूसँग तम्बू बनाउने काम गरे। [४]प्रत्येक
शबाथको दिन पावल सभाघरमा यहूदीहरू र ग्रीकहरूसँग
कुरा गर्थे। तिनले येशूमा विश्वास पार्न लगातार तिनीहरूलाई
प्रयत्न गरिरहे।

[५]सिलास र तिमोथी म्यासिडोनियाबाट पावललाई
भेटन कोरिन्थमा आए। त्यसपछि आफ्ना समय
मानिसहरूलाई सुसमाचार भन्नमा बिताए। उनले
यहूदीहरूलाई येशू नै ख्रीष्ट हुन भनेर देखाए। [६]तर
यहूदीहरूले पावलको शिक्षाहरू ग्रहण गरेनन्। यहूदीहरूले
एकदमै निन्दनीय वचनहरू लगाए। अत: पावलले आफ्नो
लुगाहरूबाट धुला झारे। उनले यहूदीहरूलाई भने, “यदि
तिमीहरू मुक्ति चाँहदैनौ भने, त्यो तिमीहरूकै गल्ती
हुनेछ! मैले आफूले सक्दो गरें। अब म अयहूदीहरू
कहाँ जानेछु।” [७]पावल सभाघरबाट बिदा लिए अनि
टाइटस जुसटस नाउँ भएको मानिसको घरमा गए। त्यस
मानिस सत्य परमेश्वरको पूजाहारी थियो। उसको घर
सभाघरकै अर्कोपट्टि थियो। [८]क्रिस्पस सभाघरको प्रमुख
थिए। क्रिस्पस र अन्य सबै मानिसहरू जो उनको घरमा
बस्दथे उनीहरूले प्रभुमा विश्वास गरे। कोरिन्थका धेरै
मानिसहरूले पनि पावलको समाचार ध्यान लगाएर सुने
अनि विश्वास गरे अनि बप्तिस्मा लिए।

[९]राती पावलले दर्शन पाए। यो दर्शनमा प्रभुले
तिनलाई भने, “नडराऊ! लगातार मानिसहरूसँग बोलीरहौं!
नरोक! [१०]म तिमीसँग छु। तिमीलाई नोक्सान पार्ने कुनै
प्रयत्न सफल हुदैंन। मेरा धेरै मानिसहरू यस नगरमा
छन्।” [११]पावल त्यहाँ डेढ़ वर्षसम्म बसे, अनि तिनीहरू
माझ परमेश्वरको वचनको शिक्षा दिए।

## पावललाई गल्लियो सामु ल्याइयो

[१२]गल्लियो अखैयाका अञ्चलका राज्यपाल भए। कोही
यहूदीहरूले उनीसित मिलेर पावलको विरोध गरे। तिनीहरूले
पावललाई न्यायलयमा लगे। [१३]यहूदीहरूले गल्लियोलाई
भने, “यस मानिसले हाम्रो कानुनको विरुद्ध ईश्वर पूज्नु
भनेर मानिसहरूलाई फकाउने चेष्टा गर्दैछ!”

[१४]पावलले केही भन्न लागेका थिए तर गल्लियोले
यहूदीहरूलाई भने, “म तिमीहरूका कुरा सुन्ने थिँए,
यदि यी कुराहरू गल्ती अथवा अपराधपूर्ण कामका
भए। [१५]तर यी शब्दहरू, नाउँहरू र तिमीहरूकै
व्यवस्था विषयको हो। यसर्थ यी समस्याहरू तिमीहरू
आफै मिलाऊ। म त्यस्ता प्रकारका कुराहरूमा न्यायकर्ता
हुन चाहन्न।” [१६]तब तिनीहरूलाई गल्लियोले न्यायलयबाट
विदा दिए।

[१७]तब तिनीहरूले सभाघरका अध्यक्ष सोस्थेनिजलाई
पक्रे अनि न्यायलय सामुन्ने तिनलाई कुटे। तर गल्लियोले
यसमा केही चासो देखाएन।

## पावल एन्टिओक फर्के

[१८]पावल दाजुभाइहरू सँग धेरै दिन बसे। त्यसपछि
विदा लिएर जलपथबाट सिरिया गए। प्रिस्किला र
अक्वीला पनि तिनीसँगै थिए। किंक्रियामा परमेश्वरसँग
आफ्नो प्रतिज्ञा पुरा गर्न पावलले आफ्नो केश कटाए।
[१९]त्यसपछि तिनीहरू एफिसस्मा गए। त्यहाँ तिनले
प्रिस्किला र अक्वीलालाई छाड़ी राखे। तिनी एफिसस्मा
हुँदा सभाघरमा गए अनि यहूदीहरूसँग बात गरे।
[२०]तिनीहरूले पावललाई अझै केही दिनसम्म बस्ने
आग्रह गरे तर तिनले मानेनन्। [२१]पावलले विदा लिएर
हिंड्ने बेलामा भने, “यदि परमेश्वरको इच्छा भयो भने
म तपाँईहरूकोमा आउनेछु।” अनि तिनी एफिससबाट
जलयात्रा गरेर गए।

---

**क्लौडियस** रोमका सम्राट (शासक), ४१-५४ ख्रीष्टाब्द।

[२२]पावल सिजरिया नगरमा गए। तब मण्डलीलाई
अभिवादन गर्न उनी यरूशलेम सम्म गए अनि तब
एन्टिओक फ़रे। [२३]त्यहाँ तिनी केही समय बसे।
त्यसपछि त्यहाँबाट तिनी गलातिया र फ्रिगिया प्रदेशहरूमा
गए। अनि चेलाहरूको उत्साह बढ़ाए।

### अपोल्लस एफिसस् र अखैयामा

[२४]अपोल्लस नाउँ भएको एकजना यहूदी एफिससमा
आए। उनी अलेक्जेन्ड्रिया भन्ने नगरमा जन्मिएका थिए।
उनी एक विद्वान व्यक्ति थिए। उनलाई धर्मशास्त्रमाथि
राम्रो ज्ञान थियो। [२५]उनले प्रभुको मार्गको विषयमा
राम्ररी सिकेका थिए अनि पुरा उत्साहित थिए। येशूका
विषयमा उनले जे जति कुरा गरे सबै सही थियो। तर
उनले यूहन्नाले बताएको बप्तिस्माको विषयमा मात्र
जान्दथे। [२६]उनी सभाघरमा निर्धक्क बोल्न थाले। प्रिस्किला
र अक्वीलाले उनले भनेको सुने। तिनीहरूले उनलाई
आफ्नो घरमा लगे अनि परमेश्वरको बाटोको विषयमा
उनलाई अझ स्पष्ट पारेर बुझाई दिए। [२७]अपोल्लस
अखैया देशमा जान इच्छुक थिए। यसैले एफिससका
दाजुभाईहरूले उनलाई सहयोग गरे। अखैयामा भएका
येशूका चेलाहरूलाई तिनीहरूले त्यहाँ अपोल्लसलाई
लिनु पनि चिट्ठी लेखे। अखैयामा प्रभुको अनुग्रहले गर्दा
येशू प्रति यी चेलाहरूका विश्वास थियो अनि अपोल्लस
तिनीहरूको ठूलो सहायक भने। [२८]उनले सबै मानिसहरूका
समक्ष यहूदीहरूको विरोधमा वहस गरे। अपोल्लसले
प्रत्यक्ष यहूदीहरू गलत भएको प्रमाण गरे। उनले
धर्मशास्त्रको आधारमा येशू नै ख्रीष्ट हुन भन्ने प्रमाण
दिए।

### पावल एफिससमा

**१९** अपोल्लस कोरिन्थ नगरमा भएको बेला, पावल
एफिससको बाटो भएर धेरै ठाउँहरू भ्रमण
गरिरहेका थिए। एफिससमा पावलले कतिपय चेलाहरू
भेटे। [२]पावलले उनीहरूलाई सोधे, "के तिमीहरूले
विश्वास गर्दा पवित्र आत्मा पायौ?"

तिनीहरूले भने, "हामीले कहिल्यै पनि पवित्र-आत्मा
छ भन्ने सुनेका छैनौ।"

[३]तब पावलले सोधे, "कस्तो प्रकारको बप्तिस्मा
तिमीहरूले लियौ?" तिनीहरूले भने, "यूहन्नाले बताएको
अनुसार बप्तिस्मा हामी लिएका छौ।"

[४]पावलले भने, "यूहन्नाले मानिसहरूलाई आफ्नो
जीवन परिवर्तन गर्ने चाहनेलाई बप्तिस्मा दिन्थे। यूहन्नाले
भन्थे एकैजनालाई मात्र विश्वास गर जो उ पछि
आईरहेछन्। तिनी येशू हुन्।"

[५]जब तिनीहरूले यो सुने, तिनीहरूले प्रभु येशूको
नाउँमा बप्तिस्मा लिए। [६]त्यसपछि पावलले तिनीहरू
माथि हातहरू राखीदिए अनि पवित्र आत्मा तिनीहरूमा
आउनुभयो। तब तिनीहरूले विभिन्न भाषाहरू बोल्न
थाले र अगमवाणीहरू गर्न थाले। [७]तिनीहरू यो हूलमा
लगभग बाह्रजना थिए।

[८]पावल सभाघरमा गए अनि सहाससँग बोले। तीन
महीनासम्म पावलले त्यसै नै गरे। उनले यहूदीहरूसँग
वहश गर्थे अनि तिनीहरूलाई परमेश्वरको राज्यको
विषयमा प्रेरित गर्थे। [९]तर कतिपय यहूदीहरू कठोर
थिए। तिनीहरूले विश्वास गरेनन्। तिनीहरूले परमेश्वरको
बाटोको विषयमा धेरै निन्दनीय कुराहरू मानिसहरू समक्ष
गरे। यसर्थ पावलले तिनीहरूलाई छाड़े अनि चेलाहरूलाई
साथमा लिएर हिंड़े अनि हरेक दिन टिरान्नसको पाठशालामा
गएर वहस गर्नेगर्थे। [१०]पावलले यस्तो काम दुईवर्षसम्म
गरे। यस्तो कार्यको कारणले गर्दा, प्रत्येक यहूदी र
ग्रीकले एशिया देशमा प्रभुको वचन सुने।

### स्केवाका छोराहरू

[११]परमेश्वरले केही असाधरण चमत्कारहरू गर्नलाई
पावललाई प्रयोग गर्नु भयो। [१२]पावलले चलाएका
रूमालहरू र लुगाहरू लगेर तिनीहरूले विमारीहरूमाथि
राखे। जव तिनीहरूले यसो गरे तिनीहरू निको हुन्थे
अनि दुष्ट आत्माहरू तिनीहरूबाट बाहिर निस्कन्थे।

[१३-१४]कतिपय यहूदीहरू ठाउँ ठाउँ डुल्दै दुष्ट
आत्माहरू मानिसहरूबाट हटाइदिन्थे। स्केवाका सातजना
छोराहरूले त्यस्तो गर्थे (स्केवा प्रमुख पूजाहारी थिए)
तब यी यहूदीहरूले प्रभु येशूको नाउँ प्रयोग गरी
मानिसहरूबाट दुष्ट आत्माहरू भगाउने चेष्टा गर्थे।
तिनीहरू भन्थे, "म तँलाई त्यो येशूको नाउँमा जसको
नाउँ पावलले प्रचार गर्छ, आदेश गर्छु, बाहिर आइज।"

[१५]तर एक पल्ट एउटा दुष्ट आत्माले ती यहूदीहरूलाई
भन्यो, "म येशूलाई चिन्दछु, अनि पावललाई चिन्दछु,
तर तिमीहरू चाँहि को हौ?"

[१६]तब त्यस मान्छे जसमा दुष्ट आत्मा चढ़ेको थियो
त्यो उफ्रिएर ती यहूदीलाई झम्टियो। उ सबै भन्दा

वलियो थियो। उसले तिनीहरूलाई कुट्यो र तिनीहरूको
लुगाहरू च्यातिदियो। ती यहूदीहरू त्यस घरबाट नाङ्गै र
घाइते अवस्थामा भागे। [१७]एफिससका सम्पूर्ण मानिसहरू,
यहूदीहरू र ग्रीकहरूले यी कुराहरू थाहा पाए अनि
निक्कै डराए अनि तिनीहरू सबैले प्रभु येशूको नाउँमा धेरै
भन्दा धेरै सम्मान गर्न थाले। [१८]धेरै मानिसहरू पनि जो
विश्वासी भएका थिए, अघि आए अनि तिनीहरूको
दुष्ट कार्यहरू सबैको सामु स्वीकारे। [१९]कतिपय
विश्वासीहरूले टुनामुना प्रयोग गरेका थिए। तिनीहरूले
आफ्नो टुनामुनाका पुस्तकहरू ल्याए अनि सबैको अघि
ती पुस्तकहरू जलाए। ती पुस्तकहरूको मूल्य झण्डै
पचास हजार चाँदीका सिक्काहरू जति अनुमान गरियो।
[२०]यस्तो प्रकारले, प्रभुको वचन चारैतिर फैलिन थाल्यो
अनि मानिसहरूमा जोड़ले प्रभाव पार्दै गयो।

## पावलको यात्रा गर्ने योजना

[२१]तब कुराहरू भइसकेपछि, पावलले म्यासिडोनिया
र अखैया अनि यरूशलेम जाने योजना बनाए। पावलले
सोचे, "यरूशलेम भ्रमण गरिसके पछि म रोम भ्रमण
गर्छु।" [२२]तिमोथी र इरास्तस दुइजना पावलका सहकर्मीहरू
थिए। पावलले तिनीहरूलाई म्यासिडोनिया अगाडि नै
पठाए। पावल केही समयको लागि एशियामै बसे।

## एफिससमा अशान्त

[२३]तर त्यस समयमा एफिससमा ठूलो अशान्ति
भएको थियो। यो अशान्ति परमेश्वरको मार्गको विषय
लिएर भएको थियो। [२४]त्यहाँ डेमेत्रियस नाउँ भएको
एकजना मानिस थिए। उनले चाँदीको काम गर्थे। उनले
देवी आर्तेमिस मन्दिरको चाँदीको सानो नमुनाहरू बनाए।
यसरी यस्तो शिल्पी कर्मीहरूलाई निकै काम दिएर पैसा
दिए। [२५]डेमेत्रियसले यी सबै सुनारहरूलाई र यस्ता
व्यवसायसित सम्पर्कित मानिसहरूलाई भेला गरे अनि
तिनीहरूलाई भने, "तिमीहरू राम्ररी जान्दछौ, यस कामबाट
हामीले निकै पैसा कमाउँछौ।" [२६]तर हेर, यो पावल
भन्ने मान्छेले के गरिरहेछ! सुन उसले के भनिरहेछ!
पावलले धेरै जनालाई प्रभावित र परिवर्तन गरिसक्यो।
उसले यहाँ एफिससमा र एशियाको सारा देशहरूमा
यस्तो कार्यहरू गरिसकेको छ। पावलले भन्दछ कि
मानिसहरूले बनाएको देवताहरू साँचो देवाताहरू होइनन्।
[२७]पावलले भनेका त्यस्ता कुराहरूले मानिसहरू हाम्रो
पेशा विरुद्ध हुने खतरा हुन्छ। तर त्यहाँ अर्को खतरा
पनि छः मानिसहरूले सोच्न सक्लान कि महान देवी
आर्तेमिसको मन्दिर कुनै महत्वपूर्ण कुरो होइन! त्यस
अवस्थामा उनको महानता नष्ट हुनेछ। आर्तेमिस देवी
सारा एशिया र संसारको प्रत्येक ठाउँमा नै पूजिन्छन्।"

[२८]यस्तो कुरा सुनेपछि तिनीहरू क्रोधित भए। तिनीहरू
चिच्चाउन थाले, "आर्तेमिस, एफिससका महान देवी
हुन्।" [२९]नगरका सबै मानिसहरू अस्तव्यस्त भए।
तिनीहरूले गायस र अरिस्तार्खसलाई समाते। (यी दुई
मानिसहरू म्यासिडोनियावासी थिए र पावलसँग यात्रा
गरीरहेका थिए) सबै मानिसहरू रङ्ग-भवन तिर दगुरे।
[३०]पावल पनि त्यस भित्र जान चाहन्थे, अनि मानिसहरूको
भीडलाई सम्वोधन गर्न चाहन्थे तर येशूका चेलाहरूले
तिनलाई जान दिएनन्। [३१]त्यस देशका कतिपय नेताहरू
पावलका मित्र थिए। तिनीहरूले उनलाई खबर पठाए।
तिनीहरूले पावललाई तमाशा-घरभित्र नजानु भनेर भने।
[३२]कतिपय मानिसहरू एउटा कुरामा चिच्याई रहेका
थिए कतिपय अर्को कुरामा चिच्याई रहेका थिए। त्यो
सभा अन्योलपूर्ण थियो। धेरै मानिसहरूले त्यहाँ आफू
किन आएका थिए बुझ्दै बुझेका थिएनन्। [३३]यहूदीहरूले
अलेकज्याण्डर नाउँ भएको एकजना मानिसलाई जनताको
अगाडि उभ्याए। मानिसहरूले उनलाई के गर्नु अब
भनेर भने। अलेकज्याण्डरले आफ्नो हात ती भीड़
भएतिर हल्लाए किनभने उसले तिनीहरूलाई व्याख्या गरेर
बुझाउन चहान्थे। [३४]तर जब मानिसहरूले चाल पाए
कि अलेकज्याण्डर एक यहूदी थिए, तिनीहरू सबैबाट
दुई घण्टा सम्म एउटै स्वर आयो, "एफिससवासीहरूकी
आर्तेमिस महान हुन्।"

यो आवाज दुई घण्टा सम्म चालिरह्यो।

[३५]त्यसपछि नगरका हाकीमले तिनीहरूलाई शान्त
पार्ने प्रयास गरे अनि भने, "एफिससका मानिसहरू हो!
के संसारमा कोही मानिस छन् जसले एफिसस नगरको
महा देवी आर्तेमस मन्दिर छ अनि उनको मूर्ति जो
स्वर्गबाट झरेको हो भन्ने जान्दैन? [३६]कुनै मानिसले पनि
त्यो सत्य होइन भन्न सक्तैन। यसर्थ तिमीहरू शान्त हौं
अनि केही गर्न भन्दा अगाडि सोच। [३७]तिमीहरूले यी
मानिसहरूलाई ल्यायौ, तर तिनीहरूले हाम्रो देवी विरूद्ध
एक शब्द पनि निन्दा गरेका छैनन्। तिनीहरूले मन्दिरबाट
केही पनि चोरेका छैनन्। [३८]हाम्रो न्यायालयहरू छन्
अनि त्यहाँ निर्णायकहरू छन्। डेमेत्रियस र उनका

कारीगरहरूको कसैको विरोधमा केही छ भने तिनीहरू
न्यायलयहरू जाऊन्। न्यायलयमा तिनीहरूले आपसमा
दोषारोपन गरून्। ३९अरू अझ केही चर्चा गर्न बाँकी
रहे ती कुराहरू नगरवासीहरूको नियमित सभाले मिलाउने
छ। ४०किनभने आज यहाँ घटेको घटनाको कारणले
अब दङ्गाको दोष आउने सम्भावना छ। किनभने
आजको यस सभाको जब कुनै ठोस कारणै छैन, यस
समस्याको विषयमा वास्तवमा वयान दिन सकिंदैन।"
४१शहरका हाकिमले यति भनेर सबैलाई घर-घर जान
भन्नुभयो।

## पावल म्यासिडोनिया र ग्रीस जाँदछ

२० जब गड़बड़ी शान्त भयो, पावलले येशूका
चेलाहरूलाई उनलाई भेट्न भनी बोलाए। उनले
तिनीहरूलाई उत्साह दिए र विदा लिए। पावल तिनीहरूसँग
विदा लिएर म्यासोडोनिया गए। २म्यासिडोनिया भएर जाँदा
उनले येशूका चेलाहरूलाई उत्साह दिन धेरै कुरा गरे।
तब उनी ग्रीस गए। ३उनी त्यहाँ तीन महीना बसे। उनी
समुद्रयात्राबाट सिरिया जान ठीकठाक पर्दैथे, तर उनको
विरुद्धमा कोही यहूदीहरूले षड़यन्त्रहरू रचेका थिए।
यसैले पावलले म्यासिडोनिया भएर सिरिया जाने निर्णय
लिए। ४कतिपय मानिसहरू उनीसँग थिए। तिनीहरू
थिए: पाईरसको छोरो बिरियावासी सोपाटर,
थिस्सलोनिकावासी, अरिस्तार्खस र सिकन्डस, डर्बी शहरका
निवासी गायस, तिमोथी अनि एशियाबाट दुईजना जो
टाइकिकस र त्रोफिमस थिए। ५तिनीहरू हामी भन्दा
अघि गए अनि तिनीहरूले हामीलाई त्रोअसमा पर्खिए।
६अखमीरी रोटीको चाड़ पछि हामी समुद्रयात्रा गरेर
फिलिप्पीतिर गयौं। हामीले ती मानिसहरूलाई पाँचदिनपछि
त्रोआसमा भेट्यौ। हामी त्यहाँ सात दिन बस्यौं।

## त्रोआसमा पावलको अन्तिम यात्रा

७सप्ताहको पहिलो दिन, हामी सबै प्रभुको भोज
खान एकत्रित भयौं। पावलले अर्को दिन विदा लिने
सम्झी तिनीहरूसँग बात मारे। पावलले मध्यरातसम्म
गफ जारी राखे। ८हामी माथिल्लो तल्लामा जहाँ भेला
भएका थियौं। त्यहाँ धेरै बत्तीहरू झिलिमिलि बलिरहेको
थियो। ९त्यहाँ एक युटाइकस नाउँको युवा थियो जो
झ्यालमा बसिरहेको थियो। पावल गफमा मस्त थिए,
अनि युटाइकसलाई निद्राले ग्रस्त पाऱ्यो। अन्तमा, युटाइकस
त्यही निदायो अनि खिरकीबाट तेस्रो तल्लाबाट भूइँमा
पछारियो। जब मानिसहरू उनलाई उठाउन भनी गए तब
तिनी मरीसकेका थिए। १०पावल युटाइकस कहाँ ओर्लिए।
उनले घुँड़ा टेकेर अङ्गालो हाले। पावलले अन्य
विश्वासीहरूलाई भने, "सुर्ता नगर, यिनी जिउँदै छन्।"
११पावल फेरि माथिल्लो तल्लामा गए। उनले रोटी टुक्राए
अनि खाए। पावल तिनीहरूसँग धेरै बेरसम्म कुरा
गरिरहे। उनको गफ सकिन्दा मिर्मिरे बिहान भईसकेको
थियो। त्यसपछि पावल गए। १२मानिसहरूले त्यस युवकलाई
लिएर घर गए। उनी जिउँदै थिए अनि तिनीहरूलाई
आराम भयो।

## त्रोआस देखि मिलेटसको यात्रा

१३हामी अस्सोस तिर समुद्रयात्रामा पावल भन्दा
अघि गयौं। हामीले प्रथम पावललाई नैं भेट्यौं। उनले
हामीसँग अस्सोसमा भेट्ने र जहाजमा सामेल हुने
योजना गरे। पावलको जमीनबाटै अस्सोस जाने इच्छाले
गर्दा यस्तो कार्यक्रम बनाए। १४पछि पावललाई हामीले
अस्सोसमा भेट्यौ। अनि उनी हामीसँग जहाजमा आए।
हामी सबै मितिलेनेमा गयौ। १५हामी जाहजबाटै गयौं
अनि अर्को दिन चिओस टापु पुग्यौं। अको दिन हामी
समुद्रयात्रा गरेर सामोस भन्ने टापू गयौ। एकदिन पछि
हामी मिलेटस पुग्यौं। १६पावलले पहिले नै एफिससमा
नरोकिने भनेर निर्णय लिएका थिए। उनी एशियामा धेरै
दिन बस्न पनि चाहेनन्। उनी हतारमा थिए किनभने उनी
सम्भव भए पेन्तिकोस पर्वमा यरूशलेममा हुन चाहन्थे।

## पावल एफिससवासी बुज्रुकहरूसँग बोल्दछ

१७मिलेटसबाट पावलले एफिससमा खबर पठाएँ
अनि त्यहाँ खबरमा पावलले एफिससका मण्डलीका
अग्रजहरूलाई उनी कहाँ आई दिने निमन्त्रण गरे।
१८जब अग्रजहरू आए, पावलले तिनीहरूलाई भने, "म
एशियामा पहिलो पल्ट आएको दिनदेखि नै तिमीहरू
जान्दछौ, तिमीहरूसँग जति समय बिताँए, म कस्तो
प्रकारले बसे। १९तर यहूदीहरूले मेरो विरुद्ध धेरै
षड़यन्त्रहरू गरे जसले गर्दा मैले धेरै दुःख पाँए। तर
नम्रता र आँशुले मैले प्रभुकै सेवा गरे। २०मैले प्रत्येक
दिन तिमीहरूकै भलाईको लागि जति पनि काम गरें।
मैले येशूको विषयमा सुसमाचार तिमीहरूलाई भने अनि
मैले मानिसहरूको अघि अनि तिमीहरूको प्रत्येक घरमा

सिकाएँ। २१मैले सबै यहूदीहरू अनि ग्रीकहरूलाई
हृदयहरू परिणत गर्न परमेश्वरमा आउनु भनें। मैले
तिनीहरू सबैलाई हाम्रो प्रभु येशूमाथि विश्वास गर भनें।
२२तर अब पवित्र आत्माको आदेश पालन गर्नै पर्छ। म
यरूशलेम जानै पर्छ र म जान्दिन त्यहाँ मेरो के गति
हुन्छ। २३म यति जान्दछु कि प्रत्येक नगरमा पवित्र
आत्माले भन्छ कि बन्धन र कष्टहरूले यरूशलेममा
मलाई पर्खिरहेको छ। २४म मेरो आफ्नै जीवनलाई ध्यान
दिन्न। मुख्य कुरो मैले मेरो कार्य गरी सक्नु पर्छ। म
त्यो कार्य सिद्धाउन चाहन्छु जुन प्रभु येशूले सुम्पिनु भयो
मानिसहरूलाई परमेश्वरको अनुग्रहको सुसमाचार भन्नु।
२५“अनि अब मलाई ध्यान दिएर सुन। म जान्दछु
कि तिमीहरू कसैले पनि मलाई फेरि कहिल्यै देख्ने
छैनौ। म तिमीहरूसँग सधैँ थिए, मैले तिमीहरूलाई
परमेश्वरको राज्यको विषयमा सुसमाचार भने। २६यसर्थ
आज म भन्न लागीरहेछु कि म निःसन्देह छु -यदि
तिमीहरू मध्ये कसैले मुक्ति पाएनौ भने परमेश्वरले
मलाई दोष लगाउनु हुने छैन! २७म यो भन्न सक्छु
किनभने म जान्दछु कि मैले तिमीहरूलाई सबै कुराहरू
भने जुन तिमीहरूले जानोस् भन्ने परमेश्वर चाहनु
हुन्थ्यो। २८तिमीहरू आफै र सबै बगालको निम्ति
सावधान बस। पवित्र आत्माले तिमीहरूलाई त्यो बगालको
हेरचाह गर्न अनि परमेश्वरको मण्डलीको गोठालो गर्न
सुम्पिनु भएको छ, जुन परमेश्वरले मण्डलीलाई आफ्नै
रगतले किन्नु भएको छ। २९म जान्दछु कि म गई सके
पछि कतिपय पुरुषहरू तिमीहरूका दलमा आउनेछन्।
तिनीहरू क्रुर ब्वाँसोहरू जस्ता हुन। तिनीहरूले यो
बथानलाई ध्वंश पार्ने कोशिश गर्नेछन्। ३०तिमीहरूका
आफ्नै झुण्डबाट पनि त्यस्ता मानिसहरू देखा पर्नेछन्
जसले सत्य कुरोलाई बङ्ग्याउने छन्। तिनीहरूले येशूका
चेलाहरूलाई विभाजित गराउन चेष्टा गर्नेछन् अनि
तिनीहरूलाई पछ्याउनु भन्नेछन्। ३१यसैले सावधान रहौ!
प्रत्येक दिन यो कुरा याद गर्नु: म तिमीहरूसँग तीन
वर्षसम्म थिए। त्यस समय भरि मैले तिमीहरूलाई
चेतावनी दिइरहें। मैले रात-दिन तिमीहरूलाई शिक्षा दिए।
म प्रायः तिमीहरूको लागि रोएँ पनि।
३२“अब म तिमीहरूलाई परमेश्वरको जिम्मामा अनि
उहाँको अनुग्रहको संदेशमा छाड़ेर जाँदैछु जसले तिमीहरूलाई
बलियो बनाउनेछ। त्यो सन्देशले तिमीहरूलाई आर्शीवाद
दिनेछ जुन परमेश्वरले उनका सबै पवित्र मानिसहरूलाई
दिनुहुन्छ। ३३मैले कहिल्यै पनि आफ्नो लागि कसैको
पैसा र लुगाहरू चाहिनँ। ३४तिमीहरू जान्दछौ मैले
आफ्नो र जो मसँग थिए तिनीहरूको खाँचो पूर्ति आफै
गरें। ३५मैले तिमीहरूलाई सधैं म जस्तै खट भनेर
देखाएँ अनि जो दुर्बल छन तिनीहरूलाई मद्दत गर
भनें। मैले प्रभु येशूको वचन याद गर्न
सिकाएँ। येशूले भन्नुभयो, ‘लिनु भन्दा पनि दिनुमा नै
धेरै आनन्द छ।’”
३६जब पावलले ती कुराहरू भनिसके, उनी घुँड़ा
टेकेर बसे र प्रत्येकले मिलेर प्रार्थना गरे। ३७-३८तिनीहरू
प्रत्येक नैं रोए, धेरै रोए। तिनीहरू अत्यन्त उदास भए
कारण पावलले भनेका थिए कि विशेष गरी अब
तिनीहरूले उनलाई कहिल्यै देख्ने छैनन्। तिनीहरूले
पावललाई अङ्गालो हाले र चुम्बन गरे। तिनीहरू
उनलाई विदा दिन जहाज सम्म गए।

### पावल यरूशलेम जाँदैछ

२१ हामीले अग्रजहरू अलग पारे पछि जहाज चल्न
शुरू भयो। हामी समुद्रयात्रा गरेर सोझै कस
टापू गयौं। अर्कोदिन रोडसको टापूमा आयौं। त्यहाँ देखि
पटारा पुग्यौं। २पटारामा हामीले एक जहाज पायौं जो
फोनिसिया पार गरेर गईरहेथ्यो। हामी जहाजमा समुद्रयात्रा
गरेर गयौं। ३हामी साइप्रस टापूको छेउमा पुग्यौं। हामी
त्यसलाई उत्तरदिशा तर्फ हेर्न सक्दथ्यौ तर हामी रोकिएनौं।
हामी सिरिया देशमा गयौं। हामी टायर नगरमा थामियौं
किनभने जहाजले बोकेको माल वस्तु झार्नु थियो।
४हामीले टायर नगरमा येशूका चेलाहरू भेट्यौं र
उनीहरूसँगै सात दिन बस्यौं। तिनीहरूलाई पवित्र आत्माले
दिएको खबरको आधारमा तिनीहरूले पावललाई यरूशलेम
नजानु भनी चेतावनी दिए। ५तर जब हामीले त्यहाँको
भ्रमण शेष गर्‍यौं, विदा लियौं र यात्रा जारी नै राख्यौं।
सबै येशूका चेलाहरू यहाँ सम्म कि स्वास्नीमानिसहरू र
केटाकेटीहरूले पनि हामीलाई बिदा दिन नगर बाहिरसम्म
आए। हामी सबैले किनारमा घूँड़ा टेक्यौ अनि प्रार्थना
गर्‍यौ। ६त्यसपछि हामीले विदा लिएर जहाजमा चढ्यौं।
चेलाहरू घरतिर फर्के।
७हामी टायर देखि आफ्नो यात्रा जारी राख्दै टोलेमाइस
नगरमा गयौ। हामीले चेलाहरूलाई स्वागत गर्‍यौ र
उनीहरूसँग एकदिन बस्यौं। ८अर्को दिन टोलेमाइस नगर
छाड्यौ अनि सिजरिया नगरमा गयौं। हामी फिलिपको

घरमा गयौ र बस्यौ। फिलिप सुसमाचार प्रचार गरेर
परमेश्‍वरको सेवा गरिरहेका थिए। उनी सातजना विशेष
सहयोगी मध्ये एकजना थिए। ९उनका चारजना अविवाहित
छोरीहरू थिए र तिनीहरूले अगमवाणी गर्ने प्रतिभा
पाएका थिए। १०त्यहाँ धेरै दिन बसेपछि, एकजना
अगमवक्ता अगाबस यहूदीयाबाट आए। ११तिनी हामी
कहाँ आए र पावलको पेटी मागे। त्यसपछि अगाबसले
त्यो पटीले हात र खुट्टा बाँधे अनि भने, "पवित्र
आत्माले, भन्नुहुन्छ, 'यो पेटी जसको हो उसलाई यसरी
यरूशलेमा यहूदीहरूले बाँध्नेछन्। त्यसपछि तिनीहरूले
उसलाई अ-यहूदी मानिसहरू कहाँ सुम्पिन्छन्।'"

१२हामी सबैले ती शब्दहरू सुन्यौं। यसैले हामीहरू र
येशूका अरू स्थानीय चेलाहरूले पावललाई यरूशलेम
नजानु भनेर विन्ती गर्‍यौ। १३तर पावलले भने, "तिमीहरू
किन रोई रहेछौ? किन मलाई यति साह्यो खिन्न पारी
रहेछौ? म यरूशलेममा बाँधिन तयार छु। म प्रभु येशूको
नाउँको निम्ति मर्न सम्म तयार छु!"

१४हामीले उनलाई यरूशलेमबाट टाढ़ा राख्न सकेनौ।
अत: हामीले उनलाई विन्ती गर्न छोड़ी दियौ र भन्यौ,
"हामी प्रार्थना गर्छौ कि जे प्रभुले चाहनु हुन्छ त्यही
हुनेछ।"

१५त्यसपछि हामी यरूशलेमतिर जान तयार भयौं।
१६सिजरियावासी येशूका कतिपय चेलाहरू हामीसँग
गए। ती चेलाहरूले हामीलाई साइप्रसका मानिस मनासोनको
घरमा लगे। मनासोन येशूका एकजना एकदम पुरानो
चेला थिए। तिनीहरूले हामीलाई उनको घरमा लगे र
हामी त्यही बस्यौ।

### पावल याकूबलाई भेट गर्न जाँदछ

१७यरूशलेममा विश्‍वासीहरू हामीलाई देखेर अत्यन्त
खुशी भए। १८अर्कोदिन, याकूबलाई भेट्न पावल हामीसँग
गए। सबै अग्रजहरू पनि त्यहाँ थिए। १९पावलले
प्रत्येकलाई अभिवादन गरें अनि परमेश्‍वरले अयहूदीहरूको
बीचमा उनको सेवकहरूको माध्यमले सबै कामहरू गरे
एक एक गरी वृतान्त सुनाए। २०जब अग्रजहरूले यी
कुराहरू सुने, तिनीहरूले परमेश्‍वरको प्रशंसा गरे।
त्यसपछि तिनीहरूले पावललाई भने, "भाइ, तिमीहरूले
देख्छौ कि कति हजारौ यहूदीहरू विश्‍वासीहरू भए। तर
तिनीहरू सबैले सोच्छन् कि मोशाको व्यवस्था खुबै
महत्वको हो। २१अरू देशहरूमा अयहूदीहरू माभमा
बस्ने यहूदीहरूलाई तिमीले मोशाको व्यवस्था पालन
नगर्नु भनी शिक्षा दियौ भन्ने तिनीहरूले सुनेका छन्।
तिनीहरूले सुनेका छन् कि यहूदीहरूका छोरा-छोरीहरूलाई
खतना गर्नु पर्दैन र हाम्रो रीतिरिवाज मान्नु पर्दैन भनी
तिमीले शिक्षा दियौं। २२के गर्नु पर्ने? यहाँ यहूदी
विश्‍वासीहरूले तिमी आएको निश्‍चय चाल पाउनेछन्।
२३यसर्थ के गर्नु पर्ने हो हामी बताँउछौ: हाम्रा चारजना
मानिसहरूले परमेश्‍वरलाई वाचा गरेका छन्।
२४यिनीहरूलाई लिएर जाऊ र तिनीहरूसँगै आफू पनि
चोखिए। तिमीले तिनीहरूको केश खोरेने पैसा देऊ।
यसो गरे यो प्रमाण हुनेछ कि तिम्रो विषयमा तिनीहरूले
जे सुने त्यो सत्य होइन। तिनीहरूले तिमीले मोशाको
नियम तिम्रो आफ्नै जीवनमा पालन गरेको देख्नेछन्।
२५अ-यहूदी विश्‍वासीहरूको विषयमा हामीले तिनीहरूलाई
चिट्ठी यसो भन्दै पठाएका छौ:

'मूर्तीहरूमा चढाएको खाद्य नखानू रगत नखानू
निमोठेर मारेको पशु नखानू कुनै प्रकारको
यौन-पाप नगर्नू।'"

### पावलको पक्राऊ

२६पावल ती चारजना मानिसहरू आफ्नो साथ लिएर
गए र तिनीहरूका चोखिने उत्सवमा भाग लिए।
त्यसपछि चोखिने दिनको समापन कहिले हुने अनि
तिनीहरू प्रत्येकलाई भेटी दिइने त्यसको उद्घोषणा गर्न
तिनी मन्दिर भित्र गए।

२७जब सात दिन बित्न लागेको थियो कतिपय
एशियाका यहूदीहरूले पावललाई मन्दिर प्राङ्गणमा देखे।
तिनीहरूले सबै मानिसहरूलाई उत्तेजित बनाए अनि
पावललाई पक्रे। २८तिनीहरू जोड़ले चिच्याए, "यहूदीहरू
हो, हामीलाई सघाऊ। यही मानिस हो जसले मोशाको
व्यवस्थाको विरुद्ध, आफ्नै मानिसहरूका विरुद्ध, यी
मन्दिरको विरुद्ध शिक्षा दिइरहेछ। यो मानिसले यी
कुराहरू सबै मानिसहरूलाई चारैतिर सिकाइरहेछ। अनि
उसले कतिपय अयहूदीहरूलाई मन्दिरको प्राङ्गणमा ल्याएको
छ। उसले यस पवित्र ठाउँलाई अशुद्ध पारेको छ!"
२९यहूदीहरूले यसो भनेको कारण उनीहरूले एफिससका
त्रोफिमसलाई पावलसँग यरूशलेमा देखेका थिए अनि
सोचे कि उसलाई पावलले मन्दिर क्षेत्र भित्र ल्याएको
छ।

३०यरूशलेममा खलबल मच्चियो। मानिसहरू सबै तिरबाट दौड़ेर आए अनि पावललाई पक्रे अनि तानेर मन्दिरको क्षेत्रबाट बाहिर निकाले। मन्दिरको प्रवेशद्वारहरू तुरून्तै बन्द भए। ३१जब मानिसहरूको भीड़ले पावललाई मार्न तरखर गर्दै थिए रोमन सेनापतिले सम्पूर्ण नगरमा गण्डागोल भइरहेको सूचना पाए। ३२सेनापति तुरन्त त्यस ठाउँमा पुगे केही सेना अधिकारीहरू र सेनाहरू साथमा लिएर पुगे। मानिसहरूले सेनापति र सेनाहरू आएका देखे, तिनीहरूले पावललाई कुटपिट गर्न छोड़े। ३३तब सेनापति पावलको छेउमा गएर पक्राउ गरे। सेनापतिले आफ्ना सेनाहरूलाई उसलाई दुइटा साङ्गलाहरूले बाँध्नु भनी हुकूम दिए। त्यसपछि सेनापतिले सोधे, "यो मानिस को हो? उसले के गल्ती गरेको छ?" ३४कतिपय मानिसहरूले एकथरीका कुराहरू गरिरहेका थिए अनि अन्य कतिपय मानिसहरूले अर्को थरीका कुराहरू गरिरहेका थिए। यस्तो अन्योलका कुराहरूले गर्दा सेनापतिले सत्य कुरा पत्ता लगाउन सकेनन। तसर्थ, सेनापतिले सेनाहरूलाई सेना भवनमा पावललाई लैजान भन्ने हुकूम गरे। ३५-३६सम्पूर्ण जनसमूह तिनीहरूका पछि आए। जब सिपाहीहरू सिंढीका छेउमा आईपुगे, तब तिनीहरूले मानिसहरूको दङ्गाको कारणले पावललाई बोकेर लगे। मानिसहरू तिनीहरूलाई पछ्याउदै कराए।, "त्यसलाई मार!"

३७सेनाहरू पावललाई सैन्यभवनमा लैजान तयार थिए। तर पावल सेनापतिसँग बोले। उनले सोधे, "तपाईंलाई केही भन्न सक्छु?"

सेनापतिले भने, "अरे! तिमी ग्रीक भाषा बोल्छौ?" ३८मैले सोंचेको व्यक्ति तिमी होइन रहेछौ? मैले तिमीलाई मिश्रदेशवासी सम्झिरहेको थिए जसले (सरकारको विरुद्ध) केही अघि विद्रोह गर्न थालेको थियो। र उ मरूद्यानमा चार हजार ज्यानमाराहरूका अगुवा भएका थिए।"

३९पावलले भने, "म सिलिसियाका देशबाट आएको यहूदी हुँ म त्यहाँ प्रसिद्ध नगर टार्ससको नागरीक हुँ। दया गरेर, मलाई मानिसहरूसँग बोल्न दिनुहोस्।"

४०सेनापतिले पावललाई मानिसहरूसँग बोल्नु अनुमति दिए। अत: उनी सिंढीमा उभिए अनि उनले हातको इशाराले मानिसहरू शान्त हुनु भने। जब मानिसहरू शान्त भए पावल तिनीहरूसँग बोले। उनले यहूदी भाषामा तिनीहरूसँग बोले।

## पावल मानिसहरूसँग बोल्दछ

२२ पावलले भने, "मेरा दाजु-भाइहरू, र पिताहरू मलाई ध्यान दिएर सुन! तिमीहरूका सामु म आफ्नो बचाउको पक्षमा कुरा गर्नेछु।" २पावलले यहूदी भाषामा बोलेको यहूदीहरूले सुने। जब पावलले यहूदी भाषा बोलेको यहूदीहरूले सुने तिनीहरू झन चुपचाप बसे। पावलले भने, ३"म एक यहूदी हुँ। म सिलिसिया प्रदेशको टार्ससमा जन्मेको हुँ। तर म यही नगरमा हुर्किएको हुँ। म गमलीयलको* शिष्य थिए। उहाँले मलाई हाम्रा पिता पुर्खाहरूका नियम अनुसार कड़ासँग प्रशिक्षण गराउनु भयो। म परमेश्वरमा अत्यन्त उत्साही छु तिमीहरू जस्तै आज जो यहाँ छौं। ४जसले येशूको मार्ग अप्नाए तिनीहरूलाई मैले मृत्युको मुखसम्म खेदो गरे। मैले पुरुष र नारीहरूलाई पक्रें अनि जेलमा थुने। ५प्रधान पूजाहारीहरू र सम्पूर्ण बूढ़ा यहूदी अगुवाहरू यसका साक्षी छन्। दमीशकका यहूदी दाजु-भाइहरूको निम्ति तिनीहरूबाट मैले चिट्ठी लिएँ। म त्यहाँ पनि येशूका चेलाहरूलाई पक्राउन र तिनीहरूलाई दण्ड दिलाउनु यरूशलेम ल्याउन भनी गएको थिए।

## पावलले आफ्नो परिवर्तन बारे भन्दछ

६"म दमीशकको बाटो जादै गर्दा अचानक एक घटना घट्यो। त्यति बेला मध्याह्न भएको थियो जब म दमीशक नजिक पुगेको थिएँ। अचानक आकाशबाट एक शक्तिशाली ज्योति मेरो वरिपरि चम्कियो। ७म भूइँमा लड़े। मलाई केही भनिरहेको एक आवाज सुनें, 'शावल, शावल, तिमीले किन मलाई सताइरहेछौ?' ८मैले सोधें, 'तपाई को हुनुहुन्छ प्रभु?' त्यस आवाजले भन्यो, 'म नासरतको येशू हुँ, जसलाई तिमीले सताइरहेछौ।' ९मानिसहरू जो मसँग थिए तिनीहरूले ज्योति देखे, तर ती 'एक' मसँग जो बात गर्दै हुनुहुन्थ्यो, त्यो आवाज तिनीहरूले सुनेनन्। १०मैले भने, 'मैले के गर्नु पर्ला प्रभु?' प्रभुले जवाब दिनु भयो, 'उठ अनि दमीशक जाऊ। तिमीले गर्नु पर्ने मैले ठीक गरेको काम त्यहाँ तिमीलाई भनिने छ।' ११मैले केही देख्न सकिन किनभने त्यो तीव्र उज्यालो ज्योतिले मलाई अन्धा बनायो। मसँग

**गमलीयल** फरिसीहरूको एक अति विशेष शिक्षक यहूदी धर्मी समूह (प्रेरित ५:३४)।

भएका मानिसहरूले मलाई मेरो हात समातेर दमीशक
लगे।
१२"दमीशकमा एकजना हनानिया नाउँ भएको मानिस
थिए। उनी मोशाको व्यवस्था पालन गर्ने श्रद्धालु भक्त
थिए। त्यहाँ बस्ने यहूदीहरूले उनलाई सम्मान गर्थे।
१३हनानिया मकहाँ आए अनि भने, 'भाइ शावल! तिम्रो
दृष्टि प्राप्त गर!' अचानक मैले उनलाई देख्न सकेँ।
१४हनानियाले भने, 'हाम्रा पिता पुर्खाहरूका परमेश्वरले
तिमीलाई उहाँको इच्छा जान्न, ती धार्मिकतालाई देख्न
अनि उहाँको मुखबाट शब्दहरू सुन्न पहिल्यै चुनिसक्नु
भएको थियो। १५सबै मानिसहरूको निम्ति तिमी उहाँको
साक्षी बन्ने छौ। तिमीले उनीहरूलाई आफुले देखेका र
सुनेका कुराहरू भन्ने छौ। १६अब तिमी बेसी नपर्ख।
उठ, उहाँको नाउँमाथि विश्वास गरेर बप्तिस्मा लेऊ र
तिम्रा पापहरू पखाल।'
१७"त्यसपछि, म यरूशलेम फर्कें। जब म मन्दिरमा
प्रार्थना गरिरहेको थिएँ मैले एक दर्शन पाएँ। १८मैले
येशूलाई देखे र उहाँले मलाई भन्नुभयो, 'झट्टै गर,
यरूशलेम छोडी हाल तुरन्तै किनभने मानिसहरूले मेरो
विषयमा तिमीले दिएको साक्षी स्वीकार्ने छैनन।' १९मैले
भने, 'तर प्रभु, मानिसहरूले जान्दछन् कि म नै एक हुँ
जो तपाईंको विश्वासीहरूलाई सभाघरहरूभित्र पक्रन र
कुट्न गएँ। २०मानिसहरूले यो पनि जान्दछ कि तपाईंको
साक्षी, स्तिफनसको जब रगत बग्यो, म त्यहाँ पनि त्यस
काण्डमा सहयोग गर्दै उनलाई मार्नेहरूको लुगाहरू रूँगेर
बसेको थिएँ!' २१तर येशूले मलाई भन्नु भयो, 'गई
हाल तुरून्तै अब म तिमीलाई टाढ़ा अ-यहूदीहरू
भएकोमा पठाउने छु।'"
२२पावलले भनेको यो अन्तिम कुराहरूमा मानिसहरूले
ध्यान दिएनन्। उनीहरूले उनको कुरा उनले त्यति
भनुञ्जेल सम्म सुने। तब प्रत्येक व्यक्ति चिच्याए, "उसलाई
मार! उसलाई संसारदेखि हटाई देऊ। यो बाँच्न योग्य
छैन!" २३तिनीहरूले कराँउदै उनीहरूका लुगाहरू
फ्याँकीदिए। तिनीहरूले धूलोहरू हावामा उडाए। २४तब
सेनापतिले सिपाहीहरूलाई भने पावललाई सैन्य भवनमा
लैजाऊ। उनले सिपाहीहरूलाई कुटपीट गरेर तिनलाई
जाँच गर्ने आदेश दिए। यसो गर्दा कतै मानिसहरू किन
यसरी तिनको विरोधमा कराइरहेछन् जान्न सकिने तिनी
आशा गर्दै थिए। २५यसैले कुटपीट गर्न सिपाहीहरूले
पावललाई बाँध्दै थिए। तर पावलले त्यहाँ उभिरहेको
सेना अधिकारीलाई भने, "के एक रोमी नागरिकलाई जो
दोषी हो भन्ने प्रमाण नै भएन, तिम्रो कोर्रा लगाउने
अधिकार छ?"
२६जब सेना अधिकारीले त्यस्तो सुने उ सेनापति
कहाँ गएर ती कुरा भने। सेना अधिकारीले भन्यो,
"तिमी जान्दछौ तिमीले के गरिरहेका छौ? यो व्यक्ति
रोमी नागरिक हो।"
२७सेनापति पावलकहाँ आए र भने, "मलाई भन
तिमी साँच्चिनै रोमी नागरिक हौ?"
पावलले जवाब दिए, "हजुर।"
२८सेनापतिले भने, "मैले एक रोमी नागरिक हुनलाई
धेरै पैसा खर्च गरेको र तिरेको छु।"
तर पावलले भन्यो, "म रोमी नागरिक भएरै जन्मेको
थिएँ।"
२९ती मानिसहरू जसले पावललाई प्रश्नहरू गर्न
तयार भइरहेका थिए, पावललाई छाड़ेर गए। सेनापति
डराई रहेका थिए किनभने उसले पावललाई अघिबाटै
बाँधिसकेको थियो अनि पावल एक रोमी नागरिक
थिए।

### पावल यहूदी अगुवाहरूसँग बोल्दछ

३०सेनापतिले यहूदीहरू किन पावललाई दोष्याइरहेछन्
बुझ्न चहान्थे। यसर्थ अर्को दिन उनले मुख्य पूजाहारीहरू,
यहूदीहरू अनि सारा महासभालाई भेला हुने आदेश
दिए। सेनापतिले पावललाई बाँधेका साङ्लाहरू खोलिदिए।
त्यसपछि पावललाई ल्याए अनि तिनीहरूको सामुन्ने
उभ्याए।
२३ पावलले यहूदी-महासभालाई हेरे अनि भने,
"मेरा दाजु-भाइहरू हो, मैले आज सम्म मेरो
जीवन राम्रो विचारमानै बिताएँ।" २हनानिया, प्रधान
पूजाहारी पनि त्यहाँ थिए। हननियाले पावलले भनेको
सुने र मानिसहरूलाई आदेश दिए जो पावलकै मुखमा
हिर्काउनु जो छेउमा उभिएका थिए। ३पावलले हननियालाई
भने, "परमेश्वरले पनि तिमीलाई हिर्काउनु हुनेछ। तिमी
एकमैला भित्ता जस्तो छौ जुन सेतो रंगले पोतेको छ।
मोशाको व्यवस्था अनुसार मेरो न्याय गर्न तिमी त्यहाँ
बसिरहेका छौ यद्यपि तिमी मलाई हिकाउर्ने आदेश दिएर
कानुन अमान्य गरिरहेका छौ।"
४पावलको छेउमा उभिरहेका मानिसहरूले भने, "तिमीले
त्यसरी प्रभुको प्रधान पूजाहारीसँग बात गर्नु हुँदैन,

तिमीले उनलाई निन्दा गरीरहेछौ!” ५पावलले भने,
“दाजु-भाइहरू, मलाई थाहा थिएन कि उनी प्रधान
पूजाहारी हुन। धर्मशास्त्रमा यस्तो लेखिएको छ, ‘तिमीले
तिम्रा मानिसहरूका अगुवाको विषयमा खराब कुराहरू
गर्नु हुँदैन।’*”

६सभामा कतिपय मानिसहरू सदुकीहरू थिए र
अन्य फरिसीहरू थिए। यो सोचेर पावलले एउटा विचार
निकाले। उनी महासभाप्रति चिच्याएँ, “मेरा दाजु-भाइहरू,
म फरसीको फरसी छोरो हुँ। म यहाँ मुद्दामा छु
किनभने म विश्वास गर्छु मानिसहरू मृत्युबाट बौरी
उठने छ!”

७जब पावलले त्यसो भने, त्यहाँ फारिसी र सदुकीहरू
माझ गहन तर्कहरू शुरु हुन थाल्यो। ती सभा
विभाजन भयो। ८सदुकीहरूको विश्वास थियो मानिसहरू
मरेपछि तिनीहरू फेरि जिउँदो हुँदैनन्, अनि स्वर्गदूत
अथवा आत्मा हुदैँन। तर फरिसीहरू यी सबैमा विश्वास
गर्छन्। ९ती सबै जना यहूदीहरू जोड-जोडले चिच्याउन
थाले। कतिपय शास्त्रीहरू, जो फरसीहरू थिए उभिए र
तर्क गरे, “हामीले यस मानिसको विरुद्ध कुनै गल्ती
पाएनौ। हुनसक्छ दमीशकको बाटोमा स्वर्गदूतले अथवा
आत्माले उसँग बोल्यो होला!”

१०तर्क लड़ाईमा बद्लियो। यहूदीहरूले पावललाई
टुक्रा टुक्रा पार्नेछन् भनेर सेनापति डराए। यसैले सेनापतिले
सिपाहीहरूलाई तल गएर पावललाई यहूदीहरूबाट लिईकन
सैन्य-भवनमा राख्न लगाए।

११अर्को रात, प्रभु येशू आउनु भयो अनि पावलको
छेउमा उभिनुभयो। “सहासी बन! जसरी तिमीले यरूशलेममा
मेरो विषयमा भन्यौ, रोममा पनि गएर मेरो विषयमा
बताउनु पर्छ।”

## केही यहूदीहरूले पावललाई मार्ने योजना

१२अर्को बिहान कतिपय यहूदीहरूले पावललाई मार्ने
योजना बनाए। तिनीहरूले जब सम्म पावललाई मार्दैनौ
न खाने नै छौ न पिउने नै छौ भन्ने प्रतिज्ञा गरे।
१३चालीस जना भन्दा धेरै यहूदीहरू त्यस समूहमा थिए
जसले यस षड़यन्त्रमा भाग लिए। १४ती यहूदीहरू मुख्य
पूजाहारीहरू र बूढ़ा अगुवा पूजाहारीहरू भएकोमा गए
अनि भने, “हामी आफैले प्रतिज्ञा गरेको छौ कि हामी
पावललाई नमारुञ्जेल सम्म न केही पिउँछौ न केही
खाने छौं। १५अत: यसैले हामी तपाईंहरूलाई यस्तो
गराउन चाहन्छौ: तँपाईहरूसँग अनि यहूदी अगुवाले
सेनापतिलाई पावल तँपाईहरूसँग ल्याउनु भनी खबर
पठाउनु होस। तिनलाई भन्नुहोस् कि पावलसँग तँपाईले
धेरै प्रश्नहरू गर्नु छ। पावल यहाँ आई पुग्न अघि नै
हामी उसलाई मार्न तयारी भई बस्नेछौं।”

१६तर पावलको भानिजले यो षड़यन्त्र थाहा पाए।
उनी सैन्य भवनमा गए र पावललाई सुनाइदिए। १७तब
पावलले एकजना सेना अधिकारीलाई बोलाए अनि भने,
“यस जवानलाई सेनापतिकहाँ लिएर जाऊ। उसकोमा
उनको निम्ति खवर छ।” १८अत: सेना अधिकारीले
त्यस जवान मानिसलाई सेनापतिकहाँ लगे। अधिकारीले
भन्यो, “कैदी पावलले भन्यो कि यस जवान मानिसलाई
तँपाई कहाँ लैजाउनू, किनभने यसकोमा तपाईंको लागि
खबर छ।”

१९सेनापतिले त्यस जवान मानिसलाई एकांत ठाउँमा
लगे, जहाँ उनीहरू खुलासँग बात मार्न सक्थे। सेनापतिले
भने, “तिमीले मलाई केही भन्नु चहान्छौ?”

२०त्यस जवान मानिसले भन्यो, “यहूदीहरूले पावललाई
अझ धेरै प्रश्न गर्ने निहुँमा तपाँईलाई भोलि महासभामा
पावललाई ल्याई माग्ने निर्णय गरेका छन्। २१तर
तिनीहरूलाई विश्वास नगर्नुहोस। त्यहाँ चालीस जना
भन्दा धेरै मानिसहरू लुकेर पावललाई मार्न बसेकाछन्।
तिनीहरूले उनलाई नमारे सम्म न पिउने, न खाने कसम
खाएका छन्! अहिले तिनीहरू तपाँईको सम्मतिको
निम्ति पर्खिरहेका छन्।”

२२सेनापतिले त्यस जवानमानिसलाई यसो भनेर
पठाईदिए। “कसैलाई पनि तिमीले यसो भने भनेर
नभन्नू।”

## पावललाई सिजरिया पठाईयो

२३त्यसपछि सेनापतिले दुइ सैन्य अधिकारीहरूलाई
डाके। अनि भने, “सिजरिया जानको निम्ति २००
सिपाहीहरू ७० घोड़ सवार र २०० भालाधारी सिपाहीहरू
तयार पार। तिनीहरू राती ९ बजे हिड़्नु तयार हुनु पर्छ।
२४केही घोड़ाहरू पावलको लागि पनि ल्याऊ ताकि
पावललाई राज्यपाल फेलिक्सकहाँ सुरक्षित पुऱ्याउन
सकिन्छ।” २५सेनापतिले यस्तो एउटा चिट्ठी पनि उनलाई
लेखे।

**‘तिमीले … गर्नु हुँदैन’** प्रस्थान २२:२८।

२६ क्लौडियस लायसिअसबाट महामहि राज्यपाल
फेलिक्सलाई:
नमस्कार।

२७ यहूदीहरूले यो मानिसलाई पक्रेका थिए
अनि मार्ने योजना गरिरहेका थिए। मैले चाल
पाँए कि उनी एक रोमी नागरीक रहेछन्। अत:
म मेरा सिपाहीहरूसँग गएँ अनि उसलाई
बचाएँ। २८ म जान्न चहान्थें कि तिनीहरूले
उनलाई किन दोष लगाईरहेका छन्। यसैले
मैले तिनीहरूका महासभामा उनलाई पुऱ्याँए।
२९ मैले थाहा पाएँ कि तिनीहरूकै व्यवस्थाको
प्रश्नहरूको सम्बन्धमा तिनलाई दोषी ठह्राइएको
रहेछ। तर ती विषयहरूमा तिनलाई जेल पठाउनु
तथा मृत्यु दण्ड दिनु कुनै पनि योग्य ठहरिंदैन।
३० मलाई सुनाइयो कि कतिपय यहूदीहरूले
उनलाई मार्ने षड़यन्त्र गरिरहेका थिए। यसैले
मैले उनलाई तपाँईकहाँ तुरन्तै पठाएँ। यहूदीहरू
जसले तिनलाई दोष्याउँदैछन् तपाँई अघि उनको
विषयमा यहूदीहरूसँग भएको दोष देखाउन पनि
लगाएको छु।

३१ सिपाहीहरूले तिनीहरूलाई भनेका कुराहरू गरे।
सिपाहीहरूले पावललाई लिएर एन्टिप्याट्रिस नगरमा राती
नै लगे। ३२ अर्को दिन घोड़सवार पावलसँग सिजरिया
गए। तर अन्य सिपाहीहरू र भालाधारीहरू यरूशलेम
सैन्य-भवन तिरै फर्केर आए। ३३ घोड़सवार सिपाहीहरू
सिजरियाभित्र पसे अनि राज्यपालकलाई चिट्ठी दिए।
त्यसपछि उनीकहाँ पावललाई सुम्पे। ३४ राज्यपालकले
चिट्ठी पढ़ेर पावललाई सोधे, "तिमी कुन देशका हौं?"
राज्यपालकले पावल सिलिसियाका हुन भनेर जाने।
३५ राज्यपालकले भने, "तिमीलाई दोष्याउनेहरू यहाँ आउँदा
म तिम्रो मुद्दा लिने छु।" अनि त्यसपछि उनले पावललाई
हेरोदको राजमहलमा सुरक्षित राख्न आदेश दिए।

### यहूदीहरूले पावललाई दोष लगाए

२४ पाँचदिन पछि हनानिया सिजरिया गए। उनी
प्रधान पूजाहारी थिए। उनले कतिपय बूढ़ा यहूदी
अगुवाहरू र तर्तुल्लस नाउँका वकीललाई आफ्नो
साथमा ल्याए। तिनीहरू राज्यपालकको सामु पावलको
विरुद्ध मुद्दा उठाउन सिजरिया गए। २ पावललाई सभामा
डाकियो अनि तर्तुल्लसले उनको विरुद्ध यसो भन्दै मुद्दा
पेश गर्न थाले,

"महामहिम फेलिक्स, तँपाईंले गर्दा नै हाम्रा मानिसहरूले
शान्ति उपभोग गरिरहेका छन् अनि तपाईंकै दूरदर्शिताले
हाम्रो देशमा हुन पर्ने सुधारहरू भए। ३ हामी ती
कुराहरूका लागि तपाईंलाई प्रत्येक ठाउँमा र हरेक
तरिकाले धन्यवाद प्रकट गर्छौं। ४ तर म तपाईंको धेरै
समय नष्ट गर्न चाहँदिन। यसर्थ म केही शब्दमा तपाईं
अघि मुद्दा पेश गर्नेछु। दया गरी, धैर्यधारण गरिदिनुहोला।
५ यो मानिस एक समस्या ल्याउने व्यक्ति हो र यसले
जताततै संसारभरि यहूदीहरू माझ दङ्गा मचाँउछ। यो
नासरीदलका नेता हो। ६-८ यसले मन्दिर अपवित्र बनाउन
खोजिरहेका थियो तर हामीले उसलाई रोक्यौ।* जब
तपाँईले यस व्यक्तिलाई जाँच गर्नु हुनेछ हामीले उ माथि
लगाएको सबै दोषहरू सत्य हुन भनी आफै बुझ्नु
हुनेछ।" ९ अन्य यहूदीहरू सहमत भए अनि भने, "यी
कुराहरू साँचिनै सत्य हुन्!"

### पावल फेलिक्सको अगाडी

१० राज्यपालकले पावललाई बोल्न संकेत गर्नुभयो।
अत: पावलले राज्यपाललाई जवाब दिए, "राज्यपाल
फेलिक्स, म जान्दछु कि तपाईं धेरै समय देखि यस
राष्ट्रको न्यायकर्ता हुनुहुन्छ। यसर्थ म आफ्नो बचाउ पक्ष
पेश गर्न पाउँदा खुशी छु। ११ म यरूशलेममा आराधना
गर्नलाई बाह्र दिन अघि मात्र गएँ। तपाईं आफै यो सत्य
हो भनेर जाँच्नु सक्नु हुन्छ। १२ यी यहूदीहरू जसले
मलाई दोष लगाए उनीहरूले मलाई मन्दिरमा कसैसँग
बोलेको भेटेनन्। मैले कतै सभाघर अथवा यो नगरको
अन्यत्र कतै समस्या खड़ा गर्न भीड़ जम्मा गरेको छैन।
१३ ती यहूदीहरूले मेरो विरुद्धमा अहिले जे दोषारोपण
गरे त्यसको प्रमाण दिन सक्तैनन्। १४ तर म तपाईंलाई
भन्दैछु: म हाम्रा पिता पुर्खाहरूका परमेश्वरलाई येशूका

---

**पदहरू ६-८** पछि "... हामीले उसलाई रोक्यौ।" केही ग्रीक प्रतिलिपिहरूमा ६ र ८ थपिन्छ: "अनि हामी आफ्नै कानूनद्वारा परिक्षित हुनु चाहान्छौं। ७तर अधिकारी लियास आए अनि हामीबाट उसलाई लैजानु धेरै बल प्रयोग गरे। ८अनि हामीलाई दोष्याउनु हामी भएकोमा आउनु उनका मानिसहरूलाई आदेश दिए।"

चेलाले जस्तै आराधना गर्दछु। यहूदीहरू भन्छन् येशूको
मार्ग गलत हो। तर मोशाको व्यवस्थाहरूमा बताएको
प्रत्येक कुरो अनि अगमवक्ताहरूले कितापमा लेखेकाहरू
म विश्वास गर्छु। १५म परमेश्वरमा त्यही आशा गर्छु
जो यी यहूदीहरू गर्छन कि धर्मी अनि अधर्मी मृत्युबाट
बौरी उठनेछ। १६यही कारणले म सधैं परमेश्वर अनि
मानिसहरूको अघि त्यही गर्ने प्रयास गर्छु जुन मेरो
विश्वासमा सही हुन्छ।

१७"म धेरै वर्षदेखि यरूशलेमबाट टाढा रहेको थिए।
म त्यहाँ मेरा मानिसहरूका निम्ति केही दानको उपहारहरू
लिएर बलि चढ़ाउनु फर्केको थिएँ। १८जति बेला
तिनीहरूले मलाई मन्दिरमा भेटे मैले शुद्धिकरण विधि
सिद्धाएको थिएँ। मैले मेरो वरिपरि कुनै भीड़ जम्मा
गरेको थिइन न त त्यहाँ मैले कुनै प्रकारको अशान्ति नै
बनाएको थिँए। १९तर कतिपय एशियाबाट आएका
यहूदीहरू त्यहाँ थिए। यदि तिनीहरूसँग साँच्चै मेरो
विरोधमा केही साक्षी भए त्यो प्रमाण गर्न तिनीहरू यहीं
हुन पर्ने। २०अथवा ती यहूदीहरूलाई जो यहाँ छन्
सोध्नुहोस यदि तिनीहरूले मेरो विरुद्ध केही गल्तीहरू
पाएका छन् कि जति वेला म यरूशलेममा यहूदीहरूको
एक महासभामा थिए। २१मैले खाली तिनीहरूको समक्ष
एउटै कुरोको घोषणा गरेको थिएँ: 'आज मेरो न्याय
गरिदैछ किनभने मानिसहरू मृत्युबाट जाग्नेछन् भनेर
विश्वास गर्दछु।'"

२२फेलिक्सले येशूमार्ग विषयमा धेरै कुराहरू जान्दथे।
उनले मुद्दा स्थगित गरे अनि भने, "जब सेनापति,
लायसिअस यहाँ आउछन्, म यी कुराहरूको विषयमा
निर्णय गर्नेछु।" २३फेलिक्सले सैन्य अधिकारीलाई पावललाई
सुरक्षामा राख्न भने। तर तिनले सैन्य अधिकारीलाई भने
कि पावललाई केही स्वतन्त्र दिनु अनि उनको आवश्यकता
पुरा गर्न उनको साथीहरूलाई वाधा नदिनु।

### पावल फेलिक्स र उहाँको पत्नीसँग बोल्दछ

२४केही दिन पछि फेलिक्स आफ्नी यहूदी पत्नीसँग
आए। उनको नाउँ द्रूसिल्ला थियो। फेलिक्सले पावललाई
ल्याउनु भनेर आज्ञादिए। फेलिक्सले ख्रीष्ट येशूमा
विश्वासप्रति पावलले भनेको कुराहरू सुने। २५तर
फेलिक्स डराए जब पावलले धार्मिक जीवन, आत्मा
संयम र भविष्यमा हुने न्यायको विषयमा भने। फेलिक्सले
भने, "अहिले जाऊ। जब मसँग समय हुन्छ म
तिमीलाई फेरि बोलाउने छु।" २६तर फेलिक्सको पावलसँग
बात गर्ने अर्को कारण थियो। फेलिक्सले पावलबाट
घुस पाउने आशा गरेका थिए। यसर्थ उनले पावललाई
बारम्बार बोलाएर कुराकानी गर्थे।

२७तर दुइ वर्ष पछि पोर्सिअस फेस्तस राज्यपाल
भए। फेलिक्स अब राज्यपाल रहेनन्। तर फेलिक्सले
पावललाई कैद नै बनाएर राखे। किनभने उनले यहूदीहरूलाई
खुशी पार्न चाहन्थे।

### पावलले सम्राट सिजरलाई भेटन चाहन्थे

**२५** फेस्तस राज्यपाल भए, अनि तीन दिन पछि उनी
सिजरियाबाट यरूशलेम गए। २मुख्य पूजाहारीहरू
र अति मुख्य यहूदी अगुवाहरूले पावलको विरुद्ध
तिनीहरूको मुद्दा पेश गरे। ३तिनीहरूले फेस्तसलाई
तिनीहरूको लागि सहायता गरिदिने विन्ती गरे; यहूदीहरू
फेस्तसबाट के चाहन्थे भने पावललाई यरूशलेम पठाइयोस।
तिनीहरूले बाटैमा पावललाई मार्ने षड़यन्त्र गरेका थिए।
४तर फेस्तसले जवाब दिए, "हुँदैन! पावललाई सिजरियामा
राखिने छ। म स्वयं पनि सिजरिया चाँड़ै जान्छु।
५तिमीहरूका अगुवाहरू पनि मसँग जानु पर्छ। यदि
उसले केही गल्ती साँचिनै गरेका भए तिनीहरूले
सिजरियामा पावललाई आरोप लगाउन सक्छन्।"

६फेस्तस यरूशलेमा आठ-दश दिन भन्दा धेरै बसेनन्।
त्यसपछि उनी सिजरिया फर्केर गए। अर्को दिन फेस्तसले
सिपाहीहरूलाई पावललाई उहाँकहाँ ल्याउनु अहाए।
फेस्टस न्याय-आसनमा बसे। ७पावल न्यायालयमा आए।
यरूशलेमबाट आएका यहूदीहरू उनको वरिपरि उभिए।
यहूदीहरूले पावलको विरोधमा निकै दोष देखाई धेरै
अनि गम्भीर 'आरोपहरू ल्याए। तर तिनीहरूले त्यसको
प्रमाण दिनसकेनन्। ८तब पावलले आफ्नो बचाऊ पक्षमा
भने, "मैले यहूदीहरूको कानुन, मन्दिर अथवा सिजरको
विरुद्ध कुनै काम गरेको छैन।"

९तर फेस्तस यहूदीहरूलाई खुशी पार्न चाहन्थे।
यसैले उसले पावललाई सोधे, "के तिमीमाथि लगाइएको
यी आरोपहरूमा मेरो अघि न्याय पाउन यरूशलेम जान
चाहान्छौ?"

१०पावलले भने, "म अहिले सिजरको न्यायालय
अघि उभिएकोछु, अनि यस ठाउँमा मैले न्याय गरिनु
पर्छ। मैले यहूदीहरूका विरुद्ध केही गल्ती काम गरेको
छैन: यो सत्य तपाईं राम्ररी जान्नु हुन्छ। ११यदि म कुनै

अपराधको दोषी छु भने अनि मलाई मृत्यु दण्ड भोगाँउछ भने म मृत्यु दण्डदेखि भाग्ने प्रयास गर्ने छैन। तर ममाथि लगाईएका आरोपहरू आधारहीन निस्किए तब कुनै पनि व्यक्तिले मलाई यी यहूदीहरूलाई सुम्पिनु सक्तैन। म चाहन्छु मेरो मुद्दा सिजरले सुनी दिउन्।"

१२फेस्तसले आफ्ना महासभासँग परामर्श गरे। त्यसपछि उनले भने, "तिमी सिजरलाई उजुर गर। यसर्थ तिमी सिजरकहाँ जाऊ।"

## पावल हेरोद अग्रिपा समक्ष

१३केही दिनपछि राजा अग्रिपा र वर्णिस फेस्तसलाई भेटन सिजरिया आए। १४तिनीहरू त्यहाँ धेरै दिन बसे। फेस्तसले राजालाई पावलको मुद्दाबारे बताए अनि भने, "यहाँ एकजना मानिस छ जसलाई फेलिक्सले कैंदमा राखी छोड़ेको छ। १५जब म यरूशलेम गएँ त्यहाँका मुख्य पूजाहारीहरू र बुढ़ा यहूदी अगुवाहरूले उनको विरुद्ध मुद्दा हालेकाछन्। यी यहूदीहरू मबाट उसलाई मृत्युदण्ड दिलाउनु चाहन्छन्। १६तर मैले तिनीहरूलाई भने, 'जब केही दण्डनीय अपराध गरेको विरुद्धमा आरोप लगाईन्छ, रोमीहरूकोमा त्यो रीति छैन कि त्यस मानिसलाई अभियोक्ताहरू कहाँ गल्ती सुम्पने। प्रथम उसलाई दोषारोप गर्ने मानिसहरूसँग मुखामुख हुनुपर्छ, अनि उसले ती दोषारोपनहरूको विरुद्ध स्वयं बचाऊ गर्ने मौका पाउनु पर्छ।' १७यसर्थ ती यहूदीहरू म सँग आए। अनि मैले समय नष्ट गरिनँ। अर्को दिन म न्याय-आसनमा बसे अनि त्यस मानिसलाई यहाँ ल्याउने आदेश दिएँ। १८यहूदीहरू उठे अनि आरोप लगाए। तर यहूदीहरूले कुनै नराम्रो अपराधको लागि दोषाएनन् जुन आशा गरेको थिए। १९जुन कुरा तिनीहरूले भने त्यो आरोप खाली तिनीहरूको आफ्नै धर्मको विषय माथि मतभेद र येशू नाउँ भएको मानिसको विषयमा मात्र थियो। येशू मरे तर पावल भन्दछ उ अझै पनि जिउँदो छ। २०म यस विषयमा धेरै कुरा जान्दिन, यसैकारण मैले प्रश्नहरू गरिनँ। तर मैले पावललाई भने, 'के तिमी यरूशलेम जान्छौ, यी कुराहरूमा त्यहाँ न्याय गराउन?' २१तर पावललाई सिजरियामा नै राखियो कारण उनी सिजरबाट निर्णय चाहन्थे। यसैले मैले आदेश दिएँ कि म जब सम्म पावललाई सिजरकहाँ पठाउन सक्तिन उसलाई त्यही राख्नु।"

२२अग्रिपाले फेस्तसलाई भने, "म त्यो मानिसको कुरा सुन्न चाहन्छु।"

फेस्तसले भने, "भोलि तपाईंले सुन्न सक्नु हुन्छ।"

२३अर्कोदिन अग्रिपा र बर्णिस निकै गर्वका साथ आए। तिनीहरू न्यायालयभित्र सेनापतिहरू र नगरका प्रमुख मानिसहरू लिएर पसे। अग्रिपा र बर्णिस, सैन्य अधिकारी, सिजरियाका प्रमुख मानिसहरू न्याय-कक्षमा गए। फेस्तसले सिपाहीहरूलाई पावललाई भित्र ल्याउनु भनेर हुकूम गरे। २४फेस्तसले भने, "राजा अग्रिपा र तिमीहरू सबैजना हामीसँग भेला भएका छौं, यस व्यक्तिलाई हेर। यहाँ भएका सबैजना यहूदीहरू र यरूशलेममा भएका यहूदीहरूले यस व्यक्तिको विरुद्ध गुनासो पोखेका छन् र कराए कि उसको बाँच्ने अधिकार छैन। २५जब मैले जाँचिरहेको थिएँ उसले केही यस्तो भूल गरेको मैले पाइन ताकि उसलाई मृत्यु दण्ड दिइयोस। अनि आफैले सिजरकहाँ अपील गरे। यसैकारण यिनलाई मैले रोम पठाउने निर्णय गरे। २६तर मैले उनको विषयमा सिजरलाई के लेख्ने कुनै निश्चित आधार पाइन। यसकारण उनलाई मैले तपाँईहरू सबैको समक्ष, अनि खासगरी तँपाई राजा अग्रिपाको समक्ष उभ्याँए। म आशान्वित छु कि तपाँईहरूको प्रश्न पश्चात तपाँईहरूले सुझावहरू मलाई दिनुहुनेछ ताकि म सिजरलाई केही लेख्न सक्छु। २७उसको विरोधमा दोषहरू नऔल्याई केही कैंदीहरू सिजरकहाँ पठाउनु मूर्खता हो भन्ने म विश्वास गर्छु।"

## पावल राजा अग्रिपा समक्ष

**२६** अग्रिपाले पावललाई भने, "तिमी आफ्नो सुरक्षाको लागि बोल्न सक्ने छौ।"

यसर्थ पावलले आफ्नो हात उठाए अनि यसो भन्दै बोल्न थाले। २"राजा अग्रिपा, तपाँईहरू अघि उभिनु पाउनु मेरो भाग्य हो, यहूदीहरूले म माथि थोपरेको दोषहरूको म जम्मै उत्तर दिनेछु। ३म अत्यन्तै खुशी छु कि म तपाँईहरूको सामुन्ने बोल्न योग्यको छु किनभने तपाँईहरू यहूदी रीतिहरू र प्रश्नहरू जुन विषयमा तिनीहरूले तर्क गर्छन सो जान्नुहुन्छ। कृपया धैर्यसाथ मलाई सुनिदिनु होस्।

४"सबै यहूदीहरूले मेरो सम्पूर्ण जीवनको विषयमा जान्दछन्। मेरो देशमा अनि यरूशलेममा पनि मेरो जीवन शैलीको विषयमा तिनीहरू जान्दछन्। ५यी यहूदीहरूले

धेरै समय देखि मलाई चिन्छन्। यदि तिनीहरूले इच्छा
गरे मलाई एक असल फरिसी मान्न सक्छन्। अनि
फरिसीहरूले यहूदी धर्मको व्यवस्थाहरू अन्य कुनै यहूदी
समुदायले भन्दा अझ कट्टर प्रकारले मान्दछन्। [६]परमेश्वरले
हाम्रा पुर्खाहरूलाई दिनुभएको प्रतिज्ञाको भरोसामा म
यस परीक्षामा अहिले खड़ा छु। [७]यो प्रतिज्ञा प्राप्त गर्ने
आशामा हाम्रा बाह्र जातिहरू निमग्न रात-दिन परमेश्वरको
आराधना गरिरहेका छन्। हे राजान्, यही आशाको
निम्ति म यी यहूदीहरूद्वारा दोषिएको हुँ। [८]तपाँईहरूलाई
परमेश्वरले मरेको मानिसहरू बौरांउनु हुन्छ भन्ने कुरा
ग्रहण गर्न किन अप्ठेरो परेको?

[९]"जब म फरिसी थिएँ, मैले यस्तो पनि सोचे कि
नासरतका येशूको नाउँ विरुद्ध धेरै कुराहरू मैले गर्नुपर्छ।
[१०]अनि यरूशलेममा मैले विश्वासीहरूका विरुद्ध धेरै
कामहरू गरे। मुख्य पूजाहारीहरूले ती विश्वासीहरूलाई
जेलमा थुन्ने अधिकार दिएका थिए। जब येशूका
विश्वासीहरू मारिए मैले यो राम्रो कुरा भयो भनेर
सहमत दिएँ। [११]जम्मै सभाघरहरूमा मैले तिनीहरूलाई
धेरै पल्ट येशूको विषयमा जबरजस्ती नराम्रो कुरो
भनाएर दण्ड दिएँ। म यति क्रोधित थिएँ कि म
विदेशका नगरहरूमा पनि तिनीहरूको खेदो लाउनु गएँ।

## पावलले येशूलाई देखेको कुरा भन्दछ

[१२]"एक समय, मुख्य पूजाहारीहरूले मलाई दमीशक
शहर जाने अनुमति औ अधिकार दिए। [१३]हे राजन!
दमीशक जाने बाटोमा, मैले एउटा ज्योति आकाशबाट
आइरहेको देखें। यो मध्यान्हको समय थियो। त्यसको
प्रकाश सूर्यको भन्दा ज्यादा चम्किलो थियो। त्यो प्रकाश
म र मसँग जाने मानिसहरूका वरिपरि चम्कियो।
[१४]हामी सबै जना भूइँमा लड्यौं। त्यसपछि मैले यहूदी
भाषामा एक आवाज सुने। त्यो आवाजले मलाई भन्यो,
'शावल, शावल, किन मलाई सताइरहेका छौ? तिमी
मसँग लड़ेर केवल आफैलाई चोट पुर्‍याइरहेका छौ।'
[१५]मैले भने, 'तिमी को हौ प्रभु?' प्रभुले भन्नुभयो, 'म
येशू हुँ। म त्यही हुँ जसलाई तिमी सताइरहेछौ। [१६]उठ
अनि उभिऊ! मैले तिमीलाई मेरो सेवक चुनेको छु।
तिमी मेरो साक्षी भएर मानिसहरूलाई मेरो विषयमा
तिमीले के देख्यौ अनि मैले के प्रकट गर्छु सबै बताउने
छौ। यसैकारण म आज तिमीकहाँ आएँ। [१७]म तिम्रो
आफ्नै मान्छेहरूलाई तिमीमाथि घात पार्नु दिने छैन।
अनि म तिमीलाई अयहूदीहरूबाट पनि जोगाउने छु। म
तिमीलाई ती मानिसहरू कहाँ पठाउँदैछु। [१८]तिमीले
मानिसहरूलाई सत्य देखाउने छौ। मानिसहरू अन्ध्यारोबाट
उज्यालोमा फर्कने छन्, बद्लिने छन अनि शैतानको
शक्तिबाट परमेश्वरमा ढल्किनेछ। त्यसपछि तिनीहरूको
पापहरू क्षमा गरिनेछ अनि मेरो विश्वासले जो मानिसहरू
पवित्र पारिएको छ तिनीहरूसँग एक बनाइनेछ।'"

## पावलले आफ्नो कार्यको विषयमा भन्दछ

[१९]पावल लगातार बोलीरहे: "राजा अग्रिपा, स्वर्गबाट
यो दर्शन मैले पाए पछि यसलाई पालन गर्न मैले
अश्वीकार गरिन। [२०]मैले मानिसहरूलाई आफ्ना हृदय र
जीवन शैली परिवर्तन गर भन्न थाले। उनीहरूलाई
परमेश्वर प्रति फर्क र यस्तो कार्य गर जसद्वारा
तिमीहरूको हृदय अनि जीवन शैली वास्तवमा परिवर्त्तन
भएको चाल पाइनेछ भने यी कुरा सर्वप्रथम मैले
दमीशकमा भने। त्यसपछि म यरूशलेम गए अनि
यहूदियाको प्रत्येक ठाउँमा गएर यी कुरा भने। म यी
कुराहरू भन्न अयहूदीहरूकोमा पनि गए। [२१]यही कारणले
यहूदीहरूले म मन्दिरमा भएको समय पक्रे अनि मलाई
मार्न चेष्टा गरे। [२२]आज सम्म पनि मैले परमेश्वरको
सहायता पाइरहेकोछु अनि यसर्थ म यहाँ उभिरहेको छु
अनि जे देखें भनिरहेको छु। तर मैले नयाँ कुरा
भनिरहेको छैन। मोशा र अगमवक्ताहरूले जे हुन्छ
भनेका छन् म त्यही भनिरहेको छु। [२३]तिनीहरूले भने
कि ख्रीष्ट मर्नेछ र मृत्युबाट बौरी उठने प्रथम व्यक्ति
उही हुनेछ। मोशा र अगमवक्ताहरूले भनेका थिए कि
ख्रीष्टले यहूदी र अयहूदीहरूमा प्रकाश ल्याउने छ।"

## पावलले अग्रिपालाई मनाउन खोज्यो

[२४]पावलले आफ्नो बचाऊको लागि ती कुराहरू
भनिरहेको बेला, फेस्तस चिच्यायो, "पावल तिमी पागल
हौ। तिम्रो अधिक बिद्याले तिमीलाई पागल बनायो।"

[२५]पावलले भने, "महामहिम फेस्तस, म पागल
होइन। जे कुराहरू मैले भने ती सत्य हुन्। मेरो
शब्दहरू गम्भीर छन्। [२६]राजा अग्रिपाले यी कुराहरूको
विषयमा जान्नु हुन्छ। म उहाँसँग स्वतन्त्र रूपमा कुरा
गर्न सक्छु। म निश्चित छु कि उहाँ कुनै यी कुराहरूमा
अपरिचित हुनुहुन्न। किनभने यी कुराहरू कुनै गुप्ती
जग्गामा घटेन। [२७]राजा अग्रिपा! के तपाई अगमवक्ताहरूले

लेखेको कुरामा विश्वास गर्नु हुन्छ? म जान्दछु तपाईं
विश्वास गर्नु हुन्छ।
२८राजा अग्रिपाले पावललाई भने, "के तिमी मलाई
यति सहजै ख्रीष्टियन बनाउन सक्छौ?"
२९पावलले भने, "यो सजिलो अथवा अप्ठेरो मेरो
निम्ति मुख्य होइन। म परमेश्वरसित प्रार्थना गर्दछु कि
तपाईं मात्र किन, मलाई बाँधिएको साङ्लो वाहेक
आजका जम्मै मेरो श्रोताहरू म जस्तै हुनेछन्।"
३०राजा अग्रिपा, राज्यपाल फेस्तस, बर्निस अनि
तिनीहरू सँगै बसिरहेका अन्य मानिसहरू सबै जराक-जरूक
उठे। ३१सभाघर छाडेर गए अनि आपसमा यसो भन्दै
बात गर्न लागे, "यो मान्छेलाई मार्नु हुँदैन, जेलमा पनि
राख्नु हुँदैन; साँचि नै उसले त्यस्तो नराम्रो काम गरेको
छैन जसमा कि उसलाई मृत्यु दण्ड अथवा कारावास
होस।" ३२अनि अग्रिपाले फेस्तसलाई भने, "यदि यस
व्यक्तिले सिजरलाई अपील नगरेको भए ऊ छोड़िनु
सक्थ्यो।"

### पावल समुद्रयात्राद्वारा रोम

**२७** यो निश्चय गरिएको थियो कि हामी समुद्रयात्राबाट
इटाली जाँदैथ्यौं। एक सैन्य अधिकारी जुलियसले
पावल र अन्य केही कैदीहरूलाई पहरा दिइरहेका थिए।
जुलियस सम्राटको पल्टनका थिए। २हामी एड्रमिटियमबाट
आएको एशियाको विभिन्न ठाउँ हुँदै जाने जहाजमा
चढ्यौं जुन जानु तयार थियो। हामीसँग अरिस्तार्खस
थिए। तिनी म्यासिडोनियामा थिस्सलोनिकाका एक नागरीक
थिए। ३अर्कोदिन हामी सायडन शहर आई पुग्यौं।
जुलियसले पावललाई भद्र व्यवहार गरे। उनले पावललाई
आफ्नो साथीहरूसँग भेटन जानु दिए, ताकि तिनीहरूले
पावलको आवश्यकतालाई ध्यान दिउन। ४हामीले सायडन
शहर छोड्यौ अनि हामी साइप्रस टापूको छेऊ लागेर
गयौं किनभने बतास हाम्रो विपरीत बहँदै थियो। ५हामीले
सिलिसिया र प्याम्फिलिया तट हुँदै समुद्र पार गर्‍यौं।
त्यसपछि हामी लाइसियामा माइरा आईपुग्यौं। ६माइरामा
त्यस सैन्य अधिकारीले अलेकजाण्डरियाको जहाज पाए
जुन इटाली गईरहेको थियो। अत: उसले हामीलाई यस
जहाजमा राखिदिए।
७हामी समुद्रयात्रा गरेर धेरै दिनसम्म बिस्तारै हिंडी
रह्यौं किनभने बतास हाम्रो मार्गको विरुद्ध चलिरहेको
थियो अनि स्नाइडस भन्ने ठाउँमा खुब कठिन साथ
पुग्यौं। त्यस प्रकारले हामी धेरै टाड़ा जान सकेनौ। अत:
हामी सालमोन छेउ क्रेट टापूको दक्षिण तिर लाग्यौ।
८खुबै कठिन साथ हामी किनारा भएर गयौ। त्यसपछि
हामी सुरक्षित बन्दरगाह भन्ने ठाउँमा आयौ। लसिया
भन्ने नगर त्यहाँ देखि नगीचै थियो।
९तर हामीले निकै समय नष्ट गरेका थियौ। यो
समुद्रयात्रा गर्नु भयंकर डरलाग्दो थियो किनभने यहूदीहरूका
उपवासको दिन भइसकेको थियो। यसैले पावलले
तिनीहरूलाई सावधान गराए र भने, १०"हेर मानिसहरू
हो, म देख्छु हाम्रो यात्रा विपदजनक हुनेछ अनि
नोक्सान दायी केवल जहाज र सामानको निम्ति मात्र
होइन हाम्रो आफ्नो ज्यानको सम्म क्षति हुनेछ।" ११तर
जहाजका कप्तान र मालिकले पावलको कुरामा सहमत
दिएनन। यसैले सेना अधिकारीले पावलले भनेको मानेनन्।
बरू उसले मालिक र जहाज कप्तानले भनेको कुरा
माने। १२अनि सुरक्षित बन्दरगाहमा शीतकालमा जहाज
राख्न उचित जग्गा थिएन। यसैले धेरै मानिसहरूले
जहाज त्यहाँ नराख्ने निर्णय लिए। मानिसहरूले फोनिक्स
जान सकिने आशा गरे। शीतकालमा जहाज त्यहाँ
रोकिन अथवा रहन सक्थ्यो। फोनिक्स एउटा दक्षिण
पश्चिम अनि उत्तर पश्चिम पट्टि फर्केको क्रेट टापूको
नगर थियो।

### आँधी-तूफान

१३त्यसपछि, मन्द बतास दक्षिणबाट बहन थाल्यो।
जहाजका मानिसहरूले सोचे, "यस्तै बतासको प्रतिक्षा
गरिरहेका थियौं, ऐले हामीले त्यस्तै पायौ!" अत:
तिनीहरूले लङ्गर ताने। जहाजलाई क्रेटको किनारै किनार
पारेर लगे। १४तर त्यतिबेला तेज "उत्तरपूर्वी" बतास त्यो
टापू पार गरेर आयो। १५त्यस बतासले जहाजलाई
आफ्नौ दिशातिर लग्यो कारण हामी त्यसको विपरीत
जान सकेनौ। यसर्थ हामीले जहाजमा आफ्नो नियन्त्रण
छाड्यौ औ बतास र छाल पट्टि नै जहाज जान दियौं।
१६हामी तलतिर सानो टापू क्लौदा गयौ। तब हामीले
खुब कठिनसाथ जीवनरक्षक डुंगा जहाजमा ल्याउन
सक्यौं। १७जीवन रक्षक डुंगालाई जहाजमा ल्याए पछि
तिनीहरूले जहाजको वरिपरि एक साथ राख्नलाई डोरीले
बाँधे। तर जहाज सिरटिसको बलौटे धापमा फस्न सक्छ
भनेर मानिसहरू डराए। यसैले तिनीहरूले जहाजलाई
वतासले नै उठावोस भनेर पाल मुनी झारे। १८अर्को

दिन, आँधीको झोक्काले जहाजलाई निकै हिर्कायो कि
मानिसहरूले समानहरू जहाजबाट फ्याँके। १९एकदिन
पछि तिनीहरूले जहाजको यन्त्रहरू पनि फ्याँकीदिए।
२०धेरै दिनसम्म यस्तो बाक्लो आँधीले गर्दा हामीले
घाम, ताराहरू केही पनि देखेनौ। आँधी एकदमै डरलाग्दो
गतिमा चल्यो। हामीले बाँच्ने आशा त्याग्यौं। हामी मर्ने
रहेछौ भनेर सोच्यौं।

२१धेरैदिन सम्म मानिसहरूले केही खाएनन्। तब
एकदिन पावल तिनीहरू समक्ष उभिए अनि भने,
"मानिसहरू हो, तिमीहरूलाई मैले क्रेट छोड्नु हुँदैन
भनेको थिए। तिमीहरूले मेरो कुराहरू सुन्नु पर्थ्यो। तब
तिमीहरूले यस्तो प्रकारको दु:ख र नोक्सान खप्नु पर्ने
थिएन। २२तर अब म भनिरहेछु सहासी हौ। तिमीहरू
कोही पनि मर्ने छैनौ! तर जहाज हराउने छ। २३हिजो
राति परमेश्वरबाट स्वर्गदूत मकहाँ आए। उहाँ उही
परमेश्वर हुनुहुन्छ; जसको म हुँ र जसलाई म सेवा
गर्छु। २४उनले भने, पावल भयभीत न हौ! तिमी सिजर
समक्ष उभिनै पर्छ। अनि परमेश्वरले तिम्रो खातिर
तिमीसँग समुद्रयात्रा गर्नेहरू सबैलाई बचाउनु हुनेछ।'
२५मानिसहरू हो, सहास नगुमाऊ! म परमेश्वरमा
विश्वास गर्छु। उहाँको दूतले मलाई भने जस्तै सबै
हुनेछ। २६तर पनि हामी कुनै एक टापूमा धक्का खानै
पर्छ।"

२७चौधौ रात सम्ममा पनि हामी एड्रिया समुन्द्र
वरिपरि बहिरहेथ्यौ। जहाज चालकहरूले कुनै जमीनको
छेउतिर पुगेको विचार गरे। २८तिनीहरूले डोरीको टुप्पामा
एक गह्रुङ्गो चीज बाँधेर समुद्रमा फालिदिए। त्यसो गर्दा
तिनीहरूले पानीको गहिर्‍याई १२० फीट पता लगाए।
तिनीहरू अझ केही पर सम्म गएर फेरि डोरी समुन्द्रमा
फाले। यस पल्ट ९० फीट गहिरो पाए। २९तिनीहरू
जहाज चट्टानसँग ठोकिन पुग्ला भनेर डराई रहेका थिए।
अत: तिनीहरूले लङ्गर फ्याँकि अनि तब तिनीहरूले
दिनको उज्यालो आओस भनी प्रार्थना गरे। ३०कतिपय
चालकहरू जहाज छोड़ेर भाग्न चाहन्थे। तिनीहरूले
जीवन रक्षक डुंगाहरू पानीमा ओह्राले। तिनीहरूले यस्तो
भान पारे कि तिनीहरू जहाजको अघिल्तिरबाट अझै
लङ्गरहरू झार्दैछन्। ३१तर पावलले सैन्य अधिकारी र
अन्य सिपाहीहरूलाई भने, "यदि यी मानिसहरू जहाजमा
बस्दैनन् भने तब तँपाईहरू बाँच्नु हुनेछैन!" ३२तब त्यो
जीवन रक्षक डुंगा पानी भित्रै जाओस भनेर सिपाहीहरूले
डोरी काटिदिए। ३३प्रात:काल हुन भन्दा पहिले पावलले
मानिसहरूले केही खाउन भनी मनाउन थाले। उनले
भने, "बितेका चौध दिनदेखि तिमीहरू पर्खिरहेछौ अनि
हेरिरहेछौ। तिमीहरू चौध दिनदेखि भोकै छौ। तिमीहरूले
केही खाएका छैनौ। ३४अब म बिन्ती गरीरहेछु केही
खाऊ। यो तिमीहरूलाई बाँच्नका लागि आवश्यक हो।
तिमीहरू कसैको पनि टाउकोको एउटा केश पनि नष्ट
हुँदैन।" ३५पावलले यसो भनिसके पछि, उसले केही
रोटी लिए र परमेश्वरलाई प्रत्येकको अघाड़ि धन्यवाद
चढाए। उनले रोटी टुक्राहरू पार्दै खान थाले। ३६तिनीहरू
सबैले सहास बटुले अनि खान थाले। ३७हामी जम्मा
दुइ सय छयहत्तर मानिसहरू जहाजमा थियौं। ३८जति
हामीले चाह्यौ त्यति नै खायौ। तब तिनीहरूले जहाजबाट
गहुँ समुद्रमा जहाजलाई हलुङ्गो पार्न फ्याँके।

### जहाज नष्ट भयो

३९जब उज्यालो भयो जहाज चालकहरूले जमीन
देखे। तर यो कुन जग्गा हो तिनीहरूलाई थाहा भएन।
यदि सम्भव भए तिनीहरूले जहाजलाई किनारमा लैजान
खोज्थे। ४०यसर्थ तिनीहरूले लङ्गरको डोरी काटिदिए
अनि त्यसलाई समुद्रमा फ्याँकी दिए। तब तिनीहरूले
डोरी खोले जसमा पतवारहरू अड़िएको थियो। तिनीहरूले
अघिल्तिरको पाल बतासको लागि उठाए र किनार तिर
गयो। ४१तर जहाज बालुवाको धापमा पर्‍यो। जहाजको
अघिल्लो भाग त्यहीँ अड़कियो अनि जहाज चल्न सकेन।
तर ठूल्ठूला छालहरूले जोड़ले हिर्कायो अनि जहाजको
पछिल्लो भाग टुक्राटुक्रा पारिदियो।

४२सिपाहीहरूले कैदीहरूलाई मार्न चाहे ताकि तिनीहरू
पौरिनु नपाउन अनि भाग्न नसकुन। ४३तर सैन्य अधिकारीले
पावललाई जिउँदै बचाउन चहान्थे। यसैले उनले कैदीहरूलाई
मार्ने अनुमति दिएनन्। उनले कैदीहरू जसले पौंडिन
सक्थे पहिले हाम फाल्न र जमीनमा जाने आदेश दिए।
४४अन्य मानिसहरूले तक्ता अथवा काठको टुक्राहरू
प्रयोग गरेर जान सक्थे। यसरी प्रत्येक व्यक्ति जमीनमा
पुगे। कोही मानिसहरू पनि मरेनन्।

### माल्टाको टापूमा पावल

२८ जब हामी सुरक्षितसँग जमीनमा ओर्लियौ जान्न
पायौ कि यो टापूलाई माल्टा भनिदो रहेछ।
२पानी परिरहेको थियो र जाड़ो थियो। तर मानिसहरू जो

त्यहाँका रैथाने थिए तिनीहरू हामीहरूसित साथी भैँ
भए। तिनीहरूले हाम्रो लागि आगो बालिदिए र हामी
सबैलाई निम्तो गरे। ३पावलले दाउराको भिञ्जाहरू
जम्मा गरे अनि आगोमा हालिदिए। तातोले गर्दा एक
विषालु साँप बाहिर आयो अनि पावलको हातमा डस्यो।
४त्यहाँ बस्नेहरूले पावलको हातमा साँप भुण्डिरहेको
देखे। तिनीहरूले भने, "यो मान्छे हत्यारा हुनैपर्छ। उ
पानीमा मरेन, तर न्यायले* उसलाई बाँच्न दिएन।" ५तर
पावलले हात भड्काले अनि साँपलाई आगोमा हालीदिए।
पावललाई अलिकति पनि केही भएन। ६मानिसहरूले
सोचे कि पावल सुनिन्छ, अथवा हटात लड़ेर मर्छ।
तिनीहरूले निक्कै बेरसम्म पावललाई हेरे र मर्छ कि भनी
पर्खिरहे तर त्यस्तो कुनै नराम्रो घटना पनि घटेन। अतः
पावलप्रतिको आफ्नो धारणा मानिसहरूले बदली गरे।
तिनीहरूले भने, "उनी परमेश्वर हुन्!"

७त्यहाँ छेउछाउमा केही जमीन थियो। त्यहाँ टापूका
एक प्रमुख मानिस थिए। उसको नाउँ पब्लियस थियो।
छेवैमा तिनको जग्गा-जमीनहरू थियो। उनले हामीहरूलाई
आफ्नो घरमा निम्त्याए, अनि तिनले हामीसित शिष्ट
व्यवहार गरे। उनको घरमा हामी तीन दिन सम्म बस्यौं।
८पब्लियसको बाबु बिमार थिए। उनी ज्वरो र रगत
मासीले थलो परेका थिए। तर पावल उनीकहाँ गए
अनि प्रार्थना गरे। प्रार्थना पछि उनले आफ्नो हातहरू
उनीमाथि राखीदिए र निको पारे। ९यस्तो घटना पछि
त्यस टापूका सबै बिमारीहरू पावलकहाँ आए।
पावलले तिनीहरूलाई पनि निको पारी दिए। १०-११त्यस
टापूका मानिसहरूले हामीलाई धेरै सम्मान गरे। हामी
त्यहाँ तीन महीना सम्म बस्यौ। जब हामी हिंड्न तयार
भयौ तब त्यहाँका मानिसहरूले चाहिने सामग्रीहरू हामीलाई
दिए।

## पावल रोम जाँदछ

११हामी अलेक्जेन्ड्रियाबाट जहाजमा चढ्यौं। जहाज
ठण्डा महीनाको बेला माल्टामा रहेको थियो। जहाजको
अगिल्तिर जमल्याहा देवताहरूको चिन्ह थिए। १२हामी
सिराक्युस नगरमा पुग्यौं। त्यहाँ हामी तीन दिनसम्म
बस्यौ अनि तब गयौ। १३हामी रेगियम नगरमा आइपुग्यौं।
अर्को दिन दक्षिणपश्चिमबाट बतास बहनु थाल्यो, अतः
हामी जान सक्यौ। एक दिनपछि हामी पटिओली नगरमा
आइपुग्यौं। १४हामीले त्यहाँ कोही दाजु-भाइहरू पायौ।
तिनीहरूले हामीलाई त्यहाँ एक हप्ता बस्न अनुरोध गरे।
अन्तमा रोम आईपुग्यौ। १५त्यहाँका विश्वासीहरूले
आइपुगेका थाहा पाए। तिनीहरू हामीलाई भेटन अप्पियस
बजार र तीन-धर्मशाला भन्ने ठाउँमा आए। जब पावलले
तिनीहरूलाई देखे परमेश्वरलाई धन्यवाद दिए अनि उनी
सहासी भए।

## पावल रोममा

१६त्यसपछि हामी रोम गयौ। पावललाई रोममा एक्लै
बस्न दिइयो। तर उनको सुरक्षाको निम्ति एकजना सेना
बसे।

१७तीन दिन पछि पावलले त्यहाँका मुख्य-मुख्य
यहूदीहरू बोलाई पठाए। जब तिनीहरू एक साथ आए,
पावलले भने, "मेरा यहूदी' दाजुभाइहरू! मैले हाम्रो
मानिसहरूका विरुद्धमा केही गरेको छैन। न त मैले मेरा
पुर्खाहरूको रीतिरिवाज विरुद्ध नै केही गरेको छु। तर
मलाई यरूशलेममा पक्राइयो र रोमीलाई सुम्पिइयो।
१८रोमीहरूले धेरै प्रश्नहरू गरे। तर तिनीहरूले मलाई
मृत्यु दण्ड दिनुलाई कारण पाएनन्। यसर्थ तिनीहरूले
मलाई स्वतन्त्र दिन चाहे। १९तर यहूदीहरूले विरोध गरे।
अत सिजरको अघि मेरो जाँच गराउनु मलाई रोम
पठाइयोस भनी मैले भन्नु पर्‍यो। तर मैले मेरा आफ्नो
मानिसहरूको विरोधमा केही आपत्ति गर्नु छैन। २०यही
कारण म तिमीहरूसँग भेटनु र बोल्न चाहन्छु। म यो
साङ्लाले बाँधिएको छु किनभने इस्राएलको आशामा म
विश्वास गर्छु।"

२१यहूदीहरूले पावललाई उत्तर दिए, "हामीले तिम्रो
विषयमा यहूदियाबाट कुनै चिट्ठीहरू पाएका छैनौ। न त
हाम्रा कुनै यहूदी दाजु-भाइहरू जो यहूदियाबाट आए
केही खबरहरू नै ल्याए न तिम्रो विषयमा केही खराब
भने। २२हामी तिम्रो विचारहरू सुन्न चाहन्छौ। हामी
जान्दछौ कि यस पन्थको विषयमा मानिसहरूले चारैतिर
खराब भनिरहेका छन्।"

२३पावल र यहूदीहरूले सभा गर्ने दिन रोजे। त्यस
दिन धेरै जना यहूदीहरूले पावललाई घरमा भेटे।
दिनभरि पावल तिनीहरूसँग बात गरिरहे। पावलले
परमेश्वरको राज्यको विषयमा तिनीहरूलाई व्याख्या गरे।

---

**न्याय** न्याय नाउँ भएको परमेश्वर छ भन्ने मानिसहरूले सोचे जसले पापीहरूलाई सजाय दिन्छन्।

पावलले मोशाको व्यवस्था र अगमवक्ताहरूले लेखेका
कुराहरूको उपयोग गरेर येशूको विषयमा तिनीहरूलाई
विश्वास गराउनु खोजे। [२४]कतिपयले उनको कुरामा
विश्वास गरे तर कतिपयले गरेनन्। [२५]तिनीहरूमा तर्क
भयो। यहूदीहरू जान लागेका थिए तर पावलले अझ
तिनीहरूलाई एउटा कुरा भने: "पवित्र आत्माले यशैया
अगमवक्ताको माध्यमद्वारा तिम्रा पुर्खाहरूको विषय सत्य
छ भने। उनले भने,

[२६] 'यो मानिस भए तिर जाऊ र तिनीहरूलाई भन:
सुन्न त सुन्छौ तिमीहरूले, तर तिमीहरू बुझ्नेछैनौ!
तिमीहरू हेर्छौ अनि देख्छौ तर तिमीहरू जे
देख्छौ बुझ्नेछैनौ!
[२७] हो, यी मानिसहरूका मन बन्दछन् अहिले यी
मानिसहरूका कानहरू छन् तर तिनीहरूले सुन्दैनन्
अनि यी मानिसहरू सत्य हेर्न मान्दैनन्। यस्तो
भएको छ, यसैले तिनीहरूले आफ्ना आँखाहरूले
देख्ने छैनन, आफ्ना कानहरूले सुन्ने छैनन्
आफ्ना मनले बुझ्ने छैनन्। यस्तो भएको छ
यसैले तिनीहरू मपट्टि फर्किने छैनन् तिनीहरूलाई
निको पार्न।'

*यशैया ६:९-१०*

[२८]"म चाहान्छु तिमी यहूदीहरूले जान कि परमेश्वरले
अयहूदीहरूको निम्ति मुक्ति पठाउनु भएको छ। तिनीहरूले
सुन्ने छन्!" [२९]*
[३०]पावल पुरा दुइ वर्ष आफ्नो भाड़ाको घरमा बसे।
उनले सबै मानिसहरूलाई स्वागत गरे जो उकहाँ भेट्न
आए। [३१]पावलले परमेश्वरको राज्यको विषयमा प्रचार
गरे। उनले प्रभु येशू ख्रीष्टको विषयमा भने। उनी
एकदम निर्भय थिए अनि कसैले पनि उनलाई बोल्न
रोक्न सकेनन्।

---

**पद २९** पछि आएका कतिपय पद २९ मा जोड़िएको हो: "पावलले भनी सकेपछि, यहूदीहरू गए। तिनीहरूले परस्परमा निकै तर्क-वितर्क गरे।"

# रोमीहरूलाई पावलको पत्र

१ ख्रीष्ट येशूका सेवक पावलबाट। परमेश्वरले मलाई
एक प्रेरित* भनेर बोलाउनु भयो अनि सबै मानिसहरूलाई
सुसमाचार भन्न मलाई छान्नु भएको छ।
२परमेश्वरले धेरै पहिले नै आफ्ना अगमवक्ताहरूद्वारा
उहाँका मानिसहरूलाई सुसमाचार दिनु भनेर वचन
दिनुभएको थियो। त्यो वचन पवित्र धर्मशास्त्रहरूमा
लेखिएको छ। ३-४सुसमाचार भन्नु नैं हाम्रा प्रभु येशू
ख्रीष्ट, परमेश्वरको पुत्रको विषयमा बताउनु हो। व्यक्तिको
रूपमा उहाँ दाऊद* परिवारमा जन्मिनु भएको थियो।
तर पवित्र आत्माको माध्यमबाट येशूलाई परमेश्वरको
पुत्र भनेर देखाउनु भयो। उहाँलाई परमेश्वरको पुत्र भनेर
महान शक्ति मृत्युबाट जगाएर देखाउनु भयो। ५ख्रीष्टको
माध्यमबाट परमेश्वरले मलाई प्रेरितको खास काम
सुम्पिनु भयो। परमेश्वरले यो काम सारा राष्ट्रहरूका
जातिहरूलाई डोऱ्याएर प्रभुमाथि विश्वास गर्न र उहाँको
कुरा पालन गर्नु भनेर सुम्पिनु भयो। यो म ख्रीष्टको
निम्ति गर्दछु। ६अनि रोममा भएका मानिसहरू तिमीहरूलाई
पनि येशू ख्रीष्टकै परिवार बन्नु भनेर बोलाइयो।
७यो पत्र तिमीहरू सबै रोमवासीहरूलाई हो कि
प्रभुले तिमीहरूलाई आफ्ना पवित्र मानिसहरू भनेर
बोलाउनु भएको छ। तिमीहरू ती मानिसहरू हौ जसलाई
परमेश्वरले प्रेम गर्नुहुन्छ।

तिमीलाई हाम्रा पिता परमप्रभु र येशू ख्रीष्टबाट
अनुग्रह र शान्ति।

### धन्यवादको प्रार्थना

८सर्वप्रथम तिमीहरू सबै जनाको लागि येशू ख्रीष्टको
माध्यमबाट मेरा परमेश्वरलाई म धन्यवाद प्रकट गर्दछु।
म मेरा परमेश्वरलाई त्यस करणले धन्यवाद प्रकट गर्दछु
कि संसारमा चारैतिर मानिसहरूले तपाईको विश्वासको
विषयमा कुरा गरिरहेका छन्। ९-१०प्रत्येक समय म
प्रार्थना गर्दछु र सधैं सम्झना गर्दछु। प्रभुलाई यो सत्य
हो भन्ने थाहा छ। परमेश्वर एक हुनुहुन्छ। जसको सेवा
म आफ्नो आत्मामा उहाँकै पुत्रको सुसमाचारको प्रचारद्वारा
गर्दछु। म प्रार्थना गर्छु कि मलाई तिमीहरूलाई भेट्ने
अनुमति दिइयोस। परमेश्वरले चाहनु भयो भने मात्र यी
सबै हुनेछ। ११म तपाईंहरूलाई हेर्न एकदमै इच्छुक छु।
म तिमीहरूलाई कुनै आत्मिक उपहार दिन चाहन्छु
जसले तिमीहरूलाई दरिलो बनाओस्। १२मेरो भन्नुको
तात्पर्य हामी प्रत्येकलाई विश्वासले परस्परमा प्रोत्साहन
गरोस्। तिमीहरूका विश्वासले मलाई सहयोग गर्छ अनि
मेरा विश्वासले तिमीहरूलाई सहयोग गर्दछ। १३दाजु-
भाइहरू अनि दिदी-बहिनीहरू, तिमीहरूले जान कि म
धेरै पटक तिमीहरू कहाँ आउने योजना गरें। म
तिमीहरूकहाँ आउन चाहन्थे ताकि तिमीहरूलाई आत्मिक
तवरले सहायता पुऱ्याउन सकुँ। म तिमीहरूलाई अन्य
अ-यहूदीहरूलाई जस्तै सहयोग गर्न चाहन्छु।
१४मलाई लाग्छ मैले सबै मानिसहरूलाई सेवा गर्नै
परेको छ: ग्रीकहरू, अ-ग्रीकहरू, ज्ञानी र मूर्ख मानिसहरू।
१५यसैले म रोममा तिमीहरूलाई पनि सुसमाचार प्रचार
गर्न इच्छुक छु।
१६म सुसमाचारको गौरव गर्दछु। सुसमाचार त्यस्तो
शक्ति हो जुन परमेश्वरले प्रयोग गर्नुहुन्छ जसले उहाँमाथि
विश्वास गर्छ पहिले यहूदी र अ-यहूदीहरूलाई रक्षा
गर्नलाई प्रयोग गर्नुहुन्छ। १७सुसमाचारले मानिसहरूलाई
उहाँसँग धार्मिक बन्ने कुरो प्रकट गरेको छ। परमेश्वरको
बाटोले मानिसहरूलाई प्रारम्भदेखि अन्तसम्म विश्वासद्वारा
धार्मिकतातिर डोऱ्याउँदछ। जस्तो धर्मशास्त्रमा भनिएको
छ, "जुन मान्छे परमेश्वरको विश्वासमा ठीक रहँदछ उ
अनन्तसम्म बाँच्ने छ।"*

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**दाऊद** ख्रीष्ट भन्दा प्राय: १००० वर्ष अधिका इस्राएलका राजा।

**"जुन मान्छे … बाँच्ने छ"** हबकूक २:४।

## सबै गलत गरे

१८परमेश्वरको क्रोध स्वर्गबाट देखियो। परमेश्वर
मानिसहरूले उहाँको विरुद्धमा दुष्ट र नराम्रा कामहरू
गरेकोले रिसाउनुभयो। तिनीहरूसँग सत्य छ, तर त्यो
सत्य उनीहरूका दुष्ट-कार्यले लुकाई दिएको थियो।
१९परमेश्वरले आफ्नो क्रोध देखाउनुभयो, किनभने उहाँ
बारे जान्नपर्ने प्रत्येक कुरो परमेश्वरले स्पष्टसित देखाइदिनु
भएको छ। हो, उहाँले आफ्नो बारे सबैकुराहरू स्पष्ट
बताइ दिइसक्नु भएको छ। २०परमेश्वरको विषयमा धेरै
कुराहरू छन् जुन मानिसहरूले देख्न सक्तैनन् - उहाँकै
अनन्तको शक्ति र अन्य थोकहरू जसले उहाँलाई
परमेश्वर बनाउँछ। तर संसारको प्रारम्भदेखि नै ती सबै
चीजहरू बुझ्न मानिसहरूलाई सजिलो भयो। ती थोकहरू
स्पष्ट पारे जुन परमेश्वरले बनाउनु भएको थियो। यसैले
ती सबै मानिसहरू आफूले गरेको खराब कामहरू बाट
परमेश्वरदेखि उम्कन पाउँदैनन्। २१मानिसहरूले
परमेश्वरलाई चिने। तर तिनीहरूले उहाँलाई परमेश्वरको
रूपमा महिमा गरेनन् र धन्यवाद पनि प्रकट गरेनन्।
मानिसहरूका विचारहरू निरर्थक भए अनि अन्धकारले
तिनीहरूको मुर्खे बुद्धि ढाक्यो। २२मानिसहरूले आफूलाई
ज्ञानी भनेर ठाने अनि तिनीहरू मूर्ख बने। २३तिनीहरूले
परमेश्वरको महिमा गर्न छोड़िसके जो अनन्त हुनुहुन्छ।
मानिसहरूले परमेश्वरको महिमालाई सांसारिक बस्तु
जस्ता देखिने मूर्त्ति-पूजासित साटे। मानिसहरूले परमेश्वरको
महिमालाई चरा-चुरूङ्गी, पशुहरू र सर्पहरू जस्ता देखिने
बनाइएका मूर्ति-पूजा सित साटे।

२४मानिसहरू पापले भरिएका थिए, तिनीहरू दुष्ट
कामहरू गर्न चाहन्थे। यसैले परमेश्वरले तिनीहरूलाई
पापपूर्ण जीवनमै जीउन् भनेर छोड़िदिनु भयो। त्यसैले
तिनीहरूले एका-अर्कामा आफ्ना शरीरहरूको अनादर
गर्दै यौन-पापहरू गरे। २५ती मानिसहरूले परमेश्वरको
सत्यलाई झूटमा परिवर्तन गर्न थाले। ती मानिसहरू ती
थोकहरू पुज्न र सेवा गर्न थाले जुन ती आफैद्वारा
बनाइएको थियो। तर प्रभुले बनाउनु भएको कुराहरूको
उनीहरूले न त पूजा गरेन सेवा गरे। परमेश्वरको
प्रशंसा सधैं हुनपर्छ। आमिन।

२६मानिसहरूले त्यस्तो कार्यहरू गरेकोले गर्दा
परमेश्वरले तिनीहरूलाई लाजमर्दो काम गर्नलाई छोड़िदिनु
भयो जुन तिनीहरू गर्न चाहन्थे। स्वास्नी मानिसहरूले
पुरूषहरूसंग प्राकृतिक यौन सम्पर्क छाड़ेर स्त्रीसंग नै
अप्राकृतिक यौन सर्म्पक गर्न थाले। २७त्यस्तै प्रकारले
लोग्ने-मानिसहरूले पनि स्त्रीसंगको प्राकृतिक यौन छोड़ेर
अन्य लोग्ने-मानिसहरूसँग अप्राकृतिक सम्बन्ध राख्न
थाले। तिनीहरूले आपसमा शर्मजनक कामहरू गरे।
अनि तिनीहरूले गलत काम गरेकोले गर्दा आफ्ना
शरीरले कष्ट पाए।

२८परमेश्वरको सत्य ज्ञान राख्नु पर्छ भन्ने कुरालाई
मानिसहरूले महत्व दिएनन्। यसैले मानिसहरूले न गर्नु
पर्ने काम गर्नु हुँदैन। यसैले व्यर्थकै कामहरू गरोस्
भनेर परमेश्वरले छाड़िदिनु भयो। २९तिनीहरूको मन
हरेक प्रकारको पाप, दुष्ट्याइँ, स्वार्थपन र घृणाले
भरिए। ती मानिसहरू आपसिक डाह, हत्याको भावना,
लड़ाइँ, झूट र एक-अर्कामा दुर्विचारले भरिए। तिनीहरू
गफ गर्छन्, ३०आपसमा दुष्ट्याइँ पूर्ण कुराहरू गर्छन्।
तिनीहरू परमेश्वरको घृणा गर्छन्। तिनीहरू रूखा,
अहंकारी र ढीट छन्। तिनीहरूले नराम्रा कामहरू गर्ने
नयाँ बाटोहरू खोजिहिड्छन्। तिनीहरूले आफ्ना माता-
पितालाई पनि टेर्दैनन्। ३१तिनीहरू मूर्ख छन् र तिनीहरूले
आफ्नो भाकलहरू पूरा गर्दैनन्। तिनीहरूमा अरूहरू
प्रति प्राकृतिक ममता हुँदैन अनि कसैलाई पनि दया
देखाउँदैनन्। ३२तिनीहरूले परमेश्वरको विधान जान्दछन्।
त्यस्ता मानिसहरू मर्नै पर्छ भन्ने परमेश्वरको नियम
तिनीहरू जान्दछन्। तथापि तिनीहरूले ती गलत कामहरू
गरी मात्र रहेनन् तर अरूले त्यसो गरेको पनि ठीकै
ठाने।

## तिमी यहूदीहरू पनि पापपूर्ण छौ

२ यदि तिमीले अरूलाई जाँच गर्नसक्छु भनेर सोच्छौ
भने, तब तिमी भूल धारणामा छौ। तिमीहरू पनि
पापको दोषी छौं। तिमीले अरू मानिसहरूलाई जाँच
गर्छौ तर तिमीहरूले पनि त्यस्तै नराम्रो कामहरू गरेका
हुन्छौ। अत: जब तिमी तिनीहरूलाई जाँच गर्छौ तब
तिमी आफैले आफूलाई जाँच गरिरहेका हुनेछौ। २जसले
नराम्रा कामहरू गर्दछन् उनीहरूलाई परमेश्वरले न्याय
गर्नुहुन्छ। अनि हामी जान्दछौं कि परमेश्वरको न्याय
ठीक हुँदछ। ३तिमीहरूले पनि ती गलत काम गर्नेलाई
जाँच गर्दछौ। तर तिमी आफै पनि त्यस्तै नराम्रो काम
गरिरहेका हुनेछौ। यसैले तिमीहरूलाई थाहा छ कि
परमेश्वरले निश्चय न्याय गर्नुहुनेछ अनि त्यसबाट
तिमीहरू भाग्न पाउने छैनौ। ४के तिमी परमेश्वरका

दया, सहनशीलता र धैर्यलाई नकार्न सक्छौ? के तिमीहरू
उहाँको दया तिमीहरूकै हृदय र जीवन परिवर्त्तनको
निम्ति हो भन्ने कुरालाई अमान्य ठान्छौ? ५तर तिमीहरू
आफूलाई परिवर्तन गर्ने कुरामा अत्यन्त उग्र र हठी छौ।
अत: तिमीहरूले आफै प्रति परमेश्वरको क्रोधलाई
उकास्दै छौ जुन परमेश्वरको न्यायको बेला बुझ्ने छौ।
६परमेश्वरले मानिसहरूका आ-आफ्नो कर्म अनुसार
पुरस्कार अथवा दण्ड दिनुहुनेछ। ७कतिपय मानिसहरू
परमेश्वरको महिमा, सम्मान, र जीवनको लागि बाँच्दछ
जुन कहिल्यै नष्ट गर्न सकिंदैन। ती मानिसहरू जो यी
कुराहरूका निम्ति बाँच्दछन्, उनीहरू सधैं असल कर्म
गर्दछन्। परमेश्वरले तिनीहरूलाई अनन्तको जीवन दान
गर्नु हुँदछ। ८तर अन्य मानिसहरू स्वार्थी र सत्य
पछ्याउन अस्वीकार गर्दछन्। तिनीहरूले अधार्मिकताको
बाटो अप्नाउँदछन्। परमेश्वरले उनीहरूलाई दण्ड र क्रोध
दिनुहुँदछ। ९जसले दुष्ट कामहरू गर्दछन् उनीहरूलाई
परमेश्वरले दु:ख र पीडाहरू दिनुहुनेछ—पहिले यहूदीहरूलाई
र अ-यहूदीहरूलाई पनि। १०तर जसले असल कर्म
गर्दछ उनीहरूलाई परमेश्वरले गौरव, सम्मान र शान्ति
प्रदान गर्नुहुनेछ पहिले यहूदीहरूलाई र त्यसपछि गौर-
यहूदीहरूलाई। ११परमेश्वरले सबैलाई समान न्याय गर्नु
हुनेछ।

१२जस-जसले व्यवस्था* बिना पापकर्म गरेका छन्,
तिनीहरू व्यवस्था बिना नै नाश हुनेछन्। जसले व्यवस्था
पाएर पनि पाप कर्महरू गर्छन् तिनीहरूको न्याय व्यवस्थाको
अनुसार गरिने छ। १३व्यवस्था सुनेर मात्र मानिसहरू
परमेश्वरको अघि धार्मिक ठहरिंदैनन्, तर व्यवस्थाको
पालन गरेर धार्मिक बन्दछन्। १४अ-यहूदीहरूसँग व्यवस्थानै
छैन। तर जब उनीहरूले व्यवस्था अनुरूपका कुराहरू
स्वभावत: गर्छन् भने तिनीहरूसँग व्यवस्था नभए ता
पनि व्यवस्था भएकै बराबर हो। १५किनकि तिनीहरूले
सिद्ध गर्छन कि व्यवस्थाले भने अनुसारको कुरा
उनीहरूको हृदयमा लेखिएको हुन्छ। र उनीहरूका
विवेकले पनि उनीहरूलाई त्यसै भन्छ। अनि उनीहरूका
कर्म अनुसारका विचारहरूले तिनलाई दोष्याउँछन् वा
समर्थन गर्छन्। १६यी सम्पूर्ण कुराहरू त्यस दिनमा मात्र
हुने गर्दछ जब परमेश्वरले मानिसहरूका हृदयका गुप्त
कुराहरूको न्याय गर्नुहुनेछ। अनि जुन सुसमाचारले म
प्रचार गर्दछु यही भन्दछ कि परमेश्वरको न्याय ख्रीष्ट
येशूको माध्यमबाट हुनेछ।

### यहूदीहरू र व्यवस्था

१७तिमी को हौ? तिमी आफैले आफूलाई यहूदी
भन्दछौ। तिमी व्यवस्थामा भरोसा गर्दछौ अनि आफ्नो
परमेश्वरको घमण्ड गर्दछौ। १८तिमी जान्दछौ कि परमेश्वरले
तिमीहरूबाट के चाहनु हुन्छ। अनि तिमीहरू कुन कुरो
मुख्य छ त्यो जान्दछौ, किनभने तिमीहरूलाई व्यवस्थाले
सिकाएको छ। १९तिमी सोच्दछौं कि तिमीहरू नै
जनताको मार्गदर्शक हौ जसले ठीक मार्ग जान्दैनौ। तिमी
सोच्दछौ कि तिमीहरू जनताको निम्ति ज्योति हौं जो
स्वयंनै अन्धकारमा छौ। २०तिमीले आफूलाई ती अज्ञानी
मानिसहरूलाई सहीकुरा सिकाउने भनेर संभन्छौ। अनि
तिमीहरू आफूलाई मानिसहरूका उपदेशक भनेर ठान्दछौ
जसले धेरै सिक्नु परेको छ। तिमीहरूसँग व्यवस्था छ
यसैले तिमीहरू सोच्दछौ कि सबै कुराहरू जान्दछौ र
सबै सत्य तिमीहरूसँगै छ। २१तिमीहरूले अन्य
मानिसहरूलाई सिकाउँदैछौ। अत: तिमीहरू आफैलाई
किन पढ़ाउँदैनौ? तिमीहरू अरूलाई नचोर किन भन्छौ
जब आफैचाहिँ चोर्दैछौं? २२तिमीहरू मानिसहरूलाई
व्यभिचारको पाप न गर्नु भन्छौ। तर तिमीहरू आफै
चाँहि त्यस्ता पाप गर्दछौ। तिमीहरू मूर्ती-पूजालाई घृणा
गर्दछौ। तब तिमीहरू आफै मूर्तिका मन्दिरहरूको धन
किन लुटछौ? २३परमेश्वरको व्यवस्थाको विषयमाथि
तिमीहरू घमण्ड गर्दछौ। तर तिमीहरूले परमेश्वरको
व्यवस्था भङ्ग गरेर उहाँलाई अनादर गर्दछौ। २४धर्मशास्त्रमा
लेखिएको छ: "तिमीहरूको कारणले, अन्य अ-यहूदीहरूद्वारा
परमेश्वरको अपमान भएको छ।"*

२५यदि तिमीहरूले व्यवस्था अनुसरण गरेका भए
तिमीहरूका खतनाको माने रहने थियो। तर यदि तिमीहरूले
व्यवस्था भङ्ग गऱ्यौ भने तिमीहरू कहिल्यै खतना
नभएको ठहर्ने छौ। २६अ-यहूदीहरूको खतना भएको
हुँदैन। तर यदि तिनीहरूले व्यवस्था अनुसार त्यसो गरे
भने तिनीहरू खतना भएका ठहर्दछन्। २७तिमी यहूदीहरूसँग
लिखित व्यवस्था र खतना छ, तर तिमीहरूले व्यवस्था

---

**व्यवस्था** परमेश्वरको व्यवस्था। यो मोशाको व्यवस्थामा जनाइएको छ।

**"तिमीहरूको … भएको छ"** यशैया ५२:५।

भङ्ग गऱ्यौ। अत: ती मानिसहरू जसको शारीरिक
खतना भएको छैन, तर तिनीहरूले व्यवस्थालाई मान्दछन्,
यसले तिमीहरू दोषी भएको देखाउँदछ।

२८यदि एक व्यक्ति शारीरिक रूपले मात्र यहूदी हो
भने उ साँचो अर्थमा यहूदी होइन। सत्य खतना
शारीरिक खतना मात्र होइन। २९एक व्यक्ति मनको
भित्री तहबाट मात्र साँचो यहूदी हुँदछ। साँचो खतना
आत्माद्वारा हृदयमा भएको हुँदछ विधानद्वारा होइन। यो
आत्माले गरेको हुँदछ, लिखित विधानले गरेको हुँदैन।
हृदयमा खतना भएको व्यक्तिले मात्र परमेश्वरबाट
प्रशंसा पाउँदछ, अनि मानिसहरूबाट होइन।

**३** यसकारण के यहूदीहरूमा अन्य अ-यहूदीहरूमा
नभएको कुरा छ त? खतनामा के विशेषता छ?
२हो, यहूदीहरूसँग धेरै विशेष कुराहरू छन्। मुख्य कुरा
यो हो: परमेश्वरले आफ्ना शिक्षाहरूबाट यहूदीहरूलाई
विश्वास गर्नु भयो। ३यो सत्य हो कि कतिपय यहूदीहरू
परमेश्वरको आज्ञाकारी थिएनन्। तर त्यसले के परमेश्वरको
भाकल पूरा गर्न रोक्ने छ? ४अहँ! परमेश्वर सत्य भएरै
रहनु हुन्छ, सबै मानिसहरू झूटो भए पनि। धर्मशास्त्रहरूमा
लेखिएको छ:

"तिमीहरू आफ्ना वचनहरूमा सच्चा प्रमाणित
हुने छौ जब बोल्दछौ, अनि तिमीहरूले जित्ने
छौ जब तिनीहरूको न्याय हुनेछ।"

*भजनसंग्रह ५१:४*

५जब हामी गल्ती गर्छौं, त्यसले परमेश्वर सही
हुनुहुन्छ भन्ने कुरा अझ स्पष्ट पार्दछ। अत: के हामी
भन्न सक्छौ कि परमेश्वरले हामीलाई दण्ड दिनुहुँदा उहाँ
बेठीक हुँदछ? म मानव विचारको अनुसार बोल्दैछु।
६होइन! यदि परमेश्वरले हामीलाई दण्ड दिनसक्नु भएन
भने, उहाँले संसारलाई न्याय गर्न सक्नुहुन्न।

७कुनै व्यक्तिले भन्नसक्ला, "जब म झूटो बोल्छु,
यसले परमेश्वरलाई अझै बढ़ी महिमा दिँदछ, किनभने
मेरो झूटले परमेश्वरको सत्यलाई प्रकट गर्दछ। अत: म
किन पापीको रुपमा न्याय गरिऊँ?" ८तब हामी भन्न
सक्छौ, "हामीले दुष्ट काम गर्न पर्छ ताकि असल चीज
आउला।" कतिपय मानिसहरूले हामीलाई निन्दा गर्दौं
भन्दछन् कि हामी नै त्यस्ता कुरा सिकाउँछौ। ती
भर्त्सना हुनैपर्छ।

## सबै मानिसहरू दोषी छन्

९अत: हामी यहूदीहरू के अन्य मानिसहरू भन्दा
श्रेष्ठ छौ? होइन, कदापि छैनौं। हामीले पहिल्यै भनिसकेका
छौं कि यहूदीहरू र अ-यहूदीहरू सबै समानरूपले
पापको शक्तिमुनि छौं। १०धर्मशास्त्रले भन्दछ:

"त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि
छैनन्!
११ त्यहाँ कोही बुझ्ने मान्छे छैनन्। त्यहाँ परमेश्वरको
खोजी गर्ने एकैजना पनि छैन
१२ सबैले परमेश्वरपट्टि पीठ फर्काएका छन् अनि
सबै निकम्मा भएका छन्। असल कर्म गर्ने
कोही छैन। एकैजना पनि छैन"

*भजनसंग्रह १४:१-३*

१३ "मानिसहरूका मुख खुल्ला चिहानहरू जस्ता
छन् तिनीहरू जिब्रोले अरूलाई धोका दिंदछन्।"

*भजनसंग्रह ५:९*

"तिनीहरूले जुन कुराहरू भन्दछन् ती सर्पका
विष जस्ता हुँदछन्,"

*भजनसंग्रह १४०:३*

१४ "तिनीहरूका मुखहरू श्राप र तीतोपनले परिपूर्ण
छन्,"

*भजनसंग्रह १०:७*

१५ "तिनीहरूका खुट्टा हत्या गर्नमा छीटो कुद्दछन्।
१६ जता-जता तिनीहरू जान्छन् त्यहाँ सर्वनाश र
विपत्ति ल्याउँदछन्।
१७ तिनीहरू शान्तिको बाटो जान्दैनन्।"

*यशैया ५९:७-८*

१८ "तिनीहरूमा परमेश्वरको डर छैन।"

*भजनसंग्रह ३६:१*

१९हामी जान्दछौं कि व्यवस्थाले भने झैं, त्यो
व्यवस्थाकै अधीनमा हुनेहरूलाई हो। यसले सारा मानवीय
बहानाहरूको अन्त गर्नेछ र सम्पूर्ण संसारलाई परमेश्वरको
न्यायको अधीनमा ल्याउने छ। २०किनभने व्यवस्थालाई

पछ्याएर कोही पनि परमेश्वरको अघि धर्मी हुन सक्तैन। व्यवस्थाले हाम्रो पापलाई मात्र औंल्याउँदछ।

## प्रभुले कसरी मानिसहरूलाई ठीक बनाउनु हुन्छ

२१तर अब व्यवस्था बिना नै मानिसहरूलाई धार्मिक बनाउने परमेश्वरको नयाँ बाटो देखापरेको छ। व्यवस्था र अगमवक्ताहरूले हामीलाई त्यस नयाँ बाटोको विषयमा भनेका छन्। २२परमेश्वरले हामीलाई येशू ख्रीष्टमा विश्वासको माध्यमद्वारा धर्मी बनाउनु हुन्छ। परमेश्वरले कुनै पक्षपात बिना नै सबैलाई बनाउनु हुन्छ जसले ख्रीष्टमा विश्वास गर्छ। २३सबै मानिसहरूले पाप गरे अनि परमेश्वरको महिमा गुमाए। २४मानिसहरू परमेश्वरको अनुग्रहद्वारा धर्मी बनाइए। यो सित्तैको उपहार हो। येशू ख्रीष्टको माध्यमद्वारा परमेश्वरले मानिसहरूलाई पापबाट मुक्त गराउँदै धर्मी बनाउनु हुन्छ। २५परमेश्वरले हामीहरूका पापहरूको छुटकाराको निम्ति येशूलाई पठाउनु भयो। तिनीहरूका विश्वासको कारणले परमेश्वरले येशूका रक्तद्वारा मानिसहरूलाई पापको क्षमा दिनुहुन्छ। उहाँ धार्मिक हुनुहुन्छ भन्ने देखाउनलाई परमेश्वरले यसो गर्नु भयो। आफ्नो धैर्यको कारणले परमेश्वरले मानिसहरूलाई तिनीहरूले गरेको पापहरूको निम्ति सजाय दिनुभएन। २६अहिले धरी पनि उहाँ धार्मिक नै हुनुहुन्छ भन्ने देखाउन परमेश्वरले यसो गर्नुभयो। परमेश्वरले यस्तो देखाउन गर्नुभयो कि उहाँ न्यायी हुनुहुन्छ र येशूमा उनीहरूको विश्वासद्वारा मानिसहरूलाई धार्मिक पनि बनाउन सक्नु हुन्छ।

२७अत: हामीले आफैले त्यस्तो घमण्ड गर्ने कुनै ठाउँ छ? अहँ, कुनै ठाउँ छैन। किन ठाउँ छैन? किनभने यो विश्वासको मार्ग हो अथवा व्यवस्थाको मार्ग हो। २८किन? किनभने हामी विश्वास गर्दछौं कि एउटा व्यक्ति व्यवस्था विनै विश्वासद्वारा धार्मिक बनाइन्छ। अनि हामी यही विश्वास गर्छौं। २९परमेश्वर यहूदीहरूका मात्र परमेश्वर हुनुहुन्न। उहाँ अ-यहूदीहरूका पनि परमेश्वर हुनुहुन्छ। ३०परमेश्वर एउटै मात्र हुनुहुन्छ। उहाँले यहूदीहरूलाई तिनीहरूका विश्वासद्वारा धर्मी बनाउनु हुनेछ। त्यसरी नै अ- यहूदीहरूलाई पनि तिनीहरूको विश्वासद्वारा धर्मी बनाउनुहुनेछ। ३१अत: हामीले विश्वासको बाटोमा लागेर व्यवस्था नष्ट गरिदिनु? होइन! विश्वासले हामीलाई त्यही बनाउँछ जुन व्यवस्थाले चाहन्छ।

## अब्राहामको उदाहरण

४ यसकारण हाम्रा मानिसहरूका पुर्खा अब्राहामबारे हामी के निष्कर्षमा पुग्छौं? विश्वासको बारेमा उनले के सिके? २यदि उनले गरेकै कर्मबाट धार्मिक बनाइएको हो भने, तब उनीबाट घमण्ड गर्ने कारण थियो। तर अब्राहामले परमेश्वरको सामु घमण्ड गर्न सकेनन्। ३धर्मशास्त्रले भन्छ, "अब्राहामले परमेश्वरमा विश्वास गरे। अनि उनको विश्वास परमेश्वरले एक धर्मीको रूपमा गन्नुभयो।"*

४जब कुनै मानिसले काम गर्दछ, उसलाई उपहारको रूपमा ज्याला दिइँदैन। उसले पाउनु पर्ने ज्याला कमाउँछ। ५कसैले त्यस्तो काम गर्न सक्दैन जसले उसलाई धर्मी बनाउने छ। यसैले मानिसले परमेश्वरमा विश्वास गर्नु पर्दछ जसले उसलाई धर्मी बनाउनुहुन्छ। तब परमेश्वरले उसको विश्वास ग्रहण गर्नुहुन्छ र उसलाई धर्मी बनाउनु हुन्छ। ६त्यस्तै प्रकारले, दाऊदले त्यस व्यक्तिको प्रसन्नता व्यक्त गरे जसलाई परमेश्वरले उसको कर्महरू नविचारी धर्मी ठहराउनु हुन्छ। दाऊदले भने:

७ "धन्य हुन तिनिहरू जसका दुष्कर्महरू क्षमा
भए र पापहरू ढाकिए। धन्य हुन ती जसको
पापको लेखा परमेश्वरले लिनु हुन्न।
८ अनि जब परमप्रभु पापरहित मानिसलाई स्वीकार
गर्नुहुँदैछ, त्यो मानिस साँच्ची नै खुसी हुँदछ।"
*भजनसंग्रह ३२:१-२*

९यस्ता आशिष त्यस्ता मानिसहरूलाई मात्र हुन् जसले खतना गरेका छन्? अथवा ती खतना नगर्नेहरूलाई पनि हो? हामीले भनिसकेका छौ अब्राहमको विश्वास एउटा धर्मीको रूपमा गनिएको थियो। १०यो कसरी हुन गयो? के परमेश्वरले अब्राहामलाई उनले खतना गर्नअगाडि अथवा खतना गरेपछाड़ि स्वीकार गर्नुभयो? परमेश्वरले उनलाई खतना गर्नअगाडि स्वीकार गर्नु भएको थियो। ११परमेश्वरले स्वीकार गर्नुभयो भनेर देखाउनका लागि अब्राहामले पछि खतना गरे। परमेश्वरले स्वीकार गरेको देखाउनका लागि उनले आफ्नो खतना अगाडि परमेश्वरको विश्वास गरेको प्रमाणित गरे। यसैले अब्राहाम सबैका पिता हुन् जसलाई खतना नगरेकाहरूले पनि विश्वास

**"अब्राहामले … गन्नुभयो"** उत्पत्ति १५:६।

गर्दछन्। जसले विश्वास गर्दछ उसलाई पनि धर्मीको रूपमा ग्रहण गरिने छ। [१२]अनि अब्राहाम ती खतना गर्नेहरूका पनि पिता हुन्। तर तिनीहरूका खतनाले गर्दा मात्र अब्राहाम उनीहरूका पिता भएका होइनन्। उनी तिनीहरूका पनि पिता हुन् यदि तिनीहरू हाम्रा पिता अब्राहामको विश्वास जस्तै अनुसरण गर्दछन् जुन उनले आफ्नो खतना गर्न भन्दा अघि देखाएका थिए।

### विश्वासद्धारा परमेश्वरको प्रतिज्ञा पाउन सकिन्छ

[१३]अब्राहाम र उनका भावी सन्तानले परमेश्वरको प्रतिज्ञा पाएकि उनीहरूले। सारा संसार पाउने छन्। अब्राहामले त्यो प्रतिज्ञा पाएको व्यवस्थालाई विश्वास गरेको कारणले होइन। अब्राहामले परमेश्वरको प्रतिज्ञा पाएको कारण उनी आफ्नो विश्वासले गर्दा धर्मी थिए। [१४]यदि मानिसहरूले व्यवस्था पछ्याएर परमेश्वरको वचन पाउने भए, तब विश्वास मूल्यहीन बन्ने छ, र परमेश्वरको अब्राहाम संगको प्रतिज्ञा निकम्मा बन्ने छ। [१५]किन? किनभने जब मानिसहरूले व्यवस्था पालन गर्दैनन् तब व्यवस्थाले परमेश्वरलाई रिस उठाउँछ। तर यदि त्यहाँ कुनै व्यवस्था छैन भने, त्यहाँ अनाज्ञाकारीताको कुनै प्रश्न आउदैन।

[१६]अत: परमेश्वरको विश्वास प्रतिज्ञाको फल हो। त्यसैले परमेश्वरको प्रतिज्ञा सित्तैको उपहार जस्तै पाउन सकिन्छ। अनि यदि प्रतिज्ञा सित्तैको उपहार भए, अब्राहामका विश्वास हुने सबै मानिसहरूले त्यो वचन पाउन सक्छन्। यो प्रतिज्ञा ती मानिसहरूका लागि मात्र होइन जो मोशाको व्यवस्थाको अधीनमा छन्। प्रतिज्ञा सबैको निम्ति हो जो अब्राहाम जस्तै विश्वासी थिए। अब्राहाम हामी सबैका पिता हुन्। [१७]धर्मशास्त्रमा यस्तो लेखिएको छ, “मैले तिमीलाई सबै जातिका पिता बनाएँ।”* यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।

[१८]अब्राहामको सन्तान हुनेछ भन्ने आशा थिएन। तर अब्राहामले परमेश्वरमा विश्वास गरे र आशा जीवित राखे। त्यही कारणले अब्राहाम धेरै जातिका पिता भए। परमेश्वरले जस्तो उनलाई भन्नुभयो, “तिमीसँग धेरै सन्तानहरू हुनेछन्।”* [१९]अब्राहाम प्राय: एकसय बर्ष उमेर पुगिसकेका थिए, यसैले उनको शरीरले सन्तानहरू हुने उमेर बितिसकेको थियो। साराबाट पनि कुनै छोरा-छोरीहरू भएनन्। अब्राहामले यसको विषयमा सोंचेका थिए। तर परमेश्वरप्रतिको उनको विश्वास कमजोर भएन। [२०]परमेश्वरले प्रतिज्ञा गरेको कुरा गर्नुहुनेछ भन्ने कुरामा अब्राहमले कहिल्यै शंका गरेनन्। अब्राहमले आफ्नो विश्वास गुमाएनन्। बरू, उनको विश्वास अझ दृढ़तर भयो अनि उनले परमेश्वरको प्रशंसा गरे। [२१]आफूले दिनुभएको प्रतिज्ञा पूर्ण गर्नमा परमेश्वर समर्थ हुनुहुन्छ भन्ने कुरामा अब्राहाम पूर्णरूपले निश्चिन्त थिए। [२२]यसैले, “परमेश्वरले अब्राहामको विश्वासलाई ग्रहण गर्नु भयो। त्यसले उनलाई धर्मी बनाउनु भयो।”* [२३]ती शब्दहरू “परमेश्वरले उनको विश्वासलाई मानिलिए” भने अब्राहामको लागि मात्र लेखिएको थिएन। [२४]ती शब्दहरू हाम्रो निम्ति पनि थियो। परमेश्वरले हामीलाई पनि ग्रहण गर्नुहुन्छ जसले उहाँमा विश्वास गर्दछ; जसले हाम्रा प्रभु येशूलाई मृत्युबाट जगाउनु भयो। [२५]येशूलाई हाम्रो पापहरूका निम्ति मर्नुको निम्ति दिइयो। अनि हामीलाई धर्मी बनाउन उहाँ मृत्युबाट जीवनमा आउनु भयो।

### परमेश्वरसंग शान्ति

**५** हाम्रो विश्वासको कारणले गर्दा हामी परमेश्वरसँग धर्मी बनेका छौं। यसर्थ हाम्रा प्रभु येशू ख्रीष्टको माध्यम हामी परमेश्वरबाट शान्ति पाउँछौं। [२]ख्रीष्टको माध्यम र हाम्रो विश्वासको कारण हामीले अनुग्रहमा प्रवेश पाएका छौं जहाँ हामी अहिले खड़ा छौं अनि परमेश्वरको महिमा पाउने आशामा हामी आनन्द मनाइरहेछौं। [३]त्यति मात्र होइन हामी आफ्ना दु:खहरूमा पनि खुशी छौ। किन हामी आफ्ना दु:खहरूसँग पनि खुशी छौं? किनभने हामी जान्दछौं कि ती दु:खहरूले हामीलाई संयमी बनाउँदछ। [४]अनि यही संयमले हामीलाई प्रमाण गर्दछ कि हामी बलियो छौं। अनि यस्तो प्रमाणहरूले हामीलाई आशा प्रदान गर्दछ। [५]अनि यस आशाले हामीलाई कहिल्यै निराशा बनाउँदैन। किनभने परमेश्वरले आफ्नो प्रेमको बर्षाले हाम्रा हृदयहरू भरिपूर्ण

---

**“मैले … बनाएँ”** उत्पत्ति १७:५।

**“तिमीसँग … हुनेछन्”** उत्पत्ति १५:५।

**“परमेश्वरले … बनाउनु भयो”** उत्पत्ति १५:६।

पारिदिनु भयो। पवित्र आत्माद्वारा उहाँले हामीलाई आफ्नो प्रेम दिनुभयो। त्यो पवित्र आत्मा परमेश्वरबाट हामीलाई उपहार हो।

[६]जब हामी अझ कमजोर थियौं, ठिक त्यसै बेला
ख्रीष्ट हामी दुष्ट मानिसहरूको लागि मर्नु भयो। [७]राम्रा
व्यक्तिहरूको निम्ति मर्ने साह्रै कठिनले कोही राजी
हुन्छन्। तर कोही भने अति असल मानिसको निम्ति
मर्न निश्चय गर्न सक्छन्। [८]यद्यपि हामीहरू अझै पापी
जीवन जिउँदा-जिउँदै पनि ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो।
यस प्रकारले परमेश्वरले आफ्नो प्रेम हामीलाई देखाउनु
भयो।

[९]हामी ख्रीष्टको रगतद्वारा परमेश्वरसँग धर्मी बनियौं।
यसैले, निःसन्देह हामी ख्रीष्टकै माध्यमबाट परमेश्वरको
क्रोधबाट जोगिने छौं। [१०]मेरो मतलब के हो भने जब
हामी परमेश्वरका शत्रु थियौं उहाँले आफ्नो पुत्रको
मृत्युद्वारा हामीलाई आफ्नो मित्र बनाउनु भयो। यसैले
जब हामी अहिले परमेश्वरका मित्र छौ, हामी निश्चय
छौं आफ्नो पुत्रको जीवनको माध्यमबाट उहाँले हामीलाई
रक्षा गर्नु हुनेछ। [११]यस बाहेक, हामी हाम्रा प्रभु येशू
ख्रीष्टको माध्यमबाट परमेश्वरसँग खुशी छौं, येशूको
कारणले गर्दा अहिले हामी परमेश्वरका मित्र बनेका
छौं।

### आदम र ख्रीष्ट

[१२]पाप संसारमा एकजना मानिसको कारणले आएको
हो। अनि पापसँग मृत्यु पनि आयो। यसैले गर्दा सबै
मानिसहरू मर्नै पर्ने भयो, किनभने सबैले पाप गरेका
छन्। [१३]मोशाको व्यवस्थाअघि पनि संसारमा पाप
थियो। तर त्यहाँ व्यवस्था नभएको भए परमेश्वरले
मानिसलाई पापको दोषी ठहऱ्याउनु हुने थिएन। [१४]तर
आदमको समयदेखि मोशाको समयसम्म, सबै
मानिसहरूलाई मर्नु नै थियो। आदमले परमेश्वरको
आज्ञा पालन नगर्नाले मर्नु पऱ्यो। तर आदमले जस्तो
अन्य मानिसहरूले पाप नगरे तापनि तिनीहरूले मर्नु
पऱ्यो।

आदम ख्रीष्ट जस्तै थिए जो भविष्यमा संसारमा
आइरहेका थिए। [१५]तर परमेश्वरको निःशुल्क उपहार
आदमको पाप जस्तो होइन। धेरै जना त्यस एकजना
मानिसको पापको कारणले गर्दा मरे। तर परमेश्वरको
अनुग्रह अत्यन्त महान थियो। धेरै मानिसहरूले परमेश्वरबाट
जीवन-दान पाए त्यो एउटै मानिस येशू ख्रीष्टको अनुग्रहद्वारा
पाएको हो। [१६]जब आदमले पाप गरे, उनी पापी भनेर
न्याय गरिए। तर परमेश्वरको उपहार भिन्नै छ। परमेश्वरको
मुल्यरहित उपहार धेरै पापहरू भए पश्चात आएको हो।
अनि त्यो उपहारले मानिसहरूलाई धर्मी तुल्याउँदछ।
[१७]एकजना मानिसको पापले गर्दा मृत्युले सबैमाथि राज
गऱ्यो। अतः जसले परमेश्वरको पूर्ण अनुग्रह र उहाँको
धार्मिकताको महान उपहार स्वीकार गर्छन् तिनीहरूले
सत्य जीवन पाउँछन् र एक मात्र येशू ख्रीष्टद्वारा शासित
हुन्छन्।।

[१८]यसैले एउटा मानिसको पापले सबै मानिसहरूमाथि
मृत्युको दण्ड ल्यायो। तर त्यस्तै प्रकारले, ख्रीष्टले एउटा
असल काम गर्नुभयो जुन कामले सबै मानिसहरूलाई
धार्मिक बनाउँदछ र अनन्त जीवन ल्याउदछ। [१९]एकजना
मानिसको अनाज्ञाकारिताले धेरै मानिसहरू पापी भए। तर
त्यस्तै प्रकारले एकजना मानिसको आज्ञा माने धेरै
मानिसहरू धार्मिक बनाइन्छन्। [२०]पाप बढ्ला कि भनेर
व्यवस्था बनियो। तर जति पाप बढ्दै गयो परमेश्वरको
अनुग्रह अझै धेरै बढ्दै गयो। [२१]जसरी मृत्युले पापद्वारा
शासन गऱ्यो उसरी नै परमेश्वरको अनुग्रहले मानिसलाई
धार्मिक बनाउन शासन गर्नेछ। यसले हाम्रा प्रभु येशू
ख्रीष्टद्वारा अनन्त जीवन ल्याउने छ।

### पापलाई मृत्यु तर ख्रीष्टमा जीवन

६ हामीले के भन्ने? परमेश्वरको धेरै भन्दा धेरै अनुग्रह
प्राप्त गर्नलाई हामीले अझै धेरै पाप गरिरहनु पर्ने?
[२]होइन! हामी हाम्रा पापले मऱ्यौं। अतः हामी कसरी
लगातार पापमा बसिरहनु? [३]के तिमीहरूले भुल्यौ, जब
हामी बप्तिस्मा भयौं तबदेखि नै हामी येशू ख्रीष्टका
एक अंश बन्यौं? हामीले बप्तिस्मा लियौं, हामी उहाँको
मृत्युमा भागीदार बन्यौं। [४]यसै कारण जब हामी बप्तिस्मा
भयौ, हामी ख्रीष्ट सँगै गाडियौं र उहाँको मृत्युमा
भागीदार बन्यौं। हामी ख्रीष्टसँगै दफन भयौं ताकि हामी
जगाइन सकौं अनि नयाँ जीवन बाँच्न सकौं। यस्तै
प्रकारले, पिताको अचम्मको शक्तिले ख्रीष्ट मृत्युबाट
जीवित हुनुभयो।

[५]ख्रीष्ट मर्नु भयो, र हामी पनि उहाँको मृत्युकै
अनुरूपमा उहाँसित मिल्यौं। अतः हामी उहाँको बौराइको
अनुरूपमा पनि ख्रीष्टसितै मिल्ने छौं। [६]हामी जान्दछौ
हाम्रो पुरानो जीवन ख्रीष्ट सँगै क्रूसमा मऱ्यो। यो त्यस्तै

भयो जसमा कि हाम्रो पापपूर्ण स्वभावले हामीमाथि
नियंत्रण गर्ने थिएन र अब हामी आफै पापको दास हुने
थिएनौ। [७]जो मर्दछ उ पापको नियंत्रणबाट मुक्त हुँदछ।
[८]यदि हामी ख्रीष्टसँगै मरेका छौं भने, हामी जान्दछौ
कि हामी पनि उहाँसँगै बाँच्ने छौं। [९]ख्रीष्ट मृत्युबाट
जाग्नु भयो। अनि हामी जान्दछौ कि उहाँ कहिल्यै फेरि
मर्नुहुने छैन। उहाँमाथि मृत्युको कुनै प्रभाव छैन। [१०]हो,
जब ख्रीष्ट मर्नुभयो, उहाँ पापको शक्तिलाई जित्न
एकैपल्ट मर्नुभयो। अब उहाँसँग नयाँ जीवन छ अनि
त्यो नयाँ जीवन परमेश्वरसँग छ। [११]त्यस्तै प्रकारले
तिमीहरूले पनि पापको कारणले मरेको संझ। अनि
ख्रीष्ट येशूमा परमेश्वरको निम्ति जीवित भएको ठान।
[१२]अत: पापलाई तिमीहरूको पार्थिव जीवन नियंत्रण
गर्न नदेऊ। तिम्रा पापपूर्ण स्वभावलाई तिमीमा राज गर्नु
दिनु हुदैन जसले तिमीलाई उसले गर्न चाहे जस्तो गर्न
लगाउँछ। [१३]तिम्रा शरीरका अंगहरू पापकर्म र दुष्टकर्महरू
गर्नलाई अर्पण नगर। तर स्वयंलाई परमेश्वरप्रति समर्पित
गर। मरेका र अहिले जीवित भएका मानिस जस्ता
होऊ। राम्रो कामको लागि तिम्रा शरीरका अंग परमेश्वरको
सेवामा अर्पण गर। [१४]पाप तिम्रो स्वामी हुनेछैन। किन?
किनभने तिमी व्यवस्थाको अधीनमा छैनौ। तिमीहरू अब
परमेश्वरको अनुग्रहमा छौ।

## धार्मिकताको कमारो

[१५]तब हामी के गर्नु पर्ने? हामी व्यवस्थाको अधीनमा
छैनौं तर प्रभुको अनुग्रहमा छौं भनेर पाप गर्नु पर्ने?
होइन! [१६]नि:सन्देह तिमीहरू जान्दछौ कि जब तिमीहरूले
आफैलाई कसैको आज्ञापालन गर्ने दास बनाउँछौ, तब
तिमीहरू त्यही व्यक्तिको दास हौ। जुन व्यक्तिको आज्ञा
तिमी पालन गर्छौ त्यही तिम्रो स्वामी हुनेछ। तिमीहरू
पापको पछि लाग कि परमेश्वरको आज्ञा पालन गर;
पापले आत्मिक मृत्यु ल्याउँदछ। तर परमेश्वरको आज्ञा
पालन गर्‍यौ भने तिमीहरू धार्मिक बनाइने छौ। [१७]विगतमा
तिमीहरू पापको दास थियौ। पापले तिमीहरूलाई अधीनमा
राखेको थियो। तर परमेश्वरलाई धन्यवाद छ, तिमीहरूले
ती आदेश हृदयले पालन गर्‍यौ जुन तिमीहरूलाई
दिइयो। [१८]तिमीहरू पापदेखि मुक्त भयौ। अनि अब
तिमीहरू धार्मिकताका दास भयौ। [१९]म यसको व्याख्या
उदाहरण दिएर गरिरहेछु जुन तिमीहरू जान्दछौ। मैले
यस्तो उदाहरण दिएर व्याख्या गरिरहेछु किनभने तिमीहरूलाई
बुझ्न गाह्रो हुन्छ। विगतमा, तिमीहरूले पापको निम्ति
आफ्ना शरीरका अंगहरू अर्पण गर्‍यौ र पापकै दास
भयौ। तिमीहरू दुष्ट कुराहरूको लागि मात्र बाँच्यौ।
त्यस्तै प्रकारले, तिमीहरूले धार्मिकताको लागि शरीरको
अंगहरू समर्पण गर। त्यसपछि मात्र तिमीहरू परमेश्वरको
निम्ति बाँच्ने छौ।
[२०]विगतमा तिमीहरू पापप्रति दासहरू थियौ अनि
धार्मिकताले तिमीहरूलाई नियन्त्रण गरेन। [२१]तिमीहरू
दुष्ट कर्महरू गर्दै बाँच्यौ। ती कुराहरूका लागि अहिले
तिमीहरू लज्जित छौ। के ती कुराहरूले तिमीहरूलाई
साथ दियो? अहँ! ती कुराहरूले आत्मिक मृत्यु ल्याउँछ।
[२२]तर अब तिमीहरू पापबाट मुक्त छौ। अब तिमीहरू
परमेश्वरका दास हौ। अनि यसले तिमीहरूलाई यस्तो
जीवन ल्याउँदछ जुन परमेश्वरको निम्ति मात्र हुन्छ।
अनि त्यहाँबाट तिमीहरूले अनन्त जीवन प्राप्त गर्ने छौ।
[२३]जब मानिसहरूले पाप गर्दछन्, तिनीहरूले पापको
ज्याला कमाउँदछन् जो चाँहि मृत्यु हो। तर परमेश्वरले
आफ्ना मानिसहरूलाई मूल्य रहित उपहार दिनु हुन्छ जुन
हाम्रा ख्रीष्ट येशू प्रभुमा अनन्त जीवन हो।

## विवाहबाट एउटा उदाहरण

**७** दाजु-भाइ, दिदी-बहिनीहरू तिमीहरू सबैले मोशाको
व्यवस्था बुझ्दछौ। अत: नि:सन्देह, तिमीहरू जान्द
छौ कि व्यवस्थाले कुनै पनि व्यक्तिलाई उ बाँचुञ्जेल
मात्र आफ्नो अधीनमा राख्दछ। [२]म तिमीहरूलाई एउटा
उदाहरण दिदँछु: एकजना स्वास्नीमान्छे आफ्नो लोग्ने
बाँचुञ्जेलसम्म उसँगै बस्नु पर्दछ। तर यदि उसको लोग्ने
मर्‍यो भने उ विवाहको निम्ति विवाह विधानबाट मुक्त
हुन्छे। [३]तर यदि त्यस स्वास्नी मान्छेले आफ्नो लोग्ने
छँदाछँदै अर्को पर-पुरुषसँग विवाह गरी भने त्यसलाई
व्यभिचारिणी भनिनेछ। तर यदि उसको लोग्ने चाँहि
मर्‍यो भने उ विवाहको विधानबाट मुक्त बन्छे अनि यदि
आफ्नो लोग्ने मरेपछि उसले अर्को पुरुषसँग विवाह गरी
भने, उनलाई व्यभिचारिणीको दोष लाग्दैन।
[४]त्यस्तै प्रकारले, मेरा दाजु-भाइ, दिदी-बहिनीहरू,
तिम्रा पुराना स्वभावहरू मरिसकेका छन् र तिमीहरू पनि
ख्रीष्टका शरीरद्वारा व्यवस्थाबाट मुक्त बन्यौ। अब तिमीहरू
कसैको भयौ। तिमीहरू ख्रीष्टको भयौ जो मृत्युबाट
जगाइनु भयो। हामी ख्रीष्टका छौं, र जसमा कि हामी
परमेश्वरको सेवामा हुनसक्छौं। [५]विगतमा हामी हाम्रा

पापपूर्ण स्वभावले शासित थियौं। व्यवस्थाले हामीमा
पापपूर्ण कार्यहरू गर्ने इच्छा जगायो जसले हाम्रो शरीर
अधीनमा राख्यो। अत: जुन कुराहरू हामीले गरयौ
त्यसले हाम्रो आत्मिक मृत्यु भयो। ६विगतमा, व्यवस्थाले
हामीलाई कैदी बनायो। तर हाम्रा पुराना स्वभावहरू मरेर
गए अनि हामी व्यवस्थावाट मुक्त गरियौं। यसैले अब
हामी परमेश्वरलाई आत्माको नयाँ ढङ्गले सेवा गर्दछौं,
नियमहरूमा लेखिएको पुरानो ढङ्गले होइन। अब, हामी
परमेश्वरलाई आत्माद्वारा नयाँ ढङ्गले पुज्दछौं।

## पापको विरुद्ध हाम्रो लड़ाई

७हामीले के भन्नु पर्ने हो? के व्यवस्था पापको
समान हो? होइन, तर व्यवस्था त एक मात्र त्यस्तोबाटो
हो जहाँबाट मैले पाप भनेको के हो बुझ्न सकें। यदि
व्यवस्थाले पाप भनेको के हो भन्ने नवताएको भए मैले
कहिल्यै बुझ्न सक्ने थिइँन। तर व्यवस्थाले भन्यो,
"अरूसँग भएको कुराहरूको चाहना तिमीले गर्नु हुँदैन।"*
८तर पापले त्यस आज्ञाबाट अवसर पायो र ममा धेरै
प्रकारको इच्छा जागृत गरायो किन कि पाप व्यवस्था
बिनै मृत बन्यो। ९एक समय म व्यवस्था बिना नै
जीवित थिएँ। तर जब आज्ञा आयो, पापले जीवन पायो।
१०अत: पापको कारणले गर्दा म आत्मिक रूपले मरें।
आज्ञाको अर्थ थियो जीवन ल्याउनु तर मेरो लागि
त्यसले मृत्यु ल्यायो। ११आज्ञा प्रयोग गरेर पापले मलाई
मूर्ख बनाउने ठाउँ पायो। ममा आज्ञा प्रयोग गरेर पापले
मलाई आत्मिक रूपले मार्‍यो।
१२तब त्यसैले व्यवस्था नै पवित्र हो, अनि आज्ञा
पनि पवित्र, धार्मिक र राम्रो हो। १३ममा मृत्यु ल्याउने
कुरो राम्रो भनेको हो? होइन! तर पापले त्यो राम्रो भन्ने
कुरो प्रयोग गरेर ममा मृत्यु ल्यायो। त्यसो भएकोले गर्दा
खासमा पाप भनेको के हो त्यो बुझ्न सकें। त्यसैले पाप
भन्ने कुरो खुबै नराम्रो हो भन्ने देखाइयो। अनि आज्ञा
यही देखाउनलाई प्रयोग गरियो।

## मानसिक द्वन्द्व

१४हामी जान्दछौ कि व्यवस्था आत्मिक हो। तर म
आत्मिक छैन। पापले ममाथि शासन गर्छ मानौं म
त्यसको दास हुँ। १५म केही जान्दिँन म के गरिरहेछु।
किनकि म केही जान्दिँन म के गर्न चाहन्छु। यसको
सट्टामा म त्यही गर्छु जुन कुरो गर्न घृणा गर्छु। १६यदि
मैले नचाहेको काम गरें भने म व्यवस्था राम्रो छ भनेर
मान्छु। १७तर म एकमात्र होइन जसले यस्तो खराव
काम गरिरहेछु। पाप जुन म भित्र बसेको छ, त्यसैले
यस्तो कामहरू गर्दैछ। १८हो, म जान्दछु कि राम्रो भन्ने
केही कुरो ममा छैन, मतलब मेरो अनात्मिक मानव
स्वभावमा म असल कुरा गर्न चाहन्छु तर गर्न असमर्थ
छु। १९आफूले चाहेको असल कुरा पनि म गर्दिनँ।
त्यसको बद्ली, गर्न नचाहेको नराम्रो कुरा चाहिँ म गर्छु।
२०यदि आफूले नचाहेको कुरो म गर्छु भने ती कुराहरू
गर्ने म होइन। मभित्र रहेको पापले नै ती सब गर्दछ।
२१त्यसैले मैले आफैमा एउटा विधान भेटे: जव म
असल गर्न चाहन्छु मभित्र संधैं दुष्ट रहन्छ। २२भित्रीरूपले
म परमेश्वरको व्यवस्थासंग खुशी छु। २३तर म मेरो
शरीरमा अर्कै व्यवस्थाले काम गरिरहेको पाउँछु। त्यो
विधान मभित्रको विधानसित झगड़ा गरिरहेछ। त्यो अर्को
विधान पापको विधान हो अनि त्यसले मलाई कैदी
बनाउँछ। २४म कति दयनीय छु! मलाई मृत्यु ल्याउने
यस कुराबाट मलाई कसले बचाउँछ? २५परमेश्वरले
मलाई बचाउनु हुनेछ! म उहाँलाई हाम्रो प्रभु येशू
ख्रीष्टको माध्यमबाट धन्यवाद चढ़ाउँदछु! अत: अब म
मानसिक रूपले परमेश्वरको व्यवस्थाको दास हुँ। तर
मेरो पापपूर्ण स्वभावमा म पापको विधानको दास छु।

## आत्मामा जीवन

८ यसैले, अब जो-जो ख्रीष्ट येशूका साथ छन्
उनीहरूलाई दोषी ठहराइने छैन। २किन म दोषी
भनेर मानिन्नँ? किनभने ख्रीष्ट येशूमा, जीवनदाता आत्माको
विधान मृत्यु र पापको विधानबाट मलाई मुक्त गर्‍यो।
३व्यवस्था शक्तिहीन थियो किनभने त्यो व्यवस्था हाम्रा
पापपूर्ण स्वभावहरूले कमजोर बनायो। तर व्यवस्थाले
गर्न नसकेको काम परमेश्वरले गर्नु भयो। परमेश्वरले
आफ्नो पुत्र मनुष्य चोला दिएर यस पृथ्वीमा पठाउनु
भयो जुन चोला पाएर मानिसहरूले पापपूर्ण कामहरू
गर्छन्। परमेश्वरले आफ्ना पुत्रलाई पापको निम्ति बलिको
रूपमा पठाउनु भयो अनि उहाँले पापको भर्त्सना गर्न
मनुष्य चोला प्रयोग गर्नु भयो। ४परमेश्वरले त्यसो
गर्नुभयो ताकि तोकिएको व्यवस्था हामीमा परिपूर्ण होस्,

---

**"अरूसँग … हुँदैन"** प्रस्थान २०:१७, व्यवस्था ५:२१।

जो आफ्नो पापपूर्ण प्रकृति अनुसार बाँच्दैनौं तर आत्मा
अनुसार बाँच्छौं।
५जो पापपूर्ण स्वभाव लिएर बाँचिरहेका छन् तिनले
आफ्ना पापपूर्ण स्वभाव अनुसारै सोंच्दछन्। जो आत्मा
अनुसार जिउँदछन् उनीहरू आत्माको इच्छा अनुसारै
बाँच्दछन्। ६यदि कुनै व्यक्तिको मन पापपूर्ण स्वभावले
नियंत्रित छ भने उसको आत्मिक मृत्यु हुँदछ। यदि कुनै
व्यक्तिको मन आत्माले नियंत्रित छ भने उसलाई जीवन
र शान्ति हुनेछ। ७यो किन सत्य हो? किनभने, जब कुनै
मानिसको विचार पापपूर्ण स्वभावको अधीनमा हुन्छ तब
उ परमेश्वरको विरुद्धमा हुँदछ। त्यस व्यक्तिले परमेश्वरको
व्यवस्था मान्दैन अनि वास्तवमा त्यो व्यक्ति परमेश्वरको
व्यवस्था पालन गर्न असमर्थ हुँदैन। ८ती मानिसहरू जो
पापपूर्ण स्वभावको अधीनमा छन् भने परमेश्वरलाई
कहिल्यै खुशी पार्न सक्तैन।
९तिम्रोलागि, यदि परमेश्वरको आत्मा तिमीमा बस्छ।
तिमी आफ्ना पापपूर्ण स्वभावबाट नियंत्रित छैनौ, तर
आत्माबाट छौ। तर यदि कसैमा ख्रीष्टको आत्मा छैन
भने उ ख्रीष्टसित हुँदैन। १०किनभने तिमीहरूको शरीर
पापले गर्दा मरेको छ। तर यदि तिमीमा ख्रीष्ट हुनुहुन्छ
भने, तब आत्माले जीवन दिँदछ जस्तो ख्रीष्टले तिमीहरूलाई
परमेश्वर सित धर्मी तुल्याए। ११परमेश्वरले येशूलाई
मृत्युबाट ब्यूँताउनु भयो। अनि यदि तिमीहरूमा उहाँको
आत्माले वास गर्छ भने, उहाँले तिमीहरूका शरीरलाई
पनि जीवन-दान दिनुहुनेछ, जुन मरणशील छ। उहाँले
तिम्रो शरीरमा आत्माद्वारा जीवन-दान दिनु हुनेछ जुन
आत्मा तिमीहरूमा बस्छ।
१२अत: मेरा दाजु-भाइ, दिदी-बहिनीहरू, हामी आफ्ना
पापपूर्ण स्वभावद्वारा नियंत्रित हुनुहुँदैन। हामीले पापपूर्ण
स्वभावले डोऱ्याएको बाटामा लाग्नुहुँदैन। १३यदि तिमीहरू
आफ्ना पापपूर्ण स्वभावको चाहनाको पछि लाग्छौ भने
तिमीहरू आत्मिक रूपले मर्ने छौ। तर यदि तिमीहरू
कुकर्म गर्नदेखि आफूलाई रोक्न आत्माका शक्ति प्रयोग
गर्छौ भने तिमीले सत्य-जीवन पाउने छौ।
१४परमेश्वरका साँचो छोरा-छोरीहरू भनेका ती नै
हुन् जो परमेश्वरकै आत्माद्वारा डोऱ्याइएका हुन्छन्।
१५जुन आत्मा तिमीले पाएका छौ त्यो तिमीलाई फेरि
दास बनाउने र डर देखाउने आत्मा होइन। हामीले
पाएको आत्माले हामीलाई परमेश्वरका छोरा-छोरी बनाउँछ
अनि त्यही आत्मासँगै हामी भन्छौ, "पिता, प्रिय पिता।"
१६अनि त्यो आत्मा आफैले हाम्रो आत्मालाई साक्षी
दिन्छ, कि हामी परमेश्वरको नानीहरू हौं। १७यदि हामी
परमेश्वरका सन्तान हौं भने हामीले आशीर्वाद पाउने छौं
जुन परमेश्वरसित आफ्ना मानिसहरूका लागि छ।
हामीले ती आशिर्वाद परमेश्वरबाट ख्रीष्टसितै पाउने छौं।
तर हामीले ख्रीष्टले जस्तै दु:ख-पीडा खप्नु पर्छ त्यसपछि
मात्र हामीले पनि ख्रीष्टले जस्तै गौरव प्राप्त गर्ने छौ।

### हामीले भविष्यमा महिमा पाउने छौ

१८अहिले घरी हामी कष्टमा छौं। तर जुन कष्ट
अहिले हाम्रो छ त्यो भविष्यमा हामीलाई दिइने महिमासँग
तुलना गर्दा त्यो केही होइन। १९परमेश्वरले बनाउनु
भएको प्रत्येक वस्तुले ठूलो उत्सुकताको साथ त्यस
समयलाई पर्खिरहेको छ जब परमेश्वरले उहाँका छोराहरू
को हुन् भनेर देखाउनु हुनेछ। त्यो विशेष समय हेर्न
सारा संसारको उत्कट अभिलाषा छ। २०प्रत्येक वस्तु
जुन परमेश्वरले बनाउनु भयो त्यो मूल्यहीन भएर गयो।
त्यसले परिवर्तन गर्न चाहेन, तर परमेश्वरकै इच्छा
अनुसार यस्तो भयो। तथापि त्यहाँ यस्तो आशा थियो:
२१परमेश्वरले बनाउनु भएको हरेक कुरा नाशहुनबाट
मुक्त बनाइने छ र परमेश्वरका छोरा-छोरीहरूले महिमा
र स्वतन्त्रता प्राप्त गर्ने छन्।
२२हामी जान्दछौ कि सिर्जेका सारा संसारले प्रसव-
वेदनाले तड़पिरहेकी एउटी स्वास्नी-मानिसले झैं आजसम्म
उत्सुकता पूर्वक पर्खिरहेकै छ। २३यो संसारले मात्र
होइन, हामीले पनि आन्तरिक पीड़ा बोकेर पर्खिरहेका
छौं। हामीमा परमेश्वरको प्रतिज्ञाको प्रथम अंश सरह
आत्मा छ। यसैले हामीलाई उहाँले आफ्ना सन्तान
कहिले बनाउनु हुने हो भनेर उत्सुकता पूर्वक पर्खिरहेका
छौं। मेरो भन्नुको तात्पर्य, हामीलाई उहाँले आफ्ना
शरीरहरूबाट कहिले मुक्ति दिनुहुनेछ भनेर पर्खिरहेका
छौं। २४हामीहरू बचाइयौं र हामीमा यो आशा छ। यदि
हामीले पर्खिरहेका कुरा देख्न सके, त्यो साँचिकै आशा
हुने छैन। मानिसहरूले त्यस कुराको आशा गर्दैनन् जुन
तिनीहरूले पहिल्यै पाइसकेका हुँदछन्। २५तर हामी
केही चीजको आशा गरिरहेछौं जुन हामीले अहिलेसम्म
पाएका छैनौं। हामीले ठूलो धैर्यसित त्यो पर्खिरहेका छौं।
२६आत्माले नै हामीलाई हाम्रो कमजोरतामा सहायता
गर्छ। हामीले कसरी प्रार्थना गर्नु पर्ने हो त्यो जान्दैनौं।
तर आत्माले गंभीर भावले परमेश्वरसँग हाम्रो पक्षमा

याचना गरिदिने छ जुन शब्दहरूमा वर्णन गर्न सकिंदैन।
२७परमेश्वरले हाम्रो हृदयमा के छ देख्न सक्नु हुन्छ।
अनि उहाँले आत्माको मनमा के छ बुझ्नुहुन्छ किनभने
आत्मा आफ्ना मानिसहरूका लागि परमेश्वरसँग उहाँकै
इच्छाले बोल्नुहुन्छ।

२८हामी जान्दछौं कि परमेश्वरले प्रत्येक कुरामा
तिनीहरूको भलाइको लागि गर्नुहुन्छ जसले उहाँलाई
प्रेम गर्दछ। ती मानिसहरू हुन् जसलाई परमेश्वरले
बोलाउनुभयो किनभने त्यो उहाँकै योजना थियो। २९यो
संसार बनाउन भन्दा अघि देखि नै परमेश्वरले ती
मानिसहरूलाई जान्नु हुन्थ्यो। अनि परमेश्वरले तिनीहरू
आफ्नै पुत्र जस्तै होउन् भन्ने निर्णय गर्नुभयो। त्यसै
कारण येशू धेरै दाजु-भाइहरू र दिदी-बहिनीहरूमा जेठो
हुनुभयो। ३०परमेश्वरले ती मानिसहरू आफ्नै पुत्र जस्तै
होइन् भन्ने योजना गर्नुभयो। अनि परमेश्वरद्वारा
बोलाएका तिनीहरूलाई पनि धर्मी बनाइयो। अनि
परमेश्वरद्वारा धर्मी बनाइएका तिनीहरूलाई उहाँले महिमा
पनि दिनुभयो।

## येशू ख्रीष्टमा परमेश्वरको प्रेम

३१अत: यस विषयमा हामीले के भन्ने? यदि
परमेश्वर हाम्रा निम्ति हुनुहुन्छ भने, हामीलाई कसले
पराजय गर्न सक्छ? ३२परमेश्वरले हाम्रो निम्ति जे पनि
गर्नुहुनेछ। परमेश्वरले उहाँका आफ्नै पुत्रलाई कष्ट
भोग्नुबाट जोगाउनु मात्र भएन तर हाम्रा निम्ति बलि
दिनुभयो। तब के परमेश्वरले हामीलाई येशूका साथै
हरेक उपहार दिनुहुन्न र? ३३परमेश्वरले चुन्नुभएका
मानिसहरूलाई कसले दोष लगाउन सक्छ? कसैले
सक्तैन! परमेश्वर मात्र एक हुनुहुन्छ जसले आफ्ना
मानिसहरूलाई धर्मी बनाउनुहुन्छ। ३४परमेश्वरका
मानिसहरूलाई कसले भर्त्सना गर्न सक्छ? कसैले सक्तैन!
ख्रीष्ट येशू हाम्रा निम्ति मर्नुभयो, तर त्यति मात्र होइन,
उहाँ मृत्युबाट जीवित पनि हुनुभयो। अनि उहाँ परमेश्वरको
दाहिनेपट्टि हुनुहुन्छ र हाम्रा निम्ति परमेश्वरलाई विन्ती
गरिरहनु भएको छ। ३५ख्रीष्टको प्रेमबाट हामीलाई
अलग गर्न सक्ने कुनै थोक छ? छैन। के दु:खले
हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? सक्दैन!
के कठिनाइँ वा सतावटले हामीलाई ख्रीष्टको प्रेमबाट
अलग गर्नसक्छ? सक्दैन। के अनिकाल वा नांगोपनाले
हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्नसक्छ? अहँ। के
कुनै आपद वा मृत्युले हामीलाई ख्रीष्टको प्रेमबाट
अलग गर्न सक्छ? अहँ सक्दैन। ३६धर्मशास्त्रले भन्छ:

> "तिमीहरूका निमित्त हामीहरू दिनभरि नैं मृत्युको
> मुखमा छौं मानिसहरू सोंच्दछन् हामी मारिने
> भेंडा जस्ता छौं।"
>
> *भजनसंग्रह ४४:२२*

३७तर परमेश्वरको प्रेमको कारणले हामी ती सबै
कुराहरूमा पूर्ण विजयी बन्छौं। ३८-३९हो, म निश्चिन्त
छु कि केहीले पनि हामीलाई परमेश्वरको प्रेमबाट
अलग पार्न सक्तैन न मृत्यु वा जीवनले, न स्वर्गदूतहरू
वा शासन गर्ने आत्माहरूले, न त कुनै वर्तमानका वा
भविष्यका कुराले, न त कुनै माथिका वा तलका
शक्तिले, न त सारा संसारको कुनै अरू सिर्जित कुराले
हाम्रो परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ
जो हाम्रा प्रभु ख्रीष्ट येशूमा छ।

## परमेश्वर र यहूदी मानिसहरू

९ म ख्रीष्टमा छु र सत्य कुरा बोलिरहेछु। म झूट
बोल्दिनँ। मेरो अन्तरात्मा पवित्र-आत्माद्वारा नियंत्रित
छ। अनि यो अन्तरात्माले निश्चित गर्छ कि म झूटो
होइनँ: २मलाई ठूलो अफसोस छ र मेरो हृदयमा अटूट
वेदना छ यहूदी जातीको निम्ति। ३तिनीहरू मेरा दाजु-भाइ
दिदी-बहिनीहरू हुन्, पृथ्वीमा मेरा सन्तानहरू हुन्। यदि
यसले तिनीहरूलाई सहायता गर्न सक्थे भने म ख्रीष्टबाट
श्राप पाउन र उहाँसित छुट्टिन पनि इच्छा गर्थें।
४तिनीहरू इस्राएलका मानिसहरू हुन्। जसलाई परमेश्वरले
आफ्ना सन्तान बनाउन चुन्नु भएको छ। तिनीहरूसँग
परमेश्वरको महिमा र उहाँ अनि उहाँका मानिसहरू
माझको करार छ। परमेश्वरले उनीहरूलाई आराधना र
संकल्प गर्ने तरिका भएको मोशाको व्यवस्था दिनुभयो।
५ती मानिसहरू हाम्रा पुर्खाहरूका सन्तानहरू हुन्। अनि
तिनीहरू ख्रीष्टका पार्थिव परिवार हुन्। ख्रीष्ट सबै
प्राणीहरूमाथिका परमेश्वर हुनुहुन्छ। सदा उहाँको प्रशंसा
गर! आमिन।

६हो, म यहूदीहरूका लागि दु:ख अनुभव गर्छु। म
भन्दिनँ कि परमेश्वर उनीहरूका लागि आफ्नो प्रतिज्ञा
राख्नमा चुक्नुभयो। तर इस्राएलका कतिपय मानिसहरू
मात्र परमेश्वरका साँचो मानिस छन्। ७अनि अब्राहामका

सन्तानहरू मध्ये थोरै मात्र अब्राहामको साँचो सन्तान
थिए। यही कारण परमेश्वरले अब्राहामलाई भन्नुभयो:
“इसहाक मात्र खालि कानूनी छोरो हुनेछ।”* ८यसले
बताउँछ अब्राहामका सबै सन्तानहरू परमेश्वरका खास
छोराछोरीहरू होइनन्। परमेश्वरले अब्राहामलाई प्रतिज्ञाको
आधारमा अब्राहामका खास छोराछोरीहरू ती हुन् जो
परमेश्वरका छोराछोरीहरू भए। ९परमेश्वरले अब्राहामलाई
यो प्रतिज्ञा दिनुभएको थियो: “निश्चित समयमा म
फर्कने छु अनि साराले एउटा छोरो पाउनेछिन्।”*

१०अनि यति मात्र होइन। रिबेक्काको पनि छोराहरू
थिए। अनि ती छोराहरूका एउटै पिता थिए। उनी हाम्रा
पिता पूर्खा इसहाक थिए। ११-१२तर दुइजना छोराहरू
जन्मनु भन्दा अगाडि परमेश्वरले रिबेक्कालाई भन्नुभयो,
“ठूलो छोराले सानालाई स्याहार्ने छ।”* केटाहरू जन्मनु
भन्दा र तिनीहरूले राम्रो वा नराम्रो कुनै काम गर्न भन्दा
आगाडि भएको थियो। आफूले चुनेको केटो आफ्नो
योजनाकै आधारमा होस् भन्नालाई परमेश्वरले यसो
भन्नुभएको थियो। परमेश्वरकै चाहनाले उनी चुनिएका
थिए तर ती केटाहरूले केही गरेको कारणले होइन।
त्यो परमेवरको इच्छा थियो। १३जस्तो धर्मशास्त्रमा
भनिएको छ, “मैले याकूबलाई प्रेम गरें तर एसावलाई
घृणा गरें।”*

१४अत: यस विषयमा हामीले के भन्नपर्छ? के
परमेश्वरमा कुनै अन्याय छ? निश्चय छैन। १५परमेश्वरले
मोशालाई भन्नुभयो, “जसलाई म कृपा दर्शाउनु चाहन्छु
उसैलाई दर्शाउँछु। अनि जसलाई सहानुभूति दर्शाउनु
चाहान्छु उसलाई सहानुभूति दर्शाउछु।”* १६यसैले हरेक
कुरो परमेश्वरको कृपामा निर्भर छ, अनि मानिसको
इच्छामा वा प्रयासमा निर्भर छैन। १७धर्मशास्त्रमा परमेश्वरले
फिरऊनलाई भन्नुभयो, “मैले तिमीलाई राजा बनाएँ
ताकि मेरो निम्ति तिमीले केही गर्न सकौला। म मेरो
शक्ति तिम्रो माध्यमद्वारा प्रदर्शन गर्न चाहन्थे। म चाहन्थे
मेरो नाउँ संसारभरि घोषित होस्।”* १८यसैले, परमेश्वरले
जसलाई चाहनु हुन्छ उसैमाथि कृपा दर्शाउनुहुन्छ। अनि
परमेश्वरले जसलाई हठी बनाउन चाहनुहुन्छ उसलाई
हठी बनाउनु हुन्छ।

१९अत: तिमीहरूमध्ये कसैले पनि प्रश्न गर्नसक्छौ:
“यदि परमेश्वरले हामीले गरेका सबै कुराहरूमा नियंत्रण
गर्नुहुन्छ भने परमेश्वरले हाम्रो पापहरूको निम्ति हामीलाई
किन दोष दिनुहुन्छ?” २०हे मानिस, तिमी आफूलाई को
हुँ भन्ने सम्झन्छौ? परमेश्वरलाई प्रश्न गर्ने तिमी को
हौ? के एउटा माटाको हाँडीले कुमालेलाई “मलाई किन
यस्तो बनायौ” भनेर सोध्छ? २१कुमालेको अधिकार छ
एउटै माटोबाट उसले विशेष प्रयोगमा आउने एक
किसिमको भाँड़ो बनाउँछ भने सामान्य प्रयोगमा आउने
अर्को किसिमको भाँड़ो पनि बनाउँछ। यो के ठीक
होइन?

२२यस्तै प्रकारले परमेश्वरले पनि काम गरे। परमेश्वरले
आफ्नो क्रोध मानिसहरूमा प्रकट गर्न चाहनुभयो, जसमा
कि उनीहरूले उहाँको शक्ति देखून्। तर परमेश्वरले
ठूलो धैर्यसित ती मानिसहरूलाई सहनुभयो जो विनाश
हुनैआँटिका थिए। २३परमेश्वरले धैर्यतापूर्वक पर्खनुभयो
जसमा कि उहाँका कृपा पाउनेहरूलाई उहाँले आफ्नो
सम्पन्न महिमा देखाउन सकून्। परमेश्वरले ती
मानिसहरूलाई आफ्नो महिमा प्राप्त गर्न तयार गर्नुभयो।
२४हामी तिनै मानिसहरू हौं। परमेश्वरले हामीलाई यहूदी
र अ-यहूदी दुवै सम्प्रदायबाट चुन्नु भएको छ। २५होशेको
कितावमा धर्मशास्त्रले भन्दछ:

> “जो मानिसहरू मेरा होइनन्, म भन्नेछु ती मेरा
> मानिसहरू हुन्। अनि ती मानिसहरू जसलाई
> मैले प्रेम गरिनँ, म भन्नेछु तिनीहरूलाई प्रेम
> गर्छु।”
>
> *होशे २:२३*

२६ “अनि त्यही ठाउँमा जहाँ परमेश्वरले भन्नुभयो,
> ‘तिमीहरू मेरा मानिसहरू होइनौ’ त्यसै ठाउँमा
> तिनीहरूलाई जीउँदा परमेश्वरका पुत्रहरू भनेर
> भनिने छ।”
>
> *होशे १:१०*

२७अनि इस्राएलको विषयमा यशैया कराए:

> “इस्राएलका मानिसहरू समुद्र किनारका
> वालुवाका कणहरू झैं अनगन्ती छन्। तर

---

**“इसहाक … हुनेछ”** उत्पत्ति २१:१२।

**“निश्चित … पाउनेछिन्”** उत्पत्ति १८:१०,१४।

**“ठूलो … छ”** उत्पत्ति २५:२३।

**“मैले … गरें”** मलाकी १:२-३।

**“अनि … दर्शाउँछु”** प्रस्थान ३३:१९।

**“मैले … होस्”** प्रस्थान ९:१६।

तिनमा थोरै मात्रको उद्धार हुनेछ। [२८]हो,
परमेश्वरले चाँडै नै यस पृथ्वीमा मानिसहरूको
जाँच गरिसक्नु हुनेछ।"*

[२९]यस्तै कुरा यशैयाले भने:

"परमप्रभु सर्वशक्तिमान छन्। प्रभुले हाम्रा निम्ति
उहाँका कतिपय मानिसहरूलाई बचाउनु भयो।
यदि उहाँले त्यसो नगर्नु भएको भए अहिले
हामी सदोम जस्तै हुने थियौं अनि हामी
गमोरा* जस्तै हुने थियौं।"*

[३०]अत: यी सबले के बुझाउँछ? यसको तात्पर्य हो:
अ-यहूदीहरूले धर्मी बन्न खोजिरहेका थिएनन्। तर
तिनीहरू विश्वासमा आधारित धर्मी बनाइए। [३१]अनि
इस्राएलका मानिसहरूले व्यवस्थालाई पछ्याएर धर्मी
बन्ने कोशिश गरे। तर तिनीहरू आफ्नो उद्देश्यमा सफल
भएनन्। [३२]किन असफल भए? किनभने, आफ्ना
कामहरूको आधारमा तिनीहरूले आफैलाई धर्मी बनाउने
कोशिश गरे, विश्वासको आधारमा होइन। तिनीहरू
त्यस ढुंगामा ठेस लागेर लड़े जसले मानिसलाई लड़ाउँछ।
[३३]त्यस ढुंगाको विषयमा धर्मशास्त्र भन्छ:

"हेर, सियोनमा* म एउटा ढुंगा राख्छु, जसमा
मानिसहरूलाई ठेस लाग्छ। यो एउटा चट्टान हो
जसले मानिसलाई पाप गर्नु लाउँछ। तर चट्टानमा
कसैले विश्वास गर्दछ भने उसलाई लज्जित
पारिने छैन।"

*यशैया ८:१४, २८:१६*

**१०** दाजु-भाइहरू र दिदी-बहिनीहरू, यहूदीहरूको
उद्धार हुनसकोस् भनेर म हृदयबाटै चहान्छु। यो
मेरो परमेश्वरप्रति प्रार्थना छ। [२]यति मात्र म यहूदीहरूको
विषयमा भन्न सक्छु: तिनीहरू साँचि नै परमेश्वरलाई
पछ्याउन चाहन्छन्। तर तिनीहरू ठीक बाटो जान्दैनन्।
[३]तिनीहरूले धर्मी बनाउने परमेश्वरको बाटो जानेनन्।
तिनीहरूले आफ्नै तरिकाबाट धार्मिक बन्न चाहे, अनि
त्यसैले मानिसहरूलाई धर्मी बनाउने परमेश्वरको बाटो
तिनीहरूले स्वीकार गरेनन्। [४]ख्रीष्टले व्यवस्था समाप्त
गरिदिनुभयो ताकि प्रत्येक व्यक्ति जसले विश्वास गर्छ उ
धर्मी बन्न सक्छ।

[५]व्यवस्थाले दिएको धार्मिकता बारे मोशा भन्दछन्:
"व्यवस्थाको अनुसार हिंड्ने मानिस त्यसबाटै बाँच्ने
छ।"* [६]तर विश्वासले दिएको धार्मिकताको विषयमा
धर्मशास्त्रले भन्छ: "तिमीहरू स्वयंले नसोध, 'स्वर्गमा को
जानेछ?'" (जसको अर्थ हुँदछ, "ख्रीष्टलाई पृथ्वीमा
उतार्न को स्वर्ग जानेछ?") [७]"र नभन, 'पातालमा को
जानेछ?" (जसको अर्थ हुँदछ, "ख्रीष्टलाई मृत्युबाट
फर्काउन पातालमा को जानेछ?") [८]धर्मशास्त्रले यसरी
भन्छ: "परमेश्वरको शिक्षा तिमीहरूको नजिक छ; त्यो
तिम्रो मुखमा र तिम्रो हृदयमा छ।"* यो शिक्षा
विश्वासको शिक्षा हो जुन हामी प्रचार गर्छौं। [९]यदि
तिमीहरूले "येशू नै प्रभु हुनुहुन्छ," भन्न मुख खोल्यौ
भने अनि यदि परमेश्वरले येशूलाई मृत्युबाट जगाउनुभयो
भन्ने कुरामा तिमीहरू विश्वास गर्छौ भने, तिमीहरूको
उद्धार हुनेछ। [१०]हों, हामी हृदयले विश्वास गर्दछौं
त्यसैले हामी धर्मी बनाइएका छौं। अनि हामी विश्वास
गर्छौं भन्ने स्वीकार गर्न हामी आफ्ना मुख खोल्दछौं
त्यसैले हामी बचाइएका छौं। खोल्यौ र विश्वास गर्‍यौ र
हाम्रो उद्धार भयो। [११]हो, धर्मशास्त्रले भन्छ, "जसले
पनि उहाँमा विश्वास गर्छ भने, उ लज्जित हुने छैन।"
[१२]किनभने यहूदी र अ-यहूदीहरूमा भिन्नता छैन। उनै
परमप्रभु सबैका लागि प्रभु हुनुहुन्छ। ज-जसले उहाँमा
विश्वास राख्दछ ती सबैलाई उहाँ पूर्ण आशिष दिनुहुन्छ।
[१३]हो, धर्मशास्त्रले भन्छ, "जसले परमप्रभुमा भरोसा
राख्छ उसको उद्धार हुँदछ।"*

[१४]तर तिनीहरूले प्रभुलाई पत्याउन भन्दा पहिले
उहाँमा विश्वास गर्नुपर्छ? अनि विश्वास गर्नअघि, तिनीहरूले
उहाँको बारेमा सुन्नुपर्छ। तर उहाँको बारेमा सुन्नलाई

---

**"इस्राएलका … हुनेछ"** यशैया १०:२२-२३।

**सदोम, गमोरा** नराम्रा मानिसहरू बस्ने नगरहरू। परमेश्वरले तिनीहरूलाई तिनीहरूको नगरहरू ध्वंश पारेर सजायँ दिनुभयो।

**"परमप्रभु … थियौं"** यशैया १:९।

**सियोन** यरूशलेमको अर्को नाउँ हो, परमेश्वरका मान्छेको शहर।

**"व्यवस्थाको … छ"** लेवी १८:५।

**पद ६-८** व्यवश्था ३०:१२-१४।

**"जसले … छैन"** यशैया २८:१६।

**"जसले … हुँदछ"** योएल २:३२।

कसैले उहाँ बारे तिनीहरूलाई प्रचार गर्नुपर्छ। १५तर
कसैले प्रचार गर्नुभन्दा अघि, उसलाई पठाइनु पर्छ।
धर्मशास्त्रले भन्छ: "सुसमाचार ल्याउनेहरूका खुट्टा सुन्दर
हुन्छन्।"*

१६तर सबै यहूदीहरूले त्यो सुसमाचार स्वीकार
गरेनन्। यशैयाले भने, "परमप्रभु हाम्रो सन्देशलाई कसले
विश्‍वास गरे?"* १७यसैले सुसमाचार सुनेपछि विश्‍वास
आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको विषयमा
बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

१८तर म सोध्छु, "के तिनीहरूले सुसमाचार सुने?"
हो, तिनीहरूले सुने। धर्मशास्त्रले भन्छ:

> "तिनीहरूका आवाज सारा संसारमा फैलियो।
> तिनीहरूका शब्द संसारका चारै दिशा तर्फ
> पुगे"
>
> *भजनसंग्रह १९:४*

१९फेरि म सोध्छु, "के इस्राएलका मानिसहरूले बुझेनन्?"
हो, तिनीहरूले बुझे। मोशा पहिले परमेश्‍वरका कुरा
भन्छन्:

> "म ती मानिसहरूलाई प्रयोग गरेर तिनीहरूमा
> इर्ष्या उत्पन्न गराउँछु, जो एक जाति होइन।
> एउटा मूर्ख जातिलाई प्रयोग गरेर म तिमीहरूलाई
> क्रुद्ध बनाउँछु।"
>
> *व्यवस्था ३२:२१*

२०त्यसपछि यशैया अझ निर्भयताका साथ परमेश्‍वरलाई
भन्छन्:

> "जुन मानिसहरूले मलाई खोज्दै खोजेका थिएनन्,
> तिनीहरूले मलाई पाए। जसले मलाई सोध्दै
> सोधेका थिएनन्, म तिनीहरू कहाँ प्रकट
> भएँ।"
>
> *यशैया ६५:१*

२१परमेश्‍वरले यी कुराहरू यशैयाको माध्यमबाट अ-
यहूदीहरूलाई भन्नुभयो। तर यहूदीहरूका बारेमा परमेश्‍वर
भन्नुहुन्छ, "सारा दिन मैले ती मानिसहरूलाई पर्खें, तर
तिनीहरूले मेरो आज्ञा मानेनन् अनि मलाई पछ्याएनन्
पनि।"*

## आफ्ना मानिसहरूलाई परमेश्‍वरले बिर्सनुभएन

**११** तब मैले सोधें, "के परमेश्‍वरले आफ्ना
मानिसहरूलाई फालिदिनु भयो त?" त्यसो होइन!
म स्वयं एक इस्राएली हुँ। म अब्राहामको परिवारको हुँ।
म बिन्यामीनको कुलको हुँ। २तिनीहरू जन्मनुभन्दा
पहिल्यै परमेश्‍वरले इस्राएलीहरूलाई आफ्ना मानिसको
रूपमा चुन्नु भएको थियो। अनि परमेश्‍वरले ती
मानिसहरूलाई निकालेर फाल्नु भएन। नि:सन्देह, तिमीहरू
जान्दछौ धर्मशास्त्रले एलिया बारेको कथामा के भन्छ।
धर्मशास्त्रले भन्छ, एलियाले परमेश्‍वरलाई इस्राएलका
मानिसहरूका विरुद्धमा यस प्रकारले प्रार्थना गरिरहेका
थिए, ३"परमप्रभु, मानिसहरूले तपाईंका अगमवक्ताहरूलाई
मारे। अनि तपाईंका वेदीहरू सबै भत्काई दिए। म मात्र
एकजना अगमवक्ता अझ बाँचिरहेछु। अनि मानिसहरू
मलाई मार्न खोजिरहेछन्।"* ४तर परमेश्‍वरले एलियालाई
कस्तो उत्तर दिनुभयो? उहाँले भन्नुभयो, "मैले अझसम्म
मलाई पुज्न सात हजार मानिसहरू राखेको छु। ती सात
हजार मानिसहरूले बाललाई* पुजेनन्।"* ५यस्तै
प्रकारले, परमेश्‍वरको अनुग्रहले चुनिएका अहिले पनि
इस्राएलमा त्यहाँ कतिपय मानिसहरू छन्। ६अनि यो
परमेश्‍वरको अनुग्रह कै फल हो भने, त्यो मानिसहरूको
कामको फल होइन। नत्र भने परमेश्‍वरको अनुग्रह
अनुग्रह नै रहने थिएन।

७यसैले त्यो यस्तो हुनगयो: इस्राएलका मानिसहरूले
धर्मी बन्ने कोशिश गरे। तर ती सफल बन्नसकेनन्। तर
परमेश्‍वरले चुन्नुभएका मानिसहरू भने धर्मी बने। अरू
मानिसहरू कठोर थिए र परमेश्‍वरको कुरा सुन्न
चाहेनन्। ८जस्तो धर्मशस्त्रमा लेखिएको छ:

---

**"सुसमाचार … हुन्छन्"** यशैया ५२:७।

**"परमप्रभु … गरे"** यशैया ५३:१।

**"सारा … पछ्याएनन् पनि।"** यशैया ६५:२।

**"परमप्रभु … खोजिरहेछन्"** १ राजा १९:१०, १४।

**बाल** कृत्रिम देवता वा मूर्तीको नाउँ।

**"मैले … पुजेनन्"** १ राजा १९:१८।

"परमेश्वरले मानिसहरूका इन्द्रियलाई चेतनाहीन बनाइदिनु भयो।"

*यशैया २९:१०*

"परमेश्वरले तिनीहरूका आँखा बन्द गरिदिनु भयो ताकि तिनीहरूले देख्न नसकून्। उहाँले तिनीहरूका कान बन्द गरिदिनुभयो ताकि तिनीहरूले सुन्न नसकून्। अझसम्म त्यही भइरहेछ।"

*व्यवस्था २९:४*

[9]अनि दाउद भन्छन्:

"तिनीहरूका भोजहरूमा, तिनीहरू पासोमा परून् र पक्राउ खाऊन्। तिनीहरूले ठोक्कर खाउन् र ती लड्न्, तिनीहरू दण्डित होऊन्।

[10] तिनीहरूका आखा बन्द रहून्, तब ती देख्न सक्दैनन्। अनि ती सदा कष्टमा परिरहून्।"

*भजनसंग्रह ६९:२२-२३*

[11]त्यसैले म सोध्छु: जब यहूदीहरूले ठोक्कर खाए, त्यस ठोक्करले के ती ध्वंश भए? भएनन्। तिनीहरूका गल्तीले अ-यहूदीहरूलाई मुक्ति प्रदान गऱ्यो र यहूदीहरूलाई इर्ष्यालु बनायो। [12]यहूदीहरूको ठोक्करले संसारलाई ठूलो आशिष ल्याएको छ, अनि तिनीहरूले जे गुमाए त्यसले अ-यहूदीहरूलाई ठूलो आशिष ल्याएको छ। अत: कल्पना गर परमेश्वरले तिनीहरूलाई जस्तो हुनु चाहनुहुन्छ ती त्यस्तै भइदिए संसारले कति महान् आशिष पाउने थियो!

[13]अब म तिमीहरूसँग बोलिरहेछु जो यहूदीहरू होइनौ। म अ-यहूदीहरूको प्रेरित हुँ। यसैले जति बेला म सँग हुन्छ, म यथासक्य असल गर्छु। [14]म आशा गर्छु कि म आफ्नै मानिसहरूलाई इर्ष्यालु बनाउन सक्छु। त्यस्तै प्रकारले म आशा गर्छु म तिनमा कतिपयलाई उद्धार गर्न सक्छु। [15]परमेश्वर यहूदीहरूसंग रिसाउनु भयो भनेको, उहाँ संसारका अन्य मानिसहरूसंग मित्र बन्नुभयो भनेको हो। त्यसैले कल्पना गर, परमेश्वरले यहूदीहरूलाई पुन: स्वीकार गर्नुभयो भने के होला? त्यसले मृत्युपछि जीवन ल्याउने छ।

[16]यदि रोटीको पहिलो टुक्रा परमेश्वरलाई अर्पण गरे, जम्मै रोटी पवित्र हुन्छ। यदि एउटा रूखका जराहरू पवित्र छन् भने त्यसका हाँगाहरू पनि पवित्र हुनेछन्।

[17]भद्राक्षको रूखका केही हाँगाहरू भाँचिएका थिए। अनि जंगली भद्राक्ष रूखको हाँगा (जस्तो अ-यहूदी) तिमीहरू त्यस भद्राक्षका हाँगाहरूमा कलमी हानिएकाहरू थियौ। अब त्यसै भद्राक्ष रूखको शक्ति र जीवनको साझेदारी तिमीहरूले गर्नेछौ। [18]यसैले भाँचिएका हाँगाहरूभन्दा ठूला बन्ने घमण्ड नगर। तिमीहरूले घमण्ड गर्ने कुनै कारण छैन। किन? तिमीहरूले त्यो जरामा प्राण भर्दैनौ। त्यो जराले पो तिमीहरूलाई प्राण दिन्छ। [19]तिमीहरूले भन्ने छौ, "हागाँहरू भाँचिएर गए जसमा कि म रूखमा कलमी बनाउन सकूँ।" [20]त्यो सत्य हो। ती हाँगाहरू भाँचिएका थिए किनभने तिनीहरूले विश्वास गरेनन्। अनि तिमीहरू आफ्नो विश्वासको कारणले त्यस रूखमा ठाउँ पाउँछौ। घमण्डी नबन तर कातर बन। [21]परमेश्वरले प्राकृतिक हाँगाहरूलाई नजोगाए जस्तै यदि तिमीहरूले विश्वास गरिरहेनौ भने उहाँले तिमीहरूलाई जोगाउनु हुने छैन।

[22]अत: बुझ, परमेश्वर कति दयालु हुनु सक्नु हुन्छ, तर साथै बुझ, परमेश्वर कठोर पनि हुनु सक्नुहुन्छ, जसले परमेश्वरको बाटो पछ्याउन छाड्छ उसित उहाँ कठोर हुनुहुन्छ। तर तिमी उहाँका दयाभित्र रहिरह्यौ भने परमेश्वर दयालु हुनुहुन्छ। तर तिमीले त्यसो गरेनौ भने तिमी रूखका हाँगाहरू काटिए झैं काटिने छौ। [23]अनि यदि यहूदीहरूले परमेश्वरमा फेरि विश्वास राख्न थाले, परमेश्वरले तिमीहरूलाई फेरि ग्रहण गर्नुहुनेछ। परमेश्वरमा तिनीहरूलाई फेरि फर्काई ल्याउने क्षमता छ जहाँ तिनीहरू पहिले थिए। [24]एउटा असल भद्राक्ष रूखमा जंगली भद्राक्ष रूखका हाँगाहरू कलम सार्नु प्राकृतिक कुरो होइन। तर तिमी अ-यहूदीहरू जङ्गली भद्राक्ष रूखका हाँगाहरू जस्ता हौ, जो असल भद्राक्षको रूखमा कलमी सारिएको छ। तर यहूदीहरू असल भद्राक्ष रूखका हाँगाहरू जस्ता हुन्। अत: नि:सन्देह तिनीहरू मूल रूखमा कलमी सार्न सकिन्छ।

[25]दाजु-भाइहरू र दिदी-बहिनीहरू, म तिमीहरूलाई यो गुप्त कुरा बताउन चाहन्छु। यसले तिमीहरूलाई नबुझेका सबै कुराहरू बुझ्नमा सहयोग गर्नेछ। सत्य यो हो: इस्राएलको एउटा भाग हठी भयो। तर त्यो परिवर्तन हुनसक्ने छ जब प्रशस्त अयहूदीहरू परमेश्वर कहाँ आउँदछन्। [26]अनि त्यसै गरी सारा इस्राएलीहरूलाई बचाइने छ। यो धर्मशास्त्रमा लेखिएको छ:

"उद्धारक सियोनबाट आउनुहुने छ, उहाँले
याकूबका परिवारबाट दुष्ट्याइँ हटाउनुहुनेछ
२७ अनि म तिनीहरूसँग यो वाचा गर्नेछु, जब
तिनीहरूका पापहरू म हरण गर्नेछु।"

*यशैया ५९:२०-२१, २७:९*

[२८]यहूदीहरू सुसमाचार ग्रहण गर्न अस्वीकार गर्छन्, अत: तिनीहरू परमेश्वरका शत्रुहरू हुन्। यो तिमी अ-यहूदीहरूलाई सहायता गर्नको लागि भएको हो। तर तिनीहरू चुनिएका मानिसहरू हुनाको कारण परमेश्वरले अझ पनि प्रेम गर्नुहुन्छ। किनभने तिनीहरूका पिताहरूलाई वचन दिनुभएको थियो। [२९]परमेश्वरले मानिसहरूलाई आफूले दिनुहुने उपहारको बारेमा अनि आफ्नो बोलावटको बारेमा आफ्नो मन परिवर्त्तन गर्नुहुने छैन। [३०]एक समयमा तिमीहरूले परमेश्वरलाई मान्न अस्वीकार गरेका थियौ। तर अहिले तिमीहरूले परमेश्वरको कृपा पायौ कारण तिनीहरूले आज्ञा पालन गर्न मानेनन्। [३१]अनि अहिले तिनीहरूले परमेश्वरको आज्ञा पालन गर्न अस्वीकार गर्छन् किनभने परमेश्वरले तिमीहरू प्रति कृपा दर्शाउनुभयो। तिनीहरूले पनि परमेश्वरबाट कृपा प्राप्त गरून् भनी त्यसो भएको थियो। [३२]सबै मानिसहरू अनज्ञाको कारागारमा यसकारण थुनिएका छन् कि परमेश्वरको कृपा सबैमा पुग्न सकोस्।

### परमेश्वरको प्रशंसा गर

[३३]हो, परमेश्वरको एश्वर्य को सीमा छैन! उहाँको ज्ञान र बुद्धिको कुनै अन्त छैन! कसैले पनि परमेश्वरले गर्नुभएको निर्णयको व्याख्या गर्न सक्तैन। कसैले पनि परमेश्वरको बाटोहरू बुझ्दैन। [३४]जस्तो धर्मशास्त्रमा लेखिएको छ:

"परमप्रभुको मन कसले जान्दछ? उहाँको सल्लाह
कसले दिनेछ?"

*यशैया ४०:१३*

३५ "कसैले कहिल्यै परमेश्वरलाई केही उपहार
दिएको छ? जसमा कि बद्लीमा परमेश्वरले
पनि उसलाई उपहार दिनपरोस्।"

*अय्यूब ४१:११*

[३६]हो, परमेश्वरले सबै थोकको सृजना गर्नुभयो। सबै कुरा उहाँकै कारणले र उनैको निम्ति चलिरहेछ। परमेश्वरको महिमा रहिरहोस्! आमिन।

### परमेश्वरलाई तिमीहरूको जीवन देऊ

**१२** यसैले दाजु-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। अत: परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो। [२]सांसारिक स्तरमा आफूलाई परिवर्त्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्त्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र संपूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन समर्थ हुने छौ।

[३]परमेश्वरले मलाई अनुपम अनुग्रहको वरदान दिनुभएको छ, म तिमीहरू सबैलाई भन्छु: आफू जे छौ त्यो भन्दा बढ़ता आफूलाई नसंझ। परमेश्वरले दिनुभएको विश्वासको आधारमा तिमी वास्तवमा बाचिरहेका छौ त्यो स्वयं हेर। [४]हामी प्रत्येकको एउटै शरीर छ अनि यो धेरै भागमा बाँडिएको छ। यी भागहरूको एउटै काम हुँदैन। [५]उसै गरी, हामी धेरै मानिसहरू छौं, तर ख्रीष्टमा हामी एक शरीर हौं। अनि प्रत्येक अंग अरू भागहरूका हुन्। [६]हामी सबैसँग विभिन्न वरदानहरू छन्। हरेक वरदानहरू परमेश्वरको अनुग्रहबाट आएको छ। यदि कसैसँग अगमवाणी गर्ने वरदान छ भने उसले आफ्नो विश्वासको अनुसार त्यसको उपयोग गर्नुपर्छ। [७]यदि कसैसँग सेवाको वरदान छ भने उसले सेवा गर्नुपर्छ। यदि कसैसँग उपदेशको वरदान छ भने उसले उपदेश दिनुपर्छ। [८]यदि कसैसँग उत्साहको वरदान छ भने उसले अरू मानिसलाई उत्साह दिनुपर्छ। यदि कसैसँग अरूलाई सहयोग गर्ने वरदान छ भने उसले उदारतापूर्वक उपयोग गर्नुपर्छ। यदि कसैसँग नेतृत्व गर्ने वरदान छ भने उसले प्रवीणता पूर्वक नेतृत्व दिनुपर्छ। यदि कसैसँग दया देखाउने वरदान छ भने उसले खुशीको साथमा अरूलाई दया देखाउनु पर्छ।

[९]तिमीहरूको प्रेम शुद्ध हुनुपर्छ। ती कुराहरूलाई घृणा गर जुन कुरामा दुष्ट्याइँ छ। असल कुराहरू मात्र गर। [१०]एकाअर्कामा दाजु-भाइ, दिदी-बहिनीहरूलाई जस्तो प्रेम गर। तिमी आफूलाई जस्तो चाहन्छौ आफ्ना दाजु-भाइ, दिदी-बहिनीहरूलाई त्योभन्दा अझ बढ़ता सम्मान देऊ। [११]परमप्रभुको काममा अल्छे नबन। आत्मिक रूपले इर्ष्यालु भएर उहाँको सेवा गर। [१२]खुशी रहौ किनभने तिमीहरूसँग आशा छ। दु:खमा धैर्य धारण

गर। सधैं प्रार्थना गर। [१३]परमेश्वरका मानिसहरूले सहायता खोजेको देखे आफूमा कुरो बाँडेर भएको सहायता देऊ। अनि मानिसहरूलाई आफ्नो घरमा स्वागत गर।

[१४]ती जसले तिमीहरूको नराम्रो गर्छ उसित मीठो वचन बोल। तर तिनीहरूलाई नसराप। [१५]जब अरूहरू खुशी हुँदछन् तिमी पनि तिनीहरूसँग खुशी हुनुपर्छ। अनि जब अरूहरू रून्छन् तिमी पनि तिनीहरूसँग रूनुपर्छ। [१६]परस्परमा शान्तिपूर्वक मिलेर बस। अंहकार नगर। निम्न पदका मानिसहरूसित मित्रता राख। अभिमानी नबन।

[१७]यदि तिमीलाई कसैले चोट पुर्‍याँउछ भने तिमीले त्यसको बद्ला नलेऊ। सबै मानिसलाई राम्रो गर्ने प्रयास गर। [१८]यदि यो तिम्रो पक्षबाट सम्भव भए सबैसँग शान्तिसित बस। [१९]हे मेरा मित्रहरू, तिमीहरूलाई नराम्रो गर्नेलाई दण्डदिने कोशिश नगर। परमेश्वरलाई पर्ख, उहाँले क्रोधको बेलामा तिनीहरूलाई दण्ड दिनुहुनेछ। लेखिएको छ: "दण्ड दिने काम मेरो हो; म साटो फेर्ने छु।"* परमप्रभु भन्नुहुन्छ। [२०]यसर्थ तिमीहरूले यसो गर्नू: "यदि तिम्रो शत्रु भोको छ भने, उसलाई खुवाऊ। यदि तिम्रो शत्रु प्यासा छ भने तिनलाई पानी देऊ। यस प्रकारले तिमीले ती मानिसहरूलाई लज्जित पार्ने छौ।"* [२१]दुष्टले तिमीलाई नजितोस्, तर भलाइले दुष्टलाई जित।

## सरकारको शासकहरूको आज्ञा मान्नु

**१३** तिमीहरू सबैले शासकहरूको आज्ञा मान्नुपर्छ। किनभने शासकहरूलाई अधिकार प्रदान गर्ने परमेश्वर हुन्। अनि अहिले घरि शासन गर्नेहरू परमेश्वरबाट नियुक्त गरिएका हुन्। [२]यसैले जो शासकहरूको विरोधमा जान्छ उ परमेश्वरको नियुक्तिको विरोधमा जान्छ। जो शासकको विरोधमा जान्छ उ दण्डित हुनेछ। [३]जजसले उचित काम गर्दछन् उनीहरूलाई शासकहरूदेखि डराउने काम छैन। तर जजसले अनुचित काम गर्दछन् उनीहरूलाई शासकहरूदेखि डराउनु पर्छ। के तिमीहरू शासकहरूका डरबाट मुक्त हुन चाहन्छौ? तब उचित काम गर, शासकहरूले तिमीहरूको प्रशंसा गर्नेछन्। [४]शासकवर्ग तिमीहरूलाई सहयोग गर्ने परमेश्वरको सेवक हुन्। तर तिमीले अनुचित काम गर्‍यौ भने, तिमी डराउँछौ। शासकसँग दण्ड दिने अधिकार छ अनि उसले यो अधिकार चलाउँछ। अनुचित काम गर्नेलाई दण्ड दिने उ परमेश्वरको सेवक हो। [५]तिमीले शासकको आज्ञा मान्नै पर्छ, तिमीले मान्नै पर्छ किन कि मानेनौ भने तिमीले दण्ड पाउन सक्छौ। तिमीले मान्नु पर्छ किनभने तिमी जान्दछौ कि असल काम गरिनु पर्छ।

[६]अनि यसैकारण तिमीहरूले कर पनि तिर्नु पर्दछ। शासकहरू परमेश्वरको सेवा गरिरहेछन् अनि त्यसैको लागि तिनीहरूले आफ्नो समय दिन्छन्। [७]तिमीले जे दिनुपर्छ सबै मानिसलाई देऊ। तिमीले जसलाई कर र महसूल तिर्नु परेको हुन्छ उसलाई तिर। आदर गर्नुपर्ने मानिसलाई आदर गर। सम्मान गर्नुपर्ने मानिसलाई सम्मान गर।

## अरूलाई प्रेम गर्नु नै व्यवस्था हो

[८]तिमी कसैप्रति ॠणी हुनु हुँदैन। तर तिमीहरू सधैं एकाअर्कामा प्रेमको ॠणी हुनुपर्छ। जसले अरूलाई प्रेम गर्दछ उसले सम्पूर्ण व्यवस्था मान्दछ। [९]म यो किन भन्दैछु? किनभने व्यवस्थाले भन्दछ, "व्यभिचारको पाप नगर, हत्या नगर, कुनै कुरो नचोर, अरूको चीजको लोभ नगर।"* यी सबै आदेशहरू र अन्य आदेशहरू एउटै आदेशमा समाहित छन्: "आफूलाई प्रेम गरे जस्तै अरूलाई प्रेम गर।"* [१०]प्रेमले कसैलाई चोट पुर्‍याउँदैन। अत: प्रेम गर्नु नै सबै व्यवस्थाको पालन गर्नु हो।

[११]मेरो भनाइको कारण यो हो कि हामी अप्ठ्यारो समयमा बाँचिरहेछौं। हो, अब निद्राबाट व्यूँझिने तिम्रो समय आएको छ। किनभने जतिबेला हामीले विश्वास गर्‍यौ त्यस बेलाको भन्दा अहिले हाम्रो मुक्ति हामी नजिक भएको छ। [१२]"रात"* प्राय: सिद्धिसक्यो "दिन"* लगभग यहाँ आइसक्यो। यसर्थ: हामीले कामगर्न रोक्न पर्दछ जुन अन्धकारको हो, अनि हामीले आफूलाई उज्यालाका कामहरू शुरू गर्न तयार बनाउनु पर्छ। [१३]दिनका मानिसहरू जस्तो हामीले स्वच्छतापूर्वक काम

---

**"दण्ड … फेर्ने छु"** व्यवस्था ३२-३५।

**"यदि तिम्रो … पार्ने छौ"** हितोपदेश २५:२१-२२।

**"व्यभिचारको … लोभ नगर"** प्रस्थान २०:१३-१५, १७।

**"आफूलाई … गर"** लेवी १९:१८।

**रात** पापपूर्ण संसारको प्रतीक।

**दिन** असल समयको आगमनको प्रतीक।

गर्नुपर्छ। हामी जंगली र खर्चिलो भोजमा भुलिनु हुँदैन।
हामी मात्नु हुँदैन। हामीले व्यभिचारको पापहरू गर्नु
हुँदैन र हामीले आफ्ना शरीरले कुनै पाप गर्नु हुँदैन।
हामीले झगड़ा गर्नु हुँदैन र ईर्ष्या गर्नु हुँदैन। [१४]त्यसको
सट्टामा आफूले प्रभु येशू ख्रीष्टलाई पहिर। आफ्नो
पापमय स्वभाव र त्यसको पापमय इच्छाहरूलाई सन्तुष्टी
नदेऊ।

## अरूको भर्त्सना नगर

**१४** कमजोर विश्वास भएका आफ्ना समूहका
सदस्यहरूलाई अप्नाउन अस्वीकार नगर। अनि
तिनीहरूको विचारमाथि तिनीहरूसित तर्क नगर। [२]आफूलाई
जे मन पर्छ त्यो खानसक्छु भन्ने विश्वासहरू एउटा
व्यक्तिको हुन सक्छ। तर कमजोर विश्वास हुने अर्को
व्यक्तिले सोच्न सक्छ कि उ खालि सागसब्जी मात्र
खान सक्छ। [३]अनि जे पनि खान सक्छु भन्ने मान्छेले
त्यो सागसब्जी मात्र खाने मान्छे भन्दा उत्तम छु भनेर
आफूलाई ठान्नु हुँदैन। अनि सागसब्जी मात्र खाने
मान्छेले पनि सबै खाने मान्छे गलत हो भनेर सोच्नु
हुँदैन। परमेश्वरले ती दुवैलाई ग्रहण गर्नुहुन्छ। [४]तिमीले
अरूको सेवकलाई जाँच्न सक्तैनौ। उसको स्वामीले मात्र
त्यसको ठीक र बेठीकको निर्णय गर्नसक्छ। अनि
परमप्रभुको सेवक ठीक बन्नेछ किनभने प्रभु तिनलाई
ठीक बनाउनु समर्थ हुनुहुन्छ।

[५]कुनै व्यक्तिले एउटा दिनलाई अर्को दिनभन्दा महत्वपूर्ण
ठान्नसक्छ। अनि अर्को व्यक्तिले सबै दिन एकै ठान्न
सक्छ। हरेक व्यक्ति आफ्नो विश्वासमा निश्चित हुनुपर्छ।
[६]जसले एउटा दिन भन्दा अर्को दिन महत्वपूर्ण भनेर
सोच्दछ उसले त्यो परमप्रभुको लागि सोंच्दैछ। अनि
जसले सबै थोक खान्छु भन्छ त्यसले प्रभुको लागि
खाँदैछ। हो, त्यस खानाको लागि उसले प्रभुलाई
धन्यवाद दिँदछ। अनि जसले केही थोक खान अस्वीकार
गर्दछ उसले प्रभुकै लागि अस्वीकार गरिरहेछ। उसले
पनि परमेश्वरलाई धन्यवाद दिँदछ। [७]हो, हामी सबैजना
प्रभुको लागि बाँच्दछौं। हामी आफ्नै निम्ति बाँच्दैनौं
अथवा आफ्नै निम्ति मर्दैनौं पनि। [८]यदि हामी बाँच्छौ
भने, हामी प्रभुको लागि बाँचिरहेछौं। अनि यदि हामी
मर्छौं भने, हामी प्रभुको लागि मर्दछौं। यसैले हामी मरौं
कि हामी बाँचौ हामी प्रभुकै हौं।

[९]यही कारणले गर्दा ख्रीष्ट मर्नुभयो र मृत्युबाट
बाँच्न। ख्रीष्टले त्यसै गर्नुभयो र उहाँ मरेकाहरूका लागि
पनि र बाँचेकाहरूका लागि पनि प्रभु हुनसक्नु भयो।
[१०]तब तिमी ख्रीष्टमा भाइ भनेर किन जाँच्छौ? अथवा
तिमीले आफूलाई आफ्ना दाजु-भाइभन्दा ठूला किन
ठान्छौं? हामी सबैजना परमेश्वरका सम्मुख उभिनु पर्छ।
अनि उहाँले हामीसबैलाई जाँच्नुहुन्छ। [११]हो, यो धर्मशास्त्रमा
लेखिएको छ:

> “प्रत्येक मानिस मेरो सामु झुक्ने छ; अनि
> प्रत्येकले परमेश्वरलाई मान्नेछ। नि:सन्देह म
> बाँचे जस्तै, यी कुराहरू हुनेछन्, परमप्रभु भन्नु
> हुन्छ।”
>
> *यशैया ४५:२३*

[१२]अत: हामी प्रत्येकले परमेश्वरको अगाड़ि आफ्नो
हिसाब दिनु पर्नेछ।

## अरूलाई पापी भनेर दोष नलगाऊ

[१३]यसैले एकअर्कालाई जाँच्ने काम बन्द गरौं।
त्यसको सट्टामा तिमीले दाजु-भाइका वा दिदी-बहिनीका
बाटोमा वाधा नहाल्ने वा केही त्यस्तो नगर्ने निश्चय गर
जसले गर्दा ती पाप गर्न तिर डोरिन सक्लान्। [१४]म प्रभु
येशूमा छु। अनि म जान्दछु कुनै खाद्य आफैमा फोहोर
छैन। तर यदि कसैले फोहोर भनेर विश्वास गर्छ भने
त्यो उसैको लागि फोहोर छ। [१५]केही खाँदैमा यदि
तिमीले आफ्ना दाजु-भाइ दिदी-बहिनीको भावनामा चोट
पुर्‍याउँछौ भने तिमीले प्रेमको बाटो पछ्याउँदैनौ। कसैले
गलत संझेको खाना खाएर तिमीले उसलाई नष्ट गर्नु
हुँदैन। ख्रीष्ट त्यस व्यक्तिको लागि पनि मर्नुभयो।
[१६]आफूलाई असल लागेको कुनै कुराको निन्दा हुन
नदेऊ। [१७]परमेश्वरको राज्यमा खानु र पिउनुको कुनै
महत्व छैन। परमेश्वरको राज्यमा महत्वपूर्ण कुरा त यी
हुन्: धार्मिकता, शान्ति र पवित्र आत्मामा आनन्द।
[१८]कसैले यस प्रकारले ख्रीष्टको सेवा गरे परमेश्वरलाई
खुशी पार्दछ। अनि त्यो व्यक्ति अरूहरूद्वारा स्वीकृत
हुनेछ।

[१९]यसैले कठोर परिश्रमको साथ त्यस्तो काम गरौं
जसबाट शान्ति छाउँछ। अनि त्यस्तो काम गरौं जसमा
कि त्यो एकाअर्कामा सहयोग बन्न सकोस्। [२०]खानालाई

परमेश्वरको कार्य नष्ट गर्न नदेऊ। हरेक खाद्य खान
लायकको हुन्छ। तर अर्कालाई पापमा पार्ने खाना खानु
अनुचित हो। २१मासु वा दाखरस वा अरू कुनै थोक
जसले तिम्रा दाजु-भाइ, दिदी-बहिनीलाई पापमा धकेल्दछ,
त्यो नखानै असल।

२२यी चीजहरूमा तिम्रो विश्वास परमेश्वर र आफूमाझ
राख्नु पर्छ। अपराध बोध नगरी आफूले उचित ठहऱ्याएको
काम गर्ने व्यक्ति धन्य हो। उसलाई परमेश्वरबाट
आशिष प्रदान गरिन्छ। २३तर कसैले शंका गर्दै केही
कुरो खान्छ भने उ स्वयं नै दोषी हुँदछ। किन? किनभने
उसलाई त्यो उचित हो भन्ने भरोसा भएन अनि भरोसा
नभई गरेको जे कुरा पनि पाप हो।

**१५** हामीहरूमध्ये जो विश्वासमा दरिला छौं कमजोर
व्यक्तिलाई सहयोग गर्नु पर्छ। कमजोर व्यक्तिहरूलाई
हामीले सघाउनुपर्छ। हामीले आफैलाई मात्रै खुशी
तुल्याउन हुँदैन। २तिनीहरूलाई विश्वासमा दरिला बनाउन
र तिनीहरूका भलाइको लागि हामी प्रत्येकले अरूलाई
खुशी पार्नुपर्छ। ३ख्रीष्ट पनि आफू स्वयंलाई खुशी राख्ने
कोशिश गर्नुभएन। उहाँको विषयमा धर्मशास्त्रमा भनिएको
छ: "जसले तिमीलाई अपमान गरे ती अपमान ममाथि
परे।"* ४बितेका दिनहरूमा लेखिएका हरेक कुरो
हामीलाई शिक्षा दिनु लेखिएको थियो। हामीले आशा
गर्न सकौं भनेर नै ती लेखिएका थिए। धर्म शास्त्रबाट
आउने धैर्य र बलबाट हामी आशा प्राप्त गर्न सकौं।
५धैर्य र बल परमेश्वरबाट उत्पन्न हुन्छ। अनि म प्रार्थना
गर्छु कि परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूको उदाहरण
अनुसार तिमी आफैहरूमाझ मेल-मिलापमा राखून्।
६त्यसपछि तिमीहरू सबै एक भएर मिल्नेछौ। तिमीहरू
सबै एक भएर हाम्रा प्रभु येशू ख्रीष्ट पिता प्रति महिमा
प्रदान गर्नेछौ। ७ख्रीष्टले तिमीहरूलाई ग्रहण गर्नुभयो।
यसैले परमेश्वरको महिमाको निम्ति तिमीहरूले
एकाअर्कालाई स्वीकार गर्नुपर्छ। ८म तिमीहरूलाई भन्दछु
कि परमेश्वरको विश्वासनीयताको निम्ति र यहूदी
पुर्खाहरूलाई आफूले दिनुभएको प्रतिज्ञालाई पक्का गर्नको
निम्ति ख्रीष्ट यहूदीहरूका सेवक बन्नुभयो। ९ख्रीष्ट
सेवक बन्नुभयो ताकि अ-यहूदीहरूले परमेश्वरप्रति उहाँको
करूणाको प्रशंसा गरून्। धर्मशास्त्रले भन्छ:

"यसैले म अ-यहूदीहरूमा तिमीहरूलाई धन्यवाद
दिनेछु; म तिमीहरूका नामको स्तुति गाउने
छु।"

*भजनसंग्रह १८:४९*

१०धर्मशास्त्रले यसो पनि भन्छ:

"तिमी अ-यहूदीहरू परमेश्वरका मानिसहरूसँगै
खुशी होऊ।"

*व्यवस्था ३२:४३*

११अनि फेरि त्यसले भन्छ:

"तिमीहरू सबै अयहूदीहरू! परमप्रभुको प्रशंसा
गर; सबैले उहाँको प्रशंसा गर्नुपर्छ।"

*भजनसंग्रह ११७:१*

१२अनि यशैयाले भनेका छन्:

"एकजना व्यक्ति यस्सीका परिवारबाट* आउने
छन्। ती व्यक्तिले अयहूदीहरूमाथि राज गर्नेछन्;
अनि ती व्यक्तिको कारणले अ-यहूदीहरूले
आशा प्राप्त गर्नेछन्।"

*यशैया ११:१०*

१३तिमीहरूले परमेश्वरमा विश्वास गर्ने हुनाले, परमेश्वर
जो आशाको मुहान हुनुहुन्छ, उहाँले तिमीहरूलाई आनन्द
र शान्तिले पूर्ण गरून्। तब तिमीहरूको आशा पवित्र
आत्माको शक्तिद्वारा परिपूर्ण बन्नेछ।

### पावल आफ्नो कार्यबारे भन्दछन्

१४मेरा दाजु-भाइहरू र दिदी-बहिनीहरू, म निश्चित
छु कि तिमीहरू भलाइले भरिएका छौ। म जान्दछु
तिमीहरूसँग चाहे जाति सम्पूर्ण ज्ञान छ अनि तिमीहरूले
एक अर्कालाई उपदेश दिनसक्छौ। १५मैले तिमीहरूलाई
संझाउनलाई केही कुराहरू खुलस्त गरी लेखेको छु।
मैले यसो गरेंको कारण परमेश्वरले मलाई यो विशेष

---

**"जसले … परे"** भजनसंग्रह ६९:९।

**यस्सीका परिवारबाट** येस्सी दाऊदका पिता थिए। दाऊद इस्राएलका राजा थिए। येशू त्यही परिवारका हुनुहुन्छ।

उपाहार दिनु भएको छ। १६अ-यहूदीहरूलाई सहयोग
गर्नु भनेर परमेश्वरले मलाई ख्रीष्ट येशूका सेवक
बनाउनु भएको छ। उहाँको सुसमाचारहरू प्रचार गरेर
मैले परमेश्वरको सेवा गरें। मैले यसो गर्नाको उद्देश्य
अ-यहूदीहरू परमेश्वरका ग्रहणयोग्य बलिहरू बन्नसकून्
भन्ने हो। पवित्र-आत्माद्वारा तिनीहरू पवित्र पारिए।

१७यसैले म ती कुराहरूका घमण्ड गर्दछु जुन मैले
परमेश्वरका निम्ति ख्रीष्ट येशूमा गरें। १८अ-यहूदीहरूलाई
परमेश्वरको आज्ञाकारी बनाउनमा वचन र कर्मद्वारा
ख्रीष्टले मेरो मार्फत जे गर्नु भएको छ त्यसबारे मात्र
बोल्ने आँट म गर्नेछु। १९अनि तिनीहरूले परमेश्वरको
आत्माको शक्तिद्वारा गरिएका चमत्कारहरू र आश्चर्यलाई
देखेर आज्ञा पालन गरे। पूरै यरूशलेमदेखि इल्लिरिकमसम्म
ख्रीष्टको सुसमाचार प्रचार गर्ने काम मैले सिद्ध्याएँ।
२०जहाँ-जहाँ ख्रीष्टलाई जानिंदैन ती-ती ठाउँहरूमा मात्र
सुसमाचार प्रचार गर्ने इच्छा सदा मेरो रहेको छ। मैले
यसो गरें कारण कसैले पहिल्यैबाट थालिसकेको काममाथि
निर्माण गर्न मैले चाहिनँ। २१तर धर्मशास्त्रमा लेखिएको
छ:

> "मानिसहरू जसलाई उहाँको विषयमा भनिएको
> छैन, तिनीहरूले देख्नेछन्; मानिसहरू जसले
> उहाँको विषयमा सुनेका छैनन्, तिनीहरूले
> बुझ्नेछन्।"
>
> *यशैया ५२:१५*

### पावलको रोम भ्रमण गर्ने इच्छा

२२यही कारणले गर्दा म तिमीहरूकहाँ आउन धेरै
पल्ट रोकिएको छु।

२३अब यस भेकमा मैले आफ्ना कामहरू सिद्धाएँ।
अनि धेरै वर्षदेखि म तिमीहरू कहाँ आउन चिन्तित
थिएँ। २४यसैले स्पेन जाँदा म तिमीहरूलाई भेट्ने आशा
गर्छु। निश्चय, म स्पेन भएर जाँदाखेरि तिमीहरूलाई
भेट्ने आशा गर्छु। केही बेर तिमीहरूका साथमा आनन्द
मनाउने आशा गर्छु अनि त्यसपछि तिमीहरूले मेरो
यात्रामा साथ दिन सक्छौ। २५अहिले म परमेश्वरका
मानिसहरूलाई मदत गर्न यरूशलेम गइरहे छु।
२६यरूशलेममा परमेश्वरका कतिपय मानिसहरू गरीब
छन्। २७म्यासिडोनिया र अखैयाका विश्वासीहरू
यरूशलेमका ती मानिसहरूलाई चन्दा दिएर सघाउन
खुशी थिए। तिनीहरू सहयोग दिन खुशी थिए। वास्तवमा,
यरूशलेमका गरीबहरूलाई मदत गर्न ती वाध्य छन्।
यहूदीहरूको आत्मिक आशिर्वादमा सहभागी भएकाले
ती अ-यहूदीहरूले सघाउनु पर्छ। त्यसैले तिनीहरूले
आफ्ना भौतिक वस्तुहरू तिनीहरूलाई सघाउन उपयोग
गर्नुपर्छ। यसको लागि तिनीहरू यहूदीहरूका ऋणी छन्।
२८मैले निश्चित गर्नु छ कि यरूशलेमका गरीबहरूले ती
सबै पैसा पाऊन् जुन तिनीहरूलाई दिइएको छ। यो
काम सकेर म स्पेन जान्छु। स्पेन जाँदाहुँदी, म तिमीहरूकहाँ
आउँछु। २९जब म तिमीहरूलाई भेट्न आउँछु म
ख्रीष्टको सम्पूर्ण आशिषसितै आउँछु।

३०दाजु-भाइ र दिदी-बहिनीहरू, म तिमीहरूलाई
बिन्ती गर्दछु, मेरो निम्ति परमेश्वरलाई प्रार्थना गरेर
मलाई मेरा काममा सहयोग गर। हाम्रा प्रभु येशू
ख्रीष्टको नाममा र पवित्र आत्माले दिने प्रेमद्वारा म यो
विन्ती गर्दछु। ३१प्रार्थना गर कि म यहूदियाका
अविश्वासीहरूबाट जोगिन सकूँ। मैले उनीहरूका निम्ति
लगेको सहयोगलाई यरूशलेममा परमेश्वरका मानिसहरूले
सहर्ष स्वीकार गरून् भनेर पनि प्रार्थना गरिदेऊ। ३२त्यसपछि
परमेश्वरले चाहनुभयो भने म तिमीकहाँ आउने छु। म
खुशीले आउने छु तिमीहरूसँगै विश्राम लिने छु।
३३परमेश्वर जो शान्तिका स्त्रोत हुनुहुन्छ, तिमीहरू
सबैसित रहून्। आमिन।

### अन्तिम शब्दहरू

**१६** म तिमीहरूलाई हाम्री बहिनी फिबीसँग परिचित
गराउन चाहन्छु। उनी सिनक्रिया मण्डलीकी
सेविका हुन्। २परमप्रभुका मानिसहरूलाई सुहाउँदो हिसाबले
उनलाई प्रभुको नाउँमा उनले चाहेका कुरामा जसरी भए
पनि सघाऊ। उनले मलाई खुबै सहयोग गरेकी छन् र
उनले धेरै अरूहरूलाई पनि सघाएकी छन्।

३प्रिस्कीला र अक्वीलालाई नमस्कार गर। ख्रीष्ट
येशूमा तिनीहरूले मसँगै काम गर्छन्। ४तिनीहरूले मेरो
जीवन बचाउन आफ्ना जीवन पनि जोखिममा हालेका
थिए। म तिनीहरूलाई धन्यवाद दिंदछु र अ-यहूदीहरूका
सबै मण्डलीहरूले पनि कृतज्ञ छन्। ५अनि उनीहरूका
घरमा भेला हुने मण्डलीलाई पनि नमस्कार।

मेरा प्रिय मित्र इपेनितसलाई नमस्कार। एशियामा
ख्रीष्टलाई मान्ने उनी प्रथम व्यक्ति हुन्। ६मरियमलाई
पनि नमस्कार। उनले तिमीहरूका लागि कठिन काम

गरेकी छन्। ७एन्ड्रोनिकस र युनिसलाई पनि नमस्कार।
तिनीहरू मेरा आफन्त हुन् र मसँगै जेलमा थिए।
तिनीहरू प्रेरितहरूद्वारा सम्मानित छन्। तिनीहरू मभन्दा
अगाडिनै ख्रीष्टका विश्‍वासीहरू बनेका थिए। ८परमप्रभुको
नाउँमा एमप्लिआतसलाई नमस्कार। ९उर्बानसलाई
नमस्कार। उनी ख्रीष्टका एक सह-सेवक हुन्। मेरा प्रिय
मित्र स्ताकिसलाई पनि नमस्कार। १०अपोल्लसलाई पनि
नमस्कार। उनी ख्रीष्टका साँचो विश्‍वासीको रूपमा
जाँचिएका थिए र प्रमाणित पनि भए। अरिस्तोबलस
परिवारका सबै सदस्यहरूलाई नमस्कार। ११हेरोदियनलाई
नमस्कार, उनी मेरा कुटुम्ब हुन्। नर्सिसस परिवारलाई
पनि नमस्कार जो प्रभुमा छन्। १२त्रिफेना र त्रिफोसालाई
पनि नमस्कार। ती नारीहरू प्रभुमा खुबै खटेका छन्।
मेरा प्रिय मित्र परसीसलाई पनि नमस्कार। उनी पनि
प्रभुमा खुब खटिन्। १३रूफसलाई पनि नमस्कार। उनी
प्रभुमा विशेष व्यक्ति हुन्। उनकी आमालाई पनि
नमस्कार। उनी मेरी पनि आमा हुन्। १४असिंक्रितस,
पलेगन, हर्मस, पत्रोबास अनि ख्रीष्टमा भएका सबै
दाजु-भाइ दिदी-बहिनीहरूलाई पनि नमस्कार।
१५फिलोलोगस र जुलिया, नेरियस र उनकी बहिनी
ओलिम्पासलाई नमस्कार। अनि उनीहरूसँग भएका सबै
विश्‍वासीहरूलाई नमस्कार। १६जब तिमीहरू भेट हुन्छौ
एकअर्कालाई, पवित्र चुम्बनद्वारा अभिवादन गर। ख्रीष्टका
सम्पूर्ण मण्डलीहरू तिमीहरूलाई अभिवादन चढ़ाउँछन्।

१७दाजु-भाइहरू र दिदी-बहिनीहरू, परस्परमा फुट
ल्याउनेहरूसँग होशियार रहौ। अरूहरूको विश्‍वासमा
वाधा ल्याउनेहरूसँग पनि होशियार बस। तिमीहरूले
पाएको शिक्षाको उल्टो तिनीहरूले सिकाउँछन्। ती
मानिसहरूबाट अलग बस। १८त्यस किसिमका मानिसहरूले
हाम्रा प्रभु ख्रीष्टको सेवा गर्दैनन्। तिनीहरू आफै
खाँचोको निम्ति मात्र काम गर्दछन्। सीधासादाहरूलाई
ती आफ्ना चिप्ला कुरा र खुशामदीले मूर्ख बनाउँदछन्।
१९सबै विश्‍वासीहरू जान्दछन् कि तिमीहरूले परमेश्‍वरको
आज्ञा पालन गर्दछौ। त्यही कारणले गर्दा म तिमीहरूसँग
अत्यन्त खुशी छु। तर म चाहन्छु असल कुरामा
तिमीहरू बुद्धिमानी बन्नुपर्छ। अनि दुष्ट कुरामा तिमीहरू
अबोध बन्नुपर्छ भन्ने म चाहन्छु।

२०परमेश्‍वर जसले शान्ति ल्याउनुहुन्छ उहाँले शैतानलाई
चाँड़ै हराउनु हुनेछ र उहाँले तिमीहरूलाई त्यसमाथि
शक्ति प्रदान गर्नुहुनेछ। हाम्रा प्रभु येशूको अनुग्रह
तिमीहरूलाई होस्।

२१तिमोथी, मेरा सहकर्मीले तिमीहरूलाई नमस्कार
चढ़ाउँदछन्। लुसियस, यासोन, अनि सोसिपेटरले (जो
मेरा आफन्तहरू हुन) पनि तिमीहरूलाई नमस्कार
पठाउँदछन्।

२२म तर्तियस हुँ, पावलले जे बोले ती कुराहरू म
लेख्दैछु। अनि परमप्रभुमा म तिमीहरूलाई नमस्कार
गर्दछु।

२३गायसले यहाँ मलाई साथै सम्पूर्ण मण्डलीलाई
आफ्नो घर चलाउनु दिइराखेका छन्। उनले पनि
तिमीहरूलाई नमस्कार भनेका छन्। इरास्तस अनि हाम्रा
भाइ क्वार्टसले पनि तिमीहरूलाई नमस्कार भनेका छन्।
इरास्टस यस शहरका खजाञ्ची हुन्। २४*

२५परमेश्‍वरको महिमा होस। परमेश्‍वरले मात्र
तिमीहरूका विश्‍वासलाई बलियो पार्न सक्नु हुन्छ।
उहाँले सुसमाचारको उपयोग गर्न सक्नुहुन्छ जुन म
तिमीहरूको विश्‍वास दरिलो बनाउन प्रचार गर्दछु। त्यो
सुसमाचार जुन म प्रचार गर्छु त्यो येशू ख्रीष्टको बारेमा
छ। २६त्यो सुसमाचार गुप्त-सत्य जुन परमेश्‍वरले प्रकट
गर्नुभयो। अनि त्यो गुप्त-सत्य सृष्टि काल देखि नै लुप्त
थियो। तर त्यो गुप्त-सत्य अगमवक्ताहरूका लेखाइद्वारा
हामीलाई ज्ञान गराइएको छ। अनन्त परमेश्‍वरको आज्ञाले
यो गुप्त-सत्य अ-यहूदीहरूलाई ज्ञान गराइयो। यसले
आज्ञाकारिता उत्पन्न गर्छ जुन विश्‍वासबाट आउँदछ।
२७येशू ख्रीष्ट मार्फत एक मात्र सर्वज्ञानी परमेश्‍वरको
महिमा होस्। आमिन।

---

**पद २४** केही ग्रीक लिपीहरू २४ पदसँगै समाप्त भयो। "प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई भइरहोस्। आमिन।"

# कोरिन्थीहरूलाई पावलको पहिलो पत्र

**१** पावलबाट प्रणाम। परमेश्वरले इच्छा गरेकाले म ख्रीष्ट येशूको प्रेरित* बन्न परमेश्वरद्धारा बोलाइएको छु।

हाम्रा ख्रीष्टमा भाइ सोस्थनेसबाट पनि।

२कोरिन्थमा भएका परमेश्वरको मण्डली जसलाई ख्रीष्ट येशूमा पवित्र गराइएका छन्, औ जसलाई पमेश्वरले उहाँको पवित्र मानिसहरू हुन बोलाइएका छन्। तिमीहरूलाई पनि प्रत्येक ठाउँका अरू सबै मानिसहरूसँगै निम्त्याएको छ, जसकोमा ख्रीष्टमाथि विश्वास छ-जो हाम्रो तथा तिनीहरूका परमप्रभु हुन्। ३हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति।

### पावल परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्

४परमेश्वरले ख्रीष्ट येशूको माध्यममा तिमीहरूलाई दिइएको अनुग्रहको निम्ति म आफ्ना परमेश्वरलाई सँधै धन्यवाद चढ़ाउँछु। ५येशूमा तिमीहरू हरतरहले आर्शिवाद पाएका छौ। तिमीहरू आफ्ना जम्मै बोली-बचन र सारा ज्ञानमा धन्य छौ। ६ख्रीष्टको सत्य बारे तिमीहरूमा प्रमाणित भएको छ। ७यसैले हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन पर्खिरहुञ्जेल तिमीहरूलाई परमेश्वरको कुनै उपहारहरूको अभाव हुने छैन। ८परन्तु येशूले तिमीहरूलाई सदा सुदृढ़ राख्नु हुनेछ कि हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमनको दिनमा पनि तिमीहरूलाई केही दोष हुने छैन। ९परमेश्वर विश्वास योग्य छन्। एक उनै हुन् जसले तिमीहरूलाई आफ्ना पुत्र येशू ख्रीष्ट, हाम्रा प्रभुसित संगत गर्नु बोलाएका छन्।

### कोरिन्थको मण्डलीमा फाटो

१०हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म विनयपूर्वक भन्दछु, दाजु भाइहरू र दिदी-बहिनीहरू हो, तिमीहरू आपसमा मिलेर बस जसले गर्दा तिमीहरू बिचमा फाटो नआओस्। एउटै विचार र एउटै उद्देश्य लिएर तिमीहरू एक भई बस भन्ने मेरो विन्ती छ। ११मेरा भाइ-बहिनीहरू हो, क्लोएको परिवारबाट मैले तिमीहरूका बारेमा सुनेको छु कि तिमीहरूको बिचमा झगड़ाहरू छ। १२मेरो भन्नुको तात्पर्यः यही हो तिमीहरूमध्ये कसैले “म पावललाई मान्छु”; कसैले “म अपोल्लोसलाई मान्छु”; कसैले “म केफासलाई मान्छु”; अनि कसैले “म ख्रीष्टलाई मान्छु” भन्छौ अरे। १३ख्रीष्टलाई विभिन्न दलमा बाँट्न सकिन्न। के पावल तिमीहरूका निम्ति क्रूसमा मरेका हुन् र? होइनन्! के पावलको नाउँमा तिमीहरू बप्तिस्मा* भएका हौ र? होइनौ! १४म परमेश्वरलाई धन्यवाद चढ़ाउँछु कि तिमीहरूमध्ये क्रिसपस र गायसलाई बाहेक मैले कसैलाई पनि बप्तिस्मा दिएको छैनँ। १५म यसको निम्ति कृतज्ञ छु किनभने तिमीहरू मेरो नाउँमा बप्तिस्मा भयौ भनेर कसैले भन्न सक्ने छैन। १६हो, मैले स्तिफनसको परिवारलाई मात्र बप्तिस्मा दिएको हुँ। तर अरू कसैलाई म आफूले बप्तिस्मा दिएको कुराको मलाई सम्झना छैन। १७ख्रीष्टले मलाई बप्तिस्मा दिन पठाउनु भएको छैन। उहाँले मलाई शुभ सन्देश* सुनाउने काम अह्राउनु भएको छ। तर शुभ संदेश सांसारिक ज्ञानको शब्दहरूमा सुनाउन होइन। शुभ सन्देश सुनाउँदा मैले सांसारिक ज्ञानका शब्दहरू प्रयोग गरें भने त ख्रीष्टको क्रूसले आफ्नो शक्ति हराउनेछ।

### परमेश्वरको शक्ति र ख्रीष्टमा ज्ञान

१८पथभ्रष्टहरूका निम्ति क्रूस बारेको शिक्षा मूर्खतापूर्ण

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुबाउनु, अथवा चोब्नु।

**शुभ सन्देश** पापबाट क्षमा र परमेश्वरसित अनन्त वास दिन भनेर मानिसहरूका निम्ति परमेश्वरबाट गरिएको एउटा उपाय; अगमवाणी, सुसमाचार।

ठहर्छ। तर हामी उद्धार पाइरहेकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो। [१९]शास्त्रमा लेखिएको छ:

> "म ज्ञानीहरूको ज्ञानलाई नष्ट गर्नेछु म
> बुद्धिमानीहरूको बुद्धिलाई शून्य पार्नेछु।"
>
> *यशैया २९:१४*

[२०]ज्ञानी कहाँ छ? शिक्षित कहाँ छ? यस युगको दार्शनिक कहाँ छन्? परमेश्वरले यस संसारको ज्ञानलाई मूर्ख तुल्याएका छन्। [२१]परमेश्वरले आफ्ना ज्ञानद्वारा के चाहन्छन् भने: ज्ञानद्वारा संसारका मानिसहरूले परमेश्वरलाई चिनेन। त्यसैकारण परमेश्वरले जसले विश्वास गर्छन तिनीहरूको उद्धारको निम्ति मूर्खतापूर्ण लाग्ने सुसमाचार दिनु भयो। [२२]यहूदीहरू प्रमाणको निम्ति चमत्कारहरू माग्छन्। ग्रीकहरू ज्ञान चाहन्छन्। [२३]तर हामी यही प्रचार गर्छौं: ख्रीष्ट क्रूसमा मारिनुभयो। तर यहुदीहरूको निम्ति यो एउटा ठूलो समस्या बन्छ। अयहूदीहरूलाई यो एउटा मूर्खता हो। [२४]तर ती जो परमेश्वरले छानेका ती यहुदी र अयहूदीहरूका निम्ति ख्रीष्ट उनै परमेश्वरको शक्ति र ज्ञान हुनुहुन्छ। [२५]किनकि परमेश्वरको मूर्खता धरि मानिसहरूको ज्ञान भन्दा ज्ञानी हुन्छ। परमेश्वरको दुर्बलता धरि मानव शक्ति भन्दा बलवान् हुन्छ।

[२६]भाइ बहिनीहरू, परमेश्वरले तिमीहरूलाई बोलाए। यो विचार गर। अनि संसारले आफ्नै बुद्धिले पारख गरे अनुसारले तिमीहरूमध्ये धेरै बुद्धिमानी हौला। तिमीहरूमध्ये धेरै जना खुबै प्रभावशाली नहौला, अनि कोही मानिसहरू महत्वपूर्ण परिवारबाट आएको हुन सक्छ। [२७]तर ज्ञानी मानिसहरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरू छान्छन्। बलिया मानिसहरूलाई लाज पार्न परमेश्वरले संसारका निर्धा कुराहरू छान्छन्। [२८]अनि परमेश्वरले संसारका ती तुच्छ मानिसहरूलाई छाने जो संसारले अवहेलना गर्‍यो अनि केही जस्तो मानेन। संसारले जुन कुरालाई महत्वपूर्ण ठान्छ तिनीहरूलाई नष्ट पार्न परमेश्वरले तिनीहरूलाई छान्नु भयो। [२९]उनको अधि कसैले घमण्ड नगरोस् भनेर नै परमेश्वरले यसो गरेका हुन्। [३०]परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूको एक अंश बनाएका छन्। परमेश्वरबाट ख्रीष्ट हाम्रालागि ज्ञान बन्नु भएको छ। ख्रीष्टको कारणले नै हामी परमेश्वर प्रति धार्मिक छौं; अनि हामी पापरहित छौं। अनि ख्रीष्टकै कारणले हामी पवित्र छौं। [३१]जस्तो धर्म शास्त्रले भन्छ, "कसैले गर्व गर्छ भने उसले केवल प्रभुमा गर्व गरोस्।"*

## क्रूसका ख्रीष्ट सम्बन्धी सुसमाचार

**२** प्यारा दाज्यु भाइ दिदी-बहिनीहरू हो, जब म तिमीहरूकहाँ आएँ, मैले तिमीहरूलाई परमेश्वरको सच्चाइ घोषणा गरे। तर मैले आलंकारीक शब्द लगाएर वा ज्ञानको कुरा गरिनँ। [२]जतिञ्जेल सम्म म तिमीहरूसित थिँए, येशू ख्रीष्ट र उनको क्रूसको मृत्यु बाहेक अरू सब कुरा बिर्सूं भन्ने मैले निश्चय गरेको थिँए। [३]जब म तिमीहरूकहाँ आएँ, म कमजोर थिँए अनि डरले कामिरहेको थिएँ। [४]मेरो वचन र प्रचार मानिसहरूलाई फुस्लाउने ज्ञानीका शब्दहरू थिएन, तर मेरो शिक्षाको प्रमाण शक्ति थियो जुन आत्मादेखि* आउँछ। [५]तिमीहरूको विश्वास मानिसको ज्ञानमा होइन तर परमेश्वरको शक्तिमा आधारित होस् भनी मैले त्यसो गरें।

## परमेश्वरको ज्ञान

[६]पाको भएका मानिसहरूलाई हामी ज्ञान दिंदछौं। तर हामी जुन ज्ञान सिकाउछौ सांसारिक ज्ञान होइन। यो यस संसारका शासकहरूको ज्ञान पनि होइन। [७]तर हामी परमेश्वरका गुप्त ज्ञान बताउँदछौ जुन ज्ञान लुकाइएको छ। परमेश्वरले यस ज्ञान हाम्रो भलाईको लागि तयार गरेका हुन्। संसार सृष्टि हुनु भन्दा अधि नै उहाँले यो योजना बनाइसकेका थिए। [८]यस संसारका कुनै शासकहरूले यो ज्ञान बुझेनन्। यदि तिनीहरूले बुझेका भए तिनीहरूले महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन्। [९]तर, जस्तो शास्त्रमा लेखिएको छ:

> "कुनै आँखाले पनि नदेखेको, कुनै कानले पनि
> नसुनेको, कसैले चिन्ता सम्म नगरेको कुरा
> आफूलाई प्रेम गर्नेहरूका निम्ति परमेश्वरले
> तयार पारेका छन्।"
>
> *यशैया ६४:४*

[१०]परमेश्वरले यी कुराहरू हामीलाई आत्माद्वारा देखाएका छन्।

---

**"कसैले ... गरोस्"** यर्मिया ९:२४।

**आत्मा** पवित्र आत्मा। परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वर र ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

आत्माले प्रत्येक कुरो बुझ्छ। परमेश्वरको गंभीर
रहस्य समेत आत्माले बुझ्छ। ११जसरी कसैले पनि
अर्को मानिसको विचारहरू बुझ्न सक्दैन, खालि त्यो
आत्मा जुन मानिसभित्र रहन्छ, त्यसले मात्र विचारहरू
बुझ्छ। परमेश्वरको विषयमा पनि त्यस्तै हो। परमेश्वरका
विचारहरू कसैले जान्दैन। तिनीहरू परमेश्वरकै आत्माले
मात्र जान्दछ। १२अब हामीले संसारमा भएको आत्मा
पाएका छैनौं तर हामीले परमेश्वरबाट आत्मा पाएका
छौं। हामीले यो आत्मा परमेश्वरले हामीलाई दिएका
कुराहरू जान्न सकौं भनेर पाएका हौं। १३जब हामी यी
कुराहरू गर्छौं, हामी मानिसको ज्ञानले सिकाएको शब्दहरूमा
भन्दैनौं। हामी आत्माले सिकाएका शब्दहरू नै प्रयोग
गर्छौं। आत्मिक चीजहरू बताउनुलाई आत्मिक शब्दहरू
नै बोल्छौं। १४जो मानिस आत्मिक छैन उसले परमेश्वरको
आत्माबाट आएका कुराहरू ग्रहण गर्दैन । उसले यी
सब कुराहरू मूर्खतापूर्ण सम्झन्छ। उसले आत्माको
कुरो बुझ्न सक्दैन, किन कि ती कुराहरूलाई आत्मिक
रीतिले मात्र जाँच्न सकिन्छ। १५तर आत्मिक मानिस
सबै कुराहरू खुट्ट्याउन समर्थ हुन्छ र अरू मानिसहरूले
उसलाई जाँच्न सक्दैनन्। शास्त्रले भन्छ:

१६ "परमप्रभुको मनलाई कसले जान्न सक्छ? के
परमप्रभुलाई कसैले अहाउन सक्छ?"
*यशैया ४०:१३*

तर हामीसँग त ख्रीष्टको मन छ।

## मानिसलाई मान्नु भूल हो

३ दाजु-भाइ दिदी-बहिनीहरू, यसभन्दा अघि पनि मैले
तिमीहरूसित आत्मिक मानिसहरूसित बोले झैं बोल्न
सकेको थिइनँ। मैले तिमीहरूसित सांसारिक मानिसहरूसित
जस्तै बोल्नु परेको थियो, ख्रीष्टमा बालकहरूसित
जस्तो। २मैले दिएको शिक्षा दूध जस्तै थियो, खँदिलो
आहार थिएन। मैले त्यसो गर्नुको कारण तिमीहरू ठोस
खाद्यको निम्ति योग्य थिएनौ। अनि अहिले पनि
तिमीहरू खँदिलो आहारको निम्ति तयार भइसकेका
छैनौ। ३तिमीहरू अझै पनि आत्मिक मानिस बनेका
छैनौ। आपस्तमा तिमीहरूको इर्ष्या र झगड़ा छँदैछ।
यसले बुझाउँछ तिमीहरू आत्मिक होइनौ। संसारका
मानिसहरूको जस्तै तिमीहरूको व्यवहार छ। ४तिमीहरूमै
कुनै एकले भन्छ, "म पावललाई मान्छु" अनि अर्कोले
भन्छ, "म अपोल्लोसलाई मान्छु।" जब तिमीहरू माझमा
त्यस्तै कुरा चल्छ भने के यसले तिमीहरूलाई संसारिक
मानिस झैं देखाँउदैन र?

५अपोल्लोस ठूलो हो? होइन! के तिमी पावल ठूलो
मानिस हो भन्ने सम्झन्छौं? होइन! हामी त केवल
परमेश्वरका सेवक मात्र हौं जसले तिमीहरूलाई विश्वास
गर्न सघाउँछौं। हामी सबैले परमेश्वरले हामीलाई गर्न
खटाएको हाम्रो भाग गरेकाछौं। ६मैले बिजन रोपें अनि
अपोल्लोसले त्यसमा पानी हाले। तर परमेश्वरले बिरूवालाई
बढ़ाए। ७यसकारण रोप्ने मानिस ठूलो होइन, अनि पानी
हाल्ने पनि ठूलो होइन। केवल परमेश्वर महान हुन्,
किन कि उनले बिरूवा स्याहार्छन् र बढाउछन्। ८रोप्ने
मानिस र पानी हाल्ने मानिसको उद्देश्य एउटै हो अनि
प्रत्येक मानिसले आ-आफ्नो परिश्रमको निम्ति इनाम
पाउनेछ। ९हामी केवल परमेश्वरको लागि साथ काम
गर्ने खेतालाहरू हौं।

अनि तिमीहरू परमेश्वरका खेत जस्तै हौ र घर हौ
जो परमेश्वरका हो। १०परमेश्वरले दिएका पुरस्कारकै
आधारमा मैले एउटा सिपालु बढ़ाइले झैं एउटा घरको
जग बसालेको छु। अरूहरूले त्यसै घरेटीमाथि घर
बनाउँदैनन्। तर प्रत्येक व्यक्तिले कसरी बनाउँछ, त्यस
बारेमा उसले सोच्नु पर्छ। ११जग बसालिसकिएको छ।
कसैले अर्को जग बसाल्न सक्ने छैन। बसालि सकिएको
त्यो जग येशू ख्रीष्ट हुनुहुन्छ। १२त्यो जगमाथी, कसैले
सुन, चाँदी, अमूल्य पत्थर, काठ, स्याउला वा परालले
बनाउन सक्छ। १३प्रत्येक व्यक्तिको काम देखिनेछ किनभने
त्यस दिनद्वारा नै सफासँग त्यो देखाइनेछ। त्यो दिन*
आगोसँग आउनेछ अनि प्रत्येकको कामको गुणस्तरको
परख आगोले लिनेछ। १४त्यही जगमाथि उभ्याएको कुनै
व्यक्तिको भवन यदि रह्यो भने, उसले त्यसको निम्ति
इनाम पाउने छ। १५तर त्यो भवन जल्यो भने, उसले
नोक्सान खप्नु पर्ने छ। उसलाई बचाइनेछ तर उ
आगोबाट फुत्के झैं हुनेछ।

१६तिमीहरूले बुझ्नु पर्छ कि तिमीहरू परमेश्वरका
मन्दिर हौ। तिमीहरूभित्र परमेश्वरको आत्माले वास
गर्छ। १७यदि कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ
भने परमेश्वरले त्यस व्यक्तिलाई नष्ट गर्नेछन्। किन?

---

**दिन** त्यो दिन जुन दिन ख्रीष्ट जम्मै मानिसहरूलाई न्याय गर्ने
आउनु हुन्छ।

किनभने परमेश्वरको मन्दिर पवित्र हुन्छ। तिमीहरू स्वयं
परमेश्वरको मन्दिर हौ।
[१८]कसैले आफैलाई धोखा नदिओस। यदि तिमीहरू
मध्ये कसैले यस संसारमा आफूलाई ज्ञानी संझन्छ भने
मूर्ख बन्नु पर्छ तब मात्र उ साँच्चिकै ज्ञानी बन्न सक्छ।
[१९]किन? किनभने परमेश्वर समक्ष यो संसारको ज्ञान
मूर्खता हो। धर्म शास्त्रमा यस्तो लेखिएको छ। "उहाँले
ज्ञानी व्यक्तिहरूलाई तिनीहरूकै आफ्नो चलाकीमा
फसाउँछन्।"* [२०]धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ:
"परमेश्वर ज्ञानी व्यक्तिको विचार बुझ्दछन्। उनले जान्दछन्
कि तिनीहरूको विचार बेकामे हो।"* [२१]यसैले तिमीहरूले
मानिसहरूको गर्व गर्नु पर्दैन। किनभने सबै थोकहरू
तिमीहरूकै हुन्: [२२]पावल, अपोल्लोस र केफास:
संसार, जीवन, मृत्यु, वर्तमान, भविष्य यी सबै तिमीहरूकै
हुन्। [२३]अनि तिमीहरू ख्रीष्टका हौ र ख्रीष्ट परेमश्वरका
हुन्।

## ख्रीष्टका प्रेरितहरू

४ हामीबारे मानिसहरूले के संझनु पर्छ भने: हामी
ख्रीष्टका सेवकहरू हौं। परमेश्वरको गोपनीय कुराहरू
लिएर हामीलाई विश्वास गरिएको छ। [२]यदि कुनै
कुराको निम्ति विश्वास गरिएको मानिसले प्रमाण गर्नु
पर्छ कि उ त्यो विश्वासको योग्य छ। [३]यदि तिमीहरूबाटै
म जाँचिन्छु भने मलाई केही छैन र कुनै मानव-अदालतद्वारा
जाँचिन्छु भने पनि मलाई केही छैन। म आफै पनि
आफूलाई जाँच्दिनँ। [४]मेरो हृदयमा विश्वास छ कि मैले
कुनै त्रुटी गरेको छैन। तर यसको अर्थ यो हुँदैन कि म
निर्दोष छु। मलाई जाँच्न एउटै मात्र छन् जो परमेश्वर
हुन। [५]यसर्थ ठीक समय अघि मलाई नजाँच, प्रभु
नआञ्जेल सम्म मलाई पर्ख। उहाँले अन्धकारमा लुकेका
कुराहरूमा प्रकाश छर्नेछन्। मानिसहरूका मनमा लुकेका
कुराहरू उदांगो पारिदिने छन्। तब प्रत्येक मानिसले
परमेश्वरबाट उसले पाउनु पर्ने प्रशंसा पाउनेछ।
[६]दाजु-भाइ दिदी-बहिनीहरू! मैले अपोल्लोस र
आफैलाई पनि तिमीहरूका अघि उदाहरणको रूपमा
देखाएँ। मैले यसो गरें किनभने यसबाट तिमीहरूले
यसको अर्थ के हो बुझ्न सक्ने छौ। "लेखिएकोबाट
बाहिर नजाऊ।।" तब तिमीहरूले एकलाई सुविस्ता र
अर्कोको तिरस्कार गर्ने छैनौ। [७]तिमीहरू अरूभन्दा
असल छौ भनेर कसले भन्छ? के तिमीहरूसित छ त्यो
तिमीहरूलाई दिइएको हो। यसैले जब तिमीहरूसित
भएको हरेक थोक तिमीहरूलाई दिइएको हो भने ती
आफ्नो शक्तिले अर्जेको जस्तो त्यसको लागि किन
घमण्ड गर्दछौ?
[८]तिमीहरू संझन्छौ तिमीहरूलाई जे चाहिन्छ तिमीहरू
सम्पन्न छौ अनि हामी बिनै तिमीहरू राजा भएका छौ।
म आशा गर्छु तिमीहरू साँच्चै राजाहरू हुन्थ्यौ। त्यसो
भए हामी पनि तिमीहरूसँगै राजा हुनेथ्यौं। [९]तर मलाई
यस्तो लाग्छ परमेश्वरले मलाई र अरू प्रेरितहरूलाई
सबै भन्दा पछि पार्नु भएको छ। मरूभूमिमा मृत्यु दण्ड
दिनुलाई निश्चित गरिएका मानिस झैं हामी छौं। सारा
संसार देवदूत र मानिसहरूका लागि हामी तमाशा जस्तो
बनाइएका छौं। [१०]ख्रीष्टका निमित्त हामी मूर्ख हौं। तर
तिमीहरू चाँहि संझन्छौ तिमीहरू ख्रीष्टका निम्ति खुबै
बुद्धिमानी छौ। हामी कमजोर छौं, तर तिमीहरू संझन्छौ
तिमीहरू बलिया छौ। मानिसहरू तिमीहरूलाई आदर
गर्छन्, तर हामीलाई अनादर गर्छन। [११]अहिले पनि
हामीले प्रशस्त खान र पिउन पाएका छैनौं अनि हाम्रा
लुगा-फाटा पनि प्रशस्त छैन। हामी कहिले-कहीं कुटाइ
समेत खाँदछौं। हाम्रा घर छैन। [१२]जिउनुको लागि हामी
आफ्नै हातहरूले कठोर परिश्रम गर्दछौं। मानिसहरू
हामीलाई सराप्छन् तर हामी तिनीहरूलाई आशीर्वाद
दिन्छौं। मानिसहरू हाम्रो खेदो गर्छन् तर हामी सहन्छौ।
[१३]मानिसहरू हाम्रो बारे निन्दा गर्छन्, तर हामी उनीहरू
सँग मित्रता भावले बोल्छौ। अहिलेसम्म मानिसहरू
हामीलाई संसारको कसिंगार र धरतीको मैला जस्तो
संझन्छन्।
[१४]तिमीहरूलाई लाज परोस् भन्ने मेरो मनसाय होइन।
तर तिमीहरूलाई आफ्नै प्यारो बालकहरू जस्तो संझी
सम्झाउनुलाई म यी कुराहरू लेख्दैछु। [१५]ख्रीष्टमा तिम्रो
दस हजार शिक्षकहरू हुन सक्लान् तर तिम्रा धेरै
पिताहरू हुदैनन्। सुसमाचार* द्वारा ख्रीष्ट येशूमा म
तिमीहरूका पिता भएँ। [१६]यसैले तिमीहरू पनि म जस्तै
होऊ भनी बिन्ती गर्छु। [१७]यसकारण म तिमोथीलाई
तिमी भएकोमा पठाउँदैछु। परमप्रभुमा उनी मेरा पुत्र हुन्।

---

**"उहाँले … फसाउँछन्"** अय्यूब ५:१३।

**"परमेश्वर … बेकामे हो"** भजनसंग्रह ९४:११।

**सुसमाचार** पापको क्षमा र परमेश्वर सितको अनन्त बासको निम्ति परमेश्वरले दिनुभएको युक्तियुक्त समाचार।

म तिमोथीलाई माया गर्छु, उनी विश्‍वासनीय छन्। म ख्रीष्ट येशूमा कुन प्रकारले रहेको छु त्यो उनले तिमीहरूलाई संझाउने छन्। यही जीवन मार्ग म सबै ठाउँहरूका मण्डलीहरूलाई सिकाँउछु।

[१८]तिमीहरूमध्ये कति जना घमण्ड गरिहेका होलान् किनभने तिनीहरू सम्झन्छन् कि म फेरि तिमीहरू भएकोमा आउँदिन। [१९]तर म चाँहि सबै तिमीहरूकहाँ चाँड़ै आउने छु। परमप्रभुले चाहे म अवश्यै आउनेछु। तब म केवल हेर्दिन कि यी घमण्डीहरू के भन्न सक्दो रहेछन् तर म यो हेर्छु कि तिनीहरू के गर्नु सक्दो रहेछन्। [२०]किनकि परमेश्‍वरको राज्य कुरामा व्यक्त गरिदैन, तर शक्तिमा छ। [२१]तिमीहरू कुन चाँहि चाहन्छौ:

म तिमीहरूकहाँ डन्डा लिएर आउनु अथवा
प्रेम र नम्रता लिएर आउनु?

### मण्डलीमा नैतिक समस्या

**५** तिमीहरू माझ यौन पाप छ भन्ने कुरो मानिसहरूले गर्दैछन्। वास्तवमा यस्तो अनैतिकता त परमेश्‍वरको बारेमा नजान्नेहरूमा पनि पाइँदैन। मानिसहरू भन्छन्, कसैले आफ्नै बाबुकी स्वास्नीलाई पनि राखेको। [२]अनि अझै पनि तिमीहरू आफ्नो गर्व नै गर्दछौ! तिमीहरूलाई त दुःख पो लाग्नु पर्ने हो। जुन मानिसले यस्तो पाप गर्छ त्यसलाई त आफ्नो दलबाट अलग गर्नु पर्ने थियो। [३]मेरो शरीर तिमीहरूसित छैन तर आत्मामा म तिमीहरूसितै छु। अनि मैले त्यस मानिसलाई अधिबाटै न्यायगरि सकेको छु जसले यो यौन पाप गरेको छ। म आफू उसित भएकै जस्तो मैले उसलाई न्याय गरी सकेको छु। [४]हामी हाम्रा प्रभु येशूको नाउँमा एकत्रित होऊ। मेरो आत्माले म तिमीहरूसित हुनेछु र तिमीहरूको प्रभु येशूको शक्ति तिमीहरू सित हुनेछ। [५]अनि त्यस मानिसलाई शैतानको हातमा सुम्पिदेऊ, जसमा कि त्यसको पापी शरीर नष्ट होस् र उसको आत्मा चाँहि प्रभुको दिनमा बचाउन सकियोस्।

[६]तिमीहरूको घमण्ड राम्रो संकेत होइन। "थोरै खमीरले* जम्मै डल्ला नै खमीरी बनाउँछ" यो जानेकै छौ। [७]बासी खमीर निकालि देऊ, तब मात्र तिमीहरू ताजा आँटाका डल्ला बन्नेछौ। तिमीहरू साँचै खमीर बिनाको रोटी हौ। हो, ख्रीष्ट जो हाम्रा निस्तारको पाठो हुन, पहिल्यै मारिएका थिए। [८]यसैले हामी निस्तार भोजन खाऔँ, तर वासी खमीर भएको रोटी चाँहि होइन। बासी खमीर पाप र दुष्कर्मको खमीर हो। तर हामी बिना खमीरको रोटी खाऔँ। पवित्रता र सच्चाइको रोटी यही हो।

[९]मैले आफ्नो पत्रमा तिमीहरूलाई व्यभिचारको संगत देखि अलग बस्नु भनेर लेखेको थिएँ। [१०]तर यस संसारका पापीहरूका संगत नगर्नू भन्ने मेरो उपदेशको अर्थ होइन। यस संसारका ती मानिसहरू यौन पाप गर्छन अथवा स्वार्थी छन् अथवा एकार्कालाई ठग्छन् अथवा मूर्तिहरू पूजा गर्छन। यदि तिमीहरू तिनीहरूबाट अलग रहने हो भने त तिमीहरूले यो संसार नै त्याग्नु पर्ने छ। [११]म यति नै भन्नलाई यो लेख्दैछु कि कुनै यस्तो मानिसको चाँहि संगत नगर्नु जो आफूलाई ख्रीष्टमा भाइ हुँ भन्छ तर व्यभिचार गर्छ, वा स्वार्थी हुन्छ, वा मूर्तीको पूजा गर्छ, वा मानिसको निन्दा गर्छ, वा मात्छ, वा अरूलाई ठग्छ। यस्ता व्यक्तिसँग खाना पनि नखाऊ।

[१२-१३]ती जो मण्डली बाहिरका हुन् तिनहरूलाई जाँचि रहने मेरो काम होइन। तिनीहरू त परमेश्‍वर आफै द्वारा जाँचिने छन्। तर जो मण्डलीका भाग हुन् तिनको जाँच तिमीहरूले गर्नै पर्छ। धर्म शास्त्रमा यस्तो भनिएको छ, "दुष्ट मानिसलाई आफ्नो समूहबाट अलग गर।*"

### ख्रीष्टियनहरूमाझ न्यायको समस्या

**६** तिमीहरूमा कसैको विरोधमा केही कुरो भए कचहरी किन जान्छौ? ती परमेश्‍वरका निम्ति धर्मी होइनन्। त्यसैले को न्यायपूर्ण छ त्यसको निर्णय गर्न किन त्यस्ता मानिसहरूलाई दिन्छौ? तिमीहरूले लाज मान्नु पर्छ। किन परमेश्‍वरका मानिसले तिम्रो समस्यामा न्याय गर्दैन? [२]के तिमीहरूलाई थाहा छैन परमेश्‍वरका मानिसहरू संसारकै न्याय गरिरहेकाछन्? यदि तिमीहरूले संसारको न्याय गर्दैछौ भने तिमीहरूको आपसको सानो कलह किन मिलाउदैनौ? [३]तिमीहरू जान्दछौ भविष्यमा हामी स्वर्गदूतहरूको न्याय गर्ने छौं। तब हामी राम्ररी यस्ता दैनिक जीवनका विषयका कुराहरू न्याय गर्न सक्छौं।

---

**खमीर** यहाँ दुष्ट वा खराब प्रभावको अर्थमा प्रयुक्त।

**"दुष्ट … अलग गर"** व्यवस्था २२:२१, २४।

[४]यसर्थ न्याय गरिनु पर्ने त्यस्ता मतभेद भए त्यसलाई किन बाहिरका मानिसहरूकहाँ लैजान्छौ? मण्डलीको निम्ति तिनीहरू कोही पनि होइनन्। [५]म तिमीहरूलाई शर्ममा पार्न यो भन्छु। तिमीहरूका समूहमा, कोही न कोही ज्ञानी जनहरू अवश्यै होलान् जसले दुइ भाइहरूको माझको कलह न्याय गर्न सक्लान्। [६]तर अहिले, एउटा भाइ अर्को भाइको विरूद्धमा अदालत जान्छ। अझ यो भन्दा खराब त तिमीहरू यस्ता मानिसहरूलाई अपील गर्छौ जो विश्वासीहरू होइन।

[७]एक-अर्काको विरुद्धमा मामला लगाउनु सबै कुनै प्रकारले हार्नु हो। किन आफैलाई त्रुटीपूर्ण हुन दिंदैनौ? बरू किन आफै ठगिंदैनौ? [८]तिमी आफै गल्ती गर्छौ अनि अरूलाई ठग्छौ। अनि त्यो पनि आफ्नै ख्रीष्टको दाज्यू-भाइहरू माझ!

[९-१०]अन्याय गर्नेहरूले परमेश्वरको राज्य पाउने छैनन् भन्ने कुरा तिमीहरू अवश्यै जान्दछौ। आफै धोका नखाऊ। जसले अनैतिक गर्छ, जसले मूर्तिपूजा गर्छ, जो यौन व्यभिचार, जो पुरूषगामी, समलिङ्गी गमन, जसले चोरी गर्छ, जो स्वार्थी छ, जो मात्छ, जसले अर्काको निन्दा गर्छ र अरूलाई ठग्छ त्यस्ताहरू परमेश्वरको राज्यको हकदार हुनेछैनन्। [११]अघि-अघि कतिपय तिमीहरू पनि यस्तै थियौ। तर अब तिमीहरू धोइएका छौ, पवित्र बनाइएका छौ अनि हाम्रा प्रभु ख्रीष्टको नाउँमा अनि हाम्रा परमेश्वरको आत्माद्वारा तिमीहरू परमेश्वरको निम्ति धार्मिक बनाइएका छौ।

## परमेश्वरको महिमाको निम्ति शरीरको उपयोग

[१२]"म केही पनि गर्न सक्छु।" तर सबै थोक राम्रो छैनन्। "म केही पनि गर्नु स्वतन्त्र छु।" तर म कुनैलाई आफ्नो मालिक हुन दिने छैन। [१३]"भोजन पेटको निम्ति हो र पेट भोजनको निम्ति हो।" यो ठिक हो। तर परमेश्वरले ती दुवैलाई शेष पार्नेछन्। शरीर यौन अपराधको निम्ति होइन। शरीर प्रभुको निम्ति हो र प्रभु शरीरका निम्ति हुन्। [१४]परमेश्वरले आफ्नो शक्तिले प्रभु येशूलाई मृत्युबाट उठाए। परमेश्वरले हामीलाई पनि मृत्युबाट उठाउने छन्। [१५]तिमीहरूको शरीरहरू ख्रीष्टका अंगहरू हुन् यो कुरो तिमीहरूलाई थाहा छ। यसैले मैले ख्रीष्टका अंगहरूलाई कुनै वेश्याको अंगसित एक बनाउनु लानु हुदैंन। [१६]शास्त्रमा लेखिएको छ: "ती दुइजना मानिसहरू एक जीउ बन्नेछ।"* यसैले तिमीहरूले बुझ्नु पर्छ वेश्यासित यौन सम्बन्ध राख्ने मानिस वेश्याकै शरीरसित एक बन्नेछ। [१७]तर जो प्रभुसित जोड़िन्छ त्यो मानिस आत्मामा प्रभु सितै एक बन्दछ।

[१८]यसैकारण यौन पाप देखि अलग रहौ। मानिसले अरू जुन सुकै अपराध गरोस् त्यो शरीरदेखि बाहिर हुँदछ तर उसले गरेको यौन अपराध आफ्नै शरीरको विरुद्ध हुनेछ। [१९]तिमीले बुझ्नु पर्छ कि तिम्रो शरीर पवित्र आत्माको मंदिर हो। पवित्र आत्मा तिमीभित्र छ। परमेश्वरबाट तिमीले त्यो पवित्र आत्मा पाएका छौ। यसकारण तिमी आफ्नो मालिक होइनौ। [२०]परमेश्वरद्धारा मोल तिरेर तिमी किनिएका छौ। यसैले आफ्नो शरीरद्धारा परमेश्वरको सम्मान गर।

## विवाहको विषयमा

**७** अब तिमीहरूले मलाई लेखेका कुराहरूको विषयमा म चर्चा गर्दछु। लोग्ने मानिसले विवाह नगरेको असल हो। [२]तर यौन अपराधको कारणले, प्रत्येक पुरुषको आफ्नो पत्नी हुनु पर्छ अनि प्रत्येक स्त्रीको आफ्नो पति हुनु पर्छ। [३]पतिले आफ्नी पत्नीलाई सब थोकहरू दिओस जुन एउटी पत्नीले पाउनु पर्छ र पत्नीले पनि आफ्ना पतिलाई सबकुरा देओस्, जुन एउटा पतिले पाउनु पर्छ। [४]आफ्नो शरीरमाथि पत्नीको कुनै अधिकार रहँदैन। उसको शरीरमाथि उसको पतिको अधिकार रहन्छ। अनि आफ्नो शरीरमाथि पतिको कुनै अधिकार रहँदैन। उसको शरीरमाथि उसको पत्नीको अधिकार रहन्छ। [५]एकार्काको शरीरलाई अस्वीकार नगर। तर तिमीहरू दुवै केही समयको निम्ति यौन-सम्बन्धबाट अलग बस्न सहमत हौ। तिमीहरूले प्रार्थनाको लागि यसो गर्नु सक्छौं अनि तब फेरि एक साथ होऊ। यसो गरेमा शैतानले तिम्रो कमजोरीद्वारा आकर्षण गराउन सक्तैन। [६]केही समयको निम्ति अलग रहनु भनेर म अनुमतिको रूपमा भन्दैछु। यसलाई आज्ञा नमान। [७]म त चाहन्छु सबै म जस्तै होऊन् तर प्रत्येक मानिसले परमेश्वरबाट आफ्नो निम्ति वरदान पाएको छ। एक जनाले एक किसिमको वरदान पाएको छ भने अर्काले अर्कै किसिमको।

[८]अब विवाह नगरेकाहरूलाई र विधवाहरूलाई म भन्छु: उनीहरूलाई म जस्तै एकलो बस्नु राम्रो हो। [९]तर

---

**"ती दुइजना … बन्नेछ"** उत्पत्ति २:२४।

उनीहरूले आफूलाई वशमा राख्न सक्दैनन् भने,
विवाह गरून्। यौन-इच्छाले जल्नु भन्दा विवाह गर्नु
असल हो।

१०अब म विवाह गर्नेहरूलाई यो आज्ञा दिन्छु। यो
आज्ञा मबाट होइन, यो प्रभुबाट हो। पत्नीले आफ्ना
पतिलाई नछोड़ोस् ११तर छोड़िहाली भने पनि उसले फेरि
विहे नगरोस। कि त उ आफ्नै पतिसँग फेरि मिलोस्।
पतिले पनि आफ्नी पत्नीलाई नत्यागोस्।

१२अरू सबैलाई म यो भन्छु। यी कुराहरू म
भन्दैछु, प्रभुबाट होइन। ख्रीष्टमा एक भाइको यस्ती
पत्नी हुन सक्छे जो ख्रीष्ट विश्वासी होइन। यदि त्यस्ती
पत्नी उसित बस्न राजी छे भने उसले त्यसलाई
नत्यागोस्। १३अनि ख्रीष्टमा एक स्त्रीको अविश्वासी
लोग्ने हुन सक्छ। तर यदि त्यो उसित बस्न राजी छ
भने उसले पनि त्यसलाई नत्यागोस्। १४एक अविश्वासी
पति विश्वासी पत्नीद्वारा पवित्र बन्दछ। अनि अविश्वासी
पत्नी पनि विश्वासी पतिद्वारा पवित्र बन्दछे। यसो नहुँदो
हो त तिमीहरूका छोरा-छोरी अशुद्ध हुने थिए। तर
अहिले उनीहरू पवित्र छन्।

१५तर विश्वास नगर्नेले त्याग्न खोजे, उसलाई त्यसो
गर्न देऊ। त्यसो भएको खण्डमा ख्रीष्टमा भाइ वा
बहिनी बन्धनमा रहँदैनन्। १६परमेश्वरले हामीलाई शान्तिमय
जीवनको निम्ति बोलाएका छन्। पत्नीहरू, तिमीहरूले नै
आ-आफ्ना पतिलाई बचाउन सकौला; र पतिहरू,
तिमीहरूले नै आ-आफ्ना पत्नीलाई बचाउन सकौला।
पछि के हुने हो तिमीहरू अहिले जान्दैनौ।

## परमेश्वरले भने जस्तै बाँच

१७जे जस्तो सुकै भए पनि जुन अवस्थामा परमेश्वरले
उसलाई बोलाएको समयमा उ त्यो अनि जुन अवस्थामा
उसलाई अहिले परमेश्वरले राखेका छन् उसरीनै प्रत्येक
व्यक्ति बाँच्नु पर्छ। यही नियम हो जो म सबै
मण्डलीहरूलाई दिन्छु। १८यदि कुनै मानिस बोलाइदा
पहिल्यैबाट खतना* भएको थियो भने उसले आफ्नो
परिवर्तन गर्नु पर्दैन। यदि खतना नगरिएको मानिस
बोलाइयो भने उसले खतना गरिरहनु पर्दैन। १९मानिस
खतना गरिएको छ कि छैन त्यो कुनै मुख्य कुरो होइन।
खास कुरो त परमेश्वरको आज्ञाको पालन गर्नु हो।
२०प्रत्येक मानिस त्यही अवस्थामा बसोस् जुन अवस्थामा
उसलाई परमेश्वरबाट बोलाइयो। २१परमेश्वरले तिमीलाई
बोलाउँदा तिमी कमारा थियौ भने त्यसको परवाह नगर।
तर तिमी मुक्त हुन सक्छौ भने तिमीलाई दिएको
मौकाको प्रयोग गर। २२परमेश्वरले बोलाउँदा कुनै
मानिस कमारा थियो भने उ प्रभुमा मुक्त हुन्छ अनि उ
प्रभुको हुन्छ। उसरी नै परमेश्वरले बोलाउँदा यदि उ
मुक्त थियो भने उ ख्रीष्टमो कमारा हुन्छ। २३तिमीहरू
मूल्य चुकाएर किनिएकाहरू हौ। त्यसैले मानिसका
कमारा हुन्छौ। २४दाजु-भाइ दिदी-बहिनीहरू हो! अब
परमेश्वरसितको नयाँ जीवनमा, तिमीहरू परमेश्वरद्वारा
बोलाउँदा जुन अवस्थामा थियौ त्यही अवसस्थामा रहनु
पर्छ।

## विवाह बारेको प्रश्नहरू

२५अब म अविवाहितहरूको विषयमा लेख्छु। यस
बारे मलाई प्रभुबाट आज्ञा छैन तथापि म आफ्नो विचार
पोख्छु। मलाई विश्वास गर्न सक्छौ किन कि प्रभुले
मलाई दया गर्नु भएको छ। २६त्यो दु:खको घड़ी हो।
यसैले म सोंच्छु तिमीहरू जुन अवस्थामा छौ त्यही
अवस्थामा बस्नु राम्रो हो। २७तिमीहरूको पत्नी छ भने
उबाट अलग हुने चेष्टा नगर। यदि तिम्रो विवाह विच्छेद
भएको भए, पुनर्विवाह पट्टि नलाग। तिमीहरू अविवाहित
भए पत्नी खोज्ने चेष्टा तर्प नलाग। २८तर तिमीले
विवाह गरे त्यो कुनै पाप होइन। अनि कन्य केटीले
विवाह गर्छ भने त्यो पाप होइन। तर विवाह गर्नेहरूले
जीवनमा दु:खै पाउँछन् अनि म चहान्छु कि तिमीहरू
त्यस्तो कठिनाईहरूबाट मुक्त रहौ।

२९दाजु-भाइ दिदी-बहिनीहरू हो! मेरो भन्नुको तात्पर्य:
हाम्रो लागि समय छोटो छ। जस-जसको पत्नीहरू छन्,
पत्नी नहुनेहरू भैं बस। ३०जो दु:खित छन् तिनीहरू
दु:ख नपाएको जस्तै बसून्। जो हर्षित छन् तिनीहरू हर्ष
नभएको जस्तै बसून्। जसले जिनीस-पत्रहरू किनेका छन्
तिनीहरू केही नभएको जस्तै बसून्। ३१जो सांसारिक
वस्तु व्यवहार गर्छन्, तिनीहरू ती वस्तुहरूमा चासो नभए
भैं गरी बसुन। तिमीहरू यसरी नै बस्नु पर्छ किन कि
यो संसार, जुन अवस्थामा अहिले छ, चाँड़ै बितेर जाने
छ।

---

**खतना** यो प्रत्येक यहूदी बालकको गरिन्थियो। परमेश्वरले अब्राहामसित गरेको संभौताको निशानी मानिन्थ्यो। (उत्पत्ति १८:६-२४)।

[३२]तिमीहरू चिन्ताबाट मुक्त होऊ भन्ने म चाहन्छु। एक अविवाहित मानिस प्रभुको काममा पूर्णरूपले मग्न रहन्छ। उसको उदेश्य नै प्रभुलाई खुशी तुल्याउनु हो। [३३]तर विवाहित मानिस सांसारिक वस्तुसंग सम्बन्धित हुन्छ। उसको लक्ष्य आफ्नी स्वास्नीलाई खुशी पार्नु हुन्छ। [३४]उसको ध्यान दुइवटा लक्ष्य तिर छुटिन्छ। एउटी अविवाहित स्त्री अथवा एउटी कन्या प्रभुको सम्बन्धमा व्यस्त रहन्छे। उ आपनो सम्पूर्ण शरीर र आत्मा प्रभुलाई अर्पण गर्न चाहन्छे। तर विवाहिता स्त्री सांसारिक कुराहरूमै सम्बन्धित रहन्छे। उसको प्राथमिक कर्त्तव्य आफ्नो पतिलाई खुशी पार्नु रहन्छ। [३५]तिमीहरूकै भलाईको निम्ति म यी कुराहरू गर्दैछु। मैले तिमीहरूलाई नियनत्रण गर्न खोजेको होइन। तर तिमीहरू ठीक ढंगले बाँच्न सक भने म चाहन्छु। अनि आफ्ना समय अरू कुराहरूतिरबाट मुक्त गराई पूर्णतया प्रभुमा लगाएको मन पराँउछु।

[३६]विवाहको उमेर ढल्किन लागेकी आफ्नी कन्या प्रति मैले ठीक गरेको छैनँ भनी कसैले सोंच्न सक्ला र विवाह गरिदिनै पर्छ भन्ने सम्झ सक्ला। त्यस अवस्थामा उसले जे चाहन्छ गरोस्। तिनीहरूलाई विवाह गर्न दिइयोस्। त्यो पाप होइन। [३७]तर कोही यस्तो बलियो मनको पनि हुन सक्ला र सोंच्ला विवाहको कुनै आवश्यकता छैन, उ पनि आफ्नो इच्छामा स्वतंन्त्रै छ। यदि त्यस मानिसले आफ्नी कन्यालाई अविवाहित राख्ने निश्चय गरेको छ भने उसले ठीक गर्दैछ। [३८]अर्थात् जसले आफ्नो कन्याको विवाह गर्छ उसले राम्रो गर्छ। र जसले आफ्नो कन्याको विवाह गरिदिदैन उसले अझै राम्रो गर्छ।*

[३९]जबसम्म पति जीवित रहन्छ उसकी स्त्री बन्धनमा रहन्छे। तर पति मर्‍यो भने, त्यस स्त्रीले आफूले रूचाएको मानिस सित विवाह गर्न सक्छे। तर उसले प्रभुमा विवाह गर्नु पर्छ। [४०]यदि उ त्यही अवस्थामा बसे अझ सुखी रहने थिई। यो म जस्तो विचार गर्छु अनि म पक्का विश्वास गर्छु कि परमेश्वरको आत्मा ममा छ।

### मूर्तिमा चढ़ाइएका खाना बारे

**८** अब मूर्तीमा बलि चढ़ाइएका पशुहरूको मासुको विषयमा म लेख्छु। हामी जान्दछौ कि "हामी सबैमा ज्ञानछ" "ज्ञान"-ले तिमीहरूलाई घमण्डी तुल्याउँछ, तर प्रेमले अरू विकसित हुन सहायता गर्छ। [२]जसले केही जान्दछु भन्ने संझन्छ उसले जान्नु पर्ने खास केही कुरो जानेको हुँदैन। [३]तर परमेश्वरलाई प्रेम गर्ने मानिस परमेश्वरले चिन्छन्।

[४]यसर्थ मूर्तिमा बलि चढ़ाएको मासु खान दिने विषयमा: हामी जान्दछौं, संसारमा मूर्ति वास्तवमा केही होइन। अनि हामी जान्दछौं परमेश्वर एक छन्। [५]धेरै वस्तुहरू छन् कि मानिसहरूले दुवै स्वर्गमा र पृथ्वीमा देवताहरू भन्छन्। यसको कुनै महत्व छैन्, तर वास्तविकता चाँहि यो छ मानिसहरू धेरै वस्तुहरूलाई देवताहरू र मालिकहरू मान्छन्। [६]तर हाम्रा निम्ति त एउटै परमेश्वर छन्। उनी हाम्रा पिता हुन्। अनि उनैबाट प्रत्येक चीज आयो र हामी उनैका निम्ति छौं। अनि प्रभु पनि एकैजना छन् उनी येशू ख्रीष्ट हुन्। येशूको तर्फबाटै प्रत्येक कुरा उब्जाइयो अनि हामीमा जीवन उहाँबाटै छ।

[७]तर सबैले यो सत्य जान्दैनन्। धेरै समय अघिबाट कति मानिसहरूले मूर्ति पूजा गर्थे। औ तिनीहरू यसमा चढ़ाएको मासु खान्छन्, तिनीहरू त्यस मूर्तिलाई चढ़ाएको मासु जस्तो सम्झन्छन्। तिनीहरू आफै निश्चित छैनन् कि त्यो मासु खानु उचित हो अथवा होइन। यसर्थ जब तिनीहरू खान्छन् आफैलाई दोषी सम्झन्छन्। [८]तर खाने कुराले हामीलाई परमेश्वरको नजीकमा ल्याउँदैन। यदि हामीले खानु अस्वीकार गर्‍यौ भने हामी वर्त्तमान जस्तो छौं त्यस भन्दा निम्न स्तरको हुँदैनौ अनि खाँदै हाम्रो स्थिति जस्तो छ त्यस भन्दा असल हुने होइन।

[९]तर आफ्नो स्वतंत्रताको ख्याल राख। ताकि तिम्रो स्वतन्त्रताले गर्दा ती कमजोर विश्वास भएका मानिसहरू

---

**पद ३६-३८** अर्को संभाव्य अनुवाद हुन्छ: "कसैले सोच्न सक्छ कि एउटी कन्या प्रति उसले अन्याय गरिरहेकोछ, जो सँग उसको मगनी भइसकेको छ, त्यो केटीको उमेर पनि ढल्कँदैछ, र उसले पनि विहे गर्न चाहान्छ भने, उसले विहे गरोस्, त्यो पाप होइन। ३७कोही अर्कोले यस्तो आवश्यक नमान्ला। उ आफ्नो हृदयमा द्वढ़ छ अनि निश्चित रहन्छ कि उसले जे चाहन्छ उ त्यो जान्दछ। उसले आफ्नो हृदयमा निश्चय गरेको छ कि उसकी मगनी भएकी केटीको कुमारीत्वलाई उ सम्मान गर्न चाहन्छ। उसले ठीक काम गर्नेछ। ३८यसर्थ जसले आफ्नो मगनी भएकी केटी विहे गर्छ, उसले ठीक गर्छ।अनि जो व्यक्तिले उसलाई विहे गर्दैन उसले झन राम्रो गर्छ।"

पापमा नपरून। १०तिमीसित बुद्धि छ यसर्थ मूर्तिको
मन्दिरमा बस्नु अनि खानु तिमीलाई स्वतन्त्र लाग्छ।
दुर्वल विश्वास भएका कुनै मानिसले तिमीलाई त्यहाँ
खाँदै गरेको देख्न सक्छ, यसर्थ उसलाई मूर्तिमा चढ़ाएका
मासु खानु उत्साह हुन्छ, यद्यपि वास्तवमा उसले यो
भूल काम सम्फन्छ। ११यसैले त्यो दुर्बल विश्वास
भएको भाइ, जसको लागि ख्रीष्ट मरे, नष्ट हुनेछ
कारण तिम्रो ज्ञानले गर्दा। १२जब तिमी तिम्रो ख्रीष्टमा
भएका दाजु-भाइ तथा दिदी बहिनीहरूको विरोधमा
यस्तो पाप गर्दछौ तिनीहरूको विवेकमा चोट पुर्‍याउने
छौ अनि ख्रीष्टको विरूद्ध तिमी पाप गर्नेछौ। १३यसैले
यदि खाना ख्वाइले मेरो भाइलाई पापमा तान्छ भने म
फेरि कहिल्यै मासु खाने छैन ताकि म मेरो भाइलाई
पाप गराउने छैन।

९ म स्वतंत्र छु! म एकजना प्रेरित हुँ। मैले हाम्रा प्रभु
येशूलाई देखेको छु। तिमीहरू प्रभुमा मेरो कामको
फल हौ। २अरूले मलाई एउटा प्रेरितको रूपमा स्वीकार
नगर्लान तर तिमीहरूले मलाई एकजना प्रेरितको रूपमा
स्वीकार गर्नेछौ। म एकजना प्रेरित हुँ भन्ने प्रभुमा
सत्यको मेरो प्रमाण तिमीहरू नै हौ।

३कसै-कसैले मेरो अधिकारको विषयमा प्रश्न गर्छन।
तिनीहरूको निम्ति मेरो जवाब यही हुन्छः ४खाने र
पिउने हाम्रो अधिकार छ। छैन र? ५यात्रा गर्दा पत्नी जो
विश्वासी छ साथमा लिएर हिंड्ने हाम्रो अधिकार छ।
छैन र? अरू प्रेरितहरू, प्रभुमा भाइहरू र केफास
सबैले यसो गर्छन्। ६तर के बर्णाबास र मैले मात्र
आफ्नो जीविकाको निम्ति काम गर्नै पर्छ? ७आफ्नो खर्च
आफै भरेर सेनामा काम गर्ने कुनै सिपाही छ? कोही
यस्तो होला जसले अगुंरको खेती लगाएर एउटा पनि
फल नखाने? कोही गोठालो होला जसले भेड़ाको दुध
पिउँदैन?

८यी सब कुराहरू मानव विचार मात्र हुन? के
परमेश्वरको नियमले पनि त्यसै भन्दैन? ९मोशाको
नियममा लेखिएको छः "दाँई गर्ने गोरूको मुखमा
मोहला नलगाऊ र त्यसलाई अन्न खानबाट नरोक।"*
के परमेश्वरका गोरूहरूमा मात्र चासो छ? १०होइन,
वास्तवमा परमेश्वर हाम्रै बारे बोल्दै थिए। हो, धर्म
शास्त्र हाम्रै लागि लेखिएको हो, "जोत्दा र दाँई गर्दा
खेतीवालाले केही अन्न पाउने आशा गर्छ।" ११हामीले
तिमीहरूमा आत्मिक बिऊ छरेकाछौ? यसर्थ यदि हामीले
तिमीहरूबाट केही भौतिक चीजको आशा गर्दा त्यो
अधिक हुन्छ र? १२जब तिमीहरूबाट सहायता पाउन
अरूले अधिकार प्रयोग गर्छन् भने के हामी त्यो भन्दा
अधिक अधिकार खोज्न सक्तैनौ? तर हामी अधिकार
माग्दैनौं। हामी सबै चीज सहन गर्छौ ताकि ख्रीष्टको
सुसमाचार पालन गर्न कोही पनि विरोधी नहोस्। १३के
तिमीहरू जान्दैनौ मन्दिरमा सेवा गर्नेले मन्दिरबाटै खाना
पाँउछन्? के तिमीहरू जान्दैनौ वेदीमा भेटी चढ़ाउनेहरूले
भेटीको भाग पाउँछन्? १४सुसमाचार प्रचार गर्नेहरूलाई
पनि त्यस्तै हो। सुसमाचारका प्रचारकहरूले प्रचार कर्मबाटै
आफ्नो जीवन निर्वाह गर्नु पर्छ भनी आज्ञा दिनु भयो।

१५तर यो कामबाट मैले कुनै अधिकार उपयोग
गरेको छैन। र मैले यसबाट केही पाउने कोशिश पनि
गरिरहेको छैन। तिमीहरूलाई यो लेख्ने मेरो उद्देश्य
होइन। कसैलाई मेरो गर्व केवल रित्तो भाँड़ा प्रमाण गर्ने
मौका दिनु भन्दा त म मर्न मन पराउँछु। १६म
सुसमाचार प्रचार गर्छु तर प्रचार मेरो गर्वको आधार
होइन। यो त मेरो कर्त्तव्य नै हो मैले गर्नै पर्छ। मेरो
लागि दुःखको कुरो हो यदि मैले सुसमाचार प्रचार गरिन
भने। १७यदि मैले आफ्नै खुशीले सुसमाचार प्रचार गरें
भने म केही इनाम पाउनु सक्छु। तर मेरो कुनै चयन
छैन। मैले सुसमाचार प्रचार गर्नै परेको छ। जब ममाथि
यो काम सुम्पिइएको छ, म मेरो काम गरिरहेको छु।
१८यस्तो हुनाले म के इनाम पाउँछु र? मेरो इनाम त
यही हो: विना मूल्य सुसमाचार प्रचार गर्नु। यसरी
सुसमाचार प्रचारमा जो अधिकार दिइन्छ कुनै पनि म
उपयोग गर्दिन।

१९म स्वतंत्र छु। म कसैको होइन। तर जति सक्दो
सम्भव छ अधिक मानिसलाई बचाउनलाई सहायता गर्नु
मैले आफूलाई सबैको दास बनाएको छु। २०यहूदीहरूलाई
बचाउन यहूदीहरूका निम्ति म यहूदी जस्तै भएँ। म
आफै कुनै नियमको अधीनमा छैन। तर नियमको
अधीनमा बसेका मानिसहरूको लागि तिमीहरूलाई बचाउनु
म पनि एकजना नियमको अधीनमा बस्ने मानिस जस्तै
भइदिएँ। २१ती जो नियमको अधीनमा छैनन तिनीहरूलाई
बचाउनु म पनि नियमको अधीनमा नभएको जस्तो भएँ।
वास्तवमा परमेश्वरको नियमबाट म स्वतन्त्र छैन। म
ख्रीष्टको नियमको अधीनमा छु। २२कमजोर मानिसहरूको

---

**"दाइँ गर्ने … नरोक"** व्यवस्था २५:४।

लागि म कमजोरै भइदिएँ जसमा कि म तिनीहरूलाई
सहायता गर्नु सकूँ। म सबै किसिमका मानिसहरूको
निम्ति सबै थोक भएको छु ताकि कुनै न कुनै तरहले
मानिसलाई बचाउनु सकुँ। २३सुसमाचारकै कारणले म
यी सब चीज गर्छु ताकि सुसमाचारको आशिष-मा
सहभागी बन्नसकूँ।

२४तिमीहरू सबैले जान्दछौ, दौड़मा धेरै जना दुगुर्छन्
तर पुरस्कार चाँहि खालि एकजनाले पाउँछ। यसर्थ
त्यसरी दुगुर ताकि तिमीले पुरस्कार जित्न सक। २५खेलमा
भाग लिने सबैले कठोर अनुशासनको पालना गर्नु पर्छ।
पुरस्कार जितूँ भनेर नै तिनीहरू त्यसो गर्छन्। त्यो माला
केही काल सम्म मात्र खप्दछ। तर हामीले पाएको
पुरस्कार सदाकाललाई हुँदछ। २६यसैले म कुनै निश्चित
टुङ्गो भएको मान्छे जस्तै दुगुर्छु। मुक्केबाजले जस्तै म
केही चीजलाई मुड़क्याउँछु-हावालाई होइन। २७नियन्त्रणको
लागि म आफ्नै शरीरलाई कठोर व्यवहार गर्छु। मैले
यसो गरेको खण्डमा अरू मानिसहरू माझ प्रचार गरे
पछि म आफै परमेश्वरबाट तिरस्कृत हुने छैन।

### यहुदीहरू जस्तै नहोऊ

**१०** दाजु-भाइ दिदी-बहिनीहरू, हाम्रा पुर्खाहरूमाथि
के बित्यो त्यो तिमीहरूले जान भन्ने म चाहन्छु।
तिनीहरू सबै बादल मुनि थिए, अनि ती सबै समुद्र
भएर हिंड्थे। २तिनीहरू सबैले बादल र समुद्रमा मोशामा
बप्तिस्मित थिए। ३तिनीहरू सबैले एकै किसिमको
आत्मिक खाना खाए। ४अनि तिनीहरू सबैले एकै
किसिमको आत्मिक पेय पिए। तिनीहरूले त्यस आत्मिक
पहराबाट पिए जुन उनीहरूसँगै थियो। त्यो पहरा ख्रीष्ट
हुनु हुन्थ्यो। ५तिनीहरूमध्ये धेरै जनासित परमेश्वर संतुष्ट
हुनु भएन। तिनीहरू मरूभूमिमा मारिए।

६यी कुराहरू, जो घटेका थिए हाम्रो लागि उदाहरण
भयो। यी उदाहरणहरूले हामीलाई तिनीहरूले गरे जस्तो
खराब सोच्नुबाट रोक्नु पर्छ। ७तिनीहरूमा कोही मानिसहरूले
जस्तो मूर्ति पूजा नगर। शास्त्रमा यो लेखिएकै छ:
“मानिसहरू खानालाई र पिउनलाई बसे। अनि नाच्नलाई
उठे।”* ८ती कतिपयले जस्तो हामी यौन अपराधी
नगरौं। तिनीहरू मध्ये एकै दिनमा तेईस हजार मरे।
९जसरी तिनीहरू मध्ये कसैले प्रभुको परीक्षा लिएका
थिए औ साँपहरूद्वारा मारिए, हामीले त्यसरी परीक्षा लिनु
हुदैंन। १०अनि तिनीहरू मध्ये कतिले गरे जस्तो गन्गन्
पनि नगर अनि तिनीहरू संहारकर्ता स्वर्गदूतद्वारा मारिए।

११तिनीहरूलाई जे जति आइपर्‍यो, ती उदाहरणहरू
हुन। अनि हाम्रै चेतावनीको निम्ति ती लेखिएका थिए।
हामी त्यस्तो समयमा बाँचिरहेकाछौं, ती सबै विगत
इतिहासहरू अन्त भइसकेका छन्। १२यसैले त्यो जो
दहिलोसंग उभिन्छु भनी सोच्छ त्यो होशियारी साथ
उभियोस ताकि उ लड्न नपरोस्। १३हामीमा पनि
अरूमा जस्तै प्रलोभनहरू छ। तर तिमीले परमेश्वरमाथि
भरोशा राख्न सक्छौ। उहाँले तिमीले सहनु सक्ने भन्दा
बढ़ता परीक्षा लिनु दिने छैनन्। जब तिमी प्रलोभित हुन्छौ
परमेश्वरले तिमीलाई त्यो परीक्षाबाट बाँच्नलाई पनि
सहायता गर्नेछन्। तब तिमी त्यो सहन समर्थ हुनेछौ।

१४यसकारण, मेरा प्रिय मित्रहरू हो, मूर्ति-पूजादेखि
टाढ़ा बस। १५तिमीहरू बुद्धिमान छौ भनी म यो कुरा
गर्दैछु; म के भन्दैछु तिमीहरू आफै जाँच। १६आशिषको
कचौरा* जसको लागि हामी परमेश्वरलाई धन्यवाद
चढ़ाउँछौं, त्यसको अर्थ ख्रीष्टको रगतको अंश-ग्रहण
हो। होइन र? अनि रोटी, जुन हामी भाँज्दछौं, ख्रीष्टकै
शरीरको अंश-ग्रहण हो। होइन र? १७त्यहाँ एउटै रोटी
छ। अनि हामी धेरै जना छौं। तर त्यही एउटा रोटीबाट
हामी भाग गर्छौं। यसैले हामी खासमा एउटै शरीर हौं।

१८इस्राएलका मानिसहरूको बारेमा सोच। तिनीहरू
बलि खान्छन् अनि वेदीमा भाग लिन्छन्। खाँदैनन् र?
१९मेरो मतलब यो होइन कि मूर्तिमा चढ़ाइएको मासु
अरू साधारण मासु भन्दा अझ दामी हो। अनि म
सम्झिदिन कि त्यो मूर्ति पनि साघारण मूर्ति भन्दा कुनै
दामी मूर्ति हो। २०तर म यसलाई के भन्छु भने:
मानिसले बलि चढ़ाउछन् त्यो शैतानलाई चढ़ाएको हो,
परमेश्वरलाई होइन। र तिमीहरू शैतानसित कुनै कुराको
भागीदार बन भन्ने म चाहन्न। २१तिमीहरू शैतानको
कचौराबाट र प्रभुको कचौराबाट पनि पिउदै गरेको हुन्।
तिमीहरूले प्रभुको टेबलमा र शैतानको टेबलमा पनि
खादैं गरेको हुनु सक्दैनौ। २२के तिमी प्रभुलाई रिस
उठाउनु चहान्छौ? हामी उहाँ भन्दा बलिया छौ र? छैनौ।

---

**“मानिसहरू … लाई उठे”** प्रस्थान ३२:६।

**अशिषको कचौरा** दाखरसको प्याला जसको निम्ति ख्रीस्तानहरू परमेश्वरलाई धन्यवाद चढ़ाउँदछन् र प्रभुको भोजमा पिउँदछन्।

### आफ्नो स्वतंत्रता परमेश्वरको महिमाको लागि लगाऊ

२३“सबै कुरामा अनुमति छ।” तर सबै कुरा हाम्रो
निम्ति राम्रो छैन्। “सबै कुरामा अनुमति छ।” तर जम्मै
कुराहरूले सबैलाई बलियो बनाउँदैन। २४तिम्रो आफ्नो
मात्र काम गर्ने कोशिश नगर। अरू मानिसको लागि
भलो हुनेकाममा पनि कोशिश गर्नु पर्छ।

२५मासु दोकानमा बेच्न राखिएको कुनै पनि मासु
खाऊ। मासु बारे खानु उचित छ कि छैन भन्ने प्रश्न
नगर। २६तिमीले त्यो खान सक्छौ “किन कि यो धरती
र यसको हर चीज प्रभुकै हो।”*

२७यदि कुनै विश्वास नगर्ने मानिसले तिमीलाई उसित
भोजन गर्न बोलाउला अनि तिमी जान चाहन्छौ भने
तिम्रो अधिल्तिर जे राखिन्छ खाऊ। खानु उचित छ
अथवा छैन भन्ने प्रश्न नगर। २८तर कसैले “त्यो मासु त
मूर्तिमा बलि पो चढ़ाइएको थियो” भनेछ भने त्यो
नखाऊ, जुन मानिसले तिमीलाई भन्यो कि त्यो मासु
मूर्तिमा चढ़ाइएको थियो उसको निम्ति अनि ती मानिसहरूको
निम्ति जसले त्यस्तो मासु खानु अनुचित मान्छन्।
२९तिमीले नै त्यो अनुचित ठानौला भन्ने मलाई लाग्दैन।
तर अरूले त्यो अनुचित हो भनी ठान्न सक्छ। त्यही
एउटा कारणले म त्यो मासु खाँदिन। अर्को मानिसको
सोचाईको आधारमा म मेरो स्वतन्त्रतालाई विचार गर्न
दिंदिन। ३०यदि म कृतज्ञतापूर्वक भोजन खाँदछु, म किन
केही चीजको लागि परमेश्वरलाई धन्यवाद दिंदा
कटुआलोचित हुनु?

३१यस कारण तिमीहरू खाऊ, पिऊ, जे सुकै गर,
तर त्यो परमेश्वरको महिमाको लागि गर। ३२त्यस
प्रकारले कुनै काम नगर जसले अरूको विचारमा चोट
पुऱ्याउनु सक्छ: जस्तै यहूदीहरू, ग्रीकहरू अथवा
परमेश्वरको मण्डली। ३३म त्यसै गर्छु। म हरेकलाई
हरतरहले खुशी पार्न खोज्छु। मैले कहिल्यै पनि आफूलाई
मात्र लाभ गराउने कुनै काम गर्ने कोशिश गरेको छैन।
म धेरैभन्दा धेरै मानिसको भलाई गर्ने कुराहरूको
कोशिश गर्छु जसमा कि मैले तिनीहरूलाई बचाउनु
सकुँ।

**११** मेरो उदाहरण लिने चेष्टा गर जस्तो म ख्रीष्टको
उदाहरण लिन्छु।

**“किन कि … प्रभुकै हो”** भजनसंग्रह २४:१; ५०:१२;
८९:११।

### मालिकको अधीनमा हुनु

२म तिमीहरूको प्रशंसा गर्दछु कारण तिमीहरूले सबै
कुरामा मलाई सम्झन्छौ अनि मैले दिएको शिक्षालाई
तिमीहरूले ठीकसँग पालना गर्दछौ। ३म चाहन्छु कि
तिमीहरूले यो पनि जानि राख: प्रत्येक मानिसको शिर
ख्रीष्ट हुनुहुन्छ। अनि स्त्रीको शिर पुरुष हो। र ख्रीष्टको
शिर परमेश्वर हुन्। ४हरेक पुरुष जसले शिरलाई छोपेर
अगमवाणी गर्दछ वा प्रार्थना गर्दछ उसले शिरलाई
अनादर गर्दछ। ५तर हरेक स्त्री जसले प्रार्थना वा
अगमवाणी गर्दछे उसले आफ्नो शिर ढाक्नु पर्छ। यदि
उसको शिर छोपिएन भने उसले आफ्नो शिरलाई
अनादर गरेकी हुन्छ। तब उ शिर खौरेकी स्त्री जस्तै
हुन्छे। ६कुनै स्त्रीले आफ्नो शिर छोप्दिन भने, तब यो
उसले जम्मै केश काटेको जस्तै छ। तर जब कपाल
काट्नु वा शिर खौरनु एउटी स्त्रीको लागि शर्मको कुरा
हुन्छ यसैले उसले आफ्नो शिर छोप्नु पर्छ। ७पुरुषले
आफ्नो शिर ढाक्नु पर्दैन। किन? उ परमेश्वरको प्रतिरूप
हो उ परमेश्वको महिमा हो। तर महिला पुरुषको
महिमा हो। ८पुरुष स्त्रीदेखि आएको होइन, तर स्त्री
पुरुषदेखि आएको हो। ९अनि पुरुष स्त्रीकोलागि बनिएको
होइन तर स्त्री पुरुषको लागि बनिएकी हो। १०र
त्यसैकारणले अधीनताको चिन्ह स्वरूप स्त्रीले आफ्नो
शिर केही चीजले छोपेकी हुनुपर्छ। स्वर्गदूतहरूको कारणले
उसले यसो गर्नु पर्दछ।

११तथापि प्रभुमा स्त्री पुरुषको लागि महत्वपूर्ण छ र
पुरुष स्त्रीको लागि महत्वपूर्ण छ। १२यो साँचो हो कि
स्त्री पुरुष देखि आएकी हो तर पुरुष पनि स्त्रीबाट
जन्मेको हो। वास्तावमा सबै कुरो परमेश्वरबाटै आउँदछ।
१३यो आफै निर्णय गर: के स्त्रीले आफ्नो शिर नढाकी
प्रार्थना गर्नु ठीक होला? १४लामो केश राख्नु पुरुषको
निम्ति शर्मको कुरो हो भन्ने कुरो प्रकृति धरिले
हामीलाई सिकाउँछन्। १५तर लामो केश हुनु स्त्रीको
निम्ति सम्मानको कुरो हुन्छ। स्त्रीलाई आफ्नो शिर
ढाक्नलाई लामो केश दिइएको छ। १६यस विषयमा
कोही व्यक्ति अझै बहस गर्न खोज्छन्। हामी र
परमेश्वरका मण्डलीहरूको त्यस्तो व्यवहार छैन।

### प्रभुको भोज

१७अब यी विषयहरूमा म तिमीहरूलाई भन्छु,
तिमीहरूको प्रशंसा गर्दिनँ। तिमीहरूका सभाले सहायता

भन्दा तिमीहरूलाई खति नै गर्छ। [१८]पहिलो कुरो त, म
सुन्दैछु कि मण्डलीमा जब तिमीहरू भेला हुँदछौ तिमीहरू
बाँड़िन्छौ। अनि केही अंशमा म यस कुरालाई पत्याउँछु।
[१९]तिमीहरूको बीचमा फाटो आउनु आवश्यक छ,
त्यसले तिमीहरू मध्ये को चाँहि वास्तविक विश्वासी हो
बुझाइदिन्छ। [२०]जब तिमीहरू सबै एकत्र हुन्छौ तिमीहरूले
वास्तमा प्रभुको भोज* खाइरहेका हुँदैनौ। [२१]किन?
किनभने जब तिमीहरू खान्छौ एउटाले अर्कालाई नपर्खी
खान्छौ। कतिले अलिकति पनि खानै वा पिउनै नपाई
कति चाँहि टन्न भइसक्छन्। [२२]तिमीहरू आफ्नै घरमा
खान अनि पिउन सक्छौ! यस्तो लाग्छ, तिमीहरू सोंच्छौ
कि परमेश्वरको मण्डली महत्वहीन छ। जो गरीब छ
तिनलाई तिमीहरू शर्ममा पार्दछौ। म के भनूँ? म
तिमीहरूको प्रशंसा गर्दिन।

[२३]तिमीहरूलाई म त्यही शिक्षा दिंदैछु जुन मैले
प्रभुबाट पाएँ: त्यो रात जब येशूलाई शत्रु समक्ष दिइयो,
उहाँले रोटी लिनुभयो। [२४]र त्यसको निम्ति धन्यवाद
दिनुभयो। अनि उहाँले रोटी च्यात्नुभयो र भन्नुभयो, "यो
मेरो शरीर हो, यो तिमीहरूको लागि हो। मलाई
सम्झदा यसो गर।" [२५]उसरी नै उनीहरूले खाएपछि
येशूले दाखरसको कचौरा लिनुभयो। येशूले भन्नुभयो,
"यो दाखरस परमेश्वरबाट आफ्ना मानिसलाई नयाँ करार
हो। यो नयाँ करार मेरो रगतसित शुरू हुँदछ। जहिले
पनि तिमीहरू यो पिउँछौ मेरो सम्झनामा गर्ने गर। यसै
गर्नु। [२६]जब-जब तिमीहरू यो रोटी खाँदछौ र यो
कचौराबाट पिउँदछौ उहाँ नआउञ्जेल प्रभुको मृत्युको
घोषणा गर्नु।

[२७]त्यसैकारण कसै अयोग्य रीतिले रोटी खान्छ वा
कचौराबाट पिउँछ भने, उसले प्रभुको शरीर र रगतको
निम्ति पाप गर्छ। [२८]हरेकले रोटी खान र कचौरा पिउन
अघि आफ्नो हृदय जाँच्नु पर्छ। [२९]यदि कसैले त्यो
प्रभुको शरीर हो भन्ने नचिनी रोटी खायो र कचौराबाट
पियो भने उसको ख्वाई र पियाईले आफैमा न्यायको
लागि विवेचना निम्त्याउछ। [३०]त्यसै कारणले तिमीहरूका
समाजमा धेरै जना रोगी औ कमजोरीहरू छन्। र कति
मरेर गए। [३१]तर हामीले आफैलाई ठीकसित जाँच्यौं
भने परमेश्वरले हामीलाई जाँच्नु हुँदैन। [३२]तर जब
प्रभुले हामीलाई जाँच्नु हुन्छ उहाँले सही मार्ग प्रदर्शनको
लागि हामीलाई अनुशासित गराउनु हुन्छ ताकि यो
संसारका अरू मानिसहरू सरह। तिमीहरूलाई दण्ड
नहोस भनी उहाँले यसो गर्नु हुन्छ।

[३३]यसैले मेरा दाजु-भाइ, दिदी-बाहिनीहरू हो, जब
तिमीहरू खानुको निम्ति भेला हुन्छौ एका-अर्कालाई
पर्ख। [३४]कोही भोकाएको छ भने आफ्नै घरमै खाओस्।
यसै गर जसमा कि तिमीहरूको जमघटले तिमीहरूमाथि
नै परमेश्वरको दण्ड ननिम्त्याओस्। अरू कुराहरू बारे
के कसो गर्नु त्यो म जब आउँछु र भन्नेछु।

## पवित्र आत्माको उपहारहरू

**१२** दाजु-भाइ दिदी-बहिनीहरू, अब म चाहन्छु कि
तिमीहरूले आत्मिक उपहारहरू बारे जान।
[२]तिमीहरूले विश्वासी बन्न अघि आफूले विगत जीवनको
संम्झना गर। तिमीहरू केही रहस्यमय शक्ति तिर खिचीएर
जीवनहीन मूर्ति पूज्न लागेका थियौ। [३]म तिमीहरूलाई
भन्छु कसैले परमेश्वरको आत्मा विना बोल्ने छैन, "येशू
श्रापित होऊन" अनि कसैले पनि पवित्र आत्माको
सहायता बिना "येशू प्रभु हुन" भन्न सक्दैन।

[४]आत्मिक उपहारहरू थरिथरिका हुन्छन् तर ती सबै
एउटै आत्माबाट हुन्छ। [५]सेवा गर्ने विभिन्न तरिकाहरू
छन्। सबै ती उपायहरू एउटै उही प्रभुबाट हो। [६]अनि
परमेश्वरले मानव जातिमा गर्ने कामका उपायहरू पनि
धेरै छन्, तर यी सबै उपायहरू एउटै परमेश्वरबाट हुन्।
प्रत्येक कुरो गर्न परमेश्वरले हामी सबैमा काम गर्नु
हुन्छ। [७]प्रत्येकमा आत्माको उपहार देख्न सकिन्छ।
आत्माले सबैको भलोको निम्ति उपहार दिन्छ। [८]आत्माले
एक व्यक्तिलाई ज्ञानी कुरा गर्ने उपहार दिन्छ। अनि
त्यही आत्माले अर्कोलाई बुद्धिमानी कुरा गर्ने उपहार
दिन्छ। [९]त्यही आत्माले कसैलाई विश्वास दिलाउँछ।
अनि त्यही एक आत्माले अरू कसैलाई रोग निको पार्ने
उपहार दिन्छ। [१०]त्यही आत्माले एउटालाई चमत्कार
देखाउने शक्ति दिन्छ अनि अर्कालाई अगमवाणी गर्ने
शक्ति, अर्कैलाई शुद्ध र अशुद्ध आत्मा खुट्ट्याउन सक्ने
शक्ति दिन्छ। त्यही आत्माले नै एउटालाई विभिन्न भाषा
बोल्ने वरदान दिन्छ र कोही अर्कालाई ती भाषाहरू
अनुवाद गर्ने वरदान दिन्छ। [११]एउटै आत्मा, अनि त्यही
आत्माले यी सब थोक गर्छ। प्रत्येकलाई के दिनु पर्ने
त्यो आत्माले नै निर्णय गर्छ।

---

**प्रभुको भोज** येशूले आफ्ना शिष्यहरूलाई आफ्नो संम्झनाको निम्ति खान लाउनुभएको विशेष भोज। हेर्नेस् लूका २२:१४:२०।

### ख्रीष्टको शरीर

[१२]मानिसको शरीर एउटै मात्र हो तर यसका अनेक अंगहरू हुन्छन्। हो, शरीरका धेरै अंगहरू छन्, तर ती सब अंगहरूले एउटै शरीर बनाउँछन्। ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ: [१३]हामीहरूमा कति यहूदीहरू छौं र कति अ-यहूदीहरू छौ। हामीहरूमा कति कमाराहरू छौं र कति मुक्त छौं। तर हामी सबै एउटै शरीर बनिनु बप्तिस्मित भएका छौं। हामी सबैले त्यही एउटै आत्मा पाएका छौं।

[१४]मानिसको शरीर एउटा अंगले मात्र बनिएको हुँदैन तर धेरै अंगहरू हुन्छन्। [१५]खुट्टाले भन्नु सक्ला, "म हात होइन यसकारण म शरीरको होइन।" तर त्यसो भन्दैमा, खुट्टालाई भन्न सक्तैन, यो शरीरको एक अंग होइन। [१६]कानले भन्नु सक्ला, "म आँखा होइन। यसकारण म शरीरको होइन।" तर यसो भन्दैमा कानलाई भन्न सकिंदैन, कान शरीरको होइन। [१७]यदि जम्मै शरीर एउटा आँखो हुँदो हो त शरीरले कसरी सुन्ने थियो। यदि जम्मै शरीर एउटा कान हुँदो हो ता शरीरले कसरी सुन्ने थियो? [१८-१९]यदि शरीरको प्रत्येक अंग एउटै मात्र हुँदो हो त त्यहाँ शरीरै हुने थिएन। तर साँच्चै परमेश्वरले शरीरमा आफूले चाहे जस्तै गरी ती अंगहरूलाई राखिदिनु भयो। उहाँले प्रत्येक अंगलाई आफ्नो ठाँउमा राख्नु भयो। [२०]अहिले यो जुन अवस्थामा छ अंगहरू धेरै छन् तर शरीर एउटै छ।

[२१]आँखाले हातलाई भन्न सक्दैन। "मलाई तिम्रो खाँचो छैन" अनि टाउँकोले खुट्टाहरूलाई "मलाई तिम्रो खाँचो छैन" भन्न सक्दैन। [२२]होइन। शरीरका ती अंगहरू जसलाई हामी दुर्वल सम्भन्छौं वास्तवमा तिनीहरू खुबै महत्वपूर्ण हुन्छन्। [२३]अनि शरीरका तुच्छ ठानिएका ती अंगहरूलाई खुबै बचाइन्छ। अनि शरीरका जुन अंगहरूलाई हामी लुकाउन चाहन्छौ तिनलाई हामी विशेष ध्यान दिंदछौं। [२४]हाम्रा शरीरका अभ्र सुन्दर अंगहरूलाई धेरै विशेष ध्यान दिइन्छ। तर परमेश्वरले शरीरको यसरी गठन गर्नु भएको छ कि उहाँले ती सम्मान नभएका अंगहरूलाई अभ्र धेरै सम्मान दिनु भएको छ। [२५]हाम्रो शरीरको भाग भाग नछुट्टियोस् भनी परमेश्वरले यसो गर्नु भएको हो। विभिन्न अंगहरूले आपस्तमा उसरी नै ध्यान दिने गरून्। परमेश्वर त्यही चाहानु हुन्छ। [२६]शरीरको कुनै एक अंगले दु:ख पायो भने सम्पूर्ण शरीरले दु:ख पाउँछ। अथवा यदि हाम्रो शरीरको एउटा अंगले सम्मान पाए अरू जम्मै अंगहरूले पनि समान रूपले सम्मानित बन्ने छन्।

[२७]तिमीहरू जम्मै सामूहिक रूपले ख्रीष्टको एक शरीर हौ। तिमीहरू प्रत्येक शरीरका अंग हौ। [२८]अनि मण्डलीमा, परमेश्वरले प्रेरितहरूलाई पहिलो, अगमवक्ताहरूलाई दोस्रो र शिक्षकहरूलाई तेस्रो स्थान दिनु भएको छ। त्यसपछि परमेश्वरले चमत्कारहरू गर्नेहरूलाई, रोग निको पार्ने वरदान पाएकाहरूलाई, मदद गर्नसक्नेहरूलाई, अगुवाइ गर्न सक्ने क्षमता भएकाहरूलाई अनि विभिन्न थरिका भाषा बोल्ने वरदान पाएकाहरूलाई स्थान दिनु भएको छ। [२९]सबै मानिस प्रेरितहरू होइनन्। सबै अगमवक्ताहरू होइनन्, सबै शिक्षकहरू होइनन्। चमत्कार सबैले गर्न सक्दैनन्। [३०]रोग निको पार्ने वरदान सबैले पाएका छैनन्। सबैले विभिन्न थरिको भाषा बोल्न सक्तैनन्। सबैले ती भाषाहरू उल्थाउँदैनन्। [३१]तर तिमीहरूले आत्माको अभ्रै ठूलो वरदान लिनु चाहेको हुनुपर्छ।

### प्रेम सर्वोत्तम उपहार हो

अनि अब म सबै भन्दा महत्वपूर्ण मार्ग बताउने छु।

**१३** मानिसहरूका र स्वर्गदूतहरूका विभिन्न भाषाहरू म बोल्न सकुँला। तर मसित प्रेम नै छैन भने म खालि एउटा टङ्टङे घंटी वा झ्याम् झ्यामे झ्याम्टा मात्र हुँ। [२]मसित अगमवाणी गर्न सक्ने वरदान होला। म परमेश्वरको जम्मै रहस्य बुभ्रूँला र हरेक कुरो जानुँला, अनि मसित यति ठूलो विश्वास होला कि म पहाड़हरू पनि हल्लाउन सकूँला। तर यतिको शक्ति ममा आर्जित हुँदा पनि यदि ममा प्रेम नभए म केही हुइँन। [३]मानिसहरूलाई खुवाउन आफूसित भएको सब कुछ दिन सकूँला र आफ्नो शरीर समेत आहुतिको रूपमा जलाउन सकुँला। तर यदि मसित प्रेम छैन भने म केही पाउँदिन।

[४]प्रेम धैर्य हो, प्रेम दया हो, प्रेमले ईर्ष्या गर्दैन यसले घमण्डी गर्दैन। [५]प्रेम रुखो हुँदैन, प्रेम स्वार्थी हुँदैन र प्रेम सजिलै रिसाहा बन्दैन। प्रेमले आफ्नो विरूद्ध गरिएको खराबीको हिसाब रारव्दैन। [६]प्रेम खराबमा खुशी हुँदैन तर प्रेम सत्यसित आनन्दित हुन्छ। [७]प्रेमले सबै कुरा धैर्यपूर्वक सहन्छ। प्रेमले सँधै विश्वास गर्छ, सँधै आशा गर्छ र यो दरिलो उभिन्छ।

[८]प्रेम कहिल्यै सिद्धिंदैन। अगमवाणीहरू टुँगिन्छन्।
भाषाहरू बोल्ने उपहार समाप्त हुन्छ, ज्ञानका उपहार
समाप्त हुन्छ। [९]यी कुराहरू सिद्धिन्छन्, किनभने हामीमा
भएको ज्ञान र यी अगमवाणीहरू पूर्ण छैनन्। [१०]तर
जब धेरै पूर्णता आउँछ तब ती अपूर्णताको अन्त्य हुनेछ।
[११]जब म बालक थिएँ, म बालक जस्तै बोलें, बालक
जस्तै सोचें, बालकले जस्तै योजनाहरू बनाएँ। जब म
एउटा मानिस बनें, मैले ती बालकपनको तरिकाहरू
त्यागिदिएँ। [१२]हामीसित पनि त्यस्तै हो। अहिले हामी
धमिलो ऐनामा हेरे जस्तै देख्दैछौं। तर त्यस बेला, हामी
सफासित देख्ने थियौं। अहिले म खालि एक अंश मात्र
जान्दछु। तर त्यस बेला म पुरै जान्ने छु जस्तो
परमेश्वरले मलाई जान्दछन्। [१३]यसैले, यी तीन कुराहरू
रहि रहनेछन्: विश्वास, आशा र प्रेम। अनि यिनमा
सबैभन्दा ठूलो हो प्रेम।

### आत्मिक वरदानहरूलाई मण्डलीको मदतमा लगाऊ

**१४** प्रेम तिमीहरूको लक्ष्य हुनु पर्छ। तिमीहरूले
साँच्चै आत्मिक वरदानहरू पाउने इच्छा राख्नु
पर्छ खास गरी अगमवाणी गर्ने उपहार। [२]किनभने जो
विभिन्न भाषाहरूमा बोल्छ मानिससँग बोल्दैन, तर उ
परमेश्वरसित बोल्छ। कसैले उसलाई बुझ्दैन। उ आत्माद्वारा
गुप्ती सत्य बोल्छ। [३]तर जसले अगमवाणीहरू गर्छ
उसले मानिसहरूसित बोलिरहेको हुन्छ। उसले
मानिसहरूलाई बल, उत्साह र सुख दिन्छ। [४]जसले
अन्य भाषामा बोल्छ आफूलाई मात्र मद्दत गरिहेको
हुन्छ। तर जसले अगमवाणीहरू बोल्छ उसले सारा
मण्डलीलाई मद्दत पुर्‍याइरहेको हुन्छ। [५]म तिमीहरू
सबैलाई विभिन्न भाषा बोल्ने वरदान मिलोस भन्ने
चाहन्छु। तर अझै, म तिमीहरूले अगमवाणी गर्नु पर्छ
भन्ने चाहन्छु। विभिन्न भाषाहरूमा बोल्न सक्ने भन्दा
जसले अगमवाणी गर्छ ठूलो हो। तर ती भाषाहरूको
उल्था पनि गर्नसक्ने भए त्यो विभिन्न भाषाहरूमा बोल्ने
पनि अगमवाणी गर्ने जत्तिकै हो। त्यसो हो भने उसले
जे भन्छ त्यसबाट मण्डली पनि उपकृत हुन्छ।

[६]दाजु-भाइ दिदी-बहिनीहरू, यदि म विभिन्न भाषाहरूमा
बोल्दै तिमीहरू कहाँ आएँ भने त्यसले तिमीहरूलाई
केही फायदा हुन्छ? गर्दै गर्दैन। यदि म तिमीहरू कहाँ
कुनै नयाँ सत्य, अथवा केही ज्ञान अथवा केही
अगमवाणी वा केही शिक्षा लिएर आएँ भने मात्र
तिमीहरूलाई फायदा हुन्छ। [७]त्यो खाली निर्जीव चीजहरूबाट
निकालेको आवाज जस्तो मात्र हुनेछ, बाँसुरी अथवा
सारङ्गी। यदि संगीतको आवाज स्पष्ट छैन भने के गीत
बजाइदैछ तिमीहरूले बुझ्ने छैनौं। गीत बुझ्नुको लागि
प्रत्येक आवाज स्पष्ट हुनु पर्छ। [८]युद्धमा यदि तुरहीले
स्पष्ट स्वर निकालेन भने युद्धको लागि को तयार
हुनेछ? [९]तिमीहरूलाई पनि त्यस्तै हो। तिमीहरूको जिब्राबाट
शब्द प्रष्ट हुनुपर्छ। यदि तिमीले प्रष्टसित बोल्न सकेनौ
भने तिमीले के भन्दैछौ कसैले बुझ्न सक्दैन। त्यो खाली
तिमी हावासित बोलेको जस्तो मात्र हुनेछ। [१०]त्यो साँचो
हो, संसारमा घेरै किसिमका भाषाहरू छन् अनि ती
सबैको अर्थ हुन्छन्। [११]यसैकारण, यदि कसैले मलाई
केही भनेको अर्थ मैले बुझिनँ भने म संझन्छु उसले
विदेशी कुरा गर्दैछ र उसले मलाई विदेशी संझन्छ।
[१२]तिमीहरूलाई पनि त्यस्तै हो। तिमीहरू पनि खुब
आत्मिक वरदानहरूको निम्ति इच्छा गर। यसैकारण जुन
वरदानले मण्डली अझ दरिलो हुन्छ त्यही पाउने इच्छा
गर।

[१३]यसकारण जसले विभिन्न भाषा बोल्ने वरदान
पाएको छ उसले आफूले बोलेका कुराहरूको अनुवाद
पनि गर्न सक्ने हुने प्रार्थना गरोस्। [१४]यदि म एउटा
विभिन्न भाषामा प्रार्थना गर्छु भने मेरो आत्माले प्रार्थना
गर्छ तर मेरो मन त्यसमा संलग्न हुँदैन। [१५]तब मैले के
गर्नु पर्छ? म मेरो आत्माले प्रार्थना गर्नेछु र मेरो मनले
पनि प्रार्थना गर्नेछु। मेरो आत्माले गाउँनेछ र मनले पनि
गाउँनेछ। [१६]तिमी तिम्रो आत्माले परमेश्वरको प्रशंसा
गरौला तर साधारण मानिसले तिम्रो धन्यवादमा “आमिन”*
भन्न सक्दैन। किन? किनभने तिमीले के भन्दैछौ उसले
बुझ्नु सक्तैन। [१७]परमेश्वरलाई तिम्रो धन्यवाद असल भए
पनि, तर त्यसले अरू मानिसलाई दरिलो बनिन सहायता
गर्दैन।

[१८]म परमेश्वरलाई धन्यवाद दिंदछु कारण तिमीहरू
सबैको भन्दा म धेरै विभिन्न भाषाहरू बोल्न सक्षम छु।
[१९]तर मण्डली अन्य विभिन्न भाषाका हजारौं शब्दहरू
भन्नु भन्दा म जुन भाषा बोल्नु त्यसको पाँचवटा शब्द
बोल्नु रूचाउँछु। बरू म बुझेर बोल्छु जसमा कि म
अरूलाई सिकाउन सकूँ।

[२०]दाजु-भाइ दिदी-बाहिनी-हरू हो! केटाकेटीहरूले

---

**आमिन** जब कसैले “आमिन” भन्छ त्यसको अर्थ भनिएको कुरालाई उसले स्वीकार गर्छ।

जस्तो नसोंच। नराम्रा कुराहरूमा बालकहरू जस्ता होऊ। तर आफ्ना विचारमा तिमीहरू परिपक्व मानिस जस्ता बन। २१व्यवस्थामा लेखिएको छ:

> "विभिन्न भाषा बोल्ने मानिसहरू लिएर अनि
> विदेशीहरूकै ओंठ चलाएर तिनीहरूसित म
> बोल्छु, तथापि तिनीहरूले मलाई सुन्दैनन्।"
> *यशैया २८:११-१२*

प्रभु त्यसै भन्नुहुन्छ।

२२यसैकारण विभिन्न भाषामा बोल्ने वरदान विश्वास नगर्ने मानिसहरूको प्रमाण हो, विश्वास गर्नेहरूको होइन। अनि अगमवाणी तिनीहरूको निम्ति हो जसले विश्वास गर्छन्, विश्वास नगर्नेहरूलाई होइन। २३मानिलेऊ, मण्डलीका सारा सदस्यहरू एक ठाउँमा भेला भएका छन् अनि तिमीहरू विभिन्न भाषाहरूमा बोल्छौ। यदि कतिपय मानिसहरू जसले बुझ्दैन अथवा त्यहाँ कतिपय विश्वास नगर्ने मानिसहरू सभामा आउँछ। ती मानिसहरूले तिमीहरूलाई बौलाहा भन्ने छैनन्? २४तर मानिलेऊ, तिमीहरू सबै अगमवाणी बोल्दैछौ अनि कुनै विश्वास नगर्ने मानिस भित्र पस्छ वा कुनै अबुझ मानिस भित्र पस्छ। त्यस मानिसलाई उसको पाप देखाइन्छ, अनि तिमी सबैले बोलेका कुराहरूबाट उ जाँचिन्छ। २५त्यस मानिसको हृदयका गुप्त कुराहरू प्रकट हुँदछ। तब त्यो मानिस झुक्नेछ अनि परमेश्वरको आराधना गर्नेछ। उसले भन्नेछ, "साँच्चै, परमेश्वर तिमीहरूसितै रहेछन्।"

### तिम्रा सभाहरूले मण्डलीको मदत गरोस्

२६यसकारण दाजु-भाइ दिदी-बहिनीहरू हो। तिमीहरूले के गर्नु पर्छ? जब तिमीहरू भेला हुन्छौ, कसैसित गीत हुन्छ, अर्कासित शिक्षा हुन्छ, कसैसित परमेश्वरको नयाँ सत्य हुन्छ, फेरि अर्को एकजनासित विभिन्न भाषा बोल्ने हुन्छ अनि अर्को चाँहिले त्यो भाषा व्याख्या गरिदिने हुन्छ। यी सब कुराको उद्धेश्य मण्डलीलाई दरिलो बनाउनु हो। २७जब तिमीहरू भेला हुँदछौ, यदि कुनै मानिसले समूहसित अर्कै भाषामा बोल्छ, तब त्यसो गर्नलाई खालि दुइजना होऊन् अथवा तीनजना भन्दा वेशीले नबोलुन। तिनीहरू एक पछि अर्को पालैसित बोलुन। अनि अर्को मानिसले तिमीहरूले बोलेको भाषा अनुवाद गरिदिनु पर्छ। २८तर यदि त्यहाँ कुनै दोभाषे छैन भने त्यो विभिन्न भाषा बोल्ने मानिस मण्डलीको सभामा चुपचाप बसोस्। त्यस मानिसले खालि आफैसित र परमेश्वरसित मात्र बोल्नु पर्छ।

२९अनि खालि दुइ वा तीनजना अगमवक्ताहरू मात्र बोल्नुपर्छ। अरूहरूले के भनिन्छ त्यो जाँच्नु पर्छ। ३०अनि बसिरहेको कुनै मानिसलाई परमेश्वरबाट सन्देश आयो भने बोल्दै गर्ने पहिलो मानिस रोकिनु पर्छ। ३१तिमीहरू सबैले एकपछि अर्काले अगमवाणी दिन सक्छौ। त्यस प्रकारले सबै मानिसलाई सिकाउनु र उत्साहित तुल्याउनु सक्छौ। ३२अगमवक्ताहरूको आत्मा अगमवक्ताहरूकै अधीनमा हुन्छ। ३३किनभने परमेश्वर गोलमालका परमेश्वर हुनु हुन्न, तर शान्तिका परमेश्वर हुनु हुन्छ।

३४मण्डलीको सभामा स्त्रीहरू चुपचाप बस्नुपर्छ। परमेश्वरका मानिसहरूको सबै मण्डलीहरूमा यस्तै हुनुपर्छ। स्त्रीहरूलाई बोल्ने अनुमति छैन। तिनीहरू अधीनमा रहनुपर्छ, जस्तो मोशाको नियमले पनि भन्छ। ३५यदि स्त्रीहरूले कुनै कुरो जान्न चाहे तिनीहरूले आ-आफ्ने पतिहरूलाई घरमा सोध्नु पर्छ। मण्डलीको सभामा बोल्नु स्त्रीहरूको निम्ति शर्मको कुरा हो। ३६के परमेश्वरको शिक्षा तिमीहरूबाट आएको हो? होइन। कि त्यो शिक्षा पाउने तिमीहरू मात्र हौ? होइनौ।

३७यदि कसैले आफू अगमवक्ता हुँ अथवा आत्मिक वरदान पाउने हुँ भन्ने सम्झन्छ भने त्यस मानिसले बुझोस् कि मैले तिमीहरूलाई जे लेख्दैछु त्यो प्रभुको आज्ञा हो। ३८यदि त्यस मानिसले यो जान्दैन भने उसले परमेश्वरलाई जान्दैन।

३९यसैकारण मेरा प्रिय दाजु-भाइ दिदी-बहिनीहरू, तिमीहरूले अगमवाणी गर्ने साँचो चाहना गर। अनि विभिन्न भाषाहरूमा बोल्नु नछोड़। ४०तर प्रत्येक कुरो राम्रो र व्यवस्थित ढंगले गरिनु पर्छ।

### ख्रीष्टको बारेमा सुसमाचार

**१५** अब दाजु-भाइ दिदी-बहिनी-हरू, मैले तिमीहरूलाई जुन सुसमाचार भनें त्यसको संझना गराउन चाहन्छु। तिमीहरूले त्यो सुसमाचार पायौ, र तिमीहरू त्यसमा दरिलो बनिएका छौ। २सुसमाचारको कारणले तिमीहरू बचाइयौ। तर मैले यो प्रचार गरेको तरिकाको विश्वासमा अड़ीक बस। नत्र तिमीहरूको विश्वास व्यर्थको विश्वास हो।

३मैले पाएकै समाचार तिमीहरूलाई दिएँ। मैले खुबै
महत्वपूर्ण कुरो तिमीहरूलाई दिएँ: कि हाम्रो पापहरूको
निम्ति ख्रीष्टको मृत्यु भयो, जस्तो धर्म शास्त्रले भन्छ:
४कि ख्रीष्ट गाडिए अनि तीन दिन पछि बौरिए, जस्तो
धर्मशास्त्रले भन्छ; ५अनि पत्रुसकहाँ र पछि बाह्र जना
प्रेरितहरू कहाँ एउटै समयमा ख्रीष्ट देखा परे। ६त्यसपछि
पाचँ सय भन्दा बड़ता भाइहरूकहाँ ख्रीष्ट एकैचोटि
देखा परे। कतिपय दाजुभाइहरू आजसम्म जीवित छन्
त कोही मरिसके। ७अनि ख्रीष्ट याकूबकहाँ देखापरे र
केही-पछि सबै प्रेरितहरूकहाँ देखा पर्नुभयो। ८सबैभन्दा
पछि ख्रीष्ट मकहाँ देखा पर्नु भयो। म स्वभाविक समय
भन्दा पहिल्यै जन्मेको बालक जस्तो थिए। ९जम्मै
प्रेरितहरू मभन्दा ठूला छन् किनभने मैले परमेश्वरको
मण्डलीको खेदो गरें। त्यसैले म चेला कहलाइनु पनि
लायकको छैन। १०तर म जे छु, परमेश्वरको अनुग्रहले
छु। अनि उहाँले मलाई दिनुभएको अनुग्रह व्यर्थमा
गएन। मैले अरू सबै प्रेरितहरूले भन्दा धेरै कठिन काम
गरें। वास्तवमा काम गर्ने म होइन तर त्यो मसित
भएको परमेश्वरको अनुग्रह हो। ११यसर्थ मैले प्रचार
गरेको अरू प्रेरितहरूले तिमीहरूलाई प्रचार गरेको यो
कुनै महत्वपूर्ण कुरो होइन। तर हामी त्यही प्रचार गर्दछौं;
जुन तिमीहरूले विश्वास गरेकाछौ।

### हामी मृत्युबाट बौराइन्छौं

१२ख्रीष्ट मृत्यबाट बौरी उठे भन्ने प्रचार गरिन्छ। तब
तिमीहरूमा कति जनाले किन भन्छन् कि पुनरुत्थान
भएको छैन? १३यदि मानिसहरू मृत्यबाट कहिल्यै पुनरुत्थान
हुँदैनन् भने, ख्रीष्ट पनि मृत्युबाट बौरेका थिएनन्।
१४अनि यदि ख्रीष्ट नबौरिएको भए, हाम्रो प्रचार व्यर्थ
छ। अनि तिमीहरूको विश्वास व्यर्थ हुन्छ। १५अनि
ख्रीष्टलाई परमेश्वरले बौराई उठाएका थिए भन्ने प्रचारको
लागि परमेश्वर समक्ष हामी दोषी बनिने छौं। किनभने
यदि मृत्युबाट पुनरुत्थान थिएन भने तब परमेश्वरले
येशूलाई कदापि बौराएनन्। १६यदि मानिस मृत्युबाट
बौराइनु सकिदैन भने ख्रीष्ट पनि मृत्युबाट बौराइएनन्।
१७अनि यदि ख्रीष्ट मृत्युबाट बोरिएका थिएनन भने
तिमीहरूको विश्वास व्यर्थै हो; तिमीहरू अझै आफ्नो
पापको दोषी छौ। १८अनि ती ख्रीष्टमा मर्नेहरू पनि नष्टै
भए। १९यदि ख्रीष्टमा हाम्रो आशा संसारमा यसै जुनिको
लागि मात्र हो भने हामी अरू जम्मै मानिसहरू भन्दा
ज्यादा दु:खी छौं।

२०तर वास्तवमा ख्रीष्ट मृत्युबाट बौराइनु भएको
थियो - मृत्युमा निदाएका ती सबै विश्वासीहरू मध्ये
उहाँ प्रथम बौराइएका हुनु हुन्छ। २१एउटा मानिसको
कारणले पनि मानिसहरूमा मृत्यु आएको हो। यसर्थ
एउटै मानिसको कारणले पनि मृत्युबाट बौराई आयो।
२२आदममा जम्मै मानिसहरू मरे त्यसरी नै ख्रीष्टमा
हामी सबै फेरि जीवित तुल्याइन्छौं। २३तर हरेक मानिसलाई
उचित क्रमले जीवनमा बौराइन्छ। बौरनेहरूमा ख्रीष्ट
प्रथम थिएं। त्यसपछि जब ख्रीष्ट आउनु हुन्छ, ख्रीष्टमा
हुने सबै मानिसहरूलाई फेरि बौराइने छ। २४अनि तब
अन्त आउने छ। ख्रीष्टले जम्मै शासकहरूलाई,
अधिकारीहरूलाई र शक्तिलाई नष्ट पार्नेछन्। तब उहाँले
पिता परमेश्वरको हातमा राज्य सुम्पने छन्। २५जब
सम्म परमेश्वरले जम्मै शत्रुहरूलाई ख्रीष्टको पाउमुनि
दवाएर राख्ने छैनन् त्यतिञ्जेल सम्म ख्रीष्टले राजाले झैँ
शासन चलाउनु पर्छ। २६नष्ट गरिनु पर्ने शत्रुहरूमा मृत्यु
अन्तिम हुनेछ। २७जस्तो धर्मशास्त्रमा भनिन्छ, "परमेश्वरले
प्रत्येक थोक उहाँको अधीनमा गर्नुभयो।"* जब धर्मशास्त्रमा
भनिन्छ कि प्रत्येक बस्तु उहाँको अधीनमा गराइयो
स्पष्ट अर्थ लाग्छ कि परमेश्वरलाई यसमा सम्मिलित
गराइएन। उहाँ परमेश्वर नै हुनुहुन्छ जसले सबै थोक
अधीनमा राख्नु भयो। २८जब प्रत्येक थोक ख्रीष्टको
अधीनमा राखियो परमेश्वरनै एक हुनु हुन्छ जसले सब
कुछ ख्रीष्टको अधीनमा राख्नु भयो। ख्रीष्ट तब पुत्र
आफै पनि परमेश्वरको अधीनमा राखियो। परमेश्वरको
अधीनमा राखिएको छ, तब परमेश्वर सब कुराको पूर्ण
शासक हुनु हुन्छ।

२९एक पल्ट मरिसकेका मानिसहरूलाई बौराइँदैन
भने मरेकाहरूका निम्ति बप्तिस्मा लिनेहरूले के गर्छन्?
यदि मरेकाहरू फेरि बौरँदैनन् भने तिनीहरूको निम्ति
बप्तिस्मा किन लिइन्छ?

३०अनि हाम्रो चाँहि के हुन्छ त? हामी आफूले
आफैलाई किन प्रत्येक घण्टा आपद्मा पार्दछौं ? ३१म
हरेक दिन मर्छु। यो साँचो हो, मेरा भाइहरू हो। यो
त्यही प्रकारले साँचो हो जति ख्रीष्ट येशू हाम्रा प्रभुमा
तिमीहरू भएकोमा म गर्व गर्दछु। ३२यदि खाली

---

**"परमेश्वरले … गर्नुभयो"** भजनसंग्रह ८:६।

मानवताको कारणले, मैले एफिससमा जंगली जानवरसित
लड़ाइँ गरें भने मेलै के लाभ पाएँ। यदि मानिसहरूलाई
मृत्युबाट बौराइँदैन भने "खाऊँ, पिऊँ किनकि भोलि
हामी मर्छौं।"*

[३३]भ्रममा नपर: "खराब संगतले असल बानी नष्ट
गर्छ।" [३४]उचित बिचारमा आऊ र पाप गर्न छोड़।
तिमीहरूमा कतिले परमेश्वरलाई जान्दैनौ। तिमीहरूलाई
शर्ममा पार्नु म यसो भन्छु।

### हाम्रो कस्तो किसिमको शरीर हुने छ?

[३५]तर कसैले सोध्न सक्छन् "मरेकाहरू कसरी
बौरन्छन्? तिनीहरूको शरीर कस्तो हुन्छ?" [३६]यी सबै
मूर्ख प्रश्नहरू हुन्। जब तिमी केही रोप्छौ, भने बाँच्न र
बढ्न अघि त्यो बीऊ माटोमा मर्छ। [३७]जब तिमीले केही
रोप्छौ त्यसको त्यही रूप हुदैंन, जस्तो पछि हुन्छ। जब
तिमीले छरेका थियौ त्यो वीऊ मात्र थियो चाहे गहु
होस् अथवा अन्य कुनै। तर परमेश्वरले जे योजना गर्नु
भएको छ त्यसले त्यही शरीर पाँउछ। [३८]परमेश्वरले
प्रत्येक बीऊलाई उसको शरीर दिनुहुन्छ। [३९]सबै शरीरको
मासु एकै हुँदैन: मानिसहरूको मासु एक प्रकारको
हुन्छ, औ पशुहरूको मासु अर्को प्रकारको हुन्छ,
पंछीहरूको भिन्दै हुन्छ, अनि माछाहरूको अर्कै प्रकारको
मासु हुन्छ। [४०]स्वर्गीय शरीरहरू र पार्थिव शरीरहरू
छन्। तर स्वर्गीय शरीरहरूको शोभा एक किसिमको
हुन्छ। पार्थिव शरीरहरूको शोभा भिन्दै किसिमको हुन्छ।
[४१]सूर्यको एक प्रकारको सुन्दरता छ, चन्द्रमाको अर्को
किसिमको सुन्दरता छ र ताराहरूको अर्कै प्रकारको
सुन्दरता छ अनि हरेक तारा आफ्नो सुन्दरतामा भिन्न
छ।

[४२]जीवित तुल्याइएका मृतहरूको पनि त्यस्तै हुन्छ।
"रोपिएको" शरीर कुहुने हुन्छ। तर जब त्यस शरीरलाई
जीवित तुल्याइन्छ त्यो नष्ट हुँदैन। [४३]जब शरीर "रोपिन्छ"
त्यसको आदर हुँदैन तर जब त्यसलाई बौराइन्छ त्यसले
महिमामा पाउँछ। जब शरीर रोपिन्छ, त्यो कमजोर हुन्छ
तर जब बौराइन्छ त्यसको शक्ति हुन्छ। [४४]शरीर जुन
"रोपिन्छ" त्यो भौतिक शरीर हो। जब त्यसलाई बौराइन्छ
त्यो आत्मिक शरीर हुन्छ।

भौतिक शरीर छ र त्यहाँ आत्मिक शरीर पनि छ।
[४५]धर्मशास्त्रमा जस्तो लेखिएको छ: "प्रथम मानिस
एउटा जीवित थोक भयो। तर अन्तिम आदम आत्मा
भयो जसले जीवन दिन्छ।"* [४६]आत्मिक मानिस पहिले
आएन। भौतिक मानिस पहिले आयो। तब त्यसपछि
आत्मिक मानिस आयो। [४७]पहिलो मानिस पृथ्वीको
धूलोबाट आयो। दोस्रो मानिस स्वर्गबाट आयो। [४८]मानिसहरू
पृथ्वीको हुन्। तिनीहरू पृथ्वीको पहिलो मानिस जस्तो
हुन। तर ती मानिस जो स्वर्गका हुन् ती स्वर्गको मानिस
जस्तै हुन्। [४९]जसरी हामीहरू पृथ्वीका मानिस जस्तै
बनाइयौं त्यसैले हामी स्वर्गका त्यो मानिस बनिनुको पनि
बदली गराइन्छौ।

[५०]दाजु-भाइ दिदी-बहिनीहरू हो! म तिमीहरूलाई यो
भन्छु: भौतिक शरीरले परमेश्वरको राज्यमा भाग लिन
पाउँदैन। जुन नखर कुरो त्यो कुनै अनखर कुरोमा
भागलिन सक्तैन। [५१]तर सुन, म यो रहस्य तिमीहरूलाई
भन्छु: हामी सबै मर्ने छैनौ, तर हामी सबै बदलाइन्छौं।
[५२]यसको लागि खालि एक लाग्छ। आँखा झिम्के
जत्तिकै छिटो हामी बद्लन्छौं। जब अन्तिम तुरही बज्छ
तब यो हुनेछ। तुरही बज्नेछ र मरेकाहरू अविनाशी
जीवनमा उठ्ने छन्। अनि हामी पनि सबै बद्ली हुनेछौं।
[५३]यो शरीर जुन नाश हुन्छ, अविनाशी वस्त्र पहिरिनै
पर्छ। अनि यो शरीर जुन मरणशील छ यसले अमरताको
वस्त्र पहिरिनै पर्छ। [५४]यसैले यो शरीर जुन नष्ट हुन्छ
त्यसले अविनाशी पहिरिन्छ र यो शरीर जुन मरणशील
छ त्यसले अमरता पहिरिन्छ। जब यस्तो हुन्छ तब यस
धर्म शास्त्रको भनाई सत्य ठहरिन्छ:

मृत्यु निलियो। विजय भयो।

*यशैया २५:८*

[५५] "हे मृत्यु! तेरो विजय कहाँ छ? चिहान! तेरो
विषदन्त शक्ति कहाँ छ?"

*होशे १३:१४*

[५६]मृत्युको बिषदन्त नै पाप हो। अनि पापको शक्ति
नियम हो। [५७]तर हामी परमेश्वरलाई धन्यवाद दिंदछौं।
उनले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय
दिन्छन्।

---

**"खाऊँ ... हामी मर्छौं"** यशैया २२:१३; ५६:१२।

**"प्रथम मानिस ... जीवन दिन्छ"** उत्पत्ति २:७।

[५८]यसैकारण मेरा प्रिय दाजु-भाइ दिदी-बहिनीहरू
हो, दरिलोसित खडा हौ। कुनै कुराले तिमीहरूलाई
आफ्नो स्थानबाट विचलित नपारोस्। सँधै आफूलाई
प्रभुको काममा लगाऊ। तिमीहरू जान्दछौ प्रभुमा
तिमीहरूको काम कहिल्यै व्यर्थमा जानेछैन।

## अरू विश्वासीहरूको लागि संग्रह

**१६** अब परमेश्वरका मानिसहरूका लागि अर्थ संग्रह
बारेमा म लेख्छु। मैले गलातियाका मण्डलीहरूलाई
जसो गर्नु भनेको छु तिमीहरूले पनि उसै गर्नु: [२]प्रत्येक
साताको पहिलो दिनमा तिमीहरू प्रत्येकले आफूले
कमाएकोबाट जति पैसा सक्छौ बचाउनु। तिमीहरूले त्यो
पैसा विशेष ठाउँमा राख्नु र त्यहीं रहोस्। यसर्थ जब म
आउँछु पैसा संग्रह गर्ने आवश्यक हुँदैन। [३]जब म
आउँला म कसैलाई तिमीहरूको दान यरूशलेम लैजान
पठाउँला। ती मानिसहरू तिमीहरू सबैले पठाउनु भने
खोजेकै मानिस हुनेछन्। म तिनीहरूलाई परिचय-पत्रहरू
सहित पठाउने छु। [४]अनि यदि उचित ठहरिए, तिनीहरू
मसँगै जानेछन्।

## पावलको योजना

[५]म्यासिडोनिया भएर जाँदा म तिमीहरूकोमा आउने
योजना छ। किनभने म्यासिडोनिया भएर मेरो यात्रा गर्ने
इच्छा छ। [६]यदि सम्भव हुन सके, केही दिन म
तिमीहरूसित बसुँला। म हिउँद भरि पनि तिमीहरूसित
बस्न सक्छु। तब जहाँ-जहाँ म जान्छु तिमीहरूले मेरो
यात्रामा सहायता गर्न सक्छौ। [७]तिमीहरूलाई भेट्न म
यात्री जस्तो आउन चहाँदिन। यदि प्रभुको अनुमति भए,
म तिमीहरू सँग लामो समय सम्म बस्ने इच्छा छ।
[८]तर म एफिससमा पेन्तिकोस* सम्म बस्ने छु। [९]म
त्यहाँ बस्ने छु किनभने त्यहाँ प्रभावपूर्ण कार्यको एउटा
विशाल मौका हात लाग्ने वाला छ। अनि धेरै जना त्यस
कार्यको विरोधमा पनि काम गर्दैछन्।
[१०]तिमोथी तिमीहरूकहाँ आउन सक्लान्। तिमीहरूसित
त्यँहा बस्दा उसलाई केही आराम अनुभव होस्।
तिनीले पनि मैले गरे जस्तै प्रभुको काममा व्यस्त छन्।
[११]यसकारण तिमोथीलाई स्वीकार गर्नु तिमीहरू कसैले
आनाकानी गर्ने छैनौ। उनलाई शान्तिसित यात्रा गर्न
सघाउनु जसमा कि उनी मकहाँ आउन सकुन्। उनी
भाइहरूका साथमा आउन् भनी म अपेक्षा गरिरहेछु।
[१२]अब हाम्रा भाइ अपोल्लोसको बारेमा: मैले उनलाई
अरू भाइहरूसित तिमीहरूकहाँ जान उत्साहित पारेको
छु। अहिले उनी आउने कुरामा पक्का थिए। तर मौका
पाए भने उनी तिमीहरूकहाँ आउनेछन्।

## पावल आफ्नो पत्र टुंग्याउँछन्

[१३]सावधान बस। विश्वासमा दरिलो बन्दै बस।
साहसी हौऊ र दृढ़ बन। [१४]हरेक कुरो प्रेमपूर्वक गर।
[१५]तिमीहरू जान्दछौ स्तिफनस र उनको परिवार
अखैयामा पहिलो विश्वासीहरू थिए। तिनीहरूले आफूलाई
परमेश्वरका मानिसहरूको सेवामा अर्पेका छन्। प्रिय
दाजु-भाइ दिदी-बहिनीहरू हो! म तिमीहरूसँग उपदेश
दिन्छु कि [१६]यस्तै मानिसहरूको र उनीहरूसित काम
गर्ने र सेवा गर्ने कुनै पनि अरू मानिसको अगुवाइमा
हिंड़।
[१७]स्तिफनस, फोर्टुनाटस, र अखाइकस आएकामा म
हर्षित छु। तिमीहरू यहाँ छैनौ तर तिनीहरू तिमीहरूका
ठाउँमा छन्। [१८]तिनीहरूले मेरो आत्मालाई र तिमीहरूको
आत्मा-लाई विश्राम दिएका छन्। यस्ता मानिसहरूको
मूल्य तिमीहरूले चिन्नु पर्छ।
[१९]एशियाका मण्डलीहरूले तिमीहरूलाई शुभेच्छा
पठाउँछन्। अक्वीला र प्रिस्किल्लाले पनि प्रभुमा
तिमीहरूलाई शुभेच्छा पठाउँछन्। तिनीहरूका घरमा
भेला हुने मण्डलीले पनि तिमीहरूलाई शुभेच्छा पठाउँछन्।
[२०]यस ठाँउका सबै दाजु-भाईहरू र दिदी-बहिनीहरूले
तिमीहरूलाई शुभेच्छा जनाएका छन्। जब तिमीहरू
भेट्छौ एक-अर्कामा पवित्र चुम्बन देऊ।
[२१]म पावल हुँ र मेरो शुभच्छा म आफ्नै हातले
लेख्दैछु।

[२२]जसले परमेश्वरलाई प्रेम गर्दैन, उ श्रापित होस्।
आउनु होस्, हे प्रभु!*
[२३]प्रभु येशूको अनुग्रह तिमीहरूसित रहोस्।
[२४]ख्रीष्ट येशूमा हुने तिमीहरू सबै प्रति मेरो प्रेम!

---

**पेन्तिकोस** गहुँ काट्ने यहुदी चाढ़। त्यो सँधै पासओभर चाढ़को ५० दिन पछि हुनेगर्थ्यो।

**आउनुहोस्, हे प्रभु** अरामेइक भाषाको “मारानाथा” को अनुवाद।

# कोरिन्थीहरूलाई पावलको दोस्रो पत्र

१ ख्रीष्ट येशूको एकजना प्रेरित* पावलबाट। परमेश्वरले
इच्छा गरे अनुसार मलाई एक प्रेरित रोज्नु भयो।
हाम्रा ख्रीष्टमा भाइ तिमोथीबाट पनि कोरिन्थीमा
बस्ने परमेश्वरको मण्डलीलाई र सारा अखैया देशमा
बस्ने परमेश्वरका मानिसहरूलाई प्रणामः
२हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट अनुग्रह
र शान्ति।

## पावल परमेश्वरलाई धन्यवाद चढाउँछन्

३परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पितालाई
धन्यवाद। परमेश्वर पिता हुनुहुन्छ, जो दयामय हुनु हुन्छ।
उहाँ पूर्ण सुखमय परमेश्वर हुनुहुन्छ। ४जहिले-जहिले
हामीलाई दुःख आइपर्छ, उहाँले हामीलाई सान्त्वना
दिनुहुन्छ ताकि हामीले पनि अरूलाई दुःख परेको बेला
सान्त्वना दिन सकौं। हामी उनीहरूलाई त्यही सान्त्वना
दिन सक्छौं जुन परमेश्वरले हामीलाई दिनुभयो। ५ख्रीष्टका
धेरै कष्टहरूमा हामी सहभागी बन्छौं, उसरी नै, ख्रीष्टबाट
हामीले धेरै सान्त्वना पाँउछौ। ६यदि हामीले कष्टहरू
पायौ भने त्यो तँपाईंको सान्त्वना र मुक्तिको निम्ति हो।
यदि हामीले सान्त्वना पाए त्यो तिमीहरूको निम्ति हो।
त्यसले तिमीहरूलाई हामीहरूमा भैँ धैर्यसित कष्ट सहन
सहायता दिन्छ। ७तिमीहरूमाथि हाम्रो दरिलो आशा छ।
हामी जान्दछौं तिमीहरू हाम्रा कष्टहरूमा भागीदार हौ।
त्यसैले हामी जान्दछौं कि हाम्रा सान्त्वनामा पनि तिनीहरू
भागीदार बन्नेछौ।
८दाज्यू-भाइ र दिदी-बहिनीहरू हो! एशिया प्रदेशमा
हामीले भोगेका कष्टहरूको बारेमा पनि तिमीहरूले
जानिराख भन्ने हामी चाहन्छौं। त्यहाँ हामी ठूलो कष्टमा
थियो। हाम्रो सहने शक्ति भन्दा कष्ट धेरै थियो।
हामीले त बाँच्ने आशा पनि छोड़िसकेका थियौं। ९हामीले
साँचै सोच्यौ कि हामी निश्चय मर्ने छौं, यो यस्तो भयो
कि हामीले आफूमा भन्दा परमेश्वरमा विश्वास गर्नु
पर्छ। परमेश्वरले मानिसहरूलाई मृत्युबाट उत्थान गराउँछन्
१०परमेश्वरले हामीलाई मृत्युको खतराबाट बचाए। अनि
परमेश्वरले हामीलाई सदा सर्वदा रक्षा गर्ने छन्। हामीले
उनमा आशा गर्‍यौ ताकि उहाँले हामीलाई बचाई
राख्नेछन्। ११अनि तिमीहरूले आफ्ना प्रार्थनाद्वारा हामीलाई
सहायता गर्न सक्ने छौ। धेरै मानिसहरूले हाम्रो
निम्ति परमेश्वरलाई धन्यवाद दिनेछन् किनभने तिनीहरूको
प्रशस्त प्रार्थनाले गर्दा परमेश्वरले हामीलाई आशिर्वाद
दिए।

## पावलको योजनामा परिवर्तन

१२यही कुराको लागि हामी घमण्ड गर्नु सक्छौ अनि
हाम्रो पूर्ण हृदय खोलेर भन्न सक्छौ कि यो साँचो हो।
संसारमा हामीले जे जति गरेका छौं, हामीले परमेश्वरको
इमान्दारी र शुद्ध हृदयबाट गरेका छौं। अनि यो हाम्रो
तिमीहरूसितको व्यवहारमा अझ धेरै सत्य छ। यो
हामीले परमेश्वरको अनुग्रहबाट गरेका हौं, तर मानव
ज्ञानले होइन। १३हामी तिमीहरूलाई तिनै कुराहरू मात्र
लेख्छौं जुन तिमीहरूले सम्पूर्ण रूपले पढ्न र बुझ्न
सक्छौ। अनि म आशा गर्छु तिमीहरूले पुरै बुझ्नेछौ।
१४तिमीहरूले हाम्रो विषयमा केही कुराहरू बुझिसकेका
छौ। त्यो दिन जब हाम्रा प्रभु येशू ख्रीष्ट आउनु हुनेछ,
म आशा गर्छु तिमीहरूले बुझ्ने छौ, जब हामी तिमीहरू
प्रति गर्व गरे भैं तिमीहरू पनि गर्वान्वित हुनेछौ।
१५म यी कुराहरूमा ढुक्क थिएँ। त्यसैले मैले पहिले
तिमीहरूकहाँ आउने योजना बनाएँ। तब तिमीहरूले दुइ
पल्ट आर्शिवाद पाउने थियौ। १६म्यासिडोनिया जाँदा हुँदी
मैले तिमीहरूलाई भेट्न सोचेको थिएँ। अझ फर्कदा
हुँदी पनि तिमीहरूलाई भेट्ने योजना थियो। मैले आफ्नो
यहूदीया यात्रामा तिमीहरूबाट सहायता लिन सोचेको
थिएँ। १७के तिमीहरू मैले गहिरो विचार नगरी यी

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

योजनाहरू बनाएको सोच्छौ? अथवा तिमीहरू सम्झौला
कि म संसारिक मानिस झैं योजना बनाउँछु अनि एकै
चोटी "हो, हो" अनि "होइन, होइन" भन्छु।
[१८]तर यदि तिमीहरू परमेश्वरमाथि विश्वास गर्न
सक्छौ भने, तब हामी तिमीहरूलाई जे भन्छौं त्यो
कहिल्यै पनि "हो" र "होइन" दुवै हुँदैन। [१९]परमेश्वरको
पुत्र येशू ख्रीष्ट जसको बारेमा, सिल्भानस, तिमोथी र
मैले तिमीहरू माझ गरेको प्रचारमा दुवै "हो" र
"होइन" थिएन। ख्रीष्टमा यो सँधै "हो" हो। [२०]परमेश्वरका
जम्मै प्रतिज्ञाहरू ख्रीष्टमा "हो" हुन्छ। अनि यस
सच्चाइले हामी ख्रीष्टद्वारा परमेश्वरको गौरवमा "आमिन"
भन्छौं। [२१]अनि एक मात्र परमेश्वर हुन् जसले हामीलाई
र तिमीहरूलाई ख्रीष्टमा दरिलो बनाँउनु हुन्छ। परमेश्वरले
हामीलाई विशेष रूपले आशिष दिएकाछन्। [२२]हामी
उनैका हौं भन्ने प्रमाण गर्न, उनले हामीमा छाप मार्नु
भएको छ। उहाँको प्रतिज्ञाको पक्का प्रमाण स्वरूप हाम्रो
हृदयमा उहाँको आत्मा दिनुभएको छ।

[२३]म तिमीहरूलाई यो भन्छु, अनि यो साँचो हो
भनी प्रमाण गर्न म परमेश्वरलाई साक्षी बसिदिनु
होस भन्छु। म कोरिन्थमा फर्केर नआएको
कारण यही थियो कि म तिमीहरूलाई शास्ति दिनु वा
तिमीहरूको चित्त दुखाउनु चाहन्नथें। [२४]मैले यो भन्न
खोजेको होइन कि हामी तिमीहरूको विश्वास माथि
नियन्त्रण राख्न चहान्छौ। तिमीहरू विश्वासमा दृढ़ छौ।
तर तिमीहरूकै आनन्दको लागि हामी तिमीहरूसित
काम गर्ने छौं।

२ यसैले, मैले निश्चय गरें कि मेरो अर्को भ्रमणले
तिमीहरू दुःखी बनिनु पर्दैन। [२]मैले तिमीहरूलाई
दुखित बनाएँ भने कसले मलाई खुशीयाली दिन्छ?
केवल तिमीहरूले मात्र मलाई खुशी पार्न सक्छौ
जसलाई मैले दुःख बनाए। [३]यही कारणले मैले तिमीहरूलाई
पत्र लेखें: जब म भ्रमणमा आए जसले मलाई खुशी
बनाउँछन् तिनीहरूबाट म दुःखी हुनु पर्दैन। तिमीहरूको
विषयमा बेफिक्री छु। म पक्का विश्वासमा छु कि
तिमीहरू मेरो प्रसन्नतालाई आफ्नो प्रसन्न सम्झन्छौ।
[४]अघि जब मैले लेखें मेरो मन खुबै विचलित र दुखित
थिएँ। मैले त्यो चिट्ठी आफ्नो आँसुले लेखेको थिएँ।
मैले तिमीहरूलाई दुखित तुल्याउनु लेखेको थिइन।
तिमीहरू प्रति मेरो मायाको गहिराई बुझाउन लेखेको
थिँए।

## भूल गर्नेलाई क्षमा देऊ

[५]तिमीहरूका मण्डलीमा कसैले दुखित पाऱ्यो। उसले
मलाई दुखित बनाएन तर तिमीहरू सबैलाई केही मात्रमा
दुःखी बनायो, वास्तवमा त्यो जति छ म त्यसलाई अझ
बढ़ाउन चाहँदिनँ। [६]तिमीहरूका मण्डलीबाट धेरैले उसलाई
जो दण्ड दिए उसको लागि मनग्गे छ। [७]तर अब यो
अझ असल हो कि तिमीहरूले उसलाई क्षमा दिनु पर्छ
उसलाई सुख दिनु पर्छ। त्यसले उसलाई अचाक्ली दुःख
र एकदमै हरेस खानुबाट जोगाउँछ। [८]यसकारण म
विन्ती गर्छु कि तिमीले उसलाई तिम्रो प्रेम देखाऊ।
[९]यसैले मैले तिमीहरूलाई लेखेको हुँ। हरेक कुरामा
तिमीहरू आज्ञाकारी छौ कि छैनौ भन्ने जाँच्न र हेर्न म
चाहन्थें। [१०]कसैलाई तिमीले क्षमा दियौ भने, म पनि
त्यस मानिसलाई क्षमा दिन्छु। अनि मैले जे क्षमा दिएको
छु-ममा क्षमा दिने केही भए-मैले त्यो ख्रीष्टको उपस्थितिमा
तिम्रा लागि दिएँ। [११]शैतानले हामीबाट केही नछिनोस्
भनेर मैले त्यसो गरेको हुँ। शैतानको के-के योजनाहरू
छन् त्यो हामी राम्ररी जान्दछौं।

## त्रोआसमा पावलको इच्छा

[१२]ख्रीष्टको सुसमाचार प्रचार गर्न म त्रोआसमा गएँ,
प्रभुले मलाई उहाँको सेवा गर्ने राम्रो मौका दिनु भएको
थियो। [१३]तर मैले मनको शान्ति पाइन, किन कि मैले
मेरा भाइ तीतसलाई त्यहाँ भेटिनँ। त्यसैले मैले विदा
लिएँ र म्यासिडोनिया तिर लागें।

## ख्रीष्टद्वारा विजय

[१४]तर परमेश्वरलाई धन्यवाद होस्। जसले हामीलाई
सँधै ख्रीष्टद्वारा विजयतर्फ डोऱ्याउनु हुन्छ। परमेश्वरले
हामीलाई उहाँको ज्ञान सुगन्धित वासना जस्तो चारैतिर
फिँजाउन प्रयोग गर्नुहुन्छ। [१५]परमेश्वरमा हाम्रो यही
भेटीहरू छ: कि ती जो बचाइदैछन् अनि ती जो नष्ट
गरिदैंछन् तिनीहरूको बीचमा हामी ख्रीष्टको मिठो गन्ध
हौं। [१६]मानिसहरू जो नष्ट गराइदैंछ तिनीहरूको लागि
हामी मृत्युको गन्ध हौं जसले मृत्यु ल्याँउछ। तर
बचाइनेहरूलाई हामी जीवनका गन्ध हौं जसले जीवन
ल्याउँदछ। यसकारण यस कार्यको निम्ति को योग्य छ?
[१७]हामी लाभको निम्ति परमेश्वरका वचन बेच्दैनौं जस्तो
धेरै अरूहरूले गर्छन्। होइन! तर ख्रीष्टमा हामी

परमेश्वरको अघि सत्य बोल्दछौं। हामी परमेश्वरबाट पठाइएका मानिसहरू झैं बोल्दछौं।

### परमेश्वरका सेवकहरूको नयाँ करार

३ फेरि के हामी हाम्रै विषयमा गर्व गर्छौं? अरूहरू जस्तै तिमीहरूलाई वा तिमीहरूबाट परिचय-पत्रको खाँचो पर्छ? [२]तिमीहरू नै हाम्रो परिचय पत्र हौ। त्यो परिचय पत्र हाम्रा हृदयमा लेखिएको छ। त्यो सबैले जानेको र पढ़ेका छन्। [३]यो देखाऊ कि तिमीहरू ख्रीष्टद्वारा हामी मार्फत पठाइएका परिचय पत्र हौ। त्यो पत्र मसीले लेखिएको छैन तर शाश्वत परमेश्वरको आत्माले लेखिएकोछ। त्यो ढुंगाका पाटीहरूमा* लेखिएको छैन। त्यो मानव हृदयहरूमा लेखिएको छ।

[४]हामी यसरी कुरा गर्न सक्छौं किनभने ख्रीष्ट मार्फत परमेश्वरको अघि हामी ढुक्क छौं। [५]हामी भन्दैनौ कि कुनै पनि काम हामी आफै राम्रो गर्न सक्छौ। परमेश्वर नै शक्तिको श्रोत हुनुहुन्छ, जे हामी गर्छौ त्यो गर्न योग्य बनाँउनु हुन्छ। [६](परमेश्वरबाट उनका मानिसलाई दिइएको) नयाँ वाचाको सेवक बन्न परमेश्वरले हामीलाई योग्य बनाउनु भएको छ। यो नयाँ वाचा लिखित नियम होइन। यो आत्माको हो। लिखित वाचाले मृत्यु ल्याँउछ, तर आत्माले जीवन दिन्छ।

### नयाँ वाचाले बढि महिमा ल्याउँछ

[७]मृत्यु ल्याउने सेवा शब्दहरू ढुंगामा खोपिएको थियो। अनि यो परमेश्वरको महिमासँग आयो। मोशाको अनुहार यति उज्यालो भयो कि इस्राएलका मानिसहरूले उनको अनुहार हेर्न सकेनन्। त्यो महिमा पछि लुप्त भयो। [८]यसैले कुनै खण्डमा पनि त्यो सेवा जसले आत्मा ल्याँउछ त्यो अझ महिमामय हुन्छ। [९]मेरो भनाइको अर्थ हो: सेवाले मानिसहरूलाई पापको दोष निर्णय गऱ्यो तर यसले महिमा लियो। त्यसैले जुन सेवाले मानिसहरूलाई धार्मिक बनाउँछ त्यसको अझै बढ़ि महिमा हुँदछ। [१०]त्यस प्राचीन सेवाको महिमा अझ बढ़ि थियो। तर जब नयाँ सेवाको महान महिमासँग त्यसलाई दजाइन्छ, त्यो सेवाको महिमा हराउँछ। [११]त्यो सेवाको जुन लुप्त भयो त्यो महिमासँग आएको भए, तब यो सेवा जो सदा सर्वदा रहनेछ त्यसको अझ विशाल महिमा हुने थियो।

[१२]हामीसित यो आशा छ, यसैले हामी खुबै साहसी छौं। [१३]हामी मोशा जस्ता छैनौं। उनले आफ्ना अनुहारमा घुम्टो हालेका थिए। इस्राएलका मानिसहरूबाट अनुहार लुकाउनु मोशाले आफ्नो अनुहार छोपेका थिए। महिमा अल्पिदैथ्यो अनि मोशा चाहँदैन थिए कि तिनीहरूले त्यसको अन्त्य देखुन। [१४]तर तिनीहरूका मनहरू बन्द छन् तिनीहरूले बुझ्न सक्तैनन्। आज पनि जब तिनीहरू पुरानो करार पढ्छन् त्यही ढकनीले अर्थ छोपिन्छ। ढकनी खोलिएको छैन्। यो खालि ख्रीष्टद्वारा हटाइन्छ। [१५]तर आज सम्म पनि जब ती मानिसहरू मोशाको व्यवस्था पढ्छन्, तिनीहरूका मनहरूमा घुम्टो लागेको हुन्छ। [१६]तर जब कुनै व्यक्ति बदलन्छ र प्रभुलाई पछ्याउँछ, त्यो घुम्टो हटाइन्छ। [१७]'प्रभु' आत्मा हो। अनि जहाँ प्रभुको आत्मा छ त्यहाँ स्वतन्त्र हुन्छ। [१८]हाम्रो अनुहार ढाकिएको छैन्। हामी सबै प्रभुको महिमा देखाउँछौं। हामी उनी जस्तै हुन परिवर्तन हुँदैछौ। यस परिवर्तनले हामीमा झन झन महिमा ल्याउँछ।

### माटाका भाँडामा आत्मिक धन

४ परमेश्वरले, आफ्नो दयाले हामीलाई यो काम गर्न दिनु भएको छ, यसकारण हामी यो काम छोड़दैनौं। [२]तर हामीले गुप्त र लज्जाजनक तरिका त्यागेका छौं। हामी छल कपट प्रयोग गर्दैनौ र परमेश्वरको शिक्षा परिवर्त्तन गर्दैनौ। अहँ! ठयाम्मै गर्दैनौं। हामी सत्य सजिलोसित बुझाउँछौं। हामी को हौं भन्ने कुरो मानिसहरूलाई हामी यसरी नै देखाउँछौं। अनि हामी अनि परमेश्वर समक्ष हामी कस्ता मानिस हौं त्यो पनि उनीहरूले आफ्नो हृदयमा जान्न सक्छन्। [३]हामीले प्रचार गरेको सुसमाचार लुकेको होला तर यो तिनीहरूकै लागि लुकेको हो जो अल्मलिएका छन्। [४]यस संसारको शासनकर्त्ता* जसले विश्वास गर्दैनन् ती मानिसहरूको मन अन्धा बनाइदिएको छ। यसर्थ तिनीहरूले ख्रीष्टको महिमाको सुसमाचारको प्रकाश देख्न सक्तैनन्। ख्रीष्ट नै एक हुनुहुन्छ जो एकदमै परमेश्वर जस्ता हुनुहुन्छ। [५]हामी आफ्नो बारेमा प्रचार गर्दैनौं। तर हामी येशू ख्रीष्ट प्रभु हुनुहुन्छ भन्ने सत्य कुरा प्रचार गर्छौं। अनि हामी

---

**ढुंगाका पाटीहरू, ढुंगा** अर्थात परमेश्वरले मोशालाई दिएका करारहरू ढुंगाका पाटीमा लेखिएका थिए (प्रस्थान २४:१२, २५:१६)।

**शासनकर्त्ता** शाब्दिक रूप परमेश्वरको।

प्रचार गर्छौं कि येशूको निम्ति हामी तिमीहरूका सेवक
हौं। ६परमेश्वरले एकपल्ट भन्नु भएको थियो,
“अन्धकारबाट ज्योति चम्कने छ!” अनि उहाँ तिनै
परमेश्वर हुनुहुन्छ जसले हाम्रो हृदयमा आफ्नो ज्योति
प्रकाशित हुन दिनुभयो। ख्रीष्टको अनुहारमा परमेश्वरको
महिमा झल्काएर उहाँले हामीलाई प्रकाश दिए।

७परमेश्वरले हामीलाई यो धन दिनुभयो। तर हामी
यस्तो धन राख्न माटाका भाँडाहरू जस्ता मात्र छौं।
यसले बुझाँउछ कि यो महान शक्ति परमेश्वरबाट हो,
हामीबाट होइन। ८हामी दुःखै दुःखले घेरिएका छौ, तर
हामी हराइएका छैनौं। कहिले काँही हामी अल्मलमा
पर्छौं र के गर्नु पर्ने जान्दैनौ, तर हामी त्याग्दैनौं। ९हामी
सताइरहेका छौं तर परमेश्वरले हामीलाई छोड्नु हुन्न।
कहिले कहीं हाम्रो चित्त दुखाइन्छ तर हामी नष्ट
गरिएका छैनौं। १०येशूको मृत्यु हाम्रै शरीरमा छ। हामी
यो प्रत्येक ठाउँ मृत्यु लिई हिंड्छौं जसमा कि येशूको
जीवन हाम्रा शरीरमा पनि देख्न सकियोस्। ११हामी
जीवित छौं तर येशूको निम्ति हामी सँधै मृत्युको
खतरामा छौं। हामीमा यस्तै हुन्छ जसमा कि हाम्रो
मरणशील शरीरमा येशूको जीवन पनि झल्कन सकोस्।
१२यसैले मृत्युले हामीमा काम गर्दैछ, अनि जीवनले
तिमीहरुमा काम गर्दैछ।

१३धर्मशास्त्रमा यो लेखिएको छ, “मैले विश्वास गरें,
यसकारण म बोलें।”* हाम्रो विश्वास पनि त्यस्तै नै छ।
हामी विश्वास गर्छौं र हामी बोल्छौं। १४परमेश्वरले प्रभु
येशूलाई मृत्युबाट जिवन दिनुभयो। अनि हामी जान्दछौं
परमेश्वरले हामीलाई पनि येशूसित जगाउनु हुन्छ।
परमेश्वरले हामीलाई तिमीहरूसितै ल्याउनु हुनेछ अनि
हामी उनका अधि उभिने छौं। १५यी सबै कुराहरू
तिमीहरूको निम्ति हो ताकि परमेश्वरको महिमा धेरै
मानिसहरूमा बाँढ्दैछ। यसकारण, यसरी उहाँको महिमाको
निम्ति परमेश्वरले धेरै धन्यवाद पाउनु भइरहेको छ।

## विश्वासमा जीउनु

१६त्यसैकारणले हामी कहिल्यै कमजोर बन्दैनौं। हाम्रो
भौतिक शरीर जीर्ण र कमजोर हुँदैछ तर हामीभित्रको
आत्मा हरेक दिन नयाँ बनिदैछ। १७यस घरी केही
समयको निम्ति साना साना समस्याहरू सामना गर्दैछौं।
तर ती समस्याहरूबाट हामीले अनन्त महिमा पाउने
सहायता पाइरेहका छौं त्यो अनन्त महिमा समस्याहरू
भन्दा धेरै महान छ। १८त्यसैले हामीले देख्न नसकिने
कुराहरू हामी सोच्छौं तर जे देख्छौ ती विषयमा होइन।
प्रत्यक्ष देखिने कुराहरू क्षणिक हुन्छन् अनि हामीले देख्न
नसकिने कुराहरू चाँहि सँधै-सँधैको लागि हुनेछ।

५ हामी जान्दछौं, यस धरतीमा हामी जुन तम्बूमा बस्छौं
त्यो नष्ट हुनेछ। तर जब त्यो नष्ट हुनेछ, हामीले
बस्ने घर परमेश्वरबाट पाउनेछौं। त्यो घर मानिसले
बनाएको होइन। यो घर स्वर्गमा हुन्छ र अनन्त रहनेछ।
२हामीलाई हाम्रो वर्तमान घरमा वाक्क दिक्क लागिसकेको
छ अनि स्वर्गीय घर पाउने इच्छा गरिरहेका छौ अनि
परमेश्वरले हामीलाई दिनु हुनेछ। ३त्यसैले हामीलाई
पहिराइ दिनेछ र हामी नाङ्गो हुने छैनौं। ४जतिञ्जेल हामी
यस शरीरमा बस्छौं, हामी भारग्रस्त छौं, र गन्गनाउँछौं।
मेरो भनाईको अर्थ यो होइन कि हामी यस घरलाई
छोड्न चहान्छौ तर हामी हाम्रो स्वर्गीय घरमा ओतिन
चहान्छौं अनि जब यो शरीर अन्त हुन्छ यो जीवनले
ढाकिने छ। ५परमेश्वरले हामीलाई यसैको लागि सृष्टि
गर्नु भएको छ। अनि उहाँले वाचा स्वरूप हामीलाई
आत्मा दिनु भएको छ ताकि उहाँले हामीलाई नयाँ
जीवन दिनु हुनेछ।

६यसैकारण हामी सँधै भरोशामा छौं। हामी जान्दछौं
कि जति समय सम्म हामी यस शरीरमा रहन्छौं, हामी
प्रभुबाट टाढ़ा हुन्छौं। ७हामी विश्वासको मार्ग दर्शनमा
बाँचेका छौं-जे देख्छौं त्यसले होइन। ८त्यसैले त म
भन्छु हाम्रो भरोसा छ। अनि वास्तवमा हामी यस
शरीरबाट टाढ़ा रहन इच्छा गर्छौ अनि प्रभु जहाँ हुनुहुन्छ
त्यही बस्नु खोज्छौ। ९हाम्रो उद्देश्य परमेश्वरलाई सन्तुष्ट
पार्नु हो। यस शरीरमा रहौं अथवा प्रभुसित रहौं हामी
उहाँलाई सन्तुष्ट पार्न चाहन्छौं। १०न्यायको निम्ति हामी
सबै परमेश्वरको अघि उभिनै पर्छ। प्रत्येकले यस
पार्थिव शरीरमा हुदाँ जे गेरको छ, उसले त्यो पाउनै
पर्छ राम्रो अथवा नराम्रो पाउने नै छ।

## मदतकारी मानिस परमेश्वरका मित्र बन्छन्

११परमप्रभुको डरको अर्थ हामी जान्दछौं। यसकारण
मानिसलाई सत्य ग्रहण गर्न हामी सघाउँछौं। हामी
वास्तवमा के हौं, परमेश्वर जान्नुहुन्छ। अनि म आशा

**“मैले विश्वास ... वोलें”** भजनसंग्रह ११६:१०।

गर्छु तिमीहरू पनि आफ्नो हृदयमा हामीलाई जान्दछौ।
१२हामी आफूलाई तिमीहरू अघि प्रमाणित गर्ने कोशिश
फेरि गर्दैनौं तर हामी तिमीहरूलाई आफ्नै बारेमा
भन्दैछौं। हाम्रा बारेमा किन गर्वित बन्ने कारणहरू
तिमीहरूलाई दिंदैछौं। तब बाहिरी कुराहरूमा जो देखिन्छन्
गर्व गर्नेहरूको निम्ति तिमीहरूलाई जवाब हुनेछ। कसको
हृदयमा के छ ती मानिसहरूले वास्ता राख्दैनन्। १३यदि
हामी पागल हौं भने, त्यो परमेश्वरको लागि हो। यदि
हाम्रो मन ठीक छ भने, त्यो तिमीहरूको लागि हो।
१४ख्रीष्टको प्रेमले हामीलाई वशमा राख्दछ। किनभने
हामी जान्दछौं हामी सबैको लागि ख्रीष्टले मृत्यु वरण
गनुभयो। १५ख्रीष्टले सबैको लागि प्राण दिनु भयो
जसमा कि अब उसो जो बाँचेकाछन् तिनीहरू आफ्नो
लागि मात्र बाँच्न हुँदैन। उहाँले तिनीहरूकै लागि प्राण
दिनुभयो। औ तिनीहरूको लागि बौरयाइनु भयो, यसर्थ
ती मानिसहरू उहाँको लागि बाँच्नु पर्छ।

१६अब उसो संसारले मानिसहरूलाई जस्तो सम्झन्छ
त्यस्तो हामी मानिसहरूलाई संझने छैनौं साँचो हो,
हामीले पनि पहिले ख्रीष्टलाई संसारले संझे जस्तै
संझन्थ्यौं तर अब हामी त्यसरी संझदैनौं। १७यदि कोही
ख्रीष्टमा छ भने त्यो नयाँ मानिस बनिएको छ। पुराना
कुराहरू बितेर गए, हरेक कुरो नयाँ छ। १८यी सब
परमेश्वरबाटै हुन्। ख्रीष्टद्वारा, परमेश्वरले हामी र उहाँको
माझमा शान्ति बनाए। परमेश्वरले हामीलाई मानिसहरू
बीच र उहाँसित शान्ति ल्याउने काम दिए। १९मेरो
भन्नाको तात्पर्य, संसार र आफू माझ शान्ति बनाउँदै
परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो। ख्रीष्टमा, परमेश्वरले
मानिसहरूलाई तिनीहरूको पापहरूको निम्ति दोषी
ठहराएनन्। अनि उहाँले मानिसहरूलाई भन्नु हामीलाई
यो शान्ति समाचार दिए। २०यसर्थ हामी ख्रीष्टको पक्षमा
बोल्न पठाइएका छौं। यो मानिसहरूलाई परमेश्वरले
हामो मार्फत बोलाएको जस्तै हो। हामी ख्रीष्टको निम्ति
बोल्छौं अनि परमेश्वर सित शान्ति कायम गर्न तिमीहरूलाई
विन्ती गर्छौं। २१ख्रीष्टमा पाप थिएन। तर परमेश्वरले
उहाँलाई पापी बनाउनु भयो। परमेश्वरले यो हाम्रो लागि
गर्नुभयो ताकि हामीहरू ख्रीष्टमा परमेश्वरसित धार्मिक
रहन सकौं।

६ परमेश्वरसित हामी कर्मीहरू हौं। यसैले, हामी
तिमीहरूलाई विन्ती गर्छौं जुन अनुग्रह परमेश्वरबाट
पाएका छौ व्यर्थ हुन नदेऊ। २परमेश्वर भन्छन्:

"ठीक समयमा मैले तिमीलाई सुनें अनि मुक्तिको
दिनमा मैले तिमीलाई सहायता गरें।"

*यशैया ४९:८*

तिमीहरूलाई म भन्दछु "ठीक समय" अहिले नै हो
"मुक्तिको दिन" आजै हो।

३मानिसहरूले हाम्रा काममा कुनै भूल नभेटुन् भन्ने
हामी चाहन्छौ। त्यसैले अरु मानिसहरूलाई समस्या बन्ने
कुनै काम हामी गर्दैनौं। ४तर दु:खमा, अप्ठेरोमा,
ठूल्ठूला समस्याहरूमा अनि जम्मै परिस्थितिहरूमा हामी
आफैलाई परमेश्वरका कर्मीहरू हौं भन्ने देखाउँछौं।
५हामी यस्तो गर्छौं, जब हामी कुटाइ खान्छौं, हामी
जेलमा हुन्छौ, जब मानिसहरूले हाम्रो विरोधमा आवाज
उठाउँछन्, जब हामीले कठिन परिश्रम गर्नु पर्छ, जब
हामी सुत्न पाउदैनौ अनि हाम्रोमा खाने वस्तु हुदैन।
६हामी हाम्रो समझदारीले, धैर्यले, दया अनि परिशोधित
जीवनद्वारा परमेश्वरको कर्मीहरू आफै देखाँउछौं। ७हामी
पवित्र आत्माबाट, साँचो प्रेमबाट, सत्य प्रचार गर्दै र
परमेश्वरको शक्ति मार्फत यस्तो देखाँउछौं। हरेक कुराबाट
आफ्नो रक्षा गर्न हामी धार्मिक जीवनको उपयोग गर्छौं।
८कसैले हामीलाई आदर गर्छन् तर कसैले शर्मिन्दा
तुल्याउँछन्। कसैले हाम्रो बारेमा प्रशंसा गर्छन् तर कसैले
निन्दा गर्छन। कसैले भन्छन् हामी ढँटुवा हौं तर हामी
सत्य बोल्छौं।

९कति मानिसहरूको लागि हामी अपरिचित
छौं, यद्यपि हामी सुपरिचित छौं। हामी मर्न लागेका
ठानिन्छौं, तर हेर! हामी बाँचिराखेका छौं। हामी
दण्डित छौ, तर हामी मारिएका छैनौं। १०हामी धेरै दु:खी
छौ, तर हामी खुशी मनाइरहेकै छौं। हामी गरीब हौं,
तर हामीले धेरै मानिसहरूलाई धनी बनाइरहे छौं।
हामीसित केही छैन, तर पनि वास्तवमा हामीसित प्रत्येक
चीज छ।

११कोरिन्थीवासी, तिमीहरूलाई हामीले खुल्ला साथ
भनेका छौं। तिमीहरूसित हामीले हाम्रा हृदय खोलेका
छौं। १२तिमीहरू प्रति हाम्रो प्रेम को स्रोतमा रूकावट
परेको छैन। तर हामीप्रति तिमीहरूको प्रेमभाव भने
रोकिएको छ। १३तिमीहरू मेरा नानीहरू हौ जस्तो गरी
म तिमीहरूसित बोल्छु, तिमीहरूको निम्ति हामीले जे
गर्यौं हाम्रो निम्ति त्यही गर! हाम्रो लागि तिमीहरूको
हृदय उदाङ्गो पार।

### अन्यजातिहरूसंग जीउन वारे चेताउनी

[१४]अविश्वासीहरू जस्ता तिमीहरू होइनौ। यसैले
उनीहरूसंग सहभागी नहोऊ। असल र खराबको एकार्कामा
साधारणतः एक होइन। अँध्यारो र उज्यालो एकैसाथ
हुन सक्दैन। [१५]ख्रीष्ट र बेलियालले कसरी सम्झैता गर्न
सक्छन्? एक विश्वासीले अविश्वासीबाट के पाउन
सक्छ? [१६]परमेश्वरको मन्दिर र मूर्तिहरूसित सम्झौता
हुन सक्तैन। अनि हामी जीवित परमेश्वरका मन्दिर हौं।
जस्तो परमेश्वर भन्नु हुन्छः

"म तिनीहरूसित बस्छु, तिनीहरूसितै हिंड्छु म
तिनीहरूका परमेश्वर हुनेछु अनि तिनीहरू मेरा
मानिसहरू हुनेछन्।"

*लेवि २६:११-१२*

१७ "यसैले ती मानिसहरूबाट निस्केर आऊ आफूलाई
तिनीहरूबाट अलग गराऊ, प्रभु भन्छन्, केही
नछोऊ जो अशुद्ध छ अनि म तिमीहरूलाई
स्वीकार गर्ने छु।"

*यशैया ५२:११*

१८ "म तिमीहरूका पिता बन्नेछु अनि तिमीहरू मेरा
छोरा-छोरीहरू सर्वशक्तिमान् प्रभु भन्नु हुन्छ।"

२ *शामुएल ७:१४, ७:८*

७ प्यारा साथीहरू! हामीले परमेश्वरबाट यी प्रतिज्ञाहरू
पाएका छौं। यसकारण मैला पार्ने हरेक कुराबाट
हाम्रा शरीर वा हाम्रा आत्मालाई पवित्र बनाउनु पर्छ।
हाम्रो जीउने तरिकामा परिपक्क हुने कोशिश हामीले
गर्नुपर्छ, किन कि हामी परमेश्वरलाई आदर गर्छौं।

### पावलको आनन्द

[२]हाम्रो लागि आफ्नो हृदय उघार। हामीले कसैको
नराम्रो गरेका छैनौं, हामीले कसैको विश्वास नष्ट गरेका
छैनौं। हामीले कसैलाई शोषण गरेका छैनौं। [३]मैले यो
तिमीहरूलाई दोष्याउनको लागि भनेको होइन।
मैले अघि नै भनें हामी तिमीहरूलाई यति विघ्न माया
गर्छौं कि हामी तिमीहरूको जीवन र मृत्युसंगै मिलेका
छौं, [४]म तिमीहरूसित औधि ढुक्क अनुभव गर्छु। म
तिमीहरू प्रति गर्वित छु। तिमीहरू मलाई धेरै उत्साह
दिन्छौ र हाम्रा सारा दुःखहरूमा पनि म बड़ो अनिन्दित
छु।

[५]जब हामी म्यासिडोनियामा आयौं, हाम्रो विश्राम
थिएन। हामीले आफ्नो चारैतिर दुःखै दुःख देख्यौ।
बाहिर-बाहिर हाम्रो लड़ाइँ थियो तर भित्र-भित्र डर। [६]तर
दुःखमा पर्नेहरूलाई परमेश्वरले सुख दिनुहुन्छ। अनि जब
तीतस आए, परमश्वरले हामीलाई सुख दिनुभयो। [७]तिनको
आगमन अनि तिमीहरूले उनलाई दिएको सुखले हामीहरू
सुखी भयौ। तीतसले भने कि तिमीहरू मलाई भेट्न
चाहन्छौ। आफूले गरेको कामको लागि तिमीहरूले
दुःख मान्यौ भनी उनले मलाई भने। अनि तिमीहरूले
मेरो खुब याद गर्छौ भनेर पनि उनले मलाई भने। यो
सुनेर म अत्यन्तै खुशी भएँ।

[८]मैले लेखेको पत्रले तिमीहरूलाई खिन्न तुल्यायो
भने पनि, त्यो लेखेकोमा म दुःखित छैनँ। तर, त्यसले
शुरूमा तिमीहरूलाई खिन्न बनायो नै, म पनि पहिले त
त्यसको लागि दुःखी भएँ। तर त्यसले तिमीहरूलाई थोरै
समयको लागि मात्र खिन्न तुल्यायो। [९]अनि अहिले म
हर्षित छु। तिमीहरूलाई खिन्न बनाएर म हर्षित भएको
होइन। तर म यसकारणले हर्षित छु कि तिमीहरूका
खिन्नताले तिमीहरूको हृदय बदली गरायो। तिमीहरूको
यो यस्तो दुःख हो जुन परमेश्वरले चाहनु हुन्छ। यसर्थ
हामीले तिमीहरूलाई कुनै प्रकारले पनि चोट पुऱ्याइनौ।
[१०]परमेश्वरले चाहनु भए जस्तो पीरले एक व्यक्तिको
हृदय र जीवनमा परिवर्त्तन ल्याउँछ। यसले मानिसलाई
मुक्ति तर्फ डोऱ्याउँछ, र हामी त्यसको लागि कुनै पीर
मान्न सक्तैनौं। तर सांसारिक दुःखले मृत्यु गराँउछ।
[११]तिमीले पाएको त्यो पीर चाँहि परमेश्वरले चाहेको
पीर नै थियो। अब तिमी बुझ्छौ कि त्यस पीरले तिमीमा
के ल्यायो। त्यस पीरले तिमीलाई अझ गम्भीर बनायो
अनि आफू भूलमा भएको प्रमाण गराउन प्रेरित गरायो।
त्यसले तिमीलाई क्रुद्ध र कातर बनायो। त्यसले तिमीमा
मलाई भेट्ने इच्छा जगायो। त्यसले तिमीहरूलाई उत्साहित
गरायो र न्याय गर्नु पर्ने रहेछ भन्ने इच्छा गरायो। त्यस
चीजहरूबाट तिमी यो समस्यामा नरहेको प्रत्यक्ष बनायो।
[१२]त्यो चिट्ठी मैले लेख्नुको कारण यो होइन कि
व्यक्तिले भूल गऱ्यो तर कारण यो हो कि व्यक्ति
भूलमा थियो। वास्तवमा परमेश्वरको अघि तिमीहरू
हामीलाई कति धेरै याद गर्छौ सो जान्नु त्यो चिट्ठी

तिमीहरूलाई लेखिएको हो। [१३]त्यसैकारण हामी सुखी
थियौं।

हामी खुबै आनन्दित थियौं किनभने तीतस धेरै
आनन्दित थिए। तिमीहरूले गरेको व्यवहारमा तिनी
अत्यन्तै खुशी थिए। [१४]मैले तीतससित तिमीहरूबारे गर्व
गरेको थिँए। अनि मैले ठीकै गरें भन्ने तिमीहरूले
प्रमाण गर्‍यौ। हामीले तिमीहरूलाई भनेको हरेक कुरो
साँचो थियो। अनि तीतससित हामीले गरेको गर्व पनि
साँचो थियो भन्ने तिमीहरूले नै साबित गरिदियौ।
[१५]अनि उनको तिमी प्रति प्रेम अझ ठूलो हुन्छ जब
उसले सम्झन्छु कि तिमीहरू सबै आज्ञाकारी थियौ।
तिमीहरूले डर र आदरसित उनलाई स्वागत गर्‍यौ। [१६]म
खुबै आनन्दित छु किनभने तिमीहरू माथि म पुरै
विश्वास गर्न सक्छु।

## ख्रीष्टिय दान

८ अनि अब, दाजु-भाइ-दिदी-बहिनीहरू! तिमीहरूलाई
अनुग्रह बारे जनाउनु चाहन्छौं जुन परमेश्वरले
म्यासिडोनियामा त्यहाँका मण्डलीहरूलाई दिनुभयो। [२]ती
विश्वासीहरूलाई अत्यन्तै कष्ट दिएर परीक्षा लिइन्थ्यो।
ती साह्रै गरीब मानिसहरू थिए। तथापि ठूलो हर्षसाथ
तिनीहरूले मुट्ठी खोलेर दिए। [३]म भन्न सक्छु आफ्नो
गच्छेले पुगेसम्म तिनीहरूले दिए। ती विश्वासीहरूले,
आफूले दिन सक्ने भन्दा पनि धेरै नै दिए। उनीहरूले
उदारतापूर्वक दिए। कसैले तिनीहरूलाई त्यसो गर्न भनेको
थिएन। [४]तर तिनीहरूले हामीलाई घरिघरि सोध्थे परमेश्वरका
मानिसहरूको यस सेवामा भागीदार बन्न पाऊँ भनेर
हामीलाई विन्ती गर्थे। [५]अनि तिनीहरूले यस प्रकारले
दिए कि जुन हामीले आशै गरेका थिएनौं। तिनीहरूले
आफ्नो दान दिनु अघि नै आफै प्रभुमा पहिले समर्पण
गरे। यी नै परमेश्वर चाहन्छन्। [६]यसैले यो विशेष पूनित
कार्य सिद्धयाउन हामीले तितसलाई तिमीहरूलाई सघाइ
माग्यौ। तितस नै एकजना हुन् जसले यो काम शुरू
गरे। [७]तिमीहरू हरेक कुरामा धनी छौ-विश्वासमा,
वचनमा, सहायता गर्ने चाहनामा अनि हामीबाट सिकेको
प्रेम गर्नमा। र त्यसैले दान दिने काममा पनि तिमीहरू
महान बन भन्ने हामी इच्छा गर्छौ।

[८]मैले दिनु भनेर तिमीहरूलाई आज्ञा गरिरहेको छैनँ।
तर तिमीहरूको प्रेम सत्य प्रेम नै रहेछ कि भन्ने हेर्न
खोज्दैछु। अरू मानिसहरू मदत गर्न इच्छुक छन् भन्ने
देखाउन मात्र म यी कुराहरू गर्छु। [९]हाम्रा प्रभु येशू
ख्रीष्टको अनुग्रह त तिमीहरू जान्दछौ। अनि तिमीहरू
यो पनि जान्दछौ कि ख्रीष्ट परमेश्वरमा धनी थिए, तर
तिमीहरूको निम्ति उनी गरीब भए। आफू गरीब बनेर
तिमीहरू धनी हुन सक भनेर नै उनले त्यसो गरेका हुन्।

[१०]अनि त्यस विषयमा मैले मेरो राय दिएँ, अनि यो
मैले भनें किनभने म विश्वास गर्छु कि यो तिमीहरूको
लागि राम्रो हो। पोहोर दान दिनु इच्छा गर्नेहरूमा
तिमीहरू प्रथम थियौ। साँच्चै नै तिमीहरू दिनुमा प्रथम
थियौ। [११]यसर्थ तिमीहरूले शुरू गरेको काम अबशेष
गर। तब मात्र तिमीहरूको "गर्ने इच्छा" अनि तिमीहरूको
"कर्म" समतुल्य हुनेछ। तिमीहरूसित जे छ त्यहीबाट
दान देऊ। [१२]तिमीहरू दिन चाहन्छौ भने मात्र तिमीहरूको
दान थापिन्छ। र तिमीसित भएकोबाट तिम्रो दान जाँचिन्छ,
तर तिमीहरूसँग नभएकोबाट होइन। [१३]जब अरूहरू
सुखी रहँदा तिमीहरूलाई चाँहि कष्टमा होऊ भन्ने हामी
चाहँदैनौं। हामी सबै थोक बराबरी होस् भन्ने चाहन्छौं।
[१४]यसधरि तिमीहरूसित प्रशस्त छ। तिमीहरूसित भएका
यी कुराले अरू मानिसहरूलाई खाँचो परेको कुरो टार्न
मदद पुग्नेछ। अनि पछि जब उनीहरूसित प्रशस्त हुन्छ
उनीहरूले तिमीहरूको खाँचो टारिदिन सक्छन्। तब सबै
बराबर हुनेछन्। [१५]धर्मशास्त्रमा यस्तै लेखिएको छ:

"जसले धेरै बटुल्यो उसको धेरै रहेन, जसले
थोरै बटुल्यो उसकोमा अलिकति मात्र रहेन।"

*प्रस्थान १६:१८*

## तितस र उनका साथीहरू

[१६]म परमेश्वरलाई धन्यवाद चढाउँछु किनभने उनले
तितसलाई तिमीहरू प्रति त्यही प्रेम दिए जुन मेरो
तिमीहरू प्रति छ। [१७]हामी उनलाई जे गराउन निवेदन
गरेका थियौ, उनले त्यही स्वीकार गरे। उनी तिमीहरूकहाँ
जान औधि चाहँन्थे। यो उनको आफ्नै विचार थियो।
[१८]तितसको साथमा हामी एक जना भाइलाई पठाउँदै
छौं जसको प्रशंसा सबै मण्डलीहरूबाट भएको छ।
सुसमाचार प्रचारमा उनको सेवाको कारणले यी भाइ
प्रशंसित छन्। [१९]हामीले यस्तो दान लिएर हिड्दा हुँदि
यी भाइ हामीसित हिंड्न मण्डलीहरूबाट छानिएका थिए।
प्रभुमा महिमा ल्याउनु, हामी साँच्चै सघाउन चाहन्छौं
भन्ने देखाउन हामी यो सेवा गर्दैछौं।

[२०]यो धेरै धन व्यवहार गर्दा कसैले हामीलाई दोष लाउन मौका नपाओस। यसर्थ हामी खुवै सतर्क छौं। [२१]हामी ठीक काम गर्ने कोशिश गर्छौं। प्रभुले जस्तो ठीक मान्नु हुन्छ र मानिसहरूले पनि जुन ठीक ठान्छन् हामी त्यही गर्न चाहन्छौं।

[२२]अर्को एकजना भाइलाई पठाउँदैछौं जो मदद गर्न भने पछि सँधै अघि सर्छन्। उनको सहायता गर्ने इच्छा अनेकौ पल्ट प्रमाण गरिसकेका छन्। अनि अहिले पनि उनी अझै धेरै सहयता गर्न चाहन्छन्, किनकी तिमीहरूमाथि उनको त्यस्तो विश्वास छ।

[२३]अब तितसको बारेमा-उनी मेरा सहकर्मी हुन्। तिमीहरूलाई सहायता गर्न उनी मसँगै काम गर्दैछन्। अनि अरू भाइहरूको बारेमा तिनीहरू मण्डलीहरूबाट पठाइएका हुन् र तिनीहरूले पनि ख्रीष्टमा महिमा ल्याउँछन्। [२४]त्यसकारण यी मानिसहरू प्रति तिमीहरूले आफ्नो प्रेम देखाऊ। हामी तिमीहरू प्रति किन गर्वित छौं त्यो तिनीहरूलाई देखाऊ। ताकि जम्मै मण्डलीहरूले त्यो देख्नेछन्।

## ख्रीष्टियन साथीहरूलाई सहायता गर

**९** परमेश्वरका मानिसहरूलाई गरिने सहायताको विषयमा मैले तिमीहरूलाई लेख्नु पर्दैन। [२]म जान्दछु तिमीहरू सहायता गर्न इच्छुक छौ। म्यासिडोनियाका मानिसहरूसित म यसबारे प्रशंसा गरिरहन्छु। अखैयाका बासिन्दाहरू हो, तिमीहरू पोहोरदेखि नै दान दिनु तयार थियौ भनेर मैले तिमीहरूलाई जनाइसकेको छु। अनि तिमीहरूले दान दिनु चाहेकोले, यहाँका धेरै अरू मानिसहरू उत्साहित बनिए अनि अहिले त्यसो गर्न इच्छुक छन्। [३]तर म यी भाइहरूलाई तिमीहरूकहाँ नै पठाउँदैछु। म पक्का गराउन चाहन्छु कि तिमीहरूको बारेमा हामी जो गर्व गर्छौं यस विषयमा व्यर्थ सावित नहोस्। तिमीहरूको विषयमा जे भनियो त्यसको लागि म चहान्छु कि तिमीहरू तयार वस। [४]यदि कुनै मानिस जो म्यासिडोनियाबाट मसित आउँछ र तिमीहरू तयार नरहेको पाए भने हामीलाई लाजमर्दो हुनेछ। हामी लज्जित हुनेछौं कारण तिमीहरू माथि हामीले भरोशा गरेका थियौ। अनि वास्तवमा तिमीहरू पनि लज्जित हुने छौ। [५]त्यसैले मैले निर्णय गरें कि हामी आउन अघि यी भाइहरूलाई तिमीहरूकहाँ पठाउनुपर्छ। तिमीहरूले बचन दिए अनुसारको यो उपहार उनीहरूले तयार पार्नेछन्। तब, जब हामी आइपुग्ने छौं, उपहार तयार हुनेछ, अनि त्यो इच्छापूर्वकको उपहार हुनु पर्छ, अनि त्यो तिमीहरूले असन्तुष्ट भएर दिए जस्तो नहोस्।

[६]याद गर: जसले अलिकति रोप्छ उसले अलिकति नै बाली उठाउँछ। त्यसरी नै जसले धेरै रोप्छ उसले धेरै बाली उठाउँछ। [७]हरेकले आफ्नो मनमा जति दिन्छु भनेर चिताएको छ त्यति नै देओस्, विना इच्छा कसैले नदिवोस्। जबर्जस्तीमा कुनै व्यक्तिले नदिओस् जसले खुशी भएर दान गर्छ। उसलाई परमेश्वरले प्रेम गर्छन्। [८]अनि परमेश्वरले तिमीलाई प्रशस्त मात्रमा आशीर्वाद दिनु हुनेछ। तब तिम्रोमा सधैं पशस्त रहेनछ अनि प्रत्येक शुभकर्मको लागि मुक्तहस्तले दान दिन सक्नेछौ। [९]धर्म शास्त्रमा यो लेखिएको छ:

> "उसले उदारतापूर्वक गरीबहरूलाई दिंदछ उसको
> दयाभाव सदा-सर्वदा रहिरहन्छ।"
>
> *भजनसंग्रह ११२:९*

[१०]परमेश्वर नै एक हुन्, जसले रोप्नेलाई बिउ दिन्छन्। अनि उनले खानलाई रोटी दिन्छन्। अनि परमेश्वरले तिमीहरूलाई बिऊ दिन्छन् र ती बिऊ बड़ाउँछन्। तिम्रो दयाभाव बाट उनले मनगगे बाली उठाउँछन्। [११]परमेश्वरले तिमीलाई हरतरहले धनी बनाउने छन् जसमा कि तिमी सँधै मुक्तभावले दान दिनु सक्ने छौ। अनि हाम्रा मार्फत दिइने तिम्रो दानको निम्ति मानिसहरूले परमेश्वरलाई धन्यवाद चढ़ाउने छन्। [१२]तिमीहरूले यस सेवालाई दिइरहेको दानले परमेश्वरका मानिसहरूको खाँचो टार्छ। तर तिम्रो दयाभावले यति नै मात्र गर्दैन, यसले परमेश्वर प्रति धन्यवाद वृद्धि गराउँछ। [१३]यो सेवा जुन तिमी गरिरहेकाछौं त्यो तिम्रो विश्वासको प्रमाण हो। यसकै कारणले मानिसहरूले परमेश्वरको प्रशंसा गर्नेछन्। तिनीहरूले परमेश्वरको प्रशंसा गर्छन् किन कि तिमीहरू ख्रीष्ट को सुसमाचारलाई मान्छौ-जुन समाचारलाई तिमीहरू विश्वास गर्छौं भन्छौ। मानिसहरूले परमेश्वरको प्रशंसा गर्ने छन् किन कि तिमीहरू मुक्तभावले तिनीहरूसित र सबैसित मिल्दछौ। [१४]अनि जब तिनीहरू तिमीहरूको लागि प्रार्थना गर्दछन् तिनीहरू तिमीहरूलाई भेटने इच्छा गर्छन्। किनभने परमेश्वरले तिमीहरूलाई दिएको असीम अनुग्रहले तिनीहरूलाई यस्तो लाग्छ। [१५]उनको वयान गर्न नसक्ने दानको लागि परमेश्वरलाई धन्यवाद देऊ।

### पावल आफ्नो सेवकाइको प्रतिरक्षा गर्छन्

**१०** म, पावल, तिमीहरूलाई ख्रीष्टको नम्रता र
दयासित विन्ती गर्छु। कसै कसैले भन्छन्,
जतिञ्जेल म तिमीहरूसित रहन्छु म नम्र देखिन्छु तर जब
टाढ़ा हुन्छु म साहसी बन्छु। २फेरि कसैले सम्फन्छन्
हामी संसारी तौरले बाँच्छौं। अब, जब म आउँछु
तिनीहरूका निम्ति साहसी बन्ने इरादा गर्छु। म बिन्तीगर्छु
कि जब म आउँछु मलाई साहसीपना देखाउने आवश्यक
नपर्ला। ३हामी संसारमै बास गर्छौं। तर संसारिक मानिसहरूले
झैँ हामी लड़ाइँ गर्दैनौं। ४हामी त्यो हतियारहरु लिएर
लड़ाइँ गर्छौं जुन संसारले चलाउने हतियारहरु भन्दा
भिन्दै छ। हाम्रा हतियारहरुमा परमेश्वरको शक्ति छ। यो
हतियारले शत्रुहरूका बलियो दुर्ग समेत नाश पार्न
सक्छ। हामी मानिसहरूका तर्कहरू नाश गर्छौं। ५अनि
परमेश्वरको ज्ञानको विरूद्धमा उठेको हरेक अहम्लाई
नाश गर्छौं। अनि हामी हरेक विचारलाई पक्रन्छौं र
त्यसलाई त्याग्ने वा ख्रीष्टलाई मान्ने बनाउँछौं। जसले
मान्दैन त्यसलाई हामी दण्ड दिनु तयार हुन्छौ। ६तर
पहिले तिमीहरूले नै पुरापुरी मान्नु पर्छ भन्ने हामी आशा
गर्छौं।

७तिमीहरूले आफ्ना अघिल्तिरको तथ्यलाई हेर्नुपर्छ।
यदि कसैले आफू ख्रीष्टमा भएको निश्चितरूपले मान्छ
भने उसले संझनु पर्छ हामी पनि उही जस्तो ख्रीष्ट मै
छौं। ८त्यो साँचो हो, प्रभुले मलाई दिनु भएको
अधिकारको कुरो लिएर म मुक्त रूपले गर्व गर्छु। तर
उहाँले मलाई यो शक्ति तिमीहरूलाई दरिलो बनाउनलाई
दिनु भएको हो, तिमीहरूमा चोट पुऱ्याउनुलाई होइन।
त्यसैले म मेरो गर्व गराईमा लज्जित छैन। ९यो पत्रद्वारा
तिमीहरूलाई तर्साउदैछु भन्ने तिमीहरूले सोचेको म
चहाँदिन। १०कोही मानिसहरू भन्छन्, "पावलका पत्रहरू
त जोरदार र गहकिला हुन्छन्। तर जब उनी हामीसित
रहन्छन्, उनी कमजोर रहन्छन्, अनि उनको भाषण
योग्यता प्रशंसा गर्ने खालको रहँदैन।" यसो भन्ने मानिसहरूले
यो जान्नुपर्छ: हामी यस समय तिमीहरूसित छैनौं यसकारण
हामी यी कुराहरू पत्रमा लेख्छौं। तर जब हामी त्यहाँ
तिमीहरूसित हुन्छौं, हामी त्यही शक्ति देखाउँछौं जुन
हामी आफ्ना पत्रहरूमा देखाउँछौं।

१२हामी आफैलाई त्यस्ता मानिसहरूको स्तरमा राख्ने
आँट गर्दैनौं जो आफूलाई खुबै महत्वपूर्ण संझन्छन्।
हामी आफूलाई तिनीहरूसित दाँज्दैनौं। तिनीहरू आपसमा
आफू आफै तुलना गर्छन, तुलनाको स्तर तिनीहरू
आफै हुन ओ तुलनाको नापदण्ड आफैलाई बनाउँछन्।
यसले तिनीहरू केही जान्दैनन् भन्ने देखाउँछ। १३तर
हामी सही सीमा बाहिर गर्व गर्दैनौ। हाम्रो गर्वको सीमा
परमेश्वरले हामीलाई अह्राएको काम सम्म हुनेछ। यो
काम हाम्रो तिमीहरूसितको काम अन्तर्गत पर्छ। १४हामी
ज्यादा गर्व गर्दैनौ। यदि हामी तिमीहरू भएकोमा अहिले
सम्म नपुगेको भए, हामी निकै गर्व गर्थ्यौं। तर हामी
वास्तवमा तिमीहरूकहाँ आईपुगेकाछौ। हामी तिमीहरूकहाँ
ख्रीष्टको सुसमाचार लिएर आयौं। १५हामी आफ्नै कार्य
क्षेत्रमा मात्रै आफ्नो गर्वलाई सीमित राख्छौं। अरूले
गरेको काममा गर्व गर्दैनौं। हामी आशा गर्छौं, तिमीहरूको
विश्वास बढ़छ, तिमीहरूले हाम्रो कामको क्षेत्र अझै
व्यापक बनाउनमा सहायता गर्ने छौ। १६हामी तिमीहरूको
शहर बाहिरी क्षेत्रमा पनि सुसमाचार प्रचार गर्न चहान्छौं।
अर्को इलाकामा अघि नै भइसकेको काममा हामी गर्व
गर्दैनौ। १७तर "जसले गर्व गर्छ उसले प्रभुमा गर्व गर्नु
पर्छ।"* १८किनभने असल व्यक्ति उसलाई मानिन्छ
जसलाई प्रभुले ग्रहण गर्नु भएको छ, तर उसलाई होइन
जसले आफैलाई असल मान्छ।

### पावल र झूटा प्रेरितहरू

**११** जब म मूर्ख बनिन्छु आशा छ तिमीहरू मलाई
सहनेछौ। तर तिमीहरू मलाई सहिरहेका पनि
छौ। २मलाई तिमीहरूको ईर्ष्या लाग्छ। अनि यो ईर्ष्या
परमेश्वरबाट हो। मैले तिमीहरूलाई ख्रीष्टलाई सुम्पने
बचन दिएँ ताकि उनी तिमीहरूका एक मात्र पति बनून्।
म तिमीहरूलाई ख्रीष्टको हातमा एउटी शुद्ध कन्याको
रूपमा सम्पिनु चाहन्छु। ३तर तिमीहरूको मन भ्रष्ट हुन
सक्छ अनि ख्रीष्ट प्रति तिमीहरूको सत्यता र पवित्रता
डग्ला कि भन्ने मलाई डर छ। यो त्यस्तो हुनसक्छ जस्तै
आफ्नो सर्पको धूर्तताले हव्वालाई धोका दिएको थियो।
४यदि कसैले तिमीहरूलाई हामीले बताएको येशू भन्दा
अर्कै येशूको बारे बताउँछ भने तिमीहरू उसलाई
आनन्दले ग्रहण गर्ने छौ। यदि उसले तिमीहरूलाई
हामीले बताएको सुसमाचार र दिएको आत्मा भन्दा
अर्कै सुसमाचार र आत्मा बताँउछ भने पनि त्यसलाई

---

**"जसले … पर्छ"** यर्मिया ९:२४।

तिमीहरू खुशीले स्वीकार गर्ने छौ। यसर्थ मलाई पनि त्यही इच्छा देखाऊ।

[५]तर म विश्वास गर्दिन कि ती "महान प्रेरितहरू" म
भन्दा राम्रा हुन। [६]साँचो हो म प्रशिक्षित वक्ता होइन।
तर मेरोमा ज्ञान छ। यो हामीले तिमीहरूलाई हरतरहले स्पष्ट गरिदिएका छौं।

[७]कुनै वेतन बिनै तिमीहरूलाई मैले परमेश्वरको
सुसमाचार सुनाएँ। तिमीहरूलाई माथि उठाउनु मैले
आफूलाई तल झारेँ। त्यो भूल भयो र? [८]मैले अरु
मण्डलीहरूबाट वेतन लिएँ। तिमीहरूको सेवा गर्न सकुँ
भनेर मैले तिनीहरूबाट पैसा लिएँ। [९]जब म तिमीहरूसित
थिएँ त्यसबेला पनि खाँचो पर्दा मैले तिमीहरू कसैलाई दुःख दिइनँ। मलाई चाहिने जति सबै म्यासिडोनियाबाट आउने भाइहरूबाट नै मैले लिँए। तिमीहरूमाथि मैले आफूलाई कुनै किसिमको भार हुन मन पराइन। अनि
कहिल्यै भार बन्ने छैन पनि। [१०]यस विषयमा गर्व गर्नु
मलाई अखैयामा कसैले रोक्ने छैन। ममा भएका
ख्रीष्टको सत्यतासित म यो भन्नसक्छु। [११]अनि किन म
भार थिइन? मैले तिमीहरूलाई प्रेम गरेको छैन भनेर? होइन। परमेश्वर जान्दछन् म तिमीहरूलाई प्रेम गर्छु।

[१२]अहिले मैले जे गरिरहेछु त्यो म गरिनैरहने छु। म
त्यसो गरिरहनेछु किनभने म आशा गर्छु ती घमण्ड गर्न मौका खोज्ने मानिसहरूलाई वाधा दिन्छु। तिनीहरू जुन कार्यको निम्ति घमण्ड गर्छन त्यो हामीले गरेको कार्यको
बराबरी हो भन्ने देखाउन तिनीहरू इच्छा गर्छन। [१३]तिनीहरू
झूटा प्रेरितहरू हुन्। तिनीहरू धोकावाजहरू हुन्। मानिसहरूलाई छक्क्याउन ख्रीष्टका प्रेरित रुपमा छद्मभेषी
हुन तिनीहरू। [१४]त्यसमा कुनै अचम्म छैन। किन?
शैतान धरिले मानिसलाई छक्क्याउन आफूलाई ज्योतिर्मय-
दुतको* रूप लिन्छ। [१५]यसर्थ यदि शैतानका सेवकहरू
धार्मिक मानिसहरूको भेषमा आउँछन भने हामीले अचम्म मान्ने कुरो छैन। तर अन्तमा, ती मानिसहरूले आफ्नो भूल कर्मको निम्ति दण्ड पाउनेछन्।

### पावल आफ्ना कष्टहरू कहन्छन्

[१६]म फेरि भन्दैछु। मलाई कसैले मूर्ख सम्झनु
पर्दैन। तर यदि मलाई मूर्ख नै संझन्छौ भने एउटा
मूर्खलाई जसरी व्यवहार गर्छौ म सँग पनि त्यसरी नै
व्यवहार गर। तब मेरोमा पनि गर्व गर्नु केही रहनेछ।
[१७]म गर्व गर्छु किन कि म आफूमा विश्वस्त छु। तर
मैले यो प्रभुले बोले जस्तो बोलेको होइन। मैले एउटा
मूर्खले जस्तो गर्व गर्दैछु। [१८]धेरैले आफ्नो सांसारिक
जीवन बारे घमण्ड गर्छन्। यसर्थ म पनि घमण्ड गर्छु।
[१९]तिमीहरू ज्ञानी छौ यसैले मूर्खको कुराहरू पनि
सहन्छौ। [२०]यदि कसैले तिमीहरूलाई जोर जबर्जस्ती
गर्छ, शोषण गर्छ, अथवा तिमीहरूमाथि मौका लिन्छ
पनि आफै घमण्ड गर्छ अथवा अनुहारमा थप्पड़ हिर्काए
पनि म जान्दछु तिमीहरूले सहने छौ। [२१]तिमीहरू माथि
त्यस्तो व्यवहारमा म लज्जित हुन्छु, तर हामी अति
"दुर्बल" छौं।

तर यदि कसैले गर्व गर्ने हिम्मत गर्छ भने म पनि
हिम्मती हुन्छु र गर्व गर्छु। मुर्ख झैं बात गर्दैछु। [२२]के
तिनीहरू हिब्रु हुन्? म पनि हुँ। तिनीहरू इस्राएली हुन्
र? म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म
पनि हुँ। [२३]तिनीहरू ख्रीष्टको सेवा गर्छन्? म अझ धेरै
गर्छु। म पागल जस्तै बात गरिरहेको छु। तिनीहरूले
भन्दा धैरै कठिन-कठिन कामहरू मैले गरेको छु। म
तिनीहरू भन्दा घेरै चोटी जेल भोगेको छु। मैले अझ
घेरै कुटाइ खाएको छु। धेरै पटक म झण्डै झण्डै
मरेको हुँ। [२४]मैले पाँच पल्ट यहूदीहरूबाट उन्चालिस
कोर्रा खाएको छु। [२५]तीन पल्ट लट्ठीले कुटाइ खाएको
छु। एक पल्ट त म ढुंगाले हानेर झण्डै मारिएँ। तीन
पल्ट म चड़ेको जहाज डुब्यो र एक पल्ट त रातभरी र
भोलि पल्ट पनि समुद्रमा बिताएँ। [२६]मैले धेरै यात्रा
गरिरहेकोछु। मलाई नदीहरूबाट, चोरहरूबाट, र मेरा
आफ्नै मानिसहरूबाट र अयहूदीहरूको खतरा थियो।
मलाई शहरमा, निर्जन ठाउँमा र समुद्रमा खतरा थियो।
म आडम्बरी भाइहरू देखि पनि खतरामा थिएँ। [२७]मैले
कठोर र अथक परिश्रम कति रात नसुती गरेको छु। म
खाना औ पानी बिनै बस्नु पर्थ्यो। धेरै पल्ट नखाई बस्नु
पर्थ्यो। मेरा लुगाहरू थिएनन् अनि जोड़ामा काम्दै बस्नु
पर्थ्यो। [२८]अनि अरू धेरै समस्याहरू थिए। यी सब
बाहेक पनि मण्डलीहरूको लागि मैले हेरचाह गर्नु
पर्थ्यो। प्रत्येक दिन तिनीहरूको विषयमा चिन्ता गर्छु।
[२९]कसैलाई कमजोर देख्दा आफूलाई कमजोर भए
जस्तो लाग्थ्यो। र कोही पापमा अघि सर्दा मेरो अन्तर
पिरोलिन्थ्यो।

---

**ज्योतिर्मय-दूत** परमेश्वरको दूत। शैतानले मानिसलाई मूर्ख बनाउँछ र मानिसहरू उसलाई स्वर्गबाटै आएको संझन्छन्।

३०यदि मैले गर्व कै कुरा गर्नैपर्छ भने म ती
कुराहरू गर्छु जुन मेरा दुर्बलताहरू हुन्। ३१परमेश्वर
जान्दछन् म असत्य बोलिरहेको छैन। उनी परमेश्वर हुन्
र प्रभु येशू ख्रीष्टका पिता हुन् जो सदा धन्यवादका
पात्र छन्। ३२जब म दमीशकमा थिएँ, राजा अरितसका
राज्यपालले शहरका चारैतिर पालेहरू राखेर मलाई
पक्रन खोजे। ३३तर केही साथीहरूले मलाई एउटा
टोकरीमा हालेर पर्खालको दूलोबाट तल झारिदिए र म
त्यस राज्यपालको हातबाट फुत्केँ।

## पावलको जीवनमा विशेष आशिष

१२ अब मैले गर्व गर्नै पर्छ, यसले केही फाइदा हुने
त होइन। तर म प्रभुको दर्शनहरू र सत्य
प्रकाशहरू बारे बोली नै रहनेछु। २म ख्रीष्टमा विश्वासी
एक जना यस्तो मानिसलाई चिन्छु जसलाई तेस्रो स्वर्गमा
सोझै चढ़ाइएको थियो। यो चौदह वर्ष अधिको कुरो
हो। त्यस मानिसलाई शरीरसितै कि शरीर बिना लगिएको
थियो त्यो त म जान्दिनँ तर परमेश्वर जान्दछन्। ३-४म
यति नै जान्दछु त्यस मानिसलाई स्वर्गमा* लगियो
शरीरसितै अथवा शरीर बिना, म जान्दिनँ। तर उसले
त्यहाँ जुन कुरा सुन्यो त्यो शब्दमा वर्णन गर्न सकिदैन।
उसले जे सुन्यो त्यो बताउनु कुनै मनुष्यलाई अनुमति
छैन। ५म त्यस्तो मानिसको गर्व गर्नसक्छु। तर म आफ्नै
बारेमा गर्व गर्दिनँ। आफ्नो त दुर्बलताहरूकै मात्र गर्व
गर्नेछु। ६यदि मैले आफ्नो बारेमा गर्व गरिन भने म
मूर्ख हुने छुइन, मलाई मूर्ख भन्न सक्तैन कारण म सत्य
बोल्छु। तर म आफ्नो बारेमा गर्व गर्दिनँ। किन? किन
कि म चाहँदिन कि तिनीहरूले मैले गरेको देख्छ
अथवा भनेको सुन्छ त्यस भन्दा ज्यादा मेरो बारेमा
सोचोस्।

७मैले देखेका आश्चर्यजनक कुराहरूलाई लिएर म
गर्वित हुँदिन। मलाई एउटा दु:खको समस्या दिइएको
थियो। त्यो समस्या शैतानबाट आउने एउटा दूत हो। त्यो
मलाई पिट्न र गर्वित बनिनुबाट रोक्न पठाइएको थियो।
८यस समस्याबाट बाँच्नलाई मैले प्रभुसित तीन पटक
बिन्ती गरें। ९तर प्रभुले मलाई भने "मेरो अनुग्रह नै
तिम्रो लागि यथेष्ट छ। दुर्वलतामा नै मेरो शक्ति झन
पक्का परिलक्षित हुन्छ।" यसैले म आफ्नो दुर्बलताको गर्व
खुशीसित गर्छु। तब ख्रीष्टको शक्ति म माथि रहनेछ।
१०यसैले ख्रीष्टको निम्ति आफ्नो दुर्वलताहरूमा म खुशी
छु। यदि कसले मेरो निन्दा गरे पनि, जब म अप्ठेरो
अवस्थामा पर्छु, सताइन्छु औ कष्टमा पर्छु, म खुशी
हुन्छु। यी सब ख्रीष्टका लागि हुन्। अनि म यी
समस्याहरूमा प्रसन्न छु, किन कि जब म दुर्वल छु, तब
त्यति बेला म वास्तवमा सबल हुन्छु।

## कोरिन्थका ख्रीष्टियन प्रति पावलको प्रेम

११म मूर्ख जस्तो बोल्दै छु। तर यसो गर्न मलाई
तिमीहरूले नै लगायौ। तिमीहरूले मेरो विषयमा राम्रो
भन्नु पर्छ। म केही पनि हुइँन, तर ती "महान् प्रेरितहरू"
कुनै खण्डमा पनि म भन्दा श्रेष्ठ होइनन्। १२जब म
तिमीहरूसित थिए मैले त्यस्तो कार्य गरे जसबाट प्रमाण
भयो कि म एक प्रेरित थिँए। मैले संकेतहरू, अचम्भितहरू
र अलौकिकहरू देखाँए। महाधैर्यसित मैले ती कार्यहरू
सम्पन्न गरें। १३कुन विषयमा तिमीहरू अन्य मण्डलीहरू
भन्दा निम्न स्तरका थियौ? यसमा मात्र नत्र अन्य कुनै
कुरोमा म आफै तिमीहरूको लागि भार भइन। यस
विषयमा म तिमीहरू भन्दा तल भए मलाई क्षमा देऊ।

१४तेस्रो पल्ट म तिमीहरूकहाँ आउनु तयार छु। म
तिमीहरूको भार हुने छुइन्। तिमीहरूसित भएको कुनै
कुरोमा मेरो कुनै चासो छैन। मेरो चासो केवल तिमीहरू
मात्र हौ। आफ्नो आमा बाबुहरूको लागि जोगाड़ गर्नु
केटाकेटीहरूको कर्त्तव्य होइन् तर आमा-बाबुले नानीहरूको
निम्ति गर्नु पर्छ। १५यसकारण मेरोमा भएको सबै
तिमीहरूलाई दिनु म खुशी छु। तिमीहरूको निम्ति म
आफैलाई पनि सुम्पन्छु। यदि मैले तिमीहरूलाई अत्यन्तै
माया गरें भने के तिमीहरूले मलाई कम्ती माया गर्छौ?

१६यो प्रष्ट छ कि म तिमीहरूको भार भइदिएको
छैन। तर तिमीहरू भन्न सक्छौ कि म यति चलाख कि
तिमीहरूलाई फँसाउन मैले धूर्त्याँई प्रयोग गरें।
१७तिमीहरूकहाँ पठाइएको ती मानिसहरूद्वारा मैले
तिमीहरूबाट शोषण गरेँ? तिमीहरू जान्दछौ, मैले
तिमीहरूलाई शोषण गरिन। १८मैले तितसलाई तिमीहरूकहाँ
पठाएँ अनि उनीसित हाम्रा भाइ पठाएँ। तीतसले तिमीहरूबाट
लाभ उठाएनन्। उनले उठाए अहँ? तिमीहरू जान्दछौ
तितस र मैले यी कुराहरू एउटै मनोवृत्तिले गर्यौं।

१९के यतिञ्जेल हामीले यी सब आफ्नै बचाउको
लागि भन्दैथ्यौं? होइन। म परमेश्वर अघि अनि प्रभुको

**स्वर्ग** त्यो एउटा ठाउँ जहाँ असल मानिसहरू आफ्नो मृत्यु
पछि जान्छन्।

अघि भन्छु। तिमीहरू हाम्रा प्रिय मित्रहरू हौ। अनि जति हामी गर्छौं, तिमीहरूलाई दरिलो बनाउन गर्छौं। [20]म यसो गर्छु किन कि मलाई डर छ, म तिमीहरूकहाँ आउँदा म जस्तो चहान्छु त्यस्तो नपाँउला। अनि तिमीहरूले मलाई जस्तो चहान्छौ त्यस्तो नपाउँला। मलाई डर छ कि तिमीहरू माझ तर्क, डाह, रिस, झगड़ा, ठूलठूला कुराहरू, दुष्टकुरा, घमण्ड र गड़बड़ी होला। [21]मलाई डर छ, म तिमीहरूकहाँ फेरि आउँदा मेरो परमेश्वरले मलाई तिमीहरूका सामु लज्जित पार्नु हुनेछ। धेरै जना जजसले पहिले पाप गरेका थिए तर आफ्नो अनैतिकता, यौन पाप अनि लाजमर्दो कर्मको निम्ति पछुतो गर्न, आफ्नो हृदय परिवर्त्तन गरेका छैनन् र मैले तिमीहरूको लागि शोक गर्नु पर्ला।

### अन्तिम चेतावनी र शुभकामना

**१३** म तिमीहरूकहाँ फेरि आउने छु। त्यो तेस्रो पटक हुनेछ। अनि याद गर, "हरेक विवरणको लागि दुई अथवा तीन जना सम्म मानिसहरूले प्रमाण गर्न पर्छ।"* [2]जब म तिमीहरूसित दोस्रो पल्ट थिएँ, जसले पापहरू गरेका थिए तिनीहरूलाई मैले चेतावनी दिएको थिएँ। अहिले म तिमीहरूदेखि टाड़ा छु तिनीहरूलाई र अरू रहेकाहरूलाई म चेतावनी दिन्छु। जब म फेरि तिमीहरूकहाँ आउँछु तिमीहरूको पापको लागि म दण्ड दिनेछु। [3]ख्रीष्ट मबाट बोल्दैछन् भन्ने प्रमाण चाहन्छौ भने मेरो प्रमाण छ कि ख्रीष्ट तिमीहरूलाई दण्ड दिन दुर्वल हुनुहुन्न। वास्तवमा उनी तिमीहरूको बीचमा बलियो हुनुहुन्छ। [4]यो साँचो हो कि ख्रीष्ट दुर्बल थिए। जति बेला क्रूसमा टाँगिए। तर यसघरी उनी परमेश्वरको शक्तिले जीवित छन्। अनि यो पनि साँचो हो कि हामी ख्रीष्टमा दुर्बल छौ। तर तिमीहरूका लागि परमेश्वरको शक्तिले हामी ख्रीष्ट सित रहनेछौं।

[5]तिमी आफैलाई नियालेर हेर। तिमीहरू विश्वासमा बाँचे का छौ कि छैनौ, आफै जाँच गर। येशू ख्रीष्ट तिमीहरूमा छन् भन्ने कुरो जान्दछौ। तर त्यो जाँचमा सफल भएनौ भने ख्रीष्ट तिमीहरूका अन्तरमा छैनन्। [6]तर म आशा गर्छु, तिमीहरूले जान्ने छौ कि हामी यस जाँचमा विफल बनेका छैनौं। [7]परमेश्वरलाई हाम्रो प्रार्थना छ, तिमीहरूले कुनै नराम्रो काम गर्ने छैनौ। हामी जाँचमा सफल बनेको अरू मानिसहरूले देखून् भन्ने कुरो हाम्रो होइन। तर ठुलो कुरो त यो छ कि यदि परीक्षामा हामी आफै असफल भएको मानिसहरूले सोचे पनि जुन असल हो तिमीहरू त्यही काम गर। [8]सत्यको विरूद्ध हामी केही गर्न सक्दैनौं। हामी सत्यको निम्ति जे छ त्यो गर्न मात्र सक्छौ। [9]तिमीहरू दरिलो बन्यौ भने हामी दुर्वल हुनुमा खुशी छौं। हाम्रो प्रार्थना छ तिमीहरू दरिलो बन्दै जानेछौ। [10]तिमीहरूसित नहुँदा म यी कुराहरू लेख्दैछु जसमा कि आउँदा खेरि मैले मेरो अधिकार कड़ासँग प्रयोग गर्न नपरोस्। तिमीहरूलाई विनाश गर्ने होइन तर बलियो बनाउने त्यो शक्ति प्रभुले मलाई दिनभयो।

[11]दाजु-भाइ दिदी-बहिनीहरू! अब म विदा लिन्छु। परिपक्व हुने कोशिश गर। मैले तिमीहरूलाई भनेका कुरा गर। एक अर्कासित मिल र शान्तिसित बस। तब प्रेम र शान्तिका परमेश्वर तिमीहरूसित हुनुहुनेछ।

[12]एक अर्काको अभिवादन पवित्र चुम्बनले गर। [13]परमेश्वरका सबै पवित्र जनहरूले तिमीहरूलाई नमस्कार पठाएका छन्।

[14]प्रभु येशू ख्रीष्टको अनुग्रह परमेश्वरको प्रेम अनि पवित्र आत्माको सहभागिता तिमीहरूमा सधै होस्।

---

**"हरेक विवरणको … गर्न पर्छ"** व्यवस्था १९:१५।

# गलातीहरूलाई पावलको पत्र

१ पावल, प्रेरितबाट प्रणाम। प्रेरित* हुनलाई, मलाई न त मानिसहरूले चुने न म कुनै मानिसद्वारा पठाइएँ। येशू ख्रीष्ट अनि पिता परमेश्वरले नै मलाई प्रेरित नियुक्त गर्नु भएको हो। परमेश्वर नै एक हुनुहुन्छ जसले येशूलाई मृत्युबाट बौराई ल्याउनु भएको थियो।

[२]मसित भएका जम्मै ख्रीष्टमा भाइहरूबाट गलातियामा भएका मण्डलीहरूलाई प्रणाम।

[३]परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टले तिमीहरूलाई अनुग्रह र शान्ति दिउन। [४]परमेश्वर र हाम्रा पिताको इच्छा अनुसार यस वर्तमान दुष्ट संसारबाट हामीलाई छुटकारा दिनका लागि उनले आफैलाई हाम्रा पापहरूका निम्ति बलि दिए। [५]उनको सदा सर्वदा महिमा रहिरहोस्। आमिन।

### साँचो सुसमाचार एउटै मात्र छ

[६]केही समय अघि परमेश्वरले तिमीहरूलाई उनको अनुसरण गर्नु बोलाए। उनले तिमीहरूलाई आफ्नो अनुग्रहले बोलाए जुन ख्रीष्ट मार्फत आउँछ। तर अहिले तिमीहरूलाई देखेर म छक्क परे कि तिमीहरूले बाटै बिराएका छौ र अर्कै सुसमाचारमा विश्वास गर्न थालेका छौ।" [७]वास्तवमा, कुनै अर्को सुसमाचार साँचो छैन। तर कति मानिसहरूले तिमीहरूलाई अल्मल्याइरहेका छन्। तिनीहरू ख्रीष्टको सुसमाचारलाई अर्को तिर बद्लन चाहन्छन्। [८]हामीले तिमीहरूलाई साँचो सुसमाचार भनेका छौं। यसैले हामी त के, स्वर्गका स्वर्गदूत धरिले अर्कै सुसमाचार भन्छन् भने उसको भर्त्सना गनुपर्छ। [९]हामीले यो अघि नै भनिसकेका छौं। र अहिले पनि भन्दैछु। तिमीहरूले साँचो सुसमाचारलाई स्वीकार गरिसकेका छौ। यसर्थ यदि कसैले तिमीहरूलाई मुक्तिको अर्कै उपाय बताँउछ भने त्यसको भर्त्सना गर्नुपर्छ।

[१०]अनि के मलाई नै स्वीकार गरून् भनी मानिसहरूलाई मैले विश्वास गराउने चेष्टा गर्दैछु भन्ने तिमीहरू संभन्छौ? होइन! मैले परमेश्वरलाई मात्र खुशी पार्न चेष्टा गर्दैछु। मैले मानिसहरूलाई खुशी पार्न चाहेको छु र? यदि अझै मानिसहरूलाई नै खुशी पार्नु चेष्टा गर्दै थिए भने म येशू ख्रीष्टको सेवक बन्ने थिइनँ।

### पावलको अधिकार परमेश्वरबाट हो

[११]दाजु-भाइहरू हो! म इच्छा गर्छु कि तिमीहरूले जान, जुन सुसमाचार मैले प्रचार गरें त्यो मानिसले बनाएको होइन। [१२]मैले मानिसहरूबाट सुसमाचार पाइनँ। कसैले मलाई सुसमाचार सिकाएको होइन। येशू ख्रीष्ट आफैले मलाई यो प्रकट गर्नु भएको हो।

[१३]मेरो बितेको जीवन बारे तिमीहरूले सुनिसकेका छौ। म यहूदी धर्मालम्बी थिएँ। मैले परमेश्वरको मण्डलीलाई खुबै सताए। म मण्डलीलाई भत्काउने कोशिश गर्थें। [१४]म यहूदी धर्म विश्वासी थिएँ। म यहूदी धर्मका नेता बन्न लागेको थिएँ। मैले मेरा समकालीन नव युवक यहूदीहरूलाई उछिनेको थिएँ। पुराना रीतिथिति मान्न म अरूभन्दा ज्यादै उत्साहित थिएँ। ती सब रीति-रिवाजहरू हामीले आफ्ना पुर्खाहरूबाट पाएका थियौं।

[१५]तर म जन्मनुभन्दा अघि नै परमेश्वरले मेरो लागि यो योजना बनाएका रहेछन्। यसकारण उनले उनको अनुग्रहले मलाई बोलाए। [१६]परमेश्वरले मलाई आफ्ना पुत्रको सुसमाचार अयहूदीहरू माझ भन्न इच्छा गरे। यसैले परमेश्वरले मलाई आफ्ना पुत्रको दर्शन गराए। परमेश्वरले बोलाउँदा मैले कसैबाट कुनै सल्लाह र सहायता लिइनँ। [१७]म परमेश्वरले ममा प्रेरितहरूलाई भेट्न गइनँ जो मभन्दा अघिका थिए। तर, अबेर नगरी म अरब देशमा गएँ र त्यहाँबाट दमस्कस शहरमा फर्केर आएँ।

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

१८तीन वर्षपछि म यरूशलेम गएँ; म पत्रुसलाई भेट्न चाहन्थे। पत्रुससित म पन्द्र दिन बसे। १९मैले अरू प्रेरितहरूलाई भेटिनँ-खालि याकूबलाई भेटे जो प्रभुका भाइ हुन्। २०परमेश्वर जान्दछन् मैले लेख्नलागेका यी कुराहरू झूटा होइनन्। २१तब म सिरिया र सिलिसिया गएँ।

२२यहूदीयामा ख्रीष्टका मण्डलीले यसभन्दा अघि मेरो अनुहार देखेका थिएनन्। २३मेरो बारेमा तिनीहरूले खालि यति सुनेका थिए: "यस मानिसले हामीलाई खुब सताउने गर्थ्यो तर उही नै अहिले मानिसहरूलाई त्यही विश्वासका कुराहरू गरिहिड्छ जुन विश्वासलाई उ नष्ट गर्ने चेष्टा गर्थ्यो।" २४यी विश्वासीहरूले मेरै कारणले परमेश्वरको धेरै प्रशंसा गाए।

## अरू प्रेरितहरूले पावललाई माने

२ चौध वर्ष बितेपछि बर्णाबाससित म फेरि यरूशलेम गएँ। र तीतसलाई साथमा लगें। २म गएँ, कारण परमेश्वरले मलाई त्यहाँ जानै पर्ने देखाउनु भयो। मैले विश्वासीहरूका नाइकेहरूलाई त्यहाँ भेटें। जब हामी एकान्त भयौं मैले तिनीहरूलाई त्यही सुसमाचार व्याख्या गरें जुन म अ-यहूदीहरू माझमा प्रचार गर्छु। तिनीहरूले मेरो काम बुझुन् भन्ने म चाहन्थें जसमा कि मेरा विगतका कामहरू र वर्तमानका प्रयासहरू खेरा नजाऊन्। ३-४तीतस मसितै थिए। तीतस ग्रीक थिए। तर ती विश्वासीहरूले तीतसलाई खतना गर्नु कर लगाएनन्। हामी यस्तै समस्याहरू बारे कुरा गर्न चाहन्थ्यौं, किन कि कतिपय अविश्वासीहरू गुप्त रूपले हाम्रा दलमा पसेका थिए। ख्रीष्ट येशूमा हाम्रो स्वतंत्रता बुझ्न तिनीहरू जासूस बनेर पसेका थिए। ५तर हामी ती झूटा भाइहरूले चाहेका कुरामा अलिकति पनि झुकेनौं जसमा कि तिमीहरूमा सुसमाचारको सत्यता रहिरहोस्।

६तर ठूला-बड़ा मानिसहरूले मैले प्रचार गरेको सुसमाचारलाई अदल-बदल गरेनन्। तिनीहरू "ठूला-बड़ा" होलान् कि नहोलान् त्यसले मलाई केही फरक पर्दैन। परमेश्वरको निम्ति सबै एक समान छन्। ७तर ती नाइकेहरूले देखे कि परमेश्वरले पत्रुसलाई यहूदीहरू माझ अनि मलाई अयहूदीहरू माझ सुसमाचार प्रचार गर्न लगाए। ८परमेश्वरले पत्रुसलाई यहूदीहरूको प्रेरित भएर काम गर्नु लगाए। अनि मलाई पनि अयहूदीहरूको प्रेरित भई काम गर्न लगाए। ९याकूब, पत्रुस र यूहन्ना नाइके जस्ता मानिन्छ। तिनीहरूले बुझे कि परमेश्वरले मलाई विशेष उपहार दिएका छन्। यसकारण तिनीहरूले बर्णाबास र मलाई स्वीकार गरे। तिनीहरूले भने, "पावल र बर्णाबास, हामी मान्छौं कि तिमीहरू ती मानिसहरू कहाँ जाऊ जो यहूदी होइनन् र हामी चाँहि यहूदीहरू माझ जान्छौं।" १०तिनीहरूले हामीलाई एउटा कुरो भने कि गरीबहरूलाई सहायता गर्न नभुल्नू। अनि मैले सधैं त्यो कुरा गर्ने भरसक प्रयास गरेको छु।

## पत्रुस भूलमा थिए भन्ने पावलले औल्यौँउछन्

११जब पत्रुस एन्टिओकमा आए उनले गरेको काम सरासर भूल थियो। त्यसैकारण मैले उनको मुखामुखी विरोध गरें। १२यो कसरी भयो भने: जब पत्रुस पहिलो पटक एन्टिओकमा आए उनी अयहूदीहरूसँग स्वतन्त्ररूपले घुमे। जब याकूबकहाँबाट केही यहूदीहरू आए पत्रुसले ती अयहूदीहरूसित संगत गर्न छोड़े। उनले आफैले आफूलाई अयहूदीहरूदेखि अलग राखे, उनी यहूदीहरूसँग डराए। १३त्यहाँ भएका अरू यहूदी ख्रीस्टियनहरूले पनि पत्रुसको कप्ट्याइँमा साथ दिए। बर्णाबास पनि तिनीहरूबाट प्रभावित बने अनि कपटीले जस्तो काम गरे। १४मैले यी यहूदीहरूको मन हेरें। उनीहरूले सुसमाचारको सत्यतालाई पछ्याइरहेका थिएनन्। यसकारण सारा मण्डलीहरूको सामुन्ने मैले पत्रुसलाई भने: "पत्रुस तिमी यहूदी हौ। तर यहूदीले जस्तै तिमीले आफ्नो जीवन बिताइरहेका छैनौ। तिमी अयहूदीहरू सरह बसिरहेका छौ। यदि यसो हो भने तिमी किन अयहूदीहरूलाई यहूदीहरू जस्तो बाँच्न कर लगाँउछौ?"

१५हामी यहूदीहरू जन्मैका यहूदी हौं, अयहूदी जो पापीहरू जस्ता होइनौं। १६हामी जान्दछौं, व्यवस्था मान्दैमा कोही पनि परमेश्वरको सामु धर्मी बन्दैनौं। येशू ख्रीष्टमा विश्वास गरे मात्र मानिस परमेश्वरमा धर्मी बन्न सक्छ। यसकारण हामी पनि येशू ख्रीष्टमा विश्वास गर्छौं। अनि परमेश्वरको माध्यममा ख्रीष्टमा विश्वास राखेर नै हामी परमेश्वरको सेवक बनेका छौं-व्यवस्था मानेर होइन। किनकि व्यवस्था मानेर कोही पनि धर्मी बन्न सक्दैन।

१७धर्मी बन्न हामी ख्रीष्टमा आयौं। यसबाट हामी पनि पापीहरू थियौं भन्ने स्पष्ट छ। यसबाट के ख्रीष्टले हामीलाई पापी बनाँउछन्? पक्कै होइन। १८यदि मैले फेरि त्यही छोड़ि सकेको व्यवस्था प्रचार गरें भने मैले

स्वीकारेँ कि मैले व्यवस्था भङ्ग गरें। [१९]व्यवस्थामा
बाँच्न मैले त्यागिसकेको छु। त्यही व्यवस्थाले मलाई
मार्‍यो। ती व्यवस्थाको लागि म मरिसकेको छु ताकि म
परमेश्वरको लागि बाँचेको छु। म ख्रीष्टसितै क्रूसमा
टाँगिएँ। [२०]यसैले म बाँचिरहेको छैन तर ख्रीष्ट हुनुहुन्छ
जो ममा बाँचिरहनु भएको छ। म मेरो शरीरमा अझै
जीवित छु तर म परमेश्वरका पुत्रको विश्वासमा जीवित
छु। मलाई उहाँले प्रेम गर्नुभयो अनि मलाई बचाउनु
उहाँले मेरो निम्ति आफैलाई अर्पणु भयो। [२१]परमेश्वरबाट
पाएको यो उपहार मलाई खुबै महत्वपूर्ण छ। किनभने
यदि व्यवस्थाले हामीलाई परमेश्वरको धर्मी बनाउँदो हो
त, ख्रीष्टलाई मर्न कुनै दरकार थिएन।

### परमेश्वरको आशिष विश्वासबाट आउदछ

३ हे गलातीवासीहरू, क्रूसमा येशू ख्रीष्ट को मृत्युबारे
तिमीहरूका आँखाअघि स्पष्टसित झल्काइएकै थियो।
तर तिमीहरू मूर्ख रहेछौ। कसैले तिमीहरूलाई छक्काएछ।
[२]मलाई यो एउटै कुरो भन: तिमीहरूले पवित्र आत्मा
कसरी पायौ? के व्यवस्था पालन गरेर नै आत्मा पाएका
हौ? होइन। तिमीहरूले सुसमाचार सुनेर अनि विश्वास
गरेर आत्मा पाएका छौ। [३]तिमीहरू यति मूर्ख कसरी
बन्नसक्छौ? तिमीहरूले आत्मासित ख्रीष्टमा जीवन शुरू
गर्‍यौ। अनि अब के आफ्नै शक्तिले पूर्ण गर्ने कोशिश
गर्छौ? यो मूर्खता हो। [४]तिमीहरूले धेरै कुराको अनुभव
गरेका छौ। के ती सबै खेरो गए? म आशा गर्छु ती
खेरो गएनन्। [५]व्यवस्था मान्छौ भनेर परमेश्वरले येशूको
आत्मा दिनुभएको हो? होइन। व्यवस्था मान्छौ भनेर
परमेश्वरले तिमीहरूबीच चमत्कार गरेका हुन्? होइन।
तिमीहरूले सुसमाचार सुन्यौ र यसमा विश्वास गर्‍यौ
भनेर परमेश्वरले आफ्नो आत्मा दिएका र चमत्कार
गरेका हुन्।

[६]अब्राहामको बारेमा शास्त्रले त्यही भन्छ। "अब्राहामले
परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले उनको
विश्वासलाई स्वीकार गरे। त्यसले अब्राहामलाई परमेश्वरको
धर्मी बनायो।"* [७]यसैकारण, तिमीहरूले जान्नुपर्छ कि
जोसित विश्वास छ तिनीहरू नै अब्राहामका साँचो
सन्तान हुन्। [८]धर्म शास्त्रले भनेको थियो कि अयहूदीहरूलाई
विश्वासद्वारा परमेश्वरको धर्मी बनाइन्छ। अब्राहमलाई यो

**"अब्राहामले ... बनायो"** उत्पत्ति १५:६।

सुसमाचार अघि नै सुनाइएको थियो, जस्तो शास्त्रले
भन्छ, "तिम्रो माध्यममा सम्पूर्ण जातिहरूलाई आशीर्वाद
दिइनेछ।"* [९]अब्राहामले यो विश्वास गरे अनि उनी
धन्य भए। आज पनि यो त्यस्तै छ। जस-जससित
विश्वास थियो तिनीहरू सबैले अब्राहामले जस्तै आशीर्वाद
पाए। [१०]तर व्यवस्था पछ्याउनमा भर पर्नेहरूले श्राप
पाए किन भने शास्त्रले भन्छ: "व्यवस्थामा लेखिएका
सबै कुरा प्रत्येकले मान्नै पर्छ। जसले मान्दैन उ माथि
सराप हुन्छ।"* [११]यसैबाट यो प्रष्ट हुन्छ कि व्यवस्था
द्वारा कसैलाई परमेश्वरमा धार्मिक बनाउन सकिंदैन।
"जो मानिस विश्वासको माध्यम परमेश्वरको सोझो छ,
उ सधैं बाँचिरहन्छ।"* [१२]व्यवस्था विश्वासमा अड़ेको
छैन। व्यवस्थाले भन्छ, "जसले यी कामहरू गरेर बाँच्न
चहान्छ उसले व्यवस्थाले भनेकै कुराहरू पालन गर्नुपर्छ।"*
[१३]व्यवस्थाले हामीमा श्राप ल्यायो तर ख्रीष्टले त्यो श्राप
हामीबाट हटाइदिनु भयो। हाम्रो ठाउँ उहाँले लिनुभयो र
आफैले त्यो श्राप थाप्नुभयो। शास्त्रमा यो लेखिएको छ,
"जब कसैको शरीर रूखमाथि झुण्ड्याइन्छ त्यो श्रापित
हो।"* [१४]परमेश्वरको आशिष सबै मानिसले पाउन
सकुन भनी ख्रीष्टले त्यसो गर्नु भएको हो। परमेश्वरले
अब्राहामलाई यो आशिष प्रतिज्ञा गरे जुन ख्रीष्ट येशू
मार्फत आउँदछ। येशू मर्नु भयो जसमा कि पवित्र
आत्मा जुन परमेश्वरले प्रतिज्ञा गरेको, हामी पाउन
सकौं। हामी यो प्रतिज्ञा विश्वासद्वारा पाउँछौं।

### व्यवस्था र वचन

[१५]दाजु-भाइ दिदी-बहिनीहरू हो, म एउटा उदाहरण
दिन्छु: जब कसैले इच्छापत्र लेख्छ र त्यो अधिकृत
हुन्छ, तब कसैले त्यसलाई पन्छाउन सक्दैन अथवा न
त्यसमा केही थप्न नै सक्छ। [१६]परमेश्वरले अब्राहाम र
उनका सन्तानलाई प्रतिज्ञा गरेका थिए। परमेश्वरले
"अनि तिम्रा सन्तानहरूलाई" भन्नुभएन, जसको अर्थ
एक जना व्यक्ति ख्रीष्ट मात्र हुन्छ। [१७]मेरो भन्नुको
मतलब: परमेश्वरले करार बनिनु भन्दा धेरै वर्ष अघि नै

**"तिम्रो ... दिइनेछ"** उत्पत्ति १२:३।

**"व्यवस्थामा ... हुन्छ"** व्यवस्था २७:२६।

**"जो मानिस ... बाँचिरहन्छ"** हबकूक २:४।

**"जसले यी ... पालन गर्नुपर्छ"** लेवी १८:५।

**"जब ... श्रापित हो"** व्यवस्था २१:२३।

यो करार अब्राहामसँग गरेका थिए। व्यवस्था त चार
सय तीस वर्षपछि मात्र बनिएको हो। यसैले व्यवस्थाले
करार रद्द गराउन सक्दैन र अब्राहामलाई परमेश्वरले
दिएका प्रतिज्ञालाई बदल्न सक्दैन। १८करारलाई मान्दा
परमेश्वरले गरेको प्रतिज्ञा पाइन्छ र? पाइँदैन। यदि
व्यवस्था मान्दा ती वस्तुहरू हामीले पाइने भए त्यो
प्रतिज्ञाबाट होइन। तर अब्राहामको पक्षमा आफ्नो प्रतिज्ञाको
आधारमा उपहार स्वरूप परमेश्वरले उनलाई आशिष
दिए।

१९त्यसो हो भने व्यवस्था किन आवश्यक पर्‍यो?
मानिसहरूले भूल गर्छन् भन्ने देखाउनलाई व्यवस्था
दिइएको थियो। अब्राहामको खास सन्तान नआउञ्जेल
सम्म त्यो व्यवस्था चलिरह्यो। परमेश्वरको प्रतिज्ञा यिनै
सन्तानको विषयमा थियो। व्यवस्था स्वर्गदूतद्वारा दिइएको
थियो। स्वर्गदूतहरूले मानिसहरूलाई व्यवस्था दिंदा मोशालाई
मध्यस्थ राखे। २०तर यो एक पक्षीय भए मध्यस्थ
आवश्यक पर्दैन अनि परमेश्वर केवल एउटै थिए।

### मोशाको व्यवस्थाको उद्देश्य

२१के यसले व्यवस्था परमेश्वरको प्रतिज्ञाको विरुद्ध
हो भन्ने अर्थ लाउँछ? होइन। मानिसहरूलाई जीवन दिने
त्यस्तो व्यवस्था हुँदो हो, हामी व्यवस्था पालन गरेरै
धार्मिक बनिने थियौं। २२तर यो साँचो होइन, किन कि
धर्मशास्त्रले घोषणा गर्छ कि सबै मानिसहरू पापका
कैदी हुन्। यसको अर्थ हुन्छ कि मानिसहरूलाई
दिइएको प्रतिज्ञा विश्वासद्वारा दिइन्छ। येशू ख्रीष्टमा
विश्वास राख्ने मानिसहरूलाई दिइएको थियो।

२३यो जबसम्म विश्वास आएको थिएन हामीहरू
व्यवस्थाको कैदी थियौं। जबसम्म परमेश्वरले आउन
पर्ने विश्वास आउदैन, हामी स्वतन्त्र हुदैनौं। २४यसैले
गर्दा ख्रीष्टको आगमनसम्म व्यवस्था हाम्रो अभिभावक
थियो। ख्रीष्ट आए पछि यो विश्वासद्वारा हामी धर्मी
बन्न सक्यौ। २५अब विश्वासको बाटो खुलेको छ र
हामी व्यवस्थाको अभिभावकत्वमा छैनौं।

२६यसकारण अब यो विश्वासद्वारा ख्रीष्टमा तिमीहरू
परमेश्वरका बालकहरू हौ। २७तिमीहरू सबै ख्रीष्टमा
बप्तिस्मा लिएर तिमीहरूले ख्रीष्ट नै पहिरेका छौ।
२८अब ख्रीष्टमा कुनै व्यक्ति यहूदी अथवा ग्रीक,
कमारा अथवा फुक्का अनि स्त्री अथवा पुरूषमा पनि
कुनै भिन्नता भएन। किनभने ख्रीष्ट येशूमा तिमीहरू सब
एक हौ। २९तिमीहरू ख्रीष्टमा हौ भने तिमीहरू अब्राहामका
सन्तान हौ। यसको अर्थ अब्राहामलाई परमेश्वरले
प्रतिज्ञा गरेको जम्मै आशिष पाउने छौ।

४ म यो तिमीहरूलाई भन्न चाहन्छु: उत्तराधिकारी
बालक छउञ्जेल उ र कमारा बीचमा कुनै भिन्नता
रहँदैन। यो सत्य हो यद्यपि उसले आफ्नो अधिकारमा
रहेको प्रत्येक कुरो पाउँछ। २किन? किनभने बालक
छउञ्जेल उसले आफ्नो अभिभावक र संरक्षकको आज्ञा
मान्नुपर्छ। तर बालक जब आफ्ना बाबुले तोकिदिएको
उमेरमा पुग्छ, उ मुक्त बन्छ। ३हामीसँग पनि त्यस्तै हो।
एक समयमा हामी पनि बालक-बालिका जस्तै थियौं।
हामी यस संसारका व्यर्थका व्यवस्थाका कमारा थियौं।
४तर उचित समयमा परमेश्वरले आफ्नो पुत्र पठाए।
परमेश्वरका पुत्रले एउटी स्त्रीको कोखमा जन्म लिए।
उनी पनि व्यवस्थाको अधीनमा बसे। ५परमेश्वरले यसो
गर्नुको कारण व्यवस्थाका अधीनमा बस्नेहरूलाई मुक्ति
दिनु थियो। हामीलाई आफ्ना बालक बनाउने परमेश्वरको
इच्छा थियो।

६तिमीहरू परमेश्वरका छोरा-छोरीहरू हौ। त्यसैकारण
परमेश्वरले आफ्ना पुत्रको आत्मा तिमीहरूको हृदयमा
पसाइदिए। त्यही आत्माले पुकार्छ, "बाबा, पिता।"
७यसैकारण, अब तिमीहरू अघिजस्तो कमारा छैनौ।
तिमीहरू परमेश्वरको पुत्र हौ। आफूले गरेको प्रतिज्ञा
परमेश्वरले पूरा गर्नेछन्, किनभने तिमी उनको पुत्र हौ।

### गलातीका ख्रीष्टियनहरू प्रति पावलको प्रेम

८अघि-अघि तिमीहरूले परमेश्वरलाई चिनेका थिएनौ।
तिमीहरू त्यस्ता देवताहरूको दास थियौ जो साँचो
थिएनन्। ९अब तिमीहरूले साँचो परमेश्वरलाई चिन्छौ।
वास्तवमा परमेश्वरले तिमीहरूलाई चिने। यसकारण
अघि-अघि मानिलिएका ती कमजोर र निकम्मा व्यवस्थाहरू
तिर फेरि किन फर्कन्छौ? फेरि त्यसकै कमारा बन्न
चाहन्छौ? १०तिमीहरूले अझै पनि व्यवस्थाका शिक्षा
अनुसार खास दिन, महीना, ऋतु र वर्ष मनाउँछौ।
११तिमीहरूबारे मलाई डर लाग्छ कि तिमीहरूका लागि
मैले जे जति परिश्रम गरें ती सब व्यर्थ त भएनन्।

१२दाजु-भाइ दिदी-बहिनीहरू, म पनि तिमीहरू जस्तै
थिएँ, यसकारण दया गरी अब म जस्तै भइदेऊ। अघि
तिमीहरू मेरोलागि खुबै राम्रा थियौ। १३संझ त, म
किन तिमीहरू भएमा पहिल्यै आएँ। किन कि मलाई

सान्चो थिएन। तब मैले तिमीहरूमा सुसमाचार प्रचार गरें। १४मेरो बिसञ्चो तिमीहरूलाई भार बन्यो। तर तिमीहरूले म प्रति घृणा दर्शाएनौ। तिमीहरूलाई छोड़न मलाई वाध्य गरेनौ। तिमीहरूले मलाई यस्तो स्वागत गर्‍यौ कि म परमेश्वरबाट आएको दूत नै हुँ। तिमीहरूले मलाई स्वयं येशू ख्रीष्टलाई झैं स्वीकार्‍यौ। १५त्यसबेला तिमीहरू खुबै प्रसन्न थियौ। कता अल्पियो त्यो खुशी अहिले? मलाई संझना छ हुनसक्ने सब किसिमको सहायता मलाई दियौ। यदि सम्भव हुन्थ्यो भने आफ्नो आँखा पनि निकाल्थ्यौ अनि मलाई दिन्थ्यौ। १६के अहिले म तिमीहरूको शत्रु भएको छु किनकि म सत्य बोल्छु?

१७ती मानिसहरू तिमीहरूमाथि खुबै चासो राख्दैछन्, तर तिनीहरूको मनसाय राम्रो छैन। तिमीहरूको लागि त्यो राम्रो होइन। तिनीहरू चहान्छन् कि तिमीहरू हाम्रो विरोधमा खड़ा हौ। तिनीहरू चाहान्छन् कि तिमीहरूले तिनीहरूलाई मात्र पछ्याउनु अनि अरूलाई होइन। १८जब मानिसहरूले तिमीमा चासो लिन्छन भने, त्यो सधैं राम्रो छ यदि उद्देश्य राम्रो छ भने। त्यो सँधै सत्य हो, म तिमीहरूसित हुँदा होस् कि नहुँदा होस्। १९मेरा साना बालकहरू हो! जन्म दिंदा आमालाई जस्तो प्रसुति पीड़ा हुन्छ, मलाई पनि त्यस्तै पीड़ा अनुभव भइरहेछ। तिमीहरू ख्रीष्ट जस्तै नहोउञ्जेल म त्यही पीडा अनुभव गरिनै रहन्छु। २०मलाई लाग्छ यदि म अहिले तिमीहरूसित हुँदो हुँ, त म मेरो स्वरको लय नै बदल्ने थिएँ, किन कि म अन्योलमा परेको छु।

## हागार र साराको उदाहरण

२१तिमीहरूमध्ये कतिजना मोशाको व्यवस्थाको अधीनमा रहन चाहन्छौ। भन त, व्यवस्थाले के भन्छ तिमीहरू सुन्दैनौ? २२धर्मशास्त्रले भन्छ, अब्राहामका दुइ छोराहरू थिए। तिनीहरूमध्ये एउटाकी आमा कमारी थिई र अर्को चाँहिकी आमा मुक्त स्त्री थिई। २३अब्राहामको कमारी पट्टिको छोरो सामान्य मानव रूपले जन्मेको थियो भने मुक्त स्त्री पट्टिको छोरो परमेश्वरले अब्राहामलाई दिएको प्रतिज्ञा अनुसार जन्मेको थियो।

२४यो सत्य कथाले हाम्रो अघि एउटा चित्र खड़ा गर्छ। ती दुइ स्त्रीहरू परमेश्वर र मानिस बीचको करार (अनुबन्ध) स्वरूप हुन्। एउटा करार सीनै पाहाड़* को परमेश्वरले बनाएको व्यवस्था हो। यस संझौताको अधीन रहने मानिसहरू कमारा जस्ता हुन्। हागार नाउँकी आमा त्यही करार जस्तो हो। २५हागार अरब देशमा सीनै पाहाड़ जस्तो हो र उ यरूशलेमको वर्तमान नगरको यहूदीको प्रतिरूप हो। यो नगर एउटा कमारा हो र यसका मानिसहरू (यहूदी) कमाराहरू हुन्। २६तर स्वर्गीय यरूशलेम एउटी मुक्त नारीको प्रतीक हो। यिनी हाम्री माता हुन्। २७धर्मशास्त्रमा यो लेखिएको छ:

> "खुश होऊ हे बाँझी नारी जसले कुनै बालकलाई
> जन्म दिन सकिनौ हर्षले कराऊ, जोड़ले चिच्याऊ
> कि प्रसव पीड़ा तिमीले कहिल्यै अनुभव गरिनौ।
> त्यो नारी जसको पति छैन, उसैका धेरै सन्तान
> होलान्, पतिसितै रहने स्त्रीको बरू त्यतिका
> छोरा-छोरी नहोलान्।"
>
> *यशैया ५४:१*

२८-२९अब्राहामको एउटा छोरो सामान्य रूपले जन्मेको थियो। अर्को छोरो परमेश्वरको प्रतीज्ञा अनुसार आत्माको शक्तिले जन्मेको थियो। मेरा दाजु-भाइ, दिदी-बहिनीहरू! तिमीहरू पनि ती इसहाक जस्तै प्रतीज्ञाका छोरा-छोरीहरू हौ। सामान्य रूपमा जन्मने छोराले अर्को छोरासँग दुर्व्यवहार गरेको थियो। आज पनि त्यस्तै भइरहेछ। ३०तर धर्मशास्त्रले के भन्छ? "कमारी र उसको छोरालाई निकालि देऊ! मुक्त स्त्रीको छोराले आफ्ना पिताका सबैथोक पाउने छ। तर कमारीको छोराले केही पाउने छैन।"* ३१यसैकारण मेरा दाजु-भाइ र दिदी-बहिनीहरू हो! हामी कमारीको छोरा-छोरी होइनौं। हामी स्वतंत्र स्त्रीका छोरा-छोरीहरू हौं।

## अहिले हामी मुक्त छौ

५ ख्रीष्टले हामीलाई स्वतंत्र बनाउनु भयो, साहासी होऊ। बद्ली भएर व्यवस्थाकै कमारा नबन। २सुन! म पावल हुँ। म भन्छु, यदि खतना गरी तिमीहरू फेरि (व्यवस्थामै) फर्कन्छौ भने तिमीहरूका लागि ख्रीष्ट असल हुनुहुन्न। ३फेरि म प्रत्येकलाई चेताउनी दिन्छु, यदि खतना गर्न राजी छौ भने तिमीहरूले

---

**सीनै पाहाड़** अरब देशको एउटा पाहाड़ जहाँ परमेश्वरले मोशालाई आफ्ना व्यवस्थाहरू दिएका थिए (प्रस्थान १९ र २०)।

**"कमारी … पाउने छैन"** उत्पत्ति २१:१०।

मोशाको सबै व्यवस्था पालन गर्नु वाध्य हुने छौ। [४]यदि
व्यवस्थौ मानेर धर्मी हुनखोज्छौ भने ख्रीष्टसितको
तिमीहरूको जीवन शेष भयो। तिमीहरू परमेश्वरको
अनुग्रहदेखि बाहिर निस्क्यौ। [५]हाम्रो लागि भने, विश्वासद्वारा
मात्रै परमेश्वरको धर्मी बन्ने आशा गर्न सकिन्छ। अनि
त्यो आशा आत्माबाट पाउन हामी पर्खिबसेका छौं।
[६]कोही ख्रीष्ट येशूमा छ भने त्यसको खतना भएको छ
कि छैन त्यो कुनै मुख्य कुरो होइन। तर मुख्य कुरो त
हो विश्वास, जुन प्रेमबाट आफै अभिव्यक्त हुन्छ।

[७]तिमीहरू राम्रो दौड़ दौड़िरहेथ्यौ। सत्य पालना गरिरहेका
थियौ। सत्य बाटो हिंड़नमा तिमीहरूलाई कसले रोक्यो?
[८]यो रोकावट तिमीलाई परमेश्वरबाट भएको होइन
जसले तिमीहरूलाई छान्नुभयो। [९]होशियार होऊ, “अलिकति
खमीरले पनि जम्मै पीठोको डल्लालाई फुलाउँछ।”
[१०]मलाई परमेश्वरले पुरा भरोसा दिन्छन् कि तिमीहरूले
त्यस्तो विचारलाई स्वीकार्ने छैनौ। त्यस्ता विचारमा कसैले
तिमीहरूलाई अल्मल्याउँदै छ। ऊ जो सुकै होस् दण्ड
पाउने नै छ।

[११]मेरा दाजु-भाइहरू हो! मानिसले खतना गर्नैपर्छ
भनेर मैले सिकाएको छैनँ। त्यस्तै सिकाउँदैछु भने, फेरि
मेरो खेदो किन गरिन्छ? मैले मानिसहरूलाई खतना गर्न
सिकाएकै हो भने ख्रीष्टबारे मेरो प्रचारमा कुनै समस्या
नै बन्ने थिएन। यदि मैले खतना गर्न मानिसहरूलाई
सिकाई रहेको छैन भने, तब क्रूसको विषयमा मेरो
शिक्षा कुनै समस्या नै होइन। [१२]म त चाहन्छु, कसैले
खतनाको दु:ख बेसाउँछ भने तिमीहरू आफ्नो काममा
अघि बढ्दै जाऊ अनि तिनीहरू नै खसी बनून्।

[१३]मेरा दाजु-भाइ, दिदी-बहिनीहरू हो! परमेश्वरले
तिमीहरूलाई स्वतन्त्र बन्न बोलाउनु भएको हो। तर
त्यस स्वतन्त्रतालाई आफ्नो पापपूर्ण विचार गर्ने बहाना
नबनाऊ। तर आपसमा प्रेमको बर्तालाप गर। [१४]सम्पूर्ण
व्यवस्था यही एक आदेशमा समेटिएको छ: “आफूले
आफूलाई जस्तो प्रेम गर्छौ त्यस्तै प्रेम अरूलाई पनि
गर।”* [१५]तर आपसमा पिटापिट र च्याताच्यात गर्‍यौ
भने, अन्तमा तिमीहरू आपसमै नाश हुने छौ।

## आत्मा र मानवता

[१६]यसैले म भन्छु: आत्मा अनुसार बाँच। त्यसो
गर्‍यौ भने तिम्रा पापपूर्ण स्वभावले चाहेको खराब काम
गर्ने छैनौ। [१७]हाम्रो पापपूर्ण स्वभावले यस्तो कुरो
चाहन्छ जुन आत्माको विरूद्ध हुन्छ। अनि आत्माले
चाँहि यस्तो कुरो चाहन्छ जुन हाम्रो पापपूर्ण स्वभावको
विरूद्ध हुन्छ। यी दुइ कुराहरू एक अर्कासित विपरीत
छन्। यसैकारण तिमीले साँच्चै गर्नु चाहेको कुरो गर्न
सक्तैनौ। [१८]तर आत्माबाट डोरियौ भने तिमी व्यवस्थाको
अधीनमा रहने छैनौ।

[१९]हाम्रा पापपूर्ण स्वभावले खराबी गर्छ जो यी हुन:
यौन पाप, अशुद्धता, अनैतिकता, [२०]मूर्ति-पूजा, तन्त्र-मन्त्र,
दुश्मनी, झै-झगड़ा, इर्ष्या, क्रोध, स्वार्थ, फूट, गुटबन्दी,
[२१]डाह, मदपान, मोजमज्जा र यस्तै अरूहरू। मैले
पहिले पनि चेताउनी दिएकै हुँ र अहिले पनि दिन्छु:
जसले यस्ता कामहरू गर्छन् ती परमेश्वरको राज्यमा
जाने छैनन्। [२२]तर आत्माले प्रेम, आनन्द, शान्ति, धैर्य,
दया, भलाइ, विश्वस्तता, [२३]नम्रता, संयम दिंदछ। यी
कुराहरू भूल हुन् भन्ने कुनै व्यवस्थामा छैन। [२४]ख्रीष्ट
येशूमा हुनेहरूले आफ्ना यस्ता पापपूर्ण स्वभावहरूलाई
क्रूसमा झुण्ड्याएका हुन्छन्। तिनीहरूले आफ्ना वासना र
अशुभ कामना जो तिनीहरूको पाप स्वभावले चाहान्छ,
त्यागी सेकेका हुन्छन्। [२५]आत्माबाट हामीले नयाँ जीवन
पाउँदछौं। जीवनको पथ प्रदर्शनको निम्ति हामीले आत्मालाई
पछ्याउनु पर्छ। हामी रूमाले हुनुहुँदैन। [२६]हामीले अर्कालाई
चम्काउनु हुँदैन। र हामीले एक-अर्काको डाह गर्नु
हुँदैन।

## एक अर्कालाई सघाऊ

६ दाजु-भाइ र दिदी-बहिनीहरू हो! तिमीहरूमध्ये कसैले
भूल गर्न सक्छौ। तिमीहरूमा जो आत्मिक छौ भूल
गर्ने मानिसकहाँ जाऊ र उसलाई नम्रतापूर्वक ल्याऊ। यो
काम नम्र बनेर गर्नु पर्छ। तर होश गर! ताकि तिमी
पनि पापतिर नतानिनु सक्छौ। [२]एक-अर्काको दु:खमा
सहायता गर। यसो गर्‍यौ भने तिमीले ख्रीष्टको व्यवस्थालाई
साँचोसित पालना गरेका हुने छौ। [३]यदि कोही मान्य
नहुँदा-नहुँदै पनि आफूलाई मान्य नै संझन्छ भने उसले
आफैलाई धोखा दिइरहेको छ। [४]कसैले आफ्नै प्राप्ति
अर्कोकोसित तुलना नगरोस्। आफ्नो काम आफैले
जाँचोस्। तब मात्र ऊ गर्वित हुनसक्छ। [५]प्रत्येकले
आफ्नो अभिभारा आफै स्वीकार गरोस्।

---

**“आफूले … पनि गर”** लेवी १९:१८।

६जसले परमेश्वरको शिक्षा लिइरहेको छ उसले
आफूमा भएको सबै सदगुणहरू आफ्ना प्रशिक्षकहरूमा
बाँड़ोस्।

### जीवन खेत रोपे जस्तो हो

७आफूले आफैलाई धोखा नदेऊ, तिमी परमेश्वरलाई
ठग्न सक्दैनौ। मानिसले जे रोप्छ त्यही फल्छ। ८यदि
कसैले आफ्नै पापपूर्ण खेतमा खेती गर्छ भने उसले
विनाश उब्जाउँछ। तर कसैले आत्माको खेतमा खेती
गर्छ भने उसले आत्माबाट अनन्त जीवन उब्जाउँछ।
९राम्रा काम गर्नामा हामी थाक्नु हुँदैन। यदि हामी कर्म
गर्न रोकिएनौ भने ठीक समयमा हामी बाली उठाउन
पाउँछौ। १०जब हामीले अवसर पाउँछौ, सबैलाई सहायता
गरौं। विशेष गरी तिनीहरूलाई जो विश्वासी परिवारका
छन्।

### पावल आफ्नो पत्र समाप्त गर्छन्

११यो म आफै लेख्दैछु। हेर, कतिलामो चिट्ठी म
लेख्छु। १२कसैले तिमीहरूलाई खतना गर्न कर लगाउलान्।
अरूले तिनलाई मानुन् भन्ने आशामा मात्र तिनीहरूले
त्यसो गर्छन्। ख्रीष्टको क्रूसलाई मात्र मान्दा तिनीहरूको
खेदो होला कि भनेर ती डराउँछन्। १३जसले खतना
गराउन बल दिन्छन्, तिनीहरू आफै व्यवस्था मान्दैनन्
तर तिमीहरूलाई खतना भने गराउन चाहन्छन्। यदि
तिनीहरू आफ्नो इच्छा पुरा गराउन सके तिनीहरू
आफुमा गर्व गर्छन्। १४म चाँहि त्यस्ता कुरामा गर्व
गर्दिन भन्ने आशा गर्छु। म हाम्रा प्रभु येशू ख्रीष्टको
क्रूसमा गर्व गर्छु। क्रूसद्वारा संसार मेरो लागि मरेको छ
र संसारको लागि म मरिसकेको छु। १५खतना गर्नु कि
न गर्नु त्यो कुनै महत्वपूर्ण कुरा होइन। महत्वपूर्ण कुरा
हो परमेश्वरले बनाएको नयाँ मानिस हुनु। १६यो
व्यवस्था पालन गर्ने परमेश्वरका सम्पूर्ण जनहरू अनि
परमेश्वरका जम्मै मानिसहरू प्रति शान्ति र करूणा
रहोस्।

१७अब उसो कसैले मलाई धेरै कष्ट नदेऊ। मेरो
शरीरभरि चोटका दागहरू छन्। यी दागहरूले प्रमाण
गर्छ कि म ख्रीष्ट येशूकै हुँ।

१८मेरा दाजु-भाइ दिदी-बहिनीहरू! हाम्रा प्रभु येशू
ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मामा रहिरहोस् भनी
म प्रार्थना गर्छु। आमिन।

# एफिसीहरूलाई पावलको पत्र

१ परमेश्वरको इच्छा अनुसार प्रेरित* बनेको पावलबाट
परमेश्वरका पवित्र जनहरूलाई जो एफिससमा छन्
तथा ख्रीष्ट येशूमा विश्वास राख्नेहरूलाई लेखछ।
२हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट सबैलाई
अनुग्रह र शान्ति होस।

### ख्रीष्टमा हुनेहरूलाई आत्मिक आशिष

३उहाँले हामीलाई स्वर्गीय स्थानहरूमा प्रत्येक ख्रीष्टमा
रहेको आत्मिक आशिष दिएकाछन्। हाम्रा प्रभु येशू
ख्रीष्टका पिता परमेश्वरमा प्रशंसा। ४ख्रीष्टमा हुने हामीलाई
परमेश्वरले संसारको सृष्टि गर्न भन्दा पहिल्यै छान्नुभयो
किनभने परमेश्वरले आफ्नो सामुन्ने निर्दोष र पवित्र जन
रहन सकौं भनी हामीलाई प्रेमले छानेका हुन्। ५अनि
संसारको सृष्टि हुन भन्दा पहिल्यै परमेश्वरले हामीलाई
येशू ख्रीष्ट द्वारा आफ्ना बालकहरू बनाउने निश्चय गरे।
यो उहाँको इच्छा थियो। यसैमा उनी प्रसन्न थिए।
६उनको यही आश्चर्यजनक अनुग्रहको कारण उनी
प्रशंसनीय छन्। आफ्ना प्यारा पुत्र जसलाई उनले माया
गर्छन् परमेश्वरले हामीलाई आफ्नो अनुग्रह प्रशस्त दिए।
७हामी जो ख्रीष्टमा छौं उहाँका रगतबाट मुक्त गराएका
छौ। परमेश्वरकै असीम अनुग्रहले आफ्ना पापहरूबाट
हामीले क्षमा पाएका छौं। ८परमेश्वरले ज्ञान र समझसँग
यो अनुग्रह अत्यन्तै उदारतापूर्वक दिनुभयो। ९आफ्ना
गुप्त योजना हामीलाई जनाएका छन्। परमेश्वर यही
चाहन्थे र उहाँले यो ख्रीष्टद्वारा गर्ने योजना गरे।
१०ठीक समयमा आफ्नो योजना पूर्ण गर्ने परमेश्वरको
उद्देश्य हो। स्वर्ग र पृथ्वीका सबै थोक ख्रीष्टको
अगुवाईमा ख्रीष्टमा एकत्र गर्ने उनको योजना थियो।
११परमेश्वरका जन बन्न ख्रीष्टमा हामी छानिएका
छौं। उनको इच्छा र योजना अनुसार परमेश्वरले हामीलाई
उनको मानिस बनाउनु चहान्थे। उनले प्रत्येक चीज नै
आफ्नो इच्छा सँग मिल्ने बनाउँछन्। १२ख्रीष्टमा आशा
राख्ने हामी पहिलो जन हौं। अनि हामी छानिएका हौं
ताकि उनको महिमामा हामीले प्रशंसा ल्याउन सकौं।
१३तिमीहरू पनि त्यस्तै हौ। तिमीहरूले आफ्नो मुक्तिको
बारेमा साँचो शिक्षा-सुसमाचार सुनि हाल्यौ। सुसमाचार
सुनेपछि तिमीहरूले ख्रीष्टमा विश्वास गर्‍यौ। अनि
परमेश्वरले आफ्नो विशेष छाप तिमीहरूमा लगाए र
तिमीहरूलाई पवित्र आत्मा दिए जुन उहाँले प्रतिज्ञा
गर्नुभएको थियो। १४पवित्र आत्मा चाँहि परमेश्वरले
आफ्ना मानिसहरूलाई प्रतिज्ञा गरेका कुराहरू पाउँछौ नै
भन्ने एउटा जमानत हो। यसले परमेश्वरमा हुनेहरूलाई
पूर्ण स्वतंत्रता दिनेछ। यी सब को उद्देश्य हो परमेश्वरको
महिमाको प्रशंसा ल्याउनु।

### पावलको प्रार्थना

१५-१६त्यसैले मेरा प्रार्थनाको समयमा म सँधै
तिमीहरूलाई संम्झन्छु र तिमीहरूको निम्ति परमेश्वरलाई
धन्यवाद दिन्छु। मैले त्यसै बेलादेखि यसो गर्न थालेको
हुँ जब मैले प्रभु येशूमा तिमीहरूको विश्वास र
परमेश्वरका सबै मानिसहरू प्रति तिमीहरूको प्रेम बारे
सुनें। १७म सँधै हाम्रा प्रभु येशू ख्रीष्टका महिमामयी
पिता परमेश्वरलाई प्रार्थना गर्दछु कि उहाँले तिमीहरूलाई
यस्तो आत्मा दिऊन् जसले परमेश्वरको बारेमा ज्ञान र
द्वष्टि होस् र उहाँलाई पुरै बुझ्न सक्ने बनाओस्। १८म
प्रार्थना गर्दछु, कि उहाँले तिमीहरूको हृदयको आँखा
खोलि दिउन् ताकि तिमीहरू आशालाई चिन्न सक
जसको निम्ति परमेश्वरले तिमीहरूलाई चुने। अनि
परमेश्वरले आफ्ना पवित्र जनहरूलाई वचन दिनुभएको
आशिष कति सम्पन्न र महिमाशाली रहेछ त्यो पनि
जान्नेछौ। १९अनि हामी विश्वास गर्नेहरूका लागि
परमेश्वरको शक्ति अति महान छ भन्ने कुरो पनि बुझ्ने
छौ। २०त्यही महा शक्ति द्वारा परमेश्वरले ख्रीष्टलाई

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

मृत्युबाट उठाएका थिए र स्वर्गमा उनले आफ्नो दाहिनेपट्टि राखेका थिए। २१परमेश्वरले ख्रीष्टलाई सबै शासक, अधिकारी, शक्तिशाली राजाहरूभन्दा पनि बढ़ता महत्वपूर्ण बनाए। कुनै यो संसारको दास अथवा भविष्यको संसारको दास, कुनै पनि शक्ति भन्दा ख्रीष्ट महत्वपूर्ण छन्। २२परमेश्वरले हरेक कुरालाई ख्रीष्टको अधीनमा राखिदिए अनि मण्डलीको हरेक कुरामा उनले ख्रीष्टलाई नै सर्वोच्च अधिकारी बनाए। २३मण्डली भनेको ख्रीष्टको शरीर हो। मण्डली ख्रीष्टले परिपूर्ण छ जसले सब थोक सब तरहले भरपूर गरिदिन्छन्।

## मृत्युदेखि जीवन

२ बितेका दिनहरूमा आफ्ना पापहरू र परमेश्वर विरोधी कर्महरूले गर्दा तिमीहरूका आत्मिक जीवन मृत थियो। २हो पनि, अघि तिमीहरू त्यस्तै पापहरूमा बसेका थियौ। तिमीहरूले सांसारिक मानिसहरू झैं बाँचिरहेका थियौ। तिमिहरूले वायु मण्डलको दुष्ट शक्तिहरूको शासकलाई पछ्यायौ। अझै पनि परमेश्वरलाई नमान्नेहरूमा त्यही आत्माले काम गर्दैछ। ३गएका दिनहरूमा हामीहरू पनि सबै ती मानिसहरू जस्तै बाँचेका थियौं। हामी आफ्नो पापमय प्रकृतिलाई खुशी पार्ने कोशिशमा थियौं। हाम्रा प्रवृत्ति र मनले चाहे अनुसार नै हामी सबकुरो गर्थ्यौं। हामी दुष्ट मानिस थियौं। हामी जुन प्रकारले रहेका थियौं हाम्रो पापले गर्दा त हामीले परमेश्वरको क्रोध भोग्नै पर्ने थियो। हामी अरू जस्तै थियौं।

४तर परमेश्वरको कृपा महान छ अनि परमेश्वरले हामीलाई खुबै माया गर्छन्। ५हाम्रो पापहरूको कारणले हामी आत्मिक रूपले मृत थियौं। तर परमेश्वरले हामीलाई ख्रीष्टसित नयाँ जीवन दिए। हामीहरू परमेश्वरको अनुग्रहले नै बचाइएका छौ। ६अनि परमेश्वरले हामीलाई ख्रीष्टसितै उठाएर आफूसित स्वर्गीय ठाउँमा बसाए। यसो हुनका कारण हामी ख्रीष्ट येशूमा सम्मिलित भएकोले हो। ७भविष्यमा आउने सबै सन्तानलाई आफ्नो अनुग्रह कति सम्पन्न छ भन्ने अगाध दौलत देखाउनलाई परमेश्वरले यसो गरेका हुन्। ख्रीष्ट येशूमा हुने हामीहरू प्रति दयावान बनेर परमेश्वरले त्यो अनुग्रह देखाउँछन्। ८तिमीहरू अनुग्रहले बचाइएका छौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिनीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो। ९तिमीहरू आफ्नौ काम-कुराले बाँचेका हुँदै होइनौ। यसैले कसैले यसको गर्व गर्न सक्दैनौं। १०हामी जस्तो छौं त्यस्तो परमेश्वरले नैं बनाएका हुन्। ख्रीष्ट येशूमा असल काम गर्नलाई हामीलाई नयाँ जीवन दिइएको छ। हाम्रालागि ती राम्रा कर्महरू परमेश्वरले अधिबाटै मिलाएका हुन्छन्। राम्रा काम गर्दै हामीहरू बाँचौं भनेर परमेश्वरले यसो गरेका हुन्।

## ख्रीष्टमा एक

११तिमीहरू अ-यहूदी भएर जन्म्यौ। यहूदीहरूले तिमीहरूलाई "खतनाहीन" भन्छन्। तिमीहरूलाई 'अशिश्नछेदित' भन्ने यहूदीहरू आफूलाई चाँहि खतनाका भन्छन्। तिनीहरूको शरीर मानव हातले खतना गरिएको छ। १२याद रहोस्, बितेका दिनहरूमा तिनीहरू ख्रीष्ट विनाका थियौ। तिमीहरू इस्राएलका नागरिक थिएनौ। अनि प्रतिज्ञाको अनुवन्ध तिमीहरूसित थिएन जुन परमेश्वरले उहाँका मानिसहरूसित गरेका थिए। तिमीहरू आशा बिनाको संसारमा बाँचेका थियौ र तिमीहरूले परमेश्वरलाई चिन्दैनथियौ। १३हो, एक समयमा तिमीहरू परमेश्वरदेखि टाड़ा थियौ। तर अहिले तिमीहरूलाई परमेश्वरको खुबै नजिक ल्याइएको छ। ख्रीष्टको रगतद्वारा तिमीहरूलाई परमेश्वरको खुबै नजिक ल्याइएको छ। १४ख्रीष्टको कारणले अहिले हामीले शान्ति पाएका छौं। ख्रीष्टले हामी दुवैलाई एक बनाएका थिए। यहूदी र अ-यहूदीहरू बीचमा पर्खाल लागे जस्तै छुट्टिएका थिए। तिनीहरू आपस्तमा घृणा गर्थे। तर ख्रीष्टले आफ्नै शरीरले घृणाको पर्खाल भत्काइदिनु भयो। १५यहूदी नियममा धेरै विधान र आज्ञाहरू थिए। तर ख्रीष्टले व्यवस्थालाई समाप्त गरिदिए। मानिसहरूका यी दुइ अलग समूहलाई आफुमा एउटै नयाँ मानिस बनाउने र यसरी शान्ति ल्याउने ख्रीष्टको उद्देश्य थियो। १६क्रूसद्वारा ख्रीष्टले दुइ समूह बीचको घृणा समाप्त गरिदिए अनि तिनीहरूलाई एउटा शरीरमा सम्मिलित गराउनुभयो। ख्रीष्टले तिनीहरूलाई परमेश्वरतिर तान्न चाहान्थे। उहाँले यो कामको घृणा क्रूसमा मारेर गरे। १७ख्रीष्ट आए अनि तिमीहरू बीच शान्तिको प्रचार गरे जो परमेश्वरदेखि टाड़ा थियौ। अनि तिनीहरूलाई शान्तिको प्रचार गरे जो परमेश्वरको नजिक थिए। १८हो, ख्रीष्ट मार्फत हामी सबैलाई एक आत्माद्वारा पिताकहाँ आउने अधिकार दिइयो।

१९यसकारण अब तिमीहरू पाहुना र परदेशी होइनौ। तिमीहरू पनि परमेश्वरका पवित्र जनसितै नागरिक बनेका छौ। तिमीहरू परमेश्वरका परिवारका सदस्यहरू सित पनि मिलेका छौ। २०तिमी विश्वासीहरू परमेश्वरका भवन हौ जुन प्रेरितहरू र अगमवक्ताहरूद्वारा जग बसाइएको घडेरीमा बनाइएको छ। ख्रीष्ट स्वयं भवनका जग-ढुंगा हुन्। २१त्यो सम्पूर्ण भवन ख्रीष्टमा गाँसिएको छ। यो प्रभुमा पवित्र मन्दिर बनेर बढ्दछ। २२अनि ख्रीष्टमा तिमीहरू पनि अरूहरूसितै निर्मित छौ। आत्माद्वारा तिमीहरू पनि यस्तो एउटा स्थान बनिदैछौ जहाँ परमेश्वर बस्छन्।

### अन्यजातीहरूमा पावलको काम

**३** यसर्थ म, ख्रीष्ट येशूको कैदी हुँ, र तिमीहरूको पनि एक कैदी जो यहूदीहरू होइनौ। २अवश्य तिमीहरू जान्दछौ कि परमेश्वरले आफ्ना अनुग्रहले तिमीहरूलाई सहायता गर्न मलाई यो काम सुम्पेका छन्। ३परमेश्वरले मलाई आफ्नो गुप्त योजना दर्शाउनु भयो। यसबारे मैले केही लेखिसकेकै छु। ४अनि मैले लेखेका ती कुराहरू पढ्यौ भने ख्रीष्ट बारेको गुप्त सत्यता मैले बुझेको रहेछु भन्ने तिमीहरू जान्नसक्छौ। ५अघि-अघिका मानिसहरूलाई त्यो गुप्त सत्यता दर्शाइएको थिएन तर अहिले आत्माद्वारा त्यो गुप्त रहस्य उहाँको पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई दर्शाइएको छ। ६गुप्त सत्यता यही हो: परमेश्वरले आफ्ना यहूदी मानिसहरूलाई दिएका त्यही कुराहरू अ-यहूदीहरूले पनि पाउनेछन्। अ-यहूदीहरू यहूदीहरूसितै एक जीउमा समाहित हुनेछन् अनि ख्रीष्ट येशूमा दिइएको परमेश्वरको वचनको सहभागी हुनेछन्। सुसमाचारको कारणले अ-यहूदीहरूले यी सबै पाउनेछन्।

७परमेश्वरको विशेष अनुग्रहले, म सुसमाचारको एक जना सेवक बनें। उहाँले आफ्नो शक्तिद्वारा मलाई यो अनुग्रह दिनुभएको छ। ८परमेश्वरका मानिसहरूमध्ये म सबभन्दा तुच्छ हुँ। तर उहाँले मलाई ख्रीष्टको अनन्त धनरूपी सुसमाचार बारे अ-यहूदीहरू माझ प्रचार गर्ने यो उपहार दिए। त्यस धनको महिमा बुझिनसक्नुको छ। ९अनि परमेश्वरले मलाई उनको गुप्त सत्यताको योजना बारे सबै मानिसलाई भनि दिने काम दिनुभयो, त्यो सत्यता आदि कालदेखि नै उनमा लुकेको थियो। उनै परमेश्वर हुन् जसले सब कुछ सृष्टि गरे। १०उहाँको उदेश्य थियो कि स्वर्गीय ठाँउका जम्मै शासकहरू र अधिकारीहरूले परमेश्वरले आफ्नो ज्ञान विभिन्न प्रकारले प्रदर्शन गर्नुहुन्छ भन्ने जानून्। ११युगौं अघि परमेश्वरले बनाउनुभएको योजना अनुसार यो गरिएको छ। आफूले योजना गरेकै अनुरूप उहाँले यो गर्नुभयो। उनले यो हाम्रा प्रभु ख्रीष्ट येशू मार्फत मरे। १२ख्रीष्टमा हामीहरू परमेश्वरको अधि निर्भय साथ विश्वाससित उभिन सक्छौं। ख्रीष्टमा विश्वासद्वारा हामी यो गर्न सक्छौं। १३यसैले म तिमीहरूलाई बिन्ती गर्दछु, तिमीहरूका कारण, मेरा कष्टहरू देखेर तिमीहरूले हरेश खानु हुँदैन र आशा पनि मार्नुहुँदैन। मेरा कष्टहरूले तिमीहरूमा आदर ल्याउने छ।

### ख्रीष्टको प्रेम

१४यसर्थ, पिताअघि प्रार्थनामा म झुक्छु। १५स्वर्गको र पृथ्वीको प्रत्येक परिवारले उहाँबाट नै यसको नाम लिन्छ। १६म पितालाई आफ्नो महिमामयी सम्पत्ति अनुसार तिनीहरूलाई शक्ति प्रदान गर्न प्रार्थना गर्दछु, जसमा कि आफ्ना आत्मामा तिमीहरू दरिला बन्न सक्छौ। उहाँको आत्माद्वारा उहाँले तिमीहरूलाई त्यो शक्ति दिनेछन्। १७तिमीहरूका विश्वासको कारणले ख्रीष्ट तिमीहरूका हृदयमा बसून् भनी म प्रार्थना गर्दछु। म प्रार्थना गर्दछु, ख्रीष्टको प्रेमको महानता बुझ्न शक्ति परमेश्वरका सबै मानिसहरूले पाऊन्। १८अनि प्रार्थना गर्छु कि परमेश्वरका जम्मै तिमीहरूलाई र परमेश्वरको पवित्रजनले ख्रीष्टको प्रेमको महानता बुझ्ने शक्ति पाउन। म यो पनि प्रार्थना गर्छु कि उहाँको प्रेमको चौड़ाइ, लमाइ, उचाइ अनि गहिराइ तिमीहरूले बुझ्न सक। १९ख्रीष्टको प्रेम मानव समझदारी देखि बाहिर छ। तर तिमीहरूले त्यो प्रेम बुझ्न सक भन्ने मेरो प्रार्थना छ। तब नै तिमीहरू परमेश्वरको पूर्णताले परिपूर्ण हुने छौ।

२०परमेश्वरको शक्ति जो हामी भित्र काम गरिरहेको छ, त्यसले हामीले याचना गरेको वा कल्पना गरेको भन्दा धेरै गर्न सक्छ। २१मण्डलीमा अनि ख्रीष्ट येशूमा सदा सर्वदा र युग-युगमा उहाँको महिमा भइरहोस्। आमिन।

### शरीरमा एकता

**४** म कैदमा छु किन कि म प्रभुको हुँ। परमेश्वरले तिमीहरूलाई उनका मानिस बन्न छाने। अब म

तिमीहरूलाई परमेश्वरका मानिस भएर कसरी बस्नु पर्छ
त्यो बताउछु। २सँधै नम्र र कोमल बन। धैर्य बन र
आपस्तमा प्रेम पूर्वक रहू। ३आत्मा मार्फत तिमीहरू
शान्तिपूर्वक एक-अर्कामा सम्बन्धित छौ। शान्तिको बन्धनले
यस सम्बन्धलाई अटूट राख्ने भरसक कोशिश गर।
४शरीर एउटै छ र आत्मा एउटै छ। आशा पनि एउटै
छ जसकोलागि परमेश्वरले तिमीहरूलाई बोलाए। ५एउटै
प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा छ। ६परमेश्वर
एउटै छन् जो सबका पिता हुन्। उहाँ सर्वोपरी हुनुहुन्छ,
हरेक कुराबाट काम गर्छन्, अनि हरेकमा हुनुहुन्छ।

७ख्रीष्टले हामी प्रत्येकलाई एक-एकवटा विशेष उपहार
दिएकाछन्। प्रत्येकले त्यही उपहार पाएको छ जुन उहाँले
दिन चाहेका थिए। ८त्यसैले शास्त्रमा यस्तो भनिएको छ:

> "उहाँ माथि आकाशमा जानुभयो, आफूसित
> बन्दीहरू लानु भयो अनि उहाँले मानिसलाई
> उपहारहरू दिनुभयो।"
>
> *भजनसंग्रह ६८:१८*

९"उहाँ माथिजानु भयो" भन्दा के बुझ्न सकिन्छ?
यसको अर्थ, पहिले उहाँ तल पृथ्वीमा आउनु भयो।
१०येशू तल आए र उनी नै हुन जो माथि गए। उनी
सबभन्दा अल्गो आकाशमा गए। त्यो आफुमा पूर्णहोस्
भनेर ख्रीष्टले यस्तो गर्नुभयो। ११अनि ख्रीष्ट हुन जसले
मानिसहरूलाई उपहारहरू दिनुभयो जब उहाँले दिनुहुँदै
कसैलाई प्रेरितहरू, कसैलाई अगमवक्ताहरू, कसैलाई
प्रचारकहरू, कसैलाई गोठाला र कसैलाई शिक्षक
बनाउनुभयो। १२ख्रीष्ट-परिवारलाई मजबूत बनाउन भनी
परमेश्वरका मानिसहरूलाई आफ्नो सेवामा तयार पार्न
ख्रीष्टले ती उपहारहरू दिनुभयो। यसले गर्दा ख्रीष्टको
शरीर ताकि ख्रीष्टको शरीर बलियो बनियोस। १३हामी
सबै एउटै विश्वासमा नबाँधिउञ्जेल, परमेश्वरको पुत्रलाई
पूर्णरूपले नचिनुञ्जेल, हामी परिपक्व मानिस नबनिउञ्जेल,
हामी ख्रीष्ट जस्तै उन्नत नहुञ्जेल र उहाँको पूर्णता प्राप्त
नगरूञ्जेल यो काम गरि नै रहनुपर्छ।

१४तब हामी नानीहरू जस्तो हुने छेनौ। हामी छालमा
जहाजले यता र उता छल्काइएका मानिसहरू जस्ता हुने
छैनौं। हामी प्रत्येक नयाँ शिक्षाद्वारा प्रभावित हुने छेनौं
जसले हामीलाइ धोका दिने प्रयास गर्छ। ती मानिसहरूले
चलाकसँग कार्य गर्छन् र मानिसहरूलाई भूल बाटामा
तान्न हर प्रकारको चेष्टा गर्छन्। १५तर, हामी प्रेमपूर्वक
सत्य बोल्छौं। तर हामी हर तरहले ख्रीष्ट जस्तै नहुञ्जेल
बढ़िरहनेछौं। ख्रीष्ट शिर हुन् र हामी शरीर हौं।
१६सम्मूर्ण शरीर ख्रीष्टद्वारा थेगिएको छ। शरीरको
प्रत्येक अंग एक-अर्कामा जोड़िएको छ र शरीरको
जोड़तीले एक गरेको छ। प्रत्येक अंगले आ-आफ्नै
काम गर्छ। अनि यसैले सम्पूर्ण शरीर विकसित गर्छ र
प्रेममा दृढ़ हुन्छ।

## बाँच्ने तरिका

१७म यो भन्छु र प्रभुको सम्बन्धमा चेतावनी दिन्छु:
परमेश्वरलाई नचिन्नेहरू जस्तो भएर नबस। तिनीहरूका
विचार निकम्मा हुन्छन्। १८ती केही बुझ्न सक्तैनन्, अनि
केही जान्दैनन् किन कि तिनीहरू सुन्न अस्वीकार गर्छन्
त्यसैले परमेश्वरले दिएको जीवन जस्तो तिनीहरूको
जीवन हुँदैन। १९लज्जा अनुभव गर्ने क्षमता तिनीहरूले
गुमाएका छन्। कुकर्म गर्न मै तिनीहरूका जीवन
पूर्णरूपले लागेका छन्। हर प्रकारको नीच काम गर्न ती
सधै तम्सन्छन्। २०तर तिमीहरूले सिकेको ख्रीष्टको
कुरा त्यस्तो होइन। २१म जान्दछु, तिमीहरूले ख्रीष्टको
बारेमा सुनेका छौ अनि तिमीहरू उनमा छौ, यसर्थ
तिमीहरूले सत्यता सिक्यौ हो, खासमा, सत्यता येशूमा
छ। २२तिमीहरूलाई आफ्नो पुरानो स्वभाव छोड़न सिकाइयो।
त्यसको अर्थ, अघिका दिनहरूमा पछ्याइ हिंड़ेको कुमार्गलाई
तिमीहरूले त्याग्नुपर्छ। त्यो स्वभाव त्यसैका धोखापूर्ण
इच्छाहरूले त्यसलाई थोत्रा बनाइसकेका छन्। २३तिमीहरू
आफ्ना मन र आत्मामा नयाँ बनाइनु पर्छ। २४तिमीहरू
नयाँ व्यक्ति बन्नुपर्छ, जस्तो विश्वास अनुसार धर्मी र
पवित्र जीवन बाँच्न परमेश्वरले तिमीहरूलाई आफ्नै
अनुरूपमा सिर्जनु भएको छ।

२५यसैले तिमीहरूले झूट बोल्नु छोड्नुपर्छ। आपसमा
सँधै साँचो बोल। किनभने हामी आपस्तमा एउटै
शरीरका अंगहरू हौं। २६जब तिमी रिसाँउछौ, त्यस
रिसले कुनै पाप नगराओस्। अनि दिनभरि नरिसाइ रहू।
२७शैतानलाई जित्ने मौका नदेऊ। २८यदि कसैले चोर्ने
गर्छ भने त्यसले त्यो बानी छोड़ोस्। उसले काम गर्नुपर्छ
र आफ्नो जीवन निर्वाह गर्नुपर्छ। उसले आफ्ना हात
असल काम गर्नमा लगाओस्। तब मात्र गरीब मानिसहरूलाई
दिने उसको केही हुनेछ।

२९बात गर्दा चोट पर्ने शब्द नचलाऊ। मानिसलाई
चाहिने कुरो मात्र गर जसले मानिसलाई बलियो बनाउछ।
तब मात्र तिम्रा कुरा सुन्नेहरू लाभान्वित हुन्छन्। ३०पवित्र
आत्मालाई दुखित नतुल्याऊ। आत्मा नै प्रमाण हो कि
तिमी परमेश्वरका हौ। उपर्युक्त समयमा परमेश्वरले
तिमीलाई मुक्त गर्नेछन् भन्ने देखाउनलाई नै उनले त्यो
आत्मा दिएका हुन्। ३१तितोपना, रिस र आवेग त्याग
कहिल्यै रिसमा नचिच्याउ र अर्काको निन्दा नगर। कुनै
प्रकारको कुकर्म कहिल्यै नगर। ३२आपसमा दयालु र
कृपालु बन। परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा दिए
जस्तै तिमीहरूले पनि एक-अर्कालाई क्षमा देऊ।

५ तिमीहरू परमेश्वरका नानीहरू हौ जसलाई उनले
प्रेम गर्छन्। यसैले परमेश्वर जस्तै बन्ने कोशिश गर।
२प्रेमको जीवन बिताऊ। ख्रीष्टले हामीलाई प्रेम गर्नु भए
जस्तै अरूलाई प्रेम गर। ख्रीष्टले हाम्रा निम्ति आफूलाई
सुगन्धित उपहार अनि परमेश्वरको बलिको रूपमा
चढ़ाउनुभयो।

३तिमीहरूका विचमा यौन अपराध हुनुहुँदैन। कुनै
प्रकारको अनैतिकता अथवा लालच अझै धेरै हुनुहुँदैन।
किन? किनभने यस्ता कुराहरू परमेश्वरका जनलाई
उचित छैन। ४तिमीहरू माझ नराम्रा बातचीत हुनु हुँदैन।
मूर्ख कुरा नगर अनि अनुचित ठठ्यौली पनि नगर। यी
कुराहरू तिमीहरूलाई ठीक छैन। सट्टामा तिमीहरूले
परमेश्वरलाई धन्यवाद दिनुपर्छ। ५यसमा निश्चय होऊ:
यदि तिनीहरूले यौन अपराघ गरे अथवा बेइमान्दारी बने
अथवा आफ्नै निम्ति लोभी बने भने ख्रीष्ट औ
परमेश्वरको राज्यमा तिमीहरूले ठाउँ पाउने छैनन्।
लोभी चाँहि मूर्तिपूजक हो।

६मिथ्या कुराले तिमीहरूलाई मूर्ख नबनाओस्।
अनाज्ञाकारी मानिसहरूमाथि यस्ता कुराहरूले परमेश्वर
रिसाउँछन्। ७तिनीहरूसित त्यस्ता काम गर्नु हुँदैन। ८बितेका
दिनहरूमा अन्धकारले पूर्ण थियौ, तर अहिले तिमी
प्रकाशले पूर्ण छौ। यसैले, प्रकाशका बालकहरू जस्तै
बाँच। ९प्रकाशले सब किसिमको भलाई, नैतिक जीवन
र सत्यता ल्याउँदछ। १०प्रभु के कुराले खुशी हुन्छन् त्यो
बुझ्ने कोशिश गर। ११अन्धकारका मानिसहरूले गर्ने
काम नगर। त्यस्ता कामहरूले ती गर्नेलाई कुनै राम्रो
गर्दैन। तर असल कामहरू गेरर अंध्याराका कामहरू
मिथ्या हुन भन्ने देखाऊ। १२अन्धकारमा मानिसहरूले
गर्ने कुराहरूको चर्चा गर्नु पनि शरमको कुरा हो। १३तर
जब हामी ती गुप्तरुपले अंध्यारामा गरिएका कुराहरू
उदाङ्गो बनाउँछौं, प्रकाशले ती कुराहरूलाई प्रत्यक्ष पारि
दिन्छ। १४अनि ज्योति नै हो जसले हरेक कुरो प्रत्यक्ष
पार्छ। त्यसैले हामी भन्छौ:

"जाग, हे निदाएकाहरू हो! मृत्युबाट ऊठ
अनि तिमीहरूमाथि ख्रीष्ट चम्कनु हुनेछ।"

१५यसकारण तिमीहरू कसरी जिउँछौ त्यस बारे खुबै
सतर्क होऊ। मूर्खहरू जस्तो नबाँच तर बुद्धिमानीपूर्वक
बाँच। १६हामीले बाँचेका दिनहरू खराब छन्, यसर्थ
आफ्नो समयलाई सुकर्म गर्नमा लगाऊ। १७यसर्थ मूर्ख
नबन। सट्टामा, प्रभुले तिमीलाई के गराउन चाहनुहुन्छ,
बुझ। १८दाखरस खाएर नमात। त्यसले तिम्रो आत्मिकताको
नाश गर्नेछ। आत्माले पूर्ण होऊ। १९आपसमा भजन,
स्तुति र आत्मिक गीतहरू सुनाऊ। प्रभुलाई आफ्नो
हृदयमा संगीत बनाऊ। २०सधैँ सबै कुराको लागि पिता
परमेश्वरलाई धन्यवाद देऊ। हाम्रा प्रभु येशू ख्रीष्टको
नाममा उहाँलाई धन्यवाद देऊ।

### पति र पत्नीहरू

२१एक-अर्कालाई मान्न इच्छुक होऊ किन कि
तिमीहरू ख्रीष्टलाई आदर गर्छौ।
२२पत्नीहरू हो, प्रभुको अधीनमा रहे जस्तै आ-आफ्ना
पतिको अधीनमा बस। २३जस्तो येशू ख्रीष्ट मण्डलीका
शिर हुन्, पति पत्नीका शिर हुन्। मण्डली ख्रीष्टको
शरीर हो, उसरी ख्रीष्ट शरीरमा रक्षक हुनुहुन्छ। २४जसरी
मण्डली ख्रीष्टको अधिकारमा छ उसरी पत्निहरू पनि
हरेक कुरामा पतिहरूको अधिकारमा रहनु पर्छ।
२५पतिहरू हो, आफ्ना पत्नीलाई प्रेम गर जस्तो
ख्रीष्टले मण्डलीलाई प्रेम गर्नु भयो। ख्रीष्टले मण्डलीको
निम्ति प्राण दिए। २६मण्डलीलाई पवित्र बनाउन उहाँले
आफ्नो प्राण बलि दिनुभयो। मण्डलीलाई पानीले धोएर
शुद्ध पार्न ख्रीष्टले सुसमाचार प्रयोग गरे। २७उहाँले
मण्डलीलाई महिमित दुलही बनाउन तथा कलंक, चाउरी
वा त्यस्तै कुनै त्रुटि रहित बनाउन तथा उनलाई शुद्ध र
निर्दोष पार्न आफैलाई बलि दिए। २८अनि पतिहरूले
पनि आफ्ना पत्नीहरूलाई त्यसरी नै प्रेम गर्नुपर्छ। आफ्नो
शरीरलाई प्रेम गरे जस्तै आफ्नो पत्नीलाई प्रेम गर।
पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९अनि

कसैले पनि आफ्नो शरीरलाई कहिल्यै धृणा गर्दैन।
हरेकले आफ्नो शरीरलाई, स्याहार्छ अनि खाना दिन्छ।
अनि मण्डलीको निम्ति ख्रीष्टले पनि त्यसै गर्छन्।
[३०]किन कि हामी उनको शरीरका अंग हौं। [३१]धर्मशास्त्रले
भन्छ, "त्यसैले मानिसले आफ्ना माता-पितालाई छोड्द्छ
र आफ्नो पत्नीसित मिल्दछ र ती दुई एक हुन्छन्।"*
[३२]यो गुप्त सत्यता खुबै महत्वपूर्ण छ। मलाई लाग्छ
यसको अभिप्राय ख्रीष्ट र मण्डली सित छ। [३३]तर
तिमीहरूमा प्रत्येकले आफ्नो पत्नीलाई प्रेम गर्नु पर्छ
जस्तो आफुले आफैलाई प्रेम गर्छ। अनि पत्नीले पनि
आफ्नो पतिलाई आदर गर्नु पर्छ।

### बालकहरू र आमा-बाबुहरू

६ बालकहरू हो, प्रभुले चाहेको जस्तो, आफ्ना आमा-
बाबुले भनेको मान। त्यो बाहेक, गर्नु पर्ने राम्रो कुरो
यही हो: [२]शास्त्रले भन्छ, "तिमीहरूले आफ्ना आमा-बाबुको
आदर गर्नु पर्छ।"* यो पहिलो आज्ञा हो, यसमा प्रतिज्ञा
पनि छ। [३]त्यो प्रतिज्ञा हो: "तब तिम्रो हरेक कुरो ठीक
हुन्छ र संसारमा तिमीले लामो आयु पाउनेछौ।"*
[४]पिताहरू हो, आफ्ना बालकहरूलाई रिस नउठाऊ।
तिनीहरूलाई प्रभुको शिक्षा र तालीममा हुर्काऊ।

### कमाराहरू र मालिकहरू

[५]कमाराहरू हो, पृथ्वीमा आफ्ना पार्थीव मालिकहरूको
आज्ञा डर र आदर सहित सम्पूर्ण हृदयले पालन गर
जसरी ख्रीष्टको आज्ञा पालन गर्दछौ। [६]तिनीहरूले हेरिरहेको
बेला तिनिहरूको मन जित्न तिनीहरूले सामुन्नेमा मात्र
तिनीहरूले आज्ञा पालन गर्नु होइन तर तिमीहरूले
ख्रीष्टको आज्ञा पालन गरे भैं तिनीहरूलाई मान।
[७]आफ्नो कर्त्तव्य खुशीसाथ गर। प्रभुको निम्ति कर्त्तव्य
गरे भैं गर औ मानिसको निम्ति गरेको जस्तो होइन।
[८]याद राख, उ कमारा होस् कि मुक्त होस् राम्रो काम
गर्ने हरेकलाई पुरस्कार दिने प्रभु नै हुनुहुन्छ।

[९]अनि मालिकहरू, तिमीहरूले पनि आफ्ना कमाराहरू
सित उस्तै व्यवहार गर। तिनीहरूलाई नधम्काउ। मनमा
राख कि तिमीहरूका मालिक र उनीहरूका मालिक
उही एक हुन् अनि उनी स्वर्गमा छन्। उनले हरेक
मानिसलाई एकै प्रकारले जाँच्दछन्।

### परमेश्वरको हात-हथियार धारण गर

[१०]मेरो पत्रको उपसंहारमा, म भन्छु प्रभुमा र
उहाँको महान शक्तिमा दृढ़ बन। [११]परमेश्वरले दिएको
पूर्ण कवच लगाऊ ताकि तिमीहरूले शैतानको कुचालको
सामना गर्न सक्छौ। [१२]हाम्रो लड़ाइँ पृथ्वीका मानिसहरूसित
छैन। हामी त यस संसारको अन्धकारको शासक,
अधिकारी र शक्तिहरूसित लड़िरहेछौं। हाम्रो लड़ाइँ त
स्वर्गीय स्थानको दुष्ट आत्मिक शक्तिहरूको विरुद्ध छ।
[१३]त्यसैले तिमीहरूले परमेश्वरको पूर्ण कवच पाउनु
जरूरी छ। अनि मात्र त्यस दुर्दिनको सामना दृढ़तापूर्वक
गर्न सक्छौ। जम्मै लडाइँ शेष गरिसकेपछि पनि अभै
उभि रहन सक्छौ। [१४]यसैले, कम्मरमा सत्यको पटुका
कसेर, धर्मिक जीवनको छाती-पाता पहिरेर अनि [१५]प्रचारको
निम्ति तयार हुनलाई शान्तिको सुसमाचारको जुत्ता जस्तो
तिम्रो खुट्टामा लगाऊ। [१६]अनि यी सँगै विश्वासको
ढाल प्रयोग गर जसले दुष्टात्माको जम्मै जल्दो वाणलाई
निभाउँद छ। [१७]परमेश्वरको मुक्तिलाई आफ्नो शिर
रक्षक बनाऊ अनि परमेश्वरको वचन समात जुन
आत्माको तरवार हो। [१८]सँधै पवित्र आत्मामा प्रार्थना
गर। सब किसिमका प्रार्थनाहरू सहित प्रार्थना गर अनि
आफुलाई चाहिएको हर थोक माग। यसो गर्न तिमी
सदा तयार बस। प्रार्थना गर्न कहिल्यै नछोड़। सँधै
परमेश्वरका सबै मानिसहरूका लागि प्रार्थना गर। [१९]मेरा
लागि पनि प्रार्थना गर कि जब म बोल्छु परमेश्वरले
मलाई शब्दहरू दिऊन् र सुसमाचारको गुप्त सत्यतालाई
म निर्भयसंग भन्न सकुँ। [२०]सुसमाचारको पक्षमा बोल्ने
काम मलाई दिइएको थियो। यो म अहिले यहाँ कैदमा
बसेर पनि गर्छु। प्रार्थना गर कि जब म सुसमाचारको
प्रचार गर्छु, मैले बोल्न परे जस्तै निर्भयसित बोल्न सकुँ।

### अन्तिम अभिवादन:

[२१]हाम्रा प्यारा भाइ टाइकिकसलाई तिमीहरूकहाँ
पठाइएकोछ। उनी प्रभुको काममा एक विश्वासी सेवक
हुन्। मेरो बारेमा उनले सबै कुरा बताउने छन्। र म

---

**"त्यसैले … हुन्छन्"** उत्पत्ति २:२४।

**"तिमीहरूले … गर्नु पर्छ"** प्रस्थान २०:१२, व्यवस्था ५:१६।

**"तब … पाउनेछौ"** प्रस्थान २०:१२, व्यवस्था ५:१६।

कस्तो छु, के गर्दैछु त्यो उनले बताउने छन्। [२२]यसको
लागि, मैले उनलाई पठाउँदै छु। हाम्रो भलाकुसारी बुझ
भन्ने म चाहन्छु। तिमीहरूको उत्साहको निम्ति म
उनलाई पठाउँदैछु।

[२३]तिमीहरूलाई पिता परमेश्वर र प्रभु येशू ख्रीष्टले
शान्ति र प्रेमको साथै विश्वास दिउन्। [२४]तिमीहरू जम्मै
जसले हाम्रा प्रभु येशू ख्रीष्टलाई अनन्त माया गर्छौं,
तिनीहरूमा परमेश्वरको अनुग्रह रहोस्।

# फिलिप्पीहरूलाई पावलको पत्र

१ ख्रीष्ट येशूका सेवक पावल र तिमोथीबाट प्रणाम। ख्रीष्ट येशूमा भएका फिलिप्पीमा बस्ने परमेश्वरको सबै पवित्रजनलाई अनि तिमीहरूको सबै अग्रजहरू तथा विशिष्ट सहायकहरूलाई।

२पिता परमेश्वर र प्रभु येशू ख्रीष्टको अनुग्रह र शान्ति तिमीहरू सबैलाई रहोस।

### पावलको प्रार्थना

३जहिले पनि म तिमीहरूलाई सम्झन्छु, परमेश्वरलाई धन्यवाट चढ़ाउँछु। ४प्रत्येक पल्ट म तिमीहरू सबैको लागि परमेश्वरलाई प्रार्थना गर्छु, म आनन्दले प्रार्थना गर्छु। ५मानिसहरूलाई सुसमाचार सुनाउँदा तिमीहरूले मलाई सहयोग गरेकोमा म परमेश्वरलाई धन्यवाद चढ़ाउँछु। तिमीहरूले विश्वास गरेको दिनदेखि अहिलेसम्म सघाउँदैछौ। ६परमेश्वरले तिमीहरूमा असल काम गर्न थाले अनि अहिलेसम्म गरिरहेका छन्। जब ख्रीष्ट येशू आउँछन् परमेश्वरले तिमीहरूमा त्यो काम गरी सिध्याउनेछन्। म यस कुरामा निश्चिन्त छु।

७तिमीहरू मेरो हृदयमा भएकोले, मलाई लाग्छ तिमीहरुको विषयमा यस्तो सोध्नु म ठिकै छु। जब सुसमाचारको सत्यताको प्रमाण दिर्दै र रक्षा गर्दै म जेलखानामा छु, तिमीहरू यो काम गर्ने आशीर्वादमा मसँग सहभागी छौ। ८म तिमीहरूलाई भेट्न अति इच्छुक छु, यो कुरो परमेश्वरले जान्दछन्। ख्रीष्ट येशूको प्रेम सितै म तिमीहरूलाई प्यारो गर्दछु।

९तिमीहरूको निम्ति मेरो यही प्रार्थना छ कि:

बुद्धि र विवेक तिमीहरूको प्रेमसितै निरन्तर
बढ्दै जाओस्।
१० म प्रार्थना गर्छु कि तिमीहरू असल र खराबको
भेद छुट्याउन योग्य होऊ, अनि के असल हो,
चुन्नु योग्य होऊ ताकि ख्रीष्ट येशू जुन दिन
आँउछन्, तिमीहरू पवित्र औ दोषरहित हुन
सक्छौ।
११ म प्रार्थना गर्छु कि परमेश्वरको महिमा औ
प्रशंसाको निम्ति येशू ख्रीष्टको सहयोगले धेरै
सुकर्महरू गर्न सक्छौ।

### पावलको कष्ट परमेश्वरको काममा सहायक

१२दाजु-भाइहरू र दिदी-बहिनीहरू हो, तिमीहरूले जान भन्ने म चहान्छु कि मैले भोगेको कष्ट सुसमाचारमा अझ विकसित गराउनं सहयोग बनियो। १३म किन बन्दी भएको छु त्यो स्पष्ट छ। म बन्दी छु किनभने म ख्रीष्ट विश्वासी हुँ। सम्राटका महलका सबै प्रहरीहरूले तथा सबै मानिसहरूले यो बुझेका छन्। १४म अझै बन्दी छु, तर धेरै जसो विश्वासीहरू सुसमाचार सहास र निर्भय साथ प्रचार गर्न यसले सहासी बनिएका छन्।

१५कोही मानिसहरू डाह र तिक्तताले अनि कसैले अरूलाई सहायता गर्ने इच्छाले ख्रीष्टबारे प्रचार गर्छन्। १६थी मानिसहरुले प्रेमले प्रचार गर्छन कारण तिनीहरु जान्दछन् कि सुसमाचार सुरक्षित राख्न म अह्राइएकोछु। १७तर अरू वेइमान्दारी र स्वार्थमा ख्रीष्ट विषयमा प्रचार गर्छन् किनभने तिनीहरू सम्झन्छन कि म झेलखानामा हुदाँ मलाई कष्ट दिनु तिनीहरू सक्षम हुन्छन्।

१८तिनीहरूले मलाई कष्टमा पारे तापनि म पर्वाह गर्दिनँ। तिनीहरूले पनि मानिसहरूलाई ख्रीष्टबारे सुनाउँदैछन्, त्यही महत्वपूर्ण कुरा हो। म चाहन्छु तिनीहरूले प्रचार गरून नै। म चहान्छु कि तिनीहरुले राम्रो उदेश्यले यसो गरून। यदि खराब भावनाले यो भएता पनि म खुशी नै छु कारण तिनीहरुले ख्रीष्ट विषयमा नै प्रचार गर्छन। अनि म खुशी नै भइरहन्छु। १९तिमीहरूले मेरो लागि प्रार्थना गर्दैछौ, अनि येशू ख्रीष्टको आत्माले मलाई सहायता गर्छ। यसैले म जान्दछु कि यो सम्पूर्ण चीजले मेरो मुक्ति ल्याउँछ। २०मेरो दृढ़ इच्छा अनि आशा त्यो

हो कि कुनै कुरोमा पनि म ख्रीष्टलाई भुल्ने छैन। म आशा गर्छु कि सधौँ झैँ, जब सम्म म यस शरीरमा रहनेछु ख्रीष्टको महानता देखाउनु अहिले ठूलो र आँट पाउनेछु। म मरुँ अथवा जिउँदै रहुँ यो काम गरी रहनेछु। २१मेरो निम्ति मेरो जीवनको उदेश्य ख्रीष्ट हुन र मृत्युको अर्थ लाभ हो।* २२यदि म शरीरमा बाँचिरहे म प्रभुको लागि काम गरिरहनेछु। तर कुन छानूँ-जीवन कि मरण? म भन्न सक्दिनँ। २३जीवन र मरणमा एउटालाई छान्नु साह्रो छ। म त यो शरीर छोड़ेर ख्रीष्टसितै बिलिनु चाहान्छु। त्यो धेरै उत्तम हो। २४तर तिमीहरूको लागि यस शरीरमा रहनु धेरै आवश्यक छ। २५जब यो म जान्दछु म यही बस्छु अनि तिमीहरूसित रहन्छु। आत्मिक विकास गराउनु अनि विश्वासबाट आउने आनन्द लिनु, म तिमीहरूलाई सहयोग पुऱ्याउने छु। २६जब म तिमीहरूसित फेरि हुनेछु मैले गर्दा ख्रीष्ट येशूमा तिमीहरूको आनन्द फेरि उर्लिनेछ।

२७होशियारी हौऊ, कि तिमीहरूको जीवन ख्रीष्टको सुसमाचार सित मिल्दो होस्। तब मात्र म तिमीहरूकहाँ आए पनि, तिमीहरूदेखि टाढ़ै बसे पनि तिमीहरू बारे राम्रै कुरा सुन्नेछु। तिमीहरू एउटै उद्देश्य लिएर अघि बढ़दैछौ र सुसमाचारबाट रहेको विश्वासको निम्ति एक भएर काम गर्दै छौ भन्ने म सुन्नेछु। २८अनि आफ्ना विरोधीहरूसित तिमीहरू कुनै प्रकारले पनि डराउने छैनौ। यी सब परमेश्वरका प्रमाणहरू हुन् कि तिमीहरू बचाइने छौ र तिमीहरूका शत्रुहरु हराइने छन्। २९परमेश्वरले तिमीहरूलाई ख्रीष्टमा विश्वास गर्ने सहुलियत दिएकाछन्। तर त्यही अन्त होइन। परमेश्वरले तिमीहरूलाई ख्रीष्टको निम्ति दुःख भोग्ने सहुलियत पनि दिएकैछन्। यी दुवैले ख्रीष्टमा महिमा ल्याउछ। ३०जब म तिमीहरूसित थिएँ मैले गरेको संघर्ष तिमीहरु जान्दछौ अनि अहिले मैले गर्दै गरेको संघर्ष बारे पनि सुन्दैछौ। तिमीहरूको पनि त्यस्तै संघर्ष छ।

## एकतामा रहौ र एक-अर्कोलाई ध्यान देऊ

**२** मैले तिमीहरूलाई ख्रीष्टमा केही गर भन्नु सक्नु पर्ने केही छ? के तिमीहरूको मायाले तिमीहरूलाई मलाई सुख देऊ भन्छ? तिमीहरू आत्मामा हामीसँग सहभागी हुन्छौ? तिमीहरूमा कृपा र दया छ? २यदि यी कुराहरू तिमीहरूमा छन् भने मेरो निम्ति केही गरिदिऊं भन्ने बिन्ती गर्छु। यसले मलाई खुबै खुशी तुल्याउने छ। तिमीहरू सबैको हृदयले त्यही कुराहरू सोंचोस अनि त्यहाँ त्यही प्रेम रहोस। मेल मिलापसँग एउटै लक्ष्य लिएर बाँच। ३जब केही कुरोहरू गर्छौ, स्वार्थ वा मूर्खताको गर्वमा नगर। नम्र होऊ र आफूलाई भन्दा अरू अझ सम्मान योग्य भएको मान। ४आफ्नै लागि मात्र रूचि नराख, तर अरूहरूका जीवनमा पनि रूचि राख्ने गर।

## निस्वार्थ बन्न ख्रीष्टबाट सिक

५आफ्नो जीवनमा ख्रीष्ट येशूले जस्तै सोच र गर।

६ख्रीष्ट आफै हरेक कुरामा परमेश्वर जस्तै हुनुहुन्थ्यो। उनी परमेश्वर बराबरी थिए। तर उनले परमेश्वसित रहेको बराबरीलाई आपनो निम्ति राखिनु पर्ने सम्पत्ति झैं मानेनन्।

७परमेश्वरसित उनको ठाँउ उनले छोड़िदिए र मानव हुन जन्मिए अनि सेवक भए। ८जब उनी यस पृथ्वीमा थिए, उनले आफैलाई खुबै नम्र बनाए। उनी मृत्यु अँगाल्नु सम्म आज्ञाकारी भए अनि क्रूसमा मरे।

९ख्रीष्टले परमेश्वरको आज्ञापालन गरे। यसर्थ परमेश्वरले तिनलाई उच्च स्थानमा पुऱ्याए। परमेश्वरले ख्रीष्टको नाउँलाई अरू सबै नाउँहरू भन्दा महान बनाए। १०तिनले यसो गरे ताकि स्वर्गमा, पृथ्वीमा औ पातालमा प्रत्येक वस्तु येशूको नाउँमा घुँड़ा टेकोस्। ११"येशू ख्रीष्ट प्रभु हुन" भनी प्रत्येक जिब्रोले स्वीकारोस्। जब मानिसहरूले यसो भन्छन्, यसले पिता परमेश्वरमा महिमा ल्याउनेछ।

## परमेश्वरले चाहे जस्तै मानिस बन

१२मेरा प्रिय साथीहरू! तिमीहरूले सँधै भनेको कुरा मानेका छौ। जब म तिमीहरूसित थिएँ, तिमीहरू परमेश्वरको आज्ञाकारी थियौ। यो अझ धेरै महत्वपूर्ण कुरो छ कि अहिले मेरो अनुपस्थितिमा पनि तिमीहरूले परमेश्वरको आज्ञा मान्छौ। मेरो सहायता बिनै पनि तिमीहरूले आफ्नो मुक्तिको लागि कोशिश गर। परमेश्वरको डर र आदर गरेर यसो गर। १३परमेश्वरले तिमीहरूमा काम गर्दैछन्। उनलाई केले खुशी पार्छ त्यो गर्न उनले नै सहयता गर्छन् अनि शक्ति दिन्छन्। अनि यस्तो गर्ने शक्ति पनि उनले नै दिन्छन्।

---

**मेरो निम्ति ... लाभ हो** पावल भन्छन् मृत्युले उनलाई ख्रीष्टको नजिक पुऱ्याउने छ।

१४कुनै गनगन वा बहस नगरी सबै काम गर।
१५तब तिमीहरू दुष्ट मानिसहरू समक्ष निर्दोष, परिपूर्ण
परमेश्वरका निष्कलंकित नानीहरू, संसारमा चम्कने
तारा झैं हुनेछौ। १६जीवन पाउने शिक्षा तिनीहरूलाई
देऊ तब ख्रीष्ट फेरि आउनु हुँदा मेरो दौड़ाई नष्ट भएन
औ मेरो चेष्टा खेरो गएन भनी म तिमीहरुको गर्व गर्न
सक्छु।

१७तिमीहरूका विश्वासबाट तिमीहरूका जीवनलाई
परमेश्वरको सेवामा एक बलि हुनेछ। तिमीहरूको
बलि पूर्ण गराउनु मैले आफ्नो रगत दिनु पर्छ भने पनि
म तिमीहरू जम्मैसित खुशी अनि आनन्दमयी हुनेछु।
१८त्यसरी नै तिमीहरू पनि मसँग खुशी अनि आनन्दमयी
हनुपर्छ।

### तिमोथी र इपाफ्रोडाइटसको खबर

१९तिमोथीलाई तिमीहरूकहाँ चाड़ै पठाउँला भन्ने म
प्रभु येशूमा आशा गर्दछु। तिमीहरूको बारेमा सुनेर म
हर्षित हुनेछु। २०तिमोथी जस्तो अरू मानिस मसित छैन।
उनको तिमीहरूमा साँचो चासो छ। २१अरूहरू त
आफैमा मात्र मस्त छन्। ख्रीष्ट येशूको काममा तिनीहरूलाई
कुनै चासो छैन। २२तिमोथी कस्ता व्यक्ति हुन तिमीहरूले
जान्दछौ। एउटा छोराले कसरी बाबुको सेवा गर्छ त्यसरी
नै सुसमाचारको प्रचारमा उनले मसित सेवा गरेका छन्
भन्ने कुरो तिमीहरू जान्दछौ। २३म उनलाई चाँड़ै
पठाउने प्रयास गर्दैछु। मलाई के हुन्छ त्यो जान्ने बित्तिकै
म तिनलाई पठाउनेछु। २४म पुरै भरोशामा छु कि
तिमीहरूलाई चाँड़ै भेटन जानु प्रभुले सहायता गर्नेछन्।

२५इपाफ्रोडाइटस ख्रीष्टमा हुने मेरा भाइ हुन्। ख्रीष्टको
दलमा उनी पनि मसित काम र सेवा गर्छन्। जब मलाई
सहायताको खाँचो परेको थियो, तिमीहरूले उसलाई
मकहाँ पठाइदियौ। अब उसलाई तिमीहरू भएकोमा नै
पठाइदिनु पर्छ भन्ने बिचार्दैछु। २६म उनलाई यसकारण
पनि पठाउनेछु कि तिमीहरूलाई भेट्न उनी पनि खुबै
व्याकुल छन्। जब तिमीहरूले उनी बिमार छन् भन्ने
सुने देखि उनी चिन्तित थिए। २७हो, उनी साँच्चै बिमारी
थिए र मृत्युकै मुखमा पुगेका थिए। परमेश्वरले उनीमाथि
मात्र दया नगरेर ममाथि पनि गरे, ताकि मैले धेरै चिन्ता
लिनु परेन। २८यसैकारणले उसलाई पठाउन म खुबै
इच्छुक छु। उनलाई देखेपछि तिमीहरू पनि खुशी हुने
छौ र मैले तिमीहरूको फिक्री गरिरहनु पर्दैन। २९प्रभुमा
उनलाई महा आनन्दमा स्वागत गर। इपाफ्रोडाइटस जस्तो
मानिसलाई आदर गर्नपर्छ। ३०ख्रीष्टको कामको निम्ति
उसको झण्डै मृत्युभयो। मेरो सहायता गर्नमा उनले
आफ्नो प्राणलाई नै संकटमा पारे। त्यस्तो सहायता दिनु
तिमीहरूले सकेनौ।

### सबैभन्दा महत्वपूर्ण ख्रीष्ट नै हुनुहुन्छ

३ अनि अब मेरा दाजु-भाइ दिदी-बहिनीहरू, प्रभुमा
आनन्दित होऊ। जब यसले तिमीहरूलाई अझ
सुरक्षित राख्नेछ त्यही कुरो घरी घरी लेखिरहनु मलाई
केही कष्ट लाग्दैन। २दुष्ट्याइँ काम गर्नेहरूदेखि होशियार
बस। ती कुकुरहरू जस्ता हुन्छन्। तिनीहरू शरीर लुछ्न
खोज्छन्। ३तर हामी साँच्चै खतना गरिएका छौं। हामी
परमेश्वरलाई आत्माद्वारा आराधना गर्छौं। हामीले हाम्रो
विश्वास ख्रीष्ट येशूमा राख्छौं अनि हामी के गर्न सक्छौ
त्यसमा होइन। ४म आफैमा भर पर्नु सक्छु, तर म
पर्दिन। यदि कसैले भन्छ कि ऊ आफैमा भरोशा गर्न
सक्छ तब म त्यो भन्दा ज्यादा गर्न सक्छु। ५म जन्मेको
आठौं दिनमा मेरो खतना भएको हो। म इस्राएल
राष्ट्रको हुँ र बिन्यामीन वंशको हुँ। म एक जना यहूदी
हुँ र मेरा आमा-बाबु पनि यहूदी नै थिए। मोशाको
व्यवस्था मेरो लागि महत्वपूर्ण थियो। त्यसैले म फरिसी*
भएँ। ६म यहूदी धर्मको कट्टर समर्थक थिएँ। मैले
मण्डलीलाई खेदो गरें। मैले जुन प्रकारले मोशाको
व्यवस्था पालन गरें त्यसमा कसैले भूल भेटन सक्दैनथे।
७एक समयमा यी सब मेरो लागि महत्वपूर्ण थिए। तर
मैले ठानें, ख्रीष्टको अघि ती सब व्यर्थका रहेछन्।
८त्यति मात्र होइन, म सम्झन्छु, मेरा प्रभु येशू ख्रीष्टको
महानतालाई बुझ्नेको तुलनामा प्रत्येक कुरो नगन्य रहेछ।
ख्रीष्ट भेट्टाउँ भनी मैले नै प्रत्येक कुरो छोड़िदिएँ अनि
अहिले ती सबै वेकार ठान्छु। ९अनि यसले मलाई
ख्रीष्ट अप्नाउन दियो। ख्रीष्टमा म धार्मिक छु, अनि यो
उपयुक्त नियम पछ्याएकोले होइन। यो परमेश्वरमा
विश्वासको माध्यमद्वारा आउँछ। परमेश्वरले मलाई धार्मिक
बनाउनु ख्रीष्टमा मेरो विश्वासलाई प्रयोग गरे। १०म
ख्रीष्टलाई मात्र र जेले उनलाई मृत्युबाट बौरायो त्यो
शक्तिलाई जान्न चाहन्छु। म ख्रीष्टको कष्टको सहभागी

---

**फरिसी** फरिसीहरू यहूदी धार्मिक समुदायका थिए जसले जमौ यहूदी नियम र दस्तुरहरू गंभीरतापूर्वक मान्छौं भन्ने दावी गर्थे।

बन्न चाहन्छु र उनको मृत्युमा उनी जस्तै हुन चाहन्छु। ११अनि ममा आशा छ म पनि मृत्युबाट बौरी उठ्ने थिएँ।

## लक्ष्यमा पुग्ने प्रयास

१२परमेश्वरले मलाई चाहे जस्तै म भइसकेको छु भन्ने मेरो भनाई होइन। म त्यस लक्ष्यमा पुग्न सकेको छैन। तर त्यहाँ पुग्नु र लक्ष्य हासिल गर्न म निरन्तर चेष्टा चलाई रहेको छु। ख्रीष्टले पनि त्यही चहान्छन् र मलाई उनको बनाए। १३दाजु-भाइ दिदी-बहिनीहरू म जान्दछु, म अझै त्यस लक्ष्यमा पुगेको छैन। तर एउटा कुरा जुन म सँधै गर्छु, त्यो हो: म बितेको कुरा भुलिदिन्छु अनि आफ्नो अघिल्तिरकै लक्ष्यमा पुग्नु म सक्दो कोशिश गर्छु। १४लक्ष्यमा पुग्ने र पुरस्कार पाउने कोशिश म गरिनैरहन्छु। त्यो पुरस्कार मेरो निम्ति पक्का गरिएको छ किनकि परमेश्वरले मलाई ख्रीष्टद्वारा जीवनमाथि बोलाइएको छु।

१५हामी जो आत्मिक पाको भएका छौं सबैले यस प्रकारले नै सोंच्नु पर्छ। अनि यदि कसैले केही विषयमा तिम्रा विचारसित नमिल्ने कति यस्ता भिन्दै प्रकारले सोच्छ भने परमेश्वरले उसलाई स्पष्ट पारिदिनेछन्। १६तर हामीमा पहिले देखि भएको सत्यलाई भने छोड़्नु हुँदैन।

१७दाजु-भाइ, दिदी-बहिनीहरू, तिमीहरू सबैले म बाँचे झैं बाँच्ने चेष्टा गर्नुपर्छ। अनि ती मानिसहरूलाई पछ्याउ जजसले हामीले बताएका तरिकामा बाँचिरहेका छन्। १८धेरै मानिसहरू ख्रीष्टको क्रूसको शत्रु जस्ता भएर बाँचेका छन्। मैले त्यस्ता मानिसहरूका बारेमा बारम्बार भन्दै आएको छु अनि अहिले पनि म आँसु खसाउँदै तिनीहरूका बारेमा भनिरहेछु। १९तिनीहरू जुन तरिकामा बाँचेकाछन् त्यसले तिनीहरूलाई विनाश तिर घचेटनेछ। तिनीहरू परमेश्वरको सेवा गर्दैनन्। ती आफैलाई खुशी राख्न मात्र बाँच्छन्। ती शर्म लाग्दो काम गर्छन् र त्यसमा गर्व गर्छन्। २०तर हामी स्वर्गका बासिन्दा हौं। हाम्रा मुक्तिदाताको स्वर्गबाट आगमनको निम्ति हामी पर्खिबसेका छौं। प्रभु येशू ख्रीष्ट हाम्रा मुक्तिदाता हुन्। २१उहाँले हाम्रो दुर्बल शरीर बदली गरेर उनको शक्तिले आफ्नै जस्तो महिमाशाली शरीर बनाइदिनेछन्। त्यही शक्तिले उनी प्रत्येक चीजलाई आपनो अधीनमा ल्याउनु योग्य हुनेछन्।

## गर्न पर्ने कामहरू

४ मेरा प्रिय दाजु-भाइ दिदी-बहिनीहरू, म तिमीहरूलाई माया गर्छु र भेट्न चाहन्छु। तिमीहरूले मलाई खुशी पार्‍यौ अनि तिमीहरूमाथि गर्वित तुल्यायौ। मैले सिकाए जस्तै प्रभुलाई पछ्याउनु नछोड़।

२मैले इयोदिया र सिन्तकेलाई पनि प्रभुमा त्यही मन लगाउनु बिन्ती गरेकोछु। ३मेरा साथीहरू, जब तिमीहरूले मसित विश्वासी भएर सेवा गर्‍यौ मैले तिमीहरूलाई यी दुई स्त्रीहरू जसले मसँग सुसमाचार प्रचार गर्न संघर्ष गरे, तिनीहरूलाई सहायता गर भन्छु। मसित खट्ने क्लेमेप्ट र अरूहरूसितै यिनीहरू पनि खटेकाछन्। जीवनको पुस्तकमा* तिनीहरूको नाउँ पनि राखिएकोछ।

४सँधै प्रभुमा आनन्द होऊ, म दोहोर्‍याँउछु आनन्द होऊ।

५मानिसहरूले देखुन् कि तिमीहरू नम्र र दयालु छौ। प्रभु चाँड़ै आउनेछन्। ६कुनै कुराको फिक्री नगर। बरु चाहिएको हरेक कुराको लागि परमेश्वरलाई याचना र प्रार्थना गर। अनि प्रार्थना गर्दा परमेश्वरलाई धन्यवाद देऊ। ७परमेश्वरले दिएको शान्तिले तिमीहरूको मन र हृदयलाई येशू ख्रीष्टमा राख्ने छ। शान्ति जो परमेश्वरले दिन्छन्, यति महान हुन्छ कि हामी बुझ्न सक्दैनौं।

८दाजु-भाइहरू र दिदी-बहिनीहरू हो, जुन-जुन कुराहरू अति राम्रा र प्रशंसा गर्न लायकका छन् त्यसै बारे सोच। जुन-जुन कुराहरू सत्य र माननीय पवित्र र उचित, सुन्दर र आकर्षणीय छन् तिनैको मात्र विचार गर। ९जुन कुराहरू तिमीहरूले सिक्यौ, ग्रहण गर्‍यौ, सुन्यौ र ममा देख्यौ, ती कुराहरू गर! अनि शान्तिका परमेश्वर तिमीहरू सित रहनेछन्।

## ख्रीष्टिय धर्मी फिलिप्पीहरूलाई पावलबाट धन्यवाद।

१०प्रभुमा म खुबै प्रसन्न छु कि म प्रति तिमीहरूले फेरि चासो देखायौ। वास्तवमा तिमीहरूको चासो त थियो तर देखाउने मौका पाएका थिएनौ। ११म यी कुराहरू गर्दैछु, तर मैले भन्नुको अर्थ यो होइन कि मलाई केही कुराको आवश्यक छ। मैले त आफूसित जो छ त्यसैमा सन्तोष गर्न प्रशिक्षण लिएको छु। १२म जान्दछु गरीब हुदाँ कसरी बस्नु पर्छ अनि जब मेरोमा

---

**जीवनको पुस्तक** परमेश्वरको पुस्तक जसमा परमेश्वरले छानेका सबैको नाउँ लेखिन्छ। (प्रकाश ३:५; २१:२७)

प्रशस्त हुँदा पनि म जान्दछु। सबै परिस्थितिसँग कसरी मेल खाने त्यो रहस्य मैले सिकेकोछु। भर पेट खानु पाउँदा र आधा पेट बस्नु पर्दा कसरी जीवन बिताउनु पर्छ मैले सिकेको छु। चाहिएको कुरा सबै पाउँदा पनि, केही नपाउँदा पनि खुशी हुनु मैले सिकेको छु। १३म सब कुराहरू गर्न समर्थ छु किनभने ख्रीष्टले मलाई शक्ति प्रदान गर्छन्।

१४तरै पनि मलाई आवश्यक परेको समयमा जब तिमीहरूले सहायता गर्‍यौ, उत्तम गर्‍यौ। १५मैले पहिले-पहिले सुसमाचार प्रचार गरेको तिमी फिलिप्पीहरूलाई थाहा छ। जब म म्यासिडोनिया हिंडें त्यस बेला तिमीहरूकै मात्र एउटा मण्डली थियो जसले मलाई सहायता गर्‍यो। १६जब म थिस्सालोनिकामा थिएँ धेरै पल्ट तिमीहरूले मलाई चाहिएको चीजहरू पठाई दियौ। १७म तिमीहरूबाट उपहार चाहन्छु भन्ने पटक्क होइन। तर दानबाट जे पाइन्छ त्यो पुरस्कार तिमीहरूले पाऊ त्यो म चाहन्छु। तर म तिमीहरूले त्यो उपहार पाऊ भन्ने चहान्छु जुन दानबाट आँउछ। १८आफूलाई चाहिएको जम्मै कुरा मसित छन् र चाहिए भन्दा बढ़तै पनि भएको छ। इपाफ्रोडाइटसलाई तिमीहरूले पठाएका सौगातहरू लिएर आए यसर्थ मलाई चाहिएको प्रत्येक कुरो मसित छ। तिम्रो भेटी त परमेश्वरलाई अर्पण गरिएको अत्यन्तै सुगन्धित बलिदान रहेछ। परमेश्वरले यो ग्रहण गर्छन अनि यसले उनलाई प्रसन्न पार्छन। यो परमेश्वरको बलिदान हो र उनलई प्रसन्न पार्छ। १९मेरो परमेश्वरसँग ख्रीष्ट येशूमा पाइने महिमामय सम्पत्ति छ अनि उनले तिमीहरूको प्रत्येक खाँचो पुरा गर्नेछन्। येशूको महिमाले मेरा परमेश्वर खुबै धनी हुनुहुन्छ र ती धन ख्रीष्टमा हुने तिमीहरूका हरेक खाँचो पूरा गर्न खर्च गर्नुहुनेछ। २०हाम्रा पिता र परमेश्वरको महिमा सदा सर्वदा भइरहोस्। आमिन।

२१ख्रीष्टमा हुने परमेश्वरका हरेक विश्वासीलाई हाम्रो नमस्कार सुनाइदिनु। २२जम्मै मसित जो भाइहरू छन् तिनीहरू पनि नमस्कार पठाउँछन्। परमेश्वरमा हुनेहरूबाट विशेष जो सिजरको महलमा छन्, तिमीहरूलाई नमस्कार भनेका छन्।

२३हाम्रा प्रभु येशू ख्रीष्टको महिमा तिमीहरू प्रत्येकमा रहोस।

# कलस्सीहरूलाई पावलको पत्र

१ ख्रीष्ट येशूको प्रेरित* पावलबाट। म एक जना
प्रेरित हुँ किनकि परमेश्वरले यही चाहनु भयो।
तिमोथी ख्रीष्टमा भएका हाम्रा भाइबाट पनि।
२कलस्सेमा बस्ने जो ख्रीष्टमा भएका पवित्र र
विश्वासी दाज्यू-भाइ दिदी-बहिनीहरूलाई। तिमीहरूलाई
हाम्रा पिता परमेश्वरबाट अनुग्रह र शान्ति मिलोस।
३जब हामी तिमीहरूको लागि प्रार्थना गर्छौं,
परमेश्वरलाई, जो हाम्रा प्रभु येशू ख्रीष्टका पिता हुन्,
सधैं धन्यवाद चढ़ाउँछौ। ४हामी परमेश्वरलाई धन्यवाद
दिन्छौं किन कि ख्रीष्ट येशूमा तिमीहरूको विश्वास र
परमेश्वरका सबै जनहरूमा प्रेम भएको कुरा हामीले
सुन्यौं। ५तिमीहरूमा आशा भएको कारणले नै तिमीहरूको
ख्रीष्टमा विश्वास छ र परमेश्वरका सबै जनहरूलाई
तिमीहरू प्रेम गर्छौ। तिमीहरूले आशा गरेको कुरो
तिमीहरूका लागि स्वर्गमा साँचेर राखिएको छ भन्ने
तिमीहरू जान्दछौ। तिमीहरूले यो आशा बारे सत्य
शिक्षाबाट सुसमाचार सिक्यौ जुन तिमीहरूलाई भनिएको
छ। ६संसारको जम्मै कुनाहरूमा त्यस सुसमाचारले
आशिष र फलहरू ल्याउँदै छ। त्यो सुसमाचार सुनेपछि
र परमेश्वरको अनुग्रह बारे सत्य कुरो बुझे पछि
तिमीहरूले पनि त्यही अनुभव गरिरहेका छौ। ७परमेश्वरको
अनुग्रह बारे तिमीहरूले इपाफ्रासबाट सिकेका छौ।
इपाफ्रास हामीसँगै काम गर्छन्, अनि हामी उसलाई
माया गर्छौं। हाम्रा लागि उनी ख्रीष्टका विश्वासी सेवक
हुन्। ८पवित्र आत्माबाट तिमीहरूले पाएको प्रेमको
बारेमा इपाफ्रासले हामीलाई बताए।
९तिमीहरूको बारेमा यी सब कुराहरू हामीले सुनेको
दिनदेखि, हामी तिमीहरूको लागि लगातार प्रार्थना
गरिरहेका छौ। हामी निम्नलिखित कारणहरूको लागि
प्रार्थना गर्छौ:

परमेश्वरको इच्छा अनुसार जम्मै कुराहरूमा
तिमीहरूको परिपक्क ज्ञान होस, आत्मिक कुराहरू
बुझ्नलाई ज्ञान र शक्ति बढ़ोस,
१० तिमीहरू यस्तो तरहले बाँच्न सक कि तिमीहरूले
प्रभुमा गौरव ल्याउने छौ अनि प्रत्येक तरिकाले
उहाँलाई खुशी पार्नेछौ। तिमीहरूले सबै असल
गर्नै छौ अनि परमेश्वरको ज्ञानमा विकसित हुन
सक्छौ।
११ तिमी परमेश्वरको गौरवमय शक्तिले शक्तिशाली
बन्न सक्ने छौ ताकि तिमी धैर्य हुनेछौ अनि
सबै कष्टहरू सहन सक्ने छौ।

तब तिमीहरू खुशी हुन सक्छौ। १२अनि तिमीले
पितालाई धन्यवाद चढ़ाउँने छौ, जसले तिमीलाई परमेश्वरका
मानिसहरू जो प्रकाशमा बाँच्छन् परमेश्वरले तिनीहरूको
निम्ति तयार गरेका चीजहरूमा भाग लिन योग्य गराउनु
भयो। १३अँध्यारोको शक्तिबाट परमेश्वरले हामीलाई मुक्त
गर्नु भएको छ। अनि उहाँले हामीलाई आफ्ना प्यारा
पुत्रको राज्यमा ल्याउनु भएको छ। १४हामीलाई उहाँले
मुक्त पार्नु भयो अनि उहाँमा हाम्रो पापहरू माफ
गरिएकोछ।

### जब हामी ख्रीष्टलाई हेर्दछौ,<br>हामी उहाँमा परमेश्वर पाँउछौ

१५परमेश्वरलाई कसैले देख्न सक्दैन। तर परमेश्वर
हुबहु येशू हुनुहुन्छ। सृष्टिका सम्मूर्ण थोकमाथि येशू
शासक हुनुहुन्छ। १६उहाँकै शक्तिद्वारा सारा थोक सिर्जित
छ स्वर्ग र पृथ्वीका कुराहरू, दृश्य र अदृश्य कुराहरू,
सिंहासन अथवा शक्तिहरू, शासकहरू अथवा अधिकारहरू,
यी सब कुराहरू ख्रीष्टद्वारा अनि ख्रीष्टकै निम्ति
बनाइएका हुन्। १७सबै चीजहरू बनिनु अघि पनि ख्रीष्ट
हुनुहुन्थ्यो। अनि उहाँ द्वारा प्रत्येक चीज एक साथ

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

राखिएकोछ चालु रहन। १८ख्रीष्ट शरीरको शिर हुनुहुन्छ।
शरीर मण्डली हो। अनि उहाँ प्रभु* हुनुहुन्छ जो
मृत्युबाट बौराइनुभएको थियो। यसैले सबै कुरामा येशू
नै एक अति महत्वपूर्ण हुनु हुन्छ। १९यो परमेश्वरको
इच्छा थियो कि उनको सम्पूर्णता ख्रीष्ट मै बाँचिरहोस्।
२०अनि यो परमेश्वरको इच्छा थियो कि उहाँले स्वर्ग
अनि पृथ्वीको जम्मै वस्तुहरू ख्रीष्ट मार्फत फेरि उहाँमा
ल्याउने। क्रूसमा परमेश्वरले ख्रीष्टको रगतबाट शान्ति
ल्याउनु भयो।

२१एक समय तिमीहरू परमेश्वरदेखि अलग गरिएका
थियौ। तिमीहरूको दुष्ट कर्महरू जो परमेश्वर विरोधी
रहेको कारणले तिमीहरू परमेश्वरका शत्रु थियौ। २२तर
ख्रीष्टले तिमीहरूलाई फेरि परमेश्वरको मित्र बनाइदिनु
भएकोछ, आफ्नो मृत्युद्वारा त्यो गर्नुभयो जब उहाँ
शरीरमा हुनुहुन्थ्यो। परमेश्वरको अघि तिमीहरूलाई पवित्र,
निष्कलंक अनि कुनै प्रकारले तिमीलाई निन्दारहित बनाई
उभ्याउनुलाई उहाँले त्यसो गर्नु भयो। २३तिमीहरूले
सुनेको सुसमाचारमा विश्वास गर्‍यौ भने ख्रीष्टले यसो
गर्नु हुनेछ। तिमीहरू आफ्नो विश्वासमा दृढ़ र निश्चल
बस्नु पर्छ। सुसमाचारले दिएको आशाबाट नडग। त्यही
सुसमाचार संसारका सबै मानिसहरूलाई सुनाइएको छ।
म, पावल त्यही सुसमाचारको सेवक हुँ।

## मण्डलीको लागि पावलको काम

२४तिमीहरूका लागि दु:खहरू उठाउनु परेकोमा म
खुशी छु। ख्रीष्टको शरीरले दु:ख झेल्नु पर्ने अझै धेरै
छ। जो मेरो शरीरले पाउने पर्ने कष्टहरू हुन म ग्रहण
गरिरहेकोछु। म उहाँको शरीर-मण्डलीको निम्ति दु:ख
उठाउँछु। २५म मण्डलीको सेवक बनें किन कि परमेश्वरले
मलाई एक विशेष काम गर्न भनी अह्राउनु भयो। यस
कामले तिमीहरूलाई नै सहायता गर्नेछ। परमेश्वरको
संदेश सम्पूर्ण रूपले बताउनु मेरो काम हो। २६यो गोप्य
सत्य शुरूदेखि नै सबै मानिसहरूबाट लुकाइएको थियो।
तर अब परमेश्वरको पवित्र जनलाई यो गोप्य सत्य
प्रकट गराइएको छ। २७त्यो धनी र महिमामयी सत्य
आफ्ना मानिसले जानुन् भन्ने निश्चय परमेश्वरले गर्नुभयो।
त्यो महान सत्य सबै जातिहरूको लागि हो। अनि उहाँ
सत्य हुनुहुन्छ ख्रीष्ट स्वयं, जो तिमीहरू सबैमा हुनुहुन्छ।
परमेश्वरको महिमामा भागीदारी हुनु उहाँ हाम्रो एक
आशा हुनुहुन्छ। २८यसैले हामी ख्रीष्ट बारे लगातार
भनिरहन्छौं। हरेक मानिसलाई सम्झाउनु र हरेकलाई
शिक्षा दिनु हामी सम्पूर्ण ज्ञानलाई काममा लगाउँछौं
ताकि प्रत्येक व्यक्तिलाई ख्रीष्टमा परिपक्क बनाई
परमेश्वर अघि ल्याउनु सकौं। २९यसो गर्न, म ख्रीष्टले
दिनुभएको तेज अनि शक्तिलाई काममा लाउँदै संघर्ष
अनि काम गर्छु। मेरो जीवनमा त्यही शक्तिले काम गर्छ।

२ तिमीहरूलाई सहायता गर्न म भरमग्दूर कोशिश
गर्दैछु भन्ने कुरो जनाउन चाहन्छु। अनि म अरूको
साथ साँच्चै लाओडिसियामा मानिसहरूलाई सहायता गर्ने
प्रगाड़ कोशिशमा छु जसले मलाई देखेकै छैन। २म
तिनीहरूलाई दृढ़ र प्रेमले संगठित बनाउन चाहन्छु। म
तिनीहरूलाई दरिलो विश्वासमा धनी बनाउन चाहन्छु जुन
समझदारीबाट आउँदछ। मेरो भन्नुको तात्पर्य हो परमेश्वरले
प्रकट गरेको गोप्य सत्य तिनीहरूले पूर्णरूपले जान्नु
पर्छ। त्यो सत्य ख्रीष्ट स्वयं हुनुहुन्छ। ३ज्ञान र बुद्धिको
सारा भण्डारहरू ख्रीष्टमा गुप्तरूपले राखिएको छ।

४म तिमीहरूलई यी कुराहरू भन्दैछु ताकि कसैले
पनि तिमीहरूलाई प्रभावपूर्ण तर्कमा मूर्ख बनाऊनु नसकुन्।
५म तिमीहरूसित त्यहाँ छैनँ तर मेरो हृदय त्यहीं छ।
तिमीहरूले असल जीवनधान्न शुरू गरेको र ख्रीष्टमा
दरिलो विश्वास राखेको देखेर म आनन्दित छु।

## ख्रीष्टमा स्थिर होऊ

६तिमीहरूले ख्रीष्ट येशूलाई प्रभुको रुपमा पायौ।
उहाँमै बस। ७तिमीहरू ख्रीष्टमा जरा गाड़ अनि तिमीहरूको
उसलाई घड़ेरी हुन देऊ। जसले कि तिमीहरूलाई सत्य
सिकायो, त्यस विश्वासमा दृढ अनि विश्वासी बन अनि
सधैं परमेश्वरलाई धन्यवाद चढ़ाऊ।

८सतर्क बन ताकि कसैले भूठो र व्यर्थका विचारले
तिमीहरूलाई धोका नदिवोस। त्यस्ता विचारहरू मानिसबाट
आउँछन्, अनि ख्रीष्टबाट होइन। त्यस्ता विचारहरू
संसारका मानिसहरूको अयोग्य विचार हुन्। ९परमेश्वरको
सम्पूर्णता ख्रीष्टमा शारिरीक रूपमा छ। १०अनि ख्रीष्टमा
तिमीहरू पूर्ण छौ। जो सबै शासक र शक्तिहरूका शिर
हुनुहुन्छ।

११ख्रीष्टमा तिमीहरूको भिन्नै खतना गरियो। यस्तो
खतना मानिसबाट गरिदैंन। मेरो मतलब, तिमीहरू
आफ्नो पापपूर्ण प्रकृतिको शक्तिबाट मुक्त गरिएकाछौ।

---

**प्रभु** शाब्दिक अर्थ "पहिले जन्मेको"।

खीष्टले गर्नु हुने खतना यस्तो प्रकृतिको हुन्छ। [12]यस्तो
भयो जब तिमीहरू बप्तिस्माको माध्यम खीष्टसित गाड़िएका
थियौ अनि उहाँसितै बौराई उठाइयो किनभने परमेश्वरको
शक्तिमा तिमीहरूले विश्वास गरेका छौ। खीष्टलाई
मृत्युदेखि उठाएर परमेश्वरले आफ्नो शक्ति देखाउनु
भयो। [13]तिमीहरूको पापहरूको कर्मले गर्दा अनि
आफ्नो पापमय प्रकृतिबाट मुक्त नभएकाले गर्दा तिमीहरू
मरेका थियौ। तर परमेश्वरले तिमीहरूलाई खीष्टसितै
जीवित तुल्याउनु भयो अनि हाम्रा सम्पूर्ण पापहरूलाई
क्षमा गर्नु भयो। [14]हामी ऋणी छौं किन कि हामीले
परमेश्वरको नियम तोड़ेका थियौं। त्यस ऋण-पत्रमा
नियमको सूची थिएन जुन हामीले मानेका थिएनौं। तर
परमेश्वरले हामीलाई त्यस ऋणदेखि पनि मुक्त परिदिनु
भयो। परमेश्वरले त्यो ऋण लगेर क्रूसमा ठोकिदिनु
भयो। [15]परमेश्वरले आत्मिक शक्ति र अधिकारहरूलाई
जित्नुभयो। क्रूसले परमेश्वर विजयी बन्नुभयो अनि ती
अधिकारहरू, शक्तिहरूलाई परास्त गर्नुभयो। तिनीहरू
शक्तिहीन थिए, भन्ने कुरो परमेश्वरले संसारलाई देखाउनु
भयो।

### मानिसहरूले बनाएको नियमहरू नमान

[16]यसकारण तिमीहरूको खाना पिना अथवा यहूदी
दस्तुरहरूको विषयमा कसैले आलोचना नगरोस (उत्सव,
औंसी पर्व* अथवा शवाथको दिन*)। [17]पहिले यी
चीजहरू भविष्यमा हुने कुराहरूको छाया थियो। ती
चीजहरू खीष्टमा नै भेटिन्छ। [18]कसै-कसैले वहना गर्न
मन पराउछन् अनि कसैले स्वर्गदूतहरूको आराधना गर्न
मन पराउँछन्। तिनीहरू भन्छन तिनीहरूले दर्शनहरू
देखेका छन्। तिनीहरूलाई भन्ने अनुमति दिनु हुँदैन,
"तिमीहरू भूल बाटोमा छौ, किनभने तिमीहरू यी
चीजहरू गर्दैनौ।" [19]ती मानिसहरू खीष्टको अधीनमा
रहन रूचाउँदैनन्। सम्पूर्ण शरीर खीष्टमा भर पर्छ।
खीष्टकै कारणले शरीरका जम्मै अंगहरू एक-अर्कालाई
याद गर्छन औ सहायता गर्छन। यसले शरीरलाई शक्तिशाली
बनाउँछ अनि एक साथ राख्छ। अनि शरीर परमेश्वरले
इच्छा गरे झैं बढ्छ।

[20]तिमीहरू खीष्टसितै मरेका छौ र संसारका व्यर्थका
नियमहरूबाट मुक्त बनेका छौ। त्यसकारण अझै तिमी
यही संसारको हौ भन्ने अभिनय किन गर्छौं? म के
भन्छु भने यस्तो नियमहरू किन मानिरहेका छौ? [21]"यो
नखाऊ", "त्यो नचाख", "त्यो नछुव" भन्ने! [22]यी जम्मै
संसारिक नियमहरू यस्ता चीजहरूसँग सम्बन्धित छन् जो
एक पल्ट व्यवहार गर्दा शेष हुन्छ। यी त मानिसहरूका
निर्देशन र आज्ञाहरू हुन्, परमेश्वरका होइनन्। [23]यस्ता
नियमहरू सुन्दर र बुद्धिमानी देखिन्छन्, तापनि यी
मानिसले बनाएको धर्मका अंगहरू हुन्। यसले
मानिसहरूलाई विनम्र बनिएको बहना गर्छ, अनि शरीरलाई
दु:ख दिदंछ। तर धर्मले मानिसलाई तिनीहरूको पापमय
प्रकृतिले चाहेको दुष्ट कुराहरू गर्नदेखि रोक्दैन।

### खीष्टमा तिम्रो नयाँ जीवन

**३** जब तिमीहरू मृत्युबाट खीष्टसितै उठाइयौ स्वर्गका
ती वस्तुहरू पाउने कोशिश गर जहाँ परमेश्वरको
दाहिने तर्फ खीष्टलाई बसाइएकोछ। [2]स्वर्गकै कुराहरू
मात्र सोच, पार्थिव होइन। [3]तिमीहरूको पुरानो पापमय
जीवन मरिसकेको छ, अनि तिमीहरूको वर्तमान नयाँ
जीवन परमेश्वरमा खीष्टसित छ। [4]खीष्ट तिम्रो जीवन
हो। जब उहाँ आउनु हुन्छ, तिमीहरू उहाँसितै महिमामा
देखा पर्नेछौ।

[5]यसकारण सबै कुकर्महरूलाई आफ्नो जीवनदेखि
पन्छाइदेऊ-जस्तो व्यभिचार, अशुद्धता, कुइच्छा, लोभ
जुन मूर्ति पूजा जस्तै हो। [6]यस्ता कुराहरूले आज्ञा
नमान्नेहरू माथि परमेश्वरलाई रिस उठाउँछ।* [7]अघि-अघि
तिमीहरू पनि यस्तै कर्म गर्दै यसरी नै जीवन बिताउँथ्यौ।

[8]तर अब यी कुराहरूलाई आफ्नो जीवनदेखि अलग
राख। रिस, क्रोध, डाह, निन्दा अनि बातचीत गर्दा हुँदी
लाजलाग्दो शब्दहरूको प्रयोग नगर। [9]तिमीहरू आपस्तमा
झूटो नबोल। किन? किन कि तिमीहरूले आफ्ना
पापमय जीवन र त्यस जीवनसँग चल्ने कुरोहरू फ्याँकी
सकेका छौ। [10]अब तिमीहरू नयाँ जीवनमा बाँच्न
थालेका छौ। नयाँ जीवनमा तिमीहरू लगातार नयाँ भई
रहने छौ। तिमीहरू आफ्नो विधाता झैं बन्दैछौ। यस
नयाँ जीवनले तिमीहरूलाई परमेश्वरलाई साँचो रूपमा
चिनाउन लैजाने छ। [11]यस नयाँ जीवनमा ग्रीक र

---

**औंसीको पर्व** यहूदी महीनाको पहिलो दिन। यो यहूदीहरूकोलागि पवित्र दिन थियो।

**शबाथ** हप्ताको सातौं दिन। यहूदीहरूको लागि यो विशेष धार्मिक दिन थियो।

**पद ६** केही ग्रीक प्रतिहरूमा यी शब्द जोडिएका छन्: "तिनीहरूका विरुद्ध जो परमेश्वरको आज्ञालाई भान्दैनन्।"

यहूदीहरू बीच कुनै भिन्नता छैन। खतना गरेका र
नगेरका मानिसहरू अथवा विदेशी वा सिथियान बीच
कुनै अन्तर छैन। कमरा र फुक्का मानिस वीच कुनै
फरक छैन। तर ती सब विश्वासीहरूमा ख्रीष्ट हुनु हुन्छ
र ख्रीष्ट नै सर्वोपरी हुनुहुन्छ।

१२परमेश्वरले तिमीहरूलाई छान्नुभयो र पवित्र बनाउनु
भयो। उहाँले तिमीहरूलाई प्रेम गर्नुहुन्छ। यसर्थ तिमीहरूमा
कोमल मायाहरू, दया, मनको नम्रता, दीनता अनि धैर्य
हुनु पर्छ र धैर्यवान बन। १३एक-अर्कामा सहनशील
होऊ। यदि कसैको कसैमाथि नालिस भए उसलाई माफ
देऊ। तिमीले अरूलाई क्षमा देऊ जसरी प्रभुले तिमीलाई
क्षमा दिनु भयो। १४यी सबै गर अनि सबभन्दा मुख्य
कुरो आपस्तमा प्रेम गर। यो प्रेम नै हो जेले तिमीहरूलाई
पक्का एकतामा रहन एकत्रित गरायो। १५ख्रीष्टको शान्तिले
तिमीहरूको हृदयलाई नियन्त्रण गरोस। तिमीहरूले शान्ति
पाऊ भनी एउटै शरीरमा* बोलाइएका छौ। सदा सर्वदा
धन्य होऊ। १६ख्रीष्टको संदेश तिमीहरूभित्र समृद्ध
भावमा रहोस्। एक-अर्कामा शिक्षा दिनु र दृढ़ बनाउन
सम्पूर्ण बुद्धि खटाऊ। परमेश्वरलाई हृदयले धन्यवाद
चड़ाउँदै भजन, गीत र आत्मिक स्तुतिहरू गाऊ।
१७तिमीहरू जे पनि बोल्छौ, जे गर्छौ तिम्रो प्रभु येशूको
लागि गर येशूद्वारा पिता परमेश्वरलाई धन्यवाद देऊ।

### अरूसित तिम्रो नयाँ जीवन

१८पत्नीहरू, आफ्ना पतिका अधीनमा रहौ। प्रभुका
अनुयायीहरुको लागि यो ठिक हो।

१९पतिहरू, तिमीहरूका पत्नीहरूलाई प्रेम गर, अनि
उनीहरू प्रति कोमल बन।

२०बालकहरू, तिमीहरूका आमा-बाबुले भनेको प्रत्येक
कुरो मान। यसले प्रभुलाई खुशी तुल्याँउछ।

२१पिताहरू, तिमीहरूका बालकहरूलाई निराश
नतुल्याऊ। यदि तिमीहरूलाई खुशी पार्न कठिन परे,
तिनीहरूले चेष्टा छाड़नेछन्।

२२सेवकहरू, हर कुरामा आफ्नो संसारिक मालिकहरूले
भनेको मान। मालिकहरूको अनुपस्थितिमा पनि इमान्दारी
सित काम गर। किनभने तिमीहरू मानिसहरूलाई खुशी
पार्न चेष्टा गरिरहेका छौ। तिमीहरू प्रभु स्वंयलाई खुशी
पार्न चेष्टा गरिरहेका छौ। यसकारण इमान्दारीपूर्वक आज्ञा
पालन गर किन कि तिमीहरूले प्रभुलाई सम्मान गर्दैछौ।
२३काम जस्तो सुकै होस, तिम्रो योग्यताले भेटे सम्म
राम्रो गर। प्रभुको सेवा गर्दैछौ त्यस प्रकारले गर, अनि
मानिसलाई होइन। २४याद राख, परमप्रभुले तिमीहरूलाई
पुरस्कार दिनुहुनेछ। उहाँले आफ्ना मानिसहरूलाई के
दिने प्रतिज्ञा गर्नु भएको छ त्यो तिमीलाई दिनु हुनेछ।
तिमीहरूले प्रभु ख्रीष्टको सेवा गर्दैछौ। २५याद गर
कसैले भूल गरे, त्यही अनुसार उसले दण्ड भोग्नु
पर्नेछ। प्रभुले हरेकलाई एक समान व्यवहार गर्नुहुनेछ।

४ मालिकहरू, आफ्ना सेवकहरूलाई काम अनुसार जे
उचित र राम्रो छ देऊ। याद राख कि स्वर्गमा तिम्रो
पनि मालिक हुनुहुन्छ।

### ख्रीष्टियनहरूलाई पावल केही गर्नलाई सल्लाह दिन्छन्

२आफैलाई प्रार्थनामा अर्पण गर। अनि जब प्रार्थना
गर्छौ सधैं परमेश्वरलाई धन्यवाद चढ़ाऊ। ३हाम्रो लागि
पनि प्रार्थना गर। परमेश्वरलाई प्रार्थना गर कि उहाँले
उहाँको संदेश मानिसहरूलाई भन्ने मौका हामीलाई
दिऊन। प्रार्थना गर कि परमेश्वरले ख्रीष्ट बारेमा खोली
दिनु भएको साँचो रहस्य प्रचार गर्न हामी योग्य हुन
सकौं। म कैदमा छु किन कि म यो सत्य सिकाँउछु।
४तिमीहरू प्रार्थना गर्न सक्छौ कि स्पष्ट सत्य म
मानिसहरूलाई व्याख्या गर्न योग्य बनौं। मैले त्यही गर्नु
परेको छ।

५अविश्वासीहरूसित व्यवहार गर्नमा बुद्धिमानी होऊ।
सर्वोत्तम तरिकामा तिमीलाई दिइएको अवसरहरू उपयोग
गर। ६जब तिमी बात मार्छौ नम्रता र बुद्धिमानीसित
व्यवहार गर। बन। यस प्रकारले हरेक मानिसलाई
ठीकसित उत्तर दिनु तिमीहरू योग्य हुनेछौ।

### पावलका साथीहरूको समाचार

७टाइकिकस ख्रीष्टमा मेरा प्रिय भाइ हुन्। प्रभुमा
उनी एक विश्वासी सेवक र मेरा सहकर्मी हुन्। मसित
घटेका सबै कुराहरूको बारेमा उनले तिमीहरूलाई भन्ने
छन्। ८त्यसैले म उनलाई तिमीहरूकाहां पठाउँदैछु। हामी
के-कस्तो अवस्थामा बाँचिरहेका छौं, त्यो तिमीहरूले
जान भन्ने म चहान्छु। तिमीहरूको उत्साहको निम्ति
उनलाई पठाउँदैछु। ९ओनेसिमससित उनी आउँदैछन्।
ओनेसिमस एकजना र विश्वासयोग्य अनि प्यारो भाइ

---

**शरीर** ख्रीष्टको आत्मिक शरीर, जसको अर्थ मण्डली अथवा
उहाँको मानिसहरू।

हुन्। उनी तिमीहरूकै समूहका हुन्। टाइकिकस, ओनेसिमसले तिमीहरूलाई यहाँको जम्मै हालखबर भन्नेछन्।

[१०]अरिस्तार्खसले नमस्कार पठाएका छन्। उनी पनि मसितै कैदमा छन्। अनि बर्णाबासका काकाका छोरा भाइ मर्कूसले पनि नमस्कार भनेका छन्। मर्कूसको विषयमा तिमीलाई निर्देशन दिएकोछु। यदि उनी आए भने उनलाई स्वागत गर्नू। [११]येशूले (उनलाई जस्तस पनि भनिन्छ) पनि आफ्नो नमस्कार पठाउँदैछन्। यहाँ यहूदी विश्वासीहरू मात्रै छन् जो मसित परमेश्वरको राज्यको निम्ति काम गर्दैछन्। यिनीहरू मेरा लागि सुखका कारण भएकाछन्।

[१२]येशू ख्रीष्टका सेवक इपाफ्रासले पनि आफ्नो नमस्कार पठाएका छन्। उनी तिमीहरूकै समूहका हुन्। उनी सधैं तिमीहरूका लागि प्रार्थना गर्दछन्। तिमीहरू आत्मिक रूपले परिपक्व होऊ र परमेश्वरले चाहेका सबै कुरा तिमीहरूसित होस् भन्दै उनी प्रार्थना गर्छन्। [१३]तिमीहरूका लागि र लाओडिसियाका तथा हिरापोलिसका मानिसहरूका लागि अनि हिरापोलिसमा उनी खुबै खटेका छन्, यो म जान्दछु। [१४]डेमास र हाम्रा प्रिय साथी वैद्य लूकाले नमस्कार पठाउँदैछन्।

[१५]लाओडिसियाका दाजु-भाइ अनि दिदी-बहिनीहरूलाई हाम्रो नमस्कार सुनाइदिनु। हाम्रो नमस्कार निम्फसलाई अनि मण्डलीलाई जो उनको घरमा जुट्छ, पनि भनिदिनु। [१६]यो चिट्ठी तिमीहरूले पढ़े पछि निश्चय होऊ कि यो चिट्ठी लाओडिसियामा पनि पढ़ियो। अनि जुन चिट्ठी मैले लाओडिसियामा पढाए, तिमीहरूले पढ़यौ। [१७]"प्रभुले उनीमाथि भरोशा गरेको सेवाको काम निश्चित भएर गर्नू" भनी अर्खिपसलाई भन।

[१८]म, पावल आफ्नै हातले तिमीहरूलाई नमस्कार लेख्दैछु। याद राख्नु, म कारागारमा छु। परमेश्वरको अनुग्रह तिमीहरूमा रहोस्।

# थिस्सलोनिकीहरूलाई पावलको पहिलो पत्र

१ पावल, सिलवानस र तिमोथी थिस्सलोनिकीमा बस्ने
मण्डलीलाई अभिवादन गर्छन, जुन मण्डली परम
पिता परमेश्वर र प्रभु येशू ख्रीष्टमा छ। परमेश्वरको
अनुग्रह र शान्ति तिमीहरूलाई होस्।

## थिस्सलोनिकीहरूको जीवन र विश्वास

२प्रार्थना गर्दा हामी सधैं तिमीहरू सबैलाई सम्झन्छौं
र तिमीहरू सबैको लागि परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं।
३तिमीहरूको विश्वासको लागि अनि जुन कुरो तिमीहरूले
गरेकाछौ त्यसको लागि हामी सधैं प्रार्थना गर्दा परमेश्वर
हाम्रा पितालाई धन्यवाद दिंदछौं। अनि प्रेमको कारणले
तिमीहरूले गरेको कामको निम्ति उहाँलाई धन्यवाद
दिंदछौं। हाम्रा प्रभु येशू ख्रीष्टमा तिमीहरूको आशाको
कारणले दृढ़ रहेकोमा हामी तिमीहरूलाई धन्यवाद
दिंदछौ। ४दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, परमेश्वरले
तिमीहरूलाई प्रेम गर्नुहुन्छ। हामी जान्दछौं उनले तिमीहरूलाई
आफ्नो बनाउन छान्नुभयो। ५हामीले तिमीहरूकहाँ सुसमाचार
ल्यायौं। तर हामीले शब्द मात्र दिएनौं, त्यो सुसमाचारसित
शक्ति पनि दियौं। यो हामीले पवित्र आत्मासित* अनि
निश्चित बुद्धिद्वारा ल्यायौ जुन यो सत्य हो। त्यसको
साथै, हामी तिमीहरूसित रहँदा कसरी रह्यौं त्यो पनि
तिमीहरूले जान्यौ। ६अनि तिमीहरू हामी जस्तै र प्रभु
जस्तै भयो। तिमीहरूले धेरै दुःख पायौ र पनि शिक्षालाई
आनन्दपूर्वक ग्रहण गर्‍यौ। त्यो आनन्द पवित्र आत्माले
दिएको हो। ७म्यासिडोनिया र अखैयाका सबै विश्वासीहरूका
निम्ति तिमीहरू एक उदाहरण बन्यौ। ८तिमीहरूबाटै
म्यासिडोनिया र अखैयामा परमेश्वरको संदेश फिंजियो।
र परमेश्वर प्रति तिमीहरूको विश्वास प्रत्येक ठाँउका
मानिसहरूले बुझे। यसकारण तिमीहरूका विश्वासबारे
हामीले केही भन्नु पर्दैन। ९हामी त्यहाँ छँदा तिमीहरूले
जुन असल तरिकाले हामीलाई स्वीकार गर्‍यौ, त्यो कुरा
सबैतिर गरिन्छ। तिमीहरूले कसरी मूर्ति पूज्न छोड़्यौ र
जीवित र सत्य परमेश्वरको सेवा गर्न थाल्यौ यस बारे
पनि तिनीहरू कुरा गर्छन्। १०परमेश्वरको पुत्र स्वर्गबाट
आउनुहुने प्रतीक्षामा तिमीहरूले मूर्ति-पूजा छोड़्यौ।
परमेश्वरले उहाँको पुत्रलाई मृत्युबाट बौराउनु भयो। उहाँ
येशू हुनुहुन्छ, जसले परमेश्वरको आगामी रीसबाट
हामीलाई बचाउनु हुनेछ।

## थिस्सलोनिकीमा पावलको काम

२ दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, तिमीहरू जान्दछौ,
हामी तिमीहरूकहाँ आएको व्यर्थ भएन। २हामी
त्यहाँ आउनु भन्दा अघि फिलिप्पीमा ठूलो दुःख पायौं।
त्यहाँका मानिसहरूले हाम्रो विरुद्धमा नराम्रा-नराम्रा कुरा
गरे। यी सब तिमीहरू जान्दछौ। अनि जब हामी
तिमीहरूकहाँ पुग्यौं, त्यस बेला पनि धेरै जना हाम्रो
विरुद्धमै थिए। तर हाम्रो परमेश्वरले हामीलाई निर्भयतासित
तिमीहरूलाई यो सुसमाचार दिनु सहायता गर्नुभयो।
३हामीलाई कसैले धोका दिएनन्। हामी दुष्ट होइनौ।
हामी कसैलाई छल गर्ने चेष्टा गर्दैनौ। यसकारण
मानिसहरूलाई हामी जो विश्वास गराउनु उत्साह दिन्छौ
त्यो यी कारणहरूबाट कुनै एउटा पनि होइन। ४होइन,
हामी सुसमाचार सुनाउँछौं किनकि परमेश्वरले हामीलाई
परीक्षा लिनु भएको छ र यसो गर्नको लागि विश्वास
गर्नुभएको छ। यसकारण जब हामी बोल्छौं हामी
मानिसहरूलाई खुशी पार्ने कोशिश गर्दैनौं। हामी त
परमेश्वरलाई खुशी पार्न चाहन्छौं। परमेश्वर नै एक
हुनुहुन्छ जसले हाम्रो हृदय जाँच्नु हुन्छ। ५तिमीहरूको
प्रशंसा गरेर हामीले तिमीहरूलाई प्रभावित पार्न खोजेका
छैनौं, यो तिमीहरू जान्दछौ। हामीले तिमीहरूबाट पैसा
लिने कोशिश पनि गरेका छैनौं। तिमीहरूबाट हाम्रो

---

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

स्वार्थ लुकाउनु केही छैन। परमेश्वर जान्नु हुन्छ, यो साँचो हो। ६हामीले कुनै मानिसबाट प्रशंसा पनि खोजेका छैनौं, न तिमीहरूबाटै, न अरूबाटै।

७हामी ख्रीष्टका प्रेरितहरू* हौं। र जब हामी तिमीहरूसित बसिरहेका थियौ हामीले आफ्ना अधिकार पनि प्रयोग गर्न सक्ने थियौं र तिमीहरूलाई हाम्रो काम गर्ने बनाउन सक्ने थियौ। तर हाम्रो व्यवहार तिमीहरूसित भद्र बन्यो जस्तो एउटी आमाले आफ्ना नानीहरूको हेरचाहमा गर्दछिन्। ८हामीले तिमीहरूलाई धेरै माया गर्‍यौं। त्यसैले तिमीहरूलाई परमेश्वरको सुसमाचारको भागीदार बनाउन चाह्यौं। तर त्यति मात्र होइन हामीले आफ्नो जीवन पनि तिमीहरूसित बाँड्नु चाहेका छौं। ९दाजु-भाइहरू र दिदी-बहिनीहरू, सायद तिमीहरूलाई थाहा होला हामीले कति परिश्रम गर्‍यौ। हामीले परमेश्वरको सुसमाचार प्रचार गर्दा दिन रात काम गर्‍यौ, किनभने हामी तिमीहरूमाथि भार हुन खोजेनौ।

१०जब हामी तिमी विश्वासीहरूसित थियौं, हामी पवित्रता, धार्मिक, निष्कलंक बस्यौ। यो सत्य तिमीहरू र परमेश्वरलाई थाहा छ। ११जस्तो तिमीहरूलाई थाहा छ हामीले तिमीहरूसित त्यस्तै व्यवहार गर्‍यौं जस्तो एक जना बाबुले आफ्ना बालकहरूसित गर्छन्। १२हामीले तिमीहरूलाई उत्साह दियौं, ढाड्स दियौं र परमेश्वरको लागि पवित्र जीवन बाँच्ने आग्रह गर्‍यौं। परमेश्वरले तिमीहरूलाई आफ्नो राज्य र महिमामा बोलाउँदछन्।

१३तिमीहरूले हामीबाट परमेश्वरकै वचन झैं ग्रहण गरेको कारणले हामी सधैं परमेश्वरलाई धन्यवाद दिंदछौं। जब तिमीहरूले त्यो वचन हामीहरूबाट सुन्यौ, तिमीहरूले इच्छापूर्वक ती वचनहरू परमेश्वरबाट पाए झैं ग्रहण गर्‍यौ अनि मानिसहरूबाट आए झैं होइन। वास्तवमा त्यो वचन परमेश्वरकै हो। त्यस वचनले तिमी विश्वासीहरूमा कार्य गर्‍यो। १४दाजु-भाइहरू र दिदी-बहिनीहरू, ख्रीष्ट येशूमा तिमीहरू यहूदीयामा परमेश्वरको मण्डलीहरू जस्ता हौ। यहूदीयामा परमेश्वरका जनहरूले त्यहाँका अरू यहूदीहरूबाट खुबै कष्ट खपेका थिए। अनि तिमीहरूले पनि आफ्नै देशवासीहरूबाट उस्तै दु:ख भोग्यौ। १५ती यहूदीहरूले प्रभु येशूलाई र अगमवक्ताहरूलाई मारे। तिनीहरूले हामीलाई हाम्रो देश छोड्न बाध्य गराए। परमेश्वर तिनीहरूसित खुशी हुनु हुन्न। तिनीहरू सबैका विरुद्ध छन्। १६तिनीहरूले अयहूदीहरूलाई प्रचार गर्न वाधा दिए। हामी अ-यहूदीहरूलाई प्रचार गर्छौं ताकि तिनीहरू पनि बाँच्न सकुन। तर ती यहूदीहरू आफ्ना पुराना पापहरू माथि पनि अझै पापहरू थुपार्दै छन्। अब तिनीहरूमाथि परमेश्वरको रिस पुरै आउनेवाला छ।

### तिनीहरूलाई फेरि भेट्ने पावलको इच्छा

१७हे दाजु-भाइहरू र दिदी-बहिनीहरू, छोटो समयको लागि हामी तिमीहरूबाट छुट्टिएका थियौं। हामी शारीरिक रूपमा तिमीहरू सित छैनौ तर हाम्रो सोचाइमा तिमीहरू सितै छौं। तिमीहरूलाई भेट्न हामी खुबै उत्सुक थियौं र हामीले गर्नु कड़ा चेष्टा पनि गर्‍यौ। १८हो, हामी तिमीहरूलाई भेट्न चाहन्छौं। म, पावल तिमीहरूकहाँ आउन धेरै चोटी साँच्चै चेष्टा चलाँए, तर त्यसो गर्न शैतानले हामीलाई सधैं बाधा पुर्‍यायो। १९जब हाम्रा प्रभु येशू ख्रीष्ट आउनु हुन्छ तब तिमीहरू नै हाम्रा गर्वको विषय हुनेछौ, किनभने तिमीहरू हाम्रो आशा, हाम्रो मुकुट अनि हाम्रो आनन्द हौ। २०तिमीहरू नै साँच्चै, हाम्रा महिमा र आनन्द हौ।

३ हामी तिमीहरूकहाँ आउन सकेका छैनौ अनि पर्खन पनि निकै गाह्रो भइ राखेकोछ। हामीले तिमोथीलाई तिमीकहाँ पठाउने, र आफू एथेन्समा बस्ने निर्णय गर्‍यौं। तिमोथी हाम्रा भाइ हुन्। उनी परमेश्वरसित ख्रीष्टको सुसमाचार मानिसहरू माझ प्रचार गर्ने काम गर्छन्। तिमीहरूलाई आफ्नो विश्वासमा दृढ़ र उत्साह दिन हामीले तिमोथीलाई पठाएका छौं। ३हामीले तिमोथीलाई पठाएका छौ ताकि हामीले सामना गर्नु परेको विपत्तिले तिमीहरू हतोत्साह हुनु नपरोस। तिमीहरूलाई यादै थियो, कि हामी माथि यी विपत्तिहरू पर्ने नै छ। ४जब हामी तिमीहरूसँग थियौं हामीले तिमीहरूलाई भनेका थियौं कि हामीले विपत्ति सामना गर्नुपर्छ। अनि तिमीहरू जान्दछौ कि जस्तो हामीले भनेका थियौ त्यही भयो। ५त्यसैकारण तिमोथीलाई तिमीहरूकहाँ तिमीहरूको विश्वासको विषयमा जान्न पठाइएको थियो। जब मैले केही क्षण पनि पर्खन सकिन उनलाई पठाँए। मलाई डर थियो कहीं शैतानले तिमीहरूलाई परिक्षा लियो अनि हाम्रो सम्पूर्ण परिश्रम व्यर्थ भयो।

६तर तिमोथी तिमीहरू कहाँ आफ्नो भ्रमणबाट भर्खर फर्केर आई तिमीहरूको विषयमा प्रेम र विश्वासको शुभ समाचार हामीलाई सुनाए। उनीबाट बुझ्यौं कि

**प्रेरितहरू** येशूले आफ्नो खास सहायक चुनु भएको मानिसहरू।

तिमीहरूले हामीलाई सधैं संझदा रहेछौ र हामीलाई
भेटने ठूलो इच्छा रहेछ। हामीलाई पनि त्यस्तै भइरहेछ।
[७]यसकारण, दाजु-भाइहरू र दिदी-बहिनीहरू, तिमीहरूका
विश्वासले गर्दा हामी ढुक्क छौं। हामीलाई धेरै दु:ख
तकलीफ छ तरै पनि हामी तिमीहरूको विश्वासको
बारेमा सुनेर निश्चिन्त छौं। [८]तिमीहरू परमप्रभुमा दरिलोसित
उभिन सक्यौ भने हाम्रो जीवन वास्तवमा पूर्ण हुन्छ।
[९]तिमीहरूकै कारणले परमेश्वरको अघि हामी हर्षित
छौं। यसर्थ, त्यसैको लागि हामी परमेश्वरलाई धन्यवाद
दिन्छौं। यही सब आनन्दको निम्ति हामी परमेश्वरलाई
प्रशस्त धन्यवाद दिनु सक्तैनौ। [१०]हामी रात-दिन तिमीहरूका
लागि उत्साह पूर्वक परमेश्वरसित प्रार्थना गरिरहेकाछौं
ताकि तिमीहरूलाई भेटन जान हामीलाई सम्भव होस्
अनि तिमीहरूको विश्वासमा आएको कुनै पनि कमीमा
हामी आपूर्ति गर्न सकौं।

[११]हाम्रो प्रार्थना छ कि हाम्रा पिता परमेश्वर र हाम्रा
परमप्रभु येशू ख्रीष्टले तिमीहरूकहाँ आउने बाटो खोलिदिनु
हुनेछ। [१२]हाम्रो प्रार्थना छ कि परमप्रभुले तिम्रो प्रेमलाई
बढ़ाइदिनु हुनेछ, ताकि तिमीहरूको एक अर्कामा र
जम्मै मानिसहरूमा प्रेम लगातार परिपूर्ण भई बढ़ोस्।
हामी प्रार्थना गर्छौं कि हामीले तिमीहरूलाई प्रेम गरे
जस्तै प्रत्येकमा प्रेम गर। [१३]तिमीहरूको हृदय दृढ़ बनोस्
भनेर हामी यो प्रार्थना गर्दछौं। जब हाम्रो प्रभु येशू
आफ्ना सबै पवित्र जनहरूसित आउनु हुनेछ, तिमीहरू
परमेश्वर हाम्रा पिताका अघि पवित्र र निष्कलंक
हुनेछौ।

## परमेश्वरलाई प्रसन्न पार्ने जीवन

४ दाजु-भाइहरू र दिदी-बहिनीहरू, अब मैले तिमीहरूलाई
केही अर्कै कुरो भन्दैछु। परमेश्वरलाई खुशी राख्ने
हिसाबले कसरी जिउनु पर्छ त्यो हामीले तिमीहरूलाई
सिकाएका छौं अनि त्यसरी नै तिमीहरू बसिरहेका छौ।
अब हामी तिमीहरूलाई भन्छौ अनि उत्साह दिन्छौ कि
प्रभु येशूमा त्यही प्रकारले अझ अधिक बाँचिरहु।
[२]तिमीहरू जान्दछौ कि हामीले तिमीहरूलाई के गर्नु
शिक्षा दिएका छौं। हामीले ती कुराहरू प्रभु येशूको
अधिकारले भनेका हौं। [३]परमेश्वर चाहनु हुन्छ तिमीहरू
पवित्र जीवन बिताऊ अनि यौन पापहरूबाट टाढ़ो बस।
[४]परमेश्वर इच्छा गर्नुहुन्छ कि तिमीहरूले आफ्नो शरीर
नियंत्रणमा राख्नु सिकेको हुनुपर्छ। परमेश्वरलाई सम्मान
गर्न तिमीहरूले शरीर पवित्र राख। [५]आफ्नो शरीरलाई
यौन-पापको काममा नलगाऊ। तिनीहरू जजसले
परमेश्वरलाई जान्दैनन तिनीहरू त्यसो गर्छन्। [६]यस
विषयमा तिमीहरू कसैले ख्रीष्टमा भएका भाइसँग भूल
काम गर्नु हुँदैन अनि तिनको शोषण गर्नु हुँदैन। यस्तो
कुकर्मीहरूलाई परमप्रभुले दण्ड दिनुहुनेछ। यसबारे पहिल्यै
भनिसकेका छौं र चेतावनी पनि दिइसकेका छौं।
[७]परमेश्वरले हामीलाई पवित्र भएर बस्न बोलाउनु भएको
हो अपवित्रतामा होइन। [८]यसकारण जसले यो शिक्षालाई
मान्न अस्वीकार गर्छ उसले परमेश्वरलाई मान्न अस्वीकार
गर्छ, मान्छेलाई होइन। परमेश्वर तिमीहरूलाई आफ्नो
पवित्र आत्मा दिनुहुन्छ।

[९]ख्रीष्टमा भाइ-बहिनीहरूलाई प्रेम गर भनेर लेखिरहने
कुनै आवश्यकता देख्दैनौं। आपस्तमा प्रेम गर भन्ने
आज्ञा परमेश्वर स्वयंले दिइसक्नु भएको छ। [१०]अनि
वास्तवमा तिमीहरूले म्यासिडोनियाका सबै दाजु-भाइहरू
र दिदी-बहिनीहरूलाई प्रेम गर्दछौ। दाजु-भाइ, दिदी-
बहिनीहरू, तिनीहरूलाई अझै कसिलो प्रेम गर। यो
हाम्रो हौसला हो।

[११]शान्तिपूर्ण जीवन बाँच्ने कोशिश गर। आफ्नै धन्धा
याद गर, आफ्नै हातले काम गर। हामीले तिमीहरूलाई
यी कार्यहरू गर भनी बताइसकेकै छौं। [१२]यदि तिमीहरूले
यस्तो काम गरे विश्वास नगर्नेहरूले पनि तिम्रो जीवन
शैलीको आदर गर्नेछन्। अनि आफ्नै आवश्यकताको
लागि कसैमाथि भर पर्नु पर्दैन।

## प्रभु आउनु हुँदैछ

[१३]दाजु-भाइहरू र दिदी-बहिनीहरू, हामी चाहन्छौं,
जो मृत्युको मुखमा परे तिनका विषयमा पनि तिमीहरूले
जान। हामी चाहँदैनौ कि अरू आशा नभएका मानिसहरूले
जस्तो तिमीहरूले शोक गर्नु परोस्। [१४]हामी विश्वास
गर्दछौं कि येशूको मृत्यु भयो। तर हामी यो पनि
विश्वास गर्छौं कि येशू फेरि बौरी उठनुभयो। यसैले
येशूकै कारणले, परमेश्वरले ती मृतहरूलाई फेरि येशूसितै
एक साथ ल्याउनु हुनेछ। [१५]अब तिमीहरूलाई हामी जे
भन्देछौ त्यो सन्देश परमप्रभु स्वयंबाट आएको हो। हाम्रो
बीचमा जो अहिले जीवित छन्, परमप्रभु आँउदा पनि
केही जीवित रहने छन्। हामीहरू जो त्यस समय
जीवित रहने छौं, परमप्रभुसँग रहने छौं, तर जो पहिले

मरिसकेकाहरू भन्दा अघि होइन। १६परमप्रभु स्वयं
स्वर्गबाट आउनु हुनेछ। त्यसबेला एउटा ठूलो आवाजमा
आदेश सुनिनेछ। आदेश प्रधान स्वर्गदूतको* स्वरमा र
परमेश्वरको तुरहीको स्वरमा हुनेछ। अनि अघि जो
मरेकाछन् अनि ख्रीष्टमा थिए, पहिला उठ्ने छन्।
१७त्यसपछि त्यतिञ्जेल सम्म जीवित रहेका हामीहरूलाई
भेला गर्नुहुनेछ। हामी बादलमा लगिनेछौं र प्रभुलाई
हावामा भेट्ने छौं। अनि हामी सदाकाल प्रभुसितै रहने
छौं। १८यसकारण यस्ता शब्दहरूले एक-अर्कालाई
उत्साहित तुल्याँउदै गर।

## प्रभुको आगमनको लागि तयार बस

५ अब, दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, समय र
मितिको विषयमा लेख्न कुनै आवश्यकता छैन।
२तिमीहरू सबैले जान्दछौ जुन दिन प्रभु आउनुहुन्छ त्यो
दिन घरमा राती चोर पसेको जस्तै हुन्छ। ३मानिसहरू
भन्नेछन्, “हामीलाई शान्ति छ, हामी सुरक्षित छौं। तर
तिनीहरूमाथि एक्कासि विनाश आइलाग्छ जसरी गर्भवती
स्त्रीलाई एक्कासि प्रसव वेदनाले चाप्दछ। अनि त
तिनीहरूले भाग्ने मौका धरी पाउने छैनन्। ४तर तिमी
दाजु-भाइहरू र दिदी-बहिनीहरू अन्धकारमा छैनौ।
त्यसकारण, त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित
पार्ने छैन। ५तिमीहरू सबै उज्यालो र दिनमा छौ। हामी
अन्धकार र रातसित सम्वन्धित छैनौ। ६यसैले हामी अरू
जस्तो हुनु हुँदैन। हामी अरूहरू जस्तो सुतिरहनु हुँदैन,
तर जाग्रत र आत्म नियंत्रित हुनुपर्छ। ७सुत्नेहरू रातमा
सुत्छन्, मात्नेहरू रातमा मात्छन्। ८तर हामी दिनसंग
सम्वन्धित छौं, यसकारण हामी आफैले आफूलाई
नियंत्रित राख्नु पर्छ। हामीले आफ्नो रक्षा गर्न कवच
जस्तो प्रेम र विश्वास पहिरिनु पर्छ मुक्तिको आशा हाम्रो
शिर-रक्षक हुनुपर्छ। ९परमेश्वर हामीलाई उहाँको रिसको
भागी बन्न होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति
पाउनुको निम्ति छानिएका हौ। १०येशूले हाम्रो निम्ति
प्राण दिनु भयो जसमा कि हामी उहाँसितै बस्न सकौं।
जब उहाँ आउनुहुन्छ हामी जीवित रहौ कि मृत, यो
कुनै महत्वको कुरो होइन। ११यसकारण एक-अर्कालाई
उत्साह देऊ, एक-अर्कालाई बल देऊ। अनि त्यो त
तिमीहरू गरिरहेका छौ।

## अन्तिम निर्देशन र अभिवादन्

१२दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, अब हाम्रो
निवेदन छ कि जसले तिमीहरू माझ कठोर परिश्रम
गरे, जसले तिमीहरूलाई परमप्रभु तर्फ डोर्‍याए र असल
शिक्षा दिए तिनको सम्मान गर। १३हामी निवेदन गर्छौं
कि तिनीहरूले गरेको कामको सम्मानको निम्ति सम्मानको
विशेष प्रेम दर्शाऊ।

परस्परमा शान्तिपूर्वक बस। १४दाजु-भाइहरू अनि
दिदी-बहिनीहरू अल्छेहरूलाई चेतावनी दिनु, डरपोकहरूलाई
उत्साह दिनु, दुर्वलहरूलाई सहायता दिनु र सबैसित धैर्य
राख्नु भनी हामी तिमीहरूलाई विन्ति गर्छौं। १५याद गर,
कसैले गलत कामको बदला नलियोस। तर प्रत्येकले
एक-अर्काको अनि प्रत्येकको भलाई गर्ने लक्ष्य बनाउनु
पर्छ।

१६सधैं प्रसन्न बस। १७प्रार्थना गर्न कहिल्यै नछोड़।
१८सधैं परमेश्वरलाई धन्यवाद देऊ। ख्रीष्ट येशूमा हुने
तिमीहरूबाट परमेश्वर यही चाहनु हुन्छ।

१९पवित्र आत्माको काममा कहिल्यै वाधा नदेऊ।
२०भविष्यवाणीलाई महत्वहीन नठान। २१हरेक कुरालाई
जाँच र असल जति राख। २२हर प्रकार को दुष्ट्याइँदेखि
टाढ़ा बस।

२३शान्तिको स्रोत परमेश्वर स्वयंले तिमीहरू उहाँमा
हुनेहरूलाई पवित्र पारून भन्ने हाम्रो प्रार्थना छ। हाम्रो
प्रार्थना छ कि तिमीहरूका पूर्ण स्वयं आत्मा, प्राण र
शरीर हाम्रा प्रभु येशू ख्रीष्ट आँउदा पूर्णरूपले दोषरहित
बनाइ राख। २४उहाँ नै एक जसले तिमीहरूलाई
बोलाउनु भयो, तिम्रो लागि यी सब थोक गर्नु नै हुनेछ।
तिमीहरूले उहाँलाई विश्वास गर्न सक्छौ।

२५दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, हाम्रा लागि
पनि प्रार्थना गर। २६जब भेट गर्छौ सब भाइ बहिनीहरूलाई
पवित्र चुम्बनले अभिवादन गर। २७प्रभुको अधिकार
लिएर म भन्दैछु, यो पत्र सबै दाजु-भाइ अनि दिदी-
बहिनीहरूलाई पढ़ेर सुनाइदिनु पर्छ। २८हाम्रा परमप्रभु
येशू ख्रीष्टको अनुग्रह तिमीहरू सबैमा रहोस्।

---

**प्रधान स्वर्गदूत** परमेश्वरको दूतहरू मध्ये अगुवा।

# थिस्सलोनिकीहरूलाई पावलको दोस्रो पत्र

१ पावल, सिल्वानस, र तिमोथीबाट थिस्सलोनिका
मण्डलीलाई प्रणाम। तँपाईहरू हाम्रा पिता परमेश्वर
र प्रभु येशू ख्रीष्टमा हुनुहुन्छ।
२तिमीहरूलाई हाम्रा पिता परमेश्वर र प्रभु येशू
ख्रीष्टको अनुग्रह र शान्ति रहोस्।
३तिमीहरूको लागि हामी परमेश्वरलाई सधैँ धन्यवाद
दिन्छौं। त्यसो गर्नु हामीलाई ठिक छ कारण तिमीहरूको
विश्वास झन झन बढ़िरहेको छ। तिमीहरूले एक
अर्कामा गरेको प्रेम पनि बढ़िरहेको छ। ४यसैले परमेश्वरका
अरू मण्डलीहरूमा हामी तिमीहरू बारे गर्व गर्छौं।
तिमीहरू आफ्नो विश्वासमा अझै दरिलो बन्दै गएको
कुरा हामी अरू मण्डलीहरूमा पाउँछौ। तिमीहरू अनेक
कष्टले सताइँदैछौ ता पनि विश्वास छोड़ेका छैनौ, तर
यसको सट्टामा दृढ़ हुँदै जाँदैछौं।

## पावल परमेश्वरको न्याय बारे बोल्छन्

५यसले यो स्पष्ट पार्छ कि परमेश्वर आफ्नो न्यायमा
सत्य हुनुहुन्छ। परमेश्वरले तिमीहरूलाई उहाँको राज्यको
योग्य मानिसहरू बनिएको चाहनुहुन्छ। तिमीहरूको यातना
त्यही राज्यको लागि हो। ६परमेश्वरले जे गर्नु हुन्छ
ठिकसँग गर्नुहुन्छ। तिमीहरूलाई जसले कष्ट दिन्छन्
तिनीहरूलाई परमेश्वरद्वारा कष्ट भोगाइनेछ। ७अनि कष्टमा
परेका जो तिमीहरूलाई परमेश्वरले शान्ति दिनुहुन्छ।
परमेश्वरले यस्तै सहायता गर्नुहुन्छ जब प्रभु येशू आउनु
हुन्छ। उहाँको शक्तिशाली स्वर्गदूतहरूसित स्वर्गबाट येशू
तल आउनु हुनेछ। ८परमेश्वरलाई नचिन्नेहरू तथा हाम्रा
प्रभु येशू ख्रीष्टको सुसमाचारलाई नमान्नेहरूलाई दण्ड
दिनु उहाँ स्वर्गबाट बल्दो अगुल्ठो लिएर आउनु हुनेछ।
९तिनीहरूलाई अनन्त विनाशको दण्ड दिइनेछ। तिनीहरूलाई
प्रभुसित बस्न दिइनेछैन। उहाँका सर्वोच्च शक्तिदेखि धेरै
टाढ़ा तिनीहरूलाई राखिने छ। १०यो त्यस दिन हुन्छ जुन
दिन प्रभु येशू आउनु हुनेछ। उहाँ आफ्नो पवित्र
सन्तहरूसित महिमा लिन आउनु हुनेछ। अनि तिनीहरू
जजसले विश्वास गर्छन येशूलाई देखेर आश्चर्यचकित
हुनेछन्। तिमीहरू तिनै विश्वासीहरू मध्ये हुनेछौ किन
कि हामीले दिएको साक्षी तिमीहरूले विश्वास गरेका
छौ।
११त्यसैकारण हामी सधैं तिमीहरूको भलाईको लागि
प्रार्थना गर्दछौं। उहाँले तिमीहरूलाई बोलाएको जीवन
शैलीमा तिमीहरूलाई हाम्रो परमेश्वरले बाँच्ने योग्य
बनाई दिनु हुन हामी प्रार्थना गर्छौं। तिमीहरूमा भएको
असल गुणले तिमीहरूलाई गुणस्तरीय कार्यहरू गर्न
उत्साह दिन्छ अनि तिमीहरूकोमा भएको विश्वासले
तिमीहरूलाई असल कार्य गर्ने बनाउने गराउँछ। हामी
प्रार्थना गर्छौं कि परमेश्वरले तिमीहरूलाई अझ बेसी
यस्तो असल कार्य गर्न योग्य पारून। १२हामी यी सब
तरिकाले प्रार्थना गर्छौं ताकि हाम्रा परमप्रभु येशू ख्रीष्टको
नाउँ तिमीहरूमा महिमित हुन सकोस अनि तिमीहरूले
पनि उहाँमा महिमा पाउन सक्छौ। त्यो महिमा हाम्रा
परमेश्वर अनि प्रभु येशू ख्रीष्टको अनुग्रहबाट आउँछ।

## दुष्ट घटना घट्नेछ

२ दाजु-भाइ अनि दिदी-बहिनीहरू, हाम्रा प्रभु येशू
ख्रीष्टको आगमन बारे हामीले केही कुरा भन्नु छ।
हामी त्यस बेलाको कुरा गर्न चाहन्छौं जब हामी
उहाँसित एक साथ भेट गर्छौं। २यदि कतैबाट तिमीहरूले
प्रभुको आगमन भइसकेको चाल पाए तिमीहरू सजिलै
बिचलित हुने अथवा डराउनै पर्दैन। कसै-कसैले भन्लान
कि यो अगमवाणीमा छ अथवा सुसमाचारमा छ अथवा
तिमीहरू चिट्ठी पढ़नु सक्छौ जुन तिनीहरूले भन्छन् कि
तिनीहरू हामीबाट आएका हुन। ३कुनै खण्डमा पनि
तिमीहरूलाई कसैले धोखा नदिओस्। जब सम्म परमेश्वरको
विरुद्ध विद्रोह हुँदैन त्यो दिन आउने छैन। जब सम्म
विनाशकारी मानिस आँउदैन तब सम्म त्यो दिन आँउदैन।

विनाशकारी मानिस नरकको हो। ४परमेश्वर वा कुनै
पनि चीज जो मानिसहरूले पूजा गर्छन त्यसले विरोध
गर्छ। त्यो स्वेच्छाचारी मानिस आफैले आफूलाई परमेश्वर
अथवा मानिसहरूको आराधना भन्दा माथि राख्छ। त्यो
परमेश्वरको मन्दिरमा पनि जान्छ र त्यहाँ बस्छ र आफू
परमेश्वर हुँ भन्ने घोषणा गर्छ।

५मैले पहिल्यै यी सब घटनाहरूको सत्य बताइ
सकेको छु। याद छ? ६अनि तिमीहरू जान्दछौ त्यो
स्वेच्छाचारी केले रोकिराखिएको छ। ठीक समयमा देखा
पर्न भनेर नै त्यसलाई रोकीइरहेकोछ। ७पापको गुप्ती
शक्तिले अहिले पनि संसारमा काम गरिरहेकै छ। तर
एउटा छ जसले त्यो दुष्टको शक्तिलाई रोकिराखेको छ।
र त्यसलाई बाटादेखि नपन्छ्याइञ्जेल उसलाई यसरी नै
रोकेरै राखिनेछ। ८त्यसपछि त्यो स्वेच्छाचारी निस्कने छ
र प्रभु येशूले त्यसलाई आफ्नो मुखको श्वासले मारिदिनु
हुनेछ। परमप्रभुले दुष्ट मानिसलाई आफ्नो गौरवमय
आगमनले नाश गरिदिनेछन्। ९त्यो स्वेच्छाचारी मानिस
शैतानको शक्तिमा आउँछ। त्यसकोमा धेरै शक्ति रहनेछ
र किसिम-किसिमका झूटा चमत्कार, लक्षण र
आश्चर्यकर्महरू देखाउँछ। १०दुष्ट मानवले भ्रष्ट
मानिसहरूलाई थरि-थरिको छल-प्रपञ्च देखाउँछ। तिनीहरू
भ्रष्ट हुन किनभने तिनीहरूले सत्य स्वीकारेनन्। सत्यलाई
स्वीकार गरेका भए तिनीहरूलाई बचाइने थियो। ११तर
तिनीहरूले सत्यलाई स्वीकारेनन, यसकारण परमेश्वरले
तिनीहरूलाई सत्यबाट भड्काउन केही शक्तिशाली चीज
पठाउनु हुनेछ। त्यस शक्तिले गर्दा तिनीहरू असत्यमै
विश्वास गर्न लाग्छन्। १२त्यसकारण जस-जसले सत्यमा
विश्वास गर्दैनन् ती दण्डित हुन्छन्। तिनीहरूले सत्यता
स्वीकारेनन तर तिनीहरू दुष्टाँई कर्महरूमा आनन्दित
भए।

### तिमीहरू मुक्तिको लागि छानिका हौ

१३दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, प्रभुले
तिमीहरूलाई माया गर्नु हुन्छ। तिमीहरूको मुक्तिको
लागि परमेश्वरले शुरूदेखि नै तिमीहरूलाई छान्नुभएको
हो। यसैले तिमीहरूका लागि हामी परमेश्वरलाई सधैं
धन्यवाद दिन्छौं। आत्माद्वारा* पवित्र बनेर अनि सत्यमा
विश्वासी बनेर तिमीहरू बाँचेका छौ। १४त्यही मुक्ति
पाउन परमेश्वरले तिमीहरूलाई बोलाउनु भएको हो।
उहाँले आफ्ना सुसमाचारद्वारा बोलाउनु भयो जुन हामी
प्रचार गर्छौं। तिमीहरू हाम्रा प्रभु येशू ख्रीष्टको महिमाको
भागीदार हुन सक भनेर बोलाइएका हौ। १५यसैले
दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, हामीबाट पाएको
शिक्षाहरूमा विश्वास लगातार गरिरहौ र दृढ़ बन।
हामीले मुखले बोलेर होस् कि चिट्ठीमा लेखेर होस्,
तिमीहरूलाई यी कुराहरू सिकाएका छौं।

१६-१७हामी प्रार्थना गर्छौंकि हाम्रो प्रभु येशू ख्रीष्ट
आफैले र हाम्रा पिता परमेश्वरले तिमीहरू प्रत्येक
असल कार्य जे गर्छौ अनि भन्छौ तिमीहरूमा उत्साह
अनि शक्ति दिनुहुनेछ। परमेश्वरले हामीलाई माया गर्नुभयो
अनि आफ्नो अनुग्रहद्वारा उनले हामीलाई असल आशा
र अनन्त उत्साह दिनुभयो।

### हाम्रोलागि प्रार्थना गर

३ अनि अब दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, हाम्रा
लागि प्रार्थना गर कि परमप्रभुको वचन फैलियोस् र
तिमीहरूले गरे जस्तै अरूहरूले त्यसको सत्कार गरून्।
२अनि यो पनि प्रार्थना गर कि पापी र कुकर्मीहरूको
हातबाट हामी बाँच्न सकौं। सबैले परमप्रभुमा विश्वास
गर्दैनन्।

३तर प्रभु विश्वासी हुनुहुन्छ। उहाँले तिमीहरूलाई
समर्थ गराउनु हुन्छ र त्यो एक दुष्टबाट बचाउनु हुन्छ।
४हामीले दिएको शिक्षा तिमीहरूले मान्दैछौ भन्ने प्रभुले
हामीलाई प्रतिश्रुति दिनुहुनेछ। ५हामी प्रार्थना गर्छौं कि
परमप्रभुले तिमीहरूको हृदयलाई परमेश्वरको प्रेम औ
ख्रीष्टको धैर्य तिर डोर्‍याउन।

### काम गर्न वाध्यता

६दाजु-भाइहरू अनि दिदी-बहिनीहरूलाई हामी हाम्रा
प्रभु येशू ख्रीष्टको अधिकार लिएर आज्ञा दिंदछौं कि
काम गर्न जसले अस्वीकार गर्छ तिनीहरूबाट टाढ़ा बस।
ती मानिसहरूले हामीबाट पाएको शिक्षा अनुसरण गर्न
अस्वीकार गर्छन। ७तिमीहरू जान्दछौ कि हामी बाँचे
जस्तै तिमीहरू पनि बाँच्नु पर्छ। जब हामी तिमीहरूसित
थियौ हामी अल्छी थिएनौ। ८अनि जैले पनि हामीले
अरूको खाना खायौं, हामीले दाम तिर्‍यौ। तिमीहरू कुनै
एकजनाको पनि भार नबनिनु हामीले कड़ा मेहनत

---

**आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

गऱ्यौ। हामीले रात-दिन काम गऱ्यौ। ९ यसको अर्थ यो
होइन कि तिमीहरूको सहायता माग्ने अधिकार हाम्रो
छैन। तर तिमीहरूको लागि उदाहरण बन्नु ताकि
तिमीहरूले अनुसरण गर, हामी आफ्नो हेरचाहको लागि
आफै खट्यौं। १० हामी जतिञ्जेल तिमीहरूसित थियौं
हामीले यो नियम तिमीहरूको निम्ति दियौ: "यदि कसैले
काम गर्दैन भने उसले खाने पनि छैन।"

११ हामीले सुनेका छौं तिमीहरू मध्ये कसै-कसैले
पटक्कै काम गर्दैनन् र अर्काको काममा हस्तक्षेप मात्र
गरिहिंड़छन्। १२ हामी ती मानिसहरूलाई आदेश दिन्छौं
कि तिनीहरूले अरू मानिसहरूलाई दुःख नदिउन। हामी
तिनीहरूलाई आदेश दिन्छौं कि तिनीहरू आफ्नो छाक
जुटाउन आफै मेहनत गरून्। प्रभु येशू ख्रीष्टको निम्ति
तिनीहरूले यस्तो गरून् भनी हामी सविनय विन्ति गर्छौं।
१३ दाजु-भाइहरू अनि दिदी-बहिनीहरू, असल कार्यहरू
गर्न कहिल्यै नथाक।

१४ यदि कसैले यस पत्रद्वारा दिएको आदेश नमाने
त्यसलाई याद गरिराख। त्यससित सम्बन्धै नराख जसमा
कि त्यो लज्जित होस्। १५ तर त्यससित शत्रु जस्तो
व्यवहार नगर बरू भाइलाई जस्तो चेतावनी देऊ।

**अन्तिम शब्द**

१६ हामी प्रार्थना गर्छौं, शान्तिका परमप्रभुले
तिमीहरूलाई शान्ति प्रदान गरून्। हामी प्रार्थना गर्दछौ
कि उहाँले तिमीहरूलाई सधैं हर तरिकाले शान्ति प्रदान
गरून। प्रभु तिमीहरू सबैसित रहून्।

१७ म पावल हुँ र म यो अभिवादन आफ्नै हातले
लेख्दैछु। मैले लेखेको प्रत्येक चिट्ठीमा यो सत्यता चिन्ह
हो। यो मेरो लेख्ने तरिका हो।

१८ हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरू सबै
माथि होस्।

# तिमोथीलाई पावलको पहिलो पत्र

१ ख्रीष्ट येशूको प्रेरित* पावलबाट प्रणाम। हाम्रा
मुक्तिदाता परमेश्वर र हाम्रा आशा ख्रीष्ट येशूको
आज्ञाले म प्रेरित हुँ।
२तिमोथीलाई, जो विश्वासमा मेरा सच्चा पुत्र हुन,
हाम्रा पिता परमेश्वर र हाम्रा प्रभु ख्रीष्ट येशूबाट
अनुग्रह, करूणा र शान्ति।

### झूटा शिक्षाहरूको विरूद्ध चेतावनी

३जब म म्यासिडोनियातर्फ गएँ त्यस बेला मैले
तिमीलाई एफिससमै बस्नु भनेर भनेको थिएँ। त्यहाँ
एफिससमा कसै-कसैले झूटा शिक्षाहरू दिइरहेछन्। त्यहाँ
बसेर तिमीले ती मानिसहरूलाई ती कुराहरू नसिकाउनु
भनी निर्देशन दिन सक्छौ। ४तिनीहरूलाई पौराणिक कथा
र लम्बेतान पारिवारिक वंशावली भन्नमा ध्यान नदेऊ
भनी निर्देश दिन सक्छौ। यस्ता कुराहरूबाट खालि
विवाद उत्पन्न हुन्छ, अनि परमेश्वरको काममा सहायता
हुँदैन। परमेश्वरको काम विश्वासद्वारा गर्न सकिन्छ।
५यस आज्ञाको उद्देश्य मानिसहरूमा प्रेम ल्याउनु हो। यो
प्रेम उत्पन्न गर्नलाई मानिसहरूको हृदय शुद्ध हुनुपर्छ,
तिनीहरूले जानेको जे उचित छ त्यसैको आधारमा
तिनीहरूले कामगर्नु पर्छ अनि तिनीहरूमा सत्य विश्वास
हुनुपर्छ। ६कति मानिसहरूले यस्ता कुराहरूबाट मुख
फर्काए अनि व्यर्थका कुरातिर लागे। ७त्यस्ता मानिसहरू
शास्त्री बन्न खोज्छन्। तर उनीहरू के बोलिरहेका छन्
त्यो उनीहरूलाई नै थाहा हुँदैन। अनि उनीहरूले ती
कुराहरू बुझ्दैनन् जसलाई उनीहरू सत्य भन्छन्।
८हामी जान्दछौं कि हामीले ठीकसित उपयोग गरे
व्यवस्था* राम्रो हो। ९हामी यो पनि जान्दछौं, व्यवस्था
भला मानिसहरूको लागि बनिएको होइन। व्यवस्था त
उनीहरूको निम्ति बनिएको हो जो विधान विरोधी र
अनाज्ञाकारी छन्, जो दैव विरोधी र पापमय छन्; जो
अपवित्र र अधर्मी छन् जो मातृ पितृ घातक र हत्यारा
छन्। १०जो यौन-पापीहरू र समलिङ्गीहरू छन्, जो दास
व्यापारीहरू र मिथ्यावादीहरू छन्, जो झूटा गवाहीहरू
दिने र सत्य शिक्षा विरोधी छन्। मानिसहरू जो कसम
खाएर झूटो कुरा बोल्छन् अनि कोही पनि जसले साँचो
शिक्षाको विरुद्ध काम गर्छन्, व्यवस्था तिनीहरूको
निम्ति होइन। ११यो सत्य शिक्षा सुसमाचारकै एउटा भाग
हो जो परमेश्वरले मलाई प्रचार गर्न सुम्पनुभयो। यो
महिमामय सुसमाचार धन्यमय परमेश्वरबाट आएको हो।

### परमेश्वरलाई उहाँको कृपाको निम्ति धन्यवाद

१२हाम्रा प्रभु ख्रीष्ट येशूलाई म धन्यवाद दिंदछु
किनभने उहाँले मलाई विश्वास गर्नुभयो र उहाँको सेवा
गर्ने यो काम मलाई दिनुभयो। उहाँले यो गर्न मलाई
शक्ति दिनुभयो। १३अघि-अघि म ख्रीष्टको विरुद्ध
बोल्थें, उहाँलाई सताउँथें र उहाँलाई चोट लाग्ने
कामकुरो गर्थें। तर परमेश्वरले ममाथि कृपा गर्नुभयो
किनकि म के गर्दै थिएँ त्यसबारे म अज्ञानी थिएँ। मैले
सबै यस्ता कुराहरू त्यस बेला गरें जब मेरो ख्रीष्ट प्रति
विश्वास थिएन। १४तर मैले पूर्णरूपले उहाँको अनुग्रह
पाएँ। अनि त्यही अनुग्रहसित ख्रीष्ट येशूमा प्रेम अनि
विश्वास पाएँ।
१५म जे भन्दैछु त्यो सत्य हो अनि तिमीले यसलाई
पूर्णरूपले स्वीकार गर्नुपर्छ: ख्रीष्ट येशू पापीहरूलाई
बचाउनु यस संसारमा आउनुभयो। म पापीहरूमा पनि
महापापी हुँ। १६तर म प्रति कृपा यसकारणले देखाइयो
कि ख्रीष्ट येशूले उहाँका अनन्त धैर्य ममा देखाउन
सक्नुभयो। ख्रीष्टले म प्रति ठूलो धैर्य देखाउनुभयो जो
पापीहरूमध्ये निकृष्ट थिएँ। ख्रीष्टले मलाई तिनीहरूका
निम्ति एउटा उदाहरणको रूपमा लिनुभयो। जसले भविष्य

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**व्यवस्था** व्यवस्था सम्भवत परमेश्वरले मोशालाई सीनैं पर्वतमा दिएको व्यवस्था हुनु सक्छ। (प्रस्थान १९ अनि २०)

प्रति विश्वास गर्छ अनि अनन्त जीवन चाहन्छ। तिनीहरूको निम्ति ख्रीष्ट मलाई एक उदाहरण बनाउन चाहनु हुन्थ्यो। १७जसले सदा-सर्वदा शासन गर्छन्, सम्मान अनि महिमा उनै राजा प्रति होस्। उनको अस्तित्व मेटाउन सकिँदैन अनि देख्न सकिँदैन। एकमात्र परमेश्वर प्रति सदा सर्वदा सम्मान अनि महिमा रहोस्। आमिन।

१८तिमोथी, तिमी मेरा पुत्र जस्ता हौ। म तिमीलाई यो आज्ञा दिँदैछु। यो आज्ञा त्यो अगमवाणीसित सम्मत हुनेछ जो तिम्रो बारेमा पहिल्यै भनिएको थियो। म तिमीलाई यो भन्दछु कि तिमी त्यो अगमवाणी अनुसार कार्य गरौला अनि विश्वासको असल लड़ाइँ लड़ौला। १९विश्वास राखिराख र जे उचित छ भनी तिमी जान्दछौ त्यो गर। कति व्यक्तिले यसलाई अनुसरण गरेनन् अनि तिनीहरूको विश्वास नष्ट भयो। २०हाइमिनियस र अलेकज्याण्डरले त्यसै गरेका थिए। तिनीहरूले परमेश्वरको विरुद्धमा बोल्नु नहुनेरहेछ भन्ने पाठ सिकून् भनेर मैले ती दुइलाई शैतानको हातमा सुम्पिदिएँ।

## पुरूष र स्त्रीहरूको लागि नियमहरू

**२** प्रथमत: म तिमीलाई सबैको लागि प्रार्थना गर भनेर निवेदन गर्छु। परमेश्वरसित सबैको बारेमा कुरा गर। मानिसहरूलाई चाहिएको कुरो उहाँसित माग र उहाँलाई धन्यवाद चढ़ाऊ। २राजाहरू अनि उनीहरू सबैको लागि जो अधिकार-सम्पन्न छन्, प्रार्थना गर जसमा कि हामी शान्तिसित अनि कुनै वाधाबिना जिउन पाऊँ, जसमा कि हामी हरेक प्रकारले परमेश्वरको आराधना गर्न सकूँ अनि उहाँ प्रति सम्मान देखाउन पाऊँ। ३यही राम्रो हुन्छ र यसले हाम्रा उद्धारकर्त्ता परमेश्वर प्रसन्न हुनुहुन्छ। ४परमेश्वर सबैको उद्धार भएको चाहनुहुन्छ अनि उहाँ यो पनि चाहनुहुन्छ कि यो सत्यलाई सबैले जानून्। ५परमेश्वर एकमात्र हुनुहुन्छ अनि मानिसहरूको उहाँकहाँ पुग्ने बाटो पनि एउटै छ। त्यो बाटो येशू ख्रीष्ट मार्फत हो, जो एकजना मानिस पनि हुनुहुन्छ। ६सबै मानिसहरूको पापहरूको मूल्य चुकाउन येशूले स्वयंलाई बलिदान गर्नु भयो। येशू प्रमाण हुनुहुन्छ कि सबैको उद्धार होस् भन्ने परमेश्वर चाहनुहुन्छ। अनि उहाँ ठीक समयमा आउनुभयो। ७त्यसैले सुसमाचार भन्न म एक प्रेरितको रूपमा छानिएको छु। म सत्य बोल्दैछु, मैले झूँटो बोलेको छैनँ। म अयहूदीहरूको निम्ति एक शिक्षकको रूपमा छानिएँ। म तिनीहरूलाई विश्वास गर्न अनि सत्यको अनुसरण गर्न सिकाउँछु।

८मानिसहरूले जहाँ पनि प्रार्थना गरून् भन्ने म चाहन्छु। प्रार्थनामा जसले आफ्ना हात उठाउँछन् ती मानिसहरू पवित्र हुनुपर्छ। तिनीहरू रिसालु र झगड़ालु हुनुहुँदैन।

९स्त्रीहरूले पनि ठीकसित वस्त्र पहिरिऊन् भन्ने म चाहन्छु। उनीहरूले स्वयंलाई उपयुक्त अनि सामान्य बस्त्रले सजाउनु पर्छ, चुल्ठा बाटेर, सुन वा मोती झल्काएर वा वहुमूल्य बस्त्र पहिरेर होइन। १०तर तिनीहरूले आफूलाई असल कामहरूले सजाउनु पर्छ। यो ती स्त्रीहरूलाई उपर्युक्त हुन्छ जसले भन्छन् कि तिनीहरू परमेश्वरको पूजा गर्छन्।

११स्त्रीहरूले शान्तपूर्वक र पूरा आज्ञाकारी भएर सिकून्। १२तर म कुनै स्त्रीलाई शिक्षा दिने तथा कुनै पुरुषमाथि अधिकार जमाउने अनुमति दिंदिनँ, तर स्त्री चुपचाप बस्नुपर्छ। १३किनभने पहिले आदमको सृष्टि भयो अनि पछि हव्वाको। १४शैतानद्वारा ठगिने आदम थिएन। त्यो स्त्री थिई जो ठगिई अनि पापी बनी। १५तर स्त्रीहरू नानी जन्माउनाले मुक्त हुन्छन्। तिनीहरू विश्वास, प्रेम अनि पवित्रतामा लागिरहे अनि उचित तरिकाले आत्म संयममा लागिरहे तिनीहरूले मुक्ति पाउँछन्।

## मण्डलीका अगुवाहरू

**३** म जे भन्छु त्यो साँचो हो: यदि कसैले मण्डलीको अगुवा हुने इच्छा गर्छ भने उसले राम्रो कामको इच्छा गरेको हो। २अगुवा खुबै असल मानिस हुनुपर्दछ ताकि कसैले पनि उसको आलोचना गर्न नसकोस्। उसको एउटै मात्र पत्नी हुनुपर्छ। उ आत्मनियंत्रित र बुद्धिमानी हुनुपर्छ। उसले अरूबाट मान्य हुनुपर्छ। उ मानिसहरू प्रति सत्कारशील हुनुपर्छ। उ एक असल शिक्षक हुनुपर्छ। ३उसले अति धेरै दाखरस पिउनुहुँदैन र झगड़ालु पनि हुनुहुँदैन। उ विनयी अनि शान्त हुनुपर्छ। उ पैसाको लोभी हुनुहुँदैन। ४उ आफ्नो परिवारलाई असलसित अगुवाइ गर्नमा योग्य हुनुपर्छ। मतलब उसका छोरा-छोरीहरूले पूर्ण आदरपूर्वक उसको आज्ञा पालन गर्नुपर्छ। ५यदि उ आफ्नो परिवारको अगुवाइ गर्न अयोग्य भए, उसले परमेश्वरको मण्डलीको देखरेख कसरी गर्ला। ६अगुवा नव-परिवर्त्तित विश्वासी हुनुहुँदैन।

नत्र उ स्वयं घमण्डी बन्नेछ। तब उसको घमण्डको निम्ति दुष्टात्मालाई दण्ड दिए झैं उसलाई पनि दण्ड दिइनेछ। [७]उ मण्डलीदेखि बाहिरका मानिसहरूद्वारा पनि मान गरिने हुनुपर्छ। तब उ अरुद्वारा आलोचित हुने छैन अनि उ शैतानको जालमा पर्ने छैन।

### मण्डलीका सहायकहरू

[८]त्यसरी नै जसले विशेष सहायकहरूको रूपमा मण्डलीको सेवा गर्छन् तिनीहरू मानिसहरूबीच माननीय हुनुपर्छ। तिनीहरू बातचीतमा इमान्दार हुनुपर्छ अनि तिनीहरूले अधिक दाखरस पिउनुहुँदैन। अरूलाई ठगेर तिनीहरूले धनी बन्ने कोशिश गर्नु हुँदैन। [९]तिनीहरू परमेश्वरले हामीलाई बताएको सत्यमा दृढ़ रहनुपर्छ अनि तिनीहरूले जे ठीक छ भनी विश्वास गर्छन् सधैं त्यही गर्नुपर्छ। [१०]त्यस्ता मानिसहरूलाई अधिबाटै जाँच। यदि तिनीहरूमा कुनै गलत कुरा छैन भने तिनीहरूले विशेष सहायकहरूको रूपमा काम गर्न सक्छन्। [११]उसरी नै स्त्रीहरू पनि मानिसहरू माझ माननीय हुनुपर्छ। तिनीहरूले अर्काको निंदा गर्नु हुँदैन। तिनीहरू हरेककुरामा आत्मनियंत्रित र विश्वासी हुनुपर्छ। [१२]विशेष सहायकहरूको रूपमा सेवा गर्ने मानिसको एउटा पत्नी मात्र हुनुपर्छ। तिनीहरू आफ्ना बालबच्चाहरूको अनि आफ्नो परिवारको योग्य अगुवा हुनुपर्छ। [१३]असल प्रकारले सेवा गर्ने यी विशेष सहायकहरूले स्वयंलाई माननीय पदको योग्य तुल्याउने छन्। तिनीहरूले ख्रीष्ट येशूमा आफ्नो विश्वासको विषयमा ठूलो भरोसा पाउनेछन्।

### हाम्रो जीवनको रहस्य

[१४]म तिमी भएकोमा चाँड़ै आउन सकुँला कि भन्ने आशा छ। अहिलेलाई म यो पत्र लेख्दैछु। [१५]यदि म तिमीकहाँ झट्टै आउन सकिनँ भने पनि परमेश्वरको परिवारमा मानिसहरूले के गर्नुपर्छ त्यो तिमीले जानेकै छौ। त्यो परिवार जीवित परमेश्वरको मण्डली हो। अनि परमेश्वरको मण्डली सत्यको खाँबा र घड़ेरी हो। [१६]नि:सन्देह हाम्रो आराधनाको जीवनको रहस्य महान् छ:

उहाँ हाम्रो निम्ति मानिसको रूपमा प्रकट
हुनुभयो, आत्माद्वारा उहाँ सत्य सावित हुनुहुन्छ।
उहाँ स्वर्गदूतअघि देखा पर्नुभयो, सुसमाचार
अन्य जातिहरूमा प्रचारित गरियो, विश्वका
मानिसहरूले उहाँलाई विश्वास गरे। अनि महिमामा
उहाँ स्वर्गसम्म उचलिनुभएको छ।

### झूँटा शिक्षकहरू बारे सावधान

४ पवित्र आत्मा स्पष्टसित भन्नुहुन्छ कि भविष्यमा कति मानिसहरू सत्य शिक्षा प्रति विश्वास गर्न छाड़ने छन्। तिनीहरूले धोखेबाज आत्माहरूलाई मान्ने छन् अनि भूतप्रेतको शिक्षाहरूको अनुसरण गर्नेछन्। [२]यस्ता शिक्षाहरू झूटा अनि धोखेबाजहरूबाट आँउदछ जसले सही र गलत के हो त्यो पनि छुट्याउन सक्दैनन्। तिनीहरूको विवेक तातो फलामले पोलेको हुन्छ। [३]ती व्यक्तिहरूले मानिसहरूलाई विवाह गर्न अनि कुनै-कुनै खाने कुराहरू खान दिँदैनन्। तर सबै खानेकुराहरू परमेश्वरले सृष्टि गर्नुभएको हो। यसकारण, जसको विश्वास छ अनि जसले सत्य जान्दछ तिनीहरूले धन्यवाद सहित ती खान सक्छन्। [४]परमेश्वरले सृष्टि गर्नुभएको जुनै कुरो पनि राम्रो छ। परमेश्वरलाई धन्यवाद सहित ग्रहण गरेको कुनै कुरो पनि अस्वीकार गर्नुहुँदैन। [५]परमेश्वरको वचन अनि प्रार्थनाद्वारा हरेक कुरो पवित्र बन्दछ।

### ख्रीष्ट येशूको असल सेवक बन

[६]यी सबै कुराहरू त्यहाँका दाजु-भाइ अनि दिदी-बहिनीहरूलाई सुनाऊ। यसले तिमीलाई ख्रीष्ट येशूको असल सेवक हो भन्ने देखाउँछ। तिमीले अनुसरण गरेको सत्य विश्वासको वचन र असल शिक्षाले तिमीलाई दरिलो बनाएको छ भनी तिमी देखाउने छौ। [७]मानिसहरू यस्ता मूर्खे कथाहरू सुनाउँछन् जसको परमेश्वरको सत्यतासित कुनै सम्बन्ध छैन। त्यस्ता कथाहरूका शिक्षा पालन नगर। तर तिमीले स्वयंलाई इमान्दारीपूर्वक परमेश्वरको सेवा गर्न सिकाऊ। [८]शारीरिक व्यायामले तिमीलाई केही मात्रामा सहायता गर्नेछ। तर परमेश्वर प्रति अर्पण गरेको सेवाले तिमीलाई हरेक कुरामा सहायता गर्नेछ। परमेश्वरको सेवामा यो जीवन अनि अर्को जीवनको पनि आशीर्वादको भाकल निहित हुन्छ। [९]मैले जे पनि भनें त्यो सत्य हो अनि तिमीले त्यसलाई पूर्णरूपले स्वीकार गर्नुपर्छ। [१०]त्यसैको निम्ति हामी परिश्रम र संघर्ष गर्छौं। हामी जीवित परमेश्वरमा

आशा गर्छौं। उहाँ सबैका मुक्तिदाता हुनुहुन्छ विशेष गरी
तिनीहरूको जो उहाँमाथि विश्वास गर्छन्।
११यिनै कुराहरूका आदेश र शिक्षा देऊ। १२तिमी
जवान छौ तर तिम्रो उमेरको कारणले तिमीलाई हेला
गर्न कसैलाई नदेऊ। तिनीहरू कसरी जिउनु पर्छ भनी
विश्वासीहरूको निम्ति एउटा उदाहरण बन्ने कोशिश
गर। तिनीहरूलाई आफ्नो भनाई, आफ्नो रहन-सहन,
आफ्नो प्रेम, आफ्नो विश्वास अनि आफ्नो पवित्र
जीवनद्वारा देखाऊ। १३म नआउञ्जेल मानिसहरूलाई
धर्मशास्त्र पढ़ेर सुनाउँदै गर्नू, तिनीहरूलाई दृढ़ बनाउँदै
गर्नू, शिक्षा दिँदै गर्नू। १४तिमीमा भएको वरदानलाई
काममा लाउने कुरो याद गर। त्यो वरदान तिमीलाई
अगुवाहरूको समूहले तिमीमाथि हात राखेर अगमवाणी
गरी दिएका छन्। १५यी कुराहरू प्रति विचार गरि रहू,
ती कुराहरू गर्नमा तिम्रो जीवन समर्पण गर। तब हरेक
व्यक्तिले तिम्रो उन्नति देख्न सक्ने छन्। १६आफ्नो
जीवनको र आफ्नो शिक्षणको ध्यान राख। उचित रूपले
जीवन जिउँदै अनि शिक्षा दिँदै जाऊ। तब तिमीले
आफैलाई अनि तिम्रा शिक्षा सुन्नेहरूलाई बचाउने छौ।

### जिउने नियमहरू

५ आफूभन्दा ठूला मानिसहरूसित रिसाएर नबोल तर
तिनीसित आफ्ना पितालाई जस्तै व्यवहार गर। साना
मानिसहरूसित आफ्ना भाइहरूलाई जस्तै व्यवहार गर।
२ठूला स्त्रीहरूसित आफ्नी आमालाई जस्तै व्यवहार गर
अनि सानाहरूसित बहिनीहरूलाई जस्तै अनि शुद्ध मनले
व्यवहार गर।
३विधवाहरूलाई मान गर जो साँच्चै असहाय छन्।
४तर कुनै विधवाका छोरा-छोरी वा नाती-नातीना छन्
भने तिनीहरूले सिक्नु पर्ने पहिलो कुरो हुन्छ: आफ्नो
परिवार को देखरेख गर्ने। जब तिनीहरूले यसो गर्छन्
तिनीहरूले आफ्ना आमा-बाबु तथा बाजे-बोज्यूको ऋण
चुकाउने छन्। यसद्वारा परमेश्वर पनि खुशी हुनु हुनेछ।
५कुनै एक विधवा जो साँच्चै अभावमा छन्, जसलाई
देखरेख गर्ने कोही छैन, जसले आफ्नो आशा परमेश्वरमाथि
मात्र राखेकी छन् उनले दिनरात परमेश्वरसंग प्रार्थना
गर्छिन्। उनले परमेश्वरसंग सहायता माग्छिन्। ६तर
आफ्नो आनन्दको लागि कुनै विधवा बाँच्छे भने उ
जीवित भएता पनि मरेकै बराबर हो। ७यी कुराहरू गर्नु
भनी ती विश्वासीहरूलाई निर्देश गर, जसमा कि कसैले
पनि यो भन्न नसकून् कि तिनीहरूले भूल गर्दैछन्।
८मानिसहरूले आफ्नै मानिसहरूको ख्याल राख्नुपर्छ
विशेष गरी आफ्नै परिवारहरूको। यदि कसैले त्यसो
गर्दैन भने उसले सत्य शिक्षालाई त्यागेको छ। त्यस्ता
मानिस त अविश्वासीभन्दा पनि खराब हो।
९विधवाहरूको सूचीका निम्ति कुनै पनि विधवा
६०वर्ष वा त्यसभन्दा अधिक उमेरको हुनुपर्छ। उसका
एउटैमात्र पति भएको हुनुपर्छ। १०उसले राम्रो कामहरू
गरिन् भनेर उनी जानिएको हुनुपर्छ। जस्तो आफ्ना
बालबच्चाको पालन-पोषण गर्ने, मानिसहरूको सत्कार
गर्ने, परमेश्वरका मानिसहरूको पाउ धुने, कष्टमा परेका
मानिसहरूको सहायता गर्ने र आफ्नो जीवन हर प्रकारको
असल काममा लगाउनेहरू।
११तर तरूणी विधवाहरूलाई आफ्नो सूचीमा न
लेख। तिनीहरूले आफूलाई ख्रीष्टमा समर्पित गरेता पनि
आफ्नो शारीरिक इच्छाहरूले प्राय: नै तिनीहरूलाई
ख्रीष्टबाट तान्छ अनि विवाह गर्न चाहन्छन्। १२तिनीहरूले
पहिलाको प्रतीज्ञा भङ्ग गरेको कारणमा तिनीहरूको न्याय
गरिने छ। १३यस बाहेक, ती तरूणी विधवाहरू घर-घर
घुम्ने, कुरउटे हुने र अर्काको जीवनमा हस्तक्षेप गर्ने
बानी लिन्छन् अनि नगर्नु पर्ने कुराहरूमा समय बिताउँछन्।
१४यसकारण म चाहन्छु कि तरूणी विधवाहरूले विवाह
गरून्, बालकहरू जन्माऊन् र आफ्नो घरको देखभाल
गरून्। यदि तिनीहरूले यसो गरे हाम्रा शत्रुहरूले
तिनीहरूको आलोचना गर्ने अवसर पाउने छैनन्। १५कतिपय
तरूणी विधवाहरू शैतानको अनुसरण गर्न फर्किसकेका
छन्।
१६यदि कुनै विश्वासी स्त्रीको घरमा विधवाहरू भए
उसले तिनीहरूको देख-रेख गर्नु पर्छ। तिनीहरूको
देख-रेखका निम्ति मण्डलीलाई बाधा दिनु हुँदैन। तब
तिनीहरूको देख-रेख मण्डलीले गर्न सक्नेछ। जो साँचो
अर्थमा अभावग्रस्त विधवा छन्।
१७अगुवाहरू जसले प्रभावकारी ढङ्गले अगुवाका
रूपमा कार्य गरिरहेछन्, मण्डलीले तिनलाई दोबर
पुरस्कार दिनु पर्छ। विशेषगरी यो तिनीहरूलाई प्रयुक्त
हुन्छ जसले प्रचार गर्न र सिकाउनमा परिश्रम गर्दछन्।
१८किनभने धर्मशास्त्रले भन्छ: "गोरूले दाइँ गर्दैछ भने
त्यसको मुखमा मोहोला नलगाऊ।"* अर्को ठाउँमा धर्म

---

**"गोरूले … नलगाऊ"** व्यवस्था २५:४।

शास्त्रले नै भन्छ, "मजदूरलाई उसको योग्य ज्याला
दिनुपर्छ।"*
[१९]यदि कसैले अगुवालाई दोष्याउँछ भने उसलाई
ध्यान दिनु हुँदैन। यदि दुइ वा तीन व्यक्तिहरू त्यो
दोषको साक्षी दिन्छन् भने मात्र त्यस व्यक्तिको कुरा
सुन। [२०]जब तिनीहरू पाप गर्छन्, मानिसहरूलाई भन
कि तिनीहरू गलत छन्। यो कुरा सम्पूर्ण मण्डलीको
समक्ष गर। तब अरूहरूले पनि चेतावनी पाउने छन्।

[२१]परमेश्वर, ख्रीष्ट येशू अनि छानिएका स्वर्गदूतहरूका
सामु म तिमीलाई यसो गर्ने आदेश दिंदैछु। तर तिमीले
सत्य नजानेसम्म मानिसहरूको न्याय नगर। अनि सबैलाई
समानरूपले यसो गरिनु पर्छ।

[२२]धर्मगुरू बनाउनका निम्ति कसैमाथि तिम्रो हात
राख्नको अघि होशियारीसित सोच। अरूका पापहरूका
सह भागी नहोऊ। आफूलाई शुद्ध राख।

[२३]तिमोथी साधारणत: तिमी पानी मात्र पिउँछौ। यसो
नगर, केही दाखरस पनि पिउने गर। त्यसले तिम्रो
पेटलाई सहायता गर्छ अनि तिमी घरिघरि विमारी पर्ने
छैनौ।

[२४]कोही मानिसहरूको पापहरू सजिलैसित देख्न
सकिन्छ अनि तिनीहरूले देखाउँछन् कि तिनीहरूको
न्याय गरिनेछ। तर कति अन्य पापहरू केही समय पछि
मात्र देखिन्छ। [२५]मानिसहरूले गर्ने असल कामबारे पनि
यस्तै हो। मानिसहरूले गर्ने असल कुराहरू सजिलै देख्न
सकिन्छ। कहिले काहीँ यी असल कुराहरू सजिलै न
देखिएतापनि तिनीहरूलाई लुकाउन सकिँदैन।

**६** ती जो दासत्वको वशमा छन् तिनीहरूले आफ्ना
मालिकहरूलाई पूर्ण आदर दर्शाउनु पर्छ। यदि
तिनीहरूले त्यसो गरे परमेश्वरको नाउँ अनि हाम्रो
शिक्षाको झूटो निन्दा हुने छैन। [२]केही दासहरूका
मालिकहरू विश्वासी छन्। ती दासहरू अनि मालिकहरू
दाजु-भाइहरू हुन। तर दासहरूले मालिक प्रतिको आफ्नो
आदर सत्कारमा कुनै कमी देखाउनु हुँदैन। बरू तिनीहरूले
आफ्ना विश्वासी मालिकहरूको अझ राम्ररी सेवा
गर्नुपर्छ। किन? किनभने दासहरू तिनीहरूले प्रेम गर्ने ती
विश्वासी मालिकहरूलाई सहायता गर्छन्।

### झूटो शिक्षा र साँचो धन

मानिसहरूलाई तिमीले यी कुराहरू गर्न भन्नु र
सिकाउनु पर्छ। [३]कोही मानिसहरूले झूटो कुराहरू
सिकाउँछन्। यी कुराहरू हाम्रा प्रभु येशू ख्रीष्टका
सत्यशिक्षा अनि परमेश्वरको सेवाको सत्य मार्गसित मेल
खाँदैन। [४]झूटपूर्वक शिक्षा दिने मानिस अहंकारी हुन्छ र
केही बुझ्न नसक्ने हुन्छ। यस्तो व्यक्ति बहस-प्रेमी हुन्छ
अनि वचनहरू बारे झगड़ा गर्छ। यसले इर्ष्या, झगड़ा,
अपमान अनि कुआशंका ल्याउँछ। [५]यसले दुषित मन
हुने मानिसहरूबाट तर्कवितर्क पनि ल्याउँदछ। जसले
सत्य गुमाएका हुन्छन्। तिनीहरू संझन्छन् कि परमेश्वरको
सेवा गर्नु धनवान बन्ने मार्ग हो।

[६]निश्चयनै, परमेश्वरको सेवाले व्यक्तिलाई धनवान
तुल्याउँछ यदि आफूसित भएको कुरामा उसलाई सन्तोष
छ भने। [७]जब हामी संसारमा आयौ, हामीले हामीसित
केही पनि ल्याएनौं, उसरी नै, जब हामी मर्छौं यस
संसारबाट हामी केहीपनि लान सक्तैनौं। जब हामी
संसारमा आयौं हामी रित्तो हात आयौं। अनि जब हामी
मर्छौं हामी रित्तो हात जान्छौं। [८]यसकारण यदि हामीसित
भोजन अनि बस्त्र भए हामी त्यसैमा सन्तुष्ट रहनेछौं।
[९]तर मानिसहरू जो धनी हुन चाहन्छन् ती लोभमा
फँस्छन् अनि जालमा पर्छन्। तिनीहरू मूर्खतापूर्ण अनि
हानिकारक चाहनाको विकाश गर्ने कुरा गर्छन। जुन
कुराहरूले तिनीहरूलाई ध्वंश अनि नष्ट बनाउँदछ।
[१०]पैसा प्रतिको प्रेमले हर प्रकारको खराबीलाई सृष्टि
गर्छ। कसैले त सत्य विश्वासलाई नै त्यागिसकेका छन्
किनभने तिनीहरूमा धेरैभन्दा धेरै धन संग्रह गर्ने प्रबल
इच्छा थियो। तर त्यसो गरेर तिनीहरूले आफैलाई घोर
दु:ख अनि अफसोसमा पारेका छन्।

### याद गर्नु पर्ने कुराहरू

[११]तर तिमी परमेश्वरका मानिस हौ। अनि त्यसैले
यस्ता सबै कुराहरूबाट तिमी अलग बस्नु पर्छ। असल
धार्मिकता, दैविकता, विश्वास, प्रेम, धैर्य र नम्रता
अपनाउने भरसक कोशिश गर। [१२]आफ्नो विश्वासको
रक्षा गर्नु दौड़मा दगुर्नु जस्तै हो। त्यो दौड़ जित्न सक्दो
आफ्नो कोशिश गर। अनन्त जीवन प्राप्त गर्ने कोशिशगर
जसको निम्ति तिमीलाई आह्वान गरिएकोछ। अनि तिमीले
ख्रीष्ट बारे महान् सत्यलाई यस प्रकारले देखेर साक्षी
दिएका छौ कि धेरैले त्यो सुनेका छन्। [१३]परमेश्वर अनि

---

**"मजदूरलाई ... दिनुपर्छ"** लूका १०:७।

खीष्ट येशूको समक्ष म तिमीलाई आज्ञा दिँदछु। खीष्ट
येशू नै एक हुनुहुन्छ जसले महान सत्यलाई पन्तियस
पिलातसको समक्ष स्वीकार गर्नु भएको थियो। अनि
परमेश्वर नै एक हुनुहुन्छ जसले हरेकलाई जीवन
दिनुहुन्छ। अब म तिमीलाई भन्छु: [१४]तिमीलाई आज्ञा
दिए अनुसार कामहरू गर। हाम्रा प्रभु येशू खीष्टको
आगमन सम्म यी कुराहरू कुनै त्रुटि र दोष बिना गर्दै
गर। [१५]ठीक समय भएपछि परमेश्वरले यसो गरिदिनु
हुनेछ। परमेश्वर परम धन्य, एक मात्र शासक, राजाहरूका
राजा र प्रभुहरूका परमप्रभु हुनुहुन्छ। [१६]परमेश्वर एक
मात्र अमर हुनुहुन्छ। परमेश्वर यति उज्यालो प्रकाशमा
बस्नुहुन्छ कि मानिस त्यसका छेउसम्म पनि जान
सक्दैन। परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। र
कसैले परमेश्वरलाई देख्न सक्दैन। परमेश्वर प्रति सदा
सर्वदा सम्मान अनि शक्ति। आमिन।

[१७]यो आदेश तिनीहरूलाई देऊ जो यो पृथ्वीका
चीजहरूद्वारा धनी भएकाछन्। तिनीहरूलाई घमण्डी नहुनु
भन। तिनीहरूलाई आफ्नो आशालाई सम्पत्ति माथि
नराख्नु भन, किनभने सम्पत्ति अनिश्चित बस्तछ। त्यसको
सट्टा तिनीहरूले आफ्नो आशा परमेश्वरमाथि राख्नु पर्छ
जसले हामीलाई हरेक कुरो पर्याप्त प्रदान गर्नु हुन्छ।
[१८]धनीहरूलाई राम्रो काम गर्नु अनि राम्रो काम गरेर
धनीहुनु भनेर भन्नु। अनि दिनुमा र बाँड्नुमा खुशी हुनु
भनेर भन्नु। [१९]त्यसो गरेर तिनीहरूले आफ्नो लागि
स्वर्गमा सम्पत्ति सञ्चय गर्ने छन्। त्यो सम्पत्ति नै एउटा
गतिलो घडेरी बन्नेछ-जस माथि तिनीहरूले आफ्नो
भविष्यको जीवन निर्माण गर्न सक्ने छन्। तब तिनीहरूले
सत्य जीवन पाउने छन्।

[२०]तिमोथी, परमेश्वरले तिमीलाई जुन कुरा सुम्पनु
भएको छ त्यसको रक्षा गर्नु। मूर्खे कुरा अनि धर्म-निन्दा
गर्नेहरूदेखि टाढ़ा बस्। सत्यको विरुद्ध विवाद गर्नेहरूदेखि
तिमी स्वयं अलग बस। तिनीहरूसित केही छ जसलाई
तिनीहरू "ज्ञान" भन्छन् तर त्यो वास्तविक ज्ञान होइन।
[२१]कोही भन्छन् कि तिनीहरूसित "ज्ञान" छ। तिनीहरूले
सत्य विश्वासलाई त्यागेका छन्।

परमेश्वरको अनुग्रह तिमीहरू सबै प्रति रहोस्।

# तिमोथीलाई पावलको दोस्रो पत्र

**१** ख्रीष्ट येशूका एक प्रेरित* पावलबाट। परमेश्वरले मलाई प्रेरित बनाउन चाहनुभयो। उहाँले मलाई ख्रीष्ट येशूमा जीवनको प्रतीज्ञाबारे प्रचार गर्ने निर्देशन दिनु भएको छ।

२मेरो प्यारो छोरो तिमोथी प्रति। पिता परमेश्वर अनि हाम्रो प्रभु ख्रीष्ट येशूबाट तिमीलाई, अनुग्रह कृपा र शान्ति मिलोस्।

### उत्साह अनि धन्यवाद

३दिन अनि रात आफ्नो प्रार्थनामा म तिमीलाई संझन्छु। मेरा प्रार्थनाहरूमा म तिम्रो लागि परमेश्वरलाई धन्यवाद चढ़ाउँछु। मेरा पुर्खाहरूले सेवा गरेका परमेश्वर उहाँ नै हुनुहुन्छ। जुन कुरो गर्नु उचित हो भन्ने म ठान्छु, तिनै कुराहरू गरेर म सदैव उहाँको सेवा गर्छु। ४म मेरो मनमा तिमीले आँसु खसालेको सम्झन्छु, यसर्थ म तिमीलाई भेटन उत्सुक छु जसद्वारा म आनन्दले परिपूर्ण बनुँ। ५म तिम्रो सत्य विश्वास पनि सम्झन्छु। तिम्री बोज्यू लोइस र तिम्री आमा युनिसमा त्यस किसिमको विश्वास थियो। अहिले म निश्चित छु तिम्रो पनि त्यस्तै विश्वास छ। ६त्यसैले म तिमीलाई परमेश्वरले प्रदान गर्नु भएको त्यो वरदान बारे संझाउन चाहन्छु। जब मैले आफ्नो मेरो हात तिमीमा राखें परमेश्वरले तिमीलाई त्यो वरदान दिनुभयो। अब म चाहन्छु कि तिमीले त्यो वरदानको उपयोग गर अनि आगो दन्केर ज्वाला निकाले झै बढ़ोस्। ७परमेश्वरले हामीलाई कातरको आत्मा दिनु भएन। उहाँले हामीलाई शक्तिको आत्मा, प्रेम अनि आत्म संयमको आत्मा प्रदान गर्नु भएको छ।

८यसकारण हाम्रा प्रभु येशूको बारेमा मानिसहरूलाई भन्न नलजाऊ। अनि म कैदमा छु भनेर पनि लाज नमान। तर सुसमाचारको निम्ति मसित दुःख सहभोग गर। त्यसो गर्न परमेश्वरले हामीलाई शक्ति दिनु हुन्छ। ९परमेश्वरले हामीलाई बचाउनु भएको छ अनि हामीलाई आफ्ना पवित्र मानिस तुल्य बनाउनु भएको छ। यो हामीले केही गरेर भएको होइन। होइन, परमेश्वरले यो उहाँको इच्छा अनि अनुग्रहले गर्दा हामीलाई बचाउँनु भयो अनि उहाँका मानिस हुन आह्वान गर्नु भयो। यो अनुग्रह ख्रीष्ट येशूद्वारा हामीलाई अनादि काल अघि दिइएको थियो। १०त्यो अनुग्रह हामीलाई आजसम्म देखाइएको थिएन। हाम्रा मुक्तिदाता ख्रीष्ट येशू आए पछि त्यो देखाइयो। येशूले मृत्युलाई नष्ट गर्नु भयो र जीवनको मार्ग देखाउनु भयो। हो सुसमाचारद्वारा येशूले हामीलाई अनन्तजीवनको त्यो मार्ग देखाउनु भयो। ११त्यही सुसमाचार प्रचार गर्नका निम्ति एक शिक्षक अनि प्रेरितको रूपमा मलाई नियुक्त गरिएको हो। १२त्यही सुसमाचार प्रचार गर्नका निम्ति अहिले मैले कष्ट भोग्न परिरहेको छ। तर म लज्जित छैनँ। म उहाँ एक जनालाई जान्दछु जसलाई मैले विश्वास गरेँ। म विश्वस्त छु कि मलाई उहाँले सुम्पनु भएको कामको रक्षा गर्न त्यस दिनसम्म उहाँ समर्थ हुनु हुन्छ। १३मबाट सुनेको सत्य शिक्षाहरूको अनुसरण गर। ख्रीष्ट येशूमा भएको हाम्रो प्रेम र विश्वास सित यी शिक्षाहरूको अनुसरण गर। ती शिक्षाहरू तिम्रो शिक्षणका निम्ति उदाहरणहरू हुन्। १४तिमीलाई दिइएको सत्यको रक्षा गर। हामीमा बसेको पवित्र आत्माको सहायताले ती कुराहरूको रक्षा गर।

१५तिमीलाई थाहा छ कि एशियामा मलाई सबले छोड़े। फाइगेलस र हर्मोजेनस धरिले मलाई छोड़े। १६ओन्सिफरसका परिवारलाई प्रभुले कृपा गरून् भनी म प्रार्थना गर्छु। ओन्सिफरसले मलाई मेरो कष्टमा धेरै पल्ट सघाए। मलाई बन्दी देखेर उनी लजाएनन्। १७अहँ, जब उनी रोममा आए मलाई नभेटुञ्जेल उनले मलाई निरन्तर खोजिरहे। १८म प्रार्थना गर्छु त्यस दिन* प्रभुले

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

ओन्सिफरसलाई कृपा गरून्। तिमी राम्ररी जान्दछौ कि एफिससमा उनले मलाई धेरै प्रकारले सहायता गरे।

## ख्रीष्ट येशूको स्वामी भक्त रक्षक

२ तिमोथी! तिमी मेरो छोरो जस्तो हौ। ख्रीष्ट येशूमा
भएको हाम्रो अनुग्रहमा दृढ़ बन। [२]मैले सिकाएको
कुरा तिमीले सुनेका छौ। अरू धेरैले पनि ती कुरा
सुनेका छन्। तिमीलाई पत्यार लागेका मानिसहरूलाई ती
कुराहरू सुम्पी देऊ जसद्वारा तिनीहरूले पनि अरूलाई
सिकाउन योग्य हुनेछ। [३]हाम्रो दु:खहरूको भागीदार बन।
ख्रीष्ट येशूको सच्चा सिपाहीले जस्तो दु:खलाई स्वीकार
गर। [४]सिपाहीले आफ्ना नायकलाई सन्तुष्ट तुल्याउन
खोज्छ। त्यस कारणले उ सामान्य जीवन कार्यमा
फँस्दैन। [५]यदि कुनै खेलाड़ीले दौड़मा भाग लिने इच्छा
गर्छ भने इनाम जित्नको लागि उसले खेलको नियम
पालन गर्नुपर्छ। [६]किसान जसले कठिन परिश्रम गर्छ उनै
आफूले उमारेको अन्नको पहिलो अधिकारी हुनुपर्छ।
[७]मैले भनेका कुराहरूमा विचार गर, प्रभुले तिमीलाई
यी सब बुझ्ने सामर्थ्य दिनुहुने छ।

[८]येशू ख्रीष्टको सम्झना गर। उहाँ दाऊदका सन्तान
हुनुहुन्छ। येशूलाई मृत्युपछि बौराइएको थियो। यही
सुसमाचार म मानिसहरूलाई भन्छु। [९]अनि त्यो सुसमाचार
भन्दा मैले दु:ख पाइरहेछु। अपराधीलाई जस्तै साङ्गलाले
बाँधिने अवस्थामा मैले कष्ट पाइरहेछु। तर परमेश्वरको
शिक्षा साङ्गलाद्वारा बाँधिँदैन। [१०]यसैकारण म यी सब
कष्टहरू धैर्यपूर्वक भोगिरहेको छु। परमेश्वरले चुनेका
ती सबैका निम्ति म यसो गर्छु। ख्रीष्ट येशूमा हुने ती
मानिसहरूले मुक्ति पाउन् भनेर नै म यी यातनाहरूलाई
स्वीकार गर्छु। त्यही मुक्तिबाट महिमा आउँदछ जो
अनन्त हुन्छ।

[११]यो एक साँचो शिक्षा हो:

यदि हामी उहाँसित मरेका भए, तब हामी पनि उहाँसितै जिउने थियौं।

[१२]यदि हामीले दु:ख र कष्ट सह्यौ भने हामी
उहाँसितै शासन गर्नेछौं। यदि हामीले उहाँलाई स्वीकार्न
अस्वीकार गर्‍यौं भने उहाँले पनि हामीलाई स्वीकार गर्न
अस्वीकार गर्नु हुने छ।

[१३]यदि हामी विश्वासी नभए पनि उहाँ अझ
विश्वासी हुनुहुन्छ किन कि उहाँ आफ्नो स्वभावलाई
अस्वीकार गर्नु सक्नु हुँदैन।

## परिचित कर्मी

[१४]मानिसहरूलाई यी कुराहरू भनी बस। अनि
परमेश्वर समक्ष तिनीहरूलाई चेतावनी देऊ जसद्वारा
तिनीहरूले वचनलाई लिएर कुनै बहस् नगरून्। वचनहरू
बारे तर्क गर्नाले केही लाभ हुने छैन। वास्तवमा त्यसले
सुन्नेहरूलाई पनि नष्ट गर्छ। [१५]परमेश्वरको समक्ष यस्तो
प्रकारले स्वयं उपस्थित हुने भरसक कोशिश गर कि
उहाँले तिमीलाई अनुमोदन गर्नु हुनेछ। आफ्नो काममा
लज्जित नबन। सत्य शिक्षालाई उचित रूपले उपयोग गर्ने
कर्मी बन। [१६]जो परमेश्वरबाट आएको होइन त्यस्ता
व्यर्थका कुरा गर्नेहरूबाट अलग बस। त्यस्ता कुराले
मानिसलाई परमेश्वरको भन, भन विरोधी बन्न अग्रसर
गराउँछ। [१७]तिनीहरूका झूटो शिक्षा शरीरमा रोग जस्तै
फैलिनेछ। हाइमेनियस र फिलेतस त्यस्तै मानिसहरू हुन्।
[१८]तिनीहरूले साँचो शिक्षा त्याग गरे। तिनीहरू सिकाउँछन्
कि मृत्युबाट बौराइ त पहिल्यै भइसक्यो। यही रीतले ती
दुइले कति मानिसहरूका विश्वास ध्वंश पार्दैछन्। [१९]तर
परमेश्वरको सुदृढ़ घड़ेरी सुदृढ़ नै रहिरहन्छ। त्यस
घड़ेरीमा यी शब्दहरू लेखिएका छन: "प्रभु आफ्ना
मानिसहरूलाई चिन्नुहुन्छ।"* अनि यी शब्दहरू पनि
लेखिएका छन्: "प्रत्येक व्यक्ति जसले प्रभुमा विश्वास
छ भन्ने दावा गर्छ उसले पापपूर्ण कार्य गर्नु छोड़नु
पर्छ।"

[२०]एउटा ठुलो भवनमा सुन र चाँदीले बनिएका
समानहरू छन, तर त्यहाँ काठ र माटाले बनिएका
वस्तुहरू पनि छन्। कोही विशेष कामका लागि हुन्छन्
भने कुनै साधारण कामका लागि हुन्छन्। [२१]यदि कसैले
आफूलाई नराम्रा कर्महरूबाट विशुद्ध बनाउँछ भने
उसलाई विशेष काममा उपयोग गरिनेछ। त्यो व्यक्ति
पवित्र बन्छ अनि उ घरको मालिकको निम्ति उपयोगी
हुन्छ। उ सबै असल कामको निम्ति लायक हुन्छ।

[२२]जवानीको वासना देखि टाढ़ो बस। सठीक जीवन
जिउनुलाई विश्वास, प्रेम र शान्ति प्राप्त गर्न महान
प्रयास गर। यी कुराहरू शुद्ध हृदय भएका अनि

---

**दिन** त्यो दिन जुन दिन ख्रीष्ट जम्मै मानिसहरूलाई न्याय गर्न आउनु हुन्छ अनि आफ्नो मानिसहरूलाई उहाँसँगै बस्न लैजानु हुन्छ।

**"प्रभु आफ्ना … चिन्नुहुन्छ"** गन्ती १६:५।

परमप्रभुमा विश्वास भएका मानिसहरूको सङ्गतमा गर्ने
प्रयास गर। २३मूर्ख र लट्ठक तर्कहरू छाड़। तिमी
जान्दछौ यस्ता तर्क बढ़ेर विवादमा परिणत हुन्छन्।
२४प्रभुका सेवकले झगड़ा गर्नु हुँदैन। उसले सबैप्रति
दयालु हुनु पर्छ। प्रभुको सेवक असल शिक्षक हुनुपर्छ।
उ सहनशील हुनुपर्छ। २५आफूसित सहमत नहुने
मानिसहरूलाई उसले नम्रतापूर्वक सिकाउनुपर्छ। परमेश्वरले
तिनीहरूको हृदय परिवर्तन गरिदिन सक्नुहुन्छ अनि
तिनीहरूले सत्यलाई स्वीकार गर्न सक्छन्। २६त्यस्ता
मानिसहरू शैतानको जालमा परेका हुन्छन् अनि शैतानले
चाहे जस्तै काम गर्छन्। तर तिनीहरू जाग्न अनि
शैतानको जालबाट उम्कन सक्छन्।

## अन्तिम दिनहरू

३ यो याद गर। अन्तिम दिनहरूमा आपदको समय हुने
छ। २ती दिनहरूमा मानिसले आफूलाई र पैसालाई
मात्र माया गर्नेछन्। ती अहंकारी, घमण्डी र अर्कालाई
गाली गर्ने हुन्छन्। मानिसहरूले आफ्ना माता पिताका
आज्ञा पालन गर्ने छैनन् अनि कृतज्ञ बन्ने छैनन्। ती
परमेश्वरले मन पराउनु हुने मानिसहरू हुनेछैनन्।
३मानिसहरूले अर्कालाई प्रेम गर्ने छैनन्। तिनीहरूले
अरूलाई क्षमा गर्न अस्वीकार गर्ने छन्। तिनीहरूले
नराम्रा कुराहरू बोल्ने छन्। तिनीहरूमा आत्मा संयम हुने
छैन। तिनीहरू झङ्ङ्गे र नीच हुनेछन् अनि असल
कुरालाई हेला गर्ने हुनेछन्। ४अन्त्यका दिनहरूमा मानिसहरू
आफ्नै साथीका शत्रु बन्ने छन्। केही विचारै नगरी
तिनीहरू मूर्ख काम गर्छन्। ती कपटी बन्नेछन्। तिनीहरू
परमेश्वरलाई भन्दा सुखभोगलाई अधिक प्रेम गर्ने
हुन्छन्। ५तिनीहरूले परमेश्वरको सेवा गरे जस्तो त गर्ने
छन्। तर व्यवहारमा तिनीहरूले परमेश्वरको सेवा गर्दैनन्।
तिमोथी, त्यस्ता मानिसहरूबाट टाड़ा बस। ६त्यस्ता कति
मानिसहरू घर जान्छन् र पापले पूर्ण भएका स्त्रीहरूलाई
आफ्ना अधीनमा राख्छन्। तिनीहरूले गर्न चाहने धेरै
नराम्रा कुराहरूद्धारा तिनीहरूलाई पाप तिर तानिन्छन्।
७ती स्त्रीहरू सदैव नयाँ शिक्षाहरू सिक्न चाहन्छन् तर
तिनीहरू सत्यलाई पूर्णरूपले बुझ्न कहिल्यै पनि योग्य
छैनन्। ८जेन्नस र जेम्ब्रसलाई नै संझ। तिनीहरू मोशाको
विरूद्ध थिए। यी मानिसहरू पनि त्यस्तै हुन्। तिनीहरू
सत्यका विरोधी हुन्। तिनीहरूको विचार बहकिएको छ।
तिनीहरू सत्यको अनुसरण गर्न चुकेका छन्। ९तर
तिनीहरू आफ्ना काममा सफल हुन सक्ने छैनन्। सबले
जान्ने छन् कि मूर्खछन्। जेन्नस र जेम्ब्रसको मामलामा
जस्तै प्रत्येकले जान्नेछन् कि तिनीहरू मूर्ख हुन्।

## अन्तिम सल्लाह

१०मेरो बारेमा तिमी सबै जान्दछौ। म के सिकाउँछु,
कसरी बस्छु, तिमी जान्दछौ। तिमी मेरो जीवनको लक्ष्य,
मेरो विश्वास, धैर्य र प्रेम पनि जान्दछौ। तिमी जान्दछौ
कि कोशिश गर्न म कहिल्यै छोड़दिनँ। ११तिमी मेरो
कष्टहरू र यातनाहरू जान्दछौ। एन्टिओक, आइकोनियम
र लिस्त्रामा म माथि घटेका घटनाहरू तिमी सबै
जान्दछौ। ती स्थानहरूमा मैले सामना गर्न परेका
कष्टहरू तिमीलाई थाहा छ। तर प्रभुले मलाई ती
विपदहरूबाट बचाउनु भयो। १२ख्रीष्ट येशूमा जसले
परमेश्वरले चाहेको अनुसार बाँच्न चाहन्छ उसले कष्टहरू
भोग्नै पर्छ। १३मानिसहरू जो दुष्ट अनि अरूलाई धोका
दिनेहरू छन् ती नराम्रो देखि अझ नराम्रो हुँदै जान्छन्।
तिनीहरू अरूलाई मूर्ख तुल्याउँछन् तर तिनीहरू स्वयंलाई
मूर्ख बनाइरहेका हुन्छन्।

१४तिमीले सिकेको शिक्षालाई तिमीले अनुसरण गर्नुपर्छ
किनभने ती सत्य हुन् भनी तिमीलाई भरोशा छ। यो
कुरा तिमी जान्दछौ किनकि तिनीहरू जसले तिमीलाई
ती सिकाए तिनीहरू भरोसा योग्य छन। १५तिम्रो बाल्यकाल
देखि नै तिमीलाई पवित्र शास्त्र थाहा छ। ती धर्मशास्त्रले
तिमीलाई ज्ञानी तुल्याउने छ। अनि त्यो ज्ञानले ख्रीष्ट
येशूमा विश्वासद्वारा मुक्ति तर्फ डोर्‍याउँछ। १६सबै
धर्मशास्त्रहरू परमेश्वरले दिनु भएको हो। ती धर्मशास्त्रहरू
शिक्षा दिनु अनि मानिसको जीवनमा भएका गलत
कुराहरू देखाइ दिने काममा उपयोगी छन्। धर्मशास्त्रहरू
गल्तीहरू सुधार्न अनि उचित जीवन कसरी जिउनु त्यो
सिकाउनुमा उपयोगी छन्। १७परमेश्वरको प्रत्येक सेवक
धर्मशास्त्रको प्रयोग गरेर तयार हुनेछ अनि हर किसिमको
उत्तम कार्य गर्न उसलाई आवश्यक हरेक कुरा प्राप्त
हुनेछ।

४ परमेश्वर अनि येशू ख्रीष्टको नाउँमा म तिमीलाई
आदेश दिंदछु। जीवित अनि मृतहरूको न्याय गर्नु
हुने एक मात्र ख्रीष्ट येशू हुनुहुन्छ। उहाँको राज्य छ
अनि उहाँ प्रकट हुनुहुँदैछ। त्यसैले म तिमीलाई यो
आदेश दिन्छु: २मानिसहरूलाई सुसमाचार भन, हर

स्थितिमा यो भन। मानिसहरूलाई तिनीहरूले गर्नु पर्ने
काम बताऊ। तिनीहरूको गल्ती हुँदा तिनीहरूलाई भन।
तिनीहरूलाई उत्साह देऊ। यी सब कुराहरू ठूलो धैर्य र
सावधान शिक्षाद्वारा गर। [३]समय आउने छ जब मानिसहरूले
सत्य शिक्षा सहने छैन। तिनीहरूले धेरै शिक्षकहरू पाउने
छन् जो ती मानिसहरूको इच्छाहरूसँग तिनीहरू मिल्नेछन्।
ती शिक्षकहरूले तिनीहरूलाई तिनीहरूले सुन्न चाहने
कुराहरू सिकाउने छन्। [४]मानिसहरूले सत्य सुन्न छाड़ने
छन्। तिनीहरू भूटा कथाहरूकै पछि लाग्ने छन्। [५]तर
तिमीले सदैव आफूलाई संयम गर्नुपर्छ। यदि दुःख
आइपरे त्यसलाई स्वीकार गर। सुसमाचार प्रचार गर्ने
काम नछोड़। परमेश्वरको सेवकले गर्नु पर्ने जे पनि छ
सबै गर।

[६]मेरो जीवनलाई परमेश्वर समक्ष वेदीमा वलिदान
दिइँदैछ। मैले यो जीवनलाई छाड़ने समय आएको छ।
[७]मैले लडाइँ लड़ेको छु र दौड़ सिद्धयाएको छु। मैले
विश्वास राखेकोछु। [८]अब एउटा मुकुटले मलाई पर्खिबसेको
छ। म परमेश्वरसँग ठिक रहेकोले गर्दा मैले त्यो
धार्मिकताको मुकुट पाउने छु। हो, उहाँले मलाई त्यो
मुकुट त्यस दिन दिनु हुनेछ। उहाँले त्यो मुकुट ती
समस्त मानिसहरूलाई दिनु हुनेछ जसले, उहाँको आगमन
चाहेका छन् अनि जसले उहाँको प्रतिक्षा गरेका छन्।

### व्यक्तिगत वचनहरू

[९]जति चाँडो सम्भव हुन्छ, म कहाँ आउने कोशिश
गर। [१०]डेमसले संसारलाई खूबै प्रेम गर्थ्यो अनि उ
मलाई छाड़दैछ, उ थिस्सलोनिका गयो। क्रेसेन्स गलतिया
गयो अनि तीतस डालमितियामा गए। [११]अहिले लूका
मात्र म सित छ। मर्कूसलाई भेट र तिमी आउँदा
उसलाई तिमीसित लिएर आऊ। उसले मलाई यहाँ मेरो
काममा सघाउन सक्छ। [१२]टाइकिकसलाई मैले एफिसस
पठाँए।

[१३]म त्रोआसमा हुँदा त्यहाँ कार्पसकहाँ मैले कोट
छोडे। तिमी आउँदा त्यो पनि ल्याइदिनू। मेरा किताबहरू
जो चर्मपत्रहरू हुन ल्याइदिनू। ती अत्यन्त आवश्यकीय
छन्।

[१४]धातुकार अलेकज्याण्डरले मलाई अत्यन्त क्षति
गरेको छ। प्रभुले उसलाई योग्य दण्ड दिनु हुनेछ।
[१५]तिमी पनि सतर्क बस जसद्वारा उसले तिमीलाई क्षति
पुर्‍याउन नसकोस्। हाम्रो शिक्षाको उसले तीब्र विरोध
गरेको छ।

[१६]पहिलो सुनवाइमा मलाई आफ्नो बचाउ गर्नु
भनियो मलाई समर्थन दिने त्यहाँ कोही थिएन। प्रत्येकले
मलाई छाड़े। म प्रार्थना गर्छु कि परमेश्वरले तिनीहरूलाई
क्षमा गर्नेछन्। [१७]तर प्रभु मेरो साथ हुनुहुन्थ्यो। उहाँले
मलाई शक्तिवान तुल्याउनु भयो जसद्वारा मैले अयहूदीहरूलाई
सुसमाचार व्याख्या गर्न सकें। प्रभु चाहनुहुन्थ्यो कि सबै
अयहूदीहरूले सुसमाचार सुन्नु पर्छ। म सिंहको मुखबाट
उम्किएँ। [१८]यदि कसैले मलाई क्षति गर्न खोजे, प्रभुले
मलाई उद्धार गर्नु हुनेछ। उहाँले मलाई बचाउनु हुने छ
अनि आफ्नो स्वर्गीय राज्यमा ल्याउनु हुनेछ। उहाँको
महिमा सदा सर्वदा रहि रहोस्। आमिन।

### अन्तिम अभिवादन

[१९]प्रिस्किला र अक्वीलाको साथै ओन्सिफरसको
सबै परिवारलाई प्रणाम छ। [२०]इरास्तस कोरिन्थमै बसे।
अनि मैले त्रोफिमसलाई मिलेतसमा छोड़िराखे। उ अलि
विसच्चो थियो। [२१]शीत ॠतुभन्दा अघि नै मकहाँ
आउने सक्दो कोशिश गर्नू।

युबलसले तिमीलाई नमस्कार पठाउँदै छ। पुडेन्स,
लिनस, क्लोदिया अनि यहाँ भएका समस्त दाजु-भाइ,
दिदी-बहिनीहरूले आफ्ना प्रणाम पठाउँदै छन्।

[२२]परमेश्वर तिम्रो आत्मा साथ रहून्। तिम्रो साथ
अनुग्रह रहोस्।

# तीतसलाई पावलको पत्र

१ परमेश्वरको सेवक र येशू ख्रीष्टका प्रेरित पावलको प्रणाम। परमेश्वरले छानेका मानिसहरूको विश्वासलाई सहायता गर्नु अनि मानिसहरूलाई सत्य बताउनुको निम्ति मलाई पठाइएको हो। परमेश्वरको सेवा कसरी गर्ने त्यो सत्यले मानिसलाई सिकाउँछ। २त्यो विश्वास र त्यो ज्ञान अनन्त जीवनको हाम्रो आशाबाट उत्पन्न हुन्छ। त्यो जीवन दिने वचन परमेश्वरले हामीलाई अनादि कालमै दिएका हुन्-परमेश्वर कहिल्यै झूटो बोल्दैनन्। ३ठीक समयमा परमेश्वरले संसारलाई त्यो जीवन बारे जान्न दिनुभयो। परमेश्वरले त्यसलाई प्रचारद्वारा जान्न दिनु भयो। त्यो काम परमेश्वरले मलाई सुम्पनु भयो। मैले त्यो हाम्रो मुक्तिदाता परमेश्वरको आदेशमा प्रचार गरेँ।

४तीतसलाई प्रणाम। हाम्रो साझा विश्वासमा तिमी मेरा साँचो छोरा हौ।

पिता परमेश्वर र हाम्रा मुक्तिदाता ख्रीष्ट येशूबाट शान्ति र अनुग्रह होस्।

### क्रेटमा तितसको काम

५मैले तिमीलाई क्रेटमा यसकारणले छोड़ेँ कि त्यहाँ बाँकीरहेको काम पूर्ण होस्। अनि हरेक शहरमा धर्मगुरुहरूलाई पनि नियुक्त गर्नु भनी मैले छाड़ेँ। ६धर्मगुरु यस्तो मानिस हुनुपर्छ जो गलत जीवन बिताइरहेको अभियुक्त नहोस्। उसको एउटै मात्र पत्नी हुनु पर्छ। उसका केटाकेटीहरू विश्वासी हुनु पर्छ, असभ्य जीवन बाँचेको वा आज्ञाकारी नभएको अभियुक्त होइन। ७धर्मगुरूको कार्य परमेश्वर प्रतिको कामको ख्याल राख्नु हो। यसर्थ कुनै गलत कर्मको निम्ति उनी अभियुक्त हुनु हुँदैन। उ घमण्डी अनि स्वार्थी हुनु हुँदैन वा झड़ङ्गे हुनु हुँदैन। उ पियक्कड़ हुनु हुँदैन। उ झगड़ालु अनि ठगेर धनी हुने आकांक्षा भएको हुनु हुँदैन। ८धर्मगुरुले मानिसहरूलाई आफ्ना घरमा लगेर सहायता गर्नु पर्छ। उसले जे असल छ त्यसलाई प्रेम गर्नु पर्छ, ज्ञानी हुनुपर्छ, सही अनि पवित्र जीवन जिउनु पर्छ। उसित आत्म संयम हुनुपर्छ। ९धर्मगुरुले हामीले सिकाएको सत्य विश्वासपूर्वक मान्नु पर्छ। उ, सही अनि सत्य शिक्षाको उपयोगद्वारा मानिसहरूलाई सहायता गर्न समर्थ हुनुपर्छ अनि मानिसहरू जो सत्य शिक्षाको विरुद्ध छन् तिनीहरू गलत छन् भनी प्रमाणित गर्नु समर्थ हुनुपर्छ।

१०आज्ञापालन नगर्ने धेरै छन्। तिनीहरू व्यर्थका कुराहरू गर्छन् अनि मानिसहरूलाई गलत तरिकाले अगुवाई गर्छन्। म विशेष गरी तिनीहरूका बारेमा कुरा गर्दैछु जो यहूदीमतबाट बाहिर भएका छन्। धर्मगुरुले मानिसहरू भूलमा छन् भनी देखाउन पर्छ अनि तिनीहरूलाई यस्ता व्यर्थका कुराबाट रोक्नु पर्छ। ११तिनीहरूले नसिकाउनु पर्ने कुराहरू सिकाएर त्यस्ता मानिसहरूले पूरै परिवारहरूलाई बिगारिरहेका छन्। खालि मानिसहरूलाई ठग्नु अनि पैसा कमाउनु मात्र तिनीहरू त्यस्तो शिक्षा दिन्छन्। १२तिनीहरूका आफ्नै एकजना देशवासी जो तिनीहरूका अगमवक्ताले भने, "क्रेटका मानिसहरू सधैं झूटो बोल्छन्। ती जङ्गली पशुहरू जस्तै छन् अनि तिनीहरू अल्छे छन्, तिनीहरूले कसरी खानु त्यो मात्र जानेका छन्।" १३अगमवक्ताले भनेका ती कुराहरू ठीक हुन्, यसर्थ तिमीले तिनीहरूलाई देखाउनु पर्छ कि तिनी गलत छन्। तिमी तिनीहरूसित कठोर बन्नुपर्छ जसमा कि तिनीहरूले सत्य विश्वास अनुसरण गर्नेछन्। १४तब तिनीहरूले यहूदी कथाहरू सुन्ने अनि ती मानिसहरूका आदेश मान्ने छैनन् जसले सत्यलाई तुच्छ सम्झन्छन्। १५शुद्ध हृदय हुनेहरूलाई सबै कुरा शुद्धै छन्। तर तिनीहरूका निम्ति, जो पापद्वारा प्रदुषित अनि अविश्वासीहरूको निम्ति केही पनि शुद्ध छैन। साँच्चै, तिनीहरूको विचारै खराब भइसकेको छ अनि उचित के हो त्यो चिन्ने तिनीहरूको शक्ति नष्ट भइसकेको छ। १६तिनीहरू परमेश्वरलाई जान्दछौं भनेर दावी गर्छन्, तर तिनीहरूको कर्मद्वारा यो स्पष्ट हुन्छ कि

तिनीहरू उहाँलाई मान्दैनन्। तिनीहरू भयंकर मानिसहरू
हुन्, तिनीहरू अनाज्ञाकारी छन् अनि तिनीहरू कुनै
किसिमको राम्रो कामको निम्ति लायकका छैनन्।

## साँचो शिक्षाको अनुसरणगर्नु

२ तर, तिमीले मानिसहरूलाई साँचो शिक्षाको अनुसरण
गर्न तिनीहरूले के-के गर्नु पर्छ त्यो बताउनु पर्छ।
२पाका मानिसहरूलाई आत्म संयमी, गंभीर र ज्ञानी
बन्ने कुरा सिकाऊ। तिनीहरू विश्वासमा, प्रेममा र
धैर्यमा दृढ़ बन्नुपर्छ।
३बृद्ध स्त्रीहरूलाई पनि आफ्ना जीवन मार्गमा पवित्र
बन्न सिकाऊ। तिनीहरूले अर्काका विरुद्ध कुरा गर्नु
हुँदैन भनी अनि ज्यादा दाखरस पिउने बानी गर्नु हुँदैन।
ती स्त्रीहरूको लागि के राम्रो हुन्छ त्यो सिकाऊ। ४त्यही
प्रकारले तिनीहरूले जवान स्त्रीहरूलाई आफ्ना पति र
बालकहरूलाई माया गर्न सिकाउनु पर्छ। ५तिनीहरूलाई
बुद्धिमानी र पवित्र हुन, आफ्नो घरको ख्याल राख्नु,
आफ्ना पतिहरू प्रति दयालु अनि आज्ञाकारी हुनु भनी
सिकाउनै पर्छ। यस्तो स्थितिमा परमेश्वरले हामीलाई दिनु
भएको शिक्षाको बारेमा कुनै आलोचना हुने छैन।
६त्यसरी नै नवयुवाहरूलाई ज्ञानी बन्ने उत्साह दिनू।
७ती नवयुवाहरूका निम्ति हरेक कुरामा असल-असल
काम गर्दै तिमी एक उदाहरण बन्नु पर्छ। जब तिमी
तिनीहरूलाई सिकाउँछौ इमान्दार अनि गम्भीर बन।
८जब तिमी सत्य बोल्छौ, यस्तो प्रकारले बोल, जसमा
कि कसैले तिम्रो आलोचना गर्ने छैन अनि तब तिम्रो
विरोधमा हुने कुनै मानिस आफै लज्जित भएको अनुभव
गर्ने छन्। किन कि हाम्रो विरोधमा बोल्ने उसित केही
हुनेछैन।
९अनि यी कुराहरू दासहरूलाई पनि भन। तिनीहरूले
सधैं आफ्ना मालिकहरूको आज्ञा पालन गरून्; तिनीहरूले
आफ्ना मालिकहरूलाई खुशी राख्ने कोशिश गरून्,
तिनीहरूले आफ्ना मालिकहरूसित तर्क गर्नु हुँदैन,
१०तिनीहरूले मालिकको कुनै कुरा चोरी गर्नु हुँदैन अनि
आफ्ना मालिकले तिनीहरूमाथि पूर्ण विश्वास गर्न
सक्छन् भनेर देखाउनु पर्छ। यदि दासहरूले यस्तो गरे
तिनीहरूका प्रत्येक कामले हाम्रा मुक्तिदाता परमेश्वरको
शिक्षा राम्रो रहेछ भन्ने प्रमाण गर्नेछ।
११हामी यसरी जिउनु पर्छ किन कि परमेश्वरको
अनुग्रह हामी कहाँ पुगेको छ। त्यो दयाले हरेकलाई
बचाउनुसक्छ। अनि त्यो दया हामीलाई दिइएको छ।
१२त्यही अनुग्रहले हामीलाई परमेश्वरको विरुद्ध न बाँच्नु
भन्ने सिकाउँछ अनि संसारले चाहेको जस्तो कुकर्म
गर्नबाट हामीलाई रोक्छ। त्यो अनुग्रहले हामीलाई पृथ्वीमा
ज्ञानी अनि सही तरिकाले हाम्रो जीवन जिउन सिकाउँछ
जसले हामी परमेश्वरको सेवा गर्छौं भन्ने देखाउँछ।
१३हाम्रा परम परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको
आगमनलाई पर्खिंदा हामीले हाम्रो जीवन यसरी नै
बाँच्नुपर्छ। उहाँ हाम्रा महान आशा हुनुहुन्छ, उहाँ आफ्ना
महिमा सहित आउनु हुनेछ। १४उहाँले स्वयंलाई जम्मै
दुष्ट्याईंबाट हामीलाई मुक्ति दिनु समर्पण गर्नु भयो।
हामीलाई केवल उहाँका मानिस तुल्याउन अनि जो
सदैव असल कुराहरू गर्नु उत्सुक रहने तुल्याउन उहाँले
प्राण त्याग्नु भयो।
१५यी कुराहरू मानिसहरूलाई भन। तिम्रो पूर्ण अधिकार
छ। यसकारण मानिसहरूलाई सुदृढ़ तुल्याउन अनि
तिनीहरूले के गर्नु पर्छ भनी तिनीहरूलाई भन्न त्यो
अधिकार प्रयोग गर। अनि सावधान बन कि कसैले
पनि तिमीलाई महत्वहीन संझेर त्यस्तै व्यवहार नगरून्।

## जिउने असल तरिका

३ मानिसहरूलाई यी कुरा गर्नु नभुल्नु, भनी भन;
शासक र सरकारी अगुवाहरूका अधिकारमा रहनु,
ती अधिकारीहरूको आज्ञा पालन गर्नु अनि सबै किसिमका
राम्रो कामको निम्ति तयार बस्नु; २कसैको विरुद्ध नराम्रो
कुरा नगर्नु; अरूहरूसित शान्तिले बस्नु, अन्य मानिसहरू
प्रति सहनशील अनि अति भद्र बन्नु। विश्वासीहरूलाई
सबै मानिसहरूसित यसो गर्नु भनी भन।
३अघि-अघि हामी मूर्ख थियौं। हामीले आज्ञा पालन
गरेनौं, हामी गलत थियौं अनि आफ्ना शरीरका वश
थियौं, जसले नराम्रा कुरा गर्न चाहन्थे। हामीले दुष्टता
अनि इर्ष्याको जीवन बाँच्यौ। मानिसहरूले घृणा गरेको
जीवन बाँच्दै थियौं अनि हामीले तिनीहरूलाई घृणा
गर्‍यौ। ४तर तब हाम्रा मुक्तिदाता परमेश्वरले मानिसहरूको
लागि उहाँको दया अनि उहाँको प्रेम हामीलाई जनाउनु
भयो। ५उहाँले हामीलाई आफ्नो दयाद्वारा नै बचाउनु
भयो- परमेश्वर प्रति सही हुन्छौ भनी हामीले गरेका
असल कामको कारणले होइन। उहाँले हामीलाई धोएर
बचाँउनु भयो जसले हामीलाई नयाँ मानिस तुल्यायो।

उहाँले हामीलाई पवित्र आत्माद्वारा नँया तुल्याएर हामीलाई
बचाउनु भयो। ६परमेश्वरले त्यो पवित्र आत्मा हाम्रा
मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि पूर्णरूपले खन्याउनु
भयो। ७उनको अनुग्रहले हामी धर्मी ठहरियौं। अनि
परमेश्वरले हामीलाई अनन्त जीवन प्राप्त गर्न आत्मा
दिनुभयो। हामी त्यसैको आशामा थियौं। ८त्यो शिक्षा
साँचो हो।

अनि म चाहन्छु कि मानिसहरूले यी कुराहरू बुझ्नु
पर्छ भनी निश्चित गर। तब परमेश्वरका मानिसहरूले
तिनीहरूको जीवनमा असल कार्य गर्न तिनीहरू स्वयंलाई
अर्पण गर्ने छन्। यी कुरा असल छन् अनि यी
कुराहरूले मानिसहरूलाई असल बन्नमा सहयोग दिनेछ।

९मूर्खतापूर्ण बहस गर्ने, वंशावली कथाहरू भन्ने,
व्यवस्थाले सिकाउने कुराहरू बारे तर्क गर्नेहरूबाट
अलग बस। यस्ता निरर्थक कुराहरूले कसैलाई लाभ
गर्दैन। १०यदि कसैले तर्क गर्न चाहे, उसलाई चेतावनी
देऊ। यदि अझै पनि तर्क गरिरहे उसलाई फेरि चेतावनी
देऊ अनि अझ पनि तर्क गरिरहे त्यो उसैलाई छाड़िदेऊ।
११यस श्रेणीको व्यक्ति नराम्रो अनि पापी हुन् भनी
तिमीले जान्नु पर्छ। उसको पापले उ गलत छ भन्ने
प्रमाण दिन्छ।

## याद गर्नुपर्ने कुराहरू

१२अर्तिमास र टाइकिकसलाई म तिमी भएकहाँ
पठाउँदैछु। तिनीहरूलाई पठाएपछि निकोपोलिसमा म सँग
मिल्ने तिमी सक्दो कोशिश गर। यो ठण्डा मैले त्यहाँ
बिताउने निश्चय गरेको छु। १३वकील जीनस र अपोल्लसले
आफ्ना यात्रा यहाँदेखि जारिराख्ने छन्। तिनीहरूको
यात्राका निम्ति तिमीले जतिसक्छौ तिनीहरूलाई सघाऊ।
तिनीहरूलाई चाहिने सबै थोकको व्यवस्था होस्। १४असल
काम गरेर अनि आवश्यक परेकाहरूलाई सहायता गरेर
आफ्नो जीवन जिउने तरिका हाम्रा मानिसहरूले सिक्नुपर्छ।
जब तिनीहरू त्यसो गर्छन् तब तिनीहरूको जीवन
फलहीन हुनेछ।

१५ती सबै जो मसित छन् तिमीलाई प्रणाम जनाएका
छन्। त्यहाँका ती मानिसहरू सबैलाई जो विश्वासमा प्रेम
गर्छन्, हाम्रो प्रणाम छ।

तिमीहरू सबै प्रति परमेश्वरबाट अनुग्रह रहोस्।

# फिलेमोनलाई पावलको पत्र

खीष्ट येशूको एक कैदी पावल र हाम्रो भाइ
तिमोथीबाट

हाम्रा प्रिय बन्धु तथा सहकर्मी फिलेमोनलाई
अभिवादन। २साथै हाम्री बहिनी अप्पियालाई, सहकर्मी
अर्खिप्पसलाई र तिम्रा घरमा भेला हुने मण्डलीलाई
पनि!

३परमेश्वर हाम्रा पिता अनि प्रभु येशू खीष्टबाट
अनुग्रह अनि शान्ति तिमीहरू साथ रहोस्।

### फिलेमोनको प्रेम र विश्वास

४आफ्नो प्रार्थनामा म तिमीलाई सम्झन्छु र तिम्रो
निम्ति म सधैं मेरो परमेश्वरलाई धन्यवाद चढ़ाउँछु।
५परमेश्वरका पवित्र मानिसहरू प्रति तिम्रो प्रेम र प्रभु
येशूमा तिम्रो विश्वासको कुरा म सुन्छु। ६म प्रार्थना गर्छु
कि तिमीले हामीसित सहभोग गरेको विश्वासले खीष्टमा
भएको हाम्रा हरेक असल कुरो गहनपूर्वक बुझ्नमा
तिमीलाई सहायता दिनेछ। ७मेरा भाइ! तिमीले परमेश्वरका
मानिसहरूलाई प्रेम गर्‍यौ अनि तिनीहरूलाई प्रफुल्लित
तुल्यायौ। यसले मलाई आनन्द अनि सुविस्था प्रदान
गरेको छ।

### ओनेसिमसलाई एक भाइको रूपमा स्वीकार गर

८तिमीले केही गर्नु छ। खीष्ट प्रति भएको मेरो
अधिकारको कारणले म तिमीलाई यसो गर भन्न सक्छु।
९तर मैले तिमीलाई आदेश दिएको होइन, केवल प्रेमको
नाउँमा म तिमीलाई निवेदन गर्दछु। म पावल हुँ अनि
अहिले म बृद्ध मानिस हुँ अनि खीष्ट येशूको लागि
बन्दी छु। १०म मेरो छोरो ओनेसिमसको बारेमा निवेदन
गरिरहेछु। म कारागारमा छँदा उ मेरो छोरो बन्यो।
११बितेका दिनहरूमा उ तिम्रो लागि विकामे थियो। तर
वर्त्तमान समयमा तिमी र म दुवैको लागि उ उपयोगी
व्यक्ति भएको छ।

१२म उसलाई फेरि तिमीकहाँ मेरो हृदयसितै पठाउँदैछु।
१३म कारागारमा रहेको बेला मलाई सहायता गर्नका
निम्ति म आफै उसलाई यहाँ सुसमाचारको निम्ति राख्न
चाहन्थें। मलाई सहायता गरेर उसले तिम्रो सेवा गर्ने
थियो। १४तर तिम्रो सम्मति नलिई म केही गर्न
चाहँदिन। त्यसो हुँदा तिमीले मेरो निम्ति गर्ने असल
कार्य तिमीले स्वयं गर्न चाहेको हुनेछौ अनि मैले कर
लाएको हुने छैन।

१५ओनेसिमस तिमीसित केही समयको लागि छुट्टिएको
थियो। यसो भएको हुन सक्छ कि त्यसलाई तिमीले
सदाको निम्ति फिर्ता पाउने छौ। १६अझ एक दासको
रूपमा होइन, तर दास भन्दा अधिक अनि एक प्रिय
भाइको रूपमा ग्रहण गर। म उसलाई खुबै माया गर्छु।
तर तिमीले उसलाई अझ बेसी माया गर्ने छौ। तिमीले
उसलाई एउटा व्यक्तिको रूपमा अनि प्रभुमा भाइको
रूपमा पनि माया गर्ने छौ।

१७यसर्थ यदि मलाई साथी भनेर स्वागत गर्छौ भने
ओनेसिमसलाई पनि स्वागत गर। मलाई स्वीकार गरे
जस्तै उसलाई स्वीकार गर। १८ओनेसिमसले तिमीसित
केही भूल गरेछ भने मलाई दोष्याऊ। यदि उसले केही
तिर्नु परे मलाई तिर्न लगाऊ। १९म पावल हुँ। यो म
मेरो आफ्नै हातले लेख्दैछु। यदि ओनेसिमसले केही
बाँकी तिर्नु छ भने त्यो म तिर्छु। आफ्नो जीवनको लागि
तिमी मेरो कति ऋणी छौ त्यस बारे म केही भन्न
चाहँदिन। २०हो, मेरा भाइ, प्रभुका निम्ति मेरो लागि
केही गरिदेऊ। खीष्टमा मेरो हृदय शान्त गराऊ।
२१तिमीले मेरो आशा पुरा गर्ने छौ भन्ने पूर्ण विश्वासमा
म यो पत्र लेख्दैछु। म जान्दछु तिमीले मैले भनेको
भन्दा अधिक गर्नेछौ।

२२दया गरी मलाई बस्नको लागि एउटा कोठा को
व्यवस्था गरीदेऊ। म आशा गर्छु कि परमेश्वरले तिम्रो
प्रार्थना सुन्नेछन् अनि म तिमी कहाँ आउन सक्ने छु।

### अन्तिम अभिवादन

२३मेरो साथी इपाफ्रास पनि ख्रीष्ट येशूको निम्ति म
सित बन्दी छ। उसले तिमीलाई अभिवादन पठाउँछ।
२४अनि मर्कूस, अरिस्तार्खस्, डेमास र लूकाले पनि
तिमीलाई अभिवादन गर्न म सँग एक साथ छन्। यी
सबै मैसित काम गर्दैछन्।
२५हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिम्रो आत्मासित
रहोस्। आमिन।

# हिब्रूहरूको निम्ति पत्र

### परमेश्वर आफ्ना पुत्रद्धारा बोल्नु भयो

१ अघि-अघि परमेश्वर हाम्रा पुर्खाहरूलाई
अगमवक्ताहरूद्धारा बोल्नुहुन्थ्यो। परमेश्वर धेरै पटक
धेरै प्रकारले बोल्नुभयो। [२]अनि अब यी आखिरी
दिनहरूमा परमेश्वर हामीलाई आफ्ना पुत्रद्धारा बोल्नुभएको
छ। उहाँले आफ्ना पुत्रद्धारा यो संसार बनाउनु भयो अनि
उहाँले आफ्ना पुत्रलाई सबैकुराको आफ्ना उत्तराधिकारी
बनाउनुभयो। [३]पुत्रले परमेश्वरको महिमा प्रतिबिम्बित
गर्नुहुन्छ। उहाँ परमेश्वरको स्वभावको पूर्ण प्रतिरूप
हुनुहुन्छ। उहाँले हरेक कुरालाई आफनो शक्तिशाली
आदेशको अधीनमा राख्नुहुन्छ। उहाँले मानिसलाई
उनीहरूको पापहरू देखि स्वच्छ तुल्याउनु भयो र
स्वर्गमा परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो। [४]परमेश्वरले
उहाँलाई एउटा नाउँ दिनुभयो जुन कुनै पनि स्वर्गदूतहरूको
नाउँभन्दा उच्च छ। त्यसैले उहाँ स्वर्गदूतहरूभन्दा महान्
हुनुहुन्छ।

[५]परमेश्वरले यी कुरा कुनै स्वर्गदूतहरूलाई भन्नुभएको
थिएन:

"तिमी मेरा पुत्र हौ, आज म तिम्रा पिता
बनेको छु।"

*भजनसंग्रह २:७*

उहाँले कुनै स्वर्गदूतलाई यो कुरो भन्नुभएन:

"म उनको पिता बन्नेछु र उनी मेरा पुत्र
बन्नेछन्।"

*२ शमूएल ७:१४*

[६]अनि जब परमेश्वरले आफ्नो पहिलो पुत्रलाई* यस
संसारमा चिनाउनुहुन्छ, उहाँ भन्नुहुन्छ:

"परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई
आराधना गरून्।"

*व्यवस्था ३२:४३*

[७]स्वर्गदूतहरूको बारेमा परमेश्वर भन्नुहुन्छ,

"परमेश्वरले आफ्ना स्वर्गदूतहरूलाई वायु* जस्तो
बनाउनुभयो, अनि आफ्ना सेवकहरूलाई आगोको
ज्वाला जस्तो बनाउनुभयो।"

*भजनसंग्रह १०४:४*

[८]तर आफ्ना पुत्रको बारेमा परमेश्वरले भन्नुभयो:

"तिम्रा हे परमेश्वर, तपाईंको सिंहासन सदा
सर्वदा रहिरहने छ समुचित न्यायपूर्वक तपाईंले
आफ्नो राज्य चलानुहुनेछ।
९ तपाईं धार्मिकतालाई प्रेम गर्नुहुन्छ अनि
अधार्मिकतालाई घृणा गर्नुहुन्छ त्यसैले, हे
परमेश्वर, तपाईंका परमेश्वरले तपाईंलाई तपाईंको
संगीहरूलाई दिएको भन्दा महान आनन्द दिनु
भएको छ।"

*भजनसंग्रह ४५:६-७*

[१०]परमेश्वर अझै भन्नुहुन्छ:

"हे प्रभु, आदिमा तपाईंले धरतीको जग
बसाउनुभयो अनि आकाशमण्डल तपाईंका हातका
कामहरू हुन्।
११ "यी सब विनाश भएर जाने छन् तर तपाईं
सदाकाल रहिरहनु हुनेछ अनि सबै थोकहरू
वस्त्र भै पुराना बन्ने छन्

---

**पहिलो पुत्र** परमेश्वरका सन्तानहरूमा प्रथम र महत्वपूर्ण बच्चा।

**वायु** यसको अर्थ पनि "आत्माहरू" हुन सक्छ।

[१२] तपाई त्यसलाई पोशाकलाई झैं पट्ट्याउनु हुने
छ। ती फेरि वस्त्र झै बद्‌लिने छन्, तर तपाईं
कहिल्यै बद्‌लिनु हुने छैन। तपाईंको जीवनको
अन्त कहिल्यै हुने छैन।"

*भजनसंग्रह १०२:२५-२७*

[१३]अनि परमेश्वरले यो कुरो स्वर्गदूतलाई कहिल्यै
भन्नुभएनः

"तपाईं मेरो दाहिनेहातपट्टि बस्नुहोस्, जबसम्म
तपाईंका शत्रुहरूलाई तपाईंका पाउमा ल्याइँदैन।"

*भजनसंग्रह ११०:१*

[१४]सबै स्वर्गदूतहरू आत्मा हुन् जो परमेश्वरको सेवा
गर्छन् अनि उद्धार पाउनेहरूको सहायता गर्न तिनीहरूलाई
पठाइन्छन्।

### हाम्रो उद्धार विधानभन्दा ठूलो हो

**२** यसकारण सिकाइएका कुराहरू अनुसरण गर्दा अझै
धेरै होशियार हुनुपर्छ जसमा कि हामी सत्यको
मार्गबाट नबहकियौं। [२]स्वर्गदूतहरूको मार्फत परमेश्वरले
दिनुभएको शिक्षा साँचो हो भन्ने देखाइएको थियो। अनि
जहिले पनि यहूदीहरूले त्यस शिक्षाको विरोध गरे
अथवा त्यसको अनुसरण गरेनन् तिनीहरूले उचित दण्ड
पाए। [३]हामीलाई दिइएको उद्धार धेरै महान् हो। यसर्थ
यदि हामीले त्यस उद्धारको अवहेलना गर्‍यौं भने हामी
दण्डबाट कसरी उम्कन सकौंला? उद्धारको बारेमा
मानिसहरूलाई पहिले भन्नुहुने प्रभु नै हुनुहुन्थ्यो। अनि
उहाँलाई सुन्ने मानिसहरूले उद्धार साँचो हो भन्ने कुरो
हामीलाई प्रमाणित गरे। [४]परमेश्वरले पनि अचम्महरू,
लक्षणहरू र विभिन्न किसिमका चमत्कारहरूले प्रमाणित
गरिदिनुभयो। अनि पवित्र आत्माद्वारा मानिसहरूलाई
उपहारहरू दिएर त्यो प्रमाणित गरिदिनुभयो। उहाँले ती
उपहारहरू आफ्नो इच्छा अनुसार दिनुभयो।

### मानिसहरूलाई बचाउन ख्रीष्ट मानिस जस्तै बन्नुभयो

[५]आउन लागेको त्यो नयाँ संसारको शासक बन्न
परमेश्वरले स्वर्गदूतहरूलाई छान्नुभएन। त्यो भविष्यको
त्यो संसार हो जुन हामीले चर्चा गर्न लागेका छौं।
[६]धर्मशास्त्रमा कहीं लेखिएको छः

"तपाँईले किन मानिसलाई संझनु पर्छ? किन
तपाईले मानिसको पुत्रबारे सोंच्नु पर्छ? उ यति
महत्वपूर्ण छ?
[७] छोटो अवधिको निम्ति तपाईंले उसलाई
स्वर्गदूतहरूभन्दा निम्न बनाउनुभयो तपाँइले
उहाँलाई मान र महिमाको मुकुट लगाइदिनुभयो।
[८] अनि सबैकुराहरू तपाईंले उसैको अधीनमा
ल्याइदिनुभयो।"

*भजनसंग्रह ८:४-६*

परमेश्वरले "सबैकुरा उसैको अधीनमा ल्याई दिनुभयो"
भन्ने भनाइले भन्दा उहाँको अधीनदेखि बाहिर केही
रहेन भन्ने बुझिन्छ। तर हामी उहाँले सबैमाथि शासन
गरेको देख्दैनौं। [९]केही कालको निम्ति येशू स्वर्गदूतहरूभन्दा
निम्नको बनाइनुभएको थियो। तर अहिले हामी उहाँलाई
मान र महिमाको मुकुट लगाउनु भएको देख्छौ किन
कि उहाँले कष्ट भोग्नु भयो र क्रूसमा मर्नुभयो।
किनभने परमेश्वरको अनुग्रहले येशूले प्रत्येक व्यक्तिको
निम्ति मृत्युको अनुभव गर्नुभयो।

[१०]परमेश्वर नै हुनुहुन्छ जसले आफ्नो महिमाको
लागि सबैकुरा बनाउनुभयो। उहाँले आफ्नो महिमाको
भागीदार बनाउन उहाँले धेरै छोराहरू चाहनुभयो। यसर्थ
परमेश्वरले जे-जे गर्नु पेरको थियो त्यही गर्नुभयो।
परमेश्वरले उहाँलाई एक पूर्ण व्यक्ति बनाउनुभयो जसले
सबैलाई मुक्तितर्फ डोर्‍याउनुहुन्छ। परमेश्वरले उहाँको
यातनाद्वारा येशूलाई पूर्ण बनाउनुभयो।

[११]उनै एक जसले मानिसलाई पवित्र बनाउँनुहुन्छ र
ती पवित्र बनाएकाहरू एउटै परिवारबाट आएका छन्।
यसकारण उहाँ तिनीहरूलाई आफ्ना दाजु-भाइहरू अनि
दिदी-बहिनीहरू भन्न लजाउनु हुन्न। [१२]त्यसैले उहाँ
भन्नुहुन्छः

"हे परमेश्वर! तपाईंको बारेमा म आफ्ना
भाइ-बहिनीहरूलाई भन्नेछु। तपाईका सबै
मानिसहरूका अघि म तपाईको प्रशंसाको गीत
गाँउनेछु।"

*भजनसंग्रह २२:२२*

[१३]उहाँ यसो पनि भन्नुहुन्छ,

"म परमेश्वरमा भरोसा गर्छु।"

*येशैया ८:१७*

अनि उहाँ भन्नुहुन्छ,

> "म यहाँ छु अनि मसित ती छोराछोरीहरू छन्
> जो परमेश्वरले मलाई दिनुभएको छ।"
>
> *येशैया ८:१८*

१४ती छोराछोरीहरू भौतिक शरीरमा छन् जो मानिसहरू
हुन्। अनि येशू पनि ती मानिसहरू जस्तै बन्नुभयो र
तिनीहरूको जस्तै अनुभव बटुल्नु भयो। त्यसैकारण
उहाँले मृत्युलाई अङ्गालेर त्यसलाई अर्थात शैतानलाई
नष्ट गर्नुभयो जससित मार्ने शक्ति छ। १५येशू ती
मानिसहरू जस्तै बन्नुभयो र मर्नुभयो जसले गर्दा
तिनीहरूलाई मुक्त गर्न सकून्। आफ्नो मृत्युको भयले
गर्दा तिनीहरूले सारा जीवन कमाराले जस्तै बिताए।
१६यो स्पष्ट छ कि, येशूले स्वर्गदूतहरूलाई होइन, तर
अब्राहामका सन्तानहरूलाई सहायता गर्नुहुन्छ।
१७यसैकारणले येशूले आफूलाई हरतरहले आफ्ना भाइ
बहिनीहरू जस्तै बनाउनु आवश्यक थियो ता कि उहाँ
परमेश्वरको सेवामा दयालु र विश्वस्त प्रधानपूजाहारी
बन्नसकून् अनि यस प्रकारले मानिसहरूलाई पापहरूको
क्षमा दिनसकून्। १८अनि अब येशूले ती मानिसहरूलाई
सहायता गर्न सक्नु हुन्छ जो परीक्षित छन्। येशू तिनलाई
सहायता गर्न समर्थ हुनुहुन्छ किन कि उहाँ आफैले कष्ट
भोग्नु भयो र परीक्षित हुनुभयो।

### मोशाभन्दा येशू महान हुनुहुन्छ

**३** यसैले तिमीहरू सबैले येशूको बारेमा सोच्नुपर्छ।
परमेश्वरले येशूलाई हामी भएकोमा पठाउनु भएको
छ अनि उहाँ हाम्रा विश्वासका प्रधान पूजाहारी*
हुनुहुन्छ जुन विश्वास हामीले राखेका छौं। मेरा पवित्र
दाजु-भाइ, दिदी-बहिनीहरूलाई म भन्छु! तिमीहरू
परमेश्वरबाट बोलाइएकाहरू हौ। २परमेश्वरले येशूलाई
हाम्रो माझमा पठाउनुभयो अनि उहाँलाई प्रधान पूजाहारी
बनाउनुभयो। येशू पनि मोशा जस्तै परमेश्वरप्रति विश्वासी
हुनुहुन्थ्यो। मोशाले ती सबैं कामहरू गर्नुभयो जुन
परमेश्वरले आफ्ना घरमा गर्न चाहनु हुन्थ्यो। ३यदि
कसैले घर बनाउँछ तब मानिसहरूले घरलाई भन्दा घर
बनाउनेलाई बड़ी आदर गर्छन्। त्यसै गरी मोशालाई
भन्दा येशूलाई बढता आदरको अधिकारी मान्नुपर्छ।
४हरेक घर कुनै मानिसद्वारा बनाइन्छ। तर परमेश्वरले
सबै थोक बनाउनुभयो। ५परमेश्वरको घरमा मोशा एउटा
विश्वसनीय सेवक जस्तो हुनुहुन्थ्यो। उनले मानिसहरूलाई
ती कुराहरू बताए जुन भविष्यमा परमेश्वरले बताउने
छन्। ६तर परमेश्वर द्धारा संचालित घरमा ख्रीष्ट एउटा
विश्वसनीय छोरो जस्तो हुनुहुन्छ। हामी विश्वासीहरू
परमेश्वरको घर हौं। यदि हामी आफूमा भएको आशाप्रति
निश्चिन्त र गर्वित रहिरह्यौं भने हामी परमेश्वरकै घर
हौं।

### हामीले परमेश्वरको अनुसरण गरिरहनु पर्छ

७त्यसैकारण पवित्र आत्मा भन्नुहुन्छ:

> "आज यदि तिमीहरूले परमेश्वरको आवाज
> सुन्यौ भने,
> ८ अतीतमा जस्तै तिमीहरू हठधर्मी नबन, जतिबेला
> तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह गर्‍यौ।
> त्यसै बेला मरूभूमिमा परमेश्वरको परीक्षा लियौं।
> ९ चालिस वर्ष सम्म मरूभूमिमा मैले के के गरें
> त्यो तिम्रा मानिसहरूले देखे। तर तिनीहरूले
> मेरो धैर्यको परीक्षा लिए।
> १० त्यसैले म तिनीहरूसित रिसाएँ र मैले भनें:
> 'तिनीहरूका विचार सँधै गलत छन् तिनीहरूले
> कहिल्यै मेरो बाटो बुझेनन्।'
> ११ त्यसैले म रिसाएँ र शपथ लिएँ कि 'तिनीहरूले
> कहिल्यै प्रवेश पाउने छैनन् र मसित विश्रान्ति
> पाउने छैनन्।'"
>
> *भजनसंग्रह ९५:७-११*

१२त्यसकारण दाजु-भाइहरू र दिदी-बहिनीहरू, होशियार
रह जसमा कि तिमीहरूमा कोही पापी नहोऊ, विश्वासलाई
अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोड़ोस्।
१३तर हरेक दिन एक-अर्काको उत्साह बड़ाऊ। "आज"
नै यो गर। एक अर्काको सहायता गर जसमा कि कोही
पाप र यसको कपटपूर्ण तरिकाले कोही पनि कठोर
नबनोस्। १४हामी सबै ख्रीष्टका सहभागी छौं हामीले
शुरुमा पाएको विश्वास अन्तसम्म थामिरह्यौं भने यो
सत्य रहने छ। १५धर्मशास्त्रले भनेको छ:

---

**प्रधान पूजाहारी** परमेश्वरको मानिसहरूको लागि अति महत्वपूर्ण पूजाहारी।

"यदि आज तिमीहरूले परमेश्वरको आवाज
सुन्दछौ भने, अतीतमा जस्तै हठधर्मी नबन,
जतिबेला तिमीहरूले परमेश्वरको विरोधमा विद्रोह
गरेका थियौ।"

*भजनसंग्रह ९५:७-८*

१६ती को थिए जसले परमेश्वरको आवाज सुने र
उहांको विरोधमा विद्रोह गरे? ती सबै मोशाद्वारा मिश्रबाट
लगिएकाहरू थिए। १७अनि परमेश्वरको संग चालीस
वर्षसम्म रिसाउनुभएको थियो? परमेश्वर तिनैहरूसित
रिसाउनुभएको थियो जसले पाप गरे र जो मरूभूमिमा
मरे। १८अनि परमेश्वरले कसका बारेमा शपथ खानुभएको
थियो जो प्रवेश र विश्राम नपाउनेहरू थिए? परमेश्वरले
तिनैका बारेमा भन्नुहुँदैथ्यो जसले उहाँको आज्ञा मानेनन्।
१९यसकारण हामी बुझ्छौं कि अविश्वासको कारणले
ती मानिसहरूलाई प्रवेश र परमेश्वरको विश्राम निषिद्ध
थियो।

४ परमेश्वरले तिनीहरूलाई दिएको प्रतिज्ञा हामीलाई
अझै पनि हो। त्यो प्रतिज्ञा यो हो कि हामी प्रवेश
गर्न र परमेश्वरको विश्राम लिन सक्छौं। हामी सतर्क
हुनुपर्छ कि हामीले त्यो प्रतिज्ञा पाउन चुक्नु हुँदैन।
२जस्तो तिनीहरूलाई मानियो त्यस्तै प्रकारले बाँच्ने उपाय
हामीलाई पनि बताइएको छ। तर तिनीहरूले सुनेको
उपदेशले तिनीहरूलाई सहायता गरेन। तिनीहरूले उपदेश
त सुने तर विश्वाससित ग्रहण गरेनन्। ३हामी विश्वासीहरू
परमेश्वरको विश्राममा प्रवेश पाउँछौं। जस्तो परमेश्वरले
नै भन्नुभयो:

"म रिसाएँ र प्रतिज्ञा लिएँ कि 'तिनीहरूले
कहिल्यै प्रवेश गर्ने छैनन् र मेरो विश्रान्ति
पाउने छैनन्।'"

*भजनसंग्रह ९५:११*

परमेश्वरले यसो भन्नुभयो। तर परमेश्वरले यस संसारको
सृष्टि गर्नुभएपछि उहाँले आपनो काम समाप्त गर्नु भयो।
४धर्मशास्त्रमा कहीं परमेश्वरले सातौं दिनको कुरा गर्नुभएको
छ: "अनि सातौं दिनमा परमेश्वरले आफ्नो सबै कामहरूबाट
विश्राम लिनुभयो।"* ५उपरोक्त अंशमा यो पनि भनिएको
छ, "ती मानिसहरू मेरो विश्राममा पस्न पाउने छैनन्।"

६यो अझै सत्य छ कि कतिपय मानिसहरूले प्रवेश
गर्नेछन् र परमेश्वरको विश्राम पाउने छन्। तर ती
मानिसहरू जसले पहिले मुक्तिको उपाय सुने त्यहाँ पस्न
योग्यको थिएनन् किन कि तिनीहरूले आज्ञा मानेनन्।
७यसकारण परमेश्वरले अर्कै विशेष दिनको योजना
गर्नुभयो। त्यसलाई "आज" भनियो। दाऊदद्वारा परमेश्वरले
त्यस दिन बारे धेरैपछि बताउनुभयो। हामीले त्यो धर्मशास्त्र
अघि नै उपयोग गर्‍यौं।

"यदि तिमीहरूले परमेश्वरको आवाज आज
सुन्यौ भने, अतीतमा जस्तै हठधर्मी नबन।"

*भजनसंग्रह ९५:७-८*

८हामी जान्दछौं यहोशूले पनि मानिसहरूलाई विश्रामतिर
डोर्‍याएनन्। हामी यो बुझ्छौं किन कि परमेश्वरले
पछिबाट अर्को विश्रामको दिन बताउनुभयो। ९यसले
देखाउँछ कि परमेश्वरका मानिसहरूलाई सातौ दिनको
विश्राम अझै आउँदैछ। १०आफ्नो काम सकेर परमेश्वरले
विश्राम लिनुभयो। यसकारण जसले प्रवेश गर्छ र
परमेश्वरको विश्राम पाउँछ उसले परमेश्वरले गरिसक्नु
भए जस्तै आफ्नो काम गरिसकेको हुन्छ। ११समर्थ
हामी पनि परमेश्वरको विश्राममा प्रवेश गर्ने सक्दो
कोशिश गरौं। हामीले सक्दो कोशिश गर्नुपर्छ ता कि
परमेश्वरको आज्ञा नमान्नेहरूको नमूना बनेर हामी नष्ट
नहोऊँ।

१२परमेश्वरको वचन जीवित छ र क्रियाशील छ।
उहाँको वचन कुनै दुईधारे तरवारभन्दा धारिलो छ।
परमेश्वरको वचनले हामीलाई गहिरो गरी काट्छ। यसले
आत्मा र प्राण, जोडिएको ठाउँमा काट्छ। यसले जोर्नी
र हड्डीसमेत काट्छ। यसले मित्री भाव र विचारसम्म
जाँच्छ। १३संसारको कुनै थोक परमेश्वरबाट लुकाउन
सकिंदैन। उहाँ सबकुछ स्पष्ट देख्नुहुन्छ। हरेक कुरा
उहाँ अधि उदांगो छ। अनि उहाँलाई हामीले हाम्रो
जीवनको लेखाजोखा बुझाउनैपर्छ।

## परमेश्वरको अघि उभिन येशूले सहायता गर्नुहुन्छ

१४हाम्रोमा महा प्रधान पूजाहारी छन् जो स्वर्गको
परमेश्वरकहाँ जानुभएको छ। उहाँ परमेश्वरका पुत्र,
येशू हुनुहुन्छ। यसर्थ, हामीले स्वीकार गरेको विश्वासमा
दृढ़ रहौं। १५हाम्रा प्रधान पूजाहारी, येशू हुनुहुन्छ जो

---

**"अनि सातौं ... लिनुभयो"** उत्पत्ति २:२।

हाम्रा कमजोरीहरूमा बुझ्न समर्थ हुनुहुन्छ। जब येशू
यस संसारमा हुनुहुन्थ्यो उहाँ हरेक कुरामा परीक्षित
हुनुभयो जसरी हामी परीक्षित छौं, तर उहाँले कहिल्यै
पाप गर्नु भएन। १६येशू हाम्रा प्रधान पूजाहारी हुनुभएकोले
परमेश्वरको अनुग्रहको सिंहासनअघि उभिन होमीलाई
स्वतंत्रता छ। त्यहाँ हामी सहायताको निम्ति करूणा र
अनुग्रह पाउँछौ जब ती चाहन्छौं।

**५** कुनै पनि यहूदी प्रधान पूजाहारी मानिसहरू माझबाट
छानिएका हुन्छन्। मानिसहरूले परमेश्वरलाई गर्न
पर्ने कुराहरू गर्न सघाउनु उहाँ नियुक्त हुनुभएको छ।
पापको प्रायश्चितमा ती प्रधान पूजाहारीले परमेश्वरको
अघि भेटीहरू र बलीहरू चढ़ाउनै पर्छ। २प्रधान पूजाहारी
स्वयं सबै मानिसहरू जस्तै कमजोर हुन्छन्। त्यसैकारण
बुझ्न नसक्नेहरूसित र गलत काम गर्नेहरूसित उनी नम्र
बन्न सक्छन्। ३प्रधान पूजाहारीले मानिसहरूका पापकोलागि
बली चढ़ाउँछन् तर उनी स्वयं कमजोर व्यक्ति भएकाले
आफ्नै पापको लागि पनि बली चढ़ाउनु पर्छ।

४प्रधान पूजाहारी हुनु सम्मानको कुरा हो। तर यस
कामको निम्ति आफूले आफैलाई कसैले छान्दैनन्।
हारूनलाई* जस्तो, परमेश्वरले छान्नु पर्छ। ५उसै गरी
ख्रीष्टले प्रधान पूजाहारी हुनलाई अनि त्यसको महिमा
पाउनलाई आफैलाई छान्नु भएन। तर परमेश्वरले उहाँलाई
छान्नुभयो। परमेश्वरले ख्रीष्टलाई भन्नुभयो:

> "तिमी मेरा पुत्र हौ आजदेखि म तिम्रा पिता
> भएँ।"
>
> *भजनसंग्रह २:७*

६अनि धर्मशास्त्रको अर्को भागमा उहाँले भन्नुभयो:

> "मल्कीसेदेक जस्तो तिमी सदा सदाको लागि
> पूजाहारी बन्ने छौ।"
>
> *भजनसंग्रह ११०:४*

७जब ख्रीष्ट संसारमा हुनुहुन्थ्यो उहाँले परमेश्वरलाई
प्रार्थना गर्नुभयो र सहायता माग्नुभयो। त्यहाँ एकैजना
मात्र हुनुहुन्थ्यों जसले उहाँलाई मृत्युबाट बचाउनु सक्नुहुन्थ्यो
र येशूले आँसु र आर्तनाद सहित प्रार्थना गर्नुभयो। येशू
नम्र र आज्ञाकारी हुनुहुन्थ्यो, त्यसैले परमेश्वरले उहाँको
प्रार्थनाको उत्तर दिनुभयो। ८येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो
तर उहाँले कष्ट भोग्नुभयो र त्यसबाट उहाँले आज्ञाकारी
बन्न सिक्नुभयो। ९तब नै येशू पूर्ण बनाइनुभयो अनि
उहाँको आज्ञा मान्नेहरू सबैको निम्ति अनन्त मुक्तिको
स्रोत बन्नुभयो। १०अनि परमेश्वरले मल्कीसेदेकलाई
जस्तै येशूलाई प्रधान पूजाहारी बनाउनुभयो।

### पतनको विरुद्ध चेतावनी

११हामीले यसबारे तिमीहरूलाई धेरै कुरा भन्नुछ। तर
तिमीहरूले सिक्ने इच्छा गरेनौ तिमीहरूलाई यो बुझाउन
खुबै कठिन भएको छ। १२वास्तवमा यस बेलासम्म ता
तिमीहरू शिक्षा दिने बनिसक्नु पर्ने थियो। अझै पनि
तिमीहरूलाई कसैले परमेश्वरका शिक्षाको पहिलो पाठ
सिकाउनु आवश्यक भएको छ। तिमीहरूलाई त अझै
दूध नै चाहिएको छ, ठोस आहार होइन। १३दूध खाने
अझपनि नानी नै हुन्छ अनि त्यसले उचित शिक्षाबारे
केही जान्दैन। १४तर ठोस आहार त परिपक्वहरूको
लागि हो। जसले आफ्ना आत्मिक इन्द्रियहरूलाई असल
र खराबबीचको भिन्नता छुट्ट्याउन निरन्तर अभ्यास
गेरका छन्।

**६** यसकारण अब हामीले ख्रीष्टबारेको प्रारंभिक पाठहरू
छोड़नु पर्छ र पूर्णतातिर जानुपर्छ। हामी शुरूतिरै
फर्कनु हुँदैन। मृत कर्महरूलाई पछि नै छोड़ेर अनि
परमेश्वरमा विश्वास गरेर हामीले ख्रीष्टमा हाम्रो जीवन
शुरू गरेका थियौं। २त्यसबेला, हामीलाई बप्तिस्माहरू*,
मानिसहरूमाथि हातहरू राख्ने विशेष कर्म, मृतको
पुनरुत्थान र अनन्त न्यायको बारेमा सिकाइएको थियो।
तर अब हामीले अरू परिपक्व शिक्षा तर्फ बढ्नुपर्छ।
३परमेश्वरले चाहे हामी त्यो पनि गर्छौं।

४-६मानिसहरूले ख्रीष्टलाई छोड़िदिएपछि, तिनीहरूका
जीवनको बाटो फेरि बदल्न सकिएला? सत्य सिक्नेहरू
बारे म भन्दैछु। तिनीहरूले परमेश्वरबाट उपहार लिएका
छन् र पवित्र आत्माको भागीदार बनेका छन्। तिनीहरूले
परमेश्वरले भन्नुभएको वचन सुनेका छन्, र परमेश्वरको
नयाँ संसारको महाशक्ति देखेका छन्। अनि ती कुराहरू
खुबै राम्रा थिए भनेर तिनीहरूले बुझैका छन्। तर

---

**हारून** प्रथम यहूदी पूजाहारी, मोशाका दाजु।

**बप्तिस्मा** यहाँ यो शब्दले ख्रीष्टियनहरूको बप्तिस्मा बुझाउँछ (पानीमा सुक्ष्म डुबाई), अथवा यसले यहूदीको धार्मिक आनुष्ठानिक धुवाई बुझाउन सक्छ।

त्यसपछि तिनीहरूले ख्रीष्टलाई छोड़े। अब तिनीहरूलाई
फर्काएर फेरि ख्रीष्टमै ल्याउन असंभव छ। किन? किन
कि तिनीहरूले ख्रीष्टलाई फेरि क्रूसमा टाँगेर काँटी
ठोक्दैछन्। तिनीहरूले मानिसहरूको सामू ख्रीष्टलाई
लज्जित तुल्याउँदै छन्।

७तिनीहरू खेत जस्ता हुन् जसले घरिघरि पानी पाउँछ
र खेती गर्नेलाई अन्न उमार्छ। यस्ता खेतले परमेश्वरको
आशिर्वाद पाउँछ। ८तर यदि त्यस जमीनले काँढ़ा र
सिउँडीहरू उमार्छ भने त्यो बेकार छ। त्यस जमीनले
परमेश्वरबाट श्राप पाउने डर छ र त्यसलाई आगोले
डड़ाउने छ।

९प्रिय मित्रहरू, यद्यपि हामी तिमीहरूलाई यी कुराहरू
भन्छौं। तथापि हामी ढुक्क छौं कि तिमीहरूको अवस्था
त्यो भन्दा धेरै राम्रो छ र त्यसले तिम्रो मुक्तिको जमानत
दिन्छ। १०परमेश्वर न्यायसंगत हुनुहुन्छ। परमेश्वरले
तिमीहरूले गरेको कामको याद गर्नुहुने छ। उहाँका
मानिसहरूलाई सहायता गरेर तिमीहरूले देखाएको आफ्नो
प्रेमलाई तिमीहरूको अटूट सहायतालाई परमेश्वरले संभ्फनु
हुनेछ। तब तिमीहरूको आशा पनि पूर्ण गरिने छ।

११तिमीहरू प्रत्येकले आफ्नो जीवन भर यस्तै कठिन
कामहरू गर्दै जाऊ भन्ने हामी चाहन्छौं। तब तिमीहरूको
आशा पूर्ण हुने छ। १२अल्छे नहोऊ, हामी तिमीहरूलाई
तिनीहरू जस्तै होऊ भन्ने चाहन्छौ जसले परमेश्वरका
वचन वद्ध कुराहरू पाए। तिनीहरूले परमेश्वरका वचनहरू
पाउँछन किन कि तिनीहरूको विश्वास र धैर्य छ।

१३परमेश्वरले अब्राहामलाई प्रतिज्ञा दिनु भएको थियो।
परमेश्वरभन्दा ठूलो कोही छैन, यसर्थ परमेश्वर स्वयंले
आफ्नो नाउँमा उनलाई शपथ दिनुभयो कि उहाँले
आफ्नो वचन पूरा गर्नु हुनेछ। १४परमेश्वरले भन्नुभयो,
"म तिमीलाई निश्चितरूपले आशिर्वाद दिंदछु। म तिमीलाई
धेरै सन्तान दिंनेछु।"* १५यो कुरो हुनलाई अब्राहामले
धैर्यसाथ पर्खे। अनि पछि, अब्राहामले परमेश्वरको वचन
पाए।

१६शपथ लिंदा मानिसले आफूभन्दा ठूलोको नाउँ
लिंदछन्। तिनीहरू के भन्छन्, त्यो शपथले साँचो छ
भनी निश्चित गर्छ अनि विवादलाई निशेष गर्दछ। १७जसले
त्यो पाउनुपर्छ उसलाई आफ्नो वचन सत्य छ भन्ने कुरो
परमेश्वर प्रमाण गर्न चाहनुहुन्थ्यो। उहाँको निर्णय कहिल्यै
बद्लिने छैन भन्ने कुरो तिनीहरूले स्पष्ट रूपले बुभ्फून्
भन्ने पनि परमेश्वर चाहनुहुन्थ्यो। परमेश्वरले शपथ
लिएर जे भन्नुभयो त्यसलाई उहाँले प्रमाणित गर्नुभयो।
परमेश्वरले जब केही भन्नुहुन्छ उहाँले ढाँट्न सक्नु
हुन्न, अनि जब उहांले कुनै शपथ लिनुहुन्छ उहाँले
ढाँट्न सक्नुहुन्न। १८यी दुइ कुराहरू बद्लिन सक्दैनन्।
अनि तिनीहरूले हामीलाई हाम्रो अघि रहेको आशामा
दृढ़ रहन शक्तिशाली उत्साह दिन्छन् जतिखेर हामी सुरक्षा
को लागि परमेश्वरकहाँ आयौ। १९हाम्रो आशा एउटा
लंगूर जस्तो हो। यो मजबूत र निश्चित छ र यसले
हाम्रो प्राण बचाउँछ। यो स्वर्गमा मंदिरको पवित्रत
स्थानको पर्दाको पछि समेत पस्दछ। २०येशू अघिबाटै
त्यस ठाउँमा पसिसक्नुभएको छ र हाम्रोलागि बाटो
खोलिदिनुभएको छ। यसरी येशू मल्कीसेदेक जस्तै प्रधान
पूजाहारी बन्नु भएको छ।

## पूजाहारी मल्कीसेदेक

७ मल्कीसेदेक शालेमका राजा थिए र सर्वोच्च
परमेश्वरका पूजाहारी थिए। जब अब्राहाम लड़ाइँ
जितेर आउन लागेका थिए, मल्कीसेदेकले उनलाई भेटे
र आशिर्वाद दिए। २अनि अब्राहामले मल्कीसेदेकलाई
आफूसित जति थियो त्यसको दशांस भाग दिए।
'मल्कीसेदेक' नाउँको दुइवटा अर्थ छ। पहिलो अर्थ
हुन्छ धार्मिकताको राजा। "शालेमका राजा" को पनि
अर्थ हुन्छ "शान्तिको राजा"। ३मल्कीसेदेकका माता-पिता
को थिए र कहाँबाट आएका थिए त्यो कसैले जान्दैन।
अनि उनी कहिले जन्मे र कहिले मरे त्यो पनि अज्ञात
नै छ। उनी परमेश्वरको पुत्र जस्तै हुन् र उनी सदाकाल
पूजाहारी भइरहन्छन्। ४यसबाट, तिमीहरू बुझ्नसक्छौ कि
मल्कीसेदेक एक जना खुबै महान पुरुष थिए। पितृ-प्रमुख
अब्राहामले मल्कीसेदेकलाई आफूले युद्धमा जितेको
जम्मैको दशांस भाग दिए। ५अब नियमले भन्छ,
लेवीको सन्तानबाट जो पनि पूजाहारीहरू बन्छ,
मानिसहरूबाट उसले दशांस पाउनु पर्छ। पूजाहारीहरू र
तिनका मानिसहरू दुवै अब्राहामकै परिवारबाट हुन।
तथापि पूजाहारीहरूले आफ्नै मानिसहरूबाट दशांस
उठाउंछन्। ६मल्कीसेदेक लेवीका सन्तानबाट आएका
थिएनन्। तथापि उनले अब्राहामबाट दशांस पाए। अनि
उनले अब्राहामलाई आशिर्वाद दिए जसलाई परमेश्वरले

---

**"म तिमीलाई ... दिंनेछु"** उत्पत्ति २२:१७।

वचन दिएका थिए। [७]अनि सबै मानिसहरूले जान्दछन्
कि जो ठूला मानिसहरू छन् सानामानिसहरूलाई आशिरवाद
दिन्छन्। [८]ती पूजाहारीहरू दशांस पाउँछन् तर ती सबै
बाँच्ने र मानिसहरू मात्र हुन्। तर मल्कीसेदेक जसले
अब्राहामबाट दशांस पाए, सदाकाल बाँचिरहन्छन्, जस्तो
धर्मशास्त्रले भन्छ। [९]लेवीले मानिसहरूबाट दशांस पाउछन्।
तर यसो पनि भन्नसकिन्छ कि जब अब्राहामले
मल्कीसेदेकलाई दशांस दिए लेवीले पनि दिए। [१०]लेवी
त्यस बेला जन्मेका थिएनन्। उनी त आफ्ना पुर्खा
अब्राहामकै शरीरमा थिए जब मल्कीसेदेकेलाई अब्राहामले
भेटे।

[११]यदि लेवी पूजाहारी-पद्धतिबाट आत्मिक पूर्णता
पाउन सके अनि यदि यसै पूजाहारी-पद्धतिको आधारमा
यी मानिसहरूलाई नियम दिइएको भए, हारूनको पूजाहारी
दर्जाबाट नआई, मल्कीसेदेकको पूजाहारी दर्जामा अर्कै
पूजाहारी आउने के दरकार थियो? [१२]अनि जब अर्कै
किसिमको पूजाहारीपन चलाइन्छ भने विधान बद्लन
पर्छ। [१३]हामी यो कुरा ख्रीष्टको बारेमा भन्दैछौं। उहाँ
अर्कै उपजातिका हुनुहुन्थ्यो। त्यस उपजाति कसैले पनि
वेदीमा कहिल्यै सेवा गरेका थिएनन्। [१४]यो स्पष्ट छ
कि हाम्रा प्रभु यहूदाको वंशबाट आउनुभयो तर मोशाले
त्यस वंशबाट पूजाहारीहरू हुने बारे केही कुरा गरेनन्।

### येशू मल्कीसेदेक जस्तै एक पूजाहारी हुनुहुन्छ

[१५]अर्का एक पूजाहारी आउनु हुनेछ जो मल्कीसेदेक
जस्तै छन्, भन्ने तथ्य बारे यो बड़ता स्पष्ट हुँदछ।
[१६]उहाँ मानव नियम र विधानहरू अनुसार पूजाहारी
हुनुभएन। उहाँ आफ्नो अनन्त जीवनको शक्तिद्वारा पूजाहारी
हुनुभयो। [१७]धर्मशास्त्रमा उहाँ बारे यो भनिएको छ:
"तिमी मल्कीसेदेक जस्तै सधैंको निम्ति पूजाहारी हौ।"*

[१८]अघिका नियम अब समाप्त भयो किन कि त्यो
कमजोर र बेकार थियो। [१९]मोशाको व्यवस्थाले कुनै
कुरालाई पूर्ण बनाउन सकेन। अनि अब हामीलाई अझ
असल आशा दिइएको छ जसबाट हामी परमेश्वरको
नजीक आउन सक्छौं।

[२०]महत्वपूर्ण कुरो यो छ कि परमेश्वरले जब
येशूलाई प्रधान पूजाहारी बनाउनुभयो, उहाँले प्रतिज्ञा
लिनुभयो। जब अरूहरू पूजाहारी बने त्यहाँ कुनै प्रतिज्ञा
थिएन। [२१]तर ख्रीष्ट चाँहि परमेश्वरको प्रतिज्ञाद्वारा
पूजाहारी बन्नुभयो। परमेश्वरले उहाँलाई भन्नुभयो:

> "परमेश्वरले प्रतिज्ञा लिनुभयो उहाँले आफ्नो
> मन परिवर्तन गर्नुहुने छैन। 'तिमी सदा-सदालाई
> पूजाहारी हौ।'"
>
> *भजनसंग्रह ११०:४*

[२२]यसको अर्थ हो, येशू एक उत्तम करारको साक्षी
हुनुभयो।

[२३]अन्य पूजाहारीहरूलाई पूजाहारी भइरहनबाट मृत्युले
रोक्यो। त्यसैले धेरै पूजाहारीहरू भए। [२४]तर येशू सदा
जीवित हुनुहुन्छ र आफ्नो पूजाहारीपन छोड्नुहुन्न। [२५]यसैले
जो पनि उहाँको मार्फत परमेश्वरकहाँ आउँछन् ख्रीष्टले
तिनीहरूलाई बचाउनु हुन्छ। ख्रीष्टले यो सदाकाल
गर्नसक्नु हुन्छ, किनभने जो परमेश्वर कहाँ आउँछ
त्यसको सहायताको निम्ति उहाँ सधैं बाँच्नुहुन्छ।

[२६]यसर्थ उहाँ हामीलाई चाहिएको जस्तै प्रकारको
प्रधान पूजाहारी हुनुहुन्छ। उहाँ पवित्र र निर्दोष हुनुहुन्छ।
उहाँ शुद्ध र पापीहरूका प्रभावदेखि टाड़ा हुनुहुन्छ। अनि
उहाँ स्वर्गभन्दा पनि माथि उठेको हुनुहुन्छ। [२७]उहाँ
अरू पूजाहारीहरू जस्ता हुनुहुन्न जसले प्रत्येक दिन
बली चढ़ाउनु पर्थ्यो। तिनीहरूले पहिले त आफ्नै
पापहरूको लागि बली चढ़ाउनु पर्थ्यो र त्यसपछि
अरूहरूका पापको लागि। तर ख्रीष्टलाई त्यसो गर्नुपर्ने
दरकार छैन। उहाँले आफैलाई सधैंको लागि एकै पल्ट
बलीको रूपमा चढ़ाउनु भयो। [२८]व्यवस्थाले त तिनैलाई
प्रधान पूजाहारीहरू छान्छन् जो अरूहरू जस्तै कमजोर
मानिसहरू हुन्छन्। तर परमेश्वरको प्रतिज्ञा व्यवस्थापछि
आयो। परमेश्वरले लिनु भएको शपथका शब्दहरूले
परमेश्वरका पुत्रलाई प्रधान पूजाहारी हुने बनायो। अनि
ती पुत्र सधैंको लागि पूर्ण हुनुभयो।

### येशू हाम्रा प्रधान पूजाहारी

[८]हामी के भन्दै छौ त्यसको सार यो हो: हाम्रा प्रधान
पूजाहारी हुनुहुन्छ। उहाँ स्वर्गमा परमेश्वरको सिंहासनको
दाहिनेपट्टि बस्नु भएको छ। [२]उहाँ परमपवित्र स्थानमा
सेवा गर्नुहुन्छ। मानिसले होइन, परमेश्वरले बनाउनुभएको
सत्य मन्दिरमा सेवा गर्नुहुन्छ।

[३]हरेक प्रधान पूजाहारीको काम हुन्छ परमेश्वरलाई
भेटी र बली चढ़ाउने। यसर्थ, हाम्रा प्रधान पूजाहारीले

---

**"तिमी ... पूजाहारी हौ"** भजनसंग्रह ११०:४।

पनि परमेश्वरलाई केही चढ़ाउनु पर्छ। [4]यदि हाम्रा प्रधान
पूजाहारी पृथ्वीमा हुनुभएको भए, उहाँ पूजाहारी हुनुहुँदैन
थियो। म यसकारण यो भन्दैछु व्यवस्थाले चाहेको भेटी
चढ़ाउन त्यहाँ पूजाहारीहरू छँदैछन्। [5]वास्तवमा
पूजाहारीहरूले गरेको सेवा त केवल स्वर्गमा भएका
कुराहरूको नक्कल र छायाँ मात्र हुन्। त्यसैकारण
मोशाले जब पवित्र तम्बू तान्दै थिए परमेश्वरले उनलाई
चेतावनी दिनुभयो, "याद गर तिमीले हरेक कुरो त्यसैको
अनुसार बनाउनु जुन तिमीलाई मैले पाहाड़मा देखाएँ।"*
[6]तर येशूलाई सुम्पिएको काम अरू पूजाहारीहरूको
कामभन्दा धेरै ठूलो थियो। उसै गरी, नयाँ करार जुन
येशूले परमेश्वरबाट आफ्ना मानिसहरूलाई ल्याउनुभएको
छ त्यो पनि पुरानो करारको भन्दा धेरै ठूलो छ। अनि
नयाँ करार उत्तम प्रतिज्ञामा आधारित छ।

[7]पहिलेको करार मा कुनै गल्ती नभएको भए दोस्रो
करारको खाँचो पर्ने थिएन। [8]तर परमेश्वरले मानिसहरूमा
केही भूल भेट्टाउनुभयो। उहाँले भन्नुभयो:

"समय आउँदैछ जब म इस्राएलका मानिसहरूलाई
र यहूदाका मानिसहरूलाई एउटा नयाँ करार
दिनेछु। प्रभु भन्नुहुन्छ,
९ यो करार त्यस्तोहुने छैन जस्तो मैले तिनका
पुर्खाहरूलाई दिएँ। त्यो करार मैले दिएँ जब
मैले तिनीहरूका हात पक्रें र मिश्रदेशबाट
ल्याएँ। तर मैले दिएको करारको अनुसरण
तिनले गरेनन् तब मैले तिनीहरूबाट आफ्नो
मुख फर्काएँ, परमेश्वर भन्नुहुन्छ।
१० "म यो नयाँ करार इस्राएलका मानिसहरूलाई
भविष्यमा दिनेछु, परमेश्वर भन्नुहुन्छ । म
आफ्नो करार तिनका मनमा हालिदिनेछु। म
आफ्नो करार तिनका हृदयमा लेखिदिनेछु। म
तिनका परमेश्वर बन्नेछु र ती मेरा प्रजाहरू
बन्नेछन्।
११ अब उप्रान्त कसैले आफ्ना सह-वासीलाई अथवा
आफ्ना भाइ बहिनीले प्रभुलाई चिन्न सिकाउनु
पर्दैन, किन? किन कि सबै मानिसले चाहे
ठूलाबड़ा होऊन् चाहे सानातिना होऊन् मलाई
चिन्नेछन्।
१२ मेरो विरोधमा तिनीहरूले गल्ती कुराहरू गरे,
म क्षमा दिनेछु, अनि अरू उप्रान्त म तिनका
पापहरूको ख्याल राख्ने छैनँ।"

*यर्मिया ३१:३१-३४*

[13]यसर्थ परमेश्वरले यसलाई नयाँ करार भन्नुभयो र
पहिलोलाई पुरानो ठहऱ्याउनु भयो। अनि पुरानो र बेकार
चाँड़ै हराएर जानेछ।

### पुरानो करार अनुसार आराधना

९ अधिल्लो करारमा आराधनाको तरिकाहरू छन्।
अनि आराधनाको लागि मानिसले बनाएको ठाउँ
थियो। [2]त्यो ठाउँ पालभित्र हुन्छ। पालभित्रको पहिलो
कोठालाई पवित्रस्थान भनिन्थ्यो जहाँ परमेश्वरलाई दीप
रोटी चढ़ाउनलाई टेबल हुन्थे। [3]दोस्रो पर्दा पछिल्तिर,
दोस्रो कोठा हुन्थ्यो जसलाई महा-पवित्रस्थान भनिन्थ्यो।
[4]त्यस ठाउँमा स्वर्णवेदी हुन्थ्यो जहाँ सालधूप बालिन्थ्यो।
त्यहाँ, वरिपरि सुनले मोहोरेको पुरानो करार राखेको
बाकस थियो त्यस बाकसभित्र मन्नाको* स्वर्ण पात्र र
हारूनको लौरो थियो जुन लौराको एक समय पात
पलाउँथ्यो। बाकसभित्र, दुइ फप्लेटा पत्थर थिए जसमा
पुरानो करारको दश आज्ञा कुँदिएका थिए। [5]बाकसको
मास्तिर करूणाको आसनमथि परमेश्वरको महिमा दर्शाउन
युगल करूब स्वर्गदूतहरू थिए। तर अहिले हामी यी
कुराहरूको विस्तारपूर्वक चर्चा गर्न सक्दैनौं।

[6]यस प्रकारले पाल मिलाइएको हुन्थ्यो। तब प्रतिदिन
पूजाहारीहरू आराधनाको लागि प्रथम कक्षमा पस्थे।
[7]तर दोस्रो कक्षमा प्रधान पूजाहारी मात्र पस्न पाउँथे,
त्यो पनि वर्षमा एक पल्ट, अनि त्यसबेला पनि
आफूसित रगत नलिई उनी पस्नु सक्दैन थिए। उनले
त्यो रगत परमेश्वरलाई उनको आफ्नै र अरू मानिसहरूका
अन्जानमा भएका पापहरूको लागि चढ़ाउँथे, [8]पवित्र
आत्माले ती दुइ अलग-अलग कक्ष हामीलाई यो
सिकाउन प्रयोग गर्नुहुन्थ्यो कि जातिज्जेल त्यहाँ प्रथम
कक्ष थियो हाम्रा निम्ति परम पवित्र स्थान खुल्ला हुँदैन
थियो। [9]आज यो हामीलाई एउटा उदाहरण भएको छ।
यसले स्पष्ट गर्छ कि परमेश्वरलाई चढ़ाएको बलि र
भेटीले आराधना गर्ने स्वच्छ बनाउन सक्दैन थियो। यो

---

**"याद गर … देखाएँ"** प्रस्थान २५:४०।

**मन्ना** परमेश्वरले मरुभूमिमा यहूदी मानिसहरूलाई दिनु भएको खाना।

बलिहरूले आराधना गर्नेलाई हृदयमा पूर्ण पार्दैन थियो।
[१०]ती बलिहरू र भेटीहरू त खालि खाने, पिउने र
सविशेष नुहाउने विषयमात्र थिए। ती खालि शरीरका
विधिहरू मात्र थिए हृदयका थिएनन्। परमेश्वरको नयाँ
तरिका नआउञ्जेलसम्म परमेश्वरद्वारा यी विधिहरू
बनाइएका थिए।

## नयाँ करार अनुसार आराधना

[११]प्रधान पूजाहारीको रूपमा ख्रीष्ट राम्रा कुराहरूका
निम्ति भएर आउनुभएको छ जुन कुरा आज हामीसित
छ। तर उहाँले अरू पूजाहारीहरूले गरे झैं पालमा
आराधना गर्नुहुन्न। उहाँको आराधनास्थान पालभन्दा राम्रो
र पक्का छ जुन यस संसारमा छैन र मानिसद्वारा
बनाइएको होइन। [१२]ख्रीष्ट परम पवित्र स्थानमा सधैंको
लागि एकै पल्ट पस्नुभयो उहाँ परम पवित्र स्थानमा
आफ्नै रगत लिएर पस्नु भयो बाख्रा र बहरहरूको रगत
होइन। ख्रीष्ट त्यहाँ पस्नुभयो र सदाको निम्ति हामीलाई
छुटकारा दिलाउनु भयो। [१३]अशुद्ध मानिसहरूलाई बाख्राको
र बहरको रगत अनि कोरलीको खरानी छर्केर शुद्ध
पारिन्थ्यो। तर रगत र खरानीले मानिस शारीरिक रूपले
मात्र शुद्ध हुन्थ्यो। [१४]यसकारण ख्रीष्टको रगतले यी
कुराहरू भन्दा धेरै कुरा गर्नसक्छ। ख्रीष्टले आफैलाई
अनन्त आत्माद्वारा परमेश्वरप्रति पूर्ण बलि चढ़ाउनु भयो।
उहाँको रगतले हाम्रो हृदयलाई दुष्कर्महरूदेखि शुद्ध
बनाउँछ, जसमा कि हामीले जीवित परमेश्वरलाई आराधना
गर्न सक्नेछौं।

[१५]ख्रीष्टले परमेश्वरबाट आफ्ना मानिसहरूलाई एउटा
नयाँ करार ल्याउनुहुन्छ, जसमा कि परमेश्वरले
बोलाउनुभएका मानिसहरूले उहाँका वचन अनुसारका
सबैं कुरा पाउन सकून्। परमेश्वरका मानिसहरूले ती
कुराहरू सधैंको लागी राख्न सक्छन्। पहिलो करारमा
रहेर मानिसहरूले गरेको पापको मोचनको निम्ति ख्रीष्टले
आफ्नो प्राण दिनुभयो र त्यसकारण परमेश्वरका मानिसहरूले
अब ती कुराहरू पाउनसक्छन्। मानिसहरूलाई ती
पापहरूबाट मुक्त गर्न, ख्रीष्टले आफ्नो प्राण दिनुभयो।

[१६]जब मानिस मर्छ, उसले आफूपछि इच्छा-पत्र
छोड़दछ। तर इच्छा-पत्र बनाउने मानिस मरेको प्रमाण
हुनुपर्छ। [१७]मानिस जीवित रहुञ्जेल उसको इच्छा-पत्रको
कुनै अधिकार हुँदैन। इच्छा-पत्रलाई मानिसको मृत्युपछि
मात्र चलाउन सकिनेछ। [१८]पहिलो करार पनि त्यस्तै हो।
नियम उपयोगमा ल्याउनअघि त्यहाँ रगत हुनु पर्ने थियो।
[१९]पहिले, मोशाले सबै मानिसहरूको अघि नियमको
एक-एक आज्ञा सुनाउँथे त्यसपछि बाछा र बाख्राको
रगत पानीसित मिसाएर नियमको पात्रो अनि रातो उनी
लाउथे र सबै मानिसहरूमाथि हिसपको हाँगाहरूले
छर्किदिन्थे। [२०]अनि मोशाले भने, "यो परमेश्वरले
तिमीहरूलाई अनुसरण गर्न भनी दिनुभएको नियमको
रगत हो।"* [२१]उसरी नै मोशाले त्यो रगत पवित्र पाल
र उपासनामा प्रयोग गरिने सबै समानहरूमाथि छर्किन्थे।
[२२]व्यवस्थाले भन्छ, प्राय: सबै जसो चीजहरू रगतले
पखाल्छ। अनि रगत बिना पाप क्षमा हुन सक्दैन।

## येशूको बलिदानले पापहरू पखालिन्छ

[२३]यी सब स्वर्गका कुराहरू नक्कल मात्र हुन्। यी
सबै नक्कलहरूलाई पशुको बलिले शुद्ध्याउनु पर्थ्यो।
तर स्वर्गका सकली कुराहरू यीभन्दा असल बलिहरूले
स्वच्छ पार्नुपर्छ। [२४]ख्रीष्ट परम पवित्र स्थानमा जानुभयो
जुन स्थान मानिसले बनाएको थिएन। त्यो नक्कल थिएन
तर मौलिक स्थान थियो। ख्रीष्ट हाम्रो सहायताको निम्ति
परमेश्वरको अघि अहिले देखापर्नु स्वर्गनै जानु भयो।
[२५]प्रधान पूजाहारी परमपवित्र स्थानमा वर्षमा एकपटक
पस्छन्। उनले त्यहाँ चढ़ाउनलाई रगत लिएर जान्छन्।
तर उनले आफ्नै रगत अर्पण गर्दैनन् जस्तो ख्रीष्टले
गर्नुभयो। ख्रीष्ट स्वर्ग जानुभयो तर अरू पूजाहारीहरूले
जस्तो घरिघरि चढ़ाए जस्तो आफूलाई धेरै पटक चढ़ाउन
होइन। [२६]यदि ख्रीष्टले आफूलाई धेरै पटक चढ़ाउनुभएको
भए, सृष्टिको शुरूदेखिनै उहाँले धेरै पल्ट कष्टभोग्नु पर्ने
थियो। तर ख्रीष्ट आउनुभयो अनि एकै पल्टमात्र
आफूलाई अर्पण गर्नुभयो। अनि एउटै अर्पण सधैं
भरको लागि पर्याप्त थियो। जब यो संसार अन्त्य तिर
नजिकिंदै थियो, येशू यस संसारमा आउनुभयो। आफैलाई
एउटा बलि बनाएर पाप हटाउनलाई ख्रीष्ट आउनुभयो।
[२७]सबैले एकपल्ट मर्नैपर्छ। मरेपछि उसको निर्णय हुन्छ।
[२८]यसर्थ धेरैका पापहरू हटाउन, ख्रीष्टले एकै पल्ट
आफूलाई बलि दिनुभयो। ख्रीष्ट दोस्रो पटक आउनुहुँदैछ
तर मानिसको पापको निम्ति होइन, उहाँ दोस्रो पटक
तिनीहरूको मुक्तिको निम्ति आउनुहुनेछ जसले, उहाँलाई
पर्खिरहेका छन्।

---

**"यो परमेश्वरले ... रगत हो"** प्रस्थान २४:८।

### ख्रीष्टको बलिदानले हामीलाई पूर्ण बनाउँछ

**१०** व्यवस्थाले त हामीलाई भविष्यमा आउने असलियत
वास्तविकताको धमिलो चित्र मात्र देखायो। व्यवस्था
वास्तविकताको सांचो मित्र होइन। त्यस व्यवस्थाले त
मानिसहरूलाई हरेक साल त्यही-त्यही बलि चढ़ाउन
सिकाउँछ। परमेश्वरलाई पुज्न आउनेहरूले त्यही बलि
चढ़ाउन छोड़दैनन्। तर व्यवस्थाले ती मानिसहरूलाई
कहिल्यैं पूर्णतातिर डोऱ्याउन सकेन। [२]व्यवस्थाले
तिनीहरूलाई पूर्णतातिर डोऱ्याउन सक्ने भए बलिहरू धेरै
अघि नै शेष भइसकेका हुने थिए। ती मानिसहरू
आफ्ना पापहरूबाट पहिल्यै साफ भइसक्ने। अनि आफ्ना
पापहरूका लागि तिनीहरूले आफूलाई अपराधी अनुभव
गर्ने थिएनन्। तर व्यवस्थाले त्यो गर्न सक्दैन। [३]यी
बलिहरूले त प्रत्येक वर्ष मानिसहरूलाई आफ्ना पापहरू
संझाउने काम मात्र गर्छ। [४]किनकि बहर र बाख्राहरूको
रगतले पापहरू पखाल्न सक्दैन।

[५]तसर्थ जब येशू पृथ्वीमा आउनुभयो उहाँले भन्नुभयो:

"तपाईं बलि र भेटीहरू चाहनुहुन्न, तर तपाईंले
मेरो निम्ति एउटा शरीर तयार गर्नुभयो।
[६] बलि चढ़ाइएका र डड़ाइएका पशुहरूले तपाईं
प्रसन्न हुनुहुन्न। पापहरू पन्छाउन चढ़ाइएका
बलिले तपाईं प्रसन्न हुनुहुन्न।
[७] तब मैले भने, 'परमेश्वर म यहाँ छु। व्यवस्थाको
किताबमा मेरो बारे लेखिएको छ। तपाईंले
चाहेको काम गर्न म आएको छु।'"

*भजनसंग्रह ४०:६-८*

[८]उहाँ पहिले भन्नुहुन्छ, "तपाईं भोग र अर्पण, होम-बलि
र पाप-बलिहरू तपाईं चाहनु हुन्न र तिनीहरूले तपाईं
प्रसन्न पनि हुनुहुन्न।" यी बलिहरू चढ़ाइन्छ किनभने
यिनीहरू व्यवस्थाले चहान्छ। [९]त्यसपछि उहाँले भन्नुभयो,
"हे परमेश्वर, म यहाँ छु। तपाईले चाहनुहुने काम पूरा
गर्न म आएको छु।" यसरी परमेश्वरले बलि चढ़ाउने
पहिलेको चलनलाई समाप्त गर्नुहुन्छ र आफ्नो नयाँ
तरिका शुरू गर्नुहुन्छ। [१०]येशू ख्रीष्टले परमेश्वरले
चाहनुभएको काम गर्नुभयो। त्यसै कारणले ख्रीष्टको
शरीरको बलिदानले हामी पवित्र तुल्याइएका छौं। ख्रीष्टले
सदालाई एकै पल्ट आफूलाई बलिदान गरि दिनुभयो।

[११]प्रत्येक दिन, पूजाहारीहरु खड़ा हुन्छन् र आफ्नो
धार्मिक कर्म गर्छन्। पूजाहारीहरूले त्यही बलि घरि घरि
चढ़ाउँछन्, तर ती बलिहरूले कहिल्यै पापहरू हटाउँदैनन्।
[१२]तर ख्रीष्टले पापको निम्ति सधैँलाई एकै पल्ट बलि
चढ़ाउनुभयो तब ख्रीष्ट परमेश्वरको दाहिनेपट्टि बस्नुभयो।
[१३]अब उहाँ आफ्ना सारा शत्रुहरू आफ्नो नियंत्रणमा
नआउञ्जेल पर्खिरहनु भएको छ। [१४]एउटै बलिले सधैँको
निम्ति ख्रीष्टले तिनीहरूलाई परिपक्व बनाउनु भयो,
जजसलाई उहाँको बलिले पवित्र गराइँदैछ।

[१५]पवित्र आत्माले पनि हामीलाई यसबारे साक्षी
दिंदछ। पहिले उहाँ भन्नुहुन्छ:

[१६] "त्यो करार यही हो जुन भविष्यमा आफ्ना
मानिसहरूलाई बनाउनेछ। म आफ्ना नियम
तिनका हृदयमा हालिदिन्छु। म आफ्ना नियम
तिनका मनमा राखिदिन्छु, प्रभु भन्नुहुन्छ।"

*यर्मिया ३१:३३*

[१७]तब उहाँ भन्नुहुन्छ:

"अनि म तिनका पापहरू र अधर्मलाई क्षमा
दिनेछु। म यी कुराहरू उप्रान्त फेरि संझने
छैनँ।"

*यर्मिया ३१:३४*

[१८]अनि जब यी सबको क्षमा हुन्छ त्यहाँ पापहरूको
निम्ति बलिदानको फेरि कहिल्यै खाँचो पर्ने छैन।

### परमेश्वरको नजिक आऊ

[१९]यसर्थ, दाजु-भाइ, दिदी-बहिनीहरू, परम पवित्र
स्थानमा पस्न हामी पूर्ण स्वतंत्र छौं। येशूको रगतको
कारणले हामी बिना कुनै डर जानसक्छौं। [२०]अनि येशूले
हाम्रो निम्ति खोलिदिनु भएको एउटा नयाँ र जिउँदो
बाटोबाट हामी प्रवेश पाउन सक्छौं। यस नयाँ बाटाले
पर्दातिर डोऱ्याउँछ, जुन ख्रीष्टको शरीर हो। [२१]र हाम्रा
महा प्रधान पूजाहारी हुनुहुन्छ जसले परमेश्वरका घर
चलाउनु हुन्छ। [२२]शुद्ध जलले हाम्रा शरीर धोइएका
छन्, हामी शुद्ध पारिएका छौं र अपराध वोध मुक्त
बनाइएका छौं। यसकारण हामी चोखो हृदय लिएर
आफ्ना विश्वासले ढुक्क भएर परमेश्वरको नजिक आउँछौं।
[२३]हामीले आफूमा भएको आशालाई थाम्नुपर्छ र आफ्नो
आशा बारे, मानिसहरूलाई बताउन छोड्नु हुँदैन। आफूले

वचन दिनुभएको कुरा परमेश्वरले गर्नुहुनेछ भन्ने कुरा हामी पत्याउनसक्छौं।

### विश्वासमा दृढ़ रहौ र परस्परलाई सघाऊ

२४हामीले एक अर्कालाई विचार गर्नुपर्छ अनि प्रेम देखाउन र राम्रो काम गर्न हामी एक-अर्कालाई कतिसम्म सक्रियतापूर्वक उत्साहित गर्न सक्छौं त्यो हेर्नुपर्छ। २५हामी सँगै भेट हुनाबाट तर्किनु हुँदैन। कातिपय मानिसहरू त्यसै गर्दछन्। हामीले एक अर्कालाई भेट्नु र सघाउनु पर्छ, तिमीहरूले यसै गर्नुपर्छ किन कि दिन* अझै नजिक-नजिक आउँदै छ।

### ख्रीष्टबाट मुख नफर्काऊ

२६सत्यको ज्ञान पाएपछि पनि हामीले जानी-जानी पाप गर्न छोडेनौ भने त्यो पापहरू पखाल्ने कुनै बलिदान हुने छैन। २७यदि हामी सधैं पापकर्ममा लागि रह्यौं भने, हामीले एउटा भयंकर निर्णय र भयंकर अग्निलाई पर्खिनु पर्नेछ जसले परमेश्वरका विरोधमा भएकाहरूलई नष्ट गर्नेछ। २८यदि कसैले मोशाको व्यवस्थालाई अस्वीकार गरे उ दुइ वा तीन साक्षीहरूको प्रमाणको आधारमा उ दोषी ठहरिन्छ। उसलाई क्षमा दिईंदैन थियो तर उसलाई मृत्युदण्ड दिइन्थो। २९जसले परमेश्वरका पुत्रलाई हेला गर्छ र नयाँ करारको रगतलाई आदर गर्दैन र जसले अनुग्रहको आत्मालाई अपमान गर्छ। त्यस्ता व्यक्तिलाई तिमीहरू के संझन्छौ? त्यस व्यक्तिले निश्चय नै खुबै कठोर दण्ड पाउने छ। त्यस रगतले उसलाई पवित्र बनाएको थियो। ३०हामी जान्दछौं कि परमेश्वरले भन्नु भयो, “म मानिसरूलाई तिनका गलत कामहरूको निम्ति दण्ड दिनेछु। म तिनीहरूलाई तिनका कामको प्रतिफल दिनेछु।”* परमेश्वरले यसो पनि भन्नुभयो, “परमप्रभुले आफ्ना मानिसहरूलाई न्याय गर्नुहुनेछ।”* ३१जीवित परमेश्वरको हातमा पर्नु पापीलाई डरलाग्दो कुरो हो।

### आफूसित भएको उत्साह र आनन्द नगुमाऊ

३२ती दिन संझ जब प्रथम पल्ट तिमीहरूले सत्यको शिक्षा पाएका थियौ। तिमीहरूले ठूलो संघर्ष गर्नुपरेको थियो र धेरै दु:ख खप्नु परेको थियो, तर तिमीहरू दृढ़ नै रह्यौ। ३३कहिले-कही मानिसहरूले तिमीहरूलाई फोहोरी कुरा गरे अनि धेरैका अघि गाली गरे। अनि कहिले-कहीं यस्ता व्यवहार गरिएकाहरूलाई तिमीहरूले सघायौ। ३४हो तिमीहरूले त्यस्ता मानिसहरूलाई जेलमा सघायौ र तिनका दु:खहरू बाँड्यौ। अनि आफूसित भएको हरेक थोक हरिंदा पनि हर्षितै रह्यौ। तिमीहरू प्रसन्नै रह्यौ किन कि तिमीहरूसित केही थियो जो उत्तम छ र त्यो सदाकाल रहिरहने छ भन्ने जान्दथ्यौ। ३५यसर्थ उत्साह नहराऊ जुन तिमीहरूको अतीतमा थियो। तिम्रो उत्साहलाई प्रशस्त पुरस्कार दिइन्छ। ३६तिमीहरूलाई चाहिएको धैर्य हो। परमेश्वरले चाहनुभएको कुरो गरेपछि उहाँले वाचा गरेको कुरो तिमीहरूले पाउने छौ। ३७चाँड़ै नै,

> “जो आउनुहुँदैछ आउनुं नै हुनेछ। उहाँले
> विलम्ब गर्नु हुनेछैन।
> ३८ जो मसित धर्मी छ उसको विश्वासको कारणले
> जीवन पाउने छ। तर यदि त्यस व्यक्तिले भयले
> मुख फर्काउँछ भने म उसित प्रसन्न रहनेछैनँ।”
>
> *हबकूक २:३-४*

३९तर हामी तिनीहरू मध्येका होइनौं जो डरले फर्कन्छन् र नष्ट भएकाछन्। होइन हामी त विश्वास भएका मानिसहरू हौं, र बचाइएका छौं।

### विश्वास

**११** विश्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित। अनि विश्वासको माने हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु। २प्राचीन कालका मानिसहरूसित परमेश्वर प्रसन्न हुनुहुन्थो; किन कि तिनीहरूमा यस्तै विश्वास थियो।

३विश्वासद्वारा हामी बुझ्दछौं कि परमेश्वरले आफ्नो आदेशद्वारा यो संसारको सृष्टि गर्नुभयो। यसले बुझाउँछ कि जो दृश्य छ त्यो कुनै अदृश्यद्वारा बनाइएको थियो। ४कयिन र हाबिल दुवैले परमेश्वरलाई भेटीहरू चढ़ाए। तर हाबिलको विश्वास थियो, त्यसैले उनले परमेश्वरलाई असल भेटीहरू चढ़ाए। परमेश्वर हाबिलको भेटीहरूले

---

**दिन** सम्भवत ख्रीष्ट फेरि आउनु हुने समय।

**“म … दिनेछु”** व्यवस्था ३२:३५।

**“परमेश्वरले … गर्नुहुने छ”** भजनसंग्रह १३५:१४।

प्रसन्न बन्नुभयो। अनि उनको विश्वासको कारणले, उनी
असल मानिस कहलिए। हाबिल मरे तर उनको विश्वास
अझै बोल्दै छ।

५हनोकलाई यस संसारबाटमाथि उठाइयो। उनी मरेनन्।
धर्मशास्त्रले भन्छ, उनी माथि लागिनुभन्दाअघि उनले
साँचोसित परमेश्वरलाई प्रसन्न गरे। पछि मानिसहरूले
हनोकलाई देखेनन्, कारण परमेश्वरले उनलाई आफूसित
हुन उठाइसकेका थिए। हनोकको विश्वासकै कारणले
यस्तो भएको थियो। ६विश्वास बिना कसैले परमेश्वरलाई
खुशी बनाउन सक्दैन। जो परमेश्वरमा आउँछ उसले
परमेश्वर सत्य हुनुहुन्छ भन्ने जान्नुपर्छ र जसले साँचोसित
उहाँलाई पाउन चाहन्छ तो मानिसहरूलाई परमेश्वरले
पुरस्कृत गर्नुहुन्छ भन्ने विश्वास गर्नुपर्छ।

७नूहले अझ सम्म जुन देखेकै थिएनन् त्यसको
लागि उनलाई परमेश्वरले चेतावनी दिनुभयो, परमेश्वर
प्रति नूहको विश्वास र श्रद्धा थियो। यसर्थ उनले
आफ्नो परिवारलाई बचाउन एउटा ठूलो जहाज बनाए।
आफ्नो विश्वासले संसार गलत छ भन्ने उनले देखाए।
अनि विश्वासद्वारा परमेश्वरका धर्मी बन्ने ती मानिसहरूमध्ये
उनी एकजना भए।

८परमेश्वरले अब्राहामलाई अर्कै ठाउँको यात्रा गर्न
अह्राउनु भयो जुन उहाँले उनलाई दिन वचन दिनुभएको
थियो। त्यो अर्को ठाउँ कुन हो र कहाँ छ, त्यसको
ज्ञान अब्राहामलाई थिएन। तर परमेश्वरको आज्ञा मानेर
उनले यात्रा शुरू गरे किन कि उनको विश्वास थियो।
९परमेश्वरले उनलाई दिन्छु भनी वचन दिएको देशमा
गएर उनी बसे। अब्राहाम त्यस देशमा एउटा परदेशी
जस्तो भएर बसे किन कि उनी त्यहाँका थिएनन्। उनले
यसै गरे किनभने उनको विश्वास थियो। उनी त्यस
देशमा गए अनि इसहाक र याकूबसित पालमा बसे।
इसहाक र याकूबले पनि परमेश्वरबाट यस्तै वचन
पाएका थिए। १०अब्राहाम एउटा मजबूत जग भएको
नगरको प्रतीक्षामा थिए, जुन परमेश्वर नियोजित तर
निर्मित छ।

११अब्राहाम नानीहरू जन्माउन नसक्ने बूढा थिए र
सारा पनि बाँझो थिइन। तर परमेश्वरमा विश्वासकै
कारणले उनी बाबु बने। उहाँले वचन पूरा गर्नुहुन्छ भनी
अब्राहामले परमेश्वरलाई पत्यार गरे। १२उनी यति बूढा
थिए कि उनी प्राय: मृत नै थिए। बाँच्ने आशा समेत
कमै थियो। तर त्यस्ता व्यक्तिबाट संसारमा ताराहरू जत्ति
कै असंख्य र बगरमा बालुवाकोकणहरू जत्तिकै अनगन्ती
सन्तानहरू जन्मे।

१३यी सबै मानिसहरू आमरण विश्वासमा बाँचे।
तिनीहरूले परमेश्वरको वचन अनुसारका कुराहरू पाएनन्।
तर टाढ़ाबाट तिनलाई देखे र सन्तुष्ट बने अनि त्यसैमा
आनन्दित बने। आफू त यस संसारमा यात्री र परदेशी
मात्र हौं भन्ने तथ्य तिनीहरूले स्वीकारे। १४जब मानिसहरूले
यसलाई त्यसरी नै स्वीकार गर्दछन्, तिनले देखाउँछन्
कि तिनीहरू योभन्दा एउटा आफ्नै देशको प्रतीक्षामा
छन्। १५तिनीहरूले आफूले छोड़ेको देशको याद गर्दा
हुन् त फर्केर जाने अवसर तिनीहरूले पाउनसक्ने थिए।
१६तर तिनीहरू एउटा उत्तम देश, एउटा स्वर्गीय देशको
प्रतीक्षामा थिए। यसर्थ परमेश्वरले तिनीहरूका परमेश्वर
ठहरिनुमा लज्जित हुनुहुन्न, किन भने परमेश्वरले तिनीहरूका
निम्ति एउटा नगर बसाइदिनुभएको थियो।

१७-१८अब्राहामको विश्वासको परीक्षा लिन परमेश्वरले
उनलाई इसहाकको बलि दिन अह्राउनु भयो। अब्राहामले
विश्वासले त्यसो गरे। उनलाई परमेश्वरले प्रतीज्ञा
गराउनुभएको थियो। परमेश्वरले अब्राहामलाई पहिल्यै
भन्नुभएको थियो "इसहाकबाटै तिम्रा सन्तान बड़ने
छन्।"* तर, अब्राहाम आफ्नो एक मात्र छोरोको बलि
दिन तयार थिए। उनले विश्वासले यसो गरे। १९अब्राहामलाई
विश्वास थियो कि परमेश्वरले मानिसलाई मृत्युबाट
समेत उठाउन सक्नुहुन्छ। अनि साँच्चै जब परमेश्वरले
इसहाकलाई मृत्युदेखि बचाउनुभयो, अब्राहामले इसहाकलाई
मृत्युबाट फिर्ता पाए।

२०इसहाकको पनि विश्वास थियो त्यसैले उनले
याकूब र एसावलाई तिनीहरूका भविष्यको लागि आशिर्वाद
दिए। २१अनि उनले आफ्नो मृत्यु-शैय्यामा आफ्नो
लौराको टुप्पामा अड़िई परमेश्वरको उपासना गर्दै,
यूसुफका प्रत्येक पुत्रलाई आशिष दिए। किन कि
याकूबको विश्वास थियो।

२२अनि उहाँको मृत्युकालमा यूसुफले इस्राएलीहरूले
मिश्रदेश छोड़ने भविष्यवाणी गरे। विश्वासकै कारणले
उनले आफ्नो दफनबारे आदेश दिए।

२३विश्वासकै कारणले, मोशाका मातापिताले तिनलाई
तीन महीनासम्म तिनलाई लुकाएर राखे। मोशा सुन्दर
बालक थिए। तिनीहरू राजाको आदेश अस्वीकार गर्न

**"इसहाकबाटै … छन्"** उत्पत्ति २१:१२।

डराएनन्। [24]मोशा बड़ेर ठूला भए। आफनो विश्वासको
कारणले उनले आफूलाई फिरऊनकी पुत्रीको पुत्र
कहलाउन चाहेनन्। [25]उनले पापको आनन्द मनाउन
चोहनन्। यी आनन्दहरू क्षणिक हुन्छन्। बरू परमेश्वरका
मानिसहरूसित रही कष्ट झेल्नै रूचाए। उनले यो
विश्वासको कारणले गरे। [26]मोशाले मिश्रदेशको भण्डार
भन्दा ख्रीष्टको लागि भोगेको दुःख अझ ठूलो सम्पत्ति
हो भन्ने विचार गरे। मोशाले परमेश्वरबाट पुरस्कार
पर्खिरहेथे। [27]विश्वासकै कारणले उनले मिश्रदेश छोड़े।
उनी राजाको रिसदेखि डराएनन्। उनी डटिरहे, जस्तो कि
अदृश्य परमेश्वरलाई उनी देख्नसक्छन्। [28]उनले निस्तार-
चाड़को* भोज तयार गरे अनि मृत्यु दूतलाई यहूदीहरूका
जेठा छोराहरू मार्नबाट रोक्न उनले दैलामाथि रगत
छर्के। यो उनले विश्वासले गरे।

[29]अनि मोशाले डोर्‍याएका सबै मानिसहरूले सुखा
जमीनमाथि जस्तो लाल समुद्र हिंडेर तरे। तिनीहरूले यो
विश्वासले गरे। तर मिश्रदेशवासीहरू त्यसरी नै तर्न
खोज्दा डुबे।

[30]परमेश्वरका मानिसहरूको विश्वासको कारणले,
यरीहोको पर्खाल ढल्यो। उनीहरू पर्खालका वरिवरि सात
दिनसम्म घुमेपछि त्यो ढल्यो।

[31]राहाब भन्ने एउटी वेश्याले इस्राएली जासूसहरूलाई
साथीहरूलाई झैं स्वागत र सहायता गरी। अनि उसको
विश्वासको कारणले आज्ञा नमान्ने अरू मानिसहरूसित
उ चाँहि मारिइन। [32]मैले अझै धेरै उदाहरणहरू
दिइरहनु पर्छ? गिदोन, बाराक, शिमसन, यिप्तहका
बारेमा, दाऊद, शामूएल र अगमवक्ताहरूका बारेमा
भन्न मसित पर्याप्त समय छैन। [33]आफ्ना विश्वासको
कारणले कसैले राज्यहरू जिते, अरू कसैले असल
कर्महरू गरे, कसैले परमेश्वरको वचन पाउन सफल
भए। आफनो विश्वासले नै कसैले सिंहहरूका मुख
थुने। [34]कसैले आगोको ज्वाला रोके र कोही तरवारका
धारबाट उम्के। विश्वासको कारणले तिनीहरूले यी सब
गरे। दुर्वलहरू शक्तिशाली बनाइए, युद्धमा शक्तिशाली
भए, तिनीहरूले शत्रुहरूमाथि विजय पाए। [35]मृतहरूलाई
बौराई उठाइयो र घरमा तिनका स्त्रीहरूका हातमा
सुम्पिदिइयो। अरूहरूले छुटकारा हुनदेखि आफैले मनाह
गरे। तिनीहरूलाई सताएर मारियो। तिनीहरूले यसै गरे
किन कि तिनीहरू अझ राम्रो जीवनमा उठ्न चाहन्थे।
[36]कति जनाको हँसी उड़ाइयो कतिलाई कोर्राले चुटियो,
अनि कतिलाई साङ्लाले बाँधेर कैदखानामा फालियो।
[37]कतिलाई ढुंगाले हिर्काएर मारियो, र कतिलाई चिरेर
दुइ फ्याक पारियो। कतिलाई तरवारले छिनाइयो। कसै
कसैले भेंड़ा र बाख्राका छाला लाउँथे, तिनीहरू गरीब,
सताइएका र अरूले दुर्व्यवहार गरिएकाहरू थिए। यस्ता
मानिसहरू पाउन संसार योग्य थिएन [38]यी पुरुषहरूलाई
राख्न यो संसार उचित थिएन। तिनीहरू पाहाड़ र
मरूभूमिहरूमा भट्किहिंड़थे, पृथ्वीका ओड़ार र गुफातिर
बसिहिंड़थे।

[39]यी सबै तिनका विश्वासमा परिचित छन्। तर
परमेश्वरको वचन तिनीहरू कसैले पाएनन्। [40]परमेश्वरले
हामीलाई केही ठूलै कुरो दिने योजना गर्नु भएको थियो
ताकि हामीसँग तिनीहरू पूर्ण बनाइन सकिन्छ।

## हामीले येशूको उदाहरणको अनुसरण गर्नुपर्छ

१२ हाम्रा वरिपरि विश्वासी मानिसहरू धेरै छन्।
तिनीहरूका जीवनीले विश्वास के हो त्यो हामीलाई
सिकाउँछ। यसर्थ, हामी तिनीहरू जस्तै हुनुपर्छ। हामीले
पनि आफनो दौड़ नरोकिई दगुर्नु पर्छ। यदि दौड़मा केही
तगारो लाग्छ भने त्यसलाई फ्याँक्नु पर्छ। अनि हामीलाई
सजिलै फँसाउने पापलाई पनि मिल्काउनु पर्छ। [2]हामीले
सदा येशूको उदाहरणको पनि अनुसरण गर्नु पर्छ। हाम्रा
विश्वासको निम्ति येशू अगुवा हुनुहुन्छ र उहाँले हाम्रा
विश्वासलाई पूर्ण गर्नुहुन्छ। उहाँले क्रुसमा मृत्यु अँगाल्नु
भयो। परमेश्वरको अघि आनन्दको लागि, उहाँले क्रूसको
कष्टलाई झेल्नुभयो। अहिले उहाँ परमेश्वरको सिंहासनको
दाहिनेपट्टि बस्नुभएको छ। [3]येशू बारे सोंच। जब
पापीहरूले उहाँलाई सताए, उहाँले सहनु भयो। हताश
नबन? तर धीरजी बन अनि येशूको बारेमा संझ।

## परमेश्वर पिता जस्तै हुन्

[4]तिमीहरू पापको विरुद्ध लड़दै छौ, तर अहिलेसम्म
तिमीहरूलाई रगत बगाउन लगाइएको छैन। [5]तिमीहरू
परमेश्वरका पुत्रहरू हौ, त्यसैकारण तिमीहरूलाई
उहाँ अर्ती दिनुहुन्छ। तिमीहरूले उहाँका शब्दहरू भुलेका
छौ:

---

**निस्तार-चाड** यहूदीहरूको महत्वपूर्ण दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मीश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्।

"मेरो छोरा! परमेश्वरको अनुशासन हल्कासित
नलेऊ तिमी हताश नबन जब प्रभुले तिमीहरूलाई
सुधार्नुहुन्छ।
६ जसलाई प्रभुले प्रेम गर्नुहुन्छ, उसलाई उहाँ
अनुशासित गर्नुहुन्छ जसलाई उहाँ आफ्नो छोरा
ठान्नुहुन्छ प्रत्येकलाई उहाँ दण्ड दिनुहुन्छ।"

*हितोपदेश ३:११-१२*

७त्यसैले हरेक दु:खलाई पिताको अनुशासन संझी
सहन गर्नुपर्छ। जसरी पिताले पुत्रलाई सजाय दिन्छन्
उसरी परमेश्वरले पनि तिमीलाई सजाय दिनुहुन्छ। सबै
छोराहरूले आफ्ना पिताबाट सजाय पाउँछन्। ८हरेक
छोराले जस्तो तिमीले कहिल्यै सजाय पाएका छैनौ भने
तिमी खास छोरा नै होइनौ। ९यस पृथ्वीमा, हामी
सबैका आ-आफ्ना पिताहरू छन् जसले हामीलाई अनुशासित
गर्छन्। अनि हामी उनीहरूको आदर गर्छौं नै। यसर्थ
अझ बड़ी हामीले आफ्ना आत्मिक पिताको अनुशासन
स्वीकार गर्नुपर्छ। यसो गर्‍यौं भने हामीले जीवन पाउनेछौं।
१०हाम्रा संसारिक पिताहरूले हामीहरूलाई उनीहरूले
उचित सम्झेको अनुशासनको निम्ति केही समयको
लागि सजायँ दिए। तर उहाँ जस्तै पवित्र हुनलाई हाम्रा
आत्मिक पिताले हामीलाई अनुशासित गराउँनु हुन्छ।
११सजाय पाउँदा हामी खुशी हुँदैनौ किन कि त्यसबेला
यो कष्टकर हुन्छ। तर पछि सजायँबाट शिक्षा पाए पछि
हामीलाई शान्ति दिन्छ किनकि हामी उचित प्रकारले
बस्न थाल्दछौं।

## सावधानीपूर्वक बांचौ

१२तिमीहरू कमजोर भएका छौ। त्यसैले आफूलाई
फेरि दरिलो बनाऊ। १३असल तरिकाले बाँच जसमा कि
तिमीहरू सुरक्षित रहनेछौ र आफ्ना कमजोरीबाट नष्ट
हुनेछैनौ।

१४सबैसित शान्तिपूर्वक बस्ने कोशिश गर अनि
पापदेखि मुक्त जीवन बिताऊ। यदि कसैको जीवन पवित्र
छैन भने उसले प्रभुलाई देख्नेछैन। १५सतर्क बस ताकि
कोही पनि परमेश्वरको अनुग्रहबाट बंचित नबनोस्। अनि
तिमीहरूमध्ये कोही पनि तीतेपाती जस्तो बड्नु हुँदैन र
अरूलाई बिगार्नु हुँदैन। १६कसैले यौन अपराध गर्नुहुँदैन,
अथवा एसाव जस्तो सांसारिक मनको हुनुहुँदैन। एसाव
जेठो छोरो थियो र बाबुको सम्पत्तिको उत्तराधिकारी
थियो। तर ती सब उसले एक छाक खानाको लागि
बेच्नु पर्‍यो। १७तिमीहरू जान्दछौ, पछिबाट, उसले
आफ्ना पिताको आशिर्वादको लागि रूनु पर्‍यो। तर
उसलाई आशिर्वाद दिन अस्वीकार गरे। किन कि
एसावले आफूले गरेका कुराहरू बदल्ने उपाय पाउन
सकेन।

१८तिमीहरू नयाँ ठाउँमा आएका छौ। तिमीहरू
छुननसकिने, आगोले नजल्ने पाहाड़मा आएका छैनौ। न
त अन्धकारमा, विषादमा, आँधीमा आएका छैनौ। यही
पाहाड़ हो जहाँ इस्राएलीहरू आएका थिए। १९यहाँ
तिनिहरूले सुनेको जस्तो तुरहीको आवाज र बोलेको
स्वर पनि सुन्दैनौ। जब तिनीहरूले यस्ता आवाज सुने,
तिनीहरूले एउटै आवाज पनि सुन्न नपरोस, भनेर
अनुनय गरे। २०तिनीहरूले आदेशलाई थाम्नसकेनन्:
"यदि पशुसम्मले पनि यो पाहाड़ छोए त्यसलाई ढुंगाले
हिर्काएर मारिन्छ।"* २१तिनीहरूले जो देखेका थिए त्यो
यति डरलाग्दो थियो कि मोशाले भने, "म डरले थरथरी
काँपिरहेछु।"*

२२तर तिमीहरू त्यस्ता ठाउँमा आएका छैनौ। तिमीहरू
सियोन पाहाड़मा आइपुगेका छौ। तिमीहरू जीवित
परमेश्वरको शहर, स्वर्गीय यरूशलेममा आइपुगेका छौ।
तिमीहरू हजारौ स्वर्गदूतहरूको सामूहिक आनन्दमा
आइपुगेका छौ। २३तिमीहरू परमेश्वरका प्रथम पुत्रहरूका
जमातमा आइपुगेका छौ जसका नाउँहरू स्वर्गमा लेखिएका
छन्। तिमीहरू सबै मानिसहरूका निर्णयकर्ता परमेश्वरकहाँ
आएका छौ। अनि तिमीहरू धर्मी मानिसहरूका आत्मा
भएको ठाउँमा आएका छौ जो पूर्ण बनेका छन्।
२४तिमीहरू येशू कहाँ आएका छौ जसले परमेश्वरबाट
उहाँका मानिसहरूका लागि नयाँ करार ल्याउनुभयो।
तिमीहरू रगत छर्केको ठाउँमा आएकाछौ जसले
हामीलाई हाबिलको रगतले भन्दा असल कुराहरू
भन्दछ।

२५होशियार बस र परमेश्वरको बोली सुन्न अस्वीकार
नगर। जब परमेश्वरले पृथ्वीमा तिनीहरूलाई चेतावनी
दिनुभयो ती मानिसहरूले उहाँलाई सुन्न अस्वीकार गरे र
तिनीहरू भागेनन्। अहिले परमेश्वर स्वर्गबाट बोल्दै
हुनुहुन्छ। अनि उहाँलाई सुन्न हामीले अस्वीकार गर्‍यौ
भने हामी कसरी भाग्न सक्छौ? २६त्यस बेला जब उहाँ

---

**"यदि ... मारिन्छ"** प्रस्थान १९:१२-१३।

**"म ... काँपिरहेछु"** व्यवस्था ९:१९।

बोल्नुभयो उहाँको आवाजले पृथ्वी थर्कियो। तर अहिले
उहाँले प्रतिज्ञा गर्नुभएको छ: “एकपल्ट अझै म धरती
मात्र होइन तर स्वर्ग समेत थर्काउँछु।”* २७यहाँ
“एकपल्ट अझै” भन्ने शब्दले स्पष्ट देखाउँदछ कि
सृष्टिको हरेक चीज नष्ट हुनेछ। तर ती कुराहरू जो
हल्लाउँदैनन्, रहिरहन्छन्। २८यसर्थ, हामी कृतज्ञ बन्नुपर्छ
किन कि हामीले एउटा राज्य पाउँदै छौं जो हल्लिन
सक्दैन। अनि हामीले उहाँलाई प्रसन्न तुल्याउने तरिकाले
आदर र भयले पूज्नुपर्छ। २९किनभने हाम्रा परमेश्वर
आगो जस्ता हुनुहुन्छ जसले सखाप पार्नुहुन्छ।

**१३** ख्रीष्टमा तिमीहरू दाजु-भाइ र दिदी-बहिनीहरू
जस्ता हौ र आपसमा प्रेम गर्न छोड्नु हुँदैन।
२मानिसहरूलाई आतिथ्य दिएर सहायता गर्न कहिल्यै
नभूल। यसो गर्दा कसैले अनजानमै स्वर्गदूतहरूको
सहायता गरे। ३जो कैदमा छन् तिनलाई नभूल। तिनीहरू
जस्तै आफू पनि तिनीहरूसितै कैदमा रहेको संझ। अनि
दु:खमा परेका मानिसहरूलाई नभूल, किनभने भविष्यमा
तिमीहरू पनि त्यही हालतमा हुन सक्छौ।

४विवाहलाई सबैले सम्मान दिनुपर्छ। विवाहलाई दुइजना
विचमा विशुद्ध राख्नु पर्छ। जसले यौन-पाप र व्यभिचार
गर्छ त्यसलाई परमेश्वरबाट अपराधीलाई जस्तो न्याय
गरिन्छ। ५पैसाको मोह देखि आफूलाई टाढ़ा राख।
आफूसित जो छ त्यसैमा सन्तुष्ट होऊ। परमेश्वरले
भन्नुभएको छ:

> “म तिमीलाई कहिल्यै छोड़दिनँ म तिमीदेखि
> कहिल्यै भाग्दिनँ।”
>
> *व्यवस्था ३१:६*

६तसर्थ ढुक्कसित भनौ:

> “प्रभु मेरा सहायक हुनुहुन्छ अत: मलाई केही
> डर हुने छैन। कसैले मलाई केही अनर्थ गर्न
> सक्छ?”
>
> *भजनसंग्रह ११८:६*

७आफ्ना अगुवाहरूलाई संझ। तिनीहरूले तिमीहरूलाई
परमेश्वरको संदेश सिकाए। ती कसरी बाँचे र मरे त्यो
विचार गर अनि तिनीहरूका विश्वासको उदाहरणलाई
अनुसरण गर। ८येशू ख्रीष्ट हिजो, आज र सधैं एक
समान हुनुहुन्छ।

९किसिम-किसिमका नौला शिक्षाहरूले आफूलाई
कुबाटोमा लैजान नदेऊ। परमेश्वरको अनुग्रहले तिमीहरूका
हृदय मजबूत बनून्, खानाको नियम पछ्याउनाले होइन।
त्यस्ता नियम जसले पछ्याए त्यसले कसैको लाभ गरेको
छैन।

१०हाम्रो एउटा वेदी छ जसबाट ती पवित्र पालमा
सेवा गर्नेहरूलाई खाने अधिकार छैन। ११पापको निम्ति
अर्पणको रूपमा प्रधान पूजाहारीले पशुको रगत परम
पवित्र स्थानमा लान्छन्। तर पशुहरूका मासु चाँहि
शिविर बाहिर पोल्छन्। १२त्यसरी नै येशूले पनि शहर
बाहिर कष्ट भोग्नुभयो। आफ्ना मानिसहरूलाई पवित्र
पार्न येशूले आफ्नै रगत अर्पण गर्नुभयो। १३यसर्थ हामी
शिविर बाहिर येशू कहाँ जानुपर्छ। येशूले जस्तै हामीले
पनि अपमान सहनु पर्छ। १४यस धरतीमा रहिरहने शहर
राम्रो छैन। तर भविष्यमा आउने शहरको प्रतिक्षामा हामी
छौं। १५यसकारण येशूको मार्फत परमेश्वरलाई बलि
चढ़ाउन हामीले छोड्नु हुँदैन। उहाँको नाउँ उच्चारण गर्न
हाम्रा ओँठबाट निस्केको प्रशंसा नै त्यो बलि हो।
१६अनि अर्काको भलाई गर्न र अरूका भागीदार बन्न
नभूल। बलिहरू यिनै हुन् जसले परमेश्वरलाई प्रसन्न
तुल्याउँछ।

१७आफ्ना अगुवाहरूको आज्ञा मान र तिनका अधिनमा
बस, तिनीहरू तिम्रा जिम्मेवार छन् र तिम्रा आत्मा
बचाउनको निम्ति ती तिमीहरूको निगरानि गर्छन्।
तिनीहरूलाई आज्ञा मान ताकि तिनीहरूले आफ्ना काम
दु:खसाथ होइन, ती आपना काममा आनन्द लिन
सक्छन्। तिनका काम सरल हुनेछ। आनन्दसाथ गर्न
सकून्। अनि तिनीहरूले आफ्ना काम दुखित बनेर गर्छन्
भने त्यसले तिम्रो सहायता गर्दैन। १८हाम्रा निम्ति प्रार्थना
गर्न नछोड़। हाम्रो काम बारे हामी विश्वस्त छौ किन
कि हामी सधैँ जुन उत्तम छ त्यही गर्ने प्रयास गर्छौँ।
१९म तिमीहरूले प्रार्थना गरि देऊ भन्छु ताकि परमेश्वरले
मलाई चाँड़ै तिमीहरू भएकोमा पठाऊन्। योभन्दा बड़ता
म केही चाहन्न।

२०-२१म प्रार्थना गर्छु, शान्तिका परमेश्वरले तिमीहरूले
चाहेका सबैं असल कुराहरू दिनुहुनेछ जसमा कि उहाँले
चाहनु भएको काम तिमीहरूले गर्न सक्छौ। उनै
परमेश्वर हुनुहुन्छ जसले भेड़ाका ठूला गोठाला हाम्रा

---

**“एकपल्ट … थर्काउँछु”** हाग्गै २:६।

प्रभु येशूलाई मृत्युबाट पुनरुत्थान गर्नुभयो। आफ्ना रगत
द्वारा उहाँले अनन्त करार शुरू गर्नुभयो। म प्रार्थना
गर्दछु, परमेश्वरले आफू खुशी हुने काम हामीमा येशू
ख्रीष्टद्वारा गराउनु हुनेछ। येशूको सदा महिमा होस्।
आमिन।

२२मेरा दाजु भाइ र दिदी-बहिनीहरू, मैले के भनें
धैर्यपूर्वक सुन। तिमीहरूलाई मजबूत बनाउन मैले यी
कुराहरू गरें। अनि यो चिट्ठी साह्रै लामो छैन। २३हाम्रो
भाइ तिमोथी कैदबाट निस्के। म यो तिमीहरूलाई
जनाउन चाहन्छु। अनि यदि उनी म भएकोमा छिटै
आएछन् भने हामी दुवै तिमीहरूलाई भेट्न आउने छौं।

२४तिमीहरूको अगुवाहरू र परमेश्वरका सबै जनलाई
नमस्कार भनिदिनू। इटालीयाबाट आएका सबैको नमस्कार।

२५परमेश्वरको अनुग्रह तिमीहरू सबैमाथि होस्।

# याकूबको पत्र

**१** परमेश्वर अनि परमप्रभु येशू ख्रीष्टको एक सेवक
याकूबद्वारा अभिवादन:
परमेश्वरको सम्पूर्ण मानिसहरू प्रति, जो संसारमा
हरेक स्थानमा छरिएका छन्: अभिवादन!

### विश्वास अनि ज्ञान

२मेरा दाजु-भाइ अनि दिदीबहिनीहरू, जब तिमीहरूकोमा
नाना थरीका कष्ट हुन्छ तिमीहरू खुशी हुनुपर्छ।
३किन? किनभने तिमीहरू जान्दछौ, कि यस्ता कुराले
तिमीहरूको विश्वासलाई जाँच गर्दछ। अनि यसले
तिमीहरूमा धैर्य सिर्जना गर्नेछ। ४तिमीहरूले जे गर्छौ,
त्यसमा तिमीहरूको पूरा धैर्य झल्काइदेऊ। तब तिमीहरू
परिपक्व अनि पूर्ण हुनेछौ, तिमीहरूलाई जे आवश्यक
पर्छ प्रत्येक चीज पाउँनेछौ। ५तर, तिमीहरू मध्ये कसैमा
ज्ञानको कमी छ भने तिमीहरूले परमेश्वरसित माग्नु
पर्छ। परमेश्वरले सबै मानिसहरूलाई मुक्त हस्तले आनन्दसित
दिनु हुनेछ। यसर्थ, परमेश्वरले तिमीहरूलाई ज्ञान दिनु
हुनेछ। ६तर, जब तिमीहरूले परमेश्वरसित केही वस्तुको
लागि याचना गर्छौ, तिमीहरूले विश्वास गर्नु पर्छ।
परमेश्वर प्रति सन्देह नगर। व्यक्ति, जसले सन्देह गर्छ,
त्यो सागरको लहर जस्तै हो। हावाले लहरलाई तल र
माथि गराउँछ। व्यक्ति जसले सन्देह गर्छ, त्यो लहर
जस्तै हो। ७-८व्यक्ति जसले सन्देह गर्छ, एकै समयमा
दुई भिन्न कुराहरू सोचिरहेको हुनेछन्। त्यसले गर्ने कुनै
पनि कुरामा निर्णय लिनु सक्तैन। त्यस्तो व्यक्तिले परमप्रभुबाट
कुनै पनि कुरा प्राप्त गर्नेछु भनी सोच्नुहुँदैन।

### साँचो धन

९यदि विश्वासी निर्धन भए उ गर्वित हुनुपर्छ,
किनभने परमेश्वरले उसलाई धनी बनाउनु भएको छ।
१०यदि विश्वासी धनी भए उ गर्वित हुनुपर्छ किनभने ऊ
गरीब छ। धनी व्यक्ति जङ्गली फूल सरी मर्नेछ।
११सूर्यको उसको पोल्ने तापसित उदय हुन्छ। सूर्यको
तापले पौधालाई अति सुखा तुल्याउँछ। फूल झर्छ, फूल
सुन्दर थियो, तर अहिले त्यो भूँईमा झऱ्यो। धनी
व्यक्तिसित त्यही कुराहुन्छ। उसको व्यपारको योजना गर्दा
गर्दै मर्छन।

### प्रलोभन परमेश्वरबाट आउँदैन

१२जब कुनै व्यक्ति प्रलोभित हुन्छ अनि अझ
बलवान नै रहन्छ, ऊ खुशी हुनुपर्छ। किन? किनभने
उसले आफ्नो विश्वास प्रमाणित गर्छ परमेश्वरले उसलाई
अनन्त जीवन दान गर्नु हुनेछ। परमेश्वरले सबैलाई यो
प्रतिज्ञा दिनु भएको छ, जसले उहाँलाई माया गर्छ।
१३यदि एकजना व्यक्ति प्रलोभित तुल्याइँदैछ भने, उसले
यो भन्नुहुँदैन, "परमेश्वरले मलाई प्रलोभित गराउँदै हुनु
हुन्छ।" दुष्टले परमेश्वरलाई प्रलोभित तुल्याउन सक्तैन।
अनि परमेश्वर स्वयंले कुनै पनि व्यक्तिलाई प्रलोभित
तुल्याउनु हुन्न। १४एकजना व्यक्तिलाई आफ्नै दुष्ट
कुराले प्रलोभित तुल्याउँछ। उसको आफ्नै दुष्ट इच्छाले
बाहिर तान्छ अनि उसलाई जालमा फसाँउछ। १५दुष्ट
इच्छाबाट पाप उब्जन्छ। जब पाप बढ्छ, यसले मृत्यु
उब्जाउँछ।
१६मेरा प्रिय भाइ-बहिनीहरू, मूर्ख नबन। १७सबै
असल कुरा परमेश्वरबाट आउँछ। अनि हरेक पक्का
उपहार परमेश्वरबाट आएको हो। यी सब असल
उपहारहरू उहाँ पिताबाट आउँछन् जसले स्वर्गका सम्पूर्ण
ज्योतिहरू निर्माण गर्नु भयो। तर छाँया ती ज्योतिहरूबाट
बद्लिए जस्तो परमेश्वर कहिल्यै परिवर्त्तन हुनुहुँदैन। उहाँ
सदैव समान रहनुहुन्छ। १८सत्यको वचनबाट परमेश्वरले
हामीलाई उहाँको बालक बनाउने निर्णय लिनु भयो।
उहाँले सृजना गरेको वस्तुहरू मध्ये हामीलाई सब भन्दा
महत्वपूर्ण बनाउनु इच्छा गर्नुभयो।

### सुन्नु अनि पालन गर्नु

[१९]मेरा प्रिय भाइ-बहिनीहरू यसमा ध्यान देऊः
“चाँड़ो सुन्ने, बिस्तारो बोल्ने र ढिलो रिसाउने गर।
[२०]एकजना क्रोधित व्यक्ति परमेश्वरले चाहे जस्तो धार्मिक
भई बाँच्न सक्तैन। [२१]यसर्थ तिमीहरूको जीवनबाट हरेक
दुष्ट कुरा अनि दुष्ट कर्म बाहिर फ्याँकिदेऊ। विनम्र बन
अनि परमेश्वरको वचन स्वीकार जो परमेश्वरले तिमीहरूको
हृदयमा रोपिदिनु भएको छ। यो उपदेशले तिम्रा जीवनलाई
बचाँउनेछन्।

[२२]परमेश्वरको शिक्षा अनुसरण गर। खाली सुन्ने
काम मात्र नगर। किनभने जब तिमी बस्छौ अनि केवल
सुन्छौ, तिमीले स्वयंलाई मूर्ख तुल्याउँछौ। [२३]यदि एकजना
व्यक्तिले परमेश्वरको वचन सुन्छ अनि अनुसरण गर्दैन
भने ऊ यस्तो हुन्छः ऊ त्यो मान्छे जस्तै हुन्छ जसले
आफ्नो अनुहार ऐनामा हेर्छ। [२४]त्यो मान्छेले ऊ आफैलाई
देख्छ, त्यस पछि जान्छ अनि ऊ के देखिएको थियो सो
झट्टै बिर्सिहाल्छ। [२५]तर वास्तवमा सुखी व्यक्ति त्यो हो
जसले परमेश्वरको सही नियम अध्ययन गर्छ, जसले
मानिसहरूलाई स्वतन्त्र तुल्याउँछ। उसले त्यसलाई अध्ययन
गरिरहन्छ। उसले परमेश्वरको वचन सुन्छ अनि उसले
जे सुन्यो त्यो बिर्सदैन। तब वचनमा जे भनिएको छ
पालन गर्छ। त्यस व्यक्ति जसले त्यसो गर्छ, सुखी हुनेछ।

### परमेश्वरको आराधना गर्ने साँचो तरिका

[२६]कोही व्यक्ति आफूलाई धार्मिक सम्झन सक्छ।
तर यदि त्यो व्यक्तिले होशियारसित बोल्दैन भने उसले
स्वयंलाई मूर्ख तुल्याइरहेको हुन्छ। उसको “धर्म” कुनै
काममा आउँदैन। [२७]पवित्र अनि असल धर्म जो
परमेश्वरले स्वीकार गर्नु हुन्छ त्यो यस्तो छः टुहुरोहरू
अनि विधवाहरू जसलाई सहायताको आवश्यकता छ
तिनीहरूको हेरचाह गर अनि आफू स्वयंलाई संसारको
नराम्रो जीवनबाट मुक्त राख। यो नै धर्म हो जसलाई
परमेश्वरले शुद्ध अनि असल ठानेर स्वीकार गर्नु हुनेछ।

### समस्त मानिसहरूलाइ प्रेम गर

२ मेरा प्रिय दाजु-भाइ अनि दिदी-बहिनीहरू, तिमीहरू
हाम्रा गौरवमय प्रभु येशू ख्रीष्टका विश्वासीहरू हौ।
यसर्थ यस्तो नसोच कि कोही मानिसहरू अन्य मानिसहरू
भन्दा मुख्य छन्। [२]मानौं, कोही एकजना तिम्रो मण्डली
भित्र प्रवेश गर्छ। उसले खूबै सुन्दर वस्त्र अनि सुनको
औंठी पहिरेको छ। त्यही समयमा एक गरीब मानिस
पुरानो, मैला लुगा लाएर आउँछ। [३]तिमीहरू त्यो मानिस
जो सुन्दर बस्त्र लगाएको छ त्यसलाई विशेष ध्यान
दिन्छौ। तिमीहरू भन्छौ, “यो राम्रो आसनमा बस्नुहोस्।”
तर गरीब मानिसलाई तिमीहरू भन्छौ, “त्यहाँ उभ” वा
“तिमीहरूको पाउ छेउको पटाईमा बस्” [४]तिमीहरू के
गरिरहेछौ? तिमीहरूले कुनै एक व्यक्तिलाई भन्दा अर्को
व्यक्तिलाई अधिक महत्व दिइरहेका छौ। तिमीहरूको
दुष्ट मनले निर्णय लिइरहेका छौ, एक व्यक्ति भन्दा
अर्को व्यक्ति राम्रो छ।

[५]सुन मेरा प्यारा भाइ अनि बहिनीहरू, अनि यसपछि
के परमेश्वरले गरीबहरूलाई विश्वासमा धनी हुन चुन्नु
भएको छैन? तिनीहरूको निम्ति जसले उहाँलाई प्रेम
गर्छन, परमेश्वरले ती मानिसहरूलाई उहाँले प्रतिज्ञा गर्नु
भएको राज्य प्राप्त गर्न चुन्नु भयो। [६]तर तिमीहरूले
गरीब मानिसप्रति सम्मान देखाउँदैनौ। अनि तिमीहरू
जान्दछौ कि धनी मानिसहरू ती मानिसहरू हुन् जसले
सदैव तिमीहरूलाई आफ्नो वशमा राख्ने कोशिश गर्छन्।
अनि ती मानिसहरूनै हुन जसले तिमीहरूलाई न्यायलय
तिर पुऱ्याउँछन्। [७]अनि, यो ती धनी मानिसहरू हुन्,
जसले येशूको नाउँको निन्दा गर्छन् जसद्वारा तिमीहरू
बोलाइन्छौ।

[८]बरू तिमीहरू शास्त्रमा पाइने राजकीय नियम
पालन गर, त्यो धर्मशास्त्रमा पाइन्छः “अन्य मानिसहरूलाई
त्यसरीनै प्रेम गर जसरी तिमीहरू स्वयंलाई प्रेम गर्छौ।”*
यदि तिमीहरूले यो नियम पालन गऱ्यौ भने तब
तिमीहरूले ठिक काम गर्छौ। [९]तर, यदि एक व्यक्तिलाई
अर्कोलाई भन्दा अधिक महत्व दियौ भने, तिमीले पाप
गर्छौं अनि परमेश्वरको राजकीय नियम भङ्ग गरेकोमा
दोषी ठहरिनेछौ। [१०]कुनै व्यक्ति परमेश्वरको सबै व्यवस्था
पालन गर्दा कुनै एउटामा चुक्यो भने त्यो व्यक्ति जम्मै
व्यवस्था भङ्ग गरेको दोषमा पर्नेछ। [११]परमेश्वरले भन्नु
भएकोछ, “व्यभिचार नगर”* उनै परमेश्वरले भन्नु
भएको छ, “हत्या नगर।”* यसर्थ, यदि तिमीहरूले
व्यभिचार गरेनौ तर तिमीहरूले कुनै व्यक्तिलाई माऱ्यौ
भने पनि तिमीहरू परमेश्वरको व्यवस्था भङ्ग गरेका

---

**“अन्य मानिसहरूलाई … प्रेम गर्छौ”** लेवी १९:१८।

**“व्यभिचार नगर”** प्रस्थान २०:१४, व्यवस्था ५:१८।

**“हत्या नगर”** प्रस्थान २०:१३, व्यवस्था ५:१७।

दोषी ठहरिन्छौ। १२तिमीहरू त्यो नियमद्वारा जाँच गरिन्छौ,
जुन नियमले मानिसहरूलाई मुक्त तुल्याउँछ। तिमीहरूले
दैनिक बोल चाल औ कर्ममा यस कुरोलाई याद राख्नु
पर्छ। १३यदि तिमीहरू अरूलाई दया गर्न चुकेका छौ
भने तिम्रो न्याय भइरहेको समयमा परमेश्वरले तिमीलाई
दया दर्शाउनु हुन्न। तर त्यो व्यक्ति जसले दया देखाउँछ,
उसको न्याय गरिएको समयमा ऊ निर्भय भएर रहन
सक्ने छ।

### विश्वास अनि असल कार्यहरू

१४मेरा प्रिय भाइ-बहिनीहरू, यदि कुनै व्यक्तिले
उसित विश्वास छ भन्छ तर केही गर्दैन, तब त्यो
विश्वास बेकामको हो। त्यस्तो विश्वासले उसलाई
बचाउँन सक्छ? अहँ! १५परमप्रभु ख्रीष्टमा विश्वास गर्ने
भाइ वा बहिनीलाई बस्त्रहरू अनि भोजनको आवश्यक
पर्न सक्छ। १६अनि त्यो व्यक्तिलाई तिमीहरू भन्छौ,
"शान्ति साथ जाऊ। म आशा गर्छु तिम्रोमा गरम
लुगाहरू र प्रशस्त भोजन छन्।" यद्यपि तिमीहरू उसको
खाँचो पुरा गर्दैनौ, तिमीहरूका शब्दहरू अर्थहीन छन्।
१७यो कुरा विश्वासको सम्बन्धमा पनि यस्तै हो। यदि
विश्वासले केही गर्दैन भने त्यो विश्वास मृततुल्य हो
किनभने त्यो विश्वास एक्लो भई मरेको हुन्छ।

१८एकजना व्यक्तिले भन्न सक्छ, "तिमीसँग विश्वास
छ, तर मेरोमा कम छ। जब तिम्रो विश्वासले केही
काम गर्दैन भने तिम्रो विश्वासको प्रमाण गर। मेरो
विश्वासले गरेको कामबाट म विश्वास प्रमाण गर्न
सक्छु।" १९तिमीहरू विश्वास गर्छौ परमेश्वर एक
हुनुहुन्छ। साँच्ची नै! तर भूतहरूले पनि विश्वास गर्छन्,
अनि तिनीहरू भयले काम्छन्।

२०तिमी मूर्ख व्यक्तिहरू! के तिमीहरूलाई प्रमाण
दिनु पर्छ कि बिना कर्मको विश्वास वेकामे हो?
२१अब्राहाम हाम्रा पूर्वज हुनुहुन्छ। जब तिनले आफ्नो
छोरो इसहाकलाई परमेश्वर समक्ष वेदीमा चढ़ाए, उनको
कर्मबाट परमेश्वर अघि अब्राहामलाई धार्मिक बनाइयो।
२२यसर्थ, तिमीहरू देख्छौ कि अब्राहामले विश्वास गरे
अनि उनले गरेका कुराहरूको साथ साथ काम गरे।
उनको कर्मले देखायो कि उनको विश्वास पूर्ण थियो।
२३यसैले धर्मशास्त्रको स्पष्ट अर्थ झल्काउँछ: "अब्राहामले
परमेश्वरमाथि विश्वास गरे अनि परमेश्वरले अब्राहामको
विश्वास स्वीकार गर्नु भयो अनि परमेश्वरले अब्राहामलाई
धार्मिक माने।"* अब्राहामलाई "परमेश्वरको मित्र
मानिन्थ्यो।"* २४यसरी तिमीहरूले देख्छौ कि एक
व्यक्ति उसले गरेका कर्मद्वारा परमेश्वरसित सही बन्दछ
अनि उसको विश्वासबाट मात्र होइन।

२५अर्को उदाहरण छ राहाब। राहाब एक वेश्या
थिइन्। तर उसको कर्मको कारणले, जब तिनले
गुप्तचरहरू लुकाइन अनि तिनीहरूलाई अर्कै बाटोबाट
उम्कन सहायता गरिन, परमेश्वरको अघि तिनी धार्मिक
देखिइन।

२६आत्मा विनाको शरीर मृततुल्य हो। विश्वासको
मूल्य पनि यस्तै हो। विश्वास जसले केही गर्दैन त्यो
मृत-तुल्य हो।

### हामीले भनेका कुराको नियन्त्रण

३ मेरा भाइ अनि बहिनीहरू, तिमीहरूमा धेरै शिक्षक
हुनु हुँदैन। किन? किनभने तिमीहरू जान्दछौ कि
हामी जसले शिक्षा दिन्छौं अन्य मानिसहरू भन्दा कठिन
प्रकारले जाँच गरिनेछौं। २हामी सबैले अनेकौ गल्तीहरू
गर्छौं। यदि कसैले कहिल्यै पनि कुवचन बोलेनौ भने
त्यो पक्का व्यक्ति बन्नेछ। ऊ आफ्ना सम्पूर्ण शरीरलाई
नियन्त्रणमा राख्न समर्थ हुनेछन्। ३घोड़ालाई नियन्त्रमा
राख्न, हामी लगाम लगाइदिन्छौ। घोड़ाहरूका मुखमा
लगाइएको लगामले हामी तिनीहरूको सम्पूर्ण शरीरलाई
अधीनमा राख्न सक्छौ। ४जहाजहरू पनि यस्तै हुन्छ।
जहाज अत्यन्त विशाल हुन्छ अनि यसलाई शक्तिशाली
वायुले धकेल्छ। तर सानो पतवारले विशाल जहाजलाई
नियन्त्रण गर्छ अनि नाविकले जहाज कता जानु पर्ने
निर्णय गर्छ। ५हाम्रो जिब्रो पनि यस्तै हो। यो शरीरको
एक सुक्ष्म अङ्ग हो। तर यसले महान कुराको गर्व
गर्छ।

एउटा सानो फिलुंगोले अरण्य सखाप पार्न सक्छ।
६जिब्रो आगोको फिलुंगो जस्तै हो। हाम्रो शरीरका
अंशहरू मध्ये यो दुष्टताको संसार हो। कसरी? जिब्रोले
सारा शरीर नष्ट पार्छ। यसले हाम्रो सम्पूर्ण अस्तित्व नै
ध्वंश पार्न सक्छ। जिब्रोले यो आगो नर्कबाट पाउँछ।
७मानिसहरूले हरेक किसिमका जङ्गली पशु चरा-

---

**"अब्राहामले ... धार्मिक माने"** उत्पत्ति १५:६।

**"परमेश्वरको मित्र मानिन्थ्यो"** २-इतिहास २०:७; यशैया ४१:८।

चुरूङ्गीहरू, घस्रने प्राणीहरू अनि सामुद्रिक प्राणीहरू ख्वाउनु सक्छन्। मानिसहरूले यी सब प्राणीहरूलाई अधिनै ख्वाइसकेका छन्। [८]कसैले कहिल्यै जिब्रोलाई ख्याउनु सकेको छैन। यो जंगली अनि दुष्ट हुन्छ। जिब्रो विषले परिपूर्ण हुन्छ जसले मार्न सक्छ। [९]हामी हाम्रा जिब्रोलाई हाम्रो परमप्रभु अनि पिताको स्तुतिमा उपयोग गर्छौं। अनि अझै त्यही जिब्रोले हामी मानिसहरूलाई सराप्छौ जसलाई परमेश्वरको सक्कलमा बनाइएको छ। [१०]स्तुति अनि सराप एउटै मुखबाट निस्कन्छन्। मेरा भाइ अनि बहिनीहरू, यस्तो हुनु हुँदैन। [११]एउटै मूल उद्‌गमबाट मिठो र तितो पानी एकैचोटी बग्छ? अहँ। [१२]मेरा दाजु भाइ अनि दिदी बहिनी हो, के नेभाराको बोटमा भद्रासे फल्न सक्छ? सक्तैन। के अङ्गुरघारीमा नेभारा फल्छ? सक्तैन। तब, के नुनिलो उद्‌गमले मोठो पानी दिन सक्छ।

## साँचो ज्ञान

[१३]यहाँ तिमीहरू माझ कुनै यस्तो व्यक्ति छ जो ज्ञानी अनि बुझकी छ? तब उसले ठीकसित बसेर आफ्नो ज्ञानको प्रमाण दिनु पर्छ। उसले ज्ञानबाट आउने नम्रतासित काम गर्नु पर्छ। [१४]यदि तिमीहरू स्वार्थी छौ अनि तिम्रो हृदम ईर्ष्या पूर्ण छ भने तिमीले तिम्रो ज्ञान वारेमा गर्व गर्ने केही कारण नै छैन। तिम्रो गर्व गराई झूटो सिवाय केही पनि होइन। [१५]यस किसिमको "ज्ञान" माथिका परमेश्वरबाट आउँदैन। यस "ज्ञान" संसारबाट आउँछ। त्यो आध्यात्मिक होइन, त्यो शैतानबाट हो। [१६]जहाँ इर्ष्या अनि स्वार्थ छ त्यहाँ अव्यवस्थित अनि हरेक किसिमको दुष्टाँई हुन्छन। [१७]तर ज्ञान जो माथिका परमेश्वरबाट आउँछ त्यो यस्तो हुन्छ: प्रथम त्यो शुद्ध हुन्छ। त्यो शान्तिमय नम्र र तर्क संगति हुन्छ। यो ज्ञान सर्वदा जो मानिसहरू समस्यामा छन् तिनीहरूलाई सहायता गर्न सधैं तत्पर रहन्छ अनि अन्य मानिसहरूको लागि उपकार गर्ने हुन्छ। यो ज्ञान सदैव निष्पक्ष अनि इमान्दार हुन्छ। [१८]मानिसहरू जो शान्तिको निम्ति शान्ति साथ कार्य गर्छन् तिनीहरूले उपकारक चीजहरू पाउँछन् जो धार्मिक जीवन बँचाईबाट आउँछ।

## परमेश्वरमा समर्पण

४ के तिमीहरूलाई तिमीहरूको झगड़ा र लड़ाँईको श्रोत थाहा छ? तिमीहरूका झगड़ा अनि बहसहरू स्वार्थपूर्ण इच्छाहरूबाट जसले अन्तरमा द्वन्द्व मच्चाउँछ, [२]तिमीहरू चाहन्छौ तर पाउँदैनौ जे तिमीहरू चाहन्छौ। यसर्थ तिमीहरू हत्या गर्छौ अनि अन्य मानिसहरू प्रति इर्ष्या गर्ने हुन्छौ। तैपनि जे इच्छा गर्छौं तिमीहरूले पाँउदैनौ। तिमीहरू झन बहस गर्छौं अनि जुझ्छौ। तिमीहरूले इच्छा गरेको बस्तुहरू पाउँदैनौ किनभने तिमीहरूले परमेश्वरसित माँग्दैनौ। [३]अथवा, जब तिमीहरू माग्छौ तिमीहरूले पाउँदैनौ। किन? किनभने तिमीहरूको माग्ने तरिका त्रुठीपूर्ण छ। तिमीहरू वस्तु चाहन्छौ केवल आफ्नै आनन्दको निम्ति।

[४]अविश्वासनीय मानिस तिमीहरू यो संसारलाई माया गर्नु परमेश्वरलाई घृणा गर्नु जस्तै हो। यसर्थ यदि कोही व्यक्ति संसारको मित्र हुन चाहन्छ भने उसले आफैलाई परमेश्वरको शत्रु तुल्याउँछ। [५]के तिमीहरू धर्मशास्त्रलाई वेकामे ठान्छौ? यसले भन्छ, "परमेश्वरको माध्यम जुन आत्मा हामीमा बस्छ, खाली उसकै लागि मात्र हामीलाई चाहन्छ।" [६]तर परमेश्वरको दया जो हामीलाई दिइएको छ, त्यो महान छ। धर्म शास्त्रले भनेको जस्तै, "घमण्डी मानिसहरूको विरुद्ध परमेश्वर हुनुहुन्छ, तर उहाँले ती मानिसहरूलाई दया प्रदान गर्नु हुन्छ जो विनम्र छन्।"*

[७]यसर्थ तिमीहरू स्वयंलाई परमेश्वरमा अर्पण गर। शैतानको विरोधमा बस, अनि तिमीहरू देखि शैतान भाग्नेछ। [८]परमेश्वरको नजिक आऊ अनि परमेश्वर तिमीहरूको नजिक आउनु हुनेछ। तिमीहरू पापी हौ। यसर्थ तिमीहरूको जीवनदेखि पाप धोई पठाऊ। जब तिमीहरू दुवै परमेश्वरको अनि संसारको सेवा गर्छौं तिमीहरूको दुइवटा मन छ। यसर्थ तिमीहरूको विचार शुद्ध तुल्याऊ। [९]उदास बन, दु:खी बन अनि विलाप गर। तिमीहरूको हाँसोलाई रोदनमा परिणत गर। तिमीहरूको खुशीलाई अफसोसमा परिवर्त्तन गर। [१०]परम प्रभुको सामुन्ने विनम्र बन अनि उहाँले तिमीहरूलाई महान तुल्याउनु हुनेछ।

## तिमीहरू न्यायधिश हौइनौ

[११]भाइ अनि बहिनीहरू, एक अर्काको विरूद्ध केही पनि नभन। जब तिमीहरू ख्रीष्टमा विश्वासी भाइलाई जाँच्छौ, तब तिमीहरू उनले अनुसरण गरेको नियम जाँच गरिरहेछौ। अनि जब तिमीहरू नियमको जाँच

---

**"घमण्डी ... विनम्र छन्"** हितोपदेश ३:३४।

गरिरहेका हुन्छौ, तिमीहरू नियम अनुसरण गर्ने हुँदैनौ।
तिमीहरू नियमको न्यायधिश हौ। १२परमेश्वरले मात्र
नियमहरू बनाउनु हुन्छ। उहाँमात्र न्यायधिश हुनुहुन्छ।
केवल परमेश्वरमात्र हुनुहुन्छ जसले बचाँउन अनि ध्वंश
गर्नसक्नु हुन्छ। यसर्थ अन्य व्यक्तिको न्याय गर्नु तिमीहरूका
निम्ति उचित हुँदैन।

### परमेश्वरले तिम्रो जीवनमा योजना गरून

१३तिमीहरू कसैले भन्छौ, "आज अथवा भोलि
हामी कुनै नगरमा जानेछौ। हामी त्यहाँ वर्ष दिन बस्छौं
व्यापार गर्छौं अनि पैसा कमाउँछौ।" सुन! यस विषयमा
सोच: १४भोलि के हुनेछ तिमीहरू जान्दैनौ। तिमीहरूको
जीवन वाफ जस्तो छ। त्यसलाई तिमीहरू क्षण-भरको
निम्ति देख्नसक्छौ, तर त्यस पछि त्यो अल्पिन्छ।
१५यसर्थ तिमीहरूले भन्नु पर्छ, "यदि परमप्रभुले चाहनु
हुन्छ भने हामी जीवित रहनेछौ अनि यो वा त्यो गर्ने
छौ।" १६तर अहिले तिमीहरू घमण्डी छौ अनि तिमीहरू
घमण्ड गर्छौं। यी सब घमण्ड गराइ भूल हो। १७अनि
जब एक व्यक्ति भलाई कसरी गर्नु जान्दछ, तर भलाई
गर्दैन, तब उसले पाप गरिरहेछ।

### स्वार्थी धनी मानिसहरू दण्डित हुनेछन्

५ तिमी धनी मानिसहरू, सुन! विलाप गर अनि
अत्यन्त शोकाकुल बन किनभने तिमीहरूमाथि अनेक
आपदहरू आई पर्नेछ। २तिमीहरूको धन नष्ट हुनेछ
अनि बेकार हुनेछ। तिमीहरूको वस्त्रहरू माऊले खानेछ।
३तिमीहरूका सुन चाँदीमा कस लाग्नेछ अनि त्यो कसले
तिमीहरूको विरोधमा साक्षी दिनेछ। त्यो कसले तिमीहरूको
शरीरलाई आगोले झैं खानेछ। तिमीहरूले सम्पत्ति
आखिरी दिनमा सञ्चित गरेकाछौ। ४मानिसहरूले
तिमीहरूको खेतमा काम गरे, तर तिमीहरूले तिनीहरूलाई
ज्याला दिएनौ। ती मानिसहरू तिमीहरूको विरुद्ध आवाज
गरिरहेछन्। ती मानिसहरूले तिमीहरूको फसलहरू काटे।
अहिले तिनीहरूले कराएको आवाज स्वर्गका परमप्रभुको
सेनाहरूले सुने। ५पृथ्वीमा तिमीहरूको जीवन सम्पत्तिले
सम्पन्न जीवन थियो। तिमीहरूले, आफूले चाहेका हरेक
बस्तुद्वारा स्वयंलाई खुशी तुल्यायौ। तिमीहरू स्वयंले
मार्नुको निम्ति तयार पारेको मोटो पशु जस्तो तुल्यायौ।
६तिमीहरूले निर्दोष मानिसहरूको भर्त्सना गर्‍यौ, र मारी
दियौ जसले प्रतिरोध गरेनन्।

### धैर्य धारण गर

७दाज्यु-भाइ अनि दिदी बहिनीहरू, धैर्य धारण गर,
प्रभु येशू आउनु हुँदैछ। यसर्थ, त्यस समयसम्म धैर्य
धारण गर। कृषकहरू खुबै धैर्यवान छन्। कृषकले
बहुमूल्य अन्न भूमिबाट उम्रनका निम्ति प्रतीक्षा गर्छ।
कृषकले धैर्य साथ आफ्ना फसलले प्रथम वृष्टि अनि
अन्तिम वृष्टि प्राप्त नगरूञ्जेल प्रतीक्षा गर्छ। ८तिमीहरू
धैर्यवान हुनुपर्छ। आशा नमार। प्रभु येशू चाँड़ै आउनु
हुँदैछ।

९दाजु-भाइ अनि दिदी-बहिनीहरू, एक अर्काको
विरुद्ध नगनगनाऊ। यदि तिमीहरूले अरूको विरूद्धमा
नालिस गर्न छाड़ेनौ भने तिमीहरू दोषी जाँचिने छौ। अनि
न्यायधिश आउनुलाई तयार हुनुहुन्छ। १०दाजु-भाइ अनि
दिदी-बहिनीहरू, अगमवक्ताहरूलाई अनुसरण गर जसले
परमप्रभुको निम्ति बोले। तिनीहरूले अनेक अप्ठेरो
परिस्थितिको सामना गरे। तर तिनीहरूले धर्य धारण गरे।
११हामी तिनीहरूलाई खुशी ठान्छौ जसले धैर्यपूर्वक
अप्ठेरो परिस्थितिको सामना गरे। तिमीहरूले अय्यूबको
धैर्यको बारेमा सुनेका छौ। तिमीहरूलाई थाहा छ,
अय्यूबले सबै यातना सामना गरे पछि परमप्रभुले
तिनलाई सहायता गर्नु भयो। यसले यो झल्काउँछ कि
परमप्रभु दयामयी औ अनि कृपामयी हुनुहुन्छ।

### तिमी जो भन्छौ त्यसमा होशियार बन

१२मेरा दज्यु-भाइ औ दिदी-बहिनीहरू, जब केही
गर्न वचन दिन्छौ, तिमीहरूले कसम खानु हुदैँन।
तिमीहरूको वचन प्रमाण गर्न स्वर्ग, पृथ्वी अथवा कुनै
चीजको नाउँको उपयोग नगर। जब तिमी बुझ्छौ 'हो'
भन्ने केवल "हो" मात्र भन। यदि तिमी बुझ्छौ "होइन"
भन्ने "होइन" मात्र भन। त्यसो गर ताकि तिमीहरू दोषी
जँचिने छैनौ।

### प्रार्थनाको शक्ति

१३यदि तिमीहरू मध्ये एक जनाले कष्टहरू भोगिरहेको
छ भने उसले प्रार्थना गर्नु पर्छ अनि यदि तिमीहरू मध्ये
एकजना सुखी छ भने, उसले गीतहरू गाउनु पर्छ।
१४यदि तिमीहरू मध्ये एकजना विरामी छ भने, उसले
मण्डलीका अग्रजहरूलाई बोलाउनु पर्छ। अग्रजहरूले
उसलाई परम प्रभुको नाउँमा तेल मालिस गरिदिनु पर्छ
अनि तिनीहरूले उसको निम्ति प्रार्थना गरिदिनु पर्छ।

[१५]विश्वाससित गरेको प्रार्थनाले विमारीमा आरोग्य ल्याउँछ।
परमप्रभुले उसलाई निको पार्नु हुन्छ। अनि यदि त्यो
व्यक्तिले पाप गरेको भए परमेश्वरले उसलाई क्षमा
प्रदान गर्नु हुनेछ। [१६]सधैँ तिमीहरू एक अर्कामा पाप
स्वीकार गर। तब एक अर्काको निम्ति प्रार्थना गर। यसो
गर, तब परमेश्वरले तिमीहरूलाई निको पार्नु हुन्छ। यदि
एकजना धार्मिक व्यक्तिले श्रद्धापूर्वक प्रार्थना गर्छ भने,
महान कुरो घट्न सक्छ। [१७]एलिया पनि हामी जस्तै
व्यक्ति थिए। तिनले पानी नपरोस् भनी, गम्भीरता पूर्वक
प्रार्थना गरे, त्यस भूमिमा तीन वर्षसम्म वृष्टि भएन।
[१८]तब एलियाले पानी परोस् भनी प्रार्थना गरे। अनि
आकाशबाट पानी पऱ्यो अनि भूमिले फेरि फसल
उमाऱ्यो।

### आत्माहरू बँचाउ

[१९]मेरा दाजु-भाइ अनि दिदी-बहिनीहरू, तिमीहरू
मध्ये एकजना सत्यदेखि भड़कन सक्छौ। अनि अर्को
व्यक्तिले उसलाई सत्यतर्फ फर्की आउन सहायता गर्न
सक्छ। [२०]यसलाई स्मरण गर: कुनै व्यक्ति जसले एक
पापीलाई नराम्रो मार्गबाट फर्काइ ल्याउँछ, उसले त्यस
पापीको आत्मालाई मृत्युबाट बँचाउनेछ। यसो गरेर त्यस
व्यक्तिले धेरै पापहरू प्रति क्षमाप्राप्त गराउनेछ।

# पत्रुसको पहिलो पत्र

**१** पत्रुस, येशू ख्रीष्टका प्रेरित द्वारा अभिवादन परमेश्वरद्वारा चुनिएका जो आफ्ना घरदेखि टाढ़ामा पोन्टस्, गलातिया, क्यापडोसिया, एशिया अनि बिथिनिया भरि फैलिएर बसेका मानिसहरू प्रति। [२]परमेश्वरले तिमीहरूलाई पवित्र मानिस बनाउनु धेरै अघि नै योजना बनाएका थिए। तिमीहरूलाई पवित्र तुल्याउने कार्य आत्माको* हो। परमेश्वरको आज्ञाकारी औ येशू ख्रीष्टको रगतले अभिषेक गरी शुद्ध पार्न तिमीहरू चुनिएका थियौ। परमेश्वरको अनुग्रह तिमीहरूमा अधिक भन्दा अधिक बढ़ेर जाओस्।

### जिउँदो आशा

[३]परमेश्वर जो हाम्रा प्रभु येशू ख्रीष्टका पिता हुन उनको प्रशंसा होस्। परमेश्वरमा सीमाविहिन कृपा छ र उनको कृपाको कारणले हामीलाई नयाँ जीवन दिइएको छ। यो नयाँ जीवनले मृत्युदेखि येशू ख्रीष्टको बौराई मार्फत हामीप्रति सजीव आशा ल्याउँछ। [४]अब हामी आशिर्वादको आशा राख्छौ जो उनको नानीहरूको निम्ति उनकोमा छ। यो आशिर्वाद तिमीहरूको निम्ति स्वर्गमा जोगाएर राखिएको छ। यी आशीर्वादहरू ध्वंश, नष्ट अथवा धमिलो हुनेछैन। जब सम्म तिमीहरूले मुक्ति पाउँदैनौ [५]तिम्रो विश्वास मार्फत परमेश्वरको शक्तिले तिमीहरू संरक्षित रहन्छौ। यो मुक्ति तयार राखिएको छ अनि यो तिमीहरूलाई समयको अन्तमा दिइनेछ। [६]यसले तिमीहरूलाई अत्यन्त सुखी तुल्याउनु पर्छ यद्यपि क्षणिक समयको लागि सबै प्रकारको कष्ट भोग्दा तिमीहरूलाई दु:खी बनाँउछ। [७]यी दु:ख-कष्टहरू किन हुन्छन्? तिमीहरूको विश्वास शुद्ध छ भनी प्रमाण गर्नु। विश्वासको शुद्धतामा सुन भन्दा अधिक मुल्य छ। सुनको शुद्धता अग्निद्वारा प्रमाणित गर्न सकिन्छ, तर सुन नष्ट हुन्छ। जब येशू ख्रीष्ट आउँछन् विश्वासको शुद्धताले तिमीहरूमा प्रशंसा, महिमा अनि सम्मान ल्याउनेछ। [८]तिमीहरूले ख्रीष्टलाई देखेका छैनौ तर पनि तिमीहरू उहाँलाई प्रेम गर्छौ। तिमीहरूले अहिले उनलाई देख्न सक्तैनौ तर तिमीहरू उनीमाथि विश्वास गर्छौ। तिमीहरू अकथनीय अनि गौरवमय आनन्दले परिपूर्ण छौ। [९]तिमीहरूको विश्वासको एक लक्ष्य छ। त्यो लक्ष्य तिमीहरूको आत्मा बचाउँनु हो। अनि तिमीहरूले तिमीहरूको लक्ष्य जो मुक्तिको निम्ति हो त्यो प्राप्त गर्दैछौ।

[१०]अगमवक्ताहरूले सावधानपूर्वक अध्ययन गरे अनि यो मुक्तिको विषयमा जान्ने कोशिश गरे। ती अगमवक्ताहरूले अनुग्रहको बारेमा अगमवाणी गरे जो तिमीहरूलाई देखाइयो। [११]ख्रीष्टको आत्मा ती अगमवक्ताहरूमा थियो। अनि आत्माले ती दु:ख-कष्टहरूको बारेमा, जो ख्रीष्टमाथि घट्ने थियो अनि त्यो महिमा जो ती दु:ख कष्टहरू पछि आउनेछ, भनिरहेथ्यो। ती अगमवक्ताहरूले तिनीहरूलाई त्यो आत्माले के देखाइ रहेछन्, त्यसबारे जान्ने कोशिश गरे। ती कुराहरू कहिले घट्नेछन् अनि त्यसबेला संसारको अवस्था कस्तो हुनेछ, तिनीहरूले यो जान्ने कोशिश गरे। [१२]यो तिनीहरूलाई देखाइयो कि जुन सेवा तिनीहरूले गरे तिनीहरू स्वयंको निम्ति होइन। ती अगमवक्ताहरूले तिमीहरूको सेवा गरिरहेको थियो जब तिनीहरूले यो कुराको विषयमा भने जो अहिले तिमीहरूले सुन्यौ। तिनीहरू जसले तिमीहरूलाई सुसमाचार प्रचार गरे तिमीहरूलाई ती कुराहरू भने। तिनीहरूले तिमीहरूलाई त्यो पवित्र आत्माको सहायताले भने, जसलाई स्वर्गबाट पठाइएको थियो। तिमीहरूलाई भनिएका कुराहरू ती कुराहरू हुन जुन स्वर्गदूतहरू पनि जान्न उत्सुक छन्।

---

**आत्मा, पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

### पवित्र जीवनको निम्ति आह्वान

[१३]यसर्थ सेवाको निम्ति मनलाई तयार पार अनि आत्म-नियन्त्रण गर। तिमीहरूले अनुग्रहको लागि आशा गर्नु पर्छ जुन तिमीहरूलाई दिइनेछ, जब येशू ख्रीष्ट आउनु हुन्छ। [१४]विगतमा तिमीहरूले यस विषयमा बुझेनौ, यसर्थ तिमीहरू नराम्रा कुराहरूले डोऱ्याइएका थियौ। तर अहिले तिमीहरू परमेश्वरका आज्ञाकारी नानीहरू हौ। यसर्थ बितेको समयमा जसरी बाँचेका थियौ, त्यसरी नबाँच। [१५]तर परमेश्वर जस्तै पवित्र होऊ अनि तिमीहरूले गर्ने सबै कुरामा पवित्र बन। परमेश्वर एक हुनुहुन्छ जसले तिमीहरूलाई अह्वान गर्नुभयो। [१६]यो धर्मशास्त्रमा लेखिएको छ, "पवित्र बन, किनभने म पवित्र छु।"*

[१७]तिमीहरू परमेश्वरलाई प्रार्थना गर्छौ अनि उनलाई पिता भनी सम्बोधन गर्छौ। परमेश्वरले मानिसको कार्यलाई पक्षपात बिना जाँच गर्नेछन्। यसर्थ, पृथ्वीमा पर्यटकहरू झैं बाँचिरहेको समयमा परमेश्वरको भय मानेर तिमीहरू बाँच्नु पर्छ। [१८]तिमीहरू जान्दछौ कि विगत समयमा तिमीहरू लक्ष्यहीन भइ बाँचेका थियौ। तिमीहरूले त्यस तरिकाले जीवित रहने कुरा ती मानिसहरूबाट सिक्यौ जो तिमीहरू भन्दा अघि बाँचिरहेका थिए। तर तिमीहरूलाई त्यस तरिकाले बाँच्नबाट बँचाइयो। तिमीहरू किनियौं ती वस्तुहरूद्वारा होइन जो सुन वा चाँदि जस्तै नष्ट हुन्छ। [१९]तर तिमीहरूलाई ख्रीष्टको बहुमूल्य रगतले किनियो, दोष रहित भेड़ाको पाठो। [२०]विश्व निर्माण अघि नै ख्रीष्टले चुनिनु भएको थियो। तर तिमीहरूको लागि यी अन्तिम समयमा उनलाई संसारमा चिनाइयो। [२१]ख्रीष्टद्वारा तिमीहरू परमेश्वरमाथि विश्वास गर्छौ। परमेश्वरले ख्रीष्टलाई मृत्युबाट बौराए। तब परमेश्वरले उनलाई महिमा दिए। यसर्थ तिमीहरूको विश्वास अनि आशा परमेश्वरमा छ।

[२२]अहिले, तिमीहरूले साँचो भातृ प्रेम झल्काउनु, सत्यको पालन गरेर स्वयंलाई शुद्ध तुल्याएका छौ। यसर्थ एक-अर्कामा पूर्ण हृदयबाट गहिरो प्रेम गर। यसर्थ तिमीहरूको पूर्ण हृदयबाट एक अर्कामा गहिरो प्रेम गर। [२३]तिमीहरू फेरि जन्माइएका छौ। यो नयाँ जीवन नष्टमय वस्तुबाट आएको होइन तर यो जीवन नष्ट नहुने वस्तुबाट आएको छ। तिमीहरू सर्वदा रहिरहने परमेश्वरको अन्त नहुने सजीव सन्देशद्वारा जन्माइएका हौ। [२४]धर्मशास्त्रले भन्छ:

"मानिसहरू संधै बाँच्तैनन्, तिनीहरू घाँस झैं
हुन तिनीहरूको महिमा घाँसको फूल झैं हुन्।
घाँस ओइलिन्छ, अनि फूलहरू झर्छन्।
[२५] तर परमेश्वरको वाणी सदैव बाँचिरहन्छ।"

*यशैया ४०:६-८*

अनि त्यो, यो वचन हो जुन तिमीहरूलाई भनियो।

### सजीव ढुंगा अनि पवित्र राष्ट्र

**२** यसर्थ, अरूलाई चोट पुऱ्याउने केही कुरा पनि नगर, झूटो नबोल, कपटी नबन, इर्ष्या नगर, अर्काको निन्दा नगर। यी सब कुराहरू तिमीहरूको जीवनबाट हटाऊ। [२]भर्खर जन्मेका नानीहरू जस्तो होऊ। शुद्ध आत्मिक दुधको निम्ति भोकाऊ जसले तिमीहरूलाई बढ्न र मुक्ति हासिल गर्न सहायता गर्छ। [३]अहिले तिमीहरूले परमप्रभुको दयाको स्वाद पाएका छौ।

[४]प्रभु येशू सजीव "पत्थर"* हुन। संसारका मानिसहरूले निश्चय गरे कि तिनीहरू त्यो पत्थर चाहँदैनन्। तर उहाँ परमेश्वरले चुन्नुभएको पत्थर हुन्। परमेश्वरका निम्ति उनी धेरै मूल्यवान छन्। यसर्थ उनी भएकोमा आऊ। [५]तिमीहरू पनि सजीव पत्थरहरू जस्तै छौ। परमेश्वरले एक आध्यात्मिक मन्दिर निर्माण गर्नलाई तिमीहरूलाई उपयोग गर्दै हुनुहुन्छ। तिमीहरूले त्यस मन्दिरमा पवित्र पूजाहारीहरूको रूपमा आत्मिक बलि चढ़ाऊ जुन येशू ख्रीष्टबाट परमेश्वरलाई स्वीकार्य हुनेछ। [६]धर्मशास्त्रले भन्छ:

"मैले एक बहुमूल्य कुनाको ढुङ्गा छानेको छु,
अनि मैले त्यो ढुङ्गा सियोनमा राख्छु, जो
व्यक्ति उनलाई विश्वास गर्छ, कहिले पनि
लज्जित हुनपर्दैन।"

*यशैया २८:१६*

[७]त्यो पत्थर तिमीहरूको निम्ति, जसले विश्वास गर्छन्, अति मूल्यवान छ। तर विश्वास नगर्ने मानिसहरूको निम्ति उनी छन्:

---

**"पवित्र … पवित्र छु"** लेवी ११:४४, ४५; १९:२, २०:७।

**पत्थर** परमेश्वरको आत्मिक मन्दिरको अथवा घरको सबै भन्दा महत्वपूर्ण पत्थर।

"निर्माण कर्त्ताहरूले अस्वीकार गरेको ढुङ्गा,
तिनीहरूलाई आवश्यक छैन। त्यो पत्थर
आधारशीला भयो।"

*भजनसंग्रह ११८:२२*

८जसले विश्वास गर्दैनन तिनीहरूको निम्ति उनी छन्:

"एक ढुङ्गा जसले मानिसहरूलाई ठेस लगाउँछ,
एक ढुङ्गा जसले मानिसहरूलाई लड़ाउँछ।"

*यशैया ८:१४*

मानिसहरूलाई ठेस लाग्छ किनभने तिनीहरू परमेश्वरले
भनेका कुरा पालन गर्दैनन्। यो परमेश्वरको योजना
अनुसार हुन्छ।

९तर तिमीहरू चुनिएका मानिसहरू हौ। तिमीहरू
राजाका पूजाहारीहरू हौ। तिमीहरू मानिसहरूका पवित्र
जाति हौ। तिमीहरू ती मानिसहरू हौ जो परमेश्वरका
हुन्। परमेश्वरले गरेका आश्चर्यजनक कुराहरूको विषयमा
भन्न तिमीहरू चुनिएका हौ। उनले तिमीहरूलाई अन्धकार
देखि बाहिर उनको आश्चर्यमय प्रकाशमा बोलाए।
१०एक समयमा तिमीहरू परमेश्वरको मानिस थिएनौ।
तर अब तिमीहरू परमेश्वरका मानिस हौ। विगत
समयमा तिमीहरूले कहिल्यै पनि कृपा पाएका थिएनौ
तर अहिले तिमीहरूले परमेश्वरबाट कृपा पाएका छौ।

## परमेश्वरका निम्ति बाँच

११प्रिय मित्रहरू, तिमीहरू यो संसारमा पर्यटक अनि
परदेशीहरू हौ। यसर्थ तिमीहरूलाई तिम्रा शरीरले चाहेको
नराम्रा कर्महरू देखि टाढ़ा रहनु भनी म निवेदन गर्छु।
यी कुराहरू तिमीहरूका आत्माको विरुद्ध जुझ्छन्।
१२मानिसहरू जसले विश्वास गर्दैनन् तिनीहरूले वरिपरि
घेरेका छन्। ती मानिसहरूले तिमीहरूले भूल गरी रहेका
छौ भनी निन्दा गर्छन्। यसर्थ असल जीवन बिताऊ। तब
तिमीहरूले गरेका असल कुराहरू तिनीहरूले देख्नेछन्
अनि तिमीहरूले परमेश्वरलाई महिमा प्रदान गर्नेछौ। जब
उनी आउँछन्।

## ठीक काम गर

१३परम प्रभुको निम्ति प्रत्येक मानव अधिकारको
आज्ञा पालन गर। राजाको आज्ञा पालन गर जो सर्वोच्च
अधिकारी हुन्। १४अनि राज्यपालहरूको आज्ञा पालन
गर जो राजाद्वारा पठाइएका हुन्। जसले नराम्रो गर्छ
त्यसलाई सजाय दिनु र जसले राम्रो काम गर्छन प्रशंसा
गर्न तिनीहरू पठाइएका हुन्। १५यसर्थ जब तिमीहरू
असल कर्म गर्छौ, जसले अन्जानमा तिमीहरूको विषयमा
मूर्खतापूर्वक कुरा गर्नेहरूको मुख थुन। परमेश्वरले
चाहनु भएको कुरा यही हो। १६मुक्त मानिसहरू जस्तै
हौऊ। तर तिमीहरूको स्वतन्त्रता कुकर्मको लागि उपयोग
नगर। परमेश्वरको सेवा गर्दै गरे झैं बाँच। १७सबै
मानिसहरू प्रति सम्मान दर्शाऊ। परमेश्वरका परिवारका
सबै भाई-बहिनीहरूलाई प्रेम गर। परमेश्वरमाथि डर
राख अनि राजा प्रति आदर जनाऊ।

## ख्रीष्टको यातनाको उदाहरण

१८दासहरू हो! तिमीहरूको मालिकको अधीन स्वीकार
गर। पूर्ण सम्मान साथ यसो गर। तिमीहरूले मालिकहरूको
आज्ञा पालन गर्नुपर्छ जो असल अनि दयालु छन्। अनि
मालिक नराम्रो भए पनि उसको आज्ञा पालन गर्नु पर्छ।
१९एक व्यक्तिले कुनै नराम्रो काम नगरेको भएता पनि
यातना भोग्नु पर्छ, तर यदि त्यस व्यक्तिले परमेश्वरलाई
सम्झन्छ अनि पीड़ा सहन्छ भने त्यसले परमेश्वरलाई
खुशी तुल्याउँछ। २०तर तिम्रो कुकर्ममा यदि तिमी सजाय
पाउँछौ अनि त्यो तिमी सहन्छौ त्यसमा तिम्रो प्रशंसा गर्ने
कुनै कारण हुँदैन। तर तिमीले सुकर्म गरेकोमा पनि यदि
तिमीलाई सजाय दिइयो अनि तिमीले धैर्य धारण गर्‍यौ
भने, तब त्यसले परमेश्वरलाई खुशी तुल्याउनेछ।
२१तिमीहरूलाई त्यसैको निम्ति बोलाइएको हो। ख्रीष्टले
अनुसरण गर्न भनी उदाहरण दिएका छन्। तिमीहरूले
उनको ठिक अनुसरण गर्नु पर्छ। जब तिमीहरू कष्ट
पाउँछौ, धैर्य धारण गर्नु पर्छ कारण तिमीहरूको निम्ति
ख्रीष्टले कष्ट भोगे।

२२ "उनले पाप गरेनन्, अनि उनको मुखमा भूटो
कुरो पाइएन।"

*यशैया ५३:९*

२३मानिसहरूले ख्रीष्ट प्रति नराम्रा कुराहरू भने, तर
उनले तिनीहरूलाई नराम्रो भनेनन्। ख्रीष्टले यातना भोगे,
तर उनले मानिसहरूलाई भय देखाएनन्। अहँ! ख्रीष्टले
आफूलाई परमेश्वरमा सुम्पनु भयो जसले सही न्याय
गर्नुहुन्छ। २४ख्रीष्टले हाम्रा पापहरू आफ्नो शरीर

क्रूसमा बोक्नु भयो। उनले यसो गर्नुभयो ताकि हामी पापको निम्ति बाँच्न छाड़ौ अनि जे उचित छ त्यसको निम्ति बाँच्ने गरौ। उनको चोटहरूले तिमीहरू निको पारियौ। [२५]तिमीहरू भेंड़ा जस्तै छौ जो भूल मार्गतिर लागेका छन्। तर अहिले तिमीहरू गोठाला अनि तिमीहरूका प्राणको रक्षक तर्फ फर्कि आएकाछौ।

### पत्नी अनि पतिहरू

३ त्यसरीनै तिमी पत्नीहरूले आफ्ना पतिहरू अघि समर्पण गर। तब, यदि तिमीहरू कसैका पतिले परमेश्वरको शिक्षा स्वीकार गर्दैनन् भने केही नभनी तिमीहरूको व्यवहारले नै तिनीहरू जितिनेछन्। [२]पतिहरूले तिमीहरूको जीवनमा पवित्र, सम्मानित चरित्र देख्ने छन्। [३]तिमीहरूको सुन्दरता बाहिरी गहनाहरूबाट जस्तै चुल्ठो बाटेर, सुनको गहना पहिरेर अथवा बहुमुल्य लुगा लगाएर, आउनु हुँदैन। [४]अहँ, तिमीहरूको सुन्दरता तिमीहरूको भित्रबाट आउनु पर्छ। त्यो नम्र अनि शान्त आत्माको सुन्दरता हो। त्यो सुन्दरता कहिले पनि धमिलिदैन। यो परमेश्वर अघि अत्यन्तै मूल्यवान हो। [५]यस प्रकारले ती पवित्र स्त्रीहरू जो धेरै अघि जीवित थिए अनि परमेश्वरमाथि आशा गरेकाले तिनीहरू आफै सुन्दर बनिएका थिए। तिनीहरूले आफैलाई आफ्ना पतिहरूमा सुम्पेका थिए। [६]म 'सारा' जस्ती स्त्रीहरूको विषयमा बात गरिरहेछु। तिनले आफ्ना पति अब्राहामको आज्ञा पालन गरिन्। अनि तिनलाई आफ्ना मालिक मानिन्। अनि तिमी स्त्रीहरू 'सारा'-का साँचो सन्तानहरू हौ, यदि तिमीहरू सुकर्म गरेकी छौ अनि भयभीत भएकी छैनौ भने।

[७]त्यसरी नै तिमी पतिहरू आफ्ना पत्नीहरूसित समझदारीको भावमा बस्नु पर्छ। तिमीहरूले आफ्ना पत्नीहरू प्रति आदर जनाउनु पर्छ। तिनीहरू तिमीहरू भन्दा कमजोर छन्। तर परमेश्वरले तिमीहरूका पत्निहरूलाई त्यस्तै आशीर्वाद दिन्छन् जस्तो तिमीहरूलाई दिन्छन्। आर्शिवाद अनुग्रह हो जसले सत्य जीवन प्रदान गर्छ। यी कर्महरू गर जसद्वारा कोहीले पनि तिमीहरूका प्रार्थनालाई बाधा पुर्‍याउन सक्तैन।

### असलको निम्ति यातना

[८]यसरी, तिमीहरू सबै एकसाथ शान्तिसित रहनु पर्छ। तिमीहरूले एक-अर्कालाई बुझ्ने प्रयत्न गर्नु पर्छ। एक-अर्का प्रति दाजु-भाईलाई जस्तै प्रेम गर। दयावान अनि बिनम्र बन। [९]मानिसहरूले तिमीहरूलाई नराम्रो गरे तिमीहरूले प्रतिशोधमा नराम्रो कर्म नगर। यदि कसैले तिमीहरूलाई अपमान गरे प्रतिशोधमा उसलाई कुबचन नभन। तर त्यस व्यक्तिलाई आशीर्वाद देऊ भनी परमेश्वरसित प्रार्थना गर, किनभने तिमीहरूलाई आशीर्वाद प्राप्त गर्न आह्वान गरिएको हो। [१०]धर्मशास्त्रले भन्छ,

"व्यक्ति जसले जीवन प्रति माया गर्न चाहन्छ
अनि असल समयको आनन्द भोग गर्न चाहन्छ,
उसले कुवचन बोल्नुबाट जिब्रो जोगाउनु र
झूटा कुरा गर्नु बन्द गर्नुपर्छ।
११ त्यस व्यक्तिले कुकर्म गर्नु छाड्नुपर्छ अनि
असल कार्य गर्नुपर्छ, त्यस व्यक्तिले शान्ति
खोज्नु पर्छ अनि त्यसलाई प्राप्त गर्ने प्रयत्न
गर्नुपर्छ।
१२ परम प्रभुले धार्मिक मानिसहरूलाई हेर्छन, अनि
प्रभुले तिनीहरूको प्रार्थना सुन्छन्: तर प्रभु ती
मानिसहरूको विरुद्ध हुनुहुन्छ जसले कुकर्म
गर्छन्।"

*भजनसंग्रह ३४:१२-१६*

[१३]यदि तिमीहरू सदैव के असल हो असल गर्ने प्रयत्न गरिरहेछौ भने तिमीहरूलाई कसले नोक्सान गर्न सक्छ? [१४]तर, धर्म गर्दा तिमीहरूले दु:खको सामना गर्न सक्छौ। यदि तिमीहरूलाई त्यस्तो भए तिमीहरू धन्य हुनेछौ। "तिमीहरूलाई कष्ट दिने मानिसहरूसित भयभीत नहौऊ; चिन्तामा नपर।"* [१५]तर तिमीहरूको हृदयमा खीष्टलाई प्रभु सरह पवित्ररूपले सम्मान गर। तिमीहरू प्रत्येकलाई व्याख्या दिन तयार बस जसले तिमीहरूसँग भएको आशाको विषयमा पुष्टी गराउन विन्ती गर्छ।

[१६]तर ती मानिसहरूलाई आदर सहित नम्र प्रकारले उत्तर देऊ। यो अनुभव गर्न समर्थ बन कि तिमीहरूले सही कार्य गरिरहेकाछौ। जब तिमीहरू यस्तो प्रकारले काम गर्छौ खीष्टमा तिमीहरूको चरित्रको विषयमा निन्दा गर्नेहरू लज्जित हुनेछन्। [१७]सुकार्य गरेर यातना भोग्नु कुकार्य गरेर सुख भोग्नु भन्दा उत्तम हो। यही सबै भन्दा उत्तम हो, यदि परमेश्वरले चाहनु भएको त्यही हो

**"तिमीहरूलाई … चिन्तामा नपर"** यशैया ८:१२।

भने। १८तिमीहरूको निम्ति ख्रीष्टले सधैंको निम्ति जीवन
वलिदान दिनुभयो। उनी दोषी थिएनन्, तर उनी तिनीहरूको
निम्ति मरे, जो दोषी थिए। तिमीहरू सबैलाई परमेश्‍वरकहाँ
ल्याउनु उनले यसो गरे। उनी शरीरमा मरे, तर उनलाई
आत्मामा जीवित तुल्याइयो। १९अनि उनी आत्मा स्वरूप
बन्दी आत्माहरूलाई शिक्षा दिन गए। २०ती आत्माहरू
तिनीहरू हुन, जसले नूहको समयमा परमेश्‍वरको आज्ञा
पालन गर्न अस्वीकार गरेका थिए। परमेश्‍वरले
तिनीहरूलाई धैर्यसित प्रतिक्षा गरिरहेका थिए जुन बेला
नूहले जहाज बनाइरहेका थिए। केवल केही मानिसहरू
जम्मा आठजना त्यस जहाजमा बाँचेका थिए। ती
मानिसहरूलाई पानीले बचाएको थियो। २१त्यो पानी
बप्तिस्मा जस्तै थियो जसले अहिले तिमीहरूलाई बचाउँछ।
बप्तिस्मा शरीरको मैला धुने होइन। बप्तिस्मामा हामी
परमेश्‍वरसित पवित्र हृदयको निम्ति याचना गरिरहेका
छौ। यसले तिमीहरूलाई बचाउँछ किनभने येशू ख्रीष्टलाई
मृत्युबाट उठाइएको थियो। २२अहिले येशू स्वर्गमा जानु
भएको छ। उहाँ परमेश्‍वरको दाहिने तर्फ हुनुहुन्छ। उनी
स्वर्गदूतहरू, अधिकारीहरू अनि शक्तिहरूमाथि शासन
चलाउनु हुन्छ।

## परिवर्त्तित जीवन

४ जब ख्रीष्ट आफ्नो शरीरमा थिए, उहाँले यातना
भोग्नु भयो। यसर्थ तिमीहरूले ख्रीष्ट कै विचारमा
स्वयंलाई तयार पार्नु पर्छ। एक व्यक्ति जसले आफ्नो
शरीरमा रहँदा यातना भोगेकाछन् उसले पाप समाप्त
गर्‍यो। २तिमीहरू स्वयंलाई तयार पार जसद्वारा तिमीहरू
परमेश्‍वरको इच्छा अनुसारको कार्यमा बाँचेको जीवन
उपयोग गर्नेछौ अनि मानिसहरूको विचार अनुसार
होइन। ३बितेका समयमा तिमीहरूले ती कुराहरू गरेर
अत्याधिक समय नष्ट गर्‍यौ जो विश्‍वास नगर्नेहरूले
गर्छन्। तिमीहरू यौन-पाप वासना, अभिलाषा, मोजमज्जा,
मतवालापन अनि निषेदित मूर्ति पूजामा संलग्न रह्यौ।
४तिमीहरू त्यस्ता असभ्य वस्तुहरूमा भाग नलिंदा
तिनीहरू आश्‍चर्य मानिरहेका छन्। यसैले तिनीहरू
निन्दनीय कुरा गर्छन। ५तर ती मानिसहरूले ख्रीष्टलाई
विवरण दिनेछन् जो मरेका र जिउँदा मानिसहरूको न्याय
गर्न तयार छन्। ६ती मानिसहरूलाई सुसमाचार प्रचार
गरियो जो अहिले मरिसकेका छन् किनभने तिनीहरूले
आफ्नो जीवन कालमा गरेका कर्मको लागि अरू
सबैलाई गरिए जस्तै तिनीहरूलाई न्याय गरिनेछ। तर
तिनीहरू प्रति सुसमाचार प्रचार गरियो जसद्वारा तिनीहरू
परमेश्‍वर जीवित रहनु भए झैं आत्मामा जीवित रहन
सक्छन्।

## परमेश्‍वरका उपहारहरूको असल व्यवस्थापक बन

७समय नजिक आइरहेको छ जब सबै कुराको अन्त
हुन्छ। यसर्थ आफ्नो मन स्वच्छ राख अनि स्वयंलाई
नियन्त्रण गर। यसले तिमीहरूलाई प्रार्थना गर्नमा सहायता
दिनेछ। ८सबै भन्दा मुख्य, एक अर्कालाई गहन प्रेम
गर। प्रेमले धेरै पापहरू ढाक्छ। ९विना विरोध एक
अर्कामा अथिती सत्कार गर। १०तिमीहरू प्रत्येकले
परमेश्‍वरबाट आत्मिक उपहार प्राप्त गरेका छौ। विभिन्न
तरिकामा तिमीहरूलाई परमेश्‍वरले आफ्नो अनुग्रह
झल्काएका छन्। अनि तिमीहरूले सेवकहरू जस्तै
दायित्व बहन गरेका छौ, यसर्थ परमेश्‍वरको उपहारको
सदुपयोग गर। ११व्यक्ति जो बोल्छ उसले परमेश्‍वरको
बचन बोल्नुपर्छ। व्यक्ति जसले सेवा गर्छ उसले त्यो
शक्तिद्वारा सेवा गर्नु पर्छ जो परमेश्‍वरले दिएका छन्।
तिमीहरूले त्यस प्रकारले कार्य गर्नु पर्छ जसद्वारा प्रत्येक
कुरामा येशू ख्रीष्ट मार्फत परमेश्‍वर प्रशंसनीय हुनेछन्।
शक्ति अनि महिमा सदा सर्वदा उहाँकै हो। आमिन।

## ईसाईको रूपमा यातना भोग्नु

१२मेरा मित्रहरू, तिमीहरूले भोगिरहेको भयानक
कष्टमा आश्‍चर्य नमान। यो तिमीहरूको विश्‍वास जाँच
गर्नलाई हो। नसोच कि तिमीहरूमाथि कुनै अलौकिक
घटना घटिरहेछ। १३तर तिमीहरू खुशी हुनु पर्छ किनकि
तिमीहरू ख्रीष्टका कष्टमा सहभागी बनिरहेका छौ।
तिमीहरू खुशी हुनेछौ अनि आनन्दले पूर्ण रहने छौ जब
ख्रीष्टले आफ्नो महिमा देखाउनेछन्। १४तिमीहरूले
ख्रीष्टलाई अनुसरण गरेकोमा जब मानिसहरूले गाली
गर्छन् तिमीहरू धन्य हुन्छौ किनभने महिमाको आत्मा,
तिमीहरूसंग हुन्छ। १५तिमीहरू कसैले पनि हत्यारा, चोर
अनि नराम्रो कर्म गर्ने अथवा अर्काको विषयमा हस्तक्षेप
गर्नेहरू जस्तो यातना भोग्न नपरोस्। १६तर आफू ईसाई
भएकोमा यदि तिमीले कष्ट भोग्छौ भने तिमी लज्जित
हुनु पर्दैन। त्यस नामको लागि बरू तिमीहरूले परमेश्‍वरको
प्रशंसा गर्नु पर्छ। १७न्याय गरिने समय आएको छ। यो

कार्य परमेश्वरको परिवारबाट शुरु गरिने छ। तर यदि त्यो न्याय गरिने कार्य हामीबाट शुरू भयो भने जसले परमेश्वरको सुसमाचार स्वीकार गर्दैनन् तिनीहरूको के अवस्था हुनेछ?

[१८] “यदि धार्मिक व्यक्तिलाई पनि बचाँउन अत्यन्तै गाह्रो पर्छ भने त्यो व्यक्ति जो परमेश्वरको विरूद्धमा छ अनि महापापी छ, उ माथि के आउने हो?”*

*हितोपदेश ११:३१*

[१९]यसर्थ, ती मानिसहरू जो परमेश्वरले चाहेको तरिकामा कष्ट भोग्छन् तिनीहरूले आफ्ना प्राणहरू उनलाई सुम्पिनु पर्छ। परमेश्वर एक छन् जसले तिनीहरूलाई सृष्टि गर्नु भयो अनि तिनीहरूले उनी माथि विश्वास राख्न सक्छन्। यसर्थ तिनीहरूले धार्मिक कार्यहरू गरिरहनु पर्छ।

### परमेश्वरका बथान

**५** अब तिमीहरूको समूहमा भएका अग्रजहरूसँग मेरो कुरा छ। म पनि एक अग्रज हुँ। म आफैले ख्रीष्टले यातना भोगेको देखेको छु। अनि म त्यो महिमाको अशंदार हुनेछु जो हामीलाई देखाइनेछ। [२]जुन ती मानिसहरूको तिमीहरू जिम्मावारी छौ, तिनीहरूको हेरचाह गरिदिनु भनी म निवेदन गर्छु। तिनीहरू परमेश्वरका बथान हुन्। ती मानिसहरूको समूहलाई हेरचाह गरिदेऊ तिमी चाहान्छौ भने, तर वाध्यतामा होइन। यसो गर किनभने तिमीहरू सेवा गर्नमा खुशीछौ, यसो होइन कि तिमीहरू पैसाको निम्ति लोभी छौ। [३]तिमीहरूको दायित्वमा रहेका मानिसहरूमा तिमी शासक जस्तो व्यवहार नगर। तर ती मानिसहरूका निम्ति असल उदाहरण बन। [४]तब, जब मुख्य भेड़ा गोठाला आउछन्, तिमीहरूले महिमाको मुकुट प्राप्त गर्नेछौ। अनि त्यसले आफ्नो सुन्दरता कहिले हराउने छैन।

[५]हे युवकहरू, तिमीहरूलाई पनि मेरो केही भन्नु छ। तिमीहरूले अग्रजहरूको अधीन स्वीकार गर्नु पर्छ। तिमीहरू सबै एक अर्कामा अत्यन्त विनम्र हुनुपर्छ।

“परमेश्वर अहँकारी मानिसहरूको विरुद्ध छन्,
तर उनले विनम्र मानिसहरूलाई अनुग्रह प्रदान गर्नुहुन्छ।”

*हितोपदेश ३:३४*

[६]यसर्थ परमेश्वरको शक्तिशाली हातको छत्रछायामा विनम्र बन। तब उहाँले तिमीहरूलाई उँभो उठाउनु हुनेछ जब सही समय आउँछ। [७]जब उहाँले तिमीहरूको हेरचाह गर्नुहुन्छ तिमीहरूको चिन्ता सब उनको अघाड़ी सुम्पिदेऊ।

[८]स्वयंलाई नियन्त्रण गर अनि सावधान बस। शैतान तिमीहरूको शत्रु हो। त्यो सिंहले शिकार खोजे जस्तै कसैलाई खानु चारै तिर घुमी हिंड्छ। [९]शैतानको अनुशरण गर्न अस्वीकार गर। आफ्नो विश्वासमा दृढ़तापूर्वक बस। तिमीहरू जान्दछौ कि संसार भरि तिमीहरूका भाइ बहिनीहरू त्यस्तै यातना भोगिरहेछन् जस्तो यातनामा तिमीहरू थियौ।

[१०]यो सही हो, तिमीहरूले अल्प समयको निम्ति यातनाको सामना गर्नु पर्छ। तर त्यसपछि परमेश्वरले हरेक कुरा ठीक गरिदिनु हुन्छ। तिमीहरूलाई उहाँले बलवान तुल्याउनु हुन्छ। उनले तिमीहरूलाई साहरा दिनु हुनेछ अनि तिमीहरूलाई लड्नबाट थाम्नु हुनेछ। उहाँ सबै अनुग्रहका परमेश्वर हुनु हुन्छ। उहाँले तिमीहरूलाई ख्रीष्ट येशूमा उहाँको महिमाको सहभागी हुन आह्वान गर्नु भएको छ। त्यो महिमा सदा सर्वदा रहने छ। [११]सबै शक्ति सदा-सर्वदा उहाँकै रहने छ। आमिन।

### आखिरी अभिवादन

[१२]मैले सिल्वानसको सहयोगमा यो चिट्ठी लेखें। म जान्दछु कि उनी विश्वासी भाइ हुन्। मैले तिमीहरूलाई उत्साह दिन औ यो परमेश्वरको साँचो अनुग्रह हो भनी साक्षी दिनु यो छोटो पत्र लेखेको हुँ। यो अनुग्रहमा दृढ़ भएर बस।

[१३]बेबिलोनको मण्डलीले तिमीहरू सबैलाई नमस्कार जनाउँछ। ती मानिसहरू, पनि तिमीहरू जस्तै चुनिएका थिए। मर्कूस, जो ख्रीष्टमा मेरो छोरो हो उ पनि नमस्कार दिन्छ। [१४]एक अर्का प्रति प्रेमको चुम्बन प्रदान गर, जब तिमीहरूको भेट हुन्छ।

तिमीहरू सबैलाई शान्तिहोस्, जो ख्रीष्टका साथ छौ।

---

**“यदि धार्मिक … आउने हो?”** हितोपदेश ११:३१।

# पत्रुसको दोस्रो पत्र

१ येशू ख्रीष्टको प्रेरित औ सेवक शिमोन पत्रुसद्वारा
अभिवादन।
तिमी सबै मानिसहरू प्रति, जसको विश्वास छ, जो
हाम्रो जस्तो मूल्यवान छ। तिमीहरूले त्यो विश्वास प्राप्त
गरेका छौ किनभने हाम्रा परमेश्वर अनि उद्धारकर्ता येशू
ख्रीष्ट न्यायपूर्ण हुनुहुन्छ। उहाँ जे उचित छ त्यही गर्नु
हुन्छ।
२तिमीहरूलाई अधिक भन्दा अधिक अनुग्रह अनि
शान्ति प्रदान गरियोस्। तिमीहरूले अनुग्रह अनि शान्ति
प्राप्त गर्नेछौ, किनकि तिमीहरूले परमेश्वर अनि हाम्रा
प्रभु येशूलाई चिन्दछौ।

### हामीलाई चाहिएका हरेक चीज परमेश्वरले प्रदान गर्नु भएको छ

३येशूसित परमेश्वरको शक्ति छ। उहाँको शक्तिले
हामीलाई जीउनु अनि परमेश्वरको सेवा गर्नु चाहिएको
हरेक चीज प्रदान गेरको छ। हामीसित यी कुराहरू छन्,
किनभने हामी उनलाई जान्दछौ। येशूले उहाँको महिमा
अनि भलोपनद्वारा हामीलाई आह्वान गनुभयो। ४उहाँको
महिमा अनि भलोपनद्वारा येशूले हामीलाई महान अनि
मूल्यवान प्रतिज्ञाहरू प्रदान गर्नुभयो। ती प्रतिज्ञाहरूबाट
तिमीहरू दिव्य-तत्वमा अंश ग्रहण गर्नु अनि दुष्ट
वासनाहरूले गराएको संसारको ध्वंसबाट उम्कन सक्नेछौ।
५यसकारण यी कुराहरू तिमीहरूको जीवनमा थप्न
सके सम्म प्रयास गर। तिमीहरूको आफ्नो विश्वासमा
भलोपन अनि ज्ञानमा भलोपन थप। ६अनि तिम्रो बुद्धिमा
आत्मा नियन्त्रण थप, अनि तिम्रो आत्मा नियन्त्रणमा
धैर्य थप, अनि तिम्रो धैर्यमा परमेश्वरको सेवा थप।
७अनि तिम्रो परमेश्वर प्रतिको सेवामा तिम्रा भाइ-बहिनीहरू
प्रति स्नेह थप, अनि आफ्ना भाइ-बहिनीहरू प्रतिको
स्नेहमा प्रेम थप। ८यदि यी जम्मै कुराहरू तिमीहरूमा
छन् अनि तिनीहरू वृद्धि हुँदैछन् भने यी कुराहरूले
तिमीहरूलाई निकम्मा नबनिनुमा मद्धत दिनेछन्। यी
कुराहरूले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको विषयमा
पूर्ण ज्ञान लिनु सबैले सहयोग पुऱ्याउने छ। ९तर यदि
कुनै व्यक्तिसित यी कुराहरू छैन भने उसले स्पष्ट देख्न
समर्थ हुदैन। त्यो व्यक्ति अन्धा हो। उसले यो भूलेको
छ कि उसलाई विगत पापहरूबाट स्वच्छ तुल्याइएको
छ।
१०मेरा भाइ-बहिनीहरू, परमेश्वरले तिमीहरूलाई
बोलाउनु भएको छ अनि उनको मानिस बनिनु चुनेकाछन्।
तिमीहरू बोलाइएका हौ औ आफ्नो मानिसहरू बनाउनु
चुनिएका हौ भन्ने प्रमाण गर्नु भरमग्दुर चेष्टा गर्नु पर्छ।
यदि तिमीहरूले ती सबै कुराहरू मान्यौ भने तिमीहरू
कहिल्यै ढल्ने छैनौ। ११अनि तिमीहरूलाई हाम्रा प्रभु
अनि उद्धारकर्त्ता येशू ख्रीष्टको राज्यमा विशाल स्वागत
गरिनेछ। त्यो राज्य सदा सर्वदा चलिरहन्छ।
१२तिमीहरू यी कुराहरू जान्दछौ। तिमीहरूसित भएका
सत्यताको विषयमा तिमीहरू दृढ़छौ। तर तिमीहरूलाई यी
कुराहरू सम्झना गराउन म सदैव सहायता गर्नेछु। १३म
सम्झन्छु यो पृथ्वीमा जब सम्म बाँच्छु, तिमीहरूलाई यी
कुराहरू सम्झाउन उचित सम्झन्छु। १४म जान्दछु मैले
यो शरीर चाँडै त्याग गर्नुपर्छ। हाम्रा प्रभु येशू ख्रीष्टले
त्यो मलाई दर्शाउनु भएको छ। १५म जति सक्छु
तिमीहरूलाई सदैव यी कुराहरू स्मरण गराउने कोशिश
गर्नेछु। म इच्छा गर्छु कि मेरो मृत्यु पछि पनि यी
कुराहरू सम्झन तिमीहरू समर्थ बनी रह।

### हामीले ख्रीष्टका महिमा देख्यौ

१६हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको
शक्तिको बारेमा व्याख्या गरेकाछौं। हामीले तिमीहरूलाई
उनको आगमनको विषयमा भन्यौ। हामीले तिमीहरूलाई
जे व्याख्या गरयौं ती मानिसहरूले रचेका चतुर कथाहरू
होइनन्। हामीले आफ्नै आँखाले येशूको महानता देख्यौ।

[१७]येशूले महानतम महिमाको आवाज सुने। त्यो त्यस
समयको कुरा हो जब येशूले पिता परमेश्वरबाट सम्मान
अनि महिमा पाउनु भयो।  त्यो आवाजले भन्यो, "यो
मेरो प्रिय छोरो हो, अनि म यसलाई प्रेम गर्छु। म
उसित अत्यन्त खुशी छु।" [१८]अनि हामीले त्यो आवाज
सुन्यौ। जब हामी येशूसित पवित्र पर्वतमा थियौ यो
स्वर्गबाट आयो।

[१९]यसले हामीलाई अगमवक्ताहरूले भनेका कुराहरूमा
अधिक निश्चित तुल्याउँछ। अनि अगमवक्ताहरूको भनाई
अनुसरण गरेर तिमीहरूले राम्रो गर्नेछौ। उनीहरूको
भनाई अन्धकारमा बत्ति चम्केको जस्तै हो। यो बत्ति
बिहान नहुञ्जेलसम्म र बिहानी तारा तिमीहरूको हृदयमा
प्रकाश दिन नझुल्केसम्म रहने छ। [२०]तिमीहरूले बुझ्नु
पर्ने मुख्य कुरा यो छ: धर्मशास्त्रको अगमवाणी* कुनै
अगमवक्ताको व्याख्याबाट आएको होइन। [२१]किनभने
अगमवाणी मानिसको इच्छाबाट आएन। तर मानिसहरूलाई
पवित्र आत्माले डोर्याएको थियो अनि परमेश्वरका
वचनहरू भने।

### झूटा शिक्षकहरू

२ विगत समयमा झूटा अगमवक्ताहरू परमेश्वरका
मानिसहरूको बीचमा थिए। त्यसरी नै झुटा शिक्षकहरू
तिमीहरूको समूहमा रहन्छन्। तिनीहरूले झूटा शिक्षाहरू
दिन्छन्, ती शिक्षाहरूले मानिसहरूलाई ध्वंशतिर तान्छ।
तिनीहरूले मालिकलाई ग्रहण गर्न पनि अस्वीकार गर्छन्
जसले तिनीहरूको लागि  मुक्ति ल्याए। अनि तिनीहरू
स्वयंलाई चाँडै ध्वंश पार्नेछन्। [२]धेरै मानिसहरू तिनीहरूले
गरेका नराम्रा कुराहरू अनुसरण गर्छन्। तिनीहरूले गर्दा
सत्य पथलाई अरू मानिसहरूले आलोचना गर्छन। [३]ती
झूटा शिक्षकहरूले तिमीहरूबाट पैसा मात्र चाहने छन्।
यसरी तिनीहरूले तिमीहरूलाई झूटा कथाहरू भनेर
शोषण गर्नेछन्। तर ती झूटा शिक्षकहरूको विरुद्ध धेरै
अघि नै न्याय तयार भएको छ। अनि उनी एकबाट
जसले तिनीहरूलाई ध्वंश पार्नेछन् तिनीहरू उम्कन पाउने
छैनन्।

[४]जब स्वर्गदूतहरूले पाप गरे तिनीहरूलाई दण्ड
विहीन जान दिइएन। अहँ परमेश्वरले तिनीहरूलाई
नरकमा पठाए। परमेश्वरले ती स्वर्गदूतहरूलाई अन्धकार
गुफामा राखे। तिनीहरूलाई न्याय नगरूञ्जेल त्यहीँ राख्नेछन्
[५]अनि परमेश्वरले ती मानिसहरूलाई दण्ड दिए जो धेरै
अघि जीवित थिए। परमेश्वरले संसारमा बाढ़ी ल्याउनु
भयो जुन मानिसहरूले भरिएको थियो जो परमेश्वर
विरोधी थिए। तर परमेश्वरले नूहसित सात अन्य
मानिसहरूलाई बचाए। नूह त्यो व्यक्ति थिए जसले
मानिसहरूलाई ठीक ढङ्गले बाँच्नु उपदेश दिन्थे। [६]अनि
परमेश्वरले दुष्ट नगरहरू सदोम अनि गमोराहलाई दण्ड
दिए। परमेश्वरले ती नगरहरूलाई खरानीमा परिवर्तन
नहुञ्जेल जलाए। परमेश्वरले ती नगरहरूलाई जो पछि
आउने समयमा परमेश्वरको विरुद्ध जानेहरूमाथि उदाहरण
स्वरूप उपयोग गरे। [७]तर परमेश्वरले ती नगरहरूबाट
लूतलाई बचाए। लूत खुबै असल व्यक्ति थिए। नराम्रा
मानिसहरूको फोहोर जीवनको कारण तिनले कष्ट पाए।
[८]लूत एक असल व्यक्ति थिए, तर तिनी प्रतिदिन ती
दुष्ट मानिसहरूसँग बसेका थिए। लूतको असल हृदय
तिनले दिनहु देखेका अनि सुनेका नराम्रा कुराहरूमा
दु:खी भएको  थियो। [९]हो, परमेश्वरले यी सबै कुरा
गरे। जब कष्ट आई पर्छ जसले आफ्नो सेवा गर्छन्
तिनीहरूलाई बचाँउनु प्रभु परमेश्वर जान्नु हुन्छ। अनि
उहाँले जान्नु हुन्छ न्यायको दिन सम्म ती दुष्ट मानिसहरूलाई
कसरी अड़काउनु पर्छ। [१०]जो मानिसहरू तिनीहरूको
पापमय तत्वको वासना अनुसार कुकर्म गरेर बाँच्ने औ
ती मानिसहरू जो परमेश्वरको अधिकार अस्वीकार
गर्नेहरूलाई परमेश्वरले खास दण्ड दिनुहुनेछ।

यी झूटा शिक्षकहरू आफूले चाहेका केही पनि
गर्दछन्, अनि तिनीहरू स्वयं गर्व गर्छन्। तिनीहरू
महिमामय स्वर्गदूतहरूको विरुद्ध नराम्रा कुरा गर्न डराउँदैनन्।
[११]स्वर्गदूतहरू यी झूटा शिक्षकहरू भन्दा अधिक
पराक्रमी अनि शक्तिशाली छन्। तर स्वर्गदूतहरूले झूटा
शिक्षकहरूलाई दोषारोपन गर्दैनन् अनि तिनीहरूको बारेमा
प्रभु अघि निन्दा गर्दैनन्। [१२]तर यी झूटा शिक्षकहरू
तिनीहरूले बुझेका कुरामा निन्दा गर्छन्। यी झूटा
शिक्षकहरू, जंगली पशुहरू जस्तै मारिनुको निम्ति मात्र
जन्मेका छन्, केही विचार नगरी काम गर्छन्। अनि यी
झूटा शिक्षकहरू जंगली पशुहरू जस्तै नष्ट हुनेछन्।
[१३]यी झूटा शिक्षकहरूले धेरै मानिसहरूलाई चोट
पुरयाँउछन्। यसर्थ तिनीहरूले पनि चोट पाउनेछन्। त्यो
तिनीहरूले गरेको कर्मको ज्याला हुनेछ। यी झूटा
शिक्षकहरू, सबै मानिसहरू समक्ष आनन्द लिइने खेल

---

**अगमवाणी** परमेश्वरबाट दिइएको शिक्षा अथवा समाचार।

भैं कुकर्मलाई लिन्छन्। तिनीहरू कुकर्ममा आनन्द लिन्छन् यसले तिनीहरूलाई खुशी पार्छ। यसर्थ तिनीहरू तिमीहरूमाझ फोहोर कलङ्क अनि दागहरू जस्तै हुन्। तिमीहरूसित साधरण भोजनमा भाग लिन्छन्। तिमीहरूलाई लज्जित तुल्याउँछन्। [१४]हरेकपल्ट तिनीहरू स्त्रीलाई ताक्छन्, अनि तिनीहरू उसैलाई चाहन्छन्। यी भूटा शिक्षकहरू सदैव पाप गरिरहन्छन्। तिनीहरूले कमजोर मानिसहरूलाई पापको जालमा फसाउँछन्। तिनीहरू आफैले स्वार्थी हुन प्रशिक्षण लिएका छन्। तिनीहरू श्रापित छन्। [१५]यी भूटा शिक्षकहरूले उचित मार्ग छोड़काछन् अनि तिनीहरूको जीवनलाई अनुचित मार्गमा लगेकाछन्। तिनीहरूले त्यही मार्ग अनुसरण गरे जुन मार्गमा बालाम हिँड़िका थिए। बालाम बोअरका छोरा थिए। नराम्रो काम गरेको ज्याला उसले उत्साहले स्वीकार गरे। [१६]तर एउटा गधाले बालामको कुकर्ममा ध्यानाकर्षण गरायो। अनि गधा एउटा पशु हो जो बोल्न सक्तैन। तर त्यो गधा मानिसको आवाजमा बोल्यो अनि त्यसले बालाममलाई उसको पागल सोचाईलाई रोक्यो।

[१७]ती भूटा शिक्षकहरू ती जल श्रोत जस्तै हुन् जसमा पानी छैन। तिनीहरू ती मेघहरू जस्तै हुन् जसलाई आँधीले उड़ाउँछ। तिनीहरूका निम्ति घोर अन्धकारमा एक स्थान राखिएको छ। [१८]ती भूटा शिक्षकहरू त्यस्ता वचनहरूमा गर्व गर्छन् जसको केही अर्थ छैन। तिनीहरूले मानिसहरूलाई पापको जालमा फसाउँछन्। तिनीहरूले, यस्ता मानिसहरूलाई आकर्षित गराइरहेछन् जो मानिसहरू कुकर्म गर्नेहरूबाट टाड़ा रहन शुरू गर्दैछन्। ती भूटा शिक्षकहरूले, आफ्ना पापपूर्ण प्राकृतिक वासनाबाट हुने दुष्ट कर्मको सहायताले यो गर्छन्। [१९]ती भूटा शिक्षकहरू स्वतंत्रता प्राप्तिको बचन दिन्छन्। तर ती भूटा शिक्षकहरू स्वयं स्वतन्त्र छैनन्। तिनीहरू ती ध्वंशात्मक कुराहरूका दास हुन्। एक व्यक्ति त्यस वस्तुको दास बन्दछ जसले उसलाई अधिकारमा राख्छ। [२०]ती मानिसहरू संसारका नराम्रा कुराहरूबाट मुक्त तुल्याइएका थिए। तिनीहरूलाई हाम्रा प्रभु अनि उद्धारकर्ता येशू ख्रीष्टलाई चिनेर मुक्त गराइएका थिए। तर यदि तिनीहरू अझ ती चीजहरू तिर फर्किन्छन् अनि तिनीहरूको नियन्त्रणमा रहन्छन भने तिनीहरूको अहिलेको अवस्था शुरूमा भन्दा खराब रहनेछ। [२१]हो, तिनीहरूलाई दिइएको पवित्र शिक्षाबाट सही मार्ग चिन्नु अनि त्यसबाट फर्कनु भन्दा सही मार्ग तिनीहरूले कहिल्यै नचिनेको असल हुनेथ्यो। [२२]तिनीहरूलाई जे भयो त्यसले यो उखानलाई सिद्ध गर्छ: "जब एउटा कुकुरले बान्ता गर्छ त्यो आफूले बान्ता गरेको तिर फर्की आउँछ।"* अनि "सुँगुरलाई नुहाइदिए पछि त्यो फेरि हिलोमा लडी-बड़ी गर्न फर्कन्छ।"

## येशू फेरि आउनु हुनेछ

**३** मेरा मित्रहरू, यो तिमीहरूलाई मेरो दोस्रो पत्र हो। मैले तिमीहरूको इमान्दारी हृदयहरूलाई केही चीजहरू सम्झनु सहायता होस् भनी यी दुइवटा चिट्ठीहरू लेखें। [२]धेरै अघि पवित्र अगमवक्ताहरूले भनेको कुराहरू तिमीहरूले याद राख भन्ने म चाहान्छु। अनि ती आदेश सम्भ जो हाम्रा प्रभु अनि उद्धारकर्त्ताले हामीलाई दिनुभयो। हामीलाई त्यो आदेश उहाँले तिमीहरूका प्रेरितहरू मार्फत दिनु भयो। [३]तिमीहरूले बुझ्नै पर्छ कि अन्तिम दिनहरूमा के हुनेछ। मानिसहरू आउनेछन् जसले तिमीहरूलाई खिसी गर्नेछन्। ती मानिसहरू तिनीहरूको इच्छाले मागेको कुकर्महरू गरेर बाँच्नेछन्। [४]ती मानिसहरूले भन्नेछन्, "उनले फेरि आउने प्रतिज्ञा गरेका छन्। यो प्रतिज्ञा के भयो? हाम्रा पुर्खा मरे। तर संसार सृष्टि भएको समय देखि प्रत्येक वस्तु त्यही प्रकारले चलिरहेको छ।" [५]तर ती मानिसहरू, धेरै अघि के घटेको थियो सो सम्भन चाहँदैनन्। आकाशहरू थिए अनि परमेश्वरले जलबाट जल र पृथ्वी सृष्टि गर्नु भयो। यी सबै परमेश्वरको बचन अनुसार हुन गयो। [६]तब त्यस संसार जो अस्तित्वमा रहेको थियो, बाढ़ी आयो अनि पानीले ध्वंश पार्‍यो। [७]अनि परमेश्वरको त्यही बचनले आकाश अनि पृथ्वी आगोले नष्ट पार्न राखिएको छ। आकाशहरू अनि पृथ्वी न्यायको दिनको निम्ति आरक्षित राखिएकोछ अनि परमेश्वरका विरुद्धका सबै मानिसहरू संहार गरिनेछ।

[८]यो एक कुरा नबिर्स, प्रिय मित्रहरू: प्रभुका निम्ति एक दिन हजार वर्ष जस्तै अनि हजार वर्ष एकदिन जस्तै हो। [९]जस्तो अरू मानिसहरूले सुस्त बुझेका छन्, प्रभु आफ्नो प्रतिज्ञा पुरा गर्न सुस्त हुनु हुँदैन। तर परमेश्वर, तिमीहरू प्रति धैर्यवान हुनुहुन्छ। कुनै पनि व्यक्ति हराओस् भनी परमेश्वर चाहनु हुन्न। परमेश्वर

---

**"जब एउटा … फर्की आउँछ"** हितोपदेश २६:११।

इच्छा गर्नु हुन्छ कि हरेक व्यक्तिले आफ्नो हृदय
परिवर्त्तन गर्नु पर्छ अनि पाप गर्न बन्द गर्नु पर्छ।

[१०]तर, त्यो दिन जब परमप्रभु आउनु हुन्छ, चोर
जस्तै एक अचम्म प्रकारले  आउनु हुनेछ। आकाश
एक प्रबल गर्जनले अदृष्य हुनेछ। आकाशमा भएका
सबै थोकहरू आगोले नष्ट पार्नेछ। अनि पृथ्वी एवं
यसमा भएका सबै थोकहरू आगोले जलाउनेछ। [११]यसर्थ,
मैले भनेको जस्तै हरेक कुरा नष्ट हुनेछ। यसर्थ तिमी
कस्तो किसिमको मानिस हुनुपर्छ? तिमीहरूले पवित्र
जीवन जिउनु पर्छ अनि परमेश्वरको सेवा गर्नुपर्छ।
[१२]तिमीहरूले परमेश्वरको दिनको प्रतिक्षा गर्नु पर्छ।
तिमीहरूले त्यो दिनको आगमनको दृढ़तासँग चाहना गर्नु
पर्छ। जब त्यो दिनको अगमन हुन्छ, आकाशहरू
अग्निले ध्वंश पार्नेछ, अनि आकाशहरूको हरेक वस्तु
उत्तापद्वारा पग्लने छन्। [१३]तर परमेश्वरले हामीलाई
प्रतिज्ञा गर्नु भएको छ। अनि हामी उहाँको प्रतिज्ञाको
प्रतीक्षा गरिरहेका छौ। एक नयाँ आकाश अनि एक
नयाँ पृथ्वी। त्यस स्थानमा भलोपन स्थापना हुनेछ।

[१४]प्रिय मित्रहरू, हामी यस्तो घटना घट्ने प्रतीक्षा
गरिरहेका छौ। यसर्थ  पापरहित अनि दोषरहित रहनु
तिमीहरू प्रगाढ़ प्रयत्न गर। परमेश्वरसित शान्तिमा रहने
प्रयास गर। [१५]स्मरण राख कि हामीहरू बँचाइएका छौ,
किनभने हाम्रा प्रभु धैर्यवान हुनुहुन्छ। हाम्रा प्रिय भाइहरू
पावलले तिमीहरूलाई त्यही कुरा भन्नु भयो जब उनले
परमेश्वरले प्रदान गर्नु भएको ज्ञानद्वारा तिमीहरूलाई
लेख्नु भयो। [१६]पावलले यी कुराहरूको बारेमा उनका
सबै पत्रहरूमा यस्ता लेख्छन्। उनको पत्रहरूमा केही
विषयहरू बुझ्नु गाह्रो पर्छ। कोही मानिसहरू ती कुराहरूलाई
भूल प्रकारले व्याख्या गर्छन्। कोही मानिसहरू अज्ञानी
अनि विश्वासमा दुर्वल छन्। ती मानिसहरू नै अन्य
धर्मशास्त्रहरू पनि झूटो प्रकारले व्याख्या गर्छन्। तर
तिनीहरूले त्यसो गरेर स्वयंलाई नै नष्ट गरिरहेका
हुन्छन्।

[१७]प्रिय मित्रहरू, तिमीहरूले यस विषयमा पहिल्यै
जानेका छौ। यसर्थ होशियार बन। ती दुष्ट मानिसहरूलाई,
तिनीहरूलाई भूल शिक्षातिर लान नदेऊ। सावधान बन,
जसद्वारा तिमीहरू आफ्ना दृढ़ स्थितिबाट झर्ने छैनौं।
[१८]तर हाम्रा प्रभु अनि उद्धार कर्त्ता येशू ख्रीष्टको
अनुग्रह अनि ज्ञानमा अघि बढ़। अहिले अनि सधैँको
निम्ति उहाँमा महिमा रहोस्। आमिन।

# यूहन्नाको पहिलो पत्र

१ हामी अब तिमीहरूलाई संसारको सृष्टि अघिबाट जे
अस्तित्वमा थियो त्यस विषयमा भन्छौ:

हामीले यो सुन्यौ: हामीले आफ्नै आँखाले
देख्यौ, हामीले हेर्‍यौ यो, हामीले हाम्रा हातले
स्पर्श गर्‍यौ।

हामी तिमीहरूलाई त्यो वचनको बारेमा भन्दैछौ जसले
जीवन प्रदान गर्छ। २त्यो जीवन हामीमा देखापरेको छ।
हामीले त्यसलाई देख्यौ। हामी यस बारे तिमीहरूलाई
प्रमाण दिन सक्छौ। अब हामी तिमीहरूलाई त्यो जीवनको
विषयमा भनी रहेका छौं। यो त्यो जीवन हो जो
चिरस्थायी छ। यो त्यो जीवन हो जो परमेश्वर पितासित
थियो अनि हाम्रो अघि देखा पर्‍यो। ३अब हामी
तिमीहरूलाई हामीले देखेका अनि सुनेका कुराहरू
भन्छौ। किनभने हामी चाहान्छौ कि हामीसित तिमीहरूको
सङ्गति रहोस्। सङ्गति जो हामी एक साथ सहभोग गर्छौं
त्यो पिता परमेश्वर अनि उनको पुत्र येशू ख्रीष्टसित
हुन्छ। ४हामी तिमीहरूलाई यी कुराहरू लेखिरहेकाछौं
जसद्वारा तिमीहरू आनन्दले परिपूर्ण हुन सक्नेछौ।

### परमेश्वरले हाम्रा पापहरू क्षमा गर्नुहुन्छ

५हामीले परमेश्वरबाट साँचो सन्देश सुन्यौं। अब
हामी यो तिमीहरूलाई भनिरहेकाछौं कि परमेश्वर ज्योति
हुनुहुन्छ। परमेश्वरमा अन्धकार हुँदैन। ६यसर्थ, यदि
हामी परमेश्वरसित हाम्रो सङ्गति भएको दावी गर्छौं, तर
हामी अन्धकारमा बस्छौं भने हामी भूटो हौ, हामी
सत्यको अनुसरण गरिरहेका छैनौं। ७परमेश्वर ज्योतिमा
रहन्छन्। हामी पनि ज्योतिमा बस्नुपर्छ। यदि हामी
ज्योतिमा बस्यौ भने हामी एक अर्कामा सङ्गतिको
सहभागी हुन्छौ। अनि जब हामी ज्योतिमा बस्छौं,
येशूको रगतले हामीलाई सम्पूर्ण पापबाट धुन्छ।

८यदि हामी, हामीमा पाप छैन भन्छौ भने हामीले
स्वयंलाई धोका दिइरहेछौ, अनि हामीमा सत्य छैन। ९तर
यदि हामी हाम्रा पापहरू स्वीकार गर्छौं तब परमेश्वर जो
विश्वासी अनि धर्मी हुनु हुन्छ हाम्रा पापहरू अनि
हामीले गरेको जम्मै गल्तीहरू क्षमा गर्नुहुनेछ। परमेश्वरमा
जे उचित छ त्यही गर्नुहुन्छ। १०यदि हामी भन्छौ,
हामीले पाप गरेका छैनौं तब हामीले परमेश्वरलाई भूटो
बनाउँछौ। यसैले देखाँउछ कि हाम्रो हृदयमा परमेश्वरको
साँचो सन्देश राखेका छैनौं।

### येशू हाम्रा सहयोगी हुनुहुन्छ

२ मेरा प्रिय नानीहरू, म तिमीहरूलाई यो पत्र लेखिरहेकोछु,
जसमा कि तिमीहरूले पाप गर्ने छैनौ। तर यदि कुनै
व्यक्तिले पाप गर्छ भने, येशू ख्रीष्टले पिताको अघि
हामीलाई बचाउनु हुनेछ। येशू धर्मी हुनुहुन्छ। २येशू त्यो
हाम्रो पाप हरण गर्ने माध्यम हुनुहुन्छ अनि सम्पूर्ण
संसारका मानिसहरूको पापहरू पनि हरण गराउनु हुन्छ।
३यदि उहाँको आदेश पालन गर्‍यौं भने हामी
निश्चित हुन्छौं कि हामीले परमेश्वरलाई चिन्यौ। ४एक
व्यक्तिले भन्न सक्छ, "म परमेश्वरलाई चिन्छु।" तर यदि
त्यस व्यक्तिले परमेश्वरका आदेशहरूको पालन गर्दैन
भने त्यो व्यक्ति भूटो हो, उसकोमा सत्य हुँदैन। ५तर
एक व्यक्तिले परमेश्वरको शिक्षा पालन गर्छ तब त्यस
व्यक्तिमा परमेश्वरको प्रेमको लक्ष्य रहेको हुन्छ। यसरी
नै हामी जान्न सक्छौ कि हामी परमेश्वरको अनुसरण
गरिरहेछौ। ६यदि कुनै व्यक्तिले उ परमेश्वरमा बाँच्न
चाहन्छ भने ऊ येशू बाँचे भैं बाँच्नु पर्छ।

### येशूले भन्नु भयो अरूलाई प्रेम गर

७मेरा प्रिय मित्रहरू, म तिमीहरूको निम्ति नयाँ
आदेश लेखिरहेको छैन। यो त्यही आदेश हो जो
तिमीहरूले शुरूदेखि पाएका थियौ। यो आदेश तिमीहरूले

अघि नै सुनिसकेको शिक्षा हो। [8]तर पनि म तिमीहरूको
निम्ति यो आदेशलाई नयाँ आदेशको रूपमा लेख्दैछु। यो
आदेश सत्य छ; अनि यसको सत्यता येशू अनि
तिमीहरू स्वयंमा देख्न सक्छौ। अन्धकार हट्‌दैछ अनि
सत्य ज्योति अघि देखि चम्किरहेछ। [9]एक व्यक्तिले
भन्ला, "म प्रकाशमा छु। तर यदि त्यो व्यक्तिले आफ्ना
भाईहरूलाई घृणा गर्छ भने त्यो अझ अन्धकारमा छ।
[10]जसले आफ्ना भाई अनि बहिनीहरूलाई प्रेम गर्छ,
त्यो प्रकाशमा बसेको हुन्छ अनि जसले पाप गराँउछ
त्यस्तो त्यस व्यक्तिमा केही पनि हुँदैन। [11]तर व्यक्ति
जसले आफ्ना भाईहरूलाई घृणा गर्छ तब उ अन्धकारमा
हुन्छ। त्यस व्यक्ति अन्धकारमा हुन्छ अनि त्यो व्यक्तिले
आफ्नो गन्तव्य स्थान जान्दैन। किनभने अन्धकारले
उसलाई अन्धा तुल्याएको हुन्छ।

[12] प्रिय बालकहरू, म तिमीहरूलाई लेख्छु, किनभने
तिमीहरूका पापहरू ख्रीष्टद्वारा क्षमा गरिएका
छन्।
[13] पिताहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने
तिमीहरू उनी 'एक' लाई चिन्दछौ, जो शुरूदेखि
अस्तित्वमा छन्। युवा मानिसहरू, म तिमीहरूलाई
लेख्दैछु किनभने तिमीहरूले दुष्टलाई परास्त
गरेका छौ।
[14] बालकहरू, म तिमीहरूलाई लेख्दैछु, किनभने
तिमीहरू पितालाई चिन्दछौ। पिताहरू, म
तिमीहरूलाई लेख्दैछु, किनभने तिमीहरू त्यो
एकलाई चिन्छौ जो शुरूदेखि अस्तित्वमा छन्।
युवा मानिसहरू, म तिमीहरूलाई लेख्दैछु किनभने
तिमीहरू बलियो छौ, अनि परमेश्वरको वचन
तिमीहरूमा बस्छ अनि तिमीहरूले दुष्टलाई
परास्त गरेका छौ।

[15]संसारलाई अथवा संसारमा भएका कुराहरूलाई
प्रेम नगर। यदि कुनै व्यक्तिले संसार प्रति प्रेम गर्छ भने,
पिताको प्रेम त्यस व्यक्ति माथि हुँदैन। [16]संसारमा
भएका नराम्रा कुराहरू यी हुन्:

हाम्रो पापपूर्ण आत्मालाई खुशी तुल्याउने
कुराहरूको चाहाना गर्नु, हामीले देखेका पापपूर्ण
वस्तुहरूको चाहाना गर्नु, हामीसित भएका
कुराहरू प्रति घमण्ड गर्नु।

तर ती कुराहरू पिताबाट आएका होइनन्। ती सबै
कुराहरू संसारबाट आएका हुन्। [17]मानिसहरूको इच्छा
अनुसारको चीजहरू लिएर संसार अघि बढ़िरहेकाछन्।
तर त्यो व्यक्ति जो परमेश्वरले चाहेको गर्छ त्यो
चिरस्थायी रहनेछ।

### ख्रीष्टको शत्रुहरूलाई नपछ्याऊ

[18]मेरा प्यारा बालकहरू, अन्त धेरै नजिक छ।
तिमीहरूले सुनेका छौ कि ख्रीष्टको शत्रु आउँदैछ। अनि
अहिले ख्रीष्टको अनेक शत्रुहरू यहाँ छन्। यसर्थ हामी
जान्दछौ कि अन्त नजिक छ। [19]ख्रीष्टका शत्रुहरू
हाम्रा समूहमा थिए। तर तिनीहरूले हामीलाई त्याग गरे।
तिनीहरू वास्तवमा हामीसित थिएनन्, यदि तिनीहरू
हाम्रो समूहमा रहेको भए हामीसित रहने थिए। तर
तिनीहरूले छोड़े। यसले यो दर्शाउँछ कि तिनीहरू कोही
पनि वास्तवमा हामी सितका थिएनन्।

[20]तिमीहरूसित पवित्र "एक"ले प्रदान गर्नु भएको
बरदान छ। यसर्थ तिमीहरू सबैले सत्य जान्दछौ। [21]मैले
तिमीहरूलाई किन लेख्नु? के, मैले तिमीहरूलाई सत्य
जान्दैनौ भनेर लेख्नु? अहँ! म यो पत्र तिमीहरूले सत्य
जान्दछौ भनेर लेख्छु। अनि तिमीहरू जान्दछौ कि कुनै
पनि असत्य सत्यबाट आउँदैन।

[22]यसर्थ, झूटो को हो? यो त्यो व्यक्ति हो जसले
येशू ख्रीष्ट छैनन् भन्छ अनि उ ख्रीष्टको शत्रु हो।
उसले पिता र पुत्रलाई अस्वीकार गर्छ। [23]त्यो व्यक्ति
जसले पुत्रलाई अस्वीकार गर्छ, उसको पिता पनि छैन।
तर त्यो व्यक्ति जसले पुत्रलाई स्वीकार गर्छ उसका पिता
पनि छन्।

[24]जुन तिमीहरूले शुरूदेखि सुन्दै आएको शिक्षा छ
त्यसलाई दरिलोसित राख। यदि तिमीहरूले शुरूदेखि
सुन्दै आएको शिक्षा तिमीहरूमा रहन्छ भने तिमीहरू पुत्र
र पितामा रहनेछौ। [25]अनि यही नै हो जो पुत्रले हामी
सित प्रतिज्ञा गरेको अनन्त जीवन।

[26]म ती मानिसहरूको बारेमा यो पत्र लेखिरहेको
छु, जो तिमीहरूलाई धोका दिने कोशिश गरिरहेका छन्।
[27]ख्रीष्टले तिमीहरूलाई विशेष उपहार दिनु भएको छ।
यो उपहार तिमीहरूसित अझ छ। यसर्थ तिमीहरूलाई
कसैबाट शिक्षा लिन आवश्यक पर्दैन। उनले तिमीहरूलाई
दिएको उपहारले हरेक कुराको बारेमा सिकाउनु
हुनेछ। यो उपहार सत्य छ, यो झूटो छैन। यसर्थ जस्तो

त्यो उपहारले तिमीहरूलाई सिकाएको छ त्यसैमा अड़ी
बस।

[२८]हे, मेरा प्यारा बालकहरू, उहाँमा बाँची रहौं।
यदि हामीले यसो गर्‍यौ भने त्यसदिन जब ख्रीष्ट
आउँछन्, हामी निर्भय रहन सक्छौं। अनि हामी उहाँको
अघि लज्जित हुनु पर्दैन। [२९]तिमीहरूलाई थाहा छ कि
ख्रीष्ट धर्मपरायण छन्। यसर्थ तिमीहरू जान्दछौ कि यदि
सबै मानिसहरू जे धर्म हो त्यसलाई अनुसरण गर्छन भने
तिनीहरू परमेश्वरका बालकहरू हुन्।

## हामी परमेश्वरका बालकहरू हौं

**३** हामीलाई पिताले यति विघ्न प्रेम गरेका छन् कि
हामी परमेश्वरको बालकहरू भनिनु योग्यका छौं।
अनि वास्तवमा हामी परमेश्वरका बालकहरू हौं। तर
संसारका मानिसहरू यो बुझ्दैनन् कि हामीहरू परमेश्वरका
बालकहरू हौ, किनभने तिनीहरूले उहाँलाई चिनेका
छैनन्। [२]प्रिय मित्रहरू, अब हामी परमेश्वरका बालकहरू
हौं। हामीलाई अझ यो देखाइएको छैन कि भविष्यमा
हामी के हुनेछौं। हामी जान्दछौ कि जति बेला ख्रीष्ट
आउँनु हुन्छ हामी उहाँ जस्तै हुनेछौं किनभने हामी
उहाँको वास्तविक रूप देख्नेछौं। [३]ख्रीष्ट शुद्ध हुनुहुन्छ।
अनि हरेक व्यक्ति, जसको ख्रीष्टमा आशा छ, स्वयंलाई
ख्रीष्ट जस्तै शुद्ध राख्नेछ। [४]जब एक व्यक्तिले पाप
गर्छ, उसले परमेश्वरको नियम भङ्ग गर्छ। हो, पाप गर्नु
परमेश्वरको नियम विरुद्ध बाँचेको जस्तै हो। [५]तिमीले
जान्दछौ कि ख्रीष्ट मानिसहरूको पापहरू हटाउन आउनु
भएको हो। ख्रीष्टमा पाप छैन। [६]यसर्थ जो व्यक्ति
ख्रीष्टको विश्वासमा बस्छ उसले पाप गरिरहँदैन। यदि
कुनै व्यक्तिले पाप गरिरहन्छ भने उसले कहिल्यै पनि
वास्तविक रूपले ख्रीष्टलाई देखेको हुँदैन अनि कहिले
पनि ख्रीष्टलाई जानेको छैन।

[७]प्यारा बालकहरू, कुनै व्यक्तिलाई पनि तिमीहरूलाई
धोका दिनु नदेऊ। ख्रीष्ट धर्मपरायण छन्। ख्रीष्ट जस्तो
बन्नका निम्ति एक व्यक्तिले जो सही छ त्यो अनुसरण
गर्नु पर्छ। [८]शुरूदेखि नै शैतानले पाप गरिरहेछ। त्यो
जसले पाप गरिरहन्छ त्यो शैतानको व्यक्ति हो। परमेश्वरका
पुत्र आउनको कारण शैतानको कामहरू नष्ट गर्नु हो।

[९]जब परमेश्वरले एक व्यक्तिलाई उनको बालक
बनाउनु हुन्छ, तब त्यस व्यक्तिले पाप गरिरहँदैन।
किनभने परमेश्वरले प्रदान गर्नु भएको नयाँ जीवन
उसमा रहेको हुन्छ। यसर्थ त्यो व्यक्ति पाप गरिरहन
सक्तैन। किनभने उ परमेश्वरको बालक बनेको हुन्छ।
[१०]यसरी हामी चिन्न सक्छौं कि परमेश्वरका बालकहरू
को हुन्। हामी यो पनि जान्न सक्छौ की शैतानका
बालकहरू को हुन्। मानिसहरू जसले जे उचित छ त्यो
गर्दैन, तिनीहरू परमेश्वरका बालकहरू होइनन्। अनि
व्यक्ति जसले आफ्ना भाइलाई प्रेम गर्दैन उ परमेश्वरको
बालक होइन।

## हामीले एक अर्कामा प्रेम गर्नु पर्छ

[११]यो त्यो शिक्षा हो जो तिमीहरूले शुरुदेखि नै सुन्दै
आएका छौ। हामी एक-अर्कालाई प्रेम गर्नु पर्छ।
[१२]कयिन जस्तो नबन। कयिन दुष्ट ‘एक’ को हो।
कयिनले आफ्नो भाई हाबिललाई मार्‍यो। तर कयिनले
आफ्नो भाईलाई किन मार्‍यो? किनभने उनले गरेका
कुराहरू गलत थियो अनि तिनका भाईले गरेका
कुराहरू असल थियो।

[१३]भाई अनि बहिनीहरू, जब यस संसारका मानिसहरूले
तिमीहरूलाई घृणा गर्छन्, आश्चर्यचकित नबन। [१४]हामी
जान्दछौ कि हामीले मृत्युलाई नाघेर जीवनमा आएका
छौं। हामी यो जान्दछौं किनभने हामी ख्रीष्टमा भएका
हाम्रा भाई अनि बहिनीहरूलाई प्रेम गर्छौं। व्यक्ति जसले
प्रेम गर्दैन उ अझ मृत्युमा छ। [१५]हरेक व्यक्ति जसले
आफ्ना भाईलाई घृणा गर्छ उ हत्यारा हो। अनि तिमी
जान्दछौ कि कुनै पनि हत्याराको उसमा अनन्त जीवन
हुँदैन। [१६]साँचो प्रेम के हो त्यो यसरी हामी जान्दछौ:
येशूले हाम्रा निम्ति आफ्ना जीवन अर्पण गरे। यसर्थ
हामीले हाम्रो जीवन ख्रीष्टमा भएका हाम्रा भाई बहिनीहरूका
निम्ति अर्पण गर्नु पर्छ। [१७]मानौ: कुनै धनी विश्वासकर्त्ताकोमा
उसलाई चाहिने प्रत्येक वस्तु उसकोमा छ। ख्रीष्टमा
विश्वास गर्ने भाईलाई उसले भेट्छ जो गरीब छ अनि
आफूलाई चाहिने जोगाड़ गर्न समर्थ छैन। तर यदि
उसले त्यो गरीब भाईलाई सहायता गर्दैन भने तब
यसको अर्थ उसको हृदयमा परमेश्वर प्रति प्रेम छैन।
[१८]मेरा बालकहरू, हाम्रो प्रेम केवल शब्द अनि बातमा
मात्र हुनु हुँदैन। हाम्रो प्रेम साँचो प्रेम हुनुपर्छ। हामीले
हाम्रो प्रेम हाम्रो कर्मद्वारा दर्शाउनु पर्छ।

[१९-२०]त्यस प्रकारले जान्दछौ कि हामी सत्य मार्गका
हौ। अनि जब हाम्रा विवेकले हामीलाई भर्त्सना गर्छ,
परमेश्वर समक्ष हामी हाम्रो हृदयलाई पुन: सान्तवना

गराउन सक्छौं। किनभने परमेश्वर हाम्रो विवेक भन्दा महान हुनुहुन्छ। परमेश्वरले सबै कुरा जान्नु हुन्छ।

२१मेरा प्रिय मित्रहरू, यदि हाम्रो विवेकले हामीलाई भर्त्सना गर्दैन भने, जब हामी परमेश्वर समक्ष जान्छौ हामी निडर हुनेछौ। २२अनि परमेश्वरले हामीलाई हामीले याचना गरेका कुराहरू दिन्छन्, किनभने हामी परमेश्वरको आदेश पालन गर्छौं अनि परमेश्वर के कुराले खुशी हुनु हुन्छ हामी त्यही गर्छौं। २३यो त्यही हो जो परमेश्वरले आज्ञा गर्छन्: उनका पुत्र येशू ख्रीष्टमा विश्वास गर अनि एक-अर्कामा प्रेम गर। यही उनको आदेश हो। २४व्यक्ति जसले परमेश्वरका आदेशहरू पालन गर्छ उ परमेश्वरमा जीवित रहन्छ। अनि परमेश्वर उसमा बस्नु हुन्छ। परमेश्वर हामीमा छन् भन्ने हामी कसरी जान्दछौ? हामी आत्माको कारणले जान्दछौं जो परमेश्वरले हामीलाई प्रदान गर्नु भएको छ।

### भूटा शिक्षकहरूको विरुद्ध यूहन्नाको चेतावनी

४ मेरा प्रिय मित्रहरू, अनेक भूटा अगमवक्ताहरू अहिले यो संसारमा छन्। यसर्थ प्रत्येक आत्मालाई विश्वास नगर। तर आत्माहरूलाई जाँच्ने गर कि तिनीहरू परमेश्वरबाट आएका हुन् वा होइनन्। २परमेश्वरको आत्मा तिमीहरू कसरी चिन्न सक्छौ? "यस्तो प्रकारले तिमीहरूले परमेश्वरको आत्मा चिन्न सक्छौ। प्रत्येक आत्मा जसले येशूलाई ख्रीष्ट भनी स्वीकार गर्छ अनि उनी मानव रूपमा पृथ्वीमा आउनु भयो उ परमेश्वरबाट हो।" ३अनि प्रत्येक आत्मा जसले येशूको बारेमा यो स्वीकार्दैन, त्यो परमेश्वरबाट होइन। यो ख्रीष्टको शत्रुको आत्मा हो। तिमीहरूले सुनेका छौ कि ख्रीष्टको शत्रु आउँदैछ। अनि अहिले ख्रीष्टको शत्रु यो संसारमा आइसकेको छ।

४मेरा प्रिय बालकहरू, तिमीहरू परमेश्वरका हौ। यसर्थ तिमीहरूले भूटो शिक्षकहरूलाई परास्त गरेका छौ। किनभने त्यो 'एक' जो संसारका मानिसहरूसँग भन्दा ती 'एक' जो तिमीहरूमा छन् महान हुनुहुन्छ। ५अनि ती भूटो शिक्षकहरू संसारका हुन्। यसैले तिनीहरूको शिक्षा पनि संसारकै हो। अनि तिनीहरू जे भन्छन् संसारले सुन्छ। ६तर हामी परमेश्वरबाटका हौं अनि प्रत्येक जसले परमेश्वरलाई चिन्छ, अनि सुन्छ। त्यसरी हामी कुन आत्मा सत्य हो र कुन भूटो हो चिन्छौं।

### प्रेम परमेश्वरबाट आउँछ

७प्रिय मित्रहरू, हामीले एक अर्कालाई प्रेम गर्नुपर्छ, किनभने प्रेम परमेश्वरबाट आउँछ। एक जसले प्रेम गर्छ परमेश्वरको बालक भएको हुन्छ अनि परमेश्वरलाई चिन्छ। ८व्यक्ति जसले प्रेम गर्दैन उसले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। ९यसरी परमेश्वरले हामीलाई उनको प्रेम दर्शाउनु भएको छ: परमेश्वरले उनको एउटै पुत्र यस संसारमा पठाउनु भयो यसर्थ उहाँको मार्फत हामी जीवन पाउन सक्छौं। १०सत्य प्रेम हाम्रो निम्ति परमेश्वरको प्रेम हो, परमेश्वरको निम्ति हाम्रो प्रेम होइन। परमेश्वरले हामीलाई प्रेम गर्नु भयो अनि जुन माध्यमले हाम्रो पापहरू मोचन गर्न सकिन्छ त्यसको निम्ति आफ्नो पुत्र पठाउनु भयो।

११प्रिय मित्रहरू, जब परमेश्वरले हामीलाई प्रेम गर्नु हुन्छ। हामीले एक अर्कालाई प्रेम गर्नु पर्छ। १२कसैले पनि परमेश्वरलाई कहिल्यै देखेका छैनन्। तर यदि हामीले एक-अर्कालाई प्रेम गर्‍यौं भने तब परमेश्वर हामीमा रहनु हुन्छ अनि उहाँको प्रेम हामीमा पक्का बनिने थियो।

१३हामीलाई थाहा छ कि हामी परमेश्वरमा रहन्छौ अनि परमेश्वर हामीमा रहनु हुन्छ। हामी यो जान्दछौं किनभने परमेश्वरले हामीलाई उनको आत्मा प्रदान गर्नु भएको छ। १४हामीले देख्यौ कि पिताले आफ्ना पुत्रलाई संसारको उद्धारकर्त्ताको रूपमा पठाए अनि त्यही कुरा हामी मानिसहरूमा जाँचिरहेका छौं। १५यदि कुनै व्यक्तिले भन्छ, "म विश्वास गर्छु कि येशू परमेश्वरका पुत्र हुन्," तब परमेश्वर त्यस व्यक्तिमा रहनु हुन्छ। अनि त्यो व्यक्ति परमेश्वरमा रहन्छ। १६अनि यसरी परमेश्वरको प्रेम हामी प्रति रहेको जान्दछौ । अनि हामी त्यो प्रेममा विश्वास गर्छौं।

परमेश्वर प्रेम हुनुहुन्छ। व्यक्ति जो प्रेममा रहन्छ उ परमेश्वरमा रहेको हुन्छ। अनि परमेश्वर त्यस व्यक्तिमा रहनुहुन्छ। १७यदि हामीमा परमेश्वरको परिपक्व प्रेम भए तब त्यो दिन जब उनी जाँचको लागि आउनु हुन्छ हामीमा डर रहने थिएन कारण यो संसारमा उहाँ हामी जस्तै हुनुहुन्छ। १८जहाँ परमेश्वरको प्रेम हुन्छ त्यहाँ भय हुँदैन। किनभने परमेश्वरको सम्पूर्ण प्रेमले भय हटाइदिन्छ। परमेश्वरको दण्ड नै भयको कारण हो। यसरी जुन व्यक्तिमा भय रहन्छ तिनमा परमेश्वरको प्रेम पक्का भएको हुँदैन।

१९हामी प्रेम गर्छौं किनभने परमेश्वरले पहिला
हामीलाई प्रेम गर्नु भयो। २०यदि कसैले भन्छ "म
परमेश्वरलाई प्रेम गर्छु" तर आफ्ना भाई अथवा
बहिनीहरूलाई घृणा गर्छ भने त्यो व्यक्ति भूटो हो। यदि
आफ्नो भाई अथवा बहिनी जसलाई उसले देख्न सक्छ,
उसले प्रेम गर्न सक्तैन भने परमेश्वर जसलाई उसले
कहिल्यै देखेकै छैन, कसरी प्रेम गर्न सक्छ? २१अनि
परमेश्वरले हामीलाई आदेश दिनु भएको छ: व्यक्ति
जसले परमेश्वरलाई प्रेम गर्छ उसले आफ्नो भाईलाई
पनि प्रेम गर्नुपर्छ।

## परमेश्वरका बालकहरूले संसार जित्छन्

५ प्रत्येक जसले येशू नै ख्रीष्ट हुनु हुन्छ भनी विश्वास
गर्छ, त्यो परमेश्वरको बालक हो। जसले पितालाई
प्रेम गर्छ उसले उनको बालकलाई पनि प्रेम गर्छ।
२हामी कसरी जान्दछौं कि हामी परमेश्वरका बालकहरूलाई
प्रेम गर्छौं? हामी जान्दछौ, किनभने हामी परमेश्वरलाई
प्रेम गर्छौं अनि हामी उनको आदेशहरू पालन गर्छौं।
३परमेश्वरलाई प्रेम गर्नुको अर्थ उनको आदेशहरू
पालन गर्नु हो। अनि परमेश्वरका आदेशहरू हाम्रा
निम्ति त्यति कठिन हुँदैन। ४किनभने हरेक व्यक्ति जो
परमेश्वरको बालक हो, उसित यो संसारको विरुद्ध
विजय गर्ने शक्ति हुन्छ। ५यो हाम्रो विश्वास हो जसले
संसारलाई विजय गरेको छ। यसर्थ त्यो को व्यक्ति हो
जसले संसारमा विजय प्राप्त गर्छ? केवल त्यही व्यक्ति,
जसले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास
गर्छ। परमेश्वरले हामीलाई उहाँको पुत्रको बारेमा भन्नु
भयो:

६येशू ख्रीष्ट "एक" हुनुहुन्छ जो रगत र पानीसित
आउनु भयो। येशू पानीबाट मात्र आउनु भएन। येशू
पानी अनि रगत दुबैबाट आउनु भयो। अनि आत्मा नै
एक छ जसले यो परीक्षा गर्छ। आत्मा सत्य हो।
७यसर्थ, येशूको विषयमा तीन साक्षीहरू छन्:

८आत्मा, पानी अनि रगत। यी तीन साक्षीहरू
परीक्षामा सहमत छन्। ९हामी मानिसहरूको साक्षीलाई
विश्वास गर्छौं। यसर्थ परमेश्वरले दिएको साक्षी अधिक
महत्वपूर्ण छ। किनभने यो परमेश्वरको पुत्रको विषयको
साक्षी हो। १०व्यक्ति जसले परमेश्वरका पुत्रमा विश्वास
गर्छ उसमा परमेश्वर आफै साक्षी छन्। व्यक्ति जसले
परमेश्वरलाई विश्वास गर्दैन उसले परमेश्वरलाई भूटो
तुल्याउँछ। किनभने त्यस व्यक्तिले परमेश्वरले आफ्ना
पुत्रको बारेमा हामीलाई दिएको साक्षीमा विश्वास गरेको
छैन। ११परमेश्वरले दिएको साक्षी यो हो: परमेश्वरले
हामीलाई अनन्त जीवन दिनु भएको छ। अनि यो अनन्त
जीवन उनका पुत्रमा छ। १२व्यक्ति जोसित पुत्र छ उसित
त्यो जीवन हुन्छ। तर व्यक्ति जोसित परमेश्वरका पुत्र
छैनन् उसको त्यो जीवन हुँदैन।

## हाम्रो अनन्त जीवन छ

१३तिमीहरू जो परमेश्वरका पुत्रमा विश्वास गर्छौ म
तिमीहरूलाई यो पत्र लेख्दैछु ताकि अब तिमीहरूले
अनन्त जीवन के रहेछ भनी जान्ने छौं। १४अनि हामीमा
भरोशा छ कि यदि कुनै वस्तुको लागि प्रार्थना गरे
उनको इच्छा अनुसार उनले हामीलाई दिनेछन्। १५हामी
जान्दछौं जब हामी परमेश्वरसँग केही विन्ती गर्छौं भने
उहाँले हामीलाई सुन्नु हुन्छ। यसर्थ, हामी जान्दछौं कि,
उहाँसंग हामीले जे पनि मागेका छौ, उहाँले हामीलाई
दिनुहुन्छ।

१६यदि कुनै व्यक्तिले आफ्नो भाइ अथवा बहिनीले
पाप गरेको देख्छ जुन पापले अनन्त मृत्यु पट्टि लान्छ,
उसले आफ्नो भाई अथवा बहिनीको लागि प्रार्थना गर्नु
पर्छ। तब परमेश्वरले तिनीहरूलाई जीवन प्रदान गर्नुहुन्छ।
म ती मानिसहरूको बारेमा भनिरहेको छु, जसको पापले
तिनीहरूलाई अनन्त जीवन तिर तान्दैन। पाप जसले
अनन्त मृत्यु तिर लैजान्छ। यो पापको निम्ति प्रार्थना गर
भनी म भनिरहेको छैन। १७भूल गर्नु सदैव पाप हो। तर
त्यहाँ पाप हुन्छ जसले अनन्त मृत्यु तिर अग्रसर
गराउँदैन।

१८हामी जान्दछौं कि कुनै व्यक्ति जसलाई परमेश्वरको
बालक तुल्याइएको छ, उसले पाप गरिरहँदैन। परमेश्वरको
पुत्रले परमेश्वरको बालकलाई सुरक्षित राख्नु हुन्छ।
दुष्टले त्यस व्यक्तिलाई आघात पुऱ्याउन सक्तैन। १९हामीलाई
थाहा छ कि हामी परमेश्वरका हौ। तर दुष्ट 'एक' ले
सारा संसारलाई नियन्त्रणमा राख्छ। २०अनि हामीलाई
थाहा छ कि परमेश्वरका पुत्र आउनु भएको छ।
परमेश्वरका पुत्रले हामीलाई समझदारी प्रदान गर्नु
भएको छ अनि हामी परमेश्वरलाई जान्न सक्छौ। अनि
हाम्रो जीवन त्यो सत्य परमेश्वरमा अनि उनका पुत्र येशू
ख्रीष्टमा छ। २१यसर्थ प्रिय बालकहरू! तिमीहरू स्वयंलाई
भूटो देवताहरूबाट टाढ़ा राख।

# यूहन्नाको दोस्रो पत्र

अग्रजबाट अभिवादन

परमेश्वरद्वारा चुनिएको महिला अनि तिनका बालकहरू प्रति:

म तिमीहरू, सत्यमा रहेका सबैलाई प्रेम गर्छु। ती सबै, जसले तिमीहरूलाई प्रेम गर्ने सत्यतालाई जान्दछन् तिमीहरूलाई पनि। [२]यही प्रेमको कारणले जो हामीमा छ, हामी तिमीहरूलाई प्रेम गर्छौं। त्यो सत्य हामीमा शाश्वत रहने छ।

[३]अनुग्रह, कृपा अनि शान्ति, पिता परमेश्वर अनि उनका पुत्र येशू ख्रीष्टको मार्फत हामीसँग हुनेछ। हामी सत्य अनि प्रेमबाट यी आशीर्वाद प्राप्त गर्छौं।

[४]तिम्रो कोही बालकहरू जो तिनीहरू पिताले हामीलाई दिएको आदेश अनुसार सत्यको मार्ग अनुसरण गरिरहेछन् भने जान्न पाउँदा म खुशी भए। [५]अनि, अब प्रिय महिला, म तिमीलाई भन्छु: हामी सबैले एक-अर्कालाई प्रेम गर्नु पर्छ। यो नयाँ आदेश होइन। यो त्यही आदेश हो जो हामीसित शुरू देखि नै थियो। [६]अनि प्रेम गर्नुको अर्थ उनले हामीलाई दिएको आदेश अनुसार रहनु हो। अनि परमेश्वरको आदेश यो हो: प्रेमको जीवन बाँच। तिमीले यो आदेश शुरूदेखि नै सुन्दै आएकी छौ।

[७]यो संसारमा अनेकौं झुटो शिक्षकहरू छन्। यी झुटो शिक्षकहरू येशू ख्रीष्ट पृथ्वीमा मानवको रूपमा आएको अस्वीकार गर्छन। व्यक्ति जो यो कुरा अस्वीकार गर्छ उ झूटो शिक्षक अनि ख्रीष्टको शत्रु हो। [८]होशियारी होऊ ताकि पुरस्कार जुन हाम्रो परिश्रमबाट प्राप्त भएको छ त्यो गुमाउने छैनौ, तर तिमीले तिम्रो जम्मै पुरस्कार प्राप्त गर।

[९]एउटा व्यक्तिले ख्रीष्टको शिक्षा मात्र अनुसरण गर्नुपर्छ। यदि व्यक्तिले ख्रीष्टको शिक्षा परिवर्त्तन गर्छ भने परमेश्वर त्यो व्यक्तिले पाउँदैन। तर यदि त्यस व्यक्तिले ख्रीष्टको शिक्षा अनुसरण गरिरहन्छ भने उसकोमा पिता अनि पुत्र दुवै हुन्छन्। [१०]यदि कुनै व्यक्ति यो शिक्षा बिना तिम्रोमा आँउछ भने तिम्रो घरमा उसलाई नलैजाऊ अथवा त्यसलाई स्वागत नगर। [११]यदि तिमीले उसलाई स्वागत गर्‍यौ भने तिमीले उसको कुकार्यमा सहयोग पुर्‍याइरहेको हुनेछौ।

[१२]मैले तिमीलाई भन्ने कुरा धेरै छ। तर कागज अनि मसीको उपयोगमा म यो गर्न चाहँदिन। बरू म तिमीलाई भेटन आउने आशा गर्छु अनि मुखा मुखी बात गर्छु। त्यसले हामीलाई अति आनन्दित तुल्याउँछ। [१३]तिम्रो बहिनीका बालकहरूले, जसलाई परमेश्वरले चुन्नु भएको छ, तिमीलाई अभिवादन पठाउँछन्।

# यूहन्नाको तेस्रो पत्र

अग्रजप्रतिबाट:
मेरा प्यारा मित्र गायस, जसलाई सत्यमा म प्रेमगर्छु।
[२]मेरा प्रिय मित्र, म जान्दछु तिमी आत्मिक रूपले
असल गरिरहेछौ। यसर्थ म प्रार्थना गर्छु कि तिमीमा
प्रत्येक कुरो असल भइरहोस् अनि तिम्रो स्वस्थ राम्रो
रहोस। [३]ख्रीष्टमा विश्वास रहेका कोही भाईहरू आए
अनि तिम्रो जीवनमा रहेको सत्य बताए। तिनीहरूले भने
कि तिमीले सत्यको मार्ग अनुसरण गरिरहेका छौ। यसले
मलाई अति आनन्दित तुल्यायो। [४]जब म मेरा नानीहरू
सत्यको बाटोमा हिड़िरहेका छन् भन्ने सुन्छु त्यसले
मलाई उच्चतम आनन्द दिन्छ।

[५]मेरा प्रिय मित्र, तिमी ख्रीष्टमा रहेका भाईहरूलाई
सहायता गरेर विश्वासीपन देखाइरहेछौ। तिमीले ती
अपरिचित भाईहरूलाई पनि सहयोग गरिरहेछौ। [६]यी
भाईहरूले तिम्रो प्रेमको बारेमा मण्डलीलाई भने। दया
गरी तिनीहरूलाई आफ्नो यात्रा जारी राख्न सहयोग
गरिदेऊ। तिनीहरूलाई यस्तो तरिकाले सहयोग गर
जसले परमेश्वरलाई खुशी तुल्याउनेछन्। [७]यी भाईहरू
ख्रीष्टको सेवाको लागि यात्रामा गए। तिनीहरूले ती
मानिसहरूबाट कुनै सहायता स्वीकार गरेनन् जो विश्वासीहरू
होइनन्। [८]यसर्थ हामीले यस्ता भाईहरूलाई सहयोग
प्रदान गर्नुपर्छ। जब हामी तिनीहरूलाई सहयोग गर्छौं,
हामी सत्यको निम्ति तिनीहरूले गरेको कार्यमा सहभागी
बन्छौं।

[९]मैले मण्डलीलाई एउटा पत्र लेखेँ। तर डियोत्रिफसले
हामी जे भन्छौ त्यो सुनि रहेको छैन। उ सदैव
तिनीहरूका नेता बन्न चाहन्छ। [१०]जब म आउँछु,
डियोत्रिफसले के गरिरहेछ त्यसबारे भन्नेछु। उसले ढाँट्छ
अनि हाम्रो निन्दा गर्छ। तर उसले यो भन्दा अझ धेरै
गर्छ। उसले ती भाईहरूलाई सहायता गर्न अस्वीकार
गर्छ। जसले ख्रीष्टको सेवा गरिरहेका छन्। उसले ती
मानिसहरू जसले भाईहरूलाई सहयोग गर्न चहान्छन्
तिनीहरूलाई पनि वाधा दिन्छ अनि मण्डली छाड़न् वाध्य
गराउँछ।

[११]मेरा प्रिय मित्रहरू! जे नराम्रो छ त्यसको
अनुसरण नगर, जे राम्रो छ त्यसको अनुसरण गर।
व्यक्ति जसले जे राम्रो छ त्यो गर्छ भने उ परमेश्वरबाट
आएको मानिस हो। तर कुनै एक जसले
नराम्रो काम गर्छ त्यसले कहिल्यै पनि परमेश्वरलाई
देखेको हुँदैन।

[१२]सबै मानिसहरूले डेमेत्रियसको विषयमा असल
कुराहरू गर्छन्। अनि त्यो सत्य तिनीहरूले भनेको
कुरासित मिल्छ। हामी पनि उसको विषयमा असल कुरा
गर्छौं। अनि तिमीहरू जान्दछौ कि हामी जे भन्छौ त्यो
सत्य हो।

[१३]मेरो तिमीहरूलाई धेरै कुराहरू भन्ने इच्छा छ।
तर म कलम अनि मसी यसको लागि उपयोग गर्न
चाहन्नँ। [१४]म तिमीहरूसित चाँड़ै भेट्ने आशा गर्छु। तब
हामी एक साथ बसेर मुखा मुखी बात गर्न सक्छौ।
[१५]तिमीहरूमा शान्ति रहोस्। यहाँ भएका साथीहरूले
तिमीहरूलाई अभिवादन जनाएका छन्। त्यहाँ भएका
मित्रहरू हरेकलाई हाम्रो अभिवादन सुनाइ दिनू।

# यहूदाको पत्र

येशू मसीहका सेवक अनि याकूबका एक भाई, यहूदाबाट। ती सबै मानिसहरू प्रति जसलाई परमेश्वरद्वारा चुनिएकाछन्। पिता परमेश्वरले तिमीहरूलाई प्रेम गर्छन अनि तिमीहरू येशू ख्रीष्टको विश्वासमा सुरक्षित राखिएका छौ।

२सम्पूर्ण कृपा, शान्ति अनि प्रेम तिमीहरूमा रहोस्।

**खराब काम गर्ने मानिसहरूलाई परमेश्वरले दण्ड दिनेछन्:**

३प्रिय मित्रहरू, म तिमीहरूलाई हामी सबैले एकसाथ सहभोग गरिने उद्धारको बारेमा लेख्न खूबै इच्छुक थिए। तर तिमीहरूलाई अन्य विषयमा लेख्नु पर्ने खाँचो मैले अनुभव गरे। म तिमीहरूलाई परमेश्वरले उनको पवित्र मानिसहरूलाई प्रदान गरेको विश्वासको निम्ति कठिन संघर्ष गर्ने उत्साह प्रदान गर्न इच्छा गर्छु। परमेश्वरले यो विश्वास एकै पल्ट प्रदान गर्नुभयो अनि यो सबै समयको निम्ति प्रर्याप्त भयो। ४कोही मानिसहरू तिमीहरूको समूहमा सुटुक्क पसेकाछन्। तिनीहरूले गरिरहेका कुराको निम्ति दोषी ठहऱ्याई सकिएकोछ। धेरै अघि, अगमवक्ताहरूले तिनीहरूको विषयमा लेखेका थिए। तिनीहरू परमेश्वरका शत्रुहरू हुन्। तिनीहरूले हाम्रा परमेश्वरको अनुग्रहलाई प्रत्येक तरहको पापकर्म गर्ने अनुमति पत्र बनाएका छन्। तिनीहरू हाम्रा एक मात्र मालिक एवं प्रभु येशू ख्रीष्टलाई अस्वीकार गर्छन्।

५तिमीहरूले जानिसकेको कुराहरू तिमीहरूलाई स्मरण गराउनमा म सहायता गर्न चाहन्छु: याद गर कि प्रभुले मिस्रदेशबाट बाहिर ल्याएर उनका मानिसहरूलाई बँचाउनु भयो। तर उहाँले ती सबै मानिसहरूको संहार गर्नु भयो जसले विश्वास गरेनन्। ६अनि याद गर, ती स्वर्गदूतहरूलाई जोसित अधिकार थियो तर उहाँले राख्नु भएन। तिनीहरूले आफ्नै घर त्याग गरे। यसर्थ प्रभुले ती स्वर्गदूतहरूलाई अन्धकारमा राख्नु भयो। तिनीहरूलाई सदा रहिरहने बन्धनमा बाँध्नु भयो। उनले त्यो महान दिवसमा न्याय गर्नु तिनीहरूलाई राख्नु भयो। उहाँले तिनीहरूलाई महान दिनमा न्याय गर्न राख्नु भयो।

७सदोम अनि गमोरा नगरहरू अनि वरिपरिका अन्य शहरहरूलाई स्मरण गर। तिनीहरू पनि ती स्वर्गदूतहरू जस्तै हुन्। ती शहरहरू यौन-पाप अनि अप्राकृतिक आनन्द मनाइरहेका थिए। तिनीहरूले अनन्त जलनको दण्ड भोग्छन्। तिनीहरूको दण्ड हाम्रो निम्ति उदाहरण हो। ८ती तिमीहरूका दलमा पस्ने मानिसहरू पनि त्यही अनुसरण गर्छन। तिनीहरूलाई तिनीहरूको सपनाले डोऱ्याएको छ अनि तिनीहरूले स्वयंलाई अनैतिक पारेका छन्। तिनीहरू आफैलाई अनैतिक बनाउँछन्। तिनीहरू परमेश्वरलाई अस्वीकार गर्छन अनि महिमामय स्वर्गदूतहरूको निन्दा गर्छन। ९प्रमुख स्वर्गदूत मिखाएलले पनि यसो गरेनन्। मिखाएलले शैतान सँग मोशाको शरीर छ भन्ने कुरामा मानेन। तर मिखाएलले निन्दनीय वचनहरूले शैतानलाई गाली गर्ने आँट गरेनन्। यसकारण, मिखाएलले भने, "परमप्रभुले तिमीलाई दण्डित तुल्याउने छन्।" १०तर यी मानिसहरू जुन कुराहरू आफैले बुझेका छैनन् त्यस बारेमा निन्दनीय शब्दहरू प्रयोग गर्छन्। अनि तिनीहरूले जे बुझ्छन् बुद्धिद्वारा होइन तर लाटा विवेक अनि शून्य पशुले झैं बुझ्छन्। अनि यी कुराहरूद्धारा तिनीहरू ध्वंश हुन्छन्। ११यो तिनीहरूका निम्ति अत्यन्तै नराम्रो हुनेछ। यी मानिसहरूले कयिन हिंड़ेको मार्ग अनुसरण गरेका छन्। धन कमाउन तिनीहरूले बालाम हिंड़ेको बाटोमा हिड़िरहेका छन्। तिनीहरू परमेश्वरको विरोधमा कोरह झैं लड़छन्। यसर्थ कोरह झैं तिनीहरू पनि सड़छन्।

१२यी मानिसहरू तिमीहरूको समूह भोजमा भएका फोहोर दागहरू जस्तै हुन। तिनीहरू तिमीहरूको भोजनमा साथ दिन्छन् अनि निर्भय साथ खान्छन्। तिनीहरू आफ्नै स्वार्थ केन्द्रित गोठालाहरू हुन। ती वृष्टिहीन मेघहरू

हुन्। हावाले तिनीहरूलाई चारैतिर उड़ाउँछ। तिनीहरू ती
बृक्षहरू हुन् जुनले समयमा फल दिँदैन, अनि भूँइबाट
उखेलिन्छन्। यसरी तिनीहरू पूर्णरूपले मर्छन्। १३तिनीहरू
समुद्रका भयानक छाल जस्तै हुन्। छालले फिँज सृष्टि
गर्छ। यी मानिसहरूले, छालले फिँज उत्पन्न गरे झैं
लज्जापूर्ण कुराहरू गर्छन्। यी मानिसहरू ती ताराहरू
जस्तै हुन् जो आकाशमा निरूद्देश्य घुम्छन्। तिनीहरूको
निम्ति चुक झैं कालो ठाँउ सदैवको लागि राखिएको
छ।
१४आदमका सातौं सन्तान हनोकले तिनीहरूको बारेमा
यसो भनेका छन्: “हेर, परमप्रभु उनका हजारौं हजारौं
पवित्र दूतहरूसँग आउँनु हुँदैछ। १५परमप्रभुले हरेक
व्यक्तिको न्याय गर्नु हुनेछ। परमप्रभु सबै मानिसहरूको
न्याय गर्न अनि जो परमेश्वरका विरुद्ध छन्, तिनीहरूलाई
दण्ड दिन आउँनु हुँदैछ। परमेश्वरले तिनीहरूले गरेको
परमेश्वर विरोधी जम्मै कुराहरूको निम्ति तिनीहरू
सबैलाई दण्ड दिनु हुनेछ। उहाँले यी पापीहरूलाई, जो
परमेश्वरका विरुद्धमा जति कर्णकटु कुरा गरे ती
सबैको निम्ति दण्ड दिनु हुनेछ।
१६यी मानिसहरू सदैव विरोध जनाउँछन् अनि
अरूको त्रुटि खोज्छन्। तिनीहरूले सदैव तिनीहरूले गर्न
चाहेका कुकर्महरू गर्छन्। तिनीहरू आफ्नै गर्व गर्छन्।
तिनीहरूले अन्य मानिसहरूको विषयमा राम्रो कुरा
भन्नुको एउटा कारण तिनीहरू जे चाहन्छन् त्यो प्राप्त
गर्नु हो।

## चेतावनी अनि कर्त्तव्य

१७प्रिय मित्रहरू, हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितले
के अगमवाणी गरेका छन्, याद गर। १८प्रेरितले
तिमीहरूलाई भनेका थिए, “आखिरमा त्यहाँ मानिसहरू
हुने छन् जो परमेश्वर बारे आक्षेप गर्नेछन्। तिनीहरूले
आफ्नो इच्छा पुरा गर्छन अनि परमेश्वर विरुद्धका
कुराहरू गर्नेछन्। १९यी मानिसहरू नै हुन, जसले
तिमीहरूलाई विभाजन गर्छन्। यी मानिसहरू तिनीहरूका
पापमय आत्माले खोजेको मात्र गर्छन्। तिनीहरूको
आत्मा हुँदैन।
२०तर प्रिय मित्रहरू, तिमीहरू स्वयंलाई दृढ़ तुल्याउनका
निम्ति तिमीहरूका अति पवित्र विश्वास उपयोग गर।
पवित्र आत्मासित प्रार्थना गर। २१तिमीहरू स्वयंलाई
परमेश्वरको प्रेममा राख। तिमीहरूलाई सदाको निम्ति
जीवन प्रदान गर्न उनका कृपा सहित प्रभु येशू ख्रीष्टको
प्रतीक्षा गर।
२२जो मानिसहरू सन्देह गर्छन तिनीहरूलाई दया
देखाऊ। तिमीहरूले कोही मानिसहरूलाई बँचाउनु आवश्यक
छ। २३तिमीहरू तिनीहरूलाई आगोबाट खोस। तर खुबै
सावधान बन जब तिमी अन्य मानिसहरूलाई सहायता
गर्छौ। तिनीहरूका वस्त्र समेतलाई घृणागर जुन पापले
फोहोर भएका छन्।

## परमेश्वरको स्तुति गर

२४परमेश्वर शक्तिशाली हुनुहुन्छ अनि तिमीहरूलाई
पतन हुनबाट सहयोग गर्न योग्य हुनुहुन्छ। कुनै दोष
अनि महा आनन्द बिनै उहाँको महिमामय उपस्थिति
अघि तिमीलाई ल्याउन योग्य हुनुहुन्छ। २५उनी एक
मात्र परमेश्वर हुनुहुन्छ जसले हामीलाई बचाउनु सक्नु
हुन्छ। सबै बितेका समय, अहिले, अनि सदा सर्वदा
हाम्रा प्रभु येशू ख्रीष्ट मार्फत महिमा, महानता, शक्ति
अनि अधिकार उहाँका साथ रहून। आमिन।

# यूहन्नालाई भएको प्रकाश

### यूहन्ना यस पुस्तकको विषयमा भन्छन्

**१** यो येशू ख्रीष्टको अभिव्यक्ति हो। परमेश्वरले येशूलाई यी कुराहरू, अब चाँड़ै जे घट्नेवाला छ सो उनका सेवकहरूलाई दर्शाउनका निम्ति, प्रदान गरे। ख्रीष्टले आफ्ना सेवक यूहन्नालाई यी कुराहरू दर्शाउनका निम्ति आफ्ना स्वर्गदूत पठाउनु भयो। २यूहन्नाले आफूले देखेका कुरा भने। यही सत्य हो कि येशू ख्रीष्टले तिनलाई भन्नु भयो अनि यो परमेश्वरको सन्देश हो। ३त्यो व्यक्ति धन्य हो जसले यो पढ़िरहेको छ अनि तिनीहरू धन्य हुन जो यी अगमवाणीको शब्दहरू सुन्दछन् र यही अनुसार कामहरू गरिरहेका छन्। किनभने धेरै समय बाँकी छैन।

### यूहन्ना येशूका सन्देशहरू मण्डलीहरूलाई लेख्छन्

४यूहन्नाबाट,

एशिया प्रान्तका सात ओटा मण्डलीहरू प्रति:

अनुग्रह अनि शान्ति रहोस् तिमीहरूलाई उनी उहाँद्वारा जो अहिले छन्, जो सदैव थिए, अनि जो आउँदैछन्, अनि उहाँको सिँहासन अघिका सात आत्माहरूद्वारा ५अनि विश्वासी साक्षी येशू ख्रीष्टद्वारा। मृत्युबाट बौराइएका उहाँ पहिलो हुनुहुन्छ। येशू पृथ्वीका राजाहरूका शासक हुनुहुन्छ।

येशू नै एकजना हुनुहुन्छ जसले हामीलाई प्रेम गर्नु हुन्छ र हाम्रो पापबाट आफ्नो रगतले स्वतन्त्र तुल्याउनु भयो। ६येशूले हामीलाई एउटा राज्यमा परिणत गर्नु भयो। उहाँले आफ्नो पिताको सेवाको लागि हामीलाई पूजाहारीहरू बनाउनु भयो। सदाको निम्ति येशूमा महिमा अनि शक्ति रहिरहोस्। आमिन।

७हेर, येशू मेघहरूमा आँउदै हुनुहुन्छ। उहाँलाई सबै मानिसहरूले, ती मानिसहरू जसले उनलाई घोंचेका थिए तिनीहरूले पनि देख्नेछन्। उहाँको कारणले पृथ्वीका सम्पूर्ण मानिसहरू जोड़ले कराउनेछन्। यो सत्य हो, यो घट्ने छ। आमिन।

८प्रभु परमेश्वर भन्नुहुन्छ, "म अल्फा अनि ओमेगा* हुँ। म नै एक हूँ जो अहिले छ, जो सदैव थियो अनि जो आउँदै हुनुहुन्छ। म सर्व शक्तिमान हुँ।"

९म यूहन्ना हुँ अनि म तिमीहरूको भाइ जो कष्टमा, राज्यमा अनि धैर्यपूर्वकको सहनशीलतामा सहभागिता गर्छु। म पत्मोस टापूमा थिएँ किनभने म परमेश्वरको सन्देश अनि येशूको सत्य प्रति विश्वासी थिएँ। १०परमप्रभुको दिनमा आत्माले मलाई अधिकारमा लियो। मैले मेरो पछि एक ठूलो आवाज सुने। त्यो तुरहीको आवाज जस्तो सुनियो। ११त्यो आवाजले भन्यो, "तिमीले जे देख्नेछौ एउटा पुस्तकमा लेख अनि त्यसलाई सात मण्डलीहरूमा: एफिसस, स्मर्ना, पर्गामम, थिआटायरा, सार्डिस, फिलाडेल्फिया अनि लाओडिसियामा यो पत्र पठाऊ।"

१२को हो जो मसित बात गर्दैछ भनी हेर्न म पछि फर्के। जब म फर्किएँ, मैले सुनका सातवटा दीप-दानी देखे। १३मैले ती दीप-दानी माझमा कसैलाई देखें जो "मानिसको पुत्र" जस्तै थिए। तिनी खुट्टा छुने एक लामो पोशाक लगाइरहेका थिए। तिनको छाती वरिपरि सुनौलो पेटी बाँधिएको थियो। १४तिनको शिर अनि केश हिउँको ऊन जस्तो सेतो थियो। तिनका आँखा आगोको ज्वाला जस्तो थियो। १५तिनका पाउहरू भट्टीमा चम्किरहेको काँसा जस्तो थियो। तिनको आवाज बाढ़ी आएको समयको छालको जस्तो थियो। १६तिनको हातमा सातवटा ताराहरू थिए। एउटा दुई पट्टि धार भएको लाग्ने तरवार तिनको मुखबाट निस्कियो। तिनको अनुहार सर्वाधिक चम्किलो हुने समयमा चम्केको सूर्य जस्तै देखिन्थ्यो। १७जब मैले उहाँलाई देखें, म एक मरेको व्यक्ति जस्तै

---

**अल्फा, ओमेगा** ग्रीक वर्णमालाको पहिलो अनि अन्तिम अक्षरहरू जसको अर्थ शुरु अनि अन्त।

तिनको गोड़ामा परें। उहाँले आफ्नो दाहिने हात ममा
राखे अनि भने, “भयभीत नहोऊ। म आदि अनि अन्त
हुँ। [१८]म नै एक हुँ जो बाँचेको छ। डर छेरूवा नबन।
म नै आदि अनि अन्त हुँ। एक जो जीवित छ म नै हुँ।
म मरेको थिए। तर हेर, म सदा-सर्वदाको लागि जीवित
छु। अनि मसँग मृत्यु र पातालको साँचो छ। [१९]यसर्थ
तिमीले जो देख्यौ लेख। ती लेख जो भइरहेको छ,
अनि जो पछि भविष्यमा के हुनेवाला छ।

[२०]तिमीले मेरो दाहिने हातमा देखेका सातवटा ताराहरू
अनि तिमीले देखेका सातवटा सुनौलो दीप-दानीहरूको
गुप्त अर्थ यस्तो छ। ती सातवटा दीप-दानीहरू सातवटा
मण्डलीहरू हुन्। ती सातवटा ताराहरू सातवटा मण्डलीका
स्वर्गदूतहरू हुन्।

### एफिससको मण्डलीलाई येशूको पत्र

२ “एफिससको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“तिनी जसले आफ्नो दाहिने हातमा सातवटा ताराहरू
लिएका छन् अनि सातवटा सुनौलो दीप-दानी माझ
हिँड़छन्, तिमीहरूलाई यी कुराहरू भनिरहेका छन्।
[२]मलाई तिमीहरूको कार्य, कठीन परिश्रम र धैर्य थाहा
छ अनि थाहा छ कि तिमीहरूलाई दुष्ट मानिसहरू
सहन असम्भव हुन्छ। तिमीहरूले तिनीहरूलाई जो आफै
प्रेरितहरू हौं भन्ने दावी गर्छन, जाँचेका छौ। तिमीहरूले
तिनीहरूलाई भूटो पायौ। [३]तिमीहरूले लगातार कोशिश
गरिरह्यौ। तिमीहरूले मेरो नाउँका निम्ति दु:ख-कष्ट
सह्यौ अनि तिमीहरू यसो गर्नमा थकित भएनौ।

[४]“तर तिमीहरूको विरुद्ध मेरो यस्तो कुरो छ:
तिमीहरूसित शुरूमा भएको प्रेम तिमीहरूले त्यागेका
छौ। [५]यसर्थ याद राख, तिमीहरूको पतन हुन अघि
तिमीहरू कहाँ थियौ। तिमीहरूको हृदय परिवर्त्तन गर
अनि तिमीहरूले पहिला गरेका कुराहरू गर। यदि
तिमीहरू परिवर्त्तन भएनौ भने, म तिमीहरू कहाँ आउनेछु।
म दीप-दानी त्यसको स्थानबाट हटाउनेछु। [६]तर तिमीहरूको
पक्षमा केही छ, तिमीहरू निकोलाइहरूले* गरेका कुरा
तिरस्कार गर्छौ। तिनीहरूले जे गर्छन् त्यो म पनि घृणा
गर्छु।

[७]उ जसले सुन्छ आत्माले के भन्छ मण्डलीहरूले
सुन्नु पर्छ। त्यो व्यक्ति जसले विजय प्राप्त गर्छ, म
उसलाई जीवनरूपी रूखको फल खाने अधिकार दिन्छु।
यो रूख परमेश्वरको बगैचामा छ।

### स्मर्नाको मण्डलीलाई येशूको पत्र

[८]“स्मर्नाको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“तिनी एक जो आदि अनि अन्त हुन् तिमीहरूलाई
यो कुरा भन्दैछन्। उनी नै एक हुन जो मरे अनि फेरि
मृत्युबाट जीवनमा फर्की आए। [९]मलाई तिमीहरूको
कष्ट थाहा छ। अनि मलाई थाहा छ कि तिमीहरू
निर्धन छौ। तर वास्तवमा तिमीहरू धनवान छौ। कोही
मानिसहरूले तिमीहरूको विरोधमा भनेको नराम्रा कुराहरू
मलाई थाहा छ। तिनीहरू दावी गर्छन कि तिनीहरू
यहूदीहरू हुन्। तर तिनीहरू साँचो यहूदीहरू होइनन्।
तिनीहरू शैतानको सभाघर हुन्। [१०]तिमीहरूले पाउने
कष्टहरूमा भयभीत नबन। म तिमीहरूलाई भन्दछु,
शैतानले तिमीहरू मध्ये कसैलाई कैदखानामा परीक्षा
लिनको निम्ति हाल्नेछ। तिमीहरूले दशै दिनसम्म यातना
भोग्नेछौ। तिमीहरूले जीवनको मूल्य चुकाउनु परे पनि
विश्वासी भई रहनू। यदि तिमीहरू विश्वासी रह्यौ भने,
म तिमीहरूलाई जीवनको मुकुट प्रदान गर्नेछु।

[११]“जसले सुन्न सक्छ मण्डलीहरूलाई आत्माले के
भनिरहेको छ, सुन्नु पर्छ। जसले विजय प्राप्त गर्छ
उसलाई दोस्रो मृत्युले चोट पुर्‍याउने छैन।

### पर्गामम्को मण्डलीलाई येशूको पत्र

[१२]“पर्गामम्को मण्डलीका स्वर्गदूतलाई यो लेख:
“जोसित लाग्ने दुइधारे तरवार छ, तिमीहरूलाई यी
कुराहरू भनिरहेछन्। [१३]मलाई थाहा छ तिमीहरू कहाँ
बस्छौ। तिमीहरू त्यहाँ बस्छौ जहाँ शैतानको आफ्नो
सिंहासन छ। तर तिमीहरू म प्रति विश्वासी छौ।
तिमीहरूले एन्टिपासको समयमा पनि म प्रतिको विश्वास
बारे भन्न अस्वीकार गरेनौ। एन्टिपास मेरा विश्वासी
साक्षी थिए जसलाई तिमीहरूको नगरमा मारियो। तिमीहरूको
नगर त्यही हो जहाँ शैतान बस्छ।

[१४]“तर तिमीहरू विरुद्ध मेरो केही कुराहरू छ:
तिमीहरूको समुदायमा केही मानिसहरू छन् जो बालामको
शिक्षा पालन गर्छन्। इस्राएलका मानिसहरूलाई मूर्ति
अघि चढ़ाइएका बलि खानु र यौन पाप गर्नु प्रलोभित
पार्नु बालामले बालकलाई सिकाए। [१५]तिमीहरूको
सम्प्रदायमा पनि यस्तै छ। तिमीहरूमाभ्ठ निकोलाइटन्सको

**निकोलाइहरू** भूल धारणा पल्याउने धार्मिक समूह।

शिक्षा अनुशरण गर्ने मानिसहरू छन्। १६यसर्थ तिमीहरूको
हृदय परिवर्त्तन गर। यदि तिमीहरू परिवर्त्तन भएनौ भने,
मेरो मुखबाट निस्कने तरवार लिएर ती मानिसहरूसँग
लड्न म चाँड़ै तिमीहरू भएकोमा आउनेछु।
१७“जसले सुन्नु सक्छ मण्डलीहरूलाई आत्माले के
भन्दैछ सुन्नु पर्छ।

“म त्यस विजयलाई प्राप्त गर्ने हरेक व्यक्तिलाई
लुकाई राखेको मन्ना दिनेछु। म त्यस व्यक्तिलाई सेतो
पत्थर पनि दिनेछु। यो पत्थरमा नयाँ नाउँ लेखिएको छ।
त्यो व्यक्तिले जसले मात्र त्यो पत्थर पाउँछ, त्यो नयाँ
नाम जान्नेछ।

## थिआटीराको मण्डलीलाई येशूको पत्र

१८“थिआटीराको मण्डलीका स्वर्गदूतलाई यो लेख:

“परमेश्वरका पुत्रले यी कुराहरू भनिरहेका छन्।
उनी नै एक हुन जसको आँखा आगो जस्तै जल्दैछ
अनि पाउ चम्किलो काँसा जस्ता छन्। उनले तिमीहरूलाई
जे भन्छन्, त्यो यस्तो छ: १९तिमीहरूले के गरेका छौ
मलाई थाहा छ। म तिमीहरूको प्रेम, विश्वास, सेवा
अनि धीरजको बारेमा जान्दछु। मलाई थाहा छ तिमीहरूले
अहिले शुरूमा जे गरेका थियौ त्यो भन्दा अधिक
गर्दैछौ। २०तर तिमीहरू विरुद्ध मेरो यस्तो छ: तिमीहरूले
जिजेबेल नाउँकी स्त्रीलाई उसले चाहेको कुरा गर्न दियौ।
उसले दावी गर्छे कि उ एक अगमवक्ता हो। तर उसले
मेरा मानिसहरूलाई आफ्ना शिक्षाद्वारा टाढ़ा लगिरहेकी
छे। जिजेबेलले मेरा मानिसहरूलाई यौन पाप गर्न अनि
मूर्तिहरू अघि अर्पण गरेको खाद्य पदार्थ खान अग्रसर
पारिरहेकी छे। २१मैले उसलाई आफ्नो हृदय परिवर्त्तन
गर्ने अनि आफ्नो पापदेखि मुक्त हुने मौका दिएको छु।
तर उ परिवर्त्तन हुन चाहँदिन। २२अनि, यसर्थ म
उसलाई यातना शैय्यामा राख्ने छु। अनि सबै मानिसहरू,
जो उसित यौन पाप गर्छन, तिमीहरूले साह्रै कष्ट
भोग्नेछन् यदि उसको दुष्ट जीवन शैली अनुसरण गर्न
नछोड़े। २३म उसको अनुयायीहरूलाई पनि मार्ने छु।
अनि सबै मण्डलीहरूले, म नै एक हुँ जसले मानिसहरूका
मन औ हृदय जान्दछ। अनि म तिमीहरूको कर्म
अनुसार जे दाम पाउँछौ, दिनेछु।
२४“तर थिआटीराका तिमीहरू जस्ता अन्य मानिसहरूले
उसको शिक्षा स्वीकार गरेका छैनन्। तिमीहरूले ती
कुराहरू जानेका छैनौ जुन तिनीहरू शैतानको गहन
रहस्य भनी दावी गर्छन। म तिमीहरूलाई जे भन्छु त्यो
यो हो: म तिमीहरू माथि अरू भारी लदाउने छैन।
२५म नआए सम्म तिमीहरू यही तरीकामा बस।
२६“जसले विजय प्राप्त गर्छ अनि अन्तिम सम्म मैले
चाहेका कुराहरू गरिरहन्छ म ती प्रत्येक त्यसलाई
राष्ट्रहरूमाथि अधिकार दिनेछु:

२७ ‘उसले तिनीहरूमाथि अत्यन्तै कड़ा शासन
चलाउनेछ। उसले त्यसलाई फुटेको माटाका
भाँड़ाहरू जस्तै टुक्रा पार्नेछ।’

*भजनसंग्रह २:९*

२८जस्तो मैले मेरा पिताबाट अधिकार पाएँ, म त्यस
व्यक्तिलाई दिनेछु, म त्यस व्यक्तिलाई प्रात: तारा पनि
दिनेछु। २९हरेक व्यक्ति जसले यी कुराहरू सुन्छ
मण्डलीहरूलाई आत्माले जे भन्छ त्यो पनि सुन्नु पर्छ।

## सार्डिसको मण्डलीलाई येशूको पत्र

३ १“सार्डिसको मण्डलीका स्वर्गदूतलाई यो लेख:
“उनी जसकोमा सात आत्माहरू अनि सात ताराहरू
छन् तिमीहरूलाई यस्तो भनिरहेका छन्: तिमीहरूले गर्दै
गरेका कुरा मलाई थाहा छ। मानिसहरूले भन्दछन् कि
तिमीहरू जीवित छौ। तर वास्तवमा तिमीहरू मृत हौ।
२उठ! जब तिमीहरूसित केही शेष छ, सम्पूर्ण रूपले
मर्न भन्दा स्वयंलाई बलियो तुल्याऊ। मैले यो थाहा पाएँ
कि तिमीहरूको कार्यहरू परमेश्वरले इच्छा गरे झैं
भएन। ३यसर्थ तिमीहरूले जे प्राप्त गरेका छौ अनि जुन
तरिकाले सुन्यौ त्यो याद राख त्यसको पालन गर।
तिमीहरूको हृदय अनि जीवनलाई परिवर्त्तन गर। तिमीहरू
व्यूँझी उठनै पर्छ नत्र म तिमीहरूकहाँ आउने छु अनि
चोरले जस्तै आश्चर्य चकित तुल्याउने छु। म कहिले
आउने छु त्यो तिमीहरूले थाहा पाउने छैनौं। ४तर
सार्डिसको तिमीहरूसित तिमीहरूको समूहमा कोही
मानिसहरू छन् जसले तिनीहरू स्वयंलाई स्वच्छ राखेका
छन्। ती मानिसहरू मसित हिँड़नेछन्। तिनीहरूले सेतो
बस्त्र पहिरिने छन् किनभने तिनीहरू त्यसको योग्य छन्।
५हरेक व्यक्ति जसले विजय प्राप्त गर्छ, यी मानिसहरूले
जस्तै सेतो बस्त्र लाउनेछ। म त्यस व्यक्तिको नाउँ
जीवनको पुस्तकबाट हटाउने छैन। म दावी गर्नेछु कि उ

मेरो हो। म यो कुरा मेरा पिता अनि उनका स्वर्गदूतहरूको समक्ष भन्नेछु। [६]हरेक व्यक्ति जसले यी कुराहरू सुन्छ आत्माले मण्डलीहरूलाई जे भनिरहेको छ उसले त्यो सन्नुपर्छ।

### फिलाडेल्फियाको मण्डलीलाई येशूको पत्र

[७]"फिलाडेल्फियाको मण्डलीका स्वर्गदूतलाई यो लेख:

"उहाँ जो पवित्र अनि सत्य छन्, तिमीहरूलाई यी कुराहरू भन्छन्। उनीसित दाऊदको चाबी छ। जब उनले केही खोल्छन् कसैले त्यसलाई बन्द गर्न सक्तैन। अनि यदि उहाँले केही बन्द गरे, कसैले खोल्न सक्तैन। [८]मलाई तिमीहरूले गरेका कुराहरू थाहा छ। मैले तिमीहरूको समक्ष ढोका खुला राखेको छु। कुनै व्यक्तिले त्यसलाई बन्द गर्न सक्तैन। तिमीहरूको शक्ति सीमित छ भनी मलाई थाहा छ। तर तिमीहरूले मेरो उपदेश अनुशरण गरेका छौ। मेरो नाउँ उच्चारण गर्न तिमीहरू डराएका थिएनौ। [९]सुन, त्यहाँ एक सभाघर छ जो शैतानको हो। तिनीहरू दावी गर्छन कि तिनीहरू यहूदीहरू हुन् तर भूटो हो। तिनीहरू साँचो यहूदीहरू होइनन्। म तिनीहरूलाई तिमीहरू समक्ष आउन अनि तिमीहरूको अघि झुक्नु वाध्य गराउँछु। तब तिनीहरूले थाहा पाउनेछन् कि मैले प्रेम गरेका मानिसहरू तिमीहरू नै हौ। [१०]तिमीहरूले धैर्यपूर्वक मेरो आदेश अनुशरण गऱ्यौ। यसर्थ म तिमीहरूलाई दु:ख कष्टको समयमा रक्षा गर्नेछु जो सम्पूर्ण संसारको निम्ति आउनेछ। यो दु:ख कष्टले पृथ्वीमा बस्ने मानिसहरूलाई जाँच गर्नेछ।

[११]"म चाँडै आउँदैछु। तिमीहरू अहिले कै स्थितिमा बस। तब कुनै पनि व्यक्तिले तिमीहरूको मुकुट खोस्ने छैन। [१२]व्यक्ति जसले विजय प्राप्त गर्छ उसलाई म मेरा परमेश्वरको मन्दिरको स्तम्भ बनाउनेछु। त्यस व्यक्तिले फेरि कहिल्यै पनि परमेश्वरको मन्दिर छोड्नु पर्नेछैन। म मेरा परमेश्वरको नाउँ अनि मेरा परमेश्वरको नगरको नाउँ त्यस व्यक्तिमा लेख्नेछु। त्यो नगर नयाँ येरूशलेम हो जुन स्वर्गदेखि तल झरिरहेको छ। म मेरो नयाँ नाउँ पनि त्यस व्यक्तिमा लेखिदिनेछु। [१३]त्यो व्यक्ति जसले यी कुराहरू सुन्छन् मण्डलीहरूलाई आत्माले जे भनिरहेको छ त्यो सुन्नु पर्छ।

### लाउडिसियाको मण्डलीलाई येशूको पत्र

[१४]"लाउडिसियाको मण्डलीका स्वर्गदूतलाई यो लेख:

"आमिन* एक हुन जसले तिमीहरूलाई यी कुराहरू भनिरहेकाछन्। उनी विश्वासी अनि साँचो साक्षी हुन्। उनी परमेश्वरको सम्पूर्ण सृष्टिका शासक हुन्। उनी यसो भन्छन्: [१५]तिमीहरूले जे गर्छौ म जान्दछु। तिमीहरू न तातो छौ वा न चिसो। म इच्छा गर्छु, तिमीहरू न तातो होऊ न चिसो होऊ। [१६]तर तिमीहरू केवल मन-तातो छौ, न तातो न चिसो। यसर्थ मेरो मुखबाट म तिमीहरूलाई उगेल्न तयार छु। [१७]तिमीहरू दावी गर्छौ तिमीहरू धनवान छौ। तिमीहरू सोच्छौ तिमीहरू सम्पत्तिवान भयौ अनि केही कुरा चाहिँदैन। तर तिमीहरू जान्दैनौ कि तिमीहरू वास्तवमा भयानक, दयनीय, गरीब, अन्धा अनि नग्न छौ। [१८]म तिमीहरूलाई आगोमा शुद्ध पारिएको सुन मेरोबाट किन्ने सल्लाह दिन्छु। तब तिमीहरू साँच्चै धनवान हुन सक्ने छौ। म तिमीहरूलाई यो भन्दैछु। तिमीहरूको लज्जास्पद औ नग्नता ढाक्नु सेतो बस्त्र मबाट किन, अनि आँखामा लाउने औषधि किन। तब तिमीहरू साँच्चै देख्न सक्नेछौ।

[१९]"जसलाई म प्रेम गर्छु म सच्याउँछु अनि अनुशासित पार्छु तिनीहरूलाई यसर्थ सके सम्म चेष्टा गर। तिमीहरूको हृदय अनि जीवनलाई परिवर्त्तन गर। [२०]म यहाँ छु! म ढोकामा उभिन्छु अनि ढकढकाउँछु। यदि कुनै व्यक्तिले मेरो स्वर सुन्छ अनि ढोका खोल्छ, भने म भित्र पस्नेछु अनि म तिनीसँग भोजन गर्नेछु। अनि उसले मसित भोजन गर्नेछ।

[२१]"म हरेक व्यक्तिलाई, जसले विजय प्राप्त गर्छ, मेरो सिँहासनमा मसित बस्न अधिकार दिनेछु। त्यसरी मैले विजय प्राप्त गरे अनि मेरो उनीसित उनको सिँहासनमा बसें। [२२]प्रत्येक व्यक्ति, जसले यी कुराहरू सुन्छ, मण्डलीहरूलाई आत्माले जे भनिरहेछ, त्यो सुन्नु पर्छ।"

### यूहन्नाले स्वर्ग देखे

**४** तब मैले हेरें अनि मेरो अगाड़ी स्वर्गमा एउटा ढोका खोलिएको थियो। अनि मैले त्यही आवाज सुनें जो मैले अघि सुनेको थिएँ। त्यो आवाज तुरहीको आवाज जस्तो थियो। त्यो स्वरले भन्यो, "यहाँ माथि आऊ, अनि म तिमीलाई यसपछि के हुनु पर्छ त्यो देखाउने छु।" [२]तब आत्माले मलाई नियन्त्रणमा लियो। स्वर्गमा

---

**आमिन** यहाँ येशूको नाम जस्तो प्रयोग गरिएको छ, यसको अर्थ केही सत्य छ भनी एकदमै मान्नु।

मेरो अघि एउटा सिँहासन थियो। त्यस सिँहासनमा कोही
बसिरहेको थियो। ३ उनी एक जो सिँहासनमा बसेका
थिए, मुल्यवान पत्थर-जास्पर अनि गोमेद जस्तै देखिन्थे।
सिँहासनको वरिपरि पन्ना जस्तै स्पष्ट रङ्ग सहितको
इन्द्र-धनुष थियो। ४ सिँहासनको वरिपरि चौबीसवटा अन्य
सिँहासनहरू थिए। ती चौबीस सिँहासनमा चौबीस जना
अग्रजहरू बसिरहेका थिए। ती अग्रजहरू सेतो लुगामा
थिए अनि तिनीहरूका शिरमा सुनको मुकुट थियो।
५ सिँहासनबाट बिजुली चम्किरहेथ्यो अनि गड्याङ गुडुङको
आवाज आइरहेको थियो। सिँहासनको अघि सातवटा
दीप बलिरहेका थिए। ती दीपहरू परमेश्वरका सातवटा
आत्माहरू हुन्। ६ सिँहासनको अघि काँचका समुद्र झैं
केही थियो। त्यो स्फटिक जस्तै स्वच्छ थियो।

सिँहासनको सामुन्ने अनि प्रत्येक छेऊमा चारवटा
सजीव बस्तु थिए। ती सजीव बस्तुहरूका अघाड़ि,
पछाड़ि सम्पूर्ण शरीर भरी आँखाहरू थिए। ७ पहिलो
सजीव बस्तु सिँह जस्तै थियो। दोस्रो गाई जस्तै थियो।
तेस्रोको अनुहार मान्छेको अनुहार जस्तै थियो। चौथो
उड़िरहेको गरूड़ जस्तो थियो। ८ यी प्रत्येक चार सजीव
बस्तुहरूका छ: वटा पखेटाहरू थिए। यी सजीव
बस्तुहरूका शरीर भरी, भित्र अनि बाहिर आँखाहरूले
भरिएका थिए। तिनीहरू यसो भनिरहन दिन रात रोकिएनन्:

"पवित्र, पवित्र, परमप्रभु परमेश्वर पवित्र छन्,
सर्व शक्तिवान छन्। उनी सर्वदा थिए, उनी छन्
अनि उनी आउँदैछन्।"

९ यी सजीव वस्तुहरूले त्यहाँ "एक" जो सिँहासनमा
थिए, तिनलाई महिमा, सम्मान अनि धन्यवाद अर्पण
गर्छन्। उनी एक छन् जो सदासर्वदा रही रहन्छन्। अनि
हरेक समय ती जीवित बस्तुहरू यसो गर्छन्, १० ती
चौबीस जना अग्रजहरू उनी एक जो सिँहासनमा बस्छन्,
उनको अघि शिर भुकाउँछन्। जो सदा सर्वदा जीवित
रहन्छन्, अग्रजहरू उनलाई पूजा गर्छन्। अग्रजहरू
आफ्ना मुकुट सिँहासन मुनि राख्छन् अनि भन्छन्:

११ "हाम्रा परमप्रभु अनि परमेश्वर। तँपाईलाई महिमा,
सम्मान अनि शक्ति प्राप्त गर्न योग्य छौ।
तँपाईंले सबै बस्तुहरू सृष्टि गर्नु भयो। हरेक
बस्तुको अस्तित्व छ अनि ती सृष्टि भएका
छन्, किनभने तँपाईले यस्तो चहानु भएको
छ।"

५ तब मैले जो सिंहासनमा विराजमान थिए तिनको
दाहिने हातमा एक मूठा बेह्रेको चर्म पत्र देखें। त्यो
बेह्रेको पत्रको दुवै पट्टि केही लेखिएको थियो। त्यो
बेह्रिएको पत्र सातवटा मोहरले बन्द गरिएको थियो।
२ अनि मैले एक शक्तिशाली स्वर्गदूतलाई देखें। त्यो
स्वर्गदूतले ठूलो स्वरमा भन्यो, "यसको मोहर फुटाएर यो
बेह्रिएको चर्मपत्र खोल्नु योग्य को छ?" ३ तर स्वर्गमा
वा पृथ्वी वा पृथ्वी मुनि कोही पनि थिएन जसले त्यो
बेह्रिएको चर्म-पत्र खोल्न वा भित्र हेर्न सक्थ्यो। ४ म
साह्है रोएँ किनभने त्यो बेह्रिएको चर्मपत्र खोल्ने वा हेर्ने
कोही थिएन। ५ तर अग्रजहरू मध्ये एक जनाले मलाई
भने, "नरोऊ! यहूदाका परिवार समूहबाट सिँहले विजय
प्राप्त गर्‍यो। उनी दाऊदका सन्तान हुन्। उनी त्यो
बेह्रिएको चर्मपत्र अनि त्यसका सातवटा मोहर खोल्न
उपयुक्त छन्।"

६ तब मैले ती चार सजीव वस्तुहरू अग्रजहरूले
वरिपरि घेरिएको सिँहासनको अगाड़ी एउटा भेँडाको
पाठा उभिरहेका देखें। त्यो भेँड़ाको पाठा मारिएको
जस्तो देखिनथ्यो। त्यसको सातवटा सिङ्ग अनि सातवटा
आँखाहरू थिए, यी परमेश्वरका सात-आत्माहरू हुन् जो
संम्पूर्ण संसारमा पठाइएका थिए। ७ त्यो भेँड़ाको पाठो
आयो अनि जो सिँहासनमा बसिरहेका थिए तिनको
दाहिने हातबाट त्यो बेह्रिएको पत्र लियो। ८ जब भेड़ाको
पाठोले त्यो बेह्रिएको पत्र लियो ती चार सजीव पशुहरू
अनि चौबीस जना अग्रजहरूले भेँड़ाको पाठोको समक्ष
निहुरिए। तिनीहरू प्रत्येकसित वीणा अनि सुनौलो धूप-दानी
थियो। यी सुनौलो धूप पात्रहरू परमेश्वरका पवित्र-
मानिसहरूको प्रार्थना हुन्। ९ अनि तिनीहरू सबैले भेँड़ाको
पाठा प्रति एउटा नयाँ गीत गाए:

"तिमी त्यो बेह्रिएको चर्मपत्र लिन अनि त्यसको
मोहर खोल्न योग्य छौ, किनभने तिमी मारिएको
थियौ। अनि, तिम्रो रगतद्वारा तिमीले परमेश्वरका
निम्ति हरेक जाति, भाषा, मानिसका कूल अनि
राष्ट्रबाट मानिसहरूलाई किन्यौ।
१० यी मानिसहरूलाई तिमीले राज्यको रूप दियौ
अनि, तिमीले यी मानिसहरूलाई हाम्रा परमेश्वरका

निम्ति पूजाहारीहरू बनायौ। अनि तिनीहरूले
पृथ्वी माथि शासन गर्ने छन्।"

[११]तब मैले हेरे, अनि मैले धेरै स्वर्गदूतहरूको
आवाज सुनें। ती स्वर्गदूतहरू सिँहासनको, ती चार
सजीव वस्तुहरूको, अनि ती अग्रजहरूको वरिपरि थिए।
त्यहाँ हजारौं स्वर्गदूतहरू थिए-त्यहाँ दशहजार स्वर्गदूतहरू
थिए। [१२]ती स्वर्गदूतहरूले ठूलो स्वरमा भने:

"त्यो भेँड़ाको पाठा जसलाई मारियो, योग्यको
छ शक्ति, सम्पत्ति, ज्ञान अनि पराक्रम, सम्मान,
महिमा अनि प्रशंसा पाउन।"

[१३]तब मैले स्वर्गमा भएका, पृथ्वीमा भएका, पृथ्वी
मुनि भएका अनि सागरमा भएका हरेक सजीव वस्तुहरूबाट
भन्दै गरेको सुनें। मैले यी स्थानहरूका हरेक बस्तुबाट
सुने। मैले तिनीहरू सबैले यो भनेको सुनें:

"उहाँ एक, जो सिँहासनमा बसेकाछन्, उहाँ
अनि भेँड़ाको पाठा प्रति सम्पूर्ण स्तुति अनि
सम्मान अनि गौरव अनि शक्ति सदा सर्वदा
रहून्।"

[१४]ती चार सजीव वस्तुहरूले भने, "आमिन!" अनि
अग्रजहरूले घुँड़ा टेके अनि पूजा गरे।

६ तब, भेँड़ाको पाठाले सातवटा मोहर मध्ये पहिलो
मोहर खोलेको बेला मैले हेरें। मैले ती चार सजीव
वस्तुहरू मध्ये एक बस्तु गर्जन भएको जस्तै आवाजमा
बोलेको सुने, "आऊ"। [२]मैले देखें अनि त्यहाँ मेरो
अघि एउटा सेतो घोड़ा थियो। घोड़ सवारको धनु थियो।
घोड़ सवारलाई मुकुट प्रदान गरियो। अनि तिनी विजेता
झैं अझ विजय हासिल गर्न अघि बढ़े।

[३]भेँड़ाको पाठाले दोस्रो मोहर खोल्यो। तब मैले
दोस्रो सजीव वस्तुले "आऊ" भनेको सुनें। [४]तब अर्को
घोड़ा बाहिर आयो। त्यो रातो घोड़ा थियो। त्यो घोड़
सवारलाई पृथ्वीदेखि शान्ति उठाएर लाने अनि
मानिसहरूलाई एक अर्कामा हत्या गराउने अधिकार
प्रदान गरियो। त्यस घोड़ सवारलाई एक विशाल तरवार
दिइयो।

[५]त्यो भेँड़ाको पाठाले तेस्रो मोहर खोल्यो। तब मैले
तेस्रो सजीव वस्तुले "आऊ" भनेको सुनें। मैले हेरे,
अनि त्यहाँ कालो घोड़ा थियो। घोड़ सवारले आफ्नो
हातमा एक जोर तराजु लिएको थियो। [६]तब मैले केही
आवाज जस्तै सुनें। त्यो स्वर ती चार सजीव वस्तुहरू
भएको स्थानबाट आएको थियो। त्यो आवाजले भन्यो,
"एक दिनको परिश्रमिक एक किलो गहुँ अनि एक
दिनको परिश्रमिक तीन किलो जौ, तर तेल अनि
दाखरस नष्ट नपार्नु।"

[७]त्यो भेँड़ाको पाठाले चौथो मोहर खोल्यो। तब मैले
चौथो सजीव वस्तुले "आऊ" भनेको सुने। [८]मैले हेरें
अनि त्यहाँ मेरो अघि पहेँलो रङ्गको घोड़ा थियो। त्यो
घोड़सवार मृत्यु थियो। उसको पछि पाताल लोकले
पछ्याइरहेथ्यो। तिनीहरूलाई एक-चौथाइ पृथ्वी-माथि र
तरवार, अकाल, महामारी अनि पृथ्वीका जङ्गली पशुहरूद्वारा
मानिसहरूलाई मार्ने अधिकार दिइएको थियो।

[९]त्यो भेँड़ाको पाठाले पाँचौं मोहर खोल्यो। तब मैले
वेदी मुनि केही आत्माहरू देखें। ती आत्माहरू ती
मारिएका मानिसहरूको थियो किनभने तिनीहरू परमेश्वरको
सन्देश अनि तिनीहरूले प्राप्त गरेका सत्य प्रति विश्वासी
थिए। [१०]यी आत्माहरूले ठूलो स्वरमा कराए, "पवित्र
अनि सत्य परमप्रभु, हाम्रो हत्या गरेकोमा पृथ्वीका
मानिसहरूको न्याय गर्नमा अनि उनीहरूलाई दण्ड दिनमा
कति लामो समय पर्खिरहनु हुन्छ?"

[११]त्यसपछि ती आत्माहरू प्रत्येकलाई सेतो पोशाक
दिइयो। तिनीहरूलाई अल्प समय प्रतीक्षा गर्नु भनियो।
तिनीहरूका अझ कोही भाईहरू जसलाई तिनीहरू जस्तै
मारिनु थियो ख्रीष्टका सेवामा तिनीहरूसित थिए। ती
आत्माहरूलाई यो मार्ने काम पुरा नभए सम्म प्रतीक्षा
गर्नु भनियो।

[१२]तब, त्यो भेँड़ाको पाठाले छैटौं मोहर खोल्यो।
त्यहाँ डरलाग्दो भूँईचालो गयो। सूर्य, केशले बनिएको
बस्त्र जस्तै कालो भयो। पूर्ण चन्द्रमा रगत जस्तै रातो
भयो। [१३]आकाशका ताराहरू, तेज हावाले नेभारोको
रूखबाट नेभाराहरू झरे जस्तै पृथ्वीमा झरे। [१४]आकाश
पत्र बेह्रिए झैं हरायो। अनि हरेक पर्वत अनि द्वीप
आफ्ना ठाँउबाट सरे।

[१५]तब समस्त मानिसहरू गुफाहरूमा अनि पर्वतका
चट्टानहरूमुनि लुके। त्यहाँ संसारका राजाहरू, शासकहरू,
सेनाध्यक्षहरू, धनवान मानिसहरू अनि शक्ति सम्पन्न
मानिसहरू थिए। हरेक व्यक्ति, दास अनि मुक्त सबैले
स्वयंलाई लुकाए। [१६]मानिसहरूले पर्वत अनि चट्टानहरूलाई

भने, “हामीमाथि खस। हामीलाई सिँहासनमा बस्ने तिनी एकबाट लुकाऊ। हामीलाई भेँड़ाको पाठाको क्रोधबाट बचाऊ। [१७]तिनीहरूको क्रोध दिवस आई पुग्यो अनि यसको विरुद्धमा को उभिन सक्छ?”

### इस्राएलका एकलाख चवालीस हजार मानिसहरू

७ यो घटना पछि मैले चारवटा स्वर्गदूतहरूलाई पृथ्वीका चारकुनामा उभिएको देखेँ। ती स्वर्गदूतहरूले वायुलाई भूमिमा वा समुद्रमा वा कुनै बृक्षमा वहनदेखि रोक्नुको लागि पृथ्वीका चारै वायुलाई समातिरहेका थिए। [२]त्यसपछि मैले अर्को स्वर्गदूतलाई पूर्वबाट आइरहेको देखें। त्यो स्वर्गदूतको साथमा सजीव परमेश्वरको मोहर थियो। त्यो स्वर्गदूतले ठूलो स्वरमा ती चार स्वर्गदूतहरूलाई बोलाए। ती चार स्वर्गदूतहरू ती थिए जसलाई परमेश्वरले पृथ्वी अनि समुद्रलाई चोट पुऱ्याउने शक्ति दिनु भएको थियो। त्यो स्वर्गदूतले ती चार स्वर्गदूतहरूलाई भने, [३]“भूमि वा समुद्र वा बृक्षहरूलाई, हाम्रा परमेश्वरको सेवा गर्ने मानिसहरूको निधारमा हामीले चिन्ह नलगाउञ्जेल चोट न पुऱ्याऊ।” [४]तब मैले, कति जना मानिसहरूलाई चिन्हित गरियो, त्यो सुनें। त्यहाँ एकलाख चवालीस हजार थिए। तिनीहरू इस्राएलका मानिसहरूको हरेक परिवार समूहबाट थिए।

| | |
|---|---|
| [५]यहूदाको परिवार समूहबाट | १२,००० |
| रूबेनको परिवार समूहबाट | १२,००० |
| गादको परिवार समूहबाट | १२,००० |
| [६]आशेरको परिवार समूहबाट | १२,००० |
| नप्तालीको परिवार समूहबाट | १२,००० |
| मनश्शेको परिवार समूहबाट | १२,००० |
| [७]शिमियोनको परिवार समूहबाट | १२,००० |
| लेवीको परिवार समूहबाट | १२,००० |
| इस्साखारको परिवार समूहबाट | १२,००० |
| [८]जबूलूनको परिवार समूहबाट | १२,००० |
| यूसुफको परिवार समूहबाट | १२,००० |
| बेन्यामीनको परिवार समूहबट | १२,००० |

### विशाल भीड़

[९]त्यसपछि मैले हेरें, अनि त्यहाँ धेरै कसैले गनिनसक्ने मानिसहरू थिए। तिनीहरू पृथ्वीका हरेक राष्ट्र, जाति, कूल अनि विभिन्न भाषाबाटका मानिसहरू थिए। तिनीहरू सिँहासन अनि भेँड़ाको पाठा सामुन्ने उभिरहेका थिए। तिनीहरू सबै सेतो पोशाकमा थिए अनि तिनीहरूका हातमा खजूरका हाँगो थियो। [१०]तिनीहरू ठूलो स्वरमा कराए, “हाम्रा परमेश्वर जो सिँहासनमा विराजमान छन् अनि भेँड़ाको पाठाको जय होस्।” [११]अग्रजहरू अनि ती चार सजीव वस्तुहरू त्यहाँ थिए। सबै स्वर्गदूतहरू तिनीहरूको अघि सिँहासनको वरिपरि थिए। ती स्वर्गदूतहरूले सिँहासनको अघि घुँड़ा टेके अनि परमेश्वरको उपासना गरे। [१२]तिनीहरूले भने, “आमिन! प्रशंसा, महिमा, ज्ञान, धन्यवाद, सम्मान, शक्ति अनि पराक्रम सदा-सर्वदा हाम्रा परमेश्वरमा रहोस्। आमिन।”

[१३]तब एकजना अग्रजले मलाई सोधे, “यी सेता पोशाकका मानिसहरू को हुन्? तिनीहरू कहाँबाट आएका हुन्?”

[१४]मैले उत्तर दिएँ, “महाशय, तँपाईले चिन्नु हुन्छ।” अनि अग्रजले भने, “यी ती मानिसहरू हुन् जसले महा-यातना भोगेर आएका छन्। तिनीहरूले भेँड़ाको रगतले आफ्ना पोशाक धोएका छन्। अब तिनीहरू शुद्ध अनि सेता भएका छन्। [१५]यसर्थ अहिले यी मानिसहरू परमेश्वरको सिँहासन सामुन्ने छन्। तिनीहरू दिन रात परमेश्वरको उपासना उनको मन्दिरमा गर्छन्। अनि उनी एक, जो सिँहासनमा बस्छन तिनीहरूलाई रक्षा गर्नेछन्। [१६]तिनीहरूले कहिल्यै भोकाएको महशुस गर्ने छैनन्। तिनीहरू फेरि कहिल्यै तृषित हुने छैनन्। सूर्यले तिनीहरूलाई कहिले क्षति पुऱ्याउने छैन। तिनीहरूलाई गर्मीले पोल्ने छैन। [१७]सिँहासनको माझमा भएको भेँड़ाको पाठा तिनीहरूको गोठाला हुनेछ। उनले तिनीहरूलाई पानीको मुल तिर लानेछन् जसले जीवन प्रदान गर्नेछ। अनि परमेश्वरले तिनीहरूका आँखाबाट हरेक थोपा आँसु पुछिदिने छन्।”

### सातौं मोहर

८ भेँड़ाको पाठाले सातौं मोहर खोल्यो। तब प्राय: आधा घण्टासम्म स्वर्गमा निरवता छायो। [२]अनि मैले देखेँ सात स्वर्गदूतहरूलाई, जो परमेश्वरको सामुन्ने उभिएका थिए। तिनीहरूलाई सातवटा तुरही दिइयो।

[३]अर्को स्वर्गदूत आयो अनि वेदीमा उभियो। त्यो स्वर्गदूत सित सुनौलो धूप-दानी थियो। त्यो स्वर्गदूतलाई, परमेश्वरका समस्त पवित्र मानिसहरूको प्रार्थना सहित अर्पण गर्नका निम्ति धेरै धूप दिइयो। त्यो स्वर्गदूतले यो

भेटी सिँहासन अधिको सुनौलो बेदीमा राखे। ४धूपको धुवाँ स्वर्गदूतको हातबाट उँभो उठेर परमेश्वर कहाँ गयो। त्यो घुवाँ परमेश्वरका मानिसहरूको प्रार्थनासितै उँभो गयो। ५त्यसपछि स्वर्गदूतले बेदीको आगो धूपदानीमा भरे। स्वर्गदूतले त्यो धूपदानी पृथ्वीमा फ्याँकि। तब त्यहाँ बिजुली चम्क्यो, गर्जन अनि आवाजहरू आयो अनि भूकम्प गयो।

## सात स्वर्गदूतहरूले तुरही बजाए

६तब सात तुरही सहितका ती सात-स्वर्गदूतहरू आफ्ना तुरहीहरू बजाउन तयार भए।

७पहिलो स्वर्गदूतले तुरही बजाए। तब रगत मिसिएको असिना अनि आगो पृथ्वीमा झऱ्यो अनि पृथ्वीको एक-तिहाइ अंश अनि सबै हरिया घाँसहरू अनि एक-तिहाइ रूखहरू जले।

८दोस्रो स्वर्गदूतले आफ्नो तुरही बजाए। तब आगोले जलेका पहाड़ जस्तै केही समुद्र तर्फ फ्याँकियो। अनि समुद्रको एक-तहाइ अंश रगत बन्यो। ९अनि एक-तिहाइ समुद्रका प्राणीहरू मरे, अनि एक-तिहाइ जहाजहरू नष्ट भयो।

१०तेस्रो स्वर्गदूतले आफ्नो तुरही बजाए। तब, राँको बेलेको जस्तो एक विशाल तारा आकाशबाट झऱ्यो। त्यो तारा एक-तिहाइ अंश नदीहरू अनि पानीको मुलमा खस्यो। ११त्यो ताराको नाउँ “नागदौना” थियो। अनि सबै एक तिहाइ अंश पानी तितो भयो। त्यो तितो पानी पिएर धेरै मानिसहरू मरे।

१२चौथो स्वर्गदूतले आफ्ना तुरही बजाए। तब एक-तिहाइ अंश सूर्य, एक-तिहाइ अंश चन्द्रमा अनि एक-तिहाइ अंश ताराहरू माथि प्रहार पऱ्यो। ती जन्मैको एक तिहाइ अंश अंध्यारो भयो। दिन अनि रातको पनि एक तिहाइ अंश प्रकाश रहित भयो।

१३जब म हेर्दै थिँए मैले माथि आकाशमा गरूड़ उड़िरहेको आवाज सुनेँ। त्यो गरूड़ले ठूलो स्वरमा भन्यो, “कष्ट, कष्ट, मानिसहरूलाई जो पृथ्वीमा बस्छन्, तिनीहरूलाई कष्ट, कष्ट होस। त्यो कष्ट बाँकी रहेका अन्य तीन स्वर्गदूतहरूले तुरही बजाएको आवाज सुने पछि शुरू हुनेछ।”

९ पाँचौ स्वर्गदूतले आफ्ना तुरही बजायो। तब मैले आकाशबाट एउटा तारालाई पृथ्वीमा झर्दै गरेको देखेँ। त्यो तारालाई गहिरो प्वालको चाबी दिइयो जुन प्वाल अतुलनिय खाल्डातिर जान्छ। २अतुलनिय खाल्डो तिर जाने प्वाल उसले खोल्यो। भट्टीबाट निस्के जस्तै धुँवा त्यस प्वालबाट निस्कँदै थियो अनि त्यसले गर्दा घाम र अकाश अंध्यारो भयो। ३तब त्यो धुवाँबाट सलह पृथ्वी तिर आयो। तिनीहरूलाई बिच्छीहरूले जस्तै चिल्ने शक्ति दिइएको थियो। ४ती सलहहरूलाई पृथ्वीको घाँस, वा कुनै पौधा वा बृक्षलाई हानी नपुऱ्याउनु भनिएको थियो। तिनीहरूले ती मानिसहरूलाई मात्र हानी पुऱ्याउन सक्थे जसको निधारमा परमेश्वरको चिन्ह अंकित थिएन।

५ती सलहहरूलाई, मानिसहरूलाई पाँच महीना सम्म कष्ट दिने शक्ति दिइएको थियो। तर ती सलहहरूलाई मानिसहरूलाई मार्ने अधिकार दिइएको थिएन। अनि त्यो कष्ट मानिसहरूले अनुभव गरे जुन कुनै व्यक्तिलाई विच्छीले चिले जस्तै थियो। ६ती दिनहरूमा मानिसहरू मर्ने उपाय खोज्नेछन्, तर तिनीहरूले पाउने छैनन्। तिनीहरू मर्न चहान्छन् तर मृत्यु तिनीहरू देखि लुक्नेछ।

७ती सलहहरू युद्धका निम्ति तयार गरिएका घोड़ाहरू जस्तै देखिन्थे। तिनीहरूको शिरमा तिनीहरूले सुनको मुकुटहरू जस्तै देखिने लगाएका थिए। तिनीहरूको अनुहार मानवको जस्तै देखिन्थ्यो। ८तिनीहरूको केश स्त्रीहरूको केश जस्तै थियो। तिनीहरूको दाँत सिँहको जस्तै थिए। ९तिनीहरूका छाती फलामका कवच जस्तै देखिन्थे। तिनीहरूको पखेटाले उत्पन्न गरेको आवाज युद्धतर्फ हत्तारिएका धेरै रथहरूले उत्पन्न गरेका आवाज जस्तै थिए। १०ती सलहहरूको पुच्छर विच्छीका जस्ता खिलहरू भएका थिए। मानिसहरूलाई पाँच महीनाको निम्ति कष्ट दिने शक्ति तिनीहरूको पुच्छरमा थियो। ११ती सलहहरूका राजा थियो। त्यो राजा अतल खाड़लको स्वर्गदूत थियो। हिब्रू भाषामा उनको नाउँ एबाड्डोन* थियो। यूनानी भाषामा तिनको नाउँ अपोल्लियोन थियो।

१२पहिलो महाकष्ट पार भयो। अझ दुइ अन्य महा विपत्हरू आउनेछ।

१३छैटौं स्वर्गदूतले उसको तुरही बजायो। तब परमेश्वरको समक्ष सुनौलो बेदीमा भएको सिङ्गबाट आएको स्वर मैले सुनेँ। १४त्यो आवाजले छैटौं स्वर्गदूत, जो सित तुरही थियो, त्यसलाई भन्यो, “ती चार स्वर्गदूतहरूलाई मुक्त गर जो महानदी यूफ्रेटिसमा बाँधिएका छन्।”

---

**एबाड्डोन** पुरानो नियममा मृत्युको ठाउँको नाम भनिन्छ। (अय्यूब २६:६; भजनसंग्रह ८८:११)।

[१५]यी चार स्वर्गदूतहरूलाई यस घड़ी, दिन, महीना अनि वर्षको निम्ति तयार राखिएको थियो। यी स्वर्गदूतहरूलाई पृथ्वीमा भएका एक तिहाइ सबै मानिसहरूलाई मार्न भनी मुक्त गरिए। [१६]मैले सुनें तिनीहरूको सेनामा घोड़ा-सवार सैनिक कतिजना थिए। त्यहाँ बीस करोड़ थिए।

[१७]मेरो दिव्य दृष्टिमा मैले घोड़ाहरू अनि घोड़-सवारहरूलाई देखें। तिनीहरू यस्ता देखिन्थे: तिनीहरूका कवचहरू आगो जस्तो थियो जो रातो, गाढ़ा नीलो अनि गन्धक झैं पहेँलो थियो। घोड़ाका शिरहरू सिँहका शिरहरू जस्तै देखिन्थे। घोड़ाहरूको मुखबाट आगो, धुवाँ अनि गन्धक निस्किरहेथ्यो। [१८]पृथ्वीका सम्पूर्ण मानिसहरूका एक-तिहाइ अंश घोड़ाको मुखबाट निस्केका यी तीन नराम्रा कुराहरू: आगो, धुवाँ अनि गन्धक द्वारा मारिए। [१९]ती घोड़ाहरूका शक्ति तिनीहरूको मुख अनि पुच्छरमा थियो। तिनीहरूको पुच्छर सर्प जस्तै थियो जसको टाउँकाहरूले मानिसहरूलाई डस्ने अनि घात पुर्‍याउनको लागि थियो।

[२०]पृथ्वीका अन्य मानिसहरू बिषालु पदार्थले मारिएनन्। तर यी मानिसहरूले आफ्नो हृदय अनि जीवन परिवर्तन गरेनन् अनि तिनीहरूले आफ्नै हातले निर्माण गरेका कुराहरूबाट तिनीहरूले मुख फर्काएनन्। तिनीहरूले दानवहरू अनि सुन, चाँदी, काँसा, पत्थर अनि काठमूर्तिलाई जो देख्न वा सुन्न वा हिँड़न सक्तैनन्, पूजा गर्न छाड़ेनन्। [२१]यी मानिसहरूले आफ्ना हृदय अनि जीवन परिवर्त्तन गरेनन् अनि अरू मानिसहरूलाई मार्न छाड़ेनन्, तिनीहरू आफ्ना जादु-टुनामुना, आफ्ना यौन-पाप, चोरी कर्म देखि पर सरेनन्।

## स्वर्गदूत अनि सानो पुस्तिका

**१०** तब, मैले अर्को शक्तिवान स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें। त्यो स्वर्गदूतले बादलको पोशाक लगाएको थियो। तिनको शिर इन्द्रेणीले घेरिएको थियो। त्यो स्वर्गदूतको अनुहार सूर्य जस्तो थियो, उसको पाउहरू आगोको स्तम्भहरू जस्तो थियो। [२]त्यो स्वर्गदूत एउटा पुस्तिका सित थिए। त्यो पुस्तिका उसको हातमा खोलिएको थियो। त्यो स्वर्गदूतले उसको दाहिने खुट्टा समुद्रमा अनि देब्रे खुट्टा भूमिमा राखेको थियो। [३]त्यो स्वर्गदूत सिँह गर्जेको जस्तो ठूलो स्वरले करायो। स्वर्गदूत कराए पछि, सात-गर्जनले पनि बोल्यो। [४]ती सात गर्जनले बोले, अनि मैले लेख्न शुरू गरें। तर, तब मैले स्वर्गबाट आएको स्वर सुनें। त्यो स्वरले भन्यो, “ती सात गर्जनले भनेका कुरा नलेख। तिनीहरूलाई गुप्त राख।”

[५]तब, मैले समुद्र अनि भूमिमा पाउ राख्ने स्वर्गदूतले आफ्नो दाहिने हात स्वर्गतिर उठाएको देखें। [६]त्यो स्वर्गदूतले, उनी एक जो सदासर्वदा रहन्छन्, उनको शक्तिद्वारा प्रतिज्ञा गर्‍यो। उनी नै एक हुन् जसले आकाश अनि त्यसमा देखिएका सबै सृष्टि गरे। उनले पृथ्वी अनि यसमा भएका सबै कुरा सृष्टि गरे अनि उहाँले समुद्र अनि त्यसमा देखिएका सबै सृष्टि गरे। त्यो स्वर्गदूतले भन्यो, “अब अधिक प्रतिक्षा हुने छैन। [७]ती दिनहरूमा जब सातौ स्वर्गदूत आफ्नो तुरही फुक्न तयार हुन्छ, परमेश्वरको गुप्त योजना पूर्ण हुनेछ। यो योजना, परमेश्वरले आफ्ना सेवकहरूलाई भनेको सुसमाचार हो, जो अगमवक्ताहरू हुन्।”

[८]तब मैले फेरि स्वर्गबाट त्यही आवाज सुनें। त्यो आवाजले मलाई भन्यो, “जाऊ अनि त्यो खुल्ला पुस्तिका लेऊ जो स्वर्गदूतको हातमा छ। यो त्यही स्वर्गदूत हो जो सागर अनि भूमिमा उभिरहेको छ।”

[९]यसर्थ म त्यो स्वर्गदूतकहाँ गएँ अनि त्यो सानो बेह्रेको पुस्तिका मलाई दिनु भनी माँगे। त्यो स्वर्गदूतले मलाई भन्यो, “यो सानो पुस्तिका लेऊ अनि यसलाई खाऊ। तिम्रो भूँड़ीमा यो अमिलो हुनेछ।” तर तिम्रो मुखमा यो मह जस्तो मीठो हुनेछ।” [१०]यसर्थ मैले स्वर्गदूतको हातबाट त्यो सानो बेह्रेको पुस्तिका लिएँ अनि मैले त्यो खाएँ। मेरो मुखमा त्यो मह जस्तो मीठो भयो। तर मैले त्यो खाई सके पछि त्यसको स्वाद भुँड़ीमा अमिलो भयो।” [११]तब मलाई भनियो, “तिमीले फेरि अनेक जाति, धेरै राष्ट्रहरू, अनेक भाषाहरू अनि राजाहरूको बारेमा अगमवाणी गर्नु पर्छ।”

## दुइ साक्षीहरू

**११** त्यसपछि मलाई नाप्ने दण्ड जस्तै एउटा टेक्ने लट्ठी दिइयो। मलाई भनियो, “जाऊ अनि परमेश्वरको मन्दिरको वेदीको नाप लेऊ, अनि त्यहाँ पूजा गर्नेहरूको संख्या गन्ति गर। [२]तर मन्दिर बाहिरको आँगन छोड़िदेऊ। त्यसलाई ननाप। त्यो अयहूदीहरूलाई दिइएको छ। तिनीहरू बयालीस महीनासम्म पवित्र नगरमा

पाइताला ठटाएर हिँड्नेछन्। ३अनि म मेरा दुइ साक्षीहरूलाई
अधिकार दिनेछु। अनि तिनीहरूले एकहजार दुइसय साठ्ठी
दिन अगमवाणी गर्नेछन्। तिनीहरू पशुको भुत्लाको
वस्त्र पहिरेका हुनेछन्।” ४यी दुइ साक्षीहरू दुइ भद्रासेका
बृक्षहरू हुन् अनि दुइ दीप-दानी जो पृथ्वीका परमप्रभु
अघि खड़ा छन्। ५यदि कुनै व्यक्तिले ती साक्षीहरूलाई
घात गर्ने प्रयास गरे ती साक्षीहरूका मुखबाट आगो
निस्कने छ अनि आफ्ना शत्रुलाई मार्ने छन्। कुनै व्यक्ति
जसले तिनीहरूलाई घात पुऱ्याउने चेष्टा गर्छ, यसै
प्रकारले मारिनेछ। ६यी साक्षीहरूसित, तिनीहरूले अगमवाणी
गरिरहेको समयमा आकाशलाई वृष्टि गराउनुबाट रोक्ने
शक्ति छ। तिनीहरूसित पानीलाई रगत तुल्याउने शक्ति
छ। तिनीहरूसित हरेक किसिमका कष्ट पृथ्वीमा पठाउने
शक्ति छ। तिनीहरूले जति पल्ट यसो गर्न चाहन्छन् गर्न
सक्छन्।

७जब ती दुइ साक्षीहरूले आफ्ना प्रमाण सिध्याएका
हुन्छन्, पशु तिनीहरूको विरुद्ध लड़ने छ। यो त्यो पशु
हो जो पातालबाट माथि आउँछ। त्यो पशुले तिनीहरू
सबैलाई जित्ने छ अनि तिनीहरूलाई मार्नेछ। ८ती दुइ
साक्षीहरूको शरीर महान नगरको गल्लीमा हुनेछ। यो
नगरको नाउँ सोदोम अनि मिस्रदेश हो। नगरका यी
नाउँहरूमा विशेष अर्थ छ। यो त्यही नगर हो जहाँ
प्रभुलाई मारिएको थियो। ९हरेक वंश, जाति, भाषा
अनि राष्ट्रका मानिसहरूले साँढ़े तीन दिन सम्म ती दुइ
साक्षीहरूको शवलाई हेर्नेछन्। तिनीहरूलाई गाड्न
मानिसहरूले अस्वीकार गर्नेछन्। १०किनभने यी दुइ
मरेकोमा पृथ्वीका बासिन्दाहरू खुशी हुनेछन्। तिनीहरू
भोज गर्नेछन् अनि एक अर्कालाई उपहार दिनेछन्।
किनभने यी दुइ अगमवक्ताहरूले पृथ्वीमा बस्ने मानिसहरूमा
अनेक यातना दिए।

११तर साँढे तीन दिनपछि परमेश्वरले ती दुइ
अगमवक्ताहरूमा परमेश्वरबाट फेरि जीवन पस्यो। तिनीहरू
आफ्ना खुट्टामा उभिए। सबै मानिसहरू जसले तिनीहरूलाई
देखे खुबै डराए। १२तब ती अगमवक्ताहरूले स्वर्गबाट
ठूलो आवाज सुने, “यहाँ माथि आऊँ।” अनि ती दुइ
अगमवक्ताहरू बादलमा माथि स्वर्ग गए। तिनीहरूका
शत्रुहरूले तिनीहरूलाई माथि गएको देखे।

१३त्यसैबेला त्यहाँ ठूलो भूकम्प गयो। एक दशाँश
नगर नष्ट भयो। अनि सात हजार मानिसहरू त्यस
भूकम्पमा मरे। मानिसहरू जो मरेनन्, तिनीहरू अत्यन्त
भयभीत थिए। तिनीहरूले स्वर्गका परमेश्वरलाई महिमा
प्रदान गरे।

१४दोस्रो विपत्ती पूर्ण भयो। तेस्रो विपती चाँड़ै
आइरहेछ।

### सातौं तुरही

१५सातौं स्वर्गदूतले आफ्ना तुरही बजाए। तब स्वर्गमा
ठूलो आवाजहरू भयो। आवाजहरूले भने,”

“संसारको राज्य अब हाम्रा परमप्रभु परमेश्वरको
अनि ख्रीष्टको भएको छ। अनि उहाँले सदासर्वदा
शासन गर्नेछन्।”

१६तब ती चौबीस अग्रजहरूले शिर भुकाए अनि
परमेश्वरको आराधना गरे। तिनीहरू ती अग्रजहरू हुन्
जो परमेश्वरको सामुन्ने आफ्ना सिँहासनमा बस्छन्।
१७ती अग्रजहरूले भने:

“प्रभु परमेश्वर जो सर्वशक्तिमान हुनुहुन्छ हामी
तपाईंलाई धन्यवाद चढ़ाउँछौ। तँपाईं नै एक
हुनुहुन्छ जो छ, जो सर्वदा थिए। हामी तपाईंलाई
धन्यवाद टक्राउँछौ किनभने तपाईंले आफ्नो
महान शक्ति लिनुभयो अनि शासन गर्नु शुरू
गर्नुभयो।

१८ संसारका राष्ट्रहरू क्रोधित थिए, तर अब तपाईं
क्रोधित हुने समय हो। अब, मृत मानिसहरूको
न्याय गर्ने समय हो। अब, तपाईंका सेवकहरू
अनि अगमवक्ताहरूलाई पुरस्कृत गर्ने समय
हो, अनि तपाईंको पवित्र मानिसहरूलाई पुरस्कृत
गर्ने समय हो, ती ठूला अनि साना मानिसहरू
जो तपाईंलाई सम्मान गर्छन्। यो ती मानिसहरूलाई
संहार गर्ने समय हो, जसले पृथ्वीको संहार
गर्छन।”

१९त्यसपछि स्वर्गमा परमेश्वरको मन्दिर खोलियो।
त्यो पवित्र सन्दूक जसमा परमेश्वरले उनका मानिसहरूलाई
दिएको करार थियो, उनको मन्दिरमा देख्न सकिन्थ्यो।
तब त्यहाँ विजुली चम्क्यो, हल्ला भयो, गर्जन भयो,
भूकम्प आयो अनि धेरै असीना पऱ्यो।

## स्त्री अनि विशाल सर्प

**१२** अनि त्यसपछि स्वर्गमा एक महा-संकेत देखा
पर्‍यो। त्यहाँ एक स्त्री थिइन् जसले सूर्य
पहिरिरहेकी थिइन। चन्द्रमा उसको पाउ मुनि थियो।
उसको शिरमा बाह्रवटा तारा लगाइएको मुकुट थियो।
२ती स्त्री गर्भवती थिइन्। तिनी पीढ़ाले कराइन् किनभने
तिनी शिशुलाई जन्म दिने अवस्थामा थिइन। ३त्यसपछि
स्वर्गमा अर्को संकेत देखा पर्‍यो। त्यहाँ एक विशाल
रातो सर्प थियो। त्यो विशाल सर्पको सातवटा शिर र
दशवटा सिंग थियो। त्यसको शिरमा सातवटा मुकुटहरू
थियो। ४त्यो विशाल सर्पको पुच्छरले आकाशको ताराहरूको
एक तिहाइ अंश सोहोरेर पृथ्वीमा खसालि दियो। त्यो
विशाल सर्प त्यस स्त्रीको सामुन्ने खड़ा थियो जो स्त्री
शिशु जन्म दिनु तयार थिइन्। त्यो सर्प त्यस स्त्रीको
बालक जन्मने बित्तिकै त्यसलाई खान चाहन्थ्यो। ५त्यो
स्त्रीले छोरो - एक पुरुष बालकलाई जन्माइन्। उसले
फलामको छडद्वारा सम्पूर्ण राष्ट्रहरूमा शासन गर्नेछ।
अनि त्यस स्त्रीको छोरोलाई परमेश्वरकहाँ अनि सिँहासनमा
लगियो। ६त्यो स्त्री परमेश्वरले उसको निम्ति तयार
गरिदिनु भएको स्थान मरूभूमितर्फ भागिन्। उसलाई त्यो
मरूभूमिमा एकहजार दुइसय साट्ठी दिनसम्म हेरचाह
गरिने छ।

७त्यसपछि स्वर्गमा एक युद्ध भयो। माइकल* अनि
तिनका दूतहरू त्यस विशाल सर्पका विरोधमा लड़े। त्यो
सर्प अनि त्यसका दूतहरू प्रतिकारमा लड़े। ८तर त्यो
विशाल सर्प त्यति शक्तिशाली थिएन। त्यो विशाल सर्प
अनि त्यसका दूतहरूले स्वर्गमा आफ्ना स्थान गुमाए।
९त्यो विशाल सर्प त्यसका दूतहरू सहित पृथ्वीमा
फालियो। त्यो विशाल सर्प त्यही पुरानो सर्प हो जसलाई
दानव अथवा शैतान भनिन्छ, त्यसले सम्पूर्ण संसारलाई
नै कुमार्गमा डोर्‍याउँछ। उसका दूतहरू पनि उसँगै पृथ्वी
तल फालियो। १०तब मैले स्वर्गमा ठूलो स्वरमा भनेको
सुने: "हाम्रा परमेश्वरको विजय, शक्ति, अनि राज्य अनि
ख्रीष्टको अधिकार अब आइपुगेको छ। किनभने हाम्रा
भाइहरूलाई दोषारोपन गर्न फ्याँकिएको छ। उसले हाम्रो
भाइहरूलाई परमेश्वरको अघि दिन रात दोष लगाई
रहेको थियो। ११हाम्रा भाइहरूले तिनलाई भेँड़ाको
पाठाको रगत अनि सत्य प्रचार गरेर परास्त गरेका छन्।
तिनीहरूले आफ्ना जीवनलाई त्यति प्रेम गरेनन् यसर्थ
तिनीहरू मृत्युसित डराएका थिएनन्। १२यसर्थ तिमी
स्वर्गहरू अनि सबै जो त्यहाँ बस्छन्, सुखी होऊ। तर
पृथ्वी अनि समुद्रको निम्ति नराम्रो हुनेछ किनभने शैतान
तिमीहरू कहाँ गएको छ। जब त्यसलाई थाहा छ कि
उसको समय अति कम्ती छ त्यो क्रोधपूर्ण छ।"

१३त्यो विशाल सर्पले देख्यो कि त्यो पृथ्वी तलतिर
फ्याँकिएको छ। यसर्थ उसले त्यस स्त्रीलाई खेद्यो जसले
एउटा छोरो जन्म दिएकी थिई। १४तर त्यस स्त्रीलाई
विशाल गरूड़को दुइ पखेटा दिइयो। यसर्थ तिनी त्यस
स्थानमा उड़ेर जान सक्थिइन् जो मरूभूमिमा तिनको
निम्ति तयार गरिएको थियो। त्यस स्थानमा साढ़ँ तीन
वर्षसम्म तिनको हेरचाह गरिने थियो। त्यहाँ तिनी त्यो
सर्पदेखि टाढ़ो बस्न सक्थिन। १५तब त्यस सर्पले आफ्नो
मुखबाट नदीले जस्तो पानी पोखायो। त्यस सर्पले त्यस
स्त्री तिर पानी खन्यायो जसद्वारा उसलाई बाढ़ीले बगाउन
सक्थ्यो। १६तर त्यस स्त्रीलाई पृथ्वीले सहायता गर्‍यो।
पृथ्वीले आफ्नो मुख खोल्यो अनि त्यस सर्पको मुखबाट
निस्केको पानी निल्यो। १७तब त्यो विशाल सर्प त्यस
स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको
अन्य बालकहरूको विरुद्ध लड़ाईं गर्न हिँड़्यो। त्यस
स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको
आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य तिनीहरूसित
थियो। १८त्यो विशाल सर्प समुद्र किनारमा खड़ा भयो।

## दुइ पशुहरू

**१३** त्यसपछि मैले समुद्रबाट एक पशु उठिरहेको
देखें। त्यसको दशवटा सिङ्ग अनि सातवटा
टाउँको थिए। त्यसको प्रत्येक सिङ्गमा एउटा मुकुट
थियो। त्यसको प्रत्येक टाउँकोमा नराम्रो नाउँ लेखिएको
थियो। २यो पशु भालूको जस्तो खुट्टा भएको चितुवा
जस्तो देखिन्थ्यो। त्यसको सिँहको जस्तो मुख थियो।
त्यो विशाल सर्पले त्यस पशुलाई आफ्ना सबै शक्ति,
उसको सिँहासन अनि महान अधिकार दियो। ३त्यस
पशुको एउटा टाउँको चोट लागेको अनि मारिएको
जस्तो देखिन्थ्यो। तर त्यो मृत्यु-घाउ निको भएको
थियो। संसारका समस्त मानिसहरू आश्चर्य चकित भए
अनि सबैले त्यस पशुलाई पछ्याए। ४मानिसहरूले त्यस
विशाल सर्पको उपासना गरे किनभने त्यसले आफ्नो
शक्ति त्यस पशुलाई दिएको थियो। अनि मानिसहरूले

---

**माइकल** प्रधान स्वर्गदूत—परमेश्वरको दूतहरूको अगुवा।

त्यस पशुको पनि उपासना गरे। तिनीहरूले सोधे, “त्यो
पशु जस्तो शक्तिशाली को छ?” को त्यसको विरुद्धमा
लड़ाईं गर्न सक्छ?”
५त्यस पशुलाई अहँकारी बचन अनि ईश्वर निन्दा
गर्न अनुमति दिइयो। त्यो पशुलाई बयालीस महीनासम्म
त्यसको शक्ति उपयोग गर्न दिइयो। ६त्यो पशुले परमेश्वरको
पक्षमा नराम्रा कुरा भन्नलाई मुख उघार्‍यो। त्यो पशुले
परमेश्वरको नाउँको विरुद्ध, त्यो स्थानको विरुद्ध जहाँ
परमेश्वर बस्छन्, अनि ती सबै, जो स्वर्गमा बस्छन्
उनीहरूको विरुद्ध कुरा भन्यो। ७त्यो पशुलाई परमेश्वरको
पवित्र मानिसहरूको विरुद्ध युद्ध गर्ने अनि उनीहरूलाई
परास्त गर्ने शक्ति दिइएको थियो। त्यो पशुलाई हरेक
जाति, वंश, भाषा अनि राष्ट्र माथि अधिकार दिइएको
थियो। ८समस्त मानिसहरू जो पृथ्वीमा बस्छन्, त्यो
पशुको उपासना गर्नेछन्। यी सबै मानिसहरू संसारको
प्रारम्भ देखि नै छन् जसको नाउँ भेँड़ाको पाठाको
जीवनको पुस्तकमा लेखिएको छैन। त्यो भेँड़ाको पाठा
उनी एक हुन् जसलाई मारिएको थियो।
९यदि कुनै व्यक्ति सुन्नु सक्छ भने, उसले यो कुरा
सुन्नु पर्छः
१० कुनै व्यक्ति यदि कैदी हुनु छ भने, तब त्यो
व्यक्ति कैदी हुने नैं छ। कुनै व्यक्ति तरवारले
मारिनु पर्छ भने, त्यो व्यक्ति तरवारले नै
मारिनेछ।
यसको मतलब यो हो कि परमेश्वरको पवित्र मानिसहरूसँग
धैर्य र विश्वास हुनु पर्छ।
११त्यसपछि मैले अर्को पशुलाई पृथ्वीबाट आइरहेको
देखेँ। त्यसको भेँड़ाको पाठाको जस्तो दुइवटा सिङ्ग
थियो, तर त्यो विशाल सर्प झैँ कुरा गर्थ्यो। १२यो पशु
पहिलेको पशु अघि उभिन्छ। अनि पहिलो पशु जस्तै
शक्तिको उपयोग गर्छ। त्यसले यो शक्ति पृथ्वीमा बस्ने
सबै मानिसहरूलाई पहिलो पशुको पूजा गराउनुमा
उपयोग गर्छ। त्यो पहिलो पशु त्यो पशु हो जसको
टाउँकोमा निको भएको डर लाग्दो घाउ थियो। १३यो
दोस्रो पशुले महान चमत्कारहरू गर्छ। मानिसहरूको
आँखा अघि स्वर्गबाट आगो पृथ्वीमा झर्न लगायो।
१४त्यो दोस्रो पशुले उसलाई दिइएको शक्ति प्रयोग गरेर
पृथ्वीमा बस्ने मानिसहरूलाई धोका दिन्छ। त्यसले यी
चमत्कारहरू पहिलो पशुको सेवाको निम्ति गर्छ। दोस्रो
पशुले पहिलो पशुलाई सम्मान गर्नका निम्ति मानिसहरूलाई
एउटा मूर्ति बनाउने आदेश दियो। यो त्यो पशु हो
जसलाई तरवारको चोट लागेको थियो, तर मरेन।
१५त्यो दोस्रो पशुलाई त्यो पहिलो पशुको मूर्ति जीवित
तुल्याउने शक्ति दिइएको थियो। तब त्यो मूर्ति बोल्न
सक्थ्यो अनि त्यसलाई पूजा-गर्ने सबैलाई मार्ने आदेश
दिन सक्थ्यो। १६त्यो दोस्रो पशुले ठूला अनि साना, धनी
अनि गरीब, मुक्त अनि दास, सबै मानिसहरूलाई
तिनीहरूको दाहिने हात अथवा निधारमा चिन्ह लाउन
विवश तुल्यायो। १७यो चिन्ह भएका मानिसहरू बाहेक
कसैले केही पनि किन्न वा बेच्न सक्तैनथ्यो। चिन्ह त्यो
पशुको नाउँ वा त्यसको नाउँको संख्या थियो। १८कोही
पनि जसकोमा बुद्धि छ उसले त्यस पशुको संख्या थाहा
लगाउनु सक्थ्यो। यहाँ बुद्धिको आवश्यक छ। यो
संख्याले मान्छेको नाम प्रतिनिधित्व गर्छ। यो ६६६ हो।

## मुक्त व्यक्तिको गीतः

**१४** त्यसपछि मैले हेरेँ, अनि त्यहाँ मेरो अघि
भेँड़ाको पाठा थियो। उ सियोन पर्वतमा उभिरहेको
थियो। त्यहाँ उसित एक लाख चवालीस हजार मानिसहरू
थिए। तिनीहरू सबैको निधारमा उसको अनि उसका
पिताको नाउँ लेखिएको थियो। २अनि मैले बाढ़ी
आएको आवाज अथवा ठूलो गर्जनको आवाज जस्तो
स्वर्गबाट आएको सुनेँ। मैले सुनेको आवाज वीणा
बजाउँदा मानिसहरूको आवाज जस्तै थियो। ३मानिसहरूले
सिँहासन, ती चार सजीव वस्तु अनि अग्रजहरू अघि
एउटा नयाँ गीत गाए। केवल ती मानिसहरू जसले नयाँ
गीत सिक्न सके, एक लाख चवालीस हजार थिए
जसलाई पृथ्वीबाट मुक्त गरिएका थिए। अन्य कसैले त्यो
गीत सिक्न सकेनन्। ४यी एक लाख चवालीस हजार
मानिसहरू जसले स्त्रीहरूसित अनुचित कर्म गरेनन् अनि
स्वयंलाई शुद्ध राखे। तिनीहरूले भेँड़ाको पाठा जता गयो
त्यतै पछयाए। यी एक लाख चवालीस हजारलाई
पृथ्वीका मानिसहरूबाट मुक्त गरिएको थियो। परमेश्वर
अनि भेँड़ाको पाठालाई अर्पण गरिएका तिनीहरू नै
पहिलो मानिसहरू थिए। ५यी मानिसहरूले कहिल्यै झुटो
बोलेनन्। तिनीहरू दोषरहित थिए।

## तीन स्वर्गदूतहरू

६तब मैले अर्को स्वर्गदूतलाई आकाशमा उड़िरहेको
देखेँ। पृथ्वीमा बस्ने मानिसहरू प्रत्येक राष्ट्र, जाति,

भाषा अनि वंशलाई प्रचार गर्नका निम्ति त्यो स्वर्गदूतसित
अनन्त सुसमाचार थियो। ७त्यो स्वर्गदूतले ठूलो आवाजमा
भन्यो, "परमेश्वरको भय राख अनि उहाँको स्तुति गर।
सबै मानिसहरूको न्याय गर्ने परमेश्वरको समय आएको
छ। परमेश्वरको उपासना गर। जसले स्वर्ग, पृथ्वी,
समुद्र अनि जल श्रोत सृष्टि गरे।"

८तब दोस्रो स्वर्गदूतले पहिलो स्वर्गदूतको अनुसरण
गर्‍यो अनि भन्यो, "उ नष्ट भई। महान नगर बेबिलोनको
नष्ट भयो। उसले सम्पूर्ण राष्ट्रहरूलाई आफ्नो व्यभिचारको
अनि परमेश्वरको क्रोधबाट निस्किएको दाखरस पिउन
लगाइ।"

९तेस्रो स्वर्गदूतले पहिलो दुइ स्वर्गदूतहरूको अनुसरण
गरे। त्यो तेस्रो स्वर्गदूतले ठूलो आवाजमा भने, जसले
त्यस पशु अनि पशुको मूर्त्तिको पूजा गर्छ, अनि आफ्ना
निधार अथवा हातमा पशुको चिन्ह अंकित गर्छ, त्यस
व्यक्तिको निम्ति नराम्रो हुनेछ। १०त्यस व्यक्तिले परमेश्वरको
क्रोधको दाखरस पिउनेछ। परमेश्वरको प्यालामा कड़ा
दाखरस हालिएको छ। त्यो व्यक्तिले पवित्र स्वर्गदूतहरू
अनि भेँड़ाको पाठाको अघि पोल्ने गन्धकद्वारा प्रचण्ड
यातना पाउनु पर्छ। ११अनि तिनीहरूको निम्ति कष्टदायक
धुवाँ सदा सर्वदा रहनेछ। ती मानिसहरू जसले पशुको
अनि त्यसको मूर्तिको पूजा गर्नेछन् अथवा त्यसको नाउँ
खोपाउने छन्, तिनीहरूको निम्ति दिन रात आराम रहने
छैन।

१२यसको मतलब-परमेश्वरको पवित्र मानिसहरूमा
धैर्य हुनुपर्छ। तिनीहरूले परमेश्वरको आदेशहरू पालन
गर्नुपर्छ अनि आफ्ना विश्वास येशू माथि राख्नु पर्छ।

१३तब, मैले स्वर्गबाट यस्तो भन्दै गरेको आवाज
सुने, "यसलाई लेख: परमप्रभुमा जो मरे तिनीहरू धन्य
हुन।"

आत्माले भन्छ, "हो, त्यो सत्य हो। ती मानिसहरू
तिनीहरूका कठिन परिश्रम देखि विश्राम गर्नेछन् किनभने
तिनीहरूले गरेका कुराहरू तिनीहरू सितै रहनेछन्।"

### पृथ्वीको फसल

१४मैले हेरें अनि मेरो अघि त्यहाँ सेतो बादल थियो।
त्यो सेतो बादलमा जो बसेका थिए तिनी मानिसको पुत्र
जस्तै देखिन्थे। उनको शिरमा सुनौलो मुकुट अनि हातमा
धारिलो हँसिया थियो। १५तब, मन्दिर बाहिर अर्को
स्वर्गदूत आयो। त्यो स्वर्गदूतले जो बादलमाथि बसेका
थिए तिनलाई भन्यो, "तिम्रो हँसिया लेऊ अनि बाली
काट। फसल काट्ने समय आयो। पृथ्वीको फल
पाक्यो।" १६यसर्थ उनी जो बादलमा बसेका थिए,
पृथ्वीमाथि आफ्नो हँसिया चलाए अनि पृथ्वीको फसल
काटियो।

१७तब स्वर्गमा मन्दिर बाहिर अर्को स्वर्गदूत निस्के।
त्यो स्वर्गदूत सित पनि धारिलो हँसिया थियो। १८त्यसपछि
वेदीबाट अर्को स्वर्गदूत आए। यो स्वर्गदूतको आगोमाथि
अधिकार थियो। यो स्वर्गदूतले धारिलो हँसिया हुने
स्वर्गदूतलाई भन्यो। उसले भन्यो, "तिम्रो धारिलो हँसिया
लेऊ अनि पृथ्वीको अङ्गूर घारीबाट अङ्गूरका झुप्पा
सँग्रह गर। पृथ्वीका अङ्गूरहरू पाकेका छन्।" १९त्यो
स्वर्गदूतले उसको हँसिया पृथ्वीमाथि चलाए अनि स्वर्गदूतले
पृथ्वीका अङ्गूरहरू संग्रह गरे अनि परमेश्वरको क्रोधको
बृहत दाख दानीमा हालिदिए। २०नगर बाहिर दाख
दानीमा अङ्गूरहरू निचोरियो। दाख दानी बाहिर रगत
बग्यो। यो दुइसय माइल टाढ़ासम्म घोड़ाको लगामहरू
भन्दा अग्लो फैलियो।

### आखिरी महामारीहरू सहित स्वर्गदूतहरू

१५ तब मैले स्वर्गमा अर्को संकेत देखे। यो महान
अनि अद्भूत थियो। त्यहाँ सात विपत्ती ल्याउने
सात स्वर्गदूतहरू थिए। ती अन्तिम विपत्तीहरू थिए।
किनभने यी विपत्तीहरू पछि परमेश्वरको प्रकोप समाप्त
हुनेछ।

२मैले आगोसित मिसिएको काँचको समुद्र जस्तै
केही चीज देखें। समस्त मानिसहरू जसले त्यो पशु
अनि त्यसको मूर्ति अनि त्यसको नाउँका संख्याहरूमाथि
विजय प्राप्त गरेका थिए, समुद्रको छेउमा उभिरहेका
थिए। यी मानिसहरूसित वीणा थियो जो परमेश्वरले
दिएका थिए। ३तिनीहरूले परमेश्वरको सेवक मोशा
अनि भेँड़ाका पाठाका गीत गाए।

"परमप्रभु-परमेश्वर, सर्वशक्तिमान,
तपाईंले जे गर्नु हुन्छ, महान अनि आश्चर्यपूर्ण छन्।
राष्ट्रहरूका राजा,
तपाईंका विचार सबै सही अनि सत्य छन्।
४हे परमप्रभु, समस्त मानिसहरू तपाईंसित भयभीत
हुनेछन्। सबै मानिसहरूले तपाईंको नाउँको स्तुति गर्नेछन्।
किनभने तपाईं मात्र पवित्र हुनुहुन्छ।

सम्पूर्ण मानिसहरू आउने छन् अनि तपाईंको सामुन्ने प्रशंसा गर्ने छन्, किनभने यो स्पष्ट छ कि तपाईं त्यो कुरा गर्नुहुन्छ जो सही छ्न्।”

५तब मैले स्वर्गमा साक्षीको मन्दिर देखे जुन खुल्ला थियो। ६अनि सात विपत्तीहरू ल्याउने स्वर्गदूतहरू मन्दिर बाहिर आए। तिनीहरूले सफा चम्किलो मलमलको लुगा लुगाएका थिए। तिनीहरूले आफ्नो छाती सुनौंला पट्टीले बाँधेका थिए। ७तब चार मध्ये एक सजीव वस्तुले ती सात स्वर्गदूतहरूलाई सातवटा सुनौला कचौरा दिए। ती कचौराहरू शाश्वत परमेश्वरको क्रोधले भरिएको थियो जो सदा सर्वदा बस्नेछन्। ८मन्दिरमा परमेश्वरको महिमा अनि शक्तिको धुवाँले भरिएको थियो। सात स्वर्गदूतका सात विपत्तीहरू पुरा नहुञ्जेल सम्म मन्दिरभित्र कसैले पनि प्रवेश गर्न सक्तैनथ्यो।

### परमेश्वरको प्रकोप भरिएका कचौराहरू

**१६** तब मैले मन्दिरबाट आएको ठूलो आवाज सुने। त्यो आवाजले ती सात स्वर्गदूतलाई भन्यो, “जाऊ अनि परमेश्वरको क्रोधका सात कचौराहरू पृथ्वीमा खन्याइ देऊ।”

२पहिलो स्वर्गदूत गए। उसले आफ्नो कचौरा जमीनमा खन्याए। तब समस्त मानिसहरूले, जसकोमा त्यस पशुको चिन्ह थियो अनि जसले त्यसको मूर्त्तिको पूजा गर्थे तिनीहरूलाई अति दुःखदायक औ घिनलाग्दो घाउहरू भयो। ३दोस्रो स्वर्गदूतले समुद्रमा उसको कचौरा खन्यायो। तब समुद्र मरेको मानिसको रगत जस्तै बन्यो। समुद्रका हरेक जीवित वस्तु मर्‍यो।

४तेस्रो स्वर्गदूतले आफ्नो कचौरा नदीहरू अनि पानीको मुहानमा खन्यायो। नदीहरू अनि पानीको मुहानहरू रगतमा परिणत भयो। ५तब मैले पानीको स्वर्गदूतले परमेश्वरलाई भनेका सुने:

“तँपाईं नै एक हुनुहुन्छ जो छ अनि जो हुनु हुन्थ्यो। तपाईं नै एक पवित्र हुनुहुन्छ। तपाईं यो न्यायहरू गर्नुमा सही हुनुहुन्छ,
६ मानिसहरूले तँपाइंका पवित्र मानिसहरू अनि तपाईंका अगमवक्ताहरूको रगत बगाइदिए। अहिले तिनीहरूलाई तँपाईंले रगत पिउनु दिनु भएको छ। तिनीहरू त्यसैको योग्य छन्।”

७अनि मैले वेदीले भन्दै गरेको सुनें:

“हो, परमप्रभु परमेश्वर, सर्वशक्तिमान तपाईंको न्याय सत्य अनि उचित छ।”

८तब चौथो स्वर्गदूतले आफ्नो कचौरा सूर्यमा खन्याए। सूर्यलाई मानिसहरूलाई आगोले पोल्ने शक्ति दिइयो। ९मानिसहरू प्रचण्ड तातोले डढे। ती मानिसहरूले परमेश्वरको नाममा सरापे जसको नांममा यी महामारीहरू थिए। तर मानिसहरूले आफ्ना हृदय परिवर्तन गर्न अनि परमेश्वरलाई महिमा प्रदान गर्न अस्वीकार गरे।

१०पाँचौ स्वर्गदूतले आफ्नो कचौरा त्यो पशुको सिँहासनमाथि खन्याए। अनि पशुको राज्यमा अन्धकारले ढाक्यो। मानिसहरूले कष्टमा आफ्ना जिब्रो टोके। ११मानिसहरूले तिनीहरूले पाएको पीड़ा अनि घाउको कारण स्वर्गका परमेश्वरलाई सरापे। तर तिनीहरूले आफ्नो कुकर्मको लागि पश्चताप गर्न अस्वीकार गरे।

१२छैटौं स्वर्गदूतले आफ्नो कचौरा विशाल नदी यूफ्रेटिसमा खन्याए। पूर्वबाट आउनु पर्ने राजाहरूको पथ निमार्णको निम्ति त्यो नदीको पानी सुक्यो। १३तब मैले तीनवटा दुष्ट आत्माहरू देखें जो भ्यागुतो जस्तै देखिन्थ्यो। तिनीहरू त्यो विशाल सर्पको मुखबाट, त्यो पशुको मुखबाट अनि झूटा अगमवक्ताको मुखबाट भ्यागुताहरू निस्के। १४यी दुष्ट आत्माहरू दानवहरूका आत्मा थिए। तिनीहरूमा चमत्कार गर्ने शक्ति थियो। यी दुष्ट आत्माहरू संसारका राजाहरूकहाँ जान्छन्। तिनीहरू परमेश्वर-सर्वशक्तिमानको महा-दिवसमा लड़ाइ गर्न राजाहरू बटुल्न जान्छन्।

१५“सुन! म चोर पसे जस्तो गरी आउने छु। धन्य हो जुन व्यक्ति नसुती बस्छ अनि आफ्ना वस्त्रहरू आफूसित राख्छ। तब उ वस्त्रविहीन हुने छैन अनि उसमा मानिसहरूले नाङ्गोपना देख्दा लज्जास्पद हुनु पर्ने छैन।”

१६त्यसपछि ती दुष्ट आत्माहरूले राजाहरूलाई त्यस स्थानमा भेला गर्छन जसलाई हिब्रू भाषामा अर्मागेद्दोन भनिन्छ।

१७सातौं स्वर्गदूतले आफ्नो कचौरा हावामा खन्यायो। तब मन्दिरभित्र भएको सिँहासनबाट ठूलो आवाज आयो। आवाजले भन्यो, “यो अब समाप्त भयो।” १८तब बिजुली चम्कयो, हो हल्ला, गर्जन भयो अनि ठूलो

भूकम्प गयो। यो भूकम्प मानिसहरू पृथ्वीमा सृष्टि भए
पछिको भयानक भूकम्प थियो। १९त्यो विशाल नगर
तीन भागमा टुक्रियो। राष्ट्रहरूका नगरहरू नष्ट भए।
अनि परमेश्वरले विशाल बेबिलोन नगरलाई दण्ड दिनु
बिर्सनु भएन। उहाँले त्यस नगरलाई उहाँको अर्को
भयानक प्रकोपको प्याला दिनु भयो। २०हरेक द्वीपहरू
लुप्त भयो अनि त्यहाँ पर्वतहरू रहेनन्। २१ठूल ठूला
असिना आकाशबाट मानिसहरू माथि झर्‍यो। यी असिनाहरू
प्रत्येकको ओजन लगभग एकसय पाउण्ड थियो।
मानिसहरूले परमेश्वरलाई यो असिनाबाट पाएको कष्टको
कारणले सरापे। यो कष्ट एक भयानक कष्ट थियो।

### पशुमाथिकी स्त्री

**१७** सातवटा कपहरू हुने स्वर्गदूतहरू मध्ये एकजना
आए अनि मलाई भने, "आऊ, म तिमीलाई
त्यो दण्ड देखाउँछु जो त्यस महावेश्यालाई दिइनेछ। उ
धेरै पानीमाथि बसेकी छे। २पृथ्वीका राजाहरूले उसित
यौन पाप गरेका छन्। पृथ्वीका मानिसहरू उसको
यौन-पापको दाखरस पिएर बेहोस भएका छन्।"

३तब त्यो स्वर्गदूतले मलाई बोकेर मरूभूमिमा आत्माको
नजिक लगे। त्यहाँ मैले एउटी स्त्रीलाई रातो पशुमाथि
बसेकी पाँए। त्यो पशु जुन परमेश्वरको वदनामी लेखिएका
नामहरूले ढाकिएको थियो। त्यो पशुका सातवटा टाउँको
अनि दशवटा सिङ्गहरू थिए। ४त्यो स्त्रीले बैजनी अनि
रातो रङ्गको बस्त्र पहिरेकी थिई। त्यो उसले लाएका
सुन, रत्न अनि मोतीहरूमा चम्किरहेकी थिई। उसको
हातमा एक सुनौलो प्याला थियो। त्यो प्याला भयानक
वस्तुहरू अनि त्यस स्त्रीको अशुद्ध यौन पापले भरिएको
थियो। ५उसको निधारमा उपाधि लेखिएको थियो। त्यो
उपाधिको गुप्ती अर्थ थियो। यो लेखिएको थियो:

**महान बेबिलोन**
**वेश्याहरू अनि पृथ्वीका**
**दुष्ट कुराहरूको जननी।**

६मैले देखें कि त्यस स्त्री मातेकी थिई। उसले
परमेश्वरको पवित्र मानिसहरू अनि जसले येशूमा आफ्नो
विश्वास बताएका थिए तिनीहरूको रगत पिएर मातेकी
थिई। जब मैले त्यस स्त्रीलाई देखें, म पुरै आश्चर्य
चकित भएँ। ७तब त्यो स्वर्गदूतले मलाई भने, "तिमी
किन आश्चर्य चकित भयौ? म तिमीलाई यस स्त्रीको
अनि उ चढ़ेको पशुको जसको सातवटा टाउँको अनि
दशवटा सिङ्ग छ गुप्ती अर्थ बताउने छु। ८त्यो पशु
जसलाई तिमीले देख्यौ, एक समयमा जीवित थियो। तर
अहिले त्यो पशु जीवित छैन। तर त्यो पशु जीवित हुनेछ
अनि अतल खाल्डोबाट निस्केर नष्ट हुनलाई जानेछ।
पृथ्वीमा बस्ने मानिसहरू, आश्चर्य चकित हुनेछन्। जब
तिनीहरूले त्यो पशु देख्छन् तिनीहरू आश्चर्य चकित
हुनेछन् किनभने एक समयमा त्यो पशु जीवित थियो,
अहिले जीवित छैन, तर त्यो फेरि आउनेछ। यी
मानिसहरू ती हुन् जसका नाउँहरू संसारको सृष्टि
भएदेखि जीवनको पुस्तकमा लेखिएका छैनन्।

९"यसलाई बुझ्नका निम्ति तिमीलाई ज्ञानपूर्ण हृदयको
खाँचो छ। त्यो पशुमा भएका सात टाउकाहरू सातवटा
पहाड़हरू हुन् जहाँ त्यो स्त्री बस्छे। तिनीहरू सात
राजाहरू पनि हुन्। १०पाँच जना राजाहरू मरिसकेकाछन्।
एकजना राजा अहिले जीवित छन्। अनि अन्तिम राजा
आइरहेकाछन्। जब उनी आउँछन्, छोटो समय मात्र
रहनेछन्। ११त्यो पशु जो एक समयमा जीवित थियो,
तर अहिले मरेको छ त्यो आठौं राजा हो। यो आठौं
राजा पनि पहिलो सात राजाहरूका अनि उ नष्ट हुनको
लागि जानेछ।

१२"तिमीले देखेका दशवटा सिङ्गहरू दश राजाहरू
हुन्। यी दश राजाहरूले अहिलेसम्म राज्य पाएका
छैनन्। तर तिनीहरूले एक घण्टाको निम्ति त्यो पशुसित
शासन गर्ने अधिकार प्राप्त गर्नेछन्। १३यी सबै दश
राजाहरूको एउटै उद्देश्य छ। अनि तिनीहरूले आफ्नो
शक्ति अनि अधिकार त्यो पशुलाई दिनेछन्। १४तिनीहरूले
भेँड़ाको पाठासित लड़ाईं गर्नेछन्। तर भेँड़ाको पाठाले
तिनीहरूलाई परास्त गर्नेछ, किनभने उहाँ परमप्रभुका
प्रभु अनि राजाहरूका राजा हुन्। उसले तिनीहरूलाई
उसको चुनेका अनि बोलाएका विश्वासी चेलाहरूद्वारा
परास्त गर्नेछन्।"

१५तब स्वर्गदूतले मलाई भने, "तिमीले त्यो वेश्या
जहाँ बसेकी थिई त्यो पानी देख्यौ। त्यो पानी संसारका
धेरै मानिसहरू, भिन्न भिन्न वंशहरू राष्ट्रहरू अनि
भाषाहरू हुन्। १६त्यो पशु अनि दश सिङ्गेहरू जसलाई
तिमीले देख्यौ, त्यो वेश्यालाई तिरस्कार गर्नेछन्। त्यो
सित भएका हरेक चीज तिनीहरूले लिनेछन् अनि
त्यसलाई नाङ्गो पारेर छाड़िदिने छन्। तिनीहरूले त्यसको

मासु खानेछन् अनि आगोले डढ़ाउनेछन्। १७परमेश्वरले ती दश सिङ्गेलाई आफ्नो उद्देश्य पुरा गर्ने इच्छुक बनाए। तिनीहरू शासन गर्न आफ्नो शक्ति त्यो पशुलाई दिनु राजी भए। आफ्नो शक्ति प्रदान गर्न राजी भए। परमेश्वरले भनेका कुराहरू पूर्ण हुञ्जेल सम्म तिनीहरूले शासन गर्नेछन्। १८तिमीले देखेको त्यस स्त्री त्यो महानगर हो जसले पृथ्वीका राजाहरूमाथि शासन गर्छे।"

### बेबिलोन ध्वंशभयो

**१८** तब मैले स्वर्गबाट तल झर्दै गरेको अर्को स्वर्गदूतलाई देखें। यो स्वर्गदूतको महा शक्ति थियो। त्यस स्वर्गदूतको महिमाले पृथ्वी उज्यालो भयो। २त्यो स्वर्गदूत जोड़ले करायो:

"उसको संहार भयो। बेबिलोन महानगर संहार भयो! उ अशुद्ध आत्माको बासस्थान बनियो उ हरेक दुषित आत्मा बस्ने स्थान बनियो। उ सबै किसिमका अस्वच्छ पंक्षीहरू बस्ने नगर बनियो। उ हरेक अस्वच्छ औ घृणित पशुहरूको नगर बनियो।

३ पृथ्वीका समस्त राष्ट्रहरूले उसको व्यभिचारको अनि परमेश्वरको प्रकोपको दाखरस पिएका छन्। पृथ्वीका राजाहरूले उसित व्यभिचारीको पाप गरेकाछन्। अनि संसारका व्यापारीहरू उसको भोग विलासको सम्पत्तिबाट धनी बनेका छन्।"

४त्यस पछि मैले स्वर्गबाट अर्को आवाजमा भन्दै गरेको सुने:

"मेरा मानिसहरू, त्यस नगरबाट बाहिर निस्क जसद्वारा तिमी उसको पापमा सहभागी हुनेछैनौ। तब उ माथि थोपरिएको कुनै पनि कष्ट तिमीले भोग्ने छैनौ।

५ त्यो नगरको पाप आकाश सम्म थाक लागेका छ। त्यसले गरेका अपराध परमेश्वरले बिर्सनु भएको छैन।

६ उसले जस्तो गरेकी थिई, ठीक त्यही गर, यसले जति गरेको छ त्यसको दोब्बर उसलाई देऊ। उसले अरूलाई जस्तो दाखरस तयार पारेकी थिई, त्यो भन्दा दोब्बर शक्ति भएको तयार पार।

७ त्यसले स्वयंलाई अधिक गौरव अनि वैभव दिई। उसलाई त्यतिकै यातना अनि उदासीपन देऊ। उ आफैले भन्छे, 'म सिंहासनमा बसेकी रानी हुँ। म विधुवा होइन, मैले कहिल्यै दु:ख अनुभव गरिन।'

८ यसर्थ यी कष्टहरू ऊ माथि आउनेछन्: मृत्यु, संतप्त, अनि अनिकाल। किनभने परमप्रभु परमेश्वर शक्तिशाली छन् जसले न्याय गर्नेछन् यसर्थ तिनलाई आगोले नष्ट गरिनेछ।

९"पृथ्वीका राजाहरू जसले उसित यौन-पाप गरे अनि त्यसको सम्पत्तिमा सह-भोग गरे तिनीहरूले त्यो बल्दै गरेको धुवाँ देख्नेछन्। तब ती राजाहरू रूने छन् अनि उसको मृत्युमा अफसोस गर्ने छन्। १०ती राजाहरू त्यसको यातनामा भयभीत हुनेछन अनि उदेखि टाढ़ै रहनेछन्। ती राजाहरूले भन्नेछन्:

'हे! शक्तिशाली नगर बेबिलोन! दु:खै दु:ख होस तिमीलाई एक घण्टा भित्रैमा तिमीले सजाय पायौ।'

११"पृथ्वीका व्यापारीहरू रूनेछन् अनि उसको निम्ति अफसोस गर्ने छन्। तिनीहरू शोकित हुनेछन् अति रूनेछन् किनभने त्यहाँ तिनीहरूको चीजहरू किन्नु कोही आउने छैनन्। १२तिनीहरू सुन, चाँदी, रत्न, मोती, मलमल बस्त्र, बैजनी बस्त्र, रेशम अनि रातो बस्त्र, सबै किसिमका सुगन्धित काठ, अनि हात्तीको हात बहुमूल्य काठ, काँसा, फलाम अनि सिङ्गमरमरले बनिएको सबै प्रकारका चीजहरू बेच्छन्। १३ती व्यापारीहरू दालचिनी, मसाला, धूप, सुगन्धित अत्तर, अति सुगन्धित धूप, दाखरस, अनि भद्रासेको तेल, मैदा, गहुँ, गाई-बस्तु, भेँड़ा, घोड़ा, रथ, कमारा अनि कठपुतली मानवहरू पनि बेच्छन्। तिनीहरू विलाप गर्नेछन् अनि भन्नेछन्:

१४ 'हे बेबिलोन, तिम्रो इच्छाका आकर्षित बस्तुहरूले, तिमीलाई त्यागे, तिम्रो विलासी औ बहुमूल्य बस्तुहरू अल्पिए। तिमीले ती बस्तुहरू फेरि कहिल्यै पाउने छैनौ।'

१५"ती व्यापारीहरू त्यसको यातना देखि भयभित हुनेछन्
अनि त्यो देखि टाढै रहनेछन्। यी मानिसहरू नै हुन् जो
यस्ता चीजहरू बेचेर धनवान भए। तिनीहरू रूनेछन्
अनि शोक गर्नेछन्। १६तिनीहरूले भन्नेछन्:

'कष्ट! कष्ट महानगरलाई, उ मिहीन मलमल,
बैजनी, अनि रातो बस्त्रको पहिरनमा थिई। उ
सुन, रत्न अनि मोतीहरूद्वारा चम्किरहेको थिई!
१७ यी सबै वैभवहरू घण्टा भरमा ध्वंस भयो।'

"प्रत्येक जहाजको कप्तान, समस्त मानिसहरू जो
जहाजमा यात्रा गर्छन्, नाविकहरू अनि सम्पूर्ण मानिसहरू
जो समुद्रमा पैसा कमाउँछन्, बेबीलोन देखि टाढै रहे।
१८तिनीहरूले त्यो जलेको धुवाँ देखे। तिनीहरूले ठूलो
स्वरमा भने, "यो महान नगर जस्तो महानगर कुनै नगर
थिएन!" १९तिनीहरूले आफ्ना शिरमा धूलो हाले।
तिनीहरूले विलाप गरे अनि अफसोस गरे। तिनीहरूले
ठूलो आवजमा भने:

'कष्ट! महानगरको निम्ति कति कष्ट! सबै
मानिसहरू जसका समुद्रमा जहाजहरू थिए,
उसको सम्पत्तिद्वारा धनवान भए। तर घण्टा
भरमा त्यसको ध्वंस भयो।
२० हे स्वर्ग। उसलाई जे भयो, त्यसको निम्ति
खुसी होऊ खुसीबन, परमेश्वरका पवित्र मानिसहरू
प्रेरितहरू अनि अगमवक्ताहरू। किनभने
परमेश्वरले त्यसको व्यवहारको निम्ति दण्ड
दिएका छन्।'"

२१त्यसपछि एक शक्तिवान स्वर्गदूतले एक विशाल
चट्टान टिपे। यो चट्टान जाँतो जत्रै ठूलो थियो। स्वर्गदूतले
त्यो चट्टान समुद्रमा हाने अनि भने:

"महानगर बेबिलोन यसरी नै फ्याँकिइने छ
अनि फेरि कहिल्यै पाइनेछैन।
२२ वीणा अनि अरू वाद्य यन्त्र जस्तै वाँसुरी अनि
तुरहीहरूबाट कहिल्यै मानव संगीत सुनिनेछैन्।
तेरोमा फेरि कुनै व्यवसायको कर्मी पाइने छैन।
तेरोमा कहिल्यै जाँतोको आवाज सुनिने छैन।
२३ तेरोमा बत्तिको ज्योति फेरि कहिल्यै चम्कने
छैन। वेहुला वेहुलीको स्वर तेरोमा सुनिने छैन।
तेरा व्यापारीहरू संसारका महामानवहरू थिए,
समस्त राष्ट्रहरू तेरो जादू-टुना मुनाले छलिएका
थिए।
२४ अगमवक्ताहरू अनि परमेश्वरका पवित्र मानिसहरू
अनि सबै मानिसहरू जो पृथ्वीमा मारिएकाछन्,
तिनीहरूको रगतको दोषी छ बेबिलोन।"

### स्वर्गमा मानिसहरू परमेश्वरको स्तुति गर्छन्

१९ तब मैले स्वर्गमा धेरै मानिसहरूको बड़ी भीड़ले
गरेको गर्जन जस्तै आवाज सुनें। तिनीहरू भन्दै
थिए:

"हल्लेलूयाह! विजय, महिमा अनि शक्ति हाम्रा
परमेश्वरमा रहिरहून्।
२ किनभने उहाँको न्याय सत्य अनि सही छ।
हाम्रा परमेश्वरले वेश्यालाई दण्डित तुल्याए। उ
नै हो जसले आफ्नो व्यभिचार द्वारा पृथ्वीलाई
भ्रष्ट पारी परमेश्वरले वेश्यालाई दण्ड दिए,
आफ्ना सेवकहरूको खुनको बदला लिए।"

३स्वर्गका मानिसहरूले यो पनि भने:
"हल्लेलूयाह! त्यो जल्दैछे अनि त्यसको धुवाँ
सदा-सर्वदा उँभो जान्छ।"

४त्यसपछि चौबीस अग्रजहरू अनि चार सजीव
बस्तुहरू निहुरिए अनि परमेश्वरको उपासना गरे। जो
सिँहासनमा बसिरहेका थिए यसो भन्दै:

"आमिन, हल्लेलूयाह!"

५त्यसपछि सिँहासनबाट एउटा आवाज आयो। आवाजले
भन्यो:
"तिमी सबै मानिसहरू जो उनको सेवा गर्छौ,
हाम्रा परमेश्वरको स्तुति गर। तिमीहरू सबै
साना ठूला मानिसहरू जसले उनको सम्मान
गर्छौ, हाम्रा परमेश्वरको स्तुति गर।"

६त्यसपछि मैले ठूलो भीड़ले गरेको आवाज जस्तै,
बाढ़ीको पानीको आवाज जस्तै ठूलो गर्जनको आवाज
जस्तै यसो भन्दै गरेको सुने:

"हल्लेलूयाह। हाम्रा परमप्रभु परमेश्वरले शासन
गर्नु हुन्छ। उनी महाशक्तिशाली छन्।
७ हामी खुशी मनाऔ अनि खुशी होऊ अनि
परमेश्वरलाई महिमा प्रदान गरौं! भेँड़ाको पाठाको
विवाहको समय यही हो। अनि भेँड़ाको पाठाकी
बधूले स्वयंलाई तयार पारेकी छ।
८ बधूको पहिरनको लागि उत्तम मलमल दिइएको
थियो। मलमल चम्किलो र सफा थियो।"

उत्तम मलमल को अर्थ परमेश्वरको मानिसहरूको सुकर्म।

[९]तब त्यस स्वर्गदूतले मलाई भने, "यो लेख: धन्य हुन ती मानिसहरू जसलाई भेड़ाको पाठाको विवाह-भोजमा निमंत्रण गरियो। तब त्यस स्वर्गदूतले भने, "यी परमेश्वरका सत्य वचन हुन्।"

[१०]म उसलाई आराधना गर्नका निम्ति स्वर्गदूतको पाउमा भूकें। तर स्वर्गदूतले मलाई भने, "मलाई आराधना नगर! म, तिमी अनि तिम्रो भाइहरू जस्तै सेवक हुँ जोसित येशूको सत्यता छ। यसर्थ परमेश्वरको आराधना गर किनभने अगमवाणीको आत्मा नै येशूको सत्यता हो।"

## सेतो घोड़ामा सवार

[११]तब मैले खोलिएको स्वर्ग देखें। मेरो सामुन्ने एउटा सेतो घोड़ा थियो। घोड़ सवारलाई विश्वासी अनि सत्य भनिन्छ। तिनी ठीक न्याय गर्छन अनि साँचो लडाई लड़ाउँछन्। [१२]तिनका आँखा बल्दो आगो जस्तो थियो। तिनका शिरमा अनेक मुकुटहरू छन्। तिनको नाम तिनीमाथि लेखिएको छ। तर तिनी मात्र एक जना छन् जसले त्यो नाउँ जान्दछन्। अन्य कुनै व्यक्तिले त्यो नाउँ जान्दैन। [१३]तिनले रगतमा डुबाएको पोशाक पहिरेका थिए। तिनको नाउँ परमेश्वरको वचन हो। [१४]स्वर्गका सेनाहरू तिनलाई पछ्याइ रहेका थिए। तिनीहरू सेता घोड़ामा सवार थिए। तिनीहरू सेतो अनि सफा चिल्लो मलमलका पहिरनमा थिए। [१५]घोड़सवारको मुखबाट एक धारिलो तरवार बाहिर निस्कन्छ। तिनले राष्ट्रहरूलाई परास्त गर्नका निम्ति यो तरवार प्रयोग गर्नेछन्। तिनले फलामे डण्डाले राष्ट्रहरूमाथि शासन गर्ने छन्। तिनले सर्वशक्तिमान परमप्रभुको भयानक प्रकोपको दाख-भट्टीमा अङ्गूर निचोर्ने छन्। [१६]तिनको पोशाक अनि तिनको फिलामा यो नाउँ लेखिएको थियो:

## राजाहरूका महाराजा अनि प्रभुहरूका महाप्रभु

[१७]त्यसपछि मैले सूर्यमा उभिएका एउटा स्वर्गदूतलाई देखें। त्यो स्वर्गदूतले ठूलो स्वरमा माथि आकाशमा उड़िरहेका सबै पक्षीहरूलाई भने, "परमेश्वरको महाभोजमा सम्मिलित हुनु एक साथ आऊ। [१८]राजाहरू, सेनाका सेनाध्यक्षहरू अनि प्रसिद्ध मानिसहरूको मासु खानु एक साथ आऊ। घोड़ाका अनि तिनका सवारहरूका अनि सबै मुक्त, दास, साना अनि ठूला मानिसहरूको मासु खानु एक साथ आऊ।"

[१९]त्यसपछि मैले त्यो पशु अनि पृथ्वीका राजाहरू देखें। तिनीहरूका सेनाहरू घोड़-सवार अनि तिनका सेनासित युद्ध गर्नका निम्ति एकसाथ एकत्र भएका थिए। [२०]तर त्यो पशुलाई कब्जा गरियो। भूटो अगमवक्तालाई पनि कैद गरियो। यो भूटो अगमवक्ता त्यो थियो जसले त्यो पशुको निम्ति चमत्कारिक संकेतहरू गरेको थियो। भूटो अगमवक्ता त्यो थियो जसले त्यो पशुको लागि चमत्कारिक संकेतहरू गर्थ्यो। असत्य अगमवक्ताले ती व्यक्तिहरूलाई जसमा पशुको चिन्ह लगाइको थियो अनि पशुका मूर्तिलाई पूजा गर्थे, छक्काउन चमत्कारिक कर्महरू गर्थ्यो। त्यो भूटो अगमवक्ता अनि पशुलाई गन्धक बल्ने आगोको कुवामा फ्याँकी दिए। [२१]तिनीहरूका सेनाहरू घोड़सवारको मुखबाट निस्केको तरवार द्वारा मारिए। सम्पूर्ण पक्षीहरूले पेट भरूञ्जेल ती शवहरू खाए।

## एकहजार वर्ष

२० मैले एक स्वर्गदूतलाई स्वर्गबाट ओर्लिरहेको देखें। त्यो स्वर्गदूतसित अतल खाड़लको चाबी थियो। त्यो स्वर्गदूतले आफ्नो हातमा एक बृहत सिक्री पनि समातेको थियो। [२]त्यो स्वर्गदूतले त्यो विशाल सर्पलाई अँठ्याए। त्यो विशाल सर्प दानव अथवा शैतान हो। त्यो स्वर्गदूतले त्यसलाई त्यो सिक्रीले एक हजार वर्षको निम्ति बाँधे। [३]त्यो स्वर्गदूतले त्यो सर्पलाई त्यो अतल खाल्डामा हालि दिए अनि त्यसलाई बन्द गरिदिए। त्यो स्वर्गदूतले सर्पलाई ताला लगाइ दिए ताकि एक हजार वर्ष सम्म राष्ट्रहरूलाई छल्न नसकोंस। एकहजार

वर्ष पछि केही समयको निम्ति त्यो सर्पलाई मुक्त पार्नु पर्छ।

[४]तब मैले केही सिंहासनहरू जहाँ मानिसहरू बसेको देखें। यी मानिसहरू तिनीहरू थिए जसलाई न्याय गर्ने अधिकार प्रदान गरिएको थियो। अनि मैले ती मानिसहरूको आत्मा देखें जसलाई मारिएको थियो, किनभने तिनीहरू येशूको सत्यता अनि परमेश्वरको सन्देश प्रति विश्वासी थिए। ती मानिसहरूले त्यो पशु अनि त्यसको मूर्त्तिको उपासना गरेनन्। तिनीहरूले आफ्ना निधार वा आफ्ना हातमा त्यो पशुको चिन्ह अङ्कित गरेनन्। ती मानिसहरू फेरि जीवित भए अनि ख्रीष्टसंग एक हजार वर्ष सम्म शासन गरे। [५]एक हजार बर्ष पुरा नहुञ्जेल सम्म अन्य मानिसहरू फेरि जीवित भएनन्। यो मृत्यु पछि वौरिने प्रथम पल्ट हो। [६]ती मानिसहरू जो पहिलो पुनर्जागरणको सहभागी भए तिनीहरू धन्य अनि पवित्र हुन्। यी मानिसहरूमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन। ती मानिसहरू परमेश्वर अनि ख्रीष्टको निम्ति पूजाहारीहरू हुनेछन्। तिनीहरूले एक हजार वर्षको निम्ति शासन गर्नेछन्।

### शैतानको पराजय

[७]जब एक हजार वर्ष पूर्ण हुन्छ शैतानलाई उसको कैदबाट मुक्त गरिनेछ। [८]शैतान पृथ्वीका समस्त राष्ट्रहरू गोग अनि मागोगलाई छल गर्न जानेछ। शैतानले लड़ाँईको निम्ति मानिसहरू भेला गर्नेछ। त्यहाँ ठूल ठूलो भीड़ लाग्नेछ अनि तिनीहरू समुद्र किनारको बालुवा सरी अनगन्ति हुनेछन्। [९]शैतानको सेना पृथ्वी पारी गए अनि परमेश्वरका मानिसहरूका शिविर अनि परमेश्वरको प्यारो नगर वरिपरि एकत्रित भए। तर स्वर्गबाट आगो आयो अनि शैतानको सेनालाई ध्वंश पाऱ्यो। [१०]अनि शैतान जसले मानिसहरूलाई छल गरिरहेको थियो, जलिरहेको गन्धकको पोखरीमा हालिदियो जहाँ झूटो अगमवक्ता अनि त्यो पशु अघि नै फ्याँकिएका थिए। त्यहाँ दिन रात सदासर्वदा तिनीहरूलाई सजाय भोगाइनेछ।

### संसारको मानिसहरूको न्याय

[११]तब मैले एक विशाल सेतो सिंहासन देखें। मैले एक उनीलाई देखें जो सिँहासनमा थिए। उनीदेखि पृथ्वी अनि आकाश भागे अनि अल्पिए। [१२]अनि मैले ती महान अनि साधारण मानिसहरू जो मरिसकेका थिए, सिहाँसन अघि उभिएका देखें। अनि त्यो जीवनको पुस्तक खोलियो। त्यहाँ अन्य पुस्तकहरू पनि खुल्ला थिए। यी मरेका मानिसहरूलाई तिनीहरूले गरेका कर्महरूको आधारमा जुन ती कितापहरूमा लेखिएको थिए न्याय गरियो। [१३]समुद्रले ती मृत मानिसहरू दियो जो त्यसमा थिए। मृत्यु अनि पातालले तिनीहरूसंग भएका मृत मानिसहरू दिए। प्रत्येक व्यक्तिलाई उसले गरेका कर्मको आधारमा न्याय गरियो। [१४]अनि मृत्यु एवं पाताललाई अग्नि-कुण्डमा हालियो। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। [१५]यदि कुनै व्यक्तिको नाउँ जीवनको पुस्तकमा लेखिएको नभेट्टाइए त्यो व्यक्तिलाई अग्नि-कुण्डमा हालिन्थ्यो।

### नयाँ यरूशलेम

**२१** तब मैले एउटा नयाँ स्वर्ग अनि नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग अनि पृथ्वी अदृष्य भयो। अब त्यहाँ सागर थिएन। [२]अनि मैले पवित्र नगरलाई स्वर्ग अनि परमेश्वर तलतिर झरिरहेको देखें। यो पवित्र नगर नयाँ यरूशलेम हो। यसलाई आफ्नो पतिको निम्ति सिंगारिएकी दुलही जस्तै बनाइएको थियो। [३]मैले सिँहासनबाट आएको ठूलो आवाज सुनें। त्यो आवाजले भन्यो, "अब परमेश्वरको भवन मानिसहरूसंग छ। उनी तिनीहरूसंग रहेनछन्। तिनीहरू उनका मानिसहरू हुनेछन्। परमेश्वर स्वयं तिनीहरूसित हुनेछन् अनि तिनीहरूका परमेश्वर बन्नेछन्। [४]परमेश्वरले तिनीहरूको आखाँबाट जम्मै आँशु पुछ्नेछन्। अब उसो त्यहाँ मृत्यु, शोक, रोदन वा पीडा केही हुने छैन। सबै पुरानो वस्तुहरू बितेर गए।"

[५]उनी एक जो सिँहासनमा थिए तिनले भने, "हेर! अहिले म हरेक कुरालाई नयाँ तुल्याउँदैछु। तब उनले भने, "यसलाई लेख, किनभने यी वचनहरू विश्वास योग्य अनि सत्य छन्।"

[६]उनी जो सिंहासनमा थिए तिनले मलाई भने, "यो समाप्त भयो। म नै अल्फा अनि ओमेगा, आदि अनि अन्त हुँ। म कुनै पनि व्यक्ति जो तिर्खाएको छ उसलाई जीवन जल श्रोतबाटै मुक्त रूपले दिनेछु। [७]कुनै व्यक्ति, जसले विजय प्राप्त गर्छ, यो सबै प्राप्त गर्नेछ। अनि म उसको परमेश्वर हुनेछु। अनि उ मेरो छोरो हुनेछ। [८]तर मानिसहरू जो कातर, अविश्वासी धृणाजनक कर्म गर्ने, हत्यारा व्यभिचारी जादूवाला, मूर्तिपूजक अनि जम्मै मिथ्यावादी छन् तिनीहरूले गन्धकको अग्नि कुण्डमा ठाँउ पाँउछन्। यो दोस्रो मृत्यु हो।"

[९]सात स्वर्गदूतहरू मध्ये एकजना दूत मेरोमा आए। तिनी स्वर्गदूतहरू मध्येका एक हुन जसकोमा अन्तिम आखिरी कष्टहरूले भरिएका सात कचौराहरू थिए। ती स्वर्गदूतले भने, "मसित आऊ। म तिमीहरूलाई भेँड़ाको पाठाको बेहुली देखाँउछु जो भेड़ाको पाठाकी स्वास्नी हो।" [१०]ती स्वर्गदूतले मलाई आत्मामा बोकेर अत्यन्त विशाल अनि उच्च पर्वतमा लगे अनि पवित्र नगर, यरूशलेम देखाए। त्यो नगर परमेश्वरको स्वर्गबाट-तलतिर झरिरहेथ्यो। [११]यो परमेश्वरको महिमाले चम्किरहेथ्यो। यसको चमक वहुमूल्य रत्न यशब झैं उज्ज्वल थियो। [१२]त्यो नगरमा बाह्र ढोकाहरू सहित एक विशाल उच्च पर्खाल थियो जहाँ बाह्रजना स्वर्गदूतहरू थिए। प्रत्येक ढोकामा इस्राएलीहरूका बाहू वंशहरू मध्ये एक वंश परिवारको नाउँ लेखिएको थियो। [१३]पूर्वपट्टि तीन ढोका, उत्तरपटि तीनवटा ढोका, दक्षिणपटि तीनवटा ढोका अनि पश्चिम पटि तीनवटा ढोकाहरू थिए। [१४]नगरका पर्खाल बाह्रवटा आधार शिला माथि निर्माण गरिएको थियो। शिलाहरूमा भेँड़ाको पाठाको बाहू-प्रेरितहरूको नाउँ लेखिएको थियो।

[१५]त्यो स्वर्गदूत जसले मसित बात गरे, तिनको हातमा सुनको नाप्ने डण्डा थियो। त्यो स्वर्गदूतसित भएको डण्डा, त्यसको ढोका अनि पर्खालहरू नाप्नको लागि थियो। [१६]त्यो नगर एक वर्गाकार क्षेत्रमा निर्माण गरिएको थियो। त्यसको लम्बाई र चौड़ाइ बराबर थियो। स्वर्गदूतले त्यो डण्डाले नगरको नाप गरे। त्यो नगर बाह्र हजार स्टेडिया लामो, बाहूहजार स्टेडिया चौड़ा अनि बाहूहजार स्टेडिया अग्लो थियो। [१७]स्वर्गदूतले पर्खाललाई पनि नापे। त्यो एक सय चवालीस हात थियो। यो मानिसहरूको नपाई हो जो स्वर्गदूतले चलाए। [१८]पर्खाल यशबले बनाइएको थियो। त्यो नगर शुद्ध काँच जस्तो शुद्ध सुनले निर्माण भएको थियो। [१९]त्यो नगरको पर्खालका आधार शिलामा हरेक किसिमका मूल्यवान मोतीहरू थिए। पहिलो आधार शिला यशब, दोस्रो नीलम, [२०]तेस्रो स्फटिक, चौथो पन्ना, पाँचौ गोमेद, छैटौं मानक, सातौं पीतमणि, आठौं पिरोजा, नवौं पोखराज, दशौ लहसूने, एधारौं धुम्रकान्त अनि बाहौं चन्द्रकान्त रत्नहरू थिए। [२१]बाहू ढोकाहरू बाहू मोतीहरू थिए। प्रत्येक ढोका एक एक मोतिद्वारा निर्माण गरिएको थियो। नगरको गल्ली सफा कांच भैँ शुद्ध सुनको बनाइएको थियो। त्यो सुन काँच जस्तै स्वच्छ थियो।

[२२]मैले नगरमा मन्दिर देखिन। सर्व-शक्तिमान परमप्रभु परमेश्वर अनि भेड़ाँको पाठा नगरको मन्दिर थियो। [२३]नगरलाई उज्यालो पार्न सूर्य अनि चन्द्रमा चाहिँदैन्थ्यो किनभने परमेश्वरको महिमाले त्यो नगरलाई प्रकाश दिन्छ अनि भेँड़ाको पाठा नगरको बत्ती हो। [२४]संसारका राष्ट्रहरू नगरको प्रकाशमा हिँड़ने छन्। पृथ्वीका राजाहरूले आफ्ना गौरव त्यो नगरमा ल्याउने छन्। [२५]नगरका ढोकाहरू कुनै दिन, बन्द रहेन, किनभने त्यहाँ रात छैन। [२६]राष्ट्रहरूका महानता अनि सम्पति त्यो नगरमा ल्याइनेछ। [२७]नगरमा अस्वच्छ वस्तुहरू कोही पस्न पाउने छैन। कुनै पनि व्यक्ति जो लज्जाजनक कुराहरू गर्छ वा भूटो बोल्छ यो नगरमा कहिल्यै प्रवेश गर्ने छैन। केवल ती मानिसहरू, जसका नाउँ भेँड़ाका पाठाको पुस्तकमा लेखिएको छ, नगरमा प्रवेश गर्नेछन्।

२२ तब त्यो स्वर्गदूतले मलाई जीवन-जलको नदी देखाए। नदी स्फटिक जस्तो चम्किलो थियो। त्यो नदी परमेश्वर अनि भेँड़ाको पाठाको सिँहासनबाट बगिरेहको थियो। [२]त्यो नगरको गल्लीको माझबाट बगिरहेकोथ्यो। जीवन वृक्ष वर्षेनी बाह्र वटा फल फल्दै नदीको एकापट्टि थियो। प्रत्येक महिना यसमा फल फल्छ। वृक्षका पातहरू मानिसहरूको विमार निको पार्नुलाई थिए। [३]परमेश्वरको सराप परेको कुनै वस्तुले त्यो नगरमा स्थान पाउने छैन। परमेश्वर अनि भेड़ाको पाठाको सिंहासन नगरमा रहने छ। परमेश्वरका सेवकहरूले उहाँलाई आराधना गर्नेछन्। [४]तिनीहरूले उनको चेहेरा देख्नेछन्। परमेश्वरको नाउँ तिनीहरूको निधारमा हुनेछ। [५]त्यहाँ फेरि रात पर्ने छैन। मानिसहरूलाई सूर्यको प्रकाशको आवश्यकता पर्ने छैन। परमप्रभु परमेश्वरले तिनीहरूलाई प्रकाश दिनेछन्। अनि तिनीहरूले सदासर्वदा राजाहरूले जस्तै शासन गर्नेछन्। [६]त्यो स्वर्गदूतले मलाई भने, "यी वचनहरू विश्वासनीय अनि सत्य हुन्। परमप्रभु अगमवक्ताहरूको आत्माहरूका परमेश्वर हुन। परमेश्वरले आफ्ना सेवकहरूलाई ती कुराहरू, जो चाँड़ै हुनु पर्नेछ, देखाउन स्वर्गदूतलाई पठाए।।"

[७]"सुन! म चाँड़ै आउँदैछु। त्यो व्यक्ति, जसले यस पुस्तकका अगमवाणीका शब्दहरू पालन गर्छ, धन्य हुन।"

[८]म यूहन्ना हुँ। म नै त्यो हुँ जसले यी कुराहरू सुन्यो अनि देख्यो। यी कुराहरू सुने अनि देखे पछि, त्यो स्वर्गदूतले मलाई यी कुराहरू देखाए, म उनको

पाउ सामुन्ने उनलाई उपासना गर्न झुकेँ। ९तर त्यस स्वर्गदूतले मलाई भने, “मेरो उपासना नगर। तिमी अनि तिम्रो भाइ अगमवक्ताहरू छन् त्यस्तै म एक सेवक हुँ। म जम्मै अरू मानिसहरू जस्तो हुँ जसले यो पुस्तकमा भएको शिक्षाको पालन गर्छ। तिमीले परमेश्वरको उपासना गर्नु पर्छ!” १०तब स्वर्गदूतले मलाई भने, “यस पुस्तकको अगमवाणीका वचनहरूलाई गुप्त राख्नु हुँदैन। यी कुराहरू पुरा हुनलाई समय आई सकेको छ। ११त्यो व्यक्तिलाई, जसले नराम्रो गर्दैछ, गर्न देऊ। व्यक्ति जो अस्वच्छ छ उसलाई अस्वच्छ रहन देऊ। व्यक्ति जसले सही कुरा गर्दैछ गर्न देऊ। व्यक्ति जो पवित्र छ, पवित्र रहन देऊ।”

१२“सुन! म चाँड़ै आउँदैछु। मसित पुरस्कारहरू ल्याउने छु। प्रत्येक व्यक्तिले जे गरेको छ त्यसको मुल्य चुकाउनेछु। १३मनै अल्फा अनि ओमेगा हुँ, प्रथम अनि अन्तिम हुँ, प्रारम्भ अनि शेष हुँ।

१४“ती मानिसहरू धन्य हुने छन् जसले आफ्ना वस्त्रहरू सफा धुन्छन्। जीवन बृक्षबाट फल खाने अधिकार तिनीहरूले पाउने छन। तिनीहरू नगरका ती ढोकाहरूबाट पस्छन्। १५नगर बाहिर कुकुरहरू, जादूवालाहरू यौन-पापीहरू, हत्याराहरू, मूर्त्ति पूजकहरू अनि असत्य मन पराउने अनि असत्य बोल्ने मानिसहरू छन्। १६“मैले मण्डलीहरूको निम्ति यी कुराहरू तिमीलाई भन्न मेरो स्वर्गदूत पठाएँ। म दाऊद परिवारको सन्तान हुँ। म चम्किलो प्रात: तारा हुँ।”

१७आत्मा अनि वेहुलीले भन्छन्, “आऊ!” हरेक श्रोता “आऊ” भन्नु पर्छ। यदि व्यक्ति तृषित छ भने उसलाई आउन देऊ, कसैले पनि चाहान्छ भने जीवन-जल स्वतन्त्र रूपले लिन देऊ।

१८म हरेक व्यक्तिलाई चेतावनी दिन्छु जसले यो पुस्तकमा भएका अगमवाणीका वचनहरू सुन्छ: यदि कुनै व्यक्तिले यी वचनहरूमा कुनै पनि कुरा थप्छ, तब परमेश्वरले त्यस व्यक्तिलाई यस पुस्तकमा लेखिएको कष्टहरू दिनु हुनेछ। १९अनि यदि कुनै व्यक्तिले यो पुस्तकको अगमवाणीका वचनहरू हटाउँछ, तब परमेश्वरले जीवनको बृक्ष अनि पवित्र नगरको, जसको बारेमा यस पुस्तकमा लेखिएको छ, त्यस व्यक्तिको अंश हटाइ दिनु हुनेछ।

२०येशू नै उनी एक हुन जसले भन्छन् कि यी कुराहरू सत्य हुन्। अहिले उनले भन्छन्, “हो, म चाँड़ै आउँदैछु।”

आमिन। प्रभु येशू! आउनु हवस्।

२१प्रभु येशूको अनुग्रह समस्त मानिसहरू साथ रहोस्। आमिन।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html